CC-0. Digitized by eGangotri and MIDI - Delhi

तत्सम नेपाली व्युत्पत्ति शब्दकोश

लेखन / सम्पादन

टीकादत्त बराल

जयतु संस्कृतम् पुरस्कार २०६८ बाट
सम्मानित कृति

कार्यालय प्रति

२०५५

तत्सम नेपाली व्युत्पत्ति शब्दकोश

लेखन/सम्पादन

टीकादत्त बराल

विद्यार्थी पुस्तक भण्डार

प्रकाशक तथा वितरक

भोटाहिटी, काठमाडौं

पुस्तक : तत्सम नेपाली व्युत्पत्ति शब्दकोश

प्रकाशक : विद्यार्थी पुस्तक भण्डार
भोटाहिटी, काठमाडौँ
फोन नं. ४२२७२४६, ४२४५८३४

लेखक : टीकादत्त बराल
संस्करण : प्रथम, २०६८

सर्वाधिकार : लेखकमा

मूल्य : रु. १२००/-
ISBN : 978-99946-1-551-3
मुद्रण : Alliance Printers & Media House Pvt. Ltd.

Tatsam Nepali Vyutpatti Shabdakosh by Tika Dutta Baral, 2011

शुभेच्छा

कोशको अर्थ हुन्छ–ढुकुटी वा भँडार। शब्दकोश भन्नाले शब्दहरूको सङ्ग्रह भन्ने बुझिन्छ र शब्दकोशले शब्दको अर्थ स्पष्ट पार्नुका साथै सामान्य रूपमा तिनको निर्माण प्रक्रियालाई समेत औंल्याएको हुन्छ। नेपाली भाषामा लेखिएका नेपाली शब्दकोश, बृहत् नेपाली शब्दकोश, नेपाली शब्द सागर, प्रयोगात्मक नेपाली शब्दकोश आदि ग्रन्थहरू प्रकाशित भइसकेका देखिन्छन्।

नेपाली भाषाको जननी संस्कृत भएकोले नेपालीमा कयौं शब्दहरू सिधै संस्कृतबाट आएका छन् र यो स्वाभाविक प्रक्रिया पनि हो। यसरी आएका संस्कृतका कतिपय शब्दहरू सरल प्रकृतिका भएपनि कतिपय शब्दहरू निकै कठिन छन्। चाहे वार्णिक छन्दका कविता हुन् चाहे गद्यात्मक कविता। कतिपय रचनाहरू त संस्कृतमय नै पाइन्छन्। संस्कृतका शब्दहरूको राम्रो अर्थ न बुझी त्यस्ता कविताहरूको अर्थ, भाव र विचार बुझ्न निकै कठिन पर्दछ र पाठकहरू शब्द जञ्जालमा नै अलमलिनु पर्ने स्थिति आइपर्दछ। यस बाहेक नेपालीमा प्रचलित संस्कृत शब्दहरूको प्रष्ट रूपले अर्थ बुझेर वाक्यमा प्रयोग गर्न पनि कठिन पर्ने हुँदा नेपालीमा प्रायः स्तरीय भाषाको प्रयोग असम्भव जस्तै हुन्छ।

लामो समयसम्म अध्ययन अध्यापनमा बिताउनु भएका विज्ञ लेखक श्रीटीकादत्त बरालबाट प्रकाशनमा ल्याउन लागिएको 'तत्सम नेपाली व्युत्पत्ति शब्दकोश' सम्बन्धी ग्रन्थ नेपाली शब्दकोशको भण्डार–गृहमा एउटा नयाँ प्रवेश हो भन्ने लागेको छ। यस व्युत्पत्तिकोशको सहयोगबाट संस्कृतबाट नेपालीमा आएका अनेकौं तत्सम शब्दहरूको व्युत्पत्ति र विग्रहहरू समेतको मद्दतले स्पष्टसँग शब्दका अर्थ बुझेर नेपालीमा उपयुक्त ठाउँमा उचित ढङ्गले प्रयोग गर्न निकै सुगम र सहज हुनेछ। यसमा सन्धि र समासयुक्त संस्कृतका जटिल शब्दहरूको पनि व्युत्पत्ति, विग्रह र प्रकति–प्रत्यय समेत देखाई तिनको अर्थ बुझ्न सहज र सुगम पारिएको देखिन्छ। यसबाट तत्सम शब्दहरूका बनोटको यथार्थस्थिति थाहा पाउन सहज हुनेछ। यस व्युत्पत्ति कोशको मद्दतबाट संस्कृतबाट यथास्वरूपमा नै नेपालीमा आएका कतिपय शब्दहरूमा नेपाली कविहरूले प्रयोग गरेका उदाहरणहरू समेत दिएर तिनको अर्थ बुझ्न सुगम पारिएको देखिन्छ। यसबाट तत्सम शब्दहरूको वास्तविक अर्थ र तिनको प्रयोग विधि नजानेर अलमलिनु पर्ने स्थितिबाट उन्मुक्ति मिल्ने विश्वास लिएको छु।

यस किसिमको व्युत्पत्तिमूलक कोश सिर्जना गर्नु अत्यन्त कठिन काम हो। नेपाली र संस्कृत दुवै भाषामा दखल भएका टीकादत्त बरालले सन्दर्भग्रन्थहरूको समेत अध्ययन, परिशीलन र मद्दत समेतबाट यस किसिमको व्युत्पत्ति कोश तयार गरी नेपालीहरूसामु सुम्पनु भएको छ। सन्दर्भग्रन्थको रूपमा रहने यसबाट नेपाली भाषा र साहित्यका शिक्षक, विद्यार्थी र सामान्य पाठक तथा पुस्तकालयहरू समेत बढी लाभान्वित हुने विश्वास लिएको छु। यस किसिमको पुस्तक लेखिदिनुभएकोमा लेखकप्रति शुभकामना प्रदान गर्दछु।

डा. सुरेशराज शर्मा
उपकुलपति
काठमाडौं विश्वविद्यालय

मन्तव्य

नेपाली भाषाका विद्वान् श्री टीकादत्त बरालको **'तत्सम नेपाली व्युत्पत्ति शब्दकोश'** पाठकसमक्ष प्रस्तुत छ। यो नेपाली भाषाका सम्पूर्ण शब्दहरूको शब्दकोश होइन, तत्सम शब्दहरूको मात्र हो। 'तत्सम शब्द' भन्नाले त्यस्ता शब्दको बोध हुन्छ जो संस्कृतमा जस्तै छन्। तत्सम शब्दहरू नेपाली भाषामा निकै छन् र तिनमा निरन्तर वृद्धि भइरहेको छ। यस कोशमा यस्ता शब्दहरूको व्युत्पत्ति, विग्रह र अर्थ दिइएको छ।

नेपाली भाषाको शब्दभण्डारलाई तत्सम, तद्भव आगन्तुक भनी वर्गीकरण गरिएकोमा तत्सम भन्नाले 'त्यो जस्तै' भनेर संस्कृतलाई मात्र भनिएको हो। नेपाली भाषका पुराना व्याकरण ग्रन्थहरूमा 'जुनसुकै भाषाबाट जस्ताको तस्तै नेपाली भाषामा आएको कुनै पनि भाषाको शब्दलाई तत्सम भनिन्छ' भनि परिभाषा गरेर उदाहरण दिएको पाइन्छ। वि.सं. २०२० पछिका वर्षहरूमा यस परिभाषामा परिवर्तन भएको छ तापनि पुरानो परिभाषा पनि प्रचलनमा रहेको कुरा विभिन्न व्याकरण र कोश ग्रन्थहरूबाट थाहा हुन्छ। उदाहरणका निम्ति वि.सं. २०४० मा प्रकाशित नेपाली बृहत् शब्दकोशमा 'अरू भाषाबाट रूप नफेरिई आफ्ना भाषामा आएर जस्ताको तस्तै चलेका शब्द' भनिएकोमा त्यसै कोशको २०५८ सालको संशोधित संस्करणमा 'अरू भाषाबाट' का ठाउँमा 'संस्कृतबाट' मात्र भनिएको छ। २०६१ मा प्रकाशित 'प्रयोगात्मक नेपाली शब्दकोश' मा भने 'संस्कृतबाट नेपालीमा स्वरूप नफेरिई भित्रिएका शब्द' भनिएको छ। संस्कृतबाट आएकालाई मात्र तत्सम भन्ने र अन्य कुनै पनि भाषाबाट आएकालाई आगन्तुक शब्द भन्ने चलन अब स्थापित भइसकेको छ।

तद्भव शब्द ती हुन्, जो संस्कृतबाट प्राकृत हुँदै नेपालीमा आएका छन्। पहिले अन्य भाषाबाट परिवर्तित भई आएकालाई पनि तद्भव भन्ने चलन थियो, अब छैन। संस्कृत "कर्म" शब्दको प्राकृत रूप "कम्म" भई नेपालीमा "काम" भएको छ। संस्कृत "अद्य" शब्दको प्राकृतमा "अज्ज" भई नेपालीमा "आज" भएको छ।

नेपालीमा तत्सम शब्दहरूको व्यापक रूपमा प्रयोग हुन्छ। नेपाली भाषाभाषीले दैनिक व्यवहारमा पनि यस्ता शब्दहरूको प्रयोग गर्छन्। अध्ययन-अध्यापनका क्रममा तत्सम शब्दहरूको प्रयोग हुन्छ, सञ्चारका माध्यममा तत्सम शब्दहरूको प्रयोग हुन्छ र प्रशासनमा पनि यस्ता शब्दहरूको प्रयोग गरिन्छ।

मूल धातुबाट विभिन्न तत्सम शब्दहरू व्युत्पन्न हुनु संस्कृत भाषाको विशेषता हो। कुनै शब्दको व्युत्पत्ति थाहा भयो भने शब्दहरूको निर्माण प्रक्रिया थाहा हुन्छ, वर्णविन्यास स्पष्ट हुन्छ र अर्थ बोध गर्न सजिलो हुन्छ। व्युत्पत्तिका क्रममा विग्रह गरिन्छ अर्थात् प्रकृति-प्रत्यय र समस्त पदहरूलाई छुट्याइन्छ।

यो शब्दकोश नेपाली भाषाका अन्य प्रकाशित कोशहरू भन्दा फरक छ। यस कोशमा मूल प्रविष्टि पछि पद कोटि दिइएको छ। पद कोटिबाट त्यो पद नाम, विशेषण, क्रिया वा अव्यय के हो भन्ने कुरा स्पष्ट हुन्छ। त्यस पछि व्युत्पत्ति र विग्रह दिइएको छ। शब्दको स्रोत वा उत्पत्ति देखाउँदा विग्रह गर्नु पर्ने हुन्छ, छुट्याएर देखाउनु पर्ने हुन्छ। जस्तै यस ग्रन्थमा "तटस्थ" शब्दको व्युत्पत्ति गर्दा 'तट' उपपदपूर्वक 'ष्ठा' धातुका आदि 'ष' को 'स' र 'ठ' को 'थ' भई 'आ' को लोप भएको वर्णन गरिएको छ।

प्रविष्टिका अन्तमा नेपालीमा अर्थ दिइएको छ। अर्थ दिंदा त्यस पदका सम्भाव्य सबै अर्थ दिने प्रयास भएको छ। उदाहरणका निम्ति "तटस्थ" को अर्थ दिंदा 'उदासीन, कुनै पक्षमा नलागेको, मध्यस्थ, निस्पक्ष, समुद्री तटमा स्थित, निकटवर्ती, समीपमा रहेको' भनिएको छ। केही शब्दहरूका अर्थ प्रयोगमा आफ्ना व्युत्पत्तिमूलक अर्थबाट टाढा पुगिसकेका हुन्छन् भन्ने कुराको एउटा उदाहरण यो पनि हो। आवश्यक स्थलहरूमा विविध ग्रन्थमा दिइएका प्रयोगका उदाहरण पनि राखिएका छन्। सूत्रहरूको सन्दर्भ संकेतका निम्ति पादटिप्पणीको प्रयोग गरिएको छ।

कोशनिर्माण गर्नु त्यसै पनि कठिन कार्य हो। विभिन्न ग्रन्थहरूको अध्ययन गरी नेपाली भाषाका तत्सम शब्दहरूको सन्दर्भपरक कोशको निर्माण प्राध्यापक बरालले गर्नु भएको छ। लामो समयसम्म नेपाली भाषा र साहित्यको अध्यापन गरी नेपाली र संस्कृत भाषाको ज्ञान प्राप्त गरेका विद्वान् प्राध्यापक टीकादत्त बरालले परिश्रमपूर्वक तयार गरेको यो कोश सन्दर्भ ग्रन्थका रूपमा अत्यन्त उपयोगी छ। आशा छ नेपाली विद्वत्समाजमा यस पुस्तकको स्वागत हुनेछ।

प्राध्यापक
चूडामणि बन्धु

तत्सम नेपाली व्युत्पत्ति शब्दकोश सम्बन्धमा

संस्कृतको संश्लेषण अर्थ भएको कुश् धातुबाट कोश शब्द बन्छ भने निष्कर्ष अर्थ भएको कुष् धातुबाट कोष शब्द बन्दछ। भण्डार, घर आदि धेरै अर्थ दिने यी शब्दले प्रस्तुत सन्दर्भमा भने शब्द, अर्थ, शब्दवर्ग, व्युत्पत्ति आदिको उल्लेख गरी क्रमिक रूपमा शब्द वा विषयलाई विन्यास गरिएको ग्रन्थ भन्ने बुझाउँछ। जसरी कुनै पनि राष्ट्रको समृद्धि उसको आर्थिक उत्कर्षले झल्काउँछ त्यसैगरी कुनै पनि भाषाको समृद्धि त्यसको शब्दकोशबाट स्पष्टसँग झल्किन्छ। संसारका जति पनि विकसित भाषाहरू छन् ती सबैका शब्दकोशरूपी खजाना निकै सम्पन्न देखिन्छन्। भारोपेली आर्यभाषामध्ये संस्कृत भाषा ज्यादै प्राचीन र समृद्धिशाली भाषा मानिन्छ। यसको व्याकरणगत र कोशगत सम्पत्ति अवलोकन गर्दा यसको गरिमा र पूर्णता स्पष्ट हुन्छ। मध्यकालीन र आधुनिक समस्त भारतीय आर्यभाषाको जननी मानिएको संस्कृतका कारणले नै धेरै आधुनिक भारतीय आर्यभाषा समृद्ध र सुपुष्ट हुन पुगेका छन्। आफ्नो मूल खजानाबाट उपयुक्त शब्द लिएर ती भाषाहरूले आफ्ना व्यावहारिक आवश्यकता पूरा गर्नुका साथै आफ्नो भण्डार पनि समृद्ध गर्दै लगेका छन्।

संस्कृत आफ्नो समयको सशक्त र जीवन्त भाषा भएको हुँदा त्यसको व्याकरण पक्ष जति महनीय छ कोशपक्ष पनि त्यत्तिकै स्पृहणीय देखापर्छ। पाणिनि, शाकटायन आदिले यसको व्याकृतिगत फाँटलाई दरिलो बनाउने जति महत्त्वपूर्ण काम गरे, अमरसिंह, हलायुध, मेदिनीकर आदिले कोशगत फाँटलाई फराकिलो बनाउने त्यत्तिकै प्रयास गरे। उक्त दुवै परम्परा हालसम्म पनि कुनै न कुनै रूपमा अगाडि बढिरहेका छन्। आधुनिक भारतीय आर्यभाषाहरूको विकाससँगै एकभाषिक कोश लेखनको परम्परा द्विभाषिक र बहुभाषिक कोश रचनाका परम्पराका रूपमा विकसित हुँदै गएका दृष्यान्त हिन्दी, बङ्गाली, मराठी र नेपाली जस्ता भाषाका कोश-लेखनका इतिहासबाट सजिलैसँग बुझ्न सकिन्छ। संस्कृतमा कोश लेखन प्रायः श्लोकबद्ध रूपमा देखापर्छ। हालसम्म प्राप्त सबभन्दा पुरानो कोशकृति महर्षि यास्कको निघण्टु हो। यो गद्यमा लेखिएको भए पनि उहाँ पछिका विद्वान्हरूले चाहिँ कण्ठस्थ गर्न सजिलो होस् भनेर होला श्लोकात्मक कोशग्रन्थको रचना गर्नुभएको अनुभव हुन्छ। यो परम्परा नेपालका विशिष्ट विद्वान् विद्वच्छिरोमणि कुलचन्द्र गौतमको अमरकोशको परिशेष (चतुर्थ काण्ड) लेखेको समयसम्म नै प्रवाहित भएको देखिन्छ। आधुनिक शैलीमा लेखिएका संस्कृत कोशहरूमध्ये परिमाण र गुण दुवै दृष्टिले महत्त्वपूर्ण मानिएका कृति हुन्ः तारानाथ तर्कवागीशको वाचस्पत्य र राधाकान्त देवको शब्दकल्पद्रुम। यी दुवै कोश संस्कृतका अमूल्य रत्न मानिन्छन्।

संस्कृत नेपाली कोश निर्माणको सन्दर्भमा कुलचन्द्र गौतमले लेख्नुभएको र महेन्द्र संस्कृत विश्वविद्यालयले प्रकाशित गरेको 'लघुनामकोश' आधुनिक कोशको ढाँचामा लेखिएका श्रीगणेश कृतिको रूपमा देखापर्छ। धेरै शब्दहरूको संग्रहका दृष्टिले पं. फणीन्द्रप्रसाद पाण्डेयको संस्कृत-नेपाली बृहत् शब्दकोश अर्को महत्त्वपूर्ण कडीका रूपमा देखापर्छ। त्यस्तै अरूपनि केही सानातिना संस्कृत-नेपाली शब्दकोशहरू पनि फाट्टफुट्ट रूपमा देखा परेका छन्। यी विभिन्न प्रयासका बाबजुद पनि संस्कृत-नेपाली शब्दकोशका क्षेत्रमा त्यस्तो एउटा प्रयासको आवश्यकता थियो जसले तत्सम शब्दहरूको नालीबेली खोजेर नेपालीमा अर्थ स्पष्ट गर्ने प्रयास गरेको होस्! त्यसखाले अभावको पूर्तिका लागि लागिपर्नुभएको छ संस्कृत र नेपाली दुवै भाषाका विद्वान् टीकादत्त बराल। उहाँले लेख्नुभएको **'तत्सम नेपाली व्युत्पत्ति शब्दकोश'** त्यस फाँटमा एउटा महत्त्वपूर्ण प्रयासका रूपमा विद्वत्वर्ग र जिज्ञासु पाठकका नजरमा देखा पर्दैछ। व्युत्पत्तिमूलक कोश लेखनका परिप्रेक्ष्यमा अमरकोशको रामाश्रमी टीकाले सर्वातिशायी प्रभाव जमाएर

संस्कृतका धेरै विद्वान् र विद्यार्थीहरूलाई व्युत्पन्न बनाए जस्तै नेपाली तत्सम शब्दको व्युत्पत्तिगत क्षेत्रमा प्रस्तुत कोशले पनि उल्लेख्य भूमिका निर्वाह गर्ने कुरामा आश्वस्त हुन सकिन्छ। यसको आवश्यकता र उपादेयताका विषयमा लेखक स्वयंले प्रकाश पार्नु नै होला। एउटा अध्येताका नाताले यसका केही विशेषताहरूको उल्लेख गर्नु चाहिँ कर्तव्य हुन आउँछ :

- यस खालको प्रयास नेपालीमा त्यति नदेखिएको हुँदा यसको आफ्नै मौलिकता र ऐतिहासिक मूल्य झल्कनेछ।
- पाणिनि र शाकटायनको व्युत्पत्ति परम्परा यसले सम्यक् रूपमा निर्वहण गरेको छ।
- शब्दको व्युत्पत्ति र वा विग्रह, व्युत्पत्तिको अर्थ, मूल धातु र प्रकृतिप्रत्यय, तिनको संयोगद्वारा शब्दनिर्माण विश्वसनीय रूपमा देखाइएको छ। यसले गर्दा मूल धातु र प्रत्ययका जिज्ञासुलाई तुष्टि प्राप्त हुनेछ।
- संस्कृत र नेपाली दुवै भाषामा आधिकारिकता चाहने र आफ्नो लेखनी तथा जिभ्रो तिखार्न चाहने विद्यार्थी वर्गले यसबाट प्रशस्त सहयोग प्राप्त गर्नेछन्।
- सामान्य पाठकलाईसमेत संस्कृतप्रति रुचि र आकर्षण बढाउनाका साथै तत्सम शब्दको उपयुक्त प्रयोगमा मद्दत गर्नेछ।
- यहाँ दिइएका धातु, प्रकृतिप्रत्यय, शब्द र अर्थको प्रामाणिकताले विद्वत्वर्गमा पनि यसले आह्लाद प्रदान गर्नेछ।
- बहुप्रचलित व्यावहारिक शब्दका लागि सिद्धान्त कौमुदी र संस्कृत कोशग्रन्थहरूको खोजी गर्नु पर्ने आवश्यकता रहँदैन।

यसका विशेषताहरू

- व्याकरणिक प्रक्रिया र कोशगत प्रमाण यसको प्रमुख वैशिष्ट्य हो जस्तै–अंशुः अंशयतीति अंश विभाजने (चुरा.) अंश + कु(उ) = अंशु। किरणोस्रमयूखांशुगभास्तिघुणिरश्मयः इत्यमर :।
- शब्दका सम्भावित सबै अर्थ पाइनु प्रस्तुत कोशको अर्को विशेषता हो जस्तै –अकण्टकः = काँडो नभएको। शत्रु पनि काँडा जस्तै दुःख दिने हुनाले कण्टक हो र यो नभएको अकण्टक हो।
- यस कोशमा आएका तत्सम शब्दहरू प्रायः नेपाली बोली र वाङ्मयमा प्रयोग भएका नै देखापर्छन् जस्तै–करुण = यी सबै करुणकै छ कहानी।
- संस्कृतका उदाहरण प्रामाणिक ग्रन्थबाट मात्रै दिइएको छ जस्तै– हृदयग्रन्थिः=भिद्यते हृदयग्रन्थिश्छिद्यन्ते सर्वशंसयाः–मु.उ.. २।२।८।
- शब्दका नाम, विशेषण, अव्यय आदि प्रकारका साथै लिङ्गभेद प्रदर्शन अरू कोशले जस्तै यसले पनि गरेको छ।
- युधिष्ठिर जस्ता शब्दमा समासको पूरै प्रक्रिया देखाइनु यसको अर्को विशेषता हो– युधि सङ्ग्रामे स्थिरः सप्तमीको अलुक्, स्थिरका स को षत्व, ष्टुत्व = युधिष्ठिरः।
- कतिपय शब्दमा विभिन्न धातुका अर्थको एउटै अर्थमा समन्वय गरिएको छ जस्तै– कौस्तुभ स्तुम्भु रोधने, ष्टुभु स्तम्भे दुवैबाट बनेको कौस्तुभको अर्थ विष्णुको मणि।
- भाषावैज्ञानिक वर्णविपर्ययको पनि यहाँ उपयोग गरिएको छ जस्तै– पीठः = पेठन्ति उपदिशान्ति अनुशासति वा अत्र, पिठ हिंसासंक्लेशनयोः (दीर्घ बहुलप्रकारले) अथवा पठ व्यक्तायां वाचि पको ईत्व (पृषोदरादिबाट) = पीठ :।

यी धेरै विशेषताका अतिरिक्त लेखकको अग्रिम भनाइमा देखाइएका शीर्षकहरूले र व्युत्पत्तिसम्बन्धी केही नियमहरूले देखाएका निर्देशनहरूले पनि यसलाई उपयोगी बनाउन प्रशस्त प्रयास गरेका छन्। आशा गरौं प्रस्तुत कोशले कोशगत उद्देश्य सम्यक् रूपमा पूरा गर्नेछ, नेपाली भाषा साहित्यको विकासमा यसको भूमिका चिरस्मरणीय रहनेछ। यस्तो मूल्यवान् कोशग्रन्थ लेखेर ग्रन्थकार प्रशंसनीय बन्नु भएको छ र पाठक तथा प्रयोक्ता भाग्यशाली ! संस्कृत नेपाली भाषाका उन्नयनमा यस्तै किसिमको लेखकीय योगदान निरन्तर प्राप्त भइरहोस्–यही नै हार्दिक कामना !

दुर्गाप्रसाद दाहाल
प्राध्यापक
वाल्मीकि विद्यापीठ
नेपाल संस्कृत विश्वविद्यालय

अग्रिम भनाइ

शब्दतत्त्वको महत्त्व

व्याकरण वा शब्दतत्त्वको ज्यादै ठूलो महत्त्व छ । व्याकरणले 'स्फोटरूप' नित्यशब्द नै 'ब्रह्म' हो भन्ने ठानेको छ । भर्तृहरिको वाक्यपदीयमा लेखिएको छ-

अनादिनिधनं ब्रह्म शब्दतत्त्वं तदक्षरम् । विवर्ततेऽर्थभावेन प्रक्रिया जगतो यतः ॥

अर्थात् आदि, अन्तरहित, विकारशून्य, अक्षर शब्दतत्त्व नै ब्रह्म हो । संसारका सबै वस्तुमा यही नै प्रतिभासित हुन्छ र यसैबाट संसारको सबै प्रक्रिया चलिरहन्छ ।

व्याकरणशास्त्रका आचार्यहरूबाट बताइएको छ-

'शब्दब्रह्मणि निष्णातः परं ब्रह्माधिगच्छति'

जो व्यक्ति शब्दब्रह्म अर्थात् शब्द-ज्ञानमा निपुण छ, उसले परब्रह्मलाई प्राप्त गर्छ । शब्दलाई परिमार्जित गरी त्यसको परिष्कृत रूप प्रदान गर्ने व्याकरणशास्त्रको महत्त्वपूर्ण योगदान रहेको हुन्छ । व्याकरणले शब्दहरूको व्युत्पत्तिलाई देखाएको हुन्छ । शब्दको व्युत्पत्तिबाट शब्दका अर्थको राम्रो बोध हुन्छ । वेदवाक्यमा भनिएको छ-

'एकः शब्दः सम्यक् ज्ञातः सुप्रयुक्तः स्वर्गे लोके च कामधुक् भवति'

अर्थात् एउटै शब्द पनि त्यसको व्युत्पत्ति र अर्थ राम्ररी बुझेर उपयुक्त ढङ्गले राम्ररी प्रयोग गर्न सकियो भने त्यसले स्वर्गलोक र यस लोक दुवैमा अभीष्ट फल प्रदान गर्दछ । शब्दको व्युत्पत्ति राम्ररी नजानी शब्दका अर्थको राम्रो ज्ञान हुन नसक्ने हुँदा अर्थबोधको लागि शब्दको व्युत्पत्तिको राम्रो ज्ञान हुन नितान्त आवश्यक हुन्छ । अन्यथा उपर्युक्त वेदवाक्यको अभिप्राय राम्ररी चरितार्थ हुन सक्तैन । अध्यात्मरामायण, रामगीतामा भनिएको छ-

आदौ पदार्थावगतिर्हि कारणम्, वाक्यार्थविज्ञानविधौ विधानतः ।

अर्थात् प्रत्येक वाक्यका अर्थको राम्रो ज्ञान हुनका लागि पहिले वाक्यभित्रका प्रत्येक पदको अर्थबोध हुन ज्यादै आवश्यक हुन्छ । जबसम्म शब्दका व्युत्पत्तिको राम्रो ज्ञान हुन सक्तैन, तबसम्म शब्दका अर्थको राम्रो ज्ञान हुँदैन र पदार्थबोध नभएसम्म वाक्यका अर्थको बोध सम्भव नै हुँदैन ।

शब्दको अर्थबोध गराउने कारकतत्त्व

भाषा एक विशाल महासागर हो । भाषागत अक्षर वा अक्षर समुदायबाट नै अनगिन्ती शब्दहरू निर्माण हुन्छन् । शब्दहरूको अर्थ राम्ररी बुझ्नका लागि सर्वप्रथम शब्दको व्युत्पत्ति तथा विग्रहको ज्ञान हुन अति-आवश्यक हुन्छ । प्रत्येक शब्दको अर्थ नबुझी त्यसको उपयुक्त ढङ्गले प्रयोग हुन सक्तैन । सामान्यतया शब्दका अर्थको बोध गर्न निकै कठिनाइ पर्ने हुँदा आचार्यहरूले शब्दका अर्थको निर्धारण र अर्थबोध निम्न प्रक्रियाहरूबाट सम्भव हुन्छ भन्ने ठानेका छन् :

- व्याकरणशास्त्रबाट निर्देशित शब्दको व्युत्पत्ति या निर्वचनबाट ।
- उपमान अर्थात् वस्तुको सादृश्य ज्ञानबाट ।
- शब्दकोशको सहायताबाट ।
- आप्तवाक्य अर्थात् कवि, विद्वान् पुरुष र आचार्यहरूले गरेका शब्दहरूको प्रयोगबाट ।
- लोकमा चलेको शब्दका अर्थको व्यवहार आदि ज्ञानबाट ।
- प्रसिद्ध पदको सान्निध्य आदि ज्ञानबाट ।

उल्लिखित प्रक्रियाबाट शब्दका अर्थशक्तिको बोध गर्न निकै नै सुगम हुन्छ भन्ने कुरा निम्न तथ्यबाट पुष्टि हुन्छ ।

> **'शक्तिग्रहं व्याकरणोपमान- कोशाप्तवाक्यात्व्यवहारतश्च'**
> **वाक्यस्य शेषाद्विवृतेर्वदन्ति सान्निध्यतःसिद्धपदस्य वृद्धाः- मुक्तावली**

शब्दनिर्माण प्रक्रियामा पाणिनिको उपादेयता

संस्कृत भाषालाई ज्यादै प्रौढ, परिष्कृत, परिमार्जित र परिपक्व बनाउन वैयाकरण कुलगुरु पाणिनिको ज्यादै महत्त्वपूर्ण योगदान रहेको छ । पाणिनीय सूत्रहरूका परिपक्व नियम र सिद्धान्तहरूले अनेकानेक शब्दहरू सिद्ध गरेर ती शब्दहरूको व्युत्पत्ति तथा विग्रह समेत देखाई शब्दहरूको अर्थबोध गराएका छन् । पाणिनिले शब्दको मूलप्रकृतिलाई धातुको रूपमा देखाई त्यसलाई अन्त्यमा जोडिने प्रत्ययसित सङ्गटन गरेर शब्दको स्वरूप खडा गरी व्युत्पत्तिद्वारा तिनको अर्थबोध गराई प्रत्येक शब्दको अमरत्व सिद्ध गरेका छन् । पाणिनिका सूत्रहरूबाट अनेकौं शब्दहरूको निर्माण हुन्छ र विशाल शब्दभण्डार खडा हुन्छ ।

पाणिनिभन्दा पूर्ववर्ती शाकटायन मुनिले उणादि सूत्रहरूसमेतको रचना गरी ती सूत्रहरूको माध्यमद्वारा अनेकौं शब्दहरू निर्माण गरेका छन् ।

शब्दहरूको व्युत्पत्ति या निर्वचन प्रक्रियामा यास्कको योगदान

शब्दहरूको निर्वचन या व्युत्पत्ति केलाएर त्यसको अर्थ निर्धारण गर्नमा यास्कको ज्यादै ठूलो योगदान रहेको छ । यास्कले निरुक्त (निघण्टु) मा अनेकौं वैदिक शब्दहरूको निर्वचन वा व्युत्पत्ति देखाउँदा शब्दनिर्माणमा निम्न पाँच प्रकारका भाषा वैज्ञानिक पद्धतिं र प्रक्रिया अवलम्बन गरेको पाइन्छ ।

> **वर्णागमो वर्ण-विपर्ययश्च द्वौ चापरौ वर्णविकारनाशौ ।**
> **धातोस्तदर्थातिशयेन योगस्तदुच्यते पञ्चविधं निरुक्तम् ॥**

अर्थात् शब्द निर्माण गर्दा-

- ➤ वर्णको आगम हुने प्रक्रिया
- ➤ वर्णको विपर्यय (उल्टोपाल्टो) हुने प्रक्रिया ।
- ➤ वर्णमा विकृति हुने प्रक्रिया ।
- ➤ वर्णको विनाश हुने प्रक्रिया ।
- ➤ धातुको सामान्य अर्थमा विलक्षणता पैदा हुने प्रक्रिया ।

शब्दहरूको व्युत्पत्ति केलाएर शब्दनिर्माण गर्दा अपनाइएका यी पाँच प्रकारका प्रक्रिया नै निरुक्त हो

'पाणिनिले पनि **'पृषोदरादीनि यथोपदिष्टम्'** भन्ने सूत्रको माध्यमद्वारा यिनै प्रक्रियाहरूलाई उजागर गरेका छन् ।

प्रस्तुत सूत्रका व्याख्याताहरूले पृषोदरादि पाठमा शब्दतत्त्ववेत्ता व्याकरणविद् शिष्टहरूले शब्दको जस्तो उच्चारण गरेका छन्, त्यसै अनुरूप हुन्छ भनेका छन् ।

जस्तैः 'वलाहक' शब्दले मेघलाई बुझाउँछ । यसको विग्रह हो- **'वारीणां वाहकः'** जलको वाहक, पानी वहन गर्ने । यहाँ पूर्वपद 'वारि'को वकार र उत्तरपद वाहकका आदि वको लकारादेश हुन्छ र यसरी व लाहक= वलाहक बन्छ ।

वर्णागम हुँदा- जस्तै हसे हसने धातुबाट हस्+अच् (पचादि), अनुस्वारागम भई हंस बन्छ ।

वर्णविपर्यय (वर्णको उल्टोपाल्टो) हुँदा- जस्तै हिसि हिंसायाम् धातुबाट, नुम्, हिंस्+अच् (पचादि), वर्ण विपर्यय भई हको स र सको ह हुन्छ= सिंह ।

वर्णमा विकार हुँदा- जस्तै गूढः आत्मा यस्य ***(छिपेको वा रहस्यमय छ आत्मा जसको)*** बहुव्रीहि समास, गूढ+आत्मा, यहाँ सवर्ण दीर्घ भएर 'गूढात्मा' हुनुपर्नेमा वर्णमा विकृति भई आत्माको आ उ हुन्छ र गुण भई गूढोत्मा बन्दछ ।

प्रस्तुत व्युत्पत्तिकोश ग्रन्थका सम्बन्धमा उल्लेख्य केही कुराहरू

संस्कृत भाषाका विशाल शब्द भण्डारभित्रका प्रत्येक शब्दको व्युत्पत्ति तथा विग्रह केलाएर देखाउनु ज्यादै कठिन र अत्यन्त दुष्कर कार्य हो । अनेक अर्थ हुने शब्दहरूको त अर्थ अनुरूप भिन्न-भिन्न व्युत्पत्ति पनि हुनसक्छ र कतिपय शब्दको व्युत्पत्ति विग्रह र निर्माण- प्रक्रियाअनुरूप भिन्न-भिन्न अर्थ पनि हुन सक्तछ । त्यसैले प्रत्येक शब्दको व्युत्पत्ति देखाउन प्रायः असम्भव नै हुन्छ । जस्तैः गुरु, योग आदि शब्दको व्युत्पत्ति हेर्न सकिन्छ ।

प्रस्तुत ग्रन्थमा संस्कृत वाङ्मयका समग्र शब्दहरूको व्युत्पत्ति तथा विग्रहहरू देखाई तिनको अर्थ समेत उल्लेख गर्दा दुई तीनवटा विशाल ग्रन्थराशि तयार गर्नुपर्ने र समय पनि अत्यधिक लाग्ने भई तत्काल त्यति सम्भव नदेखिएकोले नेपाली वाङ्मयमा बहुप्रचलित संस्कृतबाट आएका तत्सम शब्दहरूको मात्र व्युत्पत्ति/विग्रह देखाई व्युत्पत्ति/विग्रह अनुसार हुने अनुमानित अर्थ नेपालीमा उल्लेख गरी छोटकरीमा शब्दहरूको अर्थ समेत देखाउने प्रयास गरिएको छ । यसबाट कुन कुन शब्द, कुन कुन धातु वा प्रकृति प्रत्ययको संयोगबाट बनेका हुन् र त्यसबाट शब्दको अर्थबोधमा कस्तो प्रभाव परेको छ, स्पष्ट ज्ञान हुन सक्तछ ।

नेपालीमा बहुप्रचलित तत्सम-शब्दहरूको मूलरूप के हुन् ? तिनको व्युत्पत्ति के हो ? तिनीहरू कसरी बनेका हुन् ? र व्युत्पत्तिगत नेपाली अर्थ के हो ? र अनुमानित वा सम्भाव्य अर्थ के-के हुन् ? यस किसिमको जिज्ञासा समाधानका लागि प्रस्तुत कृति अतिकति मात्र भएपनि उपयोगी र सहायक सिद्ध हुनेछ भन्ने ठानेको छु ।

व्युत्पत्तिको क्रममा देखिन्छ-कतिपय धातुहरूबाट बनेका शब्दहरू आफ्नो मूल धातुको अर्थभन्दा भिन्न अर्थमा प्रयोग भएका पाइन्छन् । यसबाट धातुको अनेक अर्थ हुन्छ भन्ने कुरा स्वतः सिद्ध हुन्छ । उपसर्गले धातुको अर्थमा विविधता पैदा गर्ने हुँदा एउटै धातुबाट विभिन्न प्रत्यय लागेर बनेका शब्दहरूमा विभिन्न उपसर्गहरू जोडिदा भिन्न-भिन्न अर्थ बुझाउने अनेक शब्दहरू निर्माण भएका देखिन्छन् ।

बहुप्रचलित कतिपय तत्सम शब्दहरू समावेश गर्न छुटेका हुँदा परिशिष्ट भागमा राखिएका छन्-

यस किसिमको व्युत्पत्तिपरक कोशग्रन्थ नेपाली भाषाको फाँटमा प्रायः अभाव नै देखिंदा नेपाली वाङ्मयभित्र रहेका बहुप्रचलित तत्सम-शब्दहरूको व्युत्पत्ति र अर्थसहित तिनको यथार्थस्थिति बुझ्न यसबाट विशेष सहयोग पुग्नेछ भन्ने विश्वास लिएको छु ।

कोश तथा अन्य ग्रन्थहरूबाट सहयोग

- तत्सम-शब्दहरूको अर्थ उल्लेख गर्ने क्रममा प्रामाणिकताका लागि संस्कृत वाङ्मयका कोश ग्रन्थहरूले निर्धारण गरेका अर्थहरूलाई सम्भव भएसम्म संस्कृत श्लोककै रूपमा सम्बन्धित कोश ग्रन्थहरूबाट उद्धृत गरेर राख्ने प्रयास गरिएको छ ।

- तत्सम शब्दहरूको शब्दार्थ उल्लेख गर्दा सन्दर्भग्रन्थ सूचीमा उल्लिखित संस्कृतका कोशग्रन्थहरू, संस्कृत- हिन्दीका कोशहरू र नेपाली शब्दकोशहरूले निर्धारण गरेका अर्थहरू समेतको आधारमा रही सङ्क्षिप्त रूपमा शब्दार्थ राख्ने प्रयास गरिएको छ ।
- संस्कृत साहित्यका कवि तथा अन्य स्रष्टाहरूले प्रयोग गरेका कतिपय तत्सम-शब्दहरूसित सम्बन्धित श्लोकहरू सम्बन्धित ग्रन्थहरूबाट उद्धृत गरेर 'द्रष्टव्य' शीर्षकमा राखिएको छ । यसबाट सम्बन्धित शब्दको व्यापक अर्थ बुझ्न सहयोग पुग्नेछ ।
- यसैगरी श्रुति, स्मृति र पुराणादि अन्य धार्मिक तथा आध्यात्मिक र साहित्यिक ग्रन्थहरूले अर्थ खुल्ने गरी प्रतिपादन गरेर प्रयोग गरेका कतिपय शब्दहरूसित सम्बन्धित गद्यांश तथा पद्यांश समेत सम्बन्धित ग्रन्थहरूबाट उद्धृत गरी सम्बन्धित शब्दको 'द्रष्टव्य' शीर्षकमा राखिएको छ । यसबाट पनि तत्सम-शब्दको प्रयोगविधि र अर्थबोध सम्बन्धमा थप जानकारी उपलब्ध हुनेछ भन्ने ठानेको छु ।
- नेपाली कविहरूले कयौं ठाउँमा प्रयोग गरेका कतिपय तत्समशब्द समाविष्ट श्लोकहरू सम्बन्धित शब्दको अर्थपछि उदाहरणको रूपमा उद्धृत गरेर राखिएको छ । तर सबैजसो तत्सम शब्दहरूको उदाहरण प्रस्तुत गर्न भने सम्भव हुन सकेन ।

आभार तथा धन्यवाद ज्ञापन

'सन्दर्भग्रन्थहरू' शीर्षकमा उल्लिखित ग्रन्थहरूको यथेष्ट सहयोगबाट नै यो व्युत्पत्तिसम्बन्धी कोशग्रन्थको निर्माण पूरा भई यस रूपमा प्रस्तुत हुन सकेको हो । त्यसैले सन्दर्भग्रन्थका स्रष्टाहरूप्रति पूर्ण आभारी रहनेछु ।

यस व्युत्पत्ति-कोशका सम्बन्धमा अमूल्य समय दिनु भई आफ्ना शुभेच्छा, मन्तव्य र अभिव्यक्ति राखिदिनु हुने उपकुलपति डा. सुरेशराज शर्मा, प्राध्यापक चूडामणि बन्धु र प्राध्यापक दुर्गाप्रसाद दाहालप्रति हार्दिक आभार तथा कृतज्ञता ज्ञापन गर्दछु ।

मेरो यो प्रथम प्रयास हो । भरसक यसमा त्रुटि वा अशुद्धि नरहून् भनी कठिन प्रयास गर्दागर्दै पनि अज्ञानता वा भूलबाट त्रुटिहरू रहेका हुन सक्छन्, विज्ञ विद्वान् महानुभावहरूबाट उपयुक्त सुझाव सहित त्यस्ता त्रुटिहरू औंल्याइदिनु भएमा आगामी संस्करणमा त्रुटिहरू सच्चाउने अवसर मिल्ने हुँदा उहाँहरूप्रति आभारी हुनेछु ।

विद्यार्थी प्रकाशन प्रा.लि. का प्रमुख श्री शान्त गौतम तथा उहाँका मुख्य सहयोगी श्री नरीश्वर गौतमका सद्भाव र सदिच्छाबाट प्रस्तुत कृति प्रकाशनमा ल्याउन पर्याप्त सहयोग मिलेको हुँदा उहाँहरूप्रति र मुद्रण कार्यका लागि उपयुक्त हुने गरी कम्प्युटर प्रिन्ट मिलाई दिनु हुने सरिता थापा तथा पुस्तक प्रकाशनमा पर्याप्त सहयोग गर्ने विद्यार्थी प्रकाशन प्रा.लि. परिवार, मुद्रक तथा आवरण कलाकार सबैप्रति आभार तथा धन्यवाद ज्ञापन गर्दछु ।

अन्त्यमा मेरा हस्तलिखित व्युत्पत्ति कोश सम्बन्धी कृतिलाई रातदिन अथक प्रयास गरी घरमा नै आई कम्प्युटर कार्य सम्पन्न गर्ने शिवहरि कोइराला र कम्प्युटरसम्बन्धी प्रिन्टिङ्ग आदि यावत् कार्यमा पूर्ण सहयोग गर्ने मेरा सुपुत्र कुमार बराल र संशोधन कार्यमा मद्दत गर्ने नातिद्वय कुशल तथा सुलभप्रति विशेष धन्यवाद दिन्छु र मेरो लेखन-कार्यमा अनुकूल वातावरण बनाई राख्न हरसम्भव प्रयत्नरत रही यथेष्ट सहयोग गर्ने मेरी धर्मपत्नी शोभा, बुहारी सावित्री र छोरी कल्पना एवम् बहिनीहरूप्रति र विदेशमा भएर पनि लेख्ने काममा प्रेरणा दिइरहने मेरो ठूला छोरा माधव तथा बुहारी सुनिता र नातिनातिनी स्मृति एवम् शुभेशप्रति समेत आभारी छु ।

विनीत
लेखक

प्रस्तुत व्युत्पत्ति कोशको अवलोकन गर्दा ध्यान दिनुपर्ने केही कुरा

- संस्कृतमा विशेषण शब्द प्रायः तिनै लिङ्गमा भिन्न-भिन्न रूपमा प्रयोग हुन सक्तछन् । जस्तै- **सुन्दरः पुरुषः, सुन्दरी स्त्री, सुन्दरं रूपम्** तर प्रस्तुत कृतिमा शब्दको अन्त्यमा विसर्ग राखेर पुंलिङ्गीरूप दिई **'वि.'** सङ्केत चिन्हद्वारा स्पष्ट गरिएको छ ।
- शब्दको लिङ्ग देखाउँदा संस्कृत अनुरूप नै राखिएको छ र नाम शब्द भए **ना./पुं.। ना./स्त्री./ना./न.** सङ्केतचिन्ह दिइएको छ ।
  - पुलिङ्ग र स्त्रीलिङ्ग दुवै भए **ना./पुं./स्त्री.** । पुलिङ्ग र नपुंसक दुवै भए **ना./पुं./न.** । तीनै लिङ्गी शब्दभए **ना./त्रि.** सङ्केत चिन्हद्वारा स्पष्ट गरिएको छ ।
  - अव्यय शब्द भए **अव्य.** सङ्केत दिइएको छ र विभक्ति प्रतिरूपक अव्यय शब्द भए **वि.प्र.अ.** सङ्केत दिइएको छ ।
- प्रत्येक शब्दहरूको अन्त्यमा राखिएका संक्षिप्त अक्षरहरूको संकेतसूची र सन्दर्भग्रन्थहरूको संकेताङ्क मूल भागको अगाडिपट्टि राखिएको छ ।
- शब्दहरू वर्णानुक्रम अनुसार राखिएका हुनाले सो अनुरूप नै हेर्नुपर्ने हुन्छ ।

रूपविधानसम्बन्धी

- हरेक शब्दको प्रारम्भिक नाम, विशेषण आदि शब्दका प्रकार र पुंलिङ्ग/स्त्रीलिङ्ग आदि कुरा राम्ररी छुट्ट्याउन सुगम होस् भन्ने अभिप्रायले संस्कृत अनुरूप नै शब्दहरूको रूप राखिएको छ र शब्दको व्युत्पत्ति या विग्रहपछि भने नेपाली भाषा र साहित्यमा लेखिने गरिएको प्रचलित रूप नै राखिएको छ ।
- शब्दहरूको व्युत्पत्ति वा विग्रह देखाउँदा सबैले बुझ्न सजिलो होस् भन्ने अभिप्रायले प्रायः सन्धि नगरिएको सरल रूप देखाइएको छ । जस्तैः 'आत्मानुभूति' शब्दको विग्रह देखाउँदा 'आत्मनोऽनुभूतिः' यस किसिमको सन्धि गरिएको रूपको सट्टा 'आत्मनः अनुभूतिः' यस किसिमको सरल रूप राखिएको छ ।

शब्दनिर्माणसम्बन्धी केही नियमहरू

प्रस्तुत कृति ग्रन्थमा शब्दको व्युत्पत्ति या विग्रहपछि शब्दनिर्माण प्रक्रिया देखाउने क्रममा आवश्यकतानुसार गुण, वृद्धि, आदिवृद्धि, सवर्णदीर्घ, दीर्घ, यण्, अयादिआदेश- (अय, आय, अव, आव), पररूप, श्चुत्व, ष्टुत्व, जश्त्व, अनुस्वारागम, वर्णागम, वर्णलोप, वर्णविपर्यय, सम्प्रसारण, बहुलप्रकारले जस्ता पारिभाषिक किसिमका शब्दहरू उल्लेख गरिएको छ । यस्ता शब्दहरूबाट हुने प्रक्रिया यस प्रकार छः-

धातुको अगाडि वा पछाडि आउने वर्णसम्बन्धी नियम

१. धातुका आदिमा 'ष' छ भने 'स'मा परिणत हुन्छ । जस्तै षिध-सिध् ।

२. धातुका आदिमा रहेका ञि, टु, डु छन् भने लोप हुन्छन् । जस्तैः ञिमिदा-मिद्, टुनदि-नद ।

३. धातुको आदिमा 'ओ' छ भने लोप हुन्छ । जस्तैः ओविजी-विज् ।

४. धातुका आदिमा ण छ भने न हुन्छ । जस्तैः णद-नद् ।

५. धातुको अन्त्यमा आउने 'अ' वर्ण प्रायः लोप हुन्छ । जस्तैः अत-अत्, पठ-पठ् ।

प्रत्ययसम्बन्धी प्रक्रिया

धातु वा शब्दमा जोडिने प्रत्यय उही रूपमा पनि रहन्छ वा अर्को रूपमा रूपान्तरित हुन्छ भन्ने कुरा कृत्प्रत्यय, तद्धितप्रत्यय र उणादिप्रत्ययसम्बन्धी शीर्षकहरूमा देखाइएको छ ।

सन्धिसम्बन्धी प्रक्रिया

१) स्वरवर्णसम्बन्धी

क) गुण हुँदा

- अ/आ+इ/ई = ए हुन्छ ।
- अ/आ+उ/ऊ = ओ हुन्छ ।
- अ/आ+ऋ = अर् हुन्छ ।
- धातुको 'इ' गुण हुँदा 'ए' हुन्छ ।
- धातुको 'उ' गुण हुँदा 'ओ' हुन्छ ।
- धातुको 'ऋ' गुण हुँदा 'अर्' हुन्छ ।

ग) आदिवृद्धि हुँदा

- अ/आ = आ हुन्छ ।
- इ/ए = ऐ हुन्छ ।
- उ/ओ = औ हुन्छ ।

ङ) सवर्णदीर्घ हुँदा

- अ/आ+अ/आ = आ हुन्छ ।
- इ/ई+इ/ई = ई हुन्छ ।
- उ/ऊ+उ/ऊ = ऊ हुन्छ ।

ख) वृद्धि हुँदा

- अ/आ+ए/ऐ = ऐ हुन्छ ।
- अ/आ+ओ/औ = औ हुन्छ ।
- अ/आ+ऋ = आर् हुन्छ ।
- धातुको 'इ' वृद्धि हुँदा 'ऐ' हुन्छ ।
- धातुको 'उ' वृद्धि हुँदा 'औ' हुन्छ ।
- धातुको 'ऋ' वृद्धि हुँदा 'आर्' हुन्छ ।

घ) यण् हुँदा

- इ/ई = य हुन्छ ।
- उ/ऊ = व हुन्छ ।
- ऋ/ॠ = र हुन्छ ।

- धातुको 'अ' दीर्घ हुँदा 'आ' हुन्छ ।
- धातुको 'इ' दीर्घ हुँदा 'ई' हुन्छ ।
- धातुको 'उ' दीर्घ हुँदा 'ऊ' हुन्छ ।

च) अयादि आदेशसम्बन्धी प्रक्रिया

निम्न स्वरवर्णको निम्न अयादि आदेश हुन्छ,

- स्वरवर्ण	ए	ऐ	ओ	औ
- अयादि आदेश	अय्	आय्	अव्	आव्

छ) पररूपसम्बन्धी प्रक्रिया

- पररूप हुँदा अघिल्लो स्वरवर्ण पछिल्लो स्वरवर्णमा विलय हुन्छ, जस्तै : बिम्ब+ओष्ठी= बिम्बोष्ठी ।

२. व्यञ्जनवर्णसम्बन्धी

क) श्चुत्व र ष्टुत्व प्रक्रिया

	श्चुत्व	ष्टुत्व
व्यञ्जनवर्ण :	स् त् न्	स् त् न्
वदलिएको वर्ण :	श् च् ञ्	ष् ट् ण्

ख) जश्त्व प्रक्रिया

व्यञ्जनवर्ण :	क् च् ट् त् प्
बदलिएको वर्ण :	ग् ज् ड् ट् ब्

ग) अनुस्वारको परसवर्ण प्रक्रिया

अनुस्वार वा मध्वनि परसवर्ण हुंदा निम्नानुसार बदलिन्छन् ।

- पछिल्लो वर्ण- क ख ग घ भए 'ङ्' हुन्छ- अङ्क
- पछिल्लो वर्ण- च छ ज झ भए 'ञ्' हुन्छ- पञ्च
- पछिल्लो वर्ण- ट ठ ड ढ भए 'ण्' हुन्छ- कण्ठ
- पछिल्लो वर्ण- त थ द ध भए 'न्' हुन्छ- दन्त
- पछिल्लो वर्ण- प फ ब भ भए 'म्' हुन्छ- अम्बिका

घ) पररूपसम्बन्धी प्रक्रिया

पररूप हुँदा अघिल्लो व्यञ्जनवर्ण पछिल्लो व्यञ्जनवर्णमा बदलिन्छ, जस्तैः तत्+लय= तल्लय ।

पृषोदरादिसम्बन्धी नियमः

निरुक्तले बताएको-

वर्णागमो वर्णविपर्ययश्च द्वौ चापरौ वर्णविकारनाशौ
धातोस्तदर्थातिशयेनयोग स्तदुच्यते पञ्चविधं निरुक्तम् ।

भन्ने कुरा पृषोदरादि नियमसँग धेरै मिल्दोजुल्दो छ ।

- पृषोदरादिमा शिष्टले जस्तो उच्चारण गरेका छन् त्यही हुन्छ ।
- कहीं वर्णागम हुन्छ, जस्तैः हन्+अ, सकारागम= हंस ।
- कहीं वर्णविपर्यय वर्णको उल्टोपाल्टो हुन्छ, जस्तै- हिंसबाट सिंह ।
- कहीं वर्णको विकृति हुन्छ ।
- कहीं वर्णको विनाश हुन्छ ।

बहुलप्रकारसम्बन्धी नियम

कृत्य प्रत्यय, ल्युट् प्रत्यय र उणादि प्रत्ययहरू बहुल प्रकारले हुन्छन् । बहुलप्रकारले हुने प्रत्यय निम्न चार प्रकारको हुन्छ ।

- कहीं प्राप्त नहुनेमा प्राप्त हुन्छ ।
- कहीं प्राप्त हुनेमा अप्राप्त हुन्छ ।
- कहीं विकल्पले प्राप्त हुन्छ ।
- कहीं विकल्पले हुनेमा नित्यप्राप्त हुन्छ ।

सम्प्रसारणसम्बन्धी नियम

१. सम्प्रसारण हुँदा य, व, र, ल- यी आफ्नो मूलरूप
क्रमशः निम्न स्वरवर्णमा परिणत हुन्छन् ।
अर्थात् यको इ, वको उ, रको ऋ र लको लृ हुन्छ ।

उपसर्ग र प्रत्यय

उपसर्ग

उपसर्ग धातु वा धातुबाट बनेका शब्दको अगाडि जोडिएर आउँछ र अर्थमा विविधता पैदा गर्छ । उपसर्गले धातु र धातुबाट बनेका शब्दहरूको अर्थ कही बदलिदिन्छ, कहीं धातुबाट निर्देशित उही नै अर्थ बुझाउँछ र कहीं विशेष चमत्कार वा विशेषता थप्तछ । तत्सम उपसर्गहरू निम्न छन् :

उपसर्ग	उदाहरण
अति	अतिचार, अतिक्रमण
अधि	अधिपति, अधिमास
अनु	अनुक्रम, अनुगमन
अप	अपयश, अपवाद
अपि	अपिधान, अपिहित
अभि	अभिकर्ता, अभिवृद्धि
अव	अवकाश, अवनति
आ	आकर्षक, आकार
उत्	उत्पादक, उत्पीडन
उप	उपचार, उपनयन
दुर्	दुर्गति, दुर्भाग्य

उपसर्ग	उदाहरण
दुस्	दुष्कृति, दुस्तर
नि	निकट, निकाय
निर्	निर्देश, निर्माण
निस्	निष्ठा, निःसारण, निस्सारण
परा	पराजय, परामर्श
परि	परिवार, परिशिष्ट
प्र	प्रणव, प्रणाम, प्रवल
प्रति	प्रतिकार, प्रतिघात
वि	विज्ञान, विशुद्ध, विशेषण
सु	सुकर्म, सुकुमार, सुमार्ग

कृत्-प्रत्यय

धातुको पछाडि जोडिने प्रत्ययलाई कृत्प्रत्यय भनिन्छ ।
कृत्-प्रत्यय लागेर बनेका शब्दहरू कृदन्त शब्द हुन् । जस्तै :

कृत्-प्रत्यय	उदाहरण
अ/अङ्	इहा, कथा, जरा, त्रपा, पिपासा, पूजा
अच् (अ)	चय, चर, चल, नन्दन, पच
अप् (अ)	कर, ग्रह, जप, यव, स्तव
अण् (अ)	शिल्पकार, साहित्यकार
अथुच्	वेपथु
अनीयर्	दर्शनीय, रमणीय, वन्दनीय,
आलुच् (आलु)	दयालु, निद्रालु, श्रद्धालु
इक् (इ)	कृषि
इण्	आजि
इत्र	चरित्र, पवित्र
इन् (इ)	आगामी, गमी
इष्णुच् (इष्णु)	रोचिष्णु, सहिष्णु
उ	इच्छु, चिकीर्षु, पिपासु, भिक्षु
उकञ् (उक)	कामुक, घातुक, पातुक,
ऊक	जागरुक
क (अ)	कृश, ज्ञ, बुध, गृह
कार	कलाकार, शिल्पकार

कृत्-प्रत्यय	उदाहरण
कि (इ)	उपाधि, जलधि, विधि
कुरच् (उर)	भिदुर, विदुर
क्त (त)	पूजित, बुद्ध, भूत, विदित, शयित, स्नात, स्तुत, हसित
क्तवतु (तवत्)	कृतवान्, श्रुतवान्
क्त्वा (त्वा)	दत्वा, पीत्वा
क्तिच्/क्तिन् (ति)	कृति, भूति, श्रुति, स्तुति
क्नु (नु)	गृध्नु, धृष्णु
क्यच् (य)	गुह्य, भृत्य, शिष्य, स्तुत्य
क्यप् (य)	इज्या, कृत्या, ब्रह्महत्या,
क्रुक् (रु)	भीरु
क्रुकन् (रुक)	भीरुक
क्वरप् (वर)	जित्वर, नश्वर
क्विन् (सर्वलोप)	धी, वाक्, श्री
क्विप् (सर्वलोप)	आशीः, उपनिषद्, वाक्, विद्, विद्युत्, श्री
खच् (अ)	परन्तप, प्रियंवद, भुजङ्ग
खश् (अ)	जनमेजय, विद्युन्तुद

खल् (अ)	दुष्कर, सुकर
घ (अ)	आकर
घञ् (अ)	पाक, प्रस्ताव, राग, राम,
घिनुण् (इन्)	दोषी, द्रोही, रागी, विलासी, शमी
घुरच् (उर)	भङ्गुर, भासुर
ट (अ)	दिवाकर, भास्कर, भिक्षाचर
टक् (अ)	जायाघ्न, पतिघ्नी
ड (अ)	अज, उरग, पन्नग, विहग
डु (उ)	प्रभु, विभु, शम्भु
ण (अ)	ग्राह, चाल, ज्वाल, लेह, श्वास
णमुल् (अम्)	स्मारं स्मारम्
णिनि (इन्)	ग्राही, मन्त्री, स्थायी
ण्यत्/ण्य (य)	कार्य, पाक्य, याज्य, वाच्य
ण्युट् (अन)	गायन
ण्वुल् (अक)	कारक, घातक, जनक
तव्यत् (तव्य)	ज्ञातव्य, भवितव्य, वास्तव्य
तुमुन् (तुम्)	भोक्तुम्, भोक्तुकाम
तृच् (तृ)	कर्त्री, जनयिता, भर्ता
तृन् (तृ)	कर्ता
नङ् (न)	प्रश्न, यज्ञ, यत्न, विघ्न
नन् (न)	स्वप्न
मनिन् (मन्)	सुशर्मा
यत् (य)	अवद्य, गेय, जेय, देय, मद्य, लभ्य

युच् (अन)	कम्पन, चलन, दुर्योधन, दुःशासन, भूषण, मण्डन, वन्दना, वेदना
र	नम्र, स्मेर, हिंस्र
रु	दारु, धारु
ल्यप् (य)	आगम्य, प्रणम्य
ल्यु (अन)	नन्दन, सूदन
ल्युट् (अन)	गमन, वसन, हसन
वनिप्	विजावा (विजन+वनिप्)
वरच्	ईश्वर, भास्वर, स्थावर
वसु.	विद्वस्, विदूषी
विच्	रेट्, रोट्
विट्	आमात्, क्रव्यात्
वुञ् (अक)	आक्रोशक, निन्दक, हिंस्रक
वुन् (अक)	जीवक
श (अ)	इच्छा, क्रिया, जिघ्र, पिब
शतृ (अत्)	पचत्, सन्
शानच् (आन)	भजमान, शयान
शानन् (आन)	पवमान, यजमान
षाकन् (आक)	जल्पाक, भिक्षक
ष्टक्	सामग
ष्ट्रन् (त्र)	द्रंष्ट्रा, नेत्र, शस्त्र, स्तोत्र
ष्वुन् (अक)	नर्तक, रजक
स्थकन् (थक)	गाथक

तद्धित-प्रत्यय

नाम, सर्वनाम, विशेषण आदि शब्दको अन्त्यमा जोडिने प्रत्ययलाई तद्धित-प्रत्यय भनिन्छ । तद्धित-प्रत्यय लागेर बनेका शब्दहरू तद्धितान्त शब्द हुन् ।

तद्धित-प्रत्यय	उदाहरण
अञ् (अ)	दैव, पार्थिव, पौत्र, मानुष
अठच् (अठ)	कर्मठ
अण् (अ)	औपनिषद, काक, तापस, पाशुपत, पौष, प्राज्ञ, फाल्गुन, बान्धव, भैक्ष, यौवन, वासुदेव, वैयाकरण, शैव, श्रावण, सार्वभौम, साहस्र ।
अतसुच् (अतस्)	उत्तरतः, दक्षिणतः, परतः
अधुना	अधुना
अन् (अ)	अतः, राजान
अम्	अन्योन्यम्, द्वन्द्वम्, परस्परम्
अयच् (अय)	उभय, द्वय, त्रय
आकिनिच् (आकिन्)	एकाकी
आच् (आ)	उत्तरा, दक्षिणा
आटच् (आट्)	वाचाट
आति (आत्)	दक्षिणात्

तद्धित-प्रत्यय	उदाहरण
आमिनिच् (आमिन्)	स्वामी
आलच् (आल)	वाचाल
आलुच् (आलु)	दयालु, हृदयालु
इञ् (इ)	दाक्षि, दाशरथि
इतच् (इत)	पण्डित
इनच् (इन)	मलिन, फलिन, बर्हिण
इनि (इन्)	अर्थी, इष्टी, उत्साही, डाकिनी, दुःखी, पद्मिनी, पूर्वी, वर्णी, शाकिनी, साक्षी, सुखी ।
इमनिच् (इमन्)	गरिमा, प्रथिमा, महिमा,
इलच् (इल)	पिच्छिल, फेनिल
इष्ठन् (इष्ठ)	कनिष्ठ, गरिष्ठ, यविष्ठ, वरिष्ठ, श्रेष्ठ
ईयसुन् (ईयस्)	गरीयान्, ज्यायान्, प्रेयान्, लघीयान्, श्रेयान्
कटच् (कट)	प्रकट, विकट, सङ्कट

कन् (क)	अल्पक, अश्वक, आकर्षक, मणिक, वृक्षक, स्वस्तिक
ख (ईन)	कुलीन, नवीन, प्राचीन
खञ् (इन)	ग्रामीण, महाकुलीन
ग्मिनि (ग्मिन्)	वाग्मी
घ (इय)	क्षत्रिय, राष्ट्रिय
घन् (इय)	श्रोत्रिय
च्वि (सर्वलोप)	शुक्लीभूत, समीभवन्
छ (ईय)	अस्मदीय, तटीय, परकीय, पाणिनीय, युष्मदीय
छण् (ईय)	पैतृस्वस्रीय
छस् (ईय)	भवदीय
ञ्य (य)	आतिथ्य
टचण् (य)	सौम्य
ठक् (इक)	आस्तिक, धार्मिक, नास्तिक, वार्तिक, वैतनिक, सामाजिक
ठञ् (इक)	कालिक, मासिक
ठन् (इक)	दण्डिक, मायिक
ड (अ)	त्रिंश, विंश
डट् (अ)+थुक्	चतुर्थ, षष्ठ
डट्को मट्	पञ्चम
डट्को तमड	विंशतितम, शततम, षष्टितम
डतमच् (अतम)	कतम
डतरच् (अतर)	कतर
डामहच् (आमह)	पितामह, पितामही, मातामह, मातामही
डिमच् (इम)	अग्रिम, पश्चिम
डुलच् (उल)	मातुल
ढक् (एय)	आग्नेय, गाङ्गेय, मैत्रेय, वैनतेय
ढञ् (एय)	ऐणेय, कौन्तेय
ण (अ)	छात्र, प्राज्ञ, श्राद्ध
ण्य (य)	आदित्य, दैत्य, सैन्य
तप् (त)	पर्वत, मरुत
तमप् (तम)	प्रियतम, लघुतम
तयप् (तय)	त्रितय, द्वितय
तरप् (तर)	प्रियतर, लघुतर, वत्सतर
तल् (त)	जडता, जनता, बन्धुता, वृद्धता
तसिल् (तस्)	आदितः, इतः, कुतः, परितः, मध्यतः, यतः, वर्णतः, सर्वतः,
ति	पक्षति
त्नप् (त्न)	नूतन, नूत्न
त्यकन् (त्यक)	अधित्यका, उपत्यका
त्यक् (त्य)	पाश्चात्य, पौरस्त्य
त्यप् (त्य)	अमात्य, तत्रत्य, नित्य
त्व	बन्धुत्व, ब्रह्मत्व, मूर्खत्व, वृद्धत्व
त्रल् (त्र)	कुत्र, तत्र, यत्र, सर्वत्र
थमु (थम्)	कथम्
थाल् (था)	सर्वथा
दा	कदा, तदा, यदा, सदा
धा	एकधा, चतुर्धा, द्विधा, पञ्चधा
धेय	नामधेय, भागधेय
न	अङ्गना, लक्ष्मण
ना	विना
नाञ् (ना)	नाना
फक् (आयन)	दाक्षायण, वात्स्यायन
म	द्रुम, मध्यम
मतुप् (मत्)	ज्ञानवान्, बुद्धिमान्, रूपवान्,
मयट् (मय)	अन्तमय, आम्रमय, गोमय, वाङ्मय,
मात्रच् (मात्र)	देहमात्र, पञ्चमात्र
य	ग्राम्य, जघन्य, मुख्य, वन्या, शरण्य,
यक् (य)	राज्य
यञ् (य)	गार्ग्य, बाह्य
यत् (य)	अर्घ्य, कर्मण्य, गव्य, तुल्य, दण्ड्य, दिव्य, पित्र्य, मनुष्य, योग्य, वन्य,
र	उषर, कुटीर, नगर, मुखर, मधुर, शरीर, शुषिर
रिल् (रि)	उपरि
लच् (ल)	वत्सल
व	अर्णव, केशव
वति (वत्)	पुत्रवत्
वतुप् (वत्)	एतावान्, यावान्
वतुपको घ (इय)	इयान्, कियान्
वल	पुत्रवल, रजस्वला, शत्रुवल
विडच् (विड)	निविड
विनि (विन्)	ऊर्जस्वी, तपस्वी, मायावी, यशस्वी
वुञ् (अक)	आरण्यक
वुन् (अक)	क्रमक, पथक, मूलक, शिक्षक
व्यत् (व्य)	पितृव्य
श	रोमश, लोमश
शस् (श)	अल्पशः, बहुशः
ष्यञ् (य)	जाड्य, वार्द्धक्य, सामीप्य
ष्कन् (क)	पथिक
साति (सात्)	अग्निसात्, भस्मसात्, राजसात्
ह	इह

उणादि-प्रत्यय

उणादिप्रत्ययहरू 'कृत्' प्रत्यय जस्तै धातुका अन्त्यमा जोडिने प्रत्यय हुन् ।

उणादि-सूत्रहरू पाणिनीय सूत्र होइनन् र यिनको रचना शाकटायनमुनिले गरेको हो । त्यसैले पाणिनिको मतमा उणादि-शब्दहरू अव्युत्पन्न मानिन्छन् । यसैकारण महाभाष्यमा उणादि-शब्दहरूलाई अव्युत्पन्न प्रादिपदिक शब्द हुन् भनिएको छ ।

प्रौढमनोरमामा पनि उणादि-सूत्रहरूको स्पष्ट व्याख्या गरिएको छ र उणादि-प्रत्ययहरू बहुलप्रकारले हुन्छन् । निरुत्तमा पनि उणादि-प्रत्ययहरू उल्लेख गरिएका छन् ।

धातुको अन्त्यमा जोडिने यस कृति ग्रन्थमा प्रयुक्त मुख्य उणादि-प्रत्ययहरू निम्न छन् :

उणादि-प्रत्यय	उदाहरण
अङ्च् (अङ्ग)	तरङ्ग, पतङ्ग, लवङ्ग
अच् (अ)	उदर, क्षमा, घोर, मुख
अजि (अज)	पृथक्, भिषक्
अटन् (अट)	शकट
अतच् (अत)	पर्वत, भरत, रजत
अति (अत्)	जगत्, बृहत्, महत्
अति	पाति, सम्पाति
अत्रन् (अत्र)	कलत्र, नक्षत्र, पतत्र
अत्रिन् (अत्रि)	पतत्रि
अथ	जीवथ, शपथ
अदि (अद्)	एतत्, तद्, त्यत्, शरद्
अनि	अरणि, अवनि, तरणि, धरणि
अन्	केश
अन्य	अरण्य, पर्जन्य, राजन्य, शरण्य
अप	सर्षप
अबक	स्तबक (फूलको गुच्छा)
अभच् (अभ)	ऋषभ, वल्लभ, वृषभ, शलभ
अमच् (अम)	चरम, प्रथम
अम	अधम
अम्बत् (अम्ब)	कदम्ब, कादम्ब, स्तम्ब
अयु	सरयु
अयू	सरयू
अर	चमर, देवर, भ्रमर, वासर
अलच् (अल)	मङ्गल
अलिच् (अलि)	अञ्जलि
असच् (अस)	तपस, तमस, दिवस, वायस
असि (अस्)	अङ्गिरा, अप्सरा, चन्द्रमा, वेधा
असुन् (अस्)	उरः, ओजः, चेतः, छन्दः, नमः, पयः, भर्गः, यशः, रजः, रेतः, वक्षः, शिरः, सरः, स्रोतः
आक	पताका, पिनाक, बलाका
आनक	भयानक
आनुक् (आन)	कृशानु (अग्नि)
आरन् (आर)	अङ्गार, कुमार, तुषार, मन्दार, मार्जार, शृङ्गार
आलञ् (आल)	चण्डाल, पाताल
इ	अलि, असि, कपि, खनि, गिरि, ध्वनि, पवि, रवि
इकन् (इक)	आपणिक, क्रयिक
इजि (इज्)	वणिक्
इञ् (इ)	नाभि, राजि, वापि, वारि
इण् (इ)	आजि, पदाति, पाणि, राशि, सखि
इतच् (इत)	पलित
इति (इत्)	तडित्, योषित्, सरित्
इत्नुच् (इत्नु)	स्तनयित्नु (विद्युत्)
इथिन् (इथि)	अतिथि
इनच् (इन)	कठिन, तुहिन, दक्षिण, नलिन, मलिन, विपिन, वृजिन, हरिण
इनि (इन्)	आगामी, गमी, परमेष्ठी, भावी
इन् (इ)	कलि, कीर्ति, कृषि, केलि, कोटि, नन्दि, बोधि, मासि, मुनि, यति, वलि, वेदि, हरि
इमनिच् (इमन्)	हरिमा
इलच् (इल)	अनिल, कपिल, कुटिल, महिला, मिथिला, सलिल
इसि (इस्)	अर्चिः, सर्पिः, हवि
इसिन् (इस्)	ज्योतिः
ई	तन्त्री, तरी (नाउ), पपी, लक्ष्मी
ईकन् (ईक)	अतीक, दूषिका, पुण्डरीक, हृषीक
ईचि (ईचि)	मरीचि, वीचि
ईरन् (ईर)	उशीर, कश्मीर, गम्भीर, शरीर
ईषन् (ईष)	अम्बरीष

उ	अणु, इन्दु, चरु, तनु, पटु, मधु, मनु, मरु, वसु, शिशु
उण्	पायु, वायु, साधु
उडच् (उड)	गरुड
उति (उत्)	गरुत्, मरुत्
उन	शकुन
उनन् (उन)	अरुण, अर्जुन, करुण, करुणा, तरुण, फाल्गुन, मिथुन, वरुण
उनि	शकुनि
उन्त	शकुन्त
उन्ति	शकुन्ति
उम	कुसुम
उरच् (उर)	अङ्कुर, असुर, कुक्कुर, चतुर, मुकुर, श्वशुर
उरन् (उर)	चतुर (चत्वार)
उलच् (उल)	तण्डुल
उलि	अङ्गुलि
उशच् (उश)	अङ्कुश
उषच् (उष)	कलुष, नहुष, परुष
उसि (उस्)	आयु, चक्षु, जनु, तनु, मधु, वपु
ऊ	चमू, तनू, वधू
ऊकण् (ऊक)	भल्लूक, मण्डूक
ऊम	गोधूम (गहुँ)
ऊर	कर्पूर
ऊरन् (ऊर)	मयूर, सिन्दूर
ऊलच् (ऊल)	ताम्बूल, दुकूल, शार्दूल
ऊषन् (ऊष)	पीयूष, मञ्जूषा
ऋ	देवृ, देवर, नृ (ना)
ऋतिन् (ऋत्)	शकृत्
ऋन् (ऋ)	यातृ (याता), स्वसृ (स्वसा)
एण्य	वरेण्य
एरक् (एर)	कुबेर
ओतन् (ओत)	कपोत
ओरन् (ओर)	कठोर, चकोर
क (अ)	सिंह, व्याघ्र
क (क)	अर्क, कल्क, राका
कक् (क)	वल्क, वृक, शुक, शुष्क
कतु (अतु)	क्रतु
कनसि (अनस्)	उशना
कनिन् (अन्)	अष्ट, अह, पूषा, मूर्धा, युवा, राजा, श्वा, सप्त
कन् (क)	काक, पाक
कन्यन् (अन्य)	हिरण्य

कपन् (अप)	कुणप, विटप
कम् (अम्)	इदम्
कयन् (अय)	तनय, वलय, हृदय
करन् (अर)	पुष्कर, शर्करा
कल (अल)	चपल, तरल, मुसल, सरल
कालन् (आल)	कपाल, बिडाल, विशाल
कितच् (इत)	उचित
किरच् (इर)	तिमिर, मन्दिर, मिहिर, रुचिर, शिविर, शिशिर
कीटन् (ईट)	किरीट
कु (उ)	उरु, ऊरु, ऋजु, कुरु, गुरु, पशु, मृदु, रिपु, लघु, विधु
कुषन् (उष)	पुरुष, पूरुष
कोलच् (ओल)	कपोल
क्त (त)	घृत, तात, दूत, पलित, रोहित, लोष्ट, सित
क्त्र (त्र)	चित्र, पुत्र, मित्र
क्थन् (थ)	अवभृथ, काष्ठ, कुष्ठ, रथ
क्थिन् (थि)	अस्थि, सक्थि
क्न (न)	तृण
क्मलन् (मल)	कुड्मल
क्यु (अन)	किरण, धिषण, पूरण, निधन
क्युन् (अन)	भुवन, धुवन
क्रन् (र)	गृध्र, धीर, शूर, सुर
क्रि (रि)	सूरि (विद्वान्)
क्रिन् (रि)	अद्रि, भुरि (धेरै), भेरि
क्रुकन् (रुक्)	भीरुक
क्रुन् (रु)	शत्रु
क्ल (ल)	अम्ल, मूल
क्वन् (व)	अश्व, विश्व
क्विन् (वि)	छवि
क्विप् (सर्वलोप)	अप् (आपः), वाक्, श्री
क्वुन् (अन)	कृषक, चरक, रजक, वृश्चिक
क्स्न (स्न)	कृत्स्न, तीक्ष्ण
क्सि	अक्षि, कुक्षि
क्सु	इक्षु
ख (ख.)	शङ्ख, नख, मूर्ख, शिखा
ग (ग.)	नग, वर्ग, गर्ग
गन् (ग)	गङ्गा, छाग
घथिन् (अथि)	सारथि
झच् (अन्त)	जयन्त (इन्द्रपुत्र), जीवन्त, प्राणन्त, वसन्त, हेमन्त
झिच् (अन्त)	अवन्ति, किंवदन्ती

ञुण् (उ)	चारु, जानु, तालु, दारु
टन् (ट)	जटा
टिषच् (इष)	महिष, महिषी
ठ	कण्ठ
ड (अ)	ऊर्णा
ड (ड)	अण्ड, काण्ड, कुण्ड, खण्ड, गण्ड, दण्ड, पण्डा
डति (अति)	पति
डवतु (अवत्)	भवत् (भवान्)
डिमि (इम्)	किम्
डुतच् (उत)	अद्‌भुत
डुम्सुन्(उम्सुन्)	पुमान्
डू (ऊ)	भ्रू (आँखि भुईं)
डै (ऐ)	रै (ऐश्वर्य)
डैसि (ऐस्)	उच्चैः, नीचैः
डो (ओ)	गो (गाई)
डोसि (आस्)	दोः (दोषौ)
डौ (औं)	ग्लौ, नौ (नाउ)
ड्रट् (त्र)	स्त्री
ड्रि (त्रि)	त्रि (तीन), त्रय
णु	विष्णु, वेणु, स्थाणु
तकन् (तक)	अष्टका, इष्टका
तनन् (तन)	पत्तन, वेतन
तन् (त)	अन्त, दन्त, धूर्त, मृत, वात, हस्त
ति (ति)	वस्ति, स्वस्ति
तिकन् (तिक)	कृत्तिका, वर्तिका
तु (तु)	केतु, जन्तु, हेतु
तुन् (तु)	ऋतु, ओतु, तन्तु, धातु, वस्तु, सेतु
तृज् (तृ)	जामातृ (जामाता), दुहितृ (दुहिता), पितृ (पिता)
तृन् (तृ)	भ्रातृ (भ्राता), मातृ (माता)
त्युक् (त्यु)	मृत्यु
त्र (त्र)	गोत्र, यन्त्र, वक्त्र
त्रन् (त्र)	गात्र, चरित्र, धरित्री, पात्र, मात्रा, यात्रा, श्रोत्र
त्रिप् (त्रि)	रात्रि
थक् (थ)	उद्‌गीथ, पृष्ठ
थन् (थ)	अर्थ, ओष्ठ, गाथा
दन् (द)	अब्द, शब्द
धुक् (धु)	शीधु (मद्य)
न (न)	कर्ण, तृष्णा, पर्ण, रत्न, लक्षण, वर्ण, वेन, सेना, स्वप्न
नक् (न)	इन, कृष्ण, जिन, दीन, मीन
नि (नि)	अग्नि, ग्लानि, घृणि, योनि, वह्नि, वेणि, वृष्णि, श्रेणि, हानि
नु (नु)	धेनु, भानु, सूनु
प (प)	कूप, नीप, पाप, यूप, रूप, शिल्प, सूप, स्तूप
बन् (ब)	निम्ब, बिम्ब, बिल्व
भ (भ)	अर्भ, गार्भ, दर्भ
मक् (म)	धर्म, धूम, भीम, युग्म, हिम
मदिक् (मद)	अस्मद्, युष्मद्
मनिण् (मन्)	आत्मा
मनिन् (मन्)	कर्म, चर्म, जन्म, धाम, नाम, ब्रह्म, भस्म, रोम, शर्म, साम
मन् (म)	ग्राम, क्षेम, धर्म, पद्म, सिम, सोम, होम
मि (मि)	ऊर्मि, नेमि, भूमि, रश्मि
य (य)	छाया, माया, शस्य
यक् (य)	कन्या, जाया, वन्ध्या
यत् (य)	पुण्य, धान्य
युच् (अन)	ओदन, यवन, वरण, स्यन्दन
युच् (यु)	जन्यु, दस्यु, मृत्यु
रक् (र)	आम्र, क्षुद्र, चन्द्र, छिद्र, ताम्र, निद्रा, रुद्र, वक्र, शुभ्र
रन् (र)	अग्र, खुर, विप्र, शुक्र
रु (रु)	अश्रु, मेरु
रुन् (रु)	अश्रु
लक् (ल)	शील
वनिप् (वन्)	पर्व
वन् (व)	ग्रीवा, जिह्वा, शिव, सर्व
व (व)	गर्व, शर्व
वरट् (वर)	ईश्वर
विन् (वि)	दर्वि
वुन् (अक)	कटक, कीचक, नरक
श्वण् (श्व)	पार्श्व
षिवन् (इव)	पृथिवी
ष्वरच् (ष्वर)	चीवर, पीवर, धीवरी, शर्वरी
ष्ट्रन् (स्त्र)	अस्त्र, उष्ट्र, मूत्र, वस्त्र, शस्त्र, सत्र
स	कक्ष, मांस, वत्स, वृक्ष, हंस
सर	अक्षर, मत्सर, वत्सर
सिकन् (सिका)	मक्षिका
स्मन् (स्म)	सूक्ष्म

सङ्केतसूची

अक.	अकर्मक
अ.क्रि.	अकर्मक-क्रिया
अदा.	अदादिगण
अदा. धा.	अदादिगण धातु
अधि.का.	अधिकरणकारक
अनु.	अनुवादक
अ.पु.	अन्यपुरुष
अव्य.	अव्यय
अव्य.स.	अव्ययीभाव समास
अस्व.वि.	अश्वपद-विग्रह
अ.हे.	अर्थ हेर्नुहोस्
आ.	आत्मनेपद
इ.	इत्यादि
उणा.	उणादि-प्रत्यय
उदा.	उदाहरण
उप.	उपसर्ग
उप.क.त.स.	उपपदकर्मधारय तत्पुरुषसमास
उपमा.त.स.	उपमान तत्पुरुषसमास
उपमि.त.स.	उपमित तत्पुरुषसमास
उ.मा.ब.स.	उपमान बहुब्रीहिसमास
उ.प.लोप	उत्तरपदलोप (मध्यमपदलोप)
उ.पु.	उत्तमपुरुष
उभ.	उभयपद
ए.व.	एकवचन
क.का.	करणकारक
कण्वा.धा.	कण्वादिगण धातु
कर्तृ.का.	कर्तृकारक
कर्तृ.वा.	कर्तृवाच्य
कर्म.का.	कर्मकारक
कर्म वा.	कर्मवाच्य
क.त.स.	कर्मधारय तत्पुरुषसमास
कु.प्रा.स.	कुगति प्रादिसमास
क्रि.यो.	क्रियायोगी
क्रि.वि.	क्रिया-विशेषण
क्रि.श.	कृदन्तशब्द
क्र्या. धा.	क्र्यादिगण धातु
ग.त.स.	गति तत्पुरुषसमास

ग.पा.	गणपाठ
ग.सू.	गणसूत्र
च.त.स.	चतुर्थी तत्पुरुषसमास
चुरा. धा.	चुरादिगण धातु
छे.	छेपक
जुहो.धा.	जुहोत्यादिगण धातु
तना.धा.	तनादिगण धातु
त.स.	तत्पुरुषसमास
त.श.	तद्धितान्तशब्द
तुदा.धा.	तुदादिगण धातु
तृ.त.स.	तृतीया तत्पुरुषसमास
त्रि.लि.	त्रिलिङ्ग
दिवा.धा.	दिवादिगण धातु
द्व.स.	द्वन्द्वसमास
द्वि.क.	द्विकर्मक
द्वि.त.स.	द्वितीया तत्पुरुषसमास
द्वि.त.स.	द्विगु-तत्पुरुषसमास
धा.	धातु
न.	नपुंसकलिङ्ग
न.स.	नञ्समास
न.त.स.	नञ् तत्पुरुषसमास
न.पुं.	नपुंसकलिङ्ग
न.ब.स.	नञ् बहुब्रीहिसमास
ना.	नाम
ना.त्रि.	नाम त्रिलिङ्ग
ना.धा.	नामधातु
ना.पुं.	नाम पुंलिङ्ग
ना.न.	नाम नपुंसकलिङ्ग
ना.स्त्री.	नाम स्त्रीलिङ्ग
नि.	निपात
ने.	नेपाली
प.त.स.	पञ्चमी तत्पुरुषसमास
पा.सू.	पाणिनीय सूत्र
पुं.	पुंलिङ्ग
पुं./स्त्री.	पुंलिङ्ग र स्त्रीलिङ्ग
पुं./न.	पुंलिङ्ग र नपुंसकलिङ्ग
पृषो.	पृषोदरादिपाठ

प्रा.त.स.	प्रादि-तत्पुरुषसमास
प्रा.ब.स.	प्रादि-बहुब्रीहिसमास
ब.व.	बहुवचन
ब.स.	बहुब्रीहिसमास
ब.प्र.	बहुलप्रकार
भ.का.	भविष्यत्काल
भा.वा.	भाववाच्य
भू.का.	भूतकाल
भ्वा.धा.	भ्वादिगण धातु
म.प.लोप	मध्यमपदलोप (उत्तरपदलोप)
म.पु.	मध्यमपुरुष
म.व्य.स.	मयूरव्यंसकादि समास
रुधा.धा.	रुधादिगण धातु
वर्त.का.	वर्तमान काल
वा.	वार्तिक
वि.	विशेषण
विप.	विपरीतार्थक
वि.प्र.अ.	विभक्ति-प्रतिरूपक-अव्यय
व्यु.हे.	व्युत्पत्ति हेर्नुहोस्
ष.त.स.	षष्ठी तत्पुरुषसमास
स.क्रि.	सकर्मक-क्रिया
स.त.स.	सप्तमी तत्पुरुषसमास
स.ना.	सर्वनाम
स.श.	समस्त शब्द
सम्प्र.का.	सम्प्रदान कारक
सम्बो.का.	सम्बोधन कारक
सम्ब.	सम्बन्ध
स.वि.	सर्वनाम विशेषण
स्त्री	स्त्रीलिङ्ग
स्वा.धा.	स्वादिगण धातु
हे.	हेर्नुहोस्

सन्दर्भग्रन्थहरूको सङ्केताङ्क

अ.को.	अमरकोश
आ.पा.	आगो र पानी
आ.रा.	आदर्शराघव
आ.सू.	आह्निक सूत्रावलि
ईशा.उप.	ईशावास्योपनिषद्
उप.	उपनिषद्
ऋ.वि.	ऋतुविचार
ऋ.सं. (म.सू.)	ऋग्वेदसंहिता (मण्डल सूक्त)
ऐ.उप.	ऐतरेयोपनिषद्
कठ.उप.	कठोपनिषद्
का.प्र.	काव्यप्रकाश
किरा.	किरातार्जुनीय
कु.स.	कुमारसम्भव
कृष्णो.उप.	कृष्णोपनिषद्
केन.उप.	केनोपनिषद्
को.गी.	कोमलगीता
ग.पा.	गणपाठ
ग.पु.	गरुडपुराण
घु.मे.अ.	घुम्ने मेचमाथि अन्धो मान्छे
चा.नी.द.	चाणक्-यनीतिदर्पण
चि.चू.	चिसो चूल्हो
छ.म.	छन्दोमञ्जरी
छा.उप.	छान्दोग्योपनिषद्
त.त.	तरुणतपसी (तरु.तप)
त.स.	तर्कसङ्ग्रह
ता.वा.	तारानाथ वाचस्पत्यम्
तै.उप.	तैत्तरेयोपनिषद्
दु.स.श.	दुर्गासप्तशती
दु.स.श.की.	दुर्गासप्तशती, कीलक (स्तोत्र)
दु.स.श.अ	दुर्गासप्तशती, अर्गला (स्तोत्र)
न.र.	नवरस
निरु.	निरुक्त
नी.श.	नीतिशतक
नै.च.	नैषधीयचरित
नै.दृ.	नैतिकदृष्टान्त
पा.यो.द.	पातञ्जलयोगदर्शन
पारा.स्मृ.	पाराशरस्मृति
पा.सू.	पाणिनीय सूत्र
पा.शि.	पाणिनीय शिक्षा
पु.सू.	पुरुषसूक्त
प्र. (ना.)	प्रह्लाद (नाटक)
प्र.उप.	प्रश्नोपनिषद्

प्र.मि.	प्रमिथस (महाकाव्य)
फु.क.	फुटकर कविता
बु.वि.	बुद्धिविनोद
बृह.उप.	बृहदाराण्यकोपनिषद्
ब्र.सं.	ब्रह्मसंहिता
भ.गी.	भगवद्गीता
भा.गा.	भावना गाङ्गेय
भि.क.सं	भिखारी (कविता सङ्ग्रह)
भृ.ख.का.	भृकुटी खण्डकाव्य
म.कौ.	मध्यसिद्धान्तकौमुदी
म.स्मृ.	मनुस्मृति
म.भा.	महाभारत
म.भा.(आ.प.)	महाभारत (आदिपर्व)
म.भा.(क.प.)	महाभारत (कर्णपर्व)
म.भा.(शा.प.)	महाभारत (शान्तिपर्व)
म.भा.(व.प.)	महाभारत (वनपर्व)
म.भा.(स.प.)	महाभारत (सभापर्व)
मा.उप.	माण्डुक्योपनिषद्
मा.पु.	मार्कण्डेयपुराण
मी.द.	मीमांसादर्शन
मु.उप.	मुण्डकोपनिषद्
मे.दू.	मेघदूत
मे.को.	मेदिनीकोश
यजु.सं.	यजुर्वेदसंहिता
य.श.	यशस्वी शव
रघु.	रघुवंश
र.म.	रतिमञ्जरी
रा.पू.ता.उप.	रामपूर्वतापिनी उपनिषद्
रामा.	रामायण
रामा.(सु.का.)	रामायण (सुन्दरकाण्ड)
ला.क.सं.	लालित्य कवितासङ्ग्रह
व.कु.	वनकुसुम (महाकाव्य)

व.स्मृ.	वसिष्ठस्मृति
वा.रा.	वाल्मीकिरामायण
वा.रत्ना.	वार्षिकरत्नावली
वा.रा (सु.का.)	वाल्मीकिरामायण (सुन्दरकाण्ड)
वि.को.	विश्वकोश
वि.चू.	विवेक-चूडामणि
वि.पु.	विष्णुपुराण
वि.म.क.सं.	विजयमल्लका कविता सङग्रह
वि.स.ना.	विष्णुसहस्रनाम
वि.स.ना.(शा.भा.)	विष्णुसहस्रनाम (शाङ्करभाष्य)
वै.सि.कौ.	वैयाकरणसिद्धान्तकौमुदी
व्या.म.भा.	व्याकरणमहाभाष्य
श.क.द्रु.	शब्दकल्पद्रुम
शा.भा.	शाङ्करभाष्य
शा.म.का.	शाकुन्तल, महाकाव्य
शि.म.स्तो.	शिवमहिम्नस्तोत्र
शि.म.पु.	श्रीशिवमहापुराण
भ.गी.	श्रीभगवद्गीता
श्री.दे.भा.	श्रीमद्देवीभागवत
श्रीमद्भा.म.पु.	श्रीमद्भागवतमहापुराण
श्वेता.उप.	श्वेताश्वतरोपनिषद्
सं.हि.को.(आ.)	संस्कृत हिन्दीकोश (आप्टे)
सा.का.	साङ्ख्यकारिका
सा.द.	साहित्यदर्पण
सा.द.ने.अनु.	साहित्यदर्पण नेपालीमा अनुवाद
स.द.सं.	सर्वदर्शनसङ्ग्रह
स.पा.वि.	सन्ध्योपासनविधि
स.यो.प.मा.	समयोचितपद्यमालिका
सा.का.	साङ्ख्यकारिका
सु.म.का.	सुलोचना, महाकाव्य
हितो.	हितोपदेश
हैम	हेमचन्द्रकोश (अनेकार्थ सङ्ग्रह)

ॐ

ॐ अ+उ+म् को संयुक्तरूप- ओम् ।

अ- अवतीति *(रक्षा गर्छ)* अव रक्षणादौ (भ्वा.) धातु, अव्+ड (अ), टिलोप= अ ।

शब्दार्थ- विष्णु, वासुदेव, नारायण ।

अक्षराणामकारोऽस्मि- भ.गी. १०

उ- अवते इति (शब्द गर्छ) उङ् शब्दे (भ्वा.) धातु, उ+क्विप् (सर्वलोप)= उ ।

शब्दार्थ- उमेश, महेश्वर, रुद्र, शब्दब्रह्मस्वरूप महादेव ।

त्रिधा वद्धो वृषभो रोरवीति ।

महादेवो मर्त्या आविवेश- इति श्रुतिः

म- माति, मिमीते इति *(सृष्टिको लागि समयचक्र मापन गर्छ)* मा माने (अदा.) वा माङ् माने शब्दे च (जुहो.) धातु, मा+ड (अ), टिलोप= म ।

शब्दार्थ- ब्रह्मा, यम, काल, वैश्वानर ।

अश्च उश्च मश्च (द्व.स.), अ उ म्= ओम् ।

अथवा अवतीति अव रक्षणादौ (भ्वा.) धातु अव्+मन्[1] अव्का वको उ, अ उ म= ओम् ।

अकारो विष्णुरुद्दिष्ट उकारस्तु महेश्वरः ।
मकारस्तु स्मृतो ब्रह्मा प्रणवस्तु त्रयात्मकः ॥

शब्दार्थ- ओङ्कार, नादब्रह्म, ब्रह्मा, विष्णु र शिवको संयुक्त स्वरूप, मन्त्रहरू पढ्नुभन्दा पहिले उच्चारण गरिने प्रणव ध्वनि ॐ

ॐले तलको अर्थ पनि बुझाउँछ

त्रयीं तिस्रो वृत्तीस्त्रिभुवनमथो त्रीनपि सुरा
नकाराद्यैर्वर्णैस्त्रिभिरभिदधत् तीर्णविकृतिः- शि.म.स्तो.२७

वेदत्रय- ऋग्वेद, यजुर्वेद र सामवेद

वृत्तित्रय- जाग्रत्, स्वप्न र सुषुप्ति अवस्था

स्वरत्रय- उदात्त, अनुदात्त र स्वरित

भुवनत्रय- स्वर्ग, मर्त्य, पाताल

सुरत्रय- ब्रह्मा, विष्णु र महेश्वर

सूक्ष्मध्वनि- नादब्रह्म

स्वरवर्ण

अ

व्युत्पत्ति/ विग्रह र शब्दार्थ

अ (अव्य.) अवतीति *(रक्षा गर्छ)* अव रक्षणादौ (भ्वा.) धातु, अव्+ड (अ), टिलोप= अ

परिचय- संस्कृत देवनागरी स्वरवर्णको प्रथम अक्षर, स्वरसंज्ञक कण्ठस्थानीय वर्ण वा ध्वनि, ओम्को पहिलो अध्वनि, निषेधात्मक न (नञ्) को अर्थमा प्रयुक्त हुने अव्यय-

जस्तैः अमूल्य, अयोग्य, अकाल, अधर्म, अनीति, अनृणी, अज्ञान, अकल्याण, अमार्ग ।

निषेधात्मक 'न'को छप्रकार छ-

तत्सादृश्यमभावश्च तदन्यत्वं तदल्पता ।
अप्राशस्त्यं विरोधश्च नञर्थाः षट् प्रकीर्तिता ॥

अर्थ- यसले सादृश्य वा समानता, अभाव, भिन्नता, अल्पता वा न्यूनता, अप्राशस्त्य (अयोग्यता, अकार्यता आदि) विरोध, विपरीतता आदि अर्थ बुझाउँछ ।

अः (ना.पुं) अवतीति *(रक्षा गर्छ)* अव रक्षणादौ (भ्वा.) धातु अव्+ड (अ), टिलोप= अ ।

शब्दार्थ- विष्णु, वासुदेव, नारायण, स्वरसंज्ञक कण्ठस्थानीय वर्ण वा ध्वनि ।

अनृणः (वि.) नविद्यमानम् ऋणं यस्य *(जसको ऋण छैन)* न.ब.स., उ.प.लोप= अनृण ।

शब्दार्थ- रिन नभएको, ऋण मुक्त भएको ।

अनृणी (वि.) नास्ति ऋणं यस्य *(जसको ऋण छैन)* न.ब.स., उ.प.लोप, अनृणम् । तद् अस्यास्तीति *(ऋण छैन यसको)* अनृण+इनि[2] (इन्)= अनृणी ।

शब्दार्थ- ऋण नभएको, ऋणमुक्त, कर्जारहित, अनृण ।

अंशः (ना.पुं) अंशयति, अंशयते इति वा *(भागबन्डा लगाउँछ वा लगाइन्छ)* अंश विभाजने (चुरा.) धातु, अंश्+अच् (पचादि)/घञ् (अ)= अंश ।

अंशो विभाजने प्रोक्तः- इत्यमरः

शब्दार्थ- चन्द्रमाका सोहकलामध्ये एक, भाग, विभाजन हिस्सा, अंश, अंशबन्डा, भागवण्डा, टुक्रा ।

अंशकः (वि.) अंशयतीति *(सम्पत्तिमा भागबन्डा लगाउँछ)* अंश विभाजने (चुरा.) धातु, अंश्+ण्वुल्[3] (अक) =अंशक ।

अथवा अवस्यम् अंशं हरते इति *(अवश्य अंशभाग पाउँछ)* अंश+कन्[4]= अंशक ।

शब्दार्थ- अंसियार, अंसियारी, भागवन्डा पाउने, हिस्सेदार, दायभागी ।

अंशहारी (वि.) अवस्यम् अंशम् हरते इति *(अवश्य अंशको भागबन्डा पाउँछ)* अंश उपपदमा हुने हृञ् हरणे (भ्वा.) धातु, अंश+हृ+णिनि[5] (इन्) अंशहारिन् =अंशहारी ।

शब्दार्थ- अंसियार, अंशभागी, अंश पाउने दायभागी ।

अंशुः (ना.,पुं.) अंशयतीति *(विभाजित हुन्छ)* अंश विभाजने (चुरा.) धातु, अंश्+कु[6] (उ)= अंशु ।

किरणोस्रमयूखांशुगभस्तिघृणिरस्मयः- इत्यमरः

शब्दार्थ- सूर्यको किरण, रश्मि, दीधिति, ज्योति, दीप्ति, प्रकाश, मयूख ।

---

[1] अवतेर्टिलोपश्च : टिलोप/मन्

[2] अत इनिठनौ : इनि

[3] ण्वुल्तृचौ : ण्वुल्

[4] अंशं हारी : कन्

[5] आवश्यकाधमर्ण... : णिनि

[6] मृगय्वादयः... : कु

अंशुमान् (वि./ना./पुं.) अंशुः किरणः अस्यास्तीति *(किरण छ यसको)* अंशु+मतुप्[१] (मत्)= अंशुमान् ।

शब्दार्थ- प्रचण्ड किरण भएको, रश्मियुक्त, सूर्य, आदित्य ।

अंसः (ना/पुं./न.) अस्यते समाहन्यते भारादिना *(गरौं भार आदि राख्नाले पीडा हुन्छ)* अंस समाघाते (चुरा.) धातु, अंस् +घञ्[२] (अ)= अंस ।

अथवा अमति, अम्यते इति *(बहन गर्छ)* अम गत्यादिषु (भ्वा.) धातु, अम्+सन्[३] (उणा.)= अंस ।

स्कन्धो भुजशिरोंऽसोऽस्त्री- इत्यमरः

शब्दार्थ- स्कन्ध, कुम, बाहुको शिरोभाग, भुजशिखर ।

अकण्टकः (वि.) कण्टतीति *(काडो बन्छ, दुःख दिन्छ)* कटि गतौ (भ्वा.) धातु, नुम्, कण्ट+ण्वुल् (अक), कण्टकः । न विद्यमानः कण्टकः यत्र *(जहाँ कण्टक या शत्रु छैन)* न.ब.स., उ.प.लोप= अकण्टक ।

कण्टकः क्षुद्रवैरिणि ।

वेणौ द्रुमाङ्गे रोमाञ्चे- इति हैमः

शब्दार्थ- काँडारहित, काँडा नभएको, शत्रुविहीन, निष्कण्टक, विरोध नभएको, रोमाञ्चित नभएको ।

अकथनीयः (वि.) कथितुं न शक्यते, कथितुं न योग्यः इति *(भन्न सकिन्न, भन्न लायक छैन)* कथ वाक्यप्रबन्धे अदन्त (चुरा.) धातु, न+कथ+अनीय (र्)=अकथनीय ।

शब्दार्थ- भन्न नसकिने, भन्न उचित नहुने, बताउन योग्य नहुने, अकथ्य, अवर्णनीय ।

अकथितः (वि.) न कथ्यते स्म इति *(नभनिएको)* कथ वाक्यप्रबन्धे अदन्त (चुरा.) धातु, न+कथ+क्त (त) इडागम= अकथित ।

शब्दार्थ- नभनिएको, नबताइएको, बयान नगरिएको ।

अकथ्यः (वि.) कथितुं न योग्यः *(भन्न लायक नहुने)* कथ वाक्यप्रबन्धे अदन्त (चुरा.) धातु, न+कथ+यत् (य) =अकथ्य

शब्दार्थ- अकथनीय, बताउन अयोग्य, भन्न नहुने ।

अकम्पनम् (ना./न.) अकम्पनमिति *(कम्पन नहुनु)* कपि चलने (भ्वा.) धातु, न+कम्प्+ल्युट् (अन)=अकम्पन ।

शब्दार्थ- कम्पन नहुने क्रिया, निश्चलता, स्थिरता ।

अकम्पितः (वि.) न कम्पते स्म इति *(नकँपेको, नहल्लेको)* कपि चलने (भ्वा.) धातु, न+कम्प्+त (क्त), कर्तामा =अकम्पित ।

शब्दार्थ- नहल्लेको, नकँपेको, नचलेको, निश्चल, अचल ।

अकरणम् (ना./न.) करणम्, क्रियते इति वा *(गरिन्छ)* डुकृञ् करणे (तना.) धातु, कृ+ल्युट् (अन), करणम् । न करणम् *(कामको अभाव)* न.त.स.= अकरणम् ।

शब्दार्थ- कामको अभाव, कार्य नहुने या नबन्ने क्रिया ।

अकरणीयः (वि.) कर्तुं योग्यः, क्रियते इति वा *(गर्न योग्य, गरिन्छ)* डुकृञ् करणे (तना.) धातु, कृ+अनीय (र्), करणीयः । न करणीयः *(गर्न योग्य नभएको)* न.त.स.= अकरणीय ।

शब्दार्थ- गर्न योग्य नभएको, गर्न नहुने, गर्न नसकिने, गर्न अनुचित, अकर्तव्य ।

अकरुणः (वि.) अविद्यमाना करुणा यस्य *(जसको करुणा या दया छैन)* न.ब.स.[४]= अकरुण

शब्दार्थ- दया नभएको, करुणारहित, दयाहीन, निठुरी ।

अकरुणत्वम् (ना./न.) अकरुणस्य भावः *(दयाहीन हुनाको भाव वा अवस्था)*, अकरुण+त्व= अकरुणत्व ।

शब्दार्थ- दयाहीन हुनाको स्थिति वा अवस्था, दयाहीनता ।

अकर्तव्यम् (ना./न./वि.) कर्तुं योग्यम्, क्रियते इति वा *(गर्न योग्य, गरिन्छ)* डुकृञ् करणे (तना.) धातु, कृ+तव्यत् (तव्य), कर्तव्यम् । न कर्तव्यम् *(गर्न नहुने काम)* न.त.स.= अकर्तव्य ।

शब्दार्थ- नराम्रो काम, अनुचित कर्म, अकर्तव्य कर्म, गर्न नहुने, गर्न उचित नहुने, गर्न योग्य नहुने ।

अकर्म (ना./न.) क्रियते इति *(गरिन्छ)* डुकृञ् करणे (तना.) धातु, कृ+मनिन्[५] (मन्), उणा. गुण, कर्म । न कर्म *(कर्मको अभाव)* न.त.स.= अकर्म

किं कर्म किमकर्मेति कवयोऽप्यत्र मोहिताः- भ.गी.४/१६

शब्दार्थ- कर्मको अभाव, कलुषित कर्म, खराब कर्म, नराम्रो काम, घृणित कर्म, दुष्कर्म, कुकर्म ।

अकर्मकः (वि./ना./न.) करोति, क्रियते इति *(गर्छ, गरिन्छ)* डुकृञ् करणे (तना.) धातु, कृ+मनिन्[५] (मन्), उणा. गुण, कर्म । न विद्यमानं कर्म यस्य *(जसको कर्म छैन)* न.ब.स., उ.प.लोप, अकर्मन्+कप्[६] (क), समासान्त= अकर्मक ।

शब्दार्थ- कर्म नलिने, कर्म नचाहिने, पूर्ण अर्थ बुझाउन कर्मको आवश्यकता नपर्ने क्रिया, . अकर्मक क्रिया ।

अकर्मण्यः (वि.) क्रियते इति *(गरिन्छ)* डुकृञ् करणे (तना.) धातु, कृ+मनिन्[५] (मन्) उणा. गुण, कर्म । कर्मणा सम्पद्यते, कर्मणि साधुः (***कर्मद्वारा निर्वाह गर्छ, कर्ममा साधु वा निपुण)*** कर्मन्+यत्[७] (य), कर्मण्यः । न कर्मण्यः *(कर्ममा संलग्न नहुने)* न.त.स.=अकर्मण्य ।

शब्दार्थ- काम नगर्ने, निष्क्रिय रहने, अल्छी, काम गरेर नबस्ने, बेकम्मा, अचतुर, अल्छयाइँले काममा नखट्ने ।

---

१. तदस्यास्त्यस्मिन्... : मतुप्

२. अकर्तरिच कारके... : घञ्

३. अमेःसन् : सन्

४. नञोऽस्त्यर्थानाम्...: न.ब.स, उ.प.लोप

५. कृञो भावे कर्मणि च मनिन् : मनिन्

६. अनिनस्मन्...: कप्

७. कर्मवेषाद्यत्.../तत्र साधुः : यत्

अकलुषितः (वि(.) कलति, कलयतीति वा *(मैलो पार्छ)* कल शब्दसङ्ख्यानयोः (भ्वा.) वा कल गतौ सङ्ख्याने च (चुरा.) धातु, कल+उषच्[1] (उणा.), कलुषम् । अथवा लूषयतीति *(दुर्भावना वा फोहोर फैलाउँछ)* लूष हिंसायाम् (चुरा.) धातु, लूष्+क (अ), पृषोदरादिवाट ह्रस्व लुषम्, कस्य जलस्य, लुषम्, कलुषम् । कलुषं सञ्जातमस्य *(मैलो भाव पैदा भएको छ यसको)* कलुष+इतच्[2] (इत), कलुषितः । न कलुषितः *(कलुषित नभएको)* न.त.स.= अकलुषित ।

शब्दार्थ- मैलो नभएको, सफा, निर्मल, स्वच्छ, मनमा खराव भावना नभएको, स्वच्छ दिलको, खोट नलागेको, दाग नलागेको ।

अकल्पितः (वि.) कल्प्यते स्म इति *(कल्पना गरिएको)* कृपू सामर्थ्ये (भ्वा.) धातु, कृप्+णिचि, गुण, रेफको लत्व, कल्पि+क्त (त), णिलोप, इडागम, कल्पितः । न कल्पितः *(कल्पना नगरिएको)* न.त.स.=अकल्पित ।

शब्दार्थ- कल्पना नगरिएको, नवनाइएको, संरचना नगरिएको, नसोचिएको, विचारै नगरिएको ।

अकल्याणः (वि./ना./न.) कल्यं मङ्गलत्वमाणयतीति *(मङ्गल कामना गर्छ)* कल्यपूर्वक अण शब्दार्थे (भ्वा.) धातु, कल्य+अण्+अण्[3] (अ), वृद्धि, दीर्घ, कल्याणम् । अथवा कल्ये प्रातःकाले अण्यते शब्द्यते इति *(बिहानै मङ्गलगान गरिन्छ)* कल्य+अण्+घञ् (अ), वृद्धि, दीर्घ कल्याणः । न विद्यते कल्याणः यत्र *(जहाँ कल्याण छैन)* न.ब.स.= अकल्याण ।

शब्दार्थ- कल्याण नभएको, दुःखकर, अशुभदायक, कष्टदायक, अहित कर्म, अमङ्गल, अभद्र, कुभलो गर्ने वा दुःख दिने काम, अशुभ ।

अकल्याणकारी (वि.) अकल्याणं कर्तुं शीलमस्य *(कल्याण नगर्ने स्वभाव छ यसको)* डुकृञ् करणे (तना.) धातु, अकल्याण+कृ+णिनि (इन्), वृद्धि= अकल्याणकारी ।

शब्दार्थ- कुभलो चिताउने, अमङ्गलकारी, कल्याण नगर्ने ।

अकाट्यः (वि.) कटितुं योग्यः *(काट्न वा खण्डन गर्न योग्य)* कटी गतौ वा कटे वर्षावरणयोः (भ्वा.) धातु, कट्+ण्यत् (य), वृद्धि, काट्यः । न काट्यः *(खण्डन गर्न नसकिने)* न.त.स.= अकाट्य ।

शब्दार्थ- काट्न नसकिने, अखण्डनीय, खण्डन गर्न नमिल्ने वा नसकिने, काँटछाँट गर्न अनुचित ।

अकारः (ना./पुं) 'अ' यस्तो वर्ण निर्देशनमा 'अ' प्रातिपदिकवाट अ+कार= अकार ।

शब्दार्थ- अअक्षर, अध्वनि ।

अकारणम् (ना./न./वि.) कारणम्, कार्यते इति वा *(गराइन्छ)* डुकृञ् करणे (तना) धातु, कृ+णिचि, वृद्धि, कारि+ल्युट् (अन्), णिलोप, कारणम् । न विद्यते कारणम् यस्य *(जसको कारण छैन)* न.ब.स. = अकारण ।

अथवा न कारणम् *(कारणको अभाव)* न.त.स. = अकारण ।

शब्दार्थ- हेतु वा कारणको अभाव, कारण नभएको, कारण विनाको, निराधार, प्रयोजन विहीन ।

अकारान्तः (वि.) अकारः अन्ते यस्य *(अकार छ अन्त्यमा जसको)* ब.स., दीर्घ= अकारान्त ।

शब्दार्थ- अन्त्यमा अकार हुने, अन्त्यमा 'अ' स्वरवर्ण आउने (पद वा शब्द) ।

अकालः (वि./ना./पुं) कालयति सर्वम् *(सबैलाई समाप्त पार्छ)* कल शब्दसङ्ख्यानयोः (भ्वा.) धातु, कल्+णिचि +घञ् (अ), वृद्धि, णिलोप, कालः । न विद्यमानः कालः यस्य *(जसको निश्चित समय छैन)* न.ब.स., उ.प.लोप= अकाल ।

अथवा न कालः *(खराब काल)* न.त.स.= अकाल ।

शब्दार्थ- समय नभएको, सामयिक नभएको, वेला नभएको, अकाल, अनिकाल, दुर्भिक्ष, खराव समय, नराम्रो वेलावखत, महामारीको समय ।

अकिञ्चनः (वि.) न विद्यते किञ्चन यस्य *(जसको अलिकति पनि केही छैन)* म.व्य.स.= अकिञ्चन ।

शब्दार्थ- केही पनि नभएको, ज्यादै गरिब, निर्धन, दरिद्र सहायविहीन, निस्सहाय ।

अकुण्ठा (ना./स्त्री.) कुण्ठनमिति *(कुण्ठा पैदा हुनु)* कुठि प्रतिघाते (भ्वा.) धातु, नुम्, कुण्ठ्+अ[4] +टाप् (आ), कुण्ठा । न कुण्ठा *(कुण्ठा वा मानसिक तनाउको अभाव)* न.त.स.= अकुण्ठा ।

शब्दार्थ- मानसिक कुण्ठाको अभाव, कुनै अवरोध नहुने काम ।

अकुण्ठितः (वि.) कुण्ठा सञ्जाता अस्य *(कुण्ठा पैदा भएको छ यसको)* कुण्ठा+इतच्[2] (इत), कुण्ठितः । न कुण्ठितः *(कुण्ठित नभएको)* न.त.स.= अकुण्ठित ।

शब्दार्थ- कुण्ठाविहीन, विघ्नबाधा पैदा नभएको ।

अकुतोभयः (वि.) नास्ति कुतः भयं यस्य *(जसको कसैबाट भय छैन)* म.व्य.स.= अकुतोभय

शब्दार्थ- कसैबाट केही भय वा डर नभएको, निर्भय, निडर ।

अकृतः (वि.) न क्रियते स्म इति *(नगरिएको)* नञ्पूर्वक डुकृञ् करणे (तना.) धातु, न+कृ+क्त (त)= अकृत ।

शब्दार्थ- नगरेको, नगरिएको, अविहित, अपर्याप्त ।

---

[1] पृनहिकलिभ्य उषच्... : उषच्

[2] तदस्य सञ्जातम्... : इतच्

[3] कर्मण्यण्... : अण्

[4] गुरोश्च हलः : अ

अकृतज्ञः (वि.) कृतं जानातीति *(गरेको गुन देख्छ)* कृतपूर्वक ज्ञा अवबोधने (क्र्या.) धातु, कृत+ज्ञा+क[१] (अ), कृतज्ञः । न कृतज्ञः *(गरेको गुन देख्तैन)* न.त.स. =अकृतज्ञ ।

शब्दार्थ- अरूले लगाएको गुन नदेख्ने, कृतघ्न, अरूको गुन बिर्सने, गुन गर्नेप्रति आभारी वा कृतकृत्य नहुने, बैगुनी ।

अकोपनः (वि.) न विद्यमानः कोपनः क्रोधः यस्य *(जसको क्रोध छैन)* न.ब.स[२]., उ.प.लोप= अकोपन ।

शब्दार्थ- क्रोध वा रिस नभएको, क्रोधरहित, क्रोधशून्य भएको ।

अक्रमः (वि./ना./पुं.) क्रमणम्, क्रम्यते इति *(सिलसिला मिलाइन्छ)* क्रमु पादविक्षेपे (भ्वा.) धातु, क्रम्+घञ् (अ), वृद्धिको अभाव, क्रमः । न विद्यमानः क्रमः यत्र *(जहाँ क्रम मिलेको छैन)* न.ब.स.= अक्रम ।

अथवा न क्रमः *(क्रमको अभाव)* न.त.स.= अक्रम ।

शब्दार्थ- क्रम नमिलेको, सिलसिला टुटेको, अव्यवस्थित, अनियमित, क्रमको अभाव, सिलसिला नमिल्ने काम ।

अक्रूरः (वि./ना./पुं.) कृन्ततीति *(काट्छ वा छेदन गर्छ)* कृती छेदने (तुदा.) धातु, कृत्+रक् (र), उणा., धातुको क्रू आदेश, क्रूरः । न क्रूरः *(क्रूर नहुने)* न.त.स.= अक्रूर ।

शब्दार्थ- क्रूर नवन्ने, निर्दयी वा निठुरी स्वभाव नभएको, दयावान्, श्रीकृष्णका काका

अक्लिष्टः (वि.) क्लिश्यते स्म इति *(पीडा दिइएको)* क्लिश उपतापे (दिवा.) धातु, क्लिश्+क्त (त), 'श' को ष, तको ष्टुत्व ट, क्लिष्टः । न क्लिष्टः *(क्लिष्ट नभएको)* न.त.स.= अक्लिष्ट ।

शब्दार्थ- नथाकेको, क्लेश वा पीडारहित, सरल, क्लिष्ट नभएको, नबुझिने नभएको ।

अक्षः (ना./पुं./न.) अक्ष्णोति, अक्षतीति वा *(व्याप्त गर्छ)* अक्ष्यते अनेन *(व्याप्त गरिन्छ)* अक्षू व्याप्तौ (भ्वा.) धातु, अक्ष्+अच् (पचादि)/घञ् (अ)= अक्ष ।

अथवा अश्नोति व्याप्नोतीति *(व्याप्त हुन्छ)* अशु व्याप्तौ सङ्घाते च (स्वा.) धातु, अश्+स[३] (उणा.) अशका 'श'को ष, 'स'को स्टुत्व ष, 'ष'को क, क र षको क्षत्व= अक्ष ।

अक्षो ज्ञानात्मशकटव्यवहारेषु पाशके ।
रुद्राक्षेन्द्राक्षयोः सर्पे विभीतकतरावपि ।
चक्रे कर्षे पुमान् क्लीबे तुत्ये सौवर्चलेन्द्रिये- इति मेदिनी

शब्दार्थ- आत्मा, इन्द्रिय, जुवा, पासा, पृथिवीको दुवै ध्रुव जोड्ने कल्पित रेखा, रुद्राक्ष, भद्राक्ष, गाडाको पाङ्ग्रामा लगाइएको त्यो भाग जहाँ धुरा राखिएको हुन्छ, सर्प, हर्रोको रूख, तुथो, क्षारविशेष ।

अक्षक्रीडा (ना./स्त्री) अक्षैः, अक्षाणां वा क्रीडा *(पासा खेल्ने काम)* तृ.त.स/ष.त.स.= अक्षक्रीडा ।

शब्दार्थ- पासा खेल्ने काम, जुवा खेल्ने काम, द्यूतक्रीडा ।

अक्षतः (वि.) क्षणोति स्म इति *(घाउ लागेको)* क्षणु हिंसायाम् (तना.) धातु, क्षण्+क्त (त), कर्तामा, क्षतः । न क्षतः *(घाउ नलागेको)* न.त.स.= अक्षत ।

शब्दार्थ- घाउ वा चोट नलागेको, अविभक्त, क्षतविक्षत नभएको ।

अक्षतयोनिः (वि/ना./स्त्री) अक्षता योनिर्यस्याः सा *(जसको योनि क्षत भएको छैन)* ब.स.= अक्षतयोनि ।

शब्दार्थ- योनि क्षत नभएकी, त्यो कन्या, जसको यौन क्रियाद्वारा योनि क्षत भएको छैन ।

अक्षता (ना./स्त्री.) न क्षतं यस्याः *(जसको टुक्रा भएको छैन)* न.ब.स., अक्षत ।

अथवा न क्षतः *(नटुक्रिएको)* न.त.स., अक्षत ।

अक्षत+टाप् (आ)= अक्षता ।

त्व मनङ्गः कथमक्षता रतिः- कु.सं.

शब्दार्थ- न कुड्किएको अक्षता, सग्लो चामल, देवीदेवतालाई पूजा गरिने चामल, सम्भोग नभएकी स्त्री, कन्या केटी ।

अक्षमः (वि.) न क्षमते, न क्षाम्यते इति वा *(जो समर्थ छैन)* क्षमूष् सहने (भ्वा.) वा क्षमू सहने (दिवा.) धातु, क्षम्+अच् (पचादि), क्षमः । न क्षमः *(समर्थ भएको)* न.त.स.= अक्षम ।

अथवा नास्ति क्षमा यस्य *(जसको क्षमा हुँदैन)* न.ब.स., उ.प.लोप= अक्षम ।

शब्दार्थ- असमर्थ, असक्षम, अयोग्य, क्षमता नभएको असहिष्णु, क्षमारहित, क्षमा नगर्ने, क्षमाशून्य ।

अक्षमता (ना/स्त्री.) अक्षमस्य भावः *(असमर्थ हुनाको भाव वा अवस्था)* अक्षम+तल्+टाप् (आ)= अक्षमता ।

शब्दार्थ- क्षमता वा योग्यताको अभाव, असमर्थता, अयोग्यता ।

अक्षमाला (ना./स्त्री.) अक्षाणां रुद्राक्षाणां माला *(रुद्राक्षको माला)* ष.त.स.= अक्षमाला

शब्दार्थ- अक्षसूत्र, रुद्राक्षमाला, जपमाला, हार ।

अक्षम्यः (वि.) क्षन्तुं शक्यः, क्षम्यते इति वा *(सहन योग्य, सहन गर्न सकिन्छ)* क्षमूष् सहने (भ्वा.) धातु, क्षम्+यत्[४] (य), क्षम्यः । न क्षम्यः *(क्षम्य नभएको)* न.त.स.= अक्षम्य ।

शब्दार्थ- क्षमा गर्न नसकिने, क्षम्य नभएको, माफी दिन नमिल्ने, सहन नसकिने, असह्य ।

---

[१] आतोऽनुपसर्गे... : क

[२] नञोऽस्त्यर्थानाम्... : न.ब.स., उ.प.लोप

[३] अशेर्देवने सः : स

[४] पोरदुपधात् : यत्

अक्षम्यापराधः (ना./पुं.) अक्षम्यश्चासौ अपराधश्च *(अक्षम्य अपराध)* क.त.स., दीर्घ= अक्षम्यापराध ।

शब्दार्थ- सहन नसकिने अपराध, क्षमा दिन नमिल्ने कसुर

अक्षयः (वि./ना./पुं.) क्षीयन्ते प्राणिनः अत्र *(नासिन्छन् प्राणीहरू यहाँ)* क्षि क्षये (भ्वा.) धातु, क्षि+अच् (पचादि)/घ (अ), गुण, अयादेश, क्षयः । अविद्यमानः क्षयः नाशः यत्र *(जहाँ क्षय वा नाश छैन)* न.व.स., उ.प.लोप= अक्षय ।

अथवा न क्षयः *(क्षयको अभाव)* न.त.स.= अक्षय ।

शब्दार्थ- क्षय वा विकार नहुने, अव्यय, कालान्तरसम्म रहने, अविनाशी, अनश्वर, क्षयको अभाव, नाश नहुने काम ।

अक्षयतृतीया (ना./स्त्री) अक्षया चासौ या तृतीया (तिथिः) *(अक्षय तृतीया तिथि)* क.त.स.= अक्षयतृतीया ।

शब्दार्थ- वैशाखशुक्ल तृतीया, सत्ययुगको पहिलो तिथि ।

अक्षरः (वि./ना./पुं.) न क्षरतीति *(नाश हुँदैन)* क्षर सञ्चलने (भ्वा.) धातु, क्षर्+अच् (पचादि), क्षरः । न क्षरः *(नाश नहुने)* न.त.स.= अक्षर ।

अथवा अश्नुते व्याप्नोतीति *(व्याप्त हुन्छ)* अशू व्याप्तौ सङ्घाते च (स्वा.) धातु, अश्+सर[1] (उणा.) शको षत्व, सको षत्व, षको कुत्व, क र षको क्षत्व = अक्षर ।

अव्ययः पुरुषः साक्षी क्षेत्रज्ञोऽक्षर एव च- वि.स.ना.

शब्दार्थ- अविनाशी, अनश्वर, अक्षर, नाश नहुने, चिरस्थायी, अकारादि वर्ण वा ध्वनि, शिव, विष्णु, परब्रह्म, अच्युत ।

अक्षरविन्यासः (ना./पुं.) अक्षराणां विन्यासः *(अक्षरहरूको विन्यास)* ष.त.स.= अक्षरविन्यास ।

शब्दार्थ- लिपि, लेख्ने क्रिया, वर्णविन्यास ।

अक्षरशः (अव्य.) अक्षरम् अक्षरमिति *(अक्षर अक्षर गरेर)* अक्षर+शस् (वीप्साअर्थमा), विसर्ग= अक्षरश ।

शब्दार्थ- एक एक अक्षर गरेर, अक्षरैपिच्छे ।

अक्षरारम्भः (ना./पुं.) अक्षराणामारम्भः *(अक्षरहरूको प्रारम्भ)* ष.त.स., दीर्घ= अक्षरारम्भ ।

शब्दार्थ- अक्षरहरू आरम्भ गर्ने वा वर्णमाला पढ्न थाल्ने काम ।

अक्षरेखा (ना./स्त्री.) अक्षस्य रेखा *(अक्षको रेखा)* ष.त.स. =अक्षरेखा ।

शब्दार्थ- उत्तरी ध्रुवदेखि दक्षिणी ध्रुवसम्म खिचिएको कल्पित रेखा ।

अक्षविद्या (ना./स्त्री) अक्षस्य विद्या *(जुवा वा पासा खेल्ने कलाको विद्या)* ष.त.स.= अक्षविद्या ।

शब्दार्थ- पासा वा जुवा खेल्ने कलासम्वन्धी विद्या ।

अक्षांशः (ना./पुं.) अक्षस्य अंशः *(अक्षको अंश)* ष.त.स. = अक्षांश ।

शब्दार्थ- पूर्वदेखि पश्चिमसम्म खिचिएको कल्पितरेखा, अक्षरेखा ।

अक्षि (ना./न.) अश्नुते व्याप्नोति पश्यति अनेन *(व्याप्त हुन्छ, देख्छ यसले)* अशू व्याप्तौ सङ्घाते च (स्वा.) धातु, अश्+क्लि[2] (कि), उणा., शको षत्व, क्षत्व= अक्षि ।

अथवा अक्षतीति *(व्याप्त गर्छ)* अक्षू व्याप्तौ (भ्वा.) धातुबाट अक्ष्+इन्[3] (इ)= अक्षि ।

शब्दार्थ- आँखा, नयन, चक्षु, लोचन, दुईको सङ्ख्या ।

अक्षिकोषः (ना./पुं.) अक्ष्णां कोषः *(आँखाको पलक)* ष.त.स.= अक्षिकोष ।

शब्दार्थ- आँखाको पलक, आँखा ढाक्ने कोष

अक्षिकूटकः (ना./पुं) अक्ष्णां कूटकः *(आँखाको नानी)* ष.त.स.= अक्षिकूटक ।

शब्दार्थ- आँखाको नानी, आँखाको तारा, अक्षितारा ।

अक्षीणः (वि.) न क्षीयते स्म इति *(न नासिएको)* क्षि क्षये (भ्वा.) धातु, क्षि+क्त (त), दीर्घ[4], नत्व[5], णत्व, क्षीणः । न क्षीणः *(क्षीण नभएको)* न.त.स.= अक्षीणः ।

शब्दार्थ- क्षीण नभएको, नदुब्लाएको, झिनो नभएको, ननासिएको, मोटो, हृष्टपुष्ट ।

अक्षुण्णः (वि.) क्षुद्यते स्म इति *(टुक्रिएको, पिसिएको)* क्षुदिर् सम्पेषणे (रुधा.) धातु, क्षुद्+क्त (त), निष्ठा तको न, दको नत्व, णत्व, क्षुण्णः । न क्षुण्णः *(नटुक्रिएको)* न.त.स.= अक्षुण्ण ।

शब्दार्थ- नटुटेको, नचुडिएको, नपिसिएको, अखण्ड, अविभाजित, निरन्तर, लगातार ।

अक्षुण्णता (ना./स्त्री.) अक्षुण्णस्य भावः *(अक्षुण्ण रहनाको भाव वा अवस्था)* अक्षुण्ण+तल् (त)+टाप् (आ) =अक्षुण्णता ।

शब्दार्थ- निरन्तरता, अखण्डता, अविभाज्यता ।

अक्षेमम् (ना./न.) क्षयति अशुभमिति *(अशुभ नाश हुन्छ)* क्षि क्षये (भ्वा.) धातु, क्षि+मन्[6] (उणा.) गुण, क्षेमम् । न क्षेमम् *(कल्याणको अभाव)* न.त.स.= अक्षेम ।

शब्दार्थ- अशुभ, अकल्याण, अमङ्गल अकुशल ।

अक्षोभः (ना./पुं..) क्षुभ्यते इति *(हल्लिन्छ, क्षोभ पैदा हुन्छ)* क्षुभ सञ्चलने (भ्वा.) धातु, क्षुभ्+घञ् (अ), गुण, क्षोभः । न क्षोभः *(क्षोभ हुनाको अभाव)* न.त.स. =अक्षोभ ।

शब्दार्थ- ग्लानि नहुने काम, नहल्लिने क्रिया, क्षोभ नहुने क्रिया, उत्तेजना नहुने काम, रिसरागको अभाव ।

---

[1] अशेःसरः : सर
[2] अशेर्नित् : क्लि
[3] सर्वधातुभ्य : इन्
[4] निष्ठायामण्यदर्थे : दीर्घ
[5] क्षियो दीर्घात् : नत्व
[6] अर्तिस्तुसुहुसृधृक्षि...: मन्

अक्षौहिणी (ना./स्त्री.) ऊहनम्, ऊह्यते इति वा *(एकत्रित हुनु)* ऊह वितर्के (भ्वा.) धातु, ऊह्+घञ् (अ), ऊहः । ऊहः समूहः अस्ति अस्याः *(समूह छ यसको)* ऊह+इनि[1] (इन्), ऊहिन्+ङीप् (ई), ऊहिनी । अक्ष्णोतीति *(व्याप्त हुन्छ)* अक्षू व्याप्तौ (भ्वा.) धातु, अक्ष्+अच् (पचादि), अक्षः । अक्षाणामूहिनी, ष.त.स., णत्व= अक्षौहिणी ।

अक्षौहिणीको परिगणना-

पत्तिः - एको रथो गजश्चैको नराः पञ्च पदातयः
त्रयश्च तुरगास्तज्ज्ञैः पत्तिरित्यभिधीयते ।
(हात्ती र रथ एक एकवटा, पाँचवटा पैदल सिपाही, तीवटा घोडचरीको समुदाय पत्ति हो) ।

सेनामुखम्- पत्तीन्तु त्रिगुणान्येतामाहुः सेनामुखं बुधाः ।
(तीनगुना (तीनवटा) पत्तिको एक सेनामुख हुन्छ)

गुल्मः - त्रीणि सेनामुखान्येको गुल्म इत्यभिधीयते
(तीनवटा सेनामुखको एक गुल्म हुन्छ) ।

गणः - त्रयो गुल्मा गणो नाम
(तीन गुल्मको एक गण हुन्छ) ।

वाहिनी- वाहिनी तु गणास्त्रयः ।
(तीनगणको एक वाहिनी हुन्छ) ।

पृतना- स्मृता तिस्रस्तु वाहिन्यः पृतनेति विचक्षणैः
(तीन वाहिनीको एक पृतना हुन्छ) ।

चमू- चमूस्तु पृतना तिस्रः
(तीन पृतनाको एक चमू हुन्छ) ।

अनीकिनी- तिस्रश्चम्बस्त्वनीकिनी ।
(तीन चमूको एक अनीकिनी हुन्छ) ।

अक्षौहिणी- अनीकिनीं दशगुणां प्राहुरक्षौहिणीं बुधाः-
म.भा.आ.प. १०/२/१९-२२
(दश अनीकिनीको एक अक्षौहिणी हुन्छ) ।

शब्दार्थ- सेनाको सबभन्दा ठूलो एकाइ, पैदल लडाकु, अश्वारोही, हस्त्यारोही, रथारोही गरी करिब २,१८,७००को सैनिक समूह । यसमा -

हात्ती	-	२१,८७०
रथ	-	२१,८७०
घोडा	-	६५,६१०
पदाति (पैदल लडाकु)	-	१,०९,३५०
जम्मा		२,१८,७००

अखण्डः (वि.) खण्ड्यते इति *(टुट्छ)* खडि भेदने (चुरा.) धातु, नुम्, खण्ड्+घञ् (अ), खण्डः । न विद्यमानः खण्डः यत्र *(जहाँ टुटफुट भएको छैन)* न.ब.स. =अखण्ड ।

शब्दार्थ- नटुटेको (जो टुटेको छैन), अटुट, निरन्तर, अविराम, खण्डित नभएको, अविच्छिन्न, नटुक्रेको ।

अखण्डितः (वि.) खण्डयते स्म इति *(टुक्रिएको)* खडि भेदने (चुरा.) धातु, नुम्, खण्ड+क्त (त), इडागम, खण्डितः । न खण्डितः *(खण्डित नभएको)* न.त.स. =अखण्डित ।

शब्दार्थ- खण्डित नभएको, नटुक्रिएको, अविच्छिन्न, नटुटेको ।

उदा. **नलतुल्य प्रतापमण्डित, नृपको कीर्ति थियो अखण्डित -नवरस, करुणरस ७१**

अखाद्यः (वि./ना./न.) खाद्यते, खादितुं योग्यमिति (खान लायक) खादृ भक्षणे (भ्वा.) धातु, खाद्+ण्यत् (य), खाद्यः । न खाद्यः *(खान लायक नहुने)* न.त.स.=अखाद्य ।

शब्दार्थ- खान नहुने, अभक्ष, खान अयोग्य, खान उचित नहुने वस्तु, अभक्ष चीज वा पदार्थ ।

अखिलः (वि.) खिलतीति *(शेष रहन्छ)* खिल उञ्छे (तुदा.) धातु, (अ.को.रामा.) खिल्+क[2] (अ), खिलम् । नास्ति खिलमवशिष्टं यस्य *(जसको शेष छैन)* न.ब.स.=अखिल ।

समस्तनिखिलाखिलानि निःशेषम्- इत्यमरः

शब्दार्थ- सम्पूर्ण, समस्त, सबै, पूरा, समग्र ।

अखिललोकः (ना/पुं.) अखिलश्चासौ लोकश्च *(सबै लोक)* क.त.स.= अखिललोक ।

शब्दार्थ- सम्पूर्ण लोक, सबै लोक, समस्त जगत् ।

अगः (वि./ना./पुं) न गच्छतीति *(हिंड्दैन, चल्दैन)* गम्लृ गतौ (भ्वा.) धातु, न+गम्+ड[3] (अ), टिलोप= अग ।

अगो महीरुहे शैले भास्करे पवनाशने- इति मेदिनी

शब्दार्थ- अगम्य, जान नसकिने, पहाड, वृक्ष, सूर्य, सर्प ।

अगणनीयः (वि.) गण्यते, गणितुं योग्यः इति वा *(गणना गरिन्छ वा गणना गर्न लायक)* गण सङ्ख्याने (चुरा.) धातु, गण+अनीय (र्), गणनीयः । न गणनीयः *(गणना गर्न कठिन)* न.त.स.= अगणनीय ।

शब्दार्थ- गणना गर्न नसकिने, असङ्ख्य, अनगिन्ती, अगणित, हजारौं, गणना गर्न उचित नहुने ।

अगणितः (वि.) न गण्यते स्म इति *(गणना गर्न नसकिएको)* गण सङ्ख्याने (चुरा.) धातु, गण+क्त (त) इडागम= अगणित ।

उदा. **अगणित महिमाका रत्न फुट्छन् हजार- शा.म.का. १३/११**

शब्दार्थ- गन्न नसकिएको, नगनिएको, हजारौं, धेरै, असङ्ख्य, अनगिन्ती ।

अगतिः (ना./स्त्री) गम्यते, गमनमिति वा *(गमन गरिन्छ)* गम्लृ गतौ (भ्वा.) धातु, गम्+क्तिन् (ति), गतिः । न गतिः *(गति वा आश्रयको अभाव)* न.त.स.=अगति ।

शब्दार्थ- आश्रयको अभाव, उपायको अभाव, गतिहीनता, निरुपाय, गति नहुने काम, अकालमृत्यु ।

अगमः (वि.) न गच्छतीति *(जाँदैन, बुझ्दैन)* गम्लृ गतौ (भ्वा.) धातु, गम्+अच् (पचादि), गमः । न गमः *(जान नसकिने)* न.त. स.= अगम ।

शब्दार्थ- दुर्गम, जान नसकिने, प्रवेश गर्न नसकिने, दुर्बोध, जान्न वा थाह पाउन नसकिने ।

---

[1] अत इनिठनौ : इनि

[2] इगुपधज्ञा..... क

[3] अन्येष्वपि दृश्यते : ड

अगम्यः (वि.) गन्तुं योग्यः *(जान योग्य)* गम्लृ गतौ (भ्वा.) धातु, गम्+यत्[1] (य), गम्यः । न गम्यः *(जान वा बुझ्न नसकिने)* न.त.स.= अगम्य ।

शब्दार्थ- जान अयोग्य, पुग्न नसकिने, दुर्गम, अज्ञेय, दुर्बोध, जान्न वा बुझ्न नसकिने ।

अगम्या (ना./स्त्री.) गन्तुं योग्या *(सम्पर्क गर्न लायक)* गम्लृ गतौ (भ्वा.) धातु, गम्+यत्[1] (य)+टाप् (आ), गम्या । न गम्या *(सम्पर्क गर्न योग्य नभएकी)* न.त.स.= अगम्या ।

स्वस्त्री गम्या च सर्वेषामिति वेदनिरूपिता ।
अगम्या च तदन्या या इति वेदविदो विदुः ॥ ब्रह्म वै.पु.

शब्दार्थ- यौन सम्पर्क गर्न अयोग्य स्त्री, अगम्या नारी, परस्त्री ।

अगर्हितः (वि.) न गर्हितः *(निन्दा नगरिएको)* न.त.स. =अगर्हित ।

शब्दार्थ- अनिन्दित, निन्दा नगरिएको ।

अगस्तिः (ना./पुं.) न गच्छतीति *(जाँदैन)* गम्लृ गतौ (भ्वा.) धातु, न+गम्+अच् (पचादि), अगः । अगं विन्ध्याख्यं अस्यतीति *(विन्ध्य पर्वत प्रक्षेपण गर्छन्)* अगपूर्वक असु क्षपणे (दिवा.) धातु, अग+अस्+क्तिच् (ति)= अगस्ति ।

शब्दार्थ- मित्रावरुणको वीर्यपतन भई कुम्भमा पर्दा त्यही कुम्भबाट उत्पन्न एक ऋषि ।

अगस्त्यः (ना/पुं.) अगं विन्ध्यं स्त्यायति स्तब्नातीति *(विन्ध्य पर्वतलाई रोक्छन्)* स्त्यै शब्दसङ्घातयोः (भ्वा.) धातु, अग+स्त्या+क[2] (अ)= अगस्त्य ।

शब्दार्थ- एक ऋषि, अगस्त्य ऋषि ।

अगाधः (वि.) गाधते इति *(अगाध वा दुर्बोध छ)* गाधृ प्रतिष्ठालिप्सयोर्ग्रन्थे च (भ्वा.) धातु, गाध्+अच् (पचादि), गाधः । नास्ति गाधः स्थितिरत्र *(जहाँ पुग्न सकिन्न)* न.ब.स.[3]= अगाध ।

शब्दार्थ- अत्यन्त गहिरो, अज्ञेय, अथाह, जान्न वा बुझ्न नसकिने, अति गहिरो, भुइँ भेट्न नसकिने ।

उदा. **अगाध सिन्धुमा चुप्पै चल्छन् तिमि-तिमिङ्गिल -ऋ.वि.(वर्षा वि.)**

अगुणः (वि.) गुणयते इति *(गुणगान हुन्छ)* गुण आमन्त्रणे (चुरा.) धातु, गुण+क (अ), गुणः । न विद्यमानः गुणः यत्र *(जहाँ गुण छैन)* न.ब.स.[3] = अगुण ।

शब्दार्थ- गुणरहित, निर्गुण, गुणहीन, अवगुण भएको ।

अगोचरः (वि.) गावः इन्द्रियाणि चरन्त्येषु *(इन्द्रियहरू विचरण गर्छन् यिनमा)* चर गतिभक्षणयोः (भ्वा.) धातु, गो+चर्+अ[4], गोचरः । न विद्यमानः गोचरः यस्य *(जसको इन्द्रिय गोचर छैन)* न.ब.स. =अगोचर ।

शब्दार्थ- इन्द्रियद्वारा प्रत्यक्ष नहुने, इन्द्रियातीत, अतीन्द्रिय, अज्ञेय, इन्द्रियले ग्रहण गर्न वा ठम्याउन नसकिने ।

उदा. **याद मै आफूभन्दा त्यो अगोचर विशालको- सु.म.का.४/१६**

अग्निः (ना./पुं.) अगति ऊर्ध्वं गच्छतीति *(व्यापकरूपमा माथितिर फैलिन्छ)* अगि गत्यर्थे (भ्वा.) धातु, नुम्, अङ्ग्+नि[5], नलोप, उणा.= अग्नि ।

अथवा अग्रं प्रथमं नयतीति *(पहिले यज्ञाहुति लैजान्छ)* अग्रपूर्वक णीञ् प्रापणे (भ्वा.) धातु, अग्र+नी+क्विप् (सर्वलोप), पृषोदरादिबाट अग्रको रेफ र अकारको लोप, नीको ह्रस्व= अग्नि ।

शब्दार्थ- आगो, वह्नि, वैश्वानर, पावक, अनल ।

उदा. **अग्निर्हि देवानां सेनानी- श्रुतिः**

अग्निगर्भः (ना./पुं.) अग्निर्गर्भे यस्य सः *(अग्नि छ गर्भमा जसको)* ब.स.= अग्निगर्भ ।

शब्दार्थ- सूर्यकान्त मणि, दर्सिन ढुङ्गा, शमीवृक्ष, ज्वालामुखी पर्वत ।

अग्निगर्भा (ना./स्त्री.) अग्निर्गर्भे यस्याः सा *(अग्नि छ गर्भमा जसको)* ब.स., अग्निगर्भ+टाप् (आ)=अग्निगर्भा ।

शब्दार्थ- आगो गर्भमा हुने शमीवृक्ष ।

अग्निजिह्वा (ना./स्त्री.) अग्नेर्जिह्वा *(अग्निको जिह्वा)* ष.त.स.= अग्निजिह्वा ।

शब्दार्थ- आगाको ज्याला, अग्निको सप्तजिह्वा ।

अग्निका सात जिह्वा छन्, जो यी हुन्-

काली कराली च मनोजवा च
सुलोहिता या च सुधुम्रवर्णा ।
स्फुलिङ्गिनी विश्वरुचि च देवी
लेलायमाना इति सप्तजिह्वा ॥ मु.उप.१/२/४

अग्निदग्धः (वि.) अग्निना दग्धः *(आगोले डढेको)* तृ.त.स.[6] = अग्निदग्ध ।

शब्दार्थ-आगोले डढेको, अग्निले जलेको, आगोले पोलेको ।

अग्निपरीक्षा (ना/स्त्री) अग्नौ परीक्षा *(अग्निमा परीक्षा)* स.त.स.= अग्निपरीक्षा ।

शब्दार्थ- आगोमा प्रवेश गरेर वा गराएर परीक्षा गर्ने प्राचीन प्रथा ।

अग्निप्रवेशः (ना./पुं) अग्नौ प्रवेशः *(अग्निमा प्रवेश)* स.त.स.= अग्निप्रवेश ।

शब्दार्थ- अग्निमा पसेर पतिसँगै चितामा जल्ने (सतीजाने) प्रथा ।

अग्निहोत्रम् (ना./न.) अग्नौ होत्रं हवनम् *(अग्निमा हवन)* स.त.स.= अग्निहोत्र ।

शब्दार्थ- अग्नि स्थापना गरी हवन या होम गर्ने काम ।

---

[1] पोरदुपधात् : यत्
[2] आतोऽनुपसर्गे कः : क
[3] नञोऽस्त्यर्थानां... : नञ् बहुब्रीहिसमास
[4] गोचरसञ्चर...: अ प्रत्यय
[5] अङ्गेर्नलोपश्च : नि, नलोप
[6] तृतीया तत्कृतार्थेन... : तृतीया तत्पुरुषसमास

अग्निहोत्री (वि./ना./पुं) अग्निहोत्रं यस्यास्तीति *(अग्निहोत्र कर्म छ यसको)* अग्निहोत्र+इनि (इन्), अग्निहोत्रिन्= अग्निहोत्री ।

शब्दार्थ- अग्निहोत्र व्रत आचरण गर्ने, अग्निहोत्र याग सम्पन्न गर्ने, नित्य होम गर्ने कार्य ।

अग्रः (वि.) अग्यते, अगति, अङ्गतीति वा *(अगाडि गइन्छ वा जान्छ)* अग कुटिलायां गतौ वा अगि गतौ (भ्वा.) धातु, नुम्, अग्/अङ्ग्+रक्[1] (र), उणा., अङ्गको नलोप =अग्र ।

अग्रं पुरस्तादुपरि परिमाणे पलस्य च- इति मेदिनी

शब्दार्थ- अगाडिको, पहिलो, सामुन्ने, प्रथम, प्रमुख, श्रेष्ठ, उत्तम, प्रधान, सर्वोत्तम ।

अग्रगामी (वि.) अग्रे गन्तुं शीलमस्य *(अगाडि जाने शील छ यसको)* अग्रपूर्वक गम्लृ गतौ (भ्वा.) धातु, अग्र+गम्+णिनि (इन्), वृद्धि, अग्रगामिन्= अग्रगामी ।

शब्दार्थ- अगाडि जाने, अगुवा, अग्रयायी, अग्रसर ।

अग्रणीः (वि./ना./पुं.) अग्रं नयति, अग्रे प्रथमं पदं वा स्थानं नयति, अग्रे नीयते असौ वा *(अगाडि लैजान्छ, अग्र स्थान वा पदमा लैजान्छ, अगाडि लगिन्छ)* अग्रपूर्वक णीञ् प्रापणे (भ्वा.) धातु, अग्र+नी+क्विप् (सर्वलोप), णत्व= अग्रणी ।

शब्दार्थ- मुख्य नेता, प्रमुख, अगुवा, परमेश्वर, विष्णु, नारायण ।

द्रष्टव्य- अग्रणीर्ग्रामणीः श्रीमान् न्यायो नेता...- वि.स.ना.३७

अग्रगण्यः (वि.) अग्रे गण्यते, अग्रे गणयितुं योग्यः वा *(अगाडि गणना गरिन्छ, अगाडि गणना गर्न योग्य)* अग्रपूर्वक गण सङ्ख्याने (अदन्त चुरा.) धातु, अग्र+गण+यत् (य)= अग्रगण्य ।

शब्दार्थ- अग्रस्थानमा राख्न योग्य, पहिलो पङ्क्तिमा राख्न लायक, अगाडि गणना गर्नुपर्ने, प्रमुख, श्रेष्ठ, मुख्य ।

अग्रजः (ना./पुं.) अग्रे जातः *(अगाडि जन्मेको)* अग्रपूर्वक जनी प्रादुर्भावे (दिवा.) धातु, अग्र+जन्+ड (अ), टिलोप= अग्रज ।

शब्दार्थ- पहिले जन्मेको व्यक्ति, दाजु, अग्रजन्मा ।

अग्रजन्मा (ना./पुं) अग्रे जन्म यस्य सः *(अगाडि जन्म छ जसको)* ब.स., अग्रजन्मन्= अग्रजन्मा ।

शब्दार्थ- अगाडि उत्पन्न व्रह्मा, पहिले जन्मेको व्यक्ति, विप्र, अग्रज ।

अग्रपूजा (ना./स्त्री.) अग्रे पूज्यते इति *(अगाडि पूजिन्छ)* अग्रपूर्वक पूज पूजायाम् (चुरा.) धातु, अग्र+पूज्+अ[2]+टाप् (आ)= अग्रपूजा ।

शब्दार्थ- प्रथम पूजा, पहिलो सम्मान वा प्रतिष्ठा ।

अग्रयायी (वि.) अग्रे यातुं शीलमस्य *(अगाडि जाने शील छ यसको)* अग्रपूर्वक या प्रापणे (अदा.) धातु, अग्र+या+णिनि (इन्), युक्[3], अग्रयायिन्= अग्रयायी ।

शब्दार्थ- अगाडि जाने, अग्रगामी, अगुवा ।

अग्रसरः (वि.) अग्रे सरति गच्छतीति *(अगाडि बढ्छ)* अग्रपूर्वक सृ गतौ (भ्वा.) धातु, अग्र+सृ+अच् (पचादि), गुण= अग्रसर ।

शब्दार्थ- कुनै काममा अघि सर्ने, अग्रसर हुने, अग्रगामी, अग्रयायी ।

अग्रसरता (ना./स्त्री.) अग्रसरस्य भावः *(अग्रसर हुनाको भाव वा अवस्था)* अग्रसर+तल् (त)+ टाप् (आ) =अग्रसरता ।

शब्दार्थ- अग्रसर हुनाको भाव वा अवस्था, अग्रगामिता ।

अग्र्यः (वि.) अग्रे साधुः *(अगाडि बढ्न निपुण)* अग्र+यत्[4] (य)= अग्र्य ।

शब्दार्थ- अगाडि बढ्न अग्रसर हुने, अगाडि बढ्न खोज्ने ।

अग्राशनम् (ना./न.) अग्रञ्च तद् अशनञ्च *(अगाडि खाने काम)* क.त.स., दीर्घ = अग्राशन ।

शब्दार्थ- पहिले खाने क़ाम, अगाडिको गाँस, अग्रग्रास ।

अग्रासनम् (ना./न.) अग्रञ्च तद् आसनञ्च *(उच्च आसन)* क.त.स., दीर्घ= अग्रासन ।

शब्दार्थ- उच्च तथा प्रमुख आसन, सम्मानजनक स्थान वा आसन ।

अग्राह्यः (वि.) ग्रहीतुं योग्यः *(ग्रहण गर्न योग्य)* ग्रह उपादाने (क्र्या.) धातु, ग्रह+ण्यत् (य), वृद्धि, ग्राह्यः । न ग्राह्यः *(ग्रहण गर्न नसकिने)* न.त.स. =अग्राह्य ।

शब्दार्थ- ग्रहण गर्न नहुने, लिन नहुने, परित्याज्य, ग्रहण गर्न नसकिने, परित्याग गर्न योग्य ।

अग्रिमः (वि.) अग्रे भवः जातादिर्वा *(अगाडि हुने वा अगाडि पैदा भएको)* अग्र+डिमच्[5] (इम)= अग्रिम ।

शब्दार्थ-अगिल्लो, पहिलो, प्रमुख, मुख्य, जेठो, अगाडिको ।

अघम् (ना./न.) अङ्घते गच्छति पुण्यकर्मणः *(पुण्यकर्म आदिबाट दूर रहन्छ)* अघि गत्याक्षेपे (भ्वा.) धातु, नुमाभाव, अघ्+अच् (पचादि)= अघ ।

शब्दार्थ- पाप, दुष्कर्म, कल्मष, कुकर्म ।

अघटितः (वि.) घटति स्म इति *(घटना घटेको)* घट चेष्टायाम् (भ्वा.) धातु, वा घट सङ्घाते (चुरा.) धातु, घट्+क्त (त) इडागम, घटितः । न घटितः *(न घटेको)* न.त.स.= अघटित ।

शब्दार्थ- घटना न घटेको, पहिले नभएको, पहिले नघटेको ।

---

[1] ऋज्रेन्द्रा... : रक्, अङ्गको नलोप

[2] गुरोश्च हलः : अ

[3] आतो युक् चिण्ण...: युक्

[4] तत्र साधुः : यत्

[5] अग्रादिपश्चाड्डि.. : डिमच्

अघायुः (वि.) अघं पापमेव आयुर्जीवनं यस्य *(पाप नै जीवन छ जसको)* ब.स.= अघायु ।

शब्दार्थ- पापी, पापमय जीवन भएको, पापिष्ठ ।

उदा. **अघायु इन्द्रियारामी त्यो पापी व्यर्थ बाँच्तछ- को.गी. ३/१६**

अघोरः (वि./ना./पुं.) घोरयतीति *(भीषण शब्द गर्छ)* घुर भीमार्थशब्दयोः (तुदा.) धातु, घुर्+णिचि+अच् (पचादि), गुण, णिलोप, घोरम् ।

अथवा हन्तीति *(हिंसा गर्छ)* हन हिंसागत्योः (अदा.) धातु, हन्+अच्[1], धातुको घुर आदेश[1], घोरम् ।

घोरं भीमं भयानकम्- इत्यमरः

न घोरम् *(भयानक नभएको)* न.त.स.= अघोर ।

शब्दार्थ- भीषण वा भयानक नभएको, ज्यादै, अघोरै, शिवजीका पाँच मुखमध्ये एक, महेश्वरको एक अवतार ।

अघोषः (ना./पुं.) घोषन्ति गावः अत्रेति *(गाईहरू बाँ बाँ गर्छन् यहाँ)* घुषिर् अविशब्दने (भ्वा.) घुष्+घञ्[2] (अ) गुण, घोषः । नास्ति घोषः यत्र *(जहाँ ध्वनि छैन)* न.ब.स., उ.प.लोप= अघोष ।

शब्दार्थ- ध्वनिहीन, निःशब्द, अस्पष्ट ध्वनि, श तथा ष ध्वनि ।

अघोषितः (वि.) घोष्यते स्म इति *(घोषणा गरिएको)* घुषिर् अविशब्दने (भ्वा.) घुष्+णिचि+क्त (त) इडागम, णिलोप, घोषितः । न घोषितः *(घोषणा नगरिएको)* न.त.स.= अघोषित ।

शब्दार्थ- घोषणा नगरिएको, शब्दहीन भएको, नवताइएको ।

अङ्कः (ना./पुं.) अङ्कयति चिन्हयति, अङ्कचते लक्ष्यते अनेन इति वा *(चिन्छ, चिनिन्छ यसबाट)* अकि लक्षणे (भ्वा.) धातु, नुम्, अङ्क+अच् (पचादि)/घञ्[2] (अ) =अङ्क ।

उत्सङ्गचिह्नयोरङ्कः - इत्यमरः

अङ्को रूपकभेदाङ्कचिन्हरेखाजिभूषणे ।

रूपकांशाऽन्तिकोत्सङ्गस्थानेऽकं पापदुःखयोः - इति मेदिनी

शब्दार्थ- चिन्ह, दाग, कोठी, काख, कलङ्क, रूपक (अलङ्कारको प्रकार), सङ्ख्या, पाप, दुःख, नाटच रचनाको भाग वा खण्ड ।

अङ्कगणितम् (ना./न.) अङ्कानां गणितम् *(अङ्कहरूको गणित वा हिसाब)* ष.त.स.= अङ्कगणित ।

शब्दार्थ-अङ्कविद्या, अङ्कशास्त्र, गणितविद्या, सङ्ख्याविज्ञान

अङ्कधारणम् (ना./न.) अङ्कस्य चिन्हस्य धारणम् *(चिन्हको धारण)* ष.त.स.= अङ्कधारणम् ।

शब्दार्थ- तताएको धातुआदिद्वारा शरीरमा डाम्ने वा चिन्ह लगाउने काम ।

अङ्कागतः (वि.) अङ्कमागतः *(काखमा आएको)* द्वि.त.स. =अङ्कागत ।

शब्दार्थ- समीपमा आएको, काखमा आएको ।

अङ्कुरः (ना./पु.) अङ्कते, अङ्कचते इति *(अङ्कुरित हुन्छ, टुसाउनु)* अकि लक्षणे (भ्वा.) धातु, नुम्, अङ्क+उरच्[3] (उणा.)= अङ्कुर ।

अङ्कुरोऽभिनवोद्भिदि- इत्यमरः

शब्दार्थ- नयाँ आकुरो, नवपालुवा, पिपिरो, टुसो, मुना ।

अङ्कुरितः (वि.) अङ्कुरः सञ्जातः अस्य *(आँकुरो पलाएको छ यसको)* अङ्कुर+इतच्[4] (इत)= अङ्कुरित ।

शब्दार्थ- टुसाएको, पिपिरा पलाएको, पालुवा हालेको, आँकुरा निस्केको, नयाँ भाव वा विचार प्रस्फुरण भएको ।

अङ्कुशः (ना./पुं./न.) अङ्कचतेऽनेन इति *(नियन्त्रित गरिन्छ यसद्वारा)* अकि लक्षणे (भ्वा.) धातु, नुम्, अङ्क+उशच्[5] (उश), उणा.= अङ्कुश ।

अङ्कुशोऽस्त्री सृणिः स्त्रियाम्- इत्यमरः

शब्दार्थ- अङ्कुशे, बन्धन, बाँध्ने वा नियन्त्रण गर्ने साधन ।

अङ्गम् (ना./न.) अङ्गयति, अङ्गतीति *(चेष्टा गर्छ, चल्छ)* अगि गतौ (भ्वा.) धातु, नुम्, अङ्ग्+अच् (पचादि) =अङ्ग ।

अङ्गं प्रतीकोऽवयवः- इत्यमरः

शब्दार्थ- शरीर, जीउ, शरीरको अवयव, आङ, गात्र, अंश ।

अङ्गदः (ना./पुं/न.) अङ्गं दयते, दायति, द्यतीति वा *(अङ्गको रक्षा गर्छ, सुशोभित गर्छ, पीडा दिन्छ)* देङ् रक्षणे वा दैप् शोधने (भ्वा.) वा दो अवखण्डने (दिवा.) धातु, अङ्ग+दा+क (अ), आकारलोप= अङ्गद ।

शब्दार्थ- बाजु, केयूर, रामायण प्रसिद्ध वानरराज वालीको पुत्र ।

अङ्गना (ना./स्त्री.) प्रशस्तानि कल्याणानि सुकुमाराणि अङ्गानि अस्याः *(धेरै सुकुमार वा कोमल अङ्ग छन् यसका)* अङ्ग+न[6]+टाप् (आ)= अङ्गना ।

शब्दार्थ- सुन्दर अङ्ग भएकी स्त्री, कोमलाङ्गी नारी, शुभलक्षण भएकी स्त्री ।

अङ्गभङ्गः (ना./पुं) अङ्गस्य भङ्गः *(अङ्गको विनाश)* ष.त.स. =अङ्गभङ्ग ।

शब्दार्थ- शरीरको कुनै अङ्ग बिग्रने काम, शरीरको अङ्ग टुट्ने या भङ्ग हुने क्रिया ।

---

[1] हन्तेरच् घुर च : अच्, धातुको घुरादेश

[2] हलश्च/अकर्तरि... : घञ्

[3] मन्दिवासिमथि..... : उरच्

[4] तदस्य सञ्जातम्....: इतच्

[5] सानसिवर्णसि..... : उशच्

[6] अङ्गात् कल्याणे (ग.)... न

अङ्गरक्षकः (ना./पुं) रक्षतीति *(रक्षा गर्छ)* रक्ष पालने (भ्वा.) धातु, रक्ष्+ण्वुल् (अक), रक्षकः । अङ्गस्य रक्षकः *(अङ्गको रक्षक)* ष.त.स.= अङ्गरक्षक ।

शब्दार्थ- शरीरको रक्षा गर्ने व्यक्ति, शरीरको सुरक्षाको काममा लगाइएको व्यक्ति, आठपहरिया ।

अङ्गरक्षा (ना./स्त्री) अङ्गस्य रक्षा *(अङ्गको सुरक्षा)* ष.त.स.= अङ्गरक्षा ।

शब्दार्थ- शरीरको सुरक्षा, शरीरको रक्षा गर्ने काम, देह संरक्षण ।

अङ्गविकृतिः (ना./स्त्री.) अङ्गस्य विकृतिः *(अङ्गको विकार)* ष.त.स.= अङ्गविकृति ।

शब्दार्थ- अङ्गविकार, शरीरको कुनै अङ्गमा विकृति पैदा हुने काम ।

अङ्गारः (ना./पुं./न.) अङ्गमियर्तीति *(शरीरमा पीडा गर्छ वा विकृत पार्छ)* अङ्गपूर्वक ऋ गतौ (जुहो.) धातु, अङ्ग+ऋ+अण्[१] (अ), ऋको आरवृद्धि= अङ्गार ।

अथवा अङ्गतीति *(हानि गर्छ)* अगि गतौ (भ्वा.) धातु, अङ्ग्+आरन्[२], (उणा.)= अङ्गार ।

अङ्गारमुल्मुके न स्त्री पुलिङ्गस्तु महीसुते- इति मेदिनी

शब्दार्थ- भौम, मङ्गल ग्रह, मङ्गलवार, अँगार, उल्मुक, अगुल्टो, कोइला, डढेको काठ ।

अङ्गारकः (ना./पुं) अङ्गार इव *(आगोको फिलुङ्गोभैँ रातो)* अङ्गार+कन् (क), स्वार्थमा= अङ्गारक

अङ्गारकः कुजो भौमो लोहिताङ्गो महीसुतः - इत्यमरः

शब्दार्थ- मङ्गलग्रह, भौम, महीसुत ।

अङ्गिराः (ना./पुं.) अङ्गतीति *(घुमफिर गर्छ)* अगि गतौ (भ्वा.) धातु, अङ्ग्+इरुड्[३]+अस्, अङ्गिरस्= अङ्गिरा ।

शब्दार्थ- एक ऋषिको नाम ।

अङ्गीकारः (ना./पुं.) अनङ्गमङ्गं सम्पद्यते, तत्क्रियते इति *(स्वीकार नगरिएको स्वीकार गरिन्छ)* डुकृञ् करणे (तना.) धातु, अङ्ग+च्वि+कृ+घञ् (अ), अङ्गको ईत्व, वृद्धि, च्विको लोप= अङ्गीकार ।

शब्दार्थ- स्वीकार, स्वीकृति, सहमति, अनुमति, मञ्जुरी ।

अङ्गीकृतः (वि.) अनङ्गमङ्गं समपद्यत, तत्क्रियते स्म इति *(स्वीकार नगरिएको कुरा स्वीकार गरिएको)* डुकृञ् करणे (तना.) धातु, अङ्ग+च्वि+कृ+क्त (त), ईत्व, च्विको लोप= अङ्गीकृत ।

शब्दार्थ- स्वीकारिएको, स्वीकृत, सहमति भएको, मञ्जुरी भएको ।

अङ्गुलिः/अङ्गुली (ना./स्त्री.) अङ्गतीति *(चलायमान हुन्छ)* अगि गतौ (भ्वा.) धातु, नुम्, अङ्ग्+उलि[४], अङ्गुलि+ ङीष् (ई)= अङ्गुली ।

ङीष्को अभावमा= अङ्गुलि ।

शब्दार्थ- औंला, हातगोडाका औंला ।

अङ्गुलीयकम् (ना./न.) अङ्गुलौ भवम् *(औंलामा हुने)* अङ्गुलि+छ[५] (ईय), अङ्गुलीय+कन् (स्वार्थमा) =अङ्गुलीयक ।

शब्दार्थ- औंठी, औलामा लगाउने आभूषण ।

अचरः (वि.) चरतीति *(चल्दछ)* चर गतिभक्षणयोः (भ्वा.) धातु, चर्+अच् (पचादि), चरः । न चरः *(जो चल्दैन)* न.त.स.= अचर ।

शब्दार्थ- नचल्ने, स्थिर, गतिहीन, जड ।

अचलः (वि./ना./पुं.) चलतीति *(चल्छ)* चल कम्पने (भ्वा.) धातु, चल्+अच् (पचादि), चलः ।

न चलः *(जो चल्दैन)* न.त.स.= अचल ।

शब्दार्थ- नचल्ने, नहल्लने, गतिहीन, पहाड, पर्वत, स्थिर, परमेश्वर ।

अचला (ना./स्त्री./वि.) न चलति असौ *(चल्दैन यो)* नञ्पूर्वक चल कम्पने (भ्वा.) धातु, न+चल्+अच् (पचादि), अचल+टाप् (आ)= अचला ।

शब्दार्थ- भूमि, पृथ्वी, धरा, नचल्ने, स्थिर, गतिहीन ।

भूर्भूमिरचलाऽनन्ता रसा- इत्यमरः

अञ्चितः (वि.) अञ्च्यते स्म इति *(पूजिएको)* अञ्चु गति-पूजनयोः(भ्वा.) धातु, अञ्च्+क्त (त), इडागम =अञ्चित ।

शब्दार्थ- पूजा गरिएको, पूजिएको, अर्चित, पूजित ।

अचिन्तितः (वि.) चिन्त्यते स्म *(चिन्ता गरिएको)* चिति स्मृत्याम् (चुरा.) धातु, नुम्, चिन्त्+क्त (त), इडागम, चिन्तितः । न चिन्तितः *(चिन्ता नगरिएको)* न.त.स. =अचिन्तित ।

शब्दार्थ- चिन्ता नगरिएको, अविचारित, नसोचिएको ।

अचिन्तनीयः (वि.) चिन्तितुं न योग्यः *(चिन्ता गर्न योग्य नभएको)* नञ्पूर्वक चिति स्मृत्याम् (चुरा.) धातु, न+ चिन्त्+अनीय (र्)= अचिन्तनीय ।

शब्दार्थ- चिन्ता गर्नु नपर्ने, सोच्न नसकिने, अचिन्त्य, अविचारणीय, अज्ञेय ।

अचिन्त्यः (वि.) चिन्तितुं न शक्यते इति *(चिन्ता गर्न नहुने)* नञ्पूर्वक चिति स्मृत्याम् (चुरा.) धातु, न+ चिन्त्+ण्यत् (य)= अचिन्त्य ।

शब्दार्थ- चिन्ता गर्न अयोग्य, विचार गर्न नसकिने, चिन्ता गर्नु नपर्ने, अचिन्तनीय, अज्ञेय ।

अचेतनः (वि.) चेतयते इति *(चेतना खुल्छ)* चित सञ्चेतने (चुरा.) धातु, चित्+णिचि+युच्[६] (अन), णिलोप, गुण, चेतन+टाप् (आ) चेतना । न विद्यमाना चेतना ज्ञानं यस्य *(जसको चेतना छैन)* न.ब.स., उ.प.लोप, ह्रस्व= अचेतन ।

शब्दार्थ- चेतनाहीन, वेहोस, बिचेत, संज्ञाहीन, ज्ञान वा चेतनारहित, चेतना नभएको ।

---

१. कर्मण्यण् : अण्

२. अङ्गिमदिमन्दिभ्य... : आरन्

३. अङ्गतेरसिरिरुडागमश्च... : इरुड, असि

४. ऋतन्यञ्जि...: उलि

५. जिह्वामूलाङ्गुलेश्छः : छ

६. ण्यासश्रन्थो युच् : युच्

अचैतन्यम् (ना./न./वि.) चेतनायाः भावः कर्म वा *(चेतना हुनाको भाव वा अवस्था)* चेतना+ष्यञ् (य) आदिवृद्धि, आलोप, चैतन्यम् । न चैतन्यम् *(चैतन्यको अभाव)* न.त.स.= अचैतन्य ।

अथवा नास्ति चैतन्यं यस्य *(जसको चेतना हराएको छ)* न.ब.स., उ.प.लोप= अचैतन्य ।

शब्दार्थ- चैतन्यको अभाव, संज्ञाहीनता, मूर्खता, अज्ञानता, वेहोसपना, चेतना वा ज्ञान नभएको, जड ।

अच्छेद्यः (वि.) छेत्तुं शक्यः *(काट्न सकिने)* छिदिर् द्वैधीकरणे (रुधा.)धातु, छिद्+ण्यत् (य), गुण, छेद्यः । न छेद्यः *(काट्न नसकिने)* न.त.स., अ छेद्य, तुक् चुत्व= अच्छेद्य ।

शब्दार्थ- काट्न नसकिने, काट्न योग्य नभएको, छेदन गर्न अयोग्य ।

अच्युतः (वि./ना./पुं.) नास्ति च्युतं स्खलनं यस्य *(जसको आफ्नो स्थानबाट पतन छैन)* न.ब.स.= अच्युत । अथवा च्यवते स्म गच्छति स्म इति *(खसेको वा बितेको)* च्युङ् गतौ (भ्वा.) धातु, च्यु+क्त (त), च्युतः । न च्युतः *(न खसेको, नाश नहुने, पतन नभएको)* न.त.स.= अच्युत ।

शब्दार्थ- नडगेको, नचुकेको, नखसेको, स्थिर, विनाश नहुने, निर्विकार, अनश्वर, नित्यस्वरूप, परमेश्वर, विष्णु ।

अच्युताग्रजः (ना./पुं.) अच्युतस्य अग्रजः *(अच्युत श्रीकृष्णका दाजु)* ष.त.स.= अच्युताग्रज ।

शब्दार्थ- वलराम, वलदेव, नीलाम्वर ।

अजः (वि./ना./पुं.) न जायते इति *(जन्मदैन)* नञ्पूर्वक जनी प्रादुर्भावे (दिवा.) धातु, न+जन्+ड[1] (अ), टिलोप= अज ।

अथवा अजति गच्छति *(हिंड्छ, चल्छ)* अज गतिक्षेपणयोः (भ्वा.) धातु, अज्+अच् (पचादि)=अज ।

अजश्छागे हरिब्रह्मविधुस्मरहरे नृपे- इति मेदिनी
अजो हरौ हरे कामे विधौ छागे रघोः सुते- इति विश्वः

शब्दार्थ- नजन्मने, जन्म नभएको, अजन्मा, बोको, हरि, ब्रह्मा, विष्णु, कामदेव, चन्द्रमा, राजा, रघुपुत्र अज, सर्वशक्तिमान् परमेश्वर ।

उदा. **पुराण आत्मा अज नित्य नै हो,**
यो देह मारी न त मारिने हो - को.गी. २/२०

अजयः (वि./ना./पुं.) जयतीति *(जित्तछ)* वा जीयते इति (जितिन्छ) जि जये (भ्वा.) धातु, जि+अच् (पचादि/एरच्, गुण, अयादेश, जयः । न जयः *(जित्न नसकिने)* न.त.स.= अजय ।

शब्दार्थ- जित्न नसकिने, अजेय, हराउन नसकिने, हार, पराजय, जित नहुने काम, पराभव ।

अजरः (वि./ना./पुं) जीर्यते अनया इति *(बूढो भइन्छ)* जृष् वयोहानौ (दिवा.)धातु, जृ+अङ्[2] (अ), गुण, टाप् (आ), जरा । न विद्यमाना जरा जीर्णावस्था यस्य *(जसको बुढयाइँ वा जीर्ण अवस्था छैन)* न.ब.स., उ.प.लोप, ह्रस्व= अजर ।

शब्दार्थ- बूढो नहुने, निरन्तर तरुण भइरहने, अनश्वर, अविनाशी, देवता, विबुध, सुर ।

अजा (ना./स्त्री./वि.) न जायते नोत्पद्यते इति *(जन्म हुँदैन)* नञ्पूर्वक जनी प्रादुर्भावे (दिवा.) धातु, न+जन् +ड (अ), टिलोप, अज+टाप् (आ)= अजा ।

अथवा अजतीति *(हिंड्छ)* अज गतिक्षपणयोः (भ्वा.) धातु, अज्+अच् (पचादि)+टाप् (आ)= अजा ।

शब्दार्थ- माया, प्रकृति, जगदम्वा भगवती, बाखी, नजन्मने, अजन्मा ।

अजातः (वि.) न जायते स्म इति *(नजन्मेको)* नञ्पूर्वक जनी प्रादुर्भावे (दिवा.) धातु, न+जन्+क्त[3] (त) कर्तामा, आत्व[4]= अजात ।

शब्दार्थ- नजन्मेको, जन्म नभएको, उत्पत्ति नभएको, अजन्मा नै रहेको ।

अजातशत्रुः (वि./ना./पुं) न जातः शत्रुर्यस्य *(जसको शत्रु छैन)* न.ब.स.= अजातशत्रु ।

शब्दार्थ- शत्रु पैदा नभएको, शत्रु नभएको, धर्मराज युधिष्ठिर ।

अजितः (वि./ना./पुं) जीयते स्म इति *(जितिएको)* जि अभिभवे (भ्वा.) धातु, जि+क्त (त), जितः । न जितः *(जित्न नसकिएको)* न.त.स.= अजित ।

शब्दार्थ- जित्न नसकिएको, दबाउन नसकिएको, पराजय गर्न नसकिएको, अपराजित, भगवान् विष्णु, बुद्ध ।

अजीर्णः (वि./ना./न.) जीर्यते इति *(थोत्रिन्छ)* जृष् वयोहानौ (दिवा.) जृष्+क्त[5], जृको इत्व, दीर्घ, णत्व, जीर्णः ।

अथवा जीर्यते स्म इति *(थोत्रिएको)* जृ+क्त (त), कर्तामा, निष्ठा तको न, इत्व, दीर्घ, जीर्णः । न जीर्णः *(जीर्ण नभएको)* न.त.स.= अजीर्ण ।

शब्दार्थ- बूढो नभएको, नथोत्रिएको, नपचेको, अपच हुने रोगविशेष ।

अजीवः (ना./पुं/वि.) जीवनम्, जीव्यते इति *(बाँच्नु)* जीव प्राणधारणे (भ्वा.) धातु, जीव्+घञ् (अ), जीवः । न जीवः *(नबाँच्ने क्रिया)* न.त.स.= अजीव ।

अथवा न जीवयतीति *(बचाउँदैन)* जीव्+णिचि+अच् (पचादि), णिलोप= अजीव ।

---

१. अन्येष्वपि... : ड
२. षिद्भिदादिभ्यो... : अङ्
३. गत्यर्थाकर्मक... : क्त
४. जनसनखन... : आत्व
५. क्तिक्तौ च... : क्त

अथवा नास्ति जीवः आत्मा यस्य *(जसको प्राण छैन)* न.ब.स.= अजीव ।

शब्दार्थ- बाँच्नुको अभाव, नबाँच्ने क्रिया, नबचाउँने, प्राणरहित, प्राण धारण नगर्ने, मरेको, जीवित नरहेको, अनौठो ।

अजेयः (वि.) जेतुं न शक्यः *(जित्न नसकिने)* नञ्पूर्वक जि जये (भ्वा.)धातु, न+जि+यत्[1] (य), गुण= अजेय ।

शब्दार्थ- जित्न नसकिने, जित्न अयोग्य, दबाउन नसकिने ।

अज्ञः (वि.) न जानातीति *(जान्दैन)* नञ्पूर्वक ज्ञा अवबोधने (क्र्या.) धातु, न+ज्ञा+क (अ), आकारलोप =अज्ञ ।

अज्ञस्तु जडमूर्खयोः - इति विश्वः

शब्दार्थ- केही नजान्ने, जड, पटमूर्ख, अज्ञानी, शठ ।

अज्ञता (ना./स्त्री.) जानातीति *(जान्दछ)* ज्ञा अवबोधने (क्र्या.) धातु, ज्ञा+क (अ), आलोप, ज्ञः । न ज्ञः *(जो जान्दैन)* न.त.स., अज्ञः, तस्य भावः *(अज्ञ हुनाको भाव वा अवस्था)* अज्ञ+तल् (त)+टाप् (आ)=अज्ञता ।

शब्दार्थ- जडता, मूर्खता, जडत्व, ज्ञानहीनता ।

अज्ञातः (वि.) जानाति स्म, ज्ञायते स्म इति वा *(जान्दछ, जानेको)* ज्ञा अवबोधने (क्र्या.) धातु, ज्ञा+क्त (त), ज्ञातः । न ज्ञातः *(नजानेको)* न.त.स.= अज्ञात

शब्दार्थ- नजानिएको, नजानेको, अपरिचित, ज्ञान नभएको, अविदित ।

अज्ञातवासः (वि./ना./पुं) न ज्ञातः वासः यस्य *(अज्ञात छ वासस्थान जसको)* न.ब.स.= अज्ञातवास ।

अथवा अज्ञातश्चासौ वासश्च *(अज्ञात वास)* क.त.स. = अज्ञातवास ।

शब्दार्थ- वासस्थान थाह नभएको, बसेको ठाउँ जानकारी नभएको, गुप्तवास, कसैले थाह नहुने गरी निवास गर्ने काम ।

अज्ञानम् (ना./न./वि.) ज्ञायते अनेनेति *(जानिन्छ यसबाट)* ज्ञा अवबोधने (क्र्या.) धातु, ज्ञा+ल्युट् (अन), ज्ञानम् । न ज्ञानम् *(ज्ञानको अभाव)* न.त.स. =अज्ञान ।

अथवा नास्ति ज्ञानं यस्य *(जसको ज्ञान छैन)* न.ब.स., उ.प.लोप= अज्ञान ।

अथाज्ञानमविद्याहंमतिः स्त्रियाम्- इत्यमरः

शब्दार्थ- ज्ञान नहुने काम, मूर्खपना, जडता, अविद्या, अहंमति, माया र मोहमा पर्ने क्रिया, अनजान, मूर्ख, शठ ।

अज्ञानी (वि.) अज्ञानमस्यास्तीति *(ज्ञान छैन यसको)* अज्ञान+इनि (इन्), अज्ञानिन्= अज्ञानी ।

शब्दार्थ- ज्ञान नभएको, अशिक्षित, अनपढ, अज्ञ, मूर्ख ।

अज्ञेयः (वि.) ज्ञातुं योग्यः *(जान्न लायक),* ज्ञातुं शक्यः **(जान्न सकिने)** ज्ञा अवबोधने (क्र्या.) धातु, ज्ञा+यत् (य), ईत्व, गुण, ज्ञेयः । न ज्ञेयः *(जान्न योग्य नभएको)* न.त.स.= अज्ञेय ।

शब्दार्थ- जान्न लायक नभएको, जान्न नसकिने, बोध गर्न नसकिने, बुझ्न नसकिने ।

अञ्चलम् (ना./न) अञ्चति, अञ्चयतीति *(हल्लन्छ, हल्लाउँछ)* अञ्चु गतिपूजनयोः (भ्वा.) धातु, अञ्च्+कल[2] (अल), उणा.= अञ्चलम् ।

शब्दार्थ- आँखाको बाहिरीकोण, पछ्यौराको छेउ, आँचल, नेपालका १४ अञ्चलको भूभाग ।

अञ्चलीयः (वि.) अञ्चले भवः *(अञ्चलमा हुने)* अञ्चलस्य अयम् **(अञ्चलको यो)** अञ्चल+छ[3] (ईय)= अञ्चलीय ।

शब्दार्थ- अञ्चलमा हुने, अञ्चल सम्बन्धी, आँचलको ।

अञ्जनः (ना.पुं/न.) अनक्तीति *(चम्काउँछ, शोभा दिन्छ)* अञ्जू व्यक्तिम्रक्षणकान्तिगतिषु (रुधा.) अञ्ज्+ल्यु (अन) = अञ्जन ।

अथवा अज्यते इति *(गाजल लगाइन्छ)* अञ्ज्+ल्युट् (अन)= अञ्जनम् ।

अञ्जनं कज्जले चाक्तौ सौवीरे च रसाञ्जने ।

पुंसि ज्येष्ठादिग्गजयोरञ्जना वानरीभिदि- इति मेदिनी

शब्दार्थ- दिग्गज, ज्येष्ठानक्षत्र, पश्चिम दिशाको संरक्षक हात्ती, गाजल, कज्जल, सौन्दर्यवर्द्धक लेप ।

अञ्जलिः (ना./पुं) अज्यतेऽनेन इति *(हात जोडिन्छ यसबाट)* अञ्जू व्यक्तिभ्रक्षणकान्तिगतिषु (रुधा.) धातु, अञ्ज्+अलिच्[4] (उणा.)= अञ्जलि ।

तौ युतावञ्जलिः पुमान्- इत्यमरः ।

शब्दार्थ- दुवै हात जोड्ने काम, अंजुली, करसम्पुट ।

अटनम् (ना./न) अटनमिति *(घुमफिर गर्नु)* अट गतौ (भ्वा.) धातु, . अट्+ल्युट् (अन)= अटन ।

शब्दार्थ- भ्रमण, घुमफिर गर्ने काम, पर्यटन, यात्रा ।

अटविः/अटवी (ना./स्त्री) अटन्ति अत्र *(घुम्छन् यहाँ)* अट गतौ (भ्वा.) धातु, अट्+अवि (बहुलप्रकारले), अटवि+ङीष् (ई), विकल्पले= अटवी ।

ङीष्को अभावमा= अटवि ।

शब्दार्थ- अरण्य, जङ्गल, वन, विपिन ।

अट्टहासः (ना./पुं) अट्टम् उच्चैः हसनमिति *(ठूलो स्वरले हाँस्नु)* अट्टपूर्वक हसे हसने (भ्वा.) धातु, अट्ट+हस्+घञ् (अ)= अट्टहास ।

शब्दार्थ- ज्यादै ठूलो हाँसो, ठूलो स्वरले हाँस्ने काम ।

---

[1] अचो यत् : यत्

[2] वृषादिभ्यश्चित् : कल

[3] गहादिभ्यश्च : छ

[4] ऋतन्यञ्जि... : अलिच्

अणिमा (ना./पुं) अणोर्भावः *(अणु हुनाको भाव वा अवस्था)* अणु+इमनिच् (इमन्) उकारलोप=अणिमा ।

शब्दार्थ- सानो वा सूक्ष्म हुने क्रिया, सूक्ष्मता, सानो वन्ने क्रिया, योगसाधनावाट प्राप्त हुने अष्टसिद्धि-मध्ये एक ।

अणुः (ना./पुं) अणति सूक्ष्मत्वं गच्छति *(सूक्ष्मरूप लिन्छ)* अण शब्दे (भ्वा.) धातु, अण्+उ[१] (उणा.)= अणु ।

लवलेशकणाणवः । ब्रीहिभेदस्त्वणुः पुमान्- इत्यमरः

शब्दार्थ- धान्यविशेष, मसिनो धान, अल्प, कण, सूक्ष्मकण, यन्त्रवाट देखिने मसिनो कण ।

अणुकः (वि) अणुरिव *(अणुझैं, अणुकै आकृति वा प्रकार)* अणु+कन् (क), स्वार्थमा= अणुक ।

शब्दार्थ- अणुकै प्रकार, सूक्ष्म अणु, अणु जस्तै सानो ।

अणुता/अणुत्वम् (ना./स्त्री/न.) अणोर्भावः *(अणु हुनाको भाव वा अवस्था, ज्यादै सानो अवस्था)* अणु+तल् (त)+टाप् (आ)= अणुता ।

अणु+त्व= अणुत्व ।

शब्दार्थ- सूक्ष्मत्व, अल्पता, सूक्ष्मता ।

अण्डः (ना./पुं./न.) अमति अस्मात् *(यसबाट पैदा हुन्छ)* अम गत्यादिषु (भ्वा.) धातु, अम्+ड[२] (उणा.), परसवर्ण= अण्ड ।

अण्डं मुष्के च पेश्यां स्यात्- इति मेदिनी

पेशी कोषो द्विहीनेऽण्डम्- इत्यमरः

शब्दार्थ- अण्डा, अण्डकोष, जन्मनुभन्दा पूर्वको फुल, डिम्व, शुक्र ।

अण्डकोशः (ना./पुं) अण्डयोः मुष्कयोः कोशः *(अण्डामा रहने कोश)* स.त.स.= अण्डकोश ।

शब्दार्थ- भाले जातिको जननेन्द्रियको फेदमा रहने अण्डकोश नामक अवयव वा शुक्रवाहक थैलो ।

अण्डजः (ना./पुं) अण्डाज्जायते *(अण्डाबाट पैदा हुन्छ)* अण्डपूर्वक जनी प्रादुर्भावे (दिवा.) धातु, अण्ड+जन्+ड[३] (अ), टिलोप= अण्डज ।

अण्डजो मृगनाभौ स्यात् सरटेऽहौ खगे झषे- इति मेदिनी

शब्दार्थ- अण्डा (फूल) बाट पैदा हुने जीवहरू- माछो, पन्छी, सर्प, छेपारो, कस्तुरी, कमिला ।

अण्डाकारः (वि.) अण्डस्य आकार इव आकारः यस्य *(अण्डाको आकारझैं आकार छ जसको)* ब.स. =अण्डाकार ।

शब्दार्थ- अण्डाका आकारको, अण्डाको जस्तो आकृति भएको ।

अतः (अव्य.) एतस्मादिति *(यसबाट)* एतद्+तसिल्[४] (तस्) प्रकृतिको अन्[५], अतस्, सको विसर्ग= अतः ।

शब्दार्थ- यसकारण, यसभन्दा, यसैले, यसवाट, यसर्थ ।

अतथ्यः (वि.) तेन प्रकारेण *(त्यस प्रकारले)* तत्+थाल् (था), तथा । तथा तथ्ये सत्ये साधुः *(साँचो बोल्न निपुण)* तथा+यत्[६] (य), तथ्यम् । न तथ्यम् *(तथ्य वा सत्य नभएको)* न.त.स.= अतथ्य

शब्दार्थ- असत्य, झूठो, अवास्तविक, अयथार्थ ।

अतर्कितः (वि.) तर्कयतीति *(तर्क गर्छ)* तर्क भाषार्थे (चुरा.) धातु, तर्क् (अच् पचादि), तर्कः । तर्कः सञ्जातः अस्य *(तर्क छ यसको)* तर्क+इतच् (इत) =तर्कित ।

अथवा तर्क्यते स्म इति *(तर्क गरिएको)* तर्क्+क्त (त) इडागम, तर्कितः । न तर्कितः *(तर्क नगरिएको)* न.त.स.= अतर्कित ।

शब्दार्थ- तर्क नगरिएको, नसोचेको, नचिताएको, अप्रत्याशित, अकस्मात् भएको ।

अतर्कनीयः (वि.) तर्क्यते, तर्कयितुं योग्यः इति *(तर्क गर्न योग्य)* तर्क भाषार्थे (चुरा.) धातु, तर्क्+अनीय (र्), तर्कनीयः । न तर्कनीयः *(तर्क गर्न अनुचित)* न.त.स. =अतर्कनीय ।

शब्दार्थ- अतर्क्य, तर्क गर्न अयोग्य, तर्क गर्न नसकिने, अन्दाज लगाउन नसकिने ।

अतर्क्यः (वि.) न तर्कयितुं योग्यः *(तर्क गर्न अयोग्य)* नञ्पूर्वक तर्क भाषार्थे (चुरा.) धातु, न+तर्क्+ण्यत् (य) =अतर्क्य ।

शब्दार्थ- अशोच्य, तर्क गर्न नसकिने, तर्क गर्न अयोग्य ।

अतलम् (ना./न./वि.) तलयतीति *(आधारित हुन्छ)* तल प्रतिष्ठायाम् (चुरा.) धातु, तल्+अच् (पचादि), तलम् । नास्ति तलं यस्य *(जसको आधार वा सतह छैन)* न.ब.स.= अतल ।

शब्दार्थ- पृथिवी मुनिका सात लोकमध्ये एक, पृथिवीभन्दा तलको पहिलो लोक, पींध वा सतह फेला पार्न नसकिने, अत्यन्त गहिरो ।

अति (अव्य.) अततीति *(उत्कर्षमा पुग्छ)* अत सातत्यगमने (भ्वा.) धातु, अत्+इन् (इ), उणा.=अति ।

प्रकर्षे लङ्घनेष्वति- इत्यमरः

अतिशब्दः प्रशंसायां प्रकर्षे लङ्घनेऽपि च- इति विश्वः

शब्दार्थ- ज्यादै धेरै, अतिशय, उत्कर्ष, विछट्ट, उल्लङ्घन आदि अर्थ बुझाउने एक उपसर्ग ।

अतिकायः (ना./पुं./वि.) चियते अनेन *(जम्मा गरिन्छ वा बढाइन्छ यसबाट)* चिञ् चयने (स्वा.) धातु, चि+घञ्[७] (अ), कुत्व, कायः ।

अथवा कः प्रजापतिर्देवता अस्य *(प्रजापति छन् देवता जसका)* क+इत्+अण् (अ), कायः ।

---

[१] अणश्च/धान्ये नित् : उ प्रत्यय

[२] नमन्ताड्डः : ड

[३] पञ्चम्यामजातौ डः : ड

[४] पञ्चम्यास्तसिल् : तसिल्

[५] एतदोऽन् : अन्

[६] तत्र साधुः : यत्

[७] निवासचिति... : घञ्

कायः कदैवते मूर्तौ सङ्घे लक्ष्यस्वभावयोः
मनुष्यतीर्थे कायं स्यात्- इति मेदिनी
स्वल्पाङ्गुल्योर्मूले कायम्- इत्यमरः

अत्युत्कटः कायः यस्य *(विशाल छ काय जसको)* अति+काय, प्रा.ब.स., उ.प.लोप= अतिकाय ।

शब्दार्थ- ब्रह्मा, रावणको भाइ, मूर्ति, सङ्घ, विशाल काय भएको, भारी शरीरवाला ।

अतिकृच्छ्रम् (ना./न.) अत्युत्कटं कृच्छ्रम् *(अत्यन्त दुःख)* अति+कृच्छ्र, प्रा.त.स.= अतिकृच्छ्र ।

शब्दार्थ- अतिदुःख, अतिकठिन, ज्यादै ठूलो कष्ट ।

अतिक्रमः (ना./पुं) अतिक्रम्यते अनेनेति *(अतिक्रमण गरिन्छ यसबाट)* वा अतिक्रान्तः क्रमः नियमः *(नियम तोडिन्छ)* अतिपूर्वक क्रमु पादविक्षेपे (भ्वा.) धातु, अति+क्रम्+घञ् (अ)= अतिक्रम ।

शब्दार्थ- सीमा या मर्यादाको उल्लङ्घन, नियम तोड्ने काम, कर्तव्यको उल्लङ्घन ।

अतिक्रमणम् (ना./न.) अतिक्रमणम्, अतिक्रम्यते इति वा *(अतिक्रमण गरिन्छ)* अतिपूर्वक क्रमु पादविक्षेपे (भ्वा.) धातु, अति+क्रम्+ल्युट् (अन)= अतिक्रमणम् ।

शब्दार्थ- अतिक्रमण गर्ने वा उल्लङ्घन गर्ने काम, नियम तोड्ने काम, मर्यादा तोड्ने काम ।

अतिक्रमणीयः (वि.) अतिक्रमितुं योग्यः *(अतिक्रमण गर्न योग्य)* अति+क्रम्+अनीय (र्)= अतिक्रमणीय ।

शब्दार्थ- अतिक्रमण गर्न योग्य, उल्लङ्घन गर्न उपयुक्त ।

अतिगन्धः (वि./ना./पुं.) अतिशयितः गन्धः यस्य *(अत्यन्त गन्ध छ जसको)* अति+गन्ध, प्रा.ब.स.= अतिगन्ध ।

शब्दार्थ- अतिगन्ध आउने, गन्धक, चाँपको वृक्ष ।

अतिचारः (ना./पुं) अतिचर्यते अनेनेति *(अत्याचार गरिन्छ यसबाट)* अतिपूर्वक चर गतिभक्षणयोः (भ्वा.) धातु, अति+चर्+घञ् (अ), वृद्धि= अतिचार ।

शब्दार्थ- अनाचार, अत्याचार, अवैध व्यवहार, मर्यादाको उल्लङ्घन, अतिक्रमण, नियम नाघ्ने काम, ग्रहको अतिशीघ्र गति, शीघ्रगमन ।

अतिगर्वितः (वि.) अति अधिकः गर्वः सञ्जातः अस्य *(ज्यादै गर्व छ यसको)* अतिगर्व+इतच्[1] (इत)= अतिगर्वित ।

शब्दार्थ- ज्यादा गर्व गर्ने, अतिघमण्डी, अतिगर्वयुक्त ।

अतिथिः (ना./पुं) अतति निरन्तरं गच्छति बहुकालं न तिष्ठति इति, *(निरन्तर हिँडिरहन्छ, धेरै समय रहदैन)* अत सातत्यगमने (भ्वा.) धातु, अत्+इथिन्[2] (उणा.) =अतिथि ।

अथवा न विद्यमाना तिथिर्यस्य *(जसका आगमन र गमनको निश्चित तिथि वा समय निर्धारित छैन)* न.ब.स.[3]= अतिथि ।

अतिथिर्ना गृहागते- इत्यमरः
अतिथिः कुशपुत्रे स्यात् पुमानागन्तुकेऽपि च- इति मेदिनी

अर्थात् अर्काको घरमा एकरात मात्र बस्ने अतिथि हो । उसको बसाइ नित्य र निश्चित हुँदैन, त्यसैले त्यसलाई अतिथि भनिन्छ ।

जसका आगमनको कुनै निश्चित तिथि या समय हुँदैन ।

शब्दार्थ- घरमा आएका पाहुना, निश्चित तिथि नबताई आउने पाहुना, आगन्तुक, अभ्यागत, रामचन्द्रका पुत्र कुशका छोरा ।

द्रष्टव्यः एकरात्रं तु निवसन्नतिथिः स्मृतः- मनु. ३/१०२
अनित्यं हि स्थितो यस्मात् तस्मादतिथिरुच्यते ।
अतिथिर्यस्य भग्नाशो गृहात् प्रतिनिवर्तते ।
स तस्मै दुष्कृतं दत्वा पुण्यमादाय गच्छति- इति पुराणोक्तिः

अतिथिगृहम् (ना./न.) अतिथये गृहम् *(अतिथिका लागि घर)* च.त.स.= अतिथिगृह ।

शब्दार्थ- पाहुना बस्ने घर, पाहुनाका लागि घर, अतिथिकक्ष

अतिथिनिवासः (ना./पुं) अतिथये निवासः *(अतिथिको लागि निवासस्थान)* च.त.स.= अतिथिनिवास ।

शब्दार्थ- पाहुना बस्ने घर, अतिथिकक्ष, अतिथिगृह ।

अतिथिपूजनम् (ना./न. **अतिथिसेवा** (ना./स्त्री.) अतिथेः पूजनम्, अतिथेः सेवा वा *(अतिथिको पूजा तथा सेवा)* ष.त.स= अतिथिपूजन/अतिथिसेवा ।

शब्दार्थ- अतिथिको सम्मान, अतिथिको आदरसत्कार, अतिथिको स्वागत तथा सेवा ।

अतिपरिचितः (वि.) अतिपरिचीयते स्म इति *(अत्यन्त परिचित भएको)* अति परिउपसर्गपूर्वक चिञ् चयने (स्वा.) धातु, अति+परि+चि+क्त (त)= अतिपरिचित ।

शब्दार्थ- अत्यन्त परिचित, ज्यादै चिने जानेको ।

अतिप्रजननम् (ना./न.) अतिप्रजन्यते इति *(ज्यादा उत्पादन गरिन्छ)* अति प्र उपसर्गपूर्वक जनी प्रादुर्भावे (दिवा.) धातु, अति+प्र+जन्+ल्युट् (अन)=अतिप्रजनन ।

शब्दार्थ- ज्यादा सन्तानोत्पादन, धेरै सन्तान पैदा गर्ने क्रिया ।

अतिप्रसङ्गः (ना./पुं.) अतिप्रसज्यते इति *(ज्यादै सङ्गम गर्नु)* अतिपूर्वक षञ्ज सङ्गे (भ्वा.) धातु, अति+प्र+सञ्ज्+घञ् (अ), नलोप, कुत्व= अतिप्रसङ्ग ।

शब्दार्थ- ज्यादा संलग्न हुने काम, ज्यादै स्त्रीसङ्गम, मैथुनकर्म ।

अतिप्रसिद्धः (वि.) अतिप्रसिध्यते स्म इति *(ज्यादा प्रसिद्ध)* अति प्र उपसर्गपूर्वक षिध गत्याम् (भ्वा.) वा षिधु संराद्धौ (दिवा.) धातु, अति+प्र+सिध्+क्त (त), निष्ठा त को ध= अतिप्रसिद्ध

शब्दार्थ- ज्यादै प्रसिद्ध, अतिविख्यात, ज्यादा ख्यातिप्राप्त, नाउँ चलेको ।

---

[1] तदस्य सञ्जातम्... : इतच्

[2] ऋतन्यञ्जि...: इथिन्

[3] नञोऽस्त्यर्थानाम्... : नञ् बहुव्रीहिसमास

अतिबलः (वि.) अतिशयितं बलं यस्य *(ज्यादै बल छ यसको)* प्रा.ब.स., उ.प.लोप= अतिबल ।

शब्दार्थ-प्रवल, अतिवलवान्, ज्यादै वलियो, शक्तिशाली ।

अतिमात्रम् (अव्य./न.) मात्रामतिक्रान्तः *(मात्रा नाघेको)* प्रा.त.स., ह्रस्व= अतिमात्र ।

शब्दार्थ- ज्यादा, अतिशय ।

अतिरञ्जकः (वि.) अतिरञ्जयतीति *(ज्यादा बढाइ-चढाइ गर्छ)* अतिपूर्वक रञ्ज रागे (भ्वा.) धातु, अति+रञ्ज्+णिचि+ण्वुल् (अक), णिलोप= अतिरञ्जक ।

शब्दार्थ- ज्यादा वढाइ-चढाइ गर्ने, ज्यादा प्रशंसा गर्ने, अत्युक्ति भएको ।

अतिरञ्जनम् (ना./न.) अतिरज्यते अनेन इति *(ज्यादा बढाइन्छ)* अतिपूर्वक रञ्ज रागे (भ्वा./दिवा) धातु, अति+रञ्ज्+ल्युट (अन)= अतिरञ्जन ।

शब्दार्थ- अत्युक्ति, ज्यादा फुर्माएर भन्ने काम, अतिप्रशंसा गर्ने क्रिया ।

अतिरञ्जितः (वि.) अतिरञ्ज्यते स्म इति *(ज्यादा बढाइ-चढाइ गरेर वर्णन गरिएको)* अतिपूर्वक रञ्ज रागे (भ्वा./दिवा) धातु, अति+रञ्ज्+णिचि+क्त (त), णिलोप, इडागम= अतिरञ्जित ।

शब्दार्थ- अति वढाइ-चढाइ गरेर वर्णन गरिएको, ज्यादा प्रशंसा गरिएको, अतिरञ्जन गरिएको ।

अतिरथी (वि./ना./पुं.) रम्यते अत्र इति *(रमण गरिन्छ यसमा)* रमु क्रीडायाम् (भ्वा.) धातु, रम्+क्वथन् (थ) उणा., रथः । रथः अस्य अस्तीति *(रथ छ यसको)* रथ+इनि (इन्), रथिन्, रथी । रथिनमतिक्रान्तः *(रथारोहीलाई अतिक्रमण गरेको)* अति+रथी, प्रा.त.स.= अतिरथी ।

शब्दार्थ- अत्यन्त वीर, ज्यादै पराक्रमी, रथीहरूमध्ये सबभन्दा ठूलो तहको सैनिक दर्जा ।

अतिरिक्तः (वि./अव्य.) अतिरिच्यते इति *(थपिन्छ, छाडिन्छ)* अति उपसर्गपूर्वक रिचिर् विरेचने (रुधा.) धातु, अति+रिच्+क्त (त), भावमा, कुत्व=अतिरिक्त । अथवा अत्यरिच्यत इति *(थपिएको, छाडिएको)* अति उपसर्गपूर्वक रिच वियोजनसम्पर्चनयोः (चुरा.) धातु, अति+रिच्+क्त (त), कुत्व= अतिरिक्त ।

अतिरिक्तः समधिकः - इत्यमरः

शब्दार्थ- अत्यधिक, बढी, थप, फाल्तू, बद्ता, वाहेक, भएकोभन्दा बढी, जस्तै- अतिरिक्त सचिव, अतिरिक्त न्यायाधीश ।

अतिरिक्ताङ्गः (ना./पुं) अतिरिक्तश्चासौ अङ्गश्च *(थप अङ्ग)* क.त.स., दीर्घ= अतिरिक्ताङ्ग ।

शब्दार्थ- थप अङ्ग, विशेष अङ्ग, विशेष अवसरमा प्रकाशित पत्रपत्रिकाको अङ्ग ।

अतिवादः (ना./पुं) अत्यन्तं वदनम् *(बद्ता भनिन्छ,)* वा अतिक्रम्य उद्यते इति *(अतिक्रमण गरेर बताइन्छ)* अति उपसर्गपूर्वक वद व्यक्तायां वाचि (भ्वा.) वा वद सन्देशवचने (चुरा.) धातु, अति+वद्+घञ् (अ) =अतिवाद ।

अतिवादांस्तितिक्षेत नावमन्येत कश्चन- मनु. ६/४७

शब्दार्थ- भर्त्सना, कठोर गाली या अपमानयुक्त वचन ।

अतिवादी (वि.) अतिवदितुं शीलमस्य *(ज्यादा बोल्ने शील छ यसको)* अतिपूर्वक वद व्यक्तायां वाचि (भ्वा.) धातु, अति+वद्+णिनि[1] (इन्)= अतिवादी । अथवा अतिवादः अस्यास्तीति *(ज्यादै वाचालु स्वभाव छ यसको)* अतिवाद+इनि (इन्)= अतिवादी ।

शब्दार्थ- वाग्मी, धेरै वोल्ने, वाचालु, फतफते, अतिवक्ता, उग्रवक्ता, उग्रमार्गी ।

अतिविकटः (वि.) अत्यन्तं विकटः *(अत्यन्त कठिन या ज्यादा कठिन)* अति+वि+कटच्[2] (कट)= अतिविकट ।

शब्दार्थ- अतिकठिन, अतिभीषण, अतिभयानक, अतिदुर्गम, ज्यादै डरलाग्दो ।

अतिविस्तारः (ना./पुं) अतिविस्तार्यते इति *(ज्यादै विस्तार गरिन्छ)* अति उपसर्गपूर्वक स्तृञ् आच्छादने (स्वा.) धातु, अति+वि+स्तृ+घञ् (अ) वृद्धि= अतिविस्तार ।

शब्दार्थ- धेरै फैलावट, व्यापकता, अतिविस्तृत हुने काम, धेरै फैलिने क्रिया ।

अतिवृष्टिः (ना./स्त्री.) वर्षणम्, वृष्यते इति वा *(पानी पर्छ, पर्नु)* वृषु सेचने (भ्वा.) धातु, वृष्+क्तिन् (ति), ष्टुत्व, वृष्टिः । अति अतिशयेन वृष्टिः *(ज्यादै पानी पर्नु)* प्रा.त.स.= अतिवृष्टि ।

शब्दार्थ- धेरै वर्षा, बढी पानी पर्ने काम, अतिवर्षा, ज्यादै ठूलो झरी ।

अतिशयः (ना./पुं./अव्य.) अतिशयनमिति *(ज्यादा, बारम्बार)* अति उपसर्गपूर्वक शीङ् स्वप्ने (अदा.) धातु, अति+शी+अच् (एरच्), गुण, अयादेश =अतिशय ।

शब्दार्थ- आधिक्य, उत्कर्ष, उत्कृष्टता, श्रेष्ठता, ज्यादै, धेरै, अत्यन्तै ।

अतिशयोक्तिः (ना./स्त्री.) अतिशया चासौ उक्तिश्च *(ज्यादै बढाएर भन्ने काम)* क.त.स.= अतिशयोक्ति ।

शब्दार्थ- अतिशय भनाइ, एउटा अर्थालङ्कार, जसमा उपमेय र उपमानको अभेदरूप देखाइन्छ, अर्थात् उपमेयलाई नै उपमानको रूपमा देखाइन्छ ।

---

१. सुप्यजातौ... : णिनि

२. सम्प्रोदश्च : कटच्

अतिसारः (ना./पुं) अतिशयेन मलं सरति निस्सरतीति *(मल ज्यादा गइरहन्छ, बगिरहन्छ)* अतिपूर्वक सृ गतौ (भ्वा.) धातु, अति+सृ+घञ् (अ), वृद्धि = अतिसार ।

शब्दार्थ- लगातार दिशा लागिरहने रोगविशेष, आउँ पर्ने रोग ।

अतिहासः (ना./पुं) अतिशयेन हसनम् *(ज्यादा हाँसिन्छ)* अतिपूर्वक हसे हसने (भ्वा.) धातु, अति+हस्+घञ् (अ), वृद्धि= अतिहास ।

शब्दार्थ- ज्यादा हाँस्ने काम, अतिहाँसो ।

अतीतः (वि.) अतीयते स्म इति *(बितेको)* अतिपूर्वक इण् गतौ (अदा.) धातु, अति+इ+क्त (त), दीर्घ= अतीत ।

शब्दार्थ- वितेको समयको, पर (टाढा) गएको, व्यतीत, प्राचीन, भूतकालमा मरेको ।

अतीन्द्रियः (वि.) इन्दतीति *(समृद्ध हुन्छ)* इदि परमैश्वर्ये (भ्वा.) धातु, नुम् इन्द+रन्[1] (उणा.), इन्द्रः । इन्द्रेण दुर्जयम् *(इन्द्र वा अन्तःकरणद्वारा दुर्जय)* इन्द्र+घच्[2] (इय), इन्द्रियम् । इन्द्रियाणि अतिक्रान्तः *(इन्द्रियहरू जितेको)* प्रा.त.स.[3]= अतीन्द्रिय ।

शब्दार्थ- इन्द्रियवाट जान्न नसकिने, इन्द्रियको पहुँचभन्दा परको, इन्द्रियातीत, अगोचर ।

अतीव (अव्य.) अयनम् इति *(जानु)* इण् गतौ (अदा.) धातु, इ+वन्[4] (उणा.), इव । अति+इव *(ज्यादै नै)* प्रा.त.स. (अवधारणमा)= अतीव ।

शब्दार्थ- ज्यादै नै, धेरै नै, खुवै, अत्यन्तै, अतिशय ।

अतुलः (वि.) तोलयतीति *(तौलन्छ)* तुल उन्माने (चुरा.) धातु, तुल्+क[5] (अ)+टाप् (आ), तुला । नास्ति तुला सादृश्यं यस्य *(जसको सादृश्य वा तुलना छैन)* न.ब.स.= अतुल ।

शब्दार्थ- तुलनारहित, अनुपम, वेजोड, अतुलनीय ।

अतुलनीयः (वि.) तोलयितुं योग्यः *(तुलना गर्न योग्य)* तुल उन्माने (चुरा.) धातु, तुल्+अनीय (र्), तुलनीयः । न तुलनीयः *(तुलना गर्न नसकिने)* न.त.स. =अतुलनीय ।

शब्दार्थ- तौलन वा तुलना गर्न नसकिने, असीम, वरावर नभएको, वेजोड ।

अतुल्यः (वि.) तोल्यते अनया *(तौलिन्छ वा तुलना गरिन्छ यसबाट)* तुल उन्माने (चुरा.) धातु, तुल्+अङ्[6]+टाप् (आ), तुला । तुलया समितम् *(तुलाले बराबर रूपमा तौलिएको)* तुला+यत्[7] (य), तुल्यम् । नास्ति तुल्यं सदृशं यस्य *(जसको तुल्य वा बराबर छैन)* न.त.स.=अतुल्य ।

शब्दार्थ-वरावर नभएको, अनुपम, तुलना नहुने, वेजोड ।

अतृप्तः (वि.) तृप्यति स्म, तृपति स्म वा *(तृप्त भएको)* तृप प्रीडने (दिवा.) धातु, तृप तृप्तौ (तुदा.) धातु, तृप्+क्त (त), कर्तामा, तृप्तः । न तृप्तः *(तृप्त नभएको)* न.त.स.= अतृप्त ।

शब्दार्थ- असन्तुष्ट, तृप्त नभएको, नअघाएको ।

उदा. **जिउँनै छ अतृप्त वाञ्छना,**

सब खोज्छौं विधिको कला यहीं- शा.म.का. १५/१६

अतृप्तिः (ना./स्त्री) तर्पणम्, तृप्यते इति वा *(तृप्त हुनु)* तृप तृप्तौ (तुदा.) धातु, तृप्+क्तिन् (ति), तृप्तिः । न तृप्तिः *(तृप्त नहुने काम)* न.त.स. =अतृप्ति ।

शब्दार्थ- तृप्त नहुने क्रिया, असन्तुष्टि ।

अत्यधिकः (वि.) आधीयते इति *(अधिक हुनु)* आङ्पूर्वक धेट् पाने (भ्वा.) वा डुधाञ् धारणपोषणयोः (जुहो.) धातु, आ+धा+कि (इ), धाको आलोप, पृषोदरादिबाट आको ह्रस्व, अधि (अव्य.) । अधि एव *(बढी नै)* अधि+कन् (स्वार्थमा), अधिकः । अधिकमतिक्रान्तः *(अधिकभन्दा पनि ज्यादा)* प्रा.त.स.[8] यण्= अत्यधिक ।

शब्दार्थ- ज्यादै बढी, अतिधेरै, यथेष्ट, पर्याप्त, प्रचुर ।

अत्यन्तः (वि.) अमति, आमयतीति वा *(रोगिन्छ, वृद्धि हुन्छ)* अम गत्यादिषु (भ्वा.) वा अम रोगे (चुरा.) धातु, अम्+तन् (उणा.), अन्तः । अन्तं सीमामतिक्रान्तः *(सीमा नाघेको)* प्रा.त.स.[8], अति+ अन्त, यण् =अत्यन्त ।

शब्दार्थ- अत्यधिक, ज्यादा, धेरै, खुव, अतिशय ।

अत्ययः (ना./पुं) अत्ययनमिति *(नासिन्छ)* अतिपूर्वक इण् गतौ (अदा.) धातु, अति+इ+अच् (एरच्), भावमा, गुण, अयादेश, यण्= अत्यय ।

शब्दार्थ- मृत्यु, विनाश, दुःख, नाश, वितेको समय ।

अत्याचारः (ना./पुं) आचर्यते इति *(आचरण गरिन्छ)* आङ्पूर्वक चर गतिभक्षणयोः (भ्वा.) धातु, आ+चर्+घञ् (अ), आचारः । आचारमतिक्रान्तः *(आचार उल्लङ्घन गरेको)* अति+आचार, प्रा.त.स.[8], यण् =अत्याचार ।

शब्दार्थ- असत् आचार, मर्यादा विपरीत गरिएको काम, धर्मविरोधी आचरण, अन्याय, दुराचार, निन्दित कर्म, अर्कोलाई थिचोमिचो गर्ने काम ।

अत्याचारी (वि.) अत्याचारः अस्यास्तीति *(अत्याचार गर्ने क्रियाकलाप छ यसको)* अत्याचार+इनि[9] (इन्) अत्याचारिन्= अत्याचारी ।

शब्दार्थ- दुराचारी, कुकर्मी, लोकविरुद्ध कर्म गर्ने, अन्यायी, अत्याचार गर्ने ।

---

[1] ऋजेन्द्राग्र...: रन्
[2] इन्द्रियमिन्द्रलिङ्ग... : घच्
[3] अत्यादयः क्रान्ताद्यर्थे... : प्रादि तत्पुरुषसमास
[4] इण्शीभ्यां वन् : वन्
[5] इगुपधज्ञा... : क
[6] षिद्भिदादिभ्योऽङ् : अङ्
[7] नौ वयोधर्म.... : यत्
[8] अत्यादयः क्रान्ताद्यर्थे : प्रादि.त.स.
[9] अत इनिठनौ : इनि

अत्याधुनिकः (वि.) अस्मिन् काले *(यस समयमा)* 'इदम्'को अधुना आदेश[1], अधुना । अधुना भवः *(अहिले हुने)* वा अधुना आगतः *(अहिले आएको)* अधुना+ठक् (इक), आदिवृद्धि, आधुनिकः । अत्यन्तमाधुनिकः *(ज्यादै आधुनिक)* अति+आधुनिक, प्रा.त.स., यण्=अत्याधुनिक ।

शब्दार्थ-अत्यन्त नवीन, हालैको, हिजोआजको, अर्वाचीन

अत्यावश्यकः (वि.) वष्टीति *(चाहना गर्छ)* वश कान्तौं (अदा.) धातु, वश्+अच् (पचादि), वशः ।

अथवा उश्यते इति *(चाहना गरिन्छ)* वश्+अप् (भावमा), वशः। वशमधीनत्वं गतः *(वश भएको)* वश+यत्[2] (य), वश्यः । अत्यावश्य एव *(अति आवश्यक नै)* अति आपूर्वक 'वश्य' शब्दबाट स्वार्थमा क प्रत्यय, अति+आ+वश्य+क (अ), यण् =अत्यावश्यक ।

अथवा अत्यावष्टीति *(ज्यादै आवश्यक हुन्छ)* अति+आ+वश्+ण्वुल् (अक), यण्= अत्यावश्यक ।

शब्दार्थ- नभई नहुने, ज्यादै आवश्यक पर्ने, अत्यन्तै आवश्यक, ज्यादा खाँचोपर्ने ।

अत्युत्तमः (वि.) अतिशयेन उत्कृष्टः *(ज्यादै उत्कृष्ट)* उत् उपसर्ग शब्दबाट उत्+तमप् (तम), उत्तमः ।

अथवा उत्ताम्यतीति *(अति आकाङ्क्षा गर्छ)* उत्पूर्वक तमु काङ्क्षायाम् (दिवा.) धातु, उत्+तम्+अच् (पचादि), उत्तमः । उत्तममतिक्रान्तः *(उत्तमभन्दा अझ बढी)* प्रा.त.स., अति+उत्तम, यण् =अत्युत्तम ।

शब्दार्थ- ज्यादै उत्तम, उत्तमभन्दा पनि उत्तम, सर्वोत्तम ।

अत्युक्तिः (ना./स्त्री) अतिशयेन उच्यते कथ्यते इति *(ज्यादै बढाएर भनिन्छ)* अतिपूर्वक वच परिभाषणे (अदा.) धातु, अति+वच्+क्तिन् (ति) सम्प्रसारणबाट वको उ, अति उक्ति, यण्= अत्युक्ति ।

शब्दार्थ- बढाइ-चढाइ गरेर भन्ने काम, अतिशयोक्ति, ज्यादा आरोपित भनाइ ।

अत्र (अव्य.) एतस्मिन् इति *(यसमा)* एतत्+त्रल्[3] (त्र) एतत्को अश्[4] वा अन्[5] आदेश= अत्र ।

शब्दार्थ- यहाँ, यसतर्फ ।

अत्रिः (ना./पुं) अतति तपोवने गच्छति *(तपोवनमा जान्छन्)* अत सातत्यगमने (भ्वा.) धातु, अत्+त्रिन् (बहुलप्रकारले)= अत्रि ।

शब्दार्थ- एक प्रसिद्ध ऋषि, ब्रह्माका मानसपुत्र, गोत्रप्रवर्तक ऋषि, सप्त ऋषिहरूमध्ये एक ।

सप्तर्षिहरू- **गौतमोऽत्रिर्भरद्वाजो विश्वामित्रोऽथ कश्यपः**
जमदग्निर्वसिष्ठश्च सप्तर्षय इमे स्मृताः- इत्यमरः

अथ (अव्य.) अर्थयते इति *(मङ्गल याचना गर्छ)* अर्थ याञ्चायाम् (चुरा.) धातु, अर्थ्+ड (अ), रलोप= अथ ।

अथाथो संशये स्यातामधिकारे च मङ्गले ।
विकल्पानन्तरप्रश्नकात्स्न्यारम्भसमुच्चये- इति मेदिनी

शब्दार्थ- संशय, विकल्प, प्रश्न, सम्पूर्णता, आरम्भ, अधिकार, समुच्चय, यहाँदेखि, यसपछि, ग्रन्थारम्भमा प्रयोग हुने मङ्गलसूचक शब्द, जस्तैः

अथ योगानुशासनम्- पा.यो.द. १/१

अथ निर्वचनम्- निरु. ।

अथर्वन्/अथर्वा (ना./पुं./न.) अथ पूर्णताम् ऋच्छतीति *(पूर्णता खोज्छ)* अथ+ऋ+वनिप् (वन्)= अथर्वन् ।

अथवा अथ मङ्गलाय अर्वते इति *(मङ्गलको निमित्त प्रस्तुत हुन्छ)* अथपूर्वमा हुने अर्व गतौ (भ्वा.) धातु, अथ+अर्व्+अनिष् (अन), बहुलप्रकारले, पररूप, अथर्वन् =अथर्वा ।

अथर्वा ब्राह्मणे पुंसि वेदे तु स्यान्नपुंसकम्- इति मेदिनी

शब्दार्थ- अथर्ववेद, अथर्ववेदको सूक्त, अथर्वा ऋषिका सन्तान ।

अदक्षः (वि.) दक्षते इति *(दक्ष हुन्छ)* दक्ष वृद्धौ शीघ्रार्थे च (भ्वा.) धातु, दक्ष्+अच् (पचादि), दक्षः । न दक्षः **(जो दक्ष छैन)** न.त. स.= अदक्ष ।

शब्दार्थ- दक्षता वा सीप नभएको अयोग्य, असक्षम, अकुशल ।

अदत्तः (वि.) न दत्तः, न उत्सृष्टः *(न दिइएको)* न.त.स. =अदत्त ।

शब्दार्थ- नदिइएको, नत्यागिएको ।

अदत्ता (वि./ना./स्त्री.) न दत्ता, न उत्सृष्टा *(न दिइएकी)* न.त.स.= अदत्ता ।

शब्दार्थ- अर्कालाई नदिइएकी, विवाह नभएकी कन्या ।

अदम्यः (वि.) दम्यते, दमितुं योग्यः इति वा *(दमन गर्न योग्य)* दमु उपशमे (दिवा.)धातु, दम्+यत् (य), दम्यः । न दम्यः *(दमन गर्न नसकिने)* न.त.स.= अदम्य ।

शब्दार्थ- दमन गर्न नसकिने, तह लाउन नसकिने, बाह्यवृत्तिलाई वशमा राख्न नसकिने, प्रबल ।

अदर्शनम् (ना./न.) दृश्यते अनेन *(देखिन्छ यसबाट)* दृशिर् प्रेक्षणे (भ्वा.) धातु, दृश्+ल्युट् (अन), दर्शनम् । दर्शनस्य अभावः *(देख्न नसकिने काम)* न+दर्शनम्, न.त.स.= अदर्शन ।

विनाशः स्याददर्शनम्- इत्यमरः

अदर्शनं लोपः- पा.सू. १/१/६०

शब्दार्थ- नदेखिने क्रिया, लोप हुने काम, विनाश, अलप ।

---

[1] अधुना : अधुना आदेश
[2] वशं गतः : यत्
[3] सप्तम्यास्त्रल् : त्रल्
[4] एतदस्त्रतसोः... : अश्
[5] एतदोऽन् : अन्

अदर्शनीयः (वि.) न दृश्यते, न द्रष्टुं योग्यः वा *(हेर्न लायक नभएको)* दृशिर् प्रेक्षणे (भ्वा.) धातु, न+दृश्+अनीय (र्), न.त.स.= अदर्शनीय ।

शब्दार्थ- हेर्न योग्य नभएको, हेर्न उपयुक्त नहुने, अवलोकन गर्न नसकिने, नदेखिने ।

अदितिः (ना./स्त्री) न दीयते न क्षयतीति *(नाश हुँदैन)* दीङ् क्षये (दिवा.) धातु, न+दी+क्तिच्[1] (कर्तामा), छान्दस ह्रस्व= अदिति ।

अथवा न द्यति न खण्डयति *(खण्डित हुँदैन)* दो अवखण्डने (दिवा.) धातु, न+दो+क्तिच्[1] (ति), आत्व, इत्व= अदिति ।

अथवा न ददति *(दिँदैन)* डुदाञ् दाने (जुहो.) धातु, न+दा+डिति[2] (इति), शाकटायनको मतमा (श.क.द्रु.), टिलोप= अदिति ।

अथवा न दितिः *(जो दिति होइन)* न.त.स.=अदिति ।

शब्दार्थ- देवताहरूकी आमा, देवमाता, प्रकृति, असीमित वा अखण्डित शक्ति, वाणी, अदिति देवता, कश्यपकी पत्नी ।

अदितिनन्दनः (ना./पुं) अदितेः नन्दनः *(अदितिका सन्तान)* ष.त.स.= अदितिनन्दन ।

शब्दार्थ- अदितिका सन्तति, देवता ।

अदीक्षितः (वि.) दीक्षते स्म इति *(दीक्षा दिइएको)* दीक्ष मौण्डेज्योपनयननियमव्रतादेशेषु (भ्वा.) धातु, दीक्ष्+क्त[3] (त) कर्तामा, दीक्षितः । न दीक्षितः *(दीक्षा प्राप्त नगरेको)* न.त.स.= अदीक्षित ।

अथवा दीक्षा सञ्जाता अस्य *(दीक्षा संस्कार भएको छ यसको)* दीक्षा+इतच् (इत), दीक्षितः । न दीक्षितः *(दीक्षा प्राप्त नभएको)* न.त.स.= अदीक्षित ।

शब्दार्थ- दीक्षित नभएको, दीक्षा प्राप्त नगरेको, दीक्षा संस्कार नगरिएको ।

अदूरः (वि.) न दूरम् *(टाढा नभएको)* न.त.स.= अदूर ।

शब्दार्थ- समीप, नजिक, टाढा नभएको ।

अदूरदर्शिता (ना./स्त्री) दूरदर्शिणः भावः *(दूरदर्शी हुनाको भाव वा अवस्था)* दूरदर्शिन्+तल् (त), टाप् (आ), दूरदर्शिता । न दूरदर्शिता *(दूरदर्शी हुनाको अभाव)* न.त.स.= अदूरदर्शिता ।

शब्दार्थ- दूरदर्शी हुन नसक्नाको भाव वा अवस्था, पछिसम्मका कुराको विचार गर्ने क्षमताको अभाव

अदूरदर्शी (वि.) दूरे द्रष्टुं शीलमस्य *(परको कुरा नियाल्न सक्ने शील छ यसको)* दूरपूर्वक दृशिर् प्रेक्षणे (भ्वा.) धातु, दूर+दृश्+णिनि (इन्), दूरदर्शी । न दूरदर्शी *(जो परको कुरा देख्तैन)* न.त.स.= अदूरदर्शी ।

शब्दार्थ- जो दूरदर्शी छैन, परसम्मको कुरा विचार नगर्ने, दूरदर्शी नहुने ।

अदूरवर्ती (वि.) दूरे वर्तितुं शीलमस्य *(टाढा रहनसक्ने शील छ यसको)* दूरपूर्वक वृतु वर्तने (भ्वा.) धातु, दूर+वृत्+णिनि (इन्), दूरवर्तिन्, दूरवर्ती । न दूरवर्ती *(टाढा नरहने)* न.त.स. = अदूरवर्ती ।

शब्दार्थ- टाढा नरहेको, नजिकमा बस्ने, समीपमा बसोवास गर्ने ।

अदूषितः (वि.) दूष्यते स्म इति (*दूषित भएको)* दुष वैकृत्ये (दिवा.) धातु, दुष्+णिचि+क्त (त), दुको ऊत्व, णिलोप, इडागम, दूषितः । न दूषितः *(दूषित नभएको)* न.त.स.= अदूषित ।

शब्दार्थ- दूषित नभएको, अविकृत, शुद्ध, अनिन्दित ।

अदृश्यः (वि.) दृश्यते, द्रष्टुं योग्यः वा *(हेरिन्छ, हेर्न लायक)* दृशिर् प्रेक्षणे (भ्वा.) धातु, दृश्+क्यप् (य), दृश्यः । न दृश्यः *(हेर्न लायक नभएको)* न.त.स. =अदृश्य ।

शब्दार्थ- जो हेर्न लायक छैन, हेर्न योग्य नभएको, नदेखिने, अलप भएको ।

अदृष्टः (वि.) दृश्यते स्म इति *(देखिएको)* दृश्+क्त (त) षत्व, ष्टुत्व, दृष्टः । न दृष्टः *(नदेखिएको)* न.त.स =अदृष्ट ।

शब्दार्थ- नदेखिएको, दृष्टि गोचर नभएको, अलक्षित ।

अदृष्टिः (ना./स्त्री) दृश्यते अनेन *(हेरिन्छ यसबाट)* दृशिर् प्रेक्षणे (भ्वा.) धातु, दृश्+क्तिन् (ति), षत्व, ष्टुत्व, दृष्टिः । न दृष्टिः *(दृष्टि नपर्ने क्रिया)* न.त.स. =अदृष्टि ।

शब्दार्थ- दृष्टि नपर्ने काम, प्रत्यक्ष नहुने क्रिया, कुदृष्टि ।

अदेयः (वि.) दातुं योग्यः *(दिन लायक)* वा दीयते अस्मै *(दिइन्छ यसलाई)* डुदाञ् दाने (जुहो.) धातु, दा+यत्[4] (य), ईत्व, एत्व, देयः । न देयः *(दिन योग्य नभएको)* न.त.स. = अदेय ।

शब्दार्थ- दिन उचित नहुने, दिन नसकिने, दिनु नपर्ने, दिन योग्य नहुने ।

अदोषः (ना./पुं./वि.) दूष्यते अनेन *(दूषित छ यसबाट)* दुष वैकृत्ये (दिवा.) धातु, दुष्+घञ् (अ), दोषः । न दोषः *(दोषको अभाव)* न.त.स.= अदोष ।

अथवा नास्ति दोषः यस्य *(जसको दोष छैन)* न.ब.स. =अदोष ।

शब्दार्थ- दोषको अभाव, दोष नहुने काम, दोषरहित, निर्दोष, कुनै दोष नभएको ।

अद्भुतः (वि./ना./पुं.) अततीति *(निरन्तर चल्छ)* अत सातत्यगमने (भ्वा.) धातु, अत्+क्विप्, अत् (आकस्मिक तथा आश्चर्य अर्थ बुझाउने अव्यय) । अतः भवनम् *(आश्चर्य हुनु)* अत्+भू+डुतच्[5] (उत), उणा., टिलोप= अद्भुत ।

---

[1] क्तिच् क्तौ च संज्ञायां : क्तिच्

[2] नञो दानो डिति : डिति (शाकटायन, श.क.द्रु)

[3] गत्यर्थाकर्मक... : क्त (कर्तामा)

[4] अचो यत्/कृत्य ल्युटो... : यत्

[5] आदिभुवोः... : डुतच्

अथवा अत् भातीति *(आश्चर्य हुन्छ)* भा दीप्तौ (अदा.) धातु, अत्+भा+डुतच् (टिलोप)= अद्भुत ।

विस्मयोऽद्भुतमाश्चर्यं चित्रमप्यथ भैरवम्- इत्यमरः

शब्दार्थ- आश्चर्यजनक, अचम्म लाग्दो, विचित्रको, अनौठो, अचम्मको, आश्चर्य, विस्मय, साहित्यशास्त्रका नौवटा रसमध्ये एक (जसको स्थायी भाव विस्मय हुन्छ) ।

उदा. **यस्तो अद्भुत दिव्य जीवन जुवा जारी छ सारा दिन । - जीवन जुवा (चक्रपा.चा.)**

अद्य (अव्य.) अस्मिन्नहनि इति *(यस दिनमा)* 'इदम्' को अश्[१] (अ), द्य आदेश[१]= अद्य ।

शब्दार्थ- आज, अहिले ।

अद्यापि (अव्य.) अद्य अपि *(आज पनि)* सह सुपा समास/ अव्य.स., दीर्घ= अद्यापि ।

शब्दार्थ- आज पनि, अहिलेसम्म पनि, अझसम्म ।

अद्यावधि (अव्य./ना./न.) अवधीयते इति *(सीमा तोकिन्छ)* अवपूर्वक डुधाञ् धारणपोषणयोः (जुहो.) धातु, अव+धा+कि[२] (इ) आलोप, अवधिः ।

अद्य अवधिः *(आज पर्यन्त)* सह सुपा समास, दीर्घ =अद्यावधि ।

अथवा अद्य अवधि सीमा यस्य तत् *(आजसम्मको सीमा छ जसको)* व.स., दीर्घ= अद्यावधि ।

शब्दार्थ- अहिलेसम्म, आजसम्म, आजतक, आजसम्मको अवधि ।

अद्यावधिकः (वि.) अद्यावधि एव *(अहिलेसम्मको नै)* अद्यावधि +कन् (स्वार्थमा)= अद्यावधिक ।

शब्दार्थ- अहिलेसम्मका अवधितकको, आजपर्यन्तको ।

अद्रिः (ना./पुं.) अत्ति, अद्यते इति *(खान्छ, खाइन्छ)* अद भक्षणे (अदा.) धातु, अद्+क्रिन्[३] (उणा.)= अद्रि ।

अद्रिस्तु पर्वते शाखिनि सूर्ये- इति हैमः

शब्दार्थ- पर्वत, पहाड, हिमालय, वृक्ष, गिरि, सूर्य ।

अद्रितनया (ना./स्त्री) अद्रेः तनया *(पर्वतकी पुत्री)* ष.त.स.= अद्रितनया ।

शब्दार्थ- हिमालयकी पुत्री पार्वती, उमा, गौरी ।

अद्रिशोभा (ना./स्त्री) अद्रेः शोभा *(पर्वतको शोभा)* ष.त.स. = अद्रिशोभा ।

शब्दार्थ-पहाडी सौन्दर्य, पर्वतीय शोभा, पहाडको सुषमा,

अद्वयः (वि.) द्वे अवयवे अस्येति *(दुई अवयव छन् यसका)* द्वि+तयप्[४], तयपको अय, गुण, अयादेश, द्वयम् । नास्ति द्वयं द्वित्वं यस्य *(जसको दुई छैन)* न.ब.स.= अद्वय ।

शब्दार्थ- द्वैत नभएको, दोस्रो नभएको, एकमात्र, अद्वितीय, अद्वैतवादी, आत्मा र परमात्माको ऐक्यता देख्ने ।

अद्वयवादी (वि./ना./पुं.) अद्वयमद्वैतं सर्वमेव आत्मस्वरूपम् इति वदति अवश्यम् *(अवश्य नै सबै नै आत्मस्वरूप छ भन्ने अद्वैतको बारे बोल्दछन्)* वा अद्वयं वदितुं शीलमस्येति *(अद्वैतको बारेमा बोल्ने शील भएका)* अद्वयपूर्वक वद व्यक्तायां वाचि (भ्वा.) धातु, अद्वय+वद्+णिनि[५] (इन्), अद्वयवादिन्= अद्वयवादी ।

शब्दार्थ- अद्वैत ब्रह्मका बारेमा कुरा गर्ने, अद्वैत मतका अनुयायी, ब्रह्म, प्रकृति र आत्माको तादात्म्यको प्रतिपादन गर्ने, वेदान्ती, गौतम बुद्ध ।

अद्वितीयः (वि.) द्वयोः पूरणः *(दुईको पूरक)* द्वि+तीय, द्वितीयः । नास्ति द्वितीयं यस्येति *(जसको समान दोस्रो छैन)* न+द्वितीयः, न.ब.स.= अद्वितीय ।

शब्दार्थ- बेजोड, दोस्रो कोही नभएको, असाधारण, अजोडी, सर्वोत्तम, एक्लो, अतुल्य, द्वितीयरहित ।

उदा. **जोडी झण्डा दुईतिर थिए दाहिने भारतीय, बाँयाको ता युगल छ शशी सूर्यले अद्वितीय- य.श. १/२१**

अद्वैतः (वि./ना./न.) द्विधा भेदमितं प्राप्तम् *(दुई प्रकारले गएको)* इण् गतौ (अदा.) धातु, द्वि+इ+क्त (त), द्वीतम्, तस्य भावः *(त्यसको भाव वा अवस्था)* द्वीत+अण्, स्वार्थमा, द्वैतम् । न विद्यते द्वैतं यत्र *(जसको द्वैतभाव छैन)* न.ब.स.= अद्वैत ।

शब्दार्थ- द्वैत नभएको, एक्लो, एकाकार, आत्मा र परमात्मामा द्वैतभाव वा भेद नहुने क्रिया, शिव र शक्तिको तादात्म्यता, द्वैतरहित विष्णु ।

विष्णुमानन्दमद्वैतं विज्ञानं सर्वगं प्रभुम्- ग.पु.

अद्वैतवादी (वि.) अद्वैतं चिदेव सत्यं वदितुं शीलमस्य *(अद्वैत अर्थात् चित्तत्त्व नै सत्य छ भन्ने पक्षमा बोल्ने स्वभाव छ जसको)* अद्वैत+वद्+णिनि[५] (इन्), अद्वैतवादिन्= अद्वैतवादी ।

शब्दार्थ- जीवात्मा र परमात्मालाई अभेद मान्ने, चैतन्य र परमात्मामा भिन्न नदेख्ने, अद्वैतमतको अनुयायी ।

अधः (अव्य.) अधः अधरस्मिन्, अधरस्तात्, अधरः देशः कालः वेति *(तलको देश काल)* अधर+असि[६], प्रकृतिको अधआदेश, अधस्= अधः ।

शब्दार्थ- तल, मुनि, अधोभाग ।

अधमः (वि.) अवतीति *(हिंसादि नीच कर्म गर्छ)* अव रक्षणगतितृप्त्यादौ (भ्वा.) धातु, अव्+अम[७] (उणा.) वको ध आदेश[७]= अधम ।

अथवा धमति इति *(शब्द गर्छ)* धम ध्वाने सौत्र धातु, धम्+अच् (पचादि), धमः । न धमः न.त.स.= अधम ।

शब्दार्थ- नीच, निकृष्ट, दुष्ट, खराब, तल्लो तहको ।

---

१. इदमोऽश्भावो द्यश्च : अश्, द्य आदेश
२. उपसर्गे घोः किः : कि
३. अदिशदिभूशुभिभ्यः क्रिन् : क्रिन्
४. द्वित्रिभ्यां तयस्यायज्वा : तय, तयको अयादेश
५. आवश्यकाधमर्ण्ययोः/सुप्यजातौ... : णिनि
६. पूर्वधरावराणामसि .... : असि, अध आदेश
७. अवद्यावमाधम : अम आदेश, वको ध

अधमकर्म (ना./न.) अधमञ्च तत् कर्म *(नीच कर्म)* क.त.स.= अधमकर्म ।

शब्दार्थ- नीचकर्म, तुच्छ काम, घटिया काम ।

अधरः (ना./पुं./वि.) न ध्रियते असौ *(उँभोतिर रहँदैन)* धृङ् अवस्थाने (तुदा.) धातु, न+धृ+घ (अ), गुण =अधर ।

अथवा न धरतीति (धारण गर्दैन) धृञ धारणे (भ्वा.) धातु, न+धृ+अच् (पचादि)= अधर ।

अधस्तादपि चाधरः- इत्यमरः

अधरस्तु पुमानोष्ठे हीनेऽनूर्ध्वे तु वाच्यवत्- इति मेदिनी

शब्दार्थ- तल्लो ओठ, ओष्ठ, हीन, तल, नीच, अधम ।

अधरमधु (ना./न.) अधरस्य मधु *(ओठको मिठास)* ष.त.स.= अधरमधु ।

शब्दार्थ- अधरामृत, अधररस ।

अधरामृतम् (ना./न.) अधरस्य अमृतम् *(ओठको मधुर रस)* ष.त.स., दीर्घ= अधरामृत ।

शब्दार्थ- पारस्परिक चुम्बनवाट पैदा हुने अधररस ।

अधर्मः (ना./पुं/न.) ध्रियतेऽनेन *(धारण गरिन्छ यसबाट)* धृञ् धारणे (भ्वा.) धातु, धृ+मन्[1] (उणा.) गुण, धर्मः । न धर्मः (धर्म नहुनु) न.त.स.= अधर्म ।

शब्दार्थ- पाप, वेदनिषिद्ध कर्म, अपराध, धर्मविरुद्ध कर्म, धर्म विपरीत कर्म ।

अधार्मिकः (वि.) धर्मं चरतीति *(अधर्मको आचरण गर्छ)* धर्म+ठक्[2] (इक), आदिवृद्धि, धार्मिकः । न धार्मिकः *(जो धार्मिक छैन)* न.त. स.= अधार्मिक ।

अथवा अधर्मं चरतीति *(धर्मको आचरण गर्दछ वा धर्म विरुद्ध कर्म गर्छ)* अधर्म+ठक्[3] (इक), धर्मको आदिवृद्धि= अधार्मिक ।

शब्दार्थ- अधर्मी, पापी, धर्मविरुद्ध आचरण गर्ने, धर्मको पालना नगर्ने ।

अधि (अव्य.) आधीयते इति *(उच्चतहमा राखिन्छ)* आङ्पूर्वक डुधाञ् धारणपोषणयोः (जुहो.) धातु, आ+धा+कि[4] (इ), आको ह्रस्व, (पृषोदरादिबाट), धाको आलोप= अधि ।

शब्दार्थ- माथि, उपर, उँभो, उच्च अर्थ वुझाउने एक उपसर्ग शब्द ।

अधिकः (वि.) अधि एव *(बढी नै)* अधि+कन् (स्वार्थमा) =अधिक ।

शब्दार्थ- ज्यादै, प्रशस्त, धेरै, ज्यादा, अधिक, वढी, पर्याप्त, यथेष्ठ ।

अधिकरणम् (ना./न.) अधिक्रियते अत्र *(अधिकार प्रदान गरिन्छ)* अधिपूर्वक डुकृञ् करणे (तना.) धातु, अधि+कृ+ल्युट् (अन), अधिकरणमा= अधिकरण ।

शब्दार्थ- अधिकरण कारक, सप्तमी विभक्ति लाग्ने कारक, न्यायालय, न्याय प्रदान गर्ने संस्था, अधिष्ठान, संस्थान ।

द्रष्टव्य- **विषयी विषयश्चैव पूर्वपक्षस्तथोत्तरम् ।**
निर्णयश्चेति सिद्धान्तः शास्त्रेऽधिकरणं स्मृतम्- मीमा.द.

अधिकतमः (वि.) अयमेषामतिशयेन अधिकः *(यो यिनीहरू मध्ये धेरै बढी)* अधिक+तमप्[5] (तम)= अधिकतम ।

शब्दार्थ- सवभन्दा वढी, ज्यादै धेरै, अतिप्रशस्त, अतिधेरै ।

अधिकतरः (वि.) अयमनयोरतिशयेन *अधिकः (यी दुईमा यो निकै बढी)* अधिक+तरप्[6] (तर)= अधिकतर ।

शब्दार्थ- अपेक्षाकृत वढी, निकै धेरै ।

अधिकर्ता (वि.) अधिकरोतीति *(अधिकारमा ल्याउँछ)* अधिपूर्वक डुकृञ् करणे (तना.) धातु, अधि+कृ+तृच् (तृ), अधिकर्तृ= अधिकर्ता ।

शब्दार्थ- अधिकारमा ल्याउने, न्यायविद्, न्याय जान्ने, वकालत सम्वन्धी पेसा अवलम्वन गर्ने ।

अधिकाङ्गम् (ना./न.) अधिकञ्च तत् अङ्गम् *(अधिक अङ्ग)* क.त.स., दीर्घ= अधिकाङ्ग ।

शब्दार्थ- धेरै अङ्ग, वढी अङ्ग, हात गोडामा वीस औंलाभन्दा वढी औंला ।

अधिकांशः (ना./पुं.) अधिकश्चासौ अंशश्च *(अधिक अंश)* क.त.स.= अधिकांश ।

शब्दार्थ- धेरै अंश, धेरै जसो भाग वा अंश ।

अधिकारः (ना./पुं) अधि आधिक्यं क्रियते वा अधिकरणमिति *(धेरै गरिन्छ वा लिइन्छ)* अधिपूर्वक डुकृञ् करणे (तना.) धातु, अधि+कृ+घञ् (अ)= अधिकार ।

शब्दार्थ- अधिकार, हक, कार्यभार, प्रमुखदायित्व, स्वामित्व, अख्तियार, तैनाथ ।

अधिकारी (वि.) अधि आधिक्यं कर्तुं शीलमस्येति *(धेरै गर्ने शील छ यसको)* वा अधिकरोतीति *(अधिकार प्राप्त गर्छ)* अधिपूर्वक डुकृञ् करणे (तना.) धातु, अधि+कृ+णिनि (इन्), अधिकारिन्= अधिकारी ।

शब्दार्थ- अधिकार भएको, अधिकार हातमा लिएको, धार्मिक कार्यमा अधिकार प्राप्त, अधिकारसम्पन्न, शक्तिसम्पन्न, स्वामी, अधिकार पाएको (व्यक्ति वा पदाधिकारी) ।

अधिकृतः (ना./पुं.) अधिक्रियते स्म इति *(अधिकार प्रदान गरिएको)* अधिपूर्वक डुकृञ् करणे (तना.) धातु, अधि+कृ+क्त (त)= अधिकृत ।

शब्दार्थ- अधिकार प्राप्त व्यक्ति, कुनै कुरामा अधिकार दिइएको व्यक्ति, राजपत्राङ्कित वा सो समान पदको कार्यभार समाल्ने व्यक्ति ।

---

[1] अर्तिस्तुसु.... : मन्
[2] धर्मं चरति : ठक्
[3] अधर्माच्चेति वक्तव्यम् (वा.) : ठक्
[4] उपसर्गे घोः किः : कि
[5] अतिशायने तमविष्ठनौ : तमप्
[6] द्विवचनविभज्योपपदे... : तरप्

अधिग्रहणम् (ना./न.) अधि आधिक्यं गृह्यते इति *(धेरै ग्रहण गरिन्छ)* अधिपूर्वक ग्रह उपादाने (क्र्या) धातु, अधि+ग्रह्+ल्युट् (अन)= अधिग्रहण ।

शब्दार्थ- ग्रहण गर्ने वा लिने क्रिया, कसैको व्यक्तिगत सम्पत्ति नियमानुसार प्राप्त गर्ने काम, अधिकार जमाउने क्रिया ।

अधित्यका (ना./स्त्री) अधि अधिरूढा पर्वतस्य उच्चस्थलं वा उपरिभागम् *(पहाडको अतिउच्च ठाउँको भूभाग)* अधि+त्यकन्[1] (त्यक)+टाप् (आ)= अधित्यका ।

उपत्यकाद्रेरासन्ना भूमिरूर्ध्वमधित्यका- इत्यमरः

शब्दार्थ- पहाड माथिको समतल भूमि, पर्वतको माथिल्लो भागको लेकाली मैदान ।

अधिनायकः (ना./पुं) अधिनयतीति *(धेरै अगाडि लैजान्छ)* अधिपूर्वक णीञ् प्रापणे (भ्वा.) धातु, णीको नत्व, अधि+नी+ण्वुल् (अक), नीको वृद्धि, आयादेश =अधिनायक ।

शब्दार्थ- सर्वाधिकार सम्पन्न मुख्यशासक, स्वामी, मालिक, प्रभु ।

अधिनियमः (ना./पुं) अधि अधिकं नियम्यतेऽनेन *(विशेष नियन्त्रण गरिन्छ यसबाट)* अधि नि पूर्वक यम परिवेषणे वा यम उपरमे (भ्वा.) धातु, अधि+नि+यम्+अप्[3] (अ)= अधिनियम ।

शब्दार्थ- विशेषनियम, कुनै कुराको नियन्त्रणका लागि बनाइएको विशेष प्रकारको नियम ।

अधिपः (ना./पुं) अधि अधिकं पाति, वा अधिपाति रक्षतीति *(अधिक रक्षा गर्छ)* अधिपूर्वक पा रक्षणे (अदा.) धातु, अधि+पा+क[2] (अ), आलोप= अधिप ।

शब्दार्थ- राजा, राष्ट्रपति, प्रजाका परिपालक, जनताका स्वामी, मालिक, मुख्य शासक, अधिपति ।

अधिपतिः (ना./पुं) अधि अधिकं पाति *(अधिक रक्षा गर्छ)* अधिपूर्वक पा रक्षणे (अदा.) धातु, अधि+पा+डति (अति), टिलोप= अधिपति ।

शब्दार्थ- राजा, राष्ट्रपति, स्वामी, मालिक, मुख्य प्रशासक ।

अधिमासः (ना./पुं) मासादधिकः *(अधिक महिना, महिनाभन्दा बढी)* अधिक+मास, म.व्य.स., कलोप =अधिमास ।

शब्दार्थ- मलमास, अधिकमास, पुरुषोत्तम महिना ।

अधिभूतम् (अव्य./ना./न.) अधिभूते इति *(सबै प्राणीमा)* अधि+भूत, अव्य.स.= अधिभूत ।

अथवा भूतमभिव्याप्य स्थितम् *(सबै प्राणीहरूमा व्यापक भएर रहेको)* अधि+भूतम्, प्रा.त.स.=अधिभूत ।

अधिभूतं क्षरो भावः- भ.गी.८/४

शब्दार्थ- उत्पन्न र नाश हुने सबै वस्तु, भौतिक पदार्थ ।

अधिरथः (ना./पुं) रथमधिरूढः *(रथमा चढ्ने तथा हाँक्ने)* प्रा.त.स. = अधिरथ ।

शब्दार्थ- सारथि, सूत, रथ हाँक्ने व्यक्ति ।

अधिराट् (ना./पुं) आधिक्येन राजते *(ज्यादै सुशोभित हुन्छ)* अधिपूर्वक राजृ दीप्तौ (भ्वा.) धातु, अधि+राज्+क्विप् (सर्वलोप), अधिराज्= अधिराट् ।

शब्दार्थ- सम्राट्, चक्रवर्ती राजा ।

अधिराजः (ना./पुं) राजते इति *(सुशोभित हुन्छ)* अधिपूर्वक राजृ दीप्तौ (भ्वा.) धातु, राज्+कनिन्[4] (अन्), राजन्, राजा । अधिकश्चासौ राजा *(ठूलो राजा)* क.त.स. वा राज्ञः अतिक्रान्तः *(राजाहरूभन्दा पनि ठूलो राजा)* प्रा.त.स., अधिराजन्+टच् (समासान्त) =अधिराज ।

शब्दार्थ- सर्वोच्च शासक, राजाहरूको राजा, सम्राट्, चक्रवर्ती राजा, स्वामी, पर्वतहरूका राजा ।

द्रष्टव्य- हिमालयो नाम नगाधिराजः कु.सं १/१

अधिराज्यम् (ना./न.) राजते इति *(प्रकाशित हुन्छ)* राजृ दीप्तौ (भ्वा.) धातु, राज्+कनिन्[4] (अन्), राजन्, तस्य भावः कर्म वा *(राजाको भाव वा कर्म)* राजन्+यक्[5] (य), राज्यम् । अधिकृतं राज्यमत्र *(अधिकृत राज्य यस भित्र छ)* प्रा.त.स.= अधिराज्य ।

शब्दार्थ- साम्राज्य, धेरै राज्य मिलाइएको राज्य, सार्वभौम राज्य, स्वतन्त्र राज्य ।

अधिरोहणम् (ना./न.) अधिरुह्यते अत्र *(आरोहण गरिन्छ यसमा)* अधिपूर्वक रुह बीजजन्मनि प्रादुर्भावे च (भ्वा.) धातु, अधि+रुह+ल्युट् (अन), गुण, णत्व= अधिरोहण ।

शब्दार्थ- माथि चढ्ने काम, सवार, आरोहण, उच्चपदमा पुग्ने क्रिया ।

अधिवक्ता (वि.) अधि अधिक्येन वदतीति *(अधिक कुरा भन्छ)* अधिपूर्वक वच परिभाषणे (अदा.) धातु, अधि+वच्+तृच्[6] (तृ), अधिवक्तृ= अधिवक्ता ।

शब्दार्थ- प्रवक्ता, कानुन विशेषज्ञ, वकिल, व्याख्याता ।

अधिवासः (ना./पुं) अधिवसनमिति *(निवास गरिन्छ)* अधिपूर्वक वस निवासे (भ्वा.) धातु, अधि+वस्+घञ् (अ)= अधिवास ।

शब्दार्थ- राम्रो निवास, राम्ररी बस्ने क्रिया, संस्कारक्रिया ।

अधिवासी (वि.) अधिवसतीति *(राम्ररी निवास गर्छ)* अधिपूर्वक वस निवासे (भ्वा.) धातु, अधि+वस्+णिनि (इन्), अधिवासिन्= अधिवासी ।

अथवा अधिवासः निवासः अस्यास्तीति *(निवास छ यसको)* अधिवास+इनि (इन्), अधिवासिन्=अधिवासी ।

शब्दार्थ- निवास गर्ने, पुरानो बासिन्दा, बसोवास गर्ने ।

---

[1] उपाधिभ्यां त्यकन्ना.... : त्यकन्
[2] आतश्चोपसर्गे : क
[3] यमः समुपनिविषु च : अप्
[4] कनिन्युवृषितसिराजि : कनिन्
[5] पत्यन्तपुरोहितादिभ्य/राजासे : यक्
[6] ण्वुल्तृचौ : तृच्

अधिवेशनम् (ना./न.) अधिविश्यते अस्मिन् *(अधिवेशन गरिन्छ यहाँ)* अधिपूर्वक विश प्रवेशने (तुदा.) धातु, अधि+विश्+ल्युट् (अन), अधिकरणमा, गुण =अधिवेशन ।
शब्दार्थ- सम्मेलन, गोष्ठी, संसद् वा व्यवस्थापिकामा प्रतिनिधिहरूको सभा, उत्सव, गोष्ठीआदिमा जमघट

अधिष्ठाता (वि./ना./पुं.) अधितिष्ठतीति *(विशेषरूपले स्थापना गर्छ)* अधिपूर्वक ष्ठा गतिनिवृत्तौ (भ्वा.) धातु, अधि+स्था+तृच् (तृ), षत्व, अधिष्ठातृ=अधिष्ठाता ।
शब्दार्थ- स्थापना गर्ने, संस्थापक, कुनै संस्था स्थापना गर्ने व्यक्ति वा मुख्य मानिस ।

अधिष्ठात्री (ना./स्त्री) अधितिष्ठति अत्र *(स्थापना हुन्छ यहाँ)* अधिपूर्वक ष्ठा गतिनिवृत्तौ (भ्वा.) धातु, अधि+स्था+तृच् (तृ), अधिष्ठातृ+ङीप् (ई), यण्= अधिष्ठात्री
शब्दार्थ- आरध्यदेवी, कुनै स्थान वा वंशपरम्परामा उपासना गरिने इष्टदेवी ।

अधिष्ठानम् (ना./न) अधिष्ठीयते अत्र *(बसिन्छ वा खडा भइन्छ यहाँ)* अधिपूर्वक ष्ठा गतिनिवृत्तौ (भ्वा.) धातु, अधि+स्था+ल्युट् (अधिकरणमा)= अधिष्ठान ।
शब्दार्थ- अवस्थान, निवासस्थान, आवास, आसन, बस्ने ठाउँ, समीपमा खडा हुने काम ।

अधिष्ठितः (वि.) अधितिष्ठति स्म इति *(अवस्थित भएको)* अधिपूर्वक ष्ठा गतिनिवृत्तौ (भ्वा.) धातु, अधि+स्था+क्त[1] (त), इत्व[2]= अधिष्ठित ।
शब्दार्थ- विद्यमान रहेको, अवस्थित, बसेको, स्थापित, प्रमुख बनाइएको, प्रतिष्ठित ।

अधीतः (वि.) अध्येति स्म अनेन वा अधीतमनेन *(अध्ययन गरेको छ यसले)* अधिपूर्वक इण् गतौ (अदा.) धातु, अधि+इण्+क्त (त), कर्तामा, दीर्घ= अधीत ।
शब्दार्थ- पढेको, अध्ययन गरेको, पठित, शिक्षित ।

अधीनः (वि.) एति, ईयते इति वा *(जान्छ, गइन्छ)* इण् गतौ (अदा.) धातु, इ+नक्[3] (न), उणा., इनः ।
इनं प्रभुमधिगतम् *(मालिक प्राप्त गरेको)* अधि+इन, प्रा.त.स., दीर्घ= अधीन ।
शब्दार्थ- परवश, पराधीन, परनिर्भर, कसैको आश्रयमा रहेको, अर्काको वशमा परेको ।

अधीरः (वि.) दधातीति *(धारण गर्छ)* डुधाञ् धारणपोषणयोः (जुहो.) धातु, धा+क्रन्[4] (र), उणा., ईत्व, धीरः ।
अथवा धियं ईरयतीति *(बुद्धि विक्षोभ गर्छ)* ईर गतौ कम्पने (अदा.) धातु, धी+ईर्+अप् (अ), दीर्घ, धीरः ।
न धीरः *(जो धीर वा स्थिर छैन)* न.त.स.= अधीर ।
अथवा न धीरः धैर्यं यस्य *(जसको धैर्य छैन)* न.ब.स. =अधीर ।
शब्दार्थ- चञ्चल, कातर, धैर्यहीन, साहसरहित, अस्थिर, आत्तिएको, व्याकुल ।

अधीशः (ना./पुं) अधि अधिकम् ईष्टे इति *(अधिक मालिक बन्छ)* अधिपूर्वक ईश ऐश्वर्ये (अदा.) धातु, अधि+ईश्+क[5] (अ)= अधीश ।
शब्दार्थ- अधिपति, स्वामी, मालिक, प्रमुख, राजा, राष्ट्रपति

अधीश्वरः (ना./पुं.) ईशितुं शीलमस्य *(स्वामित्व वहन गर्ने शील छ यसको)* ईश ऐश्वर्ये (अदा.) धातु, ईश्+वरच्[6] (वर),ईश्वरः । अधि अधिकः ईश्वरः *(सर्वोच्च मालिक)* अधि+ईश्वर, प्रा.त.स., दीर्घ= अधीश्वर ।
शब्दार्थ- सर्वोच्च स्वामी, सर्वोच्च अधिपति, चक्रवर्ती सम्राट्, मुख्य मालिक, परमेश्वर ।

अधुना (अव्य.) अस्मिन् काले *(यस समयमा)* 'इदम्' शब्दबाट प्रकृतिको 'अधुना' आदेश= अधुना ।
शब्दार्थ- अहिले, अव, यस समयमा, यतिबेला ।

अधैर्यम् (ना./न.) धीरस्य भावः *(धीर हुनाको भाव वा अवस्था)* धीर+ष्यञ् (य) आदिवृद्धि, धैर्यम् । न धैर्यम् **(धैर्य नहुने काम)** न.त.स.= अधैर्य ।
शब्दार्थ- धैर्य नहुने काम, छटपटी, व्याकुलता, चञ्चलपना

अधोगतिः (ना./स्त्री) अधः गम्यते अनेन *(तल खसिन्छ यसबाट)* गम्लृ गतौ (भ्वा.) धातु, अधस्+गम्+क्तिन् (ति), सको षत्व, उत्व, गुण= अधोगति ।
शब्दार्थ- पतनतिर लाग्ने काम, ओरालो गति, तलतिर लाग्ने काम, दुर्गति, अधःपतन, नारकीय गति ।

अधोमतिः (ना./स्त्री) मन्यते अनया *(ठानिन्छ, जानिन्छ यसबाट)* मन ज्ञाने (दिवा.) धातु, मन्+क्तिन् (ति), मतिः । अधश्चासौ मतिश्च *(उँधोतिर लाग्ने बुद्धि)* क.त.स., रुत्व, उत्व, गुण= अधोमति ।
शब्दार्थ-भ्रष्टमति, कुमति, कुबुद्धि, अधोगतितिर लाग्ने मति

अधोमार्गः (ना./पुं) मृज्यते तृणरहितं क्रियते *(सफा पारिन्छ)* मृजु शुद्धौ अदा.) धातु, अथवा मार्ग्यते अनेन *(खोजिन्छ यसबाट)* मार्ग अन्वेषणे (चुरा.) धातु, मृज् वा मार्ग्+घञ् (अ), मार्गः । अधः अधोगतश्चासौ मार्गश्च *(तलतिर लागेको बाटो)* क.त.स.=अधोमार्ग ।
शब्दार्थ- तलतिर लागेको मार्ग, ओरालो लागेको बाटो, अधोगतिको मार्ग, कुबाटो, कुपथ, गुदद्वार ।

अधोमुखः (वि.) खनति, खन्यते अनेन इति वा *(खनिन्छ, खाइन्छ यसबाट)* खनु अवदारणे (भ्वा.) धातु, खन्+अच्[7] (अ) खन्भन्दा पूर्व मुडागम, (उणा.), मुखन्+अ (टिलोप), मुखम् । अधः अधस्तात् मुखं यस्य *(तलतिर छ मुख यसको)* ब.स.= अधोमुख ।
प्राक्खनो मुडुदात्तश्च ततोऽच्च प्रत्ययौ भवेत् ।
प्रजासृजा यतः खातं तस्मादाहुर्मुखं बुधाः- निरुक्तम्
शब्दार्थ- तलतिर मुख लगाएको, लज्जित, घोसेमुन्टो लगाएको, उँधोतिर मुख फर्केको, मुन्टो निहुराएको, लज्जित अनुहार ।

---

[1] गत्यर्थाकर्मक.... : क्त
[2] द्यतिस्यतिमास्था.... : इत्व
[3] इण्सिञ्जिदीङुष्य...: नक्
[4] सुसूधाशृधिभ्यः : क्रन्
[5] इगुपधज्ञा.... : क
[6] स्थेशभासपिस .... : वरच्
[7] डित्खनेर्मुट्... : अच्

अधोवायु: (ना./पुं.) वातीति *(बहन्छ)* वा गतिगन्धनयो: (अदा.) धातु, वा+उण्+उ (उणा.), युगागम, वायु: । अध: अधोगत: वायुर्यस्य *(तलतिर बहन्छ वायु जसको)* ब.स., उ.प.लोप= अधोवायु ।

शब्दार्थ- अपानवायु, अधोवायु, तलतिर वहने हावा, गुदद्वारवाट निस्कने वायु ।

अध्यक्ष: (ना./पुं.) अधि अक्ष्णोति समन्ताद् व्याप्नोतीति *(सर्वत्र ढाक्तछ)* अक्षू व्याप्तौ (भ्वा.) धातु, अधि+अक्ष्+अच् (पचादि), यण्= अध्यक्ष ।

अथवा अक्षमिन्द्रियमधिगतम् *(प्रत्यक्ष इन्द्रियगोचर भएको)*, अधि+अक्ष, यण्, प्रा.त.स.[1]= अध्यक्ष ।

अध्यक्षाधिकृतौ समौ- इत्यमर:

अध्यक्षोऽधिकृते प्रोक्त: प्रत्यक्षे त्वभिधेयवत्- इति मेदिनी

शब्दार्थ- प्रत्यक्ष ज्ञान, इन्द्रियजन्य ज्ञान, प्रमुख वा मुख्य व्यक्ति, सभापति, अध्यक्षता गर्ने व्यक्ति ।

मयाऽध्यक्षेण प्रकृति: सूयते स चराचरम्- भ.गी ९/१०

अध्ययनम् (ना./न.) अधीयते अनेन *(अध्ययन गरिन्छ)* अधिपूर्वक इङ् अध्ययने (अदा.) धातु, अधि+इ+ल्युट् (अन), गुण अयादेश= अध्ययन ।

शब्दार्थ- पढ्ने क्रिया, पठनपाठन, सिक्ने काम, पढाइ, अध्ययन गर्ने काम, वेदाध्ययन ।

अध्यवसाय: (ना./पुं.) अध्यवसानमिति *(प्रयत्न गरिन्छ)* अधि अव उपसर्गद्वयपूर्वक षै क्षये (भ्वा.) वा षो अन्तकर्मणि (दिवा.) धातु, आत्व, सत्त्व, अधि+अव+सा+घञ् (अ), यण्, युक्= अध्यवसाय ।

उत्साहोऽध्यवसाय: स्यात्- इत्यमर:

शब्दार्थ- परिश्रम, प्रयत्न, उद्यम, उद्योग, उत्साह, कार्यमा संलग्न रहने काम, दृढसङ्कल्प ।

अध्यागमनम् (ना./न.) आगम्यते, आगमनमिति वा *(आगमन भइरहन्छ)* आङ्पूर्वक गम्लृ गतौ (भ्वा.) धातु, आ+गम्+ल्युट् (अन), आगमनम् । अधि अधिकमागमनम् *(अधिक आगमन)* अधि+आगमनम्, प्रा.त.स., यण्= अध्यागमन ।

शब्दार्थ- पर्यटकहरू आउने कार्य, नियमपूर्वक विदेशीलाई प्रवेश गर्न दिने काम ।

अध्यात्मम् (ना./न./अव्य.) अततीति *(निरन्तर चलिरहन्छ)* अत सातत्यगमने (भ्वा.) धातु, अत्+मनिण्[2] (मन्), उणा., उपधावृद्धि, आत्मन् । अधि अधिकमात्मन: *(आत्मा-सम्बन्धी)* अधि+ आत्मन्, प्रा.त.स.=अध्यात्म । अथवा आत्मनि इति *(आत्मामा)* अधि+आत्मन्, अव्य.स., टच् (अ), टिलोप= अध्यात्म ।

शब्दार्थ- आत्मासँग सम्वन्धित ज्ञान, परब्रह्म परमात्मासम्वन्धी ज्ञान, आत्मज्ञान, आत्मतत्त्व, परमार्थसम्वन्धी ज्ञान, प्राणीको आत्मामा रहने परब्रह्मको अन्तरात्मस्वरूप, आत्मामा ।

अध्यादेश: (ना./पुं) आदिस्यते इति *(आदेश दिइन्छ)* आङ् उपसर्गपूर्वक दिश अतिसर्जने (तुदा.) धातु, आ+दिश्+घञ् (अ), आदेश: । अधि अधिक: आदेश: *(विशेष आदेश)* प्रा.त.स., यण्= अध्यादेश ।

शब्दार्थ- विशेष परिस्थितिमा तोकिएको समयसम्मका लागि राष्ट्राध्यक्ष वा राष्ट्रपतिद्वारा लागू गरिएको ऐन, कानुन वा आज्ञापत्र आदि विशेष आदेश ।

अध्यापक: (ना./पुं.) अध्यापयतीति *(अध्यापन गर्छ)* अधिपूर्वक इङ् अध्ययने (अदा.) धातु, अधि+इ+णिचि+ण्वुल् (अक), आत्व[3], पुक्[4], णिलोप= अध्यापक ।

शब्दार्थ- अध्यापन गर्ने व्यक्ति, पढाउने मानिस, शिक्षक, गुरु

अध्यापनम् (ना./न.) अध्यापनमिति *(पढाइन्छ)* अधिपूर्वक इङ् अध्ययने (अदा.) धातु, अधि+इ+णिचि+ल्युट् (अन), आत्व[3], पुक्[4], णिलोप= अध्यापन ।

शब्दार्थ- पढाउने काम, पाठन क्रिया, विद्यादान, अध्यापन गर्ने काम, शिक्षण ।

अध्यापनीय: (वि.) अध्यापितुं योग्य: *(पढाउन लायक)* अधिपूर्वक इङ् अध्ययने (अदा.) धातु, अधि+इ+णिचि+अनीय (र्), आत्व[3], पुक्[4], णिलोप= अध्यापनीय ।

शब्दार्थ- अध्यापन गर्न उपयुक्त, सिकाउन लायक ।

अध्यापित: (वि.) अध्याप्यते स्म इति *(पढाइएको)* अधि आङ्पूर्वक इङ् अध्ययने (अदा.) धातु, अधि+इ+णिचि+क्त (त), आत्व[3], पुक्[4], णिलोप= अध्यापित ।

शब्दार्थ- पढाइएको, सिकाइएको, अध्यापन गरिएको ।

अध्यापिका (ना./स्त्री.) अध्यापयति असौ *(अध्यापन गर्छे यो स्त्री)* अधिपूर्वक इङ् अध्ययने (अदा.) धातु, अधि+इ +णिचि+ण्वुल् (अक), आत्व[3], पुक्[4], णिलोप, अध्यापक +टाप् (आ), ककारपूर्वका अकारको इत्व =अध्यापिका ।

शब्दार्थ-पढाउने गुरुआमा, शिक्षिका, अध्यापन गर्ने महिला

अध्याय: (ना./पुं) अधीयते अस्मिन् *(अध्ययन गरिन्छ वा अध्ययनको क्रम रहन्छ यसमा)* अधिपूर्वक इङ् अध्ययने (अदा.) धातु, अधि+इ+घञ्[5] (अ), वृद्धि, आयादेश= अध्याय ।

शब्दार्थ- अध्ययन, पठनपाठन, खण्ड, भाग, सर्ग, काण्ड, अङ्ग, परिच्छेद, उल्लास, प्रकरण, उच्छ्वास, स्कन्ध, वर्ग, सङ्ग्रह, पर्व ।

अध्याहार: (ना./पुं) अध्याह्रियते इति *(अध्याहार गरिन्छ)* अधि आङ्पूर्वक हृञ् हरणे (भ्वा.) धातु, अधि+आ+हृ+घञ् (अ), यण्, वृद्धि= अध्याहार ।

शब्दार्थ- न्यून पद पूरा गर्न गरिने नवीन कल्पना, तर्क, अनुमान, मुख्य भनाइलाई पुष्टि गर्न अरू कुरा वा शब्द थप्ने काम ।

---

[1] प्रादयो गताद्यर्थे... : प्रा.त.स.

[2] सातिभ्यां मनिण्मनिणौ : मनिण्

[3] क्रीङ्जीनां णौ : आत्व

[4] अर्तिह्रीब्लीरी.... : पुक्

[5] अध्यायन्यायोद्या... : घञ्

अध्येता (ना./पुं) अधीते इति *(अध्ययन गर्छ)* अधिपूर्वक इङ् अध्ययने (अदा.) धातु, अधि+इ+तृच् (तृ), गुण, यण्, अध्येतृ= अध्येता ।

शब्दार्थ- अध्ययन गर्ने व्यक्ति, पढ्ने विद्यार्थी, छात्रछात्रा ।

अध्वरः (ना./पुं) न ध्वरति यस्मिन् *(जहाँ हिंसा हुँदैन)* ध्वृ हूर्च्छने (भ्वा.) धातु, न+ध्वृ+अच् (पचादि)/घ (अ), गुण= अध्वर ।

अथवा अध्वानं सत्मार्गं राति दधातीति *(सत्मार्गमा लैजान्छ)* अध्वन्पूर्वक रा दाने (अदा.) धातु, अध्वन्+रा+क[1] (अ), आलोप= अध्वर ।

अध्वरः सावधाने स्याद् वसुभेदे क्रतौ पुमान्- इति मेदिनी

शब्दार्थ- यज्ञ, धार्मिक अनुष्ठान, क्रतु, हवन, यज्ञ, सोमयाग, सावधान, ध्वर (हिंसा) नहुने यज्ञ ।

अध्वर्युः (ना./पुं) अध्वरं यज्ञं यातीति *(यज्ञ गर्छ)* अध्वरपूर्वक या प्रापणे (अदा.) धातु, अध्वर+या+उक् (बहुलप्रकारले), आलोप= अध्वर्यु ।

शब्दार्थ- यजुर्वेदी ऋत्विक्-विशेष, जो यज्ञमा होता, उद्‌गाता, पुरोहित र ब्रह्माभन्दा भिन्न हुन्छ ।

अनक्षरः (वि./ना./न.) न क्षरतीति *(चल्दैन)* नञ्पूर्वक क्षर सञ्चलने (भ्वा.) धातु, न+क्षर्+अच् (पचादि), अक्षरम् ।

अथवा अश्नुते *(व्याप्त हुन्छ)* अशु व्याप्तौ (स्वा.) धातु, अश्+सर[2] (उणा.), शको षत्व, सको षत्व, षको क, क र षको क्षत्व, अक्षरम् ।

न विद्यमानानि प्रशस्तानि अक्षराणि यस्मिन् *(जसमा राम्रो बोलीवचन हुँदैन)* न.ब.स., उ.प.लोप=अनक्षर ।

अनक्षरमवाच्यं स्यात्- इत्यमरः

शब्दार्थ- बोल्न नसक्ने, लेख्नपढ्न नजान्ने, निरक्षर, मुक, दुर्वाच्य, अवाच्य, दुर्वचन, गाली ।

अनघः (वि.) अघं पापं न विद्यते अस्य *(यसको पाप विद्यमान छैन)* न.ब.स.[3], उ.प.लोप= अनघ ।

शब्दार्थ- पापरहित, स्वच्छ, निर्मल, निस्पाप ।

अनङ्कितः (वि.) अङ्‌क्यते स्म इति *(उल्लेख गरिएको, चिन्ह लगाइएको)* अकि लक्षणे (भ्वा.) धातु, नुम्, अङ्क्+क्त (त), इडागम, अङ्कितः । न अङ्कितः *(उल्लेख नगरिएको)* न.त.स.= अनङ्कित ।

शब्दार्थ-अङ्कित नभएको, उल्लेख नगरिएको, नलेखिएको ।

अनङ्गः (वि./ना./पुं) अङ्गतीति *(चल्छ)* अगि गतौ (भ्वा.) धातु, नुम् अङ्ग्+अच् (पचादि), अङ्गम् । नास्ति अङ्गम् अवयवः यस्य *(जसको अङ्ग वा देह छैन)* न.ब.स., उ.प.लोप= अनङ्ग ।

अनङ्गो मदनेऽनङ्गमाकाशमनसोरपि- इति मेदिनी

त्वमनङ्गः कथमक्षता रतिः- कु.सं.

शब्दार्थ- देहहीन, अङ्गरहित, आकृतिरहित, शरीर नभएको, कामदेव, अनङ्ग, मदन, मन, आकाश ।

अनतिक्रमणम् (ना./न.) अतिक्रम्यते अनेन *(अतिक्रमण गरिन्छ यसबाट)* अतिपूर्वक क्रमु पादविक्षेपे (भ्वा.) धातु, अति+क्रम्+ल्युट् (अन), करणमा, अतिक्रमणम् । न अतिक्रमणम् *(अतिक्रमणको अभाव)* न.त.स. =अनतिक्रमण ।

शब्दार्थ- सीमा या मर्यादाको उल्लङ्घन नगर्ने काम, नियम नतोड्ने कार्य ।

अनधिकारः (ना./पुं./वि.) अधिक्रियते इति *(अधिकार लिइन्छ)* अधिपूर्वक डुकृञ् करणे (तना.) धातु, अधि+कृ+घञ् (अ), वृद्धि, अधिकारः । न अधिकारः (अधिकारको अभाव) न.त.स.= अनधिकार ।

शब्दार्थ- अधिकारको अभाव, अधिकारहीन, अख्तियार नभएको ।

अनधिकृतः (वि.) न अधि आधिक्यं क्रियते स्म इति *(अधिकार नदिइएको)* अधिपूर्वक डुकृञ् करणे (तना.) धातु, न+अधि+कृ+क्त (त) न.त.स.= अनधिकृत ।

शब्दार्थ- अधिकाररहित, अधिकार प्राप्त नभएको, शक्तिरहित, अधिकार नदिइएको ।

अनन्तः (वि./ना./पुं) अमति, आमयतीति वा *(नाश हुन्छ)* अम गत्यादिषु (भ्वा.) धातु, वा अम रोगे (चुरा.) धातु, अम्+तन् (त), परसवर्ण, अन्तः । नास्ति अन्तः सीमा यस्य अथवा न विद्यमानः अन्तः विनाशः यस्य सः *(जसको सीमा छैन वा विनाश छैन)* न.ब.स., उ.प.लोप= अनन्त ।

शब्दार्थ- असीम, अधिक, अन्तरहित, सीमारहित, आकाश, शेषनाग, विष्णु, बलदेव ।

उदा. **यहाँ के छैन ? सब थोक छ,**
असंख्य रोग छ, अनन्त भोक छ, असीम शोक
छ- घु.मे.अ. (मेरो चोक- भूपि शेरचन)

अनन्तरः (वि.) नास्ति अन्तरमवकाशः यस्य वा अविद्यमानं अन्तरं यस्य *(जसको अन्तर वा अवकाश छैन)* न.ब.स., उ.प.लोप= अनन्तर ।

शब्दार्थ- अवकाशरहित, अन्तररहित ।

अनन्तकालः (ना./पुं) अनन्तश्चासौ कालश्च *(धेरै समय)* क.त.स = अनन्तकाल ।

शब्दार्थ- धेरै समय, अनगिन्ती समय ।

अनन्तकीर्तिः (वि.) अनन्ता कीर्तिर्यस्य *(ठूलो छ कीर्ति जसको)* ब.स.= अनन्तकीर्ति ।

शब्दार्थ- अत्यधिक कीर्ति भएको, ज्यादै प्रशंसा पाएको, धेरै कीर्तिशाली ।

अनन्तरूपः (वि./ना./पुं) अनन्तानि रूपाणि यस्य *(अनेक रूप छन् जसका)* ब.स.= अनन्तरूप ।

शब्दार्थ- अनेकरूप लिने, बहुरूपी, परब्रह्म-परमेश्वर ।

---

[1] आतोऽनुपसर्गे... : क

[2] अशेः सरः : सर

[3] नञोऽस्त्यर्थानाम्..... : न.ब.स.

अनन्तवीर्यः (ना./पुं.) अनन्तमसीमं वीर्यं तेजः यस्य सः *(असीम छ वीर्य या पराक्रम जसको)* न.व.स. =अनन्तवीर्य ।

शब्दार्थ- अनन्तशक्ति-सम्पन्न व्यक्ति, महापराक्रमी पुरुष

अनन्तश्रीः (वि./ना./पुं) अनन्ता अपरिमिता श्री शोभा वा शक्तिर्यस्य *(अनन्त या अपरिमित शोभा वा शक्ति छ जसको)* ब.स.= अनन्तश्री ।

शब्दार्थ- अतिसौन्दर्यशाली, अपरिमित शक्तिसम्पन्न, अनन्त सौन्दर्यले परिपूर्ण, परमेश्वर ।

अनन्यगतिः (वि.) नास्ति अन्या गतिर्यस्य *(जसको अर्को गति छैन)* न.ब.स.= अनन्यगति ।

शब्दार्थ- अर्को गति नभएको, अर्को शरण नभएको, अर्को आश्रय नभएको ।

अनर्थः (वि.) अर्थ्यते इति *(याचना गरिन्छ)* अर्थ उपयाञ्चायाम् (चुरा.) धातु, अर्थ+घञ्[1] (अ), अर्थः । अथवा ऋच्छति अर्यते वेति *(चलायमान हुन्छ)* ऋ गतिप्रापणयोः (भ्वा.) धातु, वा ऋणाति अर्यते वेति ॠ गतौ (क्र्या.) धातु, ॠ+थन् (थ), गुण, अर्थः । न विद्यमानः अर्थः प्रयोजनं यत्र *(जहाँ अर्थ वा प्रयोजन छैन)* न.ब.स., उ.प.लोप= अनर्थ ।

शब्दार्थ- अर्थहीन, अनुपयुक्त, निरर्थक, प्रयोजनरहित ।

अनर्थकः (वि.) नास्ति अर्थः प्रयोजनं यस्य *(जसको अर्थ वा प्रयोजन छैन)* न.ब.स, नुट्, कप्= अनर्थक ।

शब्दार्थ- निरर्थक, व्यर्थ, अर्थ न वर्थको, अनुपयुक्त, प्रयोजन विनाको ।

अनलः (ना./पुं) अनिति अनेन *(जीवित रहन्छ यसबाट)* अन प्राणने (अदा.) धातु, अन्+कलच्[2] (अल)=अनल अथवा नास्ति अलं पर्याप्तिर्यस्य सः *(जसको पर्याप्तता छैन)* न.ब.स.= अनल ।

शब्दार्थ- आगो, अग्निदेवता, वैश्वानर, वन्हि, पाचनशक्ति, अष्टवसुमध्ये एक ।

अनवसरः (वि.) नास्ति अवसरः अवकाशः यस्य *(जसको अवकाश छैन)* न.ब.स.= अनवसर ।

शब्दार्थ- अवकाश नभएको, अवकाशरहित, बेफुर्सदी ।

अनभिज्ञः (वि.) अभिजानातीति *(जान्दछ)* अभिपूर्वक ज्ञा अवबोधने (क्र्या.) धातु, अभि+ज्ञा+क[3] (अ) आलोप, अभिज्ञः । न अभिज्ञः *(नजान्ने)* न.त.स.= अनभिज्ञ ।

शब्दार्थ- अनजान, अपरिचित, अज्ञात, केही नजान्ने, ज्ञान नभएको ।

उदा. यद्यपि हामी अनभिज्ञ छैनौ परमाणुको लागि पनि । - फर्सीको जरा (मोहन कोइराला)

अनभिज्ञता (ना./स्त्री) अनभिज्ञस्य भावः *(अभिज्ञ नहुनाको भाव वा अवस्था)* अनभिज्ञ+तल् (त)+टाप् (आ)= अनभिज्ञता ।

शब्दार्थ- अपरिचितता, अज्ञानता ।

उदा. त्यो सामान्य पशुको जीवन
त्यो विश्वविषयक अनभिज्ञता- आ.पा.२/१५

अनभ्याशः/अनभ्यासः (वि./ना./पुं.) अभ्यश्यते इति *(अभ्यास गरिन्छ)* अभिपूर्वक अशु व्याप्तौ सङ्घाते (स्वा.) धातु, अभि+अश्+घञ् (अ), यण्, अभ्याशः । अथवा अभ्यासीददिति *(अभ्यास गरेको)* अभि आ उपसर्गद्वयपूर्वक षद्लृ विसरणगत्यवसादनेषु (तुदा.) धातु, अभि+आ+सद्+ड[4] (अ) टिलोप, यण्, अभ्यासः ।

अभ्यासोऽभ्यसनेऽन्तिके- इति मेदिनी

नास्ति अभ्याशः/अभ्यासः यत्र *(जहाँ अभ्यास छैन)* न.ब.स., नुट्= अनभ्याश/अनभ्यास ।

शब्दार्थ- कुनै कुरा अभ्यास नगरिएको, विना अभ्यास, प्रयोगात्मक ज्ञानको अभाव ।

अनयः (ना./पुं) नीयते अनेन *(लगिन्छ यसबाट)* णीञ् प्रापणे (भ्वा.) धातु, नी+अच्[5] (अ), गुण, अयादेश, नयः । न नयः *(न्यायको अभाव)* न.त.स.= अनय ।

शब्दार्थ-न्यायरहितता, अन्याय, दुराचरण, दुर्नीति, वेनियम

अन्यायीको अनय अथवा शत्रुको हाँक सुन्दै- भृ.ख.का ७/८

अनर्गलः (वि.) अर्ज्यते इति *(रोकिन्छ)* अर्ज अर्जने (भ्वा.) धातु, अर्ज्+कलच्[2] (अल) कुत्व[6], अर्गलम् । न विद्यमानं अर्गलं यत्र *(जहाँ आग्लो वा नियन्त्रण छैन)* न+अर्गल, न.ब.स., नुट्= अनर्गल ।

शब्दार्थ- अनियन्त्रित, चुकुल वा आग्लो विनाको, स्वेच्छाचारितापूर्ण, निरङ्कुश ।

अनलङ्कृतः (वि.) अलङ्क्रियते स्म इति *(विभूषित गरिएको)* अलम्पूर्वक डुकृञ् करणे (तना.) धातु, अलम्+कृ+क्त (त), अलङ्कृतः । न अलङ्कृतः *(अलङ्कार नगरिएको)* न+अलङ्कृत, न.त.स.= अनलङ्कृत ।

शब्दार्थ- अलङ्काररहित, अविभूषित, अप्रसाधित, विभूषण नलगाएको, अलङ्कार नपहिरेको ।

अनवकाशः (वि./ना./पुं.) अवकाशते इति *(अवकाश वा फुर्सत पाउँछ)* अवपूर्वक काशृ दीप्तौ (भ्वा.) धातु, अव+काश्+अच् (पचादि), अवकाशः । न विद्यमानः अवकाशः यत्र *(जहाँ फुर्सदको समय छैन)* न.ब.स, वा न अवकाशः *(अवकाशको अभाव)* न.त.स. = अनवकाश ।

शब्दार्थ- फुर्सद नभएको, छुट्टी नभएको, अवकाशको अभाव, बेकाम, निश्चित काम नभएको समय, बेफुर्सतको समय ।

---

१. अकर्तरि च कारके... : घञ्
२. वृषादिभ्यश्चित् : कलच्
३. आतश्चोपसर्गे : क
४. अन्येष्वपि दृश्यते : ड
५. एरच् : अच्
६. न्यङ्क्वादि... : कुत्व

अनवच्छिन्नः (वि.) अवच्छिद्यते स्म इति *(काटिएको)* अवपूर्वक छिदिर् द्वैधीकरणे (रुधा.) धातु, अव+छिद्+क्त (त), निष्ठा तको न, दको न, तुक्, श्चुत्व, अवच्छिन्नः । न अवच्छिन्नः *(न काटिएको)* न.त.स., नुट्= अनवच्छिन्न ।

शब्दार्थ- नकाटिएको, विभाजित नगरिएको, नटुटेको, निरन्तर चलेको, सीमारहित, अनवरत ।

अनवरतः (वि./अव्य.) अवरम्यते इति *(विश्राम लिनु)* अवपूर्वक रमु क्रीडायाम् (भ्वा.) धातु, अव+रम्+क्त (त), भावमा, अवरतम् । नास्ति अवरतं यत्र *(जहाँ विश्राम छैन)* न.ब.स[1], नुट्= अनवरत ।

शब्दार्थ- निरन्तरको, रोकावट विनाको, लगातारको, विराम, निरन्तर, लगातार, नरोकिइकन ।

उदा. मसँग कुनै वैभव छैन, मेरो अनवरत चेष्टाको ।
-मसँग कुनै वैभव छैन- विजय मल्ल)

अनवरोधः (वि./ना./पुं.) अवरुध्यते अनेन इति *(रोकिन्छ यसबाट)* अवपूर्वक रुधिर् आवरणे (रुधा.) धातु, अव+रुध्+घञ् (अ), गुण, अवरोधः । न विद्यमानः अवरोधः यत्र *(जहाँ अवरोध छैन)* न.ब.स.[1] वा न अवरोधः *(अवरोध नहुने काम)* न.त.स.= अनवरोध ।

शब्दार्थ- रोकावट नभएको, प्रतिवन्धरहित, वाधा नभएको, अवरोध नभएको, छेकथुनको अभाव, विनारोकटोक ।

अनवसरः (वि./ना./पुं.) अवसरति अनेन *(अवसर मिल्छ यसबाट)* अवपूर्वक सृ गतौ (भ्वा.) धातु, अव+सृ+अप्[2] (अ), गुण, अवसरः । न विद्यमानः अवसरः यत्र *(जहाँ अवसर वा मौका छैन)* न.ब.स.[1], उ.प.लोप, नुट्= अनवसर ।

अथवा न अवसरः *(अवसरको अभाव)* न.त.स. =अनवसर ।

शब्दार्थ- व्यस्त, अवकाश प्राप्त नभएको, कुसमयको, मौका प्राप्त नभएको, अवसररहित, अवसरको अभाव, अवकाश नमिल्ने क्रिया ।

अनविश्वासः (ना./पुं./वि.) विश्वस्यते इति *(विश्वास गरिन्छ)* विपूर्वक श्वस प्राणने (अदा.) धातु, वि+श्वस्+घञ् (अ), विश्वासः । न विश्वासः *(विश्वासको अभाव)* न.त.स. वा न विद्यमानः विश्वासः यत्र *(जहाँ विश्वास छैन)* न.ब.स.[1], उ.प.लोप, नुट्= अनविश्वास ।

शब्दार्थ- अविश्वास, पत्यार नहुने काम, विश्वास नहुने काम, विश्वासघात, विश्वास नभएको, पत्यार नहुने ।

अनशनम् (ना./न.) अशनम्, अश्यते इति वा *(खाइन्छ)* अश भोजने (क्र्या.) धातु, अश्+ल्युट् (अन), अशनम् । न अशनम् *(खाइँदैन)* न.त.स, नुट्= अनशन ।

शब्दार्थ- उपवास, खाना नखाने काम, आहारा परित्याग, खाना त्यागेर भोकै वस्ने काम ।

अनश्वरः (वि.) नश्यति तच्छीलः (विनाशशीलः) *(नाश हुन्छ)* णश अदर्शने (दिवा.) धातु, नश्+क्वरप्[3] (वर), नश्वरः । न नश्वरः *(नाश नहुने क्रिया)* न.त.स., नुट् =अनश्वर ।

शब्दार्थ- अविनाशी, शाश्वत, नाश नहुने, निरन्तर स्थिर रहने ।

अनस्तित्वम् (ना./न.) अस्तीति *(रहन्छ)* अस भुवि (अदा.) धातु, अस्+क्तिच् (ति), अस्ति । अस्तेर्भावः *(रहनु वा हुनुको भाव वा अवस्था)* अस्ति+त्व, अस्तित्वम् । न अस्तित्वम् *(अस्तित्वको अभाव)* न.त.स, नुट्= अनस्तित्व ।

शब्दार्थ- अस्तित्वको अभाव, अस्तित्व नहुनाको स्थिति, अस्तित्व विहीनता, विद्यमानताको अभाव ।

अनहङ्कारः (वि.) अहङ्क्रियते इति *(अहङ्कार गरिन्छ)* अहम्पूर्वक डुकृञ् करणे (तना.) धातु, अहम्+कृ+घञ् (अ), अहङ्कारः । न विद्यमानः अहङ्कारः यस्य *(जसको अहङ्कार छैन)* न.ब.स., नुट्= अनहङ्कार ।

शब्दार्थ- अहङ्कार नभएको, घमण्ड नगर्ने, अहङ्काररहित ।

अनाकर्षणम् (ना./न.) आकृष्यते अनेन *(खिचिन्छ यसबाट)* आङ्पूर्वक कृष विलेखने (तुदा.) धातु, आ+कृष्+ल्युट् (अन), आकर्षणम् । न आकर्षणम् *(आकर्षणको अभाव)* न.त.स., नुट्= अनाकर्षण ।

शब्दार्थ- आकर्षण नहुने काम, चित्त खिच्न नसक्ने क्रिया, मोहित पार्न नसक्ने काम, आकर्षणको अभाव ।

अनाक्रमणम् (ना./न.) आक्रम्यते अनेनेति *(आक्रमण गरिन्छ यसबाट)* आङ्पूर्वक क्रमु पादविक्षेपे (भ्वा.) धातु, आ+क्रम्+ल्युट् (अन), आक्रमणम् । न आक्रमणम् *(आक्रमण नगर्ने काम)* न.त.स., नुट् =अनाक्रमण ।

शब्दार्थ- आक्रमण नगर्ने क्रिया, हमला नगर्ने कार्य, आइनलाग्ने क्रिया, आक्रमणको अभाव ।

अनागतः (वि.) आगच्छति स्म इति *(आएको)* आङ्पूर्वक गम्लृ गतौ (भ्वा.) धातु, आ+गम्+क्त[4] (त), कर्तामा मलोप, आगतः । न आगतः *(न आएको)* न.त.स, नुट्= अनागत ।

शब्दार्थ- नआएको, आइनपुगेको, उपस्थित नभएको, प्राप्त नभएको, आइनपरेको, अपरिचित ।

उदा. **के भन्ला युगको अनागत ध्वजा,**
यो लिच्छवी वंशको- भृ.ख.का.२/३१

---

[1] नञोऽस्त्यर्थानाम्... : न.ब.स.
[2] ऋदोरप् : अप्
[3] इण्नशिजिसर्तिभ्य : क्वरप्
[4] गत्यर्थाकर्मक...: क्त, कर्तामा

अनागरिकः (वि.) न गच्छति *(चल्दैन, हिंड्दैन)* गम्लृ गतौ (भ्वा.) धातु, न+गम्+ड[1] (अ) टिलोप, नगः । नगाः पर्वताः वा उच्चप्रासादाः सन्ति अत्र *(अग्ला पहाड वा दरबार छन् यहाँ),* नग+र[2], नगरः । नगरे भवः *(नगरमा हुने, नगरमा उत्पन्न भएको)* वा नगरादागतः *(नगरबाट आएको)* नगर+ठक्[3] (इक) आदिवृद्धि, नागरिकः । न नागरिकः *(नागरिक नभएको)* न.त.स.= अनागरिक ।

शब्दार्थ- नगरमा उत्पन्न नभएको, नगर वा देशमा बसोवास नभएको, घरवारविहीन, विदेशी, नगर वा आफ्नो देश वाहिरको, नागरिकता प्राप्त नगरेको ।

अनाचारः (ना./पुं.) आचर्यते इति *(आचरण गरिन्छ)* चर गतिभक्षणयोः (भ्वा.) धातु, आ+चर्+घञ् (अ) वृद्धि, आचारः । न आचारः *(राम्रो आचरणको अभाव)* न.त.स., नुट्= अनाचार ।

शब्दार्थ- निन्दित आचरण, खराब आचरण, दुराचरण, दुराचार, खराव आचार, कुकृत्य, नीतिनियम विरुद्धको आचरण, अकृत्यकर्म ।

अनातपः (वि./ना./पुं.) न विद्यमानः आतपः यस्मिन् *(जहाँ घाम लागेको छैन)* न.ब.स., उ.प.लोप, नुट् = अनातप । अथवा न आतपः *(घाम वा तातोपनको अभाव)* न.त.स., नुट्= अनातप ।

शब्दार्थ- ताप नभएको, घाम नलागेको, उष्णतारहित, शीतलता नभएको, घामको अभाव, चिसोपना ।

अनाथः (वि.) नाथति इति *(मालिक हुन्छ)* नाथृ याच्ञोपतापैश्वर्याऽशीःषु (भ्वा.) धातु, नाथ्+अच् (पचादि), नाथः । न विद्यमानः नाथः यस्य *(जसको संरक्षक वा स्वामी छैन)* न.ब.स., उ.प.लोप=अनाथ ।

शब्दार्थ- त्यागिएको, संरक्षक नभएको, असहाय, टुहुरो, बेवारिस, स्वामी नभएको ।

अनाथालयः/अनाथाश्रमः (ना./पुं) अनाथानामालयः आनाथानामाश्रमः वा *(अनाथहरूको घर वा आश्रम)* ष.त.स., दीर्घ= अनाथालय/अनाथाश्रम ।

शब्दार्थ- अनाथहरूको घर वा आश्रम, अनाथहरूको संरक्षण गर्ने संस्था, अनाथहरू वस्ने ठाउँ ।

अनादरः (ना./पुं./वि.) आद्रियते अनेनेति *(आदर गरिन्छ यसबाट)* आङ्पूर्वक दृङ् आदरे (तुदा.) धातु, आ+दृ+अप्[4] (अ), गुण, आदरः । न आदरः *(आदरको अभाव)* न.त.स. वा न विद्यमानः आदरः यत्र *(जहाँ आदर छैन)* न.ब.स., नुट्= अनादर ।

अनादरः परिभवः परिभावस्तिरस्क्रिया- इत्यमरः ।

शब्दार्थ- तिरस्कार, निरादर, हेला, अनादर, उपेक्षा, अपहेलना, अपमान गरिएको, अनादर वा हेला गरिएको, तिरस्कृत ।

अनादिः (वि.) आ प्रथमं दीयते गृह्यते इति *(पहिले ग्रहण गरिन्छ)* आङ्पूर्वक डुदाञ् दाने (जुहो.) धातु, आ+दा+कि[5] (इ), आलोप, आदिः । न विद्यमानः आदिः कारणं वा यस्य *(जसको आदि वा कारण छैन)* न.ब.स, उ.प.लोप= अनादि ।

शब्दार्थ- आदिरहित, आदि नभएको, अनादिकालदेखि चलिआएको, कारणरहित, सनातन, नित्य, शाश्वत ।

उदा. **अनादि अज लोकेश मलाई जुन जान्दछ,**
त्यै ज्ञानी नरमा सारा पापदेखि विमुक्त छ- को.गी. १०/३

अनामयः (वि./ना./पुं.) अम्यते इति *(रोगिन्छ)* अम रोगे (चुरा.) धातु, अम्+घञ् (अ), आमः । आमं रुग्णावस्थां याति अनेन *(रोग लाग्छ यसबाट)* आमपूर्वक या प्रापणे (अदा.) धातु, आम+या+क (अ), आलोप, आमयः ।

अथवा आमीयते इति *(रोगादिले आक्रमण गर्छ)* आङ्पूर्वक मीङ् हिंसायाम् (दिवा.) धातु, आ+मी+अच्/घ (अ) गुण, अयादेश, आमयः । न विद्यमानः आमयः रोगः यस्य *(जसको रोग छैन)* न.ब.स, नुट्, उ.प.लोप= अनामय ।

अथवा न आमयः *(रोगको अभाव)* न.त.स, नुट् =अनामय ।

अनामयं स्यादारोग्यम्- इत्यमरः

शब्दार्थ- स्वस्थ, रोग नभएको, पीडारहित, निरोगी, आरोग्य, स्वस्थता, रोगादि नलाग्ने काम, सञ्चो, तन्दुरुस्ती ।

अनामिका (ना./स्त्री.) म्नायते अनेन इति *(नामाकरण गरिन्छ यसबाट)* म्ना अभ्यासे (भ्वा.) धातु, म्ना+मन्[6], मलोप, नामन्, नाम । नास्ति नाम अन्याङ्गुलिवत् यस्याः *(अरू औंलाहरूभैंं जसको खास नाम छैन)* न.ब.स., उ.प.लोप, कप् (समासान्त), टाप् (आ), ककारपूर्वका अकारको इत्व= अनामिका ।

अथवा न नाम *(नामको अभाव)* न.त.स., अनाम । अनाम एव *(नाम नभएको नै)* अनाम+कन् (स्वार्थमा), टाप् (आ), ककारपूर्वका अकारको इत्व= अनामिका ।

शब्दार्थ- साँहिली औलो, नाम नभएको औंलो ।

अनायासः (ना./पुं./अव्य.) आयस्यते इति *(प्रयास गरिन्छ)* आङ्पूर्वक यसु प्रयत्ने (दिवा.) धातु, आ+यस्+घञ् (अ), वृद्धि, आयासः । न आयासः *(प्रयासको अभाव)* न.त.स.= अनायास ।

शब्दार्थ- प्रयास या परिश्रमको अभाव, उद्यम वा प्रयत्नको अभाव, अचानक, सजिलैसित, विना प्रयत्न, कुनै कठिनाइ विना ।

उदा. **यो हर्षमा मुस्कान, आफैं, अनायास र अनजान-**
घु.मे.अ. (वसन्त- भू.पि.शेरचन) ।

---

[1] अन्येष्वपि दृश्यते : ड
[2] नगपांसुपाण्डुभ्यश्च रः : र
[3] तत्र भवः/ठगायस्थानेभ्य... : ठक्
[4] ऋदोरप् : अप्
[5] उप सर्गेघोः किः... : कि
[6] नामन्सीमन्व्योमन्.... : मन्

अनारम्भः (ना./पुं./वि.) आरभ्यते इति *(आरम्भ गरिन्छ)* आङ्पूर्वक रभ राभस्ये (भ्वा.) धातु, नुम्, आ+रम्भ्+क (अ), (घञ्को अर्थमा), आरम्भः । न आरम्भः *(आरम्भको अभाव)* न.त.स., नुट्= अनारम्भ अथवा न विद्यमानः आरम्भः यस्य *(जसको आरम्भ भएको छैन)* न.ब.स., नुट्= अनारम्भ ।

शब्दार्थ- आरम्भको अभाव, सुरुवात नगर्ने काम, आरम्भ वा थालनी नभएको ।

अनार्यः (ना./पुं./वि.) अर्तुं योग्यः *(उच्च वा श्रेष्ठ बन्न योग्य)* ऋ गतिप्रापणयोः (भ्वा.) धातु, ऋ+ण्यत्[1] (य) वृद्धि, आर्यः । न आर्यः *(आर्य नभएको)* न.त.स., नुट्= अनार्य ।

शब्दार्थ- आर्यभन्दा भिन्न जाति, असभ्य जाति, आर्येतर जाति, निकृष्ट, नीच, अधम, असभ्य, अप्रतिष्ठित

अनालोचितः (वि.) न आलोचितः *(आलोचना नगरिएको)* न.त.स., नुट्= अनालोचित ।

शब्दार्थ- आलोचना नगरिएको, समीक्षा नगरिएको ।

अनावरणम् (ना./न.) आव्रियते इति *(ढाकिन्छ)* आङ्पूर्वक वृञ् आवरणे (चुरा.) वा वृञ् वरणे (स्वा.) धातु, आ+वृ+ल्युट् (अन), गुण, आवरणम् । न आवरणम् *(नढाक्ने काम)* न.त.स., नुट्= अनावरण ।

शब्दार्थ- नढाक्ने वा नछोप्ने काम, पर्दा हटाउने क्रिया, छोपिएको पर्दा हटाई उद्घाटन गर्ने काम ।

अनावश्यकः (वि.) अवश्यायते इति *(फैलिन्छ, निश्चय गरिन्छ)* अवपूर्वक श्यैङ् गतौ (भ्वा.) धातु, अव+श्यै+डमु (अम्), टिलोप, अवश्यम् । तस्य भावः *(अवश्य हुनाको भाव)* अवश्य+वुञ्[2] (अक), आदिवृद्धि, आवश्यकः । न आवश्यकः *(आवश्यक नभएको)* न.त.स., नुट्= अनावश्यक ।

शब्दार्थ- आवश्यक नभएको, नचाहिएको, जरुरत नपरेको, सरोकार नपरेको ।

अनावृतः (वि.) आव्रियते स्म इति *(ढाकिएको)* आङ्पूर्वक वृञ् आवरणे (चुरा.) धातु, आ+वृ+क्त (त), आवृतः । न आवृतः *(न ढाकिएको)* न.त.स., नुट् = अनावृत ।

शब्दार्थ- नढाकिएको, आवरणरहित, अनाच्छादित ।

अनावृष्टिः (ना./स्त्री) आ समन्तात् वर्षणम्, वृष्यते इति वा *(चारैतिरबाट ज्यादा वर्षा हुन्छ)* आङ्पूर्वक, वृषु सेचने (भ्वा.) धातु, आ+वृष्+क्तिन् (ति), भावमा, आवृष्टिः । न आवृष्टिः *(वर्षाको अभाव)* न.त.स., नुट् =अनावृष्टि ।

शब्दार्थ- वर्षाको अभाव, पानी नपर्ने काम, खडेरी, छवटा ईतिहरूमध्ये एक ।

द्रष्टव्य- छवटा ईतिहरू निम्न छन्-

अतिवृष्टिरनावृष्टिः शलभा मूषिकाः खगाः ।
प्रत्यासन्नाश्च राजानः षडेता ईतयः स्मृताः- मनुः

अनाश्रयः (ना./पुं/वि. आश्रीयते इति *(आश्रय लिइन्छ)* आङ्पूर्वक श्रिञ् सेवायाम् (भ्वा.) धातु, आ+श्रि+अच् (एरच्), गुण, अयादेश, आश्रयः । न आश्रयः *(आश्रय नभएको)* न.त.स., वा न विद्यमानः आश्रयः यस्य *(जसको आश्रय छैन)* न.ब.स., उ.प.लोप, नुट् =अनाश्रय ।

शब्दार्थ- सहाराको अभाव, आश्रय नहुने काम, सहाराहीन, आश्रयरहित, आधार नभएको, आश्रयहीन, अर्कोमा निर्भर नरहेको ।

अनाश्रितः (वि.) आश्रीयते स्म इति *(आश्रय लिइएको)* आङ्पूर्वक श्रिञ् सेवायाम् (भ्वा.) धातु, आ+श्रि+क्त (त), आश्रितः । न आश्रितः *(आश्रित नभएको)* न.त.स., नुट्= अनाश्रित ।

शब्दार्थ- आश्रय नपाएको, सहाराहीन, आश्रयरहित, आधार नभएको ।

अनासक्तः (वि.) आसज्जति स्म इति *(आसक्त भएको)* आङ्पूर्वक षञ्ज सङ्गे (भ्वा.) धातु, आ+सञ्ज्+क्त (त), कर्तामा, नलोप, कुत्व, आसक्तः । न आसक्तः *(आसक्त नभएको)* न.त.स., नुट्= अनासक्त ।

शब्दार्थ- आसक्त नभएको, लागि नपरेको, आसक्त वा अनुरक्त नभएको, विषयसुखमा लागि-नपरेको ।

अनासक्तिः (ना./स्त्री) आसज्जनम्, आसज्यते इति वा *(आसक्त हुनु)* आङ्पूर्वक षञ्ज सङ्गे (भ्वा.) धातु, आ+सञ्ज्+क्तिन् (ति), नलोप, कुत्व, आसक्तिः । न आसक्तिः *(आसक्तिको अभाव)* न.त.स., नुट् =अनासक्ति ।

शब्दार्थ- आसक्तिको अभाव, आसक्ति नहुने काम, अनासक्त रहने क्रिया, अनुरक्त नहुने काम, उदासीनता ।

अनास्था (ना./स्त्री) आतिष्ठन्ति अस्याम् *(आस्था राख्छन् यसमा)* आङ्पूर्वक ष्ठा गतिनिवृत्तौ (भ्वा.) धातु, सत्व, आ+स्था+अङ्[3] (अ), टाप् (आ), आस्था । न आस्था *(आस्था नहुने काम)* न.त.स., नुट्= अनास्था ।

शब्दार्थ- अश्रद्धा, अनादर, विश्वास नगर्ने काम, अपत्यार, अविश्वास, आस्थाको अभाव ।

अनाहतः (वि.) आहन्ति स्म, आहन्यते स्म वा इति *(चोट पुऱ्याएको वा पुऱ्याइएको)* आङ्पूर्वक हन हिंसागत्योः (अदा.) धातु, आ+हन्+क्त (त), कर्ता र कर्ममा, नलोप, आहतः । न आहतः *(चोट नपुऱ्याइएको)* न.त.स., नुट्= अनाहत ।

शब्दार्थ- चोट नलागेको, घाउ नलागेको, नपिटेको, नपिटिएको, नठोकिएको, आघातरहित ।

---

[1] ऋहलोर्ण्यत् : ण्यत्
[2] द्वन्द्वमनोज्ञादिभ्यश्च : वुञ्
[3] आतश्चोपसर्गे : अङ्

अनाहूतः (वि.) आहूयते स्म इति *(बोलाइएको)* आङ्पूर्वक ह्वेञ् स्पर्धायां शब्दे च (भ्वा.) धातु, आ+ह्वे+क्त (त) कर्ममा, आत्व, सम्प्रसारणबाट वको उ, आहूतः । न आहूतः *(नबोलाइएको)* न.त.स., नुट्= अनाहूत ।

शब्दार्थ-निमन्त्रणा नगरिएको, नडाकिएको, नबोलाइएको,

अनिच्छा (ना/स्त्री) इष्यते इति *(कामना गरिन्छ)* इषु इच्छायाम् (तुदादि.) धातु, इष्+श[1] (अ), छत्व[2], टाप् (आ), इच्छा । न इच्छा *(इच्छा नहुने काम)* न.त.स., नुट्= अनिच्छा ।

शब्दार्थ- कामना नहुने काम, इच्छाको अभाव, अभिलाषा नहुने काम, चाहनाको अभाव, अस्पृहा, वितृष्णा ।

अनिच्छु/अनिष्छुकः (वि.) इच्छतीति *(इच्छा गर्छ)* इषु इच्छायाम् (तुदादि.) धातु, इष्+उ, छत्वनिपातन[3], इच्छु । न इच्छु *(इच्छा नगर्ने)* न.त.स., नुट् =अनिच्छु । अनिच्छुरेव *(अनिच्छुक नै)* अनिच्छु+क (स्वार्थमा) =अनिच्छुक ।

शब्दार्थ- इच्छा नगर्ने, आकाङ्क्षारहित, चाहना नगर्ने ।

अनित्यः (वि.) नियमेन भवः *(नियमित रूपले हुने)* नि+त्यप्[4] (त्य), नित्यः । न नित्यः *(नित्य नभएको)* न.त.स.= अनित्य ।

शब्दार्थ-निरन्तर नरहने, चिरस्थायी नहुने, अस्थिर, क्षणभङ्गुर, शाश्वत नभएको, नश्वर, धेरै नटिक्ने

अनित्यता (ना./स्त्री) अनित्यस्य भावः *(नित्य नहुनाको भाव वा अवस्था)* अनित्य+तल् (त)+टाप् (आ) =अनित्यता ।

शब्दार्थ- नित्य नहुनाको स्थिति, निरन्तरताको अभाव, चिरस्थायी नहुनाको अवस्था ।

अनिद्रा (ना./स्त्री.) निद्रायते इति *(निदाइन्छ)* निपूर्वक द्रा कुत्सायाम् गतौ (अदा.) धातु, नि+द्रा+अङ्[5] (अ) +टाप् (आ), निद्रा । न निद्रा *(निद्राको अभाव)* न.त.स., नुट् =अनिद्रा ।

शब्दार्थ- जागरण, निद्राको अभाव, ननिदाउने क्रिया, निद्राहीनता, निद्रा नलाग्ने क्रिया ।

अनिद्रितः (वि.) निद्रा सञ्जाता अस्य *(निद्रा छ यसको)* निद्रा+इतच् (इत), निद्रितः । न निद्रितः *(न निदाएको)* न.त.स., नुट्= अनिद्रित ।

शब्दार्थ- नसुतेको, न निदाएको, जागा रहेको ।

अनिन्दितः (वि.) निन्दा सञ्जाता अस्य *(निन्दा भएको छ यसको)* निन्दा+इतच् (इत), निन्दितः । न निन्दितः *(निन्दा नगरिएको)* न.त.स.= अनिन्दित ।

शब्दार्थ- निन्दा नगरिएको, निन्दारहित, अगर्हित ।

अनिपुणः (वि.) न निपुणः *(निपुण वा कुशल नभएको)* न.त.स.= अनिपुण ।

शब्दार्थ- अकुशल, अप्रवीण, अनभिज्ञ, असक्षम, अदक्ष ।

अनिमन्त्रितः (वि.) निमन्त्रचते स्म इति *(निमन्त्रणा गरिएको)* निपूर्वक मत्रि गुप्तपरिभाषणे (चुरा.) धातु, नुम्, नि+मन्त्+क्त (त), निमन्त्रितः । न निमन्त्रितः *(निम्ता नगरिएको)* न.त.स.= अनिमन्त्रित ।

शब्दार्थ- निम्ता नदिएको, नबोलाइएको, निमन्त्रणा नगरिएको, नडाकिएको ।

अनिमिषः (वि./ना./पुं.) नास्ति निमिषः चक्षुस्पन्दनं यस्य *(जसको आँखा झिम्क्याइ छैन)* न.ब.स.=अनिमिष ।

शब्दार्थ- निमेषरहित, आँखा नझिम्क्याउने, आँखा नचिम्लने, देवताविशेष ।

अनियतः (वि.) नियम्यते स्म इति *(नियन्त्रण गरिएको)* निपूर्वक यम उपरमे (भ्वा.) धातु, वा यम परिवेषणे (चुरा.) धातु, नि+यम्+क्त (त), मलोप, नियतः । न नियतः *(नियन्त्रण नगरिएको वा नियत नभएको)* न.त.स.= अनियत ।

शब्दार्थ- अनियन्त्रित, नियन्त्रण नगरिएको, दमन न गरिएको, अनित्य, अनिर्धारित, अस्तव्यस्त ।

अनियमः (ना./पुं) नियमनम्, नियम्यते इति वा *(नियमन गरिन्छ)* निपूर्वक यम उपरमे (भ्वा.) धातु, नि+यम्+ अप्[6] (अ), नियमः । न नियमः *(नियमको अभाव)* न.त.स.= अनियम ।

शब्दार्थ- नियन्त्रण नहुने काम, प्रतिबन्ध नहुने काम, नियमको अभाव, नियम विपरीत हुने क्रिया, नियन्त्रणको अभाव ।

अनियमितः (वि.) नियम्यते स्म इति *(नियन्त्रण गरिएको)* निपूर्वक यम उपरमे (भ्वा.) धातु, नि+यम्+णिचि+क्त (त), इडागम, णिलोप, नियमितः । न नियमितः *(नियमित नभएको)* न.त.स.= अनियमित ।

शब्दार्थ- नियम विपरीत, अनियन्त्रित, नियमसम्मत नभएको, नियम विरुद्ध भएको ।

अनियमितता (ना./स्त्री) अनियमितस्य भावः *(अनियमित हुनाको भाव वा अवस्था)* अनियमित+ तल् (त)+टाप् (आ)= अनियमितता ।

शब्दार्थ- नियमित नहुनाको भाव वा अवस्था, अनियन्त्रितता, नियम विपरीत हुनाको स्थिति वा अवस्था ।

अनियन्त्रणम् (ना./न.) नियन्त्रचते इति *(नियन्त्रण गरिन्छ)* निपूर्वक यत्रि सङ्कोचे (चुरा.) धातु, नुम्, नि+यन्त्+ल्युट् (अन), नियन्त्रणम् । न नियन्त्रणम् *(नियन्त्रण नगर्ने काम)* न.त.स.= अनियन्त्रण ।

शब्दार्थ- प्रतिबन्ध नलगाउने काम, नियन्त्रण नहुने क्रिया, रोकावट नहुने काम, नियन्त्रणको अभाव ।

---

[1] इच्छा : श

[2] इषुगमि..... : छ

[3] विन्दरिच्छु : इच्छुनिपातन

[4] त्यब्नेर्ध्रुव इति वाच्यम् (वा.) : त्यप्

[5] आतश्चोपसर्गे : अङ्

[6] यमः समुपनिविषु च : अप्

अनियन्त्रितः (वि.) नियन्त्र्यते स्म इति *(नियन्त्रण गरिएको)* निपूर्वक यत्रि सङ्कोचे (चुरा.) धातु, नुम्, नि+यन्त्+क्त (त), इडागम, नियन्त्रितः । न नियन्त्रितः *(नियन्त्रण नगरिएको)* न.त.स. =अनियन्त्रित ।

शब्दार्थ- नियन्त्रण नगरिएको, नरोकिएको, निरङ्कुश, निग्रह नगरिएको, बन्धनरहित ।

अनिरुद्धः (वि./ना./पुं.) निरुध्यते असौ, निरुध्यते स्म इति वा *(रोकिन्छ, रोकिएको)* निपूर्वक रुधिर् आवरणे (रुधा.) धातु, नि+रुध्+क्त[1] (त), संज्ञा र कर्ममा, तको ध, निरुद्धः । न निरुद्धः *(जो रोकिएको छैन)* न.त.स.= अनिरुद्ध ।

शब्दार्थ- नरोकिएको, अप्रतिहत, अनियन्त्रित, अवरुद्ध नभएको, स्वच्छन्द, रोकावट नभएको, छेकथुन नभएको, कृष्णका नाति, प्रद्युम्नका पुत्र ।

अनिर्णयः (ना./पुं) निर्णीयते इति *(निर्णय गरिन्छ)* निर्पूर्वक णीञ् प्रापणे (भ्वा.) धातु, निर्+नी+अच् (एरच्), गुण, अयादेश, निर्णयः । न निर्णयः *(निर्णयको अभाव)* न.त.स.= अनिर्णय ।

शब्दार्थ- निर्णय नहुने काम, निर्णयको अभाव, अनिश्चय, अनिश्चितता, टुङ्गो नलगाउने क्रिया ।

अनिर्णीतः (वि.) निर्णीयते स्म इति *(निर्णय गरिएको)* निर्पूर्वक णीञ् प्रापणे (भ्वा.) धातु, निर्+नी+क्त (त), णत्व, निर्णीतः । न निर्णीतः *(निर्णय नगरिएको)* न.त.स.= अनिर्णीत ।

शब्दार्थ-निर्णय नगरिएको, ठेगान नलागेको, नटुङ्गिएको ।

अनिर्दिष्टः (वि.) निर्दिश्यते स्म इति *(निर्दिष्ट गरिएको)* निर्पूर्वक दिश अतिसर्जने (तुदा.) धातु, निर्+दिश्+क्त (त), षत्व, ष्टुत्व, निर्दिष्टः । न निर्दिष्टः *(निर्देशन नदिइएको)* न.त.स.=अनिर्दिष्ट ।

शब्दार्थ- निर्देशन नदिइएको, सङ्केत नगरिएको, तोकेर नवताइएको, निर्दिष्ट नगरिएको ।

अनिर्देश्यः (वि.) निर्देष्टुं योग्यः *(बताउन वा निर्देशन दिन लायक)* निर्पूर्वक दिश अतिसर्जने (तुदा.) धातु, निर्+दिश्+ण्यत्[2] (य), गुण, निर्देश्यः । न निर्देश्यः *(निर्देशन गर्न नसकिने)* न.त.स.= अनिर्देश्य ।

शब्दार्थ- निर्देशन गर्न लायक नभएको, निर्देशन दिन नसकिने, अकथनीय, बताउन नसकिने, ।

द्रष्टव्य- ये त्वक्षरमनिर्देश्यमव्यक्तं पर्युपासते- भ.गी. १२/३

अनिर्धारितः (वि.) निर्धार्यते स्म इति *(निर्धारण गरिएको)* निर्पूर्वक धृञ् धारणे (भ्वा.) धातु, निर्+धृ+णिचि+क्त (त), कर्ममा, वृद्धि, णिलोप, इट्, निर्धारितः । न निर्धारितः *(निश्चय नगरिएको)* न.त.स.=अनिर्धारित ।

शब्दार्थ- निर्धारण नगरिएको, निश्चित नभएको, निश्चय नगरिएको ।

अनिर्वचनीयः (वि.) निर्वक्तुं योग्यः *(बताउन वा निर्वचन गर्न योग्य)* निर्पूर्वक वच परिभाषणे (अदा.) धातु, निर्+वच्+अनीय (र्), निर्वचनीयः । न निर्वचनीयः *(बताउन नसकिने)* न.त.स.= अनिर्वचनीय ।

शब्दार्थ- निर्वचन गर्न नसकिने, निरूपण गर्न नसकिने, बताउन नसकिने, वर्णनातीत, अवर्णनीय, अव्यक्त, व्यक्त गर्न नसकिने ।

उदा. पिता, अनित्य संसार यो अर्निवचनीय छ, प्रल्हाद, (प्र.अङ्क.)

अनिर्विण्णः (वि.) निर्विद्यते स्म इति *(दुःख वा वेदना प्राप्त भएको)* निर्पूर्वक विद ज्ञाने (अदा.) धातु, वा विद्लृ लाभे (तुदा.) धातु, निर्+विद्+क्त (त) निष्ठा तको न, दको न, णत्व, निर्विण्णः । न निर्विण्णः (दुःखित नभएको) न.त.स.= अनिर्विण्ण ।

शब्दार्थ- निर्वेदरहित, अदुःखित, वेदना प्राप्त नगरेको ।

अनिलः (ना./पुं) अनन्ति अनेन *(श्वास लिन्छन् यसबाट)* अन प्राणने (अदा.) धातु, अन्+इलच्[4] (उणा.) =अनिल ।

शब्दार्थ- हावा, वायु, बतास, गणदेवता ।

अनिवर्ती (वि.) अवश्यं न निर्वतते इति *(अवश्य फर्कदैन)* नञ्पूर्वक वृतु वर्तने (भ्वा.) धातु, न+वृत्+णिनि[3] (इन्), गुण, अनिवर्तिन्= अनिवर्ती ।

शब्दार्थ- नफर्कने, निवृत्त आत्मा भएको ।

अनिवार्यः (वि.) निवारयितुं योग्यः *(निवारण गर्न लायक)* निपूर्वक वृञ् वरणे (स्वा.) धातु, नि+वृ+णिचि+यत् (य), वृद्धि, णिलोप, निवार्यः । न निवार्यः *(हटाउन नसकिने)* न.त.स.= अनिवार्य ।

शब्दार्थ- हटाउन नमिल्ने, अपरिहार्य, लिनै पर्ने, निषेध गर्न नसकिने ।

अनिश्चयः (ना./पुं) निश्चीयते इति *(निश्चय गरिन्छ)* निस्पूर्वक चिञ् चयने (स्वा.) धातु, निस्+चि+अच् (एरच्), गुण, अयादेश, निश्चयः । न निश्चयः *(निश्चय नहुनु)* न.त.स.= अनिश्चय ।

शब्दार्थ- निश्चय नहुने काम, निधो नगर्ने काम, पक्का नहुने क्रिया, निश्चयको अभाव ।

अनिश्चितः (वि.) निश्चीयते स्म इति *(निश्चय गरिएको)* निस्पूर्वक चिञ् चयने (स्वा.) धातु, निस्+चि+क्त (त), निश्चितः । न निश्चितः *(निश्चय नगरिएको)* न.त.स. =अनिश्चित ।

शब्दार्थ- पक्का नगरेको, निश्चय नभएको, निश्चय नगरिएको, निधो नभएको ।

अनिष्टः (वि./ना./न.) इष्यते स्म इति *(इच्छा गरिएको)* इषु इच्छायाम् (तुदा.) धातु, इष्+क्त (त), कर्ममा, इष्टः । न इष्टः *(इच्छा नगरिएको)* न.त.स.= अनिष्ट ।

शब्दार्थ- अवाञ्छित, इच्छा विपरीत, अभिलाषा नगरिएको, कामना नगरिएको, प्रतिकूल, अपकार, अनर्थ ।

---

१. क्तिच्क्तौ च संज्ञायाम्/निष्ठा : क्त २. ऋहलोर्ण्यत् : ण्यत् ३. आवश्यकाधमर्ण्ययोः.... : णिनि ४. सलिकल्यनिमहि... : इलच्

अनिष्पन्नः (वि.) निष्पद्यते स्म इति *(निष्पत्ति भएको)* निस्पूर्वक पद गतौ (दिवा.) धातु, निस्+पद्+क्त (त) कर्तामा, निष्ठा तको न, दको न, निष्पन्नः । न निष्पन्नः *(निष्पन्न नभएको)* न.त.स.= अनिष्पन्न ।

शब्दार्थ- व्युत्पत्ति नदेखाइएको, निष्पत्तिरहित ।

अनीतिः (ना./स्त्री) नीयते इति *(ठीक बाटोमा लगिन्छ)* णीञ् प्रापणे (भ्वा.) धातु, णीको नत्व, नी+क्तिन् (ति), नीतिः । न नीतिः *(राम्रो नीति नहुनु)* न.त.स. =अनीति ।

शब्दार्थ- दुर्नीति, अन्याय, खराव नीति, राम्रो नीतिको अभाव, नियम सङ्गत नहुने काम, अनय ।

अनीलः (वि.) नीलतीति *(नीलो रङ्ग लगाउँछ)* णील वर्णे (भ्वा.) धातु, णीको नत्व, नील्+क[1] (अ), नीलः । न नीलः *(नीलो नभएको)* न.त.स.= अनील ।

शब्दार्थ- नीलो नभएको, नीलो वर्णको नभएको ।

अनीश्वरः (ना./पुं) ईष्टे इति *(ऐश्वर्यशाली हुन्छ)* ईश ऐश्वर्ये (अदा.) धातु, ईश्+वरच्[2] (वर), ईश्वरः । न ईश्वरः *(ईश्वरको अभाव)* न.त.स.= अनीश्वर । अथवा न विद्यमानः ईश्वरः यत्र *(जहाँ स्वामी वा ईश्वर छैन)* न.ब.स., उ.प.लोप= अनीश्वर ।

शब्दार्थ- मालिकको अभाव, ईश्वरको अभाव, नियन्त्रण नहुने काम, ईश्वरप्रति अविश्वास, ईश्वरीय सत्ता नमान्ने, अनीश्वरवादी ।

अनीश्वरवादः (ना./पुं.) उद्यते इति *(भनिन्छ)* वद व्यक्तायां वाचि (भ्वा.) धातु, वद्+घञ् (अ), वादः । न ईश्वरः *(ईश्वरको अभाव)* न.त.स., अनीश्वर । अनीश्वरश्चासौ वादश्च *(अनीश्वरवाद वा सिद्धान्त)* क.त.स.= अनीश्वरवाद ।

शब्दार्थ- ईश्वरप्रति श्रद्धा वा विश्वास नगर्ने सिद्धान्त, ईश्वरीय तत्त्व नमान्ने वाद, नास्तिकवाद ।

अनीश्वरवादी (वि.) अनीश्वरं वदितुं शीलमस्य *(अनीश्वरवादप्रति बोल्ने शील वा स्वभाव भएको)* अनीश्वरपूर्वक वद व्यक्तायां वाचि (भ्वा.) धातु, अनीश्वर+वद्+णिनि (इन्)= अनीश्वरवादी ।

शब्दार्थ- अनीश्वरवादको अनुयायी, ईश्वरवादको विरोधी

अनुकम्पा (ना./स्त्री) अनुकम्प्यते इति *(दया गरिन्छ)* अनुपूर्वक कपि किञ्चिच्चलने (भ्वा.) धातु, अनु+कम्प्+अ[3]+टाप् (आ)= अनुकम्पा ।

कृपा दयाऽनुकम्पा स्यात्- इत्यमरः

शब्दार्थ- कृपा, दया, करुणा, अर्काको अनुसरण गर्ने काम, अर्काको दुःखकष्टप्रति गरिने अनुग्रह ।

अनुकरणम् (ना./न.) अनुक्रियते इति *(नक्कल गरिन्छ)* अनुपूर्वक डुकृञ् करणे (तना.) धातु, अनु+कृ+ल्युट् (अन)= अनुकरण ।

शब्दार्थ- नक्कल गर्ने काम, प्रतिलिपि, अर्काको देखासिकी, अर्काको पछि लाग्ने काम, उस्तै पार्ने काम, अनुसरण गर्ने काम ।

अनुकरणीयः (वि.) अनुकर्तुं योग्यः इति *(अनुकरण गर्न योग्य)* डुकृञ् करणे (तना.) धातु, अनु+कृ+अनीय (र्), गुण= अनुकरणीय ।

शब्दार्थ- अनुकरण गर्न योग्य, नक्कल गर्न सकिने, अर्काको सिको गर्न उचित ।

अनुकूलः (वि.) अनुकूलतीति *(अनुकूल बन्छ)* अनुपूर्वक कूल आवरणे (भ्वा.) धातु, अनु+कूल्+क[1] (अ) =अनुकूल ।

शब्दार्थ- मनोवाञ्छित, आफूले भने जस्तो, अनुरूप, अभिवाञ्छित ।

अनुकूलता (ना./स्त्री) अनुकूलस्य भावः *(अनुकूल हुनाको भाव वा अवस्था)* अनुकूल+तल् (त)+टाप् (आ)=अनुकूलता ।

शब्दार्थ- अनुकूल हुनाको स्थिति, प्रतिकूलताको अभाव, अनुग्रह हुनाको काम, अनुरूप हुनाको अवस्था ।

अनुक्तः (वि.) उच्यते स्म इति *(भनिएको)* वच परिभाषणे (अदा.) धातु, वच्+क्त (त) वको सम्प्रसारणबाट उ, कुत्व, उक्तः । न उक्तः *(न भनिएको)* न.त.स., नुट् =अनुक्त ।

शब्दार्थ- नभनिएको, व्यक्त नगरिएको ।

अनुक्रमः (ना./पुं./अव्य.) अनुक्रमणम्, अनुक्रम्यते इति वा *(सिलसिला मिलाइन्छ)* अनुपूर्वक क्रमु पादविक्षेपे (भ्वा.) धातु, अनु+क्रम्+घञ् (अ) भावमा, वृद्धिनिषेध =अनुक्रमः ।

अथवा क्रममनुगतः *(क्रमअनुसार)* प्रा.त.स.= अनुक्रमः अथवा क्रमस्य अनुपूर्वेण *(क्रमअनुरूप नै)* अव्य.स., अनुक्रमम्= अनुक्रम ।

शब्दार्थ- क्रम, क्रमवद्धता, उचितक्रम, सिलसिला, अनुक्रमणिका, यथाक्रम, क्रमअनुसार ।

अनुक्रमणिका (ना./स्त्री) अनुक्रम्यते आरभ्यते अनया *(आरम्भ गरिन्छ यसबाट)* अनुपूर्वक क्रमु पादविक्षेपे (भ्वा.) धातु, अनु+क्रम्+ल्युट् (अन), करणमा, णत्व, अनुक्रमणम् । अनुक्रमण+डीप् (ई)+कन् (स्वार्थमा)+ टाप् (आ), णीको ह्रस्व= अनुक्रमणिका ।

शब्दार्थ- ग्रन्थको आरम्भमा लेखिने आलेख, भूमिका, मुखबन्ध, क्रम मिलाएर राखिने विषयसूची, वर्णानुक्रम अनुरूपको सूची ।

अनुगः (वि.) अनु पश्चात् सह वा गच्छतीति *(पछि वा सँगै लाग्छ)* अनुपूर्वक गम्लृ गतौ (भ्वा.) धातु, अनु+गम्+ड[4] (अ), टिलोप = अनुग ।

शब्दार्थ- पछि लाग्ने, अनुगमन गर्ने, अनुसरण गर्ने, अनुयायी

अनुगतः (वि.) अनुगच्छति स्म *(पछि लागेको)* अनुपूर्वक गम्लृ गतौ (भ्वा.) धातु, अनु+गम्+क्त (त) कर्तामा, अनुनासिक मलोप= अनुगत ।

शब्दार्थ- पछि लागेको, सहयात्री, आश्रित, अधीन ।

---

[1] इगुपधज्ञा... : क

[2] स्थेशभासपिश.... : वरच्

[3] गुरोश्च हलः : अ

[4] उपसर्गे च संज्ञायाम्...ड

अनुगमनम् (ना./न.) अनु पश्चात् सह वा गमनम् *(पछि लागिन्छ)* अनुपूर्वक गम्लृ गतौ (भ्वा.) धातु, अनु+गम्+ल्युट् (अन)= अनुगमन ।

शब्दार्थ- पछि लाग्ने काम, अनुसरण गर्ने काम, अनुगमन गर्ने क्रिया ।

उदा. सबै होलान् हाम्रै अनुगमन गर्ने मन दिई- भृ.ख.का. १/७७

अनुगामी (वि.) अनु पश्चात् गन्तुं शीलमस्य *(अनुगमन गर्ने शील छ यसको)* अनुपूर्वक गम्लृ गतौ (भ्वा.) धातु, अनु+गम्+णिनि (इन्), वृद्धि, अनुगामिन् =अनुगामी ।

शब्दार्थ- अनुयायी, पछि लाग्ने, सहचर, अनुसरण गर्ने, अनुगमन गर्ने ।

अनुगुणम् (अव्य.) गुणस्य योग्यम् *(गुण अनुरूप)* अव्य.स. =अनुगुण । **शब्दार्थ-** गुण-अनुरूप, गुणअनुसार ।

अनुगृहीतः (वि.) अनुगृह्यते स्म इति *(अनुग्रह गरिएको)* अनुपूर्वक ग्रह उपादाने (क्र्या.) धातु, अनु+ग्रह्+क्त (त), सम्प्रसारणबाट ग्रको गृ, इडागम, दीर्घ[1] =अनुगृहीत ।

शब्दार्थ- अनुग्रह वा अनुकम्पा गरिएको, दया गरिएको ।

अनुग्रहः (ना./पुं.) अनुगृह्यते इति *(अनुग्रह गरिन्छ)* अनुपूर्वक ग्रह उपादाने (क्र्या.) धातु, अनु+ग्रह्+अप्[2] (अ)= अनुग्रह ।

शब्दार्थ-प्रसाद, कृपा, दया, अर्काको भलो गर्ने काम, अनुकम्पा ।

अनुचरः (वि./ना./पुं.) अनु पश्चात् सह वा चरतीति *(आफ्नो पछि लाग्छ)* अनुपूर्वक चर गतिभक्षणयोः (भ्वा.) धातु, अनु+चर्+ट[3] (अ)= अनुचर ।

शब्दार्थ- अनुयायी, सहचर, पछि लाग्ने, सेवक, नोकर ।

उदा. अनुचरहरू दौडे सामानको अवधानमा- आ.रा. १३/१२

अनुचितः (वि.) उच्यते स्म इति *(उचित भएको)* उच समवाये (दिवा.) धातु, उच्+क्त (त), उचितः । न उचितः *(उचित नभएको)* न.त.स, नुट्= अनुचित ।

शब्दार्थ-उपयुक्त वा उचित नभएको, वेठीक, अनुपयुक्त ।

अनुच्चरितः (वि.) उच्चर्यते स्म इति *(उच्चारण गरिएको)* उत्पूर्वक चर गतिभक्षणयोः (भ्वा.) धातु, उत्+चर्+क्त (त), उच्चरितः । न उच्चरितः *(उच्चारण नगरिएको)* न.त.स.= अनुच्चरित ।

शब्दार्थ- उच्चरित नभएको, अनुद्घोषित, उच्चारण नगरिएको, मुखबाट ननिस्किएको ।

अनुच्चारणम् (ना./न.) उच्चार्यते इति *(उच्चारण गरिन्छ)* उत्पूर्वक चर गतिभक्षणयोः (भ्वा.) धातु, उत्+चर्+णिचि+ल्युट् (अन), वृद्धि, णिलोप, उच्चारणम् । न उच्चारणम् *(उच्चारण नहुनु)* न.त.स.=अनुच्चारण ।

शब्दार्थ- उच्चारणको अभाव, अनुद्घोषण, मुखबाट ननिस्कने क्रिया ।

अनुच्चारितः (वि.) उच्चार्यते स्म इति *(उच्चारण गरिएको)* उत्पूर्वक चर गतिभक्षणयोः (भ्वा.) धातु, उत्+चर्+णिचि+क्त (त) वृद्धि, णिलोप, इडागम, उच्चारितः । न उच्चारितः *(उच्चारण नगरिएको)* न.त.स., नुट्= अनुच्चारित ।

शब्दार्थ- उच्चारण नगरिएको, नभनिएको, नवताइएको ।

अनुच्छेदः (ना./पुं.) उच्छेदनम्, उच्छिद्यते इति वा *(विभाजन गरिन्छ)* उत्पूर्वक छिदिर् द्वैधीकरणे (रुधा.) धातु, उत्+छिद्+घञ् (अ), गुण, उच्छेदः । न उच्छेदः *(विभाजनको अभाव)* न.त.स.= अनुच्छेद ।

शब्दार्थ- प्रकरण, महल, एउटा परिच्छेद भित्रको अर्को भाग, लेखभित्रको एउटा सानो खण्ड वा अंश ।

अनुजः (ना./पुं.) अनु पश्चात् जायते, जातः इति वा *(पछि जन्मन्छ वा जन्मेको)* अनुपूर्वक जनी प्रादुर्भावे (दिवा.) धातु, अनु+जन्+ड (अ), टिलोप= अनुज ।

शब्दार्थ- भाइ, भ्राता, पछि जन्मेको भाइ, आफूभन्दा पछि जन्मेको भाइ ।

अनुजा (ना./स्त्री.) अनु पश्चात् जाता इति *(पछि जन्मेकी)* जनी प्रादुर्भावे (दिवा.) धातु, अनु+जन्+ड+टाप् (आ)= अनुजा ।

शब्दार्थ- भगिनी, आफूभन्दा पछि जन्मेकी वहिनी ।

अनुजातः (वि.) अनु पश्चात् सह वा जायते स्म इति *(पछिं वा सँगै जन्मेको)* अनुपूर्वक जनी प्रादुर्भावे (दिवा.) धातु, अनु+जन्+क्त (त), आत्व= अनुजात ।

शब्दार्थ- पछि जन्मेको, सँगै जन्मेको ।

अनुज्ञा (ना./स्त्री) अनुज्ञायते इति *(आदेश दिइन्छ)* अनुपूर्वक ज्ञा अवबोधने (क्र्या.) धातु, अनु+ज्ञा+अङ् +टाप् (आ)= अनुज्ञा ।

शब्दार्थ- अनुमति, सहमति, स्वीकृति, आज्ञा, आदेश ।

अनुजेष्ठम् (अव्य.) ज्येष्ठस्यानुपूर्वेण *(जेठाको क्रम अनुरूप)* अव्य.स.= अनुजेष्ठ ।

शब्दार्थ- जेठाको क्रमअनुसार ।

अनुत्तमः (वि./ना./न.) न उत्तमः *(जो उत्तम वा श्रेष्ठ छैन)* न.त.स.= अनुत्तम ।

अथवा न विद्यमानः उत्तमः यस्मात् *(जो यसभन्दा उत्तम छैन)* न.ब.स., उ.प.लोप= अनुत्तम ।

शब्दार्थ- उत्तम वा श्रेष्ठ नभएको, अनुत्कृष्ट, नीच, अधम, सर्वश्रेष्ठ, सर्वोत्तम, सर्वोत्कृष्ट, अत्यन्त उत्तम ।

अनुत्तरः (वि./ना./न.) उत्तरणमिति *(उत्तर दिइन्छ)* उत्पूर्वक तृ प्लवनतरणयोः (भ्वा.) धातु, उत्+तृ+अप्[4] (अ), उत्तरः । न उत्तरः *(उत्तरको अभाव)*, न विद्यमानः उत्तरः यस्य *(जसको उत्तर छैन)* न.त.स./ न.ब.स. =अनुत्तर ।

शब्दार्थ- उत्तर नभएको, निरुत्तर, जवाफ नदिइएको, उत्तरको अभाव, उत्तर नदिने काम ।

---

[1] ग्रहोऽलिटि दीर्घः : दीर्घ

[2] ग्रहवृदृनिश्चिगमश्च : अप्

[3] चरेष्टः : ट

[4] ऋदोरप् : अप्

अनुत्तरितः (वि.) उत्तरः सञ्जातः अस्य *(उत्तर दिइएको छ यसको)* उत्तर+इतच् (इत), उत्तरितः । न उत्तरितः *(उत्तर नदिइएको)* न.त.स., नुट्= अनुत्तरित ।

शब्दार्थ- उत्तर नदिइएको, जवाफ नभएको ।

अनुतापः (ना./पुं) अनु पश्चात् तपनम् तप्यते इति वा *(पछितो मानिन्छ)* अनुपूर्वक तप सन्तापे (भ्वा.) धातु, अनु+तप्+घञ् (अ), भावमा= अनुताप ।

शब्दार्थ-पछितो लाग्ने काम, पश्चात्ताप, पीडा, छटपटी ।

उदा. **पीडामा नारकी ज्वाला लपेटोस् अनुतापले- प्रल्हद ३/५**

अनुत्तीर्णः (वि.) उत्तीर्यते स्म इति *(उत्तीर्ण भएको, पारी पुगेको)* उत्पूर्वक तृ प्लवनतरणयोः (भ्वा.) धातु, उत्+तृ+क्त (त), निष्ठा तको न, णत्व, दीर्घ, उत्तीर्णः । न उत्तीर्णः *(उत्तीर्ण नभएको)* न.त.स, नुट् =अनुत्तीर्ण ।

शब्दार्थ- उत्तीर्ण नभएको, असफल भएको, पार नभएको, तर्न नसकेको, तर्न नसकिएको ।

अनुत्पत्तिः (ना./स्त्री) उत्पद्यते इति *(उत्पत्ति हुनु)* उत्पूर्वक पद गतौ (दिवा.) धातु, उत्+पद्+क्तिन् (ति), उत्पत्तिः । न उत्पत्तिः *(उत्पत्ति नहुने काम)* न.त.स., नुट्= अनुत्पत्ति ।

शब्दार्थ- उत्पत्तिको अभाव, उत्पत्ति नहुने क्रिया, पैदा नहुने काम, जन्म नहुने काम, अनुत्पादन ।

अनुत्पन्नः (वि.) उत्पद्यते स्म इति *(उत्पन्न भएको)* उत्पूर्वक पद गतौ (दिवा.) धातु, उत्+पद्+क्त (त) कर्तामा, निष्ठा तको न, उत्पन्नः । न उत्पन्नः *(उत्पन्न नभएको)* न.त.स., नुट्= अनुत्पन्न ।

शब्दार्थ- पैदा नभएको, उत्पन्न नभएको, न जन्मेको ।

अनुत्पादकः (वि.) उत्पादयतीति *(उत्पादन गर्छ)* उत्पूर्वक पद गतौ (दिवा.) धातु, उत्+पद्+णिचि+ण्वुल्[1] (अक), वृद्धि, णिलोप, उत्पादकः । न उत्पादकः (उत्पादन नगर्ने) न.त.स., नुट्= अनुत्पादक ।

शब्दार्थ-उत्पादन नगर्ने, पैदा गर्न नसक्ने, न उब्जाउने ।

अनुत्पादनम् (ना./न.) उत्पाद्यते इति *(उत्पादन गरिन्छ)* उत्पूर्वक पद गतौ (दिवा.) धातु, उत्+पद्+णिचि+ल्युट् (अन), वृद्धि, णिलोप, उत्पादनम् । न उत्पादनम् *(उत्पादन नगर्ने काम)* न.त.स., नुट् = अनुत्पादन ।

शब्दार्थ- उत्पादन नहुने वा नगर्ने काम, पैदा नहुने क्रिया, जन्म नहुने काम, नउब्जाउने क्रिया ।

अनुत्पादितः (वि.) उत्पाद्यते स्म इति *(उत्पादन गरिएको)* उत्पूर्वक पद गतौ (दिवा.) धातु, उत्+पद्+णिचि +क्त (त) वृद्धि, णिलोप, इडागम उत्पादितः । न उत्पादितः *(उत्पादन नगरिएको)* न.त.स., नुट् =अनुत्पादित ।

शब्दार्थ- पैदा नगरिएको, न उब्जेको वा उब्जाएको, उत्पादन नभएको ।

अनुत्साहः (ना./पुं) उत्सहनम् उत्सह्यते इति वा *(उत्साह लिइन्छ)* उत्पूर्वक षह मर्षणे (भ्वा./चुरा.) धातु, उत्+सह+घञ् (अ), वृद्धि, उत्साहः । न उत्साहः *(उत्साह नहुने काम)* न.त.स., नुट्= अनुत्साह ।

शब्दार्थ- निरुत्साह, उत्साह नहुने काम, उमङ्ग नहुने क्रिया, हौसला नहुने वा हौसला नबड्ने क्रिया, नैराश्य ।

अनुत्साहितः (वि.) उत्साह्यते स्म इति *(उत्साह पैदा गरिएको)* उत्पूर्वक सह मर्षणे (चुरा.) धातु, उत्+सह् +णिचि, वृद्धि, उत्साहि+क्त (त), इडागम, णिलोप, उत्साहितः । न उत्साहितः *(उत्साहित नभएको)* न.त.स., नुट्= अनुत्साहित ।

शब्दार्थ- उत्साह नभएको, जोस वा हौसला मरिसकेको ।

अनुदात्तः (वि./ना./पुं.) उत् उच्चैरादीयते उच्चार्यते स्म इति *(उच्चस्वरले उच्चारण गरिएको)* उत् आ उपसर्गद्वयपूर्वक डुदाञ् दाने (जुहो.) धातु, उद्+आ+दा +क्त (त) 'दा' पछि 'त्'[2] आदेश, उदात्तः । न उदात्तः *(उदात्त नभएको)* न.त.स., नुट्= अनुदात्त ।

शब्दार्थ- उच्चता नभएको, उन्नत नभएको, उदात्त स्वर नभएको, तीनवटा स्वरहरूमध्ये एक, नीचस्वर, निकृष्ट ।

तीन स्वर- उदात्तश्चानुदात्तश्च स्वरितश्च स्वरास्त्रयः- पा.शि.

अनुदानम् (ना./न.) अनुदीयते इति *(अनुदान दिइन्छ)* अनुपूर्वक डुदाञ् दाने (जुहो.) धातु, अनु+दा+ल्युट् (अन)= अनुदान ।

शब्दार्थ- उपहार स्वरूप दिइने दान, सहयोगको रूपमा दिइने दान, सहयता स्वरूप दिइने धन ।

अनुदारः (वि.) उत् अर्यते इति *(राम्ररी दिइन्छ)* उत्पूर्वक ॠ गतिप्रापणयोः (भ्वा.) धातु, उत्+ॠ+घञ् (अ), कर्ममा, वृद्धि, (उद्+आर्+अ), जश्त्व, उदारः ।
अथवा उत् उत्कृष्टम् आ समन्तात् रातीति *(राम्ररी दिन्छ)* उत् आङ् उपसर्गद्वयपूर्वक रा दाने (अदा.) धातु, उत्+आ+रा+क[3] (अ), आलोप, जश्त्व, उदारः । न उदारः *(उदार नभएको)* न.त.स., नुट्= अनुदार ।

शब्दार्थ- उदार वा दानशील नभएको, अनुत्तम, निठुरी, कन्जुस, विशाल हृदय नभएको, हृदयहीन ।

अनुदारता (ना./स्त्री) अनुदारस्य भावः *(उदार नहुनाको भाव वा अवस्था)*अनुदार+तल्+टाप् (आ)=अनुदारता ।

शब्दार्थ- कठोरपना, निष्ठुरता, सङ्कुचित धारणा, हृदयहीनता, सङ्कीर्णता ।

अनुद्योगः (ना./पुं) उद् युज्यते इति *(प्रयास गरिन्छ)* उत्पूर्वक युजिर् योगे (रुधा.) धातु, उत्+युज्+घञ् (अ), गुण, जको कुत्व ग[4], जश्त्व, उद्योगः । न उद्योगः *(प्रयास नगर्ने क्रिया)* न.त.स., नुट्= अनुद्योग ।

शब्दार्थ-प्रयास नगर्ने काम, उद्यमशीलताको अभाव, परिश्रम नगर्ने काम, निष्क्रियता, उद्यम नगर्ने क्रिया ।

---

[1] **ण्वुल्तृचौ : ण्वुल्** [2] **अच उपसर्गात्तः : त आदेश** [3] **आतश्चोपसर्गे : क** [4] **चोः कुः : कुत्व**

अनुद्योगी (वि.) उद् योक्तुं शीलमस्य *(उद्यम गर्ने शील छ यसको)* उत्पूर्वक युजिर् योगे (रुधा.) धातु, उत्+युज्+घिनुण् (इन्), जश्त्व, उद्योगी । न उद्योगी *(जो उद्यमी छैन)* न.त.स., नुट्= अनुद्योगी ।

शब्दार्थ- उद्यम नगर्ने, परिश्रम नगर्ने, प्रयासरत नरहने, उद्योग नगर्ने, कर्मशील नहुने ।

अनुनयः (ना./पुं) अनुनीयते इति *(अनुनय गरिन्छ)* अनुपूर्वक णीञ् प्रापणे (भ्वा.) धातु, अनु+नी+अच् (एरच्), गुण, अयादेश= अनुनय । ।

शब्दार्थ- बिन्तीभाउ, प्रार्थना, अनुरोध, नम्रनिवेदन, क्षमायाचना, विनय, प्रणति ।

उदा. **सेनानीले अनुनय गरी**
बल्ल त्याहाँ बसाले- य.श.१/१५

अनुनासिकः (वि./ना./पुं.) अनुनासनम् *(नाकबाट उच्चारित हुनु)* अनुपूर्वक णासृ शब्दे (भ्वा.) धातु, अनु+नास्+घञ् (अ), अनुनासः । तस्मात् आगतः, तत्र भवः इति वा *(त्यसबाट आएको/त्यहाँ हुने)* अनुनास+ठक्[1] (इक)= अनुनासिक ।

शब्दार्थ- नाकबाट उच्चारण हुने (ध्वनि), नाके स्वरले वोलिने वर्णहरू, अक्षरको माथि दिइने अर्ध चन्द्राकार चिन्ह, नाके स्वरवाट उच्चारण हुने नासिक्य वर्ण- ङ, ञ, ण, न, म ।

अनुपमः (वि.)/**अनुपमा** (वि.स्त्री.) उपमीयते अनया इति *(तुलना गरिन्छ यसबाट)* उपपूर्वक माङ् माने शब्दे च (जुहो.) धातु, उप+मा+अङ्[2] (अ), आलोप, उपम+टाप् (आ), उपमा । न विद्यमाना उपमा सादृश्यम् यस्य/यस्याः वा *(जसको उपमा छैन)* न.ब.स, नुट्, उ.प.लोप, ह्रस्व= अनुपम ।
अनुपम+टाप् (आ)= अनुपमा ।

शब्दार्थ-उपमा दिन नसकिने, अतुलनीय, तुलनारहित, वेजोड, सर्वोत्तम, वेदाँजोको, अत्युत्तम, उपमा दिन नसकिने, दक्षिण पश्चिम कोणकी हथिनी ।

उदा. **अनुपमा सपनासरि छन् तिनी- शा.म.का.३/२३**

अनुपयुक्तः (वि.) उपयुज्यते स्म इति *(उपयोग गरिएको)* उपपूर्वक युजिर् योगे (रुधा.) धातु, उप+युज्+क्त (त), कुत्व, उपयुक्तः । न उपयुक्तः *(उपयुक्त नभएको)* न.त.स., नुट्= अनुपयुक्त ।

शब्दार्थ- उपयुक्त नभएको, सुहाउँदो नभएको, उपयोग नहुने खालको, अनुचित ।

अनुपयोगः (ना./पुं) उपयुज्यते इति *(उपयोग गरिन्छ)* उपपूर्वक युजिर् योगे (रुधा.) धातु, उप+युज्+घञ् (अ), कुत्व, उपयोगः । न उपयोगः *(उपयोग नगरिनु)* न.त.स., नुट्= अनुपयोग ।

शब्दार्थ- प्रयोगमा नआउने काम, उपयोग नहुने काम ।

अनुपयोगी (वि.) उपयुनक्तीति *(उपयोग गर्छ)* उपपूर्वक युजिर् योगे (रुधा.) धातु, उप+युज्+घिनुण्[3] (इन्), उपयोगी । न उपयोगी *(उपयोगी नहुने)* न.त.स., नुट् =अनुपयोगी ।

शब्दार्थ- उपयोग हुन नसक्ने, उपयोगमा नआउने, प्रयोगमा नआउने ।

अनुपयोगिता (ना./स्त्री) उपयोगिनः भावः *(उपयोगी हुनाको भाव वा अवस्था)* उपयोगिन्+तल्+टाप् (आ), नलोप, उपयोगिता । न उपयोगिता *(उपयोगिताको अभाव)* न.त.स., नुट्= अनुपयोगिता ।

शब्दार्थ- उपयोगी नहुनाको भाव वा अवस्था, उपयोगिताको अभाव, अनुपयोगी हुनाको स्थिति

अनुपलब्धः (वि.) उपलभ्यते स्म इति *(प्राप्त गरिएको)* उपपूर्वक डुलभष् प्राप्तौ (भ्वा.) धातु, उप+लभ्+क्त (त), 'त'को ध, 'भ'को ब, उपलब्धः । न उपलब्धः *(उपलब्ध नभएको)* न.त.स., नुट्= अनुपलब्ध ।

शब्दार्थ- नपाइएको, अप्राप्त, फेला पर्न नसकेको ।

अनुपलब्धिः (ना./स्त्री) उपलभ्यते इति *(प्राप्त गरिन्छ)* उपपूर्वक डुलभष् प्राप्तौ (भ्वा.) धातु, उप+लभ्+क्तिन् (ति), 'त'को ध, 'भ'को ब, उपलब्धिः । न उपलब्धिः *(उपलब्धि नहुने काम)* न.त.स., नुट्= अनुपलब्धि ।

शब्दार्थ- प्राप्तिको अभाव, नपाइने स्थिति वा अवस्था, हात नलाग्ने क्रिया, उपलब्ध हुन नसक्ने स्थिति ।

अनुपस्थितः (वि.) उपतिष्ठति स्म इति *(उपस्थित भएको)* उपपूर्वक ष्ठा गतिनिवृत्तौ (भ्वा.) धातु, उप+स्था+क्त[4] (त), कर्तामा, इत्व[5], उपस्थितः । न उपस्थितः *(उपस्थित नभएको)* न.त.स., नुट्= अनुपस्थित ।

शब्दार्थ- उपस्थित नभएको, हाजिर नभएको, सामुमा नआएको, नियमित नभएको, गयल परेको ।

अनुपस्थितिः (ना./स्त्री) उपस्थीयते इति *(उपस्थित हुनु)* उपपूर्वक ष्ठा गतिनिवृत्तौ (भ्वा.) धातु, उप+स्था + क्तिन् (ति), इत्व[5], उपस्थितिः । न उपस्थितिः *(उपस्थिति नहुनु)* न.त.स., नुट्= अनुपस्थिति ।

शब्दार्थ- उपस्थित नहुनु, हाजिर नहुने काम, गयल पर्नु ।

अनुपातः (ना./पुं) अनुपातनमिति *(बराबर मिलाइन्छ, खसाइन्छ)* अनुपूर्वक पत्लृ गतौ (भ्वा.) धातु, अनु+पत् +णिचि +घञ् (अ), वृद्धि, णिलोप= अनुपात ।

शब्दार्थ- बराबरीपना, तुलना, समतुल्यता, दाँज्ने क्रिया ।

अनुपातकः (वि.) अनुपातयतीति *(गिराउँछ वा खसाउँछ)* अनुपूर्वक पत्लृ गतौ (भ्वा.) धातु, अनु+पत्+णिचि+ण्वुल् (अक), वृद्धि, णिलोप= अनुपातक ।

शब्दार्थ- मानवहत्यादि ठूला पातक, अधोगतितिर लाने पातक, डरलाग्दा जघन्य-पातक ।

---

[1] तत आगतः/तत्र भवः : ठक्
[2] आतश्चोपसर्गे : अङ्
[3] सम्पृचानुरुधा.... : घिनुण्
[4] गत्यर्थाकर्मक... क्त (कर्तामा)
[5] द्यतिस्यतिमास्था... : इत्व

अनुपानम् (ना./न) अनुपानमिति *(मात्रा मिलाएर पान गर्नु)* अनुपूर्वक पा पाने (भ्वा.) धातु, अनु+पा+ल्युट् (अन)= अनुपान ।

शब्दार्थ- औषधिको साथ वा औषधि खाएपछि खाइने वस्तु, मात्रा मिलाएर औषधि खाने काम, पानी, दूध आदि पिउने क्रिया ।

अनुप्राणितः (वि.) अनुप्राण्यते स्म इति *(जीवित राखिएको)* अनुपूर्वक अन प्राणने (अदा.) वा अण प्राणने (दिवा.) धातु, अनु+प्र+अन्/अण्+क्त (त), इडागम, प्र अमा दीर्घ= अनुप्राणित ।

शब्दार्थ- जीवित रहेको, श्वास लिइरहेको, जीवित पारिएको, जीवन धानेर रहेको ।

अनुप्रासः (ना./पुं) प्रकर्षेण वर्णानामसनमस्यते इति *(वर्णहरूको राम्ररी विन्यास गरिन्छ वा साम्य राखिन्छ)* अनु प्र उपसर्गद्वयपूर्वक असु क्षेपणे (दिवा.) धातु वा अस गतिदीप्त्यादानेषु (भ्वा.) धातु, अनु+प्र+अस्+घञ् (अ), वृद्धि= अनुप्रास ।

शब्दार्थ- वर्ण वा अक्षरको पुनरावृत्ति, वर्णको समता, वर्णको समता भएको एक शव्दालङ्कार, समान वर्णहरूको विन्यास, तुल्य वर्णविन्यास ।

द्रष्टव्य- **वर्णसाम्यमनुप्रासः-** का.प्र. ९/७९

अनुबद्धः (वि.) अनुबध्यते स्म इति *(बाँधिएको)* अनुपूर्वक-बन्ध बन्धने (क्रया.) धातु, अनु+वन्ध्+क्त (त), नलोप= अनुबद्ध ।

शब्दार्थ- बाँधिएको, जकडिएको, सम्वद्ध, संलग्न ।

अनुबन्धः (ना./पुं) अनुबन्धनमिति *(अनुबन्ध मिलाइन्छ)* अनुपूर्वक बन्ध बन्धने (क्रया.) धातु, अनु+वन्ध्+घञ् (अ)= अनुबन्ध ।

अनुबन्धं परिज्ञाय देशकालौ च तत्त्वतः ।
सारापराधौ चालोक्य दण्डं दण्डेषु पातयेत्- म.स्मृ.८/१२७

शब्दार्थ- बन्धन, आसक्ति, विषय सूची, सम्झौता, प्रयोजन, सन्धि, प्रसङ्ग, प्रकरण, कारण ।

अनुभवः (ना./पुं) अनुभूयते इति *(अनुभव गरिन्छ)* अनुपूर्वक भू सत्तायाम् (भ्वा.) धातु, अनु+भू+अप्[1] (अ)= अनुभव ।

शब्दार्थ- यथार्थ ज्ञान, इन्द्रियहरूद्वारा ग्रहण गरिने प्रत्यक्ष ज्ञान, निरीक्षण, प्रयोग, भ्रमण आदिवाट प्राप्त ज्ञान, अनुभूति, अनुभवजन्य ज्ञान ।

अनुभवी (वि.) अनुभवः अस्य अस्तीति *(अनुभव छ यसको)* अनुभव+इनि[2] (इन्)= अनुभवी ।

शब्दार्थ- अनुभव भएको, कुनै कार्य गरेर व्यावहारिक ज्ञान प्राप्त गरेको ।

अनुभूतः (वि.) अनुभूयते स्म इति *(अनुभव गरिएको)* अनुपूर्वक भू सत्तायाम् (भ्वा.) धातु, अनु+भू+क्त (त) =अनुभूत ।

शब्दार्थ- अनुभव गरिएको, भोगेर थाह पाएको ।

अनुभूतिः (ना./स्त्री) अनुभवनम्, अनुभूयते इति वा *(अनुभव गरिन्छ)* अनुपूर्वक भू सत्तायाम् (भ्वा.) धातु, अनु+भू+क्तिन् (ति), भावमा= अनुभूति ।

शब्दार्थ- भित्री अनुभवजन्य ज्ञान, देखेर भोगेर थाहा पाएको ज्ञान, यथार्थ ज्ञान, पूर्ण ज्ञान, प्रत्यक्ष ज्ञान ।

अनुमतः (वि.) अनुमन्यते स्म इति *(अनुमोदन गरिएको)* अनुपूर्वक मनु अवबोधने (तना.) धातु, वा मन ज्ञाने (दिवा.) धातु, अनु+मन्+क्त (त), नलोप= अनुमत ।

शब्दार्थ- थाह भएको, सम्मत, स्वीकृत, अनुमति भएको ।

अनुमतिः (ना./स्त्री) अनुमननम्, अनुमन्यते इति वा *(अनुमोदन गरिन्छ)* अनुपूर्वक मन ज्ञाने (दिवा.) धातु, अनु+मन्+क्तिन् (ति), भावमा, नलोप= अनुमति ।

शब्दार्थ- स्वीकृति, अनुमोदन, मञ्जुरी, सहमति, समर्थन ।

अनुमानम् (ना./न) अनुमीयते इति *(अनुमान गरिन्छ)* अनुपूर्वक माङ् माने शब्दे च (जुहो.) धातु, अनु+मा+ल्युट् (अन)= अनुमान ।

शब्दार्थ- अन्दाज, अनुमान लगाउने वा अड्कल काट्ने काम, न्यायशास्त्रका चार प्रमाणहरूमध्ये एक ।

अनुमानितः (वि.) अनुमान्यते स्म इति *(अनुमान गरिएको)* अनुपूर्वक मनु अवबोधने (तना.) धातु, अनु+मन्+णिचि +क्त (त), णिलोप, इडागम=अनुमानित ।

अथवा अनु+मन्+घञ् (अ), अनुमानः ।

अथवा अनु+मा+ल्युट् (अन), अनुमानम् ।

अनुमानः, अनुमानम् वा अस्य अस्तीति *(अनुमान छ यसको)* अनुमान+इतच् (इत)= अनुमानित ।

शब्दार्थ- अनुमान गरिएको, अड्कल काटिएको, अन्दाज लगाइएको, कल्पित ।

अनुमितिः (ना./स्त्री) अनुमीयते अनेन इति *(अनुमान गरिन्छ यसबाट)* अनुपूर्वक माङ् माने शब्दे च (जुहो.) धातु, अनु+मा+क्तिन् (ति), करणमा, इत्व[3]=अनुमिति ।

शब्दार्थ- अनुमान गर्ने काम, अन्दाज लगाउने काम, न्यायशास्त्रको प्रमाण वा सिद्धान्त ।

अनुमेयः (वि.) अनुमातुं योग्यः *(अनुमान गर्न योग्य)* अनुपूर्वक माङ् माने शब्दे च (जुहो.) धातु, अनु+मा+यत्[4] (य), ईत्व[5], गुण= अनुमेय ।

शब्दार्थ- अनुमान गर्न योग्य, अन्दाज लगाउन सकिने, अनुमान गर्न उचित ।

अनुमोदकः (वि.) अनुमोदते इति *(समर्थन गर्छ)* अनुपूर्वक मुद हर्षे (भ्वा.) धातु, अनु+मुद्+ण्वुल् (अक), गुण =अनुमोदक ।

शब्दार्थ- समर्थन गर्ने, सहमति दिने, अनुमोदन गर्ने ।

---

[1] **ऋदोरप् : अप्**   [2] **अत इनिठनौ : इनि**   [3] **घतिस्यति...: इत्व**   .[4] **अचो यत् : यत्**   [5] **ईद्यति : ईत्**

अनुमोदनम् (ना./न.) अनुमोदनमिति *(समर्थन गरिन्छ)* अनुपूर्वक मुद हर्षे (भ्वा.) धातु, अनु+मुद्+ल्युट् (अन), गुण= अनुमोदन ।

शब्दार्थ-समर्थन, सहमति, सम्मति, अनुमोदन गर्ने काम

अनुमोदितः (वि.) अनुमोद्यते स्म इति *(अनुमोदन गरिएको)* अनुपूर्वक मुद हर्षे (भ्वा.) धातु, अनु+मुद्+णिचि+क्त (त), गुण, इडागम, णिलोप= अनुमोदित ।

शब्दार्थ- अनुमोदन गरिएको, समर्थन गरिएको, सहमति दिइएको ।

अनुयायी (वि.) अनु पश्चात् यातुं शीलमस्य *(पछि लाग्ने शील छ यसको)* अथवा अनुयाति पश्चात् गच्छतीति *(पछि पछि हिड्छ)* अनुपूर्वक या प्रापणे (अदा.) धातु, अनु+या+णिनि[1] (इन्), युगागम[2], अनुयायिन् =अनुयायी ।

शब्दार्थ- अनुगामी, सहचर, पछिलाग्ने, सेवक, अनुसरण गर्ने ।

उदा. अनुयायी भयो सारा छात्रवृन्द उसै गरी- प्रल्हाद ३/१

अनुरक्तः (वि.) अनुरज्यते स्म इति *(आसक्त भएको)* अनुपूर्वक रञ्ज रागे (भ्वा. वा दिवा.) धातु, अनु+रञ्ज्+क्त (त), नलोप, कुत्व= अनुरक्त ।

शब्दार्थ- अनुराग गर्ने, प्रेम गर्ने, प्रेमी, अनुरागयुक्त, ज्यादा आसक्त भएको ।

अनुरञ्जनम् (ना./न.) अनुरज्यते इति *(प्रसन्न राखिन्छ)* अनुपूर्वक रञ्ज रागे (भ्वा./दिवा.) धातु, अनु+ रञ्ज् +ल्युट् (अन)= अनुरञ्जन ।

शब्दार्थ- सुख दिने काम, सन्तुष्ट वा प्रसन्न राख्ने काम, अनुराग, खुसी पार्ने काम ।

अनुरतः (वि.) अनुरमते स्म इति *(आसक्त भएको)* अनुपूर्वक रमु क्रीडायाम् (भ्वा.) धातु, अनु+रम्+क्त (त), कर्तामा, नलोप= अनुरत ।

शब्दार्थ- प्रेम गर्ने, आसक्ति भएको, आसक्त, अनुरक्त, अनुरागयुक्त, स्नेहले परिपूर्ण ।

अनुरागः (ना./पुं) अनुरञ्जनम्, अनुरज्यते इति वा *(आसक्त हुने काम)* अनुपूर्वक रञ्ज रागे (भ्वा./दिवा.) धातु, अनु+रञ्ज्+घञ् (अ), नलोप, कुत्व =अनुराग ।

शब्दार्थ- आसक्ति, निष्ठा, प्रेम, स्नेह, प्रीति, रतिराग, स्त्री र पुरुषको एक अर्कोप्रति प्रेमभाव ।

अनुराधा (ना./स्त्री) अनुराध्नोति अनया इति *(सिद्ध हुन्छ यसबाट)* राध संसिद्धौ (स्वा.) धातु, अनु+राध्+अ +टाप् (आ)= अनुराधा ।

शब्दार्थ- सत्ताईस नक्षत्र मध्ये एक ।

अनुरूपः (वि.) अनुरोपयति विमोहयतीति *(मोहित पार्छ)* रुप विमोहने (दिवा.) धातु, अनु+रुप्+अच् (अ), दीर्घ[3]= अनुरूप ।

अथवा अनुरूपयतीति *(समान रूप लिन्छ)* अनुपूर्वक रूप रूपक्रीडायाम् (चुरा.) धातु, अनु+रूप्+अच् (पचादि)= अनुरूप ।

अथवा अनुरूयते स्तूयते *(स्तुति गरिन्छ)* रु शब्दे (अदा.) धातु, अनु+रु+प[4] प्रत्यय, दीर्घनिपातन, उणा.= अनुरूप ।

अथवा रूपमनुगतः *(समान रूप भएको)* प्रा.त.स. =अनुरूप ।

शब्दार्थ- समान, सदृश, तुल्य, योग्य, मिल्दोजुल्दो, अनुकूल, उपयुक्त, उस्तै रूपको, रूपसित मिल्दोजुल्दो, समान रूप भएको ।

अनुरोधः (ना./पुं) अनुरोधनम्, अनुरुध्यते इति वा *(अनुरोध गरिन्छ)* अनुपूर्वक रुध कामे (दिवा.) धातु, वा अनुपूर्वक रुधिर् आवरणे (रुधा.) धातु, अनु+रुध्+ घञ् (अ), गुण= अनुरोध ।

शब्दार्थ- विनय, प्रार्थना, निवेदन, बिन्ती, आग्रह, नम्रतापूर्वक गरिएको प्रार्थना ।

अनुरोधकः (वि.) अनुरोधयतीति *(अनुरोध गर्छ)* अनुपूर्वक रुध कामे (दिवा) वा रुधिर् आवरणे (रुधा.) धातु, अनु +रुध्+णिचि+ण्वुल् (अक), णिलोप, गुण =अनुरोधक ।

शब्दार्थ- अनुरोध गर्ने, निवेदक, प्रार्थी, प्रार्थना गर्ने, विनयपूर्वक निवेदन गर्ने ।

अनुरोधी (वि.) अनुरोधयतीति *(अनुरोध गर्छ)* अनुपूर्वक रुधिर् आवरणे (रुधा.) वा रुध कामे (दिवा.) धातु, अनु+रुध्+णिचि+घिनुण् (इन्), गुण, णिलोप, अनुरोधिन् = अनुरोधी ।

शब्दार्थ- अनुरोध गर्ने, निवेदन गर्ने, प्रार्थना गर्ने ।

अनुलापः (ना./पुं) अनुलपनम्, अनुलप्यते इति वा *(बारम्बार भनिन्छ)* अनुपूर्वक लप व्यक्तायां वाचि (भ्वा.) धातु, अनु+लप्+घञ् (अ)= अनुलाप ।

अनुलापो मुहुर्भाषा- इत्यमरः

शब्दार्थ- बारम्वार बोल्ने काम, आवृत्ति, पुनरुक्ति ।

अनुलेपः (ना./न.) अनुलेपनम्, अनुलिप्यते इति वा *(सुगन्धित लेप लगाइन्छ)* अनुपूर्वक लिप उपदेहे (तुदा.) धातु, अनु+लिप्+घञ् (अ), गुण= अनुलेप ।

शब्दार्थ- अभिषेक, अनुलेपन, सुगन्धित लेप, शरीरमा चन्दनादि लेपन गर्ने क्रिया, सुगन्धित द्रव्य ।

अनुलेपनम् (ना./न) अनुलिप्यते इति *(लेपन गरिन्छ)* अनुपूर्वक लिप उपदेहे (तुदा.) धातु, अनु+लिप्+ल्युट् (अन), गुण= अनुलेपन ।

शब्दार्थ- शरीरमा लगाउने तेल, चन्दन, बुकुवा आदि लेप, सुगन्धित पदार्थ लेपन गर्ने काम, मालिस गर्ने काम ।

---

[1] सुप्यजातौ... : णिनि

[2] आतो युक्... : युक्

[3] अन्येषामपि... : दीर्घ

[4] खष्पशिल्पशष्प...: प प्रत्यय, दीर्घनिपात

अनुलोमम् (ना./न.) अनुगतं लोम *(तलतिर झरेको केश)* अनु+लोमन्, प्रा.त.स., अच्[1] (समासान्त) =अनुलोम ।

शब्दार्थ- तलतिर लड्केको केश, तलतिर झर्ने क्रम, अनुक्रम, अन्तर्जातीय विवाह हुने काम ।

अनुवंशः (ना./पुं) उश्यते इति *(चाहनु)* वश कान्तौ (अदा.) धातु, वश्+घञ् (अ), नुम्, वंशः । अनुगतः वंशः *(वंशपरम्परा-अनुरूप)* प्रा.त.स.= अनुवंश ।

शब्दार्थ- वंशानुक्रम, मूलपूर्खादेखि आएको वंशपरम्परा, वंशावली, वंशलता, वंशतालिका ।

अनुवचनम् (ना./न.) अनु पश्चात् उच्यते इति *(पछि भनिन्छ)* अनुपूर्वक वच परिभाषणे (अदा.) धातु, अनु+वच्+ल्युट् (अन)= अनुवचन ।

शब्दार्थ- आवृत्ति, पुनरुक्ति, शब्दको अनुकरण गरेर बोल्ने प्रक्रिया, पहिलो शब्दको विस्तारित रूप- जस्तैः भात-सात, रोटी-सोटी, नोकर-चाकर आदि ।

अनुवर्ती (वि.) अनुवर्तितुं शीलमस्य *(पछि लाग्ने शील छ यसको)* अनुपूर्वक वृतु वर्तने (भ्वा.) धातु, अनु+वृत् +णिनि[2] (इन्), गुण, अनुवर्तिन्= अनुवर्ती ।

शब्दार्थ- अनुयायी, पछि रहेको, पछाडि रहने, पछिलाग्ने, अनुसरण गर्ने, अनुगामी ।

अनुवाकः (ना./पुं) अनु पश्चात् उच्यते इति *(आवृत्ति गरिन्छ)* अनुपूर्वक वच परिभाषणे (अदा.) धातु अनु +वच्+घञ् (अ), वृद्धि, कुत्व= अनुवाक ।

शब्दार्थ- आवृत्ति गर्ने काम, वेदको अनुभाग, वेदको अध्यायभित्र एउटा प्रकरण वा प्रसङ्ग बुझाउने मन्त्रहरू

अनुवादः (ना./पुं) अनूद्यते इति *(अनुवाद गरिन्छ)* अनुपूर्वक वद व्यक्तायां वाचि (भ्वा.) धातु, अनु+वद् +घञ् (अ), वृद्धि= अनुवाद ।

शब्दार्थ- आवृत्ति, उल्था, व्याख्या, रूपान्तरण गर्ने काम, एउटा भाषाबाट अर्को भाषामा उल्था वा अनुवाद गर्ने काम ।

अनुवादकः (वि.) अनुवादयतीति *(अनुवाद गर्छ)* अनुपूर्वक वद व्यक्तायां वाचि (भ्वा.) धातु, अनु+वद्+णिचि +ण्वुल् (अक), वृद्धि, णिलोप= अनुवादक ।

शब्दार्थ- एक भाषाबाट अर्को भाषामा उल्था गर्ने, अनुवाद गर्ने, व्याख्या गर्ने, रूपान्तरण गर्ने ।

अनुवृत्तिः (ना./स्त्री) अनुवर्तनम्, अनुवृत्यते इति *(वृत्ति प्रदान गरिन्छ)* अनुपूर्वक वृतु वर्तने (भ्वा.) धातु, अनु+वृत्+क्तिन् (ति)= अनुवृत्ति ।

शब्दार्थ- स्वीकृति, पुनरुक्ति, कर्मचारीलाई दिइने निवृत्ति भत्ता, उपदान ।

अनुशासकः (ना./पुं) अनुशास्तीति *(शासन गर्छ)* अनुपूर्वक शासु अनुशिष्टौ (अदा.) धातु, अनु+शास् +ण्वुल् (अक)= अनुशासक ।

शब्दार्थ- शासन गर्ने व्यक्ति, प्रशासक, निर्देशक, अनुशासनमा राख्ने व्यक्ति, परमेश्वर ।

द्रष्टव्य- **कविं पुराणमनुशासितारम्- भ.गी. ८/९**

अनुशासनम् (ना./न) अनुशासनमिति *(अनुशासनमा राखिन्छ)* अनुपूर्वक शासु अनुशिष्टौ (अदा.) धातु, अनु+शास्+ल्युट् (अन), भावमा= अनुशासन ।

शब्दार्थ- अनुशासनमा राख्ने काम, आदेश र मर्यादाको परिपालन, शिक्षणसम्वन्धी नियम, आज्ञापालन, आदेशपालन ।

अनुशासितः (वि.) अनुशास्यते स्म इति *(अनुशासनमा राखिएको)* अनुपूर्वक शासु अनुशिष्टौ (अदा.) धातु, अनु+शास्+णिचि+क्त (त), इडागम= अनुशासित ।

शब्दार्थ- अनुशासनमा राखिएको, प्रशासित, मर्यादामा रहेको ।

अनुशीलनम् (ना./न.) अनु पुनःपुनरतिशयेन शीलनमभ्यासः *(बारम्बार अनुशीलन गरिन्छ)* अनुपूर्वक शील समाधौ (भ्वा.) धातु, वा शील उपधारणे (चुरा.) धातु, अनु+शील्+ल्युट् (अन), भावमा= अनुशीलन ।

शब्दार्थ- निरन्तर प्रयास, बारम्बार अभ्यास गर्ने काम, मनन, चिन्तन, गहन-अध्ययन, समीक्षण, विवेचना, विश्लेषण ।

अनुष्टुप्/भ् (ना./स्त्री) अनु निरन्तरं स्तुभ्यते अनया इति *(निरन्तर रोकिन्छ)* अनुपूर्वक ष्टुभु स्तम्भे (भ्वा.) धातु, अनु+स्तुभ्+क्विप्, अनुष्टुभ्, चर्त्व= अनुष्टुप् ।

शब्दार्थ- आठ आठ अक्षरको एक एक पाउँ हुने बत्तीस अक्षरको छन्द, अनुष्टुप् छन्द, वाणी, सरस्वती, वाग्देवी ।

अनुष्ठाता (वि.) अनुतिष्ठतीति *(अनुष्ठान गर्छ)* अनुपूर्वक ष्ठा गतिनिवृत्तौ (भ्वा.) धातु, अनु+ष्ठा+तृच् (तृ), अनुष्ठातृ= अनुष्ठाता ।

शब्दार्थ- अनुष्ठान गर्ने, यज्ञादि कर्म गर्ने, अभिलषित फल प्राप्तिका लागि देवीदेवताको पूजा आराधना गर्ने ।

अनुष्ठानम् (ना./न) अनुष्ठीयते इति *(अनुष्ठान गरिन्छ)* अनुपूर्वक ष्ठा गतिनिवृत्तौ (भ्वा.) धातु, अनु+स्था + ल्युट् (अन), षत्व, ष्टुत्व= अनुष्ठान ।

शब्दार्थ- देवी देवताको आरधना गर्ने काम, धार्मिक कार्य सम्पन्न गर्ने क्रिया, कर्मको अनुशीलन, धार्मिक कृत्य, कुनै काम आरम्भ गर्ने क्रिया ।

अनुसन्धाता (वि.) अनुसन्दधातीति *(अनुसन्धान गर्छ)* अनु सम् उपसर्गद्वयपूर्वक डुधाञ् धारणपोषणयोः (जुहो.) धातु, अनु+सम्+धा+तृच् (तृ), अनुसन्धातृ =अनुसन्धाता ।

शब्दार्थ- अनुसन्धान गर्ने, कुनै विषयको खोजी गर्ने, अनुसन्धानकर्ता, कुनै कुराको परीक्षण वा निरीक्षण गर्ने, शोधकर्ता ।

---

[1] अच्प्रत्यन्वपूर्वात्साम... : अच्

[2] सुप्यजातौ... : णिनि

अनुसन्धानम् (ना./न.) अनुसन्धानमिति *(अनुसन्धान गरिन्छ)* अनु सम् उपसर्गद्वयपूर्वक डुधाञ् धारण-पोषणयोः (जुहो.) धातु, अनु+सम्+धा+ल्युट् (अन), भावमा= अनुसन्धान ।

शब्दार्थ- कुनै विषयको खोज, निरीक्षण, परीक्षण, आविष्कार, अन्वेषण, शोधन, छानविन ।

अनुसरणम् (ना./न.) अनुसरणम्, अनुस्रियते इति वा *(अनुसरण गरिन्छ)* अनुपूर्वक सृ गतौ (भ्वा.) धातु, अनु+सृ+ल्युट् (अन), गुण= अनुसरण ।

शब्दार्थ- अनुगमन गर्ने काम, पछि लाग्ने काम, निश्चय गरिए-अनुरूप अनुगमन गर्ने कार्य, अनुकरण ।

अनुसर्गः (ना./पुं) अनुसृज्यते इति *(संरचना गरिन्छ)* अनुपूर्वक सृज विसर्गे (दिवा.) धातु, अनु+सृज्+घञ् (अ), गुण, कुत्व= अनुसर्ग ।

शब्दार्थ-सृष्टि, संरचना, अनुसरण, खण्ड, भाग, अध्याय ।

अनुसारः (ना./पुं) अनुसरणमिति *(अनुगमन गरिन्छ)* अनुपूर्वक सृ गतौ (भ्वा.) धातु, अनु+सृ+घञ् (अ), वृद्धि= अनुसार ।

शब्दार्थ- पछि लाग्ने वा अनुगमन गर्ने काम, अड्कल ।

अनुसूचकः (वि.) अनुसूचयतीति *(सूचना दिन्छ)* सूच पैशून्ये (चुरा.) धातु, अनु+सूच्+ण्वुल् (अक)=अनुसूचक ।

शब्दार्थ- सूचना दिने, सङ्केत दिने, सूचित गर्ने, संवाददाता, खबर गर्ने ।

अनुसूचिः/अनुसूची (ना./स्त्री) अनुसूच्यते इति *(सूचना दिइन्छ)* अनुपूर्वक सूच पैशून्ये (चुरा.) धातु, अनु+सूच+इन्[1] (इ), उणा, अनुसूचि+ङीप् (ई), विकल्पले, अनुसूची, ङीप्को अभावमा= अनुसूचि ।

शब्दार्थ- कुनै ग्रन्थको प्रारम्भ वा अन्त्यमा दिइने सूची, विवरण, सूचीपत्र, तालिका, सारणी ।

अनुसूचितः (वि.) अनुसूच्यते स्म इति *(गणना गरिएको वा सूचना दिइएको)* अनुपूर्वक सूच पैशून्ये (चुरा.) धातु, अनु+सूच्+क्त (त), इडागम= अनुसूचित ।

शब्दार्थ- अनुसूचीमा परेको, अनुसूचीमा लेखिएको, परिगणित, सारणी वा तालिकामा दिइएको ।

अनुस्मरणम् (ना./न.) अनुस्मर्यते इति *(सम्झिन्छ)* अनुपूर्वक स्मृ चिन्तायाम् वा स्मृ आद्ध्याने (भ्वा.) धातु, अनु+स्मृ+ल्युट् (अन)= अनुस्मरण ।

शब्दार्थ- स्मरण, वारम्वार स्मरण गर्ने काम, ध्यान लगाउने क्रिया, पुनःस्मरण, पुनःस्मृति ।

अनुस्मृतिः (ना./स्त्री) अनुस्मरणमिति *(पुनः स्मरण गरिन्छ)* अनुपूर्वक स्मृ चिन्तायाम् वा स्मृ आद्ध्याने (भ्वा.) धातु, अनु+स्मृ+क्तिन् (ति)= अनुस्मृति ।

शब्दार्थ- स्मरण, चिन्तन, ध्यान गर्ने क्रिया, वारम्वार सम्झने काम, ध्यान, सम्झना ।

अनुस्वारः (ना./पुं) अनुस्वरणम्, अनुस्वर्यते इति *(अनुस्वार दिनु)* अनुपूर्वक स्वृ शब्दोपतापयोः (भ्वा.) धातु, अनु+स्वृ+घञ् (अ), वृद्धि= अनुस्वार ।

शब्दार्थ- अक्षरको शिरमा दिइने शिरोविन्दु तथा चन्द्रविन्दु, नाके ध्वनि, वर्णको शिरमा दिइने चिन्ह ।

अनुहारः (ना./पुं) अनुहरणम्, अनुह्रियते इति *(उस्तै अनुहार हुनु)* अनुपूर्वक हृञ् हरणे (भ्वा.) धातु, अनु+हृ+घञ् (अ)= अनुहार ।

शब्दार्थ- मुखाकृति, मुखको आकारप्रकार, रूप, अनुहार वा आकृति उस्तै हुने क्रिया ।

अनूढः (वि.) उह्यते स्म इति *(विवाह गरिएको)* वह प्रापणे (भ्वा.) धातु, वह+क्त (त), कर्ममा, तको ध, हको ढ, सम्प्रसारणबाट वको उ, ढलोप, दीर्घ, ऊढः । न ऊढः *(विवाह नगरिएको)* न.त.स., नुट्= अनूढ ।

शब्दार्थ- अविवाहित, विहे नगरेको, कुमारै बसेको ।

अनूदितः (वि.) अनूदीयते स्म इति *(अनुवाद गरिएको)* अनु उत् उपसर्गद्वयपूर्वक इण् गतौ (अदा.) धातु, वा इङ् अध्ययने (अदा.) धातु, अनु+उत्+इ+क्त (त), उत्का तको जश्त्व द, सवर्णदीर्घ= अनूदित ।

शब्दार्थ- अनुवाद गरिएको, कुनै एक भाषाबाट अर्को भाषामा उल्था वा रूपान्तरण गरिएको, पछि उदाएको ।

अनृतः (वि.) अर्यते स्म इति *(ठीक बाटोमा गएको)* ऋ गतौ (भ्वा.) धातु, ऋ+क्त (त), ऋतम् । न ऋतम् **(साँचो नभएको)** न.त.स, नुट्= अनृत ।

शब्दार्थ- साँचो नभएको, झूटो, असत्य ।

अनेकः (वि.) एतीति *(जान्छ)* इण् गतौ (अदा.) धातु, इ+कन्[2] (क), उणा., गुण, एकः । न एकः *(जो एक छैन)* न.त.स., नुट्= अनेक ।

शब्दार्थ- एकभन्दा बढी, धेरै, अनेकौं, असङ्ख्य ।

अनेकता (ना./स्त्री) अनेकस्य भावः *(एक नहुनाको भाव वा अवस्था)* अनेक+तल् (त)+टाप् (आ)= अनेकता ।

शब्दार्थ- विविधता, अनेक हुनाको स्थिति वा अवस्था ।

अनेकरूपः (वि./ना./न.) अनेकानि रूपाणि यस्य *(धेरै रूप छन् जसका)* ब.स. वा अनेकञ्च तत् रूपम् *(धेरै रूप)* क.त.स.= अनेकरूप ।

शब्दार्थ- धेरै रूप हुने, अनेकौं रूप धारण गर्ने, बहुरूपी, धेरै रूप, बहुरूप, विविधरूप, नानारूप ।

अनेकार्थः (ना./पुं) अनेकश्चासौ अर्थश्च *(अनेक अर्थ)* क.त.स.= अनेकार्थ ।

शब्दार्थ- धेरै अर्थ, विविध अर्थ, धेरै प्रकारको अर्थ, नानार्थ ।

अनेकार्थकः (वि.) अनेकः अर्थः यस्य *(धेरै अर्थ छ जसको)* ब.स., कप् (समासान्त)= अनेकार्थक ।

शब्दार्थ- धेरै प्रकारको अर्थ दिने, नानार्थक, विविध अर्थ दिने ।

---

[1] सर्वधातुभ्य इन् : इन्

[2] इण्भीकापाशल्यति... : कन्

अनेकार्थी (वि.) अनेकार्थः अस्य अस्तीति *(अनेक अर्थ छ यसको)* अनेकार्थ+इनि[१] (इन्)= अनेकार्थी ।

शब्दार्थ- अनेक अर्थ दिने, नानार्थी, विविधार्थक ।

अनैतिकः (वि.) नीयते इति *(राम्रो बाटोमा लगिन्छ)* णीञ् प्रापणे (भ्वा.) धातु, नी+क्तिन् (ति), नीतिः । नीत्या चरतीति *(नीति अनुकूल आचरण गर्छ)* नीति+ठक्[२] (इक), वृद्धि, नैतिकः । न नैतिकः *(नीति अनुकूल नचल्ने)* न.त.स.= अनैतिक ।

शब्दार्थ- नीतिको पालना नगर्ने, मर्यादा उल्लङ्घन गर्ने, अनैतिक कार्य गर्ने, प्रतिकूल आचरण गर्ने ।

अनैस्वर्यम् (ना./न.) ईश्वरस्य भावः *(ईश्वर वा स्वामी हुनाको भाव वा अवस्था)* ईश्वर+ष्यञ् (य), आदिवृद्धि, ऐश्वर्यम् । न ऐश्वर्यम् *(समृद्धिको अभाव)* न.त.स., नुट्= अनैस्वर्य ।

शब्दार्थ- ऐश्वर्यको अभाव, स्वामित्व वा समृद्धिको अभाव ।

अनैसर्गिकः (वि.) निसृज्यते इति *(सहज हुनु)* निपूर्वक सृज विसर्गे (दिवा.) तथा (तुदा.) धातु, नि+सृज्+घञ् (अ), निसर्गः । निसर्गादागतः *(स्वभावबाट आएको)* निसर्ग+ठक्[३] (इक) आदिवृद्धि, नैसर्गिकः । न नैसर्गिकः *(जो स्वाभाविक छैन)* न.त.स., नुट् =अनैसर्गिक ।

शब्दार्थ- अस्वाभाविक, असहज, अप्राकृतिक, स्वभाव विपरीत ।

अनौचित्यम् (ना./न.) उच्यते स्म इति *(उचित भएको)* उच समवाये (दिवा.) धातु, उच्+क्त (त), इडागम, उचितः । उचितस्य भावः *(उचित हुनाको भाव वा अवस्था)* उचित+ष्यञ् (य), आदिवृद्धि, औचित्यम् । न औचित्यम् *(उचित नहुनाको अवस्था)* न.त.स., नुट्= अनौचित्य ।

शब्दार्थ- अनुचितता, अनुपयुक्तता, उचित नहुनाको भाव वा अवस्था, अनौचित्यता, अनुचितपना ।

अनौपचारिकः (वि) उपचर्यते इति *(अनुकूल आचरण गरिन्छ)* उपपूर्वक चर गतिभक्षणयोः (भ्वा.) धातु, वा चर संयमे (चुरा.)धातु, उप+चर्+घञ्(अ), उपचारः । उपचारादागतः वा उपचारस्य इदम् *(उपचारबाट आएको, उपचारसम्बन्धी)* उपचार+ठक्[३] (इक), आदिवृद्धि, औपचारिकः । न औपचारिकः *(औपचारिक नभएको)* न.त.स., नुट्= अनौपचारिक ।

शब्दार्थ- औपचारिक नभएको, निर्धारित नभएको, स्वच्छन्द वा आफूखुसी भएको ।

अन्तः (ना./पुं/न.) अन्तति, अन्त्यते इति वा *(नास्छ वा नासिन्छ)* अति वन्धने (भ्वा.) धातु, अन्त्+अच् (पचादि)/घञ् (अ)= अन्त । अथवा अमति आमयतीति वा *(नास हुन्छ वा रोगिन्छ)* अम गत्यादिषु (भ्वा.) वा अम रोगे (चुरा.) धातु, अम्+तन्[४] (उणा.)= अन्त ।

अन्तो जघन्यं चरमम्- इत्यमरः

अन्तो नाशो द्वयोर्मृत्युर्मरणं निधनोऽस्त्रियाम्- इत्यमरः

अन्तः स्वरूपे निकटे प्रान्ते निश्चयनाशयोः- इति हैमः

शब्दार्थ- भित्र, समीप, निकट, छेउ, स्वरूप, निश्चय, चरमविन्दु, आखिरी अवस्था, अन्तिम समय, नाश, मृत्यु, जसवाट पर केही छैन, त्यो अन्त हो, सीमा ।

अन्तकः (वि./ना./पुं.) अन्तं विनाशं करोति, अन्तयतीति वा *(विनाश गर्छ)* अति वन्धने (भ्वा.) धातु, नुम्, अन्त्+णिचि+ण्वुल् (अक), णिलोप= अन्तक ।

कालो दण्डधरः श्राद्धदेवो वैवश्वतोऽन्तकः- इत्यमरः

शब्दार्थ- मार्ने, विनाश गर्ने, घातक, मृत्यु, संहारक, यमराज, काल ।

अन्तकालः (ना./पुं) अन्तश्चासौ कालश्च *(अन्तिम काल)* क.त.स. अथवा अन्तः मृत्युस्तस्य कालः समयः *(मृत्युको समय)* ष.त.स.= अन्तकाल ।

शब्दार्थ- अन्तिम समय, आखिरी वेला, मर्नेवेला, मृत्युको समय ।

अन्ततः (अव्य.) अन्ते इति *(अन्तमा)* अन्त+तसिल् (तस्), अन्ततस्= अन्ततः ।

शब्दार्थ- अन्तमा, आखिरमा, किनारवाट, भित्र ।

अन्तःकरणम् (ना./न.) अन्तः अन्तस्थं च तत्करणम् *(भित्री इन्द्रियहरू)* क.त.स.= अन्तकरण ।

निगद्यतेऽन्तःकरणं मनोधीरहङ्कृतिश्चित्तमिति स्ववृत्तिभिः- वि.चू ९५ अर्थात् मन, बुद्धि, अहङ्कार, चित्त- यी अन्तःकरण हुन् ।

शब्दार्थ- मन, बुद्धि, अहङ्कार, चित्त, इन्द्रिय ।

अन्तरः (ना./पुं./वि.) अन्तं राति दधातीति *(भित्रिन्छ)* अन्तपूर्वक रा दाने (अदा.) धातु, अन्त+रा+क[५] (अ) =अन्तर ।

शब्दार्थ- मध्यभाग, अवकाश, माझ, भित्रको, वीचको ।

अन्तरङ्गः (ना./पुं) अन्तः रज्यते इति *(भित्र रँगिन्छ)* अन्तपूर्वक रञ्ज रागे (दिवा.) धातु, अन्त+रञ्ज्+घञ् (अ), भावमा= अन्तरङ्ग ।

अथवा अन्तः अङ्गतीति *(भित्र भित्रै चल्छ)* अगि गतौ (भ्वा.) धातु, अन्तर्+अङ्ग्+अच् (पचादि)= अन्तरङ्ग ।

अथवा अन्तर् अङ्गः *(भित्री भाग)* प्रा.त.स.[६]= अन्तरङ्ग ।

शब्दार्थ- भित्री भाग, रङ्गमञ्च, नाटचशाला ।

अन्तरात्मा (ना./पुं) अन्तः अततीति *(भित्र चलिरहन्छ)* अन्तर्पूर्वक अत सातत्यगमने (भ्वा.) धातु, अन्तर्+अत्+मनिण्[७] (मन्), वृद्धि, अन्तरात्मन्= अन्तरात्मा ।

शब्दार्थ- भित्री मन, अन्तःकरण, भित्री आत्मा ।

---

[१] अत इनिठनौ : इनि

[२] चरति : ठक्

[३] ठगायस्थानेभ्य.../तस्येदम् : ठक्

[४] हसिमृग्रिण्वाऽमि... : तन्

[५] आतोऽनुपसर्गे...: क

[६] कुगतिप्रादय : प्रा.त.स.

[७] सातिभ्यां मनिन्मनिणौ : मनिण्

अन्तरायः (ना./पुं) अन्तरं व्यवधानमेति *(अवरोध पैदा गर्छ)* इण् गतौ (अदा.) धातु, अन्तर्+इ+अण् (अ), वृद्धि, आयादेश= अन्तराय ।

शब्दार्थ- विघ्नवाधा, अवरोध, व्यवधान ।

अन्तरालम् (ना./न) अन्तरं व्यवधानसीमामाराति गृह्णातीति *(भित्री सीमा निर्धारण गर्छ)* अन्तर् तथा आङ्पूर्वक रा दाने (अदा.) धातु, अन्तर्+आ+रा+क (अ), आलोप, रको लत्व (ल र रको अभेद सम्वन्धले)= अन्तराल ।

अथवा अन्तरमालातीति *(अन्तर ल्याउँछ)* अन्तर् तथा आङ्पूर्वक ला आदाने अदा. धातु, अन्तर्+आ +ला+क (अ) आलोप= अन्तराल ।

शब्दार्थ- दुईटाका वीचको भाग, वीचको स्थान, मध्यवर्ती स्थान, अवकाश ।

अन्तरीक्षम् (ना./न.) अन्तः द्यावाभूम्योर्मध्ये ईक्ष्यते इति *(आकाश र पृथिवीको माझमा देखिन्छ)* ईक्ष दर्शने (भ्वा.) धातु, अन्तर्+ईक्ष्+घञ् (अ)= अन्तरीक्ष ।

अथवा अन्तर्मध्ये ऋक्षाणि नक्षत्राणि यस्य, तत् *(बीचमा नक्षत्रहरू छन् जसका)* ब.स., पृषोदरादिबाट ऋको ई निपातन= अन्तरीक्ष ।

शब्दार्थ- आकाश र पृथिवीका वीचको मध्यवर्ती स्थान, नभोमण्डल, आकाश र पृथिवीको वीच भाग ।

अन्तरीपम् (ना./न.) अन्तर्गता आपः यस्मिन् *(भित्र बगेको छ पानी जसमा)* ब.स., उ.प.लोप, अन्तर्+ अप्+अ (समासान्त), अको ईत्व= अन्तरीप ।

शब्दार्थ- दुवैतिर पानी भएको भूभाग, टापू ।

अन्तर् (अव्य.) अमतीति *(चल्छ)* अम गत्यादिषु (भ्वा.) धातु, अम्+अरन् (अर), तुडागम= अन्तर् ।

शब्दार्थ- वीचमा, माझमा, भित्र, निकट, समीप, क्रियाका साथ उपसर्ग जस्तै प्रयोग हुने अव्ययपद ।

अन्तर्कथा (ना./स्त्री) कथ्यते इति *(भनिन्छ)* कथ वाक्य प्रवन्धे (चुरा.)धातु, कथ+अङ्[1](अ)+टाप् (आ), कथा । अन्तः कथा *(भित्री कथा)* प्रा.त.स.= अन्तर्कथा ।

शब्दार्थ- भित्रको कथा, भित्री कहानी, भित्री किस्सा, मनभित्रको कहानी वा कुरा ।

अन्तर्गतः (वि.) अन्तर्गतवान् इति *(भित्र घुसेको)* अन्तर्पूर्वक गम्लृ गतौ (भ्वा.) धातु, अन्तर्+गम्+ क्त (त), कर्तामा, नलोप= अन्तर्गत ।

अथवा अन्तः अन्तकरणात् गतम् *(बिर्सिएको)* वा अन्तः मध्ये गतम् *(भित्र पुगेको)* प्रा.त.स= अन्तर्गत ।

अन्तर्गतं विस्मृतं स्यात्- इत्यमरः

शब्दार्थ- भित्र रहेको, कसैको मातहतमा रहेको, वीचमा घुसेको, विस्मृत, विर्सेको, कसैको अधीनमा रहेको, भित्र रहेको ।

अन्तर्गामी (वि.) अन्तर्गन्तुं शीलमस्य *(भित्र विचरण गर्ने शील छ यसको)* अन्तर्+गम्+णिनि (इन्), दीर्घ =अन्तर्गामी ।

शब्दार्थ- भित्र भित्रै विचरण गर्ने, भित्रिया, भित्रै हिंडडुल गर्ने

अन्तर्गृहम् (अव्य.) गृहस्य मध्ये *(घरको माझमा)* अन्तर् +गृहम्, अव्य.स.= अन्तर्गृह ।

शब्दार्थ- घरको बीच भागमा, घरको माझमा ।

अन्तर्जगत् (ना./न.) अन्तर्गच्छतीति *(भित्र रहन्छ वा घुम्छ)* अन्तर्पूर्वक गम्लृ गतौ (भ्वा.) धातु, अन्तर्+ गम्+क्विप्, द्वित्वनिपातन, तुगागम= अन्तर्जगत् ।

शब्दार्थ- भित्री संसार, अन्तर्हृदय, काल्पनिक जगत्, मानसिक संसार ।

अन्तर्जातीयः (वि.) अन्तः अन्तर्जातौ जायते जन्यते इति वा *(अन्तर जातिमा पैदा हुन्छ)* अन्तर्पूर्वक जनी प्रादुर्भावे (दिवा.) धातु, अन्तर्+जन्+क्तिन् (ति), अन्तर्जातिः । अन्तर्जातौ भवः, अन्तर्जातये हितम् *(अन्तर जातिमा भएको वा अन्तर जातिलाई हित हुने)* अन्तर्जाति+छ[2] (ईय)= अन्तर्जातीय ।

शब्दार्थ- अन्य अन्य जाति भित्रको, जुनसुकै जातजाति भित्रको, मनुष्यजाति भित्रको, अन्तर्जातिमा भएको ।

अन्तर्ज्योतिः (वि.) अन्तः आत्मा एव ज्योतिः प्रकाशः यस्य *(भित्री आत्मा नै प्रकाश छ जसको)* ब.स. =अन्तर्ज्योति ।

शब्दार्थ- आत्मप्रकाश भएको, आत्मज्ञान खुलेको ।

अन्तर्ज्ञानम् (ना./न.) अन्तर्ज्ञानम्, अन्तर्ज्ञायते इति वा *(भित्री ज्ञान)* अन्तर्पूर्वक ज्ञा अवबोधने (क्रचा.) धातु, अन्तर्+ज्ञा+ल्युट् (अन)= अन्तर्ज्ञान ।

शब्दार्थ- भित्री ज्ञान, भित्री मनको रहस्य जान्नेकाम, मानसिक ज्ञान, आत्मज्ञान ।

अन्तर्दशा (ना./स्त्री) अन्तः दंशते इति *(भित्र पीडा दिन्छ)* अन्तर्पूर्वक दंश दंशने (भ्वा.) धातु, अन्तर्+ दंश्+अ+टाप् (आ), नलोप, दशा, अन्तर्+ दशा, प्रा.त.स.= अन्तर्दशा ।

शब्दार्थ- भित्री मनको अवस्था, चित्तको स्थिति, मनोवृत्ति, ज्योतिषशास्त्र-अनुसार एउटा ग्रहको दशाभित्र अन्य प्रत्येक ग्रहको भोगकाल ।

अन्तर्दाहः (ना./पुं) अन्तर्दह्यते इति *(भित्र जलन हुनु)* अन्तर्पूर्वक दह भस्मीकरणे (भ्वा.) धातु, अन्तर्+दह् +घञ् (अ)= अन्तर्दाह । अथवा अन्तर्मध्ये दाहः सन्तापः *(भित्री ताप)* सह सुपा समास= अन्तर्दाह ।

शब्दार्थ- अन्तर्जलन, अन्तस्करणको सन्ताप, भित्री पीडा या ताप, अन्तर्वेदना, मानसिक पीडा वा ताप, शरीरभित्र जलन हुने काम ।

अन्तर्दृष्टिः (ना./स्त्री) अन्तर्दृश्यते इति *(भित्री आँखाले हेरिन्छ)* अन्तर्पूर्वक दृशिर् प्रेक्षणे (भ्वा.) धातु, अन्तर् +दृश्+क्तिन् (ति), षत्व, ष्टुत्व= अन्तर्दृष्टि ।

शब्दार्थ- ज्ञानचक्षु, भित्री आँखा, भित्री ज्ञान, भित्री प्रज्ञा ।

---

[1] चिन्तिपूजि...अङ्

[2] गहादिभ्यश्च/तस्मै हितम् : छ

अन्तर्देशीयः (वि.) अन्तर्दिशति दिश्यते वा *(देशभित्र वा देश-देशबीच हुन्छ वा हुनु)* दिश अतिसर्जने (तुदा.) धातु, अन्तर्+दिश्+अच् (पचादि)/घञ्(अ), गुण, अन्तर्देशः, अन्तर्देशे भवः जातादिर्वा *(देश-देशमा हुने वा भएको)* अन्तर्देश+छ[1] (ईय)= अन्तर्देशीय ।

शब्दार्थ-देश-देशवीचको, कुनै देशभित्रको, मुलुकभित्रको ।

अन्तर्द्वन्द्वम् (ना./न.) द्वौ द्वौ भूत्वा रहस्यं मन्त्रयते इति *(दुई दुई भएर गुप्त रहस्य मन्त्रणा गर्छन्)* द्वि शब्दको द्वित्व, पूर्वपद द्विको अम्भाव, अत्व, उत्तरपद द्विको अत्व, नपुंसकत्व-निपातन[2], द्वन्द्वम् । अन्तर् द्वन्द्वम् *(अन्तर सङ्घर्ष)* प्रा.त.स.= अन्तर्द्वन्द्व ।

द्वन्द्वं रहस्ये कलहे तथा मिथुनयुग्मयोः- इति मेदिनी

शब्दार्थ- दुईजना बीचको मन्त्रणा वा रहस्यात्मक संवाद, आन्तरिक कलह, दुईजना बीचको मुठभेड, अन्तःसङ्घर्ष, मानसिक द्वन्द्व वा सङ्घर्ष ।

अन्तर्धानम् (ना./न.) अन्तर्धीयते इति *(अलप हुनु)* अन्तर्पूर्वक डुधाञ् धारणपोषणयोः (जुहो.) धातु, अन्तर्+धा+ल्युट् (अन)= अन्तर्धान ।

शब्दार्थ- अदृश्य हुनु, लोप हुने काम, अदृश्य हुने काम, दृष्टिवाट वाहिर हुने क्रिया ।

अन्तर्ध्यानम् (ना./न.) अन्तर् ध्यायते इति *(मनमा ध्यान या चिन्तन गरिन्छ)* अन्तर्पूर्वक ध्यै चिन्तायाम् (भ्वा.) धातु, अन्तर्+ध्यै+ल्युट् (अन), आत्व =अन्तर्ध्यान ।

शब्दार्थ- भित्री चिन्तन, भित्री ध्यान, सूक्ष्मचिन्तन, अन्तर्ज्ञान, मानसिक चिन्तन र मनन, गम्भीर शोचविचार ।

अन्तर्ध्वनिः (ना./पुं) अन्तर्ध्वनतीति *(भित्र शब्द गर्छ)* ध्वन शब्दे (भ्वा.) धातु, अन्तर्+ध्वन्+इ[3] (उणा.) =अन्तर्ध्वनि ।

शब्दार्थ- भित्री शव्द, भित्री आवाज, प्रतिध्वनि, आन्तरिक कोलाहल, भित्री ध्वनि वा गुञ्जन ।

अन्तर्निहितः (वि.) अन्तर्निधीयते स्म इति *(भित्र दबेको वा रहेको)* डुधाञ् धारणपोषणयोः (जुहो.) धातु, अन्तर्+नि+धा+क्त (त), धको हित्व[4]= अन्तर्निहित ।

शब्दार्थ- भित्र रहेको, भित्र भित्रै सन्निहित, भित्र राखिएको, भित्र संलग्न रहेको ।

अन्तर्भवनम् (अव्य.) भवनानामन्तः *(घरहरूको भित्र)* अव्य.स.= अन्तर्भवन ।

शब्दार्थ- भवनहरूको भित्र, घरको भित्री भाग ।

अन्तर्भावः (ना./पुं) अन्तर्भवनम्, अन्तर्भूयते इति वा *(अन्तर्भाव हुनु)* भू सत्तायाम् (भ्वा.) धातु, अन्तर्+भू+घञ् (अ), वृद्धि, आवादेश= अन्तर्भाव ।

शब्दार्थ- अन्तर्भूत हुने काम, विलीन हुने क्रिया, समावेश हुने काम ।

अन्तर्भूतः (वि.) अन्तर्भूयते स्म इति *(लीन भएको)* भू सत्तायाम् (भ्वा.) धातु, अन्तर्+भू+क्त (त)= अन्तर्भूत ।

शब्दार्थ- अन्तर्भाव भएको, समाविष्ट भएको, विलीन भएको, दविएको ।

अन्तर्मुखी (वि.) अन्तः खनति, खन्यते इति वा *(भित्र छिद्र हुनु)* खनु अवदारणे (भ्वा.) धातु, अन्तर्+खन्+अच् (अ), धातुको मुडागम[5], डित्व, उणा, अन्तर्मुखम् । अन्तर्मुखमस्य अस्तीति *(भित्र मुख छ यसको)* अन्तर्मुख+इनि (इन्), अन्तर्मुखिन्= अन्तर्मुखी ।

शब्दार्थ- भित्रतिर मुख भएको, आध्यात्मिक चिन्तनतिर लागेको, भित्री प्रवृत्तितिर ढल्केको ।

अन्तर्यामी (वि./ना./पुं.) अन्तर्यातीति *(भित्री रहस्य जान्दछ)* या प्रापणे (अदा.) धातु, अन्तर्+या+मन्[6] (उणा.), अन्तर्यामः । अन्तर्यामः अस्यास्तीति *(भित्री पहुँच छ यसको)* अन्तर्याम+इनि (इन्)= अन्तर्यामी ।

शब्दार्थ- भित्री कुरा जान्ने, मनोवेत्ता, मनभित्रको कुरा थाह पाउने, सर्वज्ञ, परमेश्वर ।

अन्तर्राष्ट्रम् (ना./न.) राजते इति *(प्रकाशित हुन्छ)* राजृ दीप्तौ (भ्वा.) धातु, राज्+ष्ट्रन् (त्र), जको षत्व, ष्टुत्व, राष्ट्रम् । अन्तः राष्ट्रम् *(राष्ट्रभित्र)* प्रा.त.स.= अन्तर्राष्ट्र

शब्दार्थ- विश्वका विभिन्न राष्ट्र, राष्ट्रभित्र ।

अन्तर्राष्ट्रियः (वि.) अन्तर्राष्ट्रे भवः जातादिर्वा *(अन्तर्राष्ट्रमा हुने वा पैदा भएको)* अन्तर्राष्ट्र+घ (य) =अन्तर्राष्ट्रिय ।

शब्दार्थ- राष्ट्र-राष्ट्रका वीचको, विभिन्न मुलुकसित सम्वन्धित ।

अन्तर्वर्ती (वि.) अन्तर्वर्तितुं शीलमस्येति *(भित्र रहने शील छ यसको)* वृतु वर्तने (भ्वा.) धातु, अन्तर्+वृत्+णिनि (इन्), गुण= अन्तर्वर्ती ।

शब्दार्थ- भित्र हुने, भित्रै रहने, भित्र अवस्थित, अन्तरात्मामा अवस्थित, मध्यवर्ती ।

अन्तर्विरोधः (ना./पुं) अन्तर्विरोधनमिति *(भित्री विरोध)* रुधिर् आरणे (रुधा.) धातु, अन्तर्+वि+रुध्+घञ् (अ), गुण= अन्तर्विरोध ।

शब्दार्थ- भित्री झै-झगडा, भित्री दुस्मनी, अन्तर्कलह, भित्री विरोध ।

अन्तर्वेदना (ना./स्त्री) अन्तर्वेदयतीति *(भित्री पीडा दिन्छ)* विद वेदनाख्यानविवासेसु (चुरा.) धातु, अन्तर्+विद् +युच् (अन), उणा., टाप् (आ)= अन्तर्वेदना ।

शब्दार्थ- भित्री पीडा, भित्री वेदना, मानसिक पीडा, भित्री कष्ट वा ताप ।

अन्तःसुखः (वि.) अन्तः आत्मनि सुखं यस्य *(आत्मामा सुखानुभूति गर्ने भाव छ जसको)* ब.स.= अन्तःसुख ।

शब्दार्थ- आत्मामा रम्ने, आत्मामा नै सुखी हुने ।

---

[1] गहादिभ्यश्च : छ

[2] द्वन्द्व रहस्यमर्यादावचनव्युत्क्रमण... : अत्व, नपुंसकत्व निपातन

[3] खनि कष्यज्यसिवसि... इ

[4] दधातेर्हिः : हित्व

[5] डित्खनेर्मुट् च : मुडागम, डित्व

[6] अर्तिस्तुसुहु... मन्

अन्तःस्करणम् (ना./न.) अन्तः करणमिति *(भित्री इन्द्रिय)* डुकृञ् करणे (तना.) धातु, अन्तर्+कृ+ल्युट् (अन), कृको गुण, णत्व, विसर्ग, सत्व= अन्तःस्करण ।

निगद्यतेऽन्तः करणं मनो धी
रहङ्कृतिश्चित्तमिति स्ववृत्तिभिः- वि.चू.९५

शब्दार्थ- भित्री इन्द्रिय, भित्री चेतना, भित्री मन, बुद्धि, अहङ्कार र चित्तको समष्टिरूप ।

अन्तःस्थः (वि./ना./पुं.) अन्तस्तिष्ठतीति *(भित्र रहन्छ)* अन्तर्पूर्वक ष्ठा गतिनिवृत्तौ (भ्वा.) धातु, अन्तर्+स्था+क (अ), आलोप= अन्तःस्थ ।

शब्दार्थ- भित्र रहेको, भित्री भागको, व्याकरणमा अन्तस्थ संज्ञक वर्ण - य, र, ल, व ।

अन्तिमः (वि.) अन्ते भवः इति *(अन्त्यमा हुने)* अन्त+डिमच्[1] (इम)= अन्तिम ।

शब्दार्थ- अन्त्यमा हुने, पछिल्लो, पछाडिको ।

उदा. **पछी उस्को देखी क्षणिक तनको अन्तिम गति- त.त. १८/२९**

अन्त्यः (वि./ना./पुं.) अन्ते भवः *(अन्त्यमा हुने)* अन्त+यत्[2] (य)= अन्त्य ।

शब्दार्थ- सबभन्दा पछि हुने, अन्तिम अवस्थाको, अन्त्यमा हुने, पछिल्लो, अन्तिम अवस्था, समाप्ति

अन्त्येष्टिः (ना./स्त्री) अन्ते भवः *(अन्त्यमा हुने)* अन्त+यत्, अन्त्यः । एषणम्, इष्यते इति इषु इच्छायाम् (तुदा.) धातु, इष्+क्तिन् (ति), ष्टुत्व, इष्टि ।

अथवा यजनम्, इज्यते अनया इति *(यज्ञ गरिन्छ यसद्वारा)* यज देवपूजासङ्गतिकरणदानेषु (भ्वा.) धातु, यज्+क्तिन् (ति), सम्प्रसारणद्वारा यको इ, जको षत्व, ष्टुत्व, इष्टिः । अन्त्यस्य इष्टिः *(अन्त्य अवस्थाको कर्म)* ष.त.स., गुण= अन्त्येष्टि ।

शब्दार्थ- मृतव्यक्तिको शरीरलाई पुत्रादि आफन्तद्वारा अग्निमा जलाउने आदि अन्त्यक्रिया, अन्तिम कर्म, अन्तिम संस्कार, मृत्युपछि गरिने क्रिया, दाहसंस्कार, क्रियाकाज आदि ।

अन्धः (वि./ना./पुं.) अन्धति, अन्धयतीति वा *(देख्दैन)* अन्ध दृष्ट्यपघाते (चुरा.) धातु, अन्ध+अच् (पचादि) =अन्ध । अन्धनमिति *(अन्धो हुनु)* अन्ध+घञ् (अ)= अन्ध ।

अन्धं स्यात्तिमिरे क्लीवं चक्षुर्हीनेऽभिधेयवत्- इति मेदिनी

शब्दार्थ- अँध्यारो, अन्धो, नेत्रहीन, आँखा नदेख्ने, अन्धकार, अज्ञान, अँध्यारोपना ।

अन्धकारः (ना./पुं) अन्धं करोतीति *(अँध्यारो पार्छ)* अन्धपूर्वक डुकृञ् करणे (तुदा.) धातु, अन्ध+कृ+अण् (अ), वृद्धि= अन्धकार ।

शब्दार्थ- अँध्यारो रात तथा दिन, अविवेक, अज्ञान ।

अन्नम् (ना./न.) अद्यते इति *(खाइन्छ)* अद भक्षणे (अदा.) धातु, अद्+क्त[3] (त), भावमा, तको न, परसवर्ण =अन्न ।

अथवा अन्यते प्राण्यते जनैः *(मानिसहरूद्वारा प्राण धारण गरिन्छ)* अन प्राणने (अदा.) धातु, अन्+न (बहुलप्रकारले)= अन्न ।

अन्नात् वै प्रजाः प्रजायन्ते- तै.उ.२/२/१

शब्दार्थ- भोजन, खाने पदार्थ, अनाज, धान्यादि अन्न, भक्ष, भोज्य, लेह्य र चोस्य सबै किसिमको खाद्यवस्तु ।

अन्नप्राशनम् (ना./न.) अन्नस्य प्राशनं भोजनं यस्मिन् तत् *(अन्न खुवाइन्छ जसमा)* ब.स.= अन्नप्राशन ।

शब्दार्थ- शिशुलाई भात खुवाउने कर्म, पास्नी, सोह्र संस्कारमध्ये एक, जसमा शिशुलाई विधिवत् अन्नप्राशन गराइन्छ ।

अन्नमयः (वि.) प्रकृतं प्राचुर्येण प्रस्तुतं अन्नम् *(पर्याप्त मात्रामा रहेको अन्न)* अन्न+मयट्[4] (मय), प्रचुर अर्थमा= अन्नमय ।

शब्दार्थ- अन्नले भरिएको, धेरै अन्न भएको, अन्नले परिपूर्ण ।

अन्नसम्भवः (ना./पुं/वि.) अन्नस्य सम्भवः *(अन्नको उत्पत्ति)* अथवा अन्नात् सम्भवः *(अन्नबाट पैदा भएको)* ष.त.स./प.त.स.= अन्नसम्भव ।

शब्दार्थ- अन्न पैदा हुने काम, अन्नवाट उत्पत्ति भएको वस्तु, अन्नवाट पुष्टि हुने स्थूल शरीर ।

अन्यः (वि.) अनतीति *(जीवित रहन्छ)* अन प्राणने (अदा./दिवा.) धातु, अन्+यक्[5] (य), उणा.= अन्य ।

शब्दार्थ- अर्को, दोस्रो, भिन्न, अरू ।

अन्यायः (ना./पुं.) नियमेन ईयते इति *(नियमपूर्वक चल्नु)* निपूर्वक इण् गतौ (अदा.) धातु, नि+इ+घञ् (अ), वृद्धि, आयादेश, यण्, न्यायः । न्यायादपेतः *(न्यायबाट गिरेको)* न+न्यायः (न.त.स.)= अन्याय ।

अथवा नविद्यमानः न्यायः यत्र *(जहाँ न्याय छैन)* न.ब.स.= अन्याय ।

शब्दार्थ- नियम विपरीत गरिने काम, न्याय विरुद्धको काम, बेइन्साफ, अनुचित कार्य, न्यायरहित कर्म, अनुपयुक्त कार्य, अत्याचारले परिपूर्ण कर्म ।

अन्योन्यः (वि.) अन्योऽन्यं ते नमस्कुर्वन्ति वा अन्योऽन्येन कृतमिति *(एकले अर्कोलाई नमस्कार गर्छन्, एक अर्कोले परस्परमा गरेको)* 'अन्य' शब्दबाट कर्मव्यतिहारमा द्वित्व[6], पूर्वपदमा सुत्व[7], रुत्व, उत्व=अन्योन्य ।

शब्दार्थ- परस्परको, एक अर्कोको, आपसी, एक अर्कोले गरेको ।

अन्योन्याश्रयः (वि.) अन्योन्यमाश्रयतीति *(परस्परमा आश्रय लिन्छ)* श्रिञ् सेवायाम् (भ्वा.) धातु, अन्योन्य+आ+श्रि +अच् (पचादि), गुण, अयादेश, दीर्घ= अन्योन्याश्रय ।

शब्दार्थ- परस्परमा आश्रित, एक अर्कोमा निर्भर रहने ।

---

[1] अन्ताच्च (वा.) : डिमच्

[2] दिगादिभ्यो यत् : यत्

[3] नपुंसके भावे.. : क्त

[4] तत्प्रकृतवचने : मयट्

[5] अघ्न्यादयश्च : यक्

[6] कर्मव्यतिहारे सर्वनाम्नो द्वे...: द्वित्व

[7] असमासवद्भावेपूर्व.. (वा.) : सुत्व

अन्वयः (ना./पुं.) अन्वयनम्, अन्वीयते इति वा *(सम्वन्ध राख्नु)* अनुपूर्वक इण् गतौ (अदा.) वा इ गतौ (भ्वा.) धातु, अनु+इ+अच्[1] (अ) गुण, अयादेश, यण् =अन्वय ।

शब्दार्थ- वंश, कुल, सन्तान, कुनै वाक्यका पदको क्रमवद्ध सम्वन्ध, कविताको श्लोक र श्लोकभित्रका पदहरूको सम्वन्ध, अनुगमन, पछिलाग्ने काम ।

अन्वयव्यतिरेकः (ना./पुं.) अन्वयनमिति *(अन्वय हुनु)* अनुपूर्वक इण् गतौ (अदा.) धातु, अनु+इ+अच् (एरच्), गुण, अयादेश, यण्, अन्वयः । व्यतिरिच्यते इति *(अभाव हुनु)* विपूर्वक रिचिर् विरेचने (रुधा.) धातु, वि+अति+रिच्+घञ् (अ), यण्, गुण, कुत्व, व्यतिरेकः । अन्वयश्च व्यतिरेकश्च क.त.स. =अन्वयव्यतिरेक ।

अन्वयः- न्यायशास्त्र अनुसार 'अन्वय' भनेको एउटाको अस्तित्वमा अर्कोको अस्तित्व हुनु, जस्तै- धुवाँको अस्तित्वमा आगाको अस्तित्व हुनु ।

व्यतिरेकः- 'व्यतिरेक' भनेको एउटाको अभावमा अर्काको अभाव हुनु, जस्तै- आगोको अभावमा धुवाँको अभाव हुनु ।

शब्दार्थ- अन्वय र व्यतिरेक दुवै सम्वन्ध रहने क्रिया ।

अन्वितः (वि.) अनु पश्चात् ईयते स्म इति *(पछि लागेको)* अनुपूर्वक इण् गतौ (अदा.) धातु, अनु+इ+क्त (त), यण्= अन्वित ।

शब्दार्थ- सम्मिलित, अन्वययुक्त, सङ्गति मिलेको, समन्वय भएको ।

अन्वेषकः (वि.) अन्विच्छतीति *(अनुसन्धान गर्छ)* अनुपूर्वक इषु इच्छायाम् (तुदा.) धातु, अनु+ इष्+ ण्वुल् (अक), गुण, अनु एषक, यण्= अन्वेषक

शब्दार्थ- खोज्ने, अनुसन्धान गर्ने, गवेषक, अनुसन्धानकर्ता, खोजी गर्ने ।

अन्वेषणम् (ना./न.) अन्विष्यते इति *(खोजी गरिन्छ)* अनुपूर्वक इषु इच्छायाम् (तुदा.) धातु, अनु+इष्+ ल्युट् (अन) गुण, यण्= अन्वेषण ।

शब्दार्थ- खोज्ने वा अनुसन्धान गर्ने काम, खोजी, अनुसन्धान, देखभाल गर्ने काम, गवेषणा ।

अन्वेषणा (ना./स्त्री) अन्विष्यते इति *(खोजी गरिन्छ)* अनुपूर्वक इषु इच्छायाम् (तुदा.) धातु, अनु+इष्+ युच्[2] (अन), अन्वेषण+टाप् (आ), णत्व= अन्वेषणा ।

शब्दार्थ-अनुसन्धान, खोजी गर्ने काम, देखभाल गर्ने काम

अन्वेषी (वि.) अन्वेष्टुं शीलमस्येति *(अन्वेषण गर्ने शील छ यसको)* अनुपूर्वक इषु इच्छायाम् (तुदा.) धातु, अनु+इष्+णिनि(इन्), गुण, यण्, अन्वेषिन्= अन्वेषी ।

शब्दार्थ-खोजी गर्ने, अन्वेषक, शोधकर्ता, अनुसन्धानकर्ता ।

अन्वेष्टव्यः (वि.) अन्वेष्टुं योग्यः *(अनुसन्धान गर्न योग्य)* अनुपूर्वक इषु इच्छायाम् (तुदा.) धातु, अनु+इष्+ तव्यत् (तव्य), गुण, यण्, ष्टुत्व= अन्वेष्टव्य ।

शब्दार्थ- अनुसन्धान वा खोजी गर्न योग्य वा लायक, अनुसन्धान गर्न उपयुक्त, खोजी गर्नुपर्ने ।

अपकारः (ना./पुं.) अपक्रियते इति *(कुभलो गरिन्छ)* अपपूर्वक डुकृञ् करणे (तना.) धातु, अप+कृ+घञ् (अ), वृद्धि= अपकार ।

शब्दार्थ- कुभलो, बिगार, उत्पीडन, अहित ।

अपकारकः (वि.) अपकरोतीति *(कुभलो गर्छ)* अपपूर्वक डुकृञ् करणे (तना.) धातु, अप+कृ+ण्वुल् (अक), वृद्धि =अपकारक ।

शब्दार्थ- कुभलो गर्ने, हानिकारक, अहित गर्ने, अनिष्टकारक ।

अपकारी (वि.) अपकरोतीति *(अनिष्ट गर्छ)* अपपूर्वक डुकृञ् करणे (तना.) धातु, अप+कृ+णिनि (इन्), अपकारिन्= अपकारी ।

शब्दार्थ- हानि गर्ने, कुभलो गर्ने, अपकारक, हित नगर्ने ।

अपकीर्तिः (ना./स्त्री) अपकीर्त्यते इति *(दुर्नाम चलाइन्छ)* अपपूर्वक कृत संशब्दने (चुरा.) धातु, अप+कृत्+ति प्रत्यय-निपातन[3], कृको दीर्घनिपातन=अपकीर्ति ।

शब्दार्थ- अपयश, दुष्कीर्ति, दुर्नाम, अवजस, वदनामी ।

अपकृतः (वि.) अपक्रियते स्म इति *(कुभलो गरिएको)* अपपूर्वक डुकृञ् करणे (तना.) धातु, अप+कृ+क्त (त) =अपकृत ।

शब्दार्थ- कुभलो गरेको, अपकार गरेको, हानि गरेको, तिरस्कृत ।

अपकृतिः (ना./स्त्री.) अपकरणम्, अपक्रियते इति *(अपकार गरिन्छ)* अपपूर्वक डुकृञ् करणे (तना.) धातु, अप+कृ+क्तिन् (ति)= अपकृति ।

शब्दार्थ- कुभलो गर्ने काम, अनिष्ट गर्ने वा चोट पुऱ्याउने कार्य, हानि, नोक्सानी पुऱ्याउने काम ।

अपक्षयः (ना./पुं) अपक्षयणम्, अपक्षीयते इति वा *(नाश गरिन्छ)* अपपूर्वक क्षि क्षये (भ्वा.) धातु, अप+क्षि+ अच्[1], गुण, अयादेश= अपक्षय ।

शब्दार्थ- विनाश, क्षय, नाश, हानि ।

अपघातः (ना./पुं) अपहननम्, अपहन्यते इति *(हानि गरिन्छ)* अपपूर्वक हन हिंसागत्योः (अदा.) धातु, अप+ हन्+घञ् (अ), वृद्धि, हन् का 'न्' को त[4], कुत्व[5] =अपघात ।

शब्दार्थ- हानि वा चोट पुऱ्याउने काम, धोखा, हत्या, विश्वासघात ।

---

१. एरच् : अच्
२. इषेरनिच्छार्थस्य (वा.) : युच्
३. ऊतियूतिजूतिसाति... : कृको दीर्घ की र तिप्रत्यय-निपातन
४. हनस्तोऽचिण्णलो...नको त
५. हो हन्ते... : कुत्व, घ

अपठितः (वि.) अपाठि, पठ्यते स्म इति वा *(पढेको/पढिएको)* पठ व्यक्तायां वाचि (भ्वा.) धातु, पठ्+क्त (त), इडागम, पठितः । न पठितः *(नपढेको)* न.त.स.= अपठित ।

शब्दार्थ-नपढेको, अशिक्षित, लेख्ने-पढ्ने नगरेको, अनपढ

अपठः (वि.) न पठतीति *(पढ्दैन)* पठ व्यक्तायां वाचि (भ्वा.) धातु, न+पठ्+अच् (पचादि)= अपठ ।

शब्दार्थ- पढ्न असमर्थ, नपढ्ने, अज्ञानी, अशिक्षित, अनपढ

अपण्डितः (वि.) पण्डा सञ्जाता अस्य *(विवेकशाली बुद्धि पैदा भएको छ यसको)* पण्डा+इतच् (इत) आलोप, पण्डितः । न पण्डितः *(विवेकशाली बुद्धि पैदा नभएको)* न.त.स.= अपण्डित ।

शब्दार्थ- अविद्वान्, पटमूर्ख, अपठित ।

अपत्यम् (ना./न.) न पतन्ति पितरः येन इति *(जसबाट पितृहरू तल गिर्दैनन्)* वा न पतति वंशः यस्मात् *(जसबाट वंश लोप हुँदैन)* पत्लृ गतौ (भ्वा.) वा पत गतौ (चुरा.) धातु, न+पत्+यत्[१] (य), वहुलप्रकारले, अथवा न+पत्+यक्[२] (य), उणा.= अपत्य ।

शब्दार्थ-सन्तान, प्रजा, सन्तति, छोराछोरी, पुत्र वा कन्या

अपथः/अपन्थाः (वि./ना./पुं.) पतन्ति अनेनेति *(यस मार्गबाट हिड्छन्)* पत्लृ गतौ (भ्वा.) धातु, पत्+इन् (उणा.), तको थ[३], पथिन् । अथवा पथन्ते अनेनेति *(हिड्छन् यसबाट)* पथे गतौ (भ्वा.) धातु, पथ्+इनि[४], पथिन् । पथः अभावः *(बाटोको अभाव)* न+पथिन्, न.त.स., अपथिन् ।

अथवा न विद्यमानः पन्थाः यस्य *(जसको बाटो छैन)* न.ब.स., उ.प.लोप, अपथिन्+अ[५] (समासान्त, विकल्पले) = अपथ ।

समासान्त 'अ'को अभावमा अपथिन्= अपन्था ।

शब्दार्थ- मार्गरहित, वाटो नभएको, वाटोको अभाव, कुवाटो, अवाटो, कुमार्ग, कुपथ ।

अपथ्यः (वि./ना./न.) पथः अपेतः इति *(ठीक अवस्थाबाट चुकेको)* पथिन्+यत्[६], पथ्यः । न पथ्यः *(नपच्ने)* न.त.स.= अपथ्य ।

शब्दार्थ- रोगजनक, अस्वस्थकर, अनुचित, अनुपयुक्त, कुपथ, रोग पैदा गर्ने खाना ।

अपदस्थः (वि.) पद्यते, पदयते इति वा *(रहन्छ वा हिड्छ)* पद गतौ (दिवा./चुरा.) धातु, पद्+अच् (पचादि), पदः । पदे तिष्ठतीति *(पदमा रहन्छ)* पद+स्था+क[७] (अ), आलोप, पदस्थः । न पदस्थः *(पदमा नरहेको)* न.त.स.= अपदस्थ ।

शब्दार्थ- पद वा ओहदामा नरहेको वा हटेको वा हटाइएको, सत्मार्गवाट च्युत भएको, कुनै अधिकारवाट वञ्चित गरिएको ।

अपनयनम् (ना./न.) अपनयनम्, अपनीयते इति *(लगिन्छ, हटाइन्छ)* अपपूर्वक णीञ् प्रापणे (भ्वा.) धातु, अप+नी+ल्युट् (अन) गुण, अयादेश= अपनयन ।

शब्दार्थ- लाने वा हटाउने कार्य, अपहरण ।

अपभयः (वि.) अपगतं भयं यस्मात् *(जसबाट भय हटिसकेको छ)* ब.स.= अपभय ।

शब्दार्थ- भय नभएको, भयरहित, निर्भय ।

अपभाषा (ना./स्त्री.) अपभाषणम्, अपभाष्यते इति वा *(अपशब्द बोलिन्छ)* अपपूर्वक भाष व्यक्तायां वाचि (भ्वा.) धातु, अप+भाष्+अ[८]+टाप् (आ)= अपभाषा ।

शब्दार्थ- अपशब्द, निन्दा, भर्त्सना, गाली, अपरिमार्जित भाषा, अश्लील भाषा ।

अपभ्रंशः (ना./पुं.) अपभ्रंस्यति, अपभ्रश्यते इति वा *(खस्तछ, खस्नु)* अपपूर्वक भ्रंशु अधः पतने (दिवा.) धातु, अप+भ्रंश्+अच् (पचादि)= अपभ्रंश ।

शब्दार्थ- अधःपतन, तल खस्ने वा गिर्ने क्रिया, संस्कृत वा प्राकृतबाट जन्मेको अपभ्रंश भाषा, आधुनिक भारतीय भाषा र प्राकृत भषाका बीचको भाषा ।

द्रष्टव्य- **आधुनिक भारतीय भाषा र नेपाली भाषा अपभ्रंशकै विकसित रूप हुन् ।**

अपभ्रष्टः (वि.) अपभ्रश्यते स्म इति *(तल खसेको वा गिरेको)* अपपूर्वक भ्रंशु अवसंस्रने (भ्वा.) वा भ्रंशु अधःपतने (दिवा.) धातु, अप+भ्रंश्+क्त (त) नलोप, शको ष, तको ट (ष्टुत्व)= अपभ्रष्ट ।

शब्दार्थ- तल खसेको, च्युत भएको, पथभ्रष्ट भएको, पतित, तल झरेको ।

अपमानः (ना./पुं) अपमन्यते इति *(अपमान गरिन्छ)* अपपूर्वक मनु अवबोधने (तना.) धातु, अप+मन्+घञ् (अ), वृद्धि= अपमान ।

शब्दार्थ- अपहेलना, अनादर,सम्मान नहुने काम, तिरस्कार

उदा. **अपमान जहाँ हुन्छ वहाँ को बास गर्छ र ? - ऋ.वि., वर्षाविचार ८६**

अपमानितः (वि.) अपमानः सञ्जातः अस्येति *(अपमान भएको छ यसको)* अपमान+इतच्[९] (इत), अपमानित । अथवा अपमान्यते इति *(अपमान गरिन्छ)* अपपूर्वक मनु अवबोधने (तना.) धातु, अप+मन्+णिचि, वृद्धि, अपमानि+क्त (त), णिलोप, इडागम= अपमानित ।

शब्दार्थ- अपमान गरिएको, अपहेलित, बेइज्जत गरिएको, अनादर गरिएको, हेला वा तिरस्कार गरिएको ।

अपमृत्युः (ना./पुं/स्त्री) अपमरणम्, अपम्रियते इति *(अकाल मृत्यु हुनु)* अपपूर्वक मृङ् प्राणत्यागे (तुदा.) धातु, अप+मृ+त्युक्[१०] (त्यु), उणा.= अपमृत्यु ।

अन्तो नाशो द्वयोर्मृत्युः- इत्यमरः

शब्दार्थ- अकाल मृत्यु, कुनै दुर्घटना वा दैवी प्रकोपवाट मृत्यु, असामयिक निधन ।

---

[१] कृत्यल्युटो बहुलम् : यत्
[२] अघ्न्यादयश्च : यक्
[३] पतेस्थश्च : तको थ
[४] पथिमथिभ्यां... : इनि
[५] पथो विभाषा : अ (विकल्पले)
[६] धर्मपथ्यर्थन्यायादनपेते : यत्
[७] सुपि स्थः : क
[८] गुरोश्च हलः : अ प्रत्यय
[९] तदस्य सञ्जातम्...: इतच्
[१०] भुजिमृङ्भ्यां युक्त्युकौ : त्युक्

अपयशः (ना./न.) अश्नुते व्याप्नोतीति *(फैलिन्छ)* अशू व्याप्तौ सङ्घाते च (स्वा.) धातु, अश्+असुन् (अस्), धातुको युडागम, यशस्। अपगतं यशः *(कीर्ति नाश भएको)* प्रा.त.स.= अपयश ।

शब्दार्थ- दुर्नाम, अपकीर्ति, बदनाम, अवजस ।

अपराधः (ना./पुं.) अपराधनम्, अपराध्यते इति वा (अपराध गर्नु) अपपूर्वक राध संसिद्धौ (स्वा.) धातु, अप+राध्+घञ् (अ)= अपराध ।

शब्दार्थ- दोष वा कसुर, नियमकानुन विपरीत काम, पापकर्म ।

अपराधिनी (ना./स्त्री) अपराध्नोति असौ *(अपराध गर्छे यो स्त्री)* अपपूर्वक राध संसिद्धौ (स्वा.) धातु, अप+राध् +णिनि (इन्), अपराधिन्+ङीप् (ई)= अपराधिनी ।

शब्दार्थ- अपराध वा कसुर गर्ने स्त्री, पापिनी स्त्री ।

अपराधी (वि.) अपराध्नोतीति *(अपराध गर्छ)* अपपूर्वक राध संसिद्धौ (स्वा.) धातु, अप+राध्+णिनि (इन्), अपराधिन्= अपराधी ।

अथवा अपराधः अस्यास्तीति *(अपराध छ यसको)* अपराध+इनि (इन्)= अपराधी ।

शब्दार्थ- दोषी, कसुरदार, पाप गर्ने, अपराध गर्ने, पापकर्म गर्ने, कुभलो गर्ने ।

अपराण्हः (ना./पुं) अन्हः अपरम् *(दिनको पछिल्लो भाग)* अपर+अहन् (एकदेशी त.स.), टच् (समासान्त), अहन्को अन्हादेश, दीर्घ, णत्व= अपराण्ह (अपरान्ह) ।

शब्दार्थ- दिनको पछिल्लो भाग, मध्यान्हपछिको समय, दिनको तेस्रो तथा चौथो प्रहर ।

अपरिग्रहः (ना./पुं) परिगृह्यते इति *(ग्रहण गरिन्छ)* परिपूर्वक ग्रह उपदाने (क्रया.) धातु, परि+ग्रह्+अप्[१] (अ)/अच्[२] (अ) परिग्रहः । न परिग्रहः *(परिग्रहको अभाव)* न.त.स.= अपरिग्रह।

शब्दार्थ- ग्रहण नगर्ने वा नलिने क्रिया, परिग्रहको अभाव, असङ्ग्रह, परिग्रह नलिने सन्न्यासी ।

अपरिचयः (ना./पुं) परिचयनम्, परिचीयते इति वा *(परिचय गरिन्छ)* परिपूर्वक चिञ् चयने (स्वा.) धातु, परि+चि+अच्[३] (गुण अयादेश), परिचयः । न परिचयः *(परिचयको अभाव)* न.त.स.= अपरिचय ।

शब्दार्थ- परिचयको अभाव, चिनजान नहुने काम ।

अपरिचितः (वि.) परिचीयते स्म इति *(परिचय भएको)* परिपूर्वक चिञ् चयने (स्वा.) धातु, परि+चि+क्त (त), परिचितः । न परिचितः *(परिचय नभएको)* न.त.स. =अपरिचित ।

शब्दार्थ- परिचित नभएको, चिनजान नभएको, परिचय नभएको, अनजान, अज्ञात ।

अपरिणयः (ना./पुं) परिणीयते इति *(विवाह गरिन्छ)* परिपूर्वक णीञ् प्रापणे (भ्वा.) धातु, परि+णी+अच्[३] (अ), गुण, अयादेश, परिणयः । न परिणयः *(परिणयको अभाव)* न.त.स.= अपरिणय ।

शब्दार्थ- विवाह सम्पन्न नभएको स्थिति, विवाहको अभाव, कौमार्य ।

अपरिणीता (ना./स्त्री) परिणीयते स्म इति *(विवाह गरिएकी)* परिपूर्वक णीञ् प्रापणे (भ्वा.) धातु, परि+नी+क्त (त), णत्व, टाप् (आ), परिणीता । न परिणीता *(विवाह नभएकी)* न.त.स = अपरिणीता ।

शब्दार्थ- विवाह नभएकी स्त्री, अविवाहिता कन्या, विहे नगरेकी नारी, कुमारी केटी ।

अपरिपक्वः (वि.) परिपच्यते स्म इति *(राम्ररी पाकेको वा परिपक्व भएको)* परिपूर्वक डुपचष् पाके (भ्वा.) धातु, परि+पच्+क्त (त), तको व[४], चको कुत्व, परिपक्वः । न परिपक्वः *(परिपक्व नभएको)* न.त.स.= अपरिपक्व ।

शब्दार्थ- राम्ररी नपाकेको, अप्रौढ, परिपक्व विचार नभएको, भुक्तभोगी नभएको, आलोकाँचो ।

अपरिमितः (वि.) परिमीयते स्म इति *(नापिएको)* परिपूर्वक माङ् माने शब्दे च (जुहो.) धातु, परि+मा+क्त (त) इत्व[५], परिमितः । न परिमितः *(न नापिएको)* न.त.स.= अपरिमित ।

शब्दार्थ- नगनिएको, ननापिएको, असीमित, नाप्न नसकिने, अगणित, असङ्ख्य, परिमाणरहित ।

उदा. **संसारैको अँध्यारो अपरिमित महाक्षेत्रको दाग कालो- नवरस, शान्तरस ३२**

अपरिमेयः (वि.) परिमातुं शक्यः *(नाप्न सकिने)* परिपूर्वक माङ् माने शब्दे च (जुहो.) धातु, परि+मा +यत्[६] (य), ईत्व[७], गुण, परिमेयः । न परिमेयः *(नाप्न नसकिने)* न.त.स.= अपरिमेय ।

शब्दार्थ- नाप्न तथा गन्न नसकिने, असीम, असङ्ख्य, अपरिमित ।

अपरिवर्तनीयः (वि.) परिवर्तितुं योग्यः *(परिवर्तन गर्न योग्य)* परिपूर्वक वृतु वर्तने (भ्वा.) धातु, परि+वृत् + अनीय (र्), गुण, परिवर्तनीयः । न परिर्वतनीयः *(परिवर्तन गर्न अनुचित)* न.त.स.= अपरिवर्तनीय ।

शब्दार्थ- परिवर्तन गर्न नमिल्ने, अदलबदल गर्न नसकिने, फेरबदल गर्न नमिल्ने, बदल्न नसकिने, परिर्वतन गर्न अयोग्य वा अनुचित, साटापाट गर्न नसकिने ।

अपरिवर्तितः (वि.) परिवर्त्यते स्म इति *(परिवर्तन गरिएको)* परिपूर्वक वृतु वर्तने (भ्वा.) धातु, परि+वृत्+णिचि+क्त (त), गुण, णिलोप, इडागम, परिवर्तितः । न परिवर्तितः *(परिवर्तन नगरिएको)* न.त.स.= अपरिवर्तित ।

शब्दार्थ- परिवर्तन नभएको, अदलबदल नभएको, नफेरिएको, नबदलिएको ।

---

१. ग्रहवृदृमिश्चि...: अप् २. विभाषा ग्रहः : अच् ३. एरच् : अच् ४. पचो वः : तको व

५. घतिश्यतिमास्था...: इत्व ६. अचो यत् : यत् ७. ईद्यति : ईत्

अपरिवर्त्यः (वि.) परिवर्तितुं योग्यः *(परिवर्तन गर्न योग्य)* परिपूर्वक वृतु वर्तने (भ्वा.) धातु, परि+वृत्+यत्[1] (य), गुण, परिवर्त्यः । न परिवर्त्यः *(परिवर्तन गर्न अयोग्य)* न.त.स.= अपरिवर्त्य ।

शब्दार्थ- बदल्न नसकिने, परिवर्तन गर्न अनुचित, नबदलिने, हेरफेर गर्न नसकिने ।

अपरिष्कृतः (वि.) परिष्क्रियते स्म इति *(परिमार्जन गरिएको)* परिपूर्वक डुकृञ् करणे (तना.) धातु, परि+कृ+क्त (त), सुडागम, षत्व, परिष्कृतः । न परिष्कृतः *(न खारिएको)* न.त.स.= अपरिष्कृत ।

शब्दार्थ- परिष्कृत नगरिएको, नखारिएको, परिमार्जन नगरिएको, नमाझिएको, अपरिमार्जित ।

अपरिहार्यः (वि.) परिहर्तुं योग्यः *(परित्याग गर्न योग्य)* परिपूर्वक हृञ् हरणे (भ्वा.) धातु, परि+हृ+ण्यत् (य), वृद्धि, परिहार्यः । न परिहार्यः *(परित्याग गर्न योग्य नभएको)* न.त.स.= अपरिहार्य ।

शब्दार्थ- परित्याग गर्न अयोग्य, छोड्न नसकिने, हटाउन नमिल्ने, अपरित्याज्य, नभइ-नछाड्ने ।

***उदा.* मृत्यु यो शीघ्र होस् यद्वा ढीलो अपरिहार्य छ ।**

- प्रल्हाद

अपरीक्षितः (वि.) परीक्ष्यते स्म इति *(परीक्षा गरिएको)* परिपूर्वक ईक्ष दर्शने (भ्वा.) धातु, परि+ईक्ष्+क्त (त), इडागम, दीर्घ, परीक्षितः । न परीक्षितः *(परीक्षा नगरिएको)* न.त.स.= अपरीक्षित ।

शब्दार्थ- परीक्षा नगरिएको, जाँच नगरिएको, नजाँचिएको, परीक्षण नगरिएको ।

अपर्याप्तः (वि.) पर्याप्यते इति *(पर्याप्त भएको)* परिपूर्वक आप्लृ व्याप्तौ (स्वा.) धातु, परि+आप्+क्त (त), यण्, पर्याप्तः । न पर्याप्तः *(पर्याप्त नभएको)* न.त.स. =अपर्याप्त ।

शब्दार्थ- पर्याप्त नभएको, अपूर्ण, अपुग भएको, प्रशस्त नभएको ।

अपवर्गः (ना./पुं) अपवृज्यते मुच्यते अनेन *(मुक्त भइन्छ यसबाट)* अपपूर्वक वृजी वर्जने (अदा.) धातु, अप+वृज्+घञ् (अ), गुण, कुत्व= अपवर्ग ।

मोक्षोऽपवर्गः- इत्यमरः

अपवर्गस्त्यागमोक्षयोः इति हैमः

शब्दार्थ- मोक्ष, निर्वाण, सांसारिक दुःखकष्टबाट छुटकारा, मुक्ति, त्याग ।

अपवादः (ना./पुं.) अपवदनम्, अपोद्यते इति वा *(निन्दा गरिन्छ)* अपपूर्वक वद व्यक्तायां वाचि (भ्वा.) धातु, अप+वद्+घञ् (अ), वृद्धि= अपवाद ।

अपवादस्तु निन्दायामाज्ञाविश्रम्भयोरपि- इति मेदिनी

शब्दार्थ- निन्दा, भर्त्सना, बदनाम, अपयश, आक्षेप, आज्ञा, सामान्य नियममा नपर्ने विशेष कुरा वा नियम ।

अपवारणम् (ना./न.) अपवारणम्, अपवार्यते इति वा *(ढाकिन्छ)* अपपूर्वक वृञ् आवरणे (चुरा.) धातु, अप+वृ+णिचि+ल्युट् (अन), वृद्धि, णिलोप=अपवारण ।

शब्दार्थ- आच्छादन, ढक्कन, छोप्ने काम, छेकावट, ढाक्ने क्रिया ।

अपवित्रः (वि.) पुनाति अनेन *(पवित्र हुन्छ यसबाट)* पूङ् पवने (भ्वा.) धातु वा पूञ् पवने (क्र्या.) धातु, पू+इत्र[2], गुण, अवादेश, पवित्रः । न पवित्रः *(पवित्र नभएको)* न.त.स.= अपवित्र ।

शब्दार्थ- पवित्र नभएको, प्रदूषित, शुद्ध नभएको, विटुलिएको ।

अपव्ययः (ना./पुं.) अपवीयते इति *(विना काम खर्च गरिन्छ)* अप विपूर्वक इण् गतौ (अदा.) धातु, अप+वि +इ+अच् (एरच्), इको गुण, अयादेश, विको यण् =अपव्यय ।

अथवा अपव्ययति अनेन *(फजुल खर्च हुन्छ यसबाट)* अपपूर्वक व्यय गतौ (भ्वा.) वा व्यय वित्तसमुत्सर्गे (चुरा.) धातु, अप+व्यय्+अच् (पचादि)= अपव्यय ।

अर्थस्यापगमे व्ययः- इत्यमरः

शब्दार्थ- फजुल खर्च, चाहिनेभन्दा वढी खर्च, अनुचित खर्च, आवश्यकताभन्दा वढी खर्च, लोप, विनाश, क्षय, ह्रास ।

अपशकुनम् (ना./न.) शक्नोतीति· *(सक्छ)* शक्लृ शक्तौ (स्वा.) धातु, शक्+उन[3] (उणा.), शकुनम् । अपगतं शकुनम् *(शुभ शकुन नभएको)* अप+शकुन, प्रा.त.स. = अपशकुन ।

शब्दार्थ- असगुन, कुलक्षिन, खराव शकुन ।

अपशब्दः (ना./पुं) शब्द्यते इति *(शब्द गरिन्छ)* शब्द भाषणे आविष्करणे च (चुरा.) धातु, शब्द+घञ् (अ), शब्दः ।

अथवा शप्यते आकुश्यते इति *(आक्रोश गरिन्छ)* शप आक्रोशे (भ्वा.) धातु, शप्+दन्[4] (द), जश्त्वबाट पको ब, शब्दः । अपभ्रष्टः शब्दः *(भ्रष्ट वा अशुद्ध शब्द)* प्रा.त.स.= अपशब्द ।

अथवा अप असंस्कृतः शब्दः *(अपरिष्कृत शब्द)* क.त.स. = अपशब्द ।

अपभ्रंशोऽपशब्दः स्यात्- इत्यमरः

शब्दार्थ- अपभ्रंश-शब्द, ग्राम्यभाषा, भ्रष्टशव्द, असंस्कृत वा अपरिष्कृत शब्द, दुर्वचन, खराव वोलीवचन ।

अपसव्यम् (ना./न./वि.) अपषूयते इति *(अपसव्य हुनु)* अपपूर्वक षू प्रेरणे (तुदा.) वा षुञ् अभिषवे (स्वा.) धातु, अप+सू/सु+यत् (य), गुण, अवादेश= अपसव्य ।

---

[1] कृत्यल्युटो बहुलम् : यत्

[2] पुवः संज्ञायाम् : इत्र

[3] शकेरुनोन्तो... : उन

[4] शाशपिभ्यां ददनौ : दन्

अथवा अपगतः अपक्रान्तः सव्यात् *(सव्यबाट विपरीत)* प्रा.त.स.= अपसव्य ।

वामं शरीरं सव्यं स्यादपसव्यं तु दक्षिणे- इत्यमरः

शब्दार्थ- दायाँ भाग, दायाँतिर, दाहिनेतिर, श्राद्ध तर्पणादि कर्ममा जनै दाहिने काँधबाट शरीरको बायाँ भागमा राख्ने काम, प्रतिकूल, विपरीत ।

अपहतः (वि.) अपहन्यते स्म इति *(विनाश गरिएको)* अपपूर्वक हन हिंसागत्योः (अदा.) धातु, अप+हन्+क्त (त), नलोप= अपहत ।

शब्दार्थ- नष्ट गरिएको, वध गरिएको, हत्या गरिएको, मारिएको, नाश गरिएको ।

अपहत्या (ना./स्त्री) अपहननम्, अपहन्यते इति वा *(वध गरिन्छ)* अपपूर्वक हन हिंसागत्योः (अदा.) धातु, अप+हन्+यत् (य)+टाप् (आ), नको त[1]= अपहत्या ।

शब्दार्थ-हत्या, वध, विनाश, नष्ट गर्ने काम, आत्महत्या ।

अपहननम् (ना./न.) अपहननम्, अपहन्यते इति वा *(मारकाट गरिन्छ)* अपपूर्वक हन हिंसागत्योः (अदा.) धातु, अप+हन्+ल्युट् (अन)= अपहनन ।

शब्दार्थ- वध वा हत्या गर्ने काम, नष्ट गर्ने क्रिया, हनन क्रिया, हटाउने काम ।

अपहरणम् (ना./न.) अपह्रियते इति *(अपहरण गरिन्छ)* अपपूर्वक हृञ् हरणे (भ्वा.) धातु, अप+हृ+ल्युट् (अन), गुण, णत्व= अपहरण ।

शब्दार्थ- हरण गर्ने काम, हरण गरेर टाढा लाने काम, चोरी गर्ने वा लुट्ने काम ।

अपहर्ता (वि.) अपहरतीति *(अपहरण गर्छ)* अपपूर्वक हृञ् हरणे (भ्वा.) धातु, अप+हृ+तृच् (तृ), गुण=अपहर्ता ।

शब्दार्थ-अपहरण गर्ने, चोर्ने, लुट्ने, लुटाहा, चोर, डाका ।

अपहृतः (वि.) अपह्रियते स्म इति *(अपहरण गरिएको)* अपपूर्वक हृञ् हरणे (भ्वा.) धातु, अप+हृ+क्त (त) =अपहृत ।

शब्दार्थ- अपहरण गरिएको, चोरिएको, लुटिएको, डरत्रास देखाएर हरण गरेको ।

अपहेलनम् (ना./न.) अपहेलनमिति *(हेला गरिन्छ)* अपपूर्वक हिल भावकरणे (तुदा.) धातु, अप+हिल्+ल्युट् (अन)= अपहेलन ।

शब्दार्थ- अपहेलना गर्ने काम, वास्ता नगर्ने क्रिया, सरोकार नराख्ने काम, चासो नराख्ने क्रिया, हेला, तिरस्कार, निन्दा ।

अपहेलितः (वि.) अपहेल्यते स्म इति *(हेला गरिएको)* अपपूर्वक हिल भावकरणे (तुदा.) धातु, अप+हिल्+णिचि+क्त (त), इडागम, गुण, णिलोप= अपहेलित ।

शब्दार्थ- हेला गरिएको, वास्ता नगरिएको, तिरस्कृत गरिएको, उपेक्षित, परित्यक्त ।

अपाङ्गः (ना./पुं./वि.) अपाङ्गतीति *(अपाङ्ग हुन्छ)* अपपूर्वक अगि गतौ (भ्वा.) धातु, नुम्, अप+अङ्ग्+अच् (पचादि) = अपाङ्ग ।

अथवा अपगतम् अङ्गं यस्य *(जसको अङ्ग छैन)* ब.स. =अपाङ्ग ।

अथवा अपाञ्चति वक्रं याति चक्षुर्यत्र *(जहाँ कर्कचे आँखाले हेरिन्छ)* अपपूर्वक अञ्चु गतौ याचने च (भ्वा.) धातु, अप+अञ्च्+घञ् (अ), अधिकरणमा, दीर्घ =अपाङ्ग ।

अपाङ्गस्त्वङ्गहीने स्यान्नेत्रान्ते तिलकेऽपि च- इति विश्वः

अपाङ्गौ नेत्रयोरन्तौ- इत्यमरः

शब्दार्थ- आँखाको कोण या छेउ, नेत्रकोण, कटाक्ष, विकलाङ्ग, अङ्गभङ्ग भएको, अङ्गरहित, अङ्गहीन ।

अपाङ्गदर्शनम् (ना./न.) अपाङ्गेन नेत्रयोरन्तेन दर्शनम् *(आँखाको छेउले हेर्ने काम)* तृ.त.स.= अपाङ्गदर्शन ।

शब्दार्थ- नेत्रकोणले हेर्ने काम, कटाक्ष ।

अपाणिनीयः (वि.) पणनमिति *(व्यवहार गरिन्छ)* पण व्यवहारे स्तुतौ च (भ्वा.) धातु, पण्+क[2](अ), पणः । पणः अस्य अस्तीति *(कारोबार छ यसको)* पण+इनि[3] (इन्), पणिन् । पणिनः गोत्रापत्यम् *(पणीका सन्तति)* पणिन्+अण्[4] (अ), आदिवृद्धि, पाणिनः । पाणिनस्य युवापत्यम् *(पाणिनका युवा सन्तति)* पाणिन+इञ्[5] (इ), पाणिनिः । पाणिनिना प्रोक्तम् *(पाणिनिले बताएको)* पाणिनि+छ[6] (ईय), पाणिनीयः । न पाणिनीयः *(पाणिनीय व्याकरणभन्दा भिन्नको)* न.त.स. =अपाणिनीय ।

शब्दार्थ- पाणिनिको नियम अनुकूल नभएको, पाणिनिको व्याकरणभन्दा भिन्न, पाणिनिको व्याकरणमा नभएको ।

अपात्रः (ना./पुं./न.) पिबति पाति पीयते अनेन वा *(पिउँछ, रक्षा गर्छ, पिइन्छ यसबाट)* पा पाने (भ्वा.) धातु, वा पा रक्षणे (अदा.) धातु, पा+ष्ट्रन् (त्र), पात्रम् । न विद्यमानं पात्रं यत्र *(जहाँ राम्रो पात्र छैन)* न.ब.स., उ.प.लोप= अपात्र ।

अथवा न पात्रम् *(राम्रो पात्र नभएको)* न.त.स. =अपात्र ।

शब्दार्थ- काम नलाग्ने भाँडो, कुपात्र, दान दिन अयोग्य व्यक्ति, निन्दित व्यक्ति ।

अपादानम् (ना./न.) अपादीयते विश्लिष्यते अस्मात् *(छुट्याइन्छ यसबाट)* अप आङ् उपसर्गद्वयपूर्वक डुदाञ् दाने (जुहो.) धातु, अप+आ+दा+ल्युट् (अन) = अपादान

शब्दार्थ- कुनै वस्तु एक ठाउँबाट अर्को ठाउँमा सार्ने काम, अपसरण, नराम्रो किसिमले लिने काम, छुट्याउने क्रिया, पञ्चमीविभक्ति प्रयोग हुने अपादान कारक, छवटा कारकमध्ये एक ।

---

[1] **हनस्तो... : नको त**

[2] **घञर्थे कविधानम् : क**

[3] **अत इनिठनौ : इनि**

[4] **तस्यापत्यम् : अण्**

[5] **अत इञ् : इञ्**

[6] **तेन प्रोक्तम् : छ**

अपानः (ना./पुं.) अपसरेण अनिति अनेन इति *(सङ्कुचन गरेर हावा फालिन्छ)* अन प्राणने (अदा.) धातु, अप +अन्+घञ् (अ), दीर्घ= अपान ।

अथवा अपानयतीति *(अपानवायु फालिन्छ)* अपपूर्वक अन प्राणने (अदा.) धातु, अप+अन्+णिचि+ड (अ), णिलोप= अपान ।

प्राणोऽपानः समानश्चोदानव्यानौ च वायवः- इत्यमरः

शब्दार्थ- शरीरवाट सञ्चालन हुने पाँचवटा वायुहरूमध्ये एक, गुदद्वारवाट हावा वाहिर निस्कने वायु, अधोवायु, अपानवायु ।

अपामार्गः (ना./पुं) अपमृज्यतेऽनेन व्याध्यादिकम् *(यसबाट रोगादि हटाइन्छ)* अपपूर्वक मृजू शुद्धौ (अदा.) धातु, अप+मृज्+घञ् (अ), वृद्धि, कुत्व, दीर्घ= अपामार्ग ।

शब्दार्थ- औषधीका निमित्त प्रयोग हुने वनस्पतिविशेष, जडीवुटी, ऋषिपञ्चमीका दिन स्त्रीजातिहरूद्वारा दतिउनको लागि प्रयोग गरिने वनस्पति ।

अपारः (वि.) प्रियते इति *(पूर्ण गरिन्छ)* पृ पालनपूरणयोः (जुहो.) धातु, वा पृ पूरणे (चुरा.) धातु, पृ+घञ् (अ), वृद्धि, पारः ।

अथवा परं तीरं पश्यति *(पल्लो किनार देख्तछ)* पृ+ अण् (अ), वृद्धि, पारः ।

न पारः *(पार गर्न नसकिने काम)* न.त.स.= अपार ।

शब्दार्थ- असङ्ख्य, अपरिमित, पार पाउन नसकिने, पूरा गर्न नसकिने, पारङ्गत नहुने ।

अपुत्रः (वि.) पुनाति अनेन *(उद्धार हुन्छ यसबाट)* पूञ् पवने (क्र्या.) धातु, पू+क्त्र[1] (त्र), ह्रस्व, पुत्रः । न विद्यमानः पुत्रः यस्य *(जसको पुत्र छैन)* न.व.स. =अपुत्र ।

शब्दार्थ- पुत्र नहुने, जसको पुत्र छैन, पुत्रहीन, निःसन्तान, छोराछोरी नभएको ।

अपुत्री (ना./स्त्री) न विद्यमानः पुत्रः यस्याः *(जुन स्त्रीको सन्तान छैन)* न.व.स.,अपुत्र+ङीन्/ङीष् (ई)=अपुत्री ।

शब्दार्थ- छोराछोरी नभएकी आइमाई, पुत्रहीन स्त्री, बाँझी स्त्री, सन्तान नभएकी स्त्री, निःसन्तान आइमाई ।

अपुष्टः (वि.) अपोषि, पुष्यते स्म इति वा *(पालनपोषण गरिएको)* पुष पुष्टौ (भ्वा.) धातु, पुष्+क्त (त), ष्टुत्व, पुष्टः । न पुष्टः *(पालनपोषण नगरिएको)* न.त.स.=अपुष्ट ।

शब्दार्थ- पालनपोषण नगरिएको, हृष्टपुष्ट नभएको, दुब्लो, पातलो, पूर्ण नभएको, अपर्याप्त ।

अपूरणीयः (वि.) पूरितुं योग्यः *(पूरा गर्न योग्य)* पूरी आप्यायने (दिवा.) धातु, पूर्+अनीय (र्), णत्व, पूरणीयः । न पूरणीयः *(पूरा गर्न नसकिने)* न.त.स. =अपूरणीय ।

शब्दार्थ- पूरा हुन नसक्ने, पूरा गर्न नसकिने, अपूर्ण नै रहने, पूर्ण नहुने ।

अपूर्णः (वि.) पूर्यते स्म इति *(पूरा गरिएको)* पूरी आप्यायने (दिवा.) धातु, पूर्+क्त (त), तको न[2], णत्व, पूर्णः ।

अथवा प्रियते स्म इति *(पूर्ण गरिएको)*पृ पालनपूरणयोः (जुहो.) धातु, पृ+क्त (त), उत्व, दीर्घ, पूर्णः ।

न पूर्णः *(पूर्ण नभएको)* न.त.स.= अपूर्ण ।

शब्दार्थ- पूरा नभएको, सम्पन्न नभएको, अपूरो, अधुरो, रित्तो, पूर्ण नभएको ।

अपूर्वः (वि.) पूर्वतीति *(पूर्ण वा पहिला हुन्छ)* पूर्व पूरणे (भ्वा.) धातु, पूर्व+अच् (पचादि), पूर्वः । न विद्यमानः पूर्वः यत्र *(जहाँ पहिले भएको छैन)* न.ब.स.= अपूर्व ।

शब्दार्थ- पहिले नभएको, अगाडि नभएको, पहिले विद्यमान नभएको, विलकुल नयाँ, अद्भुत, असाधरण, अनौठो, आश्चर्यजनक ।

अपूर्वदर्शनम् (ना./न.) अपूर्वञ्च तद् दर्शनम् *(पहिले नभएको दर्शन)* क.त.स.= अपूर्वदर्शन ।

शब्दार्थ- पहिले नभएको दर्शन, सवभन्दा पहिलो दर्शन, यसभन्दा पहिले नभएको दर्शन ।

अपेक्षा (ना./स्त्री) अपेक्ष्यते इति *(अपेक्षा गरिन्छ)* अपपूर्वक ईक्ष दर्शने (भ्वा.) धातु, अप+ईक्ष्+अ[3] (प्रत्यय)+टाप् (आ), गुण= अपेक्षा ।

शब्दार्थ- आकाङ्क्षा, चाहना, प्रत्याशा, लिप्सा, वास्ता ।

अपेक्षणम् (ना./न.) अपेक्षणम्, अपेक्ष्यते इति वा *(अपेक्षा गरिन्छ)* अपपूर्वक ईक्ष दर्शने (भ्वा.) धातु, अप+ईक्ष्+ल्युट् (अन), गुण, णत्व= अपेक्षण ।

शब्दार्थ- अपेक्षा, चाहना, अभिलाषा ।

अपेक्षणीयः/अपेक्ष्यः (वि.) अपेक्षितुं योग्यः *(अपेक्षा गर्न योग्य)* अपपूर्वक ईक्ष दर्शने (भ्वा.) धातु, अप+ईक्ष्+ अनीय (र्), णत्व, गुण= अपेक्षणीय ।

अप+ईक्ष्+ण्यत् (य), गुण= अपेक्ष्य ।

शब्दार्थ- अपेक्षा गर्न सकिने, अपेक्षा गर्न योग्य, वाञ्छनीय, अपेक्षा गर्न लायक वा उचित ।

अपेक्षितः (वि.) अपेक्ष्यते स्म इति *(अपेक्षा गरिएको)* अपपूर्वक ईक्ष दर्शने (भ्वा.) धातु, अप+ईक्ष्+क्त (त), इडागम, गुण= अपेक्षित ।

शब्दार्थ- अपेक्षा गरिएको, आशा गरिएको, अभिवाञ्छित, चाहना गरिएको, अभिलषित ।

अपेयः (वि.) पातुं योग्यः *(पिउन लायक)* पा पाने (भ्वा.) धातु, पा+यत्[4] (य), ईत्व, गुण, पेयः । न पेयः *(पिउन लायक नभएको)* न.त.स.= अपेय ।

शब्दार्थ- पिउन नहुने, पिउन योग्य नभएको, पिउन उचित नभएको, पिउन नसकिने ।

---

[1] पूञो ह्रस्वश्च : क्त्र/ह्रस्व

[2] रदाभ्यां निष्ठा :... : तको न

[3] गुरोश्च हलः : अ

[4] अचो यत् : यत्

अपौरुषः (वि./ना./पुं.) पुरतीति *(अगाडि बढ्छ)* पुर अग्रगमने (तुदा.) धातु, पुर्+कुषन्[१] (उष), उणा., पुरुषः । पुरुषः प्रमाणमस्य *(पुरुषार्थ छ प्रमाण यसको)* पुरुष+अण्[२] (अ), पौरुषः ।

अथवा पुरुषस्य कर्म भावः वेति *(पुरुषको कर्म वा भाव)* पुरुष+अञ्[३] (अ), पौरुषः । अथवा पुरुषाय हितम् *(पुरुषका लागि हित)* पुरुष+ण[४] (अ), पौरुषः । नास्ति पौरुषः यस्मिन् *(जहाँ पुरुषार्थ वा पुरुषत्व छैन)* न.ब.स.= अपौरुष ।

शब्दार्थ- पुरुषार्थहीन, काँतर, अलौकिक, मानिसले नवनाएको, ईश्वरकृत, ईश्वरीय, पुरुषार्थको अभाव,

अपौरुषेयः (वि.) पुरुषाय हितम् *(पुरुषका लागि हित)* पुरुष+ढञ्[४] (एय), पौरुषेयः । न पौरुषेयः *(पुरुषत्व नभएको वा पुरुषत्वरहित)* न.त.स.= अपौरुषेय ।

शब्दार्थ- पुरुषार्थले सिद्ध नभएको, मनुष्यकृत नभएको, मानिसले नवनाएको, अपौरुष, ईश्वरीय । जस्तै– वेदहरू अपौरुषेय मानिन्छन् ।

अपौष्टिकः (वि.) पोषणम्, पुष्यते इति वा *(पोषिन्छ)* पुष पुष्टौ (भ्वा./दिवा.), (क्र्या.) धातु, पुष+क्तिन् (ति), ष्टुत्व, पुष्टिः । पुष्टिमर्हतीति *(पुष्टि हुन योग्य)* पुष्टि+ठञ्[५] (इक), आदिवृद्धि, पौष्टिकः । न पौष्टिकः *(पौष्टिक नभएको)* न.त.स.= अपौष्टिक ।

शब्दार्थ- पौष्टिक नभएको, अपोषक, हित वा कल्याण नगर्ने, पोषकतत्त्व नभएको ।

अप्ययः (ना./पुं.) अपीयते *(विलय हुन्छ)* अपिपूर्वक इण् गतौ (अदा.) धातु, अपि+इ+अच् (एरच्), गुण, अयादेश= अप्यय ।

शब्दार्थ- विनाश, क्षय, नष्ट हुने क्रिया, प्रलय, विलय, लीन हुने क्रिया, परमेश्वर, सम्मीलन ।

अप्रकटः (वि.) प्रकटं व्यक्तं प्रजातमिति *(व्यक्त वा प्रकट भएको)* प्र उपसर्गबाट प्र+कटच्[६] (कट), प्रकटः । न प्रकटः, न व्यक्तः *(प्रकट वा व्यक्त नभएको)* न.त.स.= अप्रकट ।

अथवा प्रकटतीति *(प्रकट गर्छ)* प्रपूर्वक कटे वर्षावरणयोः (भ्वा.) धातु, प्र+कट्+अच् (अ), प्रकटः । न प्रकटः *(स्पष्ट नभएको वा प्रकट नभएको)* न.त.स.= अप्रकट ।

शब्दार्थ- अस्पष्ट, अप्रत्यक्ष, अदृश्य, अव्यक्त, अप्रकाशित, प्रकट नभएको, गुप्त, नदेखिने, लुकेको ।

अप्रकरणम् (ना./न.) प्रक्रियते इति *(प्रसङ्ग मिलाइन्छ)* प्रपूर्वक डुकृञ् करणे (तना.) धातु, प्र+कृ+ल्युट् (अन), गुण, णत्व, प्रकरणम् । न प्रकरणम् *(प्रसङ्गको अभाव)* न.त.स.= अप्रकरण ।

शब्दार्थ- अप्रसङ्गको विषय, असम्वद्ध-विषय, गौण-विषय, अमुख्य या अप्रधान ।

अप्रकाशः (ना./पुं) प्रकाशते, प्रकाश्यते इति वा *(प्रकाशित हुन्छ)* प्रपूर्वक काशृ दीप्तौ (भ्वा./दिवा.) धातु, प्र+काश्+ अच् (पचादि)/घञ् (अ), प्रकाशः । न प्रकाशः *(प्रकाशको अभाव)* न.त.स. = अप्रकाश ।

शब्दार्थ- प्रकाशको अभाव, उज्वल नहुने क्रिया, चम्किलो नवन्ने क्रिया, अन्धकार, प्रकाशिलो नहुने काम

अप्रकाशितः (वि.) प्रकाश्यते स्म इति *(प्रकाशित गरिएको)* प्रपूर्वक काशृ दीप्तौ (भ्वा./दिवा.) धातु, प्र+काश्+क्त (त), इडागम, प्रकाशितः । न प्रकाशितः *(प्रकाशित नभएको)* न.त.स.= अप्रकाशित ।

शब्दार्थ- प्रकाशित नभएको, उज्वल नवनेको, प्रकाशन नगरिएको, नछापिएको, चम्किलो नदेखिने ।

अप्रचलनम् (ना./न.) प्रचलनमिति *(प्रचलनमा ल्याइन्छ)* प्रपूर्वक चल कम्पने (भ्वा.) वा चल विलसने (तुदा.) धातु, प्र+चल्+ल्युट् (अन), प्रचलनम् । न प्रचलनम् *(प्रचलनको अभाव)* न.त.स.= अप्रचलन ।

शब्दार्थ- प्रचलनमा नआउने काम, प्रचलनको अभाव, प्रचलनमा नल्याउने क्रिया ।

अप्रचलितः (वि.) प्रचलति स्म इति *(प्रचलनमा आएको)* प्रपूर्वक चल कम्पने (भ्वा.) वा चल विलसने (तुदा.) धातु, प्र+चल्+क्त (त), इडागम, प्रचलितः । न प्रचलितः *(प्रचलित नभएको)* न.त.स.= अप्रचलित ।

शब्दार्थ- नचलेको, प्रचलित नभएको, प्रयोगमा नल्याएको, प्रचलनमा नआएको, नहल्लेको ।

अप्रजः (ना./पुं) अविद्यमाना प्रजा यस्य *(जसको सन्तति छैन)* न.ब.स., ह्रस्व= अप्रज ।

शब्दार्थ- सन्तान नभएको मान्छे, सन्तानहीन व्यक्ति, छोराछोरी नभएको पुरुष ।

अप्रजा (ना./स्त्री) अविद्यमाना प्रजा यस्याः *(जुन स्त्रीको सन्तति छैन)* न.ब.स.= अप्रजा ।

शब्दार्थ- सन्तान नभएकी स्त्री, निःसन्तान आइमाई, बाँझी आइमाई, बन्ध्या स्त्री ।

अप्रतिद्वन्द्वः (वि./ना./पुं.) द्वौ द्वौ भूत्वा रहस्यं मन्त्रयते इति *(दुई दुई भएर एकान्तमा सल्लाह गर्छन्)* द्वि शब्दको द्वित्व[७], पूर्वपद 'द्वि'को अम्भाव, उत्तरपद 'द्वि'को अत्व निपातन, नपुंसकत्व, द्वन्द्वम् । प्रतिगतं द्वन्द्वम् *(द्वन्द्व वा सङ्घर्षमा पुगेको)* प्रा.त.स., प्रतिद्वन्द्वम् । अविद्यमानं प्रतिद्वन्द्वं यस्य *(जसको प्रतिद्वन्द्वी छैन)* न.ब.स. वा न प्रतिद्वन्द्वम् *(प्रतिद्वन्द्वीको अभाव)* न.त.स.= अप्रतिद्वन्द्व ।

शब्दार्थ- प्रतिद्वन्द्वी नभएको, सङ्घर्ष वा द्वन्द्व नभएको, प्रतिस्पर्धी नभएको, प्रतिद्वन्द्वीको अभाव, प्रतिस्पर्धी नहुने काम ।

---

१. पुरःकुषन् : कुषन्
२. पुरुषहस्तिभ्यामण् : अण्
३. प्राणभृज्जाति... : अञ्
४. सर्वपुरुषाभ्यां णढञौ : ण/ढञ्
५. तदर्हति : ठञ्
६. सम्प्रोदश्च.... : कटच्
७. द्वन्द्वंरहस्यमर्यादावचन... : द्वित्व, अम्भाव, अत्व, नपुंसकत्व

अप्रतिपक्षः (वि./ना./पुं.) प्रतिपक्षति, प्रतिपक्ष्यते इति वा *(विरोधी बन्छ, विरोधी बन्नु)* प्रतिपूर्वक पक्ष परिग्रहे (भ्वा.) धातु, प्रति+पक्ष्+अच् (पचादि)/घञ् (अ), प्रतिपक्षः । नास्ति प्रतिपक्षः यस्य *(जसको विपक्षी छैन)* न.ब.स. वा न प्रतिपक्षः *(प्रतिपक्षको अभाव)* न.त.स.= अप्रतिपक्ष ।

शब्दार्थ- प्रतिपक्ष नभएको, अप्रतियोगी, विपक्षी नभएको, प्रतिपक्षीको अभाव ।

अप्रतिबन्धः (वि./ना./पुं.) प्रतिबन्ध्यते इति *(प्रतिबन्ध लगाइन्छ)* प्रतिपूर्वक बन्ध बन्धने (क्र्या.) धातु, प्रति+बन्ध्+घञ् (अ), प्रतिबन्धः । न विद्यते प्रतिबन्धः यत्र *(जहाँ रोकटोक छैन)* न.ब.स. वा न प्रतिबन्धः *(रोकटोकको अभाव)* न.त.स.= अप्रतिबन्ध ।

शब्दार्थ- रोकटोक नभएको, विघ्न अवरोध नभएको, अप्रतिरोध, विना रोकटोक, प्रतिबन्धको अभाव ।

अप्रतिभः (वि.) नास्ति प्रतिभा स्फूर्तिमती प्रज्ञा यस्य *(प्रतिभा वा ज्ञान नभएको)* न.ब.स., ह्रस्व=अप्रतिभ ।

शब्दार्थ- नयाँ नयाँ कुरा स्फुरण हुने बुद्धि नभएको, बुद्धिहीन, ज्ञानरहित ।

अप्रतियोगी (वि.) न विद्यते प्रतियोगी यस्य *(जसको प्रतियोगी छैन)* न.त.स.= अप्रतियोगी ।

शब्दार्थ- विपक्षीरहित, प्रतियोगी नभएको, प्रतिस्पर्धी नभएको ।

अप्रतिष्ठः (वि.) न विद्यमाना प्रतिष्ठा यस्य *(जसको प्रतिष्ठा छैन)* न.ब.स., उ.प.लोप, ह्रस्व= अप्रतिष्ठ ।

शब्दार्थ- प्रतिष्ठा नभएको, सम्मानरहित, इज्जत नभएको

अप्रतिष्ठा (ना./स्त्री.) प्रतिष्ठानमिति *(प्रतिष्ठा हुनु)* प्रतिपूर्वक ष्ठा गतिनिवृतौ (भ्वा.) धातु, प्रति+स्था+अङ्[1] (अ), आलोप, टाप् (आ), प्रतिष्ठा । न प्रतिष्ठा *(प्रतिष्ठाको अभाव)* न.त.स.= अप्रतिष्ठा ।

शब्दार्थ- अनादर, सम्मान नहुने काम, अपहेलना, तिरस्कार, प्रतिष्ठा नहुने काम ।

अप्रतिष्ठितः (वि.) प्रतितिष्ठति स्म इति *(प्रतिष्ठित भएको)* प्रतिपूर्वक ष्ठा गतिनिवृत्तौ (भ्वा.) धातु, प्रति+स्था+क्त[2] (त), कर्तामा, इत्व[3], सको ष, ष्टुत्व, प्रतिष्ठितः । न प्रतिष्ठितः *(प्रतिष्ठित नभएको)* न.त.स.= अप्रतिष्ठित

शब्दार्थ- आदरसत्कार नभएको, सम्मान नभएको, प्रतिष्ठारहित, मर्यादाहीन ।

अप्रतीतः (वि.) प्रत्यगात्, प्रतीयते स्म इति वा *(विश्वास भएको)* प्रतिपूर्वक इण् गतौ (अदा.) धातु, प्रति+इ+क्त[2] (त), कर्ता र कर्ममा, दीर्घ, प्रतीतः । न प्रतीतः *(विश्वास नभएको)* न.त.स.= अप्रतीत ।

शब्दार्थ- विश्वास नभएको, अप्रसिद्ध, अप्रख्यात, पत्याउन नसकिने ।

अप्रतिहतः (वि.) प्रतिहन्यते स्म इति *(प्रतिघात गरिएको)* प्रतिपूर्वक हन हिंसागत्योः (अदा.) धातु, प्रति+हन्+क्त (त), नलोप, प्रतिहतः । न प्रतिहतः *(प्रतिघात नगरिएको)* न.त.स.= अप्रतिहत ।

शब्दार्थ- विघ्नबाधाले नरोकिएको, प्रतिघात नगरिएको ।

अप्रत्यक्षः (वि.) अक्षति, अक्ष्णोतीति वा *(व्याप्त हुन्छ)* अक्षू व्याप्तौ (भ्वा.) धातु, अक्ष्+अच् (पचादि), अक्षः । अक्षः इन्द्रियं प्रतिगतः *(आँखाले देखिने)* प्रा.त.स., प्रत्यक्षः । न प्रत्यक्षः *(प्रत्यक्ष नभएको)* न.त.स.= अप्रत्यक्ष ।

शब्दार्थ- अदृश्य, अगोचर, इन्द्रिय-गोचर नभएको, प्रत्यक्ष नभएको ।

अप्रत्ययः (ना./पुं./वि.) प्रतीयते इति *(विश्वास गरिन्छ)* प्रतिपूर्वक इण् गतौ (भ्वा.) धातु, प्रति+इ+अच् (एरच्) गुण, अयादेश, यण्, प्रत्ययः । न प्रत्ययः *(विश्वासको अभाव)* न.त.स. वा नास्ति प्रत्ययः विश्वासः यस्य *(जसको विश्वास छैन)* न.ब.स. = अप्रत्यय ।

शब्दार्थ- अविश्वास, अपत्यार, विश्वासको अभाव, स्नेहको अभाव, प्रेम वा प्रणय नहुने काम, विश्वास नगर्ने, अविश्वासी, सन्देह गर्ने ।

अप्रत्याशितः (वि.) प्रत्याश्यते स्म इति *(प्रत्याशा गरिएको)* प्रति आङ् उपसर्गद्वयपूर्वक अश भोजने (क्र्या.) वा अशू व्याप्तौ सङ्घाते च (स्वा.) धातु, प्रति+आ+अश्+क्त (त), इडागम, यण्, दीर्घ, प्रत्याशितः । न प्रत्याशितः *(प्रत्याशा नगरिएको)* न.त.स.= अप्रत्याशित ।

शब्दार्थ- प्रत्याशा नगरिएको, अपर्भ्रटमा परिआएको, अचानक आइपरेको, आकस्मिक रूपमा आइपरेको ।

अप्रणयः (ना./पुं.) प्रणयनमिति *(प्रणय वा स्नेह गरिन्छ)* प्रपूर्वक णीञ् प्रापणे (भ्वा.) धातु, प्र+नि+अच् (एरच्), गुण, अयादेश, णत्व, प्रणयः । न प्रणयः *(प्रणय वा स्नेहको अभाव)* न.त.स.= अप्रणय ।

शब्दार्थ- प्रेम वा स्नेहको अभाव, प्रणय नहुने काम, प्रणयको अभाव ।

अप्रदर्शितः (वि.) प्रदर्श्यते स्म इति *(प्रदर्शन गरिएको)* प्रपूर्वक दृशिर् प्रेक्षणे (भ्वा.) धातु, प्र+दृश्+णिचि+क्त (त), गुण, णिलोप, इडागम, प्रदर्शितः । न प्रदर्शितः *(प्रदर्शन नगरिएको)* न.त.स.= अप्रदर्शित ।

शब्दार्थ- प्रदर्शन नगरिएको, अप्रकाशित, देखाउने नगरिएको ।

---

[1] आतश्चोपसर्गे : अङ्

[2] गत्यर्थाकर्मक... : क्त

[3] द्यतिस्यतिमास्थामित्तिकिति : इत्

अप्रधानः (वि.) प्रधानमिति *(प्रमुख हुनु)* प्रपूर्वक डुधाञ् धारणपोषणयोः (जुहो.) धातु, प्र+धा+ल्युट् (अन), प्रधानम् । न विद्यमानं प्रधानं यस्य *(जसको मुख्य भूमिका छैन)* न.ब.स.= अप्रधान ।

शब्दार्थ-अमुख्य, गौण, अधीन, प्रधान नभएको, सामान्य ।

अप्रमत्तः (वि.) प्रमद्यते स्म इति *(मात्तिएको)* प्रपूर्वक मदी हर्षग्लेपनयोः (भ्वा.) वा मदी हर्षे (दिवा.) धातु, प्र+मद्+क्त (त), प्रमत्तः । न प्रमत्तः *(नमात्तिएको)* न.त.स.= अप्रमत्त ।

शब्दार्थ- उन्मत्त नभएको, मदोन्मत्त नभएको, सावधान, नमात्तिएको, स्वेच्छाचारी नभएको ।

अप्रमाणम् (ना./न./वि.) प्रमीयते, प्रमाणमिति वा *(नापिन्छ, प्रमाण मानिन्छ)* प्रपूर्वक माङ् माने शब्दे च (जुहो.) धातु वा माङ् माने (दिवा.) धातु, वा मा माने (अदा.) धातु, प्र+मा+ल्युट् (अन), णत्व, प्रमाणम् । न प्रमाणम् *(प्रमाणको अभाव)* न.त.स. =अप्रमाण ।

अथवा न विद्यमानं प्रमाणं यस्य *(जसको प्रमाण छैन)* न.ब.स., उ.प.लोप= अप्रमाण ।

शब्दार्थ- प्रमाण या निस्सा नहुनाको स्थिति, प्रमाणको अभाव, प्रमाण विनाको, प्रमाण नभएको ।

अप्रमाणितः (वि.) प्रमाणं सञ्जातमस्य *(प्रमाण छ यसको)* प्रमाण+इतच्[1] (इत), प्रमाणितः । न प्रमाणितः *(प्रमाणित नभएको)* न.त.स.= अप्रमाणित ।

शब्दार्थ-प्रमाणरहित, विना प्रमाणको, प्रमाणित नभएको ।

अप्रमेयः (वि./ना./पुं.) प्रमातुं योग्यः *(नाप्न योग्य)* प्रपूर्वक माङ् माने (दिवा.) धातु, प्र+मा+यत्[2] (य), ईत्व[3], गुण, प्रमेयः । न प्रमेयः *(नाप्न नसकिने)* न.त.स.= अप्रमेय ।

शब्दार्थ- नाप्न तौलन नसकिने, अपरिमित, अतुलनीय, असीमित, ऋषीकेश, परव्रह्म परमेश्वर ।

उदा. **अप्रमेयो ऋषीकेशः पद्मनाभः वि.स.ना. १९**

अप्रयुक्तः (वि.) प्रयुज्यते स्म इति *(प्रयोग गरिएको)* प्रपूर्वक युजिर् योगे (रुधा.) धातु, प्र+युज्+क्त (त), जको कुत्व, प्रयुक्तः । न प्रयुक्तः *(प्रयोग नगरिएको)* न.त.स.= अप्रयुक्त ।

शब्दार्थ- प्रयोगमा नआएको, प्रयोग नगरिएको, प्रचलनमा नल्याइएको, अव्यवहृत ।

अप्रशिक्षणम् (ना./न.) प्रशिक्ष्यते अनेन *(प्रशिक्षण दिइन्छ यसबाट)* प्रपूर्वक शिक्ष विद्योपादाने (भ्वा.) धातु, प्र+शिक्ष्+ल्युट् (अन), णत्व, प्रशिक्षणम् । न प्रशिक्षणम् *(प्रशिक्षणको अभाव)* न.त.स. =अप्रशिक्षण ।

शब्दार्थ- तालिम वा प्रशिक्षण नपाउने काम, प्रशिक्षणको अभाव ।

अप्रशिक्षितः (वि.) प्रशिक्ष्यते अनया *(प्रशिक्षण दिइन्छ यसबाट)* प्रपूर्वक शिक्ष विद्योपादने (भ्वा.) धातु, प्र+शिक्ष्+अ (प्रत्यय), टाप् (आ), प्रशिक्षा । प्रशिक्षा सञ्जाता अस्य *(प्रशिक्षण भएको छ यसको)* प्रशिक्षा+इतच्[1] (इत), प्रशिक्षितः ।

अथवा प्रशिक्ष्यते स्म इति *(प्रशिक्षण दिइएको)* प्र+शिक्ष्+क्त (त), इडागम, प्रशिक्षितः । न प्रशिक्षितः *(प्रशिक्षण नदिइएको)* न.त.स.= अप्रशिक्षित ।

शब्दार्थ- तालिम नलिइएको, प्रशिक्षण प्राप्त नगरेको, प्रशिक्षणमा अनभिज्ञ, प्रयोगात्मक शिक्षा नदिइएको, राम्रो शिक्षा प्राप्त नगरेको ।

अप्रसङ्गः (ना./पुं./वि.) प्रसज्जते इति *(आसक्त हुन्छ)* प्रपूर्वक षञ्ज सङ्गे (भ्वा.) धातु, प्र+सञ्ज्+घञ् (अ), कुत्व, प्रसङ्गः । न प्रसङ्गः *(आसक्त नभएको)* न.त.स. वा न विद्यमानः प्रसङ्गः यस्य *(जसको प्रसङ्ग छैन)* न.ब.स.= अप्रसङ्ग ।

शब्दार्थ- अनासक्ति, असंलग्नता, प्रसङ्ग नहुनु, सम्वन्ध नरहने काम, आसक्त नभएको, आसक्तिरहित, अनुराग नभएको, सम्वन्धरहित, असम्वन्धित, प्रसङ्ग नमिलेको ।

अप्रसन्नः (वि.) प्रासिददिति *(खुसी भएको)* प्रपूर्वक षद्लृ विशरणगत्यवसादनेषु (तुदा.) धातु, प्र+सद्+क्त[4] (त), कर्तामा, निष्ठा तको न, प्रसन्नः । न प्रसन्नः *(प्रसन्न नभएको)* न.त.स.= अप्रसन्न ।

शब्दार्थ- प्रसन्न नभएको, सन्तुष्ट नभएको, प्रफुल्ल नभएको, खुसी नभएको, असन्तुष्ट ।

अप्रसन्नता (ना./स्त्री.) अप्रसन्नस्य भावः *(प्रसन्न नहुनाको भाव वा अवस्था)* अप्रसन्न+तल्+टाप् (आ) =अप्रसन्नता ।

शब्दार्थ- प्रसन्नताको अभाव, खिन्नता, दिग्दारीपन ।

अप्रसिद्धः (वि.) प्रसिध्यति स्म इति *(प्रसिद्ध भएको)* प्रपूर्वक सिधु संराद्धौ (दिवा.) धातु, प्र+सिध्+क्त (त), कर्तामा, तको ध[5], धको द, प्रसिद्धः । न प्रसिद्धः *(प्रसिद्ध नभएको)* न.त.स.= अप्रसिद्ध ।

शब्दार्थ- प्रसिद्ध नभएको, ख्याति प्राप्त नगरेको, नाउँ नचलेको, अविख्यात ।

अप्रस्तावितः (वि.) प्रस्ताव्यते स्म इति *(प्रस्तावित गरिएको)* प्रपूर्वक ष्टुञ् स्तुतौ (अदा.) धातु, प्र+स्तु+णिचि, वृद्धि, प्रस्तावि+क्त (त), आवादेश, णिलोप, इडागम, प्रस्तावितः । न प्रस्तावितः *(प्रस्तावित नगरिएको)* न.त.स.= अप्रस्तावित ।

शब्दार्थ-प्रस्तावित नगरिएको, असङ्गत, प्रस्ताव नराखिएको

---

[1] तदस्य सञ्जातम्... : इतच्

[2] अचो यत् : यत्

[3] ईद्यति : ईत्व

[4] गत्यर्थाकर्मक... : क्त

[5] झषस्तयोर्धो धः... : तको ध

अप्रस्तुतः (वि.) प्रस्तूयते स्म इति *(प्रस्तुत गरिएको)* प्रपूर्वक ष्टुञ् स्तुतौ (अदा.) धातु, प्र+स्तु+क्त (त), प्रस्तुतः । न प्रस्तुतः *(प्रस्तुत नगरिएको)* न.त.स. =अप्रस्तुत ।

शब्दार्थ- प्रस्तुत नगरिएको, प्रशंसा या स्तुति नगरिएको, पेस नगरिएको ।

अप्राकृतः (वि.) प्रकरणम्, प्रक्रियते इति वा *(स्वतः सिद्ध हुनु)* प्रपूर्वक डुकृञ् करणे (तना.) धातु, प्र+कृ+क्तिन् (ति), प्रकृतिः । प्रकृतौ भवः *(प्रकृतिमा हुने)* प्रकृति+ अण्[१] (अ), आदिवृद्धि, प्राकृतः । न प्राकृतः *(स्वभाविक नभएको)* न.त.स.= अप्राकृत ।

शब्दार्थ- स्वतः सिद्ध नभएको, कृत्रिम, स्वाभाविक नभएको, प्राकृत नभएको ।

अप्राकृतिकः (वि.) प्रकृतौ भवः *(प्रकृतिमा हुने)* वा प्रकृते रागतः *(प्रकृतिबाट आएको)* प्रकृति+ठक्[२] (इक), आदिवृद्धि, प्राकृतिकः । न प्राकृतिकः *(स्वाभाविक नभएको)* न.ब.स.= अप्राकृतिक ।

शब्दार्थ- प्राकृतिक नभएको, अस्वाभाविक, कृत्रिम, असामान्य ।

अप्राचीनः (वि.) प्राग्भवः *(पहिले भएको),* प्रागेव *(पहिले नै)* प्र+अच्+ख[३] (इन), प्राचीनः । न प्राचीनः *(पुरानो नभएको)* न.त.स.= अप्राचीन ।

शब्दार्थ- नयाँ, नव्य, अपुरातन, पुरानो नभएको ।

अप्राप्तः (वि.) प्राप्यते स्म इति *(पाइएको)* प्रपूर्वक आप्लृ व्याप्तौ (स्वा.) धातु, प्र+आप्+क्त (त), कर्ममा, प्राप्तः । न प्राप्तः *(नपाएको वा नपाइएको)* न.त.स. =अप्राप्त ।

शब्दार्थ- प्राप्त नभएको, अनुपलब्ध, नपाइएको, अलब्ध, सुलभ नभएको ।

अप्राप्तिः (ना./स्त्री) प्रापणम्, प्राप्यते इति *(पाइन्छ)* प्रपूर्वक आप्लृ व्याप्तौ (स्वा.) धातु, प्र+आप्+क्तिन् (ति), भावमा, प्राप्तिः । न प्राप्तिः *(प्राप्तिको अभाव)* न.त.स.= अप्राप्ति ।

शब्दार्थ- प्राप्त नहुने काम, नपाइने क्रिया, प्राप्तिको अभाव, उपलब्धि नहुने काम ।

अप्राप्यः (वि.) प्राप्तुं शक्यः *(पाउन सकिने)* प्रपूर्वक आप्लृ व्याप्तौ (स्वा.) धातु, प्र+आप्+ण्यत्[४] (य), दीर्घ, प्राप्यः । न प्राप्यः *(पाउन नसकिने)* न.त.स. =अप्राप्य ।

शब्दार्थ- पाउन नसकिने, उपलब्धि हुन नसक्ने, प्राप्त गर्न नसकिने, पाउन योग्य नभएको ।

अप्रामाणिकः (वि.) प्रमीयते, प्रमिमीते अनेन इति *(प्रमाण लिइन्छ वा दिइन्छ यसबाट)* प्रपूर्वक माङ् माने शब्दे च (जुहो.) धातु, प्र+मा+ल्युट्[५] (अन), भाव, कर्ता र करणमा, प्रमाणम् । प्रमाणेन सिद्धः *(प्रमाणले सिद्ध भएको)* वा प्रमाणमर्हति *(प्रमाण लिन उपयुक्त)* प्रमाण+ ठञ्[६] (इक), आदिवृद्धि, प्रामाणिकः । न प्रामाणिकः *(प्रमाण योग्य नभएको)* न.त.स. =अप्रामाणिक ।

शब्दार्थ- प्रमाणरहित, प्रामाणिक नभएको, अविश्वसनीय, निस्सा या सवुत नभएको, प्रमाणहीन ।

अप्रासङ्गिकः (वि.) प्रसज्यते इति *(प्रसङ्ग मिल्नु)* प्रपूर्वक षञ्ज सङ्गे (भ्वा.) धातु, प्र+सञ्ज्+घञ् (अ), कुत्व, प्रसङ्गः । प्रसङ्गादागतः, प्रसङ्गमर्हतीति *(प्रसङ्गबाट आएको वा प्रसङ्गको लागि उपयुक्त)* प्रसङ्ग+ठक्[७] /ठञ्[६] (इक), आदिवृद्धि, प्रासङ्गिकः । न प्रासङ्गिकः *(प्रासङ्गिक नभएको)* न.त.स.= अप्रासङ्गिक ।

शब्दार्थ-प्रासङ्गिक नभएको, प्रसङ्ग विनाको, प्रसङ्ग-अनुरूप नभएको, विना अवसरको, असामयिक, वेप्रसङ्गको ।

अप्रियः (वि.) प्रीणातीति *(खुसी हुन्छ)* प्रीञ् तर्पणे कान्तौ च (क्र्या.) धातु, प्री+क[८] (अ), इयङ् आदेश, प्रियः । न प्रियः *(प्रिय नभएको)* न.त.स.= अप्रिय ।

शब्दार्थ- प्रिय नभएको, मन नपरेको, अरुचिकर, प्यारो नलाग्ने, अनिष्टकर, अहितकर ।

अप्रियता (ना./स्त्री) अप्रियस्य भावः *(अप्रिय हुनाको स्थिति वा अवस्था)* अप्रिय+तल्+टाप् (आ)=अप्रियता ।

शब्दार्थ- अप्रिय हुनाको अवस्था, प्रिय नलाग्ने अवस्था ।

अप्रियवचः (ना./न.) अप्रियञ्च तद्वचः वाक्यम् *(अप्रिय बोलीवचन)* क.त.स.= अप्रियवच ।

शब्दार्थ- अप्रियवचन, निठुरी वाक्य, नमीठो वोली-वचन ।

अप्रिया (ना./स्त्री) प्रीणाति असौ *(खुशी हुन्छे यो स्त्री)* प्रीञ् तर्पणे कान्तौ च (क्र्या.) धातु, प्री+क (अ), इयङादेश, टाप् (आ), प्रिया । न प्रिया *(प्रिय नलाग्ने)* न.त.स.= अप्रिया ।

शब्दार्थ- प्रिय वा प्यारो नलाग्ने स्त्री, मन नपरेकी स्त्री ।

अप्रीतिः (ना./स्त्री) प्रीयते इति *(खुसी भइन्छ)* प्रीञ् तर्पणे कान्तौ च (क्र्या.) धातु, प्री+क्तिन् (ति), प्रीतिः । न प्रीतिः *(प्रीति नहुनु)* न.त.स.= अप्रीति ।

शब्दार्थ- प्रीति या प्रेम नहुने क्रिया, रुचि नलाग्ने क्रिया, सन्तुष्ट नहुनाको स्थिति, स्नेह नहुने क्रिया, प्रेमको अभाव

अप्रौढः (वि.) प्रोह्यते स्म इति *(परिपक्व भएको)* प्रपूर्वक वह प्रापणे (भ्वा.) धातु, प्र+वह्+क्त (त), सम्प्रसारणबाट वको उ, हको ढ, निष्ठा तको ध, स्टुत्वबाट धको ढ, ढलोप, वृद्धि, प्रौढः । न प्रौढः *(परिपक्व नभएको)* न.त.स.= अप्रौढ ।

शब्दार्थ- अपरिपक्व, पूर्ण विकसित नभएको, वयस्क नभएको, प्रौढ नभएको, ढिटो नभएको, काँचो, कमजोर ।

---

[१] तत्र भवः : अण्
[२] ठगायस्थानेभ्यः : ठक्
[३] विभाषाञ्चेरदिक्... : ख
[४] ऋहलोर्ण्यत् : ण्यत्
[५] ल्युट् च/कृत्यल्युटो बहुलम्/करणाधिकरणयोश्च : ल्युट्, क्रमशः भाव, कर्ता र कर्ममा
[६] तदर्हति : ठञ्
[७] ठगायस्थानेभ्यः : ठक्
[८] इगुपधज्ञा... : क

अप्सराः (ना./स्त्री) अद्भ्यः सरन्ति उद्गच्छन्ति स्म *(पानीबाट उत्पन्न भएका)* अप्पूर्वक सृ गतौ (भ्वा.) धातु, अप्+सृ+असुन् (अस्) (उणा), गुण, अप्सरस् =अप्सरा ।

शब्दार्थ- स्वर्गकी वेश्या, स्वर्गका नर्तकी, गन्धर्व पत्नीहरू, जो जलक्रीडामा वढी रुचि लिन्छन्, देवाङ्गना, जलकण, ज्यादै सुन्दरी स्त्री ।

अफलः (वि.) फलन्तीति *(फल्दछन्)* फल निष्पत्तौ (भ्वा.) धातु, फल्+अच् (पचादि), फलानि । न विद्यमानानि फलानि यस्य *(फलहरू छैनन् जसका)* न.व.स. =अफल ।

शब्दार्थ-फलरहित, निष्फल, व्यर्थ, फलहीन, फल नलाग्ने

अफलाकाङ्क्षी (वि.) फलमाकाङ्क्षितुं शीलमस्य *(फलको आकाङ्क्षा गर्ने शील छ यसको)* फल उपपदमा हुने आङ्पूर्वक काक्षि काङ्क्षायाम् (भ्वा.) धातु, फल+आ +काङ्क्ष्+णिनि (इन्), दीर्घ, फलाकाङ्क्षिन् । न फलाकाङ्क्षिन् *(फलको आकाङ्क्षा नगर्ने)* न.त.स. = अफलाकाङ्क्षी ।

शब्दार्थ- फलको आकाङ्क्षा नगर्ने, परिणामको आशा नराख्ने, स्वार्थरहित, निःस्वार्थी ।

अफलितः (वि.) फलति स्म इति *(फल फलेको)* फल निष्पत्तौ (भ्वा.) धातु, फल्+क्त (त), इडागम, फलितः । न फलितः *(नफलेको)* न.त.स.=अफलित ।

शब्दार्थ- फल नभएको, फलरहित, नफलेको ।

अबद्धः (वि.) वध्यते स्म इति *(बाँधिएको)* बन्ध वन्धने (क्र्या.) धातु, बन्ध्+क्त (त), नलोप, तको ध, धको द, वद्धः । न बद्धः *(न बाँधिएको)* न.त.स.= अबद्ध ।

शब्दार्थ- नबाँधिएको, मुक्त भएको, स्वच्छन्द, रोकटोक नभएको, वन्धनमा नपरेको ।

अबध्यः (वि.) बद्धुं योग्यः *(बाँध्न योग्य)* वध बन्धने (भ्वा.) धातु, वध्+यत् (य), बध्यः ।

अथवा हन्तुं योग्यः *(बध गर्न लायक)* हन्+यत् (य), हन्को बधादेश, बध्यः ।

अथवा बधमर्हतीति *(बध गर्न लायक)* बध+यत् (य), बध्यः । न बध्यः *(बध गर्न योग्य नभएको)* न.त.स. =अबध्य ।

शब्दार्थ- वध गर्न नहुने, मार्न अयोग्य, बध गर्न लायक नभएको, वध गर्न अनुचित ।

अबलः (वि.) बलति, बलयतीति वा *(बलवान् हुन्छ)* बल प्राणने (भ्वा.) तथा (चुरा.) धातु, बल्+अच् (पचादि), बलः । नास्ति बलं सामर्थ्यं यस्य *(जसको सामर्थ्य वा शक्ति छैन)* न.ब.स.= अबल ।

शब्दार्थ- दुर्वल, बलहीन, वलरहित, निर्धो, बल नभएको, शक्ति वा सामर्थ्य नभएको ।

अबला (ना./स्त्री) वलति असौ **(बलवान् छ यो)** वल प्राणने (भ्वा.) धातु, वल्+अच् (पचादि), वलम् । नास्ति वलं यस्याः *(जसको बल छैन)* न.ब.स., अवल+टाप् (आ)= अवला ।

शब्दार्थ- दुर्वल नारी, वल नभएकी स्त्री, दुर्वल आइमाई, शक्तिहीन स्त्री ।

उदा. मृदुवपु अबला छ नाम भारी,
हृदय कुठार सरी छ नाशकारी- आ.रा.४/२१

अबाधः (वि.) वाधते इति *(बाधा गर्छ)* बाधृ लोडने (भ्वा.) धातु, बाध्+अ[1] (प्रत्यय)+टाप् (आ), बाधा । न विद्यते बाधा यस्य *(जसको बाधा अवरोध छैन)* न.व.स., उ.प.लोप= अबाध ।

शब्दार्थ- निर्बाध, अनियन्त्रित, बाधारहित, बाधा नभएको, विघ्नरहित ।

अबोधः (वि.) बोधति, बुध्यते इति वा *(बोध हुन्छ वा हुनु)* बुध अवगमने (भ्वा./दिवा.) धातु, बुध्+घञ् (अ), बोधः । न विद्यते बोधः यस्य *(जसको बोध (ज्ञान) छैन)* न.व.स.= अबोध ।

शब्दार्थ- ज्ञान नभएको, अज्ञानी, मूर्ख, अनजान, अनभिज्ञ, मूढ, केही नजान्ने ।

अब्दः (ना./पुं) अवति सीमानं रक्षति *(अवधिको रक्षा गर्छ)* अव रक्षणादौ (भ्वा.) धातु, अव्+दन्[2] (द)=अब्द । अथवा अपः जलानि दधाति *(वर्षा गर्छ)* अप्+दा+क (अ), जश्त्वबाट पको ब= अब्द ।

शब्दार्थ- वर्ष, संवत्सर, साल, मेघ, पर्वतविशेष ।

अब्धिः (ना./पुं.) आपः जलानि धीयन्ते अत्र *(पानी धारण गरिन्छ यहाँ)* अप्पूर्वक डुधाञ् धारणपोषणयोः (जुहो.) धातु, अप्+धा+कि[3] (इ), अधिकरणमा, आलोप, पको जश्त्व ब= अब्धि ।

शब्दार्थ- समुद्र, सागर, उदधि, सिन्धु, जलाशय, तलाउ ।

अभक्तः (वि.) भजति स्म इति *(भजन गरेको)* भज सेवायाम् (भ्वा.) धातु, भज्+क्त (त), भक्तः । न भक्तः *(भक्त नभएको)* न.त.स.= अभक्त ।

शब्दार्थ- भक्तिभाव नभएको, अनुराग नभएको, आसक्तिरहित ।

अभक्तिः (ना./स्त्री.) भजनम्, भज्यते इति वा *(भजिन्छ)* भज सेवायाम् (भ्वा.) धातु, भज्+क्तिन् (ति), भक्तिः । न भक्तिः *(भक्तिको अभाव)* न.त.स.= अभक्ति ।

शब्दार्थ- भक्ति नहुने क्रिया, आसक्तिको अभाव, भक्तिको अभाव, उपासनाको अवस्था, अविभाजन ।

अभक्ष्यः (वि./ना./न.) भक्षितुं योग्यः *(खान योग्य)* भक्ष अदने (भ्वा.) धातु, भक्ष्+ण्यत् (य), भक्ष्यः । न भक्ष्यः *(खान अयोग्य)* न.त.स.= अभक्ष्य ।

शब्दार्थ- अखाद्य, अभक्षणीय, खान अयोग्य, खान निषेधित पदार्थ, खान उपयोगी नहुने चीज, अस्वस्थकर खाना,

---

[1] गुरोश्च हलः : अ प्रत्यय

[2] अब्दादयश्चः...: दन्

[3] कर्मण्यधिकरणे च : कि

अभङ्गः (वि.) भज्यते इति *(भाँचिन्छ)* भञ्जो आमर्दने (रुधा.) धातु, भञ्ज्+घञ् (अ), जको कुत्व ग, भङ्गः । न विद्यमानः भङ्गः अस्य *(यसको भङ्ग छैन)* न.ब.स. =अभङ्ग ।

शब्दार्थ- छिन्नभिन्न नभएको, भङ्ग नभएको, अखण्डित ।

अभद्रम् (ना./न./वि.) भन्दते इति *(कल्याण गर्छ)* भदि कल्याणे सुखे च (भ्वा.) धातु, भन्द्+रन्[1] (र), उणा., नलोप, भद्रम् । न भद्रम् *(कल्याण नहुने)* न.त.स. वा न विद्यते भद्रं यत्र *(जहाँ कल्याण छैन)* न.ब.स. =अभद्र ।

शब्दार्थ- अशुभ, अमङ्गल, दुष्ट, कल्याण नगर्ने, भद्र नभएको, अमङ्गलकारी, अकल्याणकारक ।

अभयः (ना./न./वि.) बिभेति अस्मात् *(डराउँछ यसबाट)* ञिभी भये (जुहो.) धातु, भी+अच् (एरच्), गुण, अयादेश, भयः । भयस्य अभावः *(भयको अभाव)* अव्य.स.= अभय ।

अथवा नास्ति भयं यस्मात् *(जसबाट भय छैन)* न.ब.स.= अभय ।

शब्दार्थ- भयको अभाव, भय नहुने क्रिया, भयरहित, भयशून्य, डरभर नभएको, निडर ।

अभ्रम् (ना./न.) अपः बिभर्ति *(जलधारण गर्छ)* डुभृञ् धारणपोषणयोः (जुहो.) धातु, अप्+भृ+क[2] (अ), यण् =अभ्र ।

शब्दार्थ- मेघ, वादल, जलधर ।

अभयङ्करः (वि.) अभयं करोतीति *(अभय प्रदान गर्छ)* डुकृञ् करणे (तना.) धातु, अभय+कृ+खच्[3] (अ), मुम्= अभयङ्कर ।

शब्दार्थ- अभय प्रदान गर्ने, अभय दिने ।

अभागी (वि.) भजतीति *(भज्छ)* भज सेवायाम् (भ्वा.) धातु, भज्+घिनुण्[4] (इन्), कुत्व, जको ग, वृद्धि, भागी । अथवा भागः अस्यास्तीति *(शुभाशुभ कर्म छ यसको)* भाग+इनि (इन्), भागिन्, भागी । न भागी *(भाग्य नभएको)* न.त.स.= अभागी ।

शब्दार्थ- भाग्यरहित, भाग्य नभएको, भाग्यविहीन ।

अभाग्यम् (ना./न.) भज्यते अनेन *(सेवा गरिन्छ यसबाट)* भज सेवायम् (भ्वा.) धातु, भज्+ण्यत् (य), उपधावृद्धि, कुत्व, जको ग, भाग्यम् । न भाग्यम् *(भाग्यको अभाव)* न.त.स.= अभाग्य ।

भाग्यं कर्म शुभाशुभम्- इत्यमरः

शब्दार्थ- खराब भाग्य, दुर्भाग्य, नराम्रो भाग्य ।

अभावः (ना./पुं.) भवनम्, भूयते इति वा *(हुनु)* भू सत्तायाम् (भ्वा.) धातु, भू+घञ् (अ), वृद्धि, भावः । न भावः *(अस्तित्वको अभाव)* न.त.स.= अभाव ।

शब्दार्थ- अनस्तित्व, अस्तित्वको अभाव, नाश, सत्ता शून्यता, अप्राप्ति ।

अभावुकः (वि.) भवति तच्छीलः भवनशीलः *(हुने शील भएको)* भू सत्तायाम् (भ्वा.) धातु, भू+उकञ्[5] (उक), वृद्धि, आवादेश, भावुकः । न भावुकः *(भावुक नभएको)* न.त.स.= अभावुक ।

शब्दार्थ- भावुक नहुने, भावुक नभएको, भावना नभएको, भावनाहीन ।

अभाषणम् (ना./न.) भाषणम्, भाष्यते इति वा *(बताइन्छ)* भाष व्यक्तायां वाचि (भ्वा.) धातु, भाष्+ल्युट् (अन), णत्व, भाषणम् । न भाषणम् *(नबोल्ने काम)* न.त.स. =अभाषण ।

शब्दार्थ- नबोल्ने काम, मौन, अकथन ।

अभाषितः (वि.) भाष्यते स्म इति *(बताइएको)* भाष व्यक्तायां वाचि (भ्वा.) धातु, भाष्+क्त (त), इडागम, भाषितः । न भाषितः *(नबताइएको)* न.त.स. =अभाषित ।

शब्दार्थ- नभनिएको, नबताइएको, उच्चारण नगरिएको, अनुच्चरित ।

अभि (अव्य.) न भातीति *(उज्ज्वल हुँदैन)* भा दीप्तौ (भ्वा.) धातु, न+भा+कि (इ), आलोप= अभि ।

शब्दार्थ- एक उपसर्ग, सामुन्ने, भित्र, तिर ।

अभिक्रमः (ना./पुं) अभिक्रमणम्, अभिक्रम्यते इति वा *(प्रारम्भ गरिन्छ)* अभिपूर्वक क्रमु पादविक्षेपे (भ्वा.) धातु, अभि+क्रम्+घञ् (अ), भावमा= अभिक्रम ।

शब्दार्थ- प्रारम्भ, थालनी, सुरुवात ।

अभिघातः (ना./पुं.) अभिहननम्, अभिहन्यते इति वा *(चोट पुऱ्याइन्छ)* अभिपूर्वक हन हिंसागत्योः (अदा.) धातु, अभि+हन्+घञ् (अ), वृद्धि, कुत्व[6] घ, नको त[7] =अभिघात ।

शब्दार्थ- आघात, चोट, प्रहार, आक्रमण, हत्या वा वध गर्ने काम ।

अभिघातकः वि.) अभिहन्तीति *(प्रहार गर्छ)* अभिपूर्वक हन हिंसागत्योः (अदा.) धातु, अभि+हन्+ण्वुल् (अक), हको कुत्व घ, वृद्धि= अभिघातक ।

शब्दार्थ- मार्ने, प्रहार गर्ने, आक्रमण गर्ने, वध गर्ने ।

अभिघाती (वि.) अभिहन्तीति *(आक्रमण गर्छ)* अभिपूर्वक हन हिंसागत्योः (अदा.) धातु, अभि+हन्+णिनि (इन्), वृद्धि, कुत्व, नको त= अभिघाती ।

शब्दार्थ- आक्रमणकारी, वैरी, विपक्षी, प्रहार गर्ने, मार्ने, वध वा हत्या गर्ने ।

अभिजनः (ना./पुं) अभिजायते अस्मिन् *(जन्मन्छ यहाँ)* अभिपूर्वक जनी प्रादुर्भावे (दिवा.) धातु, अभि+जन्+घञ् (अ), वृद्धिको अभाव= अभिजन ।

---

[1] ऋज्रेन्द्राग्र... : रन्

[2] मूलविभुजादि...: क

[3] मेघर्तिभयेषु कृञः : खच्

[4] सम्पृचानुरुधा...: घिनुण्

[5] लसपतपदस्था...: उकञ्

[6] हो हन्ते... : कुत्व

[7] हनस्तोऽचिण्... : तकारादेश

भवेदभिजनः ख्यातो जन्मभूम्यां कुलध्वजे,
कुलेऽपि च पुमान्- इति मेदिनी

शब्दार्थ- कुल, वंश, ख्याति, कीर्ति, जन्मभूमि, स्वदेश ।

अभिजातः (वि.) अभिजायते स्म इति *(राम्रो कुलमा जन्मेको)* अभिपूर्वक जनी प्रादुर्भावे (दिवा.) धातु, अभि+जन्+क्त (त), आत्व[१]= अभिजात ।

अभिजातस्तु कुलजे बुधे- इत्यमरः

अभिजातः कुलीने स्यान्न्यायपण्डितयोः स्त्रीषु- इति मेदिनी

शब्दार्थ- उच्चकुलीन, उच्च कुलमा जन्मेको, नम्र, शिष्ट, ठूलो खानदानमा पैदा भएको, विद्वान्, पण्डित, कुलीन ।

अभिजित् (ना./न.) अभिजयतीति *(जित्तछन्)* अभिपूर्वक जि जये (भ्वा.) धातु, अभि+जि+क्विप्, तुगागम[२] =अभिजित् ।

शब्दार्थ- भगवान् विष्णु, एउटा नक्षत्र ।

अभिज्ञः (वि.) अभि शाकल्येन जानातीति *(सम्पूर्णरूपले जान्दछ)* अभिपूर्वक ज्ञा अवबोधने (क्र्या.) धातु, अभि+ज्ञा+क[३] (अ), आलोप= अभिज्ञ ।

प्रवीणे निपुणाभिज्ञविज्ञनिष्णातशिक्षिताः- इत्यमरः

शब्दार्थ- जान्ने, अनुभवी, विशेषज्ञ, कुशल, प्रवीण, निपुण, दक्ष, विज्ञ ।

अभिज्ञा (ना./स्त्री) अभिज्ञायते अनेन *(जानिन्छ यसबाट)* अभिपूर्वक ज्ञा अवबोधने (क्र्या.) धातु, अभि+ज्ञा+अङ्[४] (अ), आलोप, अभिज्ञ+टाप् (आ)= अभिज्ञा ।

शब्दार्थ- पहिचान, जान्ने काम, सम्झना, स्मरण ।

अभिज्ञातः (वि.) अभिज्ञायते स्म इति *(राम्ररी बुझेको)* अभिपूर्वक ज्ञा अवबोधने (क्र्या.) धातु, अभि+ज्ञा+क्त (त)= अभिज्ञात ।

शब्दार्थ- राम्ररी जानेको, जानेबुझेको, बुझिएको, विशेषरूपले थाह भएको ।

अभिज्ञानम् (ना./न.) अभिज्ञायते अनेन इति *(जानिन्छ वा चिनिन्छ यसबाट)* अभिपूर्वक ज्ञा अवबोधने (क्र्या.) धातु, अभि+ज्ञा+ल्युट् (अन)= अभिज्ञान ।

शब्दार्थ- पहिचान, स्मरण, स्मृति, प्रथम ज्ञान, सम्झना, परिचय, पूर्व पहिचानको चिनो ।

अभितः (अव्य.) अभितः सर्वतः इति *(सबै तिरबाट)* अभि +तसिल्[५] (तस्), रुत्व, विसर्ग= अभितः ।

शब्दार्थ- सबैतिरबाट, जताततैबाट ।

अभिधा (ना./स्त्री) अभिधानम्, अभिधीयते इति वा *(नामकरण गरिन्छ)* अभिपूर्वक डुधाञ् धारणपोषणयोः (जुहो.) धातु, अभि+धा+अङ्[४]+टाप् (आ)= अभिधा ।

शब्दार्थ- नाम, संज्ञा, शाब्दिक शक्ति वाच्यार्थ बुझाउने अभिधा शक्ति, पदवी ।

अभिधानम् (ना./न.) अभिधीयते कथ्यते अनेन *(नाम राखिन्छ)* अभिपूर्वक डुधाञ् धारणपोषणयोः (जुहो.) धातु, अभि+धा+ल्युट् (अन), करणमा= अभिधान ।

शब्दार्थ- कथन, नाम, नामध्येय, आख्या ।

अभिधेयम् (ना./न./वि.) अभिधातुं योग्यमिति *(नाम राख्न योग्य)* अभिपूर्वक डुधाञ् धारणपोषणयोः (जुहो.) धातु, अभि+धा+यत्[६] (य), ईत्व[७], गुण= अभिधेय ।

शब्दार्थ- नाम, नाउँ, नाम राख्न योग्य, कथनीय, भन्नलायक, अभिधा शक्तिद्वारा व्यक्त हुने वाच्यार्थ

अभिध्यानम् (ना./न.) अभिध्यायते इति *(चिन्तन या ध्यान गरिन्छ)* अभिपूर्वक ध्यै चिन्तायाम् (भ्वा.) धातु, अभि+ध्या+ल्युट् (अन), आत्व= अभिध्यान ।

शब्दार्थ- चिन्तन, ध्यान, चाहना, लालसा, कामना ।

अभिनन्दनः (वि./ना./न.) अभिनन्दयतीति *(अभिनन्दन गर्छ)* वा अभिनन्द्यते इति *(अभिवादन गरिन्छ)* अभिपूर्वक टुनदि समृद्धौ (भ्वा.) धातु, अभि+नन्द्+ णिचि+ल्यु (अन), णिलोप= अभिनन्दन ।

अथवा अभि+नन्द्+ल्युट् (अन)= अभिनन्दन ।

शब्दार्थ- आनन्ददायक, अभिवादन, स्वागत गर्ने काम, प्रणाम, धन्यवाद, आनन्द ।

अभिनन्द्यमानः (वि.) अभिनन्द्यते असौ *(अभिनन्दन गरिन्छ यो)* अभिपूर्वक टुनदि समृद्धौ (भ्वा.) धातु, अभि+नन्द् +यक्[८] (य)+शानच्[९] (आन), मुक्[१०]= अभिनन्द्यमान ।

शब्दार्थ- अभिनन्दन गरिदै, स्वागतसत्कार गरिदै ।

अभिनयः (ना./पुं.) अभिनीयते अनेन *(अभिनय गरिन्छ यसबाट)* अभिपूर्वक णीञ् प्रापणे (भ्वा.) धातु, अभि+ नी+अच् (एरच्), करणमा अथवा अभिनयतीति *(अभिनय गर्छ)* अभि+नि+अच् (पचादि), गुण, अयादेश = अभिनय ।

शब्दार्थ- नक्कल, अनुकरण, मनमा लागेको भाव प्रदर्शन गर्ने क्रिया, नाटकमा नर्तक वा नर्तकीद्वारा गरिने अङ्गविक्षेप, रङ्गमञ्चमा गरिने नाटकीय हाउभाउ र चेष्टा आदिको प्रदर्शन ।

अभिनवः (ना./पुं./वि.) अभिनुवति, अभिनौतीति वा *(स्तुति गर्छ या नयाँ बन्छ)* अभिपूर्वक णु स्तुतौ (अदा.) वा णू स्तवने (तुदा.) धातु, अभि+नु/नू+ अप्[११] (अ)= अभिनव ।

प्रत्यग्रोऽभिनवो नव्यो नवीनो नूतनो नवः - इत्यमरः

शब्दार्थ- स्तोत्र, स्तुति, अभिनव, सदा नयाँ, ताजा, नवीन, नूतन ।

अभिनिवेशः (ना./पुं.) अभिनिविश्यते इति *(प्रवेश गरिन्छ)* अभिनिपूर्वक विश प्रवेशने (तुदा.) धातु, अभि+नि+ विश्+घञ् (अ), गुण= अभिनिवेश ।

शब्दार्थ- प्रवेश, भित्र पस्ने काम ।

---

[१] जनसनखनाम्...: आत्व
[२] ह्रस्वस्य पिति कृति... : तुक्
[३] आतश्चोपसर्गे : क
[४] आतश्चोपसर्गे : अङ् ३/३/१०६
[५] पर्यभिभ्याञ्च : तसिल्
[६] अचो यत् : यत्
[७] ईद्यति : आको ईत्
[८] सार्वधातुके यक् : यक्
[९] लटः शतृशानचाव... : शानच्
[१०] आने मुक् : मुक्
[११] ऋदोरप् : अप्

अभिनीतः (वि.) अभिनीयते स्म इति *(अभिनय गरिएको वा नजिक ल्याइएको)* अभिपूर्वक णीञ् प्रापणे (भ्वा.) धातु, अभि+नी+क्त (त)= अभिनीत ।

शब्दार्थ- अभिनय गरिएको, निकट या समीपमा ल्याइएको, अलङ्कृत ।

अभिनेता (ना./पुं./वि.) अभिनयतीति *(अभिनय गर्छ)* अभिपूर्वक णीञ् प्रापणे (भ्वा.) धातु, अभि+नी+तृच् (तृ), गुण, अभिनेतृ= अभिनेता ।

शब्दार्थ- नटुवा, नाटकमा अभिनय गर्ने पुरुष पात्र, नायक, अभिनयकारी ।

अभिनेत्री (ना./स्त्री) अभिनयति असौ नटी *(यो नर्तकी अभिनय गर्छे)* अभिपूर्वक णीञ् प्रापणे (भ्वा.) धातु, अभि+नी+तृच् (तृ)+ङीप् (ई)= अभिनेत्री ।

शब्दार्थ- नटुवी, नाटकमा अभिनय गर्ने या नाच्ने स्त्री, नर्तकी, नायिका, नेत्री ।

अभिनेयः (वि.) अभिनेतुं योग्यः *(अभिनय गर्न योग्य)* अभिपूर्वक णीञ् प्रापणे (भ्वा.) धातु, अभि+नी+यत् (य), गुण= अभिनेय ।

शब्दार्थ- नाटकमा अभिनयकलाद्वारा प्रर्दशन गर्न योग्य या लायक, नाटक खेल्न सकिने ।

अभिन्नः (वि.) भिद्यते स्म इति *(फोरिएको)* भिदिर् विदारणे (रुधा.) धातु, भिद्+क्त (त), तको न, भिन्नः । न भिन्नः *(भिन्न नभएको)* न.त.स.= अभिन्न ।

शब्दार्थ- नटुटेको, नकाटिएको, अलग नभएको, एकरूप, एकाकार, टाँसिएको, मिलेको ।

अभिप्रायः (ना./पुं.) अभिप्रयणम्, अभिप्रीयते इति वा *(आशय बुझिन्छ)* अभिपूर्वक प्रीञ् तर्पणे कान्तौ च (क्र्या.) धातु, अभि+प्री+घञ् (अ), वृद्धि, आयादेश =अभिप्राय ।

अथवा अभिप्रेयते इति *(अभिप्राय बुझिन्छ)* अभि प्र उपसर्गद्वयपूर्वक इण् गतौ (अदा.) धातु, अभि+प्र+इ+अच् (एरच्), गुण, अयादेश, अभि प्र अय, दीर्घ = अभिप्राय ।

अभिप्रायश्छन्द आशयः- इत्यमरः

शब्दार्थ- अभिप्राय, तात्पर्य, लक्ष्य, प्रयोजन, मतलव, उद्देश्य, आशय, इच्छा, चाहना, अभीष्ट ।

अभिप्रेतः (वि.) अभिप्रेयते स्म इति *(प्रेरणा वा इच्छा गरिएको)* अभिपूर्वक इण् गतौ (अदा.) धातु, अभि+प्र+इ+क्त (त), गुण= अभिप्रेत ।

शब्दार्थ- अभीष्ट, वाञ्छित, इच्छित, इच्छा लागेको, दिल बसेको, मन परेको, प्रेरित ।

अभिप्रेरणा (ना./स्त्री) अभिप्रेर्यते इति *(प्रेरणा दिइन्छ वा गराइन्छ)* अभि प्रपूर्वक ईर गतौ कम्पने च (भ्वा.) धातु, अभि+प्र+ईर्+णिचि+युच् (अन)+टाप् (आ), णिलोप= अभिप्रेरणा ।

शब्दार्थ- प्रेरणा दिने काम, कुनै विषयप्रति ध्यान केन्द्रित गराउने काम, उत्साह वा हौसला प्रदान गर्ने काम

अभिप्रेरितः (वि.) अभिप्रेर्यते स्म इति *(अभिप्रेरित गराइएको)* अभि प्रपूर्वक ईर गतौ कम्पने च (भ्वा.) धातु, अभि+प्र+ईर्+णिचि+क्त (त), णिलोप, इडागम =अभिप्रेरित ।

शब्दार्थ- उत्साहित, हौसला दिइएको, उक्साइएको ।

अभिभवः (ना./पुं.) अभिभूयते इति *(दबाइन्छ)* अभिपूर्वक भू सत्तायाम् (भ्वा.) धातु, अभि+भू+अप् (अ)=अभिभव ।

शब्दार्थ- पराजय, तिरस्कार, अपहेलना ।

अभिभावकः (वि.) अभिभावयतीति *(संरक्षण गर्छ, दबाउँछ)* अभिपूर्वक भू सत्तायाम् (भ्वा.) धातु, अभि+भू+णिचि+ण्वुल् (अक), वृद्धि, आवादेश, णिलोप =अभिभावक ।

शब्दार्थ- संरक्षक, पालनपोषण गर्ने, संरक्षण गर्ने, जित्ने ।

अभिभाषणम् (ना./न.) अभिभाषणम्, अभिभाष्यते इति वा *(व्याख्यान गरिन्छ)* अभिपूर्वक भाष व्यक्तायां वाचि (भ्वा.) धातु, अभि+भाष्+ल्युट् (अन), णत्व =अभिभाषण ।

शब्दार्थ- भाषण दिने काम, सम्बोधन, भाषण, व्याख्यान, वाचन, वकिलको बहस ।

अभिभूतः (वि.) अभिभूयते स्म इति *(दबाइएको)* अभिपूर्वक भू सत्तायाम् (भ्वा.) धातु, अभि+भू+क्त (त)= अभिभूत ।

शब्दार्थ- दबाइएको, पराजित गरिएको, पराभूत गरिएको, जितिएको, हराइएको ।

अभिमतः (वि.) अभिमनुते, अभिमन्यते इति वा *(इच्छा गर्छ वा कामना गरिन्छ)* अभिपूर्वक मनु अवबोधने (तना.) धातु, अभि+मन्+क्त[1] (त), वर्तमानमा = अभिमत ।

शब्दार्थ- अभीष्ट, सम्मत, प्रिय, रुचिकर, इच्छा गर्ने, कामना गर्ने, अभिलषित, वाञ्छित ।

अभिमन्त्रणम् (ना./न.) अभिमन्त्रणम् इति *(निमन्त्रणा गरिन्छ)* अभिपूर्वक मत्रि गुप्तपरिभाषणे (चुरा.) धातु, अभि+मन्त्र्+ल्युट् (अन)= अभिमन्त्रण ।

शब्दार्थ- असल विचार, निमन्त्रण, आमन्त्रण, निम्तो ।

अभिमन्त्रणा (ना./स्त्री) अभिमन्त्र्यते अनेन *(निमन्त्रण गरिन्छ यसबाट)* अभिपूर्वक मत्रि गुप्तपरिभाषणे (चुरा.) धातु, अभि+मन्त्र्+णिचि+युच्[2] (अन)+टाप् (आ) = अभिमन्त्रणा ।

शब्दार्थ- आमन्त्रण, आह्वान, निम्तो, विशेष मन्त्रहरूद्वारा संस्कार गरिने कार्य, निमन्त्रणा ।

---

[1] मतिबुद्धिपूजार्थेभ्यश्च : क्त (वर्तमानमा)

[2] ण्यासश्रन्थो युच् : युच्

अभिमन्त्रितः (वि.) अभिमन्त्र्यते स्म इति *(निमन्त्रणा गरिएको)* अभिपूर्वक मत्रि गुप्तपरिभाषणे (चुरा.) धातु, अभि+मन्त्र्+क्त (त), इडागम= अभिमन्त्रित ।

शब्दार्थ- निमन्त्रित, आमन्त्रित, निम्तो गरिएको, विशेष मन्त्रद्वारा संस्कार गरिएको ।

अभिमानः (ना./पुं.) अभिमननम्, अभिमन्यते इति वा *(अभिमान गरिन्छ)* अभिपूर्वक मन ज्ञाने (दिवा.) धातु, वा मनु अवबोधने (तना.) धातु, अभि+मन्+घञ् (अ), वृद्धि = अभिमान ।

गर्वोऽभिमानोऽहङ्कारः- इत्यमरः

शब्दार्थ- स्वाभिमान, अहङ्कार, गर्व, मान, घमण्ड, दर्प, मद ।

अभिमानवान् (वि.) अभिमानम् अस्यास्तीति *(अभिमान छ यसको)* अभिमान+मतुप्[१] (मत्) मको व, अभिमानवत्= अभिमानवान् ।

शब्दार्थ- अभिमान गर्ने, घमण्ड गर्ने, अहङ्कारी ।

अभिमानविहीनः (वि.) अभिमानेन विहीनः *(अभिमान नभएको)* तृ.त.स.= अभिमानविहीन ।

शब्दार्थ- अभिमानरहित, घमण्ड नगर्ने, अहङ्कार नभएको ।

अभिमानी (वि.) अभिमन्यते, अभिमनुते इति वा *(अभिमान वा घमण्ड गर्छ)* अभिपूर्वक मन ज्ञाने (दिवा.) वा मनु अवबोधने (तना.) धातु, अभि+मन्+णिनि (इन्), वृद्धि, अभिमानिन्= अभिमानी ।

अथवा अभिमानः अस्यास्तीति *(अभिमान छ यसको)* अभिमान+इनि[२] (इन्)= अभिमानी ।

शब्दार्थ- अभिमान गर्ने, अहङ्कारी, घमंण्डी, मान खोज्ने, अभिमानयुक्त ।

अभिमुखः (वि./अव्य.) खनतीति *(फोर्छ)* खनु अवदारणे (भ्वा.) धातु, खन्+अच्[३] (अ), उणा. डित्व, धातुको मुडागम, टिलोप, मुखम् । अभिगतं मुखम् *(सम्मुख)* प्रा.त.स.= अभिमुख ।

शब्दार्थ- सामुन्ने, अगाडिको, सामुन्नेतिर फर्केको, अगाडि फर्केको, सम्मुख, नजिक, सामु ।

अभियानम् (ना./न.) अभियाति अत्रेति *(प्रस्थान गर्छ यहाँ)* अभिपूर्वक या प्रापणे (अदा.) धातु, अभि+या +ल्युट्[४] (अन)= अभियान ।

शब्दार्थ- युद्धका लागि प्रस्थान, आक्रमण, चढाइ, आरोहण, विशेष कार्यक्रमको प्रारम्भ, विजयका लागि मङ्गलयात्रा ।

अभियुक्तः (वि.) अभियुज्यते स्म इति *(अभियोग लगाइएको)* अभिपूर्वक युजिर् योगे (रुधा.) धातु, अभि+युज्+क्त (त), कुत्व= अभियुक्त ।

शब्दार्थ- दोषी, अभियोग लागेको, प्रतिवादी, वात कसुर लागेको ।

अभियोक्ता (वि.) अभियुनक्तीति *(अभियोग लगाउँछ)* अभिपूर्वक युजिर् योगे (रुधा.) धातु, अभि+युज्+तृच्[५] (तृ), गुण, अभियोक्तृ= अभियोक्ता ।

शब्दार्थ- हमला गर्ने, कसैप्रति अभियोग लगाउने, आक्रमणकारी, शत्रु, दोषारोपण गर्ने, अभियोगकर्ता, फिराद गर्ने, वादी ।

अभियोगः (ना./पुं.) अभियोजनम्, अभियुज्यते इति वा *(अभियोग लगाइन्छ)* अभिपूर्वक युजिर् योगे (रुधा.) धातु, अभि+युज्+घञ् (अ) भावमा, जको कुत्व, गुण =अभियोग ।

शब्दार्थ- कसैलाई दोषारोपण गर्ने क्रिया, आरोप, दोष लगाउने काम, अभियोग लगाउने काम, नालिस, दोषारोपण, फिराद ।

अभिरामः (वि.) अभिरमते मनः अत्र इति *(मन यहाँ रमाउँछ)* अभिपूर्वक रमु क्रीडायाम् (भ्वा.) धातु, अभि+रम्+घञ्[६] (अ), अधिकरणमा, वृद्धि= अभिराम । अथवा रमन्ते जनाः अत्र *(मानिसहरू यहाँ आनन्द मान्छन्)* रम्+ घञ्[६] (अ), वृद्धि, रामः । अभितः सर्वतः रामः *(सबैतिर रमणीय)* प्रा.त.स.= अभिराम ।

शब्दार्थ- आनन्ददायक, सुन्दर, रमणीय, मधुर, रुचिकर, ज्यादै मनोरम, आनन्दकर, मनोहारी, अत्यन्त सुन्दर, जताततै मनोहर ।

उदा. **थोपा दुइटा गुडिकन तप्के**
शान्त शिलामा अभिराम- घाँसी, देवकोटा

अभिरुचिः (ना./स्त्री) अभिरोचते *(अभिरुचि लिन्छ)* अभिपूर्वक रुच दीप्तावभिप्रीतौ च (भ्वा.) धातु, अभि+रुच्+इन्[७] (इ), उणा.= अभिरुचि ।

शब्दार्थ- चाख, अभिलाषा, रुचि वा चाहना हुने काम, इच्छा, आनन्द, चाहना ।

अभिरूपः (वि.) अभि अभिलक्ष्यं रूपमस्य *(सुन्दर रूप छ यसको)* ब.स.= अभिरूप ।

शब्दार्थ- अभिरूप, सुन्दर, मनोज्ञ, मञ्जुल ।

अभिलषितः (वि.) अभिलषति स्म इति *(अभिलाषा गरेको)* अभिपूर्वक लष कान्तौ (भ्वा.) धातु, अभि+लष्+क्त (त), इडागम= अभिलषित ।

शब्दार्थ-इच्छित, चाहेको, उत्कण्ठित, आकाङ्क्षा गरेको ।

अभिलाषा (ना./स्त्री) अभिलषति अस्मिन् *(कामना गर्छ यसमा)* अभिपूर्वक लष कान्तौ (भ्वा.) धातु, अभि+लष्+अङ्[८] (अ), वृद्धि, टाप् (आ)= अभिलाषा ।

शब्दार्थ- इच्छा, आकाङ्क्षा, स्पृहा, कामना, उत्कण्ठा, अनुराग, चाहना ।

---

१. तदस्यास्त्यस्मिन्... : मतुप्
२. अत इनिठनौ : इनि
३. डित्खनोर्मुद् : अच्, डित्व, मुडागम
४. करणाधिकरणयोश्च : ल्युट्
५. ण्वुल्तृचौ : तृच्
६. हलश्च : घञ्
७. इगुपधात् कित् : इन्
८. आतश्चोपसर्गे : अङ्

अभिलाषी (वि.) अभिलषितुं शीलमस्येति *(अभिलाषा गर्ने शील छ यसको)* अभिपूर्वक लष कान्तौ (भ्वा.) धातु, अभि+लष्+णिनि (इन्), वृद्धि= अभिलाषी ।

अथवा अभिलाषा अस्यास्तीति *(अभिलाषा छ यसको)* अभिलाषा+इनि (इन्), अभिलाषिन्= अभिलाषी ।

शब्दार्थ- चाहना गर्ने, इच्छा गर्ने, कामना गर्ने, अभिलाषा गर्ने ।

अभिलिखितः (वि.) अभिलिख्यते स्म इति *(लेखिएको वा अभिलेख राखिएको)* अभिपूर्वक लिख अक्षरविन्यासे (तुदा.) धातु, अभि+लिख्+क्त (त), इडागम =अभिलिखित ।

शब्दार्थ- अभिलेख राखिएको, लेखिएको, खारिएको, ढुङ्गा, काठ आदिमा कुँदिएको, खोपिएको ।

अभिलेखः (ना./पुं.) अभिलिख्यते इति *(लेखिन्छ वा अभिलेख राखिन्छ)* अभिपूर्वक लिख अक्षरविन्यासे (तुदा.) धातु, अभि+लिख्+घञ् (अ), गुण=अभिलेख ।

शब्दार्थ- सुन, चाँदी, तामाको पाता, ढुङ्गा, काठ, भोजपत्र आदिमा लेखिएको लेख, प्रामाणिक लेख, लिखत, अभिलेख ।

अभिलेखनम् (ना./न.) अभिलेखनम्, अभिलिख्यते इति वा *(लेखिन्छ वा अभिलेख राखिन्छ)* अभिपूर्वक लिख अक्षरविन्यासे (तुदा.) धातु, अभि+लिख्+ल्युट् (अन), गुण= अभिलेखन ।

शब्दार्थ- कागज, सुन, चाँदीका पाता आदिमा लेख्ने काम, अभिलेख राख्ने काम, लेख्ने काम ।

अभिलेखालयः (ना./पुं.) अभिलेखस्य आलयः *(अभिलेख राख्ने घर वा ठाउँ)* ष.त.स.= अभिलेखालय ।

शब्दार्थ- अभिलेखहरू राख्ने घर, अभिलेखको सुरक्षा गर्ने ठाउँ, अभिलेखहरूको सङ्ग्रहालय ।

अभिवन्दनम् (ना./न.) अभिवन्दनम्, अभिवन्द्यते इति वा *(अभिवादन गरिन्छ)* अभिपूर्वक वदि अभिवादनस्तुत्योः (भ्वा.) धातु, अभि+वन्द्+ल्युट् (अन)= अभिवन्दन ।

शब्दार्थ- आदरपूर्वक गरिने नमस्कार, श्रद्धापूर्वक अर्काको चरण स्पर्श गर्ने काम, प्रशंसा, नमस्कार, पादस्पर्श ।

अभिवन्दना (ना./स्त्री) अभिवन्द्यते इति *(अभिवादन गरिन्छ)* अभिपूर्वक वदि अभिवादनस्तुत्योः (भ्वा.) धातु, अभि+वन्द्+णिचि+युच्[1] (अन)+टाप् (आ) =अभिवन्दना ।

शब्दार्थ- आदरपूर्वक गरिएको नमस्कार, अभिवन्दन, श्रद्धापूर्वक चरण स्पर्श गर्ने काम ।

अभिवन्दनीयः/अभिवन्द्यः (वि.) अभिवन्दितुं योग्यः *(नमस्कार गर्न योग्य)* अभिपूर्वक वदि अभिवादन-स्तुत्योः (भ्वा.) धातु, अभि+वन्द्+अनीय (र्) =अभिवन्दनीय ।

अभि+वन्द्+ण्यत् (य)= अभिवन्द्य ।

शब्दार्थ- अभिवन्दना गर्न योग्य, आदरपूर्वक नमस्कार गर्न लायक ।

अभिवादकः (वि.) अभिवादयतीति *(अभिवादन गर्छ)* अभिपूर्वक वद व्यक्तायां वाचि (भ्वा.) धातु, अभि+वद् +ण्वुल् (अक)= अभिवादक ।

शब्दार्थ- नमस्कार गर्ने, प्रणाम गर्ने, विनम्रतापूर्वक अभिवादन गर्ने ।

अभिवादनम् (ना./न.) अभिवाद्यते नमस्क्रियते अनेन इति वा *(नाम उच्चारणसहित अभिवादन गरिन्छ यसबाट)* अभिपूर्वक वद व्यक्तायां वाचि (भ्वा.) धातु, अभि+वद् + णिचि+ल्युट् (अन), करणमा, णिलोप =अभिवादन ।

शब्दार्थ- नाम उच्चारणपूर्वक गरिने नमस्कार, सानाले ठूलालाई गरिने प्रणाम, शिष्यले गुरुलाई गर्ने प्रणाम, दण्डवत् प्रणाम, अभ्युत्थान ।

अभिवृद्धिः (ना./स्त्री.) अभिवर्धनम् *(बढ्ने काम)* अभिपूर्वक वृधु वृद्धौ (भ्वा.) धातु, अभि+वृध्+क्तिन् (ति), जश्त्व, तको द= अभिवृद्धि ।

शब्दार्थ- बढ्ने काम, वृद्धि, विकास, सम्पन्नता, तल्लो तहबाट माथिल्लो तहमा पुग्ने काम, प्रवर्द्धन, समृद्धि ।

अभिव्यक्तः (वि.) अभिव्यज्यते स्म इति *(अभिव्यक्त गरिएको)* अभि विउपसर्गद्वयपूर्वक अञ्जू व्यक्तिम्रक्षण-कान्तिगतिषु (रुधा.) धातु, अभि+वि+अञ्ज् +क्त (त), नलोप, जको कुत्व, यण्= अभिव्यक्त ।

शब्दार्थ- व्यक्त गरिएको, प्रकट गरिएको, उद्घोषित, अभिभाषित ।

अभिव्यक्तिः (ना./स्त्री) अभिव्यज्यते इति *(अभिव्यक्त गरिन्छ)* अभि विपूर्वक अञ्जू व्यक्तिम्रक्षणकान्तिगतिषु (रुधा.) धातु, अभि+वि+अञ्ज्+क्तिन् (ति), नलोप, कुत्व, वि अक्मा यण्= अभिव्यक्ति ।

शब्दार्थ- मनमा उब्जेका कुरा प्रकट गर्ने काम, मनको भाव अभिव्यक्त गरिने क्रिया, उद्घोषण ।

उदा. **कामेच्छाकी अभिव्यक्ति (उर्वशी) बसेकी छ**
एक शिलामा चिरयौवन- उर्वशी, विजय मल्ल

अभिव्यञ्जकः (वि.) अभिव्यनक्तीति *(अभिव्यक्त गर्छ)* अभि विपूर्वक अञ्जू व्यक्तिम्रक्षणकान्तिगतिषु (रुधा.) धातु, अभि+वि+अञ्ज्+ण्वुल्[2] (अक), वि अञ्ज्मा यण् =अभिव्यञ्जक ।

शब्दार्थ- मनको भाव प्रकट गर्ने, अभिव्यक्त गर्ने, भित्री अर्थ तथा अभिप्राय प्रकट गर्ने ।

---

[1] ण्यासश्रन्थो... : युच्

[2] ण्वुल्तृचौ : ण्वुल्

अभिव्यञ्जनम् (ना./न.) अभिव्यञ्जनम्, अभिव्यज्यते इति वा *(मनको भाव व्यक्त गरिन्छ)* अभि विपूर्वक अञ्जू व्यक्तिम्रक्षणकान्तिगतिषु (रुधा.) धातु, अभि+वि+अञ्ज्+ल्युट् (अन), यण्= अभिव्यञ्जन ।

शब्दार्थ- मनको भाव प्रकट गर्ने प्रक्रिया, भित्री अभिप्राय व्यक्त गर्ने काम, मनको भाव वा विचार व्यङ्ग्यात्मक तरिकाले प्रकट गर्ने प्रक्रिया ।

अभिशप्तः (वि.) अभिशप्यते स्म इति *(शाप दिइएको)* अभिपूर्वक शप आक्रोशे (दिवा.) धातु, अभि+शप्+क्त (त)= अभिशप्त ।

शब्दार्थ- सराप दिइएको, मिथ्या आरोप लगाइएको, गाली गरिएको, शापग्रस्त, खिन्न भएको ।

उदा. **फगत् आकाशतिर ताक्तछु,**
अभिशप्त, विवश, व्याकुल- यस धरतीको पानीमा
(विजय मल्ल)

अभिशापः (ना./पुं.) अभिशप्यते इति *(गाली गरिन्छ, सरापिन्छ)* अभिपूर्वक शप आक्रोशे (दिवा.) धातु, अभि+शप्+घञ् (अ)= अभिशाप ।

शब्दार्थ- शाप, मिथ्या आरोप, दोषारोपण, कलङ्क, सराप,

अभिषवः (ना./पुं.) अभिषवनम्, अभिषूयते इति वा *(स्नान गरिन्छ, मद्यसन्धान गरिन्छ)* अभिपूर्वक षुञ् अभिषवे (स्वा.) धातु, अभि+सु+अप्[1] (अ), गुण, अवादेश, षत्व= अभिषव ।

शब्दार्थ- स्नान, यज्ञ, यज्ञस्नान, मद्यसन्धान, मदिरा वनाउने काम ।

अभिषिक्तः (वि.) अभिषिच्यते स्म इति *(अभिषेक गरिएको)* अभिपूर्वक षिच क्षरणे (तुदा.) धातु, अभि+सिच्+क्त (त), चको कुत्व, सको ष= अभिषिक्त ।

शब्दार्थ- जल छरेको, सिञ्चन गरिएको, अभिषेक गरिएको, राज्याभिषेक गरिएको ।

अभिषेकः (ना./पुं.) अभिषेचनम्, अभिषिच्यते इति *(अभिषेक गरिन्छ)* अभिपूर्वक षिच क्षरणे (तुदा.) धातु, अभि+सिच्+घञ् (अ), कुत्व, सको ष, गुण =अभिषेक ।

शब्दार्थ- स्नानक्रिया, सिञ्चन, पानी छर्कने क्रिया, सिञ्चनप्रक्रिया, राज्यारोहण गराउने काम, शिवजीलाई जलधारा दिने काम ।

अभिषेचनम् (ना./न.) अभिषिच्यते इति *(अभिषेक गरिन्छ)* अभिपूर्वक षिच क्षरणे (तुदा.) धातु, अभि+सिच्+ल्युट् (अन), गुण, षत्व= अभिषेचन ।

शब्दार्थ- सेचन गर्ने कार्य, राज्यारोहण गर्ने काम, अभिषेक क्रिया ।

अभिसारः (ना./पुं.) अभिसरणमिति *(सङ्केत गरिएको स्थानमा जानु)* अभिपूर्वक सृ गतौ (भ्वा.) धातु, अभि+सृ+घञ् (अ), वृद्धि= अभिसार ।

शब्दार्थ- प्रेमीसँग मिल्न जाने काम, त्यो ठाउँ जहाँ प्रेमी र प्रेमिकाको निश्चित समयमा भेट हुन्छ, सङ्केत स्थान, आक्रमण, हमला ।

अभिसारिका (ना./स्त्री.) अभिसरति असौ *(गुप्तरूपले भेट्न जान्छे यो)* अभिपूर्वक सृ गतौ (भ्वा.) धातु, अभि+सृ+ण्वुल् (अक), वृद्धि, टाप् (आ), ककारपूर्वका अकारको इत्व= अभिसारिका ।

कान्तार्थिनी तु या याति सङ्केतं साभिसारिका- इत्यमरः

शब्दार्थ- कामवासनाको चाहनाले सङ्केतस्थलमा पुरुषलाई भेट्न जाने स्त्री, त्यो स्त्री जो प्रेमीसँग मिल्न जान्छे, इसारा गरिएको स्थानमा लुकिछिपी भेट गर्न जाने स्त्री ।

अभिसारी (वि.) अभिसरतीति *(आक्रमण गर्छ, भेट्न जान्छ)* अभिपूर्वक सृ गतौ (भ्वा.) धातु, अभि+सृ+णिनि (इन्), वृद्धि, अभिसारिन्= अभिसारी ।

शब्दार्थ- आक्रमण गर्ने, हमला गर्ने, एकान्तमा प्रेमिकालाई भेट्न जाने, मिल्ने; दर्शन गर्ने, पूर्वनिश्चित सङ्केत थलोमा जाने ।

अभिहतः (वि.) अभिहन्यते स्म इति *(चोट पुऱ्याइएको)* अभिपूर्वक हन हिंसागत्योः (अदा.) धातु, अभि+हन् + क्त (त), नलोप= अभिहत ।

शब्दार्थ- आहत, घाइते पारिएको, पिटिएको, चुटिएको ।

अभिहितः (वि.) अभिधीयते स्म इति *(भनिएको)* अभिपूर्वक डुधाञ् धारणपोषणयोः (जुहो.) धातु, अभि+धा+क्त (त), धाको हि[2] आदेश= अभिहित ।

शब्दार्थ- भनिएको, कथित, घोषित, सम्वोधित गरिएको ।

अभीप्सितः (वि.) आप्तुमिच्छतीति *(पाउने कामना गर्छ)* आप्लृ व्याप्तौ (स्वा.) धातु, आप्+सन् (स), द्वित्व, अभ्यासको लोप, आको ईत्व, ईप्स (सनन्त धातु) । अभि ईप्स्यते स्म इति *(ज्यादा पाउने चाहना गरिएको)* अभि+ईप्स+क्त (त), इडागम, दीर्घ= अभीप्सित ।

शब्दार्थ- चाहना गरिएको, अभीष्ट, कामना गरिएको, अभिलाषा गरिएको, अभिवाञ्छित, अभिलषित ।

उदा. **सारा दृश्य अत्यन्त अभीप्सित लाग्यो- चि.चू स.३०**

अभीष्टः (वि.) अभि इष्यते स्म इति *(ज्यादा इच्छा गरिएको)* अभिपूर्वक इषु इच्छायाम् (तुदा.) धातु, अभि+इष्+क्त (त), तको ष्टुत्व ट, दीर्घ= अभीष्ट ।

शब्दार्थ- प्रबल इच्छा गरिएको, ज्यादै मन परेको, कामना गरिएको, अतिप्रिय, चाहना गरिएको ।

अभुक्तः (वि.) भुज्यते स्म इति *(खाइएको/भोग गरिएको)* भुज पालनाभ्यवहारयोः (रुधा.) धातु, भुज्+क्त (त), जको कुत्व, भुक्तः । न भुक्तः *(नखाएको)* न.त.स.=अभुक्त ।

शब्दार्थ- नखाएको, भोको, उपभोग नगरिएको ।

---

[1] ऋदोरप् : अप्

[2] दधातेर्हिः : हि आदेश

अभूतः (वि.) अभावीति *(भएको)* भू सत्तायाम् (भ्वा.) धातु, भू+क्त (त), भूतः । न भूतः *(नभएको)* न.त.स.=अभूत ।

शब्दार्थ- नभएको, विद्यमान नरहेको, अस्तित्व नभएको, सत्तामा नआएको ।

अभूतपूर्वः (वि.) पूर्वं भूतः *(पहिले भएको)* सुप्सुपा स., भूतपूर्वः । न भूतपूर्वः *(पहिले नभएको)* न.त.स. =अभूतपूर्व ।

शब्दार्थ- पहिले कहिल्यै नभएको, अद्भुत, विचित्रको ।

अभेदः (वि.) भेदनम्, भिद्यते इति वा *(भेदन गरिन्छ)* भिदिर् विदारणे (रुधा.) धातु, भिद्+घञ् (अ), गुण, भेदः । नास्ति भेदः यस्य *(जसको भेद छैन)* न.ब.स.=अभेद ।

शब्दार्थ- भेदरहित, विशिष्टता नभएको, पक्षपातरहित, भेदभाव नभएको ।

अभेद्यः (वि.) भेत्तुं योग्यः *(फोर्न योग्य)* भिदिर् विदारणे (रुधा.) धातु, भिद्+ण्यत् (य) भेद्यः । न भेद्यः *(फोर्न नसकिने)* न.त.स.= अभेद्य ।

शब्दार्थ- फोर्न नसकिने, छेड्न नसकिने, नभाँचिने ।

अभौतिकः (वि.) भूतेषु भवः *(प्राणीमा हुने)*, भूतेभ्यः आगतः *(प्राणीहरूबाट आएको)* भूत+ठक्[1] (इक), भौतिकः । न भौतिकः *(भौतिक नभएको)* न.त.स. =अभौतिक ।

शब्दार्थ- भौतिक जगत् या वस्तुसँग सम्वन्ध नभएको ।

अभ्यञ्जनम् (ना./न.) अभ्यज्यते इति *(मालिस गरिन्छ)* अभिपूर्वक अञ्जू व्यक्तिम्रक्षणकान्तिगतिषु (रुधा.) धातु, अभि+अञ्ज्+ल्युट् (अन), यण्= अभ्यञ्जन ।

शब्दार्थ- मालिस गर्ने काम, गाजल आँखामा लगाउने काम, सरसफाइ गर्ने काम, गाजल ।

अभ्यन्तरम् (ना./न.) अन्ततीति *(भित्र घुस्छ)* अति वन्धने (भ्वा.) धातु, अन्त+अच् (पचादि), अन्तः । अन्तं राति ददातीति *(भित्री रहस्य वा भित्री भाग प्रदान गर्छ)* अन्तपूर्वक रा दाने (अदा.) धातु, अन्त+रा+क (अ), अन्तरम् । अभिगतम् अन्तरम् *(भित्रतिर गएको)* अभि+अन्तरम्, प्रा.त.स., यण्= अभ्यन्तर ।

अभ्यन्तरं त्वन्तरालम् - इत्यमरः

शब्दार्थ- भित्री भाग, मध्यभाग, रहस्यपूर्ण वस्तु, अन्तराल, अन्तस्करण ।

अभ्यर्चनम् (ना./न.) अभ्यर्च्यते इति *(पूजा आराधना गरिन्छ)* अभिपूर्वक अर्च पूजायाम् (भ्वा) धातु, अभि+अर्च्+ल्युट् (अन)= अभ्यर्चन ।

शब्दार्थ- पूजा, उपासना, अर्चना, स्तुति, आदरसत्कार ।

अभ्यर्चना (ना/स्त्री.) अभ्यर्च्यते इति *(पूजा गरिन्छ)* अभिपूर्वक अर्च पूजायाम् (चुरा.) धातु, अभि+अर्च्+णिचि+युच्[2] (अन)+टाप् (आ), णिलोप, यण्=अभ्यर्चना ।

शब्दार्थ- पूजा, आराधना, प्रार्थना, अर्चना गर्ने काम, नम्र निवेदन ।

अभ्यर्थितः (वि.) अभ्यर्थ्यते स्म इति *(प्रार्थना गरिएको)* अभिपूर्वक अर्थ उपयाञ्चायाम् (चुरा.) धातु, अभि+अर्थ्+क्त (त), इडागम, यण्= अभ्यर्थित ।

शब्दार्थ- प्रार्थना गरिएको, याचना गरिएको, मागिएको, विन्ती गरिएको ।

अभ्यर्थी (वि.) अभ्यर्थयते इति *(याचना गर्छ)* अभिपूर्वक अर्थ उपयाञ्चायाम् (चुरा.) धातु, अभि+अर्थ्+णिनि (इन्), यण्= अभ्यर्थी ।

शब्दार्थ- प्रार्थना गर्ने, याचना गर्ने, नम्रतापूर्वक माग्ने, प्रार्थी ।

अभ्यस्तः (वि.) अभ्यस्यते स्म इति *(अभ्यास गरिएको)* अभिपूर्वक अस गतिक्षेपणयोः (भ्वा.) धातु, अभि+अस्+क्त (त), यण्= अभ्यस्त ।

शब्दार्थ- वारम्वार अभ्यास गरिएको, दोहोऱ्याएको, निपुण, दक्ष ।

अभ्यागतः (ना./पुं.) अभ्यागतवान्निति *(आएको)* अभि आ उपसर्गद्वयपूर्वक गम्लृ गतौ (भ्वा.) धातु, अभि+आ+गम्+क्त[3] (त), कर्तामा, नलोप, यण् =अभ्यागत ।

शब्दार्थ- पाहुना, अतिथि, घरमा आएको मानिस ।

उदा. **परागमा लट्पटिदैं सुनौला, बनेर अभ्यागत भृङ्ग नौला- कोपिलालाई आश्वासन (लालित्य २)**

द्रष्टव्य- **सर्वस्याभ्यागतो गुरुः- नीतिवचन**

अभ्यासः (ना./पुं.) अभि आभिमुख्येन अस्यते क्षिप्यते इति *(विशेषरूपले अभ्यासकार्यमा संलग्न भइन्छ)* अभिपूर्वक अस गतिक्षेपणयोः (भ्वा.) वा असु क्षेपणे (दिवा.) धातु, अभि+अस्+घञ् (अ), वृद्धि= अभ्यास ।

शब्दार्थ- आवृत्ति, निरन्तर अध्ययन, बारम्वार गरिने अभ्यास, कुनै काम वारम्वार दोहोऱ्याएर गर्ने काम, कुनै विषय दोहोऱ्याएर अध्ययन गर्ने काम ।

अभ्युत्थानम् (ना./न.) अभ्युत्थानम् इति *(उठिन्छ, उत्थान हुनु)* अभि उत् उपसर्गद्वयपूर्वक ष्ठा गतिनिवृत्तौ (भ्वा.) धातु, अभि+उत्+स्था+ल्युट् (अन), भावमा, यण्= अभ्युत्थान ।

शब्दार्थ- सत्कारार्थ आसनवाट उठ्नु, उत्थान, समुन्नति, अभ्युदय, कसैको सम्मानमा आसनवाट उठ्ने काम, प्रगति ।

---

[1] ठगायस्यानेभ्यः.../तत्र भवः : ठक्

[2] ण्यासश्रन्थो युच् : युच्

[3] गत्यार्थाकर्मक... : क्त (कर्तामा)

अभ्युदयः (ना./पुं.) अभ्युदयनम्, अभ्युदीयते इति वा *(समुन्नति हुनु)* अभि उत् उपसर्गद्वयपूर्वक इण् गतौ (अदा.) धातु, अभि+उद्+इ+अच् (एरच्), इको गुण, अयादेश, यण्= अभ्युदय।

शब्दार्थ- उन्नति, सम्पन्नता, समृद्धि, सौभाग्य, अभ्युत्थान, उत्थान, समुत्थान, उदय।

अभ्युदितः (वि.) अभि सर्वतः उद् इतं गतं कर्म अस्मात् *(यसबाट समुत्थान भएको छ वा समग्र कर्म समाप्त भएको छ)* अभि उद् उपसर्गद्वयपूर्वक इण् गतौ (अदा.) धातु, अभि+उद्+इ+क्त (त), कर्तामा, यण् =अभ्युदित।

शब्दार्थ- कर्म समाप्त गरेको, उठेको, उत्थान भएको।

अभ्रम् (ना./न.) अपः बिर्भतीति *(जल धारण गर्छ)* अप्पूर्वक डुभृञ् धारणपोषणयोः (जुहो.) धातु, अप्+भृ+क/अप् (अ), यण्= अभ्र।

शब्दार्थ- मेघ, बादल, आकाश, स्वर्ण, अभ्रख।

अभ्रमाला (ना./स्त्री) अभ्राणां माला *(मेघको समूह)* ष.त.स.= अभ्रमाला।

शब्दार्थ- मेघसमुदाय, मेघको श्रेणी, बादलको पङ्क्ति, कादम्बिनी।

अमङ्गलम् (ना./न.) मङ्गति, मङ्गयते इति वा *(कल्याण हुन्छ, मङ्गल हुनु)* मगि सर्पणे (भ्वा.) धातु, मङ्ग+अलच् (अल), उणा., मङ्गलम्।

कल्याणं मङ्गलं शुभम्- इत्यमरः

न मङ्गलम् *(कल्याण नहुनु, मङ्गलको अभाव)* न.त.स. =अमङ्गल।

शब्दार्थ- मङ्गलको अभाव, अकल्याण, अशुभ, अभद्र।

अमङ्गलकारी (वि.) अमङ्गलं करोतीति *(अमङ्गल गर्छ)* अमङ्गल उपपदमा हुने डुकृञ् करणे (तना.) धातु, अमङ्गल+कृ+णिनि (इन्), वृद्धि= अमङ्गलकारी।

शब्दार्थ- मङ्गल नगर्ने, अहितकारी, अशुभ गर्ने, अकल्याणकारक।

अमरः (वि./ना./पुं.) न म्रियते इति *(मर्दैन)* मृङ् प्राणत्यागे (तुदा.) धातु, न+मृ+अच् (पचादि), गुण, न मरः न.त.स.= अमर।

शब्दार्थ- नमर्ने, अविनाशी, निरन्तर बाँचिरहने, देवगण, देवता, सुरगण।

उदा. **त्यसैले भन्दछन् योगी- 'आत्मा अमर नित्य छ, यो जगत् सपना जस्तै असत्य र अनित्य छ'- प्रल्हाद ३/१२**

अमराङ्गना (ना./स्त्री) अमराणां देवानामङ्गनाः *(देवताका स्त्रीहरू)* ष.त.स.= अमराङ्गना।

शब्दार्थ- देवपत्नीहरू, देवाङ्गनाहरू, अप्सरागण।

उदा. **मुषाण रत्नानि हरामराङ्गनाः शिशु. १/५१**

अमरावती (ना./स्त्री) अमराः देवाः अस्यां सन्तीति *(देवताहरू रहन्छन् यहाँ)* अमर+मतुप्[१] (मत्), मको व, दीर्घ, ङीप्[२] (ई)= अमरावती।

शब्दार्थ- देवताहरूको वासस्थान, देवताहरूको नगरी, इन्द्रको राजधानी, स्वर्गपुरी, देवनगरी, स्वर्ग।

उदा. **अमरावती कान्तिपुरी नगरी- भानुभक्त**

अमर्त्यः (वि./ना./पुं.) म्रियन्ते अस्मिन्निति *(मर्छन् यहाँ)* मृङ् प्राणत्यागे (तुदा.) धातु, मृ+तन्[३] (त), उणा., गुण, मर्तः (पृथिवीलोकः)। तत्र भवः *(त्यहाँ हुने)* मर्त+यत्[४] (स्वार्थमा), मर्त्यः। न मर्त्यः *(मरणशील नभएको)* न.त.स.= अमर्त्य।

शब्दार्थ- मरणशील नभएको, दिव्य, नमर्ने, अविनाशी, मरणधर्मरहित, देवता, देवगण, अक्षय।

अमर्यादा (ना./स्त्री) म्रियते इति *(प्राणत्याग गर्छ)* मृङ् प्राणत्यागे (तुदा.)वा मृ हिंसायाम् (क्रया.) धातु, मृ/मृ+यत्[५] (य), गुण+टाप् (आ),मर्या (सीमार्थक अव्यय)। मर्या दीयते इति *(मर्यादा गरिन्छ)* डुदाञ् दाने (जुहो.) धातु, मर्या+दा+अङ् (अ)+टाप् (आ), मर्यादा। न मर्यादा *(मर्यादाको अभाव)* न.त.स.= अमर्यादा।

शब्दार्थ- अनुशासनको उल्लङ्घन, मर्यादा वा आदर वा इज्जत वा प्रतिष्ठाको अभाव, सम्मान वा सत्कार नहुने क्रिया, सीमाको अतिक्रमण।

अमर्यादितः (वि.) मर्यादा सञ्जाता अस्येति *(मर्यादा भएको छ यसको)* मर्यादा+इतच्[६] (इत), मर्यादितः। न मर्यादितः *(मर्यादा नभएको)* न.त.स.= अमर्यादित।

शब्दार्थ-मर्यादा नगरिएको, आदर तथा सत्कार नगरिएको,

अमर्षणः (वि.) मृष्यति तच्छीलः *(सहनशील)* वा मर्षितुं शीलमस्येति *(जसको सहन गर्ने शील छ)* मृष तितिक्षायाम् (दिवा./चुरा.) धातु, मृष्+युच्[७] (अन), गुण, णत्व, मर्षणः। न मर्षणः *(सहन नगर्ने)* न.त.स. =अमर्षण।

शब्दार्थ-सहन गर्न नसक्ने, असहिष्णु, सहनशील नभएको।

अमलः (वि.) अमतीति *(स्वच्छ बन्छ)* अम गत्यादिषु (भ्वा.) धातु, अम्+कलच्[८] (अल), उणा.= अमल। अथवा नास्ति मलमस्य *(मल छैन यसको)* न.ब.स. =अमल।

शब्दार्थ- निर्मल, स्वच्छ, मलरहित, पवित्र, विशुद्ध, निष्कपट, मल नभएको, पापरहित।

अम्बरीषः (ना./पुं.) अम्बते इति *(घोषित गर्छन्)* अबि शब्दे (भ्वा.) धातु, अम्ब्+ईषन्[९] (ईष), उणा., अरुड्, आगम, अम्ब् अर् ईष= अम्बरीष।

शब्दार्थ- इक्ष्वाकु वंशका नाभागपुत्र एक राजा, विष्णुभक्त राजा।

---

[१] तदस्यास्त्यस्मिन्... : मतुप्

[२] उगितश्च : ङीप्

[३] हसिमृग्रिण्वामिद... : तन्

[४] नवसूरमर्त...: यत्

[५] अचो यत् : यत्

[६] तदस्य सञ्जातम् : इतच्

[७] क्रुधमण्डार्थेभ्यश्च : युच्

[८] वृषादिभ्यश्चित् : कलच्

[९] अम्बरीषः : ईषन्, अरुड्, आगम

अमा (ना./स्त्री/अव्य.) मातीति *(नाप्छ)* मा माने (अदा.) धातु, मा+क्विप्, (सर्वलोप), मा । न मा *(नाप्न नसकिने)* न.त.स.= अमा । अथवा अम्यते गम्यते अत्र *(समीपमा जानु)* अम गत्यादिषु (भ्वा.) धातु, अम्+घ (अ)+टाप् (आ)=अमा (समीपार्थक अव्यय) ।

अमा सह समीपे च- इत्यमरः

शब्दार्थ- अमावास्या, दर्श, औंसी तिथि, अपरिमितता, साथ, सँग, समीप, नजिक ।

अमात्यः (ना./पुं) अमा सह समीपे वा विद्यते इति *(नजिक वा समीपमा रहन्छ)* अमा+त्यप्[1]= अमात्य ।

शब्दार्थ- राजाका साथ वा समीपमा रही राज्य सञ्चालनमा सहयोग गर्ने व्यक्ति, मन्त्री, सचिव, नेवारहरूको एउटा थर ।

अमानवः (वि./ना./पुं.) मन्यते, मनुते इति वा *(जान्दछ)* मन ज्ञाने (दिवा.) वा मनु अवबोधने (तना.) धातु, मन्+उ[2] (उणा.), मनुः । मनोरयम् *(मनुको यो)* वा मनोरपत्यम् *(मनुको सन्तति)* मनु+अण्[3] (अ), वृद्धि, मानवः । न मानवः *(मानव नभएको)* न.त.स. =अमानव ।

शब्दार्थ- मानिस भन्न नसकिने, मानवरहित, मानव हुन नसुहाउने, पशु स्वभावको, दानव, राक्षस, दैत्य ।

अमानवीयः (वि.) मनोरपत्यं *(मनुका सन्तति)* मनु+अण् (अ), आदिवृद्धि, गुण, आवादेश, मानवः । मानवाय हितम् *(मानिसलाई हित हुने)* मानव+छ[4] (ईय), मानवीयः । न मानवीयः *(मानिसमा नहुने)* न.त.स. =अमानवीय ।

शब्दार्थ- मानवले गर्न नमिल्ने, मानिसलाई हित नहुने, दानवीय, राक्षसीय, पाशविक ।

अमानुषः (ना./पुं./वि.) मनोरपत्यम् *(मनुका सन्तति)* मनु+अञ् (अ), षुगागम, आदिवृद्धि, मानुषः । न मानुषः *(मानिसमा नहुने)* न.त.स.= अमानुष ।

शब्दार्थ- मनुष्यभन्दा भिन्न प्राणी, मानिसबाट सम्भव नहुने, अलौकिक ।

अमानुषी (ना./स्त्री.) मनोरपत्यं स्त्री *(मनुकी स्त्री सन्तति)* मनु+अञ् (अ), षुक्, मानुषः । मानुष+ ङीष् (ई), मानुषी । न मानुषी *(मानवी नभएको)* न.त.स.= अमानुषी ।

शब्दार्थ- अमानवी, दानवी, राक्षसी ।

उदा. **समाजबाट मिल्केकी, रछ्यान ! म? अमानुषी- सु.म.का. १२/३२**

अमानुषिकः (वि.) मानुषादागतः *(मानिसबाट आएको)* मानुष +ठक् (इक), मानुषिकः । न मानुषिकः *(मानिससँग सम्बन्धित नभएको)* न.त.स. =अमानुषिक ।

शब्दार्थ- मानिससँग सम्बन्धित नभएको, अपार्थिव ।

अमान्यः (वि.) मानितुं योग्यः *(सम्मान गर्न लायक)* मान पूजायाम् (भ्वा./चुरा.) धातु, मान्+ण्यत् (य), मान्यः । न मान्यः *(मान्य नभएको)* न.त.स.=अमान्य ।

शब्दार्थ- मान गर्न योग्य नभएको, आदर गर्न लायक नभएको, सम्मान गर्न अयोग्य, अनादरणीय ।

अमार्जितः (वि.) मार्ज्यते स्म इति *(खारिएको)* मृजु शुद्धौ (अदा.) वा मृजू शौचालङ्कारयोः (चुरा.) धातु, मृज्+ णिचि+क्त (त), वृद्धि, इडागम, णिलोप, मार्जितः । न मार्जितः *(नमाझिएको)* न.त.स.= अमार्जित ।

शब्दार्थ- नखारिएको, नमाझिएको, अपरिष्कृत, परिमार्जन नगरिएको, असंस्कृत, अस्वच्छ ।

अमावश्या/अमावाश्या (ना./स्त्री) न मातीति *(नाप्तैन)* मा माने (अदा.) धातु, न+मा+क्विप्, न.त.स., अमा (समीपार्थक अव्यय) । अमा सह समीपे वा वसतः चन्द्रार्कौ *(औंसीको समीप वा नजिकमा चन्द्र र सूर्यसँगै रहन्छन्)* वस निवासे (भ्वा.) धातु, अमा+ वस्+ण्यत्[5] (य), अधिकरणमा, वृद्धिनिपातन, टाप् (आ) = अमावाश्या ।

वृद्धिनिपातनको अभावमा= अमावश्या ।

शब्दार्थ- औंसी तिथि, अमातिथि, चन्द्रमा र सूर्यको सङ्गम हुने वा दुवैसँगै रहने दिन ।

अमित्रः (वि./ना./पुं.) मेद्यतीति *(स्नेह गर्छ)* ञिमिदा स्नेहने (दिवा.) धातु, मिद्+क्त्र[6] (त्र), उणा, मित्रः । न मित्रः *(जो मित्र हुँदैन)* न.त.स.= अमित्र ।

अथवा अमति गच्छति *(जान्छ)* अम गत्यादिषु (भ्वा.) धातु, अम्+ इत्रच् (इत्र्)= अमित्र ।

शब्दार्थ- मित्र नभएको, विरोधी, प्रतिपक्षी, वैरी, रिपु, शत्रु, विपक्ष, परचक्री व्यक्ति ।

अमिश्रितः (वि.) मिश्रयते स्म इति *(मिसिएको)* मिश्र सम्पर्के (चुरा.) धातु, मिश्र्+क्त (त),इडागम, मिश्रितः । न मिश्रितः *(नमिसिएको)* न.त.स.= अमिश्रित ।

शब्दार्थ- नमिसिएको, छ्यासमिस नभएको, मिसावट नभएको, शुद्ध, स्वच्छ, सफा ।

अमुकः (सर्व.) अदस् सर्वनाम शब्दबाट टिको पूर्व अकच्, अद्+अकच् (अक), अदकस्, उत्व, मुत्व= अमुक ।

शब्दार्थ- फलानो फलानो भन्ने कुनै व्यक्ति वा पदार्थ, किटिएको वा खासकिसिमले तोकिएको वस्तु वा व्यक्ति ।

अमुक्तः (वि.) मुच्यते स्म इति *(मुक्त गरिएको)* मुच्लृ मोक्षणे (तुदा.) धातु, मुच्+क्त (त), कुत्व, मुक्तः । न मुक्तः *(मुक्त नभएको)* न.त.स.= अमुक्त ।

शब्दार्थ- बन्धन नखोलिएको, मोक्ष प्राप्त नभएको, बाँधिएको, मुक्त नभएको, पराधीन ।

---

१. अव्ययात् त्यप् : त्यप्
२. शृस्वृस्नि... : उ
३. तस्येदम्/तस्यापत्यम् : अण्
४. तस्मै हितम् : छ
५. अमावश्यादन्यतरस्याम् : ण्यत्
६. अमिचिमिदि... : क्त्र

अमुख्यः (वि.) खन्यते इति खनु अवदारणे (भ्वा.) धातु, खन्+अच्[1] (उणा.), डित्व, मुडागम, टिलोप, मुखम् । मुखमेव वा मुखे भवः *(मुख्य नै, अग्रस्थानमा हुने)* मुख+य[2], मुख्यः । न मुख्यः *(मुख्य नभएको)* न.त.स.= अमुख्य ।

शब्दार्थ- मुख्य नभएको, प्रधान नभएको, अप्रधान, प्रमुख नभएको ।

अमुग्धः (वि.) मुह्यति स्म इति *(मुग्ध भएको)* मुह वैचित्ये (दिवा.) धातु, मुह्+क्त (त), कर्तामा, हको घ, तको ध, घको जश्त्व ग, मुग्धः । न मुग्धः *(मुग्ध नभएको)* न.त.स.= अमुग्ध ।

शब्दार्थ- मुग्ध नभएको, मोहमा न फसेको, मूर्ख या जड नभएको, अमूर्च्छित, आसक्तिरहित ।

अमूर्तः (वि./ना./पुं.) मूर्च्छति स्म इति *(मोहित भएको)* मूर्च्छा मोहसमुच्छाययोः (भ्वा.) धातु, मूर्च्छा+क्त (त), कर्तामा, छको लोप[3], मूर्तः । न मूर्तः *(मूर्त नभएको)* न.त.स.= अमूर्त ।

शब्दार्थ- मूर्त नभएको, आकृतिरहित, आकृति नभएको, अवयवरहित, रूप नभएको, निराकार, इन्द्रियले अनुभूति गर्न वा ठम्याउन नसकिने, दिव्यपुरुष ।

द्रष्टव्य- **दिव्यो ह्यमूर्तः पुरुषः सबाह्याभ्यन्तरो ह्यजः अप्राणो ह्यमनाः शुभ्रो ह्यक्षरात्परतः परः- मु.उ. २/१/२**

अमूलः (वि.) मूलतीति *(आधारित हुन्छ)* मूल प्रतिष्ठायाम् (भ्वा.) धातु, मूल्+क[4] (अ), मूलः । न मूलः *(आधार वा मूल नभएको)* न.त.स.= अमूल ।

शब्दार्थ- मूल वा जरा नभएको, आधार नभएको, निराधार, प्रमाण नभएको, प्रमाणरहित ।

अमूल्यः (वि.) मूलतीति *(मूल्यवान् हुन्छ)* मूल प्रतिष्ठायाम् (भ्वा.) धातु, मूल्+क[4] (अ), मूलः । मूलेन समः वा मूलेन आनम्यः *(मूल्यले बराबर वा आँक्न सकिने)* मूल+यत्[5] (य), मूल्यम् । नास्ति मूल्यं यस्य *(जसको मूल्य छैन)* न.ब.स.= अमूल्य ।

शब्दार्थ- वहुमूल्य, अनमोल, मूल्य नभएको, मूल्य चुक्ता गरेर नपाइने ।

अमृतः (वि./ना./न.) न म्रियन्ते अनेनेति *(जसबाट मर्दैनन्)* नञ्पूर्वक मृङ् प्राणत्यागे (तुदा.) धातु, न+मृ+तन्[6] (त), न.त.स.= अमृत ।

अथवा न विद्यते मृतं मरणं यस्मात् वा *(जसबाट मरण हुँदैन)* न.ब.स.= अमृत ।

शब्दार्थ- नमर्ने, अविनाशी, अनश्वर, अमर, सुधा, पीयूष, परमेश्वर ।

द्रष्टव्य- **विद्ययाऽमृतमश्नुते- ईश.उप. ११**

अमेयः (वि.) इयान्निति मातुं परिच्छेतुं न शक्यते इति *(यति भनेर नाप्न वा तौलन नसकिने)* मा माने (अदा.) वा माङ् माने शब्दे च (जुहो.) धातु, न+मा+यत्[7] (य), ईत्व, गुण, न.त.स.= अमेय ।

शब्दार्थ- अपरिमित, नाप्न वा तौलन नसकिने, अपरिमेय ।

अमेयात्मा (वि./ना./पुं.) न विद्यमानः मेयः परिमेयः आत्मा यस्य *(जसको आत्मा परिमेय छैन)* अमेय+आत्मा, न.ब.स., दीर्घ= अमेयात्मा ।

शब्दार्थ- अपरिमेय आत्मा भएको, परमात्मा परमेश्वर ।

अमोघः (वि.) मुह्यन्ति अस्मिन्निति *(मोहित हुन्छन् यसमा)* मुह वैचित्ये (दिवा.) धातु, मुह+घञ् (अ), कुत्व, गुण, मोघः । न मोघः *(व्यर्थ खेर नजाने)* न.त.स.= अमोघ ।

शब्दार्थ- व्यर्थ खेर नजाने, निष्फल नहुने, अचूक, ठीक निशानामा लाग्ने ।

उदा. **आज्ञा महात्मा मुनिको अमोघ छ,**
छोरा कलीलो छ, सिकारु हात छ- आ.रा.२/३७

अमौलिकः (वि.) मूलतीति *(आधारित हुन्छ)* मूल प्रतिष्ठायाम् (भ्वा.) धातु, मूल+क[8] (अ), मूलम् । मूलेन निर्वृत्तम्, मूलादागतः *(मूल वा जरैबाट आएको)* मूल+ठक् (इक), आदिवृद्धि, मौलिकः । न मौलिकः *(मौलिक नभएको)* न.त.स.= अमौलिक ।

शब्दार्थ- मौलिक नभएको, मूल वा आधार नभएको, अर्काको नक्कल गरिएको, अमुख्य, अप्रधान ।

अम्बरम् (ना./न.) अम्ब्यते शब्दायते इति *(शब्द गर्नु)* अबि शब्दे (भ्वा.) धातु, अम्ब्+घञ् (अ), भावमा, अम्बः । अम्बं शब्दं राति ददातीति *(शब्द गर्छ)* अम्ब्+रा+क[8] (अ), आलोप= अम्बर ।

अथवा अम्बः शब्दः राजते इति *(शब्द ध्वनित हुन्छ)* राजृ दीप्तौ (भ्वा.) धातु, अम्ब्+राज्+ड (अ), टिलोप =अम्बर ।

अथवा अम्बन्ते शब्दायन्ते मेघादयः यत्र *(जहाँ मेघ आदि शब्द गर्छन्)* अबि शब्दे (भ्वा.) धातु, अम्ब्+अरच्[9] (अर), उणा.= अम्बर ।

शब्दार्थ- आकाश, अन्तरीक्ष, वायुमण्डल, ध्वनि, आवाज, कपडा, वस्त्र ।

अम्बा (ना./स्त्री) अम्बते स्नेहेन आद्रियते *(स्नेहपूर्वक आदर गर्छ)* अबि शब्दे (भ्वा.) धातु, अम्ब्+अच् (पचादि)+टाप् (आ)= अम्बा ।

शब्दार्थ- जननी, आमा, माता, दुर्गा भगवती, महाभारतमा पितामह भीष्मले बिहे गर्न नमानी तिरस्कृत भएकी काशीनरेशकी जेष्ठपुत्री ।

---

[1] हित्खनोर्मुद् : अच्, मुडागम, टिलोप
[2] शाखादिभ्यो यः : य
[3] राल्लोप : छको लोप
[4] इगुपधज्ञा... : क
[5] नौ वयोधर्म ... : यत्
[6] तनिमृङ्भ्यां... : तन्
[7] अचो यत् : यत्
[8] आतोऽनुपसर्गे ... : क
[9] कृदरादयश्च : अरच्

अम्बालिका (ना./स्त्री) अम्बेति शब्दम् लाति गृह्णाति *(अम्बा शब्द उच्चारण गर्छ)* अम्बापूर्वक ला आदाने (अदा.) धातु, अम्बा+ला+क (अ), अम्बालः । अम्बाल +कन् (क), स्वार्थमा, टाप् (आ), ककारपूर्वका अकारको इत्व= अम्बालिका ।

शब्दार्थ- आमा, जननी, काशीनरेशकी कान्छी छोरी, विचित्रवीर्यकी पत्नी ।

अम्बिका (ना./स्त्री) अम्बते आद्रियते *(आदर गर्छ)* अबि शब्दे (भ्वा.) धातु, अम्ब+अच् (पचादि)+टाप् (आ), अम्बा । अम्बा एव *(अम्बा नै)* अम्बा+कन् स्वार्थमा +टाप् (आ), ककारपूर्वका अकारको इत्व =अम्बिका ।

शब्दार्थ- आमा, जननी, भगवती दुर्गा, काशीनरेशकी माहिली छोरी, विचित्रवीर्यकी रानी ।

अम्बु (ना./न.) अम्बते इति *(शब्द गर्छ)* अबि शब्दे (भ्वा.) धातु, अम्ब्+उ[1] (उणा.)= अम्बु ।

शब्दार्थ- जल, पानी, तोय, नीर ।

अम्बुजम् (/ना./न.) अम्बुनि जायते इति *(जलमा पैदा हुन्छ)* अम्बु उपपदपूर्वक जनी प्रादुर्भावे (दिवा.) धातु, अम्बु+जन्+ड[2] (अ), टिलोप= अम्बुज ।

शब्दार्थ- पानीमा उत्पन्न हुने कमल, शङ्ख आदि ।

अम्बुधिः (ना./पुं.) अम्बूनि जलानि धीयन्ते अस्मिन् *(जहाँ जलधारण गरिन्छ)* अम्बु पूर्वक डुधाञ् धारणपोषणयोः (जुहो.) धातु, अम्बु+धा+कि (इ), आलेप =अम्बुधि ।

शब्दार्थ- समुद्र, सागर, सिन्धु, जलनिधि ।

अम्भः (ना./पुं.) अम्भते इति *(शब्द गर्छ)* अभि शब्दे (भ्वा.) धातु, अम्भ+असुन् (अस्), अम्भस्= अम्भ ।

शब्दार्थ- पानी, जल, उदक, सलिल ।

अम्भोजम् (ना./न.) अम्भसि जायते इति *(पानीमा पैदा हुन्छ)* अम्भस् पूर्वक जनी प्रादुर्भावे (दिवा.) धातु, अम्भस्+जन्+ड (अ), टिलोप, सको रुत्व, उत्व =अम्भोज ।

शब्दार्थ- कमल, पद्म, नदी तलाउमा पैदा हुने कमल ।

अम्भोधिः (ना./पुं.) अम्भांसि जलानि धीयन्ते अस्मिन् *यसमा जल धारण गरिन्छ)* 'अम्भस्'पूर्वक डुधाञ् धारणपोषणयोः (जुहो.) धातु, अम्भस्+धा+कि (इ), आलोप, सको रुत्व, उत्व= अम्भोधि ।

शब्दार्थ- समुद्र, सागर, जलधि, सिन्धु ।

उदा. **रोकी वेग, खडा भएर फिंजिए अम्भोधिको तीरमा- आ.रा. ११/१६**

अम्लः (ना./पुं.) आमयतीति *(रोगी हुन्छ)* अम रोगे (चुरा.) धातु, अम्+क्ल (ल), उणा.= अम्ल ।

शब्दार्थ- अमिलो, अम्लरस ।

अम्लपित्तः (ना./पुं./न.) आमयतीति *(रोगी हुन्छ)* अम रोगे (चुरा.) धातु, अम्+क्ल (ल), उणा., अम्लः । अपि द्यति स्म इति *(टुक्रिएको)* अपिपूर्वक दो अवखण्डने (दिवा.) धातु, अपि+दो+क्त (त), दोको त आदेश, अपिको अलोप (भागुरीमतमा), पित्तम् । अम्लश्चासौ पित्तञ्च *(अमिलो पहेलो पानी आउने रोग)* क.त.स. =अम्लपित्त ।

शब्दार्थ- अमिलो पानी आउने रोगविशेष, पित्त छाद्ने रोग, अमलपित्त ।

अयः (ना./न.) एति गच्छति एकस्मादन्यतरम् वा एति सुखमनेन *(एक मानिसबाट अर्को मानिसमा जान्छ अथवा सुख मिल्छ यसबाट)* इण् गतौ (अदा.) धातु, इ+असुन् (अस्), गुण, अयादेश, अयस्= अय ।

शब्दार्थ- फलाम, लोहा, भाग्य, मङ्गल, अनुष्ठान ।

अयत्नः (वि.) यत्यते इति *(प्रयास गरिन्छ)* यती प्रयत्ने (भ्वा.) धातु, यत्+नङ्[3] (न) भावमा, यत्नः । नास्ति यत्नः यत्र *(जहाँ प्रयास छैन)* न.ब.स.= अयत्न ।

शब्दार्थ- प्रयास गर्नु नपर्ने, प्रयत्नबाट नहुने, परिश्रम गर्नु नपर्ने ।

अयथार्थः (वि.) येन प्रकारेण इति *(यस प्रकारले)* यत्+थाल्[4] (था), अत्व[5], यथा । अर्थमनतिक्रम्य इति *(तथ्य उल्लङ्घन नगरी)* यथा+अर्थम्, (अव्य. स.), यथार्थम् । न विद्यते यथार्थं यत्र *(जहाँ सत्य-तथ्य छैन)* न.ब.स. =अयथार्थ ।

अथवा न यथार्थम् *(यथार्थको अभाव)* न.त.स. =अयथार्थ ।

शब्दार्थ- यथार्थ नभएको, तथ्य वा सत्य नभएको, असत्य, अतथ्य, मिथ्या, झूटो, अवास्तविक ।

अयनम् (ना./न.) अयते अर्कः अनेन *(यसबाट सूर्य उत्तर वा दक्षिणतिर लाग्छन्)* अय गतौ (भ्वा.) धातु, अय्+ल्युट् (अन)= अयन ।

शब्दार्थ- शास्त्र, बाटो, सूर्यको बाटो, विषुवत् रेखाबाट सूर्य उत्तर या दक्षिणतिर लाग्ने गति, हिंडाइ, मार्ग, गति ।

अयनं वर्त्म मार्गाध्वः पन्थानः पदवी सृतिः
ऋतुस्तैरयनं त्रिभिः
अयने द्वे गतिरुदक्दक्षिणार्कस्य- इत्यमरः

अयन्त्रितः (वि.) यन्त्रचते स्म इति *(नियन्त्रण गरिएको)* यत्रि सङ्कोचे (चुरा.) धातु, यन्त्र्+क्त (त), इडागम, यन्त्रितः । न यन्त्रितः *(नियन्त्रणमा नरहेको)* न.त.स. =अयन्त्रित ।

शब्दार्थ- नियन्त्रणमा नरहेको, आफूखुसी गर्ने, नियन्त्रण गर्न कठिन गर्ने, रोक लगाउन नसकिने, लगाम नभएको ।

---

[1] उणादयो बहुलम् : उ

[2] सप्तम्यां जनेर्डः : ड

[3] यजयाचयत.... : नङ्

[4] प्रकारवचने : थाल्

[5] त्यदादिनामः : अत्व

अयाचितः (वि.) याच्यते स्म इति *(मागिएको)* टुयाचृ याञ्चायाम् (भ्वा.) धातु, याच्+क्त (त), इडागम, याचितः । न याचितः *(नमागिएको)* न.त.स. =अयाचित ।

शब्दार्थ- नमागिएको, याचना नगरिएको, अनुरोध या प्रार्थना नगरिएको ।

अयुक्तः (वि.) युनक्ति स्म, युज्यते स्म इति वा *(जोडेको, युक्त भएको, जोडिएको)* युजिर् योगे (रुधा.) धातु, युज्+क्त (त), युक्तः । न युक्तः *(युक्त नभएको)* न.त.स.= अयुक्त ।

शब्दार्थ- युक्त नभएको, सम्मिलित नभएको, अनुचित, नजोतिएको, नजोडिएको ।

अयुक्तिः (ना./स्त्री) युज्यते इति *(युक्त हुनु)* युजिर् योगे (रुधा.) धातु, युज्+क्तिन् (ति), युक्तिः । न युक्तिः *(युक्तिको अभाव)* न.त.स.= अयुक्ति ।

शब्दार्थ- युक्तिको अभाव, सङ्गति वा मेल नहुने क्रिया, युक्तिसङ्गत नहुने काम ।

अयुग्मः (वि.) युज्यते इति *(जोडिन्छ)* युजिर् योगे (रुधा.) धातु, युज्+मक्[1] (म), कुत्व, उणा., युग्मः । न युग्मः *(जोडा नभएको)* न.त.स.= अयुग्म ।

शब्दार्थ- युगल वा जोडा नभएको, विजोडा, एक्लो ।

अयुतः (वि.) यूयते स्म इति *(जोडिएको)* यु मिश्रणामिश्रणयोः (अदा.) धातु, यु+क्त (त), युतः । न युतः *(नजोडिएको)* न.त.स.= अयुत ।

शब्दार्थ- सम्वन्ध नभएको, पृथक् गरिएको, दशहजार सङ्ख्या भएको, असम्मिलित, नजोडिएको ।

अयोगः (ना./पुं.) युज्यते इति *(समाधि लगाइन्छ, जोडिन्छ)* युज समाधौ (दिवा.) वा युजिर् योगे (रुधा.) धातु, युज्+घञ् (अ), गुण, कुत्व, योगः । न योगः *(योगको अभाव)* न.त.स.= अयोग ।

शब्दार्थ- योग नहुने क्रिया, योगको अभाव, मेल नहुने क्रिया, नमिलाइनुको स्थिति, वियोग ।

अयोग्यः (वि.) युज्यते, योक्तुं योग्यः वा *(योग्य हुन लायक)* युजिर् योगे (रुधा.) धातु, युज्+ण्यत्[2] (य), गुण, कुत्व, योग्यः । अथवा योगाय प्रभवति *(योगका लागि समर्थ हुन्छ)* योग+यत्[3] (य), योग्यः ।
न योग्यः *(योग्य नभएको)* न.त.स.= अयोग्य ।

शब्दार्थ- योग्य नभएको, अनुपयुक्त, अनुचित, असक्षम, अकुशल, नालायक ।

अयोग्यता (ना./स्त्री) योग्यस्य भावः *(योग्य हुनाको भाव वा अवस्था)* योग्य+तल् (त)+टाप् (आ), योग्यता । न योग्यता *(योग्यताको अभाव)* न.त.स.= अयोग्यता ।

शब्दार्थ- योग्यता नहुनाको स्थिति, योग्यताको अभाव, अनुपयुक्तता, नालायकीपन, असक्षमता ।

अयोध्या (ना./स्त्री.) योद्धुमशक्या *(युद्ध गर्न नसकिने)* युध सम्प्रहारे (दिवा.) धातु, न+युध्+ण्यत् (य)+टाप् (आ), गुण, न.त.स.= अयोध्या ।

शब्दार्थ- अयोध्या नगरी, साकेतपुरी, कोसला, उत्तरकोसला, श्रीरामनगरी, मुक्तिदायक सातवटा नगरीहरूमध्ये एक ।

अयोनिः (वि./ना./पुं) यौतीति *(सम्मिश्रण हुन्छ)* यु मिश्रणामिश्रणयोः (अदा.) धातु, यु+नि[4] (उणा.), गुण, योनिः ।

योनिस्त्रीपुंसयोश्च स्यादाकरे स्मरमन्दिरे- इति मेदिनी

न योनिः *(योनिसित सम्बन्ध नभएको)* न.त.स.=अयोनि ।

शब्दार्थ- अजन्मा, नित्य, कोखबाट नजन्मेको, परमेश्वर, ब्रह्मा, शिव ।

अयोनिजः (वि.) योन्याः जायते इति *(योनिबाट पैदा हुन्छ)* योनि उपपदपूर्वक जनी प्रादुर्भावे (दिवा.) धातु, योनि+जन्+ड (अ), टिलोप, योनिजः । न योनिजः *(योनिबाट नजन्मेको)* न.त.स.= अयोनिज ।

शब्दार्थ- योनिबाट नजन्मेको, जननेन्द्रिय वा गर्भाशयबाट नजन्मेको, स्वतः पैदा भएको ।

अयोनिजा (ना./स्त्री) योन्याः जायते असौ *(योनिबाट पैदा हुन्छे यो)* योनि उपपदपूर्वक जनी प्रादुर्भावे (दिवा.) धातु, योनि+जन्+ड (अ), टिलोप, टाप् (आ), योनिजा । न योनिजा *(योनिबाट पैदा नभएकी)* न.त.स.= अयोनिजा ।

शब्दार्थ- योनिबाट न जन्मेकी स्त्री, लक्ष्मी, दुर्गा, सीता-यी सवै अयोनिजा हुन् ।

अयौगिकः (वि.) युज्यते इति *(जोडिन्छ)* युजिर् योगे (रुधा.) धातु, युज्+घञ् (अ), कुत्व, योगः । योगेन संसृष्टः, योगादागतः *(योगबाट मिश्रित, योगबाट आएको)* योग+ठक्[5] (इक), वृद्धि, यौगिकः । न यौगिकः *(यौगिक नभएको)* न.त.स.= अयौगिक ।

शब्दार्थ- यौगिक नभएको, अव्युत्पन्न (शब्द), अप्रचलित, मिश्रण नभएको, रासायनिक तत्त्वहरूको योग नभएको ।

अयौनः (वि./ना./न.) यौतीति *(मिश्रण हुन्छ)* यु मिश्रणामिश्रणयोः (अदा.) धातु, यु+नि[4], उणा., गुण, योनिः । योनितः योनिसम्बन्धात् आगतः *(यौन-सम्बन्धबाट आएको)* योनि+अण्[6] (अ), वृद्धि, यौनः । न यौनः *(यौन सम्बन्धबाट नआएको वा यौनकर्मको अभाव)* न.त.स.= अयौन ।

शब्दार्थ- यौनसम्बन्धबाट नआएको, नपुंसक, यौनकर्ममा असमर्थ ।

---

१. युजिरुचितिजाम्... : मक्, कुत्व
२. ऋहलोर्ण्यत् : ण्यत्
३. योगाद्यच्च : यत्
४. वहिश्रिश्रुयुद्रु.... : नि
५. संसृष्टे/ठगायस्थानेभ्य... : ठक्
६. तत आगतः : अण्

अरणी (ना./स्त्री.) ऋच्छतीति *(प्राप्त गर्छ)* ऋ गतिप्रापणयोः (भ्वा.) धातु, ऋ+अनि[1] (उणा.), गुण, ङीष् (ई)= अरणी ।

शब्दार्थ- यज्ञ गर्दा आगो उत्पन्न गर्ने काठ, अश्वत्थ वृक्ष, अग्निमथन गर्ने शमीको काठ, मन्थनदण्ड ।

अरण्यम् (ना./न.) अर्यते इति *(फैलिन्छ)* ऋ गतिप्रापणयोः (भ्वा.) धातु, ऋ+अन्य[2], उणा., गुण, णत्व= अरण्य ।

शब्दार्थ- जङ्गल, वन, विपिन, कानन ।

अरण्यवासः (ना./पुं.) अरण्ये वासः *(जङ्गलमा निवास)* स.त.स.= अरण्यवास ।

अथवा अरण्ये वासः आश्रयः *(जङ्गलमा वास)* स.त.स. =अरण्यवास ।

शब्दार्थ- जङ्गलमा निवास, वनमा बस्ने काम ।

अरण्यरोदनम् (ना./न.) अरण्ये रोदनम् *(वनमा रोदन)* स.त.स.= अरण्यरोदन ।

शब्दार्थ- विनासिति रुने काम, यस्तो रुवाइ जहाँ सुन्ने कोही हुँदैन, निष्फल रोदन, विन्तीभाउ नसुन्ने रोदन

***उदा.* मेरै मात्र अरण्यरोदन बन्यो,**
आलाप अभ्यर्थना- भृ.ख.का.२/२६

अरतिः (ना./स्त्री) रमणम्, रम्यते इति वा *(क्रीडा गर्नु)* रमु क्रीडायाम् (भ्वा.) धातु, रम्+क्तिन् (ति), रतिः । न रतिः *(स्नेहको अभाव)* न.त.स.= अरति ।

शब्दार्थ- अनुरागशून्यता, अप्रेम, स्नेहशून्यता, प्रीतिको अभाव ।

अरथी (वि.) रम्यते अनेन अत्र वा *(यहाँ, यसबाट आनन्द लिइन्छ)* रमु क्रीडायाम् (भ्वा.) धातु, रम्+क्वथन् (थ), उणा., रथः । रथः अस्य अस्तीति *(रथ छ यसको)* रथ्+इनि (इन्), रथिन्, रथी । न रथी *(रथमा नभएको)* न.त.स.= अरथी ।

शब्दार्थ- रथमा नबसेको, पैदल यात्री, रथविहीन ।

अरविन्दम् (ना./न.) अराणि दलानि पत्राणि च विन्दते इति *(दल र पत्रहरू लिन्छ वा प्राप्त गर्छ)* अर उपपदपूर्वक विद्लृ लाभे (तुदा.) धातु, अर+विन्द्+श[3] (अ)= अरविन्द ।

शब्दार्थ- कमल, पद्म, पङ्कज, कामदेवका पाँच वाणमध्ये एक ।

अरविन्दाक्षः (ना./पुं.) अरविन्दे कमले इव अक्षिणी अस्येति *(कमल जस्तै सुन्दर आँखा छन् यिनका)* अरविन्द+अक्षिन्, ब.स., अच् (समासान्त) =अरविन्दाक्ष ।

शब्दार्थ- कमल जस्तै सुन्दर आँखा हुने भगवान् (विष्णु), पद्माक्ष ।

अरसः (वि.) रस्यन्ते आस्वाद्यन्ते इति *(रसास्वादन गरिन्छ)* रस आस्वादनस्नेहनयोः (चुरा.) अदन्त धातु, रस+अच् (एरच्)/घञ् (अ), रसः । न विद्यमानः रसः यत्र *(जहाँ रस वा स्वाद छैन)* न.ब.स.= अरस ।

शब्दार्थ- रस नभएको, रसहीन, नीरस, स्वादविहीन, शुष्क

अरसिकः (वि.) रसं वेत्ति जानाति वा रसः अस्यास्तीति *(रस जान्दछ वा रसास्वादन छ यसको)* रस+ठन्[4] (इक), रसिकः । न रसिकः *(रसिक नभएको)* न.त.स. =अरसिक ।

शब्दार्थ- रसिक नभएको, रूखो, विरसिलो, रसिलो स्वभाव नभएको, शुष्क ।

अराजकः (वि.) राजते इति *(सुशोभित हुन्छ)* राजृ दीप्तौ (भ्वा.) धातु, राज्+कनिन्[5] (अन्), राजन्, नास्ति राजा यत्र *(जहाँ राजा छैन)* न.ब.स., कप् (समासान्त) =अराजक ।

शब्दार्थ- राजाशून्य, राजा विनाको, राजा नभएको, शासनकर्ता नभएको, शासन प्रणाली राम्रो नभएको, राज्यको शासन व्यवस्था राम्रो नभएको ।

अराजकता (ना./स्त्री) अराजकस्य भावः *(अराजक हुनाको स्थिति)* अराजक+तल्+टाप् (आ)=अराजकता ।

शब्दार्थ- अव्यवस्था, राजा नभएको अवस्था, अव्यवस्थाको स्थिति, अराजक स्थिति ।

अराष्ट्रियः (वि.) राजते इति *(सुशोभित हुन्छ)* राजृ दीप्तौ (भ्वा.) धातु, राज्+ष्ट्रन्[6], उणा., राष्ट्रम् । राष्ट्रे अधिकृतः, राष्ट्रे भवः, राष्ट्रे जातादि वा *(राष्ट्रमा अधिकृत गरिएको, राष्ट्रमा भएको, राष्ट्रमा जन्मेको)* राष्ट्र+घ[7] (इय), राष्ट्रियः । न राष्ट्रियः *(राष्ट्रिय नभएको)* न.त.स.= अराष्ट्रिय ।

शब्दार्थ- राष्ट्रमा नभएको, राष्ट्रसँग सम्वन्ध वा सरोकार नभएको, राष्ट्रको भलाइ नहुने, राष्ट्रमा नजन्मेको, राष्ट्रिय भावना नभएको ।

अरिः (ना./पुं.) विरोधम् ऋच्छति इयर्तीति वा *(विरोधमा चल्छ)* ऋ गतौ (भ्वा. वा जुहो.) धातु, ऋ+इ[8] (उणा.), गुण= अरि ।

शब्दार्थ- शत्रु, वैरी, दुस्मन, रिपु, विपक्ष ।

अरिष्टः (वि./ना./पुं.) रिष्यति स्म अनेन *(यसले दुःखकष्ट दिन्छ)* रिष हिंसायाम् (दिवा.) धातु, रिष्+क्त (त), संज्ञामा, रिष्टः । न रिष्टः *(दुःखपीडाको अभाव)* न.त.स.= अरिष्ट ।

अरिष्टो लशुने निम्बे फेनिले काककङ्कयोः
अरिष्टमशुभे तक्रे सूतिकागार आसवे
शुभे मरणचिन्हे च- इति मेदिनी
अरिष्टे तु शुभाशुभे- इत्यमरः

शब्दार्थ- अक्षत, अविनाशी, दुःख, कष्ट, शुभ, मङ्गल, ग्रहहरूको खराबपना, आपत्ति, औषधिको रस, सूतिकागृह, सुत्केरीको कोठा, अशुभ, मृत्युचिन्ह, उपद्रव, औषधियुक्त मद्य, लसुन, निम, रिट्ठो, शत्रुको कुभलो गर्ने काम ।

---

१. अर्तिसृधृधम्य... : अनि
२. अर्तेर्निच्च : अन्य प्रत्यय
३. गवादिषु विन्देः सञ्ज्ञायाम् : श प्रत्यय
४. अत इनिठनौ : ठन्
५. कनिन्युवृषि... : कनिन्
६. सर्वधातुभ्य... : ष्ट्रन्
७. राष्ट्रपारावाराद्घखौ : घ
८. अच इः : इ

अरुचिः (ना./स्त्री) रोचते इति *(राम्रो लाग्छ)* रुच दीप्तावभिप्रीतौ च (भ्वा.) धातु, रुच्+इन्[१], उणा., रुचिः । न रुचिः *(रुचि नहुने काम)* न.त.स.=अरुचि ।

शब्दार्थ- अनिच्छा, कुनै वस्तु राम्रो नलाग्ने काम, रुचि नहुने क्रिया, खान मन नलाग्ने क्रिया ।

अरुणः (ना./पुं.) ऋच्छति गच्छति, रक्तं भवति *(जान्छ, रातो हुन्छ)* ऋ गतिप्रापणयोः (भ्वा.) धातु, ऋ+उनन्[२] (उन), उणा., गुण= अरुणः ।

अरुणोऽव्यक्तरागेऽर्के सन्ध्या रागेऽर्कसारथौ- इति मेदिनी

शब्दार्थ- सूर्य, सूर्यको सारथि, रातो रङ्ग, प्रभात तथा सायङ्कालीन सूर्यको रातो वर्ण, अलि-अलि रातोपन ।

अरुणलोचनः (वि.) अरुणे रक्ते लोचने यस्य *(राता छन् आँखा जसका)* ब.स.= अरुणलोचन ।

शब्दार्थ- राता आँखा भएको, रक्तलोचन हुने ।

अरुणिमा (ना./पुं.) अरुणस्य भावः कर्म वेति *(अरुणको भाव, कर्म र अवस्था)* अरुण+इमनिच्[३] (इमन्), टिलोप= अरुणिमा ।

शब्दार्थ- रातोपन, लालिमा, रक्तपना ।

अरुणोदयः (ना./पुं.) अरुणस्य बालार्कस्य उदयः *(बाल सूर्यको उदय)* ष.त.स.= अरुणोदय ।

शब्दार्थ- प्रातः काल, सूर्योदय, लालिमायुक्त सूर्य उदाउने समय, सूर्योदयभन्दा अगाडिको चार घडीको समय ।

अरुन्धती (वि./ना./स्त्री) रुणद्धि इति *(रोक्छ)* रुधिर् आवरणे (रुधा.) धातु, रुध्+शतृच्[४] (अत्), श्न, अलोप[५], रुन्धत् । स्त्रीत्व बुझाउँदा रुन्धत्+ङीप् (ई), रुन्धती । न रुन्धती *(प्रतिरोध नगर्ने)* न.त.स. =अरुन्धती ।

शब्दार्थ- प्रतिरोध नगर्ने, वशिष्ठ ऋषिकी पत्नी, सप्तर्षि तारा मण्डलको बीचमा पर्ने एउटा तारो ।

अरूपः (वि.) रुप्यति विमुह्यति वा रूपयतीति *(मोहित हुन्छ)* रुप विमोहने (दिवा.) वा रूप रूपक्रियायाम् (चुरा.) धातु, रुप्/रूप्+अच् (पचादि), ह्रस्व रुपको दीर्घ[६], रूपम् । न विद्यते रूपम् यस्य *(जसको राम्रो रूप छैन)* न.ब.स., दीर्घ= अरूप ।

शब्दार्थ-रूपरहित, आकृतिशून्य, कुरूप, विकृत, निराकार,

द्रष्टव्य-. अशब्दमस्पर्शमरूपमव्ययम्- कठ.उ. १/३/१५

अरोचकः (वि./ना./पुं.) रोचयति प्रीणयतीति *(रुचि जगाउँछ)* रुच दीप्तावभिप्रीतौ च (भ्वा.) धातु, रुच्+णिचि+ण्वुल् (अक), णिलोप, रोचकः । न रोचकः *(रोचक नहुने)* न.त.स.= अरोचक ।

शब्दार्थ- रुचि नलाग्ने, रुचि नहुने, रुचि नजगाउँने, अरुचिकर, रोचक नहुने, प्रकाशिलो नभएको, धमिलो, अरुचि, खाना खान मन नलाग्ने अवस्था ।

अर्कः (ना./पुं.) अर्च्यते इति *(पूजा गरिन्छ)*, अर्कते अर्क्यते इति वा *(स्तुति गर्छ वा गरिन्छ वा ताप दिन्छ)* अर्च पूजायाम् (भ्वा.) वा अर्क स्तवने तपनेऽपि (चुरा.) धातु, अर्च्+घञ् (अ)/अर्क्+अच् (पचादि)/घञ् (अ), अर्च्को कुत्व= अर्क ।

अर्कोऽर्कपर्णे स्फटिके रवौ ताम्रे दिवस्पतौ- अ.को.रामाश्रमी

शब्दार्थ- सूर्य, रवि, आदित्य, आँक, स्फटिक, तामा (ताम्र),

अर्कतनयः/अर्कनन्दनः/अर्कसूनुः (ना./पुं.) अर्कस्य तनयः, अर्कस्य नन्दनः, अर्कस्य सूनुः *(सूर्यका पुत्र)* ष.त.स.= अर्कतनय/अर्कनन्दन/अर्कसूनु ।

शब्दार्थ- सूर्यपुत्र, शनैश्चर, यमराज, सावर्णि मनु, वैवस्वत मनु ।

अर्घः (ना./पुं.) अर्ह्यतेऽनेन *(पूजा गरिन्छ यसबाट)* अर्ह पूजायाम् (भ्वा.) धातु, अर्ह्+घञ्[७] (अ), करणमा, ह्रस्व, हको कुत्व[८]= अर्घ ।

अर्घः पूजाविधौ मूल्ये- इति हैमः

शब्दार्थ- पूजाको एक सामग्री, पानी, दही, दूध, जौ, कुशोदक आदि मिलाएर देवतालाई चढाउन बनाएको सम्मिश्रण, जसलाई अर्घ भनिन्छ ।

अर्घ्यम् (ना./न.) अर्घार्थमुदकम्, अर्घमर्हतीति वा *(अर्घ दिनको लागि जल, अर्घ दिन योग्य)* अर्घ+यत्[९] (य) =अर्घ्य ।

शब्दार्थ- देवतालाई चढाइने जल, षोडशोपचार पूजा-सामग्रीमध्ये एक, अतिथि आदिलाई सम्मानार्थ दिइने जल, मूल्यवान् वस्तु ।

अर्चकः (वि.) अर्चतीति *(पूजा गर्छ)* अर्च पूजायाम् (भ्वा.) धातु, अर्च+ण्वुल् (अक)= अर्चक ।

शब्दार्थ- पूजा गर्ने, पूजक, पूजारी, आराधना गर्ने ।

अर्चनम् (ना./न.)/**अर्चना** (ना./स्त्री) अर्च्यते इति *(पूजा गरिन्छ)* अर्च पूजायाम् (भ्वा.) धातु, अर्च्+ल्युट् (अन)= अर्चन ।

अर्च+णिचि+युच् (अन), णिलोप, टाप् (आ)= अर्चना ।

शब्दार्थ- देवताको पूजा, पूजा गर्ने काम, पूजन, उपासना, आफूभन्दा ठूलाको आदर-सम्मान ।

अर्चनीयः (वि.) अर्चितुं योग्यः *(पूजा गर्न योग्य)* अर्च पूजायाम् (भ्वा.) धातु, अर्च+अनीय (र)= अर्चनीय ।

शब्दार्थ- पूज्य, पूजनीय, पूजा गर्न योग्य वा लायक, सम्मान गर्न योग्य, अर्च्य ।

अर्च्यः (वि.) अर्चितुं योग्यः *(पूजा गर्न योग्य)* अर्च पूजायाम् (भ्वा.) धातु, अर्च+ण्यत् (य)= अर्च्य ।

शब्दार्थ- अर्चनीय, पूज्य, पूजा गर्न योग्य वा लायक ।

---

[१] इगुपधात्कित् : इन्

[२] अर्तेश्च : उनन्

[३] वर्णदृढादिभ्यः ष्यञ्च : इमनिच्

[४] लटः शतृशान... : शतृच्

[५] श्नसोरल्लोपः : अलोप

[६] अन्येषामपि दृश्यते : दीर्घ

[७] अकर्तरि च कारके... : घञ्

[८] न्यङ्क्वादीनां च : कुत्व

[९] पादार्घाभ्यां च : यत्

अर्चा (ना./स्त्री) अर्च्यते इति *(पूजा गरिन्छ)* अर्च पूजायाम् (भ्वा.) धातु, अर्च्+अ+टाप् (आ)= अर्चा ।

शब्दार्थ- पूजा, अर्चना, आराधना, उपासना, प्रतिमा ।

अर्चिः (ना./स्त्री) अर्च्यते इति *(पूजा गरिन्छ)* अर्च पूजायाम् (भ्वा.) धातु, अर्च्+इसि[1] (इस्), उणा., अर्चिस्= अर्चि ।

अर्चिर्हेतिः शिखा स्त्रियाम्- इत्यमरः

शब्दार्थ- आगाको ज्वाला, शिखा, तेज, राँको ।

अर्चितः (वि.) अर्च्यते स्म इति *(पूजा गरिएको)* अर्च पूजायाम् (भ्वा.) धातु, अर्च्+क्त (त), इडागम =अर्चित ।

शब्दार्थ- पूजित, सम्मानित, उपासना गरिएको ।

अर्जकः (वि.) अर्जयतीति *(आर्जन गर्छ)* अर्ज अर्जने (भ्वा.) वा अर्ज प्रतियत्ने (चुरा.) धातु, अर्ज्+ण्वुल् (अक) =अर्जक ।

शब्दार्थ- आर्जन गर्ने, कमाउने, उपार्जन गर्ने, प्राप्त गर्ने,

अर्जनम् (ना./न.) अर्जनम्, अर्ज्यते इति वा *(कमाइन्छ)* अर्ज अर्जने (भ्वा.) वा अर्ज प्रतियत्ने (चुरा.) धातु, अर्ज्+ल्युट् (अन)= अर्जन ।

शब्दार्थ- कमाउने काम, आर्जन, कमाइ, प्राप्त गर्ने क्रिया, उपार्जन गर्ने काम ।

अर्जितः (वि.) अर्ज्यते स्म इति *(आर्जन गरिएको)* अर्ज अर्जने (भ्वा.) वा अर्ज प्रतियत्ने (चुरा.) धातु, अर्ज्+क्त (त), इडागम= अर्जित ।

शब्दार्थ-कमाइएको, आर्जन गरिएको, आम्दानी गरिएको ।

अर्जुनः (वि./ना./पुं.) अर्जति, अर्जयतीति वा *(आर्जन गर्छ)* अर्ज अर्जने (भ्वा.) वा अर्ज प्रतियत्ने (चुरा.) धातु, अर्ज्+णिचि+उनन्[2] (उन), उणा., णिलोप =अर्जुन ।

अर्जुनः ककुभे पार्थे कार्तवीर्यमयूरयोः ।
मातुरेकसुतेऽपि स्यात् पुंल्लिङ्गो धवलेऽन्यवत्- इति मेदिनी

शब्दार्थ- सेतो रङ्ग, उज्वल, चम्किलो, पाँच पाण्डवमध्ये एक, पाण्डुका तृतीय पुत्र, दिशा, एक हजार हात भएका कार्तवीर्य, मयूर, खरीको वृक्ष ।

अर्णः (ना./न.) ऋच्छतीति *(जान्छ, बहन्छ)* ऋ गतिप्रापणयोः (भ्वा.) धातु, ऋ+असुन्[3] (अस्), उणा., गुण, नुडागम, अर् न् अस्, णत्व, अर्णस्= अर्ण ।

शब्दार्थ- जल, पानी, तोय ।

अर्णवः (ना./पुं.) अर्णांसि जलानि सन्ति अत्र *(पानी छ यहाँ)* अर्णस्+व[4], सलोप= अर्णव ।

शब्दार्थ- समुद्र, सागर, अब्धि, सिन्धु, उदधि ।

अर्थः (ना./पुं) अर्थते, अर्थ्यते सर्वैः *(याचना गर्छ, सबैबाट चाहना गरिन्छ)* अर्थ उपयाञ्चायाम् (चुरा.) धातु, अर्थ+घञ् (अ), करणमा= अर्थ ।

अथवा ऋच्छतीति *(गतिशील भइरहन्छ)* ऋ गतिप्रापणयोः (भ्वा.) धातु, ऋ+थन्[5] (उणा.), गुण =अर्थ ।

अर्थो विषयार्थनयोर्धनकारणवस्तुषु ।
अभिधेये च शब्दानां निवृत्तौ च प्रयोजने- इति मेदिनी

शब्दार्थ- प्रयोजन, लक्ष्य, उद्देश्य, शब्दको मुख्य अभिप्राय वा भाव, सम्पत्ति, ऐश्वर्य, धन, वस्तु, सामग्री, धर्म, अर्थ, काम, मोक्ष- यी चार पुरुषार्थहरूमध्ये एक, कारण, हेतु, इन्द्रियको विषय, याचना, माग्ने काम, निम्ति, लागि ।

द्रष्टव्य- मदर्थे त्यक्तजीविताः- भ.गी. १/९

अर्थनीतिः (ना./स्त्री) अर्थस्य नीतिः *(अर्थको नीति)* ष.त.स.= अर्थनीति ।

शब्दार्थ- राष्ट्रको अर्थसम्वन्धी नीति, मुद्रा सम्वन्धी नीति, सरकारले निर्धारण गर्ने आर्थिक नीति ।

अर्थपतिः (ना./पुं.) अर्थस्य पतिः *(धनको मालिक)* ष.त.स.= अर्थपति ।

शब्दार्थ- धनपति, धनको स्वामी, कुवेर ।

अर्थपरः (वि.) अर्थ एव परं प्रधानं यस्य *(धन नै मुख्य छ जसको)* ब.स.= अर्थपर ।

शब्दार्थ- धन नै प्रमुख ठान्ने, अर्थ नै मुख्य मान्ने ।

अर्थबोधः (ना./पुं.) अर्थस्य वोधः *(अर्थको बोध)* ष.त.स.= अर्थबोध ।

शब्दार्थ- अर्थको ज्ञान, अर्थको वोध, अर्थ बुझ्न सक्ने स्थिति ।

अर्थमन्त्री (ना./पुं.) अर्थः अर्थविभागस्तस्य मन्त्री *(अर्थ सम्बन्धी विभागको मन्त्री)* ष.त.स. = अर्थमन्त्री ।

शब्दार्थ- अर्थ मन्त्रालयको मन्त्री, अर्थसम्वन्धी नीति नियमको कार्यान्वयन गर्ने मन्त्री ।

अर्थवान् (वि.) अर्थः अस्यास्तीति *(धनसम्पत्ति छ यसको)* अर्थ+मतुप् (मत्), मको व, अर्थवत्= अर्थवान् ।

शब्दार्थ- धनसम्पत्ति भएको, धनवान्, पूँजीपति ।

अर्थविद् (वि.) अर्थं वेतीति *(अर्थसम्बन्धी विषय जान्दछ)* विद ज्ञाने (अदा.) धातु, अर्थ+विद्+क्विप्, सर्वलोप =अर्थविद् ।

शब्दार्थ- अर्थशास्त्रको ज्ञाता, अर्थसम्वन्धी नीतिनियमको ज्ञाता ।

अर्थविस्तारः (ना./पुं.) अर्थस्य विस्तारः *(अर्थको विस्तार)* ष.त.स.= अर्थविस्तार ।

शब्दार्थ- अर्थको विस्तार, अर्थको व्यापकता, विशेष अर्थ बुझाउने शब्दवाट सामान्य अर्थवोध हुने अवस्था ।

---

१. अर्चिशुचिहुसृ... : इसि
२. अर्जेर्णिलुक्च : उनन्, णिलोप
३. उदके नुट् च : असुन्, नुट्
४. अर्णसो लोपश्च (वा.) : व, सलोप
५. उषिकुषिगर्तिभ्यस्थन् : थन्

अर्थशास्त्रम् (ना./न.) अर्थस्य धनादेः शास्त्रम् *(अर्थ या धन आदिको शास्त्र)* ष.त.स.= अर्थशास्त्र ।

शब्दार्थ- अर्थसम्वन्धी विषयमा लेखिएको शास्त्र, धनको विवेचना गरिएको शास्त्र, अर्थशास्त्रसम्वन्धी ग्रन्थ, चाडक्यको अर्थशास्त्र ।

अर्थशास्त्री (वि) अर्थशास्त्रमस्य अस्तीति *(अर्थशास्त्र सम्वन्धी कुरामा ज्ञान छ यसको)* अर्थशास्त्र+इनि (इन्), अर्थशास्त्रिन्= अर्थशास्त्री ।

शब्दार्थ- अर्थशास्त्रको ज्ञाता, अर्थशास्त्रको विशेषज्ञ, अर्थशास्त्रमा दखल भएको ।

अर्थसचिवः (ना./पुं.) अर्थः अर्थविभागस्तस्य सचिवः *(अर्थविभागको सचिव)* ष.त.स.= अर्थसचिव ।

शब्दार्थ- अर्थविभाग वा मन्त्रालयको सचिव, अर्थसम्वन्धी नीति-नियम कार्यान्वयनका लागि नियुक्त विशिष्ट श्रेणीको अधिकृत ।

अर्थसिद्धिः (ना./स्त्री) अर्थस्य प्रयोजनस्य सिद्धिः *(अर्थ या प्रयोजनको सिद्धि)* ष.त.स.= अर्थसिद्धि ।

शब्दार्थ- कुनै प्रयोजनको सिद्धि, मतलव पूरा हुने काम, आफ्नो उद्देश्यको परिपूर्ति हुने काम ।

अर्थागमः (ना./पुं.) अर्थस्य आगमः *(धनको प्राप्ति)* ष.त.स. =अर्थागम ।

शब्दार्थ- धनप्राप्ति, आम्दानी हुने स्थिति वा अवस्था, अर्थ प्राप्ति हुने परिस्थिति ।

अर्थानुवादः (ना./पुं.) अर्थस्य अनुवादः *(अर्थको अनुवाद)* ष.त.स.= अर्थानुवाद ।

शब्दार्थ-भाषान्तरण, अर्थको अनुवाद, अर्थको मात्र उल्था,

अर्थान्तरम् (ना./न.) अन्यः अर्थः *(अर्को अर्थ)* अर्थ+ अन्तरम्, म.व्य.स.[1], दीर्घ= अर्थान्तर ।

शब्दार्थ-शब्दको मुख्य अर्थ छाडेर अर्को अर्थ निकाल्ने काम, अन्य-अभिप्राय, अन्य-प्रयोजन, अर्को अर्थ ।

अर्थालङ्कारः (ना./पुं.) अर्थात् जनितश्चासौ अलङ्कारश्च *(अर्थबाट ध्वनित हुने अलङ्कार)* क.त.स., उ.प.लोप =अर्थालङ्कार ।

अथवा अर्थे विद्यमानश्चासौ अलङ्कारश्च *(अर्थमा रहने अलङ्कार)* क.त.स., उ.प.लोप, दीर्घ= अर्थालङ्कार ।

शब्दार्थ- अर्थमा रहने अलङ्कार, अर्थको महत्त्व प्रकट गर्ने अलङ्कार, काव्यमा अर्थको चमत्कार पैदा गर्ने अलङ्कार, अर्थको विशेषता देखाउने अलङ्कार ।

अर्थावनतिः (ना./स्त्री) अर्थस्य अवनतिः *(अर्थको अवनति)* ष.त.स.= अर्थावनति ।

शब्दार्थ- उत्कृष्ट अर्थ बुझाउने शब्दले तल्लो तहको निकृष्ट अर्थ बुझाउने भाषिकप्रक्रिया ।

उदा. **पहिले 'लिङ्ग' शब्दले कुनै लक्षण या चिन्हलाई बुझाउँथ्यो, आजभोलि पुरुषको जननेन्द्रियलाई बुझाउँछ**

अर्थी (वि.) अर्थः प्रयोजनं कामना अस्य अस्ति वा अर्थः विद्यते अस्येति *(अर्थको कामना छ यसको, सम्पत्ति छ यसको)* अर्थ+इनि[2] (इन्), अर्थिन्= अर्थी ।

अथवा अवश्यम् अर्थयते इति *(अवश्य नै कामना गर्छ)* अर्थ उपयाञ्चायाम् (चुरा.) धातु, अर्थ्+णिनि[3] (इन्), अर्थिन्= अर्थी ।

शब्दार्थ- धनको चाहना गर्ने, माग्ने, आकाङ्क्षा गर्ने, अभिलाषा गर्ने, धनी, याचक, अर्थाकाङ्क्षी ।

अर्थोत्कर्षः (ना./पुं.) अर्थस्य उत्कर्षः *(अर्थको उत्कर्ष या वृद्धि)* ष.त.स., गुण = अर्थोत्कर्ष ।

शब्दार्थ- कुनै शब्दको अर्थमा पहिलेको भन्दा वृद्धि हुने क्रिया, शब्दको अर्थमा उत्कर्षता प्राप्त हुने काम, तल्लो तहको अर्थ बुझाउने शब्दले उच्चतहको अर्थ बुझाउने काम ।

उदा. **पहिले दमै, सार्की, कामी तुच्छ र हेय थिए, तर आजभोलि यिनीहरू निकृष्ट र हेय छैनन् ।**

अर्थोन्नतिः (ना./स्त्री) अर्थस्य उन्नतिः *(अर्थको उन्नति या वृद्धि)* ष.त.स., गुण= अर्थोन्नति ।

शब्दार्थ- साधारण अर्थ दिने शब्दले उच्च कोटिको अर्थ बुझाउने प्रक्रिया ।

उदा. **पहिले 'कैदी' भन्नाले डाका, चोर, लुटाहा मात्र बुझिन्थ्ये तर आजभोलि राजनीतिक बन्दीलाई पनि बुझाउँने हुँदा बन्दीजीवन गौरवपूर्ण पनि मानिन्छ**

अर्थ्यः (वि.) अर्थादनपेतम् *(अर्थ या धनसम्पत्तिबाट नचुकेको)* अर्थ+यत्[4] (य)= अर्थ्य ।

शब्दार्थ- सम्पत्तिवाट नचुकेको, धनसम्पन्न, धनाढ्य ।

अर्धम्/अर्द्धम् (ना./न.) ऋध्यति, ऋध्नोति अनेन वा *(बढ्छ वा विभाजित हुन्छ यसबाट)* ऋधु वृद्धौ (दिवा./स्वा.) धातु, ऋध्+घञ् (अ), गुण= अर्ध ।

द्वित्व= अर्द्ध ।

शब्दार्थ- आधा, आधा भाग, आधा टुक्रा, आधा खण्ड, शकल, खण्ड ।

अर्द्धचन्द्रः (ना./पुं.) अर्द्धं चन्द्रस्य *(चन्द्रमाको आधा भाग)* ष.त.स.= अर्द्धचन्द्र ।

शब्दार्थ- आधा देखिने चन्द्रमा, अर्द्धेन्दु ।

अर्द्धचन्द्राकारः (ना./पुं.) अर्द्धं चन्द्रस्य *(चन्द्रमाको आधा भाग)* ष.त.स., अर्द्धचन्द्रः । अर्द्धचन्द्रवत् आकारः *(आधा चन्द्रमाको जस्तो आकार)* अर्द्धचन्द्र+आकार, उप.क.त.स., दीर्घ= अर्द्धचन्द्राकार ।

शब्दार्थ- आधा देखिने चन्द्रमाको जस्तो आकृति ।

अर्द्धनारीस्वरः (ना./पुं.) अर्द्धे अर्द्धाङ्गे या नारी, तस्याः ईश्वरः *(आधा भागमा जुन नारी छन्, तिनका ईश्वर)* म.व्य.स.= अर्द्धनारीस्वर ।

शब्दार्थ- शिवपार्वती, उमामहेश्वर ।

---

[1] मयूरव्यंसकादयश्च : म.व्य.स

[2] अत इतिठनौ : इनि

[3] आवश्यकाधमर्ण्ययोर्णिनि : णिनि

[4] धर्मपथ्यर्थ्यन्यायादनपेते : यत्

अर्धरात्रः (ना./पुं.) अर्धं रात्रेः *(रात्रीको आधा)* एकदेशी.त.स., अर्धरात्री+अच्[1] (समासान्त) =अर्धरात्र ।

शब्दार्थ- आधारात, मध्यरात, रात्रीको आधा भाग ।

अर्धेन्दुः (ना./पुं.) अर्धश्चासौ इन्दुश्च *(अर्ध चन्द्रमा)* क.त.स., गुण= अर्धेन्दु ।

शब्दार्थ- अर्धाकार चन्द्रमा, अर्धचन्द्रमा ।

अर्पणम् (ना./न.) अर्पणम्, अर्प्यते इति *(अर्पण गरिन्छ)* ऋ गतिप्रापणयोः (भ्वा.) धातु, ऋ+णिचि+ल्युट् (अन), पुगागम, गुण= अर्पण ।

शब्दार्थ- अर्पण गर्ने काम, समर्पण, दान, त्याग ।

अर्पितः (वि.) अर्प्यते स्म इति *(अर्पण गरिएको)* ऋ गतिप्रापणयोः (भ्वा.) धातु, ऋ+णिचि+क्त (त), पुगागम, इडागम, णिलोप, गुण= अर्पित ।

शब्दार्थ- दान दिइएको, समर्पण गरिएको, समर्पित, चढाइएको, अर्पण गरिएको ।

अर्बुदः (ना./पुं.) अरं विन्दतीति *(द्रुतगतिले व्याप्त हुन्छ)* अरपूर्वक उवुन्दर् निशामने (भ्वा.) धातु, अर+वुन्द्+क (अ), पृषोदरादिवाट वर्णागमप्रकियाद्वारा अरका 'अ'को लोप, बुन्दका नको लोप= अर्वुद ।

अथवा अर्वतीति *(फैलन्छ, नष्ट गर्छ)* अर्व गतौ वा अर्व हिंसायाम् (भ्वा.) धातु, अर्व्/अर्व्+विच्, अर्व्/अर्व् । तस्मै उदेति इण् गतौ (अदा.) धातु, अर्व्/अर्व्+उद्+इण्+ड (अ), टिलोप, अर्वका वको ब (व र बको अभेदसम्बन्ध हुँदा)= अर्बुद ।

अर्बुदोमांसकीलोऽस्त्री पुरुषे दशकोटिषु ।

महीधरविशेषे च- इति मेदिनी

शब्दार्थ- असाध्य रोग, क्यान्सर, वात तथा पित्त र कफ, रक्त एवम् मांस र मेदवाट उत्पन्न भई फैलिने रोग, गाँठो वन्ने रोग, दश करोडको सङ्ख्या, पर्वतविशेष ।

अर्भः (ना./पुं.) ऋच्छतीति *(गतिशील बन्छ)* ऋ गतिप्रापणयोः (भ्वा.)धातु, ऋ+भ, उणा., गुण=अर्भ ।

शब्दार्थ- वालक, शिशु, शावक ।

अर्भकः (ना./पुं.) ऋच्छतीति *(गतिशील बन्छ)* ऋ गतिप्रापणयोः (भ्वा.) धातु, ऋ+भ, उणा., गुण, अर्भः । अर्भ एव *(शिशु नै)* अर्भ+कन् (क), स्वार्थमा =अर्भक । अथवा ऋध्यते वृद्धिः प्राप्यते *(वृद्धि प्राप्त गर्नु)* वा ऋध्नोति वृद्धिं प्राप्नोतीति *(ऋद्धि प्राप्त गर्छ)* ऋधु वृद्धौ (स्वा.) धातु, ऋध्+ वुन्[2] (अक), उणा., धको भ, गुण= अर्भक ।

शब्दार्थ- शिशु, वालक, वच्चा ।

अभ्यर्चनीयः (वि.) अभ्यर्चितुं योग्यः *(पूजा गर्न लायक)* अभिपूर्वक अर्च पूजायाम् (भ्वा.) धातु, अभि+अर्च्+अनीय (र्), यण्= अभ्यर्चनीय ।

शब्दार्थ- पूजा गर्न लायक, पूज्य, पूजा गर्न योग्य ।

अर्यः (ना./पुं.) अर्यते इति *(श्रेष्ठ गनिन्छ)* ऋ गतिप्रापणयोः (भ्वा.) धातु, ऋ+यत्[3] (य), गुण= अर्य ।

शब्दार्थ- स्वामी, मालिक, वैश्य, श्रेष्ठ ।

अर्यमा (ना./पुं.) अर्यं श्रेष्ठं मिमीते *(श्रेष्ठ मापन हुन्छ)* अर्यपूर्वक माङ् माने शव्दे च (जुहो.) धातु, अर्य+मा+कनिन् (अन्), आलोप, अर्यमन्= अर्यमा ।

शब्दार्थ- सूर्य, आदित्य, रवि, विभाकर, पितृहरूमा सर्वश्रेष्ठ ।

अर्याणी (ना./स्त्री) अर्या स्त्री *(अर्या जाति स्त्री)* अर्या+ङीप् (आनुक्), णत्व= अर्याणी ।

शब्दार्थ- वैश्य स्त्रीजाति, अर्याजाति स्त्री ।

अर्वाचीनः (वि.) ऋच्छतीति *(अगाडि बढ्छ)* ऋ गतिप्रापणयोः (भ्वा.) धातु, ऋ+वनिप्[4] (वन्), गुण, अर्वन्, अथवा अर्वतीति *(शीघ्रगतिले हिड्छ)* अर्व गतौ (भ्वा.) धातु, अर्व्+कनिन् (अन्), उणा., अर्वन् । अर्वन्तमञ्चतीति *(अगाडिभन्दा अझ अगाडि बढ्छ)* अर्वपूर्वक अञ्चु गतिपूजनयोः (भ्वा.) धातु, अर्व+अञ्च्+क्विप्, सर्वलोप, नलोप, अर्वाच् । अर्वाक् भवः *(पछि भएको, अहिलेको)* अर्वाच्+ख[5] (ईन)= अर्वाचीन ।

शब्दार्थ- आधुनिक, वर्तमान समयको, हालैको, नवीन, नयाँ ।

अर्हः (वि.) अर्हतीति *(योग्य हुन्छ)* अर्ह पूजायाम् (भ्वा.) धातु, अर्ह+अच् (पचादि)= अर्ह ।

शब्दार्थ- योग्य, उपयुक्त, पूज्य, आदर गर्न योग्य ।

अर्हणम् (ना./न.)/**अर्हणा** (ना./स्त्री.) अर्ह्यते इति *(पूजा गरिन्छ)* अर्ह पूजायाम् (भ्वा.) धातु, अर्ह्+ल्युट् (अन)=अर्हण ।

अर्ह्+युच् (अन), बहुलप्रकारले उणा., टाप् (आ), णिलोप, णत्व= अर्हणा ।

शब्दार्थ- पूजा, अर्चना, उपासना, सम्मानजनक-व्यवहार ।

अलकाधिपः (ना./पुं.) अलकायाः अधिपः *(अलकापुरीको स्वामी)* ष.त.स.= अलकाधिप ।

शब्दार्थ- कुवेर, यक्षपति, धनद ।

अलङ्करणम् (ना./न.) अलङ्क्रियते इति *(अलङ्कार गरिन्छ)* अलम्पूर्वक डुकृञ् करणे (तना.) धातु, अलम्+कृ+ल्युट् (अन), गुण, णत्व, परसवर्ण= अलङ्करण ।

शब्दार्थ- आभूषण, गहना, अलङ्कार, सजावट, सजाउने काम, शृङ्गार ।

---

[1] अहसर्वैकदेश... अच्

[2] अर्भकपृथुकपाका वयसि... : वुन्, धको भ अन्तादेश निपातन

[3] अर्यः स्वामिवैश्ययोः : यत्

[4] अन्येभ्योऽपि दृश्यन्ते ३/२/७५ : वनिप्

[5] विभाषाञ्चेरदिक्स्त्रियाम् : ख

अलङ्करणीयः (वि.) अलङ्कर्तुं योग्यः *(अलङ्कार गर्न योग्य)* अलम्पूर्वक डुकृञ् करणे (तना.) धातु, अलम्+कृ+ अनीय (र्), गुण, णत्व= अलङ्करणीय ।

शब्दार्थ- अलङ्कार्य, सिँगार्न लायक, अलङ्कार पहिरन योग्य, अलङ्कार लगाउन उपयुक्त ।

अलङ्कर्ता (वि.) अलङ्करोतीति *(अलङ्कार लगाउँछ)* अलम्पूर्वक डुकृञ् करणे (तना.) धातु, अलम्+कृ+ तृच् (तृ), गुण, परसवर्ण= अलङ्कर्ता ।

शब्दार्थ- अलङ्कार लगाउने, आभूषण पहिरने ।

अलङ्कारः (ना./पुं) अलङ्करणम्, अलङ्क्रियते इति वा *(अलङ्कार पहिरनु)* अलम्पूर्वक डुकृञ् करणे (तना.) धातु, अलम्+कृ+घञ् (अ), वृद्धि, परसवर्ण=अलङ्कार ।

शब्दार्थ- श्रृङ्गारसामग्री, सजावट, सजाउने प्रक्रिया, गहना, आभूषण, शृङ्गार, शब्द र अर्थमा चमत्कार पैदा गर्ने साहित्यिक अलङ्कार ।

अलङ्कारवादः (ना./पुं.) अलङ्करणमिति *(अलङ्कार गर्नु)* अलम्पूर्वक डुकृञ् करणे (तना.) धातु, अलम्+कृ+ घञ् (अ), वृद्धि, अलङ्कारः । अलङ्कारः उद्यते इति *(अलङ्कार मुख्य छ भनी बताइन्छ)* अलङ्कारपूर्वक वद व्यक्तायां वाचि (भ्वा.) धातु, अलङ्कार+वद्+घञ् (अ), वृद्धि= अलङ्कारवाद ।

शब्दार्थ- अलङ्कार नै काव्यको मुख्य तत्त्व हो भन्ने वाद वा सिद्धान्त, अलङ्कारलाई मुख्य ठान्ने विचार वा अभिमत वा धारणा ।

अलङ्कारवादी (वि.) अलङ्कारवादः अस्यास्तीति *(अलङ्कारवादलाई मुख्य ठान्ने मत वा विचार छ यसको)* अलङ्कारवाद+इनि (इन्), अलङ्कारवादिन्= अलङ्कारवादी

शब्दार्थ- अलङ्कारवादलाई प्रमुख ठान्ने, अलङ्कारलाई काव्यको मुख्य तत्त्व मान्ने, अलङ्कार प्राधान्यवादी, अलङ्कारवादको अनुयायी वा समर्थक ।

अलङ्कार्यः (वि.) अलङ्कर्तुं योग्यः *(अलङ्कार लगाउन योग्य)* अलम्पूर्वक डुकृञ् करणे (तना.) धातु, अलम्+ कृ+ ण्यत्[1] (य), वृद्धि, परसवर्ण= अलङ्कार्य ।

शब्दार्थ- अलङ्कार लगाउन योग्य, सिंगार्न लायक, अलङ्कारले सजाउन लायक ।

अलङ्कृतः (वि.) अलङ्क्रियते स्म इति *(अलङ्कार पहिरिएको)* अलम्पूर्वक डुकृञ् करणे (तना.) धातु, अलम्+कृ+ क्त (त), परसवर्ण= अलङ्कृत ।

शब्दार्थ- अलङ्कारले सजिएको, आभूषणले सिंगारिएको, अलङ्कार वा गहना लगाएको, आभूषण पैरिएको ।

अलङ्कृतिः (ना./ स्त्री.) अलङ्क्रियते इति *(अलङ्कार लगाइन्छ)* अलम्पूर्वक डुकृञ् करणे (तना.) धातु, अलम्+कृ+क्तिन् (ति)= अलङ्कृति ।

शब्दार्थ- सजावट, आभूषण, शृङ्गार, साहित्यिक अलङ्कार ।

अलक्षणम् (ना./न./वि.) लक्ष्यते इति *(राम्रो देखिन्छ)* लक्ष दर्शनाङ्कनयोः (चुरा.) धातु, लक्ष्+ल्युट् (अन), लक्षणम् ।

अथवा लक्ष्+न[1] (उणा.), अडागम, णत्व, लक्षणम् । न लक्षणम् *(राम्रो लक्षणको अभाव)* न.त.स. अथवा अविद्यमानः लक्षणं यस्य *(जसको लक्षण राम्रो छैन)* न.ब.स.= अलक्षण ।

शब्दार्थ- खराब लक्षण, कुलक्षण, दुर्लक्षण, खराब चिन्ह, नराम्रो लक्षण भएको, लक्षणहीन, खराब लक्षणले युक्त ।

अलक्षितः (वि.) लक्ष्यते स्म इति *(राम्रो देखिएको)* लक्ष दर्शनाङ्कनयोः (चुरा.) धातु, लक्ष्+क्त (त), इडागम, लक्षितः । न लक्षितः *(राम्रो नदेखिएको)* न.त.स. =अलक्षित ।

शब्दार्थ- राम्रो नदेखिएको, लक्षित नभएको, अदृष्ट, अनवलोकित, प्रकट नभएको ।

अलक्ष्मीः (ना./स्त्री.) लक्षयति पश्यतीति वा *(राम्रो लक्षण देख्छ, हेर्छ)* लक्ष दर्शनाङ्कनयोः (चुरा.) धातु, लक्ष+ई[2], मुडागम, उणा., णिलोप, लक्ष्मीः । न लक्ष्मीः *(राम्रो लक्षण नभएकी)* न.त.स.= अलक्ष्मी ।

स्याददक्ष्मीस्तु निर्ऋतिः- इत्यमरः

शब्दार्थ- खराब आचरणकी नारी, अलच्छिनी, नरकका देवता- निर्ऋति, गरिबी, निर्धनता ।

अलक्ष्यः (वि.) लक्ष्यते लक्षितुं योग्यः इति वा *(देखिन्छ, लक्ष्य गर्न योग्य)* लक्ष आलोचने (चुरा.) धातु, लक्ष्+ण्यत् (य), लक्ष्यः । न लक्ष्यः *(नदेखिने, लक्ष्य गर्न नसकिने)* न.त.स.= अलक्ष्य ।

शब्दार्थ- अदृश्य, ज्ञानरहित, चिन्हरहित, उद्देश्यविहीन, लक्ष्य गर्न नसकिने ।

अलङ्घनीयः (वि.) लङ्घितुं शक्यः *(नाघ्न सकिन्छ)* लघि गतौ (भ्वा.) धातु, लङ्घ्+अनीय (र्), लङ्घनीयः । न लङ्घनीयः *(नाघ्न नसकिने)* न.त.स. = अलङ्घनीय ।

शब्दार्थ- नाघ्न नसकिने, लङ्घन गर्न अनुपयुक्त, उल्लङ्घन गर्न नसकिने, अतिक्रमण गर्न नहुने ।

अलङ्घ्यः (वि.) लङ्घितुं शक्यः *(नाघ्न सकिन्छ)* लघि गतौ (भ्वा.) लङ्घ्+ण्यत्[3] (य), लङ्घ्यः । न लङ्घ्यः *(नाघ्न नसकिने)* न.त.स.= अलङ्घ्य ।

शब्दार्थ- नाघ्न नसकिने, उल्लङ्घन गर्न नसकिने ।

अलभ्यः (वि.) लभ्यते, लब्धुं योग्यः वा *(पाउन योग्य)* डुलभष् प्राप्तौ (भ्वा.) धातु, लभ्+यत्[4] (य), लभ्यः । न लभ्यः *(पाउन अयोग्य)* न.त.स. = अलभ्य ।

शब्दार्थ- पाउन नसकिने, अप्राप्य, प्राप्त गर्न नसकिने, दुर्लभ ।

उदा. **पायो मानिसले अलभ्य प्रतिभाको जन्मदै सम्बल-**
भृ.ख.का. ३/२७

---

[1] **लक्षेरट्... : न, अडागम**

[2] **लक्षेर्मुट् च : ई प्रत्यय, मुडागम**

[3] **ऋहलोर्ण्यत् : ण्यत्**

[4] **पोरदुपधात् : यत्**

अलम्पटः (वि.) रमते इति *(रम्छ, लोलुप हुन्छ)* रमु क्रीडायाम् (भ्वा.) धातु, रम्+अटन्[1] (अट), पुक्, रको ल, लम्पटः । न लम्पटः *(लुब्ध नहुने)* न.त.स. =अलम्पट ।

शब्दार्थ- लालायित नहुने, कुनै कुरामा लम्पट नहुने, शुद्ध चरित्र भएको, लोलुप नहुने, लुब्ध नहुने ।

अलसः (वि.) न लसतीति *(फुर्तिलो हुँदैन)* लस श्लेषण-क्रीडनयोः (भ्वा.) धातु, न+लस्+अच् (पचादि) न.त.स.= अलस ।

आलस्यः शीतकोऽलसोऽनुष्णः- इत्यमरः

शब्दार्थ-अल्छी, निष्क्रिय, फुर्तिहीन, सुस्त, आलस्ययुक्त ।

अलिः (ना./पुं.) ऋच्छतीति *(घुम्छ)* ऋ गतौ (भ्वा.) धातु, ऋ+इ, उणा., गुण, अरि, रको ल, (र तथा लको अभेद सम्बन्ध हुँनाले)= अलि ।

शब्दार्थ- भँवरो, भ्रमर, भृङ्ग, मधुकर, मदिरा, विच्छी ।

अलिङ्गः (वि.) लिङ्ग्यतेऽनेन इति *(चिन्हित भइन्छ यसबाट)* लिगि गत्यर्थे (भ्वा.) धातु, नुम्, लिङ्ग्+घञ् (अ), लिङ्गः । न विद्यमानः लिङ्गः चिन्हं यत्र *(जहाँ चिन्ह छैन)* न.ब.स.= अलिङ्ग ।

शब्दार्थ- चिन्हरहित, कुनै विशेष चिन्ह नभएको, लिङ्गरहित ।

अलिखितः (वि.) लिख्यते स्म इति *(लेखिएको)* लिख अक्षर- विन्यासे (तुदा.) धातु, लिख्+क्त (त), इडागम, लिखितः । न लिखितः *(नलेखिएको)* न.त.स.=अलिखित ।

शब्दार्थ- नलेखिएको, लिखितरूपमा नरहेको, लिपिवद्ध नगरिएको ।

अलेख्यः (वि.) लिखितुं योग्यः *(लेख्न लायक)* लिख अक्षरविन्यासे (तुदा.) धातु, लिख्+ण्यत् (य), गुण, लेख्यः । न लेख्यः *(लेख्न योग्य नभएको)* न.त.स. =अलेख्य ।

शब्दार्थ- अङ्कित गर्न अनुपयुक्त, लेख्न अयोग्य, अलेखनीय ।

अलोभः (ना./पुं.) न लोभः *(लोभको अभाव)* न.त.स. =अलोभ ।

शब्दार्थ- लोभको अभाव, लोभ नगर्ने काम ।

अलोभी (वि.) लोभः अस्ति अस्य *(लोभ छ यसको)* लोभ+इनि (इन्), लोभी । न लोभी *(लोभी नभएको)* न.त.स.= अलोभी ।

शब्दार्थ- लोभी नभएको, लोभ नगर्ने, उदार ।

अलोलुपः (वि.) गर्हितुं, लुम्पति लुप्यतीति वा *(निन्दित हुने गरी लुब्ध हुन्छ)* लुप विमोहने (दिवा.) वा लुप्लृ क्षेदने (तुदा.) धातु, लुप्+यङ्[2] (य), द्वित्व, गुण, लोलुप्य (यङन्त धातु) । लोलुप्यते इति *(बारम्बार अत्यन्तै लालायित हुन्छ)* लोलुप्य+अच् (पचादि), 'य'को लुक्, लोलुपः । न लोलुपः *(लुब्ध नभएको)* न.त.स.= अलोलुप ।

शब्दार्थ- लालयित नहुने, नलोभिने, लुब्ध नहुने ।

अलोलुपत्वम् (ना./न.) अलोलुपस्य भावः *(लुब्ध नहुनाको भाव वा अवस्था)* अलोलुप+त्व = अलोलुपत्व ।

शब्दार्थ- अलोलुपता, लुब्ध नहुनाको स्थिति वा अवस्था, लालायित नहुने काम ।

द्रष्टव्य- **लघुत्वमारोग्यमलोलुपत्वं वर्णप्रसादं स्वरसौष्ठवं च गन्धः शुभो मूत्रपुरीषमल्पं योगप्रवृत्तिं प्रथमां वदन्ति ।** अर्थात् शरीर हल्का हुँदै जानु, रोग नहुनु, विषयवासना र भौतिक पदार्थप्रति आसक्त नहुनु, शरीर उज्वल हुँदै जानु, स्वर र वोलीमा मिठास आउनु, शरीरमा सुगन्ध पैदा हुनु, दिसा, पिसाव कम हुनु, योगसाधनाको पहिलो प्रवृत्ति (सिद्धि) हो- श्वेत.उ. २/१३

अलौकिकः (वि.) लोक्यते इति *(देखिन्छ)* लोकृ दर्शने (भ्वा.) धातु, लोक्+घञ् (अ), लोकः । लोके विदितः प्रसिद्धः वा *(लोकमा विदित वा प्रसिद्ध भएको)* लोक+ठञ्[3] (इक), लौकिकः । न लौकिकः *(लोकमा नभएको)* न.त.स.= अलौकिक ।

शब्दार्थ- लोकमा नभएको, लोकमा प्रचलित नभएको, असाधारण, लोकोत्तर, अद्भुत, विलक्षण ।

उदा. **अलि अलौकिक नव्य छ माधुरी- शा.म.का.३/३९**

अल्पः (वि.) अलति, अल्यते वार्यते इति वा *(कम हुन्छ, रोक्नु)* अल भूषणपर्याप्तिवारणेषु (भ्वा.) धातु, अल्+प (अ), वहुलप्रकारले= अल्प ।

शब्दार्थ- थोरै, तुच्छ, नगण्य, अलिकति, कम, झिनो, छोटो ।

अल्पजीवी (वि.) अल्पं जीवतीति *(थोरै वा कम समय बाँच्छ)* अल्प उपपदपूर्वक जीव प्राणधारणे (भ्वा.) धातु, अल्प+जीव्+णिनि[4] (इन्)= अल्पजीवी ।

शब्दार्थ- थोरै समय वाँच्ने, अल्पायु भएको ।

अल्पज्ञः (वि.) अल्पं जानातीति *(थोरै जान्दछ)* अल्प उपपदपूर्वक ज्ञा अवबोधने (क्र्या.) धातु, अल्प+ज्ञा + क (अ)= अल्पज्ञ ।

शब्दार्थ- थोरै जान्ने, कम ज्ञान भएको, अलिकति ज्ञान भएको ।

अल्पतनुः (वि.) अल्पा तनुर्यस्य *(सानो छ शरीर जसको)* ब.स.= अल्पतनु ।

शब्दार्थ- सानो शरीर भएको, छोटो शरीर भएको, कृशतनु, झिनो शरीरको, दुब्लो ।

अल्पतमः (वि.) अयमेषामतिशयेन अल्पः *(यो यिनीहरूमा ज्यादै अल्प वा थोरै)* अल्प+तमप् (तम)= अल्पतम ।

शब्दार्थ- ज्यादै थोरै, ज्यादा कम भएको ।

---

[1] शकादिभ्योऽटन् : अटन्

[3] लोकसर्वलोकाट्ठञ् : ठञ्

[2] लुपसदचरजप... : यङ्

[4] नन्दिग्रहि... : णिनि

अल्पतरः (वि.) अयमनयोरतिशयेनः अल्पः *(यो यी दुईमा निकै कम वा अल्प)* अल्प+तरप् (तर)= अल्पतर ।

शब्दार्थ- निकै थोरै, अलिकति कम ।

अल्पदृष्टिः (वि.) अल्पा दृष्टिर्यस्य *(थोरै छ दृष्टि जसको)* ब.स.= अल्पदृष्टि ।

शब्दार्थ-थोरै दृष्टि भएको, दूरदर्शी नभएको, अदूरदर्शी ।

अल्पप्राणः (ना./पुं.) अल्पश्चासौ प्राणश्च *(कम श्वास)* क.त.स.= अल्पप्राण ।

शब्दार्थ- थोरै श्वास, कम श्वास निस्कने ध्वनि, प्रथम तृतीय र पञ्चम वर्गका ध्वनि वा अक्षर, य र ल व ध्वनिहरू ।

अल्पबुद्धिः (वि.) अल्पा वुद्धिर्यस्य *(थोरै छ बुद्धि जसको)* ब.स.= अल्पबुद्धि ।

शब्दार्थ- थोरै बुद्धि भएको, अर्कोभन्दा कम बुद्धि भएको ।

अल्पभाषी (वि.) अल्पं भाषितुं शीलमस्य *(थोरै बोल्ने शील या कला छ जसको)* अल्पपूर्वक भाष व्यक्तायां वाचि (भ्वा.) धातु, अल्प+भाष्+णिनि[1] (इन्)=अल्पभाषी ।

शब्दार्थ- थोरै वोल्ने, कम वोल्ने, मितभाषी ।

अल्पमतः (वि./ना./न.) अल्पं मतं यस्य *(थोरै छ मत जसको)* ब.स.= अल्पमत ।

अथवा अल्पञ्च तत् मतञ्च *(अल्पमत, थोरै मत)* क.त.स.= अल्पमत ।

शब्दार्थ- कम मत पाएको, अल्पमत, थोरै मत ।

अल्पमतिः (वि.) अल्पा मतिर्यस्य *(थोरै छ मति वा बुद्धि जसको)* ब.स.= अल्पमति ।

शब्दार्थ- दुर्वल बुद्धि भएको, कम बुद्धि भएको ।

अल्पवयस्कः (वि.) अल्पं वयः यस्य *(कम छ उमेर जसको)* ब.स., समासान्त कप्= अल्पवयस्क ।

शब्दार्थ- सानै उमेरको, कम उमेरको, उमेर नपुगेको, नाबालक, केटाकेटी अवस्थाको ।

अल्पवादी (वि.) अल्पं वदितुं शीलमस्येति *(थोरै बोल्ने शील या कला छ यसको)* अल्प उपपदपूर्वक वद व्यक्तयां वाचि (भ्वा.) धातु, अल्प+वद्+णिनि (इन्), वृद्धि, अल्पवादिन्= अल्पवादी ।

शब्दार्थ- थोरै वोल्ने, मितभाषी, अल्पभाषी ।

अल्पविकसितः (वि.) अल्पश्चासौ विकासश्च *(थोरै विकास)* क.त.स, अल्पविकासM। अल्पविकासः सञ्जातः अस्य *(थोरै विकास भएको छ यसको)* अल्पविकास+ इतच्[2] (इत)Öअल्पविकसित ।

शब्दार्थ- थोरै विकास भएको, अलिकति मात्र विकास भएको, कम विकसित ।

अल्पविरामः (ना./पुं.) अल्पश्चासौ विरामश्च *(कमसमयमा विश्राम)* क.त.स.= अल्पविराम ।

शब्दार्थ- पादविराम, थोरै समय रोकिने काम, कुनै शब्द वा पदावली वा वाक्यांशलाई छुट्याउँदा प्रयोग गरिने चिन्ह (,) ।

अल्पशः (अव्य.) अल्पानि ददाति *(थोरै दिन्छ)* अल्प+शस् (श), रुत्व, विसर्ग, अल्पशः= अल्पश ।

शब्दार्थ- अलिअलि गरेर, कम कम वा थोरै थोरै गरेर ।

अल्पसङ्ख्यकः (वि.) सङ्ख्यायते इति *(गणना गरिन्छ)* सम्पूर्वक ख्या प्रकथने वा चक्षिङ् व्यक्तायां वाचि ख्याञादेश (अदा.) धातु, सम्+ख्या+अङ्[3] (अ)+टाप् (आ), सङ्ख्या । अल्पा सङ्ख्या यस्य *(थोरै छ सङ्ख्या जसको)* ब.स., कप्, समासान्त, ह्रस्व=अल्पसङ्ख्यक । अथवा सम्+ख्या+क (अ), आलोप, सङ्ख्यः । सङ्ख्य एव *(सङ्ख्या नै)* सङ्ख्य+कन् (स्वार्थमा), सङ्ख्यकः । अल्पः सङ्ख्यकः यत्र *(थोरै छ सङ्ख्या जसमा)* ब.स. =अल्पसङ्ख्यक ।

शब्दार्थ- थोरै सङ्ख्या भएको, कम सङ्ख्या भएको, अल्पसङ्ख्या भएको ।

अल्पायुः (वि.) अल्पः आयुर्जीवनकालः यस्य *(अल्प छ आयु जसको)* अल्प+आयु, ब.स., दीर्घ= अल्पायु ।

शब्दार्थ- कम आयु भएको, थोरै वाँच्ने, थोरै आयुको ।

अल्पार्थकः (वि.) अल्पः अर्थः यस्य *(थोरै छ अर्थ जसको)* अल्प+अर्थ, ब.स. कप्, समासान्त, दीर्घ= अल्पार्थक । अथवा अल्पं अर्थयते इति *(थोरै अर्थ बुझाउँछ)* अल्प उपपदपूर्वक अर्थ उपयाञ्चायाम् (चुरा.) धातु, अल्प+ अर्थ्+ण्वुल् (अक), अल्प+अर्थक, दीर्घ= अल्पार्थक ।

शब्दार्थ- थोरै अर्थ वुझाउने, अलिकति अर्थ वुझाउने, सङ्क्षिप्त अर्थ वुझाउने, सङ्क्षेपार्थक (शव्द) ।

अल्पावकाशः (ना./पुं.) अवकाश्यते इति *(अवकाश दिनु)* अवपूर्वक काशृ दीप्तौ (भ्वा./दिवा.) धातु, अव+काश्+घञ् (अ), अवकाशः । अल्पश्चासौ अवकाशश्च *(थोरै अवकाश)* क.त.स.= अल्पावकाश ।

शब्दार्थ- थोरै फुर्सत, थोरै छुट्टी, थोरै अवकाश ।

अल्पावधिः (ना./पुं) अवधीयते इति *(अवधि या सीमा निर्धारण गरिन्छ)* अव उपसर्गपूर्वक डुधाञ् धारण-पोषणयोः (जुहो.) धातु, अव+धा+कि (इ), आलोप, अवधिः । अल्पश्चासौ अवधिश्च *(थोरै अवधि)* क.त.स., दीर्घ= अल्पावधि ।

शब्दार्थ- थोरै समय, कम अवधि, छोटो अवधि ।

अल्पाहारी (वि.) अल्पं स्तोकमाहर्तुं शीलमस्य *(थोरै खाने शील वा बानी छ यसको)* अल्प उपपदमा हुने आङ् उपसर्गपूर्वक हृञ् हरणे (भ्वा.) धातु, अल्प+आ+ हृ+ णिनि[1] (इन्), वृद्धि, दीर्घ, अल्पाहारिन्= अल्पाहारी ।

शब्दार्थ- मिताहारी, थोरै खाने, थोरै भोजन गर्ने, कम खाने,

---

१. सुप्यजातौ... : णिनि

२. तदस्य सञ्जातम्... : इतच्

३. आतश्चोपसर्गे... : अङ्

अव (अव्य.) अवतीति *(गतिशील हुन्छ)* अव रक्षणादौ (भ्वा.) धातु, अव्+अच् (पचादि)= अव ।

शब्दार्थ- शब्द तथा संस्कृत क्रियापदको अगाडि प्रयोग हुने एउटा उपसर्ग, निश्चय, अवज्ञा, अनादर, न्यूनता आदि अर्थ बुझाउने उपसर्ग ।

अवकाश: (ना./पुं) अवकाश्यते इति *(अवकाश वा छुट्टी दिनु)* अवपूर्वक काशृ दीप्तौ (भ्वा./दिवा.) धातु, अव+काश् +घञ् (अ)= अवकाश ।

शब्दार्थ-फुर्सदको समय, विदा, छुट्टी, खाली ठाउँ, अवसर,

अवकीर्ण: (वि.) अवकीर्यते स्म इति *(छरिएको)* अवपूर्वक कॄ विक्षेपे (तुदा.) धातु, अव+कॄ+क्त (त), तको न, इत्व, दीर्घ= अवकीर्ण ।

शब्दार्थ- छरिएको, पोखिएको, फिंजिएको, फैलिएको ।

अवकुण्ठित: (वि.) अवकुण्ठयते स्म इति *(कुण्ठित गरिएको)* अवपूर्वक कुठि प्रतिघाते (भ्वा.) वा कुठि वेष्टने (चुरा.) धातु, अव+कुण्ठ्+क्त (त), इडागम =अवकुण्ठित ।

शब्दार्थ- घेरिएको, ढाकिएको, परिवेष्टित, छोपिएको, रोकिएको, कुण्ठित गरिएको, अवरुद्ध ।

अवखण्डनम् (ना./न.) अवखण्डनम्, अवखण्डयते इति *(टुक्रयाइन्छ)* अवपूर्वक खडि भेदने (चुरा.) धातु, अव+ खण्ड्+ल्युट् (अन)= अवखण्डन ।

शब्दार्थ- टुक्रा पार्ने काम, काट्ने कार्य, विभाजित गर्ने काम, टुक्रयाउने क्रिया ।

अवगत: (वि.) अवगच्छति स्म, अवगम्यते स्म इति वा *(जानेको वा जानिएको)* अवपूर्वक गम्लृ गतौ (भ्वा.) धातु, अव+गम्+क्त (त), कर्ता र कर्ममा, मलोप =अवगत ।

शब्दार्थ- जाने-बुझेको, जानकारी दिएको, विदित, बुझिएको, ज्ञात ।

अवगुण: (ना./पुं) गुण्यते इति *(गुण गाइन्छ)* गुण आमन्त्रणे (चुरा.) धातु, गुण+घञ् (अ), गुण: । अवगत: गुण: *(गुण नभएको)* प्रा.त.स.= अवगुण ।

शब्दार्थ- दोष, अवगुण, अपराध, खराव गुण, दुर्गुण ।

अवगुम्फनम् (ना./न.) अवगुम्फ्यते इति (गाँसिन्छ) अवपूर्वक गुम्फ ग्रन्थे (तुदा.) धातु, अव+गुम्फ्+ल्युट् (अन)= अवगुम्फन ।

शब्दार्थ- गाँस्ने काम, उन्ने काम, सिउने कार्य, सिलाइ ।

अवचेतन: (वि.) चेतयतीति *(चेतना हुन्छ)* चित सञ्चेतने (चुरा.) धातु, चित्+णिचि+युच् (अन)+टाप् (आ), णिलोप, चेतना । अवगता चेतना यस्य *(जसको चेतना हराएको छ)* ब.स., ह्रस्व= अवचेतन ।

शब्दार्थ- चित्त ठीक नभएको, चेतना हराएको, राम्रो होस नभएको, अवचेतन अवस्थाको ।

अवच्छिन्न: (वि.) अवच्छिद्यते स्म इति *(टुक्रयाइएको)* अवपूर्वक छिदिर् द्वैधीकरणे (रुधा.) धातु, अव+छिद्+क्त (त), तको न, तुक्, श्चुत्व= अवच्छिन्न ।

शब्दार्थ- टुक्रयाइएको, टुक्रिएको, छिन्नभिन्न पारिएको, चुँडालिएको ।

अवच्छेद: (ना./पुं) अवच्छिद्यते इति *(टुक्रयाइन्छ)* अवपूर्वक छिदिर् द्वैधीकरणे (रुधा.) धातु, अव+छिद्+घञ् (अ), गुण, तुगागम, श्चुत्व=अवच्छेद ।

शब्दार्थ- टुक्रयाउने काम, भेदन गर्ने कार्य, भाग, खण्ड, प्रकरण, परिच्छेद, अध्याय ।

अवज्ञा (ना./स्त्री) अवज्ञायते, अवज्ञानमिति वा *(हेला गरिन्छ)* अवपूर्वक ज्ञा अवबोधने (क्र्या.) धातु, अव+ज्ञा+अङ् (अ)+टाप् (आ)= अवज्ञा ।

शब्दार्थ- हेला, तिरस्कार, अवहेलना, निन्दा, आज्ञा नमान्ने काम, अनादर ।

अवज्ञात: (वि.) अवज्ञायते स्म इति *(उपेक्षा गरिएको)* अवपूर्वक ज्ञा अवबोधने (क्र्या.) धातु, अव+ज्ञा+क्त (त)= अवज्ञात ।

शब्दार्थ- तिरस्कृत, अपहेलित, उपेक्षा गरिएको ।

अवज्ञानम् (ना./न.) अवज्ञायते इति *(अवहेलना गरिन्छ)* अवपूर्वक ज्ञा अवबोधने (क्र्या.) धातु, अव+ज्ञा+ल्युट् (अन), भावमा= अवज्ञान ।

शब्दार्थ- अवज्ञा, तिरस्कार, हेला, अनादर ।

अवतरणम् (ना./न.) अवतरणम्, अवतीर्यते इति वा *(अवतार लिनु, ओर्लिन्छ)* अवपूर्वक तॄ प्लवनतरणयो: (भ्वा.) धातु, अव+तॄ+ल्युट् (अन), गुण, णत्व=अवतरण ।

शब्दार्थ- ओर्लने कार्य, तलतिर झर्ने काम, पार हुने क्रिया, अवतार लिने काम, उत्पन्न हुने क्रिया ।

अवतरणिका (ना./स्त्री) अवतरणमत्र अस्तीति *(सार खिचिएको हुन्छ यहाँ)* अवतरण+ठन्[1] (इक), अवतरणिक: । अवतरणिक+टाप् (आ), ककारपूर्वका अकारको इत्व= अवतरणिका ।

शब्दार्थ- कुनै ग्रन्थको सङ्क्षिप्त सार खिची लेखिएको रचना वा भूमिका, प्राक्कथन, प्रस्तावना ।

अवतार: (ना./पुं) अवतरन्ति अत्र *(अवतीर्ण हुन्छन् यहाँ)* अवपूर्वक तॄ प्लवनतरणयो: (भ्वा.) धातु, अव+तॄ + घञ्[2] (अ), अधिकरणमा, वृद्धि= अवतार ।

शब्दार्थ- उदय, प्रारम्भ, प्रकट हुने वा जन्म ग्रहण गर्ने काम, प्रादुर्भाव, देवीदेवताको मनुष्यरूपमा अवतरण, भगवान् विष्णुले विभिन्नरूपमा अवतार ग्रहण गर्ने काम, जस्तै- दश अवतार ।

मत्स्य: कुर्मो वराहश्च नरसिंहश्च वामन: ।
रामो रामश्च कृष्णश्च बुद्ध कल्किश्च ते दश ।

---

[1] अत इनिठनौ : ठन्

[2] अवेस्तृस्त्रोर्घन् : घन्

अवतीर्णः (वि.) अवतरति स्म *(पार भएको)* तॄ प्लवन-तरणयोः (भ्वा.) धातु, अव+तॄ+क्त (त), कर्तामा, तको न, इत्व[1], दीर्घ= अवतीर्ण ।

शब्दार्थ- अवतार लिएको, प्रादुर्भाव भएको, पार लागेको, तलतिर ओर्लेको, तल झरेको ।

अवद्यः (वि.) न वदितुं योग्यः *(बोल्न योग्य नभएको)* वद व्यक्तायां वाचि (भ्वा.) धातु, न+वद्+यत्[2] (य), निपातन= अवद्य ।

शब्दार्थ- गर्हित, निन्दनीय, कलुषित कर्म गर्ने ।

अवधानम् (ना./न.) अवधीयते इति *(ध्यान दिइन्छ)* अवपूर्वक डुधाञ् धारणपोषणयोः (जुहो.) धातु, अव+धा+ल्युट् (अन)= अवधान ।

शब्दार्थ- एकाग्रता, सावधानी, लगनशीलता, सतर्कता, ध्यान, चित्तको स्थिति, चित्तको स्थिरता ।

अवधारणम् (ना./न.) अवधार्यते इति *(निर्धारण गरिन्छ)* अवपूर्वक धृञ् धारणे (भ्वा.) धातु, अव+धृ+णिचि+ल्युट् (अन), वृद्धि, णिलोप= अवधारण ।

शब्दार्थ- निश्चय, निर्धारण, सीमा, निश्चित गर्ने क्रिया, कुनै कुरा पुष्टि गर्ने काम, निक्यौल ।

अवधारणा (ना./स्त्री) अवधार्यते इति *(निर्धारण गरिन्छ)* अवपूर्वक धृञ् धारणे (भ्वा.) धातु, अव+धृ+णिचि+युच्[3] (अन)+टाप् (आ), णिलोप= अवधारणा ।

शब्दार्थ- निर्धारण, निश्चय गर्ने क्रिया, पुष्टि गर्ने काम, निक्यौल, निश्चय, निधो ।

अवधार्यः (वि.) अवधार्यते इति *(अवधारण गरिन्छ)* अवपूर्वक धृञ् धारणे (भ्वा.) धातु, अव+धृ+णिचि + ण्यत् (य), वृद्धि, णिलोप= अवधार्य ।

शब्दार्थ- निश्चय गर्न योग्य, निर्धारण गर्न लायक, निक्यौल गर्नुपर्ने ।

अवधिः (ना/पुं.) अवधीयते इति *(सीमा तोकिन्छ)* अवपूर्वक डुधाञ् धारणपोषणयोः (जुहो.) धातु, अव+धा+कि[4] (इ), आकारलोप= अवधि ।

अवधिस्त्ववधाने स्यात्सीम्नि काले बिले पुमान्- मेदिनी

शब्दार्थ- हद, सीमा, निश्चित समय, मर्यादा, काल ।

अवध्यः (वि.) न वध्यः *(वध गर्न अयोग्य)* न.त.स. =अवध्य ।

शब्दार्थ- मार्न नहुने, मार्न वा वध गर्न अनुचित ।

अवनतः (वि.) अवनमति स्म इति *(झुकेको)* अवपूर्वक णम प्रह्वत्वे शब्दे च (भ्वा.) धातु, अव+नम्+क्त[5] (त), कर्तामा, मलोप= अवनत ।

शब्दार्थ- विनीत, तलझुकेको, निहुरेको, अवनति भएको, तल खसेको ।

अवनतिः (ना./स्त्री) अवनमनम्, अवनम्यते इति वा *(तल खस्नु)* अवपूर्वक णम प्रह्वत्वे शब्दे च (भ्वा.) धातु, अव+नम्+क्तिन् (ति), मलोप= अवनति ।

शब्दार्थ- तल खस्ने काम, लत्रने क्रिया, अधोगति, पतन, विनय, विनम्रता ।

उदा. **उठी भन्छन् राजन् ! विमल यशको नै अवनति-** भृ.ख.का. १/६७

अवनिः/अवनी (ना./स्त्री) अवति जनान्, अव्यते प्रजा *(जनताको परिपालना गर्छ वा गरिन्छ)* अव रक्षण गतिकान्त्यादौ (भ्वा.) धातु, अव्+अनि[6] (उणा.), अवनिः । अवनि+ङीष्[7] (विकल्पले)= अवनी ।

ङीष्को अभावमा= अवनि ।

शब्दार्थ- पृथिवी, भूमि, धरणी, मही, भू ।

अवबोधः (ना./पुं.) अवबोधनम् *(जानिन्छ, बुझिन्छ)* बुध अवगमने (भ्वा./दिवा.) धातु, अव+बुध्+घञ् (अ), गुण= अवबोध ।

शब्दार्थ- बुझ्ने काम, बोध, ज्ञान हुने क्रिया, जागरुक हुने काम ।

अवबोधनम् (ना./न.) अवबोधनम्, अवबुध्यते इति वा *(बुझिन्छ)* बुध अवगमने (भ्वा./दिवा.) धातु, अव+बुध्+ल्युट् (अन)= अवबोधन ।

शब्दार्थ- बुझ्ने काम, जागरण हुने कार्य, ज्ञापन ।

अवभृथः (ना./पुं) अवभ्रियते अनेन *(अभिषेक वा यज्ञान्त स्नान गरिन्छ यसबाट)* अवपूर्वक भृञ् भरणे (भ्वा.) वा डुभृञ् धारणपोषणयोः (जुहो.) धातु, अव+भृ+क्थन्[8] (थ), उणा.= अवभृथ ।

शब्दार्थ- यज्ञानुष्ठानको समाप्तिमा गरिने स्नान वा अभिषेक, यज्ञान्त स्नान, दीक्षान्त स्नान, दीक्षान्त यज्ञ ।

अवमानितः (वि.) अवमान्यते स्म इति *(अपमान गरिएको)* अवपूर्वक मान पूजायाम् (भ्वा./चुरा.) धातु, अव+मान्+क्त (त), इडागम= अवमानित ।

शब्दार्थ- अपमानित, तिरस्कृत, अपहेलित, आदर नगरिएको, अपमान गरिएको ।

अवयवः (ना./पुं) अव यौतीति *(सम्मिश्रण हुन्छ)* अवपूर्वक यु मिश्रणामिश्रणयोः (अदा.) धातु, अव+यु +अच् (पचादि), गुण, अवादेश= अवयव ।

शब्दार्थ- शरीरको कुनै अङ्ग, शरीरका विभिन्न अवयव, भाग, खण्ड, कुनै वस्तुको अंश ।

अवयवी (वि./ना./पुं.) अवयवः अस्यास्तीति *(अवयव छ यसको)* अवयव+इनि[9] (इन्)= अवयवी ।

शब्दार्थ- अवयवधारी, अवयव या अङ्गहरू मिलेर बनेको सिङ्गो शरीर या वस्तु ।

---

[1] ऋत इद्धातोः : इत्

[2] अवद्यपण्यवर्यागर्ह्य... : य निपातन

[3] ण्यासश्रन्थो युच् : युच्

[4] उपसर्गे घोः किः : कि

[5] गत्यर्थाकर्मक... : क्त (कर्तामा)

[6] अर्तिसृधृधृष्य... : अनि

[7] कृदिकारादक्तिनः : ङीष् (विकल्पले)

[8] अवे भृञः : क्वथन्

[9] अत इनिठनौ : इनि

अवरः (वि.) वृणोति, व्रियते इति वा *(वरण गर्छ वा गरिन्छ, श्रेष्ठ बन्छ)* वृञ् वरणे (स्वा.) धातु, वृ+अप् (अ), गुण, वरः। न वरः *(श्रेष्ठ नभएको)* न.त.स. =अवर।

शब्दार्थ-कनिष्ठ, कान्छो, चरम, अन्तिम, पछिल्लो, न्यून।

अवरतिः (ना./स्त्री.) अवरम्यते इति *(विश्राम लिइन्छ)* अवपूर्वक रमु क्रीडायाम् (भ्वा.) धातु, अव+रम्+क्तिन् (ति), नलोप= अवरति।

शब्दार्थ- विश्राम, विराम, निवृत्ति।

अवरवर्णः (ना./पुं.) अवरश्चासौ वर्णश्च *(अन्तिम वर्ण)* क.त.स.= अवरवर्ण।

शब्दार्थ- शूद्र, शूद्रवर्ण, कनिष्ठ वर्ण।

अवरुद्धः (वि.) अवरुध्यते स्म इति *(रोकिएको)* अवपूर्वक रुधिर् आवरणे (रुधा.) धातु, अव+रुध्+क्त (त), तको ध, धको द= अवरुद्ध।

शब्दार्थ- प्रतिवन्धित, रोकिएको, छेकिएको।

उदा. **'उठ' भनीकन भन्न तयार ती**
हृदय कण्ठ पुगी अवरुद्ध छन्- सु.म.का. १०/५२

अवरोधः (ना./पुं.) अवरुध्यते इति *(रोकिन्छ)* अवपूर्वक रुधिर् आवरणे (रुधा.) धातु, अव+रुध्+घञ् (अ) =अवरोध।

अवरोधस्तिरोधाने राजद्वारेषु तद्गृहे- इति मेदिनी

शब्दार्थ- प्रतिवन्ध लाग्ने काम, रोकावट, वाधा, वन्धन, तिरोधान, अन्तःपुर, खोपी, राजस्त्री गृह, रण्डीखाना, खोपी,

अवरोधकः (वि.) अवरुणद्धि इति *(रोक्छ)* अवपूर्वक रुधिर् आवरणे (रुधा.) धातु, अव+रुध्+ण्वुल्[1] (अक) =अवरोधक।

शब्दार्थ- वाधा पैदा गर्ने, रोक्ने, रोकावट गर्ने, वाधक, द्वारे।

अवरोहः (ना./पुं.) अवरुह्यते इति *(ओर्लिन्छ)* अवपूर्वक रुह वीजजन्मनि प्रादुर्भावे च (भ्वा.) धातु, अव+रुह् +घञ् (अ), गुण= अवरोह।

शब्दार्थ- तलतिर झर्ने काम, ओर्लने काम, अवतरण, सङ्गीतको स्वर, निषादवाट क्रमैले गान्धारतिर झर्ने क्रिया।

अवरोहणम् (ना./न.) अवरोहणमिति *(ओर्लनु)* अवपूर्वक रुह वीजजन्मनि प्रादुर्भावे च (भ्वा.) धातु, अव+रुह् +ल्युट् (अन), णत्व= अवरोहण।

शब्दार्थ- तलतिर झर्ने प्रक्रिया, उँधो झर्ने काम, अवतरण, ओर्लने क्रिया।

अवर्गः (वि./ना./पुं.) वर्जनम्, वृज्यते इति वा *(रोकिन्छ, त्यागिन्छ)* वृजी वर्जने (अदा.) धातु, वृज्+घञ् (अ), गुण, कुत्व, वर्गः। न विद्यते वर्गः यत्र *(जहाँ वर्ग छैन)* न.व.स.= अवर्ग।

अथवा अकारस्य वर्गः *(अकारको वर्ग)* ष.त.स.=अवर्ग।

शब्दार्थ- वर्गरहित, वर्गमा नपरेको, छुट्टै अर्को वर्ग, अठारप्रकारका अकारको वर्ग।

अवर्णः (वि./ना./पुं.) वर्ण्यते इति *(रँगाइन्छ)* वर्ण वर्णक्रियाविस्तारगुणवचनेषु वा वर्ण वर्णने (चुरा.) धातु, वर्ण्+घञ् (अ), वर्णः। न विद्यमानः वर्णः यत्र (**जहाँ रङ्ग छैन**) न.ब.स. वा न वर्णः *(वर्णको अभाव)* न.त.स.= अवर्ण।

शब्दार्थ- वर्णरहित, रङ्गहीन, गोत्ररहित, खराव वर्ण वा रङ्ग, वर्णको अभाव।

अवर्णनीयः (वि.) वर्ण्यते, वर्णितुं शक्यः इति वा *(वर्णन गर्न सकिन्छ)* वर्ण वर्णने (चुरा.) धातु, वर्ण्+अनीय (र्), वर्णनीयः। न वर्णनीयः *(वर्णन गर्न नसकिने)* न.त.स.= अवर्णनीय।

शब्दार्थ- वर्णन गर्न लायक नहुने, वर्णन गर्न नसकिने, अवर्ण्य।

अवर्ण्यः (वि.) वर्ण्यते, वर्णितुं शक्यः वा *(वर्णन गर्न सकिन्छ)* वर्ण वर्णने (चुरा.) धातु, वर्ण+ण्यत्[2] (य), वर्ण्यः। न वर्ण्यः *(वर्णन गर्न नसकिने)* न.त.स. =अवर्ण्य।

शब्दार्थ- वर्णन गर्न नसकिने, वर्णन गर्नु नपर्ने, वर्णन गर्न अयोग्य वा लायक नहुने, अवर्णनीय।

अवलम्बः (ना./पुं.) अवलम्ब्यते अस्मिन् *(आश्रय दिइन्छ यसमा)* अवपूर्वक लबि अवस्रंसने वा लबि शब्दे (भ्वा.) धातु, अव+लम्ब्+घञ् (अ)= अवलम्ब।

शब्दार्थ- सहारा, आड, आधार, अड्ने ठाउँ, आश्रय, टेवा।

अवलम्बनम् (ना./न.) अवलम्ब्यते अस्मिन् *(आश्रय दिइन्छ यसमा)* अवपूर्वक लबि अवस्रंसने वा लबि शब्दे (भ्वा.)धातु, अव+लम्ब्+ल्युट् (अन)=अवलम्बन।

शब्दार्थ- आश्रय, आधार, सहारा, आड।

अवलम्बितः (वि.) अवलम्ब्यते स्म इति *(सहारा दिइएको)* अवपूर्वक लबि अवस्रंसने वा लबि शब्दे (भ्वा.) धातु, अव+लम्ब+क्त (त), इडागम= अवलम्बित।

शब्दार्थ-सहारा दिइएको, आश्रित, टेवा दिइएको, आधारित, तल झुण्डिएको।

अवलेखनम् (ना./न.) अवलेखनम्, अवलिख्यते इति वा *(लेखिन्छ)* अवपूर्वक लिख अक्षरविन्यासे (तुदा.) धातु, अव+लिख्+ल्युट् (अन), गुण= अवलेखन।

शब्दार्थ- ताछ्ने काम, रेखा खिच्ने काम, खुर्कने काम, कुँद्ने क्रिया, लेख्ने क्रिया।

अवलेपनम् (ना./न.) अवलिप्यते इति *(लिपिन्छ)* अवपूर्वक लिप उपदेहे (तुदा.) धातु, अव+लिप्+ल्युट् (अन), गुण= अवलेपन।

शब्दार्थ- लिप्ने तथा पोत्ने काम, पाउडर, वुकुवा आदि लेपन गर्ने क्रिया, मालिस गर्ने काम।

---

[1] **ण्वुल्तृचौ : ण्वुल्**

[2] **ऋहलोर्ण्यत् : ण्यत्**

अवलेहः (ना./पुं.) अवलेहनम्, अवलिह्यते इति वा *(चाट्नु)* अवपूर्वक लिह आस्वादने (अदा.) धातु, अव+लिह+घञ् (अ), गुण= अवलेह ।

शब्दार्थ- विभिन्न द्रव्यमिश्रित औषधि चाट्ने काम, महयुक्त चाट्न योग्य औषधि ।

अवलोकनम् (ना./न.) अवलोक्यते इति *(अवलोकन गरिन्छ)* अवपूर्वक लोकृ दर्शने (भ्वा.) धातु, अव+लोक्+ल्युट् (अन)= अवलोकन ।

शब्दार्थ- निरीक्षण, हेर्ने काम, दृष्टि दिने काम, नजर लगाउने काम, नेत्र, आँखा ।

अवलोकितः (वि.) अवलोक्यते स्म इति *(अवलोकन गरिएको)* अवपूर्वक लोकृ दर्शने (भ्वा.) धातु, अव+लोक्+क्त (त), इडागम= अवलोकित ।

शब्दार्थ- देखिएको, हेरिएको, निरीक्षण गरिएको, नजर लगाइएको, पर्यवेक्षण गरिएको ।

अवशिष्टः (वि.) अवशिनष्टि स्म वा अवशेषयति स्म इति वा *(शेष रहेको)* शिष्लृ विशेषणे (रुधा.) वा शिष असर्वोपयोगे (चुरा.) धातु, अव+शिष्+क्त (त), ष्टुत्व =अवशिष्ट ।

शब्दार्थ- बाँकिरहेको, शेष बँचेको, उब्रेको, कुनै कार्यमा प्रयोग गरेर बँचेको, अवशेष रहेको ।

अवशेषः (ना./पुं) अवशिष्यते इति *(शेष रहनु)* अवपूर्वक शिष्लृ विशेषणे (रुधा.) धातु, अव+शिष्+घञ् (अ), गुण= अवशेष ।

शब्दार्थ-बाँकी, शेष, बचत, उपयोग गरेर बाँकिरहेको वस्तु

अवश्यम् (अव्य./वि.) अवश्यायते इति *(निश्चय गरिन्छ)* अवपूर्वक श्यैङ् गतौ (भ्वा.) धातु, अव+श्यै+डमु (अ), बहुलप्रकारले, टिलोप= अवश्य ।

अथवा वष्टुं शक्यमिति *(वश गर्न सकिन्छ)* वश कान्तौ (अदा.) धातु, वश्+यत् (य), वश्यः । न वश्यः *(वश गर्न नसकिने)* न.त.स.= अवश्य ।

शब्दार्थ- निश्चय नै, परिपक्का, अवश्य रूपमा, जरुर, वश गर्न नसकिने, नियन्त्रण गर्न नसकिने ।

अवश्यङ्कारी (वि.) अवश्यं करोतीति *(अवश्य गर्छ)* अवश्यम् उपपदपूर्वक डुकृञ् करणे (तना.) धातु, अवश्यम्+कृ+णिनि[१] (इन्), वृद्धि= अवश्यङ्कारी ।

शब्दार्थ- अवश्य गर्ने, निश्चय नै नगरि-नहुने, अनिवार्य रूपमा गर्ने ।

अवश्यम्भावी (वि.) अवश्यम् भवतीति *(अवश्य हुन्छ)* अवश्यम् उपपदपूर्वक भू सत्तायाम् (भ्वा.) धातु, अवश्यम्+भू+णिनि[१] (इन्), वृद्धि, अवादेश =अवश्यम्भावी ।

शब्दार्थ- परिपक्कै हुने, भविष्यमा कुनै कुरा पक्कै हुने, अवश्य नभइ-नछाड्ने, परिपक्का नै हुने ।

अवसरः (ना./पुं) अवसरणम्, अवस्रियते इति वा *(अवसर मिल्नु)* अवपूर्वक सृ गतौ (भ्वा.) धातु, अव+सृ+अच (एरच्)= अवसर ।

शब्दार्थ- उचित समय वा संयोग, अनुकूल स्थिति, उपयुक्त काल, मौका, उपयुक्त समय ।

अवसानम् (ना./न.) अवसानम्, अवसायते इति वा *(समाप्ति हुनु)* अवपूर्वक षोऽन्तकर्मणि (दिवा.) धातु, सत्व, आत्व, अव+सा+ल्युट् (अन)= अवसान ।

शब्दार्थ- विराम, विश्राम, समाप्ति, शेष, अवशेष, अन्तिम अवस्था, छेउ, विनाश, निधन ।

अवसिक्तः (वि.) अवसिच्यते स्म इति *(सिञ्चन गरिएको)* अवपूर्वक षिच क्षरणे (तुदा.) धातु, सत्व, अव+सिच्+क्त (त)= अवसिक्त ।

शब्दार्थ- सिञ्चन गरिएको, पानी पट्टयाइएको, जल छर्किएको ।

अवसेचनम् (ना./न) अवसेचनम्, अवसिच्यते इति वा *(सिञ्चन गरिन्छ)* अवपूर्वक षिच क्षेरणे (तुदा.) धातु, अव+सिच्+ल्युट् (अन), गुण= अवसेचन ।

शब्दार्थ- सिञ्चन या सेचन गर्ने काम, पानी पटयाउने काम, पानी छर्कने कार्य ।

अवस्थलम् (ना./न.) अवस्थलतीति *(रहन्छ)* अवपूर्वक ष्ठल स्थाने (भ्वा.) धातु, अव+स्थल्+अच् (पचादि) =अवस्थल ।

शब्दार्थ- वसोवास गर्दै आएको ठाउँ, थलो, स्थान, थात,

अवस्था (ना./स्त्री) अवतिष्ठतीति *(रहन्छ)* अवपूर्वक ष्ठा गतिनिवृत्तौ (भ्वा.) धातु, अव+स्था+अङ्[२] (अ), आलोप[३], टाप् (आ)= अवस्था ।

शब्दार्थ- स्थिति, वस्तुस्थिति, हालत, दशा, उमेर, अवस्था, अवसर, शरीरका वाल्य-यौवनादि अवस्था ।

अवस्थानम् (ना./न.) अवस्थीयते अस्मिन् *(बसिन्छ यहाँ)* अवपूर्वक ष्ठा गतिनिवृत्तौ (भ्वा.) धातु, अव+स्था+ल्युट् (अन)= अवस्थान ।

शब्दार्थ- बस्ने स्थान, स्थिति, निवास, अवस्था, वसोवास गर्दै आएको थलो, स्थान ।

अवस्थितः (वि.) अवतिष्ठति स्म इति *(बसेको)* अवपूर्वक ष्ठा गतिनिवृत्तौ (भ्वा.) धातु, अव+स्था+क्त (त), कर्तामा, इत्व[४]= अवस्थित ।

शब्दार्थ- बसेको, कुनै अवस्थामा पुगेको, ठहरेको, उपस्थित ।

अवस्थितिः (ना./स्त्री.) अवस्थीयते अस्मिन् .*(बसिन्छ यहाँ)* अवपूर्वक ष्ठा गतिनिवृत्तौ (भ्वा.) धातु, अव+स्था+क्तिन् (ति), इत्व[४]= अवस्थिति ।

शब्दार्थ- निवासस्थान, आवास, बस्ने स्थान, रहने या बस्ने काम, वस्तुस्थिति, बसाइ, अवस्था ।

---

[१] आवश्यकाधमण्ययोर्णिनि : णिनि

[२] आतश्चोपसर्गे : अङ्

[३] आतो लोप इटि च : आलोप

[४] स्थाघ्वोरिच्च : इत्

अवहेलना (ना./स्त्री.) अवहेलनमिति *(अवहेलना गरिन्छ)* अवपूर्वक हिल भावकरणे (अभिप्रायसूचने) (तुदा.) धातु, अव+हिल्+णिचि+युच्[१] (अन), अवहेलन । अवहेलन+टाप् (आ)= अवहेलना ।

शब्दार्थ- अनादर, तिरस्कार, अवज्ञा, अपमान, हेला ।

उदा. महान् सभ्यताको लाञ्छित अवहेलनाका
यी करङ्ग मूर्तिहरू बढिरहेछन्, बढिरहेछन् ।
- बम खसाल, ए बम खसाल ! (विजय मल्ल)

अवाक् (वि.) नास्ति वाक् यस्य *(जसको बोली छैन)* न.ब.स.= अवाक् ।

शब्दार्थ- वाक्यरहित, बोल्न नसक्ने अवस्थाको, मौन, विस्मित ।

अवाङ्मुखः (वि.) अवाञ्चतीति *(निहुरन्छ)* अवपूर्वक अञ्चु गतिपूजनयोः (भ्वा.) धातु, अव+अञ्च्+क्विन्, अञ्च्का नको लोप, दीर्घ, कुत्व, अवाक् । अवाक् मुखं यस्य *(तलतिर छ मुख यसको)* ब.स., परसवर्ण =अवाङ्मुख ।

शब्दार्थ- तलतिर हेर्ने, दक्षिणाभिमुख, उँधोतिर मुख भएको, घोसेमुन्टो लगाएको, सिर झुकाएको, निहुरेको ।

अवाचीनः (वि.) अवाग्भवः *(दक्षिणमा हुने)* अवाच्+ख[२] (ईन)= अवाचीन ।

शब्दार्थ- दक्षिणमा हुने, दक्षिणमा भएको ।

अवाच्यः (वि.) उच्यते, वक्तुं योग्यः वा *(भनिन्छ, भन्नलायक)* वच परिभाषणे (भ्वा.) धातु, वच्+ण्यत् (य), वृद्धि, वाच्यः । न वाच्यः *(भन्न लायकं नहुने)* न.त.स.= अवाच्य ।

शब्दार्थ- भन्न नहुने, बोल्न नहुने, अकथ्य, दुर्वचन, भन्न लायक नहुने, दुर्वाच्य ।

अवाञ्छनीयः (वि.) वाञ्छयते, वाञ्छितुं योग्यः वा *(चाहना गर्न योग्य)* वाछि इच्छायाम् (भ्वा.) धातु, वाञ्छ्+अनीय (र्), वाञ्छनीयः । न वाञ्छनीयः *(चाहना गर्न अयोग्य)* न.त.स.= अवाञ्छनीय ।

शब्दार्थ- इच्छा वा चाहना नभएको, इच्छा गर्न अनुचित, आकाङ्क्षा नभएको ।

अवाञ्छितः (वि.) वाञ्छयते स्म इति *(चाहना गरिएको)* वाछि इच्छायाम् (भ्वा.) धातु, वाञ्छ्+क्त (त), इडागम, वाञ्छितः । न वाञ्छितः *(चाहना नगरिएको)* न.त.स.= अवाञ्छित ।

शब्दार्थ- अभिलाषा नगरिएको, आकाङ्क्षा नगरिएको, इच्छा नगरिएको, चाहना नगरिएको, मन नपराएको ।

अवास्तवः (वि.) वसति, वसयतीति वा *(रहन्छ)* वस निवासे (भ्वा.) वा वस स्नेहच्छेदापहरणेषु (चुरा.) धातु, वस्+तुन्[३], उणा, वस्तु । वस्तुनि भवः जातः वा *(वस्तुमा हुने वा भएको)* वस्तु+अण्[४] (अ), वृद्धि, गुण, अवादेश, वास्तवः । न वास्तवः *(यथार्थ नभएको)* न.त.स.= अवास्तव ।

शब्दार्थ- निराधार, यथार्थहीन, असत्य, झूटो, मिथ्या ।

अवास्तविकः (वि.) वसतीति *(अस्तित्वमा रहन्छ)* वस निवासे (भ्वा.) धातु, वस्+तुन्, उणा., वस्तु । वस्तुना निर्वृतः *(वस्तुले निर्वृत्त भएको)* वस्तु+ठक्[५] (इक), आदिवृद्धि, गुण, अवादेश, वास्तविकः । न वास्तविकः *(वास्तविक नभएको)* न.त.स.= अवास्तविक ।

शब्दार्थ- अयथार्थ, सारहीन, असत्य, आधाररहित, कपोलकल्पित, वास्तविक वा यथार्थ नभएको ।

अविकलः (वि.) कलते इति *(शब्द गर्छ)* कल शब्द संख्यानयोः (भ्वा.) धातु, कल्+अच् (पचादि), कलः । विगतः कलः यत्र *(जहाँ राम्रो स्वर छैन)* न.त.स., विकलः । न विकलः *(विकल वा स्वरभङ्ग नभएको)* न.त.स.= अविकल ।

शब्दार्थ- क्षतविक्षत नभएको, चोटपटक नलागेको, अक्षत, पूर्ण, पूरा, अङ्गभङ्ग नभएको, स्वरभङ्ग नभएको ।

अविकल्पः (वि.) विक्लृप्यते इति *(विकल्प खोजिन्छ)* विपूर्वक कृपू सामर्थ्ये (भ्वा.) धातु, वि+कृप्+घञ् (अ), 'कृप' का रेफको लकारादेश[६], विकल्पः । न विद्यमानः विकल्पः यत्र *(जहाँ विकल्प छैन)* न.ब.स.= अविकल्प ।

शब्दार्थ- संशयरहित, निश्चित, विकल्परहित, विकल्प नभएको, निर्विकल्प, अपरिवर्तनीय, निःसन्देह ।

अविकसितः (वि.) विकसति स्म इति *(विकसित भएको)* विपूर्वक कस गतौ (भ्वा.) धातु, वि+कस्+क्त (त), कर्तामा, इडागम, विकसितः । न विकसितः *(विकसित नभएको)* न.त.स.= अविकसित ।

शब्दार्थ- विकसित नभएको, विकास कार्यरहित, विकास निर्माणादिको काम नभएको, समुन्नति वा उत्थान नभएको ।

अविकारः (वि.) विक्रियते इति *(विकृत हुनु)* विपूर्वक डुकृञ् करणे (तना.) धातु, वि+कृ+घञ् (अ), वृद्धि, विकारः । न विद्यमानः विकारः यत्र *(जहाँ विकार छैन)* न.ब.स.= अविकार ।

शब्दार्थ-विकाररहित, विकृति नभएको, निर्विकार, नबिग्रिएको

अविकारी (वि.) विकर्तुं शीलमस्येति *(विकृत हुने शील छ यसको)* विपूर्वक डुकृञ् करणे (तना.) धातु, वि+कृ+णिनि (इन्), विकारी ।

अथवा विक्रियते इति *(विकृत हुनु)* वि+कृ+घञ् (अ), वृद्धि, विकारः । विकारः अस्य अस्तीति *(विकार छ यसको)* विकार+इनि[७] (इन्), विकारी । न विकारी *(विकृत नहुने)* न.त.स.= अविकारी ।

---

[१] ण्यासश्रन्थो युच् : युच्
[२] विभाषाञ्चेरदिक् : ख
[३] वसेस्तुन् : तुन्
[४] तत्र भवः/तत्र जातः : अण्
[५] तेन निर्वृत्तम् : ठक्
[६] कृपो रो लः : रको ल आदेश
[७] अत इनिठनौ : इनि

शब्दार्थ- विकार नहुने, रूप परिवर्तन नहुने, विकृत नहुने, निर्विकार ।

अविकृतः (वि.) विक्रियते स्म इति *(विकृत भएको)* विपूर्वक डुकृञ् करणे (तना.) धातु, वि+कृ+क्त (त), विकृतः । न विकृतः *(विकृत नभएको)* न.त.स. =अविकृत ।

शब्दार्थ- विकृत नभएको, नबिग्रेको, परिवर्तन नभएको, नसडेको, नगलेको, विकार पैदा नभएको ।

अविकृतिः (ना./स्त्री) विक्रियते इति *(विकृत हुनु)* विपूर्वक डुकृञ् करणे (तना.) धातु, वि+कृ+क्तिन् (ति), विकृतिः । न विकृतिः *(विकृतिको अभाव)* न.त.स.=अविकृति ।

शब्दार्थ- विकृति नहुने काम, परिवर्तनको अभाव, नबिग्रने क्रिया, साङ्ख्यदर्शनले मूलप्रकृतिलाई अविकृति मान्दछ ।

उदा. **मूलप्रकृतिरविकृतिः - सा.का.**

अविघातः (वि.) विशेषेण हन्यते इति *(विशेषरूपले हनन गरिन्छ)* विपूर्वक हन हिंसागत्योः (अदा.) धातु, वि+ हन्+घञ् (अ), नको तकार[1], वृद्धि, कुत्व, विघातः । न विद्यमानः विघातः यत्र *(जहाँ विशेष घात छैन)* न.ब.स.= अविघात ।

शब्दार्थ- हिंसा नभएको, चोट नलागेको, विघ्न नपरेको, बाधारहित, रोकावट नभएको, ठक्कर नखाएको ।

अविघ्नः (वि./ना./पुं.) विहननम्, विहन्यते इति वा *(विघ्न गरिन्छ)* विपूर्वक हन हिंसागत्योः (भ्वा.) धातु, वि+ हन्+क[2] (अ), उपधालोप[3], हको कुत्व, विघ्नः । न विद्यमानः विघ्नः यत्र *(जहाँ विघ्न छैन)* न.ब.स. वा न विघ्नः *(विघ्नको अभाव)* न.त.स.= अविघ्न ।

शब्दार्थ- विघ्नबाधारहित, निर्विघ्न, विघ्न नभएको, विघ्न नहुने काम, विघ्नबाधाको अभाव, निर्विघ्नता ।

अविचलः (वि.) विचलतीति *(चल्छ)* विपूर्वक चल कम्पने (भ्वा.) धातु, वि+चल्+अच् (पचादि), विचलः । न विचलः *(विचलन नहुने)* न.त.स.= अविचल ।

शब्दार्थ- अचल, नचल्ने, नसर्ने, अटल, स्थिर, विचलन नहुने ।

अविचलनम् (ना./न.) विचलनम्, विचल्यते इति वा *(विचलित हुन्छ)* विपूर्वक चल कम्पने (भ्वा.) धातु, वि+चल्+ल्युट् (अन), विचलनम् । न विचलनम् *(विचलन नहुने क्रिया)* न.त.स.= अविचलन ।

शब्दार्थ- विचलन नहुने काम, एक ठाउँबाट अर्को ठाउँमा नसर्ने क्रिया, कम्प नहुने क्रिया, अकम्पन ।

अविचलितः (ना./न.) विचलति स्म इति *(विचलित भएको)* विपूर्वक चल कम्पने (भ्वा.) धातु, वि+ चल्+क्त (त), कर्तामा, इडागम, विचलितः । न विचलितः *(विचलित नभएको)*न.त.स.=अविचलित ।

शब्दार्थ- विचलित नभएको, एक ठाउँबाट अर्को ठाउँमा नसरेको, अचल, अटल ।

अविचारः (ना./पुं./वि.) न विचारः *(विचारको अभाव)* न.त.स., वा न विद्यमानः विचारः यस्य *(जसको विचार छैन)* न.ब.स.= अविचार ।

शब्दार्थ- असल विचारको नहुने क्रिया, विचारहीनता, विचाररहित, विचारशून्य ।

अविचारितः (वि.) न विचारितः *(विचार नगरिएको)* न.त.स.= अविचारित ।

शब्दार्थ- विचार नपुऱ्याइएको, विचार नगरिएको, विचाररहित, सोचसमझ नपुऱ्याइएको ।

अविच्छिन्नः (वि.) विच्छिद्यते स्म इति *(छिन्न भिन्न भएको)* छिदिर् द्वैधीकरणे (रुधा.) धातु, वि+छिद्+क्त (त), तको न, परसवर्ण, तुगागम, श्चुत्व, विच्छिन्नः । न विच्छिन्नः *(छिन्नभिन्न नभएको)* न.त.स. =अविच्छिन्न ।

शब्दार्थ- छिन्न भिन्न नभएको, नटुटेको, अटुट, नचुँडिएको

उदा. **पर्वतको अविच्छिन्न मालालाई हेरेर**
विस्मयलाई अँगाले जस्तो हात बाँधेर
तिमीले भनेकी थियौ- तिमी हाँसे ! (विजय मल्ल)

अविच्छेदः (वि.) विच्छिद्यते इति *(छिन्न भिन्न पारिन्छ)* विपूर्वक छिदिर् द्वैधीकरणे (रुधा.) धातु, वि+छिद्+घञ् (अ), गुण, तुक्, श्चुत्व, विच्छेदः । न विद्यमानः विच्छेदः यत्र *(जहाँ टुट फुट छैन)* न.ब.स.=अविच्छेद ।

शब्दार्थ- विच्छेद नभएको, नटुटेको, नचुडालेको, छिन्न भिन्न नभएको, निरवछिन्न ।

अविज्ञः (वि.) विजानातीति *(जान्दछ)* विपूर्वक ज्ञा अवबोधने (क्र्या.) धातु, वि+ज्ञा+क[4] (अ), आलोप, विज्ञः । न विज्ञः *(नजान्ने)* न.त.स.= अविज्ञ ।

शब्दार्थ- अप्रवीण, अकुशल, विज्ञ नभएको, अनभिज्ञ, अनजान, अनिपुण ।

अविज्ञातः (वि.) विज्ञायते स्म इति *(जानिएको)* विपूर्वक ज्ञा अवबोधने (क्र्या.)धातु, वि+ज्ञा+क्त (त), विज्ञातः । न विज्ञातः *(नजानेको)* न.त.स.= अविज्ञात ।

शब्दार्थ- नजानेको, नजानिएको, थाह नपाएको, जानकारी नभएको ।

अविदितः (वि.) विद्यते स्म इति *(जानिएको)* विद ज्ञाने (अदा.) धातु, विद्+क्त (त), इडागम, विदितः । न विदितः *(नजानिएको)* न.त.स.= अविदित ।

शब्दार्थ- अज्ञात, नजानेको, नसम्झेको, नसिकेको, नबुझिएको, नजानिएको ।

---

[1] हनस्तोऽचिण्णलोः : नको त

[2] घनर्थे कविधानम् (वा.) : क

[3] गमहनजन... : उपधाको अकारलोप

[4] आतश्चोपसर्गे : क

अविद्यः (वि.) नास्ति विद्या यस्य *(जसको विद्या या ज्ञान छैन)* न.ब.स., ह्रस्व= अविद्य ।

शब्दार्थ- विद्यारहित, ज्ञानशून्य, विद्याविहीन, विद्या प्राप्त नगरेको ।

अविद्यमानः (वि.) विद्यमानं वर्तमानकालं पश्य *(अहिले भइरहेको समय हेर)* विद सत्तायाम् (दिवा.) धातु, विद्+शानच्[1](आन)+श्यन् (य),मुगागम[2], विद्यमानः । न विद्यमानः *(नरहेको)* न.त.स.= अविद्यमान ।

शब्दार्थ- नभएको, उपस्थित नभएको, विद्यमान नभएको, असत्य, अभाव भएको, अस्तित्व नभएको ।

अविद्या (ना./स्त्री) विद्यते अनया, वेत्तुं योग्या इति वा *(जानिन्छ यसबाट, जान्न योग्य)* विद ज्ञाने (अदा.) धातु, विद्+क्यप् (य)+टाप् (आ), विद्या । न विद्या *(विद्याको अभाव)* न.त.स.= अविद्या ।

शब्दार्थ- ज्ञानको अभाव, अशिक्षा, अज्ञानता, माया, विद्याको अभाव, मिथ्या ज्ञान, मोहजाल ।

उदा. **अविद्या-जाल तोडेको इलमी राष्ट्रभ्रैं रवि- ऋ.वि.(शरद्.वि. २)**

द्रष्टव्य- **अनित्याशुचिदुःखानात्मसु नित्यशुचिसुखात्मख्यातिरविद्या- पतञ्जलिको योगदर्शनअनुसार- अनित्य, अपवित्र र दुःखात्मक वस्तुलाई नित्य, पवित्र र सुखात्मक ठान्नु अविद्या हो- पा.यो.द.२/५**

अविधवा (ना./स्त्री.) विगतः धवः भर्ता यस्याः सा *(जसको भर्ता या पति छैन)* व.स., विधवा । विधवा गतभर्तृका नभवतीति *(पति विहीन छैन)* न.त.स. =अविधवा ।

शब्दार्थ- पतिसहितकी स्त्री, सधवा स्त्री, विधवा नभएकी स्त्री ।

अविनयः (ना./पुं) विनीयते इति *(निहुरिन्छ)* विपूर्वक णीञ् प्रापणे (भ्वा.) धातु, वि+नी+अच् (एरच्), गुण, अयादेश, विनयः । न विनयः *(विनयको अभाव)* न.त.स.= अविनय ।

शब्दार्थ- नम्रता नहुने क्रिया, विनयको अभाव, उच्छृङ्खलता, उद्दण्डता, शिष्टताको अभाव ।

अविनाशी (वि.) अवश्यं विनश्यतीति *(अवश्य नाश हुन्छ)* विपूर्वक णश अदर्शने (दिवा.) धातु, वि+नश्+णिनि[3] (इन्), उपधावृद्धि, विनाशी । न विनाशी *(नाश नहुने)* न.त.स.= अविनाशी ।

शब्दार्थ- नाश नहुने, अक्षय, अनश्वर, नित्य, शाश्वत ।

अविनीतः (वि.) विनयति स्म इति *(झुकेको)* विपूर्वक णीञ् प्रापणे (भ्वा.) धातु, वि+नी+क्त (त), कर्तामा, विनीतः । न विनीतः *(नझुकेको)* न.त.स.=अविनीत ।

शब्दार्थ- नम्रता नभएको, नझुकेको, विनयरहित, उद्दण्ड ।

अविपन्नः (वि.) विपद्यते स्म इति *(विपत्तिमा परेको)* विपूर्वक पद गतौ (दिवा./चुरा.) धातु, वि+पद्+क्त (त), कर्तामा, तको न, परसवर्ण, विपन्नः । न विपन्नः *(विपन्न नभएको)* न.त.स.= अविपन्न ।

शब्दार्थ- विपन्न नभएको, सम्पन्न, सुखी, कुनै आघात नपरेको ।

अविभक्तः (वि.) विभज्यते स्म इति *(तोडिएको)* विपूर्वक भज सेवायाम् (भ्वा.) धातु, वि+भज्+क्त (त), विभक्तः । न विभक्तः *(नछुट्टिएको)* न.त.स.=अविभक्त ।

शब्दार्थ- अखण्डित, विभक्त नभएको, छिन्न भिन्न नभएको, नछुट्टिएको, नचुँडिएको, अविभाजित ।

अविभाज्यः (वि.) विभज्यते, विभक्तुं शक्यः *(विभाजन गर्न सकिन्छ)* विपूर्वक भज सेवायाम् (भ्वा.) धातु, वि+भज्+ण्यत्[4] (य), उपधावृद्धि, विभाज्यः । न विभाज्यः *(विभाजन नभएको)* न.त.स.=अविभाज्य ।

शब्दार्थ- भाग लगाउन नसकिने, विभाजन गर्न नमिल्ने, भाग लगाउन अयोग्य, विभाजन नगरिने, बाँड्न नहुने ।

अविरुद्धः (वि.) विरुध्यते स्म इति *(विरोध गरिएको, रोकिएको)* विपूर्वक रुधिर् आवरणे (रुधा.) धातु, वि+रुध्+क्त (त), तको द, जश्त्व, विरुद्धः । न विरुद्धः *(विरोध नगरिएको, नरोकिएको)* न.त.स.= अविरुद्ध ।

शब्दार्थ- विरोध नगरिएको, प्रतिकूल नभएको, विरुद्ध नभएको, नरोकिएको ।

अविरोधः (ना./पुं.) विरुध्यते इति *(विरोध गरिन्छ)* विपूर्वक रुधिर् आवरणे (रुधा.) धातु, वि+रुध्+घञ् (अ), गुण, विरोधः । न विरोधः *(विरोधको अभाव)* न.त.स.= अविरोध ।

शब्दार्थ- विरोध नहुने स्थिति, विरोध नगरिने र नगर्ने काम, विवादशून्यता ।

अविरोधी (वि.) विरोधः अस्यास्तीति *(विरोध छ यसको)* विरोध+इनि (इन्), विरोधी । न विरोधी *(विरोध नगर्ने)* न.त.स.= अविरोधी ।

शब्दार्थ- विरोधी नभएको, विवाद नगर्ने, विरोध नगर्ने ।

अविलम्बः (वि./ना./पुं.) विलम्बनम्, विलम्ब्यते इति वा *(विलम्ब गरिन्छ)* विपूर्वक लबि अवस्रंसने (भ्वा.) धातु, वि+लम्ब्+घञ् (अ), विलम्बः । न विद्यमानः विलम्बः यत्र *(जहाँ विलम्ब हुन्न)* न.ब.स. वा न विलम्बः *(विलम्ब नहुने काम)* न.त.स.= अविलम्ब ।

शब्दार्थ- विलम्ब नभएको, ढिलो नभएको, चाँडै, विलम्ब नहुने काम, धेरैवेर नलाग्ने काम ।

अविवादः (ना./पुं.) न विवादः *(विवादको अभाव)* न.त.स.= अविवाद ।

शब्दार्थ- विवाद नहुने क्रिया, विवादको अभाव ।

---

[1] **१. लटशतृ शानच्... : शानच्**

[2] **२. आने मुक् : मुगागम**

[3] **३. आवश्यकाधमर्ण्ययोर्णिनि : णिनि**

[4] **४. ऋहलोर्ण्यत् : ण्यत्**

अविवाहः (ना./पुं./वि.) विशेषेण उह्यते इति *(विशेष रूपले वहन गरिन्छ, विवाह गरिन्छ)* विपूर्वक वह प्रापणे (भ्वा.) धातु, वि+वह्+घञ् (अ), उपधावृद्धि, विवाहः । न विवाहः *(विवाह नहुने काम)* न.त.स. =अविवाह ।

अथवा न विद्यमानः विवाहः यस्य *(जसको विवाह भएको छैन)* न.व.स., उ.प.लोप= अविवाह ।

शब्दार्थ- विवाह नभएको अवस्था, कुमारावस्था, विहे नहुनाको स्थिति, विहे नभएको ।

अविवाहितः (वि.) विवाहः सञ्जातः अस्य *(विवाह भएको छ यसको)* विवाह+इतच् (इत), विवाहितः । न विवाहितः *(विवाह नगरेको)* न.त.स.=अविवाहित ।

शब्दार्थ- विवाह नभएको, विवाहित नभएको, विहे नगरेको, अपरिणीत, कुमार अवस्थाको ।

अविवाहिता (ना./स्त्री.) न विवाहिता *(विहे नभएकी स्त्री)* न.त.स.= अविवाहिता ।

शब्दार्थ- विवाह नभएकी कुमारी, कन्या केटी ।

अविवाह्या (ना./स्त्री.) न विवाह्या *(विवाह गर्न योग्य नभएकी)* न.त.स.= अविवाह्या ।

शब्दार्थ- विवाह गर्न अयोग्य स्त्री, एउटै गोत्रकी कन्या, विवाह गर्न लायक नभएकी कन्या ।

अविवेकः (ना./पुं) विवेचनम्, विविच्यते इति वा *(विवेचना गरिन्छ)* विपूर्वक विचिर् पृथग्भावे (रुधा.) धातु, वि+विच्+घञ् (अ), गुण, कुत्व, विवेकः । न विवेकः *(विवेकको अभाव)* न.त.स.= अविवेक ।

शब्दार्थ- विवेक नहुने क्रिया, विवेकको अभाव ।

अविवेकी (वि.) विवेकः अस्य अस्तीति *(विवेक छ यसको)* विवेक+इनि[1] (इन्), विवेकी । न विवेकी *(विवेक नभएको)* न.त.स.= अविवेकी ।

शब्दार्थ- विवेक नभएको, विवेकहीन, विवेकरहित ।

अविशेषः (ना./पुं.) विशिष्यते इति *(विशिष्ट हुनु)* विपूर्वक शिष्लृ विशेषणे (रुधा.) धातु, वि+शिष्+घञ् (अ), गुण, विशेषः । न विशेषः *(विशिष्ट हुनाको अभाव)* न.त.स.= अविशेष ।

शब्दार्थ- विशेषताको अभाव, विशेष नहुने काम, सामान्यपन, साधारणपना ।

अविश्वसनीयः (वि.) विश्वसितुं योग्यः *(विश्वास गर्न लायक)* विपूर्वक श्वस प्राणने (अदा.) धातु, वि+श्वस् +अनीय (र्), विश्वसनीयः । न विश्वसनीयः *(विश्वास गर्न अयोग्य)* न.त.स.= अविश्वसनीय ।

शब्दार्थ-विश्वास गर्न नसकिने, विश्वास योग्य नभएको, विश्वास गर्न लायक नभएको, पत्याउन नहुने ।

अविश्वस्तः (वि.) विश्वस्यते स्म इति *(विश्वास गरिएको)* विपूर्वक श्वस प्राणने (अदा.)धातु, वि+श्वस्+क्त (त), विश्वस्तः । न विश्वस्तः *(विश्वस्त नभएको)* न.त.स =अविश्वस्त ।

शब्दार्थ- विश्वास नगरिएको, विश्वसनीय नभएको, विश्वास गर्न अनुपयुक्त, विश्वास गर्न नसकिएको ।

अविश्वासः (ना./पुं) विश्वसनम्, विश्वस्यते इति वा *(विश्वास गरिन्छ)* विपूर्वक श्वस प्राणने (अदा.) धातु, वि+श्वस्+घञ् (अ), उपधावृद्धि, विश्वासः । न विश्वास *(विश्वास नहुनु)* न.त.स.= अविश्वास ।

शब्दार्थ- विश्वास नहुनु, विश्वासको अभाव, विश्वासको सङ्कट, सन्देह, शङ्का, पत्यार नगर्ने काम ।

उदा. दिन्छचौ दृष्टि जता उतैतिर सधैं
बढ्दो अविश्वास छ- भृ.ख.का ३/३

अविश्वासी (वि.) अवश्यं विश्वसितीति *(अवश्य विश्वास गर्छ)* विपूर्वक श्वस प्राणने (अदा.) धातु, वि+श्वस् + णिनि[2] (इन्), वृद्धि, विश्वासी ।

अथवा विश्वासः अस्यास्तीति *(विश्वास छ यसको)* विश्वास+इनि (इन्), विश्वासी । न विश्वासी *(विश्वास नभएको)* न.त.स.= अविश्वासी ।

शब्दार्थ- विश्वास नगर्ने, शङ्का गर्ने, शङ्कास्पद, पत्यार नगर्ने, पत्यारिलो नभएको ।

अविषयः (ना./पुं./वि.) विसिनोति निबध्नाति इन्द्रियाणि *(इन्द्रियहरूलाई बन्धनमा पार्छ)* विपूर्वक षिञ् बन्धने (स्वा.) धातु, वि+सि+अच् (पचादि), गुण, अयादेश, षत्व[3], विषयः । न विषयः *(विषयको अभाव)* न.त.स.

अथवा न विद्यमानः विषयः यत्र *(जहाँ विषय वासना छैन)* न.व.स.= अविषय ।

शब्दार्थ- विषयको अभाव, नराम्रो विषय, विषयशून्यता, अगोचर, अदृश्य, कुनै विषय वासना नभएको, अनिर्वचनीय, इन्द्रियहरूद्वारा ग्रहण गर्न नसकिने ।

अविस्तरः (वि.) विस्तरणमिति *(फैलिन्छ)* विपूर्वक स्तृञ् आच्छादने (स्वा.) धातु, वि+स्तृ+अप् (अ), गुण, विस्तरः । न विद्यमानः विस्तरः यस्मिन् *(जसमा विस्तार छैन)* न.ब.स.= अविस्तर ।

शब्दार्थ- विस्तार नभएको, नफैलिएको ।

अविस्तृतः (वि.) विस्तीर्यते स्म इति *(फैलिएको)* विपूर्वक स्तृञ् आच्छादने (स्वा.) धातु, वि+स्तृ+क्त (त), विस्तृतः । न विस्तृतः *(नफैलिएको)* न.त.स.= अविस्तृत

शब्दार्थ- विस्तृत नभएको, विस्काररहित, नफैलिएको, नमौलाएको ।

अविस्मरणम् (ना./न.) विस्मर्यते इति *(बिर्सिन्छ)* विपूर्वक स्मृ चिन्तायाम् (भ्वा.) धातु, वि+स्मृ+ल्युट् (अन), गुण, णत्व, विस्मरणम् । न विस्मरणम् *(नबिर्सने काम)* न.त.स. = अविस्मरण ।

शब्दार्थ- संस्मरण, सम्झना, नबिर्सने क्रिया ।

---

[1] अत इनिठनौ : इनि

[2] आवश्यकाधमर्ण्ययोर्णिनि : णिनि

[3] परिनिविभ्य... : षत्व

अविस्मरणीयः (वि.) विस्मर्तुं योग्यः *(बिर्सन लायक)* विपूर्वक स्मृ चिन्तायाम् (भ्वा.) धातु, वि+स्मृ+ अनीय (र्), गुण, विस्मरणीयः । न विस्मरणीयः *(बिर्सन नहुने)* न.त.स. = अविस्मरणीय ।

शब्दार्थ- बिर्सन नसकिने, सम्झिरहन योग्य, याद भइरहने, बिर्सन नहुने ।

अवीरः (वि) नास्ति वीरः वीरभावः यस्य *(जसको वीरभाव छैन)* न.ब.स., उ.प.लोप= अवीर ।

शब्दार्थ-पराक्रमी नभएको, वीरतारहित, वीरताहीन, नामर्द

अवृष्टिः (ना./स्त्री) वर्षणम्, वृष्यते इति वा *(बर्सिन्छ)* वृषु सेचने (भ्वा.) धातु, वृष्+क्तिन् (ति), वृष्टिः । न वृष्टिः *(वृष्टिको अभाव)* न.त.स.= अवृष्टि ।

शब्दार्थ- वर्षाको अभाव, पानी नपर्ने काम, सुख्खा, वृष्टि नहुने क्रिया ।

अवेक्षणम् (ना./न.) अवेक्षणम्, अवेक्ष्यते इति वा *(अवलोकन गरिन्छ)* अवपूर्वक ईक्ष दर्शने (भ्वा.) धातु, अव+ईक्ष् +ल्युट् (अन), गुण= अवेक्षण ।

शब्दार्थ- रेखदेख गर्ने काम, हेर्ने काम, अवलोकन गर्ने काम, निरीक्षण, रेखदेख, अवलोकन ।

अवेद्यः (वि.) वेत्तुं योग्यः *(जान्न लायक)* विद ज्ञाने (अदा.) धातु, विद्+ण्यत् (य), वेद्यः । न वेद्यः *(जान्न अयोग्य)* न.त.स.= अवेद्य ।

शब्दार्थ- जान्न नसकिने, जान्न योग्य नभएको ।

अवैज्ञानिकः (वि.) विज्ञायते इति *(विशेष रूपले जानिन्छ)* ज्ञा अवबोधने (क्र्या.) धातु, वि+ज्ञा+ल्युट् (अन), विज्ञानम् । विज्ञानादागतः, विज्ञानमधीते वेत्तीति वा *(विज्ञानबाट आएको, विज्ञान पढ्छ वा जान्दछ)* विज्ञान+ठक्[1] (इक), आदिवृद्धि, वैज्ञानिकः । न वैज्ञानिकः*(वैज्ञानिक नभएको)* न.त.स.=अवैज्ञानिक ।

शब्दार्थ- विज्ञान नजान्ने, विज्ञानसँग असम्वन्धित, विज्ञानको मर्यादारहित ।

अवैतनिकः (वि.) वीयते अनेनेति *(निर्वाह गरिन्छ यसबाट)* वी गतिव्याप्तिप्रजनकान्त्यासनखादनेषु (अदा.) धातु, वी+तनन् (उणा), गुण, वेतनम् । वेतनेन जीवतीति *(वेतनले निर्वाह गर्छ)* वेतन+ठक्[2] (इक), आदिवृद्धि, वैतनिकः । न वैतनिकः *(वैतनिक नभएको)* न.त.स.=अवैतनिक ।

शब्दार्थ- पारिश्रमिक नलिई काम गर्ने, वेतन नपाउने, वेतन (तलब) नलिई काम गर्ने, स्वयंसेवकको रूपमा काम गर्ने ।

अवैधः (वि.) विधीयते इति *(विधान गरिन्छ)* विपूर्वक डुधाञ् धारणपोषणयोः (जुहो.) धातु, वि+धा+कि (इ), आलोप, विधिः । विधेरागतः, विधेरयम् *(विधिबाट आएको, विधिको यो)* विधि+अण्[3] (अ), वैधः । न वैधः विधितः आगतः *(विधिसंगत ढङ्गले नआएको)* न.त.स.= अवैध ।

शब्दार्थ- विधानसङ्गत नभएको, नियम-विपरीत, अनियमित, नियम विरुद्ध, वैधानिक नभएको, अव्यवस्थित, नियमसङ्गत नभएको ।

अवैधानिकः (वि.) विधीयते इति *(विधान गरिन्छ)* विपूर्वक डुधाञ् धारणपोषणयोः (जुहो.) धातु, वि+ धा+ल्युट् (अन), विधानम् । विधानेन चरति, विधानं रक्षतीति वा *(विधान अनुकूल आचरण गर्छ)* विधान+ ठक्[4] (इक), वैधानिकः । न वैधानिकः *(वैधानिक नभएको)* न.त.स. =अवैधानिक ।

शब्दार्थ- विधानसङ्गत नभएको, असंवैधानिक, ऐन नियमविरुद्ध, वैधानिक नभएको ।

अव्यक्तः (ना./पुं./वि.) व्यज्यते स्म इति *(व्यक्त गरिएको)* विपूर्वक अञ्जू व्यक्तिम्रक्षणकान्तिगतिषु (रुधा.) धातु, वि+अञ्ज्+क्त (त), ञलोप, वि अज्मा यण्, जको कुत्व, व्यक्तः । न व्यक्तः *(प्रकट नभएको)* न.त.स.= अव्यक्त ।

अव्यक्तो हरौ स्मरहरे पुमान्- इति मेदिनी

शब्दार्थ- व्यक्त नभएको, प्रकट नगरिएको, अप्रकटीभूत, अप्रदर्शित, प्रत्यक्ष नभएको, प्रकृति, आत्मा, विष्णु, शिव, कामदेव ।

अव्यक्तमूर्तिः (ना./पुं./वि.) न व्यक्ता मूर्तिः स्वरूपं यस्य *(जसको स्वरूप प्रकट छैन)* न.ब.स.= अव्यक्तमूर्ति ।

शब्दार्थ- अव्यक्तस्वरूप परब्रह्म, सूक्ष्मस्वरूप परमात्मा, स्वरूप या मूर्ति प्रकट नहुने ।

द्रष्टव्य- मया ततमिदं सर्वं जगदव्यक्तमूर्तिना- भ.गी. ९/४

अव्यक्तिः (ना./स्त्री.) व्यज्यते, व्यनक्तीति वा *(प्रकट हुनु वा हुन्छ)* विपूर्वक अञ्जू व्यक्तिम्रक्षणकान्तिगतिषु (रुधा.) धातु, वि+अञ्ज्+क्तिन् (ति), ञलोप, कुत्व व्यक्तिः । न व्यक्तिः *(प्रकट नहुनु)* न.त.स.= अव्यक्ति ।

शब्दार्थ- अप्रकटीकरण, व्यक्त नहुने काम ।

अव्यङ्ग्यः (वि.) न सन्ति व्यङ्ग्यानि यस्य *(जसको व्यङ्ग्य छैन)* न.ब.स.= अव्यङ्ग्य ।

शब्दार्थ- व्यङ्ग्यरहित, व्यङ्ग्य नभएको ।

अव्ययः (वि./ना./पुं.) व्येति विनश्यति विकारः भवतीति वा *(नाश हुन्छ वा विकृत हुन्छ)* विपूर्वक इण् गतौ (अदा.) धातु, वि+इ+अच् (अ), गुण, अयादेश, यण्, व्ययः । न विद्यते व्ययः नाशः विकारः यस्य यत्र वा *(जसको जहाँ विनाश या विकार छैन)* न.ब.स.=अव्यय ।

अथवा न व्येति न क्षयति न वर्द्धते इति वा *(क्षय वा वृद्धि हुँदैन)* न+वि+इ+अच् (पचादि), न.त.स., गुण, अयादेश, यण्= अव्यय ।

---

[1] ठगायस्थानेभ्य/कतूक्थादि.. : ठक्

[2] वेतनादिभ्यो जीवति : ठक्

[3] तत आगतः/तस्येदम् : अण्

[4] चरति : ठक्

अव्ययोऽस्त्री शब्दभेदे ना विष्णौ निर्व्यये त्रिषु- मेदिनी

शब्दार्थ- व्यय नहुने, खर्च नहुने, अपरिवर्तनशील, विकार वा विकृति नहुने, नित्य, शाश्वत, वृद्धि र विनाश केही नहुने, जन्मादि विकाररहित, विकृति नहुने, अविकारी शब्दविशेष, शिव, विष्णु, परब्रह्म परमेश्वर ।

अव्ययीभावः (ना./पुं.) अनव्ययम् अव्ययं सम्पद्यते तद्भवति अनेन *(अव्यय नभएको अव्यय हुन्छ यसबाट)* भू सत्तायाम् (भ्वा.) धातु, अव्यय+च्वि[1]+भू+घञ् (अ), वृद्धि, अवादेश, ईत्व[2], च्विको सर्वलोप =अव्ययीभाव ।

शब्दार्थ- अव्ययका साथ नाम वा अव्ययादि अर्को पदको समास हुने समासको एउटा भेद, पूर्वपदार्थ मुख्य हुने समास, विनाश नहुने भाव ।

अव्यवस्था (ना./स्त्री) व्यवस्थानम्, व्यवस्थीयते इति वा *(व्यवस्था गरिन्छ)* वि अव उपसर्गद्वयपूर्वक ष्ठा गति- निवृत्तौ (भ्वा.) धातु, वि+अव+स्था+अङ्[3] (अ), आलोप, टाप् (आ), यण्, व्यवस्था । न व्यवस्था *(व्यवस्थाको अभाव)* न.त.स.= अव्यवस्था ।

शब्दार्थ- व्यवस्था वा मर्यादाको अभाव, अस्तव्यस्तता, राम्रो नियम नहुने क्रिया, प्रवन्ध राम्रो नहुने काम, व्यवस्था राम्रो नहुने काम ।

अव्यवस्थितः (वि.) व्यवस्थीयते स्म इति *(व्यवस्था गरिएको)* वि अवपूर्वक ष्ठा गतिनिवृत्तौ (भ्वा.) धातु, वि+अव+स्था+क्त (त), स्थाको इत्व[4], यण्, व्यवस्थितः । न व्यवस्थितः *(व्यवस्था नगरिएको)* न.त.स.= अव्यवस्थित ।

शब्दार्थ- व्यवस्था नभएको, वेथिति भएको, अव्यवस्था भएको, राम्रो प्रवन्ध नगरिएको, नियम आचरण विपरीत, व्यवस्थारहित, सिद्धान्तहीन ।

अव्याप्तः (वि.) व्याप्यते स्म इति *(व्याप्त भएको)* विपूर्वक आप्लृ गतौ (स्वा.) धातु, वि+आप्+क्त (त), यण्, व्याप्तः । न व्याप्तः *(व्याप्त नभएको)* न.त.स. =अव्याप्त ।

शब्दार्थ- व्याप्त नभएको, विस्तारित नभएको, व्यापक नभएको, नफैलिएको, नढाकिएको ।

अव्याप्तिः (ना./स्त्री) व्याप्यते इति *(व्याप्त हुनु)* विपूर्वक आप्लृ व्याप्तौ (स्वा.) धातु, वि+आप्+क्तिन् (ति), व्याप्तिः । न व्याप्तिः *(व्याप्तिको अभाव)* न.त.स. =अव्याप्ति ।

शब्दार्थ- व्याप्तिको अभाव, व्याप्त नहुने स्थिति ।

अव्याहतः (वि.) व्याहन्यते स्म इति *(बाधा पुऱ्याइएको)* वि आङ्पूर्वक हन हिंसागत्योः (अदा.) धातु, वि+आ+हन्+क्त (त), हन्को नलोप, यण्, व्याहतः । न व्याहतः *(बाधा नभएको)* न.त.स.= अव्याहत ।

शब्दार्थ- कुनै विघ्न वा अवरोध नभएको, क्षति नभएको, ठीक अवस्थामा रहेको, बाधारहित, निर्वाध ।

अव्युत्पत्तिः (ना./स्त्री./वि.) व्युत्पद्यते इति *(व्युत्पत्ति गरिन्छ)* वि उत्पूर्वक पद गतौ (दिवा.) धातु, वि+उत्+पद्+क्तिन् (ति), यण्, व्युत्पत्तिः । न व्युत्पत्तिः *(व्युत्पत्तिको अभाव)* न.त.स., वा न विद्यते व्युत्पत्तिर्यस्य *(जसको व्युत्पत्ति छैन)* न.ब.स.= अव्युत्पत्ति ।

शब्दार्थ- व्युत्पत्तिको अभाव, अनिर्वचन, व्युत्पत्ति नहुने काम, त्यस्तो शब्द जसको कुनै व्युत्पत्ति हुँदैन, निर्वचन नहुने, व्युत्पत्तिरहित ।

अव्युत्पन्नः (वि.) व्युत्पद्यते स्म इति *(व्युत्पत्ति गरिएको)* वि उत्पूर्वक पद गतौ (दिवा.) धातु, वि+उत्+पद्+क्त (त), यण्, तको न, व्युत्पन्नः । न व्युत्पन्नः *(व्युत्पन्न नभएको)* न.त.स.= अव्युत्पन्न ।

शब्दार्थ- प्रकृतिप्रत्ययको योगबाट नबनेको, व्युत्पत्तिरहित, व्युत्पत्ति या निवर्चन नभएको, राम्रो ज्ञान नभएको ।

अशनम् (ना./न.) अश्यते इति *(खाइन्छ)* अश भोजने (क्र्या.) धातु, अश्+ल्युट् (अन)= अशन ।

शब्दार्थ- भक्षण, खाने काम ।

अशक्तः (वि.) न शक्यते स्म इति *(समर्थ नभएको)* शक्लृ शक्तौ (स्वा.) धातु, न+शक्+क्त (त), न.त.स. =अशक्त ।

शब्दार्थ- समर्थ नभएको, असमर्थ, शक्तिहीन, निर्वल, सामर्थ्यरहित ।

अशक्तिः (ना./स्त्री.) शक्यते इति *(समर्थ हुनु)* शक्लृ शक्तौ (स्वा.) धातु, शक्+क्तिन् (ति), शक्तिः । न शक्तिः *(शक्तिको अभाव)* न.त.स.= अशक्ति ।

शब्दार्थ-कमजोरी, दुर्वलता, शक्तिहीनता, शक्तिको अभाव ।

अशक्यः (वि.) शक्यते अनेन वा शक्तुमर्हः *(गर्न सक्छ यसले वा समर्थ हुन योग्य)* शक्लृ शक्तौ (स्वा.) धातु, शक्+यत्[5] (य), शक्यः । न शक्यः *(समर्थ नहुने)* न.त.स.= अशक्य ।

शब्दार्थ- गर्न नसकिने, गर्न असम्भव हुने, समर्थ नहुने, गर्न अयोग्य ।

अशङ्कितः (वि.) शङ्क्यते स्म इति *(शङ्का गरिएको)* शकि शङ्कायाम् (भ्वा.) धातु, नुम्, शङ्क+क्त (त), इडागम, शङ्कितः । न शङ्कितः *(शङ्का नगरिएको)* न.त.स. =अशङ्कित ।

शब्दार्थ- सन्देहरहित, शङ्का नगरिएको, शङ्कारहित, निर्भय ।

---

१. कृभ्वस्तियोगो... : च्वि
२. अस्य च्वौ : ईत्व
३. आतश्चोपसर्गे : अङ्
४.द्यतिस्यतिमास्था... : इत्
५. शकिसहोश्च : यत्

अशब्दः (वि./ना./न.) शब्द्यते इति *(शब्दद्वारा व्यक्तिन्छ)* शब्द शब्दकरणे (चुरा.)धातु, शब्द्+घञ् (अ), शब्दः । न शब्दः *(शब्दको अभाव)* न.त.स. वा न विद्यमानः शब्दः यत्र *(जहाँ शब्द छैन)* न.ब.स.= अशब्दः ।

अथवा शप्यते आक्रुश्यते इति *(शब्द गरिन्छ)* शप आक्रोशे (भ्वा.) धातु, शप्+दन्[१] (द), उणा., जश्त्व, शब्दः । न भण्यते शब्दः यत्र *(जहाँ शब्द उच्चारण हुँदैन)* न.ब.स.= अशब्द ।

शब्दार्थ- शब्दबाट नभनिने, शब्दबाट व्यक्त गर्न नसकिने, शब्द नभएको, शब्दरहित, शब्द वा ध्वनिको अभाव, परब्रह्म ।

***द्रष्टव्य-* अशब्दमस्पर्शमरूपमव्ययं**
तथारसं नित्यमगन्धवच्च यत्– कठ.उ. १/३/१५

अशान्तः (वि.) शाम्यति स्म इति वा *(शान्त भएको)* शमु उपशमे (दिवा.) धातु, शम्+क्त (त), कर्तामा, दीर्घ[२], परसवर्ण, इडाभाव, शान्तः । न शान्तः *(शान्त नभएको)* न.त.स.= अशान्त ।

शब्दार्थ-शान्त नभएको, व्यग्र, चञ्चल, मन स्थिर नभएको

अशान्तिः (ना./स्त्री.) शमनम्, शम्यते इति *(शान्त रहनु)* शमु उपशमे (दिवा.) धातु, शम्+क्तिन् (ति), दीर्घ[२], इडाभाव, शान्तिः । न शान्तिः *(शान्तिको अभाव)* न.त.स.= अशान्ति ।

शब्दार्थ- शान्ति नहुने क्रिया, शान्तिको अभाव, चञ्चलता, विक्षोभ, विग्रह ।

अशास्त्रीयः (वि.) शास्यते, शास्तुं योग्यः इति वा *(शासन गर्न योग्य)* शासु अनुशिष्टौ (अदा.) धातु, शास्+ष्ट्रन्[३] (त्र), इडाभाव, शास्त्रम् । शास्त्रे भवः, शास्त्रस्य अयम् *(शास्त्रमा हुने, शास्त्रको यो)* शास्त्र+छ[४] (ईय), शास्त्रीयः । न शास्त्रीयः *(शास्त्रसम्मत नभएको)* न.त.स.= अशास्त्रीय ।

शब्दार्थ- शास्त्रअनुरूप नभएको, शास्त्रको मर्यादा विपरीत, शास्त्रीय विचार वा सिद्धान्त अनुकूल नभएको ।

अशिक्षा (ना./स्त्री.) शिक्ष्यते अनया इति *(शिक्षा दिइन्छ यसबाट)* शिक्ष विद्योपादाने (भ्वा.) धातु, शिक्ष्+अ[५] (प्रत्यय)+टाप् (आ), शिक्षा । न शिक्षा *(शिक्षाको अभाव)* न.त.स.= अशिक्षा ।

शब्दार्थ- शिक्षाको अभाव, शिक्षा प्राप्तिको अभाव, शिक्षा-दीक्षा राम्रो नहुने क्रिया, शिक्षा प्राप्त नहुने काम ।

अशिक्षितः (वि.) शिक्ष्यते स्म इति *(शिक्षा दिइएको)* शिक्ष विद्योपादाने (भ्वा.) धातु, शिक्ष्+क्त (त), इडागम, शिक्षितः । अथवा शिक्षा सञ्जाता अस्य *(शिक्षामा दखल छ यसको)* शिक्षा+इतच् (इत), शिक्षितः । न शिक्षितः *(शिक्षित नभएको)* न.त.स.= अशिक्षित ।

शब्दार्थ- शिक्षा प्राप्त नगरेको, निरक्षर, नपढेको, अनपढ, मूर्ख, अज्ञानी, शिक्षित नभएको ।

अशिवम् (ना./न./वि.) शेते अस्मिन् सर्वमिति *(यहाँ सबै शयन या लीन हुन्छन्)* शीङ् स्वप्ने (अदा.) धातु, शी+वन्[६] (व), उणा., ह्रस्व-निपातन, शिवः ।

अथवा शिवं कल्याणमस्यास्ति *(कल्याण छ यिनको)* शिव+अच्[७] (अ), शिवः ।

अथवा श्यति पापम् *(पाप नष्ट गर्छन्)* शो तनूकरणे (दिवा.) धातु, शो+वन् (व), शोको इत्व, (पृषोदरादिबाट), शिवः ।

न शिवः *(कल्याणको अभाव)* न.त.स., वा न विद्यमानः शिवः यत्र *(जहाँ कल्याण छैन)* न.ब.स.= अशिव ।

शब्दार्थ- अमङ्गल, अशुभ, अकल्याण, अभद्र, शिवत्व नभएको, अकल्याणकारी, अशुभ या अमङ्गलकारी ।

अशिष्टः (वि.) शास्यते स्म इति *(अनुशासित बनाइएको)* शासु अनुशिष्टौ (अदा.) धातु, शास्+क्त (त), इत्व[८], ष्टुत्व, शिष्टः । न शिष्टः *(शिष्ट या सभ्य नभएको)* न.त.स.= अशिष्ट ।

शब्दार्थ- शिष्टता नभएको, असभ्य, असंस्कृत, अनुशासनहीन, भद्रपना नभएको, उच्छृङ्खल ।

अशीतिः (ना./स्त्री.) अष्टौ दशतः परिमाणमस्य वा अष्टानां दशतां परिमाणमस्य *(आठवटा दशको सङ्ख्या छ यसको)* अष्टन्+ति[९], प्रकृतिको 'अशी' आदेश =अशीति ।

शब्दार्थ-असीको सङ्ख्या, आठवटा दश जोड्दा हुने सङ्ख्या ।

अशुचिः (ना./स्त्री.) शुच्यते/शुच्यतीति वा *(पवित्र हुन्छ)* ईशुचिर् पूतीभावे (दिवा.) धातु, शुच्+इन्[१०] (इ), उणा. वा इक्[११] (इ), शुचिः । न विद्यमानः शुचिर्यस्य *(जो शुद्ध छैन)* न.ब.स.= अशुचि ।

शब्दार्थ- पवित्र नभएको, शुद्ध नभएको, अपवित्र, मलिन, अशुद्ध, बिटुलो ।

अशुद्धः (वि.) शुध्यति स्म इति *(शुद्ध भएको)* शुध शौचे (दिवा.) धातु, शुध्+क्त (त), कर्तामा, तको ध, धको द, शुद्धम् । नास्ति शुद्धं यत्र *(जहाँ शुद्ध छैन)* न.ब.स. =अशुद्ध ।

शब्दार्थ- शुद्ध नभएको, अपवित्र, असंस्कृत, अपरिमार्जित ।

अशुद्धिः (ना./स्त्री.) शोधनम्, शुध्यते इति वा *(शुद्ध हुनु)* शुध शौचे (दिवा.) धातु, शुध्+क्तिन् (ति), तको ध, धको द, शुद्धिः । न शुद्धिः *(शुद्धिको अभाव)* न.त.स.= अशुद्धि ।

शब्दार्थ- शुद्ध नहुने क्रिया, अशुद्धपन, त्रुटि, गल्ती, अपवित्रता

---

[१] शाशपिभ्यां ददनौ : दन्
[२] अनुनासिकस्य क्विझलोः... : दीर्घ
[३] सर्वधातुभ्यः ष्ट्रन् : ष्ट्रन्
[४] वृद्धाच्छ : छ
[५] गुरोश्च हलः : अ (प्रत्यय)
[६] सर्वनिघृष्वरि... : वन्, ह्रस्वनिपातन
[७] अर्श आदिभ्योऽच् : अच्
[८] शास इदङ्हलोः : इत्
[९] पङ्क्तिविंशति... : ति, अशी आदेश
[१०] इगुपधात् कित् : इन्
[११] इक्कृष्यादिभ्यः... इक्

अशुभः (वि./ना./न.) शोभते, शुभतीति वा *(सुशोभित हुन्छ)* शुभ दीप्तौ (भ्वा.) वा शुभ शोभार्थे (तुदा.) धातु, शुभ्+क (अ), शुभम् । न विद्यते शुभं यत्र *(जहाँ शुभ छैन)* न.ब.स., वा न शुभम् *(शुभ नहुने काम)* न.त.स.= अशुभ ।

शब्दार्थ- अमङ्गलकारी, अपवित्र, शुभ नभएको, कुभलो हुने, अमङ्गल, अकल्याण, पाप, अधर्म ।

अशेषः (वि.) शिष्यते इति *(शेष रहनु)* शिष्लृ विशेषणे (रुधा.) धातु, शिष्+घञ् (अ), गुण, शेषः । शेषति शेषयतीति वा *(बाँकिरहन्छ)* शिष असर्वोपयोगे (चुरा.) धातु, शिष्+अच् (पचादि), शेषः । न विद्यमानः शेषः यत्र *(जहाँ शेष छैन)* न.ब.स.=अशेष ।

शब्दार्थ- शेष नरहेको, बाँकी नरहेको, समग्र, सबै नै, सम्पूर्ण, पूरै, निःशेष ।

उदा. **यो आवेश अशेष देश कुलको संहार गर्ने भयो- आ.रा. ११/३३**

अशेषगुणः (ना./पुं.) अशेषश्चासौ गुणश्च *(सबै गुण)* क.त.स.= अशेषगुण ।

शब्दार्थ- सम्पूर्ण गुण, सबै गुण, समग्र गुण ।

अशोकः (वि./ना./पुं.) शुच्यते इति *(शोक गरिन्छ)* शुच शोके (भ्वा.) धातु, शुच्+घञ्(अ), गुण, कुत्व, शोकः । न विद्यमानः शोकः यस्मात् *(जसबाट शोक हुन्न)* न.ब.स., वा न शोकः (**शोक नहुने काम**) न.त.स. =अशोक ।

शब्दार्थ- शोकसुर्ता नभएको, शोक गर्न योग्य नभएको, शोकरहित, निःशोक, शोकको अभाव, अशोक नामका राजा, अशोकवृक्ष ।

अशौचम् (ना./न.) शुचेः शुद्धतायाः भावः *(पवित्रताको भाव वा अवस्था)* शुचि+अण्[1] (अ), आदिवृद्धि, शौचम् । न शौचम् *(पवित्रताको अभाव)* न.त.स.= अशौच ।

शब्दार्थ- अशुद्धता, पवित्र नहुनाको भाव वा अवस्था ।

अशोच्यः (वि.) शुच्यते इति *(शोक गरिन्छ)* शुच शोके (भ्वा.) धातु, शुच्+ण्यत् (य), गुण, शोच्यः । न शोच्यः *(शोक गर्न अनुचित)* न.त.स.= अशोच्य ।

शब्दार्थ- शोक गर्न नहुने, शोक गर्न अनुचित, शोक गर्न अयोग्य, शोक गर्न उपयुक्त नहुने ।

द्रष्टव्य- **अशोच्यानन्वशोचस्त्वं प्रज्ञावादांश्च भाषसे- भ.गी. २/११**

अशोधितः (वि.) शोध्यते स्म इति *(शुद्ध गरिएको)* शुध शौचे (दिवा.) धातु, शुध्+णिचि+क्त (त), इडागम, णिलोप, शोधितः । न शोधितः *(शुद्ध नगरिएको)* न.त.स.= अशोधित ।

शब्दार्थ- शुद्ध नगरिएको, परिष्कृत या परिमार्जन नगरिएको, अप्रशोधित, संशोधन नगरिएको ।

अशोभनम् (ना./न.) शोभनमिति *(शोभा दिनु)* शुभ शोभार्थे (तुदा.) धातु, शुभ्+ल्युट् (अन), शोभनम् । न शोभनम् *(शोभा नदिनु)* न.त.स.= अशोभन ।

शब्दार्थ- सुहाउँदो नहुने क्रिया, ठीक नहुने काम, शोभा नदिने काम, असुन्दरपन ।

अशोभनीयः (वि.) शोभितुं योग्यः *(शोभा दिन योग्य)* शुभ शोभार्थे (तुदा.) धातु, शुभ्+अनीय (र्), शोभनीयः । न शोभनीयः *(सुहाउँदो नहुने)* न.त.स. =अशोभनीय ।

शब्दार्थ-सुहाउँदो नभएको, नराम्रो, असुन्दर, शोभा नदिने ।

अश्रद्धा (ना./स्त्री) श्रयति, श्रीणातीति वा *(सेवा गर्छ)* श्रिञ् सेवायाम् (भ्वा.) वा श्रीञ् हिंसायाम् (क्र्या.) धातु, श्रि/श्री+डति (अत्), बहुलप्रकारले, टिलोप, श्रत्, श्रत्को उपसर्गसंज्ञा[2] । श्रद्धीयते इति *(श्रद्धा गरिन्छ)* श्रत्पूर्वक डुधाञ् धारणपोषणयोः (जुहो.) धातु, श्रत्+धा+अङ्[3] (अ)+टाप् (आ), जश्त्व, श्रद्धा । न श्रद्धा *(श्रद्धाको अभाव)* न.त.स.= अश्रद्धा ।

शब्दार्थ- श्रद्धाको अभाव, श्रद्धा नहुने काम, अनास्था, अनादर, अमर्यादा, भक्तिभाव नहुने काम ।

द्रष्टव्य- **'श्रत्' शब्द उपसर्ग जस्तो भई प्रयोग हुन्छ**

अश्रान्तः (वि.) श्राम्यते स्म इति *(थाकिएको)* श्रमु तपसि खेदे च (दिवा.) धातु, श्रम्+क्त (त), दीर्घ[4], श्रान्तः । न श्रान्तः *(नथाकेको)* न.त.स.= अश्रान्त ।

शब्दार्थ- नथाकेको, शिथिल नभएको, श्रान्त या क्लान्त नभएको, थकित नभएको ।

अश्राव्यः (वि.) श्राव्यते, श्रावितुं योग्यः इति वा *(सुनाउन लायक)* श्रु श्रवणे (भ्वा.) धातु, श्रु+णिचि, वृद्धि, श्रावि । श्रावि +यत्[5] (य), णिलोप, श्राव्यः । न श्राव्यः *(सुनाउन नहुने)* न.त.स.= अश्राव्य ।

शब्दार्थ- सुनाउन योग्य वा लायक नभएको, सुनाउन नहुने, सुनाउन उचित नहुने ।

अश्रु (ना./न.) अश्नुते व्याप्नोति नेत्रमिति *(आँसुले आँखा ढाक्छ)* अशू व्याप्तौ सङ्घाते च (स्वा.) धातु, अश्+रु[6] (उणा.)= अश्रु ।

शब्दार्थ- नेत्र, जल, आँसु, आँखाबाट निस्कने जलकण ।

अश्रुतः (वि.) शृणोति स्म, श्रूयते स्म इति वा *(सुनेको, सुनिएको)* श्रु श्रवणे (भ्वा.) धातु, श्रु+क्त (त), कर्ता र कर्ममा, श्रुतः । न श्रुतः *(नसुनेको)* न.त.स.= अश्रुत ।

शब्दार्थ- नसुनेको, नसुनिएको, अज्ञात, थाह नपाएको, नजानिएको ।

---

[1] इगन्ताच्चलघु.. : अण्

[2] श्रच्छब्दश्चोपसंख्यानम् : श्रत्को उपसर्गसंज्ञा

[3] आतश्चोपसर्गे : अङ्

[4] अनुनासिकस्य क्विझलोः... दीर्घ

[5] अचो यत् : यत्

[6] अश्र्वादयश्च : रु

अश्रुधारा (ना./स्त्री.) अश्रूणां धारा *(आँसुको धारा)* ष.त.स. = अश्रुधारा ।

शब्दार्थ- आँसुको धारा, अश्रुपात, आँखावाट आँसु खस्ने क्रिया ।

अश्रुपातः (ना./पुं.) अश्रूणां पातः *(आँसु खस्ने काम)* ष.त.स.= अश्रुपात ।

शब्दार्थ- आँखावाट आँसु चुहाउने क्रिया, रुने काम, आंसु खसाउने काम ।

अश्लिष्टः (वि.) श्लिष्यते स्म इति *(टाँसिएको)* श्लिष आलिङ्गने (दिवा.) वा श्लिष श्लेषणे (चुरा.) धातु, श्लिष्+क्त (त), टुत्व, श्लिष्टः ।

न श्लिष्टः *(न टाँसिएको)* न.त.स.= अश्लिष्ट ।

शब्दार्थ- नटाँसिएको, नजोडिएको, आलिङ्गन नगरेको, श्लिष्ट नभएको, श्लेषार्थक नभएको, दुई अर्थ लाग्ने द्व्यर्थक नभएको ।

अश्लीलः (वि.) श्रियं लातीति *(समृद्धि ल्याउँछ)* श्री उपपदपूर्वक ला आदाने (अदा.) धातु, श्री+ला+क[1] (अ), आलोप, श्रीका रको लत्व, (र लको अभेद सम्वन्धले), श्लीलः । न श्लीलः *(मर्यादित नभएको)* न.त.स.= अश्लील ।

शब्दार्थ- लज्जा जनाउने, लज्जास्पद, लज्जाजनक शब्दहरूको प्रयोग भएको, ग्राम्यभाषाको प्रयोग गरिएको, भद्दा, कुरूप ।

अश्वः (ना./पुं.) अश्नुते व्याप्नोति मार्गम् *(बाटो ढाक्छ)* अशू व्याप्तौ सङ्घाते च (स्वा.) धातु, अश्+क्वन्[2] =अश्व ।

शब्दार्थ- घोडा, तुरग, हय, ज्योतिषशास्त्रमा सातको सङ्ख्या ।

अश्वकः (ना./पुं) अश्व इव प्रतिकृतिः *(घोडाको जस्तै आकृति),* कुत्सितः अश्वः *(निन्दित घोडा)* अश्व+ कन् (क)= अश्वक ।

शब्दार्थ- घोडा, घोडाकै आकृतिको जनावर, कामशास्त्रमा पुरुषको एउटा भेद ।

अश्वत्थः (ना./पुं.) नश्वः चिरकालं वटवृक्षादिवत् न तिष्ठतीति *(वर आदिको रूखजस्तो धेरै समयसम्म रहँदैन)* ष्ठा गतिनिवृत्तौ (भ्वा.) धातु, न+श्व+स्था+क (अ), स्थाको आलोप, नलोप, पृषोदरादिवाट सको त= अश्वत्थ ।

शब्दार्थ- पिपलको रूख, वोधिद्रुम, पिप्पल ।

अश्वत्थामा (ना./पुं.) अश्वस्य इव स्थाम स्थितिर्वलं वा यस्य *(घोडाको जस्तो स्थिति वा बल छ जसको)* अश्व+स्थामन्, ब.स., स्थाका सको त (पृषोदरादवाट), अस्वत्थामन्= अश्वत्थामा ।

शब्दार्थ- द्रोणचार्यका पुत्र, महाभारत युद्धका महारथि ।

अश्वमेधः (ना./पुं.) अश्वः घोटकः मेध्यते हिंस्यते यत्र *(जुन यज्ञमा घोडाको बलि दिइन्छ)* अश्वपूर्वक मेधृ मेधाहिंसनयोः सङ्गमे च (भ्वा.) धातु, अश्व+मेध्+घञ् (अ)= अश्वमेध ।

शब्दार्थ- घोडाको वलि चढाइने ठूलो यज्ञविशेष, अश्वयाग

अश्वशाला (ना./स्त्री) अश्वस्य शाला *(घोडा राख्ने ठाउँ)* ष.त.स.= अश्वशाला ।

शब्दार्थ- तवेला, घोडा वाँधेर राख्ने ठाउँ, वाजिशाला ।

अश्वशास्त्रम् (ना./न.) अश्वस्य शास्त्रम् *(घोडासम्बन्धी विषयको शास्त्र)* ष.त.स.= अश्वशास्त्र ।

शब्दार्थ- घोडाको विषयमा लेखिएको ग्रन्थ, घोडाको लक्षण परीक्षा गर्ने शालीहोत्रीय ग्रन्थ ।

अश्वारोही (वि.) अश्वमारोहितुं शीलमस्य *(घोडा चढ्ने शील या सीप छ यसको)* अश्व उपपदमा हुने आङ्पूर्वक रुह बीजजन्मनि प्रादुर्भावे च (भ्वा.) धातु, अश्व+आ+रुह्+णिनि (इन्), दीर्घ, गुण, अश्वारोहिन् =अश्वारोही ।

शब्दार्थ- घोडामा चढ्ने, घोडचरी, घोडसवार ।

अश्विनी (ना./स्त्री) अश्वः अश्वरूपमस्याः अस्तीति *(घोडाको रूप छ यसको)* अश्व+इनि[3] (इन्)+ङीप् (ई)= अश्विनी ।

शब्दार्थ- सत्ताईस नक्षत्रमध्ये पहिलो नक्षत्र, सूर्यपत्नी, अश्विनी कुमारीकी आमा ।

अष्ट (ना./पुं.) अश्नुते इति *(व्याप्त हुन्छ)* अशू व्याप्तौ सङ्घाते च (स्वा.) धातु, अश्+कनिन्[4] (अन्), तुडागम, उणा., शको ष, श्टुत्व, तको ट, अष्टन्= अष्ट ।

शब्दार्थ- आठको सङ्ख्या, सात र नौका वीचको सङ्ख्या ।

अष्टचत्वारिंशत् (ना./स्त्री.) अष्टौ च चत्वारिंशच्च वा अष्टाधिका च चत्वारिंशत् *(आठ र चालीस, चालीसमा आठ बढी)* द्व.स./क.त.स.= अष्टचत्वारिंशत् ।

शब्दार्थ-अठचालीस, चालीसमा आठ जोड्दा हुने सङ्ख्या ।

अष्टमः (वि.) अष्टानां पूरणः *(आठको सङ्ख्या पूरा गर्ने)* अष्टन्+डट्[5], मडागम[6]= अष्टम ।

शब्दार्थ- आठको पूरक, आठौं, आठौं स्थान, आठौं दिन ।

अष्टमी (ना./स्त्री.) अष्टानां पूरणी *(आठको स्थान पूरा गर्ने)* अष्टन्+डट्, डट्को मट्, ङीप् (ई)= अष्टमी ।

शब्दार्थ- शुल्क पक्ष र कृष्णपक्ष दुवैको आठौं तिथि, अष्टमी तिथि ।

अष्टमूर्तिः (ना./पुं.) अष्टौ मूर्तयः स्वरूपाः यस्य *(आठवटा स्वरूप छन् जसका)* ब.स.= अष्टमूर्ति ।

शब्दार्थ- महादेव, भगवान् शिव, शिवका आठमूर्तिहरू- सूर्य, चन्द्रमा, वायु, तेज, जल, आकाश, पृथिवी, आत्मा ।

---

[1] आतोऽनुपर्से कः : क

[2] अशूप्रूषि... : क्वन्

[3] अत इनिठनौ : इनि

[4] शप्यशूभ्यां तुट् च : कनिन्, तुट्

[5] तस्य पूरणे डट् : डट्

[6] नान्तादसंख्यादेर्मट् : मट्

द्रष्टव्य-. त्वमर्कस्त्वं सोमस्त्वमसि पवनस्त्वं हुतवहः । त्वमापस्त्वं व्योम त्वमु धरणिरात्मा त्वमिति च- शि.म.स्तो.२६

अष्टसिद्धिः (ना./स्त्री./न.) अष्टौ च ताः सिद्धयश्च *(आठ सिद्धिहरू)* क.त.स., अष्टानां सिद्धीनां समुदायः *(आठ सिद्धिको समुदाय)* द्वि.त.स.= अष्टसिद्धि ।

शब्दार्थ- योगसाधनाबाट प्राप्त गर्न सकिने अष्टसिद्धिहरू- अणिमा, महिमा, गरिमा, लघिमा, प्राप्ति, प्राकाम्य, ईशित्व, वशित्व (हुन्), आठ सिद्धिहरूको समूह ।

अष्टाक्षरः (वि./ना./पुं.) अष्टौ अक्षराः सन्ति यत्र *(आठ अक्षर छन् जहाँ)* अष्ट+अक्षर, ब.स., दीर्घ =अष्टाक्षर ।

शब्दार्थ- आठ अक्षर भएको, आठ अक्षरको दीक्षामन्त्र ।

अष्टाक्षरी (वि.) अष्टाक्षराः सन्ति अस्य *(आठ अक्षर छन् यसका)* अष्टाक्षर+इनि (इन्)= अष्टाक्षरी ।

शब्दार्थ- आठवटा अक्षर भएको (दीक्षामन्त्र), अष्टाक्षरी (कविता) ।

अष्टाङ्गम् (ना./न.) अष्टानामङ्गानां समुदायः *(आठ अङ्गको समुदाय)* अष्ट+अङ्ग, द्वि.त.स., दीर्घ= अष्टाङ्ग ।

शब्दार्थ- योगका आठवटा अङ्गहरू, यम-नियम-प्राणायामादि योगका आठ अङ्ग, बुद्धका आठ मार्ग, शरीरका आठ अङ्ग ।

अष्टादशन् (वि.) अष्टौ च दश च/अष्टाधिका दश *(आठ र दशको जोड)* अष्टन्+दश, द्व.स./क.त.स., आत्व[१]= अष्टादश ।

शब्दार्थ- अठार, अठार सङ्ख्या बुझाउने- अठारवटा पुराण, अठारवटा उपपुराण, अठारवटा स्मृतिग्रन्थ

अष्टापदः (वि.) अष्टौ पदाः सन्ति यस्य *(आठ पाउ छन् जसका)* ब.स., आत्व[१] = अष्टापद ।

शब्दार्थ- आठ पाउ भएको ।

अष्टावक्रः (ना./पुं.) अष्टसु भागेषु वक्राणि यस्य *(आठवटा स्थानमा टेढोपन छ जसको)* अष्टन्+वक्र, ब.स., आत्व[१]= अष्टावक्र ।

शब्दार्थ- आठवटा अङ्गहरू बाङ्गो-टिङ्गो भएको व्यक्ति, आठ ठाउँमा बाङ्गो-टिङ्गो भएका एक आध्यात्मिक ऋषि ।

अष्टाविंशतिः (ना./स्त्री.) अष्टौ च विंशति च *(आठ र बीस)* द्व.स., अष्टाधिका विंशति च *(आठले अधिक बीस)* क.त.स., आत्व[१]= अष्टाविंशति ।

शब्दार्थ- अठ्ठाईस, आठ र बीस जोड्दा हुने सङ्ख्या ।

असंयमः (ना./पुं.) संयमनम्, संयम्यते इति वा *(संयम गरिन्छ)* सम्पूर्वक यम उपरमे (भ्वा.) धातु, सम्+यम्+अप् (अ), संयमः । न संयमः *(संयमको अभाव)* न.त.स.= असंयम ।

शब्दार्थ- संयमको अभाव, संयमहीनता, नियन्त्रणको अभाव, इन्द्रियहरूलाई नियन्त्रण गर्न नसक्ने काम,

असंयुक्तः (वि.) संयुज्यते स्म इति *(जोडिएको)* सम्पूर्वक युजिर् योगे (रुधा.) धातु, सम्+युज्+क्त (त), संयुक्तः । न संयुक्तः *(संयुक्त नभएको)* न.त.स.= असंयुक्त ।

शब्दार्थ- संयुक्त नभएको, नजोडिएको, 'नटाँसिएको,

असंलग्नः (वि.) संलगति स्म इति *(राम्ररी संलग्न भएको)* सम्पूर्वक लगे सङ्गे (भ्वा.) धातु, सम्+ लग्+क्त (त), कर्तामा, इडाभाव[२], तको न (निपातन), संलग्नः । न संलग्नः *(संलग्न नभएको)* न.त.स.= असंलग्न ।

शब्दार्थ- कसैसँग संलग्न नभएको, कसैको पक्षमा नलागेको, एक अर्को बीच संलग्न नरहेको ।

असंसदीयः (वि.) संसीदन्ति यस्याम् *(रहन्छन् यसमा)* सम्पूर्वक षद्लृ विशरणगत्यावसादनेषु (तुदा./भ्वा.) धातु, सं+सद्+क्विप् (सर्वलोप), संसद् । संसदे हितम् *(संसद्को लागि हित हुने),* संसदि भवः इति *(संसद्मा हुने)* संसद्+छ[३] (ईय), संसदीयः । न संसदीयः *(संसदीय मर्यादामा नपर्ने)* न.त.स.= असंसदीय ।

शब्दार्थ- संसदीय नभएको, संसदीय मर्यादा विपरीत, संसदीय तरिकामा नमिल्ने ।

असंसर्गः (ना./पुं.) संसृज्यते इति *(संसर्ग हुनु)* सम्पूर्वक सृज विसर्गे (दिवा.) धातु, सम्+सृज्+घञ् (अ), जको कुत्व ग, संसर्गः । न संसर्गः *(संसर्गको अभाव)* न.त.स.= असंसर्ग ।

शब्दार्थ- संसर्ग नहुने कार्य, सम्वन्ध नहुने अवस्था, संसर्गको अभाव, संसर्ग नहुने क्रिया ।

असंस्कृतः (वि.) संस्क्रियते स्म इति *(संस्कार गरिएको)* सम्पूर्वक डुकृञ् करणे (तना.) धातु, सम्+कृ+क्त (त), सुडागम, संस्कृतः । न संस्कृतः *(नखारिएको)* न.त.स.= असंस्कृत ।

शब्दार्थ- संस्कार नगरिएको, नखारिएको, नमाझिएको, अपरिमार्जित, असभ्य ।

असक्तः (वि.) सजति स्म इति *(आसक्त भएको)* षञ्ज सङ्गे (भ्वा.) धातु, सञ्ज्+क्त[४] (त), कर्तामा, नलोप, कुत्व, सक्तः । न सक्तः *(आसक्त नभएको)* न.त.स.=असक्त ।

शब्दार्थ- आसक्त नभएको, अनासक्त, सांसारिक वासनाप्रति संलग्न नभएको, निष्काम, विरक्त ।

असङ्ख्यः (वि.) सङ्ख्यानम्, सङ्ख्यायते इति वा *(गणना गरिन्छ)* सम्पूर्वक ख्या प्रकथने वा चक्षिङ् व्यक्तायां वाचि (अदा.) धातु, सम्+ख्या+अङ्[५] (अ), आलोप, टाप् (आ), सङ्ख्या । न विद्यते सङ्ख्या यस्य *(जसको गणना गर्न सक्ने सङ्ख्या छैन)* न.ब.स., ख्याको ह्रस्व= असङ्ख्य ।

शब्दार्थ- अनगिन्ती, गणनारहित, धेरै, असीमित, सङ्ख्यारहित, सङ्ख्याविहीन, अपरिमित, अगणित ।

---

[१] द्व्यष्टनः सङ्ख्या... आत्व

[२] क्षुब्धस्वान्तध्वान्त... इडाभाव, तको न

[३] तस्मै हितम्/गहादिभ्यश्च : छ

[४] गत्यर्थाकर्मक... क्त (कर्तामा)

[५] आतश्चोपसर्गे : अङ

असङ्गः (वि.) सजति अत्र *(आसक्त हुन्छ यहाँ)* षञ्ज सङ्गे (भ्वा.) धातु, सञ्ज्+घञ् (अ), जको कुत्व ग, परसवर्ण, सङ्गः । न विद्यमानः सङ्गः आसक्तिर्यत्र *(जहाँ आसक्ति छैन)* न.ब.स.= असङ्ग ।

शब्दार्थ- अनासक्त, सांसारिक वन्धनवाट मुक्त, आसक्तिरहित, बन्धनरहित, विषयवासनाप्रति वैराग्य हुने, विरक्त ।

असङ्गतः (वि.) सङ्गतवान्निति *(सङ्गति मिलेको)* सम्पूर्वक गम्लृ गतौ (भ्वा.) धातु, सम्+गम्+क्त[१] (त), कर्तामा, अनुनासिकमलोप, परसवर्ण, सङ्गतः । न स *(सङ्गति नमिलेको)* न.त.स.= असङ्गत ।

शब्दार्थ- सङ्गति नमिलेको, सिलसिला नमिलेको, क्रम नमिलेको, अनुचित, मेल नखाने, सम्वद्ध नभएको

असङ्गतिः (ना./स्त्री) सङ्गमनम्, सङ्गम्यते इति वा *(मेल हुनु)* सम्पूर्वक गम्लृ गतौ (भ्वा.) धातु, सम्+गम्+क्तिन् (ति), अनुनासिकलोप, परसवर्ण, सङ्गतिः । न सङ्गतिः *(सङ्गति नहुनु)* न.त.स.= असङ्गति ।

शब्दार्थ- मेल नहुने क्रिया, असम्वद्धता, अनुपयुक्तता, सङ्गतिको अभाव, सिलसिला नमिल्नु ।

असञ्चयः (ना./पुं.) सञ्चयनम्, सञ्चीयते इति वा *(सञ्चय गरिन्छ)* सम्पूर्वक चिञ् चयने (स्वा.) धातु, सम्+चि+अच् (एरच्), गुण, अयादेश, परसवर्ण, सञ्चयः । न सञ्चयः *(सञ्चयको अभाव)* न.त.स. =असञ्चय ।

शब्दार्थ- सञ्चय या सङ्ग्रहको अभाव, सञ्चिति नभएको स्थिति, जम्मा नगर्ने काम ।

असती (वि./स्त्री.) अस्ति एकस्मिन् पत्यौ इति *(एउटै पतिको सत्मा रहन्छे)* अस भुवि (अदा.) धातु, अस्+ शतृच् (अत्), अस्को अलोप, सत् । सत्+ ङीप् (ई), सती । न सती न साध्वी *(सतीत्वमा नरहेकी)* न.त.स.= असती ।

शब्दार्थ- पतिको सतीत्वमा नरहेकी, पुंश्चली, वेश्या, दुष्ट स्वभावकी, दुश्चरित्रा, कुलटा, व्यभिचारिणी

असत् (वि./ना./न.) अस्तीति *(हुन्छ या रहन्छ)* अस भुवि (अदा.) धातु, अस्+शतृच्[२] (अत्), अस्को अलोप[३], सत् । न सत् *(सत्को अभाव)* न.त.स. = असत् ।

शब्दार्थ- अविद्यमान, सत्ताहीन, अस्तित्वहीन, सत्त्वरहित, अतथ्य, असत्य, जडपदार्थ, ब्रह्मभन्दा भिन्न तत्त्व

असत्यः (वि./ना./न.) अस्तीति *(रहन्छ)* अस भुवि (अदा.) धातु, अस्+शतृच्[२] (अत्), अस्को अलोप, सत् । सति साधुः *(सत्यमा साधु या सत्यमा रहने)* सत्+यत्[४] (य), सत्यम् । न विद्यमानं सत्यं यत्र *(जहाँ सत्य छैन)* न.ब.स.= असत्य । अथवा न सत्यम् *(सत्यको अभाव)* न.त.स.= असत्य ।

शब्दार्थ- झूटो, मिथ्या, सत्य नभएको, अतथ्य, अवास्तविक, काल्पनिक, सत्यको अभाव, सत्यता नभएको अवस्था, असत्यता ।

***उदा.* असत्य संसार असत्य देह यो,**
असत्यको भोग असत्य नै भयो- बु.वि. २३

असदृशः (वि.) न सदृशः *(बराबर नभएको)* न.त.स. =असदृश ।

शब्दार्थ- तुल्य या बरावर नभएको, अनुपमेय, असमान ।

असन्तुलनम् (ना./न.) सन्तुलनम्, सन्तुल्यते इति वा *(सन्तुलन रहनु)* सम्पूर्वक तुल उन्माने (चुरा.) धातु, सम्+तुल्+ल्युट् (अन), गुणाभाव, सन्तुलनम् । न सन्तुलनम् *(सन्तुलनको अभाव)* न.त.स. =असन्तुलन ।

शब्दार्थ- सन्तुलन नहुने क्रिया, समता नभएको स्थिति, वरावर नभएको अवस्था, सन्तुलनको अभाव ।

असन्तुलितः (वि.) सन्तोलयति स्म इति *(सन्तुलन भएको)* सम्पूर्वक तुल उन्माने (चुरा.) धातु, सम्+ तुल्+क्त (त), इडागम, सन्तुलितः । न सन्तुलितः *(सन्तुलित नभएको)* न.त.स.= असन्तुलित ।

शब्दार्थ- सन्तुलन नभएको, घटीवढी भएको, वरावरी नभएको, असन्तुलन भएको ।

***उदा.* कसैको परिचित तर असन्तुलित पदचाप**
एकछिनको निम्ति- घु.मे.अ. (रिक्तशय्याको स्थानबाट)

असन्तुष्टः (वि.) सन्तुष्यति स्म इति *(सन्तुष्ट भएको)* सम्पूर्वक तुष तुष्टौ (दिवा.) धातु, सम्+तुष्+क्त (त), कर्तामा, ष्टुत्व, सन्तुष्टः । न सन्तुष्टः *(सन्तुष्ट नभएको)* न.त.स.= असन्तुष्ट ।

शब्दार्थ- सन्तुष्ट नभएको, तृप्त नभएको, प्रसन्न नभएको, वेखुसी, अतृप्त ।

असन्तुष्टिः (ना./स्त्री) सन्तोषणम्, सन्तुष्यते इति *(सन्तोष लिइन्छ)* सम्पूर्वक तुष तुष्टौ (दिवा.) धातु, सम्+तुष्+क्तिन् (ति), सन्तुष्टिः । न सन्तुष्टिः *(सन्तुष्टिको अभाव)* न.त.स.= असन्तुष्टि ।

शब्दार्थ- सन्तुष्टि नहुने काम, सन्तोष नहुने स्थिति, तृप्तिको अभाव, अप्रसन्नता ।

असन्तोषः (ना./पुं.) सन्तोषणम्, सन्तुष्यते इति *(सन्तोष लिइन्छ)* सम्पूर्वक तुष तुष्टौ (दिवा.) धातु, सम्+तुष्+घञ् (अ), गुण, सन्तोषः । न सन्तोषः *(सन्तोषको अभाव)* न.त.स.= असन्तोष ।

शब्दार्थ- सन्तोष नहुने काम, परितुष्टि नभएको अवस्था, असन्तोक, सन्तोष नलिने काम, अप्रसन्नता ।

---

[१] गत्यर्थाकर्मक... : क्त (कर्तामा)

[२] लटः शतृशानचाव... : शतृच्

[३] श्नसोरल्लोपः : अलोप

[४] तत्र साधुः : यत्

[५] षिद्भिदादिभ्योऽङ् : अङ्

[६] सहस्य सः संज्ञायाम् : स आदेश

असपिण्डः (वि.) समानः पिण्डः देहः मूलपुरुषः अस्य इति *(समान या एउटै मूलपुरुष छ यसको)* समान+पिण्ड, ब.स., समानको सभाव[1], सपिण्डः । न सपिण्डः *(सपिण्डभित्र नभएको)* न.त.स.= असपिण्ड ।

शब्दार्थ- पिण्डसँग सम्वद्ध नभएको, सपिण्डभित्र नपरेको, आफ्नो तीन पुस्ते वंशभित्र नपरेको ।

असभ्यः (वि.) सह भान्ति अस्याम् *(सँगै सुशोभित हुन्छन् यहाँ)* सहपूर्वक भा दीप्तौ (अदा.) धातु, सह+भा+क (अ), सहको सभाव, आलोप, सभा । सभायां साधुः *(सभामा निपुण)* सभा+यत् (य), सभ्यः । न सभ्यः *(सभ्य नभएको)* न.त.स.=असभ्य ।

शब्दार्थ- सभ्य नभएको, अशिष्ट, नीच, निकृष्ट, पाखे, सभामा वस्न अयोग्य, जङ्गली ।

असभ्यता (ना./स्त्री.) असभ्यस्य भावः *(असभ्य हुनाको भाव)* असभ्य+तल् (त)+टाप् (आ)= असभ्यता ।

शब्दार्थ- सभ्यता या शिष्टताको अभाव, असभ्यपन, अशिष्टपना, पाखेपन ।

असमः (वि.) नास्ति समः यस्य *(जसको बराबर छैन)* न.व.स., उ.प.लोप= असम ।

शब्दार्थ- विषम, वरावर नभएको, अतुल्य, असदृश, असमान ।

असमयः (ना./पुं) सम्यक् प्रकारेण एतीति *(राम्ररी जान्छ वा वित्तछ)* सम्पूर्वक इण् गतौ (अदा.) धातु, सम्+इ+अच् (पचादि), गुण, अयादेश, समयः । अपकृष्टः समयः *(समय नाघेको वा खराब समय)* प्रा.त.स. = असमय ।

शब्दार्थ- खराव समय, बेमौका, कुवेला, कुयाम, अकाल, ठीक समयको अभाव, राम्रो समय नभएको अवस्था ।

असमर्थः (वि./ना./पुं.) समर्थयते *(समर्थ हुन्छ)* सम्पूर्वक अर्थ उपयाञ्चायाम् (चुरा.) धातु, सम्+अर्थ+अच् (पचादि)/घञ् (अ), समर्थः । न समर्थः *(समर्थ नभएको)* न.त.स.= असमर्थ ।

शब्दार्थ- समर्थ नभएको, शक्तिविहीन, निर्वल, असक्त, वलरहित, अयोग्य, दुर्वलता, सामर्थ्यहीनता ।

असमानः (वि./ना./पुं.) समन्तादानयतीति *(सबै तिरबाट ल्याउँछ)* सम्पूर्वक अन प्राणने (अदा.) धातु, सम्+अन्+णिचि+अच् (पचादि), वृद्धि, णिलोप, समानः । अथवा समन्तात् अनिति अनेन *(सबैतिरबाट श्वास लिन्छ यसले)* सम्+अन्+घञ्[2] (अ), वृद्धि, समानः । अथवा मन्यते इति *(ठान्छ)* मनु अवबोधने (तना.) धातु, मन्+घञ् (अ), मानः । समानः मानः अस्य वा सह मानेन वर्तते इति *(समान मान छ यसको, सम्मानपूर्वक रहन्छ)* व.स., समान तथा सहको स भाव, समानः ।

अथवा समति तच्छील: *(बराबर भएर रहने शील छ यसको)* षम अवैकल्ये (भ्वा.) धातु, सम्+चानश्[3] (आन), समानः । न समानः *(समानताको अभाव)* न.त.स. वा नास्ति समानः यस्य *(जसको बराबरीपन छैन)* न.व.स.= असमान ।

शब्दार्थ- समान नभएको, तुल्य वा वरावर नभएको, असदृश, विषम, समान नहुने स्थिति, वरावरीपनको अभाव ।

असमापिका (ना./स्त्री.) समाप्नोतीति *(पूरा गर्छ)* सम्पूर्वक आप्लृ व्याप्तौ (स्वा.) धातु, सम्+आप्+ण्वुल् (अक), समापक+टाप् (आ) ककारपूर्वका अकारको इत्व, समापिका । न समापिका *(पूरा नगर्ने)* न.त.स. =असमापिका ।

शब्दार्थ- अर्थ पूरा वा समाप्त नगर्ने क्रिया, व्याकरणमा वाक्यको अर्थ पूरा नगर्ने पूर्वकालिक क्रिया जस्तैः पढेर, खाई, गर्दा आदि ।

असमाप्तः (वि.) समाप्यते स्म इति *(पूरा गरिएको)* सम्पूर्वक आप्लृ व्याप्तौ (स्वा.) धातु, सम्+आप्+क्त (त), समाप्तः । न समाप्तः *(समाप्त नभएको)* न.त.स.= असमाप्त ।

शब्दार्थ- समाप्त नभएको, पूरा नभएको, नटुङ्गिएको, नसिद्धिएको, अपूरो, अधुरो, अपूर्ण ।

असम्बद्धः (वि.) सम्बध्नाति स्म, सम्बध्यते स्म इति वा *(सम्बद्ध भएको, जोडिएको)* सम्पूर्वक बन्ध वन्धने (क्र्या.) धातु, सम्+बन्ध्+क्त (त), अनुनासिक नलोप, सम्बद्धः । न सम्वद्धः *(सम्बद्ध नभएको)* न.त.स.=असम्वद्ध ।

शब्दार्थ- सम्वद्ध नभएको, बन्धनमा नपरेको, नबाँधिएको, नमिलेको, नजोडिएको, सम्वन्धित नभएको ।

असम्बन्धः (ना./पुं./वि.) सम्बन्धनम्, सम्वध्यते इति वा *(सम्बन्ध हुनु)* सम्पूर्वक बन्ध बन्धने (क्रया.) धातु, सम्+बन्ध्+घञ् (अ), सम्बन्धः । न सम्वन्धः *(सम्बन्धको अभाव)* न.त.स. वा न विद्यमानः सम्बन्धः यस्य *(जसको सम्बन्ध छैन)* न.ब.स.= असम्बन्ध ।

शब्दार्थ- सम्वन्धको अभाव, सम्वन्ध नरहने काम, कसैसित सम्बन्ध नभएको, असम्वन्धित ।

असम्भवः (वि./ना./पुं.) सम्भवतीति *(सम्भव हुन्छ)* सम्पूर्वक भू सत्तायाम् (भ्वा.) धातु, सम्+भू+अप् (अ), गुण, अवादेश, सम्भवः । न विद्यते सम्भवः यत्र *(जहाँ सम्भव छैन)* न.ब.स.= असम्भव ।

---

[1] समानस्यच्छन्दस्य... : सभाव

[2] हलश्च : घञ्

[3] ताच्छील्यवयोवचन... चानश्

अथवा न सम्भवः *(सम्भव नहुने काम)* न.त.स. =असम्भव ।

शब्दार्थ- सम्भव नभएको, सम्भावना नभएको, उत्पत्ति नभएको, अनुत्पत्ति, अजन्म, सम्भव नहुने स्थिति

असम्भावना (ना./स्त्री) सम्भाव्यते इति *(सम्भावना रहन्छ)* सम्पूर्वक भू सत्तायाम् (भ्वा.) धातु, सम्+भू +णिचि, वृद्धि, सम्भावी+युच् (अन)+टाप् (आ), णिलोप, सम्भावना । न सम्भावना *(सम्भावनाको अभाव)* न.त.स.= असम्भावना ।

शब्दार्थ- सम्भावना नहुने स्थिति, सम्भावनाको अभाव, सम्भावना नरहने अवस्था ।

असम्मतः (वि.) सम्मन्यते स्म इति *(सम्मति भएको)* मन ज्ञाने (दिवा.) वा मनु अवबोधने (तना.) धातु, सम्+ मन्+क्त (त), अनुनासिक नलोप, सम्मतः । न सम्मतः *(सम्मति नभएको)* न.त.स.= असम्मत ।

शब्दार्थ- सहमत नभएको, सम्मति नभएको, मत नमिलेको, स्वीकृति नभएको, अभिमत नभएको, मतैक्य नभएको ।

असम्मतिः (ना./स्त्री) सम्मननम्, सम्मन्यते इति वा *(राम्रो ठानिन्छ, सम्मति दिइन्छ)* सम्पूर्वक मन ज्ञाने (दिवा.) वा मनु अवबोधने (तना.) धातु, सम्+मन्+ क्तिन् (ति), सम्मतिः । न सम्मतिः *(सम्मतिको अभाव)* न.त.स.= असम्मति ।

शब्दार्थ- असहमति, अस्वीकृति, सहमति नहुने अवस्था वा स्थिति, सम्मतिको अभाव ।

असम्मानः (ना./पुं./न.) सम्मान्यते इति *(आदर गरिन्छ)* सम्पूर्वक मनु अवबोधने (तना.) वा मन ज्ञाने (दिवा.) धातु, सम्+मन्+णिचि+अच् (एरच्), वृद्धि, णिलोप, सम्मानः । न सम्मानः *(सम्मानको अभाव)* न.त.स.= असम्मान ।

शब्दार्थ- सम्मान नहुने काम, आदरको अभाव, अनादर, अवहेलना, अपहेलना, हेला ।

असम्मूढः (वि.) सम्मुह्यते स्म इति *(मोहित भएको)* सम्पूर्वक मुह वैचित्ये (दिवा.) धातु, सम्+मुह्+क्त (त), तको थ, हको ढ, थको ढ, ढलोप, दीर्घ, सम्मूढः न सम्मूढः *(सम्मोहित नभएको)* न.त.स. =असम्मूढ ।

शब्दार्थ- मुग्ध नभएको, सम्मोहित नभएको, अज्ञानरहित ।

असम्मोहः (ना./पुं.) सम्मोहनम्, सम्मुह्यते इति वा *(मोहित हुनु)* सम्पूर्वक मुह वैचित्ये (दिवा.) धातु, सम्+मुह्+घञ् (अ), गुण, सम्मोहः । न सम्मोहः *(मोहको अभाव)* न.त.स.= असम्मोह ।

शब्दार्थ- मोह नहुने काम, मोहको अभाव, विषयप्रति लुब्ध नहुने काम ।

असवर्णः (वि.) वर्ण्यते इति *(वर्णन गरिन्छ, रँगाइन्छ)* वर्ण वर्णक्रियाविस्तारगुणवचनेषु वा वर्ण प्रेरणे (चुरा.) धातु, वर्ण्+घञ् (अ), वर्णः । अथवा व्रियतेऽनेनेति *(वरण गरिन्छ यसबाट)* वृञ् वरणे (स्वा.) धातु, वृ+न, उणा. गुण, णत्व, वर्णः । समानः वर्णः यस्य *(समान वर्ण छ जसको)* ब.स., समानको सभाव, सवर्णः । न सवर्णः *(समान वर्ण नभएको)* न.त.स.= असवर्ण ।

शब्दार्थ- समान वर्ण वा रङ्ग नभएको, भिन्न भिन्न जातिको, असमान जातिको, असमान गोत्रको ।

असहमतः (वि.) सहते इति *(सहन्छ)* षह मर्षणे (भ्वा.) धातु, सह+अच् (पचादि), सहः । मन्यते स्म इति *(ठान्छ, ठानिएको)* मनु अवबोधने (तना.) धातु, मन्+क्त (त), मतः । सह मतेन *(सहमतिपूर्वक)* ब.स.[१], सहमतः । न सहमतः *(सहमत नभएको)* न.त.स.= असहमत ।

शब्दार्थ- सहमत नभएको, मञ्जुर नभएको, सम्मति नभएको, अनुमति नदिएको ।

असहमतिः (ना./स्त्री) मन्यते इति *(ठान्छ)* मन ज्ञाने (दिवा.) धातु, मन्+क्तिन् (ति), मतिः, सह मत्या *(मति या बुद्धिपूर्वक)* ब.स.[१], सहमतिः । न सहमतिः *(सहमतिको अभाव)* न.त.स.= असहमति ।

शब्दार्थ- सहमति नहुने क्रिया, सहमतिको अभाव, अनुमति नदिइने काम, मञ्जुरीविना, असम्मति ।

असहयोगः (ना./पुं.) सह युज्यते इति *(सहयोग गरिन्छ)* सहपूर्वक युज समाधौ (दिवा.) वा युजिर् योगे (रुधा.) धातु, सह+युज्+घञ् (अ), गुण, कुत्व, सहयोगः । न सहयोगः*(सहयोगको अभाव)* न.त.स.= असहयोग ।

शब्दार्थ- सहयोग नहुने क्रिया, सहयोगको अभाव, सहयोग नहुनाको अवस्था, सहमत नहुने काम, सहायता नहुने काम, सम्मति नहुने काम ।

असहयोगी (वि.) सहयोगः अस्य अस्तीति *(सहयोग छ यसको)* सहयोग+इनि[२] (इन्), सहयोगी । अथवा सहयुनक्तीति *(सहयोग गर्छ)* सहपूर्वक युजिर् योगे (रुधा.) धातु, सह+युज्+णिनि (इन्), गुण, कुत्व, सहयोगी । न सहयोगी *(सहयोगी नभएको)* न.त.स. =असहयोगी ।

शब्दार्थ- सहयोग नगर्ने, सहायता नगर्ने, सहयोगी नहुने ।

असहायः (वि.) सह अयते, एति वा *(सँगै जान्छ वा साथ दिन्छ)* सहपूर्वक अय गतौ (भ्वा.) वा इण् गतौ (अदा.) धातु, सह+अय्+अच् (पचादि), दीर्घ, सहायः । अथवा सह+इ+अच् (पचादि), गुण, अयादेश, सहायः । न सहायः *(सहाय नभएको)* न.त.स.= असहाय ।

शब्दार्थ- सहयोगी विनाको, सहायक नभएको, सहयोग या मद्दत नगर्ने, निस्सहाय ।

---

[१] तेन सहेति... बहुव्रीहि समास

[२] अत इनिठनौ : इनि

असहायता (ना./स्त्री.) सहायस्य भावः *(सहायक हुनाको भाव वा अवस्था)* सहाय+तल् (त)+टाप् (आ), सहायता । न सहायता *(सहायताको अभाव)* न.त.स.= असहायता ।

शब्दार्थ- सहायता नहुनाको स्थिति, सहायताको अभाव ।

असहिष्णुः (वि.) सहते तच्छीलः *(सहनशील)* षह मर्षणे (भ्वा.) धातु, सह्+इष्णुच्[1] (इष्णु), सहिष्णुः । न सहिष्णुः *(सहनशील नभएको)* न.त.स.=असहिष्णु ।

शब्दार्थ- सहन गर्न असमर्थ, सहन अयोग्य, सहनशील नभएको, सहिष्णु नभएको ।

असहिष्णुता (ना./स्त्री.) असहिष्णोर्भावः *(सहनशील नहुनाको भाव वा अवस्था)* असहिष्णु+तल् (त)+टाप् (आ)= असहिष्णुता ।

शब्दार्थ- सहनशील नहुनाको स्थिति वा अवस्था, असहिष्णुपन, सहनशीलताको अभाव ।

असह्यः (वि.) सह्यते, सोढुं शक्यः इति वा *(सहन सकिन्छ, सहन योग्य)* षह मर्षणे (भ्वा.) धातु, सह+यत्[2] (य), सह्यः । न सह्यः *(सहन नसकिने)* न.त.स.= असह्य ।

शब्दार्थ- सहन नसकिने, सहन अयोग्य, सहन लायक नभएको, सह्य नभएको ।

असांसारिकः (वि.) संसरति कालान्तरमिति *(कालान्तरसम्म अगाडि बढ्छ)* सम्पूर्वक सृ गतौ (भ्वा.) धातु, सम्+सृ+घञ् (अ), वृद्धि, संसारः । संसारेण चरति, संसारः प्रयोजनमस्य *(सांसारिक भएर विचरण गर्छ, संसार नै प्रयोजन छ यसको)* संसार+ठक् (इक), आदिवृद्धि, सांसारिकः । न सांसारिकः *(सांसारिक नभएको)* न.त.स.= असांसारिक ।

शब्दार्थ- संसारमा नमिल्ने, संसारसँग सम्वन्ध नभएको, अलौकिक, सांसारिक नवनेको ।

असाधारणः (वि.) आधार्यते इति *(आधारित हुनु)* आङ्पूर्वक धृञ् धारणे (भ्वा.) धातु, आ+धृ+णिचि+ल्युट् (अन), णिलोप, वृद्धि, आधारणम् । सह आधारणेन वर्तते इति *(सँगै आधारित भएर रहन्छ)* ब.स., सहको स आदेश[3], साधारणः । न साधारणः *(साधारण नभएको)* न.त.स.= असाधारण ।

शब्दार्थ-साधारण नभएको, असामान्य, विशिष्ट, विलक्षण ।

असाध्यः (वि./ना./पुं.) साध्यतेऽनेन इति *(सिद्ध हुन्छ यसबाट)* साध संसिद्धौ (स्वा.) धातु, साध्+ण्यत्[4] (य), साध्यः, (सिद्ध) । न साध्यः *(सिद्ध हुन नसक्ने)* न.त.स.= असाध्य ।

शब्दार्थ- सम्पन्न गर्न नसकिने, सिद्ध गर्न नसकिने, साध्य नहुने, उपाय नलाग्ने, निको नहुने रोगविशेष ।

असामयिकः (वि.) सम्यक् एति *(राम्ररी जान्छ)* सम्पूर्वक इण् गतौ (अदा.) धातु, सम्+इ+अच् (पचादि), गुण, अयादेश, समयः । समयः प्राप्तः अस्येति *(समयानुकूल छ यसको)* समय+ठञ् (इक), आदिवृद्धि, सामयिकः । न सामयिकः*(सामायिक नभएको)* न .त.स.=असामयिक

शब्दार्थ- समय नपुगी भएको वा हुने, कालगतिले नभएको, वेमौकाको, उपयुक्त समय नभएको ।

असामान्यः (वि.) समानस्य भावः *(समान हुनाको भाव वा अवस्था)* समान+ष्यञ् (य), आदिवृद्धि, सामान्यम् । न विद्यते सामान्यं यस्मिन् *(जसमा सामान्यपन छैन)* न.त.स.= असामान्य ।

शब्दार्थ- सामान्य नभएको, साधारण नभएको, असाधारण, विलक्षण, विशिष्ट ।

असाम्प्रदायिकः (वि.) सम्प्रदीयते इति *(सम्प्रदायसित सम्बद्ध हुनु)* सम् प्रउपसर्गद्वयपूर्वक डुदाञ् दाने (जुहो.) धातु, सम्+प्र+दा+घञ् (अ), युगागम, सम्प्रदायः । सम्प्रदायेन चरति, सम्प्रदायं रक्षतीति वा *(सम्प्रदायद्वारा चल्छ, सम्प्रदायको रक्षा गर्छ,)* सम्प्रदाय+ठक्[5] (इक), आदिवृद्धि, साम्प्रदायिकः । न साम्प्रदायिकः *(साम्प्रदायिक नभएको)* न.त.स.= असाम्प्रदायिक ।

शब्दार्थ- कुनै सम्प्रदायसित सम्वन्धित नभएको, साम्प्रदायिक भावना नभएको ।

असारः (वि.) नास्ति सारः यस्य *(जसको सार छैन)* न.व.स.= असार ।

शब्दार्थ- साररहित, निस्सार, निष्फल ।

असावधानः (वि.) अवधानम्, अवधीयते इति वा *(ध्यान दिइन्छ)* अवपूर्वक डुधाञ् धारणपोषणयोः (जुहो.) धातु, अव+धा+ल्युट् (अन), अवधानम् । सह अवधानेन *(सतर्कतापूर्वक, ध्यानपूर्वक)* ब.स., सहको सभाव, दीर्घ, सावधानः । न सावधानः *(सावधान नहुने)* न.त.स.= असावधान ।

शब्दार्थ- सावधान नहुने, दत्तचित्त नहुने, ध्यान नदिने, सतर्कता नअपनाउने ।

असिः (ना./पुं.) अस्यति छिप्यतीति *(फाल्छ)* असु क्षेपणे (दिवा.) धातु, अस्+इ[6] (उणा.)= असि ।

शब्दार्थ- खड्ग, तरबार, करबाल ।

असितः (वि.) सिनोति मनः *(मन खिच्तछ)* षिञ् बन्धने (स्वा.) धातु, सत्व, सि+क्त[7] (त), उणा., सितः । न सितः न शुक्लः *(सेतो नभएको)* न.त.स.= असित ।

शब्दार्थ- कालो, कृष्ण वर्णको, अशुक्ल, सेतो नभएको ।

असिद्धः (वि.) सिध्यति स्म इति *(सिद्ध भएको)* षिधु संराद्धौ (दिवा.) धातु, सिध्+क्त[8] (त), कर्तामा, तको ध, धको द, सिद्धः । न सिद्धः *(सिद्ध नभएको)* न.त.स. =असिद्ध ।

शब्दार्थ- सिद्ध नभएको, सफल नभएको, अधुरो, निष्फल ।

---

[1] अलङ्कृञ्निराकृञ्...: इष्णुच्

[2] सकिसहोश्च : यत्

[3] वोपसर्जनस्य : सहको स

[4] ऋहलोर्ण्यत् : ण्यत्

[5] चरति/रक्षति : ठक्

[6] खनिकृष्यज्यसि... : इ

[7] अञ्जिघृसिभ्य : क्त

[8] गत्यर्थाकर्मक... : क्त

असिद्धिः (ना./स्त्री.) सिध्यते इति ***(सिद्ध हुनु)*** षिधु संराद्धौ (दिवा.) धातु, सिध्+क्तिन् (ति), जश्त्व, सिद्धिः । न सिद्धिः ***(सिद्धि नहुनु)*** न.त.स.= असिद्धि ।

शब्दार्थ- सिद्धि नहुने अवस्था, निष्फलता, विफलता, अपूर्णता, सिद्ध नहुनाको स्थिति ।

असिपत्रवनम् (ना./न.) असिरिव तीक्ष्णं पत्रं यस्य ***(तरवार जस्तै तीखो पात छ जसको)*** ब.स. वा असिपत्र सदृशञ्च तत् वनम् ***(असिपत्र जस्तै किसिमको वन)*** क.त.स.= असिपत्रवन ।

शब्दार्थ- नरकको एउटा प्रकार, नरकविशेष ।

असीमः (वि.) सिनोति ***(सीमित पार्छ)*** षिञ् बन्धने (स्वा.) धातु, सि+मनिन्[१] (मन्), सिको दीर्घनिपातन, उणा., सीमन् । न सीमन् ***(सीमा नभएको)*** न.त.स.=असीम ।

शब्दार्थ- अनन्त, असङ्ख्य, सीमा नभएको, हद नभएको, अवधि नतोकिएको, सीमाविहीन, सीमारहित ।

उदा. **चुनेर जम्मा गरि कामिनीजन,**
असीम आनन्द लुटीलिनाकन- बु.वि. ३०

असीमितः (वि.) सिनोतीति ***(सीमित पार्छ, बाँध्छ)*** षिञ् बन्धने (स्वा.) धातु, सि+मनिन्[१] (मन्), धातुको दीर्घ निपातन, सीमन् । सीमन्+डाप्[२] (आ), टिलोप, सीमा सीमा सञ्जाता अस्य ***(सीमा पैदा भएको छ यसको)*** सीमा+इतच् (इत्), टिलोप, सीमितः । न सीमितः ***(सीमित नभएको)*** न.त.स.= असीमित ।

शब्दार्थ- सीमित नभएको, हद नतोकिएको, ज्यादै, प्रशस्त, सीमारहित ।

असुः (ना./पुं.) अस्यन्ते इति ***(फालिन्छन्, लिइन्छन्)*** असु क्षेपणे (दिवा.) वा अस गतिदीप्त्यादानेषु (भ्वा.) धातु, अस्+उ[३] (उणा.)= असु । (बहु.व.- असवः) ।

पुंसि भूम्न्यसवः प्राणाः - इत्यमरः

शब्दार्थ- प्राण, श्वास, श्वासप्रश्वास ।

असुन्दरः (वि.) सु सुष्ठु द्रियते इति ***(राम्रो आदर गर्छ, सुन्दर बन्छ)*** सुपूर्वक दृङ् आदरे (तुदा.) धातु, सु+दृ+अच् (पचादि)/अप्[४] (अ), गुण, पृषोदरादिबाट नकारागम, सुन्दरम् । न सुन्दरम् ***(सुन्दर नभएको)*** न.त.स.= असुन्दर ।

शब्दार्थ- नराम्रो, सुन्दर नभएको, सौन्दर्यविहीन, शोभारहित, कुरूप ।

असुरः (ना./पुं.) अस्यन्ति छिपन्ति देवान् इति ***(देवताहरूलाई प्रहार गर्छन्)*** असु क्षेपणे (दिवा.) धातु, अस्+उरन्[५] (उणा.)= असुरः ।

अथवा सुरन्तीति ***(समृद्धशाली हुन्छन्)*** षुर ऐश्वर्यदीप्त्योः (तुदा.) धातु, सुर्+क (अ), सुरः । न सुरः ***(देवता नभएको)*** न.त.स.= असुर ।

अथवा असुषु प्राणेषु रमन्ते इति ***(बाँचिरहन रमाउँछन्)*** असु उपपदपूर्वक रमु क्रीडायाम् (भ्वा.) धातु, असु+रम्+ड (अ), टिलोप= असुर ।

अथवा सुष्ठु राति ददाति ऐश्वर्यम् ***(ऐश्वर्यादि राम्ररी दिन्छन्)*** सुपूर्वक रा दाने (अदा.) धातु, सु+रा+क (अ), आलोप, सुरः । न सुरः ***(देवता नभएको)*** न.त.स., असुरः= असुर ।

असुरा दैत्यदैतेया दनुजेन्द्रारिदानवाः - इत्यमरः

असुरो देवारिभास्करयोः - इति मेदिनी

शब्दार्थ- दैत्य, राक्षस, दानव, दनुज, देवताका शत्रु, दुष्टव्यक्ति, सूर्य ।

असुरक्षा (ना./स्त्री) सुरक्षणम्, सुरक्ष्यते इति वा ***(सुरक्षा गरिन्छ)*** सुपूर्वक रक्ष पालने (भ्वा.) धातु, सु+रक्ष्+अ[६] (प्रत्यय)+टाप् (आ), सुरक्षा । न सुरक्षा ***(सुरक्षाको अभाव)*** न.त.स.= असुरक्षा ।

शब्दार्थ- सुरक्षाको अभाव, संरक्षण नहुने अवस्था, संरक्षण नहुने काम ।

असुरास्त्रम् (ना./न.) असुराणामस्त्राणि ***(असुरका अस्त्रहरू)*** ष.त.स., दीर्घ= असुरास्त्र ।

शब्दार्थ- असुरहरूको अस्त्र, दानवहरूको हतियार ।

असुविधा (ना./स्त्री) सुविधीयतेऽनया इति ***(सुविधा प्रदानगरिन्छ यसबाट)*** सु वि उपसर्गद्वयपूर्वक डुधाञ् धारण-पोषणयोः (जुहो.) धातु, सु+वि+धा+अङ्[७] (अ), आलोप+टाप् (आ), सुविधा । न सुविधा ***(सुविधाको अभाव)*** न.त.स.= असुविधा ।

शब्दार्थ- सुविधा नहुने स्थिति, सुविधा प्रदान नगरिने काम, सुविधाको अभाव ।

असैनिकः (वि.) सिनोति बध्नाति ***(नियन्त्रणमा राख्छ)*** षिञ् बन्धने (स्वा.) धातु, सि+न[८] (उणा.)+टाप् (आ), गुण, सेना । अथवा ईयते एतीति वा ***(अगाडि बढ्छ)*** इण् गतौ (अदा.) धातु, इ+नक् (न), उणा., इनः । सह इनेन इति, ब.स., सहको स आदेश, गुण, टाप् (आ) सेना ।

सेनां रक्षतीति ***(सेनाको रक्षा गर्छ),*** सेनायां नियुक्तः ***सेनामा नियुक्त)*** सेना+ठक्[९] (इक),आदिवृद्धि, सैनिकः । न सैनिकः ***(सैनिक नभएको)*** न.त.स.= असैनिक ।

शब्दार्थ- सैन्यरहित, सेना वाहेकको, सेनासित असम्वन्धित, सैनिक नभएको ।

अस्खलितः (वि.) स्खलते स्म इति ***(चुकेको)*** स्खल सञ्चलने (भ्वा.) धातु, स्खल्+क्त (त),कर्तामा, इडागम, स्खलितः । न स्खलितः ***(नचुकेको)*** न.त.स.=अस्खलित ।

शब्दार्थ- नचुकेको, नझरेको, नखसेको, स्थिर, अचल, अटल, अविचलित, पतन नभएको ।

---

१. नामन्सीमन्व्योम... : मनिन्, दीर्घनिपातन
२. डाबुभाम्या...: डाप्
३. शृस्वृस्निहित्रप्यसि... : उ
४. ग्रहवृदृनिश्चि... : अप्
५. असेरुरन् : उरन्
६. गुरोश्च हलः : अ
७. आतश्चोपसर्गे : अङ्
८. कृवृजृसि... : न
९. रक्षति : ठक्

अस्तः (वि./ना./पुं.) असति स्म इति *(अस्त भएको)* अस गतिदीप्त्यादानेषु (भ्वा.) धातु, अस्+क्त (त), कर्तामा, इडागम= अस्तः ।
अथवा अस्यन्ति क्षिप्यन्ते सूर्यकिरणा यत्र *(जहाँ सूर्यका किरण पोखिन्छन्)* असु क्षेपणे (दिवा.) धातु, अस्+क्त (त), आधारमा= अस्त ।
शब्दार्थ- छोडिएको, फ्याँकिएको, समाप्त भएको, नष्ट भएको, अवसान प्राप्त, अस्ताएको, डुबेको, सूर्यास्त भएको, अस्ताचल पहाड, पश्चिमाचल ।

अस्तमयः (वि./ना./पुं.) अस्तमेति, ईयते इति वा *(अस्ताउँछन्, अस्ताउनु)* अस्तपूर्वक इण् गतौ (अदा.) धातु, अस्त+इ+अच् (पचादि/एरच्), गुण, अयादेश, अस्तम् अय= अस्तमय ।
शब्दार्थ- अस्ताउन लागेको, डुब्न लागेको, नाश, अन्त, क्षति ।

अस्ताचलः (ना./पुं.) अस्तः पश्चिमश्चासौ अचलश्च *(सूर्य अस्ताउने पर्वत)* क.त.स., दीर्घ= अस्ताचल ।
शब्दार्थ- पश्चिमाचल, अस्तगिरि ।

अस्तित्वम् (ना./न.) अस्तीति *(रहन्छ)* अस भुवि (अदा.) धातु, अस्+क्तिच् (ति), अस्ति ।
अथवा अस्+लट्, लट्को स्थानमा शितप्[१] (ति), अस्ति (विभक्ति-प्रतिरूपक अव्य.) । अस्तेर्भावः *(अस्तित्व रहनाको भाव)* अस्ति+त्व= अस्तित्व ।
शब्दार्थ- रहने या हुने स्थिति वा अवस्था, विद्यमान स्थिति, रहिरहनाको भाव, सत्ता ।

अस्तेयम् (ना./न.) स्तेनयतीति *(चौर्य कर्म गर्छ)* स्तेन चौर्ये (चुरा.) धातु, स्तेन+अच् (पचादि), स्तेनः । स्तेनस्य भावः *(चौर्य कर्मको भाव वा अवस्था)* स्तेन+यत्[२] (य), नलोप, स्तेयम् । न स्तेयम् *(चोरीको अभाव)* न.त.स.= अस्तेय ।
शब्दार्थ- चोरी नगर्ने कार्य, चोरीको अभाव, नलिने वा ग्रहण नगर्ने क्रिया, नचोर्ने काम ।

अस्त्रम् (ना./न.) अस्यते क्षिप्यते यत् इति *(क्षेपण गरिन्छ जो)* असु क्षेपणे (दिवा.) धातु, अस्+ष्ट्रन् (त्र)=अस्त्र ।
शब्दार्थ- हातहतियार, ठूल्ठूला शस्त्रअस्त्र, दिव्यास्त्र, क्षेप्यास्त्र, शल्यास्त्र (शल्यक्रियामा प्रयोग गरिने अस्त्र) ।

अस्थानम् (ना./न.) तिष्ठति अत्र *(रहन्छ यहाँ)* ष्ठा गतिनिवृत्तौ (भ्वा.) धातु, स्था+ल्युट् (अन), अधिकरणमा, स्थानम् । न स्थानम् *(स्थानको अभाव)* न.त.स. =अस्थान ।
शब्दार्थ-खराव स्थान, अनुचित स्थान, स्थानको अभाव ।

अस्थायित्वम् (ना./न.) तिष्ठतीति *(रहन्छ)* ष्ठा गतिनिवृत्तौ (भ्वा.) धातु, स्था+णिनि[३] (इन्), युगागम[४], स्थायिन् । स्थायिनः भावः *(स्थायी हुनाको भाव वा अवस्था)* स्थायिन्+त्व, नलोप, स्थायित्वम् । न स्थायित्वम् *(स्थायी नहुनाको स्थिति)* न.त.स. =अस्थायित्व ।
शब्दार्थ- स्थायी नहुनाको स्थिति वा अवस्था, टिकाउपनको अभाव, स्थायित्वको अभाव ।

अस्थायी (वि.) तिष्ठतीति *(रहन्छ)* ष्ठा गतिनिवृत्तौ (भ्वा.) धातु, स्था+णिनि[३] (इन्) युगागम[४], स्थायिन् । न स्थायिन् *(स्थायी नभएको)* न.त.स., अस्थायिन् =अस्थायी ।
शब्दार्थ- स्थायी नभएको, धेरै समयका लागि नभएको, अस्थिर, म्याद तोकिएको, धेरै दिन नरहने ।

अस्थि (ना./न.) अस्यते छिप्यते यत् *(फालिन्छ जो)* असु क्षेपणे (दिवा.) धातु, अस्+क्थिन्[५] (थि), उणा., नलोप =अस्थि ।
शब्दार्थ- हड्डी, हाड ।

अस्थिपञ्जरम् (ना./न.) अस्थ्नां पञ्जरम् *(हाडको समूह)* ष.त.स.= अस्थिपञ्जर ।
शब्दार्थ- शरीरमा रहेको अस्थिवृन्द, हाडको थुप्रो, अस्थिसमूह, कङ्काल ।
उदा. **सुक्खा जर्जर अस्थिपञ्जर विना**
शय्या बनाउन्न त्यो- काल महिमा, लालित्य

अस्थिरः (वि.) तिष्ठतीति *(रहन्छ)* ष्ठा गतिनिवृत्तौ (भ्वा.) धातु, स्था+किरच्[६] (इर), उणा., आलोप, स्थिरः । न स्थिरः *(स्थिर नभएको)* न.त.स. = अस्थिर ।
शब्दार्थ- स्थिर नहुने, दृढ नभएको, चञ्चल, क्षणिक ।
उदा. **शरीर कच्चा छ उमेर अस्थिर,**
नपर्खने काल सधैं छ धर्मर- बु.वि.६५
झल्लर झोली बढाउँछ बबुरा,
करले अस्थिर काँतर- भिखारी (देवकोटा)

अस्थिरमतिः (वि.) अस्थिरा मतिर्यस्य सः *(अस्थिर छ बुद्धि जसको)* ब.स.= अस्थिरमति ।
अथवा अस्थिरा चासौ मतिश्च *(अस्थिर बुद्धि)* क.त.स.= अस्थिरमति ।
शब्दार्थ- स्थिर बुद्धि नभएको, चञ्चलबुद्धि भएको ।

अस्थिसञ्चयः (ना./पुं.) अस्यते इति *(फालिन्छ)* असु क्षेपणे (दिवा.) धातु, अस्+क्थिन् (थि), उणा., अस्थि । सञ्चीयते इति *(सञ्चय गरिन्छ)* सम्पूर्वक चिञ् चयने (स्वा.) धातु, सम्+चि+अच् (अ), गुण, अयादेश, परसवर्ण, सञ्चयः । अस्थ्नां सञ्चयः *(अस्थि वा अस्तुको सञ्चय)* ष.त.स.= अस्थिसञ्चय ।
शब्दार्थ- मृतकको शवदाहपछि गङ्गा आदि नदीमा राख्न शवको अवशेष जम्मा गर्ने कार्य, अस्तु सङ्ग्रहको काम ।

---

१. इक्स्तिपौ... : शितप्
२. स्तेनाद्यन्नलोपश्च : यत्, नलोप
३. नन्दिग्रहिपचादि... : णिनि
४. आतो युक्चिण्कृतोः : युगागम
५. असिसञ्जिभ्यां... : क्थिन्
६. अजिरशिशिरशिथिलस्थिर... किरच्

अस्पर्शः (ना./पुं.) स्पृश्यतेऽनेन *(स्पर्श गरिन्छ यसबाट)* स्पृश संस्पर्शने (तुदा.) धातु, स्पृश्+घञ्[1] (अ), गुण, स्पर्शः । न स्पर्शः *(स्पर्शको अभाव)*न.त.स.=अस्पर्श ।

शब्दार्थ- स्पर्शको अभाव, छुन नहुने स्थिति, अछुत अवस्था ।

अस्पष्टः (वि.) स्पाश्यते स्म इति *(स्पष्ट पारिएको)* स्पश बाधनस्पर्शनयोः (भ्वा.) धातु, स्पश्+णिचि+क्त (त), निपातबाट वृद्धि, णिलोप, इडाभाव, षत्व, श्टुत्व, स्पष्टः । न स्पष्टः *(स्पष्ट नभएको)* न.त.स.=अस्पष्ट ।

शब्दार्थ- स्पष्ट नभएको, स्पष्ट नदेखिएको, धमिलो, राम्ररी नबुझेको, सन्दिग्ध ।

अस्फुटः (वि.) स्फिटतीति *(स्पष्ट हुन्छ)* स्फुट विकसने (तुदा.) धातु, स्फुट्+क (अ), स्फुटः । न स्फुटः *(स्पष्ट नहुनु)* न.त.स.= अस्फुट ।

शब्दार्थ- अस्पष्ट, प्रकट नभएको, अव्यक्त, दुर्बोध ।

अस्मद् (सर्व.) असति, अस्तीति वा *(प्रकाशित हुन्छ वा रहन्छ)* अस गतिदीप्त्यादानेषु (भ्वा.) वा अस भुवि (अदा.) धातु, अस्+मदिक्[2] (मद्), उणा.= अस्मद् ।

शब्दार्थ- आफूलाई बुझाउने सर्वनाम शब्द ।

अस्मदीयः (वि.) आवयोः अस्माकं वा अयम् *(हामी दुई वा हाम्रो यो)* अस्मद्+छ[3] (ईय)= अस्मदीय ।

शब्दार्थ- हामीसँग सम्बन्धित, हाम्रो आफ्नै ।

अस्ममयः (वि.) अस्मनः अवयवः विकारः वा *(ढुङ्गाको अवयव वा विकार)* अस्मन्+मयट् (मय)= अस्ममय ।

शब्दार्थ- ढुङ्गासन्वन्धी, कङ्कणमय ।

अस्मिता (ना./स्त्री) स्मीयते स्म इति *(अलि अलि हाँसेको, हाँसिएको)* ष्मिङ् ईषद्धसने (भ्वा.) धातु, स्मि+क्त (त), स्मितः । न स्मितः *(न हाँसिएको)* न.त.स., अस्मितः । अस्मित+टाप् (आ)= अस्मिता । अथवा अस्मीति *(छु)* अस भुवि (अदा.) धातु, अस्+लट्/मिप् (मि), (वर्तमान-कालीन लट्को स्थानमा उत्तमपुरुष मिवादेश), अस्मि (विभक्ति-प्रतिरूपक अव्यय) । 'अस्मि' इति अस्य भावः *(म छु भन्ने यस्तो भाव वा अवस्था)* अस्मि+तल् (त)+टाप् (आ)= अस्मिता ।

अविद्याऽस्मितारागद्वेषाभिनिवेशाः क्लेशाः- पा.यो.द.२/३

शब्दार्थ- अहम्भाव, अहङ्कार, अस्तित्व, आफ्नोपन, मोहभाव, पाँचवटा क्लेशहरूमध्ये एक ।

अस्मृतिः (ना./स्त्री.) स्मरणम्, स्मर्यते इति वा *(सम्झिन्छ)* स्मृ चिन्तायाम् (भ्वा.)धातु, स्मृ+क्तिन् (ति), स्मृतिः । न स्मृतिः *(स्मृतिको अभाव)* न.त.स.= अस्मृति ।

शब्दार्थ- स्मृति या स्मरणको अभाव, विर्सने काम, नसम्झने काम, नसम्झने क्रिया, विस्मृति ।

अस्वस्थः (वि.) न स्वस्थः *(स्वस्थ नभएको)* न.त.स. = अस्वस्थ ।

शब्दार्थ- कमजोर, शिथिल, बिरामी, रोगी, दुर्वल ।

अस्वाध्यायः (वि.) न विद्यते स्वाध्यायः यस्य *(जसको स्वाध्ययन छैन)* न.ब.स.= अस्वाध्याय ।

शब्दार्थ- स्वाध्ययन नभएको ।

अस्वाभाविकः (वि.) भावयतीति *(हुन लगाउँछ)* भू सत्तायाम् (भ्वा.) धातु, भू+णिचि, वृद्धि, भावि+अच् (पचादि), आवादेश, भावः । स्वस्य भावः *(आफ्नो भाव)* ष.त.स., स्वभावः । स्वभावेन चरति *(स्वभाव अनुरूप चल्छ)* स्वभाव+ठक्[4] (इक), आदिवृद्धि, स्वाभाविकः । न स्वाभाविकः *(स्वभाविक नभएको)* न.त.स.=अस्वाभाविक ।

शब्दार्थ- स्वाभाविक नभएको, कृत्रिम, बनावटीपनको, प्राकृतिक नभएको ।

अस्वीकारः (ना./पुं.) अस्वीकारः स्वीकारः क्रियते इति *(स्वीकार नगरिएकोलाई स्वीकार गरिन्छ)* डुकृञ् करणे (तना.) धातु, स्व+च्वि[5]+कृ+घञ् (अ), वृद्धि, स्वको ईत्व[6], च्विको सर्वलोप, स्वीकारः । न स्वीकारः *(स्वीकार नगरिएको)* न.त.स.= अस्वीकार ।

शब्दार्थ- स्वीकार नगर्ने काम, सहमति नहुने क्रिया, मञ्जुरी नहुने काम, असम्मति, बेमञ्जुरी ।

अस्वीकृतः (वि.) अस्वीकृतः स्वीक्रियते स्म इति *(स्वीकार नगरिएकोलाई स्वीकार गरिएको)* डुकृञ् करणे (तना.) धातु, स्व+च्वि+कृ+क्त (त), स्वको ईत्व[6], च्विको सर्वलोप, स्वीकृतः । न स्वीकृतः *(स्वीकृत नगरिएको)* न.त.स.= अस्वीकृत ।

शब्दार्थ- स्वीकृत नगरिएको, सहमत नभएको, मञ्जुरी नभएको, सम्मति नदिएको ।

अस्वीकृतिः (ना./स्त्री) अस्वीकारः स्वीकारः क्रियते इति *(स्वीकार नगरिएकोलाई स्वीकार गरिन्छ)* डुकृञ् करणे (तना.) धातु, स्व+च्वि+कृ+क्तिन् (ति) स्वको ईत्व[6], च्विको सर्वलोप, स्वीकृतिः । न स्वीकृतिः *(स्वीकृति नहुने काम)* न.त.स.= अस्वीकृति ।

शब्दार्थ- स्वीकृति नहुने स्थिति, अस्वीकार, असहमति ।

अहम् (उ.पु.सर्व.) अस्मत् शब्दबाट अस्मत्+सु, सुको 'अम्' आदेश, अस्मत्को 'अह' आदेश=अहम् (उ.पु.एकवचन) ।

शब्दार्थ- म, म आफू, म आफैं, अहम्भाव ।

अहङ्कारः (ना./पुं.) अहमिति क्रियते अनेन *(अहङ्कार गरिन्छ यसबाट)* अहम्पूर्वक डुकृञ् करणे (तना.) धातु, अहम्+कृ+घञ् (अ), वृद्धि = अहङ्कार ।

शब्दार्थ- गर्व, अभिमान, घमण्ड, स्वाभिमान, आफूलाई सर्वोत्तम वा सर्वश्रेष्ठ ठान्ने क्रिया, आत्मश्लाघा, मपाइँत्व, अहंपना ।

---

[1] अकर्तरि च कारके... घञ्

[2] युष्यसिभ्यां मदिक् : मदिक्

[3] युष्मदस्मदोरन्य... : छ

[4] चरति : ठक्

[5] कृभ्वस्तियोगे... : च्वि

[6] अस्य च्वौ : ईत्व

अहङ्कारवान् (वि.) अहङ्कारः विद्यते अस्य ***(अहङ्कार छ यसको)*** अहङ्कार+मतुप् (मत्), मको व, वत्, अहङ्कारवत्= अहङ्कारवान् ।

शब्दार्थ- अहङ्कार भएको, अहङ्कारी, अभिमानी ।

अहङ्कारी (वि.) अहङ्कर्तुं शीलमस्य ***(अहङ्कार गर्ने शील या स्वभाव छ यसको)*** अहम्पूर्वक डुकृञ् करणे (तना.) धातु, अहम्+ कृ+णिनि[1] (इन्), वृद्धि, अहङ्कारी ।

अथवा अहङ्कारः विद्यते अस्य ***(अहङ्कार छ यसको)*** अहङ्कार+इनि[2] (इन्), अहङ्कारिन्= अहङ्कारी ।

शब्दार्थ- अहम्भाव भएको, अहङ्कार गर्ने, घमण्डी, स्वाभिमानी ।

अहन् (अहः) (ना./न.) न जहाति न त्यजति परिवर्तनम् ***(परिवर्तन वा बदलिने क्रिया त्याग गर्दैन)*** नञ्पूर्वक ओहाक् त्यागे (जुहो.) धातु, न+हा+कनिन्[3] (अन्), उणा., हाको आलोप, न हन् न.त.स., अहन्, रुत्व, विसर्ग, अहः= अह ।

शब्दार्थ- दिन, दिनको समय, दिवस ।

अहन्ता (ना./स्त्री./वि.) 'अहम्' इति अस्य भावः ***('अहम्' भन्ने यस किसिमको भाव वा अवस्था)*** 'अहम्' यो विभक्ति प्रतिरूपक अव्यय शब्दबाट, अहम्+तल् (त)+टाप् (आ), परसवर्ण= अहन्ता ।

अथवा हन्तीति ***(मार्छ)*** हन हिंसागत्योः (अदा.) धातु, हन्+तृच् (तृ), हन्तृ, हन्ता । न हन्ता ***(नमार्ने)*** न.त.स.= अहन्ता ।

शब्दार्थ- अहङ्कार, ममता, अभिमान, नमार्ने, वध वा हत्या नगर्ने ।

अहर्दिवम् (अव्य.) अहश्च दिवा च ***(दिन दिन)*** अहन्+दिवा (द्व.स.) अहन्को रुत्व, समासान्त अच्[4] =अहर्दिवम् ।

शब्दार्थ- प्रतिदिन, दिनदिनै, दिनानुदिन ।

अहर्निशम् (अव्य.) अहश्च निशा च ***(दिन र रात)*** अहन्+निशा (द्व.स.), अहन्को रुत्व, निशाको ह्रस्व =अहर्निशम् ।

शब्दार्थ- रातदिन, अहोरात्र, पूरै चौबीसै घण्टा ।

अहह (अव्य.) 'अह' इति जिहीते जहातीति वा ***(अहो भनी आश्चर्य प्रकट गर्छ)*** ओहाक् त्यागे (जुहो.) धातु अह+हा+ड (अ), टिलोप= अहह ।

अथवा अहम्+हा+क (अ), आलोप, पृषोदरादिबाट अहम्को मलोप= अहह ।

अहहेत्यद्भूते खेदे- इत्यमरः

शब्दार्थ- शोक, खेद, कष्ट, दुःख, आश्चर्य, विस्मय, अचम्म आदि अर्थ बुझाउने निपात ।

अहितम् (ना./न./वि.) धीयते स्म इति ***(धारण गरिएको)*** डुधाञ् धारणपोषणयोः (जुहो.) धातु, धा+क्त (त), धाको हि[5] आदेश, हितम् । नास्ति हितम् यत्र ***(जहाँ हित छैन)*** न.ब.स., उ.प.लोप= अहित ।

अथवा न हितम् ***(हितको अभाव)*** न.त.स.= अहित ।

शब्दार्थ- अहित, कुभलो, हितको अभाव, हित नहुने काम कुरा, अनुचित, हित नचिताउने, कुभलो गर्ने ।

अहिंसकः (वि.) हिनस्ति, हिंसयतीति वा ***(हिंसा गर्छ)*** हिसि हिंसायाम् (रुधा./चुरा.) धातु, नुमागम, हिंस्+ण्वुल् (अक), हिंसकः । न हिंसकः ***(हिंसा नगर्ने)*** न.त.स.= अहिंसक ।

शब्दार्थ- हिंसा नगर्ने, पीडा वा दुःख नदिने, हत्या वा वध नगर्ने, कुभलो नगर्ने, शान्तिप्रिय ।

---

१. सुप्यजातौ णिनि...: णिनि
२. अत इतिठनौ : इनि
३. नञि जहातेः : कनिन्
४. अचतुरविचतुर : अच्
५. दधातेर्हिः : हि

अहिंसा (ना./स्त्री.) हिंस्यते, हिंसनमिति वा *(हिंसा गरिन्छ)* हिसि हिंसायाम् (रुधा.) धातु, नुम्, हिंस्+अ[1]+टाप् (आ), हिंसा । न हिंसा *(हिंसाको अभाव)* न.त.स.=अहिंसा ।

शब्दार्थ- कुनै प्राणीको वध नगर्ने काम, मारकाट नगर्ने काम, हिंसा नगर्ने क्रिया, कुनै प्राणीलााई मन, वचन र कर्मले हानि वा पीडा नपुऱ्याउने काम ।

अहिंस्रकः (वि.) हिनस्तीति *(हिंसा गर्छ)* हिसि हिंसायाम् (रुधा.) धातु, नुम्, हिंस्+र[2], हिंस्रः । हिंस्र एव *(हिंसा गर्ने नै)* हिंस्र+क (स्वार्थमा), हिंस्रकः । न हिस्रकः *(हिंसा नगर्ने)* न.त.स.= अहिंस्रक ।

शब्दार्थ- हिंसा नगर्ने, काटमार नगर्ने, हत्या नगर्ने ।

अहिंस्यः (वि.) हिंसितुं योग्यः *(हिंसा गर्न योग्य)* हिसि हिंसायाम् (रुधा.) धातु, नुम्, हिंस्+ण्यत् (य), हिंस्यः । न हिंस्यः *(हिंसा गर्न अनुचित)* न.त.स. = अहिंस्य ।

शब्दार्थ- हिंसा गर्न उपयुक्त नहुने, हिंसा गर्न लायक नहुने, हिंसा गर्न योग्य नहुने ।

अहोरात्रः (ना./पुं.) अहश्चासौ रात्रिश्च *(दिन रात)* क.त.स., अहोरात्रि+अच्[3] (समासान्त)= अहोरात्र ।

अथवा अहश्च रात्रिश्च *(दिन र राता)* द्व.स., अहोरात्रि । अहोरात्रि+अच्[3] (समासान्त), पुंवद्भाव= अहोरात्र ।

शब्दार्थ- दिन पनि रात पनि, रातोदिन, दिनरात, साठीघडी वा चौबीसै घण्टाको समय ।

आ

आ (नि./अव्य.) अततीति *(निरन्तर चल्छ)* अत सातत्यगमने (भ्वा.) धातु, अत्+डाङ् (आ), बहुलप्रकारले, टिलोप= आ ।

अथवा आप्नोतीति *(व्याप्त हुन्छ)* आप्लृ व्याप्तौ (स्वा.) धातु, आप्+क्विप् (सर्वलोप), पृषोदरादिबाट आप्को पलोप= आ ।

अथवा आस्ते इति *(रहन्छ)* आस उपवेशने (अदा.) धातु, आस्+क्विप् (सर्वलोप), पृषोदरादिबाट सलोप =आ ।

आकारस्तु पितामहः ।

पूजायामपिमाङ्गल्ये आकारश्च प्रकीर्तितः- एकाक्षरकोशः

परिचय- देवनागरी वर्णमालाको दोस्रो दीर्घ स्वरवर्ण, कण्ठस्थानीय विवृत स्वरसंज्ञक-वर्ण ।

- सीमा या मर्यादा अर्थ वुझाउने धातु वा धातुवाट वनेको शव्दसँग मिलेर आउने उपसर्ग- जस्तैः आमरण, आव्रह्म, आजन्म, आवल ।
- अलि-अलि भन्ने अर्थ वुझाउन आउने उपसर्ग- जस्तैः आरक्त, आनील ।
- स्मरण तथा वाक्यारम्भमा प्रयुक्त हुने र कोप, क्रोध वा सन्ताप वा विस्मय, स्वीकार आदि अर्थ वुझाउने अव्यय ।

शब्दार्थ- पितामह, व्रह्मा, पूजा, माङ्गलिक काम ।

द्रष्टव्य- **आः किमेतदिति क्रोधादाभाष्य महिषासुरः- दुर्गा श.२/३६**

आकरः (ना./पुं.) आकीर्यन्ते धातवः अत्र *(खनिज पदार्थ छरिएका हुन्छन् यहाँ)* आङ्पूर्वक कॄ विक्षेपे (तुदा.) धातु, आ+कॄ+अप्[4]/घ[5](अ)= आकर ।

शब्दार्थ- खानि, समूह, उत्पत्तिस्यान, श्रेष्ठ, भूगर्भमा रहेको, खनिज-भण्डार ।

उदा. **गुण सुवर्णका आढ्य आकर**
चहकदार छन् नृपतिका वर- शा.म.का. १०/१

आकरिकः (वि.) आकरे नियुक्तः *(खानिमा नियुक्त)* आकर+ठन् (इक), आदिवृद्धि= आकरिक ।

शब्दार्थ- खानीसम्वन्धी काममा नियुक्त भएको, खानीको आकरिक काम गर्ने ।

आकर्षः (ना./पुं.) आकृष्यते इति *(खिचिन्छ, आकर्षण गरिन्छ)* आङ्पूर्वक कृष विलेखने (तुदा.) धातु, आ+कृष्+घञ् (अ), गुण= आकर्ष ।

शब्दार्थ- खिच्ने काम, तान्ने क्रिया, आकर्षण, पासा, अक्षक्रीडा ।

आकर्षकः (वि.) आकर्षतीति *(खिच्तछ)* आङ्पूर्वक कृष विलेखने (तुदा.) धातु, आ+कृष्+ण्वुल् (अक), गुण =आकर्षकः ।

अथवा आकर्षे निपुणः *(आकर्षणमा निपुण)* आकर्ष+कन्[6]= आकर्षक ।

शब्दार्थ-आफूतिर खिच्ने या तान्ने, चुम्वक, आकर्षण गर्ने ।

आकर्षणम् (ना./न.) आकृष्यते अनेन इति *(आकर्षण गरिन्छ यसद्वारा)* आङ्पूर्वक कृष विलेखने (तुदा.) धातु, आ+कृष्+ल्युट् (अन), करणमा= आकर्षण ।

शब्दार्थ- आफूतिर खिच्ने काम, बलपूर्वक ल्याउने काम, मोहित पार्ने क्रिया, आकर्षण गर्ने क्रिया ।

उदा. **जता हेऱ्यो उतै आकर्षण शक्ति छ विष्णुको-**
(प्रह्लाद- द्वि.अ.)

द्रष्टव्य- **केशाकर्षणनिर्धूतगौरवा मा गमिष्यसि-**
दुर्गा.श. ५/१२६

आकर्षणशक्तिः (ना./स्त्री.)आकर्षणस्य शक्तिः*(आकर्षणको शक्ति)* ष.त.स= आकर्षणशक्ति ।

शब्दार्थ- आकर्षण गर्ने शक्ति, आफूतिर तान्न वा खिच्न सक्ने शक्ति ।

---

[1] गुरोश्च हलः : अ
[2] नमिकम्पिस्म्यज... : र
[3] अहःसर्वैकदेश... : अच्
[4] ॠदोरप् : अप्
[5] पुंसि संज्ञायाम्... घ
[6] आकर्षादिभ्यः कन् : कन्

आकर्षणीयः (वि.) आकर्षितुं योग्यः *(आकर्षण गर्न योग्य)* आङ्पूर्वक कृष विलेखने (तुदा.) धातु, आ+कृष्+अनीय (र्), गुण= आकर्षणीय ।

शब्दार्थ- आकर्षण गर्ने, आकर्षण गर्न उचित हुने, आकर्षण गर्न सक्ने, आकर्षण गर्न लायक ।

आकर्षितः (वि.) आकर्ष्यते स्म इति *(खिचिएको)* आङ्पूर्वक कृष विलेखने (तुदा.) धातु, आ+कृष्+णिचि+क्त (त), गुण, इडागम, णिलोप= आकर्षित ।

शब्दार्थ- खिचिएको, तानिएको, आकर्षण गरिएको, लोभ्याइएको ।

आकलनम् (ना./न.) आकलनम्, आकल्यते इति वा *(गणना गरिन्छ)* आङ्पूर्वक कल शब्दसंख्यानयोः (भ्वा.) वा कल गतौ संख्याने च (चुरा.) धातु, आ+कल्+ल्युट् (अन)= आकलन ।

शब्दार्थ- गणना गर्ने काम, अनुमान लगाउने काम, अन्दाज गर्ने क्रिया, जम्मा गर्ने कार्य ।

आकल्पः (ना./पुं./अव्य.) आकल्पनमिति *(आभूषण आदि रचना गर्नु)* आङ्पूर्वक कृपू सामर्थ्ये (भ्वा.) धातु, आ+कृप्+णिचि+घञ् (अ), गुण, रको ल[1], णिलोप =आकल्प । अथवा कल्प्यते इति *(प्रशाधन वा गणना गरिन्छ)* कृप्+घञ् (अ), रको ल, कल्पः । आ कल्पात् *(कल्पपर्यन्त)* अव्य.स.[2] = आकल्प ।

आकल्पवेषौ नेपथ्यं प्रतिकर्म प्रसाधनम्- इत्यमरः

शब्दार्थ- आभूषण, वेशभूषा, प्रसाधन, कल्पपर्यन्त, कल्पभर, एक कल्पको अवधिसम्म ।

आकस्मिकः (वि.) अकस्मादेव *(अचानक नै)* अकस्मात्+ठक्[3] (इक), स्वार्थमा= आकस्मिक ।

अथवा अकस्मात् भवः *(अचानक भएको)* अकस्मात्+ठञ् (इक)= आकस्मिक ।

शब्दार्थ- अचानक हुने, अपर्झटमा आइपर्ने, अकस्मात् वा अचानक भएको ।

आकस्मिकता (ना./स्त्री.) आकस्मिकस्य भावः *(अचानक हुनाको भाव वा अवस्था)* आकस्मिक+तल् (त)+टाप् (आ) = आकस्मिकता ।

शब्दार्थ- अपर्झट आइपर्नाको स्थिति वा अवस्था ।

उदा. **प्रकृति नियमको अचम्मको**
नियमित आकस्मिकताले- आ.पा.

आकाङ्क्षा (ना./स्त्री) आकाङ्क्ष्यते इति *(आकाङ्क्षा गरिन्छ)* आङ्पूर्वक काक्षि काङ्क्षायाम् (भ्वा.) धातु, नुम्, आ+काङ्क्ष्+अ[4] (प्रत्यय)+टाप् (आ)=आकाङ्क्षा

शब्दार्थ-इच्छा, चाहना, कुनै कुराको कामना, अभिलाषा ।

आकाङ्क्षी (वि.) आकाङ्क्षतीति *(आकाङ्क्षा गर्छ)* आङ्पूर्वक काक्षि काङ्क्षायाम् (भ्वा.) धातु, आ+काङ्क्ष्+ णिनि (इन्) = आकाङ्क्षी । अथवा आकाङ्क्षा अस्यास्तीति *(आकाङ्क्षा छ यसको)* आकाङ्क्षा+इनि (इन्), आकाङक्षिन्= आकाङ्क्षी ।

शब्दार्थ- आकाङ्क्षा गर्ने, चाहना गर्ने, अभिलाषा गर्ने, इच्छुक, अभिलाषी ।

आकारः (ना./पुं.) आक्रियते रूपादिर्व्यज्यते अनेन *(अनुहार खिचिन्छ यसबाट)* आङ्पूर्वक डुकृञ् करणे (तना.) धातु, आ+कृ+घञ् (अ), करणमा, वृद्धि =आकार ।

शब्दार्थ- आकृति, अनुहार, रूप वा स्वरूप, इसारा, सङ्केत, प्रतिविम्व, मूर्ति ।

आकारितः (वि.) आकारः सञ्जातः अस्य *(आकृति बनेको छ यसको)* आकार+इतच्[5] (इत)= आकारित ।

शब्दार्थ-आकृति वा स्वरूप खिचिएको, आकार कोरिएको ।

आकाशः (ना./पुं.) आ समन्तात् काशन्ते प्रकाशन्ते दीप्यन्ते सूर्यादयः अत्र *(सूर्य-चन्द्रादि समग्ररूपमा प्रकाशित हुन्छन् यहाँ)* आङ्पूर्वक काशृ दीप्तौ (भ्वा.) धातु, आ+काश्+घञ् (अ), कर्तामा= आकाश ।

शब्दार्थ- पृथिवी, जल, तेज आदि पञ्चतत्त्वमध्ये एक, अन्तरीक्ष, पृथ्वी र ग्रह नक्षत्रहरूको वीचभाग, नभोमण्डल, सगर, अकाश, गगन, नभ, शव्दगुणको आधार ।

आकाशगङ्गा (ना./स्त्री) आकाशमार्गगामिनी चासौ गङ्गा च *(आकाश मार्गमा बहने गङ्गा)* क.त.स., उ.प.लोप =आकाशगङ्गा ।

शब्दार्थ- आकाशमा रहेको दिव्यगङ्गा, स्वर्गङ्गा, स्वर्गको नदी, सुरदीर्घिका, आकाशमा फैलिएका ज्योतिर्मय नक्षत्रहरूको समुदाय, निहारिका ।

द्रष्टव्य- **नदत्याकाशगङ्गायाः स्रोतस्युद्दामदिग्गजे- रघु. १/७८**

आकाशगामी (वि.) आकाशे गन्तुं शीलमस्य *(आकाशमा विचरण गर्ने शील छ यसको)* आकाश उपपदपूर्वक गम्लृ गतौ (भ्वा.) धातु, आकाश+गम्+णिनि (इन्) =आकाशगामी ।

शब्दार्थ- आकाशमा घुम्ने, आकाशमा विचरण गर्ने, गगनविहारी ।

आकाशदीपः/आकाशप्रदीपः (ना./पुं.)आकाशे प्रज्वालितश्चासौ दीपश्च/प्रदीपश्च *(आकाशमा बालिएको बत्ती)* क.त.स., उ.प.लोप=आकाशदीप/ आकाशप्रदीप ।

शब्दार्थ- आकाशवत्ती, कार्तिक महिनामा लिङ्गो गाडेर विष्णु-लक्ष्मीको स्वागतार्थ हाँडीमा दियो राखेर आकाशमा बालिने बत्ती, अकासवत्ती ।

आकाशमण्डलम् (ना./न.) आकाशे दृश्यमानञ्च तत् मण्डलञ्च *(आकाशमा देखिने मण्डल)* क.त.स., उ.प.लोप = आकाशमण्डल ।

शब्दार्थ- आकाशमा देखिने मण्डलाकार घेरा, परिवृत्त, नमोमण्डल ।

---

१. कृपो रो लः : रको ल
२. आङ्मर्यादा... : अव्य.समास
३. विनयादिभ्यष्ठक् : ठक्
४. गुरोश्च हलः : अ (प्रत्यय)
५. तदस्य सञ्जातम्... : इतच्

आकाशवाणी (ना./स्त्री) आकाशादुद्भवा चासौ वाणी च *(आकाशबाट उत्पन्न वाणी)* वा आकाशमार्गात् आगता चासौ वाणी च *(आकाश मार्गबाट आएको खबर)* क.त.स., उ.प.लोप= आकाशवाणी ।

शब्दार्थ- आकाशबाट आएको आवाज, देववाणी, विना शरीर सुनिने वाणी, आकाशमार्गबाट आएको खबर- रेडियो, टेलिभिजन, टेलिफोन आदिबाट सुनिने वाणी ।

आकीर्णः (वि.) आकीर्यते स्म इति *(छरिएको)* आङ्पूर्वक कॄ विक्षेपे (तुदा.) धातु, आ+कॄ+क्त (त), इत्व[1], दीर्घ[2], निष्ठा तको न, णत्व= आकीर्ण ।

शब्दार्थ- छरिएको, खचाखच भरिएको, तितरबितर भएको, फैलिएको, परिपूर्ण, छ्यासमिस भएको, नानाजाति सम्मिलित भएको ।

आकुलः (वि.) आकोलतीति *(व्याकुल हुन्छ)* आङ्पूर्वक कुल संस्त्याने (सङ्घाते) (भ्वा.) धातु, आ+कुल्+क[3] (अ)= आकुल ।

शब्दार्थ- पीडित, विह्वल, आकुल, व्याकुल, हडवढाएको, क्षुब्ध, प्रभावित ।

आकुलता (ना./स्त्री.) आकुलस्य भावः *(व्याकुल हुनाको भाव वा अवस्था)* आकुल+तल् (त)+टाप् (आ) =आकुलता ।

शब्दार्थ- व्याकुलता, विह्वलता, उद्विग्नता, आकुल हुने काम ।

आकृतिः (ना./स्त्री) आक्रियते रूपादिर्व्यज्यते अनया *(अनुहार खिचिन्छ यसबाट)* आङ्पूर्वक डुकृञ् करणे (तना.) धातु, आ+कृ+क्तिन् (ति) = आकृति ।

शब्दार्थ- आकार, अनुहार, स्वरूप, रूप, शरीर, प्रतिमा, प्रतिविम्व, प्रतिमूर्ति ।

उदा. **आकृति हो तर रूपविहीन...**
मान्छे हो तर आत्माहीन- मेरो प्रतिविम्व (सिद्धिचरण)

आकृष्टः (वि.) आकृष्यते स्म इति *(खिचिएको)* आङ्पूर्वक कृष विलेखने (तुदा.)धातु, आ+कृष्+क्त (त)=आकृष्ट ।

शब्दार्थ- आकृष्ट भएको, खिचिएको, खिचेको, आकर्षित भएको, तानिएको, लोभिएको ।

आक्रमणम् (ना./न.) आक्रमणम्, आक्रम्यते इति वा (आक्रमण गरिन्छ) आङ्पूर्वक क्रमु पादविक्षेपे (भ्वा.) धातु, आ+क्रम्+ल्युट् (अन), णत्व= आक्रमण ।

शब्दार्थ- हमला, आक्रमण गर्ने काम, कब्जा गर्ने काम, अर्काको राज्यमा हमला गर्ने काम ।

आक्रामकः (वि.) आक्रामतीति *(आक्रमण गर्छ)* आङ्पूर्वक क्रमु पादविक्षेपे (भ्वा.) धातु, आ+क्रम्+ण्वुल् (अक), दीर्घ= आक्रामक ।

शब्दार्थ- आक्रमणकारी, आक्रमणकर्ता, हमला गर्ने, चढाइँ गर्ने

आक्रीडः (ना./पुं) आक्रीडचते अत्र *(क्रीडा गरिन्छ यहाँ)* आङ्पूर्वक क्रीड़ृ विहारे (भ्वा.) धातु, आ+क्रीड्+क (अ), घञर्थमा= आक्रीड ।

शब्दार्थ- क्रीडास्थल, केलिवन, खेल्ने ठाउँ ।

आक्रोशः (ना./पुं.) आक्रोशनम्, आक्रुश्यते इति वा *(आक्रोश व्यक्त गरिन्छ)* आङ्पूर्वक क्रुश आह्वाने रोदने च (भ्वा.) धातु, आ+क्रुश्+घञ् (अ)= आक्रोश ।

शब्दार्थ- क्रोधपूर्वक गरिने भर्त्सना, आक्रोश पोख्ने काम, रिस, सराप, गाली ।

उदा. **सुन्दैनन् बलिया मिलीकन भने**
आक्रोश भो केवल- भृ.ख.का. २/४०

आक्रोशकः (वि.) आक्रोशति तच्छीलः *(आक्रोश गर्ने शील छ यसको)* आङ्पूर्वक क्रुश आह्वाने रोदने च (भ्वा.) धातु, आ+क्रुश्+वुञ्[4] (अक)= आक्रोशक ।

शब्दार्थ- आक्रोश गर्ने, उच्चस्वरले रुने कराउने, रिस उठाउने ।

आक्षिकः (वि.) अक्षैर्दीव्यति जयतीति वा *(पासा खेल्दछ र जित्तछ)* अक्ष+ठक्[5] (इक), आदिवृद्धि= आक्षिक ।

शब्दार्थ- पासा वा जुवा खेल्ने, जुवाडे ।

आक्षेपः (ना./पुं.) आक्षेपणम्, आक्षिप्यते इति वा *(आक्षेप गरिन्छ)* आङ्पूर्वक क्षिप प्रेरणे (दिवा./तुदा.) धातु, आ+क्षिप्+घञ् (अ)= आक्षेप ।

शब्दार्थ- कसैलाई कुनै दोष लगाई बोलिने कटुवचन, कलङ्क, निन्दा, अपशब्द, टाढा फाल्ने काम, दोषारोपण ।

आक्षेपकः (वि.) आक्षिपतीति *(आक्षेप लगाउँछ)* आङ्पूर्वक क्षिप प्रेरणे (तुदा.) धातु, आ+क्षिप्+ण्वुल् (अक), गुण=आक्षेपक ।

शब्दार्थ- निन्दा गर्ने, आक्षेप लगाउने, दोष दिने ।

आखेटः (ना./पुं.) आखेटनम्, आखिटचन्ते त्रस्यन्ते प्राणिनः इति वा *(सिकार खेल्नु, प्राणीहरूप्रति त्रास पैदा गरिन्छ)* आङ्पूर्वक खिट त्रासे (भ्वा.) आ+खिट्+घञ् (अ), गुण= आखेट ।

शब्दार्थ- सिकार खेल्ने काम, सिकार खेलिने मृग तथा व्याघ्रादि जन्तु, मृगया, सिकार ।

आखेटकः (वि.) आखेटतीति *(सिकार खेल्छ)* आङ्पूर्वक खिट त्रासे (भ्वा.) धातु, आ+खिट्+ण्वुल् (अक), गुण =आखेटक ।

शब्दार्थ- सिकारी, सिकार खेल्ने, मृगादि मार्ने (व्याधा) ।

आख्या (ना./स्त्री.) आख्यायते इति *(नाम राखिन्छ, व्याख्या गरिन्छ)* आङ्पूर्वक ख्या प्रकथने (अदा.) धातु, आ+ख्या+अङ् (अ),आलोप, आख्य+टाप् (आ)=आख्या ।

शब्दार्थ- नामधेय, नाम, व्याख्या, भन्ने काम ।

---

[1] ऋत इद्धातोः : इत्व
[2] हलि चः... : दीर्घ
[3] इगुपधज्ञा... : क
[4] देविक्रुशोश्चोपसर्गे : वुञ्
[5] तेन दीव्यति खनति...: ठक्

आख्यातः (वि.) आख्यायते स्म, आचष्टे स्म इति वा *(बताइएको, बताएको)* ख्या प्रकथने वा चक्षिङ् व्यक्तायां वाचि (चक्षिङ्को ख्याञादेश[1]) (अदा.) धातु, आ+ख्या+क्त (त)= आख्यात ।

शब्दार्थ- भनिएको, भनेको, बताएको, घोषणा गरिएको, उक्त, कथित, प्रसिद्ध, विख्यात, क्रियापद, नामपद, धातुमा लाग्ने कृत् वा तिङ्प्रत्यय ।

आख्यानम् (ना./न.) आख्यानम्, आख्यायते इति *(बताइन्छ)* आङ्पूर्वक ख्या प्रकथने वा चक्षिङ् व्यक्तायां वाचि (चक्षिङ्को ख्याञादेश[1]) (अदा.) धातु, आ+ख्या+ल्युट् (अन)= आख्यान ।

शब्दार्थ- बताइने कुरो, बोल्ने काम, बयान, कथा, वर्णन, वृतान्त, उपाख्यान, कहानी, कथन, भनाइ ।

आख्यानकः (ना./पुं.) आख्यानमेव *(आख्यान नै)* आख्यान +कन् (क), स्वार्थमा= आख्यानक ।

शब्दार्थ- लघुकथा, काल्पनिक कहानी, पौराणिक कथा, किस्सा, कथानक ।

आख्यायिका (ना./स्त्री.) आख्याति, आचष्टे इति वा *(बताउँछ)* आङ्पूर्वक ख्या प्रकथने वा चक्षिङ् व्यक्तायां वाचि (चक्षिङ्को ख्याञादेश[1]) (अदा.) धातु, आ+ख्या+ण्वुल् (अक) युगागम, टाप् (आ), ककारपूर्वका अकारको इत्व= आख्यायिका ।

शब्दार्थ- कथा, कहानी, आख्यान, गद्यरचनाको कथा, भाग, छोटो कहानी, उपन्यास ।

द्रष्टव्य- **आख्यायिका कथावत्स्यात् कवेर्वंशानुकीर्तनम्**
अस्यामन्यकवीनां च वृतं पद्यं क्वचित् क्वचित्- सा.द.६/३३४
संस्कृत साहित्यमा बाणभट्टको 'हर्षचरित' आख्यायिका र 'कादम्बरी' कथा मानिन्छ ।

आगतः (वि./ना./पुं.) आगतवान्निति *(आएको)* आङ्पूर्वक गम्लृ गतौ (भ्वा.) धातु, आ+गम्+क्त[2] (त), कर्तामा, मलोप= आगत ।

शब्दार्थ- आएको, अभ्यागत, कुनै व्यक्ति आइपुगेको, प्राप्त भएको

आगन्तुः (ना./पुं./वि.) आगच्छतीति *(आउँछ)* आङ्पूर्वक गम्लृ गतौ (भ्वा.) धातु, आ+गम्+तुन्[3] (तु), उणा. =आगन्तु ।

शब्दार्थ- अतिथि, पाहुना, अभ्यागत, नियमितरूपले आगमन हुने, अपर्झट आउने ।

आगन्तुकः (ना./पुं./वि.) आगच्छतीति *(आउँछ)* आङ्पूर्वक गम्लृ गतौ (भ्वा.) धातु, आ+गम्+तुन्[3] (तु), उणा, आगन्तुः । आगन्तुरेव *(आगन्तुक नै)* आगन्तु+कन् (स्वार्थमा)= आगन्तुक ।

शब्दार्थ- अतिथि, घरमा स्वेच्छाले आएको पाहुना, अभ्यागत, अचानक आएको, स्वेच्छाले आएको, संस्कृतबाहेक अरू भाषाबाट नेपालीमा आएको (शब्द) ।

उदा. **कि मेरो दिलको त्यो सुनसान नगरी,**
जो एक आगन्तुकको प्रतीक्षामा जागा भइरहेको छ- परिचय, विजय मल्ल

आगन्तुक-पुस्तिका (ना./स्त्री) आगन्तुकाय पुस्तिका *(आगन्तुकका लागि पुस्तिका)* च.त.स.=आगन्तुक-पुस्तिका ।

शब्दार्थ-आगन्तुकलाई हस्ताक्षरका निम्ति राखिएको पुस्तिका

आगमः (ना./पुं.) आगमनम्, आगम्यते इति वा *(आउने काम)* आङ्पूर्वक गम्लृ गतौ (भ्वा.) धातु, आ+गम्+अप्[4] (अ)= आगम ।

अथवा आसमन्तात् गमयति अनेन *(सर्वत्र बोध गराउँछ यसले)* आ+गम्+णिचि+अच् (पचादि), णिलोप= आगम ।

शब्दार्थ- आउने काम, आइपुग्ने कार्य, अर्थागम, आय, आम्दानी, जन्म, प्रादुर्भाव, उत्पत्ति, प्रवाह, शास्त्र, आगमशास्त्र, दर्शन, तन्त्रशास्त्र, वेदशास्त्र ।

अर्थागमो नित्यमरोगिता च- नीतिवचनम्
अव्यक्तात्व्यक्तयः सर्वाः प्रभवन्त्यहरागमे ।
रात्र्यागमे प्रलीयन्ते तत्रैवाव्यक्तसंज्ञके- भ.गी. ८/१८
आगमापायिनोऽनित्यास्तांस्तितिक्षस्व भारत- भ.गी. २/१४
आगतं शिववक्त्रेभ्यो गतं च गिरिजासुतौ ।
मतं च वासुदेवेन तस्मादागम उच्यते- रुद्रयामलकम्

आगमनम् (ना./न.) आगमनम्, आगम्यते इति *(आइन्छ)* आङ्पूर्वक गम्लृ गतौ (भ्वा.) धातु, आ+गम्+ल्युट् (अन)= आगमन ।

शब्दार्थ-आउने वा कुनै ठाउँमा आइपुग्ने काम, आउने क्रिया ।

आगामी (वि.) आगमिष्यतीति *(पछि आउनेछ)* आङ्पूर्वक गम्लृ गतौ (भ्वा.) धातु, आ+गम्+इनि[5] (इन्), उणा., भविष्यत् अर्थमा, णित्व, उपधावृद्धि= आगामी ।

शब्दार्थ- आउँदो, पछि आउने, भविष्यमा आइपर्ने ।

आगारम् (ना./न.) न गच्छतीति *(जाँदैन)* नञ्पूर्वक गम्लृ गतौ (भ्वा.) धातु, न+गम्+ड (अ), टिलोप, न.त.स., अगः । अगान् ऋच्छतीति *(अचल स्थानमा जान्छ)* अग उपपदपूर्वक ऋ गतौ (भ्वा.) धातु, अग+ऋ+अण्[6] (अ), वृद्धि, दीर्घ= आगार ।

अथवा आ अग्यते इति *(चारैतिर जानु)* आङ्पूर्वक अग कुटिलायां गतौ (भ्वा.) धातु, आ+अग्+घञ् (अ), दीर्घ, आगः । आगमृच्छतीति आग+ऋ+अण्[6] (अ), वृद्धि =आगार ।

शब्दार्थ-घर, आवास, बस्ने स्थान, भँडार, ढुकुटी, मन्दिर ।

आग्नेयः (वि./ना./पुं.) अङ्गतीति *(चल्छ)* अगि गतौ (भ्वा.) धातु, नुमागम, अङ्ग्+नि, नलोप, उणा, अग्निः । अग्नेरपत्यं पुमान्, अग्निर्देवता अस्य, अग्नेरयम् क्रमशः *(अग्निका पुरुष सन्तति, अग्नि छन् देवता जसका, अग्निको यो)* अग्नि+ढक्[7] (एय), आदिवृद्धि, टिलोप =आग्नेय ।

शब्दार्थ- आगोसम्वन्धी, पूर्व र दक्षिणका वीचको आग्नेय कोण, अग्निका सन्तति, आगो भएको पहाड ।

---

[1] चक्षिङः ख्याञ : ख्याञादेश

[2] गत्यार्थाकर्मक... क्त (कर्तामा)

[3] नितनिगमि...तुन्

[4] ग्रहवृदृनिश्चिगमश्च : अप्

[5] गमेरिनि : इनि

[6] कर्मण्यण् :अण्

[7] अग्नेर्ढक्/अग्निकलिकाभ्यां ढक् वक्तव्यः : ढक्

आग्रहः (ना./पुं.) आगृह्यते इति *(आग्रह गरिन्छ)* आङ्पूर्वक ग्रह उपादाने (क्र्या.) धातु, आ+ग्रह्+अप्[1] (अ)= आग्रह ।

शब्दार्थ- पक्रने वा ग्रहण गर्ने काम, कसैलाई जोड गरेर गरिने अनुरोध वा अनुनय, विशेष प्रार्थना, दृढतापूर्वक गरिने अनुरोध, कर गर्ने काम, जिद्दी, आसक्ति ।

आग्रहायणः (ना./पुं.)/**आग्रहायणी** (ना./स्त्री.) अङ्गतीति *(चल्छ)* अगि गतौ (भ्वा.) धातु, अङ्ग+रन्, नलोप, उणा., अग्रम् । जहाति, जिहीते प्राप्नोतीति वा *(प्राप्त हुन्छ)* ओहाङ् गतौ (जुहो.) धातु, हा+ण्युट्[2] (अन), युगागम, हायनम् । अग्रे हायनमस्येति *(अगाडि वर्षारम्भ छ जसको)* अग्र+हायन+अण्[3] (अ), आदिवृद्धि, णत्व =आग्रहायण ।

आग्रहायण+ङीष्[4] (ई)= आग्रहायणी ।

शब्दार्थ- मङ्सिर महिना, मार्ग, मार्गशीर्ष महिना ।

आग्रहायणकः/आग्रहायणिकः (वि.) आग्रहायणे भवः जातः वा *(मार्ग महिनामा भएको वा जन्मेको)* आग्रहायण +वुञ्[5] (अक)= आग्रहायणक ।

आग्रहायण+ठञ्[5] (इक), आदिवृद्धि= आग्रहायणिक ।

शब्दार्थ- मार्ग महिनासम्वन्धी, मार्ग महिनामा भएको वा जन्मेको ।

आघातः (ना./पुं.) आ समन्तात् हन्यते अनेन इति *(सबैतिरबाट चोट पुऱ्याइन्छ)* आङ्पूर्वक हन हिंसागत्योः (अदा.) धातु, आ+हन्+घञ् (अ), करणमा, हन् का नको त[6], वृद्धि, कुत्व[7]= आघात ।

शब्दार्थ- चोट पुऱ्याउने काम, धक्का, प्रहार, ठक्कर, कुनै शव्द या अक्षरमा दिइने जोड, वलाघात, स्वराघात, छेदन, मार्नेक्रिया, हत्या ।

आघ्राणम् (ना./न.) आघ्रायते इति *(सुँघिन्छ)* आङ्पूर्वक घ्रा गन्धोपादाने (भ्वा.) धातु, आ+घ्रा+ल्युट् (अन), णत्व= आघ्राण ।

शब्दार्थ- सुंघ्ने काम, गन्ध ग्रहण गर्ने क्रिया ।

आङ्गिकः (वि.) अङ्गतीति *(चल्दछ)* अगि गतौ (भ्वा.) धातु, अङ्ग+अच् (पचादि) अङ्गः । अङ्गेन चरति, अङ्गस्य अयम्, अङ्गादागतः क्रमशः *(अङ्गद्वारा चल्छ, अङ्गको यो वा अङ्गसम्बन्धी, अङ्गबाट आएको)* अङ्ग+ठक्[8] (इक), आदिवृद्धि= आङ्गिक ।

शब्दार्थ- अङ्गसम्वन्धी, शारीरिक, शरीरसम्वन्धी, शारीरिक अवयव वा अङ्गहरूबाट नक्कल वा अभिनय गरिने, अङ्गवाट आएको,

आचमनम् (ना./न.) आचमनम्, आचम्यते इति वा *(आचमन गरिन्छ)* आङ्पूर्वक चमु अदने (भ्वा.) वा चमु भक्षणे (स्वा.) धातु, आ+चम्+ल्युट् (अन) =आचमन ।

शब्दार्थ- धार्मिक अनुष्ठान, जप वा भोजन गर्नु अघि वा पछि शुद्धताका लागि पानी अचाउने क्रिया ।

आचमनीयः (वि.) आचमितुं योग्यः *(आचमन गर्न लायक)* वा आचम्यते जलमनेन *(जल आचमन गरिन्छ यसबाट)* आङ्पूर्वक चमु अदने (भ्वा.) वा चमु भक्षणे (स्वा.) धातु, आ+चम्+अनीय (र) = आचमनीय ।

शब्दार्थ- आचमन गरिएको, पानी अचाएको, पानी अचाउने, आचमन गर्ने, आचमन गर्न योग्य ।

आचमितः (वि.) आचम्यते स्म इति *(आचमन गरिएको)* आङ्पूर्वक चमु अदने (भ्वा.) धातु, आ+चम्+क्त (त), इडागम= आचमित ।

शब्दार्थ-पानी पिइएको, पानी अचाएको, आचमन गरिएको,

आचरणम् (ना./न.) आचर्यते इति *(आचरण गरिन्छ)* आङ्पूर्वक चर गतिभक्षणयोः (भ्वा.) धातु, आ+चर्+ल्युट् (अन), णत्व = आचरण ।

शब्दार्थ- नैतिक दृष्टिले गर्न हुने वा नहुने कामकुरा, आचार, चालचलन, राम्रो वा नराम्रो व्यवहार, राम्रो शीलस्वभाव, असल वा खराब चरित्र ।

आचारः (ना./पुं) आचरणम्, आचर्यते इति वा *(आचरण गरिन्छ)* आङ्पूर्वक चर गतिभक्षणयोः (भ्वा.) धातु, आ +चर्+घञ् (अ), वृद्धि= आचार ।

शब्दार्थ- आचरण, व्यवहार, सदाचार, चालचलन, प्रथा, रीतिरिवाज ।

आचारनिपुणः (वि.) आचारे निपुणः *(आचारणमा निपुण)* स.त.स.= आचारनिपुण ।

शब्दार्थ- राम्रो आचरण गर्नमा निपुण, राम्रो व्यवहार गर्नमा कुशल ।

आचारपूतः (वि.) आचारेण पूतः *(आचारणले पवित्र भएको)* तृ.त.स. = आचारपूत ।

शब्दार्थ- आचरणले पवित्र भएको, शुद्ध आचरण भएको ।

आचारभ्रष्टः (वि.) आचाराद् भ्रष्टः *(आचारबाट गिरेको)* प.त.स.= आचारभ्रष्ट ।

शब्दार्थ- पतित, स्वधर्मभ्रष्ट, आचरण पालना नगर्ने, दुराचारी, सदाचारवाट भ्रष्ट भएको ।

आचारसंहिता (ना./स्त्री) आचाराय संहिता *(आचार पालनाको लागि संहिता)* च.त.स.= आचारसंहिता । अथवा आचारस्य संहिता *(आचारसम्बन्धी संहिता)* ष.त.स.= आचारसंहिता ।

शब्दार्थ- नैतिक आचरण र रीतिरिवाज, चालचलन आदि परिपालनका निमित्त लेखिएको नियम वा शास्त्र, नैतिक आचरणसम्वन्धी नियम वा संहिता ।

---

१. ग्रहवृदृनिश्चिगमश्च : अप्
२. हश्चव्रीहिकालयोः : ण्युट्
३. अण् च : अण्
४. षिद्गौरादिभ्यश्च : ङीष्
५. संवत्सराग्रहायणीभ्यां ठञ् च : वुञ्/ठञ्
६. हनस्तो चिण्ण... : नको त
७. होर्हन्ते... : कुत्व
८. चरति/तस्येदम्/ठगायस्थानेभ्य : ठक्

आचार्यः (ना./पुं.) आचर्यते इति *(आचरण गरिन्छ)* आङ्पूर्वक चर गतिभक्षणयोः (भ्वा.) धातु, आ+चर्+ण्यत् (य), वृद्धि = आचार्य ।

शब्दार्थ- प्राध्यापक वा गुरु, आध्यात्मिक गुरु, उपनयन गर्दा मन्त्रदान दिई अङ्गहरूसहित वेदाध्यापन गराउने गुरु, वेदव्याख्याता, वेदाध्यापक, मोक्षोपदेश दिने गुरु ।

द्रष्टव्य- उपनीय तु यः शिष्यं वेदमध्यापयेद्द्विजः
साङ्गं च सरहस्यं च तमाचार्यं प्रचक्षते- म.स्मृ.२/१४२

आचार्यभोगीनः (वि.) आचार्यभोगाय हितम् *(आचार्यको भोगका लागि हित हुने)* आचार्यभोग+ख[1] (ईन) =आचार्यभोगीन ।

शब्दार्थ- आचार्यको उपभोगका लागि उपयुक्त हुने ।

आचार्या (ना./स्त्री) आचरति असौ *(राम्रो आचरण गर्दछे यो स्त्री)* आङ्पूर्वक चर गतिभक्षणयोः (भ्वा.) धातु, आ+चर्+ण्यत् (य)+टाप् (आ)= आचार्या ।

शब्दार्थ- अध्यापिका, शिक्षिका, गुरुमा, विदुषी स्त्री, मन्त्रहरूको व्याख्या गर्ने स्त्री, अध्ययनशील स्त्री, स्वतः अध्ययन गर्ने स्त्री ।

आचार्यानी (ना./स्त्री) आचार्यस्य स्त्री *(आचार्यकी पत्नी)* आचार्य+आनुक्[2] (आन)+ङीष् (ई)= आचार्यानी ।

शब्दार्थ- आचार्यकी पत्नी वा स्त्री, गुरुपत्नी ।

आच्छन्नः (वि.) आच्छद्यते स्म इति *(ढाकेको, छोपेको)* आङ्पूर्वक छद अपवारणे (चुरा.) धातु, आ+छद्+क्त (त), त र दको न, तुक्, श्चुत्व= आच्छन्न ।

शब्दार्थ- आच्छादन गरेको, ढाकेको, छोपेको, छोपिएको ।

आच्छादनम् (ना./न.) आच्छाद्यते अनेन इति *(ढाकिन्छ यसबाट)* आङ्पूर्वक छद अपवारणे (चुरा.) धातु, आ+छद्+णिचि+ल्युट् (अन), वृद्धि, तुगागम, श्चुत्व, णिलोप= आच्छादन ।

शब्दार्थ- ढाक्ने वा छोप्ने काम, छोपाइ, वस्त्र, कपडा, लुगा, बिर्को ।

आच्छादितः (वि.) आच्छाद्यते स्म इति *(ढाकिएको)* आङ्पूर्वक छद अपवारणे (चुरा.) धातु, आ+छद् + णिचि+क्त (त), वृद्धि, णिलोप, इडागम, तुक्, श्चुत्व = आच्छादित ।

शब्दार्थ- ढाकिएको, छोपिएको, आच्छादन गरिएको ।

आजन्म (अव्य.) जायते इति *(जन्मन्छ)* जनी प्रादुर्भावे (दिवा.) धातु, जन्+मनिन्[3] (मन्), जन्म । आ जन्मनः (जन्मनः आरभ्य) *(जन्मदेखि नै)* अव्य.स.[4] = आजन्म

शब्दार्थ- जन्मभर, जन्मदेखि अहिलेसम्म, आजीवन, जीवनपर्यन्त ।

आज्यम् (ना./न.) आज्यते अनेन *(आहुति दिइन्छ यसबाट)* आङ्पूर्वक अञ्जू व्यक्तिम्रक्षणकान्तिगतिषु (रुधा.) धातु, आ+अञ्ज्+क्यप्[5], नलोप, दीर्घ= आज्य ।

घृतमाज्यं हविः सर्पिः- इत्यमरः

शब्दार्थ- घिउ, घृत, हवन गरिने आज्य ।

आजीवनम् (अव्य.) जीव्यते अनेन इति *(प्राण धारण गरिन्छ यसबाट)* जीव प्राणधारणे (भ्वा.) धातु, जीव्+ल्युट् (अन), जीवनम् । आ जीवनात् *(जीवन पर्यन्त)* अव्य.स.[4]= आजीवन ।

शब्दार्थ- जीवनभरि, बाँचुन्जेल, जीवन रहेसम्म नै, जीवनपर्यन्त ।

आजीविका (ना./स्त्री) आसमन्तात् जीवयतीति *(राम्रोसँग जीवन निर्वाह गर्छ)* आङ्पूर्वक जीव प्राणधारणे (भ्वा.) धातु, आ+जीव्+णिचि+ण्वुल् (अक)+टाप् (आ), णिलोप, ककारपूर्वका अकारको इत्व= आजीविका ।

शब्दार्थ- जीवन निर्वाह गर्ने साधन वा काम, वृत्ति, व्यवसाय, पेसा, जीविका ।

आज्ञा (ना./स्त्री) आज्ञायते इति *(आज्ञा दिइन्छ)* आङ्पूर्वक ज्ञा अवबोधने (क्र्या.) धातु, आ+ज्ञा+अङ् (अ)= आज्ञा ।

शब्दार्थ- आदेश, हुकुम, निर्देशन, अनुमति, शासन ।

आज्ञाकारी (वि.) आज्ञां कर्तुं शीलमस्य *(आज्ञापालन गर्ने शील छ यसको)* आज्ञा उपपदपूर्वक डुकृञ् करणे (तना.) धातु, आज्ञा+कृ+णिनि (इन्), आज्ञाकारिन् =आज्ञाकारी ।

शब्दार्थ- आदेश वा आज्ञा पालन गर्ने, अह्राएको मान्ने, आज्ञापालक ।

आज्ञापकः (वि.) आज्ञापयतीति *(आज्ञा दिन्छ)* आङ्पूर्वक ज्ञा अवबोधने (क्र्या.) धातु, आ+ज्ञा+णिचि+ण्वुल् (अक), पुगागम, णिलोप= आज्ञापक ।

शब्दार्थ-आदेश दिने, आज्ञा दिने, निर्देशन दिने, हुकुम गर्ने

आज्ञापत्रम् (ना./न.) आज्ञायै पत्रम् वा आज्ञायाः पत्रम् *(आज्ञापालन गराउनका लागि पत्र, आज्ञाको पत्र)* च.त.स./ष.त.स. =आज्ञापत्र ।

शब्दार्थ- लिखित आदेश दिइएको पत्र, आदेशपत्र, अनुमतिपत्र ।

आज्ञापालकः (वि.) आज्ञां पालयतीति *(आज्ञापालन गर्छ)* आज्ञा उपपदपूर्वक पाल रक्षणे (चुरा.) धातु, आज्ञा+पाल्+ण्वुल् (अक)= आज्ञापालक ।

शब्दार्थ- आज्ञापालन गर्ने, अह्राएको वा भनेको मान्ने, आज्ञाकारी, आदेश पालन गर्ने ।

आज्ञापालनम् (ना./न.) पाल्यते अनेन इति *(पालन गरिन्छ यसबाट)* पाल रक्षणे (चुरा.) धातु, पाल्+ल्युट् (अन) पालनम् । आज्ञायाः पालनम् *(आज्ञाको पालन)* ष.त.स.= आज्ञापालन ।

शब्दार्थ- आज्ञापालन गर्ने काम, भनेको वा अह्राएको मान्ने काम ।

---

[1] आत्मन्विश्वजन... ख

[2] इन्द्रवरुण...ङीष्/आनुक्

[3] सर्वधातुभ्यो मनिन् : मनिन्

[4] आङ्मर्यादा... : अव्य. समास

[5] आङ्पूर्वादञ्जेः सञ्ज्ञायाम् (वा.) : क्यप्

आज्ञापितः (वि.) आज्ञाप्यते स्म इति *(आज्ञा दिइएको)* आङ्पूर्वक ज्ञा अवबोधने (क्र्या.) धातु, आ+ज्ञा+ णिचि पुगागम, आज्ञापि+क्त (त), इडागम, णिलोप=आज्ञापित ।

शब्दार्थ- आज्ञा दिइएको, आदेश दिइएको, निर्देशित ।

आज्ञाभङ्गः (ना./पुं.) आज्ञायाः भङ्गः *(आज्ञाको उल्लङ्घन)* ष.त.स.= आज्ञाभङ्ग ।

शब्दार्थ- आज्ञाको अनादर, आज्ञाको उलङ्घन, आज्ञा विपरीत आचरण, नटेर्ने कार्य ।

आडम्बरः (ना./पुं.) आडम्बयतीति *(आक्षेप गरिन्छ)* आङ्पूर्वक डबि क्षेपे (चुरा.) धातु, नुम्, आ+डम्ब्+ अरच् (बहुलप्रकारले)= आडम्बरः ।

अथवा आडम्ब्यते इति *(आडम्बर गरिन्छ)* आ+ डम्ब्+घञ् (अ), आडम्बः । आडम्बं रातीति *(रवाफ देखाउँछ)* रा दाने (अदा.) धातु, आडम्ब+ रा+क[१] (अ), आलोप= आडम्बर ।

आडम्बरः समारम्भे गजगर्जिततूर्ययोः- इति विश्वः

आडम्बरस्तूर्यरवे गजेन्द्राणां च गर्जिते- इत्यमरः

शब्दार्थ- घमण्ड, देखावटीपन, वाहिरी ठाँटवाँट, वोक्रे धाकरवाफ, स्वाङ्, वोक्रे मपाइँत्व, मेघ तथा हात्तीको गर्जन, तूर्यनाद, दमाहाको आवाज ।

आढ्यः (वि.) आध्यायतीति *(धनादि चिन्तन गर्छ)* आङ्-पूर्वक ध्यै चिन्तायाम् (भ्वा.) धातु, आ+ध्या+क[१] (अ), आलोप, पृषोदरादिवाट ध्यको 'ढ्य' आदेश= आढ्य ।

इभ्य आढ्यो धनी स्वामी- इत्यमरः

शब्दार्थ- धनवान्, स्वामी, धनी, ऐश्वर्यशाली, पूँजीपति ।

उदा. **गुण सुवर्णका आढ्य आकर**
चहकदार छन् नृपतिका वर- शा.म.का. १०/१

आढ्यतमः (वि.) अयमेषामतिशयेन आढ्यः *(यो यिनीहरूमध्ये ज्यादै धनी)* आढ्य+तमप्[२] (तम) =आढ्यतम ।

शब्दार्थ- ज्यादै धनी, ज्यादै सम्पत्तिवान् ।

आणविकः (वि.) अणोरागतः, अणोरिदम् वा *(अणुबाट पैदा भएको, अणुको यो)* अणु+ठक्[३] (इक), आदिवृद्धि =आणविक ।

शब्दार्थ- अणुसम्वन्धी, ज्यादै सूक्ष्मतत्त्ववाट वनेको, अणुवाट पैदा भएको ।

आतङ्कः (ना./पुं.) आतङ्कयते इति *(दुःख दिइन्छ, आतङ्क पैदा गरिन्छ)* आङ्पूर्वक तकि कृच्छ्रजीवने (भ्वा.) धातु, नुमागम, आ+तङ्क्+घञ्[४] (अ)= आतङ्क ।

आतङ्को रोगसन्तापशङ्कासु मुरजध्वनौ- इति मेदिनी

रुक्तापशङ्कास्वातङ्कः- इत्यमरः

शब्दार्थ- आतङ्क पैदा गर्ने काम, पीडा, व्यथा, रोग, डर, त्रास, भय, महामारी आदिको प्रकोप, सन्ताप, रोग तापादिको आशङ्का ।

आतङ्ककारी (वि.) आतङ्कं कर्तुं शीलमस्येति *(आतङ्क मचाउने स्वभाव छ यसको)* आतङ्क उपपदपूर्वक डुकृञ् करणे (तना.) धातु, आतङ्क+कृ+णिनि[५] (इन्), वृद्धि =आतङ्ककारी ।

शब्दार्थ- आतङ्क फैलाउने, आतङ्क मच्चाउने, डर, त्रास या भयको वातावरण पैदा गर्ने ।

आतङ्कितः (वि.) आतङ्कयते स्म इति *(आतङ्कित पारिएको)* आङ्पूर्वक तकि कृच्छ्रजीवने (भ्वा.) धातु, आ+तङ्क्+ क्त (त), इडागम= आतङ्कित ।

अथवा आतङ्कः सञ्जातः अस्य *(आतङ्क पैदा भएको अवस्था छ यसको)* आतङ्क+इतच्[६] (इत)= आतङ्कित ।

शब्दार्थ- डर या त्रासले भयभीत भएको, आतङ्कले डराएको, आतङ्कवाट प्रभावित ।

आततायी (वि.) आतनोति स्म *(आतङ्क पैदा गरेको)* आङ्पूर्वक तनु विस्तारे (तना.) धातु, आ+तन्+क्त (त), अनुनासिक नलोप, आततम् । आततेन विस्तीर्णेन शस्त्रादिना अयितुं शीलमस्येति *(शस्त्रादिबाट जाइलाग्ने शील या स्वभाव छ यसको)* आतत उपपदमा हुने अय गतौ (भ्वा.) धातु, आतत+अय्+णिनि[५] (इन्), दीर्घ, आततायिन्= आततायी ।

शब्दार्थ- कसैको वध गर्न उद्यत, अर्काको धनसम्पत्ति लुट्ने, अर्काको जग्गाजमिन हडप्ने, नारीहरूमा बलात्कार गर्ने, नारीहरू अपहरण गर्ने, घरमा आगो लगाउने, विष पान गराउने, हातहतियार लिएर आतङ्क फैलाउने, अपहरणकारी, दुराचारी, ठूलो विप्लव वा उपद्रव मच्चाउने ।

द्रष्टव्य- **अग्निदो गरदश्चैव शस्त्रपाणिर्धनापहः**
क्षेत्रदारापहर्ता च षडेते ह्याततायिनः- व.स्मृ.३/१९
आततायिनमायन्तं हन्यादेवाविचारयन्- म.स्मृ.८/३५०

आतपः (ना./पुं.) आ समन्तात् तपति तापयतीति वा *(सर्वत्र ताप वा प्रकाश दिन्छ)* आङ्पूर्वक तप सन्तापे (भ्वा.) धातु, आ+तप्+अच् (पचादि)= आतप ।

शब्दार्थ- गर्मी, घाम, सूर्यको प्रकाश, तातो राप, दिनप्रभा, कष्टदायक, दुःखदायी ।

आतपत्रम् (ना./न.) आतपतीति (ताप दिन्छ) आङ्पूर्वक तप सन्तापे (भ्वा.) धातु, आ+तप्+अच् (पचादि), आतपः । आतपात् त्रायते इति *(घामबाट रक्षा गर्छ)* आतप उपपदपूर्वक त्रैङ् पालने (भ्वा.) धातु, आतप+ त्रा+क (अ), आलोप= आतपत्र ।

शब्दार्थ-छाता, घामपानीवाट रक्षा गर्ने ओडो- घुम, वर्षादि

आतिथेयः (वि./ना./पुं.) अतिथौ साधुः *(अतिथिलाई स्वागत-सत्कार गर्न निपुण)* अतिथि+ढञ्[७] (एय), आदिवृद्धि= आतिथेय ।

शब्दार्थ- अतिथिसत्कारमा निपुण, अतिथिको सत्कार गर्ने, अतिथिको आदर गर्ने व्यक्ति ।

---

१. आतोऽनुपसर्गे कः : क
२. अतिशायने तमबिष्टनौ : तमप्
३. ठगायस्थानेभ्यः/तस्येदम् : ठक्
४. अकर्तरि च कारके... : घञ्
५. सुप्यजातौ... णिनि
६. तदस्य सञ्जातम्... : इतच्
७. पथ्यतिथि...ढञ्

आतिथ्यम् (ना./न.) अतति निरन्तरं गच्छति *(लगातार हिंडिरहन्छ)* अत सातत्यगमने (भ्वा.) धातु, अत्+इथिन्[१] (इथि), उणा., अतिथिः । अतिथये इदम् *(अतिथिका लागि यो),* अतिथेर्भावः *(अतिथिको स्थिति)* अतिथि+ञ्य[२]/ष्यञ् (य), आदिवृद्धि=आतिथ्य ।

शब्दार्थ- अतिथि सत्कार, अतिथि सेवा, अतिथिलाई गरिने आदर तथा स्वागत, अतिथिको अनुकूल हुने काम, अतिथिको भाव वा स्थिति ।

आतुरः (वि.) आतुतोर्तीति *(हडबडाउँछ)* आङ्पूर्वक तुर त्वरणे (जुहो.) धातु, आ+तुर्+क[३] (अ)= आतुर ।

शब्दार्थ- व्याकुल, हडवडाएको, रोगग्रस्त, पीडित, रोगी ।

आतुरता (ना./स्त्री) आतुरस्य भावः *(आतुर हुनाको भाव वा अवस्था)* आतुर+तल् (त)+टाप् (आ)= आतुरता ।

शब्दार्थ- अधीरता, हडवढी, व्याकुलता ।

आत्मन् (आत्मा) (ना./पुं.) अतति सततमनुवर्तते *(निरन्तर रहन्छ)* अत सातत्यगमने (भ्वा.) धातु, अत्+मनिण्[४] (मन्), उणा., वृद्धि, आत्मन्= आत्मा ।

आत्मा चित्ते धृतौ यत्ने धिषणायां कलेवरे
परमात्मनि जीवेऽर्के हुताशनसमीरयोः
आत्मा यत्नोधृतिर्बुद्धिः स्वभावो ब्रह्म वर्ष्म च- इत्यमरः

शब्दार्थ- आत्मा, जीव, आत्मतत्त्व, परमात्मा, जीवात्मा, ब्रह्म, चैतन्य, शरीर, वुद्धि, चित्त, धृति, स्वभाव, प्रयास, सूर्य, अग्नि, वायु ।

द्रष्टव्य- **इदं सर्वं यदयमात्मा- बृ.उ. २/४/६**
आत्मा वा इदमेक एवाग्र आसीत्
नान्यत् किञ्चनमिषत्- ऐ.उ. १/१
नहि आत्मव्यतिरेकेणान्यत् (किञ्चिदस्ति) ।

आत्मकथा (ना./स्त्री) आत्मनः कथा *(आफ्नो जीवन कथा)* ष.त.स., नलोप = आत्मकथा ।

शब्दार्थ- आफैंले लेखेको वा वर्णन गरेको आफ्नो कथा, आत्मवृत्तान्त, आत्मचरित्र ।

आत्मगुणः (ना./पुं.) आत्मनः गुणः *(आफ्नो गुण)* ष.त.स. = आत्मगुण ।

शब्दार्थ- आफ्नो गुण, आफ्नो स्वभाव ।

आत्मगौरवम् (ना./न.) आत्मनः गौरवम् *(आफ्नो गौरव)* ष.त.स.= आत्मगौरव ।

शब्दार्थ- आफ्नो महत्ता, आफ्नो सम्मान र प्रतिष्ठा ।

आत्मघातकः/आत्मघाती (वि.) आत्मानं हन्तीति *(आफ्नो विनाश गर्छ)*/आत्मानं हन्तुं शीलमस्य *(आत्महत्या गर्ने स्वभाव छ यसको)* आत्मन्+हन्+ण्वुल् (अक), वृद्धि, हन्का हको कुत्व, नको त= आत्मघातक । आत्मन्+हन्+णिनि (इन्), वृद्धि, हन्का हको कुत्व, नको त, आत्मघातिन्= आत्मघाती ।

शब्दार्थ- आत्महत्या गर्ने, आत्महन्ता, आफूलाई आफैं नाश गर्ने ।

आत्मचरित्रम् (ना./न.) आत्मनः चरित्रम् *(आफ्नो चरित्र)* ष.त.स.= आत्मचरित्र ।

शब्दार्थ- आफ्नो चरित्र, आत्मकथा, आफ्नो जीवन कथा, जीवन वृत्तान्त ।

आत्मजः (ना./पुं.) आत्मनः जायते इति *(आफूबाट जन्मन्छ)* आत्मन् उपपदपूर्वक जनी प्रादुर्भावे (दिवा.) धातु, आत्मन्+जन्+ड (अ), टिलोप= आत्मज ।

शब्दार्थ- आफूवाट पैदा भएको- पुत्र, छोरो, तनय, सुत ।

द्रष्टव्य- **आत्मा वै जायते पुत्रः ।**
आत्मा वै पुत्रनामासि- इति स्मृतिः

आत्मजन्म (ना./पुं) आत्मनः जन्मन् *(आफ्नो जन्म वा आफूबाट जन्मेको)* ष.त.स./प.त.स.= आत्मजन्म ।

शब्दार्थ- पुत्ररूपमा आफ्नो जन्म, आफूवाट पैदा भएको छोरो, पुत्र ।

आत्मजा (ना./स्त्री.) आत्मनः जायते असौ *(आफूबाट पैदा भएकी छ यो)* आत्मन् उपपदपूर्वक जनी प्रादुर्भावे (दिवा.) धातु, आत्मन्+जन्+ड (अ)+टाप् (आ) =आत्मजा ।

शब्दार्थ- आफूवाट पैदा भएकी छोरी, पुत्री, तनया, सुता ।

आत्मज्ञः (ना./पुं.) आत्मानं जानातीति *(आत्मतत्त्वलाई जान्दछ)* आत्मन्पूर्वक ज्ञा अवबोधने (क्र्या.) धातु, आत्मन्+ज्ञा+क (अ), आलोप= आत्मज्ञ ।

शब्दार्थ- आत्मतत्त्व वुझेको, आत्मासम्वन्धी ज्ञान भएको ।

आत्मज्ञानम् (ना./न.) आत्मनः ज्ञानम् *(आत्मतत्त्वको ज्ञान)* ष.त.स. = आत्मज्ञान ।

शब्दार्थ- आत्मा र परमात्मासम्वन्धी ज्ञान, ब्रह्मतत्त्वको ज्ञान, अध्यात्म-ज्ञान, आत्मतत्त्वको ज्ञान ।

आत्मतत्त्वम् (ना./न.) आत्मनः तत्त्वम् *(आत्मासम्बन्धी तत्त्व)* ष.त.स. = आत्मतत्त्व ।

शब्दार्थ- आत्मा वा परमात्मासम्बन्धी तत्त्व, आत्मस्वरूप, अध्यात्मतत्त्व ।

आत्मतृप्तः (वि.) आत्मनि एव तृप्तः *(आत्मामा नै तृप्त रहेको)* स.त.स.= आत्मतृप्त ।

शब्दार्थ- आफ्नो स्वरूपमा तृप्त हुने, परमात्मतत्त्वमा रम्ने, रमाउने ।

आत्मत्यागः (ना./पुं.) आत्मनः त्यागः *(आफ्नो स्वार्थको त्याग)* ष.त.स. = आत्मत्याग ।

शब्दार्थ- आफ्नो स्वार्थको त्याग, परोपकारका लागि आत्म वलिदान ।

आत्मदर्शनम् (ना./न.) दृश्यते इति *(देखिन्छ)* दृशिर् प्रेक्षणे (भ्वा.) धातु, दृश्+ल्युट् (अन), दर्शनम् । आत्मनः दर्शनम् *(आत्मालाई जान्ने काम)* ष.त.स. =आत्मदर्शन ।

शब्दार्थ- आफूले आफ्नो आत्मालाई चिन्ने काम, आत्मतत्त्वलाई वुझ्ने क्रिया ।

---

[१] ऋतन्यञ्जि...इथिन्

[२] अतिथेर्ञ्यः : ञ्य/गुणवचन.... : ष्यञ्

[३] इगुपधज्ञा... : क

[४] सातिभ्यां मनिन्मनिणौ : मनिण्

आत्मदशा (ना./स्त्री.) आत्मनः दशा *(आफ्नो अवस्था)* ष.त.स. = आत्मदशा ।

शब्दार्थ- आफ्नो अवस्था वा स्थिति ।

आत्मदेहः (ना./पुं.) आत्मनः देहः *(आफ्नो शरीर)* ष.त.स. = आत्मदेह ।

शब्दार्थ- आफ्नो शरीर, आफ्नो विग्रह, आफ्नो गात्र ।

आत्मद्रोही (वि.) आत्मानं द्रुह्यतीति *(आफूलाई द्रोह गर्छ)* आत्मन्पूर्वक द्रुह जिघांसायाम् (दिवा.) धातु, आत्मन्+द्रुह्+णिनि (इन्), गुण, आत्मद्रोहिन्= आत्मद्रोही ।

शब्दार्थ- आफूले आफैंलाई द्रोह गर्ने, आफैंलाई पीडा दिने, आत्महत्या गर्ने ।

उदा. **कोही छुच्चा फटाहा यस जग बिचमा**
कोही छन् आत्मद्रोही- नवरस, करुणरस १०९

आत्मनिर्भरः (ना./पुं.) आत्मनि निर्भरः *(आफूमा आफैं निर्भर रहने)* स.त.स.= आत्मनिर्भर ।

शब्दार्थ- आत्मनिर्भर रहने काम, स्वावलम्वी हुने कार्य, आफूमा आफैं आश्रित भएर रहने क्रिया ।

आत्मनिवेदनम् (ना./न.) आत्मनः निवेदनम् *(आफ्नो समर्पण)* ष.त.स.= आत्मनिवेदन ।

शब्दार्थ- आत्मसमर्पण, आत्मपरित्याग ।

आत्मप्रतिष्ठा (ना./स्त्री.) आत्मनः प्रतिष्ठा *(आफ्नो प्रतिष्ठा)* ष.त.स. = आत्मप्रतिष्ठा ।

शब्दार्थ- आफ्नो सम्मान र मर्यादा, आफ्नो महत्ता, आफ्नो प्रतिष्ठा ।

आत्मबलम् (ना./न.) आत्मनि वलम्, आत्मनः वलम् *(आफूमा वा आफ्नो वल तथा क्षमता)* स.त.स./ष.त.स.= आत्मवल ।

शब्दार्थ- आफूमा निहित शक्ति, आफ्नो आन्तरिक क्षमता, आफ्नो मानसिक शान्ति वा सामर्थ्य ।

आत्मबोधः (ना./पुं.) आत्मनः बोधः *(आत्मतत्त्वको बोध)* ष.त.स.= आत्मवोध ।

शब्दार्थ- आत्माको ज्ञान, आत्मतत्त्वको वोध, आध्यात्मिक ज्ञान ।

आत्मभूः (ना./पुं.) आत्मना स्वयमेव भवतीति *(स्वयम् आफैं उत्पन्न हुन्छन्)* आत्मन्पूर्वक भू सत्तायाम् (भ्वा.) धातु, आत्मन्+भू+क्विप् (सर्वलोप)=आत्मभू ।

शब्दार्थ- स्वयम् पैदा हुने- ब्रह्मा, विष्णु, शिव ।

आत्मरक्षा (ना./स्त्री.) आत्मनः रक्षा *(आफ्नो रक्षा)* ष.त.स. = आत्मरक्षा ।

शब्दार्थ- आफ्नो रक्षा, आफ्नो वचाउ, आत्मसंरक्षण ।

आत्मरतिः (वि.) आत्मनि एव रतिर्यस्य सः *(आत्मामा नै रति या प्रेम छ जसको)* व.स. = आत्मरति ।

शब्दार्थ- आत्मस्वरूपमा रति या प्रेम भएको, आफैंमा रम्ने तथा रमाउने ।

आत्मवान् (वि.) आत्मा अस्यास्तीति *(आत्मशक्ति छ यसको)* आत्मन्+मतुप् (मत्), मको व= आत्मवान् ।

शब्दार्थ- आत्मवल भएको, आफूमा सामर्थ्य वा क्षमता भएको ।

आत्मविद्या (ना./स्त्री.) आत्मनः विद्या *(आत्मसम्बन्धी विद्या)* ष.त.स. = आत्मविद्या ।

शब्दार्थ- आत्मा तथा परमात्माको ज्ञान गराउने विद्या, अध्यात्मविद्या, ब्रह्मविद्या ।

आत्मविश्वासः (ना./पुं.) आत्मनि विश्वासः *(आफूमा विश्वास)* स.त.स. = आत्मविश्वास ।

शब्दार्थ- आफूप्रति आफूलाई हुने पूर्ण निश्चय, आफूलाई आफूप्रति रहने भरोसा, आत्माप्रति हुने विश्वास ।

आत्मवृतान्तः (ना./पुं.) आत्मनः वृतान्तः *(आफ्नो वृतान्त वा वर्णन)* ष.त.स.= आत्मवृतान्त ।

शब्दार्थ- आफ्नो वर्णन, आत्मकथा, आत्मचरित्र ।

आत्मवृत्तिः (ना./स्त्री.) आत्मनः वृत्तिः *(आफ्नो वृत्ति)* ष.त.स.= आत्मवृत्ति ।

शब्दार्थ- आफ्नो जीविका वा आफ्नो निर्वाह ।

आत्मशक्तिः (ना./स्त्री.) आत्मनः शक्तिः *(आफ्नो शक्ति वा क्षमता)* ष.त.स.= आत्मशक्ति ।

शब्दार्थ- आफूमा निहित शक्ति, आत्मवल, आफ्नो सामर्थ्य

आत्मशान्तिः (ना./स्त्री) आत्मनः शान्तिः *(आत्माको शान्ति)* ष.त.स. = आत्मशान्ति ।

शब्दार्थ- मनको प्रसन्नता, चित्तशान्ति, आत्मसन्तोष ।

आत्मशुद्धिः (ना./स्त्री.) आत्मनः शुद्धिः *(आत्माको शुद्धि)* ष.त.स. = आत्मशुद्धि ।

शब्दार्थ- आत्माको पवित्रता, आत्माको शुद्धि, आत्मालाई शुद्ध गर्ने काम, आत्मशुद्धीकरण, चित्तशुद्धि ।

आत्मश्लाघा (ना./स्त्री.) आत्मनः श्लाघा *(आफ्नो प्रशंसा)* ष.त.स.= आत्मश्लाघा ।

शब्दार्थ- आफ्नो प्रशंसा आफैंले गर्ने काम, आत्मप्रशंसा ।

आत्मसंयमः (ना./पुं.) संयम्यते इति *(संयम गरिन्छ)* सम्पूर्वक यम उपरमे (भ्वा.) धातु, सम्+यम्+अप्[1] (अ), संयमः । आत्मनः संयमः *(आफ्नो मनको संयम)* ष.त.स.= आत्मसंयम ।

शब्दार्थ- आफ्ना इन्द्रियहरूलाई वशमा राख्ने काम, इन्द्रियदमन, मनोनिग्रह ।

आत्मसंयमी (वि.) संयमः अस्य अस्तीति *(संयम छ यसको)* सयम+इनि[2] (इन्), संयमी । आत्मनः संयमी *(आत्माको संयमी)* ष.त.स.= आत्मसंयमी ।

शब्दार्थ- इन्द्रियनिग्रह गर्ने, इन्द्रियलाई वशमा राख्ने, आत्मनियन्त्रण गर्ने ।

आत्मसन्तोषः (ना./पुं.) सन्तुष्यते इति *(सन्तुष्ट हुनु)* सम्पूर्वक तुष तुष्टौ (दिवा.) धातु, सम्+तुष्+घञ् (अं), गुण, सन्तोषः । आत्मनि सन्तोषः *(आफूमा सन्तोष)* स.त.स. = आत्मसन्तोष ।

शब्दार्थ- आफूप्रति आफैं सन्तुष्ट रहने कार्य, चित्तप्रसन्न रहने काम, आत्मसन्तोष हुने क्रिया ।

---

१. यमः समुपनिविषु च : अप्

२. मत इनिठनौ : इनि

आत्मसमर्पणम् (ना./न.) समर्प्यते इति *(समर्पण गरिन्छ)* सम्पूर्वक ऋ गतिप्रापणयोः (भ्वा.) धातु, सम्+ऋ + णिचि+ल्युट् (अन), पुगागम[1], गुण, सम् अर् प् अन, णत्व, समर्पणम् । आत्मनः समर्पणम् *(आफ्नो समर्पण)* ष.त.स.= आत्मसमर्पण ।

शब्दार्थ-आफूलाई अर्काको अधीनमा सुम्पने काम, आफूलाई समर्पण गर्ने काम, अर्काको अधीनता स्वीकार गर्ने काम, पराधीनता अङ्गीकार गर्ने कार्य

आत्मसात् (अव्य.) आत्माधीनं करोतीति *(आफ्नो अधीनमा राख्छ)* आत्मन्+साति[2] (सात्)= आत्मसात् ।

शब्दार्थ- आफ्नो अधिकारमा ल्याइएको, आफूमा मिलाएको, आफ्नो निम्ति तुल्याइएको ।

आत्महत्या (ना./स्त्री.) आत्मनः हननम् *(आफ्नो हत्या)* आत्मन् उपपदपूर्वक हन हिंसागत्योः (अदा.) धातु, आत्मन्+हन्+क्यप्[3] (य), नको तकारादेश, टाप् (आ) =आत्महत्या ।

शब्दार्थ- आफूले आफैंलाई हत्या वा घात गर्ने काम, आत्मघात ।

आत्मा (आत्मन्) (ना./पुं.) अतति सततमनुवर्तते *(निरन्तर रहन्छ)* अत सातत्यगमने (भ्वा.) धातु, अत् +मनिण् (मन्), उणा., वृद्धि, आत्मन् = आत्मा ।

आत्मा पुंसि स्वभावेऽपि प्रयत्नमनसोरपि
धृतावपि मनीषायां शरीरब्रह्मणोरपि- इति मेदिनी
आत्मा वै जायते पुत्रः- इति श्रुतिः ।

शब्दार्थ- आत्मा, जीव, आत्मतत्त्व, परमपुरुष, जीवात्मा, ब्रह्म, शरीर, सूर्य, अग्नि, वायु, आफू, देह, मन, बुद्धि, पुत्र, स्वभाव, प्रयास, धैर्य ।

आत्माधीनः (ना./पुं.) आत्मनः अधीनः *(आत्माको अधीन, आफ्नो अधीन)* ष.त.स., दीर्घ = आत्माधीन ।

शब्दार्थ- आफ्नो अधीन हुने कुरा, (पुत्रादि), आत्माको अधीन

आत्मानुचरः (ना./पुं.) आत्मनः अनुचरः *(आफ्नो अनुचर)* ष.त.स., दीर्घ= आत्मानुचर ।

शब्दार्थ- आफ्नो अनुचर वा सेवक, आफ्नो नोकर वा परिचर ।

आत्मानुभूतिः (ना./पुं./स्त्री.) अनुभूयते इति *(अनुभव गरिन्छ)* अनुपूर्वक भू सत्तायाम् (भ्वा.) धातु, अनु+ भू+क्तिन् (ति), अनुभूतिः । आत्मनः अनुभूतिः *(आफ्नो मनको अनुभव वा अनुभूति)* ष.त.स., नलोप, दीर्घ = आत्मानुभूति ।

शब्दार्थ- आत्मा या परमात्माको अनुभव, आत्मपरमात्म-तत्त्वको ज्ञान, आत्मसाक्षात्कार, आत्मबोध ।

आत्मानुरूपः/आत्मानुरूपा (ना./पुं./स्त्री.) आत्मनः अनुरूपः अनुरूपा वा *(आफ्नो अनुरूप वा अनुकूल)* ष.त.स., नलोप, दीर्घ= आत्मानुरूप/आत्मानुरूपा ।

शब्दार्थ- आफ्नो मनको अनुरूपको पति वा पत्नी, आफ्नो अनुकूल चल्ने पति वा पत्नी, आफ्नो मनको अनुरूप चल्ने काम ।

आत्माभिमानः (ना./पुं.) अभिमन्यते इति *(अभिमान गरिन्छ)* अभिपूर्वक मन ज्ञाने (दिवा.) धातु, अभि+मन् +घञ् (अ), वृद्धि, अभिमानः ।

अथवा मन्यते इति *(ठानिन्छ)* मन्+घञ् (अ), वृद्धि, मानः । अभितः सर्वतः मानः *(सर्वत्र मान तथा अभिमान)* प्रा.त.स., अभिमानः । आत्मनः अभिमानः *(आत्माको अभिमान)* ष.त.स., नलोप, दीर्घ =आत्माभिमान ।

शब्दार्थ- आफ्नो आदर, प्रतिष्ठा र मर्यादाको ख्याल गर्ने काम, स्वाभिमान, आत्मप्रतिष्ठा, आत्मगौरव ।

आत्माभिमानी (वि.) अभिमन्यते, अभिमनुते इति वा *(अभिमान गर्छ)* अभिपूर्वक मन ज्ञाने (दिवा.) वा मनु अवबोधने (तना.) धातु, अभि+मन्+णिनि (इन्), वृद्धि, अभिमानी । अथवा अभिमानः अस्य अस्तीति *(अभिमान छ यसको)* अभिमान+इनि[4] (इन्), अभिमानी । आत्मनः अभिमानी *(आत्माभिमान गर्ने)* ष.त.स., नलोप, दीर्घ, आत्माभिमानिन्= आत्माभिमानी ।

शब्दार्थ- स्वाभिमानी, आफ्नो प्रतिष्ठा र मर्यादा राख्न चाहने, स्वाभिमानप्रति गर्व गर्ने ।

आत्मारामः (ना./पुं.) आरमन्ति अत्र *(रमण गर्छन्, रम्छन् यहाँ)* आङ्पूर्वक रमु क्रीडायाम् (भ्वा.) धातु, आ+रम्+घञ्[5] (अ), वृद्धि, आरामः । आत्मनि आरामः *(आफ्नो आत्मामा नै रमण गर्ने वा रमाउने)* स.त.स., नलोप, दीर्घ= आत्माराम ।

शब्दार्थ- आफ्नो आत्मामा नै आनन्द रहने, योगिजन, आत्मामा नै सुखी हुने यति, आत्मामा नै रमण गर्ने पुरुष, आत्मामा नै रम्ने योगिपुरुष ।

आत्मालोचना (ना./स्त्री.) आलोच्यते इति *(आलोचना गरिन्छ)* आङ्पूर्वक लोचृ दर्शने (भ्वा.) धातु, आ+ लोच्+णिचि+युच्[6] (अन)+टाप् (आ), णिलोप, आलोचना । आत्मनः आलोचना *(आफ्नो आलोचना)* ष.त.स., नलोप, दीर्घ= आत्मालोचना ।

शब्दार्थ- आफ्नो गुण दोष आफैंले केलाएर हेर्ने काम, आफ्नो मूल्याङ्कन स्वयं आफैंले गर्ने काम ।

आत्मिकः (वि.) आत्मनः अयम् *(आफ्नो वा आत्माको यो)*, आत्मनः आगतः *(आत्माबाट आएको)* आत्मन्+ ठक्[7] (इक), नलोप= आत्मिक ।

अथवा आत्मा अस्य अस्तीति *(आत्मा छ यसको)* आत्मन्+ठन् (इक)= आत्मिक ।

शब्दार्थ- आत्मासम्वन्धी, आफ्नो मन या चित्तसँग सम्वन्धित, आफन्त ।

---

[1] अर्तिह्रीव्ली...: पुगागम

[2] तदधीनवचने : साति

[3] हनस्त च : क्यप्, तकारान्तादेश

[4] अत इनिठनौ : इनि

[5] हलश्च : घञ्

[6] ण्यासश्रन्थो... : युच्

[7] तस्येदम्/ठगायस्थानेभ्य... : ठक्

आत्मीयः (वि.) आत्मनः अयम् *(आफ्नो यो)* आत्मन्+छ (ईय), टिलोप= आत्मीय ।

शब्दार्थ- आफूसित सम्वन्धित, आफन्त, आत्मासम्वन्धी ।

आत्मीयता (ना./स्त्री.) आत्मीयस्य भावः *(आत्मीय हुनाको भाव वा अवस्था)* आत्मीय+तल् (त)+टाप् (आ)= आत्मीयता ।

शब्दार्थ- आत्मीयपन, आत्मीयभाव, आफ्नोपन ।

आत्मोत्सर्गः (ना./पुं.) उत्सृज्यते इति *(त्यागिन्छ)* उत्पूर्वक सृज विसर्गे (दिवा.) धातु, उत्+सृज्+घञ् (अ), गुण, कुत्व, उत्सर्गः । आत्मनः उत्सर्गः *(आफ्नो उत्सर्ग)* ष.त.स.= आत्मोत्सर्ग ।

शब्दार्थ- अर्काको उपकार वा भलाइका निम्ति आफ्नो जीवन समर्पण गर्ने काम, आत्मवलिदान, आत्मपरित्याग, आत्मसमर्पण ।

आत्मोन्नतिः (ना./स्त्री.) उन्नमति अनेन *(उन्नति हुन्छ यसबाट)* उत्पूर्वक णम प्रह्वत्वे शब्दे च (भ्वा.) धातु, उत्+नम्+क्तिन् .(ति), करणमा, परसवर्ण, अनुनासिक मलोप, उन्नतिः । आत्मनः उन्नतिः *(आफ्नो उन्नति)* ष.त.स., नलोप, गुण= आत्मोन्नति ।

शब्दार्थ- आफ्नो उन्नति हुने काम, आत्मसाधना, आत्मवल वढाउने काम ।

आत्यन्तिकः (वि.)/**आत्यन्तिकी** (वि.स्त्री.) आमतीति *(निरन्तर चल्छ)* अम गत्यादिषु (भ्वा.) धातु, अम्+तन् (उणा.), अन्तः, अन्तं सीमामतिक्रान्तः इति *(सीमा नाघेको)* अति+अन्त, प्रा.त.स.[1], यण्, अत्यन्तम् । अत्यन्तमर्हतीति *(ज्यादै हुन उचित)* अत्यन्त+ठञ्[2] (इक)= आत्यन्तिक । आत्यन्तिक+ङीप् (ई)=आत्यन्तिकी

शब्दार्थ- अत्यन्तै, ज्यादा, सर्वाधिक, अनन्त, नित्य-निरन्तर, ज्यादै नै, जस्तैः आत्यन्तिक दुःख निवृत्ति, आत्यान्तिक सुखप्राप्ति ।

आत्रेयः (वि.) अत्रेरपत्यं पुमान्निति *(अत्रिका पुरुष सन्तति)* अत्रि+ढक्[3] (एय), आदिवृद्धि, टिलोप= आत्रेय ।

शब्दार्थ-अत्रिऋषिका सन्तान, अत्रिगोत्रमा जन्मेको पुरुष ।

आत्रेयी (ना./स्त्री.) अत्रेरपत्यं स्त्री *(अत्रिका स्त्री-सन्तति)* अत्रि+ढक् (एय)+ङीप् (ई), आदिवृद्धि= आत्रेयी ।

शब्दार्थ- अत्रिकी छोरी, अत्रि गोत्रमा पैदा भएकी स्त्री, आध्यात्मिक विद्याकी विदुषी, अत्रिका स्त्रीसन्तति, अत्रिकी पत्नी, रजोवती नारी ।

आथर्वाणः (वि.) अर्थयते इति *(याचना गर्छ)* अर्थ उपयाञ्चायाम् (चुरा.) धातु, अर्थ्+ड (अ), पृषोदरादिवाट, रलोप, अथ । अथ ऋच्छतीति *(धनको कामना गर्छ)* अथपूर्वक ऋ गतिप्रापणयोः (भ्वा.) धातु, अथ+ऋ+वनिप् (वन्), गुण, अथर्वन् । अथर्वणमधिते वेद इति वा *(अथर्ववेद पढ्छ वा जान्दछ)*, अथर्वणः गोत्रापत्यम्, अथर्वणि भवः *(अथर्वगोत्रको सन्तान, अथर्वगोत्रमा हुने)*, अथर्वणाम् समूहः *(अथर्वगोत्रीहरूको समूह)* अथर्वन्+अण्[4] (अ), अदिवृद्धि, णत्व= आथर्वाण ।

शब्दार्थ- अथर्वा ऋषिका सन्तान, अथर्वा ऋषिसँग सम्वन्धित, अथर्वगोत्रीय व्यक्तिको समुदाय, अथर्ववेदाध्यायी, अथर्ववेदवेत्ता ।

आथर्वणिकः (वि.) अथर्वणमधीते वेद इति वा अथर्वणा चरति *(अथर्ववेदको अध्ययन गर्दछ, अथर्ववेदले वताए अनुरूप चल्दछ)* अथर्वन्+ठक्[5] (इक), आदिवृद्धि, णत्व= आथर्वणिक ।

शब्दार्थ- अथर्ववेदको अध्येता वा ज्ञाता, अथर्ववेदले वताएको विधिविधान अनुरूप आचरण गर्ने ।

आदरः (ना./पुं.) आद्रियते इति *(आदर गरिन्छ)* आङ्पूर्वक दृङ् आदरे (तुदा.) धातु, आ+दृ+अप्[6] (अ), गुण= आदर ।

शब्दार्थ-सम्मान, सम्मान्य-व्यवहार, आदरसत्कार, प्रतिष्ठा,

आदरणीयः (वि.) आद्रियते, आदर्तुं योग्यः *(आदर गर्न लायक)* आङ्पूर्वक दृङ् आदरे (तुदा.) धातु, आ+दृ+अनीय (र्), गुण, णत्व= आदरणीय ।

शब्दार्थ- सम्माननीय, सम्मान्य, आदर गर्न योग्य, सम्मान गर्न लायक, आदर गर्नुपर्ने ।

आदरार्थी (वि.) आद्रियते इति *(आदर गरिन्छ)* आङ्पूर्वक दृङ् आदरे (तुदा.)धातु, आ+दृ+अप् (अ), गुण, आदरः । आदरमर्थितुं शीलमस्येति *(आदर चाहने शील वा स्वभाव छ यसको)* आदर उपपदपूर्वक अर्थ उपयाञ्चायाम् (चुरा.) धातु, आदर+अर्थ्+णिनि (इन्), दीर्घ, आदरार्थिन्= आदरार्थी ।

शब्दार्थ- आदरको चाहना गर्ने, प्रशंसाको कामना गर्ने, आदर वुझाउन आउने (वहुवचन) ।

आदरितः (वि.) आदरः सञ्जातः अस्य *(आदर भएको छ यसको)* आदर+इतच्[7] (इत)= आदरित ।

शब्दार्थ- आदर पाएको, सम्मान वा आदर गरिएको ।

आदर्शः (ना./पुं.) आदृश्यते रूपमनेन अत्र वा *(रूप देखिन्छ यसबाट वा यसमा)* आङ्पूर्वक दृशिर् प्रेक्षणे (भ्वा.) धातु, आ+दृश्+घञ्[8] (अ), करण तथा अधिकरणमा, गुण= आदर्श ।

शब्दार्थ- ऐना, दर्पण, अनुहार देखिने सिसा, प्रतिकृति, उदाहरणीय नमुना जस्तैः आदर्शपुरुष ।

आदर्शवादः (ना./पुं) आदृश्यते रूपमत्रेति *(रूप यसमा देखिन्छ)* दृशिर् प्रेक्षणे (भ्वा.) धातु, आ+दृश्+घञ् (अ), अधिकरणमा, आदर्शः । उद्यते इति *(भनिन्छ)* वद व्यक्तायां वाचि (भ्वा.) धातु, वद्+घञ् (अ), वृद्धि, वादः ।

---

१. अत्यादय क्रान्ताद्यर्थे... : प्रादि समास

२. तदर्हति : ठञ्

३. इतश्चानिञः : ढक्

४. ऋष्यन्धक.../तदधीते.../तत्र भवः/भिक्षादिभ्यो... : अण्

५. क्रतूक्थादि.../चरति : ठक्

६. ग्रहवृदृ... : अप्

७. तदस्य सञ्जातम्... : इतच्

८. अकर्तरि च कारके.../हलश्च : घञ्

आदर्शश्चासौ वादश्च, आदर्शस्य वादः *(आदर्शसम्बन्धी वाद, आदर्शपक्षको वाद)* क.त.स./ ष.त.स.= आदर्शवाद ।

शब्दार्थ- आदर्श वा अनुकरणीय काम कर्तव्यलाई अँगाल्ने आदर्शवाद र त्यससम्बन्धी साहित्य सिर्जना गर्ने मत वा सिद्धान्त वा प्रवृत्ति ।

आदर्शवादी (वि.) आदर्शं वदितुं शीलमस्येति *(आदर्श कुरा गर्ने शील वा स्वभाव छ यसको)* आदर्श उपपदपूर्वक वद व्यक्तायां वाचि (भ्वा.) धातु, आदर्श +वद्+णिनि (इन्), आदर्शवादिन् ।

अथवा आदर्शवादः अस्यास्तीति *(आदर्शवादसम्बन्धी सिद्धान्त छ यसको)* आदर्शवाद+इनि (इन्), आदर्शवादिन्= आदर्शवादी ।

शब्दार्थ- आदर्शवादलाई अँगाल्ने, आदर्शवादको पछि लाग्ने, आदर्शवादको अनुसरण गर्ने ।

आदर्शवादिता (ना./स्त्री.) आदर्शवादिनः भावः *(आदर्शवादी हुनाको भाव वा अवस्था)* आदर्शवादिन् +तल् (त)+टाप् (आ), नलोप = आदर्शवादिता ।

शब्दार्थ- आदर्शवादी हुनाको भाव वा अवस्था, आदर्शवादीहरूको गुण, तिनको आचरण र विशेषता

आदानम् (ना./न.) आदानम्, आदीयते इति वा *(दिइन्छ, लिइन्छ)* आङ्पूर्वक डुदाञ् दाने (जुहो.) धातु, आ+ दा+ल्युट् (अन)= आदान ।

शब्दार्थ- लिने वा ग्रहण गर्ने काम, स्वीकार्ने काम, स्वीकृति ।

आदान-प्रदानम् (ना./न.) आदीयते, प्रदीयते इति *(लिइन्छ, दिइन्छ)* आङ् तथा प्रपूर्वक डुदाञ् दाने (जुहो.) धातु, आ+दा+ल्युट् (अन), आदानम् । प्र+ दा+ल्युट् (अन), प्रदानम् । आदानञ्च प्रदानञ्च *(लिने, दिने काम)* द्व.स.= आदान-प्रदान ।

शब्दार्थ- लिने तथा दिने काम, ग्रहण वा प्रदान गर्ने क्रिया

आदिः (ना./पुं./वि.) आ प्रथमं दीयते गृह्यते इति *(पहिले ग्रहण गरिन्छ)* आङ्पूर्वक डुदाञ् दाने (जुहो.) धातु, आ+दा+कि[1] (इ), आलोप= आदि ।

शब्दार्थ- जसबाट पूर्व वा अगाडि केही छैन, त्यो आदि हो, पहिलो स्थान, प्रारम्भ, आरम्भ वा थालनी, पूर्वकाल, आदिपुरुष, आदिम, प्रथम ।

आदिकविः (ना./पुं.) आदिः प्रथमश्चासौ कविश्च *(प्रथम कवि)* क.त.स.= आदिकवि ।

शब्दार्थ- पहिलो वा प्रथम कवि, प्रारम्भिक अवस्थाको कवि- वाल्मीकि, भानुभक्त आदि ।

आदिकारणम् (ना./न.) आदिः मुख्यञ्च तत्कारणञ्च *(मुख्य कारण)* क.त.स.= आदिकारण ।

निदानं त्वादिकारणम्- इत्यमरः

शब्दार्थ- मुख्य वा मूलकारण, पूर्वहेतु, निदान ।

आदितः (अव्य.) आदौ इति *(आदिमा)* आदि+तसिल्[2] (तस्) = आदित ।

शब्दार्थ- सुरुदेखि, प्रारम्भदेखि

आदित्यः (ना./पुं.) दातुं क्षेत्तुमशक्यते इति *(छेदन गर्न नसकिने)* नञ्पूर्वक दो अवखण्डने (दिवा.) धातु, नञ्+ दा+क्तिच् (ति), इत्व[3], न.त.स., अदितिः । अदितेः आदित्यस्य वा अपत्यं पुमान् *(अदिति वा आदित्यको पुरुषसन्तान)* अदिति+ण्य[4] (य), आदिवृद्धि= आदित्य ।

शब्दार्थ- सूर्य, दिवाकर, भास्कर, कश्यपपत्नी अदितिका सन्तान, देवता, द्वादश आदित्य, विष्णु ।

द्रष्टव्य-. आदित्यानामहं विष्णुः- भ.गी. १०/२१

आदित्येयः/आदितेयः (वि.) आदित्यस्य अदितेः वा अपत्यम् *(आदित्य वा अदितिका सन्तान)* आदित्य/ अदिति+ढक्[5] (एय), टिलोप= आदित्येय/आदितेय ।

शब्दार्थ- अदितिका सन्तान, आदित्य वा सूर्यका सन्तान, अदितिका वंशज, देवता ।

आदिदेवः (ना./पुं.) आदिः कारणम्, स च देवश्च *(मुख्य कारणरूप देव (पुरुष)* क.त.स. = आदिदेव ।

शब्दार्थ- परमपुरुष, सर्वोच्च परमेश्वर, नारायण, ब्रह्मा, विष्णु, महेश्वर, वासुदेव ।

***द्रष्टव्य*- पुरुषं शाश्वतं दिव्यमादिदेवमजं विभुम्- भ.गी.१०/१२**
वासुदेवो बृहद्भानुरादिदेवः पुरन्दरः- वि.स.४९

आदिपुरुषः (ना./पुं.) आदिश्चासौ पुरुषश्च *(पहिलो पुरुष)* क.त.स.= आदिपुरुष ।

शब्दार्थ- सृष्टि संरचनाको पहिलो पुरुष, ब्रह्मा, स्वयम्भू मनु, आदिम प्राणी, भगवान् विष्णु, परमात्मा परमेश्वर ।

आदिमः (वि.) आदौ भवः *(पहिले हुने वा भएको)* आदि+डिमच्[6] (इम), इकारलोप= आदिम ।

शब्दार्थ- प्रथम, पहिलो, पुरातन, प्राचीन, आद्य ।

आदिराजः (ना./पुं.) आदिः प्रथमश्चासौ राजा च *(प्रथम राजा)* क.त.स., आदिराजन्+टच् (समासान्त) = आदिराज ।

शब्दार्थ- प्रथम राजा, पृथु राजा, स्वयम्भू मनु ।

आदिवराहः (ना./पुं.) आदिः कारणम्, स च वराहश्च *(आदि कारणरूप वराह)* क.त.स.= आदिवराह ।

शब्दार्थ- आदिसूकर, विष्णु ।

आदिवासी (वि.) आदितः वस्तुं शीलमेषाम् *(पूर्वकालदेखि नै निवास गर्ने शील छ यी जातिको)* आदिपूर्वक वस निवासे (भ्वा.) धातु, आदि+वस्+णिनि (इन्), वृद्धि, आदिवासिन्= आदिवासी ।

शब्दार्थ- कुनै स्थानमा पहिलेदेखि नै बस्तै आएको जाति, प्रथम बासिन्दा, आदिम जाति ।

---

[1] उपसर्गे घोः किः : कि

[2] आद्यादिभ्यस्तसेः.... : तसिल्

[3] द्यतिश्यति... : इत्व

[4] दित्यदित्यादित्य... : ण्य

[5] स्त्रीभ्यो ढक्/शुभ्रादि... : ढक्

[6] अग्रादिपश्चा...: डिमच्

आदिशक्तिः (ना./स्त्री.) आदिः प्रथमा वा आद्या चासौ शक्तिश्च *(प्रथम शक्ति)* आदि+शक्ति, क.त.स. =आदिशक्ति ।

शब्दार्थ-मायाशक्ति, प्रकृति, प्रथमशक्ति, महामाया भगवती

आदिष्टः (वि.) आदिश्यते स्म इति *(आदेश दिइएको)* आङ्पूर्वक दिश अतिसर्जने (तुदा.) धातु, आ+दिश्+क्त (त), षत्व, ष्टुत्व= आदिष्ट ।

शब्दार्थ- आदेश दिइएको, निर्देशन दिइएको, आज्ञा दिइएको ।

आदृतः (वि.) आद्रियते स्म इति *(आदर गरिएको)* दृङ् आदरे (तुदा.) धातु, आ+दृ+क्त (त)= आदृत ।

शब्दार्थ- आदर गरिएको, सम्मान गरिएको, सत्कार गरिएको ।

आदृत्यः (वि.) आदर्तुं योग्यः *(आदर गर्न योग्य वा उचित)* आङ्पूर्वक दृङ् आदरे (तुदा.) धातु, आ+दृ+क्यप् (य), तुक्= आदृत्य ।

शब्दार्थ-आदर गर्न योग्य, आदरणीय, आदर गर्न उचित ।

आदेशः (ना./पुं.) आदिश्यते इति *(आदेश दिइन्छ)* आङ्पूर्वक दिश अतिसर्जने (तुदा.) धातु, आ+दिश्+घञ् (अ), गुण = आदेश ।

शब्दार्थ- आज्ञा, हुकुम, निर्देशन, सन्देश, अर्ती, उपदेश ।

आदेशानुसारः (ना./पुं./अव्य.) अनुसरणम्, अनुस्रियते इति वा *(अनुसरण गरिन्छ)* अनुपूर्वक सृ गतौ (भ्वा.) धातु, अनु+सृ+घञ् (अ), वृद्धि, अनुसारः । आदेशस्य अनुसारः *(आदेशको अनुसार)* ष.त.स., दीघ =आदेशानुसार ।

शब्दार्थ- आदेशअनुरूप काम गर्ने व्यक्ति, आज्ञानुसार ।

आदेशानुसारी (वि.) आदेशमनुसर्तुं शीलमस्येति *(आदेश अनुरूप चल्ने शील या स्वभाव छ यसको)* आदेश उपपदमा हुने अनुपूर्वक सृ गतौ (भ्वा.) धातु, आदेश+अनु+सृ+णिनि (इन्), दीर्घ, वृद्धि, आदेशानुसारिन्= आदेशानुसारी ।

शब्दार्थ- आदेश अनुसार गर्ने वा चल्ने, आज्ञाकारी ।

आद्यः (वि.) आदीयते गृह्यते इति *(ग्रहण गरिन्छ)* आङ्पूर्वक डुदाञ् दाने (जुहो.) धातु, आ+दा+कि (इ), आलोप, आदिः । आदौ भवः *(आदिमा हुने)* आदि+यत्[1] (य), टिलोप, आद्यः । अथवा अत्तुं योग्यः *(खान लायक)* अद्+ण्यत् (य), वृद्धि = आद्य ।

शब्दार्थ- पहिलेको, प्रथम, प्रारम्भको, पहिलो, प्रमुख, अगाडिको, खानयोग्य, भक्षणीय, खानलायक ।

द्रष्टव्य- **तेजोमयं विश्वमनन्तमाद्यं**
यन्मे त्वदन्येन न दृष्टपूर्वम्- भ.गी. ११/४७

आद्यन्तः (ना./पुं./अव्य.) आदिश्च अन्तश्च *(आदि र अन्त्य)* द्व.स., यण्= आद्यन्त । अथवा आदेरन्तः *(आदिदेखि अन्तसम्म)* प.त.स./अव्य.स.= आद्यन्त ।

शब्दार्थ- प्रारम्भ र विसर्जन, आदि र अन्त, आदिदेखि अन्तसम्म ।

आद्या (ना./स्त्री.) आदौ भवा *(पहिले भएकी)* आदि+यत् (य)+टाप् (आ)= आद्या ।

शब्दार्थ- आद्या शक्तिस्वरूपा भगवती, काली, दुर्गा, भुवनेश्वरी, त्रिपुरासुन्दरी, तारा ।

आद्याक्षरम् (ना./न.) न क्षरतीति *(नाश हुँदैन)* क्षर सञ्चलने (भ्वा.)धातु, न+क्षर्+अच् (पचादि), अक्षरम् । आदौ भवम् *(पहिले भएको)* आदि+यत् (य), आद्यम् । आद्यम् च तत् अक्षरञ्च *(प्रथम अक्षर)* क.त.स., दीर्घ= आद्याक्षर ।

शब्दार्थ- पहिलो अक्षर, शव्दको अगाडिको प्रथम अक्षर ।

आद्योपान्तः (वि./अव्य.) आद्यश्च उपान्तश्च *(पहिलो र अन्तिम)* द्व.स., गुण= आद्योपान्त ।

शब्दार्थ- पहिलो र अन्तिम, सुरुको र अन्तिम, समग्र, सम्पूर्ण, पूर्वापर, सुरुदेखि अन्तसम्म ।

आधानम् (ना./न.) आधीयते स्थाप्यते यत् *(धारण गरिन्छ जो)* आङ्पूर्वक डुधाञ् धारणपोषणयोः (जुहो.) धातु, आ+धा+ल्युट् (अन)= आधान ।

शब्दार्थ- राख्ने काम, स्थापना गर्ने काम, लिने काम, बीजारोपण, गर्भाधान, अग्न्याधान ।

द्रष्टव्य- **प्रजानां विनयाधानाद्रक्षणाद्...- रघु- १/२४**

आधारः (ना./पुं.) आध्रियते अस्मिन्निति *(धारण गरिन्छ यसमा)* आङ्पूर्वक धृञ् धारणे (भ्वा.) धातु, आ+धृ+घञ्[2] (अ), अधिकरणमा, वृद्धि= आधार ।

शब्दार्थ- आश्रय, सहारा, आड-भरोसा, रहने थलो ।

आधारितः (वि.) आधारः सञ्जातः अस्येति *(आधार पैदा भएको छ यसको)* आधार+इतच्[3] (इत)= आधारित । अथवा आधार्यते स्म इति *(धारण गरिएको)* आङ्पूर्वक धृञ् धारणे (भ्वा.) धातु, आ+धृ+णिचि+क्त (त), वृद्धि, इडागम, णिलोप= आधारित ।

शब्दार्थ- आधार बनाइएको, आधारित भएको, आश्रित, सहारा दिइएको ।

आधारभूतः (वि.) आधारः अभूदिति *(आधार भएको)* आधार उपपदमा हुने भू सत्तायाम् (भ्वा.) धातु, आधार+भू+क्त (त), कर्तामा= आधारभूत ।

शब्दार्थ- आधार भएको, आश्रय भएको ।

आधारशिला (ना./स्त्री.) आधारस्य शिला *(जगको शिला या ढुङ्गा)* ष.त.स.= आधारशिला ।

शब्दार्थ- जगको ढुङ्गा, जगमा राखिएको शिला, जग राख्ने क्रिया, पृष्ठभूमि वा आधार ।

आधारहीनः (वि.) आधारेण हीनः *(आधार-रहित)* तृ.त.स.= आधारहीन ।

शब्दार्थ- आधाररहित, आश्रय नभएको, आधार नभएको, जग नभएको ।

---

[1] दिगादिभ्यो यत् : यत्

[2] अवहाराधारणानाम्...(वा) : घञ्

[3] तदस्य सञ्जातम्... : इतच्

उदा. अवश्य ऊ एक दिन यस थलोमा
यही अवस्थामा मर्नेछ, आधारहीन अपराधी भएर-
सारङ्गी, मोहन कोइराला ।

आधिः (ना./पुं.) आधीयते अनेन इति *(यसबाट रोगिन्छ वा पिरोलिन्छ)* आङ्पूर्वक डुधाञ् धारणपोषणयोः (जुहो.) धातु, आ+धा+कि[१] (इ), आलोप = आधि ।

पुंस्याधिर्मानसी व्यथा- इत्यमरः

शब्दार्थ- मानसिक पीडा, व्यथा, चिन्ता, पीडा, वेदना, मानसिक चिन्ता, व्यसन ।

आधिकारिकः (वि.) अधिक्रियते इति *(अधिकार दिइन्छ)* अधिपूर्वक डुकृञ् करणे (तना.) धातु, अधि+कृ+घञ् (अ), वृद्धि, अधिकारः । अधिकारे नियुक्तः, अधिकारं रक्षति, अधिकारादागतः *(अधिकार प्रयोग गर्ने पदमा रहेको, अधिकारको रक्षा गर्छ, अधिकारबाट आएको)* अधिकार+ठक्[२] (इक), आदिवृद्धि= आधिकारिक ।

शब्दार्थ- अधिकारसम्पन्न, अधिकार प्राप्त गरेको, अधिकारी, प्रामाणिक ।

आधिक्यम् (ना./न.) आधीयते इति *(धारण गरिन्छ)* आङ्पूर्वक डुधाञ् धारणपोषणयोः (जुहो.) धातु, आ+धा+कि (इ), आलोप, पृषोदरादिबाट आ को ह्रस्व, अधि । अधिरेव *(अधिक नै)* अधि+कन् (स्वार्थमा), अधिकः । अधिकस्य भावः *(अधिक हुनाको भाव वा अवस्था)* अधिक+ष्यञ्[३] (य), आदिवृद्धि, टिलोप= आधिक्य ।

शब्दार्थ- अधिकता, वाहुल्य, अतिशयता, प्रचुरता, उत्कृष्टता, प्राचुर्य ।

आधिदैविकः (वि.) दीव्यन्तीति *(क्रीडा गर्छन्)* दिवु क्रीडाविजिगीषाव्यवहारादिषु (दिवा.) धातु, दिव्+अच् (पचादि), गुण, देवाः । अधिगताः देवाः *(देवतामा पुगेका)* प्रा.त.स.[४], अधिदेवाः । अधिदेवेषु भवः *(दैवी प्रकृतिमा हुने)* वा देवतामधिकृत्य भवम् प्रवृत्तं दुःखम् *(दैवी प्रकृतिलाई आधार मानेर उत्पन्न हुने दुःख)* अधिदेव+ठञ्[५] (इक), उभयपदवृद्धि[६]= आदिदैविक ।

शब्दार्थ- दैवी प्रकृतिबाट प्राप्त हुने (पीडा), देवी-देवता वा आगो-पानी वा यक्ष-राक्षस वा भूत-प्रेत र ग्रहादिबाट उत्पन्न हुने दुःखसम्बन्धी, हुरी-बतास या शीत-उष्ण र अतिवृष्टि आदिबाट उत्पन्न हुने (पीडा), भाग्यमा लेखिएको (दुःख) ।

आधिपत्यम् (ना./न.) पातीति *(रक्षा गर्छ)* पा रक्षणे (अदा.) धातु, पा+डति (अति), उणा., टिलोप, पतिः । अधिगतः पतिः *(स्वामित्वमा पुगेको)* प्रा.त.स.[४], अधिपतिः । अधिपतेः भावः *(अधिपति हुनाको भाव वा अवस्था)* अधिपति+यक्[७] (य), आदिवृद्धि, इकारलोप =आधिपत्य ।

शब्दार्थ- स्वामित्व, मालिक्याइँ, अधिपति हुनाको अवस्था ।

आधिभौतिकः (वि.) भवति स्म इति *(भएको)* भू सत्तायाम् (भ्वा.) धातु, भू+क्त (त), कर्तामा, भूतः । अधिगतः भूतः *(भूत या प्राणीमा पुगेको)* प्रा.त.स.[४], अधिभूतः । अधिभूतेषु भवः **(प्राणीहरूमा हुने)** वा भूतादिमधिकृत्य भवम् प्रवृत्तं दुःखम् *(भूत प्राणीहरूलाई आधार मानेर उत्पन्न हुने दुःख या पीडा)* अधिभूत+ठञ्[५] (इक), उभयपदवृद्धि[६]= आधिभौतिक ।

शब्दार्थ- भौतिक वस्तु तथा मानिस वा पशुपक्षी वा कीटपतङ्ग आदि भौतिक प्राणीहरूवाट उत्पन्न हुने (दुःख), स्थावरादि भौतिक वस्तुवाट उत्पन्न हुने (भय, पीडा वा दुःख) ।

आधिव्याधिः (ना./पुं.) आधीयते, व्याधीयते इति वा *(रोगिन्छ पिरिन्छ)* डुधाञ् धारणपोषणयोः (जुहो.) धातु, आ+धा+कि (इ), आलोप, आधिः । वि+आ+धा+कि (इ), आलोप, यण्, व्याधिः । आधिश्च व्याधिश्च *(पीडा या कष्ट)* द्व.स.= आधिव्याधि ।

पुंस्याधिर्मानसी व्यथा- इत्यमरः

शब्दार्थ- मानसिक चिन्ता, पीर, शोक, ताप आदि व्यथा, चोटपटक र रोगव्याधिसम्बन्धी शारीरिक कष्ट र पीडा, मन र शरीरमा हुने अन्य दुःख, वेदना, कष्ट

आधुनिकः (वि.) अस्मिन् काले इति *(यस समयमा)* कालवाचक 'इदम्' शब्दको 'अधुना' आदेश, अधुना । अधुना भवः, अधुना अर्हति *(अहिले हुने वा अहिले हुन योग्य)* अधुना+ठञ् (इक), आदिवृद्धि= आधुनिक ।

शब्दार्थ- नयाँ, आजभोलिको, हालैको, भर्खरैको, नव्य, नवीन, नूतन ।

आधुनिकता (ना./स्त्री.) आधुनिकस्य भावः *(आधुनिक हुनाको भाव वा अवस्था)* आधुनिक+तल् (त)+टाप् (आ)= आधुनिकता ।

शब्दार्थ- आधुनिक हुनाको भाव वा अवस्था, नयाँपना, नवीन ।

आधुनिकीकरणम् (ना./न.) नआधुनिकम्, आधुनिकं सम्पद्यते, तत् क्रियते अनेनेति वा *(आधुनिक नभएको, आधुनिक हुन्छ र आधुनिक बनाइन्छ)* डुकृञ् करणे (तना.) धातु, आधुनिक+च्वि[८]+कृ+ल्युट् (अन), कृको गुण, णत्व, ईत्व, च्विको सर्वलोप= आधुनिकीकरण ।

शब्दार्थ- पुरानोलाई नयाँ वा आधुनिक बनाउने वा पूरै परिवर्तन गर्ने काम, प्राचीनलाई नवीन बनाउने काम ।

आधृतः (वि.) आधियते स्म इति *(धारण गरिएको)* आङ्पूर्वक धृञ् धारणे (भ्वा.) धातु, आ+धृ+क्त (त)=आधृत ।

शब्दार्थ- धारण गरिएको, आधारित ।

---

[१] उपसर्गे घोः किः : कि

[२] तत्र नियुक्तः/रक्षति/ठगायस्थानेभ्यः : ठक्

[३] गुणवचन... : ष्यञ्

[४] प्रादयो गताद्यर्थे... : प्रादिसमास

[५] अध्यात्मादेष्ठञिष्यते (वा.) : ठञ्

[६] अनुशतिकादीनां च : उभयपदवृद्धि

[७] पत्यन्तपुरो... : यक्

[८] कृभ्वस्तियोगे... : च्वि

आध्यात्मम् (ना./न.) आत्मनि इति *(आत्मामा)* अधि+आत्मन् (अव्य.स.), यण्, अध्यात्मन्+टच् (अ), टिलोप, अध्यात्म । अध्यात्म एव *(अध्यात्म नै)* अध्यात्म+अण् (अ), आदिवृद्धि= आध्यात्म ।

शब्दार्थ- आत्मा वा जीव, स्वभाव ।

आध्यात्मिकः (वि.) आत्मानमधिकृत्य भवः *(आत्मालाई आधार मानेर हुने)* अधि+आत्मन्+ठञ् (इक) आदिवृद्धि, यण्= आध्यात्मिक ।

शब्दार्थ- आत्मासम्वन्धी, ब्रह्म वा जीवसम्वन्धी, ज्वरादिवाट उत्पन्न कफ, पित्त र वातजन्य शारीरिक दुःख-कष्ट, काम क्रोधादिवाट उत्पन्न मानसिक दुःख-पीडासम्वन्धी ।

आनतः (वि.) आनमति स्म इति *(झुकेको)* आङ्पूर्वक णम प्रह्वत्वे शब्दे च (भ्वा.) धातु, आ+नम्+क्त (त), कर्तामा, अनुनासिक मलोप= आनत ।

शब्दार्थ- ज्यादै झुकेको, धेरै निहुरेको, नमस्कार गरेको, अभिवादन गरेको, विनम्र, विनीत ।

आननम् (ना./न.) आनन्ति अनेन *(सास फेर्छन् यसबाट)* आङ्पूर्वक अन प्राणने (अदा.) धातु, आ+अन्+ल्युट् (अन), दीर्घ= आनन ।

वक्रास्ये वदनं तुण्डमाननं लपनं मुखम्- इत्यमरः

शब्दार्थ- मुख, वदन, मुहार, अनुहार, चेहरा, आनन जस्तैः (गजानन, षडानन आदि), खण्ड, अध्याय ।

आनन्दः (ना./पुं.) आनन्द्यते इति *(आनन्द लिइन्छ)* आङ्पूर्वक टुनदि समृद्धौ (भ्वा.) धातु, नुमागम, आ+नन्द्+घञ् (अ)= आनन्द ।

शब्दार्थ- हर्ष, आमोद, प्रफुल्लता, खुसी, सन्तुष्टि, सुख, ब्रह्म, दुःखरहित अवस्था ।

द्रष्टव्य- आनन्दो ब्रह्मेति व्यजानात्- तै.उ.३/६/१

आनन्ददायी (वि.) आनन्दं दातुं शीलमस्येति *(आनन्द दिने शील छ यसको)* आनन्द उपपदपूर्वक डुदाञ् दाने (जुहो.) धातु, आनन्द+दा+णिनि[1] (इन्), युगागम[2], आनन्ददायिन्= आनन्दायी ।

शब्दार्थ- आनन्द दिने, आनन्ददायक, सुखदायी, सुखदायक, हर्षप्रद ।

आनन्दमयः (वि.) आनन्दादागतः *(आनन्दबाट आएको)* वा प्रकृतः प्रचुरः आनन्दः *(धेरै आनन्द)* आनन्द+मयट्[3] (मय) =आनन्दमय ।

शब्दार्थ- आनन्दले परिपूर्ण, प्रसन्न, सुखले भरिएको, हर्षले भरिएको, हर्षविभोर ।

आनन्दितः (वि.) आनन्द्यते स्म इति *(आनन्द लिइएको)* आङ्पूर्वक टुनदि समृद्धौ (भ्वा.) धातु, नुमागम, आ+नन्द्+णिचि+क्त (त), णिलोप, इडागम= आनन्दित । अथवा आनन्दः सञ्जातः अस्य *(आनन्द पैदा भएको छ)* आनन्द+इतच् (इत)= आनन्दित ।

शब्दार्थ- आनन्दले भरिएको, प्रसन्न, हर्षित, हर्षविभोर भएको, प्रफुल्ल, आनन्दयुक्त, सन्तुष्ट, आल्हादित, प्रमुदित ।

आनन्दी (वि.)आ समन्तात् नन्दतीति *(ज्यादै प्रसन्न हुन्छ)* आङ्पूर्वक टुनदि समृद्धौ (भ्वा.) धातु, आ+नन्द्+णिनि[4] (इन्)= आनन्दी ।

अथवा आनन्दः अस्य अस्तीति *(आनन्द मान्ने स्वभाव छ यसको)* आनन्द+इनि (इन्)= आनन्दी ।

शब्दार्थ- सौखिन, आनन्द चाहने, सुखभोगी, प्रसन्न हुने, सुखी ।

आनायः (ना./पुं.) आनीयन्ते मत्स्यादयः अनेन *(मत्स्यादि ग्रहण गरिन्छन् यसबाट)* आङ्पूर्वक णीञ् प्रापणे (भ्वा.) धातु, आ+नी+घञ् (अ), वृद्धि, आयादेश= आनाय ।

शब्दार्थ- जाल, माछा मार्ने साधन ।

आनुकूल्यम् (ना./न.) अनुकूलस्य भावः *(अनुकूल हुनाको भाव वा अवस्था)* अनुकूल+ष्यञ् (य), वृद्धि =आनुकूल्य ।

शब्दार्थ- अनुकूलता, प्रसादता, अनुकूल हुनाको भाव वा अवस्था ।

आनुनासिक्यम् (ना./न.) अनुनासिकस्य भावः *(अनुनासिक हुनाको भाव वा अवस्था)* अनुनासिक + ष्यञ् (य), आदिवृद्धि= आनुनासिक्य ।

शब्दार्थ- अनुनासिक हुनाको स्थिति वा अवस्था ।

आनुपातिकः (वि.) अनुपतनमिति *(अनुपात मिल्नु)* अनुपूर्वक पत्लृ गतौ (भ्वा.) धातु, अनु+पत्+घञ् (अ), अनुपातः । अनुपातमर्हतीति *(अनुपात मिल्न योग्य)* अनुपात+ठञ्[5] (इक), आदिवृद्धि= आनुपातिक ।

शब्दार्थ- अनुपात मिलेको, दामासहीले ठीक ठहरिएको ।

आनुपातिक-प्रतिनिधित्वम् (ना./न.) प्रतिनिधीयते सदृशीक्रियते इति *(प्रतिनिधित्व गरिन्छ)* प्रति नि उपसर्गद्वयपूर्वक डुधाञ् धारणपोषणयोः (जुहो.) धातु, प्रति+नि+धा+कि (इ), आलोप, प्रतिनिधिः ।

प्रतिनिधेर्भावः *(प्रतिनिधि हुनाको भाव वा अवस्था)* प्रतिनिधि+त्व, प्रतिनिधित्वम् । अनुपातमर्हतीति *(अनुपात मिल्न योग्य)* अनुपात+ठञ्[5] (इक), आनुपातिकम् । आनुपातिकञ्च तत् प्रतिनिधित्वञ्च *(आनुपातिक प्रतिनिधित्व)* क.त.स.= आनुपातिक-प्रतिनिधित्व ।

शब्दार्थ- अनुपात मिलाएर गरिने प्रतिनिधित्व, दामासही हुने प्रतिनिधित्व ।

---

[1] सुप्यजातौ... : णिनि

[2] आतो युक्... : युगागम

[3] मयट् च/तत्प्रकृतवचने... : मयट्

[4] नन्दिग्रहिपचादि... : णिनि

[5] तदर्हति... : ठञ्

आनुपूर्वी (वि./ना./स्त्री.) पूर्वं पूर्वमनु, पूर्वानुक्रमेण वेति *(पूर्वानुक्रम अनुसार)* अनु+पूर्व (अव्य.स.- वीप्सा या योग्यतामा), अनुपूर्वम्, तस्य भावः *(क्रम मिल्नाको भाव वा अवस्था)* अनुपूर्व+ष्यञ्[१] (य), आदिवृद्धि, आनुपूर्व्यम् । आनुपूर्व्य+ङीष्[२] (ई), यलोप[३]= आनुपूर्वी ।

आनुपूर्वी स्त्रियां वावृत्परिपाटिरनुक्रमः- इत्यमरः

शब्दार्थ- क्रम मिलेको, सिलसिला मिलेको, अनुक्रम-अनुसारको, अनुक्रम, परिपाटी ।

आनुमानिकः (वि.) अनुमानमर्हतीति *(अनुमान गर्न योग्य)* अनुमान+ठञ् (इक), आदिवृद्धि= आनुमानिक ।

शब्दार्थ- अनुमान गरिएको, लख काटिएको, अडकलमा आधारित ।

आनुवंशिकः (वि.) अनुवंशादागतः *(पुर्ख्यौली वंशपरम्पराबाट आएको)* अनुवंश+ठक्[४] (इक), आदिवृद्धि= आनुवंशिक ।

शब्दार्थ- वंशानुगत, वंशपरम्परावाट आएको ।

आनृतः (वि.) अनृतं शीलमस्य *(मिथ्या नै शील छ यसको)* अनृत+ण[५] (अ), आदिवृद्धि= आनृत ।

शब्दार्थ- मिथ्या वा असत्य वोल्न निपुण, झुठो वोल्न प्रवीण ।

आन्तरिकः (वि.) अन्तरेण निर्वृत्तः *(भित्रबाट नै निर्वृत्त भएको)* अन्तर+ठञ्[६] (इक), आदिवृद्धि= आन्तरिक ।

शब्दार्थ- मानसिक, भित्रै देखिको ।

आन्दोलनम् (ना./न.) आन्दोल्यते अनेन *(आन्दोलन गरिन्छ यसबाट)* आन्दोल (कम्पने) (चुरा.) धातु, आन्दोल+ल्युट् (अन)= आन्दोलन ।

शब्दार्थ- आन्दोलन गर्ने काम, विरोध तथा विद्रोह गर्ने काम, हलचल, होहल्ला, आवेगपूर्ण कार्य, विरोध, विद्रोह, चलन, कम्पन ।

आन्दोलनकारी (वि.) आन्दोलनं कर्तुं शीलमस्येति *(आन्दोलन गर्ने शील छ यसको)* आन्दोलन उपपदमा हुने डुकृञ् करणे (तना.) धातु, आन्दोलन +कृ+णिनि (इन्), वृद्धि= आन्दोलनकारी ।

शब्दार्थ- सङ्घर्ष गर्ने, आन्दोलन गर्ने, होहल्ला मचाउने, हलचल पैदा गर्ने ।

आन्दोलितः (वि.) आन्दोलयति स्म इति *(विद्रोह गरेको)* आन्दोल (कम्पने) (चुरा.) धातु, आन्दोल+णिचि+क्त (त), कर्तामा, इडागम, णिलोप= आन्दोलित ।

शब्दार्थ- आन्दोलन गरेको, सङ्घर्ष छेडेको, हलचल मचाएको, विद्रोह वा विरोध गरेको ।

आन्वीक्षिकी (ना./स्त्री.) ईक्ष्यते परीक्ष्यते वा पर्यालोच्यते अनया इति *(परीक्षण वा पर्यालोचन गरिन्छ यसबाट)* ईक्ष दर्शने (भ्वा.) धातु, ईक्ष्+अ[७] (प्रत्यय) +टाप् (आ), ईक्षा । अनु श्रवणमननादनन्तरम् ईक्षा पर्यालोचना प्रयोजनमस्याः *(श्रवण मनन पछि समीक्षा नै मुख्य प्रयोजन छ जसको)* अनु+ईक्षा+ठञ्[८] (इक), आदिवृद्धि, आन्वीक्षिकः । आन्वीक्षिक+ङीप् (ई)= आन्वीक्षिकी ।

आन्वीक्षिकी दण्डनीतिर्तर्कविद्यार्थशास्त्रयोः इत्यमरः

शब्दार्थ- तर्कशास्त्र, अर्थशास्त्र, न्यायविद्या, अनुमान विद्या, साङ्ख्ययोग, आन्वीक्षिकी तथा तर्कवाद र दण्डनीति- यी तीनैवटा विद्या । ।

आपणः (ना./पुं.) आ समन्तात् पणायन्ते पण्यन्ते वा अत्र *(सबैतिर क्रयविक्रय गर्छन् वा गरिन्छ यहाँ)* आङ्पूर्वक पण व्यवहारे स्तुतौ च (भ्वा.) धातु, आ+पण्+अच् (पचादि)/घ (अ)= आपण ।

शब्दार्थ- पसल, पण्यवीथिका, किनवेच गर्ने स्थान, दुकान, हाट-वजार ।

आपणिकः (वि.) आपणः प्रयोजनमस्य, आपणे अवक्रयः *(किनवेच नै प्रयोजन छ यसको, पसलमा खरिद बिक्री)* आपण+ठञ्[९]/ठक (इक)= आपणिक ।

शब्दार्थ- वनियाँ, दुकानदार, पसले, व्यापारी, किनवेच गर्ने ।

आपत् (आपद्) (ना./स्त्री.) आपद्यते अनया *(आपत्ति पर्छ यसबाट)* आङ्पूर्वक पद गतौ (दिवा./चुरा.) धातु, आ+पद्+क्विप्[१०] (सर्वलोप)= आपत् (आपद्) ।

शब्दार्थ- आपत्ति, सङ्कट, कठिनाइ, अप्ठेरो परिस्थिति ।

आपत्कालः (ना./पुं) कल्यते इति *(गणना गरिन्छ)* कल संख्याने शब्दे च (भ्वा.) धातु, कल्+घञ् (अ), कालः । आपदः कालः *(आपत्तिको समय)* ष.त.स.=आपत्काल ।

शब्दार्थ- आपत्तिको समय, सङ्कटको समय, दुःखपरेको वेला, विपत्तिको वेला ।

आपत्कालिकः (वि.) आपत्काले भवः, आपत्कालस्य अयम् *(आपत्कालमा हुने, आपत्कालको यो)* आपत्काल+ठञ्[११] (इक)= आपत्कालिक ।

शब्दार्थ- आपत्कालमा हुने, आपत्कालसम्वन्धी, आपत्कालीन, आपत्तिको समयमा हुने ।

आपत्कालीनः (वि.) आपत्काले भवः *(आपत्कालमा हुने)* आपत्काल+ख (ईन), (अपभ्रंशमा)= आपत्कालीन ।

शब्दार्थ- आपत्तिमा परेका बेलाको, सङ्कटकालको, आपत्तिसम्वन्धी, आपत्कालिक ।

आपद्धर्मः (ना./पुं.) धरति विश्वम्, ध्रियते लोकः अनेनेति वा *(विश्व धारण गर्छ, लोक धारण गरिन्छ यसबाट)* धृञ् धारणे (भ्वा.) धातु, धृ+मनिन् (मन्), उणा., नलोप, गुण, धर्मः । आपदः धर्मः *(आपत्कालको धर्म)* ष.त.स.= आपद्धर्म ।

शब्दार्थ- आपत्तिको समयमा पालन गरिने धर्म, आपत्कालीन धर्म, आपत्तिकालको समयमा निर्धारित धर्म ।

---

१. वर्णदृढादिभ्य... : ष्यञ्
२. षिद्गौरादि... : ङीष्
३. हलस्तद्धितस्य... : यलोप
४. ठगायस्थानेभ्य : ठक्
५. छत्रादिभ्यो : ण
६. तेन निर्वृत्तम् : ठञ्
७. गुरोश्च हलः : अ (प्रत्यय)
८. प्रयोजनम् : ठञ्
९. प्रयोजनम्/अवक्रयः : ठञ्/ठक्
१०. सम्पदादिभ्यः क्विप् : क्विप्
११. कालट्ठञ्/तस्येदमः ठञ्

आपत्तिः (ना./स्त्री.) आपद्यते इति *(आपत्तिमा पर्नु)* आङ्पूर्वक पद गतौ (दिवा./चुरा.) धातु, आ+पद्+क्तिन् (ति) = आपत्ति ।

शब्दार्थ- आपत्‌विपत, सङ्कट, अप्ठेरो, कठिनाइ ।

आपत्तिजनकः (वि.) आपत्तिं जनयतीति *(आपत्ति पैदा हुन्छ)* आपत्ति उपपदमा हुने जनी प्रादुर्भावे (दिवा.) धातु, आपत्ति+जन्+ण्वुल् (अक)= आपत्तिजनक ।

शब्दार्थ- आपत्ति पैदा हुने, सङ्कट वा कठिनाइ पर्ने ।

आपन्नः (वि.) आपद्यते स्म इति *(आपत्तिमा परेको)* आङ्पूर्वक पद गतौ (दिवा.) धातु, आ+पद्+क्त (त), निष्ठा त तथा धातुका दको न= आपन्न ।

शब्दार्थ- विपत्ति प्राप्त भएको, आपत्तिमा परेको, सङ्कटग्रस्त ।

आपराधिकः (वि.) अपराधादागतः, अपराधस्य अयम् *(अपराधबाट प्राप्त भएको, अपराधको यो)* अपराध+ठक्[1] (इक), आदिवृद्धि= आपराधिक ।

शब्दार्थ- अपराधमा संलग्न, अपराधसम्वन्धी गतिविधिमा लागेको ।

आपातः (ना./पुं) आपतनम्, आपत्यते इति वा *(खस्नु)* आङ्पूर्वक पत्लृ गतौ (भ्वा.) धातु, आ+पत्+घञ् (अ), वृद्धि= आपात ।

शब्दार्थ- खस्ने काम, झर्ने प्रक्रिया, आकस्मिक घटना, गिरावट ।

आपानम् (ना./न.) आपिबन्ति अत्र *(पान गर्छन् यहाँ)* आङ्पूर्वक पा पाने (भ्वा.) धातु, आ+पा+ल्युट् (अन)= आपान ।

आपानं पानगोष्ठिका- इत्यमरः

शब्दार्थ- मदिरा पिउने अखडा, मद्यपान गर्ने ठाउँ, मदभट्टी, पानगोष्ठिका ।

आपूपिकः (वि.) अपूपाः पण्यमस्य *(मिठाइ वा मालपुवा आदिको व्यापार छ यसको)* अपूप+ठक्[2] (इक) =आपूपिक ।

शब्दार्थ- मालपुवा, रोटी, मिठाइ आदिको व्यापार गर्ने ।

आपूर्तिः (ना./स्त्री.) आपूर्यते इति *(आपूर्ति गरिन्छ)* आङ्पूर्वक पृ पालनपूरणयोः (जुहो.) धातु, आ+पृ+क्तिन् (ति), उत्व[3], दीर्घ[4]= आपूर्ति ।

शब्दार्थ- उपभोग्य वस्तु उपलब्ध गर्ने काम, उपभोग्य सामग्री राम्ररी उपलब्ध गराउने काम ।

आप्तः (वि.) आप्यते स्म इति *(विश्वास प्राप्त गरेको)* आप्लृ व्याप्तौ (स्वा.) धातु, आप्+क्त (त)= आप्त ।

आप्तः प्रत्ययितस्त्रिषु- इत्यमरः

शब्दार्थ- विश्वासिलो, विश्वास प्राप्त गरेको, पाएको, विश्वास आर्जन गरेको, विद्वान्, विज्ञ ।

आप्तवाक्यम् (ना./न.) उच्यते, वक्तुं योग्यमिति वा *(बताउन योग्य, भन्न लायक, बताइन्छ)* वच परिभाषणे (अदा.) धातु, वच्+ण्यत् (य), कुत्व, वाक्यम् । आप्तानां वाक्यम् *(आप्तजन वा आफन्तजनको वाक्य)* ष.त.स.= आप्तवाक्यम् ।

शब्दार्थ- आफन्तहरूको भनाइ, वेदादिशास्त्ररूको वाक्य, विद्वान्‌हरूको वाक्य, इष्टमित्रहरूको भनाइ ।

आप्रवासः (ना./पुं.) आ प्रोस्यते अत्र इति *(बसाइँ सरिन्छ यहाँ)* आङ् प्र उपसर्गद्वयपूर्वक वस निवासे (भ्वा.) धातु, आ+प्र+वस्+घञ्[5] (अ), वृद्धि=आप्रवास ।

शब्दार्थ- वसाइँसराइ, एक ठाउँको मान्छे अर्को ठाउँमा गएर वस्ने काम ।

आप्लावः (ना./पुं.) आप्लवनमिति *(स्नान गर्नु)* आङ्पूर्वक प्लुङ् गतौ (भ्वा.) धातु, आ+प्लु+घञ् (अ), वृद्धि, आवादेश= आप्लाव ।

शब्दार्थ- डुब्ने क्रिया, स्नान गर्ने काम, डुवुल्की मार्ने क्रिया ।

आबद्धः (वि.) आवध्यते स्म इति *(बाँधिएको)* आङ्पूर्वक बन्ध बन्धने (क्र्या.) धातु, आ+बन्ध्+क्त (त), नलोप =आवद्ध ।

शब्दार्थ- मायाजालमा फसेको, वाँधिएको, वन्धनमा परेको, जेलिएको ।

आबन्धः (ना./पुं.)आवध्यते अनेन इति *(बाँधिन्छ यसबाट)* आङ्पूर्वक बन्ध बन्धने (क्र्या.) धातु, आ+वन्ध्+घञ् (अ)= आवन्ध ।

शब्दार्थ- वाँधिने काम, वन्धन, दाम्लो वा डोरी, सिक्री ।

आबालम् (अव्य.) वलनम्, वल्यते इति वा *(बलवान् हुँदै जानु)* वल प्राणने (भ्वा./चुरा.) धातु, बल्+घञ् (अ), वृद्धि, बालः । आ वालेभ्यः *(बालक अवस्थादेखि नै)* अव्य.स.= आवाल ।

शब्दार्थ- वालक अवस्थादेखि नै, शिशु अवस्थादेखि नै ।

आभरणम् (ना./न.) आ भ्रियते अनेन *(अलङ्कार गरिन्छ यसबाट)* आङ्पूर्वक भृञ् भरणे (भ्वा.) धातु, आ+भृ+ल्युट् (अन), णत्व = आभरण ।

शब्दार्थ- आभूषण, गहना, अलङ्कार ।

आभा (ना./स्त्री.) आभानम्, आभायते इति वा *(चम्किन्छ)* आङ्पूर्वक भा दीप्तौ (अदा.) धातु, आ+भा+अङ् (अ), आलोप, टाप् (आ)= आभा ।

शब्दार्थ- प्रकाश, चमक, शोभा, प्रभा, कान्ति, दीप्ति, झलक, द्युति, छवि ।

आभारः (ना./पुं.) आभ्रियते इति *(आभार व्यक्त गरिन्छ)* आङ्पूर्वक भृञ् भरणे (भ्वा.) धातु, वा डुभृञ् धारण-पोषणयोः (जुहो.)धातु, आ+भृ+घञ् (अ), वृद्धि= आभार

शब्दार्थ- कृतज्ञता, कसैको गुनप्रति आभारी हुने काम, कार्यवोझ, भारीपना, अर्काले लगाएको गुन देख्ने काम

---

[1] ठगायस्यानेभ्यः/तस्येदम् : ठक्

[2] तदस्य पण्यम् : ठक्

[3] उदोष्ठ्यपूर्वस्य : उत्

[4] हलि च : दीर्घ

[5] हलश्च : घञ्

आभारी (वि.) आभारः अस्य अस्तीति *(कृतज्ञता ज्ञापन छ यसको)* आभार+इनि (इन्)= आभारी ।

शब्दार्थ- अर्काले गरेको उपकार देख्ने, कृतज्ञ, अर्काको उपकारप्रति आभार या कृतज्ञता प्रकट गर्ने ।

आभासः (ना./पुं.) आभासनम्, आभास्यते इति वा *(भान हुनु, प्रकाशित हुनु)* आङ्पूर्वक भासृ दीप्तौ (भ्वा.) धातु, आ+भास्+घञ् (अ)= आभास ।

शब्दार्थ-भान, प्रतिविम्व, मिथ्याज्ञान, झझल्को, चमक ।

उदा. **तैपनि आभास पायनौ तिमीले**
मेरो अस्तित्वको- जवाफ के दिउँ (विजय मल्ल)

आभिजात्यम् (ना./न.) अभिजायते स्म इति *(उच्च खानदानमा जन्मेको)* अभिपूर्वक जनी प्रादुर्भावे (दिवा.)धातु, अभि+जन्+क्त (त), आत्व[१], अभिजातः । अभिजातस्य भावः *(अभिजात या उच्चकुल घरान हुनाको भाव वा अवस्था)* अभिजात+ष्यञ्[२] (य), आदिवृद्धि= आभिजात्य ।

शब्दार्थ- उच्चकुलीनता, घरानियाँपन, श्रेष्ठता, ठूलो कुल घरानमा जन्मनाको भाव वा अवस्था ।

आभीरः (ना./पुं.) आ समन्ताद् भियं भयं रातीति *(सर्वत्र भय पैदा हुन्छ)* रा दाने (अदा.) धातु, आ+भी+रा+क (अ), आलोप= आभीर ।

अथवा आ अभि ईर्ते इति *(यताउति घुम्छ)* आ अभिद्वयपूर्वक ईर गतौ कम्पने च (अदा.) धातु, आ+अभि+ईर्+क (अ), दीर्घ= आभीर ।

शब्दार्थ- ग्वाला, गाई पालेर जीविका गर्ने जाति, गोप, अहिर ।

आभीरपल्ली (ना./स्त्री.) आभीराणां पल्ली *(आभीरहरूको घर समुदाय)* ष.त.स.= आभीरपल्ली ।

शब्दार्थ- आभीरहरूका गोठको समुदाय, गोपगृह-समूह, गोपग्राम, अहिरबस्ती ।

आभूषणम् (ना./न.) आभूष्यते अनेन इति *(अलङ्कृत भइन्छ यसबाट)* आङ्पूर्वक भूष अलङ्कारे (भ्वा.) वा भूष अलङ्करणे (चुरा.) धातु, आ+भूष्+ल्युट् (अन), करणमा, णत्व= आभूषण ।

शब्दार्थ- अलङ्कार, गहना, शृङ्गार, आभरण-सामग्री ।

आभ्यन्तरः (वि.) अभ्यन्तरे भवः *(भित्र हुने)* अभ्यन्तर+अण्[३] (अ), आदिवृद्धि= आभ्यन्तर ।

शब्दार्थ- भित्रको, भित्रपट्टि रहेको ।

आभ्यन्तरिकः (वि.) अभ्यन्तरादागतः, अभ्यन्तरस्य अयम् वा *(भित्रबाट आएको, भित्रको)* अभ्यन्तर+ठक् (इक), आदिवृद्धि= आभ्यन्तरिक ।

शब्दार्थ- भित्रदेखि आएको, भित्री या भित्रको ।

आभ्युदयिकम् (ना./न./वि.) अभ्युदयमर्हति, अभ्युदयः समुन्नतिः प्रयोजनमस्य वा *(समुन्नतिको लागि योग्य, समुन्नति नै प्रयोजन छ जसको)* अभ्युदय+ठञ्[४] (इक), आदिवृद्धि= आभ्युदयिक ।

शब्दार्थ- मङ्गल कार्य, अभ्युदय वा समुन्नतिका लागि गरिने माङ्गलिक कार्य, नान्दीश्राद्ध, आभ्युदयिक श्राद्ध, वृद्धिश्राद्ध, मङ्गल वा अभ्युदयसम्वन्धी ।

आमः (वि./ना./पुं.) आ ईषत् आमति, आमयति अम्यते पच्यते वा *(अलि-अलि पकाउँछ, पकाइन्छ वा रोगिन्छ)* आङ्पूर्वक अम गत्यादिषु (भ्वा.) वा अम रोगे (चुरा.) धातु, आ+अम्+घञ् (अ), दीर्घ= आम ।

शब्दार्थ- काँचो, नपाकेको, आउँको रोग, रोगविशेष ।

आमन्त्रणम् (ना./न.) आमन्त्रणमिति *(आमन्त्रण गरिन्छ)* आङ्पूर्वक मत्रि गुप्तपरिभाषणे (चुरा.) धातु, नुम्, आ+मन्त्र्+ल्युट् (अन), णत्व = आमन्त्रण ।

शब्दार्थ- निम्तो, निमन्त्रणा, गोप्य-परामर्श, सल्लाह ।

आमन्त्रणा (ना./स्त्री.) आमन्त्र्यते इति *(निमन्त्रणा गरिन्छ)* आङ्पूर्वक मत्रि गुप्तपरिभाषणे (चुरा.) धातु, नुम्, आ+मन्त्र्+णिचि+युच्[५] (अन)+टाप् (आ), णिलोप, णत्व= आमन्त्रणा ।

शब्दार्थ- निमन्त्रणा, निम्तो, सरसल्लाह, विचारविमर्श ।

आमन्त्रितः (वि.) आमन्त्र्यते स्म इति *(निम्तो दिइएको)* आङ्पूर्वक मत्रि गुप्तपरिभाषणे (चुरा.) धातु, नुम्, आ+मन्त्र्+क्त (त), इडागम = आमन्त्रित ।

शब्दार्थ- आमन्त्रण गरिएको, निम्तो दिइएको, निमन्त्रणा गरिएको, निम्त्याइएको, बोलाइएको ।

आमयः (ना./पुं.) आमीयते अनेन *(रोगिन्छ यसबाट)* आङ्पूर्वक मीङ् हिंसायाम् (दिवा.) धातु, आ+मी+अच् (एरच्), गुण, अयादेश = आमयः ।

अथवा अम्यते अनेन *(रोगिन्छ यसबाट)* अम रोगे (चुरा.) धातु, अम्+घञ् (अ), दीर्घ, आमः । आमं रोगं याति अनेन *(रोग पैदा हुन्छ यसबाट)* आम+या+ड (अ), टिलोप= आमय ।

शब्दार्थ- रोग, व्याधि, मनोव्यथा, हानि, ग्लानि ।

आमरणम् (अव्य.) म्रियन्ते इति *(मर्दछन्)* मृङ् प्राणत्यागे (तुदा.) धातु, मृ+ल्युट् (अन), गुण, णत्व, मरणम् । आ मरणात् *(मरणपर्यन्त)* अव्य.स.= आमरण ।

शब्दार्थ- मरणपर्यन्त, नमरुञ्जेल, बाचुञ्जेल, मर्ने समयसम्म ।

आमलकी (ना./स्त्री.) आ समान्तात् मलते धारयति फलानि इति *(बिछट्टै फलहरू फलाउँछ)* आङ्पूर्वक मल धारणे (भ्वा.) धातु, आ+मल्+क्वुन्[६] (अक), आमलकम् । आमलक+ङीष् (ई)= आमलकी ।

शब्दार्थ- अमला, षड्रसयुक्त फलविशेष, अमलाको फल ।

---

१. जनसनखनाम्... : आत्व

२. गुणवचनब्राह्मणादिभ्य... : ष्यञ्

३. तत्र भवः : अण्

४. तदर्हति : ठञ्

५. ण्यासश्रन्थो... : युच्

६. संज्ञायां शिल्पिनि...: क्वुन्

आमात् (वि.) आममत्तीति *(काँचो मासु खान्छ)* आमपूर्वक अद भक्षणे (अदा.) धातु, आम+अद्+विट्[१] (सर्वलोप), सवर्ण दीर्घ, चर्त्व विकल्पले = आमात् ।

शब्दार्थ- काँचो मासु खाने (वाघ, कुकुर आदि), आम मांसभक्षी ।

आमान्नम् (ना./न.) आ ईषत् अम्यते पच्यते *(अलि अलि पकाइन्छ)* आङ्पूर्वक अम गत्यादिषु (भ्वा.) वा अम रोगे (चुरा.) धातु, आ+अम्+घञ् (अ), दीर्घ, आमः । आमश्च तदन्नञ्च *(काँचो अन्न)* क.त.स., दीर्घ =आमान्न ।

शब्दार्थ- काँचो अन्न, नपकाएको अन्न ।

आमाशयः (ना./पुं) आशयनमिति *(रहनु)* आङ्पूर्वक शीङ् स्वप्ने (अदा.) धातु, आ+शी+अच् (एरच्), गुण, अयादेश, आशयः । आमस्य पाकस्य आशयः *(पाकस्थली)* ष.त.स.= आमाशय ।

शब्दार्थ- खाएको तर पचिनसकेको पदार्थ रहने थैलो, पाकस्थली, अनपच भोजन पेटमा रहने स्थान ।

आमिषम् (ना./पुं/न.) आमेषति, आमिष्यते इति वा *(शुद्ध नहुनु)* आङ्पूर्वक मिषु सेचने (भ्वा.) वा मिष स्पर्धायाम् (तुदा.) धातु, आ+मिष्+क[२] (अ)=आमिष ।

पिशितं तरलं मांसं पललं क्रव्यमामिषम्- इत्यमरः

आमिषं पुन्नपुंसकम् ।

भोग्यवस्तुनि सम्भोगेऽप्युत्कोचे पललेऽपि च- इति मेदिनी

शब्दार्थ- मासु, मांस, अपवित्र खाद्यवस्तु, अपवित्र खाद्यपदार्थ, देवपितृकार्यमा निषेधित खाद्य पदार्थ, सम्भोग, घुस ।

आमुखम् (ना./न.) मुखमागतम् *(अगाडि भागमा रहेको)* द्वि.त.स.= आमुख ।

शब्दार्थ- आरम्भ, प्राक्कथन, नाटकको प्रस्तावना, सामुन्ने

आमुक्तः (वि.) आमुच्यते स्म इति *(स्वतन्त्र छाडिएको)* आङ्पूर्वक मुच्लृ मोक्षणे (तुदा.) धातु, आ+मुच्+क्त (त), कुत्व= आमुक्त ।

शब्दार्थ- स्वतन्त्र रहेको, छाडा, कवच आदि नपहिरेको ।

आमुक्ति (अव्य.) मुच्यते इति *(मुक्त हुनु)* आङ्पूर्वक मुच्लृ मोक्षणे (तुदा.) धातु, मुच्+क्तिन् (ति), मुक्तिः । आ मुक्तेः *(मुक्ति-पर्यन्त)* आ+मुक्ति, अव्य.स.=आमुक्ति ।

शब्दार्थ- मुक्तिपर्यन्त, मुक्ति नभएसम्म ।

आमूलम् (अव्य.) मूलतीति *(आधारित हुन्छ)* मूल प्रतिष्ठायाम् (भ्वा.) धातु, मूल्+क[२] (अ), मूलः । आ मूलेभ्यः *(मूल-पर्यन्त)* आ+मूल, अव्य.स.= आमूल ।

शब्दार्थ- मूलपर्यन्त, मूलसम्म, फेदैसम्म, टुप्पोदेखि जरोसम्म, जस्तैः आमूल परिवर्तन ।

आमोदः (ना./पुं.) आ समन्तात् मोदनं, मुद्यते इति वा *(ज्यादा खुसी हुनु, ज्यादै सुगन्ध फैलिन्छ)* आङ्पूर्वक मुद हर्षे (भ्वा.) धातु, आ+मुद्+घञ् (अ), गुण =आमोद ।

आमोदो गन्धहर्षयोः इति मेदिनी

आमोदः सोऽतिनिर्हारी- इत्यमरः

शब्दार्थ- ज्यादै हर्ष, प्रसन्नता, प्रीति, खुस, अतिसुगन्ध ।

आमोद-प्रमोदः (ना./पुं) आमोदनम्, प्रमोदनम् वा *(ज्यादै हर्ष हुनु)* आङ्पूर्वक तथा प्रपूर्वक मुद हर्षे (भ्वा.) धातु, आ+ मुद्+घञ् (अ), गुण, आमोदः । प्र+मुद्+ घञ् (अ), गुण, प्रमोदः । आमोदश्च प्रमोदश्च *(हर्षै हर्ष)* द्व.स.=आमोद-प्रमोद ।

प्रमोदामोदसम्मदौ- इत्यमरः

शब्दार्थ- हर्ष-प्रसन्नता, सुख-चयन, सुख-भोग, भोग-विलास ।

आम्नायः (ना./पुं.) आम्नायते अभ्यस्यते इति *(अभ्यास गरिन्छ)* आङ्पूर्वक म्ना अभ्यासे (भ्वा.) धातु, आ+म्ना +घञ् (अ), युगागम[३]= आम्नायः ।

अथवा आमनति उपदिशति धर्माधर्मौ, शुभाशुभौ इति वा *(धर्म अधर्म, शुभ अशुभ आदिको उपदेश दिन्छ)* आ+म्ना+ण[४] (अ), युगागम= आम्नाय ।

श्रुतिः स्त्री वेदआम्नायस्त्रयीधर्मस्तु तद्विधिः इत्यमरः

शब्दार्थ- वेद, श्रुति, आगम, निगम, पुण्य या धार्मिक परम्परा, साङ्गोपाङ्ग वेद, वेदोक्त धर्म, वेदोक्त विधि, रीतिरिवाज ।

आम्रः (ना./पुं.) अमते, अम्यते इति वा *(बढ्दछ, झुक्नु)* अम गत्यादिषु (भ्वा.) धातु, अम्+रक्[५] (र), दीर्घ =आम्र ।

शब्दार्थ- आँप, आँपको रूख र फल, रसालवृक्ष, आम्रवृक्ष ।

आम्रकूटः (ना./पुं.) आम्रा च्युताः कूटेषु शिखरेषु यस्य सः *(जसका शिखरमा पहिलै पाकेका आँपहरू खसेका हुन्छन्)* ब.स.= आम्रकूट ।

शब्दार्थ- आम्रकूट नामको एउटा पर्वत ।

आम्रमयम् (ना./न.) आम्रस्य विकारः अवयवः वा *(आँपको विकार वा अवयव)* वा प्रकृतं प्रचुरं आम्रम् *(प्रशस्त आँप)* आम्र+मयट्[६] (मय)= आम्रमय ।

शब्दार्थ- आँपको विकार वा अवयव, आँपसम्बन्धी, आँपै आँपले भरिएको, प्रशस्त आँप भएको ।

आयः (ना./पुं.) आ समन्तात् ईयते इति *(सबैतिरबाट आउँनु)* आङ्पूर्वक इण् गतौ (अदा.) धातु, आ+इ+अच् (एरच्), गुण, अयादेश, दीर्घ= आय ।

अथवा आ समन्तात् अयते इति *(सबैतिरबाट आउँछ)* आङ्पूर्वक अय गतौ (भ्वा.) धातु, आ+अय्+घञ् (अ), दीर्घ= आय ।

शब्दार्थ- आम्दानी, लाभ, शुल्क तथा राजस्वकर आदिवाट आम्दानी आउने काम ।

---

[१] अदोऽनन्ने : विट्

[२] इगुपधज्ञा... : क

[३] आतो युक्... : युगागम

[४] श्याद्व्यधासु... : ण

[५] अमितम्योर्दीघश्च : रक्, दीर्घ

[६] नित्यंवृद्ध../तत्प्रकृतवचने... : मयट्

आयकरः (ना./पुं.) कीर्यते इति *(छरिन्छ, लगाइन्छ)* कॄ विक्षेपे (तुदा.) धातु, कॄ+अप् (अ), गुण, करः । आयेषु करः *(आम्दानीमा लाग्ने शुल्क)* स.त.स.= आयकर ।

शब्दार्थ- आम्दानीमा लाग्ने कर, आयमा लाग्ने राजस्व कर ।

आयतः (वि.) आयम्यते स्म इति *(फैलिएको)* आङ्पूर्वक यम उपरमे (भ्वा.) वा यम परिवेषणे (वेष्टने) (चुरा.) धातु, आ+यम्+क्त (त), अनुनासिकमलोप =आयत । अथवा आयतते इति *(फैलन्छ)* आङ्पूर्वक यती प्रयत्ने (भ्वा.) धातु, आ+यत्+अच् (पचादि)= आयत ।

शब्दार्थ- फैलिएको, विस्तार भएको, लम्बिएको, विस्तृत, दीर्घ, लामो, विशाल ।

आयतनम् (ना./न.) आयतन्ते यत्र *(विस्तारित हुन्छन् जहाँ)* आङ्पूर्वक यती प्रयत्ने (भ्वा.) धातु, आ+यत्+ल्युट् (अन), अधिकरणमा= आयतन ।

शब्दार्थ- गृह, घर, स्थान, आश्रयस्थल, निवासस्थल, बुद्धमन्दिर, देवालय, आयाम, कुनै वस्तुको आकृति वा क्षेत्रफल, चैत्य ।

आय-व्ययः (ना./पुं.) आ समन्तात् ईयते इति *(सबैतिरबाट आउँनु)* आङ्पूर्वक इण् गतौ (अदा.) धातु, आ+इ+अच् (एरच्), गुण, अयादेश, दीर्घ, आयः । वीयते इति *(खर्च गरिन्छ)* विपूर्वक इण् गतौ (अदा.) धातु, वि+इ+अच् (एरच्), इको गुण, अयादेश, वि अय, यण्, व्ययः । आयश्च व्ययश्च *(आय र व्यय)* द्व.स.= आय-व्यय ।

शब्दार्थ- आम्दानी र खर्च, लाभ र हानि ।

आय-व्ययकः (ना./पुं./वि.) आयव्यय एव *(आय र व्यय नै)* आयव्यय+कन् (स्वार्थमा)= आयव्ययक ।

शब्दार्थ- वार्षिक अनुमानित आय-व्ययको लेखाजोखा (वजेट), आय र व्ययसम्वन्धी ।

आय-व्यय विवरणम् (ना./न.) आयश्च व्ययश्च *(आय र व्यय)* द्व.स., आयव्ययौ । तयोः विवरणम् *(आय र व्ययको विवरण)* ष.त.स.= आय-व्यय विवरण ।

शब्दार्थ- आम्दानी र खर्चको विवरण, आम्दानी र खर्चको वार्षिक लेखाजोखा ।

आयातः (वि./ना./न.) आयाति स्म इति *(आएको)* आङ्पूर्वक या प्रापणे (अदा.) धातु, आ+या+क्त (त), भाव र कर्तामा= आयात ।

शब्दार्थ- आएको, झिकाएको, पैठारी गरिएको, मगाइएको, विदेशबाट मालसमान झिकाउने काम, पैठारी ।

आयात-निर्यातम् (ना./न./वि.) आयाति स्म, निर्याति स्म इति वा *(आएको, गएको)* आङ्पूर्वक तथा निर्‌पूर्वक या प्रापणे (अदा.) धातु, आ+या+क्त (त), आयातम् । निर्+या+क्त (त), निर्यातम् । आयातञ्च निर्यातञ्च *(आयात र निर्यात)* द्व.स.= आयात-निर्यात । अथवा आयत्यते निर्यत्यते *(ल्याइन्छ, लगिन्छ)* आङ् निर्‌पूर्वक यती प्रयत्ने (भ्वा.) धातु, आ+यत्+घञ् (अ), वृद्धि, आयातः । निर्+यत्+घञ् (अ), वृद्धि, निर्यातः । आयतश्च निर्यातश्च *(ल्याउने लाने काम)* द्व.स. =आयात-निर्यात ।

शब्दार्थ- विदेशबाट स्वदेशमा मालसामान मगाउने र स्वदेशबाट विदेशमा मालसामान पठाउने काम, निकासी पैठारी, मालसामान झिकाइएको र पठाइएको ।

आयामः (ना./पुं) आयमनम्, आयम्यते इति वा *(नापिन्छ)* आङ्पूर्वक यम परिवेषणे (वेष्टने) (भ्वा./चुरा.) धातु, आ+यम्+घञ् (अ)= आयाम । अथवा आयातीति *(विस्तारित हुन्छ)* आङ्पूर्वक या प्रापणे (अदा.) धातु, आ+या+मन्[1] (म) = आयाम ।

शब्दार्थ- दैर्घ्य (दीर्घता), कुनै वस्तुको लम्वाइ, चौडाइ र मोटाइको परिमाण, विस्तार, नाप्ने क्रिया ।

आयामिकः (वि.) आयामेन निवृत्तः *(आयामले निर्वृत्त भएको वा नापिएको)* वा आयामादागतः *(आयामबाट आएको)* आयाम+ठक्[2] (इक)= आयामिक ।

शब्दार्थ- आयाम मिलेको, नापो मिलेको, आयामसम्वन्धी ।

आयुः (ना./पुं./न.) एतीति *(जान्छ, व्यतीत हुन्छ)* इण् गतौ (अदा.) धातु, इ+उस्, णित्व, उणा., वृद्धि, ऐ+उस्[3], आयादेश, आयुस्= आयु ।

आयुर्जीवितकालो ना- इत्यमरः

शब्दार्थ- जीवन, प्राण, बाँचुन्जेलको समय, जीवित काल, जीवनपर्यन्त, जीवनावधि, परमायु ।

आयुक्तः (वि.) आयुज्यते स्म इति *(कुनै काममा लगाइएको)* आङ्पूर्वक युजिर् योगे (रुधा.) धातु, आ+युज्+क्त (त), कुत्व = आयुक्त ।

शब्दार्थ- कुनै आयोग वा अन्य काममा लगाइएको (व्यक्ति), नियुक्त भएको, जोडिएको, गाँसिएको, कुनै पदमा नियुक्त वा निर्वाचन गरिएको (व्यक्ति) ।

आयुधः (ना./पुं.) आयुध्यतेऽनेन *(प्रहार गरिन्छ यसबाट)* आङ्पूर्वक युध सम्प्रहारे (दिवा.) धातु, आ+युध्+क (अ)= आयुध ।

शब्दार्थ-अस्त्रशस्त्र, हतियार, प्रहार गर्ने साधन, शस्त्रास्त्र ।

आयुधिकः (वि.) आयुधेन जीवति *(हतियार चलाएर निर्वाह गर्छ)* वा आयुधः प्रहरणं प्रयोजनमस्य *(हतियार प्रहार गर्ने नै प्रयोजन छ यसको)* आयुध+ठक्[4] (इक)= आयुधिक ।

शब्दार्थ- हतियार चलाएर निर्वाह गर्ने, अस्त्रजीवी, अस्त्रशस्त्र प्रहार गर्ने ।

---

[1] अर्तिस्तुसुहुसृ... : मन्

[3] यतेर्णिच्च : उस्, णित्व

[2] तेन निर्वृत्तम्/ठगायस्थानेभ्य : ठक्

[4] तेन जीवति.../प्रहरणम् : ठक्

आयुर्वेदः (ना./पुं.) विद्यते अनेन धर्माधर्मादिकम् *(धर्म अधर्म आदि यसबाट जानिन्छ)* विद ज्ञाने (अदा.) धातु, विद्+घञ् (अ), गुण, वेदः । आयुषः वेदः *(आयुसम्बन्धी विषयको वेद)* ष.त.स.= आयुर्वेदः ।

अथवा आयुरनेन वेत्ति *(आयु यसद्वारा जान्दछन्),* आयुः विद्यते अस्मिन् *(आयु विचार गरिन्छ यसमा)* आयुष्पूर्वक विद ज्ञाने (अदा.) धातु, आयुष्+विद्+घञ् (अ), करण तथा अधिरणमा, गुण= आयुर्वेद ।

शब्दार्थ- धन्वन्तरिद्वारा प्रतिपादित आयुर्वेदशास्त्र, चरक, सुश्रुत आदिद्वारा रचित वैद्यशास्त्र, प्राचीन पूर्वीय चिकित्साशास्त्र, एउटा उपवेद, पञ्चमवेद ।

आयुर्वेदिकः (वि.) आयुर्वेदमधीते वेत्तीति वा *(आयुर्वेद पढ्छ वा जान्दछ)* आयुर्वेद+ठक् (इक)= आयुर्वेदिक ।

शब्दार्थ- आयुर्वेदशास्त्रको ज्ञाता, वैद्यशास्त्री, आयुर्वेद पढ्ने र जान्ने विद्वान् ।

आयुर्वेदी (वि.) आयुर्वेदः विद्यते अस्य *(आयुर्वेद ज्ञातव्य छ यसको)* आयुर्वेद+इनि (इन्)= आयुर्वेदी ।

शब्दार्थ- आयुर्वेद जान्ने, आयुर्वेदज्ञाता, आयुर्वेद विशेषज्ञ, वैद्यशास्त्री ।

आयुष्मती (ना./स्त्री.) आयुर्विद्यते अस्याः *(लामो आयु छ यस स्त्रीको)* आयुष्+मतुप् (मत्)+ङीप् (ई), षत्व =आयुष्मती ।

शब्दार्थ- लामो आयु भएकी स्त्री, धेरै बाँच्ने नारी, दीर्घायु भएकी स्त्री ।

आयुष्मान् (वि.) आयुर्विद्यते अस्य *(लामो आयु छ यसको)* आयुष्+मतुप्[1] (मत्), षत्व, आयुष्मत् = आयुष्मान् ।

शब्दार्थ- दीर्घायु भएको, धेरै बाँच्ने, लामो आयु भएको, चिरञ्जीवी ।

आयुष्यम् (ना./न./वि.) आयुषः भावः *(आयुको भाव)* आयुष्+ष्यञ् (य)= आयुष्य ।

अथवा आयुः प्रयोजनमस्य *(आयु प्रयोजन छ यसको)* आयुष्+यत्[2] (य), षत्व= आयुष्य ।

शब्दार्थ- आयुको भाव वा अवस्था, वय, जीवनावधि, आयु, लामो आयु भएको, धेरै बाँच्ने ।

आयोगः (ना./पुं.) आयोजनम्, आयुज्यते इति वा *(लगाइन्छ)* आङ्पूर्वक युजिर् योगे (रुधा.) धातु, आ+युज्+घञ् (अ), गुण, कुत्व= आयोग ।

शब्दार्थ- कुनै कामका लागि गठन गरिएको संस्था, नियोग, व्यापारिक संस्था, विशेष काम सम्पन्नताका लागि गठित समिति, जस्तैः लोकसेवा आयोग, न्यायसेवा आयोग ।

आयोजकः (वि.) आयुनक्तीति *(व्यवस्था गर्छ)* आङ्पूर्वक युजिर् योगे (रुधा.) धातु, आ+युज्+ण्वुल् (अक), गुण= आयोजक ।

शब्दार्थ- कुनै कुराको व्यवस्था गर्ने, कुनै कुराको आयोजना गर्ने, व्यवस्थापक, प्रवन्धक ।

आयोजनम् (ना./न.) आयुज्यते इति *(आयोजन वा व्यवस्था गरिन्छ)* आङ्पूर्वक युजिर् योगे (रुधा.) धातु, आ+युज्+ल्युट् (अन)= आयोजन ।

शब्दार्थ- कुनै काम सम्पन्नताका लागि गरिएको व्यवस्था, प्रबन्ध वा वन्दोवस्त ।

आयोजना (ना./स्त्री.) आयुज्यते इति *(आयोजना गरिन्छ)* आङ्पूर्वक युज संयमने (चुरा.) धातु, आ+युज्+णिचि+युच् (अन)+टाप् (आ)= आयोजना ।

शब्दार्थ- कुनै काम गराउनका लागि गरिएको विशेष व्यवस्था ।

आयोजितः (वि.) आयोज्यते स्म इति *(आयोजना गरिएको)* आङ्पूर्वक युजिर् योगे (रुधा.) धातु, आ+युज्+णिचि+क्त (त), णिलोप, इडागम=आयोजित

शब्दार्थ- कुनै कुराको आयोजना गरिएको, कुनै व्यवस्था वा वन्दोवस्त गरिएको ।

आरक्षः (ना./पुं.) आरक्षति, आरक्ष्यते इति वा *(आरक्षण गर्छ वा गरिन्छ)* आङ्पूर्वक रक्ष् पालने (भ्वा.) धातु, आ+रक्ष+अच् (पचादि)/घञ् (अ)= आरक्ष ।

शब्दार्थ- आरक्षण, परिरक्षण, रक्षा गर्ने काम, वचावट, चारैतिर घेरेर संरक्षण गर्ने काम ।

आरक्षकः (वि.) आरक्षतीति *(सुरक्षा गर्छ)* आङ्पूर्वक रक्ष पालने (भ्वा.) धातु, आ+रक्ष्+ण्वुल् (अक)= आरक्षक ।

शब्दार्थ- सुरक्षा गर्ने, वचाउँने, सुरक्षक, परिरक्षक ।

आरक्षणम् (ना./न.) आरक्ष्यते इति *(आरक्षण गरिन्छ)* आङ्पूर्वक रक्ष पालने (भ्वा.) धातु, आ+रक्ष्+ल्युट् (अन), णत्व= आरक्षण ।

शब्दार्थ- रक्षा गर्ने काम, सुरक्षा वा जोगाउने काम ।

आरक्षितः (वि.) आरक्ष्यते स्म इति *(रक्षा गरिएको)* आङ्पूर्वक रक्ष पालने (भ्वा.) धातु, आ+रक्ष्+क्त (त), इडागम= आरक्षित ।

शब्दार्थ- संरक्षित, परिरक्षित, रक्षा गरिएको, चारैतिर घेरेर सुरक्षा गरिएको ।

आरण्यकः (वि.) अरण्ये भवः *(जङ्गलमा हुने)* अरण्य+वुञ्[3] (अक), वृद्धि= आरण्यक ।

शब्दार्थ- जङ्गली, जङ्गलवासी, जङ्गलमा हुने (जनावर आदि)

आरतिः (ना./स्त्री.) आ समन्तात् रम्यते इति *(पूरै विश्राम लिइन्छ वा निराजन गरिन्छ)* आङ्पूर्वक रमु क्रीडायाम् (भ्वा.) धातु, आ+रम्+क्तिन् (ति)=आरति ।

शब्दार्थ- विरक्ति, वैराग्य, निवृत्ति, विश्राम, देवी-देवतालाई वत्ती बालेर घुमाई देखाउने काम, आरति गर्ने काम, दीपदान, निराजन ।

---

[1] तदस्यास्त्यस्मिन्...: मतुप्

[2] स्वर्गादिभ्यो यद् वक्तव्यम् : यत्

[3] अरण्यान्मनुष्ये : वुञ्

आरभ्यः (वि.) आरम्भितुं योग्यः *(आरम्भ गर्न योग्य)* आङ्पूर्वक रभ राभस्ये (भ्वा.) धातु, आ+रभ्+यत्[1] (य)= आरभ्य ।

शब्दार्थ- आरम्भ गर्न योग्य, आरम्भ गर्न लायक, आरम्भणीय ।

आरम्भः (ना./पुं.) आरभ्यते इति *(आरम्भ गरिन्छ)* आङ्पूर्वक रभ राभस्ये (भ्वा.) धातु, नुम्[2], आ+रम्भ् +घञ् (अ), परसवर्ण= आरम्भ ।

शब्दार्थ- आरम्भ गर्ने काम, सुरुवात, प्रारम्भ, थालनी, प्रस्तावना, कथानकका पाँच अवस्थामध्ये प्रथम अवस्था ।

द्रष्टव्य- आरम्भयत्नप्राप्त्याशानियताप्तिफलागमाः - सा.द. ६/७१

आरम्भकः (वि.) आरभते इति *(आरम्भ गर्छ)* आङ्पूर्वक रभ राभस्ये (भ्वा.) धातु, नुम्[2], आ+रम्भ्+ण्वुल् (अक)= आरम्भक ।

शब्दार्थ- आरम्भ गर्ने, सुरु गर्ने, थाल्ने ।

आरम्भणीयः (वि.) आरम्भितुं योग्यः *(आरम्भ गर्न योग्य)* आङ्पूर्वक रभ राभस्ये (भ्वा.) धातु, नुम्[2], आ+रम्भ् +अनीय (र्), णत्व= आरम्भणीय ।

शब्दार्थ- आरम्भ गर्न योग्य, आरम्भ गर्न लायक, सुरुवात गर्नुपर्ने, थालनी गर्न उचित ।

आरवः (ना./पुं.) आरवणमिति *(शब्द गर्नु)* आङ्पूर्वक रु शब्दे (अदा.) धातु, आ+रु+अप्[3] (अ), गुण, अवादेश =आरव ।

शब्दार्थ- ध्वनि, शब्द, आवाज, रव ।

आराधनम् (ना./न.) आराध्यते इति *(आराधना गरिन्छ)* आङ्पूर्वक राध संसिद्धौ (स्वा.) धातु, आ+राध्+ल्युट् (अन)= आराधन ।

शब्दार्थ- पूजा, उपासना, सेवा, प्रसन्नता, अर्चना, वन्दना, ध्यान, सम्मान ।

आराधना (ना./स्त्री.) आराध्यते इति *(आराधना गरिन्छ)* आङ्पूर्वक राध संसिद्धौ (स्वा.) धातु, आ+राध्+णिचि +युच्[4] (अन)+टाप् (आ), णिलोप= आराधना ।

शब्दार्थ- पूजा, अर्चना, साधना, सेवा, परिचर्या, उपासना, ध्यान, रिझाउने काम, खुसी पार्ने क्रिया ।

आराध्यः (वि.) आराध्यते, आराद्धुं योग्यः इति वा *(आराधना गर्न योग्य)* आङ्पूर्वक राध संसिद्धौ (स्वा.) धातु, आ+राध् +ण्यत् (य)= आराध्य ।

शब्दार्थ- आराधनीय, सम्पूज्य, पूजनीय, आराधना वा उपसना गर्न लायक, पूजा गरिएका (इष्टदेवता) ।

आरामः (ना./पुं.) आरमन्ति अत्र *(आराम गर्छन् वा क्रीडा गर्छन् यहाँ)* आङ्पूर्वक रमु क्रीडायाम् (भ्वा.) धातु, आ+रम्+घञ्[5] (अ), वृद्धि= आराम ।

आरामः स्यादुपवनम्- इत्यमरः

योऽन्तः सुखोऽन्तरारामः- भ.गी. ५/२४

शब्दार्थ- प्रसन्नता, खुसी, उद्यान, उपवन, बगैंचा, विश्राम गर्ने कार्य, आनन्द, चैन, सुखसयल, आत्मामा आनन्द तथा सुखको अनुभूति ।

आराम-विरामः (ना./पुं.) आरमन्ति, विरमन्ति अत्र इति वा *(आराम वा विराम लिन्छन् यहाँ)* आङ्पूर्वक तथा विपूर्वक रमु क्रीडायाम् (भ्वा.) धातु, आ+रम्+घञ् (अ), वृद्धि, आरामः । वि+रम्+घञ् (अ), वृद्धि, विरामः । आरामश्च विरामश्च *(आराम-विराम)* द्व.स. =आराम-विराम ।

शब्दार्थ- सन्चो-बिसन्चो, सुख-दुःख, हर्ष-विषाद ।

आरामी (वि.) आरामः अस्यास्तीति *(सुख तथा आनन्दको अनुभूति छ यसको)* आराम+इनि[6] (इन्)= आरामी ।

शब्दार्थ- आराम चाहने, आराम लिने, आराम गर्ने ।

आरावः (ना./पुं.) आरवणम् *(शब्द गर्नु)* आङ्पूर्वक रु शब्दे (अदा.) धातु, आ+रु+घञ् (अ), वृद्धि, आवादेश =आराव ।

शब्दार्थ- शब्द, ध्वनि, आवाज ।

आरुरुक्षुः (वि.) आरोढुमिच्छतीति *(चढ्न चाहन्छ)* आङ्पूर्वक रुह बीजजन्मनि प्रादुर्भावे च (भ्वा.) धातु, आ+रुह्+सन् (सनन्त), द्वित्व, एकशेष, आरुरुह स, हको ढ, ढको क, सको ष, क षको क्षत्व, आरुरुक्ष (सनन्त धातु) । आरुरुक्षतीति *(आरोहण गर्न चाहन्छ)* आरुरुक्ष+उ[7] (प्रत्यय)= आरुरुक्षु ।

शब्दार्थ- चढ्न चाहने, आरोहण गर्न इच्छुक, उँभो जान इच्छुक ।

आरूढः (वि.) आरोहति स्म इति *(चढेको)* आङ्पूर्वक रुह बीजजन्मनि प्रादुर्भावे च (भ्वा.) धातु, आ+रुह्+क्त (त), कर्तामा, हको ढ, तको ध, ष्टुत्व, ढलोप, दीर्घ =आरूढ ।

शब्दार्थ- चढेको, भऱ्याङ वा रूख वा पहाड वा अन्य कुनै वस्तुमा चढेको, माथि बसेको ।

आरोग्यम् (ना./न.) रुज्यते इति *(रोगिन्छ)* रुज हिंसायाम् (चुरा.) वा रुजो भङ्गे (तुदा.) धातु, रुज्+ घञ् (अ), गुण, कुत्व, रोगः । न विद्यमानः रोगः यस्य इति *(जसको रोग छैन)* न.ब.स, उ.प.लोप, अरोगः । अरोगस्य भावः इति *(रोगी नहुनाको भाव वा अवस्था)* अरोग+ष्यञ्[8] (य), आदिवृद्धि, टिलोप= आरोग्य ।

शब्दार्थ- राम्रो स्वास्थ्यस्थिति, स्वास्थ्य राम्रो भएको अवस्था, तन्दुरुस्ती, आरामीपन, निरोगीपना, रोग नलागेको अवस्था, अनामय ।

---

[1] पोरदुपधात् : यत्

[2] रभेरशब्लिटो : नुम्

[3] ऋदोरप् : अप्

[4] ण्यासश्रन्थो युच् : युच्

[5] हलश्च : घञ्

[6] अत इनिठनौ : इनि

[7] सनाशंसभिक्ष उः : उ

[8] गुणवचन... : ष्यञ्

आरोपः (ना./पुं आरोप्यते इति *(आरोप लगाइन्छ)* आङ्पूर्वक रुह वीजजन्मनि प्रादुर्भावे च (भ्वा.) धातु, आ+रुह्+णिचि+घञ् (अ), हको प[1] अन्तादेश, गुण, णिलोप= आरोप ।

शब्दार्थ- एउटाको गुणदोषलाई अर्कोमा आरोपित गर्ने काम, झूटो दोषारोपण, कसैलाई नराम्रो काम गरे वापत लगाइने दोष, अभियोग, आक्षेप, मिथ्यारोप ।

आरोपितः (वि.) आरोप्यते स्म इति *(आरोप लगाइएको)* आङ्पूर्वक रुह वीजजन्मनि प्रादुर्भावे च (भ्वा.) धातु, आ+रुह्+णिचि+क्त (त), हको प[1] अन्तादेश, इडागम, गुण, णिलोप= आरोपित ।

शब्दार्थ- आरोप लगाइएको, अभियोग वा आक्षेप लगाइएको, अर्कालाई दोष वा अभियोग लगाइएको,

आरोहः (ना./पुं.) आरुह्यते, आरोहणमिति वा *(आरोहण गरिन्छ)* आङ्पूर्वक रुह वीजजन्मनि प्रादुर्भावे च (भ्वा.) धातु, आ+रुह्+घञ् (अ), गुण = आरोह ।

शब्दार्थ- उक्लने काम, चढ्ने काम, सवार, माथि उचाइमा जाने काम, सङ्गीतमा स्वर चढाउने काम,

आरोहणम् (ना./न.) आरुह्यते अनेन इति *(चढिन्छ यसबाट)* आङ्पूर्वक रुह वीजजन्मनि प्रादुर्भावे च (भ्वा.) धातु, आ+रुह्+ल्युट् (अन), करणमा, गुण, णत्व= अरोहण ।

शब्दार्थ- चढ्ने काम, घोडा या हात्तीमा सवार हुने क्रिया, उक्लने वा अभ्युदय हुने क्रिया, सोपान, भऱ्याङ, भऱ्याङ चढ्ने काम ।

आरोही (वि.) आरोढुं शीलमस्यास्तीति *(आरोहण गर्ने शील छ यसको)* आङ्पूर्वक रुह बीजजन्मनि प्रादुर्भावे च (भ्वा.) धातु, आ+रुह्+णिनि (इन्), आरोहिन् =आरोही ।

शब्दार्थ- आरोहण गर्ने, माथि चढ्ने, उक्लने, भऱ्याङ या पहाड आदिमा चढ्ने ।

आर्जनम् (ना./न.) आर्जयतीति *(आर्जन गर्छ)* आङ्पूर्वक ऋज गतिस्थानार्जनोपार्जनेषु (भ्वा.) धातु, आ+ऋज् +णिचि+ल्युट् (अन), वहुलप्रकारले, वृद्धि= आर्जन ।

शब्दार्थ- विभिन्न व्यवसायवाट हुने आय तथा अन्य आम्दानी, आर्थिक लाभ, कमाइ ।

आर्जवम् (ना./न.) ऋजोर्भावः *(सरल हुनाको भाव वा अवस्था)* ऋजु+अण् (अ), आदिवृद्धि= आर्जव ।

शब्दार्थ- सरलता, सोझोपना, ऋजुता ।

आर्तः (वि.) आ अर्यते स्म इति *(दुःखी बनेको)* आङ्पूर्वक ऋ गतिप्रापणयोः (भ्वा.) धातु, आ+ऋ+क्त (त), वृद्धि= आर्त ।

शब्दार्थ- पीडित, दुःखित, कष्टप्रद, दुःखमा परेको, विपत्तिमा परेको, रोगी ।

द्रष्टव्य- चतुर्विधा भजन्ते मां जनाः सुकृतिनोऽर्जुन ।
आर्तो जिज्ञासुरर्थार्थी ज्ञानी च भरतर्षभ- भ.गी.७/१६

आर्तनादः (ना./पुं.) नदनम्, नद्यते इति वा *(ध्वनित हुनु)* णद अव्यक्ते शब्दे (भ्वा.) धातु, नद्+घञ् (अ), उपधावृद्धि, नादः । आर्तस्य पीडितस्य नादः ध्वनिः *(पीडितको क्रन्दन वा आवाज)* ष.त.स.= आर्तनाद ।

शब्दार्थ- दुःखले भरिएको आवाज, पीडाले भरिएको चित्कार, करुणक्रन्दन, आर्तपुकार, करुणध्वनि ।

उदा. **विश्वव्यापि नराम्रो हृदय चरचरी चीरने आर्तनाद- सान्त्वना-६, लालित्य**

आर्तसाधुः (ना./पुं.) आर्तेषु साधुः *(दुःखीहरूमा साधु वा दया गर्ने साधु)* स.त.स.= आर्तसाधु ।

शब्दार्थ- आर्तहरूको रक्षा गर्ने सन्त, पीडितहरूप्रति सहयोग गर्ने सज्जन ।

आर्तवः (वि./ना./न.) ऋतौ भवः *(वसन्त आदि ऋतुमा हुने)* ऋतु+अण्[2] (अ), आदिवृद्धि= आर्तव ।

शब्दार्थ- विभिन्न ऋतुमा हुने, ऋतुसम्वन्धी, परसरेकी नारीको रज, रगत ।

आर्थिकः (वि.) अर्थेन चरति, अर्थेन निर्वृत्तः, अर्थः प्रयोजनमस्य, अर्थस्य अयम्, अर्थादागतः इति वा *(आर्थिक कारोबार गर्छ, अर्थले निर्वृत्त भएको, अर्थ नै प्रयोजन छ जसको, अर्थसम्बन्धी यो, अर्थबाट आएको)* अर्थ+ठक् (इक), आदिवृद्धि= आर्थिक ।

शब्दार्थ- अर्थसम्वन्धी, धनसित सम्वन्धित, वित्तीय, अर्थपूर्ण, सार्थक, सम्पत्तिसम्वन्धी, उत्पादन तथा वितरण आदिसित सम्वन्धित, सम्पत्ति नै मुख्य भएको ।

आर्द्रः (वि.) अर्दते, अर्द्यते इति वा *(भिज्छ, भिजिन्छ)* अर्द गतौ याचने च (भ्वा.) धातु, अर्द्+रक्[3] (र), दीर्घ, उणा.= आर्द्र ।

शब्दार्थ- भिजेको, ठन्डा, चिसो, गिलो, पग्लेको, नरम, पानी भएको वस्तु ।

आर्द्रकः (वि.) आर्द्रे भवः जातः वा *(चिसोमा हुने वा भएको)* आर्द्र+वुन्[4] (अक)= आर्द्रक ।

शब्दार्थ-चिसो हुने, चिसोवाट उत्पन्न भएको, चिसोसम्वन्धी

आर्द्रता (ना./स्त्री.) आर्द्रस्य भावः *(चिसो हुनाको भाव वा अवस्था)* आर्द्र+तल् (त)+टाप् (आ)= आर्द्रता ।

शब्दार्थ- आर्द्र हुनाको अवस्था, चिसोपन, ठण्डापना, भिजेको अवस्था ।

आर्यः (वि./ना./पुं) अर्यते पूज्यते *(आदर गरिन्छ)* अर्तुं सदाचरितुं योग्यः *(श्रेष्ठ हुन वा सदाचार गर्न योग्य)* ऋ गतिप्रापणयोः (भ्वा.) धातु, ऋ+ण्यत्[5] (य), वृद्धि =आर्य ।

शब्दार्थ- उत्तम, पूज्य, योग्य, लायक, श्रेष्ठ, आदरणीय, सम्मान्य, जातिविशेष- व्राह्मण, क्षत्री र वैश्यजाति ।

---

[1] रुहः पोऽन्यतरस्याम् : प अन्तादेश
[2] तत्र भव : अण्
[3] अर्देर्दीर्घश्च : रक्, दीर्घ
[4] पूर्वाह्णापराह्णार्द्रामूल...: वुन्
[5] ऋहलोर्ण्यत् : ण्यत्

आर्यसभ्यता (ना./स्त्री.) आर्यस्य सभ्यता *(आर्यजातिको सभ्यता)* ष.त.स.= आर्यसभ्यता ।

शब्दार्थ- प्राचीन आर्यजातिको सभ्यता, आर्य जातिहरूबाट संरक्षित सभ्यता वा संस्कृति, आर्यहरूले अवलम्वन गरेको धर्म ।

आर्यधर्मः (ना./पुं) आर्यस्य धर्मः *(आर्यजातिको धर्म)* ष.त.स.= आर्यधर्म ।

शब्दार्थ-आर्यजातिले अपनाएको धर्म, हिन्दुधर्म, सनातनधर्म ।

आर्यावर्तः (ना./पुं.) आर्याः आ समन्तात् वर्तन्ते अत्र *(आर्यहरू यहाँ सर्वत्र रहन्छन्)* आर्य उपपदमा हुने आङ्पूर्वक वृतु वर्तने (भ्वा.) धातु, आर्य+आ+वृत्+घञ्[1] (अ), आधारमा, दीर्घ, गुण= आर्यावर्त ।

आर्यावर्तः पुण्यभूमिर्मध्यं विन्ध्यहिमालयोः- इत्यमरः

शब्दार्थ- एक पुण्यभूमि, आर्यहरूको निवासस्थल, भारतवर्ष, पूर्व समुद्रदेखि पश्चिम समुद्रसम्म र हिमालयदेखि विन्ध्याचलसम्म फैलिएको भूभाग ।

द्रष्टव्य- **आसमुद्रात्तु वै पूर्वादासमुद्रात्तु पश्चिमात् ।**
तयोरेवान्तरं गिर्योरार्यावर्तं विदुर्बुधाः- म.स्मृ २/२२

आर्षः (वि./ना./पुं.) ऋषतीति *(चिन्तन वा विचरण गर्छ)* ऋषी गतौ (तुदा.) धातु, ऋष्+इन्[2] (इ), कित्व, ऋषिः । ऋषेरयम् वा ऋषेरागतः *(ऋषिसम्वन्धी यो, ऋषिवाट आएको)* ऋषि+अण्[3] (अ), इलोप, आदिवृद्धि= आर्ष ।

शब्दार्थ- ऋषिसम्वन्धी, वेदमा वताएको, ऋषिहरूले वताएको, वैदिक, आठ प्रकारका विवाहमध्ये एक

आलङ्कारिकः (वि.) अलङ्करणमिति *(अलङ्कार गरिन्छ)* डुकृञ् करणे (तना.) धातु, अलम्+कृ+घञ् (अ), वृद्धि, अलङ्कारः । अलङ्कारेण निर्वृत्तः *(अलङ्कारले निर्वृत्त भएको)* वा अलङ्कारमधिते वेद इति वा *(अलङ्कारशास्त्र पढ्छ वा जान्दछ)* अलङ्कार+ठक् (इक), आदिवृद्धि =आलङ्कारिक ।

शब्दार्थ- अलङ्कार पहिरने, अलङ्कारले सजिएको, अलङ्कारसम्वन्धी, अलङ्कार शास्त्रवेत्ता ।

आलम्बः (ना./पुं.) आलम्वनम्, आलम्व्यते इति वा *(अवलम्बन गरिन्छ)* आङ्पूर्वक लबि अवस्रंसने (भ्वा.) धातु, नुमागम, आ+लम्व्+घञ् (अ)= आलम्व ।

शब्दार्थ- आश्रय, सहारा, अवलम्व, आड, आधार ।

आलम्बनम् (ना./न.) आलम्व्यते इति *(अवलम्बन गरिन्छ)* आङ्पूर्वक लबि अवस्रंसने (भ्वा.) धातु, नुमागम, आ+लम्व्+ल्युट् (अन)= आलम्वन ।

शब्दार्थ- आश्रय, आधार, आलम्व, साहित्यिक रस निष्पतिको कारण ।

आलयः (ना./पुं.) आलीयते अस्मिन् *(निवास गरिन्छ यहाँ)* आङ्पूर्वक ली श्लेषणे (क्र्या.) धातु, आ+ली+अच् (एरच्), अधिकरणमा, गुण, अयादेश= आलय ।

शब्दार्थ- घर, गृह, निवासस्थान, आश्रयस्थल ।

आलस्यम् (ना./न.) लसतीति *(क्रीडा गर्छ, फुर्तिलो हुन्छ)* लस श्लेषणक्रीडनयोः (भ्वा.) धातु, लस्+अच् (पचादि), लसः । न लसः *(फुर्तिलो नभएको)* न.त.स., अलसः । अलसस्य भावः कर्म वेति *(अल्छी हुनाको भाव वा अवस्था)* अलस+ष्यञ्[4] (य), आदिवृद्धि =आलस्य ।

शब्दार्थ- सुस्तपना, सुस्ती, शिथिलता, अल्छीपन, आलस्ययुक्तता, स्फुर्तिको अभाव, काम गर्न मन नलाग्ने अवस्था, फुर्तिलोपनको अभाव ।

आलापः (ना./पुं.) आलपनम्, आलप्यते इति वा *(कुराकानी गरिन्छ)* आङ्पूर्वक लप व्यक्तायां वाचि (भ्वा.) धातु, आ+लप्+घञ् (अ), वृद्धि= आलाप ।

शब्दार्थ- भाषण, वातचित, वार्तालाप, कुराकानी, स्वर साधना, रागको स्वर विस्तारै प्रकट गर्ने क्रिया ।

आलाप-विलापः (ना./पुं.) आलपनम्, विलपनम्, आलप्यते विलप्यते इति वा *(अलाप-विलाप गरिन्छ)* आङ् तथा विपूर्वक लप व्यक्तायां वाचि (भ्वा.) धातु, आ+लप्+घञ् (अ), वृद्धि, आलापः । वि+लप्+घञ् (अ), वृद्धि, विलापः । आलापश्च विलापश्च *(अलाप र विलाप)* द्व.स.= आलाप-विलाप ।

शब्दार्थ- चिच्याएर रुने कराउने काम, विलौना, अलौना-विलौना, अलाप-विलाप ।

आलिङ्गनम् (ना./न.) आलिङ्गयते इति *(आलिङ्गन गरिन्छ)* आङ्पूर्वक लिगि गतौ (भ्वा.) धातु, वा लिगि चित्रीकरणे (चुरा.) धातु, नुमागम, आ+लिङ्ग्+ल्युट् (अन)= आलिङ्गन ।

शब्दार्थ- अङ्कमाल, अँगालो मिलाउने काम, आलिङ्गन गर्ने काम ।

आलिङ्गितः (वि.) आलिङ्गयते स्म इति *(आलिङ्गन गरिएको)* आङ्पूर्वक लिगि गतौ (भ्वा.) धातु, नुम्, आ+लिङ्ग्+क्त (त),इडागम = आलिङ्गित ।

शब्दार्थ- आलिङ्गन गरिएको, अङ्कमाल गरिएको, अँगालो मिलाएको ।

उदा. **हुंदा वर्षा आलिङ्गित दिनपरीका सुन कर-भृ.ख.का. १/३२**

आलेखः (ना./पुं.) आलेखनम्, आलिख्यते इति वा *(लेखिन्छ)* आङ्पूर्वक लिख अक्षरविन्यासे (तुदा.) धातु, आ+लिख्+घञ् (अ), गुण= आलेख ।

शब्दार्थ- लेखौट, अभिलेख, लेख्ने काम, रचना गर्ने काम, लेख, लिखत ।

आलेखनम् (ना./न.) आलिख्यते इति *(लेखिन्छ)* आङ्पूर्वक लिख अक्षरविन्यासे (तुदा.) धातु, आ+लिख्+ल्युट् (अन), गुण= आलेखन ।

शब्दार्थ-लेख्ने काम, रचना गर्ने कार्य, चित्रण गर्ने क्रिया ।

---

[1] **हलश्च : घञ्**

[2] **इगुपधात् कित् : इन्**

[3] **तस्येदम् : अण्**

[4] **गुणवचन... : ष्यञ्**

आलेख्यः (वि./ना./न.) आलिख्यते, आलिखितुं योग्यः वा *(लेखिन्छ वा लेख्न लायक)* आङ्पूर्वक लिख अक्षरविन्यासे (तुदा.) धातु, आ+लिख्+ण्यत्[1] (य), गुण= आलेख्य ।

शब्दार्थ- लेख्नलायक, लेख्न योग्य, चित्रण गर्न हुने, चित्र, चित्रपट, आलेख्यदेवता ।

आलेपः (ना./पुं) आलेपनम्, आलिप्यते इति *(लेप लगाइन्छ)* आङ्पूर्वक लिप उपदेहे (तुदा.) धातु, आ+लिप्+घञ् (अ), गुण= आलेप ।

शब्दार्थ- लिप्न पोत्न मिल्ने लेदोपदार्थ, लेप, शरीरमा लगाइने बुकुवा आदि वस्तु ।

आलेपनम् (ना./न.) आलिप्यते इति *(लेप लगाइन्छ, पोतिन्छ)* आङ्पूर्वक लिप उपदेहे (तुदा.) धातु, आ+लिप्+ल्युट् (अन), गुण= आलेपन ।

शब्दार्थ- लिप्ने र पोत्ने काम, सुगन्धित लेप लगाउने कार्य, मालिस गर्ने काम ।

आलोकः (ना./पुं.) आ समन्तात् लोकनम्, लोक्यते इति वा *(सर्वत्र हेरिन्छ)* आङ्पूर्वक लोकृ दर्शने (भ्वा.) धातु, आ+लोक्+घञ् (अ)= आलोक ।

शब्दार्थ-प्रकाश, उज्यालोपन, हेराइ, दर्शन, चहक, दृश्य ।

आलोकनम् (ना./न.) आलोक्यते इति *(अवलोकन गरिन्छ)* आङ्पूर्वक लोकृ दर्शने (भ्वा.) धातु, आ+लोक्+ल्युट् (अन) = आलोकन ।

शब्दार्थ- हेर्ने काम, अवलोकन गर्ने क्रिया, दर्शन ।

आलोकितः (वि.) आलोक्यते स्म इति *(हेरिएको)* आङ्पूर्वक लोकृ दर्शने (भ्वा.) धातु, आ+लोक्+क्त (त), इडागम= आलोकित ।

शब्दार्थ- हेरिएको, प्रकाशिलो पारिएको, उज्यालो देखाइएको, चम्केको, टल्केको, चम्काएको ।

आलोचकः (वि.) आलोचते इति *(हेर्छ, आलोचना गर्छ)* आङ्पूर्वक लोचृ दर्शने (भ्वा.) धातु, आ+लोच्+ण्वुल् (अक)= आलोचक ।

शब्दार्थ- आलोचना गर्ने, समीक्षक, विवेचक, गुणदोषको निर्क्योल गर्ने (व्यक्ति) ।

आलोचनम् (ना./न.) आलोच्यते इति *(आलोचना गरिन्छ)* आङ्पूर्वक लोचृ दर्शने (भ्वा.) धातु, आ+लोच्+ल्युट् (अन)= आलोचन ।

शब्दार्थ- देख्ने वा हेर्ने काम, पारख, ज्ञान, दर्शन, विवेचना, समीक्षा ।

आलोचना (ना./स्त्री.) आलोच्यते इति *(आलोचना गरिन्छ)* आङ्पूर्वक लोचृ भाषायाम् (चुरा.) धातु, आ+लोच्+णिचि+युच्[2] (अन)+टाप् (आ)= आलोचना

शब्दार्थ- आलोचना गर्ने काम, समालोचना, विवेचना, समीक्षा, हेर्ने वा देख्ने क्रिया ।

आलोचनीयः (वि.) आलोच्यते, आलोचितुं योग्यः *(आलोचना गर्न योग्य)* आङ्पूर्वक लोचृ दर्शने (भ्वा.) धातु, आ+लोच्+अनीय (र्)= आलोचनीय ।

शब्दार्थ- आलोचना गर्न योग्य, समीक्षा गर्न लायक, विवेचना गर्न सकिने ।

आलोचितः (वि.) आलोच्यते स्म इति *(आलोचना गरिएको)* आङ्पूर्वक लोचृ दर्शने (भ्वा.) धातु, आ+लोच्+क्त (त), इडागम= आलोचित ।

शब्दार्थ- आलोचना गरिएको, विवेचना गरिएको, समीक्षा गरिएको ।

आलोच्यः (वि.) आलोच्यते, आलोचितुं शक्यः *(आलोचना गर्न सकिने)* आङ्पूर्वक लोचृ दर्शने (भ्वा.) धातु, आ+लोच्+ण्यत्[1] (य)= आलोच्य ।

शब्दार्थ- आलोचना गर्न सकिने, समीक्षा गर्न लायक, विवेचना गर्न योग्य, आलोचनीय ।

आवरणम् (ना./न.) आव्रियते अनेन इति *(वरण गरिन्छ वा ढाकिन्छ यसबाट)* आङ्पूर्वक वृञ् वरणे (स्वा.) वा वृञ् आवरणे (चुरा.) धातु, आ+वृ+ल्युट् (अन) =आवरण ।

शब्दार्थ- वरण गर्ने काम, वरण, छोप्ने वा ढाक्ने काम, छोप्ने बिर्को, ढक्कन, पुस्तकको गाता, ढाक्ने कपडा, पर्दा ।

आवरणपृष्ठम् (ना./न.) पृषति, पृष्यते इति वा *(सिञ्चन वा संरक्षण गर्छ वा गरिन्छ)* पृषु सेचने (भ्वा.) धातु, पृष्+थक्[3] (थ), निपातन, उणा., ष्टुत्व, पृष्ठम् । आरणस्य पृष्ठम् *(आवरणको पाना)* ष.त.स. =आवरणपृष्ठ ।

शब्दार्थ- पुस्तकको गाता, जिल्ला, कुनै लिखित सामग्रीको संरक्षणका लागि राखिने गाता ।

आवर्तः (ना./पुं.) आवर्तनम्, आवृत्यते इति वा *(घुमिरहनु)* आङ्पूर्वक वृतु वर्तने (भ्वा.) धातु, आ+वृत्+घञ् (अ), गुण= आवर्त ।

आवर्तश्चिन्तने वारिभ्रमे चावर्तने पुमान्- इति मेदिनी

शब्दार्थ- चारैतिर घुमिरहने पानी, भुँवरी, चिन्तन, चारैतिर चक्कर लगाइरहने काम, जलावर्त (पानीको भुँवरी), परिक्रमा, परिभ्रमण ।

आवर्तकः (वि./ना./पुं.) : आवर्तयतीति *(घुमाउँछ)* आङ्पूर्वक वृतु वर्तने (भ्वा.) धातु, आ+वृत्+णिचि+ण्वुल् (अक), गुण, णिलोप= आवर्तक । अथवा आवर्त इव *(भुँवरीझैं)* आवर्त+क (स्वार्थमा) =आवर्तक ।

शब्दार्थ- चारैतिर चक्कर लगाउने, घुमिरहने, रिङ्ने, वादलको एक प्रकार ।

द्रष्टव्य- जाते वंशे भुवनविदिते पुष्करावर्तकानाम्- मे.दू.१/६

---

१. ऋहलोर्ण्यत् : ण्यत्

२. ण्यासश्रन्थो... : युच्

३. तिथपृष्ठगूथयूथ... : थक्निपातन

आवर्तनम् (ना./न.) आवर्तनम्, आवृत्यते इति वा *(घुमिरहनु)* आङ्पूर्वक वृतु वर्तने (भ्वा.) धातु, आ+वृत्+ल्युट् (अन), गुण= आवर्तन ।

शब्दार्थ- वारम्वार घुम्ने या चक्कर लगाइरहने क्रिया, दोहोऱ्याउने . कार्य, मथ्ने वा हुँडल्ने काम, वृत्ताकार-गति ।

आवलिः (ना./स्त्री.) आ समन्तात् वलतीति *(पङ्क्तिबद्ध रहन्छ)* आङ्पूर्वक वल संवरणे सञ्चरणे च (भ्वा.) धातु, आ+वल्+इन् (इ), उणा.= आवलि ।

शब्दार्थ- श्रेणी, पङ्क्ति, क्रम, आवलि, लहर ।

आवश्यकः (वि.) अवश्यायते इति *(आवश्यक पर्छ)* अवपूर्वक श्यैङ् गतौ (भ्वा.) धातु, अव+श्यै+डमु (अ), टिलोप, अवश्यः ।

अथवा वश्यते इति *(वश गरिन्छ)* वश कान्तौ (अदा.) धातु, वश्+अप्[1] (अ), वशः । वशमधीनत्वं गतः *(वशमा परेको)* वश+यत्[2] (य), वश्यः । न वश्यः *(वश नभएको)* न.त.स., अवश्यः ।

अवश्य+वुञ्[3] (अक), आदिवृद्धि, टिलोप= आवश्यक ।

शब्दार्थ- अनिवार्य भएको, जरुरी, नभई नहुने, खाँचो परेको ।

आवश्यकता (ना./स्त्री.) आवश्यकस्य भावः *(आवश्यक हुनाको भाव वा अवस्था)* आवश्यक+तल् (त)+टाप् (आ)= आवश्यकता ।

शब्दार्थ- जरुरत भएको अवस्था, अनिवार्यता, खाँचो परेको स्थिति, नभइ-नहुने अवस्था ।

आवश्यकीयः (वि.) आवश्यकस्य अयम् *(आवश्यक भएको यो)*, आवश्यके भवः *(आवश्यक पर्ने)* आवश्यक+छ (इय)= आवश्यकीय ।

शब्दार्थ- ज्यादै जरुरत पर्ने, नभइ-नहुने, अत्यन्तै आवश्यक पर्ने, अतिजरुरी भएको ।

आवारिधि (अव्य.) आ वारिधेः *(समुद्रपर्यन्त)* आ+वारिधि, अव्य.स.= आवारिधि ।

शब्दार्थ- समुद्रपर्यन्त, समुद्रतक, समुद्रसम्म ।

आवासः (ना./पुं.) आवसन्ति अत्र *(रहन्छन् यहाँ)* आङ्पूर्वक वस निवासे (भ्वा.) धातु, आ+वस्+घञ्[4] (अ), आधारमा, वृद्धि= आवास ।

शब्दार्थ- निवास, घर, निवासस्थल, निकेतन, गृह, सदन,

आवासीयः (वि.) आवासे भवः जातादिरिति वा *(आवासमा हुने वा भएको)* आवास+छ[5] (ईय)= आवासीय ।

शब्दार्थ- कुनै ठाउँमा निश्चित अवधिसम्म रहने वा राखिएको, बसोवास गराइने ।

आवाहनम् (ना./न.) आवाह्यते इति *(आवाहन गरिन्छ)* आङ्पूर्वक वह प्रापणे (भ्वा.) धातु, आ+वह्+णिचि +ल्युट् (अन), वृद्धि, णिलोप= आवाहन ।

शब्दार्थ- पूजा गर्दा देवीदेवतालाई प्रार्थना गर्ने काम, निमन्त्रणा ।

द्रष्टव्य- **आवाहनं न जानामि न जानामि तवार्चनम् ।**
पूजां चैव न जानामि क्षमस्व परमेश्वर ।

आविस् (आविर्) (अव्य./वि.) आ अवते इति *(शब्द गर्छ)* आङ्पूर्वक उङ् शब्दे (भ्वा.) धातु, आ+उ+इस् (इर्), गुण, अवादेश, दीर्घ= आविस्/आविर् ।

शब्दार्थ- उपसर्गजस्तो भएर प्रयोग हुने अव्यय शब्द, प्रकट, खुलारूपमा देखिने, आँखाको सामने ।

आविर्भावः (ना./पुं.) आविर्भवनम्, आविर्भूयते इति वा *(उत्पत्ति हुनु)* आविस्पूर्वक भू सत्तायाम् (भ्वा.) धातु, आविस्+भू+घञ् (अ), वृद्धि, आवादेश, रुत्व =आविर्भाव ।

शब्दार्थ- प्रकट हुने काम, उत्पत्ति, प्रकाश, प्रकट, प्रादुर्भाव, उपस्थिति, अभिव्यक्ति, आविष्कार ।

आविर्भूतः (वि.) आविर्भवति स्म इति *(प्रकट भएको)* आविस्पूर्वक भू सत्तायाम् (भ्वा.) धातु, आविस्+ भू+क्त (त), कर्तामा, रुत्व= आविर्भूत ।

शब्दार्थ- उत्पत्ति भएको, पैदा भएको, अवतीर्ण भएको, प्रकट भएको, उत्पन्न, निस्केको ।

आविष्कर्ता (वि.) आविष्करोतीति *(आविष्कार गर्छ)* आविस्पूर्वक डुकृञ् करणे (तना.) धातु, आविस्+कृ+तृच् (तृ), षत्व, आविष्कर्तृ= आविष्कर्ता ।

शब्दार्थ- नयाँ कुरा पत्ता लगाउने, आविष्कार गर्ने ।

आविष्कारः (ना./पुं) आविष्क्रियते अनेन *(आविष्कार गरिन्छ यसबाट)* आविस्पूर्वक डुकृञ् करणे (तना.) धातु, आविस्+कृ+घञ् (अ), वृद्धि, षत्व= आविष्कार ।

शब्दार्थ- नयाँ वस्तुको उत्पादन गर्ने काम, नयाँ सिद्धान्तको प्रतिपादन, नयाँ कुरा प्रतिपादन गर्ने क्रिया, उत्पत्ति, प्रकट ।

आविष्कारकः (वि.) आविष्करोतीति *(आविष्कार गर्छ)* आविस्पूर्वक डुकृञ् करणे (तना.) धातु, आविस्+कृ+ण्वुल्[6] (अक), वृद्धि, षत्व= आविष्कारक ।

शब्दार्थ- वैज्ञानिक, नयाँ सिद्धान्त वा वस्तु पत्ता लगाउने, उत्पादन गर्ने, आविष्कार गर्ने ।

आविष्कृतः (वि.) आविष्क्रियते स्म इति *(आविष्कार गरिएको)* आविस्पूर्वक डुकृञ् करणे (तना.) धातु, आविस्+कृ+क्त (त), षत्व= आविष्कृत ।

शब्दार्थ- आविष्कार गरिएको, नयाँ कुरा पत्ता लगाइएको ।

आवृतः (वि.) आव्रियते स्म इति *(ढाकिएको)* आङ्पूर्वक वृञ् आवरणे (चुरा.) धातु, आ+वृ+क्त (त)= आवृत ।

शब्दार्थ- आच्छादित, ढाकिएको, बेरिएको, छोपिएको, परिवेष्टित, घेरिएको ।

---

[1] वशिरण्योरुपसंख्यानम् (वा.) : अप्

[2] वशं गतः : यत्

[3] द्वन्द्वमनोज्ञादि... : वुञ्

[4] हलश्च : घञ्

[5] गहादिभ्यश्च : छ

[6] ण्वुल्तृचौ : ण्वुल्

आवृतिः (ना./स्त्री.) आव्रियते इति *(ढाकिन्छ)* आङ्पूर्वक वृञ् आवरणे (चुरा.) धातु, आ+वृ+क्तिन् (ति) =आवृति ।

शब्दार्थ- ढाक्ने वा छोप्ने काम, आवरण, जिल्ला, गाता, ढक्कन ।

आवृत्तः (वि.) आवृत्यते स्म इति *(घुमेको वा आवृत्ति गरिएको)* आङ्पूर्वक वृतु वर्तने (भ्वा.) धातु, आ+ वृत्+क्त (त)= आवृत्त ।

शब्दार्थ- घुमिरहेको, चक्कर लगाइरहेको, दोहोरिएको ।

आवृत्तिः (ना./स्त्री.) आवर्तनमिति *(दोहोरिनु)* आङ्पूर्वक वृतु वर्तने (भ्वा.) धातु, आ+वृत्+क्तिन् (ति) =आवृत्ति ।

शब्दार्थ- घुम्ने वा रिंग्ने क्रिया, दोहोऱ्याउने कार्य, पठन-पाठन, वारम्वार दोहोऱ्याउने क्रिया, फेरिफेरि गरिने अभ्यास, पुनः मुद्रण वा प्रकाशन ।

आवेगः (ना./पुं.) आविज्यते इति *(भय वा विक्षोभ प्रकट गरिन्छ)* आङ्पूर्वक ओविजी भयसञ्चलनयोः (रुधा.) धातु, आ+विज्+घञ् (अ), गुण, कुत्व= आवेग ।

शब्दार्थ- आवेशमा आउने काम, चिन्ता, उत्तेजना, क्षोभ, झोक, कुनै कामको प्रभावले मनमा पैदा हुने विकृति वा विक्षोभ, हडवढ, मनोविकार ।

आवेदकः (वि.) आवेदयतीति *(आवेदन गर्छ)* आङ्पूर्वक विद ज्ञाने (अदा.) धातु, वा विद विचारणे (रुधा.) धातु, आ+विद्+णिचि+ण्वुल् (अक), गुण, णिलोप =आवेदक ।

शब्दार्थ- आवेदन गर्ने, निवेदक, विन्ती चढाउने, आवेदनकर्ता, माग गर्ने, आफ्नो माग राखी पत्राचार गर्ने ।

आवेदनम् (ना./न.) आविद्यते इति *(आवेदन गरिन्छ)* आङ्पूर्वक विद ज्ञाने (अदा.) वा विद विचारणे (रुधा.) धातु, आ+विद्+ल्युट् (अन), गुण, णिलोप = आवेदन ।

शब्दार्थ- निवेदन, दर्खास्त, अनुरोध गर्ने काम, प्रार्थनापत्र, अनुरोधपत्र ।

आवेदितः (वि.) आवेद्यते स्म इति *(निवेदन गरिएको)* आङ्पूर्वक विद ज्ञाने (अदा.) वा विद विचारणे (रुधा.) धातु, आ+विद्+णिचि+क्त (त), गुण, इडागम, णिलोप= आवेदित ।

शब्दार्थ-आवेदन गरिएको, प्रार्थना वा अनुरोध गरिएको ।

आवेशः (ना./पुं.) आविशन्ति अत्र *(प्रवेश गर्छन् यहाँ)* आङ्पूर्वक विश प्रवेशने (तुदा.) धातु, आ+विश्+ घञ्[1] (अ), गुण= आवेश ।

शब्दार्थ- प्रवेश, पस्ने काम, आवेग, झोक, जोस, क्रोध, मनको असामान्य अवस्था ।

आवेशनम् (ना./न.) आविशन्ति अत्र, आविश्यन्ते अस्मिन् इति वा *(प्रवेश गर्छन् यहाँ वा प्रवेश गरिन्छ यहाँ)* विश प्रवेशने (तुदा.) धातु, आ+विश्+ल्युट् (अन), अधिकरणमा= आवेशन ।

आवेशनं शिल्पशाला- इत्यमरः

शब्दार्थ- शिल्पशाला, कारीगरी गर्ने कक्ष वा भवन ।

आवेष्टनम् (ना./न.) आवेष्ट्यते इति *(बेर्ने काम गरिन्छ)* आङ्पूर्वक वेष्ट वेष्टने (भ्वा.) धातु, आ+ वेष्ट्+ल्युट् (अन)= आवेष्टन ।

शब्दार्थ- बेर्ने काम, बाँध्ने काम, ढाक्ने काम, छोप्ने वा घेर्ने क्रिया, कपडा आदिले कुनै वस्तुलाई लपेट्ने कार्य ।

आवेष्टितः (वि.) आवेष्टयते स्म इति *(बेरिएको)* आङ्पूर्वक वेष्ट वेष्टने (भ्वा.) धातु, आ+वेष्ट्+क्त (त), इडागम= आवेष्टित ।

शब्दार्थ- बेरिएको, लपेटिएको, ढाकिएको, घेरिएको, आवेष्टन गरिएको ।

आशङ्का (ना./स्त्री.) आशङ्क्यते इति *(आशङ्का गरिन्छ)* आङ्पूर्वक शकि शङ्कायाम् (भ्वा.) धातु, नुमागम, आ+ शङ्क्+अ[2] (प्रत्यय)+टाप् (आ)= आशङ्का ।

शब्दार्थ- सम्भावना, सन्देह, शङ्का, त्रास वा भयको सम्भावना, अनिश्चयता, दुविधा ।

आशङ्कितः (वि.) आशङ्क्यते स्म इति *(आशङ्का गरिएको)* आङ्पूर्वक शकि शङ्कायाम् (भ्वा.) धातु, नुमागम, आ+ शङ्क्+क्त (त), इडागम= आशङ्कित ।

शब्दार्थ- शङ्काले भरिएको, सन्देहयुक्त, दुविधामा परेको, आशङ्का गरिएको ।

आशङ्की (वि.) आशङ्कितुं शीलमस्य *(शङ्का गर्ने स्वभाव छ यसको)* आङ्पूर्वक शकि शङ्कायाम् (भ्वा.) धातु, आ+ शङ्क्+णिनि[3] (इन्), आशङ्किन्= आशङ्की ।

शब्दार्थ- शङ्का गर्ने, सन्देह गर्ने, शङ्काग्रस्त हुने, दुविधामा पर्ने, शङ्कालु ।

आशयः (ना./पुं.) आशयनमिति *(विश्राम लिइन्छ)* आङ्पूर्वक शीङ् स्वप्ने (अदा.) धातु, आ+शी+अच् (एरच्), गुण, अयादेश= आशय ।

आशयः स्यादभिप्राये पनसाधारयोरपि- इति मेदिनी

शब्दार्थ- शयनकक्ष, विश्रामस्थल, आश्रयस्थल, निवास स्थान, आधार, अभिप्राय, मतलब, तात्पर्य ।

द्रष्टव्य- अहमात्मा गुडाकेश सर्वभूताशयस्थितः- भ.गी. १०/२०

आशा (ना./स्त्री.) आ समन्तात् अश्नुते व्याप्नोतीति *(चारैतिर ढाक्छ)* अशू व्याप्तौ सङ्घाते च (स्वा.) धातु, आ+अश्+अच् (पचादि)+टाप् (आ)= आशा ।

शब्दार्थ- कुनै वस्तु पाउने इच्छा वा चाहना, अभिलाषा, कामना, आकाङ्क्षा, तृष्णा, तिर्सना, लालसा ।

---

[1] हलश्च : घञ्

[2] गुरोश्च हलः : अ (प्रत्यय)

[3] सुप्यजातौ... : णिनि

आशाजनकः (वि.) आशां जनयतीति *(आशा पैदा गर्छ)* आशा उपपदमा हुने जनी प्रादुर्भावे (दिवा.) धातु, आशा+जन्+णिचि+ण्वुल् (अक), णिलोप=आशाजनक

शब्दार्थ- आशा पैदा गर्ने, आशा उत्पन्न गर्ने, आशा लाग्ने, आसलाग्दो ।

आशातीतः (वि.) आशामतीतः *(आशा लागेभन्दा बढी)* द्वि.त.स., दीर्घ= आशातीत ।

शब्दार्थ- आशा गरेकोभन्दा वढी प्राप्त भएको, कामना गरेको भन्दा वढी सफलता मिलेको ।

आशिष् (आशीः) (ना./स्त्री.) आशास्ते, आशासनमिति वा *(आशिष दिन्छ वा दिइन्छ)* आङ्पूर्वक शासु इच्छायाम् (अदा.) धातु, आ+शास्+क्विप्[1], उपाधाको इत्व[2], क्विप्को सर्वलोप, षत्व, आशिष् । षत्वको असिद्धपक्षमा रुत्व, दीर्घ[3], विसर्ग, आशीः= आशी ।

शब्दार्थ- आशीर्वाद, मान्यजनवाट दिइने आसिक, मङ्गलकामना, शुभकामना, शुभेच्छा ।

आशीर्वचनम् (ना./न.) आशिषः वचनम् *(आसिकको वचन)* ष.त.स.= आशीर्वचन ।

शब्दार्थ- आशीर्वाद दिने काम, आशिष, आशीर्वाद, शुभकामना ।

आशीर्वादः (ना./पुं.) उद्यते इति (**भनिन्छ**) वद व्यक्तायां वाचि (भ्वा.) धातु, वद्+घञ् (अ), वृद्धि, वादः । आशिषः सद्भावनायाः वादः अभिव्यक्तिः *(आशीर्वादको अभिव्यक्ति)* ष.त.स.= आशीर्वाद ।

शब्दार्थ- सद्भावनाको अभिव्यक्ति, आशीर्वाद दिने काम, शुभेच्छा, शुभकामना वा आशीर्वचन, मङ्गलप्रार्थना

आशीविषः (ना./पुं.) आशिषि दंष्ट्रायां विषम् यस्य सः *(दाँतमा विष छ जसको)* आशिष्+विष, ब.स., पृषोदरादिवाट दीर्घ, षलोप= आशीविष ।

शब्दार्थ- सर्प, फणी, सर्पको विष, विषधर ।

आशुः (ना./पुं./वि.) अश्नुते व्याप्नोतीति *(ढाक्छ)* अशू व्याप्तौ सङ्घाते च (स्वा.) धातु, अश्+उण्[4] (उ), उपधावृद्धि= आशु ।

शब्दार्थ- धान्यविशेष, चाँडो, शीघ्र, तेज, छिटो, तुरुन्त

आशुकविः (ना./पुं.) आशु शीघ्रं कवते इति *(शीघ्र कविता लेख्छ)* कुङ् शव्दे (भ्वा./तुदा.) वा कु शव्दे (अदा.) धातु, आशु+कु+इ[5] (उणा.), गुण, अवादेश=आशुकवि

शब्दार्थ- चाँडो चाँडो कविता रचना गर्ने कवि, शीघ्र कविता लेख्ने कवि ।

आशुतोषः (वि./ना./पुं.) आशु शीघ्रं तुष्यतीति *(चाँडै खुसी हुन्छ)* आशु उपपदपूर्वक तुष तुष्टौ (दिवा.) धातु, आशु+तुष्+अच्[6] (पचादि), गुण= आशुतोष ।

शब्दार्थ- शीघ्र सन्तुष्ट हुने, अनायास प्रसन्न हुने, चाँडै प्रसन्न हुने, आशुतोष भगवान् शङ्कर, शिव, महादेव

आशौचम् (ना./न.) शोचति, शुच्यते इति वा *(शोक गर्छ वा गरिन्छ)* शुच शोके (भ्वा.) धातु, शुच्+इन्[7] (इ), कित्व, उणा., शुचिः ।

अथवा शुच्यतीति *(पवित्र हुन्छ)* ईशुचिर् पूतिभावे (दिवा.)धातु, शुच्+इक्[8] (इ), शुचिः । शुचेर्भावः *(पवित्र रहनाको भाव वा अवस्था)* शुचि+अण्[9] (अ), शौचम् । न विद्यमानं शौचं यस्य *(जसको पवित्रता छैन)* न.ब.स., अशौचम् । अशौचादागतम् *(अपवित्रतावाट आएको)* अशौच+अण् (अ), आदिवृद्धि= आशौच ।

शब्दार्थ- जुठो वा सुत्केरो परेको अवस्था, वरखी वारेको अवस्था, देहाशुद्धि, देह अशुद्धिको अवस्था ।

आश्चर्यः (वि./ना./न.) आ इति चर्यते *(आश्चर्य मान्नु)* आङ्पूर्वक चर गतिभक्षणयोः (भ्वा.) धातु, आ+चर्+यत्[10] (य), अद्भुत अर्थमा सुडागम[11] = आश्चर्य ।

शब्दार्थ- चमत्कारपूर्ण, विलक्षण, अद्भुत, आश्चर्यजनक, विस्मय, अचम्म, उदेक, अनौठो ।

आश्चर्यचकितः (वि.) चकते स्म इति *(चकित भएको)* चक तृप्तौ प्रतिघाते च (भ्वा.) धातु, चक्+क्त (त), कर्तामा, इडागम, चकितः । आश्चर्येण चकितः *(आश्चर्यले छक्क परेको)* तृ.त.स.= आश्चर्यचकित ।

शब्दार्थ- आश्चर्यमा परेको, अनौठो कुराप्रति उदेक मानेको, आश्चर्यले छक्क परेको, नौलो कुरो देखेर विस्मयमा परेको ।

आश्रमः (ना./पुं.) आश्रमन्ति अत्र *(विश्राम लिन्छन् यहाँ)* आङ्पूर्वक श्रमु तपसि खेदे च (दिवा.) धातु, आ+श्रम्+घञ् (अ), वृद्धि= आश्रम ।

शब्दार्थ- पर्णशाला, कुटी, झोपडी, आवास, तपस्या गर्ने ठाउँ, तपोवन, आश्रम, ब्रह्मचर्य, गृहस्थ, वानप्रस्थ र सन्यास- यी चार आश्रम, आश्रयस्थल ।

आश्रमधर्मः (ना./पुं.) आश्रमस्य धर्मः *(आश्रमको धर्म)* ष.त.स.= आश्रमधर्म ।

शब्दार्थ- चारै आश्रममा रहनेहरूले पालन गर्ने धर्म, प्रत्येक आश्रमको कर्तव्यकर्म ।

आश्रमस्थः (वि.) आश्रमे तिष्ठतीति *(आश्रममा रहन्छ)* आश्रमपूर्वक ष्ठा गतिनिवृत्तौ (भ्वा.) धातु, आश्रम+स्था+क (अ), आलोप= आश्रमस्थ ।

शब्दार्थ-आश्रममा रहने, आश्रमनिवासी, तपोवनमा रहने ।

आश्रमीयः (वि.) आश्रमे भवः, आश्रमस्य अयम् *(आश्रममा हुने, आश्रमको यो)* आश्रम+छ (ईय) =आश्रमीय ।

शब्दार्थ- आश्रमसम्वन्धी, आश्रममा हुने ।

---

१. क्विप् च : क्विप्

२. आशासः क्वौ..(वा.) : इत्व

३. र्वोरुपधाया दीर्घ... : दीर्घ

४. कृपावाजि... : उण्

५. अच इः : इ

६. नन्दिग्रहिपचादि...: अच्

७. इगुपधात् कित् : इन्

८. इक्स्तिपौ... : इक्

९. इगन्ताच्च/तत आगतः : अण्

१०. चरेराङि... (वा.) : यत्

११. आश्चर्यमनित्ये : सुडागम

आश्रयः (ना./पुं.) आश्रीयते अत्र इति *(आश्रय लिइन्छ यहाँ)* आङ्पूर्वक श्रिञ् सेवायाम् (भ्वा.) धातु, आ+श्रि+अच् (एरच्), अधिकरणमा, गुण, अयादेश =आश्रय ।

शब्दार्थ- सहारा, आधार, सदन, भवन, विश्रामस्थल, शरणस्थल, आवास, भरोसा, अवलम्बन ।

आश्रयदाता (वि.) आश्रयं ददातीति *(आश्रय दिन्छ)* आश्रयपूर्वक डुदाञ् दाने (जुहो.) धातु, आश्रय+दा+तृच् (तृ), आश्रयदातृ= आश्रयदाता ।

शब्दार्थ- आश्रय वा सहारा दिने (व्यक्ति), आडभरोसा दिने वा गर्ने, सहयोग दिने ।

आश्रितः (वि.) आश्रयति स्म इति *(आश्रय दिएको)* आङ्पूर्वक श्रिञ् सेवायाम् (भ्वा.) धातु, आ+श्रि+क्त (त)= आश्रित ।

शब्दार्थ- सहारा लिएको, आश्रयमा रहेको, कसैको सहयोग वा मद्दत पाएको ।

आश्लिष्टः (वि.) आश्लिष्यति स्म इति *(टाँसिएको)* आङ्पूर्वक श्लिष आलिङ्गने (दिवा.) धातु, आ+श्लिष्+ क्त (त), कर्तामा, ष्टुत्व= आश्लिष्ट ।

शब्दार्थ- टाँसिएको, आलिङ्गित, गाँसिएको, अङ्कमाल वा आलिङ्गन गरेको ।

आश्लेषः (ना./पुं.) आश्लेषणम्, आश्लिष्यते इति वा *(अङ्कमाल गर्नु)* आङ्पूर्वक श्लिष आलिङ्गने (दिवा.) धातु, आ+श्लिष्+घञ् (अ), गुण= आश्लेष ।

शब्दार्थ- अङ्कमाल, टाँसिने काम, जोडाइ, अँगालो हाल्ने काम, आलिङ्गन ।

आश्लेषणम् (ना./न.) आश्लिष्यते इति *(अङ्कमाल गर्नु)* आङ्पूर्वक श्लिष आलिङ्गने (दिवा.) धातु, आ+श्लिष्+ल्युट् (अन), णत्व= आश्लेषण ।

शब्दार्थ- अङ्कमाल, अँगालो हाल्ने काम, जोडिने क्रिया, आलिङ्गन ।

आश्वस्तः (वि.) आश्वसिति स्म इति *(आश्वासन दिएको)* आङ्पूर्वक श्वस प्राणने (अदा.) धातु, आ+श्वस्+क्त (त), कर्तामा= आश्वस्त ।

शब्दार्थ- आश्वासन पाएको, काम कुरा पूरा हुने वचन पाएको, आश्वासन दिएको, विश्वास दिलाएको

आश्वासनम् (ना./न.) आश्वास्यते इति *(आश्वासन दिइन्छ, सास फेर्नु)* आङ्पूर्वक श्वस प्राणने (अदा.) धातु, आ+श्वस्+णिचि+ल्युट् (अन)= आश्वासन ।

शब्दार्थ- सास फेर्ने प्रक्रिया, आश्वासन पाउने काम, आश्वासन दिने क्रिया, विश्वास, भरोसा, आड पाउने काम ।

आश्विनः (ना./पुं.) अश्नुते इति *(ढाक्छ)* अशू व्याप्तौ सङ्घाते च (स्वा.) धातु, अश्+क्वन्(वन्), उणा., अश्वः । अश्वः अश्वरूपमस्यास्तीति *(घोडाको रूप छ यसको)* अश्व+इनि (इन्), अश्विन् । अश्विन्+ङीप् (ई), अश्विनी । अश्विन्या युक्ता पौर्णमासी अस्मिन्नस्तीति *(अश्विनीनक्षत्रले युक्त पूर्णिमा छ यसमा)* अश्विनी+अण्[1] (अ), आदिवृद्धि= आश्विन ।

शब्दार्थ- असोजमहिना, अश्विनीनक्षत्रले युक्त पूर्णिमा हुने महिना, भदौ र कार्तिकका बीचको महिना ।

आषाढः (ना./पुं.) आषाढानक्षत्रेण युक्ता पौर्णमासी *(उत्तरषाढा नक्षत्रले युक्त पूर्णिमा)* आषाढा+अण्[1] (अ), आलोप, आषाढ+ङीप् (ई), आषाढी । आषाढ्या युक्ता पौर्णमासी अस्मिन् अस्तीति *(पूर्वषाढा या उत्तरषाढा नक्षत्रले युक्त पूर्णिमा छ यसमा)* आषाढी+अण्[2] (अ), इकारलोप= आषाढ ।

शब्दार्थ- असारमहिना, पूर्वषाढा या उत्तरषाढा-नक्षत्रले युक्त पूर्णिमा हुने महिना, जेठ र साउनको बीचमा पर्ने महिना ।

आसक्तः (वि.) आसजति स्म इति *(संलग्न भएको)* आङ्पूर्वक षञ्ज सङ्गे (भ्वा.) धातु, आ+सञ्ज्+क्त (त), ञलोप, कुत्व= आसक्त ।

शब्दार्थ- कुनै कुरामा तल्लीन भएको, प्रलोभित भएको, आसक्त भएको, तल्लीन, अनुरक्त ।

आसक्तिः (ना./स्त्री.) आसज्यते इति *(तल्लीन हुनु)* आङ्पूर्वक षञ्ज सङ्गे (भ्वा.) धातु, आ+सञ्ज्+क्तिन् (ति), ञलोप, कुत्व= आसक्ति ।

शब्दार्थ- कुनै कुरामा तल्लीन भएर लाग्ने काम, प्रलोभन, अनुराग ।

आसनम्/आसनी (ना./न./स्त्री.) आस्यते उपविस्यतेऽत्र *(बसिन्छ यहाँ)* आस उपवेशने (अदा.) धातु, आस्+ल्युट्[3] (अन), अधिकरणमा= आसन ।

आसन+ङीप् (ई)= आसनी ।

शब्दार्थ- आसन, स्थान, बस्ने स्थान, हात्तीको काँध, साजको रूख, योगका पद्मासन आदि चौरासी आसन, युद्धको निम्ति आक्रमणको समयको प्रतीक्षा गर्ने काम ।

आसन्नः (वि.) आसीदति स्म इति *(समीपमा रहेको)* आङ्पूर्वक षद्लृ विशरणगत्यवसादनेषु (तुदा.) धातु, आ+सद्+क्त (त), तको द, दको न= आसन्न ।

शब्दार्थ- निकटवर्ती, समीपमा रहेको, नजिकै रहेको ।

आसमुद्रम् (अव्य.) आ समुद्रात्, *(समुद्रपर्यन्त)* अव्य.स. =आसमुद्र ।

शब्दार्थ- समुद्रपर्यन्त, समुद्रसम्म ।

आसन्नमृत्युः (ना./पुं/स्त्री.) आसन्नश्चासौ मृत्युश्च वा आसन्ना चासौ मृत्युश्च *(नजिकै आएको मरण)* क.त.स.= आसन्नमृत्यु ।

शब्दार्थ- नजिकै आएको मृत्यु, निकटवर्ती मृत्यु ।

---

१. नक्षत्रेण युक्तः कालः : अण्

२. साऽस्मिन् पौर्णमासि... : अण्

३. करणाधिकरणयोश्च : ल्युट्

आसवः (ना./पुं.) आसवनम्, आसूयते इति वा *(मदिरा तयार गर्नु)* आङ्पूर्वक षुञ् अभिषवे (स्वा.) धातु, सत्त्व, आ+सु +अप्[1] (अ), गुण, अवादेश= आसव ।

शब्दार्थ- मदिरा, काँढा, रक्सी, औषधीको प्रयोजनको लागि जडीबुटी आदिवाट वनाएको रक्सी, मद्य ।

आसिकः (वि.) असिः प्रहरणमस्य *(तरवार हतियार छ यसको)* असि+ठक् (इक), आदिवृद्धि= आसिक ।

शब्दार्थ- खड्गधारी, खड्ग प्रहार गर्ने, खड्ग हतियार भएको ।

आसिक्तः (वि.) आसिच्यते स्म इति *(सेचन गरिएको)* आङ्पूर्वक षिच क्षरणे (तुदा.) धातु, आ+सिच्+क्त (त), कुत्व= आसिक्त ।

शब्दार्थ- सिञ्चन गरिएको, अभिषेक गरिएको, अभिसिक्त

आसितः (वि.) आस्ते स्म इति *(बसेको)* आस उपवेशने (अदा.) धातु, आस्+क्त (त), कर्तामा, इडागम =आसित ।

शब्दार्थ- बसेको, स्थित, आश्रित ।

आसीनः (वि.) आसीनः (भुञ्जते) इति *(बसेर खान्छ)* आस उपवेशने (अदा.) धातु, आस्+शानच्[2] (आन), आको ईत्व= आसीन ।

शब्दार्थ- वस्तै, पलेटी मार्दै, रहँदै, बसेको, उपविष्ट ।

आसुरः (वि./ना./पुं.) असुरस्यायम् *(असुरको यो)* असुर+अण् (अ), आदिवृद्धि= आसुर ।

अथवा असुर एव *(असुर नै)* असुर+अण् (अ), आदिवृद्धि= आसुर ।

शब्दार्थ- असुरसम्बन्धी, असुरजातिको, आठ प्रकारका विवाहमध्ये एक ।

आसुरी (वि./ना./स्त्री.) अस्यन्ति छिपन्ति देवान्निति *(देवताहरूलाई प्रहार गर्छन्)* असु क्षेपणे (दिवा.) धातु, अस्+उरन्[3] (उर), उणा., असुरः । असुरस्य इयम् *(असुरको यो)* वा असुर एव *(असुर नै)* असुर+अण् (अ), आदिवृद्धि, ङीप्= आसुरी ।

शब्दार्थ- असुरसँग सम्वन्ध राख्ने, दानवी, असुरसम्वन्धी, आसुरीमाया, राक्षसी प्रवृत्ति ।

आस्तिकः (वि.) अस्ति इति मतिरस्यास्तीति अथवा अस्ति परलोक इत्येवं मतिर्यस्येति वा *(ईश्वर छ भन्ने वा परलोक छ भन्ने बुद्धि छ यसको)* अस भुवि (अदा.) धातु, अस्+स्तिप् (ति), अस्ति (वि.प्र.अ) । अस्ति+ठक्[4] (इक)= आस्तिक ।

शब्दार्थ- ईश्वर छ भन्ने विश्वास गर्ने, ईश्वरवादी, परलोक छ भन्ने विश्वास गर्ने, वेद तथा वैदिककर्म र ईश्वरमा आस्था राख्ने, पुनर्जन्ममा विश्वास गर्ने ।

आस्तिकता (ना./स्त्री.) आस्तिकस्य भावः इति *(आस्तिक हुनाको भाव वा अवस्था)* आस्तिक+तल् (त)+टाप् (आ)= आस्तिकता ।

शब्दार्थ- आस्तिक भाव, आस्तिक प्रवृत्ति, ईश्वर तथा आत्मा र परलोक आदिमा आस्था राख्ने प्रवृत्ति ।

आस्तिक्यम् (ना./न.) आस्तिकस्य भावः *(आस्तिक हुनाको भाव वा अवस्था)* आस्तिक+ष्यञ् (य), आदिवृद्धि= आस्तिक्य ।

शब्दार्थ- आस्तिकपना, आस्तिकभाव, आस्तिक-प्रवृत्ति ।

आस्तीर्णः (वि.) आस्तीर्यते स्म इति *(ढाकिएको)* आङ्पूर्वक स्तृञ् आच्छादने (क्र्या.) धातु, आ+स्तृ+क्त (त), ईत्व[5], दीर्घ[6], तको न, णत्व= आस्तीर्ण ।

शब्दार्थ- ओछ्याइएको, विछ्याइएको, ढाकिएको ।

आस्था (ना./स्त्री.) आतिष्ठन्ति अस्याम् *(विश्वास गर्छन् यसमा)* आङ्पूर्वक ष्ठा गतिनिवृत्तौ (भ्वा.) धातु, षको स, आ+स्था+अङ्[7] (अ)+टाप् (आ), आलोप= आस्था ।

शब्दार्थ- श्रद्धा, विश्वास, आदर, सम्मान, सद्भाव ।

आस्थावान् (वि.) आस्था अस्यास्तीति *(आस्था छ यसको)* आस्था+मतुप् (मत्), मको व, दीर्घ, नुमागम =आस्थावान् ।

शब्दार्थ- आस्था राख्ने, विश्वास गर्ने, सद्भाव भएको, आदर वा सम्मान गर्ने ।

आस्थितः (वि.) आतिष्ठति स्म इति *(बसेको)* आङ्पूर्वक ष्ठा गतिनिवृत्तौ (भ्वा.) धातु, आ+स्था+क्त[8] (त), कर्तामा, इत्व[9]= आस्थित ।

शब्दार्थ- अवस्थित, रहेको, आरूढ, आश्रय लिएको ।

आस्थानम् (ना./न.) आतिष्ठन्ति अत्र *(रहन्छन् यसमा)* आङ्पूर्वक ष्ठा गतिनिवृत्तौ (भ्वा.) धातु, आ+स्था+ल्युट् (अन)= आस्थान ।

शब्दार्थ- कुनै मठ मन्दिरमा बस्ने स्थान, रहने स्थान, बसोवास गर्ने ठाउँ, निवासस्थान ।

आस्मः (वि.) अस्मनः विकारः *(ढुङ्गाको विकार)* अस्मन्+अण् (अ), आदिवृद्धि= आस्म ।

शब्दार्थ- ढुङ्गावाट विकृत हुने, ढुङ्गाको विकारवाट पैदा हुने- (शिलाजित, सिमेन्ट आदि) ।

आस्माकः/आस्माकीनः (वि.) आवयोः, अस्माकमिति वा *(हामी दुईको वा हामीहरूको)* अस्मद्+अण् (अ), अस्मद्को अस्माक आदेश, आदिवृद्धि= आस्माक ।

अस्मद्+ख (ईन), अस्मद्को अस्माक आदेश, आदिवृद्धि =आस्माकीन ।

शब्दार्थ- हाम्रो वा हामीहरूको, हामीहरूसित सम्बन्धित ।

---

[1] ॠदोरप् : अप्

[2] लटः शतृशानचाव...: शानच्

[3] असेरुरन् : उरन्

[4] अस्तिनास्तिदिष्टम्...: ठक्

[5] ॠत इद्धातो : इत्

[6] हलश्च : दीर्घ

[7] आतश्चोपसर्गे : अङ्

[8] गत्यर्थाकर्मक... : क्त

[9] द्यतिस्यतिमास्था...: इत्

आस्वादः (ना./पुं.) आस्वाद्यते, आस्वद्यते इति वा *(आस्वादन गरिन्छ)* आङ्पूर्वक स्वाद आस्वादने (भ्वा.) वा ष्वद आस्वादने (चुरा.) धातु, आ+स्वाद/स्वद्+घञ् (अ), वृद्धि= आस्वाद ।

शब्दार्थ- स्वाद लिने काम, रसास्वादन, रसानुभूति, शृङ्गारादि रसबाट प्राप्त हुने आनन्द ।

आस्वादकः (वि.) आस्वादते इति *(स्वाद लिन्छ)* आङ्पूर्वक स्वाद आस्वादने (भ्वा.) धातु, आ+स्वाद्+ण्वुल् (अक)= आस्वादक ।

शब्दार्थ- स्वाद लिने, रसास्वादन गर्ने, चाख्ने ।

आस्वादनम् (ना./न.) आस्वादनम्, आस्वाद्यते इति वा *(स्वाद लिइन्छ)* आङ्पूर्वक स्वाद आस्वादने (भ्वा.) धातु, आ+स्वाद्+ल्युट् (अन)= आस्वादन ।

शब्दार्थ- स्वाद लिने काम, रसास्वादन, चाख्ने काम, आस्वादन गर्ने काम ।

आस्वादितः (वि.) आस्वद्यते स्म इति *(स्वाद लिइएको)* आङ्पूर्वक स्वद आस्वादने (चुरा.) धातु, आ+स्वद्+णिचि, वृद्धि, आस्वादि+क्त(त), णिलोप, इडागम = आस्वादित ।

शब्दार्थ-स्वाद लिइएको, रसास्वादन गरिएको, चाखिएको

आस्वाद्यः (वि.) आस्वाद्यते, आस्वादितुं योग्यः वा *(स्वाद लिन योग्य)* आङ्पूर्वकं स्वाद आस्वादने (भ्वा.) धातु, आ+स्वाद्+ण्यत् (य)= आस्वाद्य ।

शब्दार्थ- स्वादलिन लायक, रसास्वादन गर्न उपयुक्त, आस्वादनीय ।

आहतः (वि.) आहन्यते स्म इति *(प्रहार गरिएको)* आङ्पूर्वक हन हिंसागत्योः (अदा.) धातु, आ+हन्+क्त (त), अनुनासिक, नलोप= आहत ।

शब्दार्थ- प्रहार गरिएको, पिटिएको, चोट पुर्‍याइएको, घायल भएको, पिटेर वा टोकेर बजाइने (वाद्यविशेष-ढोल, मादल आदि) ।

आहवः (ना./पुं.) आहूयते शत्रुः अत्र *(शत्रुलाई आह्वान गरिन्छ)* आङ्पूर्वक ह्वेञ् स्पर्धायां शब्दे च (भ्वा.) धातु, आ+ह्वे+अप्[1] (अ), आत्व, सम्प्रसारणबाट वको उ, आ हु अ, गुण, अवादेश= आहव ।

शब्दार्थ- युद्ध, समर, लडाइँ ।

आहवनीयः (ना./पुं.) आहूयते आज्यादिरस्मिन् *(हवन गरिन्छ घृतादि यहाँ)* आङ्पूर्वक हु दानादनयोः (जुहो.) धातु, आ+हु+अनीय (र्), गुण, अवादेश = आहवनीय ।

शब्दार्थ- यज्ञका अग्निको एउटा प्रकार, यज्ञाग्निविशेष ।

आहारः (ना./पुं.) आह्रियते इति *(आहारा लिइन्छ)* आङ्पूर्वक हृञ् हरणे (भ्वा.) धातु, आ+हृ+घञ् (अ), वृद्धि= आहार ।

शब्दार्थ- भोजन, खानेकुरा, खाद्यवस्तु, ल्याइने काम, खाने काम ।

आहार्यः (वि.) आहर्तुं योग्यः *(हरण गर्न वा ग्रहण गर्न लायक)* आङ्पूर्वक हृञ् हरणे (भ्वा.) धातु, आ+हृ+ण्यत् (य), वृद्धि= आहार्य ।

शब्दार्थ- ग्रहण गर्न लायक, पक्रन योग्य, लान सकिने, खान योग्य, हरण गर्न योग्य ।

आहार्यबुद्धिः (वि.) आहार्या बुद्धिर्यस्य *(आहार्य बुद्धि छ जसको)* ब.स.= आहार्यबुद्धि ।

शब्दार्थ- अर्काको बुद्धिलाई प्रमाण मानेर व्यवहार गर्ने वुद्धि भएको, आहार्य मति भएको ।

आहिताग्निः (वि.) आहितः अग्निर्येन *(जसले अग्निहोत्रादि कर्म गरेको छ)* ब.स., दीर्घ= आहिताग्नि ।

शब्दार्थ- अग्निहोत्रादि कर्म गर्ने ।

आहुतः (वि.) आहूयते स्म इति *(हवन गरिएको)* आङ्पूर्वक हु दानादनयोः (जुहो.) धातु, आ+हु+क्त (त) =आहुत ।

शब्दार्थ- हवन गरिएको, आगोमा होमिएको, देवतालाई चढाएको, अतिथिहरूलाई भोजन दिएको ।

आहुतिः (ना./स्त्री.) आहवनम्, आहूयते इति वा *(आहुति दिइन्छ)* आङ्पूर्वक हु दानादनयोः (जुहो.) धातु, आ+ हु+क्तिन् (ति)= आहुति ।

शब्दार्थ- देवतालाई आहुति दिने काम, हवन, होम, हवनसामग्री यज्ञकुण्डमा राख्ने काम ।

आहूतः (वि.) आहूयते स्म इति *(बोलाइएको)* आङ्पूर्वक ह्वेञ् स्पर्धायां शब्दे च (भ्वा.) धातु, आ+ह्वा+क्त (त), सम्प्रसारणबाट वको उ, दीर्घ= आहूत ।

शब्दार्थ- वोलाइएको, निम्त्याइएको, निमन्त्रणा गरिएको, डाकिएको, आमन्त्रित, आह्वान गरिएको ।

आहृतः (वि.) आह्रियते स्म इति *(जबर्जस्ती ल्याइएको)* आङ्पूर्वक हृञ् हरणे (भ्वा.) धातु, आ+हृ+क्त (त) =आहृत ।

शब्दार्थ- हरण गरेर ल्याइएको, लुटेर ल्याइएको ।

आह्निकः (वि./ना./न.) अह्नि भवः, अह्नः अयम्, आह्ना निर्वृत्तः इति वा *(दिनमा हुने, दिनको यो, दिनले निर्वृत्त भएको)* अहन्+ठञ्[2] (इक), आदिवृद्धि, अकारलोप =आह्निक ।

शब्दार्थ- दिन दिनको, दैनिक, दैनिक गरिने, दिनमा हुने, प्रतिदिन गरिने कर्म, नित्य गरिने षट्कर्म जस्तैः- स्नान, सन्ध्या, जप, होम, देवपूजन, अतिथिसत्कार, वैश्वदेव ।

आह्लादः (ना./पुं.) आह्लादनम्, आह्लाद्यते इति वा *(खुसी भइन्छ)* आङ्पूर्वक ह्लादी सुखे (भ्वा.) धातु, आ+ह्लाद्+घञ् (अ)= आह्लाद ।

शब्दार्थ- आनन्द, हर्ष, प्रसन्नता, खुसियाली, सन्तुष्टि, तृप्ति

---

१. आङि युद्धे : अप्, सम्प्रसारण

२. तेन निर्वृत्तम् : ठञ्

आह्लादितः (वि.) आह्लादते स्म, आह्लाद्यते स्म इति वा ***(खुसी भएको वा भइएको)*** आङ्पूर्वक ह्लादी सुखे (भ्वा.) धातु, आ+ह्लाद्+क्त (त), कर्ता र भावमा, इडागम= आह्लादित ।

शब्दार्थ- आनन्दित, हर्षित, सन्तुष्ट, प्रसन्न, खुसी पारिएको, आह्लादयुक्त ।

आह्वानम् (ना./न.) आहूयते अनेन इति ***(बोलाइन्छ यसबाट)*** आङ्पूर्वक ह्वेञ् स्पर्धायां शब्दे च (भ्वा.) धातु, आ+ह्वा+ल्युट् (अन)= आह्वान ।

शब्दार्थ- निमन्त्रणा, बोलाउने कार्य, बोलावट, डाक्ने काम, अनुरोध, प्रार्थना, नाम ।

उदा. **तिम्रै दयाको मन्त्रमय आह्वानले**
तिम्रै महानताको गानले
ती कङ्गाल, मानिस भनिन योग्य भए ।
- ए ! आत्मा किन्ने मानिस, विजय मल्ल

इ

इ (अव्य./ना./पुं.) एति विषयसुखम् ***(विषयसुखतिर लाग्दछ)*** इण् गतौ (अदा.)धातु, इ+क्विप्, सर्वलोप=इ अथवा अयतीति ***(जान्छ)*** इ गतौ (भ्वा.) धातु, इ+क्विप्, (सर्वलोप)= इ ।

परिचय- देवनागरी वर्णमालाको तेस्रो ह्रस्वस्वरवर्ण, तालुस्थानीय स्वरसंज्ञक, विवृतध्वनि ।

इकार उच्यते कामः- एकाक्षरकोशः

इ खेदे च रुषोक्तौ चापाकणानुकम्पयोः - इति मेदिनी

शब्दार्थ- कामदेव, सम्बोधन, क्रोध, विस्मय, निन्दा, आश्चर्य, कामवासना, खेद, अनुकम्पा ।

इकारः (ना./पुं.) 'इ' यस्तो वर्णनिर्देशनमा 'इ' प्रातिपदिकबाट इ+कार[1]= इकार ।

शब्दार्थ- स्वरवर्णको ह्रस्व 'इ' अक्षर, इकार ।

इक्षुः (ना./पुं.) इष्यते इति ***(कामना गरिन्छ)*** इषु इच्छायाम् (तुदा.) धातु, इष्+क्सु[2], (उणा.), कलोप, सको ष, षको क, क र षको क्षत्व= इक्षु ।

शब्दार्थ- उखु, रसाल, इच्छा ।

इक्षुदण्डः (ना./पुं.) इक्षोर्दण्डः ***(उखुको लाँक्रो)*** ष.त.स. =इक्षुदण्ड ।

शब्दार्थ- उखुको लाँक्रो, उखुको बोट, उखुको डाँठ ।

इक्षुरसः (ना./पुं.) रस्यते आस्वाद्यते इति ***(स्वाद लिइन्छ)*** अदन्त रस आस्वादने (चुरा.) धातु, रस+णिचि+अच् (एरच्)/घञ् (अ), णिलोप रसः । इक्षोः रसः ***(उखुको रस)*** ष.त.स.= इक्षुरस ।

शब्दार्थ- उखुको रस, उखुको झोल, खुँदो ।

इक्षुमती (ना./स्त्री.) इक्षुरस्यामस्तीति ***(धेरै उखु छ यहाँ)*** इक्षु+मतुप्[3] (मत्)+ङीप् (ई)= इक्षुमती ।

शब्दार्थ- उखु भएको स्थान, नदीको नाम, काठमाडौंमा रहेको 'टुकुचा' खोलाको प्राचीन नाम ।

इक्षुसारः (ना./पुं) इक्षोः सारः ***(उखुको सार)*** ष.त.स. =इक्षुसार । **शब्दार्थ-** सखर, चिनी, खुँदो, इक्षुरस ।

इक्ष्वाकुः (ना./पुं./स्त्री.) इक्षुम् इच्छामाकरोतीति ***(इच्छा गर्छ)*** इक्षु उपपदमा हुने आङ्पूर्वक डुकृञ् करणे (तना.) धातु, इक्षु+आ+कृ+डु[4] (उ), टिलोप, यण् =इक्ष्वाकु ।

इक्ष्वाकुः कटुतुम्ब्यां स्त्री सूर्यवंशनृपेः पुमान्- मेदिनी

इक्ष्वाकुः कटुतुम्बी स्यादित्यमरः ।

शब्दार्थ- वैवश्वत मनुका दश भाइ छोराहरूमध्ये जेठा छोरा, जो पहिलो सूर्यवंशी राजा थिए, तीतो तुम्वा, वनस्पति ।

इङ्गितम् (ना./न.) इङ्गयते इति ***(इशारा गरिन्छ)*** इगि गत्यर्थे (भ्वा.) धातु, नुमागम, इङ्ग्+क्त[5] (त), भावमा, इडागम= इङ्गित ।

शब्दार्थ- इसारा, सङ्केत, इरादा, चेष्टा, अभिप्राय अनुसारको चेष्टा गर्ने काम, आन्तरिक विचार, अङ्गविक्षेप (शरीरका चेष्टा, सङ्केत, गति, वोलीवचन आदिबाट मनोभाव बुझ्न सक्ने काम) ।

द्रष्टव्य- **आकारैरिङ्गितैर्गत्या चेष्टया भाषितेन च**
नेत्रवक्त्रविकारैश्च लक्ष्यतेऽन्तर्गतं मनः- मनु. ८/२६

उदा. **उठे बिस्तारै नै नृप नयनले इङ्गित हुँदै- भृ.ख.का.१/४८**

इच्छा (ना./स्त्री.) एषणम्, इष्यते इति वा ***(चाहना गरिन्छ)*** इषु इच्छायाम् (तुदा.) धातु, इष्+श[6], शको छत्वनिपातन, तुक्, श्चुत्व, टाप् (आ)= इच्छा ।

शब्दार्थ- चाहना, आकाङ्क्षा, कामना, रुचि, लालसा, अभिलाषा, लिप्सा ।

इच्छाधीनः (वि.) इच्छायाः अधीनः ***(इच्छाको अधीन)*** ष.त.स., दीर्घ= इच्छाधीन ।

शब्दार्थ-इच्छामा निर्भर रहने, इच्छा-अनुरूप चल्ने, ऐच्छिक ।

इच्छापत्रम् (ना./न.) इच्छायाः पत्रम् ***(इच्छाअनुरूपको पत्र)*** ष.त.स.= इच्छापत्र ।

शब्दार्थ- आफ्नो सम्पत्ति वा अन्य वस्तु अर्कालें उपभोग गर्ने गरी लेखिदिएको कागत, मञ्जुरनामा ।

इच्छावती (ना./स्त्री.) इच्छा विद्यते अस्याः ***(कामना छ यस स्त्रीको)*** इच्छा+मतुप् (मत्), मको व, इच्छावत् +ङीप् (ई)= इच्छावती ।

इच्छावती कामुका स्यात् वृषस्यन्ती तु कामुकी- इत्यमरः

---

[1] वर्णात्कारः : कार

[2] इषेः क्सुः : क्सु

[3] नद्यां मतुप् : मतुप्

[4] मितद्रवादिभ्य... (वा.) : डु

[5] नपुंसके भावे क्तः : क्त

[6] इच्छा : शनिपातन

शब्दार्थ- कामना गर्ने स्त्री, कामवासनाको चाहना गर्ने स्त्री, कामुकी स्त्री ।

इच्छुः (वि.) इच्छति तच्छीलः ***(इच्छाशील)*** इषु इच्छायाम् (तुदा.) धातु, इष्+उ[१] तथा षकारको छत्वनिपातन, तुक्, श्चुत्व= इच्छु ।

शब्दार्थ- आकाङ्क्षा गर्ने, अभिलाषा गर्ने, इच्छुक ।

इच्छुकः (वि.) इच्छु एव ***(चाहना गर्ने नै)*** इच्छु+कन् (स्वार्थमा)= इच्छुक ।

शब्दार्थ- इच्छा गर्ने, अभिलाषा गर्ने, चाहना गर्ने ।

इज्या (ना./स्त्री.) यजनम्, इज्यते इति वा ***(यज्ञ गरिन्छ)*** यज देवपूजासङ्गतिकरणदानेषु (भ्वा.) धातु, यज्+क्यप्[२] (य), सम्प्रसारणबाट यको इ, इज्य+टाप् (आ)= इज्या ।

शब्दार्थ- यज्ञ, होम, क्रतु, हवन, दान ।

इतः (अव्य./वि.) अस्मादिति ***(यसबाट)*** इदम्+तसि (तस्), इदम्को इश् आदेश, इतस्= इतः ।

अथवा ईयते स्म इति ***(गएको)*** इण् गतौ (अदा.) धातु, इ+क्त (त)= इत ।

शब्दार्थ- यसबाट, यसप्रकारबाट, गएको, बितेको, प्राप्त ।

इतरः (वि./ना./न) तरणमिति ***(पार हुनु)*** तॄ प्लवनतरणयोः (भ्वा.) धातु, तॄ+अप्[३] (अ), तरः । 'इ'को षठचन्तरूप- एः कामस्य तरः ***(चाहनाको पार हुने काम)*** ष.त.स.= इतरः ।

अथवा इना कामेन इच्छया तरतीति ***(कामना वा इच्छाद्वारा पार हुन्छ)*** तॄ प्लवनतरणयोः (भ्वा.) धातु, इ+तॄ+अप्/अच् (अ), गुण= इतर ।

शब्दार्थ- अर्को, दोस्रो, अन्योन्य, पारस्परिक, बाहेक, कारण, प्रकाश ।

इति (अव्य./ना./स्त्री.) एति, ईयते इति वा ***(जान्छ, समाप्त हुनु)*** इण् गतौ (अदा.) धातु, इ+क्तिच् (ति) =इति ।

इति हेतुप्रकरणप्रकाशादिसमाप्तिषु- इत्यमरः

शब्दार्थ- यस्तो, यसप्रकारले, कारण, प्रकाश, प्रकरण, उपसंहार द्योतक शब्द, अन्त्य, समाप्ति, कुनै लेख वा रचना वा सम्मति आदिमा प्रयुक्त हुने शब्द, अध्याय, सर्ग आदि समाप्त भएको जानकारी दिन प्रयुक्त गरिने शब्द, कुनै भनाइको समाप्ति पछि प्रयोग गरिने शब्द ।

इतिवृत्तम् (अव्य./ना./न.) वृत्यते स्म इति ***(रहेको)*** वृतु वर्तने (भ्वा.) धातु, वृत्+क्त (त), वृत्तम् । इतः वृत्तम् ***(कुनै कारण, घटना वा प्रसङ्ग आदिको वर्णन)*** ष.त.स.= इतिवृत्त ।

अथवा वृत्तस्य, वर्णनस्य प्रकाशः ***(वर्णनको प्रकाश पार्ने काम)*** इति+वृत्त, अव्य.स.= इतिवृत्त ।

शब्दार्थ- कुनै वर्णनप्रति प्रकाश पार्ने काम, कुनै वृतान्त, बितेका कुराको यथार्थ वर्णन, कुनै घटनाको विवरण ।

इतिश्रीः (ना./स्त्री.) इति चासौ श्रीश्च ***(सबै श्रीसम्पत्ति)*** क.त.स.= इतिश्री ।

शब्दार्थ- कुनै कुरा सिद्धिएको अवस्था, समाप्ति, ग्रन्थको अन्त्यमा समाप्ति सूचक शब्द, सबै श्रीसम्पत्ति, सर्वस्व ।

उदा. **के थालूँ अब लेख्न, जीवन जहाँ देखिन् इतिश्री भयो- के लेख्नु मैले पऱ्यो (गौरी)**

इतिहासः (ना./पुं.) इति एव ह किल ***(यस्तो नै निश्चय)*** अव्य.स., इतिह, तद् आस्ते अस्मिन् ***(ठीक यसैप्रकार छ यसमा)*** इतिहपूर्वक आस उपवेशने (अदा.) धातु, इतिह+आस्+घञ्[४] (अ), दीर्घ= इतिहास ।

इतिहासः पुरावृत्तम्- इत्यमरः

शब्दार्थ- बितेका समयका घटनाको वर्णन, अतीतका घटनाहरूको क्रमवद्ध वर्णन, पूर्ववर्ती घटनाहरूको प्रतिपादन वा त्यससम्वन्धी ग्रन्थ ।

द्रष्टव्य- **धर्मार्थकाममोक्षाणामुपदेशसमन्वितम्**
पूर्ववृत्तं कथायुक्तमितिहासं प्रचक्षते ।

इत्थम् (अव्य.) अनेन प्रकारेण ***(यस प्रकारले)*** इदम्+थमु[५] (थम्) प्रकृतिको इत् आदेश= इत्थम् ।

शब्दार्थ- यसप्रकारले, यस किसिमले ।

इत्यादि (अव्य.) आदाविति ***(आदिमा)*** इति+आदि (अव्य.स.), यण्= इत्यादि ।

शब्दार्थ- यसप्रकार, आदि, अरूपनि, कुनै मुख्य कुरा उल्लेख गरी अरू बाँकीलाई भन्नु पर्दा प्रयोग हुने शब्द जस्तैः राम, श्याम, गोपाल इत्यादि ।

इदानीम् (अव्य.) अस्मिन् काले इति ***(यस समयमा)*** इदम्+दानीम् (प्रकृतिको इश् आदेश)= इदानीम् ।

शब्दार्थ- अहिले, यस समयमा, यसबेला ।

इनः (ना./पुं.) एति, ईयते इति वा ***(जान्छ, गइन्छ, वृद्धि हुनु)*** इण् गतौ (अदा.) धातु, इ+नक् (न), उणा.=इन ।

शब्दार्थ- सूर्य, प्रभु, स्वामी, मालिक, ईश ।

इन्दुः (ना./पुं.) उनत्ति क्लेदयति विरहिणः ***(विरहीहरूलाई सन्ताप पैदा गर्छन्)*** उन्दी क्लेदने (रुधा.) धातु, उन्द्+उ[६] (उणा.), आदिका उकारको इकार= इन्दु ।

शब्दार्थ- चन्द्र, चन्द्रमा, विधु, सोम, ज्योतिषशास्त्रमा एकको संख्या ।

इन्दुमती (ना./स्त्री.) इन्दुः विद्यते अस्याम् ***(चन्द्रमा या प्रकाश छ यिनमा)*** इन्दु+मतुप्[७] (मत्)+ङीप् (ई) =इन्दुमती ।

शब्दार्थ- पूर्ण चन्द्रमा हुने पूर्णिमातिथि, सूर्यवंशी राजा अजकी पत्नी वा रानी ।

---

[१] विन्दुरिच्छुः : उ, छत्वनिपातन
[२] व्रजयजोर्भावे... : क्यप्
[३] ऋदोरप् : अप्
[४] हलश्च : घञ्
[५] इदमस्थमुः : थमु
[६] उन्देरिच्चादेः : उ (प्रत्यय), आदि उको इ
[७] तदस्यास्त्यस्मिन्... : मतुप्

इन्द्रः (ना./पुं.) इन्दतीति *(स्वामी बन्छ)* इदि परमैश्वर्ये (भ्वा.) धातु, नुम्, इन्द्+रन्[1] (उणा.)= इन्द्र ।

शब्दार्थ- स्वर्गका राजा इन्द्र, देवेन्द्र, देवताका अधिपति, शक्र, देवताका स्वामी, वृष्टि गर्ने देवता, सुरराज,

इन्द्रजालम् (ना./न.) जलति घनीभवतीति *(घनीभूत हुन्छ)* जल घातने (भ्वा.)धातु, जल्+ण[2] (अ), वृद्धि, जालम् । अथवा जालयतीति *(रोक्छ)* जल अपवारणे (चुरा.) धातु, जल्+णिचि+अच् (पचादि), वृद्धि, णिलोप, जालम् । इन्द्रस्य, परमेश्वरस्य जालं माया *(परमेश्वरको मायाजाल/कपटपूर्ण जाल)* ष.त.स. =इन्द्रजाल ।

शब्दार्थ- ईश्वरीय मायाजाल, योगजाल, चटक, दर्शकलाई भुल्याएर प्रदर्शन गरिने खेल, कपटपूर्ण व्यवहार, भ्रमात्मक कुरा, इन्द्रजाल-सम्वन्धी एक शास्त्रविशेष, जादुगरी ।

इन्द्रधनुः (ना./न.) धनतीति *(शब्द गर्छ)* धन शब्दे (भ्वा.) धातु, (अ.को.रामाश्रमी) धन्+उस्[3], उणा., धनुस् । इन्द्रस्य धनुस् *(इन्द्रको धनु)* ष.त.स., इन्द्रधनुस् =इन्द्रधनु ।

शब्दार्थ- आकाशमा कहिलेकाँही देखिने सप्तरङ्गी अर्धवृत्त, इन्द्रधनुष ।

इन्द्रध्वजः (ना./पुं.) इन्द्रस्य ध्वजः *(इन्द्रको ध्वजा)* ष.त.स.= इन्द्रध्वज ।

शब्दार्थ- इन्द्रको ध्वजा, इन्द्रका पताकाको पूजा गरी ठड्याउने ध्वजा सहितको लिङ्गो, इन्द्रको झण्डा ।

इन्द्रलोकः (ना./पुं) इन्द्रस्य लोकः *(इन्द्रको लोक)* ष.त.स =इन्द्रलोक ।

शब्दार्थ- स्वर्गलोक, देवलोक, सुरलोक, स्वर्ग ।

इन्द्रशत्रुः (ना./पुं.) इन्द्रस्य शत्रुः *(इन्द्रको शत्रु)* ष.त.स. =इन्द्रशत्रुः- (अन्तिम स्वराघात) ।

अथवा इन्द्रः शत्रुर्यस्य *(जसको इन्द्र शत्रु छ)* ब.स. =इन्द्रशत्रु (आदिस्वराघात) ।

द्रष्टव्य- 'इन्द्रशत्रुर्वधस्व' यस वैदिक मन्त्रमा अन्तिम स्वराघात हुँदा इन्द्रका शत्रुको वृद्धि होस् भन्ने अर्थ हुन्छ र आदिस्वराघात हुँदा जसको इन्द्र शत्रु छ, त्यही शत्रुको वृद्धि होस् भन्ने अर्थ हुन्छ । शतपथ ब्राह्मणको उपाख्यानअनुसार यही स्वराघात अशुद्ध उच्चारण गरेको कारण इन्द्रलाई मार्ने छोरो उत्पन्न गर्न चाहने पिताको इच्छा विपरीत इन्द्रद्वारा नै मारिने छोरो जन्म्यो, जसको नाम हो वृत्रासुर, त्यसैले महाभाष्यमा भनिएको छ-

मन्त्रो हीनः स्वरतो वर्णतो वा मिथ्याप्रयुक्तो न तमर्थमाह ।
स वाग्वज्रो यजमानं हिनस्ति यथेन्द्रशत्रुः स्वरतोऽपराधात् ।

द्रष्टव्य- मन्त्र, कुनै पद तथा वर्ण अशुद्धरूपमा उच्चारण गर्नाले पूर्ण अर्थ दिन सक्तैन, यसको उल्टो प्रतिफल प्राप्त हुन्छ ।

शब्दार्थ- इन्द्रको शत्रु, इन्द्र जसको शत्रु छ ।

इन्द्रसभा (ना./स्त्री.) इन्द्रस्य सभा *(इन्द्रको सभा)* ष.त.स.= इन्द्रसभा ।

शब्दार्थ- देवसभा, सुधर्मा, देवताको सभा ।

इन्द्रसूनुः (ना./पुं.) इन्द्रस्य सूनुः *(इन्द्रका पुत्र)* ष.त.स. =इन्द्रसूनु ।

शब्दार्थ- इन्द्रका छोरा, जयन्त ।

इन्द्रासनम् (ना./न.) इन्द्रस्य आसनम् *(इन्द्रको आसन)* ष.त.स., दीर्घ= इन्द्रासन ।

शब्दार्थ- इन्द्रको राजसिंहासन, इन्द्रको आसन, इन्द्रको राजगद्दी ।

इन्द्राणी (ना./स्त्री.) इन्द्रस्य पत्नी *(इन्द्रकी पत्नी)* इन्द्र+ आनुक्[4] (आन्)+ङीष् (ई), दीर्घ, णत्व=इन्द्राणी ।

शब्दार्थ- इन्द्रकी पत्नी, शचि ।

इन्द्रियम् (ना./न.) मम चक्षुरित्येवं प्रकारेण इन्द्रेण आत्मना ज्ञातम्, इन्द्रेण ईश्वरेण आत्मना सृष्टम्, इन्द्रेण आत्मना जुष्टं सेवितम्, इन्द्रेण आत्मना दुर्जयम् *(मेरो चक्षु यसप्रकारले आत्माद्वारा जानिएको, आत्माद्वारा सृजना गरिएको, आत्माद्वारा सेवा गरिएको, आत्माद्वारा दुर्जय इत्यादि अर्थमा)* इन्द्र+घच्[5] (इय)= इन्द्रिय ।

शब्दार्थ- ज्ञानशक्तिका प्रतीक पाँच ज्ञानेन्द्रिय- (आँखा, कान, नाक, छाला, जिब्रो), कर्मशक्तिका प्रतीक पाँच कर्मेन्द्रिय- (हात, पाउ, वाणी, गुदद्वार (पायु), उपस्थ (लिङ्ग)), अन्तःकरण- मन, बुद्धि, अहङ्कार, चित्त, बल, शक्ति, वीर्य, पराक्रम ।

इन्द्रियवृत्तिः (ना./स्त्री.) इन्द्रियाणां वृत्तिः *(इन्द्रियहरूको वृत्ति)* ष.त.स.= इन्द्रियवृत्ति ।

शब्दार्थ- इन्द्रियहरूको आ-आफ्नो विषयहरूप्रति प्रवृत्त हुने व्यापार जस्तैः आँखाको रूप हेर्ने, छालाको स्पर्श गर्ने, कानको श्रवण गर्ने, नाकको गन्ध सुँघ्ने, जिब्रोको स्वाद लिने आदि व्यापार ।

इन्द्रियनिग्रहः (ना./पुं.) इन्द्रियाणि निगृह्यन्ते इति *(इन्द्रियहरू दमन वा नियन्त्रण गरिन्छन्)* इन्द्रिय उपपदमा हुने निपूर्वक ग्रह उपादाने (क्र्या.) धातु, इन्द्रिय+नि+ग्रह्+अप् (अ)= इन्द्रियनिग्रहः ।

अथवा निगृह्यते इति *(नियन्त्रण गरिन्छ)* नि+ ग्रह्+ अप् (अ), निग्रहः । इन्द्रियाणां निग्रहः *(इन्द्रियहरूको नियन्त्रण)* ष.त.स.= इन्द्रियनिग्रह ।

शब्दार्थ- इन्द्रियलाई दमन गर्ने क्रिया, इन्द्रियलाई वश गर्ने कार्य ।

इन्द्रियातीतः (वि./ना./पुं.) इन्द्रियैरतीतः *(इन्द्रियहरूद्वारा जान्न नसकिने)* तृ.त.स.= इन्द्रियातीत ।

---

१. ऋज्रेन्द्राग्रवज्र... : रन्
२. ज्वलतिकसन्तेभ्यो णः : ण
३. अर्तिपृवपि.... : उस्
४. इन्द्रवरुणभवशर्व...: आनुक्, ङीष्
५. इन्द्रियमिन्द्रलिङ्ग... : घच् निपातन

अथवा इन्द्रियाणि अतीतः *(इन्द्रियहरूभन्दा परको)* द्वि.त.स., इन्द्रिय+अतीत, दीर्घ= इन्द्रियातीत ।

शब्दार्थ- इन्द्रियहरूद्वारा ग्रहण गर्न नसकिने, परब्रह्म परमेश्वर, अगोचर परब्रह्म ।

इन्द्रियार्थः (ना./पुं.) अर्थ्यन्ते इति *(कामना गरिन्छन्)* अर्थ उपयाञ्चायाम् (चुरा.) धातु, अर्थ+घञ् (अ), अर्थाः । इन्द्रियाणामर्थाः *(इन्द्रियका विषयहरू)* इन्द्रिय+अर्थ, ष.त.स., दीर्घ= इन्द्रियार्थ ।

रूपं शब्दो गन्धरसस्पर्शाश्च विषया अमी- इत्यमरः

शब्दार्थ- इन्द्रियका रूप, रस, गन्ध, स्पर्श, शब्द- यी विषयहरू ।

इन्द्रियलोलुपः (वि.) गर्हितं लुम्पतीति *(नराम्रोसित लोभिन्छ)* लुप्लृ क्षेदने (तुदा.) धातु, लुप्+यङ्[1] (य), द्वित्व, अभ्यासको गुण, लोलुप्य (यङन्त धातु) । लोलुप्यते इति *(ज्यादै लुब्ध हुन्छ)* लोलुप्य+अच् (पचादि), यको लुक्, लोलुपः । इन्द्रियेषु इन्द्रियाणां विषयेषु लोलुपः *(इन्द्रियका विषयहरूमा लोभिने)* स.त.स.= इन्द्रियलोलुप ।

शब्दार्थ- इन्द्रियका विषयहरूमा लुब्ध हुने वा लोभिने, इन्द्रियका विषयहरूमा मोहित हुने ।

इन्द्रियलुब्धः (वि.) अलुभ्यदिति *(लुब्ध भएको)* लुभ गार्ध्ये (दिवा.) धातु, लुभ्+क्त (त), कर्तामा, तको ध, भको जश्त्व ब, लुब्धः । इन्द्रियेषु यन्द्रियाणां विषयेषु लुब्धः *(इन्द्रियका विषयहरूमा लुब्ध भएको)* स.त.स. =इन्द्रियलुब्ध ।

शब्दार्थ- इन्द्रियका विषयहरूमा लोलुप, रूप, रस, स्पर्श, गन्ध, शब्द- यी इन्द्रियका विषयहरूमा आसक्त हुने

इन्धनम् (ना./न.) इन्द्धे दीप्यतेऽग्निरनेनेति *(यसद्वारा आगो बल्छ)* ञिइन्धी दीप्तौ (रुधा.) धातु, इन्ध्+ल्युट् (अन), करणमा= इन्धन ।

शब्दार्थ- तापशक्ति पैदा गर्ने साधन (दाउरा, कोइला, मट्टितेल, पेट्रोल आदि), जलाउने वा प्रज्वलित गर्ने काम ।

इयत्ता (ना./स्त्री.) इयत् परिमाणमस्य *(यति नाप छ यसको)* 'इदम्' शब्दवाट इदम्+वतुप्[2] (वत्), वको घ (इय), इदम्को इश् (सर्वादिश), इकारलोप, इयत् । इयतः भावः *(यति छ परिमाण भन्नाको भाव वा अवस्था)* इयत्+तल् (त)+टाप् (आ)= इयत्ता ।

शब्दार्थ- यति छ भन्ने निश्चित सङ्ख्याको किटान, निश्चित परिमाण या नाप, निश्चित अवधि, हद या सीमा ।

इयान् (वि.) इयत् परिमाणमस्य *(यति नाप छ यसको)* इदम् शब्दबाट इदम्+वतुप्[2] (वत्), वको घ, इय, इदम्को ईश् (सर्वादिश), ईकारलोप, इयत्= इयान् ।

शब्दार्थ- यति छ भन्ने निश्चित सङ्ख्या किटान गर्ने, निश्चित परमाण या नाप तोक्ने, निश्चित अवधि वा हद देखाउने ।

इरा (ना./स्त्री.) एति, ईयते अनेन वा *(जान्छ, गइन्छ यसबाट)* इण् गतौ (अदा.) धातु, इ+रक्[3] (र), उणा., टाप् (आ)= इरा ।

अथवा इं कामं रातीति *(कामोत्तेजना दिन्छ)* इपूर्वक रा दाने (अदा.) धातु, इ+रा+क (अ)+टाप् (आ)= इरा ।

इरा भूवाक्सुराप्सु स्यात्- इत्यमरः

शब्दार्थ- पृथिवी, वाणी, मदिरा, सुरा, जल वा पानी ।

इरावती (ना./स्त्री.) इरा जलम् विद्यते अस्याः *(अगाध जल छ यसको)* इरा+मतुप् (मत्), मको व, ङीप् (ई) =इरावती ।

शब्दार्थ- नदी, अगाध जलले परिपूर्ण एक नदीको नाम ।

इला (ना./स्त्री.) इलति छिपति *(फाल्छ)* एलयति प्रेरयति कर्मणि जनान् *(मानिसलाई कर्ममा प्रवृत्त गराउँछ)* इल स्वप्नक्षेपणयोः (तुदा.) वा इल प्रेरणे (चुरा.) धातु, इल्+क (अ)+टाप् (आ)= इला ।

अथवा ईडचते स्तूयते जनैः *(मानिसहरूद्वारा स्तुति वा प्रशंसा गरिन्छ)* ईड स्तुतौ (अदा.) धातु, ईड्+घञ् (अ), पृषोदरादिवाट ईको ह्रस्व, ड तथा लको अभेद सम्बन्ध हुँदा, डको ल, इल+टाप् (आ)= इला ।

इला कलत्रे सौम्यस्य धरित्र्यां गवि वाचि च- मेदिनी ।

गोभूवाचस्त्वीडा इलाः- इत्यमरः

शब्दार्थ- पृथ्वी, भूमि, गाई, वाणी, वचन, भाषा, चन्द्रमाका पुत्र बुधकी पत्नी ।

इलावृत्तम् (ना./न.) इरया जलेन आवृत्तम् *(जलले परिवेष्ठित भएको)* तृ.त.स., इरावृत्त, रको ल (र तथा लको अभेदसम्बन्ध हुँदा)= इलावृत्त ।

शब्दार्थ- पौराणिक मान्यताअनुसार- जम्मुद्वीपको एक खण्ड, जो सुमेरु पर्वतलाई परिवेष्ठित गरेर रहन्छ ।

इषः (ना./पुं.) इष्यति गच्छति सूर्यः अस्मिन् *(सूर्य यसमा प्रवेश गर्छन्)* इष गतौ (दिवा.) धातु, इष्+क[4] (अ) =इष ।

स्यादश्विन इषोऽप्याश्वयुजः- इत्यमरः

शब्दार्थ- असोजमहिना, आश्विन-महिना ।

इषुः (ना./पुं./स्त्री.) ईषति हिनस्ति प्राणिनः *(प्राणीहरूको हिंसा गर्छ)* ईष गतिहिंसादर्शनेषु (भ्वा.) धातु, ईष+उ[5] (उणा.), धातुका दीर्घ ईकारको इत्वनिपातन= इषु ।

अथवा इष्यति गच्छतीति *(अगाडि बढ्छ)* इष गतौ (दिवा.) धातु, इष्+उ[5]= इषु ।

कदम्बमार्गणशराः पत्री रोप इषुर्द्वयोः- इत्यमरः

शब्दार्थ- वाण, शर, धनुर्वाण, ज्योतिषमा पाँचको सङ्ख्या ।

---

[1] लुपसदचर... : यङ्

[2] किमिदम्भ्यां वो घ : वतुप्, वको घ

[3] ऋज्रेन्द्राग्र... : रक्

[4] इगुपधज्ञा... : क

[5] इषेः किच्च उः : उ, ईको इत्व निपातन

इषुधिः (ना./स्त्री.) इषवः धीयन्ते अस्मिन् *(वाणहरू राखिन्छन् यसमा)* इषु उपपदपूर्वक डुधाञ् धारणपोषणयोः (जुहो.) धातु, इषु+धा+कि (इ), आलोप= इषुधि ।

शब्दार्थ- वाण राख्ने ठोक्रो, तुणीर, वाण राख्ने आधार ।

इष्टः (ना./पुं./वि.) यजतीति *(यज्ञ गर्छ)* यज देवपूजा सङ्गतिकरणदानेषु (भ्वा.) धातु, यज्+क्त[1] (त), वर्तमानमा= इष्ट ।

अथवा इज्यते स्म इति *(यज्ञ गरिएको)* यज्+क्त (त), भूतमा, यको सम्प्रसारणबाट इ, जको ष, तको ष्टुत्व =इष्ट ।

अथवा इष्यते स्म इति *(चाहना गरिएको)* इषु इच्छायाम् (तुदा.) धातु, इष्+क्त (त), ष्टुत्व= इष्ट ।

अग्निहोत्रं तपः सत्यं वेदानां चार्थपालनम् ।
आतिथ्यं वैश्वदेवञ्च इष्टमित्यभिधीयते- इति स्मृतिः

शब्दार्थ- अग्निहोत्र, तप, सत्यपालन, आतिथ्य, वैश्वदेव, वेदार्थपालन, यज्ञ, यज्ञकर्म, दान, प्रिय, पूज्य, प्रशंसनीय, अभिलषित, इच्छा गरिएको, वाञ्छित, दान दिइएको ।

इष्टदेवः (ना./पुं.)/**इष्टदेवता** (ना./स्त्री.) इष्टश्चासौ देवश्च वा इष्टा चासौ देवता च *(इष्ट या कुल देवता)* क.त.स.= इष्टदेव ।

अथवा इष्टदेव एव *(इष्टदेवता नै)* इष्टदेव+तल्[2] (त), स्वार्थमा, टाप् (आ)= इष्टदेवता ।

शब्दार्थ- कुलदेवता, आराध्यदेव, अनुकूल-देवता, संरक्षक देवता, परम्परादेखि पूजिदै आएका देवता ।

इष्टमित्रम् (ना./न.) इष्टञ्च तत् मित्रञ्च *(इष्टमित्र)* क.त.स.= इष्टमित्र ।

शब्दार्थ- प्रियमित्र, भलाइ चाहने मित्र, वन्धुवान्धव, हितकारी व्यक्ति ।

इष्टिः (ना./स्त्री.) यजनम्, इज्यते वा इष्यते अनया *(यज्ञ वा चाहना गरिन्छ यसबाट)* यज देवपूजा-संगतिकरणदानेषु (भ्वा.) वा इषु इच्छायाम् (तुदा.) धातु, यज्+क्तिन्[3] (ति), यज्को सम्प्रसारणबाट इ, जको ष, ष्टुत्व= इष्टिः ।

अथवा इष्+क्तिन् (ति), ष्टुत्व= इष्टि ।

शब्दार्थ- यज्ञकर्म, दान, देवपूजा, कामना, इच्छा, अभिलाषा, प्रार्थना ।

इष्वासः (ना./पुं.) इषवः वाणाः अस्यन्ते क्षिप्यन्ते अनेन इति *(वाण हानिन्छ यसबाट)* इषु उपपदमा हुने असु क्षेपणे (दिवा.) धातु, इषु+अस्+घञ् (अ), करणमा, असको वृद्धि, इषु आसमा यण्= इष्वास ।

धनुश्चापौ धन्वशरासनकोदण्डकार्मुकम् । इश्वासोऽपि- इत्यमरः

शब्दार्थ- वाण हान्ने क्रिया, धनु, चाप, कार्मुक ।

इह (अव्य.) अस्मिन्निति *(यहाँ)* 'इदम्' शब्दबाट इदम्+ह (प्रत्यय), 'इदम्' प्रकृतिको इश्आदेश[4], शलोप =इह ।

शब्दार्थ- यहाँ (काल, स्थान, देश आदि द्योतक), यस ठाउँमा, यसलोकमा ।

इहत्यः (वि.) इह भवः, जातादिरिति वा *(यहाँ हुने, भएको वा जन्मेको)* इह+त्यप्[5] (त्य)= इहत्य ।

शब्दार्थ- यहाँ भएको, यहाँ उत्पन्न भएको ।

इहलीला (ना./स्त्री.) इहलोकस्य लीला *(यस लोकको जीवनलीला)* ष.त.स.= इहलीला ।

शब्दार्थ- यस लोकको चरित्र, यस लोकको जीवनलीला, यस लोकको गतिविधि वा वर्णन ।

इहलोकः (ना./पुं.) इह लोकः *(यो लोक)* सह सुपा समास= इहलोक ।

शब्दार्थ- यो लोक, यो संसार ।

उदा. उचित छ इहलोकलाइ कान्ति
परिणतिमा परलोकलाइ शान्ति- आ.रा. ४/८

ई

ईः (ना./पुं./स्त्री./अव्य.) एति, ईयते इति वा *(व्याप्त हुन्छ, जान्छ)* ई गतिव्याप्तिप्रजनकान्त्यसनखादनेषु (अदा.) वा ईङ् गतौ (दिवा.) धातु, ई+क्विप् (सर्वलोप)= ई ।

लक्ष्मीरीकार उच्यते- एकाक्षरकोशः
ई विषादेऽनुकम्पायां लक्ष्म्यां पुनरनव्ययम्- इति मेदिनी

परिचय- देवनागरी वर्णको चौथो दीर्घस्वरवर्ण, तालुस्थानीय स्वरसंज्ञक विवृतध्वनि, अरूलाई होच्याएर बोल्दा प्रयोग हुने शब्द ।

शब्दार्थ- लक्ष्मी, पीडा, खिन्नता, शोक, क्रोध, कामदेव, सम्वोधन, जाने काम, विस्मय, घृणा, अपहेलना, अनुकम्पा ।

---

१. मतिबुद्धिपूजार्थे.../नपुंसके भावे... : क्त
२. देवात्तल् : तल्
३. श्रुयजीषिस्तुभ्यः करणे (वा.) : क्तिन्
४. इदम इश् : इश्
५. अव्ययात् त्यप् : त्यप्

ईकारः (ना./पुं.) 'ई' यस्तो वर्णनिर्देशमा 'ई' प्रातिपदिकबाट ई+कार[१]= ईकार ।

शब्दार्थ- स्वरवर्णको दीर्घ 'ई' अक्षर, ह्रस्वइकार स्वरवर्णको दीर्घरूप ।

ईक्षकः (वि.) ईक्षते इति *(अवलोकन गर्छ)* ईक्ष दर्शने (भ्वा.) धातु, ईक्ष्+ण्वुल् (अक)= ईक्षक ।

शब्दार्थ- दर्शक, हेर्ने, जाँच्ने, परीक्षण गर्ने, ठम्याउने ।

ईक्षणम् (ना./न.) ईक्षणम्, ईक्ष्यते अनेन इति वा *(हेर्नु, हेरिन्छ यसबाट)* ईक्ष दर्शने (भ्वा.) धातु, ईक्ष्+ल्युट् (अन), भाव तथा करणमा, णत्व= ईक्षण ।

दर्शनालोकनेक्षणम्- इत्यमरः

शब्दार्थ- निरीक्षण, अवलोकन, परीक्षण, हेर्ने वा जाँच्ने काम, दर्शन, दृष्टि, नेत्र, नयन, चक्षु ।

ईक्षणीयः (वि.) ईक्षितुं योग्यः *(हेर्न लायक)* ईक्ष दर्शने (भ्वा.) धातु, ईक्ष्+अनीय (र्)= ईक्षणीय ।

शब्दार्थ- हेर्न लायक, हेर्न वा जाँच्न योग्य ।

ईक्षमाणः (वि.) ईक्षते इति *(हेर्छ)* ईक्ष दर्शने (भ्वा.) धातु, ईक्ष्+शानच्[२] (आन), शप् (अ), मुक्[३]= ईक्षमाण ।

शब्दार्थ- हेर्दै, अवलोकन गर्दै, दर्शन गर्दै ।

ईडितः (वि.) ईडयते स्म इति *(स्तुति गरिएको)* ईड स्तुतौ (अदा./चुरा.) धातु, ईड्+क्त (त), इडागम= ईडित ।

शब्दार्थ- स्तुति गरिएको, प्रशंसा गरिएको, प्रशंसित ।

ईतिः (ना./ स्त्री.) ईयते अनया इति *(सङ्कट पैदा हुन्छ यसबाट)* ईङ् गतौ (दिवा.) धातु, ई+क्तिन् (ति) =ईति ।

शब्दार्थ- महामारी, सङ्कट, दुःखकष्ट, सङ्क्रामक रोग, छ प्रकारका उपद्रवहरू-

अतिवृष्टिरनावृष्टिः शलभा मूषिकाः खगाः
प्रत्यासन्नाश्च राजानः षडेता ईतयः स्मृताः- इति स्मृतिः

अतिवृष्टि, अनावृष्टि, सलह, मूसो, सुगा आदिको विगविगी, प्रत्याक्रमण ।

ईदृक्/ईदृक्षः/ईदृशः (वि.) अयमिव दृश्यते *(यसभैं देखिन्छ)* इदम्+दृश्+क्विन्[४], इदम्को ईश् आदेश, कुत्व= ईदृक् ।

इदम्+दृश्+क्स, इदम्को ईश् आदेश, कुत्व, षत्व, क र षको क्षत्व= ईदृक्ष ।

इदम्+दृश्+कञ्[४] (अ), इदम्को ईश् आदेश= ईदृश ।

शब्दार्थ-यो जस्तै, यसै जस्तो, यसैको वरावर, तुल्य, सदृश

ईप्सा (ना./स्त्री.) आप्तुमिच्छा *(पाउने अभिलाषा)* आप्लृ व्याप्तौ (स्वा.) धातु, आप्+सन् (स), आप्को ईत्व[५], द्वित्व[६], अभ्यासलोप, दीर्घ, ईप्स (सनन्त धातु) । ईप्स्यते इति *(चाहना गरिन्छ)* ईप्स+अ (प्रत्यय) +टाप् (आ)= ईप्सा ।

शब्दार्थ- कुनै वस्तु पाउने तीव्र इच्छा, ज्यादै अभिलाषा, कामना ।

ईप्सितः (वि.) आप्तुमिष्यते इति *(पाउने चाहना गरिन्छ)* आप्लृ व्याप्तौ (स्वा.) धातु, आप्+सन् (स), आप्को ईत्व[५], द्वित्व[६], अभ्यासलोप, दीर्घ, ईप्स (सनन्त धातु) । ईप्स्यते स्म इति *(ज्यादा इच्छा गरिएको)* ईप्स+क्त (त), इडागम, अकारलोप= ईप्सित ।

शब्दार्थ- अभिलषित, वाञ्छित, इच्छा गरिएको, कामना गरिएको, चाहेको ।

ईप्सुः (वि.) आप्तुमिच्छतीति *(पाउने इच्छा गर्छ)* आप्लृ व्याप्तौ (स्वा.) धातु, आप्+सन् (स), ईत्व[५], द्वित्व[६], अभ्यासलोप, दीर्घ, ईप्स (सनन्त धातु) । ईप्सति तच्छीलः *(पाउने इच्छा छ यसको)* ईप्स+उ[७], अकारलोप= ईप्सु ।

शब्दार्थ- इच्छा गर्ने, चाहना गर्ने, अभिलाषा गर्ने, इच्छुक ।

ईरितः (वि.) ईर्ते स्म इति *(काँपेको)* ईर गतौ कम्पने च (अदा.) धातु, ईर्+क्त (त), इडागम= ईरित ।

शब्दार्थ- फालेको, छिप्त, काँपेको, कम्पित, गत ।

ईर्षा (ना./स्त्री.) ईर्ष्यणम्, ईष्यते इति वा *(ईष्या गरिन्छ)* ईर्ष्य ईर्ष्यायाम् (भ्वा.) धातु, ईर्ष्य्+घञ् (अ)+टाप् (आ), यलोप= ईर्षा ।

शब्दार्थ- रिस गर्ने काम, अर्काको प्रगति सहन नसक्ने काम, अक्षमता ।

ईर्ष्या (ना./स्त्री.) ईर्ष्यणम्, ईर्ष्यते इति वा *(ईर्ष्या गरिन्छ)* ईर्ष्य ईर्ष्यायाम् (भ्वा.) धातु, ईर्ष्य+अ[८] (प्रत्यय)+टाप् (आ)= ईर्ष्या ।

शब्दार्थ- अर्काको उत्कर्ष सहन नसक्ने क्रिया, डाह, जलन, असहिष्णुता ।

उदा. **हेर न ती देवताहरू, हाम्रो विशेषता देखी ईष्याले खालि गर्दछन् निन्दा विज्ञानको- प्रह्लाद (प्र.अ.)**

ईर्ष्यालुः (वि.) ईष्यां लातीति *(ईर्ष्या गर्छ)* ईर्ष्यापूर्वक ला आदाने (अदा.) धातु, ईष्या+ला+डु (उ), टिलोप =ईर्ष्यालु ।

शब्दार्थ- अर्काको उत्कर्ष वा समुन्नति सहन नसक्ने, डाह गर्ने, अर्काको द्वेष वा ईर्ष्या गर्ने, ईख गर्ने ।

ईर्ष्यावान् (वि.) ईर्ष्या अस्यास्तीति *(इर्ष्या छ यसको)* ईर्ष्या+मतुप् (मत्), मको व, ईर्ष्यावत्= ईर्ष्यावान् ।

शब्दार्थ- अर्काको ईर्ष्या गर्ने, द्वेष गर्ने, डाह गर्ने ।

ईशः (ना./पुं.) ईष्टे इति *(ऐश्वर्यशाली बन्छ)* ईश ऐश्वर्ये (अदा.) धातु, ईश्+क[९] (अ)= ईश ।

शब्दार्थ- ईश्वर, शिव, महेश्वर, शङ्कर, स्वामी, राजा, मालिक, ऐश्वर्यले परिपूर्ण व्यक्ति ।

---

[१] वर्णात्कारः : कार
[२] लटः शतृशानचाव.... : शानच्
[३] आने मुक् : मुक्
[४] त्यदादिषु दृशोः...: क्विन् /कञ्
[५] आप्ज्ञप्यृधामीत् : ईत्
[६] सन्यङोः : द्वित्व
[७] सनाशंसभिक्ष उः : उ
[८] गुरोश्च हलः : अ (प्रत्यय)
[९] इगुपधज्ञा... : क

ईशा (ना./स्त्री.) ईष्टे असौ *(ऐश्वर्यशाली छ यो)* ईश ऐश्वर्ये (अदा.) धातु, ईश्+क (अ)+टाप् (आ)=ईशा ।

शब्दार्थ- धनाढ्य स्त्री, हलदण्ड, हरिस, दुर्गा, भगवती ।

ईशानः (ना./पुं.) ईष्टे तच्छीलः *(स्वामी हुने शील छ)* ईश ऐश्वर्ये (अदा.) धातु, ईश्+चानश्[1] (आन) = ईशान ।

ईश्वरः शर्व ईशानः - इत्यमरः

शब्दार्थ- शिव, महेश्वर, शङ्कर, महादेव, एघार रुद्रमध्ये एक, शासक, स्वामी, मालिक, ईशानकोण ।

***द्रष्टव्य-* सर्वस्य प्रभुमीशानं सर्वस्य शरणं महत्- महा.भा १/१/२२**

ईशिता (वि.) इष्टे इति *(स्वामी बन्छ)* ईश ऐश्वर्ये (अदा.) धातु, ईश्+तृन्[2] (तृ), इडागम, ईशितृ= ईशिता ।

शब्दार्थ- पति, स्वामी, मालिक, अनुशासन गर्ने ।

ईशित्वम् (ना./न.) ईशः अस्यास्तीति *(स्वामी भाव छ यसको)* ईश+इनि (इन्), ईशिन् । ईशिनः भावः *(स्वामी हुनाको भाव वा अवस्था)* ईशिन्+त्व =ईशित्व ।

शब्दार्थ- अष्ट सिद्धिमध्ये एक, ईश्वरत्व, शक्तिशालित्व ।

ईश्वरः (ना./पुं.) इष्टे तच्छीलः *(स्वामी बन्ने शील छ यिनको)* ईश ऐश्वर्ये (अदा.) धातु, ईश्+वरच्[3] (वर)= ईश्वर ।

अथवा अश्नुते व्याप्नोतीति *(सर्वत्र ढाक्छन्)* अशु व्याप्तौ (स्वा.) धातु, अश्+वरट्[4] (वर), उणा., उपधाको ईत्व= ईश्वर ।

शब्दार्थ- महेश्वर, महादेव, सर्वेश्वर विष्णु, सृष्टिस्थिति र लयकर्ता परमेश्वर, सर्वज्ञ, स्वामी, मालिक ।

ईश्वराधीनः (वि.) ईश्वरस्य अधीनः *(ईश्वरको अधीन)* ष.त.स., दीर्घ= ईश्वराधीन ।

शब्दार्थ- ईश्वरको अधीनमा रहने, ईश्वरको वशमा हुने ।

ईश्वरी (ना./स्त्री.) अश्नुते शीघ्रं व्याप्नोतीति *(शीघ्र व्याप्त हुन्छ)* अशू व्याप्तौ सङ्घाते च (स्वा.) धातु, अश्+वरट्[4] (वर), उपधाको ईत्व, ईश्वरः । ईश्वर+ ङीप् (ई)= ईश्वरी ।

शब्दार्थ- भवानी, दुर्गा, देवी, भगवती, पार्वती, लक्ष्मी, मालिक्नी ।

***द्रष्टव्य-* त्वमीश्वरी देवि चराचरस्य- दुर्गा.स.११/३**

ईश्वरीयः (वि.) ईश्वरे भवः जातादिर्वा *(ईश्वरमा हुने वा भएको)*, ईश्वरस्य अयम् *(ईश्वरको यो)* ईश्वर+छ (ईय)= ईश्वरीय ।

शब्दार्थ- ईश्वरसम्वन्धी, ईश्वरसित सम्वन्धित, ईश्वरको ।

ईषत् (अव्य.) (अव्ययपाठमा पर्ने हुँदा) ईषणमिति *(अलि-अलि हुनु)* ईष गतिहिंसादर्शनेषु (भ्वा.) धातु, ईष्+अति (अत्)= ईषत् ।

शब्दार्थ- अलिकति, थोरै, अल्प ।

ईहा (ना./स्त्री.) ईहनम्, ईह्यते इति वा *(चेष्टा वा कामना गरिन्छ)* ईह चेष्टायाम् (भ्वा.) धातु, ईह्+अ[5] (प्रत्यय)+टाप् (आ)= ईहा ।

शब्दार्थ- इच्छा, आकाङ्क्षा, लालसा, चेष्टा, कामना ।

ईहामृगः (ना./पुं.) ईहाप्रधानश्चासौ मृगश्च *(तृष्णा प्रधान भएको मृग)* क.त.स., उ.प.लोप= ईहामृग ।

ईहामृगस्तु पुंसि स्यात् कोकरूपकभेदयोः - इति मेदिनी

शब्दार्थ- मृगतृष्णा, चखेवा, जन्तुविशेष, वृक, ब्वाँसो, रूपकका दशभेदमध्ये एक ।

उ

उः (ना./पुं./अव्य.) अवते इति *(रक्षा गर्छ)* उङ् शब्दे (भ्वा.) धातु, उ+क्विप् (सर्वलोप)= उ ।

अतति सर्वं व्याप्नोतीति *(सबै ढाक्छ)* अत्+डु (उ), टिलोप= उ ।

परिचय- देवनागरी वर्णमालाको चारौं ह्रस्वस्वरवर्ण, ओष्ठस्थानीय विवृत स्वरसंज्ञकध्वनि, 'ओम्'मा आउने अ+उ+म यी तीन ध्वनिमध्ये दोस्रो ध्वनि,
- सम्वोधन, आदेश, स्वीकृति, अनुकम्पा, क्रोधादि अर्थ बुझाउने विस्मयादिवोधक अव्यय ।
- स्वरवर्णमा पर्ने ह्रस्व उ अक्षर ।

उ सम्वोधनरोषोक्तचोरनुकम्पानियोगयोः
पदस्य पूरणे पादपूरणेऽपि च दृश्यते- इति मेदिनी

उकारस्तु महेश्वरः ।
उकारः शङ्करः प्रोक्तः- एकाक्षरकोशः

शब्दार्थ- शिव, शङ्कर, महेश्वर, महादेव ।

उकारः (ना./पुं.) 'उ' यस्तो वर्णनिर्देशनमा 'उ' प्रातिपदिकबाट उ+कार= उकार ।

शब्दार्थ- उअक्षर, स्वरवर्णको ह्रस्व उध्वनि ।

उक्तः (वि.) उच्यते स्म इति *(भनिएको)* वच परिभाषणे (अदा.) धातु, वच्+क्त (त), सम्प्रसारणबाट वको उ =उक्त ।

शब्दार्थ- भनिएको, कहिएको, कथित, भाषित, बताइएको ।

उक्तिः (ना./स्त्री.) वचनम्, उच्यते इति *(भनिन्छ)* वच परिभाषणे (अदा.) धातु, वच्+क्तिन् (ति), सम्प्रसारणबाट वको उ= उक्ति ।

शब्दार्थ- भनाइ, वचन, बोली, कथन ।

---

[1] ताच्छील्यवयोवचन... : चानश्

[2] तृन् : तृन्

[3] स्थेशभासपिस... : वरच्

[4] अश्नोतेराशुकर्मणि... : वरट्, उपधाको ईत्व

[5] गुरोश्च हलः : अ (प्रत्यय)

उक्ति-प्रत्युक्तिः (ना./स्त्री.) उच्यते इति *(भनिन्छ)*, प्रत्युच्यते इति *(प्रत्युत्तर दिइन्छ)* वच परिभाषणे (अदा.) धातु, वच+क्तिन् (ति), सम्प्रसारणबाट वको उ, उक्तिः । प्रति+वच्+क्तिन् (ति), सम्प्रसारणबाट वको उ, यण्, प्रत्युक्तिः । उक्तिश्च प्रत्युक्तिश्च *(कथन र प्रत्युत्तर)* द्व.स.= उक्ति-प्रत्युक्ति ।

शब्दार्थ- भनाइ र जवाफ, सवाल-जवाफ, प्रत्युत्तर ।

उक्थम् (ना./न.) वक्तीति *(बताउँछ)* वच परिभाषणे (अदा.) धातु, वच्+थक् (थ), उणा., कुत्व, सम्प्रसारणबाट वको उ= उक्थ ।

शब्दार्थ- सामवेद, सामवेदको मन्त्र ।

उक्षा (ना./पुं.) उक्षतीति *(बीज सेचन गर्छ)* उक्ष सेचने (भ्वा.) धातु, उक्ष्+कनि[१] (अन्), उणा., उक्षन्= उक्षा

उक्षा भद्रो वलीवर्द ऋषभो वृषभो वृषः- इत्यमरः

शब्दार्थ- साँढे, बहर, गोरु, वृषभ, वृष ।

उग्रः (वि./ना./पुं.) उच्यति क्रुधा सम्वोधयति *(क्रोधले बताउँछ)* उच समवाये (दिवा.) धातु, उच्+रन्[२] (र), 'ग' अन्तादेश, उणा.= उग्र ।

शब्दार्थ- भयङ्कर, डरलाग्दो, भयानक, क्रूर, हिंस्रक, रौद्र, दारुण, उत्कट, महादेव, वायु, मूर्ति, क्षत्रियबाट शूद्रकन्यामा पैदा भएको सन्तान ।

उग्रकर्मा (वि.) उग्रं कर्म यस्य *(डरलाग्दो छ कर्म जसको)* ब.स., उग्रकर्मन्= उग्रकर्मा ।

शब्दार्थ- रौद्र कर्म गर्ने, आँटिलो, साहसपूर्ण काम गर्ने, डरलाग्दो काम गर्ने ।

उग्रगन्धः (ना./पुं.) उग्रः गन्धः यस्य सः *(ज्यादै गन्ध छ यसको)* ब.स.= उग्रगन्ध ।

शब्दार्थ- लसुन, चाँपको वृक्ष, उत्कट गन्ध आउने वस्तु, वोझो, गन्धक ।

उग्रता (ना./स्त्री.) उग्रस्य भावः *(डरलाग्दो हुनाको भाव वा अवस्था)* उग्र+तल् (त)+टाप् (आ)= उग्रता ।

शब्दार्थ- क्रूरता, डरलाग्दोपन, कठोरपना ।

उग्रतरः (वि.) अयमनयोरतिशयेन उग्रः *(यी दुईमा यो ज्यादै उग्र छ)* उग्र+तरप् (तर)= उग्रतर ।

शब्दार्थ- ज्यादै प्रचण्ड, ज्यादै उग्र, ज्यादै डरलाग्दो ।

उग्रसेनः (ना./पुं.) उग्रा सेना यस्य सः *(भीषण सेना छ जसको)* ब.स., सेनाको पुंवद्भाव= उग्रसेन ।

शब्दार्थ- कंसपिता, कंसका वावु, धेरै सेना भएका राजा, प्राचीन मथुराका राजा ।

उचितः (वि.) वक्तीति *(भन्दछ)* वच परिभाषणे (अदा.) धातु, वच्+कितच् (इत), उणा., सम्प्रसारणबाट वको उ= उचित । अथवा उच्यते स्म इति *(ठीक देखिएको)* उच समवाये (दिवा.) धातु, उच्+क्त (त), इडागम= उचित ।

शब्दार्थ- उपयुक्त, योग्य, ठीक, सही, अनुकूल, विदित ।

उच्चः (वि.) उच्चिनोतीति *(उत्कृष्ट वा उच्च हुन्छ)* उत्पूर्वक चिञ् चयने (स्वा.) धातु, उत्+चि+ड[३] (अ), टिलोप, श्चुत्व= उच्च ।

शब्दार्थ- उन्नत, उत्कृष्ट, उच्च, उँचो, अग्लो ।

उच्चतरः (वि.) अयमनयोरतिशयेन उच्चः *(यी दुईमा यो ज्यादै उच्च)* उच्च+तरप्[४] (तर) = उच्चतर ।

शब्दार्थ- अपेक्षाकृत अग्लो, निकै अग्लो, श्रेष्ठतर ।

उच्चतमः (ना./ स्त्री.) अयमेषामतिशयेन उच्चः *(यो यिनीहरूमा ज्यादै उच्च)* उच्च+तमप्[५] (तम) =उच्चतम ।

शब्दार्थ- सर्वोच्च, सर्वोत्तम, सबैभन्दा उच्च तथा अग्लो ।

उच्चता (ना./स्त्री.) उच्चस्य भावः *(उच्च हुनाको भाव वा अवस्था)* उच्च+तल् (त)+टाप् (आ)= उच्चता ।

शब्दार्थ- उचाइ, उत्कृष्टता, उँचोपना, श्रेष्ठता, उच्च हुनाको स्थिति ।

उच्चस्तरुः (ना./पुं.) उच्चः उन्नतश्चासौ तरुश्च *(उच्च वृक्ष)* क.त.स.= उच्चस्तरु ।

शब्दार्थ-अग्लो रूख, उन्नत रूख, जस्तै- नरिवल, सिमल ।

उच्चन्यायालयः (ना./पुं.) उच्चश्चासौ न्यायालयश्च *(माथिल्लो तहको न्यायालय)*क.त.स.=उच्चन्यायालय ।

शब्दार्थ- जिल्ला अदालतभन्दा माथिल्लो अदालत, माथिल्लो तहको न्यायालय ।

उच्चवर्गः (ना./पुं.) उच्चश्चासौ वर्गश्च *(माथिल्लो तहको वर्ग)* क.त.स.= उच्चवर्ग ।

शब्दार्थ- माथिलो तहको मानिस, धनीमानी व्यक्ति, धनाढ्य, सम्भ्रान्तवर्ग, सम्पन्नवर्ग ।

उच्चशिक्षा (ना./स्त्री.) उच्चस्तरीया चासौ शिक्षा च *(माथिल्लो तहको शिक्षा)* क.त.स., उ.प.लोप[६] =उच्चशिक्षा ।

शब्दार्थ- उच्चतहको शिक्षा, स्नातक र स्नातकोत्तर तहको शिक्षा ।

उच्चस्तरीयः (वि.) उच्चश्चासौ स्तरश्च *(उच्च स्तर)* क.त.स., उच्चस्तरः । उच्चस्तरे भवः *(उच्चस्तरमा हुने वा भएको)* उच्चस्तर+छ (ईय)= उच्चस्तरीय ।

शब्दार्थ- माथिल्लो तहको सम्मान वा प्रतिष्ठा आदि प्राप्त गरेको, सम्मानित, सम्पन्न, उच्चतहसम्बन्धी, विख्यात, प्रतिष्ठित ।

उच्चाकाङ्क्षा (ना./स्त्री.) उच्चश्चासौ आकाङ्क्षा च *(उच्च आकाङ्क्षा)* क.त.स., दीर्घ= उच्चाकाङ्क्षा ।

शब्दार्थ- ठूलो आकाङ्क्षा, ठूलो चाहना वा कामना ।

उच्चायुक्तः (ना./पुं.) उच्चश्चासौ आयुक्तश्च *(उच्च आयुक्त)* क.त.स., दीर्घ= उच्चायुक्त ।

शब्दार्थ- कुनै विशेष कामका लागि नियुक्त उच्चतहको अधिकारी वा आयुक्त, विशेषकार्य सम्पन्न गर्न तोकिएको अधिकारी ।

---

[१] श्वन्नुक्षन्पूषन्... : कनि
[२] ऋज्रेन्द्राग्र... :रन्, ग अन्तादेश
[३] अन्येष्वपि दृश्यते : ड
[४] द्विवचनविभज्योप... : तरप्
[५] अतिशायने तमविष्टनौ... : तमप्
[६] शाकपार्थिवादि... : उ.प.लोप

उच्चारकः (वि.) उच्चारयतीति *(उच्चारण गर्छ)* उत्पूर्वक चर गतिभक्षणयोः (भ्वा.) धातु, उत्+चर्+णिचि+ण्वुल् (अक), वृद्धि, णिलोप= उच्चारक ।

शब्दार्थ- उच्चारण गर्ने, बोल्ने, बताउने ।

उच्चारणम् (ना./न.) उच्चार्यते, उच्चारणमिति वा *(उच्चारण गरिन्छ)* उत्पूर्वक चर गतिभक्षणयोः (भ्वा.) धातु, उत्+चर्+णिचि+ल्युट् (अन), वृद्धि, णिलोप= उच्चारण ।

शब्दार्थ- उच्चारण गर्ने काम, बोली, आवाज, कथन ।

उच्चारितः (वि.) उच्चार्यते स्म इति *(उच्चारण गरिएको)* उत्पूर्वक चर गतिभक्षणयोः (भ्वा.) धातु, उत्+चर्+णिचि+क्त (त), वृद्धि, णिलोप, इडागम= उच्चारित । अथवा उच्चारः सञ्जातः अस्य *(उच्चारण गरिएको छ यसको)* उच्चार+इतच् (इत)= उच्चारित ।

शब्दार्थ- उच्चारण गरिएको, बोलिएको, भनिएको ।

उच्चारणस्थानम् (ना./न.) उच्चारणस्य स्थानम् *(वर्णहरूका उच्चारणको स्थान)* ष.त.स.=उच्चारणस्थान ।

शब्दार्थ- वर्णहरू उच्चारण हुने स्थान- कण्ठ, तालु, दन्त, ओष्ठ आदि स्थान ।

उच्चैः (अव्य.) उच्चीयते इति *(उच्च हुनु)* उत्पूर्वक चिञ् चयने (स्वा.) धातु, उत्+चि+डैसि[1] (ऐस्), उणा., टिलोप, उत् च ऐस्, तको श्चुत्व, उच्चैस्=उच्चै ।

शब्दार्थ- उँचो, माथि, उपर, अग्लो ।

उच्चैःश्रवाः (ना./पुं.) उच्चैः श्रृणोतीति *(उच्चरूपमा सुन्छ)* उच्चैस् अव्यय उपपदमा हुने श्रु श्रवणे (भ्वा.) धातु, उच्चैस्+श्रु+असुन्[2] (अस्), उणा., गुण, अवादेश, दीर्घ, उच्चैस् श्रवस्, सको रुत्व, विसर्ग, उच्चैःश्रवस्, उच्चैःश्रवाः= उच्चैःश्रवा ।

हय उच्चैःश्रवाः- इत्यमरः

शब्दार्थ- इन्द्रको घोडा, इन्द्रसवार हुने वाहन, समुद्र मन्थनबाट निस्केको घोडा ।

उच्छिष्टः (वि.) उच्छिष्यते स्म इति *(शेष रहेको)* षिष्लृ विशेषणे (रुधा.) वा शिष असर्वोपयोगे (चुरा.) धातु, उत्+शिष्+क्त (त), ष्टुत्व, छत्व, श्चुत्व= उच्छिष्ट ।

शब्दार्थ- अवशेष, जुठो, छोडेको, खाएर बाँकिरहेको ।

उच्छृङ्खलः (वि.) शृणातीति *(हिंसा गर्छ)* शृ हिंसायाम् (क्र्या.) धातु, शृ+गन्[3], नुट्, ह्रस्व, उणा., शृङ्गम् । शृङ्गात् प्राधान्यात् स्खलति अनेन इति *(उच्च स्थानबाट गिर्छ यसबाट)* स्खल सञ्चलने (भ्वा.) धातु, शृङ्ग+स्खल्+घ[4]/अङ् (अ)+टाप् (आ), पृषोदरादिबाट, स्खलको स् तथा शृङ्गका गको लोप, शृङ्खला । उद्गता शृङ्खला निगडा यस्य *(जसको बन्धन तोडिएको छ)* प्रा.ब.स., उ.प.लोप, ह्रस्व[5], तको श्चुत्व= उच्छृङ्खल ।

शब्दार्थ- निरङ्कुश, स्वेच्छाचारी, अनियन्त्रित, मनपरी गर्ने, वेलगाम, मनोमानी ढङ्गले काम गर्ने ।

उच्छृङ्खलता (ना./स्त्री.) उच्छृङ्खलस्य भावः *(उच्छृङ्खल हुनाको भाव वा अवस्था)* उच्छृङ्खल+तल् (त)+टाप् (आ)= उच्छृङ्खलता ।

शब्दार्थ- मनपरी गर्ने प्रवृत्ति, स्वेच्छाचारिता, उत्ताउलोपन, निरङ्कुशता ।

उदा. **विचारमा जागृति जग्मगाओस्**
परन्तु उच्छृङ्खलता नआओस् ।
- राष्ट्रभाषाको भविष्यउपर एकदृष्टि, लालित्य-२

उच्छेदः (ना./पुं.) उच्छिद्यते इति *(उच्छेदन गरिन्छ)* उत्पूर्वक छिदिर् द्वैधीकरणे (रुधा.) धातु, उत्+छिद्+घञ् (अ), गुण, तको श्चुत्व= उच्छेद ।

शब्दार्थ- निर्मूल पार्ने काम, खतम पार्ने अवस्था, विनाश ।

उच्छेदनम् (ना./न.) उच्छिद्यते इति *(उच्छेदन गरिन्छ)* उत्पूर्वक छिदिर् द्वैधीकरणे (रुधा.) धातु, उत्+छिद्+ल्युट् (अन), गुण, तको श्चुत्व= उच्छेदन ।

शब्दार्थ- काटेर फ्याँक्ने काम, अपच्छेदन, खतम पार्ने काम, विनाश ।

उच्छ्वसितः (वि.) उच्छ्वसति स्म इति *(लामो सास लिएको)* उत्पूर्वक श्वस प्राणने (अदा.) धातु, उत्+श्वस्+क्त (त), कर्तामा, इडागम, तको श्चुत्व, शको छत्व= उच्छ्वसित ।

शब्दार्थ- गहिरो तथा लामो सास लिएको, बाफिलो सास वाहिर फालेको ।

उच्छ्वासः (ना./पुं.) उच्छ्वसनम्, उच्छ्वस्यते इति वा *(लामो सास लिनु)* उत्पूर्वक श्वस प्राणने (अदा.) धातु, उत्+श्वस्+घञ् (अ), वृद्धि, श्चुत्व, छत्व =उच्छ्वास ।

शब्दार्थ- लामो सास लिने काम, लामो सास फेर्ने काम, सुस्केरा, सास वाहिर फाल्ने काम, वेदनाले भरिएको सुस्केरा ।

उदा. **यस अन्धकार कोठामा को सुकसुकाउँछ,**
करुण उच्छ्वास पोखेर- एक रातमा, विजय मल्ल

उज्ज्वलः (वि.) उच्चैर्ज्वलति प्रकाशते इति *(ज्यादै प्रकाशित हुन्छ)* उत्पूर्वक ज्वल दीप्तौ (भ्वा.) धातु, उत्+ज्वल्+अच् (पचादि), श्चुत्व= उज्ज्वल ।

शब्दार्थ- प्रकाशिलो, चहकिलो, उज्यालो, चम्किलो, सुन्दर, प्रकाशपूर्ण, निर्मल ।

---

[1] **उदिचेर्डैसिः : डैसि**

[2] **सर्वधातुभ्योऽसुन् : असुन्**

[3] **शृणातेर्ह्रस्वश्चः : गन्, नुट्, शृको ह्रस्व**

[4] **पुंसि संज्ञायां घः... घ**

[5] **गोस्त्रियोरुपसर्जने... : ह्रस्व**

उटजः (ना./पुं.) उटाः तृणपर्णादयस्तेभ्यः जायन्ते इति *(तृण, पात आदिबाट तयार हुन्छन्)* उट उपपदमा हुने जनी प्रादुर्भावे (दिवा.) धातु, उट+जन्+ड (अ), टिलोप= उटज ।

शब्दार्थ- वनजङ्गलका घाँसपात, स्याउला आदिवाट वनाएको छाप्रो, पर्णकुटी, ऋषिमुनिको पर्णशाला ।

उडु: (ना./न./स्त्री.) अवते इति *(शब्द गर्छ)* उङ् शब्दे (भ्वा.) धातु, उ+क्विप् (सर्वलोप), उः । डयते इति *(आकाश मार्गबाट उड्छ)* डीङ् विहायसा गतौ (भ्वा.) धातु, डी+डु (उ), टिलोप, डुः । उश्च डुश्च क.त.स.= उडु ।

नक्षत्रमृक्षं भं तारा तारकाप्युडु वा स्त्रियाम्- इत्यमरः

शब्दार्थ- पक्षी, चरो, तारा, नक्षत्र ।।

उडुगणः (ना./पुं.) उडूनां गणः *(ताराहरूको गण)* ष.त.स.= उडुगण ।

हामी सारा उडुगण न हौं, यी त नेपाल इन्दु- य.श.२/४०

शब्दार्थ-तारा, नक्षत्र, तारा या नक्षत्र समुदाय, पंछी, चरो

उत (अव्य./वि.) उयते स्म इति *(तर्क गर्छ)* उङ् शब्दे (भ्वा.) धातु, उ+क्त (त), उत । ऊयते स्म इति *(उनिएको)* वेञ् तन्तुसन्ताने (भ्वा.) धातु, वा+क्त (त), सम्प्रसारणवाट वको उ= उत ।

उत प्रश्ने वितर्के च- इति विश्वः

उताप्यर्थविकल्पयोः- इत्यमरः

शब्दार्थ- विकल्प, सन्देह, अनुमान, अनिश्चितता, वितर्क, वा, अथवा, सिइएको, उनिएको, वुनिएको ।

उत्कटः (वि.) अधिकमुन्नतमिति *(अधिक अग्लो)* उत्+कटच्[१] (कट)= उत्कट ।

अथवा उद्गतः कटः आवरणं यस्य *(जसको पर्दा या मर्यादा हटेको छ)* व.स.= उत्कट ।

शब्दार्थ- ज्यादै, प्रशस्त, अत्यधिक, ज्यादै तीव्र, प्रवल, मत्त, विषम ।

उत्कण्ठा (ना./स्त्री.) उत्कण्ठ्यते इति *(ज्यादै चाहना गरिन्छ)* कठि शोके (आध्याने) (भ्वा./चुरा.) धातु, नुम्, उत्+कण्ठ्+अ[२] (प्रत्यय)+टाप् (आ)=उत्कण्ठा ।

शब्दार्थ- प्रवल इच्छा, प्रवल अभिलाषा, तीव्र चाहना, अति-उत्सुकता, वेचैनी, चिन्तातुरता ।

उत्कण्ठितः (वि.) उत्कण्ठा सञ्जाता अस्य *(उत्कण्ठा पैदा भएको छ यसको)* उत्कण्ठा+इतच्[३] (इत), आलोप =उत्कण्ठित ।

शब्दार्थ- उत्कण्ठा पैदा भएको, उत्सुकता जागेको, उत्कण्ठाले परिपूर्ण ।

उत्कर्षः (ना./पुं.) उत्कर्षणम्, उत्कृष्यते इति वा *(खिचिन्छ)* उत्पूर्वक कृष विलेखने (भ्वा./तुदा.) धातु, उत्+कृष्+घञ् (अ), गुण= उत्कर्ष ।

शब्दार्थ- उँभोतिर खिच्ने वा तान्ने काम, उदय, समृद्धि, समुन्नति, अतिशय, श्रेष्ठता ।

उत्कर्षकः (वि.) उत्कृषतीति *(उँभोतिर तान्छ)* उत्पूर्वक कृष विलखने (तुदा.) धातु, उत्+कृष्+ण्वुल् (अक), गुण= उत्कर्षक ।

शब्दार्थ- उँभोतिर खिच्ने, उँभोतिर तान्ने, समुन्नति गर्ने, उत्कर्षमा पुग्ने ।

उत्कर्षणम् (ना./न.) उत्कृष्यते, उत्कर्षणमिति वा *(खिचिन्छ)* उत्पूर्वक कृष विलेखने (भ्वा./तुदा.) धातु, उत्+कृष्+ल्युट् (अन), गुण, णत्व= उत्कर्षण ।

शब्दार्थ- खिच्ने काम, तान्ने क्रिया, समुन्नति गर्ने काम ।

उत्कीर्णः (वि.) उत्कीर्यते स्म इति *(कुँदिएको)* उत्पूर्वक कॄ विक्षेपे (तुदा.) धातु, उत्+कॄ+क्त (त), इत्व[४], दीर्घ[५], णत्व= उत्कीर्ण ।

शब्दार्थ- ताम्रपत्र, शिलापत्र आदिमा कुँदिएको वा अङ्कित, जडिएको, छरपट्ट भएको, पोखिएको, छरिएको ।

उत्कृष्टः (वि.) उत्कृष्यते स्म इति *(खिचिएको, उत्तम ठहरिएको)* उत्पूर्वक कृष विलखने (भ्वा./तुदा.) धातु, उत्+कृष्+क्त (त), ष्टुत्व= उत्कृष्ट ।

शब्दार्थ- उत्तम, श्रेष्ठ, उन्नत, उत्तमदर्जाको, सर्वोत्तम, धेरै राम्रो वा असल ।

उत्कृष्टतमः (वि.) अयमेषामतिशयेन उत्कृष्टः *(यो यिनीहरूमा ज्यादै उत्कृष्ट)* उत्कृष्ट+तमप् (तम) =उत्कृष्टतम ।

शब्दार्थ- सर्वोत्तम, सवैभन्दा श्रेष्ठ, अतिउत्तम ।

उत्कोचः (ना./पुं.) उत्कुच्यते इति *(प्रलोभनमा पर्नु)* उत्पूर्वक कुच सम्पर्चनकौटिल्यप्रतिष्टम्भविलेखनेषु (भ्वा.) धातु, उत्+कुच्+घञ् (अ), गुण= उत्कोच ।

शब्दार्थ- घुस, प्रलोभनका निमित्त दिइने वस्तु वा पैसा, घुस दिने वा घुस खुवाउने काम ।

उत्कोचकः (वि.) उत्कोचतीति *(घुस लिने दिने गर्छ)* उत्पूर्वक कुच सम्पर्चनकौटिल्यप्रतिष्टम्भविलेखनेषु (भ्वा.) धातु, उत्+कुच्+ण्वुल् (अक), गुण=उत्कोचक ।

शब्दार्थ- घुस दिने, घुस खुवाउने ।

उत्क्षेपणम् (ना./न.) उत्क्षेपणम्, उत्क्षिप्यते इति वा *(प्रक्षेपण गरिन्छ)* क्षिप प्रेरणे (दिवा./तुदा.) धातु, उत्+छिप्+ल्युट् (अन), गुण= उत्क्षेपण ।

शब्दार्थ- उँभोतिर फ्याँक्ने क्रिया, प्रक्षेपण ।

उत्खननम् (ना./न.) उत्खननम्, उत्खन्यते इति वा *(उत्खनन गरिन्छ)* उत्पूर्वक खनु अवदारणे (भ्वा.) धातु, उत्+खन्+ल्युट् (अन)= उत्खनन ।

शब्दार्थ- पुरातात्त्विक वस्तु पत्ता लगाउन जमिन खन्ने काम, गाडेको धन निकाल्न जमिन खन्ने काम ।

---

१. सम्प्रोदश्च कटच् : कटच्
२. गुरोश्च हलः : अ (प्रत्यय)
३. तदस्य सञ्जातम् : इतच्
४. ऋत इद्धातोः... : इत्व
५. हलि च : दीर्घ

उत्तप्तः (वि.) उत्तप्यते स्म इति *(तातेको, तताइएको)* उत्पूर्वक तप सन्तापे (भ्वा.) धातु, वा तप दाहे (चुरा.) धातु, उत्+तप्+क्त (त)= उत्तप्त ।

शब्दार्थ- तातेको, जलेको, तताएको, छटपटाएको, पिरोलिएको, सन्तप्त, पोलिएको ।

उत्तमः (वि.) अतिशयेन उत्कृष्टः *(ज्यादै उत्कृष्ट)* उत्कृष्ट अर्थ बुझाउने उत् शब्दवाट उत्+तमप्[1] (तम) =उत्तम ।

अथवा उत्ताम्यतीति *(ज्यादा आकाङ्क्षा गर्छ)* उत्पूर्वक तमु काङ्क्षायाम् (दिवा.) धातु, उत्+तम् +अच् (पचादि)= उत्तम

शब्दार्थ- धेरै उत्कृष्ट, सवभन्दा राम्रो, सवभन्दा असल, वेस

उत्तमजनः (ना./पुं.) उत्तमश्चासौ जनश्च *(उत्तम जन)* क.त.स.= उत्तमजन ।

शब्दार्थ- उत्कृष्ट मानिस, उत्कृष्टव्यक्ति ।

उत्तमपुरुषः (ना./पुं.) उत्ताम्यति, उत्ताम्यते इति वा *(आकाङ्क्षा गर्छ, गरिन्छ)* उत्पूर्वक तमु काङ्क्षायाम् (दिवा.) धातु, उत्+तम्+घञ् (अ)/अच् (पचादि), वृद्धि, उत्तमः । उत्तमश्चासौ पुरुषश्च *(श्रेष्ठ पुरुष)* क.त.स.= उत्तमपुरुष ।

शब्दार्थ- श्रेष्ठपुरुष, उत्कृष्टव्यक्ति, उत्तम मानिस, ज्यादै असल मानिस ।

उत्तमा (ना./स्त्री.) अतिशयेन उत्कृष्टा असौ *(ज्यादै उत्कृष्ट यो)* उत्+तमप् (तम)+टाप् (आ)= उत्तमा ।

शब्दार्थ- उत्कृष्ट नारी, वरवर्णिनी, सर्वोत्तम स्त्री ।

उत्तरः (ना./पुं./वि.) उत्तरति, उत्तीर्यते इति वा *(उत्तर दिन्छ, दिइन्छ)* उत्पूर्वक तृ प्लवनतरणयोः (भ्वा.) धातु, उत्+तृ+अप्[2] (अ)/अच् (पचादि), गुण=उत्तर ।

अथवा अयमनयोरतिशयेन उन्नतः *(यो यिनीहरूमा ज्यादै उच्च)* उत् शब्दवाट उत्+तरप्[3] (तर)=उत्तर ।

शब्दार्थ- उत्तरदिशा, जवाफ, प्रत्युत्तर, कुनै ग्रन्थको पछिल्लो भाग (उत्तरार्ध), प्रतिवाक्य, महाभारतकालीन विराट् राजाका पुत्र, अपेक्षाकृत उँचो, उच्चतर ।

उत्तरकाण्डः (ना/पुं./न.) उत्तरश्चासौ काण्डश्च *(उत्तरार्ध भाग)* क.त.स.= उत्तरकाण्ड ।

शब्दार्थ- उत्तरार्द्धपक्षको बयान गरिएको भाग वा अंश ।

उत्तरकालः (ना./पुं.) उत्तरश्चासौ कालश्च *(पछिल्लो समय)* क.त.स.= उत्तरकाल ।

शब्दार्थ- भविष्यत्काल, पछि आउने समय ।

उत्तरकोशला (ना./स्त्री.) उत्तरे स्थिता चासौ कोशला च *(उत्तरमा रहेको कोशला नगरी)* क.त.स., उ.प.लोप =उत्तरकोशला ।

शब्दार्थ- प्राचीन भारतको एक प्रदेश, अयोध्यानगरी ।

उत्तरणम् (ना./न.) उत्तरणम्, उत्तीर्यते इति वा *(उत्तीर्ण हुनु)* उत्पूर्वक तृ प्लवनतरणयोः (भ्वा.) धातु, उत्+ तृ+ल्युट् (अन), गुण= उत्तरण ।

शब्दार्थ- तर्ने काम, पार लाग्ने कार्य, उत्तर दिने काम ।

उत्तरतः (अव्य.) उत्तरस्याम्, उत्तरस्याः उत्तरा वा दिक् *(उत्तरमा रहेको, उत्तरको वा उत्तर दिशा)* वा उत्तरस्मिन्, उत्तरस्मात् उत्तरः वा देशः कालः *(उत्तरमा रहेको, उत्तरवाट, उत्तरपट्टिको देश वा काल)* उत्तरा/उत्तर+अतसुच् (अतस्), आलोप= उत्तरत ।

शब्दार्थ- उत्तरवाट, पछिल्तिरवाट, पछिवाट ।

उत्तरदायी (वि.) उत्तरं दातुं शीलमस्येति *(उत्तर दिने शील वा स्वभाव छ यसको)* उत्तरउपपदमा हुने डुदाञ् दाने (जुहो.) धातु, उत्तर+दा+णिनि (इन्), युगागम, उत्तरदायिन्= उत्तरदायी ।

शब्दार्थ- जवाफदेही वहन गर्ने, उत्तरदायित्व निभाउने, जिम्मेवार हुने ।

उत्तरदायित्वम् (ना./न.) उत्तरदायिनः भावः *(उत्तरदायी हुनाको भाव वा अवस्था)* उत्तरदायिन्+त्व, नलोप =उत्तरदायित्व ।

शब्दार्थ- जिम्मेवारी, जवाफदेही वहन गर्ने सामर्थ्य ।

उत्तरपक्षः (ना./पुं.) उत्तरश्चासौ पक्षश्च *(पछिल्लो पक्ष)* क.त.स.= उत्तरपक्ष ।

शब्दार्थ- प्रश्नको जवाफ खण्ड, पछिल्लो पक्ष ।

उत्तरपत्रम् (ना./न.) उत्तरस्य पत्रम् *(उत्तर लेख्ने पुस्तिका)* ष.त.स.= उत्तरपत्र ।

शब्दार्थ- उत्तरपुस्तिका, प्रश्नको उत्तर लेख्ने वा लेखेको पुस्तिका ।

उत्तरमीमांसा (ना./स्त्री) उत्तरा चासौ मीमांसा च *(उत्तरमीमांसा)* क.त.स.= उत्तरमीमांसा ।

शब्दार्थ- मीमांशा शास्त्रका दुईभागमध्ये पछिल्लो खण्ड, उत्तरभाग, पूर्व र उत्तर दुईभागमा विभाजित मीमांसामध्ये एक, उत्तरमीमांसा, वेदान्तदर्शन ।

उत्तरा (सर्व.) उत्तरस्यां स्थिता दिक् *(उत्तरमा रहेको दिशा)* उत्तर+आच् (आ), दीर्घ= उत्तरा ।

शब्दार्थ- पछिल्लो भाग, उत्तरदिशा ।

उत्तराखण्डः (ना./पुं.) उत्तरस्यां स्थितश्चासौ खण्डश्च *(उत्तरमा रहेको खण्ड वा भाग)* क.त.स., उ.प.लोप =उत्तराखण्ड ।

शब्दार्थ- हिमालयका समीपको भाग वा खण्ड ।

---

१. अतिशायने... : तमप्   २. ऋदोरप् : अप्   ३. द्विवचनविभज्योपपदे... : तरप्

उत्तराधिकारः (ना./पुं) उत्तरः अधिक्रियते इति *(पछिल्लोलाई अधिकार दिइन्छ वा सुम्पिन्छ)* उत्तर-उपपदमा हुने अधिपूर्वक डुकृञ् करणे (तना.) धातु, उत्तर+अधि+कृ+घञ् (अ), दीर्घ, वृद्धि=उत्तराधिकार ।

शब्दार्थ- पहिलेकाको अधिकार समाप्ति वा अवसानपछि त्यसको अधिकार अर्कोलाई सुम्पने काम ।

उत्तराधिकारी (वि.) उत्तरमधिकरोतीति *(पछिल्लोलाई अधिकार प्रदान गर्छ)* उत्तरउपपदमा हुने अधिपूर्वक डुकृञ् करणे (तना.) धातु, उत्तर+अधि+कृ+णिनि (इन्), दीर्घ, वृद्धि, उत्तराधिकारिन्= उत्तराधिकारी ।

शब्दार्थ- पहिलेकाको हक समाप्ति पछि उसको ठाउँमा वा पहिलेकाको धनसम्पत्तिमा स्वामित्व पाउने अर्को अधिकारी ।

उत्तरापथः (ना./पुं) उत्तरस्यां स्थितश्चासौ पन्थाश्च *(उत्तरमा रहेको बाटो)* क.त.स., उ.प.लोप, उत्तरापथिन्+अच् (समासान्त)= उत्तरापथ ।

शब्दार्थ-उत्तर दिशा जाने बाटो, उत्तर दिशा जाने मार्ग ।

उत्तरापेक्षी (वि.) उत्तरमपेक्षते इति *(उत्तरको अपेक्षा गर्छ)* उत्तरउपपदमा हुने अपपूर्वक ईक्ष दर्शने (भ्वा.) धातु, उत्तर+अप+ईक्ष्+णिनि (इन्), उत्तर अपको दीर्घ, गुण, उत्तरापेक्षिन्= उत्तरापेक्षी ।

शब्दार्थ- उत्तरको अपेक्षा गर्ने, उत्तरको चाहना गर्ने ।

उत्तरायणम् (ना./न.) उत्तरा उत्तरस्यामयनं गमनम् *(उत्तर दिशातिर जाने वा लाग्ने क्रिया)* स.त.स., दीर्घ, णत्व= उत्तरायण ।

शब्दार्थ- सूर्य उत्तरदिशातिर लाग्ने काम, उत्तरदिशामा गमन गर्ने क्रिया ।

उत्तरार्द्धम् (ना./न.) उत्तरञ्च तदर्द्धम् च *(पछिल्लो आधा भाग)* क.त.स., दीर्घ= उत्तरार्ध ।

शब्दार्थ- पछाडिपट्टिको आधाभाग, कुनै ग्रन्थको पछिल्लो आधा भाग ।

उत्तरितः (वि.) उत्तरः सञ्जातः अस्येति *(उत्तर दिएको छ यसको)* उत्तर+इतच्[१] (इत)= उत्तरित ।

शब्दार्थ- जवाफ दिइएको, उत्तर दिइएको, प्रत्युत्तर दिइएको ।

उत्तरीयम् (ना./न.) उत्तरणीमिति *(पार हुनु)* उत्पूर्वक तृ प्लवनतरणयोः (भ्वा.) धातु, उत्+तृ+अप्[२] (अ), गुण, उत्तरः । उत्तरस्मिन् देहे भागे भवम् *(शरीरको माथिल्लो भागमा हुने)* उत्तर+छ[३] (ईय)= उत्तरीय ।

शब्दार्थ- शरीरको माथिल्लो भागमा लगाउने वस्त्र, पछ्यौरा, खास्टो, माथिल्लो भाग, उत्तर दिशासित सम्वन्धित कुरा ।

उत्तापः (ना./पुं.) उत्तपनम्, उत्तप्यते इति वा *(ज्यादै तात्नु)* उत्पूर्वक तप सन्तापे (भ्वा.) धातु, उत्+तप्+घञ् (अ) वृद्धि= उत्ताप ।

शब्दार्थ- ज्यादै गर्मी, ताप, पीडा, सन्ताप, तातोपना ।

उत्तारणम् (ना./न.) उत्तार्यते इति *(पार लगाइनु)* उद्पूर्वक तृ प्लवनतरणयोः (भ्वा.) धातु, उत्+तृ+णिचि+ल्युट् (अन), वृद्धि, णत्व= उत्तारण ।

शब्दार्थ- तार्ने काम, पार लगाउने क्रिया, उद्धार ।

उत्तीर्णः (वि.) उत्तीर्यते स्म इति *(उत्तीर्ण भएको)* उत्पूर्वक तृ प्लवनतरणयोः (भ्वा.) धातु, उत्+तृ+क्त (त), तको न, इत्व[४], दीर्घ[५]= उत्तीर्ण ।

शब्दार्थ- नदीनाला तरेको, परीक्षामा सफल भएको, उत्रेको, पार भएको, मुक्त ।

उत्तीर्णाङ्कः (ना./पुं.) उत्तीर्णाय अङ्कः *(उत्तीर्ण हुनका लागि निर्धारित अङ्क)* च.त.स.= उत्तीर्णाङ्क ।

शब्दार्थ- उत्तीर्ण वा सफल हुनका लागि तोकिएको अङ्क ।

उत्तुङ्गः (वि.) उत् अतिशयेन तुङ्गः उच्चः *(ज्यादै अग्लो)* क.त.स.= उत्तुङ्ग ।

शब्दार्थ- ज्यादै अग्लो, उन्नत, ज्यादै उच्च ।

उत्तेजकः (वि.) उत्तेजयतीति *(उत्तेजना पैदा गर्छ)* उत्पूर्वक तिज निशाने (भ्वा./चुरा.) धातु, उत्+तिज्+णिचि+ण्वुल् (अक), गुण, णिलोप= उत्तेजक ।

शब्दार्थ- उद्दीपक, हौसला दिने, प्रेरणा दिने, जोस्याउने, उत्तेजना पैदा गर्ने ।

उत्तेजनम् (ना./न.) उत्तेजनमिति *(उत्तेजित हुनु)* उत्पूर्वक तिज निशाने (भ्वा./चुरा.) धातु, उत्+तिज् णिचि+ल्युट् (अन), गुण, णिलोप= उत्तेजन ।

शब्दार्थ- सुरिने वा जोसिने काम, उत्तेजना पैदा गर्ने वा जोस्याउने काम, क्रोध, रिस, आवेग ।

उत्तेजना (ना./स्त्री.) उत्तेज्यते इति *(उत्तेजित गराइन्छ)* उत्पूर्वक तिज निशाने (भ्वा./चुरा.) धातु, उत्+तिज् +णिचि+युच्[६] (अन)+टाप् (आ), गुण, णिलोप=उत्तेजना ।

शब्दार्थ- सुर्‍याउने वा जोस्याउने काम, प्रोत्साहन, प्रेरणा ।

उत्तेजितः (वि.) उत्तेज्यते स्म इति *(उत्तेजित गराइएको)* उत्पूर्वक तिज निशाने (भ्वा./चुरा.) धातु, उत्+तिज् +णिचि+क्त (त), गुण, णिलोप, इडागम= उत्तेजित । अथवा उत्तेजः सञ्जातः अस्य *(उत्तेजना पैदा भएको छ यसको)* उत्तेज+इतच् (इत)= उत्तेजित ।

शब्दार्थ- उत्तेजनाले भरिएको, उत्तेजनायुक्त, हौसला वा प्रेरणा पाएको ।

उत्तोलकः (वि./ना./पुं.) उत्तोलयतीति *(तौलन्छ)* उत्पूर्वक तुल उन्माने (चुरा.) धातु, उत्+तुल्+णिचि +ण्वुल् (अक), गुण, णिलोप= उत्तोलक ।

शब्दार्थ- उचाल्ने, माथि ठड्याउने, गहकिलो वस्तु उचाल्ने तथा तौलने साधन- यन्त्र, नोल, तौलने तराजु, ढक, किलोग्राम आदि ।

---

[१] तदस्य सञ्जातम्... : इतच्

[२] ऋदोरप् : अप्

[३] गहादिभ्यश्च : छ

[४] ऋत इद्धातो : इत्

[५] हलि च : दीर्घ

[६] ण्यासश्रन्थो युच् : युच्

उत्तोलनम् (ना./न.) उत्तोलनमिति *(माथि उठाइन्छ)* उत्पूर्वक तुल उन्माने (चुरा.) धातु, उत्+तुल्+णिचि+ल्युट् (अन), गुण, णिलोप= उत्तोलन ।

शब्दार्थ- माथि उठाउने काम, उचाल्ने काम, ठडचाउने काम जस्तैः भ्रुण्डोत्तोलन, माथि उठाएर भ्रुण्डचाउने काम जस्तैः ध्वजोत्तोलन ।

उत्थानम् (ना./न.) उत्थानम्, उत्थीयते इति वा *(माथि उठ्नु)* उत्पूर्वक ष्ठा गतिनिवृत्तौ (भ्वा.) धातु, उद्+स्था+ल्युट् (अन), परसवर्ण सको थ, थलोप[1], चर्त्व[2] वाट दको त= उत्थान ।

शब्दार्थ- समृद्धि, समुन्नति, निम्न स्थितिवाट माथि उठ्ने काम, उठ्ने वा उभिने कार्य ।

उत्थापकः (वि.) उत्थापयतीति *(माथि उठाउँछ)* उत्पूर्वक ष्ठा गतिनिवृत्तौ (भ्वा.) धातु, उद्+स्था+णिचि+ण्वुल् (अक), पुगागम, सको थ, थलोप, चर्त्व= उत्थापक ।

शब्दार्थ- माथि उठाउने, उत्थान वा समुन्नति गराउने ।

उत्थापनम् (ना./न.) उत्थाप्यते इति *(उठाइन्छ)* उद्पूर्वक ष्ठा गतिनिवृत्तौ (भ्वा.) धातु, उद्+स्था+णिचि+ल्युट् (अन), पुगागम, सको थ, थलोप, चर्त्वबाट दको त, णिलोप= उत्थापन ।

शब्दार्थ- माथि उठाउने कार्य, समुन्नति गराउने काम, समृद्ध वनाउने काम, संस्थापना ।

उत्थापनीयः (वि.) उत्थापनं प्रयोजनमस्य *(माथि उठाउने नै प्रयोजन छ यसको)* उत्थापन+छ (ईय) =उत्थापनीय ।

अथवा उत्थापयितुं योग्यः *(उठाउन योग्य)* उद्पूर्वक ष्ठा गतिनिवृत्तौ (भ्वा.) धातु, उद्+स्था+णिचि+अनीय (र्), पुगागम, णिलोप, सको थ, थलोप, चर्त्व =उत्थापनीय ।

शब्दार्थ- माथि उठाउनु नै मुख्य प्रयोजन भएको, माथि उठाउन लायक, सम्मुन्नति गराउन योग्य ।

उत्थापितः (वि.) उत्थाप्यते स्म इति *(माथि उठाइएको)* उद्पूर्वक ष्ठा गतिनिवृत्तौ (भ्वा.) धातु, उद्+स्था+णिचि+क्त (त), पुगागम, इडागम, णिलोप, सको थ, थलोप, चर्त्व= उत्थापित,

शब्दार्थ- माथि उठाइएको, उत्थापन गरिएको, समृद्ध वनाइएको, स्थापना गरिएको ।

उत्थितः (वि.) उत्तिष्ठति स्म इति *(उठेको)* उत्पूर्वक ष्ठा गतिनिवृत्तौ (भ्वा.) धातु, उत्+स्था+क्त[3] (त), कर्तामा इत्व[4], सको थ, थलोप, चर्त्व= उत्थित ।

शब्दार्थ- उठेको, खडा भएको, उत्थान या प्रगति भएको, समुन्नत, समृद्ध ।

उत्पत्तिः (ना./स्त्री.) उत्पद्यते इति *(प्रकट हुन्छ)* उत्पूर्वक पद गतौ (दिवा.) धातु, उत्+पद्+क्तिन् (ति), दको त= उत्पत्ति ।

शब्दार्थ-जन्म, उद्भव, प्रकट हुने काम, उत्पन्न हुने काम

उत्पन्नः (वि.) उत्पद्यते स्म इति *(पैदा भएको)* उत्पूर्वक पद गतौ (दिवा.) धातु, उत्+पद्+क्त (त), कर्तामा, त तथा दको न= उत्पन्न ।

शब्दार्थ- जन्मेको, पैदा भएको, प्रकट भएको, उदित, आविर्भाव भएको ।

उत्पलम् (ना./न.) उत्पलतीति *(फक्रन्छ)* उत्पूर्वक पल गतौ (भ्वा.) धातु, उत्+पल्+अच् (पचादि)= उत्पल ।

शब्दार्थ- कमल, चन्द्रकमल, राति फुल्ने कमल ।

उत्पातः (ना./पुं.) उत्पतनमिति *(खस्नु)* उत्पूर्वक पत्लृ गतौ (भ्वा.) धातु, उत्+पत्+घञ् (अ), पत्को वृद्धि, =उत्पात ।

शब्दार्थ- अचानक आइपरेको दुःखदायी कुनै घटना, शुभाशुभ सूचक घटना, भूकम्प, उल्कापात, अतिवृष्टि, महामारी आदि उपद्रव, सङ्कट, अशान्ति

उत्पादकः (वि./ना./पुं.) उत्पादयतीति *(पैदा गर्छ)* उत्पूर्वक पद गतौ (दिवा./चुरा.) धातु, उत्+पद्+णिचि+ण्वुल् (अक), वृद्धि, णिलोप= उत्पादक ।

शब्दार्थ- पैदा गर्ने (यन्त्र, कारखाना, औद्योगिक प्रतिष्ठान आदि), निर्माता, कुनै वस्तुको उत्पादन गर्ने, जन्म दिने वावु-आमा ।

उत्पादकता (ना./स्त्री.) उत्पादकस्य भावः *(उत्पादक हुनाको स्थिति वा अवस्था)* उत्पादक+तल् (त)+टाप् (आ)= उत्पादकता ।

शब्दार्थ- उत्पादन गर्नेको स्थिति वा अवस्था ।

उत्पादकत्वम् (ना./न.) उत्पादकस्य भावः *(उत्पादक हुनाको स्थिति वा अवस्था)* उत्पादक+त्व =उत्पादकत्व ।

शब्दार्थ-उत्पादन गर्ने स्थिति वा अवस्था, पैदा गर्ने काम ।

उत्पादनम् (ना./न.) उत्पाद्यते अनेनेति *(उत्पादन गरिन्छ यसबाट)* उत्पूर्वक पद गतौ (दिवा./चुरा.) धातु, उत् +पद्+णिचि+ल्युट् (अन), वृद्धि, णिलोप = उत्पादन ।

शब्दार्थ- उत्पादन गरिएको सामान, पैदावार, उब्जनी पैदा गर्ने काम, उत्पन्न गराउने काम ।

उत्पादनशुल्कः (ना./पुं./न.) उत्पादने शुल्कः *(उत्पादनमा लाग्ने शुल्क)* स.त.स.= उत्पादनशुल्क ।

घट्टादिदेयं शुल्कोऽस्त्री- इत्यमरः

शब्दार्थ- उत्पादन गरिएको वस्तुमा लाग्ने शुल्क, उत्पादन कर, घाट कर ।

---

[1] झरो झरि... : थलोप

[2] खरि च : चर्त्व

[3] गत्यार्थाकर्मक... : क्त

[4] द्यतिस्यतिमास्या... : इत्व

उत्पादिका (ना./स्त्री.) उत्पादयति असौ *(पैदा गर्छिन् यिनी)* उत्पूर्वक पद गतौ (दिवा.) धातु, उत्+पद्+णिचि+ण्वुल् (अक), वृद्धि, उत्पादक+टाप् (आ), वृद्धि, ककारपूर्वका अकारको इत्व=उत्पादिका ।

शब्दार्थ-उत्पादन गर्ने स्त्री, निर्मात्री, आमा, जननी, माता

उत्पादितः (वि.) उत्पाद्यते स्म इति *(उत्पादन गरिएको)* उत्पूर्वक पद गतौ (दिवा./चुरा.) धातु, उत्+पद्+णिचि+क्त (त), वृद्धि, इडागम, णिलोप= उत्पादित ।

शब्दार्थ- उत्पादन गरिएको, पैदा गरिएको, जन्माइएको ।

उत्पीडकः (वि.) उत्पीडयतीति *(पीडा दिन्छ)* उत्पूर्वक पीड अवगाहने (चुरा.) धातु, उत्+पीड्+णिचि+ण्वुल्[1] (अक), णिलोप= उत्पीडक ।

शब्दार्थ- अर्कालाई पीडा पहुँचाउने, हानि गर्ने, दुःख दिने, सताउने वा दवाउने ।

उत्पीडनम् (ना./न.) उत्पीडनम्, उत्पीडयते इति वा *(पीडा दिइन्छ)* उत्पूर्वक पीड अवगाहने (चुरा.) धातु, उत्+पीड्+णिचि+ल्युट् (अन), णिलोप= उत्पीडन ।

शब्दार्थ- दुःख, कष्ट, पीडा, सताउने काम, दवाउने वा आघात पुऱ्याउने काम ।

उत्पीडितः (वि.) उत्पीडयते स्म इति *(पीडा दिइएको)* उत्पूर्वक पीड अवगाहने (चुरा.) धातु, उत्+पीड्+णिचि+क्त (त), णिलोप, इडागम= उत्पीडित ।

शब्दार्थ- सताइएको, दुःख वा कष्ट दिइएको, पीडा पुऱ्याइएको, दुःखित ।

उत्प्रेक्षणम् (ना./न.) उत्प्रेक्षणम्, उत्प्रेक्ष्यते इति वा *(अड्कल गरिन्छ)* उत् प्र उपसर्गद्वयपूर्वक ईक्ष दर्शने (भ्वा.) धातु, उत्+प्र+ईक्ष्+ल्युट् (अन), गुण, णत्व =उत्प्रेक्षण ।

शब्दार्थ-हेर्ने काम, दृष्टिपात, अन्दाज, अनुमान, अड्कल,

उत्प्रेक्षा (ना./स्त्री.) उत्प्रेक्षणम्, उत्प्रेक्ष्यते इति वा *(अनुमान गरिन्छ)* उत् प्र उपसर्गद्वयपूर्वक ईक्ष दर्शने (भ्वा.) धातु, उत्+प्र+ईक्ष्+अ[2] (प्रत्यय)+टाप् (आ), गुण= उत्प्रेक्षा ।

शब्दार्थ- अनुमान, अड्कल, अन्दाज, उदासीनता, अलङ्कारशास्त्रमा एक अर्थालङ्कार ।

उत्प्रेरकः (वि.) उत्प्रेरयतीति *(प्रेरणा दिन्छ)* उत् प्र उपसर्गद्वयपूर्वक ईर गतौ कम्पने च (अदा.) धातु, उत्+प्र+ईर्+णिचि+ण्वुल् (अक), णिलोप, प्र ईर्को गुण= उत्प्रेरक ।

शब्दार्थ- प्रेरणा दिने, हौसला प्रदान गर्ने, उत्साह दिने ।

उत्प्रेरणा (ना./स्त्री.) उत्प्रेर्यते इति *(प्रेरणा दिइन्छ)* उत् प्र उपसर्गद्वयपूर्वक ईर गतौ कम्पने च (अदा.) धातु, उत्+प्र+ईर्+णिचि, गुण, युच् (अन), णिलोप उत्प्रेरण+टाप् (आ)=उत्प्रेरणा ।

शब्दार्थ- प्रेरणा दिने काम, हौसला प्रदान गर्ने काम, मानसिक अभिप्रेरणा ।

उत्प्रेषणम् (ना./न.)उत्प्रेषणम्, उत्प्रेष्यते इति वा *(पठाइन्छ)* उत् प्र उपसर्गद्वयपूर्वक इषु इच्छायाम् (तुदा.) धातु, उत्+ प्र+इष्+ल्युट् (अन), णत्व, गुण= उत्प्रेषण ।

शब्दार्थ- पठाउने काम, पुनरावलोकनसम्वन्धी एक प्रकारको रिट निवेदन या समादेश ।

उत्प्रेषितः (वि.) उत्प्रेष्यते स्म इति *(पठाइएको)* उत् प्रउपसर्गद्वयपूर्वक इषु इच्छायाम् (तुदा.) धातु, उत्+प्र+इष्+णिचि+क्त (त), इडागम, णिलोप= उत्प्रेषित ।

शब्दार्थ- पठाइएको, अभिप्रेषित ।

उत्फुल्लः (वि.) फलतीति *(आनन्दित हुन्छ)* ञिफला विशरणे (भ्वा.) धातु, फल्+क्त[3] (त), कर्तामा, इडाभाव[4], तको ल[5], फको उत्व[6], फुल्लः । उत्कर्षेण फुल्लः *(ज्यादै प्रफुल्लित भएको)* प्रा.त.स.= उत्फुल्ल । अथवा उत्फुल्लतीति *(फुल्छ, विकसित हुन्छ)* उत्पूर्वक फुल्ल विकसने (भ्वा.) धातु, उत्+फुल्ल्+अच् (पचादि) =उत्फुल्ल ।

शब्दार्थ- राम्ररी ढकमक्क फुलेको, हर्षित, प्रमुदित, आनन्दित, प्रसन्न, प्रफुल्ल ।

***उदा.*उत्फुल्ल भो ती मुनिवर्गको मन- आ.रा २/७३**

उत्सङ्गः (ना./पुं.) उत्सज्यते इति *(टाँसिन्छ)* उत्पूर्वक षञ्ज सङ्गे (भ्वा.) धातु, उत्+सञ्ज्+घञ् (अ), जको कुत्व ग, परसवर्ण= उत्सङ्ग ।

शब्दार्थ- काख, आलिङ्गन, संयोग, शिखर ।

उत्सर्गः (ना./पुं.) उत्सर्जनम्, उत्सृज्यते इति वा *(परित्याग गरिन्छ)* उत्पूर्वक सृज विसर्गे (दिवा./तुदा.) धातु, उत्+सृज्+घञ् (अ), गुण, कुत्व= उत्सर्ग ।

शब्दार्थ- परित्याग, दान, तर्पण, त्याग, मलमूत्र त्याग, छुट्ट्याउने काम, स्वतन्त्र छाडिदिने क्रिया, खुल्ला छाडिदिने काम, जस्तैः- वृषोत्सर्ग आदि ।

उत्सवः (ना./पुं.) उत्सुवति, उत्सूते, उत्सूयते इति वा *(हर्षित हुन्छ वा हुनु)* उत्पूर्वक षू प्रेरणे (तुदा.) वा षु प्रसवैश्वर्ययोः (अदा.) धातु, उत्+सू/सु+अच् (पचादि)/अप् (अ), गुण, अवादेश= उत्सव ।

मह उद्धव उत्सवः- इत्यमरः

शब्दार्थ- पर्व, चाडपर्व, हर्ष या आनन्दको दिन, आमोद-प्रमोद, आनन्ददायक क्षण, मह ।

***द्रष्टव्य*- पराभवोऽप्युत्सव एव मानिनाम्- कि. १/४१**

उत्साहः (ना./पुं.) उत्सहनम्, उत्सह्यते इति वा *(उत्साह लिइन्छ)* उत्पूर्वक षह मर्षणे (भ्वा.) धातु, उत्+सह+घञ् (अ), वृद्धि= उत्साह ।

शब्दार्थ- उद्यम, पराक्रम, साहस, आँट, जाँगर, कुनै कुरा गर्न तत्परता देखाइने मनोवृत्ति ।

---

[1] ण्वुल्तृचौ : ण्वुल्

[2] गुरोश्च हलः : अ (प्रत्यय)

[3] ञित क्तः : क्त

[4] आदितश्च : इडाभाव

[5] अनुपसर्गात्फुल्लक्षीव... : निष्ठा तको ल

[6] ति च : फका अको उत्व

उत्साहप्रदः (वि.) उत्साहं प्रददातीति *(उत्साह दिन्छ)* उत्साह उपपदमा हुने प्रपूर्वक डुदाञ् दाने (जुहो) धातु, उत्साह+प्र+दा+क[1] (अ), आलोप= उत्साहप्रद ।

शब्दार्थ-उत्साह बढाउने, हौसला दिने, प्रेरणा प्रदान गर्ने

उत्साहवर्द्धकः (वि.) उत्साहं वर्द्धयतीति *(उत्साह बढाउँछ)* उत्साह उपपदमा हुने वृधु वृद्धौ (भ्वा.) धातु, उत्साह+वृध्+णिचि+ण्वुल्[2] (अक), धको द्वित्व, जश्त्व, वृद्धि, णिलोप= उत्साहवर्द्धक ।

शब्दार्थ- उत्साह पैदा गर्ने, उत्साह वढाउने, उत्साह वृद्धि गर्ने, हौसला वढाउने ।

उत्साहवान् (वि.) उत्साहः अस्यास्तीति *(उत्साह छ यसको)* उत्साह+मतुप्[3] (मत्), मको व, उत्साहवत् =उत्साहवान् ।

शब्दार्थ- उत्साह भएको, फुर्तिलो, साहसिलो, आँटिलो, जाँगर भएको ।

उत्साहितः (वि.) उत्साह्यते स्म इति *(उत्साहित पारिएको)* उत्पूर्वक षह मर्षणे (भ्वा.) धातु, उत्+सह्+णिचि+क्त (त), वृद्धि, इडागम, णिलोप =उत्साहित ।

अथवा उत्साहः सञ्जातः अस्य *(उत्साह पैदा भएको छ यसको)* उत्साह+इतच् (इत)= उत्साहित ।

शब्दार्थ-उत्साहित भएको, प्रेरणा पाएको, उमङ्गित भएको

उत्साही (वि.) उत्सहते इति *(उत्साह लिन्छ)* उत्पूर्वक षह मर्षणे (भ्वा.) धातु, उत्+सह्+णिनि[4] (इन्), वृद्धि, उत्साहिन्= उत्साही ।

अथवा उत्साहः अस्यास्तीति *(उत्साह छ यसको)* उत्साह+इनि (इन्), इत्साहिन्= उत्साही ।

शब्दार्थ- उत्साहले परिपूर्ण, उमङ्ग भएको, उत्साह भएको, हौसला भएको ।

उत्सुकः (वि.) उत्सवति, उत्सुनोतीति वा *(उत्कण्ठा पैदा गर्छ)* षु प्रसवैश्वर्ययोः (भ्वा.) वा षुञ् अभिषवे (स्वा.) धातु, उत्+सु+विच् वा क्विप् (सर्वलोप), उत्सुः । उत्सुरेव *(उत्सुक नैं)* उत्सु+कन् (क), स्वार्थमा =उत्सुक ।

शब्दार्थ- इच्छुक, आतुर, धेरै चाहना गर्ने, आसक्त,उत्कण्ठित

उत्सुकता (ना./स्त्री.) उत्सुकस्य भावः इति *(उत्सुक हुनाको स्थिति वा अवस्था)* उत्सुक+तल् (त)+टाप् (आ)= उत्सुकता ।

शब्दार्थ- उत्सुक हुनाको स्थिति, धेरै चाहना, आसक्तता, व्याकुलता, उत्कण्ठा ।

उत्सृष्टः (वि.) उत्सृज्यते स्म इति *(त्यागिएको)* उत्पूर्वक सृज विसर्गे (दिवा.) धातु, उत्+सृज्+क्त (त), जको ष[5], ष्टुत्व= उत्सृष्ट ।

शब्दार्थ- छोडिएको, त्यागिएको, उत्सर्ग गरिएको, मुक्त भएको, स्वतन्त्र भएको ।

उद् (अव्य.) अवते इति उङ् गतौ (भ्वा.) धातु, उ+ क्विप् (लोप), तुक्= उद् ।

शब्दार्थ- श्रेष्ठता, उच्चता, अतिशय, प्रवलता आदि अर्थ वुझाउने एक उपसर्ग ।

उदकम् (ना./न.) उनत्तीति *(भिज्छ)* उन्दी क्लेदने (रुधा.) धातु, उन्द्+क्वुन् (अक), नलोप= उदक ।

शब्दार्थ- पानी, जल, जीवन ।

उदकुम्भः (ना./पुं.) उदकस्य कुम्भः *(जलको घडा)* ष.त.स., उदकको 'उद' आदेश[6]= उदकुम्भ ।

शब्दार्थ- पानीको घडा, उदकुम्भ ।

उदधिः (ना./पुं.) उदकानि धीयन्ते अस्मिन् *(जल धारण गरिन्छ यसमा)* उदक उपपदपूर्वक डुधाञ् धारण-पोषणयोः (जुहो.) धातु, उदक+धा+कि[7] (इ), आलोप[8], उदकधि, उदकको 'उद' आदेश= उदधि ।

शब्दार्थ- समुद्र, सिन्धु, अर्णव, मेघ, सरोवर, तलाउ, घडा, वादल ।

उदा. **रामचन्द्र अवतीर्ण हुंदामा कान्ति शान्ति भरिए जनतामा,**
हर्षको उदधि उर्लन लाग्यो- आ.रा. १/६८

उदयः (ना./पुं.) उदेति, उदीयते इति वा *(उदाउँछ, उदाउनु)* उद्पूर्वक इण् गतौ (अदा.) धातु, उद्+इ+ अच् (पचादि/एरच्), गुण, अयादेश= उदय ।

अस्तस्तु चरमक्ष्माभृदुदय पूर्वपर्वतः- इत्यमरः

शब्दार्थ- उदयाचल पर्वत, उत्थान, अभ्युदय, माथि उठ्ने काम, उन्नति, प्रगति ।

उदयाचलः (ना./पुं.) उदयश्चासौ अचलश्च *(उदय पर्वत)* क.त.स., दीर्घ= उदयाचल ।

शब्दार्थ- सूर्य उदाउने पर्वत, उदयगिरि ।

उदयास्तः (ना./पुं.) उदयश्च अस्तश्च *(उदाउने र अस्ताउने)* द्व.स., दीर्घ= उदयास्त ।

शब्दार्थ- उदाउने र अस्ताउने क्रिया, उन्नति र अवनति ।

उदा. **उदयास्त हुँदो छ गैह्रको,**
स्थिति यस्तै छ दिनेशसम्मको- आ.रा.५/३२
ग्रहादिको त्यो उदयास्त पारने
सुवर्णकै पर्वतराज हो भने- बु.वि. ५५

उदरम् (ना./न.) उत् ऋच्छतीति *(प्राप्त हुन्छ)* उद्पूर्वक ऋ गतिप्रापणयोः (भ्वा.) धातु, उद्+ऋ+अच् (पचादि), अर्‌गुण= उदर ।

अथवा उद् दृणातीति *(वृद्धि हुन्छ)* उद्पूर्वक दृ विदारणे (क्र्या.) धातु, उद्+दृ+अच्/अल्[9] (अ), उणा., उद्का दको लोप, गुण = उदर ।

शब्दार्थ- पेट, भुँडी, जठर, कोखो ।

---

१. आतश्चोपसर्गे : क
२. ण्वुल्तृचौ : ण्वुल्
३. तदस्यास्त्यस्मिन्... : मतुप्
४. सुप्यजातौ... : णिनि
५. व्रश्चभ्रस्ज... : जको षत्व
६. पेषंवासवाहनाधिषु च : उदकको 'उद' आदेश
७. कर्मण्यधिकरणे च : कि
८. आतो लोप... : आलोप
९. उदि दृणातेरजलौपूर्व... अच्/अल्

उदात्तः (वि.) उत् उच्चैः आदीयते उच्चार्यते प्रदीयते इति वा *(उच्च स्वरले उच्चारण गरिन्छ, पर्याप्त प्रदान गरिन्छ)* उत् आ उपसर्गद्वयपूर्वक डुदाञ् दाने (जुहो.) धातु, उत्+आ+दा+क्त (त), दाका आको त आदेश[1], जशत्व, उत्का तको द= उदात्त ।

शब्दार्थ- उच्च, उन्नत, उच्चस्वरले उच्चारण गरिएको, उदार, दाता, प्रसिद्ध, विख्यात, दयालु ।

उदानः (ना./पुं.) उत् ऊर्ध्वेन ऊर्ध्वगतेन अनिति अनेन *(उँभोतिर चल्ने वायुद्वारा सास फेर्छ यसले)* उत्पूर्वक अन प्राणने (अदा.) धातु, उत्+अन्+घञ् (अ), करणमा, वृद्धि जशत्व= उदान ।

उदानः कण्ठदेशे स्यात्- इत्यमरः

शब्दार्थ- उँभो सास लिने काम, शरीरमा रहने प्राण, अपान, समान आदि ५ वायुमध्ये एक, जो कण्ठप्रदेशमा रहन्छ ।

उदारः (वि.) उत् उत्कृष्टं आरातीति *(ज्यादै उदार किसिमले प्रदान गर्छ)* उद् आ उपसर्गद्वयपूर्वक रा दाने (अदा.) धातु, उद्+आ+रा+क[2] (अ)= उदार ।

अथवा उच्चैरासमन्तात् ऋच्छति अर्यते इति वा *(उच्चभावले प्रदान गर्छ वा गरिन्छ)* उत् आ उपसर्गद्वयपूर्वक ऋ गतिप्रापणयोः (भ्वा.) धातु, उद्+आ+ऋ+अच् (पचादि)/घञ् (अ), वृद्धि= उदार ।

शब्दार्थ- दाता, महान्, सरल, दिनसक्ने भावना भएको, फुक्का दिलको, निष्कपट, उत्तम, दानशील पुरुष, भद्र व्यक्ति, भद्र पुरुष ।

द्रष्टव्य- **उदाराः सर्व एवैते ज्ञानी त्वात्मैव मे मतम्- भ.गी. ७/१८**

उदारचरितः (वि.) उदारं चरितं यस्य *(उदार छ चरित्र जसको)* ब.स.= उदारचरित ।

शब्दार्थ- उदार चरित्र भएको, सच्चरित्र भएको, सबैप्रति सद्भाव देखाउने ।

उदारचित्तः (वि.) उदारं चित्तं यस्य *(जसको चित्त उदार छ)* ब.स.= उदारचित्त ।

शब्दार्थ- उदार चित्त भएको, उदार मन भएको ।

उदारचेताः (वि.) उदारं चेतः यस्य *(उदार चित्त छ जसको)* ब.स., उदारचेतस्= उदारचेता ।

शब्दार्थ- उदार चित्त भएको, विशाल हृदय भएको, महामना, उदार बुद्धि भएको ।

उदारता (ना./स्त्री.) उदारस्य भावः इति *(उदार हुनाको भाव वा अवस्था)* उदार+तल् (त)+टाप् (आ) =उदारता ।

शब्दार्थ- उदार हुनाको भाव वा अवस्था, उच्चभावना, काव्यका दश गुणमध्ये एक ।

उदारधीः (वि.) उदारा धीर्यस्य *(उदार छ बुद्धि जसको)* ब.स.= उदारधी ।

शब्दार्थ- वुद्धिमान्, उदारमना, असल वुद्धि भएको, उदारवुद्धि भएको ।

उदारवादः (ना./पुं.) उदारश्चासौ वादश्च *(उदारवाद)* क.त.स.= उदारवाद ।

शब्दार्थ- सबैलाई समानरूपले स्वतन्त्रता र अन्य सुखसुविधा प्राप्त हुनुपर्छ भन्ने एक सिद्धान्त, उदार भावना भएको दृष्टिकोण ।

उदारवादिता (ना./स्त्री) उदारवादिनः भावः *(उदारवादी हुनाको भाव वा अवस्था)* उदारवादिन्+तल् (त)+टाप् (आ)= उदारवादिता ।

शब्दार्थ- उदारवादको अवस्था, उदारवादको स्थिति ।

उदारवादी (वि.) उदारवादः अस्यास्तीति *(उदारवाद सम्बन्धी दृष्टिकोण छ यसको)* उदारवाद+इनि[3] (इन्) =उदारवादी ।

अथवा उदारं वदितुं शीलमस्येति *(उदारवादको पक्षमा बोल्ने शील या स्वभाव छ यसको)* उदार उपपदपूर्वक वद व्यक्तायां वाचि (भ्वा.) धातु, उदार+ वद्+णिनि[4] (इन्), वृद्धि, उदारवादिन्= उदारवादी ।

शब्दार्थ- उदारवादसम्बन्धी सिद्धान्त अपनाउने, उदार विचारधारा भएको, उदारवादको अनुयायी, उदारवादको पक्षपाती ।

उदासः (वि./ना./पुं.) उदास्ते उदसति उदस्यते इति वा *(उदास हुन्छ वा उदास हुनु)* उत्पूर्वक आस उपवेशने (अदा.) वा अस गतिदीप्त्यादानेषु (भ्वा.) धातु, उद्+आस्+अच् (पचादि) = उदास ।

अथवा उद्+अस्+घञ् (अ), वृद्धि= उदास ।

शब्दार्थ- निःस्पृह, विरक्त, उदास, निरास, तटस्थता, खिन्नता, अनासक्ति, दिक्क, चिन्तित हुने स्थिति, दिक्दारी ।

उदा. **तर यहाँ यी दुवैथरी उदास छन्,**
दुवैथरी निराश छन्- घु.मे.अ. (मेरो चोक- भू.पि.शेरचन)

उदासी (वि.) उदास्ते इति *(उदास बन्छ)* उत्पूर्वक आस उपवेशने (अदा.) धातु, उद्+आस्+णिनि (इन्), उदासिन् = उदासी ।

शब्दार्थ- निःस्पृह, तत्त्ववेत्ता, उदास रहने, दिकदार, दिक्क हुने ।

उदासीनः (वि.) उदास्ते इति *(उदास बन्छ)* उत्पूर्वक आस उपवेशने (अदा.) धातु, उद्+आस्+शानच्[5] (आन), आनको ईत्व[6]= उदासीन ।

शब्दार्थ- तटस्थ, निष्पक्ष, निष्क्रिय, निःस्पृह, विरक्त ।

---

[1] अच उपसर्गात्त : त

[2] आतश्चोपसर्गे : क

[3] अत इनिठनौ : इनि

[4] सुप्यजातौ... णिनि

[5] लटःशतृशानचाव...: शानच्

[6] ईदासः : ईत्व

उदासीनता (ना./स्त्री) उदासीनस्य भावः इति *(उदासीन हुनाको भाव वा अवस्था)* उदासीन+तल् (त)+टाप् (आ)= उदासीनता ।

शब्दार्थ- उदासीन हुनाको अवस्था, विरक्ति, निःस्पृहभाव, निर्लिप्तता, निरपेक्षता, निष्क्रियता, तटस्थता ।

उदाहरणम् (ना./न.) उदाहरणम्, उदाह्रियते इति वा *(उदाहरण दिइन्छ)* उत् आङ् उपसर्गद्वयपूर्वक हृञ् हरणे (भ्वा.) धातु, उत्+आ+हृ+ल्युट् (अन), गुण, णत्व, जश्त्व= उदाहरण ।

शब्दार्थ- वर्णन, दृष्टान्त, नमुना, अनुकरणीय आचरण वा काम कर्तव्य ।

उदाहरणीयः (वि.) उदाह्रियते, उदाहर्तुं योग्यः वा *(उदाहरण दिन योग्य)* उत्पूर्वक हृञ् हरणे (भ्वा.) धातु, उत्+आ+हृ+अनीय (र्), गुण, णत्व, जश्त्व =उदाहरणीय ।

शब्दार्थ- उदाहरण दिन योग्य, अनुकरण गर्न लायक ।

उदितः (वि.) उदीयते स्म इति *(उदय भएको)* उत्पूर्वक इण् गतौ (अदा.) धातु, उत्+इ+क्त (त), कर्तामा, इडागम, जश्त्व, उद् इत= उदित ।

शब्दार्थ- उदाएको, माथि पुगेको, उँचो, निस्केको, प्रकट भएको ।

उदीची (ना./स्त्री.) उत् उत्तरमञ्चति सूर्यम् *(उत्तरतिर सूर्यको प्रवेश हुन्छ)* उत्पूर्वक अञ्चु गतिपूजनयोः (भ्वा.) धातु, उत्+अञ्च्+क्विन्, अकारलोप, ईत्व, क्विन्को लोप, जश्त्व, उदीच्+ङीप् (ई)= उदीची ।

शब्दार्थ- उत्तरदिशा ।

उदीच्यः (वि.) उदीच्यां भवः *(उत्तर दिशामा हुने)* उदीची +यत्[1] (य), ईकारलोप= उदीच्य ।

शब्दार्थ- उत्तरमा भएको, उत्तरतिरको, उत्तरको ।

उदीयमानः (वि.) उदीयते इति *(उदय हुनु, उदाउनु)* उत्पूर्वक इण् गतौ (अदा.) धातु, उत्+इ+यक् (य), इको दीर्घ, जश्त्व, उदीयः । उदीय+शानच् (आन), मुक्[2]= उदीयमान ।

शब्दार्थ- उदाइरहेको, चल्दोवल्दो, उदाउँदो ।

उद्गमः (ना./पुं.) उद्गमनम्, उद्गम्यते इति *(पैदा हुनु)* उत्पूर्वक गम्लृ गतौ (भ्वा.) धातु, उत्+गम्+अप्[3] (अ), जश्त्व= उद्गम ।

शब्दार्थ- उदय, मुहान, स्रोत, उत्पत्ति, माथि जाने काम, प्रादुर्भाव ।

उद्गाता (वि.) उद्गायते साम यः *(जो सामवेद गाउँछ)* उत्पूर्वक गै शब्दे (भ्वा.) धातु, उत्+गा+तृच् (तृ), जश्त्व, उद्गातृ= उद्गाता ।

शब्दार्थ- सामवेदका मन्त्रहरू गाउने, सामवेद पढ्ने ।

उद्गातुकामः (वि./ना./पुं.) उद्गातुम् उच्चैर्गातुं कामः यस्य सः *(उच्चस्वरले गाउने कामना छ जसको)* व.स., 'तुम'को मलोप= उद्गातुकाम ।

शब्दार्थ-गाउन चाहना गर्ने, गीत गाउन इच्छा गर्ने व्यक्ति

उद्गातुकामा (ना./स्त्री.) उद्गातुम् उच्चैर्गातुं कामः यस्याः सा *(उच्चस्वरले गाउने कामना छ जुन स्त्रीको)* व.स., 'तुम्'को मलोप, टाप् (आ)= उद्गातुकामा ।

शब्दार्थ- गीत गाउन इच्छा गर्ने स्त्री, तीखो स्वरले गीत गाउने चाहना भएकी आइमाई ।

उद्गारः (ना./पुं.) उद्गीर्यते इति *(उद्गार व्यक्त गरिन्छ)* उत्पूर्वक गॄ निगरणे (तुदा.) धातु, उत्+गॄ+घञ्[4] (अ), जश्त्व, आर् वृद्धि= उद्गार ।

शब्दार्थ- हर्ष-शोकादि मनको भावं व्यक्त गर्ने कार्य, मुखवाट वाहिर उकल्ने काम, मनोभाव व्यक्त गर्ने काम, थुक्ने काम ।

उद्गारचिन्हम् (ना./न.) उद्गारस्य चिन्हम् *(उद्गार बोधक चिन्ह)* ष.त.स.= उद्गारचिन्ह ।

शब्दार्थ- हर्ष, शोकादि वुझाउने शव्द या वाक्यमा प्रयोग हुने चिन्ह ।

उद्गीयमानः (वि.) उद्गीयते इति *(गीत गाइन्छ)* उत्पूर्वक गै शव्दे (भ्वा.) धातु, उत्+गै+यक् (य), जश्त्व, आत्व, गाको ईत्व, उद्गीय+शानच् (आन), मुक्= उद्गीयमान ।

शब्दार्थ- गीत गाउँदै, गान गरिदै ।

उद्गीथः (ना./पुं.) उद्गीयते इति *(गाइन्छ)* उत्पूर्वक गै शव्दे (भ्वा.) धातु, उत्+गै+थक्[5] (थ), जश्त्व, ईत्व[6] =उद्गीथ

शब्दार्थ- प्रणव, ओङ्कार, सामवेद, वेदको गीत्यात्मक अंश, सामवेदको ध्वनि, सामवेदको गायन ।

उद्घाटकः (वि.) उद्घाटयतीति *(उद्घाटन गर्छ)* उत्पूर्वक घट सङ्घाते (चुरा.) धातु, उत्+घट्+णिचि+ण्वुल् (अक), णिलोप, जश्त्व= उद्घाटक ।

शब्दार्थ- उद्घाटन गर्ने, अनावरण गर्ने, पर्दा हटाउने, खुला पार्ने, समुद्घाटक ।

उद्घाटनम् (ना./न.) उद्घाट्यते अनेन इति *(उद्घाटन गरिन्छ यसबाट)* उत्पूर्वक घट सङ्घाते (चुरा.) धातु, उत्+घट्+णिचि+ल्युट् (अन), वृद्धि, णिलोप, जश्त्व=उद्घाटन ।

शब्दार्थ- खुला गर्ने काम, अनावरण, उद्घाटन गर्दा पर्दा हटाउने काम, नयाँ भवनको समुद्घाटन गर्ने काम

उद्घाटितः (वि.) उद्घाट्यते स्म इति *(उद्घाटन गरिएको)* उत्पूर्वक घट सङ्घाते (चुरा.) धातु, उत्+घट्+णिचि+क्त (त), वृद्धि, णिलोप, जश्त्व, इडागम = उद्घाटित ।

शब्दार्थ- समुद्घाटन वा अनावरण गरिएको, खोलिएको ।

---

[1] घुप्रागवागुदक्... : यत्
[4] उन्योर्ग्रः : घञ्
[2] आने मुक् : मुक्
[5] गश्चोदि : थक्
[3] ग्रहवृदृनिश्चिगमश्च : अप्
[6] घुमास्थागापा... : ईत्व

उद्घोषः (ना./पुं.) उद्घोषणम्, उद्घोष्यते इति वा *(उद्घोषण गरिन्छ)* उत्पूर्वक घुषिर् अविशब्दने (भ्वा.) वा घुषिर् विशब्दने (चुरा.) धातु, उत्+घुष्+णिचि+घञ् (अ), गुण, णिलोप, जश्त्व= उद्घोष ।

शब्दार्थ- घोषणा, उच्च स्वरले केही कुरा व्यक्त गर्ने काम, ठूलो आवाज ।

उद्घोषकः (वि.) उद्घोषतीति *(घोषणा गर्छ)* उत्पूर्वक घुषिर् अविशब्दने (भ्वा.) वा घुषिर् विशब्दने (चुरा.) धातु, उत्+घुष्+ण्वुल्[१] (अक), गुण, जश्त्व=उद्घोषक ।

शब्दार्थ- घोषणा गर्ने, कुनै कुराको जानकारी दिने ।

उद्घोषणम् (ना./न.) उद्घोषणमीति *(उद्घोषण गरिन्छ)* उत्पूर्वक घुषिर् अविशब्दने (भ्वा.) वा घुषिर् विशब्दने (चुरा.) धातु, उत्+घुष्+ल्युट् (अन), गुण, णत्व, जश्त्व= उद्घोषण ।

शब्दार्थ- सार्वजनिक रूपमा सुनाएर कुनै कुरा भन्ने काम, घोषणा गर्ने काम ।

उद्घोषणा (ना./स्त्री.) उद्घोष्यते इति *(घोषणा गरिन्छ)* उत्पूर्वक घुषिर् विशब्दने (चुरा.) धातु, उत्+घुष्+णिचि+युच्[२] (अन)+टाप् (आ), णिलोप, जश्त्व =उद्घोषणा ।

शब्दार्थ- जनाउ दिने काम, घोषणा गर्ने काम ।

उद्घोषितः (वि.) उद्घोष्यते स्म इति *(उद्घोष गरिएको)* उत्पूर्वक घुषिर् अविशब्दने (भ्वा.) धातु, उत्+घुष्+णिचि, गुण, उद्घोषि+क्त (त), इडागम, णिलोप, जश्त्व= उद्घोषित ।

शब्दार्थ-उद्घोष वा प्रकट गरिएको, जानकारी दिइएको ।

उद्दण्डः (वि.) दण्डयतीति *(दण्ड दिन्छ)* दण्ड दण्डनिपातने (चुरा.) धातु, दण्ड्+अच् (पचादि), दण्डः । उत्क्रान्तः दण्डमिति *(दण्डलाई अतिक्रमण गर्ने)* उत्+दण्ड, प्रा.त.स.[३]= उद्दण्ड ।

शब्दार्थ- दण्डको डर नभएको, निर्भय, छाडा, दण्डको डर देखाएर अरूलाई वशमा राख्ने ।

उद्दाम (वि.) द्यतीति *(छेदन गर्छ)* दो अवखण्डने (दिवा.) धातु, दो+मनिन्[४] (मन्), उणा., आत्व, दामन् । दाम्नः बन्धनात् उद्गतः *(बन्धनबाट छुटेको)* प्रा.त.स., उद्दामन्= उद्दाम ।

अथवा उद्गतं दाम बन्धनं यस्य *(जसको बन्धन टुटेको छ)* प्रा.व.स., उ.प.लोप= उद्दाम ।

शब्दार्थ- मुक्त, निरङ्कुश, अनियन्त्रित, वन्धनरहित, स्वच्छन्द, स्वेच्छाचारी, डरलाग्दो, उग्र ।

उद्दीपकः (वि.) उद्दीप्यते इति *(उत्तेजित पार्छ)* उत्पूर्वक दीपी दीप्तौ (दिवा.) धातु, उत्+दीप्+णिचि+ण्वुल् (अक), णिलोप, जश्त्व= उद्दीपक ।

शब्दार्थ- उत्तेजक, प्रकाशक, इन्द्रियहरूलाई उत्तेजित गराउने ।

उद्दीपनम् (ना./न.) उद्दीप्यते इति *(उत्तेजना पैदा गर्नु)* उत्पूर्वक दीपी दीप्तौ (दिवा.) धातु, उत्+ दीप्+ल्युट् (अन), णिलोप, जश्त्व= उद्दीपन ।

शब्दार्थ- रस निष्पत्तिको कारणरूप विभावका दुईभेदमध्ये एक, जलन वा उत्तेजना पैदा गर्ने काम ।

उद्दीप्तः (वि.) उद्दीप्यते स्म इति *(प्रज्वलित भएको, उत्तेजित गराइएको)* उत्पूर्वक दीपी दीप्तौ (दिवा.) धातु, उत्+दीप्+क्त (त), जश्त्व= उद्दीप्त ।

शब्दार्थ-प्रकाशित, प्रज्वलित, उत्तेजित, उत्तेजना वढाउने ।

उद्देश्यम् (ना./न.) उद्दिश्यते इति *(उद्देश्य लिइन्छ)* उत्पूर्वक दिश अतिसर्जने (दिवा.) धातु, उत्+दिश्+ण्यत्[५] (य), गुण, जश्त्व= उद्देश्य ।

शब्दार्थ- लक्ष्य, ध्येय, कुनै कुराको प्राप्तिका निमित्त अभिप्रेरित हुने मनोभावना, वाक्यको उद्देश्य र विधेय दुई भागमध्ये पहिलो भाग ।

उद्धरणम् (ना./न.) उद्ह्रियते इति *(उन्मूलन गरिन्छ)*, उद्ध्रियते इति *(उद्धार गरिन्छ)* उत्पूर्वक हृञ् हरणे वा धृञ् धारणे (भ्वा.) धातु, उत्+हृ+ल्युट् (अन), गुण, पूर्वसवर्णवाट हको ध, णत्व, जश्त्व= उद्धरण ।

अथवा उद्+धृ+ल्युट् (अन), गुण, णत्व= उद्धरण ।

शब्दार्थ- उद्धार गर्ने काम, निकाल्ने काम, उन्मूलन, कुनै रचनावाट प्रमाण वा उदाहरणका लागि लिइएको अंश ।

उद्धवः (ना./पुं.) उद्धुनोति दुःखम् *(दुःख हटाउँछ)* उत्पूर्वक धुञ् कम्पने (स्वा.) धातु, उद्+धु+अच् (पचादि), गुण, अवादेश, जश्त्व= उद्धव ।

अथवा उद्हूयते इति *(हवन गरिन्छ)* उद्पूर्वक हु दानादनयोः (जुहो.) धातु, उद्+हु+अच् (एरच्), गुण, पूर्वसवर्णद्वारा हको ध, जश्त्व= उद्धव ।

उद्धवो यादवभिदि महे च क्रतुपावके- इति मेदिनी

शब्दार्थ- कृष्णका सखा यादवविशेष, यज्ञाग्नि, महोत्सव, उत्सव, पर्व ।

उद्धारः (ना./पुं.) उद्ध्रियते इति *(उद्धार गरिन्छ)* उत्पूर्वक धृञ् धारणे (भ्वा.) धातु, उत्+धृ+घञ् (अ), वृद्धि, जश्त्व= उद्धार ।

शब्दार्थ- उद्धार गर्ने काम, दुःख, पीडा आदि कष्टवाट छुटाउने काम, भलाइ गर्ने काम, सुधार ।

उद्धारकः (वि.) उद्धारयतीति *(उद्धार गर्छ)* उत्पूर्वक हृञ् हरणे वा धृञ् धारणे (भ्वा.) धातु, उत्+हृ/धृ+ण्वुल्[१] (अक), वृद्धि, हको परसवर्णद्वारा ध, जश्त्व= उद्धारक ।

शब्दार्थ- उद्धार गर्ने, दुःख कष्टादिवाट छुटकारा दिलाउने, कल्याण गर्ने ।

---

[१] ण्वुल्तृचौ : ण्वुल्

[२] ण्यासश्रन्थो... : युच्

[३] अत्यादयः क्रान्ताद्यर्थे... : प्रा.त.स.

[४] सर्वधातुभ्यो मनिन् : मनिन्

[५] ऋहलोर्ण्यत् : ण्यत्

उद्धृतः (वि.) उद्ध्रियते स्म इति ***(उद्धार गरिएको, निकालिएको)*** उत्पूर्वक हृञ् हरणे वा धृञ् धारणे (भ्वा.) धातु; उत्+हृ/धृ+क्त (त), हृका हको पूर्वसवर्णवाट ध, जश्त्व= उद्धृत ।

शब्दार्थ- उद्धार गरिएको, निकालिएको, कुनै कृति वा रचनावाट प्रमाण वा उदाहरणका लागि उद्धृत गरिएको (अंश) ।

उद्बुद्धः (वि.) उद्बुध्यते स्म इति ***(ज्ञान प्राप्त गरेको)*** उत्पूर्वक बुध अवगमने (भ्वा./दिवा.) धातु, उत्+बुध्+क्त (त), तको ध, धको द, जश्त्व= उद्बुद्ध ।

शब्दार्थ- ज्ञान प्राप्त गरेको, जागा भएको, चेतना खुलेको, जागरण पैदा गरेको, प्रवुद्ध ।

उद्बोधः (ना./पुं.) उद्वोधनम्, उद्वुध्यते इति वा ***(ज्ञान प्राप्त गर्नु)*** उत्पूर्वक बुध अवगमने (भ्वा./दिवा.) धातु, उद्+बुध्++घञ् (अ), गुण, जश्त्व= उद्वोध ।

शब्दार्थ- ज्ञान प्राप्त गर्ने काम, जागृति, उद्वोधन ।

उद्बोधकः (वि.) उद्वोधति, उद्वुध्यति, उद्वोधयतीति वा ***(ज्ञान दिन्छ, दिलाउँछ)*** उत्पूर्वक बुध अवगमने (भ्वा./दिवा.) धातु, उत्+वुध्+णिचि+ण्वुल् (अक), गुण, जश्त्व= उद्वोधक ।

शब्दार्थ- ज्ञान दिने वा दिलाउने, वोध गराउने, ज्ञान गराउने, जागरण पैदा गर्ने ।

उद्वोधनम् (ना./न.) उद्वोधनम्, उद्वोध्यते इति वा ***(वोध गराइन्छ)*** उत्पूर्वक बुध अवगमने (भ्वा./दिवा.) धातु, उत्+बुध्+णिचि+ल्युट् (अन), गुण, णिलोप, जश्त्व= उद्वोधन ।

शब्दार्थ- वोध गराउने काम, जागृति पैदा गराउने क्रिया, जागरण ।

उद्वोधितः (वि.) उद्वोध्यते स्म इति ***(बोध गराइएको)*** उत्पूर्वक बुध अवगमने (भ्वा./दिवा.) धातु, उत्+बुध्+णिचि, वृद्धि, गुण, जश्त्व, उद्वोधि+क्त (त), इडागम= उद्वोधित ।

शब्दार्थ- ज्ञान गराइएको, जानकारी दिलाइएको, जागृत गराइएको, वोध गराइएको ।

उद्भटः (वि.) उद्भटतीति ***(भन्छ)*** उत्पूर्वक भट परिभाषणे वा भट भृतौ (भ्वा.) धातु, उत्+भट्+अच् (पचादि), जश्त्व= उद्भट ।

शब्दार्थ-प्रमुख, श्रेष्ठ, उत्तम, प्रवल, प्रकाण्ड, ज्यादा वोल्ने ।

उद्भवः (ना./पुं.) उद्भवनम् ***(उत्पत्ति हुनु),*** उद्भवति अस्मात् ***(उत्पत्ति हुन्छ यसबाट)*** उत्पूर्वक भू सत्तायाम् (भ्वा.) धातु, उत्+भू+अप्[1] (अ), जश्त्व =उद्भव ।

शब्दार्थ- उत्पत्ति, संरचना, जन्म, उद्गम, प्रकट हुने काम, प्रादुर्भाव ।

उद्भासः (ना./पुं.) उद्भासनम्, उद्भास्यते इति वा ***(प्रकाशित हुनु)*** उत्पूर्वक भासृ दीप्तौ (भ्वा.) धातु, उत्+भास्+घञ् (अ), वृद्धि, जश्त्व= उद्भास ।

शब्दार्थ- चमक, प्रभा, प्रकाश, द्युति, दीप्ति, हृदयका भावनाहरूको प्रस्फुरण ।

उद्भासितः (वि.) उद्भास्यते स्म इति ***(प्रज्वलित भएको)*** उत्पूर्वक भासृ दीप्तौ (भ्वा.) धातु, उत्+भास्+क्त (त), इडागम, जश्त्व= उद्भासित ।

शब्दार्थ- प्रदीप्त, प्रज्वलित, चमक भएको, प्रस्फुरण भएको

उद्भासी (वि.) उद्भासते इति ***(प्रकाशित हुन्छ)*** उत्पूर्वक भासृ दीप्तौ (भ्वा.) धातु, उत्+भास्+णिनि[2] (इन्), जश्त्व, उद्भासिन्= उद्भासी ।

शब्दार्थ- प्रज्ज्वलित हुने, प्रस्फुरण हुने, दीप्तिमान् ।

उद्भिज्जः (वि.) उद्भिदः जातम् ***(पृथिवी फोरेर उम्रने)*** उत्पूर्वक जनी प्रादुर्भावे (दिवा.) धातु, उत्भिद्+जन्+ड[3] (अ), दको ज, जश्त्व, टिलोप, जश्त्व =उद्भिज्ज

शब्दार्थ-धान, मकै आदि पृथिवी फोरेर निस्कने (अनाज) ।

उद्भूतः (वि.) उद् भूयते स्म इति ***(उत्पन्न भएको)*** उत्पूर्वक भू सत्तायाम् (भ्वा.) धातु, उत्+भू+क्त[4] (त), कर्तामा, जश्त्व= उद्भूत ।

शब्दार्थ- उत्पन्न, जात, प्रकट भएको, जन्मेको, प्रादुर्भाव भएको ।

उद्यतः (वि.) उद् यम्यते स्म इति ***(माथि उठेको)*** उत्पूर्वक यम उपरमे (भ्वा.) धातु, उत्+यम्+क्त (त), अनुनासिक मलोप, जश्त्व= उद्यत ।

शब्दार्थ- प्रवृत्त भएको, उन्नत, तत्पर, परिश्रमी, काममा लागेको ।

उद्यमः (ना./पुं.) उद्यमनम्, उद्यम्यते इति वा ***(माथि उठ्नु)*** उत्पूर्वक यम उपरमे (भ्वा.) धातु, उत्+यम्+घञ् (अ), वृद्धिनिषेध, जश्त्व= उद्यम ।

शब्दार्थ- उन्नयन, माथि उठ्ने काम, उत्थान, उद्योग, प्रयास, परिश्रम, इलम ।

द्रष्टव्य- **उद्यमेन हि सिद्धयन्ति कार्याणि न मनोरथैः-नीतिवचनम्**

उद्यमी (वि.) उद्यमः अस्य अस्तीति ***(उद्यम छ यसको)*** उद्यम+इनि[5] (इन्)= उद्यमी ।

शब्दार्थ- उद्यममा संलग्न, उद्योगी, मेहनती, परिश्रमी, इलमी ।

उद्यानम् (ना./न.) उद्यान्ति अत्र ***(टहल्छन् यहाँ)*** उत्पूर्वक या प्रापणे (अदा.) धातु, उत्+या+ल्युट्[6] (अन), अधिकरणमा, जश्त्व= उद्यान ।

शब्दार्थ- वगैंचा, उपवन, फूलवारी, भ्रमण गर्ने वा टहल्ने काम ।

---

[1] ऋदोरप् : अप्
[4] गत्यर्थाकर्मक...: क्त (कर्तामा)
[2] नन्दिग्रहि... : णिनि
[5] अत इनिठनौ : इनि
[3] पञ्चम्यामजातौ : ड
[6] करणाधिकरणयोश्च : ल्युट्

उद्यापनम् (ना./न.) उद्याप्यते स्म इति *(समाप्ति वा उद्यापन गरिन्छ)* उत्पूर्वक या प्रापणे (अदा.) धातु, उत्+या+णिचि+ल्युट् (अन), पुगागम, णिलोप, जश्त्व = उद्यापन ।

शब्दार्थ- व्रत आदिको परिसमाप्ति या पारायण, साङ्गे, कुनै व्रत आदिको समाप्ति पछि गरिने पूजा, हवनादि-कर्म ।

उद्योगः (ना./पुं.) उद् युज्यते अनेन *(प्रयास गरिन्छ यसबाट)* उत्पूर्वक युजिर् योगे (रुधा.) धातु, उत्+युज्+घञ्[1] (अ), गुण, कुत्व, जश्त्व= उद्योग ।

शब्दार्थ- कामधन्दा, परिश्रम, प्रयत्न, प्रयास, उद्यम, कुनै कार्यमा संलग्न रहने काम ।

उद्योगपतिः (ना./पुं.) उद्योगस्य पतिः *(उद्योगको मालिक)* ष.त.स.= उद्योगपति ।

शब्दार्थ- कारखानाको स्वामी या मालिक या अधिपति, उद्योगस्थापना र सञ्चालन गर्ने मुख्यव्यक्ति ।

उद्योगी (वि.) उद्योगः अस्यास्तीति *(उद्योग गर्ने प्रवृत्ति छ यसको वा उद्योग छ यसको)* उधोग+इनि (इन्) =उद्योगी ।

शब्दार्थ- उद्योग गर्ने, कलकारखाना खोल्ने वा सञ्चालन गर्ने, परिश्रमी, इलमी, मेहनती ।

उद्रेकः (ना./पुं.) उद्रिच्यते इति *(प्रबल हुनु)* उत्पूर्वक रिचिर् विरचने (रुधा.) धातु, उत्+रिच्+घञ् (अ), गुण, जश्त्व= उद्रेक ।

शब्दार्थ- विचारको प्रवलता, भावना प्रवाहको आधिक्य वा प्रावल्य वा प्रवर्द्धन ।

उद्वर्तनम् (ना./न.) उद्वृत्यते अनेन इति *(लेप लगाइन्छ यसबाट)* उत्पूर्वक वृतु वर्तने (भ्वा.) धातु, उत्+वृत्+ल्युट् (अन), गुण, णिलोप, जश्त्व =उद्वर्तन ।

शब्दार्थ- शरीर निर्मल वनाउने साधन या वस्तु, विलेपन, मालिस ।

उद्वाहः (ना./पुं.) उद् विशेषेण वहनमिति *(विशेषरूपले वा विधिपूर्वक विवाह गरिन्छ)* उत्पूर्वक वह प्रापणे (भ्वा.) धातु, उत्+वह+घञ् (अ), उपधावृद्धि, जश्त्व =उद्वाह ।

शब्दार्थ- विवाह, पाणिग्रहण, सहारा दिने काम, परिणय, उपयम ।

उद्विग्नः (वि.) उद्विज्यते स्म इति *(दुःखी भएको)* उत्पूर्वक ओविजी भयसञ्चालनयोः (तुदा./रुधा.) धातु, उत्+विज्+क्त (त), निष्ठा तको न, जको कुत्व ग, जश्त्व =उद्विग्न ।

शब्दार्थ- सन्तप्त, पीडित, शोकग्रस्त, भयले ग्रस्त, चिन्तित, खिन्न, दिग्दार ।

उद्वेगः (ना./पुं.) उद्विज्यन्ते अनेन इति *(उद्विग्न हुन्छन् यसबाट)* उत्पूर्वक ओविजी भयसञ्चालनयोः (तुदा./रुधा.) धातु, उत्+विज्+घञ् (अ), गुण, जको कुत्व ग, तको जश्त्व द= उद्वेग ।

शब्दार्थ- क्षोभ, कम्पन, उत्तेजना, भय, आतङ्क, खेद, आवेग, तीव्रगति ।

उदा. **उद्वेग विनाको मानिस दूध हो ।**
- आगो र पानी (अगिको २४)

उदा. **चर्केकै छ समस्त विश्व-उरमा उद्विग्न द्रोहानल ।**
-भृ.ख.का. ३

उद्वेलः (ना./पुं.) वेलतीति *(चल्छ)* वेलृ चलने (भ्वा.) धातु, वेल्+अच् (पचादि)+टाप् (आ), वेला । अथवा वेल्यते अनया इति *(समय निर्धारण गरिन्छ यसबाट)* वेल कालोपदेशे (चुरा.) धातु, वेल्+अ[2] (प्रत्यय)+टाप् (आ), वेला । उत्क्रान्तः वेलाम् *(सीमा अतिक्रमण गरेको)* प्रा.त.स.[3], ह्रस्व= उद्वेल ।

शब्दार्थ- आफ्नो तटभन्दा वाहिर आएर वहने नदी, सीमाको उल्लङ्घन वा अतिक्रमण, भेल, वाढी ।

उद्वेलनम् (ना./न.) उद्वेल्यते इति *(उद्वेलित हुनु)* उत्पूर्वक वेलृ चलने (भ्वा.) धातु, उत्+वेल् +ल्युट् (अन), जश्त्व= उद्वेलन ।

शब्दार्थ- मनमा छचल्किने भाव वा विचार, मनमा नअटाएर वाहिर प्रकट हुने विचार, उर्लदो वाढी वा भेल ।

उद्वेलितः (वि.) उद्वेल्यते स्म इति *(प्रवाहित भएको)* उत्पूर्वक वेलृ चलने (भ्वा.) धातु, उत्+वेल्+क्त (त), इडागम, जश्त्व= उद्वेलित ।

शब्दार्थ-प्रवाहित, छचल्किएको, वाढी आएको, हुँडलिएको ।

उन्नतः (वि.) उन्नमति स्म इति *(उन्नत भएको)* उत्पूर्वक णम प्रह्त्वे शब्दे च (भ्वा.) धातु, णको न, उत्+नम्+क्त[4] (त), कर्तामा, अनुनासिक मलोप, परसवर्णबाट तको न= उन्नत ।

शब्दार्थ- माथि उठेको, अग्लो, उच्च, समृद्ध, श्रेष्ठ ।

उदा. **त्यागी उन्नत जातिवंश गृहको**
गम्भीर दैवीप्रभा- आ.रा. ११/१२

उन्नतिः (ना./स्त्री.) उन्नमनम्, उन्नम्यते इति वा *(उन्नति हुनु)* उत्पूर्वक णम प्रह्त्वे शब्दे च (भ्वा.) धातु, उत्+नम्+क्तिन् (ति), अनुनासिक मलोप, तको न =उन्नति ।

शब्दार्थ- उन्नयन, उँचाइ, उत्कर्ष, मर्यादा, उन्नत हुनाको स्थिति, तरक्की, समुन्नति ।

---

[1] अकर्तरि च कारके... : घञ्

[2] गुरोश्च हलः : अ (प्रत्यय)

[3] अत्यादयः क्रान्त्याद्यर्थे... : प्रा.त.स.

[4] गत्यर्थाकर्मक...: क्त

उन्नयनम् (ना./न.) उन्नयनम्, उन्नीयते इति वा *(उत्थान हुनु)* उत्पूर्वक णीञ् प्रापणे (भ्वा.) धातु, उत्+नी+ ल्युट् (अन), गुण, अयादेश, परसवर्णवाट तको न =उन्नयन ।

शब्दार्थ- उत्थान वा उन्नति हुने कार्य, माथि उकाल्ने काम, उच्चपदमा लाने काम ।

उन्नायकः (वि.) उन्नयतीति *(माथि उठाउँछ)* उत्पूर्वक णीञ् प्रापणे (भ्वा.) धातु, उत्+नी+ण्वुल् (अक), वृद्धि, आयादेश, अनुनासिकत्व तको न= उन्नायक ।

शब्दार्थ- माथि उठाउने, समृद्ध पार्ने, माथि उकाल्ने ।

उन्मत्तः (वि.) उन्माद्यति स्म, सन्मादयति स्म इति वा *(मत्त भएको)* उत्पूर्वक मदी हर्षे (दिवा.) वा मदी हर्षग्लेपनयोः (भ्वा.) धातु, उत्+मद्+क्त (त), कर्तामा, अनुनासिकत्व निष्ठा तको न, चर्त्ववाट दको त= उन्मत्त ।

शब्दार्थ- नसा लागेर चुर भएको, विक्षिप्त, मदमत्त, मातेको, वहुलठ्ठी, वहुलाहा, पागल ।

उन्मत्तता (ना./स्त्री.) उन्मत्तस्य भावः इति *(उन्मत्त हुनाको भाव वा अवस्था)* उन्मत्त+तल् (त)+टाप् (आ)= उन्मत्तता ।

शब्दार्थ- उन्मत्त हुनाको अवस्था वा स्थिति, पागलपना, विक्षिप्ता ।

उन्मनः (वि.) उद्गतं मनः यस्य *(जसको मन ठीक अवस्थामा छैन)* प्रा.ब.स., उ.प.लोप, अनुनासिकत्व दको न, उन्मनस्= उन्मन ।

शब्दार्थ- दिक्दार, विक्षिप्त, मन ठेगानमा नभएको ।

उन्मादः (ना./पुं.) उन्मादनम्, उन्माद्यते इति वा *(चित्त विक्षेप हुनु)* उत्पूर्वक मदी हर्षे (दिवा.) वा मदी हर्ष ग्लेपनयोः (भ्वा.) धातु, उत्+मद्+घञ् (अ), वृद्धि, अनुनासिकत्व तको न= उन्माद ।

शब्दार्थ- चित्तभ्रान्ति, मन स्थिर नहुने रोगविशेष, पागलपन, विक्षिप्तता, चित्तविभ्रम ।

उदा. **होशै नित्य उँडाउदी तव रुँदी उन्मादले दिव्य ती- सु.म.का. ९/९१**

उन्मादकः (वि.) उन्मादयतीति *(विक्षिप्त पार्छ)* उत्पूर्वक मदी हर्षग्लेपनयो (भ्वा.) धातु, उत्+मद्+णिचि+ ण्वुल् (अक), वृद्धि, णिलोप, तको न= उन्मादक ।

शब्दार्थ- उन्माद गराउने, विक्षिप्त पार्ने, चित्तभ्रान्ति पार्ने, लट्ठ्याउने, मात लगाउने ।

उन्मादकता (ना./स्त्री.) उन्मादकस्य भावः इति *(विक्षिप्त पार्नाको भाव वा अवस्था)* उन्मादक+तल् (त)+टाप् (आ)= उन्मादकता ।

शब्दार्थ- उन्माद गराउने भाव वा स्थिति, विक्षिप्त पार्ने अवस्था वा भाव ।

उन्मादग्रस्तः (वि.) उन्मादेन ग्रस्तः *(विक्षिप्तताले ग्रस्त भएको)* तृ.त.स.= उन्मादग्रस्त ।

शब्दार्थ- वहुलाउने रोग लागेको, वहुलाएको, विक्षिप्त भएको ।

उन्मादनः (वि./ना./पुं.) उन्मादयति अनेन *(विक्षिप्त पार्छ यसले)* उत्पूर्वक मदी हर्षग्लेपनयोः (भ्वा.) धातु, उत्+मद्+णिचि+ल्यु[1] (अन), वृद्धि, णिलोप=उन्मादन ।

शब्दार्थ- उन्मत्त गराउने, उन्माद गराउने, विक्षिप्त पार्ने, शोषण गर्ने, लट्ठ्याउने, कामदेव, मदन, कामदेवका पाँच वाणमध्ये एक ।

उन्मार्गः (वि.) उत्क्रान्तः मार्गात् *(मार्गबाट चुकेको)* प्रा.त.स.[2]= उन्मार्ग ।

शब्दार्थ- मार्गवाट चुकेको, मार्गवाट भ्रष्ट भएको ।

उन्मीलनम् (ना./न.) उन्मीलनम्, उन्मील्यते इति वा *(आँखा खोल्नु)* उत्पूर्वक मील निमेषणे (भ्वा.) धातु, उत्+मील्+ल्युट् (अन),तको अनुनासिकत्व न=उन्मीलन

शब्दार्थ- आँखा खोल्ने काम, विउँझने क्रिया, प्रस्फुटन, फुल्ने वा फक्रने क्रिया, विकसित हुने वा फक्रने अवस्था ।

उन्मुक्तः (वि.) उन्मुच्यते स्म इति *(मुक्त भएको)* उत्पूर्वक मुच्लृ मोक्षणे (तुदा.) धातु, उत्+मुच्+क्त (त),तको अनुनासिकत्व न, चको कुत्व=उन्मुक्त ।

शब्दार्थ- स्वतन्त्र, वन्धनवाट छुटेको, छाडा, मुक्त भएको, वन्धनरहित ।

उदा. **पन्छी घुम्दछ नित्य शान्त भुवको**
उन्मुक्त आकाशमा- भृ.ख.का.३/९

उन्मुखः (वि.) उद् ऊर्ध्वं मुखं यस्य *(उँभोतिर छ मुख जसको)* दको अनुनासिकत्व न, ब.स.= उन्मुख ।

शब्दार्थ- उँभोतिर मुख लगाएको, उर्ध्वमुखी, उत्सुक ।

उन्मूलनम् (ना./न.) उन्मूलनम्, उन्मूल्यते इति *(उन्मूलन गरिन्छ)* मूल प्रतिष्ठायाम् (भ्वा.) वा मूल रोहणे (चुरा.) धातु, उत्+मूल्+ल्युट् (अन), अनुनासिकत्व तको न= उन्मूलन ।

शब्दार्थ- मूलोच्छेदन, जरैदेखि उखेल्ने काम, मूलसहित नष्ट गर्ने क्रिया ।

उप (अव्य.) अवते ध्वनयति विशेषार्थम् *(विशेष अर्थ ध्वनित गर्छ)* उङ् शब्दे (भ्वा.) धातु, उ+प (उणा.), वहुलप्रकारले= उप ।

शब्दार्थ- समीपता, निकटता, शक्ति, सामर्थ्य, योग्यता, उपदेश, आरम्भ, परामर्श, मृत्यु आदि विशेष अर्थ व्यक्त गर्ने एक उपसर्ग ।

उपकथनम् (ना./न.) उपकथ्यते इति *(पुनः थपेर भनिन्छ)* उपपूर्वक कथ वाक्यप्रवन्धे (चुरा.) धातु, उप+कथ+ल्युट् (अन)= उपकथन ।

शब्दार्थ- एउटा कुरा भनिसकेपछि पुनः थप गरी भनिएको अर्को कुरा, एउटा भनाइपछि थप गरिएको अर्को भनाइ

---

[1] नन्दिग्रहिपचादि... : ल्यु

[2] निरादय क्रान्त्याद्यर्थे... : प्रा.त.स.

उपकथा (ना./स्त्री.) कथनम्, कथ्यते इति वा *(कथेर भनिन्छ)* कथ वाक्यप्रबन्धे (चुरा.) धातु, कथ+अङ्[1] (अ)+टाप् (आ), कथा । उपगता कथा *(कथाको नजिक पुगेको कथा भित्रको कथा)* प्रा.त.स. = उपकथा ।

शब्दार्थ- छोटो कथा, छोटो कहानी, किस्सा, ठूलो कथा भित्रको छोटो कथा वा सानो कथा, आख्यायिका ।

उपकरणम् (ना./न.) उपकरणम्, उपक्रियते अनेन इति वा *(यसबाट सम्पन्न गरिन्छ)* उपपूर्वक डुकृञ् करणे (तना.) धातु, उप+कृ+ल्युट् (अन), गुण, णत्व=उपकरण ।

शब्दार्थ-सामग्री, औजार, पूजासामग्री, काम गर्ने साधन ।

उपकर्ता (वि.) उपकरोतीति *(उपकार गर्छ)* उपपूर्वक डुकृञ् करणे (तना.) धातु, उप+कृ+तृच् (तृ), उपकर्तृ= उपकर्ता ।

शब्दार्थ- उपकार गर्ने, उपकारी, अर्काको भलाइ गर्ने ।

उपकारः (ना./पुं.) उपक्रियते अनेन *(उपकार गरिन्छ यसबाट)* उपपूर्वक डुकृञ् करणे (तना.) धातु, उप+कृ+घञ् (अ), वृद्धि= उपकार ।

शब्दार्थ- अर्काको भलाइ गर्ने काम, सेवाको काम, कल्याणकारी कार्य ।

उपकारकः (वि.) उपकरोतीति *(उपकार गर्छ)* उपपूर्वक डुकृञ् करणे (तना.) धातु, उप+कृ+ण्वुल् (अक), वृद्धि= उपकारक ।

शब्दार्थ- उपकार गर्ने, उपकर्ता, कल्याणकारी ।

उपकारी (वि.) उपकारः अस्यास्तीति *(उपकार गर्ने स्वभाव छ यसको)* उपकार+इनि[2] (इन्)= उपकारी । अथवा उपकरोतीति *(उपकार गर्छ)* उपपूर्वक डुकृञ् करणे (तना.) धातु, उप+कृ+णिनि (इन्), वृद्धि, उपकारिन्= उपकारी ।

शब्दार्थ- उपकार गर्ने, अर्काको हित वा भलाइ गर्ने, उपकर्ता, अनुग्रहकर्ता ।

उपकार्यः (वि.) उपकर्तुं योग्यः *(उपकार गर्न योग्य)* उपपूर्वक डुकृञ् करणे (तना.) धातु, उप+कृ+ण्यत् (य), वृद्धि= उपकार्य ।

शब्दार्थ- उपकार गर्न योग्य, उपकार गर्न लायक, कल्याण गर्नुपर्ने ।

उपकुलपतिः (ना./पुं.) पाति रक्षतीति *(रक्षा गर्छ)* पा रक्षणे (अदा.) धातु, पा+डति (अति), टिलोप, पतिः । कुलस्य शिष्यपरम्परायाः वंशस्य वा पतिः *(शिष्यपरम्परा, वंशपरम्पराका स्वामी)* ष.त.स., कुलपतिः । उपगतः कुलपतिः (कुलपतेरुपसमीपं प्राप्तः) *(कुलपतिको नजिक पुगेको)* प्रा.त.स.= उपकुलपति ।

शब्दार्थ- विश्वविद्यालय वा प्रज्ञाप्रतिष्ठान आदिको कार्यकारी प्रमुख (भाइस चान्सलर) ।

द्रष्टव्य- **मुनीनां दशसाहस्रं योऽन्नदानादिपोषणात्**
अध्यापयति विप्रर्षिरसौ कुलपतिः स्मृतः ।

अर्थात् प्राचीनकालमा दश हजार छात्रछात्राहरूलाई भरणपोषण र संरक्षण गरी पठनपाठनको व्यवस्था गर्ने व्यक्तिलाई कुलपति भनिन्थ्यो ।

उपकृतः (वि.) उपक्रियते स्म इति *(उपकार गरिएको)* उपपूर्वक डुकृञ् करणे (तना.) धातु, उप+कृ+क्त (त) =उपकृत ।

शब्दार्थ- उपकार गरिएको, भलाइ वा कल्याण गरिएको ।

उपक्रमः (ना./पुं.) उप प्रथमं क्रमणम्, क्रम्यते इति वा *(पहिले थालनी गरिन्छ)* उपपूर्वक क्रमु पादविक्षेपे (भ्वा.) धातु, उप+क्रम्+घञ् (अ), भावमा, वृद्धिनिषेध[3] =उपक्रम ।

ज्ञात्वारम्भ उपक्रमः - इत्यमरः

शब्दार्थ- कुनै कुरा जानेर आरम्भ गर्ने काम, थालनी गर्ने क्रिया, सुरु, उपाय, परिचर्या, तयारी, प्रस्तावना ।

उपक्रमणिका (ना./स्त्री.) उप प्रथमं क्रमणमिति *(पहिलो आरम्भ)* उपपूर्वक क्रमु पादविक्षेपे (भ्वा.) धातु, उप+ क्रम्+ल्युट् (अन), णत्व, उपक्रमणम् । उपक्रमणमेव *(प्रथम आरम्भ नै)* उपक्रमण+कन् (क), स्वार्थमा, टाप् (आ), ककारपूर्वका अकारको इत्व = उपक्रमणिका ।

शब्दार्थ- भूमिका, प्रस्तावना, प्रारम्भिक भनाइ, विषयसूचि, अनुक्रमणिका, वर्णानुक्रमअनुसार राख्ने काम ।

उपक्षेत्रम् (ना./न.) क्षेत्रमुपगतम् इति *(क्षेत्र अन्तर्गतको अर्को क्षेत्र)* प्रा.त.स.= उपक्षेत्र ।

शब्दार्थ- मुख्यक्षेत्र अन्तर्गत पर्ने सानो क्षेत्र, जिल्ला वा इलाका वा प्रगन्ना ।

उपगतः (वि.) उपगच्छति स्म इति *(समीपमा पुगेको)* उपपूर्वक गम्लृ गतौ (भ्वा.) धातु, उप+गम्+क्त (त), अनुनासिक मलोप= उपगत ।

शब्दार्थ- नजिकमा पुगेको, प्राप्त भएको ।

उपगिरि (अव्यः) गिरेः समीपम् *(पहाडको समीप)* अव्य.स.= उपगिरि ।

शब्दार्थ- ठूलो पहाड सँगैको सानो पहाड ।

उपगीतिः (ना./स्त्री.) उपगीयते इति *(गाइन्छ)* उपपूर्वक गै शब्दे (भ्वा.) धातु, उप+गै+क्तिन् (ति), आत्व, ईत्व[4]= उपगीति ।

शब्दार्थ- आर्यागीति छन्दको एउटा प्रकार ।

उपगूढः (वि.) उपगूहति स्म इति *(दबेको)* उपपूर्वक गुहू संवरणे (भ्वा.) धातु, उप+गुह+क्त (त), कर्तामा, हको ढ, तको ध, ष्टुत्व, ढलोप, दीर्घ= उपगूढ ।

शब्दार्थ- लुकेको, छिपेको, दबेको ।

---

[1] चिन्तिपूजिकथि... : अङ्

[2] अत इनिठनौ : इनि

[3] नोदात्तोपदेशच... : वृद्धिनिषेध

[4] घुमास्थागापा... : ईत्व

उपग्रहः (ना./पुं.) उपगृह्यते इति *(सँगै ग्रहण गरिन्छ)* उपपूर्वक ग्रह उपादाने (क्र्या.) धातु, उप+ग्रह्+अप्[1] (अ)= उपग्रह ।

शब्दार्थ- ठूलो ग्रहको परिकमा गर्ने सानो ग्रह, जस्तै- चन्द्रमा पृथ्वीको उपग्रह हो ।

पृथिवी आदि ग्रहको परिक्रमा गर्न छाडिने यान्त्रिक वा आणविक उपकरण या कृत्रिम ग्रह, पक्रने काम, कैदी ।

उपघातः (ना./पुं.) उपहन्यते इति *(उल्लङ्घन गरिन्छ)* उपपूर्वक हन हिंसागत्योः (अदा.) धातु, उप+हन्+घञ् (अ), वृद्धि, कुत्व, नको त= उपघात ।

शब्दार्थ- उल्लङ्घन, घात गर्ने काम, वध, हत्या, संहार ।

उपचर्या (ना./स्त्री.) उपचर्यते इति *(उपचार वा सेवा गरिन्छ)* उपपूर्वक चर गतिभक्षणयोः (भ्वा.) धातु, उप+चर्+यत्[2] (य)+टाप् (आ)= उपचर्या ।

शब्दार्थ- सत्कार, सेवा, शुश्रूषा, उपचार ।

उपचारः (ना./पुं.) उपचर्यते इति *(सत्कार वा उपचार गरिन्छ)* उपपूर्वक चर गतिभक्षणयोः (भ्वा.) धातु, उप+चर्+घञ् (अ), वृद्धि= उपचार ।

शब्दार्थ- सेवा, सत्कार, सम्मान, आदर, रोग निको पार्न गरिने उपाय, चिकित्सा, रोग प्रतिकार गर्ने काम, इलाज, औषधोपचार, विरामीको सेवा वा रेखदेख ।

उपचारकः (वि.) उपचरतीति *(उपचार गर्छ, सेवा गर्छ)* उपपूर्वक चर गतिभक्षणयोः (भ्वा.) धातु, उप+चर्+ण्वुल् (अक), वृद्धि, णिलोप= उपचारक ।

शब्दार्थ- उपचार गर्ने, सेवा शुश्रूषा गर्ने, सेवक, चिकित्सक, आदर गर्ने ।

उपचारिका (ना./स्त्री.) उपचरति असौ *(सेवा वा उपचार गर्छे यो)* उपपूर्वक चर गतिभक्षणयोः (भ्वा.) धातु, उप+चर्+ण्वुल् (अक), वृद्धि, णिलोप, उपचारक । उपचारक+टाप् (आ), ककारपूर्वका अकारको इत्व =उपचारिका ।

शब्दार्थ- स्त्री-सेविका, नर्स, परिचारिका, उपचार गर्ने महिला ।

उपजः (ना./पुं.) उपजायते इति *(पैदा हुन्छ)* उपपूर्वक जनी प्रादुर्भावे (दिवा.) धातु, उप+जन्+ड[3] (अ), टिलोप= उपज ।

शब्दार्थ- कृषिकर्मवाट उत्पन्न हुने वाली, विरुवा र फलफूल आदि, कारखानावाट उत्पन्न सामग्री ।

उपजातिः (ना./स्त्री.) उपजायते इति *(पैदा हुन्छ)* उपपूर्वक जनी प्रादुर्भावे (दिवा.) धातु, उप+जन्+क्तिच् (ति), आत्व= उपजाति ।

शब्दार्थ- एउटा जातिभित्र रहेको अर्को जाति, मुख्य जातिको उपभेद, वार्णिक छन्दको एउटा प्रकार- (जो इन्द्रवज्रा र उपेन्द्रवज्रा छन्दका गणको सम्मिश्रणवाट वन्दछ) ।

उपजीविका (ना./स्त्री.) उपजीव्यतेऽनया इति *(जीवन निर्वाह हुन्छ यसबाट)* उपपूर्वक जीव प्राणधारणे (भ्वा.) धातु, उप+जीव्+अ[4] (प्रत्यय), उपजीवः । उपजीवः एव *(जीविका नै)* उपजीव+कन्[5] (क)+टाप् (आ), ककारपूर्वको अकारको इत्व= उपजीविका ।

शब्दार्थ- जीविका, जीवन निर्वाहको अर्को साधन, अतिरिक्त कामबाट आयआर्जन ।

उपजीवी (वि.) उपजीवितुं शीलमस्य *(अर्काको आश्रयबाट जीवन निर्वाह गर्ने शील छ यसको)* उपपूर्वक जीव प्राणधारणे (भ्वा.) धातु, उप+जीव्+ णिनि (इन्), उपजीविन्= उपजीवी ।

शब्दार्थ- अरूको सहारामा जीवन धान्ने, परावलम्वी, परतन्त्र ।

उपजीव्यः (वि.) उपजीवितुं योग्यः, उपजीव्यते अनेन इति वा *(निर्वाह गर्न योग्य वा निर्वाह गरिन्छ यसबाट)* उपपूर्वक जीव प्राणधारणे (भ्वा.) धातु, उप +जीव+ण्यत् (य)= उपजीव्य ।

शब्दार्थ- जीविका प्रदान गर्ने, अर्काको आश्रयमा बाँचेको, संरक्षक, जीविका प्रदान गर्न योग्य वा लायक ।

उपतटम् (अव्य.) तटस्य समीपम् *(किनारको नजिक)* अव्य.स= उपतट ।

शब्दार्थ- तटको नजिक, किनारको समीप ।

उपत्यका (ना./स्त्री.) पर्वतस्य आसन्नं समीपं स्थलमिति *(पहाडको नजिकको होचो भूमि)* उप+त्यकन्[6] (त्यक्) +टाप् (आ)= उपत्यका ।

उपत्यकाद्रेरासान्ना भूमिः - इत्यमरः

शब्दार्थ- पहाडको समीपमा रहेको होचो भूभाग, चारैतिर पर्वतले घेरेको खाल्टो वा मैदान ।

उपदानम् (ना./न.) उपदीयते इति *(उपहार वा उपदान दिइन्छ)* उपपूर्वक डुदाञ् दाने (जुहो.) धातु, उप+दा +ल्युट् (अन)= उपदान ।

शब्दार्थ- उपहार, आहुति, निवृत्तिभरण नपाई सेवावाट अवकाश लिंदा कर्मचारीलाई दिइने रकम, कोसेली

उपदिशम् (अव्य.) दिशः समीपम् *(दिशाको समीप)* अव्य.स.= उपदिश ।

शब्दार्थ- दिशाको समीप, दिशाको नजिकको अर्को भाग वा कोण ।

उपदिशा (ना./स्त्री.) दिशति अवकाशम् *(खाली स्थानमा रहन्छ)* दिश अतिसर्जने (तुदा.) धातु, दिश्+क्विन्[7] (सर्वलोप) भागुरिमतमा हलन्तको आप्, दिश्+आ, दिशा । उपगता दिशा *(मुख्यदिशाको समीपमा रहेको)* प्रा.त.स.= उपदिशा ।

---

[1] ग्रहवृद्धिनिश्चिगमश्च : अप्
[2] गदमदचरयम.... : यत्
[3] उपसर्गे च संज्ञा : ड
[4] गुरोश्च हलः : अ (प्रत्यय)
[5] संज्ञायां कन् : कन्
[6] उपाधिभ्यां त्यकन्नासन्ना...: त्यकन्
[7] ऋत्विग्दधिक्... : क्विन्

शब्दार्थ- मध्यवर्ती दिशा, दुईवटा दिशाका बीचको भाग, दिशाको कोण (आग्नेय, नैर्ऋत्य, वायव्य र ईशान) ।

उपदिष्टः (वि.) उपदिश्यते स्म इति *(उपदेश दिइएको)* उपपूर्वक दिश अतिसर्जने (तुदा.) धातु, उप+दिश्+क्त (त), शको ष, ष्टुत्व= उपदिष्ट ।

शब्दार्थ- उपदेश दिइएको, सम्झाइएको, अर्ती दिइएको ।

उपदेवता (ना./स्त्री.) उपगता देवता *(देवत्वको समीपमा पुगेको)* प्रा.त.स.= उपदेवता ।

शब्दार्थ- देवयोनिहरू- यक्ष, गुह्यक, सिद्ध आदि ।

उपदेशः (ना./पुं.) उपदिश्यते इति *(उपदेश दिइन्छ)* उपपूर्वक दिश अतिसर्जने (तुदा.) धातु, उप+दिश्+घञ् (अ), गुण= उपदेश ।

शब्दार्थ- अर्ती, उपदेश, निर्देशन, शिक्षण, दीक्षा, आज्ञा ।

उपदेशकः (वि./ना./पुं.) उपदिशतीति *(उपदेश दिन्छ)* उपपूर्वक दिश अतिसर्जने (तुदा.) धातु, उप+दिश्+ण्वुल् (अक), गुण= उपदेशक ।

शब्दार्थ- अर्ती उपदेश दिने, प्राध्यापक, निर्देशक, गुरुजन, असल मित्र ।

उपदेशिका (ना./स्त्री.) उपदिशति असौ *(उपदेश दिन्छे यो स्त्री)* उपपूर्वक दिश अतिसर्जने (तुदा.) धातु, उपदिश्+ण्वुल् (अक) गुण+टाप् (आ), ककारपूर्वका अकारको ईत्व= उपदेशिका ।

शब्दार्थ- उपदेश दिने स्त्री, दीक्षा दिने नारी, शिक्षिका, प्राध्यापिका, निर्देशिका ।

उपद्रवः (ना./पुं.) उपद्रवते, उपद्रूयते इति वा *(उपद्रव फैलन्छ वा फैलिन्छ)* उपपूर्वक द्रु गतौ (भ्वा.) धातु, उप+द्रु+अप् (अ), गुण, अवादेश= उपद्रव ।

शब्दार्थ- सङ्कष्ट, कठिनाइ, हानि, उत्पात, आकस्मिक रोग वा कष्ट, दुःखद घटना ।

उपद्रवी (वि.) उपद्रवः अस्यास्तीति *(उपद्रो गर्ने स्वभाव छ यसको)* उपद्रव+इनि (इन्)= उपद्रवी ।

शब्दार्थ- उपद्रो गर्ने, उत्पात मचाउने, विध्याइँ गर्ने, भाँडभैलो गर्ने ।

उपद्वीपः (ना./पुं.) द्विर्गता आपः यत्र *(दुईतिर छ पानी जहाँ)* ब.स., समासान्त अ[1], अको ईत्व[2], दीर्घसन्धि, द्वीपः । उपगतः द्वीपः *(मुख्यद्वीपको समीपमा रहेको)* प्रा.त.स.= उपद्वीप ।

शब्दार्थ- सानो द्वीप, टापु, प्रायद्वीप ।

उपधातुः (ना./पुं.) दधाति शोभाम् *(शोभा दिन्छ)* डुधाञ् धारणपोषणयोः (जुहो.) धातु, धा+तुन्[3] (तु), उणा., धातुः । उपगतः धातुः *(धातुत्वमा पुगेको)* प्रा.त.स. =उपधातु ।

शब्दार्थ- घटिया दर्जाको धातु, गौणधातु, मुख्यधातुदेखि भिन्न धातु, अमुख्य धातु ।

उपधातु सातवटा छन्-

सप्तोपधातवः स्वर्णमाक्षिकं तारमाक्षिकम्
तुत्थं कांस्यञ्च रातिश्च सिन्दूरञ्च शिलाजतु
- सं.हि.को. (आप्टे)

उपधारा (ना./स्त्री.) धार्यते इति *(धारण गरिन्छ)* डुधाञ् धारणपोषणयोः (जुहो.) धातु, धृ+णिचि, वृद्धि, णिलोप, धार्+अ+टाप् (आ), धारा । उपगता धारा *(मुख्यधारा अन्तर्गतको खण्ड)* प्रा.त.स.= उपधारा ।

शब्दार्थ- ऐन, नियम, कानुनभित्रको मुख्यखण्ड (दफा) अन्तर्गत रहेको सानो खण्ड वा अंश, उपदफा ।

उपनक्षत्रम् (ना./न.) न क्षदते न हिनस्तीति *(नाश हुँदैन)* हिंसार्थक (सौत्र) क्षद धातु, न+क्षद्+ष्ट्रन्[4] (त्र), उणा., दको त, तलोप, नक्षत्रम् ।

अथवा नक्षरतीति *(विनाश हुँदैन)* नञ्पूर्वक क्षर सञ्चलने (भ्वा.) धातु, न+क्षर्+ष्ट्रन्, निपातनबाट रलोप, नक्षत्रम् ।

अथवा नक्षतीति *(चम्कन्छ)* णक्ष गतौ (भ्वा.) धातु, नक्ष्+अत्रन्[5] (अत्र), उणा., नक्षत्रम् ।

अथवा नक्षणोतीति *(नाश हुँदैन)* नञ्पूर्वक क्षणु हिंसायाम् (तना.) धातु, न+क्षण्+ष्ट्रन्[4] (त्र), णको लोप (बहुलप्रकारले), नक्षत्रम् । उपगतं नक्षत्रम् *(नक्षत्रको समीप रहेको)* प्रा.त.स.= उपनक्षत्र ।

शब्दार्थ- गौणनक्षत्र, अप्रधान तारापुञ्ज, कृत्रिमग्रह, उपग्रह

उपनगरम् (ना./न./अव्य.) न गच्छतीति *(चल्दैन)* नञ्पूर्वक गम्लृ गतौ (भ्वा.) धातु, न+गम्+ड (अ) टिलोप, नञ्को प्रकृतिभाव, नगः (पर्वतः) । नगा इव प्रासादाः भवनानि च सन्ति अत्र *(पहाड जस्तै दरबार तथा भवनहरू छन् यहाँ)* नग+र[6], नगरम् । उपगतं नगरम् *(नगरको समीपमा रहेको)* प्रा.त.स.=उपनगर ।

अथवा नगरस्य समीपम् *(नगरको नजिक)* अव्य.स. =उपनगर ।

शब्दार्थ- ठूलो नगर वा सहरको समीपमा रहेको सानो नगर वा सहर, शाखानगर, नगरको समीप ।

उपनदी (ना./स्त्री.) नदतीति *(शब्द गर्छ)* णद अव्यक्ते शब्दे (भ्वा.) धातु, नद्+अच् (पचादि), नदः । पचादिमा नदट् टित्वनिपातन हुनाले ङीप्, नद+ई, नदी । उपगता नदी *(मुख्य नदीमा पुगेको)* प्रा.त.स[7]. =उपनदी ।

शब्दार्थ- सानो नदी, मुख्य नदीमा मिसिने सहायक नदी ।

---

[1] ऋक्पूरब्धू... : अ (समासान्त)
[2] द्यन्तरुपसर्गेभ्यो.... : ईत्
[3] सितनिगमिमसि... : तुन्
[4] सर्वधातुभ्यष्ट्रन् : ष्ट्रन्
[5] अभिनक्षियजिवधि... : अत्रन्
[6] नगपांसुपाण्डुभ्यश्च (वा) : र
[7] प्रादयो गताद्यर्थे...: प्रा.त.स.

उपनयः (ना./पुं.) उप आचार्यस्य समीपे नीयते येन कर्मणा *(जुन कर्मद्वारा गुरु वा आचार्यको समीपमा लगिन्छ)* उपपूर्वक णीञ् प्रापणे (भ्वा.) धातु, उप+नी+अच् (एरच्), गुण, अयादेश= उपनय ।

शब्दार्थ- व्रतवन्ध गर्ने संस्कार, विद्याध्ययनको लागि गुरुको समीपमा लाने क्रिया ।

उपनयनम् (ना./न) उप आचार्यस्य समीपे नीयते इति *(आचार्यको समीपमा लगिन्छ)* उपपूर्वक णीञ् प्रापणे (भ्वा.) धातु, उप+नी+ल्युट् (अन), गुण, अयादेश =उपनयन ।

शब्दार्थ- नजिकमा ल्याउने काम, व्रतवन्ध, व्रतवन्ध गर्ने काम, उपनयन वा यज्ञोपवीत संस्कार, वालकले द्विजत्व प्राप्त गर्ने संस्कार, उपनयनकर्म ।

उपनाम (ना./न.) म्नायते अनेन *(यसबाट परिचित भइन्छ)* म्ना अभ्यासे (भ्वा.) धातु, म्ना+मनिन् (मन्), उणा., धातुको नाभाव निपातन, (आदिका मकारको लोप निपातन), नाम ।

अथवा नम्यते अभिधीयते अर्थः अनेन इति *(यसबाट अर्थ बुझिन्छ)* णम प्रहत्वे शब्दे च (भ्वा.) धातु, नम्+मनिन् (मन्), उणा., धातुको नाभाव निपातन, नाम । उपगतम् नाम *(नाम अन्तर्गत अर्को नाम)* प्रा.त.स.= उपनाम । अथवा नाम्नः समीपम् *(नामको नजिक)* अव्य.स.= उपनाम ।

शब्दार्थ- कसैको मुख्य नाउँभन्दा भिन्नै अर्को नाम, छोटकरी नाम, परम्परागत थर, गोत्र आदि ।

उपनायकः (ना./पुं.) नयतीति *(लैजान्छ)* णीञ् प्रापणे (भ्वा.) धातु, नी+ण्वुल् (अक), वृद्धि, आयादेश, नायकः । उपगतः नायकः *(नायकको समीपमा पुग्छ)* प्रा.त.स.= उपनायक ।

अथवा नायकस्य उप समीपे नयतीति *(नायकको समीपमा लैजान्छ)* उपपूर्वक णीञ् प्रापणे (भ्वा.) धातु, उप+नी+ण्वुल् (अक), वृद्धि, अयादेश=उपनायक ।

शब्दार्थ- गौणनायक, अमुख्य-नायक, मुख्यनायकको सहायक पात्र, उपनेता ।

उपनियमः (ना./पुं.) नियम्यते इति *(नियन्त्रण गरिन्छ)* निपूर्वक यम उपरमे (भ्वा.) वा यम परिवेषणे (चुरा.) धातु, नि+यम्+अप्[१] (अ), वृद्धि, नियमः । उपगतः नियमः *(नियमकै अन्तर्गत रहेको वा पुगेको)* प्रा.त.स.= उपनियम ।

शब्दार्थ- नियम अन्तर्गत रहेको सानो नियम वा ख़ण्ड ।

उपनिरीक्षकः (ना./पुं.) निरीक्षते इति *(निरीक्षण गर्छ)* निर्पूर्वक ईक्ष दर्शने (भ्वा.) धातु, निर्+ईक्ष्+ण्वुल्[२] (अक), निरीक्षकः । उपगतः निरीक्षकः *(निरीक्षकको समीपमा रहेको)* प्रा.त.स.= उपनिरीक्षक ।

शब्दार्थ- निरीक्षकभन्दा तल्लोतहको कर्मचारी, निरीक्षणसम्बन्धी काम गर्ने सहायक कर्मचारी, सहायक निरीक्षक ।

उपनिर्देशकः (ना./पुं.) निर्दिशतीति *(निर्देशन दिन्छ)* निर्पूर्वक दिश अतिसर्जने (तुदा.) धातु, निर्+दिश्+ण्वुल् (अक), गुण, निर्देशकः । उपगतः निर्देशकः *(निर्देशकको समीप या हाराहारीमा रहेको)* प्रा.त.स. =उपनिर्देशक ।

शब्दार्थ- निर्देशकभन्दा तल्लोतहको कर्मचारी, निर्देशकको सहायक भई काम गर्ने कर्मचारी, निर्देशककै समकक्षको कर्मचारी ।

उपनिर्वाचनम् (ना./न.) निर्वाच्यते इति *(निर्वाचन गरिन्छ)* निर्पूर्वक वच परिभाषणे (अदा./चुरा.) धातु, निर्+वच्+णिचि+ल्युट् (अन), वृद्धि, णिलोप, निर्वाचनम् । उपगतं निर्वाचनम् *(मुख्य निर्वाचन अन्तर्गत अर्को निर्वाचन)* प्रा.त.स.= उपनिर्वाचन ।

शब्दार्थ- निर्वाचनको समयावधिभन्दा अगावै रिक्त पदपूर्तिका निमित्त गरिने अर्को उपचुनाव वा निर्वाचन ।

उपनिवेशः (ना./पुं.) निविशन्तेऽत्र *(प्रवेश गर्छन् यहाँ)* निपूर्वक विश प्रवेशने (तुदा.) धातु, नि+विश्+घञ्[३] (अ), गुण, निवेशः । उपगतः निवेशः *(निवेशको समीप पुगेको)* प्रा.त.स.= उपनिवेश ।

शब्दार्थ- आवासगृह, एक ठाउँबाट अर्को ठाउँमा प्रवेश गर्नेहरूको निवासस्थान, एउटा शक्तिशाली देशले अर्को देशमाथि आधिपत्य जमाउने काम ।

उपनिषद् (ना./स्त्री.) उपनिषीदति अस्याम् *(ब्रह्मविद्या यसमा रहन्छ),* उपनिषद्यते प्राप्यते ब्रह्मविद्या ब्रह्मत्वभावः वा अनया *(ब्रह्म विद्या वा ब्रह्मत्व भाव प्राप्त हुन्छ यसबाट)* उप निं उपसर्गद्वयपूर्वक षद्लृ विशरणगत्यवसादनेषु (भ्वा./तुदा.) धातु, उप+नि+सद्+क्विप्[४], क्विप्को सर्वलोप, सको ष= उपनिषद् ।

शाब्दिक अर्थ :-

उप- समीपमा (गुरुको),
नि- नियमितरूपले,
षद्- बस्ने काम ।

शब्दार्थ- गुरुको समीपमा नियमितरूपले बस्ने काम, गुरुको समीपमा बसेर प्राप्त हुने विद्या, अध्यात्म विद्या, ब्रह्मविद्या, ब्रह्मभाव, ब्रह्मज्ञान, अविद्या वा अज्ञानता नष्ट गर्ने विद्या, आत्मज्ञान आदि बोध गराउने विद्या, वेदको अन्तिम भाग मानिने वेदान्तशास्त्र ।

---

[१] यमः समुपनिविषु च : अप्
[२] ण्वुल्तृचौ : ण्वुल्
[३] हलश्च : घञ्
[४] सत्सूद्विषद्रुह... : क्विप्

उपनीतः (वि./ना./पुं.) उपनीयते स्म इति *(समीपमा लगिएको)* उपपूर्वक णीञ् प्रापणे (भ्वा.) धातु, उप+नी+क्त (त)= उपनीत ।

शब्दार्थ- समर्पण गरिएको, ल्याइएको, उपस्थित गराइएको, व्रतबन्ध कर्म गरिएको वटुक ।

उपनीता (ना./स्त्री.) उपनीयते स्म असौ *(समीपमा लगिएकी स्त्री)* उपपूर्वक णीञ् प्रापणे (भ्वा.) धातु, उप+नी+क्त (त)+टाप् (आ)=उपनीता ।

शब्दार्थ- समर्पण गरिएकी वा ल्याइएकी वा उपस्थित गराइएकी स्त्री, विवाहिता स्त्री ।

उपनेता (वि./ना./पुं.) उपनयतीति *(नजिक लैजान्छ)* उपपूर्वक णीञ् प्रापणे (भ्वा.) धातु, उप+नी+तृच्[1] (तृ) गुण, उपनेतृ= उपनेता ।

शब्दार्थ- निकट लैजाने, मुख्य नेताको सहयोग गर्ने, उपनायक, व्रतबन्ध संस्कार गराउने आचार्य ।

उपन्यासः (ना./पुं.) उपन्यसनम्, उपन्यस्यते इति वा *(नजिक राखिन्छ वा रचना गरिन्छ)* उप नि उपसर्गद्वयपूर्वक असु क्षेपणे (दिवा.) धातु, उप+नि+अस्+घञ् (अ), वृद्धि, यण्= उपन्यास ।

उपन्यासस्तु वाङ्मुखम्- इत्यमरः

शब्दार्थ- गद्यात्मक लामो साहित्यिक कथा, अमानत, प्रस्ताव, नजिक राख्ने काम ।

उपन्यासकारः (वि.) उपन्यासं करोतीति *(उपन्यास रचना गर्छ)* उपन्यासपूर्वक डुकृञ् करणे (तना.) धातु, उपन्यास+कृ+अण्[2] (अ), वृद्धि= उपन्यासकार ।

शब्दार्थ- उपन्यासको रचयिता, उपन्यास निर्माता, उपन्यास लेखक ।

उपपतिः (ना./पुं.) पातीति *(रक्षा गर्छ)* पा रक्षणे (अदा.) धातु, पा+डति[3] (अति), उणा., पाको टिलोप, पतिः । उपगतः पतिः *(पति समान हुन पुगेको)* प्रा.त.स.[4] =उपपति ।

जारस्तूपपतिः समौ- इत्यमरः

शब्दार्थ- जार, नाठो, परस्त्रीसित सहवास गर्ने व्यक्ति, अवैधपति ।

उपपत्तिः (ना./स्त्री.) उपपद्यते इति *(निर्वचन गरिन्छ)* उपपूर्वक पद गतौ (दिवा.) धातु, उप+पद्+क्तिन् (ति) चर्त्व, पदका दको त= उपपत्ति ।

शब्दार्थ- हेतु, कारण, युक्ति, औचित्य, निर्वचन, युक्तियुक्त व्युत्पत्ति, सङ्गति, सिद्धि, आविर्भाव ।

***द्रष्टव्य-* उपपत्तिमदुर्जितं वचः- किरा. २/१**

उपपत्नी (ना./स्त्री.) पाति रक्षति *(रक्षा गर्छ)* पा रक्षणे (अदा.) धातु, पा+डति (अति), उणा., टिलोप, पतिः । पत्युर्यज्ञे संयोगः यया *(जसबाट यज्ञमा समानाधिकार हुन्छ)* पतिमा नकारादेश, ङीप् (ई), पत्नी । उपमिता पत्न्या *(पत्नीसित दाँजिएकी)* प्रा.त.स.=उपपत्नी ।

शब्दार्थ- ल्याइते स्त्री, अवैधपत्नी, रखौटी-स्वास्नी ।

उपपदम् (ना./न.) पद्यते इति *(पद बन्छ)* पद गतौ (दिवा.) धातु, पद्+अच् (पचादि), पदम् । उपगतं पदम् *(मुख्यपदको समीपमा रहेको)* अथवा उप समीपे उच्चारितं पदम् *(समीपमा उच्चारण गरिने पद)* प्रा.त.स.= उपपद ।

शब्दार्थ- सम्मिलित शब्दको अगाडिको पद, समासको अघिल्लो पद, कुनै क्रिया वा शब्दको अगाडि आउने शब्द तथा उपसर्ग, जस्तैः कुम्भकार शब्दमा 'कुम्भ' उपपद हो ।

उपपादकः (वि.) उपपादयतीति *(सम्पन्न गर्छ)* उपपूर्वक पद गतौ (दिवा.) धातु, उप+पद्+णिचि+ण्वुल्[1] (अक), वृद्धि, णिलोप= उपपादक ।

शब्दार्थ- कुनै कुरा सम्पादन वा कार्यन्वयन गर्ने, प्रतिपादन गर्ने, कुनै काम कुरा पुरा गर्ने, कुनै कुरा सिद्ध गर्ने ।

उपपादनम् (ना./न.) उपपाद्यते इति *(सम्पादन गरिन्छ)* उपपूर्वक पद गतौ (दिवा.) धातु, उप+पद्+णिचि+ल्युट् (अन), वृद्धि, णिलोप= उपपादन ।

शब्दार्थ- कार्यान्वयन गर्ने काम, प्रतिपादन वा सम्पादन गर्ने काम, कुनै कामकुरा सिद्ध गर्ने क्रिया, प्रमाणित गर्ने काम ।

उपपुराणम् (ना./न.) पुरा भवम् *(पहिले भएको)* पुरा अव्यय शब्दबाट पुरा+ट्यु/ट्युल्[5] (अन), दीर्घ, णत्व, पुराणम् ।

अथवा पुरा अतीते अणतीति *(अतीतका कुरा वर्णन गर्छ)* अण शब्दे (भ्वा.) धातु, पुरा+अण्+अच् (पचादि), दीर्घ, णत्व, पुराणम् । उपगतं पुराणम् *(पुराणहरूको समीपमा पुगेको)* वा पुराणैरुपमितम् *(पुराणहरूसँग तुलना गरिएको)* प्रा.त.स.=उपपुराण ।

शब्दार्थ- मुख्य महापुराणहरूभन्दा साना पुराण, गौण या अप्रधान पुराण, नारसिंह, नारदीय आदि उपपुराण अठारवटा छन् ।

उपप्रधानम् (ना./न.) प्रधत्ते सर्वमत्र आत्मनि इति वा *(सबै यहाँ वा आफूमा लिन्छ)* प्रपूर्वक डुधाञ् धारण-पोषणयोः (जुहो.) धातु, प्र+धा+ल्युट् (अन), अधिकरणमा, प्रधानम् । उपगतं प्रधानमिति *(प्रधानको समीपमा रहेको)* प्रा.त.स.= उपप्रधान ।

शब्दार्थ- प्रधान या मुख्यभन्दा तल्लो तहको, प्रधानभन्दा एक तह मुनिको, प्रधानको मुख्यसहायक ।

---

[1] ण्वुल्तृचौ : तृच्/ण्वुल्

[2] कर्मण्यण् : अण्

[3] पातेर्डतिः : डति

[4] प्रादयो गताद्यर्थे... : प्रा.त.स.

[5] सायञ्चिरम्प्राह्णे : ट्यु/ट्युल्

उपप्रशासकः (ना./पुं.) प्रशास्ते इति *(प्रशासन गर्छ)* प्रपूर्वक शासु अनुशिष्टौ (अदा.) धातु, प्र+शास्+ण्वुल् (अक), प्रशासकः । उपगतः प्रशासकः *(प्रशासकको समीपमा पुगेको)* प्रा.त.स.= उपप्रशासक ।

शब्दार्थ- मुख्यप्रशासकको सहायक, मुख्यप्रशासकभन्दा तल्लोतहको प्रशासक ।

उपप्राध्यापकः (ना./पुं.) प्रकर्षेण अध्यापयतीति *(राम्ररी अध्यापन गर्छ)* प्र अधि उपसर्गद्वयपूर्वक इङ् अध्ययने (अदा.) धातु, प्र+अधि+इ+णिचि+ण्वुल् (अक), इको आत्व, पुगागम, णिलोप, दीर्घ, प्राध्यापकः । उपगतः प्राध्यापकः *(प्राध्यापकको समीपमा पुगेको)* प्रा.त.स. =उपप्राध्यापक ।

शब्दार्थ- विश्वविद्यालय या महाविद्यालयमा अध्यापन गर्ने शिक्षकहरूमध्ये सहप्राध्यापकभन्दा तल्लो तहको प्राध्यापक ।

उपभाषा (ना./स्त्री.) भाष्यते कथ्यते अनया इति **(व्यक्त गरिन्छ यसबाट)** भाष व्यक्तायां वाचि (भ्वा.) धातु, भाष्+अ[1] (प्रत्यय)+टाप् (आ), दीर्घ, भाषा । उपगताः भाषा *(मुख्य भाषाको अन्तर्गत वा समीपमा रहेको भाषा)* प्रा.त.स[2]= उपभाषा ।

शब्दार्थ-राष्ट्रभाषा या मुख्यभाषाभन्दा भिन्न अरू भाषा ।

उपभाषिका (ना./स्त्री.) उपभाषा एव *(उपभाषा नै)* उपभाषा+कन् (क), स्वार्थमा+टाप् (आ), ह्रस्व[3], ककारपूर्वका अकारको इत्व= उपभाषिका ।

शब्दार्थ- मुख्यभाषाको उपभेद, उपभाषिकाको निकटवर्ती त्यसका अन्य उपभेद ।

उपभोगः (ना./पुं.) उपभोजनम्, उपभुज्यते इति वा *(उपभोग गरिन्छ)* उपपूर्वक भुज पालनाभ्यवहारयोः (रुधा.) धातु, उप+भुज्+घञ् (अ), गुण, कुत्व= उपभोग ।

शब्दार्थ- उपयोग, प्रयोग, रसास्वादन, रतिसुख, आनन्द, सुख प्राप्तिका लागि कुनै वस्तु उपयोग गर्ने काम ।

द्रष्टव्य- न जातु कामः कामनामुपभोगेन शाम्यति ।
-म.स्मृ.२/९४

उपभोक्ता (वि.) उपभुनक्ति इति *(उपभोग गर्छ)* उपपूर्वक भुज पालनाभ्यवहारयोः (रुधा.) धातु, उप+भुज्+तृच् (तृ), गुण, कुत्व, उपभोक्तृ= उपभोक्ता ।

शब्दार्थ- उपभोग गर्ने, प्रयोग गर्ने, व्यवहारमा उतार्ने, उपभोगी ।

उपभोग्यः (वि.) उपभोक्तुं योग्यः *(उपभोग गर्न योग्य)* उपपूर्वक भुज पालनाभ्यवहारयोः (रुधा.) धातु, उप+भुज्+ण्यत् (य), गुण, कुत्व= उपभोग्य ।

शब्दार्थ- उपभोग गर्न लायक, उपयोगमा ल्याउन योग्य, उपयोग गर्नुपर्ने ।

उपभोज्यः (वि.) उपभुज्यते, उपभोक्तुं योग्यः इति वा *(खाइन्छ, खान योग्य)* उपपूर्वक भुज पालनाभ्यवहारयोः (रुधा.) धातु, उप+भुज्+यत्[4] निपातन (भक्षार्थमा), गुण =उपभोज्य ।

शब्दार्थ- खान वा भोजन गर्न योग्य वा लायक ।

उपमहाद्वीपः (ना./पुं.) द्विर्गताः आपः अत्र *(जहाँ दुईतिर पानी बहेको छ)* ब.स., द्वि+अप्+अ[5] (समासान्त), अप्को ईत्व[6], द्वीपः । महाँश्चासौ द्वीपश्च *(ठूलो द्वीप)* क.त.स., महाद्वीपः । उपगतः उपमितः महाद्वीपः *(महाद्वीपको समीपमा या दाँजोमा पुगेको)* प्रा.त.स. =उपमहाद्वीप ।

शब्दार्थ- महाद्वीपभित्रको अर्को महाद्वीप, जस्तैः भारतीय उपमहाद्वीप, महाद्वीपको समीपमा रहेको अर्को सानो महाद्वीप ।

उपमहासागरः (ना./पुं.) महाँश्चासौ सागरश्च *(ठूलो सागर)* क.त.स., महासागरः । उपगतः उपमितः वा महासागरः *(महासागरको समीपमा वा दाँजोमा पुगेको)* प्रा.त.स.= उपमहासागर ।

शब्दार्थ- महासागरभन्दा सानो समुद्र, सानो सागर, उपसागर ।

उपमा (ना./स्त्री.) उपमीयते अनया इति *(यसद्वारा तुलना गरिन्छ)* उपपूर्वक माङ् माने शब्दे च (जुहो.) धातु, उप+मा+अङ्[7] (अ), आलोप, टाप् (आ)=उपमा ।

शब्दार्थ- समता, समानता, तुल्यता, सादृश्य, एउटा वस्तुलाई अर्को वस्तुसँग तुलना गर्ने काम, साहित्यशास्त्रमा अर्थालङ्कारको एउटा प्रकार-जसमा एउटै वाक्यमा उपमान र उपमेयको अन्वय गरी दुवैको तुलना गरिन्छ ।

उपमाता (ना./स्त्री./वि.) मान्यते पूज्यते इति *(सम्मान गरिन्छ)* मान पूजायाम् (भ्वा./चुरा.) धातु, मान्+तृज्[8] (तृ), नलोप निपातनबाट मातृ, माता । अथवा माति मिमीते गर्भः यस्याम् *(गर्भ जसमा मापन हुन्छ)* मा माने (अदा.) वा माङ् माने शब्दे च (जुहो.) धातु, मा+तृज् (उणा.), मातृ, माता । उपगता उपमिता वा मात्रा *(आमाको समीपमा पुगेकी वा आमा समानकी)* प्रा.त.स.= उपमाता । अथवा उपमातीति *(उपमा दिन्छ)* उप+मा+तृच् (तृ), उपमातृ= उपमाता ।

शब्दार्थ- आमा समानकी अर्की आमा, फुपू, सानीमा, ठूलीआमा, धाईआमा, सौतेनीआमा, काकी, माइँजू, तुलना गर्ने, उपमा दिने ।

---

[1] गुरोश्च हलः : अ (प्रत्यय)
[2] प्रादयो गताद्यर्थे... : प्रा.त.स.
[3] केऽणः : ह्रस्व
[4] भोज्यं भक्ष्ये : यत्
[5] ऋक्पूरब्धू... : अ (समासान्त)
[6] द्यन्तरुपसर्गेभ्यः...: ईत्
[7] आतश्चोपसर्गे : अङ्
[8] नप्तृनेष्टृत्वष्टृहोतृ.... : तृज्

उपमानम् (ना./न.) उपमीयते अनेन *(तुलना गरिन्छ यसबाट)* उपपूर्वक माङ् माने शब्दे च (जुहो.) वा मा माने (अदा.) धातु, उप+मा+ल्युट् (अन)= उपमान ।

शब्दार्थ- तुलना, समरूपता, सादृश्यता, उपमा अलङ्कारका चार तत्त्वमध्ये एक, तुलनाको मापन, जसबाट अर्को वस्तुको सादृश्य वा समानता देखाइन्छ ।

उपमितिः (ना./स्त्री.) उपमीयते इति *(तुलना गरिन्छ)* उपपूर्वक माङ् माने शब्दे च (जुहो.) धातु, उप+मा+क्तिन् (ति), इत्व[1]= उपमिति ।

शब्दार्थ- समानता, तुलना, सादृश्य बुझाउने काम, सादृश्यवाट वोध हुने ज्ञान ।

उपमेयः (वि./ना./न.) उपमातुं योग्यः *(तुलना गर्न योग्य)* उपपूर्वक माङ् माने (दिवा.) वा मा माने (अदा.) धातु, उप+मा+यत्[2] (य), माको ईत्व[2], गुण =उपमेय ।

शब्दार्थ- तुलना गर्न योग्य, तुलनीय, समानता देखाउने, उपमाका चारतत्त्वमध्ये एक, मुख्य तुलनीय वस्तु वा व्यक्ति ।

उपयमः (ना./पुं.) उपयमनम्, उपयम्यते इति वा *(नियन्त्रण गरिन्छ वा विवाह गरिन्छ)* उपपूर्वक यम उपरमे (भ्वा.) धातु, उप+यम्+अप्[3] (अ)= उपयम ।

विवाहोपयमौ समौ- इत्यमरः

शब्दार्थ- विवाह, विवाह गर्ने काम, प्रतिवन्ध, संयम, नियन्त्रण ।

उपयुक्तः (वि.) उपयुज्यते स्म इति *(उपयोग गरिएको)* उपपूर्वक युजिर् योगे (रुधा.) धातु, उप+युज्+क्त (त), कुत्व= उपयुक्त ।

शब्दार्थ- ठीक ठानिएको, सही, उचित, सुहाउंदो, मनासिव ठहराइएको, योग्य ठानिएको ।

उपयोगः (ना./पुं.) उपयुज्यते इति *(उपयोग गरिन्छ)* उपपूर्वक युजिर् योगे (रुधा.) धातु, उप+युज्+घञ् (अ), गुण, कुत्व= उपयोग ।

शब्दार्थ- प्रयोग, उपयोगमा ल्याउने काम, व्यवहारमा ल्याउने कार्य, उपयुक्तता, औचित्य ।

उपयोगिता (ना./स्त्री.) उपयुनक्तीति *(उपयोग गर्छ)* उपपूर्वक युजिर् योगे (रुधा.) धातु, उप+युज्+घिनुण् (इन्), उपयोगिन् । उपयोगिनः भावः *(उपयोगी हुनाको भाव वा अवस्था)* उपयोगिन्+तल् (त)+टाप् (आ= उपयोगिता ।

शब्दार्थ- उपयोगी हुनाको स्थिति वा अवस्था, अनुकूलता, उपयुक्तता ।

उपयोगितावादः (ना./पुं.) उद्यते इति *(बताइन्छ)* वद व्यक्तायां वाचि (भ्वा.) धातु, वद्+घञ् (अ), वृद्धि, वादः । उपयोगितायाः वादः *(उपयोगिताको वाद वा सिद्धान्त)* ष.त.स.= उपयोगितावाद ।

शब्दार्थ- कुनै वस्तुको उपयोग वा प्रयोगवाट मानवीय हित र कल्याण हुनुपर्छ, अन्यथा त्यसको उपयोगिता रहँदैन भन्ने मत वा सिद्धान्त ।

उपयोगितावादी (वि.) उपयोगितां वक्तुं शीलमस्येति *(कुनै कुराको उपयोगिता बताउने शील वा क्षमता छ यसको)* वद व्यक्तायां वाचि (भ्वा.) धातु, उपयोगिता+वद्+णिनि (इन्), वृद्धि= उपयोगितावादी ।

अथवा उपयोगितावादः अस्यास्तीति *(उपयोगितावाद सम्बन्धी सिद्धान्त छ यसको)* उपयोगितावाद+इनि (इन्)= उपयोगितावादी ।

शब्दार्थ- उपयोगितावादको समर्थक, उपयोगितावादको अनुसरण गर्ने, उपयोगितावादको पछि लाग्ने ।

उपयोगी (वि.) उपयुनक्तीति *(उपयोग गर्छ)* उपपूर्वक युजिर् योगे (रुधा.) धातु, उप+युज्+घिनुण्[4] (इन्), कुत्व, गुण, उपयोगिन्= उपयोगी ।

शब्दार्थ- लाभदायक काममा आउने, उपयुक्त, उचित, फाइदा दिने ।

उपरक्षकः (वि.) उपरक्षतीति *(रक्षा गर्छ)* रक्ष पालने (भ्वा.) धातु, उप+रक्ष्+ण्वुल् (अक)= उपरक्षक ।

शब्दार्थ- मुख्य रक्षकभन्दा तल्लो तहको रक्षक, चौकीदार, पाले ।

उपरक्षणम् (ना./न.) उपरक्षणम्, उपरक्ष्यते इति *(रक्षा गरिन्छ)* उपपूर्वक रक्ष पालने (भ्वा.) धातु, उप+रक्ष्+ल्युट् (अन)= उपरक्षण ।

अथवा उपगतं रक्षणं यत्र *(जहाँ रक्षा गर्ने व्यवस्था छ)* प्रा.ब.स., उ.प.लोप= उपरक्षण ।

शब्दार्थ- रक्षा गर्ने काम, संरक्षण कार्य, पहरा दिने कार्य, गारद, सुरक्षाका लागि सैन्यवल राख्ने काम ।

उपरतः (वि.) उपरमति स्म इति *(निवृत्त भएको)* उपपूर्वक रमु क्रीडायाम् (भ्वा.) धातु, उप+रम्+क्त (त), अनुनासिक मको लोप= उपरत ।

शब्दार्थ- निवृत्त, विरक्त, कामना वा वासनारहित, मृत, इच्छारहित, आसक्तिवाट उदासीन ।

उपरता (वि./स्त्री.) उपरमति स्म असौ *(निवृत्त भएकी)* उपपूर्वक रमु क्रीडायाम् (भ्वा.) धातु, उप+रम्+क्त (त)+टाप् (आ)= उपरता ।

शब्दार्थ- विरक्त भएकी, मरेकी, कामनारहित स्त्री ।

उपरतिः (ना./स्त्री.) उपरमणम्, उपरम्यते इति वा *(निवृत्त हुनु)* उपपूर्वक रमु क्रीडायाम् (भ्वा.) धातु, उप+रम्+क्तिन् (ति), अनुनासिक मको लोप= उपरति ।

शब्दार्थ- निवृत्ति, विरक्ति, विषयभोग वा सांसारिक आसक्तिवाट उदासीनता, वैराग्य ।

---

१. द्यतिस्यतिमास्था...: इत्व

२. अचो यत् : यत्/ईद्यति : ईत्

३. यमः समुपनिविषु च : अप्

४. सम्पृचानुरुधा... : घिनुण्

उपरमः (ना./पुं.) उपरम्यते इति *(विश्राम लिन्छ)* उपपूर्वक रमु क्रीडायाम् (भ्वा.) धातु, उप+रम्+घ (अ)= उपरम ।

शब्दार्थ- विश्राम, विराम, आराम, मृत्यु ।

उपरामः (ना./पुं.) उपरमणम्, उपरम्यते इति वा *(विश्राम लिइन्छ)* उपपूर्वक रमु क्रीडायाम् (भ्वा.) धातु, उप +रम्+घञ् (अ), वृद्धि= उपराम ।

शब्दार्थ- निवृत्ति, विश्राम, विराम, विरति ।

उपरि (अव्य.) ऊर्ध्वं वसति *(उँभोतिर बस्छ)* उर्ध्व+रिल् (रि), प्रकृतिको उपआदेश= उपरि ।

अथवा ऊर्ध्वे, ऊर्ध्वात्, ऊर्ध्वः देशः कालः इति वा *(माथि अवस्थित देश, काल आदि)* ऊर्ध्व+रिल् (रि), प्रकृतिको उपआदेश= उपरि ।

शब्दार्थ- माथि, उँभोतिर, मास्तिर, अधिक, उपर ।

उपरुद्धः (वि.) उपरुध्यते स्म इति *(रोकिएको)* उपपूर्वक रुधिर् आवरणे (रुधा.) धातु, उप+रुध्+क्त (त), निष्ठा तको ध, धको द= उपरुद्ध ।

शब्दार्थ- अवरुद्ध, रोकिएको, बाधा पुऱ्याइएको, निषेध गरिएको ।

उपरूपकम् (ना./न.) रूपयतीति *(नक्कल गर्छ)* रूप रूपक्रीडायाम् (चुरा.) धातु, रूप्+ण्वुल् (अक), रूपकम् ।

अथवा रूप्यते इति *(नक्कल गरिन्छ)* रूप्+घञ् (अ), रूपः । रूप एव *(रूप नै)* रूप+कन् (क), स्वार्थमा, रूपकम् ।

अथवा रूयते स्तूयते इति *(शब्द या स्तुति गरिन्छ)* रु शब्दे (अदा.) धातु, रु+प[1] (उणा.), धातुको दीर्घ-निपातन, रूपम् । रूपम् एव *(रूप नै)* रूप+कन् (क), स्वार्थमा, रूपकम् । उपगतं रूपकं दृश्यकाव्यम् *(रूपक या दृश्यकाव्यको समीपमा रहेको)* प्रा.त.स. =उपरूपक ।

शब्दार्थ- रूपकको समीपवर्ती नाटिका आदि अठारप्रकारका अन्य दृश्यकाव्य ।

द्रष्टव्य- **साहित्यदर्पणमा दृश्यकाव्यका नाटक आदि दश भेदबाहेक नाटिका त्रोटक आदि अठारवटा उपरूपकको गणना गरिएको छ- सा.द.६/३-६**

उपरोधकः (वि.) उपरुणद्धि *(रोक्तछ)* उपपूर्वक रुधिर् आवरणे (रुधा.) धातु, उप+रुध्+ण्वुल् (अक), गुण =उपरोधक ।

शब्दार्थ- बाधा पुऱ्याउने, रोक्ने, अवरोधक, घेराबन्दी गर्ने

उपर्युक्तः (वि.) उपरि उच्यते स्म इति *(माथि बताइएको)* उपरि उपपदमा हुने वच परिभाषणे (अदा.) धातु, उपरि+वच्+क्त (त), सम्प्रसारणबाट व को उ, कुत्व, उपरि+उक्त, यण्= उपर्युक्त ।

शब्दार्थ- माथि भनिएको, माथि बताइएको, अगाडि भनिएको ।

उपलक्षणम् (ना./न.) उपलक्ष्यते अनेन *(लक्षित गरिन्छ यसबाट)* उपपूर्वक लक्ष आलोचने वा लक्ष दर्शनाङ्कनयोः (चुरा.) धातु, उप+लक्ष्+ल्युट् (अन), णत्व=उपलक्षण ।

शब्दार्थ- अप्रमुख वा गौण लक्षण, अङ्कित गर्ने काम, चिन्ह, सङ्केत, पद, पदवी, निरीक्षण ।

उपलक्ष्यः (वि./ना./न.) उपलक्ष्यते, उपलक्षितुं योग्यः इति वा *(लक्ष लिन योग्य)* उपपूर्वक लक्ष आलोचने वा लक्ष दर्शनाङ्कनयोः (चुरा.) धातु, उप+लक्ष्+ण्यत्[2] (य) =उपलक्ष्य ।

शब्दार्थ- लक्ष्य लिइएको, उद्देश्य लिइएको, सङ्केत, उद्देश्य, लक्ष्य, ध्येय, अवसर ।

उपलब्धः (वि.) उपलभ्यते स्म इति *(पाइएको)* उपपूर्वक डुलभष् प्राप्तौ (भ्वा.) धातु, उप+लभ्+क्त (त), तको ध[3], भको ब= उपलब्ध ।

शब्दार्थ- उपलब्ध भएको, पाइएको, प्राप्त भएको ।

उपलब्धिः (ना./स्त्री.) उपलभ्यते अनया *(पाइन्छ यसबाट)* उपपूर्वक डुलभष् प्राप्तौ (भ्वा.) धातु, उप+ लभ्+ क्तिन् (ति), तको ध[3], भको ब= उपलब्धि ।

शब्दार्थ- प्राप्ति, उपलब्धि हुने स्थिति, हासिल हुने क्रिया, कुनै कुरा प्राप्त हुने अवस्था, बुद्धि, ज्ञान, मति ।

उपलेपः (ना./पुं.) उपलेपनम्, उपलिप्यते इति वा *(लेप लगाइन्छ)* उपपूर्वक लिप उपदेहे (तुदा.) धातु, उप+ लिप्+घञ् (अ), गुण= उपलेप ।

शब्दार्थ- लेप, मालिस, लिप्ने या पोत्ने काम, लिउन लगाउने काम ।

उपलेपनम् (ना./न.) उपलिप्यते इति *(लेप लगाइन्छ)* उपपूर्वक लिप उपदेहे (तुदा.) धातु, उप+लिप्+ल्युट् (अन), गुण= उपलेपन ।

शब्दार्थ- मालिस, मलहम लगाउने काम, पोत्ने या लिप्ने काम, लेप लगाउने कार्य ।

उपवक्ता (वि.) उपवक्तीति *(सहायक भएर बोल्छ)* उपपूर्वक वच परिभाषणे (अदा.) धातु, उप+वच्+तृच् (तृ), कुत्व, उपवक्तृ= उपवक्ता ।

शब्दार्थ- सहायक वक्ता, उपप्रवक्ता, गौणवक्ता, उपवाचकी, उपवाचक, उपव्याख्याता ।

उपवचनम् (ना./न.) उप उच्यते इति *(उपवाचन गरिन्छ)* उपपूर्वक वच परिभाषणे (अदा.) धातु, उप+ वच्+ल्युट् (अन)= उपवचन ।

शब्दार्थ-उपप्रवचन, उपव्याख्यान, उपवाचन, गौणप्रवचन ।

---

[1] **खष्पशिल्पशष्प... : प**

[2] **ऋहलोर्ण्यत् : ण्यत्**

[3] **झषस्तथोर्धो धः : तको ध**

उपवनम् (ना./न./अव्य.) वनति, वन्यते सम्भज्यते इति वा *(विभाजन गर्छ वा गरिन्छ)* वन सम्भक्तौ (भ्वा.) धातु, वन्+अच् (पचादि), वनम् । उपगतं वनम् वा उपमितं वनेन *(वनकै रूप प्राप्त गरेको, वनसित तुलना गरिएको)* प्रा.त.स.=उपवन ।

अथवा वनस्य समीपम् *(वनकै समीपको)* उप+वन, अव्य.स.= उपवन ।

आरामः स्यादुपवनं कृत्रिमं वनमेव यत्- इत्यमरः

शब्दार्थ- बगैचा, फूलवारी, कृत्रिम वन, आराम, कृत्रिम स-साना निकुञ्ज, उद्यान, वनकै समीपको सानो वन ।

उदा. वन, उपवन जस्तै हर्षकारी पुरीको,
जल पनि सरयूको तुल्य गोदावरीको- आ.रा. ६/३३

उपवाक्यम् (ना./न.) उच्यते, वक्तुं योग्यमिति वा *(भन्न लायक)* वच परिभाषणे (अदा.) धातु, वच्+ण्यत् (य), वृद्धि, कुत्व, वाक्यम् । उपगतं वाक्यम् *(वाक्यभित्रको वाक्य)* प्रा.त.स.= उपवाक्य ।

शब्दार्थ- ठूलो वाक्यभित्रको समापिका क्रिया सहितको सानो वाक्य, मुख्य वाक्यभित्रको अधीनवाक्य ।

उपवाचकः (ना./पुं.) उपवाचयतीति *(उपवाचन गर्छ)* उपपूर्वक वच परिभाषणे (अदा.) धातु, उप+वच्+ण्वुल् (अक), वृद्धि= उपवाचक ।

शब्दार्थ- मुख्यवाचकीको सहायक-व्यक्ति, उपवाचकी, पुराण आदि वाचनकर्ममा मुख्य वाचकीलाई सहयोग पुर्‍याउने सहायक-व्यक्ति ।

उपवासः (ना./पुं.) उपवसनम् *(उपवास लिइन्छ)* उपपूर्वक वस निवासे (भ्वा.) वा वसु स्तम्भे (दिवा.) धातु, उप+वस्+घञ् (अ), वृद्धि= उपवास ।

शब्दार्थ- केही नखाइ व्रत बस्ने कार्य, भोकै व्रत बस्ने काम, निराहार भएर रहने काम ।

उपविभागः (ना./पुं.) विभाजनम्, विभज्यते इति वा *(विभाजन गरिन्छ)* विपूर्वक भज सेवायाम् (भ्वा.) वा भज विश्राणने (चुरा.) धातु, वि+भज्+घञ् (अ), वृद्धि, कुत्व, विभागः । उपगतः विभागः *(विभाग अन्तर्गतको)* प्रा.त.स.= उपविभाग ।

शब्दार्थ- मुख्य विभाग अन्तर्गतं रहेका अन्य शाखा वा उपशाखा ।

उपविष्टः (वि.) उपविश्यते स्म इति *(प्रवेश गरेको वा बसेको)* उपपूर्वक विश प्रवेशने (तुदा.) धातु, उप+विश्+क्त (त), शको षत्व, ष्टुत्व= उपविष्ट ।

शब्दार्थ- बसेको, प्रवेश गरेको, अवस्थित, रहेको ।

उपवीतम् (ना./न./वि.) उपवीयते स्म इति *(बाँयातिर लगिएको)* उप वि उपसर्गद्वयपूर्वक इण् गतौ (अदा.) धातु, उप+वि+इ+क्त (त), दीर्घ= उपवीत ।

अथवा उपवेति स्म इति *(बाँयातिर लान्छ)* उपपूर्वक अज गतिक्षेपणयोः (भ्वा.) धातु, अजको वी आदेश वा वी गतिव्याप्तादौ (अदा.) धातु, उप+वी+क्त[1] (त), कर्तामा= उपवीत ।

उपवीतं ब्रह्मसूत्रं प्रोद्धृते दक्षिणे करे- इत्यमरः

शब्दार्थ- बायाँ काधमा जनै राख्ने काम, जनै, ब्रह्मसूत्र, व्रतबन्ध गरिएको, उपनयन गरिएको ।

उपवेदः (ना./पुं.) विदन्ति धर्ममनेन *(धर्म जान्दछन् यसबाट)* विद ज्ञाने (अदा.) धातु, विद्+घञ्[2] (अ), गुण, वेदः । उपगतः वेदः वा उपमितः वेदेन *(मुख्य वेद अन्तर्गतको वेद/वेदकै तुलनामा राखिएको वेद)* प्रा.त.स.[3] = उपवेद ।

शब्दार्थ- मुख्य वेद अन्तर्गतका अन्य वेदहरू, उपवेदहरू- ऋग्वेदको उपवेद- आयुर्वेद, यजुर्वेदको उपवेद- धनुर्वेद, सामवेदको उपवेद- गान्धर्ववेद, अथर्ववेदको उपवेद- स्थापत्यशास्त्र या शिल्पविद्या

उपशङ्का (ना./स्त्री.) शङ्क्यते इति *(शङ्का गरिन्छ)* शङ्कि शङ्कायाम् (भ्वा.) धातु, नुम्, शङ्क्+अ (प्रत्यय)+टाप् (आ), शङ्का । उपगता शङ्का *(उपशङ्का गरिएको)* प्रा.त.स.= उपशङ्का ।

शब्दार्थ- अतिशङ्का गर्ने काम, शङ्का पछि पनि शङ्का गर्ने काम ।

उपशमः (ना./पुं.) उपशमनम्, उपशम्यते इति वा *(शान्ति लिइन्छ)* उपपूर्वक शमु उपशमे (दिवा.) धातु, उप+शम्+घञ् (अ), वृद्धिनिषेध= उपशम ।

शब्दार्थ- शान्ति, शम, दमन गर्ने काम, इन्द्रियनिग्रह ।

उपशमनम् (ना./न.) उपशमनम्, उपशम्यते इति वा *(दमन गरिन्छ)* उपपूर्वक शमु उपशमे (दिवा.) धातु, उप+शम्+ल्युट् (अन)= उपशमन ।

शब्दार्थ- इन्द्रियनिग्रह, इन्द्रियनिरोध, मनको चाहना तथा कामना र वासनालाई दमन गर्ने काम ।

उपशरदम् (अव्य.) शरदः समीपम् *(शरद्को समीपमा)* उप+शरद्, अव्य.स., अच् (समासान्त)= उपशरद ।

शब्दार्थ- शरद् ऋतुको नजिक, शरद्को समीप ।

उपशीर्षकम् (ना./न.) श्रीयते इति *(सेवा गरिन्छ)* श्रिञ् सेवायाम् (भ्वा.) धातु, श्रि+असुन्[4] (अस्), धातुको शिर् आदेश, कित्व, (उणा.), शिर्+अस्, शिरस् । शिरस्सु *(शिरमा)* पृषोदरादिवाट 'शिरस्'को 'शीर्ष' आदेश, शीर्षम् । शीर्षम् एव *(शिर नै)* शीर्ष+कन् (क), स्वार्थमा= शीर्षक ।

---

[1] गत्यर्थाकर्मक... : क्त (कर्तामा)

[2] अकर्तरि च कारके... : घञ्

[3] प्रादयो गताद्यर्थे... : प्रा.त.स.

[4] श्रयतेः स्वाङ्गे शिरः किच्च : असुन्, शिर् आदेश

अथवा शीर्षे शिरसि कं सुखं अस्मात् *(शिरमा या मुख्य वा अग्रभागमा सुख मिल्छ यसबाट)* ब.स., शीर्षकम् । उपगतं शीर्षकम् *(मुख्य शीर्षकको समीपमा रहेको)* प्रा.त.स.= उपशीर्षक ।

शब्दार्थ- मुख्य शीर्षक अन्तर्गतको सानो शीर्षक, सहायक शीर्षक ।

उपसङ्ग्रहः (ना./पुं.) उपसङ्गृह्यते इति *(सङ्ग्रह गरिन्छ)* उप सम् उपसर्गद्वयपूर्वक ग्रह उपादाने (क्रचा.) धातु, उप+सम्+ग्रह+अप् (अ)= उपसङ्ग्रह ।

शब्दार्थ- सङ्ग्रह गर्ने काम, सञ्चय गर्ने क्रिया, साना साना कुराको सङ्कलन ।

उपसंवादः (ना./पुं.) संवदनम्, समुद्यते इति वा *(संवाद गरिन्छ)* सम्पूर्वक वद व्यक्तायां वाचि (भ्वा.) धातु, सम्+वद्+घञ् (अ), वृद्धि, संवादः । उपगतः संवादः *(संवाद बनेको)* प्रा.त.स.= उपसंवाद ।

शब्दार्थ-साना साना संवाद, पारस्परिक वार्ता, सम्झौता ।

उपसंहारः (ना./पुं.) उपसंहरणम्, उपसंह्रियते इति वा *(उपसंहार गरिन्छ)* उप सम् उपसर्गद्वयपूर्वक हृञ् हरणे (भ्वा.) धातु, उप+सम्+हृ+घञ् (अ), वृद्धि =उपसंहार ।

शब्दार्थ- मुख्यसार, सङ्क्षिप्त निचोड, समाप्ति, अन्त्यमा लेखिएको सारसङ्क्षेप ।

उपसचिवः (ना./पुं.) उपगतः सचिवः *(सचिवको समीपमा रहेको)* प्रा.त.स.= उपसचिव ।

शब्दार्थ- सचिवको सहायक वा सचिवभन्दा तल्लो तहको कर्मचारी, निजामती सेवा ऐनअनुसार राजपत्राङ्कित दोस्रो श्रेणीको कर्मचारी ।

उपसभापतिः (ना./पुं.) सभायाः पतिः *(सभाको प्रमुख)* ष.त.स., सभापतिः । उपगतः सभापतिः *(सभापतिको समीपमा पुगेको)* प्रा.त.स.= उपसभापति ।

शब्दार्थ- सभापतिभन्दा तल्लो व्यक्ति, उपाध्यक्ष, सभापतिको मुख्य सहायक भई कार्य गर्ने व्यक्ति

उपसभामुखः (ना./पुं.) सभायाः मुखं प्रमुखं यः *(सभाको प्रमुख जो)* ब.स., सभामुखः । उपगतः सभामुखः *(सभामुखको समीपमा पुगेको)* प्रा.त.स.=उपसभामुख

शब्दार्थ- सभामुखभन्दा तल्लो तहको व्यक्ति, प्रतिनिधि सभाका सभामुखको मुख्य सहायक भई काम गर्ने व्यक्ति ।

उपसमाधानम् (ना./न.) समाधीयते इति *(समाधान गरिन्छ)* सम् आङ् उपसर्गद्वयपूर्वक डुधाञ् धारणपोषणयोः (जुहो.) धातु, सम्+आ+धा+ल्युट् (अन), समाधानम् । उपगतं समाधानम् *(समाधानमा पुगेको)* प्रा.त.स.= उपसमाधान ।

शब्दार्थ- समाधान हुन लागेको कुरा, समाधानमा पुग्न लागेको विषय ।

उपसमितिः (ना./स्त्री.) समयन्ति अत्र *(जम्मा हुन्छन् यसमा)* सम्पूर्वक इ गतौ (भ्वा.) धातु, सम्+इ+क्तिन् (ति), अधिकरणमा, समितिः । उपगता समितिः *(समिति अन्तर्गत रहेको)* प्रा.त.स.= उपसमिति ।

शब्दार्थ- मुख्यसमिति अन्तर्गत बनेको अर्को समिति, समिति अन्तर्गतको सानो समिति ।

उपसम्पादकः (ना./पुं.) सम्पादयतीति *(सम्पादन गर्छ)* सम्पूर्वक पद गतौ (दिवा.) धातु, सम्+पद्+णिचि +ण्वुल्(अक), णिलोप, सम्पादकः । उपगतः सम्पादकः *(सम्पादकको समीपवर्ती)* प्रा.त.स.= उपसम्पादक ।

शब्दार्थ- मुख्य सम्पादकको सहयोगी भई काम गर्ने व्यक्ति, सम्पादकभन्दा तल्लो तहको सहायक सम्पादक ।

उपसर्गः (ना./पुं.) उपसृज्यते इति *(महामारी फैलाउँछ वा अर्थमा विविधता पैदा गर्छ)* उपपूर्वक सृज विसर्गे (दिवा.) धातु, उप+सृज्+घञ् (अ), गुण, कुत्व =उपसर्ग ।

शब्दार्थ- उपद्रव, महामारी, रोगव्याध, धातुको अगाडि लाग्ने प्र परा आदि अव्ययशब्द, धातु वा धातुबाट बनेका शब्दको अगाडि रहेर अर्थमा परिवर्तन गर्ने वा अर्थमा विविधता पैदा गर्ने- प्र, परा, अप, सम् आदि अव्यय (उपसर्ग) ।

उपसर्जनम् (ना./न.) उपसृज्यते अनेन *(सङ्कष्ट पैदा हुन्छ यसबाट)* उपपूर्वक सृज विसर्गे (दिवा.) धातु, उप+सृज्+ल्युट् (अन), करणमा, गुण= उपसर्जन ।

शब्दार्थ- अपशकुन, सङ्कट, सङ्कष्ट, हानि, उत्पात, महामारी

उपसागरः (ना./पुं.) सगरस्य राज्ञः अयम् *(सगर राजासित सम्बन्धित यो)* सगर+अण्[1] (अ), आदिवृद्धि, सागरः । उपगतः सागरः *(सागर अन्तर्गतको अर्को सागर)* प्रा.त.स.= उपसागर ।

शब्दार्थ- मुख्यसागर अन्तर्गतको अर्को सागर, सानो समुद्र, खाडी, महासागरभन्दा सानो समुद्र ।

उपस्थः (ना./पुं.) उपतिष्ठतीति *(रहन्छ)* उपपूर्वक ष्ठा गतिनिवृत्तौ (भ्वा.) धातु, उप+स्था+क[2] (अ), आलोप =उपस्थ ।

उपस्थः शेफसि क्रोडे तथा मदनमन्दिरे- इति मेदिनी

शब्दार्थ- काख, मध्यभाग, जननेन्द्रिय, योनि, भग, लिङ्ग, गुप्ताङ्ग, समीप, निकट ।

उपस्थापनीयः (वि.) उपस्थापनं प्रयोजनमस्य *(स्थापना नै प्रयोजन छ यसको)* उपस्थापन+छ[3] (ईय) =उपस्थापनीय ।

---

[1] तस्येदम् : अण्

[2] सुपि स्थः : क

[3] अनुप्रवचनादिभ्यश्च : छ

अथवा उपस्थापयितुं योग्यः *(स्थापना गर्न योग्य)* उपपूर्वक ष्ठा गतिनिवृत्तौ (भ्वा.) धातु, उप+स्था+णिचि, पुक्, उपस्थापि+अनीय (र्)= उपस्थापनीय ।

शब्दार्थ- स्थापना गर्न योग्य वा लायक, स्थापना गर्ने उद्देश्य भएको ।

उपस्थितः (वि.) उप समीपे तिष्ठति स्म इति *(समीपमा उपस्थित भएको)* उपपूर्वक ष्ठा गतिनिवृत्तौ (भ्वा.) धातु, उप+स्था+क्त (त), कर्तामा, इत्व[1]= उपस्थित ।

शब्दार्थ- हाजिर भएको, समीपमा रहेको, प्रस्तुत, प्रकट भएको, समीपस्थित, आसन्न ।

उपस्थितिः (ना./स्त्री.) उपस्थानम्, उपस्थीयते इति वा *(उपस्थित हुनु)* उपपूर्वक ष्ठा गतिनिवृत्तौ (भ्वा.) धातु, उप+स्था+क्तिन्[2] (ति), इत्व[1]= उपस्थिति ।

शब्दार्थ- सामीप्य, हाजिरी, उपस्थित हुने कार्य, नजिकमा जाने काम ।

उपस्पर्शः (ना./पुं.) उपस्पर्शनम्, उपस्पृश्यते इति वा *(आचमन गरिन्छ)* उपपूर्वक स्पृश संस्पर्शे (तुदा.) धातु, उप+स्पृश्+घञ् (अ), गुण= उपस्पर्श ।

शब्दार्थ- आचमन, पानी अचाउने क्रिया, छुने काम, स्पर्श गर्ने काम ।

उपहतः (वि.) उपहन्यते स्म इति *(मारिएको)* उपपूर्वक हन हिंसागत्योः (अदा.) धातु, उप+हन्+क्त (त), नलोप= उपहत ।

शब्दार्थ- मारिएको, वध गरिएको, तिरस्कृत, अपहेलित ।

उपहारः (ना./पुं.) उपह्रियते इति *(लिइन्छ)* उपपूर्वक हृञ् हरणे (भ्वा.) धातु, उप+हृ+घञ् (अ), वृद्धि=उपहार ।

शब्दार्थ- कोसेली, नजराना, सौगात, पुरस्कार, इनाम, कुनै उपलक्ष्यमा लिइने वस्तु ।

उपहासः (ना./पुं.) उपहास्यते इति *(उपहास गरिन्छ)* उपपूर्वक हसे हसने (भ्वा.) धातु, उप+हस्+णिचि +घञ् (अ), वृद्धि, णिलोप= उपहास ।

शब्दार्थ- हँस्सी-मजाक, गिल्ला गर्ने काम, होच्याउने क्रिया, व्यङ्ग्यपूर्वक गरिने ठट्टा, निन्दा ।

उपहासकः (वि.) उपहसतीति *(उपहास गर्छ)* उपपूर्वक हसे हसने (भ्वा.) धातु, उप+हस्+ण्वुल् (अक), वृद्धि =उपहासक ।

शब्दार्थ- उपहास गर्ने, हाँसखेल गर्ने, ठट्टा गर्ने, गिल्ला गर्ने ।

उपहास्यः (वि.) उपहास्यते, उपहासितुं योग्यः इति वा *(उपहास गर्न योग्य)* उपपूर्वक हसे हसने (भ्वा.) धातु, उप+ हस्+णिचि, वृद्धि, उपहासि+यत् (य), णिलोप =उपहास्य ।

शब्दार्थ- उपहास गर्न योग्य, हँस्सीठट्टा गर्न लायक, गिल्ला गर्न योग्य ।

उपहास्यास्पदम् (ना./न.) उपहास्यस्य आस्पदम् **(उपहासको पात्र)** ष.त.स., दीर्घ= उपहास्यास्पद ।

शब्दार्थ- हाँसोको पात्र, उपहासको पात्र, गिल्लाको थलो, उपहास गरिने व्यक्ति, उपहास गर्न उचित ।

उपाख्यानम् (ना./न.) उपाख्यायते अनेन इति *(बयान गरिन्छ यसबाट)* उप आङ् उपसर्गद्वयपूर्वक ख्या प्रकथने वा चक्षिङ् व्यक्तायां वाचि (ख्याञादेश) (अदा.) धातु, उप+आ+ख्या+ल्युट् (अन), दीर्घ= उपाख्यान ।

शब्दार्थ- आख्यायिका, प्राचीन कथा, पुरानो वृत्तान्त, लामो कथा अन्तर्गतको छोटो कथा, बयान ।

उपाङ्गम् (ना./न.) अङ्ग्यते, अङ्गति इति वा *(चलायमान हुनु, चल्दछ)* अगि गतौ (भ्वा.) धातु, नुम्, अङ्ग्+घञ् (अ)/अच् (पचादि), अङ्गम् ।

अङ्गं प्रतीकोऽवयवः- इत्यमरः

उपगतम् अङ्गम्, उपमितम् अङ्गेन इति वा *(अङ्गकै अवयव बनेको)* प्रा.त.स.= उपाङ्ग ।

शब्दार्थ- अङ्गको अवयव वा भाग, शरीरको कुनै अंश, शरीरको कुनै अङ्ग, शिक्षा, कल्प, निरुक्त, व्याकरण आदि वेदका अङ्ग ।

उपादानम् (ना./न.) उपादीयते इति *(ग्रहण गरिन्छ)* उप आङ् उपसर्गद्वयपूर्वक डुदाञ् दाने (जुहो.) धातु, उप+ आ+दा+ल्युट् (अन), दीर्घ= उपादान ।

शब्दार्थ- लिने काम, प्राप्त गर्ने काम, ग्रहण, मुख्यकारण, प्रयोजन ।

उपादेयः (वि.) उपादातुं योग्यः *(ग्रहण गर्न योग्य)* उप आङ् उपसर्गद्वयपूर्वक डुदाञ् दाने (जुहो.) धातु, उप+ आ+दा+यत् (य), दाको ईत्व, गुण= उपादेय ।

शब्दार्थ- लिन योग्य, ग्रहण गर्न लायक, स्वीकार्य, ग्राह्य, प्राप्त गर्न योग्य ।

उपादेयता (ना./स्त्री.) उपादेयस्य भावः *(स्वीकार गर्नाको भाव वा अवस्था)* उपादेय+तल् (त)+टाप् (आ)=उपादेयता ।

शब्दार्थ- ग्रहण गर्न उचित हुने स्थिति वा अवस्था, स्वीकार गर्न उपयुक्त हुने अवस्था, स्वीकार्यता, ग्राह्यता ।

उपाधिः (ना./पुं.) उपाधीयते अनेन *(सम्मान गरिन्छ यसबाट)* उप आङ् उपसर्गद्वयपूर्वक डुधाञ् धारण-पोषणयोः (जुहो.) धातु, उप+आ+धा+कि[3] (इ), आलोप, दीर्घ= उपाधि ।

अथवा आधीयते दुःखमनेन *(दुःख दिइन्छ यसबाट)* आ+धा+कि[3] (इ), आलोप, आधिः । उपगतः आधिः *रोगव्याधको समीपमा पुगेको)* प्रा.त.स.= उपाधि ।

उपाधिश्च पुमानयम्- इत्यमरः

---

[1] द्यतिस्यतिमास्था.... : इत्

[2] स्थागापा.... : क्तिन्

[3] उपसर्गे घोः किः : कि

शब्दार्थ- योग्यता, सम्मान, आदर, दर्जा, पदवी, विभूषण, जालसाजी, धोका, छलकपट, उपद्रव, रोगव्याध ।

उपाध्यक्षः (ना./पुं.) अक्ष्णोति व्याप्नोति ***(व्याप्त हुन्छ)*** अक्षू व्याप्तौ (भ्वा.) धातु, अक्ष्+अच् (पचादि), अक्षः । अधिगतः अक्षः प्रमुखः ***(प्रमुखमा पुगेको)*** अधि+अक्षः, प्रा.त.स., यण्, अध्यक्षः ।

अथवा अध्यक्षतीति ***(अध्यक्ष बन्छ)*** अधि+अक्ष्+अच् (पचादि), यण्, अध्यक्षः । उपगतः अध्यक्षः ***(अध्यक्षको समीपमा पुगेको)*** उप+अध्यक्ष, प्रा.त.स.=उपाध्यक्ष ।

शब्दार्थ- अध्यक्षभन्दा तल्लो तहको व्यक्ति, अध्यक्षको सहायक भई काम गर्ने व्यक्ति, उपसभापति ।

उपाध्यायः (ना./पुं.) उपेत्य समीपं गत्वा अधीयते अस्मात् ***(समीपमा गएर अध्ययन गरिन्छ यिनबाट)*** उप अधि उपसर्गद्वयपूर्वक इङ् अध्ययने (अदा.) धातु, उप+अधि+इ+घञ् (अ), इको वृद्धि, आयादेश, दीर्घ, यण्= उपाध्याय ।

उपाध्यायोऽध्यापकोऽथ- इत्यमरः

एकदेशन्तु वेदस्य वेदाङ्गान्यपि वा पुनः
योऽध्यापयति वृत्त्यर्थमुपाध्यायः स उच्यते- म.स्मृ. २/१४१

शब्दार्थ- जीवन निर्वाहका लागि वेद वा वेदाङ्गको अध्यापन गर्ने अध्यापक वा गुरु, सवै संस्कारादि कर्म गर्ने गुरु वा पुरोहित, उच्च-कोटिको विद्वान् व्यक्ति ।

उपाध्याया/उपाध्यायी (ना./स्त्री.) उपेत्य अधीयते अस्याः सकासात् ***(समीपमा गएर यिनबाट अध्ययन गरिन्छ)*** उप अधि उपसर्गद्वयपूर्वक इङ् अध्ययने (अदा.) धातु, उप+अधि+इ+घञ्[1] (अ), इको वृद्धि, आयादेश, दीर्घ, यण्, उपाध्यायः । उपाध्याय+ङीष्[2] (ई), विकल्पले =उपाध्यायी ।

ङीष्को अभावमा उपाध्याय+टाप् (आ) =उपाध्याया ।

शब्दार्थ- अध्यापिका, गुरुआमा, शास्त्रहरूको व्याख्या गर्ने स्त्री ।

उपाध्यायानी/उपाध्यायी (ना./स्त्री.) उपाध्यायस्य स्त्री ***(उपाध्यायकी पत्नी)*** उपाध्याय+आनुक् (विकल्पले) +ङीष् (ई)= उपाध्यायानी ।

आनुकको अभावमा उपाध्याय+ङीष् (ई)=उपाध्यायी ।

शब्दार्थ- गुरुपत्नी, गुरुआमा, अध्यापककी श्रीमती ।

उपानत् (ना./स्त्री.) उपनह्यते पादौ अनया ***(पाउ ढाक्छ यसले)*** उपपूर्वक णह बन्धने (दिवा.) धातु, उप+नह् +क्विप्, हको ध (त), दीर्घ= उपानत् ।

शब्दार्थ- जुत्ता, चप्पल, खराउ ।

उपान्तः (ना./पुं./वि.) उपगतः अन्तः ***(अन्तमा पुगेको)*** उप+अन्त, प्रा.त.स., दीर्घ= उपान्त ।

शब्दार्थ- किनार, छेउ, अन्त्यभन्दा पहिलेको, समीपवर्ती ।

उपान्त्यः (ना./पुं./वि.) उपगतः अन्त्यः ***(अन्त्यमा पुगेको)*** प्रा.त.स., दीर्घ= उपान्त्य ।

शब्दार्थ- छेउ, अन्त्यभन्दा पहिलेको, छेउको, समीपवर्ती ।

उपायः (ना./पुं.) उपेयते अनेन वा उपाय्यते अनेन ***(उपाय गरिन्छ यसबाट)*** उपपूर्वक इण् गतौ (अदा.) वा अय् गतौ (भ्वा.) धातु, उप+इ+घञ्[3] (अ), वृद्धि, आयादेश, दीर्घ वा उप+अय्+घञ्[3] (अ), दीर्घ= उपाय ।

भेदो दण्डः सामदानमित्युपायचतुष्टयम्- इत्यमरः

शब्दार्थ- साम दाम दण्ड भेद- यी चार उपायद्वारा शत्रु वश गर्ने क्रिया, साधन, युक्ति, प्रयास, उद्योग ।

उपायनम् (ना./न.) उपाय्यते, उपेयते इति वा ***(समीपमा गइन्छ वा उपहार दिइन्छ)*** उपपूर्वक अय गतौ (भ्वा.) वा इण् गतौ (अदा.) धातु, उप+अय्+ल्युट् (अन) वा उप+इ+ल्युट् (अन), गुण, अयादेश, दीर्घ= उपायन ।

उपायनमुपग्राह्यमुपहारस्तथोपदा- इत्यमरः

शब्दार्थ- उपहार, कोसेली, खुसी पार्ने सौगात, समीपमा जाने काम, ग्रहण गर्ने क्रिया ।

उपार्जकः (वि.) उपार्जति, उपार्जयतीति वा ***(आर्जन गर्छ)*** अर्ज अर्जने (भ्वा.) वा अर्ज प्रतियत्ने (चुरा.) धातु, उप+अर्ज्+ण्वुल् (अक), दीर्घ= उपार्जक ।

शब्दार्थ- कमाउने, उपार्जन गर्ने, आम्दानी गर्ने, आर्जन गर्न प्रयत्न गर्ने ।

उपार्जनम् (ना./न.) उपार्ज्यते अनेन इति ***(आर्जन गरिन्छ यसबाट)*** उपपूर्वक अर्ज अर्जने (भ्वा.) धातु, वा अर्ज प्रतियत्ने (चुरा.) धातु, उप+अर्ज्+ल्युट् (अन), दीर्घ= उपार्जन ।

शब्दार्थ- उद्योग व्यवसायआदिबाट हुने आम्दानी, कमाइ, आयस्ता, लाभ, खेतीपातीबाट हुने आयस्ता ।

उपार्जितः (वि.) उपार्ज्यते स्म इति ***(आर्जन गरिएको)*** उपपूर्वक अर्ज अर्जने (भ्वा.) वा अर्ज प्रतियत्ने (चुरा.) धातु, उप+अर्ज्+क्त (त), इडागम, दीर्घ= उपार्जित ।

शब्दार्थ- आर्जन गरिएको, कमाइएको, आम्दानी गरिएको, सञ्चय गरिएको ।

उपासकः (वि.) उपास्ते सेवते यः, उपास्यति इति वा ***(उपासना वा सेवा गर्छ जो)*** उपपूर्वक आस उपवेशने (अदा.) वा असु क्षेपणे (दिवा.) धातु, उप+आस् + ण्वुल्[4] (अक)= उपासक ।

शब्दार्थ- उपासना गर्ने, आराधक, पूजक, भक्त, सेवक, सेवा गर्ने, प्रक्षेपक ।

---

[1] इङश्च : घन्
[2] अपादाने स्त्रियामुप...: ङीष् (विकल्पले)
[3] अकर्तरि च कारके : घन्
[4] ण्वुल्तृचौ : ण्वुल्

उपासनम् (ना./न.) उपासनम्, उपास्यते इति वा *(उपासना गरिन्छ)* आस उपवेशने (अदा.) धातु, वा असु क्षेपणे (दिवा.) धातु, उप+अस्/आस्+ल्युट् (अन), दीर्घ =उपासन ।

शब्दार्थ- देवी देवताको पूजा, आराधना, सेवा, धार्मिक मनन, चिन्तन, पूजा अर्चना, एकत्रित भएर बस्ने काम, प्रक्षेपण ।

उपासना (ना./स्त्री.) उपास्यते इति *(उपासना गरिन्छ)* आस उपवेशने (अदा.) धातु, उप+आस्+युच्[1] (अन), उणा., उपासन+टाप् (आ)= उपासना ।

शब्दार्थ- एक चित्त भएर बस्ने काम, धार्मिक मनन र चिन्तन, परिचर्या, पूजा, अर्चना ।

उपासनीयः/उपास्यः (वि.) उपास्यते, उपासितुं योग्यः वा *(उपासना गर्न योग्य)* उप+आस्+अनीय (र्), दीर्घ =उपासनीय ।

उप+आस्+ण्यत् (य), दीर्घ= उपास्य ।

शब्दार्थ- पूज्य, सेवनीय, आराधना गर्न योग्य वा लायक, उपासना गर्न लायक, उपासना वा आराधना गर्नुपर्ने, आराध्य ।

उपासितः (वि.) उपास्ते स्म, उपास्यते स्म इति वा *(उपासना गरेको वा गरिएको)* उपपूर्वक आस उपवेशने (अदा.) धातु, उप+आस्+क्त (त), कर्ता र भावमा, इडागम, दीर्घ= उपासित ।

शब्दार्थ- उपासना गरेको वा गरिएको, पूजा गरिएको, आराधित, पूजित, सेवित ।

उपेक्षणीयः (वि.) उपेक्षितुं योग्यः *(उपेक्षा गर्न योग्य)* उपपूर्वक ईक्ष दर्शने (भ्वा.) धातु, उप+ईक्ष्+अनीय (र्), गुण, णत्व= उपेक्षणीय ।

शब्दार्थ- उपेक्षा गर्न उचित, उपेक्षा गर्न उपयुक्त, उपेक्षा गर्न सकिने, उपेक्षा गर्न लायक ।

उपेक्षा (ना./स्त्री.) उपेक्ष्यते इति *(उपेक्षा गरिन्छ)* उपपूर्वक ईक्ष दर्शने (भ्वा.) धातु, उप+ईक्ष्+अ[2] (प्रत्यय)+टाप् (आ), गुण= उपेक्षा ।

शब्दार्थ- अपहेलना, बेवास्ता, अनादर, निन्दा, कसैलाई नगण्य ठानेर उसको वास्ता नगर्ने काम, परित्याग, अस्वीकृति, तिरस्कार ।

उपेक्षितः (वि.) उपेक्ष्यते स्म इति *(उपेक्षा गरिएको)* उपपूर्वक ईक्ष दर्शने (भ्वा.) धातु, उप+ईक्ष्+क्त (त), इडागम, गुण= उपेक्षित ।

शब्दार्थ- उपेक्षा गरिएको, आदर नगरिएको, तिरस्कृत, अपहेलित, वास्ता नगरिएको ।

उपेतः (वि.) उपैति स्म इति *(पुगेको)* उपपूर्वक इण् गतौ (अदा.) धातु, उप+इ+क्त (त), कर्तामा, गुण=उपेत ।

शब्दार्थ- पुगेको, प्राप्त भएको, पाएको ।

उपेन्द्रः (ना./पुं.) इन्दतीति *(ऐश्वर्यशाली हुन्छ)* इदि परमैश्वर्ये (भ्वा.) धातु, नुम्, इन्द्+रन्[3] (र), उणा, इन्द्रः । इन्द्रमुपगतः इति *(इन्द्रको समीपमा पुगेको)* प्रा.त.स., गुण= उपेन्द्र ।

शब्दार्थ- इन्द्रका भाइ, वामनावतार भगवान् विष्णु, जसलाई अनुजरूपमा इन्द्रले प्राप्त गरेका थिए ।

उपोद्घातः (ना./पुं.) उप समीपे उद्धननम् ज्ञापनमिति *(शुरुमा नै बोध गराउने काम)* उप उद् उपसर्गद्वय-पूर्वक हन हिंसागत्योः (अदा.) धातु, उप+उद्+हन् + घञ् (अ), भावमा, हन्का नको त[4], उपधावृद्धि, हको कुत्व घ, गुण= उपोद्घात ।

उपोद्घात उदाहारः- इत्यमरः

शब्दार्थ- आरम्भ, प्रस्तावना, भूमिका, उदाहरण, सुरु, दृष्टान्त ।

उपोषितः (वि.) उपवसति स्म इति *(उपवास बसेको)* उपपूर्वक वस निवासे (भ्वा.) धातु, उप+वस्+क्त (त), कर्तामा, सम्प्रसारणबाट वको उ, षत्व, इडागम[5], उप उष्को गुण= उपोषित ।

शब्दार्थ- व्रत लिइएको, उपवास बसेको, निराहार रहेको ।

उभयः (सर्व. वि.) उभतीति *(पूर्ण हुन्छ)* उभ पूरणे (तुदा.) धातु, उभ्+क (अ), उभः । उभौ अवयवौ अस्य *(दुवै अवयव छ यसको)* उभ+तयप् (तय), तयप्को अयच् आदेश= उभय ।

शब्दार्थ- दुवै, दुईटै, युगल, जोडी ।

उभयचरः (वि.) उभयोः जलस्थलयोश्चरतीति *(जलथल दुवैमा विचरण गर्छ)* उभय उपपदपूर्वक चर गति-भक्षणयोः (भ्वा.) धातु, उभय+चर्+ट (अ)=उभयचर ।

शब्दार्थ- जलस्थलचारी, जल र थल दुवैमा विचरण गर्ने, जमिन र पानी दुवैमा हिड्नसक्ने ।

उभयतः (अव्य.) उभयस्मादिति *(दुवैतिरबाट)* उभय+तसिल् (तस्), उभयतस्= उभयतः ।

शब्दार्थ- दुवैतिरवाट, दुवैतर्फवाट ।

उभयमुखी (वि.) उभयोः मुखयोः समाहारः *(दुवै मुखको समूह)* द्वि.त.स., उभयमुखम् । तद् अस्य अस्तीति *(दुवैतिर मुख छ यसको)* उभयमुख+इनि (इन्), भयमुखिन्= उभयमुखी ।

शब्दार्थ- दुवैतिर मुख भएको, द्विमुखे, दुईमुखे ।

उमा (ना./स्त्री.) उं शिवं माति, मिमीते इति वा *(शिवजीको मान सम्मान गर्छिन्)* उ उपपदपूर्वक मा माने (अदा.) वा माङ् माने शब्दे च (जुहो.) धातु, उ+मा+क (अ), माको आलोप, टाप् (आ)= उमा । अथवा उः महादेवः तस्य मा गृहलक्ष्मी *(महादेवकी गृहलक्ष्मी)* उ+मा, ष.त.स.= उमा ।

उमाऽतसी हैमवती हरिद्रा कीर्तिकान्तिषु- इति मेदिनी

---

[1] बहुलमन्यत्रापि : युच्

[2] गुरोश्च हलः : अ (प्रत्यय)

[3] ऋज्रेन्द्राग्र... : रन्

[4] हनस्तोऽचिण्... : नको त

[5] वसतिक्षुधोरिट् : इट्

शब्दार्थ- पार्वती, शिवपत्नी, गौरी, अम्विका, शक्तिरूपा भगवती दुर्गा, कीर्ति, कान्ति, हलेदो ।

उमापतिः (ना./पुं.) उमायाः पतिः *(पार्वतीका पति)* ष.त.स.= उमापति ।

शब्दार्थ- शिव, शङ्कर, शम्भु, ईश ।

उमापुत्रः/उमासुतः (ना./पुं.) उमायाः पुत्रः/उमायाः सुतः *(पार्वतीका पुत्र)* ष.त.स.= उमापुत्र/उमासुत ।

शब्दार्थ- स्वामी कार्तिकेय, षडानन, पार्वतीनन्दन ।

उमेशः (ना./पुं.) उमायाः ईशः *(पार्वतीका स्वामी)* ष.त.स.= उमेश ।

शब्दार्थ- शिव, महेश्वर, महादेव, गौरीशङ्कर । ।

उरः (ना./न.) ऋच्छति इयर्ति इति वा *(गति प्राप्त हुन्छ)* ऋ गतिप्रापणयोः (भ्वा.) वा ऋ गतौ (जुहो.) धातु, ऋ+असुन् (अस्), धातुको रपर भई उत्व, उणा., उर्+अस्, उरस्= उर ।

उरो वत्सं च वक्षश्च- इत्यमरः

शब्दार्थ- छाती, वक्षस्थल ।

उरगः (ना./पुं.) उरसा गच्छतीति *(छातीले घस्रेर हिड्छ)* उरस् उपपदपूर्वक गम्लृ गतौ (भ्वा.) धातु, उरस्+गम्+ड[1] (अ), सलोप, टिलोप= उरग ।

शब्दार्थ- छातीले घस्रेर हिड्ने जन्तु, सर्प, साप, छेपारो, गोहोरो, गोही आदि ।

उरु (वि.) ऊर्णोति आच्छादयतीति *(ढाक्छ)* ऊर्णुञ् आच्छादने (अदा.) धातु, ऊर्णु+कु (उ), उणा., ऊर्णुका ऊको ह्रस्व, णुलोप, उर्+उ= उरु ।

शब्दार्थ- वरिष्ठ, ठूलो, महान्, विशाल, विपुल, थुप्रो ।

उर्वरा (ना./स्त्री.) ऋच्छतीति *(जान्छ)* ऋ गतिप्रापणयोः (भ्वा.) धातु, ऋ+अच् (पचादि), गुण, अरः । अर+टाप् (आ), अरा ।

अथवा इर्यते इति *(अगाडि बढ्नु))* ऋ गतौ (जुहो.) धातु, ऋ+अप् (अ), गुण, अर+टाप् (आ), अरा । उरूणामरा *(महान् या ठूलो हुनाको अवस्था)* उरु+अरा, ष.त.स., यण्= उर्वरा ।

अथवा उर्व्यते इति *(उर्वर हुनु)* उर्वी हिंसायाम् (भ्वा.) धातु, उर्व+घ (अ)/अच् (पचादि), उर्वः । उर्वं रातीति *(उब्जनी दिन्छ)* उर्वपूर्वक रा दाने (अदा.) धातु, उर्व्+रा+क (अ), आलोप, उर्वरः । उर्वर+टाप् (आ)= उर्वरा ।

शब्दार्थ- धेरै उब्जनी हुने जमिन, उर्वरभूमि, धान्यादि अन्नवाली धेरै फल्ने भूमि ।

उर्वशी (ना./स्त्री.) उरून् महतः अपि अस्नुते व्याप्नोति वशीकरोतीति वा *(ठूलालाई पनि व्यापकरूपमा मोहित पार्छ वा वश गर्छ)* उरुपूर्वक अशु व्याप्तौ सङ्घाते च (स्वा.) वा वश कान्तौ (अदा.) धातु, उरु+अश्+अण्[2] (अ)गुण,अवादेश+ङीप् (ई)= उर्वशी । उरु+वश्+क[3] (अ) गुण अवादेश +ङीष्[4] (ई)= उर्वशी । अथवा उरु महान् वशः कामः अस्याः *(ज्यादै ठूलो वश गर्ने कामना छ यसको)* ब.स., ङीष् (ई)= उर्वशी । अथवा ऊरूनपि अश्नुते व्याप्नोति वशीकरोति कामिनः जनान् सम्भोगार्थम् *(सम्भोगका लागि ठूला ठूला कामिजनलाई वश गर्छ)* उरु+अश्+अण्/क (अ) गुण,अवादेश +ङीष् (ई)= उर्वशी ।

शब्दार्थ- स्वर्गकी वेश्या, स्वर्गका वेश्याहरूमध्ये एक ।

द्रष्टव्य- उर्वशीलाई देख्नासाथ मित्र र वरुणको वीर्य स्खलन भयो । कुम्भमा राखिएको त्यही वीर्यबाट अगस्त्य एवम् वशिष्ठ ऋषिको जन्म भएको थियो । मित्र र वरुणको शापबाट उनी पृथिवीका राजा पुरुरवाकी पत्नी पनि भएकी थिइन् र शापमुक्ति पछि स्वर्ग गइन् ।

उर्वी (ना./स्त्री.) ऊर्णाति आच्छादयति सर्वम् *(सबै ढाक्छ)* ऊर्णुञ् आच्छादाने (अदा.) धातु, ऊर्णु+कु (उ), उणा., ऊको ह्रस्व, णुलोप, उर्+उ= उरु । उरुको स्त्रीत्व बुझाउँदा उरु+ङीष् (ई), यण्= उर्वी ।

सर्वंसहा वसुमती वसुधोर्वी वसुन्धरा- इत्यमरः

शब्दार्थ- वसुधा, पृथिवी, वसुन्धरा, धरणी, क्षिति, ठूलो मैदान ।

उलूकः (ना./पुं.) वलते इति *(सञ्चरण गर्छ)* वल संवरणे सञ्चरणे च (भ्वा.) धातु, वल्+ऊक[5], वकारको सम्प्रसारणबाट उ, उणा., उल्+ऊक[5]= उलूक । अथवा उच्यतीति *(एकत्रा हुन्छ)* उच समवाये (दिवा.) धातु, उच्+ऊक, चकारलोप-निपातन= उलूक ।

शब्दार्थ- लाटोकोसेरो, दिनमा आँखा नदेख्ने पक्षी, उल्लू पक्षी ।

उल्का (ना./स्त्री.) ओषतीति *(ताप वा दाह दिन्छ)* उष दाहे (भ्वा.) धातु, उष्+कक्[6] (क), उणा., उष्का षको लकार निपातन, टाप् (आ)= उल्का । अथवा ऋच्छतीति *(गिर्छ, चक्कर लगाउँछ)* ऋ गतिप्रापणयोः (भ्वा.) धातु, ऋ+कक् (क), ऋको उ निपातन, रको ल, उल्क+टाप् (आ)= उल्का ।

शब्दार्थ- तेजपुञ्ज, आकाशमा रहने ज्योतिपुञ्ज, धूमकेतु, अगुल्टो, मसाल ।

उल्लङ्घनम् (ना./न.) उल्लङ्घ्यते इति *(उल्लङ्घन गरिन्छ)* उद्पूर्वक लघि गतौ (भ्वा.) धातु, नुम्, उद्+लङ्घ् + ल्युट् (अन), दको (परसवर्ण) ल=उल्लङ्घन ।

शब्दार्थ- नाघ्ने काम, अतिक्रमण, सीमा या मर्यादाको परित्याग, नियम विपरीत चल्ने काम ।

---

[1] उरसो लोपश्च (वा.) : ड, सलोप

[2] उर्णोतेर्णुलोपश्च : कु,णुलोप, ह्रस्व

[3] मूलविभूजादिभ्यः कः : क

[4] षिद्गौरादिभ्यो ङीष् : ङीष्

[5] उलुकादयश्च : ऊक/सम्प्रसारण

[6] शुकवल्कोल्काः : कक्, षको ल

उल्लङ्घनीयः/उल्लङ्घ्यः (वि.) उल्लङ्घ्यते, उल्लङ्घितुं योग्यः इति वा *(उल्लङ्घन गर्न योग्य)* उत्पूर्वक लघि गतौ (भ्वा.) धातु, नुम्, उत्+लङ्घ्+अनीय (र्), परसवर्णबाट दको ल= उल्लङ्घनीय ।

उद्+लङ्घ्+ण्यत् (य), दको ल= उल्लङ्घ्य ।

शब्दार्थ- उल्लङ्घन गर्न लायक, उल्लङ्घन गर्न उचित, अतिक्रमण गर्न योग्य ।

उल्लङ्घितः (वि.) उल्लङ्घ्यते स्म इति *(उल्लङ्घन गरिएको)* उत्पूर्वक लघि गतौ (भ्वा.) धातु, नुम्, उत्+लङ्घ्+क्त (त), इडागम, परसवर्णवाट दको ल=उल्लङ्घित ।

शब्दार्थ- उल्लङ्घन गरिएको, मर्यादा तोडिएको, अतिक्रमण गरेको ।

उल्लसितः (वि.) उल्लसति स्म इति *(प्रफुल्लित भएको)* उत्पूर्वक लस श्लेषणक्रीडनयोः (भ्वा.) धातु, उत्+लस्+क्त (त), कर्तामा, इडागम, दको ल =उल्लसित ।

शब्दार्थ- आनन्दित, प्रसन्न, आभायुक्त, प्रफुल्लित, मग्न भएको, प्रफुल्ल भएको ।

उल्लासः (ना./पुं.) उल्लसनम् *(प्रफुल्ल हुनु)* उत्पूर्वक लस श्लेषणक्रीडनयोः (भ्वा.) धातु, उत्+लस्+घञ् (अ), उपधावृद्धि, परसवर्णबाट दको ल= उल्लास ।

शब्दार्थ- हर्ष, प्रसन्नता, आनन्द, प्रकाश, आभा, दीप्ति, फैलावट, अध्याय, खण्ड, परिच्छेद, सर्ग आदि ।

उदा. **आगो फिलिङ्गै पनि होस् अरण्यमा,**
उल्लास देखाउँछ एक सासमा- आ.रा. २/७२

उल्लिखितः (वि.) उल्लिख्यते स्म इति *(उल्लेख गरिएको)* उत्पूर्वक लिख अक्षरविन्यासे (तुदा.) धातु, उत्+लिख्+क्त (त), इडागम, परसवर्णवाट दको ल =उल्लिखित ।

शब्दार्थ- उल्लेख गरिएको, लेखिएको, अङ्कित, मुद्रित, चित्रित ।

उल्लेखः (ना./पुं.) उल्लेखनम्, उल्लिख्यते इति वा *(उल्लेख गरिन्छ)* उत्पूर्वक लिख अक्षरविन्यासे (तुदा.) धातु, उत्+लिख्+घञ् (अ), गुण, परसवर्णवाट दको ल= उल्लेख ।

शब्दार्थ- लेख, उल्लेख गर्ने कार्य, लिखत, वर्णन, सङ्केत ।

उल्लेखनम् (ना./न.) उल्लिख्यते इति *(उल्लेख गरिन्छ)* उत्पूर्वक लिख अक्षरविन्यासे (तुदा.) धातु, उत्+लिख्+ल्युट् (अन) गुण, दको ल= उल्लेखन ।

शब्दार्थ- सङ्केत, लेख, चित्रण, लिखत, वर्णन, उल्लेख गर्ने काम ।

उल्लेखनीयः/उल्लेख्यः (वि.) उल्लिख्यते, उल्लेखितुं योग्यः वा *(उल्लेख गरिन्छ वा उल्लेख गर्न योग्य)* उत्पूर्वक लिख अक्षरविन्यासे (तुदा.) धातु, उत्+लिख्+अनीय (र्), गुण, परसवर्णवाट दको ल=उल्लेखनीय । उद्+लिख्+ण्यत् (य), गुण, दको ल= उल्लेख्य ।

शब्दार्थ- उल्लेख गर्न योग्य वा लायक, चर्चा गर्न योग्य, वर्णनीय ।

उशना (ना./पुं.) वष्टीति *(कामना गर्छन्)* वश कान्तौ (अदा.) धातु, वश्+कनसि[1] (अनस्), उणा., वश्का वको सम्प्रसारणबाट उ, उश्+अनस्, उशनस्= उशना **शुक्रो दैत्यगुरुः काव्य उशना भार्गवः कविः-इत्यमरः**

शब्दार्थ- शुक्राचार्य, दैत्यगुरु, भार्गव ।

उषा (ना./स्त्री.) ओषति अन्धकारम् *(अन्धकार नाश गर्छ)* उष दाहे (भ्वा.) धातु, उष्+क[2] (अ)+टाप् (आ) =उषा ।

शब्दार्थ- प्रातःकाल, प्रातःसन्ध्या, प्रभातकाल, झिसमिसे उज्यालो हुने वेलाको समय, रातको अवसानकाल, वाणासुरकी छोरी, कृष्णकी नातिनी वुहारी, अनिरुद्धकी पत्नी ।

उषाकालः (ना./पुं.) उषायाः कालः *(प्रातःकालको समय)* ष.त.स.= उषाकाल ।

शब्दार्थ- उज्यालो हुने वेलाको समय, विहानीपख, अरुणोदयको समय, प्रभातकाल ।

उषापतिः (ना./पुं.) उषायाः पतिः *(उषाका पति)* ष.त.स.= उषापति ।

शब्दार्थ- अनिरुद्ध, श्रीकृष्णका नाति ।

उषितः (वि) ओषति स्म इति *(पोलेको)* उष दाहे (भ्वा.) धातु, उष्+क्त[3] (त), कर्तामा, इडागम= उषित ।

शब्दार्थ- डढेको, पोलेको, तातेको ।

उष्ट्रः (ना./पुं.) ओषतीति *(पीडा दिन्छ)* उष दाहे (भ्वा.) धातु, उष्+ष्ट्रन्[4], कुत्व[5]= उष्ट्र ।

शब्दार्थ- ऊँट ।

उष्णः (वि.) ओषतीति *(पोल्छ, ताप दिन्छ)* उष दाहे (भ्वा.) धातु, उष्+नक्[6] (न), उणा., णत्व= उष्ण ।

शब्दार्थ- ग्रीष्म ऋतु, धेरै तातो, राप, ताप, गर्मी, घाम ।

उष्णकः (वि.) उष्णं करोतीति *(तातो पार्छ)* उष्ण+कन् (क)= उष्णक ।

शब्दार्थ- तातो हुने, पोल्ने, राप दिने, ताप दिने ।

उष्णता (ना./स्त्री.) उष्णस्य भावः *(तातो हुनाको भाव वा अवस्था)* उष्ण+तल् (त)+टाप् (आ)= उष्णता ।

शब्दार्थ- धेरै तातो राप, ज्यादै तातोपना, गरमपना, तातो हुनाको भाव वा अवस्था ।

उष्णत्वम् (ना./न.) उष्णस्य भावः *(उष्ण या तातो हुनाको भाव वा अवस्था)* उष्ण+त्व= उष्णत्व ।

शब्दार्थ- तातोपना, गर्मीपन, उष्णता ।

---

[1] वशेःकनसि : कनसि/सम्प्रसारण

[2] इगुपधज्ञा... : क

[3] गत्यर्थाकर्मक... : क्त

[4] सर्वघातुभ्य ष्ट्रन् : ष्ट्रन्

[5] उषिखनि...... : कित्व

[6] इण्सिञ्जिदीङुष्य...: नक्

उष्णभोजी (वि.) उष्णं भोक्तुं शीलमस्य ***(तातो खाने शील या आदत छ यसको)*** उष्णपूर्वक भुजपालनाभ्यवहारयोः (रुधा.) धातु, उष्ण+भुज्+णिनि[१] (इन्), गुण, उष्णभोजिन्= उष्णभोजी ।

शब्दार्थ- तातो खान मन पराउने, तातो खाने स्वभावको ।

उष्णोदकम् (ना./न.) उष्णञ्च तदुदकञ्च ***(तातो पानी)*** क.त.स., गुण= उष्णोदक ।

शब्दार्थ- तातो पानी, तताएको पानी ।

ऊ

ऊः (ना./पुं/अव्य.) अवतीति ***(रक्षा गर्छ)*** अव रक्षणादौ (भ्वा.) धातु, अव्+क्विप्, अव्को ऊठ्[२] ऊ, क्विप्को सर्वलोप= ऊ ।

परिचय- देवनागरी वर्णमालाको ओष्ठस्थानीय विवृत स्वरसंज्ञकध्वनि वा छैटौं स्वरवर्ण, आरम्भसूचक अव्यय ।

ऊकारश्चापि लक्षणे ।

रक्षणे चापि ऊकार ऊकारो ब्रह्मणि स्मृतः- एकाक्षरकोशः

ऊ वाक्यारम्भरक्षानुकम्पास्वपि च दृश्यते- इति मेदिनी

शब्दार्थ- शिव, महेश्वर, महादेव, ब्रह्मा, चन्द्रमा, लक्षण, रक्षा, अनुकम्पा ।

ऊकारः (ना./पुं.) 'ऊ' यस्तो वर्णनिर्देशनमा 'ऊ' प्रातिपदिकबाट ऊ+कार= ऊकार ।

शब्दार्थ- ऊअक्षर, दीर्घ ऊकार स्वरवर्ण ।

ऊढः/ऊढा (वि.) ऊह्यते स्म इति ***(वहन वा विवाह गरिएको)*** वह प्रापणे (भ्वा.) धातु, वह+क्त (त), तको ध, ह र धको ढ, ढलोप, दीर्घ= ऊढ ।

स्त्रीत्व बुझाउँदा ऊढ+टाप् (आ)= ऊढा ।

शब्दार्थ- विवाहित (पुरुष), विवाहिता (स्त्री), विवाह गरिएको, वहन गरिएको, बोकेको ।

ऊनः (वि.) ऊनयति ***(न्यून हुन्छ)*** ऊन परिहाणे (चुरा.) धातु, ऊन्+अच् (पचादि)= ऊन ।

अथवा अवतीति अव रक्षणादौ (भ्वा.) धातु, अव्+नक्[३] (न), अव्को ऊठ्= ऊन ।

शब्दार्थ- न्यून, कम, अभावग्रस्त, अपूर्ण, अपर्याप्त ।

ऊनविंशः/ऊनविंशतिः (वि.) ऊनविंशतेः पूरणः ***(उन्नाईसको पूरक)*** ऊनविंशति+डट् (टिलोप) =ऊनविंश ।

एकेन ऊना न्यूना विंशतिः ***(एकले घटी बीस)*** तृ.त.स.= ऊनविंशति ।

शब्दार्थ- उन्नाईसौं, उन्नाईस ।

ऊरुः (ना./पुं.) ऊर्णूयते आच्छाद्यते इति ***(ढाकिन्छ)*** ऊर्णुञ् आच्छादने (अदा.) धातु, ऊर्णु+कु[४] (उ), नुलोप, उणा.= ऊरु ।

सक्थि क्लीवे पुमानूरुः - इत्यमरः

शब्दार्थ- जङ्घा, तिघ्रा, घुंडाभन्दा माथिको भाग, जानु ।

ऊर्जः (ऊर्जस्) (ना./पुं.) ऊर्जयति ***(बल प्रदान गर्छ)*** ऊर्ज बलप्राणनयोः (चुरा.) धातु, ऊर्ज्+असुन्[५] (अस्), ऊर्जस्, ऊर्जः= ऊर्ज ।

शब्दार्थ- तेज, बल, साहस, शक्ति, उत्साह, कार्तिकमास, कार्तिक-महिना ।

ऊर्जस्वी/ऊर्जस्वलः (वि.) अतिशयितः ऊर्जः बलमस्यास्तीति ***(ज्यादै तेज या आत्मबल छ यसको)*** ऊर्जस्+विनि[६] (विन्), ऊर्जस्विन्= ऊर्जस्वी ।

ऊर्जस्+वलच्[६] (वल)= ऊर्जस्वल ।

शब्दार्थ- तेजशक्ति भएको, आत्मबल भएको, साहसले भरिपूर्ण, आँटिलो, हिम्मत गर्ने ।

ऊर्जा (ना./स्त्री.) ऊर्जयति उत्साहयतीति ***(बल वा साहस पैदा गर्छ)*** ऊर्ज बलप्राणनयोः (चुरा.) धातु, ऊर्ज्+अच् (पचादि)+टाप् (आ)= ऊर्जा ।

शब्दार्थ- आत्मबल, शक्ति, साहस, तेजशक्ति ।

ऊर्जासङ्कटम् (ना./न.) ऊर्जायाः सङ्कटम् ***(ऊर्जाको सङ्कट)*** ष.त.स.= ऊर्जासङ्कट ।

शब्दार्थ- ऊर्जाको अभावबाट पैदा हुने कठिनाइ, तेजशक्तिको अभावमा पैदा हुने सङ्कट ।

ऊर्णः (ना./पुं.) ऊर्णुते आच्छादयतीति ***(ढाक्छ)*** ऊर्णुञ् आच्छादने (अदा.) धातु, ऊर्णु+ड (अ), टिलोप=ऊर्ण ।

शब्दार्थ- ऊन, ऊर्णसूत्र ।

ऊर्णनाभः (ना./पुं.) ऊर्णः इव ऊर्णतन्तुर्नाभौ यस्य ***(ऊन जस्तै तन्तु या धागो नाभिमा छ जसको)*** ब.स., ऊर्णनाभि+अच्[७] (समासान्त)= ऊर्णनाभ ।

शब्दार्थ- ऊन जस्तै तन्तु नाभिमा हुने कीटाणु, माकुरो ।

ऊर्णा (ना./स्त्री.) ऊर्णुते आच्छादयतीति ***(ढाक्तछ)*** ऊर्णुञ् आच्छादने (अदा.) धातु, ऊर्णु+ड (अ), टिलोप, ऊर्णः । ऊर्ण+टाप् (आ)= ऊर्णा ।

शब्दार्थ- ऊन, ऊर्णसूत्र, ऊनबाट बनेको धागो ।

ऊर्ध्वः (वि./अव्य.) उद् ऊर्ध्वं जिहीते इति ***(उँभोतिर जान्छ)*** ओहाङ् गतौ (जुहो.) धातु, उद्+हा+ड (अ), हाको टिलोप, पृषोदरादिबाट उदको 'ऊर'आदेश, ऊर् ह अ, ह ध्वनि धमा परिणत, व वर्णागम= ऊर्ध्व ।

शब्दार्थ- उँभोतिर फर्केको, उन्नत, अग्लो, सीधा उभिएको, माथि, माथितिर, ऊपर ।

---

१. सुप्यजातौ... : णिनि
२. ज्वरत्वर... : ऊठ्
३. इष्सिञ्जि...: नक्
४. ऊर्णुतेर्नुलोपश्च : कु, नुलोप
५. सर्वधातुभ्य...: असुन्
६. ज्योत्स्नातमिस्रा : विनि/वलच्
७. अच् प्रत्यन्वव... सूत्रको योगविभागबाट अच्

ऊर्ध्वकेशः (ना./पुं.) ऊर्ध्वगतः केशः *(उँभोतिर उठेको केश)* प्रा.त.स.= ऊर्ध्वकेश ।

शब्दार्थ- ठाडा ठाडा हुने केश, उँभोतिर उठेको केश ।

ऊर्ध्वगामी (वि.) ऊर्ध्वं गन्तुं शीलमस्य *(उँभोतिर जाने शील छ यसको)* ऊर्ध्व उपपदपूर्वक गम्लृ गतौ (भ्वा.) धातु, ऊर्ध्व+गम्+णिनि[1] (इन्), ऊर्ध्वगामिन् =उर्ध्वगामी ।

शब्दार्थ- उँभोतिर जाने, माथि चड्ने ।

ऊर्ध्वजानुः (वि.) ऊर्ध्वे जानुनी यस्य *(उँचा छन् घुँडा जसका)* ब.स.= ऊर्ध्वजानु ।

शब्दार्थ- घुँडा उँचो हुने, अग्लो घुँडा हुने ।

ऊर्ध्वपुण्ड्रः (ना./पुं.) ऊर्ध्वः ऊर्ध्वगतश्चासौ पुण्ड्रः तिलकम् *(ठाडो रेखा भएको तिलक वा टिको)* क.त.स.= ऊर्ध्वपुण्ड्र ।

अथवा ऊर्ध्वः पुण्ड्र इव (पुण्ड्रेक्षुवत्) *(सीधा उखुको लाक्रोझैं ठाडो रेखा)* उप.क.त.स.= ऊर्ध्वपुण्ड्र ।

शब्दार्थ- ठाडो रेखा पारेर लगाइएको टिको, वैष्णवहरूले लगाउने गरेको टिको, तिलकविशेष ।

ऊर्ध्वबाहुः (ना./पुं.) ऊर्ध्वः ऊर्ध्वप्रसारितः बाहुर्यस्य *(उँभोतिर उठाएको छ बाहु जसको)* ब.स. =ऊर्ध्ववाहु ।

शब्दार्थ- हात उँभोतिर उठाइराख्ने तपस्वी, उँभोतिर हात उठाएर राख्ने व्यक्ति ।

ऊर्ध्वमुखः (वि.) ऊर्ध्वं मुखं यस्य *(उँभोतिर छ मुख जसको)* ब.स.= उर्ध्वमुख ।

शब्दार्थ- उँभोतिर मुख लगाएको, ठाडो मुख पारेको ।

ऊर्ध्वमूलः (ना./पुं.) ऊर्ध्वं मूलं यस्य *(उँभोतिर जरा छ जसको)* ब.स.= ऊर्ध्वमूल ।

शब्दार्थ- उँभोतिर जरा हुने संसारवृक्ष, अश्वत्थवृक्ष, पिपलको रूख ।

ऊर्ध्वरेखा (ना./स्त्री.) ऊर्ध्वगता रेखा *(उँभोतिर गएको रेखा)* प्रा.त.स.= ऊर्ध्वरेखा ।

शब्दार्थ- हत्केला वा पैतालाको माझबाट उँभोतिर गएको ठाडो रेखा, भाग्यरेखा ।

ऊर्ध्ववायुः (ना./पुं.) ऊर्ध्वगतः वायु :*(उँभोतिर निस्कने हावा)* प्रा.त.स.= ऊर्ध्ववायु ।

शब्दार्थ-मुख या नाकबाट निस्कने हावा, डकार, प्राणवायु ।

ऊर्मिः (ना./स्त्री.) ऋच्छतीति *(वेगले बहन्छ)* ऋ गतिप्रापणयोः (भ्वा.) धातु, ऋ+मि[2], धातुको रपर भई ऊकारादेश, उणा.= ऊर्मि ।

भङ्गस्तरङ्ग ऊर्मिर्वा- इत्यमरः

शब्दार्थ- पानीको लहर, छाल, तरङ्ग, प्रकाश, वेग, दुःख ।

ऊषः (ना./पुं.) ऊषतीति *(प्रदूषित हुन्छ)* ऊष रुजायाम् (भ्वा.) धातु, ऊष्+क (अ)= ऊष ।

स्यादूष क्षारमृत्तिका- इत्यमरः

शब्दार्थ- नुनिलो माटो, खार भएको माटो, प्रदूषणयुक्त माटो ।

ऊषरः (ना./पुं.) ऊषतीति *(प्रदूषित हुन्छ)* ऊष रुजायाम् (भ्वा.) धातु, ऊष्+क[3] (अ), ऊषः । ऊषः क्षारमृत्तिका अस्ति अस्मिन् *(नुनिलो माटो छ यसमा)* ऊष+र[4]= ऊषर ।

शब्दार्थ- नुनिलो माटो भएको जमिन, खार भएको माटोयुक्त जमिन, ऊषरभूमि ।

ऊष्मः (ना./पुं.)/**ऊष्मा** (ना./स्त्री.) ऊषतीति *(पीडा दिन्छ)* ऊष रुजायाम् (भ्वा.) धातु, ऊष्+मक् (म), बहुलप्रकारले, ऊष्मन्= ऊष्म ।

अथवा ऊष्+मनिन्[5] (मन्), उष्मन्= ऊष्मा ।

ऊष्मो घर्मोऽश्रुणि तथा जेष्ठे ऊष्मा स्त्रियां त्विषि ।

शब्दार्थ- ग्रीष्मऋतु, गर्मी, ताप, राप, घाम, जेठ, दीप्ति ।

ऊष्मीभवन् (ना./पुं.) अनूष्मः ऊष्मः सम्पद्यते, स भूयते इति *(अनूष्म ध्वनि ऊष्म ध्वनि हुन्छ र ऊष्म ध्वनि बन्छ)* भू सत्तायाम् (भ्वा.) धातु, ऊष्म+च्वि[6]+भू+शतृ (अत्)+शप् (अ), गुण, अवादेश, भवत्, ऊष्मको ईत्व[7], च्विको सर्वलोप, ऊष्मीभवत्= ऊष्मीभवन् ।

शब्दार्थ- ध्वनि उच्चारण गर्दा घर्षण पैदा भई अनूष्म ध्वनि ऊष्मध्वनि हुने प्रक्रिया ।

ऊष्मीभूतः (वि.) अनूष्मः ऊष्मः समपद्यत, स भूयते स्म इति *(अनूष्म ध्वनि ऊष्मध्वनि बनेको र ऊष्म ध्वनि भएको)* भू सत्तायाम् (भ्वा.) धातु, ऊष्म+च्वि[6]+भू+क्त (त), ऊष्मको ईत्व[7], च्विको सर्वलोप=ऊष्मीभूत ।

शब्दार्थ- ध्वनि उच्चारण गर्दा घर्षण पैदा भई अनूष्म ध्वनि उष्मीभूत भएको ।

ऊहः (ना./पुं.) ऊहनम्, ऊह्यते इति वा *(तर्क गरिन्छ)* ऊह वितर्के (भ्वा.) धातु, ऊह्+घञ् (अ)= ऊह ।

शब्दार्थ- तर्क, विचार, अनुमान, अड्कल ।

ऊहा (ना./स्त्री.) ऊह्यते इति *(तर्क गरिन्छ)* ऊह वितर्के (भ्वा.) धातु, ऊह्+अ[8] (प्रत्यय)+टाप् (आ) =ऊहा ।

शब्दार्थ- तर्कना, विचार, अनुमान ।

---

[1] सुप्यजातौ... : णिनि
[2] अर्तेरूच्च : मि (प्रत्यय), धातुको रपर भई ऊकारादेश
[3] इगुपधज्ञा... : क
[4] ऊषशुषिमुष्क....: र
[5] सर्वधातुभ्यो मनिन् : मनिन्
[6] कृभ्वस्तियोगो... : च्वि
[7] अस्य च्वौ : ईत्व
[8] गुरोश्च हलः : अ (प्रत्यय)

ऋ

ऋः (ना./पुं./स्त्री./अव्य.) ऋच्छतीति *(पुग्छ)* ऋ गति-प्रापणयोः (भ्वा.) धातु, ऋ+क्विप् (सर्वलोप)= ऋ ।
परिचय- संस्कृत देवनागरी वर्णमालाको मूर्द्धस्थानीय सातौं विवृत स्वरसंज्ञक-ध्वनि वा स्वरवर्ण ।
ऋकारो वेदमाता स्यादृकारोदनुजप्रसूः- एकाक्षरकोशः
ऋशब्दो गर्हणे वाक्ये देवाम्बायां त्वनव्ययम्- इति मेदिनी
शब्दार्थ- परिहास, निन्दा, वेदमाता, दनुजमाता, दैत्यजननी

ऋकारः (ना./पुं.) 'ऋ' यस्तो वर्णनिर्देशनमा 'ऋ' प्रातिपदिकबाट ऋ+कार[१]= ऋकार ।
शब्दार्थ- ऋस्वरवर्ण, ऋअक्षर ।

ऋक् (ऋच्) (ना./स्त्री.) ऋचन्ति स्तुवन्ति देवान् वा ऋच्यन्ते स्तूयन्ते देवाः अनया इति *(यसद्वारा देवताहरूको स्तुति गर्छन् वा गरिन्छ)* ऋच स्तुतौ (तुदा.) धातु, ऋच्+क्विप्[२] (सर्वलोप)= ऋच् । कुत्व= ऋक् ।
शब्दार्थ- स्तुति परक वेदको मन्त्र, सूक्त, ऋचा, ऋग्वेद, दीप्ति, पूजा, स्तुति ।

ऋग्वेदः (ना./पुं.) ऋक् चासौ वेदश्च *(ऋग्वेद)* क.त.स. =ऋग्वेद ।
शब्दार्थ- ऋग्वेद, देवी देवताको स्तुति-परक सूक्तहरूले युक्त वेद ।

ऋग्वेदी (वि.) ऋग्वेदः अस्यास्तीति *(ऋग्वेद यसको मुख्य विषय हो)* ऋग्वेद+इनि (इन्)= ऋग्वेदी ।
शब्दार्थ- ऋग्वेद जान्ने, ऋग्वेदको अनुसरण गर्ने, ऋग्वेदाध्यायी, ऋग्वेदको ज्ञाता ।

ऋचा (ना./स्त्री.) ऋचन्ति स्तुवन्ति वा ऋच्यन्ते देवाः अनया इति *(देवताहरूको स्तुति गर्छन् वा देवताहरू स्तुति गरिन्छन् यसद्वारा)* ऋच्+क्विप् (सर्वलोप), भागुरिमतमा हलन्तको आप्= ऋचा ।
शब्दार्थ- वेदमन्त्र, वैदिकसूक्त, कण्डिका ।

ऋजुः (वि.) अर्जति, अर्जयति गुणान् इति वा *(गुण आर्जन गर्छ)* अर्ज अर्जने (भ्वा.) वा अर्ज प्रतियत्ने (चुरा.) धातु, अर्ज्+कु[३] (उ) धातुको ऋज्आदेश= ऋजु ।
शब्दार्थ- सोझो, सीधा, सरल, इमान्दार तथा जालझेल नगर्ने, छलकपट नभएको ।

ऋजुता (ना./स्त्री.)/**ऋजुत्वम्** (ना./न.) ऋजोर्भावः *(सरल हुनाको भाव वा अवस्था)* ऋजु+तल् (त)+टाप् (आ)= ऋजुता । ऋजु+त्व= ऋजुत्व ।
शब्दार्थ- सीधापन, सरलता, सोझोपना, सौम्य, भद्रपना ।

ऋणम् (ना./न.) अर्यते स्म इति *(तल खसेको वा ऋण लागेको)* ऋ गतिप्रापणयोः (भ्वा.) धातु, ऋ+क्त (त), तको नत्वनिपातन[४], णत्व= ऋण ।
शब्दार्थ- कर्जा, रिन, पछि फिर्ता लिने दिने गरी अर्कोसँग लिएको वा अरूलाई दिएको धन, ऋण ।

ऋणग्राही (वि.) ऋणं गृह्णातीति *(ऋण लिन्छ)* ऋण उपपदपूर्वक ग्रह उपदाने (क्र्या.) धातु, ऋण+ग्रह+णिनि[५] (इन्), वृद्धि, ऋणग्राहिन्= ऋणग्राही ।
शब्दार्थ- साहूसँग ऋण लिने, कर्जा लिने, ऋणी ।

ऋणदाता (वि.) ऋणं ददातीति *(ऋण दिन्छ)* ऋण उपपदमा हुने डुदाञ् दाने (जुहो.) धातु, ऋण+दा+तृच् (तृ), ऋणदातृ= ऋणदाता ।
शब्दार्थ- रिन दिने, ऋणदाता, कर्जा दिने, सापटी दिने, साहू, महाजन, धनी ।

ऋणमुक्तः (वि.) मुच्यते स्म इति *(मुक्त भएको)* मुच्लृ मोक्षणे (तुदा.) धातु, मुच्+क्त (त), मुक्तः । ऋणात् मुक्तः *(ऋणबाट मुक्त भएको)* प.त.स.= ऋणमुक्त ।
शब्दार्थ- ऋणबाट मुक्ति पाएको, अऋणी, ऋणबाट छुटकारा पाएको, ऋण नभएको, अरिनी ।

ऋणमोचनम् (ना./न.)/**ऋणमुक्तिः** (ना./स्त्री.) मुच्यते इति *(छुटकारा पाइन्छ)* मुच्लृ मोक्षणे (तुदा.) धातु, मुच्+ल्युट् (अन),मोचनम् । मुच्+क्तिन् (ति), मुक्तिः । ऋणात् मोचनम्, मुक्तिर्वेति *(ऋणबाट छुटकारा)* प.त.स.= ऋणमोचन/ऋणमुक्ति ।
शब्दार्थ- ऋणबाट छुटकारा, रिन तिर्ने काम, ऋणबाट मुक्ति पाउने स्थिति, अऋणी भएको अवस्था ।

ऋणी (वि.) ऋणमस्यास्तीति *(ऋण छ यसको)* ऋण+इनि[६] (इन्), ऋणिन्= ऋणी ।
शब्दार्थ- ऋण लागेको, ऋणग्रस्त, रिन वा कर्जा लिने, अनुगृहीत, कृतज्ञ ।

ऋतः (वि.) अर्यते स्म इति *(प्राप्त भएको)* ऋ गतिप्रापणयोः (भ्वा.) धातु, ऋ+क्त (त)= ऋत ।
शब्दार्थ- साँचो, सत्य, तथ्य, उचित, सही, उपयुक्त, सम्पादन गरिएको, चहकिलो, सिला खोज्ने ।

ऋतव्यः (वि.) ऋतुर्देवता अस्य *(ऋतु छन् देवता यसका),* ऋतोरयम् *(ऋतुको यो)* ऋतु+यत्[७] (य), गुण, अवादेश =ऋतव्य ।
शब्दार्थ- ऋतु देवता हुने, ऋतुसम्बन्धी, ऋतुको ।

ऋतुः (ना./स्त्री.) ऋच्छति, इयर्तीति वा *(गतिशील बन्दै जान्छ)* ऋ गतिप्रापणयोः (भ्वा.) वा ऋ गतौ (जुहो.) धातु, ऋ+तु[८] (उणा.), कित्व= ऋतु ।
शब्दार्थ- मौसम, दुई-दुई महिनामा फेरिइरहने वसन्तादि छवटा ऋतुहरू, नारीहरू रजस्वाला भएको समय ।

---

१. वर्णात्कारः : कार
२. सम्पदादिभ्यः क्विप् : क्विप्
३. अर्जिदृशिकम्यमि... : कु, 'ऋज्' आदेश
४. ऋणमाधमर्ण्ये : तको नत्वनिपातन
५. नन्दिग्रहिपचादि... णिनि
६. अत इनिठनौ : इनि
७. वाय्वृतुपितृ... : यत्
८. अर्तेश्च : तु, कित्व

ऋतुकालः (ना./पुं.) कल्यते इति *(गणना गरिन्छ)* कल शब्दसंख्यानयोः (भ्वा.) धातु, कल्+घञ् (अ) वृद्धि, कालः । ऋतोः कालः *(रजस्वलाको समय)* ष.त.स. =ऋतुकाल ।

शब्दार्थ- रजस्वला भएको दिनदेखि सोह्र रात्रिसम्मको समय, गर्भाधानका लागि अनुकूल समय, ऋतुस्राव, आइमाईको परसर्ने अवस्था, महिनाबारी ।

ऋतुगामी (वि.) ऋतुम् ऋतुमतीं स्त्रियं गन्तुं शीलमस्य *(ऋतुकालमा स्त्रीसँग सहवास गर्ने शील छ यसको)* ऋतु उपपदपूर्वक गम्लृ गतौ (भ्वा.) धातु, ऋतु+गम्+णिनि[1] (इन्), वृद्धि, ऋतुगामिन्= ऋतुगामी ।

शब्दार्थ- ऋतुकालमा स्त्रीसँग सम्भोग गर्ने, ऋतुकालमा यौनसम्पर्क गर्ने ।

ऋतुदानम् (ना./न.) ऋतौ दानम् *(ऋतुकालमा गर्भाधान गर्ने क्रिया)* स.त.स.= ऋतुदान ।

शब्दार्थ- रजस्वला भएकी स्त्रीमा गर्भाधान गर्ने क्रिया, ऋतुकालमा गर्भाधान क्रिया ।

ऋतुमती (ना./स्त्री.) ऋतुः ऋतुकालः अस्याः अस्तीति *(ऋतुकालको समय छ यसको)* ऋतु+मतुप्[2] (मत्)+ङीप् (ई)= ऋतुमती ।

शब्दार्थ- रजस्वला भएकी नारी, परसरेकी स्त्री, नछुने भएकी नारी ।

ऋतुराजः (ना./पुं.) राजते इति *(सुशोभित हुन्छ)* राजृ दीप्तौ (भ्वा.) धातु, राज्+कनिन्[3] (अन्), उणा., राजन्, राजा । ऋतूणां राजा *(ऋतुहरूका राजा)* ऋतु+राजन्, ष.त.स., टच्[4] (समासान्त)=ऋतुराज ।

शब्दार्थ- ऋतुहरूमध्येको राजा या श्रेष्ठ, वसन्त-ऋतु ।

ऋतुस्नानम् (ना./न.) ऋतौ स्नानम् *(ऋतुकालमा स्नान)* स.त.स.= ऋतुस्नान ।

शब्दार्थ- परसरेकी स्त्रीले गर्ने स्नान, ऋतुंमती स्त्रीले गर्ने चौथो दिनको स्नान ।

ऋत्विक्/ऋत्विग् (ना./पुं.) ऋतौ यजतीति *(उपयुक्त समयमा यज्ञ गर्छ)* ऋतु उपपदपूर्वक यज देवपूजासङ्गतिकरणदानेषु (भ्वा.) धातु, ऋतु+यज्+क्विन्[5], यकारको सम्प्रसारणबाट इ, क्विन्को सर्वलोप, यण्, ऋत्विज्, कुत्व= ऋत्विग् । गको चर्त्व= ऋत्विक् ।

शब्दार्थ- वेदज्ञ पुरोहित, यज्ञमा वरण भएको ब्राह्मण, पुरोहितको रूपमा यज्ञमा काम गर्ने ऋत्विक् (होता, उद्गाता, अर्ध्वयु, ब्रह्मा आदि) ।

ऋद्धः (वि.) ऋध्यते स्म इति *(समृद्ध भएको)* ऋधु वृद्धौ (दिवा/स्वा.) धातु, ऋध्+क्त (त), तको ध, धको द =ऋद्ध ।

शब्दार्थ- सम्पन्न, धनाढय, समृद्ध, धनवान्, धनी ।

ऋद्धिः (ना./स्त्री.) ऋध्यते इति *(समृद्ध हुनु)* ऋध्+क्तिन् (ति), तको ध, धको द= ऋद्धि ।

योग्यमृद्धिः सिद्धिलक्ष्म्यौ- इत्यमरः

शब्दार्थ- समृद्धि, सम्पन्नता, विस्तृति, विस्तार, सिद्धि, धनाढचयता, लक्ष्मी, पार्वती, औषधिविशेष ।

ऋषभः (वि./ना./पुं.) ऋषति गच्छतीति *(विचरण गर्छ, उत्कृष्ट हुन्छ)* ऋषी गतौ (तुदा.)धातु, ऋष्+अभच्[6], कित्व, उणा.= ऋषभ ।

शब्दार्थ- उत्तम, सर्वश्रेष्ठ, डामेर छोडिएको बहर, वृष, साँडे, गोरु, सङ्गीतका सात स्वरमध्ये ऋषभ नामक दोस्रो स्वर, विष्णुको चौवीस अवतारमध्ये एक, नाभिपुत्र ऋषभ, समासको अन्तिम पदको रूपमा आउने शब्द- जस्तै भरतर्षभ, पुरुषर्षभ ।

ऋषभदेवः (ना./पुं.) ऋषभाख्यश्चासौ देवश्च *(ऋषभदेव)* क.त.स., उ.प.लोप= ऋषभदेव ।

शब्दार्थ- विष्णुका चौवीस अवतारमध्ये एक, राजा नाभिका पुत्र ।

ऋभुः (ना./पुं.) ऋ (स्वर्गः) तत्र स्वर्गे भवतीति *(स्वर्गमा रहन्छन्)* ऋ+भू+डु (उ), टिलोप= ऋभु ।

शब्दार्थ- देवता, देवताविशेष ।

ऋषिः (ना./पुं.) ऋषति जानाति वा ऋषति ज्ञानेन मन्त्रादीन् पश्यति *(जान्दछन् वा ज्ञानले मन्त्रद्रष्टा हुन्छन्)* ऋषी गतौ (तुदा.) धातु, ऋष्+इन्[7] (कित्), उणा.= ऋषि ।

ऋषिर्वेदे वसिष्ठादौ दीधितौ च पुमानयम्- मेदिनी

शब्दार्थ- वेदमन्त्रहरूका द्रष्टा, पुण्यत्मा तपस्वी, वसिष्ठादि ऋषि, ज्ञानसम्पन्न महापुरुष या महात्मा, अन्तःस्फुरण हुने कवि या मुनि, विरक्तयोगी, सन्न्यासी, सूर्यकिरण ।

ऋषिऋणम् (ना./न.) ऋषीणां ऋणम् *(ऋषिहरूको ऋण)* ष.त.स.= ऋषिऋण ।

शब्दार्थ- ऋषिहरूवाट प्राप्त वैदिक तथा आध्यात्मिक आदि ज्ञानको निम्ति आफूले पूरा गर्नुपर्ने दायित्व वा कर्तव्य, त्यो ऋण जसको निवृत्ति स्वाध्यायबाट मात्र हुन्छ ।

ऋषिकुलम् (ना./न.) कुलतीति *(फैलन्छ)* कुल संस्त्याने बन्धुषु च (भ्वा.) धातु, कुल्+क[8] (अ), कुलम् । अथवा कौ लीयते इति *(पृथिवीमा लीन हुन्छ)* कु उपपदपूर्वक लीङ् श्लेषणे (दिवा.) धातु, कु+ली+ड (अ), टिलोप, कुलम् । ऋषीणां कुलम् *(ऋषिहरूको कुल)* ष.त.स.= ऋषिकुल ।

शब्दार्थ- ऋषिहरूको वंश, ऋषिहरूको सन्तान, गुरुकुल, वेद, वेदाङ्ग तथा अध्यात्मविद्या पढाउने ऋषिहरूको आश्रम ।

---

१. सुप्यजातौ... : णिनि
२. तदस्यास्त्यस्मिन्... : मतुप्
३. कनिन्युवृषितक्षि... : कनिन्
४. राजाहः सखिभ्यष्टच् : टच्
५. ऋत्विक्दधृक्... : क्विन्
६. ऋषिवृषिभ्यां कित् : अभच्, कित्व
७. इगुपधात् कित् : इन्, कित्व
८. इगुपधज्ञा... : क

ऋषिगणः (ना./पुं.) ऋषीणां गणः *(ऋषिहरूको गण)* ष.त.स.= ऋषिगण ।

शब्दार्थ- ऋषिहरूको समुदाय, ऋषिवृन्द ।

ऋषिप्रवरः (ना./पुं.) ऋषीणां ऋषिषु वा प्रवरः *(ऋषिहरूमा श्रेष्ठ)* ष.त.स./स.त.स.= ऋषिप्रवर ।

शब्दार्थ- ऋषिश्रेष्ठ, ऋषिहरूमा उत्कृष्ट या सर्वोत्तम ।

ऋषिवृन्दम् (ना./न.) ऋषीणां वृन्दम् *(ऋषिहरूको समुदाय)* ष.त.स.= ऋषिवृन्द ।

शब्दार्थ-ऋषिहरूको समुदाय, ऋषिहरूको समूह वा गण

ऋषितर्पणी (ना./स्त्री.) ऋषीणां तर्पणी *(ऋषिहरूलाई तर्पण दिने पूर्णिमा)* ष.त.स.= ऋषितर्पणी ।

शब्दार्थ- जनैपूर्णिमा, ऋषिहरूलाई सम्झेर तर्पण दिने पूर्णिमा, श्रावणशुक्ल-पूर्णिमा ।

ऋषिपञ्चमी (ना./स्त्री.) ऋषीणां पञ्चमी *(ऋषिहरूको पूजा गरिने पञ्चमी)* ष.त.स.= ऋषिपञ्चमी ।

शब्दार्थ- भाद्रशुक्लपञ्चमी, जुन दिन शरीरशुद्धिका निम्ति नारीहरूले अरुन्धतीसहित सप्तर्षिहरूको पूजा गर्दछन् ।

ऋश्यः/ऋष्यः (ना./पुं.) ऋच्छति, इयर्तीति वा *(विचरण गर्छ)* ऋ गतिप्रापणयोः (भ्वा.) वा ऋ गतौ (जुहो.) धातु, ऋ+श्यन् (श्य), बहुलप्रकारले, श्यन्को कित्व, उणा.= ऋश्य ।

ऋषतीति *(घुम्छ)* ऋषी गतौ (तुदा.) धातु, ऋष्+क्यप्[1] (निपातन)= ऋष्य ।

शब्दार्थ- सेतो खुट्टा हुने र सुन्दर आँखा हुने मृगविशेष ।

ऋष्यमूकः (ना./पुं.) ऋष्यश्चासौ मूकश्च *(ऋष्यमूक)* क.त.स.= ऋष्यमूक ।

शब्दार्थ- पम्पासरोवरको समीपवर्ती दक्षिण भारतको एउटा पर्वत, जहाँ रामायणकालमा वानरराज सुग्रीव आदि वीर बस्ने गर्थे ।

उदा. **ऋष्यमूकस्तु पम्पायाः पुरस्तात्पुष्पितद्रुमः ।**

ऋष्यशृङ्गः (ना./पुं.) ऋष्यश्चासौ शृङ्गश्च *(ऋष्यशृङ्ग)* क.त.स.= ऋष्यशृङ्ग ।

शब्दार्थ- एक प्रसिद्ध ऋषि, 'विभण्डक' ऋषिका पुत्र, यिनै ऋष्यशृङ्ग ऋषिले राजा दशरथको पुत्रेष्टियज्ञ अनुष्ठान गरे, जसको फलस्वरूप दशरथका राम, भरत, लक्षण र शत्रुघ्न चार भाइ पुत्र पैदा भए- वा.रा. ।

---

[1] **ऋदुपधाच्चा... : क्यप्**

ए

ए (अव्य./ना./पुं.) अयतीति *(अगाडि बढ्छ)* इ गतौ (भ्वा.) धातु, इ+विच्, गुण, वा एति प्राप्नोति सर्वम् *(सबै प्राप्त गर्छ)* इण् गतौ (अदा.) धातु, इ+विच्, विचको लोप, गुण= ए ।

परिचय- संस्कृत देवनागरी वर्णमालाको एघारौं स्वरवर्ण, कण्ठतालु-स्थानीय विवृत स्वरसंज्ञकध्वनि, व्यञ्जन वर्णमाथि लाग्ने एकलख चिन्ह (े), नेपाली भाषामा- बोलाउँदा नामका अगाडि प्रयोग हुने एक ध्वनि, जस्तैः ए श्याम !।

एकार उच्यते विष्णुः- एकाक्षरकोशः

शब्दार्थ- स्मरण, ईर्ष्या, रिस, तिरस्कार, आश्चर्य, विष्णु ।

एकः (वि.) एति असौ *(एक्लै जान्छ यो)* इण् गतौ (अदा.) धातु, इ+कन् (क), उणा., इको गुण= एक ।

शब्दार्थ- एउटा, एकको सङ्ख्या बुझाउने, एक्लो, एकाकी, अद्वितीय, मुख्य, प्रमुख ।

एकः/एककः (वि.) एक एव *(एउटै नै)* एक+कन् (क), स्वार्थमा= एकक ।

कन् प्रत्ययको लुक् हुँदा= एक ।

शब्दार्थ- असहाय, एक्लै, विना कुनै सहायक, अद्वितीय, दोस्रो कोही नभएको, अनुपम, एकाकी, प्रमुख ।

एककालः (ना./पुं.) एकश्चासौ कालश्च *(एउटै समय)* क.त.स.= एककाल ।

शब्दार्थ- एकै समय, एकै काल ।

एककालिकः/एककालीनः (वि.) एक काले भवः *(एउटै समयमा हुने)* एककाल+ठञ्[1] (इक)= एककालिक ।

एककाल+ख -ईन), अपभ्रंशमा= एककालीन ।

शब्दार्थ- एउटै समयमा हुने, एउटै कालमा भएको, एककालीन ।

एकगुरुः (वि.) एकः गुरुर्यस्य **(एउटै गुरु छन् जसका)** व.स.= एकगुरु ।

शब्दार्थ- एउटै गुरु भएको, समान गुरु भएको, सतीर्थ्य ।

एकचित्तः (वि.) एकम् एकीभूतं चित्तं यस्य *(एकाग्र छ चित्त जसको)* व.स.= एकचित्त ।

शब्दार्थ- एउटै कुरामा ध्यान केन्द्रित गरेको, एकाग्र चित्त भएको ।

एकच्छत्रः (वि./ना./न.) एकं छत्रं यस्य *(एक छत्र साम्राज्य छ जसको)* व.स., तुक्, श्चुत्व= एकच्छत्र ।

वा एकञ्च तच्छत्रम् *(एक छत्र)* क.त.स.=एकच्छत्र ।

शब्दार्थ- एउटै साम्राज्य भित्र रहेको, एउटै व्यक्तिद्वारा प्रशासित, अरूको अधिनायकत्व नभएको, एकच्छत्र शासन ।

एकजातः (वि.) एकस्मात् जातः *(एउटैबाट जन्मेको)* प.त.स.= एकजात ।

शब्दार्थ- एउटै वावुआमाबाट जन्मेको, सहोदर ।

एकजातीयः (वि.) एका जातिर्यस्य *(एउटै जात वा जातीयता छ जसको)* ब.स., एकजातिः । एकजातौ भवः जातः वा *(एक जात वा जातिमा हुने वा जन्मेको)* एकजात+छ[2] (ईय)= एकजातीय ।

शब्दार्थ- एउटै जातमा जन्मेको, एउटै जातको ।

एकतन्त्रम् (ना./न./वि.) एकञ्च तत् तन्त्रम् *(एक तन्त्र)* क.त.स.= एकतन्त्र ।

अथवा एकं तन्त्रं यस्य *(एक तन्त्र शासन छ जसको)* ब.स.= एकतन्त्र ।

शब्दार्थ- एउटै व्यक्तिको अधिकार वा शासन, एउटै व्यक्तिको शासनाधिकार भएको ।

एकतन्त्री (वि.) एकतन्त्रः अस्यास्तीति *(एकतन्त्र अधिकार छ यसको)* एकतन्त्र+इनि (इन्)= एकतन्त्री ।

शब्दार्थ- एउटै व्यक्तिको अधिकारभित्र निहित ।

एकतमः (वि.) एषामेकतमः *(यिनीहरूमा एक)* एक+डतम= एकतम ।

शब्दार्थ- धेरैमा एक, यिनीहरूमध्ये कुनै एक ।

एकतरः (वि.) अनयोरेकतरः *(यी दुईमा एक)* एक+डतर =एकतर ।

शब्दार्थ- दुईमध्ये एक, यी दुईमा एक ।

एकत्र (अव्य.) एकस्मिन्निति *(एउटै समय वा ठाउँमा)* एक+त्रल्[3] (त्र)= एकत्र ।

शब्दार्थ- एक ठाउँमा, एउटै समयमा, सबै एकठ्ठा भएर ।

एकत्रितः (वि.) एकत्र सञ्जातः अस्य *(एकत्र समेटिएको स्थिति छ यसको)* एकत्र+ इतच् (इत)= एकत्रित ।

शब्दार्थ- एउटै ठाउँमा जम्मा भएको, एकत्र गरिएको, एकै ठाउँमा समेटिएको ।

एकता (ना./स्त्री.)/**एकत्वम्** (ना./न.) एकस्य भावः *(एक हुनाको भाव वा अवस्था)* एक+तल् (त)+टाप् (आ)= एकता ।

एक+त्व= एकत्व ।

शब्दार्थ- एक हुनाको भाव वा अवस्था, एउटै हुनाको स्थिति, ऐक्य, समानता, अभेदपना ।

एकदन्तः (ना./पुं.) एकः दन्तः अस्येति *(एउटै छ दात यिनको)* ब.स.= एकदन्त ।

शब्दार्थ- एउटै मात्र दाँत हुने- श्रीगणेश, लम्वोदर, हात्ती ।

एकदा (अव्य.) एकस्मिन् काले *(एउटै समयमा)* एक+दा=एकदा ।

शब्दार्थ- एउटै समयमा, एउटै कालमा ।

---

[1] कालाट्ठञ् : ठञ्

[2] वृद्धाच्छः : छ

[3] सप्तम्यास्त्रल् : त्रल्

एकदेशः (ना./पुं.) दिशति, दिश्यते इति वा ***(निर्दिष्ट गर्छ वा गरिन्छ)*** दिश अतिसर्जने (तुदा.) धातु, दिश्+अच् (पचादि)/घञ् (अ), गुण, देशः । एकश्चासौ देशश्च ***(एउटा देश)*** क.त.स.= एकदेश ।

शब्दार्थ- एउटै मात्र देश, एउटै मात्र स्थान ।

एकदेशी (वि.) दिशति, दिश्यते इति वा दिश अतिसर्जने (तुदा.) धातु, दिश्+अच् (पचादि)/घञ् (अ), गुण, देशः । एकः देशः यस्य ***(एउटै देश छ जसको)*** ब.स. वा एकश्चासौ देशश्च ***(एउटै देश)*** क.त.स., एकदेशः । एकदेशः अस्यास्तीति ***(एउटै देश छ यसको)*** एकदेश+इनि (इन्)= एकदेशी ।

शब्दार्थ- कुनै एउटा देश वा ठाउँसित सम्वन्धित, कुनै एक देश वा ठाउँमा हुने ।

एकदेशीयः (वि.) एकदेशे भवः जातादिर्वा ***(एउटै देशमा हुने वा भएको)*** एकदेश+छ[1] (ईय)= एकदेशीय ।

शब्दार्थ- एउटै देशमा भएको, एउटै ठाउँमा हुने, एउटा मात्र देश वा ठाउँसित सम्वन्धित ।

एकधर्मी (वि.) एकश्चासौ धर्मश्च ***(एउटै धर्म)*** क.त.स. वा एकः धर्मः यस्य ***(एउटै धर्म छ जसको)*** ब.स., एकधर्मः । एकधर्मः अस्यास्तीति ***(एउटै धर्म छ यसको)*** एकधर्म+इनि[2] (इन्), एकधर्मिन्= एकधर्मी ।

शब्दार्थ- एउटै गुण भएको, एउटै धर्म मान्ने, एउटै धर्मको अनुयायी ।

एकधा (अव्य.) एकप्रकारेण इति ***(एक प्रकारले)*** एक+धा =एकधा ।

शब्दार्थ- एउटै प्रकारले, एउटै किसिमले ।

एकनाथः (ना/पुं./वि.) एकश्चासौ नाथश्च ***(एउटै स्वामी)*** क.त.स.= एकनाथ ।

अथवा एकः नाथः यस्य ***(एउटै स्वामी छ जसको)*** ब.स.= एकनाथ ।

शब्दार्थ- एउटै स्वामी वा मालिक, एउटै मालिक भएको, एउटै स्वामी भएको ।

एकनिष्ठः (वि.) एकस्मिन् निष्ठा यस्य ***(एउटैमा आस्था छ यसको)*** ब.स., ह्रस्व= एकनिष्ठ ।

शब्दार्थ- एउटा कुरामा विश्वास भएको, एउटामा मात्र आस्था भएको, एउटामा मात्र निष्ठा या श्रद्धा भएको, तल्लीन, एकाग्र, ।

एकपक्षीयः (वि.) एकश्चासौ पक्षश्च ***(एउटै पक्ष)*** क.त.स., एकपक्षः । एकपक्षे भवः जातादिर्वा ***(एउटा पक्षमा हुने वा भएको)*** एकपक्ष+छ[1] (ईय) =एकपक्षीय ।

शब्दार्थ- एउटा पक्षसित सम्वन्धित, एउटाको मात्र पक्ष लिएको, एकतर्फी ।

एकपत्नी (ना./स्त्री.) एका चासौ पत्नी च ***(एउटै पत्नी)*** क.त.स.= एकपत्नी ।

अथवा एकः पतिर्यस्याः सा ***(एउटै छ पति जसको)*** ब.स., ङीष्[3], नकारादेश= एकपत्नी ।

शब्दार्थ- एउटै मात्र स्त्री, विवाहिता पत्नी, एउटा मात्र पति हुने स्त्री ।

एकपदी (वि.) एकः पादः चरणः यस्य ***(एउटा पाउ छ जसको)*** ब.स., पादको पदादेश, ङीष् (ई)= एकपदी ।

शब्दार्थ- एउटै मात्र पाउ भएको, एउटा चरण भएको ।

एकपत्नीव्रतः (वि.) एकपत्न्यां व्रतः यस्य ***(एउटै पत्नीमा रहने प्रण वा व्रत छ जसको)*** ब.स.= एकपत्नीव्रत ।

शब्दार्थ- एउटी पत्नीसित मात्र रहने अठोट वा सिद्धान्त भएको, एक नारीव्रतमा रहने ।

एकभक्तः (वि.) एकस्मिन् काले भक्तं भोजनं यस्य ***(एउटै समयमा भोजन हुन्छ जसको)*** ब.स.= एकभक्त ।

शब्दार्थ-दिनमा एक पटकमात्र खाने, एक छाक मात्र खाने

एकभक्तिः (वि.) एकस्मिन् देवे भक्तिर्यस्य ***(एउटै ईश्वरमा भक्ति छ जसको)*** ब.स.= एकभक्ति ।

शब्दार्थ- एउटा देवतामा मात्र भक्ति गर्ने, एक चित्त हुने ।

एकमतः (वि.) मन्यते इति ***(ठान्छ)*** मनु अवबोधने (तना.) धातु, मन्+क्त (त), वर्तमानमा, नलोप, मतः । एकः मतः अस्य ***(एक मत छ यसको)*** ब.स.=एकमत ।

शब्दार्थ- एउटै मत भएको, एउटै विचार भएको, सवैको मत मिलेको ।

एकमनाः (वि.) एकं मनः यस्य ***(एउटै मात्र विचार छ जसको)*** ब.स., एकमनस्= एकमना ।

शब्दार्थ- एउटै विचार वा सिद्धान्त भएको, एकचित्त भएको ।

एकमुखः (वि.) एकं मुखं यस्य ***(एउटै मुख छ जसको)*** ब.स.= एकमुख ।

शब्दार्थ- एउटै कुरा वोल्ने, एउटै मुख भएको, मत मिलेको ।

एकरङ्गः (वि.) रङ्गते इति ***(रङ फैलन्छ)*** रगि गतौ (भ्वा.) धातु, नुम्, रङ्ग्+अच् (पचादि), रङ्गः । एकः रङ्गः यस्य ***(एउटा रङ्ग छ जसको)*** ब.स.= एकरङ्ग ।

अथवा एकश्चासौ रङ्गश्च ***(एउटै रङ्ग)*** क.त.स. =एकरङ्ग ।

शब्दार्थ- एउटै रङ्गको, एउटै मन मिल्ने, भित्र एक किसिम वाहिर अर्कै किसिमको नभएको, एकरङ्गी ।

एकरङ्गी (वि.) एकः रङ्गः अस्यास्तीति ***(एउटै रङ्ग छ जसको)*** एकरङ्ग+इनि (इन्)= एकरङ्गी ।

शब्दार्थ- एउटै रङ भएको, अरू रङ नमिसिइएको, समान रङ भएको ।

---

[1] वृद्धाच्छ... : छ

[2] अत इनिठनौ : इनि

[3] नित्यं सपत्न्यादिषु : ङीष्, नकारादेश

एकरसः (वि.) एकः रसः अस्य *(एक रस छ यसको)* ब.स.= एकरस ।

शब्दार्थ- एउटा मात्र रस भएको, एकै किसिमको, मुख्य अङ्गीरस एउटै भएको (काव्य रचना) ।

एकरूपः (वि.) रोपयति विमोहयतीति *(मोहित पार्छ)* रुप विमोहने (दिवा.) वा रूप रूपकरणे (चुरा.) धातु, रुप्/रूप्+णिचि+अच् (पचादि), धातुका ह्रस्व रुको दीर्घ, णिलोप, रूपम् । एकं रूपमस्येति *(एउटै रूप छ यसको)* ब.स.= एकरूप ।

शब्दार्थ- एउटै रूप भएको, समान आकृतिको, एउटै अनुहारको, सदा एकै रूपमा रहने वा एकनासको

एकरूपता (ना./स्त्री.) एकरूपस्य भावः *(एकरूप रहनाको भाव वा अवस्था)* एकरूप+तल् (त)+टाप् (आ) =एकरूपता ।

शब्दार्थ- समरूपता, समानता, एकरूप हुनाको अवस्था ।

एकवचनम् (ना./न.) एकं च तत् वचनम् *(एउटै बोली वा वचन)* क.त.स.= एकवचन ।

शब्दार्थ- एउटै बोली वा वचन, एउटालाई मात्र बुझाउने शब्द वा पद, एक पटक बोलेको वाणी ।

एकवर्णः (वि./ना./पुं.) एकः वर्णः यस्य *(एउटै वर्ण छ जसको)* ब.स.= एकवर्ण ।

अथवा एकश्चासौ वर्णश्च *(एउटै वर्ण)* क.त.स. =एकवर्ण ।

शब्दार्थ- एउटै जातको, एकै वर्णको, एउटै जाति, एउटै वर्ण वा समानवर्ण ।

एकविंशः/एकविंशतितमः (वि./ना./पुं.) एकविंशतीनां पूरणः *(एक्काईसको पूरक)* एकविंशति+डट् (डट्को तमडादेश), विकल्पले= एकविंशतितम ।

तमड्को अभावमा, टिलोप= एकविंश ।

शब्दार्थ- एक्काईसौं, एक्काईसको पूरक, बीस र एक जोड्दा हुने सङ्ख्या ।

एकशततमः (ना./पुं.) एकशतानां पूरणः *(एकसयको पूरक)* एकशत+डट्, डट्को तमड् आदेश =एकशततम ।

शब्दार्थ- एकसयको पूरक सङ्ख्या ।

एकाकारः (वि./ना./पुं.) एकः आकारः यस्य *(एउटै छ अनुहार जसको)* ब.स., दीर्घ= एकाकार ।

अथवा एकश्चासौ आकारश्च *(एउटै आकार)* क.त.स., दीर्घ= एकाकार ।

शब्दार्थ- एउटै आकार या अनुहारको , एउटै रूपको, एकै किसिमको, एकरूपता, तादात्म्यता, एउटै आकृतिमा लीन हुने क्रिया, तन्मयता ।

एकारः (वि.) 'ए' यस्तो वर्णनिर्देशनमा 'ए' प्रातिपदिकवाट ए+कार= एकार ।

शब्दार्थ- एअक्षर, एक दीर्घस्वरवर्ण ।

एकाकी (वि.) एक एव *(एक नै)* एक+आकिनिच्[1] (आकिन्), एकाकिन्= एकाकी ।

शब्दार्थ- एक्लै, असहाय, विना कुनै सहाय, केवल, एक्लो ।

एकाक्षरः (वि./ना./पुं.) एकः अक्षरः यत्र *(एउटै अक्षर छ जहाँ)* ब.स.= एकाक्षर ।

शब्दार्थ- एउटै मात्र अक्षर भएको, एकाक्षरी मन्त्र, प्रणव, ओङ्कार ।

एकाक्षरी (वि.) एकाक्षरः अस्यास्तीति *(एउटै अक्षर छ यसको)* एकाक्षर+इनि (इन्)= एकाक्षरी ।

शब्दार्थ- एउटा अक्षर मात्र भएको (मन्त्र, प्रणव) ।

एकाग्रः (वि.) एकस्मिन् (विषये) अग्रमस्य *(एउटै कुरामा ध्यान छ यसको)* ब.स., दीर्घ= एकाग्र ।

शब्दार्थ- चित्तवृत्ति एउटै कुरामा लगाएको, अस्थिर चित्त नभएको, एउटै विषयमा ध्यान केन्द्रित गरेको ।

एकाग्रचित्तः (वि.) एकाग्रं चित्तं यस्य *(एकाग्र छ चित्त जसको)* ब.स.= एकाग्रचित्त ।

शब्दार्थ- मन वा चित्तलाई एउटै कुरामा केन्द्रित गरेको, एउटै कुरामा ध्यान दिएको ।

एकाङ्की (वि./ना./स्त्री.) एकः अङ्कः यस्य *(एउटै अङ्क छ जसको)* ब.स., दीर्घ, एकाङ्कः । एकाङ्कः अस्यास्तीति *(एक अङ्क छ यसको)* एकाङ्क+इनि (इन्)= एकाङ्की ।

अथवा अङ्क्यते अनेन *(अङ्कित गरिन्छ यसबाट)* अकि लक्षणे (भ्वा.) धातु, नुम्, अङ्क्+घञ् (अ), अङ्कः । एकश्चासौ अङ्कश्च *(एउटै अङ्क)* एकाङ्क+ङीप् (ई) =एकाङ्की ।

शब्दार्थ- एउटा मात्र अङ्क भएको, धेरै अङ्क नभएको, एक अङ्क हुने दृश्यकाव्य वा नाटक, रूपकका अन्यप्रकार ।

एकाङ्गी (वि.) एकञ्च तदङ्गम् *(एउटै अङ्ग)* क.त.स., दीर्घ, एकाङ्गम् । एकाङ्गमस्यास्तीति *(एउटै अङ्ग छ यसको)* एकाङ्ग+इनि[2] (इन्)= एकाङ्गी ।

शब्दार्थ- एउटा अङ्ग मात्र भएको, एउटा अङ्ग मात्र क्रियाशील रहेको, एक पक्षको ।

एकात्म (एकात्मा) (वि.) एकः आत्मा अस्य *(एउटै आत्मा छ यसको)* ब.स., दीर्घ, एकात्मन्=एकात्मा/ एकात्म ।

शब्दार्थ- एउटा पक्षमा मात्र विचार गरिएको, एकोहोरो किसिमको, एकाकार भएको, एउटै भएको ।

एकादशः (वि.) एकश्च दश च *(एघार)* द्व.स., एकको आत्व[3]= एकादश ।

एकादशानां पूरणः *(एघारौं सङ्ख्याको पूरक)* एकादश +डट् (अ), टिलोप= एकादश ।

शब्दार्थ- एघारौं सङ्ख्याको पूरक, एघारौं ।

---

[1] एकादाकिनिच्... : आकिनिच्

[2] अत इनिठनौ : इनि

[3] आन्महत... यस सूत्रमा 'आत्' योगविभागद्वारा आत्व

एकादशी (ना./स्त्री.) एकादशानां पूरणी *(एघारौं पूरा गर्ने)* एकादशन्+डट्[1]+ङीप् (ई), एकादशी ।

शब्दार्थ- शुक्लपक्षको एघारौं र कृष्णपक्षको छब्वीसौं तिथि, कृष्ण र शुक्ल दुवै पक्षको दशमी पछिको तिथि ।

एकाधिकारः (ना./पुं.) अधिकरणम्, अधिक्रियते इति वा *(अधिकार हुनु)* अधिपूर्वक डुकृञ् करणे (तना.) धातु, अधि+कृ+घञ् (अ), वृद्धि, अधिकारः । एकस्य एकव्यक्तेः संस्थायाः वा अधिकारः *(एउटा व्यक्ति वा संस्थाको अधिकार)* ष.त.स., दीर्घ= एकाधिकार ।

शब्दार्थ- उद्योग व्यापार आदि कुनै क्षेत्रमा एउटा मात्र व्यक्ति वा संस्थाको एकलौटी अधिकार रहेको वा रहने अवस्था ।

एकाधिपतिः (ना./पुं.) एकश्चासौ अधिपतिश्च *(एउटै अधिपति वा स्वामी)* क.त.स., दीर्घ= एकाधिपति ।

शब्दार्थ- कुनै काम कुरामा पूर्णाधिकार भएको व्यक्ति ।

एकाधिपत्यम् (ना./न.) अधिपतेर्भावः इति *(अधिपति हुनाको भाव वा अवस्था)* अधिपति+ष्यञ् (य), आदिवृद्धि, आधिपत्यम् । एकस्य आधिपत्यम् *(एउटैको प्रभुत्व)* ष.त.स., दीर्घ= एकाधिपत्य ।

शब्दार्थ- एउटैको प्रभुत्व रहेको वा रहने अवस्था, एकाधिकार ।

एकान्तः (वि.) एकः अन्तः निश्चयः अत्र वा एकस्मिन्नेव अन्तः समाप्तिर्यस्य *(एकान्त छ यहाँ वा एउटैमा अन्त छ जसको)* एक+अन्त, ब.स., दीर्घ= एकान्त ।

शब्दार्थ- नितान्त सुनसान ठाउँ, कोही नभएको स्थान, निर्जनस्थल, एकान्त स्थल ।

एकांशः (ना./पुं.) एकश्चासौ अंशश्च *(एउटै अंश)* क.त.स., दीर्घ= एकांश ।

शब्दार्थ- एउटा मात्र अंश, एउटा मात्र भाग वा खण्ड ।

एकार्थकः (वि.) एकः अर्थः यस्य *(एउटै अर्थ छ जसको)* ब.स., समासान्त कप्, दीर्घ= एकार्थक ।

शब्दार्थ- एउटा मात्र अर्थ भएको, धेरै अर्थ नभएको, एकार्थी ।

एकीकरणम् (ना./न.) अनेकः एकः सम्पद्यते, सः एकः क्रियते इति *(अनेक एक बन्छ र एक गरिन्छ)* डुकृञ् करणे (तना.) धातु, एक+च्वि[2]+कृ+ल्युट् (अन), एकको ईत्व[3], च्विको सर्वलोप, कृको गुण, णत्व =एकीकरण ।

शब्दार्थ- दुई वा सोभन्दा वढीलाई मिलाएर एउटा बनाउने कार्य, छरिएर रहेकालाई एउटै बनाउने क्रिया ।

एकीकृतः (वि.) अनेकः एकः समपद्यत, स एकः क्रियते स्म इति *(अनेक एक बनेको र त्यो एक बनाइएको)* डुकृञ् करणे (तना.) धातु, एक+च्वि[2]+ कृ+क्त (त), एकको ईत्व[3], च्विको सर्वलोप=एकीकृत ।

शब्दार्थ- दुई वा सोभन्दा वढीलाई मिलाएर एकीकरण गरिएको, छरिएर रहेकालाई एउटै पारिएको ।

एकेश्वरवादः (ना./पुं.) एकश्चासौ ईश्वरश्च **(एउटै ईश्वर)** क.त.स., गुण, एकेश्वरः । एकेश्वरः उद्यते इति *(एउटै ईश्वर मात्र छन् भनी बताइन्छ)* वद व्यक्तायां वाचि (अदा.) धातु, एकेश्वर+वद्+घञ् (अ), वृद्धि=एकेश्वरवाद ।

शब्दार्थ- एउटै मात्र ईश्वर मान्ने विचार वा सिद्धान्त, सृष्टि, स्थिति र लयकर्ता एउटै ईश्वर मान्ने धारणा ।

एकेश्वरवादी (वि.) एकेश्वरवादः अस्य अस्तीति *(एउटा मात्र ईश्वर मान्ने विचार छ यसको)* एकेश्वरवाद+इनि (इन्), एकेश्वरवादिन्= एकेश्वरवादी

शब्दार्थ- एउटै मात्र ईश्वर मान्ने विचार वा सिद्धान्तको अनुयायी वा समर्थक ।

एकोद्दिष्टः (ना./पुं.) उद्दिशतीति *(उद्देश्य लिएर दिन्छ)* उद्पूर्वक दिश अतिसर्जने (तुदा.) धातु, उद्+दिश्+क्त[4] (त), संज्ञामा, धातुका शको ष, निष्ठा तको ष्टुत्व ट, गुण, उद्दिष्टः । एकः एव उद्दिष्टः यत्र *(एउटै पितृ नै उद्देश्य निहित छ जसको)* ब.स., गुण =एकोद्दिष्ट ।

शब्दार्थ- पिता, पितामह, माता, मातामह आदिमध्ये एउटै पितृका लागि गरिने श्राद्ध, वार्षिक श्राद्ध ।

एतावान् (वि.) एतत् परिमाणमस्य *(यति छ परिमाण यसको)* एतत्+वतुप् (वत्), टिलोप, एतको आत्व, एतावत्= एतावान् ।

शब्दार्थ- यति उति भन्ने परिमाण भएको ।

एव/एवम् (अव्य.) ए इत्थम् वमतीति *(यस प्रकार छ भन्ने बताउँछ)* टुवम उद्गिरणे (भ्वा.) धातु, ए+वम् +विच् (सर्वलोप)= एवम् ।

अथवा एति अयनमिति वा *(निश्चय गर्नु)* इण् गतौ (अदा.) धातु, इ+वन् (उणा.), बहुलप्रकारले, गुण =एव ।

शब्दार्थ- यसैप्रकार, यसरी, यस्तै, अतः, यसैकारण, निश्चय नै, झैं, तिरस्कार, अवधारणा, दुई शब्द वा वाक्यलाई जोड्न प्रयोग हुने शब्द ।

एषणम् (ना./न.)/**एषणा** (ना.स्त्री.) एष्यते इति *(खोजी गरिन्छ)* एषृ गतौ (भ्वा.) धातु, एष्+ल्युट् (अन), णत्व= एषण ।

एष्+युच् (अन), बहुलप्रकारले (उणा.), टाप् (आ) =एषणा ।

शब्दार्थ- खोज्ने काम, अन्वेषण गर्ने काम, इच्छा, कामना, चाहना ।

---

[1] तस्य पूरणे डट् : डट्

[2] कृभ्वस्तियोगे... : च्वि

[3] अस्य च्वौ : ईत्व

[4] क्तिक्तौ च : क्त

ऐ

ऐ/ऐः (अव्य./ना./पुं.) आ एति व्याप्नोति सर्वम् *(सबै ढाक्छ)* आङ्पूर्वक इण् गतौ (अदा.) धातु, आ+इ+ विच्[१] (सर्वलोप), धातुको गुण, आ+ए वृद्धि= ऐ ।

परिचय-संस्कृत देवनागरी वर्णमालाको बाह्रौं दीर्घ स्वरवर्ण, कण्ठतालुस्थानीय स्वरसंज्ञक विवृतध्वनि

शब्दार्थ- विस्मयादिवोधक पद, व्यञ्जन वर्ण माथि लाग्ने चिन्ह (ै), शिव, ईश्वर, महेश्वर ।

ऐकारः स्यान्महेश्वरः- एकाक्षरकोशः

ऐकारः (ना./पुं.) 'ऐ' यस्तो वर्णनिर्देशनमा 'ऐ' प्रातिपदिकवाट ऐ+कार= ऐकार ।

शब्दार्थ- ऐ-अक्षर, ऐ-स्वरवर्ण ।

ऐक्यम् (ना./न.) एकस्य भावः *(एउटै हुनाको भाव वा स्थिति)* एक+ष्यञ्[२] (य), वृद्धि= ऐक्य ।

शब्दार्थ- एकता, एकरूपता, समरूपता, मेल हुनाको स्थिति वा अवस्था, एकत्व ।

ऐच्छिकः (वि.) इच्छया चरतीति *(इच्छाअनुसार गर्छ)* इच्छा+ठक् (इक), आदिवृद्धि= ऐच्छिक ।

शब्दार्थ- इच्छाअनुसारको, चाहना गरेअनुरूपको, मनले चिताए जस्तै ।

ऐणः (ना./पुं.) ऐणी (ना./स्त्री.) एति अत्र *(विचरण गर्छ)* इण् गतौ (अदा.) धातु, इ+घञ, वृद्धि=ऐण ।

ऐणस्य स्त्री *(हरिणकी स्त्री)* ऐण+ङीप् (ई)= ऐणी ।

शब्दार्थ-भाले मृगविशेष, हरिण, पोथी मृगविशेष, हरिणी,

ऐणेयः (वि.) एण्याः विकारः अवयवः वा, एण्या इदम् *(मृगीको विकार वा अवयव, मृगीको यो)* (अ),। एणी+ढञ्[४] (एय) वृद्धि=ऐणेय ।

शब्दार्थ- हरिणीको चर्म, हाड, मांसादि, मृगीको विकार वा अवयव

ऐतिहासिकः (वि.) इतिहासमधिकृत्य कृतः गन्थः *(इतिहासलाई आधार मानेर लेखिएको ग्रन्थ)* वा इतिहासस्य अयम् *(इतिहासको यो)* इतिहास+अण् (अ), आदिवृद्धि, ऐतिहासः । तमधीते वेद इति वा *(इतिहाससम्वन्धी कुरा पढ्छ वा जान्दछ)* ऐतिहास+ ठक् (इक)= ऐतिहासिक ।

अथवा इतिहासमधीते वेद इति वा *(इतिहास पढ्छ वा जान्दछ)* इतिहास+ठक् (इक), आदिवृद्धि =ऐतिहासिक ।

शब्दार्थ- इतिहासलाई आधार मानेर लेखिएको ग्रन्थ, इतिहासवेत्ता, इतिहास जान्ने, इतिहास पढ्ने वा लेख्ने, इतिहासमा लेखिएको, इतिहाससम्वन्धी ।

ऐतिहासिकता (ना./स्त्री.) ऐतिहासिकस्य भावः *(ऐतिहासिक हुनाको भाव वा अवस्था)* ऐतिहासिक+तल् (त)+टाप् (आ)= ऐतिहासिकता ।

शब्दार्थ- इतिहास सम्मत हुनाको स्थिति वा अवस्था, ऐतिहासिकपन ।

ऐन्द्रः (वि./ना./पुं.) इन्द्रः देवता अस्य *(इन्द्र छन् देवता जसका)*, इन्द्रस्य अयम् *(इन्द्रको यो)* इन्द्र+अण्[५] (अ), आदिवृद्धि= ऐन्द्र ।

शब्दार्थ- इन्द्रको उपासक, इन्द्रको, इन्द्रसम्वन्धी, इन्द्रसँग सम्वन्धित मन्त्र, इन्द्रको पूजक, पाणिनिभन्दा पूर्वको व्याकरणको परम्परा ।

ऐन्द्रियः (वि.) इन्द्रियेण अनुभूयते इति *(इन्द्रियले अनुभव गरिन्छ)* इन्द्रिय+अण् (अ), वृद्धि= ऐन्द्रिय ।

शब्दार्थ- इन्द्रियसम्वन्धी, इन्द्रियहरूले अनुभूति गर्न सकिने, इन्द्रिय-गोचर ।

ऐतिह्यम् (ना./न.) इति एवं ह किल सम्भाव्यम् *(यस्तो सम्भावना)* इतिह+ञ्य[६] (य), आदिवृद्धि= ऐतिह्य ।

शंब्दार्थ- परम्परागत रूपमा चल्दै आएको ।

ऐरावतः (ना./पुं.) इराः आपः सन्त्यस्मिन् *(पानी छ यसमा)* इरा+मतुप्[७] (मत्), मको व, इरावत्, इरावान् (समुद्र), तस्मिन् भवः उत्पन्नः वा *(समुद्रमा उत्पन्न भएको)* इरावत्+अण्[८] (अ), वृद्धि= ऐरावत ।

शब्दार्थ- ऐरावत नामको हात्ती, इन्द्रको हात्ती, समुद्रवाट पैदा भएको हात्ती, स्वर्गको हात्ती, आठवटा दिग्गजहरूमध्ये एक ।

ऐश्वर्यम् (ना./न.) ईशितुं शीलमस्य *(प्रभुत्व लिन सक्ने शील या क्षमता छ यसको)* ईश ऐश्वर्ये (अदा.) धातु, ईश्+वरच्[९] (वर), ईश्वरः । ईश्वरस्य कर्म भावः वेति *(ईश्वरको कर्म वा भाव)* ईश्वर+ष्यञ्[२] (य), आदिवृद्धि =ऐश्वर्य ।

शब्दार्थ- प्रभुता, सर्वोपरिता, अणिमादि अष्टसिद्धि, धनसम्पत्ति, ईश्वरीय शक्ति वा पद, वैभव ।

ऐश्वर्यवान् (वि.) ऐश्वर्यमस्यास्तीति *(ऐश्वर्य छ यसको)* ऐश्वर्य+मतुप् (मत्), मको व, ऐश्वर्यवत्=ऐश्वर्यवान् ।

शब्दार्थ- ऐश्वर्यले परिपूर्ण, धनसम्पत्ति भएको, वैभवशाली

ऐहलौकिकः (वि.) इह लोके भवः *(यस लोकमा हुने)* इहलोक+ठञ्[१०] (इक), उभयपद वृद्धि= ऐहलौकिक ।

शब्दार्थ- यस लोकमा भएको, यस लोकको, यस लोकसम्वन्धी, यस लोकको लागि उपयोगी ।

ऐहिकः (वि.) इह अस्मिन् लोके भवः *(यस लोकमा हुने)* इह+ठञ् (इक), वृद्धि= ऐहिक ।

शब्दार्थ- यस लोक वा स्थानसित सम्वन्धित, सांसारिक, लौकिक, यस लोकमा भएको ।

---

[१] अन्येभ्योऽपि दृश्यते : विच्

[२] गुणवचन... : ष्यञ्

[३] तस्य विकारः : अण्

[४] ऐण्या ढञ् : ढञ्

[५] साऽस्य देवता : अण्

[६] अनन्तावसथेतिह... : ञ्य

[७] तदस्यास्त्यस्मिन्... : मतुप्

[८] तत्र भवः : अण्

[९] स्थेशभासपिस.... : वरच्

[१०] अध्यात्मादेष्ठञिष्यते : ठञ्

ओ

ओ (अव्य./ना./पुं.) अवते इति *(शब्द गर्छ)* उङ् शब्दे (भ्वा.) धातु, उ+विच्, गुण, विच्को लोप= ओ ।

परिचय- संस्कृत वर्णमालाको तेह्रौं दीर्घस्वरवर्ण, कण्ठ-ओष्ठस्थानीय स्वरसंज्ञक विवृतध्वनि, व्यञ्जनवर्णमाथि लाग्ने ओ (ो) चिन्ह ।

ओकारस्तु भवेद् ब्रह्मा- एकाक्षरकोशः

शब्दार्थ- सम्बोधनात्मक शब्द, करुणाबोधक विस्मयादि-शब्द, सृष्टिकर्ता ब्रह्मा ।

ओकारः (ना./पुं.) 'ओ' यस्तो वर्णनिर्देशनमा 'ओ' प्रातिपदिकबाट ओ+कार[1]= ओकार ।

शब्दार्थ- ओ-अक्षर, ओ-स्वरवर्ण ।

ओङ्कारः (ना./पुं.) अवतीति *(रक्षा गर्छ)* अव रक्षणगतिकान्त्यादौ (भ्वा.) धातु, अव+मन्[2] (उणा.), मन्को टिलोप, अवका वको ऊठ्[3], अ+उ+म, गुण, ओम् । 'ओम्' यस्तो वर्णनिर्देशनमा ओम् प्रातिपदिकबाट ओम्+कार[1], परसवर्ण, मको ङ = ओङ्कार ।

शब्दार्थ- पावन अक्षर ओम्, मन्त्रको आरम्भमा उच्चारण हुने 'ओम्' अक्षर, वेदारम्भमा उच्चारण हुने 'ओम्' वर्ण, पवित्र ध्वनि ॐ, प्रणव, स्वीकृति, अङ्गीकार बुझाउने अव्ययपद- ओम् ।

द्रष्टव्य- **ओमित्येकाक्षरं ब्रह्म व्याहरन् मामनुस्मरन् ।**
यः प्रयाति त्यजन्देहं स याति परमां गतिम्- भ.गी. ८/१३

ओजः (ना/न.) उब्जति अनेन *(बल वा शक्ति दिन्छ यसले)* उब्ज आर्जवे (तुदा.) धातु, उब्ज्+असुन्[4] (अस्), बलोप, (उणा.), गुण, ओजस्, रुत्व, विसर्ग ।

ओजो दीप्तौ बले- इत्यमरः

ओजो दीप्ताववष्टम्भे प्रकाशबलयोरपि- इति मेदिनी

शब्दार्थ- दीप्ति, तेज, प्रकाश, बल, सामर्थ्य, शक्ति, काव्यका गुणहरूमध्ये एक ।

ओजस्विनी (वि.) ओजः अस्ति अस्याम् *(तेज छ यस स्त्रीमा)* ओजस्+विनि (विन्)+ङीप् (ई)=ओजस्विनी ।

शब्दार्थ- ओज गुणले परिपूर्ण भएकी स्त्री, तेज वा फूर्ति भएकी स्त्री ।

उदा. **प्रेमी मुग्ध हुँदी कुरङ्गनयनी ओजस्विनी कामिनी ।** -शा.म.का. १/३४

ओजस्विता (ना./स्त्री.) ओजस्विनः भावः *(तेजस्वी हुनाको भाव वा अवस्था)* ओजस्विन्+तल् (त)+टाप् (आ), नलोप= ओजस्विता ।

शब्दार्थ- तेजस्विता, फूर्तिलोपना, सामर्थ्य, ओजस्वीपना ।

ओजस्वी (वि.) ओजः अस्ति अस्मिन्निति *(तेज छ यसमा)* ओजस्+विनि (विन्), ओजस्विन्= ओजस्वी ।

शब्दार्थ- तेजस्वी, ओजगुणले परिपूर्ण, फूर्ती भएको, शक्तिशाली ।

उदा. **ओजस्वीले उज्ज्वल पार्छन् नरलोक-** आ.रा. १२/६

ओतप्रोतः (वि.) आ समन्तात् ऊयते स्म इति *(राम्ररी उनिएको वा गाँसिएको)* आङ्पूर्वक वेञ् तन्तुसन्ताने (भ्वा.) धातु, आ+वा+क्त (त), सम्प्रसारणबाट वको उ, आ+उ+क्त (त), गुण, ओतः । प्रकर्षेण ऊयते स्म इति *(राम्ररी फैलिएको)* प्रपूर्वक वेञ् तन्तुसन्ताने (भ्वा.) धातु, प्र+वा+क्त (त), सम्प्रसारणबाट वको उ, प्र+उ+क्त (त), गुण, प्रोतः । ओतश्च प्रोतश्च *(ओतप्रोत)* द्व.स.= ओतप्रोत ।

शब्दार्थ- राम्ररी उनिएको वा गाँसिएको, चारैतिर सिलाइएको, सबैतिर व्यापकरूपले रहेको वा फैलिएको, भित्र व्याप्त भएर रहेको, खचाखच भएको, मिलेको, मिसिएको, परस्परमा गाँसिएको, व्याप्त भएको, परिपूर्ण भएको ।

ओदनम् (ना./न.) उनत्तीति *(भिज्दछ)* उन्दी क्लेदने (रुधा.) धातु, उन्द्+युच्[5] (अन), धातुको नलोप, उणा., गुण= ओदन ।

शब्दार्थ- खाना, भात, रोटी, भोजन आदि ।

ओम् (अव्य.) अवतीति *(रक्षा गर्छ)* अव रक्षणगति-कान्त्यादौ (भ्वा.) धातु, अव+मन्[2] (उणा.), मन्को टिलोप, अवका वको ऊठ्[3], अ+ऊ+म्, गुण= ओम् ।

शब्दार्थ- प्रणव, ओङ्कार, पवित्र 'ओम्' अक्षर, 'ओम्' ध्वनि ।

ओषधिः (ना./पुं.)/**ओषधी** (ना./स्त्री.) ओषः पाकः दाहः दीप्तिर्वा धीयते अत्र *(पाक वा दीप्ति धारण गरिन्छ यसमा)* ओषपूर्वक डुधाञ् धारणपोषणयोः (जुहो.) धातु, ओष+धा+कि[6] (इ), आकारलोप= ओषधि । स्त्रीत्व बुझाउँदा ओषधि+ङीष् (ई), (विकल्पले) = ओषधी ।

ओषध्यः फलपाकान्ताः- इत्यमरः

शब्दार्थ-जडीबुटी, वनस्पति, फल पाकेपछि सुक्ने जडीबुटी, औषधीका रूपमा प्रयुक्त हुने जडीबुटी ।

ओष्ठः (ना./पुं.) उष्यते उष्णभोजनेन वा उष्णप्रश्वासेन तप्यते *(तातो भोजन वा तातो श्वासप्रश्वासले तताइन्छ)* उष दाहे (भ्वा.) धातु, उष्+थन्[7] (उणा.) थको ष्टुत्व ठ, गुण= ओष्ठ ।

शब्दार्थ- ओठ, तल्लो र माथिल्लो दुवै ओठ ।

ओष्ठस्थानम् (ना./न.) ओष्ठञ्च तत् स्थानञ्च *(ओष्ठ स्थान)* क.त.स.= ओष्ठस्थान ।

शब्दार्थ- ओष्ठस्थान हुने वर्ण, ओठबाट उच्चरित हुने वर्ण, ओष्ठ्यवर्ण ।

---

[1] वर्णात्कारः : कार
[2] अवतेष्टिलोपश्च : मन्, टिलोप
[3] ज्वरत्वरस्रिव्यवि... : ऊठ्
[4] ऊब्जेर्बले : असुन्, बलोप
[5] उन्देर्नलोपश्च : युच्, नलोप
[6] कर्मण्यधिकरणे च : कि
[7] उषिकुषिगर्तिभ्यस्थन् : थन्

ओष्ठस्थानी (वि.) ओष्ठस्थानमस्यास्तीति *(ओष्ठस्थान छ यसको)* ओष्ठस्थान+इनि (इन्)= ओष्ठस्थानी ।

शब्दार्थ- ओठसम्वन्धी, ओष्ठस्थान भएको (वर्ण), ओठबाट उच्चारण हुने (वर्ण वा अक्षर) ।

ओष्ठ्यः (वि.) ओष्ठे भवः, ओष्ठाय हितम् इति वा *(ओठमा हुने, ओठका निम्ति हित हुने)* ओष्ठ+यत्[1] (य)= ओष्ठ्य ।

शब्दार्थ- ओठसम्वन्धी, ओष्ठस्थानीय (वर्ण), ओठ जोडेर वा ओठको सहायताले उच्चारण हुने (ध्वनि)- जस्तैः उ, प, फ, ब, भ, म वर्ण वा ध्वनि ।

ओष्ठस्थानीयः (वि.) ओष्ठस्थाने भवः जातादिर्वा *(ओष्ठ स्थानमा हुने)* ओष्ठस्थान+छ[2] (ईय)= ओष्ठस्थानीय ।

शब्दार्थ- ओष्ठस्थानीय (वर्ण), ओठ जोडेर वा ओठको सहायताले उच्चारण हुने (वर्ण वा ध्वनि) ।

औ

औ (अव्य./ना./पुं.) आ समन्तात् अवतीति *(सर्वत्र रक्षा गर्छ)* अव रक्षणादौ (भ्वा.) धातु, आ+अव्+क्विप् सम्प्रसारणबाट अव्का वको ऊठ्, क्विप्को सर्वलोप, आ+अ+उ मा, अ र उको गुण, ओ । आ र ओको वृद्धि= औ ।

परिचय- संस्कृत वर्णमालाको चौधौं दीर्घस्वरवर्ण, कण्ठ- ओष्ठस्थानीय स्वरसंज्ञक विवृतध्वनि, व्यञ्जन स्वरवर्णमाथि लाग्ने (ौ) चिन्ह ।

औङ्कारोऽनन्त उच्यते- एकाक्षरकोशः

शब्दार्थ- आमन्त्रण, सम्वोधन, अनन्त ।

औकारः (ना./पुं.) 'औ' यस्तो वर्णनिर्देशनमा 'औ' प्रातिपदिकबाट औ+कार= औकार ।

शब्दार्थ- 'औ'-स्वरवर्ण, 'औ'-अक्षर ।

औचित्यम् (ना./न.) उचितस्य भावः कर्म वेति *(उचित हुनाको भाव वा कर्म वा अवस्था)* उचित+ष्यञ् (य), आदिवृद्धि= औचित्य ।

शब्दार्थ-उपयुक्तता, उचित हुनाको भाव, ठीक अवस्था ।

औत्कण्ठ्यम् (ना./न.) उत्कण्ठायाः भावः कर्म वेति *(उत्कण्ठाको भाव, अवस्था वा कर्म)* उत्कण्ठा+ष्यञ् (य), आकारलोप, टिलोप, आदिवृद्धि= औत्कण्ठ्य ।

शब्दार्थ- इच्छा वा लालसाको भाव वा अवस्था, उत्कण्ठित हुने स्थिति ।

औत्पातिकः (वि.) उत्पाताय सम्भवति *(उत्पात मचाउन सम्भव वा समर्थ)* उत्पात+ठञ्[3] (इक), आदिवृद्धि =औत्पातिक ।

शब्दार्थ- उत्पात मचाउने, उपद्रो फैलाउने ।

औत्सुक्यम् (ना./न.) उत्सुकस्य भावः कर्म वेति *(उत्सुक हुनाको भाव, अवस्था वा कर्म)* उत्सुक+ष्यञ्[4] (य), आदिवृद्धि= औत्सुक्य ।

शब्दार्थ- उत्सुकता, वेचैनी, प्रवल इच्छा वा उत्कण्ठा ।

औदार्यम् (ना./न.) उदारस्य भावः कर्म वेति *(उदार हुनाको भाव, अवस्था वा कर्म)* उदार+ष्यञ्[4] (य), आदिवृद्धि= औदार्य ।

शब्दार्थ- उदारपना, उदार हुनाको भाव वा अवस्था ।

औद्योगिकः (वि.) उद्योगेन चरति, उद्योगेन निर्वृत्तः, उद्योगस्य अयम्, उद्योगादागतः इति वा *(क्रमशः उद्योग व्यवसाय गर्छ, उद्योगले निर्वृत्त भएको, उद्योगको यो, उद्योगबाट आएको)* उद्योग+ठक्[5]/ठञ् (इक), आदिवृद्धि= औद्योगिक ।

शब्दार्थ- उद्योगसित सम्वन्धित, उद्यमसम्वन्धी, उद्योगको, उद्योग व्यवसायबाट आएको ।

औद्योगीकरणम् (ना./न.) उद्योगात् आगतम्, उद्योगे भवम् इति वा *(उद्योगबाट आएको, उद्योगमा हुने)* उद्योग+ अण् (अ), आदिवृद्धि, औद्योगम् । अनौद्योगम् औद्योगम् सम्पद्यते, तत् क्रियते इति *(उद्योगसित सम्बन्धित नभएकोलाई सम्बन्धित बनाइन्छ र त्यो गरिन्छ)* औद्योग+च्वि[6]+कृ+ल्युट् (अन), कृको गुण, णत्व, ईत्व[7], च्विको सर्वलोप= औद्योगीकरण ।

शब्दार्थ- उद्योगधन्दा खोलेर उद्योग बढाउने कार्य, उद्योगको विविधता बढाउने कार्य, उद्योगलाई यान्त्रीकरण गर्ने कार्य ।

औपचारिकः (वि.) उपचार एव *(उपचार नै)* उपचार+ठक् (इक), स्वार्थमा, आदिवृद्धि=औपचारिक ।

अथवा उपचारेण निर्वृत्तः *(उपचारले निर्वृत्त भएको)* उपचार+ठक्[8] (इक), आदिवृद्धि= औपचारिक ।

शब्दार्थ- उपचारको निर्वाह गरिएको, उपचारसित सम्वन्धित, औपचारिकता पूरा गरिएको, शिष्टाचार पालना गरिएको, नियमअनुसारको ।

औपचारिकता (ना./स्त्री.) औपचारिकस्य भावः *(औपचारिक हुनाको भाव वा अवस्था)* औपचारिक+तल् (त)+टाप् (आ)= औपचारिकता ।

उदा. **वसन्त यहाँ किन आउँछ विदेशी पाहुना भैँ**
यो कस्तो औपचारिता ?- घु.मे.अ. (वसन्त)

शब्दार्थ- शिष्टाचारिता, औपचारिकता निर्वाह गर्ने काम, औपचारिकपना ।

---

[1] शरीरावयवाच्च : यत्
[2] वृद्धाच्छ : छ
[3] सम्भवत्यवहरति... : ठञ्
[4] गुणवचन... : ष्यञ्
[5] चरति/तेन निर्वृत्तम्/तस्येदम्/ठगायस्थानेभ्य : ठक्/ठञ्
[6] कृभ्वस्तियोगो... : च्वि
[7] अस्य च्वौ : ईत्व
[8] तेन निर्वृत्तम् : ठक्

औपदेशिकः (वि.) उपदेशेन चरतीति *(उपदेशद्वारा निर्वाह गर्ने)* उपदेश+ठक्[1] (इक), आदिवृद्धि= औपदेशिक ।

शब्दार्थ- उपदेशसम्वन्धी, अध्ययन वा उपदेश दिने कार्यबाट निर्वाह गर्ने ।

औपनिवेशिकः (वि.) उपनिवेशस्य अयम्, उपनिवेशमर्हति, उपनिवेशमधिष्ठः वा *(उपनिवेशको यो, उपनिवेश हुन योग्य, उपनिवेशमा रहेको)* उपनिवेश+ठञ्[2] (इक) आदिवृद्धि= औपनिवेशिक ।

शब्दार्थ- उपनिवेशको यो, उपनिवेशसम्वन्धी, उपनिवेशवासी, उपनिवेशमा बसोवास गर्ने ।

औपन्यासिकः (वि.) उपन्यासादागतः, उपन्यासं सम्भवति *(उपन्यासबाट आएको, उपन्यासमा पैदा हुने)* उपन्यास+ठक्/ठञ्[3] (इक), आदिवृद्धि=औपन्यासिक ।

शब्दार्थ- उपन्यासबाट आएको, उपन्याससम्वन्धी, उपन्यासमा भएको, उपन्यासबाट प्राप्त हुने, आश्चर्यजनक, अद्भुत ।

औपनिषदः (वि.) उपनिषदा गृह्यते, उपनिषदः व्याख्यानस्तत्र भवः वेति *(उपनिषद्बाट ग्रहण गरिन्छ, उपनिषद्को व्याख्यानमा हुने)* उपनिषद्+अण्[4] (अ), आदिवृद्धि= औपनिषद ।

शब्दार्थ- उपनिषद्सम्वन्धी, उपनिषद्को, उपनिषद्बाट लिन सकिने ।

औपमन्यवः (ना./पुं.) उपमन्योरपत्यं पुमान् *(उपमन्युको पुरुषसन्तति)* उपमन्यु+अञ्[5] (अ), गुण, आवादेश, आदिवृद्धि= औपमन्यव ।

शब्दार्थ- उपमन्युका पुत्र वा सन्तान ।

औपम्यम् (ना./न.) उपमायाः भावः *(उपमाको भाव वा अवस्था)* उपमा+ष्यञ्[6] (य), स्वार्थमा, आदिवृद्धि =औपम्य ।

शब्दार्थ- तुलनीयपना, उपमानता, सादृश्यता ।

औपसर्गिकः (वि.) उपसर्गादागतः, उपसर्गाय सम्भवति इति वा *(उपसर्गबाट आएको, उपद्रव पैदा गर्न समर्थ)* उपसर्ग+ठक्[3]/ठञ् (इक), आदिवृद्धि= औपसर्गिक ।

शब्दार्थ- उपसर्गसम्वन्धी, उपद्रवबाट आएको, उपसर्गबाट निर्मित, उत्पात मचाउन समर्थ हुने ।

औरसः (ना./पुं.) उरसः जातः पुत्रः *(विवाहिता पत्नीबाट पैदा भएको पुत्र)* उरस्+अण् (अ) आदिवृद्धि =औरस ।

शब्दार्थ- विधिसम्मत पुत्र, विवाहिता स्त्रीबाट पैदा भएको पुत्र, विवाहिता स्त्रीबाट जन्मेको छोरो, सवर्ण स्त्रीबाट पैदा भएको पुत्र ।

और्ध्वदेहिकः (वि.) देहात् ऊर्ध्वम् *(देह पछिको वा मरे पछिको)* प.त.स., देह शब्दको परप्रयोग, ऊर्ध्वदेहः । ऊर्ध्वदेहाय भवः *(देहान्त पछिका लागि हुने)* ऊर्ध्वदेह +ठञ्[7] (इक), आदिवृद्धि= और्ध्वदेहिक ।

शब्दार्थ- मृतकको दाहसंस्कारदेखि सपिण्डीसम्म गरिने काजक्रिया, पिण्डदानादि-क्रिया, देहान्तपछि गरिने अन्त्येष्टिक्रिया ।

औषधः (ना./पुं.) ओषधिरेवः *(ओषधि नै)* ओषधि+अण् (अ), स्वार्थमा, आदिवृद्धि= औषध ।

शब्दार्थ- औषधीविशेष, औषधीको रूपमा प्रयोग हुने जडीवुटी, ओखती ।

औषधी (ना./स्त्री.) ओषधिरेव *(ओखती नै)* ओषधि+अण् (अ), स्वार्थमा, आदिवृद्धि, इकारलोप, औषध ।

औषध+ङीप् (इ)= औषधी ।

शब्दार्थ- ओखती, चिकित्सा, उपचार ।

औषधालयः (ना./पुं.) औषधस्य आलयः *(औषधीको भण्डार)* ष.त.स., दीर्घ= औषधालय ।

शब्दार्थ- औषधी राख्ने ठाउँ, औषधी वनाउने ठाउँ, अस्पताल, रोग निको पार्न प्रयोग गरिने औषधीको भण्डार ।

औषधोपचारः (ना./पुं.) औषधस्य उपचारः *(ओखती सेवनको उपचार)* ष.त.स., गुण= औषधोपचार ।

शब्दार्थ- ओखती सेवनको उपचार, चिकित्सा पद्धतिबाट गरिने उपचार ।

---

१. चरति : ठक्

३. ठगायस्थानेभ्यः.../सम्भवत्यवहर... : ठक्/ठञ्

५. अनृष्यानन्तर्ये... : अञ्

६. चतुर्वणादीनां स्वार्थे... : ष्यञ्

२. तस्येदम्/तदर्हति/तमधिष्ठो भृतो...: ठञ्

४. शेषे : अण्

७. अध्यात्मादेष्ठञिष्यते : ठञ्

व्युत्पत्ति/ विग्रह र शब्दार्थ

क

व्युत्पत्ति/ विग्रह र शब्दार्थ

कः (ना./पुं./न.) कायतीति *(शब्द गर्छ)* कै शब्दे (भ्वा.) धातु, वा कचति दीप्यते स्वेन तेजसा *(आफ्नो तेजले प्रकाशित हुन्छ)* कच बन्धने (भ्वा.) धातु, कै/ कच्+ड[1] (अ), टिलोप = क ।

परिचय- देवनागरी वर्णमालाको पहिलो व्यञ्जनवर्ण, कण्ठस्थानीय स्पर्शसंज्ञक अघोष, अल्पप्राण, स्पर्शध्वनि ।

कश्चात्मनि मयूरे च कः प्रकाश उदाहृतः- एकाक्षरकोशः को ब्रह्मणि समीरात्मयमदक्षेषु भास्करे ।

मयूरेऽग्नौ च पुंसि स्यात् सुखशीर्षजलेषु कम्- मेदिनी मारुते वेधसि ब्रध्ने पुंसि कः कं शिरोऽम्बुनोः- इत्यमरः

शब्दार्थ- ब्रह्म, आत्मा, विष्णु, यम, दक्ष, सूर्य, अग्नि, वायु आदि देवता, पक्षी, मयूर, सुख, शिर, जल, प्रकाश ।

कंसः (ना./पुं./न.) कामयते विषयादिभोगान् *(विषयादि भोगको आकाङ्क्षा गर्छ)* कमु कान्तौ (भ्वा.) धातु, कम् + स[2] (उणा.) = कंस ।

अथवा कंस्ते शासते इति *(शासन गर्छ)* कसि गतिशासनयोः (अदा.) धातु, नुम्, कंस् + अच् (पचादि) = कंस ।

कंसोऽस्त्री तैजसद्रव्ये कांस्ये मानेऽसुरे तु ना- इति मेदिनी

शब्दार्थ- पानी पिउने भाँडो, कचौरा, काँसको भाँडो, भगवान् श्रीकृष्णका मामा कंस (प्राचीन मथुराको राजा), दुष्ट, दुर्जन ।

कंसजित् (ना./पुं.) कंसं जयतीति *(कंसलाई जित्तछन्)* जि जये (भ्वा.) धातु, कंस+जि+क्विप्, तुक्, क्विप्को सर्वलोप = कंसजित् ।

शब्दार्थ- कंसलाई जित्ने, कंसारि, विष्णु, श्रीकृष्ण ।

कंसारिः (ना./पुं.) कंसस्य अरिः *(कंसको शत्रु)* ष.त.स., दीर्घ = कंसारि ।

शब्दार्थ- कंसका शत्रु, भगवान् श्रीकृष्ण ।

ककारः (ना./पुं.) 'क' यस्तो वर्णनिर्देशनमा 'क' प्रातिपदिकवाट क+कार[3] = ककार ।

शब्दार्थ- कवर्ण, कअक्षर, कध्वनि, कवर्गको पहिलो व्यञ्जनवर्ण ।

ककारादिः (ना./पुं.) ककारः आदिर्यस्य सः *(क आदि वर्ण अगाडि छ जसको)* व.स. = ककारादि ।

शब्दार्थ- 'क' आदि वर्ण अगाडि हुने अक्षर ।

ककुभ् (ना./स्त्री.) कं सुखं शुभं वा कं वायुं स्कुभ्नाति विस्तारयति *(सुख, शुभ वा वायुलाई फैलाउँछ)* स्कुभु (सौत्र) (क्र्या.) धातु, क+स्कुभ्+क्विप् (सर्वलोप), सलोप (पृषोदरादिवाट)= ककुभ् । अथवा ककते शोभते इति *(शोभा दिन्छ)* कक लौल्ये (भ्वा.) धातु, कक्+उभ् (बाहलकबाट)= ककुभ् ।

ककुभ् स्त्रियां प्रवेणीदिक्शोभासु चम्पकस्रजि- इति मेदिनी

शब्दार्थ- दिशा, दिक्, शोभा, प्रकाश, चाँपको माला ।

कक्षः (ना./पुं.) कषति, कष्यते इति *(दुःख या पीडा दिन्छ वा दिइन्छ)* कष हिंसार्थे (भ्वा.) धातु, कष्+स (उणा.) सको ष, षको क, क र षको क्षत्व= कक्ष ।

बाहुमूले उभे कक्षौ । कक्षौ तु तृणवीरुधौ- इत्यमरः

शब्दार्थ- काखी, कुम, कोख, सुखा घाँसपात, काख, कक्षा, कोठा ।

द्रष्टव्य- यतस्तु कक्षस्तत एव वन्हिः- रघु ७/५५

कक्षा (ना./स्त्री.) कषति, कष्यते इति वा *(दुःख या पीडा दिन्छ वा दिइन्छ)* कष हिंसायाम् (भ्वा.) धातु, कष्+ स (उणा.) सको ष, षको क, क र षको क्षत्व, कक्ष । कक्ष+टाप् (आ)= कक्षा ।

शब्दार्थ- कटिसूत्र, कोठा, कक्षा कोठा, श्रेणी ।

कक्षासञ्चालनम् (ना./न.) कक्षायाः सञ्चालनम् *(कक्षाको सञ्चालन)* ष.त.स.= कक्षासञ्चालन ।

शब्दार्थ- कक्षा सञ्चालन गर्ने काम ।

कङ्कणम् (ना./न.) कम् कणतीति *(अव्यक्त शब्द गर्छ)* कण शब्दार्थे (भ्वा.) धातु, कम्+कण्+अच् (पचादि) = कङ्कण ।

कङ्कणं करभूषणम्- इत्यमरः

शब्दार्थ- चुरा, वाजु, वाला, करभूषण ।

द्रष्टव्य- दानेन पाणिर्न तु कङ्कणेन
(दानले हात शोभित हुन्छ बालाले हैन)

कङ्कालः (ना./पुं.) कं मुखं शिरः वा कल्यते क्षिप्यते इति वा *(मुख वा शिरलाई फालिन्छ)* कम्पूर्वक कल क्षेपे (चुरा.) धातु, कम्+कल्+णिचि, वृद्धि, परसवर्ण, कङ्कालि+अच् (एरच्), णिलोप = कङ्काल ।

शब्दार्थ- शरीरको हड्डी, खप्पर, मासु विनाको हाडै हाडको कङ्काल, अस्थिपञ्जर ।

कचः (ना./पुं.) कचते आत्मानम्, कच्यते स्वः वा *(आफूलाई बन्धनमा पार्छ वा बन्धनमा राखिन्छ)* अथवा कचते शोभते शिरसि *(शिरमा सुशोभित हुन्छ)* कच बन्धने (भ्वा.) धातु, कच्+अच् (पचादि)/घ[4] (अ) = कच ।

कचः शुष्कव्रणे केशे बन्धे पुत्रे च गीर्पतेः - इति हैमः

शब्दार्थ- केश, सुखा घाउ, बन्धन, वृहस्पतिका पुत्र कच, कुनै शब्द या वाक्यको तलतिर दिइएको धर्को ।

---

१. अन्येष्वपि दृश्यते : ड

२. वृतृवदिहनि... : स

३. वर्णात्कारः : कार

४. पुंसि सञ्ज्ञायां घः... : घ

कञ्चनः (वि.) कञ्चते इति *(शुद्ध हुन्छ)* कचि दीप्तिबन्धनयोः (भ्वा.) धातु, नुम्, कञ्च्+ल्यु[1] (अन) =कञ्चन ।

शब्दार्थ- निर्मल, सङ्लो, शुद्ध, स्वच्छ, सुन, हिरण्य ।

कञ्चुकः (ना./पुं.) कञ्चते, कञ्च्यते इति वा *(बाँध्छ, बाँधिन्छ)* कचि दीप्तिबन्धनयोः (भ्वा.) धातु, कञ्च्+उकञ् (उक), वहुलप्रकारले उणा.= कञ्चुक ।

कञ्चुको वारबाणे स्यान्निर्मोके करभेऽपि च- मेदिनी

शब्दार्थ- सर्पको काँचुली, फलामे कवच, चोलो, भोटो, औषधिविशेष ।

कञ्चुकी (वि.) कञ्चुकः अस्य अस्तीति *(कवच छ यसको)* कञ्चुक+इनि (इन्), कञ्चुकिन्=कञ्चुकी ।

शब्दार्थ- कवचधारी, द्वारपाल, अन्तपुरको संरक्षक, काँचुली भएको (सर्प) ।

कच्छः (ना./पुं.) कं जलं छ्यति छिनत्तीति *(जल तितर-बितर पार्छ)* कपूर्वक छो छेदने (दिवा.) धातु, आत्व, क+छा+क (अ), आलोप, तुगागम, श्चुत्व= कच्छ ।

शब्दार्थ- कछुवा, कच्छप ।

कज्जलिता (ना./स्त्री.) कज्जलं सञ्जातमस्याः *(गाजलले सजिएको अवस्था छ यस स्त्रीको)* कज्जल+इतच् (इत)+टाप् (आ)= कज्जलिता ।

शब्दार्थ- गाजल लगाएकी स्त्री, गाजले सजिएकी आइमाई

कटः (ना./पुं.) कटति, वर्षति मदजलम् *(मदजल चुहाउँछ)* वा कटति आच्छादयति *(ढाक्छ)* कटे वर्षावरणयोः (भ्वा.) धातु, कट्+अच् (पचादि) वा घ (अ)= कट ।

कटः श्रोणौ द्वयोः पुंसि किलिञ्जेऽतिशये शिवे
समये गजगण्डे च पिपल्यां तु कटी मता- इति मेदिनी

शब्दार्थ- हात्तीको गण्डस्थल, हस्तिमद, गुन्द्री, चटाइ, कटिप्रदेश, शिव, समय, ज्यादा, अतिशय ।

कटाक्षः (ना./पुं.) कटौ अतिशयितौ अपाङ्गौ अक्षिणी यत्र *(अत्यन्त छड्के आँखा छ जहाँ)* ब.स., कट+अक्षिन्+षच्[2] (अ), टिलोप= कटाक्ष ।

अथवा कटं गण्डम् अक्षति व्याप्नोतीति *(गण्डस्थल ढाक्छ)* कट उपपदपूर्वक अक्षु व्याप्तौ सङ्घाते च (भ्वा.) धातु, कट+अक्ष्+अण्[3] (अ), दीर्घ= कटाक्ष ।

अपाङ्गौ नेत्रयोरन्ते कटाक्षोऽपाङ्गदर्शने- इत्यमरः

शब्दार्थ- हेर्ने काम, विक्षेप, छड्के नजरले हेर्ने काम, अपाङ्गदर्शन, दन्तबभान, वाभावाभ ।

कटिः/कटी (ना./स्त्री.) कटचते, आव्रियते या *(वस्त्रादिले ढाकिन्छ जो)* कटे वर्षावरणयोः (भ्वा.) धातु, कट्+इन्[4] (इ), उणा., कटि+ङीष्[5] (ई), विकल्पले= कटी । ङीष्को अभावमा= कटि ।

शब्दार्थ- कम्मर, कटिप्रदेश ।

कटिसूत्रम् (ना./न.) कटचां (धारणीयं) सूत्रम्/कटेः सूत्रम् *(कटीमा लगाउने सूत्र, कटीको सूत्र)* स.त.स./ ष.त.स.= कटिसूत्र ।

शब्दार्थ- कन्धनी, इँजार, कम्मरपेटी ।

कटुः (वि./ना./न.) कटति आवृणोति मुखम् वा वर्षति जलम् *(मुखभरि फैलन्छ वा मुखबाट पानी आउँछ)* कटे वर्षावरणयोः (भ्वा.) धातु, कट्+उ[6] (उणा.)=कटु ।

मधुरो लवणः कटुः- इत्यमरः

शब्दार्थ- पीरो, उग्र, तीक्ष्ण, रूखो, तीतोपना, छवटा रसहरूमध्ये एक, अप्रिय वचन, मर्मभेदी वाणी ।

कटुता (ना./स्त्री.) कटोर्भावः *(अप्रिय हुनाको भाव वा अवस्था)* कटु+तल् (त)+टाप् (आ)= कटुता ।

शब्दार्थ- अप्रियता, वैमनस्यता, तीतोपन वा पीरोपना ।

***उदा.* राखी भित्रै निखिल कटुता शान्त राखे मुहार**
भृ.ख.का.५/४४

कठः (ना./पुं.) कठेन प्रोक्तमधीते वा कठति कृच्छ्रेण जीवति *(कठशास्त्र अध्ययन गर्छ वा कष्टमय जीवन बिताउँछ)* कठ कृच्छ्रजीवने (भ्वा.) धातु, कठ्+अच् (पचादि)= कठ ।

शब्दार्थ- एक मुनि, (जो वैशम्पायन ऋषिका शिष्य तथा यजुर्वेद कठशाखाका प्रवर्तक थिए), कठशास्त्र, कठोपनिषद्, दुःखमय जीवन ।

कठप्रवक्ता (ना./पुं.) प्रवक्ता (अध्यापकः), स चासौ कठः *(प्रवक्ता नै कठमुनि या कठमुनि नै प्रवक्ता)* क.त.स.[7] = कठप्रवक्ता ।

शब्दार्थ- यजुर्वेद कठशाखाका प्रवक्ता कठमुनि ।

कठशाखा (ना./स्त्री.) कठेन प्रोक्ता, कठ प्रोक्ता चासौ शाखा *(कठमुनिले बताएको वेदको एउटा शाखा)* क.त.स., उ.प.लोप= कठशाखा ।

शब्दार्थ-यजुर्वेदको एक शाखा, जो कठमुनिले वताएका थिए,

कठाध्यापकः (ना./पुं.) अध्यापकश्चासौ कठश्च *(अध्यापक नै कठमुनि)* क.त.स.[7], दीर्घ= कठाध्यापक ।

शब्दार्थ- यजुर्वेद कठशाखाका अध्यापक कठमुनि ।

कठिनः (वि.) कठतीति **(कष्टमय जीवन व्यतीत गर्छ)** कठ कृच्छ्रजीवने (भ्वा.) धातु, कठ्+इनच्[8] (इन), उणा.= कठिन ।

शब्दार्थ- दुःखमय, कडा, क्रूर, निर्दयी, कठोर, तीक्ष्ण, प्रचण्ड, निठुरी ।

कठिनता (ना./स्त्री.) कठिनस्य भावः कर्म इति वा *(कठिन हुनाको भाव, कर्म वा अवस्था)* कठिन+तल् (त)+टाप् (आ)= कठिनता ।

शब्दार्थ- कडापन, निर्दयता, कष्टमयता, निठुरीपन ।

कठोरः (वि.) कठति कृच्छ्रेण जीवति *(दुःखमय जीवन व्यतीत गर्छ)* कठ्+ओरन्[9] (ओर), उणा.= कठोर ।

शब्दार्थ- निठुरी, निर्दयी, कडा, कठोर हृदय भएको, ठोस ।

---

[1] नन्दिग्रहिल्यु.... : ल्यु
[2] बहुब्रीहौ सक्थ्यक्ष्णोः : षच्
[3] कर्मण्यण् : अण्
[4] सर्वधातुभ्य इन् : इन्
[5] कृदिकारादक्तिनः : ङीष्
[6] कटिवटिभ्याञ्च/मृगय्या... :उ
[7] पोटायुवति... : क.त.समास
[8] बहुलमन्यत्रापि : इनच्
[9] कठिचकिभ्यामोरन् : ओरन्

कठोरतमः (वि.) अयमेषामतिशयेन कठोरः *(यो यिनीहरूमा ज्यादै कठोर)* कठोर+तमप्[1] (तम) =कठोरतम ।

शब्दार्थ- ज्यादै निर्दयी, अत्यन्त निठुरी, सबैभन्दा कठोर हृदय भएको ।

कठोरता (ना./स्त्री.) कठोरस्य भावः *(कठोर हुनाको भाव वा अवस्था)* कठोर+तल् (त)+टाप् (आ)= कठोरता ।

शब्दार्थ- कठोरपना, निर्दयता, निठुरीपना ।

कणः (ना./पुं./वि.) कणति सूक्ष्मत्वं गच्छति *(सूक्ष्म बन्छ)* कण शब्दे वा कण गतौ (भ्वा.) धातु, कण्+अच् (पचादि)/घ (अ)= कण ।

कणोऽतिसूक्ष्मे धान्यांशो- इत्यमरः

शब्दार्थ- अन्नको दाना, कनिका, चामलको टुक्रा, कुनै वस्तुको ज्यादै सानो परिमाण, थोरै, अल्प, लेश, अतिसूक्ष्म, जलविन्दु ।

कणादः (ना./पुं.) कणमत्तीति *(कण कणको उपभोग गर्छन्)* कणपूर्वक अद भक्षणे (भ्वा.) धातु, कण+अद्+अण् (अ), दीर्घ= कणाद ।

शब्दार्थ- मुनिविशेष, वैशेषिक दर्शनका प्रवर्तक मुनि ।

कणिका (ना./स्त्री.) कणाः सन्ति अस्याः *(कणहरू छन् यसका)* कण्+ठन्[2] (इक), कणिक ।

अथवा कणतीति *(टुक्रिन्छ)* कण गतौ (भ्वा.) धातु, कण्+क्वुन्[3] (अक), णत्व, कणकः ।

कणक+टाप् (आ), ककारपूर्वका अकारको इत्व =कणिका ।

अथवा कण एव *(कनिका नै)* कण+कन् (क), स्वार्थमा, टाप् (आ), इत्व= कणिका ।

शब्दार्थ- चामलको सानो टुक्रा, कनिका, सानो वस्तु, थोरै, पानीको थोपा, सूक्ष्मकण, सूक्ष्मअंश ।

कण्टकः (ना./पुं./वि.) कण्टतीति *(काँडो बन्छ)* कटि गतौ (भ्वा.) धातु, नुम्, कण्ट्+ण्वुल् (अक)= कण्टक ।

कण्टकः क्षुद्रशत्रौ च कर्मस्थानकदोषयोः

रोमाञ्चे च द्रुमाङ्गे च कण्टके मस्करेऽपि च- इति विश्वः

शब्दार्थ- काँडो, काँडो समानको व्यक्ति, नीच या क्षुद्र व्यक्ति, ज्योतिषशास्त्र-अनुसार लग्नबाट चारौं र दसौं स्थान लोभी, कञ्जुस, पुलकित, रोमाञ्चित, ऐजेरु ।

कण्टकाकीर्णः (वि.) कण्टकैराकीर्णः *(काँडाहरूले भरिएको)* कण्टक+आकीर्ण, तृ.त.स., दीर्घ= कण्टकाकीर्ण ।

शब्दार्थ-काँडाहरूले परिपूर्ण भएको, अवरोधपूर्ण, अप्ठेरो ।

उदा. **मान्छेको रे किन भुवनमा कण्टकाकीर्ण बाटो- मृ.ख.का. ७/७**

कण्टकितः (वि.) कण्टकः सञ्जातः अस्य *(काँडा पैदा भएको छ यसको)* कण्टक+इतच् (इत)= कण्टकित ।

शब्दार्थ- काँडाले भरिएको, पुलकित, रोमाञ्चित ।

कण्ठः (ना./पुं.) कणतीति *(शब्द गर्छ)* कण शब्दे (भ्वा.) धातु, कण्+ठ[4] (उणा.)= कण्ठ ।

शब्दार्थ- गलो, घाँटी, ग्रीवा, गर्दन ।

कण्ठमणिः (ना./पुं.) कण्ठे धार्यः, कण्ठधार्यश्चासौ मणिश्च *(घाँटीमा लगाउने मणि)* क.त.स., उ.प.लोप =कण्ठमणि ।

शब्दार्थ- घाँटीमा लगाउने मणि वा हार ।

कण्ठस्थः (वि.) कण्ठे तिष्ठतीति *(गलामा रहन्छ)* कण्ठ उपपदपूर्वक ष्ठा गतिनिवृत्तौ (भ्वा.) धातु, कण्ठ+स्था+क[5] (अ), आकारलोप= कण्ठस्थ ।

शब्दार्थ- गला वा घाँटीमा रहेको, कण्ठाग्र ।

कण्ठभूषणम् (ना./न.) कण्ठस्य भूषणम् *(घाँटीको हार वा गहना)* ष.त.स.= कण्ठभूषण ।

शब्दार्थ- घाँटीमा लगाउने अलङ्कार, घाँटीको आभूषण ।

कण्ठहारः (ना./पुं.) ह्रियते मनः अनेन इति *(मन यसले खिच्तछ)* हृञ् हरणे (भ्वा.) धातु, हृ+घञ् (अ) वृद्धि, हारः । कण्ठस्य हारः *(घाँटीको हार)* ष.त.स.=कण्ठहार

शब्दार्थ- घाँटीमा लाउने हार, आभूषण, कण्ठाभरण, कण्ठभूषा

कण्ठाग्रम् (ना./न.) कण्ठस्य अग्रम् *(घाँटीको अग्रभाग)* ष.त.स., दीर्घ= कण्ठाग्र ।

शब्दार्थ- घाँटीको अग्रभग, कण्ठाग्र पार्ने काम ।

कण्वः (ना./पुं.) कणति शब्दं करोति *(वेदमन्त्रादि उच्चारण गर्दा उच्च ध्वनि निकाल्दछन्),* काणयति निमिलयति *(तप वा समाधि गर्दा आँखा चिम्लन्छन्),* कण्यते स्तूयते *(स्तुति गरिन्छ)* कण शब्दे (भ्वा.) वा कण निमीलने (चुरा.) धातु, कण्+क्वन्[6] (व)= कण्व ।

शब्दार्थ- एक तपस्वी, एक प्रसिद्ध ऋषि ।

कतरः (वि.) अनयोः कतरः (विद्वान् वा मूर्खः) *(यी दुईमा कुन चाँहि (विद्वान् वा मूर्ख) हो)* किम्+डतरच्[7] (अतर), टिलोप, क् अतर= कतर ।

शब्दार्थ- कुनचाहीं, यी दुईमध्ये कुन ।

कतमः (वि.) एषां कतमः (विद्वान्) *(यिनीहरूमध्ये कुन चाँहि (विद्वान्)* किम्+डतमच्[8] (अतम), टिलोप=कतम ।

शब्दार्थ- कुनचाहीं, यिनीहरूमध्ये कुन ।

कति (वि.) का सङ्ख्या, किं परिमाणं येषां ते *(यिनको कति सङ्ख्या)* किम्+डति[9] (अति), टिलोप, क् अति =कति ।

शब्दार्थ- सङ्ख्या र परिमाण बुझाउने सर्वनाम, जस्तैः कति सङ्ख्या, कति जना, कति परिमाण ।

कतिपयः (वि.) कति सङ्ख्या परिमाणं येषाम् *(यिनको कति सङ्ख्या वा परिमाण)* कति+अयच् (अय), पुगागम= कतिपय ।

शब्दार्थ- केही, थोरै मात्र, अलिकति, अलिअलि ।

---

[1] अतिशायने... : तमप्

[2] अत इनिठनौ : ठन्

[3] क्वुन् शिल्पिसंज्ञयोः : क्वुन्

[4] कणेष्ठः : ठ

[5] सुपि स्थः : क

[6] अशूप्रुषिलटिकणि...: क्वन्

[7] किं यत्तदोर्निर्धारणे... : डतरच्

[8] वा बहूनां जातिपरिप्रश्ने... : डतमच्

[9] किमः संख्या परिमाणे... : डति

कथकः (वि.) कथयति यः *(भन्दछ जो)* कथ वाक्यप्रबन्धे (चुरा.) धातु, कथ्+ण्वुल् (अक)= कथक ।

शब्दार्थ- वक्ता, कथा भन्ने, कथा रचना गर्ने, पुराण भन्ने, कथ्ने, वर्णन गर्ने, कत्थक ।

कथम् (अव्य.) केन प्रकारेण इति *(कुन प्रकारले)* किम्+थमु[1] (थम्), किम्को क आदेश[2]= कथम् ।

शब्दार्थ- कुन किसिमले, कसरी, कुन प्रकारबाट ।

कथञ्चित् (अव्य.) कथञ्चन *(कुनै किसिमबाट)* कथम्+चित्, परसवर्ण= कथञ्चित् ।

शब्दार्थ- कुनै तरहले, बढो मुस्किलले, जसरी-तसरी ।

कथङ्कालः (ना./पुं./अव्य.) कथं कल्यते, कथं कलयतीति वा *(कुनै प्रकारबाट गणना गरिन्छ वा गर्छ)* कथम् अव्यय उपपदपूर्वक कल शब्दसंख्यानयोः (भ्वा.) वा कल गतौ संख्याने च (चुरा.) धातु, कथम्+कल्+घञ् (अ), वृद्धि, परसवर्ण= कथङ्काल । कथम्+कल्+णिचि+अच् (पचादि), वृद्धि, णिलोप, परसवर्ण= कथङ्काल ।

शब्दार्थ- कुनै प्रकारले गणना गर्ने काम, केही गरी, कदाचित, कुनै कारणले ।

कथनम् (ना./न.) कथनम्, कथ्यते इति वा *(भनिन्छ)* कथ वाक्यप्रबन्धे (चुरा.) धातु, कथ+ल्युट् (अन)= कथन ।

शब्दार्थ- भन्ने काम, वचन, वर्णन, भनाइ, बोली ।

कथनीयः (वि.) कथितुं योग्यः *(भन्नलायक)* कथ वाक्यप्रबन्धे (चुरा.) धातु, कथ+अनीय (र्)=कथनीय ।

शब्दार्थ- भन्नलायक, वर्णन गर्न योग्य ।

कथा (ना./स्त्री.) कथ्यते इति *(बताइन्छ, भनिन्छ, वर्णन गरिन्छ)* कथ वाक्यप्रबन्धे (चुरा.) धातु, कथ+अङ्[3] (अ)+टाप् (आ)= कथा ।

प्रबन्धकल्पनकथा- इत्यमरः

शब्दार्थ- कहानी, किस्सा, वृत्तान्त, कल्पना गरिएको कथा, काल्पनिक वृत्तान्तको वर्णन गर्ने काव्यात्मक गद्यरचना, लघुकथा ।

कथानकम् (ना./न.) कथयति अत्र *(भन्छ, बताउँछ, वर्णन गर्छ यहाँ)* कथ्+आनक (बहुलप्रकारले)= कथानक ।

शब्दार्थ- मुख्यकथा, कथावस्तु, मुख्य कहानी, कथाको मुख्य-सार ।

कथानायकः (ना./पुं.) कथायाः नायकः *(कथाको नायक)* ष.त.स.= कथानायक ।

शब्दार्थ- कथा या कहानीको प्रमुख पात्र, कथाको मुख्य नायक ।

कथानुरागः (ना./पुं.) कथायामनुरागः *(कथामा स्नेह)* स.त.स.= कथानुराग ।

शब्दार्थ- कथामा स्नेह, वार्तालापप्रतिको आनन्द, कुराकानीमा रुचि ।

कथान्तरम् (ना./न.) कथायाः अन्तरम् *(कथाको भित्री कथा)* ष.त.स.= कथान्तर ।

शब्दार्थ- कुनै कथा भित्रको अर्को कथा, उपकथा, गौणकथा ।

कथाप्रसङ्गः (ना./पुं.) कथायाः प्रसङ्गः *(कथाको प्रसङ्ग)* ष.त.स.= कथाप्रसङ्ग ।

शब्दार्थ- बातचित या कुराकानीको सिलसिला, वार्ताको प्रसङ्ग, प्रासङ्गिक विषयवस्तु ।

कथामुखम् (ना./न.) कथायाः मुखम् *(कथाको प्रारम्भिक भाग)* ष.त.स.= कथामुखम् ।

शब्दार्थ- कथाको प्रस्तावना, कथाको प्रारम्भिक अंश ।

कथारम्भः (ना./पुं.) कथायाः आरम्भः *(कथाको आरम्भ)* ष.त.स., दीर्घ= कथारम्भ ।

शब्दार्थ- कहानीको प्रारम्भ, कथाको सुरुवात, कथाको थालनी ।

कथावशेषः (ना./पुं.) कथायाः अवशेषः *(कथाको बाँकी भाग)* ष.त.स., दीर्घ= कथावशेष ।

शब्दार्थ- कहानीको बाँकी अंश, कथाको शेषभाग ।

कथावस्तु (ना./न.) कथायाः वस्तु *(कथाको मुख्य कुरा)* ष.त.स.= कथावस्तु ।

शब्दार्थ- कथाको मूल कुरा, कहानीको मुख्य सार, कथाको यथार्थ सार, मुख्य कहानी ।

कथितः (वि.) कथ्यते स्म इति *(बताइएको)* कथ वाक्यप्रबन्धे (चुरा.) धातु, कथ+क्त (त), इडागम= कथित ।

शब्दार्थ- भनेको, भनिएको, बताएको, बयान गरेको, वर्णन गरिएको ।

कथोपाख्यानम् (ना./न.) कथायाः उपाख्यानम् *(कथाको उपाख्यान)* ष.त.स., गुण= कथोपाख्यान ।

शब्दार्थ- कथाको वर्णन, कहानीको निरूपण ।

कथ्यः (वि.) कथ्यते, कथितुं योग्यः *(भनिन्छ वा भन्नलायक)* कथ वाक्यप्रबन्धे अदन्त (चुरा.) धातु, कथ+यत्[4] (य)= कथ्य ।

शब्दार्थ- भन्न योग्य, बयान गर्न लायक, भन्न सकिने, बयान गर्नुपर्ने ।

कदम्बः (ना./पुं./न.) कदति, कद्यते चित्तविक्षेपं जायते अनेन इति वा *(चित्त विक्षेप हुन्छ यसबाट)* हिंसार्थक सौत्र कद धातु, कद्+अम्बच्[5] (अम्ब), उणा.= कदम्ब । अथवा कद् कुत्सितं अम्बते इति *(कुत्सित शब्द गर्छ)* कद्पूर्वक अबि शब्दे (भ्वा.) धातु, नुम्, कद्+अम्ब्+अच् (पचादि)= कदम्ब ।

कदम्बं निकुरम्बे स्यात् नीपसर्षपयोः पुमान्- मेदिनी
स्त्रियां तु संहतिर्वृन्दं निकुरम्बं कदम्बकम् - इत्यमरः

शब्दार्थ- कदमको वृक्ष, नीमको वृक्ष, सर्स्यूँ, समूह, वृन्द, तीतो र टर्रो गुण हुने वस्तु ।

---

[1] किमश्च : थमु

[2] किमः कः : क आदेश

[3] चिन्तिपूजिकथिकुम्बि... : अङ्

[4] अचो यत् : यत्

[5] कृकदिकडि... : अम्बच्

कदली (ना./स्त्री.) कन्दते, कन्द्यते इति वा *(शब्द गर्छ वा गर्नु)* कदि आह्वाने रोदने च (भ्वा.) धातु, नुम्, कन्द+कलच्[१] (अल), नलोप, कदलः । अथवा केन वायुना दल्यते इति *(वायुद्वारा हल्लाइन्छ)* क उपपदपूर्वक दल विशरणे (भ्वा.) धातु, क+दल्+घ (अ), कदलः । कदल+ङीष् (ई)= कदली ।

कदली कन्दली चीनश्चमूरुप्रियकावपि- इत्यमरः

शब्दार्थ- मृगविशेष, केराको वोट, रम्भा ।

कदलीस्तम्भः (ना./पुं.) कदल्याः स्तम्भः इति *(केराको बोट)* ष.त.स.= कदलीस्तम्भ ।

शब्दार्थ- केराको वोट, केराको खम्वा वा थाम ।

कदा (अव्य.) कस्मिन् काले *(कुन समयमा)* किम्+दा[२], किम्को क आदेश= कदा ।

शब्दार्थ- कहिले, कुन समयमा, कुन वखत ।

कदाचन (अव्य.) कस्मिन् काले *(कुन समयमा)* कदा+चन= कदाचन ।

शब्दार्थ- कुनै समयमा, कुनै वेलामा, कुनै कालमा ।

कदाचित् (अव्य.) चेततीति *(चेतना पाउँछ)* चिती संज्ञाने (भ्वा.) धातु, चित्+क्विप्, क्विप्को सर्वलोप, चित् । कदा च चिच्च तयोः समाहारः (द्व.स.)= कदाचित् । अथवा कदा कस्मिन् चित् काले *(कुनै समयमा)* कदा+चित् = कदाचित् ।

शब्दार्थ- कुनै समयमा, कुनै वखतमा, कुनै वेला ।

उदा. कदाचित् त्यो मेरी प्रणय-पुतली व्याकुल बनी- त.त. ६/१७

कनकम् (ना./न.) कनति दीप्यते इति *(चम्कन्छ)* कनी दीप्तिकान्तिगतिषु (भ्वा.) धातु, कन्+वुन्[३] (अक), उणा.= कनक ।

स्वर्णं सुवर्णं कनकम्- इत्यमरः

शब्दार्थ- सुन, सुवर्ण, काञ्चन ।

कनककान्तिः (ना./स्त्री.) कनकस्य कान्तिः *(सुनको चमक)* ष.त.स.= कनककान्ति ।

शब्दार्थ- सुनको चमक, सुनको कान्ति, सुवर्णद्युति ।

उदा. कनककान्ति छ वादल खुद्किला सुरपुरीतिरको नभ सान्ध्यमा- शा.म.का. ३/२५

कनकप्रभा (ना./स्त्री.) कनकस्य प्रभा इव प्रभा यस्याः (सुनको कान्तिझैं कान्ति छ जसको) व.स. वा कनकस्य प्रभा *(सुनको कान्ति)* ष.त.स.=कनकप्रभा ।

शब्दार्थ- सुवर्णकान्ति, सुनको दीप्ति जस्तो दीप्ति भएकी स्त्री

कनकमयः (वि.) कनकस्य विकारः अवयवः वेति *(सुनको विकार वा अवयव)* वा प्राचुर्येण प्रस्तुतं कनकम् *(प्रचुर मात्रामा प्रस्तुत सुन)* कनक+मयट्[४] (मय) =कनकमय ।

शब्दार्थ- सुवर्णमय, सुनले परिपूर्ण, सुनै सुनको ।

कनकवलयः (ना./पुं.) कनकस्य वलयः *(सुनको चुरा)* ष.त.स.= कनकवलय ।

शब्दार्थ- सुनको वाला, सुवर्णवलय, सुनको चुरा ।

कनिष्ठः (वि.) अयमेषामतिशयेन युवा अल्पः वेति *(यिनीहरूमध्ये यो ज्यादै युवा वा सानो)* युवन् वा अल्पशब्दबाट युवन्/अल्प+इष्ठन्[५] (इष्ठ), प्रकृतिको कन्, आदेश= कनिष्ठ ।

शब्दार्थ- सवभन्दा कान्छो वा कम उमेरको, सवैभन्दा सानो, उमेरमा सवभन्दा युवा वा सानो, सवैभन्दा पछिको ।

कनिष्ठा (वि.) इयमासामतिशयेन युवतिः वा अल्पियसी *(यिनीहरूमा यो स्त्री ज्यादै सानी वा छोटो उमेरकी)* युवन्/अल्प+इष्ठन्[५] (इष्ठ), प्रकृतिको कन्[६] आदेश, कनिष्ठ+टाप् (आ)= कनिष्ठा ।

शब्दार्थ- उमेरमा सवभन्दा सानी, सवभन्दा कान्छी ।

कनिष्ठिका (ना./स्त्री.) कनिष्ठ एव *(सवभन्दा सानो नै)* कनिष्ठ+कन् (क), स्वार्थमा, टाप् (आ), ककारपूर्वका अकारको इत्व= कनिष्ठिका ।

शब्दार्थ- कान्छी औंलो, सवभन्दा छोटो औंलो ।

कनियान् (वि.) अयमनयोरतिशयेन युवा वा अल्पः *(यी दुईमध्ये यो निकै कान्छो वा सानो)* युवन् वा अल्पशब्दबाट युवन्/अल्प+ईयसुन्[७] (ईयस्), प्रकृतिको कन् आदेश, कन् ईयस्, कनीयस्= कनीयान् ।

शब्दार्थ- उमेरमा अपेक्षाकृत सानो, दुईमध्ये सानो वा कान्छो, दुईमध्ये उमेरमा कान्छो ।

कन्था (ना./स्त्री.) कम्यते इति *(चाहनु)* कमु कान्तौ (भ्वा.) धातु, कम्+थन् (वहुलप्रकारले), कन्थ+टाप् (आ)= कन्था ।

कन्था मृन्मयभित्तौ स्यात्तथा प्रावरणान्तरे- इति मेदिनी

शब्दार्थ-थोत्रा कपडा, थोत्रा वस्त्र, थाङ्ना, माटाको भित्तो ।

कन्थाधारी (वि.) कन्थां धरतीति *(थोत्रा कपडा पहिरन्छ)* धृञ् धारणे (भ्वा.) धातु, कन्था+धृ+णिनि (इन्), दीर्घ, कन्थाधारिन्= कन्थाधारी ।

शब्दार्थ- थोत्रा वस्त्र पहिरने, जीर्ण लुगा लगाउने, जोगी, मगन्ते ।

कन्दः (ना./पुं./न.) कन्दति, कन्द्यते इति वा *(गाँठो बन्छ वा गाँथिन्छ)* कदि वैक्लव्ये वा कदि आह्वाने रोदने च (भ्वा.) धातु, नुम्, कन्द+अच् (पचादि)/घञ् (अ)= कन्द ।

कन्दोऽस्त्री सूरणे शस्यमूले जलधरे पुमान्- मेदिनी

शब्दार्थ- गाँठो भएको वा गाँठो बनेको वनस्पतिको फेद, आलु, गिट्ठा, तरुल, गानु, ग्रन्थि, लसुनको पोटी, प्याजको गानो, अदुवाको पानो, कपूर, मेघ, वादल ।

---

[१] वृषादिभ्यश्चित् : कलच्
[२] सर्वैकान्यत्किंयत्तद.. : दा आदेश/किमः कः : क
[३] क्रमादिभ्यः.../कृनादिभ्य... : वुन्
[४] मयट्वैतयोर्भाषा.../तद्प्रकृतवचने... मयट्
[५] अतिशायने तमबिष्ठनौ : इष्ठन्
[६] युवाल्पयो... : कन्
[७] द्विवचनविभज्य... : ईयसुन्

कन्दमूलम् (ना./न.) कन्दस्य मूलम् *(जराको फेद)* ष.त.स. = कन्दमूल ।

शब्दार्थ- जरमा फल्ने- गाजर, प्याज, लसुन, अदुवा, आलु

कन्दरः (ना./पुं./न.) कं जलम्, तेन दीर्यते यः इति वा *(पानीले चिरिन्छ जो)* दॄ विदारणे (क्र्या.) धातु, कम्+दॄ+ अप्[1] (अ), गुण, परसवर्ण= कन्दर ।

कन्दरस्त्वङ्कुशे पुंसि गुहायाञ्च नपुंसके- मेदिनी

शब्दार्थ- गुफा, ओडार, गुहा, घाँटी, अङ्कुशे ।

कन्दरा (ना./स्त्री.) केन जलेन दीर्यते असौ *(पानीद्वारा चिरिन्छ यो)* दॄ विदारणे (क्र्या.) कम्+दॄ+अप् (अ) +टाप् (आ)= कन्दरा ।

शब्दार्थ- गुफा, ओडार, गुहा ।

कन्दर्पः (ना./पुं.) 'कम्' निन्दार्थक अव्यय । कं कुत्सितः दर्पः अस्य *(निन्दित घमण्ड छ जसको)* कम्+दर्प, व.स., परसवर्ण= कन्दर्प ।

अथवा कं सुखम् तत्र तेन वा दृप्यति *(सुखमा वा सुखबाट हर्षित वा मोहित हुन्छ)* कम्पूर्वक दृप हर्षमोहनयोः (दिवा.) धातु, कम्+दृप्+अच् (पचादि), गुण, परसवर्ण= कन्दर्प ।

कन्दर्पो दर्पकोऽनङ्गः कामः - इत्यमरः

शब्दार्थ- कामदेव, अनङ्ग, मदन, यौनेच्छा, सम्भोग, उत्कण्ठा

उदा. **प्रजनश्चास्मि कन्दर्पः- भ.गी. १०/२८**

कन्दुकः (ना./पुं.) कन्द्यते इति *(विकल वा हर्षित हुनु)* कदि वैक्लव्ये वा कदि आह्वाने रोदने च (भ्वा.) धातु, नुम्, कन्द्+उ, बहुलप्रकारले, कन्दुः । कन्दुरेव कन्दु+कन् (स्वार्थमा)= कन्दुक ।

अथवा कं सुखं ददाति यच्छति, द्यति खण्डयतीति वा *(सुख दिन्छ वा खण्डित गर्छ)* डुदाञ् दाने (जुहो.) वा दो अवखण्डने (दिवा.) वा दाण् दाने (भ्वा.) धातु, कम्+दा+डु[2] (उ), टिलोप, परसवर्ण, कन्दुः । कन्दु+कन् (क), स्वार्थमा= कन्दुक ।

अथवा कं शिरः दुनोति दीयते इति वा *(शिर दर्द गर्छ)* कम्पूर्वक टुदु उपतापे (स्वा.) वा दीङ् क्षये (दिवा.) धातु, कम्+दु/दी+डु (उ), टिलोप, परसवर्ण, कन्दुः । कन्दु+कन् (क), स्वार्थमा= कन्दुक ।

शब्दार्थ- भकुण्डो, भुकुण्डोको खेल वा क्रीडा, खेलौना ।

कन्या (ना./स्त्री.) कनति दीप्यति, कन्यते दीप्यते इति वा *(सुशोभित हुन्छ वा हुनु)* कनी दीप्तिकान्तिगतिषु (भ्वा.) धातु, कन्+यक्[3] (य), उणा., टाप् (आ) =कन्या

कन्या कुमारी गौरी तु- इत्यमरः

कन्या कुमारीकानार्योरोषधीराशिभेदयोः- मेदिनी

शब्दार्थ- अविवाहिता केटी, अविवाहिता छोरी, कुमारी, कन्या, वाह्रवटा राशिहरूमध्ये छैटौं राशि, दुर्गा, भगवती, औषधिविशेष ।

कन्याकुमारी (ना./स्त्री.) कन्या चासौ कुमारी च *(कन्या कुमारी)* क.त.स.= कन्याकुमारी ।

शब्दार्थ- कुमारी केटी, दक्षिण भारतको समुद्रतटमा अवस्थित भगवतीको मन्दिर ।

कन्यादानम् (ना./न.) कन्यायाः दानम् *(कन्याको दान)* ष.त.स.= कन्यादान ।

शब्दार्थ- कन्या केटीलाई विवाह गरी दुलहालाई दान दिने विधिविधान, कन्याको दान ।

कन्यार्थी (वि.) कन्यामर्थितुं शीलमस्य *(कन्या कुमारीलाई माग्ने शील छ यसको)* अर्थ उपयाञ्चायाम् (चुरा.) धातुं, कन्या+अर्थ+णिनि (इन्), दीर्घ= कन्यार्थी । अथवा कन्यायाः अर्थी *(कन्याको अर्थी)* ष.त.स., दीर्घ =कन्यार्थी ।

शब्दार्थ- कन्या माग्न आउने, विवाहको लागि कन्या माग्ने,

कन्याधनम् (ना./न.) कन्यायाः धनम् *(कन्याकेटीको धन)* ष.त.स.= कन्याधन ।

शब्दार्थ- कन्याको धन, पेवा वा दाइजो ।

कन्याललामम् (वि.) कन्यासु ललामम् श्रेष्ठम् *(कन्याहरूमा श्रेष्ठ)* स.त.स.= कन्याललाम ।

शब्दार्थ- कन्याहरूमा श्रेष्ठ या उत्तम ।

कन्याभावः (ना./पुं.) कन्यायाः भावः *(कन्याको भाव वा अवस्था)* ष.त.स.= कन्याभाव ।

शब्दार्थ- कुमारीत्व, कौमार्य, कुमारीपन ।

कपटः (ना./पुं.) पटतीति *(व्याप्त हुन्छ)* पट गतौ (भ्वा.) धातु, पट्+अच् (पचादि), पटः । के शिरसि पट इव आच्छादकः *(पट (वस्त्र)झैं शिरतक फैलिने)* के+ पट, सप्तमीको लुक्, स.त.स.(निन्दार्थमा)= कपट ।

कपटोऽस्त्री व्याजदम्भोपधयस्छद्मकैतवे- इत्यमरः

शब्दार्थ- जालसाजी, छलछाम, धोका, जालझेल, कैफियत, कसर, छद्म, प्रतारण ।

कपटी (वि.) कपटः अस्य अस्तीति *(कपटभाव छ यसको)* कपट+इनि[4] (इन्), कपटिन्= कपटी ।

शब्दार्थ- कपट गर्ने, छलछाम गर्ने, छुल्याहा, छली, जाली,

कपर्दी (ना./पुं.) कपर्दः जटाजुटः अस्ति अस्य *(जटाको गुथो छ यिनको)* कपर्द+इनि (इन्), कपर्दिन्= कपर्दी ।

शब्दार्थ- शिव, शङ्कर, महादेव ।

कपालः (ना./पुं./न.) कं शिरः पालयतीति *(शिरको रक्षा गर्छ)* क उपपदपूर्वक पाल रक्षणे (चुरा.) धातु, क+पाल्+अण्[5] (अ)= कपाल ।

अथवा कम्पते इति *(हल्लन्छ)* कपि चलने (भ्वा.) धातु, नुम्, कम्प्+कालन्[6] (आल), उणा.,मकारलोप =कपाल ।

स्यात् कर्परः कपालोऽस्त्री- इत्यमरः

शब्दार्थ- खप्पर, मस्तक, मुण्ड, टाउकाको हड्डी, टाउकाको रौं वा केश, भिक्षापात्र, कचौरा ।

---

[1] ॠदोरप् : अप्

[2] मितद्रवादिभ्य... (वा.) : डु

[3] अघ्न्यादयश्च : यक्

[4] अत इनिठनौ : इनि

[5] कर्मण्यण् : अण्

[6] तमिविशिविडिमृणि... : कालन्

कपालिनी (ना./स्त्री.) कपालः अस्ति अस्याः *(टाउकाको माला छ यिनको)* कपाल+इनि (इन्)+ङीप् (ई) =कपालिनी ।

शब्दार्थ- दुर्गा, भगवती, महाकाली ।

कपाली (वि./ना./पुं.) कपालः अस्यास्तीति *(खप्पर या भिक्षापात्र छ यसको)* कपाल+इनि[1] (इन्), कपालिन् =कपाली ।

शब्दार्थ- खप्परको भिक्षापात्र लिने, खप्परको माला लगाउने, अघोरी, महादेव, रुद्र ।

कपिः (ना./पुं.) कम्पते इति *(घुम्छ, उफ्रन्छ)* कपि चलने (भ्वा.) धातु, नुम्, कम्प्+इ[2] (उणा.) नलोप, कप् इ =कपि ।

अथवा कं जलं रश्मिभिः पिवतीति *(आफ्नो किरणले जल शोषण गर्छन्)* पा पाने (भ्वा.) धातु, क+पा+कि (इ), आलोप= कपि (सूर्य) ।

कपिर्ना सिंहके शाखामृगे च मधुसूदने- इति मेदिनी

शब्दार्थ- वाँदर, वनकर, हनुमान्, जङ्गली मान्छे, वनमान्छे, वँदेल, श्रेष्ठ, सूर्य, सिंह, मधुसूदन, विष्णु ।

कपिकेतनः/कपिध्वजः (ना./पुं.) कपिर्हनुमान् केतने यस्य *(हनुमान् ध्वजामा छन् जसका)* ब.स.= कपिकेतन । कपिर्ध्वजे यस्य सः *(ध्वजामा हनुमान्को चिन्ह छ जसको)* व.स.= कपिध्वज ।

शब्दार्थ- अर्जुन, पाँच पाण्डवमध्ये एक ।

कपित्थः (ना./पुं.) कपयः तिष्ठन्ति यत्र *(बाँदरहरू रहन्छन् जहाँ)* कपि+स्था+क (अ), आलोप, पृषोदरादिवाट सको त= कपित्थ ।

शब्दार्थ- वृक्षविशेष ।

कपिलः (ना./पुं.) कामयते इति *(चाहना गर्छ)* कमु कान्तौ (भ्वा.) धातु, कम्+इलच्[3] (इल) उणा., धातुका मकारको पकार, कप् इल= कपिल ।

अथवा कपिं वर्णं लातीति *(वर्ण ल्याउँछ वा पैदा गर्छ)* ला आदाने (अदा.) धातु, कपि+ला+क (अ), आलोप =कपिल ।

कपिला रेणुकायां च शिंशपा गोविशेषयोः
नाऽनले वासुदेवे च मुनिभेदे च कुकुरे- इति मेदिनी

शब्दार्थ- कैलो वर्ण, साङ्ख्यदर्शनका प्रवर्तक कपिलदेव नामका मुनि, शिलाजित्, वासुदेव, अग्नि ।

कपिलमुनिः (ना./पुं.) कपिलाख्यश्चासौ मुनिश्च *(कपिलनामका मुनि)* क.त.स., उ.प.लोप =कपिलमुनि ।

शब्दार्थ- विष्णुका चौवीस अवतारमध्ये एक, आफ्नी आमा देवहुतिलाई साङ्ख्यदर्शनको ज्ञान दिने मुनि, साङ्ख्यदर्शनका प्रवर्तक मुनि ।

कपोतः (ना./पुं.) कवते कूजतीति *(गुञ्जन गर्छ)* कबृ वर्णे (भ्वा.) धातु, कब्+ओतच्[4] (ओत), उणा., बको प निपातन, कप् ओत= कपोत ।

शब्दार्थ- परेवा, पक्षीविशेष, मलेवा ।

कपोलः (ना./पुं.) कम्पते इति *(काँप्छ, हल्लन्छ)* कपि चलने (भ्वा.) धातु, नुम्, कम्प्+कोलच्[5] (ओल), उणा., अनुनासिक मलोप, कप् ओल= कपोल ।

शब्दार्थ- गालो, गण्डस्थल ।

कपोलकल्पना (ना./स्त्री.) कपोल कल्पना *(आधारहीन कल्पना)* सह सुपा समास= कपोलकल्पना ।

शब्दार्थ- मनगढन्त विचार, अड्कल, आधारहीन सोचाइ ।

कपोलकल्पितः (वि.) कपोलेन कल्पितः *(आधारहीन कुरा कल्पना गरिएको)* तृ.त.स.[6]= कपोलकल्पित ।

शब्दार्थ- निराधार कुरा विचार गरिएको, तथ्यहीन कुरा कल्पना गरिएको ।

कफः (ना./पुं.) केन जलेन फलति उत्पद्यते *(पानीबाट उत्पत्ति हुन्छ)* क उपपदपूर्वक फल निष्पत्तौ (भ्वा.) धातु, क+फल्+ड[7] (अ, प्रत्यय), टिलोप, क फ् अ =कफ ।

अथवा कात् शिरसः फक्कति अधो गच्छति, फणति निस्सरति *(शिरबाट उँधो खस्छ वा कफको रूपमा बाहिर निस्कन्छ)* क उपपदपूर्वक फक्क नीचैर्गतौ वा फण गतौ (भ्वा.) धातु, क+फक्क्/फण्+ड[7] (अ), टिलोप, क फ् अ= कफ ।

मायुः पित्तं कफः श्लेष्मा- इत्यमरः

शब्दार्थ- खकार, श्लेष्मा, कफरोग, शरीरका तीन व्याधि-वात पित्त र कफमध्ये एक ।

कफी (वि.) कफः अस्यास्तीति *(कफ रोग छ यसको)* कफ+इनि (इन्), अकारलोप= कफी ।

शब्दार्थ- कफवाट पीडित, कफग्रस्त, कफ बढी लाग्ने (मानिस) ।

कवन्धम् (ना./न./पुं.) कं सुखं बध्नातीति *(सुखमा बाधा दिन्छ)* कपूर्वक वन्ध वन्धने (क्र्या.) धातु, क+वन्ध्+अण् (अ)= कवन्ध ।

अथवा कं शिरः वध्यते छिद्यतेऽस्मात् इति *(शिर काटिन्छ यसबाट)* कपूर्वक बन्ध बन्धने (क्र्या.) धातु, क+वन्ध्+घञ् (अ)= कवन्ध ।

शब्दार्थ- शिर नभएको गिंड, शिर काटिएको शरीर, टाउको नभएको शरीर, राक्षसविशेष ।

---

[1] अत इनिठनौ : इनि
[2] कुण्ठिकम्प्योर्नलोपश्चः इ (प्रत्यय), नलोप
[3] कमेः पश्च : इलच्, मको प
[4] कबेरोतः पश्च : ओतच्, (बको प)
[5] कपिगडिगण्डि... : कोलच्
[6] कर्तृकरणे कृता... : तृ.त.स.
[7] अन्योष्वपि दृश्यते : ड

कमठपतिः (ना./पुं.) कमठानां कच्छपानां पतिः *(कछुवाहरूका स्वामी)* ष.त.स.= कमठपति ।

शब्दार्थ- कच्छपावतार विष्णु, कछुवाको अवतारधारी नारायण ।

कमण्डलुः (ना./पुं.) मण्डनमिति *(भूषित हुनु)* मडि भूषायाम् (भ्वा.) धातु, नुम्, मण्ड्+घञ् (अ), मण्डः । कस्य जलस्य प्रजापतेर्वा मण्डः सारस्तं लाति आदत्ते इति *(पानी धारण गर्छ)* ला आदाने (अदा.) धातु, क+मण्ड+ला +डु[1] (उ), आकारलोप= कमण्डलु ।

अस्त्री कमण्डलुः कुण्डी- इत्यमरः

शब्दार्थ- जलपात्र, तामा, पित्तल आदि धातुवाट वनाइएको पानी राख्ने भाँडो, लौका, नरिवल आदिवाट वनाइएको जलपात्र, कुण्डी ।

कमनीयः (वि.) काम्यते, कामयितुं योग्यः वा *(चाहना गरिन्छ वा चाहना गर्न लायक)* कमु कान्तौ (भ्वा.) धातु, कम्+अनीय (र्)= कमनीय ।

शब्दार्थ- वाञ्छनीय, मनोरम, सुन्दर, रमणीय, प्रिय, कामना गर्न योग्य वा लायक ।

कमनीयता (ना./स्त्री.) कमनीयस्य भावः इति *(सुन्दर हुनाको भाव वा अवस्था)* कमनीय+तल् (त)+टाप् (आ)= कमनीयता ।

शब्दार्थ- वाञ्छनीयता, मनोहारिता, रमणीयता, प्रियता ।

कमलम् (ना./न.) कामयते, काम्यते इति वा *(चाहना गर्छ वा गरिन्छ)* कमु कान्तौ (भ्वा.) धातु, कम्+कलच्[2] (अल)= कमल ।

अथवा कं जलम् अलति भूषयतीति *(पानीलाई सुशोभित पार्छ)* कम् उपपदपूर्वक अल भूषणपर्याप्तिवारणेषु (भ्वा.) धातु, कम्+अल्+अच् (पचादि)=कमल ।

कमलं सलिले ताम्रे जलजे क्लोम्नि भेषजे ।

मृगभेदे तु कमलः - इति मेदिनी

शब्दार्थ- पानी, तामो, पानीमा उम्रने फूल, औषधि, मृगविशेष, पद्म, अरविन्द, कमल ।

कमलनयनः (ना./पुं.) कमले इव नयने यस्यः *(कमल जस्ता आँखा छन् जसका)* ब.स.= कमलनयन ।

शब्दार्थ- कमल जस्ता आँखा हुने पुरुष, भगवान् विष्णु ।

कमलनयनी (ना./स्त्री.) कमले इव नयने यस्याः सा *(कमल जस्ता नेत्र छन् जुन स्त्रीका)* ब.स., कमलनयन+ङीष् (ई)= कमलनयनी ।

शब्दार्थ- कमल जस्ता आँखा हुने स्त्री, लक्ष्मी ।

कमलमुखम् (ना./न.) कमलमिव मुखम् *(कमल जस्तो मुख)* उपमान क.त.स.= कमलमुख ।

शब्दार्थ- कमल जस्तो मुख, कमल जस्तो वदन ।

कमलवदना (ना./स्त्री.) कमलमिव वदनं यस्याः सा *(कमल जस्तो मुख छ जसको)* ब.स., कमलवदन + टाप् (आ)= कमलवदना ।

शब्दार्थ- कमलजस्तो सुन्दर मुख हुने स्त्री, कमलमुखी ।

कमलपत्राक्षः (ना./पुं.) कमलस्य पत्रम् तद्वत् अक्षिणी यस्य सः *(कमलपत्र जस्तै आँखा छ जसको)* ब.स., कमलपत्र+अक्षिन्+अच् (समासान्त)= कमलपत्राक्ष ।

शब्दार्थ- कमलजस्तो सुन्दर आँखा हुने भगवान् विष्णु, श्रीकृष्ण, परमेश्वर ।

कमला (ना./स्त्री.) कामयते असौ, काम्यते अनया इति वा *(चाहना गर्छे यो स्त्री वा चाहना गरिन्छ यसबाट)* कमु कान्तौ (भ्वा.) धातु, कम्+कलच् (अल)+टाप् (आ) =कमला । अथवा कमलमस्ति अस्याः *(कमल छ यिनको)* कमल+अच् (अर्शादि)+टाप् (आ)= कमला ।

कमला श्रीवरस्त्रियोः- इति मेदिनी ।

शब्दार्थ- सर्वोत्तम स्त्री, लक्ष्मी, विष्णुपत्नी, श्री, सम्पत्ति ।

कमलाक्षी (ना./स्त्री.) कमले इव अक्षिणी यस्याः *(कमल जस्ता आँखा छन् जसका)* कमल+अक्षिन्, ब.स., समासान्त अच्[3], दीर्घ, कमलाक्ष+ङीष् (ई)=कमलाक्षी

शब्दार्थ-कमल जस्ता आँखा हुने स्त्री, लक्ष्मी, विष्णुपत्नी,

कमलासनः (ना./पुं.) कमलमासनं यस्य सः *(कमल आसन छ जसको)* ब.स., दीर्घ= कमलासन ।

स नाभिकमले विष्णोः स्थितो ब्रह्मा प्रजापतिः ।

शब्दार्थ- ब्रह्मा, स्वयम्भू, पितामह, विष्णुको नाभिकमलवाट उत्पन्न चतुर्मुखी ब्रह्मा ।

कमलिनी (ना./स्त्री.) कमलानि सन्ति अत्र *(कमलहरू छन् यहाँ)* कमल+इनि[4] (इन्)+ङीप् (ई)= कमलिनी ।

शब्दार्थ- कमलको बोट, कमल वढी हुने ठाउँ, जुनेली रातमा फुल्ने कमल

कम्पः (ना./पुं.) कम्प्यते, कम्पनमिति वा *(काँप्नु)* कपि चलने (भ्वा.) धातु, नुम्, कम्प्+घञ् (अ)= कम्प ।

शब्दार्थ- थरथरी हल्लने काम, कम्पन, थरथराहट, भूकम्प, काँप्ने काम ।

कम्पज्वरः (ना./पुं.) कम्पयुक्तश्चासौ ज्वरश्च *(काम जरो)* क.त.स., उ.प.लोप= कम्पज्वर ।

शब्दार्थ- काम जरो, कम्प दिएर आउने जरो ।

कम्पनः (वि./ना./न.) कम्पते वा कम्पते तच्छीलः *(काँप्छ वा कम्पनशील)* कपि चलने (भ्वा.) धातु, कम्प+ल्यु[5]/युच्[6] (अन)= कम्पन ।

अथवा कम्पनमिति *(काँप्नु)* कम्प+ल्युट् (अन) =कम्पन ।

शब्दार्थ- काँप्ने, हल्लने, चल्ने, कम्पनशील, चल्ने वा हल्लने क्रिया, काँप्ने क्रिया ।

---

१. मितद्रवादिभ्यः...(वा) : डु (प्रत्यय)
२. वृषादिभ्यश्चित् : कलच्
३. अक्ष्णोऽदर्शनात् : अच् (समासान्त)
४. अत इनिठनौ : इनि
५. नन्दिग्रहि... ल्यु
६. चलनशब्दार्थादकर्म... : युच्

कम्पितः (वि.) कम्पते स्म इति *(काँपेको)* कपि चलने (भ्वा.) धातु, कम्प्+क्त (त), कर्तामा, इडागम =कम्पित ।

शब्दार्थ- काँपेको, हल्लेको, चलेको, थरथराएको ।

कम्बलः (ना./पुं.) कामयते, काम्यते इति वा *(कामना गर्छ वा गरिन्छ)* कमु कान्तौ (भ्वा.) धातु, कम्+कलच्[१] (अल), उणा., बुगागम[२] (ब)= कम्बल ।

शब्दार्थ- गाईको गलामा झुण्डिने माल, मृगविशेष, ऊनको ओढ्ने, काम्लो, राडी, पाखी, पानी ।

करः (ना./पुं.) करोति, क्रियते इति वा *(गर्छ वा गरिन्छ),* किरति कीर्यते अनेन *(फाल्छ वा फालिन्छ)* डुकृञ् करणे (तना.) वा कॄ विक्षेपे (तुदा.) धातु, कृ/कॄ+अप् (अ), गुण= कर ।

अथवा कं सुखं रातीति *(सुख दिन्छ)* रा दाने (अदा.) धातु, क+रा+क (अ), आलोप= कर ।

करो वर्षोपले रस्मौ पाणौ प्रत्ययशुण्डयोः- इति मेदिनी

शब्दार्थ- हात, हस्त, किरण, प्रकाश, प्रभा, तिरो, शुल्क, राजस्व कर, फाल्ने काम, हात्तीको सुँड, हत्केलो, असिना ।

करग्रहणम् (ना./न.) करस्य ग्रहणम् *(हात ग्रहण गर्ने काम)* ष.त.स.= करग्रहण ।

शब्दार्थ- पाणिग्रहण, विवाह, हात पक्रने काम ।

करणम् (ना./न.) क्रियते अनेन *(गरिन्छ यसबाट)* डुकृञ् करणे (तना.) धातु, कृ+ल्युट् (अन), गुण, णत्व =करण ।

शब्दार्थ- करणकारक, तृतीया विभक्ति लाग्ने कारक, इन्द्रिय, व्यवसाय, कारण, हेतु, साधन, क्रियाको अनुष्ठान, धार्मिककृत्य ।

करणीयः (वि.) कर्तुं योग्यः *(गर्न लायक)* डुकृञ् करणे (तना.) धातु, कृ+अनीय (र्), गुण, णत्व= करणीय ।

शब्दार्थ- गर्न योग्य, गर्न लायक, गर्नुपर्ने ।

करतलः (ना./पुं.) करस्य तलः *(हातको हत्केलो)* ष.त.स. =करतल ।

शब्दार्थ- हत्केलो ।

करतलध्वनिः (ना./पुं.) करतलस्य ध्वनिः *(ताली मार्दा निस्कने आवाज)* ष.त.स.= करतलध्वनि ।

शब्दार्थ- थपडी, दुई हातले थपडी मार्दा निस्कने ध्वनि वा आवाज, ताली ।

करनिर्धारणम् (ना./न.) करस्य निर्धारणम् *(कर या शुल्कको निर्धारण)* ष.त.स.= करनिर्धारण ।

शब्दार्थ- राजस्व कर निर्धारण गर्ने काम, शुल्क तोक्ने काम ।

करन्यासः (ना./पुं.) करस्य न्यासः *(करन्यास गर्ने काम)* ष.त.स.= करन्यास ।

शब्दार्थ- जप वा पाठ गर्दा गरिने अङ्गन्यास, जपन्यास ।

करिष्यन् (वि.) करिष्यति, करिष्यत् कार्यम् इति वा *(गरिनेछ, पछि गरिने काम)* डुकृञ् करणे (तना.) धातु, लृट्, लृट्को शतृ[३] प्रत्यय, कृ+शतृ (अत्)+स्य (प्रत्यय), इडागम, कृको गुण, षत्व, करिष्यत्= करिष्यन् ।

शब्दार्थ- भविष्यमा गरिने (कर्म) पछि गरिने (काम) ।

करिष्यमाणः (वि.) करिष्यते, करिष्यमाणं कर्म इति वा *(गरिनेछ, पछि गरिने कर्म)* डुकृञ् करणे (तना.) धातु, कृ लृट्, लृटको शानच्[३], स्य प्रत्यय, कृ+शानच् (आन)+स्य, इडागम, कृको गुण, षत्व, करिष्य आन, मुमागम=करिष्यमाण ।

शब्दार्थ-पछि गरिने, भविष्यमा गरिने (कर्म), पछि गर्दागर्दै

करी (ना./पुं.) करः शुण्डः अस्ति अस्य *(सुँड छ यसको)* कर+इनि (इन्), करिन्= करी ।

शब्दार्थ- हात्ती, हस्ती, गज ।

करुणः (ना./पुं.)/**करुणा** (ना./स्त्री.) करणमिति *(पोख्ने काम, पोख्नु, छचल्किनु)* कॄ विक्षेपे (तुदा.) धातु, कॄ+उनन्[४] (उन), उणा., गुण, णत्व= करुण ।

करोति मनः दयाभावयुक्तम् *(दयाले भरिएको मन बनाउँछ)* डुकृञ् करणे (तना.) धातु, कृ+उनन् (उन), गुण, णत्व= करुणः । करुण+टाप् (आ)= करुणा ।

शब्दार्थ- कोमल, करुण, दयाको भाव, कृपा, दया, साहित्यका नवरसमध्ये एक, अनुकम्पा, माया, विरह, वेदना, शोक स्थायी भएको करुणरस ।

उदा. अल्प हुन्छ दिन दीर्घ छ राति, तापराप र विलाप छ साथी
दुःख छन् कदम जीवन पानी, यी सबै करुणकै छ कहानी ।
-करुणरस, नवरस

करुणरसः (ना./पुं.) करुणाख्यश्चासौ रसश्च *(करुणनामक रस)* क.त.स., उ.प.लोप= करुणरस ।

शब्दार्थ- नवरसमध्ये एक, शोक स्थायीभाव भएको रस ।

करुणानिधानः (वि.) करुणायाः निधानः *(दयाका समुद्र)* ष.त.स.= करुणानिधान ।

शब्दार्थ- दयासागर, दयालु, मायालु, करुणानिधि ।

करुणानिधिः (वि./ना./पुं.) करुणायाः निधिः *(दयाका खानि)* ष.त.स.= करुणानिधि ।

शब्दार्थ- करुणानिधान, दयासागर, कृपाका भण्डार, दयाका भण्डार ।

करुणामयः (वि.) प्रकृता प्राचुर्येण प्रस्तुता करुणा *(ज्यादा मात्रामा गरिएको दयाभाव)* करुणा+मयट्[५] (मय) =करुणामय ।

शब्दार्थ- अत्यन्त दयालु, करुणानिधान, धेरै माया गर्ने ।

करुंणावतारः (ना./पुं.) करुणायाः अवतारः *(दयाका अवतार)* ष.त.स, दीर्घ= करुणावतार ।

शब्दार्थ- दयासागर, दयानिधान, कृपानिधि, करुणामूर्ति ।

---

१. वृषादिभ्यश्चित् : कल
२. कमेर्बुक्च (ग.पा.) : बुक्
३. लृटः सद्वा... : शतृ/शानच्
४. कृवृदारिभ्य उनन् : उनन्
५. तत्प्रकृतवचने... : मयट्

करुणासागरः (ना./पुं.) करुणायाः सागरः *(दयाका सागर)* ष.त.स.= करुणासागर ।

शब्दार्थ- दयासागर, करुणानिधि, अत्यन्त दयालु ।

करेणुः (ना./पुं.) के मस्तके रेणुः पांशुर्यस्य सः *(शिरमा धुलो छ जसको)* क+रेणु, ब.स.= करेणु ।

शब्दार्थ- हात्ती, हस्ती, गज, द्विप ।

कर्कटः (ना./पुं.) कृणातीति *(काट्छ, हिंसा गर्छ)* कृञ् हिंसायाम् (क्र्या.) धातु, कॄ+विच्, गुण, विच्को सर्वलोप, कर् । कटतीति *(ढाक्छ)* कटे वर्षावरणयोः (भ्वा.) धातु, कट्+अच् (पचादि), कटः । कर् चासौ कटश्च, क.त.स.= कर्कट ।

अथवा हिंसार्थक कक सौत्र धातु, कक्+अटन्[1] (अट), क्को र (पृषोदरादिबाट)= कर्कट ।

शब्दार्थ- कमलको जड, कर्कट राशि, बाह्र राशिमध्ये चौथो राशि, गँगटो ।

कर्कशः (वि.) कृणातीति *(हिंसा गर्छ वा निठुरी बन्छ)* कृञ् हिंसायाम् (क्र्या.) धातु, कॄ+विच्, गुण, विच्को सर्वलोप, कर् ।

कष्टे इति *(अनुशासन गर्छ)* कश गतिशासनयोः (अदा.) धातु, कश्+अच् (पचादि), कशः ।

कर् चासौ कशश्च *(करुणारहित)* क.त.स.= कर्कश ।

शब्दार्थ- कडा, रूखो, खस्रो, निष्ठुर, दयारहित, करुणाविहीन ।

कर्कशा (ना./स्त्री.) कर् चासौ कशश्च *(करुणारहित)* क.त.स., कर्कशः । कर्कशः अस्याः अस्तीति *(कचकचे स्वभाव छ यसको)* कर्कश+अच् (अर्शादि)+टाप् (आ)= कर्कशा ।

शब्दार्थ- कपटभाषिणी स्त्री, व्यभिचारिणी, रूखो स्वभावकी स्त्री, कचकचे आइमाई ।

कर्णः (ना./पुं.) कीर्यते छिप्यते शब्दः अस्मिन् *(शब्द यसमा गुञ्जन्छ)* कॄ विक्षेपे (तुदा.) धातु, कॄ+न[2] (उणा.), गुण, णत्व= कर्ण ।

अथवा कर्ण्यते आकर्ण्यते अनेन *(सुनिन्छ यसबाट)* कर्ण भेदने (चुरा.) धातु, कर्ण+घञ् (अ)= कर्ण ।

कर्णशब्दग्रहौ श्रोत्रं श्रुतिः स्त्री श्रवणं श्रवः- इत्यमरः

शब्दार्थ- कान, श्रोत्र, श्रवणेन्द्रिय, समकोण त्रिभुजरेखा, पतवार, महाभारतकालीन कुन्तीबाट जन्मेका सूर्यपुत्र कर्ण ।

कर्णकटुः (वि.) कर्णे कटुः *(कानमा नराम्रो लाग्ने)* स.त.स. = कर्णकटु ।

शब्दार्थ- श्रुतिकटु, सुन्दा कानमा राम्रो वा प्रिय नलाग्ने ।

कर्णकटुता (ना./स्त्री.) कर्णकटोर्भावः *(श्रुतिकटु हुनाको भाव वा अवस्था)* कर्णकटु+तल् (त)+टाप् (आ) =कर्णकटुता ।

शब्दार्थ- श्रुतिकटुता ।

कर्णगोचरः (वि.) कर्णाभ्यां गोचरः *(कानले सुनेको)* तृ.त.स= कर्णगोचर ।

शब्दार्थ- कानले सुनेको, कानले सुनेर थाहा भएको, सुनेर जानेको ।

कर्णधारः (ना./पुं./वि.) कर्णः श्रोत्रम् अरित्रञ्च धरतीति *(कान या पतवार धारण गर्छ)* धृञ् धारणे (भ्वा.) धातु, कर्ण+धृ+अण्[3] (अ), वृद्धि= कर्णधार ।

शब्दार्थ- पतवारले ख्याउने माझी, बोटे, सिपालु, निपुण ।

कर्णपरम्परा (ना./स्त्री.) कर्णयोः परम्परा *(श्रुतिपरम्परा)* ष.त.स.= कर्णपरम्परा ।

शब्दार्थ- सुनेर जान्दै आएका कुरा, श्रुतिपरम्परा ।

कर्णपरीक्षणम् (ना./न.) कर्णयोः परीक्षणम् *(कानको जाँच गर्ने क्रिया)* ष.त.स.= कर्णपरीक्षण ।

शब्दार्थ- कानको जाँच, कानको रोग पहिचान ।

कर्णभूषणम् (ना./न.) कर्णयोर्भूषणम् *(कानको अलङ्कार)* ष.त.स.= कर्णभूषण ।

शब्दार्थ- कानमा लगाउने आभूषण, कर्णाभरण, कानको अलङ्कार वा गहना ।

कर्णमलम् (ना./न.) कर्णयोर्मलम् *(कानको मयल)* ष.त.स.= कर्णमल ।

शब्दार्थ- कानेगुजी, कर्णमयल ।

कर्णमूलम् (ना./न.) कर्णयोर्मूलम् *(कानको फेद)* ष.त.स. = कर्णमूल ।

शब्दार्थ- कानको भेद, कानको जरा ।

कर्णरोगः (ना./पुं.) कर्णयोर्रोगः *(कानको रोग)* ष.त.स. =कर्णरोग ।

शब्दार्थ- कानको रोग, कान दुख्ने व्यथा, कानसम्वन्धी रोग

कर्णवेधः (ना./पुं.) कर्णयोर्वेधः *(कान छेड्ने क्रिया)* ष.त.स.= कर्णवेध ।

शब्दार्थ- संस्कारपूर्वक शिशुको कान छेड्ने कार्य, कर्णवेधन ।

कर्णविवरम् (ना./न.) कर्णयोर्विवरम् *(कानको छिद्र)* ष.त.स.= कर्णविवर ।

शब्दार्थ- कानको छिद्र, कानको प्वाल ।

कर्णशूलः (ना./पुं.) कर्णस्य कर्णयोर्वा शूलः *(एउटा वा दुवै कानको दुःखाइ)* ष.त.स.= कर्णशूल ।

शब्दार्थ- कानको पीडा, कानको दर्द, कान दुख्ने क्रिया ।

कर्णिका (ना./स्त्री.) कर्णयोर्भवः *(कानमा हुने)* कर्ण+ कन्[4] (क)+टाप् (आ),ककारपूर्वका अकारको इत्व=कर्णिका ।

कर्णिका करिहस्ताग्रे करमध्यङ्गुलावपि- इति मेदिनी

शब्दार्थ- चित्रकारको कुची, कमलको गट्टा, कर्णभूषण, कानको अलङ्कार, हात्तीको सुँढ, हातको माँझी-औंलो ।

---

[1] शाकादिभ्योऽटन् : अटन्

[2] कृवृजॄ...: न

[3] कर्मण्यण् : अण्

[4] कर्णललाटात्कनलङ्कारे : कन्

कर्णिकारः (ना./पुं.) कर्णिकामियर्तीति *(गट्टा वा फूल पैदा गर्छ)* कर्णिका उपपदपूर्वक ऋ गतौ (जुहो.) धातु, कर्णिका+ऋ+अण्[१] (अ), वृद्धि= कर्णिकार ।

शब्दार्थ- कमलको गट्टा, कर्णिकारको फूल, चाँपको फूल, वनचम्पा, कनकचम्पा ।

कर्णेजपः (वि.) कर्णे जपतीति *(कानमा गुनगुनाउँछ)* कर्णे उपपदमा हुने जप व्यक्तायां वाचि (भ्वा.) धातु, कर्णे +जप्+अच् (पचादि), सप्तम्यन्त कर्णेको अलुक्[२] =कर्णेजप ।

शब्दार्थ- कानमा खुसुक्क कुरा सुनाउने, अरूको कुरा लगाउने, कानमा गुनगुनाउने, छुल्याहा ।

कर्ण्यः (वि.) कर्णे भवः *(कानमा हुने वा भएको)* कर्ण+ यत्[३] (य)= कर्ण्य ।

शब्दार्थ- कानमा हुने वा भएको, कानसम्वन्धी ।

कर्तव्यः (वि.) क्रियते अनेन *(गरिन्छ यसबाट)* वा कर्तुं योग्यः *(गर्न लायक)* डुकृञ् करणे (तना.) धातु, कृ+ तव्यत्, गुण= कर्तव्य ।

शब्दार्थ- गर्न योग्य, गर्न लायक, गर्नुपर्ने, करणीय ।

कर्तव्यपरायणः (वि.) कर्तव्ये परायणः *(काममा लागिपर्ने)* स.त.स.= कर्तव्यपरायण ।

शब्दार्थ- काममा लागिपर्ने, काममा तल्लीन हुने, कर्मठ ।

कर्तव्यपालना (ना./स्त्री.) कर्तव्यस्य पालना *(कर्तव्यको परिपालना)* ष.त.स.= कर्तव्यपालना ।

शब्दार्थ- कर्तव्य पालना गर्ने काम, आफ्नो कर्तव्य पूरा गर्न तत्पर रहने कार्य ।

कर्तव्यविमूढः (वि.) कर्तव्ये विमूढः *(काममा अग्रसर नहुने)* स.त.स.= कर्तव्यविमूढ ।

शब्दार्थ- कर्तव्य कर्म नगर्ने, काममा अल्छी ।

कर्ता (वि./ना./पुं.) करोतीति *(गर्छ)* डुकृञ् करणे (तना.) धातु, कृ+तृच्[४] (तृ), गुण, कर्तृ= कर्ता । अथवा करोति तच्छीलः *(कर्ममा निपुण)* कृ+तृन्[४] (तृ), गुण, कर्तृ= कर्ता ।

शब्दार्थ- गर्ने, गर्न सिपालु, निर्माता, रचयिता, परव्रह्म, ब्रह्मा, विष्णु, महेश्वर, प्रथमाकारक ।

***द्रष्टव्य-* विश्वस्य कर्ता भुवनस्य गोप्ता- उपनिषद्**

कर्त्री (ना./स्त्री.) करोति असौ *(गर्दछे यो)* डुकृञ् करणे (तना.) धातु/ कृन्ततीति *(काट्तछ)* कृती छेदने (तुदा.) धातु, कृ/कृत्+तृच्[४]/तृन् (तृ), गुण, कर्तृ/ कर्त्तृ+ङीप् (ई), यण्= कर्त्री ।

शब्दार्थ-कुनै कार्य गर्ने स्त्री, काम गर्न सिपालु स्त्री, छुरी,

कर्तृत्वम् (ना./न.) कर्तुर्भावः *(कर्ताको भाव वा अवस्था)* कर्तृ+त्व= कर्तृत्व ।

शब्दार्थ- काम गर्ने भाव वा अवस्था, काम गर्ने क्षमता ।

कर्तृवाचकः (वि.) वक्तीति *(भन्दछ)* वच परिभाषणे (अदा.) धातु, वच्+ण्वुल् (अक), वाचकः ।

कर्तुर्वाचकः *(कर्ताको बोधक)* ष.त.स.= कर्तृवाचक ।

शब्दार्थ- कर्ताको वाचक, कर्तालाई बुझाउने (वाक्य), कर्ताको बोध गराउने (वाक्य) ।

कर्तृवाच्यः (वि./ना./न.) उच्यते इति *(भनिन्छ)* वच परिभाषणे (अदा.) धातु, वच्+ण्यत् (य), वृद्धि, वाच्यः ।

कर्तुर्वाच्यः *(कर्तृवाच्य)* ष.त.स.= कर्तृवाच्य ।

अथवा कर्तृप्रधानश्चासौ वाच्यश्च *(कर्ताप्रमुख हुने वाच्य)* क.त.स., उ.प.लोप= कर्तृवाच्य ।

शब्दार्थ- कर्ता मुख्य हुने (वाच्य), कर्तृप्रधान वाच्य ।

कर्तनः (वि.) कृन्ततीति *(काट्छ वा छेदन गर्छ)* कृती छेदने (तुदा.) धातु, कृन्त्+ल्यु[५] (अन), गुण= कर्तन ।

शब्दार्थ- काट्ने, खौरने, छेदन गर्ने ।

कर्म (ना./न.) क्रियते इति *(गरिन्छ)* डुकृञ् करणे (तना.) धातु, कृ+मनिन्[६] (मन्), गुण= कर्म ।

शब्दार्थ- कार्य, धार्मिक अनुष्ठान, कृत्यकर्म, प्रारब्धकर्म, कर्मकारक, षोडशसंस्कार आदि कर्म ।

कर्मकरः (वि.) कर्म करोतीति *(कर्म गर्छ)* डुकृञ् करणे (तना.) धातु, कर्म+कृ+ट[७] (अ), गुण= कर्मकर ।

शब्दार्थ- ज्यालादारी काम गर्ने, कर्मचारी, सेवक ।

कर्मकाण्डम् (ना./न.) कर्मणः काण्डम् *(कर्मसम्बन्धी विधिविधान)* ष.त.स.= कर्मकाण्ड ।

शब्दार्थ- कर्म अनुष्ठानको विधिविधान, षोडशसंस्कार आदि कर्मविधानसम्वन्धी शास्त्र, यज्ञयज्ञादि कर्म, वेदको एउटा विभाग, जो यज्ञीय अनुष्ठान विधिसित सम्वन्धित छ ।

कर्मकाण्डी (वि.) कर्मकाण्डमस्यास्तीति *(कर्मकाण्ड गर्ने व्यवसाय छ यसको)* कर्मकाण्ड+इनि (इन्), कर्मकाण्डिन् = कर्मकाण्डी ।

शब्दार्थ- कर्मकाण्ड गरेर जीवनयापन गर्ने, कर्मकाण्डसम्वन्धी पेसा अपनाउने ।

कर्मकारः (वि.) कर्म करोतीति *(कर्म गर्छ)* डुकृञ् करणे (तना.) धातु, कर्म+कृ+अण्[८] (अ), वृद्धि= कर्मकार ।

शब्दार्थ- कुनै व्यवसाय गर्ने, शिल्पकार, कालिगड ।

कर्मकुशलः (वि.) कर्मणि कुशलः *(काममा निपुण)* स.त.स.= कर्मकुशल ।

शब्दार्थ- काम गर्न दक्ष, कर्म गर्न सिपालु, काम गर्न प्रवीण ।

कर्मकृत् (वि.) कर्म करोतीति *(कर्म गर्छ)* डुकृञ् करणे (तना.) धातु, कर्म+कृ+क्विप्[९], तुक्, क्विप्को सर्वलोप =कर्मकृत् ।

शब्दार्थ- काम गर्ने, अनुष्ठान गर्ने, कर्मपरायण ।

---

१. कर्मण्यण् : अण्

२. तत्पुरुषे कृति... : सप्तमीको अलुक्

३. शरीरावयवाद्यत् : यत्

४. ण्वुल्तृचौ : तृच्/तृन् : तृन्

५. नन्दिग्रहि... : ल्यु

६. सर्वधातुभ्यो मनिन् : मनिन्

७. कृञो हेतुताच्छील्य ... : ट

८. कर्मण्यण् : अण्

९. सुकर्मपापमन्त्र... : क्विप्

कर्मचारी (वि.) कर्मणा चरतीति *(कर्मद्वारा जीवन यापन गर्छ)* कर्मपूर्वक चर गतिभक्षणयोः (भ्वा.) धातु, कर्म+चर्+णिनि (इन्), वृद्धि, कर्मचारिन्= कर्मचारी ।
शब्दार्थ- काम गर्ने, कर्मद्वारा जीवन यापन गर्ने, कुनै संघसंस्था वा सरकारी कार्यालयमा काम गर्ने, कामदार ।

कर्मठः (वि.) कर्मणि घटते चेष्टते इति *(कर्ममा संलग्न हुन्छ)* कर्मन्+अठच्[1] (अठ), नलोप= कर्मठ ।
शब्दार्थ- काममा दत्तचित्त भएर लाग्ने, क्रियाशील, कार्यकुशल, काम गर्न सक्ने, कर्मिष्ठ ।

कर्मण्यः (वि.) कर्मसु साधुः *(कर्ममा निपुण)* कर्मन्+यत्[2] (य), नलोपाभाव, णत्व= कर्मण्य ।
शब्दार्थ- कर्मनिष्ठ, क्रियाशील, कर्मकुशल ।

कर्मण्यता (ना./स्त्री.) कर्मण्यस्य भावः *(क्रियाशील रहनाको भाव वा अवस्था)* कर्मण्य+तल् (त)+टाप् (आ)= कर्मण्यता ।
शब्दार्थ- काममा संलग्नता, काममा अग्रसरता, कार्य तत्परता, कर्मनिष्ठता ।

कर्मनिष्ठः (वि.) कर्मणि निष्ठा यस्य *(काममा निष्ठा या ध्यान छ यसको)* ब.स., निष्ठाको ह्रस्व= कर्मनिष्ठ ।
शब्दार्थ- काम गर्न समर्पित, कर्मठ, धार्मिक कार्य गर्नमा संलग्न, धार्मिक अनुष्ठान गर्ने ।

कर्मपात्रम् (ना./न.) कर्मणः पात्रम् *(कर्म अनुष्ठानको भाँडो)* ष.त.स.= कर्मपात्र ।
शब्दार्थ- धार्मिक कार्य गर्दा प्रयोग गरिने पात्र, धार्मिक कार्यका लागि तिल, जौ, कुश, पानी आदि कुरा मिलाएर राखिने भाँडो, तिलानी राख्ने भाँडो ।

कर्मफलम् (ना./न.) कर्मणः फलम् *(शुभाशुभ कर्मको फल)* ष.त.स.= कर्मफल ।
शब्दार्थ- जन्मजन्मातरका शुभ तथा अशुभ कर्मको फल वा परिणाम, धार्मिक अनुष्ठानको प्रतिफल ।

कर्मबन्धनम् (ना./न.) कर्मणः बन्धनम् *(कर्मको बन्धन)* ष.त.स.= कर्मबन्धन ।
शब्दार्थ- आफूले गरेका शुभ तथा अशुभ कर्मको वन्धन, जन्ममरणरूप वन्धन ।

कर्मभूमिः (ना./स्त्री.) कर्मणे कर्मकरणाय भूमि स्थानम् *(कर्म गर्नको लागि उपयुक्त स्थान)* च.त.स. ।
शब्दार्थ- धार्मिक अनुष्ठानका लागि उपयुक्त स्थान, यज्ञ वा तप वा दानादि कर्म गर्नको लागि उपयुक्त हुने पवित्र भूमि, पुण्यभूमि, आर्यावर्त ।

कर्ममार्गः (ना./पुं.) कर्मणः मार्गः *(कर्मयोगको बाटो)* ष.त.स.= कर्ममार्ग ।
शब्दार्थ- वेदोक्त कर्म अनुष्ठानद्वारा ईश्वरको सामीप्यमा पुग्ने बाटो, कर्मयोग, यज्ञ जप तप आदि धार्मिक अनुष्ठानको बाटो ।

कर्मयोगः (ना./पुं.) कर्मसु योगः *(कर्ममा संलग्न रहने योग)* स.त.स., अथवा कर्म एव योगः *(कर्मरूप योग)* म.व्य.स.= कर्मयोग ।
शब्दार्थ- कर्ममार्ग, यज्ञ जप तप आदि धार्मिक अनुष्ठानको सम्पादन, चित्तशुद्धिका लागि गरिने अनुष्ठान, फलप्राप्तिको चाहना नराखी गरिने निष्काम कर्म ।

कर्मयोगी (वि.) कर्मयोगः अस्य अस्तीति *(कर्मयोगको बाटो छ यसको)* कर्मयोग+इनि[3] (इन्), कर्मयोगिन् =कर्मयोगी ।
शब्दार्थ- कर्मयोगमा लाग्ने, कर्मयोगमा आस्था राख्ने, कर्तव्यपथमा दृढ रहने, कर्मयोगले प्रतिपादन गरेको बाटो अवलम्वन गर्ने ।

कर्मरेखा (ना./स्त्री.) कर्मणः भाग्यस्य रेखा *(भाग्यको रेखा)* ष.त.स.= कर्मरेखा ।
शब्दार्थ- शरीरको हात पाउ आदि अङ्गमा रहेका शुभ वा अशुभ रेखा चिन्ह, हस्तरेखा, भाग्यरेखा ।

कर्मवशः (ना./पुं.) कर्मणः वशः अधीनः *(कर्मको अधीन)* ष.त.स.= कर्मवश ।
शब्दार्थ- कर्मको वशमा रहने काम, कर्मको अधीन ।

कर्मवाच्यम् (ना./न.) उच्यते इति *(भनिन्छ)* वच परिभाषणे (अदा.) धातु, वच्+ण्यत्[4] (य), वृद्धि, वाच्यम् । कर्मप्रधानञ्च तद् वाच्यम् *(कर्म मुख्य हुने वाच्य)* क.त.स., उ.प.लोप= कर्मवाच्य ।
शब्दार्थ- कर्म प्रमुख हुने वाच्य, कर्म मुख्य भई कर्मकै अधीनमा क्रियापद प्रयोग हुने वाच्य ।

कर्मवीरः (वि.) कमणि वीरः *(कर्ममा वीर या साहसी)* स.त.स.= कर्मवीर ।
शब्दार्थ- कर्तव्यमार्गमा उद्यत, कर्मपथमा निरन्तर लागि रहने, आँटिलो काम गर्ने, साहसी, कर्मठ ।

कर्मशीलः (वि.) कर्मणि शीलं यस्य *(कर्ममा शील छ जसको)* ब.स.= कर्मशील ।
शब्दार्थ- कर्मकुशल, काममा संलग्न रहने, कर्मवीर, कर्मिष्ठ, उद्यमी, परिश्रमी, काममा तल्लीन भएर लाग्ने ।

कर्मसाक्षी (वि./ना./पुं.) कर्मणः साक्षी *(कर्मको साक्षी)* ष.त.स.= कर्मसाक्षी ।
शब्दार्थ- प्राणीहरूका शुभ-अशुभ कर्मको साक्षी वनेर देख्नेवाला, प्रत्यक्षदर्शी, जगत्का नेत्ररूप सूर्य, परव्रह्म-परमेश्वर ।

कर्मसङ्गी (वि.) कर्मणि सङ्गः *(कर्ममा आसक्त)* स.त.स., कर्मसङ्गः । कर्मसङ्गः अस्यास्तीति *(कर्ममा आसक्ति छ यसको)* कर्मसङ्ग+इनि[3] (इन्), कर्मसङ्गिन्= कर्मसङ्गी ।
शब्दार्थ- कर्ममा आसक्त हुने, कर्ममा लागि पर्ने ।

---

[1] कर्मणि घटोऽठच् : अठच्

[2] तत्र साधुः : यत्

[3] अत इनिठनौ : इनि

[4] ऋहलोर्ण्यत् : ण्यत्

कर्मसिद्धिः (ना./स्त्री.) कर्मणः सिद्धिः ***(कर्मको सिद्धि या सफलता)*** ष.त.स.= कर्मसिद्धि ।

शब्दार्थ- कर्ममा सफलता, कुनै कामको साफल्य, कार्यसिद्धि ।

कर्मस्थानम् (ना./न.) कर्मणे कर्मणः वा स्थानम् ***(काम गर्नको लागि स्थान वा कर्मको स्थान)*** च.त.स./ष.त.स.= कर्मस्थान ।

शब्दार्थ- काम गर्नको लागि उपयुक्त स्थान, कार्यालय, ज्योतिषशास्त्रअनुसार जन्मकुण्डलीमा लग्नबाट दसौं स्थान, कर्मस्थान ।

कर्मिष्ठः (वि.) कर्म अस्यास्तीति ***(कर्म या काम छ यसको)*** कर्म+इनि[1] (इन्), कर्मिन्, कर्मी । अयमेषामतिशयेन कर्मी ***(यो यिनीहरूमध्ये ज्यादै क्रियाशील)*** कर्मिन् +इष्ठन्[2] (इष्ठ), कर्मिन्का इकार तथा नकारको लोप =कर्मिष्ठ ।

शब्दार्थ- कर्मनिष्ठ, कर्ममा प्रवीण, कर्मकुशल, कर्मठ, कर्मकाण्डी ।

कर्मी (वि.) कर्म अस्यास्तीति ***(कर्म या काम छ यसको)*** कर्म+इनि[1] (इन्), कर्मिन्, कर्मी ।

शब्दार्थ- काममा निपुण, क्रियाशील, कार्यकुशल, काममा तत्पर रहने, कालीगड, डकर्मी ।

कर्मेन्द्रियम् (ना./न.) कर्मणां साधकम्, कर्मसाधकञ्च तदिन्द्रियञ्च ***(कर्मसाधक इन्द्रिय)*** क.त.स., उ.प. लोप, कर्म+इन्द्रिय, गुण= कर्मेन्द्रिय ।

द्रष्टव्य : **वाक्पाणिपादं गुदमप्युपस्थः**
कर्मेन्द्रियाणि प्रवणेन कर्मसु - वि.चू. ९४

शब्दार्थ- वाहिरी कर्ममा संलग्न रहने पाँच इन्द्रियहरू-(मुख, हात, पाउ, गुदद्वार र मूत्रेन्द्रिय), कर्म साधन गर्ने इन्द्रियहरू ।

कर्षः (ना./पुं.) कर्षतीति ***(खिच्तछ)*** वा कृष्यते इति (खिचिन्छ) कृष विलेखने (भ्वा./तुदा.) धातु कृष्+घञ् (अ)/अच् (पचादि), गुण=कर्ष ।

कर्षो ना कर्षणे मानप्रभेदे पुन्नपुंसकम्- इति मेदिनी

शब्दार्थ- खिच्ने वा तान्ने काम, आकर्षण, खन्ने वा जोत्ने काम, सोह्र मासाको तौल, कामदेव ।

कर्षकः (वि./ना./पुं.) कर्षति, कृषतीति वा ***(खिच्छ वा तान्छ)*** कृष विलेखने (भ्वा./तुदा.) धातु, कृष्+ण्वुल्[3] (अक), गुण= कर्षक ।

शब्दार्थ- खिच्ने, तान्ने, खन्ने वा जोत्ने व्यक्ति, कृषक, किसान ।

कर्षणम् (ना./न.) कर्षणम्, कृष्यते इति वा ***(खिचिन्छ वा तानिन्छ)*** कृष विलेखने (भ्वा./तुदा.)धातु, कृष्+ल्युट् (अन), गुण, णत्व= कर्षण ।

शब्दार्थ- खन्ने वा जोत्ने काम, तान्ने काम, खिच्ने काम, खनजोत, चुम्बक ।

कर्षितः (वि.) कर्ष्यते स्म इति ***(खिचिएको)*** कृष विलेखने (भ्वा./तुदा.) धातु, कृष्+णिचि, गुण, कर्षि+क्त (त), इडागम, णिलोप= कर्षित ।

अथवा कर्षः सञ्जातः अस्य ***(खिच्ने काम सम्पन्न भएको छ यसको)*** कर्ष+इतच् (इत)= कर्षित ।

शब्दार्थ- खिचिएको, तानिएको, आकर्षित भएको, खनजोत गरिएको, पीडित, दलित ।

कलः (ना./पुं./वि.) कलते कलयतीति वा ***(शब्द गर्छ)*** कल शब्दसंख्यानयोः (भ्वा.) वा कल गतौ संख्याने च (चुरा.) धातु, कल्+अच् (पचाद्य)= कल ।

अथवा कलनम्, कल्यते इति ***(गणना गरिन्छ)*** कल्+घञ् (अ), वृद्धिको अभाव= कल ।

अथवा कडति माद्यते अनेन ***(लट्ठ पार्छ यसले)*** कड मदे (भ्वा.) धातु, कड्+घञ् (अ), वृद्धि, ड र लको अभेद हुनाले डको ल= कल ।

कलं शुक्रे त्रिष्वजीर्णे चाव्यक्तमधुरध्वनौ- इति मेदिनी
ध्वनौ तु मधुरास्फुटे कलः - इत्यमरः

शब्दार्थ- मीठो ध्वनि वा स्वर, श्रुतिसुखकर मधुरध्वनि, कोमल ध्वनि, मीठो कलरव, मधुर अस्पष्टध्वनि, सन्तुष्टि, मानसिक शान्ति, आकाङ्क्षा, उन्मादक मीठो स्वर, कलह, झगडा, शुक्र, अजीर्ण (नपच्ने रोग) ।

कलकण्ठः (ना./पुं.) कलप्रधानः कण्ठः यस्य ***(मधुर ध्वनि मुख्य हुने कण्ठ छ जसको)*** ब.स., उ.प.लोप =कलकण्ठ ।

शब्दार्थ- मधुर तथा मीठो आवाज, कोइली, पिक ।

कलकलः (ना./पुं.) कलादपि कलः ***(मधुरभन्दा पनि अझ मधुर अस्पष्टध्वनि)*** प.त.स.= कलकल ।

अथवा कलः ध्वनिः ***(कलकल गर्ने ध्वनि)*** सह सुपा समास, कल शब्दको द्वित्व= कलकल ।

शब्दार्थ- पानी वग्दा आउने अस्पष्ट मधुरध्वनि, पन्छीको मधुर आवाज, जनसमुदायको कोलाहल ।

कलङ्कः (ना./पुं.) कलते कलयतीति वा ***(शब्द गर्छ)*** कल शब्दसंख्यानयोः (भ्वा.) धातु, कल्+क्विप्, सर्वलोप, कल् । अङ्कते इति ***(चिन्हित हुन्छ)*** अकि लक्षणे (भ्वा.) धातु, नुम्, अङ्क्+घञ् (अ), अङ्कः । कल् चासौ अङ्कश्च ***(कलङ्क लाग्ने काम)*** क.त.स.= कलङ्क ।

अथवा कं ब्रह्माणमपि लङ्कयति सूचयति ***(ब्रह्मा समक्ष पुऱ्याउँछ)*** लकि गतौ धातु, नुम्, क+लङ्क्+अण् (अ)=कलङ्क ।

कलङ्कोऽङ्केऽपवादे च कालायसमलेऽपि च- इति मेदिनी

शब्दार्थ- कालो दाग, चिन्ह, अपवाद, नराम्रो कामबाट लाग्ने दोष, कसूर, अपजस, अपकीर्ति, अपयश, लाञ्छना, बदनामी, चन्द्रमामा देखिने कालो टाटो, फलामको किट, कसर ।

---

[1] अत इनिठनौ : इनि

[2] अतिशायने तमबिष्ठनौ : इष्ठन्

[3] ण्वुल्तृचौ : ण्वुल्

कलङ्कितः (वि.) कलङ्कः सञ्जा!तः अस्य *(कलङ्क पैदा भएको छ यसको)*कलङ्क+इतच्[१](इत), अकारलोप=कलङ्कित ।

शब्दार्थ- दाग लागेको, खोटो, दागी, कलङ्क लागेको, दोषी, लाञ्छना लागेको ।

कलङ्की (वि.) कलङ्कः अस्य अस्तीति *(दाग छ यसको)* कलङ्क+इनि[२] (इन्), अकारलोप, कलङ्किन्= कलङ्की ।

शब्दार्थ- दाग लागेको, खोट देखिएको, दागी, खोटी, कलङ्क लागेको, लाञ्छना लागेको, कलङ्कित ।

कलत्रम् (ना./न.) गडति, गडचते इति *(किल्ला गाड्नु, सेचन गर्नु)* गड सेचने (भ्वा.) धातु, गड्+अत्रन्[३] (अत्र) उणा. धातुका आदिको क, कड् अत्र, ड र लको अभेद हुँदा कल् अत्र= कलत्र ।

अथवा कलं कामं पतिं वा त्रायते असौ *(कामना वा पतिको रक्षा गर्छे यो)* कल उपपदपूर्वक त्रैङ् पालने (भ्वा.) धातु, आत्व, कल+त्रा+क[४] (अ), आलोप =कलत्र ।

अथवा केन मधुरवचनेन त्रायते सन्तोषयति असौ *(मधुर बोलीले परिपालना वा खुसी प्रदान गर्छे यो)* कल+त्रा+क[४] (अ), आलोप= कलत्र ।

दुर्गस्थाने नृपादिनां कलत्रं श्रोणिभार्ययोः - इति मेदिनी

शब्दार्थ- किल्ला, राज्यको सीमा, दुर्ग, पत्नी, जाया, श्रीमती, भार्या, नितम्व, श्रोणि ।

उदा. विरक्त बन्छु व्यवहार लिन्न कलत्र पुत्रादि कुनै म छुन्न- लालित्य (धनमहिमा १२)

कलत्रवान् (वि.) कलत्रं पत्नी सा अस्यास्तीति *(पत्नी छ जसको)* कलत्र+मतुप्[५] (मत्), मको व, कलत्रवत् =कलत्रवान् ।

शब्दार्थ- पत्नी भएको, पत्नीयुक्त, श्रीमतीसहित ।

कलध्वनिः/कलरवः (ना./पुं.) कलः मधुराष्फुटः ध्वनिः रवः यत्र *(मधुर तथा अस्पष्टध्वनि वा शब्द छ जहाँ)*ब.स. =कलध्वनि/कलरव । अथवा कलश्चासौ ध्वनिर्रवश्च **(मधुर ध्वनि वा शब्द)** क.त.स.= कलध्वनि/कलरव ।

शब्दार्थ- मधुरध्वनि, मीठो अस्पष्ट आवाज, चराहरूको आवाज, कलरव, खलबल, मयूर, परेवा, कपोत ।

कलशः/कलसः (ना./त्रि.) कलं श्यतीति *(ध्वनि सूक्ष्म पार्छ)* कल उपपदपूर्वक शो तनूकरणे (दिवा.) धातु, आत्व, कल+ शा+क[४] (अ), आकारलोप= कलश ।

अथवा कलं मधुराव्यक्तशब्दं शवति प्राप्नोति *(मधुर तथा अव्यक्त शब्द गर्छ (पानी भर्ने समयमा)* शु गतौ (सौत्र.) धातु, कल+शु+ड[६] (अ), टिलोप =कलश ।

केन जलेन लसति *(पानीले पूर्ण रहन्छ)* क उपपदपूर्वक लस श्लेषणक्रीडनयोः (भ्वा.) धातु, क+लस्+अच् (पचादि), कलस ।

वर्ण विपर्यय-प्रक्रियाबाट सको श= कलश ।

वर्ण विपर्ययको अभावमा= कलस ।

कलसस्तु त्रिषु- इत्यमरः

शब्दार्थ- घडा, जलपात्र, करुवा, गाग्रो, घैंटो, पूजाआजा गर्दा स्थापना गरिने जलपूर्ण घडा, मधुर अव्यक्तशब्द

कलहंसः (ना./पुं.) कलेन मधुराव्यक्तशब्देन युक्तः, कलयुक्तश्चासौ हंसश्च *(मीठो तथा अव्यक्त शब्द बोल्ने हाँस)* क.त.स., उ.प.लोप= कलहंस ।

शब्दार्थ- मीठो तथा अव्यक्त बोली बोल्ने हाँस, रजहाँस, राजहंस ।

कलहः (ना./पुं.) कलः श्रुतिसुखः मधुरः शान्तश्च ध्वनिः, तस्य हनननमिति *(मधुर एवं शान्त ध्वनिको विनाश गर्नु)* कल उपपदपूर्वक हन हिंसागत्योः (अदा.) धातु, कल+हन्+ड[६] (अ), टिलोप= कलह ।

शब्दार्थ- झैझगडा, युद्ध, अशान्ति, सङ्ग्राम, लडाइँ, लडभीड, मारपीट, भनाभन ।

कलहप्रियः (वि./ना./पुं.) कलहः प्रियः यस्य सः *(कलह छ प्यारो जसको)* ब.स.= कलहप्रिय ।

शब्दार्थ- झगडा प्यारो ठान्ने, झगडालु स्वभाव भएको, झैझगडा मन पराउने, नारदमुनि ।

कला (ना./स्त्री.) कलयति कल्यते इति *(गणना गर्छ, गरिन्छ)* कल गतौ संख्याने च (चुरा.) धातु, कल्+अच् (पचादि)/घ[७] (अ)+टाप् (आ)= कला ।

शब्दार्थ- कुनै वस्तुको सानो अंश वा खण्ड, टुक्रा, चन्द्रमाको सोह्र अंश वा रेखामध्ये एक अंश वा रेखा, व्यवहारमा उपयोगी हुने प्रयोगात्मक ज्ञान, चौसट्ठी कलासम्वन्धी विद्या- जसमा नृत्य, वाद्यवादन, सङ्गीत, चित्रकला, वास्तुकला, मूर्तिकला, शिल्पकला, सजाउने, खाना पकाउने आदि सबै शिल्पशास्त्र पर्दछ ।

कलाकारः (वि.) कलां करोतीति *(कला जान्दछ वा निर्माण गर्छ वा रच्तछ)* कला उपपदपूर्वक डुकृञ् करणे (तना.) धातु, कला+कृ+अण्[८] (अ), वृद्धि =कलाकार ।

शब्दार्थ- कला जान्ने, निर्माण गर्ने, रचना गर्ने, कलात्मक सीप वा दक्षता भएको (व्यक्ति), संगीतकार, चित्रकार, साहित्यकार आदि कलात्मक काम गर्ने (व्यक्ति) ।

कलाकारिता (ना./स्त्री.) कलाकारिणः भावः इति *(कलाकार हुनुको भाव वा अवस्था)* कलाकारिन्+तल् (त)+टाप् (आ), नलोप= कलाकारिता ।

शब्दार्थ- कलात्मक वस्तु बनाउने वा रचना गर्ने काम, कलात्मक वस्तु सजाउने क्रिया ।

---

[१] तदस्य सञ्जातम्...: इतच्

[२] अत इनिठनौ : इनि

[३] गडेरादेश्च कः : अत्रन्

[४] आतोऽनुपसर्गे... : क

[५] तदस्यास्त्यस्मिन्... : मतुप्

[६] अन्येष्वपि दृश्यते : ड

[७] पुंसि संज्ञायां घः.. : घ

[८] कर्मण्यण् : अण्

कलाकारी (वि.) कलां कर्तुशीलमस्य *(कला निर्माण गर्ने सीप छ यसको)* कला उपपदपूर्वक डुकृञ् करणे (तना.) धातु, कला+कृ+णिनि[1] (इन्), वृद्धि, कलाकारिन्= कलाकारी ।

शब्दार्थ- कलात्मक सीप वा दक्षता भएको, कलात्मक काम गर्ने- (सङ्गीतकार, चित्रकार, साहित्यकार आदि) ।

कलाकुशलः (वि.) कलासु कुशलः *(कलामा निपुण)* स.त.स. = कलाकुशल ।

शब्दार्थ- कला जान्ने, कला विशेषज्ञ, कलाकारितामा सिपालु ।

कलाकृतिः (ना./स्त्री.) क्रियते इति *(रचना गरिन्छ)* डुकृञ् करणे (तना.) धातु, कृ+क्तिन् (ति), कृतिः । कलायाः कृतिः (कलाको रचना) ष.त.स.= कलाकृति ।

शब्दार्थ- कलाको संरचना, कलाकारद्वारा निर्मित रचना- चित्रकला, मूर्तिकला, साहित्य संरचना आदि ।

कलाकौशलम् (ना./न.) कुशलस्य भावः कर्म वा *(कुशल हुनाको भाव वा कर्म)* कुशल+अण् (अ), आदिवृद्धि, कौशलम् । कलायां कौशलम् *(कलामा कुशलता)* स.त.स.= कलाकौशल ।

शब्दार्थ- कलामा निपुणता, शिल्पकारिता, कलाक्षेत्रमा हासिल गरेको दक्षता, कालिगडी ।

कलाक्षयः (ना./पुं.) क्षीयते इति *(क्षीण हुनु)* क्षि क्षये (भ्वा.) धातु, क्षि+अच् (एरच्), गुण, अयादेश, क्षयः । कलायाः क्षयः (**कलाको क्षय वा विनाश**) ष.त.स. =कलाक्षय ।

शब्दार्थ- चन्द्रकलाको ह्रास, चन्द्रमाको कलाको क्षय हुने क्रिया, कलाकौशलको विनाश हुने क्रिया ।

कलानाथः (ना./पुं.) कलायाः नाथः *(कलाका स्वामी)* ष.त.स.= कलानाथ ।

शब्दार्थ- कलाका निधि चन्द्रमा, कलाधिपति चन्द्र ।

उदा. **पोखी ज्योत्स्ना कलकल कलानाथले शुभ्र बन्दो- भृ.ख.का. ६/९**

कलानिधिः (ना./पुं.) निधीयन्ते अत्र *(धारण गरिन्छ यहाँ)* निपूर्वक डुधाञ् धारणपोषणयोः (जुहो.) धातु, नि+धा +कि[2] (इ), आकारलोप, निधिः ।

कलायाः षोडशकलायाः निधिः *(सोह्रकलाका स्वामी)* ष.त.स.= कलानिधि ।

शब्दार्थ-सोह्रै कलाका अधिपति वा स्वामी, चन्द्रमा, इन्दु,

कलापः (ना./पुं.) कलामाप्नोति,. कला आप्यते अनेन *(कला व्याप्त हुन्छ वा कला फैलिन्छ यसबाट)* कला उपपदपूर्वक आप्लृ व्याप्तौ (स्वा.) धातु, कला+ आप्+अण्/घञ् (अ), दीर्घ= कलाप ।

शब्दार्थ- समुदाय, रास, थुप्रो, मुठो, समूह, चार श्लोकसम्म एउटै क्रियापदमा अन्वय भएको पद्यरचना, मयूरको पुच्छर, वाण, चन्द्रमा, धनु ।

कलापूर्णः (ना./पुं.) कलाभिः षोडशकलाभिः पूर्णः *(सोह्र कलाले परिपूर्ण)* तृ.त.स.= कलापूर्ण ।

शब्दार्थ- चन्द्रमा, इन्दु, चन्द्र ।

कलावती (ना./स्त्री.) कला अस्ति अस्याम् *(कलासम्बन्धी सीप छ यस स्त्रीमा)* कला+मतुप्[3] (मत्), मको व, कलावत्+ङीप् (ई)= कलावती ।

शब्दार्थ-कला जान्ने स्त्री, कला क्षेत्रमा दक्षता भएकी स्त्री

कलिः (ना./पुं./स्त्री.) कलति, कलयति, कल्यते इति वा *(गणना हुन्छ वा गरिन्छ)* कल शब्दसंख्यानयोः (भ्वा.) वा कल गतौ संख्याने च (चुरा.) धातु, कल्+इन्[4] (इ), उणा.= कलि ।

कलिर्विभीतके शूरे विवादेऽन्त्ययुगे युधि- इति हैमः

कलिः स्त्री कलिकायां ना शूरातिकलहे युगे- इति मेदिनी

शब्दार्थ- सत्य, त्रेता, द्वापर, कलि- यी चार युगमध्ये अन्तिम युग, झगडा, कलह, युद्ध, सङ्घर्ष, शूरवीर, तल्लो श्रेणीको व्यक्ति, कोपिला ।

कलिका (ना./स्त्री.) स्वल्पा कलिः *(सानो कोपिला)* कलि+कन् (स्वार्थमा)+टाप् (आ) = कलिका ।

शब्दार्थ- कोपिला, फक्रिनसकेको फूलको कोपिला ।

कलिकालः (ना./पुं.) कलेः कालः *(कलियुगको समय)* ष.त.स.= कलिकाल ।

शब्दार्थ- कलियुगले भोग गर्ने समय, कलियुगको समय, कलियुगको समयावधि ।

कलियुगम् (ना./न.) कलिरेव युगम् *(कलि नै युग वा कलिरूप युग)* म.व्य.स.= कलियुग ।

शब्दार्थ- वर्तमान युग, सत्य त्रेतादि चार युगमध्ये अन्तिम कलियुग ।

कलुषम् (ना./न.) कलति, कलयति वशीकरोतीति *(वश गर्छ)* कल शब्दसंख्यानयोः (भ्वा.) वा कल क्षेपे (चुरा.) धातु, कल्+उषच्[5] (उष), उणा.= कलुष । अथवा कं सुखं लूषति हिनस्ति *(सुख नाश गर्छ)* लूष हिंसायाम् (चुरा.) धातु, क+लूष्+क (अ), धातुको ह्रस्व (पृषोदरादिवाट)= कलुष ।

कलुषं वृजिनैनोघमंहो दुरितदुष्कृतम्- इत्यमरः

शब्दार्थ- पाप, अधर्म, दुष्कर्म, मयल, कल्मष, क्रोध, अपराध, दुष्टस्वभाव ।

कलुषितः (वि.) कलुषं सञ्जातमस्य *(कलुष भावना पैदा भएको छ यसको)* कलुष+इतच्[6] (इत)= कलुषित ।

शब्दार्थ- दूषित भावना भएको, कलुषित विचार भएको, अपवित्र विचार भएको, क्रोधित, दुष्ट स्वभावको ।

---

[1] सुप्यजातौ णिनिः ... : णिनि

[2] कर्मण्यधिकरणे च : कि

[3] तदस्यास्त्यस्मिन्... : मतुप्

[4] सर्वधातुभ्य इन् : इन्

[5] पृनहिकलिभ्य उषच् : उषच्

[6] तदस्य सञ्जातम्... : इतच्

कल्पः (ना./पुं.) कल्पयतीति *(स्थिति र प्रलयको समय व्यतीत हुन्छ)* कृपू सामर्थ्ये (भ्वा.) धातु, कृप्+णिचि, गुण, कृप्का रेफ्को ल, कल्पि । कल्पि+अच् (पचादि), णिलोप= कल्प ।

अथवा कल्प्यते क्षीयते अत्र *(कल्पको क्षय हुन्छ यसमा)* कृप्+घ[1] (अ), गुण, रेफ्को लत्व= कल्प ।

अथवा कल्पते कल्प्यते अनेन *(रचना गरिन्छ यसबाट)* कृप्+घञ् (अ)/अच् (पचादि), रेफ्को ल, गुण= कल्प ।

दैवे युगसहस्रे द्वे ब्राह्मः कल्पौ तु तौ नृणाम्- इत्यमरः
संवर्तः प्रलयः कल्पः क्षयः कल्पान्त इत्यपि- इत्यमरः
कल्पः शास्त्रे विधौ न्याये संवर्ते ब्रह्मणो दिने- मेदिनी

शब्दार्थ- ब्रह्माको दिन, देवताको दुई हजार युग, जो ब्रह्माको एक अहोरात्र हुन्छ जुन अवधिमा स्थिति र प्रलय हुन्छ, त्यो मानिसको कल्प हो । प्रलय, क्षय, विनाश, कल्पान्त, वेदका शिक्षा, कल्प, व्याकरण आदि छ अङ्गमध्ये दोस्रो अङ्ग, सामर्थ्य, उचित, योग्य, सङ्कल्प, कल्पना, संरचना, आयुर्वेदिक चिकित्सा विधान, शुभकर्मसम्वन्धी विधिविधान ।

कल्पक्षयः (ना./पुं.) कल्पस्य क्षयः *(कल्पको ह्रास)* ष.त.स.= कल्पक्षय ।

शब्दार्थ- प्रलय, कल्पको विनाश, संसारको क्षय वा विनाश ।

कल्पतरुः/कल्पद्रुमः/कल्पवृक्षः (ना./पुं.) कल्पः सङ्कल्पितः अर्थः, तस्य तरुः, द्रुमः वृक्षः वा *(चाहना गरेको इच्छा वा कामना पूरा गर्ने वृक्ष)* ष.त.स.= कल्पतरु/कल्पद्रुम/कल्पवृक्ष ।

अथवा कल्पस्य सङ्कल्पस्य दातृ, कल्पदातृ चासौ तरुश्च/द्रुमश्च/वृक्षश्च *(चाहेको कुरा दिने वृक्ष)* क.त.स., उ.प.लोप = कल्पतरु/कल्पद्रुम/कल्पवृक्ष ।

शब्दार्थ- इच्छा लागेको कुरा पूरा गर्ने स्वर्गको वृक्ष, देवतरु, कल्पवृक्ष, कल्पतरु, चिताएको कुरा पूरा गर्ने रूख ।

कल्पना (ना./स्त्री.) कल्पनम्, कल्प्यते इति वा *(कल्पना गरिन्छ)* कृपू सामर्थ्ये (भ्वा.) धातु, कृप्+णिचि, गुण, रेफ्को लत्व, कल्पि+युच्[2] (अन)+टाप् (आ), णिलोप =कल्पना ।

शब्दार्थ- संरचना, सूक्ष्मरचना, सजाउने काम, हौदा सजाउने काम, मानसिक कल्पना, कुनै कुरा संरचना गर्न सक्ने मानसिक वृत्ति वा क्षमता, बनावट, निर्माण गर्ने काम, तर्क, अनुमान, अड्कल ।

कल्पनातीतः (वि.) कल्पनामतीतः *(कल्पनाभन्दा बाहिरको)* द्वि.त.स.[3]= कल्पनातीत ।

शब्दार्थ- कल्पना गर्न नसकिने, कल्पनाभन्दा परको, अनुमानभन्दा वाहिरको, जान्न नसकिने, सोचविचार गर्न नसकिने ।

कल्पनाशक्तिः (ना./स्त्री.) कल्पनायां शक्तिः *(कल्पना गर्नमा क्षमता)* स.त.स.= कल्पनाशक्ति ।

शब्दार्थ- कल्पना गर्न सक्ने क्षमता वा सामर्थ्य ।

कल्पनीयः (वि.) कल्पितुं योग्यः *(कल्पना गर्न योग्य)* कृपू सामर्थ्ये (भ्वा.) धातु, कृप्+अनीय (र्), रेफ्को लत्व, गुण= कल्पनीय ।

शब्दार्थ- कल्पना गर्न योग्य, कल्पना गर्न सकिने, कल्पना गर्न उचित, सोचविचार गर्न उपयुक्त ।

कल्पलता (ना./स्त्री.) कल्पः सङ्कल्पितः अर्थस्तस्य लता *(चाहेको कुरा पूरा गर्ने लता)* ष.त.स.= कल्पलता ।

शब्दार्थ- मनले चिताएको कुरा दिने स्वर्गको एक कल्पित लहरो, इन्द्रका नन्दनवनको एक लतिका ।

कल्पान्तः (ना./पुं.) कल्पस्य अन्तः *(कल्पको क्षय)* ष.त.स. वा कल्पस्य अन्तः यत्र *(कल्पको क्षय छ जहाँ)* ब.स., दीर्घ= कल्पान्त ।

शब्दार्थ- कल्पक्षय, प्रलय, सृष्टिको अन्त्य हुने समय, प्रलयकाल

कल्पापायः (ना./पुं.) कल्पस्य अपायः नाशः *(कल्पको विनाश)* ष.त.स., दीर्घ= कल्पापाय ।

शब्दार्थ- कल्पको क्षय, कल्पको विनाश, कल्पान्त, प्रलयकाल ।

कल्पितः (वि.) कल्प्यते विरच्यते स्म इति *(कल्पना गरिएको)* कृपु सामर्थ्ये (भ्वा.) धातु, कृप्+णिचि, रेफ्को लत्व, गुण, कल्पि+क्त (त), णिलोप, इडागम =कल्पित ।

शब्दार्थ- कल्पना गरिएको, रचिएको, निर्मित, संरचित, विचार गरिएको, बनावटी, कृत्रिम ।

कल्मषम् (ना./न.) कर्म शुभकर्म स्यति नाशयतीति *(शुभकर्म नाश गर्छ)* कर्म उपपदपूर्वक षोऽन्तकर्मणि (दिवा.) धातु, षोको आत्व, सत्व, कर्म+सा+क[4] (अ), आलोप, रेफको ल, षत्व (पृषोदरादिबाट) = कल्मष ।

अस्त्री पङ्कं पुमान् पाप्मा पापं किल्विषकल्मषम्- इत्यमरः

शब्दार्थ- पाप, अधर्म, कुकर्म, दुष्कर्म, मयल ।

कल्यम् (ना./न./पुं.) कल्यते आगम्यते इति *(गणना गरिन्छ, आइरहन्छ)* कल शब्दसंख्यानयोः (भ्वा.) वा कल गतौ संख्याने च (चुरा.) धातु, कल्+यक्[5] (य), उणा.=कल्य ।

कल्यं प्रभाते क्लीवं स्यात् कल्यो वाक् श्रुतिवर्जिते
सज्जनी रोगदक्षेषु कल्याणवचनेऽपि च- मेदिनी

शब्दार्थ- प्रातः काल, प्रभात, स्वस्थ, निरोग, मङ्गल, दक्ष, चतुर, शुभकामना, आशीर्वाद, मङ्गलवचन ।

---

[1] पुंसि सञ्ज्ञायां घः .... : घ
[2] ण्यासश्रन्थो युच् : युच्
[3] द्वितीयाश्रितातीत... : द्वि.त.स.
[4] आतोऽनुपसर्गे कः : क
[5] अघ्न्यादयश्च : यक्

कल्याणम् (ना./न.) कल्यते इति *(गणना गरिन्छ)* कल गतौ संख्याने च (चुरा.) धातु, कल्+यक्[1] (य), उणा., कल्यम् । कल्ये प्रातः काले अण्यते शब्द्यते इति *(प्रातः कालमा मङ्गलवचन व्यक्त गरिन्छ)* कल्य उपपदपूर्वक अण शब्दार्थे (भ्वा.) धातु, कल्य+अण्+घञ् (अ), वृद्धि, कल्य आण् अ, दीर्घ=कल्याण । अथवा कल्यं मारोग्यत्वमाणयति *(निरोगिता ल्याउँछ)* कल्य+अण्+णिचि+अण्[2] (अ), णिलोप, दीर्घ, कल्याण् अ =कल्याण ।

शब्दार्थ- मङ्गल, शुभ, शिव, कुशल, असल, भलाइ, सुख सौभाग्य, अभ्युदय, सङ्गीतको रागविशेष ।

कल्याणकारकः (वि.) कल्याणं करोतीति *(कल्याण गर्छ)* कल्याण उपपदपूर्वक डुकृञ् करणे (तना.) धातु, कल्याण+कृ+ण्वुल्[3] (अक), वृद्धि= कल्याणकारक ।

शब्दार्थ- राम्रो गर्ने, भलाइ गर्ने, कल्याण गर्ने ।

कल्याणकारी (वि.) कल्याणं कर्तुं शीलमस्य *(कल्याण गर्ने शील छ यसको)* कल्याण उपपदपूर्वक डुकृञ् करणे (तना.) धातु, कल्याण+कृ+णिनि[4] (इन्), वृद्धि, कल्याणकारिन्= कल्याणकारी ।

शब्दार्थ- कल्याण गर्ने, हित गर्ने, मङ्गलकारी ।

कल्याणकृत् (वि.) कल्याणं करोतीति *(कल्याण गर्छ)* कल्याण उपपदपूर्वक डुकृञ् करणे (तना.) धातु, कल्याण+कृ+क्विप्, तुगागम, क्विप्को सर्वलोप =कल्याणकृत् ।

शब्दार्थ- मङ्गलकारी, शुभकर्म गर्ने, मङ्गलदायक कर्म गर्ने, लाभदायक कर्म गर्ने, भलो गर्ने ।

द्रष्टव्य- न हि कल्याणकृत् कश्चित् दुर्गतिं तात गच्छति- भ.गी. ६/४०

कल्याणकोषः (ना./पुं.) कल्याणाय कोषः *(कल्याणार्थ राखिएको कोष)* च.त.स.= कल्याणकोष ।

शब्दार्थ- कल्याण गर्ने कामको लागि राखिएको कोष, कल्याणकारी कार्यका लागी स्थापना गरिएको कोष वा धन ।

कल्याणधनम् (ना./न.) कल्याणं च तद् धनम् *(कल्याण धन)* क.त.स.= कल्याणधन ।

शब्दार्थ- गाडेर राखेको धन, कोही नभएका मानिसको मृत्युपछि सरकारी हुने धन ।

कल्याणी (ना./स्त्री.) कल्ये प्रातः काले अण्यते शब्द्यते इति *(प्रातःकालमा मङ्गलवचन व्यक्त गरिन्छ)* कल्य उपपदपूर्वक अण शब्दार्थे (भ्वा.) धातु, कल्य+अण्+घञ् (अ), वृद्धि, कल्य आण् अ, दीर्घ= कल्याण । कल्याण+ङीप् (ई)= कल्याणी ।

शब्दार्थ- सुन्दरी, रमणी, सौभाग्यवती स्त्री, अरूको भलाइ वा कल्याण गर्ने नारी ।

कल्याणीप्रियः (वि.) कल्याणी प्रिया यस्य सः *(कल्याण गर्ने नारी प्रिय छ जसको)* ब.स., प्रियाको ह्रस्व =कल्याणीप्रिय ।

शब्दार्थ- सौभाग्यवती स्त्रीलाई प्यारो गर्ने, कल्याण गर्ने नारीलाई प्यारो गर्ने ।

कवचः (ना./पुं./न.) कं देहं वातादिकं वा वञ्चति, रक्षति वञ्चयति निवारयतीति वा *(शरीरको रक्षा गर्छ, हावापानी आदि रोक्तछ)* क उपपदपूर्वक वञ्चु गतौ (भ्वा.) वा वञ्चु प्रलम्भने (चुरा.) धातु, क+वञ्च्+क[5] (अ), नलोप, क वच् अ= कवच ।

उरश्छदः कङ्कटको जगरः कवचोऽस्त्रियाम्- इत्यमरः

शब्दार्थ- शस्त्रअस्त्र आदिवाट शरीरको रक्षाका लागि छाती ढाकेर लगाइने धातुको पहिरन, शीत, वातादिवाट जोगिन लगाइने बाक्लो पोसाक, शरीरका सुरक्षाका लागि कवचस्वरूप रचिएको देवीदेवताको तन्त्रमन्त्रादि- जस्तैः दुर्गाकवच, नारायणकवच आदि, आवरण, ढोल, जगर ।

कवचधारी (वि.) कवचं धर्तुं शीलमस्येति *(कवच धारण गर्ने शील छ यसको)* कवच+धृ+णिनि[4] (इन्) वृद्धि, कवचधारिन्= कवचधारी ।

शब्दार्थ- कवच धारण गर्ने, रक्षाकवच लगाउने ।

कवयिता (वि./पुं.)/**कवयित्री** (वि./स्त्री.) कवते इति (वर्णन गर्छ) कवृ वर्णे (भ्वा.) धातु, कव्+इन्[6] (उणा.), गुण, अवादेश, कविः । कविरिव आचरतीति *(कविझैं आचरण गर्छ)* कवि प्रातिपदिकबाट 'क्विप्[7]'सर्वलोप, कवि (नामधातु) । कवयति यः *(कविता गर्छ जो)*, कवयति असौ *(कविता गर्छे यो स्त्री)* कवि+तृच् (तृ), इडागम, गुण, अयादेश, कवयितृ= कवयिता ।

स्त्रीत्व बुझाउँदा कवयितृ+ङीप् (ई), यण्= कवयित्री ।

शब्दार्थ- कविता लेख्ने वा रचना गर्ने (पुरुष तथा महिला)

कवरी (ना./स्त्री.) कं शिरः वृणोति आच्छादयति *(शिर ढाक्छ)* वृञ् वरणे (स्वा.) धातु, क+वृ+अच् (पचादि), गुण, ङीष् (ई)= कवरी ।

अथवा वृणोति, व्रियते इति वा *(वरण गर्छ वा गरिन्छ, सजाउँछ, वरण गरिन्छ)* वृञ् वरणे (स्वा.) धातु, वृ+अच्/अप् (अ), गुण, वरः । वर+ङीष् (ई), वरी । कस्य शिरसः वरी *(शिरको सजाउने काम)* ष.त.स. =कवरी । अथवा कवते इति *(सिंगार्छ)* कुङ् शब्दे (भ्वा.) धातु, कु+अरन्[8] (अर) उणा., गुण, अवादेश, कवर+ङीष् (ई)= कवरी ।

कवरी केशवेशः स्यात्- इत्यमरः

शब्दार्थ- स्त्रीजातिको सजाइएको केशपास वा चुल्ठो, राम्ररी गुथेको केशपास, वेणीवन्ध, केश मिलाउने कार्य ।

---

१. अभ्यादयश्च : यक्
२. कर्मण्यण् : अण्
३. ण्वुल्तृचौ : ण्वुल्
४. सुप्यजातौ णिनिः...: णिनि
५. मूलविभुजादि... : क
६. सर्वधातुभ्य इन् : इन्
७. सर्वप्रातिपदिकेभ्य... : क्विप्
८. कोररन् : अरन्

कवर्गः (ना./पुं.) कस्य कवर्णस्य वर्गः समुदायः *(क अक्षरको वर्ग)* ष.त.स.= कवर्ग ।

शब्दार्थ- संस्कृत देवनागरीलिपिको व्यञ्जनवर्णका ५ वर्गहरूमध्ये पहिलो वर्ग, जसमा क, ख, ग, घ, ङ वर्ण पर्दछन् ।

कवर्गीयः (वि.) कवर्गे भवः *(कवर्गमा हुने)* कवर्ग+छ[1] (ईय), अकारलोप= कवर्गीय ।

शब्दार्थ-कवर्गसित सम्वन्धित, कवर्गमा पाइने (वर्णहरू) ।

कविः (वि./ना./पुं.) कौति, कवते इति वा *(वर्णन गर्छ)* कु शव्दे (अदा.) वा कुङ् शब्दे (भ्वा.) धातु, कु+इ[2] (उणा.), गुण, अवादेश= कवि ।

अथवा कवते इति *(वर्णन गर्छ)* कवृ वर्णे (भ्वा.) धातु, कव्+इन्[3] (इ), उणा.= कवि ।

शुक्रो दैत्यगुरुः काव्य उशना भार्गवः कविः- इत्यमरः
कविर्वाल्मीकिशुक्रयोः । सूरौ काव्यकरे पुंसि
स्यात् खलीने तु योषिति- इति मेदिनी

शब्दार्थ- काव्यनिर्माता, कविता रचना गर्ने, विद्वान्, सुधी, मनीषी, प्राज्ञ, पण्डित, वुद्धिमान्, प्रतिभावान्, शुक्राचार्य (दैत्यगुरु), वाल्मीकि, कविता लेख्ने व्यक्ति, लगाम ।

कविकर्म (ना./न.) कवेः कर्म *(कविको कर्म)* ष.त.स. =कविकर्म ।

शब्दार्थ- कविको काव्य रचना गर्ने कर्म, कविको लेख्ने काम ।

कविकेशरी (ना./पुं.) कविषु केशरी *(कविहरूमा केशरी या सिंह)* स.त.स.= कविकेशरी ।

शब्दार्थ- कविहरूमध्ये केशरी (सिंह), कविहरूमा श्रेष्ठ कवि, कविलाई दिइने एक पदवी ।

कविता (ना./स्त्री.) कवेर्कम भावः वा *(कविको कर्म, भाव वा अवस्था)* कवि+तल् (त)+टाप् (आ)= कविता ।

शब्दार्थ- कविको रचना, काव्य, कविको कर्म, साहित्यिक काव्यरचना वा कृति ।

कवित्वम् (ना./न.) कवेः कर्म भावः वा *(कविको कर्म वा भाव)* कवि+त्व= कवित्व ।

शब्दार्थ- कविको गुण, कविको रचनात्मक क्रिया, कविमा रहेको विद्वत्ता, कविको शक्ति वा क्षमता ।

कविराजः (वि./ना./पुं.) कविषु राजा *(कविहरूमा राजा)* स.त.स., कविराजन्+टच्[4] (समासान्त), टिलोप =कविराज ।

शब्दार्थ- कविहरूमा श्रेष्ठ, सर्वश्रेष्ठ कवि, प्रसिद्ध वैद्य, आयुर्वेदीय उपचार प्रणालीको विशेषज्ञ व्यक्ति ।

कवियशः (ना./न.) कवीनां यशः *(कविहरूको कीर्ति)* ष.त.स.= कवियश ।

शब्दार्थ- कविको कीर्ति, कविको सुयश ।

कविवरः (वि./ना./पुं.) कविषु वरः *(कविहरूमा श्रेष्ठ)* स.त.स. =कविवर ।

शब्दार्थ- कविहरूमा श्रेष्ठ या उत्तम, सर्वश्रेष्ठ कवि ।

कविशिरोमणिः (ना./पुं.) कविषु शिरोमणिः *(कविहरूमा श्रेष्ठ)* स.त.स.= कविशिरोमणि ।

शब्दार्थ- कविहरूमा अग्रणी कवि, नेपालमा शीर्षस्थ कविलाई दिइने एक पदवी ।

कविसम्मेलनम् (ना./न.) कवीनां सम्मेलनम् *(कविहरूको सम्मेलन)* ष.त.स.= कविसम्मेलन ।

शब्दार्थ- कविहरूको गोष्ठी, कविहरूको भेला, कविता सम्वन्धी कार्यक्रममा कविहरूको जमघट ।

कवीन्द्रः (वि./ना./पुं.) कवीनां कवीषु वा इन्द्रः *(कविहरूमा इन्द्र (श्रेष्ठ))* ष.त.स./स.त.स., दीर्घ =कवीन्द्र ।

शब्दार्थ- कविहरूमध्ये सर्वश्रेष्ठ, सवभन्दा ठूलो कवि वा महाकवि, राजा प्रताप मल्लले धारण गरेको पदवी ।

कवीश्वरः (ना./पुं.) कवीनां कविषु वा ईश्वरः *(कविहरूमा ईश्वर (श्रेष्ठ))* ष.त.स./स.त.स., दीर्घ= कवीश्वर ।

शब्दार्थ-कविहरूमा श्रेष्ठ कवि, कविहरूमा ईश्वर (तुल्य) ।

कवोष्णम् (ना.ना/वि.) ईषदुष्णम् *(अलि-अलि तातो)* ईषत्+उष्णम् (ईषत्को कव आदेश), कव उष्णम्, गुण =कवोष्ण ।

शब्दार्थ- तातो पानी, अलि-अलि तातो, मन्द तातो ।

कव्यम् (ना./न.) कूयते दीयते पितृभ्यः इति *(पितृलाई समर्पण गरिन्छ)* कु शब्दे (अदा.) धातु, वा कुङ् शब्दे (भ्वा.) धातु, कु+यत्[5] (य), गुण, अवादेश= कव्य ।

शब्दार्थ- पितृलाई दिइने अन्न, हवि, सिधादान, पितृको तृप्तिका लागि वेदवेत्ता ब्राह्मणलाई दिइने अन्नदान ।

कश्मलम् (ना./न./वि.) कष्टे इति *(मलिन हुन्छ)* कश गतिशासनयोः (अदा.) धातु, कश्+कलच्[6] (अल), उणा., मुडागम[7], कश् म् अल= कश्मल ।

द्रष्टव्य- **कुतस्त्वा कश्मलमिदं विषमे समुपस्थितम् ।**
अर्थात् यस विषम अवस्थामा तिमीमा यो मोहरूपी कलुषित भावना कसरी पैदा भयो- भ.गी.२/२

शब्दार्थ- फोहोर, उदासीनता, मोह, पाप, अधर्म, मनको कलुषित भावना, मैला, कलुषित ।

---

[1] वर्गान्ताच्च : छ
[2] अच इः : इ
[3] सर्वधातुभ्य इन् : इन्
[4] राजाहः सखिभ्यष्टच् : टच्
[5] अचो यत् : यत्
[6] वृषादिभ्यश्चित् : कलच्
[7] कुटिकशिकौतिभ्य...(ग.) : मुट्

कश्यः (ना./पुं./न./वि.) कष्टे इति *(कष्ट दिन्छ)* कश गतिशासनयोः (अदा.) धातु, कश्+अच् (पचादि)+टाप् (आ), कशा (घोडाको कोर्रा) । कशामर्हतीति *(कोर्रा दिन योग्य)* कशा+यत्[1] (य), आकारलोप= कश्य । अथवा कश्यते अनेनेति *(ताडना गरिन्छ यसबाट)* कश्+यत् (बहुलप्रकारले)= कश्य ।

कश्यं स्त्रिषु कशार्हे स्यात् क्लीवं मद्याश्वमध्ययोः- मेदिनी

शब्दार्थ- कोर्रा, ताडना गर्ने छडी, मदिरा, मद्य, सुरा, सोमरस, घोडाको मध्यभाग, ताडना गर्न योग्य वा लायक ।

कश्यपः (ना./पुं.) कश्यं सोमरसादिकं पिबतीति *(सोमरस आदि पिउँछन्)* कश्य उपपदपूर्वक पा पाने (भ्वा.) धातु, कश्य+पा+क[2] (अ), आकारलोप, कश्यप् अ =कश्यप ।

कश्यपानात् स कश्यपः- मा.पु. १०/४/३

शब्दार्थ- मरीचिपुत्र कश्यप प्रजापति, जसका १३वटी पत्नीहरूबाट सुर, असुर, यक्ष, गन्धर्व, किन्नर, नाग आदि समस्त प्राणीजगत्को उत्पत्ति भएको थियो, सप्तऋषिहरूमध्ये एक, गोत्रप्रवर्तक ऋषि ।

द्रष्टव्य- अथ कश्यपपत्नीनां यत्प्रसूतमिदं जगत्,
अदितिर्दिति दनुः काष्ठा अरिष्ठा सुरसा इला । मुनिः क्रोधवशा
ताम्रा सूरभिः सरमा तिमिः- श्रीमद्भा.६/६/२५-२६

कषायः (ना./पुं./वि.) कषति कण्ठमिति *(घाँटी खिन्याउँछ)* कष हिंसायाम् (भ्वा.) धातु, कष्+आय (बहुलप्रकारले)= कषाय ।

शब्दार्थ- छ रसमध्ये एक, सुगन्धित रस, गेरु रङ्गको लेप, सुवासित, टर्रो ।

कषायवस्त्रम् (ना./न.) कषायं च तत् वस्त्रम् *(गेरु रङ्गको वस्त्र)* क.त.स.= कषायवस्त्र ।

शब्दार्थ- गेरु रङ्गको वस्त्र या कपडा ।

कष्टम् (ना./न./वि.) कष्यते इति *(कष्ट दिइन्छ)* कष हिंसायाम् (भ्वा.) धातु, कष्+क्त[3] (त), वर्तमानमा, इडाभाव, ष्टुत्व= कष्ट ।

अथवा कष्यते स्म इति *(कष्ट दिइएको)* कष्+क्त (त), इडाभाव, ष्टुत्व= कष्ट ।

स्यात् कष्टं कृच्छ्रमाभीलम्- इत्यमरः

शब्दार्थ- दुःख, व्यथा, पीडा, सन्ताप, कृच्छ्र, सङ्कट, खराब, कष्ट वा दुःख दिइएको, पीडा दिइएको ।

कष्टकरः/कष्टकारकः/कष्टकारी (वि.) कष्टं करोतीति *(पीडा दिन्छ)* कष्ट उपपदपूर्वक डुकृञ् करणे (तना.) धातु, कष्ट+कृ+ट[4] (अ), गुण= कष्टकर ।

कष्ट+कृ+ण्वुल्[4] (अक), वृद्धि= कष्टकारक ।

कष्ट+कृ+णिनि[5] (इन्), वृद्धि, कष्टकारिन्=कष्टकारी ।

शब्दार्थ- कष्टकारक, कष्टकर, कष्टदायक, कष्ट दिने, पीडा दिने, दुःख दिने ।

कष्टदायकः/कष्टदायी (वि.) कष्टं ददातीति *(कष्ट दिन्छ)* कष्ट उपपदपूर्वक डुदाञ् दाने (जुहो.) धातु, कष्ट+दा+ण्वुल्[4] (अक), युगागम= कष्टदायक ।

कष्ट+दा+णिनि[5] (इन्), युगागम[6]= कष्टदायी ।

शब्दार्थ- दुःख दिने, पीडा दिने, कष्टदायी, कष्ट दिने, कष्टदायक, दुःखले ओतप्रोत भएको ।

कष्टमयम् (वि.) प्रकृतं प्रचुरं कष्टम् *(ज्यादा कष्ट)*, कष्टादागतः *(कष्टबाट आएको)* कष्ट+मयट्[7] (मय) =कष्टमय ।

शब्दार्थ- दुःखकर, पीडादायक, कष्टप्रद, दुःख वा पीडाले भरिएको ।

कष्टसाध्यः (वि.) कष्टेन साध्यः *(कष्टले सिद्ध हुने)* तृ.त.स.= कष्टसाध्य ।

शब्दार्थ- मुस्किलले सिद्ध हुने, ठूलो परिश्रमले पूरा हुने, कष्टले सफल पार्न सकिने ।

कस्तूरी (ना./स्त्री.) कसति गन्धः यस्याः *(जसको सुगन्ध फैलिन्छ)* कस गतौ (भ्वा.) धातु, कस्+ऊर[8], तुडागम, (पृषोदरादिबाट), ङीष् (ई)= कस्तूरी ।

शब्दार्थ- एक सुगन्धित द्रव्य, जो भाले कस्तूरी मृगको नाभिबाट प्राप्त हुन्छ, मृगको मद, बिना ।

कस्तूरीमृगः (ना./पुं.) कस्तूर्या युक्तः, कस्तूरीयुक्तश्चासौ मृगश्च *(कस्तूरीले युक्त मृग)* क.त.स., उ.प.लोप =कस्तूरीमृग ।

शब्दार्थ- नाभिमा कस्तूरी हुने मृगविशेष, कस्तूरीमृग ।

कांस्यम् (ना./न.) कंसाय पानपात्राय हितम् *(पान पात्रको लागि हित)* कंस+छ (ईय), अकारलोप, कंसीयः । तस्य विकारः *(त्यसको विकार)* कंसीय+यञ् (य), छ प्रत्ययको लुक्, कंस य, आदिवृद्धि, आकारलोप =कांस्य ।

शब्दार्थ- काँसो, काँसको भाँडो, कांश्यपात्र, चरेस, काँसका भाँडावर्तन ।

काकः (ना./पुं./न.) कायतीति *(काँकाँ गर्छ)* कै शब्दे (भ्वा.) धातु, का+कन्[9] (क), उणा.= काक ।

अथवा काकानां समूहः *(कागको समुदाय)* काक+अण्[10] (अ)= काक ।

शब्दार्थ- काग, कौवा, वायस, तुच्छ या नीच व्यक्ति, निर्लज्ज, एउटा द्वीप ।

काकपेया (ना./स्त्री.) काकेन पेया *(कागले पिउन सक्ने)* तृ.त.स.= काकपेया ।

शब्दार्थ-पानी कम भएको नदी, काकपेया नदी, निन्दनीय ।

---

[1] दण्डादिभ्यश्च : यत्
[2] आतोऽनुपसर्गे कः : क
[3] क्तिक्तौ च... : क्त
[4] कृञो हेतु.../ण्वुल्तृचौ : ट/ण्वुल्
[5] सुप्यजातौ णिनिः... : णिनि
[6] आतो युक्... : युक्
[7] तत्प्रकृतवचने..../मयट् च : मयट्
[8] खर्जिपिञ्जादिभ्यः.... : ऊर
[9] इण्भीकापाश... : कन्
[10] तस्य समूहः : अण्

काकबलि: (ना./पुं.) काकाय देय: बलि: अन्नपानादिकम् *(कागलाई दिइने अन्नपानादिको वलि)* च.त.स. =काकवलि ।

शब्दार्थ- कागलाई दिइने वलि, काग तिहारको दिन कागलाई दिइने अन्नपानी आदि चीजबीज ।

काकवन्ध्या (ना./स्त्री.) काकीवत् वन्ध्या, काकी इव वन्ध्या वेति *(पोथी कागझैँ वन्ध्या)* उप.क.त.स., काकीको पुंवद्भाव= काकवन्ध्या ।

शब्दार्थ- पोथी कागले झैं एउटा मात्र सन्तान भएपछि वन्ध्या हुने स्त्री ।

काकशाव: (ना./पुं.) काक्या: शाव: *(पोथी कागको शिशु)* ष.त.स., काकीको पुंवद्भाव= काकशाव ।

शब्दार्थ- पोथी कागको वच्चा, कागको शिशु ।

काकु: (ना./स्त्री.) ककते, कक्यते इति वा *(बोलाइमा विकृति पैदा हुन्छ)* कक लौल्ये (गर्वे चापल्ये च) (भ्वा.) धातु, कक्+उण् (उ), बहुलप्रकारले, वृद्धि = काकु ।

काकु: स्त्रियां विकारो य: शोकभीत्यादिभिर्ध्वने: - इत्यमर:

शब्दार्थ- शोक, भय, द्वेष, क्रोध आदि कारणवाट ध्वनि या स्वरमा हुने विकृति या परिवर्तन, ध्वनि विकार, वक्रोक्ति, जिभ्रो ।

काङ्क्षक: (वि.) काङ्क्षतीति *(आकाङ्क्षा गर्छ)* काक्षी कान्क्षायाम् (भ्वा.) धातु, नुम्, काङ्क्ष+ण्वुल् (अक) =काङ्क्षक ।

शब्दार्थ- इच्छा गर्ने, चाहना गर्ने, आकाङ्क्षा गर्ने ।

काङ्क्षित: (वि.) काङ्क्ष्यते स्म इति *(इच्छा गरिएको)* काक्षि काङ्क्षायाम् (भ्वा.) धातु, नुम्, काङ्क्ष्+क्त (त), इडागम= काङ्क्षित ।

शब्दार्थ- चाहना गरिएको, इच्छा गरिएको, अभिलाषा गरिएको, आकाङ्क्षा गरिएको ।

काञ्चन: (ना./पुं./न.) काञ्चते दीप्यते *(प्रकाशित हुन्छ)* काचि दीप्तिबन्धनयो: (भ्वा.) धातु, नुम्, काञ्च्+ल्यु[1] (अन)= काञ्चन ।

अथवा काञ्चनमिति *(दीप्ति फैलिनु)* काञ्च्+ल्युट् (अन)= काञ्चन ।

काञ्चन: काञ्चनाले स्याच्चम्पके नागकेसरे
उदुम्बरे च धत्तूरे हरिद्रायां च काञ्चनी- इति मेदिनी

शब्दार्थ- सुन, स्वर्ण, सुवर्ण, चाँप, नागकेसर, धतुरो, डुम्री, करवीर, दीप्ति, प्रकाश ।

काञ्चि:/काञ्ची (ना./स्त्री.) काञ्चते दीप्यते बध्यते इति वा *(चहक दिन्छ, बाँधिन्छ)* काचि दीप्तिबन्धनयो: (भ्वा.) धातु, नुम्, काञ्च्+इन्[2] (उणा.), ङीष्[3] (ई), विकल्पले= काञ्ची । ङीष्को अभावमा= काञ्चि ।

काञ्ची स्यान्मेखलादाम्नि प्रभेदे नगरस्य च- इति मेदिनी
स्त्रीकट्यां मेखला काञ्ची- इत्यमर:

शब्दार्थ- स्त्रीको कटिमा लगाउने मेखला, दाम्लो, कन्धनी, काञ्चीपुरी ।

काण: (ना./पुं.) कणति अत्र *(यताउति घुम्छ वा आँखा झिमझिम गर्छ)* कण गतौ (भ्वा.) वा कण निमीलने (चुरा.) धातु, कण्+घञ् (अ), वृद्धि= काण ।

काण: काकैकचक्षुषो:- इति मेदिनी

शब्दार्थ-कानो, एक आँखा मात्र हुने काग, छिद्र ।

काण्ड: (ना./पुं./न.) कनतीति *(प्रकाशित हुन्छ)* कनी दीप्तिकान्तिगतिषु (भ्वा.) धातु, कन्+ड[4], कित्व[5], दीर्घ[6], परसवर्ण= काण्ड ।

काण्ड: स्तम्बे तरुस्कन्धे वाणेऽवसरनीरयो:
कुत्सिते वृक्षभिन्नाडीवृन्दे रहसि न स्त्रियाम्- इति मेदिनी

शब्दार्थ- ग्रन्थको भाग, अंश, खण्ड, रूखका हाँगाको जोर्नी, डाँठ, हाँगा, वर्ग, अध्याय, वाण, जल, परिच्छेद, अध्याय, नाडी (नसाको समूह) ।

कातर: (वि.) ईषत्तरति स्वल्पं स्वकार्यसिद्धिं गच्छतीति *(थोरै मात्र काम बन्न सक्छ)* कु उपपदपूर्वक तॄ प्लवनतरणयो: (भ्वा.) धातु, कु+तॄ+अच् (पचादि), गुण, कु तर, कुको का आदेश[7]= कातर ।

अथवा कु कष्टेन तरतीति *(मुस्किलले पार हुन्छ)* कु+तॄ+अच् (पचादि), कुको का आदेश[7], गुण=कातर ।

अधीरे कातरस्त्रस्तौ भीरु भीरुकभीलुका: - इत्यमर:

शब्दार्थ- डरछेरुवा, भीरु, अधीर, उत्साहहीन, विकल, कायर, भयभीत, डरपोक, हुतिहारा, आँट नभएको, पानीमरुवा, व्याकुल, विक्षुब्ध, काँतर ।

कातरता (ना./स्त्री.) कातरस्य भाव: *(कातर हुनाको भाव वा अवस्था)* कातर+तल् (त)+टाप् (आ) =कातरता ।

शब्दार्थ- कायरता, काँतरपना, उत्साहहीनता, विक्षुब्धता ।

कातराक्षी (ना./ स्त्री.) कातरे अक्षिणी यस्या: सा *(डरले चञ्चल छन् नेत्र जसका)* ब.स.= कातराक्षी ।

शब्दार्थ- डरले चञ्चल नेत्र भएकी स्त्री, भयभीत नारी ।

कात्यायन: (ना./पुं.) कतस्य गोत्रापत्यं पुमान् *(कत गोत्रमा उत्पन्न पुरुष)* कत+यञ्[8] (य), आदिवृद्धि, अकारलोप, कात्य: । कात्यस्य युवापत्यम् *(कात्यको युवा सन्तति)* कात्य+ष्फ[9] (आयन), आकारलोप =कात्यायन ।

शब्दार्थ- पाणिनिको व्याकरणसूत्रमा पूर्णत्व दिन वार्तिक लेख्ने व्याकरणकार, सौत्रसूत्र, गृह्यसूत्र आदिका प्रवर्तक ऋषि ।

---

[1] नन्दिग्रहिपचादिभ्य...: ल्यू
[2] सर्वधातुभ्य.. : इन्
[3] कृदिकारादक्तिन... : ङीष्
[4] नमन्ताड्ड: : ड (प्रत्यय)
[5] क्वादिभ्य: कित् : कित्व
[6] अनुनासिकस्य क्वि...: दीर्घ
[7] ईषदर्थे : कुको 'का' आदेश
[8] गर्गादिभ्यो यञ् : यञ्
[9] सर्वत्रलोहितादि... : ष्फ

कात्यायनी (ना./ स्त्री.) कतस्य गोत्रापत्यं *(कत गोत्रमा उत्पन्न)* कत+यञ्[१] (य), कात्यः । कात्यस्य युवा पत्यम् स्त्री *(कात्यका युवा स्त्री सन्तति)* कात्य+ ष्फ[२] (आयन), कात्यायन ।

कात्यायन+ङीष्[३] (ई)= कात्यायनी ।

अथवा कात्यायनस्य स्त्री *(कात्यायनकी पत्नी)* कात्यायन+ङीष् (ई)= कात्यायनी ।

उमा कात्यायनी गौरी- इत्यमरः

कात्यायन्यर्धवृद्धा या काषायवसनाऽधवा- इत्यमरः

शब्दार्थ- कात्यायन गोत्रकी स्त्री सन्तति, कात्यायन ऋषिकी पत्नी, भगवती, दुर्गा माता, उमा, गेरुवस्त्र लगाउने अधवैंसे विधवा स्त्री ।

कादम्बः (ना./पुं./वि.) कदतीति *(पीडा दिन्छ, समूहमा रहन्छ)* हिंसार्थक सौत्र कद धातु, कद्+अम्बच्[४] (अम्ब), णित्व, वृद्धि= कादम्ब ।

अथवा कदम्बे समूहे भवः *(समूहमा हुने)* कदम्ब+ अण्[५] (अ), आदिवृद्धि= कादम्ब ।

कादम्बः स्यात् पुमान् पक्षिविशेषे सायकेऽपि च-मेदिनी

शब्दार्थ- कलहंस, घरहास, वाण, समूहमा हुने, समूहमा हिंड्ने, नीपको वृक्षसम्वन्धी, कदमको वृक्षसम्वन्धी, सर्स्यूसम्वन्धी ।

कादम्बरी (ना./स्त्री.) अम्बते, अम्ब्यते इति वा *(शब्द गर्छ वा गर्नु)* अबि शब्दे (भ्वा.) धातु, नुम्, अम्ब्+ घञ् (अ), अम्बः । अम्बः शब्दः तं राति *(शब्द पैदा गर्छ)* रा दाने (अदा.) धातु, अम्ब+रा+क[६] (अ), आकारलोप, अम्बरम् । कुत्सितमम्बरम् *(दुर्गन्धित वस्तु)* कु+अम्बर, प्रा.त.स.[७], कुको कद् आदेश, कदम्बर ।

अथवा कदम्बरम् अस्यास्तीति *(दुर्गन्धित वस्तु वा वस्त्र छ यसको)* कदम्बर+अच्[८], कदम्बर ।

कदम्बरस्य इदम् *(दुर्गन्धित वस्तुसम्बन्धी यो)* कदम्बर+अण्[९] (अ), आदिवृद्धि, कादम्बर ।

कादम्बरस्तु दध्यग्रे मद्यभेदे नपुंसकम्
स्त्री वारुणीपरभृताभारतीशारिकासु च- इति मेदिनी

कादम्वर+ङीप् (ई)= कादम्बरी ।

अथवा कदम्व इक्षुरसः तत्र जातः इति *(ऊखुको रसबाट बनेको)* कदम्व+अण् (अ), आदिवृद्धि, कादम्वः । तं रातीति *(इक्षुरसबाट बनेको वस्तु प्रदान गर्छ)* रा दाने (अदा.) धातु, कादम्व+रा+क (अ), आकारलोप, कादम्वरः । कादम्वर+ङीष् (ई)= कादम्वरी ।

शब्दार्थ- कदमको फूलको रक्सी, ऊखुको रसको मदिरा, सामान्य मदिरा, सुरा, मद्य, दहीको छाली, सुगन्धित वस्तु, वस्त्र, वाणभट्टको गद्यकाव्य र त्यसकी नायिका, हात्तीको गण्डस्थलवाट झरेको मद, विद्याकी देवी, सरस्वती, कोइली, मैना ।

कादम्बिनी (ना./स्त्री.) कादम्बाः कलहंसाः मेघम् अनुधा-वन्ति, वा कादम्बाः कलहंसाः सन्ति अस्याम् *(कलहंसहरू मेघको पछि लाग्छन्, मेघमालामा कलहंसहरू झुमिन्छन्)* कादम्ब+इनि (इन्), अकारलोप, कादम्विन्+ङीप् (ई)= कादम्बिनी ।

कादम्बिनी मेघमाला- इत्यमरः

शब्दार्थ- मेघमाला, वादलको लामो पङ्क्ति, तह तह परेको वादल ।

काननम् (ना./न.) कानयति दीपयति कामादीन् *(कामवासना जगाउँछ)* कनी दीप्तिकान्तिगतिषु (भ्वा.) धातु, कन्+णिचि+युच् (अन), उणा. णिलोप, कान् अन= कानन ।

अथवा कं जलमेव अननम् जीवनम् यस्य *(पानी नै मुख्य जीवन छ जसको)* क+अनन, ब.स., दीर्घ =कानन ।

काननं तु ब्रह्मास्ये विपिने गृहे- इति हैमः

शब्दार्थ- वन, जङ्गल, वगैचा, अरण्य, जङ्गलको निवासगृह, बस्ती,. दावानल, ब्राह्मण, पानी नै मुख्य जीवनाधार हुने प्राणी ।

कानीनः (ना./पुं.) कन्यायाः अपत्यम् पुमान्, कन्यायाः जातः वा *(कन्या केटीको पुरुष सन्तति, कन्या केटीबाट जन्मेको)* कन्या+अण्[१०] (अ), कन्याको कनीन् आदेश[१०] आदिवृद्धि= कानीन ।

शब्दार्थ- अविवाहित स्त्रीवाट जन्मेको सन्तति, कुमारी केटीको सन्तान, व्यास तथा कर्ण ।

कान्तः (वि./ना./पुं.) काम्यते यः *(मन पराइन्छ वा सुन्दर बन्छ जो)* कमु कान्तौ (भ्वा.) धातु, कम्+क्त[११] (त), संज्ञामा, इडाभाव, दीर्घ, परसवर्ण= कान्त ।

अथवा कनति स्म इति *(प्रकाशित भएको)* कनी दीप्तिकान्तिगतिषु (भ्वा.) धातु, कन्+क्त (त), कर्तामा, दीर्घ= कान्त ।

कान्तं मनोरमं रुच्यं मनोज्ञं मञ्जु मञ्जुलम्- इत्यमरः

शब्दार्थ- प्रेमी, प्यारो, सुन्दर, चारु, मनोरम, मनोहर, इष्टजन, पति, लोग्ने, सूर्य, चन्द्रमा, फलाम, वसन्तऋतु ।

कान्ता (ना./स्त्री.) काम्यते असौ *(मन पराइन्छे यो)* कम्+क्त[११] (त), संज्ञामा, अनुनासिकको दीर्घ, कान्तः । कान्त+टाप् (आ)= कान्ता ।

कान्ता नार्यां प्रियङ्गौ स्त्री शोभने त्रिषु ना धवे- इति मेदिनी

शब्दार्थ- प्रेमिका, पत्नी, सुन्दरी स्त्री, नारी ।

कान्ताकटाक्षः (ना./पुं.) कान्तायाः कटाक्षः *(स्त्रीको कटाक्ष)* ष.त.स.= कान्ताकटाक्ष ।

शब्दार्थ- प्रेमिकाको छड्के दृष्टिपात, नारीहरूको कटाक्ष ।

---

१. गर्गादिभ्यो यञ् : यञ्

२. सर्वत्रलोहितादि... : ष्फ

३. षिद्गौरादिभ्य ङीष् : ङीष्

४. कदेर्णित् पक्षिणि : अम्बच्, णित्व

५. तत्र भवः : अण्

६. आतोऽनुपसर्गे... : क

७. कुगतिप्रादयः : प्रा.त.स.

८. अर्शादिभ्योऽच् : अच्

९. तस्येदम् : अण्

१०. कन्यायाः कनीन च : अण्, कनीन आदेश

११. क्तिच् क्तौ च... : क्त

कान्ताजनः (ना./पुं.) कान्ता एव जनः *(कान्ता नै जन, कान्तारूपी जन)* म.व्य.स.= कान्ताजन ।

शब्दार्थ- नारीजन, स्त्रीजन, प्रेमिकाजन ।

कान्ताजनविरहः/कान्ताविरहः (ना./पुं.) कान्ताजनस्य विरहः, कान्तायाः विरहः *(कान्ताजनको वियोग, पत्नीको वियोग)* ष.त.स= कान्ताजनविरह/ कान्ताविरह ।

शब्दार्थ- कान्ताजनको विछोड, प्रेमिकाको विछोड, पत्नीको वियोग, पत्नीको विरह, पत्नीको विछोड ।

उदा. थियो आलो कान्ताजनविरहको चोट मनमा- त.त. १/४

कान्ताननम् (ना./न.) कान्तायाः आननम् *(कान्ताको मुख)* ष.त.स., दीर्घ= कान्तानन ।

शब्दार्थ- प्रेमिकाको मुहार, कान्ताको वदन, प्रेमिकाको मुखमाधुर्य, पत्नीको मुखाकृति ।

कान्तिः (ना./स्त्री.) कमनम्, कम्यते, कन्यते इति वा (चम्कनु) कमु कान्तौ वा कनी दीप्तिकान्तिगतिषु (भ्वा.) धातु, कम्/कन्+क्तिन् (ति), दीर्घ= कान्ति ।

शब्दार्थ- सौन्दर्य, प्रभा, दीप्ति, दसवटा काव्य गुणहरूमध्ये एक, कामना, इच्छा, छवि, शोभा, प्रकाश ।

कान्तिपुरम् (ना./न.) कान्तेः शोभाया पूः *(शोभा या सौन्दर्यको नगरी)* ष.त.स., पुर्को समासान्त अच्[1] =कान्तिपुर ।

शब्दार्थ- शोभा वा सौन्दर्यले भरिएको नगर, काठमाडौं सहर, काष्ठमण्डप ।

कान्तिपुरी (ना./स्त्री.) कान्तेः शोभायाः पूः नगरी *(शोभा या सौन्दर्यले परिपूर्ण नगरी)* ष.त.स., समासान्त अच्, कान्तिपुर+ङीष् (ई), गौरादिमा पर्ने हुँदा =कान्तिपुरी ।

शब्दार्थ- सौन्दर्यको नगरी, शोभाले परिपूर्ण नगरी, कान्तिपुर नगरी, काठमाडौं सहर ।

उदा. अमरावति कान्तिपुरी नगरी- (फु.क.- भानुभक्त)

कान्तिमान् (वि.) कान्तिः शोभा वा दीप्तिः अस्यास्तीति *(कान्ति या शोभा छ यसको)* कान्ति+मतुप् (मत्), कान्तिमत्= कान्तिमान् ।

शब्दार्थ- कान्ति वा शोभा भएको, दीप्तियुक्त, मनोहर, सुन्दर, शोभायुक्त, अतिभव्य ।

कान्तिमाधुरी (ना./स्त्री.) कान्त्याः माधुरी *(कान्ति या शोभाको माधुर्य)* ष.त.स.= कान्तिमाधुरी ।

शब्दार्थ- शोभा या सौन्दर्यको माधुर्य, कान्तिको सुन्दरता ।

उदा. तुँवालाबाट निस्केको सूर्यको कान्तिमाधुरी- ऋ.वि. (वसन्त विचार ५५)

कापुरुषः (ना./पुं.) कुत्सितः पुरुषः *(निन्दित मानिस)* कु+पुरुष, प्रा.त.स.[2], कुको का आदेश[3]= कापुरुष ।

शब्दार्थ- निन्दित पुरुष, काँतर व्यक्ति, दुष्ट व्यक्ति, नीच वा घृणित पुरुष, कुपुरुष, कायर मानिस ।

कापोतः (ना./पुं.) कपोतानां समूहः *(परेवाहरूको समूह)* कपोत+अण् (अ), आदिवृद्धि= कापोत ।

शब्दार्थ- परेवाहरूको समुदाय, परेवाहरूको हुल वा वथान ।

काफलः (ना./पुं./न.) कुत्सितं फलम् यस्य *(निन्दित फल छ जसको)* व.स., कुको का आदेश= काफल ।

शब्दार्थ- प्रदूषित फलफूल, निन्दित फलफूल, नमीठो पलफूल ।

कामः (ना./पुं./न.) काम्यतेऽनेन *(कामना गरिन्छ यसबाट)* कमु कान्तौ (भ्वा.) धातु, कम्+णिचि, वृद्धि, कामि+घ[4] (अ)/अच् (एरच्), णिलोप= काम ।

अथवा कम्यते इति *(कामना गरिन्छ)* कम्+घञ् (अ), वृद्धि= काम ।

कन्दर्पो दर्पकोऽनङ्गः कामः, कामोऽभिलाषस्तर्षश्च,
कामं प्रकामं पर्याप्तम्- इत्यमरः
कामः स्मरेच्छयोः पुमान्
रेतस्यपि निकामे च काम्येऽपि स्यान्नपुंसकम्- इति मेदिनी

शब्दार्थ- कामना, इच्छा, अभिलाषा, चाहना, तिर्सना, कामदेव, यौनसम्पर्कको इच्छा, शक्ति, वासना, धर्म अर्थ काम मोक्ष- यी चार पुरुषार्थमध्ये एक ।

कामकला (ना./स्त्री.) कामस्य कला *(रतिक्रियाको कला)* ष.त.स.= कामकला ।

शब्दार्थ- रतिक्रियाको सुख वढाउने कला, कामदेवकी पत्नी रति, यौन सहवासको उद्दीपन कला ।

कामकेलिः (ना./पुं./स्त्री.) कामस्य केलिः क्रीडा *(कामवासनाको क्रीडा)* ष.त.स.= कामकेलि ।

शब्दार्थ- कामक्रीडा, रतिक्रीडा, यौनजन्य क्रियाकलाप, कामवासनासम्वन्धी क्रीडा ।

कामचारी (वि.) कामेन इच्छानुसारेण चरतीति *(इच्छा अनुसार घुमफिर गर्छ)* चर गतिभक्षणयोः (भ्वा.) धातु, काम+चर्+णिनि[5] (इन्), कामचारिन्= कामचारी ।

शब्दार्थ- इच्छा-अनुसार विचरण गर्ने, कामना-अनुसार घुमफिर गर्ने ।

कामदुघा (ना./स्त्री.) कामान् दोग्धीति *(चाहना-अनुसार दुहुन्छ)* कामपूर्वक दुह प्रपूरणे (अदा.) धातु, काम+दुह्+क (अ), हको घ, टाप् (आ)= कामदुघा ।

शब्दार्थ- इच्छाअनुसार दिने, कामधेनु ।

---

[1] ऋक्पुरब्धूः ... : अच्
[2] कुगतिप्रादयः : प्रादि.त.समास
[3] विभाषा पुरुषे : कुको 'का' आदेश
[4] पुंसि संज्ञायां घः... : घ
[5] सुप्यजातौ... : णिनि

कामदेवः (ना./पुं.) कामेन दीव्यतीति *(इच्छाअनुसार क्रीडा गर्छन्)* काम उपपदपूर्वक दिवु क्रीडादौ (दिवा.) धातु, काम+दिव्+अच् (पचादि), गुण =कामदेव ।

अथवा काम्यते इति *(कामना गरिन्छ)* कम्+घञ् (अ), वृद्धि, कामः । स चासौ देवः *(कामदेव)* क.त.स. =कामदेव । अथवा कामस्य देवः *(कामवासनाका देवता)* ष.त.स.= कामदेव ।

शब्दार्थ- मदन, अनङ्ग, प्रेमदेवता, कामना पनि देवता पनि, रतिराग वा यौनवासनाका अधिष्ठाता देवता ।

कामना (ना./स्त्री.) काम्यते, कामयतीति वा *(चाहना गरिन्छ वा गर्छ)* कमु कान्तौ (भ्वा.) धातु, कम्+णिचि+युच्[१] (अन), वृद्धि, णिलोप, काम् अन, कामनः । कामन+टाप् (आ)= कामना ।

शब्दार्थ- मनको चाहना, इच्छा, आकाङ्क्षा, अभिलाषा ।

कामबाणः (ना./पुं.) कामस्य बाणः *(कामदेवको बाण)* ष.त.स.= कामवाण ।

शब्दार्थ- कामदेवको पाँचवाण- उन्माद गराउने, ताप दिने, शोषण, स्तम्भन र सम्मोहन गर्ने ।

उन्मादनस्तापनश्च शोषणस्तम्भनस्तथा
संमोहनश्च कामस्य पञ्चबाणाः प्रकीर्तिताः - इत्यमरः

काममोहितः (वि.) कामेन मोहितः *(कामवासनाले मोहित भएको)* तृ.त.स.= काममोहित ।

शब्दार्थ- कामासक्त, कामान्ध, प्रेमाकृष्ट, कामातुर, कामवासनाले परिपीडित ।

कामधेनुः (ना./स्त्री.) कामप्रदायिनी चासौ धेनुश्च *(इच्छा लागेको कुरा दिने गाई)* क.त.स., उ.प.लोप =कामधेनु ।

शब्दार्थ- वशिष्ठ ऋषिकी कामधेनु गाई, इच्छा लागेको कुरा प्रदान गर्ने गाई ।

कामरूपः (वि.) कामं सुन्दरं वा यथेष्टं रूपं यस्य *(सुन्दर या इच्छा-अनुसारको रूप छ जसको)* ब.स. =कामरूप ।

शब्दार्थ- इच्छाअनुसार रूप धारण गर्ने, मनोहर, सुन्दर ।

उदा. **जानामि त्वां प्रकृतिपुरुषं कामरूपं मघोनः- मेघ. दू. १/६**

कामशास्त्रम् (ना./न.) कामस्य शास्त्रम् *(कामशास्त्र)* ष.त.स.= कामशास्त्र ।

शब्दार्थ- कामकला वा रतिक्रीडा सिकाउने विद्या, प्रणयात्मक विज्ञान, रतिशास्त्र, कोकशास्त्र, यौनकलासम्वन्धी विद्या ।

कामसूत्रम् (ना./न.) कामस्य सूत्रम् *(कामसूत्र)* ष.त.स. =कामसूत्र ।

शब्दार्थ- वात्स्यायन प्रणीत कामशास्त्र, रतिविज्ञानसम्वन्धी विद्या, यौनकलासम्वन्धी सिद्धान्त वा सूत्र ।

कामातुरः (वि.) कामेन आतुरः *(कामवासनाले आतुर)* तृ.त.स.= कामातुर ।

शब्दार्थ- कामवासनाले व्याकुल, कामान्ध, कामासक्त, कामार्त ।

कामान्धः (वि.) कामेन अन्धः *(कामवासनाले अन्ध)* तृ.त.स., दीर्घ= कामान्ध ।

अथवा कामेन अन्धयति हतज्ञानं करोति *(कामवासनाले अन्धो वा ज्ञानरहित बनाउँछ)* काम+अन्ध+अच् (पचादि), दीर्घ= कामान्ध ।

शब्दार्थ- यौनेच्छाले आकुल, कामातुर, प्रेमवासनाले अन्धो भएको, काम-विह्वल ।

कामारिः (ना./पुं.) कामस्य अरिः *(कामदेवका शत्रु)* ष.त.स., दीर्घ= कामारि ।

शब्दार्थ- कामदेवका शत्रु, महादेव, शिव, शङ्कर ।

कामार्तः (वि.) कामेन आर्तः *(कामवासनाले दुःखित)* तृ.त.स., दीर्घ= कामार्त ।

शब्दार्थ- कामवासनाले परिपीडित, यौनेच्छाले विक्षुब्ध ।

द्रष्टव्य- **कामार्ता हि प्रकृतिकृपणाश्चेतनाचेतनेषु- मे.दू १/५**

कामिनी (ना./स्त्री.) भूयान् कामः अस्यास्तीति *(धेरै कामना छ यसको)* काम+इनि[२] (इन्), अकारलोप, कामिन्+ङीप्[३] (ई)= कामिनी ।

शब्दार्थ- रूपवती नारी, सुन्दरी स्त्री, कामना गर्ने स्त्री, कामासक्त नारी, मायालु स्त्री ।

कामी (वि.) कामः कामना अस्य अस्तीति *(कामना वा कामेच्छा छ यसको)* काम+इनि[२] (इन्), कामिन्=कामी ।

अथवा अतिशयेन अवश्यं वा कामयते इति *(ज्यादै चाहन्छ, अवश्य चाहन्छ)* कम्+णिनि[४] (इन्), वृद्धि, कामिन्= कामी ।

शब्दार्थ- कुनै कुरा कामना गर्ने, अभिलाषा गर्ने, बढी यौनसम्पर्कको इच्छा गर्ने, विषयलोलुप, कामवासनामा लुब्ध, बढी कामासक्त, कामवासनामा लिप्त, कामातुर ।

कामुकः (वि.) कामयते तच्छीलः इति *(कामना शील)* कमु कान्तौ (भ्वा.) धातु, कम्+उकञ्[५] (उक), वृद्धि =कामुक ।

शब्दार्थ- कामासक्त, विषयलम्पट, कामातुर, अभिलाषी, यौन अभिलाषा ज्यादा भएको ।

कामुकी (ना./स्त्री.) अतिशयेन कामयते तच्छीला *(ज्यादै चाहन्छे यो)* काम+उकञ्[५] (उक)+ङीप् (ई)=कामुकी ।

शब्दार्थ- यौनसम्पर्कको चाहना गर्ने स्त्री, अत्यन्त कामुक स्त्री, व्यभिचारिणी स्त्री, कामवासनाले आतुर भएकी स्त्री ।

---

[१] ण्यासश्रन्थो... : युच्
[२] अत इनिठनौ : इनि
[३] ऋन्नेभ्यो ङीप् : ङीप्
[४] आवश्यकाधमर्ण्ययोः ... : णिनि
[५] लषपतपदस्था.. : उकञ्

काम्यः (वि.) कामः प्रयोजनमस्य *(कामना नै प्रयोजन छ यसको)* काम+यत्[1] (य)= काम्य ।

शब्दार्थ-चाहना गरिएको, अभिलाषा गरिएको, वाञ्छनीय

कायः (ना./पुं./न.) चीयते अस्मिन् शरीरे अस्थ्यादिकम् *(हाडआदि यस शरीरमा जम्मा हुन्छ)* चिञ् चयने (स्वा.) धातु, चि+घञ्[2] (अ), आदि यको क, कि अ, वृद्धि, आयादेश= काय ।

अथवा कः ब्रह्मा वा प्रजापतिर्देवता अस्य *(ब्रह्मा वा प्रजापति छन् देवता यसका)* क+अण्[3] (अ), इत्व[4], कि अ, वृद्धि, आयादेश= काय ।

कायः कदैवते मूर्तौ सङ्घे लक्ष्यस्वभावयोः
मनुष्यतीर्थे कायं स्यात्- इति मेदिनी

शब्दार्थ- शरीर, देह, तनु, जीउ, मूर्ति, समुदाय, संघ, मनुष्यतीर्थ, स्वभाव, लक्ष्य, ब्रह्मा वा प्रजापति, ब्रह्मालाई अर्पित आहुति, प्रतिमा ।

कायकल्पः (ना./पुं.) काये कल्पः *(शरीरमा उपचार)* स.त.स.= कायकल्प ।

शब्दार्थ- शरीरमा गरिने उपचारविधि, उपचारद्वारा रोगीलाई तन्दुरुस्त वनाउने उपाय, परिवर्तन ।

कायक्लेशः (ना./पुं.) काये क्लेशः *(शरीरमा पीडा)* स.त.स.= कायक्लेश ।

शब्दार्थ- शरीरमा पीडा वा दुःख, जीउलाई कष्ट ।

कायिकः (वि.) काये भवः *(शरीरमा भएको)*, कायेन कृतं निर्वृत्तं वा *(शरीरद्वारा गरिएको)* कायस्य अयम् *(शरीरको यो)* काय+ठक्/ठञ्[5] (इक) =कायिक ।

शब्दार्थ-शरीरसम्वन्धी, शारीरिक, शरीरसित सम्वन्धित ।

कारः (ना./पुं./वि.) क्रियते, कीर्यते इति वा *(गरिन्छ, फालिन्छ)* डुकृञ् करणे (तना.) वा कॄ विक्षेपे (तुदा.) धातु, कृ/कॄ+अप्[6] (अ), गुण, करः । कर एव कर+अण्[7] (अ), स्वार्थमा= कार ।

अथवा करोतीति *(गर्दछ)* कुम्भ, शिल्प आदि कर्म उपपदको परिकल्पनामा, कृ+अण्[8](अ),वृद्धि=कार

कारो वधे निश्चये च बलौ यत्ने यतावपि- इति मेदिनी

शब्दार्थ- वध, निश्चय, वलि, प्रयत्न, अक्षर तथा शब्दको पछिल्तिर जोडिएर आउने पद, जस्तैः ककार, अकार, मकार, शिल्पकार, कलाकार आदि ।

कारकः (वि./ना./पुं.) करोतीति *(गर्दछ)* डुकृञ् करणे (तना.) धातु, कृ+ण्वुल् (अक), वृद्धि= कारक ।

शब्दार्थ- कुनै काम गर्ने, अभिनय गर्ने, क्रियासित प्रत्यक्ष सम्वन्ध राख्ने कर्ता, कर्म, करण, सम्प्रदान, अपादान, अधिकरण कारक, रचयिता, निर्माता ।

कारणम् (ना./न.) कार्यते अनेन *(गराइन्छ यसबाट)* डुकृञ् करणे (तना.) धातु, कृ+णिचि+युच् (अन), वृद्धि, णिलोप, णत्व= कारण ।

कारणं घातने हेतौ करणे कारणा पुनः- इति हैमः
हेतुर्ना कारणं बीजम्- इत्यमरः

शब्दार्थ- कार्य उत्पन्न गर्ने मुख्य तत्त्व, हेतु, साधन, उपकरण, प्रयोजन वा उद्देश्य, उत्पादकतत्त्व, इन्द्रिय, माध्यम ।

कारणा (ना./स्त्री.) क्रीणाति अनया *(दुःख दिन्छ यसले)* कृञ् हिंसायाम् (क्र्या.) धातु, कृ+णिचि+युच्[9] (अन), णिलोप, टाप् (आ)= कारणा ।

कारणा तु यातना तीव्रवेदना- इत्यमरः

शब्दार्थ- पीडा, ताप, यातना, वेदना ।

कारा (ना./स्त्री.) कीर्यते क्षिप्यते दण्डार्हः यत्र *(दण्ड दिन योग्य भएकालाई यहाँ राखिन्छ)* कॄ विक्षेपे (तुदा.) धातु, कॄ+अङ्[10] (अ), गुण, कारः । कार+टाप् (आ), दीर्घ =कारा ।

कारा स्याद् बन्धनालये- इत्यमरः

शब्दार्थ- बन्दीगृह, जेल, कारागार, भ्यालखाना, पीडा, दुःख, कष्ट ।

कारागारम् (ना./न.) कारायाः बन्धनस्य पीडायाः वा आगारम् गृहम् *(बन्धन या पीडाको घर)* ष.त.स., दीर्घ =कारागार ।

शब्दार्थ- कारावास, वन्दीगृह, कैदखाना, जेल, जेलगृह ।

कारागारमुक्तः (वि.) कारागारात् मुक्तः *(कारागारबाट छुटेको)* प.त.स.= कारागारमुक्त ।

शब्दार्थ-कारागारबाट छुटेको, कैदखानाबाट मुक्त गरिएको,

कारावासः (ना./पुं.)कारायां बन्धनालये वासः (बन्दीगृहमा निवास) स.त.स.= कारावास ।

शब्दार्थ- कारागारमा निवास, कारागृहमा बस्ने काम, कैदखाना वा बन्दीगृहमा बस्ने काम ।

कारिका (ना./स्त्री.) करणं क्रियते अनया इति वा *(गरिन्छ यसबाट)* डुकृञ् करणे (तना.) धातु, कृ+ण्वुल्[11] (अक), वृद्धि, कारकः । कारक+टाप् (आ), ककारपूर्वका अकारको इत्व= कारिका ।

कारिका नटयोषिति । कृतौ विवरणश्लोके शिल्पयातनयोरपि ।

शब्दार्थ- नर्तकी, नृत्याङ्गना, विस्तृत व्याख्या गर्न सकिने पद्यमय श्लोक वा गद्यमय सूक्ति, शिल्प व्यवसाय, यातना, साङ्ख्यकारिका आदि दार्शनिक ग्रन्थ ।

कारुणिकः (वि.) करुणा शीलमस्येति *(दया नै शील स्वभाव भएको)* करुणा+ठक्[12] (इक), आदिवृद्धि, आकारलोप= कारुणिक ।

शब्दार्थ- दयावान्, करुणाले भरिएको, दयालु, कृपालु ।

---

१. स्वर्गादिभ्यो यद्वक्तव्यम् (वा.) : यत्
२. निवासचितिशरीर.... : घञ्, धातुका आदिको क
३. साऽस्य देवता : अण्
४. कस्येत् : इत्व
५. तत्र भवः/संस्कृतम्/तेन निर्वृत्तम् : ठक्/ठञ्
६. ऋदोरप् : अप्
७. प्रज्ञादिभ्यश्च : अण्
८. कर्मण्यण् : अण्
९. ण्यासश्रन्यो... : युच्
१०. षिद्भिदादिभ्योऽङ् : अङ्
११. धात्वर्थनिर्देशे... (वा.) : ण्वुल्
१२. शीलम् : ठक्

कारुण्यम् (ना./न.) करुणस्य करुणायाः वा भावः कर्म *(दयाको भाव, अवस्था र कर्म)* करुण/करुणा+ष्यञ्[१] (य), आदिवृद्धि, अकार तथा आकारलोप= कारुण्य ।

शब्दार्थ- दयाको भावना, करुणाको भाव वा अवस्था, दयालुपन, सहृदयता ।

उदा. न बोल्न सक्दी, न त खोल्न सक्दी कारुण्यको दृष्टि लिएर झुक्दी- सु.म.का. ५/३३

कार्तवीर्यः (ना./पुं.) कृतवीर्यस्य अपत्यम् पुमान् *(कृतवीर्यका पुरुष सन्तति)* कृतवीर्य+अण्[२] (अ), आदिवृद्धि, अकारलोप= कार्तवीर्य ।

शब्दार्थ- हैहयवंशीय कृतवीर्यका पुत्र, सहस्रवाहु, सहस्रार्जुन,

द्रष्टव्य- यिनले दत्तात्रयको आराधना गरी हजार हात प्राप्त गरेका थिए, त्यसैले यिनलाई सहस्रबाहु भनिन्छ । यी हैहय वंशका राजा थिए, यिनको अर्को नाम अर्जुन हो, हजार हात भएकोले सहस्रार्जुन पनि भनिन्छ ।

उदा. हैहयानामधिपतिरर्जुनः क्षत्रियर्षभः- श्रीमद्भा. ९/१५/१७

कार्तिकेयः (ना./पुं.) कृत्तिकानामपत्यं पुमान् *(कृत्तिकाका पुत्र)* कृत्तिका+ढक्[३] (एय), आदिवृद्धि, अकारलोप =कार्तिकेय ।

शब्दार्थ- स्कन्दकुमार, पार्वतीपुत्र, षडानन, मयूरवाहन, स्वामी कार्तिकेय, गंगापुत्र ।

द्रष्टव्य- यिनी छवटी कृत्तिका र अग्नि, गंगा तथा पार्वती सबैका पुत्र मानिन्छन् ।

कार्तिकः (ना./पुं.)/**कार्तिकी** (ना./स्त्री.) कृत्तिकानक्षत्रेण-युक्ता पौर्णमासी यत्र *(कृत्तिका नक्षत्रले युक्त भएको पूर्णिमा छ जुन महिनामा)* कृतिका+अण्[४] (अ), आदिवृद्धि, आकारलोप= कार्तिक ।

कार्तिक+ङीप् (ई)= कार्तिकी ।

शब्दार्थ- कार्तिक महिना, असोज र मार्गका वीचको महिना, पूर्णिमाका दिन कृत्तिका-नक्षत्र हुने महिना, कार्तिकी पूर्णिमा ।

कार्तिकिकः (ना./पुं.) कार्तिकी पौर्णमासी यस्मिन् *(कार्तिक शुक्लपूर्णिमा पर्दछ जसमा)* कार्तिकी+अण् (अ), इकारलोप, कार्तिकः । कार्तिक+ठक् (इक), अकारलोप =कार्तिकिक ।

शब्दार्थ- कार्तिक महिना, कृत्तिका-नक्षत्रले युक्त भएको पूर्णिमा हुने महिना, वाह्र महिनामध्ये सातौं महिना ।

कार्मः (वि.) कर्म शीलमस्य *(कर्म गर्ने शील छ यसको)* कर्मन्+ण[५] (अ), आदिवृद्धि, नलोप= कार्म ।

शब्दार्थ- कार्य सम्पादन गर्न क्षमता भएको, कर्मशील, कर्म गर्न समर्थ ।

कार्मुकम् (ना./न.) कर्मणे प्रभवति *(कर्ममा समर्थ हुन्छ)* कर्मन्+उकञ्[६] (उक), आदिवृद्धि, नलोप= कार्मुक ।

शब्दार्थ- धनु, चाप, शरासन ।

कार्यम् (ना./न./वि.) क्रियते, कर्तुं योग्यमिति वा *(गरिन्छ, गर्नलायक)* कृ+ण्यत्[७] (य), वृद्धि= कार्य ।

अथवा कारितुं योग्यम् *(गराउन लायक)* कृ+णिचि, वृद्धि, कारि+यत्[८] (य), णिलोप= कार्य ।

शब्दार्थ- काम, क्रियाकलाप, काज, व्यवसाय, कामकाज, कामकुरा, धार्मिक अनुष्ठान, गर्नयोग्य, गर्नलायक वा गराउन लायक, कर्तव्य गर्न वा गराउन उपयुक्त ।

कार्यकर्ता (वि./ना./पुं.) कार्यं करोतीति *(काम गर्छ)* डुकृञ् करणे (तना.) धातु, कार्य+कृ+तृच् (तृ), गुण, कार्यकर्तृ= कार्यकर्ता ।

अथवा कार्यस्य कर्ता *(काम गर्ने)* ष.त.स.=कार्यकर्ता ।

शब्दार्थ- काम गर्ने, श्रमिक, कर्मचारी, राजनीतिक नीति र सिद्धान्तको प्रचारप्रसार गर्ने व्यक्ति, कुनै संघ संस्था वा संगठनमा काम गर्ने मानिस ।

कार्यकारणम् (ना./न.) कार्यञ्च कारणञ्च *(कार्य र कारण)* द्व.स.= कार्यकारण ।

शब्दार्थ- हेतु र परिणाम, साधन र साध्य, कारण र त्यसको नतिजा, उद्देश्य र प्रयोजन, कार्य र कारण ।

कार्यकारणभावः (ना./पुं.) कार्यकारणस्य भावः *(कार्य र कारणको सम्बन्ध)* ष.त.स.= कार्यकारणभाव ।

शब्दार्थ- कार्य र करणको सङ्गति वा समन्वय, साध्य र साधनको सम्वन्ध ।

कार्यकारिणी (ना./स्त्री.)/**कार्यकारी** (ना./पुं.) कार्यं कर्तुं शीलम् अस्य अस्याः वा अस्तीति (*विशेष कार्य सम्पन्न गराउन सामर्थ्य छ यसको)* कार्य उपपदपूर्वक डुकृञ् करणे (तना.) धातु, कार्य+कृ+णिनि[९] (इन्) वृद्धि, कार्यकारिन्= कार्यकारी ।

कार्यकारिन्+ङीप् (ई), णत्व= कार्यकारिणी ।

शब्दार्थ- विशेष काम सम्पन्न गर्न गराउन बनेको कार्यकारिणी परिषद् वा कार्यकारी समिति, सञ्चालक समिति, कुनै सङ्घ, सङ्गठन, शैक्षिक संस्था आदिको उच्च प्रशासनिक निकाय ।

कार्यकालः (ना./पुं.) कार्यस्य कालः *(कामको समय)* ष.त.स.= कार्यकाल ।

शब्दार्थ- काम गर्ने समय, काम गर्ने अवधि, काम गर्न उपयुक्त समय ।

---

[१] गुणवचन.... : ष्यञ्

[२] शिवादिभ्योऽण् : अण्

[३] स्त्रीभ्यो ढक् : ढक्

[४] साऽस्मिन् पौर्ण.../नक्षत्रेण युक्त... : अण्

[५] छत्रादिभ्यो णः : ण

[६] कर्मणः : उकञ्

[७] ऋहलोर्ण्यत् : ण्यत्

[८] अचो यत् : यत्

[८] सुप्यजातौ... : णिनि

कार्यकुशलः (वि.) कार्येषु कुशलः *(काममा कुशल)* स.त.स.= कार्यकुशल ।

शब्दार्थ- काम गर्नमा सिपालु, काममा निपुण, काम सम्पादन गर्न दक्ष ।

कार्यकुशलता (ना./स्त्री.) कुशलस्य भावः इति *(कुशल हुनाको भाव वा अवस्था)* कुशल+तल्[1] (त)+टाप् (आ), कुशलता । कार्ये कुशलता *(काममा निपुणता)* स.त.स.= कार्यकुशलता ।

शब्दार्थ- कार्यनिपुणता, कार्यदक्षता, काम गर्न सक्ने क्षमता वा सिपालुपन ।

कार्यक्रमः (ना./पुं.) कार्यस्य क्रमः *(कार्यको क्रम)* ष.त.स.= कार्यक्रम ।

शब्दार्थ- कामको सिलसिला, काम गर्न तोकिएको क्रम, विशेष कार्ययोजना, कार्यतालिका, कामको योजनावद्ध प्रक्रिया ।

कार्यदक्षः (वि.) कार्येषु दक्षः *(कार्यमा दक्ष)* स.त.स. =कार्यदक्ष ।

शब्दार्थ- काम गर्न सिपालु, काममा निपुण, कार्यकुशल, काममा विज्ञ ।

कार्यदक्षता (ना./स्त्री.) कार्येषु दक्षः, तस्य भावः *(काममा दक्ष वा निपुण, त्यसको भाव वा अवस्था)* कार्यदक्ष+तल् (त)+टाप् (आ)= कार्यदक्षता ।

शब्दार्थ- कार्यकुशलता, कार्यक्षमता, काममा निपुणता, काम गर्नमा सिपालुपना ।

कार्यपद्धतिः (ना./स्त्री.) कार्यस्य पद्धतिः *(कामको पद्धति वा प्रक्रिया)* ष.त.स.= कार्यपद्धति ।

शब्दार्थ- काम गर्ने ढाँचा, काम गर्ने विधि, कार्य सम्पादन गर्ने तरिका वा प्रणाली ।

कार्यपालिका (ना./स्त्री.) पालयतीति (**संरक्षण गर्छ**) पाल रक्षणे (चुरा.) धातु, पाल्+ण्वुल्[2] (अक), पालकः । पालक+टाप् (आ), ककारपूर्वका अकारको इत्व, पालिका । कार्यस्य प्रशासनव्यवस्थासम्बन्धिनः कर्मणः पालिका सञ्चालिका *(राज्यको प्रशासन-व्यवस्थासम्बन्धी कामको सञ्चालन गर्ने अङ्ग)* ष.त.स. =कार्यपालिका ।

शब्दार्थ- सरकारका तीन अङ्गहरू, व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकामध्ये एक, ऐन कानुनको कार्यान्वयन गर्ने र देशको प्रशासन सञ्चालन गर्ने निकाय ।

कार्यप्रणाली (ना./स्त्री.) कार्यस्य प्रणाली *(कार्यको प्रणाली वा प्रक्रिया)* ष.त.स.= कार्यप्रणाली ।

शब्दार्थ- काम गर्ने ढाँचा, काम गर्ने तरिका, कार्य पद्धति, कार्य गर्ने विधि ।

कार्यभारः (ना./पुं) कार्यस्य भारः *(कार्यको भार वा जिम्मेवारी)* ष.त.स.= कार्यभार ।

शब्दार्थ- कुनै पदमा रही काम गर्नुपर्ने जिम्मेवारी वा उत्तरदायित्व ।

कार्यभारमुक्तः (वि.) कार्यभारात् मुक्तः *(कार्यभारबाट मुक्त वा छुटकारा)* प.त.स.= कार्यभारमुक्त ।

शब्दार्थ- कुनै कामको जिम्मेवारीवाट मुक्त गरिएको, अवकाश पाएको, सेवानिवृत्त ।

कार्यवाहकः (वि.) वहतीति *(वहन गर्छ)* वह प्रापणे (भ्वा.) धातु, वह्+ण्वुल्[2] (अक), वृद्धि, वाहकः । कार्यस्य वाहकः *(कार्यको वाहक वा कार्यभार वहन गर्ने)* ष.त.स.= कार्यवाहक ।

शब्दार्थ- कामको जिम्मा लिने, कामको अभिभारा वहन गर्ने, कामको जिम्मेवारी लिने ।

कार्यविधिः (ना./स्त्री.) कार्यस्य विधिः *(कामको विधि वा प्रक्रिया)* ष.त.स.= कार्यविधि ।

शब्दार्थ- कार्यप्रणाली, कार्यप्रक्रिया, नियमसङ्गत ढङ्गले काम गर्ने पद्धति ।

कार्यविनायकः (ना./पुं.) नयतीति *(लैजान्छ)* णीञ् प्रापणे (भ्वा.) धातु, नी+ण्वुल्[2] (अक), वृद्धि, आयादेश, नायकः । विशिष्टः नायकः *(विशिष्ट नायक)* प्रा.त.स., विनायकः । कार्यस्य विनायकः *(काममा विशेष नेतृत्व गर्ने नायक)* ष.त.स.= कार्यविनायक ।

शब्दार्थ- कार्य वा कर्मसम्पादनको नेतृत्व लिने व्यक्ति, कार्यका स्वामी गणेशजी, काठमाडौं उपत्यकाका चार गणेशहरूमध्ये एक ।

कार्यशाला (ना./स्त्री.) कार्यस्य शाला (गृहम्) *(कार्यको शाला, काम गर्ने थलो)* ष.त.स.= कार्यशाला ।

शब्दार्थ- कुनै प्रयोगात्मक काम गर्ने स्थान वा ठाउँ, कारखाना, प्रयोगशाला, यन्त्रशाला ।

कार्यसूची (ना./स्त्री.) कार्यस्य सूची *(कार्यको सूची)* ष.त.स.= कार्यसूची ।

शब्दार्थ- कामको विवरण उल्लेख भएको सूची, विषयसूची, कार्यतालिका ।

कार्यसम्पादनम् (ना./न.) कार्यस्य सम्पादनम् *(कार्यको सम्पादन)* ष.त.स.= कार्यसम्पादन ।

शब्दार्थ- कामको कार्यान्वयन, कामको फर्स्यौट, निर्धारित कार्य पूरा गर्ने काम ।

कार्यार्थी (वि.) कार्यमर्थयते इति *(काम चाहन्छ)* कार्यपूर्वक अर्थ उपयाञ्चायाम् (चुरा.) धातु, कार्य+अर्थ्+णिनि[3] (इन्), कार्य र अर्थको दीर्घ, कार्याथिन् =कार्यार्थी ।

शब्दार्थ- काम गर्न चाहने, कामको खोजी गर्ने ।

---

१. तस्य भावस्त्वतलौ : तल्

२. ण्वुल्तृचौ : ण्वुल्

३. नन्दिग्रहिपचादि... : णिनि

कार्यान्वयनम् (ना./न.) अन्वीयते, अन्वयनमिति वा *(अनुगमन गरिन्छ)* अनुपूर्वक इण् गतौ (अदा.) धातु, अनु+इ+ल्युट् (अन), इको गुण, अयादेश अनु अयन, यण्, अन्वयनम् । कार्यस्य अन्वयनम् *(कामको सम्पादन वा कार्यान्वयन)* ष.त.स., दीर्घ =कार्यान्वयन ।

शब्दार्थ- काम गर्न निधो गरिएको कुरालाई साँच्चिकै व्यवहारमा ल्याउने कार्य, काम गर्न निश्चित गरिएको विषयलाई कार्यरूपमा ल्याउने काम ।

कार्यान्वितः (वि.) कार्यम् अन्वेति स्म इति *(कार्य सम्पन्न गरिएको)* कार्य उपपदपूर्वक इण् गतौ (अदा.) धातु, कार्य+अनु+इ+क्त[1] (त), कर्तामा, अनु इतको यण्, अन्वितः, कार्य अन्वितको दीर्घ= कार्यान्वित ।

शब्दार्थ- कुनै कुरालाई कार्यरूपमा ल्याइएको, कार्य सम्पन्न गरिएको ।

कार्यार्थम् (ना./न.) कार्याय इदम् *(काम गर्नको निमित्त)* कार्य+अर्थम्, अस्वपदविग्रह, च.त.स.[2], दीर्घ =कार्यार्थ ।

शब्दार्थ- कुनै काम गर्नको लागि, कुनै पत्रको कारवाही गर्नका लागि ।

कार्यालयः (ना./पुं.) कार्याय आलयः *(काम गर्नको लागि घर)* च.त.स., दीर्घ= कार्यालय ।

शब्दार्थ- कुनै काम गर्नको लागि घर या भवन, काम गर्ने भवन वा ठाउँ वा अड्डा ।

कार्यालयीयः (वि.) कार्यालये भवः *(कार्यालयमा हुने)* कार्यालय+छ[3] (ईय)= कार्यालयीय ।

शब्दार्थ-कार्यालयसम्वन्धी, कार्यालयको, कार्यालयमा हुने

कार्श्यम् (ना./न.) कृशस्य भावः *(कृश वा पातलो हुनाको भाव)* कृश+ष्यञ् (य), आदिवृद्धि= कार्श्य ।

शब्दार्थ- दुव्लोपना, पातलोपना, कृश हुनाको अवस्था ।

कालः (ना./पुं.) कल्यते इति *(गणना गरिन्छ)* कल शव्द संख्यानयोः (भ्वा.) धातु, कल्+घञ् (अ), वृद्धि=काल । अथवा कलयति कालयति सर्वाणि भूतानि *(सबै प्राणी समाप्ति गर्छ वा निल्छ)* कल गतौ संख्याने च (चुरा.) धातु, कल्+णिचि+अच् (पचादि), वृद्धि, णिलोप = काल ।

अथवा कु ईषत् कृष्णत्वं लातीति *(अलि-अलि कालोपन ल्याउँछ)* ला आदाने (अदा.) धातु, कु+ला +क[4] (अ), आकारलोप, कुको 'का[5]' आदेश= काल ।

कालो मृत्यौ महाकाले समये यमकृष्णयोः- मेदिनी
कालो दण्डधरः श्राद्धदेवो वैवश्वतोऽन्तकः- इत्यमरः

शब्दार्थ-समय, वेला, वखत, कुनै काम गर्न उपयुक्त वेला वा घडी वा अवधि, प्रत्येक दिन, रात, महिना र वर्षको समय वा अवधि, मृत्यु, मरण, प्रलयकालीन महाकाल, यमराज, अन्तक, भगवान् श्रीकृष्ण ।

उदा. **कालै म हूँ लोकविनाशकारी**
छु लोकनाशार्थ यहाँ तयारी- को.गी.११/३२

द्रष्टव्य. **कालः सृजति भूतानि कालः संहरते प्रजाः-**
म.भा. १/१/२४८

कालकः (ना./पुं.) काल एव *(काल नै)* काल+कन्[6] (क), स्वार्थमा= कालक ।

शब्दार्थ- काल, समय, वेलावखत ।

कालकूटः (ना./पुं.) कालमपि कूटयतीति *(काललाई पनि दहन गर्छ)* काल उपपदपूर्वक कूट परितापे वा परिदाहे (चुरा.) धातु, काल+कूट+अण्[7] (अ) = कालकूट ।

अथवा कालस्य मृत्योः कूटो राशिरिव *(मृत्युको थुप्रो झैं)* ष.त.स.= कालकूट ।

पुंसि क्लीवे च काकोलकालकूटहलाहलः- इत्यमरः

शब्दार्थ- देवदानवले समुद्र मन्थन गर्दा वासुकी नागको मुखवाट निस्की महादेवले पान गरेको ज्यादै कडा हलाहल विष, कालकूट विष ।

कालक्रमः (ना./पुं.) कालस्य समयस्य क्रमः गतिः *(काल वा समयको गति वा क्रम)* ष.त.स.= कालक्रम ।

शब्दार्थ- निमेष, पला, घडी, दिन, रात, महिना, ऋतु, अयन, वर्ष वा समय आदिको क्रमवद्धता ।

कालक्षेपणम् (ना./न.) क्षिप्यते प्रक्षिप्यते इति *(फालिन्छ, विताइन्छ)* क्षिप प्रेरणे (तुदा.) धातु, क्षिप्+ल्युट् (अन), गुण, णत्व, क्षेपणम् । कालस्य क्षेपणमिति *(समयको क्षेपण)* ष.त.स.= कालक्षेपण ।

शब्दार्थ- जसरी तसरी समय विताउने काम, जीवन धान्ने काम, गुजारा चलाउने कार्य, जीवन यापन गर्ने काम ।

कालखण्डः (ना./पुं.) कालस्य खण्डः *(कालको विभाग)* ष.त.स.= कालखण्ड ।

शब्दार्थ- समयको विभाजन, कालको अवधि, कालको विभाग ।

कालगतिः (ना./स्त्री.) गम्यते, गमनमिति वा *(जानु वा गइन्छ)* गम्लृ गतौ (भ्वा.) धातु, गम्+क्तिन् (ति), अनुनासिक मकारलोप, गतिः । कालस्य गतिः *(काल वा समयको गति)* ष.त.स.= कालगति ।

शब्दार्थ- कालको गति, समयको गति, कालक्रम ।

उदा. **पिताको माताको प्रणय उहिल्यै कालगतिले**
वित्यो, भाई वैनीहरु सब चुड्यो दुर्नियतिले
- त.त. (६/१३)

---

[1] गत्यर्थाकर्मक...: क्त (कर्तामा)
[2] चतुर्थी तदथार्थ.../अर्थेन नित्यसमास... : चतुर्थी त.स.
[3] वृद्धाच्छ : छ
[4] आतोऽनुपसर्गे... क
[5] इषदर्थे : कुको का आदेश
[6] कालाच्च : कन्, स्वार्थमा
[7] कर्मण्यण् : अण्

कालचक्रम् (ना./न.) कालस्य चक्रम् *(कालको चक्र वा परिर्वतन)* ष.त.स.= कालचक्र ।

शब्दार्थ- समयको परिर्वतन, जीवनको हेरफेर, कालको गति, परिस्थितिको फेरबदल, मृत्युको चक्र ।

कालज्वरः (ना./पुं.) कालरूपश्चासौ ज्वरश्च *(कालरूप जरो)* क.त.स., उ.प.लोप= कालज्वर ।

शब्दार्थ- विषम जरो, सन्निपात ।

कालज्ञः (वि./ना./पुं.) कालं जानातीति *(समय जान्दछ)* काल उपपदपूर्वक ज्ञा अवबोधने (क्र्या.) धातु, काल+ज्ञा+क[१] (अ), आकारलोप= कालज्ञ ।

शब्दार्थ- समयको ज्ञाता, कालको गति जान्ने, भविष्य- ज्ञाता, ज्योतिषी, ठीक समय जान्ने परमात्मा परमेश्वर

कालज्ञानम् (ना./न.) ज्ञायते इति *(जानिन्छ)* ज्ञा अवबोधने (क्र्या.) धातु, ज्ञा+ल्युट् (अन), ज्ञानम् । कालस्य ज्ञानम् *(काल वा समयको ज्ञान)* ष.त.स. =कालज्ञान ।

शब्दार्थ- समयका गतिको जानकारी, कालको स्थिति वा परिवर्तनको ज्ञान ।

कालतः (अव्य.) कालात्, काले इति वा *(कालबाट वा समयमा)* काल+तसिल्[२] (तस्), कालतस्= कालत ।

शब्दार्थ- कालबाट, समयानुसार, कालअनुरूप ।

कालदण्डः (ना./पुं.) दण्डयतीति *(दण्ड दिन्छ)* दण्ड दण्डनिपातने (चुरा.) धातु, दण्ड्+अच् (पचादि), दण्डः । कालस्य यमस्य वा दण्डः *(काल वा यमराजको दण्ड)* ष.त.स.= कालदण्ड ।

शब्दार्थ- यमराजको दण्ड वा सजाय, मृत्यु, निधन, मरण, यमदण्ड ।

कालधर्मः (ना./पुं.) ध्रियते, धारयतीति वा *(धारण गरिन्छ, धारण गर्छ)* धृञ् धारणे (भ्वा.) धातु, धृ+मन्[३] (म), उणा., गुण, धर्मः । कालस्य धर्मः *(कालको धर्म)* ष.त.स.= कालधर्म ।

स्यात् पञ्चता कालधर्मो दिष्टान्तः प्रलयोऽत्ययः- इत्यमरः

शब्दार्थ- समय अनुसारको उपयुक्त धर्म, परिस्थिति अनुरूपको काम, मृत्यु, प्रलय, सर्वनाश, अन्त, नाश, मरण, निधन, पञ्चत्व ।

कालपाशः (ना./पुं.) पाश्यते इति *(बन्धनमा राखिन्छ)* पश बन्धे (चुरा.) धातु, पश्+णिचि+घञ् (अ), वृद्धि, णिलोप, पाशः । कालस्य पाशः *(कालको पासो)* ष.त.स.= कालपाश ।

शब्दार्थ- कालको पासो, यमराजको फाँसी, समयको बन्धन, मृत्युको पासो ।

कालपुरुषः (ना./पुं.) कालश्चासौ पुरुषश्च *(काल पुरुष)* क.त.स., वा काल एव पुरुषः *(कालरूप पुरुष)* म.व्य.स.= कालपुरुष । अथवा कालस्य यमस्य पुरुषः *(यमराजको सहयोगी पुरुष)* ष.त.स.= कालपुरुष ।

शब्दार्थ- कालरूपी पुरुष, परमेश्वरको विराट्-स्वरूप, यमराजको सहयोगी वा सहायक पुरुष, कालको कल्पित मानवीयरूप, कालका अधिष्ठाता देवता ।

उदा. **कालोऽस्मि लोकक्षयकृत् प्रवृद्धः- भ.गी. ११/३२**

कालभैरवः (ना.पुं.) कालरूपश्चासौ भैरवश्च *(कालरूपी भैरव)* क.त.स., उ.प.लोप= कालभैरव ।

शब्दार्थ- शिवजीका गणहरूमध्ये एक, एकादश रुद्रहरूमध्ये एक, नेपालमा हनुमानढोका नजिक राखिएका भैरव, कालस्वरूप भैरव ।

कालमहिमा (ना./पुं.) कालस्य महिमा *(कालको महत्त्व)* ष.त.स.= कालमहिमा ।

शब्दार्थ- समयको महत्त्व, समयको महिमा, कालको गरिमा ।

कालमानम् (ना./न.) मीयते इति *(मापन गरिन्छ)* माङ् माने शब्दे च (जुहो.) धातु, मा+ल्युट् (अन), मानम् । कालस्य मानम् *(कालको मान)* ष.त.स.= कालमान ।

शब्दार्थ- लव, निमेष, काष्ठा, कला, घटिका, मुहूर्त, दिन, रात, अहोरात्र, हप्ता, पक्ष, मास, ऋतु, अयन, सम्वत्सर, वर्ष, युग आदि समयको मापन, कालको अवधि, ३० दिनको १ महिना, १२ महिनाको १वर्ष आदि परिगणना ।

कालरात्रिः/कालरात्री (ना./स्त्री.) राति सुखम् वा दुःखमिति *(सुख वा दुःख दिन्छ)* रा दाने (अदा.) धातु, रा+त्रिप्[४] (त्रि), उणा., रात्रिः । रात्रि+ङीष्[५] (ई), विकल्पले, रात्री । ङीष्को अभावमा रात्रि ।

कालस्य रात्रिः/रात्री *(काल-रात्रि)* ष.त.स.= कालरात्रि /कालरात्री ।

शब्दार्थ- प्रलय हुने रात, कल्पान्त रात्रि, अन्धकारमय रात, मरणको रात, महाष्टमीको रात, भगवती दुर्गाको उग्ररूप वा मूर्ति ।

उदा. **कालरात्रिर्महारात्रिर्मोहरात्रिश्च दारुणा- दु.स. १/७९**

कालवेला (ना./स्त्री.) कालस्य शनिग्रहभोग्यसमयस्य वेला *(काल अर्थात् शनिग्रहले भोग गर्ने समयको वेला)* ष.त.स.= कालवेला ।

शब्दार्थ- ज्योतिषशास्त्र-अनुसार रात्रिमान र दिनमानलाई भाग गर्दा शनिग्रहले भोग गर्ने समय, कालबेला, नराम्रो बेलाबखत ।

कालसर्पः (ना./पुं.) कालः कृष्णश्चासौ सर्पश्च *(कालो सर्प)* क.त.स., वा काल एव सर्पः *(कालरूपी सर्प)* म.व्य.स.= कालसर्प ।

शब्दार्थ- कालरूपी सर्प, ज्यादै विषालु साप, दुष्ट स्वभावको मानिस, दुष्ट स्वभाव हुने व्यक्ति ।

उदा. **बरु कालसर्पसँग जिस्क- व्यथित**

---

[१] आतोऽनुपसर्गे... : क

[२] आद्यादे.... : तसिल्

[३] अर्तिस्तुसुहु... : मन्

[४] राशदिभ्यां त्रिप् : त्रिप्

[५] कृदिकारात्... : ङीष्

कालसूत्रम् (ना./न.) कालस्य सूत्रम् *(समयको सूत्र)* ष.त.स.= कालसूत्र ।

शब्दार्थ- मृत्युको डोरो, समयको ताँदो, मुख्य मुख्य चौरासीवटा नरकहरूमध्ये एक ।

कालाग्निः (ना./पुं.) कालः प्रलयकालस्तस्य अग्निः *(प्रलयकालको आगो)* ष.त.स., दीर्घ= कालाग्नि ।

अथवा कालरूपश्चासौ अग्निश्च *(कालरूप सर्वसंहारक अग्नि)* क.त.स., उ.प.लोप, दीर्घ =कालाग्नि ।

शब्दार्थ- प्रलयका समयको सर्वविनाशकारी अग्नि, कालानल, प्रलयकालीन अग्नि, महादेव ।

कालातीतः (वि.) कालमतीतः *(कालभन्दा परको)* द्वि.त.स.[1], दीर्घ= कालातीत ।

शब्दार्थ- कालभन्दा परको, समय व्यतीत भइसकेको, काललाई जितेको, विगत समयभन्दा वाहिरको ।

कालानलः (ना./पुं.) कालः प्रलयकालस्तस्य अनलः *(प्रलयकालको आगो)* ष.त.स.= कालानल ।

शब्दार्थ- प्रलयानल, प्रलयाग्नि, प्रलयकालको आगो, कालाग्नि ।

कालान्तरम् (ना./न.) अन्तं रातीति *(अन्तर ल्याउँछ)* अन्त उपपदपूर्वक रा दाने (अदा.) धातु, अन्त+रा+क (अ), आकारलोप, अन्तरः । कालस्य अन्तरः *(समयको अन्तर)* ष.त.स.= कालान्तर ।

अथवा अन्यत् कालम् *(अर्को समय)* काल+अन्तर, म.व्य.स.= कालान्तर ।

शब्दार्थ- समयभन्दा पछिको समय, समयान्तर, अर्कै समय, पछिको समय ।

कालिकः (वि.) काले भवः *(समयमा हुने वा भएको)* काल+ठञ्[2] (इक), आकारलोप= कालिक ।

शब्दार्थ- समयसम्वन्धी, समयानुकूल, काल वा समयसित सम्वन्धित ।

कालिका (ना./स्त्री.) कालः कृष्णः वर्णः अस्ति अस्याः *(कालो वर्ण छ यिनको)* काल+ठन्[3] (इक)+टाप् (आ), ककारभन्दा पूर्वका अकारको इत्व= कालिका ।

अथवा काल एव *(कालरूप नै, कृष्णवर्ण नै)* काल+कन् (क), स्वार्थमा, टाप् (आ), ककारभन्दा पूर्वका अकारको इत्व= कालिका ।

शब्दार्थ- महाकाली, दुर्गा, देवी, काली, कालो वर्णकी नारी

कालिङ्गः (ना./पुं.) कलिङ्गानां राजा *(कलिङ्ग देशका राजा)* कलिङ्ग+अण्[4] (अ), आदिवृद्धि= कालिङ्ग ।

अथवा कलिङ्गः निवासः अस्य *(कलिङ्ग देश छ निवास यसको)* कलिङ्ग+अण् (अ), आदिवृद्धि= कालिङ्ग ।

शब्दार्थ- प्राचीन कलिङ्ग देशका राजा, कलिङ्गदेश-निवासी जन

कालिदासः (ना./पुं.) काल्याः दासः *(भगवती कालीका दास वा सेवक)* ष.त.स., कालीको ह्रस्व= कालिदास ।

शब्दार्थ- संस्कृत साहित्यका महाकवि एवं प्रसिद्ध नाटककार, देवीभक्त, देवीका उपासक ।

कालिदास-विरचितम् (वि.) कालिदासेन विरचितम् *(कालिदासले रचना गरेको)* तृ.त.स.= कालिदास-विरचित ।

शब्दार्थ- कालिदासले रचना गरेको, कालिदासले लेखेको ।

कालिदासीयः (वि.) कालीदासेन प्रोक्तम् *(कालिदासले बताएको)* कालिदास+छ[5] (ईय)= कालिदासीय ।

शब्दार्थ- कालिदाससम्वन्धी, कालिदासले बताएको ।

कालिमा (ना./पुं.) कालस्य कृष्णवर्णस्य भावः *(कालो वर्ण हुनाको स्थिति, अवस्था वा भाव)* काल+इमनिच्[6] (इमन्), अकारलोप, कालिमन्= कालिमा ।

शब्दार्थ- कालोपन, कालोदाग, कालोपना, कालो हुनाको भाव वा अवस्था ।

काली (ना./स्त्री.) कालः कृष्णवर्णः अस्ति अस्याः *(कालो वर्ण छ यिनको)* काल+ङीष्[7] (ई)= काली ।

शब्दार्थ- काली, महाकाली, भगवती, दुर्गा, पार्वती, कालो वर्णकी आइमाई, कालिनदी ।

कालीनः (वि.) काले भवः जातादिर्वा *(समयमा हुने वा भएको)* काल+ख (ईन), अपभ्रंशमा 'ख' प्रत्यय =कालीन ।

शब्दार्थ- सामयिक, समयसम्वन्धी, कुनै काल वा समयसित सम्वन्धित, जस्तै- मल्लकालीन, शाहकालीन ।

काल्पनिकः (वि.) कल्पनायाः आगतः *(कल्पनाबाट आएको)* कल्पना+ठक् (इक), आदिवृद्धि= काल्पनिक ।

शब्दार्थ- कल्पनासम्वन्धी, कल्पनावाट आएको, कल्पना गरिएको, कृत्रिम, वनावटी ।

काव्यः (ना./पुं./न.) कवितुं योग्यः *(वर्णन गर्न योग्य)* कवृ वर्णे (भ्वा.) धातु, कव्+ण्यत्[8] (य), वृद्धि= काव्य ।

अथवा कवेर्भावः कर्म वेति *(कविको भाव वा कर्म)* कवि+ष्यञ् (य),आदिवृद्धि, इकारलोप, काव् य=काव्य ।

अथवा कवेरपत्यम् इति *(कविका सन्तति)* कवि+ण्य (य), आदिवृद्धि, इकारलोप= काव्य ।

शब्दार्थ- शुक्राचार्य, दैत्यगुरु, भृगुपुत्र, कविको कर्म, काव्य, गद्यपद्यात्मक साहित्य, एउटै वृतान्त वा चरित्रको वर्णन गर्ने रसात्मक काव्य, पद्यकाव्य, कविता, खण्डकाव्य, महाकाव्य, कवि-परम्परा ।

काव्यरसिकः (ना./पुं.) काव्येषु रसिकः *(काव्यमा रसिक-पुरुष)* स.त.स.= काव्यरसिक ।

शब्दार्थ- काव्यमा रम्ने व्यक्ति, काव्यमा रसिक पुरुष ।

---

[1] द्वितीयाश्रितातीतपतित... : द्वितीया त.स.

[2] कालाट्ठञ् : ठञ्

[3] अत इनिठनौ : ठन्

[4] द्व्यञ्मगधकलिङ्ग... : अण्

[5] तेन प्रोक्तम् : छ

[6] वर्णदृढादिभ्य... : इमनिच्

[7] जातेरस्त्रीविष... : ङीष्

[8] ऋहलोर्ण्यत् : ण्यत्

काव्यसाधना (ना./स्त्री.) काव्यस्य साधना *(काव्यको साधना)* ष.त.स.= काव्यसाधना ।

शब्दार्थ- कविता वा अन्य साहित्यिक रचनाका लागि कवि वा लेखकद्वारा गरिने प्रयास वा साधना, काव्यसृजना, काव्यात्मक आराधना वा अनुष्ठान ।

काशः (ना./पुं.) काशते इति *(प्रकाशित हुन्छ)* काशृ दीप्तौ (भ्वा.) धातु, काश्+अच् (पचादि)= काश ।

शब्दार्थ- सैतै फुलेपछि प्रकाशित हुने काँस जातको घाँस वा तृण, घाँस, रोगविशेष ।

काशकुसुमम्/काशपुष्पम् (ना./न.) काशस्य कुसुमम्, काशस्य पुष्पम् *(काँसको सेतै फुल्ने फूल)* ष.त.स. =काशकुसुम/काशपुष्प ।

शब्दार्थ- काँसको सेतो फूल, काँसको पुष्प, काँसको कुसुम ।

काशी (ना./स्त्री.) काशते प्रकाशते विराजते यत्र *(प्रकाशित वा विराजित हुन्छ जहाँ)* काशृ दीप्तौ (भ्वा.) धातु, काश्+अच् (पचादि)/घञ्[१] (अ)+ङीष्[१] (ई)= काशी ।

शब्दार्थ- वरुणा र असी नदीको वीचमा गङ्गा किनारमा अवस्थित प्रसिद्ध नगरी, वाराणसी, वनारस, काशी, सातवटा मुक्तिदायकपुरीहरूमध्ये एक ।

काशिकी/काशिका (वि./ना./स्त्री.) काश्यां भवः जातादिरिति वा *(काशीमा हुने, भएको वा जन्मेको)* काशी+ठञ् (इक), इकारलोप, ङीप् (ई)= काशिकी । काशी+ञिठ (इक), ईकारलोप, काशिक+टाप् (आ) =काशिका ।

शब्दार्थ- काशीमा जन्मेको, काशीमा भएको, काशीसम्वन्धी, पाणिनीय व्याकरणको एक प्रसिद्ध टीका

काशीनाथः (ना./पुं.) कास्याः नाथः *(काशीका स्वामी)* ष.त.स.= काशीनाथ ।

शब्दार्थ- काशी नगरीका संरक्षक भगवान् शिव, काशीप्रदेशका राजा ।

काशीराजः (ना./पुं.) काश्याः काशीप्रदेशस्य राजा *(काशी प्रदेशका राजा)* ष.त.स., काशिराजन्+टच् (समासान्त), टिलोप = काशीराज ।

शब्दार्थ- प्राचीन काशी नगरीका राजा, काशी प्रदेशका राजा ।

काश्मीरः (वि.) कश्मीरे प्रदेशे भवः *(कश्मीर प्रदेशमा हुने वा भएको)* कश्मीर+अण्[२](अ), आदिवृद्धि= काश्मीर ।

शब्दार्थ- कश्मीरमा हुने वा भएको, कश्मीर प्रदेशसम्वन्धी, कश्मीर निवासी ।

काश्यपः (ना./पुं./वि.) कश्यपस्य अपत्यं पुमान् *(कश्यपका पुरुष सन्तति),* कश्यपे भवः जातः वा *(कश्यप गोत्रमा पैदा भएको),* कश्यपश्यायम् *(कश्यपको यो)* कश्यप्+अण्[३] (अ), आदिवृद्धि, आकारलोप= काश्यप ।

शब्दार्थ- कश्यप ऋषिको सन्ताप, कश्यप ऋषिको कुल वा वंशपरम्परा, कश्यप गोत्रमा उत्पन्न भएको व्यक्ति, कश्यपको, कश्यपसम्वन्धी ।

काश्यपेयः (ना./पुं.) कश्यपस्य अपत्यं पुमान् *(कश्यपको पुरुष सन्तति)* कश्यप+ढक् (एय), आदिवृद्धि =काश्यपेय ।

शब्दार्थ- कश्यप ऋषिको कुल वा वंशपरम्परा, कश्यप ऋषिका सन्तान ।

काषायः (वि.) कषायेण रक्तम् *(गेरुरङ्गले रँगाएको)* कषाय+अण्[४] (अ), आदिवृद्धि, अकारलोप= काषाय ।

शब्दार्थ- गेरुरङ्गले रँगाइएको, गेरुरङ्गको कपडा ।

काष्ठम् (ना./न.) काशते इति *(प्रकाशित हुन्छ)* काशृ दीतौ (भ्वा.) धातु, काश्+क्वथन्[५] (थ), उणा., क्वथन्का क, व र नको लोप, शको षत्व, काष् थ, ष्टुत्वद्वारा थको ठ= काष्ठ ।

काष्ठं दार्विन्धनं त्वेधः- इत्यमरः

शब्दार्थ-दनदन वल्ने काठ, दाउरा, इन्धन, यज्ञको समिधा

काष्ठकला (ना./स्त्री.) काष्ठस्य कला *(काठको कला)* ष.त.स.= काष्ठकला ।

शब्दार्थ- काठको कलात्मक वस्तु वनाउने सीप वा क्षमता, काठमा वुट्टा भर्ने तथा मूर्ति वनाउने कार्य,

काष्ठमण्डपः (ना./पुं.) काष्ठस्य मण्डपः *(काठको मण्डप)* ष.त.स.= काष्ठमण्डप ।

मण्डपोऽस्त्री जनाश्रयः- इत्यमरः

शब्दार्थ- काठको मण्डप, काठमाडौं हनुमानढोका नजिक काठको एउटै रूखवाट वनेको प्राचीन भवन, देवपूजादिका लागि निर्मित काठको मण्डप, मानिसहरूले आश्रय लिने मण्डप वा चौतारो ।

काष्ठा (ना./स्त्री.) काशते इति *(प्रकाशित हुन्छ)* काशृ दीप्तौ (भ्वा.) धातु, काश्+क्वथन्[५] (थ), शको ष, ष्टुत्वद्वारा थको ठ, काष्ठ+टाप् (आ)= काष्ठा ।

दिशस्तु ककुभः काष्ठाः । अष्टादश निमेषास्तु काष्ठाः- इत्यमरः

शब्दार्थ- पूर्वादि दिशा, हद, समयको परिमाण, अन्तिम सीमा, पराकाष्ठा, मर्यादा, अठार निमेषको समय ।

कासः (ना./पुं.) कासते अनेन *(खोक्तछ यस रोगबाट)* कासृ शब्दकुत्सायाम् (भ्वा.) धातु, कास्+घञ् (अ) = कास ।

शब्दार्थ- खोकी, खोकी लाग्ने रोगविशेष, श्वासप्रश्वाससम्वन्धी रोग ।

किम् (स.ना.) कायतीति *(शब्द गर्छ)* कै शब्दे (भ्वा.) धातु, कै+डिमि[६] (इम्), उणा., टिलोप, क् इम्=किम् ।

किं कुत्सायां वितर्के च निषेधप्रश्नयोरपि- इति मेदिनी

शब्दार्थ- खराव, दुष्ट, धिक्कार, निन्दा, कुत्सा, गर्हित, के, को, कुन, निषेध, वितर्क ।

---

[१] हलश्च : घञ्/षिद्गौरादिभ्यश्च : ङीष्
[२] तत्र भवः : अण्
[३] ऋष्यन्धकवृष्णि.../अनृष्यानन्तर्ये... : अण्
[४] तेन रक्तं रागात् : अण्
[५] हनिकुशिमीरनिकाशिभ्य... : क्वथन्
[६] कायतेर्डिमिः : डिमि

किंवदन्ती (ना./स्त्री.) कोऽपि वादः *(कुनै वादविवाद)* किम् पूर्वमा हुने वद व्यक्तायां वाचि (भ्वा.) धातु, किम्+वद्+झिच्[१], झको अन्त, बहुलप्रकारले, किंवदन्ति+ङीष् (ई)= किंवदन्ती ।

किंवदन्ती जनश्रुतिः- इत्यमरः

शब्दार्थ-जनश्रुति, परम्पराबाट चल्दै आएको कुरा, हल्ला

किङ्करः (ना./पुं.) किम् किञ्चित् करोतीति *(अलि अलि केही गर्छ)* किम्पूर्वक डुकृञ् करणे (तना.) धातु, किम्+कृ+अच्[२] (अ), गुण, परसवर्ण= किङ्कर ।

शब्दार्थ- सेवक, दास, नोकर, भक्त ।

किङ्करी (ना./स्त्री.) किं किञ्चित् करोति असौ *(अलि अलि केही गर्छे यो)* किम्पूर्वक डुकृञ् करणे (तना.) धातु, किम्+कृ+अच्[२] (अ)+ङीष् (ई)= किङ्करी ।

अथवा किङ्करस्य स्त्री *(सेवककी स्त्री)* किङ्कर+ङीष् (ई) =किङ्करी ।

शब्दार्थ- सेविका, दासिका, किङ्करी, भगवद्भक्त-स्त्री ।

***द्रष्टव्य*- भज सखे भवत्किङ्करी स्म नो**
जलरुहाननं चारु दर्शय- श्रीमद्भा.१०/३१/६

किङ्कर्तव्यः (वि.) किम् क्रियते, किं कर्तुं योग्यः वा *(के गरिन्छ वा गर्न योग्य)* किम्पूर्वक डुकृञ् करणे (तना.) धातु, किम्+कृ+तव्यत् (तव्य), गुण, किम् कर्तव्य, परसवर्ण= किङ्कर्तव्य ।

शब्दार्थ- के गर्नुपर्छ, के गर्न सकिने, के गर्न उचित वा योग्य, के गर्न उपयुक्त ।

किङ्कर्तव्यविमूढः (वि.) किङ्कर्तव्येन विमूढः *(के गर्नुपर्छ भन्ने कुरा निर्णय गर्न नसक्ने, कर्तव्य ठम्याउन नसकी विमूढ भएको)* तृ.त.स.= किङ्कर्तव्यविमूढ ।

शब्दार्थ- के गर्नुपर्छ भन्ने ज्ञान नभएको, शुद्धिवुद्धि हराएको, कर्तव्य ठम्याउन नसकी अलपत्र परेको,

किञ्चन (अव्य.) किञ्चिदेव *(अलिकति नै)* किम् शब्दबाट किम्+चन= किञ्चन ।

शब्दार्थ- अलिकति, केही, थोरै ।

किञ्चित् (वि.) चेततीति *(ज्ञान हुन्छ)* चिती संज्ञाने (भ्वा.) धातु, चित्+क्विप् (सर्वलोप), चित् । किञ्च चिच्च अनयोः समाहारः *(केही)* द्व.स.= किञ्चित् ।

शब्दार्थ- थोरै, अलि-अलि, अलिकति, ईषत्, अल्प ।

किन्तु (अव्य.) कायतीति *(शब्द गर्छ)* कै शब्दे (भ्वा.) धातु, कै+डिमि[३] (इम्), टिलोप, किम् ।

तुदतीति *(दुःखित हुन्छ)* तुद व्यथने (तुदा.) धातु, तुद्+डु[४] (उ), टिलोप, त् उ, तु ।

किञ्च तु च तयोः समाहारः (द्व.स.)= किन्तु ।

शब्दार्थ- परन्तु, तैपनि, अपितु ।

किन्नरः (ना./पुं.) किञ्चित् कुत्सितः नरः *(दुष्ट वा विकृत व्यक्ति)* किम्+नर (त.स.[५]-कुत्सित अर्थमा) =किन्नर ।

स्यात्किन्नरः किंपुरुषश्तुरङ्गवदनो मयुः- इत्यमरः

शब्दार्थ- दुष्ट या विकृत पुरुष, घोडाको जस्तो मुख मानिसको जस्तो जीउ हुने देवविशेष

किन्नरी (ना./स्त्री.) किञ्चित् कुत्सिता नारी *(दुष्ट वा विकृत स्त्री)* किम्+नर (त.स.-कुत्सित् अर्थमा), किन्नर+ङीष् (ई)= किन्नरी ।

अथवा किन्नरस्य स्त्री *(किन्नरकी पत्नी)* किन्नर+ङीष् (ई)= किन्नरी ।

शब्दार्थ- किन्नर जाति स्त्री, किन्नरकी स्त्री, दुष्ट स्वभावकी स्त्री, किन्नरकी पत्नी ।

किन्नरेशः (ना./पुं.) किन्नराणामीशः *(किन्नरहरूका स्वामी)* ष.त.स., गुण= किन्नरेश ।

शब्दार्थ- कुवेर, यक्षराज, वैश्रवण ।

किम्पुरुषः (ना./पुं.) किम् कुत्सितः पुरुषः *(विकृत वा निन्दित पुरुष)* त.स.= किम्पुरुष ।

शब्दार्थ- विकृत पुरुष, कुत्सित पुरुष, घोडाको जस्तो मुख, मानिसको जस्तो जिउ हुने देवविशेष ।

कियत्/कियान्/कियती (वि.) कियत् परिमाणमस्येति *(यसको कति परिमाण छ)* किम्+ वतुप्[६] (वत्), वको घ, घको इयादेश[७], किम्को की आदेश[८], ईकारलोप क् इयत्= कियत् (न.लि.) ।

कियान् (पुं.लि.) । कियत्+ङीप् (ई)=कियती (स्त्री.लि.)

शब्दार्थ- कति, कति (परिमाण), कति (संख्या), कति (पुरुष), कति (स्त्री) ।

किरः (ना./पुं.) किरति *(छर्छ)* कॄ विक्षेपे (तुदा.) धातु, कॄ+क (अ), इत्व, किर् अ= किर ।

शब्दार्थ- किरण, ज्योतिपुञ्ज, छर्ने काम ।

किरणः (ना./पुं.) कीर्यन्ते विक्षिप्यन्ते रस्मयः अस्मात् *(किरणहरू छरिन्छन्, पोखिन्छन्, फैलिन्छन् यसबाट)* कॄ विक्षेपे (तुदा.) धातु, कॄ+क्यु[९] (अन), उणा., ॠको इत्व, किर् अन, णत्व= किरण ।

शब्दार्थ- सूर्य वा चन्द्रमाको प्रकाश, उज्ज्वलप्रभा, ज्योतिपुञ्ज, ज्योतिबाट निस्कने रेखा, धुलिकण ।

किरातः (ना./पुं.) किरतीति *(फाल्छ)* कॄ विक्षेपे (तुदा.) धातु, कॄ+क (अ) ॠको इत्व, किर् अ, किरः । अततीति *(हिड्छ, निरन्तर घुम्छ)* अत सातत्यगमने (भ्वा.) धातु, अत्+अच् (पचादि), अतः । किरश्चासौ अतश्च *(यता-उति घुम्नु)* क.त.स., दीर्घ= किरात ।

अथवा किरं भूमिं अततीति *(पृथिवीमा विचरण गर्छ)* किर+अत्+अण्, अत्को वृद्धि, दीर्घ= किरात ।

किरातो म्लेच्छभेदे स्याद्भूनिम्बेऽल्पतनावपि/कुट्टिनीदुर्गयोः - मेदिनी

शब्दार्थ- प्राचीन हिमावत् खण्डको एक पहाडी जाति, किरातरूप शिव, राई लिम्बू खम्बू तथा किरात जाति, म्लेच्छ जाति, दुर्ग वा किल्ला, कुट्टिनी ।

---

१. भुवो झिच् (यस आधारमा) : झिच्
२. किंयत्तत्वहशुकृञोऽज्विधानम् (वा.) : अच्
३. कायतेर्डिमिः : डिमि
४. मितद्रवादिभ्य... : डु
५. किं क्षेपे : तत्पुरुष स.
६. किमिदम्भ्यां वो घः : वतुप्, वको घ
७. आयनेयीनीयिय... : इयादेश
८. इदंकिमोरीश्की : की आदेश
९. कॄपॄवृजिमन्दि... : क्युप्रत्यय

किरातार्जुनीयम् (ना./न.) किरातश्च अर्जुनश्चः (द्व.स.), किरातार्जुनौ । तौ अधिकृत्य कृतं ग्रन्थम् *(ती दुवैलाई अवलम्बन गरेर रचना गरिएको ग्रन्थ)* किरातार्जुन+ छ (ईय), अकारलोप= किरातार्जुनीय ।

शब्दार्थ- महाकवि भारविको एक प्रसिद्ध महाकाव्य ।

किरीटः (ना./पुं./न.) किरति, कीर्यते अनेनेति *(यसद्वारा आभा फैलिन्छ)* कॄ विक्षेपे (तुदा.) धातु, कॄ+कीटन्[1] (ईट), उणा., कॄको इत्व, किर् ईट= किरीट ।

मण्डनं चाथ मुकुटं किरीटं पुंनपुंसकम्- इत्यमरः

शब्दार्थ-मुकुट, शिरताज, श्रीपेच, शिरमा लगाउने गहना,

किरीटी (वि./ना./पुं.) किरीटः अस्यास्तीति *(मुकुट छ यसको)* किरीट+इनि[2] (इन्), किरीटिन्= किरीटी ।

शब्दार्थ- मुकुटधारी, मुकुट लगाउने, श्रीपेच लगाउने राजा, इन्द्र, अर्जुन, किरीटधारी विष्णु ।

किल्बिषम् (ना/न.) किलति क्रीडति विषयेषु *(विषयादिमा लट्पटिन्छ)* किल श्वैत्यक्रीडनयोः (तुदा.) धातु, किल्+टिषच्[3] (इष),बुगागम= किल्बिष ।

शब्दार्थ- पाप, कल्मष, कुकर्म, दुष्कृत ।

किशोरः/किशोरी (ना./पुं./स्त्री.) कष्टे गच्छति किञ्चित् *(अलि-अलि हिड्छ वा हिडछे वा कराउँछे)* कश गतिशासनयोः (अदा.) धातु, कश्+ओरन्[4] (ओर), उणा., धातुका आदिको इत्व= किशोर ।

स्त्रीत्व बुझाउँदा किशोर+ङीष् (ई)= किशोरी ।

अथवा किञ्चित् शवतीति *(अलि-अलि हिड्छ वा हिड्छे)* किम्पूर्वक शव गतौ (भ्वा.) धातु, किम्+शव्+ओरन् (ओर) उणा., शवको टिलोप, किम्को अन्त्यको मकारलोप, (निपातनवाट)= किशोर ।

किशोर+ङीष् (ई)= किशोरी ।

अथवा किञ्चित् शृणाति *(अलि-अलि बिगार गर्छ वा गर्छे)* किम्पूर्वक शॄ हिंसायाम् (क्र्या.) धातु, किम्+शॄ+ओरन्[4] (ओर), उणा., टिलोप, किम्का मकारको लोप (निपातनबाट), कि श् ओर= किशोर ।

किशोर+ङीष्[5] (ई)= किशोरी ।

शब्दार्थ- पन्ध्र वर्षभन्दा कम उमेरको केटो, नाबालक, वालक, उमेर नपुगेको घोडाको वच्चो । पन्ध्र वर्षभन्दा कम उमेरकी केटी, बालिका, नावालिका, उमेर नपुगेकी बच्ची ।

किष्किन्धा (ना./स्त्री.) किम् किञ्चित् किमपि वा वानर-सैन्यं धत्ते *(केही वा कतिपय वानरसैन्य राख्तछ)* किम्पूर्वक डुधाञ् धारणपोषणयोः (जुहो.) धातु, किम्+धा+क (अ), निपातनबाट किम्को द्वित्व, किम् किम् धा अ, अभ्यासका मकारको लोप, सुडागम[6], षत्व, किष् किम् धा अ, धाको आकारलोप, परसवर्ण, किष्किन्ध+टाप् (आ)= किष्किन्धा ।

शब्दार्थ- रामायणकालीन वानरराज वालि र सुग्रीवको राजधानी, दक्षिण भारतको किष्किन्धप्रदेशको प्राचीन राजधानी- जहाँ वानरसैन्य रहन्थे ।

किसलयम् (ना./न.) किञ्चित् सलतीति *(अलि अलि फक्रन्छ)* किम्पूर्वक षल गतौ (भ्वा.) धातु, धातुका षको स, किम्+सल्+कयन् (अय), वहुलप्रकारले, पृषोदरादिवाट किम्का मको लोप, कि सल् अय =किसलय ।

पल्लवोऽस्त्री किसलयम्- इत्यमरः

शब्दार्थ- पालुवा, नयाँपात, नवपल्लव, मुना, आँकुरा, पिपिरा ।

***उदा.* बने सेतै राता कपिश हरिया लौ किसलय-**
भृ.ख.का. २/९

किसलयितः (वि.) किसलयं सञ्जातमस्य *(पालुवा पैदा भएको छ यसको)* किसलय+इतच् (इत)=किसलयित ।

शब्दार्थ- पालुवा पैदा भएको, नवपल्लवले भरिएको, नयाँ पात पलाएको ।

क्लिशितः/क्लिष्टः (वि.) क्लिश्यते स्म इति *(पीडित भएको)* क्लिश उपतापे (दिवा.) वा क्लिशू विबाधने (क्र्या.) धातु, क्लिश्+क्त(त), इडागम[7] (विकल्पले) =क्लिशित ।

इडागमको अभावमा क्लिश्का श् को ष्, ष्टुत्व=क्लिष्ट ।

शब्दार्थ- कठिन, दुःखित, पीडित, दुःख पाएको, व्यथित ।

कीचकः (ना./पुं.) चीकयति शब्दायते इति *(शब्द वा गुञ्जन पैदा हुन्छ)* चीक आमर्षणे (चुरा.) धातु, चीक्+वुन् (अक), उणा., भाषावैज्ञानिक वर्णविपर्यय प्रक्रियाद्वारा, धातुका आदि र अन्त्य वर्णको (उल्टो पाल्टी) हुँदा कीच् अक= कीचक ।

अथवा 'कीच' इति अव्यक्तं कायतीति *('कीच' भन्ने अस्पष्ट शब्द प्रकट हुन्छ)* कीच उपपदपूर्वक कै शब्दे (भ्वा.) धातु, कीच+का+ड (अ), टिलोप, आलोप, कीचक् अ= कीचक ।

वेणवः कीचकास्ते स्युर्ये स्वनन्त्यनिलोद्धताः- इत्यमरः

शब्दार्थ- हावा चल्दा रगडिएर निस्कने वाँसको आवाज वा धोद्रो वाँसको ध्वनि, महाभारतकालीन विराट् राजाको सालो या विराटकै प्रधानसेनापति, राक्षस, किच्चक व्यक्ति ।

कीटः (ना./पुं.) कीटयति नाशयतीति *(विनाश गर्छ)* कीट वर्णे (चुरा.) धातु, कीट्+अच् (पचादि)= कीट ।

शब्दार्थ- कीरो, कृमि, विभिन्न जातका कीटाणु ।

कीटनाशकः (वि.) कीटं नाशयतीति *(कीरा नाश गर्छ)* कीट उपपदपूर्वक णश अदर्शने (दिवा.) धातु, कीट+नश्+णिचि+ण्वुल् (अक), नश्को उपधावृद्धि, णिलोप, कीट नाश् अक= कीटनाशक ।

शब्दार्थ- कीरा मार्ने, कीरा नष्ट गर्ने, कीटाणु निर्मूल पार्ने (औषधीविशेष) ।

---

[1] वृतृकृपिभ्यः कीटन् : कीटन्

[2] अत इतिठनौ : इनि

[3] किलेर्बुक्च : टिषच्, बुक्

[4] किशोरादयश्च : ओरन्

[5] वयसि प्रथमे : ङीष्

[6] पारस्करप्रभृतीनि.... : सुडागम

[7] क्लिशः क्त्वानिष्ठयोः : इड् (विकल्पले)

कीटाणुः (ना./पुं.) अणुः सूक्ष्मरूपश्चासौ कीटश्च *(सूक्ष्मकीरा)* क.त.स., उ.प.लोप, कीटको पूर्वपदमा प्रयोग, दीर्घ =कीटाणु ।

शब्दार्थ- सूक्ष्मदर्शक यन्त्रले मात्र देख्न सकिने साना साना कीरा तथा कृमि ।

कीटाणुनाशकः (वि.) नाशयतीति *(नाश गर्छ)* णश अदर्शने (दिवा.) धातु, नश्+णिचि+ण्वुल् (अक), वृद्धि, णिलोप, नाशकः । कीटाणोर्नाशकः *(कीटाणुको विनाशक)* ष.त.स.= कीटाणुनाशक ।

शब्दार्थ- सूक्ष्म कीरा मार्ने, कीटाणु मार्ने ।

कीर्तनम् (ना./न.) कीर्त्यते इति *(गुणगान गरिन्छ)* कृत संशब्दने (चुरा.) धातु, कृत्+ल्युट् (अन), इत्व[1], दीर्घ[1] =कीर्तन ।

शब्दार्थ- भगवत्कीर्तन, गुणगान, गुणानुवर्णन ।

कीर्तनीयः (वि.) कीर्तितुं योग्यः *(कीर्तन गर्न योग्य)* कृत संशब्दने (चुरा.) धातु, कृत्+अनीय (र्), कृत्को इत्व[1], दीर्घ[1]= कीर्तनीय ।

शब्दार्थ- कीर्तन गर्न योग्य, प्रशंसा गर्न लायक ।

कीर्तिः (ना./स्त्री.) कीर्तनम्, कीर्त्यते अनया इति वा *(कीर्तन गरिन्छ यसबाट)* कृत संशब्दने (चुरा.) धातु, कृत्+क्तिन् (ति), इत्व[1], दीर्घ[1]= कीर्ति ।

अथवा कीर्तयति कीर्त्यते इति वा *(कीर्तन गर्छ वा गरिन्छ)* कृत संशब्दने (चुरा.) धातु, कृत्+इन् (इ), उणा., इत्व, दीर्घ, कीर्त् इ= कीर्ति ।

शब्दार्थ- यश, ख्याति, प्रसिद्धि, वहादुरी, प्रशंसा ।

कीर्तिमान् (वि.) कीर्तिरस्यास्तीति *(कीर्ति छ यसको)* कीर्ति+मतुप्[2] (मत्), कीर्तिमत्= कीर्तिमान् ।

शब्दार्थ- कीर्ति कमाएको, प्रशंसा पाएको, सुयश फैलिएको, ख्यातिप्राप्त ।

कीर्तिस्तम्भः (ना./पुं.) कीर्तेः स्तम्भः *(कीर्तिको स्तम्भ)* ष.त.स.= कीर्तिस्तम्भ ।

शब्दार्थ- कसैको सम्झनामा स्थापित स्तम्भ, यशस्तम्भ, कीर्तिस्तूप, जस्तैः- लुम्विनीको अशोकस्तम्भ ।

कीर्त्यः (वि.) कीर्तितुं योग्यः *(कीर्तन गर्न योग्य)* कृत संशब्दने (चुरा.) धातु, कृत्+ण्यत् (य), कृको इत्व, दीर्घ= कीर्त्य ।

शब्दार्थ- कीर्तन गर्न लायक, कीर्तनीय, प्रशंसनीय ।

कीदृक्/कीदृशः (वि.) क इव दृश्यते असौ *(कोझैं देखिन्छ यो)* किम् उपपदपूर्वक दृशिर् प्रेक्षणे (भ्वा.) धातु, किम्+दृश्+क्विन्[3], किम्को 'की'[4] आदेश, क्विन्को सर्वलोप, शको कुत्व= कीदृक् ।

किम्+दृश्+कञ्[3] (अ), किम्को की[4] आदेश=कीदृश ।

शब्दार्थ- को, कस्तो, कुन ।

कीलः (ना./पुं.) कीलति, कील्यते बध्यते अत्र अनेन वा *(बाँध्छ वा बाँधिन्छ यसबाट, यहाँ)* कील बन्धने (भ्वा.) धातु, कील्+क[5]/घञ्/घ (अ)= कील ।

कीलो लेशे द्वयोस्तम्भज्वालाकफोणिशङ्कुषु- इति मेदिनी

शब्दार्थ- गाई-भैसी वाँध्न प्रयोग हुने काठको कीलो, फलामको काँटी, मियो, खाँवो, अङ्कुशे, अग्नि ज्वाला, शिखा ।

कीलकः (ना./पुं.) कील एव *(कीलो नै)* कील+कन् (क), स्वार्थमा= कीलक ।

अथवा कीलति बध्नाति अनेन *(यसबाट बाँद्धछ)* कील बन्धने (भ्वा.) धातु, कील्+ण्वुल् (अक)= कीलक ।

शब्दार्थ- कीलो, काँटी, निष्क्रिय बनाउने मन्त्र, स्तूप, स्तम्भ ।

कीलालम् (ना./न.) कीलं वन्हिज्वालाम् अलति वारयति *(आगाको ज्वाला निवारण गर्छ)* कीलपूर्वक अल भूषणपर्याप्तिवारणेषु (भ्वा.) धातु, कील+अल्+अण् (अ), अल्को वृद्धि, कील आल, दीर्घ= कीलाल ।

शब्दार्थ- जल, पानी (यो शब्द वैदिक संस्कृतबाट लौकिक संस्कृत हुँदै आएको हो) ।

कीलितः (वि.) कील्यते स्म इति *(बाँधिएको)* कील वन्धने (भ्वा.) धातु, कील्+क्त (त), इडागम= कीलित ।

शब्दार्थ- मन्त्रवद्ध, वाँधिएको, गाडिएको, काँटी विझेको, खिलिएको, गडेको ।

इत्थं रूपेण कीलेन महादेवेन कीलितम्
यो निष्कीलां विधायैनां नित्यं जपति संस्फुटम् ।
- दुर्गा.स. (की. ८-९)

कु (अव्य./ना./स्त्री.) कवते, कुवते इति वा *(शब्द गर्छ)* कुङ् शव्दे (भ्वा./तुदा.) धातु, कु+डु[6] (उ), टिलोप, क् उ= कु ।

गोत्रा कुः पृथिवी पृथ्वी- इत्यमरः

शब्दार्थ- नामको अगाडि उपसर्गझैं जोडिएर आउने पूर्वसर्ग, ह्रास, अल्पता, खरावी, पाप, अभाव, पृथिवी, भूमि, अलि-अलि निन्दा, कुत्सा ।

कुकर्म (ना./न.) क्रियते इति *(गरिन्छ)* डुकृञ् करणे (तना.) धातु, कृ+मनिन्[7] (मन्), उणा, गुण, कर्मन्, कर्म । कुत्सितं कर्म *(गर्हित कर्म)* कु+कर्म, प्रा.त.स. =कुकर्म ।

शब्दार्थ- निन्दित काम, नराम्रो कार्य, नीचकर्म, अनुचित कर्म ।

कुकर्मी (वि.) कुकर्म अस्यास्तीति *(कुकर्म छ यसको)* कुकर्म+इनि (इन्) अकारलोप, कुकर्मिन्= कुकर्मी ।

शब्दार्थ- खराव काम गर्ने, कुकर्म गर्ने, खराव आचरण वा परम्पराविरुद्ध काम गर्ने, दुष्कर्म गर्ने, नीच ।

---

१. उपधायाञ्च : इत्व/उपभायाश्च : दीर्घ

२. तदस्यास्त्यस्मिन्... : मतुप्

३. त्यदादिषु दृशोऽनालो... : क्विन्/कञ्

४. इदं किमोरीश्की : किम्को की आदेश

५. इगुपधज्ञा.../अकर्तरि च.../पुंसि संज्ञायां... : क/घञ्/घ

६. मितद्रवादिभ्यः ... : डु

७. अन्येभ्योऽपि... : मनिन्

कुकुटः/कुक्कुटः (ना./पुं.) कैतीति (शब्द गर्छ) कु शब्दे (अदा.) वा कोकते आदत्ते *(लिन्छ)* कुक आदाने (भ्वा.) धातु, कु/कुक्+क्विप् (सर्वलोप),कु/कुक् । कुना/कुका आदानेन कुटति *(लामो स्वरले बास्तछ)* कु/कुक्पूर्वक कुट कौटिल्ये (तुदा.) धातु, कु+कुट्+क (अ) Ö कुकुट । कुक् +कुट्+क (अ)Ö कुक्कुट

शब्दार्थ- कुखुरो ।

कुकुरः/कुक्कुरः (ना./पुं.) कोकते आदत्ते *(ग्रहण गर्छ)* कुक आदाने (भ्वा.) धातु, कुक्+उरच्[१] (उर), उणा., कुक् आगम (विकल्पले), कुक्[२] क् उर= कुक्कुर । कुगागमको अभावमा कुक् उर= कुकुर ।

अथवा कु कुत्सितं कुरति शब्दायते इति *(नराम्रो स्वरले कराँउछ)* कुपूर्वमा हुने कुर शब्दे (तुदा.) धातु, कु+कुर्+क[३] (अ)= कुकुर ।

अथवा कोकते आदत्ते *(लिन्छ)* कुक आदाने (भ्वा.) धातु, कुक्+क्विप् (सर्वलोप), कुक् । कुकं गृह्णन्तं जनं दृष्टवा कुरति शब्दायते इति *(पक्रन आएको मान्छेलाई देखेर भुक्छ)* कुक् उपपदपूर्वक कुर शब्दे (तुदा.) धातु, कुक्+कुर्+क[३] (अ)= कुक्कुर ।

शब्दार्थ- कुकुर, श्वान, सारमेय, कुकुर जातको घरपालुवा जनावर, कुक्कुर, अन्धकवंशीय एक राजा ।

कुकृत्यम् (ना./न.) क्रियते इति *(गरिन्छ)* डुकृञ् करणे (तना.) धातु, कृ+क्यप्[४] (य), तुगागम[५], कृत्यम् । कुत्सितं कृत्यम् *(नराम्रो कर्म)* कु+कृत्य, प्रा.त.स. =कुकृत्य ।

शब्दार्थ- नराम्रो कार्य, कुकर्म, खराव कर्म ।

कुक्षिः (ना./पुं.) कुष्यते निष्कास्यते मलः अस्मादिति *(यसबाट मल वा दूषिततत्त्व निकालिन्छ)* कुष निष्कर्षे (क्र्या.) धातु, कुष्+क्सि (सि), सिको ष्टुत्व, कुष्का षको क, कुक् षि यसमा क् ष् को क्षत्व[६] =कुक्षि ।

शब्दार्थ-कोखो, काँधको जोर्नी मुनिको खोपिल्टो, काखी ।

कुख्यातः (वि.) कुख्यायते स्म इति *(नराम्रो काममा प्रसिद्धि फैलिएको)* कु उपपदपूर्वक ख्या प्रकथने (अदा.) धातु, कु+ख्या+क्त (त), प्रा.त.स.=कुख्यात ।

शब्दार्थ- नराम्रो काममा ख्याति पाएको, वदनाम फैलिएको, दुष्कीर्ति फैलिएको ।

कुख्यातिः (ना./स्त्री.) ख्यायते ख्यानमिति *(प्रसिद्धि फैलिनु)* ख्या प्रकथने (अदा.) धातु, ख्या+क्तिन् (ति), ख्यातिः । कुत्सिता ख्यातिः *(नराम्रो ख्याति)* प्रा.त.स.=कुख्याति ।

शब्दार्थ- दुष्कीर्ति, अपयश, वदनामी, निन्दित कर्ममा प्रसिद्धि, अपकीर्ति ।

कुचः (ना./पुं.) कुचति, कोचति सङ्कोचति *(सङ्कुचित हुन्छ)* कुच सङ्कोचने (तुदा.) वा कुच सम्पर्चनादौ (भ्वा.) धातु, कुच्+क[३] (अ)= कुच ।

शब्दार्थ- स्तन, उरोज, तनमण्डल, दूध ।

कुचकुम्भः (ना./पुं.) कुचौ एव कुम्भौ *(स्तनरूपी कुम्भ)* म.व्य.स.= कुचकुम्भ ।

शब्दार्थ- महिलाहरूको छातीमा हुने मांसपिण्ड, स्तन, स्तनमण्डल ।

कुचमर्दनम् (ना./न.) कुचस्य मर्दनम् *(स्तनको मर्दन)* ष.त.स.= कुचमर्दन ।

शब्दार्थ- स्तनमर्दन, स्तन सुम्सुमाउने काम ।

कुचक्रम् (ना./न.) कु कुत्सितं कर्म क्रियते अनेनेति *(नराम्रो कर्म गरिन्छ यसबाट)* कु उपपदपूर्वक डुकृञ् करणे (तना.) धातु, कु+कृ+क[७] (अ), द्वित्व[८], कु कृ कृ अ, पूर्व कृको अत्व[९], कु कर् कृ अ, अभ्यासको रलोप, अभ्यासका ककारको चुत्व[१०] च, कुच, कृ अमा कृ अको यण्= कुचक्र ।

शब्दार्थ- छलकपट, षड्यन्त्र, अर्काको कुभलो गर्न वनाइएको कार्यक्रम वा योजना ।

कुचक्री (वि.) कुचक्रम् अस्य अस्तीति *(छलकपट छ यसको)* कुचक्र+इनि (इन्), अकारलोप, कुचक्रिन् =कुचक्री ।

शब्दार्थ- छलकपट गर्ने, कुचक्र चलाउने, अर्कालाई हानि पुऱ्याउँन षड्यन्त्र गर्ने ।

कुचयुग्मम् (ना./न.) कुचयोर्युग्मम् *(स्तनयुगल)* ष.त.स. = कुचयुग्म ।

शब्दार्थ- स्तनयुगल, दुवै स्तन, कुचद्वय, स्तनद्वय ।

कुचाग्रम् (ना./न.) कुचस्य कुचयोर्वा अग्रम् *(स्तनको अग्रभाग)* ष.त.स., कुच+अग्र, दीर्घ= कुचाग्र ।

शब्दार्थ- स्तनको मुख, स्तनको टुप्पो, स्तनको अग्रभाग, स्तनको मुन्टो, चुचूक ।

कुचालः (ना./पुं.) चलतीति *(हल्लन्छ)* चल कम्पने (भ्वा.) धातु, चल्+ण[११] (अ) वृद्धि, चालः । कुत्सितः निन्दनीयश्चालः *(निन्दित आचरण)* प्रा.त.स.=कुचाल ।

शब्दार्थ- निन्दित आचरण, दुराचार, गर्हित कर्म, खराव चाल, कुचालक ।

कुचालकः (वि.) चालयतीति *(सञ्चालन गराउँछ)* चल कम्पने (भ्वा.) धातु, चल्+णिचि+ण्वुल् (अक), वृद्धि, णिलोप, चालकः । कुत्सितश्चालकः *(खराब सञ्चालक)* प्रा.त.स.= कुचालक ।

शब्दार्थ- कुनै कार्य राम्ररी सञ्चालन गराउन नसक्ने, विद्युत्तरङ्ग परिचालित हुन नसक्ने (वस्तु, जस्तै रवर) ।

---

१. मद्गुरादयश्च : उरच्
२. कोकतेर्वा कुक् च (ग.) : कुक् (विकल्पले)
३. इगुपधज्ञा... : क
४. ऋदुपधाच्चाक्लिपि... : क्यप्
५. ह्रस्वस्य पिति... : तुगागम
६. कषसंयोगे क्षः : क्षत्व
७. घनर्थे कविधानम् (वा.) : क
८. द्वित्वप्रकरणे के कृञादीनाम् (वा.) : द्वित्व
९. उरत् : अत्व
१०. कोहोश्चुः : चुत्व
११. ज्वलितिकसन्ते... : ण (प्रत्यय)

कुञ्चितः (वि.) कुच्यते स्म, कुञ्चति स्म इति वा *(खुम्चिएको)* कुञ्च कौटिल्याल्पीभावयोः (भ्वा.) धातु, कुञ्च्+क्त (त), भाव र कर्तामा, इडागम= कुञ्चित ।

शब्दार्थ- सङ्कुचित, खुम्चिएको, मुजा परेको, मोडिएको, टेढिएको ।

कुचेष्टा (ना./स्त्री.) चेष्टनमिति *(चेष्टा गर्नु)* चेष्ट चेष्टायाम् (भ्वा.) धातु, चेष्ट्+अङ्[१] (अ)+टाप् (आ), चेष्टा । कुत्सिता गर्हिता चेष्टा *(खराब चेष्टा)* प्रा.त.स.= कुचेष्टा ।

शब्दार्थ- नराम्रो कुराको चेष्टा, खराव व्यवहार, गर्हित आचरण, खराव प्रयत्न, दुष्प्रयास, नराम्रो हाउभाउ, कुप्रयास ।

कुजः (ना./पुं/वि.) कोः पृथिव्याः जायते असौ *(पृथिवीबाट पैदा भएका)* कु+जन्+ड (अ), टिलोप= कुज ।

शब्दार्थ- मङ्गल, भौम, अङ्गारक, मङ्गलग्रह, पृथ्वीवाट पैदा भएको ।

कुञ्जः (ना./पुं.) कौ पृथिव्यामजनि इति वा *(पृथिवीमा पैदा भएको)* कु उपपदपूर्वक जनी प्रादुर्भावे (दिवा.) धातु, कु+जन्+ड[२] (अ), टिलोप, कुज् अ, पृषोदरादि -बाट, नकारागम, परसवर्ण= कुञ्ज ।

निकुञ्जकुञ्जौ वा क्लीवे- इत्यमरः

शब्दार्थ- लतागृह, लहराले ढाकिएको गृह, पर्णकुटी, लता वृक्षादिले घेरिएको स्थान, चिउँडो, हात्तीको दाँत, हस्तिहनु ।

कुञ्जकुटीरः (ना./पुं.) ह्रस्वा कुटिः *(सानो कुटी वा घर)* कुटी+र, कुटीरः । कुञ्जस्य कुटीरः *(लहराको घर)* ष.त.स.= कुञ्जकुटीर ।

शब्दार्थ- लतागृह, लहराले परिवेष्टित ठाउँ, पर्णकुटी, छाप्रो, पर्णशाला ।

कुञ्जरः (ना./पुं./वि.) कुञ्जः हस्तिहनुः । अतिशयितः कुञ्जः हनुर्दन्तः वा अस्ति अस्य *(ज्यादै उछिट्टिएको वा लामो दाँत वा सुँड छ यसको)* कुञ्ज+र[३] =कुञ्जर ।

शब्दार्थ- हात्ती, गज, उत्तम, श्रेष्ठ ।

कुटिः/कुटी (ना./स्त्री.) कुटति कुटिली भवतीति *(टेढो हुन्छ)* कुट कौटिल्ये (तुदा.) धातु, कुट्+इ[४], कित्व, उणा., कुटिः । कुटि+ङीष्[५] (विकल्पले)= कुटी । ङीष्को अभावमा= कुटि ।

वासः कुटी द्वयोः शाला- इत्यमरः

शब्दार्थ- छाप्रो, सानो पराले वा स्याउले झुप्रो, वृक्ष, झुपडी, पर्णशाला, लतागृह, ।

कुटिलः (वि.) कुटति कुटिलं व्रजति *(टेढो गरेर हिंड्छ)* कुट कौटिल्ये (तुदा.) धातु, कुट्+इलच्[६] (इल), उणा. =कुटिल । अथवा कुटिं कौटिल्यं लातीति *(टेढोपना ल्याउँछ)* कुटि उपपदपूर्वक ला आदाने (अदा.) धातु, कुटि+ला+क (अ), आलोप= कुटिल ।

शब्दार्थ- बाँङ्गो, टेढो, छलकपट गर्ने, जाली ।

उदा. कुटिलपथ समाइ, सर्पिणीको
सरह चल्यो बदचाल कैकयीको- आ.रा.४/१८

कुटिलता (ना./स्त्री.) कुटिलस्य भावः *(वक्रताको भाव वा अवस्था)* कुटिल+तल् (त)+टाप् (आ)= कुटिलता ।

शब्दार्थ- कुटिल हुनाको भाव वा अवस्था, टेढोपना, वक्रता,

कुटीरः (ना./पुं.) ह्रस्वा कुटी *(सानो कुटी)* कुटी+र[७] =कुटीर ।

शब्दार्थ- सानो आश्रम, निवास गृह, छाप्रो, पर्णकुटी ।

उदा. कुछ्र्यौं जङ्गलको कुटीर कसरी
हे ! रूपकी दामिनी ! - भृ.ख.का. ३/१८

कुटीरउद्योगः (ना./पुं.) कुटीरे उद्योगः *(घरको छाप्रोमा चलाउने उद्योग)* स.त.स.= कुटीरउद्योग ।

शब्दार्थ- घरमा खोलिने घरेलु उद्योग, घरमा सञ्चालन गरिने साना साना उद्योग ।

कुटुम्बम् (ना./न.) कुटुम्बयते पालयति इति *(पालन-पोषण या धारण गर्छ)* कुटुम्ब धारणे (चुरा.) धातु, कुटुम्व+अच् (पचादि)= कुटुम्व ।

शब्दार्थ- स्वजन, परिवार, सन्तान, वालवच्चा, नातागोता, वन्धुवान्धव, वन्धुवर्ग ।

द्रष्टव्य- **उदारचरितानां तु वसुधैव कुटुम्बकम्- नीतिवचनम्**

कुटुम्बिनी (ना./स्त्री.) कुटुम्वम् अतिशयितम् अस्ति अस्याः *(परिजन छन् ज्यादा यस स्त्रीका)* कुटुम्ब+इनि[८] (इन्), कुटुम्बिन्+ङीप्[९] (ई)= कुटुम्बिनी ।

शब्दार्थ- जहान परिवार भएकी स्त्री, वालवच्चा भएकी आइमाई, पतिपुत्रवती नारी ।

कुटुम्बी (वि.) कुटुम्बम् अतिशयितम् अस्ति अस्य *(परिजन छन् ज्यादा यसका)* वा कुटुम्बानां समूहः *(कुटुम्बको समुदाय)* कुटुम्ब +इनि[८] (इन्), कुटुम्बिन् =कुटुम्वी ।

शब्दार्थ- जहान परिवार भएको, परिवारवाला (मान्छे) ।

कुट्मलितः/कुड्मलितः (वि.) कुटति कुडतीति *(कोपिला लाग्छ, फक्रन्छ)* कुट कौटिल्ये वा कुड बाल्ये (तुदा.) धातु, कुट्/कुड्+क्मलच् (मल), बहुलप्रकारले, कुट्मलः/कुड्मलः । कुट्मलः/कुड्मलः सञ्जातः अस्य *(कोपिला लागेको छ यसको)* कुट्मल/कुड्मल +इतच्[१०] (इत)= कुट्मलित/ कुड्मलित ।

शब्दार्थ- मुकुलित, अलि-अलि फक्रन लागेको (कोपिला) ।

---

[१] षिद्भिदादिभ्योऽङ् : अङ्
[२] सप्तम्यां जनेर्डः : ड
[३] खमुखकुञ्जेभ्यो र : र
[४] कॄगॄशॄपॄकुटि... : इ (प्रत्यय)
[५] कृदिकाराद... : ङीष्
[६] मिथिलादयश्च : इलच्
[७] कुटीशमी... : र (प्रत्यय)
[८] खलादिभ्यो इनिः : इनि
[९] ऋन्नेभ्यो ङीप् : ङीप्
[१०] तदस्य सञ्जातम्... : इतच्

कुट्टनी (ना./स्त्री.) कुट्टयति नाशयति कुलमनया *(यसले कुल नै नष्ट गर्छे)* कुट्ट भेदनभर्त्सनयोः (चुरा.) धातु, कुट्ट+ल्युट् (अन), णिलोप, कुट्टन+ङीप् (ई)= कुट्टनी ।

शब्दार्थ- कुटुनी, नारीहरूलाई वेश्यावृत्तिमा लगाउने व्यभिचारिणी स्त्री ।

कुठारः (ना./पुं.) कुठति आहन्ति अनेन *(यसद्वारा प्रहार गर्छन्)* कुठ प्रतिघाते (अ.को.रामाश्रमी), कुठ+आरन् (आर) करणमा, वहुलप्रकारले= कुठार ।

अथवा कुठ्+क (अ), कुठः ।

आसमन्तात् इयर्तीति *(अगाडि बढ्छ)* आङ्पूर्वक ऋ गतौ (जुहो.) धातु, आ+ऋ+अच् (पचादि), गुण, आ अर् अ, दीर्घ, आर् अ, आर ।

कुठे गतिप्रतिघाते आरः गतिः अस्य *(गति रोकिएमा पनि यसको गति हुन्छ)* कुठ+आर, व.स., दीर्घ =कुठार ।

शब्दार्थ- वञ्चरो, फर्सा, सवै समाप्त गर्नेगरी प्रहार गर्ने हतियार ।

उदा. **कुठार अतितेजिलो सुमसुम्याउँदै हातले- आ.रा. ३/४८**

कुठाराघातः (ना./पुं.) कुठारस्य कुठारेण वा आघातः *(वञ्चराको चोट वा वञ्चरोद्वारा प्रहार)* ष.त.स/ तृ.त.स., दीर्घ= कुठाराघात ।

शब्दार्थ- वञ्चरोले प्रहार गर्ने काम, वञ्चराको प्रहार, वञ्चराको चोट, सवै समाप्त गर्नेगरी प्रहार गर्ने काम ।

कुण्ठा (ना./स्त्री.) कुण्ठचते इति *(सुस्त हुन्छ)* कुठि आलस्ये प्रतिघाते च (भ्वा.) धातु, नुम्, कुण्ठ्+अ[1] (प्रत्यय)+टाप् (आ), परसवर्ण= कुण्ठा ।

शब्दार्थ- सुस्तता, असन्तुष्टि, मानसिक तनाव, हीनभाव, सङ्कोच ।

कुण्ठितः (वि.) कुण्ठचते स्म इति *(कुण्ठित भएको)* कुठि आलस्ये प्रतिघाते च (भ्वा.) धातु, नुम्, कुण्ठ्+क्त (त), इडागम= कुण्ठित ।

अथवा कुण्ठा सञ्जाता अस्य *(कुण्ठा पैदा भएको अवस्था छ यसको)* कुण्ठा+इतच् (इत)= कुण्ठित ।

शब्दार्थ- कुण्ठाले भरिएको, कुण्ठाग्रस्त, सङ्कुचित, प्रतिभा रोकिएको, भावना नफुरेको, अवरुद्ध ।

उदा. **हृदयका दुःखका अब कुण्ठित**
भर लिने मुटुभित्र उपासना- सु.म.का. १०/७५

कुण्डः (ना./पुं./न.) कुण्डयतीति (संरक्षण गर्छ) कुडि रक्षणे (चुरा.) धातु, नुम्, कुण्ड्+अच् (पचादि)=कुण्ड । अथवा कुण्डचते कुलमनेन *(कुल, विकल वा विकृत बनाइन्छ यसबाट)* कुडि वैकल्ये (भ्वा.) धातु, नुम्, कुण्ड्+णिचि+घञ् (अ), णिलोप= कुण्ड (जारपुत्र) । अथवा कुणति, कुण्यते इति वा *(शब्द गर्छ वा शब्द पैदा हुनु)* कुण शब्दोपकरणयोः (तुदा.) धातु, कुण्+ड[2] (उणा.), डको कित्व= कुण्ड ।

कुण्डमग्न्यालये मानभेदे देवजलाशये
कुण्डी कमण्डलौ जारात् पतिवत्नीसुते पुमान्- इति मेदिनी
अमृते जारजः कुण्डः- इत्यमरः

शब्दार्थ- कुवा, इनार, सानो पोखरी, होम गर्ने वेदी, आफ्नो लोग्ने छँदा छँदै परपुरुषको सम्पर्कवाट जन्मेको सन्तान, जारसुत, कमण्डलु (कुण्डी), देवमन्दिरकै समीपको जलाशय ।

कुण्डलम् (ना./न.) कुण्डते, कुण्डचते इति वा *(पीडा वा शोभा दिन्छ)* कुडि दाहे (भ्वा.) वा कुडि रक्षायाम् (चुरा.) धातु, नुम्, कुण्ड्+कलच्[3] (अल), उणा. =कुण्डल ।

अथवा कुण्डं कुण्डलाकारं लातीति *(वाटुलो घेरा पैदा गर्छ)* कुण्डल उपपदपूर्वक ला आदाने (अदा.) धातु, कुण्ड+ला+क (अ), आकारलोप= कुण्डल ।

अथवा कुण्डमस्यास्तीति *(गोलो आकार छ यसको)* कुण्ड+लज्[4] (ल)= कुण्डल ।

कुण्डलं कर्णवेष्ठनम्- इत्यमरः
कुण्डलं कर्णभूषायां पाशेऽपि वलयेऽपि च- मेदिनी

शब्दार्थ- कानमा लगाउने गहना, कर्णभूषण, डोरी, पाश, सूर्य चन्द्रमामा देखिने मण्डलाकार घेरो, चुरा, वाजु

कुण्डलिनी/ कुण्डली (ना./स्त्री./पुं.) कुण्डलमस्यास्तीति *(कुण्डल छ यसको)* कुण्डल+इनि (इन्), अकारलोप, कुण्डलिन्=कुण्डली । कुण्डलिन्+ङीप् (ई)=कुण्डलिनी ।

शब्दार्थ- मूलाधार चक्रमा रहेको नाडी, ग्रहहरूको अवस्था वताउने कुण्डलाकार जन्मपत्रिका, चिना, जन्मकुण्डली, कुण्डलले विभूषित स्त्री, कुण्डल लगाएको व्यक्ति ।

कुतः (अव्य.) कस्मादिति *(कसबाट)* किम्+तसिल्[5] (तस्), किम्‌को कु आदेश[6], कुतस्, रुत्व-विसर्ग= कुतः ।

शब्दार्थ- कहाँवाट, कसरी ।

कुतत्त्वम् (ना./न.) कुत्सितं तत्त्वम् *(निन्दित तत्त्व)* प्रा.त.स.= कुतत्त्व ।

शब्दार्थ- खराव वस्तु, हानिकारक तत्त्व, हानि गर्ने कुरा, दूषिततत्त्व, खराव चीजवीजसम्वन्धी तत्त्व ।

कुतर्कः (ना./पुं.) तर्कयति, तर्क्यते इति वा *(तर्क गर्छ वा तर्क गरिन्छ)* तर्क भाषार्थे (चुरा.) धातु, तर्क्+अच् (पचादि)/घञ् (अ), तर्कः । कुत्सितः तर्कः *(निन्दित तर्क वितर्क)* प्रा.त.स., कु+तर्क= कुतर्क ।

अथवा कुत्सितं कुभावनायुक्तं तर्कयतीति *(कुभावनाले भरिएको तर्क गर्छ)* कु+तर्क्+अच् (पचादि)= कुतर्क ।

शब्दार्थ- खराव तर्क, अनुचित भावना वा विचार अनुपयुक्त तर्कना, अनुचित तर्क ।

---

[1] गुरोश्च हलः : अ (प्रत्यय)
[2] नमन्ताड्डः : ड (प्रत्यय)
[3] वृषादिभ्यश्चित् : कलच्
[4] सिध्मादिभ्यश्च : लज्
[5] पञ्चन्यास्तसिल् : तसिल्
[6] कु तिहोः : कु आदेश

कुतुपः (ना./पुं.) ह्रस्वा कुतूः *(सानो तेलको भाँडो)* कुतू+डुपच्[१] (उप), टिलोप= कुतुप ।

कुतूः कृत्तिस्नेहपात्रं ह्रस्वा सा कुतूपः पुमान्- इत्यमरः

शब्दार्थ- छालाको सानो तेल राख्ने भाँडो, ।

कुतूहलम् (ना./न.) कुतूं हलति *(कौतूहल पैदा हुन्छ)* हल विलेखने (भ्वा.) धातु, कुतू+हल्+क[२] (अ)/अच् (पचादि)=कुतूहल ।

शब्दार्थ- उत्कण्ठा, अभिलाषा, उत्सुकता, कुनै कुरा जान्ने उत्सुकता, विलक्षण, आश्चर्य, कौतूहल ।

कुत्सा (ना./स्त्री.) कुत्स्यते इति *(निन्दा गरिन्छ)* कुत्स अवक्षेपणे (चुरा.) धातु, कुत्स्+अ[३] (प्रत्यय)+टाप् (आ) =कुत्सा ।

कुत्सा निन्दा च गर्हणे- इत्यमरः

शब्दार्थ- निन्दा, तिरस्कार, अपहेलना, घृणा ।

कुत्सितः (वि.) कुत्स्यते स्म इति *(निन्दा गरिएको)* कुत्स अवक्षेपणे (चुरा.) धातु, कुत्स्+क्त (त), इडागम =कुत्सित ।

शब्दार्थ- निन्दित, गर्हित, घृणित, तिरस्कृत, निकृष्ट ।

कुत्र (अव्य.) कस्मिन्निति *(कसमा)* किम्+त्रल्[४] (त्र), किम्को कु आदेश[५]= कुत्र ।

शब्दार्थ- कहाँ, कुन ठाउँमा ।

कुत्रत्यः (वि.) कुत्र भवः *(कहाँ भएको)* कुत्र+त्यप्[६] (त्य) =कुत्रत्य ।

शब्दार्थ- कहाँको, कहाँ भएको ।

कुदिनम् (ना./न.) दीयते क्षीणं भवति *(क्षीण हुँदै जान्छ)* दीङ् क्षये (दिवा.) धातु, दी+नक्[७] (न), उणा., (वाहुलकवाट) ह्रस्व, दिनम् ।

अथवा द्यति तमः इति *(अन्धकार नष्ट पार्छ)* दो अवखण्डने (दिवा.) धातु, दो+किनन्[८] (इन), उणा., आत्व, आलोप, द् इन, दिनम् ।

कु कुत्सितं दिनमिति *(खराब दिन)*प्रा.त.स.[९]=कुदिन ।

शब्दार्थ- खराव दिन, दुर्दिन, नराम्रो दिन, कुनै अशुभ समाचार सुनेको वा अशुभ घटना घटेको दिन ।

कुदृष्टिः (ना./स्त्री.) दृश्यते इति *(देखिन्छ)* दृशिर् प्रेक्षणे (भ्वा.) धातु, दृश्+क्तिन् (ति), शको ष, तको ष्टुत्व, दृष्टिः । कुत्सिता दृष्टिः *(निन्दित दृष्टि)* प्रा.त.स.[९] =कुदृष्टि ।

शब्दार्थ- अनुचित हेराइ, कसैमाथि नराम्रो भावनाले हेर्ने काम, कुभावनाको दृष्टि ।

कुधान्यम् (ना./न.) दधतीति *(पोषण गर्छ)* डुधाञ् धारण-पोषणयोः (जुहो.) धातु, धा+न[१०] (उणा.), धानम् । धाने पोषणे साधुः इति *(पोषण गर्न समर्थ)* धान+यत्[११](य), अकारलोप, धान्यम् । कुत्सितं धान्यम् **(खराब धान्य वा अन्न)**कु+धान्य, प्रा.त.स.[९]=कुधान्य ।

शब्दार्थ- खराव धान्य, निन्दित अन्न, क्षुद्रधान्य ।

कुन्दः (ना./पुं.) कुं भुवं दायति द्यति वेति *(पृथिवी शोभित गर्छ वा क्षेदन गर्छ)* कु उपपदपूर्वक दैप् शोधने (भ्वा.) वा दो अवखण्डने (दिवा.) धातु, आत्व, कु+दा+क (अ), आलोप, पृषोदरादिवाट न आदेश =कुन्द ।

अथवा कुणति इति *(मन्द गुञ्जन गर्छ)* कुण शब्दोपकरणयोः (तुदा.) धातु, कुण्+द (उणा.), परसवर्ण =कुन्द ।

शब्दार्थ- सेतो फुल्ने चमेली जातको फूलको बोट, कुन्द फूलको वोट, विष्णुको उपाधि, निधि ।

कुन्दपुष्पम् (ना./न.) कुन्दस्य पुष्पम् *(कुन्दको फूल)* ष.त.स.= कुन्दपुष्प ।

शब्दार्थ- कुन्दको फूल, सेतो फुल्ने चमेलीको फूल ।

कुपतिः (ना./पुं.) कुत्सितः पतिः *(खराब पति)* प्रा.त.स. =कुपति ।

शब्दार्थ- खराव लोग्ने, दुष्टपति ।

कुपरीक्षकः (ना./पुं.) परीक्षते इति *(परीक्षण गर्छ)* परिपूर्वक ईक्ष दर्शने (भ्वा.) धातु, परि+ईक्ष्+ण्वुल् (अक), दीर्घ, परीक्षकः । कु कुत्सितः परीक्षकः *(खराब परीक्षक)* प्रा.त.स.= कुपरीक्षक ।

शब्दार्थ- खराव परीक्षक, निन्दित परीक्षक ।

कुपात्रम् (ना./न.) पाति, पिबति अनेन वा *(रक्षा गर्छ वा पान गर्छ यसले)* पा रक्षणे (अदा.) वा पा पाने (भ्वा.) धातु, पा+ष्ट्रन्[१२] (त्र), उणा., पात्रम् ।

कुत्सितं पात्रम् *(खराब भाँडो वा पात्र)* प्रा.त.स. =कुपात्र ।

शब्दार्थ- काम नलाग्ने भाँडो, दान दिन अयोग्य मानिस, निन्दित व्यक्ति, दुष्ट मानिस ।

कुपितः (वि.) कुप्यते स्म इति *(रिसाएको)* कुप क्रोधे (दिवा.) धातु, कुप्+क्त (त), इडागम= कुपित ।

शब्दार्थ- रिसाएको, क्रुद्ध, अप्रसन्न, क्रोधित भएको ।

कुपुत्रः (ना./पुं.) पुनाति अनेन *(पवित्र गर्छ यसले)* पूञ् पवने (क्र्या.) धातु, पू+क्त्र[१३] (त्र), उणा., धातुको ह्रस्व, पुत्रः ।

कुत्सितः पुत्रः *(निन्दित पुत्र)* प्रा.त.स.[९]= कुपुत्र ।

शब्दार्थ- खराव छोरो, अयोग्य पुत्र, दुष्टतनय ।

कुपुरुषः (ना./पुं.) कुत्सितः पुरुषः *(खराब पुरुष)* प्रा.त.स.[९] =कुपुरुष ।

शब्दार्थ- दुष्ट मान्छे, खराब पुरुष, अयोग्य मानिस ।

---

१. कुत्वा डुपच् : डुपच्
२. कप्रकरणे मूलविभूजादि...(वा.) : क
३. गुरोश्च हलः : अ
४. सप्तम्यास्त्रल् : त्रल्
५. कुति हो : कु आदेश
६. अव्ययात्त्यप् : त्यप्
७. इणसिञ्जि... : नक्
८. द्यतेः किनन् : किनन्
९. कुगतिप्रादयः : प्रा.त.स.
१०. धापृवस्य... : न (प्रत्यय)
११. तत्र साधु : यत्
१२. सर्वधातुभ्यः... : ष्ट्रन्
१३. पुवो ह्रस्वश्च : क्त्र

कुपोषणम् (ना./न.) पोषणम्, पुष्यते इति वा *(पोषण गरिन्छ)* पुष पुष्टौ (भ्वा./दिवा./ऋचा.) धातु, पुष्+ ल्युट् (अन), गुण, णत्व, पोषणम् । कुत्सितं पोषणम् *(खराब पोषण)* प्रा.त.स.= कुपोषण ।

शब्दार्थ- पौष्टिकतत्त्व नभएको खानेकुरो, शरीरको लागि हानिकारक खाद्यपदार्थ ।

कुप्रथा (ना./स्त्री.) प्रथते, प्रथ्यते इति वा *(प्रसिद्ध हुन्छ वा भइन्छ)* प्रथ प्रख्याने (भ्वा.) धातु, प्रथ्+अङ्[१] (अ) +टाप् (आ), प्रथा ।

कुत्सिता प्रथा *(खराब प्रथा)* प्रा.त.स.= कुप्रथा ।

शब्दार्थ- खराव चालचलन, कुरीति, समाजलाई कुभलो गर्ने परम्परा वा रीतिरिवाज ।

कुप्रवन्धः (ना./पुं.) कुत्सितः प्रवन्धः *(खराब व्यवस्थापन)* प्रा.त.स.= कुप्रवन्ध ।

शब्दार्थ- नराम्रो प्रवन्ध, खराब व्यवस्था ।

कुप्रभावः (ना./पुं.) भवति अनेन *(यसबाट समर्थन हुन्छ)* भू+घञ्[२] (अ), वृद्धि, आवादेश, भावः । प्रकृष्टः भावः *(उच्चभाव)* प्राःत.स., प्रभावः । कुत्सितः प्रभावः *(खराब प्रभाव)* प्रा.त.स.= कुप्रभाव ।

शब्दार्थ- खराव असर, नराम्रो छाप, प्रतिकूल प्रभाव, नराम्रो प्रभाव, नराम्रो कुराले प्रभाव पार्ने काम ।

कुप्रयोगः (ना./पुं.) कुत्सितः प्रयोगः *(नराम्रो प्रयोग)* प्रा.त.स.[३]= कुप्रयोग ।

शब्दार्थ- नराम्रो ढङ्गको प्रयोग, दुरुपयोग, प्रतिकूल प्रयोग, अनुचित ढङ्गको प्रयोग ।

कुब्रह्मः/कुब्रह्मा (ना./पुं.) कुत्सितः ब्रह्मा *(निन्दित ब्राह्मण)* कु+ब्रह्मन्, प्रा.त.स.[३], कुब्रह्मन्+टच्[४], (समासान्त-विकल्पले), टिलोप= कुब्रह्म ।

टच्को अभावमा कुब्रह्मन्= कुब्रह्मा ।

शब्दार्थ- कुत्सित ब्राह्मण, निन्दित ब्राह्मण ।

कुब्राह्मणः (ना./पुं.) कुत्सितः ब्राह्मणः *(खराब ब्राह्मण)* कु+ब्राह्मण, प्रा.त.स.[३]= कुब्राह्मण ।

शब्दार्थ- खराव ब्राह्मण, निन्दित ब्राह्मण, कुविप्र ।

कुबुद्धिः (ना./स्त्री./वि.) बुध्यतेऽनया इति *(जानिन्छ यसबाट)* बुध अवगमने (दिवा.) धातु, बुध्+क्तिन् (ति), तको ध, धको जस्त्ववाट द, बुद्धिः ।

कुत्सिता बुद्धिः *(निन्दित-बुद्धि)*, कुत्साता बुद्धिर्यस्य *(खराब बुद्धि छ जसको)* प्रा.त.स.[३]/ब.स.= कुबुद्धि ।

शब्दार्थ- खराव बुद्धि, दुष्टमति, अयोग्य बुद्धि, दुर्मति, खराव बुद्धि भएको, मति विग्रेको ।

कुवेरः (ना./पुं.) कुत्सितं गर्हितं वेरं शरीरमस्येति *(जसको शरीर निन्दित छ, कुष्ठरोगादिको कारण)* व.स.=कुवेर ।

अथवा कुम्वति ऐश्वर्यमाच्छादयतीति *(धनादि-ऐश्वर्य छिपाउँछन्)* कुवि आच्छादने (भ्वा.) धातु, नुम्, कुम्व्+एरक् (एर), उणा., नलोप, कुब् एर= कुबेर ।

कुबेरस्त्र्यम्बकसखो यक्षराड् गुह्यकेश्वरः- इत्यमरः

कुत्सायां क्विति (कु इति) शब्दोऽयं शरीरं बेरमुच्यते ।

कुबेरः कुशरीरत्वान्नाम्ना तेनैव सोऽङ्कितः- वायुपुराण

शब्दार्थ- धन तथा ऐश्वर्यका देवता, यक्षहरूका राजा, त्र्यम्वकेश्वर भगवान् शिवका सखा, ज्यादै धनी मान्छे ।

कुब्जः (वि.) कु ईषत् उब्जति *(अलि-अलि कुँजो हुन्छ)* कु उपपदपूर्वक उब्ज आर्जवे (तुदा.) धातु, कु+उब्ज् +अच् (पचादि), कु उब्जमा, पररूप, कुब्ज् अ=कुब्ज ।

शब्दार्थ- कुँजो, कुप्रो, वाङ्गो ।

कुब्जा (ना./स्त्री.) कु ईषत् उब्ज्यते असौ *(अलि-अलि कुप्रिन्छे यो)* कु उपपदपूर्वक उब्ज आर्जवे (तुदा.) धातु, कु+उब्ज्+अ (प्रत्यय), कु उब्जमा, पररूप, कुब्ज् अ, टाप् (आ)= कुब्जा ।

शब्दार्थ- कुँजी वा कुप्री आइमाई, कृष्णका मामा कंसकी सेविका, कंसकी एक दासी, जसको ढाड कुप्रिएको थियो र श्रीकृष्णले सीधा पार्नुभएको थियो ।

कुभावना (ना./स्त्री.) कुत्सिता भावना *(खराब भावना)* प्रा.त.स.[३]= कुभावना ।

शब्दार्थ- खराव भावना, दुर्भावना, नराम्रो भावना ।

कुमतिः (ना./स्त्री./वि.) मन्यते अनया *(ठम्याइन्छ यसबाट)* मन ज्ञाने (दिवा.) वा मनु अवबोधने (तना.) धातु, मन्+क्तिन् (ति), नलोप, मतिः । कुत्सिता मतिर्बुद्धिः *(खराब बुद्धि)* प्रा.त.स., वा कुत्सिता मति-र्यस्य *(कुबुद्धि छ यसको)* प्रा.ब.स.[३]= कुमति ।

शब्दार्थ- खराव बुद्धि, कुबुद्धि, दुर्बुद्धि, दुर्मति, बुद्धिभ्रष्ट भएको, मति विग्रेको, मतिहीन ।

कुमन्त्रः (ना./पुं.) मन्त्रयते इति *(मन्त्रणा गरिन्छ)* मत्रि गुप्तपरिभाषणे (चुरा.) धातु, नुम्, मन्त्र्+घञ् (अ), मन्त्रः । कुत्सितः गर्हितः मन्त्रः *(खराब मन्त्र वा सल्लाह)* प्रा.त.स.[३]= कुमन्त्र ।

शब्दार्थ- खराव मन्त्रणा, खराव सल्लाह, अनुचित उपदेश वा सल्लाह, हित नहुने परामर्श, खराब मन्त्र ।

कुमारः (ना./पुं.) कुमारयति क्रीडति इति *(खेलबाड गर्छ)* कुमार क्रीडायाम् (चुरा.) धातु, कुमार्+अच् (पचादि)= कुमार ।

अथवा कामयते इति *(चाहना गर्छ)* कमु कान्तौ (भ्वा.) धातु, कम्+आरन्[५] (आर), उणा., धातुका उपधाको उत्व, कुम् आर= कुमार ।

अथवा म्रियन्ते अनेन *(यसबाट छट्पटिन्छन्)* मृङ् प्राणत्यागे (तुदा.) धातु, मृ+घञ् (अ) वा मृ+णिचि +अच् (पचीद), वृद्धि, मारः । कुत्सितः मारः अस्य *(कुत्सित कामवाण छ यसको)* प्रा.त.स.[३]= कुमार ।

---

१. षिद्भिदादिभ्योऽङ् : अङ्

२. श्रिणीभुवोऽनुपसर्गे : घञ्

३. कुगतिप्रादयः : प्रा.त.स.

४. कुमहद्भ्याम्... : टच् (विकल्पले)

५. कमेः किदुच्च... : आरन्, उपधाको उत्व

**कुमारः स्यात् शुके स्कन्दे युवराजेऽश्वचारके
बालके वरुणाद्रौ ना- इति मेदिनी**

शब्दार्थ- स्वामी कार्तिकेय, सानो बालक, कुमार केटो, अविवाहित केटो, युवराज, राजकुमार, सुगा (पन्छी), घोडाको सुसारे ।

कुमारी (ना./स्त्री.) कुमारयति क्रीडति असौ *(खेलबाड गर्छे यो)* कुमार क्रीडायाम् (चुरा.) धातु, कुमार+अच् (पचादि), कुमारः । कुमार+ङीप्[1] (ई) = कुमारी ।

अथवा कामयते असौ *(चाहना गर्छे यो)* कमु कान्तौ (भ्वा.) धातु, कम्+आरन् (आर), उणा., धातुका उपधाको उत्व, कुम् आर, कुमार । कुमार+ङीप्[1] (ई)= कुमारी ।

**कुमारी शैलतनया नवमाल्योर्नदीभिदि ।
सहापराजिता कन्या जम्बुद्वीपेषु च स्त्रियाम्- इति मेदिनी**

शब्दार्थ- वाह्र वर्षसम्मकी कन्याकेटी, अविवाहित कन्या, कुमारी केटी, सानी कन्या, दुर्गा-देवी, पार्वती, गौरी, सीता, अपराजिता, घिउकुमारी, जम्बुद्वीप, नदीविशेष ।

कुमारीत्वम् (ना./न.) कुमार्याः भावः *(कुमारी हुनाको भाव वा अवस्था)* कुमारी+त्व= कुमारीत्व ।

शब्दार्थ- कुमारीपना, बालात्व, शिशुत्व ।

कुमारसम्भवः (ना./पुं.) कुमारस्य सम्भवः *(कुमारको उत्पत्ति)* ष.त.स.= कुमारसम्भव ।

शब्दार्थ- कुमार कार्तिकेयको जन्म, बालकको जन्म, महाकवि कालिदासको एक महाकाव्य ।

कुमार्गः (ना./पुं.) मृज्यते, मार्ग्यते इति वा *(अन्वेषण गरिन्छ)* मृजु शुद्धौ (अदा.) वा मार्ग अन्वेषणे (चुरा.) धातु, मृज्/मार्ग्+घञ् (अ), वृद्धि, जको कुत्व, मार्गः । कुत्सितः मार्गः *(खराब बाटो)* प्रा.त.स.= कुमार्ग ।

शब्दार्थ- कुबाटो, खराब बाटो, अधर्मपथ, दुराचार गर्ने काम ।

कुमार्गी (वि.) कुमार्गः अस्य अस्तीति *(खराब मार्ग छ यसको)* कुमार्ग+इनि[2] (इन्), कुमार्गिन्= कुमार्गी ।

शब्दार्थ- कुमार्गमा लाग्ने, कुबाटोमा हिंड्ने, धर्म नभएको, कुलतमा लागेको, पापिष्ठ ।

कुमुदम् (ना./न.) कौ पृथिव्यां मोदते इति *(पृथिवीमा सुशोभित हुन्छ)* कु उपपदपूर्वक मुद हर्षे (भ्वा.) धातु, कु+मुद्+क[3] (अ)= कुमुद ।

अथवा कुं पृथिवीं मोदयतीति *(पृथिवीलाई सुशोभित पार्छ)* कु+मुद्+णिचि+क (अ), णिलोप= कुमुद ।

सिते कुमुदकैरवे- इत्यमरः

शब्दार्थ- चन्द्रकिरणको टहकले फुल्ने सेतो कमल, राति फुल्ने सेतो कमल ।

कुमुदिनी (ना./स्त्री.) कुमुदानि सन्ति अस्मिन् *(यहाँ कमलहरू छन्)* कुमुद+इनि (इन्), अकारलोप, कुमुदिन्+ङीप् (ई)= कुमुदिनी ।

शब्दार्थ- सेतो कमलको बोट, सेतो कमल, कुमुद ज्यादा हुने ठाउँ, कुमुदपुष्पको समूह ।

कुमुद्वान् (वि.) कुमुदानि सन्ति अस्मिन् *(कमलहरू छन् यहाँ)* कुमुद+ड्मतुप्[4] (मत्), मको व, कुमुद्वत् =कुमुद्वान् ।

शब्दार्थ- कमलहरू भएको, कमलले परिपूर्ण, कमलमय ।

कुम्भः (ना./पुं.) कुं भुवम्, कं जलं वा उम्भति पूरयतीति *(पृथिवी वा जल पूर्ण हुन्छ)* कु/क उपपदपूर्वक उम्भ पूरणे (तुदा.) धातु, कु/क+उम्भ्+अण्[5] (अ)/अच् (पचादि), कु उम्भ्को पररूप[6], कुम्भ् अ= कुम्भ ।

**कुम्भः स्यात् कुम्भकर्णस्य सुते वेश्यापतौ घटे
राशिभेदे द्विपाङ्गे च कुम्भं त्रिवृति गुग्गुले- इति विश्वः**

शब्दार्थ- माङ्गलिक जलपूर्ण कलश, घडा, जलकुम्भ, हात्तीको शिरमा दुवैतिर उठेको मांसपिण्ड, बाह्रवटा राशिहरूमध्ये एघारौं कुम्भराशि, वेश्यापति, कुम्भकर्णको पुत्र ।

कुम्भकः (ना./पुं.) कुम्भ एव *(घडा नै)* कुम्भ+कन् (क), स्वार्थमा= कुम्भक ।

शब्दार्थ- घडा, योगशास्त्र-अनुसार प्राणायामको एउटा अङ्ग वा भेद, जसमा सास रोकेर पेट फुलाउने कुम्भक, सास रोकिराख्ने पूरक र सास बाहिर फाल्ने रेचक आदि प्राणायाम गरिन्छ ।

कुम्भकर्णः (ना./पुं./वि.) कुम्भौ इव कर्णौ यस्य सः *(घडा जस्तै कान छन् जसका)* ब.स.= कुम्भकर्ण ।

शब्दार्थ- रावणको माहिलो भाइ, कुम्भकर्ण हिमशृङ्खला, प्रतीकात्मक अर्थ बुझाउँदा- अल्छी, सुतिमात्र रहने ।

कुम्भकारः (ना./पुं.) कुम्भं करोतीति *(घडा बनाउँछ)* कुम्भ उपपदपूर्वक डुकृञ् करणे (तना.) धातु, कुम्भ+कृ+अण्[5] (अ), वृद्धि= कुम्भकार ।

शब्दार्थ- माटोको भाँडा बनाउने शिल्पी, कुमाले, वर्णसङ्कर जातिविशेष ।

उदा. **मालाकारात् कर्मकर्यां कुम्भकारो व्यजायत- स्मृतिः**

कुम्भजः/कुम्भजन्मा (ना./पुं.) कुम्भात् जातः *(कुम्भबाट जन्मेका)* कुम्भ उपपदपूर्वक जनी प्रादुर्भावे (दिवा.) धातु, कुम्भ+जन्+ड (अ), टिलोप= कुम्भज ।

कुम्भे कुम्भात् वा जन्म यस्य *(कुम्भमा वा कुम्भबाट जन्म भएको छ जसको)* कुम्भ+जन्मन्, ब.स., कुम्भजन्मन्= कुम्भजन्मा ।

शब्दार्थ- कुम्भबाट उत्पन्न भएका ऋषि- अगस्त्यमुनि, वसिष्ठ-ऋषि, द्रोणाचार्य ।

---

[1] वयसी प्रथमे : ङीप्
[2] अत इनिठनौ : इनि
[3] मूलविभुजादि... : क (प्रत्यय)
[4] कुमुदनडवेतस... : ड्मतुप्
[5] कर्मण्यण् : अण्
[6] शकन्ध्वादि... (वा.) : पररूप

कुम्भमेला (ना./स्त्री.) कुम्भे बृहस्पतिसूर्ययोः कुम्भ राशिस्थिते मेला *(बृहस्पति र सूर्य कुम्भराशिमा रहँदा लाग्ने मेला)* स.त.स.= कुम्भमेला । अथवा कुम्भस्य मेला *(कुम्भको मेला)* ष.त.स. =कुम्भमेला ।

शब्दार्थ- वृहस्पति र सूर्य एउटै कुम्भराशिमा रहेको समयमा लाग्ने ठूलो पर्व, यस्तो मेला प्रायः प्रयाग हरिद्वार, देवघाट आदि ठाउँमा लाग्ने गर्छ ।

कुम्भयोनिः (ना./पुं.) कुम्भः योनिर्जन्मस्थानं यस्य सः *(कुम्भ नै जन्मस्थान छ जसको)* ब.स.= कुम्भयोनि ।

शब्दार्थ- अगस्त्यमुनि, कुम्भसम्भव ।

कुम्भसम्भवः (ना./पुं.) कुम्भः सम्भवः उत्पत्तिस्थानं यस्य सः *(कुम्भ नै छ उत्पत्तिस्थान जसको)* ब.स. =कुम्भसम्भव ।

शब्दार्थ- अगस्त्यमुनि, कुम्भयोनि, वसिष्ठ ।

कुम्भी (ना./स्त्री./पुं.) कं जलं उम्भति पूरयतीति *(जल पूर्ण हुन्छ)* क उपपदपूर्वक उम्भ पूरणे (तुदा.) धातु, क+उम्भ्+अण् (अ), पररूप, कुम्भ् अ, कुम्भः । कुम्भ+ङीप् (ई)= कुम्भी ।

अथवा कुम्भौ अस्यास्तीति *(गण्डस्थल वा शिरमा उठेका कुम्भाकार पिण्ड छन् यसका)* कुम्भ+इनि (इन्), अकारलोप, कुम्भिन्= कुम्भी ।

शब्दार्थ- सानो घडा, जलको सानो कलश, हात्ती, पाटलीवृक्ष ।

कुम्भीपाकः (ना./पुं.) कुम्भी इव पाकः यत्र *(माटोको भांडो (वर्तन)झैं पकाइन्छ जहाँ)* ब.स.=कुम्भीपाक ।

शब्दार्थ- अतिगर्मी हुने स्थान, चौरासी लाख नरकहरू-मध्ये एउटा प्रमुख नरक, जहाँ पापीहरू कुमालेले माटाका भाँडा (गाग्रो आदि) आगोमा पकाएझैं पकाइन्छन् ।

कुरङ्गः (ना./पुं.) कौ पृथिव्यां रङ्गतीति *(पृथिवीमा घुम्छ)* कु उपपदपूर्वक रगि गतौ (भ्वा.) धातु, नुम्, कु+रङ्ग्+अच् (पचादि)= कुरङ्ग ।

अथवा रङ्ग्यते इति *(घुम्नु)* रगि गतौ (भ्वा.) धातु, नुम्, रङ्ग्+घञ् (अ), रङ्गः । कौ पृथिव्यां रङ्गः गतिः भ्रमणम् वा अस्यास्तीति *(पृथिवीमा गति वा घुमफिर छ जसको)* कु+रङ्ग+अच्[1] (अ), पररुप= कुरङ्ग ।

अथवा कुरतीति *(शब्द गर्छ)* कुर शब्दे (तुदा.) धातु, कुर्+अङ्गच्[2] (उणा.), कित्व= कुरङ्ग ।

शब्दार्थ-मृग, मृगविशेष, ताम्रवर्णको हरिण, हरिणजाति ।

कुरीतिः (ना./स्त्री.) रीयते इति *(प्रस्रवण हुनु, प्रचलित हुनु)* रीङ् स्रवणे वा क्षरणे (दिवा.) वा री गति-रेषणयोः (क्र्या.) धातु, री+क्तिन् (ति), रीतिः । कुत्सिता रीतिः *(खराब प्रचलन)* प्रा.त.स.[3]= कुरीति ।

शब्दार्थ- खराब चालचलन, नराम्रो रीतिरिवाज, कुप्रथा, नराम्रो प्रचलन ।

कुरुः (ना./पुं.) करोतीति *(गर्दछ)* डुकृञ् करणे (तना.) धातु, कृ+उ (उणा.), धातुको रपर भई उकार अन्तादेश =कुरु ।

शब्दार्थ- वर्तमान दिल्लीको निकटवर्ती भारतको उत्तरमा रहेको एक प्रदेश, कुरु देशका राजा ।

कुरुचरः (वि.) कुरुषु चरतीति *(कुरु प्रदेशमा घुम्छ)* कुरु उपपदमा हुने चर गतिभक्षणयोः (भ्वा.) धातु, कुरु+चर्+ट[4] (अ)= कुरुचर ।

शब्दार्थ- कुरुदेशमा भ्रमण गर्ने, कुरुप्रदेशमा विचरण गर्ने ।

कुरुक्षेत्रम् (ना./न.) कुरूणां क्षेत्रम् *(कुरुवंशी राजाहरूको क्षेत्र)* ष.त.स.= कुरुक्षेत्र ।

शब्दार्थ- दिल्लीको समीपवर्ती एक क्षेत्र, जहाँ कौरव र पाण्डवहरूको युद्ध भएको थियो ।

***द्रष्टव्य-* धर्मक्षेत्रे कुरुक्षेत्रे समवेताः युयुत्सवः- भ.गी. १/१**

कुरुराजः (ना./पुं.) कुरूणां राजा *(कुरुदेशका राजा)* कुरु+राजन्, ष.त.स., टच्[5] (समासान्त), टिलोप =कुरुराज ।

शब्दार्थ- कुरु देशका राजा, धृतराष्ट्र, दुर्योधन ।

कुरूपः (वि.) कुत्सितं रूपं यस्य *(नराम्रो रूप छ जसको)* कु+रूप, प्रा.ब.स., उ.प.लोप= कुरूप ।

शब्दार्थ- नराम्रो, विरूप, नराम्रो अनुहारको, नराम्रो रूप भएको ।

कुरूपा (ना./स्त्री.) कुत्सितं रूपम् यस्याः सा *(नराम्रो रूप छ जुन स्त्रीको)* प्रा.ब.स., टाप् (आ)= कुरूपा ।

शब्दार्थ- नराम्रो रूप भएकी स्त्री, नराम्री आइमाई, हिस्सी नपरेकी स्वास्नीमान्छे ।

कुरूपता (ना./स्त्री.) कुरूपस्य भावः *(कुरूप हुनाको भाव वा अवस्था)* कुरूप+तल् (त)+टाप् (आ) =कुरूपता ।

शब्दार्थ- नराम्रोपन, अपाङ्गता, रूप राम्रो नहुनाको भाव वा अवस्था ।

कुलम् (ना./न.) कोलतीति *(फैलन्छ)* कुल संस्त्याने बन्धुषु च (भ्वा.) धातु, कुल्+क[6] (अ)= कुल ।

कुलं जनपदे गोत्रे सजातीयगणेऽपि च
भवने च तनौ क्लीवम्- इति मेदिनी

शब्दार्थ- एउटै वंश वा परम्परा, सन्तान, थर, गोत्र, समूह, समुदाय, शरीर ।

कुलकलङ्कः (ना./पुं./वि.) कुलस्य कलङ्कः *(कुलको कलङ्क)* ष.त.स.= कुलकलङ्क ।

शब्दार्थ- कुलको कलङ्क वा दोष, कुलको दाग, आफ्नो कुलमा कलङ्क लगाउने, कुलको इज्जत र प्रतिष्ठामा दाग लगाउने ।

---

[1] अर्श आदिभ्योऽच् : अच्
[2] विडादिभ्यः कित् : अङ्गच्, कित्व
[3] कुगतिप्रादयः : प्रा.त.स.
[4] चरेष्ट : ट
[5] राजाहः सखिभ्य... : टच् (समासान्त)
[6] इगुपधज्ञा... : क

कुलकलङ्किनी (ना./स्त्री.) कलङ्कः अस्याः अस्तीति *(कलङ्क या दाग छ यस स्त्रीको)* कलङ्क+इनि (इन्)+ङीप् (ई), कलङ्किनी । कुलस्य कलङ्किनी *(कुलको दोषी वा कलङ्किनी)* ष.त.स.= कुलकलङ्किनी ।

शब्दार्थ- कुलमै दाग लगाउने स्त्री, व्यभिचारिणी स्त्री, कुलङ्गार नारी, कुलटा स्त्री ।

कुलकुटुम्बम् (ना./न.) कुलस्य कुटुम्वम् *(कुलका इष्टमित्र)* ष.त.स.= कुलकुटुम्व ।

शब्दार्थ- इष्टमित्र, नातेदार, वन्धुवान्धव ।

कुलक्षणम् (ना./न.) लक्ष्यते इति *(लक्ष गरिन्छ)* लक्ष दर्शनाङ्कनयोः (चुरा.) धातु, लक्ष्+ल्युट् (अन), णत्व, लक्षणम् ।

अथवा लक्ष्यते इति *(चिन्हित हुनु)* लक्ष दर्शनाङ्कनयोः (चुरा.) धातु, लक्ष्+अट्[1](अ), नप्रत्यय, णत्व, लक्षणम् ।

कुत्सितं लक्षणम् *(नराम्रो लक्षण)* प्रा.त.स.=कुलक्षण ।

शब्दार्थ- नराम्रो चिन्ह वा लक्षण, अपशकुन, खराव चिन्ह, कुलच्छिन ।

कुलगुरुः (ना./पुं.) कुलस्य गुरुः *(आफ्ना कुल वा वंशका गुरु)* ष.त.स.= कुलगुरु ।

शब्दार्थ- आफ्नो वंशका गुरु वा आचार्य, कुलपुरोहित, आफ्ना पूर्खादेखि सम्मानित वा पूजनीय गुरु, पुर्ख्यौली गुरु ।

कुलघातकः (वि.) कुलस्य घातकः *(वंशको घातक)* ष.त.स.= कुलघातक ।

शब्दार्थ- वंशविनाशक, कुलघाती, कुलको विनाश गर्ने ।

कुलटा (ना./स्त्री.) अटति कुलात् व्यभिचारार्थं कुलान्तरं गच्छति *(व्यभिचारका लागि आफ्नो कुलबाट अर्को कुलतिर लाग्छे)* अट गतौ (भ्वा.) धातु, अट्+अच् (पचादि)+टाप् (आ), अटा । कुलस्य अटा *(कुलकै भ्रष्टा वा घुमन्ते)* ष.त.स., पररूप[2] = कुलटा ।

शब्दार्थ- वेश्या, व्यभिचारिणी स्त्री, परपुरुषसित सम्वन्ध राख्ने स्त्री, परपुरुषगामिनी, कुलकै भ्रष्टा स्त्री ।

उदा. भ्रष्टा तँ कुलटा मैली रछ्यान सबकी जुठी- सु.म.का.१३/३७

कुलदीपः/कुलदीपकः (ना./पुं.) कलस्य दीपः, कुलस्य दीपकः *(कुलको दियो)* ष.त.स.=कुलदीप/कुलदीपक ।

शब्दार्थ- आफ्नो कुललाई उज्यालो पार्ने व्यक्ति, कुलको दियो, कुलको प्रकाशक वत्ती ।

कुलदेवता (ना./स्त्री.) कुलस्य देवता *(कुलका देवता)* ष.त.स.= कुलदेवता ।

शब्दार्थ- आफ्ना पूर्खादेखि मानिआएका देवता, ती देवता जसको पूजा आफ्नो वंशमा सदाकाल-देखि चलिआएको छ ।

कुलधर्मः (ना./पुं.) कुलस्य कुले वा आचरितः कुलाचरितः, स चासौ धर्मश्च *(कुलको वा कुलमा पालना गरिएको धर्म)* क.त.स., उ.प.लोप=कुलधर्म ।

शब्दार्थ- आफ्नो कुलले मान्दै आएको धर्म, आफ्नो परम्परादेखि प्रचलित धर्म, आफ्नो रीतिरिवाज ।

***द्रष्टव्य-* नो लङ्घनीयाः कुलदेशधर्माः- नीतिवचन**

कुलपतिः (ना./पुं.) पाति रक्षतीति *(रक्षा गर्छ)* पा रक्षणे (अदा.) धातु, पा+डति[3] (अति), टिलोप, पतिः ।

कोलतीति *(विस्तार गर्छ)* कुल संस्त्याने (भ्वा.) धातु, कुल्+क (अ), कुलम् । कुलानां शिष्यपरम्पराणां शिष्य गणानां वंशपरम्पराणां वा पतिः *(शिष्यपरम्परा, शिष्यसमुदाय वा वंशपरम्पराका स्वामी वा संरक्षक)* ष.त.स.= कुलपति ।

मुनीनां दशसाहस्रं योऽन्नदानादिपोषणात्
अध्यापयति विप्रर्षिरसौ कुलपतिः स्मृतः- स्मृतिः

शब्दार्थ- शिष्यपरम्पराको संरक्षक, शिष्यगणको मुख्य व्यक्ति वा मूली, विश्वविद्यालय वा प्रज्ञा-प्रतिष्ठान वा विद्यापीठ आदिका प्रमुख, प्राचीनपरम्परा- अनुसार दशहजार विधार्थीलाई भरणपोषण गरी शिक्षा दिने व्यक्ति ।

कुलपरम्परा (ना./स्त्री.) कुलस्य परम्परा *(वंशको परम्परा)* ष.त.स.= कुलपरम्परा ।

शब्दार्थ- वंशावली, पुर्ख्यौली रीतिरिवाज ।

कुलपालिका (ना./स्त्री.) पालयति असौ *(पालना गर्छे यो)* पाल रक्षणे (चुरा.) धातु, पाल्+ण्वुल् (अक)+टाप् (आ), ककारपूर्वका अकारको इत्व, पालिका ।कुलस्य पालिका *(कुलको संरक्षण गर्ने स्त्री)* ष.त.स.= कुलपालिका ।

शब्दार्थ- कुलको रक्षा गर्ने स्त्री, वंशपरम्पराको संरक्षण गर्ने नारी ।

कुलपुरुषः (ना./पुं.) कुलस्य वंशस्य पुरुषः *(कुलको पुरुष)* ष.त.स.= कुलपुरुष ।

शब्दार्थ- गोत्रका प्रसिद्ध पुरुष, कुलका आदिपुरुष, कुलीन पुरुष ।

कुलवधूः (ना./स्त्री.) कुलस्य वधूः *(कुलकी वधू वा स्त्री)* ष.त.स.= कुलवधू ।

शब्दार्थ- कुलीन स्त्री, घरानियाँ नारी, कुलस्त्री, राम्रो आचरणमा रहेका छोरीवुहारी वा कुलस्त्री ।

कुलव्रतम् (ना./न.) कुलस्य व्रतम् *(कुलको व्रत)* ष.त.स. =कुलव्रत ।

शब्दार्थ- कुलपरम्परा या वंशपरम्पराको नियम तथा आचरण

कुलस्त्री (ना./स्त्री.) कुलस्य स्त्री *(असल कुलकी स्त्री)* ष.त.स.= कुलस्त्री ।

शब्दार्थ- कुलीन आइमाई, घरानियाँ स्त्री, कुलवधू, कुलनारी, सुशील आइमाई ।

कुलसचिवः (ना./पुं.) कुलस्य सचिवः *(कुनै गण, समुदाय, शिष्यपरम्परा वा प्रतिष्ठानको प्रशासनिक प्रमुख)* ष.त.स.= कुलसचिव ।

शब्दार्थ- विश्वविद्यालय वा अन्य प्रतिष्ठानको प्रशासनिक प्रमुख पदाधिकारी, रजिष्ट्रार ।

---

[1] लक्षेरट् च : अट, न (प्रत्यय)

[2] शकन्ध्वादिषु... : पररूप

[3] पातेर्डतिः : डति

कुलङ्गारः/कुलाङ्गारः (ना./पुं./वि.) कुले, कुलस्य अङ्गारः इति वा *(कुलमा वा कुलको कलङ्क)* स.त.स./ ष.त.स., कुल+अङ्गार, पररूप= कुलङ्गार ।
कुल+अङ्गार, सवर्णदीर्घ= कुलाङ्गार ।
शब्दार्थ- कुलको दाग वा कलङ्क, कुलको विनाश गर्ने, कुलमा दाग लगाउने ।

कुलाचारः (ना./पुं.) कुलस्य आचारः *(कुलको आचार वा परम्परा)* ष.त.स., दीर्घ= कुलाचार ।
शब्दार्थ- कुलमा चलिआएको परम्परा वा विधिविधान, कुलधर्म, कुलको रीतिरिवाज ।

कुलाभिमानी (वि.) अभिमानः अस्यास्तीति *(अभिमान छ यसको)* अभिमान+इनि (इन्), अभिमानी ।
कुलस्य अभिमानी *(कुलको गर्व गर्ने)* ष.त.स., दीर्घ =कुलाभिमानी ।
शब्दार्थ- आफ्नो कुलप्रति अभिमान गर्ने, आफ्नो कुल वा वंशपरम्पराप्रति गर्व गर्ने ।

कुलायनम् (ना./न.) कुलं जातिसमुदायः अयति, अय्यते अत्र *(आफ्नो कुल, परम्परा चलिरहन्छ यहाँ)* कुल उपपदपूर्वक अय गतौ (भ्वा.) धातु, कुल+अय्+ल्युट् (अन), अधिकरणमा, कुल+अयन, दीर्घ= कुलायन ।
शब्दार्थ- कुलदेवता, पूर्खादेखि मानिआएका देवता, गोत्र परम्परा, कुलपरम्परा, वंशपरम्परा ।

कुलालवत् (अव्य.) कुलालेन तुल्यम् *(कुमालेले झैं)* कुलाल+वति[1] (वत्)= कुलालवत् ।
शब्दार्थ- कुमालेले झैं, कुमालेकै तुल्य वा सदृश ।

कुलिशम् (ना./न.) कुलिनः पर्वतान् श्यति तनूकरोतीति *(शिखर काटेर पर्वतहरूलाई होचो बनाउँछ)* शो तनूकरणे (दिवा.) धातु, कुलिन्+शो+क (अ), आत्व, शाको आलोप, नलोप= कुलिश ।
अथवा कुलिनि शेते *(शिखरमा शयन गर्छ)* शीङ् स्वप्ने (अदा.) धातु, कुलिन्+शी+ड (अ), टिलोप, नलोप= कुलिश ।
शब्दार्थ- इन्द्रको वज्र, अशनि, चट्याङ ।

कुलीनः (वि.) कुलस्य अपत्यम्, कुले भवः जातादिर्वा *(कुलको सन्तति, कुलमा हुने वा भएको)* कुल+ख[2] (ईन), अकारलोप= कुलीन ।
शब्दार्थ- असल कुलमा जन्मेको, राम्रो कुलको सन्तति, घरानियाँ, ठूलो खानदानको ।

कुवाच्यम् (ना./न.) उच्यते इति *(भनिन्छ)* वच परिभाषणे (भ्वा.) धातु, वच्+ण्यत् (य), वृद्धि, वाच्यम् । कुत्सितं गर्हितं वाच्यम् *(निन्दित वचन)* प्रा.त.स.= कुवाच्य ।
शब्दार्थ- नराम्रो वचन, गर्हित वाणी, बोल्न अनुचित कुरा, रूखो बोलीवचन, अरूलाई दुःख लाग्ने बोलीवचन, दुर्वाच्य ।

कुवेरः (ना./पुं.) व्यु.हे.- कुबेर ।

कुशम् (ना./न./पुं.) कौ शेते तिष्ठतीति *(पृथिवीमा रहन्छ वा हुन्छ)* कु उपपदपूर्वक शीङ् स्वप्ने (अदा.) धातु, कु+शी+ड (अ), टिलोप, कुश् अ= कुश ।
अस्त्री कुशं कुथो दर्भः- इत्यमरः
शब्दार्थ- कुश, दर्भ, यज्ञकर्मादिमा पवित्र मानिने तृणविशेष, श्रीरामचन्द्रका दुई पुत्रमध्ये एक ।

कुशकाशम् (ना./न.) कौ शेते तिष्ठतीति *(पृथिवीमा रहन्छ वा हुन्छ)* कु उपपदपूर्वक शीङ् स्वप्ने (अदा.) धातु, कु+शी+ड (अ), टिलोप, कुश् अ, कुशः ।
काशते इति *(फूल फुलेपछि प्रकाशित हुन्छ)* काशृ दीप्तौ (भ्वा.) धातु, काश्+अच् (पचादि), काशः ।
कुशश्च काशश्च *(कुश र काँस)* द्व.स.= कुशकाश ।
शब्दार्थ- कुश र काँस जातिको तृणविशेष ।

कुशलम् (त्रि.लि.) कुत्सितं शलते संवृणोति *(निन्दित कुरा हटाउँछ)* अथवा कौ पृथिव्यां शलति चलति *(पृथिवीमा विचरण गर्छ)* कुपूर्वक शल चलनसंवरणयोः (भ्वा.) धातु, कु+शल्+अच् (पचादि)= कुशल ।
अथवा कुशं क्षेमं कल्याणं वा लातीति *(कल्याण दिन्छ)* कुशउपपदपूर्वक ला आदाने (अदा.) धातु, कुश+ला+क (अ), आलोप= कुशल ।
वा कुस्यतीति *(जोडिन्छ)* कुस संश्लेषणे (दिवा.) धातु, कुस्+कलच् (अल), पृषोदरादिबाट सको श= कुशल ।
कुशलः शिक्षिते त्रिषु । क्षेमे च सुकृते चापि
पर्याप्तौ च नपुंसकम्- इति मेदिनी ।
कृती कुशल इत्यपि । कुशलं क्षेममस्त्रियाम्- इत्यमरः
शब्दार्थ- कुशल, क्षेम, मङ्गल, कल्याण, प्रवीण, निपुण, शिक्षित, विज्ञ, पुण्य, शुभ, चतुर, पर्याप्त ।

कुशलता (ना./स्त्री.) कुशलस्य भावः *(कुशल हुनाको भाव वा अवस्था)* कुशल+तल् (त)+टाप् (आ) =कुशलता ।
शब्दार्थ- क्षमत्व, कुशलपना, निपुणता, सामर्थ्य ।

कुशलत्वम् (ना./न) कुशलस्य भावः *(क्षेम वा कुशल हुनाको भाव वा अवस्था)* कुशल+त्व= कुशलत्व ।
शब्दार्थ- क्षेमत्व, कुशलपना, प्रवीणता, निपुणत्व ।

कुशलिनी (वि.) कुशलमस्ति अस्याः *(कल्याण छ यस स्त्रीको)* कुशल+इनि[3] (इन्)+ङीप् (ई) =कुशलिनी ।
शब्दार्थ- क्षेम वा कुशल रहने आइमाई, निपुण आइमाई, विज्ञ स्वास्नी मानिस ।

कुशली (वि.) कुशलमस्यास्तीति *(कुशल छ यसको)* कुशल+इनि[3] (इन्)= कुशली ।
शब्दार्थ- कुशल रहने (पुरुष), निपुण, प्रवीण ।

कुशाग्रम् (वि.) कुशस्य अग्रमिव वा कुशस्य अग्रम् *(कुशको अग्रभागझैं, कुशको टुप्पो)* सह सुपा समास, ष.त.स.= कुशाग्र ।
शब्दार्थ- कुशको टुप्पो, ज्यादै तीखो, अतितीक्ष्ण ।

---

[1] तेन तुल्यं क्रिया... : वति

[2] कुलात् खः : ख

[3] अत इनिठनौ : इनि

कुशाग्रबुद्धिः (वि.) कुशस्य अग्रम्, तद्वत् तीक्ष्णा बुद्धिर्यस्य *(कुशको टुप्पो जस्तो तीखो बुद्धि छ जसको)* ब.स.=कुशाग्रबुद्धि ।

शब्दार्थ- अतितीखो बुद्धि भएको, तीक्ष्ण वुद्धि भएको, प्रतिभाशाली ।

कुशाग्रीया (वि.) कुशग्रमिव *(कुशको अग्रभाग झैं तीखो)* कुशाग्र+छ[१] (ईय)+टाप् (आ)= कुशाग्रीया ।

शब्दार्थ- कुशको टुप्पो जस्तै तीक्ष्ण मति वा बुद्धि हुने ।

कुशासनम् (ना./न.) शास्यते इति *(शासन गरिन्छ)* शासु अनुशिष्टौ (अदा.) धातु, शास्+ल्युट् (अन), शासनम् । कुत्सितं शासनम् *(खराब शासन)*प्रा.त.स.=कुशासन । अथवा कुशस्य आसनम् *(कुशको आसन)* ष.त.स., दीर्घ= कुशासन ।

शब्दार्थ- खराव शासन, नराम्रो शासन, खराव राज्य सञ्चालन व्यवस्था, कुशको आसन, जप तप पूजादि धार्मिक कार्यमा वस्ने कुशको आसन ।

कुशेश्वरः (ना./पुं.) कुशानां दर्भादितृणजातीनामीश्वरः *(दर्भादि समग्र तृणसमुदायका स्वामी)* ष.त.स., गुण =कुशेश्वर ।

शब्दार्थ- पशुपति, शिव, शङ्कर, सिन्धुली जिल्ला दुम्जामा अवस्थित महादेव ।

कुष्ठम् (ना./न.) कुष्णाति रोगम्, कुष्णाति अङ्गम् वा *(रोग हटाउँछ वा अङ्ग गलाउँछ)* कुष निष्कर्षे (क्र्या.) धातु, कुष्+क्वथन्[२] (थ), ष्टुत्व= कुष्ठ । अथवा कु कुत्सितं तिष्ठतीति *(निन्दित भएर रहन्छ)* कु उपपदमा हुने ष्ठा गतिनिवृत्तौ (भ्वा.) धातु, कु+स्था+क[३] (अ), आलोप, षत्व= कुष्ठ ।

शब्दार्थ- रोग नष्ट गर्ने कुटका औषधिविशेष, शरीरका अङ्गप्रत्यङ्ग सड्दै जाने रोगविशेष, कुष्ठरोग, महारोग ।

कुष्ठी (वि.) कुष्ठं अस्यास्तीति *(कुष्ठ रोग छ यसको)* कुष्ठ+इनि[४] (इन्), अकारलोप= कुष्ठी ।

शब्दार्थ- कुष्ठरोगी, महारोगी, कुष्ठरोग लागेको ।

कुष्माण्डः (ना./पुं.) कु ईषत् उष्मा *(अलि-अलि तातो)* प्रा.त.स., पररूप[५], कुष्मा । कुष्मा अण्डेषु वीजेषु यस्य *(अलि-अलि उष्मत्व बीजमा पाइन्छ जसको)* कुष्मा+अण्ड, ब.स., दीर्घ= कुष्माण्ड ।

शब्दार्थ- कुभिण्डो, कुम्भाण्ड, शिवजीको गणविशेष ।

कुसङ्गः (ना./पुं.) सज्जनम्, सज्यते इति वा *(आसक्त हुनु)* षञ्ज सङ्गे (भ्वा.)धातु, सञ्ज्+घञ् (अ), कुत्व, सङ्गः ।

कुत्सितः सङ्गः *(खराब सङ्गत)* प्रा.त.स.[६]= कुसङ्ग ।

शब्दार्थ- नराम्रो सङ्गत, खराव व्यक्तिहरूसँग वसउठ, खराव कुरामा आसक्ति ।

कुसङ्गतम् (ना.न.) सङ्गच्छते इति *(राम्रो सङ्गत गर्छ)* सम्पूर्वक गम्लृ गतौ (भ्वा.) धातु, सम्+गम्+क्त (वर्तमानमा), अनुनासिक मलोप, परसवर्ण, सङ्गतम् । कुत्सितं सङ्गतम् *(नराम्रो सङ्गत)* प्रा.त.स.[६]=कुसङ्गत ।

शब्दार्थ- खराव सङ्गत, नराम्रो मानिससँगको हेलमेल, खराव मानिससँगको उठवस ।

कुसङ्गतिः (ना./स्त्री.) सङ्गम्यते इति *(सत्सङ्ग गरिन्छ)* सम्पूर्वक गम्लृ गतौ (भ्वा.) धातु, सम्+गम्+क्तिन् (ति), अनुनासिक मलोप, परसवर्ण, सङ्गतिः ।

कुत्सिता सङ्गतिः *(खराब मानिससितको सङ्गति)* प्रा.त.स.[६] = कुसङ्गति ।

शब्दार्थ- खराव सङ्गति, नराम्रा मानिससँगको सङ्गति, खराव मानिससँगको हेलमेल वा उठवस ।

कुसमयः (ना./पुं.) सम्यक् एतीति *(राम्ररी बित्तछ)* सम्पूर्वक इण् गतौ (अदा.) धातु, सम्+इ+अच् (पचादि), गुण, अयादेश, समयः ।

कुत्सितः समयः *(नराम्रो समय)* प्रा.त.स.[६]= कुसमय ।

शब्दार्थ- खराव समय, अनुचित समय, अनुपयुक्त समय, नराम्रो वेलावखत, खराव काल, अशुभ साइत ।

कुसुमम् (ना./न.) कुस्यतीति *(फुल्छ वा फक्रन्छ)* कुस संश्लेषणे (दिवा.) धातु, कुस्+उम[७] (उणा.)= कुसुम ।

स्त्रियः सुमनसः पुष्पं प्रसूनं कुसुमं सुमम्- इत्यमरः

कुसुमं स्त्रीरजोनेत्ररोगयोः फलपुष्पयोः- इति मेदिनी

शब्दार्थ-फूल, पुष्प, प्रसून, रजोवती स्त्रीको रज, नेत्ररोग ।

कुसुमश्रीः (ना./स्त्री.) कुसुमानां श्रीः *(फूलहरूको शोभा)* ष.त.स.= कुसुमश्री ।

शब्दार्थ- फूलहरूको सौन्दर्य, फूलहरूको शोभा, फुलेका फूलहरूको दीप्ति या कान्ति ।

उदा. **वन छ कुसुमश्रीको देश जस्तो हरियो- शा.म.का. २/२**

कुसुमस्तवकः (ना./पुं.) कुसुमानां स्तवकः *(फूलहरूको गुच्छा)* ष.त.स.= कुसुमस्तवक ।

शब्दार्थ- पुष्पगुच्छा, फूलको गुत्यो, फूलको गुच्छा ।

कुसुमाकरः (ना./पुं.) कुसुममाकरोतीति *(फूल फुलाउँछ)* आङ्पूर्वक डुकृञ् करणे (तना.) धातु, कुसुम+आ+कृ +ट (अ), गुण, कुसुम आकर, दीर्घ= कुसुमाकर ।

शब्दार्थ- वसन्त ऋतु, वगैंचा, फूलहरूको उद्यान, पुष्पवाटिका ।

उदा. **कुसुमाकरको आँचल पक्री**
मलाई कति खोज्दी हुन् प्रकृति ।
- वखलढुङ्गा (सिद्धिचरण श्रेष्ठ)

कुसुमाञ्जलिः (ना./पुं.) कुसुमानामञ्जलिः *(फूलहरूको अँजुली)* ष.त.स., दीर्घ= कुसुमाञ्जलि ।

शब्दार्थ- अँजुलीमा लिएको फूल, पुष्पाञ्जलि ।

---

१. कुशाग्राच्छः : छ
२. हनिकषि... : क्वथन्
३. सुपि स्थः : क
४. अत इनिठनौ : इनि
५. शाकन्ध्वादिषु... : पररूप
६. कुगतिप्रादयः : प्रा.त.स.
७. कुसेरुम्भोमेदेताः : उम

कुसुमायुधः (ना./पुं.) कुसुमानामायुधं यस्य सः *(फूलहरूको अस्त्रशस्त्र छ जसको)* ष.त.स., दीर्घ =कुसुमायुध ।

शब्दार्थ- फूलहरूको अस्त्रशस्त्र हुने कामदेव, रतिपति ।

कुसुमितम् (वि.) कुसुमं सञ्जातम् अस्य *(फूल फुलेको छ यसको)* कुसुम+इतच् (इत), अकारलोप= कुसुमित ।

शब्दार्थ- फूल फुलेको, पुष्पित, फुलेका फूलहरूले परिपूर्ण ।

कूटः (ना./पुं./न.) कुटयति, कुट्यते इति वा *(कपट या छलछाम गर्छ वा गरिन्छ)* कूट आप्रदाने अवसादने च (चुरा.) वा कूट परितापे (परिदाहे) च (चुरा.) धातु, कूट्+अच् (पचादि)/घञ् (अ)= कूट ।

कूटोऽस्त्री निश्चले राशौ लौहमुद्गरदम्भयोः
मायाद्रिशृङ्गयोस्तुच्छे सीरावयवयन्त्रयोः । अनृते च- मेदिनी

शब्दार्थ- मिथ्या, कपट, छलछाम, धोका, दम्भ, मुसल, अनेक अर्थ दिने रचना, कूटकविता, पर्वतको चुचुरो, राश वा थुप्रो, कठिन प्रश्न, भुटो वोल्ने काम, टाकुरो, तुच्छ, मायाजाल ।

कूटनीतिः (ना./स्त्री.) कुटा चासौ नीतिश्च *(छलपूर्ण नीति)* क.त.स.= कुटनीति ।

शब्दार्थ- छलकपटपूर्ण व्यवहार, कपटपूर्ण नीति, राष्ट्रराष्ट्रवीचको राजनीतिकसम्वन्ध विस्तार गर्ने तथा स्थापित तथा सञ्चालन गर्ने नीति, वुभ्न कठिन पर्ने रहस्यमय गुप्त चाल, कुरा ।

कूटनीतिज्ञः (वि.) कूटनीतिं जानातीति *(कूटनीति जान्दछ)* ज्ञा अववोधने (क्र्या.) धातु, कूटनीति+ज्ञा+क[1] (अ), आकारलोप= कूटनीतिज्ञ ।

शब्दार्थ- कूटनीति जान्ने, कूटनीतिक रहस्य वुभ्ने ।

कूटसाक्षी (वि.) कूटः मायावी वा मिथ्यावादी चासौ साक्षी *(भूठो वा मिथ्यावादी साक्षी)* क.त.स.= कूटसाक्षी ।

शब्दार्थ- मिथ्या कुरा वक्ने साक्षी, भूटो वोल्ने साक्षी, मायावी ।

कूटस्थः (वि./ना./न.) कूटवत् निश्चलं तिष्ठतीति *(स्थाणु भैं निश्चल रहन्छ)* ष्ठा गतिनिवृत्तौ (भ्वा.) धातु, कूट+स्था+क[2] (अ), आकारलोप= कूटस्थ ।

शब्दार्थ- शिखरमा रहेको, निर्लिप्त, निश्चल, शिखरमा अवस्थित, परमात्मतत्त्व, परव्रह्म ।

कूपः (ना./पुं.) कुवन्ति मण्डुकाः अस्मिन् *(भ्यागुताहरू कराउँछन् यहाँ)* कु शब्दे (अदा.) धातु, कु+प, धातुको दीर्घ, उणा.= कूप ।

अथवा कुत्सिता दूषिता आपः अत्र *(दूषित पानी छ यहाँ)* वा कु ईषत् आपः अत्र *(अलि-अलि पानी छ यहाँ)* कु+अप्, प्रा.त.स., अ[3] (समासान्त), अप्का अको ऊत्[4], कु ऊप् अ, दीर्घ= कूप ।

शब्दार्थ- कुवा, इनार, खाल्टो, पनेरो, छिद्र, वापी ।

कूपमण्डुकः (ना./पुं.) कूपस्य मण्डुकः *(कुवाको भ्यागुतो)* ष.त.स.= कूपमण्डुक ।

शब्दार्थ- सामान्य अर्थ- कुवाको भ्यागुतो, इनारमा कराउने भ्यागुतो ।

विशेष अर्थ- अनुभव वा ज्ञानशून्य मानिस, भ्यागुतो जस्तै केही नजानेको र केही नदेखेको नसुनेको व्यक्ति, सीमित वा अल्पज्ञान भएको व्यक्ति ।

कूर्मः (ना./पुं.) कौ जले ऊर्मिर्वेगः अस्य *(पानीमा वेग वा गति छ यसको)* वा कु ईषत् ऊर्मिर्वेगः अस्य *(अलि-अलि वेग वा गति छ यसको)* कु+ऊर्मि, व.स., अच् समासान्त, इकारलोप, कु ऊर्म् अ, दीर्घ= कूर्म ।

शब्दार्थ- कछुवा, कच्छप, विष्णुको कूर्म अवतारको रूप, विष्णुका दश अवतारमध्ये दोस्रो कच्छप अवतार ।

कूलम् (ना./न.) कूलति *(ढाक्तछ, फैलन्छ)* कूल आवरणे (भ्वा.) धातु, कूल्+अच् (पचादि)= कूल ।

अथ कूलं तटे स्तूपे सैन्यपृष्ठतडागयोः- इति मेदिनी

शब्दार्थ- नदीको किनार, तीर, तट, सेनाको पछिल्लो भाग, तलाउ ।

कृच्छ्रम् (वि./ना./न.) कृन्ततीति *(काट्छ वा दुःख पाउँछ)* कृती क्षेदने (तुदा.) धातु, कृत्+रक्[5] (र), छ आदेश, उणा., कृत् छ र तको श्चुत्व च= कृच्छ्र ।

शब्दार्थ- कष्टकारी, दुःखदायक, पीडाकारी, सङ्कटमा परेको, विपत्ति, पीडा, वेदना, कष्ट, प्रायश्चित्तका लागि गरिने व्रतविशेष ।

कृतः (वि./ना./न.) क्रियते स्म इति *(गरिएको)* डुकृञ् करणे (तना.) धातु, कृ+क्त (त)= कृत ।

शब्दार्थ- गरिएको, निर्माण गरिएको, रचना गरिएको, रचित, विहित, सत्यत्रेतादि चार युगमध्ये पहिलो युग,

कृतकः (वि.) कृतन्तीति *(काट्तछ)* कृती क्षेदने (तुदा.) धातु, कृत्+क्वुन् (अक)= कृतक ।

अथवा कृतमेव *(रचित नै)* कृत+कन् (क), स्वार्थमा =कृतक ।

शब्दार्थ- वनावटीपनको, कल्पित, कृत्रिम, नक्कली, तयार गरिएको, कृत्रिम (पुत्र), वनाइएको (छोरो वा धर्मपुत्र) ।

कृतकृत्यः (वि.) कृतं कृत्यं येन *(गर्नुपर्ने कार्य गरेको छ जसले)* ब.स.= कृतकृत्य ।

शब्दार्थ- गर्नुपर्ने कार्य पूरा गरेको, उद्देश्य सफल भएको, कृतार्थ भएको, परितृप्त, सन्तुष्ट, धन्य ।

कृतघ्नः (वि.) कृतं उपकृतं हन्ति नाशयतीति *(उपकार गरेको कुरा देख्तैन या मान्दैन)* कृतपूर्वक हन हिंसागत्योः (अदा.) धातु, कृत+हन्+टक्[6] (अ), उपधाका हन्का अको लोप, कृत ह् न अ, कुत्व[7], हको घ= कृतघ्न ।

शब्दार्थ- गरेको उपकार नदेख्ने, बैगुनी, उपकारीको उपकार नसम्भने, अकृतज्ञ ।

---

१. आतोऽनुपसर्गे कः : क (प्रत्यय)
२. सुपिस्थः : क (प्रत्यय)
३. ऋक्पूरब्धू... : अ प्रत्यय
४. ऊदनोर्देशे : ऊत्
५. कृतेश्छ... : रक्, छ (आदेश)
६. अमनुष्यकर्तृके च : टक्
७. हो हन्तेः .. : कुत्व

कृतघ्नता (ना./स्त्री.) कृतघ्नस्य भावः *(कृतघ्न हुनाको भाव वा अवस्था)* कृतघ्न+तल् (त)+टाप् (आ) =कृतघ्नता ।

शब्दार्थ- गरेको उपकार नदेख्नाको भाव वा अवस्था, बैगुनीपन, अकृतज्ञता ।

कृतज्ञः (वि.) कृतं उपकृतं जानातीति *(उपकार गरेको जान्दछ)* कृतपूर्वक ज्ञा अवबोधने (क्र्या.) धातु, कृत +ज्ञा+क (अ), आकारलोप= कृतज्ञ ।

शब्दार्थ- आभारी, अरूले लगाएको गुन देख्ने, गुणज्ञ, गरेको उपकार देख्ने वा मान्ने ।

कृतज्ञता (ना./स्त्री.) कृतज्ञस्य भावः *(कृतज्ञ हुनाको भाव वा अवस्था)* कृतज्ञ+तल् (त)+टाप् (आ)= कृतज्ञता ।

शब्दार्थ- आभारीपन, अरूले गरेको उपकार सम्झनाको भाव वा अवस्था ।

कृतज्ञताज्ञापनम् (ना./न.)कृतज्ञतायाः ज्ञापनम् *(कृतज्ञताको ज्ञापन वा प्रकट)* ष.त.स.= कृतज्ञताज्ञापन ।

शब्दार्थ- अरूले गरेको उपकार वा सहयोगप्रति आभार प्रकट गर्ने काम, आभारपनको अभिव्यक्ति ।

कृतनिश्चयः (वि.) कृतः निश्चयः येन *(दृढनिश्चय गरेको छ जसले)* ब.स.= कृतनिश्चय ।

शब्दार्थ- दृढ निश्चय गरेको, दृढप्रतिज्ञ, कुनै काम गर्न दृढ अठोट गरिसकेको ।

कृतपूर्वः (वि.) कृतः पूर्वः अनेन *(पहिले गरेको छ यसले)* तृ.त.स.= कृतपूर्व ।

शब्दार्थ- पहिले काम पूरा गरेको, पहिले गरिसकेको ।

कृतसङ्कल्पः (वि.) कृतः सङ्कल्पः येन *(गरेको छ सङ्कल्प जसले)* ब.स.= कृतसङ्कल्प ।

शब्दार्थ- कुनै काम गर्न सङ्कल्प वा निश्चय गरेको, दृढ अठोट गरेको, दृढ निश्चय गरेको ।

कृतवान् (वि.) अकार्षीदिति *(गरेको)* डुकृञ् करणे (तना.) धातु, कृ+क्तवतु (तवत्), कर्तामा, कृतवत्=कृतवान् ।

शब्दार्थ- कुनै कुरा गरेको, पूरा गरेको ।

कृताकृतम् (वि.) कृतञ्च अकृतञ्च *(गरे नगरेको)* क.त.स.[1], दीर्घ= कृताकृत ।

शब्दार्थ- गरेनगरेको, सफल भएको वा नभएको ।

कृताञ्जलिः (वि.) कृतः अञ्जलिर्येन सः *(जोडेको छ हात जसले)* ब.स., दीर्घ= कृताञ्जलि ।

शब्दार्थ- हात जोडेको, हात जोडेर नमस्कार गरेको, बद्धाञ्जलि ।

कृतार्थः (वि.) कृतः पूर्णः अर्थः मनोरथः प्रयोजनम् वा येन सः *(जसले आफ्नो इच्छा वा प्रयोजन पूरा गरेको छ)* कृत+अर्थ, ब.स., दीर्घ= कृतार्थ ।

शब्दार्थ- आफ्नो कामना वा मनोरथ पूर्ण भएको, कुनै उद्देश्य वा लक्ष्य हासिल गरिसकेको, गर्नुपर्ने कार्य पूरा गरिसकेको, सन्तुष्ट भएको ।

कृतान्तः (ना./पुं./वि.) कृतः अन्तः विनाशः येन सः *(विनाश गरेको छ जसले)* कृत+अन्त, ब.स., दीर्घ =कृतान्त ।

शब्दार्थ- मृत्युका देवता, भाग्य, दैव, यमराज, मङ्गल कार्य विनाश गर्ने वा समाप्त पार्ने ।

कृतिः (ना./स्त्री.) करणम्, क्रियते इति वा *(गरिन्छ)* डुकृञ् करणे (तना.) धातु, कृ+क्तिन् (ति)= कृति ।

शब्दार्थ- रचना, पुरुषार्थ, सबै कुरा गर्ने काम, निर्माण, राम्रो काम ।

कृतिमान् (वि.) कृतिरस्यास्तीति *(कृति या रचना छ यसको)* कृति+मतुप् (मत्), कृतिमत्= कृतिमान् ।

शब्दार्थ- रचना भएको वा गरेको, कृति निर्माण गरेको ।

कृत्तिका (ना./स्त्री.) कृणत्तीति *(परिवेष्ठित गर्छ)* कृती वेष्ठने (रुधा.) धातु, कृत्+तिकन्[2] (तिक), उणा., कृत्तिक+टाप् (आ)= कृत्तिका ।

शब्दार्थ- सत्ताईसवटा नक्षत्रमध्ये तेस्रो नक्षत्र, कृत्तिका नक्षत्र ।

कृती (वि.) क्रियते स्म इति *(गरेको वा रचेको)* डुकृञ् करणे (तना.) धातु, कृ+क्त (त), कृतम् । कृतमनेन तद् अस्य अस्तीति *(यसले राम्रो गरेको छ र यसको त्यो क्षमता छ)* कृत+इनि[3] (इन्), कृतिन्= कृती ।

कृती कुशल इत्यपि- इत्यमरः

शब्दार्थ- राम्रो काम गर्ने, निपुण, प्रवीण, योग्य, विज्ञ, कुशल, क्षमतावान्, भाग्यवान्, धर्मात्मा, चतुर ।

कृत्यः (वि./ना./न.) क्रियते, कर्तुं योग्यः इति वा *(गरिन्छ, गर्न योग्य)* डुकृञ् करणे (तना.) धातु, कृ+क्यप्[4] (य), तुगागम[5]= कृत्य ।

शब्दार्थ- गर्न लायक, गर्न योग्य, गर्नुपर्ने, कर्तव्यकर्म, उपयुक्त काम ।

कृत्या (ना./स्त्री./वि.) क्रियते अनया *(दुष्कर्म गरिन्छ यसबाट)* डुकृञ् करणे (तना.) धातु, कृ+क्यप्[4] (य), तुगागम, कृत्य+टाप् (आ)= कृत्या ।

अथवा कृत्यते अनया *(हत्या गरिन्छ यसबाट)* कृती क्षेदने (तुदा.) धातु, कृत्+क्यप्[6] (य)+टाप् (आ)=कृत्या ।

शब्दार्थ- 'कृत्या' नामकी एक राक्षसी, हत्याकी देवी, आसुरी देवता, दुष्ट आइमाई, कुकर्म गर्ने स्त्री, काट्न वा छेदन गर्न लायक ।

कृत्याकृत्यम् (ना./न.) कृत्यञ्चं अकृत्यञ्च *(गर्न उचित र अनुचित)* कृत्य+अकृत्य, द्व.स., दीर्घ= कृत्याकृत्य ।

शब्दार्थ- गर्नु हुने र नहुने कार्य, उपयुक्त र अनुपयुक्त काम, उचित र अनुचित कर्म, कर्तव्य र अकर्तव्य कर्म ।

---

[1] क्तेन नञ विशिष्टे... : क.त.स.

[2] कृतिभिदि... : तिकन्

[3] अत इनिठनौ : इनि

[4] विभाषा कृवृषोः/कृञः श च : क्यप्

[5] ह्रस्वस्य पिति कृति... : तुक्

[6] ऋदुपधेभ्यः ... : क्यप्

कृत्रिमः (वि.) करोति, क्रियते इति वा *(गर्छ/गरिन्छ)* डुकृञ् करणे (तना.) धातु, कृ+क्त्रि[१] (त्रि), कृत्रिः । कृत्रया निर्वृत्तम् *(कर्मले निर्वृत्त भएको)* कृत्रि+मम्[२] =कृत्रिम ।

शब्दार्थ-वनावटीपनको, नक्कली, जाली, कल्पित, अप्राकृतिक

कृत्रिमता (ना./स्त्री.) कृत्रिमस्य भावः *(कृत्रिम या नक्कली हुनाको भाव वा अवस्था)* कृत्रिम+तल् (त)+टाप् (आ)= कृत्रिमता ।

शब्दार्थ- वनावटीपन, नक्कलीपना, कृत्रिम हुनाको अवस्था ।

कृदन्तः (ना./पुं.) कृत् अन्तः येषाम् *(कृत् प्रकरणको प्रत्यय छ अन्त्यमा जसको)* कृत्+अन्त, ब.स. =कृदन्त ।

शब्दार्थ- धातुमा 'कृत्' प्रकरणका विभिन्न प्रत्यय जोडेर वनेका शब्द ।

कृपणः (वि.) कल्पते, कृपयति वा स्वल्पमपि दातुम् *(थोरै दिन पनि लोभ गर्छ वा छुद्रता देखाउँछ)* कृपू सामर्थ्ये (भ्वा.) वा कृप दौर्बल्ये (चुरा.) धातु, कृप्+ल्युट्[३] (अन), णत्व, गुणाभाव (संज्ञापूर्वक हुनाले)= कृपण । अथवा कृप्यते लोभः क्रियते अनेन *(लोभ गरिन्छ यसबाट)* कृपू सामर्थ्ये (भ्वा.) धातु, कृप्+क्युन् (अन), बहुलप्रकारले, णत्व= कृपण ।

कदर्ये कृपणक्षुद्रः किं पचानमितंपचाः - इत्यमरः

शब्दार्थ- कञ्जुस, क्षुद्र, लोभी, छुच्चो, चुत्यो, चुइयाँ ।

कृपणता (ना./स्त्री.) कृपणस्य भावः *(कृपण हुनाको भाव वा अवस्था)* कृपण+तल् (त)+टाप् (आ)= कृपणता ।

शब्दार्थ- कञ्जुस्याइँ, क्षुद्रपना, छोटोपना, कदर्यता ।

कृपणी (वि.) कृपणः अस्य अस्तीति *(क्षुद्रपना या कृपणभाव छ यसको)* कृपण+इनि (इन्)= कृपणी ।

शब्दार्थ- कञ्जुस, लोभी, दीन, दुःखी, क्षुद्र, ज्यादै छुच्चो, छोटो

कृपा (ना./स्त्री.) क्रपणम्, कृप्यते इति वा *(कृपा गरिन्छ)* क्रप कृपायां गतौ च (भ्वा.) धातु, क्रप्+अङ्[४] (अ)+टाप् (आ), सम्प्रसारणवाट[५] 'क्र'का रको ऋ= कृपा ।

कृपा दयाऽनुकम्पा स्यात्- इत्यमरः

शब्दार्थ- दया, कृपा, अनुकम्पा, अनुग्रह ।

कृपापात्रम् (ना./न.) कृपायाः पात्रम् *(दयाको पात्र)* ष.त.स. = कृपापात्र ।

शब्दार्थ- दयापात्र, दया गर्न योग्य वा कृपा गर्नुपर्ने व्यक्ति

कृपालुः (वि.) कृपां लातीति *(कृपा गर्छ)* कृपापूर्वक ला आदाने (अदा.) धातु, कृपा+ला+डु[६] (उ), आकारलोप =कृपालु ।

शब्दार्थ-कृपा गर्ने, दया गर्ने, अनुग्रह गर्ने, मायालु, दयालु ।

कृपालुता (ना/स्त्री.) कृपालोर्भावः *(दयालु हुनाको भाव वा अवस्था)* कृपालु+तल् (त)+टाप् (आ)= कृपालुता ।

शब्दार्थ- दयालुपन, कृपालुपना, दयाभाव ।

कृमिः (ना./पुं.) क्राम्यतीति *(अतिक्रमण गर्छ)* क्रमु पादविक्षेपे (भ्वा.) धातु, क्रम्+इन् (इ), सम्प्रसारणवाट, क्रका रेफको ऋ, कृम इ= कृमि ।

शब्दार्थ- कीरो, कीट, साना-साना कीरा, पेटभित्रको जुको, रोगका किटाणु ।

कृमिरोगः (ना./पुं.) कृमेर्जातः कृमिजातः । स चासौ रोगश्च *(कीराबाट पैदा हुने रोग)* क.त.स., उ.प.लोप =कृमिरोग ।

शब्दार्थ- कीराबाट पैदा हुने विभिन्न रोग, आउँ, रगतमासी, चुर्ना पर्ने रोग आदि ।

कृशः (वि.) कृश्यतीति *(दुब्लो हुन्छ)* कृश तनूकरणे (दिवा.) धातु, कृश्+क[७] (अ)= कृश ।

शब्दार्थ- दुव्लो, दुर्वल, झीनो, पातलो, क्षीण ।

कृशकायः/कृशतनुः (वि./ना./पुं.) कृशः कायः यस्य *(पातलो छ शरीर जसको)* वा कृशश्चासौ कायश्च *(कृश तनु)* ब.स./क.त.स.= कृशकाय ।

कृशा तनुर्यस्य *(झीनो छ शरीर जसको)* ब.स., कृशाको ह्रस्व= कृशतनु ।

शब्दार्थ- दुव्लो वा पातलो शरीर भएको, झीनो शरीरको, दुर्वल शरीर, पातलो शरीर ।।

कृशता (ना./स्त्री.) कृशस्य भावः *(दुब्लो हुनाको भाव वा अवस्था)* कृश+तल् (त)+टाप् (आ)= कृशता ।

शब्दार्थ- दुव्लोपना, पातलोपन, झीनोपन, दुर्वलता ।

कृशाङ्गी (ना./स्त्री.) कृशम् अङ्गं यस्याः *(पातलो छ शरीर जुन स्त्रीको)* ब.स., दीर्घ, कृशाङ्ग+ङीष् (ई)= कृशाङ्गी ।

शब्दार्थ- पातलो शरीरकी स्त्री, तन्वङ्गी, झीनो शरीरकी आइमाई, दुव्ली स्त्री, दुर्वल नारी ।

कृशानुः (ना./पुं.) कृश्यतीति *(सूक्ष्मरूप लिन्छ)* कृश तनूकरणे (दिवा.) धातु, कृश्+आनुक् (आनु)= कृशानु ।

शब्दार्थ- झिल्को रूपको अग्नि, आगो, वन्हि ।

कृशोदरी (ना./स्त्री.) कृशमुदरं यस्याः *(पातलो छ कम्मर जसको)* कृश+उदर, ब.स., गुण, कृशोदर+ ङीष् (ई) ।

शब्दार्थ- पातलो कम्मर भएकी स्त्री, झीनो कम्मर भएकी नारी, बारुले कम्मर भएकी स्त्री ।

कृषकः (ना./पुं.) कर्षति, कृषतीति वा भूमिं असौ *(जमिन खनजोत गर्छ जो)* कृष विलेखने (भ्वा./तुदा.) धातु, कृष्+क्वुन्[८] (अक), उणा.= कृषक ।

शब्दार्थ-किसान, खेती गर्ने मानिस, खनजोत गर्ने व्यक्ति ।

कृषिः (ना./स्त्री.) कृष्यते, कर्षणमिति वा *(खनजोत गरिन्छ)* कृष विलेखने (भ्वा./तुदा.) धातु, कृष्+इक्[९] (इ), कित्व, गुणाभाव= कृषि ।

स्त्रियां कृषिः पाशुपाल्यं वाणिज्यं चेति वृत्तयः- इत्यमरः

शब्दार्थ- खनजोत गर्ने काम, वाली लगाउने तथा गोडमेल गर्ने र उकेर्ने काम, कृषिकर्म, खेती, किसानी ।

---

[१] ड्वितः क्त्रिः : क्त्रि

[२] क्त्रेर्मम्नित्यम् : मम्

[३] कृत्यल्युटो... : ल्युट्

[४] षिद्भिदादि... : अङ्

[५] क्रपेःसम्प्रसारणञ्च : सम्प्रसारण

[६] मितद्रवादिभ्य... (वा.) : डु (प्रत्यय)

[७] इगुपधज्ञा... : क

[८] कृषेर्वृद्धिश्चोदीचाम् : क्वुन्

[९] इक्कृष्यादिभ्य...(वा.) : इक्, कित्व

कृषिऋणम् (ना./न.) कृषये कृषिकर्मणे ऋणम् *(कृषिकर्मको लागि ऋण)* च.त.स.= कृषिऋण ।

शब्दार्थ- कृषिसम्वन्धी कामको लागि लिइने वा दिइने ऋण ।

कृषिकर्म (ना./न.) कृषेः कर्मः *(कृषिसम्बन्धी काम)* ष.त.स.= कृषिकर्म ।

शब्दार्थ- खेतीपाती, कृषिसम्वन्धी काम, खेतीको काम ।

कृषिफलम् (ना./न.) कृषेः कृषिकर्मणः फलम् *(कृषिकर्मको प्रतिफल)* कृषि+फल, ष.त.स.= कृषिफल ।

शब्दार्थ- कृषिकर्म गरेर उत्पन्न हुने प्रतिफल, वालीनाली पाक्ने र उकेर्ने काम, कृषिकर्मको नतिजा वा अन्तिम परिणाम ।

कृषिविज्ञानम् (ना./न.) कृषेर्विज्ञानम् *(कृषिकर्मको प्राविधिक ज्ञान)* ष.त.स.= कृषिविज्ञान ।

शब्दार्थ- कृषिसम्वन्धी प्राविधिक प्रविधि, कृषिकर्मको ज्ञान, कृषि अनुसन्धानसम्वन्धी ज्ञान ।

कृषीवलः (वि.) प्रशस्ता कृषिरस्यास्तीति *(पर्याप्त खेती छ यसको)* कृषि+वलच्[1] (वल), कृषिको दीर्घ[2]=कृषीवल ।

शब्दार्थ- कृषक, किसान, खेतीवाल, कृषिसम्वन्धी काम गर्ने,

कृष्टः (वि.) कृष्यते स्म इति *(खिचिएको)* कृष विलेखने (भ्वा./तुदा.) धातु, कृष्+क्त (त), तको ट= कृष्ट ।

शब्दार्थ- खिचिएको, तानिएको, खनजोत गरिएको, आकृष्ट भएको ।

कृष्णः (ना./पुं./न.) कर्षति रमयति भक्तान्, कर्षति अरीन्, कृषति वर्णान् इति वा *(क्रमशः भक्तहरूलाई आकर्षण गर्छन्, शत्रुहरू दबाउँछन्, अरू रङ्गहरूलाई खिच्तछ)* कृष विलेखने (भ्वा./तुदा.) धातु, कृष्+नक्[3] (न), उणा., णत्व= कृष्ण ।

विष्णुर्नारायणः कृष्णः । कृष्णेऽनीलासित श्यामः- इत्यमरः
कृष्णः काके पिके वर्णे विष्णौ व्यासेऽर्जुने कलौ- इति हैमः
कृष्णः सत्यवतीपुत्रे वायसे केशवेऽर्जुने ।
क्लीवे मरीचलोहयोः- इति मेदिनी

शब्दार्थ- विष्णुका दश अवतारमध्ये आठौं अवतार, वासुदेव, देवकीका पुत्र श्रीकृष्ण, विष्णु, नारायण, कृष्णद्वैपायन, व्यास तथा अर्जुनको उपनाम, कालो रङ्ग, कालो वर्ण, कालो काग, कोइली, मरीच, कालो लौहपुरुष, कलियुग ।

द्रष्टव्य- **स चात्मा स परं ब्रह्म कृष्ण इत्यभिधीयते ।**
कृषिस्तद् भक्तिवचनो नश्च तद्दास्यवाचकः
भक्तिदास्यप्रदाता यः स च कृष्णः प्रकीर्तितः
- दे.भा. ९/२/२४-२५

कृष्णचरित्रम् (ना./न.) कृष्णस्य चरित्रम् *(श्रीकृष्णको चरित्र)* ष.त.स.= कृष्णचरित्र ।

शब्दार्थ- भगवान् श्रीकृष्णको चरित्र, श्रीकृष्णका लीला कथाहरू, श्रीकृष्णको जीवनी ।

कृष्णचतुर्दशी (ना./स्त्री.) चतुर्दशानां पूरणी इति *(चौधको सङ्ख्या पूरा गर्ने)* चतुर्दशन्+डट् (अ), टिलोप, चतुर्दश+ङीप् (ई), चतुर्दशी । कृष्णा चासौ चतुर्दशी *(कृष्णपक्षको चतुर्दशी)* क.त.स., पुंवत्भाव, कृष्णाको ह्रस्व= कृष्णचतुर्दशी ।

शब्दार्थ- कृष्णपक्षको चुतुर्दशी तिथि, औंसीको अघिल्लो तिथि ।

कृष्णद्वैपायनः (ना./पुं.) कृष्णश्चासौ द्वैपायनश्च *(कृष्ण द्वैपायन)* क.त.स.= कृष्णद्वैपायन ।

शब्दार्थ- वेदव्यास, पराशरपुत्र, कृष्णद्वैपायन ।

कृष्णपक्षः (ना./पुं.) कृष्णश्चासौ पक्षश्च *(अन्धकारको पक्ष)* क.त.स.= कृष्णपक्ष ।

शब्दार्थ- औंसी पक्ष, पूर्णिमा पछिको प्रतिपदादेखि औंसी सम्मको पन्ध्र दिन, अन्धकारको पक्ष ।

कृष्णमन्दिरम् (ना./न.) कृष्णस्य मन्दिरम् *(श्रीकृष्णको मन्दिर)* ष.त.स.= कृष्णमन्दिर ।

शब्दार्थ- भगवान् श्रीकृष्णको मन्दिर ।

कृष्णसर्पः (ना./पुं.) कृष्णश्चासौ सर्पश्च *(कालो सर्प)* क.त.स.= कृष्णसर्प ।

शब्दार्थ- कालो सर्प, कालो वर्णको साप, कालोसाप ।

कृष्णसखः (ना./पुं.) कृष्णस्य सखा *(कृष्णका साथी)* कृष्ण+सखि ष.त.स., कृष्णसखि+टच्[4] (अ), इकारलोप =कृष्णसख ।

शब्दार्थ- कृष्णका साथी, कृष्णका मित्र ।

कृष्णसारः (ना./पुं.) कृष्णश्चासौ सारश्च *(कालो र छिरविरे रङ्ग)* कृष्ण+सार, क.त.स.[5]= कृष्णसार ।

शब्दार्थ- कालो र छिरविरे रङ्गको मृगविशेष, मृगको एउटा भेद, कृष्णसार प्रजातिको मृग, कालो हरिण ।

द्रष्टव्य- **कृष्णसारस्तु चरति मृगो यत्रं स्वभावतः**
स ज्ञेयो याज्ञिको देशः- म.स्मृ.२/२३

कृष्णसारङ्गः (ना./पुं.) सरति कालान्तरमिति *(कालान्तर सम्म घुमिरहन्छ)* सृ गतौ (भ्वा.) धातु, सृ+घञ् (अ), वृद्धि, सारः । सारं दृढमङ्गं यस्य *(दृढ छ अङ्ग यसको)* सार+अङ्ग, ब.स., पररूप[6], सारङ्गः ।

सारङ्गः पुंसि हरिणे चातके च मतङ्गजे शबले त्रिषु- इति मेदिनी

कृष्णश्चासौ सारङ्गश्च *(कृष्णसारङ्ग)* क.त.स.[5] =कृष्णसारङ्ग ।

शब्दार्थ- कृष्ण तथा चित्रवर्णको मृग, कृष्णसारङ्ग जातको मृग, चित्रविचित्र रङ्ग ।

कृष्णा (ना./स्त्री.) कृष्णः वर्णः अस्ति अस्याः *(कालो वर्ण छ यिनको)* कृष्ण+अच् (अ), अकारलोप, कृष्ण+टाप् (आ), दीर्घ= कृष्णा ।

शब्दार्थ- पाँच पाण्डवकी पत्नी, द्रौपदी, काली आइमाई, काली गण्डकी नदी, पिप्ला (औषधीविशेष), काला पात हुने तुलसी ।

---

[1] रजः कृष्यासुति... : वलच्
[2] बलेः : दीर्घ
[3] कृषेर्वर्णे : नक्
[4] राजाहः सखि... : टच् (समासान्त)
[5] वर्णो वर्णेन : क.त.स.
[6] शकन्ध्वादि.... : पररूप

कृष्णाष्टमी (ना./स्त्री.) अष्टानां पूरणी *(आठको सङ्ख्या पूरा गर्ने)* अष्टन्+डट् (अ), नलोप, डट्को मडागम, अष्टम+डीप् (ई), अष्टमी । कृष्णस्य अष्टमी *(कृष्णपक्षको अष्टमी)* क.त.स., दीर्घ= कृष्णाष्टमी ।

शब्दार्थ- कृष्णपक्षको अष्टमी तिथि, भाद्रकृष्णपक्षको अष्टमी तिथि, भगवान् श्रीकृष्ण जन्मेको दिन, श्रीकृष्णजयन्ती ।

कृष्णीकरणम् (ना./न.) अकृष्णः कृष्णः सम्पद्यते, तत्करणमिति *(कालो नभएको कालो हुन्छ र कालो गरिन्छ)* डुकृञ् करणे (तना.) धातु, कृष्ण+च्वि+कृ+ल्युट् (अन), कृष्णको ईत्व, च्विको सर्वलोप, कृको गुण, णत्व= कृष्णीकरण ।

शब्दार्थ- कालो पार्ने वा वनाउने काम, कालो नभएकोलाई कालो पार्ने काम ।

केका (ना./स्त्री.) के मूर्धनि (उपरि) कायतीति *(उँभोतिर कराउँछ)* सप्तम्यन्त के उपपदमा हुने कै शब्दे (भ्वा.) धातु, के+का+ड[१] (अ), टिलोप, सप्तमीको अलुक्[२], केक+टाप् (आ)= केका ।

केका वाणी मयूरस्य- इत्यमरः

शब्दार्थ- मुजुरको मधुर बोली, मयूरको वाणी ।

केकी (ना./पुं.) केका मधुरवाणी अस्यास्तीति *(मीठो बोली छ यसको)* केका+इनि[३] (इन्), आकारलोप, केकिन् =केकी ।

शिखावलः शिखी केकी मेघनादः- इत्यमरः

शब्दार्थ- मयूर, मुजुर, वर्ही, शिखी ।

केतकः (ना./पुं.)/**केतकी** (ना./स्त्री.) केतयतीति *(सुगन्ध फैलाउँछ)* कित निवासे रोगापनयने च (भ्वा.) धातु, कित्+क्वुन्[४] (अक), उणा., वा ण्वुल् (अक), कित्को गुण= केतक । केतक+ङीष्/ङीप् (ई)= केतकी ।

शब्दार्थ-केतुके फूल, केतकी, केतकीको वास्नादार फूल ।

केतुः (ना./पुं.) चायते, चाय्यते अनेनेति *(चिन्हित हुन्छ यसबाट)* चायृ पूजानिशामनयोः (भ्वा.) धातु, चाय्+तु[५], धातुको कि आदेश, गुण= केतु ।

केतुर्ना रुक्पताकाविग्रहोत्पातेषु लक्ष्मणि- इति मेदिनी

शब्दार्थ- ध्वजा, पताका, झण्डा, नवग्रहमध्ये एक, नवौं केतुग्रह, धूम्रकेतु, धूमकेतु, उल्कापात, चिन्ह, चिन्हो, चिनो, रोगविशेष, शत्रु ।

केदारः (ना./पुं.) दीर्यते इति *(फोरिन्छ)* दृ विदारणे (क्र्या.) धातु, दृ+घञ् (अ), दीर्घ, दारः । के जले क्षेत्रे दारः यस्य *(पानी वा खेतमा क्षिद्र छ जसको)* के+दार, व.स., सप्तमीको अलुक्[२]= केदार । अथवा के जले दीर्यते इति *(जलमा छिद्र बन्नु)* के+दृ+घञ् (अ), वृद्धि, सप्तमीको अलुक्= केदार ।

केदारोऽद्रौ शिवे क्षेत्रे भूमिभेदालवालयोः- इति मेदिनी

शब्दार्थ- रूखको फेंदमा पानी अड्याउन वनाएको डचाङ, क्यारी, धानखेतको गह्रो, केदारेश्वर क्षेत्रको उच्चपर्वत, केदारेश्वर शिवको क्षेत्र, केदारेश्वर शिवलिङ्ग, केदारेश्वर महादेव ।

केदारनाथः/केदारेश्वरः (ना./पुं.) केदारः एतन्नामा पर्वतः तस्य नाथः ईश्वरः वा *(केदारक्षेत्रका स्वामी वा ईश्वर)* ष.त.स.= केदारनाथ/केदारेश्वर ।

शब्दार्थ- केदारेश्वर शिवक्षेत्रका स्वामी वा ईश्वर, शिवजी, केदारेश्वर महादेव ।

केन्द्रम् (ना./न.) के मूर्धनि द्रायति द्रातीति वा *(अग्रस्थान वा केन्द्रविन्दुमा रहन्छ)* के उपपदमा हुने द्रै स्वप्ने (भ्वा.) वा द्रा कुत्सायां गतौ (अदा.) धातु, के+द्रा+क (अ), आलोप, पृषोदरादिबाट नवर्णागम =केन्द्र ।

शब्दार्थ- माझ, मध्यभाग, बीचको भाग ।

द्रष्टव्य- **किं कुर्वन्ति ग्रहाः सर्वे यस्य केन्द्रे बृहस्पतिः ।**
- ज्योतिषशास्त्र

केन्द्रविन्दुः (ना./पुं.) केन्द्रस्य विन्दुः *(केन्द्रको मुख्यविन्दु)* ष.त.स.= केन्द्रविन्दु ।

शब्दार्थ- कुनै वृत्तको मध्यविन्दु, मुख्यविन्दु, मध्यभाग ।

केन्द्रितः (वि.) केन्द्रम् सञ्जातमस्येति *(केन्द्रीकृत भएको छ यसको)* केन्द्र+इतच्[६] (इत), अकारलोप= केन्द्रित ।

शब्दार्थ- केन्द्रमा जम्मा गरिएको, केन्द्रीकृत गरिएको ।

केन्द्रीकरणम् (ना./न.) अकेन्द्रं केन्द्रं सम्पद्यते, तत्करणमिति *(केन्द्रित नभएको केन्द्रित हुन्छ र केन्द्रित गरिन्छ)* डुकृञ् करणे (तना.) धातु, केन्द्र+च्वि[७]+कृ+ल्युट् (अन), केन्द्रका अकारको ईत्व[८], कृको गुण, णत्व, च्विको सर्वलोप= केन्द्रीकरण ।

शब्दार्थ- केन्द्रमा नभएकोलाई केन्द्रमा थुपार्ने काम, केन्द्रित गर्ने काम, केन्द्रमा नै एकत्रित गर्ने काम, केन्द्रवाट सवै कुरा सञ्चालन गर्ने काम ।

केन्द्रीयः (वि.) केन्द्रस्य अयम्, केन्द्रे भवः जातादिर्वा *(केन्द्रको यो, केन्द्रमा हुने वा भएको)* केन्द्र+छ[९] (ईय), अकारलोप= केन्द्रीय ।

शब्दार्थ- केन्द्रको, मध्यभागको, केन्द्रमा भएको, मुख्य, केन्द्रसम्बन्धी, केन्द्रसित सम्बन्धित ।

केन्द्रीयशासनम् (ना./न.) केन्द्रे भवः *(केन्द्रमा हुने वा भएको)* केन्द्र+छ[९] (ईय), केन्द्रीय ।

शास्यते इति *(शासन गरिन्छ)* शासु अनुशिष्टौ (अदा.) धातु, शास्+ल्युट् (अन), शासनम् । केन्द्रीयं च तत् शासनम् *(केन्द्रीय शासन)* क.त.स.= केन्द्रीयशासन ।

शब्दार्थ- केन्द्रबाटै देशको शासन सञ्चालन गर्ने प्रक्रिया, केन्द्रीकृत राज्यप्रणाली ।

---

[१] बन्येष्वपि... : ड
[२] हलदन्ताद्... : सप्तमीको अलुक्
[३] व्रीह्यादिभ्यश्च : इनि
[४] क्वुन् शिल्पिसंज्ञयोः : क्वुन्
[५] चायः किः : तु, 'कि' आदेश
[६] तदस्य सञ्जातम्.. : इतच्
[७] कृभ्वस्तियोगे... : च्वि
[८] अस्य च्वौ : ईत्व
[९] वृद्धाच्छः : छ

केयूरम् (ना./न.) के वाहौ यौति *(बाहुमा सम्मिलित हुन्छ)* के सप्तम्यन्त उपपदपूर्वक यु मिश्रामिश्रणयोः (अदा.) धातु, के+यु+ऊर[1] (उणा.), सप्तमीको अलुक्, दीर्घ =केयूर ।

शब्दार्थ- पाखुरामा लगाइने आभूषण, वाजु, वाहुकवच, वाहुभूषण ।

केलिः (ना./स्त्री.) किल्यते, केल्यते इति वा *(विलास क्रीडा गर्नु)* किल श्वैत्यक्रीडनयोः (दिवा.) वा केलृ चलने (भ्वा.) वा केला विलासे (कण्वा.) धातु, किल्+इन्[2] (इ), गुण, वा केल्+इन्(इ), उणा.=केलि ।

द्रवकेलिपरीहासाः क्रीडा लीला च नर्म च- इत्यमरः

शब्दार्थ- हाँसखेल, प्रेमी-प्रेमिका वीचको ख्यालठट्टा, भोगविलास, आमोद-प्रमोद ।

केलिगृहम् (ना./न.) केल्याः गृहम् *(क्रीडाको घर)* ष.त.स. =केलिगृह ।

शब्दार्थ- सहवास गर्ने ठाउँ, क्रीडागृह, कामक्रीडा गर्ने स्थान, विलासकक्ष, यौनक्रीडाको गृह वा कोठा ।

केशः (ना./पुं.) क्लिश्यते, क्लिश्नातीति वा *(बाधा पुऱ्याउँछ वा दुःख दिन्छ)* क्लिश उपतापे (दिवा.) वा क्लिशू विवाधायाम् (क्र्या.) धातु, क्लिश्+अन्[3] (अ), लकारको लोप, उणा., गुण= केश ।

अथवा कस्य शिरसः ईशः *(शिरको संरक्षक)* क+ईश, ष.त.स., गुण= केश ।

अथवा के जले शेते इति *(पानीमा शयन गर्छन्)* शीङ् स्वप्ने (अदा.) धातु, के+शी+ड (अ), टिलोप = केश ।

शब्दार्थ- कपाल, कपालको रौं, कुन्तल, वरुण, विष्णु ।

केशकलापः (ना./पुं.) केशस्य कलापः *(केशको समुदाय)* ष.त.स.= केशकलाप ।

शब्दार्थ- केशसमुदाय, केशपाश, कपालको चुल्ठो वा झाँक्रो ।

केशपाशः (ना./पुं.) केशस्य पाशः *(केशको संरचना)* ष.त.स.= केशपाश ।

शब्दार्थ- चुल्ठो, कपालको वेणी, केश रचनाको प्रकार, केशपाश ।

केशरः (ना./पुं.) के शिरसि शीर्यते *(शिरमा पैदा हुनु)* सप्तम्यन्त के उपपदपूर्वक शृ हिंसायाम् (क्र्या.) धातु, के+शृ+अप्[4] (अ), सप्तमी 'के' को अलुक्, गुण=केशर ।

शब्दार्थ- फूलको पराग, केशर ।

केशवः (ना./पुं./वि.) प्रशस्ताः केशाः सन्ति अस्य *(पर्याप्त केश छन् यिनका)* केश+व[5] (प्रत्यय)= केशव ।

अथवा कः व्रह्मा ईशः शिवः कश्च ईशश्च केशौ तौ इष्टदेवौ वाति प्राप्नोतीति *(ब्रह्मा र शिव दुवै इष्टदेवलाई प्राप्त गर्छ)* वा गतिगन्धनयोः (अदा.) धातु, केश+वा+ड (अ)= केशव । अथवा कः व्रह्मा अः विष्णुः, ईशः शिवः, कश्च अश्च ईशश्च केशाः ते इष्टदेवाः सन्ति अस्य *(ब्रह्मा, विष्णु र शिव इष्टदेव छन् यसका)* केश+व (प्रत्यय)= केशव ।

शब्दार्थ- व्रह्मा, विष्णु, महेश्वर, शिव, परमात्मा परमेश्वर, व्रह्मतत्त्व, पर्याप्त कपाल भएको, धेरै केश भएको ।

केशवान् (वि.) प्रशस्ता केशाः सन्ति अस्य *(धेरै केश छन् यसका)* केश+मतुप्[6] (मत्), मको व, केशवत् =केशवान् ।

शब्दार्थ- पर्याप्त केश भएको, धेरै रौं भएको, धेरै कपाल भएको ।

केशिकः (वि.) केशाः सन्ति अस्य *(केशहरू छन् यसका)* केश+ठन्[7] (इक)= केशिक ।

शब्दार्थ- लट्टा वा जगल्टा भएको, धेरै रौंको गुजुल्टो भएको ।

केशी (ना./पुं./वि.) क्लिश्नातीति *(दुःख वा पीडा दिन्छ)* क्लिशू विवाधने (क्र्या.) धातु, क्लिश्+अन् (अ), उणा., लकारको लोप, गुण, केशः । केशः क्लेशपीडादिकार्यम् अस्ति अस्य *(अर्कालाई दुःख, पीडा दिने कार्य छ यसको)* केश+इनि[7] (इन्), केशिन् = केशी ।

अथवा प्रशस्ता केशाः सन्ति अस्य *(धेरै जगल्टा छन् यसका)* केश+इनि[7] (इन्), केशिन्= केशी ।

शब्दार्थ- श्रीकृष्णद्वारा वध गरिएको एक दानव, श्रीकृष्णले मार्नु भएको एक राक्षस, प्रशस्त केश भएको ।

केसरः (ना./पुं.) के जले सरतीति *(जलमा फैलिन्छ)* सप्तम्यन्त के उपपदपूर्वक सृ गतौ (भ्वा.) धातु, के+सृ+अच् (पचादि), सप्तमीको अलुक्, गुण=केसर ।

शब्दार्थ- कमलको केसर, किञ्जल्क, फूलमा हुने पहेलो केस्रा ।

कैतवम् (ना./न.) कयनमिति *(ज्ञान हुनु)* कि ज्ञाने (जुहो.) धातु, कि+क्त (त), भावमा, कितम् । कितं वायति *(ज्ञान नष्ट गर्छ, छलछाम गर्छ)* कितपूर्वक ओवै शोषणे (भ्वा.) धातु, आत्व, कित+वा+क (अ), आकारलोप, कितव (धूर्त, छट्टु, जुवाडे) ।

कितवस्य भावः कर्म वा *(जुवाडे वा धूर्त हुनाको भाव वा कर्म)* कितव+अण्[8] (अ), आदिवृद्धि= कैतव ।

शब्दार्थ- धूर्त्याइं, छलछाम गर्ने काम, धोका, जुवाडेको भाव वा कर्म, द्यूतक्रीडा, ठगी, दम्भ, छलकपट ।

---

[1] खर्जिपिञ्जादिभ्य... : ऊर
[2] सर्वधातुभ्य... : इन्
[3] क्लिशेरन्... : अन्, लको लोप
[4] ऋदोरप् : अप्
[5] केशाद्वोऽन्य... : व
[6] तदस्यास्त्यस्मिन्... : मतुप्
[7] अत इनिठनौ : ठन्/इनि
[8] हायनान्तयुवादि... : अण्

कैलासः (ना./पुं.) के जले लसनं विलसनं लासः दीप्तिः स्थानम् वा यस्य सः *(जलमा विलास, प्रकाश वा स्थान छ जसको)* सप्तम्यन्त के उपपदमा हुने लस श्लेषणक्रीडनयोः (भ्वा.) धातु, के+लस्+घञ् (अ), सप्तमीको अलुक्, वृद्धि, केलासः (स्फटिकः) । केलासस्य अयम् *(स्फटिकको यो)* केलास+अण्[१] (अ), आदिवृद्धि= कैलास ।

अथवा केलीनां समूहः *(क्रीडा या विलासको समूह)* केलि+अण्[२] (अ), कैलः । कैलेन आस्यते अत्र *(विलास या क्रीडा गरेर रहने काम हुन्छ यहाँ)* आस उपवेशने (अदा.) धातु, कैल+आस्+घञ् (अ)= कैलास ।

शब्दार्थ- कुवेरको निवासस्थान, कैलासपर्वत, शिवजीको निवासस्थान ।

कैवल्यम् (ना./न.) केवलस्य भावः *(बन्धनरहित हुनाको भाव वा अवस्था)* केवल+ष्यञ्[३] (य), आदिवृद्धि =कैवल्य ।

शब्दार्थ- मुक्ति, मोक्ष, निर्वाण, अपवर्ग, एकत्व ।

कैशोरम् (ना./न.) किशोरस्य भावः कर्म वा *(किशोर अवस्थाको भाव, अवस्था वा कर्म)* किशोर+अञ्[४] (अ), आदिवृद्धि= कैशोर ।

शब्दार्थ-किशोर अवस्था, दशवाह्र-वर्षसम्मको अवस्था ।

कोकिलः (ना./पुं.) कोकते इति *(मीठो स्वर प्रदान गर्छ)* कुक आदाने (भ्वा.) धातु, कुक्+इल[५] (उणा.), गुण =कोकिल ।

शब्दार्थ- कोइली, पिक ।

उदा. **अहो ! उही कोकिल हेर आज यो**
प्रमोदले पूर्ण महाखुसी भयो- वसन्त कोकिल २
(लालित्य)

कोटिः/कोटी (ना./स्त्री.) कुटति, कुटयते, कोटयते इति वा *(भेदन गर्छ वा गरिन्छ)* कुट कौटिल्ये (भ्वा.) वा कुट क्षेदने (चुरा.) धातु, कुट्+इन् (इ), उणा.,कोटि । कोटि+ङीष्[६] (ई), विकल्पले= कोटी । ङीष्को अभावमा= कोटि ।

कोटिः स्त्री धनुषोऽग्रेऽस्त्रौ संख्याभेदप्रकर्षयोः- इति मेदिनी

शब्दार्थ- करोड, सयलाख, धनुको टुप्पो, अस्त्र, श्रेणी, उत्कृष्टता, प्रकर्ष ।

कोणः (ना./पुं.) कुणति अनेन *(कोण बन्छ यसबाट)* कुण शब्दोपकरणे (तुदा.) धातु, कुण्+अ+अच् (पचादि) /घञ् (अ), गुण= कोण ।

शब्दार्थ- कुनु, दुईवटा दिशाको माझको उपदिशा, ढोल बजाउने छडी, वीणा बजाउने काम, ज्योतिष-शास्त्रअनुसार लग्नबाट पाँचौं र नवौं स्थान ।

कोपः (ना./पुं.) कुप्यते इति *(रिसाइन्छ वा क्रोध गरिन्छ)* कुप क्रोधे (दिवा.) धातु, कुप्+घञ् (अ), गुण=कोप ।

शब्दार्थ- क्रोध, रिस, रोष, अमर्ष, अप्रसन्नता ।

कोपकृशानुः (ना./पुं.) कोप एव कृशानुः *(क्रोधरूप आगो)* म.व्य.स.= कोपकृशानु ।

शब्दार्थ- क्रोधाग्नि, क्रोधरूपी आगो, रिसको ज्वाला ।

कोपना (ना./स्त्री.) कुप्यति तच्छीला *(रिसाउने स्वभावकी)* कुप क्रोधे (दिवा.) धातु, कुप्+युच्[७] (अन), उणा., टाप् (आ)= कोपना ।

शब्दार्थ-क्रोध गर्ने स्त्री, रिसाहा आइमाई, अभिमानिनी स्त्री

कोमलः (वि.) कौति कुवते इति *(मधुर ध्वनि पैदा हुन्छ)* कु शब्दे (अदा.) वा कुङ् शब्दे (भ्वा.) धातु, कु+कलच्[८] (अल), उणा., मुडागम, गुण= कोमल ।

अथवा कामयते इति *(कान्तिमान् बन्छ)* कमु कान्तौ (भ्वा.) धातु, कम्+अलच् (अल), वहुलप्रकारले, उणा., उपधाको उत्व, गुण= कोमल ।

सुकुमारं तु कोमलं मृदुलं मृदु- इत्यमरः

शब्दार्थ- नरम, मुलायम, सुन्दर, सुकुमार, मृदु, मृदुल ।

कोमलता (ना./स्त्री.) कोमलस्य भावः *(कोमल हुनाको भाव वा अवस्था)* कोमल+तल् (त)+टाप् (आ) =कोमलता ।

शब्दार्थ- नरमपना, नरमी, सुकुमारता, सुन्दरता, कलिलोपना ।

कोमलाङ्गी (ना./स्त्री.) कोमलानि अङ्गानि यस्याः *(कोमल छन् अङ्ग जसका)* कोमल+अङ्ग, ब.स., दीर्घ, कोमलाङ्ग +ङीष् (ई)= कोमलाङ्गी ।

शब्दार्थ- सुकुमार शरीरकी स्त्री, सुन्दरी, मृदु अङ्ग भएकी नारी ।

कोलः (ना./पुं.) कोलतीति *(फैलिन्छ)* कुल संस्त्याने बन्धुषु च (भ्वा.) धातु, कुल्+ण[९] (अ), गुण= कोल । अथवा कोलन्ति अङ्गानि अत्र *(अङ्ग यसमा दल्छ)* कुल्+घञ् (अ), गुण= कोल ।

उडुपं तु प्लवः कोलः । वराहः सूकरो घृष्टिः कोलः- इत्यमरः

शब्दार्थ- ढुङ्गा, नौका, उडुप, वक्षस्थल, काख, एकीभाव, बँदेल, सुँगुर ।

कोलाहलः (ना./पुं.) कुल्यते, कोलनमिति वा *(फैलिन्छ)* कुल संस्त्याने बन्धुषु च (भ्वा.) धातु, कुल्+घञ् (अ), गुण, कोलः । कोलं आहलति अत्र *(हल्लखल्ल गरिन्छ यहाँ)* कोल उपपदमा हुने आङ्पूर्वक हल विलेखने (भ्वा.) धातु, कोल+आ+हल्+अच् (पचादि), कोल आहल, दीर्घ= कोलाहल ।

कोलाहलः कलकलः- इत्यमरः

शब्दार्थ- होहल्ला, खलबल, कलकल-ध्वनि, अस्पष्ट-शब्द, धेरैले एकै पटक बोल्दा सुनिने हल्लखल्ल, हङ्गामा, खलबली ।

---

[१] तस्येदम् : अण्
[२] तस्य समूहः : अण्
[३] गुणवचन... : ष्यञ्
[४] प्राणभृज्जाति... : अञ्
[५] सलिकल्य... : इल
[६] कृदिकारा.... : ङीष्
[७] कुधमण्डार्थेभ्यश्च : युच्
[८] वृषादिभ्यश्चित् : कलच्, मुद
[९] ज्वलतिकसन्ते... : ण

कोविदः (वि./ना./पुं.) कौति कवते धर्मादिकम् ***(धर्मादि बताउँछ)*** कु शब्दे (अदा.) वा कुङ् शब्दे (भ्वा.) धातु, कु+विच्, गुण, विच्को लोप, कोः, वेदः । तं वेदं वेत्तीति ***(वेद जान्दछ)*** को उपपदपूर्वक विद ज्ञान (अदा.) धातु, को+विद्+क[१] (अ)= कोविद ।

शब्दार्थ- वेदवेत्ता, विद्वान्, पण्डित, सुधी, मनीषी, कुशल, प्रवीण, चतुर, बुद्धिमानी, अनुभवी, विद्वान् मानिस, विवेकी पुरुष, सज्जन व्यक्ति ।

कोशः (ना./पुं.) कुस्यते संश्लिष्यते इति ***(जम्मा गरिन्छ)*** कुस संश्लेषणे (दिवा.) धातु, कुस्+घञ्[२] (अ), गुण, पृषोदरादिबाट स ध्वनि शमा परिणत= कोश ।

शब्दार्थ- अन्नमयादि पाँच कोश, शब्दहरू सङ्ग्रहगरी तिनको अर्थ लेखिएको ग्रन्थ, शब्दकोश ।

कोषः (ना./पुं.) कुष्णाति, कुष्यते इति ***(जम्मा गर्छ वा गरिन्छ)*** कुष निष्कर्षे (क्र्या.) धातु, कुष्+अच् (पचादि)/घञ्[२] (अ), गुण= कोष ।

कोषोऽस्त्री कुड्मले पात्रे पेश्यां शब्दादिसङ्ग्रहे
जातिकोशेऽर्थसङ्घाते दिव्ये खड्गपिधानके- इति मेदिनी

शब्दार्थ- खजाना, ढुकुटी, भण्डारगृह, धनसम्पत्ति, सुनचाँदी, शब्दहरू सङ्ग्रह गरी लेखिएको ग्रन्थ, शब्दकोष, शब्दसङ्ग्रह, अण्डकोष ।

कोष्ठम् (ना./न.) कुष्णातीति ***(जम्मा गर्छ)*** कुष निष्कर्षे (क्र्या.) धातु, कुष्+थन्[३] (थ), उणा., ष्टुत्व, थको ठ, गुण= कोष्ठ ।

पुंसि कोष्ठोऽन्तर्जठरं कुसूलोऽन्तर्गृहं तथा- इत्यमरः

शब्दार्थ- कोख, पेट, शरीरको भित्री अङ्ग, उदर, अन्न भण्डार, ढुकुटी, कोठो ।

कोष्णः (वि.) ईषत् उष्णः ***(अलि-अलि तातो)*** ईषद्+उष्ण, ईषद्को का आदेश, का उष्ण, गुण= कोष्ण ।

शब्दार्थ- मन्द तातो, अलि-अलि तातो, मनतातो ।

कौटिल्यः (ना./पुं./न.) कुटिलस्य भावः कर्म ***(कुटिल हुनाको भाव, अवस्था वा कर्म)*** कुटिल+ष्यञ्[४] (य), आदिवृद्धि, अकारलोप= कौटिल्य ।

अथवा कुटिलस्य अपत्यं पुमान् ***(कुटिलका पुरुष सन्तति)*** कुटिल+यञ्[५] (य), आदिवृद्धि= कौटिल्य ।

शब्दार्थ- कूटनीतिज्ञ चाणक्य, चाणक्य नीति र अर्थशास्त्र ग्रन्थहरूका प्रणेता, कुटिलपना, टेढोपन, दुष्टता, बेइमानी, छलकपट ।

कौण्डिन्यः (ना./पुं.) कुण्डिन्याः अपत्यं पुमान् ***(कुण्डिनीका पुरुष सन्तति)*** कुण्डिनी+यञ्[५](य), आदिवृद्धि=कौण्डिन्य

शब्दार्थ- कुण्डिनीका पुरुष सन्तति, कौडिन्य गोत्रका प्रवर्तक ऋषि, कौडिन्यगोत्रीय मानिसहरू ।

कौतुकम् (ना./न.) कुतूं कायतीति **(कामना पैदा गर्छ)** कुतू उपपदपूर्वक कै शब्दे (भ्वा.) धातु, आत्व, कुतू+का+क[६] (अ), आलोप, 'कुतू'का तूको ह्रस्व[७], कुतुक । कुतुक एव ***(कामना नै)*** कुतुक+अण्[८] (अ), स्वार्थमा, आदिवृद्धि, अकारलोप= कौतुक ।

शब्दार्थ- उत्कण्ठा, कौतूहल, उत्सुकता, अभिलाषा, कुतूहल, आश्चर्यजनक वस्तु ।

कौतुकी (वि.) कौतुकम् अस्यास्तीति ***(कुतूहल छ यसको)*** कौतुक+इनि (इन्), अकारलोप, कौतुकिन्= कौतुकी ।

शब्दार्थ- कुतूहल जगाउने, कुतूहल पैदा गर्ने, तमासा देखाउने, जादु देखाउने, चटके, उत्कण्ठा पैदा गर्ने, विनोदप्रिय ।

कौतूहलम् (ना./न.) कुतूं हलतीति ***(कुतूहल पैदा गर्छ)*** कुतू उपपदपूर्वक हल विलेखने (भ्वा.) धातु, कुतू+हल्+क[९] (अ)/अच् (पचादि)= कुतूहल ।

शब्दार्थ- कुतूहल, उत्कण्ठा, अभिलाषा, उत्सुकता ।

कौन्तेयः (ना./पुं.) कुन्त्याः अपत्यं पुमान् ***(कुन्तीका पुरुष सन्तति)*** कुन्ति+ढक्[१०] (एय), आदिवृद्धि, अकारलोप =कौन्तेय ।

शब्दार्थ- कुन्तीका सन्तान, पञ्च पाण्डव ।

कौमारम्/कौमार्यम् (ना./न.) कुमारस्य कुमार्याः वा भावः कर्म वा ***(कुमार वा कुमारी हुनाको भाव, अवस्था वा कर्म)*** कुमार/कुमारी+अण्[११] (अ), आदिवृद्धि, अकार/इकारलोप= कौमार ।

कुमार/कुमारी+ष्यञ्[४] (य), आदिवृद्धि, अकार/ इकारलोप = कौमार्य ।

शब्दार्थ- कुमार वा कुमारीको भाव वा अवस्था, कुमारत्व, कुमारीत्व, कुमार केटा वा केटीको स्थिति, किशोरावस्था, कुमारावस्था, बाल्यभाव ।

कौमुदी (ना./स्त्री.) कौ पृथिव्यां मोदन्ते अनेन ***(पृथिवीमा खुसी हुन्छन् यसबाट)*** कुपूर्वक मुद हर्षे (भ्वा.) धातु, कु+मुद्+क (अ), कुमुदः (चन्द्रमा) ।

कुमुदस्य इयम् ***(चन्द्रसम्बन्धी यो)*** कुमुद+अण् (अ), आदिवृद्धि, अकारलोप, कौमुद+ङीप् (ई)= कौमुदी ।

चन्द्रिका कौमुदी ज्योत्स्ना- इत्यमरः

शब्दार्थ- चन्द्रिका, चन्द्रकिरण, ज्योत्स्ना, संस्कृतको व्याकरण ग्रन्थ, लघु, मध्य र सिद्धान्त कौमुदी नामक व्याकरण ग्रन्थ ।

कौरवः (ना./पुं./वि.) कुरोरपत्यं पुमान् ***(कुरुका पुरुष सन्तति),*** कुरुषु जातः **(कुरुवंशमा पैदा भएको)** वा कुरूणामयम् ***(कुरुहरूको यो)*** कुरु+अण्[१२] (अ), आदिवृद्धि, गुण, अवादेश= कौरव ।

शब्दार्थ-कुरुवंशको पुरुष सन्तति, कुरुवंशमा पैदा भएका सन्तान, कुरुवंशसम्वन्धी, कुरुवंशसित सम्वन्धित ।

---

१. इगुपधज्ञा... : क
२. अकर्तरि च कारके... : घञ्
३. उषिकुषिगतिभ्यस्थन् : थन्
४. गुणवचन... : ष्यञ्
५. गर्गादिभ्यो यञ् : यञ्
६. आतोऽनुपसर्गे ... : क
७. इको ह्रस्व... : ह्रस्व
८. प्रज्ञादिभ्यश्च : अण्
९. मूलविभुजादि... : क
१०. स्त्रीभ्यो ढक् : ढक्
११. हायनान्तयुवादि... : अण्
१२. तस्येदम्/ऋष्यन्धक... : अण्

कौरव्यः (ना./पुं.) कुरूणामपत्यम् ***(कुरुहरूको सन्तान)*** कुरु+ण्य[१] (य), आदिवृद्धि, गुण, अवादेश= कौरव्य ।

शब्दार्थ- कुरुका सन्तान, कुरुवंशीय मानिस ।

कौशलम्/कौशल्यम् (ना./न.) कुशलस्य भावः कर्म वा ***(कुशल हुनाको भाव वा अवस्था)*** कुशल+अण्[२] (अ)/ कुशल+ष्यञ्[३] (य), आदिवृद्धि, अकारलोप= कौशल/ कौशल्य ।

शब्दार्थ- कुशलता, निपुणता, दक्षता, सिपालुपन ।

कौशिकः (ना./पुं.) कुशिकस्य अपत्यं पुमान् ***(कुशिक-ऋषिका सन्तति)*** कुशिक+अण्[४] (अ), आदिवृद्धि, अकारलोप= कौशिक ।

अथवा कोशे भवः ***(कोशमा भएको)*** कोश+ठञ्[५] (इक), आदिवृद्धि, अकारलोप= कौशिक ।

कौशिको नकूले व्यालग्राहे गुग्गुलुशक्रयोः
कोशज्ञोलूकयोश्च स्याद् विश्वामित्रमुनावपि- इति मेदिनी

शब्दार्थ- कुशिक ऋषिको वंश परम्परा, विश्वामित्र, सर्प समात्ने र विष झार्ने गारुडी, इन्द्र, कोशबाट उत्पन्न प्राणी, लाटोकोसेरो, कुशिकको गोत्रपरम्परा, न्याउरी मुसो ।

कौशिकी (ना./स्त्री.) कुशिकस्य इयम् ***(कुशिकसम्बन्धी यो)*** कुशिक+अण् (अ), आदिवृद्धि, कौशिकः । कौशिक+ङीप् (ई)= कौशिकी ।

शब्दार्थ- कोशी नदी, भगवती दुर्गा, महाकाली ।

कौसल्या (ना./स्त्री.) कोसलस्य राज्ञः अपत्यं स्त्री ***(कोसल देशका राजाकी स्त्री सन्तति)***, कोसले देशे भवा ***(कोसलदेशमा उत्पन्न)*** कोसल+ञ्य (य)+टाप् (आ) =कौसल्या ।

शब्दार्थ- कोसल देशका राजाकी पुत्री, कोसल देशमा पैदा भएकी, दशरथकी पत्नी, श्रीरामचन्द्रकी आमा ।

कौस्तुभः (ना./पुं.) कुं भुवं स्तुभ्नोति व्याप्नोति इति ***(पृथिवीलाई रोक्तछ वा खल्बल्याउँछ)*** कु उपपदपूर्वक स्तुम्भु रोधने (सौत्र क्र्या.) धातु, अनुनासिक मलोप, कु+स्तुभ्+क (अ), कुस्तुभः (सागरः) ।

अथवा कुं भुवं स्तोभते इति ***(पृथिवी या पहाडलाई रोक्तछ)*** ष्टुभ स्तम्भे (भ्वा.) धातु, षको स, ट को त, कु+स्तुभ्+क (अ), कुस्तुभः (समुद्रः) ।

कुस्तुभस्य अयम् ***(समुद्रसम्बन्धी यो)*** कुस्तुभ्+अण्[६] (अ), आदिवृद्धि, अकारलोप= कौस्तुभ ।

नन्दकः कौस्तुभो मणिः- इत्यमरः

शब्दार्थ- समुद्रमन्थन गर्दा निस्केको मणि, जो भगवान् विष्णुको वक्षस्थलमा रहेको छ ।

क्रतुः (ना./पुं.) करोति, क्रियते इति वा ***(गर्छ वा गरिन्छ)*** डुकृञ् करणे (तना.) धातु, कृ+कतु[७] (अतु) उणा., गुणाभाव, यण्= क्रतु ।

यज्ञः सवोऽध्वरो यागः सप्ततन्तुर्मखः क्रतुः- इत्यमरः
क्रतौ यज्ञे मुनौ पुंसि ।

शब्दार्थ- याग, अध्वर, यज्ञ, भगवान् विष्णु, दशवटा प्रजापतिहरूमध्ये एक, हवन, प्रज्ञा, क्रतुनामक मुनि वा ऋषि ।

क्रतुध्वंसी (ना./पुं.) क्रतुं दक्षयज्ञं ध्वंसयति वा क्षयति लोकान् कल्पान्ते ***(दक्षप्रजापतिको यज्ञ विनाश गर्छन् वा प्रलयकालमा समस्त लोकको संहार गर्छन्)*** क्रतु उपपदमा हुने ध्वंसु अवसंस्रने (भ्वा.) धातु, क्रतु+ध्वंस्+णिचि+णिनि (इन्), णिलोप, क्रतुध्वंसिन् =क्रतुध्वंसी ।

शब्दार्थ- यज्ञ विनाशकर्ता वा विश्वसंहारक भगवान् रुद्र, महादेव, महेश्वर, शिव, शङ्कर ।

क्रन्दनम् (ना./न.) क्रन्धते, क्रन्दनमिति वा ***(कराउनु)*** क्रदि आह्वाने रोदने च (भ्वा.) धातु, नुम्, क्रन्द्+ ल्युट् (अन)= क्रन्दन ।

क्रन्दनं रोदनेऽपि स्यादाह्वानेऽपि- इति मेदिनी

शब्दार्थ- रोदन, चित्कार, विलाप, युद्धको आह्वान, करुणपुकार ।

क्रन्दितः (वि.) क्रन्धते स्म इति ***(कराएको)*** क्रदि आह्वाने रोदने च (भ्वा.) धातु, नुम्, क्रन्द्+क्त (त), इडागम=क्रन्दित ।

शब्दार्थ- रोएको, चिच्याएको, रुदित, विलाप गरेको, चित्कार गरेको ।

क्रमः (ना./पुं.) क्रम्यते अनेनेति ***(क्रम मिलाइन्छ यसबाट)*** क्रमु पादविक्षेपे (भ्वा.) धातु, क्रम्+घञ् (अ), वृद्धिनिषेध= क्रम ।

शब्दार्थ- अनुक्रम, सिलसिला मिलाएर राख्ने काम, कल्प, नियम, शक्ति, सिलसिला, तरिका, कदम ।

क्रमकः (वि.) क्रममधीते वेद इति वा ***(क्रम अध्ययन गर्छ वा जान्दछ)*** क्रम+वुन्[८] (अक)= क्रमक ।

शब्दार्थ- क्रम वा सिलसिला मिलाएको, तरिका वा क्रम मिलाएर राखेको ।

क्रमबद्धः (वि.) क्रमेण बद्धः ***(क्रम वा सिलसिला मिलेको)*** तृ.त.स.= क्रमवद्ध ।

शब्दार्थ- क्रम मिलाएको, तरिका मिलाएको, सिलसिला मिलाएर राखेको ।

क्रमिकः (वि.) क्रमः अस्यास्तीति ***(क्रमबद्ध छ यसको)*** क्रम+ठन्[९] (इक), अकारलोप= क्रमिक ।

शब्दार्थ- क्रमबद्धरूपले आएको, क्रम मिलेको, क्रमैसित आएको, सिलसिला मिलेको ।

---

१. कुर्वादिभ्यो ण्यः : ण्य
२. हायानान्तयुवादि... : अण्
३. गुणवचन... : ष्यञ्
४. ऋष्यान्धक..... : अण्
५. अध्यात्मादेष्ठञ्... (वा.) : ठञ्
६. तस्येदम् : अण्
७. कृञः कतुः : कतु
८. क्रमादिभ्यो वुन् : वुन्
९. अत इनिठनौ : ठन्

क्रमभङ्गः (वि./ना./पुं.) क्रमस्य भङ्गः *(क्रम वा सिलसिला तोडेको)* ष.त.स.= क्रमभङ्ग ।

शब्दार्थ- सिलसिला टुटेको, क्रम नियम नमिलेको, तरिका नमिलेको, अनियमित, नियम विपरीत भएको, क्रम वा सिलसिला टुट्ने काम ।

क्रमशः (अव्य.) क्रमं क्रमं दधातीति *(क्रमैले)* क्रम+शस्, क्रमशस्= क्रमशः ।

शब्दार्थ- सिलसिलावार, क्रमैले, क्रमअनुसार, विस्तारै विस्तारै ।

क्रमसङ्ख्या (ना./स्त्री.) क्रमस्य संख्या *(क्रमको सङ्ख्या वा गणना)* ष.त.स.= क्रमसङ्ख्या ।

शब्दार्थ- क्रमैसित राखिएको अङ्क वा सङ्ख्या ।

क्रमाङ्कः (ना./पुं.) क्रमस्य अङ्कः *(क्रमको सङ्ख्या वा अङ्क)* ष.त.स., दीर्घ= क्रमाङ्क ।

शब्दार्थ- सिलसिलावार अङ्क, क्रमैसित राखिएको सङ्ख्या ।

क्रमानुसारः (ना./पुं./अव्य.) अनुस्रियते इति *(अनुसरण गरिन्छ)* अनुपूर्वक सृ गतौ (भ्वा.) धातु, अनु+सृ+घञ् (अ), वृद्धि, अनुसारः । क्रमेण अनुसारः *(क्रमअनुसार)* तृ.त.स., दीर्घ= क्रमानुसार ।

शब्दार्थ-क्रमअनुरूप राख्ने काम, क्रमशः, क्रममुताविक ।

क्रयः (ना./पुं.) क्रीयते *(किनिन्छ)* डुक्रीञ् द्रव्यविनिमये (क्र्या.) धातु, क्री+अच् (एरच्), गुण, अयादेश =क्रय ।

शब्दार्थ- किन्ने काम, खरिद गर्ने काम ।

क्रयणीयः (वि.) क्रेतुं योग्यः, क्रीयते इति वा *(किन्न योग्य)* डुक्रीञ् द्रव्यविनिमये (क्र्या.) धातु, क्री+अनीय (र्), गुण, अयादेश, णत्व= क्रयणीय ।

शब्दार्थ- किन्न योग्य, खरिद गर्न लायक, किन्नुपर्ने, खरिद गर्न सकिने ।

क्रयविक्रयः (ना./पुं.) क्रीयते, विक्रीयते इति वा *(किनिन्छ, बेचिन्छ)* डुक्रीञ् द्रव्यविनिमये (क्र्या.) धातु, क्री+अच् (एरच्)/वि+क्री+अच् (एरच्), गुण, अयादेश, क्रयः/विक्रयः ।

क्रयश्च, विक्रयश्च *(किनबेच)* द्व.स.= क्रयविक्रय ।

शब्दार्थ- किनवेच, किन्ने र वेच्ने काम, खरीदविक्री ।

क्रयविक्रयिकः (वि) क्रयविक्रयः अस्यास्तीति *(खरिद बिक्री छ यसको)* क्रयविक्रय+ठन्[1] (इक)= क्रयविक्रयिक ।

शब्दार्थ- किनवेच गर्ने, खरिद विक्री गर्ने, किन्ने र वेच्ने दुवै काम गर्ने ।

क्रयिकः (वि.) क्रीणातीति *(किन्दछ)* डुक्रीञ् द्रव्यविनिमये (क्र्या.) धातु, क्री+अच् (पचादि), क्रय ।

क्रयेण जीवति *(खरिदद्वारा निर्वाह गर्छ)* क्रय+ठन्[1] (इक)= क्रयिक ।

शब्दार्थ- किन्ने, खरिद गर्ने ।

क्रयशक्तिः (ना./स्त्री.) क्रयाय शक्तिः *(किन्नको लागि क्षमता)* च.त.स.= क्रयशक्ति ।

शब्दार्थ- कुनै उपभोग्य वस्तु किन्न सक्ने क्षमता, कुनै चीज किन्न सक्ने सामर्थ्य ।

क्रान्तः (वि.) क्रम्यते स्म इति *(अतिक्रमण गरिएको)* क्रमु पादविक्षेपे (भ्वा.) धातु, क्रम्+क्त (त), दीर्घ[2], परसवर्ण= क्रान्त ।

शब्दार्थ- आक्रान्त, आक्रमण गरिएको, थिचोमिचो गरिएको, वितेको, नाघेको, अतिक्रमण गरिएको, गएको, दवेको ।

क्रान्तिः (ना./स्त्री.) क्रमणम्, क्रम्यते इति वा *(अतिक्रमण गरिन्छ)* क्रमु पादविक्षेपे (भ्वा.) धातु, क्रम्+क्तिन् (ति), दीर्घ[2], परसवर्ण= क्रान्ति ।

शब्दार्थ- आक्रमण, अतिक्रमण, क्रान्ति, अग्रगमन, विद्रोह, यथास्थितिमा परिवर्तन ।

क्रान्तिकारी (वि.) क्रान्तिं कर्तुं शीलमस्य *(विद्रोह गर्ने शील छ यसको)* क्रान्तिउपपदपूर्वक डुकृञ् करणे (तना.) धातु, क्रान्ति+कृ+णिनि[3] (इन्), वृद्धि, क्रान्तिकारिन् = क्रान्तिकारी ।

शब्दार्थ- विद्रोही, आक्रमणकारी, विद्रोह गर्ने, यथास्थितिमा परिवर्तन ल्याउन चाहने ।

क्रान्तिकारिता (ना./स्त्री.) क्रान्तिकारिणः भावः *(क्रान्तिकारी हुनाको भाव वा अवस्था)* क्रान्तिकारिन्+तल् (त)+टाप् (आ)= क्रान्तिकारिता ।

शब्दार्थ- विद्रोहात्मकता, विद्रोहीपना, आक्रमणकारिता ।

क्रियमाणः (वि.) क्रियते इति *(गरिन्छ)* डुकृञ् करणे (तना.) धातु, कर्ममा लट्, लट्को स्थानमा शानच्, कृ+शानच्[4] (आन), यक्[5], कृको रिङादेश[6], क्रिय आन, मुगागम[7], क्रिय म् आन, णत्व= क्रियमाण ।

शब्दार्थ- भइरहेको (काम), अहिले गरिरहेको (काम), कर्म गरिदै ।

क्रिया (ना./स्त्री.) क्रियते इति *(गरिन्छ)* डुकृञ् करणे (तना.) धातु, कृ+श[8] (अ), कृको रिङादेश[6], क्रि अ, इयङादेश, क्रिय+टाप् (आ)= क्रिया ।

शब्दार्थ- कुनै काम भइरहनाको भाव वा अवस्था, अनुष्ठान, नित्यकर्म, मर्ने मानिसको अन्त्येष्टि कर्म, कुनै कुरा गर्ने कार्य, क्रियाको व्यापार ।

क्रियाकर्म (ना./न.) क्रियायाः अन्त्येष्टिक्रियायाः कर्म *(अन्त्येष्टि क्रियाकर्म)* ष.त.स.= क्रियाकर्म ।

शब्दार्थ- मर्ने मानिसको अन्त्येष्टिकर्म, अन्त्येष्टि-संस्कार, काजक्रिया ।

---

[1] वस्नक्रयविक्रयाट्ठन्... : ठन्

[2] अनुनासिकस्य क्विझलोः ... : दीर्घ

[3] सुप्यजातौ... : णिनि

[4] लटः शतृशानचाव... : शानच्

[5] सार्वधातुके यक् : यक्

[6] रिङ्शयग्... : रिङ्

[7] आने मुक् : मुगागम

[8] कृञः श च : श

क्रियाकलापः (ना./पुं.) क्रियायाः कलापः *(कामको गतिविधि)* ष.त.स.= क्रियाकलाप ।

शब्दार्थ- सम्पन्न गरिने कामको गतिविधि, कामको विवरण, सवै कामको समष्टिरूप ।

क्रियानिष्ठः (वि.) क्रियायां निष्ठा यस्य *(कर्ममा श्रद्धा छ जसको)* व.स., निष्ठाको ह्रस्व= क्रियानिष्ठ ।

शब्दार्थ- काममा लागि पर्ने, नियमित रूपमा कर्म गर्ने, कर्म गर्नमा श्रद्धा र विश्वास गर्ने, काममा तल्लीन हुने ।

क्रियान्वयी (वि.) अन्वीयते इति *(अन्वय हुनु)* अनुपूर्वक इण् गतौ (अदा.) वा इ गतौ (भ्वा.) धातु, अनु+इ+अच् (एरच्), गुण, अयादेश, अनु अय, यण्, अन्वय । क्रियायामन्वयः *(क्रियामा अन्वय)* स.त.स., दीर्घ, क्रियान्वयः, स अस्य अस्तीति *(क्रियासँग अन्वय छ यसको)* क्रियान्वय+इनि (इन्), क्रियान्वयिन्=क्रियान्वयी ।

शब्दार्थ- क्रियामा अन्वय हुने (पद), क्रियासित सम्वन्धित हुने (पद) ।

क्रियापदम् (ना./न.) क्रियायाः पदम् *(क्रियाको पद)* ष.त.स. = क्रियापद ।

शब्दार्थ- क्रियाको व्यापार वुझाउने पद, क्रियालाई वुझाउने पद- गयो, जान्छ आदि ।

क्रियायोगी (वि.) क्रियां क्रियापदं योक्तुमन्वेतुं शीलमस्येति *(क्रियापदसित अन्वय हुने शील वा क्षमता छ यसको)* क्रियापूर्वक युजिर् योगे (रुधा.) धातु, क्रिया+युज्+णिनि[1] (इन्), गुण, कुत्व, क्रियायोगिन् =क्रियायोगी ।

शब्दार्थ- क्रियासित योग हुने वा सम्वन्ध राख्ने (शव्द वा पद) ।

क्रियारतः (वि.) क्रियायां कर्मणि रतः *(काममा संलग्न)* स.त.स.= क्रियारत ।

शब्दार्थ-काममा लागेको, काममा संलग्न, काममा व्यस्त

क्रीडनम् (ना./न.) क्रीडनम्, क्रीडयते इति वा *(क्रीडा गरिन्छ)* क्रीडृ विहारे (भ्वा.) धातु, क्रीड्+ल्युट् (अन) =क्रीडन ।

शब्दार्थ- खेलवाड, परिहास, आमोदप्रमोद, खेल, क्रीडा ।

क्रीडा (ना./स्त्री.) क्रीडयते इति *(क्रीडा गरिन्छ)* क्रीडृ विहारे (भ्वा.) धातु, क्रीड्+अ[2] (प्रत्यय)+टाप् (आ) =क्रीडा ।

शब्दार्थ- खेलवाड, यौनक्रीडा, रतिक्रीडा, आमोदप्रमोद, हाँसखेल ।

क्रीडास्थलम्/क्रीडाभूमिः (ना./न./स्त्री.) क्रिडायाः स्थलम्/क्रीडायाः भूमिः *(खेलको स्थल)* ष.त.स. = क्रीडास्थल ।

शब्दार्थ- खेलका लागि निर्माण गरिएको ठाउँ, रङ्गशाला, रङ्गभूमि, क्रीडाभूमि, खेल्ने ठाउँ ।

उदा. **क्रीडाभूमि प्रकृति सुखको दौलती दिव्य फेरी ।**
- शा.म.का. १९/७०

क्रीतः (वि./ना./पुं.) क्रीयते स्म इति *(किनेको, किनिएको)* डुक्रीञ् द्रव्यविनिमये (क्र्या.) धातु, क्री+क्त (त)= क्रीत ।

शब्दार्थ- किनिएको, खरिद गरिएको, धर्मशास्त्रमा वर्णित वाह्यप्रकारका पुत्रहरूमध्ये एक, किनेको पुत्र ।

क्रुद्धः (वि.) क्रुध्यते स्म इति *(क्रुद्ध भएको)* क्रुध क्रोधे (दिवा.) धातु, क्रुध्+क्त (त), तको ध, जस्त्व= क्रुद्ध ।

शब्दार्थ- रिसाएको, क्रुद्ध भएको, झोकिएको ।

क्रूरः (वि.) कृन्ततीति *(छेदन गर्छ)* कृती क्षेदने (तुदा.) धातु, कृत्+रक्[3] (र), धातुको 'क्रू' आदेश, उणा. =क्रूर ।

नृशंसो घातुकः क्रूरः पापो धूर्तस्तु वञ्चकः- इत्यमरः

शब्दार्थ- धूर्त, पापी, ठग, निठुरी, दुष्ट, रिसाउने, नृशंस ।

क्रूरकर्म (वि.) क्रूरः कर्म यस्य *(क्रूर कर्म छ जसको)* व.स., क्रूरकर्मन्= क्रूरकर्म ।

शब्दार्थ- क्रूरकर्म गर्ने, निठुरी, जघन्य अपराध गर्ने ।

क्रूरता (ना./स्त्री.) क्रुरस्य भावः *(क्रूर हुनाको भाव वा अवस्था)* क्रूर+तल् (त)+टाप् (आ)= क्रूरता ।

शब्दार्थ- दुष्टता, निष्ठुरता, धूर्तपना, निठुरीपन ।

उदा. **मान्छे भन्छन् प्रकृत युगको क्रूरता बास बस्छन्,**
ज्यूदैं घोची नरवलि दिने सभ्यता नै जहाँ छन्
- भृ.ख.का. ४/१

क्रेतव्यः (वि.) क्रेतुं योग्यः *(किन्न योग्य)* डुक्रीञ् द्रव्यविनिमये (क्र्या.) धातु, क्री+तव्य (त्), गुण =क्रेतव्य ।

शब्दार्थ- किन्नलायक, किन्नुपर्ने, किन्न उचित, खरीद गर्न योग्य ।

क्रेता (वि.) क्रीणातीति *(किन्छ)* डुक्रीञ् द्रव्यविनिमये (क्र्या.) धातु, क्री+तृच् (तृ), गुण, क्रेतृ= क्रेता ।

शब्दार्थ- किनमेल गर्ने, खरीद गर्ने, ग्राहक, किन्ने ।

क्रेयः (वि.) क्रेतुं योग्यः, क्रीयते इति वा *(किन्न योग्य, किनिन्छ)* डुक्रीञ् द्रव्यविनिमये (क्र्या.) धातु, क्री+यत्[4] (य), गुण= क्रेय ।

शब्दार्थ-किन्नयोग्य, किन्नलायक, क्रेतव्य, खरीद गर्नुपर्ने ।

क्रोडः (ना./पुं./न.) क्रुडति, क्रुडयते इति वा *(गहकिलो हुन्छ वा हुनु, डुब्छ वा डुब्नु)* क्रुड निमज्जने वा घनत्वे (तुदा.) धातु, क्रुड्+अच् (पचादि)/घञ् (अ), गुण= क्रोड ।

---

[1] सुप्यजातौ..... : णिनि

[2] गुरोश्च हलः : अ

[3] कृतेश्छ क्रू च : रक्, धातुको क्रू आदेश

[4] अचो यत् : यत्

क्रोडः शनौ सूकरे ना नपुमानङ्गरक्षसोः- इति मेदिनी न ना क्रोडं भुजान्तरम्- इत्यमरः

शब्दार्थ- भुजान्तर, कोख, काख, वक्षस्थल, छाती, बँदेल, सूकर, शनि, राक्षस ।

क्रोधः (ना./पुं.) क्रोधनम्, क्रुध्यते इति वा *(रिसाउनु)* क्रुध क्रोधे (दिवा.) धातु, क्रुध्+घञ् (अ), गुण = क्रोध ।

शब्दार्थ- रिसाउने काम, रिस, कोप, रोष, मनमा उब्जने आवेग ।

क्रोधवती (ना./स्त्री.) क्रोधः अस्याः अस्तीति *(रिस छ यस आइमाईको)* क्रोध+मतुप्[2] (मत्), मको व, क्रोधवत्+ ङीप् (ई)= क्रोधवती ।

शब्दार्थ- रिस गर्ने आइमाई, रिसाहा स्त्री ।

क्रोधवान् (वि.) क्रोधः अस्य अस्तीति *(रिस छ यसको)* क्रोध+मतुप्[2] (मत्), मको व, क्रोधवत्= क्रोधवान् ।

शब्दार्थ- रिस गर्ने, क्रोध गर्ने, क्रुद्ध, ज्यादै रिसाएको ।

क्रोधाग्निः (ना./पुं.) क्रोध एव अग्निः *(क्रोधरूपी आगो)* म.व्य.स., दीर्घ= क्रोधाग्नि ।

शब्दार्थ- क्रोधरूपी अग्नि, क्रोधज्वाला, क्रोधकृशानु ।

क्रोधितः (वि.) क्रुध्यति स्म इति *(रिसाएको)* क्रुध क्रोधे (दिवा.) धातु, क्रुध्+णिचि, गुण, क्रोधि+क्त (त), इडागम, णिलोप= क्रोधित ।

शब्दार्थ- रिसाएको, क्रुद्ध भएको, रिसको आवेगमा आएको ।

क्रोधी (वि.) क्रोधः अस्यास्तीति *(रिस छ यसको)* क्रोध+ इनि[1] (इन्), क्रोधिन्= क्रोधी ।

शब्दार्थ- क्रुद्ध, क्रोध गर्ने, ज्यादै रिसाउने ।

क्लान्तः (वि.) क्लाम्यति स्म इति *(थाकेको)* क्लमु क्लान्तौ (दिवा.) धातु, क्लम्+क्त (त), कर्तामा, दीर्घ[3], परसवर्ण= क्लान्त ।

शब्दार्थ- थाकेको, ओइलाएको, थकित भएको ।

क्लिन्नः (वि.) क्लिद्यति स्म इति *(भिजेको)* क्लिदू आर्द्रीभावे (दिवा.) धातु, क्लिद्+क्त (त), कर्तामा, निष्ठा तको न, परसवर्ण= क्लिन्न ।

शब्दार्थ- भिजेको, रुझेको, निथ्रुक्क भएको ।

क्लिशितः/क्लिष्टः (वि.) क्लिश्यते स्म/क्लिश्नाति स्म इति वा *(पीडित भएको)* क्लिश उपतापे (दिवा.) वा क्लिशू विबाधने (क्र्या.) धातु, क्लिश्+क्त (त), कर्तामा, इडागम[4], (विकल्पले)= क्लिशित ।

इडागमको अभावमा क्लिश्त, शको ष, ष्टुत्व=क्लिष्ट ।

शब्दार्थ- पीडित, दुःखित, सन्तप्त, लज्जित, दुरुह, कठिन, क्लेशयुक्त, गाह्रो ।

क्लिष्टता (ना./स्त्री.) क्लिष्टस्य भावः *(क्लिष्ट हुनाको भाव वा अवस्था)* क्लिष्ट+तल् (त)+टाप् (आ) =क्लिष्टता ।

शब्दार्थ- कठिनता, क्लिष्टपना, दुरुहता, सन्तप्तता ।

क्लीवः (वि.) क्लीवते इति *(काँतर बन्छ)* क्लीवृ अधाष्टर्ये (भ्वा.) धातु, क्लीव्+क[5] (अ)= क्लीव ।

शब्दार्थ- नपुंसक, प्रजनन क्षमता नभएको, काँतर, नामर्द ।

क्लीवता (ना./स्त्री.) क्लीवस्य भावः *(नपुंसक हुनाको भाव वा अवस्था)* क्लीव+तल् (त)+टाप् (आ) =क्लीवता ।

शब्दार्थ- नपुंसकता, खिन्नता, दुर्वलता, प्रजनन शक्ति नहुनाको अवस्था ।

क्लीवत्वम्/क्लैव्यम् (ना./न.) क्लीवस्य भावः *(नपुंसक हुनाको भाव वा अवस्था)* क्लीव+त्व= क्लीवत्व ।

क्लीव+ष्यञ्[6] (य), आदिवृद्धि, अकारलोप= क्लैव्य ।

शब्दार्थ- नपुंसकत्व, दुर्वलत्व, सामर्थ्यहीनता, दुर्वलता ।

क्लेशः (ना./पुं.) क्लिश्यते इति *(पीडित हुनु)* क्लिश उपतापे (दिवा.) वा क्लिशू विवाधने (क्र्या.) धातु, क्लिश्+घञ् (अ) गुण= क्लेश ।

शब्दार्थ- पीडा, बाधा, व्यथा, वेदना, कष्ट, क्लेशपूर्ण मानसिक अवस्था ।

---

[1] अत इनिठनौ : इनि

[2] तदस्यास्त्यस्मिन्... : मतुप्

[3] अनुनासिकस्य क्विझलोः...: दीर्घ

[4] क्लिशः क्त्वानिष्ठयोः.... : इडागम

[5] इगुपधज्ञा... : क (प्रत्यय)

[6] गुणवचन... : ष्यञ्

क्ष

क्षः (ना./पुं.) क्षयति लोकान्, क्षिणोति हन्ति दुष्टान् वा जीवान् *(प्रलयकालमा लोकको विनाश गर्छ, दुष्टहरू संहार गर्छ, प्राणीहरूको विनाश गर्छ)* क्षि क्षये (भ्वा.) वा क्षणु हिंसायाम् (तना.) धातु, क्षि/क्षण्+ड[१] (अ), टिलोप= क्ष ।

परिचय- क् र ष्को संयोजनबाट बनेको संयुक्त व्यञ्जन वर्ण, कण्ठ र मूर्धस्थानीय व्यजन वर्ण ।

शब्दार्थ- प्रलयाग्नि, प्रलयकाल, नृसिंह, राक्षस, दानव ।

क्षणः (ना./पुं.) क्षणोति नाशयति सर्वम्, नाशयति दुःखम् वा *(सबैको नाश गर्छ वा उत्सवको बेला दुःख नाश गर्छ)* क्षणु हिंसायाम् (तना.) धातु, क्षण्+अच् (पचादि)= क्षण ।

शब्दार्थ- समयको सूक्ष्मभाग, छिन, निमेष, पला, सेकेण्ड, अवकाश, फुर्सत, उत्सवको समय वा क्षण ।

क्षणभङ्गी (वि.) क्षणेन भनक्ति तच्छीलः *(क्षणमै नाश हुने शील छ यसको)* क्षण उपपदमा हुने भञ्जो आमर्दने (रुधा.) धातु, क्षण्+भञ्ज्+णिनि[२] (इन्), जको कुत्व, क्षणभङ्गिन्= क्षणभङ्गी ।

शब्दार्थ- क्षण भरमै नाश हुने, क्षणभङ्गुर, क्षणभरको लागि मात्र हुने ।

क्षणभङ्गुरः (वि.) क्षणे क्षणाद् वा भङ्गुरः *(क्षणभरमा/क्षणभरबाटै नाश हुने)* स.त.स./प.त.स.=क्षणभङ्गुर ।

शब्दार्थ- चाँडै नाश हुने, एक क्षणमै नाश हुने, क्षणिक ।

क्षणभङ्गुरता (ना./स्त्री.) क्षणभङ्गुरस्य भावः *(क्षणभङ्गुर हुनाको भाव वा अवस्था)* क्षणभङ्गुर+तल् (त)+टाप् (आ)= क्षणभङ्गुरता ।

शब्दार्थ- क्षणिकता, नश्वरता, क्षणभरमै नाश हुनाको अवस्था

क्षणिकः (वि.) क्षणः अस्यास्तीति *(एक क्षणमात्र छ यसको)* क्षण+ठन् (इक), अकारलोप= क्षणिक ।

शब्दार्थ- एकछिनको लागि हुने, अनित्य, क्षणभरको लागि रहने, क्षणभङ्गुर ।

क्षतः (वि./ना./न.) क्षण्यते हन्यते अनेन *(घाउ वा चोट लाग्छ यसबाट)* क्षणु हिंसायाम् (तना.) धातु, क्षण्+क्त (त),करणमा, अनुनासिक णको लोप[३]=क्षत ।

शब्दार्थ- घाउ लागेको, चोट लागेको, काटेको, भङ्ग भएको, टुटेको, क्षतविक्षत, घाउ, व्रण, चोट ।

क्षतजः (ना./न.) क्षतात् जायते इति *(घाउ वा चोटबाट पैदा हुन्छ)* क्षतपूर्वक जनी प्रादुर्भावे (दिवा.) धातु, क्षत+जन्+ड[४] (अ), टिलोप= क्षतज ।

शब्दार्थ- चोट लागेको ठाउँबाट निस्कने- रगत, पिप ।

क्षतयोनिः (ना./स्त्री./वि.) क्षता योनिर्यस्याः सा *(जुन स्त्रीको योनि क्षत भएको छ)* ष.त.स.=क्षतयोनि ।

शब्दार्थ- पुरुषसित सहवास गरिसकेकी स्त्री, यौनसम्पर्क गरिसकेकी स्त्री, यौनसम्पर्कबाट योनि क्षत भएकी

क्षतविक्षतः (वि.) क्षतञ्च विक्षतञ्च *(क्षत विक्षत भएको)* द्व.स.= क्षतविक्षत ।

शब्दार्थ- शरीरभर घाउचोट लागेको, कुनै वस्तु चकनाचुर भएर नष्ट भएको ।

क्षतिः (ना./स्त्री.) क्षण्यते इति *(नासिन्छ)* क्षणु हिंसायाम् (तना.) धातु, क्षण्+क्तिन् (ति), अनुनासिक णलोप[३] =क्षति ।

शब्दार्थ- हानि, खती, चोट, घाउ, विनाश, ह्रास, घाटा, नोक्सानी ।

क्षतिग्रस्तः (वि.) क्षत्या ग्रस्तः *(हानियुक्त)* तृ.त.स. =क्षतिग्रस्त ।

शब्दार्थ- नाश भएको, क्षतविक्षत भएको, बिग्रेको, भत्केको, टुटेफुटेको ।

क्षतिपूर्तिः (ना./स्त्री.) क्षत्याः पूर्तिः *(नोक्सानीको पूर्ति)* ष.त.स.= क्षतिपूर्ति ।

शब्दार्थ- हानि-नोक्सानी भएमा क्षति भएका वस्तुको नोक्सानी भराइ दिने काम, नोक्सानी भएको वस्तुको क्षतिपूर्ति दिने काम ।

क्षत्रः (ना./पुं./वि.) क्षणोतीति *(नष्ट हुन्छ)* क्षणु हिंसायाम् (तना.) धातु, क्षण्+क्विप्[५], अनुनासिक णलोप, तुगागम, क्विप्को सर्वलोप, क्षत् । क्षतः त्रायते इति *(नाश हुनबाट जोगाउँछ)* क्षत् उपपदपूर्वक त्रैङ् पालने (भ्वा.) धातु, आत्व, क्षत्+त्रा +क[६] (अ), आकारलोप= क्षत्र ।

अथवा क्षतात् त्रायते इति *(क्षति हुनबाट रक्षा गर्छ)* क्षत+त्रा+क[६](अ),आलोप, तलोप (पृषोदरादिबाट)=क्षत्र ।

अथवा क्षदति रक्षति जनान् *(मानिसको रक्षा गर्छ)* क्षद संवृत्तौ (सौत्र.) धातु, क्षद्+त्रल् (त्र)= क्षत्र ।

शब्दार्थ- चार वर्णहरूमध्ये दोस्रो वर्ण, क्षत्रिय जाति, क्षत्री, आपत्ति र सङ्कष्टबाट रक्षा गर्ने ।

क्षत्रियः (ना./पुं.) क्षत्रस्यापत्यम् *(क्षत्रियको सन्तान)* वा क्षेत्रे राष्ट्रे साधुः *(राष्ट्रको हित गर्ने)* क्षत्र+घ[७] (इय), अकारलोप= क्षत्रिय ।

शब्दार्थ- वर्णव्यवस्था-अनुसार चार वर्णहरूमध्ये दोस्रो वर्ण, छेत्री, क्षत्री, क्षत्रियजाति ।

क्षत्री (ना./पुं.) क्षत्रः अस्यास्तीति *(क्षत्रिय वर्ण छ यसको)* क्षत्र+इनि[८] (इन्), अकारलोप, क्षत्रिन्= क्षत्री ।

शब्दार्थ- छत्री, क्षत्रिय-जाति, क्षत्रिय-वर्ण, छेत्री ।

---

१. अन्येष्वोपि... : ड

२. सुप्यजातौ... : णिनि

३. अनुदात्तोपदेश... : णलोप

४. पञ्चम्यां जनेर्डः : ड

५. क्विप् च : क्विप्

६. आतो ऽनुपसर्गे... : क

७. क्षत्राद्घः : घ

८. अत इनिठनौ : इनि

क्षन्तव्यः (वि.) क्षम्यते, क्षन्तुं योग्यः वा ***(क्षमा गर्न योग्य)*** क्षमूष् सहने (भ्वा.) वा क्षमू सहने (दिवा.) धातु, क्षम्+तव्यत् (तव्य), परसवर्ण= क्षन्तव्य ।

शब्दार्थ- क्षमा गर्न लायक, क्षमा दिन योग्य, क्षम्य ।

क्षपणः (ना./पुं./वि.) क्षपयति लज्जादिकम् ***(लज्जादि हटाउँछ)*** क्षप प्रेरणे (चुरा.) धातु, क्षप्+ल्यु (अन), णत्व= क्षपण ।

शब्दार्थ- जैनभिक्षु, लज्जारहित, लज्जाहीन, निर्लज्ज ।

क्षपा (ना./स्त्री.) क्षपयति चेष्टाम् वा कर्म प्रवृत्तिम् ***(चेष्टा वा हलचल वा काममा संलग्न रहने प्रवृति बन्द गर्छ)*** क्षै क्षये (भ्वा.) धातु, क्षै+णिचि, आत्व, पुगागम, ह्रस्व, क्षपि+अच् (पचादि), णिलोप, क्षप+टाप् (आ)=क्षपा ।

अथवा क्षपयतीति ***(कर्म प्रवृति बन्द गर्छ)*** क्षप प्रेरणे (चुरा.) धातु, क्षप्+अच् (पचादि)+टाप् (आ)= क्षपा ।

शब्दार्थ- रात्रि, रात, निशा, रजनी ।

क्षपाकरः (ना./पुं.) क्षपां रात्रिं करोतीति ***(रात पैदा गर्छ)*** डुकृञ् करणे (तना.) धातु, क्षपा+कृ+ट (अ), गुण =क्षपाकर ।

शब्दार्थ- चन्द्रमा, चन्द्र, कपुर ।

क्षपाचरः (ना./पुं.) क्षपायां रात्रौ चरतीति ***(रातमा विचरण गर्छ)*** चर गतिभक्षणयोः (भ्वा.) धातु, क्षपा+चर्+ट (अ)= क्षपाचर ।

शब्दार्थ- राक्षस, लाटकोसेरो, भूतप्रेत ।

क्षमः (वि./ना./पुं.) क्षमते, क्षम्यते इति वा ***(सहन गर्छ वा गरिन्छ)*** क्षमूष् सहने (भ्वा.) वा क्षमू सहने (दिवा.) धातु, क्षम्+अच्[1]/अङ्[1] (अ)= क्षम ।

शब्दार्थ- सहिष्णु, सहनशील, क्षमा गर्ने । क्षमता, योग्यता, सामर्थ्य, काम गर्न समर्थता, उचित ।

क्षमता (ना./स्त्री.) क्षमस्य भावः ***(क्षम (समर्थ) हुनाको भाव वा अवस्था)*** क्षम+तल् (त)+टाप् (आ)=क्षमता ।

शब्दार्थ- काम गर्न सक्ने शक्ति वा सामर्थ्य, योग्यता, कुनै कुरामा विशेष दखल ।

क्षमा (ना./स्त्री.) क्षम्यते इति ***(क्षमा गरिन्छ)*** क्षमूष् सहने (भ्वा.) वा क्षमू सहने (दिवा.) धातु, क्षम्+अङ् (अ)/अच् (उणा.), क्षम+टाप् (आ)= क्षमा ।

शब्दार्थ- दोषीलाई माफ दिने काम, सहनशक्ति, माफी, सहिष्णुता, सहनशीलता, क्षमादान, दया, तितिक्षा, पृथिवी, धरणी ।

द्रष्टव्य- **बाह्ये चाध्यात्मिके चैव दुःखे चोत्पादिते क्वचित्**
न कुप्यति न वा हन्ति सा क्षमा परिकीर्तिता- श.क.दुबाट

क्षमाप्रार्थना/क्षमायाचना (ना./स्त्री.) क्षमायाः प्रार्थना वा याचना ***(क्षमा प्रार्थना वा क्षमा माग्ने काम)*** ष.त.स. =क्षमाप्रार्थना/क्षमायाचना ।

शब्दार्थ- माफी माग्ने काम, गल्ती गरेको कुरामा क्षमा माग्ने काम ।

क्षमाप्रार्थी (वि.) क्षमां प्रार्थयते इति वा क्षमां प्रार्थितुं शीलमस्येति ***(क्षमा-याचना वा क्षमा-याचना गर्ने शील छ यसको)*** क्षमा उपपदमा हुने प्र उपसर्गपूर्वक अर्थ उपयाञ्चायाम् (चुरा.) धातु, क्षमा+प्र+अर्थ्+णिनि[2] (इन्), दीर्घ, क्षमाप्रार्थिन्= क्षमाप्रार्थी ।

शब्दार्थ- क्षमा-याचना गर्ने, माफी माग्ने, भूल स्वीकार गरी क्षमा माग्ने ।

क्षमावान् (वि.) क्षमा अस्ति अस्य अस्मिन् वा ***(क्षमाभाव छ यसको वा यसमा)*** क्षमा+मतुप् (मत्), मको व, क्षमावत्= क्षमावान् ।

शब्दार्थ- दया गर्ने, क्षमा प्रदान गर्ने, अभय प्रदान गर्ने ।

क्षम्यः (वि.) क्षम्यते, क्षमितुं योग्यः वा ***(सहन गरिन्छ, सहन योग्य)*** क्षमूष् सहने (भ्वा.) वा क्षमू सहने (दिवा.) धातु, क्षम्+यत् (य)= क्षम्य ।

शब्दार्थ- क्षमा गर्न योग्य वा लायक, माफ दिन योग्य ।

क्षयः (ना./पुं.) क्षीयन्ते प्राणिनः अत्र ***(विनाश हुन्छन् प्राणीहरू यहाँ)*** क्षि क्षये (भ्वा.) धातु, क्षि+अच् (एरच्)/घ[3] (अ), गुण, अयादेश= क्षय ।

अथवा क्षयति देहः ***(देह क्षीण हुन्छ)*** वा क्षियति निवसति गेहे ***(घरमा निवास गर्छ)*** क्षि क्षये (भ्वा.) वा क्षि निवासगत्योः (तुदा.) धातु, क्षि+अच् (पचादि), गुण, अयादेश= क्षय ।

क्षयो गेहे च कल्पान्तेऽपचये रुजि- इति हैमः
क्षयो रोगान्तरे वेश्म कल्पान्तापचयेषु च- इति मेदिनी
क्षयः शोषश्च यक्ष्मा च- इत्यमरः

शब्दार्थ- नाश, प्रलय, कल्पान्त, हानि, ह्रास, खिइँदै जाने क्रिया, क्षयरोग वा राजयक्ष्मा, क्षयमास, घर, निवासस्थान ।

क्षयतिथिः (ना./स्त्री.) क्षया चासौ तिथिश्च ***(टुटेको तिथि)*** क.त.स.= क्षयतिथि ।

शब्दार्थ- टुटेको तिथि, क्षय भएको तिथि ।

क्षयपक्षः (ना./पुं.) क्षयस्य पक्षः ***(चन्द्रकला क्षयको पक्ष)*** ष.त.स.= क्षयपक्ष ।

शब्दार्थ- कृष्णपक्ष, चन्द्रकला क्षीण हुँदै जाने पक्ष ।

क्षयरोगः (ना./पुं.) क्षयः रोगः ***(शरीर क्षीण हुँदै जाने रोग)*** सह सुपा स.= क्षयरोग ।

शब्दार्थ- क्षयरोग, राजयक्ष्मा, शरीर सुक्दै जाने रोगविशेष, टी.बी रोग ।

क्षयी (वि.) क्षयः अस्ति अस्य ***(विनाश हुन्छ यसको)*** क्षय+इनि[4] (इन्), क्षयिन्= क्षयी ।

शब्दार्थ- नाश हुने, क्षय हुने, विनाशशील, क्षयरोगी ।

---

१. क्षमेरुपधालोपश्च : अच्/षिद्भिदादिभ्यश्च : अङ्
२. सुप्यजातौ... : णिनि
३. पुंसि संज्ञायाम्... : घ
४. अत इनिठनौ : इनि

क्षरः (ना./पुं./वि.) क्षरतीति *(चल्छ, नाश हुन्छ)* क्षर सञ्चलने (भ्वा.) धातु, क्षर्+अच् (पचादि)= क्षर ।

शब्दार्थ- तरलपदार्थ, बरफ, बादल, चलपदार्थ, जङ्गम, नश्वर, नाशवान् ।

द्रष्टव्य- **क्षरः सर्वाणि भूतानि कूटस्थोऽक्षर उच्यते- भ.गी. १५/१६**

क्षरणम् (ना./न.) क्षरणमिति *(चुहुन्छ वा बग्छ)* क्षर सञ्चलने (भ्वा.) धातु, क्षर्+ल्युट् (अन), णत्व=क्षरण ।

शब्दार्थ- पानी वा अन्य तरलपदार्थ बग्ने काम, तरल पदार्थको चुहावट, थोपा थोपा चुहुने काम ।

क्षान्तिः (ना./स्त्री.) क्षम्यते इति *(सहन गरिन्छ)* क्षमूष् सहने (भ्वा.) धातु, क्षम्+क्तिन् (ति), भावमा, दीर्घ[1], परसवर्ण= क्षान्ति ।

शब्दार्थ- क्षमा, सहनशीलता, धैर्य, माफी दिने काम, तितिक्षा, सहिष्णुता ।

क्षामः (वि.) क्षयति स्म इति *(निर्वल भएको)* क्षै क्षये (भ्वा.) धातु, आत्व, क्षा+क्त[2] (त), कर्तामा, निष्ठा तको म[3]= क्षाम ।

शब्दार्थ- कृश, पातलो, दुब्लो, निर्वल, नष्ट भएको, क्षय भएको

क्षारः (ना./पुं.) क्षरतीति *(नाश हुन्छ)* क्षर सञ्चलने (भ्वा.) धातु, क्षर्+ण[4] (अ), वृद्धि= क्षार ।

क्षारः काचे रसे गुडे । भस्मनि धूर्तलवणे- इति हैमः

शब्दार्थ- नुन, खरानी, रस, भस्म, सोडा, नुनिलो पदार्थ, काँच, सीसा ।

क्षारसमुद्रः/क्षारसिन्धुः (ना./पुं.) क्षारैर्लवणैर्युक्तः क्षारयुक्तः, स चासौ समुद्रश्च/सिन्धुश्च *(लवणयुक्त समुद्र वा सिन्धु)* क.त.स., उ.प.लोप=क्षारसमुद्र/क्षारसिन्धु ।

शब्दार्थ- क्षार समुद्र, नुनिलो पानी हुने समुद्र, क्षारोद सागर, लवणयुक्त समुद्र वा सिन्धु ।

उदा. **तर्छु क्षार समुद्र आज सहजै भन्न्या इरादा घरी- रामा.(सु.का.,भानुभक्त**

क्षालनम् (ना./न.) क्षाल्यते, क्षालनमिति वा *(धुन लगाइन्छ)* क्षल शौचकर्मणि (चुरा.) धातु, क्षल्+णिचि+ल्युट् (अन),वृद्धि, णिलोप, क्षाल् अन=क्षालन ।

शब्दार्थ- प्रक्षालन, धुने काम, पखाल्ने काम, सफा गर्ने काम ।

क्षितिः (ना./स्त्री.) क्षयति, क्षिणोति *(नाश हुन्छ)* क्षि क्षये (भ्वा.) वा क्षि हिंसायाम् (स्वा.) धातु, अथवा क्षियति निवसति *(निवास गर्छ)* क्षि निवासगत्योः (तुदा.) धातु, क्षि+क्तिच्[5] (ति)= क्षिति ।

शब्दार्थ- पृथिवी, धरणी, निवासस्थान, आवासगृह ।

क्षितिकणः (ना./पुं.) क्षितेः कणः *(पृथिवीको कण)* ष.त.स. =क्षितिकण ।

शब्दार्थ- धूलो, धूलिकण ।

क्षितिजः (ना./पुं.) क्षित्यां क्षितेर्वा जायते इति *(पृथिवीमा वा पृथिवीबाट पैदा हुन्छ)* क्षिति उपपदपूर्वक जनी प्रादुर्भावे (दिवा.) धातु, क्षिति+जन्+ड[6] (अ), टिलोप =क्षितिज ।

शब्दार्थ- पृथिवीमा वा पृथिवीबाट पैदा हुने पदार्थ, वृक्ष, रूख, अन्तरीक्ष, मङ्गलग्रह ।

उदा. **छोडी क्षितिजको रेखा सुस्त सुस्तै उँभोतिर- ॠ.वि. (वर्षा विचार-५)**

क्षितितलम् (ना./न.) क्षित्याः तलम् *(पृथिवीको मैदान)* ष.त.स.= क्षितितल ।

शब्दार्थ- भूमण्डल, धरातल, पृथिवी ।

क्षितिधरः (ना./पुं.) क्षितिं धरति धारयतीति *(पृथिवी धारण गर्छ)* धृञ् धारणे (भ्वा.) धातु, क्षिति+धृ+अच् (पचादि), गुण= क्षितिधर ।

शब्दार्थ- पर्वत, शैल, गिरि, शेषनाग, आठ दिशाका दिग्गज ।

क्षितिपः (ना./पुं.) क्षितिं पातीति *(पृथिवीको रक्षा गर्छ)* पा रक्षणे (अदा.) धातु, क्षिति+पा+ड[7] (अ), टिलोप =क्षितिप ।

शब्दार्थ- राजा, पृथिवीको संरक्षक, पृथिवीको पालना गर्ने भूपति, राष्ट्रपति ।

क्षितिपतिः (ना./पुं.) पाति रक्षतीति *(रक्षा गर्छ)* पा रक्षणे (अदा.) धातु, पा+डति[8] (अति), टिलोप, पतिः । क्षित्याः पतिः *(पृथिवीका स्वामी)* ष.त.स.= क्षितिपति ।

शब्दार्थ- पृथिवीपति, राजा, सम्राट्, राष्ट्रपति ।

क्षितिपालः (ना./पुं.) क्षितिं पालयतीति *(पृथिवीको संरक्षण गर्छ)* पाल रक्षणे (चुरा.) धातु, क्षिति+पाल्+अच् (पचादि)/अण् (अ)= क्षितिपाल ।

शब्दार्थ- राजा, सम्राट्, भूपति, नृपति, पृथिवीको संरक्षक, परमेश्वर ।

क्षितिमण्डलम् (ना./न.) क्षित्याः मण्डलम् *(पृथिवीको मण्डल)* ष.त.स.= क्षितिमण्डल ।

शब्दार्थ- भूमण्डल, पृथ्वीतल, धरातल, पृथिवी ।

क्षितीशः/क्षितीश्वरः (ना./पुं.) क्षित्याः ईशः, क्षित्याः ईश्वरः *(पृथिवीका स्वामी)* ष.त.स., दीर्घ= क्षितीश/क्षितीश्वर ।

शब्दार्थ- पृथिवीका स्वामी, राजा, भूपति, ईश्वर ।

क्षीणः (वि.) क्षीयते स्म इति *(क्षीण भएको)* क्षि क्षये (भ्वा.) वा क्षि हिंसायाम् (स्वा.) धातु, क्षि+क्त (त), निष्ठा तको न[9], दीर्घ[10], णत्व= क्षीण ।

शब्दार्थ- दुब्लो, दुर्वल, पातलो, शक्तिहीन, खिइँदै गएको, दुब्लाएको, क्षीण हुँदै गएको ।

---

[1] **अनुनासिकस्य क्विझलो... : दीर्घ**
[2] **गत्यर्थाकर्मक... : क्त (कर्तामा)**
[3] **क्षायो मः : निष्ठा तको म**
[4] **ज्वलितिकसन्तेभ्यो... : ण**
[5] **क्तिच्क्तौ च... : क्तिच्**
[6] **सप्तम्यां जनेः.../पञ्चम्यामजातौ... : ड**
[7] **अन्येष्वपि : ड**
[8] **पातेर्डतिः : डति**
[9] **क्षियो दीर्घात् : निष्ठा तको न**
[10] **निष्ठायामण्यदर्थे : दीर्घ**

क्षीणता (ना./स्त्री.) क्षीणस्य भावः *(क्षीण हुनाको भाव वा अवस्था)* क्षीण+तल् (त)+टाप् (आ)= क्षीणता ।

शब्दार्थ- शक्तिहीनता, दुर्वलता, पातलोपन, निर्धोपना ।

क्षीणशक्तिः (वि.) क्षीणा शक्तिर्यस्य *(क्षीण भएको छ शक्ति जसको)* व.स.= क्षीणशक्ति ।

शब्दार्थ- शक्ति क्षीण भएको, वलहीन, सामर्थ्यहीन ।

क्षीरम् (ना./न.) घस्यते अद्यते *(खाइन्छ, पिइन्छ)* घस्लृ अदने (भ्वा.) धातु, घस्+ईरन्[१] (ईर), उणा., उपधालोप[२], घ् स् ईर्, घको चर्त्व क्, स् को ष्[३], क र षको क्षत्व= क्षीर ।

शब्दार्थ- दूध, पानी, जल, रूखको दूधजस्तो सेतो चोप ।

क्षीरनिधिः (ना./पुं.) निधीयते इति *(राखिन्छ)* डुधाञ् धारणपोषणयोः (जुहो.) धातु, नि+धा+कि (इ), आलोप, निधिः । क्षीरस्य निधिः *(दूधको निधि या सागर)* ष.त.स.= क्षिरनिधि ।

शब्दार्थ- क्षिरसमुद्र, दुग्धसागर, दूधजस्तै समुद्र ।

क्षीरनीरम् (ना./न.) क्षीरमिश्रितञ्च तद् नीरम् *(दूध मिसिएको पानी)* क.त.स., उ.प.लोप= क्षीरनीर ।

वा क्षीरञ्च नीरञ्च *(दूध र पानी)* द्व.स.= क्षीरनीर ।

शब्दार्थ- दूध र पानी, दूध मिसिएको पानी ।

क्षीरपानम् (ना./न.) पीयते इति *(पान गरिन्छ)* पा पाने (भ्वा.) धातु, पा+ल्युट् (अन), दीर्घ, पानम् ।

क्षीरस्य पानम् *(दूधको पान)* ष.त.स.= क्षीरपान ।

शब्दार्थ- दूधको पान, दूध पिउने काम, दुग्धपान ।

क्षीरवृक्षः (ना./पुं.) क्षीरयुक्तश्चासौ वृक्षश्च *(दूध भएको रूख)* क.त.स., उ.प.लोप= क्षीरवृक्ष ।

शब्दार्थ- दूध आउने वृक्ष, डुम्री, खिर्रो आदि ।

क्षीरसमुद्रः/क्षीरसागरः (ना./पुं.) क्षीरमयश्चासौ समुद्रश्च/सागरश्च वा *(दुग्धमय समुद्र वा सागर)* क.त.स., उ.प.लोप= क्षीरसमुद्र/क्षीरसागर ।

शब्दार्थ- दुग्ध समुद्र, क्षीरोदधि, दूधको सागर, दुग्धमय समुद्र वा सागर ।

क्षीराम्बुधिः (ना./पुं.) अम्वूनि धीयन्ते इति *(जल धारण गरिन्छ)* अम्बु उपपदमा हुने डुधाञ् धारणपोषणयोः (जुहो.) धातु, अम्वु+धी+कि (इ), आलोप, अम्वुधि । क्षीरस्य अम्वुधिः *(दूधको सागर)* ष.त.स., दीर्घ =क्षीराम्वुधि ।

शब्दार्थ- दुग्धसागर, क्षीरसागर ।

क्षीरोदः (ना./पुं.) क्षीरवत् उदकं यस्य *(दूध जस्तो पानी छ जसको)* व.स., उदकको उद् आदेश[४], गुण= क्षीरोद ।

शब्दार्थ- दुग्धसमुद्र, क्षीरसागर ।

क्षुण्णः (वि.) क्षुद्यते स्म इति *(पिसेको)* क्षुदिर् सम्पेषणे (रुधा.) धातु, क्षुद्+क्त (त), निष्ठा तको न, णत्व, परसवर्ण= क्षुण्ण ।

शब्दार्थ- पिसेको, टुटेको, टुक्रा पारेको, टुक्रिएको ।

क्षुत्क्षामः (वि.) क्षुधा क्षामः *(भोकले क्षीण भएको)* क्षुध्+क्षाम, तृ.त.स., चर्त्व, धको त= क्षुत्क्षाम ।

शब्दार्थ- भोकले पीडित, भोकले क्षीण भएको, भोकले दुर्वल भएको ।

क्षुत्पिपासा (ना./स्त्री.) क्षुच्च पिपासा च *(भोक र तीर्खा)* क्षुध्+पिपासा, द्व.स., चर्त्व धको त= क्षुत्पिपासा ।

शब्दार्थ- भोक र तीर्खा ।

क्षुद्रः (वि.) क्षुणत्तीति *(पिस्तछ)* क्षुदिर् सम्पेषणे (रुधा.) धातु, क्षुद्+रक्[५] (र), उणा.= क्षुद्र ।

क्षुद्रो दरिद्रे कृपणे निकृष्टेऽल्पनृशंसयोः- इति हैमः

कदर्ये कृपणः छुद्रः- इत्यमरः

शब्दार्थ- कञ्जुस, कृपण, सानो, नीच भावनाको, निर्धन, दरिद्र, तुच्छ, अधम, अल्प, निकृष्ट, क्रूर ।

क्षुद्रता (ना./स्त्री.)/**क्षुद्रत्वम्** (ना./न.) क्षुद्रस्य भावः *(क्षुद्र हुनाको भाव वा अवस्था)* क्षुद्र+तल् (त)+टाप् (आ)=क्षुद्रता । क्षुद्र+त्व= क्षुद्रत्व ।

शब्दार्थ-तुच्छता, नीच हुनाको भाव, निर्धनता, अधमपना ।

क्षुद्रबुद्धिः (वि./ना./स्त्री.) क्षुद्रा वुद्धिर्यस्य *(क्षुद्र छ बुद्धि जसको)* व.स., अथवा क्षुद्रा चासौ वुद्धिश्च *(क्षुद्र बुद्धि)* क.त.स.= क्षुद्रवुद्धि ।

शब्दार्थ- दुष्टमति भएको, अल्पवुद्धि भएको, अधम, खराव, दुष्टमति, अल्पवुद्धि, क्षुद्रमति ।

क्षुधा (ना./स्त्री.) क्षुध्यते इति *(भोकाइन्छ)* क्षुध वुभुक्षायाम् (दिवा.) धातु, क्षुध्+अङ् (अ)+टाप् (आ) =क्षुधा । अथवा क्षुध्+क्विप् (सर्वलोप), क्षुध्+आप्, (भागुरीमतमा हलन्त शव्दको आप्)= क्षुधा ।

शब्दार्थ- भोक, खाना खाने चाहना, लालसा ।

क्षुधातुरः/क्षुधार्तः (वि.) क्षुधया आतुरः/आर्तः *(भोकले आतुर वा पीडित)* तृ.त.स.= क्षुधातुर/क्षुधार्त ।

शब्दार्थ-भोकले सताएको, ज्यादै भोकाएको, ज्यादै भोको ।

क्षुधितः (वि.) क्षुध्यति स्म इति *(भोकाएको)* क्षुध वुभुक्षायाम् (दिवा.) धातु, क्षुध्+क्त (त), कर्तामा), इडागम[६]= क्षुधित । अथवा क्षुधा सञ्जाता अस्य (*भोकले पेट खालि भएको छ यसको)* क्षुधा+इतच्[७] (इत)= क्षुधित ।

शब्दार्थ- भोकाएको, भोकले व्याकुल, भोको ।

क्षुभितः/क्षुब्धः (वि.) क्षुभ्यते स्म इति *(रिसाएको)* क्षुभ सञ्चलने (भ्वा.) धातु, क्षुभ्+क्त (त), तको ध, जश्त्वभको व, इडाभाव[८] (निपातनबाट)= क्षुब्ध ।

इडाभाव निपातनको अभावमा, क्षुभ्+क्त (त), इडागम =क्षुभित ।

शब्दार्थ- अधीर, डराएको, हल्लेको, काँपेको, भीत, रिसाएको, क्रुद्ध, क्षोभयुक्त, अशान्त, व्याकुल ।

---

[१] घसेः किच्च : ईरन्
[२] गमहनजन..: उपधालोप
[३] शासिवसिघसि... : षत्व
[४] उत्तरपदस्य चेति... (वा): उदकको 'उद' आदेश
[५] स्फायितञ्चिवञ्चि... : रक्
[६] वसतिक्षुधोरिट् : इडागम
[७] तदस्य सञ्जातम्... : इतच्
[८] क्षुब्धस्वान्तध्वान्त... : इडाभाव निपातन

क्षेत्रम् (ना./न.) क्षियति, क्षीयते अनेन इति *(रहन्छ वा बसिन्छ)* क्षि निवासगत्योः (तुदा.) धातु, क्षि+ष्ट्रन्[१], गुण= क्षेत्र ।

क्षेत्रं शरीरे केदारे सिद्धस्थानकलत्रयोः - इति मेदिनी

शब्दार्थ- खेत, शरीर, जग्गा-जमिन, भूमि, उर्वराशक्ति, प्रदेश, तीर्थस्थल, पुण्यक्षेत्र (वराहक्षेत्र, मुक्तिक्षेत्र आदि), पत्नी, योनि, शरीर, देह ।

***द्रष्टव्य-*. इदं शरीरं कौन्तेय क्षेत्रमित्यभिधीयते ।**

- भ.गी. १३/२

क्षेत्रजः (ना./पुं./न.) क्षेत्रात्जायते इति *(खेत वा योनिबाट पैदा हुन्छ)* क्षेत्रपूर्वमा हुने जनी प्रादुर्भावे (दिवा.) धातु, क्षेत्र+जन्+ड (अ), टिलोप= क्षेत्रज ।

शब्दार्थ- खेतवाट उब्जनी हुने वस्तु, आफ्नो पति पुत्र उत्पत्ति गर्ने कार्यमा असमर्थ भएमा अन्य योग्य पुरुषद्वारा उत्पादित सन्तान, जस्तैः धृतराष्ट्र, पाण्डु, विदुर यी सवै क्षेत्रज हुन् ।

क्षेत्रज्ञः (वि./ना./पुं.) क्षेत्रं शरीरं जानातीति *(शरीरसम्वन्धी सवै कुरा जान्दछ)* क्षेत्र उपपदपूर्वक ज्ञा अववोधने (क्र्या.) धातु, क्षेत्र+ज्ञा+क[२] (अ), आलोप= क्षेत्रज्ञ ।

शब्दार्थ- क्षेत्रविद् (शरीरको ज्ञाता), अनेक क्षेत्रमा विभक्त परमात्मा परमेश्वर, जीवात्मा, कृषक ।

***द्रष्टव्य-* क्षेत्रज्ञं चापि मां विद्धि सर्वक्षेत्रेषु भारत ।**

-भ.गी. १३/३

क्षेत्रपतिः (ना./पुं.) क्षेत्रस्य पतिः *(खेत वा शरीरका स्वामी)* ष.त.स.= क्षेत्रपति ।

शब्दार्थ- शरीरका अधिष्ठात्री देवता, जग्गाधनी, जग्गाको स्वामित्व भएको व्यक्ति ।

क्षेत्रपञ्चकम् (ना./न.) क्षेत्राणां क्षेत्रेषु वा पञ्चकम् **(क्षेत्रहरूमा पाँच क्षेत्र)** ष.त.स./स.त.स.= क्षेत्रपञ्चक

शब्दार्थ- क्षेत्रहरूमा पाँच निम्न छन्- नासिक, प्रयाग, पुष्कर, नैमिषारण्य, गया ।

नेपालमा पाँचक्षेत्र- मुक्तिक्षेत्र, रुरुक्षेत्र, वराहक्षेत्र, पशुपतिक्षेत्र आदि ।

क्षेत्रपालः (ना./पुं.) क्षेत्रं पालयतीति *(क्षेत्र वा प्रदेशको पालना गर्छन्)* पाल रक्षणे (चुरा.) धातु, क्षत्र्+पाल्+अण्/अच् (पचादि), णिलोप= क्षेत्रपाल ।

शब्दार्थ- क्षेत्र वा शरीरका अधिपति वा स्वामी, देवता-विशेष, स्यानाधिदेवता, खेतको वाली संरक्षण गर्ने मानिस, क्षेत्र वा प्रदेशको मुख्यप्रशासक ।

क्षेत्रफलम् (ना./न.) क्षेत्रस्य फलम् *(खेतको फल वा कुनै स्थानका मापको परिमाण)* ष.त.स.= क्षेत्रफल ।

शब्दार्थ- कुनै स्थानको लम्वाइ र चौडाइसम्वन्धी मापन कार्यको परिमाण, खेतवारीको उब्जनी ।

क्षेत्रसीमा (ना./स्त्री.) क्षेत्रस्य भूमेः प्रदेशस्य वा सीमा *(भूमि वा प्रदेशको सीमा)* ष.त.स.= क्षेत्रसीमा ।

शब्दार्थ- कुनै क्षेत्र वा प्रदेशको सीमा, कुनै प्रखण्डको साँध ।

क्षेत्रियः/क्षेत्रीयः (वि.) क्षेत्रे भवः जातादिर्वा *(क्षेत्रमा हुने वा भएको)*, क्षेत्रस्य अयम् *(क्षेत्रको यो)* क्षेत्र+घ (इय), अकारलोप= क्षेत्रिय ।

क्षेत्राय हितम् *(क्षेत्रको लागि हित हुने)* क्षेत्र+छ[३] (ईय), अकारलोप= क्षेत्रीय ।

शब्दार्थ- खेतसम्वन्धी, क्षेत्रसम्वन्धी, खेतमा उब्जने (वस्तु), खेतमा हुने, क्षेत्रको हित हुने ।

क्षेत्री (वि./ना./पुं.) क्षेत्रं भूमिः स्त्री वा अस्ति अस्य *(जमिन वा पत्नी छ यसको)* क्षेत्र+इनि[४] (इन्), क्षेत्रिन् =क्षेत्री ।

शब्दार्थ- कृषक, किसान, स्वामी, मालिक, भर्ता, पति, लोग्ने ।

क्षेपकः (वि./ना./पुं.) छिपतीति *(फाल्छ वा थप्छ)* क्षिप प्रेरणे (तुदा.) धातु, छिप्+ण्वुल्[५] (अक), गुण= क्षेपक ।

शब्दार्थ- फ्याँक्ने, फाल्ने, मिल्काउने, थप्ने काम, पछि थपेको अंश, क्षेपक ।

क्षेपणम् (ना./न.) क्षिप्यते इति *(फ्याँकिन्छ)* क्षिप प्रेरणे (दिवा./तुदा.) धातु, क्षिप्+ल्युट् (अन), गुण, णत्व =क्षेपण ।

शब्दार्थ- फ्याँक्ने काम, मिल्काउने काम, हुत्याउने कार्य, प्रक्षेपण, समय व्यतीत गर्ने कार्य ।

क्षेप्ता (वि.) क्षिपतीति *(फाल्छ)* क्षिप प्रेरणे (तुदा.) धातु, क्षिप्+तृच्[५] (तृ), क्षेप्तृ= क्षेप्ता ।

शब्दार्थ- मिल्काउने, फाल्ने, हुत्याउने, प्रक्षेपण गर्ने ।

क्षेप्यः (वि.) क्षेप्तुं योग्यः, क्षिप्यते इति वा *(फाल्न योग्य वा लायक)* क्षिप प्रेरणे (दिवा./तुदा.) धातु, क्षिप्+ण्यत्[६] (य), गुण= क्षेप्य ।

शब्दार्थ- फ्याँक्न लायक, मिल्काउन योग्य ।

क्षेप्यास्त्रम् (ना./न.) क्षेप्यञ्च तदस्त्रम् च *(क्षेप्यास्त्र)* क.त.स., दीर्घ= क्षेप्यास्त्र ।

शब्दार्थ- टाढावाट फ्याँकिने अस्त्रविशेष, हतियार ।

क्षेमम् (ना./न.) क्षयति, क्षियति अशुभमिति वा *(अशुभ कुरा नाश हुन्छ)* क्षि क्षये (भ्वा.) वा क्षि निवासगत्योः (तुदा.) धातु, क्षि+मन्[७] (म), उणा., गुण= क्षेम ।

शब्दार्थ- कुशलमङ्गल, कल्याण, प्रसन्नता, सुख, सुरक्षा, आनन्द, क्षेमकुशल, मङ्गल, शुभ ।

क्षेमकरः/क्षेमकारः (वि.) क्षेमं करोतीति *(कल्याण गर्छ)* डुकृञ् करणे (तना.) धातु, क्षेम+कृ+ट/अण्[८] (अ), गुण/वृद्धि= क्षेमकर/क्षेमकार ।

शब्दार्थ- कल्याण गर्ने, भलाइ गर्ने, हितकारक ।

---

१. सर्वधातुभ्य... : ष्ट्रन्

२. आतोऽनुपसर्गे... : क

३. तस्मै हितम् : छ

४. अत इनिठनौ : इनि

५. ण्वुल्तृचौ : ण्वुल्/तृच्

६. ऋहलोर्ण्यत् : ण्यत्

७. अर्तिस्तुसुहु... : मन्

८. क्षेमप्रियमद्रेऽण् : अण्

क्षेमकुशलम् (ना./न.) क्षेमञ्च तत् कुशलम् *(कल्याण र कुशल)* क.त.स.= क्षेमकुशल ।

शब्दार्थ- कुशलमङ्गल, सुख, आनन्द, सञ्चसुविस्ता ।

क्षेम्यः (वि.) क्षेमाय साधुः/क्षेममर्हति *(कल्याणका लागि उपयुक्त वा कल्याण गर्न योग्य)* क्षेम+यत्[1] (य) =क्षेम्य ।

शब्दार्थ- हित गर्न लायक, हित गर्न योग्य ।

क्षोणिः/क्षोणी (ना./स्त्री.) क्षयतीति *(खिइन्छ)* क्षै क्षये (भ्वा.) धातु, आत्व, क्षा+डोनि (ओनि), बहुलप्रकारले, टिलोप, णत्व= क्षोणि ।

अथवा क्षौति क्षूयते स्तूयते इति वा *(स्तुति गर्छ वा गरिन्छ)* टुक्षु शब्दे (अदा.) धातु, क्षु+नि (बहुलप्रकारले), गुण, णत्व, क्षोणि+ङीष्[2] (ई)= क्षोणी ।

ङीष्को अभावमा= क्षोणि ।

शब्दार्थ- पृथिवी, धरणी, भूमि, क्षिति ।

क्षोदः (ना./पुं.) क्षुद्यते इति *(पिसिन्छ)* क्षुदिर् सम्पेषणे (रुधा.) धातु, क्षुद्+घञ् (अ)= क्षोद ।

शब्दार्थ- चूर्ण, धूलो, पिसेको धूलो ।

क्षोदितः (वि.) क्षुद्यते स्म, चूर्ण्यते स्म इति *(धुलो पारिएको)* क्षुदिर् सम्पेषणे (रुधा.) धातु, क्षुद्+णिचि +क्त (त), गुण, णिलोप, इडागम= क्षोदित ।

शब्दार्थ- धूलो पारिएको, चूर्णित, पिसिएको ।

क्षोभः (ना./पुं.) क्षोभणम्, क्षुभ्यते इति *(हल्लनु, क्षोभ प्रकट गर्नु)* क्षुभ सञ्चलने (भ्वा./क्र्या.) धातु, क्षुभ्+घञ् (अ), गुण= क्षोभ ।

शब्दार्थ- हल्लने काम, विक्षोभ, सञ्चलन, कम्पन, क्रोध, व्याकुलता, मनको हलचल ।

क्षोभितः (वि.) क्षोभ्यते स्म इति *(हल्लाएको)* क्षुभ सञ्चलने (क्र्या.) धातु, क्षुभ्+णिचि+क्त (त), गुण, इडागम, णिलोप= क्षोभित ।

शब्दार्थ- हल्लाइएको, विक्षोभयुक्त, सञ्चालित, कम्पनयुक्त ।

क्षौमम् (ना./न.) क्षौति, क्षूयते इति वा *(शब्द गर्छ, फैलिन्छ)* टुक्षु शब्दे (अदा.) धातु, क्षु+मन्[3] (म), उणा., गुण, क्षेमम् । क्षेमस्य विकारः *(क्षेमको विकार)* क्षेम+अण् (अ), आदिवृद्धि= क्षौम ।

क्षौमं पट्टे दुकुलेऽस्त्री क्षौमं वल्कलजांशुके- इति मेदिनी

शब्दार्थ- दुकूल, दोसल्ला, रेशमीवस्त्र, पट्टवस्त्र, वोक्रावाट निर्मित वस्त्र ।

क्षौरम् (ना./न.) क्षुरस्य इदम्, क्षुरस्य कर्म इति वा *(छुरा सम्बन्धी, छुराको कर्म वा छुराद्वारा गरिने कर्म)* क्षुर+अण्[4] (अ), आदिवृद्धि= क्षौर ।

शब्दार्थ- क्षौरकर्म, मुण्डन, कपाल काट्ने काम, छुराद्वारा केश काट्ने काम ।

ख

खः/खम् (ना./पुं./न.) खर्वति मनः अत्र *(मन चञ्चल रहन्छ यहाँ)* अथवा खन्यते क्षुभ्यते अनेन *(विक्षोप हुन्छ यसद्वारा)* खर्व गतौ वा खनु अवदारणे (भ्वा.) धातु, खर्व्/खन्+ड[5] (अ), टिलोप= ख ।

अथवा खर्वयति रस्मिभिः *(किरणद्वारा गतिशील हुन्छ)* खर्व गतौ (भ्वा.) धातु, खर्व्+ड[5] (अ), टिलोप= ख ।

परिचय- संस्कृत वा देवनागरीवर्णमालाको दोस्रो व्यञ्जन वर्ण, कण्ठस्थानवाट उच्चारण हुने, अघोष, महाप्राणध्वनि ।

खमिन्द्रिये पुरे क्षेत्रे शून्ये विन्दौ विहायसि ।
संवेदने देवलोके शर्मण्यपि नपुंसकम्- इति मेदिनी
खमिन्द्रिये खमाकाशे खः स्वर्गेऽपि प्रकीर्तितः
सामान्ये च तथा शून्ये खशब्दः परिकीर्तितः- एकाक्षरकोशः

शब्दार्थ- इन्द्रिय, स्वर्ग, शून्य, आकाश, खेत, नगर, क्षेत्र, विन्दु, मुख, सूर्य, वायु, देवलोक, ज्ञान, परव्रह्म, संवेदन, कल्याण ।

खकारः (ना./पुं.) 'ख' यस्तो वर्ण निर्देशनमा 'ख' प्रातिपदिकवाट ख+कार[6]= खकार ।

शब्दार्थ- खअक्षर, खवर्ण, खध्वनि ।

खगः (ना./पुं.) खे आकाशे गच्छतीति *(आकाशमा उड्छ)* ख उपपदपूर्वक गम्लृ गतौ (भ्वा.) धातु, ख+ गम्+ड[5] (अ), टिलोप= खग ।

खगः सूर्ये ग्रहे देवे मार्गणे च विहङ्गमे- इति मेदिनी

शब्दार्थ- पक्षी, पंछी, चरो, सूर्य, ग्रह, वाण, देवता, वायु, चन्द्रमा, खचर, गगन वा आकाशमा विचरण गर्ने प्राणी ।

---

[1] पोरदुपधात् : यत्

[2] कृदिकारा... : ङीष् (विकल्पले)

[3] अर्तिस्तुसुह... : मन्

[4] तस्येदम् : अण्

[5] अन्येष्वपि दृश्यते : ड

[6] वर्णात्कारः : कार

खगोलः (ना./पुं.) गुडति, गुडचते इति वा *(रक्षा गर्छ, गरिन्छ वा गोलो बन्छ)* गुड रक्षायाम् (तुदा.) धातु, गुड्+अच् (पचादि)/घञ् (अ), डको ल (ड र लको अभेदसम्बन्ध हुँदा), गुण, गोलः । खमेव गोलश्च (आकाशरूप गोल) म.व्य.स.= खगोल ।

शब्दार्थ- आकाशमण्डल, अन्तरीक्ष, नभोमण्डल ।

खगोलशास्त्रम् (ना./न.)/**खगोलविद्या** (ना./स्त्री.) खगोलस्य शास्त्रम् वा खगोलस्य विद्या *(आकाशसम्बन्धी विषयको अध्ययन गर्ने शास्त्र वा विद्या)* ष.त.स. = खगोलशास्त्र/खगोलविद्या ।

शब्दार्थ- ज्योतिर्विद्या, ज्योतिषशास्त्र, आकाशका ग्रह, नक्षत्र र धूमकेतु आदिको अध्ययन गर्ने शास्त्र वा विद्या, आकाश-विज्ञान ।

खग्रासः (ना./पुं.) ग्रसनम्, ग्रस्यते इति वा *(निल्नु)* ग्रसु अदने (भ्वा.) धातु, ग्रस्+घञ्[1] (अ), वृद्धि, ग्रासः । खः पूर्ण श्चासौ ग्रासश्च *(पूरै ग्रास गर्ने क्रिया)* क.त.स. =खग्रास ।

शब्दार्थ- पूर्णग्रहण, सूर्य वा चन्द्रमालाई पूरै निल्ने वा ढाक्ने ग्रहण, पूरैग्रस्त देखिने ग्रहण ।

खचरः/खेचरः (ना./पुं.) खे आकाशे चरतीति *(आकाशमा विचरण गर्छ)* खे सप्तम्यन्त उपपदपूर्वक चर गतिभक्षणयोः (भ्वा.) धातु, खे+चर्+ट (अ), सप्तम्यन्त, खेको अलुक्, खेचर, अलुकको अभावमा =खचर ।

शब्दार्थ- आकाशमा विचरण गर्ने पक्षी, सूर्य, बादल, वायु, राक्षस ।

खचितः (वि.) खच्यते स्म इति *(खचिखचाउ भएको)* खच भूतप्रादुर्भावे (क्र्या.) धातु, खच्+क्त (त), इडागम =खचित ।

शब्दार्थ- भरिभराउ भएको, ओतप्रोत भएको, जडिएको, भरिएको, थुप्रिएको, संयुक्त, युक्त ।

उदा. **मान्छे मान्छे खचित शवको हेर्नलाई सवारी-** य.श. २/३१

खञ्जः (वि.) खञ्जतीति *(खोच्याउँछ)* खजि गतिवैकल्ये (भ्वा.) धातु, नुम्, खञ्ज्+अच् (पचादि)= खञ्ज ।

शब्दार्थ- लँगडो, खोच्याउने, खोरण्डो, विकृत भएको ।

खड्गः (ना./पुं.) खाडयतीति *(भेदन गर्छ)* खड भेदने (चुरा.) धातु, खड्+गन्[2] (ग), उणा.= खड्ग ।

शब्दार्थ- धारिलो हतियार, अस्त्र, फलाम, तरवार, खाग ।

खण्डः (ना./पुं./न.) खण्डचते इति *(टुक्रा पारिन्छ)* खडि भेदने (चुरा.) धातु, नुम्, खण्ड्+अच्/घञ् (अ) =खण्ड ।

अथवा खन्यते इति *(विभाजन गरिन्छ)* खनु अवदारणे (भ्वा.) धातु, खन्+ड[3] (अ), उणा.= खण्ड ।

शब्दार्थ- टुक्रा, अंश, भाग, अध्याय, सर्ग, विभाजन, भाग लगाउने काम, तह ।

खण्डकाव्यम् (ना./न.) खण्डञ्च तत् काव्यम् *(छोटो काव्य)* क.त.स.= खण्डकाव्य ।

शब्दार्थ- छोटो पद्यात्मक काव्य, कुनै एक विषयवस्तुमा निर्मित लघुकाव्य, महाकाव्यका केही लक्षण न्यून भएको छोटो काव्य ।

द्रष्टव्य- **खण्डकाव्यं भवेत्काव्यस्यैकदेशानुसारि च- सा.द. ६/३२९**

खण्डग्रासः (ना./पुं.) खण्डश्चासौ ग्रासश्च *(अल्पग्रास)* क.त.स.= खण्डग्रास ।

शब्दार्थ- सूर्य वा चन्द्रमाको थोरै भागमा लागेको ग्रहण, अल्पग्रास, खण्डग्रास ।

खण्डनम् (ना./न.) खण्डचते इति *(खण्डन गरिन्छ)* खडि मन्थने (भ्वा.) वा खडि भेदने (चुरा.) धातु, नुम्, खण्ड्+ल्युट् (अन)= खण्डन ।

शब्दार्थ- टुक्रा पार्ने काम, क्षेदन, अर्काको विचार वा मत खण्डन गर्ने काम, अर्कोले भनेको कुरा काट्ने वा त्यसमा प्रतिवाद गर्ने काम, खण्डन-मण्डन ।

खण्डनीयः (वि.) खण्डितुं योग्यः *(खण्डन गर्न उचित)* खडि भेदने (चुरा.) वा खडि मन्थे (भ्वा.) धातु, नुम्, खण्ड्+अनीय (र्)= खण्डनीय ।

शब्दार्थ- खण्डन गर्न योग्य वा लायक, खण्डन गर्न उपयुक्त ।

खण्डवृष्टिः (ना./स्त्री.) वृष्यते इति *(बर्सिन्छ)* वृषु सेचने (भ्वा.) धातु, वृष्+क्तिन् (ति), ष्टुत्व, वृष्टिः । खण्डश्चासौ वृष्टिश्च *(खण्ड खण्डमा हुने वर्षा)* क.त.स.= खण्डवृष्टि ।

शब्दार्थ- कुनै ठाउँमा मात्र पानी पर्ने क्रिया, आंशिक वर्षा, खण्ड खण्ड गरेर भएको वा हुने वर्षा ।

खण्डितः (वि.) खण्डचते स्म इति *(खण्डन गरिएको)* खडि भेदने (चुरा.) धातु, नुम्, खण्ड्+क्त (त), इडागम =खण्डित ।

अथवा खण्डः सञ्जातः अस्य *(टुक्रा बनेको छ यसको)* खण्ड+इतच् (इत)= खण्डित ।

शब्दार्थ- टुक्रा पारेको, प्रतिवाद गरेको, कसैको मत वा कुरा काटेको, छिन्नभिन्न भएको, टुक्रिएको, खण्डीकृत, टुटेफुटेको, गिँडेको ।

खण्डिता (ना./स्त्री.) खण्डचते स्म असौ *(खण्डित वा दुःखित भएकी यो स्त्री)* खडि भेदने (चुरा.) धातु, नुम्, खण्ड्+क्त (त), संज्ञामा, इडागम, टाप् (आ)= खण्डिता

शब्दार्थ- नायिकाको आठ भेदमध्ये एक, त्यस्ती नारी जसको पति परस्त्रीसँग सहवास गरी आउँछ ।

द्रष्टव्य- **पार्श्वमेति प्रियो यस्याः अन्यसम्भोगचिन्हितः सा खण्डिता- सा.द. ३/७५**

---

[1] अकर्तरि च कारके... : घञ्

[2] छापूखडिभ्यः कित् ... : गन्

[3] नमन्ताड्डः : ड

खण्डयः (वि.) खण्डितुं योग्यः *(टुक्रयाउन योग्य)* खडि भेदने (चुरा.) धातु, खण्ड्+ण्यत् (य)= खण्डय ।

शब्दार्थ-टुक्रा पार्न लायक, टुक्रयाउन योग्य, टुक्रा पार्नुपर्ने ।

खदिरः (ना./पुं.) खदतीति *(स्थिर भएर रहन्छ वा अरू वृक्षको विनाश गर्छ)* खद स्थैर्ये हिंसायां च (भ्वा.) धातु, खद्+किरच्[1] (इर), उणा.= खदिर ।

शब्दार्थ- खयरको वृक्ष, खयरको रूख ।

खनिः/खनी (ना./स्त्री.) खनति खन्यते इति वा *(खन्छ वा खनिन्छ)* खनु अवदारणे (भ्वा.) धातु, खन्+इ[2], उणा., खनि+ङीष् (विकल्पले)= खनी ।

ङीष्को अभावमा= खनि ।

खनिः स्त्रियामाकरः स्यात्- इत्यमरः

शब्दार्थ- खानि, आकर, रत्नादि खनिज पदार्थ निस्कने वा पैदा हुने स्थान वा मूलथलो ।

खनिजः (वि.) खनेर्जायते इति *(खानिबाट उत्पन्न हुन्छ)* खनि उपपदपूर्वक जनी प्रादुर्भावे (दिवा.) धातु, खनि+जन्+ड[3] (अ), टिलोप= खनिज ।

शब्दार्थ- खानीबाट उत्पन्न हुने, खानीबाट निकालिने ।

खनिजपदार्थः (ना./पुं.) खनिजश्चासौ पदार्थश्च *(खानीबाट पैदा हुने वस्तु)* क.त.स.= खनिजपदार्थ ।

शब्दार्थ- खानिबाट उत्पन्न पदार्थ वा वस्तु, खानिमा पाइने वस्तु

खनित्रम् (ना./न.) खनति अनेन *(खन्दछ यसले)* खनु अवदारणे (भ्वा.) धातु, खन्+इत्र= खनित्र ।

शब्दार्थ- माटो निकाल्ने वा खन्ने सामग्री, खन्ती, गल, कोदालो, कोदाली, कुटो आदि ।

खरः (ना./पुं.) प्रशस्तं खं मुखं विवरम् अस्ति अस्य *(ठूलो मुख छ यसको)* ख+र= खर ।

शब्दार्थ- गधा, गर्धभ, राक्षसविशेष ।

खर्वः (वि./ना./न.) खर्वतीति *(सानो बन्छ, बढी सङ्ख्या बुझाउँछ)* खर्व गतौ (भ्वा.) धातु, खर्व्+अच् (पचादि)= खर्व ।

खर्वो ह्रस्वश्च वामनः- इत्यमरः

खर्वं संख्यान्तरे क्लीवं नीचे वामनके त्रिषु- इति मेदिनी

शब्दार्थ- पुड्को, वाउन्ने, विकलाङ्ग, छोटो, वामपुड्के, छोटो स्वभावको, छुद्र, खानिविशेष, कुवेरका नौ निधिमध्ये एक, सङ्ख्याविशेष, सय अर्वको सङ्ख्या ।

खलम् (ना./न./वि.) खलतीति *(जम्मा गर्छ)* खल सञ्चये (भ्वा.) धातु, खल्+अच् (पचादि)= खल । अथवा खं छिद्रं शून्यं वा लातीति *(शून्यता ल्याउँछ)* ख उपपदपूर्वक ला आदाने (अदा.) धातु, ख+ला+क[4] (अ), आलोप= खल ।

खलं भूस्थानकल्केषु नीचक्रूराधमे त्रिषु- इति मेदिनी

पिशुनो दुर्जनः खलः- इत्यमरः

शब्दार्थ- खलो, धान झार्ने ठाउँ, मसला पिंध्ने ढुङ्गो, सूर्य, सिउर, दुर्जन, मूर्ख, दुष्ट, नीच, अधम, क्रूर ।

खलसज्जनः (ना./पुं.) खलश्च सज्जनश्च *(मूर्ख र सज्जन)* द्व.स.= खलसज्जन ।

शब्दार्थ- मूर्ख र सज्जन, दुष्ट र असल मानिस ।

खलनायकः (ना./पुं.) खलश्चासौ नायकश्च *(दुष्टनायक)* क.त.स.= खलनायक ।

शब्दार्थ- प्रतिनायक, दुष्टनायक, नायकको विरोधमा खडा हुने पात्र ।

खादकः (वि.) खादतीति *(खान्छ)* खादृ भक्षणे (भ्वा.) धातु, खाद्+वुञ्[5] (अक), उणा.= खादक ।

शब्दार्थ- भक्षक, भोजन गर्ने, खानेकुरा खाने, भोक्ता ।

खादनम् (ना./न.) खादनम्, खाद्यते इति वा *(खाइन्छ)* खादृ भक्षणे (भ्वा.) धातु, खाद्+ल्युट् (अन)= खादन ।

शब्दार्थ- भक्षण, खाने क्रिया, खाने काम ।

खानपानम् (ना./न.) खायति, खायते इति वा *(खान्छ, खाइन्छ)* खै खदने (भ्वा.) धातु, खा+ल्युट् (अन), खानम् । पिबतीति *(पिउँछ)* पा पाने (भ्वा.) धातु, पा+ल्युट् (अन), पानम् ।

खानञ्च पानञ्च तयोः समाहारः *(खाने र पिउने काम)* द्व.स.= खानपान ।

शब्दार्थ- खाने र पिउने काम, अन्नपानी, खानेपिउने चीजबीज, भेदन गर्ने क्रिया ।

खाद्यः (वि./ना./पुं.) खाद्यते, खादितुं योग्यः वा *(खान योग्य)* खादृ भक्षणे (भ्वा.) धातु, खाद्+ण्यत् (य)=खाद्य ।

शब्दार्थ- खानयोग्य, खानलायक, भक्षणीय, भोज्यपदार्थ ।

खाद्यपदार्थः (ना./पुं.) खाद्यश्चासौ पादार्थश्च *(खाने पदार्थ)* क.त.स.= खाद्यपदार्थ ।

शब्दार्थ- खानेकुरा, खाइने चीजबीज, भोज्यसामग्री ।

खाद्यान्नम् (ना./न.) खाद्यञ्च तदन्नम् *(खाने अन्न)* क.त.स., दीर्घ= खाद्यान्न ।

शब्दार्थ- खाने वा खाइने अन्न, अनाज ।

खाद्यसङ्कटम् (ना./न.) खाद्यस्य सङ्कटम् *(खाद्यान्नको सङ्कट)* ष.त.स.= खाद्यसङ्कट ।

शब्दार्थ- खाद्यान्नको कठिनाइ, खाद्यपदार्थको अभाव, भोज्यसामग्रीको कठिनाइ ।

खाद्यसञ्चयः (ना./पुं.) खाद्यस्य सञ्चयः *(खाद्यान्नको सञ्चय)* ष.त.स.= खाद्यसञ्चय ।

शब्दार्थ- खाद्यान्न जम्मा गर्ने काम, खाद्यान्न सञ्चय गरेर राख्ने काम

खानिः/खानी (ना./स्त्री.) खन्यते इति *(खनिन्छ)* खनु अवदारणे (भ्वा.) धातु, खन्+इ, खनिः । खनिरेव *(खानि नै)* पृषोदरादिबाट खको वृद्धि, खानिः । खानि+ङीष् (ई), विकल्पले= खानी ।

ङीष्को अभावमा= खानि ।

शब्दार्थ- जमिनमुनि खानि भएको ठाउँ, खनिज पदार्थ निकाल्ने ठाउँ, आकर ।

---

[1] अजिरशिशिरशिथिल...: किरच्

[2] खनिकष्यज्यसि... : इ (प्रत्यय)

[3] पञ्चम्यामजातौ : ड

[4] आतोऽनुपसर्गे... : क

[5] निन्दहिंसक्लिशखाद... : वुञ्

खिन्नः (वि.) खिद्यते स्म इति *(खिन्न भएको)* खिद दैन्ये (दिवा.) धातु, खिद्+क्त (त), कर्तामा, निष्ठा तको न, परसवर्ण= खिन्न ।

शब्दार्थ- चिन्ताग्रस्त, सन्तप्त, उदास, पीडित, पछितोले सताएको, खिन्न भएको, खेदयुक्त ।

खिन्नता (ना./स्त्री.) खिन्नस्य भावः *(खिन्न हुनाको भाव वा अवस्था)* खिन्न+तल् (त)+टाप् (आ)= खिन्नता ।

शब्दार्थ- चिन्ता, ग्लानि, खिन्न हुनाको अवस्था ।

खुरः (ना./पुं.) खुरतीति *(विभक्त हुन्छ)* खुर क्षेदने (तुदा.) धातु, खुर्+क[1] (अ)= खुरः ।

शब्दार्थ- पशु चौपायाको खुर, दुई दल हुने बीज ।

खेचरः (ना./पुं./वि.) खे चरतीति *(आकाशमा विचरण गर्छ)* खे उपपदमा हुने चर गतिभक्षणयोः (भ्वा.) धातु, खे+चर्+ट (अ), सप्तम्यन्त खेको अलुक्[2] =खेचर ।

शब्दार्थ- आकाशमा घुम्ने पक्षी, सूर्य, बादल, वायु, ग्रह, राक्षस, विद्याधर, तारागण, गगनविहारी, आकाशमा विचरण गर्ने ।

उदा. **जाँची जाँची खेचरको उच्च उडान,**
भाँची भाँची बादलको गर्व गुमान- आ.रा. १२/२०

खेचरी (ना./स्त्री.) खेचरस्य स्त्री *(खेचरकी स्त्री)* खेचर+ङीष् (ई), दीर्घ,= खेचरी । अथवा खे चरति असौ *(आकाशमा विचरण गर्छे यो)* चर गतिभक्षणयोः (भ्वा.) धातु, खे+चर्+ट (अ), सप्तमीको अलुक्, खेचरः । खेचर+ङीप् (ई)= खेचरी ।

शब्दार्थ- आकाशमा घुम्ने पोथी चरो, राक्षसी ।

खेदः (ना./पुं.) खिद्यते इति *(खिन्न हुनु)* खिद दैन्ये (दिवा.) धातु, खिद्+घञ् (अ), गुण= खेद ।

शब्दार्थ- शोक, खिन्नता, पश्चात्ताप, पीडा, कष्ट ।

खेलनम् (ना./न.) खेलनम्, खिल्यते इति *(खेल्नु वा क्रीडा गर्नु)* खेलृ चलने (भ्वा.) धातु, खेल्+ल्युट् (अन)= खेलनम् ।

शब्दार्थ- खेल्ने काम, क्रीडा, क्रीडन ।

ख्यातः (वि.) ख्यायते स्म इति *(प्रसिद्धि पाएको)* ख्या प्रकथने वा चक्षिङ् व्यक्तायां वाचि (ख्याञादेश) (अदा.) धातु, ख्या+क्त (त)= ख्यात ।

शब्दार्थ- विख्यात, प्रसिद्ध, ख्याति प्राप्त गरेको, प्रख्यात ।

ख्यातिः (ना./स्त्री.) ख्यायते इति *(प्रसिद्धि फैलिनु)* ख्या प्रकथने वा चक्षिङ् व्यक्तायां वाचि (ख्याञादेश) (अदा.) धातु, ख्या+क्तिन् (ति)= ख्याति ।

शब्दार्थ- प्रसिद्धि, विश्रुति, कीर्ति, नाउँ चल्ने काम, प्रशंसा गर्ने काम ।

ग

गः (ना./पुं./वि.) गच्छति सर्वं व्याप्नोतीति *(सबै ढाक्तछ)* गम्लृ गतौ (भ्वा.) धातु, गम्+ड (अ), टिलोप= ग । अथवा गायतीति *(गाउँछ)* गै शब्दे (भ्वा.) धातु, आत्व, गा+क (अ) (उपसर्गको कल्पनामा), आलोप= ग ।

परिचय- कण्ठस्थानीय स्पर्शसंज्ञक सघोष अल्पप्राण-ध्वनि, संस्कृत देवनागरी वर्णमालाको तेस्रो व्यञ्जन वर्ण, कवर्गको तेस्रो वर्ण ।

गो गणेशः समुद्दिष्टो गन्धर्वो गः प्रकीर्तितः- एकाक्षरकोशः
गो गणेशे च नाके च वियत्यपि पुमानयम् ।
गन्धर्वे चापि गः ख्यातो गायके चाभिधेयवत्- इति मेदिनी

शब्दार्थ- गणेश, गन्धर्व, गुरुवर्ण, स्वर्ग, आकाश, सुमेरु पर्वत, गायत्री, गीत, गायक, गाउने ।

गकारः (ना./पुं.) 'ग' यस्तो वर्ण निर्देशनमा 'ग' प्रातिपदिकबाट, ग+कार= गकार ।

शब्दार्थ- गध्वनि, गअक्षर ।

गगनम् (ना./न.) गच्छन्ति अस्मिन् देवादयः *(देवादि घुम्छन् यहाँ)* गम्लृ गतौ (भ्वा.) धातु, गम्+युच्[3] (अन), उणा., 'ग' अन्तादेश= गगन ।

शब्दार्थ- आकाश, अन्तरीक्ष, नभोमण्डल, शून्य ।

गगनगतिः (वि.) गगने गतिर्यस्य *(आकाशमा गति छ यसको)* ब.स.= गगनगति ।

शब्दार्थ- आकाशमा गति भएको, आकाशमा विचरण गर्ने, व्योमविहारी, गगनचारी ।

गगनचारी (वि./ना./पुं.) गगने चरितुं शीलमस्येति *(आकाशमा विचरण गर्ने शील छ यसको)* गगन उपपदपूर्वक चर गतिभक्षणयोः (भ्वा.) धातु, गगन+चर्+णिनि[4] (इन्), वृद्धि, गगनचारिन्=गगनचारी ।

शब्दार्थ- आकाशमा हिँड्ने वा भ्रमण गर्ने, आकाशगामी-ग्रह, नक्षत्र, राक्षस, देवता, पन्छी ।

गगनचुम्बी (वि.) गगनं चुम्बितुं शीलमस्येति *(आकाश छुनसक्ने शील वा सामर्थ्य छ यसको)* गगन उपपदपूर्वक चुबि वक्रसंयोगे (भ्वा.) धातु, नुम्, गगन+चुम्ब्+णिनि[4] (इन्), गगनचुम्बिन्=गगनचुम्बी ।

शब्दार्थ- आकाश छुन खोज्ने, ज्यादै अग्लो, अतिउच्च ।

गगनभेदी (वि.) गगनं भेत्तुं शीलमस्येति *(आकाश भेदन गर्ने शील वा क्षमता छ यसको)* गगन उपपदपूर्वक भिदिर् विदारणे (रुधा.) धातु, गगन+भिद्+णिनि[4] (इन्), गुण, गगनभेदिन्= गगनभेदी ।

शब्दार्थ- आकाश भेदन गर्ने, अन्तरीक्षभेदी, ज्यादै ठूलो आवाज आउने, आकाश गुञ्जने ।

---

[1] इगुपधज्ञा... : क

[3] गमेर्गश्च : युच्, ग अन्तादेश

[2] तत्पुरुषे कृति बहुलम् : सप्तमीको अलुक्

[4] सुप्यजातौ... : णिनि

गगनविहारी (वि.) गगने विहर्तुं शीलमस्येति *(आकाशमा विचरण गर्ने शील वा क्षमता छ यसको)* गगन उपपदमा हुने वि उपपदपूर्वक हृञ् हरणे (भ्वा.) धातु, गगन+वि+हृ+णिनि[१] (इन्), हृको वृद्धि, गगनविहारिन् =गगनविहारी ।

शब्दार्थ- गगनचारी, आकाशमा घुम्ने वा विहार गर्ने ।

गगनस्पर्शी (वि.) गगनं स्पर्शितुं शीलमस्येति *(आकाश छुन सक्ने शील या क्षमता छ यसको)* गगन उपपदमा हुने स्पृश संस्पर्शने (तुदा.) धातु, गगन+स्पृश्+णिनि[१] (इन्), गुण, गगनस्पर्शिन् =गगनस्पर्शी ।

शब्दार्थ- आकाशमा स्पर्श गर्न खोज्ने, अतिउच्च, ज्यादै अग्लो, गगनचुम्वी ।

गङ्गा (ना./स्त्री.) गच्छति असौ *(बहन्छ यो),* गमयति प्रापयति मोक्षादिकमनया *(मोक्ष गराउँछ यसले)* गम्लृ गतौ (भ्वा.) धातु, गम्+गन्[२] (ग), उणा., टाप् (आ), परसवर्ण= गङ्गा ।

शब्दार्थ- भागिरथी, गङ्गानदी, जाह्नवी, मन्दाकिनी, इडानाडी ।

गङ्गाजलम् (ना./न.) गङ्गायाः जलम् *(गङ्गाको जल)* ष.त.स.= गङ्गाजल ।

शब्दार्थ- गङ्गाको पानी, भागिरथीको जल ।

गङ्गातटम् (ना./न.) गङ्गायाः तटम् *(गङ्गाको किनार)* ष.त.स.= गङ्गातट ।

शब्दार्थ- गङ्गाकिनार, गङ्गाको तट, भागिरथीको तट वा किनार ।

गङ्गापुत्रः (ना./पुं.) गङ्गायाः पुत्रः *(गङ्गाजीका पुत्र)* ष.त.स. =गङ्गापुत्र ।

शब्दार्थ- गाङ्गेय, पितामह भीष्म ।

गङ्गासागरः (ना./पुं.) गङ्गामिलितश्चासौ सागरश्च *(गङ्गा सम्मिलित समुद्र)* क.त.स., उ.प.लोप= गङ्गासागर ।

शब्दार्थ- समुद्र र भागिरथी गङ्गा मिलेको पुण्य तीर्थस्थल, समुद्रमा गङ्गा मिलेको ठाउँ, गङ्गा र समुद्रको सङ्गमस्थल, अतिप्रसिद्ध तीर्थस्थल ।

गजः (ना./पुं.) गजः मदमत्तः भवति *(गर्जन्छ या मदमत्त हुन्छ)* गज शब्दार्थे मदने च (भ्वा.) धातु, गज्+अच् (पचादि)= गज ।

शब्दार्थ- हात्ती, हस्ती, ज्योतिषमा आठको सङ्ख्या, दुई हात वा छत्तीस इञ्चको लम्वाइ नाप्ने नापो, गजदण्ड, गजनामको असुर, जसको मृत्यु शिववाट भएको थियो ।

गजता (ना./स्त्री.) गजानां समूहः *(हात्तीहरूको समूह)* गज+तल्[३] (त)+टाप् (आ)= गजता ।

शब्दार्थ- हात्तीको समूह वा समुदाय, हस्तिवृन्द ।

गजदन्तः (ना./पुं.) गजस्य दन्तौ इव दन्तौ यस्य *(हात्तीको दाँतझैं दाँत छ जसको)* ब.स.= गजदन्त । अथवा गजस्य दन्तः *(हात्तीको दाँत)* ष.त.स. =गजदन्त ।

शब्दार्थ- श्रीगणेश, लम्वोदर, हात्तीको दाँत, हस्तिदन्त ।

गजराजः (ना./पुं.) गजानां राजा *(हात्तीहरूको राजा)* ष.त.स., गजराजन्, समासान्त टच्[४]= गजराज ।

शब्दार्थ- हात्तीको राजा, गजेन्द्र, गजराज ।

गजाधिपतिः (ना./पुं.) गजानाम् अधिपतिः *(हात्तीहरूको मालिक)* ष.त.स., दीर्घ= गजाधिपति ।

शब्दार्थ- हात्तीको राजा, हात्तीहरूको स्वामी, गजाधिप ।

गजाननः (ना./पुं.) गजस्य आननम्/गजस्य आननमिव आननं यस्य सः *(हात्तीको मुख/हात्तीको मुखझैं मुख छ जसको)* गज+आनन, ब.स., दीर्घ= गजानन ।

शब्दार्थ- श्रीगणेश, हात्तीको जस्तो मुख भएका एकदन्ते गणपति, गजवदन, लम्वोदर, हात्तीको मुख ।

गजेन्द्रः (ना./पुं.) गजानाम् इन्द्रः *(हात्तीहरूका स्वामी)* गज+इन्द्र, ष.त.स., गुण= गजेन्द्र ।

शब्दार्थ- गजाधिप, गजाधिपति, इन्द्रको वाहन, ऐरावत हात्ती, मत्तहात्ती, उत्तम वा श्रेष्ठ हात्ती ।

गणः (ना./पुं.) गणयति, गण्यते इति वा *(गन्छ वा गनिन्छ)* गण सङ्ख्याने (चुरा.) धातु, गण+अच् (पचादि)/घञ्[५] (अ), संज्ञापूर्वकको वृद्धिनिषेध= गण ।

गणः प्रमथः सङ्ख्यौघे चण्डीसैन्यप्रभेदयोः- इति मेदिनी

शब्दार्थ- समूह, टोली, श्रेणी, सङ्ख्या, गणपति, गणेश, शिवका प्रमथादिगण, शिवका अनुचर, रुद्रगण, देवीका गणहरू, छन्दशास्त्रमा तगण मगण आदि आठ गण, ज्योतिषशास्त्र-अनुसार देव, मनुष्य र राक्षस- यी तीन गण, सेनाको गण ।

गणकः (वि.) गणयतीति *(गन्दछ)* गण सङ्ख्याने (चुरा.) धातु, गण+ण्वुल्[६] (अक)= गणक ।

शब्दार्थ- ज्योतिषी, दैवज्ञ, गणना गर्ने, गन्ने ।

गणतन्त्रम् (ना./न.) गणानां तन्त्रम् *(जनसमुदायको शासन प्रणाली)* ष.त.स.= गणतन्त्र ।

शब्दार्थ- लोकतन्त्र, जनतन्त्र, प्रजातन्त्र, जनताको शासनतन्त्र ।

गणदेवता (ना./स्त्री.) गणः समूहः गणरूपा चासौ देवता च *(समूहरूप देवता, समूहमा रहने देवता)* क.त.स., उ.प.लोप= गणदेवता ।

शब्दार्थ-आदित्य, विश्व, वसु आदि समूहमा रहने गणदेवता ।

गणना (ना./स्त्री.) गण्यते इति *(गणना गरिन्छ)* गण सङ्ख्याने (चुरा.) धातु, गण+णिचि+युच्[७] (अन)+टाप् (आ)= गणना ।

शब्दार्थ- गन्ने काम, गनाइ, गिन्ती गर्ने कार्य, हरहिसाव ।

---

१. सुप्यजातौ.... : णिनि
२. गन् गम्यद्योः : गन्
३. गजसहायाभ्याम्... (वा.) : तल्
४. राजाहः सखिभ्य... : टच्
५. अकर्तरि च कारके... : घञ्
६. ण्वुल्तृचौ : ण्वुल्
७. ण्यासश्रन्थो... : युच्

गणनाथः/गणनायकः (ना./पुं.) गणानां नाथः/नायकः वा *(गणका स्वामी वा नेता)* ष.त.स.=गणनाथ/गणनायक ।

शब्दार्थ- गणका पति, गणेश, गणपति, गणका नायक वा नेता, गण वा समूह वा समुदायका स्वामी ।

गणनीयः (वि.) गणयितुं योग्यः *(गणना गर्न योग्य)* गण संख्याने (चुरा.) धातु, गण+अनीय (र्)= गणनीय ।

शब्दार्थ- गणना गर्न योग्य वा लायक, गन्न सकिने, गन्नुपर्ने ।

गणपतिः (ना./पुं.) गणानां पतिः *(गणका पति)* ष.त.स =गणपति ।

शब्दार्थ- गणका स्वामी, गणेश, गजानन, गण वा समूहको प्रमुख व्यक्ति ।

गणपूरकः (वि.) गणानां पूरकः *(निश्चित सङ्ख्याको पूरक)* ष.त.स.= गणपूरक ।

शब्दार्थ- सभा, वैठक आदिमा निर्धारित सङ्ख्या वा तोकिएको सङ्ख्या पूरा गर्ने ।

गणाधिपः (ना./पुं.) गणानामधिपः *(गणका स्वामी)* ष.त.स.= गणाधिप ।

शब्दार्थ- गणका स्वामी, गणका अधिपति, गणेश ।

गणिका (ना./स्त्री.) गणयति असौ *(समयको प्रतीक्षा वा गणना गर्छ यो)* गण सङ्ख्याने (चुरा.) धातु, गण+ण्वुल्[1] (अक), गणक+टाप् (आ), ककारपूर्वका अकारको इत्व= गणिका ।

अथवा गणः कामुकगणः अस्ति अस्याः *(कामुक गण छन् यसका)* गण+ठन् (इक)+टाप् (आ)= गणिका ।

शब्दार्थ- वेश्या, नृत्यगीतादिमा रम्ने वा रमाउने स्त्री, वारस्त्री, यौनशुल्क लिने स्त्री, मोल लिएर यौन वेच्ने स्त्री, व्यभिचारिणी स्त्री ।

उदा. **दुराचारी व्याधा, अधम गणिका, भिल्ल शबरी ।**

गणितः (ना./न./वि.) गण्यते इति *(गणना गरिन्छ)*, गण्यते स्म इति *(गणना गरिएको)* गण संख्याने (चुरा.) धातु, गण+क्त[2] (त), संज्ञामा र कर्ममा, इडागम= गणित ।

शब्दार्थ- हिसावको ज्ञान गराउने शास्त्र, गणितशास्त्र, अङ्कविद्या, गणना गर्ने काम, गणना गरिएको, हिसाव गरिएको, गिन्ती गरिएको ।

गणितज्ञः (वि.) गणितं जानातीति *(गणित विद्या जान्दछ)* गणित उपपदपूर्वक ज्ञा अवबोधने (क्र्या.) धातु, गणित+ज्ञा+क[3] (अ), आकारलोप= गणितज्ञ ।

शब्दार्थ- गणित जान्ने, हिसाव गर्ने, गणितशास्त्रको ज्ञाता, गणितशास्त्रको विशेषज्ञ, ज्योतिषी ।

गणितीयः (वि.) गणितस्य अयम् *(गणितसम्बन्धी यो)*, गणिते भवः *(गणितमा हुने)* गणित+छ[4] (ईय) =गणितीय ।

शब्दार्थ- गणितसम्वन्धी, गणितशास्त्रसित सम्वन्धित, गणितशास्त्रमा हुने वा भएको ।

गणेशः (ना./पुं.) गणानां प्रमथानामीशः *(प्रमथादि गणका स्वामी)* गण+ईश, ष.त.स., गुण= गणेश ।

शब्दार्थ- प्रमथादि गणका स्वामी, गणपति, गजानन, विनायक ।

गण्डः (ना./पुं.) गण्डति अनेन *(गाला वा गण्डस्थल जनाउँछ यसले)* गडि वदनैकदेशे (भ्वा.) धातु, नुम्, गण्ड्+अच् (पचादि)= गण्ड ।

शब्दार्थ- गण्डस्थल, गाला, मुखको दायाँ बायाँको भाग, कपोलप्रदेश, क्षेत्र वा गाउँ ।

गण्डकः (ना./पुं.) गण्डति संहितः भवतीति *(एकीकृत हुन्छ)* गडि वदनैकदेशे (भ्वा.) धातु, नुम्, गण्ड्+ण्वुल्[1] (अक)= गण्डक ।

अथवा गण्ड एव *(गण्डकप्रदेश नै)* गण्ड+कन् (क), स्वार्थमा= गण्डक ।

शब्दार्थ- गैंडा, गाँठो, गण्डकप्रदेश, गण्डकक्षेत्र ।

गण्डकी (ना./स्त्री.) गण्डति मिलितः भवतीति *(मिलित हुन्छ)* गडि वदनैकदेशे (भ्वा.) धातु, नुम्, गण्ड्+ण्वुल्[1] (अक), गण्डकः । गण्डक+ङीप् (ई)= गण्डकी ।

शब्दार्थ- सातनदी मिलेर बनेको सप्तगण्डकी, गण्डक नदी, कृष्णगण्डकी, नारायणी-नदी ।

गण्डस्थलम् (ना./न.) गण्डयोः स्थलम् *(गण्डस्थल)* ष.त.स.= गण्डस्थल ।

शब्दार्थ- कपोल, गालो, गण्डस्थल ।

गण्यः (वि.) गणं लब्धा इति *(गण प्राप्त गरेको)* वा गणे भवः *(गणमा हुने)* गण+यत्[5] (य), अकारलोप= गण्य ।

अथवा गणितुं योग्यः *(गणना गर्न योग्य)* गण संख्याने अदन्त (चुरा.) धातु, गण+यत्[6] (य), धातुका अकारको लोप= गण्य ।

शब्दार्थ- गण्यमान्य, सम्मान्य, प्रतिष्ठित, उल्लेखनीय, गन्नलायक, गणना गर्न योग्य, गणसम्वन्धी ।

गतः (वि.) गतवान्, गच्छति स्म इति वा *(गएको)* गम्लृ गतौ (भ्वा.) धातु, गम्+क्त (त), कर्तामा, अनुनासिक मकारको लोप= गत ।

शब्दार्थ- गएको, बितेको, समाप्त भएको, हिँडेको, पहिले बितेको ।

गताङ्कः (ना./पुं.) गतश्चासौ अङ्कश्च *(गएको अङ्क)* क.त.स., दीर्घ= गताङ्क ।

शब्दार्थ- बितेको अङ्क, प्रकाशित अङ्कभन्दा पहिलेको अङ्क ।

गतिः (ना./स्त्री.) गम्यते इति *(गइन्छ)* गम्लृ गतौ (भ्वा.) धातु, गम्+क्तिन् (ति), अनुनासिक मलोप= गति ।

शब्दार्थ- हिँडाइ, गमनकर्म, वेग, चाल, मार्ग, मात्रा, मोक्ष वा मुक्ति, सद्गति, उत्तम गति, राम्रो अवस्था ।

---

१. ण्वुल्तृचौ : ण्वुल्
२. क्तिच् क्तौ च संज्ञायाम्/निष्ठा : क्त
३. आतश्चोपसर्गे... : क
४. गहादिभ्यश्च : छ
५. धनगणं लब्धा/दिगादिभ्यो यत् : यत्
६. अचो यत् : यत्

गतिमान् (वि.) गतिरस्यास्तीति *(गति छ यसको)* गति+मतुप् (मत्), गतिमत्= गतिमान् ।

शब्दार्थ- गतिशील, चलायमान, गति भएको, वेगवान् ।

गतिविधिः (ना./स्त्री.) गतेर्विधिः *(भइरहेका अवस्थाको स्थिति)* ष.त.स.= गतिविधि ।

शब्दार्थ- कुनै कुराको यथार्थस्थिति, वस्तुस्थिति, विभिन्न क्रियाकलापहरूको यथार्थ जानकारी ।

गतिशीलः (वि.) गतिरेव शीलमस्य *(प्रगति नै शील छ यसको)* ब.स.= गतिशील ।

शब्दार्थ-चलायमान, प्रगतिशील, उन्नतिशील, परिवर्तनशील ।

गतिहीनः (वि.) गत्या हीनः *(गतिरहित)* तृ.त.स. =गतिहीन ।

शब्दार्थ- गति नभएको, प्रगतिरहित, प्रगति रोकिएको, हलचल नभएको ।

गदः (ना./पुं.) गदतीति *(गर्जन्छ)* गद व्यक्तायां वाचि (भ्वा.) धातु, गद्+अच् (पचादि)= गद ।

गदः कृष्णानुजे रोगे गदा प्रहरणान्तरे- इति हैमः

शब्दार्थ- गर्जन, भनाइ, रोग, व्याधि, कृष्णका भाइ, प्रहार गर्ने अस्त्र ।

गदा (ना./स्त्री.) गदयति प्रहरति अनया *(यसले प्रहार गर्छ)* गद व्यक्तायां वाचि (भ्वा.) धातु, गद्+णिचि +अप्/अच्+टाप् (आ), णिलोप= गदा ।

शब्दार्थ- प्रहार गर्ने हतियार, विष्णुको हातमा रहने हतियार, भीमसेन तथा दुर्योधनले प्रहार गर्ने अस्त्र ।

गदाधरः/गदाधारी (वि.) गदां धरतीति *(गदा धारण गर्छ)* गदा उपपदपूर्वक धृञ् धारणे (भ्वा.) धातु, गदा+धृ+अच् (पचादि), गुण= गदाधर ।

गदा+धृ+णिनि[1] (इन्), वृद्धि, गदाधारिन्= गदाधारी ।

शब्दार्थ- गदा धारण गर्ने, गदा हातमा लिने, गदाधारी (विष्णु वा बलराम वा भीमसेन वा दुर्योधन) ।

गदी (वि.) गदा अस्यास्तीति *(गदा छ यसको)* गदा+इनि[2] (इन्)= गदी ।

शब्दार्थ- गदा हातमा लिने, गदा धारण गर्ने ।

गद्यम् (ना./न./वि.) गदितुं योग्यम्, गद्यते इति वा *(भन्नलायक वा भनिन्छ)* गद व्यक्तायां वाचि (भ्वा.) धातु, गद्+यत्[3] (य)= गद्य ।

शब्दार्थ- छन्द या लयमा नबाँधिएको साहित्यिक रचना, कथा, उपन्यास, निवन्ध आदि गद्यरचना, छन्दमा नबाँधिएको गद्यकविता, भन्नलायक, भन्नयोग्य ।

गद्यकविता (ना./स्त्री.) गद्या चासौ कविता च *(गद्य शैलीमा रचना गरिएको कविता)* क.त.स. = गद्यकविता

शब्दार्थ- छन्द र लय नभएको कविता, छन्दरहित कविता, छन्दको वन्धनबाट मुक्त कविता ।

गद्यकाव्यम् (ना./न.) गद्यञ्च तत् काव्यम् *(गद्य काव्य)* क.त.स.= गद्यकाव्य ।

शब्दार्थ- छन्दरहित वा अन्य कवितात्मक विशेषता भएको काव्य, छन्दको वन्धनबाट मुक्त भएको काव्य ।

गन्तव्यम् (ना./न./वि.) गन्तुं योग्यम्, गम्यते इति वा *(जान लायक वा गइन्छ)* गम्लृ गतौ (भ्वा.) धातु, गम्+तव्यत् (तव्य), परसवर्ण= गन्तव्य ।

शब्दार्थ- गइने स्थान, अवलम्वन गरिने मार्ग वा बाटो, जाने बाटो, जान लायक वा योग्य ।

गन्तुकामः (वि.) गन्तुं कामः कामना यस्य *(जाने चाहना छ यसको)* ब.स., तुम्का मको लोप[4]= गन्तुकाम ।

शब्दार्थ- जान चाहने, जान इच्छा वा अभिलाषा गर्ने ।

गन्धः (ना./पुं.) गन्धयते, गन्ध्यते इति वा *(गन्ध आउँछ वा फैलिन्छ)* गन्ध अर्दने (चुरा.) धातु, गन्ध्+अच् (पचादि)/घञ् (अ)= गन्ध ।

शब्दार्थ- वासना, महक, पृथ्वीको गुण, नाकले थाह पाउने सुगन्ध वा दुर्गन्ध, सुवास ।

गन्धकः (वि./ना./पुं.) अतिशयः गन्धः अस्यास्तीति *(ज्यादै गन्ध छ यसको)* गन्ध+अच् (अर्शादि), गन्धः । गन्ध एव *(गन्ध नै)* गन्ध+कन् (क), स्वार्थमा=गन्धक । अथवा गन्धयते इति *(गन्ध आउँछ)* गन्ध अर्दने (चुरा.) धातु, गन्ध+ण्वुल् (अक)= गन्धक ।

शब्दार्थ- गन्ध आउने, गन्ध भएको, गन्धयुक्त, वारुदको गन्ध आउने औषधीविशेष ।

गन्धवान् (वि.) गन्धः अस्यास्तीति *(वासना छ यसको)* गन्ध+मतुप्[5] (मत), मको व, गन्धवत्= गन्धवान् ।

शब्दार्थ- गन्ध आउने, गन्ध भएको, गन्धयुक्त ।

गन्धर्वः (ना./पुं.) गन्धं गीतवाद्यादिप्रमोदम् अर्वति प्राप्नोतीति *(गीतवाद्यादि आनन्द प्राप्त गर्छ)* गन्ध उपपदपूर्वक अर्व गतौ वा अर्व हिंसायाम् (भ्वा.) धातु, गन्ध+अर्व्+अण्[6] (अ), गन्ध अर्वमा पररूप[7]= गन्धर्व ।

शब्दार्थ- देवयोनिविशेष, स्वर्गका गायक, वास्ना आउने कस्तूरी नाभिमा हुने मृगविशेष, गाउने पेसा भएको गाइने जाति, घोडा ।

गन्धर्वपतिः (ना./पुं.) गन्धर्वाणां पतिः *(गन्धर्वहरूका पति)* ष.त.स.= गन्धर्वपति ।

शब्दार्थ- गन्धर्वहरूका स्वामी, गन्धर्वको मालिक वा अधिपति,

गन्धर्वविवाहः (ना./पुं.) गन्धर्वेण विधिना विवाहः *(गन्धर्वविधिले गरिने विवाह)* तृ.त.स.= गन्धर्वविवाह ।

शब्दार्थ- युवायुवतीले आफ्नै राजीखुसीले गरिने विवाह, प्रेमविवाह, आठ प्रकारका विवाहमध्ये एक ।

---

[1] सुप्यजातौ... : णिनि

[2] अत इनिठनौ : इनि

[3] गदमदचरयम... : यत्

[4] तुम् काममनसोरपि : यस वचनबाट मलोप

[5] रसादिभ्यश्च : मतुप्

[6] कर्मण्यण् : अण्

[7] शकन्ध्वादिषु... (वा.) : पररूप

गभस्तिः (ना./पुं.) गच्छति प्राप्नोति हव्यादिकम् *(हवन आदि पुऱ्याउँछ)* गम्लृ गतौ (भ्वा.) धातु, गम्+ड (अ), टिलोप, गः (अग्नि)।

अथवा गम्यते ज्ञायते इति *(जानिन्छ)* गम्+ड (अ), टिलोप, गः (विषय)। तं बभस्ति दीपयतीति *(त्यसलाई प्रकाशित गर्छ)* भस भर्त्सनदीप्त्योः (जुहो.) धातु, ग+भस्+क्तिच्[1] (ति)= गभस्ति।

शब्दार्थ-किरण, रश्मि, द्युति, दीप्ति, हवन क्रिया, स्वाहा।

गभस्तिमान् (वि.) गभस्तयः रश्मयः सन्ति अस्मिन् *(रश्मि या किरणहरू छन् यहाँ)* गभस्ति+मतुप् (मत्), गभस्तिमत्= गमस्तिमान्।

शब्दार्थ- किरण तथा रश्मि हुने (सूर्य)।

गभीरः/गम्भीरः (वि.) गच्छति जलमत्र *(पानी यहाँ बहन्छ)* गम्लृ गतौ (भ्वा.) धातु, गम्+ईरन्[2] (ईर) उणा., मकारको 'भ' आदेश= गभीर।

एकपक्षमा नुमागम= गम्भीर।

निम्नं गभीरं गम्भीरम्- इत्यमरः

शब्दार्थ- गहिरो, गहकिलो, खँदिलो, गम्भीर स्वभावको, अगाध।

गमः (ना./पुं.) गम्यते इति *(गइन्छ)* गम्लृ गतौ (भ्वा.) धातु, गम्+अप्[3] (अ)= गम।

शब्दार्थ- गमन, प्रस्थान, यात्रा, वाटो, गति।

गमनम् (ना./न.) गम्यते, गमनमिति वा *(गइन्छ वा प्रस्थान गरिन्छ)* गम्लृ गतौ (भ्वा.) धातु, गम्+ल्युट् (अन)= गमन।

शब्दार्थ- हिंड्ने काम, मार्ग, गति, हिंडाइ, यात्रा, प्रस्थान, प्रयाण, स्त्रीसँगको सहवास, आक्रमण।

गमनीयः (वि.) गन्तुं योग्यः *(जान योग्य)* गम्लृ गतौ (भ्वा.) धातु, गम्+अनीय (र्)= गमनीय।

शब्दार्थ- जान योग्य, जान लायक, गमन गर्न उचित वा उपयुक्त।

गमी (वि.) गमिष्यतीति *(जानेछ)* गम्लृ गतौ (भ्वा.) धातु, गम्+इनि[4] (इन्), भविष्यत्कालमा, गमिन्= गमी।

शब्दार्थ- पछि जानेवाला, भविष्यमा जाने।

गम्यः (वि.) गन्तुं योग्यः *(जान योग्य वा लायक)* गम्लृ गतौ (भ्वा.) धातु, गम्+यत् (य)= गम्य।

शब्दार्थ- जान लायक वा योग्य, गमन गर्न उचित, बुझ्न लायक, गन्तव्य।

गरः (ना./पुं.) गीर्यते शङ्करेण, गिरति प्राणिनम् इति वा *(शिवजीद्वारा निलिन्छ वा प्राणीलाई यसले निल्छ)* गॄ निगरणे (तुदा.) धातु, गॄ+अप्[5] (अ), गुण= गर।

शब्दार्थ- विष, जहर, विख, सर्पको विष, हलाहल विष।

गरलम् (ना./न.) गिरति प्राणिनम् इति *(प्राणीलाई यसले निल्छ)* गॄ निगरणे (तुदा.) धातु, गॄ+अच् (पचादि), गुण, गरः। गरं लातीति *(विष दिन्छ)* गर उपपदपूर्वक ला आदाने (अदा.) धातु, गर+ला+क[6] (अ), आकारलोप= गरल।

अथवा गिरतीति *(निल्दछ)* गॄ+अलच् (अल), बहुलप्रकारले, उणा., गुण= गरल।

गरलं पन्नगविषे तृणपूलकमानयोः- इति हैमः

गरलं तृणपूले च विषे माने नपुंसकम्- इति मेदिनी

शब्दार्थ- विष, जहर, सर्पको विष, नापो, घाँसको झुप्पो या मुठ्ठो।

गरिमा (ना./पुं.) गुरोर्भावः इति *(गह्रौं हुनाको भाव वा अवस्था)* गुरु+इमनिच्[7] (इमन्), गुरुको गर् आदेश[8], गरिमन्= गरिमा।

शब्दार्थ- गुरुत्व, महत्त्व, श्रेष्ठता, अष्टसिद्धिहरूमध्ये आफ्नो इच्छाअनुरूप गह्रौं वन्न सक्ने सिद्धि, गह्रौंपना, गौरव।

गरिमामयः (वि.) प्रकृतः प्राचुर्येण प्रस्तुतः गरिमा *(ज्यादै गरिमा)* गरिमन्+मयट्[9] (मय), नलोप= गरिमामय।

शब्दार्थ- गरिमाले परिपूर्ण, गरिमाले भरिएको, ज्यादै गौरवपूर्ण।

गरिष्ठः (वि.) अयमेषामतिशयेन गुरुरिति *(यिनीहरूमा यो ज्यादै गह्रौं वा महत्त्वपूर्ण)* गुरु+इष्ठन्[10] (इष्ठ), गुरुको गर् आदेश[8], गर् इष्ठ= गरिष्ठ।

शब्दार्थ- धेरै गह्रौं, ज्यादै महत्त्वपूर्ण, ज्यादै गहकिलो, पचाउन नसकिने।

गरीयान् (वि.) अयमनयोरतिशयेन गुरुः *(यी दुईमा यो ज्यादै गह्रौं वा गौरवमय)* गुरु+ईयसुन्[11] (ईयस्), गुरुको गर् आदेश[8], गरीयस्= गरीयान्।

शब्दार्थ- गौरवपूर्ण, महत्त्वपूर्ण, अपेक्षाकृत गह्रौं, अपाच्य।

गरीयसी (वि.) इयमनयोरतिशयेन गुर्वी *(यो यी दुईमा ज्यादै गरिमायुक्त)* गुरु+ईयसुन्[11] (ईयस्)+ङीप्[12] (ई)।

शब्दार्थ- अतिमहत्त्वपूर्ण, धेरै गह्रौं, गरिमामय, गौरवपूर्ण।

द्रष्टव्य-. जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी।

(जननी र जन्मभूमि स्वर्गभन्दा ज्यादा श्रेष्ठ हुन्छन्)

गरुडः (ना./पुं.) गरुद्भ्यां पक्षाभ्यां, डयते, डीयते इति वा *(पखेटाले आकाश मार्गमा विचरण गर्छ)* डीङ् विहायसा गतौ (भ्वा./दिवा.) धातु, गरुत्+डी+ड (अ), टिलोप, तलोप, (पृषोदरादिबाट)= गरुड।

शब्दार्थ- विनतापुत्र गरुड, पक्षीराज, भगवान् विष्णुको वाहन, गरुड पन्छी।

---

१. क्तिच् क्तौ च...: क्तिच्

२. गभीरगम्भीरौ : ईरन्, भ अन्तादेश

३. ग्रहवृदृनिश्चिगमश्च : अप्

४. भविष्यति गम्यादयः/गमेरिनिः : इनि

५. ऋदोरप् : अप्

६. आतो ऽनुपसर्गे... : क

७. पृथ्वादिभ्य... : इमनिच्

८. प्रियस्थिर... : गुरुको गर् आदेश

९. तत्प्रकृतवचने... : मयट्

१०. अतिशायने तमबिष्ठनौ : इष्ठन्

११. द्विवचनविभज्य... : ईयसुन्

१२. उगितश्च : ङीप्

गरुडध्वजः (ना./पुं.) गरुडः ध्वजः चिन्हम् यस्य सः, गरुडः ध्वजे यस्य सः इति वा *(गरुड चिन्ह अङ्कित ध्वजा वा झण्डामा गरुड चिन्ह छ जसको)* ब.स.=गरुडध्वज ।

शब्दार्थ- नारायण, वासुदेव, गरुडको चिन्ह अङ्कित ध्वजा हुने भगवान् विष्णु ।

गरुत् (ना./पुं.) गृणाति शब्दायते इति *(शब्द गर्छ)* गृ शब्दे (क्र्या.) धातु, गृ+उति (उत्), गुण= गरुत् ।

शब्दार्थ- पखेटा, पक्ष ।

गरुत्मान् (ना./पुं.) गरुतः पक्षाः सन्ति अस्य *(यसका पखेटा छन्)* गरुत्+मतुप् (मत्), गरुत्मत्=गरुत्मान् ।

गरुत्मान् गरुडस्तार्क्ष्यो वैनतेयः खगेश्वरः- इत्यमरः

शब्दार्थ- विनता पुत्र गरुड, भगवान् विष्णुको वाहन, गरुड पक्षी ।

गर्गः (ना./पुं.) गृणाति वेदादिमन्त्रेण स्तौति *(वेदादि मन्त्रले स्तुति गर्छन् वा ग्रहण गर्छन्)* गृ शब्दे (क्र्या.) धातु, गृ+ग[1] (उणा.), गुण= गर्ग ।

अथवा गर्गस्य अपत्यम् *(गर्गका सन्तति)* गर्ग+यञ्[2], यञ्को लुक्= गर्ग ।

शब्दार्थ- ब्रह्माका पुत्रहरूमध्ये एक, भारद्वाज गोत्रका मन्त्रद्रष्टा ऋषि, गर्गका सन्तान, गर्ग गोत्रका प्रर्वतक, ज्योतिषशास्त्रका प्रवर्तक, गर्ग-संहिताका रचयिता ।

गर्जनम् (ना./न.) गर्जनमिति *(गर्जनु)* गर्ज शब्दे (भ्वा.) धातु, गर्ज+ल्युट् (अन)= गर्जन ।

शब्दार्थ- ठूलो स्वरले गर्जने काम, गम्भीर ध्वनि, क्रोध, मेघको गडयाङगुडुङ ।

गर्जितः (वि.) गर्जति स्म इति *(गर्जेको)* गर्ज शब्दे (भ्वा.) धातु, गर्ज्+क्त (त), इडागम= गर्जित ।

अथवा गर्जः गर्जनं सञ्जातः अस्य *(गर्जन पैदा भएको छ यसको)* गर्ज+इतच् (इत)= गर्जित ।

शब्दार्थ- गडयाङगुडुङ गरेको, ठूलो स्वरले बोलेको, मेघ गर्जेको ।

गर्भः (ना./पुं.) गीर्यते शब्यते इति *(शब्द गर्छ)* गृ निगरणे (तुदा.) धातु, वा गृ शब्दे (क्र्या.) धातु, गृ+भन्[3] (भ), उणा., गुण= गर्भ ।

गर्भो भ्रूण इमौ समौ- इत्यमरः

गर्भो भ्रूणेऽर्भके कुक्षौ सन्धौ पनसकण्टके- इति मेदिनी

शब्दार्थ- गर्भाशयमा रहेको शिशु, अर्भक, भ्रूण, पाठेघर, गर्भाशय, शुक्र र रजको संयोगबाट पैदा भएको मांसपिण्ड,भुइँ कटहरको काँडा ।

गर्भघातः (ना./पुं.) गर्भस्य घातः *(गर्भको हत्या)* ष.त.स. =गर्भघात ।

शब्दार्थ- गर्भपात, भ्रूणहत्या, गर्भपतन गराउने क्रिया ।

गर्भपातः (ना./पुं.) गर्भस्य पातः *(गर्भको पतन)* ष.त.स. =गर्भपात ।

शब्दार्थ- गर्भपतन, गर्भ तुहाउने काम, गर्भ पतन गराउने काम ।

गर्भधारणम् (ना./न.) ध्रियते इति *(धारण गरिन्छ)* धृञ् धारणे (भ्वा.) धातु, धृ+ल्युट् (अन), धारणम् । गर्भस्य धारणम् *(गर्भको धारण)* ष.त.स.= गर्भधारण ।

शब्दार्थ- यौनक्रिया वा अन्य वैज्ञानिक क्रियाबाट गर्भाशयमा शुक्रकीट रहने क्रिया, पेट बोक्ने काम

गर्भनिरोधः (ना./पुं.) निरुध्यते इति *(निरोध गरिन्छ)* रुधिर् आवरणे (रुधा.) धातु, नि+रुध्+घञ् (अ), गुण, निरोधः । गर्भस्य निरोधः *(गर्भको निग्रह)* ष.त.स. =गर्भनिरोध ।

निग्रहस्तु निरोधः स्यात्- इत्यमरः

शब्दार्थ- गर्भ रहन रोक्ने काम, गर्भको सम्भावना निरोध गर्ने काम, गर्भ रहन नियन्त्रण गर्ने काम ।

गर्भवती (वि. स्त्री) गर्भः अस्याः अस्तीति *(गर्भ छ यस स्त्रीको)* गर्भ+मतुप्[4] (मत्), मकारको व, गर्भवत्+ ङीप् (ई)= गर्भवती ।

शब्दार्थ- पेट बोकेकी (आइमाई), गर्भिणी, गर्भधारण गरेकी (स्त्री), दोजिया ।

गर्भस्रावः (ना./पुं.) सूयते/स्राव्यते इति *(खस्नु, खसाउनु)* स्रु गतौ (भ्वा.) धातु, स्रु+णिचि+घञ् (अ), वृद्धि, आवादेश, स्रावः । गर्भस्य स्रावः *(गर्भको पतन)* ष.त.स.= गर्भस्राव ।

शब्दार्थ- गर्भ तुहुने क्रिया, गर्भ खस्ने काम, गर्भपतन गराउने काम ।

गर्भहत्या (ना./स्त्री.) गर्भस्य हत्या *(गर्भको हत्या)* ष.त.स. = गर्भहत्या ।

शब्दार्थ- भ्रूणहत्या, गर्भपात, पेटमा रहेको बच्चा मार्ने काम ।

गर्भाधानम् ((ना./न.) गर्भः आधीयते अनेन *(गर्भधारण गरिन्छ यस संस्कारबाट)* आङ्पूर्वक डुधाञ् धारण-पोषणयोः (जुहो.) धातु, गर्भ्+आ+धा+ल्युट् (अन), दीर्घ =गर्भाधानम् ।

शब्दार्थ- गर्भधान-संस्कार, प्रथम संस्कार, विधिपूर्वक गर्भधान गराउने काम, पेट बोकाउने कार्य, गर्भधारण गर्ने क्रिया वा संस्कार, हिन्दू संस्कृतिको षोडश संस्कारमध्ये एक ।

गर्भाशयः (ना./पुं.) गर्भः आशेते अस्मिन् इति *(गर्भ रहन्छ यसमा)* शीङ् स्वप्ने (अदा.) धातु, गर्भ+आ+ शी+घ[5]/अच् (अ), गुण, अयादेश= गर्भाशय ।

गर्भाशयो जरायुः स्यात्- इत्यमरः

शब्दार्थ- गर्भ रहने ठाउँ, पाठेघर, सालनालले गर्भ बेरेर राख्ने क्रिया, जरायु, गर्भस्थली ।

---

१. मुदिग्रोर्गग्गौ : ग (प्रत्यय)

२. गर्गादिभ्यः ... : यञ्/यञञोश्च : यञ्को लुक्

३. अर्तिगृभ्यां भन् : भन्

४. तदस्यास्त्यस्मिन्... : मतुप्

५. पुंसि संज्ञायां घः ... : घ

गर्भिणी (ना./स्त्री.) गर्भः अस्ति अस्याः *(गर्भ छ यस स्त्रीको)* गर्भ+इनि[1] (इन्), अकारलोप, गर्भिन्+ङीप् (ई), णत्व= गर्भिणी ।

शब्दार्थ- गर्भवती स्त्री, पेट वोकेकी आइमाई, दोजिया स्त्री ।

गर्भितः (वि.) गर्भः सञ्जातः अस्य *(गर्भ छ यस स्त्रीको)* गर्भ+इतच्[2] (इत), अकारलोप= गर्भित ।

शब्दार्थ- गर्भ भएको, गर्भ रहेको, गर्भले युक्त भएको ।

गर्वः (ना./पुं.) गिरति उन्मत्तः भवति गृणातीति वा *(उन्मत्त हुन्छ वा घमण्ड गर्छ)* गृ निगरणे (तुदा.) वा गृ शब्दे (क्र्या.) धातु, गृ+व[3] (उणा.), गुण= गर्व ।

गर्वोऽभिमानोऽहङ्कारः- इत्यमरः

शब्दार्थ- कुलीनता, सुन्दरता आदिको घमण्ड, अभिमान, अहङ्कार, गर्व, साहित्यशास्त्रमा व्यभिचारी भावका प्रकारहरूमध्ये एक ।

उदा. **न कतै गर्वले उठेको छ, न कतै विनम्रताले झुकेको छ- घु.मे.अ.मा. (भैरहवा)**

गर्वशून्यः (वि.) गर्वेण शून्यः *(गर्वरहित)* तृ.त.स. =गर्वशून्य ।

शब्दार्थ-गर्वरहित, घमण्ड नगर्ने, नम्रताको भाव भएको ।

गर्वितः (वि.) गर्वः सञ्जातः अस्य *(अभिमान पैदा भएको छ यसको)* गर्व+इतच् (इत)= गर्वित ।

शब्दार्थ- अभिमानले फूलेको, घमण्ड गर्ने, सेखी गर्ने, अभिमान गर्ने ।

गर्हणम् (ना./न.)गर्ह्यते इति *(निन्दा गरिन्छ)* गर्ह कुत्सियाम् (भ्वा.) धातु, गर्ह्+ल्युट् (अन), णत्व= गर्हण ।

शब्दार्थ- निन्दा, तिरस्कार, अपमान, हेला ।

गर्हणा (ना./स्त्री.) गर्ह्यते इति *(निन्दा गरिन्छ)* गर्ह कुत्सायाम् (भ्वा.) धातु, गर्ह्+युच्[4] (अन), उणा., णत्व, गर्हण । गर्हण+टाप् (आ)= गर्हणा ।

शब्दार्थ- कुत्सा, निन्दा, हेला, अपमान, तिरस्कार ।

गर्हणीयः (वि.) गर्हितुं योग्यः *(निन्दा गर्न लायक)* गर्ह कुत्सायाम् (भ्वा.) धातु, गर्ह्+अनीय (र्), णत्व =गर्हणीय ।

शब्दार्थ- निन्दा गर्न लायक, तिरस्कार गर्न योग्य, निन्दनीय ।

गर्हितः (वि.) गर्ह्यते स्म इति *(निन्दा गरिएको)* गर्ह कुत्सायाम् (भ्वा.) धातु, गर्ह्+क्त (त), इडागम=गर्हित ।

शब्दार्थ- निन्दित, अपहेलित, तिरस्कृत ।

गर्ह्यः (वि.) गर्ह्यते, गर्हितुमर्हः इति *(निन्दा गरिन्छ वा निन्दा गर्न योग्य)* गर्ह कुत्सायाम् (भ्वा.) धातु, गर्ह्+ण्यत्[5] (य)= गर्ह्य ।

शब्दार्थ- निन्दनीय, गर्हणीय, तिरस्कार वा अपहेलना गर्न लायक ।

गलः (ना./पुं.) गिलति *(निल्दछ)* वा गीर्यतेऽनेन इति *(निलिन्छ यसबाट)* गृ निगरणे (तुदा.) धातु, गृ+अच् (पचादि)/अप्[6] (अ), गुण, गर् अ, रेफको लत्व[7] =गल ।

अथवा गलति भक्षयतीति *(खान्छ)* गल अदने (भ्वा.) धातु, गल्+अच् (पचादि)= गल ।

शब्दार्थ- घाँटी, गलो, गर्दन, कण्ठ ।

गलगण्डः (ना./पुं.) गलस्य गण्डः *(घाँटीको गाँड)* ष.त.स.= गलगण्ड ।

शब्दार्थ- घाँटीको रोग, गाँड, गलाको गाँड, गलगाँड ।

गलितः (वि.) गलति स्म इति *(भ्रष्ट भएको, खसेको, चुहेको)* गल अदने (भ्वा.) वा गल स्रवणे (चुरा.) धातु, गल्+क्त (त)= गलित ।

शब्दार्थ- पतित, भ्रष्ट, थकित, खसेको, तल झरेको, चुहेको ।

उदा. **निगमकल्पतरोर्गलितं फलम्- श्रीमद्भा. १/१/३**

गलितयौवना (ना./स्त्री.) गलितं व्यतीतं यौवनं यस्याः सा *(यौवन सकिइसकेको छ जुन स्त्रीको)* ब.स., टाप् (आ)= गलितयौवना ।

शब्दार्थ- यौवन रित्तिइएकी महिला, यौवन व्यतीत भएकी स्त्री ।

गलितवयाः (वि.) गलितं वयः यस्य सः *(ढल्केको छ उमेर जसको)* ब.स., गलितवयस्= गलितवयः ।

शब्दार्थ- उमेर ढल्केको, बूढो हुन लागेको, उमेर व्यतीत भइसकेको ।

गवाक्षः (ना./पुं.) गवां अक्षिणी इव *(गाईका आँखा जस्तै)* गो+अक्षिन्, ष.त.स., समासान्त अच्[8], अवङादेश, दीर्घ, इकारलोप= गवाक्ष ।

अथवा गावः किरणाः अक्षन्ति व्याप्नुवन्ति अनेन इति *(यसबाट किरणहरू फैलिन्छन्)* गो+अक्ष्+घञ् (अ), अवङादेश, दीर्घ= गवाक्ष ।

शब्दार्थ- आँखीझ्याल, वातायन, झालिदार झ्याल ।

गवेषकः (वि.) गवेषयतीति *(खोजी गर्छ)* गवेष मार्गणे (चुरा.) धातु, गवेष+ण्वुल् (अक)= गवेषक ।

शब्दार्थ- अनुसन्धान गर्ने, खोजी गर्ने, अन्वेषक ।

गवेषणा (ना./स्त्री.) गवेषणमिति *(खोजी गरिन्छ)* गवेष मार्गणे (चुरा.) धातु, गवेष+णिचि+युच्[9] (अन), णिलोप, टाप् (आ), णत्व= गवेषणा ।

शब्दार्थ- कुनै वस्तु खोजी गर्ने काम, अनुसन्धान गर्ने काम, अन्वेषण, खोजी ।

---

[1] बत इनिठनौ : इनि
[2] तदस्य सञ्जातम्... : इतच्
[3] कृगृशृदृभ्यो वः : व
[4] बहुलमन्यत्रापि : युच्
[5] ऋहलोर्ण्यत् : ण्यत्
[6] ऋदोरप् : अप्
[7] अचि विभाषा : रेफको लत्व
[8] अक्ष्णोर्दर्शनात् : अच् (समासान्त)
[9] ण्यासश्रन्थो... : युच्

गव्यम् (ना./न./वि.) गोर्विकारः *(गाईको विकार)* गो+यत्[१] (य), अवादेश= गव्य ।

अथवा गवे हितम् *(गाईलाई हित हुने)* गो+यत्[२] (य), अवादेश= गव्य ।

शब्दार्थ- गाईको दूध, दही, घिउ, गउँत, गोवर- यी पाँचको सम्मिश्रणबाट वन्ने पञ्चगव्य, गाईलाई हित हुने, गाईको लागि कल्याण हुने ।

गहनः (वि./ना./न.) गाह्यते दुर्गम्यते अस्मिन् *(यहाँ बढो कष्टले मात्र पुग्न सकिन्छ)* गाहू विलोडने (भ्वा.) धातु, गाह्+युच् (अन), उणा., गाको ह्रस्व= गहन ।

शब्दार्थ- दुर्वोध, दुर्गम, गहिरो, गहिरो विचार, गाढा चिन्तन, ज्यादै उत्तरदायित्वपूर्ण गहन जिम्मेवारी वोक्ने प्रवृत्ति, वन, कानन, दुष्प्रवेश ।

गाङ्गः (वि./ना./पुं.) गङ्गायाः अयम्, गङ्गायाः अपत्यम् वा *(गङ्गाको यो वा गङ्गाको सन्तान)* गङ्गा+अण्[३] (अ), आदिवृद्धि, आलोप= गाङ्ग ।

शब्दार्थ- गङ्गासम्वन्धी, गङ्गासित सम्वन्धित, गङ्गाजल, गङ्गाका पुत्र ।

गाङ्गेयः (ना./पुं.) गङ्गायाः अपत्यं पुमान् *(गङ्गाका पुरुष सन्तति)* गङ्गा+ढक्[४] (एय), आदिवृद्धि, आलोप=गाङ्गेय ।

शब्दार्थ- गङ्गाका सन्तति, पितामह भीष्म ।

गाण्डिवम्/गाण्डीवम् (ना./न.) गाण्डिर्ग्रन्थिः अस्यास्तीति *(ग्रन्थि छ यसको)* गाण्डि+व[५]= गाण्डिव ।

गाण्डी+व= गाण्डीव ।

शब्दार्थ- अर्जुनको धनु, गाण्डीव नामको धनु ।

गाण्डिवधन्वा (ना./पुं.) गाण्डिवं धनुर्यस्य सः *(गाण्डिव धनु छ जसको)* ब.स., गाण्डिवधन्वन्=गाण्डिवधन्वा ।

शब्दार्थ- गाण्डिव धनुर्धारी अर्जुन ।

गात्रम् (ना./न.) गाते जिगातीति वा *(गतिशील हुन्छ वा गाउँछ)* गाङ् गतौ (भ्वा.) वा गा स्तुतौ (जुहो.) धातु, गा+ष्ट्रन् (त्र)= गात्र ।

अथवा एति अनेन *(यसबाट अगाडि बढ्छ)* इण् गतौ (अदा.) धातु, इ+ष्ट्रन्[६] (त्र), इण्को गा आदेश[६]= गात्र ।

गात्रं वपुः संहननं शरीरं वर्ष्म विग्रहः- इत्यमरः

गात्रं गजाग्रजङ्घादिभागेऽप्यङ्गे कलेवरे- इति मेदिनी

शब्दार्थ- पञ्चतत्त्ववाट वनेको पार्थिव शरीर, स्थूलदेह, वपु, काय, तनु, विग्रह, अङ्ग, हात्तीका अगाडिका खुट्टाको माथिल्लो भाग ।

गाथः/गाथा (ना./पुं/स्त्री.) गायति असौ (गाउँछ यो), गीयते अनया *(गान गरिन्छ यसबाट)* गै शव्दे (भ्वा.) धातु, गा+थन्[७] (उणा.)= गाथ ।

गाथ+टाप् (आ)= गाथा ।

शब्दार्थ- गाना, भजन, स्तुति, प्रशंसा, गुणगान, रचना, छन्द

गाथकः (वि.) गायतीति *(गाउँछ)* गै शव्दे (भ्वा.) धातु, आत्व, गा+थकन्[८] (थक), उणा.= गाथक ।

शब्दार्थ- गाउने, गायक ।

गाधेयः (ना./पुं.) गाधेरपत्यं पुमान् *(गाधिका पुरुष सन्तति)* गाधि+ढक् (एय)= गाधेय ।

शब्दार्थ- विश्वामित्र मुनि ।

गानम् (ना./न.) गीयते इति *(गाइन्छ)* गै शव्दे (भ्वा.) धातु, आत्व, गा+ल्युट् (अन), दीर्घ= गान ।

गीतं गानमिमे समे- इत्यमरः

शब्दार्थ- लयात्मक गीत, गाना, भजन, प्रशंसा, संगीत ।

गान्धर्वः (ना./पुं./वि.) गन्धर्वः देवता अस्य, गन्धर्वस्य अपत्यम्, गन्धर्वस्य अयम्, गन्धर्वे भवः जातादिर्वा *(क्रमशः गन्धर्व छन् देवता यसका, गन्धर्वका सन्तान, गन्धर्वको यो, गन्धर्वमा हुने वा गन्धर्ववाट भएको)* गन्धर्व+अण्[९] (अ), आदिवृद्धि= गान्धर्व ।

शब्दार्थ- गन्धर्वलाई देवता मान्ने, गन्धर्वसम्वन्धी, गन्धर्वको सन्तान, गन्धर्वको कला वा संगीत ।

गान्धर्वविवाहः (ना./पुं.) गान्धर्वेण (विधिना) विवाहः *(गान्धर्व (विधिले) हुने विवाह)* तृ.त.स.= गान्धर्वविवाह

शब्दार्थ- विवाहका आठ भेदमध्ये एक, प्रेमविवाह, आमावावुको अनुमति विना कन्या र वरले प्रेम गरेर गर्ने विवाह, कन्याले आफैं पति वरण गर्ने विवाह ।

द्रष्टव्य- **कन्या र वर दुवैको पारस्परिक अभिलाषाले स्वेच्छापूर्वक संयोग हुनु, विवाह गर्नु गान्धर्व विवाह हो, यस्तो विवाह प्रेम वा कामवासनाको इच्छाबाट हुन सक्छ - म.स्मृ. ३/३२**

गान्धर्ववेदः (ना./पुं.) गान्धर्वश्चासौ वेदश्च *(गान्धर्व वेद)* क.त.स.= गान्धर्ववेद ।

शब्दार्थ- सामवेदको उपवेद, सामवेदमा आधारित सङ्गीतशास्त्र, गीतवाद्यादि विद्या ।

गान्धारः (ना./पुं.) गन्ध एव *(सुगन्ध नै)* गन्ध+अण् (अ), स्वार्थमा, गान्धः । गान्धम् ऋच्छति इयर्तीति वा *(सुगन्ध फैलाउँछ)* गन्ध उपपदपूर्वक ऋ गतिप्रापणयोः (भ्वा.) वा ऋ गतौ (जुहो.) धातु, गान्ध +ऋ+अण्[१०] (अ), वृद्धि, दीर्घ= गान्धार ।

गान्धारः पुंसि सिन्दूरे रागदेशप्रभेदयोः ।

शब्दार्थ- सङ्गीतशास्त्रमा प्रयोग हुने सात स्वरहरूमध्ये तेस्रो स्वर, रागविशेष, जम्बूद्वीपको उत्तरभाग, सिन्धु नदीको पश्चिममा अवस्थित प्राचीन एक देश, वर्तमान अफगानिस्तानको कन्धार-प्रदेश, सिन्दूर ।

---

[१] गोपयसोर्यत् : यत्

[२] तस्मै हितम् : यत्

[३] तस्येदम्/तस्यापत्यम् : अण्

[४] स्त्रीभ्यो ढक्/शुभ्रादिभ्यश्च : ढक्

[५] गाण्डयजगात् संज्ञायाम् : व (प्रत्यय)

[६] सर्वधातुभ्य.../बहुलंतणि :ष्ट्रन्, गा आदेश

[७] उषिकुषिगर्तिभ्य... : थन्

[८] गस्यकन् : थकन्

[९] साऽस्य देवता/तस्येदम्/तस्यापत्यम्/तत्र भवः : अण्

[१०] कर्मण्यण् : अण्

गान्धारी (ना./स्त्री.) गान्धारस्य राज्ञः अपत्यम् स्त्री *(गान्धार नरेशकी स्त्री सन्तति)* गान्धार+अण्[1] (अ) +ङीप् (ई)= गान्धारी ।

शब्दार्थ- धृतराष्ट्रकी पत्नी, गान्धार नरेशकी पुत्री, दुर्योधनकी आमा ।

गाम्भीर्यम् (ना./न.) गम्भीरस्य भावः कर्म वेति *(गम्भीर हुनाको भाव वा अवस्था)* गम्भीर+ष्यञ् (अ), आदिवृद्धि, अकारलोप= गाम्भीर्य ।

अथवा गम्भीरे भवः *(गम्भीरपनमा हुने वा भएको)* गम्भीर+ञ्य[2] (य), आदिवृद्धि, अकारलोप= गाम्भीर्य ।

शब्दार्थ- गम्भीरपना, गम्भीरता, गहिराइ, गम्भीर हुनाको भाव वा अवस्था, नाटकको नायकमा पाइने सात्विक गुण ।

उदा. **न्याय सद्धर्म हुन् बाहु, धैर्य गाम्भीर्य पाउ हुन्-**
आ.रा. १५/३७

गार्भिणम् (ना./न.) गर्भिणीनां समूहः *(गर्भिणीहरूको समुदाय)* गर्भिणी+अण्[3] (अ), इकारलोप, आदिवृद्धि =गार्भिण ।

शब्दार्थ- गर्भिणीहरूको वृन्द वा समूह ।

गायकः (ना./पुं.) गायतीति *(गाउँछ)* गै शब्दे (भ्वा.) धातु, गै+ण्वुल् (अक), आत्व, युगागम= गायक ।

शब्दार्थ- गवैया, गीत गाउने पुरुष, सुर, लय, ताल आदि मिलाएर गीत गाउने पुरुष ।

गायत्री (ना./स्त्री.) गायतीति *(गाउँछ)* गै+शतृच् (अत्), आयादेश, गायत् । गायन्तं त्रायते इति *(गाउने वा जप गर्नेलाई रक्षा गर्छ)* गायत् उपपदमा हुने त्रैङ् पालने (भ्वा.) धातु, आत्व, गायत्+त्रा+क[4] (अ), आलोप, ङीष् (ई)= गायत्री ।

अथवा गीयते इति *(गान गरिन्छ)* गै शब्दे (भ्वा.) धातु, आत्व, गा+घञ् (अ), युगागम[5], गायः । गायेन गानेन त्रायते इति *(गीतद्वारा रक्षा गर्छ)* गाय उपपदपूर्वक त्रैङ् पालने (भ्वा.) धातु, गाय+त्रा+क (अ), आलोप, गायत्र+ङीष्[6] (ई)= गायत्री ।

शब्दार्थ- गायत्री देवी, त्रिपदा गायत्री मन्त्र, वेदमाता, गायत्री मन्त्रकी अधिष्ठात्री देवी, दुर्गा, जप गर्नेलाई रक्षा गर्ने गायत्री मन्त्र, गवैया, गायक, वैदिक छन्दहरूमा सर्वोत्कृष्ट छन्द ।

द्रष्टव्य- गायन्तं त्रायते यस्मात् गायत्रीत्वं ततः स्मृताः- दे.भा. गायत्रीले 'गय'को रक्षा गर्‍यो, प्राण नै'गय' हो, प्राणको यसले त्राण (रक्षा गर्‍यो), यसरी गय (प्राण)को रक्षा गरेको हुँदा गायत्री नाम भयो- बृ.उ.५/१४/४

गायनम् (ना./न./वि.) गायति, गीयते इति वा *(गाउँछ, गाइन्छ)* गै शब्दे (भ्वा.) धातु, गै+ल्युट्/ण्युट्[7] (अन) =गायन ।

शब्दार्थ- स्वर, ताल र लय मिलाएर गाइने गाना, गीत, गायक, गवैया ।

गायिका (ना./स्त्री.) गायति असौ *(गाउँछे यो)* गै शब्दे (भ्वा.) धातु, गै+ण्वुल्[8] (अक), आत्व, युगागम, गायकः । गायक+टाप् (आ), ककारपूर्वका अकारको इत्व= गायिका ।

शब्दार्थ- गीत गाउने स्त्री, गवैया नारी ।

गार्गी (ना./स्त्री.) गर्गस्य अपत्यं स्त्री *(गर्गऋषिकी स्त्री सन्तति)* गर्ग+यञ्[9], आदिवृद्धि, यञ्को लुक्, ङीप् (ई) =गार्गी ।

शब्दार्थ- एक विदुषी स्त्री, गर्गकी पुत्री ।

गार्ग्यः (ना./पुं.) गर्गस्य गोत्रापत्यम् पुमान् *(गर्ग गोत्रको पुरुष सन्तति)* गर्ग+यञ्[9] (य), आदिवृद्धि, अकारलोप =गार्ग्य ।

शब्दार्थ- गर्गको सन्तान, गर्ग गोत्रमा उत्पन्न व्यक्ति ।

गार्ग्यायणः (ना./पुं.) गार्ग्यस्य युवापत्यम् पुमान् *(गार्ग्यको युवा सन्तति)* गार्ग्य+फक्[10] (आयन), णत्व =गार्ग्यायण ।

शब्दार्थ- गर्गको नाति पनाति, गार्ग्यको छोरा ।

गार्हपत्यः (ना./पुं.) गृहपतिना संयुक्तः *(गृहयज्ञद्वारा संयुक्त)* गृहपति+अण् (अ), आदिवृद्धि, यण्= गार्हपत्य ।

दक्षिणाग्निर्गार्हपत्याहवनीयौ त्रयोऽग्नयः - इत्यमरः

शब्दार्थ- यज्ञमा प्रयुक्त हुने तीन अग्निमध्ये एक, गृह यज्ञमा प्रयुक्त अग्नि, मन्थनद्वारा उत्पन्न गरिएको अग्नि ।

गार्हस्थ्यम् (ना./न.) गृहे तिष्ठतीति *(घरमा रहन्छ)* गृह उपपदपूर्वक ष्ठा गतिनिवृत्योः (भ्वा.) धातु, षको स, गृह+स्था+क[4] (अ), आलोप, गृहस्थः । गृहस्थस्य भावः कर्म वेति *(गृहस्थको भाव वा कर्म)* गृहस्थ+ष्यञ् (य), आदिवृद्धि, अकारलोप= गार्हस्थ्य ।

शब्दार्थ- गृहस्थ हुनाको भाव, कर्म वा अवस्था, गृहस्थीले गर्ने कर्तव्य, चार आश्रममध्ये दोस्रो गृहस्थाश्रम ।

गिरिः (ना./पुं.) गिरति धारयति पृथिवीम्, गृणातीति वा *(पृथिवी धारण गर्छ वा ग्रहण गर्छ)* गॄ निगरणे (तुदा.) वा गॄ शब्दे (क्र्या.) धातु, गॄ+इ[11] (उणा.), ॠको इत्[12], गिर् इ= गिरि । **गिरिर्ना नेत्ररुग्भिदि- इति मेदिनी**

शब्दार्थ- पर्वत, पहाड, डाँडो, सन्न्यासीको एक भेद वा उपाधि, सन्न्यासधर्म ग्रहण गर्ने, सन्न्यासी, आँखासम्बन्धी रोग ।

उदा. **यहाँका वृक्ष छन् आर्य, यहाँका गिरि आर्य छन्-**
सु.म.का.२/८५

---

1. ऋष्यन्धकवृष्णि... : अण्
2. गम्भिराञ्ञ्यः : ञ्य
3. भिक्षादिभ्योऽण् : अण्
4. आतोऽनुपसर्गे.. : क
5. आतो युक्... : युगागम
6. षिद्गौरादिभ्यश्च : ङीष्
7. ण्युट् च : ण्युट्
8. ण्वुल्तृचौ : ण्वुल्
9. गर्गादिभ्यो यञ् : यञ्
10. यञिञोश्च : फक्
11. कॄगॄशॄपॄकुटि... : इ (प्रत्यय)
12. ॠत इद्धातोः : इत्

गिरिजा (ना./स्त्री.) गिरेर्जाता असौ *(पहाडबाट पैदा भएकी)* गिरि उपपदपूर्वक जनी प्रादुर्भावे (दिवा.) धातु, गिरि+जन्+ड[१] (अ), टिलोप, टाप् (आ) =गिरिजा ।

शब्दार्थ- उमा, गौरी, हिमालय पर्वतकी पुत्री, पार्वती, पहाडबाट उत्पन्न मनःशिला आदि पदार्थ ।

गिरिजापतिः (ना./पुं.) गिरिजायाः पतिः *(पार्वतीका पति)* ष.त.स.= गिरिजापति ।

शब्दार्थ- पार्वतीका पति, शिव, शङ्कर, उमापति ।

गिरिराजः (ना./पुं.) गिरीणां राजा *(पर्वतहरूका राजा)* गिरि+राजन्, ष.त.स., टच् (समासान्त), टिलोप = गिरिराज ।

शब्दार्थ- नगाधिराज, हिमालय, ठूलो पर्वत ।

गिरिशः (ना./पुं.) गिरिरस्यास्तीति *(पर्वत नै आश्रय छ यिनको)* गिरि+श[२] (प्रत्यय)= गिरिश ।

अथवा गिरौ शेते इति *(पहाडमा शयन गर्छन्)* गिरि उपपदपूर्वक शीङ् स्वप्ने (अदा.) धातु, गिरि+शी+ड[३] (अ), टिलोप= गिरिश ।

शब्दार्थ- शिव, शङ्कर, शम्भु, महादेव, हिमालय ।

गीतम् (ना./न./वि.) गीयते इति *(गान गरिन्छ)*, गीयते स्म इति *(गाइएको)* गै शब्दे (भ्वा.) धातु, गै+क्त (त), संज्ञा र भावमा, धातुको आत्व, ईत्व= गीत ।

शब्दार्थ- गायन, गान, गाना, लयात्मक कविता, गाएको, गीत गाइएको ।

गीता (ना./स्त्री.) गीयते स्म इति *(ब्रह्मतत्त्वको गान गरिएको)* गै शब्दे (भ्वा.) धातु, गै+क्त[४] (त), आत्व, ईत्व, गीत+टाप् (आ)= गीता ।

शब्दार्थ- हिन्दुहरूको धार्मिक ग्रन्थ, भगवान् श्रीकृष्णका दिव्य उपदेशले भरिएको भगवद्गीता, ब्रह्मतत्त्वको गान गरिएको गीताशास्त्र, रामगीता ।

गीतिः (ना./स्त्री.) गीयते इति *(गान गरिन्छ)* गै शब्दे (भ्वा.) धातु, गै+क्तिन् (ति), आत्व, ईत्व= गीति ।

शब्दार्थ- भजन, गान, गीत, आर्याछन्दको एक भेद, लयात्मक पद्यरचना ।

गीतिकाव्यम् (ना./न.) गीतेः गीतिलयस्य काव्यम् *(गीतिलयको काव्य)* ष.त.स.= गीतिकाव्य ।

अथवा गीतिप्रधानञ्च तद् काव्यम् *(गीति प्रमुख भएको काव्य)* क.त.स., उ.प.लोप= गीतिकाव्य ।

शब्दार्थ- गेयात्मक काव्य, गीत प्रमुख भएको काव्य, गीतिकाव्य ।

गीतिनाटकम्/गीतिनाटचम् (ना./न.) गीतिप्रधानञ्च तन्नाटकम्, नाटचम् वा *(गीति प्रमुख भएको नाटक वा नाटच)* क.त.स., उ.प.लोप= गीतिनाटक/गीतिनाटच ।

शब्दार्थ- गीत प्रमुख भएको नाटक, गेयात्मक नाटक ।

गिरीशः (ना./पुं.) गिरेः ईशः *(पहाडका स्वामी)* गिरि+ईश, ष.त.स., दीर्घ= गिरीश ।

शब्दार्थ- शम्भु, शिव, ईश्वर, हिमालय ।

गीर्वाणः (ना./पुं.) गीः वाणी एव वाणः अस्त्रः येषाम् *(दया र दण्ड दिन समर्थ वाणी नै अस्त्र छ जसका)* द्व.स.= गीर्वाण ।

शब्दार्थ- देवता, सुर, अमर, त्रिदिवेश ।

गुच्छः/गुच्छा (ना./पुं./स्त्री.) गवनम्, गूयते इति *(अष्पष्ट शब्द गर्नु)* गुङ् अव्यक्ते शब्दे (भ्वा.) धातु, गु+क्विप्[५], तुगागम, क्विप्को सर्वलोप, गुत् । गुतं श्यति/छ्यति वा *(अव्यक्तध्वनि नाश गर्छ)* गुत् उपपदपूर्वक शो तनूकरणे वा छो छेदने (दिवा.) धातु, आत्व, गुत्+शा+क (अ), आलोप, गुत्श, छत्व, श्चुत्व= गुच्छ ।

अथवा गुत्+छा+क[६] (अ), आलोप, श्चुत्व= गुच्छ ।

गुच्छ+टाप् (आ)= गुच्छा ।

स्तम्बो गुच्छस्तृणादिनः- इत्यमरः

शब्दार्थ- पुष्पगुच्छा, मुक्तावली, फूलको झुप्पा, फूलको गुच्छा, घाँसको झुप्पो वा गुँथो ।

गुञ्जनम् (ना./न.) गुञ्ज्यते इति *(गान गरिन्छ)* गुजि अव्यक्ते शब्दे (भ्वा.) धातु, नुम्, गुञ्ज्+ल्युट् (अन) =गुञ्जन ।

शब्दार्थ- गुञ्जन, गुनगुन ध्वनि वा आवाज, भ्रमरध्वनि ।

गुञ्जितः (वि.) गुञ्ज्यते स्म इति *(गुञ्जेको)* गुजि अव्यक्ते शब्दे (भ्वा.) धातु, नुम्, गुञ्ज्+क्त (त), इडागम =गुञ्जित ।

शब्दार्थ- गुञ्जन गरिएको, गुनगुन ध्वनि वा आवाज निस्केको, भवँराको ध्वनि वा आवाजले गुञ्जेको, वेदध्वनिले गुञ्जेको ।

उदा. **भयो गगन गुञ्जित श्रुतिनिनाद विस्तारले- आ.रा.३/२२**

गुटिका (ना./स्त्री.) गवते, गूयते इति *(अव्यक्त शब्द गर्छ वा गर्नु)* गुङ् अव्यक्ते शब्दे (भ्वा.) धातु, गु+टिक् (उणा.), वहुलप्रकारले, गुटिः । गुटिरेव *(बटी नै)* गुटि+कन् (क), स्वार्थमा, टाप् (आ)= गुटिका ।

शब्दार्थ- गोली, बुटी, बटी, बटिका, औषधिको गोली, सानो आकारको पुस्तक ।

गुडाकेशः (ना./पुं.) गुडाका निद्रा, तस्याः ईशः वा गुडाका निद्रा, आलस्यम्, इन्द्रियाणि वा तस्याः ईशः प्रशास्ता वा *(निद्राका स्वामी, निद्रा, आलस्य र इन्द्रियलाई जित्न सक्ने वा वश गर्न सक्ने)* ष.त.स., गुण= गुडाकेश ।

शब्दार्थ- शिव, निद्राविजयी अर्जुन, निद्रा आलस्य र इन्द्रिय जित्न सक्ने पुरुष ।

---

१. सप्तम्यां जनेर्डः : ड (प्रत्यय)

२. लोमादिपामादि... : श (प्रत्यय)

३. गिरौ डश्छन्दसि : ड (प्रत्यय)

४. क्तिच्क्तौ च...... : क्त

५. सम्पदादिभ्य..(वा) : क्विप्

६. आतोऽनुपसर्गे... : क (प्रत्यय)

गुण: (ना./पुं.) गुण्यते मन्त्रयते इति *(मन्त्रणा गरिन्छ)* अदन्त गुण आमन्त्रणे केतने च (चुरा.) धातु, गुण+घञ् (अ), गुणको अभाव (अदन्त हुनाले)=गुण ।

गुणो ज्या सूत्रतन्तुषु ।
गुणो मौर्व्यामप्रधाने रूपादौ सूद इन्द्रिये ।
त्यागशौर्यादिसत्त्वादिसन्ध्याद्यावृत्तिरज्जुषु
शुक्लादावपि वट्यां च- इति मेदिनी
मौर्वी ज्या शिञ्जिनीगुण: । रज्जुस्त्रिषु वटी गुण:- इत्यमर:

शब्दार्थ- सत्त्व, रज, तम- यी तीन गुण, डोरी, धनुको ताँदो वा ज्या, असल स्वभाव, मानिसको शौर्यादि गुण, तीतो, टर्रो आदि षड्गुण, काव्यका प्रसाद, माधुर्यादि गुण, धागो, भान्से, सीप वा दक्षता ।

गुणक: (ना./पुं.) गुणयते इति *(गन्दछ)* अदन्त गुण आमन्त्रणे केतने च (चुरा.) धातु, गुण+ण्वुल्[1] (अक) =गुणक ।

शब्दार्थ- गुणन गर्ने व्यक्ति, गुन्ने अङ्क ।

गुणकारक: (वि.) गुणं करोतीति *(गुन गर्छ)* डुकृञ् करणे (तना.)धातु, गुण+कृ+ण्वुल्[1](अक), वृद्धि=गुणकारक ।

शब्दार्थ- गुन गर्ने, फाइदा गर्ने, लाभप्रद ।

गुणकारी (वि.) गुणं कर्तुं शीलमस्येति *(गुण प्रदान गर्ने शील वा क्षमता छ यसको)* डुकृञ् करणे (तना.) धातु, गुण+कृ+णिनि[2] (इन्), वृद्धि, गुणकारिन्= गुणकारी ।

शब्दार्थ- गुनिलो, गुणकारक, फाइदादायक, लाभप्रद ।

गुणगानम् (ना./न.) गुणस्य गानम् *(गुणको गान वा प्रशंसा)* ष.त.स.= गुणगान ।

शब्दार्थ-कसैको गुणको प्रशंसा, गुणको वखान, कीर्तिगान

गुणग्राही (वि.) गुणं ग्रहीतुं शीलमस्येति *(गुण ग्रहण गर्ने शील छ यसको)* गुण उपपदपूर्वक ग्रह उपादाने (क्र्या.) धातु, गुण+ग्रह्+णिनि[2] (इन्), वृद्धि, गुणग्राहिन्= गुणग्राही ।

शब्दार्थ-गुण ग्रहण गर्ने, गुणको सम्मान गर्ने, गुन सम्झने, उदा. गुणग्राही जहाँ छैन, वहाँ के गरला गुणी- नै.दृ. लालित्य

गुणज्ञ: (वि.) जानातीति *(जान्दछ)* ज्ञा अवबोधने (क्र्या.) धातु, ज्ञा+क/ड (अ), आलोप, ज्ञ: । गुणानां ज्ञ: *(गुणको ज्ञाता)* ष.त.स.= गुणज्ञ ।

अथवा गुणं जानातीति *(गुण जान्दछ)* ज्ञा अवबोधने (क्र्या.) धातु, गुण+ज्ञा+क[3] (अ), आलोप= गुणज्ञ ।

शब्दार्थ- अर्काले लगाएको गुन देख्ने वा जान्ने, गुनी, गुणवान्, साहित्यिक गुणहरू जान्ने वा बुझ्ने ।

गुणत्रयम् (ना./न.) गुणानां त्रयम् *(तीन गुण)* ष.त.स. =गुणत्रय ।

शब्दार्थ- सत्त्व, रज, तम यी तीन गुण ।

गुणद्वेष्टा (वि.) गुणान् द्वेष्टीति *(गुणहरूप्रति द्वेष गर्छ)* गुणपूर्वक द्विष अप्रीतौ (अदा.) धातु, गुण+द्विष्+तृच्[4] (तृ), गुण, ष्टुत्व, गुणद्वेष्टृ= गुणद्वेष्टा ।

शब्दार्थ- अर्काको गुनप्रति द्वेष वा रिस गर्ने, अर्काको गुणगान सुन्न नसक्ने ।

गुणनम् (ना./न.) गुण्यते इति *(गुणन गरिन्छ)* गुण आमन्त्रणे केतने च (चुरा.) धातु, गुण्+ल्युट् (अन) =गुणन ।

शब्दार्थ- गुणा, एउटा सङ्ख्याले अर्कोलाई गुणन गर्ने कार्य,

गुणनफलम् (ना./न.) गुणनस्य फलम् *(गुणनको फल)* ष.त.स.= गुणनफल ।

शब्दार्थ- गुनेर निस्कने अङ्क, गुणन गर्दा आउने अङ्क, गुनेर निस्कने प्रतिफल ।

गुणनिधि: (ना./पुं./वि.) गुणानां निधि: *(गुणहरूको निधि वा खानि)* ष.त.स.= गुणनिधि ।

अथवा गुणा: निधय: यस्य *(गुण नै निधि छ जसको)* व.स.= गुणनिधि ।

शब्दार्थ- गुणहरूको खानि, धेरै गुण भएको मानिस, गुणिजन, उत्कृष्ट गुण भएको, पर्याप्त गुण भएको, ज्ञानवान्, गुणी ।

गुणवती (ना./स्त्री.) प्रशस्ता गुणा: सन्ति अस्या: *(धेरै गुण छन् यस स्त्रीका)* गुण+मतुप्[5] (मत्), मको व, गुणवत्+ङीप् (ई)= गुणवती ।

शब्दार्थ- राम्रो गुण भएकी आइमाई, शील स्वभाव राम्रो भएकी स्त्री, सच्चरित्रवती नारी, सुशील स्त्री ।

गुणवान् (वि.) गुणा: सन्ति अस्य, अस्मिन्निति वा *(गुणहरू छन् यसका वा यसमा)* गुण+मतुप्[5] (मत्), मको व, गुणवत्= गुणवान् ।

शब्दार्थ-गुण भएको, गुणयुक्त, राम्रो गुणले परिपूर्ण, गुणी ।

गुणस्तर: (ना./पुं.) गुणानां स्तर: *(गुणको स्तर वा मात्रा)* ष.त.स.= गुणस्तर ।

शब्दार्थ- कुनै वस्तुमा पाइने गुणको मात्रा, मूल्याङ्कनबाट देखिने गुणको स्तर वा तह ।

गुणहीन: (वि.) गुणैर्हीन: *(गुणहरूले हीन)* तृ.त.स. =गुणहीन ।

शब्दार्थ-गुणरहित, विशेष गुण नभएको, सद्गुण नभएको ।

गुणातीत: (वि.) गुणान् अतीत: *(गुणहरूलाई विजय गरेको)* गुण+अतीत, द्वि.त.स.[6], दीर्घ= गुणातीत ।

शब्दार्थ- गुणहरूबाट छुटकारा पाएको, निर्गुण, गुणहरूलाई जितेको ।

उदा. हामी रैती क्षुधित गुणका, यी गुणातीत राजा-य.श.२/३९

गुणानुवर्णनम् (ना./न.) गुणानामनुवर्णनम् *(गुणहरूको बखान)* ष.त.स., दीर्घ= गुणानुवर्णन ।

शब्दार्थ- कसैका गुणको बखान, गुनको वर्णन वा प्रशंसा ।

गुणानुवाद: (ना./पुं.) गुणानामनुवाद: *(गुणको तारिफ)* ष.त.स., दीर्घ= गुणानुवाद ।

शब्दार्थ- गुणगान, गुणको प्रशंसा, गुणको बखान ।

---

१. ण्वुल्तृचौ : ण्वुल्
२. सुप्यजातौ.... : णिनि
३. आतोऽनुपसर्गे... : क (प्रत्यय)
४. ण्वुल्तृचौ : तृच्
५. तदस्यास्त्यस्मिन्... : मतुप्
६. द्वितीया श्रितातीत... : द्वि.त.स.

गुणान्वितः (वि.) गुणैः अन्वितः *(गुणहरूले युक्त)* तृ.त.स., दीर्घ= गुणान्वित ।

शब्दार्थ- राम्रा गुणहरूले युक्त, सद्गुणहरूले परिपूर्ण, गुणी, गुणवान्, राम्रो गुण भएको ।

गुणाभिलाषी (वि.) गुणान् अभिलषितुं शीलमस्य *(गुणको अभिलाषा गर्ने शील वा स्वभाव छ यसको)* गुण उपपदमा हुने अभिपूर्वक लष कान्तौ (भ्वा.) धातु, गुण+अभि+लष्+णिनि (इन्), दीर्घ, गुणाभिलाषिन् =गुणाभिलाषी ।

शब्दार्थ- गुणको अभिलाषा गर्ने, गुणाकाङ्क्षी ।

गुणी (वि.) गुणाः विद्यन्ते अस्य *(गुण छन् यसका)* गुण+इनि[१] (इन्), गुणिन्= गुणी ।

शब्दार्थ-राम्रो गुण भएको, असल गुणले युक्त, गुणवान् ।

गुण्यः (वि.) गुणितुं योग्यः, गुण्यते इति वा *(गुन्न योग्य वा गुनिन्छ)* अदन्त गुण आमन्त्रणे केतने च (चुरा.) धातु,, गुण+यत्[२] (य)= गुण्य ।

शब्दार्थ- गुणन गर्न योग्य, गुणन गर्न सकिने ।

गुप्तः (वि.) गुप्यते स्म इति *(लुकेको)* गुप गोपने (भ्वा.) धातु, गुप्+क्त (त)= गुप्त ।

शब्दार्थ- लुकेको, छिपेको, प्रकट नभएको, अदृष्ट, गुप्त राखिएको, सुरक्षित, प्रकाशमा नआएको ।

गुप्तचरः (ना./पुं.) गुप्ते गुप्तकार्ये चरतीति *(गुप्त कार्यमा विचरण गर्छ)* गुप्त उपपदपूर्वक चर गतिभक्षणयोः (भ्वा.) धातु, गुप्त+चर्+ट[३] (अ)=गुप्तचर ।

शब्दार्थ- गुप्तचरको काम गर्ने व्यक्ति, गुप्त कार्यका लागि घुमफिर गर्ने व्यक्ति, जासुस ।

गुप्ततमः (वि.) अयमेषामतिशयेन गुप्तः *(यो यिनीहरूमा ज्यादै गुप्त)* गुप्त+तमप्[४] (तम)= गुप्ततम ।

शब्दार्थ- अत्यन्त गोपनीय, ज्यादै गुप्त, अतिगोप्य ।

गुप्तवासः (ना./पुं.) गुप्तश्चासौ वासश्च *(लुकेर बस्ने काम)* क.त.स.= गुप्तवास ।

शब्दार्थ- लुकिछिपी बस्ने काम, भूमिगत भएर वस्ने काम, कसैले थाह नपाउने गरी निवास गर्ने काम ।

गुप्तिः (ना./स्त्री.) गोपनम्, गुप्यते इति वा *(गुप्त राखिन्छ)* गुप गोपने वा गुपू रक्षणे (भ्वा.) धातु, गुप्+क्तिन् (ति)= गुप्ति ।

शब्दार्थ- लुकाउने वा गोप्य राख्ने काम, गोपन, संरक्षण, सुरक्षित राख्ने काम ।

गुरुः (ना./पुं./वि.) गरति सिञ्चति ज्ञानम् *(ज्ञान दिन्छन्)* गृ सेचने (भ्वा.) वा गिरति अज्ञानम् *(अज्ञान नष्ट गर्छन्)* गृ निगरणे (तुदा.) वा गारयते ज्ञापयति शास्त्रम् *(शास्त्र बोध गराउँछन्)* गृ विज्ञाने (चुरा.) वा गृणाति प्रकाशयति ज्ञानम् *(ज्ञानको प्रकाश फैलाउँछन्)* वा गृणाति उपदिशति धर्मादिकम् *(धर्मादिको उपदेश दिन्छन्)* वा गीर्यते स्तूयते देवमनुष्यादिभिः *(देव मनुष्य आदिद्वारा स्तुति गरिन्छ)* गृ शब्दे (क्र्या.) धातु, गृ+कु[५] (उ), उणा., धातुको उकार अन्तादेश, गुर् उ= गुरु ।

गुरुस्तु गीष्पतौ श्रेष्ठे गुरौ पितरि दुर्भरि- इति विश्वः
गकारः सिद्धिदः प्रोक्तो रेफः पापस्य दाहकः
उकारः विष्णुरित्युक्तस्त्रितयामा गुरुस्मृतः- तन्त्रसारः

शब्दार्थ- शिक्षक, अध्यापक, वेदमन्त्र सुनाउने आचार्य, निषेकादि कर्म गर्ने आचार्य, दीक्षामन्त्र दिने व्यक्ति, विद्या दान दिने व्यक्ति वा ज्ञानको दिव्य ज्योति प्रदान गर्ने देवगुरु वृहस्पति, छन्दशास्त्र-अनुसार संयुक्त अक्षरभन्दा अगाडिको अक्षर, पिता, सम्मानित व्यक्ति, महान्, ठूलो, श्रेष्ठ, गहकिलो, खदिलो ।

द्रष्टव्य- **गुरुको लक्षण- सच्चा गुरुले मिथ्याज्ञान हटाउँदछन्, शास्त्रका वास्तविक मर्मको बोध गराउँछन्, असल मार्ग, कुमार्ग र पाप तथा पुण्यकर्मको भेद सम्झाउन समर्थ हुन्छन् ।**

गुरुकुलम् (ना./न.) गुरोः कुलम् *(गुरुको वंश वा गुरुको आश्रम)* ष.त.स.= गुरुकुल ।

शब्दार्थ- गुरुको वंश, गुरुको आश्रम, विद्या दिने विद्वान्हरूको आश्रम, विधार्थीलाई खान र बस्नको व्यवस्था गरी पठनपाठन गराउने प्राचीन विद्याकेन्द्र वा विद्याश्रम, जहाँ ब्रह्मचारी छात्र विद्याध्ययनका लागि निवास गर्दथे ।

गुरुजनः (ना./पुं.) गुरु एव जनः *(गुरु नै जन)* म.व्य.स. =गुरुजन ।

शब्दार्थ- आदरणीय व्यक्ति, मान्यजन, बाबु-आमा, सम्मानित व्यक्ति, पठनपाठन गराउने गुरु ।

गुरुतमः (वि.) अयमेषामतिशयेन गुरुः *(यो यिनीहरूमा ज्यादै श्रेष्ठ)* गुरु+तमप्[४] (तम)= गुरुतम ।

शब्दार्थ- ज्यादै श्रेष्ठ, ज्यादै उत्तम, अतिमहान् ।

गुरुतरः (वि.) अयमनयोरतिशयेन गुरुः *(यो यी दुईमा बढी श्रेष्ठ)* गुरु+तरप्[६] (तर)= गुरुतर ।

शब्दार्थ- अपेक्षाकृत श्रेष्ठ, दुईमध्ये बढी श्रेष्ठ वा महान् ।

गुरुता/गुरुत्वम् (ना./स्त्री./न.) गुरोर्भावः इति *(गुरु वा श्रेष्ठ हुनाको भाव वा अवस्था)* गुरु+तल् (त)+टाप् (आ)= गुरुता । गुरु+त्व= गुरुत्व ।

शब्दार्थ- गुरु वा श्रेष्ठ हुनाको स्थिति वा अवस्था, गहकिलोपना, भारिपन ।

गुरुत्वाकर्षणम् (ना./न.) गुरुत्वस्य आकर्षणम् *(गुरुत्वले गर्दा पृथिवीतिर खिच्ने वा तान्ने काम)* ष.त.स. =गुरुत्वाकर्षण ।

शब्दार्थ- पृथ्वी आदि ग्रहमा रहेको आकर्षण शक्ति, बढी आकर्षण शक्ति भएको, एक पिण्डले अर्को अपेक्षाकृत पिण्डलाई आफूतिर खिच्ने वा तान्ने शक्ति ।

---

[१] अत इनिठनौ : इनि
[२] अचो यत् : यत्
[३] चरेष्ट : ट
[४] अतिशायने तमबिष्ठनौ : तमप्
[५] कृग्रोरुच्च : कु, उकार अन्तादेश
[६] द्विवचनविभज्य... : तरप्

गुरुदक्षिणा (ना./स्त्री.) गुरवे दक्षिणा वा गुरोर्दक्षिणा *(गुरुका लागि दिइने दक्षिणा वा गुरुको दक्षिणा)* च.त.स./ष.त.स.= गुरुदक्षिणा ।

शब्दार्थ- गुरुलाई दिइने गुरुभेटी, शिक्षा प्रदान वा मन्त्रदान दिए वापत गुरुलाई समर्पण गरिने भेटी,

गुरुपूजा (ना./स्त्री.) गुरोः पूजा *(गुरुको पूजा)* ष.त.स. =गुरुपूजा ।

शब्दार्थ- गुरुको आदर सम्मान गर्ने पूजा, गुरुको विशेषता वा महत्त्व दर्शाउने पर्व गुरुपूर्णिमाको दिन गुरुलाई दिनुपर्ने गुरुभेटी ।

गुरुप्रदेयः (वि./ना./न.) गुरवे प्रदेयः *(गुरुलाई दिइने)* च.त.स.= गुरुप्रदेय ।

शब्दार्थ- गुरुलाई दिनुपर्ने (भेटी), मन्त्र सुनाए वापत दिइने गुरुदक्षिणा ।

गुरुमन्त्रः (ना./पुं.) गुरुणा दत्तश्चासौ मन्त्रश्च *(गुरुद्वारा प्रदान गरिएको मन्त्र)* क.त.स., उ.प.लोप=गुरुमन्त्र ।

शब्दार्थ- गुरुले दिएको मन्त्र, गुरुद्वारा प्रदत्त गायत्रीमन्त्र, दीक्षामन्त्र ।

गुरुयोजना (ना./स्त्री.) गुर्वी चासौ योजना च *(गुरु वा ठूलो योजना)* क.त.स.= गुरुयोजना ।

शब्दार्थ- ठूलो योजना, मुख्य योजना, वृहत् योजना-सम्वन्धी कार्यक्रम ।

गुरुवत् (अव्य.) गुरोरिव *(गुरुको झैं)* गुरु+वति[१] (वत्) =गुरुवत् ।

शब्दार्थ- गुरुकै समान, गुरुतुल्य, गुरुकै वरावर ।

गुल्म (ना./पुं.) गुडतीति *(रक्षा गर्छ)* गुड रक्षायाम् (तुदा.) धातु, गुड्+मक् (म), बहुलप्रकारले, डको ल, (ड र लको अभेदसम्वन्ध हुनाले)= गुल्म ।

एकेभैकरथा त्र्यश्वा पत्तिः पञ्चपदातिका ।
पत्त्यङ्गैस्त्रिगुणैः सर्वैः क्रमादाख्या यथोत्तरम्
सेनामुखं गुल्मगणौ वाहिनी पृतना चमुः- इत्यमरः

शब्दार्थ- सेनाको गण, सानो सैनिक दल, बोट विरुवाको गुच्छा, प्राचीन सेनाको एक गण, जसमा ९ हात्ती, ९ रथ, २७ घोडा र ४५ सिपाहीको टुकडी रहन्थ्यो ।

गुहः (ना./पुं.) गुहति रक्षतीति *(रक्षा गर्छन्)* गुहू संवरणे (भ्वा.) धातु, गुह्+क[२] (अ)= गुह ।

शब्दार्थ- स्कन्दकुमार, कार्तिकेय, गुफा, श्रीरामचन्द्र वनवास जाँदा सहयोग गर्ने निषादनायक एक मित्र, स्वतः वनेको गुफा, ओडार ।

गुहा (ना./स्त्री.) गुहति रक्षतीति *(रक्षा गर्छ)* गुहू संवरणे (भ्वा.) धातु, गुह्+क[२] (अ)+टाप् (आ)= गुहा ।

देवखातविले गुहा- इत्यमरः

शब्दार्थ- गुफा, ओडार, प्वाल वा छिद्र, प्राकृतिक गुफा, हृदयरूपी गुफा ।

उदा. **ॐ अन्तश्चरसि भूतेषु गुहायां विश्वतोमुखः- स.पा.वि.**

गुहानिवासः (ना./पुं.) गुहायां निवासः *(गुफामा वास)* स.त.स.= गुहानिवास ।

शब्दार्थ-गुफामा वस्ने काम, ओडारमा वसोवास गर्ने क्रिया ।

उदा. **वर्षाको अवसरले वनप्रवास**
रोक्तामा उचित भयो गुहानिवास- आ.रा.९/४५

गुहाशयः (ना./पुं.) गुहायां शेते *(गुफामा सुत्तछ)* गुहापूर्वक शीङ् स्वप्ने (अदा.) धातु, गुहा+शी+अच् (पचादि), गुण, अयादेश= गुहाशय ।

शब्दार्थ- गुफामा सुत्ने वा वस्ने काम,

गुह्यः (वि./ना./न.) गोहितुमर्हः *(गोप्य राख्न योग्य)* गुहू संवरणे (भ्वा.) धातु, गुह्+क्यप्[३] (य)= गुह्य । अथवा गुहां गोपनमर्हतीति *(गोप्य राख्न योग्य)* गुह+यत् (य)= गुह्य ।

शब्दार्थ- रहस्यपूर्ण, गोप्य राख्न योग्य, गोप्य राख्नुपर्ने, लुकाउन योग्य, गुप्त, गूढ, गुदद्वार ।

गुह्यकः (ना./पुं.) गूहति निधिं रक्षतीति *(रत्नको रक्षा गर्छ)* गुहू संवरणे (भ्वा.) धातु, गुह्+ण्वुल्[४] (अक), यगागम, (पृषोदरादिवाट)= गुह्यक ।

शब्दार्थ- यक्ष, राक्षस आदि ।

गूढः (वि.) गूह्यते स्म इति *(गुप्त राखिएको)* गुहू संवरणे (भ्वा.) धातु, गुह्+क्त (त), इडागमनिषेध[५], हको ढ, तको ध[६], धको ष्टुत्व ढ, ढलोप, दीर्घ= गूढ ।

गूढं रहसि गुह्ये च न द्वयोः संवृते त्रिषु- इति मेदिनी

शब्दार्थ- रहस्यपूर्ण, गुप्त, गहन, लुकेको, छिपेको, गुह्य, ढाकिएको ।

गूढपुरुषः (ना./पुं.) गूढः गुप्तश्चासौ पुरुषश्च *(गुप्त पुरुष)* क.त.स.= गूढपुरुष ।

शब्दार्थ- छद्मवेशी पुरुष, गुप्तचर, जासुस, परब्रह्म परमात्मा

गूढविग्रहः (वि.) गूढः विग्रहः यस्य *(गूढ छ शरीर जसको)* ब.स.= गूणविग्रह ।

शब्दार्थ- गुप्त शरीरधारी, रहस्यमय शरीर भएको ।

गूढात्मा (वि.) गूढः आत्मा यस्य *(रहस्यपूर्ण छ आत्मा जसको)* ब.स., दीर्घ= गूढात्मा ।

शब्दार्थ- गुप्त आत्मा भएको, रहस्यमय आत्मा भएको ।

गूढाशयः (वि./ना./पुं.) गूढः आशयः यस्य *(गहन अभिप्राय छ जसको)* ब.स., दीर्घ= गूढाशय । अथवा गूढश्चासौ आशयश्च *(गहिरो अभिप्राय)* क.त.स., दीर्घ= गूढाशय ।

शब्दार्थ- अर्थ छिपेको, वुझ्न ज्यादै कठिन, गहन अभिप्राय भएको, गहिरो आशय भएको, गहन भाव वा विचार, गहन अभिप्राय ।

---

[१] तत्र तस्येव : वति
[२] इगुपधज्ञा... : क
[३] शासिदुहिगुहिभ्यो वा : क्यप्
[४] ण्वुल्तृचौ : ण्वुल्
[५] यस्य विभाषा : इण्निषेध
[६] झषस्तथोर्धो धः : तको ध

गृध्रः (ना./पुं./वि.)गृध्यतीति *(लुब्ध हुन्छ)* गृधु अभिकाङ्क्षायाम् (दिवा.) धातु, गृध्+क्रन्[1] (र), उणा.= गृध्र ।
शब्दार्थ- मांसभक्षी, ठूलो पन्छी, गिद्ध, लोभी, लालचा गर्ने,

गृद्धराजः (ना./पुं.) गृद्धानां राजा *(गिद्धहरूका राजा)* गृद्ध+राजन्, ष.त.स., समासान्त टच् (अ)=गृद्धराज ।
शब्दार्थ- गिद्धहरूको राजा, रामको मित्र जटायु ।

गृहम् (ना./न.) गृह्णातीति *(ग्रहण गर्छ वा लिन्छ)* ग्रह उपादाने (ऋचा.) धातु, ग्रह्+क[2] (अ), सम्प्रसारणबाट ग्रका रको ऋ, ग् ऋह् अ= गृह ।
गृहं गेहोदवसिते वेश्म सद्म निकेतनम्- इत्यमरः
दारेष्वपि गृहाः- इत्यमरः
गृहं गृहाश्च पुंभूम्नि कलत्रेऽपि च सद्मनि- मेदिनी
शब्दार्थ- घर, गृह, गेह, निकेतन, कलत्र, दारा, पत्नी ।

गृहकलहः (ना./पुं.) गृहस्य कलहः *(घरको झगडा)* ष.त.स.= गृहकलह ।
शब्दार्थ- घरझगडा, आफ्ना इष्टमित्र वा परिवारभित्रको झगडा, राज्यभित्रको झैझगडा ।

गृहकार्यम्/गृहकृत्यम् (ना./न.) गृहस्य कार्यम्/कृत्यम् *(घरको कामकाज)* ष.त.स.= गृहकार्य/गृहकृत्य ।
शब्दार्थ- घरायसी धन्दा, गृहकर्म, घरको काम, घरधन्दा, विद्यार्थीलाई घरमा गर्न दिइने पढ्ने लेख्ने काम ।

गृहगतः (वि.) गृहं गतः *(घरमा गएको)* द्वि.त.स.[3]=गृहगत ।
शब्दार्थ- घर गएको, घर पुगेको ।

गृहत्यागः (ना./पुं.) त्यज्यते इति *(त्याग गरिन्छ)* त्यज हानौ (भ्वा.) धातु, त्यज्+घञ्(अ), वृद्धि, कुत्व, त्यागः । गृहस्य त्यागः *(घरको त्याग)* ष.त.स.= गृहत्याग ।
शब्दार्थ- घर त्याग्ने काम, गृहस्थाश्रमको परित्याग, आफ्नी पत्नीलाई छाड्ने काम ।

गृहप्रवेशः (ना./पुं.) प्रविश्यते इति *(प्रवेश गरिन्छ)* प्रपूर्वक विश प्रवेशने (तुदा.) धातु, प्र+विश्+घञ् (अ), गुण, प्रवेशः । गृहे प्रवेशः *(घरमा प्रवेश)* स.त.स. =गृहप्रवेश ।
शब्दार्थ- घरमा पस्ने काम, नयाँ घरमा विधिपूर्वक प्रवेश गर्ने काम, घर सर्ने काम ।

गृहमन्त्री (ना./पुं.) मन्त्रयते इति *(मन्त्रणा गर्छ)* मत्रि गुप्त परिभाषणे (चुरा.) धातु, नुम्, मन्त्र्+णिनि[4] (इन्), मन्त्रिन्, मन्त्री । गृहस्य मन्त्री *(देशभित्रको व्यवस्था गर्ने मन्त्री)* ष.त.स.= गृहमन्त्री ।
शब्दार्थ- देशको शान्ति, सुरक्षा र आन्तरिक शासनव्यवस्था राम्ररी सञ्चालन गर्ने मन्त्री, गृहमन्त्रालयको मन्त्री ।

गृहयुद्धम् (ना./न.) गृहस्य युद्धम् *(घर वा देशभित्रको झगडा)* ष.त.स.= गृहयुद्ध ।
शब्दार्थ- देशभित्रका मानिसहरूको आपसी झैझगडा वा आक्रमण तथा युद्ध, पारिवारिक कलह ।

गृहलक्ष्मी (ना./स्त्री.) गृहस्य लक्ष्मी *(घरकी लक्ष्मी)* ष.त.स.= गृहलक्ष्मी ।
शब्दार्थ- घरकी लक्ष्मी, शील स्वभाव राम्रो भएकी स्त्री ।

गृहसचिवः (ना./पुं.) गृहस्य गृहविभागस्य मन्त्रालयस्य वा सचिवः *(गृहविभाग वा मन्त्रालयको सचिव)* ष.त.स.= गृहसचिव ।
शब्दार्थ- गृहविभाग हेर्ने सचिव, गृहविभागको सचिव, गृहमन्त्रालयको उत्तरदायित्व वहन गर्ने प्रमुख प्रशासनिक अधिकारी ।

गृहस्थः (वि.) गृहे भवने दारेषु वा तिष्ठतीति *(घरमा वा पत्नीसाथ रहन्छ)* गृह उपपदपूर्वक ष्ठा गतिनिवृत्तौ (भ्वा.) धातु, गृह+स्था+क[5] (अ), अकारलोप= गृहस्थ ।
शब्दार्थ- घरमा वस्ने, ब्रह्मचर्य व्रत समाप्तिपछि गृहस्थाश्रममा प्रवेश गर्ने, घरजम गरेर वस्ने ।

गृहस्थधर्मः (ना./पुं.) गृहस्थस्य धर्मः *(गृहस्थ व्यक्तिको धर्म)* ष.त.स.= गृहस्थधर्म ।
शब्दार्थ- गृहस्थ व्यक्तिले पालन गर्ने धर्म, गृहस्थले गर्नुपर्ने काम, कर्तव्य र अन्य व्यवहार ।

गृहस्थाश्रमः (ना./पुं.) गृहस्थस्य आश्रमः *(गृहस्थको आश्रम)* ष.त.स.= गृहस्थाश्रम ।
शब्दार्थ- घरजम गरेर वस्ने आश्रम, गृहस्थ धर्म पालना गरेर वस्ने आश्रम, हिन्दुसंस्कृतिका चार आश्रममध्ये एक ।

गृहस्थी (वि.) गृहस्थः गृहस्थधर्मः अस्य अस्तीति *(गृहस्थाश्रमको धर्म छ यसको)* गृहस्थ+इनि[6] (इन्), अकारलोप, गृहस्थिन्= गृहस्थी ।
शब्दार्थ- घरजम गरेर वस्ने, गृहस्थधर्म पालना गर्ने ।

गृहागतः (वि.) गृहमागतः *(घरमा आएको)* द्वि.त.स., दीर्घ= गृहागत ।
शब्दार्थ- घरमा आएको, निवासगृहमा आएको ।

गृहिणी (ना./स्त्री.) गृहं निकेतनमस्ति अस्याः वा गृहं गृहस्य स्वामित्वमस्ति अस्याः *(घर वा घरको स्वामित्व छ यसको)* गृह+इनि[6] (इन्), अकारलोप, गृहिन्+ङीप्[7] (ई), णत्व= गृहिणी ।
शब्दार्थ- गृहस्थाश्रममा रहने स्त्री, घरकी मालिक्नी, पत्नी, भार्या ।

गृहिणीसहायः (वि.) गृहिणी सहाया यत्र *(गृहिणी वा पत्नी छन् सहाय जहाँ)* ब.स., ह्रस्व= गृहिणीसहाय ।
शब्दार्थ- पत्नी सहायक हुने, गृहिणी सहाय हुने, गृहिणी सहयोगी हुने ।

---

[1] सुसूधागृधिभ्यः क्रन् : क्रन्
[2] गेहे कः : क (प्रत्यय)
[3] द्वितीया श्रितातीत.. : द्वि.त.स.
[4] नन्दिग्रहिपचादिभ्य... : णिनि
[5] सुपि स्थः : क (प्रत्यय)
[6] अत इनिठनौ : इनि
[7] ऋन्नेभ्यो ङीप् : ङीप्

गृही (वि.) गृहं निकेतनमस्ति अस्य *(घर छ यसको)* वा गृहा: दारा: सन्ति अस्य *(पत्नी छन् यसका)* गृह+इनि[1] (इन्), गृहिन्= गृही ।

शब्दार्थ-गृहस्थाश्रममा रहने, घरवार गरेर वस्ने, गृहस्थ ।

न गृहं गृहमित्याहुर्गृहिण्या गृहमुच्यते-

द्रष्टव्य- त्यो घर घर होइन जहाँ गृहिणी छैन, गृहिणी रहने हुनाले नै घरलाई 'गृह' भनिएको हो ।

गृहीत: (वि.) गृह्यते स्म इति *(ग्रहण गरिएको)* ग्रह उपादाने (क्र्या.) धातु, ग्रह्+क्त (त), सम्प्रसारणबाट ग्रको गृ, इडागम, दीर्घ[2]= गृहीत ।

शब्दार्थ- ग्रहण गरिएको, स्वीकृत गरिएको, पाइएको, लिइएको ।

गृह्य: (वि.) ग्रहीतुं योग्य: *(लिन वा ग्रहण गर्न योग्य)* ग्रह उपादाने (क्र्या.) धातु, ग्रह्+क्यप्[3] (य), सम्प्रसारणबाट ग्रको गृ= गृह्य ।

शब्दार्थ- ग्रहण गर्न योग्य, लिन लायक, स्वीकार्य, लिएको, घरमा गरिने (कार्य) ।

गेय: (वि.) गातुं योग्य:, गायति इति वा *(गाउन योग्य वा लायक, गाउँछ)* गै शब्दे (भ्वा.) धातु, गै+यत्[4] (य), कर्तामा, आत्व, ईत्व= गेय ।

शब्दार्थ- गाउन योग्य वा लायक, गाउनुपर्ने ।

गेहम् (ना./न.) गायतीति *(गाउँछ)* गै शब्दे (भ्वा.) धातु, गै+क (अ), आत्व, आलोप, ग: (गणेश) ।

गेन गणेशेन ईह्यते काम्यते इति *(गणेशद्वारा चाहना गरिन्छ)* वा ग: गणेश: वा गन्धर्व: वा गीतम् इह ईप्सित: यत्र *(गणेश वा गन्धर्व वा गीत जहाँ चाहना हुन्छ)* ग+ईह, ब.स., गुण= गेह ।

शब्दार्थ- घर, गृह, निकेतन, वासस्थान, निवासस्थान ।

गो: (गौ:) (ना./पुं./स्त्री.) गच्छतीति *(हिड्छ वा विचरण गर्छ)* गम्लृ गतौ (भ्वा.) धातु, गम्+डो[5] (ओ), उणा., टिलोप= गो ।

गोको एकवचनरूप= गौ ।

गौरिति पृथिव्या नामधेयम्,
यादित्योऽपि गौरुच्यते- नि. २/२
गौरिला कुम्भिनी क्षमा- इत्यमर:
ऋषभो वृषभो वृष: । अनड्वान् सारभेयो गौ: - इत्यमर:
गौ: स्वर्गे च बलीवर्दे रश्मौ च कुलिशे पुमान्
स्त्री सौरभेयीदृग्बाणदिग्वाग्भूष्वप्सु भूम्नि च- मेदिनी

शब्दार्थ- गाई, गोरु, वृषभ, इन्द्रिय, पृथिवी, स्वर्ग, वज्र, वाणी, सरस्वती, सूर्य, रश्मि, किरण, वाण, नेत्र, जल, गतिशील, गमनशील ।

गोकर्ण: (ना./पुं.) गवां कर्णौ *(गाईका कान)* ष.त.स. =गोकर्ण ।

अथवा गवां कर्णौ इव कर्णौ यस्य *(गाईका कान जस्ता कान छन् जसका)* ब.स.= गोकर्ण ।

शब्दार्थ- गाईका कान, पुराणमा उल्लेख भएअनुसार गाईका कान जस्ता कान हुने धुन्धुकारीको भाइ, गाईको जस्तो कान हुने मृगादि जन्तु, काठमाडौंको गोकर्णमा अवस्थित शिवमन्दिर र गोकर्णेश्वर शिवलिङ्ग ।

गोकुलम् (ना./न.) गवां कुलम् *(गाईको समूह)* ष.त.स. = गोकुल ।

शब्दार्थ- गाईको समुदाय, गाईको वथान, गाईगोठ, भारतमा यमुना नदीको तटमा रहेको एउटा तीर्थस्थल ।

गोचर: (वि./ना./पुं.) गाव: चरन्ति अत्र *(गाईहरू चर्छन् यहाँ)* गाव: इन्द्रियाणि चरन्ति एषु *(इन्द्रियहरू विचरण गर्छन् इनमा)* गो उपपदपूर्वक चर गतिभक्षणयो: (भ्वा.) धातु, गो+चर्+अच् (पचादि)/ घ[6] (अ), निपातन= गोचर ।

शब्दार्थ- इन्द्रियहरूद्वारा जानिने, इन्द्रियग्राह्य, इन्द्रियका रूपरसादि विषयहरू, गाई चर्ने गौचरन ।

गोचरगत: (वि.) गोचरं गत: *(इन्द्रियहरूले साक्षात्कार गरेको)* द्वि.त.स.= गोचरगत ।

शब्दार्थ- ग्रहगत, इन्द्रियले तिनका विषयको साक्षात्कार गरेको ।

गोत्र: (ना./पुं./न.) गवते शब्दयति पूर्वजान् *(पूर्वजहरूलाई आह्वान गर्छ)* गुङ् अव्यक्त शब्दे (भ्वा.) धातु, गु+त्र[7], (उणा.), गुण= गोत्र ।

गां पृथिवीं गोजातिं वा त्रायते इति *(पृथिवीको तथा गाईको रक्षा गर्छ)* गो उपपदपूर्वक त्रैङ् पालने (भ्वा.) धातु, गो+त्रै+क (अ), आत्व, आकारलोप= गोत्र ।

अथवा गूयते इति *(शब्द गर्नु)* गुङ् अव्यक्त शब्दे (भ्वा.) धातु, गु+ष्ट्रन्[8] (त्र), उणा., गुण= गोत्र ।

गोत्रा भूगव्ययोर्गोत्र: शैले गोत्रं कुलाख्ययो:
संभावनीयबोधे च काननच्छत्रवर्त्मसु- इति मेदिनी ।

शब्दार्थ- परम्परादेखि चलिआएको मानिसको गोत्र- जस्तै:- कश्यप, आत्रेय आदि, कुल, वंश, सन्तान, परम्परा, गाई तथा पृथिवीको संरक्षण गर्ने व्यक्ति, वन, बाटो, पृथ्वी, पहाड, पर्वत ।

गोत्रभिद् (ना./पुं.) गोत्रं पर्वतं भिनत्तीति *(पर्वत छेदन गर्दछन्)* गोत्रपूर्वक भिदिर् विदारणे (रुधा.) धातु, गोत्र+भिद्+क्विप्[9] (सर्वलोप)= गोत्रभिद् ।

शब्दार्थ- इन्द्र, मघवा, शक्र ।

गोदानम् (ना./न.) गवां दानम् *(गाईको दान)* ष.त.स. =गोदान ।

शब्दार्थ- गाईको दान गर्ने प्रक्रिया, गोदान, गाईको दान ।

---

१. बत इनिठनौ : इनि
२. ग्रहोऽलिटि दीर्घ: : दीर्घ
३. पदास्वैरिबाह्यापक्ष्येषु च : क्यप्
४. मव्यगेयप्रवचनीय... : यत्
५. गमेर्डो: : डो
६. गोचरसञ्चरवह... : घ (निपातन)
७. गुधृवीपचिवचि... : त्र
८. सर्वधातुभ्य: ष्ट्रन् : ष्ट्रन्
९. सत्सूद्विषद्रुहदुह... : क्विप्

गोदोहनी (ना./स्त्री) गवां दोहनी *(गाई दुहुने भाँडो)* ष.त.स.= गोदोहनी ।

शब्दार्थ- गाई दुहुने डुङ्ग्रो, वाल्टिन आदि साधन ।

गोधनम् (ना./न) गवां धनम् *(गाईको धन)* ष.त.स. =गोधन ।

शब्दार्थ- गाईको धन या सम्पत्ति, पशुधन ।

गोधूमः (ना./पुं.) गुध्यतीति *(व्याप्त हुन्छ, ढाक्तछ)* गुध परिवेष्टने (दिवा.) धातु, गुध्+ऊम[१] (उणा.), गुण =गोधूम ।

शब्दार्थ- गहूँ, गहूँको वाली ।

गोधूली (ना./स्त्री.) गवां धूली (गवां खुरेभ्यः निःसृता धूली) *(गाईको खुरबाट निस्केको धूलो)* ष.त.स. =गोधूली ।

शब्दार्थ- गाईको खुरवाट उडेको धूलो, घाम अस्ताउन लागेको वेला, गाई चराएर घर ल्याउने समय ।

गोता (ना./स्त्री.//**गोत्वम्** (ना./न.) गोर्भावः *(गाईको भाव वा अवस्था)* गो+तल् (त)+टाप् (आ)= गोता ।
गो+त्व= गोत्व ।

शब्दार्थ- गाईको भाव वा अवस्था ।

गोपः (ना./पुं.) गोपायतीति *(रक्षा गर्छ)* गुपू रक्षणे (भ्वा.) धातु, गुप्+अच् (पचादि), गुण= गोप ।
अथवा गाः पातीति *(गाईको पालना गर्छ)* गो उपपदपूर्वक पा रक्षणे (अदा.) धातु, गा+पा+क[२] (अ), आकारलोप= गोप ।

शब्दार्थ- गाईको रक्षा गर्ने व्यक्ति, गाईको संरक्षक, गोठालो, गाई गोठको मालिक, गोप ।

गोपतिः (ना./पुं.) पातीति *(रक्षा गर्छ)* पा रक्षणे (अदा.) धातु, पा+डति[३] (अति), टिलोप, पतिः ।
गोर्वृषभस्य पतिः *(वृषभका स्वामी)* वा गवां जीवानां पतिः *(जीव वा प्राणीका स्वामी)* वा गोः पृथिव्याः पतिः *(पृथिवीका मालिक)* ष.त.स.= गोपति ।

शब्दार्थ- जीव वा प्राणीहरूका पति, शिव, ईश्वर, विष्णु, भूपति, गाईको स्वामी ।

गोपनम् (ना./न.) गुप्यते इति *(लुकाइन्छ)* गुप गोपने (भ्वा.) धातु, गुप्+ल्युट् (अन)= गोपन ।

शब्दार्थ-लुकाउने काम, छोप्ने काम, संरक्षण गर्ने काम ।

गोपनीयः (वि.) गुप्यते, गोपितुं गोपायितुं योग्यः वा *(लुकाइन्छ वा लुकाउन योग्य)* गुपू रक्षणे वा गुप गोपने (भ्वा.) धातु, गुप्+अनीय (र्), गुण=गोपनीय ।

शब्दार्थ- रक्षा गर्न योग्य, लुकाउन वा छिपाउन लायक तथा योग्य, गोप्य राख्नुपर्ने, गोप्य, रक्षा गर्नुपर्ने ।

गोपनीयता (ना./स्त्री.) गोपनीयस्य भावः *(गोपनीय हुनाको भाव वा अवस्था)* गोपनीय+तल् (त)+टाप् (आ)= गोपनीयता ।

शब्दार्थ- गोप्यता, गोपनीयपन ।

गोपवधूः (ना./स्त्री.) गोपस्य वधूः *(गोपकी स्त्री)* ष.त.स. =गोपवधू ।

शब्दार्थ- गोपिनी, गोठाल्नी, गोपकी स्त्री, संरक्षिका ।

गोपवेषः (ना./पुं./वि.) गोपस्य वेषः *(गोठालाको वेष)* ष.त.स. वा गोपस्य वेषः इव वेषः यस्य *(गोठालाको भेस जस्तो भेस छ जसको)* ब.स.= गोपवेष ।

शब्दार्थ- गोठालाको वेष, गोठालाको भेस जस्तो भेस भएको, गोठालाको जस्तो वेषभूषा भएको ।

गोपालः/गोपालकः (वि./ना./पुं.) गां पालयतीति *(गाईको पालना गर्छ)* गो उपपदपूर्वक पाल रक्षणे (चुरा.) धातु, गो+पाल्+अण्[४] (अ)= गोपाल ।
गो+पाल्+ण्वुल्[५] (अक)= गोपालक ।

शब्दार्थ- गाईको पालना गर्ने, ग्वाला, गोप, गोरक्षक, गोठालो, भगवान् श्रीकृष्ण ।

गोपिका (ना./स्त्री.) गाः पाति असौ *(गाईको पालना गर्छे यो स्त्री)* गो उपपदपूर्वक पा रक्षणे (अदा.) धातु, गा+पा+क[२] (अ), आकारलोप, गोपः । गोप+ङीष्[६] (ई), गोपी ।
गोपी एव *(गोपी नै, गोपजाति स्त्री नै)* गोपी+कन् (क), स्वार्थमा, टाप् (आ), गोपीको ह्रस्व= गोपिका ।

शब्दार्थ- गोप जाति स्त्री, गोपकी स्त्री, गोपी, गोपिनी, संरक्षण गर्ने स्त्री, पालनपोषण गर्ने स्त्री, गोठाल्नी ।

गोपी (ना./स्त्री.) गोपायति असौ *(रक्षा गर्छे यो)* गुपू रक्षणे (भ्वा.) धातु, गुप्+अच् (पचादि), गुण, गोपः ।
अथवा गाः पातीति *(गाईको पालना गर्छ)* गो उपपदपूर्वक पा रक्षणे (अदा.) धातु, गा+पा+क[२] (अ), आकारलोप, गोपः । गोप+ङीष् (ई)= गोपी ।
गोपस्य स्त्री *(गोपकी स्त्री)* गोप+ङीष्[७] (ई)= गोपी ।

शब्दार्थ- गोप जातकी नारी, गोपिनी, गोपिका, गोपालकी पत्नी, गोठाल्नी, गाईको पालना गर्ने आइमाई ।

गोप्ता (वि.) गोपायतीति *(रक्षा गर्छ)* गुपू रक्षणे (भ्वा.) धातु, गुप्+तृच्[८] (तृ), गोप्तृ= गोप्ता ।

शब्दार्थ- रक्षा गर्ने, संरक्षक, पालनपोषण गर्ने ।

गोप्यः (वि.) गोपितुम्, गोपायितुं योग्यः, गुप्यते इति वा *(रक्षा गर्न लायक वा रक्षा गरिन्छ)* गुप गोपने वा गुपू रक्षणे (भ्वा.) धातु, गुप्+ण्यत्[९] (य), गुण= गोप्य ।

शब्दार्थ- गोपनीय, रक्षा गर्न योग्य, लुकाउन वा छिपाउन लायक, रक्षणीय ।

गोप्यता (ना./स्त्री.) गोप्यस्य भावः *(गोप्य हुनाको भाव वा अवस्था)* गोप्य+तल् (त)+टाप् (आ)= गोप्यता ।

शब्दार्थ- गोपनीयता, गोप्य राख्ने काम ।

गोमयम् (ना./न.) गोः पुरीषम् *(गाईको गोबर)* गो+मयट्[१०] (मय)= गोमय ।

शब्दार्थ- गाईको गोवर, गुइँठा ।

---

१. गुधेरूमः : ऊम
२. आतोऽनुपसर्गे... : क
३. पातेर्डतिः : डति
४. कर्मण्यण् : अण्
५. ण्वुल्तृचौ : ण्वुल्
६. षिद्गौरादिभ्य... : ङीष्
७. पुंयोगादाख्यायाम् : ङीष्
८. ण्वुल्तृचौ : तृच्
९. ऋहलोर्ण्यत् : ण्यत्
१०. गोश्च पुरीषे : मयट्

गोमूत्रम् (ना./न.) गवां मूत्रम् *(गाईको गउँत)* ष.त.स. =गोमूत्र ।

शब्दार्थ- गाईको गउँत, गाईको मूत्र ।

गोमेधः (ना./पुं.) मेध्यते इति *(हवन गरिन्छ)* मेधृ संगमे (भ्वा.) धातु, मेध्+घञ् (अ), मेधः । गवां मेधः **(गाईको हवन)** ष.त.स.= गोमेध ।

शब्दार्थ- गाईको हवन, गाईको वध गरी मासु हवन गरेर सम्पन्न गर्ने प्राचीन यज्ञपद्धति ।

गोरक्षः (ना./पुं.) गां रक्षतीति *(गाईको रक्षा गर्छ)* गोपूर्वक रक्ष पालने (भ्वा.) धातु, गो+रक्ष्+अच् (पचादि) =गोरक्ष ।

शब्दार्थ- गाईको रक्षा वा पालना गर्ने व्यक्ति, गोपाल, गोठालो, गोरखनाथ ।

गोरक्षकः (ना./पुं.) गां रक्षतीति *(गाईको रक्षा गर्छ)* गोपूर्वक रक्ष पालने (भ्वा.) धातु, गो+रक्ष्+ण्वुल्[१] (अक)= गोरक्षक ।

शब्दार्थ- गाई पालेर तीनको संरक्षण गर्ने मानिस, गाईको संरक्षक, गोपालक, गोपाल, गोप, गाईको रक्षा वा पालना गर्ने मानिस ।

गोरक्षितः (वि.) रक्ष्यते स्म इति *(रक्षा गरिएको)* रक्ष पालने (भ्वा.) धातु, रक्ष्+क्त (त), इडागम, रक्षितः । गोभ्यः रक्षितः *(गाईको लागि रक्षित)* च.त.स.[२] =गोरक्षित ।

शब्दार्थ- गाईका लागि रक्षा गरिएको, गाईको पालना गरिएको, गाईको संरक्षण गरिएको ।

गोरसः (ना./पुं.) गवां रसः *(गाईको दूध)* ष.त.स., गो+रस= गोरस ।

शब्दार्थ- गाईको दूध र दूधवाट बनेको दही, मही, घिउ, नौनी आदि पदार्थ ।

गोलः (वि.) गुडतीति *(रक्षा गर्छ)* गुड रक्षायाम् (तुदा.) धातु, गुड्+अच् (पचादि), गुण, डको ल (ड र लको अभेदसम्वन्ध हुँदा)= गोल ।

शब्दार्थ- गोलो, पिण्डाकार, वाटुलो, डल्लो, पिण्ड या भकुण्डो आकारको ।

गोलकः (ना./पुं.) गुडतीति *(रक्षा गर्छ)* गुड रक्षायाम् (तुदा.) धातु, गुड्+ण्वुल्[१] (अक), गुण, डको ल (ड र लको अभेदसम्वन्ध हुँदा)= गोलक । अथवा गोल एव *(गोलाकार नै)* गोल+कन् (क), स्वार्थमा= गोलक । मृते भर्तरी गोलकः- **इत्यमरः**

शब्दार्थ-विधवा स्त्रीवाट उत्पन्न सन्तान, लोग्ने मरेपछि जन्मेको सन्तान, वाटुलो पदार्थ, गोलाकार वस्तु ।

गोवधः (ना./पुं.) हन्यते इति *(वध गरिन्छ)* हन हिंसा-गत्योः (अदा.) धातु, हन्+अप्[३] (अ), धातुको वधादेश, वधः । गवां वधः *(गाईको हत्या)* ष.त.स.= गोवध ।

शब्दार्थ- गाई मार्ने काम, गाईको हत्या, गोहत्या ।

गोवरम् (ना./न.) गोभ्यः (जातत्वात्) वरं श्रेष्ठम् *(गाईबाट पैदा भएको हुँदा श्रेष्ठ वा पवित्र)* प.त.स.= गोवर ।

शब्दार्थ- गाईको गोवर, गाईको मल, गोविष्ठा ।

गोवर्द्धनः (वि./ना./पुं.) गाः वर्द्धयति तच्छीलः *(गाईहरू वढाउने शील भएको)* गोपूर्वक वृधु वृद्धौ (भ्वा.) धातु, गो+वृध्+णिचि+युच्[४] (अन), णिलोप, गुण= गोवर्द्धन ।

शब्दार्थ- गाईवस्तु वढाउने वा तिनको संरक्षण गर्ने, गोकुलको एउटा पर्वत, नारायण, वासुदेव ।

गोविन्दः (ना./पुं.) गां भुवं धेनुम् उपनिषद्वाचं स्वर्गं वा विन्दति लभते इति *(पृथिवीलाई, गाईलाई, उपनिषद्वाणी वा स्वर्ग प्राप्त गर्दछन् वा तिनलाई बुझ्दछन्)* वा गोभिर्वेदवाणिभिर्विद्यते इति *(वेदवाणीहरूद्वारा पाइन्छ वा जानिन्छ)* गो उपपदपूर्वक विद्लृ लाभे (तुदा.) वा विद ज्ञाने (अदा.) धातु, गो+विद्+श[५] (अ), धातुको नुमागम[६] = गोविन्द ।

शब्दार्थ- परव्रह्म परमेश्वर, पुरुषोत्तम, भगवान् श्रीकृष्ण ।

गोवृन्दारकः (ना./पुं.) गौर्वृन्दारकः देवता इव *(गाई देवताजस्तै उत्तम वा श्रेष्ठ)* क.त.स.[७]= गोवृन्दारक ।

शब्दार्थ- असल गाई, राम्रो गाई, पवित्र गाई ।

गोशालम्/गोशाला (ना./न./स्त्री.) गवां शाला *(गाईको गोठ)* ष.त.स.= गोशाला ।

शालाको नपुंसकत्व= गोशाल ।

शब्दार्थ-गाई राख्ने ठाउँ, गाई पाल्ने स्थान, गाईको गोठ ।

गोष्ठम् (ना./न.) गावः तिष्ठन्ति अत्र, गोभिः स्थीयते अत्रेति वा *(गाईहरू यहाँ रहन्छन्, गाईहरूद्वारा यहाँ बस्ने गरिन्छ)* गो उपपदपूर्वक ष्ठा गतिनिवृत्तौ (भ्वा.) धातु, गो+स्था+क[८] (अ), आलोप, गोस्थ, सकारको षत्व[९], थकारको ष्टुत्व ठ= गोष्ठ ।

शब्दार्थ- गाई बस्ने स्थान, गोठ, गौशाला, गाई पाल्ने ठाउँ, गाईको आवासगृह ।

गोष्ठी (ना./स्त्री.) गावः अनेकविधाः वाचः वादाश्च तिष्ठन्ति अस्याम् *(अनेकप्रकारका वाणी तथा वादविवाद वा छलफल हुन्छन् यहाँ)* गो उपपदपूर्वक ष्ठा गतिनिवृत्तौ (भ्वा.) धातु, गो+स्था+क[८] (अ), सको षत्व, थको ठ, गोष्ठः । गोष्ठ+ङीष् (ई)= गोष्ठी ।

शब्दार्थ- सभा, वैठक, सम्मेलन, कुनै विषयको विचार विमर्शको लागि आयोजित सम्मेलन, कार्यशाला ।

उदा. **यात्रामाथि विचार गर्न पहिले गोष्ठी बसेको थियो- भृ.ख.का.२/४**

गोसुखम् (ना./न.) गोभ्यः सुखम् *(गाईको लागि सुख हुने कार्य)* च.त.स.[२]= गोसुख ।

शब्दार्थ- गाईको लागि हित हुने काम, गाईको लागि कल्याण हुने कार्य ।

---

[१] ण्वुल्तृचौ : ण्वुल्

[२] चतुर्थी तदर्थार्थ.... : च.त.स.

[३] हनश्च वधः : अप्

[४] अनुदात्तेतश्च... : युच्

[५] गवादिषु विन्देः ... (वा) : श

[६] शे मुचादिनाम् : नुम्

[७] वृन्दारकनागकुञ्जरैः... : क.त.स.

[८] सुपि स्थः/ घञर्थे कविधानम् (वा) : क (प्रत्यय)

[९] अम्बाम्बगोभूमि... : षत्व

गोस्वामी (ना./पुं.) गवां स्वामी *(गाईको मालिक वा स्वामी)* ष.त.स.= गोस्वामी ।

शब्दार्थ- गाईको मालिक वा स्वामी, गोपाल, गाईको रक्षक, कवि तुलसीदास, जितेन्द्रिय पुरुष ।

गोहत्या (ना./स्त्री.) गवां हत्या *(गाईको हत्या)* ष.त.स. =गोहत्या ।

शब्दार्थ- गाई मार्ने क्रिया, गाईको हत्या, गोवध ।

गोहितम् (ना./न.) गोभ्यः हितम् *(गाईको लागि हित)* च.त.स.[1]= गोहित ।

शब्दार्थ- गाईको लागि हित हुने काम, गाईको रक्षा हुने कार्य ।

गौः (ना./पुं.) गच्छतीति *(जान्छ वा विचरण गर्छ)* गम्लृ गतौ (भ्वा.) धातु, गम्+डो[2] (ओ), उणा.,टिलोप=गो । गोको एक वचनरूप= गौ ।

शब्दार्थ- हे.- गो ।

गौणः (वि./ना./पुं.) गुणे भवः जातादिर्वा, गुणास्यायम्, गुणादागतः *(गुणमा हुने, गुणको यो, गुणबाट आएको)* गुण+अण्[3] (अ), आदिवृद्धि, अकारलोप=गौण ।

शब्दार्थ- तीन गुणहरूबाट पैदा भएको, तीन गुणहरूसित सम्वन्धित, लाक्षणिक अर्थ दिने, अप्रधान वस्तु, अमुख्य कुरा, ।

गौतमः (ना./पुं.) गोतमस्य अपत्यं पुमान्, गोतमस्यायं शिष्य इति वा *(गोतमका पुरुष सन्तति वा गोतमको यो शिष्य)* गोतम+अण्[4] (अ), आदिवृद्धि, अकारलोप =गौतम ।

शब्दार्थ- गौतम ऋषिका सन्तति वा वंशपरम्परा, गौतम ऋषिको शिष्यपरम्परा, आफ्नी पत्नी अहल्यालाई पत्थर भएर वस्ने श्राप दिने एक ऋषि, सप्तर्षिहरूमध्ये एक, न्यायदर्शन र सिद्धान्तका प्रणेता एक आचार्य ।

गौतमी (ना./स्त्री.) गौतमस्य स्त्री *(गौतम ऋषिकी पत्नी)* गौतम+ङीष् (ई)= गौतमी ।

शब्दार्थ- गौतम ऋषिकी पत्नी, अहल्या, गोदावरी नदी ।

गौरवम् (ना./न.) गुरोर्भावः कर्म वेति *(गुरु (ठूलो) वा महान् हुनाको भाव वा कर्म)* गुरु+अण्[5] (अ) आदिवृद्धि, गुण, अवादेश= गौरव ।

शब्दार्थ- महान् हुनाको स्थिति वा अवस्था, गुरुत्व, गुरुता, भारीपना, महिमा, महत्ता, सम्मान, प्रतिष्ठा, आदरभाव, मर्यादा, गहकिलोपना ।

गौरवान्वितः (वि.) गौरवेण अन्वितः *(गौरवले युक्त)* तृ.त.स., दीर्घ= गौरवान्वित ।

शब्दार्थ- गौरवयुक्त, महिमा वा महत्त्वले भरिएको, सम्मान गरिएको, प्रतिष्ठापूर्ण ।

गौरवितः (वि.) गौरवं सञ्जातमस्य *(गौरवपूर्ण मर्यादा भएको छ यसको)* गौरव+इतच्[6] (इत)= गौरवित ।

शब्दार्थ- प्रतिष्ठित, मर्यादित, गौरवयुक्त ।

गौरी (ना./स्त्री.) गुरते चित्तमस्मिन् *(चित्त यसमा लाग्दछ)* गुरी उद्यमने (तुदा.) धातु, गुर्+घञ् (अ), वृद्धि, गौरः (गोरो वर्ण) ।

अथवा गूयते शब्दायते इति *(शब्द गर्नु)* गुङ् शब्दे (भ्वा.)धातु, गु+रन्[7] (र), उणा., वृद्धि, निपातन, गौरः । गौरः वर्णः अस्ति अस्याः *(गौर वर्ण छ यिनको)* गौर+अण् (अ)+ङीप्/ङीष्[8] (ई)= गौरी ।

गौरी त्वसञ्जातरजः कन्याशङ्करभार्ययोः- इति मेदिनी

शब्दार्थ- पार्वती, दुर्गा, अम्विका, रजस्वला नभएकी कन्या, गोरो वर्णकी स्त्री, आठवर्षकी कन्या ।

गौरीगुरुः (ना./पुं.) गौर्याः गुरुः *(गौरीका पिता)* ष.त.स. =गौरीगुरु ।

शब्दार्थ- हिमालय पर्वत, पार्वतीका जनयिता ।

गौरीपतिः (ना./पुं.) गौर्याः पतिः *(गौरीका पति)* ष.त.स. =गौरीपति ।

शब्दार्थ- उमापति, पार्वतीपति, शिव, महादेव ।

गौरीपुत्रः (ना./पुं.) गौर्याः पुत्रः *(पार्वतीका पुत्र)* स.त.स. =गौरीपुत्र ।

शब्दार्थ- गणेश, विनायक, कुमार, स्कन्द ।

गौरीशङ्करः (ना./पुं.) गौरी च शङ्करश्च *(गौरी र शङ्कर)* द्व.स.= गौरीशङ्कर ।

शब्दार्थ- पार्वती र शिव, उमामहेश्वर, जनकपुर अञ्चल दोलखा जिल्लामा पर्ने एक प्रसिद्ध हिमाल ।

ग्रथितः (वि.) ग्रथ्यते स्म इति *(रचिएको वा उनिएको)* ग्रन्थ सन्दर्भे (क्र्या.) वा ग्रन्थ बन्धने (चुरा.) धातु, ग्रन्थ्+क्त (त), अनुनासिक नलोप, इडागम= ग्रथित ।

शब्दार्थ- एकै ठाउँमा उनिएको, गाँसिएको, रचित, गाँठो पारिएको, नथ्थी गरिएको, गुम्फित, रचना गरिएको ।

ग्रन्थः (ना./पुं.) ग्रथ्यते इति *(रचिन्छ)* ग्रन्थ सन्दर्भे (क्र्या.) वा ग्रन्थ बन्धने (चुरा.) धातु, ग्रन्थ्+घञ् (अ) =ग्रन्थ ।

शब्दार्थ- ठूलो पुस्तक, रचना, किताव, बाँध्ने काम, उन्ने काम, गाँठो, ग्रन्थि, कृति, गुच्छा ।

ग्रन्थकर्ता/ग्रन्थकारः (ना./पुं.) ग्रन्थं करोतीति *(ग्रन्थ रचना गर्छ)* ग्रन्थ उपपदपूर्वक डुकृञ् करणे (तना.) धातु, ग्रन्थ+कृ+तृच् (तृ), गुण, ग्रन्थकर्तृ= ग्रन्थकर्ता । ग्रन्थ+कृ+अण्[10] (अ), वृद्धि= ग्रन्थकार ।

शब्दार्थ- ग्रन्थ रचना गर्ने व्यक्ति, ग्रन्थ रचयिता, लेखक, रचनाकार, पुस्तक लेख्ने कवि वा साहित्यकार ।

---

१. चतुर्थी तदर्थार्थ... : च.त.स.
२. गमेर्डोः : डो
३. तत्र भवः/तत्र जातः/तस्येदम्/तत आगत : अण्
४. ऋष्यन्धक.../तस्येदम् : अण्
५. इगन्ताच्च लघुपूर्वात् : अण्
६. तदस्य सञ्जातम्... : इतच्
७. ऋज्रेन्द्राग्र... : रन्, वृद्धिनिपातन
८. षिद्गौरादि... : ङीष्
९. ण्वुल्तृचौ : तृच्
१०. कर्मण्यण् : अण्

ग्रन्थिः (ना./पुं.) ग्रन्थते, ग्रथ्नाति ग्रथ्यते इति वा *(रच्तछ, रचिन्छ, बाँध्छ वा बाँधिन्छ)* ग्रथि कौटिल्ये (भ्वा.) वा ग्रन्थ सन्दर्भे (क्र्या.) वा ग्रन्थ बन्धने (चुरा.) धातु, ग्रन्थ्+इन्[1] (इ), उणा.= ग्रन्थि ।

ग्रन्थिस्तु ग्रन्थिपर्णे ना बन्धे रुग्भेदपर्वणोः - इति मेदिनी

शब्दार्थ- गाँठो, बन्धन, बाँस, उखु आदिको आँख्लो वा जोर्नी, जोर्नीका बीचको गाँठो, रोगविशेष ।

ग्रन्थितः (वि.) ग्रन्थ्यते स्म इति *(रचिएको)* ग्रथि कौटिल्ये (भ्वा.) धातु, नुम्, ग्रन्थ्+क्त (त), इडागम= ग्रन्थित ।

शब्दार्थ- रचना गरिएको, गुम्फित, उनिएको ।

ग्रन्थिबन्धनम् (ना./न.) ग्रन्थ्याः बन्धनम् *(गाँठो पार्ने काम वा लगन गाँठो बाध्ने काम)* ष.त.स.= ग्रन्थिबन्धन ।

शब्दार्थ- लगनगाँठो बाँध्ने काम, ग्रन्थिबन्धन, गाँठो पार्ने काम ।

ग्रन्थावली (ना./स्त्री.) ग्रन्थानामावली *(ग्रन्थहरूको शृङ्खला)* ग्रन्थ+आवली, ष.तं.स., दीर्घ = ग्रन्थावली ।

शब्दार्थ- ग्रन्थमाला, ग्रन्थहरूको शृङ्खला ।

ग्रसितः (वि.) ग्रस्यते स्म इति *(ग्रहण गरिएको)* ग्रस ग्रहणे (चुरा.) धातु, ग्रस्+क्त (त), इडागम= ग्रसित ।

शब्दार्थ- पक्रिएको, ग्रहण गरिएको, समातिएको, ग्रस्त पारेको, निलिएको, ग्रस्त ।

ग्रस्तः (वि.) ग्रस्यते स्म इति *(निलिएको)* ग्रसु अदने (भ्वा.) धातु, ग्रस्+क्त (त), इण्निषेध= ग्रस्त ।

शब्दार्थ- निलिएको, खाइएको, पक्रिएको, समातिएको, दुःखित भएको, ग्रसित ।

ग्रहः (ना./पुं.) गृह्णाति, गृह्यते इति वा *(ग्रहण गर्छ वा गरिन्छ)* ग्रह उपादाने (क्र्या.) धातु, ग्रह्+अच्/अप्[2] (अ)= ग्रह ।

ग्रहोऽनुग्रहनिर्बन्धग्रहणेषु रणोद्यमे । सूर्यादौ पूतनादौ- मेदिनी

शब्दार्थ- सूर्य, चन्द्र आदि नवग्रह, सूर्यको परिक्रमा गर्ने आकाशीय पिण्ड वा तारा, ग्रहण गर्ने वा लिने काम, सूर्य चन्द्रमामा ग्रहण लाग्ने काम, बाँध्ने काम

ग्रहगतिः (ना./स्त्री.) ग्रहाणां गतिः *(ग्रहहरूको गति)* ष.त.स.= ग्रहगति ।

शब्दार्थ- ग्रहहरूको गति वा चाल, ग्रहहरूको अवस्था वा स्थिति ।

ग्रहणम् (ना./न.) गृह्यते इति *(ग्रहण गरिन्छ)* ग्रह उपादाने (क्र्या.) धातु, ग्रह्+ल्युट् (अन), णत्व= ग्रहण ।

शब्दार्थ- समात्ने वा पक्रने काम, ग्रहण गर्ने वा लिने काम, चन्द्र र सूर्यमा लाग्ने ग्रहण, कालो छाँया ।

ग्रहणीयः (वि.) गृह्यते, ग्रहितुं योग्यः वा *(ग्रहण गरिन्छ वा ग्रहण गर्न योग्य)* ग्रह उपादाने (क्र्या.) धातु, ग्रह्+अनीय (र्), णत्व= ग्रहणीय ।

शब्दार्थ- लिन वा ग्रहण गर्न योग्य, समाउन वा पक्रन लायक, स्वीकार्न उचित ।

ग्रहदशा (ना./स्त्री.) ग्रहाणां दशा *(ग्रहहरूको दशा)* ष.त.स. = ग्रहदशा ।

शब्दार्थ- गोचरमा रहेका ग्रहहरूको सुखद वा दुःखद प्रतिफल, जन्मकुण्डलीमा रहेका ग्रहहरूको शुभ वा अशुभ फल, ग्रहहरूको अवस्था ।

ग्रहदोषः (ना./पुं.) ग्रहाणां दोषः *(ग्रहहरूको दोष)* ष.त.स. = ग्रहदोष ।

शब्दार्थ- ग्रह गोचरको स्थितिबाट हुने अशुभ परिणाम, ठाउँ वा स्थितिअनुसार हुने ग्रहहरूको दोष ।

ग्रहपीडा (ना./स्त्री.) ग्रहाणां पीडा *(ग्रहहरूका पीडा)* ष.त.स.= ग्रहपीडा ।

शब्दार्थ- ग्रहहरूको पीडा, ग्रहहरूद्वारा हुने बाधा वा अवरोध, ग्रहगोचर वा जन्मकुण्डलीको आधारबाट देखिने ग्रहहरूको अशुभ परिणाम वा बाधा-अवरोध ।

ग्रहयज्ञः (ना./पुं.) ग्रहेभ्यः यज्ञः *(ग्रहहरूको लागि यज्ञ)* च.त.स.= ग्रहयज्ञ ।

शब्दार्थ- ग्रहपीडा शान्तिको लागि गरिने यज्ञ, जप, पाठ, पूजा, दान आदि ।

ग्रहशान्तिः (ना./स्त्री) ग्रहाणां शान्तिः *(ग्रहहरूको लागि शान्ति)* ष.त.स.= ग्रहशान्ति ।

शब्दार्थ- ग्रहहरूको शान्तिकर्म- जप, होम, दान आदि ।

ग्रामः (ना./पुं.) ग्रासयतीति *(ग्रहण गर्छ)* ग्रस ग्रहणे (चुरा.) धातु, ग्रस्+मन्[3] (म), उणा., धातुको आत्व, =ग्राम ।

शब्दार्थ- गाउँ, सानो बस्ती, समुदाय, सङ्गीतमा प्रयुक्त सप्तस्वरहरू ।

ग्रामगतः (वि.) ग्रामं गतः *(गाउँमा गएको)* द्वि.त.स. =ग्रामगत ।

शब्दार्थ- गाउँमा गएको, ग्रामीण बस्तीमा गएको ।

ग्रामतः (अव्य.) ग्रामादिति *(गाउँबाट)* ग्राम+तसिल्[4] (तस्), रुत्व, विसर्ग= ग्रामतः ।

शब्दार्थ- गाउँबाट, ग्रमीण बस्तीबाट ।

ग्रामता (ना./स्त्री.) ग्रामाणां समूहः *(गाउँहरूको समूह)* ग्राम+तल्[5] (त)+टाप् (आ)= ग्रामता ।

शब्दार्थ- गाउँको समूह वा समुदाय, बस्तीको समुदाय ।

ग्रामदेवता (ना./स्त्री.) ग्रामाणां देवता *(गाउँका देवता)* ष.त.स.= ग्रामदेवता ।

शब्दार्थ- गाउँका देवता, गाउँ वा टोलमा पूजा गरिने स्थानीय देवता ।

ग्रामणीः (वि.) ग्रामं नयतीति *(गाउँमा लैजान्छ, गाउँको नेतृत्व गर्छ)* ग्रामपूर्वमा हुने णीञ् प्रापणे (भ्वा.) धातु, ग्राम+नी+क्विप्[6] (सर्वलोप), णत्व= ग्रामणी ।

शब्दार्थ- गाउँको नेतृत्व गर्ने, गाउँको नेता, गाउँको प्रमुख, गाउँको अग्रणी ।

---

[1] सर्वधातुभ्य इन् : इन्
[2] ग्रहवृदृनिश्चि... : अप्
[3] ग्रसेराच : मन्, अन्तादेश, धातुको आत्व
[4] पञ्चम्यास्तसिल् : तसिल्
[5] ग्रामजनबन्धुभ्यस्तल् : तल्
[6] सत्सूद्विष.... : क्विप्

ग्रामपशुः (ना./पुं.) ग्रामे जातश्चासौ पशुश्च *(गाउँमा पैदा भएको पशु)* क.त.स., उ.प.लोप= ग्रामपशु ।

शब्दार्थ- गाउँको घरपालुवा जनावर, गाउँको पशु ।

ग्रामप्राप्तः (वि.) ग्रामं प्राप्तः *(गाउँमा पुगेको)* द्वि.त.स.[1] =ग्रामप्राप्त ।

शब्दार्थ- गाउँमा पुगेको, गाउँका स्थानीय वस्तीमा पुगेको

ग्रामवासः/ग्रामेवासः (ना./पुं./वि.) उस्यते इति *(रहन्छ वा बसिन्छ)* वस निवासे (भ्वा.) धातु, वस्+घञ् (अ), वृद्धि, वासः । ग्रामे वासः/ग्रामे वासः यस्य *(गाउँमा निवास/गाउँमा निवास छ जसको)* स.त.स./ब.स., सप्तमीको अलुक्[2] = ग्रामेवास ।

अलुक्को अभावमा= ग्रामवास ।

शब्दार्थ-गाउँमा बसोवास, गाउँमा वास, गाउँमा निवास गर्ने

ग्रामवासी (वि.) ग्रामवासः अस्यास्तीति *(गाउँमा निवास छ यसको)* ग्रामवास+इनि (इन्), अकारलोप, ग्रामवासिन्= ग्रामवासी ।

शब्दार्थ- गाउँमा वस्ने, गाउँले, गाउँमा निवास गर्ने, गाउँको वासिन्दा, ग्रामवासी ।

ग्रामसमितिः (ना./स्त्री.) ग्रामस्य ग्रामाणां वा समितिः *(गाउँ वा गाउँहरूको समिति)* ष.त.स.=ग्रामसमिति ।

शब्दार्थ- गाउँसमिति, गाउँको रेखदेख गर्न वनाइएको समिति ।

ग्रामीणः (वि.) ग्रामे भवः, ग्रामे जातादिर्वा *(गाउँमा हुने वा भएको)* ग्राम+खञ्[3] (ईन), अकारलोप= ग्रामीण ।

शब्दार्थ- गाउँमा भएको, गाउँसित सम्वन्धित, गाउँको ।

ग्रामोन्मुखी (वि.) ग्रामे उन्मुखः **(गाउँतिर उन्मुख)** ग्राम+उन्मुख, स.त.स., गुण, ग्रामोन्मुखः । सः अस्मिन् अस्तीति **(ग्रामोन्मुख प्रवृत्ति छ यसमा)** ग्रामोन्मुख+इनि (इन्), ग्रामोन्मुखिन्= ग्रामोन्मुखी ।

शब्दार्थ- गाउँतिर लागेको वा फर्केको, गाउँतिर उन्मुख भएको, गाउँको हित वा भलाइ चिताइएको ।

ग्राम्यः (वि.) ग्रामे भवः जातादिर्वा/ग्रामस्य अयम् *(गाउँमा हुने वा भएको/गाउँको यो)* ग्राम+य[3], अकारलोप= ग्राम्य ।

शब्दार्थ- ग्रामीण, गाउँसित सम्वन्धित, गाउँमा भएको, अश्लील, प्राकृत, ग्रामीण ।

ग्राम्यधर्मः (ना./पुं.) ग्राम्याणां जनानां धर्मः *(गाउँलेहरूको धर्म वा परम्परा)* ष.त.स.= ग्राम्यधर्म ।

शब्दार्थ- गाउँलेहरूको रीतिरिवाज, चालचलन वा परम्परा वा धर्म, खेतीपाती ।

ग्रासः (ना./पुं.) ग्रस्यते अद्यते अनेन *(खाइन्छ यसद्वारा)* ग्रसु अदने (भ्वा.) वा ग्रस ग्रहणे (चुरा.) धातु, ग्रस्+घञ् (अ), वृद्धि= ग्रास ।

शब्दार्थ- गाँस, बुझो, खाने काम, निल्ने काम, पक्रने वा समात्ने वा ग्रहण गर्ने वा लिने काम, सूर्य र चन्द्रमामा लाग्ने ग्रहणले ग्रस्त पारेको भाग ।

ग्राहः (ना./पुं.) गृह्णाति, गृह्यते इति वा *(लिन्छ, ग्रहण गर्छ वा लिइन्छ, ग्रहण गरिन्छ)* ग्रह उपादाने (क्र्या.) धातु, ग्रह्+ण[4] /घञ् (अ), वृद्धि= ग्राह ।

शब्दार्थ- गोही, जलचर जन्तु, घडियाल, पक्रने वा समात्ने काम, ग्रहण गर्ने क्रिया, सूर्यचन्द्रमामा लाग्ने ग्रहण,

ग्राहकः (वि.) गृह्णातीति *(लिन्छ वा ग्रहण गर्छ)* ग्रह उपादाने (क्र्या.) धातु, ग्रह्+ण्वुल् (अक), वृद्धि =ग्राहक ।

शब्दार्थ- खरिद गर्ने, सामान किन्ने, गाहकी, ग्रहण गर्ने, लिने,

ग्राही (वि.) गृह्णातीति *(लिन्छ वा ग्रहण गर्छ)* ग्रह उपादाने (क्र्या.) धातु, ग्रह्+णिनि[5] (इन्), वृद्धि, ग्राहिन्= ग्राही ।

शब्दार्थ- लिने, ग्रहण गर्ने, स्वीकार्ने, समात्ने, पक्रने ।

ग्राह्यः (वि.) गृह्यते, ग्रहीतुं योग्यः वा *(लिइन्छ वा लिन योग्य)* ग्रह उपादाने (क्र्या.) धातु, ग्रह्+ण्यत् (य), वृद्धि= ग्राह्य ।

शब्दार्थ- लिन वा ग्रहण गर्न योग्य, स्वीकार्य, लिनुपर्ने ।

ग्रीवा (ना./स्त्री.) गिरति, गीर्यते अनया वा *(निल्छ वा निलिन्छ यसबाट)* गृ निगरणे (तुदा.) धातु, गृ+वन्[6] (व), उणा., ईडागम, यण्, ग्रीव+टाप् (आ)= ग्रीवा ।

शब्दार्थ- घाँटी, कण्ठ, गलो, गर्दन, घोक्रो ।

ग्रीष्मः (ना./पुं.) ग्रसते, ग्रासयतीति वा घर्मेण *(घामले सताउँछ)* ग्रसु अदने (भ्वा.) वा ग्रस ग्रहणे (चुरा.) धातु, ग्रस्+मक्[7] (म), उणा., धातुका ग्रको ईत्व =ग्रीष्म ।

शब्दार्थ- ग्रीष्म ऋतु, जेठ र असार महिनामा पर्ने ऋतु ।

ग्रैवेयम्/ग्रैवेयकम्/ग्रैवम् (ना./न.) ग्रीवायां भवम् *(घाँटीमा भएको वा हुने)* ग्रीवा+ढक्[8] (एय), आदिवृद्धि, आलोप= ग्रैवेय ।

ग्रैवेय एव *(घाँटीको सिक्री नै)* ग्रैवेय+कन् (क), स्वार्थमा= ग्रैवेयक । ग्रीवा+अण्[8] (अ), आदिवृद्धि= ग्रैव

शब्दार्थ- घाँटीको आभूषण, घाँटीमा लगाउने गहना, हात्तीको घाँटीमा लगाउने जञ्जिर वा सिक्री ।

ग्रैष्मः (वि.) ग्रीष्मस्यायम्, ग्रीष्मे भवः इति वा *(ग्रीष्मको यो वा ग्रीष्ममा हुने)* ग्रीष्म+अण्[9] (अ), आदिवृद्धि= ग्रैष्म ।

शब्दार्थ-ग्रीष्मऋतु सम्वन्धी, ग्रीष्मऋतुमा हुने वा भएको ।

ग्लानः (वि.) ग्लायति स्म इति *(ग्लानि भएको)* ग्लै हर्षक्षये (भ्वा.) धातु, ग्ला+क्त (त), कर्तामा, निष्ठा तको न= ग्लान ।

शब्दार्थ- थाकेको, निरुत्साहित, ग्लानि भएको ।

---

१. द्वितीया श्रितातीत... : द्वि.त.स.

२. तत्पुरुषे कृति... : अलुक्

३. ग्रामाद्यखञौ : खञ्/य

४. विभाषा ग्रहः : ण

५. नन्दिग्रहिपचादि... : णिनि

६. शेवयह्व... : वन्, ईडागम

७. ग्रीष्मः: मक्, ईत्व

८. ग्रीवाभ्योऽण् : ढक् /अण्

९. सन्धिवेला.. : अण्

घ

घः (ना./पुं./स्त्री.) घटते, घटयति, घाटयतीति वा *(चेष्टा वा शब्द गर्छ)* घट चेष्टायाम् (भ्वा.), घट सङ्घाते वा घट भाषार्थे (चुरा.) धातु, घट्+ड (अ), टिलोप= घ ।

परिचय- देवनागरी संस्कृत व्यञ्जन वर्णमालाको चौथो वर्ण, कण्ठस्थानीय स्पर्शसंज्ञक सघोष महाप्राण ध्वनि

घो घण्टायां घर्घरे ना स्त्रियां तु काञ्चिघातयोः- मेदिनी

शब्दार्थ- घण्टा, घरघर शव्द, काञ्ची, मेखला, घात ।

द्रष्टव्यः- **समासमा उत्तरपदमा प्रयोग हुँदा घशब्द विशेषण हुन्छ, जस्तैः राजघ, प्राणिघ, परिघ ।**

घकारः (ना./पुं.) 'घ' यस्तो वर्णनिर्देशनमा 'घ' प्रतिपदिकवाट घ+कार[१]= घकार ।

शब्दार्थ- घअक्षर, कवर्गको चौथो वर्ण, घध्वनि ।

घटः (ना./पुं.) घटते, घटयति ताम्रमृदादिभिः निर्मीयते इति *(तामो माटो आदिबाट बनाइन्छ)* घट चेष्टायाम् (भ्वा.) वा घट सङ्घाते (चुरा.) धातु, घट्+अच (पचादि)= घट ।

शब्दार्थ- घडा, गाग्रो, कुम्भ, घैंटो, राश, थुप्रो, हात्तीको मस्तक, कलश, कुम्भराशि ।

घटकः (वि.) घटते, घाटयतीति वा *(जोड्छ वा सम्बन्ध वढाउँछ)* घट चेष्टायाम् (भ्वा.) वा घट सङ्घाते (चुरा.) धातु, घट्+ण्वुल्[२] (अक)= घटक ।

शब्दार्थ- प्रयत्नशील, मध्यस्थ, कुनै घटना घटाउने (कारकतत्त्व), योजक, वास्तविक सम्पन्नकर्ता ।

घटकहरू- धावको भावकश्चैव योजकश्चांशकस्तथा दूषकस्तावकश्चैव षडेते घटकाः स्मृताः- श.क.द्रु.

घटना (ना./स्त्री.) घटते, घाटयतीति वा *(चेष्टा गर्छ वा घटना घट्छ)* घट चेष्टायाम् (भ्वा.) वा घट सङ्घाते (चुरा.) धातु, घट्+णिचि+युच्[३] (अन)+टाप् (आ), णिलोप= घटना ।

शब्दार्थ- अचानक घटेको कुनै कुरा वा कुनै काम कारवाही, आकस्मिक घटना, कुनै काण्ड घट्ने काम, मारपिट, योजना, समूहीकृत गर्ने काम ।

घटनाक्रमः (ना./पुं.) घटनायाः क्रमः *(घटनाको क्रम)* ष.त.स.= घटनाक्रम ।

शब्दार्थ- घटनाको शृङ्खला वा क्रमबद्धता, घटनाको सिलसिला ।

घटनाचक्रम् (ना./न.) घटनायाः चक्रम् *(घटनाको चक्र वा शृङ्खला)* ष.त.स.= घटनाचक्र ।

शब्दार्थ- घटनाको परम्परा, घटनाको समूह, घटनाको विवरण, घटनाचक्र ।

घटयोनिः (ना./पुं.) घटः कुम्भः योनिः उत्पत्तिस्थानम् यस्य सः *(कुम्भ नै उत्पत्ति स्थान छ जसको)* ब.स. =घटयोनि ।

शब्दार्थ-घडावाट उत्पन्न भएका अगस्त्यमुनि, कुम्भयोनि ।

घटा (ना./स्त्री.) घाटयति, घटचते इति वा *(प्रयत्न गर्छ, गरिन्छ वा एकट्ठा हुन्छ)* घट सङ्घाते (चुरा.) वा घट चेष्टायाम् (भ्वा.) धातु, घट्+ अच् (पचादि)/ अङ्[४] (अ)+टाप् (आ)= घटा ।

शब्दार्थ- उद्यम, प्रयत्न, हात्ती तथा वादलको समूह, जमात, मेघमाला, कुनै घटना ।

घटिका (ना./स्त्री.) घटयति निरूपयति समयविशेषम् *(समयको निरूपण गर्छ)* घट चेष्टायाम् (भ्वा.) धातु, घट्+ण्वुल् (अक), घटकः । घटक+टाप् (आ), ककारपूर्वका अकारको इत्व= घटिका ।

अथवा घटी+कन् (क), स्वार्थमा, टाप् (आ), घटीको ह्रस्व= घटिका ।

अथवा घटेन तरति, निर्वृत्तम् वा *(घडाद्वारा निर्धारण हुन्छ)* घट+ठन्[५] (इक)+टाप् (आ), ककारपूर्वका अकारको इत्व= घटिका ।

शब्दार्थ- घडी, समय, चौवीस मिनेटको समय वा एक घडी, सानो घडा ।

घटितः (वि.) घटचते स्म इति *(घटेको)* घट चेष्टायाम् (भ्वा.) धातु, वा घट सङ्घाते (चुरा.) धातु, घट्+क्त (त), इडागम= घटित ।

शब्दार्थ- घटना घटेको, कुनै घटना भएको, निर्मित, घटित ।

घटितव्यः (वि.) घटितुं शक्यः *(घट्न सक्ने)* घट चेष्टायाम् (भ्वा.) धातु, घट्+तव्यत् (तव्य), इडागम =घटितव्य ।

शब्दार्थ- घटना घट्न सक्ने सम्भावना रहेको, घटना घट्न सक्ने ।

घटी (ना./स्त्री.) घटयति निरूपयति समयविशेषम् *(समयको निरूपण गर्छ)* घट चेष्टायाम् (भ्वा.) धातु, घट्+अच् (पचादि), घटः । घट+ङीष् (ई)= घटी ।

शब्दार्थ- सानो घडा, चौवीस मिनेटको समय वा एक घडी, पानीघडी, सानो जलपात्र ।

घटीयन्त्रम् (ना./न.) घटचाः यन्त्रम् *(घडीको यन्त्र)* ष.त.स.= घटीयन्त्र ।

शब्दार्थ- घडी, समय वताउने यन्त्र ।

घट्टः (ना./पुं.) घट्टते अस्मिन् *(सञ्चालित हुन्छ यसमा)* घट्ट चलने (भ्वा.) धातु, घट्ट्+घञ्[६] (अ)= घट्ट ।

शब्दार्थ- घाट, नदी, किनार, नदीको प्रवेशस्थान, तीर्थस्थल, पानी वा हावा वा तापबाट चल्ने यन्त्र वा घट्टा, पीठो आदि पिंध्ने घट्टा ।

---

[१] वर्णात्कारः (वा.) : कार

[२] ण्वुल्तृचौ : ण्वुल्

[३] ण्यासश्रन्थो युच् : युच्

[४] षिद्गौरादिभ्यश्च : अङ्

[५] नौद्यचष्ठन् : ठन्

[६] हलश्च : घञ्

घण्टः (ना./पुं.)/**घण्टा** (ना./स्त्री. घण्टयति, घण्टचते इति वा *(शब्द गर्छ वा गर्नु)* घटि भाषार्थे (चुरा.) धातु, नुम्, घण्ट्+अच् (पचादि)= घण्ट ।

घण्ट्+अङ् (अ)+टाप् (आ)= घण्टा ।

शब्दार्थ- पूजाआजा गर्दा बजाइने घण्ट, एक घण्टा वा दुई घडी तीस पलाको समय ।

घनः (ना./पुं./न.) हन्ति अनेन *(शब्द गर्छ वा आघात यसले)* हन हिंसागत्योः (अदा.) धातु, हन्+अप्[1] (अ), धातुको 'घ' अन्तादेश= घन ।

अथवा घनति दीप्यते विद्युतादिभिः *(बिजुली आदिद्वारा प्रकाशित हुन्छ)* घन दीप्तौ (सौत्र) धातु, घन+अच् (पचादि)= घन ।

घनः सान्द्रे दृढे दाढर्चे विस्तारे मुद्गरेऽम्बुदे ।
सङ्घे मुस्ते, घनं मध्ये नृत्यवाद्यप्रकारयोः- इति हैमः
कांस्यतालादिकं घनम् । घनं निरन्तरं सान्द्रम्- इत्यमरः

शब्दार्थ- वादल, मेघ, गदा, बाक्लोपना, घना, फलामे मुङ्ग्रो, घण्टा, समूह, कडा, नृत्य, वाद्यविशेष ।

घनघटा (ना./स्त्री.) घनस्य घटा *(मेघको छटा वा समूह)* ष.त.स.= घनघटा ।

शब्दार्थ- मेघको समूह, वादल समुदाय, मेघमाला ।

उदा. **जो आयो तरवर्षिई घनघटा बाक्लो निलोबाट यो- शा.म.का.१/७**

घनघोरः (वि./ना./न.) हन्ति अनेन *(शब्द गर्छ यसले)* हन हिंसागत्योः (अदा.) धातु, हन्+अप् (अ), धातुको घनादेश, घनः ।

घोरयतीति *(डरलाग्दो शब्द गर्छ)* घुर भीमार्थशब्दयोः (तुदा.) धातु, घुर्+णिचि+अच् (पचादि), गुण, णिलोप, घोरः ।

अथवा हन्तीति *(गर्जन्छ)*हन हिंसागत्योः (अदा.) धातु, हन्+अच् (अ), धातुको घुर् आदेश, गुण, घोरः ।

घनश्चासौ घोरश्च *(ज्यादै डरलाग्दो)* क.त.स. =घनघोर ।

शब्दार्थ- भीषण, डरलाग्दो, भयानक, ज्यादै बाक्लो, मेघको ठूलो आवाज वा गर्जन ।

घनत्वम् (ना./न.) घनस्य भावः इति *(बाक्लो हुनाको भाव वा अवस्था)* घन+त्व= घनत्व ।

शब्दार्थ- बाक्लोपना, कुनै वस्तुको लम्बाइ चौडाइ मोटाइ र गहिराइको नाप वा परिमाण ।

घनमूलम् (ना./न.) घनस्य घनराशेः मूलम् *(घनराशिको मूल)* ष.त.स.= घनमूल ।

शब्दार्थ- घनराशिको मूल अङ्क जस्तैः १२५ को घनमूल ५ हुन्छ (५×५×५=१२५)

घनश्यामः (ना./पुं.) घन इव श्यामः कृष्णवर्णः *(मेघ जस्तै कालो वर्ण)* उप.क.त.स.[2]= घनश्याम ।

शब्दार्थ- कालो वादल, मेघ समान श्यामवर्ण, ज्यादै गाढा कृष्णवर्ण, पानी भएको बादलझैं कालो वर्ण, राम तथा श्रीकृष्ण ।

घना (वि.स्त्री.) हन्ति अनेन *(गाढा बन्छ यसबाट)* हन हिंसागत्योः (अदा.) धातु, हन्+अप्[1] (अ), 'घ' अन्तादेश, घन+टाप् (आ)= घना ।

शब्दार्थ- बाक्लो, गहिरो, प्रगाड, सघन, धेरै, पर्याप्त ।

घनाघनः (ना./पुं.) हन्तीति *(हिंसा गर्छ)* हन हिंसागत्योः (अदा.) धातु, हन्+अच् (पचादि) द्वित्व[3], अभ्यासका हको घत्व, आत्व, अभ्यासपछिको हको कुत्व[4] =घनाघन ।

शब्दार्थ- इन्द्र, मेघ, पानीले परिपूर्ण वादल, मारकाट, हानाहान, मदोन्मत्त हात्ती ।

घनिष्ठः (वि.) अयमेषामतिशयेन घनः *(यो यिनीहरूमध्ये ज्यादै घना वा गाढा)* घन+इष्ठन्[5] (इष्ठ), अकारलोप =घनिष्ठ ।

शब्दार्थ- ज्यादै गाडा, ज्यादै बाक्लो, ज्यादै नजिकको, अति निकटवर्ती ।

घनिष्ठता (ना./स्त्री.) घनिष्ठस्य भावः *(घनिष्ठ हुनाको भाव वा अवस्था)* घनिष्ठ+तल् (त)+टाप् (आ) =घनिष्ठता ।

शब्दार्थ- अतिनिकटपना, सामीप्य, ज्यादै गाढापन ।

घर्घरः (ना./पुं.) 'घर्घ' इति अव्यक्तध्वनिं राति *('घर्घर' यस किसिमको अव्यक्त ध्वनि प्रकट गर्छ)* रा दाने (अदा.) धातु, घर्घ+रा+क (अ), आलोप= घर्घर ।

घर्घरो ना चलद्वारिध्वानोलूक नदान्तरे- इति मेदिनी

शब्दार्थ- घर्घर शब्द, अव्यक्त ध्वनि, लाटोकोसेरो वा ऊलूक, छहराको ध्वनि वा आवाज ।

घर्मः (ना./पुं.) जिघर्ति क्षरति दीप्यते इति वा *(पसिना चुहुन्छ वा प्रकाशित हुन्छ)* घृ क्षरणदीप्त्योः (जुहो.) धातु, घृ+मक्[6] (म), गुण, उणा.= घर्म ।

घर्मः स्यादातपे ग्रीष्मेऽप्यूष्मस्वेदाम्भसोरपि- इति मेदिनी

शब्दार्थ- घाम, ग्रीष्मऋतु, तातो, गर्मी, गर्मीमा पसिना आउने काम, पसिना, स्वेद, गर्मी मौसम ।

घर्षः (ना./पुं.) घृष्यते इति *(रगडिन्छ)* घृषु सङ्घर्षे (भ्वा.) धातु, घृष्+घञ् (अ), गुण= घर्ष ।

शब्दार्थ- घर्षण, रगड्ने काम, घोट्ने क्रिया, पिँध्ने काम ।

घर्षकः (वि.) घर्षतीति *(घर्षण हुन्छ)* घृषु सङ्घर्षे (भ्वा.) धातु, घृष्+ण्वुल्[7] (अक), गुण= घर्षक ।

शब्दार्थ- रगड्ने, घोट्ने, घर्षण गर्ने, पिस्ने ।

---

[1] **मूर्तौ घनः : अप्, घ अन्तादेश**

[2] **उपमानानि सामान्य... : उप.क.त.स.**

[3] **हन्तेर्घत्वे च (वा.) : द्वित्व, आत्व, घत्व**

[4] **अभ्यासाच्च : कुत्व**

[5] **अतिशायने तमबिष्ठनौ : इष्ठन्**

[6] **घर्मः : मक्/गुण**

[7] **ण्वुल्तृचौ : ण्वुल्**

घर्षणम् (ना./न.) घृष्यते, घर्षणमिति वा *(घर्षण हुनु)* घृषु संघर्षे (भ्वा.) धातु, घृष्+ल्युट् (अन), गुण, णत्व =घर्षण ।

शब्दार्थ- रगड्ने काम, घोट्ने काम, पिँध्ने काम, रगडाइ, घर्षणक्रिया ।

घर्षितः (वि.) घृष्यते स्म इति *(रगडिएको)* घृषु संघर्षे (भ्वा.) धातु, घृष्+क्त (त), इडागम= घर्षित ।

शब्दार्थ-रगडिएको, घोटिएको, पिंधिएको, घर्षण गरिएको

घातः (ना./पुं.) हननम्, हन्यते इति वा *(वध गरिन्छ)* हन हिंसागत्योः (अदा.) धातु, हन्+घञ्[१] (अ), वृद्धि, हन्का नको त[२], हको कुत्व[३] घ, घात् अ= घात ।

घातोन्माथवधा अपि- इत्यमरः

शब्दार्थ- वध, हत्या, प्रहार, आघात, चोटपटक, मार्ने काम, अभिघात, हत्तेहाल्ने काम, ठक्कर दिने काम ।

घातकः (वि.) हन्तीति *(वध गर्छ)* हन हिंसागत्योः (अदा.) धातु, हन्+ण्वुल्[४] (अक), वृद्धि, हन्का नको तकार[२], हको कुत्व[३], घात् अक= घातक ।

शब्दार्थ- हत्या गर्ने, वध गर्ने, मार्ने, विनाश गर्ने, संहार गर्ने, घात गर्ने, प्रहार गर्ने, चोट पुऱ्याउने, हत्यारा, हिंस्रक ।

घातकी (वि.) हन्तीति *(हत्या गर्छ)* हन हिंसागत्योः (अदा.) धातु, हन्+घञ् (अ), वृद्धि, हन्का नको त, हको कुत्व घ, घातः । घात एव *(घात गर्ने काम नै)* घात+कन् (क), स्वार्थमा, घातकः । घातकः घातकर्म अस्यास्तीति **(वध गर्ने काम छ यसको)** घातक+इनि[५] (इन्), घातकिन्= घातकी ।

शब्दार्थ- हत्यारा, घात गर्ने, विनाश गर्ने, वध गर्ने, मार्ने, हिंस्रक ।

घातप्रतिघातः (ना./पुं.) हन्यते इति *(वध गरिन्छ)* हन हिंसागत्योः (अदा.) धातु, हन्+घञ् (अ), वृद्धि, नकारको तकार[२], हको कुत्व[३] घ, घात्+अ, घातः । प्रतिहन्यते इति *(प्रतिघात गरिन्छ)* प्रतिपूर्वक हन हिंसागत्योः (अदा.) धातु, प्रति+हन्+ घञ् (अ), वृद्धि, नकारको तकार, हको कुत्व घ, प्रतिघात्+अ, प्रतिघातः । घातश्च प्रतिघातश्च *(मारकाट)* द्व.स. =घातप्रतिघात ।

शब्दार्थ- पारस्परिक मारकाट, हानाहान, मुक्कामुक्की, मानसिक अन्तर्द्वन्द्व, वधप्रतिवध ।

उदा. **त्यो घातप्रतिघात चङ्क्रमणको चातुर्य-सौदामिनी ।**
- साहित्यको फुटबल, लालित्य ।

घाती (वि.) हन्तीति *(हत्या गर्छ)* हन हिंसागत्योः (अदा.) धातु, हन्+णिनि[६] (इन्), वृद्धि, हन्का नको त[२], हको कुत्व[३] घ, घातिन्= घाती ।

शब्दार्थ- मार्ने, हत्यारो, हत्या गर्ने काममा निपुण, वधिक ।

घातुकः (वि.) हन्ति तच्छीलः, हननशीलः *(वध गर्ने काममा निपुण)* हन हिंसागत्योः (अदा.) धातु, हन्+उकञ्[७] (उक), वृद्धि, हन्का नको त[२], हको कुत्व[३] घ, घात् उक= घातुक ।

शब्दार्थ- घाती, हत्यारो, घातक, वध गर्ने, हत्या गर्ने, हिंस्रक ।

घात्यः (वि.) हन्तुं योग्यः *(वध गर्न लायक)* हन हिंसागत्योः (अदा.) धातु, हन्+ण्यत्[८] (य), वृद्धि, हन्का नको त[२], हको कुत्व[३] घ= घात्य ।

शब्दार्थ- मार्न लायक, वध गर्न योग्य, हिंसा गर्न उचित, हत्या गर्नुपर्ने ।

घासः (ना./पुं.) घस्यते यः पशुभिः *(पशुहरूद्वारा जो खाइन्छ)* घस्लृ अदने (भ्वा.) धातु, घस्+घञ् (अ), वृद्धि =घास ।

शब्दार्थ-तृण, घास, गौचरन, भर्खर पलाएको पालुवा घाँस,

घुटः/घुटिका (ना./पुं./स्त्री.) घुटतीति *(ठक्कर दिन्छ)* घुट प्रतिघाते (तुदा.) धातु, घुट्+क (अ)= घुट ।
घुट एव **(घुँडा नै)** घुट+कन् (क), स्वार्थमा, घुटक+टाप् (आ), ककारपूर्वका अकारको इत्व= घुटिका ।

शब्दार्थ- घुँडो, चरणग्रन्थि, तिघ्रा र पिडौँलाको बीचको भाग ।

घृणा (ना./स्त्री.) घ्रियतेऽनया *(तिरस्कार गरिन्छ यसबाट)* घृ सेचने (भ्वा.) वा घृ क्षरणदीप्त्योः (जुहो.) धातु, घृ+नक् (न), बहुलप्रकारले, णत्व, टाप् (आ)= घृणा ।

शब्दार्थ- निन्दा, तिरस्कार, घिन, हेला, अपहेलना ।

उदा. **शान्ति छ केवल एकथरीले हतियारमा साँध लाउञ्जेल,**
नत्र भने छ सदैव घृणाको भित्र-भित्रै सल्किरहेको आगो- स्वर्ग र देवता (बालकृष्ण सम)

घृणास्पदः (वि.) घृणायाः आस्पदः *(घृणाको पात्र या स्थान)* घृणा+आस्पद, ष.त.स., दीर्घ= घृणास्पद ।

शब्दार्थ- घिनलाग्दो, निन्दनीय, घृणा गर्न लायक, घृणाको पात्र ।

घृणिः (ना./स्त्री.) घरतीति *(चुहुन्छ वा छरिन्छ)* घृ सेचने (भ्वा.) धातु, घृ+नि[९] (उणा.), णत्व, गुणाभाव निपातन= घृणि ।
अथवा जिघर्तीति *(प्रकाशित हुन्छ)* घृ क्षरणदीप्त्योः (जुहो.) धातु, घृ+नि[९], णत्व= घृणि ।
अथवा घृणोति अनया *(प्रकाशित हुन्छ यसबाट)* घृणु दीप्तौ (तना.) धातु, घृण्+इत्[१०] (इ)= घृणि ।

गभस्तिघृणिरश्मयः- इत्यमरः

शब्दार्थ- रश्मि, किरण, अंशु, दीप्ति, प्रकाश ।

---

[१] भावे : घञ्
[२] हनस्तोऽचिण्णलो : नको त
[३] होहन्ते... : कुत्व
[४] ण्वुल्तृचौ : ण्वुल्
[५] अत इनिठनौ : इनि
[६] नन्दिग्रहिपचादि... : णिनि
[७] लषपतपदस्था... : उकञ्
[८] ऋहलोर्ण्यत् : ण्यत्
[९] घृणिपृश्निपार्ष्णि... : नि, णत्व, गुणाभाव-निपातन
[१०] इगुपधात् कित् : इत्

घृणितः (वि.) घृणोति स्म, घृण्यते स्म इति *(घृणा गरेको वा गरिएको)* घृणु दीप्तौ (तना.) धातु, घृण्+क्त (त), कर्ता र भावमा, इडागम= घृणित ।

अथवा घृणा सञ्जाता अस्य *(घृणा गरिएको छ यसको)* घृणा+इतच् (इत)= घृणित ।

शब्दार्थ- घृणा गरिएको, अपहेलित, घिनलाग्दो, निन्दा गरिएको, निन्दित ।

घृतम् (ना./न.) जिघर्ति, घरति क्षरतीति वा *(चुहुन्छ वा प्रवाहित हुन्छ)* घृ क्षरणदीप्त्योः (जुहो.) वा घृ प्रस्रवण (चुरा.) धातु, घृ+क्त[१] (त), उणा.= घृत ।

शब्दार्थ- घिउ, आज्य, नौनी घिउ, पानी ।

घृतकौशिकः (ना./पुं.) कुशिकादागतः, कुशिके भवः जातादिर्वा, कुशिकस्यायम् *(कुशिकबाट आएका वा उत्पन्न भएका, कुशिकको)* कुशिक+ठक् (इक), आदिवृद्धि, कौशिकः । घृतपूर्वश्चासौ कौशिकश्च *(घृतपूर्वमा हुने कौशिक)* क.त.स., उ.प.लोप =घृतकौशिक ।

शब्दार्थ- कौशिक वंशीय एक गोत्रप्रर्वतक ऋषि, घृतकौशिक ऋषिको कुल वा वंशपरम्परा, महायज्ञमा कौशिकी नदी घिउले भरिदिने महान् ऋषि ।

घृतधारा (ना./स्त्री.) घृतस्य धारा *(घिउको धारा)* ष.त.स. =घृतधारा ।

शब्दार्थ- यज्ञ समाप्तिमा गरिने घृतधारा कर्म, घिउको धाराले सिञ्चन गर्ने कर्म ।

घृतविक्रयी (वि.) घृतं विक्रेतुं शीलमस्य *(घिउ बिक्री गर्ने शील या सीप छ यसको)* घृतपूर्वक वि उपसर्गमा हुने डुक्रीञ् द्रव्यविनिमये (क्रया.) धातु, घृत+वि+क्री+इनि[२] (इन्), उणा., गुण, अयादेश, घृतविक्रयिन् =घृतविक्रयी ।

शब्दार्थ- घिउ किनवेच गर्ने, घिउको कारोवार गर्ने, घिउको व्यापार गर्ने ।

घोटकः (ना./पुं.) घोटते प्रत्यागच्छति *(गएर फर्कन्छ)* घुट परिवर्तने (भ्वा.) धातु, घुट्+ण्वुल् (अक), गुण =घोटक ।

शब्दार्थ- घोडो, अश्व, तुरग, हय ।

घोरः (वि.) घोरयति भीषणम् भवति *(डरलाग्दो हुन्छ)* घुर भीमार्थशब्दयोः (चुरा.) धातु, घुर्+णिचि+अच् (पचादि), गुण, णिलोप= घोर ।

अथवा हन्तीति *(विनाश गर्छ)* हन हिंसागत्योः (अदा.) धातु, हन्+अच्[३] (अ), धातुको घुर् आदेश, उणा., गुण= घोर । **घोरं धीमं भयानकम्- इत्यमरः**

शब्दार्थ- भयानक, डरलाग्दो, भयङ्कर, भीषण, उग्र, भीष्म, भीम ।

घोषः (ना./पुं.) घोषति, घोषयति शब्दं करोति अत्र *(शब्द गर्छ यहाँ)* घुषिर् अविशब्दने (भ्वा.) वा घुषिर् विशब्दने (चुरा.) धातु, घुष्+घञ्[४] (अ), गुण= घोष ।

शब्दार्थ- शब्द, आवाज, डरलाग्दो शब्द, घोषणा, मेघ, गर्जन, ग्वालाहरूको बस्ती, गोठ, आभीरपल्ली ।

घोषकः (वि.) घोषति, घोषयतीति वा *(घोषणा गर्छ)* घुषिर् अविशब्दने (भ्वा.) वा घुषिर् विशब्दने (चुरा.) धातु, घुष्+ण्वुल्[५] (अक), गुण= घोषक ।

शब्दार्थ-घोषणा गर्ने, उद्घोषक, शब्द गर्ने, आवाज निकाल्ने

घोषणा (ना./स्त्री.) घोष्यते इति *(घोषणा गरिन्छ)* घुषिर् विशब्दने (चुरा.) धातु, घुष्+णिचि+युच्[६] (अन), गुण, णिलोप, णत्व, घोषण+टाप् (आ)= घोषणा ।

शब्दार्थ- ठूलो स्वरले बोल्ने काम, उद्घोषण, राष्ट्रको तर्फवाट गरिने कुनै कुराको घोषणा वा उद्घोषण, उच्च शब्द, ऐलान गर्ने काम ।

घोषवती (ना./स्त्री.) घोषः प्रशस्तः मधुरः शब्दः अस्ति अस्याः *(धेरै मीठो मधुर शब्द छ यसको)* घोष+मतुप्[७] (मत्), मको व, ङीप् (ई)= घोषवती ।

शब्दार्थ- मीठो स्वर भएको वीणा, मीठो वाणी ।

घोषीभवन् (ना./पुं.) अघोषः घोषः सम्पद्यते, घोषः क्रियते इति *(अघोष ध्वनि सघोष बन्छ र सघोष हुन्छ)* भू सत्तायाम् (भ्वा.) धातु, घोष+च्वि[८]+भू+ शतृच् (अत्) +शप् (अ), गुण, अवादेश, भवत्, घोषको ईत्व[९], च्विको सर्वलोप, घोषीभवत्= घोषीभवन् ।

शब्दार्थ- अघोष ध्वनि सघोष हुने प्रक्रिया, प्रथम र द्वितीय वर्गका ध्वनिहरूको स्थानमा तृतीय र चतुर्थ वर्गका ध्वनि हुने स्थिति वा प्रक्रिया ।

घ्राणम् (ना./न.) जिघ्रति अनेन *(गन्ध ज्ञान हुन्छ यसबाट)* घ्रा गन्धोपादाने (भ्वा.) धातु, घ्रा+ल्युट् (अन), दीर्घ, णत्व= घ्राण ।

शब्दार्थ- नाक, नासिका, गन्ध, सुँघ्ने काम, सुँघ्ने शक्ति, घ्राणेन्द्रिय ।

घ्राणः/घ्रातः (वि.) घ्रायते स्म इति *(सुँघेको)* घ्रा गन्धोपादाने (भ्वा.) धातु, घ्रा+क्त (त), निष्ठा तको न[१०], विकल्पले, णत्व= घ्राण ।

नत्वको अभावमा= घ्रात ।

शब्दार्थ- सुँघेको, सुँघिएको, नाकले गन्ध लिएको ।

घ्राणेन्द्रियम् (ना./न.) घ्राणञ्च तदिन्द्रियञ्च *(सुँघ्ने इन्द्रिय)* घ्राण+इन्द्रिय, क.त.स.= गुण= घ्राणेन्द्रिय ।

शब्दार्थ- गन्ध सुँघ्ने इन्द्रिय, नाक, नासिका ।

---

१. अञ्जिघृसिभ्यस्क्तः : क्त
२. कर्मणीनिविक्रियः : इनि
३. हन्ते घुरच्च : अच्, धातुको घुर् आदेश
४. हलश्च : घञ्
५. ण्वुल्तृचौ : ण्वुल्
६. ण्यासश्रन्थो युच् : युच्
७. तदस्यास्त्यस्मिन्... : मतुप्
८. कृभ्वस्तियोगे... : च्वि
९. अस्य च्वौ : ईत्व
१०. नुदविदोन्द... : निष्ठा तको न

ङ

ङ: (ना./पुं.) ङ्यते गृह्यते इन्द्रियै: *(इन्द्रियद्वारा ग्रहण गरिन्छ)* ङुङ् शब्दे (भ्वा.) धातु, ङु+ड[१] (अ), टिलोप, उकारलोप, ङ अ= ङ ।

परिचय- देवनागरी वर्णमालाको पाचौं व्यञ्जनवर्ण, कवर्गको अन्तिम अक्षर, कण्ठ तथा नासिका स्थानीय स्पर्शसंज्ञक सघोष अल्पप्राण ध्वनि ।

ङकारो भैरव: ख्यातो ङकारो विषयस्पृहा- एकाक्षरकोश:

ङ: पुमान् विषये ख्यात: स्पृहायां विषयस्य च- इति मेदिनी

शब्दार्थ- इच्छा, चाहना, विषयको कामना वा अभिलाषा, स्पृहा, भैरव ।

ङकार: (ना./पुं.) 'ङ' यस्तो वर्णनिर्देशनमा 'ङ' प्रातिपदिकवाट ङ+कार[२]= ङकार ।

शब्दार्थ- ङध्वनि, ङअक्षर, कवर्गको पाँचौ वर्ण ।

च

च: (ना./पुं.) चिनोति, चणति शब्दायते इति वा *(चयन गर्छ वा शब्द गर्छ)* चिञ् चयने (स्वा.) वा चण दाने (भ्वा.) धातु, चि/चण्+ड[१] (अ), टिलोप= च ।

परिचय- देवनागरी वर्णमालाको छैटौं व्यञ्जनवर्ण, चवर्गको प्रथम अक्षर, तालुस्थानीय स्पर्शसंज्ञक अघोष अल्पप्राण-ध्वनि ।

चश्चण्डेशे पुमानुक्त: कच्छपे चन्द्रचौरयो:- इति मेदिनी

च: पादपूरणे पक्षान्तरे हेतौ विनिश्चये

चश्चन्द्रमा समाख्यातो भास्करे तस्करे मत:- अ.को.रामाश्रमी.

शब्दार्थ- सूर्य, चन्द्रमा, कछुवा, चोर, तस्कर, निश्चय, हेतु, पादपूरक, समाहार, समुच्चय ।

चकार: (ना./पुं.) 'च' यस्तो वर्णनिर्देशनमा 'च' प्रातिपदिकवाट च+कार[२]= चकार ।

शब्दार्थ- चअक्षर वा ध्वनि, चवर्गको पहिलो अक्षर वा वर्ण ।

चकित: (वि.) चकति स्म इति *(छक्क परेको)* चक तृप्तौ (भ्वा.) धातु, चक्+क्त (त), कर्तामा, इडागम =चकित ।

शब्दार्थ- छक्क परेको, भयले डराएको, सशङ्कित, आश्चर्य चकित भएको ।

चकोर: (ना./पुं.) चकते तृप्यतीति *(चन्द्र किरणले तृप्त हुन्छ, तड्पन्छ)* चक तृप्तौ प्रतिघाते च (भ्वा.) धातु, चक्+ओरन्[३] (ओर), उणा.= चकोर ।

शब्दार्थ- चखेवा, चन्द्रकिरण देखेर प्रसन्न हुने पक्षी, राति पत्नी वियोगमा तड्पने र दिनमा पत्नी मिलनमा तृप्त हुने चखेवा, च्याखुरो ।

चक्र: (ना./पुं./न.) चकते इति *(तृप्त हुन्छ वा ठक्कर खान्छ)* चक तृप्तौ प्रतिघाते च (भ्वा.) धातु, चक्+रक् (र), उणा.= चक्र । अथवा क्रियते गतिरनेन इति *(यसद्वारा गति पैदा हुन्छ)* डुकृञ् करणे (तना.) धातु, कृ+क[४] (अ), द्वित्व[५], कृ कृ अ, गुण, कर् कृ अ, च कृ अ, यण्= चक्र ।

चक्र: कोके पुमान् क्लीवे व्रजे सैन्यरथाङ्गयो:

राष्ट्रे दम्भान्तरे कुम्भकारोपकरणास्त्रयो: ।

जलावर्तेऽपि- इति मेदिनी

शब्दार्थ- चखेवा, रथको पाङ्ग्रा, गोठ, व्रज, राष्ट्र, राज्य, सैन्य, पानीको भुमरी, जलावर्त, विष्णुको सुदर्शन नामक अस्त्र, माटाको भाँडा बनाउने उपकरण वा साधन, शरीरभित्रको षट्चक्र- मूलधार, स्वाधिष्ठान, मणिपूरक, अनाहत, विशुद्ध, आज्ञाचक्र ।

चक्रधर: (ना./पुं.) चक्रं धरतीति *(चक्र धारण गर्छन्)* चक्र उपपदमा हुने धृञ् धारणे (भ्वा.) धातु, चक्र+ धृ+अच् (पचादि), गुण= चक्रधर ।

अथवा चक्रं फणा, तस्य धर: *(फणा धारण गर्ने)* ष.त.स.= चक्रधर ।

शब्दार्थ- सुदर्शन चक्र धारण गर्ने विष्णु, फँणाधारी सर्प, शेषनाग ।

चक्रपथ: (ना./पुं.) चक्रवत् मण्डलाकारश्चासौ पन्थाश्च मार्ग: *(चक्र जस्तै बाटुलो आकारको मार्ग वा बाटो)* क.त.स., उ.प.लोप, चक्रपथिन्+टच् (समासान्त), टिलोप= चक्रपथ ।

शब्दार्थ- चक्र जस्तै वरिपरि बाटुलो (वृत्ताकार) पारेर निर्माण गरिएको मार्ग, वरिपरि घुम्ने परिक्रमा सडक, रिङरोड ।

चक्रपाणि: (ना./पुं.) चक्रं पाणौ यस्य स: *(सुदर्शन चक्र छ हातमा जसको)* ब.स.= चक्रपाणि ।

शब्दार्थ- विष्णु, नारायण, कृष्ण ।

---

[१] अन्येष्वपि दृश्यते : ड

[२] वर्णात्कार: : कार

[३] कठिचकिभ्यामोरन् : ओरन्

[४] घञर्थे कविधानम् (वा.) : क (प्रत्यय)

[५] के कृनादिनाम् (वा.) : द्वित्व

चक्रमुक्तः (वि.) चक्रात् मुक्तः *(चक्रबाट छुटेको)* प.त.स.[1] =चक्रमुक्त ।

शब्दार्थ- चक्रबाट छुटेको, चक्रव्यूहबाट छुटेको, विषय जञ्जालबाट मुक्त भएको ।

चक्रवर्ती (ना./पुं.) चक्रे भूमण्डले वर्तितुं शीलं यस्य *(भूमण्डलमा रहने शील वा क्षमता छ जसको)* अथवा चक्रं शुभंचिन्हं करे वर्तते यस्य *(जसको हातमा चक्र या शुभ चिन्ह छ)* चक्र उपपदपूर्वक वृतु वर्तने (भ्वा.) धातु, चक्र+वृत्+णिनि (इन्) गुण, चक्रवर्तिन्= चक्रवर्ती ।

शब्दार्थ- सम्राट्, भूमण्डलकै राजा, विशाल राष्ट्रका राजा, चक्रवर्ती सम्राट्, हात खुट्टामा चक्र चिन्ह हुने व्यक्ति ।

चक्रवाकः (ना./पुं.) चकते इति *(तृप्त हुन्छ)* चक तृप्तौ प्रतिघाते च (भ्वा.)धातु, चक्+रक् (र), उणा., चक्रम् । चक्रेण चक्रशब्देन उच्यते *(चक्रनामले पुकारिन्छ)* चक्रपूर्वक वच परिभाषणे (अदा.) धातु, चक्र+वच् +घञ् (अ), कुत्व= चक्रवाक ।

शब्दार्थ- चखेवा, कोकपन्छी ।

चक्रव्यूहः (ना./पुं.) चक्रवत् मण्डलाकारः व्यूहः *(चक्र जस्तै मण्डलाकार व्यूहरचना)* उप.क.त.स. =चक्रव्यूह ।

शब्दार्थ- सैन्यसङ्गठनको मण्डलाकार व्यूहरचना, षड्यन्त्र, युद्धकालमा निर्माण गरिने चक्राकार सैन्यमोर्चा ।

चक्राङ्कः (ना./पुं.) चक्रस्य अङ्कः *(चक्रको चिन्ह वा छाप)* ष.त.स.= चक्राङ्क ।

शब्दार्थ- चक्रले ढामेको चिन्ह, चक्रभुज, चक्राङ्कित चिन्ह ।

चक्षुः (ना./न.) चष्टे पश्यति रूपादिकमनुभवति वा अनेन *(हेर्छ वा रूपादि अनुभूति गर्छ यसले)* चक्षिङ् व्यक्तायां वाचि (दर्शने च) (अदा.) धातु, चक्ष्+उसि[2] (उस्), उणा, चक्षुस्, चक्षुः= चक्षु ।

शब्दार्थ- आँखा, नयन, नेत्र, दृष्टि, दर्शन, लोचन, नेत्रेन्द्रिय ।

चक्षुगोचरः (वि.) चक्षुषा गोचरः *(आँखाले देखिने)* तृ.त.स. =चक्षुगोचर ।

शब्दार्थ- दृष्टिगोचर, आँखाले देख्न वा ठम्याउन सकिने ।

चक्षुदानम् (ना./न.) चक्षुषः दानम् *(आँखाको दान)* ष.त.स.= चक्षुदान ।

शब्दार्थ- मृत्युपश्चात् दिइने आँखादान, नेत्रदान, नेत्ररोग निको पार्ने काम ।

चक्षुश्रवाः (ना./पुं.) चक्षुर्नयनमेव श्रवः श्रवणम् यस्य सः *(आँखाले नै सुन्ने काम हुन्छ जसको)* ब.स., चक्षुश्रवस् (चक्षुश्रवाः)= चक्षुश्रवा ।

शब्दार्थ- सर्प, अहि, भुजङ्ग, भुजग ।

चञ्चलः (वि./ना./पुं.) चञ्चतीति *(चल्दछ, स्थिर हुँदैन)* चञ्चु गतौ (भ्वा.) धातु, चञ्च्+अलच् (अल), बहुलप्रकारले= चञ्चल ।

अथवा चञ्चं गतिं लातीति *(चञ्चलपना ल्याउँछ)* चञ्च उपपदमा हुने ला आदाने (अदा.) धातु, चञ्च+ला+क (अ), आलोप= चञ्चल ।

चञ्चलश्चपलेऽनिले- इति मेदिनी

शब्दार्थ- चञ्चले, चकचके, अस्थिर, चपल, हावा, वायु ।

चञ्चलता (ना./स्त्री.) चञ्चलस्य भावः *(चञ्चल हुनाको भाव वा स्थिति)* चञ्चल+तल् (त)+टाप् (आ) =चञ्चलता ।

शब्दार्थ- चुलबुलपना, चपलता, अस्थिरता, अधैर्य ।

चञ्चला (ना./स्त्री.) चञ्चं गतिं लाति असौ *(चञ्चल वा गतिशील छ यो)* ला आदाने (अदा.) धातु, चञ्च+ला+ क[3] (अ)+टाप् (आ)= चञ्चला ।

चञ्चला तु तडिल्लक्ष्म्योश्चञ्चलश्चपलेऽनिले- मेदिनी

शब्दार्थ- लक्ष्मी, श्रीसम्पत्ति, बिजुली, विद्युत्, चञ्चल स्त्री, बतास, आँधि ।

चञ्चलाश्री (ना./स्त्री.) चञ्चला चासौ श्रीश्च *(श्रीसम्पत्ति)* क.त.स.= चञ्चलाश्री ।

शब्दार्थ- धनसम्पत्ति, धनधान्य, श्रीसम्पत्ति, लक्ष्मी ।

चञ्चुः (ना./पुं.) चञ्चतीति *(चञ्चल हुन्छ)* चञ्चु गतौ (भ्वा.) धातु, चञ्च्+डु (उ), बहुलप्रकारले= चञ्चु ।

शब्दार्थ- चुच्चो, चराको मुखको चुच्चो, मृग, ढुंढो ।

चञ्चुप्रवेशः (ना./पुं.) चञ्च्वोः प्रवेशः *(बोक्रे ज्ञानको प्रवेश, चुच्चो भित्रतिर छिराउने काम)* ष.त.स. =चञ्चुप्रवेश ।

शब्दार्थ- चुच्चो भित्र पसाउने काम, कुनै विषयमा गहकिलो ज्ञानको अभाव, कुनै कुराको सामान्य ज्ञान ।

चटकः (ना./पुं.)/**चटका** (ना./स्त्री.) चटति भिनत्ति धान्यादिकम् *(धान्यादि अन्न चुच्चोले फोर्छ)* चट भेदने (चुरा.) धातु, चट्+अच् (पचादि), कन् (क), स्वार्थमा =चटक ।

स्त्रीत्व बुझाउँदा, चटक+टाप् (आ)= चटका ।

शब्दार्थ- भँगेरो, कलविङ्क, भँगेराकी स्त्री, पक्षीविशेष ।

चणकः (ना./पुं.) चणति शब्दायते *(शब्द गर्छ)* वा चण्यते दीयते *(दिइन्छ)* चण दाने शब्दे च (भ्वा.) धातु, चण्+क्वुन्[4] (अक), उणा.= चणक ।

शब्दार्थ- चणक नामका मुनि, ऋषिविशेष, चना ।

चण्डः (ना./पुं./वि.) चण्डते कुप्यतीति *(क्रोध गर्छ वा रिसाउँछ)* चडि कोपे (भ्वा.) धातु, नुम्, चण्ड्+अच् (पचादि)= चण्ड ।

शब्दार्थ- दैत्य, असुर, यमकिङ्कर, ज्यादा रिसाहा, उग्र, भयानक, प्रचण्ड रिस भएको, अतिक्रोधी ।

---

[1] अपेतापोढमुक्त... : प.त.स.

[2] चक्षेः शिच्च : उसि

[3] आतोऽनुपसर्गे... : क

[4] क्वुन् शिल्पिसंज्ञयोः... : क्वुन्

चण्डकोपः (वि.) चण्डः प्रचण्डः कोपः यस्य *(प्रचण्ड रिस छ जसको)* व.स.= चण्डकोप ।

शब्दार्थ-प्रचण्ड रिस भएको, ज्यादा रिसाहा, अतिक्रोधी ।

चण्डांशुः (ना./पुं.) चण्डाः प्रखराः अंशवः रस्मयः यस्य सः *(प्रखर रश्मि या किरण छन् जसका)* व.स., दीर्घ =चण्डांशु ।

शब्दार्थ- तीक्ष्ण किरण भएका सूर्य, आदित्य, प्रभाकर ।

चण्डालः (ना./पुं.) चण्डते कुप्यतीति *(क्रोध गर्छ)* चडि कोपे (भ्वा.) धातु, नुम्, चण्ड्+आलञ्[1] (आल), उणा. =चण्डाल ।

स्याच्चण्डालस्तु जनितो ब्राह्मण्यां वृषलेन यः- इत्यमरः

शब्दार्थ- नीचजाति, निषाद, चाण्डाल, ब्राह्मणी स्त्रीमा शूद्रवाट जन्मेको मानिस, क्रूर कर्म गर्ने व्यक्ति ।

चण्डिका/चण्डी (ना./स्त्री.) चण्डते कुप्यति असौ *(क्रोध व्यक्त गर्छिन् यिनी)* चडि कोपे (भ्वा.) धातु, नुम्, चण्ड्+ण्वुल् (अक), चण्डक+टाप् (आ), ककारपूर्वका अकारको इत्व= चण्डिका ।

चण्डते असौ *(क्रोध गर्छिन् यिनी)* चण्ड्+अच् (पचादि), चण्ड+ङीष्[2] (ई)= चण्डी ।

अथवा चण्डते असौ *(क्रोध गर्छिन्)* चण्ड+इन् (इ), उणा., चण्डि । चण्डि+ङीष् (ई), विकल्पले= चण्डी ।

शब्दार्थ- दुर्गा, देवी, भगवती, क्रोधपूर्ण स्वभावकी स्त्री, ज्यादै रिसाहा आइमाई ।

चतुरः (वि.) चततीति *(चतुर बन्छ)* चते याचने (भ्वा.) धातु, चत्+उरच्[3] (उर), उणा.= चतुर ।

शब्दार्थ- होसियार, वाठो, चलाख, चतुरो, दक्ष, पटु, चङ्ग, प्रवीण, निपुण ।

चतुरता (ना./स्त्री.) चतुरस्य भावः *(चतुर हुनाको भाव वा अवस्था)* चतुर+तल् (त)+टाप् (आ)= चतुरता ।

शब्दार्थ- निपुणता, चलाखीपन, वठचाइँ, होसियारी ।

चतुराननः (ना./पुं.) चत्वारि आननानि यस्य सः *(चार मुख छन् जसका)* व.स.= चतुरानन ।

शब्दार्थ- चतुर्मुखी ब्रह्मा, स्वयम्भू, पितामह, सृष्टिकर्ता ब्रह्मा ।

चतुर् (वि.) चततीति *(चतुर बन्छ)* चते याचने (भ्वा.) धातु, चत्+उरन्[4] (उर्), नकार तथा अकारको लोप =चतुर् ।

शब्दार्थ- वाठो, चलाख, चारको सङ्ख्या बुझाउने, चार ।

चतुर्थः (वि.) चतुर्णां पूरणः (चारको पूरक) चतुर्+डट्[5] (अ), डट्को थुगागम[6]= चतुर्थ ।

शब्दार्थ- चौथो, चारौं, चारको सङ्ख्या पूरा गर्ने ।

चतुर्थी (ना./स्त्री.) चतुर्णां पूरणी *(चारको सङ्ख्या पूर्ण गर्ने)* चतुर्+डट्[5] (अ), डट्को थुगागम[6], चतुर्थ । चतुर्थ+ङीप् (ई)= चतुर्थी ।

शब्दार्थ- चौथी तिथि, शुक्ल तथा कृष्णपक्ष दुवैको तृतीया पछिको तिथि ।

चतुर्दशः (वि./ना./पुं.) चतुर्दशानां पूरणः *(चौधको सङ्ख्या पूर्ण गर्ने)* चतुर्दशन्+डट्[5] (अ), टिलोप =चतुर्दश ।

अथवा चतुरधिका दश *(दश र चार जोड्दा हुने सङ्ख्या)* चतुर्+दश, क.त.स.= चतुर्दश ।

शब्दार्थ- चौध, चौधौं, दश र चारको जोड सङ्ख्या बुझाउने अङ्क ।

चतुर्दशी (ना./स्त्री.) चतुर्दशानां पूरणी *(चौधको सङ्ख्या पूरा गर्ने)* चतुर्दश+डट्[5] (अ)+ङीप् (ई)= चतुर्दशी ।

शब्दार्थ- शुक्ल तथा कृष्णपक्ष दुवैको चतुर्दशी तिथि, औंसी र पूर्णिमाभन्दा अघिल्लो दिनको तिथि ।

चतुर्धा (अव्य.) चत्वारः प्रकाराः *(चार प्रकारको)* चतुर्+धा[7] =चतुर्धा ।

शब्दार्थ- चार प्रकारको, चार किसिमको ।

चतुर्बाहुः (ना./पुं.) चत्वारः बाहवः यस्य सः *(चार बाहु छन् जसका)* ब.स.= चतुर्बाहु ।

शब्दार्थ- चार हात भएका भगवान् विष्णु, नारायण, दामोदर ।

चतुर्भुजः (ना./पुं./न.) चत्वारः भुजाः यस्य सः *(चार बाहु छन् जसका)* ब.स.= चतुर्भुज ।

अथवा चतुर्णां भुजानां समाहारः *(चार भुजाको समूह)* द्वि.त.स.= चतुर्भज ।

शब्दार्थ- चार हात भएका विष्णु, चतुर्भुज नारायण, चारहात, चारबाहु, चारभुजा भएको क्षेत्र ।

चतुर्मासम् (ना./न.) चतुर्णां मासानां समुदायः *(चार महिनाको समूह)* द्वि.त.स.= चतुर्मास ।

शब्दार्थ- चौमासा, चार महिनाको अवधि, आषाढशुक्ल हरिशयनी एकादशीदेखि कार्तिकशुक्ल हरिवोधिनी एकादशीसम्म चारमहिना ।

चतुर्मुखः (ना./पुं.) चत्वारि मुखानि यस्य सः *(चार मुख छन् जसका)* ब.स.= चतुर्मुख ।

शब्दार्थ- चतुर्मुखी ब्रह्मा, चारमुखे थैली ।

चतुर्मुखी (वि./ना./पुं.) चत्वारि मुखानि यस्य *(चार मुख छन् जसका)* ब.स., चतुर्मुखः । चतुर्मुखः विद्यते अस्य *(चार मुख छन् यिनका)* चतुर्मख+इनि (इन्), चतुर्मुखिन्= चतुर्मुखी ।

शब्दार्थ- चारमुख भएको, सृष्टिकर्ता ब्रह्मा, पितामह, हिरण्यगर्भ ।

---

[1] पतिचण्डिभ्यामालञ् : आलञ्
[2] बह्वादिभ्यश्च : ङीष्
[3] मन्दिवाशिमथि... : उरच्
[4] चतेरुरन् : उरन्
[5] तस्य पूरणे : डट्
[6] षट्कतिपयचतुरां थुक् : थुक्
[7] संख्याया विधार्थे धा : धा

चतुर्युगम् (ना./न.) चतुर्णां युगानां समाहारः *(चार युगको समूह)* द्वि.त.स.= चतुर्युग ।

शब्दार्थ- सत्य, त्रेता, द्वापर र कलियुग- यी चार युगको समूह, चारयुगको समुदाय ।

चतुर्वर्गः (ना./पुं.) चतुर्णां वर्गः *(धर्म, अर्थ, काम, मोक्ष- यी चारको वर्ग वा समूह)* ष.त.स.= चतुर्वर्ग ।

शब्दार्थ- धर्म, अर्थ, काम र मोक्ष- यी चार पुरुषार्थ ।

चतुर्वर्णम् (ना./न.) चतुर्णां वर्णानां समाहारः *(चार वर्णको समूह)* द्वि.त.स.= चतुर्वर्ण ।

शब्दार्थ- ब्राह्मण, क्षत्री, वैश्य, शूद्र- यी चार वर्णको समूह

चतुर्वेदः (ना./पुं./न.) चतुः सङ्ख्यकाश्च ते वेदाश्च *(चार वेदहरू)* क.त.स., उ.प.लोप= चतुर्वेद ।

अथवा चतुर्णां वेदानां समाहारः *(चार वेदको समुदाय)* द्वि.त.स.= चतुर्वेद ।

शब्दार्थ- वेदत्रयी र अथर्व वेद, ऋक्, यजु, साम र अथर्व वेद, चार वेदको समुदाय ।

चतुष्टयम् (ना./न.) चत्वारः अवयवाः अस्य *(चार अवयव छन् यसका)* चतुर्+तयप्[1] (तय), रेफ्को सत्व, सको षत्व, ष्टुत्व= चतुष्टय ।

शब्दार्थ- चार प्रकारका अङ्ग, चार अवयव ।

चतुष्पदम् (ना./न./वि.) चतुर्णां पादानां समुदायः *(चार पाउको समुदाय)* द्वि.त.स.= चतुष्पद ।

अथवा चत्वारः पादाः यस्य *(चार पाउ छन् जसका)* ब.स.= चतुष्पद ।

शब्दार्थ- चार पाउको समुदाय, चौपाया, चार पाउ भएको, चारवटा खुट्टा भएको ।

चतुष्पदी (ना./पुं./वि.) चत्वारः पादाः यस्य *(चार पाउ छन् जसका)* ब.स., चतुष्पदम् । चतुष्पदम् अस्यास्तीति *(चार पाउ छन् यसका)* चतुष्पद+इनि (इन्), चतुष्पदिन्= चतुष्पदी ।

शब्दार्थ- चार पाउ भएको पद्यश्लोक, चारखुट्टे खाट आदि ।

चतुस्त्रिंशत् (वि./ना./स्त्री.) चतुरधिका स्त्रिंशत् *(तीस र चार जोड्दा हुने सङ्ख्या)* क.त.स.= चतुस्त्रिंशत् ।

शब्दार्थ- चौंतीस, तीस र चारको जोडसङ्ख्या ।

चत्वारिंशत् (वि./ना./स्त्री.) चत्वारः दशतः परिमाणमस्य *(चारवटा दशको परिमाण छ यसको)* चतुर्दशन्+शत्[2], प्रकृतिको चत्वारिन् निपातन, अनुस्वार =चत्वारिंशत् ।

शब्दार्थ- चालीस, चारवटा दश जोड्दा हुने सङ्ख्या ।

चन्दनः (ना./पुं./न.) चन्दयति अनेन *(शीतलता प्रदान गर्छ यसले)* चदि आह्लादने (भ्वा.) धातु, नुम्, चन्द+णिचि+ल्यु/ल्युट् (अन), णिलोप= चन्दन ।

शब्दार्थ- चन्दन, श्रीखण्ड, विलेपन ।

चन्द्रः (ना./पुं.) चन्दयति आह्लादयति *(आनन्दविभोर पार्छ* वा चन्दति दीप्यते *(प्रकाशित हुन्छ)* चदि आह्लादने (भ्वा.) धातु, नुम्, चन्द्+रक्[3] (र), उणा.= चन्द्र ।

चन्द्रोऽम्बुकाम्ययोः । स्वर्णे सुधांशौ कर्पूरे काम्पिल्ये- इति हैमः

शब्दार्थ- जून, चन्द्रमा, प्रकाश, सुधांशु, कपूर, नवग्रहमध्ये एक, सुन, औषधिविशेष ।

चन्द्रकला (ना./स्त्री.) चन्द्रस्य कला *(चन्द्रमाको कला)* ष.त.स.= चन्द्रकला ।

शब्दार्थ-चन्द्रमाका सोह्रवटा कलाविशेष, चन्द्रमाको कला ।

चन्द्रकान्तः (ना./पुं.) चन्द्रः कान्तः प्रियः यस्य सः *(चन्द्रमा प्रिय छन् जसका)* ब.स.= चन्द्रकान्त ।

शब्दार्थ- मणिविशेष, मणिको भेद, कैरव या कमलविशेष ।

चन्द्रकान्ता (ना./स्त्री.) चन्द्रस्य कान्ता *(चन्द्रमाकी पत्नी)* ष.त.स.= चन्द्रकान्ता ।

अथवा चन्द्रः कान्तः प्रियः यस्याः *(चन्द्रमा प्रिय छन् जसका)* ब.स., चन्द्रकान्त+टाप् (आ)= चन्द्रकान्ता ।

शब्दार्थ- चन्द्रमाकी पत्नी, चन्द्रमा प्रिय लाग्ने रात्रि, पूर्णिमाको रात्रि ।

चन्द्रकान्तिः (ना./स्त्री.) चन्द्रस्य कान्तिः *(चन्द्रमाको कान्ति)* ष.त.स.= चन्द्रकान्ति ।

शब्दार्थ- चन्द्रमाको प्रकाश, ज्योत्स्ना, चन्द्रकिरण ।

चन्द्रग्रहणम् (ना./न.) चन्द्रे ग्रहणम् *(चन्द्रमामा लाग्ने ग्रहण)* स.त.स.= चन्द्रग्रहण ।

शब्दार्थ- चन्द्रमामा लाग्ने ग्रहण, पौराणिक कथनानुसार राहुद्वारा चन्द्रमाको ग्रसन, वैज्ञानिक पद्धतिअनुसार पृथिवीको छायाले चन्द्रमण्डल ढाक्ने काम ।

चन्द्रप्रभा (ना./स्त्री.) चन्द्रस्य प्रभा *(चन्द्रमाको प्रभा)* ष.त.स.= चन्द्रप्रभा ।

शब्दार्थ- चन्द्रकान्ति, चन्द्रमाको ज्योति वा प्रकाश ।

चन्द्रमण्डलम् (ना./न.) चन्द्रस्य मण्डलम् *(चन्द्रमाको मण्डल)* ष.त.स.= चन्द्रमण्डल ।

शब्दार्थ- चन्द्रविम्ब, चन्द्रमाको वरिपरि देखिने गोलो आकृतिको परिधि, चन्द्रमाको मण्डल ।

चन्द्रमाः (ना./पुं.) चन्द्रमानन्दं माति मिमीते इति वा *(आनन्द मापन गर्छन् वा आनन्द प्रदान गर्छन्)* मा माने (अदा.) वा माङ् माने शब्दे च (जुहो.) धातु, चन्द्र+मा+असि[4] (अस्), डित्व, उणा., टिलोप, चन्द्रमस्, चन्द्रमाः= चन्द्रमा ।

हिमांशुश्चन्द्रमाश्चन्द्र इन्दुः कुमुदबान्धवः- इत्यमरः

शब्दार्थ- चन्द्र, जून, इन्दु, सोम, नवग्रहमध्ये एक ।

चन्द्रमुखी (वि.) चन्द्र इव स्वच्छं मुखं यस्याः *(चन्द्रमाको जस्तो उज्यालो मुख छ जसको)* ब.स., चन्द्रमुख+ डीप् (ई)= चन्द्रमुखी ।

शब्दार्थ- चन्द्रमा जस्तो सुन्दर मुख भएकी, धेरै राम्री, उज्यालो अनुहारकी ।

---

[1] **संख्याया अवयवे... : तयप्**

[2] **पङ्क्तिविंशति... : शत्, प्रकृतिको चत्वारिन् निपातन**

[3] **स्फायितञ्चिवञ्चि... : रक्**

[4] **चन्द्रे मो डित् : असि, डित्व**

चन्द्रलोकः (ना./पुं.) चन्द्रस्य लोकः *(चन्द्रमाको लोक)* ष.त.स., दीर्घ= चन्द्रलोक ।

शब्दार्थ- चन्द्रमाको लोक वा चन्द्रमा निवास गर्ने स्थान ।

चन्द्रवंशः (ना./पुं.) चन्द्रस्य वंशः *(चन्द्रमाको वंश)* ष.त.स.= चन्द्रवंश ।

शब्दार्थ- चन्द्रमाको वंशपरम्परा, चन्द्रपुत्र बुधको वंश वा सन्तति ।

चन्द्रवदना (वि./स्त्री.) चन्द्र इव वदनं यस्याः *(चन्द्रमाको जस्तो स्वच्छ मुख छ जुन स्त्रीको)* ब.स., चन्द्रवदन +टाप् (आ)= चन्द्रवदना ।

शब्दार्थ- चन्द्रमाको जस्तो सुन्दर मुख भएकी (स्त्री), चन्द्रमुखी, ज्यादै राम्री (स्त्री) ।

चन्द्रशेखरः (ना./पुं.) चन्द्रः शेखरे भाले यस्य सः *(चन्द्रमा छन् भालमा जसका)* ब.स.= चन्द्रशेखर ।

शब्दार्थ- मस्तकमा चन्द्रमा धारण गर्ने भगवान् शङ्कर, शिवजी, महेश्वर, चन्द्रमौली, ।

चन्द्रालोकः (ना./पुं.) चन्द्रस्य आलोकः *(चन्द्रमाको प्रकाश)* ष.त.स., दीर्घ= चन्द्रालोक ।

शब्दार्थ- चन्द्रमाको प्रकाश, चन्द्रकान्ति, जयदेवद्वारा रचित साहित्यका गुण, दोष, रस, अलङ्कार आदि विभिन्न पक्षमा विवेचना गरिएको एक ग्रन्थ ।

चन्द्रिका (ना./स्त्री.) चन्द्रः अस्ति अस्याः *(प्रकाश छ यसको)* चन्द्र+ठन्[१] (इक), अकारलोप, चन्द्रिक+टाप् (आ)= चन्द्रिका ।

चन्द्रिका कौमुदी ज्योत्स्ना- इत्यमरः

शब्दार्थ-चन्द्रकिरण, ज्योत्स्ना, चन्द्रमाको प्रकाश, कौमुदी,

उदा. विना चन्द्रमा चन्द्रिका लीन हुन्छिन्- आ.रा. १४/४१

चन्द्रोदयः (ना./पुं.) चन्द्रस्य उदयः *(चन्द्रमाको उदय)* ष.त.स., गुण= चन्द्रोदय ।

शब्दार्थ- चन्द्रमाको उदय, चन्द्रमा उदाउने काम, जून उदाएको बेला, आयुर्वेदिक औषधिविशेष ।

चपलः (वि./ना./पुं.)/**चपला** (ना./स्त्री.) चोपति मन्दं गच्छति *(बिस्तारै हिँड्छ वा बहन्छ)* चुप मन्दायां गतौ (भ्वा.) धातु, चुप्+कल[२] (अल), धातुका उको अकार= चपल ।

स्त्रीत्व बुझाउँदा चपल+टाप् (आ)= चपला ।

सत्वरं चपलं तूर्णमविलम्बितमाशु च- इत्यमरः

चपलः पारदे मीने चौरके प्रस्तरान्तरे ।

चपला कमलाविद्युत्पुंश्चलीपिप्पलीषु च- इति मेदिनी

शब्दार्थ- अस्थिर, चञ्चल, आशुकवि, शीघ्र गति, क्षणिक, तरल, बिजुली, माछो, वेश्या, लक्ष्मी, चकचके बालक वा बालिका, चञ्चल स्वभावकी स्त्री, पारो, चोर ।

चपलता (ना./स्त्री.)/**चपलत्वम्** (ना./न.) चपलस्य भावः *(चञ्चल हुनाको भाव वा अवस्था)* चपल+तल् (त)+टाप् (आ)= चपलता ।

चपल+त्व= चपलत्व ।

शब्दार्थ- चञ्चलपना, चकचकेपना, अस्थिरता, क्षणिकता ।

चपलाक्षी/चञ्चलाक्षी (ना./स्त्री.) चपले/चञ्चले अक्षिणी यस्याः सा *(चञ्चल आँखा छन् जसका)* ब.स., दीर्घ, चपल/चञ्चल+अक्षि+षच् (समासान्त) +ङीष् (ई)= चपलाक्षी/चञ्चलाक्षी ।

शब्दार्थ- चञ्चल नयन भएकी स्त्री, चञ्चल आँखा भएकी नारी ।

चटुलनयना (ना./स्त्री.) चटुले चञ्चले नयने यस्याः सा *(चञ्चल छन् नयन जसका)* ब.स., दीर्घ, टाप् (आ) =चटुलनयना ।

शब्दार्थ- चञ्चल आँखा भएकी स्त्री, चपल नयन भएकी नारी ।

चमत्कारः (ना./पुं.) चमति, चम्नोति *(आचमन गर्छ, खान्छ, चकित पर्छ)* चमु अदने (भ्वा.) वा चमु भक्षणे (स्वा.) धातु, चम्+शतृच् (अत्), चमत् । चमत्क्रियतेऽनेति *(चमत्कार गरिन्छ यसबाट)* चमत्पूर्वक डुकृञ् करणे (तना.) धातु, चमत्+कृ+घञ् (अ), वृद्धि= चमत्कार ।

शब्दार्थ- विस्मय, आश्चर्य, तमासा, काव्यगत सौन्दर्य ।

चमरः (ना./पुं.) चमति, चम्नोति भक्षतीति वा *(खान्छ)* चमु अदने (भ्वा.) वा चमु भक्षणे (स्वा.) धातु, चम्+ अरन्[३] (अर), उणा.= चमर ।

रोहिताश्चमरो मृगः- इत्यमरः

चमरं चामरे स्त्री तु मञ्जरीमृगभेदयोः- इति मेदिनी

शब्दार्थ- चौंरी गाईको बाच्छो वा गोरु, पङ्खा, व्यजन, चमर डोलाउने काम, चमर, मृगविशेष, चवर (राजकीय चिन्ह), मञ्जरी ।

चमरी (ना./स्त्री.) चमरस्य स्त्री *(चौंरी गाईकी पत्नी)* चमर+ङीष् (ई)= चमरी ।

शब्दार्थ- चौरी, चौंरीगाई, मृगविशेष, मञ्जरी ।

चमूः (ना./स्त्री.) चमति, चम्नोति विनाशयति रिपून् *(शत्रुहरू विनाश गर्छ)* चमु अदने (भ्वा.) वा चमु भक्षणे (स्वा.) धातु, चम्+ऊ[४] (उणा.)= चमू ।

शब्दार्थ- सेना, फौज, प्राचीन सैन्यसङ्गठन- जसमा ७२९ हात्ती, ७२९ रथ, २१८७ घोडचढी र ३६४५ पैदल सिपाही समाहित हुन्थे ।

चम्पकः (ना./पुं.) चम्पयतीति *(प्रकाशित हुन्छ)* चपि गत्याम् (चुरा.) धातु, नुम्, चम्प्+ण्वुल्[५] (अक)=चम्पक ।

शब्दार्थ- चाँपको वृक्ष र फूल, चाँपको पहेंलो फूल, चम्पाको फूल, सुगन्धमय बास्ना आउने फूल ।

---

[१] वत इनिठनौ : ठन्

[२] चुपेरच्चोपधायाः : कल (प्रत्यय), उकारको अत्व

[३] अर्तिकमिभ्रमि... : अरन्

[४] कृषिचमितनि....: ऊ (प्रत्यय)

[५] ण्वुल्तृचौ... : ण्वुल्

चम्पूः (ना./स्त्री.) चम्पयति, चम्पतीति वा *(गाँथ्छ)* चपि गत्याम् (चुरा.) धातु, नुम्, चम्प्+ऊ (बहुलप्रकारले), उणा.= चम्पू ।

गद्यपद्यमयं काव्यं चम्पूरित्यभिधीयते- सा.द. ६/३३६

शब्दार्थ- गद्य र पद्यमिश्रित काव्य, चम्पूकाव्य ।

चयः (ना./पुं.) चयनम्, चीयते अनेन इति वा *(चयन गरिन्छ)* चिञ् चयने (स्वा.) धातु, चि+अच्[1] (अ), गुण, अयादेश= चय ।

चयः समूहे प्राकारमूलबन्धे समाहृतौ- इति मेदिनी

शब्दार्थ- थुप्रो, समूह, छान्ने काम, चयन गर्ने कार्य, सङ्ग्रह, पर्खालको जग, बटुल्ने काम ।

चयनम् (ना./न.) चीयते इति *(छानिन्छ)* चिञ् चयने (स्वा.) धातु, चि+ल्युट् (अन), गुण, अयादेश=चयन ।

शब्दार्थ- छान्ने काम, सङ्कलन गर्ने काम, टिप्ने कार्य, सङ्ग्रह गर्ने काम, सञ्चय गर्ने क्रिया, थुपार्ने काम ।

चयनशीलः (वि.) चयनं शीलमस्य *(छान्ने वा सङ्कलन गर्ने शील छ जसको)* व.स.= चयनशील ।

शब्दार्थ- चयन गर्ने शील स्वभावको, सङ्कलन गर्ने प्रवृत्तिको ।

चयनीयः (वि.) चीयते अनेन, चेतुं योग्यमिति वा *(छानिन्छ वा जम्मा गर्न लायक)* चिञ् चयने (स्वा.) धातु, चि+अनीय (र्), गुण, अयादेश= चयनीय ।

शब्दार्थ- छान्न योग्य वा लायक, सङ्कलन वा सङ्ग्रह गर्न योग्य, जम्मा गर्न योग्य, छान्नु पर्ने ।

चरः (वि./ना./पुं.) चरतीति *(चल्दछ)* चर गतिभक्षणयोः (भ्वा.) धातु, चर्+अच् (पचादि)= चर ।

चरोऽक्षद्यूतभेदे च भौमे चारे त्रसे चले- इति मेदिनी

शब्दार्थ- गुप्तचर, अस्थिर, घुम्नेफिर्ने, गुप्तभेष लिने, मङ्गल ग्रह, जुवा, पासा, जासुस, दूत, भय, ज्योतिषशास्त्र-अनुसार शुक्रवारको वारवेला ।

चरकः (ना./पुं./वि.) चरतीति *(विचरण गर्छ)* चर गतिभक्षणयोः (भ्वा.) धातु, चर्+क्वुन्[2] (अक), उणा. =चरक ।

शब्दार्थ- आयुर्वेदका प्रवर्तक चरकमुनि, चरकसंहिता, वैद्यहरूको शास्त्र, आयुर्वेदसम्बन्धी ग्रन्थका लेखक, बटुवा, घुमन्ते ।

चरणः (ना./पुं./न.) चरन्ति अनेन *(विचरण वा भक्षण गर्छन् यसबाट)* चर गतिभक्षणयोः (भ्वा.) धातु, चर्+ल्यु/ ल्युट्[3] (अन), करणमा, णत्व =चरण ।

चरणोऽस्त्री बह्वृचादौ मूले गोत्रे पदेऽपि च ।
भ्रमणे भक्षणे चापि नपुंसक उदाहृतः- इति मेदिनी

शब्दार्थ- पाउ, खुट्टा, गोडा, वेदको शाखा, मूल वा फेद, गोत्र, भ्रमण, भक्षण, भोजन, श्लोकको पाउ ।

चरणकमलम् (ना./न.) चरणः कमलमिव *(कमल जस्तै कोमल चरण)* उप.क.त.स[4].= चरणकमल ।

शब्दार्थ- कमलको फूल जस्तै नरम वा कोमल पाउ, चरणपङ्कज, पादपद्म, चरणारविन्द, पादारविन्द ।

चरणपादुका (ना./स्त्री.) चरणस्य पादुका *(चरणको पादुका)* ष.त.स.= चरणपादुका ।

शब्दार्थ- खराउ, विष्णुपादुका, चप्पल ।

चरणयुगलम् (ना./न.) चरणयोर्युगलम् *(जोडी पाउ वा दुवै खुट्टा)* ष.त.स.= चरणयुगल ।

शब्दार्थ- पादयुगल, दुवै खुट्टा, दुवै चरण ।

चरणामृतम् (ना./न.) चरणस्य अमृतं जलम् *(पाउको जल)* चरण+अमृत, ष.त.स., दीर्घ= चरणामृत ।

शब्दार्थ- पूज्य व्यक्तिहरूको पाउ धोएको जल, चरणोदक, देवतालाई चढाएको अमृतमय जल ।

चरणारविन्दम् (ना./न.) चरणः अरविन्दमिव *(कमल जस्तै कोमल पाउ)* उप.क.स.त.[4], दीर्घ=चरणारविन्द ।

शब्दार्थ- चरणपङ्कज, कमल जस्तै नरम वा कोमल पाउ, पादपद्म ।

चरणोदकम् (ना./न.) चरणस्य उदकम् *(पाउको जल)* चरण+उदक, ष.त.स., गुण= चरणोदक ।

शब्दार्थ- पाउ धोएको जल, चरणामृत, पूजनीय व्यक्तिको पाउ धोएको जल ।

चरमः (वि.) चरतीति *(अन्त्यसम्म विचरण गर्छ)* चर गतिभक्षणयोः (भ्वा.) धातु, चर्+अमच्[5] (अम), उणा. =चरम ।

शब्दार्थ- अन्तिम, पछिल्लो, अन्त्यको, पुछारको, आखिरको, पश्चिम ।

चरमविन्दुः (ना./पुं.) चरमश्चासौ विन्दुश्च *(अन्तिम विन्दु)* क.त.स.= चरमविन्दु ।

शब्दार्थ- अन्तिम सीमा, अन्तिम हद, पराकाष्ठा ।

चरमाचलः/चरमाद्रिः (ना./पुं.) चरमश्चासौ अचलश्च/ चरमश्चासौ अद्रिश्च *(अन्तिम पर्वत)* क.त.स., दीर्घ =चरमाचल/चरमाद्रि ।

शब्दार्थ- सूर्य अस्ताउने पर्वत, अस्ताचल ।

चरमावस्था (ना./स्त्री.) चरमा चासौ अवस्था च *(अन्तिम अवस्था)* क.त.स.= चरमावस्था ।

शब्दार्थ- अन्तिम वेला, मर्ने समय, अन्तकाल, आखिरी अवस्था ।

चरमोत्कर्षः (ना./पुं.) चरमश्चासौ उत्कर्षश्च *(अन्तिम हदसम्मको उच्च उत्कर्ष)* क.त.स., गुण=चरमोत्कर्ष ।

शब्दार्थ- चरम उत्कर्ष, पराकाष्ठा, चरमविन्दु, परमोत्कर्ष ।

चरमोत्सर्गः (ना./पुं.) चरमश्चासौ उत्सर्गश्च *(परम त्याग)* क.त.स., गुण= चरमोत्सर्ग ।

शब्दार्थ- ज्यादै ठूलो त्याग, परित्याग, उत्कृष्ट बलिदान, वृहत्समर्पणभाव ।

---

[1] एरच् : अच्

[2] क्वुन् शिल्पिसंज्ञयोः... : क्वुन्

[3] नन्दिग्रहि...ल्यु/करणाधिकरणयोश्च : ल्युट्

[4] उपमितं व्याघ्रादिभि...: उप.क.त.स.

[5] चरेश्च : अमच्

चराचरः (ना./पुं./वि.) चरतीति *(विचरण गर्छ)* चर गतिभक्षणयोः (भ्वा.) धातु, चर्+अच् (पचादि), द्वित्व[१], चर् चर् अ, अभ्यासको पहिलो चर्‌को आत्व, चर् आ चर् अ= चराचर ।

शब्दार्थ- चर र अचर जगत्, स्थावरजङ्गम, घुमेको, भ्रमण गरेको, सर्वत्र विचरण गरेको ।

चरितम् (ना./न./वि.) चर्यते, चरति स्म इति वा *(विचरण गर्नु वा घुमेको)* चर गतिभक्षणयोः (भ्वा.) धातु, चर्+क्त(त), भाव र कर्तामा, इडागम=चरित ।

शब्दार्थ- आचरण, जीवनचरित्र, जीवनी, जीवनगाथा, घुमेको, भ्रमण गरेको, विचरण गरेको ।

चरितनायकः (ना./पुं.) चरितं प्रधानं यस्य, चरितप्रधानः । स चासौ नायकश्च *(चरित्र राम्रो भएको नायक)* क.त.स., उ.प.लोप= चरितनायक ।

अथवा चरितस्य मुख्यचरितस्य नायकः *(मुख्य चरित्रको नायक)* ष.त.स.= चरितनायक ।

शब्दार्थ- कुनै कथा, नाटक, उपन्यास, महाकाव्य आदिको मुख्य पात्र वा नायक, चरित्रनायक ।

चरितार्थः (वि.) चरितमेव अर्थं प्रयोजनं यस्य तत् *(चरित्र नै मुख्य प्रयोजन छ जसको)* चरित+अर्थ, ब.स., दीर्घ= चरितार्थ ।

अथवा चरिताय इदम् *(सम्पन्नताको लागि यो)* चरित+अर्थम्, च.त.स., दीर्घ= चरितार्थ ।

शब्दार्थ- चरितार्थ गरेको, कार्य पूरा गरेको, काम सम्पन्न गरेको, कार्यान्वयन गरेको, सार्थक तुल्याइएको, मतलव सिद्ध भएको, प्रयोजन पूरा भएको ।

चरित्रम् (ना./न.) चरति, चर्यते अनेन इति *(विचरण वा संयम गर्छ वा गरिन्छ यसबाट)* चर गतिभक्षणयोः (भ्वा.) वा चर संयमे (चुरा.) धातु, चर्+इत्र[२]=चरित्र ।

शब्दार्थ- आचरण, जीवनचरित्र, जीवनी, जीवन गाथा, असल व्यवहार, राम्रो चालचलन ।

चरित्रचित्रणम् (ना./न.) चरित्रस्य चित्रणम् *(चरित्रको चित्रण गर्ने काम)* ष.त.स.= चरित्रचित्रण ।

शब्दार्थ- महाकाव्य, उपन्यास, नाटक आदिमा पात्रको स्वभाव, स्वरूप र व्यक्तित्व आदि प्रकृतिलाई देखाउने कला ।

चरित्रनायकः (ना./पुं.) चरित्रस्य मुख्यचरित्रस्य नायकः *(मुख्य चरित्रको नायक)* ष.त.स.= चरित्रनायक ।

शब्दार्थ- महाकाव्य, उपन्यास आदिको मुख्यनायक, चरितनायक ।

चरित्रहत्या (ना./स्त्री.) चरित्रस्य हत्या *(चरित्रको हत्या)* ष.त.स.= चरित्रहत्या ।

शब्दार्थ- कसैको आचरण, चरित्र वा व्यक्तित्वप्रति आँच आउने लाञ्छना लगाएर उसको सम्मान वा प्रतिष्ठामा आघात पुर्‍याउने काम ।

चरित्रहीनः (वि.) चरित्रेण हीनः *(राम्रो चरित्रले रहित)* तृ.त.स.= चरित्रहीन ।

शब्दार्थ- आचरण राम्रो नभएको, असल चालचलन नभएको, खराव चरित्रले युक्त ।

चरुः (ना./पुं.) चरन्ति भक्षयन्ति इमं देवादयः *(देवादिले यसलाई ग्रहण गर्छन्)* वा चर्यते भक्ष्यते देवैः *(देवताहरू द्वारा ग्रहण गरिन्छ)* चर गतिभक्षणयोः (भ्वा.) धातु, चर्+उ[३] (उणा.)= चरु ।

हव्यपाके चरुः पुमान्- इत्यमरः

शब्दार्थ- देवताको भक्षपदार्थ, धान, चामल, जौ, तिल, घिउ आदि मिसाएर वनाइएको हवन गरिने सामग्री, हवनद्रव्य, होम गरिने पदार्थ, हव्य ।

चर्चा (ना./स्त्री.) चर्च्यते इति *(चर्चा गरिन्छ)* चर्च परिभाषाहिंसातर्जनेषु (भ्वा.) वा चर्च अध्ययने (चुरा.) धातु, चर्च्+अङ्[४] (अ)+टाप् (आ)= चर्चा ।

चर्चा संख्या विचारणे- इत्यमरः

चर्चा चिन्तास्यासकयोश्चर्चिकायां तु योषिति- मेदिनी

शब्दार्थ- परिचर्चा, छलफल, अध्ययन, परामर्श, वहस, अनुसन्धान, विचारविर्मशं, चिन्तन ।

चर्चितः (वि.) चर्च्यते स्म इति *(चर्चा पाएको)* चर्च परिभाषाहिंसातर्जनेषु (भ्वा.) वा चर्च अध्ययने (चुरा.) धातु, चर्च्+क्त (त), इडागम= चर्चित ।

अथवा चर्चा सञ्जाता अस्य *(चर्चा भएको छ यसको)* चर्चा+इतच्[५] (इत), आकारलोप= चर्चित ।

शब्दार्थ- चर्चा गरिएको, चर्चामा आएको, विचार विमर्श गरिएको, अनुसन्धान वा अध्ययन गरिएको ।

चर्म (ना./न.) चरति, चर्यते इति वा *(चल्छ वा चल्नु)* चर गतिभक्षणयोः (भ्वा.) धातु, चर्+मनिन्[६] (मन्), उणा., चर्मन्= चर्म ।

अजिनं चर्म कृत्तिः स्त्री- इत्यमरः

शब्दार्थ-छाला, प्राणीहरूका शरीरको वाहिरी भाग, बोक्रो ।

चर्मकारः (ना./पुं.) चर्म करोतीति *(छालाको काम गर्छ)* चर्म उपपदमा हुने डुकृञ् करणेः (तना.) धातु, चर्मन्+कृ+अण्[७] (अ), वृद्धि, नलोप= चर्मकार ।

शब्दार्थ- छालाको काम गर्ने व्यक्ति, सार्की ।

चर्मचक्षुः (ना./न.) चर्मणः चक्षुः *(छालाको बाहिरी चक्षु)* ष.त.स.= चर्मचक्षु ।

शब्दार्थ- सामान्य दृष्टि, नयन, नेत्र, वाहिरी आँखा, साधारण चक्षु ।

---

[१] चरिचलिपतिवदीनां...: द्वित्व, अभ्यासको आत्व

[२] अर्तिलूधूसूखनसहचर....: इत्र

[३] भृमृशीतृचरि... : उ (प्रत्यय)

[४] चिन्तिपूजिकथि... : अङ्

[५] तदस्य सञ्जातम्.. : इतच्

[६] सर्वधातुभ्यः.... : मनिन्

[७] कर्मण्यण् : अण्

चर्मरोगः (ना./पुं.) चर्मणः रोगः *(छालाको रोग)* ष.त.स. =चर्मरोग ।

शब्दार्थ- छालाको रोग, छालामा लुतो, खटिरा आदि निस्कने रोग ।

चर्मरोगी (वि.) चर्मरोगः अस्यास्तीति *(चर्म रोग छ यसको)* चर्मरोग+इनि[1] (इन्), चर्मरोगिन्=चर्मरोगी ।

शब्दार्थ- छालामा रोग हुने, चर्म रोग लागेको ।

चर्या (ना./स्त्री.) चर्यते, चरितुं योग्या वा *(आचरण, संयम वा विचरण गरिन्छ वा गर्न योग्य)* चर गतिभक्षणयोः (भ्वा.) वा चर संयमे (चुरा.) धातु, चर्+यत्[2] (य) +टाप् (आ)= चर्या ।

शब्दार्थ- घुमफिर गर्दा बाटाको अवस्था, गति, चाल, आचरण, चालचलन, प्रचलन, अनुष्ठान, साधना, रीति ।

चर्वणम् (ना./न.) चर्वणम्, चर्व्यते इति वा *(चपाउनु, चपाइन्छ)* चर्व अदने (भ्वा.) धातु, चर्व्+ल्युट् (अन), णत्व= चर्वण ।

शब्दार्थ- खाने काम, चपाउने कार्य, स्वाद लिने काम, गाई, भैंसी आदि पशुहरूको उग्राउने काम ।

चर्वणीयः/चर्व्यः (वि.) चर्वितुं योग्यः *(चपाउन योग्य)* चर्व अदने (भ्वा.) धातु, चर्व्+अनीय (र्), णत्व = चर्वणीय । चर्व्+ण्यत् (य)= चर्व्य ।

शब्दार्थ- चपाउनुपर्ने, चवाउन योग्य, स्वाद लिन योग्य ।

चर्वितः (वि.) चर्व्यते स्म, चर्वति स्म इति *(चपाइएको वा खाएको)* चर्व अदने (भ्वा.) धातु, चर्व्+क्त (त), कर्म र कर्तामा, इडागम= चर्वित ।

शब्दार्थ- चपाइएको, खाइएको, उग्राइएको, चपाएको, खाएको, उग्राएको ।

चलः (वि.) चलति गच्छति कम्पते इति वा *(विचरण गर्छ, हल्लन्छ)* चल कम्पने (भ्वा.) धातु, चल्+अच् (पचादि)= चल ।

शब्दार्थ- चञ्चल, घुम्ने, चल्ने, हल्लिने, हडवडाउने, कम्पन गर्ने, अस्थिर, चर ।

चलचित्रम् (ना./न.) चलञ्च तत् चित्रम् *(चल्ने चित्र)* क.त.स.= चलचित्र ।

शब्दार्थ- सिनेमा, मुवि ।

चलनः (वि./ना./न.) चलति तच्छीलः *(गतिशील हुन्छ)*/ चलनम्, चल्यते इति वा *(हल्लनु)* चल कम्पने (भ्वा.) धातु, चल्+युच्[3]/ल्युट् (अन)= चलन ।

शब्दार्थ- गतिशील, चल्ने, हल्लने, काँप्ने, स्थिर नभएको, गति, भ्रमण, चल्ने वा हल्लने काम, स्थिर नरहने कार्य, चालचलन, रीतिरिवाज ।

चलाचलः (वि.) चलतीति *(हल्लन्छ)* चल कम्पने (भ्वा.) धातु, चल+अच् (पचादि), चल् अ, द्वित्व[4], चल् चल् अ, अभ्यासको आत्व= चलाचल ।

शब्दार्थ- चञ्चल, स्थावरजङ्गम, चराचर, अस्थिर ।

चलितः (वि.) चलति स्म इति *(हल्लेको वा काँपेको)* चल कम्पने (भ्वा.) धातु, चल्+क्त (त), कर्तामा, इडागम =चलित ।

शब्दार्थ- चलेको, हल्लेको, कम्पित, आन्दोलित, हिँडेको ।

चलितमनाः/चलितमानसः (वि.) चलितं मनः यस्य/ चलितं मानसं यस्य *(चञ्चल छ मन जसका)* ब.स., चलितमनस्= चलितमन/चलितमानस ।

शब्दार्थ- चञ्चल मन भएको, चित्त स्थिर नभएको, चित्त यताउति छरिएको ।

चषकः (ना./पुं./न.) चषति भक्षयति, पिबति अनेन इति वा इति वा *(यसबाट खान्छ वा पिउँछ)* चष भक्षणे (भ्वा.) धातु, चष्+क्वुन्[5] (अक)= चषक ।

चषकोऽस्त्री पानपात्रम्- इत्यमरः

शब्दार्थ- मदिरा पान गर्ने भाँडो, पानपात्र, सुरापात्र ।

चाक्षुषः (वि.) चक्षुषा गृह्यते *(आँखाले ग्रहण गरिन्छ)* चक्षुष्+अण्[6] (अ), आदिवृद्धि= चाक्षुष ।

शब्दार्थ- आँखाले ग्रहण गरिने (रूप, सौन्दर्य आदि) ।

चाञ्चल्यम् (ना./न.) चञ्चलस्य भावः *(चञ्चल हुनाको भाव वा अवस्था)* चञ्चल+ष्यञ्[7] (य), आदिवृद्धि =चाञ्चल्य ।

शब्दार्थ- चञ्चलपना, चपलता, अस्थिरपना ।

उदा. नाला समान तिनका पद नृत्य गर्छन्
चाञ्चल्यको सरल सुन्दरता लिएर- शा.म.का. ७/१३

चाटु (ना./पुं./न.) चटति, चाटयतीति वा *(मीठो बोलीले लठ्ठ्याउँछ वा चाप्लुसी गर्छ)* चटे वर्षावरणयोः (भ्वा.) वा चट भेदने (चुरा.) धातु, चट्+ञुण्[8] (उ), उणा., वृद्धि= चाटु ।

अस्त्री चाटु चटुश्लाघा प्रेम्णा मिथ्याभिकत्थनम्- इत्यमरः

शब्दार्थ- प्रियवाक्य, प्यारो वोली, चाप्लुसी, मीठो र प्यारो लाग्ने वाणी, चिप्ला कुरा ।

उदा. **प्रियः प्रियायाः प्रकरोति चाटुम् ।**

चाटुकारः (वि.) चाटु करोतीति *(मीठो कुरा गर्छ वा चाप्लुसी घस्छ)* चाटु उपपदपूर्वक डुकृञ् करणे (तना.) धातु, चाटु+कृ+अण्[9] (अ), वृद्धि= चाटुकार ।

शब्दार्थ- प्रिय वोली वोल्ने, चाप्लुसी गर्ने, धूर्त, मीठो कुरा गर्ने, चिप्लो कुरा गर्ने, चिप्लो घस्ने ।

चाणक्यः (ना./पुं./वि.) चणकस्य अपत्यं पुमान् *(चणकका पुरुष सन्तति)* चणक+यञ्[10] (य), अकारलोप, आदिवृद्धि = चाणक्य ।

शब्दार्थ- विष्णुगुप्त, कौटिल्य, मौर्यसम्राट् चन्द्रगुप्तका मन्त्री, अर्थशास्त्रका प्रणेता, कौटिलीय अर्थशास्त्रका रचयिता, कूटनीतिका ज्ञाता ।

---

[1] अत इनिठनौ : इनि
[2] गदमदचर... : यत्
[3] चलनशब्दार्थादकर्म...: युच्
[4] चरिचलिपतिवदीनां... : द्वित्व, आत्व
[5] क्वुन् शिल्पिसंज्ञयो... : क्वुन्
[6] शेषे : अण्
[7] गुणवचन.... : ष्यञ्
[8] दृसनिजनिचरि.... : ञुण्
[9] कर्मण्यण् : अण्
[10] गर्गादिभ्यो यञ् : यञ्

चाणक्यनीतिः (ना./स्त्री.) चाणक्यस्य नीतिः *(चाणक्यको नीति)* ष.त.स.= चाणक्यनीति । अथवा चाणक्येन प्रतिपादिता, चाणक्यप्रतिपादिता चासौ नीतिश्च *(चाणक्यद्वारा प्रतिपादिक नीति)* क.त.स., उ.प.लोप= चाणक्यनीति ।

शब्दार्थ- चाणक्यद्वारा प्रतिपादित राजनीति र अर्थनीति कूटनीति, चाणक्यको राज्यसञ्चालन नीति, चाणक्यद्वारा रचित चाणक्य-नीतिदर्पण ।

चाण्डालः (वि./ना./पुं.) चण्डालस्य अयम्, चण्डालस्य अपत्यम् *(चण्डालको यो वा चण्डालको सन्तति)* चण्डाल+अण्[१] (अ), आदिवृद्धि, अकारलोप=चाण्डाल । अथवा चण्डाल एव *(चण्डाल नै)* चण्डाल+अण् (अ), स्वार्थमा= चाण्डाल ।

शब्दार्थ- चण्डालसम्वन्धी, चण्डालजाति, डुम, निषाद, निकृष्ट कर्म गर्ने चण्डाल ।

चातकः (ना./पुं.) चतते याचते जलम् *(जलको चाहना गर्छ)* चते याचने (भ्वा.) धातु, चत्+ण्वुल्[२] (अक), वृद्धि= चातक ।

शब्दार्थ- काकाकुल, आकाशवाट वर्षेको पानीको चाहना गर्ने पक्षी, चखेवा, मेघको चाहना गर्ने पन्छी ।

चातुर्यम् (ना./न.) चतुरस्य भावः *(चतुर हुनाको भाव वा अवस्था)* चतुर+ष्यञ्[३] (य), आदिवृद्धि= चातुर्य ।

शब्दार्थ- चतुरता, दक्षता, चतुरपना, प्रवीणता ।

चातुर्मास्यम् (ना./न.) चतुर्णां मासानां समूहः *(चार महिनाको समुदाय)* द्वि.त.स., चतुर्मासम् । चतुर्मासस्य भावः कर्म वा *(चार महिनाको भाव वा अवस्था)* चतुर्मास+ष्यञ्[३] (य), आदिवृद्धि=चातुर्मास्य । अथवा चतुर्षु मासेषु भवतीति *(चार महिनामा हुन्छ)* चतुर्मास+ण्य (य), आदिवृद्धि= चातुर्मास्य ।

शब्दार्थ- चौमासा, चार महिनाको समूह, आषाढशुक्ल हरिशयनी एकादशीदेखि कार्तिकशुक्ल हरिबोधिनी एकादशीसम्मको चार महिनाको अवधि ।

चातुर्वर्ण्यम् (ना./न.) चतुर्णां वर्णानां समुदायः *(चार वर्णको समुदाय)* द्वि.त.स., चतुर्वर्णम् । चतुर्वर्णस्य भावः कर्म *(चार वर्णको भाव वा कर्म)* चतुर्वर्ण+ष्यञ्[४] (य), आदिवृद्धि= चातुर्वर्ण्य ।

शब्दार्थ- चारै वर्णको समुदाय, चार वर्णको भाव वा अवस्था, ब्राह्मण, क्षत्री, वैश्य र शूद्र- यी चार वर्णको स्थिति वा अवस्था ।

चान्द्रः (वि.) चन्द्रस्य अयमिति *(चन्द्रमाको यो)* चन्द्र+अण्[१] (अ), आदिवृद्धि, अकारलोप= चान्द्र ।

शब्दार्थ- चन्द्रमासम्वन्धी, चन्द्रसित सम्वन्धित, चन्द्रमाको

चान्द्रमसः (वि.) चन्द्रमा देवता अस्य *(चन्द्रमा छन् देवता यसका)* वा चन्द्रमसः इदम् *(चन्द्रमाको यो)* चन्द्रमस्+अण् (अ), आदिवृद्धि= चान्द्रमस ।

शब्दार्थ- चन्द्रमालाई पूजा गर्ने, चन्द्रमालाई देवता मान्ने, चन्द्रमासम्वन्धी, चन्द्रमाको ।

चान्द्रमासः (ना./पुं.) चन्द्रस्य अयमिति *(चन्द्रमाको यो)* चन्द्र+अण्[१] (अ), आदिवृद्धि, अकारलोप= चान्द्र । चान्द्रश्चासौ मासश्च *(चान्द्रमास)* क.त.स.=चान्द्रमास ।

शब्दार्थ- चन्द्रमाको तिथिअनुसार गणना गरिने महिना, शुक्ल तथा कृष्णपक्षको आधारमा गणना गरिने महिना ।

चापलम्/चापल्यम् (ना./न.) चपलस्य भावः *(चञ्चल हुनाको भाव वा अवस्था)* चपल+अण्[५] (अ), आदिवृद्धि =चापल । चपल+ष्यञ्[३] (य), आदिवृद्धि= चापल्य ।

शब्दार्थ- चञ्चलपना, चपलता, चाञ्चल्य, चञ्चल हुनाको स्थिति ।

चामरम् (ना./न.) चमर्याः इदम् *(चौँरीको यो)* चमरी+अण् (अ), आदिवृद्धि, इकारलोप= चामर ।

शब्दार्थ- चमर, व्यजन, पङ्खा, चवँर ।

चामुण्डा (ना./स्त्री.) चमूं लातीति *(सैन्यदल ल्याउँछिन्)* चमू उपपदपूर्वक ला आदाने (अदा.) धातु, चमू+ला +क[६] (अ), आकारलोप, चमू ल् अ, लको ड (ड र लको अभेदसम्वन्धद्वारा), चको दीर्घ, मूको ह्रस्व (पृषोदरादिबाट), नवर्णागम, णत्व= चामुण्डा ।

शब्दार्थ- भगवती दुर्गा, जसले उग्ररूप धारण गरी चण्ड र मुण्डको विनाश गर्नुभयो ।

चारः (ना./पुं.) चरन्ति अत्र *(विचरण गर्छन् यहाँ)* चर गतिभक्षणयोः (भ्वा.) धातु, चर्+घञ्[७] (अ), वृद्धि=चार ।

चारश्च गूढपुरुषः- इत्यमरः

शब्दार्थ- गुप्तचर, गुप्तपुरुष, गूढपुरुष ।

चारणः (वि./ना./पुं.) चारयन्ति प्रचारयन्ति नृत्यगीतादिविद्यां कीर्तिं वेति *(नृत्य, गीत आदि विद्या वा कीर्ति फैलाउँछन्)* चर गतिभक्षणयोः (भ्वा.) धातु, चर्+णिचि +ल्यु[८] (अन), णिलोप, णत्व= चारण ।

चारणास्तु कुशीलवाः- इत्यमरः

शब्दार्थ- घुमन्ते, फिरन्ते, नटुवा, गायक, पर्यटक, स्तुतिपाठक, भाट, गन्धर्व, वन्दी ।

चारित्रम् (ना./न.) चरित्रमेव *(राम्रो चरित्र नै)* चरित्र+अण्[९] (अ), स्वार्थमा, आदिवृद्धि= चारित्र ।

शब्दार्थ- राम्रो चरित्र, राम्रो चालचलन, सद्व्यवहार ।

चारित्रिकः (वि.) चरित्रस्य अयम् *(चरित्रको यो)* चरित्रादागतः *(चरित्रबाट आएको)* चरित्र+ठक् (इक), आदिवृद्धि = चारित्रिक ।

शब्दार्थ-चरित्रसम्वन्धी, राम्रो आचरण वा चरित्र भएको ।

---

[१] तस्येदम्/तस्यापत्यम् : अण्
[२] ण्वुल्तृचौ : ण्वुल्
[३] गुणवचन... : ष्यञ्
[४] चतुर्वर्णादीनां स्वार्थे... : ष्यञ्
[५] हायनान्तयुवादि... : अण्
[६] आतोऽनुपसर्गे.... : क
[७] हलश्च : घञ्
[८] नन्दिग्रहि... : ल्यु
[९] प्रज्ञादिभ्यश्च : अण्

चारु (वि.) चरति चित्ते *(चित्तमा विचरण गर्छ)* चर गतिभक्षणयोः (भ्वा.) वा चर संयमे (चुरा.) धातु, चर्+ञुण्[1] (उ), वृद्धि= चारु ।

सुन्दरं रुचिरं चारु सुषमं साधु शोभनम्
कान्तं मनोरमम्- इत्यमरः

शब्दार्थ- राम्रो, सुन्दर, मनोहर, प्रिय, अनुकूल, मनोरम, मञ्जु, मञ्जुल ।

चारुमती (ना./स्त्री.) चारु प्रशस्तं सौन्दर्यमस्ति अस्याः *(ज्यादै सौन्दर्य छ यस स्त्रीको)* चारु+मतुप् (मत्)+ ङीप् (ई)= चारुमती ।

शब्दार्थ-सौन्दर्यले परिपूर्ण स्त्री, राम्रो सुन्दरता भएकी नारी

चारुलोचनः (ना./पुं.)/**चारुलोचना** (ना./स्त्री.) चारुणी लोचने अस्य/अस्याः वा *(सुन्दर आँखा छन् यस पुरुष वा स्त्रीका)* ब.स.= चारुलोचन ।

स्त्रीजातिलाई बुझाउँदा चारुलोचन+टाप् (आ) =चारुलोचना ।

शब्दार्थ- सुन्दर आँखा भएको पुरुष, हरिण, मृग । राम्रा आँखा भएकी स्त्री, चारुनयना, मृगनयनी ।

चारुहासिनी (ना./स्त्री.) चारु हसितुं शीलमस्याः *(मधुर मुस्कुराउने शील छ यस स्त्रीको)* हसे हसने (भ्वा.) धातु, चारु+हस्+णिनि (इन्), वृद्धि, ङीप् (ई) =चारुहासिनी ।

शब्दार्थ- मन्द मुस्कान भएकी नारी, हँसिलो मुख भएकी स्त्री

चार्वाक् (ना./पुं.) चारु मनोरमा वाक् वाक्यम् यस्य सः *(मनोरम वाक्य छ जसको)* ब.स., पृषोदरादिबाट, चारुको उकारलोप= चार्वाक् ।

शब्दार्थ- नास्तिकमतका प्रवर्तक एक विद्वान्, मीठो वोली वोल्ने एक दार्शनिक, वृहस्पतिका शिष्य, ईश्वरको सत्ता नमान्ने दार्शनिक ।

चालः (वि.) चलतीति *(हल्लन्छ)* चल कम्पने (भ्वा.) धातु, चल्+ण[2] (अ), वृद्धि= चाल ।

शब्दार्थ- अस्थिर, चर, चल्ने, गतिशील ।

चालकः (वि.) चालयतीति *(सञ्चालन गर्छ)* चल कम्पने (भ्वा.) धातु, चल्+णिचि+ण्वुल् (अक), वृद्धि=चालक ।

शब्दार्थ- परिचालन गर्ने, सञ्चालन गर्ने, हाँक्ने, सारथि ।

चिकित्सकः (ना./पुं.) केतति रोगापनेतुमिच्छति *(रोग हटाउन चाहन्छ)* कित निवासे रोगापनयने च (भ्वा.) धातु, कित्+सन्[3] (स), द्वित्व, अभ्यासलोप, अभ्यासका कको चुत्व, चिकित्स (सनन्त धातु) ।

चिकित्सतीति *(उपचार गर्न चाहन्छ)* चिकित्स+ण्वुल् (अक)= चिकित्सक ।

शब्दार्थ- वैद्य, कविराज, डाक्टर, औषधोपचार गर्ने व्यक्ति, औषधोपचारको लागि चिरफार गर्ने चिकित्सक ।

चिकित्सा (ना./स्त्री.) केतितुं व्याधिप्रतिकारितुमिच्छा इति *(रोग हटाउने इच्छा)* कित निवासे रोगापनयने च (भ्वा.) धातु, कित्+सन्[3] (स), द्वित्व, अभ्यासलोप, अभ्यासका कको चुत्व, चिकित्स (सनन्त धातु) ।

चिकित्स्यते इति *(उपचार गरिन्छ)* चिकित्स+अ[4] (प्रत्यय)+टाप् (आ)= चिकित्सा ।

शब्दार्थ- औषधोपचार, इलाज, ओखती गर्ने काम, रोगनिरूपण, रोगनिदान, रोगको पहिचान ।

चिकीर्षा (ना./स्त्री.) कर्तुमिच्छतीति *(गर्ने चाहना गर्छ)* डुकृञ् करणे (तना.) धातु, कृ+सन् (सनन्त), इत्व, द्वित्व, किर् किर् स, अभ्यासलोप, अभ्यासका कको श्चुत्व, दीर्घ, षत्व, चिकीर्ष (सनन्त धातु) ।

चिकीर्ष्यते इति *(कुनै कुरा गर्ने चाहना गरिन्छ)* चिकीर्ष+अ[4] (प्रत्यय)+ टाप् (आ)= चिकीर्षा ।

शब्दार्थ- गर्ने चाहना वा आकाङ्क्षा, कुनै काम कुरा गर्ने इच्छा वा अभिलाषा ।

चिकीर्षुः (वि.) कर्तुमिच्छतीति *(गर्ने चाहना गर्छ)* डुकृञ् करणे (तना.) धातु, कृ+सन् (स), इत्व, द्वित्व, किर् किर् स, अभ्यासलोप, अभ्यासका कको श्चुत्व, दीर्घ, षत्व, चिकीर्ष (सनन्त धातु) । चिकीर्षतीति *(गर्ने चाहना गर्छ)* चिकीर्ष+उ[5]= चिकीर्षु ।

शब्दार्थ- कुनै कुरा गर्न चाहना गर्ने, कुनै कुराको अभिलाषी, कुनै कुरा आकाङ्क्षा गर्ने ।

चिता (ना./स्त्री.) चीयते अस्याम् *(मृतदेह, अस्थिर-पञ्जर आदि जम्मा गरिन्छ यसमा)* चिञ् चयते (स्वा.) धातु, चि+क्त[6] (त), संज्ञामा, अधिकरणमा, टाप् (आ)= चिता

शब्दार्थ- मुर्दा पोल्न वनाइएको चौको, चितिका, लाश जलाउने स्थान, चितास्थल, मसानभूमि ।

चित् (ना./स्त्री.) चेतनम्, चित्यते इति वा *(चेतना हुनु)* चिती संज्ञाने (भ्वा.) धातु, चित्+क्विप् (सर्वलोप) =चित् ।

शब्दार्थ- जीवात्मा, व्रह्म, प्रज्ञा, विवेक, ज्ञान, वुद्धि, प्रतिभा, चेतना, विचार ।

चित्तम् (ना./न./वि.) चित्यते इति *(चेतना हुनु)* चिती संज्ञाने (भ्वा.) धातु, चित्+क्त[6] (त)= चित्त ।

अथवा चित्यते स्म इति *(चित्तले कल्पना गरिएको)* चित्+क्त (त)= चित्त ।

चित्तं तु चेतो हृदयं स्वान्तं हृन्मानसं मनः- इत्यमरः

शब्दार्थ- चेतना, हृदय, मन, दिल, अन्तःकरण, चिताएको, मनले कल्पना गरिएको, चित्तले ठम्याएको ।

चित्तचोरः (वि.) चित्तस्य चोरः *(चित्त हरण गर्ने)* ष.त.स. =चित्तचोर ।

अथवा चित्तं चोरयतीति *(चित्त हरण गर्छ)* चुर स्तेये (चुरा.) धातु, चित्त+चुर्+अच् (पचादि), गुण=चित्तचोर ।

शब्दार्थ- मन हर्ने, प्रेमी, चित्त हरण गर्ने ।

---

१. **दृसनिजनिचरि... : ञुण्**
२. **ज्वलितिकसन्तेभ्यो णः : ण**
३. **कितेर्व्याधिप्रतिकारे (अर्थमा) : सन्**
४. **अ प्रत्ययात् : अ (प्रत्यय)**
५. **सनाशंस... : उ**
६. **क्तोऽधिकरणे च... : क्त**

चित्तविक्षेपः (ना./पुं.) विक्षिप्यते इति *(विक्षेप हुनु)* विपूर्वक क्षिप प्रेरणे (तुदा.) धातु, वि+क्षिप्+घञ् (अ), गुण, विक्षेपः । चित्तस्य विक्षेपः *(चित्तको विक्षेप)* ष.त.स.= चित्तविक्षेप ।

शब्दार्थ- चित्त विक्षेप हुने क्रिया, मन स्थिर नहुने काम ।

चित्तवृत्तिः (ना./स्त्री.) चित्तस्य वृत्तिः *(चित्तको प्रवृत्ति)* ष.त.स.= चित्तवृत्ति ।

शब्दार्थ- चित्तको अवस्था, चित्तको प्रवृत्ति, मनको झुकाउपन, आन्तरिक संवेग ।

द्रष्टव्य- योगश्चित्तवृत्तिनिरोधः- पा.यो.द. १/२

चित्तशुद्धिः (ना./स्त्री) चित्तस्य शुद्धिः *(चित्तको शुद्धि)* ष.त.स.= चित्तशुद्धि ।

शब्दार्थ- मनलाई शुद्ध गर्ने काम, चित्त शुद्ध वनाउने कार्य, मनको शुद्धता, शुद्धमन ।

चित्ताकर्षकः (वि.) चित्तमाकर्षतीति *(चित्त खिच्तछ)* चित्त उपपदमा हुने आङ्पूर्वक कृष विलेखने (तुदा.) धातु, चित्त+आ+कृष्+ण्वुल्[1] (अक), गुण, चित्त र आको दीर्घ= चित्ताकर्षक ।

शब्दार्थ- हृदय आकर्षण गर्ने, चित्त या मनलाई खिच्ने ।

चित्रम् (ना./न.) चित्रयतीति *(चित्र बनाउँछ)* चित्र चित्रीकरणे (चुरा.) धातु, चित्र्+अच् (पचादि)/अप् (अ)= चित्र । अथवा चिनोति, चीयते इति वा *(संयोजन गर्छ/ गरिन्छ)* चिञ् चयने (स्वा.) धातु, चि+क्त्र[2] (त्र)= चित्र ।

अथवा चित्तं त्रायते इति *(चित्त खिच्तछ)* चित्+त्रै+क (अ), आत्व, आकारलोप, चित्त्र= चित्र ।

आलेख्याश्चर्ययोश्चित्रम्- इत्यमरः

शब्दार्थ- चित्रविचित्र, तस्विर, फोटो, चित्रपट, आश्चर्य ।

चित्रकला (ना./स्त्री.) चित्रस्य कला *(चित्र बनाउने कला)* ष.त.स.= चित्रकला ।

शब्दार्थ- चित्र वनाउने शिल्प या चित्र लेख्ने कला, चित्र बनाउन सिकाउने शास्त्र, चित्र बनाउने साधन- कागज, कपडा, ढुङ्गा, छिनु, कुची आदि,

चित्रकारः (ना./पुं.) चित्रं करोतीति *(चित्र बनाउँछ)* डुकृञ् करणे (तना.) धातु, चित्र+कृ+अण्[3] (अ), वृद्धि =चित्रकार ।

शब्दार्थ- चित्र वनाउने वा चित्र लेख्ने व्यक्ति, चित्र लेख्ने कलामा प्रवीण मानिस ।

चित्रकारिता (ना./स्त्री.) चित्रं कर्तुं शीलमस्य *(चित्र बनाउने सीप छ यसको)* डुकृञ् करणे (तना.) धातु, चित्र+कृ+णिनि[4] (इन्), वृद्धि, चित्रकारिन् । चित्रकारिणः भावः *(चित्रकार हुनाको भाव वा अवस्था)* चित्रकारिन्+तल् (त)+टाप् (आ), नलोप =चित्रकारिता ।

शब्दार्थ- कालीगडी, चित्रकारको कर्म भाव वा अवस्था चित्रकारले गर्ने काम वा कला, चित्र बनाउने सीप ।

चित्रकारी (वि.) चित्रं कर्तुं शीलमस्य *(चित्र बनाउने सीप छ यसको)* डुकृञ् करणे (तना.) धातु, चित्र+कृ+णिनि[4] (इन्), वृद्धि, चित्रकारिन्= चित्रकारी ।

शब्दार्थ- चित्र वनाउने, तस्विर बनाउने, चित्रकला- सम्वन्धीकाम गर्ने (व्यक्ति) ।

चित्रणम् (ना./न.) चित्र्यते इति *(चित्रण गरिन्छ)* चित्र चित्रीकरणे (चुरा.) धातु, चित्र्+ल्युट्[5] (अन)= चित्रण ।

शब्दार्थ- चित्रण गर्ने काम, चित्र वनाउने क्रिया, तस्विर वनाउने काम, वर्णन ।

चित्रपटः (ना./पुं.) चित्राय पटः *(चित्र लेख्नको लागि पट)* च.त.स.= चित्रपट ।

शब्दार्थ- चित्र लेख्ने कपडा वा अन्य साधन ।

चित्रलिपिः (ना./स्त्री.) चित्रेण अङ्किता चासौ लिपिश्च *(चित्रद्वारा अङ्कित लिपि)* क.त.स., उ.प.लोप=चित्रलिपि

शब्दार्थ- सङ्केत वा चित्रद्वारा कुनै वस्तुलाई चिनाउन लेखिने लिपि ।

चित्रलेखकः (ना./पुं.) चित्रं लिखतीति *(चित्र लेख्छ)* चित्र उपपदपूर्वक लिख अक्षरविन्यासे (तुदा.) धातु, चित्र+लिख्+ण्वुल्[1] (अक), गुण= चित्रलेखक । अथवा चित्रस्य लेखकः *(चित्रको लेखक)* ष.त.स.=चित्रलेखक ।

शब्दार्थ-चित्र लेख्ने मानिस, चित्र बनाउने व्यक्ति, चित्रकार

चित्रविचित्रः (वि.) चित्रञ्च विचित्रञ्च *(चित्र-विचित्र)* द्व.स.= चित्रविचित्र ।

शब्दार्थ- रङ्गीन, रङ्गीचङ्गी, चित्रविचित्रको ।

चित्रविद्या (ना./स्त्री.) चित्रस्य विद्या *(चित्रकलाको विद्या)* ष.त.स.= चित्रविद्या ।

शब्दार्थ- चित्रकलासम्वन्धी विद्या ।

चित्रा (ना./स्त्री.) चिनोति, चीयते इति वा *(संयोजन गर्छ, गरिन्छ)* चिञ् चयने (स्वा.) धातु, चि+क्त्र[2] (त्र), चित्र । चित्र+टाप् (आ)= चित्रा ।

शब्दार्थ- अट्ठाईस नक्षत्रहरूमध्ये एक, छन्दविशेष, चित्रण गर्ने क्रिया, आलेख्यक ।

चित्रितः (वि.) चित्र्यते स्म इति *(चित्रण गरिएको)* चित्र चित्रीकरणे (चुरा.) धातु, चित्र्+क्त (त), इडागम=चित्रित अथवा चित्रं सञ्जातमस्य *(चित्र बनाइएको छ यसको)* चित्र+इतच्[6] (इत)= चित्रित ।

शब्दार्थ- चित्रण गरिएको, रङ्गाइएको, रङ्गीचङ्गी पारिएको ।

चिन्तनम् (ना./न.) चिन्त्यते इति *(चिन्तन गरिन्छ)* चिति स्मृत्याम् (चुरा.) धातु, नुम्, चिन्त्+ल्युट् (अन) =चिन्तन ।

शब्दार्थ- सोच्ने वा विचार गर्ने काम, गहन सोचाइ, मनमनै चिन्तन गर्ने क्रिया, गहिरिएर विचार गर्ने काम ।

---

[1] ण्वुल्तृचौ... : ण्वुल्

[2] अमिचिमिदि... : क्त्र

[3] कर्मण्यण् : अण्

[4] सुप्यजातौ... : णिनि

[5] ल्युट् च : ल्युट्

[6] तदस्य सञ्जातम्... : इतच्

चिन्तनीयः/चिन्त्यः (वि.) चिन्त्यते अनेन, चिन्तितुं योग्यः इति वा *(चिन्ता गरिन्छ यसबाट वा चिन्ता गर्न योग्य)* चिति स्मृत्याम् (चुरा.) धातु, नुम्, चिन्त्+ अनीय (र्) =चिन्तनीय ।

चिन्त्+ण्यत् (य)= चिन्त्य ।

शब्दार्थ- शोचनीय, विचार गर्न योग्य वा लायक, सोच्न लायक, चिन्तन गर्न उपयुक्त ।

चिन्ता (ना./स्त्री.) चिन्त्यते इति *(चिन्ता गरिन्छ)* चिति स्मृत्याम् (चुरा.) धातु, नुम्, चिन्त्+अ[1] (प्रत्यय)+ टाप् (आ)= चिन्ता ।

शब्दार्थ- सन्ताप, ताप, पीर, चिन्तन, मनन, तेत्तीसवटा व्यभिचारी भावमध्ये एक ।

चिन्ताकुलः (वि.) चिन्तया आकुलः *(चिन्ताले आकुल)* तृ.त.स., दीर्घ= चिन्ताकुल ।

शब्दार्थ- चिन्ताले व्याकुल, चिन्ताले परिपीडित, चिन्ताग्रस्त, सोच्नमा डुबेको ।

चिन्ताग्रस्तः (वि.) चिन्तया ग्रस्तः *(चिन्ताले व्याकुल)* तृ.त.स.= चिन्ताग्रस्त ।

शब्दार्थ- चिन्ताले व्याकुल भएको, चिन्ताले छट्पटिएको, चिन्ताले परिपीडित ।

चिन्ताजनकः (वि.) चिन्तां जनयतीति *(चिन्ता पैदा गर्छ)* चिन्ता उपपदमा हुने जनी प्रादुर्भावे (दिवा.) धातु, चिन्ता+जन्+णिचि+ण्वुल्[2] (अक), णिलोप=चिन्ताजनक ।

शब्दार्थ- चिन्ता पैदा गर्ने, चिन्तित तुल्याउने, पीर पार्ने ।

चिन्तातुरः (वि.) चिन्तया आतुरः *(चिन्ताले आतुर)* तृ.त.स., दीर्घ= चिन्तातुर ।

शब्दार्थ- चिन्ताले छटपटिएको, चिन्ताले व्याकुल, चिन्ताग्रस्त ।

चिन्तामुक्तः (वि.) चिन्तया मुक्तः *(चिन्ताबाट छुटेको)* तृ.त.स.= चिन्तामुक्त ।

शब्दार्थ- चिन्तावाट छुटेको, निश्चिन्त, पिरपिराउ नभएको ।

चिन्तायुक्तः (वि.) चिन्तया युक्तः *(चिन्ताले युक्त)* तृ.त.स. =चिन्तायुक्त ।

शब्दार्थ- चिन्ताले ग्रस्त, चिन्ताले युक्त भएको ।

चिन्तितः (वि.) चिन्त्यते स्म इति *(चिन्ता गरिएको)* चिति स्मृत्याम् (चुरा.) धातु, नुम्, चिन्त्+क्त (त), इडागम =चिन्तित ।

अथवा चिन्ता सञ्जाता अस्य *(चिन्ता पैदा भएको स्थिति छ यसको)* चिन्ता+इतच्[3] (इत)= चिन्तित ।

शब्दार्थ- चिन्तामा डुवेको, चिन्ताले पिरोलिएको, चिन्ताग्रस्त, चिन्ताले व्याकुल ।

चिन्मयम् (ना./न.) चितः विकारः इति *(चित्स्वरूपको विकार)* चित्+मयट्[4] (मय)= चिन्मय ।

शब्दार्थ- ज्ञानमय, ज्ञानस्वरूप, परब्रह्म, चित्स्वरूप ।

चिन्मात्रम् (ना./न.) चिदेव *(चित्स्वरूप नै)* चित्+ मात्रम्, म.व्य.स., परसवर्ण= चिन्मात्र ।

शब्दार्थ- चित्शक्ति, चेतना-शक्ति, चित्स्वरूप ।

चिरः (वि.) चिनोति, चीयते इति वा *(सञ्चयन गर्छ वा गरिन्छ, दीर्घकालसम्म रहन्छ)* चिञ् चयने (स्वा.) धातु, चि+क्रन्[5] (र), उणा.= चिर ।

शब्दार्थ- लामो समयसम्म रहने, दीर्घ, लामो, पुरानो, चिरकालसम्म रहने ।

चिरकालः (ना./पुं.) चिरश्चासौ कालश्च *(लामो समय)* क.त.स.= चिरकाल ।

शब्दार्थ-लामो अवधिसम्मको समय, चिरकाल, धेरै समय ।

चिरकालीनः (वि.) चिरकाले भवः *(लामो समयसम्म हुने वा भएको)* चिरकाल+ख (ईन), अपभ्रंशमा =चिरकालीन ।

शब्दार्थ- धेरै कालसम्म रहने, चिरकालतक रहने, धेरै समयसम्म टिक्ने, धेरै पुरानो ।

चिरजीवी/चिरञ्जीवी (वि./ना./पुं.) चिरञ्जीवतीति *(धेरै समय-सम्म बाँच्छ)* चिर/चिरम् उपपदपूर्वक जीव प्राणधारणे (भ्वा.) धातु, चिर/चिरम्+जीव्+ णिनि[6] (इन्), परसवर्ण, चिरजीविन्/चिरञ्जीविन्= चिरजीवी /चिरञ्जीवी ।

शब्दार्थ- धेरै समयसम्म बाँच्ने, दीर्घजीवी, दीर्घकालसम्म बाँचिरहने, चिरजीवी, अष्ट चिरञ्जीवी, काग ।

चिरनिद्रा (ना./स्त्री.) चिरा चासौ निद्रा च *(लामो निद्रा)* क.त.स.= चिरनिद्रा ।

शब्दार्थ- दीर्घनिद्रा, मृत्यु, निधन, अन्त, मरण, महानिद्रा ।

चिरन्तनः (वि.) चिरं चिरकालपर्यन्तं भवः *(धेरै समयसम्म हुने वा भएको)* चिर+ट्यु[7]/टयुल् (अन), तुडागम, चिरमा 'म्' निपातन, चिरम्तन, परसवर्ण = चिरन्तन ।

शब्दार्थ-धेरै दिन अगाडिदेखिको, पुरानो, पहिलेको, पुरातन,

चिरपरिचितः (वि.) चिरात् परिचितः *(धेरै पहिलेदेखि परिचित)* प.त.स.= चिरपरिचित ।

शब्दार्थ- चिरकालदेखि चिनेजानेको, धेरै पहिलेदेखि चिनेको, लामो समय अधिदेखि नै सुपरिचित ।

चिरप्रतीक्षा (ना./स्त्री.) चिरा चासौ प्रतीक्षा च *(धेरै प्रतीक्षा)* क.त.स.= चिरप्रतीक्षा ।

शब्दार्थ- धेरै समयसम्म पर्खने काम, धेरै लामो अवधिसम्म प्रतीक्षा गर्ने काम ।

---

[1] गुरोश्च हलः : अ (प्रत्यय) [2] ण्वुल्तृचौ : ण्वुल् [3] तदस्य सञ्जातम्... : इतच्
[4] एकाचो नित्यम् (वा.) : मयट् [5] शुसिचिमीनाम्... : क्रन् [6] सुप्यजातौ... : णिनि [7] सायञ्चिरं प्राह्णे... : ट्यु

चिरप्रतीक्षितः (वि.) प्रतीक्षा सञ्जाता अस्य *(प्रतीक्षा गरिएको छ यसको)* प्रतीक्षा+इतच्[१](इत), प्रतीक्षित । चिरात् प्रतीक्षितः *(धेरै अघिदेखि प्रतीक्षा गरिएको)* प.त.स.= चिरप्रतीक्षित ।

शब्दार्थ- लामो समयदेखि प्रतीक्षा गरिएको, धेरै अघिदेखि पर्खिएको, धेरै समयसम्म प्रतीक्षारत रहेको ।

चिरस्थायी (वि.) चिरं स्थातुं शीलमस्य *(धेरै समयसम्म रहने शील वा क्षमता छ यसको)* चिर उपपदपूर्वक ष्ठा गतिनिवृत्तौ (भ्वा.) धातु, चिर+स्था+णिनि[२] (इन्), युगागम, चिरस्थायिन्= चिरस्थायी ।

शब्दार्थ- धेरै कालसम्म रहने, धेरै पछिसम्म टिक्ने, चिरकालतक रहने, दीर्घकालसम्म रहने ।

चिरस्मरणीयः (वि.) चिरं स्मर्यते, चिरं स्मर्तुं योग्यः वा *(धेरै समयसम्म सम्भिन्छ वा सम्भन योग्य)* चिर उपपदपूर्वक स्मृ चिन्तायाम् (भ्वा.) धातु, चिर+स्मृ+अनीय (र्), गुण, चिर स्मर् अनीय, णत्व =चिरस्मरणीय ।

शब्दार्थ- धेरै पछिसम्म सम्भन लायक, धेरै कालसम्म सम्भन योग्य, युगौंयुगसम्म सम्भनुपर्ने ।

चिरायुः (ना./पुं./वि.) चिरश्चासौ आयुश्च *(लामो आयु)* क.त.स.= चिरायु ।

अथवा चिरमायुर्यस्य *(लामो छ आयु जसको)* ब.स. =चिरायु ।

शब्दार्थ- दीर्घायु, लामो आयु, चिरञ्जीवी, धेरै समयसम्म बाँचिरहने ।

चिह्नम् (ना./न.) चाहयति, चह्यते इति वा *(दाग बस्छ, दाग बस्नु)* चह परिकल्कने (चुरा./भ्वा.) धातु, चह्+नक् (न), बहुलप्रकारले, उपधाको इत्= चिह्न ।

चिह्नं लक्ष्मपताकयोः- इति मेदिनी

शब्दार्थ- निसाना, दाग, लक्षण, चिनो, लक्ष्म, पताका ।

चीरम् (ना./न.) चिनोति आवृणोति *(ढाक्छ)* चिञ् चयने (स्वा./चुरा.) धातु, चि+क्रन्[३] (र), उणा., दीर्घ =चीर ।

शब्दार्थ- कपडा, वस्त्र, लुगाफाटो ।

चीरहरणम् (ना./न.) ह्रियते इति *(हरण गरिन्छ)* हृञ् हरणे (भ्वा.) धातु, हृ+ल्युट् (अन), णत्व, हरणम् । चीरस्य हरणम् *(वस्त्रको हरण)* ष.त.स.= चीरहरण ।

शब्दार्थ- वस्त्र हरण गर्ने काम, श्रीकृष्णबाट भएको गोपिनीहरूको वस्त्रहरण ।

चुम्बकः (वि./ना./पुं.) चुम्बति आकर्षति *(आफूतिर खिच्छ वा आकर्षित गर्छ वा चुम्छ)* चुबि वक्त्रसंयोगे (भ्वा.) धातु, नुम्, चुम्ब्+ण्वुल्[५] (अक)= चुम्बक ।

शब्दार्थ- चुम्नेवाला, चुम्बन गर्ने, प्रेमी, आकर्षण गर्ने, चुम्बकीय शक्ति भएको पदार्थ ।

चुम्बकीयः (वि.) चुम्बके भवः जातादिर्वा, चुम्बकस्य अयम् *(चुम्बकमा भएको, चुम्बकको यो)* चुंम्बक+छ[६] (ईय), अकारलोप= चुम्बकीय ।

शब्दार्थ- चुम्वकमा भएको, चुम्बकको, चुम्बकसम्वन्धी, चुम्बकबाट पैदा हुने वा भएको, आकर्षण शक्ति भएको ।

चुम्बनम् (ना./न.) चुम्ब्यते इति *(चुम्बन गरिन्छ)* चुबि वक्रसंयोगे (भ्वा.) धातु, नुम्, चुम्ब्+ल्युट् (अन) =चुम्बन ।

शब्दार्थ- चुम्बन गर्ने कार्य, स्पर्श गर्ने काम, मुखसंयोग, चुम्बनका विविध-प्रकार ।

कामशास्त्रमा चुम्बनका स्थान-

मुखे स्तने ललाटे च कण्ठे च नेत्रयोरपि
गण्डे च कर्णयोश्चैव कक्षोरुभगमूर्धषु ॥
चुम्बनस्थानमित्युक्तं विज्ञेयं कामुकैरिह ।

चुम्बी (वि.) अवश्यं चुम्बते इति *(अवश्य चुम्बन गर्छ)* चुबि वक्त्र संयोगे (भ्वा.) धातु, नुम्, चुम्ब+णिनि[७] (इन्), चुम्बिन्= चुम्बी ।

अथवा चुम्बः चुम्बनम् अस्य अस्तीति *(स्पर्श छ यसको)* चुम्ब+इनि[८] (इन्), अकारलोप, चुम्बिन्= चुम्बी ।

शब्दार्थ- चुम्बन गर्ने, स्पर्श गर्ने, गगनचुम्बी, आकाश छुने, अतिअग्लो ।

चूचुकम् (ना./न.) 'चूचु' इति अव्यक्तध्वनिमा कायति शब्दायते *(शिशुले स्तनपान गर्दा 'चूचु' यसप्रकारको अव्यक्त शब्द गर्छ)* कै शब्दे (भ्वा.) धातु, चूचु+कै+क[४] (अ), आत्व, आलोप= चूचुक ।

शब्दार्थ- स्तनको मुन्टो, कुचाग्र, स्तनवृन्त ।

चूडा (ना./स्त्री.) चुडचते इति *(संवरण वा चूडाकरण गरिन्छ)* चुड संवरणे (तुदा.) धातु, चुड्+अङ्[९] (अ) +टाप् (आ), दीर्घ= चूडा ।

अथवा चोलयति समुन्नतः भवतीति *(समुन्नत हुन्छ)* चुल समुच्छ्राये (चुरा.) धातु, चुल्+अङ् (अ), लको ड, निपातन, दीर्घ, चूड+टाप् (आ)= चूडा ।

शब्दार्थ- चूडाकरण-संस्कार, द्विजातिहरूका सोह्र संस्कारमध्ये एक, टुपी, शिखा, शिखर, टुप्पो, मुजुरको सिउर ।

चूडाकरणम्/ चूडाकर्म (ना./न.) चूडायाः करणम्, चूडायाः कर्म वेति *(चूढाकरण-संस्कार वा चूढाकर्म संस्कार)* ष.त.स.= चूडाकरण ।

शब्दार्थ- मुण्डनसंस्कार, छेवर, शिशुको केश काट्ने कर्म ।

---

१. तदस्य सञ्जातम्... : इतच्
२. सुप्यजातौ... : णिनि
३. शुसिचिमीनाम्... : क्रन्, दीर्घ
४. बातो ऽनुपसर्गे... : क
५. ण्वुल्तृचौ : ण्वुल्
६. गहादिभ्यश्च : छ
७. आवश्यकाधमर्ण्ययो... : णिनि
८. अत इनिठनौ : इनि
९. षिद्भिदादिभ्योऽङ् : अङ्

चूडामणिः (ना./पुं.) चूडा शिरोभूषणम्, चूडायां स्थितश्चासौ मणिश्च *(शिरमा लगाउने मुकुट)* क.त.स., उ.प.लोप= चूडामणि ।

शब्दार्थ- मुकुट, किरीट, बिन्दी, फूल, शिरोरत्न आदि ।

चूडालः/चूडावान् (वि.) चूडा शिखा अस्ति अस्य *(शिखा वा शिखर छ यसको)* चूडा+लज् (ल)= चुडाल ।

चूडा+मतुप् (मत्), मको व, चूडावत्= चूडावान् ।

शब्दार्थ-शिखा भएको, कल्कधारी, शिखर भएको (पहाड),

चूतः (ना./पुं.) चूष्यते पीयते इति *(चुसिन्छ)* चूष पाने (भ्वा.) धातु, चूष्+क्त (त), संज्ञामा, षलोप (पृषोदरादिबाट)= चूत ।

आम्रश्चूतो रसालः - इत्यमरः

शब्दार्थ- आँप, आम्रवृक्ष, रसाल ।

चूर्णः (ना./पुं./न.) चूर्ण्यते पिष्यते इति *(धूलो पारिन्छ वा पिसिन्छ)* चूर्ण सङ्कोचने (पेषणे) (चुरा.) धातु, चूर्ण+घञ् (अ)= चूर्ण ।

शब्दार्थ- धूलो, पीठो, खरानी, पिँधेर धूलोपीठो पार्ने काम, पिसेर मैदा पार्ने काम, रज, वास्ना आउने धूलो ।

चूर्णकः (वि./ना./पुं.) चूर्णयतीति *(धूलो पार्छ)* चूर्ण सङ्कोचने (पेषणे) (चुरा.) धातु, चूर्ण+ण्वुल्[1] (अक) । अथवा चूर्ण एव *(धूलो नै)* कन् (स्वार्थमा)= चूर्णक ।

शब्दार्थ- धूलो पार्ने, पिस्ने, पिँधेर पीठो पार्ने, सुगन्धित धूलो वा चूर्ण ।

चेतः (ना./न.) चेतति अनेन *(चेतना मिल्छ यसबाट)* चिती संज्ञाने (भ्वा.) धातु, चित्+असुन्[2] (अस्), उणा., चेतस्, चेतः= चेत ।

चित्तं तु चेतो हृदयं स्वान्तं हृन्मानसं मनः- इत्यमरः

शब्दार्थ-चित्त, मन, हृदय, अन्तःकरण, परमेश्वर, आत्मा,

चेतव्यः (वि.) चेतुं योग्यः *(चयन गर्न योग्य)* चिञ् चयने (स्वा.) धातु, चि+तव्य (त्)= चेतव्य ।

शब्दार्थ- छान्न उचित, सङ्कलन वा सङ्ग्रह गर्न योग्य, बटुल्न लायक ।

चेतनः (ना./पुं./न.) चेतयते, चेतति जानाति सर्वम् *(सबै कुरा जान्दछ)* चित सञ्चेतने (चुरा.) वा चिती संज्ञाने (भ्वा.) धातु, चित्+ल्यु[3] (अन)= चेतन ।

शब्दार्थ- प्राणीमा पाइने भित्री विवेक, ज्ञान, आत्मा, पुरुष, क्षेत्रज्ञ, प्रधान, प्राण भएको जीव, चैतन्य ।

चेतना (ना./स्त्री.) चेतयति अनया *(जान्दछ यसबाट)* चित सञ्चेतने (चुरा.) धातु, चित्+णिचि+युच्[4] (अन), णिलोप, चेतन+टाप् (आ)= चेतना ।

शब्दार्थ- बुद्धि, प्राणशक्ति, चित्शक्ति, प्राणीमा पाइने भित्री ज्ञान, विवेक ज्ञान, चैतन्य ।

चेतनाचेतनः (ना./पुं.) चेतनश्च अचेतनश्च *(चेतन र अचेतन)* द्व.स., दीर्घ= चेतनाचेतन ।

शब्दार्थ- चेतन तथा अचेतन अवस्था, चेतन र अचेतन वस्तु ।

चेयः (वि.) चेतुं योग्यः *(सञ्चय गर्न योग्य)* चिञ् चयने (स्वा.) धातु, चि+यत्[5] (य), गुण= चेय ।

शब्दार्थ- जम्मा गर्न लायक, सञ्चय गर्न योग्य ।

चेष्टा (ना./स्त्री.) चेष्टनमिति *(चेष्टा गर्नु)* चेष्ट चेष्टायाम् (भ्वा.) धातु, चेष्ट+अ[6]+टाप् (आ)= चेष्टा ।

शब्दार्थ- प्रयत्न, उद्योग, चिन्तन, आचरण, मनको भाव प्रकट गर्ने सङ्केत, इच्छा, शारीरिक क्रिया, शारीरिक व्यापार, विभिन्न भावभङ्गिमा ।

चेष्टितम् (ना./न./वि.) चेष्टयते इति *(चेष्टा गरिन्छ)* चेष्ट चेष्टायाम् (भ्वा.) धातु, चेष्ट+क्त (त), भावमा, इडागम= चेष्टित ।

अथवा चेष्टा सञ्जाता अस्य *(चेष्टा पैदा भएको छ यसको)* चेष्टा+इतच्[7] (इत)= चेष्टित ।

शब्दार्थ- गति, चेष्टा, भावभङ्गिमा, चेष्टा गरिएको, चेष्टा पैदा भएको ।

चैतन्यम् (ना./न.) चेतनायाः भावः कर्म वेति *(चेतनाको भाव, कर्म वा अवस्था)* चेतना+ष्यञ्[8] (य), आदिवृद्धि, आकारलोप= चैतन्य ।

शब्दार्थ-चेतना, बोध, चित्शक्ति, परब्रह्म, चैतन्य, विचार ।

चैत्यम् (ना./न.) चीयते, चेतुं योग्यमिति वा *(सञ्चय गर्न योग्य)* चिञ् चयने (स्वा.) धातु, चि+यत्[9] (य), तुगागम, चित्य । चित्य+टाप् (आ), चित्या । चित्यायां भवः, चित्यायाः इदम् *(चित्य वा सञ्चयनमा हुने वा भएको)* चित्य+अण्[10] (अ),आदिवृद्धि, अकारलोप=चैत्य ।

चैत्यमायतनं तुल्ये- इत्यमरः

शब्दार्थ- पूजास्थान, समाधिस्थान, स्मारक, पाटी, धर्मशाला, वौद्धमठ, वुद्ध वा जैनको मन्दिर, बौद्धधर्मको स्तूप ।

चैत्रः (ना./पुं.) चित्रया नक्षत्रेण युक्ता पौर्णमासी अस्मिन्निति *(चित्रा नक्षत्रले युक्त पूर्णिमा छ यसमा)* चित्रा+अण्[11] (अ), आदिवृद्धि, अकारलोप= चैत्र ।

शब्दार्थ- चित्रा नक्षत्रले युक्त पूर्णिमा हुने महिना, चैत्र महिना, चइत ।

चोरः (ना./पुं.) चोरयतीति *(चोरी गर्छ)* चुर स्तेये (चुरा.) धातु, चुर्+अच् (पचादि)= चोर ।

शब्दार्थ- चोरी गर्ने व्यक्ति, तस्कर, दस्यु, अर्काको सम्पत्ति वा मालसामान हरण गर्ने व्यक्ति ।

---

[1] ण्वुल्तृचौ : ण्वुल्

[2] सर्वधातुभ्योऽसुन् : असुन्

[3] नन्दिग्रहि... : ल्यु

[4] ण्यासश्रन्थो...: युच्

[5] अचो यत् : यत्

[6] गुरोश्च हलः : अ (प्रत्यय)

[7] तदस्य सञ्जातम्... : इतच्

[8] गुणवचन... : ष्यञ्

[9] चित्याग्निचित्ये च : यत्

[10] तस्येदम्/तत्र भवः : अण्

[11] साऽस्मिन्पौर्णमासी.... : अण्

चोरत्रस्तः (वि.) चोरात्त्रस्तः *(चोरदेखि डराएको)* प.त.स. =चोरत्रस्त ।

शब्दार्थ- चोरदेखि डराएको, चोरबाट भय पैदा भएको ।

चोरभयम् (ना./न.) चोराद्भयम् *(चोरबाट भय हुने काम)* प.त.स.= चोरभय ।

शब्दार्थ- चोरबाट भय वा डर ।

चोरी (ना./स्त्री.) चोर्यते इति *(चोरी गर्नु)* चुर स्तेये (चुरा.) धातु, चुर्+घञ् (अ), गुण, चोर+ङीप् (ई) =चोरी ।

शब्दार्थ- चोरी गर्ने काम, तस्करी, चोर्ने क्रिया ।

चोलकम् (ना./न.) चोलयति आच्छादयतीति *(ढाक्तछ)* चूल समुच्छ्राये (चुरा.) धातु, चुल+णिचि+अच् (पचादि), णिलोप, कन् (क), स्वार्थमा= चोलक ।

शब्दार्थ- चोलो, चोली, भोटो, कवच आदि ।

चोषः (ना./पुं.) चूष्यते इति *(पान गरिन्छ)* चूष पाने (भ्वा.) धातु, चूष्+घञ् (अ), गुण= चोष ।

शब्दार्थ- चुस्ने काम, स्वाद लिने काम, पिउने काम ।

चौरः (ना./पुं.) चोर एव *(चोर नै)* चोर+अण्[1] (अ), आदिवृद्धि= चौर ।

अथवा चुरा शीलमस्य *(चोर्ने शील छ यसको)* चुरा+ण[2] (अ), आदिवृद्धि, आकारलोप= चौर ।

शब्दार्थ- दस्यु, तस्कर, चोर, चोरी गर्ने मानिस, लुकीछिपी सामान चोर्ने व्यक्ति ।

चौरकर्म (ना./न.) चौरस्य कर्म *(चोरको चोरी गर्ने काम)* ष.त.स.= चौरकर्म ।

शब्दार्थ- चोरी गर्ने काम, तस्करी गर्ने कार्य ।

चौर्यम् (ना./न.) चोरस्य कर्म इति *(चोरको कर्म)* चोर+ष्यञ्[3] (य), अकारलोप, आदिवृद्धि= चौर्य ।

शब्दार्थ- चोरी, लुकीछिपी चोरी गर्ने काम, तस्करी, चौर्य कर्म, चोर्ने क्रिया ।

च्यवनः (ना./पुं.) च्यवति, च्यावयति, च्यूयते इति वा *(खस्छ, चुहन्छ वा सहन गरिन्छ)* च्युङ् गतौ (भ्वा.) वा च्यु सहने (चुरा.) धातु, च्यु+युच्[4] (अन), उणा., गुण, अवादेश= च्यवन ।

शब्दार्थ- चुहने काम, गति, मरण, नाश, टपटप खस्ने काम, सहन गर्ने क्रिया, प्राचीन एक ऋषि ।

च्युतः (वि.) च्यूयते स्म इति *(चुहेको, खसेको)* च्युङ् गतौ (भ्वा.) धातु, च्यु+क्त (त), दीर्घ= च्युत ।

शब्दार्थ- चुहेको, खसेको, झरेको, तप्केको, पतित, भ्रष्ट, खोसिएको, स्थान वा पदबाट हटेको, विचलित, अधःपतित ।

च्युतिः (ना./स्त्री.) च्यूयते इति *(चुहुनु, खस्नु)* च्युङ् गतौ (भ्वा) धातु, च्यु+क्तिन् (ति)= च्युति ।

शब्दार्थ- चुहुने काम, खस्ने काम, चुहाइ, पदबाट भ्रष्ट हुने वा हट्ने काम, विचलन, अधःपतन ।

छ

छः (ना./पुं.) छयतीति *(छेदन गर्छ)* छो छेदने (दिवा.) धातु, आत्व, छा+ड[5] (अ), टिलोप= छ ।

परिचय- देवनागरी व्यञ्जन वर्णमालाको सातौं वर्ण, तालुस्थानीय स्पर्शसंज्ञक अघोष महाप्राण ध्वनि ।

छेदके छः समाख्यातः । तरले छः प्रकीर्तितः- एकाक्षरकोशः

शब्दार्थ- छेदन, अंश, भाग, टुक्रा, तरल ।

छकारः (ना./पुं.) 'छ' यस्तो वर्ण निर्देशनमा 'छ' प्रातिपदिकबाट छ+कार[6]= छकार ।

शब्दार्थ- छअक्षर वा ध्वनि, चवर्गको दोस्रो वर्ण ।

छटा (ना./स्त्री.) छयति, छायते इति वा *(टुक्रिन्छ वा छरिन्छ)* छो छेदने (दिवा.) धातु, छो+अटन् (उणा.), कित्व, आत्व, आलोप, छट+टाप् (आ)= छटा ।

शब्दार्थ- कान्ति, दीप्ति, प्रकाश, राशि, थुप्रो, पुञ्ज, आभा

छत्रम् (ना./न.) छादयति आतपादिकमनेन *(घाम आदि छेक्छ वा ढाक्छ यसले)* छद अपवारणे (चुरा.) धातु, छद्+णिचि+ष्ट्रन्[7] (त्र), उणा., णिलोप, ह्रस्व= छत्र ।

शब्दार्थ- छाता, राजचिन्ह, घामपानीबाट जोगिन ओडिने साधन, वर्षादि ।

छत्रच्छाया (ना./स्त्री.) छत्रस्य छाया इव आश्रयः *(छाताको छायाझैं सहारा)* ष.त.स.= छत्रच्छाया ।

शब्दार्थ- छाताको छायाजस्तै छहारी वा आश्रय, कसैको सहारा वा आडभरोसा ।

छत्रधरः (ना./पुं.) छत्रं धरतीति *(छत्र धारण गर्छ)* छत्रपूर्वक धृञ् धारणे (भ्वा.) धातु, छत्र+धृ+अच् (पचादि), गुण= छत्रधर ।

शब्दार्थ- छत्रधारी राजा, छाता ओड्ने व्यक्ति ।

---

[1] प्रज्ञादिभ्यश्च : अण्
[2] छत्रादिभ्यो : ण
[3] गुणवचन....: ष्यञ्
[4] बहुलमन्यत्रापि : युच्
[5] अन्येष्वपि दृश्यते : ड
[6] वर्णात्कारः : कार
[7] सर्वधातुभ्यः : ष्ट्रन्

छत्रपतिः (ना./पुं.) छत्रस्य पतिः *(भूमण्डल वा राजचिन्हका स्वामी)* ष.त.स.= छत्रपति ।

शब्दार्थ- भूपति, राजा, राष्ट्रपति ।

छत्रोपाहनम् (ना./न.) छत्रञ्च उपानच्च तयोः समाहारः **(छाता र जुत्ताको समुदाय)** द्व.स., गुण, समासान्त टच्[1]= छत्रोपाहन ।

शब्दार्थ- छाता र जुत्ता, छाता र जुत्ताको समुदाय ।

छद्म (ना./न.) छद्यते आव्रियते स्वरूपं *(आफ्नो स्वरूप ढाकिन्छ)* छद अपवारणे (चुरा.) धातु, छद्+मनिन्[2] (मन्), उणा., णिलोप= छद्म ।

शब्दार्थ- कपटवेश, वहाना, निहुँ, छलछाम, छलकपट, धोकेवाजी, कपट ।

छद्मवेशः (ना./पुं.) छद्मनः वेशः *(कपटको भेष)* ष.त.स. =छद्मवेश ।

शब्दार्थ- कपटपूर्ण भेष, नक्कली वेश, वनावटी स्वरूप ।

छन्दः (ना./पुं./न.) छन्दयति, आह्लादयति छन्यते इति वा *(आनन्द दिन्छ वा आशय व्यक्त गरिन्छ)* छदि संवरणे (चुरा.) धातु, नुम्, छन्द+घञ् (अ)= छन्द । अथवा चन्दते इति *(प्रसन्न हुन्छ)* चदि आह्लादने (भ्वा.) धातु, नुम्, चन्द्+असुन्[3] (अस्), उणा., धातुको आदिका चको छआदेश, छन्दस्= छन्द ।

अभिप्रायश्छन्द आशयः - इत्यमरः

गायत्रीप्रमुखं छन्दः - इत्यमरः

छन्दः पद्ये च वेदे च स्वैराचाराभिलाषयोः- इति मेदिनी

शब्दार्थ- अभिप्राय, आशय, इरादा, इच्छा, कामना, छन्द, अभिलाषा, छन्दशास्त्र, लय र यति मिलेको वर्ण, वृत्त, वेदका छअङ्गमध्ये एक, स्वच्छन्द, स्वेच्छाचार ।

छन्दोबद्धः (वि.) छन्दसि वद्धः *(छन्दसम्बन्धी नियममा बाँधिएको)* स.त.स.= छन्दोवद्ध ।

शब्दार्थ- छन्दमा वाँधिएको, छन्दको नियमअनुसार रचिएको (कविता वा पद्यरचना) ।

छन्दोभङ्गः (ना./पुं.) छन्दसः भङ्गः *(छन्दको भङ्ग)* ष.त.स. =छन्दोभङ्ग ।

शब्दार्थ- छन्दसम्वन्धी त्रुटि वा अशुद्धि, छन्दको नियम विपरीत रचित कविता ।

छन्दोविद् (वि.) छन्दांसि वेत्तीति *(छन्द जान्दछ)* छन्दपूर्वक विद ज्ञाने (अदा.) धातु, छन्दस्+विद्+ क्विप् (सर्वलोप), छन्दस्का स्को रुत्व, उत्व= छन्दोविद् ।

शब्दार्थ- छन्द जान्ने, छन्दशास्त्रको ज्ञाता ।

छन्नः (वि.) छद्यते स्म इति *(ढाकिएको)* छद अपवारणे (चुरा.) धातु, छद्+क्त (त), निष्ठा तको न, परसवर्ण =छन्न ।

शब्दार्थ- ढाकिएको, आच्छादित, छिपेको, लुकेको ।

छलम् (ना./न.) छयति, छायते इति वा *(छेदन गर्छ वा कपट गरिन्छ)* छो छेदने (दिवा.) धातु, आत्व, छा +कलच्[4] (अल), उणा., आलोप= छल ।

शब्दार्थ- ठग्ने काम, लुकाउने कार्य, वहाना, देखावटीपन, छलछाम, जालझेल ।

छविः (ना./स्त्री.) छयति सूक्ष्मं करोति *(सूक्ष्म बनाउँछ)* वा छिनत्ति अन्धकारं दूरीकरोति *(अन्धार हटाउँछ)* छो छेदने (दिवा.) वा छिदिर् द्वैधीकरणे (रुधा.) धातु, छो+क्विंन्[5] (वि.), उणा., आत्व, छाको ह्रस्व= छवि । अथवा छिद्+क्विन्[5] (वि), उणा., छिद्को छ निपातन =छवि ।

शोभा कान्तिर्द्युतिश्छविः - इत्यमरः

भास्छविद्युतिदीप्तयः - इत्यमरः

शब्दार्थ- सौन्दर्य, शोभा, कान्ति, दीप्ति, प्रकाश, द्युति, सूर्य, किरण, प्रभा, चित्र, स्वच्छता ।

छागः (ना./पुं.) छायते इति *(काटिन्छ)* छो छेदने (दिवा.) धातु, छो+गन्[6] (ग), उणा., आत्व=छाग ।

शब्दार्थ- वोको, अज, वाखो, पशुविशेष ।

छात्रः/छात्रा (ना./पुं./स्त्री.) छत्रं गुरोर्दोषाणामावरणम्, तच्छीलम् अस्य अस्याः वा *(गुरुको दोष छल्नु वा ढाकछोप गर्नु छत्र हो, त्यो क्षमता छ जुन पुरुष वा महिला विधार्थीको)* छत्र+ण[7](अ), आदिवृद्धि, अकारलोप =छात्र ।

स्त्रीत्व बुझाउँदा छात्र+टाप् (आ)= छात्रा ।

शब्दार्थ- शिष्य, चेलो, गुरुसँग पढ्ने पुरुष विद्यार्थी । शिष्या, चेली, महिला विद्यार्थी ।

छात्रगणः (ना./पुं.) छात्राणां गणः *(छात्रछात्राहरूको समूह)* ष.त.स.= छात्रगण ।

शब्दार्थ- छात्र तथा छात्राहरूको समुदाय, विधार्थी गण ।

छात्रछात्रा (ना./स्त्री.) छात्रश्च छात्रा च *(छात्र र छात्रा)* द्व.स.= छात्रछात्रा ।

शब्दार्थ- पुरुष र स्त्री विद्यार्थी, छात्र र छात्रा दुवै, चेलाचेली

छात्रजीवनम् (ना./न.) छात्रस्य जीवनम् *(छात्रको जीवन)* ष.त.स.= छात्रजीवन ।

शब्दार्थ-विद्यार्थी जीवन, विद्यार्थी छँदाको अवस्था वा स्थिति ।

छात्रवर्गः (ना./पुं.) छात्राणां वर्गः *(छात्राहरूको समूह)* ष.त.स.= छात्रवर्ग ।

शब्दार्थ- छात्रछात्राको समूह, विधार्थी समुदाय ।

छात्रवृत्तिः (ना./स्त्री.) छात्रेभ्यः वृत्तिः *(अध्ययनका निम्ति छात्रछात्रालाई दिइने निर्वाहवृत्ति वा रकम)* च.त.स. =छात्रवृत्ति ।

शब्दार्थ- अध्ययनको समयमा विद्यार्थीलाई दिइने सहयोग, आर्थिक सहायता ।

---

[1] द्वन्द्वाच्चूदषहान्तात् : टच्

[2] सर्वधातुभ्योः : मनिन्

[3] चन्देरादेश्च छः : असुन्, धातुका आदिको छ

[4] वृषादिभ्यश्चित् : कलच्

[5] कृविघृष्विछवि... : क्विन्

[6] छापूखडिभ्यः कित् : गन्

[7] छत्रादिभ्यो णः : ण (प्रत्यय)

छात्रवृन्दम् (ना./न.) छात्राणां वृन्दम् *(विद्यार्थीहरूको समूह)* ष.त.स.= छात्रवृन्द ।

शब्दार्थ- विद्यार्थी गण, विद्यार्थी वर्ग, छात्रछात्राको समुदाय ।

छात्रसङ्घः (ना./पुं.) छात्राणां सङ्घः *(छात्रछात्राहरूको सङ्घ)* ष.त.स.= छात्रसङ्घ ।

शब्दार्थ- विद्यार्थी सङ्घ वा सङ्गठन, छात्रछात्राहरूको सङ्घ ।

छात्रावासः/छात्रालयः (ना./पुं.) छात्राणामावासः/आलयः वा *(छात्राछात्रहरूको आवास)* छात्रा/छात्र+आवास/आलय, ष.त.स., दीर्घ= छात्रावास/छात्रालय ।

शब्दार्थ-छात्र वा छात्राहरू बस्ने घर, छात्रालय, होस्टल ।

छादनम् (ना./न.) छाद्यते अनेन इति *(ढाकिन्छ यसबाट)* छद अपवारणे (चुरा.) धातु, छद्+णिचि+ल्युट्[1] (अन), वृद्धि, णिलोप= छादन ।

शब्दार्थ- छानो, छत, ढाक्ने कार्य, छोप्ने काम, आवरण, पर्दा, बिर्को ।

छादितः (वि.) छाद्यते स्म इति *(ढाकिएको)* छद अपवारणे (चुरा.) धातु, छद्+णिचि+क्त (त), वृद्धि, णिलोप, इडागम= छादित ।

शब्दार्थ-ढाकिएको, छोपिएको, छाइएको, आच्छादित ।

छान्दसः (वि.) छन्दसि भवः *(छन्दमा हुने)* वा छन्दः वेदः तमधीते वेत्तीति वा *(छन्द वा वेद पढ्दछ वा जान्दछ)* छन्दस्+अण्[2] (अ), आदिवृद्धि= छान्दस ।

शब्दार्थ- छन्दमा भएको, छन्दसम्बन्धी, वैदिक, वेदाध्यायी, वेद पढ्ने, छन्दशास्त्र अध्ययन गर्ने ।

छान्दोग्यम् (ना./न.) छन्दः गायतीति *(छन्द गाउँछ)* छन्दस्पूर्वक गै शब्दे (भ्वा.)धातु, छन्दस्+गै+क (अ), आत्व, आलोप, छन्दस्का सको रुत्व, उत्व, छन्दोगः । छन्दोगानां धर्मः आम्नायः वा *(सामवेदीहरूको धर्म, परम्परा वा अवस्था)* छन्दोग+ञ्य[3] (य), आदिवृद्धि, अकारलोप= छान्दोग्य ।

शब्दार्थ- छान्दोग्य नामक उपनिषद्, सामवेदका ब्राह्मण ग्रन्थको भाग ।

छाया (ना./स्त्री.) छ्यति प्रकाशम् *(प्रकाश वा ताप नाश गर्छ)* छो छेदने (दिवा.) धातु, छो+य[4], आत्व, टाप् (आ)= छाया ।

अथवा छो+ण[5] (अ), आत्व, छा+अ, युगागम[6], छाय+टाप् (आ)= छाया ।

छाया सूर्यप्रिया कान्तिः प्रतिबिम्बमनातपः - इत्यमरः

छाया स्यादातपाभावे प्रतिबिम्बार्कयोषितोः - इति मेदिनी

शब्दार्थ- छायाँ, सूर्यको प्रकाश छेकिएको स्थान, प्रतिबिम्ब, छहारी, घाम नलाग्ने स्थान, घामको अभाव, ओझेल, अध्याँरो, दुरुस्त अनुवाद अथवा नक्कल गर्ने काम, चित्र, सूर्यपत्नी, कान्ति ।

छायाकारः (वि.) छायां करोतीति *(छाया पार्छ, चित्र खिच्छ)* छाया+ कृ+अण्[7] (अ), वृद्धि= छायाकार ।

शब्दार्थ-छाता ओडाएर छायाँ पार्ने, चित्र छायाङ्कन गर्ने ।

छायाचित्रम् (ना./न.) छायायाश्चित्रम् *(छायाँ, स्वरूप वा प्रतिबिम्बको चित्र)* ष.त.स.= छायाचित्र ।

शब्दार्थ- फोटा वा तस्विर, चित्र ।

छायाङ्कनम् (ना./न.) छायायाः अङ्कनम् *(स्वरूप वा प्रतिबिम्बको अङ्कन)* ष.त.स.= छायाङ्कन ।

शब्दार्थ- तस्विर खिच्ने काम, कुनै वस्तुको स्वरूप खिच्ने वा उतार्ने काम ।

छायाङ्कितः (वि.) छायया अङ्कितः *(चित्रले अङ्कित)* तृ.त.स., दीर्घ= छायाङ्कित ।

शब्दार्थ- छायाङ्कन गरिएको, तस्विर खिचिएको ।

छायातनयः/छायात्मजः/छायासुतः (ना./पुं.) छायायास्तनयः आत्मजः सुतः वा *(सूर्यपत्नी छायाको पुत्र)* ष.त.स.= छायातनय/छायात्मज/छायासुत ।

शब्दार्थ- सूर्यपत्नी छायाको पुत्र शनिश्चर, छायाको छोरा, छायापुत्र ।

छायातरुः/छायावृक्षः (ना./पुं.) छायाप्रदश्चासौ तरुश्च /वृक्षश्च वा *(छाया दिने रूख)* क.त.स., उ.प.लोप =छायातरु/छायावृक्ष ।

शब्दार्थ- छाया दिने रूख, छाया प्रदान गर्ने वृक्ष ।

छायामण्डलम् (ना./न.) छायायाः मण्डलम् *(कान्तिको मण्डल)* ष.त.स.= छायामण्डल ।

शब्दार्थ- कान्तिमण्डल, छायाको मण्डल ।

छायावादः (ना./पुं.) छायायाः वादः *(भौतिक वस्तुलाई छायात्मक रूपमा देखाउने वाद वा सिद्धान्त)* ष.त.स. =छायावाद ।

शब्दार्थ- भौतिक पदार्थलाई अवलम्बन गरेर ईश्वरीय अस्तित्वलाई स्वीकार्ने एक काव्यात्मक चिन्तन ।

छिद्रम् (ना./न.) छिनत्ति छिद्यते यत् *(जो छेदन गरिन्छ)* छिदिर् द्वैधीकरणे (रुधा.) धातु, छिद्+रक्[8] (र), उणा. =छिद्र ।

शब्दार्थ-प्वाल, विवर, छिंड, दुलो, दुर्वलपक्ष, दोष, रन्ध्र, त्रुटि

छिद्रान्वेषणम् (ना./न.) अन्विष्यते इति *(खोजी गरिन्छ)* अनुपूर्वक इषु इच्छायाम् (तुदा.) धातु, अनु+इष्+ल्युट् (अन),गुण, णत्व, अनु एषण, यण् उको व्, अन्वेषण । छिद्रस्य अन्वेषणम् *(छिद्र वा दोषको अन्वेषण)* ष.त.स., दीर्घ= छिद्रान्वेषण ।

शब्दार्थ- अरूको दोष खोज्ने काम, अरूमा रहेको दोष खोजी गर्ने कार्य, खोट लगाउने काम, त्रुटि पत्ता लगाउने काम ।

---

१. करणाधिकरणयोश्च : ल्युट्

२. छन्दसो यदणौ/तदधिते तद्वेद : अण्

३. छन्दोगौत्थिक... : ञ्य

४. माछाससिभ्यो स... : य

५. स्याद्व्यधासु.. : ण

६. आतो युक्... : युगागम

७. कर्मण्यण् : अण्

८. स्फायितञ्चिवञ्चि... : रक्

छिद्रान्वेषी (वि.) छिद्रमन्वेष्टुं शीलमस्येति *(छिद्र वा दोषखोजी गर्ने शील वा स्वभाव छ यसको)* अनुपूर्वक इषु इच्छायाम् (तुदा.) धातु, छिद्र+अनु+इष्+णिनि[१] (इन्), इष्को गुण, अनु र एष्को यण्, छिद्र र अन्वेषिन्को दीर्घ, छिद्रान्वेषिन्= छिद्रान्वेषी।

शब्दार्थ- छिद्रहरूको खोजीनीति गर्ने, अर्कामा रहेको दोष खोजी गर्ने, छिद्र वा दोष अन्वेषण गर्ने।

छिन्नः (वि.) छिद्यते स्म इति *(छेदन गरिएको)* छिदिर् द्वैधीकरणे (रुधा.) धातु, छिद्+क्त (त), निष्ठा तको न[२], धातुका दको न= छिन्न।

शब्दार्थ- चुडाइएको, छिनाइएको, खण्डित, काटिएको, टुक्र्याइएको, भेदन गरिएको।

छिन्नकर्णः (वि.) छिन्नौ कर्णौ यस्य *(जसका कान काटिएका छन्)* ब.स.= छिन्नकर्ण।

शब्दार्थ- कान काटिएको, कन्फट्टा।

छिन्नभिन्नः (वि.) छिन्नं च तत् भिन्नम् *(छिन्नभिन्न)* क.त.स.= छिन्नभिन्न।

शब्दार्थ- टुटफुट भएको, छरिएको, तितरवितर भएको।

छिन्नमस्ता (ना./स्त्री.) छिन्नं मस्तं मस्तकं शिरः यस्याः सा (छिन्न छ मस्तक जसको)ब.स., छिन्नमस्त+टाप् (आ)= छिन्नमस्ता।

शब्दार्थ- दश महाविद्यामध्ये एक, षष्ठमहाविद्या, दुर्गा, शिर नभएकी भगवती।

छेदः (ना./पुं.)/**छेदनम्** (ना./न.) छिद्यते इति *(काटिन्छ या भेदन गरिन्छ)* छिदिर् द्वैधीकरणे (रुधा.) धातु, छिद्+घञ् (अ), गुण= छेद।

छिद्+ल्युट् (अन), गुण= छेदन।

शब्दार्थ- छेदन, खण्ड, टुक्रा, भाँच्ने काम, काट्ने काम, कटाइ, छिन्ने काम, छेदन गर्ने काम, गिड्ने काम।

छेदनीयः/छेद्यः (वि.) छेत्तुमर्हः, छिद्यते इति वा *(काट्न योग्य वा काटिन्छ)* छिदिर् द्वैधीकरणे (रुधा.) धातु, छिद्+अनीय (र्), गुण= छेदनीय।

छिद्+ण्यत्[३] (य), गुण= छेद्य।

शब्दार्थ- काट्न वा छेदन गर्न योग्य, छिद्र पार्न उचित, प्वाल पार्नुपर्ने, टुक्र्याउन लायक।

छुरिका/छुरी (ना./स्त्री.) छुरति छिनत्ति *(काट्छ)* छुर विलेखने (भेदने) (तुदा.) धातु, छुर्+क्वुन्[४] (अक)+टाप् (आ), ककारपूर्वका अकारको इत्व= छुरिका।

छुर्+क[५] (अ)+ङीष् (ई)= छुरी।

शब्दार्थ- छुरा, छुरी, केश काट्ने साधन, चुप्पी।

छेदकः (वि.) छिनत्तीति *(काट्छ)* छिदिर् द्वैधीकरणे (रुधा.) धातु, छिद्+ण्वुल्[६] (अक), गुण= छेदक।

शब्दार्थ- छेदन गर्ने, काट्ने, प्वाल पार्ने, टुक्र्याउने।

ज

जः (ना./पुं.) जायते, जयतीति वा *(उत्पन्न हुन्छ, जित्तछ)* जनी प्रादुर्भावे (दिवा.) वा जि जये (भ्वा.) धातु, जन्/जि+ड[७] (अ), टिलोप= ज।

परिचय- देवनागरी व्यञ्जन वर्णमालाको आठौं वर्ण, चवर्गको तेस्रो अक्षर, तालुस्थानीय स्पर्शसंज्ञक सघोष अल्पप्राण ध्वनि।

- समासको अन्त्यमा प्रयोग हुँदा 'ज'ले 'उत्पन्न' भन्ने अर्थ बुझाउँछ, जस्तैः पङ्कज (हिलोबाट उत्पन्न कमल)।

जो ना मृत्युञ्जये जन्यां तातमात्रे जनार्दने- इति मेदिनी

शब्दार्थ- पिता, जनक, विजयी, जेता, विष्णु, जनार्दन, मृत्युञ्जय, मोक्ष, उत्पत्ति, जन्म।

जकारः (ना./पुं.) 'ज' यस्तो वर्णनिर्देशनमा 'ज' प्रातिपदिकबाट ज+कार[८]= जकार।

शब्दार्थ- जअक्षर वा ध्वनि, चवर्गको तेस्रो अक्षर।

जगत् (ना./न.)/**जगती** (ना./स्त्री.) गच्छतीति *(विचरण गर्छ)* गम्लृ गतौ (भ्वा.) धातु, गम्+अति[९] (अत्), उणा., गम्को जग् आदेश= जगत्।

अथवा गच्छति तच्छीलः *(गमनशील)* गम्लृ गतौ (भ्वा.) धातु, गम्+क्विप्[१०], द्वित्व, मलोप[११], तुगागम, चर्त्व, क्विप्को सर्वलोप= जगत्।

जगत्+ङीप्[१२] (ई)= जगती।

जगत् स्याद्विष्टपे क्लीवं वायौ ना जङ्गमे त्रिषु
जगती भुवने क्ष्मायां छन्दोभेदे जनेऽपि च- इति मेदिनी

शब्दार्थ- संसार, लोक, जङ्गम, वायु, भुवन, ब्रह्माण्ड, विश्व, पृथ्वी, धरती, छन्दविशेष।

द्रष्टव्य- **ब्रह्म सत्यं जगन्मिथ्या जीवो ब्रह्मैव नापरः।**

जगत्कर्ता (वि./ना./पुं.) जगतं करोतीति *(संसारको निर्माण गर्छन्)* डुकृञ् करणे (तना.) धातु, जगत्+कृ+तृच्[६] (तृ), जगत्कर्तृ= जगत्कर्ता।

अथवा जगतः कर्ता *(विश्वका निर्माता)* ष.त.स. =जगत्कर्ता।

शब्दार्थ- जगन्निर्माता, सृष्टिकर्ता ब्रह्मा, परमात्मा, परमेश्वर।

---

१. सुप्यजातौ... : णिनि
२. रदाभ्यां निष्ठा... : निष्ठातको न
३. ऋहलोर्ण्यत् : ण्यत्
४. क्वुन् शिल्पिसंज्ञयोः...: क्वुन्
५. इगुपधज्ञा... : क
६. ण्वुल्तृचौ : ण्वुल्/तृच्
७. अन्येष्वपि दृश्यते : ड
८. वर्णात्कार : कार
९. वर्तमाने पृषन्महत्बृहत्... : अति, धातुको जग् आदेश
१०. द्युतिगमिजुहोतीनां द्वे च (वा.) : क्विप्, द्वित्व
११. गमः क्वौ : मलोप
१२. उगितश्च : ङीप्

जगद्गुरुः (ना./पुं.) जगतः गुरु *(संसारकै गुरु)* ष.त.स. =जगद्गुरु ।

शब्दार्थ- परमात्मा परमेश्वर, संसारभर नै पूजनीय व्यक्ति, शङ्कराचार्य ।

जगच्चक्षुः (ना./पुं.) जगतां चक्षुरिव *(संसारकै आँखा समान)* ष.त.स.= जगच्चक्षु ।

शब्दार्थ- सूर्य, भाष्कर, प्रभाकर ।

उदा. **पृथिवी धुरू-धुरू रोइरहेकी थिइन्,**
जगच्चक्षु सूर्यले त्यो देखे- स्वर्ग र देवता (सम)

जगत्पतिः (ना./पुं.) जगतः पतिः *(जगत्का स्वामी)* ष.त.स.= जगत्पति ।

शब्दार्थ- परमेश्वर, संसारका मालिक, ईश्वर ।

जगत्पिता (ना./पुं.) जगतः पिता *(संसारका पिता वा संरक्षक)* ष.त.स.= जगत्पिता ।

शब्दार्थ- परमेश्वर, संसारका कर्ता, भर्ता, हर्ता ।

जगत्प्रकाशः (ना./पुं.) जगतां प्रकाशः *(संसारका प्रकाश स्वरूप)* ष.त.स.= जगत्प्रकाश ।

अथवा जगत्सु प्रकाशः *(जगत्मा प्रकाशरूप)* स.त.स. = जगत्प्रकाश ।

शब्दार्थ- जगत्मा प्रकाशस्वरूप, संसारका प्रकाशक ।

जगत्प्रभुः (ना./पुं.) जगतः प्रभुः *(संसारका मालिक)* ष.त.स.= जगत्प्रभु ।

शब्दार्थ- परमेश्वर, परव्रह्म ।

जगत्प्रसिद्धः (वि.) जगत्सु प्रसिद्धः *(विश्वमा प्रसिद्ध)* स.त.स.= जगत्प्रसिद्ध ।

शब्दार्थ- विश्वविख्यात, विश्वप्रसिद्ध, विश्वभरि नै ख्यातिप्राप्त ।

जगत्प्राणः (ना./पुं.) जगतः प्राणः *(संसारका प्राणस्वरूप)* ष.त.स.= जगत्प्राण ।

शब्दार्थ- वायु, पवन, हावा, वात, समीर ।

जगत्वन्द्यः (वि.) जगतः वन्द्यः *(संसारकै वन्दनीय)* ष.त.स. =जगत्वन्द्य ।

शब्दार्थ- जगत्भरकै पूजनीय वा सम्मान्य, जगत्ले नै वन्दना गरेको ।

जगत्विख्यातः (वि.) जगत्सु विख्यातः *(संसारमै प्रख्यात)* स.त.स.= जगत्विख्यात ।

शब्दार्थ- जगत्प्रसिद्ध, जगत्मा प्रख्यात, विश्वविख्यात, संसारमै नाउँ चलेको ।

जगत्साक्षी (ना./पुं.) जगतः साक्षी *(संसारका साक्षी स्वरूप)* ष.त.स.= जगत्साक्षी ।

शब्दार्थ- सूर्य, परमात्मा परमेश्वर ।

जगत्स्रष्टा (ना./पुं.) जगतः स्रष्टा *(विश्वका निर्माता)* ष.त.स.= जगत्स्रष्टा ।

अथवा जगतं सृजतीति *(संसारको सृजना गर्छन्)* जगत् उपपदमा हुने सृज विसर्गे (तुदा.) धातु, जगत्+सृज्+तृच्[१] (तृ), अमागम, यण्, स्रज् तृ, जको ष, तको ट, जगत्स्रष्टृ= जगत्स्रष्टा ।

शब्दार्थ- विश्वस्रष्टा, व्रह्मा, परमेश्वर ।

जगदम्बा/जगदम्बिका (ना./स्त्री.) जगतः अम्बा/जगतः अम्बिका *(संसारकी आमा)* ष.त.स.= जगदम्बा /जगदम्बिका ।

शब्दार्थ- विश्वभरकी माता, जगज्जननी, भगवती दुर्गा, सृष्टि, स्थिति र लयकर्त्री महादेवी, महामाया ।

द्रष्टव्य- **सृष्टिस्थितिविनाशानां विधात्री जगदम्बिका ।**

जगदीशः/जगदीश्वरः (ना./पुं.) जगतः ईशः वा ईश्वरः **(संसारका परमेश्वर)** ष.त.स.= जगदीश/जगदीश्वर ।

शब्दार्थ- जगत्का ईश्वर, परमेश्वर, जगत्का स्रष्टा र पालनकर्ता, जगत्पति, जगत्पिता ।

जगदेकनाथः (ना./पुं.) जगतामेकनाथः *(जगत्कै एक मात्र स्वामी)* ष.त.स.= जगदेकनाथ ।

शब्दार्थ- जगत्का एक मात्र मालिक, परमेश्वर, विष्णु, महेश्वर ।

जगद्धात्री (ना./स्त्री.) जगतां धात्री विधात्री *(जगत्को पालनपोषण गर्ने)* ष.त.स.= जगद्धात्री ।

शब्दार्थ- भगवती दुर्गा, जगदम्बिका ।

जगद्योनिः (ना./पुं.) जगतां योनिरुत्पत्तिस्थानम् *(संसारकै उत्पतिस्थान वा कारण)* ष.त.स.= जगद्योनि ।

शब्दार्थ- संसारकै उत्पत्तिको मूलकारण, शिव, विष्णु, परव्रह्म ।

जगन्नाथः (ना./पुं.) जगतां नाथः *(संसारकै स्वामी)* ष.त.स.= जगन्नाथ ।

शब्दार्थ- परमेश्वर, सृष्टि र पालनका स्वामी, हिन्दुहरूका चारधाममध्ये एक ।

जगन्निवासः (ना./पुं.) जगतां निवासः *(संसारकै आश्रय)* ष.त.स.= जगन्निवास ।

शब्दार्थ- परमेश्वर, सम्पूर्ण विश्वकै आश्रय वा आधारस्वरूप ।

जगन्नियन्ता (वि./ना./पुं.) जगतः नियन्ता *(संसारलाई नियन्त्रण गर्ने)* ष.त.स.= जगन्नियन्ता ।

अथवा जगत् नियच्छतीति *(संसारलाई नियन्त्रण गर्छन्)* निपूर्वक् यम उपरमे (भ्वा.) धातु, जगत् +नि +यम्+तृच्[१] (तृ), त र मको परसवर्ण, जगन्नियन्तृ =जगन्नियन्ता ।

शब्दार्थ- संसारलाई नियन्त्रण गर्ने, संसारलाई वशमा राख्ने, जगन्नियन्त्रक, परमात्मा परमेश्वर ।

---

[१] ण्वुल्तृचौ : तृच्

जगन्माता (ना./स्त्री.) जगतः माता *(संसारकी आमास्वरूप)* ष.त.स.= जगन्माता ।

शब्दार्थ- जगत्की आमा, महादेवी, भगवती दुर्गा ,

जघनम् (ना./न.) हन्यते इति (पीडा दिनु) हन हिंसागत्योः (अदा.) धातु, हन्+अच्[1] (अ), द्वित्व, उणा., अभ्यासका हको ज, पछिल्लो हको कुत्व= जघन ।

जघनं च स्त्रियाः श्रोणिपुरोभागे कटावपि- इति मेदिनी पश्चान्नितम्बः स्त्रीकट्याः क्लीबं तु जघनं पुरः- इत्यमरः

शब्दार्थ- स्त्रीजातिको कटिप्रदेश, स्त्रीका कटिको अग्रभाग, स्त्रीको कम्मरमुनि र तिघ्रामाथिको अगाडिको अङ्ग वा भाग, फिला ।

जघन्यः (वि.) जघने अन्ते भवः *(अन्तिममा हुने)* जघन+यत्[2] (य), अकारलोप= जघन्य ।

अथवा कुटिलं हन्यते निन्द्यते इति *(निन्दा गरिन्छ)* हन हिंसागत्योः (अदा.) धातु, हन्+यङ् (यङन्त), द्वित्व, अभ्यासका हको ज, कुत्व, जघन्य (यङन्त धातु) । जघन्य+यत् (य), यङ्को लुक्= जघन्य ।

शब्दार्थ- निन्दनीय, तुच्छ, निकृष्ट, गर्हित, अधम, नीच, अन्तिम, चरम, ठूलो (अपराध), अक्षम्य (अपराध)

जङ्गमः (वि.) पुनः पुनरतिशयेन गच्छतीति *(बारम्बार जान्छ)* वा वक्रं कुटीलं गच्छति *(टेढो भएर हिड्छ)* गम्लृ गतौ (भ्वा.) धातु, गम्+यङ्[3] (य), द्वित्व[4], नुमागम, परसवर्ण, जङ्गम्य (यङन्त धातु) । जङ्गम्यते इति *(चलायमान हुन्छ)* जङ्गम्य+अच् (पचादि), यङ्को लुक्[5]= जङ्गम ।

शब्दार्थ- चलायमान, चर, गतिशील, बारम्बार घुमफिर गरिरहने, यताउति चलिरहने, स्थावर, एक ठाउँ स्थिर भएर नरहने ।

जङ्घा (ना./स्त्री.) जायते इति *(पैदा हुन्छ)* जनी प्रादुर्भावे (दिवा.) धातु, जन्+अच्[6] (अ), धातुको 'जङ्घ' आदेश, उणा., जङ्घ+टाप् (आ)= जङ्घा ।

अथवा जङ्घन्यते कुटिलं गच्छतीति *(टेढो भएर निरन्तर हिँड्छ)* हन्+यङ्, द्वित्व, हन् हन् य, एकशेष, हको ज, ज हन् य, नुक्, हको कुत्व, परसवर्ण, जङ्घन् य, यङ्लुक्, जङ्घन् (यङ्लुगन्त धातु) । जङ्घन्यते इति *(निरन्तर टेढो गतिले हिँड्छ)* जङ्घन्+ड (अ), टिलोप, जङ्घ+टाप् (आ)= जङ्घा ।

शब्दार्थ- तिघ्रा, जाँघ ।

जटा (ना./स्त्री.) जायते, प्रादुर्भवतीति वा *(उत्पन्न हुन्छ)* जनी प्रादुर्भावे (दिवा.) धातु, जन्+टन्[7] (ट), उणा., नलोप, जट+टाप् (आ)= जटा ।

अथवा जटति परस्परं संलग्ना भवति *(परस्पर टाँसिन्छ वा संलग्न हुन्छ)* जट सङ्घाते (भ्वा.) धातु, जट्+अच् (पचादि), जट+टाप् (आ)= जटा ।

जटा लग्नकचे मूले मांस्यां प्लक्षे पुनर्जटी- इति मेदिनी व्रतिनस्तु जटा सटा- इत्यमरः

शब्दार्थ- लट्टा परेको केश, लट्टाले जेलिएको कपाल, सटेको कपाल, सन्यासी वा व्रतीको लट्टा परेको जटा, नरिवलका दानाको वाहिरी जटा, रूखको फेदको जरा, जटामसी, शिखा ।

जटाजूटः (ना./पुं.) जटानां जूटः समूहः/बन्धः *(जटाको समूह वा बाँधेर बटारेको बन्धन)* ष.त.स.= जटाजूट ।

शब्दार्थ- लट्टा पारेर बाँधेको सन्यासीको कपाल, भगवान् शिवको जटा, जुरो बाँधेर बटारेको कपाल ।

जटाधरः (वि./ना./पुं.) जटां धरतीति *(जटा धारण गर्छ)* जटा उपपदपूर्वक धृञ् धारणे (भ्वा.) धातु, जटा+धृ +अच् (पचादि), गुण= जटाधर ।

अथवा जटायाः धरः *(जटाको धारण गर्ने)* ष.त.स. =जटाधर ।

शब्दार्थ- जटा धारण गर्ने, जटा पाल्ने, लट्टा परेको कपाल पाल्ने, भगवान् शिव, शङ्कर ।

जटाधारी (वि./ना./पुं.) जटां धरतीति, जटां धर्तुं शीलमस्येति वा *(जटा धारण गर्छ वा जटा धारण गर्ने शील छ यसको)* जटा उपपदपूर्वक धृञ् धारणे (भ्वा.) धातु, जटा+धृ+णिनि[8] (इन्), वृद्धि, जटाधारिन् =जटाधारी ।

शब्दार्थ- जटा पाल्ने, जटाधर, लट्टा परेको जटा धारण गर्ने, शिव, शङ्कर ।

जटायुः (ना./पुं.) जटां याति प्राप्नोतीति *(जटा प्राप्त गर्छ)* या प्रापणे (अदा.) धातु, जटा+या+कु (उ), आलोप= जटायु ।

अथवा जटं संहतमायुर्यस्य *(संहत आयु छ जसको)* जट+आयु, ब.स., दीर्घ= जटायु ।

शब्दार्थ- गृद्धराज सम्पातिको भाइ, अरुणपुत्र, राजा दशरथको सखा, रामायणमा वर्णित एक प्रसिद्ध गिद्ध, जो रावणद्वारा मारियो, जसले सीता हरणको सूचना रामलाई सुनायो ।

जटिलः (ना./पुं./वि.) जटा अस्ति अस्य इति *(लट्टा परेको कपाल छ यसको)* जटा+इलच्[9] (इल), अकारलोप =जटिल ।

शब्दार्थ- सन्यासी, ब्रह्मचारी, तपस्वी, जटाधर, कठिन, अप्ठेरो, फुकाउन नसकिने गरी अल्झेको, बुझ्न नसकिने, गहन, दुर्वोध ।

जटिलता (ना./स्त्री.) जटिलस्य भावः *(जटिल हुनाको अवस्था)* जटिल+तल् (त)+टाप् (आ)= जटिलता ।

शब्दार्थ- फुकाउन नसकिने गरी अल्झेको अवस्था, कठिनता ।

---

[1] हन्ते शरीरावयवे द्वे च : अच्, द्वित्व

[2] शरीरावयवाच्च/शाखादिभ्यो : यत्/य

[3] नित्यं कौटिल्ये गतौ : यङ्

[4] सन्यङोः : द्वित्व

[5] यङोऽचि च : यङ्को लुक्

[6] अच् तस्य जङ्घ च : अच्, जङ्घ आदेश

[7] जनेष्टन्... : टन्, नलोप

[8] नन्दिग्रहि.../सुप्यजातौ... : णिनि

[9] लोमादिपामादि... : इलच्

जठरः (ना./पुं./न.) जायते जन्तुर्गर्भः मलः वा यस्मिन् *(जसमा प्राणीहरूको गर्भ वा मल रहन्छ)* जनी प्रादुर्भावे (दिवा.) धातु, जन्+अर[1] (उणा.), धातुको ठकार अन्तादेश= जठर ।

शब्दार्थ- उदर, पेट, भुँडी, कोख, गर्भाशय, कठोर, हठ, कठिन, कुनै वस्तुको भित्री भाग ।

जठराग्निः/जठरानलः (ना./पुं.) जठरस्य अग्निः/अनलः *(पेटको अग्नि)* ष.त.स., दीर्घ= जठराग्नि/जठरानल ।

शब्दार्थ-खाएको पचाउने शक्ति, पाचन शक्ति, पेटको अग्नि

जडः (वि./ना./न.) जलति घनीभवति आच्छादयतीति वा *(बाक्लिन्छ, जम्छ वा ढाक्छ)* जल घातने (भ्वा.) वा जल अपवारणे (चुरा.) धातु, जल्+अच् (पचादि), लको ड, (ड र लको अभेदसम्बन्ध हुँदा)= जड ।

जडो मूर्खे हिमाघाते जडः स्याच्छूकशिम्बिका ।
सुषीमः शिशिरो जडः - इत्यमरः

शब्दार्थ- मूर्ख, शीतल, तुषारो, ठण्डा, अत्यन्त चिसो, चेतना नभएको, निर्जीव, चेष्टाहीन, विवेकशून्य, गतिहीन, जड, जरो वा फेद ।

जडजगत् (ना./न.) जडं च तत् जगत् *(जड वा स्थूल जगत्)* क.त.स.= जडजगत् ।

शब्दार्थ- पृथ्वी आदि पञ्चतत्त्वबाट बनेको ब्रह्माण्ड, भौतिक संसार, स्थूल जगत् ।

जडता/जडत्वम् (ना./स्त्री./न.) जडस्य भावः *(जड हुनाको भाव वा अवस्था)* जड+तल् (त)+टाप्(आ) =जडता । जड+त्व= जडत्व ।

शब्दार्थ- अज्ञता, मूर्खत्व, अचेतनता, जड वस्तुको अवस्था वा विशेषता, मन्दता, अनभिज्ञता ।

जडवादः (ना./पुं.) उद्यते इति *(बताइन्छ)* वद व्यक्तायां वाचि (भ्वा.) धातु, वद्+घञ् (अ), वृद्धि, वादः । जडश्चासौ वादश्च *(जडवाद)* क.त.स.= जडवाद ।

शब्दार्थ- ईश्वरको अस्तित्व स्वीकार नगर्ने एक सिद्धान्त, शरीर नै सबै थोक हो भन्ने भौतिक विचारधारा ।

जडवादी (वि.) जडं वदितुं शीलमस्येति *(चारतत्त्वबाट बनेको भौतिक जगत् नै सबै थोक हो भन्ने शील वा स्वभाव छ यसको)* जड उपपदपूर्वक वद व्यक्तायां वाचि (भ्वा.) धातु, जड+वद्+णिनि[2] (इन्) वृद्धि, जडवादिन्= जडवादी ।
अथवा जडवादः अस्यास्तीति *(जडवादसम्बन्धी विचार वा सिद्धान्त छ यसको)* जडवाद+इनि (इन्), अकारलोप, जडवादिन्= जडवादी ।

शब्दार्थ- जडवाद मान्ने, जडवादको अनुयायी, ईश्वरको सत्ता नस्वीकार्ने, नास्तिक ।

उदा. कहाँ पुग्ने होला अबुझ जडवादी मनुज यो-
त.त.११/१६

जतु (ना./न.) जायते वृक्षादिभ्यः *(रूख आदिबाट पैदा हुन्छ)* जनी प्रादुर्भावे (दिवा.) धातु, जन्+उ[3] (उणा.), तकार अन्तादेश, जत् उ= जतु ।

राक्षा लाक्षा जतु क्लीवे- इत्यमरः

शब्दार्थ- लाहा, गुँद, गुँद जस्तै टाँसिने चोप ।

जतुगृहम् (ना./न.) जतुनः गृहम् *(लाहाको घर)* ष.त.स. =जतुगृह ।

शब्दार्थ- लाक्षागृह, लाहाको घर ।

जनः (ना./पुं.) जायते, जन्यते इति वा *(जन्मन्छ)* जनी प्रादुर्भावे (दिवा.) धातु, जन्+अच् (पचादि)/घञ् (अ), वृद्धिनिषेध= जन ।

शब्दार्थ- लोक, व्यक्ति, नर, मानिस, प्राणधारी जीव, परिवार, दुनियाँ, सखीजन, दासजन, माथिका सात लोकमध्ये एक ।

जनकः (ना./पुं.) जनयतीति *(पैदा गर्दछन्)* जनी प्रादुर्भावे (दिवा.) धातु, जन्+णिचि+ण्वुल्[4] (अक), वृद्धिनिषेध, णिलोप= जनक ।

तातस्तु जनकः पिता- इत्यमरः

शब्दार्थ- जन्माउने पिता, बाबु, सीताका पिता, राजर्षि जनक ।

जनकल्याणम् (ना./न.) जनेभ्यः कल्याणम् *(लोकको लागि कल्याण)* च.त.स.= जनकल्याण ।

शब्दार्थ- जनताको लागि कल्याण, जनहित, लोककल्याण ।

जनकविः (ना./पुं.) जनेभ्यः जनानां वा कविः *(जनताका लागि वा जनताका कवि)*च.त.स./ष.त.स.=जनकवि ।

शब्दार्थ- लोकहितका लागि कविता लेख्ने कवि, जन चाहनाअनुरूप कविता रच्ने कवि ।

जनकतनया/जनकनन्दिनी (ना./स्त्री.) जनकस्य तनया / नन्दिनी *(जनककी छोरी)* ष.त.स. = जनकतनया/ जनकनन्दिनी ।

शब्दार्थ- जनकपुत्री सीता, राजर्षि जनककी पुत्री, सीता ।

जनकात्मजा (ना./स्त्री.) जनकस्य आत्मजा *(जनक राजाकी पुत्री)* ष.त.स., दीर्घ= जनकात्मजा ।

शब्दार्थ- जनक राजाकी पुत्री सीता, जनकनन्दिनी, जनकतनया ।

जनक्रान्तिः (ना./स्त्री.) जनानां क्रान्तिः *(जनताको क्रान्ति वा सङ्घर्ष)* ष.त.स.= जनक्रान्ति ।

शब्दार्थ- जनसङ्घर्ष, जन आन्दोलन, जनताको विद्रोह ।

जनगणना (ना./स्त्री.) जनानां गणना *(जनताको गणना)* ष.त.स.= जनगणना ।

शब्दार्थ- जनताको निश्चित सङ्ख्या पत्ता लगाउन गरिने जनगणना, राष्ट्रको जनसङ्ख्या पत्ता लगाउन गरिने जनगणना ।

---

[1] जनेररष्ठ च : अर, ठकारान्तादेश
[3] फलिपाटिनमि...: उ (प्रत्यय), तकारान्तादेश
[2] सुप्यजातौ... : णिनि
[4] ण्वुल्तृचौ : ण्वुल्

जनचेतना (ना./स्त्री.) जनानां चेतना *(जनताको चेतना)* ष.त.स.= जनचेतना ।

शब्दार्थ- जनजागृति, आफ्नो हक हितका लागि जनतामा पैदा हुने चेतना वा जागरण ।

जनजागरणम् (ना./न.) जनानां जागरणम् *(जनताको जागृति)* ष.त.स.= जनजागरण ।

शब्दार्थ- आफ्नो हक हितका लागि जनतामा पैदा हुने जागरण, जनजागृति ।

जनजागृतिः (ना./स्त्री.) जनानां जागृतिः *(जनताको जागृति)* ष.त.स.= जनजागृति ।

शब्दार्थ- जनजागरण, आफ्नो अधिकार र हितका लागि जनतामा पैदा हुने चेतना ।

जनजीवनम् (ना./न.) जनानां जीवनम् *(जनताको जीवन)* ष.त.स.= जनजीवन ।

शब्दार्थ- जनसाधारणको जीवनस्तर, जनताको जीवनचर्या

जनतन्त्रम् (ना./न.) जनानां तन्त्रम् *(जनताको शासनतन्त्र)* ष.त.स.= जनतन्त्र ।

शब्दार्थ- प्रजातन्त्र, लोकतन्त्र, जनताकै हितको लागि जनताद्वारा सञ्चालन गरिने शासनतन्त्र वा शासन व्यवस्था ।

जनता (ना./स्त्री.) जनानां समूहः *(जनताको समुदाय)* जन+तल्[1] (त)+टाप् (आ)= जनता ।

शब्दार्थ-जनसमूह, जनसमुदाय, लोक, मानिसको समूह ।

जनतान्त्रिकः (वि.) तन्त्रमर्हतीति *(तन्त्र वा शासन वा आफूखुसी हुनको लागि योग्य)* तन्त्र +ठञ्[2] (इक), आदिवृद्धि, अकारलोप, तान्त्रिकः । जनानां तान्त्रिकः *(जनताको तन्त्र वा शासनसम्बन्धी)* ष.त.स. =जनतान्त्रिक ।

शब्दार्थ- जनतन्त्रसम्वन्धी, जनतन्त्र अनुकूलको, जनतन्त्रको लागि सुहाउँदो ।

जननः (ना./पुं./न.) जायते, जननम्, जन्यते इति वा *(पैदा हुन्छ वा पैदा हुनु)* जनी प्रादुर्भावे (दिवा.) धातु, जन्+ल्यु/ल्युट्[3] (अन)= जनन ।

जनुर्जननजन्मानि जनिरुत्पत्तिरुद्भवः - इत्यमरः
सन्ततिर्गोत्रजननकुला- इत्यमरः
जननं वंशंजन्मनो- इति मेदिनी

शब्दार्थ- पिता, जनक, परमेश्वर, जन्म, उत्पत्ति, उद्भव, प्रजनन, प्रकट, सन्तान, वंश ।

जननी (ना./स्त्री.) जनयति असौ *(पैदा गर्छिन् यिनी)* जनी प्रादुर्भावे (दिवा.) धातु, जन्+णिचि+ल्युट् (अन), णिलोप, जनन+ङीप् (ई)= जननी । अथवा जन्+ अनि (बहुलप्रकारले), जननि+ङीष् (ई)=जननी ।

जनयित्री प्रसूर्माता जननी- इत्यमरः
जननी तु दयामात्रोः - इति मेदिनी

शब्दार्थ- माता, जन्म दिने आमा, दया ।

द्रष्टव्य- **जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी ।**

जननेता (ना./पुं./वि.) नयतीति *(लैजान्छ वा नेतृत्व गर्छ)* णीञ् प्रापणे (भ्वा.) धातु, नी+तृच्[4] (तृ), गुण, नेतृ, नेता । जनानां नेता *(जनताको नेता)* ष.त.स. =जननेता ।

शब्दार्थ- जनताको हक, हितका लागि नेतृत्व गर्ने व्यक्ति, जनताको नेता, जनताको पक्षमा संलग्न रहने नेता ।

जननेन्द्रियम् (ना./न.) जननञ्च तत् इन्द्रियम् *(सन्तान पैदा गर्ने इन्द्रिय)* क.त.स., जनन+इन्द्रिय, गुण =जननेन्द्रिय ।

शब्दार्थ- योनि वा लिङ्ग, मूत्रेन्द्रिय, सन्तान पैदा गर्ने इन्द्रिय ।

जनपथः (ना./पुं.) जनानां पन्थाः *(जनताको मार्ग)* ष.त.स., जनपथिन्+अच्[5] (समासान्त), टिलोप =जनपथ ।

शब्दार्थ- मूलबाटो, राजमार्ग, सर्वसाधारण हिंड्ने बाटो, राजपथ ।

जनपदः (ना./पुं.) जनानां पदमाश्रयस्थानं यत्र *(मानिसको आश्रयस्थान छ जहाँ)* जन+पद, ब.स. =जनपद ।

शब्दार्थ- सर्वसाधारण बस्ने स्थान, नगर, मुलुक, देश, क्षेत्र, अञ्चल, प्रदेश ।

जनप्रतिनिधिः (ना./पुं.) प्रतिनिधीयते सदृशीक्रियते *(बराबर बनाइन्छ)* प्रतिनिपूर्वक डुधाञ् धारणपोषणयोः (जुहो.) धातु, प्रति+नि+धा+कि[6] (इ), आलोप, प्रतिनिधिः। जनानां प्रतिनिधिः *(जनताको प्रतिनिधि)* ष.त.स. = जनप्रतिनिधि ।

शब्दार्थ- जनताको प्रतिनिधि, जनताले चुनेको सदस्य, जनसमुदायको प्रतिनिधित्व गर्ने व्यक्ति, वारेस ।

जनप्रशासनम् (ना./न.) प्रशास्यते इति *(प्रशासन गरिन्छ)* प्रपूर्वक शासु अनुशिष्टौ (अदा.) धातु, प्र+शास्+ल्युट् (अन), प्रशासनम् । जनेभ्यः प्रशासनम् *(सर्वसाधारणको लागि गरिने प्रशासन)* च.त.स.= जनप्रशासन ।

शब्दार्थ- जनसाधारणको लागि गरिने प्रशासन व्यवस्था ।

जनप्रियः (वि.) जनानां प्रियः *(लोकको प्रिय)* ष.त.स. =जनप्रिय ।

शब्दार्थ- सर्वसाधारणको प्यारो, लोकप्रिय, सबै जनताले मन पराएको, सर्वप्रिय ।

जनभावना (ना./स्त्री.) जनानां भावना *(जनताको भावना)* ष.त.स.= जनभावना ।

शब्दार्थ- जनताको चाहना वा इच्छा, जनसाधारणमा पाइने विचारधारा, जनताको भावना ।

---

[1] ग्रामजनबन्धुभ्यस्तल् : तल्
[2] तदर्हति : ठञ्
[3] ल्युट् च/कृत्यल्युटो बहुलम् : ल्युट
[4] ण्वुल्तृचौ : तृच्
[5] ऋक्पूरब्धू... : अच् (समासान्त)
[6] उपसर्गे घोः किः : कि

जनमतम् (ना./न.) जनानां मतम् *(जनताको विचार)* ष.त.स.= जनमत ।

शब्दार्थ- जनताको विचार, लोकमत ।

जनमानसम् (ना./न.) जनानां मानसम् *(जनताको मन वा विचार)* ष.त.स.= जनमानस ।

शब्दार्थ- कुनै विवाद उत्पन्न भएमा सङ्कलन गरिने जनताको अभिमत, लोकको विचार ।

जनमेजयः (ना./पुं.) जनान् शत्रुपक्षान् एजयति कम्पयतीति *(शत्रुजनलाई कम्पन गराउँछन्)* जन उपपदपूर्वक एजृ दीप्तौ वा एजृ कम्पने (भ्वा.) धातु, जन+एज्+णिचि+खस्[1](अ), जन एजि अ, गुण, अयादेश, जन एजय, मुमागम[2] जनमेजय ।

शब्दार्थ- महाभारत तथा श्रीमद्भागवत् पुराणादिमा वर्णित राजा परीक्षितका पुत्र, चन्द्रवंशी एक राजा

जनयित्री (ना./स्त्री.) जनयति या *(पैदा गर्दछिन् जो)* जनी प्रादुर्भावे (दिवा.) धातु, जन्+णिचि+तृच् (तृ), इडागम, जनि इतृ, गुण, अयादेश, जनयितृ+ङीप् (ई) =जनयित्री

जनयित्री प्रसूर्माता जननी- इत्यमरः

शब्दार्थ- जननी, आमा, माता ।

जनवादः (ना./पुं.) उद्यते इति *(बताइन्छ)* वद व्यक्तायां वाचि (भ्वा.) धातु, वद्+घञ् (अ), वृद्धि, वादः । जनेषु लोकेषु वादः *(लोकमा हुने वाद)* स.त.स. =जनवाद ।

शब्दार्थ- एक राजनीतिक वाद वा सिद्धान्त, जनतन्त्र ।

जनविश्वासः (ना./पुं.) जनानां विश्वासः *(जनताको विश्वास)* ष.त.स.= जनविश्वास ।

शब्दार्थ- जनताको पत्यार, जनताको विश्वास प्राप्त गर्ने काम, जनताको अवधारणा ।

जनशक्तिः (ना./स्त्री.) जनानां शक्तिः *(जनताको शक्ति)* प.त.स.= जनशक्ति ।

शब्दार्थ- जनतामा निहित शक्ति, जनताको सामर्थ्य वा क्षमता, जनवल ।

जनश्रुतिः (ना./स्त्री.) जनेभ्यः श्रवणं श्रूयते इति वा *(लोक परम्पराबाट सुनिन्छ)* जनपूर्वक श्रु श्रवणे (भ्वा.) धातु, जन+श्रु+क्तिन् (ति)= जनश्रुति ।

शब्दार्थ- किंवदन्ती, लोकोक्ति, परम्परागत भनाइ ।

जनसङ्ख्या (ना./स्त्री.) जनानां सङ्ख्या *(जनताको तथ्याङ्क)* प.त.स.= जनसङ्ख्या ।

शब्दार्थ- जनगणना, पूरै राष्ट्र वा कुनै क्षेत्रको जनताको गणना, जनताको सङ्ख्या ।

जनसमूहः/जनसमुदायः (ना./पुं.) जनानां समूहः/ जनानां समुदायः *(जनताको समूह वा समुदाय)* प.त.स.= जनसमूह/जनसमुदाय ।

शब्दार्थ- मानिसको भीड, मानिसको समूह वा समुदाय ।

जनसङ्घर्षः (ना./पुं.) जनानां सङ्घर्षः *(जनताको सङ्घर्ष)* ष.त.स.= जनसङ्घर्ष ।

शब्दार्थ- जन आन्दोलन, जनक्रान्ति, जनयुद्ध ।

जनसम्पर्कः (ना./पुं.) जनानां सम्पर्कः *(जनतासँगको सम्बन्ध)* ष.त.स.= जनसम्पर्क ।

शब्दार्थ- जनसम्वन्ध, साधारण जनतासित सम्वन्ध राख्ने काम, जनतासित सम्पर्क राख्ने काम ।

जनसहयोगः (ना./पुं.) जनानां सहयोगः/जनेभ्यः सहयोगः *(जनताको वा जनताको लागि सहयोग)* ष.त.स./ च.त.स.= जनसहयोग ।

शब्दार्थ- विभिन्न लोक कल्याणकारी कार्यको लागि जनताको सहयोग प्राप्त गर्ने काम, जनताको हितका लागि सहयोग गर्ने काम ।

जनसहभागिता (ना./स्त्री.) सहभागः अस्यास्तीति *(सहभाग वा सहयोग छ यसको)* सहभाग+इनि[3] (इन्), सहभागिन् । तस्य भावः *(सहभागी हुनाको भाव वा अवस्था)* सहभागिन्+तल् (त)+टाप् (आ), सहभागिता । जनानां सहभागिता *(जनताको सहभागिता)* ष.त.स. =जनसहभागिता ।

शब्दार्थ- विकाससम्वन्धी कार्यहरूमा जनताको संलग्नता, विभिन्न क्रियाकलापमा जनताको सहभागिता ।

जनसाधारणः (ना./पुं.) जनश्चासौ साधारणश्च **(सामान्य जनता)** क.त.स.= जनसाधारण ।

शब्दार्थ- साधारण मानिस, सर्वसाधारण जनता, देशका सामान्य जनता ।

जनसाहित्यम् (ना./न.) हितेन सह *(हितसहित)* सह+हित, ब.स., सहको सभाव, सहितम् । सहितस्य भावः *(हित हुनाको भाव वा अवस्था)* सहित+ष्यञ्[4] (य), आदिवृद्धि, साहित्यम् । जनानां जनेभ्यः साहित्यम् *(जनताको वा जनताका लागि साहित्य)* ष.त.स./ च.त.स.= जनसाहित्य ।

शब्दार्थ- जनताको साहित्य, जनताको पक्षमा लेखिएको साहित्य, जनताका हितको लागि रचित साहित्य ।

जनसेवकः (वि.) सेवते इति *(सेवा गर्छ)* षेवृ सेवने (भ्वा.) धातु, सेव्+ण्वुल्[5] (अक), सेवक । जनानां सेवकः *(जनताको सेवक)* ष.त.स.=जनसेवक ।

शब्दार्थ- जनताको सेवा गर्ने, जनताको भलाइ हुने काम गर्ने, जनसेवी ।

जनसेवा (ना./स्त्री.) सेव्यते इति *(सेवा गरिन्छ)* षेवृ सेवने (भ्वा.) धातु, सेव्+अ[6] (प्रत्यय)+टाप् (आ)=सेवा । जनानां सेवा *(जनताको सेवा)* ष.त.स.= जनसेवा ।

शब्दार्थ- जनहित र कल्याणका लागि गरिने सेवा, सर्वसाधारण जनताका लागि सेवामूलक काम ।

---

[1] एजेः खश् : खश्
[2] अरुर्द्विषदजन्तस्य मुम् : मुमागम
[3] अत इनिठनौ : इनि
[4] गुणवचन... : ष्यञ्
[5] ण्वुल्तृचौ : ण्वुल्
[6] गुरोश्च हलः : अ (प्रत्यय)

जनस्थानम् (ना./न.) जनानां स्थानम् *(जनसाधारणको स्थान)* ष.त.स.= जनस्थान ।

शब्दार्थ- जनता बसोवास गर्ने स्थान, रामायणकालीन दण्डकारण्यमा पर्ने एउटा स्थान ।

जनस्वास्थ्यम् (ना./न.) जनानां स्वास्थ्यम् *(जनताको स्वास्थ्य)* ष.त.स.= जनस्वास्थ्य ।

शब्दार्थ- जनताका स्वास्थ्यको रेखदेख गर्ने काम, साधारण जनताको स्वास्थ्यस्थिति ।

जनहितम् (ना./न.) जनेभ्यः हितम् *(जनताका लागि हित हुने काम)* च.त.स.= जनहित ।

शब्दार्थ- जनहितसम्वन्धी काम, जनकल्याण, जनताको भलाइ ।

जनाकाङ्क्षा (ना./स्त्री.) जनानामाकाङ्क्षा *(मानिसहरूको चाहना)* ष.त.स., दीर्घ= जनाकाङ्क्षा ।

शब्दार्थ- जन चाहना, जनसमुदायको इच्छा ।

जनाधिपः (ना./पुं.) जनानामधिपः *(जनताका स्वामी)* ष.त.स., दीर्घ= जनाधिप ।

शब्दार्थ- जनताका मालिक, राजा, राष्ट्रपति, विष्णु ।

जनार्दनः (ना./पुं.) जन्यते, जननमिति वा *(जन्मिन्छ)* जनी प्रादुर्भावे (दिवा.) धातु, जन्+घञ् (अ), वृद्धिनिषेध[1], जनः । जनैः लोकैः अर्द्यते स्तूयते याच्यते इति वा *(लोकद्वारा स्तुति वा याचना गरिन्छ)* जन उपपदमा हुने अर्द गतौ याचने च (भ्वा.) धातु, जन+अर्द्+ल्यु[2] (अन), जन अर्द्को सवर्ण दीर्घ= जनार्दन ।

अथवा जनाः दैत्यादयः तेषामर्दनः *(दैत्यादिजनलाई विनाश गर्ने)* जनपूर्वक अर्द गतौ याचने च (भ्वा.) धातु, जन+अर्द्+ल्युट्[3] (अन), कर्तामा, वहुलप्रकारले, दीर्घ= जनार्दन ।

पिताम्वरोऽच्युतः शार्ङ्गी विश्वक्सेनो जनार्दनः - इत्यमरः

शब्दार्थ- विष्णु, कृष्ण, नारायण, दामोदर, केशव, अच्युत, पिताम्वर ।

जनितः (वि.) जन्यते स्म इति *(पैदा भएको)* जनी प्रादुर्भावे (दिवा.) धातु, जन्+क्त (त), इडागम = जनित ।

शब्दार्थ-उत्पन्न भएको, जन्मेको, प्रकट भएको, पैदा भएको

जनिता (वि.) जनयतीति *(पैदा गर्छ)* जनी प्रादुर्भावे (दिवा.) धातु, जन्+णिचि+तृच् (तृ), इडागम, णिलोप, जनितृ= जनिता ।

शब्दार्थ- पैदा गर्ने, उत्पादन गर्ने, जन्माउने ।

जन्तुः (ना./पुं./वि.) जायते उद्भवतीति *(उत्पन्न हुन्छ)* जनी प्रादुर्भावे (दिवा.) धातु, जन्+तु[4] (उणा.)=जन्तु ।

प्राणी तु चेतनो जन्मी जन्तुजन्यशरीरिणः - इत्यमरः

शब्दार्थ-जीव, चेतन प्राणी, पशु, जनावर, वुद्धिरहित, मूर्ख

जन्म (ना./न.) जायते इति *(जन्मन्छ)* जनी प्रादुर्भावे (दिवा.) धातु, जन्+मनिन्[5] (मन्), उणा., जन्मन् =जन्म ।

शब्दार्थ- उत्पत्ति, उद्भव, प्रभव, पैदा हुने काम, जन्मने काम, जीवन, प्रारम्भ, थालनी ।

जन्मकुण्डली (ना./स्त्री.) जन्मनः कुण्डली *(जन्मसमयको कुण्डली)* ष.त.स.= जन्मकुण्डली ।

शब्दार्थ- जन्मदाको समयका ग्रहहरूको यथार्थ गति देखिने कुण्डली, जन्मपत्रिका, चिना ।

जन्मजयन्ती (ना./स्त्री.) जन्मनः जयन्ती *(जन्मदिनका दिन मनाइने उत्सव)* ष.त.स.= जन्मजयन्ती ।

शब्दार्थ- राष्ट्र वा समाजलाई उल्लेखनीय योगदान दिएको कुनै व्यक्ति वा सङ्घसंस्थाको जन्मदिनमा मनाइने उत्सव ।

जन्मजातः (वि.) जन्यते स्म इति *(जन्मेको)* जनी प्रादुर्भावे (दिवा.) धातु, जन्+क्त (त), आत्व[6], जातः । जन्मनः जातः *(जन्मैदेखि आएको)*प.त.स.=जन्मजात ।

शब्दार्थ- जन्मदैदेखिको, वंशानुगत, जन्मसिद्ध ।

जन्मतिथिः (ना./स्त्री.) जन्मनस्तिथिः *(जन्मेको तिथि)* ष.त.स.= जन्मतिथि ।

शब्दार्थ- जन्मेको तिथि, जन्मेका दिनको तिथि ।

जन्मदाता (ना./पुं.) जन्म ददातीति *(जन्म दिन्छन्)* जन्म उपपदपूर्वक डुदाञ् दाने (जुहो.) धातु, जन्म+दा +तृच् (तृ), जन्मदातृ= जन्मदाता ।

शब्दार्थ- जन्मदिने वावु, पिता, जनक ।

जन्मदात्री (ना./स्त्री.) जन्म ददाति असौ *(जन्म दिन्छिन् वा पैदा गर्छिन् यिनी)* जन्म उपपदपूर्वक डुदाञ् दाने (जुहो.) धातु, जन्म+दा+तृच्[7] (तृ), जन्मदातृ । जन्मदातृ+ङीप्[8] (ई)= जन्मदात्री ।

शब्दार्थ- जन्माउने आमा, माता, जननी ।

जन्मदिनम्/जन्मदिवसम् (ना./न.) जन्मनः दिनम्/ जन्मनः दिवसम् *(जन्मेको दिन)* ष.त.स.= जन्मदिन/ जन्मदिवस ।

शब्दार्थ- जन्मेको दिन, जन्मेको तिथि, महिना, गते वा तारिख, जन्मोत्सव ।

जन्मनक्षत्रम् (ना./न.) जन्मनः नक्षत्रम् *(जन्मकालको नक्षत्र)* ष.त.स.= जन्मनक्षत्र ।

शब्दार्थ- जन्मेका दिनको नक्षत्र, त्यो नक्षत्र जुन जन्मेका दिनमा परेको छ ।

जन्मनिरोधः (ना./पुं.) जन्मनः निरोधः *(जन्मको नियन्त्रण)* ष.त.स.= जन्मनिरोध ।

शब्दार्थ- जन्मनियन्त्रण, वालवच्चा जन्माउन गरिने नियन्त्रण, परिवार नियोजन, गर्भ-निरोध ।

---

[1] जनिवध्योश्च : वृद्धिनिषेध

[2] नन्दिग्रहिपचादि... : ल्यु

[3] कृत्यल्युटो बहुलम् : ल्युट्

[4] कमिमनिजनि... : तु

[5] सर्वधातुभ्यो मनिन् : मनिन्

[6] जनसनखन... : आत्व

[7] ण्वुल्तृचौ : तृच्

[8] ऋन्नेभ्यो ङीप् : ङीप्

जन्मपत्रम्/जन्मपत्रिका (ना./न./स्त्री.) जन्मनः पत्रम्/ जन्मनः पत्रिका *(जन्मेका बेलाको पत्र)* ष.त.स. =जन्मपत्र/जन्मपत्रिका ।

शब्दार्थ- चिना, त्यस्तो पत्र वा लिखत जसमा जन्मेका बेलाको ग्रह नक्षत्रहरूको यथार्थ स्थिति उल्लेख गरिएको हुन्छ, जन्मकुण्डली ।

जन्मभूमिः (ना./स्त्री.) जन्मनः भूमिः *(जन्मेको ठाउँ)* ष.त.स.= जन्मभूमि ।

शब्दार्थ- जन्मस्थल, जन्मस्थान, जन्मथात वा थलो, जन्मेको देश वा राष्ट्र ।

जन्मराशिः (ना./स्त्री.) जन्मनः (समयस्य) राशिः *(जन्मेका समयको राशि)* ष.त.स.= जन्मराशि ।

शब्दार्थ-जन्मेको समयको राशि, जन्मेका वेलाको राशि ।

जन्मलग्नम् (ना./न.) जन्मनः (वेलायाः) लग्नः *(जन्मेका वेलाको लग्न)* ष.त.स.= जन्मलग्न ।

शब्दार्थ- जन्मकालमा परेको लग्न, जन्मेका वेलाको लग्न, जन्मलग्न ।

जन्मान्तरम् (ना./न.) अन्यत् जन्म *(अर्को जन्म)* (अस्वपद-विग्रह) जन्म+अन्तर, म.व्य.स., दीर्घ =जन्मान्तर ।

शब्दार्थ- दोस्रो जन्म, अर्को जन्म, जन्मजन्मातर, मरेपछि पुनः जन्मने प्रक्रिया, परलोक, अर्को लोक ।

जन्मान्धः (वि.) जन्मनः अन्धः *(जन्मदेखि नै अन्धो)* प.त.स. वा जन्मना अन्धः *(जन्मले नै अन्धो)* तृ.त.स., दीर्घ= जन्मान्ध ।

शब्दार्थ- जन्मदेखि नै आँखा नदेख्ने, जन्मदादेखि नै नेत्रहीन, जन्मदै अन्धो, जन्मले अन्धो ।

जन्माष्टमी (ना./स्त्री.) जन्मनः उत्पत्तेः/श्रीकृष्णोत्पत्तेर्वा अष्टमी *(जन्मदाको वा श्रीकृष्ण जन्मेको अष्टमी तिथि)* ष.त.स., दीर्घ = जन्माष्टमी ।

शब्दार्थ- जन्मदाको अष्टमी तिथि, श्रीकृष्णाष्टमी, श्रीकृष्ण जन्मेको तिथि, भाद्रकृष्ण अष्टमीतिथि ।

जन्मोत्सवः (ना./पुं.) जन्मनः उत्सवः *(जन्मदिनका दिन मनाइने उत्सव)* जन्म+उत्सव, ष.त.स., गुण =जन्मोत्सव ।

शब्दार्थ- जन्मदिवस, जन्मेका दिन मनाइने उत्सव ।

जन्यः (वि./ना./त्रि.) जनितुं योग्यः, जन्यते इति वा *(पैदा हुन योग्य)* जनी प्रादुर्भावे (दिवा.) धातु, जन्+यत्[1] (य)= जन्य ।

अथवा जननमिति *(पैदा हुनु)* जन्+यक्[2] (य), उणा. =जन्य ।

अथवा जायते अस्याम् *(पैदा हुन्छ यिनमा)* जनी प्रादुर्भावे (दिवा.) धातु, जन्+इण् (उणा.), जनि+ङीष् (विकल्पले), जनी ।

जनी वधूः ताम्वहन्ति प्रापयन्तीति *(दुलहीलाई घर पुऱ्याउँछन्)* जनी+यत्[3] (य)= जन्य ।

जन्याः स्निग्धा वरस्य ये- इत्यमरः

अथवा जनानां वादः इति *(मानिसको वादविवाद)* जन+यत् (य), अकारलोप= जन्य ।

जन्यः स्याज्जनवादेऽपि- इत्यमरः

अथवा जनयितुं योग्यः *(पैदा गर्न योग्य)* जन्+ण्यत्[4] (य), वृद्धि निषेध= जन्य ।

युद्धमायोधनं जन्यम्- इत्यमरः

जन्यं हट्टे परीवादे संग्रामे च नपुंसकम्,

जन्या मातृवयस्वायां जन्यः स्याज्जनके पुमान्- इति मेदिनी

शब्दार्थ- उत्पन्न हुन योग्य, पैदा हुन लायक, सृजना हुन लायक, उत्पन्न हुने, जन्मने, युद्ध, आक्रमण, वरका आफन्तजन, दुलाहाका साथी, दुलहीलाई दुलाहाको घर पुऱ्याउने इष्टमित्र, पिता, आमा, आमाका साथी, दुलहाकी प्रिया, वधू ।

जपः (ना./पुं.)/**जपनम्** (ना./न.) जप्यते इति *(जपिन्छ)* जप व्यक्तायां वाचि वा जप मानसे च (भ्वा.) धातु, जप्+अप्[5] (अ)= जप ।

जप्+ल्युट् (अन)= जपन

स्वाध्यायः स्याज्जपः- इत्यमरः

शब्दार्थ- वेदाध्ययन, गायत्री वा अन्य मन्त्रको मानसिक जप, मनमनै गरिएको जप, बीज मन्त्रादिको मनमनै गरिएको जप, ग्रहादिको जाप ।

जपनीयः (वि.) जपितुं योग्यः *(जप गर्न योग्य)* जप व्यक्तायां वाचि वा जप मानसे च (भ्वा.) धातु, जप्+अनीय (र्)= जपनीय ।

शब्दार्थ- जप्नलायक, जप गर्न योग्य, जप गर्न माफिकको, जप गर्न उचित ।

जपतपः (ना./पुं.) जपति, जप्यते इति वा *(जप्तछ वा जप गरिन्छ)* जप मानसे च (भ्वा.) धातु, जप्+अच् /अप् (अ), जपः । तपति तप्यते इति *(तप गर्छ वा गरिन्छ)* तप सन्तापे (भ्वा.) धातु, तप्+अच् (पचादि)/घ (अ), तपः । जपश्च तपश्च *(जप र तप)* द्व.स.= जपतप ।

शब्दार्थ- जप र कष्टसह्य तप, जप र तपस्या, पूजापाठ, ध्यान र नमस्कार वा वन्दना, मन्त्रको जपरूपयज्ञ ।

जपपरायणः (वि./ना./पुं.) जप एव परमयनमाश्रयः यस्य *(जप नै परम आश्रय छ जसको)* ब.स. = जपपरायण ।

शब्दार्थ- जपमा आसक्त हुने, जप गर्ने शील भएको, जपमा लागिपर्ने, जपमा संलग्न व्यक्ति ।

जपमाला (ना./स्त्री) जपस्य माला *(जपको माला)* ष.त.स.= जपमाला ।

शब्दार्थ- तुलसी, रुद्राक्ष आदिको जप गर्ने माला ।

---

१. तकिशसिचतियति...(वा.) : यत्

२. जनेर्यक् : यक्

३. संज्ञायां जन्याः : यत्

४. ऋहलोर्ण्यत् : ण्यत्

५. व्यधिजपोरनुपसर्गे : अप्

जपयज्ञः (ना./पुं.) जप एव यज्ञः *(जपरूप यज्ञ)* म.व्य.स. =जपयज्ञ ।

शब्दार्थ- जपरूप यज्ञ, कायिक वाचिक र मानसिक तीनै किसिमको जपयज्ञ ।

जपा (ना./स्त्री.) जपति असौ *(राम्ररी फक्रन्छ वा विकसित हुन्छ यो)* जप व्यक्तायां वाचि (भ्वा.) धातु, जप्+अच् (पचादि), जपः । जप+टाप् (आ)= जपा ।

शब्दार्थ- जपाको फूल, जपाकुसुम, जपापुष्प ।

जपाकुसुमम्/जपापुष्पम् (ना./न.) जपायाः कुसुमम्/ जपायाः पुष्पम् *(जपाको फूल)* ष.त.स.=जपाकुसुम /जपापुष्प ।

शब्दार्थ- जपाको फूल, जपापुष्प ।

जप्यः (वि.) जपितुं योग्यः, जप्यते इति वा *(जप गर्न लायक)* जप व्यक्तायां वाचि वा जप मानसे च (भ्वा.) धातु, जप्+यत्[1] (य)= जप्य ।

शब्दार्थ- जप गर्न लायक, जप्न योग्य, जप गर्न उचित ।

जम्पती (ना./पुं.) जाया च पतिश्च *(पत्नी र पति)* द्व.स., 'जाया' शब्दको पूर्वनिपातन तथा जम्भाव= जम्पती ।

शब्दार्थ- पति-पत्नी, लोग्ने र स्वास्नी ।

जम्बूद्वीपः (ना./पुं.) जम्ब्वायुक्तः, जम्बूयुक्तश्चासौ द्वीपश्च *(जामुनाको वृक्ष ज्यादै हुने द्वीप)* क.त..स., उ.प.लोप= जम्बूद्वीप ।

शब्दार्थ- पृथिवीका सात द्वीपमध्ये एक, वर्तमान एसिया महाद्वीप ।

जयः (ना./पुं.) जयतीति *(जित्तछ)* जि जये (भ्वा.) धातु, जि+अच् (पचादि) गुण, अयादेश= जय ।

अथवा जीयते, जयनमिति वा *(जितिन्छ)* जि+अच् (एरच्), गुण, अयादेश= जय ।

शब्दार्थ- विजय, जित, सफलता, कल्याण, ज्योतिषशास्त्र-अनुसार साठीवटा सम्वत्सरमध्ये एक, विष्णुको द्वारपाल ।

जयगानम् (ना./न.) जयस्य गानम् *(विजयको गान)* ष.त.स.= जयगान ।

शब्दार्थ- जयघोष, विजयगान, जयजयकार ।

जयघोषः (ना./पुं.) घुष्यते इति *(शब्द गर्नु)* घुषिर् अविशब्दने (भ्वा.) वा घुषिर् विशब्दने (चुरा.) धातु, घुष्+घञ् (अ), गुण, घोषः । जयस्य घोषः *(जय-जयकारको घोष)* ष.त.स.= जयघोष ।

शब्दार्थ- जयकार, जयगान, जयजयकार, विजयको ढोल पिट्ने काम, विजयघोष ।

जयध्वनिः (ना./पुं.) जयस्य ध्वनिः *(विजयको जयजयकार ध्वनि)* ष.त.स.= जयध्वनि ।

शब्दार्थ- विजयघोष, जयजयकार, जयगान ।

जयन्तः (ना./पुं./वि.) जयतीति *(जित्तछ वा दबाउँछ)* जि जये वा जि अभिभवे (भ्वा.) धातु, जि+झच्[2] (उणा.), झको अन्तादेश[3], गुण, अयादेश=जयन्त

शब्दार्थ- इन्द्रका पुत्र, इन्द्रका छोरा, पाकशासनि, इन्द्रसूत, शिव तथा विष्णु, विजय प्राप्त गर्ने, जित्ने, विजयी,

जयन्ती (ना./स्त्री.) जयति असौ *(विजय गर्छिन् यिनी)* जि जये (भ्वा.) धातु, जि+झच् (अन्त), गुण, जयन्त+ ङीष् (ई)= जयन्ती ।

जयन्ती मङ्गलाकाली भद्रकाली कपालिनी- दुर्गा.स.,अ.स्तो

शब्दार्थ- भगवती दुर्गा, मङ्गलदात्री देवी ।

जयलक्ष्मीः/जयश्रीः (ना./स्त्री.) जयस्य लक्ष्मीः/जयस्य श्रीः *(विजयकी लक्ष्मी वा श्री)* ष.त.स.= जयलक्ष्मी/ जयश्री ।

शब्दार्थ- विजयश्री, विजयलक्ष्मी, युद्धकी देवी, विजयकी अधिष्ठात्री देवी ।

जयी (वि.) जयः अस्यास्तीति *(विजय छ यसको)* जय+ इनि[4] (इन्), अकारलोप, जयिन्= जयी ।

अथवा जयति तच्छीलः *(विजयशील)* जि जये (भ्वा.) धातु, जि+इनि[4] (इन्), उणा., गुण, अयादेश= जयी ।

शब्दार्थ- विजय प्राप्त गर्ने, विजयी, जित्ने, विजयशील ।

जरन् (वि.) जीर्यतीति *(बूढो हुन्छ)* जॄ वयोहानौ (भ्वा.) धातु, जॄ+शतृच्[5] (अत्), शप् (अ), गुण, पररूप, जरत् =जरन् । **जीनो जीर्णो जरन्नपि- इत्यमरः**

शब्दार्थ- वूढो, जीर्ण, थोत्रिएको, पुरानो भएको ।

जरा (ना./स्त्री.) जीर्यति अनया *(बूढो भइन्छ यसबाट)* जॄ वयोहानौ (भ्वा.) धातु, जॄ+अ[6] (प्रत्यय), गुण, जर+ टाप् (आ)= जरा ।

शब्दार्थ- बुढचाइँ, वृद्धत्व, वृद्धावस्था, दुर्वलता, कालकन्या, जरासन्धको शरीरलाई जोड्ने राक्षसी ।

जराकृशः (वि.) जरया कृशः *(बुढचाइँले दुब्लाएको)* तृ.त.स.= जराकृश ।

शब्दार्थ- बुढचाइँले क्षीण भएको, दुर्वलताले सताएको, वुढचाइँले दुब्लाएको ।

जराग्रस्तः (वि.) जरया ग्रस्तः *(बुढचाइँले ग्रस्त)* तृ.त.स. =जराग्रस्त ।

शब्दार्थ- वुढचाइँले ग्रस्त पारेको, वृद्धत्वले शिथिल भएको, दुर्वल, फितलो, कमजोर, जर्जर अवस्थाको ।

जराजीर्णः (वि.) जरया जीर्णः *(बुढचाइँले थोत्रिएको)* तृ.त.स.= जराजीर्ण ।

शब्दार्थ- बुढचाइँले जीर्ण भएको, जीर्ण, बुढचाइँले थोत्रिएको, वृद्धावस्थाले शिथिल भएको ।

***उदा.* मर्नैपर्ने सब मनुजले झै जराजीर्ण काया-भृ.ख.का. ७/४४**

जरातुरः (वि.) जरया आतुरः *(बुढचाइँले आतुर)* जरा+ आतुर, तृ.त.स., दीर्घ= जरातुर ।

शब्दार्थ- वुढचाइँले ग्रस्त भएको, वुढचाइँले परिपीडित ।

---

[1] पोरदुपधात् : यत्
[2] तृभूवहिवसि... : झच्
[3] झोऽन्तः : अन्तादेश
[4] जिदृक्षिविश्रीण्ण... /अत इनिठनौ : इनि
[5] लटः शतृशानचान.. : शतृच्
[6] गुरोश्च हलः : अ

जरायुः (ना./पुं.) जरामेति *(गर्भमा पुग्छ वा रहन्छ)* जरापूर्वमा हुने इण् गतौ (अदा.) धातु, जरा+इ+ञुण्[1] (उ), उणा., वृद्धि, आयादेश= जरायु ।

शब्दार्थ- गर्भाशय, सालनाल ।

जरायुजः (ना./पुं.) जरायुर्गर्भाशयः तस्माज्जातः इति *(गर्भाशयबाट जन्मने प्राणी)* जरायुपूर्वक जनी प्रादुर्भावे (दिवा.) धातु, जरायु+जन्+ड[2] (अ), टिलोप =जरायुज ।

शब्दार्थ- गर्भाशयबाट जन्मने प्राणी समुदाय, सालनाल सहित जन्मने प्राणी, गर्भवाट पैदा हुने जीव ।

जलम् (ना./न.) जलति जलयति जीवयति प्राणीनः *(प्राणीहरूलाई जीवन प्रदान गर्छ)* जल घातने (तैक्ष्ण्ये) (भ्वा.) वा जल अपवारणे (चुरा.) धातु, जल्+अच् (पचादि)= जल ।

शब्दार्थ- पानी, सलिल, उदक, चरणोदक, चरणामृत ।

जलकेलिः (ना./स्त्री.) जले केलिः *(पानीमा क्रीडा)* स.त.स.= जलकेलि ।

शब्दार्थ- जलक्रीडा, पौडी, जलमा पानी छ्यापाछ्याप गर्ने क्रीडा, पौडी खेल्ने काम, जलविहार ।

जलक्रीडा (ना./स्त्री.) जलेन जले वा क्रीडा *(पानीबाट वा पानीमा क्रीडा)* स.त.स./तृ.त.स.= जलक्रीडा ।

शब्दार्थ- नदी तलाउमा पौडी खेल्ने काम, युवा युवतीले पानी छ्यापेर मनोरञ्जन गर्ने कार्य, जलकेलि, जलविहार, पानीमा खेल्ने खेल, जल प्रक्षेपण क्रिया ।

जलचरः (ना./पुं.) जले चरतीति *(जलमा विचरण गर्दछ)* जल उपपदपूर्वक चर गतिभक्षणयोः (भ्वा.) धातु, जल्+चर्+ट (अ)= जलचर ।

शब्दार्थ- जलजन्तु, जलमा वस्ने प्राणी, पानीमा जीविका गर्ने जन्तु, माछो, गोही आदि।

जलजः (ना./पुं.) जले जायते इति *(जलमा पैदा हुन्छ)* जल उपपदपूर्वक जनी प्रादुर्भावे (दिवा.) धातु, जल+जन्+ ड[3] (अ), टिलोप= जलज ।

शब्दार्थ- पानीमा पैदा हुने जन्तु वा वस्तु, माछो, सिपी, शङ्ख, जलचर जीव ।

जलजन्तुः (ना./पुं.) जले जातः, जलजातश्चासौ जन्तुश्च वा जलस्य जन्तुः *(जलमा पैदा हुने जन्तु वा पानीको जन्तु)* क.त.स., उ.प.लोप/ष.त.स.= जलजन्तु ।

शब्दार्थ- पानीको जीव, पानीमा हुने जनावर, जस्तैः माछो, गोही, आदि, जलप्राणी ।

जलजन्म (ना./न.) जले जन्म यस्य तत् *(पानीमा छ जन्म जसको)* व.स.= जलजन्म ।

शब्दार्थ- पानीमा पैदा हुने- कमल, पद्म, शङ्ख आदि ।

जलजाक्षी (वि.) जलजे इव अक्षिणी यस्याः *(कमल जस्तै अक्षि (आँखा) छन् जसका)* जलज+अक्षिन्, ब.स., दीर्घ, जलजाक्षिन्+षच्[4] (अ), समासान्त, जलजाक्ष+ङीष् (ई)= जलजाक्षी ।

शब्दार्थ- कमल जस्तै सुन्दर आँखा हुने, कमलनयनी ।

जलतरङ्गः (ना./पुं.) जलस्य तरङ्गः *(पानीको तरङ्ग वा छाल)* ष.त.स.= जलतरङ्ग ।

शब्दार्थ- पानीको छाल, पानीको तरङ्ग वा लहर ।

जलदः (ना./पुं./वि.) जलं ददातीति *(पानी दिन्छ वा वर्षाउँछ)* जल उपपदपूर्वक डुदाञ् दाने (जुहो.) धातु, जल+दा+क[5] (अ), आलोप= जलद ।

शब्दार्थ- बादल, मेघ, बरफ, तर्पण दिने, पानी दिने ।

जलदेवता (ना./स्त्री.) जलस्य देवता *(पानीका देवता)* ष.त.स.= जलदेवता ।

शब्दार्थ- पानीका देवता, वरुण, पानीका अधिष्ठाता ।

जलधरः (ना./पुं.) जलं धरतीति *(पानी धारण गर्छ)* धृञ् धारणे (भ्वा.) धातु, जल+धृ+अच् (पचादि), गुण =जलधर ।

अथवा धरतीति *(धारण गर्छ)* धृ+अच् (पचादि), गुण, धरः । जलस्य धरः*(जल धारण गर्ने)* ष.त.स.=जलधर ।

शब्दार्थ- पानी धारण गर्ने मेघ, बादल, बरफ ।

जलधारा (ना./स्त्री.) जलस्य धारा *(पानीको धारा)* ष.त.स.= जलधारा ।

शब्दार्थ- पानीको धारा, प्वाल भएको जलपात्र, रुद्राभिषेक गर्दा शिवजीलाई स्नान गराउन प्वाल भएको जलपात्रबाट खसाइने जलको धारा ।

जलधिः (ना./पुं.) जलानि धीयन्ते अस्मिन्निति *(जल धारण गरिन्छ यसमा)* जल उपपदपूर्वक डुधाञ् धारणपोषणयोः (जुहो.) धातु, जल+धा+कि[6] (इ), आलोप= जलधि ।

शब्दार्थ- समुद्र, उदधि, सिन्धु, सागर ।

जलनिधिः (ना./पुं.) जलानि निधीयन्ते अस्मिन् *(पानी धारण गरिन्छ यसमा)* जल उपपदमा हुने निपूर्वक डुधाञ् धारणपोषणयोः (जुहो.) धातु, जल+नि+धा+कि[7] (इ), आलोप= जलनिधि ।

शब्दार्थ- समुद्र, सागर, उदधि, महासागर, सिन्धु, अब्धि ।

जलपतिः (ना./पुं.)जलस्य पतिः *(जलका स्वामी)* ष.त.स. =जलपति ।

शब्दार्थ- जलका स्वामी, वरुण ।

जलपानम् (ना./न.) जलं पीयते इति *(पानी पिइन्छ)* जल उपपदमा हुने पा पाने (भ्वा.) धातु, जल+पा+ल्युट् (अन)= जलपान ।

अथवा जलस्य पानम् ष.त.स.= जलपान ।

शब्दार्थ- पानी पिउने काम, पानी वा चियाका साथ खाइने हलुका खाना, चमेना, (अर्थविस्तार भएको) ।

---

[1] किञ्जरयोः श्रिणः : ञुण्

[2] पञ्चम्यामजातौ : ड

[3] सप्तम्यां जनेर्डः : ड

[4] बहुव्रीहौ सक्थ्यक्ष्णोः... : षच्

[5] वातोऽनुपसर्गे... : क

[6] कर्मण्यधिकरणे च : कि

[7] उपसर्गे घोः किः : कि

जलप्रपातः (ना./पुं.) जलस्य प्रपातः *(पानीको प्रपात (खस्ने काम))* ष.त.स.= जलप्रपात ।

शब्दार्थ- छाँगो, झर्ना, छहरो, अग्लो ठाउँबाट पानी खस्ने काम ।

जलप्रलयः (ना./पुं.) जले प्रलयः लयः *(जलमा लीन हुने स्थिति)* स.त.स.= जलप्रलय ।

शब्दार्थ- सम्पूर्ण पृथ्वी पानीमा डुब्ने प्रलयकालीन अवस्था, महाप्रलयकाल ।

जलप्रवाहः (ना./पुं.) जलस्य प्रवाहः *(जलको प्रवाह (खस्ने काम))* ष.त.स.= जलप्रवाह ।

शब्दार्थ- पानीको बहने कार्य, वेगले पानी वग्ने काम ।

जलमग्नः (वि.) जलेन जले वा मग्नः *(पानीले डुबाएको, पानीमा डुबेको)* तृ.त.स./स.त.स.= जलमग्न ।

शब्दार्थ- पानीले डुबेको (अवस्था), जलमय, जलाम्ये भएको ।

जलमयः (वि.) प्रकृतं प्रचुरं जलम् *(धेरै पानी)*, जलस्य विकारः वा *(पानीमय हुने काम)* जल+मयट्[1] (मय) =जलमय ।

शब्दार्थ-जलाम्मे भएको, पानीले डुबेको, पानीले ढाकेको,

जलमार्गः (ना./पुं.) जलस्य मार्गः *(पानीको बाटो)* वा जले मार्गः *(पानीमा हिंड्ने बाटो)* ष.त.स./स.त.स. =जलमार्ग ।

शब्दार्थ- पानीको निकास, कुलो, नहर, ढल, जहाज वा डुँगा हिंड्ने मार्ग, जलपथ, समुद्रको मार्ग, जलप्रवाह ।

जलयात्रा (ना./स्त्री.) जले यात्रा *(पानीमा गरिने यात्रा)* स.त.स.= जलयात्रा ।

शब्दार्थ- जहाज, डुँगा आदिबाट पानीमा गरिने यात्रा ।

जलयानम् (ना./न.) जले यानम् *(पानीमा हिंड्ने वाहन)* स.त.स.= जलयान ।

शब्दार्थ- पानीमा हिंड्ने सवारी साधन, जहाज, डुङ्गा ।

जलवायुः (ना./पुं.) जलञ्च वायुश्च *(पानी र हावा)* द्व.स. =जलवायु ।

शब्दार्थ- पानी र हावा, कुनै ठाउँको वातावरणीय अवस्था, जल र वायु ।

जलविनायकः (ना./पुं.) जले विनायकः *(पानीमा हुने विनायक या गणेश)* स.त.स.=जलविनायक ।

शब्दार्थ- चोभार गणेश, काठमाडौं उपत्यकाका चार विनायक मध्ये एक ।

जलविहारः (ना./पुं.) जले विहारः *(पानीमा गरिने विहार)* स.त.स.= जलविहार ।

शब्दार्थ- जलयात्रा, जहाज, डुङ्गा आदिद्वारा नदी समुद्र आदिमा गरिने यात्रा ।

जलशक्तिः (ना./स्त्री.) जलात् प्राप्ता, जलप्राप्ता चासौ शक्तिश्च *(जलबाट प्राप्त हुने शक्ति)* क.त.स., उ.प. लोप =जलशक्ति ।

शब्दार्थ- पानीको क्षमता, पानीबाट प्राप्त हुने शक्ति, विद्युत् शक्ति ।

जलशायी (ना./पुं.) जले शेते इति *(पानीमा शयन गर्छन्)* जल उपपदपूर्वक शीङ् स्वप्ने (अदा.) धातु, जल+शी+णिनि[2] (इन्), वृद्धि, आयादेश, जलशायिन् =जलशायी ।

शब्दार्थ- मुकुन्द, शेषशायी विष्णु, नारायण, पानीमा शयन गर्ने देवता ।

जलसेना (ना./स्त्री.) जले सेना *(पानीमा लड्ने सेना)* स.त.स.= जलसेना ।

शब्दार्थ- समुद्रमा सङ्घर्ष गर्ने सेना, जहाज आदिमा वसेर युद्ध गर्ने समुद्री सेना ।

जलस्रोतम् (ना./न.) जलस्य स्रोतम् *(पानीको स्रोत)* ष.त.स.= जलस्रोत ।

शब्दार्थ- पानीको मुहान, पानीको प्रवाह, नदी तलाउ आदिबाट पानी निस्कने स्रोत ।

जलाधारः (ना./पुं.) आध्रियते अत्र *(रहन्छ यहाँ)* आङ्पूर्वक धृङ् अवस्थाने (तुदा.) धातु, आ+धृ+घञ् (अ), वृद्धि, आधारः । जलस्य आधारः *(पानीको आधार)* ष.त.स., दीर्घ= जलाधार ।

शब्दार्थ- पानी रहने स्थान, तलाउ, जलाशय ।

जलाभिलाषी (वि.) अवश्यं जलमभिलषतीति *(पानीको अतिअभिलाषा गर्छ)* जलपूर्वक अभिउपसर्गमा हुने लष कान्तौ (भ्वा.) धातु, जल+अभि+लष्+णिनि[3] (इन्), जलाभिलाषिन्= जलाभिलाषी ।

शब्दार्थ- पानीको ज्यादा चाहना गर्ने, जलको आकाङ्क्षा गर्ने, पिपासु ।

जलावगाहः (ना./पुं.) जले अवगाहः *(जलमा स्नान)* स.त.स., दीर्घ= जलावगाह ।

शब्दार्थ- नुहाउने काम, स्नानक्रिया, जलस्नान ।

जलाशयः (ना./पुं.) जलं आशेते तिष्ठति अत्र *(पानी रहन्छ यहाँ)* जल उपपदमा हुने आङ्पूर्वक शीङ् स्वप्ने (अदा.) धातु, जल+आ+शी+घ[4] (अ), गुण, अयादेश, जल आशय, दीर्घ= जलाशय ।

अथवा जलस्य आशयः *(पानीको आधार)* ष.त.स., दीर्घ =जलाशय ।

शब्दार्थ- जल रहने स्थान, तलाउ, पोखरी, नदी, इनार, कुवा, जलाधार ।

जलाश्रयः (ना./पुं.) जलस्य आश्रयः *(जलको आश्रय या उत्पत्ति स्थान)* ष.त.स., दीर्घ= जलाश्रय ।

शब्दार्थ- जलाश्रय (घाटमा लाने काम), जल उत्पत्ति हुने स्थान, जलाशय, जलाधार ।

---

[1] तत् प्रकृतबचने मयट्/तस्य विकार : मयट्

[2] सुप्यजातौ... : णिनि

[3] आवश्यकाधमर्ण्ययोः... : णिनि

[4] पुंसि संज्ञायां घः... : घ

जलेश्वरः (ना./पुं.) जलस्य ईश्वरः *(पानीका स्वामी)* ष.त.स., गुण= जलेश्वर । अथवा जले अवस्थितः, जलावस्थितश्चासौ ईश्वरश्च *(पानीमा अवस्थित ईश्वर)* क.त.स., उ.प.लोप, गुण =जलेश्वर ।

शब्दार्थ- वरुण देवता, समुद्र, महादेव, नेपालमा महोत्तरी जिल्लाको सदरमुकाम जलेश्वरमा अवस्थित महादेव ।

जलोदरम् (ना./न.) जलेन पूर्णम्, जलपूर्णञ्च तदुदरञ्च *(जलले भरिएको पेट)* क.त.स., उ.प.लोप, गुण =जलोदर ।

शब्दार्थ- पेटमा पानी भरिने रोग, जलोदर रोगविशेष ।

जल्पकः/जल्पाकः (वि.) जल्पतीति *(फत्फताइरहन्छ)* जल्प व्यक्तायां वाचि (भ्वा.) धातु, जल्प+ण्वुल्[1] (अक) =जल्पक ।

जल्पति तच्छीलः *(बोल्न निपुण)* जल्प+षाकन्[2] (आक)= जल्पाक ।

शब्दार्थ- वाचालु, खुव वोल्ने, फत्फते ।

जल्पितः (वि.) जल्प्यते स्म इति *(भनिएको)* जल्प व्यक्तायां वाचि (भ्वा.) धातु, जल्प+क्त (त), इडागम =जल्पित ।

शब्दार्थ- भनिएको, कथित, व्यक्त गरिएको ।

जह्नुतनया/जह्नुसुता (ना./स्त्री.) जह्नोः तनया/सुता *(जह्नुकी पुत्री)* ष.त.स.= जह्नुतनया/जह्नुसुता ।

शब्दार्थ- गङ्गा, सुरसरित्, भागीरथी ।

जागरणम् (ना./न.) जागरणमिति *(जागा रहनु)* जागृ निद्राक्षये (अदा.) धातु, जागृ+ल्युट् (अन), गुण, णत्व =जागरण ।

शब्दार्थ- जागा वस्ने काम, निद्राको अभाव, सावधानी, सतर्कता, जागृति, जाग्राम, उत्थान ।

जागरूकः (वि.) जागर्ति तच्छीलः *(जागरणशील वा जागा रहन्छ)* जागृ निद्राक्षये (अदा.) धातु, जागृ+ऊक[3], गुण= जागरूक ।

शब्दार्थ- जागा वसेको, सतर्क रहेको, सचेत, सावधान, जागरणशील ।

जागरूकता (ना./स्त्री.) जागरूकस्य भावः *(जागरूक हुनाको भाव वा अवस्था)* जागरूक+तल् (त)+टाप् (आ)= जागरूकता ।

शब्दार्थ- जाग्राम रहनाको अवस्था, सचेतता, सतर्कता ।

जागृतः (वि.) जागर्ति स्म इति *(जागा बसेको)* जागृ+क्त (त)= जागृत ।

शब्दार्थ- विउँझेको, जागा बसेको, नसुतेको, सतर्क रहेको ।

जागृतिः (ना./स्त्री.) जागरणम्, जाग्रियते इति वा *(जागा रहनु)* जागृ निद्राक्षये (अदा.) धातु, जागृ+क्तिन् (ति) =जागृति ।

शब्दार्थ- जागरण, सतर्क रहने काम, जागा बस्ने कार्य ।

उदा. **हावा जागृतिको क्रमैसित भरौं सर्वत्र त्यो टन्न होस्- साहित्यको फुटबल (लालित्य)**

जाग्रत् (वि.) जागर्तीति *(जागा रहन्छ)* जागृ निद्राक्षये (अदा.) धातु, जागृ+लट्, लट्को शतृच्[4] (अत्), यण् =जाग्रत् ।

शब्दार्थ- जागा, सचेत, सतर्क, ब्यूँझेको, जागा बसेको ।

जाज्वल्यः (वि.) पुनः पुनः अतिशयेन ज्वलति *(बारम्बार ज्यादै प्रकाशित हुन्छ)* ज्वल दीप्तौ (भ्वा.) धातु, ज्वल्+यङ् (य), द्वित्व, अभ्यासको एकशेष, ज ज्वल् य, अभ्यासको दीर्घ, जाज्वल्य (यङन्त धातु) । जाज्वल्यते इति *(बारम्बार प्रकाशमान हुन्छ)* जाज्वल्य+अच् (पचादि), पररूप= जाज्वल्य ।

शब्दार्थ- अत्यन्त तेजिलो, प्रकाशमान, दीप्तिमय, ज्यादै चहकिलो, तेजोमय, तेजस्वी ।

जाज्वल्यमानः (वि.) पुनः पुनः अतिशयेन ज्वलति *(बारम्बार ज्यादै प्रकाशित हुन्छ)* ज्वल दीप्तौ (भ्वा.) धातु, ज्वल्+यङ् (य), द्वित्व, अभ्यासको एकशेष, ज ज्वल् य, अभ्यासको दीर्घ, जाज्वल्य (यङन्त धातु) । जाज्वल्यते इति *(बारम्बार प्रकाशित हुन्छ)* जाज्वल्य+लट्, लट्को शानच्[4] (आन), मुगागम =जाज्वल्यमान

शब्दार्थ- दीप्तिमान्, प्रकाशमान्, ज्यादै तेजस्वी, चहकिलो, जाज्वल्य, दीप्तिमय ।

जाडचम् (ना./न.) जडस्य कर्म भावः वा *(जड हुनाको कर्म, भाव वा अवस्था)* जड+ष्यञ्[5] (य), आदिवृद्धि, अकारलोप= जाडच ।

शब्दार्थ- जडभाव, जड हुनाको भाव वा अवस्था, जडता, स्वाँठपना, मूर्खता, जडपना, कठाङ्ग्रिने कार्य ।

जातः (वि.) जायते स्म इति *(जन्मेको)* जनी प्रादुर्भावे (दिवा.) धातु, जन्+क्त (त), कर्तामा, आत्व= जात ।

शब्दार्थ- जन्मेको, उत्पत्ति वा प्रकट भएको, पैदा भएको ।

जातकर्म (ना./न.) जातस्य कर्म *(जन्मेकाको कर्म)* ष.त.स.= जातकर्म ।

शब्दार्थ- बालक जन्मेपछि गरिने कर्म, नाभिवर्धनभन्दा अगाडिको संस्कार, हिन्दुहरूको षोडशसंस्कार-हरूमध्ये एक ।

जातकः (ना./पुं.) जात एव *(जन्मेको नै)* जात+कन् (क), स्वार्थमा= जातक ।

शब्दार्थ- नवजात शिशु वा बालक, भर्खर जन्मेको बालक ।

---

[1] ण्वुल्तृचौ : ण्वुल्

[2] जल्पभिक्षकुट्ट... : षाकन्

[3] जागरूकः : ऊक

[4] लटः शतृशानचाव... : शतृच्/शानच्

[5] गुणवचन... : ष्यञ्

जातरूपम् (ना./न.) जायते स्म इति *(पैदा भएको)* जनी प्रादुर्भावे (दिवा.) धातु, जन्+क्त (त), आत्व[१], जातः। रोचते इति *(प्रकाशित हुन्छ)* रुच दीप्तौ (भ्वा.) धातु, रुच्+प[२] निपातन, दीर्घ, चलोप,रूपम्। जातं रूपमस्य *(पैदा भएको छ रूप यसको)* ब.स. = जातरूप।

शब्दार्थ- सुन, सुवर्ण, स्वर्ण, हिरण्य, काञ्चन।

जातवेदाः (ना./पुं.) जातं वेत्ति वेदयते इति वा *(पैदा भएकोलाई जान्दछ)* विद ज्ञाने (अदा.) वा विद चेतनाख्याननिवासेषु (चुरा.) धातु, जात+विद्+असुन् (अस्), जातवेदस्= जातवेदा।

शब्दार्थ- अग्नि, आगो, अनल, वैश्वानर।

जातिः (ना./स्त्री.) जायते अनया अस्यां वेति *(पैदा हुन्छन् यसबाट वा यसमा)* जनी प्रादुर्भावे (दिवा.) धातु, जन्+क्तिच्[३] (क्ति), आत्व[१]= जाति।

शब्दार्थ- उत्पत्ति, जन्म, गोत्र, ब्राह्मण क्षेत्री आदि जाति, मात्रिक छन्दविशेष, जाइको फूल, मालती-पुष्प।

जातिच्युतः (वि.) जातेश्च्युतः *(जातिबाट पतित भएको)* प.त.स.= जातिच्युत।

शब्दार्थ- जातिवाट खसेको, जातिभ्रष्ट, जात फालेको, जातिवाट च्युत भएको।

जातित्वम् (ना./न.) जातेर्भावः *(जाति हुनाको भाव वा अवस्था)* जाति+त्व= जातित्व।

शब्दार्थ- जातिको भाव वा अवस्था, गुण वा कर्म।

जातिधर्मः (ना./पुं.) जातेर्धर्मः *(कुनै जातजातिको धर्म वा अवस्था)* ष.त.स.= जातिधर्म।

शब्दार्थ-जातिमा पाइने विशिष्ट गुण, जातिगत विशेषता,

जातिभेदः (ना./पुं.) जातेर्भेदः *(जातिको प्रकार)* ष.त.स. =जातिभेद।

शब्दार्थ- जातिविभाजन, जातिको प्रकार, जातीयताको आधारमा गरिने भेदभाव।

जातिभ्रष्टः (वि.) जातेर्भ्रष्टः *(जातिबाट भ्रष्ट भएको)* प.त.स.= जातिभ्रष्ट।

शब्दार्थ- जातिच्युत, जातिबाट भ्रष्ट भएको, जातित्वबाट पतित भएको।

जातीयः (वि.) जात्यां भवः, जातिभ्यः हितमिति *(जातिमा भएको, जातिको लागि हित वा आत्मीयता)* जाति+छ[४] (ईय), इकारलोप= जातीय।

शब्दार्थ- जातिसम्वन्धी, जातिको, जातिको लागि हित या आत्मीय भाव हुने, घरानियाँ।

जातीयता (ना./स्त्री.) जातीयस्य भावः *(जातीय हुनाको भाव वा अवस्था)* जातीय+तल् (त)+टाप् (आ) =जातीयता।

शब्दार्थ- जातीय विशेषता, जातीय धर्म, गुण वा अवस्था

जातुषः (वि.) जतुनः विकारः *(लाहाको विकार)* जतु+अण्[५] (अ), षुक्, आदिवृद्धि= जातुष।

शब्दार्थ- लाहासम्बन्धी, लाहाको विकार भएको।

जानकी (ना./स्त्री.) जनकस्य अपत्यं स्त्री *(जनकको पुत्री)* जनक+अण् (अ), आदिवृद्धि, जानक।
जानक+ङीप् (ई)= जानकी।

शब्दार्थ- जनकको छोरी, सीता, रामको पत्नी, वैदेही।

जानपदः (वि.) जनपदे भवः, जनपदेभ्यः आगतः *(जनपदमा भएको वा जनपदबाट आएको)* जनपद+अण्[६] (अ), आदिवृद्धि= जानपद।

शब्दार्थ- जनपदमा हुने, जनपदवाट आएको, जनपद-निवासी, ग्रामवासी।

जानु (ना./न.) जायते, जजन्ति इति वा *(पैदा हुन्छ)* जनी प्रादुर्भावे (दिवा.) वा जन जनने (जुहो.) धातु, जन्+ञुण्[७] (उ), उणा., वृद्धि= जानु।

शब्दार्थ- घुँडो, पिंडुला र तिघ्राका वीचको सन्धिस्थल।

जापः (ना./पुं.) जप्यते इति *(जपिन्छ)* जप व्यक्तायां वाचि वा जप मानसे च (भ्वा.) धातु, जप्+घञ् (अ), वृद्धि= जाप।

शब्दार्थ- जप, जप गर्ने क्रिया, मनमनै भन्ने काम, गायत्री मन्त्रादिको जप तथा ग्रहआदिको जाप।

जापकः (ना./पुं.) जपतीति *(जप्छ)* जप मानसे च (भ्वा.) धातु, जप्+ण्वुल्[८] (अक)= जापक।

शब्दार्थ- ग्रह आदिको जाप गर्ने व्यक्ति, मन्त्रहरू जप्ने मानिस, ऋत्विक्।

जामदग्न्यः (ना./पुं.) जमदग्नेरपत्यं पुमान् *(जमदग्निका पुरुष सन्तति)* जमदग्नि+यञ् (य), आदिवृद्धि, इकारलोप = जामदग्न्य।

शब्दार्थ- जमदग्निका पुत्र, परशुराम।

जामाता (ना./पुं.) जायां माति मिमीते, जायां मानयतीति वा *(पत्नीको लेखाजोखा गर्छ, पत्नीलाई आदर गर्छ)* जाया उपपदपूर्वक मा माने (अदा.) वा माङ् माने शव्दे च (जुहो.) वा मान पूजायाम् (भ्वा./चुरा.) धातु, जाया+मा/मान्+तृन्[९] (तृ), उणा., जायाका याको लोपनिपातन, मान्को नलोप, जामातृ =जामाता।

शब्दार्थ- जुवाइँ, वहिनी वा छोरीका पति, दिदी वा वहिनीको लोग्ने वा स्वामी।

जाम्ववती (ना./स्त्री.) जाम्ववतः अपत्यं स्त्री *(जाम्बवान्की स्त्री सन्तति वा छोरी)* जाम्ववत्+अण् (अ)+ङीप् (ई) = जाम्ववती।

शब्दार्थ- जाम्ववान्की पुत्री, श्रीकृष्णकी पत्नी, श्रीकृष्णका सोह्रवटी पत्नीहरूमध्ये एक, तृणविशेष।

---

[१] जनसनखनाम्... : आत्व
[२] स्वष्पशिल्पशष्पवाष्परूप... : प
[३] क्तिच्क्तौ च... : क्तिच्
[४] वृद्धाच्छ/तस्मै हितम् : छ
[५] त्रपुजतुनोः षुक् : अण्, षुक्
[६] तत्र भवः/तत आगतः : अण्
[७] दृसनिजनिचरि.... : ञुण्
[८] ण्वुल्तृचौ : ण्वुल्
[९] नप्तृनेष्टृत्वष्टृ... : तृन्, याको लोपनिपातन

जायमानः (वि.) जायते इति *(पैदा हुन्छ)* जनी प्रादुर्भावे (दिवा.) धातु, जन्+लट्, लट्को शानच्[१] (आन), श्यन् (य), आत्व, मुमागम= जायमान ।

शब्दार्थ- पैदा भइरहेको, उत्पन्न भइरहेको, जन्मदै ।

जाया (ना./स्त्री.) जायते अस्याम् *(पुत्र र पुत्रीरूपमा पैदा हुन्छ यिनमा)* जनी प्रादुर्भावे (दिवा.) धातु, जन्+यक्[२] (य), उणा., आत्व, जाय+टाप् (आ)=जाया ।

शब्दार्थ- पत्नी, भार्या, स्वास्नी, जोई, सहधर्मिणी ।

'जाया'को विशेष अर्थ-

पतिर्भार्यां सम्प्रविश्य गर्भो भूत्वेह जायते
जायायास्तद्धि जायात्वं यदस्यां जायते पुनः-म.स्मृ. ९/८

(पति वीर्यरूपमा स्त्रीको गर्भमा प्रवेश गरी सन्तानरूपमा पुनः उत्पन्न हुन्छ, यसरी पति स्त्रीमा जायमान हुन्छ, यही नै उसको जायात्व हो) ।

जायापती (ना./पुं.) जाया च पति च *(स्वास्नी र लोग्ने)* द्व.स.= जायापती ।

शब्दार्थ- दम्पती, लोग्ने-स्वास्नी, जम्पती ।

जारः (ना./पुं.) जारयति नाशयति कुलम् वा जीर्यति स्त्रियाः सतीत्वमनेनेति *(कुल नाश गर्छ वा स्त्रीको सतीत्व छिन्छ यसले)* जॄ वयोहानौ (क्र्या.) वा जॄष् वयोहानौ (दिवा.) धातु, जॄ+णिचि+घञ्[३] (अ), वृद्धि, णिलोप= जार ।

जारस्तूपपतिः समौ- इत्यमरः

शब्दार्थ- उपपति, नाठो, अर्काकी पत्नीसित यौनक्रीडा गर्ने व्यक्ति, स्त्रीजातिको सतीत्व लुट्ने पुरुष, नारीको अस्मिता मेटाउने व्यक्ति ।

जालम् (ना./न.) जलति अनेन *(पीडा दिन्छ यसले)* जल घातने (भ्वा.) धातु, जल्+ण[४] (अ), वृद्धि= जाल ।

शब्दार्थ- धागो, सनपाट आदिबाट जाली पारेर बुनेको वस्तु, पासो, जालो, छलकपट, झालझेल ।

जालिकः (वि.) जालेन जीवति चरतीति वा *(जाल हानेर जीविका गर्छ वा जालझेलसम्बन्धी व्यवहार गर्छ)* जाल+ठञ्/ष्ठन्[५] (इक)= जालिक ।

शब्दार्थ- माछा मार्न जाल हानेर जीविका गर्ने, जुलाहा, जाली, जालझेल गरेर जीविका गर्ने ।

जिगीषा (ना./स्त्री.) जेतुमिच्छा *(जित्ने चाहना)* जि जये (भ्वा.) धातु, जि+सन्[६] (स), द्वित्व[७], जि जि स, अभ्यासभन्दा परका जिको कुत्व[८], दीर्घ[९], सको ष, जिगीष (सनन्त धातु) ।

जिगीष्यते इति *(जित्ने चाहना गरिन्छ)* जिगीष+अ (प्रत्यय)+टाप् (आ)= जिगीषा ।

शब्दार्थ- जित्ने अभिलाषा, विजयको कामना, जित्ने चाहना, विजयको चाहना ।

जिगीषुः (वि.) जेतुमिच्छतीति *(जित्ने चाहना गर्छ)* जि जये (भ्वा.) धातु, जि+सन्[६] (स), द्वित्व[७], जि जि स, अभ्यासभन्दा परका जिको कुत्व[८], दीर्घ[९], सको ष, जिगीष (सनन्त धातु) । जिगीषतीति *(जित्ने अभिलाषा गर्छ)* जिगीष+उ[१०] (प्रत्यय), अकारलोप= जिगीषु ।

शब्दार्थ- विजयको चाहना गर्ने, जित्न इच्छुक, विजयको अभिलाषी ।

जिघांसकः (वि.) हन्तुमिच्छतीति *(मार्न चाहन्छ)* हन हिंसागत्योः (अदा.) धातु, हन्+सन्[६] (स), द्वित्व[७], अभ्यासका हको इत्व[११], चवर्गादेश, जि हन् स, अभ्यासपछिका हको कुत्व, दीर्घ, जिघांस, (सनन्त धातु) । जिघांसतीति *(मार्ने अभिलाषा गर्छ)* जिघांस+ण्वुल् (अक)= जिघांसक ।

शब्दार्थ- मार्न इच्छुक, मार्न चाहने, हत्या गर्न चाहने ।

जिघांसा (ना./स्त्री.) हन्तुमिच्छतीति *(मार्न चाहन्छ)* हन हिंसागत्यो (अदा.) धातु, हन्+सन्[६] (स), द्वित्व[७], अभ्यास- का हको इत्व[११], चवर्गादेश, जि हन् स, अभ्यासपछिका हको कुत्व, दीर्घ, जिघांस, (सनन्त धातु) ।

जिघांस्यते इति *(मार्ने इच्छा गरिन्छ)* जिघांस+अ[१२] (प्रत्यय)+टाप् (आ)= जिघांसा ।

शब्दार्थ- मार्ने या वध गर्ने अभिलाषा, मार्न वा वध गर्न इच्छा गरिने क्रिया, हत्या गर्ने कामना ।

जिघांसुः (वि.) हन्तुमिच्छुः *(मार्न इच्छुक)* हन हिंसागत्योः (अदा.) धातु, हन्+सन्[६] (स), द्वित्व[७], अभ्यासका हको इत्व, चवर्गादेश, जि हन् स, हको कुत्व, दीर्घ, जिघांस, (सनन्त धातु) । जिघांसतीति *(मार्न चाहन्छ)* जिघांस+उ (प्रत्यय)= जिघांसु ।

शब्दार्थ- मार्न इच्छुक, वध गर्न चाहने, हत्या गर्न इच्छुक ।

जिजीविषा (ना./स्त्री.) जीवितुमिच्छतीति *(बाँच्न चाहन्छ)* जीव प्राणधारणे (भ्वा.) धातु, जीव्+सन्[६] (स), द्वित्व[७], अभ्यासको ह्रस्व, इडागम, जिजीविष (सनन्त धातु) । जिजीविष्यते इति *(बाँच्ने चाहना गरिन्छ)* जिजीविष+अ(प्रत्यय)+टाप् (आ)=जिजीविषा ।

शब्दार्थ- बाँचिरहने अभिलाषा, बाँच्ने चाहना, जीवित रहिरहने इच्छा ।

जिज्ञासा (ना./स्त्री.) ज्ञातुं इच्छतीति *(जान्न चाहन्छ)* ज्ञा अवबोधने (क्र्या.)धातु, ज्ञा+सन्[६](स), द्वित्व[७], एकशेष, ह्रस्व, अभ्यासका जको इत्व, जिज्ञास (सनन्त धातु) । जिज्ञास्यते इति *(जान्ने इच्छा गरिन्छ)* जिज्ञास +अ[१२] (प्रत्यय)+टाप् (आ), अकारलोप= जिज्ञासा ।

शब्दार्थ- जान्ने इच्छा, जान्ने चाहना, जानकारी लिन वा थाह पाउन खोज्ने कामना ।

---

[१] लटशतृ... : शानच्
[२] जनेर्यक् : यक्
[३] दारजारौ कर्तरि...(वा.) : घञ्, णिलुक्
[४] ज्वलितिकसन्तेभ्यो : ण
[५] वेतनादिभ्यो जीवति : ठञ्/पर्पादिभ्यः... : ष्ठन्
[६] धातोः कर्मणः समान... : सन्
[७] सन्यङोः : द्वित्व
[८] सन्लिटोर्जेः : कुत्व
[९] अज्झनगमां सनि...: दीर्घ
[१०] सनाशंसभिक्ष उः : उ
[११] सन्यतः : इत्व
[१२] अ प्रत्ययात् : अ

जिज्ञासुः (वि.) ज्ञातुमिच्छति *(जान्ने इच्छा गर्छ)* ज्ञा अवबोधने (क्र्या.) धातु, ज्ञा+सन् (स), द्वित्व, एकशेष, ह्रस्व, अभ्यासका जको इत्व, जिज्ञास, (सनन्त धातु) । जिज्ञासतीति *(जान्ने चाहना गर्छ)* जिज्ञास+उ[1] (प्रत्यय), अकारलोप= जिज्ञासु ।

शब्दार्थ- जान्न इच्छुक, थाहा पाउन अभिलाषा गर्ने, जान्न चाहने, ज्ञानको अभिलाषी ।

द्रष्टव्य- आर्तो जिज्ञासुरर्थार्थी ज्ञानी च भरतर्षभ- भ.गी.७/१५

जिज्ञास्यः (वि.) ज्ञातुमिष्यते इति *(जान्ने इच्छा गरिन्छ)* ज्ञा अवबोधने (क्र्या.) धातु, ज्ञा+सन् (स), द्वित्व, एकशेष, ह्रस्व, अभ्यासका जको इत्व[2], जिज्ञास (सनन्त धातु) । जिज्ञास्यते, जिज्ञासितुमिष्यते इति *(जान्ने चाहना गरिन्छ वा जान्न योग्य)* जिज्ञास+ण्यत्[3] (य), अकारलोप= जिज्ञास्य ।

शब्दार्थ- जान्न योग्य, विचार गर्न लायक, जान्नुपर्ने ।

जितः (वि.) जीयते स्म इति *(जितिएको)* जि जये (भ्वा.) धातु, जि+क्त (त), इडाभाव= जित ।

शब्दार्थ- जितिएको, अधीनमा पारिएको ।

जितक्रोधः/जितमन्युः (वि.) जितः क्रोधः/ जितः मन्युः येन सः *(जसले क्रोध जितेको वा वश गरेको छ)* व.स.= जितक्रोध/जितमन्यु ।

शब्दार्थ- क्रोधविजयी, रिस नभएको, क्रोधविजेता ।

जितशत्रुः (वि) जितः शत्रुर्येन *(जसले शत्रु जितेको छ)* व.स.= जितशत्रु ।

शब्दार्थ-शत्रु उपर विजय प्राप्त गरेको, शत्रुलाई जितेको,

जितेन्द्रियः (वि.) जितानि वशीकृतानि इन्द्रियाणि येन *(जसले इन्द्रियहरू वश गरेको छ)* जित+इन्द्रिय, व.स., गुण= जितेन्द्रिय ।

शब्दार्थ- इन्द्रिय वश गर्ने, इन्द्रिय नियन्त्रण गर्ने, शान्त चित्त भएको ।

द्रष्टव्य- श्रुत्वा स्पृष्ट्वा च दृष्ट्वा च भुक्त्वा घ्रात्वा च यो नरः न हृष्यति ग्लायति वा स विज्ञेयो जितेन्द्रियः- (शब्द चिन्तामणि)

जित् (वि.) जयतीति *(जित्तछ)* जि जये (भ्वा.) धातु, जि+क्विप्, तुगागम[4], क्विप्को सर्वलोप= जित् ।

शब्दार्थ- जित्ने, विजय प्राप्त गर्ने । 'जित्' शब्द जित्ने अर्थमा प्रायः नामबोधक शब्दको अन्त्यमा जोडिएर आउँछ, जस्तैः इन्द्रजित्, कामजित् ।

जित्वरः (वि.) जयति तच्छीलः जयशीलः *(जीत्ने शील वा क्षमता हुने)* जि जये (भ्वा.) धातु, जि+क्वरप्[5] (वर), तुक्= जित्वर ।

शब्दार्थ- जित्न चाहने, विजयशील, विजय गर्ने ।

जिनः (ना./पुं./वि.) जयतीति *(जित्तछ, इन्द्रिय वश गर्छन्)* जि जये वा जि अभिभवे (भ्वा.) धातु, जि+नक्[6] (न), उणा.= जिन ।

शब्दार्थ- गौतम वुद्ध, तथागत, जैन धर्मका तीर्थाङ्कर, परमेश्वर, विजयी, जित्ने, विजयशील ।

जिष्णुः (वि./ना./पुं.) जयति तच्छीलः *(जित्तछ वा दबाउँछ)* जि जये वा जि अभिभवे (भ्वा.) धातु, जि +ग्स्नु[7] (स्नु), षत्व, णत्व= जिष्णु ।

जेता जिष्णुश्च जित्वरः- अमरः । जिष्णुर्ना वासवेऽर्जुने- मेदिनी

शब्दार्थ- विजयी, विजेता, जयनशील, जित्ने, विजय गर्ने, इन्द्र, अर्जुन, विष्णु, वसु ।

जिह्वा (ना./स्त्री.) लिहन्ति अनया *(स्वाद लिन्छ यसले)* लिह आस्वादने (अदा.) धातु, लिह्+वन्[8] (व), उणा., धातुका लको ज आदेश, गुणाभाव, जिह्व+टाप् (आ) =जिह्वा ।

शब्दार्थ- जिभ्रो, जिब्रो, रसना, आगाको लप्का, रसनेन्द्रिय, स्वाद थाह पाउने विषयेन्द्रिय ।

जिह्वामूलीयः (वि.) जिह्वायाः मूलम् *(जिभ्राको फेद वा जड)* ष.त.स., जिह्नामूलम् । तत्र भवः *(जिभ्राको फेदमा हुने)* जिह्वामूल+छ[9] (ईय), अकारलोप =जिह्नामूलीय ।

शब्दार्थ- जिभ्राको फेद वा जरावाट उच्चारण हुने (वर्ण वा ध्वनि) ।

जीनः (वि.) जिनाति स्म इति *(थोत्रिएको)* ज्या वयोहानौ (क्र्या.) धातु, ज्या+क्त (त), कर्तामा, यकारको सम्प्रसारणवाट इ, आकारलोप, जि त, जिको दीर्घ[10] तको न[11]= जीन ।

शब्दार्थ- जीर्ण, थोत्रो, बूढो, पुरानो ।

जीमूतः (ना./पुं.) जयति आकाशादिकम् *(आकाशादिलाई जित्न चाहन्छ)* जि जये (भ्वा.) धातु, जि+क्त[12] (त), उणा., मूट् आगम, धातुको दीर्घ= जीमूत ।

शब्दार्थ- पर्वत, पहाड, मेघ, वादल, अभ्र ।

जीर्णः (वि.) जीर्यति स्म, जृणाति स्म इति वा *(बूढो भएको वा थोत्रिएको)* जृष् वयोहानौ (दिवा.) वा जृ वयोहानौ (क्र्या.) धातु, जृ+क्त (त), कर्तामा, निष्ठा तको न, जृका ऋकारको रपर भई इत्व[13], दीर्घ[14], णत्व=जीर्ण ।

जीर्णं परिपक्वपुराणयोः- इति मेदिनी

जीनो जीर्णो जरन्नपि- इत्यमरः

शब्दार्थ- थोत्रो, पुरानो, थोत्रिएको, फाटेको, बूढो, उमेर पुगेको, पाकेको ।

जीर्णज्वरः (ना./पुं.) जीर्णश्चासौ ज्वरश्च *(पुरानो जरो)* क.त.स.= जीर्णज्वर ।

शब्दार्थ- पुरानो जरो, जरो आइरहने रोग ।

---

[1] सनाशंसभिक्ष... : उ (प्रत्यय)
[2] सन्यतः : इत्व
[3] ऋहलोर्ण्यत् : ण्यत्
[4] ह्रस्वस्य पिति... : तुक्
[5] इण्नशिजिसर्ति... : क्वरप्
[6] इण्सिञ्जिदीङु... : नक्
[7] ग्लाजिस्थश्च ग्स्नु : ग्स्नु
[8] शॄ वयह्वजिह्वा...: वन्, धातुका लको ज आदेश
[9] जिह्वामूलाङ्गुलेश्छः : छ
[10] हलः : दीर्घ
[11] ल्वादिभ्यश्च : निष्ठा तको न
[12] जेर्मूट् चोदात्तः : क्त, मूट्
[13] ऋत इद्धातोः : इत्
[14] वृतो वा : दीर्घ

जीर्णोद्धारः (ना./पुं.) जीर्णस्य भग्नस्य उद्धारः ***(पुरानो वा थोत्रोको मर्मत गर्ने काम)*** जीर्ण+उद्धार, ष.त.स., गुण= जीर्णोद्धार ।

शब्दार्थ- पुरानो, थोत्रिएको वा विग्रेकोलाई मर्मत गर्ने काम, नवीकरण, राम्रो पार्ने काम ।

जीवः (ना./पुं.) जीवनमिति ***(बाँच्ने क्रिया)*** जीव प्राण-धारणे (भ्वा.) धातु, जीव्+घञ् (अ), करणमा=जीव । अथवा जीव्यते प्राण्यते अनेन ***(प्राण धारण गरिन्छ यसबाट)*** जीव्+घञ् (अ)= जीव ।

अथवा जीवतीति ***(बाँच्तछ)*** जीव प्राणधारणे (भ्वा.) धातु, जीव्+क (अ)= जीव ।

जीवः प्राणिनि वृत्तौ च वृक्षभेदे बृहस्पतौ- इति मेदिनी

शब्दार्थ- वांच्ने क्रिया, प्राणधारण, प्राणी, जीवात्मा, प्राण, अन्तरात्मा, आत्मा, प्राणीको चेतना, देवताका गुरु वृहस्पति, जीविका, वृक्षविशेष ।

जीवजगत् (ना./न.) जीवस्य जगत् ***(प्राणीको संसार)*** ष.त.स.= जीवजगत् ।

शब्दार्थ-प्राणीहरूको समूह, जन्तुजगत्, प्राणीहरूको संसार ।

जीवजन्तुः (ना./पुं.) जीवश्चासौ जन्तुश्च ***(जीव जनावर)*** क.त.स.= जीवजन्तु ।

शब्दार्थ- सवै प्राणी समुदाय, साना जीव र जन्तुहरू, जीवधारी प्राणीहरू ।

जीवधारी (ना./पुं.) जीवं धर्तुं शीलमस्येति ***(जीव धारण गर्ने शील छ यसको)*** जीव उपपदपूर्वक धृञ् धारणे (भ्वा.) धातु, जीव्+धृ+णिनि[1] (इन्), वृद्धि, जीवधारिन् = जीवधारी ।

शब्दार्थ-प्राणधारी जीव, जीवजन्तु, जगत्का सवै प्राणी ।

जीवनम् (ना./न.) जीवति, जीव्यते अनेन ***(बाँच्छ, बाँचिन्छ वा निर्वाह गरिन्छ यसबाट)*** जीव प्राणधारणे (भ्वा.) धातु, जीव्+ल्युट्[2] (अन), करणमा= जीवन ।

जीवनं वर्त्तने जीवः प्राणधारणयोर्जले- इति मेदिनी

शब्दार्थ- वांच्ने काम, अस्तित्व, पानी, जल, शरीरमा प्राण रहेसम्मको स्थिति, जीवित अवस्था, प्राणधारण गर्ने काम, जीविका, वृत्ति, निर्वाह, सञ्जीवनी शक्ति ।

जीवनचरितम्/जीवनचरित्रम् (ना./न.) जीवनस्य चरितम् /चरित्रम् वा ***(जीवनको इतिवृत्त)*** ष.त.स. =जीवनचरित/जीवनचरित्र ।

शब्दार्थ- जीवनको इतिवृत्त, जीवनी, जीवन वृत्तान्त, जीवनकथा, जन्मदेखि मृत्युसम्मको जीवनलीला ।

जीवनचर्या (ना./स्त्री.) जीवनस्य चर्या ***(जीवनको कार्यकलाप)*** ष.त.स.= जीवनचर्या ।

शब्दार्थ- जीवनमा परिआउने व्यवहार, जीवनमा दिनहुँ अवलम्वन गरिने क्रियाकलाप, दिनचर्या, दैनिक व्यवहार ।

जीवनजगत् (ना./न.) जीवनञ्च जगच्च ***(जीवन र जगत्)*** द्व.स.= जीवनजगत् ।

शब्दार्थ- जीवन र जगत्, जीवजगत्, स्थावरजङ्गम सम्पूर्ण जगत् ।

जीवनदर्शनम् (ना./न.) जीवनस्य दर्शनम् ***(जीवनको दर्शन)*** ष.त.स.= जीवनदर्शन ।

शब्दार्थ- जीवनको सिद्धान्त, जीवनलाई हेर्ने दृष्टिकोण, जीवनको रहस्य पत्ता लगाउने काम, जीवनको वारेमा विचार गर्ने दृष्टिकोण ।

जीवनदृष्टिः (ना./स्त्री) जीवनस्य दृष्टिः ***(जीवनको दृष्टिकोण)*** ष.त.स.= जीवनदृष्टि ।

शब्दार्थ- जीवनप्रतिको दृष्टिकोण, जीवनको अवलोकन ।

जीवनपद्धतिः (ना./पुं.) जीवनस्य पद्धतिः ***(जीवनको पद्धति वा बाँच्ने तरिका)*** ष.त.स.= जीवनपद्धति ।

शब्दार्थ- वाँच्ने शैली, जीवन निर्वाह गर्ने कला, वाँच्ने ढङ्ग वा तरिका, जीवनक्रम ।

जीवनयापनम् (ना./न.) जीवनस्य यापनम् ***(जीवनको यापन वा निर्वाह)*** ष.त.स.= जीवनयापन ।

शब्दार्थ- जीवन धान्ने काम, जीवन निर्वाह गर्ने कार्य, गुजारा चलाउने काम, जीवनगति ।

जीवनरक्षकः (वि.) जीवनस्य रक्षकः ***(जीवनको रक्षक)*** ष.त.स.= जीवनरक्षक ।

शब्दार्थ- जीवनको रक्षा गर्ने, जीवनसंरक्षक, प्राणरक्षक, प्राण वचाइदिने ।

जीवनरक्षा (ना./स्त्री.) जीवनस्य रक्षा ***(जीवनको रक्षा)*** ष.त.स.= जीवनरक्षा ।

शब्दार्थ- जीवन वचाउने काम, प्राणरक्षा ।

जीवनरसः (ना./पुं.) जीवनाय रसः ***(बाँच्नको लागि चाहिने रस वा आवश्यक तत्त्व)*** च.त.स.=जीवनरस ।

शब्दार्थ- प्राणरस, प्राणतत्त्व, जीवित रहन आवश्यक पर्ने रस ।

जीवनवृत्तिः (ना./स्त्री.) जीवनाय वृत्तिः ***(जीवन धान्नका लागि अपनाइएको वृत्ति)*** च.त.स.= जीवनवृत्ति ।

शब्दार्थ- जीवन निर्वाह गर्न अपनाइएको पेसा, जीविकाको उपाय, जीवन धान्न अपनाइएको व्यवसाय ।

जीवनवृतान्तः (ना./पुं.) जीवनस्य वृत्तान्तः ***(जीवनको चरित्र)*** ष.त.स.= जीवनवृत्तान्त ।

शब्दार्थ- जीवनचरित्र, जीवनगाथा, जीवनकथा, जीवनी ।

जीवनसङ्घर्षः (ना./पुं.) जीवनाय सङ्घर्षः ***(बाँच्नको लागि गरिने सङ्घर्ष)*** च.त.स.= जीवनसङ्घर्ष ।

शब्दार्थ- जीवन सङ्ग्राम, जीवनको अस्तित्वका लागि गरिने सङ्घर्ष,, जीवन निर्वाहको लागि गरिने सङ्घर्ष ।

---

[1] सुपजातौ... : णिनि

[2] करणाधिकरणयोश्च : ल्युट्

जीवनसाधनम् (ना./न.) जीवनस्य साधनम् *(जीवन निर्वाहको साधन)* ष.त.स.= जीवनसाधन ।

शब्दार्थ- जीवन निर्वाहको साधन, जीवन धान्न गरिने कामकाज, जीवनको पेसा, जीविका ।

जीवनस्तरः (ना./पुं.) जीवनस्य स्तरः *(जीवन निर्वाहको स्तर)* ष.त.स.= जीवनस्तर ।

शब्दार्थ- जीवनको तह वा श्रेणी, रहनसहनको स्तर, जीवन निर्वाहको स्तर ।

जीवनी (ना./स्त्री.) जीवति अनया *(जीवित वा चर्चित रहन्छ यसबाट)* जीव प्राणधारणे (भ्वा.) धातु, जीव+ल्युट् (अन), जीवन+ङीष् (ई)= जीवनी ।

शब्दार्थ- इतिवृत्त, जीवनगाथा, जीवनचरित्र, जीवन भरका कामकुराको क्रमिक टिपोट ।

जीवन्तः (वि.) जीवयति, जीव्यते अनेन *(प्राण धारण गर्छ वा गरिन्छ यसबाट)* जीव प्राणधारणे (भ्वा.) धातु, जीव्+झच्[1] (अन्त)= जीवन्त ।

शब्दार्थ- प्राणवान्, जीवित, जिउँदो, सास भएको ।

जीवन्तता (ना./स्त्री.) जीवन्तस्य भावः *(जीवन्त हुनाको भाव वा अवस्था)* जीवन्त+तल्[2] (त)+टाप् (आ) =जीवन्तता ।

शब्दार्थ- जिउँदोपना, प्राणत्व, जीवित रहनाको भाव वा अवस्था ।

जीवन्मुक्तः (वि.) जीवतः मुक्तः *(जीवित अवस्थादेखि नै मुक्त भएको)* प.त.स. वा जीवन्नेव मुक्तः *(जीवित छँदै मुक्त भएको)* म.व्य.स.= जीवन्मुक्त ।

शब्दार्थ- तत्त्वज्ञान प्राप्त गरी सांसारिक मायामोह वा बन्धनवाट छुटेको, जीवित अवस्थामा नै मुक्त भएको, आत्मज्ञान प्राप्त गरी मायाबन्धनवाट छुटेको

जीवलोकः (ना./पुं.) जीवानां लोकः *(जीवहरूको लोक)* ष.त.स.= जीवलोक ।

शब्दार्थ- जीवहरूको संसार, प्राणीलोक, मर्त्यलोक ।

जीवविज्ञानम् (ना./न.) जीवानां विज्ञानम् *(जीवहरूको विज्ञान)* ष.त.स.= जीवविज्ञान ।

शब्दार्थ- प्राणीशास्त्र, प्राणीविज्ञान, जीवहरूको उत्पत्ति, विकास र विनाशसम्बन्धमा विवेचना गर्ने शास्त्र ।

जीवाणुः (ना./पुं.) जीवः अणुरिव *(जीव अणुजस्तै सूक्ष्म)* उप.क.त.स., दीर्घ= जीवाणु ।

शब्दार्थ- सूक्ष्मदर्शक यन्त्रले देख्न सकिने साना-साना जीवहरू, कीटाणु ।

जीवात्मा (ना./पुं.) जीवस्य आत्मा (अधिष्ठाता) वा जीव एव आत्मा *(जीवको आधारस्वरूप आत्मा वा जीव नै आत्मा)* ष.त.स. वा म.व्य.स., दीर्घ= जीवात्मा ।

शब्दार्थ- जीवस्वरूप आत्मा, प्राण, जीवतत्त्व, देहभित्र रहेको जीवतत्त्व, देही, शरीरी, देह धारण गर्ने प्राणी, सत्त्व ।

जीववान् (वि.) जीवः अस्यास्तीति *(जीव वा प्राण छ यसको)* जीव+मतुप् (मत्), मको व= जीववान् ।

शब्दार्थ- जीव भएको, बाँचेको, प्राणयुक्त ।

जीविका (ना./स्त्री.) जीव्यतेऽनया *(बाँचिन्छ वा निर्वाह गरिन्छ यसबाट)* जीव प्राणधारणे (भ्वा.) धातु, जीव्+अ[3] (प्रत्यय), जीवः । जीव एव *(जीव नै)* जीव+कन्[4] (क), स्वार्थमा, टाप् (आ), ककारपूर्वका अकारको इत्व =जीविका ।

अथवा जीव्+क्वुन्[5] (अक), उणा., टाप् (आ), ककारपूर्वका अकारको इत्व= जीविका ।

शब्दार्थ- जीवन निर्वाह गर्ने काम, जीउपालना गर्ने कार्य, कुनै व्यवसाय गर्ने काम, बाँच्ने उपाय, वृत्ति ।

जीवितः (वि.) जीवति स्म, जीव्यते स्म इति *(बाँचेको वा बाँचिएको)* जीव प्राणधारणे (भ्वा.) धातु, जीव्+क्त (त), इडागम= जीवित ।

शब्दार्थ- बाँचेको, बाँचिएको, जिउँदो, सास भएको, प्राण भएको, जीवन्त ।

जीवितव्यः (वि.) जीवितुं योग्यः *(बाँच्न लायक)* जीव प्राणधारणे (भ्वा.) धातु, जीव्+तव्य (त्), इडागम =जीवितव्य ।

शब्दार्थ- बाँच्नलायक, निर्वाह गर्न योग्य ।

जुगुप्सा (ना./स्त्री.) गोपितुमिच्छति *(निन्दा गर्न चाहन्छ)* गुप गोपने निन्दायां च (भ्वा.) धातु, गुप्+सन्[6] (स), (निन्दार्थमा), द्वित्व, कुत्व, जुगुप्स (सनन्त धातु) ।

जुगुप्स्यते इति *(निन्दा गरिन्छ)* जुगुप्स+अ+टाप् (आ) =जुगुप्सा ।

शब्दार्थ- निन्दा, घृणा, अपमान, घिन, वीभत्सरसको स्थायीभाव ।

जुगुप्सितः (वि.) गोपितुमिच्छतीति *(निन्दा गर्न चाहन्छ)* गुप गोपने निन्दायां च (भ्वा.) धातु, गुप्+सन्[6] (निन्दार्थमा), द्वित्व, कुत्व, जुगुप्स (सनन्त धातु) । जुगुप्स्यते स्म इति *(निन्दा गरिएको)* जुगुप्स+क्त (त), इडागम= जुगुप्सित ।

शब्दार्थ- निन्दित, घृणित, अपमानित, निन्दा वा घृणा गरिएको, कुत्सित ।

जुह्वानः (वि.) अग्नौ जुहोति *(अग्निमा हवन गर्छ)* हु दानादनयोः (जुहो.) धातु, हु+चानश्[7] (आन), शप्, शप्को लुक्, द्वित्व, हु हु आन, हुको श्चुत्व, यण् =जुह्वान ।

शब्दार्थ- हवन गर्ने, आहुति दिने, आहुति दिँदै ।

---

[1] रुहिनन्दिजीवि... : झच्
[2] तस्य भावः... : तल्
[3] गुरोश्च हलः : अ, प्रत्यय
[4] संज्ञायां कन् : कन्
[5] क्वुन् शिल्पिसंज्ञयोः...: क्वुन्
[6] गुप्तिज्किद्भ्यः सन् : सन्
[7] ताच्छील्यवयोवचन... : चानश्

जृम्भः (ना./पुं.) जृम्भ्यते इति *(अल्छीले हाई हाई गर्नु)* जृभि गात्रविक्षेपे (भ्वा.) धातु, नुम्, जृम्भ्+घञ् (अ) =जृम्भ ।

शब्दार्थ- आलस्य, हाई गर्ने काम, थकावट ।

जेमनम् (ना./न.) जेमनम्, जिम्यते इति वा *(खाइन्छ)* जिमु अदने (भ्वा.) धातु, जिम्+ल्युट्[१] (अन), गुण = जेमन ।

शब्दार्थ- भोजन, आहार, खाने क्रिया ।

जेता (वि.) जयतीति *(जित्तछ)* जि जये (भ्वा.) धातु, जि+तृच्[२] (तृ), गुण, जेतृ= जेता ।

शब्दार्थ- जित्ने, विजय गर्ने ।

जेयः (वि.) जेतुं योग्यः, जीयते इति वा *(जित्न लायक वा जितिन्छ)* जि जये (भ्वा.) धातु, जि+यत् (य), गुण =जेय ।

शब्दार्थ- जित्नलायक, जित्नयोग्य, जित्नुपर्ने ।

जैनः (ना./पुं.) जिनः देवता अस्य *(जिन छन् देवता जसका)* जिन+अण्[३] (अ), आदिवृद्धि= जैन ।

शब्दार्थ- जैनधर्मका अनुयायी, जैनधर्म मान्ने व्यक्ति ।

जैविकः (वि.) जीवादागतः *-जीवबाट आएको)* जीव+ठक्[४] (इक), आदिवृद्धि, अकारलोप= जैविक ।

शब्दार्थ- जीवसम्वन्धी, जीवसित सम्वन्धित ।

ज्ञ

ज्ञः (ना./पुं./वि.) जानातीति *(जान्दछ)* ज्ञा अवबोधने (क्र्या.) धातु, ज्ञा+ड[५] (अ), टिलोप= ज्ञ ।

परिचय- ज तथा ञको संयोगले बनेको संयुक्तध्वनि, तालुस्थानीय अल्पप्राणध्वनि ।

धीरो मनीषी ज्ञः प्राज्ञः- इत्यमरः

शब्दार्थ- पण्डित, व्रह्मा, वुधग्रह, विद्वान्, मनीषी, विज्ञ, अर्को शब्दको पछिल्तिर आएर 'जान्ने' अर्थ वुझाउने एक शब्द जस्तै अल्पज्ञ ।

ज्ञप्तिः (ना./स्त्री.) ज्ञप्यते, ज्ञायते अनेन वा *(जानकारी गराइन्छ, जानिन्छ यसबाट)* ज्ञप ज्ञाने ज्ञापने (चुरा.) धातु, ज्ञप्+क्तिन्[६] (ति), करणमा= ज्ञप्ति ।

शब्दार्थ- ज्ञान, वुद्धि, प्रज्ञा, वोध गराउने कार्य, विज्ञप्ति, जानकारी गराउने क्रिया ।

ज्ञप्तः/ज्ञापितः (वि.) ज्ञाप्यते स्म इति *(सूचना वा जानकारी दिइएको)* ज्ञप ज्ञाने ज्ञापने च (चुरा.) धातु, ज्ञप्+क्त (त), इडाभाव[७] निपातन (विकल्पले) =ज्ञप्त । ज्ञप्+णिचि+क्त (त), वृद्धि, इडागम, णिलोप=ज्ञापित ।

शब्दार्थ- जानकारी गराइएको, जनाउ या सूचना दिइएको

ज्ञातः (वि.) ज्ञायते स्म इति *(जानिएको)* ज्ञा अवबोधने (क्र्या.) धातु, ज्ञा+क्त (त)= ज्ञात ।

शब्दार्थ- जानिएको, वुझिएको, विदित, थाह पाएको, वोध गरिएको ।

ज्ञातव्यः (वि.) ज्ञातुं योग्यः, ज्ञायते यः इति वा *(जान्न योग्य वा जानिन्छ जो)* ज्ञा अवबोधने (क्र्या.) धातु, ज्ञा+तव्य =ज्ञातव्य ।

शब्दार्थ- जान्नलायक, थाह पाउन योग्य, वुझ्नुपर्ने, ज्ञेय ।

ज्ञाता (वि.) जानातीति *(जान्दछ)* ज्ञा अवबोधने (क्र्या.) धातु, ज्ञा+तृच्[८] (तृ), ज्ञातृ= ज्ञाता ।

शब्दार्थ- जान्ने, वुझ्ने, थाह पाउने, विज्ञ, निपुण ।

ज्ञातिः (ना./स्त्री.) जानाति कुलस्य स्थितिम् *(कुलको स्थिति जान्दछ)* ज्ञा+क्तिच्[९] (ति)= ज्ञाति ।

अथवा ज्ञायते इति *(जानिन्छ)* ज्ञा+क्तिन् (ति)= ज्ञाति ।

सगोत्रबान्धवज्ञातिबन्धु... : इत्यमरः

शब्दार्थ- सगोत्र, सगोत्री, एउटै वंश वा कुलको व्यक्ति, वान्धव, स्वजन, वन्धुवर्ग ।

ज्ञातिकुलम् (ना./न.) ज्ञातीनां कुलम् *(बन्धुहरूको कुल)* ष.त.स.= ज्ञातिकुल । **शब्दार्थ-** बन्धुवर्ग, कुल, कुटुम्व ।

ज्ञातेयः (ना./पुं.) ज्ञातेः भावः कर्म *(ज्ञातिको भाव वा कर्म)* ज्ञाति+ढक्[१०] (एय)= ज्ञातेय ।

ज्ञातेयं बन्धुता तेषां क्रमाद्भावसमूहयोः - इत्यमरः

शब्दार्थ- ज्ञाति, कुलकुटुम्व, वन्धुत्व, ज्ञातित्व, नातेदारी ।

ज्ञानम् (ना./न.) ज्ञायते इति *(जानिन्छ)* ज्ञा+ल्युट् (अन), दीर्घ= ज्ञान ।

शब्दार्थ- बोध, जानकारी, वुझ्ने काम, तत्त्वज्ञान ।

ज्ञानगम्यः (वि.) ज्ञानेन गम्यः *(ज्ञानबाट बोध गर्न सकिने)* ज्ञान+गम्य, तृ.त.स.= ज्ञानगम्य ।

शब्दार्थ- ज्ञानवाट जान्न सकिने, ज्ञानगोचर, ज्ञानवाट वुझ्न सकिने ।

ज्ञानगोचरः (वि.) ज्ञानेन गोचरः *(ज्ञानद्वारा जान्न सकिने)* तृ.त.स.= ज्ञानगोचर ।

शब्दार्थ- ज्ञानद्वारा थाह पाउन सकिने, ज्ञानेन्द्रियहरूवाट ठम्याउन सकिने ।

ज्ञानचक्षुः (ना./न.) ज्ञानमेव चक्षुः *(ज्ञानरूपी आँखा)* म.व्य.स.= ज्ञानचक्षु ।

शब्दार्थ- ज्ञान नै आँखा, ज्ञानरूपी आँखा, ज्ञानरूपी नेत्र ।

ज्ञानदीपः (ना./पुं.) ज्ञानमेव दीपः *(ज्ञानरूपी प्रकाश)* म.व्य.स.= ज्ञानदीप ।

शब्दार्थ- ज्ञानरूप- प्रकाश, ज्ञानज्योति, ज्ञानरूप परव्रह्म ।

ज्ञानधनः (विं.) ज्ञानमेव धनं यस्य *(ज्ञानरूपी धन छ जसको)* ब.स.= ज्ञानधन ।

शब्दार्थ-ज्ञानसम्पन्न, ज्ञान भएको, ज्ञानी, ज्ञान नै धन भएको

ज्ञानमयः (वि.) ज्ञानादागतः *(ज्ञानबाट प्राप्त)* वा प्रकृतं प्रचुरं ज्ञानम् *(ज्यादै ज्ञान)* ज्ञान+मयट्[११] (मय) =ज्ञानमय ।

शब्दार्थ- ज्ञानसम्पन्न, ज्ञानले परिपूर्ण, ज्ञानयुक्त ।

---

[१] ल्युट् च : ल्युट्
[२] ण्वुल्तृचौ : तृच्
[३] साऽस्य देवता : अण्
[४] ठगायस्थानेभ्य.../तस्येदम् : ठक्
[५] अन्येष्वपि दृश्यते.. : ड
[६] स्त्रियां क्तिन् : क्तिन्
[७] दान्तशान्त...: इडाभाव
[८] ण्वुल्तृचौ : तृच्
[९] क्तिच्क्तौ च संज्ञायाम् : क्तिच्
[१०] कपिज्ञात्योर्ढक् : ढक्
[११] मयट् च /तत्प्रकृतवचने... : मयट्

ज्ञानयोगः (ना./पुं.) युज्यते अनेन *(साधना गरिन्छ यसबाट)* युजिर् योगे (रुधा.) धातु, युज्+घञ् (अ), गुण, कुत्व, योगः ।

ज्ञानमेव योगः *(ज्ञान नै योग)* म.व्य.स.= ज्ञानयोग ।

शब्दार्थ- ज्ञान प्राप्तिको लागि साधना गर्ने काम, ब्रह्मज्ञानसम्बन्धी योग, ध्यानयोग, ब्रह्मतत्त्वको बोध हुने योग ।

ज्ञानवती (ना./स्त्री.) ज्ञानमस्याः अस्तीति *(ज्ञान छ यस स्त्रीको)* ज्ञान+मतुप्[1] (मत्), मको व, ज्ञानवत्+ङीप् (ई)= ज्ञानवती ।

शब्दार्थ- ज्ञानसम्पन्न स्त्री, ज्ञानले परिपूर्ण भएकी नारी, राम्रो ज्ञान भएकी स्त्री ।

ज्ञानवान् (वि.) ज्ञानमस्यास्तीति *(ज्ञान छ यसको)* ज्ञान+ मतुप्[1] (मत), मको व, ज्ञानवत्= ज्ञानवान् ।

शब्दार्थ- ज्ञानसम्पन्न, ज्ञान भएको, ज्ञानी ।

ज्ञानी (वि.) ज्ञानमस्यास्तीति *(ज्ञान छ यसको)* ज्ञान+इनि[2] (इन्), अकारलोप, ज्ञानिन्= ज्ञानी ।

शब्दार्थ- ज्ञानवान्, ज्ञानले परिपूर्ण, ज्ञानसम्पन्न, ज्ञानी ।

ज्ञानेन्द्रियम् (ना./न.) ज्ञायते अनेन *(जानिन्छ यसबाट)* ज्ञा अवबोधने (क्र्या.) धातु, ज्ञा+ल्युट्[3] (अन), करणमा, ज्ञानम् । ज्ञानस्य साधनम्, ज्ञानसाधनञ्च तदिन्द्रियञ्च *(विषयको बोध गराउने इन्द्रिय)* ज्ञान+इन्द्रिय, क.त.स., उ.प.लोप, गुण= ज्ञानेन्द्रिय ।

शब्दार्थ- विषयको बोध गराउने- कान, आँखा, छाला, नाक, जिब्रो- यी पाँच इन्द्रिय, बुद्धीन्द्रिय, ज्ञानेन्द्रिय

द्रष्टव्य- **बुद्धीन्द्रियाणि श्रवणं त्वगक्षि घ्राणं च**
जिह्वा विषयाववोधनात्- वि.चू. ९४

ज्ञापकः (वि.) ज्ञापयतीति *(जानकारी गराउँछ)* ज्ञप ज्ञाने ज्ञापने च (चुरा.) धातु, ज्ञप्+णिचि+ण्वुल्[4] (अक), वृद्धि, णिलोप= ज्ञापक ।

शब्दार्थ- ज्ञान दिने, जनाउ दिने, कुनै कुराको बोध गराउने, जानकारी गराउने वा सूचना दिने ।

ज्ञापनम् (ना./न.) ज्ञापनमिति *(जानकारी दिइन्छ)* ज्ञप ज्ञाने ज्ञापने च (चुरा.) धातु, ज्ञप्+णिचि+ल्युट् (अन), पुगागम, वृद्धि, णिलोप= ज्ञापन ।

शब्दार्थ- जानकारी दिने काम, जनाउ, ज्ञान गराउने काम

ज्ञापनीयः (वि.) ज्ञापितुं योग्यः *(जानकारी दिन योग्य)* ज्ञप ज्ञाने ज्ञापने च (चुरा.) धातु, ज्ञप्+णिचि+अनीय (र्), वृद्धि, णिलोप= ज्ञापनीय ।

शब्दार्थ- जानकारी दिन योग्य, सूचना दिन लायक, जनाउ दिनुपर्ने ।

ज्ञापितः (वि.)ज्ञाप्यते स्म इति *(जनाउ दिइएको)* ज्ञप ज्ञाने ज्ञापने च (चुरा.) धातु, ज्ञप्+णिचि+क्त (त), वृद्धि, इडागम, णिलोप= ज्ञापित ।

शब्दार्थ- थाह दिइएको, जानकारी गराइएको, जनाउ दिइएको, परिसूचित ।

ज्ञेयः (वि.) ज्ञातुं योग्यः, ज्ञायते इति वा *(जान्नलायक वा जानिन्छ)* ज्ञा अवबोधने (क्र्या.) धातु, ज्ञा+यत्[5] (य), इत्व, गुण= ज्ञेय ।

शब्दार्थ- जान्न सकिने, जान्न लायक, थाह पाउन योग्य ।

ज्या (ना./स्त्री.) जिनाति, ज्यायते इति *(आदर गर्छ, धनुमा ताँदो चढाउनु)* ज्या वयोहानौ (क्र्या.) धातु, ज्या+ड[6] (अ) वा ज्या+अ[7], आकारलोप, ज्य+टाप् (आ) =ज्या ।

क्षोणी ज्या काश्यपी क्षितिः - इत्यमरः
मैर्वी ज्या शिञ्जिनी गुणः - इत्यमरः
ज्या मातरि वसुधायां मौर्व्याम्- इति मेदिनी

शब्दार्थ- धनुमा लगाइएको डोरीको ताँदो, पृथ्वी, क्षिति, जननी, माता, रेखा ।

ज्यायान् (वि.) अयमनयोरतिशयेन वृद्धः प्रशस्यः वा *(यी दुईमा यो ज्यादै वृद्ध वा प्रशंसनीय)* वृद्ध/प्रशस्य + ईयसुन्[8] (ईयस्), प्रकृतिको 'ज्य' आदेश[9], ज्य ईयस्का ईको आत्व[10], ज्य आयस, दीर्घ, ज्यायस् = ज्यायान् ।

शब्दार्थ- ज्यादै उत्कृष्ट वा उत्तम, धेरै वयस्क, अतिवृद्ध ।

ज्येष्ठः (वि.) अयमेषामतिशयेन प्रशस्यः वृद्धः वा *(यो यिनीहरूमा ज्यादै उत्कृष्ट वा जेठो)* प्रशस्य/वृद्ध +इष्ठन्[11] (इष्ठ), प्रकृतिको 'ज्य' आदेश[9], ज्य इष्ठ, गुण= ज्येष्ठ ।

ज्येष्ठः श्रेष्ठेऽतिवृद्धे च त्रिषु- इति मेदिनी

शब्दार्थ- सर्वोत्कृष्ट, सर्वोत्तम, सबैभन्दा जेठो, छोराहरूमध्ये जेठो, सबभन्दा पहिले जन्मेको, प्राचीनतम, वृद्धतम, जेठमहिना ।

ज्येष्ठता (ना./स्त्री.) ज्येष्ठस्य भावः *(ज्येष्ठ हुनाको भाव वा अवस्था)* ज्येष्ठ+तल् (त)+टाप् (आ)= ज्येष्ठता ।

शब्दार्थ- जेठोपना, सर्वोत्कृष्टता, जेठो हुनाको अवस्था ।

ज्येष्ठवर्णः (ना./पुं.) वर्णानां वर्णेसु वा ज्येष्ठः श्रेष्ठः *(वर्णहरूमा पहिलो वा जेठो)* ष.त.स./स.त.स., निर्धारणमा ज्येष्ठको पूर्वनिपात= ज्येष्ठवर्ण ।

शब्दार्थ- श्रेष्ठवर्ण, चार वर्णमध्ये शूद्रदेखि क्रमशः अगाडि अगाडिको वर्ण ।

ज्येष्ठा (ना./स्त्री.) अयमासामतिशयेन प्रशस्या वृद्धा वा *(यो यिनीहरूमा ज्यादै उत्कृष्ट वा जेठी)* प्रशस्या/वृद्धा +इष्ठन् (इष्ठ), प्रकृतिको 'ज्य' आदेश[9], ज्य इष्ठ, गुण, ज्येष्ठः । ज्येष्ठ+टाप् (आ)= ज्येष्ठा ।

शब्दार्थ- छोरी वा दिदीबहिनीमा सबभन्दा जेठी वा पहिले जन्मेकी, सत्ताईस नक्षत्रमध्ये एक, ज्येष्ठानक्षत्र ।

---

१. तदस्यास्त्यस्मिन्... : मतुप्
२. अत इनिठनौ : इनि
३. करणाधिकरणयोश्च : ल्युट्
४. ण्वुल्तृचौ : ण्वुल्
५. अचो यत् : यत्
६. अन्येष्वपि दृश्यते : ड
७. गुरोश्च हलः : अ
८. द्विवचनविभज्योप... : ईयसुन्
९. ज्य च/वृद्धस्य च : ज्य आदेश
१०. ज्यादादीयसः : आत्व
११. अतिशायने तमबिष्ठनौ...: इष्ठन्

ज्योतिः (ना./पुं./न.) द्योतते इति *(प्रकाशित हुन्छ)* द्युत दीप्तौ (भ्वा.) धातु, द्युत्+इसिन्[1] (इस), उणा., धातुका आदिका दको जकारादेश ज्युत् इस्, गुण, ज्योतिस्= ज्योति ।

ज्योतिरग्नौ दिवाकरे । पुमान् नपुंसकं दृष्टौ स्यान्नक्षत्रप्रकाशयोः - इति मेदिनी

शब्दार्थ- अग्नि, सूर्य, अग्निको तेज, किरण, नक्षत्र, प्रकाश दिने वस्तु, प्रकाश, दृष्टि, वत्ती, दीप्ति ।

ज्योतिपुञ्जः (ना./पुं.) ज्योतिषः पुञ्जः *(ज्योतिको थुप्रो)* ष.त.स.= ज्योतिपुञ्ज ।

शब्दार्थ- प्रकाशको थुप्रो, प्रकाशमण्डल, ज्योतिपुञ्ज ।

ज्योतिर्मयः (वि.) प्रकृतं प्रचुरं ज्योतिः *(धेरै ज्योति वा प्रकाश)* ज्योतिस्+मयट्[2] (मय), रुत्व= ज्योतिर्मय । अथवा ज्योतिषः आगतः *(ज्योति वा प्रकाशबाट आएको)* ज्योतिस्+मयट्[3] (मय), रुत्व= ज्योतिर्मय ।

शब्दार्थ- ज्योतिस्वरूप, प्रकाशमय, दीप्तिमान्, प्रकाशले परिपूर्ण ।

ज्योतिर्लिङ्गम् (ना./न.) ज्योतिषां लिङ्गम्, ज्योतिरेव लिङ्गम् इति वा *(ज्योतिस्वरूप शिवलिङ्ग)* ष.त.स., रुत्व=ज्योतिर्लिङ्ग ।

शब्दार्थ- प्राचीनसमयदेखि नै ज्योतिस्वरूप मानिएका शिवजीका- विश्वनाथ, सोमनाथ, रामेश्वर आदि द्वादश ज्योतिर्लिङ्ग, पशुपतिनाथ ।

ज्योतिषः (ना./पुं.) ज्योतिरस्ति अस्मिन् *(ज्योति वा प्रकाश छ यसमा)* जोतिष्+अच्[4] (अर्शादि)= ज्योतिष

शब्दार्थ- ग्रह नक्षत्रहरूको स्थिति अध्ययन गर्ने खगोल-शास्त्र, ज्योतिषविद्या, फलित तथा गणित ज्योतिषशास्त्र,

ज्योतिषी (वि.) ज्योतिषः अस्मिन् अस्ति *(ज्योतिषशास्त्र सम्वन्धी ज्ञान छ यसमा)* ज्योतिष+इनि[5] (इन्), अकारलोप, ज्योतिषिन्= ज्योतिषी ।

शब्दार्थ- फलित तथा गणित ज्योतिषशास्त्रको ज्ञाता, दैवज्ञ, ग्रहनक्षत्र आदिको शुभाशुभ फल वताउने (व्यक्ति) ।

ज्योतिष्टोमः (ना./पुं.) ज्योतिरेव स्टोमः *(अग्निष्टोमरूप यज्ञ)* म.व्य.स.= ज्योतिष्टोम ।

शब्दार्थ-ज्योतिष्टोम नामक यज्ञविशेष, अग्निष्टोम यज्ञ ।

ज्योत्स्ना (ना./स्त्री.) ज्योतींषि सन्ति अस्याम् *(ज्योति छन् यहाँ)* ज्योतिष्+न[6] (प्रत्यय), उपधाका इको लोप =ज्योत्स्ना ।

चन्द्रिका कौमुदी ज्योत्स्ना- इत्यमरः

शब्दार्थ- चन्द्रकिरण, चन्द्रिका, चन्द्रज्योति ।

ज्यौतिषः (वि.) ज्योतिषमधीते वेत्ति वा *(ज्योतिष पढ्छ वा जान्दछ)*, ज्योतिषस्य अयम् *(ज्योतिषशास्त्रको यो)* ज्योतिष+अण्[7] (अ), आदिवृद्धि, अकारलोप=ज्यौतिष ।

शब्दार्थ-ज्योतिषी, ज्योतिषशास्त्रको ज्ञाता, ज्योतिषशास्त्रको ।

ज्वरः (ना./पुं.) ज्वरति जीर्णो भवति, ज्वर्यते वा अनेन *(रोगी हुन्छ वा रोगी भइन्छ यसबाट)* ज्वर रोगे (भ्वा.) धातु, ज्वर्+अच् (पचादि)/घ (अ)= ज्वर ।

शब्दार्थ- जरोको रोग, पीडा, शरीरको तापमान बढ्ने काम, सन्ताप, जरो ।

ज्वरितः (वि.) ज्वरति स्म इति *(ज्यादा जरो आएको)* ज्वर रोगे (भ्वा.) धातु, ज्वर्+क्त (त), इडागम= ज्वरित ।

शब्दार्थ- जरो आएको, शरीरको तापमान वढेको, जरोले पीडित ।

ज्वलः (वि.) ज्वलतीति *(प्रकाशित हुन्छ)* ज्वल दीप्तौ (भ्वा.) धातु, ज्वल्+अच् (पचादि)= ज्वल ।

शब्दार्थ- ताप दिने, प्रकाश दिने, जल्ने ।

ज्वलनः (ना./पुं./न.) ज्वलति तच्छीलः *(जलनशील छ)* ज्वल दीप्तौ (भ्वा.) धातु, ज्वल्+युच्[8] (अन)=ज्वलन । अथवा ज्वलनमिति *(जल्नु)* ज्वल्+ल्युट् (अन)=ज्वलन ।

शब्दार्थ- ज्वलनशील पदार्थ- ग्याँस, पेट्रोल आदि, आगो, ताप, दाह, डाह, ईर्ष्या, छटपटी ।

ज्वलनशीलः (वि.) ज्वलनं शीलमस्य *(जल्न वा वल्न सक्ने क्षमता छ यसको)* ब.स.= ज्वलनशील ।

शब्दार्थ- वल्ने (पदार्थ), वल्न सक्ने तत्त्व भएको (वस्तु- ग्याँस, पेट्रोल आदि), आगो टिप्ने क्षमता भएको ।

ज्वलन्तः (वि.) ज्वलतीति *(जल्दोवल्दो हुन्छ)* ज्वल दीप्तौ (भ्वा.) धातु, ज्वल्+झच् (अन्त), उणा.= ज्वलन्त ।

शब्दार्थ- जल्दोवल्दो, जलनशील ।

ज्वलितः (वि.) ज्वलति स्म इति *(प्रकाशित, बलेको)* ज्वल दीप्तौ (भ्वा.) धातु, ज्वल्+क्त (त), इडागम=ज्वलित । अथवा ज्वलः सञ्जातः अस्य *(जलन वा ज्वाला पैदा भएको छ यसको)* ज्वल+इतच् (इत)= ज्वलित ।

शब्दार्थ-जलेको, वलेको, प्रकाशमय, दीप्तिमान, ज्वालायुक्त

ज्वालः (ना./पुं.) ज्वलतीति *(प्रज्वलित हुन्छ वा पोल्छ)* ज्वल दीप्तौ (भ्वा.)धातु, ज्वल्+ण[9] (अ), वृद्धि=ज्वाल ।

ज्वालकीलावर्चिर्हेतिः शिखा स्त्रियाम्- इत्यमरः

शब्दार्थ- आगोको ज्वाला, राँको, दाह, पीडा, ताप ।

ज्वाला (ना./स्त्री.) ज्वलयतीति *(प्रज्वलित पार्छ वा पोल्छ)* ज्वल दीप्तौ (भ्वा.) धातु, ज्वल्+णिचि+अच् (पचादि), णिलोप, ज्वाल+टाप् (आ)= ज्वाला ।

शब्दार्थ- आगाको मुस्लो, राप, पीडा, डाह, अग्निशिखा, आगाको लप्का ।

ज्वालामुखी (ना./स्त्री.) ज्वाला एव मुखं प्रमुखं यस्य *(ज्वाला नै मुख्य छ जसको)* ब.स., ज्वालामुख+ङीष् (ई)= ज्वालामुखी ।

शब्दार्थ- ज्वाला नै मुख्य हुने पीठस्थान, सतीदेवीको जिह्वा पतन भएको स्थानविशेष, पृथिवी भित्रको अग्नि सक्रिय भई ज्वालामुखी फुट्ने स्थानविशेष ।

---

[1] द्युतेरिसिन्नादेश्च जः : इसिन्, धातुका दको जकारादेश

[2] तत्प्रकृतवचने... : मयट्

[3] मयट् च : मयट्

[4] अर्शादिभ्योऽच्... : अच्

[5] अत इनिठनौ : इनि

[6] ज्योत्स्नातमिस्रा... : न, उपधाका इको लोप

[7] तदधीते तद्वेद/तस्येदम् : अण्

[8] जुचङ्क्रम्य... : युच्

[9] ज्वलितिकसन्तेभ्यो... : ण

झ

झः (ना./पुं.) झटति सङ्घीभवतीति *(जम्मा हुन्छ)* झट सङ्घाते (भ्वा.) धातु, झट्+ड[1] (अ), टिलोप= झ ।

परिचय- देवनागरी व्यञ्जन वर्णमालाको नवौं अक्षर, तालुस्थानीय स्पर्शसंज्ञक सघोष महाप्राणध्वनि ।

झो झण्डीशे सुरगुरौ दैत्यराजे ध्वनावपि- मेदिनी
झो झङ्कारो गुहो झञ्झावायुः सत्यः षडुन्नतः
-नाना तन्त्रशास्त्र (श.क.द्रुबाट)
रवो झकारः कथितो नष्टे झश्चोच्यते वुधैः ।
झकारश्च तथा वायौ नेपथ्ये समुदाहृतः- एकाक्षरकोशः

शब्दार्थ- झन्झन् आवाज, झङ्कार, ध्वनि, नाद, झञ्झावात, देवगुरु वृहस्पति, वायु, दैत्यराज, जिभ्रो, विनाश, नेपथ्य ।

झकारः (ना./पुं.) 'झ' यस्तो वर्णनिर्देशनमा 'झ' प्रातिपदिकबाट झ+कार[2]= झकार ।

शब्दार्थ- झध्वनि वा अक्षर, चवर्गको चौथो वर्ण, तालव्यध्वनि ।

झङ्कारः (ना./पुं.) 'झन्' इति अव्यक्त शब्दः क्रियते यत्र *(झन् झन् आवाज गरिन्छ जहाँ)* झन् अव्यय उपपदपूर्वक डुकृञ् करणे (तना.) धातु, झन्+कृ +घञ् (अ), वृद्धि, परसवर्णबाट नको ङ= झङ्कार ।

अथवा करणमिति (गरिन्छ) कृ+घञ् (अ), कारः । 'झन्' इति अव्यक्तशव्दस्य कारः *(झन् यस्तो अव्यक्त ध्वनि प्रकट गर्ने क्रिया)* ष.त.स., परसवर्ण =झङ्कार ।

शब्दार्थ- वीणा, गीतार आदि बाजा बजाउँदा उत्पन्न हुने मधुरध्वनि वा झन्झन् आवाज, झ्याम्टा बजाउँदा निस्कने झ्याङ झ्याङ आवाज, झनझनाहट, धातुका भाँडा ठोक्किदा निस्कने ध्वनि, भँवराको गुञ्जन वा आवाज ।

झङ्कृतः (वि.) 'झन्'/'झन्' इति अव्यक्तशब्दः क्रियते स्म इति *(झन् झन् आवाज निस्केको)* डुकृञ् करणे (तना.) धातु, झन्/झन्+कृ+क्त (त), परसवर्ण =झङ्कृत ।

शब्दार्थ- झन् झन् आवाज निस्केको, झङ्कार पैदा भएको, गुञ्जित, झ्याइँ झ्याइँ ध्वनि उत्पन्न भएको ।

झञ्झा (ना./स्त्री.) 'झन्' वा 'झम्' इति अव्यक्त शब्दं कृत्वा झटति वेगेन वहति *('झन्' वा 'झम्' यस्तो शब्द निकालेर जोडले बहन्छ)* झन्/झम् उपपदमा हुने झट सङ्घाते (भ्वा.) धातु, झन्/झम्+झट्+ड[1] (अ), टिलोप, परसवर्ण झञ्झ+टाप् (आ)= झञ्झा ।

***उदा.* म तयार छु तयार, झंझाको घोडा चढ्न ।**
- प्रमिथस ३/३३

शब्दार्थ- हावा चल्दा वा पानी पर्दा निस्कने हुनहुनाहट वा हुइँहुइँ आवाज, आँधीहुरी चल्दा निस्कने ध्वनि, वर्षासहित तीव्र वेगले वहेको हावा वा आँधीबेहरी ।

झञ्झावातः (ना./पुं.) झञ्झया युक्तः, झञ्झायुक्तश्चासौ वातश्च *(वर्षा सहितको आँधि)* क.त.स., उ.प.लोप = झञ्झावात ।

शब्दार्थ- वर्षासहितको ध्वनियुक्त आँधी, आँधीवेहरी, पानी सहितको हुरी बतास ।

झटिति (अव्य.) झटतीति *(झट्का दिन्छ)* झट संघाते (भ्वा.) धातु, झट्+क्विप् (सर्वलोप), झट् । झटमेतीति *(चाँडो चाँडो गर्छ)* झट्पूर्वक इण् गतौ (अदा.) धातु, झट्+इ +क्तिच्[3] (ति)= झटिति ।

शब्दार्थ- चाँडै, शीघ्र, छिट्टै ।

झरः (ना./पुं.) झृणाति, झीर्यति जीर्णो भवति अनेन वा *(खसेको ठाउँ यसबाट जीर्ण हुन्छ)* झृ वयोहानौ (क्र्या.) वा झृष् वयोहानौ (दिवा.) धातु, झृ+अप्[4] (अ), गुण= झर ।

वारिप्रवाहो निर्झरो झरः - इत्यमरः

शब्दार्थ- निर्झर, पहाडवाट झरेको जलप्रवाह, छाँगो, झरना, परेका पानीको जलप्रवाह ।

झर्झरः (ना./पुं.) झर्झतीति *(झर-झर् शब्द गर्छ)* झर्झ परिभाषणहिंसातर्जनेषु (भ्वा.) धातु, झर्झ्+अरन् (वहुलप्रकारले)= झर्झर ।

अथवा 'झर्झ इति' अव्यक्त ध्वनिं राति दधातीति *(झर्झ यस्तो अव्यक्त ध्वनि प्रकट गर्छ)* झर्झ उपपद-पूर्वमा हुने रा दाने (अदा.) धातु, झर्झ+रा+ क[5] (अ), अकारलोप= झर्झर ।

शब्दार्थ- वाजाको एउटा प्रकार, झ्याम्टो, ढोलवाजा, झाँझर, वेतको छडी ।

झल्लरः (ना./पुं.)/**झल्लरी** (ना./स्त्री.) झर्झतीति *(शब्द गर्छ)* झर्झ परिभाषणतर्जनयोः (तुदा.) धातु, झर्झ+अरन् (वहुलप्रकारले), पृषोदरादिवाट, रेफ तथा झको लकारादेश= झल्लर ।

झल्लर+ङीष्[6] (ई)= झल्लरी ।

अथवा 'झल्ल इति' अव्यक्तध्वनिं राति ददातीति *(अव्यक्त ध्वनि प्रकट गर्छ)* रा दाने (अदा.) धातु, झल्ल+रा+क[5] (अ)= झल्लर ।

झल्लर+ङीष्[6] (ई)= झल्लरी ।

***उदा.* झल्लरझोली बढाउँछ बबुरा- भिखारी, देवकोटा**

शब्दार्थ- मन्दिरको छाना, झुम्का, झल्लर या झुम्का भएको चँदुवा, ढोल, झ्यालीवाजा, झ्याम्टो, थोत्रो, जीर्ण, ज्यादै पुरानो ।

---

१. अन्येष्वपि दृश्यते : ड
२. वर्णात्कार : कार
३. क्तिच् क्तौ च... : क्तिच्
४. ॠदोरप् : अप्
५. आतोऽनुपसर्गे... : क
६. षिद्गौरादिभ्यश्च : ङीष्

झषः (ना./पुं.) झषति, झष्यते हिंस्यते गृह्यते वा *(हिंसा वा वध गर्छ वा गरिन्छ वा ग्रहण गरिन्छ)* झष हिंसार्थे (भ्वा.) धातु, झष्+अच् (पचादि)/घ (अ)=झष ।

शब्दार्थ- माछो, मत्स्य, मीन, मीनराश, गर्मी, ताप ।

द्रष्टव्य- झषाणां मकरश्चास्मि- भ.गी. १०/३१

झुण्डः (ना./पुं.) लुठतीति *(थुप्रो लाग्छ)* लुठि स्तेये (भ्वा.) धातु, नुम्, लुण्ठ+अच् (पचादि), पृषोदरादिबाट लको झ, ठको ड= झुण्ड ।

शब्दार्थ- वृक्ष, झाडी, वस्तुको थुप्रो, मानिसको जमात, हुल, समूह ।

ञ

ञः (ना./पुं.) बिभेतीति *(डराउँछ)* ञिभी भये (जुहो.) धातु, भीको ईलोप, ञिभ्+ड[१] (अ), इभ् अंशको टिलोप= ञ ।

परिचय- देवनागरी वर्णमालाको दसौं अक्षर, तालुस्थानीय स्पर्शसंज्ञक सघोष अल्पप्राण ध्वनि ।

ञकारो गायने प्रोक्तो ञकारो झर्झरध्वनौ- एकाक्षरकोशः

ञः पुमान्स्यात् बलिवर्दे शुक्रे वाममतावपि- इति मेदिनी

शब्दार्थ- गोरु, शुक्रग्रह, विपरीत विचार, वाममत, गायन, झर्झर आवाज, अस्पष्ट-ध्वनि ।

ञकारः (ना./पुं.) 'ञ' यस्तो वर्णनिर्देशनमा 'ञ' प्रातिपदिकबाट ञ+कार[२]= ञकार ।

शब्दार्थ-ञअक्षर वा वर्ण, चवर्गको पाँचौ अन्तिम अक्षर ।

ट

ट (ना./पुं.) टलतीति *(विकृत बन्छ)* टल वैक्लव्ये (भ्वा.) धातु, टल्+ड[१] (अ), टल्का अल् अंशको टिलोप=ट ।

परिचय- देवनागरी वर्णमालाको एघारौं अक्षर, मूर्द्धस्थानीय स्पर्शसंज्ञक ताडित अघोष अल्पप्राणवर्ण वा ध्वनि ।

टः पुमान् वामने पादे निःस्वनेऽपि क्वचिन्मतः- मेदिनी

टष्टङ्कारः कपाली च सोमो वा खेचरी ध्वनिः ।

-नानातन्त्रशास्त्र- (श.क.द्रुबाट)

टो धरित्र्याञ्च करके टो ध्वनौ च प्रकीर्तितः-एकाक्षरकोशः

शब्दार्थ- धनुको टङ्कार, बाउन्ने, पुड्को व्यक्ति, खुट्टा, असिना, वामनावतार विष्णु, निस्तब्धता, पृथिवी ।

टकारः (ना./पुं.) 'ट' यस्तो वर्णनिर्देशनमा 'ट' प्रातिपदिकबाट ट+कार[२]= टकार ।

शब्दार्थ- टअक्षर, टवर्गको प्रथम अक्षर ।

टङ्कः (ना./पुं.) टङ्कयति, टङ्क्यते इति वा *(बाँध्छ वा खोपिन्छ)* टकि बन्धने (चुरा.) धातु, नुम्, टङ्क्+अच् (पचादि)/घञ् (अ)= टङ्क ।

टङ्कः पाषाणदारणः - इत्यमरः

अथवा 'टम्' इति शब्दं कायतीति *(टङ् टङ् यस्तो शब्द गर्छ)* टम् उपपदमा हुने कै शब्दे (भ्वा.) धातु, टम्+कै+क[३] (अ), आत्व, आलोप, टम् क् अ, परसवर्ण= टङ्क ।

शब्दार्थ- ढुङ्गा काट्ने छिनो वा ढुङ्गा फोर्ने घन, बञ्चरो, गल, खन्ती, कोदालो, तरवार, अहङ्कार, मुद्रा, सिक्का, टङ्कण-कला, खड्ग ।

टङ्कक: (ना./पुं.) टङ्कयतीति *(फोर्छ, चिर्छ वा बाँध्छ)* टकि बन्धने (चुरा.) धातु, नुम्, टङ्क्+ण्वुल्[४] (अक)=टङ्कक । अथवा टङ्क एव *(टङ्कण नै)* टङ्क+कन् (क), स्वार्थमा=टङ्कक ।

शब्दार्थ- ढुङ्गा फोर्ने छिनु वा घन, सिक्का, मुद्रा, टङ्कणकला,

टङ्ककशाला (ना./स्त्री.) टङ्ककस्य शाला *(टङ्कण कार्यको घर)* ष.त.स.= टङ्ककशाला ।

शब्दार्थ- टक्सार, बुट्टाहरू खोप्ने थलो ।

टङ्कणम् (ना./न.) टङ्कणम्, टङ्क्यते इति वा *(कुँद्नु वा टङ्टङ् गर्नु)* टकि बन्धने (चुरा.) धातु, नुम्, टङ्क्+ल्युट् (अन), णत्व, पृषोदरादिबाट= टङ्कण ।

शब्दार्थ- कुँद्ने काम, टाइपराइट वा कम्प्युटरले अक्षर छाप्ने काम, छिनाले अक्षर खोप्ने वा बुट्टाहरू खोप्ने काम, धातुको भाँडामा रसायन लगाउने कार्य, कुँद्ने क्रिया, टङ्टङ् पार्ने काम ।

टङ्कणशाला (ना./स्त्री.) टङ्कणस्य शाला *(टङ्कण कार्यको थलो)* ष.त.स.= टङ्कणशाला ।

शब्दार्थ- खोप्ने वा कुँदनेसम्वन्धी प्रयोगशाला, भाँडामा रसायन लगाउने स्थान, टङ्कणकलाको काम गर्ने ठाउँ, टङ्कणसम्वन्धी प्रशिक्षण दिने स्थान, टाइपराइटर वा कम्प्युटर प्रशिक्षण केन्द्र ।

टङ्कारः (ना./पुं.) 'टम्' इति शब्दं करोतीति *(टम् यस्तो अव्यक्त शब्द गर्छ)* 'टम्' कर्म उपपदमा हुने डुकृञ् करणे (तना.) धातु, टम्+कृ+अण्[५] (अ), वृद्धि, परसवर्ण =टङ्कार ।

टङ्कारो विस्मये पुंसि प्रसिद्धो शिञ्जिनीध्वनौ- इति मेदिनी

शब्दार्थ- धनुको ताँदो खिचेर छोड्दा उत्पन्न ध्वनि वा आवाज, धनुष्टङ्कार, धातुको भाँडा कुँद्दा वा ठोक्किदा निस्कने आवाज, भाँडा बजार्दा उत्पन्न हुने ध्वनि, प्रसिद्धि, विस्मय, आश्चर्य, चित्कार ।

---

[१] अन्येष्वपि दृश्यते : ड
[२] वर्णात्कारः : कार
[३] आतोऽनुपसर्गे... : क
[४] ण्वुल्तृचौ : ण्वुल्
[५] कर्मण्यण् : अण्

टङ्कितः (वि.) टङ्क्यते स्म इति *(टङ्कण गरिएको)* टकि वन्धने (चुरा.) धातु, नुम्, टङ्+क्त (त), इडागम =टङ्कित ।

शब्दार्थ- टाइपराइटर वा कम्प्युटरले मुद्रित, छिनोले बुट्टा कुँदिएको, धातुको पातामा खोप्ने वा नाम लेख्ने काम गरिएको ।

टिप्पणी (ना./स्त्री.) तेपते इति *(चुहुन्छ, व्यक्त गरिन्छ)* तिपृ क्षरणार्थे (भ्वा.) धातु, वा टेपयति व्याख्यायते ऽनया *(व्याख्या गरिन्छ)* तिप्/टिप्+क्विप् (सर्वलोप), पृषोदरादिबाट तिप्का तको ट, टिप् । टिपा पण्यते व्यवह्रियते स्तूयते च *(राम्रो भनाइले स्तुति गरिन्छ)* पण व्यवहारे स्तुतौ च (भ्वा.) धातु, टिप्+पण्+ अप्[1]/घ[1] (अ), टिप्पणः । टिप्पण+ङीष् (ई)=टिप्पणी ।

शब्दार्थ- भाष्य, टीका, व्याख्या, कुनै विषयमा दिइने मन्तव्य, व्याख्या गर्ने काम, साहित्यिक समालोचना, समीक्षा, कठिन शव्दार्थको अर्को व्याख्या ।

टीका (ना./स्त्री.) टीक्यते गम्यते ज्ञायते अर्थः अनया *(अर्थ प्रकट गरिन्छ जसद्वारा)* टीकृ गत्यर्थे (भ्वा.) धातु, टीक्+अ[2] (प्रत्यय)+टाप् (आ)= टीका ।

शब्दार्थ- कुनै पद, वाक्य वा ग्रन्थको अर्थ स्पष्ट वुझिने गरी लेखिएको व्याख्या, टिप्पणी, भाष्य, समीक्षा, निधारमा लगाइने टिको, तिलक ।

टीकाकारः (ना./पुं.) टीकां करोतीति *(टीका वा भाष्य लेख्तछ)* टीका उपपदपूर्वक डुकृञ् करणे (तना.) धातु, टीका+कृ+अण्[3] (अ), वृद्धि= टीकाकार ।

शब्दार्थ- कुनै ग्रन्थको टीका लेख्ने व्यक्ति, कुनै शास्त्रको टिप्पणी गर्ने वा भाष्य गर्ने व्यक्ति, भाष्यकार, टीकाकार, व्याख्याकार ।

टीकाटिप्पणी (ना./स्त्री.) टीका च टिप्पणी च *(टीका र टिप्पणी)* द्व.स.= टीकाटिप्पणी ।

शब्दार्थ- कुनै ग्रन्थको आलोचना वा समीक्षा, कुनै विषयको चर्चा-परिचर्चा, राम्रो-नराम्रो गुण दोष छुट्ट्याउने काम ।

ठ

ठः (ना./पुं.) टलतीति *(विकल वन्छ)* टल वैक्लव्ये (भ्वा.) धातु, टल्+ड[4] (अ), टल् का अल् अंशको टिलोप पृषोदरादिबाट, 'ट' ध्वनि ठमा परिणत= ठ ।

परिचय- देवनागरी वर्णमालाको वाह्रौं अक्षर, मूर्द्धास्थानीय स्पर्शसंज्ञक अघोष ताडित महाप्राणध्वनि वा वर्ण ।

ठो मण्डले चन्द्रबिम्बे शून्ये च लोकगोचरे- इति मेदिनी

ठो महेशे समाख्यातः ष्ठश्च शून्ये प्रकीर्तितः ।

बृहद्ध्वनौ च ठः प्रोक्तः स्तथा चन्द्रस्य मण्डले- एकाक्षरकोशः

शब्दार्थ- चन्द्रविम्व, सूर्यमण्डल, चन्द्रमण्डल, पवित्रस्थान, शून्य, ठूलो ध्वनि, शिव, गोलो घेरा ।

ठकारः (ना./पुं.) 'ठ' यस्तो वर्णनिर्देशनमा 'ठ' प्रातिपदिकवाट ठ+कार[5]= ठकार ।

शब्दार्थ- ठध्वनि वा अक्षर, टवर्गको दोस्रो वर्ण ।

ड

डः (ना./पुं./स्त्री.) डयति, डीयते इति वा *(उड्छ)* डीङ् विहायसा गतौ (भ्वा./दिवा.) धातु, डी+ड[4] (अ), डीका ई अंशको टिलोप= ड ।

परिचय- देवनागरी वर्णमालाको तेह्रौं व्यञ्जन वर्ण, मूर्द्धस्थानीय स्पर्शसंज्ञक सघोष अल्पप्राण ध्वनि वा अक्षर ।

डः पुमान् वाडवाग्नौ स्याड्डाकिन्यां स्त्री निगद्यते- मेदिनी

डः स्मृतिर्दारुको नन्दिरूपिणी योगिनी प्रियः

कौमारी शङ्करस्त्रासस्त्रिवक्रो नदको ध्वनिः- नानातन्त्रशास्त्र (श.क.द्रुबाट)

डकारः शङ्करे त्रासे ध्वनौ भीमे निरुच्यते- एकाक्षरकोशः

शब्दार्थ- वडवाग्नि, वडवानल, समुद्र भित्रको आगो, ढाकिनी, ढोल वा मृदङ्गको ठूलो आवाज, शिव, शङ्कर, त्रास, भयङ्कर ध्वनि, स्मृति ।

डकारः (ना./पुं.) 'ड' यस्तो वर्णनिर्देशनमा 'ड' प्रातिपदिकवाट ड+कार[5]= डकार ।

शब्दार्थ- डअक्षर, टवर्गको तेस्रो अक्षर, डध्वनि ।

डमरुः (ना./पुं.) 'डम्' इति अव्यक्तशव्दमृच्छति, इयर्ति वा *('डम्' यस्तो अव्यक्त-ध्वनि निस्कन्छ)* ऋ गतिप्रापणयोः (भ्वा.) वा ऋ गतौ (जुहो.) धातु, डम्+ऋ+कु[6] (उ), उणा., गुण, डम् अर् उ= डमरु ।

शब्दार्थ-छाला मोडेर तन्काएर वनाएको सानो वाद्यविशेष, शिवजीलाई प्रिय लाग्ने वाजा, डिवडिवे ।

---

[1] नित्यंपणः/पुंसि संज्ञायाम्... : अप्/घ
[2] गुरोश्च हलः : अ (प्रत्यय)
[3] कर्मण्यण् : अण्
[4] अन्येष्वपि दृश्यते : ड
[5] वर्णात्कारः : कार
[6] मृगय्वादयश्च : कु

डम्बरम् (ना./न.) डम्बयतीति *(फ्याँक्छ वा फैलाउँछ)* डम्ब (चुरा.) धातु, डम्ब्+अरन् (अर), उणा.=डम्बर ।

शब्दार्थ- प्रसिद्ध, विख्यात, गर्व, आडम्बर, रवाफ ।

डाकिनी (ना./स्त्री.) डाय भयप्रदानाय अकति कुटिलं व्रजति *(भय पैदा गर्न टेढो वा बाङ्गो भएर हिड्नु)* ड उपपदपूर्वक अक कुटिलायां गतौ (भ्वा.) धातु, ड+अक्+इन्[1], उणा., दीर्घ, डाकिन्+ङीष् (ई)=डाकिनी । अथवा ड+अक्+अच् (पचादि), दीर्घ, डाकः । डाक+इनि[२] (इन्), डाकिन्+ङीप् (ई)= डाकिनी ।

शब्दार्थ- देवी कालिकाका वरपररहने स्त्रीगण, सहचरीहरू, आज्ञाचक्रमा स्थित शिवशक्ति, पिशाचिनी ।

डिण्डिमः (ना./पुं.) 'डिण्डि' इति अव्यक्तशब्दं माति, मिमीते इति वा *('डिण्डि' यस किसिमको अव्यक्त ध्वनि पैदा हुन्छ)* 'डिण्डि' उपपदमा हुने मा माने (अदा.) वा माङ् माने शब्दे च (जुहो.) धातु, डिण्डि+मा+ड (अ), अकारलोप= डिण्डिम ।

शब्दार्थ- ढोलवाजा, डिमडिम आवाजले वज्ने वाद्यविशेष ।

डिम्बः (ना./पुं.) डिम्बयति, डिम्ब्यते इति *(भय पैदा गर्छ, फुल पार्नु)* डिबि (चुरा.) धातु, नुम्, डिम्ब्+अच् (पचादि)/घञ् (अ)= डिम्ब ।

डिम्बो भयध्वनावण्डे- इति मेदिनी

डिम्बेऽमरविप्लवौ- इत्यमरः

शब्दार्थ- चरा, सर्प आदिको फूल, अण्डा, शावक, वच्चो, झगडा, कलह, भयवाट पैदा हुने आवाज, विप्लव ।

डिम्बाशयः (ना./पुं.) डिम्बस्य आशयः *(डिम्बको आश्रयस्थल)* ष.त.स., दीर्घ= डिम्बाशय ।

शब्दार्थ- स्त्रीको जननेन्द्रियमा डिम्ब रहने वा विकास हुने स्थल ।

डिम्भः (ना./पुं.) डिम्भयति संहतः भवति *(एकीकृत हुन्छ)* डिभि संघे (चुरा.) धातु, नुम्, डिम्भ्+अच् (पचादि)= डिम्भ ।

शब्दार्थ- वालक, अर्भक, शिशु, वच्चो, अण्डा, फूल ।

ढ

ढः (ना./पुं.) ढौकते उच्चैर्ध्वनिना शब्दायते *(उच्च ध्वनिले शब्द गर्छ वा चल्छ)* ढौकृ गत्यर्थे (भ्वा.) धातु, ढौक्+ड[३] (अ), ढौक् का औक् अंशको टिलोप= ढ ।

परिचय- देवनागरी वर्णमालाको चौधौं व्यञ्जनवर्ण, मूर्द्धस्थानीय स्पर्शसंज्ञक सघोष महाप्राणध्वनि ।

ढो ढक्कायां पुमान्नुक्तः शुनिस्तस्य च लाङ्गुले- मेदिनी

ढो ढक्का निर्णयः पूर्वो यज्ञेशादनवेश्वरः- नानातन्त्रशास्त्र (श.क.द्रुवाट)

अर्धनारीश्वरस्तोयमीश्वरी त्रिशिखी नवः ।

ढकारः कीर्तिता ढक्का निर्गुणे निर्धने मतः- एकाक्षरकोशः

शब्दार्थ- दमाहा, ठूलो ढोल, कुकुर, कुकुरको पुच्छर, नयाँ, निर्गुण, निर्धन, परब्रह्म, अर्धनारीश्वर शिव, जल, परमेश्वरी ।

ढकारः (ना./पुं.) 'ढ' यस्तो वर्णनिर्देशनमा 'ढ' प्रातिपदिकवाट ढ+कार[४]= ढकार ।

शब्दार्थ- ढअक्षर या वर्ण, टवर्गको चौथो वर्ण ।

ढक्का (ना./स्त्री.)'ढक्' इति अव्यक्तध्वनिना कायति *(ढक् यस्तो अव्यक्त शब्द गर्छ)* ढक् उपपदपूर्वक कै शब्दे (भ्वा.) धातु, ढक्+कै+क[५] (अ), आत्व, आकारलोप, ढक् क् अ, ढक्कः । ढक्क+टाप् (आ)= ढक्का ।

शब्दार्थ- ठूलो ढोल, जो ठोकेर वजाइन्छ, दमाहा, मादल ।

ढुण्ढिः (ना./पुं.) ढुण्ढतीति *(ढुँड्छ)* ढुण्ढ अन्वेषणे (भ्वा.) धातु, (श.क.द्रुवाट), नुम्, ढुण्ढ्+इन्[६] (इ)= ढुण्ढि ।

शब्दार्थ- गणेश, ढुण्ढिराज, लम्वोदर ।

ढोलः (ना./पुं.) ढः ढक्का तदाकारं लातीति *(डमरु वा मादलको जस्तो आकृति वा शब्द पैदा गर्छ)* ला आदाने (अदा.) धातु, ढ+ला+क[५] (अ), ढको ओत्व, (पृषोदरादिवाट)= ढोल ।

शब्दार्थ- ढोलनामक वाद्यविशेष ।

ण

णः (ना./पुं.) नखतीति *(शब्द गर्छ)* णख गत्यर्थे वा णद अव्यक्ते शब्दे (भ्वा.) धातु, नख्/नद्+ड[३] (अ), नख्/नद्का अख्/अद् अंशको टिलोप, न, पृषोदरादिवाट नको ण= ण ।

परिचयः- देवनागरी वर्णमालाको पन्ध्रौं व्यञ्जनवर्ण, मूर्द्धा तथा नासिकास्थानीय स्पर्शसंज्ञक सघोष अल्पप्राणध्वनि वा वर्ण ।

णकारः सूकरे ज्ञाने निश्चये निर्णयेऽपि च- एकाक्षरकोशः

णः पुमान् विन्दुदेवे स्यात् भूषणे गुणवर्जिते ।

पानीयनीलयेऽपीति केचिदूचुर्विपश्चितः- इति मेदिनी

शब्दार्थ- गहना, अलङ्कार, भूषण, विन्दुदेवता, निर्मल तथा शुद्ध जल, जलाशय, जलश्रोत, सूकर, ज्ञान, निर्णय, निश्चय, शिव ।

णकारः (ना./पुं.) 'ण' यस्तो वर्णनिर्देशनमा 'ण' प्रातिपदिकबाट ण+कार[४]= णकार ।

शब्दार्थ- णअक्षर वा वर्ण, टवर्गको पाँचौं अन्तिम अक्षर ।

---

[1] सर्वधातुभ्यो : इन्
[२] खलादिभ्य इनिर्वक्तव्यः (वा.) : इनि
[३] अन्येष्वपि दृश्यते : ड
[४] वर्णात्कारः : कार
[५] आतोऽनुपसर्गे कः : क
[६] सर्वधातुभ्य : इन्

त

तः (ना./पुं.) तर्दति हिंसयति जनान् *(मानिसहरूको हिंसा गर्छ वा उनीहरूलाई दुःख दिन्छ)* तर्द हिंसायाम् (भ्वा.) धातु, तर्द्+ड[१] (अ), टिलोप= त ।

अथवा तकतीति (तक हसने (भ्वा.) धातु, तक्+ड[१] (अ), तक्का अक् अंशको टिलोप= त ।

परिचय- देवनागरी वर्णमालाको सोह्रौ व्यञ्जन वर्ण, स्पर्शसंज्ञक दन्तस्थानीय अघोष अल्पप्राणध्वनि ।

तश्चौरानृतपुच्छेषु क्रोडे म्लेच्छे च कुत्रचित् ।
अपुमांस्तरणे पुण्ये कथितः शब्दवेदिभिः- इति मेदिनी ॥
तकारः कीर्तितश्चौरे क्रोडे पुच्छे प्रकीर्तितः- एकाक्षरकोशः

शब्दार्थ- पुच्छर, चोर, तस्कर, म्लेच्छ, बनेलको पुच्छर, गर्भाशय, मिथ्या, असत्य, पुण्य, छन्दशास्त्रको तगण

तकारः (ना./पुं.) 'त' यस्तो वर्णनिर्देशनमा 'त' प्रातिपदिकवाट त+कार[२]= तकार ।

शब्दार्थ- त-अक्षर वा वर्ण, तवर्गको प्रथम अक्षर ।

तक्षकः (ना./पुं.) तक्षतीति *(ताछ्छ वा डस्छ)* तक्षू तनूकरणे वा तक्ष त्वचने ग्रहणे संवरणे च (भ्वा.) धातु, तक्ष्+ण्वुल्[३] (अक)= तक्षक ।

तक्षकस्तु पुमान् नागराजभेदे च वर्धकौ- इति मेदिनी

शब्दार्थ- एक विषालु जातको सर्प, मुख्य अष्ट नागहरूमध्ये एक, सिकर्मी, काठ ताछ्ने काम गर्ने विश्वकर्मा ।

तङ्कः (ना./पुं.) तङ्कति, तङ्कयते इति वा *(दुःखले जीवन व्यतीत गर्छ वा गरिन्छ)* तकि कृच्छ्रजीवने (भ्वा.) धातु, नुम्, तङ्क्+अच् (पचादि)/घञ् (अ)= तङ्क ।

शब्दार्थ- कष्टमयजीवन, दुःख वा विपत्ग्रस्त-जीवन, प्रियजनको वियोगवाट उत्पन्न कष्ट ।

तङ्गः (ना./पुं.) तङ्गति, तङ्गयते इति वा *(तङ् गर्छ वा गरिन्छ)* तगि गत्यर्थे (भ्वा.) धातु, नुम्, तङ्ग्+अच् (पचादि)/घञ् (अ)= तङ्ग ।

शब्दार्थ- कष्ट वा दुःख दिने काम, घुम्ने फिर्ने काम, हैरान पार्ने काम ।

तटः (ना./त्रि.) तटति उच्छ्रितः भवति (उन्नत हुन्छ) तट उच्छ्राये (भ्वा.) धातु, तट्+अच् (पचादि)= तट ।

शब्दार्थ- नदी किनार वा नदीको छेउ, समुद्री तट, तीर, उँचो जमिन, क्षितिज ।

तटवन्धः (ना./पुं.) तटे वन्धः *(नदी किनारमा बाँधिएको बाँध)* स.त.स.= तटवन्ध ।

शब्दार्थ- नदीको किनारमा बाँधिएको बाँध, पर्खाल ।

तटस्थः (वि.) तटे तिष्ठतीति (तटमा रहन्छ) तट उपपदपूर्वक ष्ठा गतिनिवृत्तौ (भ्वा.) धातु, धातुका आदिका षको स, षत्वाभाव हुँदा ठको थ, तट+स्था+क[४] (अ), आकारलोप= तटस्थ ।

शब्दार्थ- उदासीन, कुनै पक्षमा नलागेको, मध्यस्थ, निष्पक्ष, समुद्रीतटमा स्थित, निकटवर्ती, समीपमा रहेको ।

तटस्थता (ना./स्त्री.) तटस्थस्य भावः *(तटस्थ हुनाको भाव)* तटस्थ+तल् (त)+टाप् (आ)= तटस्थता ।

शब्दार्थ- मध्यस्थता, तटस्थ हुनाको अवस्था, उदासीनता ।

तटवर्ती (वि.) तटे वर्तते इति *(किनारमा रहन्छ)* तट उपपदपूर्वक वृतु वर्तने (भ्वा.) धातु, तट+वृत्+णिनि[५] (इन्), गुण, तटवर्तिन्= तटवर्ती ।

शब्दार्थ- नदी वा समुद्री किनारमा अवस्थित, निष्पक्ष, कुनै गुट वा पक्षमा नलागेको ।

तटिनी (ना./स्त्री.) तटमस्ति अस्याः *(किनार वा तट छ यसको)* तट+इनि[६] (इन्)+ङीप् (ई)= तटिनी ।

शब्दार्थ- नदी, सरित्, निर्झरिणी, खोलो ।

तटीयः (वि.) तटे भवः *(किनारमा हुने वा भएको)*, तटस्य अयम् *(तटको यो)* तट+छ[७] (ईय)= तटीय ।

शब्दार्थ- तट वा किनारमा हुने, नदीको छेउसम्वन्धी ।

तडागः (ना./पुं.) तण्डयते, तडयते आहन्यते ऊर्मिभिरिति वा *(छालहरूले धक्का दिन्छ)* तडि ताडने (भ्वा.) वा तड आघाते (चुरा.) धातु, तण्ड्/तड्+आग[८], तण्डको नलोप (पृषोदरादिवाट)= तडाग ।

अथवा तटम् अगतीति *(किनारमा बाङ्गो भएर छाल ठोकिन्छ)* अग कुटिलायां गतौ (भ्वा.) धातु, तट+अग् +अण् (अ), अग्को वृद्धि, तट+आग, दीर्घ, पृषोदरादिवाट टको ड= तडाग ।

शब्दार्थ- तलाउ, ठूलो ताल, दह, सरोवर, कमलयुक्त सर ।

तडित् (ना./स्त्री.) ताडयति अभ्रम् *(आकाशलाई ठक्कर दिन्छ)* तड आघाते (चुरा.) धातु, तड्+णिचि+इति[९] (इत्), उणा., णिलुक्= तडित् ।

तडित् सौदामिनी विद्युत्- इत्यमरः

शब्दार्थ- विजुली, सौदामिनी, विद्युत्, हिंसा ।

तण्डुलः (ना./पुं.) तण्डयते आहन्यते *(कुटिन्छ)* तडि ताडने (आघाते) (भ्वा.) धातु, नुम्, तण्ड+उलच्[१०] (उल), उणा.= तण्डुल । अथवा तडयन्ते, व्रियन्ते, लुठयन्ते, तन्यन्ते इति *(कुटिन्छ, वरण गरिन्छ, हुँडलिन्छ, विस्तार गरिन्छ)* तड आघाते (चुरा.) वा वृञ् वरणे (स्वा.) वा लुठ विलोडने (दिवा.) वा तनु विस्तारे (तना.) धातु, नुम्, तड्/वृ/लुठ्/तन्+उलच्[११] (उल), प्रकृतिको तण्डादेश= तण्डुल ।

तण्डुलः स्याद् विडङ्गे च धान्यादिनिकरे पुमान्- मेदिनी

शब्दार्थ- चामल, कुटेर तयार गरिने अन्न, अक्षता, कालीकाठ,

---

१. अन्येष्वपि दृश्यते : ड
२. वर्णात्कारः : कार
३. ण्वुल्तृचौ : ण्वुल्
४. आतोऽनुपसर्गे... : क
५. सुप्यजातौ... : णिनि
६. अत इनिठनौ : इनि
७. गहादिभ्यश्च : छ
८. तडागादयश्च : आग
९. ताडेर्णिलुक्च : इति, णिलुक्
१०. सानसिवर्णसि : उलच्
११. वृन्लुठितनिताडिभ्य... : उलच्, तण्डादेश

तत: (वि./ना./न.) तन्यते स्म इति *(फैलिएको)* तनु विस्तारे (तना.) धातु, तन्+क्त (त), अनुनासिक नलोप= तत ।

अथवा तनोति मन: अनेन *(मन खिच्तछ यसले)* तनु विस्तारे (तना.) धातु, तन्+तन्[1] (त), कित्व, उणा., धातुका अनुनासिक नको लोप= तत ।

ततं वीणादिकं वाद्यम्- इत्यमर:

ततं व्याप्ते विस्तृते च त्रिलिङ्गकम्- इति मेदिनी

शब्दार्थ- फैलिएको, विस्तृत, विस्तार गरिएको, सारङ्गी वीणा आदि तारबाट रेटेर बजाइने बाजा ।

तत: (अव्य.) तस्मादिति *(त्यसबाट वा त्यसपछि)* तत्+तसिल्[2] (तस्), तत् शब्दको अत्व[3], ततस्, रुत्व, विसर्ग= तत: ।

शब्दार्थ- त्यसबाट, त्यहाँबाट, त्यसपछि, त्यसकारण ।

तत् (तद्) (सर्व.वि.) तनोति, तन्यते इति वा *(फैलन्छ वा फैलिन्छ)* तनु विस्तारे (तना.) धातु, तन्+क्विप्[4], अनुनासिक नलोप, तुगागम, क्विप्को सर्वलोप=तत् । (तृतीयपुरुष एकवचन सर्वनाम)

शब्दार्थ- त्यो, ऊ, ब्रह्म, परब्रह्म ।

तत्काल: (ना./पुं./अव्य.) स चासौ कालश्च *(त्यो काल)* क.त.स., वा तदेव कालम् *(त्यसै समय)* अ.व्य.स., तत्+काल= तत्काल ।

शब्दार्थ- वर्तमान समय वा काल, विद्यमान क्षण, त्यही समय, त्यसै वेला, उत्तिखेरै, उसै समय, लगत्तै, तुरुन्तै, अविलम्व ।

तत्कालीन: (वि.) तत्काले भव: जातादिर्वा *(त्यसैबेला भएको वा पैदा भएको)* तत्काल+ख (ईन), अपभ्रंशीय ख प्रत्यय, अकारलोप= तत्कालीन ।

शब्दार्थ- त्यसै समयको, उसैवेलाको, त्यतिखेरैको ।

तत्क्षण: (ना./पुं./अव्य.) स चासौ क्षणश्च *(त्यही क्षण)* क.त.स., वा तदेव क्षणम् *(त्यसै क्षण)* अ.व्य.स., तत्+क्षण= तत्क्षण ।

शब्दार्थ- वर्तमान क्षण, उत्ति खेरै, तत्काल, त्यसै बखत ।

तत्त्वम् (ना./न.) तननमिति *(फैलिनु)*तनु विस्तारे (तना.) धातु, तन्+क्विप्, नलोप, तुगागम, तत् । तस्य भाव: *(त्यसको भाव वा अवस्था)* तत्+त्व[5]= तत्त्व ।

अथवा तद् अस्य अस्तीति *(त्यो तत्त्व छ यसको)* तत्+व[6], तको द्वित्व= तत्त्व ।

शब्दार्थ- वास्तविक स्थिति, यथार्थ अवस्था, मुख्य सारकुरा, ब्रह्मतत्त्व, परमात्मतत्त्व, साङ्ख्यदर्शनको पच्चीस तत्त्व, पञ्चमहाभूत, मूलकारणतत्त्व ।

तत्त्वज्ञ: (वि.) तत्त्वं जानातीति *(तत्त्व जान्दछ)* तत्त्व उपपदपूर्वक ज्ञा अवबोधने (क्र्या.) धातु, तत्त्व+ज्ञा+क[7] (अ), आकारलोप= तत्त्वज्ञ ।

शब्दार्थ- तत्त्व जान्ने, वास्तविकता थाह पाउने, तत्त्ववेत्ता, ब्रह्मवेत्ता, ब्रह्मज्ञानी, तत्त्वदर्शी ।

तत्त्वज्ञानम् (ना./न.) ज्ञायते अनेन *(जानिन्छ यसबाट)* ज्ञा अवबोधने (क्र्या.)धातु, ज्ञा+ल्युट् (अन), ज्ञानम् ।

तत्त्वस्य ज्ञानम् **(तत्त्वको ज्ञान)**ष.तं.स.= तत्त्वज्ञान ।

शब्दार्थ- पञ्चतत्त्वको ज्ञान, साङ्ख्यले प्रतिपादन गरेको पच्चीस तत्त्वको ज्ञान, ब्रह्मज्ञान, परमात्मतत्त्वको ज्ञान, ब्रह्म आत्मा र जगत्सम्वन्धी विषयको यथार्थज्ञान ।

तत्त्वज्ञानी (वि.) ज्ञानमस्यास्तीति *(ज्ञान छ यसको)* ज्ञान+इनि[8] (इन्), अकारलोप, ज्ञानिन्, ज्ञानी ।

तत्त्वस्य ज्ञानी *(तत्त्वको ज्ञाता)* ष.त.स.= तत्त्वज्ञानी ।

शब्दार्थ- तत्त्वजान्ने, ब्रह्मज्ञानी, ब्रह्मवेत्ता, तत्त्व बुझेको ।

तत्त्वदर्शी (वि.) तत्त्वं द्रष्टुं शीलमस्येति *(तत्त्व देख्न सक्ने शील वा क्षमता छ यसको)* तत्त्व उपपदपूर्वक दृशिर् प्रेक्षणे (भ्वा.) धातु, तत्त्व+दृश्+णिनि[9] (इन्), गुण, तत्त्वदर्शिन्= तत्त्वदर्शी ।

शब्दार्थ- यथार्थ कुरा जान्ने, तत्त्वबोध भएको, ब्रह्मवेत्ता, ब्रह्मज्ञानी, तत्त्वज्ञानी, तत्त्व बुझ्ने ।

तत्त्वनिरूपणम् (ना./न.) तत्त्वस्य निरूपणम् *(तत्त्वको निरूपण)* ष.त.स.= तत्त्वनिरूपण ।

शब्दार्थ- तत्त्वको निर्णय वा निश्चय, तत्त्वको निरूपण ।

तत्त्वविद्/तत्त्ववेत्ता (वि.) तत्वं वेत्तीति *(तत्त्व जान्दछ)* तत्त्वपूर्वक विद ज्ञाने (अदा.) धातु, तत्त्व+विद्+क्विप् (सर्वलोप)= तत्त्वविद् ।

तत्त्व+विद्+तृच्[10] (तृ), गुण, तत्त्ववेत्तृ= तत्त्ववेत्ता ।

शब्दार्थ-तत्त्व जान्ने, ब्रह्मवेत्ता, तत्त्व बुझेको, तत्त्वज्ञानी ।

तत्पर: (वि./ना./पुं.) स: पर: यस्मिन् *(त्यो पर वा तयार छ यसमा)* वा तदेव परमुत्कृष्टं यस्य *(त्यही नै उत्कृष्ट छ यसको)* ब.स., तत्+पर= तत्पर ।

अथवा तेन पूर्यते इति *(त्यसबाट पूरा गरिन्छ)* तत् उपपदपूर्वक पृ पालनपूरणयो: (जुहो.) धातु, तत्+पृ+अप्[11] (अ), गुण= तत्पर ।

शब्दार्थ- कुनै कार्य गर्न तत्पर हुने वा भएको, लागि परेको, कटिबद्ध भएको, ठीकठाक परेको, कुनै कार्यमा संलग्न रहने काम, तयार रहने काम, आसक्त हुने क्रिया ।

तत्परता (ना./स्त्री.) तत्परस्य भाव: *(तत्पर हुनाको भाव वा अवस्था)* तत्पर+तल् (त)+टाप् (आ)= तत्परता ।

शब्दार्थ- तत्पर रहनाको स्थिति वा अवस्था, कटिबद्धता, उद्यत, संलग्नता ।

---

[1] तनिमृङ्भ्यां किच्च : तन्, कित्व

[2] पञ्चमास्तसिल् : तसिल्

[3] त्यदादिनाम: : अत्व

[4] क्विप् च/सम्पदादिभ्य... : क्विप्

[5] तस्य भावस्त्व... : त्व

[6] अन्येभ्योऽपि दृश्यते... (वा.) : व (प्रत्यय)

[7] आतोऽनुपसर्गे... : क

[8] अत इनिठनौ : इनि

[9] सुप्यजातौ : णिनि

[10] ण्वुल्तृचौ : तृच्

[11] ऋदोरप् : अप्

तत्परायणः (वि.) तस्मिन् परायणः *(त्यसमा संलग्न)* तत्+परायण, स.त.स.= तत्परायण ।

अथवा तदेव परं सर्वोत्तममयनं यस्य *(त्यही नै परम आश्रय छ यसको)* ब.स.= तत्परायण ।

शब्दार्थ- कुनै काम गर्न तल्लीन रहने, एक चित्त हुने, ध्यान दिने, एकाग्र भई काम गर्ने, त्यही नै परम आश्रय भएको, भगवत्परायण, परमेश्वर नै परम आश्रय भएको ।

तत्पश्चात् (अव्य.) ततः पश्चात् *(त्यसदेखि पछि)* प.त.स.= तत्पश्चात् ।

शब्दार्थ- त्यसपछि, तदनन्तर, अनि ।

तत्पुरुषः (ना./पुं.) स चासौ पुरुषश्च *(त्यो मुख्यपुरुष)* तत्+पुरुष, क.त.स.= तत्पुरुष ।

शब्दार्थ- त्यो मुख्यपुरुष, परब्रह्म परमेश्वर, समासका भेदहरूमध्ये पछिल्लो पदको अर्थ मुख्य हुने एउटा समास, तत्पुरुष समास, जस्तै- राज्ञः पुरुषः (राजाको पुरुष), राजपुरुष ।

तत्समः (वि.) स समः यत्र *(त्यो समान छ जहाँ)* ब.स., तत्+सम= तत्सम ।

शब्दार्थ- त्यही समान, त्यसै जस्तो, त्यस्तै किसिमको, संस्कृतवाट जस्ताको तस्तै नेपालीमा आएको (शव्द) ।

तत्र (अव्य.) तस्मिन्निति *(त्यहाँ वा त्यसमा)* तत्+त्रल्[१] (त्र), अत्व, पररूप= तत्र ।

शब्दार्थ- त्यहाँ, त्यसस्थानमा ।

तत्रत्यः (वि.) तत्र जातादिर्वा *(त्यहाँ भएको)* तत्र+त्यप्[२] (त्य)= तत्रत्य ।

शब्दार्थ- त्यहाँ भएको, त्यसस्थानमा भएको ।

तथा (अव्य.) तेन प्रकारेण *(त्यस प्रकारले)* तद्+थाल्[३], अत्व, पररूप= तथा ।

शब्दार्थ-त्यस प्रकारले, त्यस किसिमले, त्यस्तै, र, अनि ।

तथाकथितः (वि.) कथ्यते स्म इति *(बताइएको)* कथ्+क्त (त), इडागम, कथितः । तथा तेन प्रकारेण कथितः *(त्यस प्रकारले भनिएको)* तृ.त.स.= तथाकथित ।

शब्दार्थ- त्यसै अनुरूप भनिएको, त्यस प्रकारले भनिएको, प्रमुख भूमिका नभएको, नाममात्रको ।

तथागतः (ना./पुं.) तथा सत्यं गतं ज्ञानं यस्य *(सत्य ज्ञान छ जसको)* वा यथा पुनरावृत्तिर्न भवति तथा तेन प्रकारेण गतः *(जसरी पुनर्जन्म हुँदैन, त्यसरी नै रहने वा चल्ने)* तथा+गम्+क्त (त)= तथागत ।

शब्दार्थ- बुद्ध, सुगत, गौतम बुद्ध, पाँचवटा ज्ञानी बुद्धमध्ये एक (पाँच ज्ञानी बुद्धहरू- श्रावक, सम्यक् सम्बुद्ध, जिन, अर्हत्, तथागत) ।

तथापि (अव्य.) तथा अपि *(त्यस प्रकारले पनि)* तथा+अपि, अव्य.स., दीर्घ= तथापि ।

शब्दार्थ- तैपनि, तरपनि, तदपि, त्यस्तो भए तापनि ।

तथानाम (ना./न.) तथा च तत् नाम *(त्यस्तो त्यो नाम)* क.त.स.= तथानाम ।

शब्दार्थ- मनपरि भन्ने काम, तथानाम गाली गर्ने काम, नराम्रो दुर्व्यवहार ।

तथास्तु (वि.प्र.अव्य.) तथा अस्तु *(त्यस्तै होस्)* तथा+अस्तु, म.व्य.स., दीर्घ= तथास्तु ।

शब्दार्थ- त्यस्तै होस्, चाहे जस्तै होस् ।

तथ्यः (वि.) तथा सत्ये साधुरिति *(सत्यमा निपुण)* तथा+यत्[४] (य), आकारलोप= तथ्य ।

सत्यं तथ्यमृतं सम्यक्- इत्यमरः

शब्दार्थ- सत्य, यथार्थ, वास्तविक, ऋत ।

तथ्याङ्कः (ना./पुं.) अङ्कचते इति *(गणना गरिन्छ)* अकि लक्षणे (भ्वा.) धातु, नुम्, अङ्क+घञ् (अ), अङ्कः ।

तथ्यश्चासौ अङ्कश्च *(तथ्य अङ्क)* क.त.स., दीर्घ =तथ्याङ्क ।

शब्दार्थ- साँचो अङ्क, खास अङ्क, तथ्य गणना ।

तथ्यवादी (वि.) तथ्यं वदितुं शीलं यस्य *(साँचो बोल्ने स्वभाव छ जसको)* तथ्यपूर्वक वद व्यक्तायां वाचि (भ्वा.) धातु, तथ्य+वद्+णिनि[५] (इन्), वृद्धि, तथ्यवादिन् =तथ्यवादी ।

शब्दार्थ- साँचो वोल्ने, तथ्य कुरा वोल्ने, यथार्थवक्ता, यथार्थवादी ।

तदनन्तरम् (अव्य.) ततः अनन्तरम् *(त्यसदेखि पछाडि)* अव्य.स., तत्+अनन्तरम्, जश्त्व= तदनन्तर ।

शब्दार्थ- त्यसपछि, अनि, त्यसपछाडि ।

तदनुरूपः (वि./अव्य.) तेन अनुरूपः **(त्यस अनुरूप)** तृ.त.स.= तदनुरूप ।

शब्दार्थ- त्यसैसँग मिल्दोजुल्दो, त्यसअनुरूपको, त्यस्तै, उस्तै

तदनुसारः (ना./पुं./अव्य.) अनुस्रियते इति *(पछि लागिन्छ)* अनुपूर्वक सृ गतौ (भ्वा.) धातु, अनु+सृ+घञ् (अ), वृद्धि, अनुसारः । तेन अनुसारः *(त्यस अनुसार)* तृ.त.स.= तदनुसार ।

शब्दार्थ- त्यसै अनुरूप विचरण गर्ने काम, तदनुसार पछि लाग्ने क्रिया, त्यसैअनुसार, त्यसैबमोजिम, त्यसै गरेर

तदर्थः (वि./अव्य.) तस्मै अयम्, तस्मै इदमिति वा *(त्यसका लागि यो)* तद्+अर्थ, च.त.स.= तदर्थ ।

शब्दार्थ- त्यसका निम्तिको, त्यसका लागिको, कुनै विषय प्रयोजनका लागिको, त्यसनिम्ति, त्यसका लागि ।

तदर्थसमितिः (ना./स्त्री.) तदर्थाय समितिः *(त्यस प्रयोजनका लागिको समिति)* च.त.स.= तदर्थसमिति ।

शब्दार्थ- कुनै विशेष काम सम्पन्नताको लागि गठित समिति, त्यस्तो समिति जसलाई लगाएको काम सम्पन्न भएपछि त्यो समाप्त हुन्छ) ।

---

[१] सप्तम्यास्त्रल् : त्रल्

[२] अव्ययात्त्यप् : त्यप्

[३] प्रकारवचने थाल् : थाल्

[४] तत्र साधुः : यत्

[५] सुप्यजातौ... : णिनि

तदा (अव्य.) तस्मिन्काले इति *(त्यस समयमा)* तत्+दा[१], अत्व[२], पररूप= तदा ।

शब्दार्थ- त्यस समयमा, त्यसवेला, त्यसवखत ।

तदानीम् (अव्य.) तस्मिन्काले इति *(त्यस कालमा)* तत्+दानीम्[३], अत्व, पररूप= तदानीम् ।

शब्दार्थ- त्यसवखत, त्यस समयमा ।

तदीयः (वि.) तस्य अयम् *(त्यसको यो)* तद्को वृद्धसंज्ञा, तद्+छ[४] (ईय) =तदीय ।

शब्दार्थ- त्यसको यो, त्ससम्वन्धी यो, त्यसैसित सम्वन्धित, उसको ।

तद्धितम् (वि./ना./न.) तस्मै हितम् *(उसका निम्ति हित हुने)* च.त.स.= तद्धित ।

शब्दार्थ- उसका निम्ति उपयुक्त हुने, हितकारी, एक प्रत्ययविशेष ।

द्रष्टव्य- 'तद्धित' एक प्रत्यय पनि हो, जो नाम सर्वनाम आदि शब्दको अन्त्यमा जोडिन्छ जस्तै- धर्म+इक, धार्मिक ।

तद्भवः (वि.) भवतीति (हुन्छ) भू सत्तायाम् (भ्वा.) धातु, भू+अच् (पचादि), गुण, अवादेश, भवः । तस्माद् भवः *(त्यसबाट भएको)* प.त.स.= तद्भव ।

शब्दार्थ- त्यसवाट पैदा भएको, त्यसवाट जन्मेको, संस्कृत तथा प्राकृत भाषावाट रूप वदलिएर नेपालीमा आएको (शब्द) ।

तद्रूपः (वि.) तत् सदृशञ्च तद् रूपञ्च/तेन सदृशञ्च रूपञ्च *(त्यसकै समान रूप, त्यो जस्तै रूप)* तत्+रूपम्, क.त.स., उ.प.लोप, जश्त्व= तद्रूप ।

शब्दार्थ- उसको सदृश रूपको, त्यसै अनुरूपको, त्यस्तै प्रकार वा किसिमको, तदाकार, तत्सदृश ।

तद्रूपता (ना./स्त्री.) तद्रूपस्य भावः इति *(तद्रूप हुनाको भाव वा अवस्था)* तद्रूप+तल् (त)+टाप् (आ) =तद्रूपता ।

शब्दार्थ- समानता, तन्मयता, त्यस्तै प्रकारको अवस्था ।

तनयः (ना./पुं.)/**तनया** (ना./स्त्री.) तनोति विस्तारयति कुलम्, तन्यते अनेन अनया इति वा *(यसबाट वंशविस्तार गर्छ वा गरिन्छ)* तनु विस्तारे (तना.) धातु, तन्+कयन्[५] (अय), उणा.= तनय ।

स्त्रीत्व वुझाउँदा, तनय+टाप् (आ)= तनया ।

शब्दार्थ- पुत्र, छोरो, सुत, आत्मज, तनय ।
पुत्री, छोरी, सुता, आत्मजा, तनया ।

तनुः (ना./स्त्री./वि.) तनोति विस्तारयति, तन्यते विस्तार्यते कर्मपाशः अनया इति वा *(कर्मबन्धन फैलाउँछ वा फैलाइन्छ यसबाट)* तनु विस्तारे (तना.) धातु, तन्+ उ[६] (उणा.), अथवा तन्+उस् (उ)= तनु ।

तनुः काये त्वचि स्त्री स्यात्त्रिष्वल्पे विरले कृशे- मेदिनी

कायो देहः क्लीवपुंसोः स्त्रियां मूर्तिस्तनुस्तनूः- इत्यमरः

शब्दार्थ- शरीर, देह, जीउ, काय, दुव्लो, कृश, पातलो, कोमल, थोरै, स्वल्प, सानो ।

तनुजः (ना./पुं.)/**तनुजा** (ना./स्त्री.) तनोः शरीरात् जायते इति *(शरीरबाट पैदा हुन्छ वा हुन्छे)* तनु उपपदपूर्वक जनी प्रादुर्भावे (दिवा.) धातु, तनु+जन्+ड[७] (अ), जन्का अन्, अंशको टिलोप= तनुज ।

स्त्रीत्व बुझाउँदा, तनुज+टाप् (आ)= तनुजा ।

शब्दार्थ- छोरो, पुत्र, सुत, छोरी, पुत्री, सुता, दुहिता ।

तनुत्रम् (ना./न.) तनुं त्रायते इति *(शरीरको रक्षा गर्छ)* त्रैङ् पालने (भ्वा.) धातु, तनु+त्रा+क[८] (अ), आलोप=तनुत्र ।

शब्दार्थ- कवच, शरीरको रक्षा गर्ने साधन ।

तनुत्यागः (ना./पुं.) तनोः त्यागः *(शरीरको त्याग)* ष.त.स. = तनुत्याग ।

शब्दार्थ- शरीर त्याग गर्ने काम, मर्ने काम ।

तनूः (ना./स्त्री.) तनोति तानयति, तन्यते इति वा *(विस्तार गर्छ वा गरिन्छ)* तनु विस्तारे (तना.) वा तनु श्रद्धोपकरणे (चुरा.) धातु, तन्+ऊ[९] (प्रत्यय), उणा.=तनू ।

शब्दार्थ- शरीर, देह, काय, मूर्ति ।

तनूजः (ना./पुं.)/**तनूजा** (ना./स्त्री.) तन्वाः शरीरात् जायते इति *(शरीरबाट पैदा हुन्छ वा हुन्छे)* तनू+जन्+ड (अ) =तनूज ।

स्त्रीत्व बुझाउँदा, तनूज+टाप् (आ)= तनूजा ।

शब्दार्थ- छोरो, पुत्र, सुत, छोरी, पुत्री, सुता, दुहिता ।

तन्तुः (ना./पुं.) तनोति विस्तारयति, तन्यते विस्तार्यते इति वा *(फैलन्छ वा फैलिन्छ)* तनु विस्तारे (तना.) धातु, तन्+तुन्[१०] (तु)= तन्तु ।

शब्दार्थ- सूत्र, धागो, नसा, डोरो, माकुराको जालो, तिर्सना, सन्तान, परव्रह्म ।

तन्तुकारः (ना./पुं.) तन्तुं करोतीति *(कपडा बुन्छ)* तन्तुपूर्वक डुकृञ् करणे (तना.) धातु, तन्तु+कृ+अण् (अ), वृद्धि= तन्तुकार ।

शब्दार्थ- लुगा वुन्ने मानिस, जुलाहा, तन्तुवाय, सूचिकार, माकुरो ।

तन्त्रम् (ना./न.)तन्त्रयते इति *(धारण गर्छ)* तत्रि कुटुम्ब-धारणे (चुरा.)धातु, नुम्, तन्त्+अच् (पचादि)= तन्त्र ।

अथवा तनोति तन्यते इति *(फैलन्छ वा फैलिन्छ)* तनु विस्तारे (तना.) धातु, तन्+ष्ट्रन्[११] (त्र)= तन्त्र ।

शब्दार्थ- तन्त्रशास्त्र, तन्त्रविद्या, टुनामुना गर्ने मन्त्र, झारफुक गर्ने विद्या, ओखतीमूलो, सिद्धान्त, कारण, प्रधान ।

---

[१] सर्वैकान्यत् किंयत्तद्... : दा (प्रत्यय)
[२] त्यदादिनाम : अत्व
[३] तदो दा च : दानिम्
[४] वृद्धाच्छ : छ
[५] वलिमलितनिभ्य...: कयन्
[६] भृमृशीतृचरि... : उ
[७] पञ्चम्यामजातौ : ड
[८] बातोऽनुपसर्गे... : क
[९] कृषिचमि... : ऊ
[१०] सितनिगमि... : तुन्
[११] सर्वधातुभ्य... : ष्ट्रन्

तन्त्रमन्त्रः (ना./पुं.) तन्त्रञ्च मन्त्रश्च *(तन्त्र र मन्त्र)* द्व.स. वा तन्त्रस्य मन्त्रः *(तन्त्रसाधनाको मन्त्र)* ष.त.स.= तन्त्रमन्त्र ।

शब्दार्थ- तन्त्रविद्या, तन्त्र साधना र प्रयोग गर्ने विद्या, टुनामुना गर्ने विधि ।

तन्त्री (ना./स्त्री.) तन्त्रचते इति *(तन्त्र धारण गरिन्छ)* तत्रि कुटुम्बधारणे (चुरा.) धातु, नुम्, तन्त्र+इ (उणा.)+ङीष् (ई)= तन्त्री । अथवा तन्यते विस्तार्यते इति *(स्वर विस्तार गरिन्छ)* तनु विस्तारे (तना.) धातु, तन्+ष्ट्रन्[1] (त्र), तन्त्रम् । तन्त्र+ङीष् (ई)= तन्त्री ।

तन्त्री वीणा गुणे मता- इति मेदिनी

शब्दार्थ- तन्त्र धारण गर्ने काम, वीणाको तार रेटेर बजाइने तार बाजा, नाडी ।

तन्द्रा (ना./स्त्री.) तत् रातीति *(त्यो दिन्छ)* तत्पूर्वक द्रा कुत्सायां गतो (अदा.) धातु, तत्+द्रा+क[2] (अ), आकारलोप, जश्त्व, तन्द्रः । तन्द्र+टाप् (आ)= तन्द्रा ।

शब्दार्थ- उँघ, आँखा झपक्क हुने क्रिया, निद्रा लाग्नुभन्दा पहिले उँघ लाग्ने अवस्था ।

तन्द्रालुः (वि.) तन्द्राति तच्छीलः *(तन्द्राशील)* तत्पूर्वक द्रा कुत्सायां गतौ (अदा.) धातु, तद्+द्रा+आलुच्[3] (आलु), दको न, दीर्घ= तन्द्रालु ।

शब्दार्थ- झकाएको, उँघेको, निद्रा लाग्न लागेको ।

तन्मयः (वि.) ततः आगतः *(त्यसबाट आएको)* तस्य विकारः **(त्यसको विकार)** तत्+मयट्[4] (मय)=तन्मय ।

शब्दार्थ- उसैमा लागेको, तल्लीन, दत्तचित्त, समर्पित, एकाग्र भएको, तन्मय भएको ।

तन्मयता (ना./स्त्री.) तन्मयस्य भावः *(तन्मय हुनाको भाव वा अवस्था)* तन्मय+तल् (त)+टाप् (आ)= तन्मयता ।

शब्दार्थ- एकाग्रता, तल्लीनता, तन्मय हुनाको अवस्था ।

तन्वङ्गी (ना./स्त्री.) तनुरङ्गं यस्याः सा *(झिनु वा कृश छ शरीर जुन स्त्रीको)* तनु+अङ्गी, ब.स., यण्= तन्वङ्गी ।

शब्दार्थ- कृशाङ्गी, पातलो शरीर भएकी स्त्री, कृशतनु भएकी सुन्दरी, कोमलाङ्गी ।

तन्वी (वि.) तनोति कृश्यति असौ *(दुब्ली या पातली छ यो)* तनु विस्तारे (तना.) धातु, तन्+उ (उणा.), तनु । तनु+ङीष्[5] (ई), यण्= तन्वी ।

शब्दार्थ- दुब्ली, सुन्दरी युवती, कृशाङ्गी, कोमलाङ्गी, पातलो जीउकी ।

तपः/तपस् (तपः) (ना./पुं.) तपति, तापयति, तप्यते इति वा *(तप गर्छ, पीडा दिन्छ वा तप गरिन्छ)* तप सन्तापे (भ्वा.) वा तप ऐश्वर्ये (दिवा.) धातु, तप्+अच् (पचादि)= तप ।

अथवा तप्+असुन्[6] (अस्), उणा., तपस्, तपः=तप ।

शब्दार्थ- तपस्या, ध्यान, उष्णता, गर्मी, दाह, पीडा, सूर्य, ग्रीष्मऋतु, तपलोक, जनलोकभन्दा माथिको लोक, माघ महिना, कृच्छ्रचान्द्रायण व्रत ।

तपनः (ना./पुं.) तपति, तप्यते इति वा *(ताप वा पीडा दिन्छ)* तप सन्तापे (भ्वा.) वा तप ऐश्वर्ये वा (दिवा.) धातु, तप्+ल्यु[7] (अन)= तपन ।

तपनः सविता रविः- इत्यमरः

शब्दार्थ- सूर्य, गृष्मऋतु, तातोपन, गर्मी, डाह, ताप ।

तपसः (ना./पुं.) तपति, तप्यते इति वा *(तप गर्छ)* तप सन्तापे (भ्वा.) वा तप ऐश्वर्ये वा (दिवा.) धातु, तप्+असच्[8] (अस)= तपस ।

शब्दार्थ- सूर्य, चन्द्रमा, पक्षी, तपस्वी, तपस्या ।

तपस् (तपाः) (ना./पुं.) तपति अस्मिन् *(तात्तछ यसमा)* तप सन्तापे (भ्वा.) धातु, तप्+असुन् (अस्)= तपा ।

शब्दार्थ- गृष्मऋतु, ज्यादै गर्मी हुने ऋतु, माघ महिना ।

तपस्यः (ना./पुं.) तपसि साधुः *(तपमा निपुण)* तपस्+यत्[9] (य)= तपस्य ।

शब्दार्थ- तपस्या, फाल्गुन महिना, अर्जुन ।

तपस्या (ना./स्त्री.) तपश्चरतीति *(तपस्या गर्छ)* तपस्+क्यङ्[10] (य), तपस्य (नामधातु पद) । तपस्यते इति *(तपस्या गरिन्छ)* तपस्य+अ[11] (प्रत्यय), दीर्घ=तपस्या ।

शब्दार्थ- तप, व्रतचर्या, तपस्या गर्ने काम ।

तपस्विनी (ना./स्त्री.) तपः अस्ति अस्याः *(तपस्या छ यस स्त्रीको)* तपस्+विनि[12] (विन्)+ङीप् (ई)=तपस्विनी ।

शब्दार्थ-तपस्या गर्ने स्त्री वा आइमाई, नियममा रहने स्त्री,

तपस्वी (वि./ना./पुं.) तपः अस्यास्तीति *(तप या व्रत छ यसको)* तपस्+विनि[12] (विन्), तपस्विन्= तपस्वी ।

शब्दार्थ- तपस्या गर्ने, तपस्वी, दीन दुःखी, सन्न्यासी, नारद ऋषि ।

तपोधनः (वि./ना./पुं.) तप एव धनं यस्य *(तपस्या नै धन छ यसको)* ब.स., रुत्व, उत्व, गुण= तपोधन ।

शब्दार्थ- तपस्वी, तपस्या गर्ने, तपस्या नै धन भएका ऋषिमुनि, तापस, साधु ।

तपोनिधिः (ना./पुं.) निधीयते अस्मिन् *(राखिन्छ यहाँ)* निपूर्वक डुधाञ् धारणपोषणयोः (जुहो.) धातु, नि+धा+कि (इ), आलोप, निधिः । तपसः निधिः *(तपस्याको निधि)* तपस्+निधि, ष.त.स., वा तप एव निधिः यस्य *(तपस्या नै धन छ जसको)* ब.स., रुत्व, उत्व, गुण =तपोनिधि ।

शब्दार्थ- तपस्वी, तपस्या नै निधि वा धन भएको सन्न्यासी, साधु महात्मा ।

तपोबलम् (ना./न.) तपसः बलम् *(तपस्याबाट उत्पन्न बल)* तपस्+बल, प.त.स., रुत्व, उत्व, गुण=तपोबल ।

शब्दार्थ- तपस्याबाट प्राप्त तेज, शक्ति वा बल, सामर्थ्य ।

---

[1] सर्वधातुभ्य... : ष्ट्रन्
[2] आतोऽनुपसर्गे.. : क
[3] स्पृहिगृहिपति.. : आलुच्
[4] मयट् च /एकाचो नित्यम् : मयट्
[5] गोतो गुणवचनात् : ङीष्
[6] सर्वधातुभ्योऽसुन् : असुन्
[7] नन्दिग्रहि... : ल्यु
[8] अत्यविचमितमि.. : असच्
[9] तत्र साधु : यत्
[10] कर्मणो रोमन्थ... : क्यङ्
[11] अ प्रत्ययात् : अ (प्रत्यय)
[12] तपःसहस्राभ्याम्... : विनि

तपोभङ्गः (ना./पुं.) तपसः भङ्गः *(तपस्याको भङ्ग)* तपस्+भङ्ग, ष.त.स., रुत्व, उत्व, गुण= तपोभङ्ग ।

शब्दार्थ- तपस्या तोड्ने काम, कुनै विघ्नबाधाको कारण, तपस्या भङ्ग गर्ने काम ।

तपोभूमिः (ना./स्त्री.) तपसः भूमिः *(तपस्याको भूमि)* तपस्+भूमि, ष.त.स., रुत्व, उत्व, गुण= तपोभूमि ।

शब्दार्थ- तपस्या गर्ने थलो, तपोवन, तपोभूमि ।

तपोवनम् (ना./न.) तपसे तपसः वा वनम् *(तपस्याको लागि वा तपस्याको वन)* तपस्+वन, ष.त.स., रुत्व, उत्व, गुण= तपोवन ।

शब्दार्थ-तपस्याका लागि उचित वन, तपोभूमि, पवित्र वन

तप्तः (वि.) तप्यते स्म इति *(तातेको)* तप सन्तापे (भ्वा.) वा तप दाहे (चुरा.) धातु, तप्+क्त (त)= तप्त ।

शब्दार्थ- तातेको, सन्तप्त, दुःखले सताएको, पीडित, दुःखित, रापले पोलेको ।

तप्तमुद्रा (ना./स्त्री.) तप्ता अग्निना सन्तप्ता मुद्रा *(आगोले तातेको मुद्रा)* तृ.त.स.= तप्तमुद्रा ।

शब्दार्थ- वैष्णवहरूले धारण गर्ने तप्तमुद्रा, तातेका मुद्राको डाम, साँढे छाडेको बाछालाई डाम्ने मुद्रा ।

तमस् (तमः) (ना./न./पुं.) ताम्यति अनेन *(पीडा दिन्छ यसले वा अन्धकार पैदा गर्छ)* तमु ग्लानौ (अ.को.रामाश्रमी) वा तमु काङ्क्षायाम् (दिवा.) धातु, तम्+असुन्[१] (अस्), उणा., रुत्व, विसर्ग, तमस् (तमः)= तम ।

अन्धकारोऽस्त्रियां ध्वान्तं तमिस्रं तिमिरं तमः- इत्यमरः
तमस्तु राहुः स्वर्भानुः- इत्यमरः

शब्दार्थ- अन्धकार, रात्रि, भ्रम, दुःख, पाप, क्लेश, सत्त्वादि तीनगुणहरूमध्ये तेस्रो गुण, राहु ग्रह ।

तमसः (ना./पुं.) ताम्यति अस्मिन्निति *(मोह पैदा हुन्छ यसमा)* तमु काङ्क्षायाम् (दिवा.) धातु, तम्+असच्[२] (अस)= तमस ।

शब्दार्थ-अन्धकार, अज्ञान, मोह, तमोगुण, पाप, अँध्यारो ।

तमिस्रा (ना./स्त्री.) तमः बहुलमस्ति अत्र *(धेरै अन्धकार छ यहाँ)* तमस्को 'तमिस्र' निपातन[३], तमिस्र+टाप् (आ)= तमिस्रा ।

शब्दार्थ-कृष्णपक्षको अन्धकारमय रात्रि, पूर्ण अँधेरी रात ।

तमोगुणः (ना./पुं.) तमश्चासौ गुणश्च *(तम गुण)* क.त.स., रुत्व, उत्व, गुण= तमोगुण ।

शब्दार्थ- निकृष्ट मानिएको प्राकृतिक गुण, सत्त्व, रज र तममध्ये एक गुण ।

तमोगुणी (वि.) तमोगुणः अस्मिन्नस्तीति *(तमोगुण छ यसमा)* तमोगुण+इनि[४] (इन्), अकारलोप, तमोगुणिन् =तमोगुणी ।

शब्दार्थ- तमोगुण भएको (व्यक्ति), तमोगुण अपनाउने, क्रोधी

तमालः (ना./पुं.) ताम्यति अनेन *(पीडा दिन्छ वा आकाङ्क्षा पैदा हुन्छ यसबाट)* तमु ग्लानौ वा तमु काङ्क्षायाम् (दिवा.) धातु, तम्+कालन्[५] (आल), उणा. =तमाल ।

तमालस्तिलके खड्गे तापिच्छे वरुणद्रुमे- इति मेदिनी

शब्दार्थ- पहाडमा हुने एक सदावहार वृक्ष, तिल्के जातको रूख, सतीसाल, काँचोपात वा सूर्ती ।

तमोमयः (वि.) तमसः आगतः *(अन्धकारबाट आएको)*, प्रकृतं प्रचुरं तमः *(ज्यादै अन्धकार)* तमस्+मयट्[६] (मय), रुत्व, उत्व, गुण= तमोमय ।

शब्दार्थ- अन्धकारले ढाकिएको, ज्ञानहीन, अन्धकारमय, अँध्यारोले भरिएको ।

उदा. **तमोमय किनारको वन छ पश्चिम प्रान्तमा-आ.रा. ३/५**

तरः (ना./पुं.) तरति, तीर्यते इति वा *(तर्छ वा तरिन्छ)* तॄ प्लवनतरणयोः (भ्वा.) धातु, तॄ+अप्[७] (अ), गुण=तर ।

शब्दार्थ- बाटो, उफ्रने काम, तर्ने काम, पार गर्ने काम, विशेषण शब्दको अन्त्यमा जोडिने 'तरप्' प्रत्यय हो, जस्तै वृहत्तर, गुरुतर ।

तरः (तरस्) (ना./न.) तरति वेगेन गच्छति *(वेगले जान्छ वा बहन्छ)* तॄ प्लवनतरणयोः (भ्वा.) धातु, तॄ+असुन् (अस्), तरस् (तरः)= तर ।

शब्दार्थ- वेग, तीर, किनार, नदीको छेउछाउ ।

तरङ्गः (ना./पुं.) तरति प्लवते इति *(तरङ्ग निस्कन्छ)* तॄ प्लवनतरणयोः (भ्वा.) धातु, तॄ+अङ्गच्[८] (अङ्ग), उणा. =तरङ्ग ।

भङ्गस्तरङ्ग ऊर्मिर्वा- इत्यमरः

शब्दार्थ- मानसिक तर्कवितर्क, पानीको लहर, छाल, भङ्गालो, ऊर्मि, वीचि ।

तरङ्गिणी (ना./ स्त्री.) तरङ्गः अस्ति अस्याः *(छाल छ यसको)* तरङ्ग+इनि[४] (इन्), अकारलोप, तरङ्गिन्+ङीप् (ई), णत्व =तरङ्गिणी ।

शब्दार्थ- नदी, खोलो, समुद्र ।

तरङ्गितः (वि.) तरङ्गः सञ्जातः अस्येति *(तरङ्ग वा छाल पैदा भएको छ यसको)* तरङ्ग+इतच्[९] (इत), अकारलोप =तरङ्गित ।

शब्दार्थ- तरङ्ग उठेको, लहर पैदा भएको, छाल चलेको ।

तरणिः/तरणी (ना./पुं./स्त्री.) तरति अनेन, तीर्यतेऽनया इति *(यसबाट फैलन्छ वा तरिन्छ)* तॄ प्लवनतरणयोः (भ्वा.) धातु, तॄ+अनि[१०] (उणा.), गुण, णत्व, तरणि+ङीष् (विकल्पले)= तरणी । ङीष्को अभावमा= तरणि ।

तरणिर्द्युमणौ पुंसि कुमारीनौकयोः स्त्रियाम्- इति मेदिनी

शब्दार्थ- सूर्य, प्रकाशको किरण, मयूख, घिउकुमारी, ढुङ्गा ।

---

१. सर्वधातुभ्योऽसुन् : असुन्
२. अत्यविचमितमि... : असच्
३. ज्योत्स्नातमिस्रा... : 'तमिस्र' निपातन
४. अत इनिठनौ : इनि
५. तमिविशिविडि... : कालन्
६. मयट् च/तत् प्रकृतवचने...: मयट्
७. ॠदोरप् : अप्
८. तरत्यादिभ्यश्च : अङ्गच्
९. तदस्य सञ्जातम्...: इतच्
१०. अर्तिसृधृधम्या...: अनि

तरलः (वि./ना./पुं.) तरतीति *(फैलिन्छ)* तृ प्लवनतरणयोः (भ्वा.) धातु, तृ+कलच्[१] (अल), उणा., गुण =तरल ।

अथवा तरं लातीति *(अस्थिर बन्छ)* तर उपपदपूर्वक ला आदाने (अदा.) धातु, तर+ला+क[२] (अ), आलोप =तरल ।

तरलं चञ्चले पिङ्गे भाष्वरेऽपि स्त्रिलिङ्गकम्-
हारमध्यमणौ पुंसि- इति मेदिनी

शब्दार्थ- पानीले भरिएको, चञ्चल, अस्थिर, हारको माझको मणि, वग्ने झोलपदार्थ ।

तरुः (ना./पुं.) तरति प्लवते इति *(बढ्छ, माथि जान्छ)* तृ प्लवनतरणयोः (भ्वा.) धातु, तृ+उ[३] (उणा.), गुण =तरु ।

शब्दार्थ- रूख, वृक्ष, द्रुम, वोट, पादप ।

तरुणः (वि.) तरति प्लवते इति *(बाल्यवस्थाबाट माथि उक्लन्छ)* तृ प्लवनतरणयोः (भ्वा.) धातु, तृ+उनन्[४] (उन), उणा., गुण, णत्व= तरुण ।

शब्दार्थ- युवा, युवक, वयस्क, तन्नेरी, जवान, पट्ठो, लाठे, नरम, कोमल ।

तरुणी (वि./स्त्री.) तरति प्लवते असौ *(बाल्यवस्थाबाट माथि उक्लन्छे यो स्त्री)* तृ प्लवनतरणयोः (भ्वा.) धातु, तृ+उनन्[४] (उन), उणा., गुण, णत्व, तरुण । तरुण+ङीप्[५] (ई)= तरुणी ।

तरुणी त्रिंशका मता ।

शब्दार्थ- तीस वर्षे युवती, तरुनी, युवती, नवयौवना, पट्ठी ।

तरुणिमा (ना./पुं.) तरुणस्य भावः *(तरुण हुनाको भाव वा अवस्था)* तरुण+इमनिच्[६] (इमन्), अकारलोप, तरुणिमन्= तरुणिमा ।

शब्दार्थ- तरुनोपना, तन्नेरीपन, तारुण्य, यौवन, जवानी ।

तर्कः (ना./पुं.) तर्कयति, तर्क्यते इति वा *(तर्क गर्छ वा गरिन्छ)* तर्क भाषार्थे (चुरा.) धातु, तर्क्+अच् (पचादि)/घञ् (अ)= तर्क ।

शब्दार्थ- तर्क गर्ने काम, अरूको विचार खण्डन गर्न प्रस्तुत गरिने युक्तिपूर्ण कुरा, अनुमान, छलफल, वितर्क, वादविवाद ।

तर्कवितर्कः (ना./पुं.) तर्कश्च वितर्कश्च *(तर्क र वितर्क)* द्व.स.= तर्कवितर्क ।

शब्दार्थ- वादविवाद, छलफल, वहस, खण्डन-मण्डन, मानसिक अन्तर्द्वन्द्व ।

तर्कविद्या (ना./स्त्री.)/**तर्कशास्त्रम्** (ना./न.) तर्करूपा चासौ विद्या च, तर्करूपं च तत् शास्त्रम् *(तर्कसम्बन्धी विद्या वा शास्त्र)* क.त.स., उ.प.लोप =तर्कविद्या/तर्कशास्त्र ।

अथवा तर्कस्य विद्या/तर्कस्य शास्त्रम् *(तर्क या न्यायसम्बन्धी शास्त्र वा विद्या)* ष.त.स.= तर्कशास्त्र/तर्कविद्या ।

शब्दार्थ- तर्कशास्त्र, तर्कको लागि प्रतिपादित शास्त्र, न्यायशास्त्र, आन्विक्षिकी विद्या वा शास्त्र ।

तर्क्यः (वि.) तर्कितुं योग्यः *(तर्क गर्न योग्य)* तर्क भाषार्थे (चुरा.) धातु, तर्क्+ण्यत् (य)= तर्क्य ।

शब्दार्थ-तर्क गर्न योग्य वा लायक, विवेचना गर्न लायक ।

तर्जनी (ना./स्त्री.) तर्जयते, तर्ज्यते अनया इति वा *(औंल्याउँछ, औंल्याइन्छ यसबाट)* तर्ज भर्त्सने (भ्वा.) धातु, तर्ज+ल्युट् (अन)+ङीप् (ई)= तर्जनी ।

शब्दार्थ- चोरऔंलो, वुढीऔंलो र माझीऔंलोको वीचको औंलो ।

तर्पणम् (ना./न.) तृप्यते इति *(तृप्त हुनु)* तृप प्रीडने (दिवा.) वा तृप तृप्तौ (तुदा.) धातु, तृप्+ल्युट् (अन), गुण, णत्व= तर्पण ।

शब्दार्थ- देवता, पितृ आदिलाई तिलसहित तपर्ण गर्ने काम, तृप्त पार्ने काम, तर्पण दिने क्रिया, तृप्ति ।

तर्पणीयः (वि.) तर्पितुं योग्यः *(तृप्त गराउन योग्य)* तृप तृप्तौ (तुदा.) धातु, तृप्+णिचि+अनीय (र्), गुण, णिलोप, णत्व= तर्पणीय ।

शब्दार्थ-तृप्त पार्न लायक, पितृलाई जलाञ्जली दिन योग्य

तलः (ना./पुं./न.) तलतीति *(आधारित हुन्छ)* तल प्रतिष्ठायाम् (चुरा.) धातु, तल्+अच् (पचादि)= तल ।

तलं ज्याघातवारणे । तलश्चपेटे तालद्रौ- इति हैमः
तलं स्वरूपेऽनूद्र्ध्वेऽस्त्री क्लीवं ज्याघातवारणे- मेदिनी ॥

शब्दार्थ- पृथिवीतल, पाणीतल, हत्केलो, लवटो, तल्लो भाग, फेद, पाताल, ताडको रूख ।

तल्लीनः (वि.) तस्मिन् लीयते स्म इति *(त्यसमा लीन भएको)* तत्पूर्वक ली श्लेषणे (क्र्या.) धातु, तत्+ली +क्त (त), निष्ठा तको न[७], परसवर्ण= तल्लीन ।

शब्दार्थ- कुनै काममा एकचित्त भएर लागेको, तनमन दिएर समर्पित भएको, कुनै कुरामा पूरै ध्यान दिएको, परमेश्वरमा लीन भएको ।

तल्लीनता (ना./स्त्री.) तल्लीनस्य भावः *(तल्लीन हुनाको भाव वा अवस्था)* तल्लीन+तल् (त)+टाप् (आ) =तल्लीनता ।

शब्दार्थ- एकाग्रपना, तल्लीन हुनाको भाव वा अवस्था ।

तल्पम् (ना./न.) तलति तल्यते अस्मिन्निति *(बस्छ वा बसिन्छ यसमा)* तल प्रतिष्ठायाम् (चुरा.) धातु, तल्+प[८] (उणा.)= तल्प ।

शब्दार्थ- ओछ्यान, शय्या, आसनी, पत्नी, कौसी, अट्टाली ।

---

१. वृषादिभ्यश्चित् : कलच्
२. आतोऽनुपसर्गे... : क
३. भृमृशीतृ... : उ (प्रत्यय)
४. त्रो रश्च लः : उनन्
५. नक्स्निकक्ष्युस् तरुण.../वयसि प्रथमे : ङीप्
६. पृथ्वादिभ्य... : इमनिच्
७. ल्वादिभ्यः : निष्ठा तको न
८. खष्पशिल्पशष्प... : प (प्रत्यय)

तर्षः/तर्षणम् (ना./पुं./न.) तर्षणमिति *(तिर्सना गरिन्छ)* ञितृषा पिपासायाम् (दिवा.) धातु, तृष्+घञ् (अ), गुण= तर्ष ।
तृष्+ल्युट् (अन), गुण, णत्व= तर्षण ।
शब्दार्थ- तृष्णा, पिपासा, तिर्खा ।

तस्करः (ना./पुं.) तत् चौर्यकार्यादिकं करोतीति *(चोरी कर्म गर्छ)* तत्पूर्वक डुकृञ् करणे (तना.) धातु, तत्+कृ+ट[1] (अ), गुण, सुट्[2] तलोप= तस्कर ।
शब्दार्थ-चोर, वहुमूल्य वस्तु चोरी निकासी गर्ने व्यक्ति ।

तस्करी (ना./स्त्री.) तत्क्रियते इति *(चौर्य कर्म गर्नु)* तत्पूर्वक डुकृञ् करणे (तना.) धातु, तत्+कृ+ट (अ), गुण, सुट्, तलोप, तस्कर+ङीप् (ई)= तस्करी ।
शब्दार्थ- चोरी निकासी गर्ने काम, चोरी, दुर्व्यसन गर्ने स्त्री, कामुक स्त्री ।

ताडकः (वि.) ताडयतीति *(ताडना गर्छ)* तड आघाते (चुरा.) धातु, तड्+ण्वुल्[3] (अक), वृद्धि= ताडक ।
शब्दार्थ- पिट्ने, ताडना गर्ने ।

ताडका (ना./स्त्री.) ताडयति असौ *(पीडा दिन्छे यो स्त्री)* तड आघाते (चुरा.) धातु, तड्+णिचि+ण्वुल्[3] (अक), वृद्धि, णिलोप, ताडकः । ताडक+टाप् (आ)=ताडका । अथवा ताड एव *(ताडना गर्ने काम नै)* ताड+कन् (क), स्वार्थमा, ताडकः । ताडक+टाप् (आ)=ताडका ।
शब्दार्थ- अर्कालाई ताडना गर्ने स्त्री, रामायणकालीन एक राक्षसी, सुनको मृग वन्ने मारिचकी आमा ।

ताडनम् (ना./न.)/**ताडना** (ना./स्त्री.) ताड्यते इति *(ताडना गरिन्छ)* तड आघाते (चुरा.) धातु, तड्+णिचि, वृद्धि, ताडि+ल्युट् (अन), णिलोप= ताडन
तड्+णिचि+युच्[4] (अन), णिलोप, टाप् (आ)=ताडना
शब्दार्थ- कुटपिट गरी तह लगाउने काम, पिट्ने काम, चोट, कसैलाई सपार्न भनी दिइने सजाय ।

ताडितः (वि.) ताड्यते स्म इति *(ताडना गरिएको)* तड आघाते (चुरा.) धातु, तड्+णिचि+क्त (त), इडागम, वृद्धि, णिलोप= ताडित ।
शब्दार्थ- ताडना गरिएको, पिटिएको, शासना दिइएको ।

ताण्डवम् (ना./न.) तण्डुना नन्दिना प्रोक्तमिति *(तण्डुले वताएको)* तण्डु+अण्[5] (अ), आदिवृद्धि, गुण, अवादेश =ताण्डव ।

ताण्डवं नटनं नाट्यं लास्यं नृत्यं च नर्तने- इत्यमरः
शब्दार्थ- नाच, नृत्य, शिवको नृत्यविशेष, नाच्ने कलाविशेष, तण्डुले वताएको नृत्यविद्या ।

तातः (ना./पुं.)तनोति विस्तारयति सन्तानादिकं गोत्रादिकं वा *(सन्तान वा गोत्रादि विस्तार गर्दछन्)* तनु विस्तारे (तना.) धातु, तन्+क्त[6] (त), उणा., दीर्घ, अनुनासिक नलोप= तात ।
शब्दार्थ- पिता, वावु, जनक, सम्मान्यजन ।

तात्कालिकः (वि.) तत्काले भवः *(त्यस समयमा भएको)* तत्काल+ठञ्[7] (इक),आदिवृद्धि, अकारलोप=तात्कालिक
शब्दार्थ- त्यस वखतको, त्यस बेलाको, त्यस समयको, तत्कालैको ।

तात्पर्यम् (ना./न.) तत् परमुत्तमं यस्य *(त्यो पर छ यसको)* व.स., तत्परः । तत्परस्य भावः *(तत्पर हुनाको अवस्था)* तत्पर+ष्यञ्[8] (य), वृद्धि, अकारलोप= तात्पर्य ।
शब्दार्थ- मुख्य भन्न खोजेको कुरा, तात्पर्य, आशय, अभिप्राय ।

तादर्थ्यम् (ना./न.) तस्मै अयम् *(त्यसको निमित्त यो)* अस्वपदविग्रह तत्+अर्थ, च.त.स., तदर्थ । तदर्थ एव *(त्यससम्बन्धी नै)* तदर्थ+ष्यञ्[9] (य), स्वार्थमा, आदिवृद्धि, अकारलोप= तादर्थ्य ।
शब्दार्थ- त्यससम्वन्धी अर्थ, त्यसको लागिको अर्थ ।

तात्त्विकः (वि.) तत्त्वं चरति, तत्त्वेन निर्वृत्तः, तत्त्वस्य अयम् *(तत्त्वको खोजी गर्छ, तत्त्वद्वारा निर्वृत्त, तत्त्वको यो)* तत्त्व+ठक् (इक)= तात्त्विक ।
शब्दार्थ- तत्त्वसम्वन्धी, तत्त्वज्ञान सम्पन्न, वास्तविक, तत्त्वको खोजी गर्ने ।

तादात्म्यम् (ना./न.) अतति, अत्यते इति वा *(निरन्तर चलिरहन्छ वा चल्नु)* अत सातत्यगमने (भ्वा.) धातु, अत्+मनिण्[10] (मन्), वृद्धि, आत्मन् । स एव आत्मन् *(त्यो नै आत्मा)* तत्+आत्मन् म.व्य.स., तदात्मन् । तदात्मनः भावः इति *(एकाकार हुनाको भाव वा अवस्था)* तदात्मन्+ ष्यञ् (य), आदिवृद्धि= तादात्म्य ।
शब्दार्थ- एकाकार, अभेद सम्वन्ध, दूध र पानीको सम्मिश्रण जस्तो हुने क्रिया, आत्मतत्त्व परमात्मतत्त्वमा विलीन हुने क्रिया, एकरूपता ।

तादृक्/तादृक्षः/तादृशः (वि.) स इव दृश्यते इति *(त्यो झैं देखिन्छ)* तत्पूर्वक दृशिर् प्रेक्षणे (भ्वा.) धातु, तत्+दृश्+क्विन्[11], कुत्व, आत्व[12], क्विन्को सर्वलोप =तादृक् । तत्+दृश्+क्स[11], सको षत्व, षको कुत्व, क तथा षको क्षत्व, तत्को आत्व[12]= तादृक्ष ।
तत्+दृश्+कञ्[11] (अ), आत्व[12]= तादृश ।
शब्दार्थ- त्यस्तै वा उस्तै किसिमको, त्यो जस्तै, त्यसै-समान, त्यसै अनुरूप, त्यो देखिए जस्तै, त्यसझैं ।

तान्त्रिकः (वि.) तन्त्रं तन्त्रशास्त्रं सिद्धान्तं वा अधीते वेद इति वा तन्त्रेण निर्वृत्तः *(तन्त्रशास्त्र पढ्छ, जान्दछ वा प्रयोग गर्छ, तन्त्रद्वारा निर्वृत्त)* तन्त्र+ठक् (इक), आदिवृद्धि, आकारलोप= तान्त्रिक ।
शब्दार्थ- तन्त्रविद्या जान्ने, तन्त्रशास्त्र पढ्ने, तन्त्रमन्त्रको प्रयोग गर्ने, तन्त्रशास्त्रज्ञ, तन्त्रशास्त्रवेत्ता, तन्त्रसम्वन्धी ।

---

[1] कृञो हेतुताच्छील्य.... : ट
[2] तत्बृहतोः करपत्योः.... : सुद्, तलोप
[3] ण्वुल्तृचौ : ण्वुल्
[4] ण्यासश्रन्थो युच् : युच्
[5] तेन प्रोक्तम् : अण्
[6] दुतनिभ्याम्.. : क्त, दीर्घ
[7] वापदादिपूर्वपदात्.../कालाट्ठञ् : ठञ्
[8] गुणवचन... : ष्यञ्
[9] चतुर्वर्णादीनां स्वार्थे...: ष्यञ्
[10] सातिभ्यां मनिन्मनिणौ : मनिण्
[11] त्यदादिषु दृशो../क्सोऽपि दृश्यते : क्विन्/कञ्/क्स्
[12] आ सर्वनाम्नः : आत्व

तापः (ना./पुं.) तपनम्, तप्यते इति वा *(पीडा दिनु)* तप सन्तापे (भ्वा.) वा तप दाहे (चुरा.) धातु, तप्+घञ् (अ), वृद्धि= ताप ।

शब्दार्थ- सन्ताप, पीडा, कष्ट, गर्मी, उष्णता, तातोपन, मानसिक चिन्ता, पीर ।

तापक्रमः (ना./पुं.) तापस्य क्रमः *(तापको क्रम)* ष.त.स. =तापक्रम ।

शब्दार्थ- तापको जरो घटवढ हुने क्रम, तापको परिमाण, तापको सीमा, उष्णता ।

तापत्रयम् (ना./न.) तापानां दुःखानां त्रयम् *(आध्यात्मिक आदि तीनप्रकारको दुःख)* ष.त.स.= तापत्रयम् ।

शब्दार्थ- **आध्यात्मिकः** शारीरिक वा मानसिक आधिव्याधि, **आदिदैविकः** अतिवृष्टि, भूकम्पादि, दैवी विपत्ति । **आदिभौतिकः** चोरी, हत्या आदि भौतिक विपत्ति- यी तीन ताप ।

उदा. **यही भो साराको हर बखत तापत्रय हरी- आ.रा. १५/५२**

तापमानम् (ना./न.) मीयते इति *(नापिन्छ)* मा माने (अदा.) वा माङ् माने शब्दे च (जुहो.) धातु, मा+ल्युट् (अन), मानम् । तापस्य मानम् *(तापको मान वा मात्रा)* ष.त.स.= तापमान ।

शब्दार्थ- वायुमण्डलमा हुने तापको मात्रा, शारीरिक तापमान ।

तापमापकः (वि.) तापं मापयतीति *(ताप नाप्तछ)* ताप उपपदपूर्वक मा माने (अदा.) वा माङ् माने शब्दे च (जुहो.) धातु, ताप+मा+णिचि+ण्वुल्[१] (अक), पुगागम, णिलोप= तापमापक ।

शब्दार्थ- ताप नाप्ने, तापक्रम वा तापको मात्रा नाप्ने ।

तापसः (वि.) तपः अस्यास्तीति *(तपस्या छ यसको)* वा तपः शीलमस्येति *(तपस्या नै शील छ यसको)* तपस्+अण्[२]/ण[३] (अ), वृद्धि= तापस ।

शब्दार्थ- तपस्वी, तपस्या गर्ने, तपस्यामा संलग्न ।

तापानलः (ना./पुं.) ताप एव अनलः *(तापरूपी आगो)* ताप+अनल, म.व्य.स., दीर्घ= तापानल ।

शब्दार्थ- तापरूप अग्नि, तापरूपी आगो ।

उदा. **जहरी लहरामहाँ फलें तर तापानलमा परी जलें- आ.रा. ५/४२**

तामसः (वि./ना./पुं.) तमः बहुलमस्ति अस्य अस्मिन्निति वा *(तमोगुण छ यसको वा यसमा)* तमस्+अण्[४] (अ), वृद्धि= तामस ।

शब्दार्थ- तमोगुणी, अज्ञानी, अभिमानी, दुष्टव्यक्ति, चौधवटा मनुहरूमध्ये चारौं मनु, अहङ्कार ।

उदा. **प्रेतान् भूतगणांश्चान्ये यजन्ते तामसा जनाः- भ.गी. १७/४**

तामसी (ना./स्त्री./वि.) तमः अन्धकारः बहुलमस्ति अस्यामिति *(धेरै अन्धकार छ यहाँ)* तमस्+अण् (अ), वृद्धि, तामसः । तामस+ङीप् (ई)= तामसी ।

शब्दार्थ- अन्धकारमय रात्रि, कृष्णपक्षको रात्रि, तमोगुण ज्यादा भएको, अभिमान ज्यादा भएको ।

तामिस्रः (ना./पुं.) तमः बहुलमस्ति अस्याम् *(अन्धकार ज्यादा छ यहाँ)* तमस्+रक्[५] (र), इडागम, तमिस्रः । तमिस्र+टाप् (आ), तम्रिस्रा । तमिस्राः तमोयुक्ता रात्रयः सन्ति अस्मिन् *(अन्धकारमय रात छन् यहाँ)* तमिस्रा+अण्[६] (अ), आदिवृद्धि, आकारलोप= तामिस्र ।

शब्दार्थ- चौरासी नरकमध्ये एक, तमोगुणयुक्त व्यक्ति ।

ताम्बूलः (वि.) ताम्यतीति *(आकाङ्क्षा गर्छ)* तमु काङ्क्षायाम् (दिवा.) धातु, तम्+ऊलच्[७] (ऊल), उणा., बुगागम, वृद्धि= ताम्बूल ।

शब्दार्थ- पान, पानको वीडा- जो पानको पातमा खयर, सुपारी, चुन आदि राखेर बनाइन्छ, पानको पात ।

ताम्बूलवल्ली (ना./स्त्री.) ताम्बूलस्य बल्ली *(पानको लहरा)* ष.त.स.= ताम्बूलवल्ली ।

शब्दार्थ- पानको लहरो, नागवल्ली ।

ताम्रम् (ना./न.) ताम्यति, तम्यते इति *(आकाङ्क्षा गर्छ वा गरिन्छ)* तमु काङ्क्षायाम् (दिवा.) धातु, तम्+रक्[८] (र), उणा., दीर्घ= ताम्र ।

शब्दार्थ- ताँमो, एउटा रातो वर्णको खनिज धातु, तामावाट वनेको वस्तु ।

ताम्रकारः (वि.) ताम्रं करोतीति *(तामाको काम गर्छ)* ताम्र+कृ+अण् (अ), वृद्धि= ताम्रकार ।

शब्दार्थ- तामाको काम गर्ने, तमोटे ।

ताम्रमयः (वि.) ताम्रस्य विकारः *(तामाको विकार)* वा प्रकृतं प्रचुरं ताम्रम् *(ज्यादा तामो भएको)* ताम्र+मयट् (मय)= ताम्रमय ।

शब्दार्थ-तामाको विकार भएको, तामा ज्यादा हुने (स्थल) ।

तारः (ना./त्रि.) तरन्ति अत्र *(तैरन्छन् यहाँ)* तॄ प्लवनतरणयोः (भ्वा.) धातु, तॄ+अड्[९] (अ), गुण, पृषोदरादिवाट आत्वनिपातन= तार । अथवा तारयति अतिक्रामति अन्यान्शब्दान्तत्र *(अरू शब्द वा ध्वनिलाई दबाउँछ)* तृ+णिचि+अच् (पचादि), वृद्धि, णिलोप= तार ।

तारो निर्मलमौक्तिके । मुक्ताशुद्धावुच्चनादे नक्षत्रनेत्रमध्ययोः- हैमः

शब्दार्थ- नक्षत्र, तारा, आँखाको मध्यभाग वा नानी, उच्च स्वरविशेष, प्रखरध्वनि, शुद्ध मोती, ताडको बोट ।

---

१. ण्वुल्तृचौ : ण्वुल्

२. अण् च : अण्

३ छत्रादिभ्यो... : ण

४. ज्योत्स्नादिभ्य... (वा.) : अण्

५ ज्योत्स्नातमिस्रा... : रक्

६. ज्योत्स्नादिभ्य... : अण्

७. तमोर्वुक्वृद्धिश्च/खर्जिपिञ्जादि....: उलच्, बुक्, वृद्धि

८. अमितम्योर्दीर्घश्च : रक्, दीर्घ

९. षिद्भिदादिभ्य... : अङ्

तारक: (वि./ना./पुं.) तारयतीति *(पार लगाउँछ)* तृ प्लवनतरणयो: (भ्वा.) धातु, तृ+ण्वुल्[1] (अक), वृद्धि =तारक ।

शब्दार्थ- तार्ने, तारक, वानरविशेष, तारागण ।

तारकित: (वि.) तारका सञ्जाता अत्र *(ताराहरूले छाएको छ यसमा)* तारका+इतच्[2] (इत)= तारकित ।

शब्दार्थ- ताराहरूले ढाकेको, ताराहरूले युक्त, ताराहरूले भरिभराउ भएको ।

तारका (ना./स्त्री.) तरन्ति अनया *(पार हुन्छन् यसबाट)* तृ प्लवनतरणयो: (भ्वा.) धातु, तृ+ण्वुल्[1] (अक), वृद्धि, तारक: । तारक+टाप् (आ)= तारका ।

नक्षत्रमृक्षं भं तारा तारका- इत्यमर:

शब्दार्थ- तारा, नक्षत्र, उडु, आँखाको नानी ।

तारण: (ना./पुं./न.) तारयतीति *(पार लगाउँछन्)* तृ प्लवनतरणयो: (भ्वा.) धातु, तृ+णिचि+ल्यु[3] (अन), वृद्धि, णत्व, णिलोप= तारण ।

तृ+णिचि+ल्युट् (अन), वृद्धि, णत्व, णिलोप= तारण ।

अशोकस्तारणस्तार:- वि.स.ना.५०

शब्दार्थ- विष्णु, नारायण, महादेव, तार्ने काम, पार लगाउने क्रिया ।

तारतम्यम् (ना./न.) तीर्यते इति *(पार भइन्छ)* तृ प्लवनतरणयो: (भ्वा.) धातु, तृ+अप्[4] (अ), गुण, तर: । अयमेषामतिशयेन तर: *(यो यिनीहरूमा ज्यादै सफल)* तर+तमप्[5] (तम), तरतम: । तरतमस्य भाव: तरतम+ष्यञ्[6] (य), आदिवृद्धि, अकारलोप=तारतम्य ।

शब्दार्थ- सन्जोग, धेरथोर, कुनै काममा सफलता प्राप्ति ।

तारा (ना./स्त्री.) तरन्ति अनया *(पार हुन्छन् यसबाट)* तृ प्लवनतरणयो: (भ्वा.) धातु, तृ+अङ्[7] (अ)+टाप् (आ) =तारा ।

शब्दार्थ- तारा, नक्षत्र, आँखाको नानी, बालिकी स्त्री, वृहस्पतिकी पत्नी ।

तारापति: (ना./पुं.) ताराणां/ताराया: पति: *(ताराहरूका वा ताराका पति)* ष.त.स.= तारापति ।

शब्दार्थ- शिव, चन्द्रमा, वृहस्पति, वालि, सुग्रीव, आकाश ।

तारापथ: (ना./पुं.) ताराणां नक्षत्राणां पन्था: *(नक्षत्रहरूको मार्ग)* ष.त.स., अच् (समासान्त)= तारापथ ।

शब्दार्थ- आकाश, आकाशमार्ग ।

तारामण्डलम् (ना./न.) ताराणां मण्डलम् *(ताराहरूको मण्डल)* ष.त.स.= तारामण्डल ।

शब्दार्थ- ताराहरूको समूह, नक्षत्रमण्डल ।

तारुण्यम् (ना./न.) तरुणस्य भाव: *(तरुण हुनाको भाव वा अवस्था)* तरुण+ष्यञ्[6] (य), आदिवृद्धि, अकारलोप =तारुण्य ।

शब्दार्थ- तन्नेरीपना, युवावस्था, जवानी ।

तार्किक: (वि.) तर्कं न्यायशास्त्रमधीते वेद इति वा *(तर्क शास्त्र पढ्छ वा जान्दछ)* तर्क+ठक्[8] (इक), आदिवृद्धि, अकारलोप= तार्किक ।

शब्दार्थ- तर्कशास्त्रवेत्ता, नैयायिक, तत्त्व जान्ने, दार्शनिक तर्कशास्त्रसम्वन्धी, तर्कशास्त्र जान्ने वा अध्ययन गर्ने

तार्क्ष्य: (ना./पुं.) तार्क्ष्यस्य कश्यपस्य अपत्यम् *(कश्यपको सन्तति)* तार्क्ष्य+अण्[9] (अ), अकारलोप= तार्क्ष्य ।

अथवा तृक्षस्य अपत्यम् *(तृक्षका सन्तति)* तृक्ष+यञ्[10] (य), वृद्धि, अकारलोप= तार्क्ष्य ।

शब्दार्थ- गरुड, भगवान् विष्णुको वाहन, वैनतेय, अरुण, सूर्य, पक्षी, घोडा ।

ताल: (ना./पुं.) तालयतीति *(आधारित हुन्छ)* तल प्रतिष्ठायाम् (चुरा.) धातु, तल्+णिचि+अच् (पचादि), वृद्धि, णिलोप= ताल । अथवा तलति अत्र *(रहन्छ यहाँ)* तल्+घञ्[11] (अ), वृद्धि= ताल ।

ताल: करतलेऽङ्गुष्ठमध्यमाभ्याञ्च सम्मिते
गीतकालक्रियामाने करास्फाले द्रुमान्तरे
वाद्यभाण्डे च कांश्यस्य... इति मेदिनी

शब्दार्थ- हत्केलो, बुढीऔंला र माझीऔंलाको फेदको भाग, ताली, थपडी बजाउने काम, नाचगानका लयको ढङ्ग वा चाल, ताडको रूख, हरिताल, काँसको बजाउने झ्याम्टा ।

तालवृन्तम्/तालवृन्तकम् (ना./न.) तालस्य तालपत्रस्य वृन्तम् अस्ति अस्य *(ताडपत्रको वृन्त छ यसको)* तालवृन्त+अच् = तालवृन्त ।

तालवृन्तमेव *(ताल वृन्त नै)* तालवृन्त+कन् (क), स्वार्थमा= तालवृन्तक ।

शब्दार्थ- पङ्खा, व्यजन, ताडपत्रबाट निर्मित पङ्खा ।

तालव्य: (ना./पुं.) तालोर्जात: *(तालुबाट पैदा भएको)* तालु+यत्[12] (य), गुण, अवादेश= तालव्य ।

शब्दार्थ- तालुस्थानवाट उच्चारण हुने तालव्य वर्ण- इ/ई ध्वनि, चवर्गका वर्ण र य एवं श ध्वनि ।

तालाङ्क: (ना./पुं.) ताल: तालवृक्ष: अङ्क: ध्वज: यस्य *(ताडवृक्ष नै ध्वजा छ जसको)* ब.स., दीर्घ= तालाङ्क ।

शब्दार्थ- बलराम, बलभद्र, मुसली, पुस्तक, ताडपत्र ।

तालु: (ना./न.) तरन्ति वर्णा: अनेन *(यसद्वारा वर्णहरू उच्चरित हुन्छन्)* तृ प्लवनतरणयो: (भ्वा.) धातु, तृ+ञुण्[13] (उ), उणा., वृद्धि, रको ल= तालु ।

शब्दार्थ- निधार माथिको टाउकोको भाग, च्यापु, मुखभित्रको माथिल्लो भाग, तालुस्थानीय वर्णहरू उच्चारण हुने भाग ।

---

[1] ण्वुल्तृचौ : ण्वुल्
[2] तदस्य सञ्जातम्... : इतच्
[3] नन्दिग्रहिपचादि... : ल्यु
[4] ऋदोरप् : अप्
[5] अतिशायने तमबिष्टनौ : तमप्
[6] गुणवचन... : ष्यञ्
[7] षिद्भिदादिभ्य... : अङ्
[8] ऋतूक्थादि... : ठक्
[9] ऋष्यन्धक... : अण्
[10] गर्गादिभ्यो... : यञ्
[11] हलश्च : घञ्
[12] शरीरावयवाच्च : यत्
[13] ञोरश्च ल: : ञुण्, रको ल

तावकः (वि.) तव अयम् *(तिम्रो यो)* युष्मद्+अण्[1] (अ), युष्मद्को 'तवक'आदेश[2], आदिवृद्धि, अकारलोप =तावक ।

शब्दार्थ- तिम्रो, तपाईंको, हजुरको ।

तावकीनः (वि.) तव अयमिति *(तिम्रो यो)* युष्मद्+खञ्[1] (ईन), युष्मद्को 'तवक' आदेश[2], आदिवृद्धि, अकारलोप = तावकीन ।

शब्दार्थ- तपाईंको, हजुरको, तिम्रो ।

तावत् (तावान्) (वि.) तत्परिमाणमस्येति *(त्यति परिमाण छ यसको)* तत्+वतुप्[3] (वत्), आत्व[4]= तावत्, नुम्[5], दीर्घ= तावान् ।

शब्दार्थ- त्यति नै परिमाण भएको ।

तावतिकः/तावत्कः (वि.) तत्परिमाणमस्येति *(त्यति परमाण भएको)* तत्+वतुप्[3] (वत्), आत्व[4], तावत् । तावता क्रीतः *(त्यतिबाट किनिएको)* तावत्+कन्[6] (क), वतुको इडागम[7] विकल्पले, तावत् इक =तावतिक । इडाभावमा तावत् क= तावत्क ।

शब्दार्थ- त्यति नै परिमाणबाट किनिएको, त्यति नै बाट खरिद गरिएको ।

तिक्तः (वि./ना./न.) तेजयतीति *(चिन्हित हुन्छ)* तिज निशाने (चुरा.) धातु, तिज्+क्त (त), वहुलप्रकारले, कुत्व= तिक्त ।

शब्दार्थ- तीतो (छ रसमध्ये एक), रसविशेष, नीम, करेलो आदि तीतो वस्तु ।

तिक्तकः (ना./पुं.) तिक्त एव *(तीतो नै)* तिक्त+कन् (क), स्वार्थमा= तिक्तक ।

अथवा तिक्तेन तिक्तरसेन कायतीति *(तीतो रसले चिनिन्छ)* कै शव्दे (भ्वा.) धातु, आत्व, तिक्त+का+क (अ), आलोप= तिक्तक ।

शब्दार्थ- ज्यादै तीतो वस्तु, चिराइँतो, करेलो, नीम आदि

तित्तता (ना./स्त्री.) तित्तस्य भावः *(तीतो हुनाको भाव वा अवस्था)* तिक्त+तल् (त)+टाप् (आ)= तिक्तता ।

शब्दार्थ- तीतोपना, तीतोपन, तीतो हुनाको स्थिति ।

तितिक्षा (ना./स्त्री.) तेजितुं क्षन्तुमिच्छतीति *(क्षमा दिन इच्छा गर्छ)* तिज निशाने (भ्वा.) धातु, क्षमा अर्थमा सन्, तिज्+सन्[8] (स), द्वित्व[9], एकशेष तितिज् स, श्चुत्वद्वारा सको श, श्को षत्व[10], जको कुत्व, क र षको क्षत्व, तितिक्ष (सनन्त धातु) । तितिक्ष्यते इति *(सहन गरिन्छ वा क्षमा दिइन्छ)* तितिक्ष+अ[11] (प्रत्यय), पररूप, तितिक्ष+टाप् (आ)= तितिक्षा ।

शब्दार्थ- सुख-दुःख सहन सक्ने शक्ति, सहनशीलता, सहिष्णुता, क्षमा, क्षमाशीलता, सुख-दुःख, शीतोष्णादि द्वन्द्व सहन् सक्ने क्षमता ।

तितिक्षुः (वि.) तेजितुं क्षन्तुमिच्छतीति *(क्षमा गर्ने इच्छा गर्छ)* क्षमा अर्थमा तिज् धातुबाट सन्, तिज्+सन्[8] (स), द्वित्व[9], एकशेष, तितिज्+स, श्चुत्वद्वारा स्को श, शको षत्व[10], जको कुत्व, तितिक् ष, क्ष्को क्षत्व, तितिक्ष (सनन्त धातु) । तितिक्षति तच्छीलः तितिक्षणशीलः *(सहन सक्ने शील भएको)* तितिक्ष+उ[12] (प्रत्यय)= तितिक्षु ।

शब्दार्थ- सहनशील, सुख-दुःख सहन सक्ने शक्ति भएको, सहिष्णु ।

तितीर्षुः (वि.) तरितुमिच्छतीति *(तर्ने इच्छा गर्छ)* तॄ प्लवनतरणयोः (भ्वा.) धातु, तॄ+सन् (स), इत्व, द्वित्व, तिर् तिर् स, ति तिर स, दीर्घ, षत्व, तितीर्ष (सनन्त धातु) । तितीर्षतीति *(तर्ने इच्छा गर्छ)* तितीर्ष+उ[12] (प्रत्यय)= तितीर्षु ।

शब्दार्थ-तर्न इच्छा गर्ने, तर्न चाहने, पार हुन इच्छा गर्ने ।

तिथिः (ना./पुं.) अतति नियमेन आगच्छति *(नियमित रूपमा आउँछ वा निरन्तर घुमिरहन्छ)* अत सातत्य गमने (भ्वा.) धातु, अत्+इथिन्[13] (इथि), उणा., पृषोदरादिबाट धातुका अको लोप= तिथि ।

अथवा तनोति विस्तारयति क्षयति वा चन्द्रकलाम् *(चन्द्रकलालाई बढाउँछ वा क्षय गर्छ)* वा तन्यते चन्द्रकलया *(चन्द्रकलाद्वारा विस्तारित हुन्छ)* तनु विस्तारे (तना.) धातु, तन्+इथिन[13] (इथि), टिलोप, वहुलप्रकारले= तिथि ।

शब्दार्थ- प्रतिपदादेखि पूर्णिमा तथा औंसीसम्म निरन्तर आइरहने दिनहरू, शुक्लपक्ष र कृष्णपक्षका तिथिहरू

तिथिक्षयः (ना./पुं.) तिथेः क्षयः *(तिथिको ह्रास)* ष.त.स. =तितिक्षय ।

शब्दार्थ- तिथि घटबढ हुने काम, तिथि क्षय हुने काम ।

तिथिवृद्धिः (ना./स्त्री.) तिथेः वृद्धिः *(तिथि बढ्ने काम)* ष.त.स.= तिथिवृद्धि ।

शब्दार्थ- तिथिको वृद्धि, तिथि बढ्ने काम ।

तिमिः (ना./पुं./स्त्री.) ताम्यतीति *(वृद्धि हुने आकाङ्क्षा गर्छ)* तमु काङ्क्षायाम् (दिवा.) धातु, तम्+इन्[14] (इ), उणा., धातुका उपधाको इत्व= तिमि ।

अथवा तिम्यतीति *(समुद्रीभागमा रहन्छ)* तिम आर्द्रीभावे (दिवा.) धातु, तिम्+इनि (इन्)= तिमि ।

शब्दार्थ-ठूलो आकारको समुद्रमा पाइने माछो, माछोविशेष

---

[1] युष्मदस्मदोरन्य... : अण्, खञ्

[2] तवकममकावेकवचने : तवकादेश

[3] यत्तदेतेभ्य परिमाणे...: वतुप्

[4] आ सर्वनाम्नः : आत्व

[5] उगिदचाम्... : नुम्

[6] संख्याया अतिशदन्ताया : कन् : कन्

[7] वतोरिड्वा : इडागम

[8] तिजेः क्षमायाम्/गुप्तिज्किद्भ्यः सन् : सन्

[9] सन्यङो : द्वित्व

[10] व्रस्जभ्रस्ज... : षत्व

[11] अ प्रत्ययात् : अ (प्रत्यय)

[12] सनाशंसभिक्ष... : उ (प्रत्यय)

[13] ऋतन्यञ्जिवन्यञ्ज्य... : इथिन्

[14] क्रमितमिशनि... : इन्, धातुको इत्व

तिमिङ्गिलः (ना./पुं.) तिमिं गिरतीति *(तिमि नामक माछो-लाई निल्छ)* गृ निगरणे (तुदा.) धातु, तिमि +गृ+क (अ), धातुको रपर भई इत्व[१], तिमि गिर् अ, रेफको लत्व[२], मुमागम[३],परसवर्ण= तिमिङ्गिल ।

शब्दार्थ- अत्यन्तै ठूलो समुद्री माछो, तिमि जातको माछो निल्न सक्ने विशाल काय भएको माछो ।

तिमिरम् (ना./न./वि.) तिम्यतीति *(अन्धकारले छाउँछ)* तिम आर्द्रीभावे (दिवा.) धातु, तिम्+किरच्[४] (इर) =तिमिर ।

अन्धकारोऽस्त्रियां ध्वान्तं तमिस्रं तिमिरं तमः- इत्यमरः

शब्दार्थ- अन्धकार, तम, आँखासम्वन्धी रोग, धमिलो, अंध्यारोले ढाकेको, अन्धकारमय ।

तिरस् (अव्य.) तरति दृष्टिपथम् *(आँखा तरेर हेर्छ)* तृ प्लवनतरणयोः (भ्वा.) धातु, तृ+असुन्[५] (अस्), उणा., इत्व, तिर् अस्= तिरस् ।

तिरोऽन्तर्धौ तिर्यगर्थे- इत्यमरः

शब्दार्थ-टेढोपनले, अदृश्यरूपले, तिर, तर्फ, छड्केपनले

तिरस्कारः (ना./पुं.) तिरस्क्रियते इति *(तिरस्कार गरिन्छ)* तिरस् अव्यय उपपदपूर्वक डुकृञ् करणे (तना.) धातु, तिरस्+कृ+घञ् (अ), वृद्धि= तिरस्कार ।

शब्दार्थ-अपमान, हेला, घृणा, अनादर, उपेक्षा, अनास्था ।

तिरस्क्रिया (ना./स्त्री.) तिरस्क्रियते इति *(तिरस्कार गरिन्छ)* तिरस्पूर्वक डुकृञ् करणे (तना.) धातु, तिरस्+कृ+श[६] (अ), रिङादेश[७], इयङादेश, तिरष्क्रिय +टाप् (आ)= तिरस्क्रिया ।

शब्दार्थ- अपमान, घृणा, अपहेलना, अनादर, हेला, उपेक्षा, तिरस्कार ।

तिरस्कृतः (वि.) तिरस्क्रियते स्म इति *(तिरस्कार गरिएको)* तिरस्पूर्वक डुकृञ् करणे (तना.) धातु, तिरस्+कृ+क्त (त)= तिरस्कृत ।

शब्दार्थ- अपहेलित, अपमानित, हेला गरिएको, तिरस्कार गरिएको, उपेक्षा गरिएको, अनादर गरिएको ।

तिरोधानम् (ना./न.) तिरोधीयते इति *(गायब हुन्छ)* तिरस्पूर्वक डुधाञ् धारणपोषणयोः (जुहो.) धातु, तिरस्+धा+ल्युट् (अन), रुत्व, उत्व= तिरोधान । अथवा तिरः धानम् *(अन्तर्धान)* तिरस्+धानम्, प्रा.त.स.[८], रुत्व, उत्व= तिरोधान ।

शब्दार्थ- अन्तर्धान हुने काम, गायव हुने कार्य, लुप्त हुने काम, अलप हुने क्रिया ।

तिरोभावः (ना./पुं.) तिरोभूयते इति *(दबिन्छ)* तिरस्पूर्वक भू सत्तायाम् (भ्वा.) धातु, तिरस्+भू+घञ् (अ), वृद्धि, रुत्व, उत्व= तिरोभाव ।

शब्दार्थ- अन्तर्धान, गायव हुने काम, छिप्ने वा दविने कार्य, तिरोधान, विलय ।

तिरोहितः (वि.) तिरोधीयते स्म इति *(छिपेको)* तिरस्पूर्वक डुधाञ् धारणपोषणयोः (जुहो.) धातु, तिरस्+धा+क्त (त), धाको हि आदेश, रुत्व, उत्व, गुण= तिरोहित ।

शब्दार्थ- गायव भएको, छिपेको, दविएको, अन्तर्धान भएको, आच्छादित ।

तिर्यक् (वि./ना./पुं.) तिरः अञ्चतीति *(छड्के वा टेढो भएर हिँड्छ)* तिरस्पूर्वक अञ्चु गतिपूजनयोः (भ्वा.) धातु, तिरस्+अञ्च्+क्विप्, तिरस्को 'तिरि' आदेश[९], अञ्चुको नलोप, तिरि अच्, यण्, कुत्व= तिर्यक् ।

शब्दार्थ- तेर्सो वा छड्केपनले हिँड्ने, वाङ्गो, छड्के, टेढो, टेढोपनले हिँड्ने (पशुपन्छीआदि तिर्यक् जाति) ।

तिर्यक्कारकः (ना./पुं.) तिर्यक् चासौ कारकश्च *(तिर्यक् कारक)* क.त.स.= तिर्यक्कारक ।

शब्दार्थ- विभक्ति चिन्हसहतिको शब्दको रूप, विकृत भएको कारक ।

तिर्यक्योनिः (ना./स्त्री.) तिरश्चां योनिः *(पशुपक्षीको योनि)* तिर्यक्+योनि, ष.त.स.= तिर्यक्योनि ।

शब्दार्थ- तिर्यक् पशुपक्षीको वंश वा जाति, तिर्यक् जाति, तेर्सो भएर वढ्ने जाति, पशुपक्षीको सृष्टि ।

तिलः (ना./पुं./न.) तिलति, तेलयतीति वा *(तेल वा रस पैदा हुन्छ)* तिल स्नेहे (तुदा.) वा तिल स्नेहने (चुरा.) धातु, तिल्+क[१०] (अ)= तिल ।

शब्दार्थ- तिलको वोट वा तिलको वोटबाट पैदा हुने दाना, जो देव-पितृ कार्यादिमा प्रयोग गरिन्छ ।

तिलकः (ना./पुं.) तेलति, तिलतीति वा *(चिन्हित हुन्छ)* तिल गतौ (भ्वा.) वा तिल स्नेहे (तुदा.) धातु, तिल्+क[१०] (अ), तिलः । तिल एव *(तिल नै)* तिल+कन् (क), स्वार्थमा= तिलक । अथवा तिल्+क्वुन् (अक)= तिलक ।

तिलको द्रुमरोगाश्वभेदेषु तिलकालके- इति मेदिनी

तिलकः क्षुरकः श्रीमान्- इत्यमरः

शब्दार्थ- शरीरमा हुने सानो चिन्ह वा कोठी, सुन्दर फूलको वृक्ष, तिल्के जातको रूख, होम गरेर डढेको चरुको कालो टिको, चन्दन, विवाह गर्दा दुलही पक्षबाट दुलाहालाई दिइने धनमाल, घोडाको प्रकार ।

तिलमयः (वि.) तिलस्य विकारः अवयवः वेति *(तिलको विकार वा अवयव)* वा प्रकृतः प्रचुरः तिलः *(तिलै तिल भएको)* तिल+मयट्[११] (मय)= तिलमय ।

शब्दार्थ- तिलै तिलले भरिएको, तिलले परिपूर्ण ।

तिलतण्डुलः (ना./पुं.) तिलश्च तण्डुलश्च *(तिल र चामल)* द्व.स.= तिलतण्डुल ।

तण्डुलः स्याद्विडङ्गेऽपि धान्यादिनिकरे पुमान्- इत्यमरः

शब्दार्थ- तिल र चामल, कालो र सेतोको सम्मिश्रण ।

---

१. ऋत इद्धातोः : इत्व
२. अचि विभाषा : लत्व
३. गिलेऽगिलस्य...मुम्
४. इषिमदिमुदि... : किरच्
५. सर्वधातुभ्योऽसुन् : असुन्
६. कृञ श च : श (प्रत्यय)
७. रिङ्शयग्लिङ्क्षु : रिङादेश
८. तिरोऽन्तर्धौ/कुगतिप्रादयः : प्रा.त.स.
९. तिरसस्तिर्यलोपे : तिरि आदेश
१०. इगुपधज्ञा...:क
११. तत्प्रकृत...: मयट्

तिलतैलम् (ना./न.) तिलस्य स्नेहमिति *(तिलको तेल)* तिल+तैलच्[1] (तैल)= तिलतैल ।

शब्दार्थ- तिलको तेल ।

तिलहोमः (ना./पुं.) तिलस्य होमः *(तिलको होम)* ष.त.स. =तिलहोम ।

शब्दार्थ- तिलहोम, तिलहवन ।

तिलाञ्जलिः (ना./स्त्री.) तिलानामञ्जलिः *(तिलसहितको अञ्जलि)* तिल+अञ्जलि, ष.त.स., दीर्घ=तिलाञ्जलि ।

शब्दार्थ- अञ्जलिबाट देवता र पितृहरूलाई दिइने तिलसहितको जल, पितृलाई तर्पण दिने काम, कुनै कुराको परित्याग ।

तिलोत्तमा (ना./स्त्री.) तिलैः तिलप्रमाणैः रत्नानामंशैः उत्तमा *(तिल प्रमाणका रत्नहरूको अंशले निर्मित हुँदा अत्यन्त सुशोभित देखिने)* तिल+उत्तमा, तृ.त.स., गुण= तिलोत्तमा ।

तिलं तिलं समानीय रत्नानां यद्विनिर्मिता
तिलोत्तमेति तत्तस्या नाम चक्रे पितामहः- म.भा.

शब्दार्थ- स्वर्गकी एक वेश्या, स्वर्गकी उत्तम गणिका ।

तिलोदकम् (ना./न.) तिलश्च उदकञ्च *(तिल र जल)* द्व.स., तिल+उदक, गुण= तिलोदक ।

शब्दार्थ-तिलसहितको जल, तिलाञ्जलि ।

तिल्यम् (ना./न.) तिलानां भवनं क्षेत्रम् *(तिल हुने क्षेत्र)* तिल+यत्[2] (य), अकारलोप= तिल्य ।

अथवा तिलेभ्यः हितम् *(तिलको लागि उपयोगी हुने)* तिल+यत्[3] (य), अकारलोप= तिल्य ।

शब्दार्थ- तिल उत्पादन हुने क्षेत्र, तिलको लागि उपयोगी स्थल ।

तिष्यः (ना./पुं.) तुष्यन्ति अस्मिन्निति *(सन्तुष्ट वा तृप्त हुन्छन् यसमा)* तुष तुष्टौ (दिवा.) धातु, तुष्+क्यप्[4] (य), उपधाको इत्व= तिष्य ।

तिष्यः पुष्ये कलियुगे- इत्यमरः

शब्दार्थ- सत्ताईस नक्षत्रमध्ये आठौं पुष्यनक्षत्र, कलियुग, पुसमहिना, अमला ।

तीक्ष्णः (वि./ना./पुं./न.) तेजयतीति *(तिखार्छ)* तिज निशाने (चुरा.) धातु, तिज्+क्स्न[5] (स्न), धातुका उपधाको दीर्घ, स्नका सको षत्व, तिज्का जको कुत्व, क र षको क्षत्व, णत्व= तीक्ष्ण ।

शब्दार्थ- तीखो, तीव्र, प्रखर, चतुर, तिख्याएको, त्यागी, समुद्री नुन, विष, फलाम, जौको टुप्पो जस्तै तीखो ।

तीक्ष्णता (ना./स्त्री.) तीक्ष्णस्य भावः *(तीक्ष्ण हुनाको भाव वा अवस्था)* तीक्ष्ण+तल् (त)+टाप् (आ)= तीक्ष्णता ।

शब्दार्थ- तीखोपना, तीव्रता, चातुर्य, प्रखरता ।

तीक्ष्णबुद्धि (ना./स्त्री.) तीक्ष्णा चासौ बुद्धिश्च *(तीखो बुद्धि)* क.त.स.= तीक्ष्णबुद्धि ।

शब्दार्थ- तीखो बुद्धि, कुशाग्रबुद्धि ।

तीरम् (ना./न.) तीरयति समापयति नदी प्रवाहम् *(नदीको प्रवाह समाप्त गर्छ)* तीर कर्मसमाप्तौ (चुरा.) धातु, तीर्+अच् (पचादि)= तीर ।

तीरं रोधश्च कूलञ्च प्रतीरञ्च तटं त्रिषु- इत्यमरः

शब्दार्थ- नदीको किनार, नदीको तट, नदीको छेउ, वाण ।

तीर्णः (वि.) तीर्यते स्म इति *(तरेको)* तृ प्लवनतरणयोः (भ्वा.) धातु, तृ+क्त (त), ऋको रपरत्व भई इत्व, तिर् त, निष्ठा तको न, दीर्घ, णत्व= तीर्ण ।

शब्दार्थ- तरेको, पार भएको, फैलिएको, पारि उत्रेको, प्रसारित ।

तीर्थम् (ना./न.) तरति पापादिकं यस्मात् *(जसबाट पापादि छुट्छ)* तृ प्लवनतरणयोः (भ्वा.) धातु, तृ+थक्[6] (थ), उणा., तृका ऋको इत्व, दीर्घ= तीर्थ ।

अङ्गुल्यग्रे तीर्थं दैवम्- इत्यमरः
तीर्थं शास्त्राध्वरक्षेत्रोपायनारीरजःसु च-
अवतारर्षिजुष्टाम्बुपात्रोपाध्यायमन्त्रिषु- इति मेदिनी

शब्दार्थ- पवित्रस्थल, नदीतट, पवित्र घाट, माध्यम, यज्ञ, साधन, पुण्यभूमि, पुण्यक्षेत्र, तीर्थस्थान, बूढी औंला र चोर औंलाको मध्यभाग या पितृतीर्थ, खाएर छोडेको पूरा, चरणोदक, उपाध्याय, मन्त्री, ऋषिमुनि, मण्डल, धूलो, नारीको रज ।

तीर्थकाकः (ना./पुं.) तीर्थे गुरुकुले काकः इव चिरं न तिष्ठति *(गुरुकुलमा काग जस्तै धेरै समय रहदैन)* स.त.स.= तीर्थकाक ।

शब्दार्थ- गुरुकुलमा धेरै नबस्ने, तीर्थमा दान लिएर बस्ने व्यक्ति ।

तीर्थयात्रा (ना./स्त्री.) तीर्थे यात्रा *(तीर्थमा यात्रा)* स.त.स. = तीर्थयात्रा ।

शब्दार्थ-तीर्थमा जाने काम, पवित्रस्थानमा गमन, तीर्थाटन ।

तीर्थवासी (वि.) तीर्थे वसतीति *(तीर्थमा निवास गर्छ)* तीर्थ उपपदपूर्वक वस निवासे (भ्वा.) धातु, तीर्थ+वस् +णिनि[7] (इ), वृद्धि, तीर्थवासिन्= तीर्थवासी ।

अथवा उस्यते इति *(बसिन्छ)* वस्+घञ् (अ), वृद्धि, वासः । तीर्थे वासः *(तीर्थमा निवास)* स.त.स., तीर्थवासः । तीर्थवासः अस्यास्तीति *(तीर्थमा निवास छ यसको)* तीर्थवास+इनि[8] (इन्), तीर्थवासिन्=तीर्थवासी ।

शब्दार्थ- तीर्थमा गई निवास गर्ने, तीर्थमा बस्ने, गुरुकुलमा रहने ।

---

१. स्नेहे तैलच् : तैलच्
२. विभाषा तिलमाषोमा... : यत्
३. खलयवमाषतिल... : यत्
४. सूर्यतिष्य... : क्यप्, उपधाको इत्व निपातन
५. तिजेर्दीर्घश्च : क्स्न
६. पातृतुदिवचि... : थक्
७. सुप्यजातौ... : णिनि
८. अत इतिठनौ : इनि

तीर्थाटनम् (ना./न.) अटनम्, अटचते इति वा *(भ्रमण गरिन्छ)* अट गतौ (भ्वा.) धातु, अट्+ल्युट् (अन), अटनम् । तीर्थे अटनम् *(तीर्थमा भ्रमण)* स.त.स., दीर्घ= तीर्थाटन ।

शब्दार्थ- तीर्थमा भ्रमण गर्ने काम, तीर्थयात्रा, तीर्थ जाने कार्य ।

तीर्थराजः (ना./पुं.) तीर्थानां राजा *(तीर्थहरूको राजा)* तीर्थ+राजन्, ष.त.स., टच्[1] (अ)= तीर्थराज ।

शब्दार्थ- तीर्थहरूमध्ये सर्वश्रेष्ठ, तीर्थहरूका राजा, प्रयाग, वर्तमान इलाहावाद ।

तीर्थसेवी (वि.) तीर्थं सेवितुं शीलमस्येति *(तीर्थको सेवा गर्ने शील भएको)* तीर्थ उपपदपूर्वक षेवृ सेवने (भ्वा.) धातु, सत्व, तीर्थ+सेव्+णिनि[2] (इन्), तीर्थसेविन् = तीर्थसेवी ।

शब्दार्थ- तीर्थमा निवास गर्ने, तीर्थयात्री, तीर्थाटन गर्ने, पुण्यस्थलको सेवक ।

तीर्थस्थलम् (ना./न.) तीर्थस्य स्थलम् *(तीर्थको स्थल वा ठाउँ)* ष.त.स.= तीर्थस्थल ।

शब्दार्थ- तीर्थभूमि, पुण्यस्थल, तीर्थ गर्ने ठाउँ ।

तीव्रः (वि.) तीवतीति *(तीव्रगतिले चल्छ)* तीव स्थौल्ये (भ्वा.) धातु, तीव्+रक् (र), उणा., बहुलप्रकारले =तीव्र ।

अथवा तेजतीति *(तेजले चल्छ)* तिज निसाने (भ्वा.) धातु, तिज्+रन् (र), दीर्घ, जको व (बहुलप्रकारले) =तीव्र ।

तीव्रैकान्तनितान्तानि गाढबाढदृढानि च- इत्यमरः

शब्दार्थ- दृढ, उग्र, प्रचण्ड, उष्ण, छिटो, चाँडो, तीक्ष्ण, कठोर, गर्मी, प्रखर, तीखो ।

तीव्रगतिः (ना./स्त्री./वि.) तीव्रा चासौ गतिश्च *(तीव्र गति)* क.त.स.= तीव्रगति ।

अथवा तीव्रा गतिर्यस्य *(तीव्र छ गति जसको)* ब.स. =तीव्रगति ।

शब्दार्थ- तेज, तीव्रवेग, प्रखरगति, धेरै छिटो हिड्ने, तीव्र वेग भएको, प्रखर गति भएको ।

तीव्रता (ना./स्त्री.) तीव्रस्य भावः *(तीव्र हुनाको भाव वा अवस्था)* तीव्र+तल् (त)+टाप् (आ)= तीव्रता ।

शब्दार्थ-प्रखरता, कठोरता, छिटोपन, उष्णता, तीक्ष्णता ।

तीव्रवेदना (ना./स्त्री.) वेदनम्, विद्यते इति वा *(पीडा दिइन्छ)* विद चेतनाख्यानविवासेषु (चुरा.) धातु, विद्+णिचि+युच् (अन), गुण, णिलोप, वेदन । वेदन+टाप् (आ), वेदना । तीव्रा चासौ वेदना *(तीव्र वेदना वा यातना)* क.त.स.= तीव्रवेदना ।

शब्दार्थ- कठिन यातना, कठोर पीडा, तीव्रव्यथा, अतिकष्ट, ज्यादै दुःख ।

तुङ्गः (वि./ना./पुं.) तुञ्जति, तुञ्ज्यते इति वा *(उन्नत हुन्छ वा हुनु)* तुजि पालने (भ्वा.) धातु, नुम्, तुञ्ज्+अच् (पचादि)/घञ् (अ), कुत्व=तुङ्ग ।

शब्दार्थ- उँचो, उन्नत, प्रमुख, अग्लो पहाड, शिखर ।

तुच्छः (वि.) तोदनम्, तुद्यते इति वा *(दुःख दिइन्छ)* तुद व्यथने (तुदा.) धातु, क्विप्[3], क्विप्को सर्वलोप, तुद् । तुदा व्यथया छ्यति, तुदं व्यथां छ्यति खण्डयतीति वा *(पीडा या रोगद्वारा क्षीण हुन्छ वा रोग हटाउँछ)* तुद् उपपदपूर्वक छो छेदने (दिवा.) धातु, आत्व, तुद्+छा+क[4] (अ), आकारलोप, चर्त्व, श्चुत्व= तुच्छ ।

अथवा तौति निस्सारत्वं गच्छतीति *(तुच्छ बन्छ)* तु गतिवृद्धिहिंसासु (अदा.) सौत्र धातु, तु+छ (तुक्), उणा., श्चुत्व= तुच्छ ।

असारं फल्गु शून्यं तु वशिकं तुच्छरिक्तके- इत्यमरः

शब्दार्थ- निःसार, हल्का, खाली, रिक्त, शून्य, क्षुद्र, नगण्य, नीच, चुत्थो ।

तुण्डम् (ना./न.) तुण्डति अनेन *(टुक्र्याउँछ वा चपाउँछ यसले)* तुडि तोडने (भ्वा.) धातु, नुम्, तुण्ड+अच् (पचादि)= तुण्ड ।

वक्रास्ये वदनं तुण्डमाननं लपनं मुखम्- इत्यमरः

शब्दार्थ- मुख, वदन, थुतुनु, हात्तीको सुँड, चराको चुच्चो ।

तुण्डी (वि./ना./पुं.) तुण्डमस्यास्तीति *(तुण्ड या थुतुनो छ यसको)* तुण्ड+इनि[5] (इन्), अकारलोप, तुण्डिन् =तुण्डी ।

शब्दार्थ- तुण्ड (थुतुनो) भएको, सुँढ भएको, थुतुने, नन्दी (शिवको वाहन) ।

तुमुलः (वि.) तौति भीषणत्वं गच्छति *(ज्यादै डर लाग्दो बन्छ)* तु गतिवृद्धिहिंसार्थक सौत्र (अदा.) धातु, तु+मुलक् (मुल), उणा., बहुलप्रकारले= तुमुल ।

शब्दार्थ-भीषण, तुमुलध्वनि वा सङ्घर्ष, तीव्र, प्रचण्ड, घोर ।

तुरगः (ना./पुं.) तुतोर्ति शीघ्रं गच्छति *(चाँडो दगुर्छ)* तुर त्वरणे (जुहो.) धातु, तुर्+क (घञर्थमा), तुरः । तुरेण वेगेन गच्छति *(वेगले दगुर्छ)* तुर+गम्+ड[6] (अ), टिलोप= तुरग ।

शब्दार्थ- घोडा, अश्व, हय ।

तुरङ्गः (ना./पुं.) तुरेण वेगेन गच्छतीति *(वेगले हिड्छ)* तुर+गम्+खच्[7] (अ), मुमागम= तुरङ्ग ।

शब्दार्थ- घोडा, अश्व, तुरग, हय ।

तुरीयः/तुर्यः (वि.) चतुर्णां पूरणः इति *(चारको सङ्ख्या पूरा गर्ने)* चतुर्+छ[8] (ईय), आद्यक्षर चलोप = तुरीय । चतुर्+यत्[8] (य), आद्यक्षर चलोप= तुर्य ।

शब्दार्थ- चौथो, चारौं, चतुर्थ, वाणीका चार भेदमध्ये चारौं वैखरी, आत्माको चारौं अवस्था, जसमा आत्मा परमात्मासित तदाकार हुन्छ, तुरीय आश्रम, चतुर्थावस्था ।

---

[1] राजाहः सखिभ्यष्टच् : टच्
[2] सुप्यजातौ...: णिनि
[3] सम्पदादिभ्य क्विप् : क्विप्
[4] मूलविभुजादिभ्य.. (वा.) : क
[5] अत इनिठनौ : इनि
[6] गमेर्डः : ड
[7] गमश्च : खच्
[8] चतुरश्छयता... : छ/यत्, आदि अक्षरलोप

तुलना (ना./स्त्री.) तोल्यते अनया इति *(तौलिन्छ वा तुलना गरिन्छ यसबाट)* तुल उन्माने (चुरा.) धातु, तुल्+णिचि+युच्[1] (अन), गुणाभाव, णिलोप, तुलन+टाप् (आ)= तुलना ।

शब्दार्थ- तौलने काम, तुलना गर्ने काम, आँकलन, दाँज्ने काम, जोखतौल, नापतौल ।

तुलनीयः (वि.) तोलितुं योग्यः, तोल्यते इति वा *(तुलना गर्न लायक)* तुल उन्माने (चुरा.) धातु, तुल्+णिचि+अनीय (र्), गुणाभाव= तुलनीय ।

शब्दार्थ- दाँज्न लायक, तुलना गर्न योग्य, तुलना गर्न उचित हुने, तुल्य ।

तुलसी (ना./स्त्री.) तुलां सादृश्यं स्यति नाशयतीति *(जसको समानता वा तुल्यता हुँदैन)* तुला उपपदपूर्वक षोऽन्तकर्मणि (दिवा.) धातु, सत्व, आत्व, तुला+सा+क[2] (अ), आलोप, ङीष्[3] (ई)= तुलसी ।

शब्दार्थ- एउटा पवित्र वोट, जसको हिन्दुहरू.घर घरमा पूजा गर्दछन्, वृन्दा, वैष्णवहरूको अत्यन्त प्रिय वोट

तुलसीपत्रम् (ना./न.) तुलस्याः पत्रम् *(तुलसीको पात)* ष.त.स.= तुलसीपत्र ।

शब्दार्थ- तुलसीको पात, तुलसीको पत्र ।

तुला (ना./स्त्री.) तोल्यतेऽनया इति *(तौलिन्छ यसबाट)* तुल उन्माने (चुरा.) धातु, तुल्+णिचि+अङ्[4] (अ)+टाप् (आ), णिलोप, गुणाभाव= तुला ।

शब्दार्थ- तराजु, तौलने साधन, जोख्ने साधन, काँटा, तुलो, वाह्र राशिमध्ये एक ।

तुलितः (वि.) तोल्यते स्म इति *(तौलिएको)* तुल उन्माने (चुरा.) धातु, तुल्+णिचि+क्त (त), गुणाभाव, णिलोप, इडागम= तुलित ।

शब्दार्थ- तौलेको, जोख्ने र तौलने काम गरिएको, तुलना गरिएको, दाँजिएको, जोखिएको, नापिएको ।

तुल्यः (वि.) तुलया सम्मितम् *(तुलोद्वारा नापिएको)* तुला+यत्[5] (य), आकारलोप= तुल्य ।

शब्दार्थ- वरावर, समान, तुल्य ।

तुल्यता (ना./स्त्री.) तुल्यस्य भावः *(तुल्य हुनाको भाव वा अवस्था)* तुल्य+तल् (त)+टाप् (आ)= तुल्यता ।

शब्दार्थ- वरावर हुनाको अवस्था, समानता, वरावरीपन ।

तुषः (ना./पुं.) तुष्यतीति *(थोरैबाट सन्तुष्ट हुन्छ)* तुष तुष्टौ (दिवा.) धातु, तुष्+क (अ)= तुष ।

शब्दार्थ-तुच्छ-पदार्थ, धानको वोक्रो, भुस, वर्रोको वोट ।

तुषारः (ना./पुं.) तुष्यति अनेन *(यसबाट सन्तुष्ट रहन्छ)* तुष तुष्टौ (दिवा.) धातु, तुष्+आरन्[6] (आर), उणा., कित्व, गुणाभाव= तुषार ।

तुषारस्तुहिनं हिमम् । तुषारः शीतलः शीतो हिमः- इत्यमरः

शब्दार्थ- हिँउ, शीत, ठण्डी, तुषारो, कुहिरो, ओस, हिमकण, वरफ ।

तुषाराद्रिः (ना./पुं.) तुषारस्य अद्रिः *(हिँउको पर्वत)* ष.त.स., दीर्घ= तुषाराद्रि ।

शब्दार्थ- हिँउको पहाड, हिमाद्रि, हिमाचल ।

तुष्टः (वि.) तुष्यते स्म इति *(सन्तुष्ट भएको)* तुष तुष्टौ (दिवा.) धातु, तुष्+क्त (त), ष्टुत्व= तुष्ट ।

शब्दार्थ- सन्तुष्ट भएको, अघाएको, तृप्त, प्रसन्न, खुसी ।

तुष्टता (ना./स्त्री.) तुष्टस्य भावः *(सन्तुष्ट हुनाको भाव वा अवस्था)* तुष्ट+तल् (त)+टाप् (आ)= तुष्टता ।

शब्दार्थ- तृप्तता, परितुष्टता, सन्तोष, सन्तुष्टि ।

तुष्टिः (ना./स्त्री.) तुष्यते इति *(सन्तुष्ट हुनु)* तुष तुष्टौ (दिवा.) धातु, तुष्+क्तिन् (ति), ष्टुत्व= तुष्टि ।

शब्दार्थ- सन्तुष्टि, प्रसन्नता, सन्तोष, तृप्ति ।

तुष्टिदाता (वि.) तुष्टिं ददातीति *(तुष्टि दिन्छ)* डुदाञ् दाने (जुहो.) धातु, तुष्टि+दा+तृच् (तृ)= तुष्टिदाता ।

शब्दार्थ- सन्तुष्टि दिने, तृप्त पार्ने, प्रसन्न पार्ने ।

तुहिनम् (ना./न.) तोहतीति *(पीडा दिन्छ)* तुहिर् अर्दने (भ्वा.) धातु, तुह्+इनन्[7] (उणा.)= तुहिन ।

शब्दार्थ- हिँउ, हिम, तुषारो, शीत, ओस ।

तृणम् (ना./न.) तृह्यते इति *(तोडिन्छ)* तृह हिंसायाम् (रुधा.) धातु, तृह्+क्न[8] (न), उणा., हकारको लोप, णत्व= तृण ।

अथवा तृण्यते भक्ष्यते पशुभिः इति *(पशुहरूद्वारा खाइन्छ)* तृणु अदने (तना.) धातु, तृण्+क (अ), घञर्थमा= तृण ।

शब्दार्थ- त्यान्द्रो, तृण, घाँसपात, झार, झारपात, त्यान्द्रोको रूपमा पाइने खर, कुश आदि झारपात ।

तृणजलम् (ना./न.) तृणानि च जलानि च तयोः समाहारः *(तृण र जलको समुदाय)* द्व.स.= तृणजल ।

शब्दार्थ- तृण र पानी, तृण र जल ।

तृणलवः (ना./पुं.) तृणस्य लवः *(तृणको सूक्ष्मखण्ड)* ष.त.स.= तृणलव ।

शब्दार्थ- सूक्ष्मकण, तृणकण ।

तृणसमः (वि.) तृणेन समः *(तृण समान)* तृ.त.स. =तृणसम ।

शब्दार्थ- तृण वरावर, तृणकै समान, नगण्य ।

तृतीयः (वि.) त्रयाणां पूरणः इति *(तीनको सङ्ख्या पूरा गर्ने)* त्रि+तीय[9], त्रिको सम्प्रसारणबाट तृ= तृतीय ।

शब्दार्थ- तेस्रो, तिनौं ।

तृतीया (ना./ स्त्री.) त्रयाणां पूरणी *(तीनको सङ्ख्या पूरा गर्ने)* त्रि+तीय[9], त्रिको सम्प्रसारणबाट तृ, तृतीय । तृतीय+टाप् (आ)= तृतीया ।

शब्दार्थ- कृष्ण या शुक्लपक्षको तेस्रो तिथि, तीज, करणकारक र त्यसको विभक्तिचिन्ह ।

---

१. ण्यासश्रन्थो... : युच्

२. आतोऽनुपसर्गे.. : क

३. षिद्गौरादि... : ङीष्

४. षिद्भिदादिभ्य.. : अङ्

५. नौवयोधर्मवि.. : यत्

६. तुषारादयश्च : आरन्

७. वेपितुह्योः.... : इनन्

८. तृहेः क्नो हलोपश्च : क्न

९. त्रेः सम्प्रसारणञ्च : तीय, सम्प्रसारण

तृप्तः (वि.) तृप्यति स्म, तर्पति स्म इति वा *(तृप्त भएको)* तृप प्रीडने (दिवा.) वा तृप तृप्तौ (चुरा.) धातु, तृप्+क्त (त), कर्तामा= तृप्त ।

शब्दार्थ- टन्न अघाएको, सन्तुष्ट, तृप्त भएको, प्रसन्न, खुसी ।

तृप्तिः (ना./स्त्री.) तृप्यति, तर्पतीति वा *(तृप्त हुन्छ)* तृप प्रीडने (दिवा.) वा तृप तृप्तौ (चुरा.) धातु, तृप्+क्तिच् (ति)= तृप्ति ।

शब्दार्थ- सन्तुष्टि, प्रसन्नता, सन्तोष, खुस ।

तृष् (तृट्) (ना./स्त्री.) तर्षणम्, तृष्यते इति वा *(तिर्खाउनु)* ञितृषा पिपासायाम् (दिवा.) धातु, तृष्+क्विप् (सर्वलोप) = तृष् (तृट्) ।

शब्दार्थ-तिर्खा, प्यास, चाहना, लालसा, लिप्सा, आकाङ्क्षा ।

तृषा (ना./स्त्री.) तृष्यतीति *(तृप्त हुन्छ)* ञितृषा पिपासायाम् (दिवा.) धातु, तृष्+क[1] (अ), तृष+टाप् (आ)= तृषा ।

शब्दार्थ-तिर्खा, प्यास, चाहना, लालसा, लिप्सा, लालचा ।

तृषितः (वि.) तृष्यते स्म इति *(तिर्खाएको)* ञितृषा पिपासायाम् (दिवा.) धातु, तृष्+क्त (त), इडागम =तृषित ।

अथवा तृषा सञ्जाता अस्य *(तिर्खाएको वा तिर्सना बढेको छ यसको)* तृष+इतच् (इत)= तृषित ।

शब्दार्थ- तिर्खाएको, प्यासी, लालची, चाहना गरेको, लोभी, पिपासु, तिर्सना गरेको ।

तृष्णा (ना./स्त्री.) तृष्यते, तर्षणमिति वा *(लालसा गर्नु)* ञितृषा पिपासायाम् (दिवा.) धातु, तृष्+न[2] (उणा.), कित्व, णत्व, तृष्ण+टाप् (आ)= तृष्णा ।

शब्दार्थ- तिर्सना, लालसा, प्यास, लालचा, तिर्खा, इच्छा, लाभ, लिप्सा, पिपासा, अभिलाषा, आकाङ्क्षा ।

तेजस् (तेजः) (ना./न.) तेजयतीति *(तेजिलो वा दीप्तिमान् हुन्छ)* तिज निशाने (भ्वा.) वा तेजयति पालयति जनान् प्रकाशप्रदानेन *(प्रकाश प्रदान गरेर मानिसको रक्षा गर्छ)* तेज पालने (भ्वा.) धातु, तिज्/तेज्+असुन्[3] (अस्), उणा., तिजको गुण, तेजस् (तेजः)= तेज ।

तेजो दीप्तौ प्रभावे च स्यात् पराक्रमरेतसोः - मेदिनी
शुक्रं तेजो रेतसि च बीजवीर्येन्द्रियाणि च ।
तेजः प्रभावे दीप्तौ च- इत्यमरः

शब्दार्थ- प्रकाश, ज्योति, दीप्ति, कान्ति, गर्मी, ताप, शक्ति, पराक्रम, वीर्य, शौर्य, बल, प्रभाव, इन्द्रिय, पञ्च महाभूतमध्ये एक, अग्नितत्त्व ।

तेजस्विता (ना./स्त्री.) तेजः अस्य, अस्मिन् अस्तीति *(तेज छ यसको वा यसमा)* तेजस्+विनि[4] (विन्), तेजस्विन्: तेजस्विनः भावः *(तेजस्वी हुनाको भाव वा अवस्था)* तेजस्विन्+तल् (त), टाप् (आ), नलोप= तेजस्विता ।

शब्दार्थ- तेजिलोपना, तेजस्वी हुनाको अवस्था, पराक्रमशीलता, उज्यालोपन ।

तेजस्विनी (ना./स्त्री.) तेजः अस्याः, अस्याम् अस्तीति *(तेज छ यस स्त्रीको वा यस स्त्रीमा)* तेजस्+विनि (विन्), तेजस्विन् । तेजस्विन्+ङीप्[5] (ई)= तेजस्विनी ।

शब्दार्थ- तेजिली वा फुर्तीली आइमाई, वलवती स्त्री, तेज भएकी नारी, तेजोवती स्त्री ।

तेजस्वी (वि.) तेजः अस्य, अस्मिन् अस्तीति वा *(तेज छ यसको वा यसमा)* तेजस्+विनि (विन्), तेजस्विन् =तेजस्वी ।

शब्दार्थ- तेज वा वल भएको, फुर्तिलो, शक्तिले परिपूर्ण ।

तेजोमयः (वि.) तेजसः आगतः, प्रकृतं प्रचुरं तेजः *(तेजबाट आएको, धेरै तेज भएको)* तेजस्+मयट्[6] (मय), रुत्व, उत्व= तेजोमय ।

शब्दार्थ- तेजस्वी, उज्ज्वल, प्रकाशमान, चम्किलो, ज्योतिर्मय, तेजै तेजले भरिएको ।

तेजोवधः (ना./पुं.) हन्यते इति *(विनाश गरिन्छ)* हन हिंसागत्योः (अदा.) धातु, हन्+अप्[7] (अ), 'हन्' को वधादेश, वधः । तेजसः वधः *(शक्तिको वध)* ष.त.स. =तेजोवध ।

शब्दार्थ- शक्तिहीन गराउने काम, शक्ति क्षय गर्ने काम, तेजको नाश, तेज हरण गर्ने काम ।

तैजसः (वि./ना./न.) तेजसः विकारः *(तेजको विकार)*, तेजसः अयम् *(तेजको यो)*, तेजः अस्ति अस्य *(तेज छ यसको)* तेजस्+अण्[8] (अ), आदिवृद्धि= तैजस ।

शब्दार्थ- तेजसम्वन्धी विकारयुक्त, शक्तिले परिपूर्ण, चम्किलो, तेजस्वी, तेज भएको, तैजस धातु वा द्रव्य ।

तैत्तिरीयः (ना./पुं.) तित्तिरिणा प्रोक्तमधीयते *(तित्राले बताएको कुरा अध्ययन गरिन्छ)* तित्तिरि+छण्[9] (ईय), आदिवृद्धि, इकारलोप= तैत्तिरीय ।

शब्दार्थ- कृष्ण यजुर्वेदको एक शाखा, कृष्ण यजुर्वेदको तैत्तिरीय शाखा ।

तैलम् (ना./न.) तिलस्य, तिलसदृशवस्तुनः वा विकारः *(तिल वा तिलसमान वस्तुको विकार)* तिल+अण्[8] (अ), वृद्धि= तैल ।

शब्दार्थ- तिलको तेल, तिल जस्तै तेल आउने अन्य वस्तुको तेल ।

तैलकम् (ना./न.) अल्पं तैलम् *(थोरै तेल)* तैल+क[10] (प्रत्यय); अल्पार्थमा = तैलक ।

शब्दार्थ- थोरै तेल, तेलको अल्पपरिमाण, अलिकति तेल ।

---

[1] इगुपधज्ञा... : क (प्रत्यय)
[2] तृषिशुषिरसिभ्यः कित् : न, कित्व
[3] सर्वधातुभ्योऽसुन् : असुन्
[4] अस्मायामेधास्रजो विनिः : विनि
[5] ऋन्नेभ्यो ङीप् : ङीप्
[6] मयट् च/तत् प्रकृतवचने... मयट्
[7] हनो वधश्च : अप्, वधादेश
[8] तस्य विकारः/तस्येदम्/अण् च : अण्
[9] तित्तिरिवरतन्तु.. : छण्
[10] अल्पे : क

तोयम् (ना./न.) तौतीति *(पूर्ण हुन्छ)* तु गतिवृद्धिहिंसार्थकसौत्र (अदा.) धातु, तु+विच्[1], सर्वलोप, तु । तवे पूर्त्यै यातीति *(पूरा गर्नको लागि अगाडि बढ्छ)* तु उपपदपूर्वक या प्रापणे (अदा.) धातु, तु+या+क[2] (अ), आकारलोप, तुको तो (पृषोदरादिबाट)= तोय ।

शब्दार्थ- पानी, जल, सलिल, उदक, नीर ।

तोयनिधिः (ना./पुं.) तोयानि निधीयन्ते अत्र *(जल धारण गरिन्छ यहाँ)* तोय उपपदमा हुने निपूर्वक डुधाञ् धारणपोषणयोः (जुहो.) धातु, तोय+नि+धा+कि[3] (इ), आलोप= तोयनिधि ।

शब्दार्थ- समुद्र, सागर, उदधि, सिन्धु ।

तोरणः (ना./पुं./न.) तुतोर्ति अत्र *(शीघ्र प्रवेश गर्छ वा परिवेष्ठित गरिन्छ यहाँ)* तुर त्वरणे (जुहो.) धातु, तुर्+ल्युट् (अन), अधिकरणमा, गुण= तोरण ।

अथवा तोलयति उन्नमयति *(झुकाउँछ)* तुल उन्माने (चुरा.) धातु, तुल्+ल्यु[4] (अन), लको र, (ल तथा र को अभेद सम्वन्ध हुँदा), णत्व= तोरण ।

तोरणोऽस्त्री बहिर्द्वारम्- इत्यमरः

शब्दार्थ- वाहिरी ढोका, वहिर्द्वार, प्रवेशद्वार, उत्सवादिमा फूल वा कपडा आदिवाट वनाइने शोभाद्वार, विभिन्न धार्मिक कार्य गर्दा घरका भित्तामा वेरिने धागो वा खरको डोरी आदि ।

तोषः/तोषणम् (ना./पुं./न.) तुष्यते इति *(तुष्ट हुनु)* तुष तुष्टौ (दिवा.) धातु, तुष्+घञ् (अ), गुण= तोष ।

तुष्+ल्युट् (अन), गुण, णत्व= तोषण ।

शब्दार्थ- सन्तुष्टि, प्रसन्नता, सन्तोष, तृप्ति ।

तोषणीयः/तोष्यः (वि.) तोषितुं योग्यः *(तृप्त गराउन योग्य)* तुष तुष्टौ (दिवा.) धातु, तुष्+णिचि+अनीय (र्), गुण, णत्व, णिलोप= तोषणीय ।

तुष्+ण्यत् (य), गुण= तोष्य ।

शब्दार्थ- सन्तुष्ट गराउन योग्य, तृप्त गराउन लायक वा तृप्त पार्नु पर्ने ।

तौलम् (ना./न.) तुलया तुल्यते इति *(तुलाले तौलिन्छ)* तुला+अण् (अ), आदिवृद्धि, अकारलोप= तौल ।

शब्दार्थ- कुनै वस्तुको परिमाण, वजन, तौलने वा जोख्ने काम, तराजु ।

त्यक्तः/त्यक्ता (वि.) त्यज्यते स्म इति *(त्याग गरिएको वा गरिएकी)* त्यज हानौ (भ्वा.) धातु, त्यज्+क्त (त), कुत्व= त्यक्त ।

स्त्रीत्व बुझाउँदा, त्यक्त+टाप् (आ)= त्यक्ता ।

शब्दार्थ- त्यागिएको, छोडिएको, परित्यक्त, त्याग गरिएको, त्याग गरिएकी, छोडिएकी, परित्यक्ता ।

त्यद् (सर्व.) त्यजतीति *(त्याग गर्छ)* त्यज हानौ (भ्वा.) धातु, त्यज्+अदि[5] (अद्), उणा., डित्व, टिलोप=त्यद् ।

शब्दार्थ- त्यो, यो शब्द सर्वनामको रूपमा प्रयोग गरिन्छ ।

त्यागः (ना./पुं.) त्यज्यते इति *(त्यागिन्छ)* त्यज हानौ (भ्वा.) धातु, त्यज्+घञ् (अ), वृद्धि, कुत्व= त्याग ।

शब्दार्थ-परित्याग, छोड्ने काम, त्याग गर्ने काम, उत्सर्ग ।

त्यागपत्रम् (ना./न.) त्यागस्य पत्रम् *(त्याग गरिएको पत्र वा कागज)* ष.त.स.= त्यागपत्र ।

शब्दार्थ- त्याग गर्दा लेखिएको कागज, राजीनामा, छोडपत्र, पारपाचुकेको पत्र ।

त्यागवान्/त्यागी (वि.) त्यागः अस्यास्तीति *(त्याग छ यसको)* त्याग+मतुप्[6] (मत्), मको व, त्यागवत् =त्यागवान् ।

त्याग+इनि[7] (इन्), अकारलोप, त्यागिन्= त्यागी ।

अथवा त्यजति तच्छीलः *(त्यागन निपुण)* त्यज हानौ (भ्वा.) धातु, त्यज्+घिनुण्[8] (इन्), वृद्धि, कुत्व, त्यागिन् =त्यागी ।

शब्दार्थ- त्याग गर्ने, जोगी, योगी, सन्यासी, दानी, दानशील, दाता, निःस्पृह ।

त्याज्यः (वि.) त्यक्तुं योग्यः *(छोड्न लायक)* त्यज हानौ (भ्वा.) धातु, त्यज्+ण्यत् (य), वृद्धि= त्याज्य ।

शब्दार्थ- छोड्न वा त्यागन योग्य, परित्याग गर्न लायक, छोड्नु पर्ने ।

त्र

त्रः (वि./ना./पुं.) त्रायते इति *(रक्षा गर्छ)* त्रैङ् पालने (भ्वा.) धातु, आत्व, त्रा+ड (अ), आकारलोप= त्र ।

परिचय- त र अ- यी तीनवटै अक्षरको संयुक्तरूप ।

शब्दार्थ- पालनकर्ता, त्राता, रक्षक, रक्षा गर्ने व्यक्ति ।

त्रपा (ना./स्त्री.) त्रप्यते अनया इति *(लजाइन्छ यसबाट)* त्रपूष् लज्जायाम् (भ्वा.) धातु, त्रप्+अङ्[9] (अ)+टाप् (आ)= त्रपा ।

शब्दार्थ- लाज, लज्जा, व्रीडा, शर्म ।

त्रयः/त्रितयः (वि.) त्रयः अवयवाः अस्य *(तीन अवयव छन् यसका)* त्रि+तयप्[10] (तय), तयप्को अयच्[11] (विकल्पले), त्रि अय, इकारलोप= त्रय ।

अयच्को अभावमा त्रि तयप्= त्रितय ।

शब्दार्थ- तीन, तीनको समूहमा विभक्त, तीनगुना ।

त्रयी (ना./स्त्री.) त्रयः अवयवाः अस्य *(तीन अवयव छन् यसका)* त्रि+तयप्[10] (तय), तयप्को अयच् (विकल्पले) त्रि अय, इकारलोप, त्रयः । त्रय+ङीप् (ई)= त्रयी ।

शब्दार्थ- ऋक्, यजु, साम- यी तीनवेदको समूह, त्रयीविद्या, तीन वेद ।

---

[1] अन्येभ्योऽपि दृश्यते : विच्

[2] आतोऽनुपसर्गे... : क

[3] उपसर्गे घोः किः : कि

[4] नन्दिग्रहि... : ल्यु

[5] त्यदितनियजिभ्यो डित् : अदि, डित्व

[6] तदस्यास्त्यस्मिन्... : मतुप्

[7] अत इनिठनौ : इनि

[8] संपृचानुरुधाङ्य... : घिनुण्

[9] षिद्भिदादिभ्योऽङ् : अङ्

[10] संख्याया अवयवे... : तयप्

[11] द्वित्रिभ्यां तयस्य... : अयच्

त्रयोदशः (वि.) त्रयश्च दश च, त्रि अधिका दश वेति *(तीन र दश)* द्व.स./क.त.स., त्रयोदशन्=त्रयोदश । त्रयोदशानां पूरणः *(तेह्रको संख्या पूर्ण गर्ने)* त्रयोदशन्+डट्[1] (अ), 'अन्'भागको टिलोप=त्रयोदश ।

शब्दार्थ- तेह्रौं, तेह्रको सङ्ख्या पूरा गर्ने ।

त्रयोदशी (ना./स्त्री.) त्रयश्च दश च, त्रि अधिका दश वेति *(तीन र दश)* द्व.स./क.त.स., त्रयोदशन्, त्रयोदश । त्रयोदशानां पूरणी *(तेह्रौं (तिथि) पूरा गर्ने)* त्रयोदशन्+डट्[1] (अ), टिलोप, त्रयोदश+ङीप् (ई) =त्रयोदशी ।

शब्दार्थ- कृष्णपक्ष र शुक्लपक्ष दुवैको तेह्रौ तिथि, त्रयोदशी तिथि ।

त्रयोविंशतिः (ना./स्त्री.) त्रयश्च विंशतिश्च, त्रि अधिका विंशतिः वेति *(तीन र बीस)* त्रि+विंशति, द्व.स. वा क.त.स., त्रिको त्रयस् आदेश, रुत्व, उत्व, गुण =त्रयोविंशति ।

शब्दार्थ- तेईस वुझाउने सङ्ख्या, तीन र वीस जोड्दा हुने सङ्ख्या ।

त्रयश्चत्वारिंशत् (ना./स्त्री.) त्रयश्च चत्वारिंशच्च, त्रि अधिका चत्वारिंशत् वेति *(तीन र चालीस)* त्रि+चत्वारिंशत्, द्व.स./क.त.स., त्रिको त्रयस् आदेश, सको शत्व= त्रयश्चत्वारिंशत् ।

शब्दार्थ- त्रिचालीस वुझाउने सङ्ख्या, तीन र चालीसको जोड वुझाउने सङ्ख्या ।

त्रस्तः (वि.) त्रस्यते स्म इति *(डराएको)* त्रसी उद्वेगे (भ्वा.) धातु, त्रस्+क्त (त)= त्रस्त ।

शब्दार्थ- भयले काँपेको, भयभीत, आतङ्कित, डरले त्रस्त भएको, डरपोक, काँतर ।

त्राणम् (ना./न.) त्रायते इति *(रक्षा गरिन्छ)* त्रैङ् पालने (भ्वा.) धातु, त्रै+ल्युट् (अन), आत्व, णत्व= त्राण ।

शब्दार्थ- रक्षा गर्ने काम, प्रतिरक्षा, सहारा, आश्रय ।

त्राणः/त्रातः (वि.) त्रायते स्म इति *(रक्षा वा पालना गरिएको)* त्रैङ् पालने (भ्वा.) धातु, त्रै+क्त (त), आत्व, निष्ठा तको नत्व[2] (विकल्पले), णत्व= त्राण । नत्वको अभावमा= त्रात ।

शब्दार्थ- रक्षा गरिएको, संरक्षित, अभिरक्षित, प्रतिरक्षित, वचाएको, पालना गरिएको ।

त्रातव्यः (वि.) त्रातुं योग्यः *(रक्षा गर्न योग्य)* त्रैङ् पालने (भ्वा.) धातु, त्रै+तव्यत् (तव्य), आत्व= त्रातव्य ।

शब्दार्थ-रक्षा गर्न वा पालना गर्न लायक, वचाउँन योग्य,

त्राता (वि.) त्रायते इति *(रक्षा गर्छ)* त्रैङ् पालने (भ्वा.) धातु, त्रा+तृच्[3] (तृ), त्रातृ= त्राता ।

शब्दार्थ- रक्षा गर्ने, पालना गर्ने, रक्षक, प्रतिपालक, संरक्षक, आश्रय दिने ।

त्रापुषः (वि.) त्रपूणां विकारः अवयवः *(लाहाको विकार वा अवयव)* त्रपुस्+अण्[4] (अ), षुक्, आदिवृद्धि= त्रापुष ।

शब्दार्थ- लाहाको, लाहासम्वन्धी, लाहाको विकार ।

त्रासः (ना./पुं.) त्रस्यते इति *(डराउनु)* त्रसी उद्वेगे (दिवा.) धातु, त्रस्+घञ् (अ), वृद्धि= त्रास ।

शब्दार्थ- भय, डर, आतङ्क, तरास, धक ।

त्रासदः (ना./पुं.)/**त्रासदी** (ना./स्त्री.) त्रासं ददातीति *(त्रास वा विनाश प्रदान गर्छ)* डुदाञ् दाने (जुहो.) धातु, त्रास+दा+क (अ)= त्रासद ।

स्त्रीत्व वुझाउँदा, त्रासद+ङीष् (ई)= त्रासदी ।

शब्दार्थ- दुःखमा अन्त्य हुने- नाटक, महाकाव्य, दुःखान्त-नाटक, उपन्यास आदि ।

त्रिंशः (वि.) त्रिंशतां पूरणः *(तीसको सङ्ख्या पूरा गर्ने)* त्रिंशत्+डट्[1](अ), त्रिंशत्का अत्भागको टिलोप=त्रिंश ।

शब्दार्थ- तीसौं, तीसको सङ्ख्या पूरा गर्ने ।

त्रिंशकः (वि.) त्रिंशद्भिः क्रीतः *(तीस मूल्यले किनिएको)* त्रिंशद्+ड्वुन्[5] (अक), त्रिंशत्का अत् अंशको टिलोप =त्रिंशक ।

शब्दार्थ- तीसमा किनिएको, तीस मूल्यको, तीस रुपैया वा तीस पैसा मूल्य परेको ।

त्रिंशत् (ना./ स्त्री.) त्रयाणां दशानां परिमाणमस्य *(तीनवटा दशको परिमाण छ यसको)* त्रि+शतिच्[6] (शत्), प्रकृतिको त्रिन् भावनिपातन, त्रिन्शत्, अनुस्वारागम = त्रिंशत् ।

शब्दार्थ- तीसको सङ्ख्या, तीनवटा दशको जोडसङ्ख्या ।

त्रिः (वि.) तरतीति *(तर्छ)* तॄ प्लवनतरणयोः (भ्वा.) धातु, तॄ+ड्रि[7](रि), उणा.,तॄका ॠ अंशको टिलोप=त्रि ।

शब्दार्थ- तीन, तीनको सङ्ख्या वुझाउने ।

त्रिकालः (ना./पुं.) त्रयः (भागाः) कालानाम् *(कालको तीन भाग)* ष.त.स.= त्रिकाल ।

शब्दार्थ-कालको तीन भाग, भूत, वर्तमान र भविष्यत् काल, दिनको तीन भाग, प्रातः मध्याह्न र सायङ्काल ।

त्रिकालज्ञः (वि./ना./पुं.) त्रिकालं जानातीति *(तीनै काल जान्दछ)* त्रिकालपूर्वक ज्ञा अवबोधने (क्र्या.) धातु, त्रिकाल+ज्ञा+क[8] (अ), आकारलोप= त्रिकालज्ञ ।

शब्दार्थ- भूत भविष्य र वर्तमान तीनै कालका कुरा जान्ने, सर्ववेत्ता, सर्वविज्ञ, परमेश्वर ।

त्रिकालदर्शी (वि.) त्रिकालं द्रष्टुं शीलमस्येति *(तीनै काल हेर्ने शील छ यसको)* त्रिकाल उपपदपूर्वक दृशिर् प्रेक्षणे (भ्वा.) धातु, त्रिकाल+दृश्+णिनि[9] (इन्), गुण, त्रिकालदर्शिन्= त्रिकालदर्शी ।

शब्दार्थ- तीनै कालका कुरा देख्ने र जान्ने, त्रिकालज्ञ, सर्वज्ञ, सर्वदर्शी ।

---

[1] तस्य पूरणे... : डट्

[2] नुदविदोन्द... : नत्व (विकल्पले)

[3] ण्वुल्तृचौ : तृच्

[4] त्रपुजतुनोः षुक् : अण्/षुक्

[5] विंशतित्रिंशद्भ्याम्... : ड्वुन्

[6] पङ्क्तिविंशतित्रिंशत्...: शतिच्/त्रिन्निपातन

[7] तरतेर्ड्रिः : ड्रि (प्रत्यय)

[8] आतोऽनुपर्गे... : क (प्रत्यय)

[9] सुप्यजातौ... : णिनि

त्रिकूटः (ना./पुं.) त्रीणि कूटानि अस्य *(तीन शिखर छन् यसका)* ब.स.= त्रिकूट ।

शब्दार्थ- त्रीकुटाचल पर्वत, श्रीलङ्काको एउटा पहाड जहाँ रावणको राजधानी थियो ।

त्रिकोणम् (ना./न./वि.) त्रयाणां कोणानां समुदायः *(तीन कोणको समूह)* द्वि.त.स. वा त्रयः कोणाः यत्र *(तीन कोण छ जहाँ)* ब.स.= त्रिकोण ।

शब्दार्थ- तीन कोण, तीनवटा कोणको समूह, ज्योतिष-शास्त्रमा लग्नदेखि पाँचौ र नवौं स्थान, तीनकुने ।

त्रिगुणम् (ना./न./वि.) त्रयाणां गुणानां समाहारः *(तीन गुणको समूह)* द्वि.त.स.= त्रिगुण ।

अथवा त्रयः गुणाः यत्र *(तीन गुण छन् जहाँ)* व.स. =त्रिगुण ।

शब्दार्थ- सत्त्व, रज र तम यी तीन गुणको समुदाय, धर्म, अर्थ, काम, मोक्षको समूह, त्रितत्त्व, सत्त्व रज र तम तीन गुणले युक्त भएको, तीनगुना, तेवर ।

त्रिचत्वारिंशत् (ना./ स्त्री.) त्रिअधिका चत्वारिंशत् *(तीनभन्दा अधिक चालीस)* त्रि+चत्वारिंशत्, क.त.स. = त्रिचत्वारिंशत् ।

शब्दार्थ- त्रिचालीस वुझाउने सङ्ख्या, तीन र चालीसको योगसङ्ख्या ।

त्रिचतुरः (वि.) त्रयः वा चत्वारः वेति *(तीन वा चार)* व.स.= त्रिचतुर ।

शब्दार्थ- तीन अथवा चार ।

त्रिदिवः (ना./पुं.) त्रयः देवाः ब्रह्माविष्णुरुद्राः दीव्यन्ति अत्र *(तीनै देवता ब्रह्मा विष्णु रुद्र यहाँ क्रीडा गर्छन्)* त्रि उपपदपूर्वक दिवु क्रीडाविजिगीषाव्यवहारादिषु (दिवा.) धातु, त्रि+दिव्+घञ्[1]/क (अ), गुणको अभाव (संज्ञापूर्वक हुँदा)= त्रिदिव ।

शब्दार्थ- ब्रह्मा, विष्णु, शिव- यी तीनै देवता क्रीडा गर्नेस्थल, स्वर्ग, देवस्थल ।

त्रिदेवः (ना./पुं.) दिव्यन्ति प्रकाशन्ते इति *(प्रकाशित हुन्छन्)* दिवु क्रीडादौ (दिवा.) धातु, दिव्+अच् (पचादि), गुण, देवाः । त्रयश्च ते देवाश्च *(तीन देवता)* क.त.स.= त्रिदेव ।

शब्दार्थ- ब्रह्मा, विष्णु, शिव- यी तीन देवता ।

त्रिधा (अव्य.) त्रि प्रकारेण इति *(तीन प्रकारले)* त्रि+धा[2] =त्रिधा ।

शब्दार्थ- तीन प्रकारले, तीन किसिमले ।

त्रिनयनः/त्रिनेत्रः (ना./पुं.) त्रीणि चन्द्रसूर्याग्निरूपाणि नयनानि/नेत्राणि यस्य *(चन्द्र, सूर्य र अग्निरूप तीन आँखा या नेत्र छन् जसका)* त्रि+नयन/त्रि+नेत्र, व.स.= त्रिनयन/त्रिनेत्र ।

शब्दार्थ- त्रिलोचन, तीन नेत्र हुने भगवान् शङ्कर, शिव ।

त्रिपदा (ना./स्त्री.) त्रयः पादाः चरणानि यस्याः *(तीन पाउ वा चरण छन् जसका)* व.स., त्रिपद+टाप् (आ), पादको पदादेश= त्रिपदा ।

शब्दार्थ- गायत्री, सावित्री, तीन पाउ वा चरण भएको मन्त्र

त्रिपथम् (ना./न.) त्रयाणां पथां समाहारः *(तीन मार्गको समुदाय)* त्रि+पथिन्, द्वि.त.स., त्रिपथिन्+अच्[3] (समासान्त) = त्रिपथ ।

शब्दार्थ- वेदोक्त तीन मार्ग- कर्म, उपासना र ज्ञानमार्ग, तीनवटा बाटो मिल्ने ठाउँ ।

त्रिपथगा (ना./स्त्री.) त्रयाणां पथां समाहारः *(तीन मार्गको समूह)* द्वि.त.स., त्रिपथिन्+अच् (अ), समासान्त, त्रिपथः । त्रिपथेन गच्छतीति *(तीन मार्गबाट चल्छ)* त्रिपथपूर्वक गम्लृ गतौ (भ्वा.)धातु, त्रिपथ+गम्+ड (अ), टिलोप, त्रिपथग+टाप् (आ)= त्रिपथगा ।

शब्दार्थ- तीन मार्ग वा धार भएर बहने भागीरथी गङ्गा ।

त्रिपुरम् (ना./न.) त्रयाणां पुराणां समाहारः *(तीन पुरको समुदाय)* द्वि.त.स.= त्रिपुर ।

शब्दार्थ- स्वर्ग, मर्त्य र पाताल तीनलोक, तीनवटा पुरहरूको समूह, पुरत्रय, त्रिपुर दाहका तीनपुर ।

त्रिपुण्ड्रः (ना./पुं./न.) त्रयः पुण्ड्राः रेखाः पुडचन्ते इति *(तीन रेखा छुट्टयाइन्छन्)* त्रिपूर्वक पुडि खण्डने (भ्वा.) धातु, नुम्, त्रि+पुण्ड्+रक्[4] (र), उणा.= त्रिपुण्ड्र ।

अथवा त्रयाणां पुण्ड्राणां समाहारः *(तीन पुण्ड्र या रेखाको समुदाय)* द्वि.त.स.= त्रिपुण्ड्र ।

शब्दार्थ- चन्दन वा भष्मादिको निधारमा लगाइएको तीन रेखा, त्रिपुण्ड्रक ।

त्रिपुण्ड्रकः (ना./पुं.) त्रिपुण्ड्रः एव *(तीन रेखा नै)* त्रिपुण्ड्र +कन् (क), स्वार्थमा= त्रिपुण्ड्रक ।

शब्दार्थ- शैवधर्मीहरूले निधारमा लगाउने चन्दनादिको तीनरेखा, चन्दन वा भष्मवाट वनाइएको तीन रेखा ।

त्रिफला/तृफला (ना./स्त्री.) त्रयाणां फलानां समाहारः *(तीन फलको समूह)* त्रि+फल, द्वि.त.स., त्रिफल+टाप् (आ)= त्रिफला ।

तृफतीति *(तृप्त हुन्छ)* तृफ तृप्तौ (तुदा.) धातु, तृफ्+कल[5] (अल), उणा., तृफल+टाप् (आ)=तृफला ।

शब्दार्थ-हर्रो, वर्रो र अमलाका फलहरूको समष्टि वा समूह ।

त्रिभुजम् (ना./न.) त्रयाणां भुजानां समाहारः *(तीन भुजाको समुदाय)* द्वि.त.स.= त्रिभुज ।

शब्दार्थ- तीन भुजाको समूह, तीन भुजा, त्रिकोण ।

त्रिभुवनम् (ना./न.) त्रयाणां भुवनानां समाहारः *(तीन भुवनको समुदाय)* त्रि+भुवन, द्वि.त.स.= त्रिभुवन ।

शब्दार्थ- स्वर्ग, मर्त्य, पाताल- यी तीन भुवनको समुदाय, त्रिलोक, तीनलोक ।

---

[1] हलश्च : घञ्

[2] संख्याया विधार्थे... : धा

[3] ऋक्पूरब्धु... : अच् (समासान्त)

[4] स्फायितञ्चि... : रक्

[5] कलस्तृपश्च : कल (प्रत्यय)

त्रिमुनि (ना./न./अव्य.) त्रयाणां मुनीनां समाहारः *(तीन मुनिको समूह)* त्रि+मुनि, द्वि.त.स.= त्रिमुनि ।
अथवा त्रयश्च ते मुनयश्च व्याकरणस्य *(व्याकरणका तीन मुनिहरू)* अव्य.स.[1]= त्रिमुनि ।
शब्दार्थ- संस्कृत व्याकरणकार पाणिनि, कात्यायन, पतञ्जलि- यी तीन मुनि वा यी तीन मुनिको समुदाय ।

त्रिमूर्ति (ना./न.) त्रयाणां मूर्तीनां समाहारः *(तीन मूर्तिको समुदाय)* द्वि.त.स.= त्रिमूर्ति ।
शब्दार्थ- ब्रह्मा, विष्णु र महादेव- यी तीन देवताको समष्टिगतरूप, सूर्यनारायण ।

त्रिमूर्धः (वि.) त्रयः मूर्धानः यस्य *(तीन शिर छन् जसका)* ब.स.= त्रिमूर्ध ।
शब्दार्थ- तीन शिर भएको ।

त्रियुगम् (ना./न.) त्रयाणां युगानां समाहारः *(तीन युगको समूह)* द्वि.त.स.= त्रियुग ।
शब्दार्थ- सत्य, त्रेता, द्वापर- यी तीन युगको समूह वा समुदाय ।

त्रिरत्नम् (ना./न.) त्रयाणां रत्नानां समाहारः *(तीन रत्नको समूह)* द्वि.त.स.= त्रिरत्न ।
शब्दार्थ- सुन, चाँदी र तामाको समूह, ब्रह्मा, विष्णु र महेश्वर- यी तीन देवरत्नको समष्टिगतरूप ।

त्रिरात्रम् (ना./न.) त्रयाणां रात्रीणां समाहारः *(तीन रातको समूह)* द्वि.त.स.= त्रिरात्र ।
शब्दार्थ- तीन रातको समूह, तीन रात्रिको समुदाय ।

त्रिलोकम् (ना./न.) त्रयाणां लोकानां समाहारः *(तीन लोकको समूह)* द्वि.त.स.= त्रिलोक ।
शब्दार्थ- स्वर्ग, मर्त्य र पाताल- यी तीनलोक, भूर्भुवादि लोकत्रय, तीन भुवन ।

त्रिलोकनाथः (ना./पुं.) त्रयाणां लोकानां नाथः *(तीनै लोकका मालिक)* ष.त.स.= त्रिलोकनाथ ।
शब्दार्थ- तीनै लोकका स्वामी, परब्रह्म परमेश्वर, ब्रह्मा, विष्णु, महेश्वर ।

त्रिलोचनः (ना./पुं./वि.) त्रीणि लोचनानि यस्य *(तीन लोचन छन् जसका)* ब.स.= त्रिलोचन ।
शब्दार्थ- शिव, महेश्वर, तीन आँखा भएको, तीन आँखे ।

त्रिवर्गः (ना./पुं.) त्रयाणां वर्गः समूहः *(तीनवटाको वर्ग वा समूह)* ष.त.स.= त्रिवर्ग ।
शब्दार्थ- धर्म, अर्थ, काम- यी तीन पुरुषार्थको समूह, नीतिवेत्ताहरूको क्षय, स्थान र वृद्धि- यी तीन वर्ग ।

त्रिविधः (वि.) त्रिस्रः विधाः यस्य *(तीन प्रकार छन् जसका)* ब.स., ह्रस्व= त्रिविध ।
शब्दार्थ- तीन प्रकारको, तीन किसिमको ।

त्रिविक्रमः (ना./पुं.) त्रिषु लोकेषु विक्रमाः पादविन्यासाः यस्य सः *(तीनै लोकमा पाउ विन्यास छन् जसका)* ब.स.= त्रिविक्रम ।
अथवा त्रीन् लोकान् विशेषेण क्रामति व्याप्नोतीति *(तीनै लोक विशेषप्रकारले ढाक्तछन्)* क्रमु पादविक्षेपे (भ्वा.) धातु, त्रि+वि+क्रम्+अप् (अ)= त्रिविक्रम ।
शब्दार्थ- विष्णु, वामनरूपधारी भगवान् विष्णु, जसको पादविन्यासले तीनै लोक ढाकेको थियो ।

त्रिवेणी (ना./स्त्री.) वेणते इति *(बहन्छ)* वेणृ गतिज्ञान-चिन्तानिशामनवादित्रग्रहणेषु (भ्वा.) धातु, वेण्+इन्[2], वेणिः । वेणि+ङीष् (ई), वेणी । तिसृणां वेणीनां जलप्रवाहः यत्र *(तीनवटा नदीका जलको प्रवाह छ जहाँ)* त्रि+वेणी, ब.स.= त्रिवेणी ।
शब्दार्थ- तीनवटा नदी मिलेको ठाउँ, गङ्गा, यमुना र सरस्वती नदीको सङ्गमस्थल- प्रयाग, देवघाट आदि तीर्थस्थल, तीननदीको सङ्गमस्थल ।

त्रिशतः (वि./ना./न.) त्रयश्च शतानि च *(तीन सय)* त्रि+शत, द्व.स.= त्रिशत ।
अथवा त्रयाणां शतानां समाहारः *(तीन सयको समुदाय)* द्वि.त.स.= त्रिशत ।
शब्दार्थ- तीनसय, तीनसयको समुदाय ।

त्रिशूलम् (ना./न.) शूलतीति *(रोगाउँछ वा रोप्छ)* शूल रुजायां सङ्घोषे च (भ्वा.) धातु, शूल्+क (अ), शूल ।
त्रयाणां शूलानां समाहारः *(तीनवटा शूल वा चुच्चोको समूह)* त्रि+शूल, द्वि.त.स.= त्रिशूल ।
शब्दार्थ- शिवजीको प्रसिद्ध अस्त्र, तीन चुच्चो भएको अस्त्रविशेष ।

त्रिसहस्रम् (ना./न.) त्रयाणां सहस्राणां समाहारः *(तीनहजारको समूह)* द्वि.त.स.= त्रिसहस्र ।
शब्दार्थ- तीन हजारको सङ्ख्या, तीनहजारको समष्टि ।

त्रुटिः/त्रुटी (ना./स्त्री.) त्रुटति, त्रुटयति, त्रुटचते इति वा *(छेदन गर्छ वा गरिन्छ)* त्रुटि छेदने (तुदा./चुरा.) धातु, त्रुट्+इन्[2] (उणा.), त्रुटि+ङीष् (ई), विकल्पले = त्रुटी । ङीष्को अभावमा= त्रुटि ।
शब्दार्थ- काट्ने काम, खण्ड, अणु, कण, भूल वा गल्ती, हानि, कमी ।

त्रेधा (अव्य.) त्रिप्रकारेण इति *(तीन प्रकारले)* त्रि+धा[3], धाको एधा आदेश[4], इकारलोप= त्रेधा ।
शब्दार्थ- तीनप्रकारले, तीनकिसिमले ।

त्रैकालिकः (वि.) त्रिकाले भवः इति *(तीनै कालमा भएको)* त्रिकाल+ठञ्[5] (इक), आदिवृद्धि, अकारलोप =त्रैकालिक ।
शब्दार्थ- भूत, भविष्य र वर्तमान- तीनै कालमा हुने वा भएको, प्रातःकाल, मध्याह्न र सायङ्काल- यी तीनै कालसम्बन्धी ।

---

[1] संख्या वंश्येन : अव्य.स.

[2] सर्वधातुभ्य... : इन्

[3] संख्याया विधार्थे... : धा

[4] एधाच्च : एधा

[5] कालाट्ठञ् : ठञ्

त्रैगुण्यम् (ना./न.) त्रयाणां गुणानां समाहारः *(तीन गुणको समूह)* द्वि.त.स., त्रिगुणम् । त्रिगुणस्य भावः कर्म वा *(तीन गुण हुनाको भाव वा कर्म)* त्रिगुण+ष्यञ्[१] (य), आदिवृद्धि, अकारलोप= त्रैगुण्य ।

शब्दार्थ- तीन गुण- सत्त्व, रज र तमको समष्टि वा समुदाय, यी तीनै गुणको भाव वा अवस्था, तीनवटा धागोको समुदाय ।

त्रैमासिकः (वि.) त्रयाणां मासानां समाहारः *(तीन महिनाको समुदाय)* द्वि.त.स., त्रिमासम्, तत्र भवः *(तीन महिनामा भएको),* त्रिमासस्य अयम् (तीन महिनाको यो) त्रिमास+ठञ् (इक), अकारलोप =त्रैमासिक ।

शब्दार्थ- तीन तीन महिनामा हुने, तीन महिनाको ।

त्रैराशिकः (वि.) त्रयाणां राशीनां समुदायः *(तीन राशिको समुदाय)* द्वि.त.स., त्रिराशि । त्रिराशेरागतः *(तीन राशिबाट आएको)* त्रिराशि+ठक्[२] (इक), आदिवृद्धि, अकारलोप= त्रैराशिक ।

शब्दार्थ- गणितविद्यामा तीन ज्ञात राशिवाट चौथो अज्ञात राशि पत्ता लगाउने (तरिका) ।

त्रैलोक्यम् (ना./न.) त्रयाणां लोकानां समाहारः *(तीन लोकको समुदाय)* द्वि.त.स., त्रिलोकम् । त्रिलोकस्य भावः कर्म वा *(तीन लोकको भाव वा कर्म)* त्रिलोक+ष्यञ्[३] (य), अकारलोप, आदिवृद्धि= त्रैलोक्य ।

शब्दार्थ-स्वर्ग, मर्त्य, पाताल- यी तीनै लोकको समुदाय ।

त्रैवर्ग्यम् (ना./न.) त्रयाणां वर्गाणां समुदायः *(तीन वर्गको समुदाय)* द्वि.त.स., त्रिवर्गम् । त्रिवर्गस्य भावः *(तीन वर्गको भाव वा अवस्था)* त्रिवर्ग+ष्यञ्[३] (य), आदिवृद्धि, अकारलोप= त्रैवर्ग्य ।

शब्दार्थ- तीन वर्ग- धर्म, अर्थ र कामको समष्टिगत भाव वा अवस्था ।

त्रैविद्यः (वि.) तिस्रश्च ता विद्याश्च *(तीन विद्या)* क.त.स., त्रिविद्या । त्रिविद्यामधीते वेद इति वा *(तीन विद्या पढ्छ वा जान्दछ)* त्रिविद्या+अण्[४] (अ), आदिवृद्धि, आलोप= त्रैविद्य ।

शब्दार्थ- तीनै वेद जान्ने वा अध्ययन गर्ने, तीनै वेदमा पारङ्गत, वेदत्रयी विद्यामा निपुण ।

त्र्यम्बकः (ना./पुं.) त्रीणि अम्वकानि नयनानि यस्य *(तीन आँखा छन् जसका)*त्रि+अम्वक, व.स.,यण्=त्र्यम्वक । अथवा त्रीन् वेदान् अम्वते इति · *(तीनै वेदलाई निःसृत गर्छन्)* त्रि उपपदपूर्वक अवि शब्दे (भ्वा.) धातु, नुम्, त्रि+अम्व्+ण्वुल्[५] (अक), यण्= त्र्यम्वक । अथवा त्रि+अम्व्+अण्[६] (अ)+कन् (क), स्वार्थमा, यण् =त्र्यम्वक । अथवा त्रयः अकारउकारमकाररूपाः अम्वाः ध्वनयः यस्य इति *(अकार उकार मकाररूप तीन ध्वनि छन् जसका)* ब.स., त्रि+अम्ब+कन्[७] (क), स्वार्थमा, यण् =त्र्यम्बक ।

अथवा त्रयाणां लोकानां अम्वकः पिता *(तीनै लोकका पीता वा परिपालक)* ष.त.स.= त्र्यम्वक ।

शब्दार्थ- शिव, रुद्र, पशुपति, शङ्कर, ईश्वर, महादेव, तीन नेत्र भएका त्रिलोचन ।

त्र्यहम् (ना./न.) त्रयाणां अह्नां समाहारः *(तीन दिनको समूह)* द्वि.त.स., त्रि+अहन्, अहन्को अह्नादेश, यण्, त्र्यहन्+टच् (अ), टिलोप= त्र्यह ।

शब्दार्थ- तीन दिनको समूह वा समुदाय ।

त्र्यायुषम् (ना./न.) त्रयाणामायुषां समाहारः *(तीन आयुको समुदाय)* त्रि+आयुष्, द्वि.त.स., समासान्त अच्, त्रि आयुष, यण्= त्र्यायुष ।

शब्दार्थ- वाल, युवा र वृद्ध- यी तीनै अवस्थाको आयु ।

त्वक् (ना./स्त्री.) त्वचतीति *(ढाक्छ)* त्वच संवरणे (तुदा.) धातु, त्वच्+क्विप् (सर्वलोप), कुत्व= त्वक् ।

शब्दार्थ- चर्म, छाला, काँचुली, वोक्रा, आवरण ।

त्वचा (ना./स्त्री.) प्रशस्ता त्वक् अस्यास्तीति *(धेरै छाला छ यसको)* त्वक्+अच्[८] (अ)+टाप् (आ)= त्वचा ।

शब्दार्थ- वोक्रा, छाला, चर्म ।

त्वत्तः (अव्य.) त्वत्तः इति *(तिमीबाट)* युष्मत्+तसिल् (तस्), युष्मद्का 'म' अंशसम्मको त्व आदेश[९]= त्वत्त ।

शब्दार्थ- तिमीवाट, तपाईंवाट, हजुरवाट ।

त्वदधीनः (वि.) तव अधीनः *(तिम्रो अधीन)* ष.त.स., युष्मद्का 'म' अंशसम्मको त्व आदेश[९]= त्वदधीन ।

शब्दार्थ- तिम्रो अधीन, हजुरको अधीन, तपाईंको अधीन ।

त्वदीयः (वि.) तव अयमिति *(तपाईको यो)* युष्मद्+छ[१०] (ईय), युष्मद्का 'म' अंशसम्मको त्व आदेश[९]=त्वदीय ।

शब्दार्थ- तिम्रो, तपाईंको, हजुरको ।

त्वद्विधः (वि.) तव इव विधा प्रकारः यस्य *(तिम्रो जस्तै प्रकार छ जसको)* युष्मद्+विधा, ब.स., युष्मद्का 'म' अंशसम्मको त्व आदेश[९], पुंवद्भाव= त्वद्विध ।

शब्दार्थ- तिम्रै भाँति, तिमी जस्तै, तिम्रै सरह ।

त्वरितः (वि.) त्वरते स्म इति *(हडबढाएको)* ञित्वरा सम्भ्रमे (भ्वा.) धातु, त्वर्+क्त[११] (त), कर्तामा, इडागम =त्वरित ।

शब्दार्थ- हडवढाएको, छटपटाएको, वेग भएको, वेगवान् ।

त्वष्ट्रा (ना./पुं.) त्वक्षतीति *(तिर्खाउँछ)* त्वक्षू तनूकरणे (भ्वा.) धातु, त्वक्ष्+तृच्[१२] (तृ), त्वष्टृ= त्वष्ट्रा ।

शब्दार्थ- देवताका सिकर्मी, विश्वकर्मा, रथकार, अष्ट-प्रजापतिहरूमध्ये एक, काठको काम गर्ने सिकर्मी ।

---

१. गुणवचन... : ष्यञ्
२. ठगायस्थानेभ्यः... : ठक्
३. चतुर्वर्णादीनां स्वार्थे... : ष्यञ्
४. तदधीते तद्वेद : अण्
५. ण्वुल्तृचौ : ण्वुल्
६. कर्मण्यण् : अण्
७. संज्ञायाम् कन् : कन्
८. अर्शादिभ्य... : अच्
९. प्रत्ययोत्तरपदश्च : त्व आदेश
१०. युष्मदस्मदोरन्यतरस्यां... : छ
११. गत्यर्थाकर्मक... : क्त (कर्तामा)
१२. ण्वुल्तृचौ : तृच्

थ

थः (ना./पुं./न.) थुडतीति *(संरक्षण गर्छ)* थुड संवरणे (तुदा.) धातु, थुड्+ड[1] (अ), थुड्का 'उड्' अंशको टिलोप= थ ।

परिचय- देवनागरी वर्णमालाको सत्रौं वर्ण, दन्तस्थानीय स्पर्शसंज्ञक अघोष महाप्राणध्वनि ।

थं रक्षणे मङ्गले च साध्वसे च नपुंसकम्
शिलोच्चये पुमान्नेव क्वच्चित्तु भयरक्षके- इति मेदिनी

शब्दार्थ- पहाड, पर्वत, रक्षा, रक्षण, त्रास, भय, रक्षक, रक्षा गर्ने काम, रोगविशेष, मङ्गल, कल्याण, हडवढ ।

थकारः (ना./पुं.) 'थ' यस्तो वर्णनिर्देशनमा 'थ' प्रातिपदिकवाट थ+कार[2]= थकार ।

शब्दार्थ- तवर्गको दोस्रो वर्ण, थअक्षर वा थध्वनि ।

थुत्कारः/थूत्कारः (ना./पुं.) 'थुत्/थूत्' इति अव्यक्तशब्दः क्रियते *('थुत्' वा 'थूत्' भन्ने यस्तो अव्यक्तशब्द गरिन्छ)* थुत्/थूत्+कृ+घञ् (अ), कृको वृद्धि= थुत्कार /थूत्कार ।

अथवा थुत्/थूत् इति अव्यक्तशब्दस्य कारः करणं यत्र *('थुत्' वा 'थूत्' भन्ने यस्तो अव्यक्त शब्द गरिन्छ जहाँ)* थुत्/थूत्+कार, ब.स.= थुत्कार/थुत्कार ।

शब्दार्थ- थुक्ता मुखवाट निस्कने शब्द, थुकेको वेला मुखवाट निस्केको ध्वनि वा आवाज ।

द

दः (ना./पुं./स्त्री.) ददातीति *(दिन्छ)* डुदाञ् दाने (जुहो.) धातु, वा द्यतीति *(टुक्रा पार्छ)* दो अवखण्डने (दिवा.) धातु, आत्व, दा+क[3] (अ) आकारलोप= द ।

परिचय- देवनागरी वर्णमालाको अठारौं अक्षर, दन्तस्थानीय स्पर्शसंज्ञक सघोष अल्पप्राणध्वनि ।

दः पुमान्नचले दत्ते स्त्रियां शोधनदानयोः
क्षेदोपतापरक्षःसु पुमांस्तु दातरि स्मृतः- इति मेदिनी

शब्दार्थ- पहाड, दाता, दिनेवाला, दान, छेदन, शोधन, विभाजन, रोग, पीडा, ताप, रक्षा ।

दकारः (ना./पुं.) 'द' यस्तो वर्णनिर्देशनमा 'द' प्रतिपादिकबाट द+कार[2]= दकार ।

शब्दार्थ- दअक्षर वा दध्वनि, तवर्गको तेस्रो वर्ण ।

दंशः (ना./पुं.)/**दंशनम्** (ना./न.) दंशति, दश्यते इति वा *(टोक्छ वा टोक्नु)* दंश दशने (भ्वा.) धातु, दंश्+अच् (पचादि)/घञ् (अ)= दंश । दंश्+ल्युट् (अन)= दंशन ।

शब्दार्थ- दाँतले टोक्ने काम, सर्पको डसाइ, डाँस वा वनमक्षिकाको टोकाइ ।

दंशकः (ना./पुं.) दंशतीति *(डस्छ, टोक्छ)* दंश दशने (भ्वा.) धातु, दंश+ण्वुल्[4] (अक)= दंशक ।

शब्दार्थ- डस्ने तथा टोक्ने जीवजन्तु- सर्प, बिच्छी मच्छड, डांस, कुकुर, स्याल आदि ।

दंष्ट्रा (ना./स्त्री.)दंशाति, दस्यते अनेन *(टोक्छ वा टोकिन्छ यसबाट)* दंश दशने (भ्वा.) धातु, दंश्+ष्ट्रन्[5], दंष्ट्र । दंष्ट्र+टाप् (आ)= दंष्ट्रा ।

शब्दार्थ- दाँत, ठूलोदाँत, दाह्रो, बङ्गारो ।

दंष्ट्री (वि.) प्रशस्ता दंष्ट्रा अस्यास्तीति *(पर्याप्त दाह्रा छ यसको)* दंष्ट्रा+इनि[6] (इन्), दंष्ट्रिन्= दंष्ट्री ।

शब्दार्थ- दाह्रे, तीखो दाँत भएको, (बँदेल, सुँगुर आदि) ।

दक्षः (वि./ना./पुं.) दक्षते इति *(निपुण वा समर्थ बन्छ)* दक्ष वृद्धौ सामर्थ्ये च (भ्वा.) धातु, दक्ष्+अच् (पचादि) =दक्ष ।

शब्दार्थ- सिपालु, योग्य, प्रवीण, सक्षम, निपुण, कुशल, विज्ञ, समर्थवान्, अष्ट प्रजापतिमध्ये एक, दक्षनामक प्रजापति ।

दक्षता (ना./स्त्री.) दक्षस्य भावः *(योग्य वा निपुण हुनाको भाव वा अवस्था)* दक्ष+तल् (त)+टाप् (आ) = दक्षता ।

शब्दार्थ- निपुणता, योग्यता, क्षमता, कुशलता ।

दक्षिणः (वि./ना./पुं.) दक्षते इति *(कुशल, योग्य वा उदार बन्छ)* दक्ष वृद्धौ शीघ्रार्थे च (भ्वा.) धातु, दक्ष्+ इनन्[7] (इन), उणा., णत्व= दक्षिण ।

शब्दार्थ- उदार, सरल, निपुण, कुशल, योग्य, सिपालु, दक्षिण दिशा, दक्खिन, दायाँ ।

दक्षिणतः (अव्य.) दक्षिणादिति *(दक्षिणतिरबाट)* दक्षिण+ तसिल्[8] (तस्)= दक्षिणत ।

शब्दार्थ- दक्षिणतिरबाट, दायाँतिरबाट ।

दक्षिणपथः (ना./पुं.) दक्षिणस्य पन्थाः *(दक्षिणको मार्ग)* ष.त.स.,दक्षिणपथिन्+अ[9] (प्रत्यय), समासान्त, टिलोप =दक्षिणपथ ।

शब्दार्थ- दक्षिणको बाटो, दक्षिणी मार्ग, दायाँ मार्ग ।

---

[1] अन्येष्वपि दृश्यते : ड
[2] वर्णात्कारः : कार
[3] मूलविभूजादिभ्यः...(वा.) : क
[4] ण्वुल्तृचौ : ण्वुल्
[5] दाम्नीशसयुयुज.../सर्वधातुभ्य... : ष्ट्रन्
[6] ब्रीह्यादिभ्यश्च : इनि
[7] इुदक्षिभ्यामिनन् : इनन्
[8] पञ्चम्यास्तसिल् : तसिल्
[9] ऋक्पूरब्धूःपथा... : अ

दक्षिणमार्गः (ना./पुं.) दक्षिणस्य मार्गः *(दक्षिणको बाटो)* ष.त.स. वा दक्षिणः सरलश्चासौ मार्गश्च *(सरल या परम्परागत बाटो)* क.त.स.= दक्षिणमार्ग ।

शब्दार्थ- दक्षिणको बाटो, सरल बाटो, वेदोक्त धर्म मान्ने सम्प्रदाय, दक्षिणमार्ग ।

दक्षिणमार्गी (वि.) दक्षिणः सरलश्चासौ मार्गश्च *(सरल या परम्परागत बाटो)* क.त.स. वा दक्षिणस्य मार्गः *(दक्षिणको बाटो)* ष.त.स., दक्षिणमार्गः । स अस्यास्तीति *(दक्षिण मार्ग छ यसको)* दक्षिणमार्ग+इनि[1] (इन्), अकारलोप= दक्षिणमार्गी ।

शब्दार्थ- दक्षिणपन्थी, उदारबाटो ग्रहण गर्ने, सरल बाटो अपनाउने ।

दक्षिणा (ना./स्त्री.) दक्षते इति *(दिन्छ वा पूज्य बन्छ)* दक्ष वृद्धौ शीघ्रार्थे च (भ्वा.) धातु, दक्ष्+इनन्[2] (इन), उणा., णत्व, दक्षिण+आच्[3] (आ), दीर्घ= दक्षिणा ।

शब्दार्थ- यज्ञ-पूजादिमा र चाडपर्व आदिमा ब्राह्मण तथा अन्य व्यक्तिलाई दिइने दान वा दक्षिणा, दक्षिणदिशा, यज्ञकी पत्नी ।

दक्षिणाग्निः (ना./पुं.) दक्षिणस्यां स्थितश्चासौ अग्निश्च *(दक्षिणतर्फ अवस्थित अग्नि)* क.त.स., उ.प.लोप दीर्घ= दक्षिणाग्नि ।

अथवा दक्षिणस्या (दिशः) अग्निः *(दक्षिणतर्फको अग्नि)* ष.त.स. दीर्घ= दक्षिणाग्नि ।

दक्षिणाग्निर्गार्हपत्याहवनीयौ त्रयोऽनयः ।

यो गार्हपत्यादानीय दक्षिणाग्निः प्रणीयते- इत्यमरः

शब्दार्थ- यस्तो यज्ञाग्नि जो यज्ञकुण्डको दक्षिण दिशामा स्थापित गरिन्छ, गार्हपत्यअग्निदेखि दक्षिणतिर स्थापना गरिने अग्नि, तीन प्रकारका अग्निहरूमध्ये एक ।

दक्षिणाभिमुखः (वि.) दक्षिणे अभिमुखः *(दक्षिणतिर मुख लगाएको)* स.त.स[4]., दीर्घ= दक्षिणाभिमुख ।

शब्दार्थ- दक्षिणतिर फर्केको, दक्षिणतिर मुख लगाएको ।

दक्षिणाभिमुखी (वि.) दक्षिणाभिमुखः अस्यास्तीति *(दक्षिण-तिर मुख छ जसको)* दक्षिणाभिमुख+इनि[1] (इन्), दक्षिणाभिमुखिन्= दक्षिणाभिमुखी ।

शब्दार्थ- दक्षिणतिर मुख फर्केको, दक्षिणाभिमुख भएको, दक्षिणतिर उन्मुख भएको ।

दक्षिणायनम् (ना./न.) अयते अर्कः अनेन इति *(यसबाट सूर्यको गति चल्छ वा बदलिन्छ)* अय गतौ (भ्वा.) धातु, अय्+ल्युट् (अन), अयनम् (गतिः) । (सूर्यस्य) दक्षिणे अयनम् *(सूर्यको दक्षिणतर्फ गति)* दक्षिण+अयन, स.त.स., दीर्घ= दक्षिणायन ।

शब्दार्थ- सूर्य कर्करेखाबाट दक्षिणतिर लाग्ने गति, छ महिनाको समय, कर्कटसङ्क्रान्तिदेखि मकर सङ्क्रान्तिसम्मको समयावधि ।

दक्षिणावर्तः (वि./ना./पुं.) दक्षिणे आवर्तनं यस्य *(दक्षिणतिर आवर्तन या फर्काइ छ जसको)* दक्षिण+आवर्त, ब.स., दीर्घ= दक्षिणावर्त ।

शब्दार्थ- दाहिनेतिर फर्केको, दाहिनेतिर घुमेको, दक्षिणतिर उन्मुख भएको, दाहिने शङ्ख ।

दक्षिणीयः/दक्षिण्यः (वि.) दक्षिणामर्हतीति *(पूजा गर्न लायक)* दक्षिणा+छ[5] (ईय), दक्षिणा+यत्[5] (य), आलोप = दक्षिणीय/दक्षिण्य ।

शब्दार्थ- प्रशंसनीय, पूजनीय, दक्षिणा दिन योग्य वा लायक

दग्धः (वि.) दह्यते स्म इति *(भष्म भएको)* दह भस्मीकरणे (भ्वा.) धातु, दह्+क्त (त), हको घ, तको ध, घको जस्त्व ग= दग्ध ।

शब्दार्थ- डढेको, भस्म भएको, जलेको, पोलेको, पीडित, सन्तप्त, परिपीडित ।

दण्डः (ना./पुं.) दण्डयति अनेन *(दण्ड दिन्छ यसले)* दण्ड दण्डनिपातने (चुरा.) धातु, दण्ड्+अच् (पचादि)/घ (अ)= दण्ड ।

अथवा दण्डः अस्यास्तीति *(दण्ड वा लट्ठी छ यसको)* दण्ड्+अच् (अर्शादि), अकारलोप= दण्ड ।

अथवा दाम्यति दम्यते वा अनेन *(दण्ड दिन्छ वा दिइन्छ यसबाट)* दमु उपशमे (दिवा.) धातु, दम्+ड[6] (अ), उणा.= दण्ड ।

दण्डोऽस्त्री लगुडेऽपि स्यात्
व्यूहभेदे प्रकाण्डेऽश्वे कोणमन्थानयोरपि
सैन्ये काले मानभेदे चण्डांशोः पारिपार्श्विके- मेदिनी
दण्डो यमे मानभेदे लगुडे दमसैन्ययोः- इति विश्वः
भेदो दण्डः सामदानमित्युपाय चतुष्टयम्- इत्यमरः

शब्दार्थ- यमराज, लट्ठी, लौरो, डण्डा, छडी, दण्डसजाय, जरिवाना, यातना, नापविशेष, मोही पार्ने मधानी, साम, दाम, दण्ड, भेद यी चार उपायहरूमध्ये एक, ग्रह, अभिमान, व्यूहविशेष, फूलको डाँठ, राजचिन्ह, दण्ड दिने काम, परिवेश, सूर्यको वरिपरिको परिधि, पीडा, धनहरण, वध ।

द्रष्टव्य- **दमनाद्दण्डनाच्चैव तस्माद्दण्डं विदुर्बुधाः- मत्स्य.पु. (श.क.द्रुबाट)**

दण्डकः (ना./पुं.) दण्ड एव *(दण्ड नै)* दण्ड+कन् (क), स्वार्थमा= दण्डक ।

शब्दार्थ- लट्ठी, दण्ड, छडी, डण्डा, पङ्क्ति, छन्दविशेष ।

दण्डनीयः (वि.) दण्डचते, दण्डयितुं योग्यः इति वा *(दण्ड दिइन्छ वा दण्ड दिन योग्य)* दण्ड दण्डनिपातने (चुरा.) धातु, दण्ड्+अनीय (र्)= दण्डनीय ।

शब्दार्थ- दण्ड वा सजाय दिन योग्य वा लायक, दण्डच, दण्ड दिनुपर्ने ।

---

[1] अत इनिठनौ : इनि
[2] द्रुदक्षिभ्यामिनन् : इनन्
[3] दक्षिणादाच् : आच्
[4] दिक्संख्ये संज्ञा... : स.त.स.
[5] कडङ्करदक्षिणाच्छः : छ/यत्
[6] ञमन्ताड्डः : ड

दण्डनीतिः (ना./स्त्री.) दम्यते अनेनेति *(शमन गरिन्छ यसबाट)* दमु उपशमे (दिवा.) धातु, दम्+ड[1], परसवर्ण, दण्डः । दण्डः नीयते अनया इति *(यसबाट दण्ड निर्धारण गरिन्छ)* दण्डपूर्वक णीञ् प्रापणे (भ्वा.) धातु, दण्ड+नी+क्तिच् (ति)= दण्डनीति ।

शब्दार्थ- दण्डद्वारा वशमा राख्ने नीति, दण्डसजाय दिने नीति, दण्डशास्त्र, अर्थशास्त्र, नीतिशास्त्र ।

द्रष्टव्य- **दण्डेन नीयते चेदं दण्डं नयति वा पुनः दण्डनीतिरिति ख्याता- स्मृतिः**

दण्डपाणिः (ना./पुं.) दण्डः पाणौ यस्य *(दण्ड छ हातमा जसको)* व.स.= दण्डपाणि ।

शब्दार्थ- यमराज, हातमा दण्ड लिने व्यक्ति, द्वारपाल ।

दण्डवान् (वि.) दण्डः अस्यास्तीति *(दण्ड छ यसको)* दण्ड +मतुप् (मत्), मको व, दण्डवत्= दण्डवान् ।

शब्दार्थ- दण्ड लिने, दण्डधारी, लट्ठी हातमा लिने ।

दण्डविधिः (ना./पुं.) दण्डः विधीयते अनया इति *(दण्ड विधान गरिन्छ यसबाट)* दण्ड उपपदमा हुने विपूर्वक डुधाञ् धारणपोषणयोः (जुहो.) धातु, दण्ड+ वि+धा+कि[2] (इ), अकारलोप= दण्डविधि ।

शब्दार्थ- दण्डसम्वन्धी नियम, दण्डसंहिता, दण्डशास्त्र, फौजदारी कानुन ।

दण्डिकः (वि.) दण्डः अस्यास्तीति *(दण्ड या लट्ठी छ यसको)* दण्ड+ठन्[3] (इक)= दण्डिक ।

शब्दार्थ- दण्ड लिने, दण्डधारी, लट्ठी हातमा लिने ।

दण्डितः (वि.) दण्डचते स्म इति *(दण्ड दिइएको)* दण्ड दण्डनिपातने (चुरा.) धातु, दण्ड्+क्त (त), इडागम =दण्डित वा दण्ड् + इतच्[4] (इत) =दण्डित

शब्दार्थ- दण्ड दिइएको, दण्ड सजाय दिइएको, जरिवाना गरिएको ।

दण्डी (वि./ना./पुं.) दण्डः अस्यास्तीति *(दण्ड वा लट्ठी छ यसको)* दण्ड+इनि[3] (इन्), दण्डिन्= दण्डी ।

शब्दार्थ- दण्ड लिने, दण्डधारी, लट्ठी हातमा लिने सन्न्यासी, दशकुमारचरित कथाका रचयिता ।

दण्डचः (वि.) दण्डचते, दण्डयितुं योग्यः वा *(दण्ड दिइन्छ वा दण्ड दिन योग्य)* दण्ड निपातने (चुरा.) धातु, दण्ड्+ण्यत् (य)= दण्डच ।

अथवा दण्डमर्हतीति *(दण्ड दिन योग्य)* दण्ड+यत्[5] (य)= दण्डच ।

शब्दार्थ- दण्ड दिन योग्य वा लायक, दण्ड दिनुपर्ने ।

दत्तः (वि.) दीयते स्म इति *(दिइएको)* डुदाञ् दाने (जुहो.) धातु, दा+क्त (त), दाको 'दथ्[6]' आदेश, चर्त्व ध्को त् =दत्त ।

शब्दार्थ- दिइएको, प्रदान गरिएको, समर्पित, अर्पित, प्रदत्त ।

दत्तकः (ना./पुं.) दत्त एव *(दिइएको नै)* दत्त+कन्[7] (क), स्वार्थमा= दत्तक ।

शब्दार्थ- धर्मपुत्र, दत्तकपुत्र, वाह्र प्रकारका पुत्रमध्ये एक, सन्तान नभएका व्यक्तिले पुत्रको रूपमा स्वीकारिएको अन्य व्यक्ति ।

दत्तचित्तः (वि.) दत्तं चित्तं येन *(दिएको छ ध्यान जसले)* व.स.= दत्तचित्त ।

शब्दार्थ- चित्तलाई कुनै कुरामा केन्द्रित गरेको, ध्यान दिएको, एकाग्र भएको, एकचित्त भएको ।

दधि (ना./न.) दधते इति *(धारण गर्छ)* दध धारणे (भ्वा.) धातु, दध्+इन्[8] (इ), उणा.= दधि ।

अथवा दधति, धत्ते इति *(धारणपोषण गर्छ)* डुधाञ् धारणपोषणयोः (जुहो.) धातु, धा+कि[9] (इ), द्वित्व, धा धा इ, द धा इ, आलोप, दध् इ= दधि ।

शब्दार्थ- दही, दूध जमाएर बन्ने पदार्थ ।

दधिघृतम् (ना./न.) दधि च घृतञ्च *(दही र घिउ)* द्व.स. =दधिघृत ।

शब्दार्थ- दही र घिउ ।

दध्योदनम् (ना./न.) दध्ना ओदनमिति *(दहीसित भात)* दधि+ओदन, तृ.त.स., यण्= दध्योदन ।

शब्दार्थ- दही र भात, दहीसित भात खाने काम ।

दनुजः (ना./पुं.) दनोर्जाताः *(दनुबाट पैदा भएका)* दनु उपपदपूर्वक जनी प्रादुर्भावे (दिवा.) धातु, दनु+जन्+ ड[10] (अ), जन्का अन् भागको टिलोप= दनुज ।

शब्दार्थ- कश्यपपत्नी दनुवाट जन्मेका दानवजाति, असुर, दैत्य ।

उदा. **मान्छे यौटा दनुज पनि हो स्वार्थले बाँधिदामा- भृ.ख.का.७/२८**

दन्तः (ना./पुं.) दाम्यतीति *(नियन्त्रण गर्छ)* दमु उपशमे (दिवा.) धातु, दम्+तन्[11] (त), उणा., परसवर्ण=दन्त ।

रदना दशना दन्ताः- इत्यमरः

दन्तोऽद्रिकटके कुञ्जे दशनेऽथौषधौ स्त्रियाम्- मेदिनी

शब्दार्थ- दाँत, दशन, हात्ती, पहाडको मध्यभाग ।

दन्तक्षतम् (ना./न.) दन्तैः क्षतम् *(दाँतले टोकेको)* तृ.त.स.= दन्तक्षत ।

शब्दार्थ- दाँतले टोकेर पारेको घाउ, दाँतले टोकेको खत ।

दन्तचिकित्सकः (ना./पुं.) दन्तानां चिकित्सकः *(दाँतको उपचार गर्ने चिकित्सक)* ष.त.स.= दन्तचिकित्सक ।

शब्दार्थ-दाँतको उपचार गर्ने चिकित्सक, दाँतको डाक्टर ।

---

[1] अमन्ताड्डः : ड

[2] उपसर्गे घोः किः : कि

[3] अत इनिठनौ : ठन्/इनि

[4] तदस्य सञ्जातम्... : इतच्

[5] दण्डयादिभ्यश्च : यत्

[6] दोदद्घोः : दाको दथ्

[7] संज्ञायाम् कन् : कन्

[8] सर्वधातुभ्य इन् : इन्

[9] भाषायां धाञ्कृसृ... : कि, द्वित्व

[10] पञ्चम्यामजातौ : ड

[11] हसिमृग्रिण्वाऽमि... : तन्

दन्तधावनम् (ना./न.) धाव्यते इति *(धोइन्छ, शुद्ध पारिन्छ)* धावु गतिशुद्धयोः (भ्वा.) धातु, धाव्+ल्युट् (अन), धावनम् । दन्तानां धावनम् *(दाँतहरूको माझ्ने काम)* ष.त.स.= दन्तधावन ।

शब्दार्थ- दन्तप्रक्षालन, दाँत माझ्ने काम, दाँत सफा गर्ने काम, दन्तमार्जन, दाँतमा दतिवन लगाउने काम ।

दन्तप्रक्षालनम् (ना./न.) प्रक्षाल्यते इति *(प्रक्षालन गरिन्छ)* प्रपूर्वक क्षल शौचकर्मणि (चुरा.) धातु, प्र+क्षल्+णिचि+ल्युट् (अन), वृद्धि, णिलोप, प्रक्षालनम् । दन्तानां प्रक्षालनम् *(दाँतको सफाइ)* ष.त.स. =दन्तप्रक्षालन ।

शब्दार्थ- दाँत सफा गर्ने काम, दाँत माझ्ने काम, दन्तधावन ।

दन्तमज्जनम् (ना./न.) मज्ज्यते इति *(माझिन्छ)* टुमस्जो शुद्धौ (तुदा.) धातु, मस्ज्+ल्युट् (अन), श्चुत्व सको श, जश्त्व शको ज, मज्जन । दन्तानां मज्जनम् *(दाँत माझ्ने चूर्ण वा अन्य साधन)* ष.त.स.= दन्तमज्जन ।

शब्दार्थ- दाँत माझ्ने चूर्ण, दतिवन वा दाँत सफा गर्ने अन्य साधन ।

दन्तरोगः (ना./पुं.) दन्तानां रोगः *(दाँतको रोग)* ष.त.स. =दन्तरोग ।

शब्दार्थ- दाँतको रोग, दाँत दुख्ने रोग, दन्तहर्ष ।

दन्तशूलः (ना./पुं./न.) शूलतीति *(पीडा दिन्छ)* शूल रुजायाम् (भ्वा.) धातु, शूल्+क[1] (अ), शूलः । दन्तानां शूलः *(दाँतको दुःखाइ)* ष.त.स.= दन्तशूल ।
शूलोऽस्त्री रोग आयुधे- इति मेदिनी

शब्दार्थ- दाँत दुख्ने रोग, दाँत सुनिने र गिँजा पाक्ने आदि रोगले दाँत दुख्ने काम, दाँत दुखेर हुने पीडा ।

दन्तहर्षः (ना./पुं.) हृष्यते इति *(पीडा दिनु)* हृषु अलीके (भ्वा.) धातु, हृष्+घञ् (अ), गुण, हर्षः । दन्तानां हर्षः (दाँतको रोग) ष.त.स.= दन्तहर्ष ।
अथवा दन्तानां हर्षः यस्मात् *(दाँतको रोग पैदा हुन्छ जसबाट)* ब.स.= दन्तहर्ष ।

शब्दार्थ-दाँतको रोग, दन्तरोग, दाँतवाट रगत वग्ने रोग

दन्त्यम् (ना./न.) दन्तेषु भवम् *(दाँतमा हुने)* वा दन्तेभ्यः हितम् *(दाँतको लागि उपयोगी)* दन्त+यत्[2] (य), अकारलोप =दन्त्य ।

शब्दार्थ- दाँतको सहयोगले उच्चारित हुने ध्वनि, दन्त्यध्वनि- त, थ, द, ध, न, स, ल ।

दन्त्योष्ठ्यम् (ना./न.) दन्तेषु भवम् *(दाँतमा हुने)*, दन्तेभ्यः हितम् *(दाँतको निम्ति हित हुने)* दन्त+यत्[2] (य), अकारलोप, दन्त्यम् । ओष्ठे भवम् *(ओठमा हुने)*, ओष्ठाभ्यां हितम् *(ओठलाई हित हुने)* ओष्ठ+यत् (य), अकारलोप, ओष्ठ्यम् । दन्त्यञ्च ओष्ठ्यञ्च *(दन्त्य र ओष्ठ्य)* द्व.स.= दन्त्योष्ठ्य ।

शब्दार्थ- दाँत र ओठको सहयोगवाट उच्चारण हुने वर्णहरू, ओठलाई माथिल्लो दाँतले छोएर उच्चारण हुने व्यञ्जनवर्ण ।

दन्तावलः (ना./पुं.) दन्ताः सन्ति अस्य *(बलिया दाँतहरू छन् यसका)* दन्त+वलच्[3] (वल), दीर्घ[4]= दन्तावल ।

शब्दार्थ- हात्ती, हस्ती, गज, वलिया दाँत हुने प्राणी ।

दन्तावलिः (ना./स्त्री.) दन्तानामावलिः *(दाँतहरूको लहर)* ष.त.स., दन्त+आवलि, दीर्घ= दन्तावलि ।

शब्दार्थ-दाँतहरूको पङ्क्ति, दन्तराजि, दन्तलहर, दन्तपङ्क्ति

दन्ती (ना./पुं.) प्रशस्तौ दन्तौ स्तः अस्य *(लामा दाँत छन् यसका)* दन्त+इनि (इन्), दन्तिन्= दन्ती ।

शब्दार्थ- हात्ती, हस्ती, गज ।

दमः (ना./पुं.) दम्यते अनेन इति *(नियन्त्रण वा निग्रह गरिन्छ यसबाट)* दमु उपशमे (दिवा.) धातु, दम्+घञ् (अ), वृद्धिनिषेध= दम ।

शब्दार्थ- इन्द्रिय नियन्त्रण गर्ने काम, इन्द्रियनिग्रह, आत्मनियन्त्रण, आत्मसंयम, वाह्यवृत्तिलाई नियन्त्रण गर्ने काम, दण्ड दिने काम, दमको रोग, श्वास-प्रश्वाससम्वन्धी रोग ।

दमनम् (ना./न./वि.) दम्यते इति *(नियन्त्रण गरिन्छ)* दमु उपशमे (दिवा.) धातु, दम्+ल्युट् (अन)= दमन । अथवा दमयति *(नियन्त्रण गर्छ)* दम्+णिचि+ल्यु (अन), णिलोप= दमन ।

शब्दार्थ- दण्ड, सजाय, इन्द्रियहरू निग्रह गर्ने काम, थिचोमिचो, दवाउने काम, इन्द्रिय वश गर्ने काम, नियन्त्रण गर्ने, निग्रह गर्ने, थिचोमिचो गर्ने ।

दमनकारी (वि.) दमनं कर्तुं शीलमस्येति *(दमन गर्ने शील वा क्षमता छ यसको)* दमनपूर्वक डुकृञ् करणे (तना.) धातु, दमन+कृ+णिनि[5] (इन्), वृद्धि, दमनकारिन्= दमनकारी ।

शब्दार्थ- दमन गर्ने, सजाय दिने, थिचोमिचो गर्ने, दण्ड जरिवाना गर्ने ।

दमनीयः (वि.) दम्यते, दमितुं योग्यः वा *(नियन्त्रण गरिन्छ वा गर्न योग्य)* दमु उपशमे (दिवा.) धातु, दम्+अनीय (र्)= दमनीय ।

शब्दार्थ- दमन गर्न योग्य वा लायक, दवाउन सकिने, मिच्न सकिने ।

दमयन्ती (ना./स्त्री.) दमयति नाशयति अमङ्गलादिकम् असौ *(अमङ्गल आदि कुरा दमन वा नाश गर्छिन् यिनी)* दमु उपशमे (दिवा.) धातु, दम्+णिचि, वृद्धिनिषेध, दमि+शतृ (अत्), गुण, अयादेश, नुम्, दमयन्त्+ङीप् (ई)= दमयन्ती ।

शब्दार्थ-विदर्भराज भीमकी राजकुमारी, राजा नलकी रानी,
द्रष्टव्य- **आफ्नो रूपसौन्दर्यले रूपवती अन्य नारीहरूको सौन्दर्य दमन गरेको हुदाँ यिनलाई दमयन्ती भनिएको हो ।**

---

[1] इगुपधज्ञा... : क
[2] शरीरावयवाद्यत्/शरीरावयवाच्च : यत्
[3] दन्तशिखात्सञ्ज्ञायाम् : वलच्
[4] वले : दीर्घ
[5] सुप्यजातौ : णिनि

दमितः (वि.) दम्यते स्म इति *(दबाइएको)* दमु उपशमे (दिवा.) धातु, दम्+क्त (त), इडागम= दमित ।

शब्दार्थ- दमन गरिएको, निग्रह गरिएको, दमन गर्न सकिएको ।

दम्पती (ना./पुं.) जाया च पतिश्च *(पति र पत्नी)* जाया शब्दको 'दम्' भावनिपातन +पति, द्व.स., =दम्पती ।

शब्दार्थ- पतिपत्नी, लोग्नेस्वास्नी, जोइपोइ ।

दम्भः (ना./पुं.) दभ्यते अनेन इति *(छल गरिन्छ यसबाट)* दम्भु दम्भने (स्वा.) धातु, दम्भ्+घञ् (अ)= दम्भ ।

शब्दार्थ- मिथ्या-घमण्ड, देखावटी स्वाङ, ढोंग, छल कपट, छलछाम ।

दम्यः (वि.) दमितुमर्हः *(दमन गर्न योग्य)* दमु उपशमे (दिवा.) धातु, दम्+यत्[1] (य), (अर्हार्थमा)= दम्य ।

शब्दार्थ- दमन गर्न योग्य, दमनीय, दण्डनीय, निग्रह गर्न सकिने, दवाउन योग्य ।

दया (ना./स्त्री.) दय्यते अनुकम्प्यते अनया इति *(दया गरिन्छ यसबाट)* दय दानगतिरक्षणहिंसादानेषु (भ्वा.) धातु, दय्+अङ्[2] (अ)+टाप् (आ), दीर्घ= दया ।

शब्दार्थ- कृपा, दया, करुणा, अनुकम्पा, कसैको दुःखप्रति सहानुभूति राखी सो दुःख हटाउन गरिने इच्छा ।

दयार्द्रः (वि.) दयया आर्द्रः *(दयाले भरिएको)* तृ.त.स., दीर्घ =दयार्द्र ।

शब्दार्थ- दयाले पग्लेको, दयाले भिजेको, करुणाले द्रवीभूत भएको ।

दयालुः (वि.) दयते तच्छीलः *(दयाशील)* दय दानगतिरक्षणहिंसादानेषु (भ्वा.) धातु, दय्+आलुच्[3] (आलु) =दयालु ।

शब्दार्थ- कृपालु, करुणाले भरिएको, दयावान्, दयाशील, दया भएको ।

दयावती (ना./स्त्री.) दया अस्याः अस्तीति *(दया छ यस स्त्रीको)* दया+मतुप् (मत्), मको व, दयावत्+ङीप् (ई)= दयावती ।

शब्दार्थ-दया वा अनुकम्पा गर्ने स्त्री, दयालु स्वभावकी नारी ।

दयावान् (वि.) दया अस्यास्तीति *(दया छ यसको)* दया+मतुप् (मत्), मको व, दयावत्= दयावान् ।

शब्दार्थ- दया गर्ने, करुणा गर्ने, अनुग्रह गर्ने ।

दयितः (वि./ना./पुं.) दयते इति *(प्रिय बन्छ)* दय दानगतिरक्षणहिंसादानेषु (भ्वा.) धातु, दय्+क्त (त), संज्ञामा, इडागम= दयित ।

शब्दार्थ- प्रिय, प्यारो, प्रेम गर्ने, वल्लभ, पति, स्वामी ।

दयिता (ना./स्त्री.) दयते असौ *(प्रिय बन्छे यो)* दय दानगतिरक्षणहिंसादानेषु (भ्वा.) धातु,दय्+क्त (त), संज्ञामा, इडागम, दयितः । दयित+टाप् (आ)=दयिता ।

शब्दार्थ- प्रेमिका, पत्नी, प्यारी, मनपर्ने नारी ।

दरिद्रः (वि.) दरिद्राति दुर्गच्छतीति *(दुर्गति हुन्छ वा दरिद्र बन्छ)* दरिद्रा दुर्गतौ (अदा.) धातु, दरिद्रा+क[4] (अ), आलोप= दरिद्र ।

शब्दार्थ- गरिब, निर्धन, दीन, धनविहीन, अकिञ्चन ।

दरिद्रता (ना./स्त्री.) दरिद्रस्य भावः *(दरिद्र हुनाको भाव वा अवस्था)* दरिद्र+तल् (त)+टाप् (आ)= दरिद्रता ।

शब्दार्थ- निर्धनता, धनहीनता, गरीबी ।

दर्पः (ना./पुं.) दृप्यते, दर्पणमिति वा *(गर्व गर्नु)* दृप हर्षमोहनयोः (दिवा.) धातु, दृप्+घञ् (अ), गुण= दर्प ।

दम्भो दर्पोऽभिमानश्च क्रोधःपारुष्यमेव च- इत्यमरः

शब्दार्थ- सेखी, अहङ्कार, मपाइँत्व, घमण्ड, अभिमान, उच्छृङ्खलपना, गर्व, क्रोध, कठोरपना, आसुरी सम्पत् ।

दर्पकः (वि./ना./पुं.) दर्पयति मोहयतीति *(मोहित पार्छ वा उत्तेजित पार्छ)* दृप सन्दीपने (चुरा.) वा दृप हर्षमोहनयोः (दिवा.) धातु, दृप्+णिचि+ण्वुल्[5] (अक), णिलोप, गुण= दर्पक ।

शब्दार्थ- घमण्ड गर्ने, अभिमान गर्ने, अहङ्कार वा गर्व गर्ने, घमण्डी, कामदेव ।

दर्पणः (ना./पुं.) दर्पयति सन्दीपयतीति *(देखाउँछ)* दृप सन्दीपने (चुरा.) धातु, दृप्+णिचि+ल्यु[6] (अन), गुण, णत्व= दर्पण ।

शब्दार्थ- ऐना, आदर्श, मुकुर, चक्षु, नेत्र, नयन ।

दर्पितः (वि.) दृप्यते स्म इति *(घमण्ड गरिएको)* दृप हर्षमोहनयोः (दिवा.) वा दृप सन्दीपने (चुरा.) धातु, दृप्+णिचि+क्त (त), इडागम, णिलोप= दर्पित ।

शब्दार्थ- अभिमान भएको, गर्व गर्ने, अहङ्कारी, सेखी गर्ने ।

दर्भः (ना./पुं.) दृभ्यते इति *(गाँथिन्छ)* दृभी ग्रन्थे (दिवा.) धातु, दृभ्+घञ् (अ), गुण= दर्भ ।

अथवा दृणाति विदारयतीति *(चिर्छ वा घाउ पार्छ)* दॄ विदारणे (क्र्या.) धातु, दॄ+भ[7] (उणा.), गुण= दर्भ ।

अस्त्री कुशं कुथो दर्भः- इत्यमरः

शब्दार्थ-दर्भ, कुश, काश, एक पवित्र घाँस वा तृणविशेष ।

दर्विः/दर्वी (ना./स्त्री.) दृणाति विदारयति सञ्चालयति *(चलाउँछ वा हुँडल्छ)* दॄ विदारणे (क्र्या.) धातु, दॄ+ विन्[8] (वि), उणा., गुण, दर्वि । दर्वि+ङीष् (ई), विकल्पले=दर्वी । ङीष्को अभावमा= दर्वि ।

शब्दार्थ- डाडु, पन्यूँ, दाल तरकारी चलाउने साधन ।

---

[1] बर्हादिभ्यश्च : यत्

[2] षिद्भिदादिभ्य... : अङ्

[3] स्पृहिगृहिपति...: आलुच्

[4] मूलविभूजादि... (वा.) : क

[5] ण्वुल्तृचौ : ण्वुल्

[6] नन्दिग्रहि... : ल्यु

[7] दृदलिभ्यां.. : भ

[8] वृदृभ्यां... : विन्

दर्शः (ना./पुं.) दर्शनम्, दृश्यते इति वा *(हेर्नु, हेरिन्छ)* दृशिर् प्रेक्षणे (भ्वा.) धातु, दृश्+घ[१]/घञ् (अ), गुण= दर्श । अथवा दृश्येते चन्द्रोसूर्यौ यत्र *(चन्द्र र सूर्य जहाँ देखिन्छन्)* दृश्+घञ् (अधिकरणमा), गुण= दर्श ।

शब्दार्थ- हेर्ने काम, दर्शन, अवलोकन, औंसी, अमावास्या, अमावस्या ।

दर्शकः (वि.) पश्यति, दृक्ष्यति इति वा *(हेर्छ वा हेर्नेछ)* दृशिर् प्रेक्षणे (भ्वा.) धातु, दृंश्+ण्वुल्[२] (अक), गुण= दर्शक । अथवा दर्शयतीति *(देखाउँछ)* दृश्+णिचि+ण्वुल् (अक), णिलोप, गुण= दर्शक ।

शब्दार्थ- रमिते, हेर्ने, दर्शन गर्ने, अवलोकन गर्ने, निरीक्षक, द्रष्टा, देखाउने, प्रकाशक, द्वारपाल ।

दर्शनम् (ना./न.) दृश्यते अनेन इति *(हेरिन्छ, देखिन्छ यसबाट)* दृशिर् प्रेक्षणे (भ्वा.) धातु, दृश्+ल्युट् (अन), गुण= दर्शन ।

शब्दार्थ- अवलोकन, हेराइ, निरीक्षण, हेर्ने वा देख्ने काम, नयन, नेत्र, दर्पण, दृश्य, पर्यवेक्षण, नमस्कार, ईश्वर, ज्ञान, अध्यात्म-चिन्तन आदिको विश्लेषण गर्ने दर्शनशास्त्र, जीव, ब्रह्म, प्रकृति, पुरुष आदि कुराको तत्त्वज्ञान वोध गराउने शास्त्र, दर्शनशास्त्र ।

दर्शनकाङ्क्षी (वि.) दर्शनं काङ्क्षितुं शीलमस्य *(दर्शनको आकाङ्क्षा गर्ने शील वा अभिप्राय छ यसको)* काक्षि काङ्क्षायाम् (भ्वा.) धातु, नुम्, दर्शन+काङ्क्ष्+णिनि[३] (इन्), दर्शनकाङ्क्षिन्= दर्शनकाङ्क्षी ।

शब्दार्थ- दर्शनको अभिलाषा गर्ने, दर्शनको आकाङ्क्षा गर्ने, दर्शनाभिलाषी ।

दर्शनशास्त्रम् (ना./न.) दर्शनस्य शास्त्रम् *(दर्शनसम्बन्धी शास्त्र)* ष.त.स.= दर्शनशास्त्र ।

शब्दार्थ- दर्शनसम्वन्धी शास्त्र, जीव, व्रह्म, प्रकृति र भौतिक तथा अध्यात्मसम्वन्धी कुरामा विवेचना गर्ने शास्त्र ।

दर्शनीयः (वि.) दृश्यते, द्रष्टुं योग्यः इति वा *(देखिन्छ वा हेर्न लायक)* दृशिर् प्रेक्षणे (भ्वा.) धातु, दृश्+अनीय (र्), गुण= दर्शनीय ।

शब्दार्थ- देख्न वा हेर्न लायक, अवलोकन गर्न योग्य, सुन्दर, रमणीय, मनोहर, मञ्जु ।

दर्शनीयतरः (वि.) अनयोरयमतिशयेन दर्शनीयः *(यी दुईमा यो ज्यादै दर्शनीय)* दर्शनीय+तरप्[४] (तर)=दर्शनीयतर

शब्दार्थ- यी दुईमध्ये योचाहिँ हेर्न लायक, यी दुईमध्ये यो अपेक्षाकृत राम्रो, निकै राम्रो वा सुन्दर ।

दर्शनीयता (ना./स्त्री.) दर्शनीयस्य भावः *(दर्शनीय हुनाको भाव वा अवस्था)* दर्शनीय+तल् (त)+टाप् (आ)= दर्शनीयता ।

शब्दार्थ- हेर्न लायक हुनाको स्थिति वा अवस्था ।

दर्शनीयतमः (वि.) अयमेषामतिशयेन दर्शनीयः *(यो यिनीहरूमा ज्यादै हेर्न लायक)* दर्शनीय+तमप्[५] (तम) =दर्शनीयतम ।

शब्दार्थ- यिनीहरूमध्ये यो ज्यादै हेर्न लायक, धेरै राम्रो, ज्यादा सुन्दर ।

दर्शनीयमानी (वि.) दर्शनीयमात्मानं मन्यते *(आफूलाई दर्शनीय ठान्छ)* मन ज्ञाने (दिवा.) वा मनु अववोधने (तना.) धातु दर्शनीय+मन्+णिनि[३] (इन्), दर्शनीयमानिन ह् = दर्शनीयमानी ।

शब्दार्थ- आफूलाई ज्यादै ठूलो ठान्ने, आत्माभिमानी, आफूलाई ज्यादै प्रशंसनीय र दर्शनीय ठान्ने ।

दर्शनीयरूपः (वि.) अतिशयेन दर्शनीयः, प्रशस्तेन द्रष्टुं योग्यः इति वा *(ज्यादै हेर्न लायक)* दर्शनीय+रूपप्[६] (रूप)=दर्शनीपरूप ।

शब्दार्थ- अत्यन्तै हेर्न योग्य वा लायक, ज्यादै राम्रो, अति सुन्दर ।

दर्शश्राद्धम् (ना./न.) दर्शे क्रियमाणञ्च तद् श्राद्धञ्च *(दर्श या औसींका दिन गरिने श्राद्ध)* क.त.स., उ.प.लोप =दर्शश्राद्ध ।

शब्दार्थ- औंसीतिथिका दिन गरिने श्राद्ध, अमावाश्य-श्राद्ध ।

दर्शितः (वि.) दर्श्यते स्म इति *(देखाइएको)* दृशिर् प्रेक्षणे (भ्वा.) धातु, दृश्+णिचि, गुण, दर्शि+क्त (त), इडागम, णिलोप= दर्शित ।

शब्दार्थ- देखाइएको, प्रकट गरिएको, प्रदर्शन गरिएको ।

दलम् (ना./न.) दलति, दलयतीति वा *(टुक्रयाउँछ)* दल विशरणे (भ्वा.) वा दल विदारणे (चुरा.) धातु, दल्+अच् (पचादि)= दंल ।

शब्दार्थ- टुक्रा, अंश, जमात, समूह, पर्ण, राजनीतिक दल वा पार्टी, गुट, अन्नको वीजको गर्भपत्र, दण्ड, भेदन, फोर्ने काम ।

दलितः (वि.) दल्यते स्म इति *(टुक्रा पारिएको)* दल विशरणे (भ्वा.) वा दल विदारणे (चुरा.) धातु, दल्+क्त (त), इडागम= दलित ।

अथवा दलं सञ्जातमस्य *(टुक्रा भएको छ यसको)* दल+इतच् (इत)= दलित ।

शब्दार्थ- टुटेको, दलदलमा विभक्त, टुक्रिएको, थिचिएको, खण्डित, दलेको, दमित ।

दलीयः (वि.) दलस्य अयम्, दलाय हितम् इति वा *(दलको यो, दलको लागि हित हुने)* दल+छ[७] (ईय), अकारलोप =दलीय ।

शब्दार्थ- दलसित सम्वन्धित, दलसम्वन्धी, दलगत स्वार्थ वा विचार भएको, राजनीतिक दलप्रति निष्ठा भएको ।

---

१. पुंसि संज्ञायां घः... : घ

२. ण्वुल्तृचौ/तुमुन्ण्वुलौ क्रियायाम्... : ण्वुल्

३. सुप्यजातौ... : णिनि

४. द्विवचनविभज्यो... : तरप्

५. अतिशायने तमबिष्ठनौ : तमप्

६. प्रशंसायां रूपप् : रूपप्

७. तस्मै हितम्/गहादि...: छ

दलीयता (ना./स्त्री.) दलीयस्य भावः *(दलीय हुनाको भाव वा अवस्था)* दलीय+तल् (त)+टाप् (आ)= दलीयता ।

शब्दार्थ- दलप्रतिको निष्ठा, दलीय हुनाको भाव वा अवस्था, दलको अवस्थिति ।

दवाग्निः (ना./पुं.) दव एव अग्निः *(डढेलो नै आगो)* दव+अग्नि, म.व्य.स., दीर्घ= दवाग्नि ।

शब्दार्थ- डढेलो, वनमा उत्पन्न आगो, दावानल ।

दश/दशकः (ना./पुं./वि.) दंश्यते गण्यते इति *(गणना गरिन्छ)* दशि दंशने (चुरा.) धातु, नुम्, दंश्+कनिन् (अन्), नलोप, दशन्= दश ।

दश एव *(दशसम्बन्धी नै)* दशन्+कन् (क) स्वार्थमा, नलोप= दशक ।

शब्दार्थ- दशको सङ्ख्या, दश-दशवर्षको समूह, दशको सङ्ख्यासम्वन्धी, दश ।

दशकर्म (ना./न.) दश च तानि कर्माणि *(दश कर्म)* क.त.स.= दशकर्म ।

शब्दार्थ- द्विजातिहरूका लागि गर्भाधानदेखि विवाहसम्म सम्पन्न गरिने दशवटा संस्कार वा कर्महरू, वाली लगाउने अवस्थादेखि वाली उकेर्ने अवस्थासम्मको कृषिकर्म ।

दशग्रीवः (ना./पुं.) दश ग्रीवाः यस्य सः *(दशवटा घाँटी छन् जसका)* व.स.= दशग्रीव ।

शब्दार्थ- दशवटा घाँटी वा टाउका हुने रावण, लङ्केश्वर, दशग्रीव ।

दशदानम् (ना./न.) दशानां पदार्थानां दानम् *(दशवटा पदार्थको दान)* ष.त.स.= दशदान ।

शब्दार्थ- प्रायः मर्ने अवस्थामा वा मरेको तेह्रौ दिनमा गरिने दशवटा वस्तुहरूको दान- गाई, भूमि, द्रव्य, सुन, तिल, घिउ आदि दश पदार्थहरूको दान ।

दशदिक्पालः (ना./पुं.) दिशः पालयन्तीति *(दिशाहरू संरक्षण गर्छन्)* दिक् उपपदपूर्वक पाल रक्षणे (चुरा.) धातु, दिक्+पाल्+अण्[१] (अ), दिक्पालाः । दश दशसङ्ख्यकाश्च ते दिक्पालाश्च *(दशवटा दिक्पालहरू)* क.त.स., उ.प.लोप= दशदिक्पाल ।

शब्दार्थ- आठ दिशाका अधिपति अष्ट दिक्पालहरू र ऊर्ध्व तथा अधोदिशाका अधिष्ठाता देवताहरू समेत दश दिक्पालहरू ।

दशनः (ना./पुं./न.) दंशति, दश्यते अनेन इति वा *(टोक्छ वा टोकिन्छ यसबाट)* दंश दंशने (भ्वा.) धातु, दंश्+ल्यु[२]/ल्युट् (अन), नलोप, 'दहदश..' भन्ने सूत्रनिर्देशनवाट नलोपनिपातन= दशन ।

शब्दार्थ-दांत, दन्त, टोक्ने काम, दार्ने वा चिथोर्ने क्रिया ।

दशमहाविद्या (ना./स्त्री.) महती चासौ विद्या च *(महान् विद्या)* क.त.स., महत्को आत्व[३], महाविद्या । दश च ताः महविद्याः *(दश महाविद्या)* क.त.स. =दशमहाविद्या ।

शब्दार्थ- तन्त्रशास्त्रमा वर्णित दशवटी देवीहरू, जसको नाम निम्न छ- काली तारा, षोडशी, भैरवी, भुवनेश्वरी, छिन्नमस्ता, मातङ्गी, धूमावती, बंगलामुखी, कमलात्मिका ।

दशमुखः (वि./ना./पुं.)दश मुखानि यस्य सः *(दशवटा मुखहरू छन् जसका)* व.स.= दशमुख ।

शब्दार्थ- दशवटा मुख भएको, रामायणमा वर्णित दशवटामुख भएको रावण ।

दशरथः (ना./पुं.) दशसु दिक्षु (गतः) रथः यस्य सः (श.क.द्रुवाट) *(दश दिशामा गएको छ रथ जसको)* ब.स.= दशरथ ।

शब्दार्थ- श्रीरामचन्द्रका पिता, प्राचीन अयोध्याका अधिपति, राजा दशरथ ।

दशवक्रः (ना./पुं.) दश वक्राणि वदनानि यस्य *(दश मुख छन् जसका)* दश+वक्र= दशवक्र ।

शब्दार्थ- दश मुख भएको रावण, दशानन ।

दशवदनः (ना./पुं.) दश वदनानि यस्य *(दश मुख छन् जसका)* दश+वदन, ब.स.= दशवदन ।

शब्दार्थ- दशमुखे रावण, दशवक्र, दशानन ।

दशवार्षिकः (वि.) दशवर्षे भवः *(दश-दश वर्षमा हुने)* दशवर्ष+ठञ्[४] (इक), आदिवृद्धि= दशवार्षिक ।

शब्दार्थ- दश वर्षको, दश वर्षसम्वन्धी, दश वर्षमा हुने ।

दशवार्षिकी (वि./स्त्री.) दशवर्षे भवा *(दश वर्षमा हुने)* दशवर्ष+ठञ्[४] (इक), आदिवृद्धि, दशवार्षिक+ङीप् (ई) =दशवार्षिकी ।

शब्दार्थ- दश वर्षे, दश वर्षको, दश वर्षमा हुने ।

दशहरा (ना./स्त्री.) दश दशविधानि पापानि हरति असौ *(दश प्रकारको पाप हरण गर्छ यसले)* हृञ् हरणे (भ्वा.) धातु, दश+हृ+अच्[५] (अ), गुण, दशहर+टाप् (आ) =दशहरा ।

शब्दार्थ- ज्येष्ठशुक्ल दशमी तिथि, दशहरा तिथि ।

दशा (ना./स्त्री.) दंशयति अनेन *(पीडा दिन्छ यसले)* दशि दंशने (चुरा.) धातु, नुम्, दंश्+अङ्[६] (अ), नलोप, टाप् (आ)= दशा ।

शब्दार्थ- ग्रहहरूले भोग गर्ने वर्ष, खराव ग्रहले भोग गर्ने समय, ग्रहहरूको दशा, आपत्काल, दुर्दशा ।

दशाननः (ना./पुं.) दश आननानि मुखानि यस्य *(दश मुख छन् जसका)* दश+आनन, ब.स., दीर्घ=दशानन ।

शब्दार्थ- दशवटा मुख हुने रावण, दशवक्र ।

दशास्यः (ना./पुं.) दश आस्यानि मुखानि यस्य सः *(दश मुख छन् जसका)* दश+आस्य, ब.स., दीर्घ= दशास्य ।

शब्दार्थ- दश मुख हुने रावण, दशानन ।

---

१. कर्मण्यण् : अण्
२. नन्दिग्रहि... : ल्यु
३. आन्महतसमानाधि... : महत्को आत्व
४. कालाट्ठञ् : ठञ्
५. हरतेरनुद्यमने... : अच्
६. षिद्भिदादिभ्योऽङ् : अङ्

दस्युः (ना./पुं.) दस्यतीति *(कुकर्म गर्छ)* दसु उपक्षये (दिवा.) धातु, दस्+युच्[1] (यु), उणा.= दस्यु ।

शब्दार्थ- शत्रु, तस्कर, डाँका, चोर, लुटेरा, संस्कारभ्रष्ट, दुष्ट, राक्षस, असुर ।

दहनः (ना./पुं./न.) दहति, दह्यते अनेन वा *(पोल्छ वा भस्म बनाइन्छ यसबाट)* दह भस्मीकरणे (भ्वा.) धातु, दह्+ल्यु[2]/ल्युट् (अन)= दहन ।

शब्दार्थ- जलाउने वा पोल्ने अग्नि, पोल्ने काम, भस्म पार्ने क्रिया, दाह, जलन, उत्पीडन ।

दाक्षायणी (ना./स्त्री.) दक्षस्य अपत्यम् स्त्री *(दक्षप्रजापतिकी स्त्री सन्तति)* दक्ष्+फिञ्[3] (आयन), आदिवृद्धि, णत्व, दाक्षायण+ङीष्[4] (ई)= दाक्षायणी ।

शब्दार्थ- सतीदेवी, दुर्गा, पार्वती, भगवती, रेवतीनक्षत्र, रोहिणीनक्षत्र ।

दाक्षिणात्यः (वि.) दक्षिणस्यां जातादिः *(दक्षिण दिशामा जन्मेको)* दक्षिणा+त्यक्[5] (त्य), आदिवृद्धि=दाक्षिणात्य ।

शब्दार्थ- दक्षिण दिशाको, दक्षिणतिरको, दक्षिणसम्वन्धी ।

दाक्षिण्यम् (ना./न.) दक्षिणस्य भावः *(सरल हुनाको भाव वा अवस्था)* दक्षिण+ष्यञ् (य), आदिवृद्धि, अकारलोप =दाक्षिण्य ।

शब्दार्थ- सिपालु वा सरल हुनाको भाव वा अवस्था, चातुर्य, निपुणता, दक्षता, अनुकूलता, सरलता ।

दाक्षी (ना./स्त्री.) दक्षस्य अपत्यम् स्त्री *(दक्षकी स्त्री सन्तति)* दक्ष+इञ्[6] (इ), आदिवृद्धि, अकारलोप, दाक्षि +ङीप् (ई), इकारलोप= दाक्षी ।

शब्दार्थ- दक्ष प्रजापतिकी छोरी वा कन्या, संस्कृत व्याकरणकार पाणिनिकी आमा ।

दाक्षीपुत्रः (ना./पुं.) दाक्ष्याः पुत्रः *(दाक्षीका पुत्र)* ष.त.स. =दाक्षीपुत्र ।

शब्दार्थ-पाणिनिमुनि, संस्कृतभाषाका प्रसिद्ध व्याकरणकार

दातव्यः (वि.) दातुं योग्यः, दीयते इति वा *(दिन योग्य वा दिइन्छ)* डुदाञ् दाने (जुहो.) धातु, दा+तव्य=दातव्य ।

शब्दार्थ- दिन योग्य, दान दिन लायक, दान दिनुपर्ने ।

द्रष्टव्य- दातव्यमिति यद्दानम् दीयतेऽनुपकारिणे-
भ.गी. १७/२०

दाता (वि.) ददातीति *(दिन्छ)* डुदाञ् दाने (जुहो.) धातु, दा+तृच्[7] (तृ), दातृ= दाता ।

शब्दार्थ- प्रदान गर्ने, दानी, उदार, दानवीर, त्यागी, दान दिने, दाता ।

दात्री (ना./स्त्री.) ददाति असौ *(दिन्छे यो),* द्यति खण्डयति *(टुक्रा पार्छ)* डुदाञ् दाने (जुहो.)/दो अवखण्डने (तुदा.) धातु, दा+तृच्[7] (तृ)+ङीप् (ई), यण्= दात्री ।

शब्दार्थ- दान दिने स्त्री, दानकर्त्री, दानशील आइमाई, उदार प्रकृतिकी नारी, दान दिने संस्था आदि, हँसिया, चुपी, चिर्ने वा टुक्रा पार्ने करौंती ।

दानम् (ना./न.) दानम्, दीयते इति वा *(दिइन्छ, क्षेदन गरिन्छ)* डुदाञ् दाने (जुहो.)/दो अवखण्डने (दिवा.) धातु, आत्व, दा+ल्युट् (अन), दीर्घ= दान ।

शब्दार्थ- दान दिने काम, चन्दा आदि आर्थिक सहयोग वा अन्नवस्त्रादि दिने काम, हात्तीको मद, छेदन, त्याग, विसर्जन, साम-दानादि चार उपायमध्ये एक ।

दानकर्म (ना./न.) दानमेव कर्म *(दान नै कर्म)* म.व्य.स. =दानकर्म ।

शब्दार्थ- दानकर्म, दानरूप कर्म, दान दिने क्रिया ।

दानधर्मः (ना./पुं.) दानाद् धर्मः *(दानबाट हुने धर्म)* प.त.स.= दानधर्म ।

अथवा दानञ्च धर्मश्च *(दान र धर्म)* द्व.स. = दानधर्म ।

अथवा दानरूपश्चासौ धर्मश्च *(दानरूप धर्म)* क.त.स., उ.प.लोप= दानधर्म ।

शब्दार्थ- दान दिनुबाट प्राप्त हुने धर्म, दानपुण्य, दान र धर्म दुवै ।

दानपत्रम् (ना./न.) दानस्य पत्रम् *(दानको पत्र)* ष.त.स. =दानपत्र ।

शब्दार्थ- दान दिएपछि प्रमाणस्वरूप लेखिदिने पत्र वा कागज, दानपत्र ।

दानपात्रम् (ना./न.) दानाय पात्रम् *(दान दिनका लागि उपयुक्त व्यक्ति वा पात्र)* च.त.स.= दानपात्र ।

शब्दार्थ- दान दिनको लागि उपयुक्त व्यक्ति, चन्दा दिन राखिएको बाकस, चन्दापात्र, चन्दापेटिका ।

दानप्रतिष्ठा (ना./स्त्री.) दानस्य प्रतिष्ठा *(दानको प्रतिष्ठा)* ष.त.स.= दानप्रतिष्ठा ।

शब्दार्थ- दान दिएपछि त्यसको कमी पूरा गर्न दिइने थप दक्षिणा ।

दानफलम् (ना./न.) दानस्य फलम् *(दानको फल)* ष.त.स.= दानफल ।

शब्दार्थ- दानको फल, दानबाट प्राप्त हुने फल ।

दानवः (ना./पुं.) दनोरपत्यं पुमान् *(दनुका पुरुष सन्तान)* दनु+अण्[8] (अ), आदिवृद्धि, गुण, अवादेश = दानव ।

शब्दार्थ- कश्यपपत्नी दनुबाट जन्मेका सन्तान, असुर, राक्षस, दानव जाति ।

दानवगुरुः (ना./पुं.) दानवानां गुरुः *(दानवहरूका गुरु)* ष.त.स.= दानवगुरु ।

शब्दार्थ- शुक्राचार्य, दैत्यगुरु, भार्गव ।

दानवपतिः (ना./पुं.) दानवानां पतिः *(दानवहरूका स्वामी)* ष.त.स.= दानवपति ।

शब्दार्थ- दैत्यराज, दानवराज, दानवजातिका स्वामी ।

---

[1] यजिमनिशुन्धि... : युच्
[2] नन्दिग्रहिपचादि.../करणाधिकरण...: ल्यु/ल्युट्
[3] उदिचां वृद्धादगोत्रात् : फिञ्
[4] षिद्गौरादिभ्यश्च : ङीष्
[5] दक्षिणापश्चात्... :त्यक्
[6] अत इञ् : इञ्
[7] ण्वुल्तृचौ : तृच्
[8] तस्यापत्यम् : अण्

दानविधिः (ना./पुं.) दानस्य विधिः *(दानको विधान)* ष.त.स.= दानविधि ।

शब्दार्थ- दानको नियम, दानको विधिविधान ।

दानवी (ना./स्त्री.) दनोरपत्यं स्त्री *(दनुकी स्त्री सन्तति)* दनु+अण् (अ), दानवः । दानव+ङीप् (ई)= दानवी ।

शब्दार्थ- राक्षसी, दानववंशीय स्त्री ।

दानवेयः (ना./पुं.) दानव्याः अपत्यं पुमान् *(दानवी वा राक्षसीका पुरुष सन्तान)* दानवी+ढक्[1] (एय)=दानवेय ।

शब्दार्थ- दैत्य, राक्षसजाति, दानव ।

दानशीलः (वि.) दाने शीलं स्वभावः यस्य *(दान दिने स्वभाव छ जसको)* ब.स.= दानशील ।

शब्दार्थ- दाता, धेरै दान दिने स्वभावको, उदारदाता ।

दानी (वि.) दानमस्यास्तीति *(दान दिने स्वभाव छ यसको)* दान+इनि (इन्), दानिन्= दानी ।

शब्दार्थ- दान दिने, उदार प्रकृतिको, दान दिने स्वभाव भएको

दानीयः (वि.) दीयते अस्मै *(दिइन्छ यसलाई)* डुदाञ् दाने (जुहो.) धातु, दा+अनीयर् (सम्प्रदानमा)= दानीय ।

शब्दार्थ- दिइनेवाला, दान दिइने (व्यक्ति) ।

दाम (ना./न.) द्यति, दीयते अनेन इति वा *(बन्धनमा पार्छ वा संरक्षण गरिन्छ यसबाट)* दो अवखण्डने (दिवा.) वा देङ् रक्षणे (भ्वा.) धातु, आत्व, दा+मनिन् (मन्), उणा., दामन्= दाम ।

शब्दार्थ- दाम्लो, डोरी, रज्जु ।

दामोदरः (ना./पुं.) द्यति, दीयते अनेन इति वा *(बन्धनमा पार्छ वा संरक्षण गर्छ यसले)* दो अवखण्डने (दिवा.) वा देङ् रक्षणे (भ्वा.) धातु, आत्व, दा+मनिन्[2] (मन्), उणा., दामन्, दाम (दाम्लो) । दाम वन्धनरज्जु उदरे यस्य सः *(दाम्लो छ उदरमा जसको)* ब.स. गुण =दामोदर ।

शब्दार्थ- वासुदेव, श्रीकृष्ण, दामोदर ।

द्रष्टव्य- **श्रीकृष्णलाई यशोदाले पेटमा दाम्लोले बाँधेको हुंदा उहांको नाम दामोदर रहेको हो ।**

दाम्पत्यम् (ना./न.) दम्पत्याः भावः कर्म वा *(दम्पती, स्त्री र पुरुषको भाव, अवस्था वा कर्म)* दम्पती+यक्[3] (य), आदिवृद्धि, ईकारलोप= दाम्पत्य ।

शब्दार्थ- स्त्री र पुरुषको भाव वा अवस्था, पति र पत्नीको दाम्पत्यसम्वन्ध, स्त्री र पुरुषको दाम्पत्यभाव ।

उदा. **यो दाम्पत्य विशाल स्वर्गसरि होस् राम्रा अलङ्कारले- सु.म.का. ८/३६**

दाम्भिकः (वि.) दम्भेन चरति *(दम्भाचरण गर्छ)* दम्भ+ठक्[4] (इक)= दाम्भिक ।

शब्दार्थ- अहङ्कारी, धोकेवाज, पाखण्डी, अभिमानी, घमण्डी

दायः (ना./पुं.) दीयते इति *(दिइन्छ, भाग लगाइन्छ)* डुदाञ् दाने (जुहो.)/दो अवखण्डने (दिवा.) धातु, दा+घञ् (अ), युक्= दाय ।

शब्दार्थ- दान, दातव्य, वकस, दाइजो, अंशवण्डा हुने पैत्रिकसम्पत्ति, पैत्रिकसम्पत्तिको भागवण्डा, पुर्ख्यौली सम्पत्ति ।

दायभागः (ना./पुं.) दायस्य भागः *(अंसियारहरूमा पूर्वजका सम्पत्तिको भागवण्डा)* ष.त..स.= दायभाग ।

शब्दार्थ- अंसियारहरूमा भागवण्डा लाग्ने सम्पत्तिको भाग वा अंश, पैतृक सम्पत्तिको भागवण्डा ।

दायादः (ना./पुं.) दायमत्तीति *(दायभाग ग्रहण गर्छ)* दाय उपपदपूर्वक अद भक्षणे (अदा.) धातु, दाय+अद्+अण्[5] (अ), दीर्घ= दायाद । अथवा आदत्ते *(ग्रहण गर्छ)* आङ्पूर्वक डुदाञ् दाने (जुहो.) धातु, आ+दा+क[6] (अ), आकारलोप, आदः । दायस्य आदः *(पूर्वजका सम्पत्तिको ग्रहण)* ष.त.स., दीर्घ= दायाद ।

दायादस्तु भवेत्पुंसि सपिण्डे तनयेऽपि च- इति मेदिनी
दायादौ सुतवान्धवौ- इत्यमरः

शब्दार्थ- कसैको मृत्युपछि उसका सम्पत्तिको प्रथम हकदार, उत्तराधिकारी छोरो, पुत्र, सपिण्डवन्धु ।

दायित्वम् (ना./न.) दायः अस्यास्तीति *(दायभाग छ यसको)* दाय+इनि (इन्), दायिन् । दायिनः भावः *(दायभागी हुनाको भाव वा अवस्था)* दायिन्+त्व =दायित्व ।

शब्दार्थ- दायभाग ग्रहण गर्नेको भाव वा अवस्था, दायित्व वहन ।

दायी (वि./ना./पुं.) दायः अस्यास्तीति *(दायभाग छ यसको)* दाय+इनि (इन्), दायिन्= दायी ।

शब्दार्थ- दायभागी, दाय ग्रहण गर्ने, कुनै कुरा दिने, दायित्व वहन गर्ने, सपिण्डवन्धु, छोरो, पुत्र, उत्तराधिकारी ।

दारकर्म (ना./न.) दाराणां कर्म *(पत्नी ग्रहण गर्ने काम)* ष.त.स.= दारकर्म ।

शब्दार्थ-विवाहसंस्कार, षोडसंस्कारमध्ये एक, पत्नी ग्रहण ।

दारभारः (ना./पुं.) दाराणां भारः *(पत्नीको भार)* ष.त.स. =दारभार ।

शब्दार्थ- पत्नीको भार, पत्नीको वोझ ।

दाराः (ना./पुं.) दारयन्ति विद्रावयन्ति चित्तम् *(चित्त विक्षोभ वा विकृत पार्दछन्)* दॄ विदारणे (क्र्या.) धातु, दॄ+णिचि+घञ् (अ), वृद्धि, णिलुक्[7]=दारा(बहुवचनरूप)

भार्या जायाथ पुंभुम्नि दाराः- इत्यमरः

शब्दार्थ- पत्नी, भार्या, सहधर्मिणी ।

दारिद्र्यम् (ना./न.) दरिद्रस्य भावः *(दरिद्र हुनाको भाव वा अवस्था)* दरिद्र+ष्यञ् (य), आदिवृद्धि= दारिद्र्य ।

शब्दार्थ- दरिद्रता, दरिद्रपन, दरिद्र हुनाको भाव ।

उदा. **यस्ता क्षुद्र दरिद्रका हृदयका दारिद्र्यका चित्र छन्- शा.म.का.१/८**

---

[1] स्त्रीभ्यो ढक् : ढक्
[2] सर्वधातुभ्यो... : मनिन्
[3] पत्यन्तपुरोहितादि... : यक्
[4] चरति ठक् : ठक्
[5] कर्मण्यण् : अण्
[6] आतश्चोपसर्गे : क
[7] दारजारौ कर्तरि णिलुक् (वा.) : णिलुक्

दारु (ना./न.) दीर्यते इति *(फोरिन्छ)* दृ विदारणे (क्र्या.) धातु, दृ+ञुण्[1] (उ), उणा., वृद्धि= दारु ।

दारु स्यात् पित्तले काष्ठे देवदारौ नपुंसकम्
काष्ठं दारु- इत्यमरः

शब्दार्थ- काठ, दाउरा, समिधा, देवदारु, धुपी, मदिरा, झिंजा, झिक्रा ।

दारुणः (वि.) दारयति चित्तम् *(चित्तमा भय पैदा गर्छ)* दृ भये (भ्वा.) वा दृ विदारणे (क्र्या.) धातु, दृ+णिचि, वृद्धि, दारि+उनन्[2] (उन), उणा., णिलोप, णत्व= दारुण ।

दारुणं भीषणं भीष्मं घोरं भीमं भयानकम्- इत्यमरः

शब्दार्थ- भीषण, डरलाग्दो, भयङ्कर, भीम, भयानक, घोर, कठोर, निष्ठुर, दयाहीन ।

दार्शनिकः (वि.) दर्शनमधीते वेत्ति, दर्शनं प्रयोजनमस्य, दर्शनेन निर्वृत्तमिति, दर्शनस्य अयम् *(दर्शनशास्त्र पढ्छ वा जान्दछ, दर्शन नै प्रयोजन छ यसको, दर्शनशास्त्रद्वारा निर्वृत्त, दर्शनशास्त्रको यो)* दर्शन+ठक्/ठञ्[3] (इक), आदिवृद्धि, अकारलोप= दार्शनिक ।

शब्दार्थ- दर्शनशास्त्र पढ्ने, दर्शनशास्त्रवेत्ता, दर्शनशास्त्र नै मुख्य प्रयोजन भएको, दर्शनशास्त्रको विशेषज्ञ, दर्शनशास्त्र-सम्बन्धी, दर्शनशास्त्रको ।

दावः (ना./पुं.) दुनोति उपतापयतीति *(ताप वा पीडा दिन्छ)* टुदु उपतापे (स्वा.) धातु, दु+ण (अ), वृद्धि, आवादेश= दाव ।

शब्दार्थ- जङ्गल, वन, वनको डढेलो, वह्नि, दावानल ।

दावाग्निः/दावानलः (ना./पुं.) दावाद् उद्भवश्चासौ अग्निश्च/ अनलश्च *(वनबाट पैदा भएको आगो)* क.त.स., उ.प.लोप, दीर्घ= दावाग्नि/दावानल ।

शब्दार्थ- वनमा पैदा भएको अग्नि, दावानल, डढेलो ।

दाशः (ना./पुं.) दशति मत्स्यान् इति *(माछा मार्ने गर्छ)* दंश दशने (भ्वा.) धातु, दंश्+टन्/ट[4] (अ), नकारको आत्व, दाश्+अ= दाश ।

दाशधीवरौ- इत्यमरः

शब्दार्थ- माझी, जाल हानेर माछा मार्ने धीवर ।

दाशरथः/दाशरथिः (ना./पुं./वि.) दशरथस्य अपत्यम् पुमान् *(दशरथको पुरुष सन्तान)*, दशरथस्य अयम् *(दशरथको यो)* दशरथ+अण् (अ), आदिवृद्धि, अकारलोप= दाशरथ ।

दशरथ+इञ्[5] (इ), आदिवृद्धि, अकारलोप= दाशरथि ।

शब्दार्थ- दशरथको वंशमा उत्पन्न सन्तति, दशरथका पुत्र, राम, लक्ष्मण, भरत, शत्रुघ्न, दशरथको ।

दासः (ना./पुं.) दासति सेवते इति *(सेवा प्रदान गर्छ)* दासृ दाने (भ्वा.) धातु, दास्+अच् (पचादि)= दास ।

अथवा दंसयते, दंस्यते इति वा *(सेवा दिन्छ)* दसि दर्शन-दंशनयोः (चुरा.) धातु, नुम्, दंस्+टन्/ट[4] (अ), उणा. नकारको आत्व= दास ।

भृत्ये दासेरदासेयदासगोप्यकचेटकाः- इत्यमरः

शब्दार्थ- भृत्य, नोकर, सेवक ।

दासता (ना./स्त्री.)/**दासत्वम्** (ना./न.) दासस्य भावः *(दास हुनाको भाव वा अवस्था)* दास+तल् (त)+टाप् (आ)= दासता । दास+त्व= दासत्व ।

शब्दार्थ- दास वा नोकर हुनाको भाव वा अवस्था, सेवकपना, नोकरी, सेवाभाव ।

दासदासी (ना./स्त्री.) दासश्च दासी च *(दास र दासी)* द्व.स.= दासदासी ।

शब्दार्थ- नोकर-नोकर्नी, कमारा-कमारी, सेवक-सेविका ।

दासानुदासः (ना./पुं.) दासस्य अनुदासः *(दासको दास)* दास+अनुदास, ष.त.स., दीर्घ= दासानुदास ।

शब्दार्थ- दासको पनि दास, सेवकको पनि सेवक, निकृष्ट नोकर, विनीत, सेवक ।

दासी/दासिका (ना./स्त्री.) दासस्य स्त्री *(दासकी पत्नी)* दास+ङीष् (ई)= दासी । अथवा दास्यते सेव्यते अनया *(सेवा प्रदान गरिन्छ यसबाट)* दासृ दाने (भ्वा.) धातु, दास्+घञ् (अ), दास+ङीष् (ई)= दासी ।

अथवा दासते सेवते असौ *(सेवा गर्छे यो)* दास्+ण्वुल् (अक), दासकः । दासक+टाप् (आ), ककारपूर्वका अकारको इत्व= दासिका ।

शब्दार्थ- सेविका, परिचारिका, दास वर्गकी नारी, दासकी पत्नी, नोकर्नी ।

दासीपुत्रः (ना./पुं.) दास्याः पुत्रः *(दासीको पुत्र)* ष.त.स. =दासीपुत्र ।

शब्दार्थ- दासीको गर्भबाट जन्मेको छोरो, दासीसुत ।

दासेयः (ना./पुं.) दास्याः अपत्यं पुमान् *(दासीको पुरुष सन्तान)* दासी+ढक्[6] (एय), ईकारलोप= दासेय ।

शब्दार्थ- भृत्य, नोकर, सेवक, दासीपुत्र, दासीको छोरो ।

दास्यम् (ना./न.) दासस्य भावः कर्म वा **(दासको भाव वा कर्म)** दास+ष्यञ् (य), अकारलोप= दास्य ।

शब्दार्थ- दासको अवस्था वा स्थिति, शुश्रूषा, दासभाव, भक्तिका प्रकारहरूमध्ये एक ।

दाहः (ना./पुं.) दह्यते, दहनमिति वा *(दहन गर्नु)* दह भस्मीकरणे (भ्वा.) धातु, दह्+घञ् (अ), वृद्धि= दाह ।

शब्दार्थ- दाहसंस्कार, दाहक्रिया, डढाउने काम, जलन, सन्ताप, कष्ट, पीडा, छटपटी, उत्पीडन, भस्मीकरण, दहन गर्ने काम ।

दाहकः (वि.) दाहयतीति *(डढाउँछ)* दह भस्मीकरणे (भ्वा.) धातु, दह्+ण्वुल् (अक)= दाहक ।

शब्दार्थ-पोल्ने, डढाउने, भस्म पार्ने, जलाउने, दागवत्ती दिने

दाहक्रिया (ना./स्त्री.) दाहस्य क्रिया *(दाहसंस्कारको कामकाज)* ष.त.स.= दाहक्रिया ।

शब्दार्थ- मुर्दा जलाउने काम, दाहसंस्कार ।

---

[1] दृसनिजनि...: ञुण्
[2] कृवृदारिभ्यः... : उनन्
[3] क्रतूक्थादि../प्रयोजनम्/तेन नृर्वृत्तम्/तस्येदम् : ठक्/ठञ्
[4] दंसेष्टटनौ न आ च : ट/टन्, आत्व
[5] अत इञ् : इञ्
[6] स्त्रीभ्यो ढक् : ढक्

दाहकर्म (ना./न.) दाहस्य कर्म *(दाहसंस्कारको कर्म)* ष.त.स.= दाहकर्म ।

शब्दार्थ- शव जलाउने काम, दाहक्रिया, दाहकर्म ।

दाहसंस्कारः (ना./पुं.) दाहस्य संस्कारः *(दाहकर्मको संस्कार)* ष.त.स.= दाहसंस्कार ।

शब्दार्थ- मुर्दालाई जलाउने काम, मुर्दा जलाउने संस्कार, शवदाह, दाहकर्म, षोडश कर्ममध्ये एक ।

दिक् (ना./स्त्री.) दिशति अवकाशं प्रददातीति *(अवकाश प्रदान गर्छ)* दिश अतिसर्जने (तुदा.) धातु, दिश्+क्विन्[1] (सर्वलोप), कुत्व= दिक् ।

शब्दार्थ- दिशा, नापविशेष, काष्ठा ।

दिक्पालः (ना./पुं.) दिशः पालयतीति *(दिशालाई संरक्षण गर्छन्)* पाल रक्षणे (चुरा.) धातु, दिक्+पाल्+अण्[2] (अ), जश्त्व= दिक्पाल ।

शब्दार्थ- दसै दिशाका स्वामी वा दिक्पाल, सबै दिशाका संरक्षक, दशदिक्पाल ।

दिक्शूलः (ना./पुं.) दिक्षु शूलः *(दिशामा पर्ने शूल)* स.त.स.= दिक्शूल ।

शब्दार्थ- ज्योतिषशास्त्रअनुसार दिशामा पर्ने शूल- वारशूल, नक्षत्रशूल आदि ।

दिगङ्गना (ना./स्त्री.) दिगेव अङ्गना *(दिशारूपी स्त्री)* म.व्य.स.= दिगङ्गना ।

शब्दार्थ- दिशारूपी युवती, दिशारूपी नारी, दिशारूपी नायिका ।

उदा. घपक्क मेघको घुम्टो हालि कुलवधू सरी
दिगङ्गना बसेका छन् लुकाइ मुखमाधुरी- ऋ.वि., वर्षा.वि.

दिगम्बरः (ना./पुं./वि.) दिगेव अम्वरं वस्त्रं यस्य *(दिशा नै वस्त्र छ जसको)* व.स.= दिगम्बर ।

शब्दार्थ- महादेव, शिव, क्षपण (जैनधर्मी), निर्वस्त्र योगी, शरीरमा वस्त्र नभएको, नाङ्गो ।

दिग्गजः (ना./पुं.) दिक्षु गजाः *(आठै दिशामा प्रख्यात हात्तीहरू)* स.त.स., दिक्+गज, जश्त्व= दिग्गज ।

अष्टदिग्गज-ऐरावतः पुण्डरीको वामनः कुमुदोऽञ्जनः ।
पुष्पदन्तः सार्वभौमः सुप्रतीकश्च दिग्गजाः- इत्यमरः

शब्दार्थ- आठ दिशाका आठवटा हात्ती, दिग्हस्ती, अष्ट दिग्गज, गण्यमान्य-व्यक्ति ।

दिग्दर्शकः (वि.) दिशं दर्शयतीति *(दिशा वा बाटो देखाउँछ)* दिक् उपपदपूर्वक दृशिर् प्रेक्षणे (भ्वा.) धातु, दृश्+णिचि+ण्वुल्[3] (अक), णिलोप, गुण =दिग्दर्शक ।

शब्दार्थ- बाटो देखाउने, मार्ग प्रदर्शन गर्ने, ज्ञान दिने, दिशा देखाउने ।

दिग्दर्शनम् (ना./न.) दिशः दर्श्यन्ते इति *(दिशा वा बाटो देखाइन्छ)* दृशिर् प्रेक्षणे (भ्वा.) धातु, दृश्+णिचि+ल्युट् (अन), गुण, णिलोप= दिग्दर्शन ।

शब्दार्थ- बाटो देखाउने काम, मार्ग प्रदर्शन गराउने कार्य, दिशा वोध गराउने काम, पथप्रदर्शन ।

दिग्भ्रमः (ना./पुं.) भ्रम्यते इति *(घुम्नु, भ्रममा पर्नु)* भ्रमु अनवस्थाने (दिवा.) वा भ्रमु चलने (भ्वा.) धातु, भ्रम्+घञ् (अ), वृद्धिनिषेध, भ्रमः ।

दिशां भ्रमः *(दिशाहरूको भ्रम)* ष.त.स.= दिग्भ्रम ।

शब्दार्थ- दिशा छुट्ट्याउन नसक्ने अवस्था, बाटो भुल्ने काम, दिशा पत्ता लगाउन नसकिने स्थिति, दिशाभ्रम ।

दिग्भ्रान्तः (वि.) भ्रम्यते स्म इति *(भ्रममा परेको)* दिक्पूर्वक भ्रमु अनवस्थाने (दिवा.) वा भ्रमु चलने (भ्वा.) धातु, दिक्+भ्रम्+क्त (त), भ्रको दीर्घ, परसवर्ण= दिग्भ्रान्त ।

शब्दार्थ- दिशा छुट्ट्याउन नसकेर भ्रमित भएको, बाटो भुलेको, दिशा पत्ता लगाउन नसकेको ।

दिग्विजयः (ना./पुं.) विजीयते इति *(जितिन्छ)* विपूर्वक जि जये (भ्वा.) धातु, वि+जि+अच् (एरच्), विजयः । दिशां विजयः वा दिक्षु स्थितानां लोकानां विजयः *(दिशाको विजय वा दिशामा रहेका लोकहरूको विजय गर्ने काम)* ष.त.स.= दिग्विजय ।

शब्दार्थ- युद्ध वा शास्त्रार्थ आदिद्वारा लोक विजय गर्ने काम, वाक्क पार्ने काम, युद्धमा विजय हासिल गरेर अर्काको राष्ट्र जित्ने काम ।

दिग्विजयी (वि.) दिशः विजीयन्ते इति *(दिशाहरू विजय गरिन्छन्)* दिक् उपपदमा हुने विपूर्वक जि जये (भ्वा.) धातु, दिक्+वि+जि+अच् (एरच्), गुण, अयादेश, दिग्विजयः । दिग्विजयः अस्यास्तीति *(दिग्विजय गर्ने कार्य छ यसको)* दिग्विजय+इनि[4] (इन्), अकारलोप, दिग्विजयिन्= दिग्विजयी ।

शब्दार्थ- सर्वत्र विजय प्राप्त गर्ने, सबै दिशामा विजय हासिल गर्ने ।

दितिः (ना./स्त्री.) दानम्, दीयते इति वा *(टुक्रयाउँनु)* दो अवखण्डने (दिवा.) धातु, दा+क्तिन् (ति), आत्व, आको इत्व[5]= दिति ।

शब्दार्थ- टुक्राउने प्रक्रिया, खण्डित वा सीमित शक्ति, दैत्यमाता, कश्यपपत्नी, दक्ष प्रजापतिकी कन्या (यिनको विवाह कश्यप ऋषिसित भएको थियो)

दितिजः (ना./पुं.) दितेर्जातः इति *(दितिबाट पैदा भएको)* जनी प्रादुर्भावे (दिवा.) धातु, दिति+जन्+ड (अ), टिलोप= दितिज ।

शब्दार्थ- दितिवाट पैदा भएको सन्तान, दैत्य, दानव ।

दितिसुतः (ना./पुं.) दितेः सुतः *(दितिको पुत्र)* ष.त.स. =दितिसुत ।

शब्दार्थ- दितिपुत्र, दितिका छोरा- हिरण्यकशिपु आदि ।

---

[1] त्यदादिषु दृशो... : क्विन् (दृश्को क्विन् विधान हुनाले दिक्को क्विन्)

[2] कर्मण्यण् : अण्

[3] ण्वुल्तृचौ : ण्वुल्

[4] अत इनिठनौ : इनि

[5] द्यतिस्यतिमास्था... : इत्व

दिदृक्षुः (वि.) द्रष्टुमिच्छतीति *(हेर्ने चाहना गर्छ)* दृशिर् प्रेक्षणे (भ्वा.) धातु, दृश्+सन् (स), द्वित्व, एकशेष, इत्व, दिदृश् स, दृश्का शको षत्व, सन्का सको षत्व, षको कुत्व, क षको क्षत्व, दिदृक्ष (सनन्त धातु) । दिदृक्षते इति *(अत्यन्तै हेर्ने चाहना गर्छ)* दिदृक्ष+उ[1] (प्रत्यय)=दिदृक्षु ।

शब्दार्थ- ज्यादै हेर्न इच्छा गर्ने, दर्शनाभिलाषी, दर्शन गर्न वा भेट्न चाहने ।

दिनम् (ना./न.) दीयते क्षीणं भवति *(क्षीण हुदै जान्छ)* दीङ् क्षये (दिवा.) धातु, दी+नक्[2] (न), वहुलप्रकारले, ह्रस्व= दिन ।

अथवा द्यति नक्तन्दिवं खण्डयति तमः विनाशयति वा *(रात दिन छुट्याउँछ वा अन्धकार नाश गर्छ)* दो अवखण्डने (दिवा.) धातु, दो+इनक्[3] (इन), उणा., आत्व, आलोप= दिन ।

शब्दार्थ-सूर्योदयदेखि सूर्यास्तसम्मको समय, दिवस, दिन,

दिनकरः (ना./पुं.) दिनं करोतीति *(प्रकाश फैलाउँछन्)* दिन उपपदपूर्वक डुकृञ् करणे (तना.) धातु, दिन+कृ+ट[4] (अ), गुण= दिनकर । अथवा दिनस्य करः *(दिनका प्रकाशक)* ष.त.स.= दिनकर ।

शब्दार्थ-दिनका प्रकाशक, सूर्य, आदित्य, भास्कर, दिवाकर ।

दिनचर्या (ना./स्त्री.) दिनस्य चर्या *(दिनको क्रियाकलाप)* ष.त.स.= दिनचर्या ।

शब्दार्थ- दिनभरिको कामकाज, दिनको कामधन्दा, दैनिक कामकाज, नित्यकर्म ।

दिनमणिः (ना./पुं.) दिनस्य मणिः *(दिनका मणि वा रत्न)* ष.त.स.= दिनमणि ।

शब्दार्थ- सूर्य, आदित्य, रवि, भाष्कर, दिनरत्न ।

दिनमानम् (ना./न.) मीयते इति *(नापिन्छ)* माङ् माने शव्दे च (जुहो.) धातु, मा+ल्युट् (अन), मानम् । दिनस्य मानम् *(दिनको नाप वा मापन)* ष.त.स.= दिनमान ।

शब्दार्थ- सूर्योदयदेखि सूर्यास्तसम्मको समय, दिनभरको समयको अवधि, दिनको मान ।

दिनश्रीः (ना./स्त्री.) दिनस्य श्रीः *(दिनको शोभा)* ष.त.स =दिनश्री ।

शब्दार्थ- दिनको सौन्दर्य, दिनको छवि, दिनको सुषमा, दिनको कान्ति, दिनको शोभा ।

उदा. रात्री सधैं परपरै, बुढिया दिनश्री- सन्ध्या-९ (लालित्य)

दिनाङ्कः (ना./पुं.) अङ्क्यते इति *(चिन्हित हुनु)* अकि लक्षणे (भ्वा.) धातु, नुम्, अङ्क्+घञ् (अ) अङ्कः । दिनस्य अङ्कः *(दिनको चिन्ह)* ष.त.स.= दिनाङ्क ।

शब्दार्थ- दिनको चिन्ह वा लक्षण, मिति, गते, तारिख, तोकिएको कुनै दिन ।

दिनाङ्कितः (वि.) दिनेन अङ्कितः *(दिनले चिन्हित)* दिन+अङ्कित, दीर्घ= दिनाङ्कित ।

शब्दार्थ- दिन किटान गरिएको, तिथिमिति लेखिएको ।

दिनानुदिनम् (अव्य.) दिनस्य पश्चात् *(दिनै पिच्छे)* अस्वपदविग्रह, अनु+दिनम्, अव्य.स., अनुदिनम् । दिनञ्च अनुदिनञ्च *(दिन प्रतिदिन)* द्व.स., दीर्घ =दिनानुदिन ।

शब्दार्थ- दिनैपिच्छे, प्रतिदिन, दिनदिनै ।

दिनान्तः (ना./पुं.) दिनस्य अन्तः *(दिनको समाप्ति)* दिन+अन्त, ष.त.स.= दिनान्त ।

शब्दार्थ- दिन समाप्ति हुने समय, साँझको समय, सन्ध्याकाल ।

दिनेशः (ना./पुं.) दिनस्य ईशः *(दिनका स्वामी)* दिन+ईश, ष.त.स., गुण= दिनेश ।

शब्दार्थ- सूर्य, रवि, आदित्य ।

दिवम् (ना./न.) दीव्यन्ति अस्मिन् *(क्रीडा गर्छन् यहाँ)* दिवु क्रीडादौ (दिवा.) धातु, दिव्+क[5] (अ), अधिकरणमा = दिव ।

शब्दार्थ- आकाश, स्वर्ग, व्योम ।

दिवङ्गतः (वि.) दिवं गच्छति स्म इति *(स्वर्गे भएको)* दिवम् उपपदमा हुने गम्लृ गतौ (भ्वा.) धातु, दिवम्+गम्+क्त (त), कर्तामा, अनुनासिक मलोप, परसवर्ण = दिवङ्गत ।

शब्दार्थ- स्वर्गमा वास भएको, निधन भएको, मरेको, स्वर्गारोहण भएको ।

दिवसः (ना./पुं.) दिव्यन्ति अत्र *(क्रीडा गर्छन् यहाँ)* दिवु क्रीडादौ (दिवा.) धातु, दिव्+असच्[6] (अस), उणा. =दिवस ।

शब्दार्थ- दिन, विहान-दिउँसो, वासर, वार, रोज ।

दिवसीयः (वि.) दिवसे भवः, दिवसस्य अयम् इति वा *(दिनमा हुने, दिनको यो)* दिवस+छ (ईय)=दिवसीय ।

शब्दार्थ- दिनमा हुने, दिनसम्वन्धी, दिनसित सम्वन्धित ।

दिवा (अव्य.) दिव्यन्ति अत्र *(क्रीडा गर्छन् यहाँ)* दिवु क्रीडादौ (दिवा.) धातु, दिव्+क्विप् (सर्वलोप), दिव्, भागुरीमतमा दिव्को आवन्त-निपातन= दिवा ।

शब्दार्थ- दिन, दिनको समय, दिउँसो, वासर, दिवस ।

दिवाकरः (ना./पुं.) दिवा दिवसं करोतीति *(प्रकाश वा उज्यालो दिन्छन्)* दिवा उपपदपूर्वक डुकृञ् करणे (तना.) धातु, दिवा+कृ+ट[7] (अ), गुण= दिवाकर ।

शब्दार्थ- सूर्य, आदित्य, भाष्कर, प्रभाकर, दिनकर ।

दिवास्वप्नः (ना./पुं.) दिवा दिवसे स्वप्नः अथवा दिवा स्वर्गस्य स्वप्नः कल्पना *(दिनमा सपना वा स्वर्गको परिकल्पना)* सुप्सुपा समास= दिवास्वप्न ।

शब्दार्थ- दिनमा सपना देख्ने काम, स्वर्गको परिकल्पना वा असम्भव कुराको कल्पना ।

---

[1] सनाशंसभिक्ष... : उ

[2] इण्सिञ्जिदीङुष्य... : नक्

[3] बहुलमन्यत्रापि : इनक्

[4] कृञो हेतुताच्छील्य... : ट

[5] घञर्थे कविधानम्...: क

[6] दिवः कित् : असच्

[7] दिवाविभा... : ट

दिव् (ना./स्त्री.) दिव्यन्ति अत्र *(क्रीडा गर्छन् यहाँ)* दिवु क्रीडादौ (दिवा.) धातु, दिव्+क्विप्[1] (सर्वलोप)=दिव् ।

शब्दार्थ-स्वर्ग, त्रिदिव, देवलोक, सुरलोक, प्रकाश, अन्तरीक्ष

दिव्यः (वि.) दिवि भवः जातादिर्वा *(स्वर्गमा हुने वा भएको)* दिव्+यत्[2] (य)= दिव्य ।

शब्दार्थ- स्वर्गमा हुने, स्वर्गीय, स्वर्गसित सम्वन्धित, दैवी, सुन्दर, अलौकिक, लोकोत्तर गुण भएको (नायक), चमत्कारपूर्ण ।

दिव्यचक्षुः (ना./न./वि.)/**दिव्यदृष्टिः** (ना./स्त्री.) दिव्यं च तत् चक्षुश्च/दिव्या चासौ दृष्टिश्च *(दिव्य नयन)* क.त.स.= दिव्यचक्षु/दिव्यदृष्टि ।

अथवा दिव्यं चक्षुः दृष्टिर्वा यस्य *(दिव्यचक्षु वा दृष्टि छ जसको)* व.स.= दिव्यचक्षु/दिव्यदृष्टि ।

शब्दार्थ- अदृश्य कुरा देख्न सक्ने दिव्य आँखा, ज्ञानचक्षु, अलौकिक दृष्टि, दिव्यदृष्टि भएको व्यक्ति, दिव्य आँखा हुने पुरुष ।

द्रष्टव्य- **दिव्यं ददामि ते चक्षुः पश्य मे योगमैश्वरम्-** भ.गी. ११/८

दिव्यज्ञानम् (ना./न.) दिव्यं च तत् ज्ञानम् *(दिव्य ज्ञान)* क.त.स.= दिव्यज्ञान ।

शब्दार्थ- अलौकिक ज्ञान, नैसर्गिक ज्ञान, अदृष्ट कुरा जान्न सक्ने ज्ञान ।

दिव्यधाम (ना./न.) दधाति, धीयते इति वा *(धारण गर्छ, गरिन्छ)* डुधाञ् धारणपोषणयोः (जुहो.) धातु, धाम+मनिन् (मन्), धाम । दिव्यं च तत् धाम च *(दिव्य धाम)* क.त.स.= दिव्यधाम ।

धाम देहे गृहे रश्मौ स्थाने जन्मप्रभावयोः - इति मेदिनी

शब्दार्थ- स्वर्गीय धाम, देवताहरू निवास गर्ने स्थान, परब्रह्म परमेश्वरको अलौकिक धाम ।

दिव्यपुरुषः (ना./पुं.) दिव्यश्चासौ पुरुषश्च *(दिव्य-पुरुष)* क.त.स.= दिव्यपुरुष ।

शब्दार्थ-स्वर्गीय गुणयुक्त महापुरुष, दैवीगुण-सम्पन्न पुरुष ।

दिव्याङ्गना (ना./स्त्री.) दिव्या चासौ अङ्गना च *(स्वर्गीय नारी)* क.त.स.= दिव्याङ्गना ।

शब्दार्थ- लोकोत्तरशील स्वभाव र रूप भएकी नारी, स्वर्गीय गुणसम्पन्न नारी, देववधू, देवाङ्गना, अप्सरा ।

दिव्यवस्त्रम् (ना./न.) दिव्यं च तत् वस्त्रम् *(दिव्य वस्त्र)* क.त.स.= दिव्यवस्त्र ।

शब्दार्थ- अतिसुन्दर वस्त्र, स्वर्गीय सौन्दर्यले परिपूर्ण वस्त्र, अलौकिक वस्त्र ।

दिव्यास्त्रम् (ना./न.) दिव्यं च तत् अस्त्रञ्च *(दिव्य अस्त्र)* क.त.स., दीर्घ= दिव्यास्त्र ।

शब्दार्थ- अलौकिक अस्त्रशस्त्र, दिव्य हातहतियार, मन्त्र-शक्तिवाट परिचालित हुने शक्तिशाली हातहतियार-वायव्यास्त्र, पाशुपतास्त्र, आग्नेयास्त्र, व्रह्मास्त्र आदि

दिव्यौषधिः (ना./स्त्री.) दिव्या चासौ औषधिश्च *(दिव्य औषधि)* क.त.स., वृद्धि= दिव्यौषधि ।

शब्दार्थ- स्वर्गीय औषधि, अतिप्रभावकारी औषधि, मनःशिला, दिव्य औषधिविशेष ।

दिशा (ना./स्त्री.) दिशति अवकाशं प्रददातीति *(अवकाश प्रदान गर्छ)* दिश अतिसर्जने (तुदा.) धातु, दिश्+क्विन् (सर्वलोप), दिश्को आवन्त-निपातन (भागुरीमतमा) =दिशा ।

शब्दार्थ- पूर्वादि चार दिशामध्ये प्रत्येक वा कुनै एक, दसै दिशा, दसै दिशातिर ।

दिश्यः (वि.) दिशि भवः जातादिर्वा *(दिशामा भएको)* दिश्+यत्[2] (य)= दिश्य ।

शब्दार्थ- दिशासित सम्वन्धित, दिशामा उत्पन्न, दिशामा भएको ।

दीक्षा (ना./स्त्री.) दीक्ष्यते इति *(दीक्षा दिइन्छ)* दीक्ष मौण्डचोज्योपनयननियमव्रतादेशेषु (भ्वा.) धातु, दीक्ष्+अ[3] (प्रत्यय)+टाप् (आ)= दीक्षा ।

शब्दार्थ- गुरुवाट दिइने मन्त्रदान, यज्ञकर्म, यज्ञानुष्ठान, तान्त्रिक विधिले दिइने मन्त्रोपदेश, यजन, पूजन ।

द्रष्टव्य- **दीयते ज्ञानमत्यन्तं क्षीयते पापसञ्चयः तस्माद् दीक्षेति सा प्रोक्ता- पुराणवचनम्**

दीक्षागुरुः (ना./पुं.) दीक्षायाः गुरुः *(दीक्षाका गुरु)* ष.त.स.= दीक्षागुरु ।

शब्दार्थ- दीक्षामन्त्र सुनाउने गुरु, दीक्षा मन्त्रदान दिने गुरु वा आचार्य ।

दीक्षान्तः (ना./पुं.) दीक्षायाः प्रधानयज्ञस्य अध्ययनकर्मणः वा अन्तः *(दीक्षा अर्थात् मुख्ययज्ञ वा अध्ययन कर्मको समाप्ति)* दीक्षा+अन्त, ष.त.स., दीर्घ= दीक्षान्त ।

शब्दार्थ- अध्ययन अविधिको समाप्ति, मुख्य यज्ञकर्मको समाप्ति पछि गरिने अवभृथ स्नान, यज्ञान्त स्नान, अध्ययन-समाप्तिपछि दीक्षित हुने क्रिया ।

दीक्षान्त-भाषणम् (ना./न.) दीक्षायाः अध्ययनकर्मणः अन्तः *(अध्ययनकर्मको समाप्ति)* ष.त.स., दीर्घ, दीक्षान्तः । दीक्षान्ते भाषणम् *(अध्ययन समाप्ति पछि दीक्षित हुन दिइने भाषण)* स.त.स.= दीक्षान्तभाषण ।

शब्दार्थ- अध्ययन कर्मको समाप्ति पछि स्नातकहरूलाई दीक्षित हुन दिइने भाषण वा दीक्षान्त उपदेश ।

दीक्षितः (वि.) दीक्ष्यते स्म इति *(दीक्षा दिइएको)* दीक्ष मौण्डचोज्योपनयननियमव्रतादेशेषु (भ्वा.) धातु, दीक्ष्+क्त (त) इडागम= दीक्षित ।

अथवा दीक्षा सञ्जाता यस्य *(दीक्षा सम्पन्न भएको छ यसको)* दीक्षा+इतच्[4] (इत), आकारलोप=दीक्षित ।

शब्दार्थ- दीक्षा दिइएको, दीक्षित गराइएको, दीक्षामन्त्र ग्रहण गरेको, गुरुवाट मन्त्रोपदेश प्राप्त गरेको ।

---

[1] सम्पदादिभ्य... : क्विप्

[2] दिगादिभ्यो : यत्

[3] गुरोश्च हलः : अ

[4] तदस्य सञ्जात... : इतच्

दीधितिः (ना./स्त्री.) दीधीते दीप्यते इति *(प्रकाशित हुन्छ)* दीधीङ् दीप्तिदेवनयोः (अदा.) धातु, दीध्+क्तिच्[1] (ति), इडागम= दीधिति ।

शब्दार्थ- सूर्यको प्रकाश, किरण, द्युति, छवि, सूर्यरश्मि ।

दीनः (वि.) दीयते स्म इति *(दुःखित भएको)* दीङ् क्षये (दिवा.) धातु, दी+क्त (त), कर्तामा, निष्ठा तको न =दीन ।

अथवा दीयते इति *(दीन बन्छ)* दी+नक्[2] (न), उणा. =दीन ।

शब्दार्थ- गरिब, धन नभएको, दरिद्र, निर्धन, दुःखी, अकिञ्चन, पीडित ।

दीनता (ना./स्त्री.) दीनस्य भावः *(दीन वा दरिद्र हुनाको भाव वा अवस्था)* दीन+तल् (त)+टाप् (आ)=दीनता

शब्दार्थ-दरिद्र वा निर्धन हुनाको भाव वा अवस्था, दरिद्रता, दैन्य, दारिद्र्य, दुर्वलता, निर्धनता, गरिवी ।

दीनदयालुः (वि./ना./पुं.) दीनेषु दयालुः *(दीन दुःखीहरूमा दया गर्ने)* स.त.स.= दीनदयालु ।

शब्दार्थ- दुःखी दरिद्रउपर माया ममता राख्ने, दयावान्, परमेश्वर ।

दीननाथः (ना./पुं.) दीनानां नाथः *(दीन दुःखीहरूका स्वामी)* ष.त.स.= दीनानाथ ।

शब्दार्थ- दीन-दुःखीहरूका संरक्षक, दरिद्र एवं असहाय-हरूका स्वामी परमेश्वर ।

दीनबन्धुः (ना./पुं.) दीनानां बन्धुः *(दीन-दुःखीहरूका बन्धु वा सहयोगी)* ष.त.स.= दीनवन्धु ।

शब्दार्थ- दीन-दुःखीहरूको सहायता वा कृपा गर्ने व्यक्ति, गरिवका उद्धारक, परमात्मा परमेश्वर ।

दीनवत्सलः (वि./ना./पुं.) दीनेषु वत्सलः *(दुःखी पीडितहरूमा दया गर्ने)* स.त.स.= दीनवत्सल ।

शब्दार्थ- दुःखी दरिद्रीहरूप्रति स्नेह गर्ने, गरिवहरू उपर दयामाया गर्ने, दीनदयालु, परमेश्वर ।

दीनारः (ना./पुं.) दीयते इति *(क्षीण हुनु)* दीङ् क्षये (दिवा.) धातु, दी+आरन्[3] (आर) उणा., नुट्=दीनार ।

शब्दार्थ- असर्फी, सुनका गहना, आभूषण, स्वर्णमुद्रा ।

दीपः (ना./पुं.) दीपयति प्रकाशयति, दीप्यते अनेन इति वा *(प्रकाशित पार्छ वा पारिन्छ यसबाट)* दीपी दीप्तौ (दिवा.) धातु, दीप्+क[4] (अ)/अ (प्रत्यय)= दीप ।

शब्दार्थ- बत्ती, प्रदीप, मसाल, दियो, चिराक ।

दीपकः (वि./ना./पुं.) दीपयति प्रकाशयतीति *(प्रकाशित गर्छ)* दीपी दीप्तौ (दिवा.) धातु, दीप्+ण्वुल्[5] (अक) =दीपक । अथवा दीप एव *(बत्ती नै)* दीप+कन्[6] (क), स्वार्थमा= दीपक ।

शब्दार्थ- उज्ज्वल पार्ने, तेजिलो, उदीप्त पार्ने, उत्तेजक, वत्ती, दियो, चिराक, अर्थालङ्कारको एउटा भेद ।

दीपनम् (ना./न.) दीपनम्, दीप्यते इति वा *(उज्ज्वल हुनु)* दीपी दीप्तौ (दिवा.) धातु, दीप्+ल्युट् (अन)= दीपन ।

शब्दार्थ- उज्यालाका निम्ति वत्ती बाल्ने काम, उत्तेजन, उद्दीपन, उद्दीप्त पार्ने काम ।

दीपमाला/दीपमालिका (ना./स्त्री.) दीपानां माला वा दीपानां मालिका *(बत्तीको लहर)* ष.त.स.= दीपमाला/दीपमालिका ।

शब्दार्थ- वत्तीको पङ्क्ति वा लहर, दीपावली, दीपलहर, दीपश्रेणी ।

दीपशिखा (ना./स्त्री.) दीपस्य शिखा *(बत्तीको शिखा)* ष.त.स.= दीपशिखा ।

शब्दार्थ- वत्तीको ज्वाला, वत्तीको प्रकाश ।

दीपा (ना./स्त्री.) दीपयति, दीप्यते अनया इति वा *(प्रकाशित पार्छ वा पारिन्छ यसबाट)* दीपी दीप्तौ (दिवा.) धातु, दीप्+क/अ[7] (प्रत्यय), दीपः । दीप+टाप् (आ)= दीपा ।

शब्दार्थ- वत्ती, दियो, चिराक ।

दीपावलिः/दीपावली (ना./स्त्री.) आवलतीति *(पङ्क्तिबद्ध हुन्छ)* आङ्पूर्वक वल संवरणे (भ्वा.) धातु, आ+वल्+इन् (इ) उणा, आवलिः । आवलि+ङीष् (ई), विकल्पले, आवली । ङीष्को अभावमा, आवलिः । दीपस्य आवलिः/आवली *(बत्तीको लहर)* ष.त.स., दीर्घ = दीपावलि/दीपावली ।

शब्दार्थ- वत्तीहरूको पङ्क्ति, दीपमाला, बलेका वत्तीहरूको लहर, लक्ष्मीपूजाको दिन वा अन्य उत्सवहरूमा बालिने वत्तीहरूको लहर ।

दीपिका (ना./स्त्री./वि.) दीपयतीति *(प्रज्वलित पार्छ)* दीपी दीप्तौ (दिवा.) धातु, दीप्+ण्वुल्[5] (अक), दीपिक+टाप् (आ), ककारपूर्वका अकारको इत्व= दीपिका ।

शब्दार्थ- दियो, वत्ती, चमक, उज्ज्वल, प्रकाशिलो पार्ने वत्ती, उद्दीप्त पार्ने, उत्तेजक ।

दीप्तः (वि.) दीप्यते स्म इति *(प्रकाशित भएको)* दीपी दीप्तौ (दिवा.) धातु, दीप्+क्त (त)= दीप्त ।

शब्दार्थ-प्रकाशित, प्रज्वलित, वलेको, चम्केको (सुन आदि) ।

दीप्तिः (ना./स्त्री.) दीप्यते अनया इति *(प्रकाशित पार्छ यसले)* दीपी दीप्तौ (दिवा.) धातु, दीप्+क्तिन् (ति) =दीप्ति । **भाश्छविद्युतिदीप्तयः - इत्यमरः**

शब्दार्थ- प्रकाश, उज्यालो, छवि, प्रभा, कान्ति, शोभा ।

दीप्तिमयः (वि.) प्रकृता प्रचुरा दीप्तिः *(ज्यादै प्रकाश)* दीप्ति+मयट्[8] (मय)= दीप्तिमय ।

शब्दार्थ- प्रकाशमय, तेजोमय, प्रकाशै प्रकाशले भरिएको ।

दीप्तिमान् (वि.) दीप्तिः अस्य अस्तीति *(प्रकाश छ यसको)* दीप्ति+मतुप् (मत्), दीप्तिमत्= दीप्तिमान् ।

शब्दार्थ- प्रकाशमान, दीप्तिमय, कान्तिमान् ।

---

१. क्तिच्क्तौ... : क्तिच्

२. इण्सिञ्जिदीङु... : नक्

३. दीङो नुट् च : आरन्, नुट्

४. इगुपधज्ञा.. : क

५. ण्वुल्तृचौ : ण्वुल्

६. आकर्षादिभ्य : कन्

७. गुरोश्च हल : अ (प्रत्यय)

८. तत्प्रकृतवचने... : मयट्

दीप्यमानः (वि.) दीप्यते इति *(चम्कन्छ)* दीपी दीप्तौ (दिवा.) धातु, दीप्+शानच्[1] (आन)+श्यन् (य), दीप्य आन, मुक्[2]= दीप्यमान ।

शब्दार्थ- प्रकाशिलो, उज्ज्वलमय, चम्किरहेको ।

दीर्घः (वि./ना./पुं.) दृणाति विस्तारयतीति *(फैलाउँछ)* दॄ विदारणे (क्र्या.) धातु, दॄ+घक् (घ), बहुलप्रकारले, उणा., इत्व[3], दीर्घ= दीर्घ ।

शब्दार्थ- फैलिएको, लामो (समय वा स्थान दुवै दृष्टिले), फराकिलो, विस्तृत, गुरुवर्ण, दीर्घस्वर ।

दीर्घकायः (वि.) दीर्घः कायः यस्य *(ठूलो जीउ छ जसको)* ब.स.= दीर्घकाय ।

शब्दार्थ- ठूलो जीउ भएको, विशाल शरीर भएको ।

दीर्घकालः (ना./पुं.) दीर्घश्चासौ कालश्च *(लामो समय)* क.त.स.= दीर्घकाल ।

शब्दार्थ- धेरै समय, चिरकाल, लामो अवधि ।

दीर्घकालीनः (वि.) दीर्घकाले भवः *(लामो समयमा हुने)* दीर्घकाल+ख (ईन), अपभ्रंशमा= दीर्घकालीन ।

शब्दार्थ- लामो समयसम्म हुने वा भएको, चिरकालतक हुने वा रहने ।

दीर्घजीवी (वि.) दीर्घं जीवतीति *(लामो समयसम्म बाँच्छ)* दीर्घ उपपदपूर्वक जीव प्राणधारणे (भ्वा.) धातु, दीर्घ+जीव्+णिनि[4] (इन्),दीर्घजीविन्= दीर्घजीवी ।

शब्दार्थ- धेरै समयसम्म बाँच्ने, दीर्घ आयु भएको, चिरकालतक जीवित रहने, चिरायु भएको, चिरञ्जीवी ।

दीर्घदर्शी (वि.) दीर्घं दूरं द्रष्टुं शीलमस्य *(टाढासम्म देख्ने शील वा क्षमता छ यसको वा लामो समयसम्मको कुरा विचार गर्छ)* दीर्घउपपदमा हुने दृशिर् प्रेक्षणे (भ्वा.) धातु, दीर्घ+दृश्+णिनि[4] (इन्), गुण, दीर्घदर्शिन् = दीर्घदर्शी ।

शब्दार्थ- लामो समयसम्मको कुरा देख्ने वा विचार गर्ने, टाढासम्म देख्ने, परसम्मको कुरा देख्ने वा विचार गर्न सक्ने, दूरदर्शी, भविष्यद्रष्टा ।

दीर्घदृष्टिः (वि.) दीर्घा दृष्टिर्यस्य *(लामो दृष्टिकोण वा विचार छ जसको)* ब.स.= दीर्घदृष्टि ।

शब्दार्थ- दूरदर्शी, दीर्घदर्शी, धेरै पछिसम्मको विचार पुऱ्याउन सक्ने, दीर्घ दृष्टिकोण भएको ।

दीर्घनिद्रा (ना./स्त्री.) दीर्घा चासौ निद्रा च *(लामो निद्रा)* क.त.स.= दीर्घनिद्रा ।

शब्दार्थ- मृत्यु, निधन, अन्त्यकालीन निद्रा, चिरनिद्रा, लामो समयसम्मको निद्रा ।

दीर्घवाहुः (वि.) दीर्घौ वाहू यस्य *(लामा हात छन् जसका)* ब.स.= दीर्घवाहु ।

शब्दार्थ- लामा हात भएको, घुँडासम्म पुग्ने वाहु भएको, आजानवाहु ।

दीर्घरोगः (ना./पुं.) दीर्घश्चासौ रोगश्च *(लामो रोग)* क.त.स.= दीर्घरोग ।

शब्दार्थ- लामो समयसम्म निको नहुने रोग वा निको नभएको रोग, मानसिक रोग ।

दीर्घलोचनः (ना./पुं.) दीर्घे लोचने यस्य सः *(लामा आँखा छन् जसका)* ब.स.= दीर्घलोचन ।

शब्दार्थ- लामो आँखा हुने पुरुष, आँखाको कोश लामो भएको व्यक्ति ।

दीर्घलोचनी (ना./स्त्री.) दीर्घे लोचने यस्याः सा *(लामा आँखा छन् जुन स्त्रीका)* ब.स., दीर्घलोचन+ङीप् (ई) =दीर्घलोचनी ।

शब्दार्थ- लामो नेत्र भएकी स्त्री, आँखाको कोश लामो भएकी नारी ।

दीर्घसत्रम् (ना./न.) दीर्घं च तत् सत्रञ्च *(लामो यज्ञ)* क.त.स.= दीर्घसत्र ।

शब्दार्थ- दीर्घकालव्यापी यज्ञ, लामो समयसम्म चल्ने यज्ञ, दीर्घकालतक चलिरहने अग्निहोत्र ।

दीर्घसेवा (ना./स्त्री.) दीर्घा चासौ सेवा च *(लामो समय-सम्म गरिने सेवा)* क.त.स.= दीर्घसेवा ।

शब्दार्थ- धेरै समयसम्म गरिने सेवा, दीर्घ कालतक गरिने सेवा ।

दीर्घस्वरः (ना./पुं.) दीर्घश्चासौ स्वरश्च *(दीर्घ-स्वर)* क.त.स.= दीर्घस्वर ।

शब्दार्थ- ह्रस्व स्वरवर्णभन्दा बढी समय लगाई उच्चारण गरिने स्वरवर्ण, गुरुवर्ण, दीर्घस्वरवर्ण ।

दीर्घायुः (वि.) दीर्घमायुर्यस्य *(लामो आयु छ जसको)* दीर्घ+आयुस्, ब.स., दीर्घ, दीर्घायुस्= दीर्घायु ।

शब्दार्थ- लामो आयु भएको, दीर्घजीवी, चिरञ्जीवी ।

दीर्घिका (ना./स्त्री.) दीर्घ एव *(लामो किसिमको नै)* दीर्घ+कन् (क), स्वार्थमा, टाप् (आ), ककारदेखि पूर्वका अकारको इत्व= दीर्घिका ।

शब्दार्थ- कुनै सहर वा मन्दिर वरिपरि बनाइएको सानो पोखरी, क्यारी, जलाशय ।

दुकूलम् (ना./न.) दुस् दुःखं दुष्टं नग्नत्वं वा कूलतीति *(दुःख, क्षुद्रपन वा नग्नतालाई ढाक्तछ)* दुस्पूर्वक कूल आवरणे (भ्वा.) धातु, दुस्+कूल्+क[5] (अ), उस्का सको लोप (पृषोदरादिबाट)= दुकूल ।

शब्दार्थ- पछ्यौरा, मसिनो रेसमी वस्त्र, वर्को, रेसमी कपडा ।

दुःखम् (ना./न.) दुःखयतीति *(दुःख दिन्छ वा पाउँछ)* दुःख तत्क्रियायाम् (चुरा.) धातु, दुःख+अच् (पचादि) =दुःख ।

शब्दार्थ- पीडा, रोग, ताप, कष्ट, वेदना, व्यथा ।

---

[1] लटशतृ... : शानच्
[4] सुप्यजातौ... : णिनि
[2] आने मुक् : मुक्
[5] इगुपधज्ञा.. : क
[3] ऋत इद्धातोः : इत्व

दुःखकरः (वि.) दुःखं करोतीति *(दुःख दिन्छ वा दुःख उत्पन्न गर्छ)* दुःखपूर्वक डुकृञ् करणे (तना.) धातु, दुःख+कृ+ट[१] (अ), गुण= दुःखकर ।

शब्दार्थ- दुःख दिने, कष्टदायक, पीडाकर, दुःखद, कष्टकारक ।

दुःखत्रयम् (ना./न.) दुःखानां त्रयम् *(तीन प्रकारको दुःख)* ष.त.स.= दुःखत्रय ।

शब्दार्थ- तीन प्रकारको दुःख- आध्यात्मिक, आधिदैविक, आधिभौतिक दुःख ।

दुःखदः (वि.) दुःखं ददातीति *(दुःख दिन्छ)* दुःखपूर्वक डुदाञ् दाने (जुहो.)धातु, दुःख+दा+क[२](अ), आलोप =दुःखद ।

शब्दार्थ- दुःखदिने, कष्टदायी, पीडाकर, चोट पुऱ्याउने ।

दुःखप्रदः (वि.) दुःखं प्रददातीति *(ज्यादै दुःख दिन्छ)* दुःख उपपदमा हुने प्रपूर्वक डुदाञ् दाने (जुहो.) धातु, दुःख+प्र+दा+क[३] (अ), आलोप= दुःखप्रद ।

शब्दार्थ- ज्यादै दुःख दिने, ज्यादा दुःख वा पिर लाग्ने, दुःखदायी, दुःखद, कष्टदायी, पीडाकर, दुःखदायक ।

दुःखदाता (वि.) दुःखं ददातीति *(दुःख दिन्छ)* दुःखपूर्वक डुदाञ् दाने (जुहो.) धातु, दुःख+दा+तृच्[४] (तृ), दुःखदातृ= दुःखदाता ।

शब्दार्थ-दुःख दिने, कष्टदायी, कष्टकर, पीडादायक, दुःखद ।

दुःखदात्री/दुःखदायिनी (वि./ स्त्री.) दुःखं ददातीति *(दुःख दिन्छ)* दुःखपूर्वक डुदाञ् दाने (जुहो.) धातु, दुःख+दा +तृच्[४] (तृ)+ङीप् (ई), यण्= दुःखदात्री ।

दुःख+दा+णिनि (इन्), युगागम, दुःखदायिन्, ङीप् (ई) =दुःखदायिनी ।

शब्दार्थ- ज्यादै पीडा दिने, हृदयविदारक, दुःखदायी पीडा

दुःखदायकः/दुःखदायी (वि.) दुःखं ददातीति *(दुःख दिन्छ)* दुःख उपपदपूर्वक डुदाञ् दाने (जुहो.) धातु, दुःख+दा +ण्वुल्[४] (अक), युगागम= दुःखदायक ।

दुःख+दा+णिनि (इन्), युक्, दुःखदायिन्= दुःखदायी ।

शब्दार्थ- दुःख दिने, कष्टकर, दुःखद, पीडादायक, चोट पुऱ्याउने, कष्टदायी ।

दुःखपूर्णः (वि.) दुःखेन पूर्णः *(दुःखले भरिएको)* तृ.त.स. =दुःखपूर्ण ।

शब्दार्थ- दुःखदायक, दुःखले परिपूर्ण, दुःखमय, कष्टपूर्ण, कष्टदायक ।

दुःखमयः (वि.) प्रकृतं प्रचुरं दुःखम् *(ज्यादै दुःख)*, दुःखादागतम् *(दुःखबाट प्राप्त भएको)* दुःख+मयट्[५] (मय) =दुःखमय ।

शब्दार्थ- दुःखैदुःखले भरिएको, कष्टमय, पीडाले ओतप्रोत भएको ।

दुःखशान्तिः (ना./स्त्री.) दुःखात् दुःखस्य वा शान्तिः *(दुःखबाट छुटकारा वा दुःखको शान्ति)* प.त.स./ ष.त.स.= दुःखशान्ति ।

शब्दार्थ- दुःखको शान्ति वा निवारण, पीडा वा कष्टबाट छुटकारा ।

दुःखसाध्यः (वि.) दुःखेन साध्यः *(दुःखले साध्य हुने)* तृ.त.स.= दुःखसाध्य ।

शब्दार्थ- दुःखले साध्य हुने, कष्टसाध्य, वडो कष्टले सिद्ध हुने ।

दुःखातीतः (वि.) दुःखमतीतः *(दुःखबाट छुटकारा)* दुःख+ अतीत, द्वि.त.स., दीर्घ= दुःखातीत ।

शब्दार्थ- दुःखबाट छुटकारा पाएको, दुःखबाट मुक्त भएको, सुखी ।

दुःखानलः (ना./पुं) दुःख एव अनलः *(दुःखरूपी अग्नि)* म.व्य.स., दीर्घ= दुःखानल ।

शब्दार्थ- दुःखरूपी अग्नि, सङ्कष्टमय जीवन, दुःख भोग्नुपरेको अवस्था ।

दुःखान्तः (वि.) दुःखस्य दुःखे वा अन्तः *(दुःखको विनाश वा दुःखमा समाप्ति)* ष.त.स./स.त.स.= दुःखान्त ।

शब्दार्थ- दुःखको अन्त, वियोगमा टुङ्गिने, अन्तमा दुःखदायी वियोग हुने, दुःखको परिसमाप्ति हुने ।

उदा. **यो दुःखान्त कथा सुनेर गहमा आँसू लिई भाग हे- गौरी**

दुखार्तः (वि.) दुःखेन आर्तः *(दुःखले पीडित)* तृ.त.स., दीर्घ =दुखार्त ।

शब्दार्थ- ज्यादै दुःखी, दुःखले पीडित, कष्टले सताएको ।

दुःखितः (वि.) दुःखयति स्म इति (दुःख पाएको) दुःख तत्क्रियायाम् (चुरा.) धातु, दुःख+क्त (त), कर्तामा, इडागम= दुःखित ।

अथवा दुःखं सञ्जातमस्येति *(दुःख पाएको अवस्था छ यसको)* दुःख+इतच्[६] (इत), अकारलोप= दुःखित ।

शब्दार्थ- दुःख पाएको, दुःखी, कष्ट भोगेको, दुःखले पीडित, दुःखले सताएको, दुःख पैदा भएको ।

दुःखिनी (वि./स्त्री.) दुःखं अस्याः अस्तीति *(दुःख छ यस स्त्रीको)* दुःख+इनि[७] (इन्), दुःखिन्+ङीप् (ई)=दुःखिनी ।

शब्दार्थ- दुःख पाएकी (स्त्री), कष्टमय जीवन विताइरहेकी (नारी), दुःखले युक्त भएकी (स्त्री) ।

दुःखी (वि.) दुःखमस्यास्तीति *(दुःख छ यसको)* दुःख+ इनि[७] (इन्), अकारलोप, दुःखिन्= दुःखी ।

शब्दार्थ- दुःखले परिपूर्ण, पीडायुक्त, ज्यादै कष्ट भोगिरहेको, दुःखी ।

---

१. कृञो हेतुताच्छील्य... : ट
२. आतोऽनुपसर्गे... : क
३. आतश्चोपसर्गे : क
४. ण्वुल्तृचौ : तृच्/ण्वुल्
५. तत्प्रकृतवचने.../मयट् च : मयट्
६. तदस्य सञ्जातम्...: इतच्
७. अत इनिठनौ : इनि

दुःशासनः (वि./ना./पुं.) दुर् दुःखेन शास्तीति *(दुःख या ज्यादै कष्टले वश गर्न सकिन्छ)* दुर्पूर्वक शासु अनुशिष्टौ (अदा.) धातु, दुर्+शास्+युच्[1] (अन), रुत्व, विसर्ग= दुःशासन । अथवा दुर् दुष्टं शासनं यस्य *(खराब शासन छ जसको)* दुस्+शासन, व.स., रुत्व, विसर्ग=दुःशासन ।

शब्दार्थ- नियन्त्रण गर्न नसकिने, वढो मुस्किलले वश गर्न सकिने, खराव शासन गर्ने, खराव शासन, धृतराष्ट्रका एकसय छोराहरूमध्ये एक ।

दुःशीलः (वि.) दुर् दुष्टं शीलं यस्य *(खराब शील स्वभाव छ जसको)* व.स., दुस्+शील, रुत्व, विसर्ग=दुःशील ।

शब्दार्थ- नराम्रो शील स्वभाव भएको, खराव आचरण भएको, दुष्ट प्रवृत्तिको ।

दुःसङ्गः (ना./पुं.) सज्यते इति *(आसक्त हुनु)* षञ्ज सङ्गे (भ्वा.) धातु, सत्व, सञ्ज् +घञ् (अ) कुत्व, सङ्गः । दुर् दुष्टः सङ्गः *(खराब सङ्गत)* क.त.स., दुस्+सङ्ग, रुत्व, विसर्ग= दुःसङ्ग ।

शब्दार्थ- खराव सङ्गत, नराम्रो सङ्गति, कुसङ्गत ।

दुःसहः (वि.) दुःखेन सोढुं शक्यः, दुःखेन सहते इति वा *(दुःखले सहन गर्न सकिने, बढो दुःखले सहन गर्ने)* षह मर्षणे (भ्वा.) धातु, सत्व, दुस्+सह्+अच् (पचादि), रुत्व, विसर्ग= दुःसह ।

शब्दार्थ- वढो कठिनले सहन सकिने, कष्टसह्य ।

दुःसाध्यः (वि.) साध्यते, साद्धुं योग्यः इति वा *(सिद्ध गरिन्छ वा सिद्ध गर्न योग्य)* साध संसिद्धौ (स्वा.) धातु, साध्+ण्यत्[2] (य), साध्यः । दुःखेन साध्यः *(कठिनले सिद्ध गर्न सकिने)* दुस्+साध्य, तृ.त.स., रुत्व, विसर्ग=दुःसाध्य ।

शब्दार्थ- मुस्किलले सिद्ध गर्न सकिने, कठिन प्रयासले सिद्ध गर्न सकिने, असाध्य ।

दुःस्वप्नः (ना./पुं.) स्वप्यते इति *(सुत्नु)* ञिष्वप् शये (अदा.) धातु, स्वप्+नन्[3] (न), स्वप्नः । दुर् दुष्टः स्वप्नः (खराव सपना) दुस्+स्वप्न, प्रा.त.स., रुत्व, विसर्ग= दुःस्वप्न ।

शब्दार्थ- खराव सपना, नराम्रो सपना ।

दुःस्वभावः (ना./पुं./वि.) भूयते इति *(भइन्छ, हुनु)* भू सत्तायाम् (भ्वा.) धातु, भू+घञ् (अ), वृद्धि, आवादेश, भावः । स्वस्य भावः *(आफ्नो भाव)* ष.त.स., स्वभावः । दुर् दुष्टः स्वभावः *(खराब स्वभाव)* प्रा.त.स. वा दुर् दुष्टः स्वभावः यस्य *(खराब स्वभाव छ यसको)* प्रा.व.स., रुत्व, विसर्ग= दुःस्वभाव ।

शब्दार्थ- खराव स्वभाव वा वानी, नराम्रो आचरण, दुष्ट प्रवृत्ति, नराम्रो वानीव्यहोरा हुने, खराव स्वभावको ।

दुग्धम् (ना./न./वि.) दुह्यते, दुह्यते स्म इति वा *(दुहिन्छ, दुहेको)* दुह प्रपूरणे (अदा.) धातु, दुह्+क्त (त), संज्ञा र कर्ममा, हकारको घ, तको ध[4], जश्त्व = दुग्ध ।

शब्दार्थ- दूध, क्षीर, पय, दुहेको ।

दुग्धधारा (ना./स्त्री.) दुग्धस्य धारा *(दुधको धारा)* ष.त.स. =दुग्धधारा ।

शब्दार्थ- दूधको धारा, पयोधारा ।

दुग्धशाला (ना./स्त्री.) दुग्धस्य शाला *(दूधको भण्डार)* ष.त.स.= दुग्धशाला ।

शब्दार्थ- प्रशोधित दूधको भण्डार, डेरी, दुग्धभण्डार ।

दुर् (अव्य.) दुनोति, दूयते इति वा *(दुःखित हुन्छ वा दुःख दिइन्छ)* टुदु उपतापे (स्वा.) धातु, दु+रक् (र)= दुर् ।

शब्दार्थ- कठोर, निन्दा, दुःख, दुरूह आदि अर्थ बुझाउँदा प्रयोग हुने एक उपसर्ग ।

दुरवस्था (ना./स्त्री.) अवस्थीयते इति *(रहनु)* अवपूर्वक ष्ठा गतिनिवृत्तौ (भ्वा.) धातु, अव+स्था+अङ्[5] (अ)+टाप् (आ), अवस्था । दुर् दुष्टा अवस्था *(खराब अवस्था)* प्रा.त.स.= दुरवस्था ।

शब्दार्थ- दुर्दशा, नराम्रो स्थिति वा अवस्था, दुर्गति, खराव अवस्था ।

दुराग्रहः (ना./पुं.) आगृह्यते इति *(आग्रह गरिन्छ)* आङ्-पूर्वक ग्रह उपादाने (क्र्या.) धातु, आ+ग्रह्+अप्[6] (अ), आग्रहः । दुर् दुष्टः आग्रहः *(खराब आग्रह वा ढिपी)* दुर्+आग्रह, प्रा.त.स.= दुराग्रह ।

शब्दार्थ- मूर्खतापूर्ण हठ, लिंडे ढिपी, जिद्दी, नचाँहिदो ढङ्गले कर लगाउने काम ।

दुराचरणम् (ना./न.) आचर्यते इति *(आचरण गरिन्छ)* आङ्पूर्वक चर गतिभक्षणयोः (भ्वा.) धातु, आ+चर्+ल्युट् (अन), आचरणम् । दुर् दुष्टं आचरणम् *(खराब आचरण)* दुर्+आचरण, प्रा.त.स.= दुराचरण ।

शब्दार्थ- खराव आचरण, नराम्रो चालचलन वा व्यवहार, खराव वानीव्यहोरा ।

दुराचारः (ना./पुं.) आचर्यते इति *(राम्रो आचरण गर्नु)* आङ्पूर्वक चर गतिभक्षणयोः (भ्वा.) धातु, आ+चर्+घञ् (अ), वृद्धि, आचारः । दुर् दुष्टः आचारः *(खराब आचरण)* प्रा.त.स.= दुराचार ।

शब्दार्थ- खराव आचरण, नराम्रो चालचलन वा व्यवहार ।

दुराचारवान् (वि.) दुराचारः अस्यास्तीति *(दुराचार छ यसको)* दुराचर+मतुप् (मत्), दुराचारवत्=दुराचारवान् ।

शब्दार्थ- खराव आचरण भएको, खराव चालचलन भएको ।

---

[1] भाषायां शासियुधि... : युच्

[2] ऋहलोर्ण्यत् : ण्यत्

[3] स्वपो नन् : नन्

[4] झषस्तथो... : तको ध

[5] आतश्चोपसर्गे : अङ्

[6] ग्रहवृदृनिश्चि... : अप्

दुराचारिणी (ना./स्त्री.) दुराचारः अस्याः अस्तीति *(खराब आचरण छ यस स्त्रीको)* दुराचार+इनि[1] (इन्), दुराचारिन्+ङीप् (ई), णत्व=दुराचारिणी ।

शब्दार्थ- नराम्रो आचरण भएकी स्त्री, दुष्टस्वभावकी नारी, कुलङ्गार स्त्री, खराव चालचलन भएकी स्त्री

दुराचारी (वि.) दुराचारः अस्यास्तीति *(खराब आचरण छ यसको)* दुराचार+इनि[1] (इन्), अकारलोप=दुराचारी ।

शब्दार्थ- नराम्रो चालचलन भएको, खराव आचरण भएको, कुकर्म गर्ने, दुष्ट स्वभावको ।

दुरात्मकः (वि.) दुर् दुष्टः आत्मा यस्य *(खराब आत्मा छ जसको)* दुर्+आत्मन्, व.स., दुरात्मन्+कप् (समासान्त), नलोप= दुरात्मक ।

शब्दार्थ-कपटी, मैलो स्वभाव भएको, दुष्ट आत्मा भएको

दुरात्मा (वि.) दुर् दुष्टः आत्मा यस्य *(खराब आत्मा छ जसको)* दुर्+आत्मन्, व.स., दुरात्मन्= दुरात्मा ।

शब्दार्थ- खराव स्वभाव भएको, दुष्टमति भएको, दुर्वुद्धि, खराव आत्मा भएको ।

उदा. **उडायो ग्रीष्मले सारा वसन्तकृत गौरव**
नीच पापी दुरात्माले सन्तको कीर्ति झैं सब-
ऋ.वि. (ग्रीष्म. वि. ८३)

दुरालापः (ना./पुं.) आलपनम्, आलप्यते इति वा *(बातचित गरिन्छ)* आङ्पूर्वक लप व्यक्तायां वाचि (भ्वा.) धातु, आ+लप्+घञ् (अ), वृद्धि, आलापः । दुर् दुष्टः आलापः *(खराब सोचविचार वा कुराकानी)* प्रा.त.स.= दुरालाप ।

शब्दार्थ- खराव कुराकानी, खराव विचारधारा, दुष्ट किसिमको सोचविचार, दुष्टवचन ।

दुराशयः (ना./पुं./वि.) दुर् दुष्टः आशयः *(खराब अभिप्राय)* वा दुर् दुष्टः आशयः यस्य *(खराब आशय छ जसको)* प्रा.त.स./ब.स.= दुराशय ।

शब्दार्थ- खराव आशय, नराम्रो अभिप्राय वा विचार, दुष्प्रवृत्ति भएको, नराम्रो विचार राख्ने ।

दुराशा (ना./स्त्री.) दुर् दुष्टा दुष्पूरणीया आशा *(पूरा नहुने आशा)* दुर्+आशा, प्रा.त.स.= दुराशा ।

शब्दार्थ- खराब आकाङ्क्षा, असम्भव कुराको परिकल्पना, पूरा हुन नसक्ने आशा ।

दुरुत्साहः (ना./पुं.) उत्सह्यते इति *(साहस गरिन्छ)* उत्पूर्वक षह मर्षणे (भ्वा.) धातु, उत्+सह्+घञ् (अ), वृद्धि, उत्साहः । दुर् दुष्टः उत्साहः *(नराम्रो उत्साह)* दुर्+उत्साह, प्रा.त.स.= दुरुत्साह ।

शब्दार्थ- खराव वा नराम्रो किसिमको उत्साह, अनुचित साहस, दुःसाहस ।

दुरुत्साहनम् (ना./न.) उत्साह्यते इति *(प्रोत्साहन गरिन्छ)* उत्पूर्वक षह मर्षणे (भ्वा.) धातु, उत्+सह्+णिचि+ल्युट् (अन), वृद्धि, णिलोप=दुरुत्साहन । अथवा दुर् दुष्टं उत्साहनम् *(नराम्रो कुरामा प्रोत्साहन)* प्रा.त.स. = दुरुत्साहन ।

शब्दार्थ- नराम्रो कुरामा प्रेरित गर्ने काम, नराम्रो कुरामा उत्साहित गर्ने क्रिया, खराव किसिमको कर्ममा प्रेरणा दिने वा हौसला वढाउने काम ।

दुरुत्साहितः (वि.) दुरुत्साह्यते स्म इति *(खराब हौसला दिएको)* दुर् उत् उपसर्गद्वयपूर्वक षह मर्षणे (भ्वा.) धातु, दुर्+उत्+सह+णिचि, वृद्धि, दुरुत्साहि+क्त (त), इडागम, णिलोप= दुरुत्साहित ।

शब्दार्थ- खराव काम कुरामा अभिप्रेरित गरिएको, नराम्रो काममा उक्साइएको, खराब कुरा गर्न उत्साहित पारिएको

दुरुक्तिः (ना./स्त्री.) दुर् दुष्टा उक्तिः *(दुष्ट बोली)* प्रा.त.स. =दुरुक्ति ।

शब्दार्थ- खराव कुरा, नराम्रो वोलीवचन, च्वास्स विझ्ने कुरा, खराव कथन वा भनाइ ।

उदा. **अभिनव नवनीतमा कुठार**
सरह गरेर दुरुक्तिको प्रहार- आ.रा. ४/२४

दुरुपयोगः (ना./पुं.) उपयुज्यते इति *(उपयोग गरिन्छ)* उपपूर्वक युजिर् योगे (रुधा.) धातु, उप+युज्+घञ् (अ), गुण, कुत्व, उपयोगः । दुर् दुष्टः उपयोगः *(अनुचित उपयोग)* प्रा.त.स.= दुरुपयोग ।

शब्दार्थ- अनियमित तथा अनुचित तरिकाले कुनै कुराको उपयोग गर्ने काम, सम्पत्तिको हिनामिना गर्ने काम ।

दुरूहः (वि.) ऊह्यते इति *(तर्क-वितर्क गरिन्छ)* ऊह वितर्के (भ्वा.) धातु, ऊह्+घञ् (अ), ऊहः । दुर् दुष्टः कठिनः ऊहः *(कठिन शोच-विचार)* प्रा.त.स.= दुरूह ।

शब्दार्थ- वुझ्नलाई कठिन, वढो मुस्किलले वुझ्न सकिने, दुर्वोध, दुर्ज्ञेय ।

दुर्गम् (ना./न.) दुर् दुःखेन गम्यते अत्र *(दुःखले पुगिन्छ जहाँ)* दुर् उपपदपूर्वक गम्लृ गतौ (भ्वा.) धातु, दुर्+गम्+ड[2] (अ), टिलोप= दुर्ग ।

स्वाम्यमात्यसुहृत्कोशराष्ट्रदुर्गबलानि च ।
राज्याङ्गानि प्रकृतयः- इत्यमरः

शब्दार्थ- किल्ला, गड, गडी, अगम्य स्थल, जान नसकिने अति दुर्गम वा विकट स्थान, राज्यका सात अङ्गमध्ये एक ।

दुर्गतिः (ना./स्त्री.) दुर् दुष्टा पीडादायिनी गतिः *(पीडा दिने खराब गति)* दुर्+गति, प्रा.त.स. =दुर्गति ।

स्यान्नारकस्तु नरको निरयो दुर्गतिः स्त्रियाम्- इत्यमरः

शब्दार्थ- खराव अवस्था, दुर्दशा, दुःख कष्ट, विपत्ति, नरकको यातना, पीडादायिनी अवस्था, दुर्दशा ।

दुर्गन्धः (ना./पुं.) दुर् दुष्टः गन्धः *(खराब गन्ध)* प्रा.त.स. =दुर्गन्ध ।

शब्दार्थ- ज्यादै खराव गन्ध, ज्यादै गन्हाउने हरक ।

दुर्गन्धी (वि.) दुर्गन्धः अस्यास्तीति *(खराब गन्ध छ यसको)* दुर्गन्ध+इनि[1] (इन्), अकारलोप, =दुर्गन्धी ।

शब्दार्थ- खराव गन्ध भएको, ज्यादै गह्नाउने, नराम्रो गन्ध आउने ।

---

[1] अत इनिठनौ : इनि

[2] सुदुरोरधिकरणे (वा.) : ड

दुर्गपतिः (ना./पुं.) दुर्गस्य पतिः *(किल्लाको अधिपति)* ष.त.स.= दुर्गपति ।

शब्दार्थ- गडीको हाकिम, दुर्गको प्रमुख, दुर्गको मालिक, दुर्गको रक्षाका निम्ति खटिएको प्रमुख व्यक्ति ।

दुर्गपालः (ना./पुं./वि.) पालयतीति *(पालना गर्छ)* पाल रक्षणे (चुरा.) धातु, पाल्+अच् (पचादि), पालः । दुर्गस्य पालः *(किल्लाको संरक्षक)* ष.त.स.=दुर्गपाल । अथवा दुर्गं पालयतीति *(दुर्गको रक्षा गर्छ)* दुर्ग+पाल्+अण् (अ)= दुर्गपाल ।

शब्दार्थ- किल्लाको सुरक्षा गर्ने अधिकारी, दुर्गको सुरक्षा गर्ने व्यक्ति, गडीको हेरचाह गर्ने कर्मचारी, दुर्गको सुरक्षाका लागि नियुक्त व्यक्ति, गडी वा किल्लाको सुरक्षा गर्ने, दुर्गरक्षक ।

दुर्गमः (वि./ना./पुं.) दुर् दुःखेन गच्छति, गम्यते अत्र इति वा *(दुःख वा कष्टले जान सक्छ वा सकिन्छ यहाँ)* दुर्पूर्वक गम्लृ गतौ (भ्वा.) धातु, दुर्+गम्+अच् (पचादि)/अप् (अ)= दुर्गम ।

शब्दार्थ- पुग्न नसकिने, बढो कठिनसँग मात्र विरलै जान सकिने, जान्न वा पुग्न कठिन पर्ने, दुर्वोध, अत्यन्त कठिन स्थान ।

दुर्गा (ना./स्त्री.) दुर् दुःखेन गीयते स्तूयते इति *(बढो कठिनले स्तुतिगान गर्न सकिन्छ)* दुर् उपपदपूर्वक गै शब्दे (भ्वा.) धातु, आत्व, दुर्+गा+अङ्[1] (अ), आलोप, दुर्ग+टाप् (आ)= दुर्गा । अथवा दुर् दुःखेत गम्यते ज्ञायते प्राप्यते वा असौ *(बढो कठिनले जान्न, बुझ्न र प्राप्त गर्न सकिन्छ)* दुर्पूर्वक गम्लृ गतौ (भ्वा.) धातु, दुर्+गम्+ड[2] (अ), टिलोप, टाप् (आ)= दुर्गा ।

बपर्णा पार्वती दुर्गा मृडानी चण्डिकाम्बिका- इत्यमरः

शब्दार्थ- पार्वती, चण्डिका, अम्बिका, दुर्गनामक राक्षसको वध गर्ने भगवती दुर्गा ।

दुर्गार्चना (ना./स्त्री.) दुर्गायाः अर्चना *(दुर्गाको पूजा)* ष.त.स., दीर्घ= दुर्गार्चना ।

शब्दार्थ- दुर्गा भगवतीको पूजा, दुर्गाको आराधना ।

दुर्गापूजा (ना./स्त्री.) दुर्गायाः पूजा *(दुर्गाको पूजा)* ष.त.स. =दुर्गापूजा ।

शब्दार्थ- दुर्गाको पूजा आराधना, दुर्गाचना, दसैं नौरथामा गरिने दुर्गापूजा ।

दुर्गुणः (ना./पुं.) दुर् दुष्टः गुणः *(खराब गुण)* प्रा.त.स. =दुर्गुण ।

शब्दार्थ- कुनै मानिसमा पाइने नराम्रो गुण वा स्वभाव, दूषित क्रियाकलाप, खराव गुण, नराम्रो वानीवेहोरा, वैगुनीपन ।

दुर्गुणी (वि.) दुर्गुणः अस्यास्तीति *(दुर्गुण छ यसको)* दुर्गुण+इनि (इन्), अकारलोप= दुर्गुणी ।

शब्दार्थ- नराम्रो वानी व्यहोरा भएको, खराव गुण भएको, नराम्रो स्वभावको, नराम्रो गुणले परिपूर्ण ।

दुर्घटना (ना./स्त्री.) घटते, घटयतीति वा *(घटना घट्छ)* घट चेष्टायाम् (भ्वा.) वा घट सङ्घाते (चुरा.) धातु, घट्+णिचि+युच् (अन), णिलोप, घटन+टाप् (आ), घटना । दुर् दुष्टा घटना *(खराब ढङ्गले घटेको घटना)* प्रा.त.स.= दुर्घटना ।

शब्दार्थ- कुनै कुराको क्षति हुने आकस्मिक घटना, अचानक आइपरेको नराम्रो घटना, हानि, क्षति, नाश

दुर्घटनाग्रस्तः (वि.) दुर्घटनया ग्रस्तः *(दुर्घटनाले परिपीडित)* तृ.त.स.= दुर्घटनाग्रस्त ।

शब्दार्थ-दुर्घटनामा परेको, आकस्मिक घटनाले परिपीडित ।

दुर्जनः (ना./पुं./वि.) जायते, जन्यते इति *(पैदा हुन्छ वा हुनु)* जनी प्रादुर्भावे (दिवा.) धातु, जन्+अच्/घञ् (अ) वृद्धिनिषेध, जनः । दुर् दुष्टः जनः *(खराब मानिस)* दुर्+जन, प्रा.त.स.= दुर्जन ।

शब्दार्थ- खराब व्यक्ति, दुष्ट मानिस, वदमास, अर्काको विगार गर्ने वा करह-विग्रह गर्ने, खल, मूर्ख ।

दुर्जनता (ना./स्त्री.) दुर्जनस्य भावः *(दुर्जन हुनाको भाव वा अवस्था)* दुर्जन+तल् (त)+टाप् (आ)= दुर्जनता ।

शब्दार्थ- दुर्जन हुनाको अवस्था, दुष्टता, वदमासी ।

दुर्जयः (वि.) जयति, जीयते इति *(जित्छ वा जितिन्छ)* जि जये (भ्वा.) धातु, जि+अच् (पचादि/एरच्), गुण, अयादेश, जयः । दुर् दुःखेन कष्टेन वा जयः *(बढो मुस्किलले जित्न सकिन्छ)* दुर्+जय, प्रा.त.स.=दुर्जय ।

शब्दार्थ- जित्न नसकिने, ज्यादै मुस्किलले जितिने, ज्यादै कष्टले जितिने ।

दुर्ज्ञेयः (वि.) ज्ञातुं योग्यः, ज्ञायते इति वा *(जान्न योग्य वा जानिन्छ)* ज्ञा अवबोधने (क्र्या.) धातु, ज्ञा+यत्[3] (य), आको ईत्व[4], गुण, ज्ञेयः । दुर् दुःखेन ज्ञेयः *(बढो मुस्किलले जानिने)* तृ.त.स.= दुर्ज्ञेय ।

शब्दार्थ-वडो मुस्किलले जानिने, दुर्वोध्य, जान्न नसकिने ।

दुर्दशा (ना./स्त्री.) दश्यते, दंश्यते आपद्यते इति *(आपत्ति आइपर्नु)* दंश दशने (भ्वा.) वा दशि दंशने (चुरा.) धातु, नुम्, दंश्+अ (प्रत्यय)+टाप् (आ), नलोप, दशा । दुर् दुष्टा दशा *(खराब अवस्था)* प्रा.त.स.= दुर्दशा ।

शब्दार्थ- विपत्तिको अवस्था, खराव हालत, नराम्रो स्थिति ।

दुर्दिनम् (ना./न.) दुर् दुष्टं निन्दितं वा दिनम् *(खराब दिन)* दुर्+दिन, प्रा.त.स.= दुर्दिन ।

शब्दार्थ- नराम्रो दिन, विपत्तिको दिन, खराव अवस्था, आपत्काल, वादल लागेको दिन, गुम्सिएको दिन ।

दुर्धर्षः (वि.) दुर् दुःखेन धृष्णोतीति *(बढो मुस्किलले पुग्न वा वश गर्न सकिन्छ)* दुर् उपसर्गपूर्वक ञिधृषा प्रागल्भ्ये (स्वा.) धातु, दुर्+धृष्+अच् (पचादि) गुण =दुर्धर्ष ।

शब्दार्थ- वढो कठिनले मात्र वश गर्न सकिने, सजिलै जित्न नसकिने, अनियन्त्रित, भयावह, अगम्य ।

---

[1] बातोश्चोपसर्गे : अङ्

[2] सुदुरोरधिकरणे (वा.) : ड

[4] अचो यत् : यत्

[5] ईद्यति : ईत्व

दुर्नाम (ना./न.) म्नायते अनेनेति *(नाम राखिन्छ यसबाट)* म्ना अभ्यासे (भ्वा.) धातु, म्ना+मनिन्[1] (मन्), धातुको नाभाव-निपातन, उणा., नामन्, नाम । अथवा नम्यते अनेन इति *(बोलाइन्छ यसबाट)* णम प्रहत्वे शब्दे च (भ्वा.) धातु, णको न, नम्+मनिन्[1] (मन्) धातुको नाभाव-निपातन, नामन्, नाम ।

दुर् दुष्टं नाम *(खराब नाम)* प्रा.त.स.= दुर्नाम ।

शब्दार्थ- नराम्रो रूपले चलेको नाम, वदनामी, नराम्रोसँग फैलिएको ख्याति वा प्रसिद्धि ।

दुर्निग्रहः (वि./ना./पुं.) दुर् दुःखेन निगृह्णाति, निगृह्यते इति वा *(बढो कष्टले नियन्त्रण गर्छ वा गरिन्छ)* दुर् नि उपसर्गद्वयपूर्वक ग्रह उपादाने (क्र्या.) धातु, दुर्+नि+ग्रह+अच् (पचादि)/अप्[2] (अ)= दुर्निग्रह ।

शब्दार्थ- वढो कष्टले वश गर्न सकिने, सजिलै वशमा ल्याउन नसकिने, दुर्दम्य, वढो मुस्किलले वश गर्ने काम, दुर्नियन्त्रण ।

दुर्नीतिः (ना./स्त्री.) नीयते इति *(लगिन्छ)* णीञ् प्रापणे (भ्वा.) धातु, णको नत्व, नी+क्तिन् (ति), नीतिः ।

दुर् दुष्टा नीतिः *(खराब नीति)* प्रा.त.स.= दुर्नीति ।

शब्दार्थ- खराव नीति, गर्हित नीति, नराम्रो नीति, अनियमित आचरण ।

दुर्वलः (वि.) दुर्गतं वलं यस्य *(कमजोर बल छ जसको)* प्रा.व.स., उ.प.लोप= दुर्वल ।

शब्दार्थ- वलरहित भएको, कृश, दुव्लो, शक्तिरहित, शिथिल, ख्याउटे ।

दुर्वलता (ना./स्त्री./**दुर्वलत्वम्** (ना./न.) दुर्वलस्य भावः *(दुर्बल हुनाको भाव वा अवस्था)* दुर्वल+तल् (त)+टाप् (आ)= दुर्वलता ।

दुर्वल+त्व= दुर्वलत्व ।

शब्दार्थ- दुर्वल हुनाको भाव वा अवस्था, वलहीनता, निर्धोपना, शिथिल हुनाको स्थिति, दुव्लोपन ।

दुर्वला (ना./स्त्री.) दुर्गतं वलं यस्याः सा *(बल नभएकी आइमाई)* प्रा.व.स., दुर्वल+टाप् (आ)= दुर्वला ।

शब्दार्थ- दुव्ली आइमाई, शक्तिहीन स्त्री, निर्धो आइमाई, कृश वा झिनो शरीर भएकी आइमाई ।

दुर्बाह्मणः (ना./पुं.) दुर् दुष्टः वाह्मणः *(खराब बाह्मण)* प्रा.त.स.= दुर्ब्राह्मण ।

शब्दार्थ- खराव स्वभावको व्राह्मण, नराम्रो आचरण भएको व्राह्मण ।

दुर्वुद्धिः (ना./स्त्री./वि.) दुर् दुष्टा वुद्धिः *(खराब बुद्धि)* प्रा.त.स.=दुर्वुद्धि ।

अथवा दुर् दुष्टा वुद्धिर्यस्य *(खराब बुद्धि छ जसको)* दुर्+वुद्धि, प्रा.व.स.= दुर्वुद्धि ।

शब्दार्थ- कुवुद्धि, कुमति, खराव वुद्धि वा नराम्रो मति भएको, मति विग्रेको, वुद्धिहीन ।

दुर्वोधः (वि.) दुर् दुष्टः वोधः यस्य *(जसको बोध सजिलै हुन सक्तैन)* व.स.= दुर्वोध ।

शब्दार्थ- सजिलै जान्न नसकिने, क्लिष्ट, दुर्ज्ञेय, गूढ ।

दुर्वोध्यः (वि.) वोद्धुं योग्यः *(जान्न लायक)* दुर्पूर्वक वुध अववोधने (भ्वा./दिवा.) धातु, वुध्+ण्यत्[3] (य), गुण, वोध्यः । दुर् दुःखेन वोध्यः *(बढो कठिनले मात्र जान्न सकिने)* प्रा.त.स.= दुर्वोध्य ।

शब्दार्थ- वुझ्न कठिन पर्ने, वुझ्न नसकिने, दुर्ज्ञेय ।

दुर्भाग्यम् (ना./न.) भज्यते, भक्तुं योग्यमिति वा *(सेवा गर्छ वा गरिन्छ)* भज सेवायाम् (भ्वा.) धातु, भज्+ण्यत् (य), वृद्धि, कुत्व, भाग्यम् । दुर् दुष्टं भाग्यम् *(खराब भाग्य)* प्रा.त.स.= दुर्भाग्य ।

शब्दार्थ- खराव भाग्य, नराम्रो भाग्य, प्रतिकूल अवस्था वा भाग्य ।

दुर्भावना (ना./स्त्री.) भाव्यते इति *(हुन वा विचार गर्न लगाइन्छ)* भू सत्तायाम् (भ्वा.) धातु, भू+णिचि+युच्[4] (अन), वृद्धि, आवादेश, णिलोप, भाव्+अन+टाप् (आ), भावना । दुर् दुष्टा भावना *(खराब भावना)* प्रा.त.स. =दुर्भावना ।

शब्दार्थ- खराव भावना, दुष्ट विचार, तुच्छ विचारधारा, नराम्रो भावना, कुभावना ।

दुर्भिक्षः (ना./पुं./अव्य.) दुर् दुःखेन भिक्ष्यते इति *(बढो कष्टले मात्र भिक्षा प्राप्त गरिन्छ)* दुर् उपसर्गपूर्वक भिक्ष भिक्षायामलाभे लाभे च (भ्वा.) धातु, दुर्+भिक्ष्+घञ् (अ)= दुर्भिक्ष ।

अथवा भिक्षायामभावः *(भिक्षाको अभाव वा भिक्षा नपाइने समय)* दुर्+भिक्ष, अव्य.स.= दुर्भिक्ष ।

शब्दार्थ- खाद्यान्नको अभाव, अनिकाल, दुर्भिच्छे, भिक्षाको अप्राप्ति काल, भिक्षा प्राप्त हुन नसक्ने समय ।

दुर्भेद्यः (वि.) भिद्यते अनेन, भेत्तुं योग्यः *(फोर्न सकिन्छ यसबाट वा फोर्न योग्य)* भिदिर् विदारणे (रुधा.) धातु, भिद्+ण्यत् य), गुण, भेद्यः । दुर् दुःखेन भेद्यः *(बढो मुस्किलले छेदन गर्न सकिने)* दुर्+भेद्य, प्रा.त.स.=दुर्भेद्य ।

शब्दार्थ- सजिलै तोड्न वा फोर्न नसकिने, छेदन गर्न नसकिने, छेड्न कठिन पर्ने, वलियो, ज्यादै अभेद्य ।

दुर्मतिः (ना./स्त्री./वि.) दुर् दुष्टा मतिः *(खराब बुद्धि)* दुर्+मति, प्रा.त.स.= दुर्मति ।

अथवा दुर् दुष्टा मतिर्यस्य *(खराब बुद्धि छ जसको)* प्रा.व.स.= दुर्मति ।

शब्दार्थ- नराम्रो मति, खराव मति, दुर्वुद्धि, खराव वुद्धि भएको, मतिहीन, मति विग्रेको, वुद्धि नभएको, स्वाँठ ।

---

[1] नामन्सीमन्व्यो : मनिन्

[2] ग्रहवृदृनिश्चि.. : अप्

[3] ऋहलोर्ण्यत् : ण्यत्

[4] ण्यासश्रन्थो : युच्

दुर्मनः (ना./न.) दुर्गतं मनः *(खराब मन)* प्रा.त.स.=दुर्मन ।

शब्दार्थ- खराब मन, दिक्दार मन, उदास मन ।

दुर्मनाः (वि.) दुर्गतं दुःस्थितं वा मनः यस्य *(खराब भावना युक्त छ मन जसको)* प्रा.ब.स.[१], दुर्मनस्= दुर्मना ।

शब्दार्थ- कपटयुक्त मन भएको, कलुषित भावनाले युक्त मन भएको, कपटी, मन ठेगान नभएको, उदास, दिक्दार ।

दुर्मर्षणः (वि.) दुर् दुःखेन मृष्यते इति *(दुःखले मात्र सहन सकिन्छ)* मृषु तितिक्षायाम् (दिवा.) धातु, दुर्+मृष्+युच्[२] (अन), खलर्थमा, गुण= दुर्मर्षण ।

शब्दार्थ- सहन नसकिने, वढो कष्टले मात्र सहन गर्न सकिने ।

दुर्मुखः (वि.) दुर् दुष्टं निन्दितं वा मुखं यस्य *(निन्दित छ मुख जसको)* प्रा.व.स., उ.प.लोप= दुर्मुख ।

शब्दार्थ- नराम्रो अनुहार भएको, विकृत मुख भएको, कुरूप, मुखाले, मुखलाग्ने, वाझ्भावाझ्भ गरिरहने स्वभावको ।

दुर्मुखा (ना./स्त्री.) दुर् दुष्टं निन्दितं वा मुखं यस्याः *(दुष्ट वा निन्दित मुख छ जुन स्त्रीको)* प्रा.व.स., उ.प.लोप, दुर्मख+टाप् (आ)= दुर्मुखा ।

शब्दार्थ- मुखाले आइमाई, दुष्टबुद्धि भएकी स्त्री, चोथाले स्त्री, दुर्मुखा नारी, नराम्रो अनुहारकी स्त्री ।

दुर्मेधाः (वि.) मेधते सङ्गच्छते नवोन्मेषशालिनी वुद्धिः अस्यामिति *(यसमा नयाँ नयाँ प्रतिभाशाली बुद्धि उत्पन्न हुन्छ)* मेधृ सङ्गमे (भ्वा.) धातु, मेध्+अ[३] (प्रत्यय)+टाप् (आ), मेधा । दुर् दुर्गता मेधा यस्याः *(खराब बुद्धि छ जसको)* प्रा.ब.स., उ.प.लोप, दुर्मेधा+असिच्[४], (अस्), समासान्त), दुर्मेधस्=दुर्मेधा ।

शब्दार्थ- खराव वुद्धि भएको, दुष्टमति भएको, मन्दवुद्धि भएको, मूढमति भएको ।

दुर्यशाः (ना./न.) दुर् निन्दितं यशः *(नराम्रो कीर्ति)* दुर्+यश, प्रा.त.स.= दुर्यश ।

शब्दार्थ-खराव यश, दुष्कीर्ति, अपयश, वदनामी, दुर्नाम ।

दुर्योधनः (वि./ना./पुं.) दुर् दुःखेन युध्यति सम्प्रहरति वा योधनं सम्प्रहार्यते इति वा *(दुःखपूर्वक युद्ध वा प्रहार गर्छ वा गरिन्छ)* दुर्पूर्वक युध सम्प्रहारे (दिवा) धातु, दुर्+युध्+युच्[२] (अन), खलर्थमा, गुण=दुर्योधन । अथवा दुर् दुर्लङ्घ्यं योधनं यस्य सः *(अतिक्रमण गर्न नसकिने युद्ध छ जसको)* व.स.= दुर्योधन ।

शब्दार्थ- युद्धमा नथाक्ने, युद्धमा भीषण सङ्घर्ष गर्ने, अजेय, धृतराष्ट्रका ज्येष्ठपुत्र ।

दुर्लङ्घ्यः (वि.) दुर् दुःखेन लङ्घ्यते इति *(दुःखले अतिक्रमण गर्न सकिने)* दुर् उपसर्गपूर्वक लघि गत्यर्थे (भ्वा.) धातु, नुम्, दुर्+लङ्घ्+ण्यत् (य)= दुर्लङ्घ्य ।

शब्दार्थ-सजिलै अतिक्रमण गर्न वा नाघ्न नसकिने, अलङ्घ्य ।

दुर्लभः (वि.) दुर् दुःखेन लभ्यते इति *(बढो कष्टले मात्र प्राप्त गर्न सकिन्छ)* दुर् उपसर्गपूर्वक डुलभष् प्राप्तौ (भ्वा.) धातु, दुर्+लभ्+खल् (अ)= दुर्लभ ।

शब्दार्थ- ज्यादै कष्टले मात्र पाउन सकिने, पाउन ज्यादै कठिन पर्ने, सजिलै पाउन नसकिने ।

दुर्लभतरः (वि.) अयमनयोरतिशयेन दुर्लभः *(यी दुईमा यो ज्यादै दुर्लभ)* दुर्लभ+तरप् (तर)= दुर्लभतर ।

शब्दार्थ- कत्ति पनि पाउन नसकिने, निकै कष्टले मात्र प्राप्त हुन सक्ने, निकै दुर्लभ, निकै कठिन ।

दुर्वचनम् (ना./न.) उच्यते इति *(बताइन्छ)* वच परिभाषणे (अदा.) धातु, वच्+ल्युट् (अन), वचनम् । दुर् दुष्टं वचनम् *(खराब वचन)* प्रा.त.स.= दुर्वचन ।

शब्दार्थ- दुर्वाच्य, कटुवचन, गाली, मनमा विभ्ने वोली, कुवचन, नराम्रो वोलीवचन ।

दुर्वाच्यम् (ना./न.) वक्तुं योग्यः, उच्यते इति वा *(वोल्न योग्य वा उचित)* वच परिभाषणे (अदा.) धातु, वच्+ण्यत् (य), वृद्धि, वाच्यः । दुर् दुष्टः वाच्यः *(खराब बोलीवचन)* प्रा.त.स.= दुर्वाच्य ।

शब्दार्थ- वोल्न नहुने कटुवाच्य, खराव वचन, दुर्वचन, कठोर वाणी, मनमा बिभ्ने बोली, कुवचन ।

दुर्वासना (ना./स्त्री.) वास्यते इति *(बास्ना फैलिन्छ)* वस स्नेहच्छेदापहरणेषु (चुरा.) धातु, वस्+णिचि+युच् (अन), णिलोप, टाप् (आ), वासना । दुर् दुष्टा वासना *(खराब वासना)* प्रा.त.स.= दुर्वासना ।

शब्दार्थ- खराव वासना, नराम्रो मानसिक प्रवृत्ति, कुसंस्कार, नराम्रो अभिलाषा, कुवासना ।

दुर्विनीतः (वि.) विनीयते स्म इति *(विनय भाव देखाइन्छ)* विपूर्वक णीञ् प्रापणे (भ्वा.) धातु, वि+नी+क्त (त), इडाभाव, विनीतः । दुर् निन्दितः विनीतः *(नराम्रो विनीतभाव)* प्रा.त.स.= दुर्विनीत ।

शब्दार्थ- नम्रता वा विनय नभएको, अविनीत, जिद्दी गर्ने स्वभावको ।

दुर्वृत्तः (वि.) दुर् दुःखेन वर्तते स्म इति *(दुःखले रहेको)* दुरपूर्वक वृतु वर्तने (भ्वा.) धातु, दुर्+वृत्+क्त[५] (त), कर्तामा= दुर्वृत्त ।

शब्दार्थ- नराम्रो आचरण भएको, निन्दित कर्म गर्ने, चरित्र राम्रो नभएको, दुराचारी ।

दुर्व्यवस्था (ना./स्त्री.) व्यवस्थीयते इति *(व्यवस्था गरिन्छ)* वि अव उपसर्गद्वयपूर्वक ष्ठा गतिनिवृत्तौ (भ्वा.) धातु, वि+अव+स्था+अङ्[६] (अ), आलोप, टाप् (आ), व्यवस्था । दुर् दुष्टा व्यवस्था *(नराम्रो व्यवस्था)* प्रा.त.स.= दुर्व्यवस्था ।

शब्दार्थ- नराम्रो व्यवस्था, नराम्रो वन्दोबस्त, कुप्रबन्ध, अस्तव्यस्त भएको व्यवस्था ।

---

[१] प्रादिभ्यो धातुजस्य... : प्रा.ब.स

[२] भाषायां शसियुधि...(वा.) : युच्

[३] गुरोश्च हलः : अ (प्रत्यय)

[४] नित्यमसिच्प्रजा... : असिच्

[५] गत्यर्थाकर्मक... : क्त

[६] आतश्चोपसर्गे : अङ्

दुर्व्यवहारः (ना./पुं.) व्यवह्रियते इति *(व्यवहार गरिन्छ)* वि अव उपसर्गद्वयपूर्वक हृञ् हरणे (भ्वा.) धातु, वि+अव+हृ+घञ् (अ), वृद्धि, यण्, व्यवहारः । दुर् दुष्टः व्यवहारः *(खराब व्यवहार)* प्रा.त.स.= दुर्व्यवहार ।

शब्दार्थ- खराव व्यवहार, नराम्रो चालचलन, अनुपयुक्त वा अनुचित व्यवहार ।

दुर्व्यसनम् (ना./न.) विशेषेण अस्यते इति *(विशेष रूपले त्यागिन्छ)* विपूर्वक असु क्षेपणे (दिवा.) धातु, वि+अस्+ल्युट् (अन), यण्, व्यस् अन, व्यसनम् । दुर् निन्दितं व्यसनम् *(खराब आदत)* प्रा.त.स. = दुर्व्यसन ।

शब्दार्थ-नराम्रो आदत, खराव आचरण, दुराचरण, कुलत

दुर्व्यसनी (वि.) दुर्व्यसनम् अस्यास्तीति *(दुर्व्यसनसम्बन्धी क्रियाकलाप छ यसको)* दुर्व्यसन+इनि[1] (इन्), अकारलोप, दुर्व्यसनिन्= दुर्व्यसनी ।

शब्दार्थ- कुलतमा लागेको, दुर्व्यसनमा फसेको, खराव आदतमा लागेको ।

दुर्हृद्/दुर्हृदयः (वि.) दुर् दुष्टः हृदयः यस्य *(खराब हृदय छ जसको)* दुर्[2]+हृदय, व.स., अमित्र अर्थमा हृदयको हृद् आदेश = दुर्हृद् । अरू अर्थमा= दुर्हृद्रय ।

शब्दार्थ- खराव हृदय भएको, छलकपट गर्ने, दुष्ट स्वभाव भएको, कुटिल, दुरात्मा, शत्रुभावको ।

दुस्/दुर् (अव्य.) दुनोतीति *(ताप दिन्छ)* टुदु उपतापे (स्वा.) धातु, दु+सुक् (स), उणा.= दुस् ।
सको रुत्व= दुर् ।

शब्दार्थ- एक उपसर्ग, जो खराव, दुष्ट आदि अर्थमा प्रयोग हुन्छ ।

दुश्चरितम्/दुश्चरित्रम् (ना./न./वि.) दुस् दुष्टं चरितम्/ चरित्रम् वा *(खराब चरित्र)* प्रा.त.स. वा दुस् दुष्टं चरितम्/चरित्रम् वा यस्य *(नराम्रो चरित्र छ जसको)* प्रा.व.स., सको श्चुत्व= दुश्चरित/दुश्चरित्र ।

शब्दार्थ- नराम्रो चरित्र वा आचरण, नराम्रो व्यवहार, खराव आचरण भएको, चरित्रहीन, दुष्कर्म गर्ने ।

दुश्चेष्टः (वि.) दुस् दुष्टा चेष्टा यस्य *(खराब चेष्टा छ जसको)* प्रा.व.स., ह्रस्व = दुश्चेष्ट ।

शब्दार्थ- खराव चेष्टा गर्ने, कुचेष्टा गर्ने, कुप्रवृत्ति भएको, दुर्भावनायुक्त ।

दुश्चेष्टा (ना./स्त्री.) दुस् दुष्टा चेष्टा *(खराब चेष्टा)* प्रा.त.स.= दुश्चेष्टा ।

शब्दार्थ- खराव वा नराम्रो चेष्टा, कुलक्षण, खराव लक्षण वा चिन्ह ।

दुष्करः (वि./ना./पुं.) दुस् दुःखेन करोति क्रियते इति वा *(दुःखले गर्छ वा गरिन्छ)* डुकृञ् करणे (तना.) धातु, दुस्+कृ+खल्[3] (अ, कृच्छ्रार्थमा)/अप् (अ), गुण, सको ष= दुष्कर ।

शब्दार्थ- ज्यादै कष्टले मात्र गर्न सकिने, दुःखसाध्य, सजिलैसित सम्पन्न गर्न कठिन पर्ने काम, दुष्कर्म

दुष्कर्म (ना./न.) क्रियते इति *(गरिन्छ)* कृ+मनिन् (मन्), उणा., गुण, कर्मन्, कर्म । दुस् दुष्टं कर्म *(खराब कर्म)* प्रा.त.स., सको षत्व= दुष्कर्म ।

शब्दार्थ- खराव काम, निन्दित कर्म, पापकर्म, कलुषित काम ।

दुष्कर्मी (वि.) दुष्कर्म अस्यास्तीति *(खराब कर्म छ यसको)* दुष्कर्म+इनि[1] (इन्), टिलोप, दुष्कर्मिन्=दुष्कर्मी ।

शब्दार्थ- खराव वा नराम्रो काम गर्ने, दुष्कर्मी, पापी, कुकर्मी ।

दुष्कुलम् (ना./न.) दुस् दुष्टं कुलम् *(खराब कुल)* प्रा.त.स. सको ष्= दुष्कुल ।

शब्दार्थ- निम्नकुल, सानो वा तुच्छ कुल, निम्न घराना ।

दुष्कुलीनः (वि.) कुले भवः *(कुलमा हुने)* कुल+ख (ईन), कुलीनः । दुस् दुष्टः कुलीनः *(खराब कुलघरानको)* प्रा.त.स.= दुष्कुलीन ।

शब्दार्थ- तुच्छ कुलघरानको, नीच कुलको, पापी कुलको ।

दुष्कृतम् (ना./न./वि.) क्रियते स्म इति *(गरिएको)* डुकृञ् करणे (तना.) धातु, कृ+क्त (त), कृतम् । दुस् दुष्टं कृतमनेन इति *(नराम्रो काम गरेको छ यसले)* प्रा.व.स., सको षत्व= दुष्कृत ।

शब्दार्थ- नराम्रो कर्म, खराव कर्म, कलुषित कर्म, नराम्रो कर्म गरेको, कुकर्म गरेको, असत्कर्म गरेको, खराव कर्म गरेको ।

दुष्कृतिः (ना./स्त्री.) दुस् दुःखेन क्रियते इति *(दुःखले गरिन्छ)* डुकृञ् करणे (तना.) धातु, दुस्+कृ+क्तिन् (ति) सको षत्व= दुष्कृति ।
अथवा दुस् दुष्टा कृतिः करणमिति *(नराम्रो काम)* प्रा.त.स.= दुष्कृति ।

शब्दार्थ- दुष्कर्म, खराव काम, नराम्रो कर्म, पाप, अपराध ।

दुष्कृत्यम् (ना./न.) क्रियते इति *(गरिन्छ)* डुकृञ् करणे (तना.) धातु, कृ+क्यप्[4] (य), तुगागम, कृत्यम् । दुस् दुष्टं कृत्यम् *(खराब कृत्य वा काम)* प्रा.त.स., सको षत्व= दुष्कृत्य ।

शब्दार्थ- खराव काम, निन्दित कर्म, कुकर्म, पापकर्म ।

दुष्टः (वि.) दुष्यते स्म इति *(दूषित भएको)* दुष वैकृत्ये (दिवा.) धातु, दुष्+क्त (त), कर्तामा, ष्टुत्व तको ट =दुष्ट ।

शब्दार्थ- दुःख दिने स्वभाव भएको, दुर्जन, क्षुद्र स्वभावको, वदमास, कष्ट दिने, खोटी ।

दुष्टता (ना./स्त्री.) दुष्टस्य भावः *(दुष्ट हुनाको भाव वा अवस्था)* दुष्ट+तल् (त)+टाप् (आ)= दुष्टता ।

शब्दार्थ- दुष्टपना, दुष्टचाइँ, छोटोपन, तुच्छता, दुर्जनता, क्षुद्रता ।

---

[1] अत इनिठनौ : इनि
[2] सुहृद्दुर्हृदौ... : हृद् 'आदेश'
[3] ईषद्दुःसुषु.. : खल्
[4] ऋदुपधाच्च...: क्यप्

दुष्टबुद्धि:/दुष्टमतिः (ना./स्त्री./वि.)दुष्टा चासौ बुद्धिश्च/दुष्टा चासौ मतिश्च *(खराब बुद्धि वा मति)* क.त.स. वा दुष्टा बुद्धिर्मतिर्वा यस्य *(खराब बुद्धि या मति छ जसको)* ब.स.= दुष्टबुद्धि/दुष्टमति ।

शब्दार्थ- खराव बुद्धि, कुबुद्धि, कुमति, नराम्रो बुद्धि वा मति, खराव बुद्धि भएको, नराम्रो मति भएको, अर्काको कुभलो चिताउने बुद्धि वा मति भएको ।

दुष्टा (ना./स्त्री.) दुष्यति स्म असौ *(दुष्ट स्वभावकी छ यो)* दुष वैकृत्ये (दिवा.) धातु, दुष्+क्त (त), कर्तामा, ष्टुत्व, दुष्ट+टाप् (आ)= दुष्टा ।

शब्दार्थ- दुष्ट स्वभावकी स्त्री, मूर्ख स्त्री, नराम्रो प्रवृत्ति भएकी नारी, कुलटा ।

दुष्टात्मा (वि.) दुष्टः आत्मा यस्य *(दुष्ट छ आत्मा जसको)* ब.स., दीर्घ, दुष्टात्मन्= दुष्टात्मा ।

शब्दार्थ- खराव आत्मा भएको, दुरात्मा, अन्तःकरण नराम्रो भएको ।

उदा. **दुःखको छाती घन बादल छाउने**
दुष्टात्माले डसे जस्तो बनी साप झझल्किदो-
सु.म.का. ६/३९

दुष्टान्नम् (ना./न.) दुस् दुष्टं अन्नम् *(खराब अन्न)* प्रा.त.स., दीर्घ= दुष्टान्न ।

शब्दार्थ- दूषित अन्न, खराव अन्न, सडेगलेको अन्न ।

दुष्प्रकृतिः (ना./स्त्री.) दुस् दुष्टा प्रकृतिः *(खराब प्रकृति)* प्रा.त.स., षत्व= दुष्प्रकृति ।

शब्दार्थ- खराव स्वभाव, नराम्रो वानी व्यहोरा, दुष्टप्रवृत्ति, तुच्छ प्रवृत्ति ।

दुष्प्रजाः (वि.) दुर्गता प्रजा यस्य *(खराब सन्तान वा प्रजा छन् जसका)* दुर्गता+प्रजा, ब.स., उ.प.लोप, दुष्+प्रजा+असिच्[1] (अस्), समासान्त, टिलोप[2], षत्व, दुष्प्रजस्= दुष्प्रजा ।

शब्दार्थ- खराव प्रजा भएको, प्रजावर्ग नराम्रो भएको (राष्ट्र) ।

दुष्प्रभावः (ना./पुं.) दुस् दुष्टः प्रभावः *(खराब प्रभाव)* प्रा.त.स., षत्व= दुष्प्रभाव ।

शब्दार्थ- खराव प्रभाव, नराम्रो प्रभाव ।

दुष्प्रयासः (ना./पुं.) दुस् दुष्टः प्रयासः *(नराम्रो प्रयास)* प्रा.त.स., षत्व= दुष्प्रयास ।

शब्दार्थ- खराव प्रयास, दुस्साहस, नराम्रो प्रयास ।

दुष्प्राप्यः (वि.) प्राप्तुं योग्यः, प्राप्यते इति वा *(पाउन लायक वा पाउन सकिने)* प्रपूर्वक आप्लृ व्याप्तौ (स्वा.) धातु, प्र+आप्+यत् (य), दीर्घ, प्राप्यः । दुस् कष्टेन प्राप्यः *(बढो कठिनले पाउन सकिने)* प्रा.त.स., षत्व= दुष्प्राप्य ।

शब्दार्थ- ज्यादै कष्टले पाइने, सजिलै प्राप्त गर्न नसकिने, अप्राप्य, दुर्लभ ।

दुःस्थितिः (ना./स्त्री.) दुस् दुष्टा स्थितिः *(खराब अवस्था)* दुस्+स्थिति, प्रा.त.स.= दुःस्थिति ।

शब्दार्थ- नराम्रो अवस्था, गए गुज्रेको परिस्थिति, दुरवस्था, खराव हालत ।

दुस्तरः (वि.) दुस् दुःखेन अपि तर्तुम् असक्यः तीर्यते इति वा *(बढो कष्टले पनि पार हुन नसकिने)* दुस्पूर्वक तॄ प्लवनतरणयोः (भ्वा.) धातु, दुस्+तॄ+खल्[3] (अ), गुण =दुस्तर ।

शब्दार्थ- तर्न नसकिने, पार हुन नसकिने, अत्यन्त गहन ।

दुस्साहसः (ना./पुं.) दुस् दुष्टः साहसः *(खराब साहस)* प्रा.त.स.= दुस्साहस ।

शब्दार्थ-नराम्रो आँट वा साहस, दुष्प्रयास, निन्दनीय प्रयास

दुहिता (ना./स्त्री.) दोग्धि धनादिकं गृह्णाति असौ *(धन आदि ग्रहण गर्छे वा दाइजो लिन्छे)* दुह प्रपूरणे (अदा.) धातु, दुह्+तृच् (तृ), इडागम, गुणाभाव निपातन, उणा., दुहितृ= दुहिता ।

अथवा दुरे हिता *(टाढा रहेर आफ्ना माइतीको हित चिताउँछे)* ष.त.स.= दुहिता ।

शब्दार्थ- छोरी, पुत्री, सुता, आत्मजा, विवाहमा वरवधू पासा वा सुपारी खेल्दा दुवैको शिरमा टाँगिने वस्त्र ।

दूतः (ना./पुं.) दवति, दुनोतीति वा *(सन्देश लैजान्छ वा सन्देश वहनादिबाट परिताप गराउँछ)* दु गतौ (भ्वा.) वा टुदु उपतापे (स्वा.) धातु, दु+क्त[4] (त), उणा., धातुको दीर्घ= दूत ।

स्यात् सन्देशहरो दूतः- इत्यमरः

शब्दार्थ- सन्देशवाहक, खवर लाने ल्याउने व्यक्ति, एक राष्ट्रवाट अर्को राष्ट्रमा गएर वसी कूटनीतिक काम गर्ने राजप्रतिनिधि, गुप्तचर, राजदूत ।

दूतावासः (ना./पुं.) आवसन्ति अत्र *(बस्छन् यहाँ)* आङ-पूर्वक वस निवासे (भ्वा.) धातु, आ+वस्+घञ् (अ), वृद्धि, आवासः । दूतस्य आवासः *(राजदूतको आवास)* ष.त.स., दीर्घ= दूतावास ।

शब्दार्थ- राजदूत बस्ने ठाउँ, राजदूतको आवासगृह वा कार्यालय ।

दूती/दूतिका (ना./स्त्री.) दवति, दूनोति असौ इति वा *(सन्देश लैजान्छे यो)* दु गतौ (भ्वा.) वा टुदु उपतापे (स्वा.) धातु, दु+क्त (त), उणा., धातुको दीर्घ, दूत+ङीष् (ई)= दूती । अथवा दूयते अनया *(परिताप दिन्छे यसले)* दूङ् परितापे (दिवा.) धातु, दू+क्तिच्[5] (ति), दूति+ङीष् (ई), विकल्पले= दूती ।

ङीष्को अभावमा, दूति । दूति एव *(दूती नै)* दूति+कन् (क), स्वार्थमा, दूतिक+टाप् (आ)= दूतिका ।

शब्दार्थ- दूतको काम गर्ने स्त्री, सन्देशवाहक नारी, प्रेमी प्रेमिकाको सन्देश लाने ल्याउने नारी, कुटुनी, संचारिका, सन्देशद्वारा अर्कालाई पीडा वा ताप पुर्‍याउने स्त्री ।

---

[1] नित्यमसिच् प्रजा... : असिच्

[2] अव्ययानां भमात्रे टिलोपः : टिलोप

[3] ईषद्दुःसुषुकृ.. : खल्

[4] दुतनिभ्यां दीर्घश्च : क्त, दीर्घ

[5] क्तिच्क्तौ च... : क्तिच्

दूत्यम् (ना./न.) दूतस्य भावः कर्म वा *(दूतको भाव वा कर्म)* दूत+य[1], अकारलोप, दूत्य ।

शब्दार्थ- दूतको अवस्था, दौत्यभाव, दौत्यकर्म ।

दूरः (वि.) दुःखेन ईयते प्राप्यते इति *(दुःखले पुगिन्छ)* दुर् उपसर्गपूर्वक इण् गतौ (अदा.) धातु, दुर्+इ+रक्[2] (र), धातुको लोप, रेफको लोप[3], दुको दीर्घ[4]= दूर ।

शब्दार्थ- धेरै पर रहेको, टाढा, दूर ।

दूरता (ना./स्त्री./दूरत्वम् (ना./न.) दूरस्य भावः *(दूर वा टाढा हुनाको भाव वा अवस्था)* दूर+तल् (त)+टाप् (आ)= दूरता ।

दूर+त्व= दूरत्व ।

शब्दार्थ- दूर हुनाको स्थिति वा अवस्था, दूरत्व, टाढापन, पर हुनाको भाव ।

दूरदर्शकः (वि.) दूरं पश्यतीति *(परको कुरा देख्छ वा थाह पाउँछ)* दूर उपपदपूर्वक दृशिर् प्रेक्षणे (भ्वा.) धातु, दूर+दृश्+ण्वुल्[5] (अक), गुण= दूरदर्शक ।

शब्दार्थ- भविष्य देख्ने वा थाहा पाउने, परको कुरा देख्ने वा जान्ने, टाढाको कुरा देख्ने वा भन्ने विद्वान्, दूरदर्शी ।

दूरदर्शनम् (ना./न./वि.) दृश्यते इति *(देखिन्छ)* दृशिर् प्रेक्षणे (भ्वा.) धातु, दृश्+ल्युट् (अन), गुण, दर्शनम् ।

दूरस्य दर्शनम् *(टाढाको अवलोकन)*ष.त.स.=दूरदर्शन ।

अथवा दूरे दर्शनं दृष्टिर्यस्य *(टाढासम्मका कुरा देख्नसक्ने दृष्टि वा सामर्थ्य छ जसको)* ब.स. =दूरदर्शन ।

शब्दार्थ- टाढा वा परको कुरा देख्ने वा अवलोकन गर्ने काम, टाढाको दृश्य अवलोकन, टेलिभिजन, पर सम्मको वस्तु देख्ने, टाढासम्म देख्नसक्ने ।

दूरदर्शिता (ना./स्त्री.) दूरदर्शिनः भावः *(दूरदर्शी हुनाको भाव वा अवस्था)* दूरदर्शिन्+तल् (त)+टाप् (आ), नलोप= दूरदर्शिता ।

शब्दार्थ-पछिको कुरा विचार गर्न सक्ने क्षमता वा शक्ति

दूरदर्शी (वि.) दूरं द्रष्टुं शीलमस्येति *(परको कुरा देख्न सक्ने शील वा क्षमता छ यसको)* दूर उपपदपूर्वक दृशिर् प्रेक्षणे (भ्वा.) धातु, दूर+दृश्+णिनि[6] (इन्), गुण, दूरदर्शिन्= दूरदर्शी ।

शब्दार्थ- भविष्यको कुरा देख्ने वा थाह पाउने, पछि हुने कुराको पहिले नै विचार गर्ने, दीर्घदर्शी, विद्वान्, भविष्यद्रष्टा, टाढासम्मको कुरा देख्ने ।

दूरदृष्टिः (ना./स्त्री./वि.) दृश्यते इति *(देखिन्छ)* दृशिर् प्रेक्षणे (भ्वा.) धातु, दृश्+क्तिन् (ति), दृष्टिः ।

दूरे दृष्टिः *(परसम्म दृष्टि)* स.त.स.= दूरदृष्टि ।

अथवा दूरे दृष्टिर्यस्य *(परसम्म देख्न सक्ने दृष्टि छ जसको)* ब.स.= दूरदृष्टि ।

शब्दार्थ- टाढाको हेराइ वा अवलोकन, भविष्यको कुरा विचार गर्ने क्षमता, टाढासम्म देख्ने शक्ति भएको, दूरदृष्टि भएको ।

उदा. **कुन आँखामा दूरदृष्टि छ,**
कुन आँखामा जालो लाग्यो- चि.चू (स. १)

दूरस्थः (वि.) दूरे तिष्ठतीति *(टाढा रहन्छ)* ष्ठा गतिनिवृत्तौ (भ्वा.) धातु, दूर्+स्था+क (अ), आलोप =दूरस्थ ।

शब्दार्थ- टाढा रहने, पर वस्ने, दूर देशमा रहने ।

दूर्वा (ना./स्त्री.) दूर्वति, दूर्व्यते इति वा *(अरू तृणको विनाश गर्छ)* दूर्वी हिंसायाम् (भ्वा.) धातु, दूर्व+अच् (पचादि)/घञ्[7] (अ), टाप् (आ), दीर्घ= दूर्वा ।

शब्दार्थ- अत्यन्तै मौलाउने र धार्मिक पूजाआजामा प्रयोग गरिने एक पवित्र झार वा घाँस, दूबो ।

दूषकः (वि.) दूषयतीति *(दोष दिन्छ)* दुष वैकृत्ये (दिवा.) धातु, दुष्+णिचि+ण्वुल् (अक), ऊत्व, णिलोप=दूषक ।

शब्दार्थ- पापी, कुवाटोमा लाग्ने, अर्काको कुरामा खोट लगाउने, अरूलाई दोष दिने, भ्रष्ट गर्ने ।

दूषणः (वि./ना./न.) दोषयतीति *(दोष लगाउँछ)* दुष वैकृत्ये (दिवा.) धातु, दुष्+णिचि+ल्यु (अन), ऊत्व, णिलोप= दूषण ।

अथवा दोष्यते इति *(दोष लगाइन्छ)* दुष्+णिचि+ल्युट् (अन), दुको ऊत्व, णिलोप, णत्व= दूषण ।

शब्दार्थ- दोष लगाउने, पापकर्म गर्ने, अर्कालाई दोषारोपण गर्ने, कुवाच्य, अपकीर्ति, दोष लगाउने काम, अवगुण, पापकर्म, दोषारोपण, खोट ।

दूषितः (वि.) दोष्यते स्म इति *(दोष लगाएको)* दुष वैकृत्ये (दिवा.) धातु, दुष्+णिचि+क्त (त), दुको ऊत्व, णिलोप, इडागम= दूषित ।

शब्दार्थ- प्रदूषित, दोषयुक्त, कलङ्कित, भ्रष्ट, दोष भएको ।

दृक् (ना./स्त्री.) पश्यति अनेन *(हेर्छ यसले)* दृशिर् प्रेक्षणे (भ्वा.)धातु, दृश्+क्विन्, कुत्व, क्विन्को सर्वलोप=दृक् ।

शब्दार्थ- नयन, नेत्र, चक्षु, आँखा, हेराइ, अवलोकन ।

दृढः (वि.) दर्हति दृंहति स्म इति वा *(ठूलो वा बलवान् भएको)* दृह दृहि वृद्धौ (भ्वा.) धातु, दृहिको नुम्, दृह्/दृंह+क्त[8] (त), कर्तामा, दृंहको नलोप, हको ढ[9], तको ध[10], धको ष्टुत्व ढ, दृढ् ढ, ढलोप, इडाभाव= दृढ ।

दृढं स्थूले नितान्ते च प्रगाडे बलवत्यपि- इति मेदिनी
कठोरं निष्ठुरं दृढम्- इत्यमरः

शब्दार्थ- अचल, प्रगाढ, कठोर, निठुरी, वलवान्, दृढताले बाँधिएको, ठूलो, स्थूल, अतिशक्तिशाली, अति वलवान्, विचारमा स्थिर, सिद्धान्तमा अटल, दह्रिलो ।

---

[1] दूतवणिग्भ्यां च (वा.) : य/दूतस्य भावकर्मणि : यत्
[2] दूरीणो लोपश्च : रक्
[3] रो रि : रेफको लोप
[4] ढ्रलोपे पूर्वस्य... : दीर्घ
[5] ण्वुल्तृचौ : ण्वुल्
[6] सुप्यजातौ णिनि...: णिनि
[7] हलश्च : घञ्
[8] गत्यर्थाकर्मक... : क्त
[9] हो ढः : ढ
[10] झषस्तथो... : ध

दृढकर्मा (वि.) दृढं कर्म यस्य *(दृढ छ कर्म जसको)* ब.स., दृढकर्मन्= दृढकर्मा ।

शब्दार्थ- दृढ भएर काममा लागि रहने, कामबाट पछि नहट्ने, लक्ष्य प्राप्तिमा अडिग रहने ।

दृढता (ना./स्त्री./**दृढत्वम्** (ना./न.) दृढस्य भावः *(दृढ हुनाको भाव वा अवस्था)* दृढ+तल् (त)+टाप् (आ) =दृढता । दृढ+त्व= दृढत्व ।

शब्दार्थ- प्रगाढता, कठोरपन, दह्रिलोपना, स्थिरता ।

दृढप्रतिज्ञः (वि.) दृढा प्रतिज्ञा यस्य *(दृढ छ प्रतिज्ञा जसको)* ब.स., दृढको पुंवद्भाव, ह्रस्व= दृढप्रतिज्ञ ।

शब्दार्थ- आफ्नो प्रतिज्ञा पूरा गर्ने, आफूले भनेको कुरा पूरा गर्ने, कठोर प्रतिज्ञा गर्ने, बोलेको कुरा पूरा गर्न सदा दृढ रहने ।

दृढभक्तिः (ना./स्त्री./वि.) दृढा चासौ भक्तिश्च *(दृढ भक्ति)* क.त.स., पुंवद्भाव= दृढभक्ति ।

दृढा भक्तिर्यस्य *(दृढ छ भक्ति जसको)* ब.स., पुंवद्भाव, ह्रस्व= दृढभक्ति ।

शब्दार्थ- दृढ भक्तिभाव, प्रगाढ भक्ति, वचनमा पक्का, प्रगाढ भक्ति भएको, सच्चा भक्तिभाव भएको ।

दृढव्रतः/दृढव्रती (वि.) दृढं व्रतं यस्य *(दृढ छ निश्चय जसको)* ब.स.= दृढव्रत ।

दृढव्रतमस्यास्तीति दृढव्रत+इनि (इन्)= दृढव्रती ।

शब्दार्थ- दृढप्रतिज्ञ, धर्मानुष्ठानमा दृढ, व्रतादि आचरणमा नधर्मराउने ।

दृढसेनः (वि.) दृढा सेना यस्य *(मजबुत छ सेना जसको)* ब.स., पुंवद्भाव, ह्रस्व= दृढसेन ।

शब्दार्थ- प्रगाढ सेना भएको (राजा वा राज्य), बलवान् सेना भएको (राष्ट्र) ।

दृश्यः (वि./ना./न.) दृश्यते, द्रष्टुं योग्यः *(हेरिन्छ वा हेर्न लायक)* दृशिर् प्रेक्षणे (भ्वा.) धातु, दृश्+क्यप् (य) =दृश्य ।

शब्दार्थ- हेर्न वा देख्न लायक, मनोहर, सुन्दर, दर्शनीय, दृश्यकाव्य- नाटकादि ।

दृश्यकाव्यम् (ना./न.) दृश्यं च तत् काव्यम् *(दृश्यकाव्य)* क.त.स.= दृश्यकाव्य ।

शब्दार्थ- दृश्यवस्तु अभिनय गरेर देखाउने काव्य, रूपक, काव्यको दृश्यभेद, नाटक ।

दृष्ट (वि.) दृश्यते स्म इति *(देखिएको)* दृशिर् प्रेक्षणे (भ्वा.) धातु, दृश्+क्त (त), शको ष[1], ष्टुत्व तको ट= दृष्ट ।

शब्दार्थ- देखिएको, हेरिएको, प्रकट, प्रादुर्भूत, जानिएको, अवलोकन गरिएको ।

दृष्टान्तः (ना./पुं.) दृष्टश्चासौ अन्तश्च *(अन्त वा विनाश देखिएको)* दृष्ट+अन्त, क.त.स., दीर्घ= दृष्टान्त ।

दृष्टः अन्तः निश्चयः यस्मिन् *(जसमा अन्त वा निश्चय छ)* दृष्ट+अन्त, ब.स., दीर्घ= दृष्टान्त । **दृष्टान्त उदाहृतौ । शास्त्रे च मरणे- इति मेदिनी**

शब्दार्थ- उदाहरण, शास्त्र, मरण, मृत्यु, एक अर्थालङ्कार ।

दृष्टिः (ना./स्त्री.) दर्शनम्, दृश्यते अनया इति *(देखिन्छ यसबाट)* दृशिर् प्रेक्षणे (भ्वा.) धातु, दृश्+क्तिन्[2] (ति), भाव र करणमा, शको ष, ष्टुत्व तको ट= दृष्टि ।

शब्दार्थ- नजर, नयन, नेत्र, आँखा, चक्षु, हेराइ वा हेर्ने काम, दर्शन, ज्ञान ।

दृष्टिकोणः (ना./पुं.) दृष्टेः कोणः *(हेराइको ढाँचा)* ष.त.स. = दृष्टिकोण ।

शब्दार्थ- कुनै कुरामा आफ्नो विचार प्रकट गर्ने काम, कुनै विषयमा गहिरिएर आफूले विचार गर्ने तरिका, ढङ्ग वा परिपाटी ।

दृष्टिगोचरः (वि.) दृष्ट्या दृष्टेः वा गोचरः *(आँखाले देखेको वा आँखाको हेराइ)* तृ.त.स./ष.त.स.= दृष्टगोचर ।

शब्दार्थ- आँखाले प्रत्यक्ष देखेको वा साक्षात्कार गरेको ।

दृष्टिपातः (ना./पुं.) दृष्टेः पातः *(आँखाको हेराइ)* ष.त.स. =दृष्टिपात ।

शब्दार्थ- आँखाले हेर्ने काम, अवलोकन गर्ने काम ।

दृष्टिभ्रमः (ना./पुं.) दृष्टेः भ्रमः *(आँखाको भ्रम)* ष.त.स. =दृष्टिभ्रम ।

शब्दार्थ- दृष्टिदोष, हेर्दा पैदा हुने भ्रम, हेर्दा हुने गल्ती वा भ्रम ।

देदीप्यमानः (वि.) पुनः पुनरतिशयेन दीप्यतीति *(बारम्बार अत्यन्तै चम्कन्छ)* दीपी दीप्तौ (दिवा.) धातु, दीप्+यङ् (य), द्वित्व, दीप् दीप् य, अभ्यासको एकशेष, ह्रस्व, गुण, देदीप्य (यङन्त धातु) । देदीप्यते इति *(ज्यादै प्रकाशमान हुनु)* देदीप्य+शानच्[3] (आन) मुमागम =देदीप्यमान ।

शब्दार्थ- अत्यन्तै चम्किलो, खूब चहकिलो, ज्यादै प्रकाशमान, ज्यादै चम्कने ।

***उदा.* देदीप्यमान मणिझैं गुणका निधान,**
विश्वेशको छ महिमा सबमा प्रधान- आ.रा.म. १/७

देयः (वि.) दीयते, दातुं योग्यः वा *(दिन योग्य वा लायक)* डुदाञ् दाने (जुहो.) धातु, दा+यत्[4] (य), दाका आको ईत्व[5], गुण= देय ।

शब्दार्थ- दिन लायक, दिन योग्य, दानीय, दातव्य, दान गर्न योग्य ।

देवः (ना./पुं.) दीव्यन्ति क्रीडन्तीति *(क्रीडा गर्छन्, प्रसन्न रहन्छन्)* दिवु क्रीडाविजिगीषादौ (दिवा.) धातु, दिव्+अच् (पचादि), गुण= देव ।

शब्दार्थ- देवता, देउता, राजा, इन्द्रिय, मेघ, मान्यजनलाई सम्बोधन गर्दा प्रयोग गरिने शब्द ।

देवकन्या (ना./स्त्री.) देवानां कन्या *(देवताकी कन्या)* ष.त.स.= देवकन्या ।

शब्दार्थ- देवताकी छोरी वा देवी, दैवीगुणसम्पन्न कन्या ।

---

[1] व्रश्चभ्रस्जसृजमृज... : शको ष
[4] अचो यत् : यत्
[2] स्त्रियां क्तिन् : क्तिन्
[5] ईद्यति : ईत्व
[3] लटः शतृशानचाव...: शानच्

देवकीनन्दनः (ना./पुं.) देवक्याः नन्दनः पुत्रः *(देवकीका पुत्र)* ष.त.स.= देवकीनन्दन ।

शब्दार्थ- देवकीका पुत्र, श्रीकृष्ण ।

देवगणः (ना./पुं.) देवानां गणः *(देवताहरूको समूह)* ष.त.स.= देवगण ।

शब्दार्थ- देवतागण, देवताको समुदाय ।

देवगिरिः (ना./पुं.) देवपूर्वश्चासौ गिरिश्च *(देवपूर्वमा हुने गिरि वा पहाड)* क.त.स., उ.प.लोप= देवगिरि ।

शब्दार्थ- देवगिरिनामक पहाड ।

देवगुरुः (ना./पुं.) देवानां गुरुः *(देवताका गुरु)* ष.त.स. =देवगुरु ।

शब्दार्थ- बृहस्पति, सुराचार्य, देवताका गुरु ।

देवता (ना./स्त्री.) देव एव *(देवता नै)* देव+तल् (त), स्वार्थमा, टाप् (आ)= देवता ।

शब्दार्थ- देव, देवता, स्वर्गीय प्राणी, सुर, देवमूर्ति वा प्रतिमा, देउता ।

देवत्वम् (ना./न.) देवानां भावः *(देवता हुनाको भाव वा अवस्था)* देव+त्व= देवत्व ।

शब्दार्थ- देवताको स्वभाव वा अवस्था, देवतामा पाइने गुण ।

देवदूतः (ना./पुं.) देवानां दूतः *(देवताको दूत)* ष.त.स. =देवदूत ।

शब्दार्थ- देवताको दूत, देवताका सन्देशवाहक ।

देवदेवः (ना./पुं.) देवानां देवेषु वा देवः श्रेष्ठः *(देवताहरूमा श्रेष्ठ)* ष.त.स./स.त.स.= देवदेव ।

शब्दार्थ- देवताहरूका पनि देवता, परब्रह्म परमेश्वर, परमात्मा ।

देवपथः (ना./पुं.) देवानां पन्थाः *(देवताहरूको मार्ग)* देव+पथिन्, ष.त.स., अच् (समासान्त), टिलोप =देवपथ ।

शब्दार्थ- देवताहरूको मार्ग, आकाशमार्ग, देवमार्ग, देवमन्दिरमा जाने बाटो ।

देवपूजकः (वि.) देवानां पूजकः *(देवताको पूजा गर्ने)* ष.त.स.= देवपूजक ।

शब्दार्थ- देवताको पूजा अर्चना गर्ने, पूजारी ।

देवप्रतिमा (ना./स्त्री.) देवानां प्रतिमा *(देवताको प्रतिमा)* ष.त.स.= देवप्रतिमा ।

शब्दार्थ- देवदेवीको मूर्ति, देवताको प्रतिमा ।

देवब्राह्मणः (ना./पुं.) देवाः प्रियाः यस्य *(देवता प्रिय छन् जसका)* ब.स., देवप्रियः । देवप्रियश्चासौ ब्राह्मणश्च *(देवता प्रिय लाग्ने ब्राह्मण)* क.त.स., उ.प.लोप =देवब्राह्मण ।

शब्दार्थ- देवता प्रिय लाग्ने ब्राह्मण, देवताको पूजारी, पूजारी ब्राह्मण ।

देवभाषा (ना./स्त्री.) देवानां भाषा *(देवताको भाषा)* ष.त.स.= देवभाषा ।

शब्दार्थ- देवताले बोल्ने भाषा, देववाणी, संस्कृतवाङ्मय ।

देवभूमिः (ना./स्त्री.) देवानां भूमिः *(देवताको निवासस्थान)* ष.त.स.= देवभूमि ।

शब्दार्थ- देवताहरू बस्ने ठाउँ वा भूमि, स्वर्गलोक ।

देवमाता (ना./स्त्री.) देवानां माता *(देवताकी आमा)* ष.त.स.= देवमाता ।

शब्दार्थ- देवताहरूकी जननी, अदिति ।

देवमाया (ना./स्त्री.) देवानां माया *(देवताहरूकी माया)* ष.त.स.= देवमाया ।

शब्दार्थ- प्राणीहरूलाई मोहित पार्ने अज्ञानरूपी दैवीमाया, महामाया, भगवती ।

उदा. दैवी ह्येषा गुणमयी मम माया दुरत्यया- भ.गी. ७/१४

देवयज्ञः (ना./पुं.) देवेभ्यः यज्ञः *(देवताहरूको निम्ति गरिने यज्ञ)* ष.त.स.= देवयज्ञ ।

शब्दार्थ- देवपितृमनुष्यादि पञ्च महायज्ञमध्ये एक ।

देवयोनिः (ना./पुं./स्त्री.) देवानां योनिः *(देवताको योनि)* ष.त.स.= देवयोनि ।

शब्दार्थ- देवताको अंशमा उत्पन्न- विद्याधर, यक्ष, किन्नर आदि देवयोनिहरू ।

देवरः (ना./पुं.) दीव्यति अनेन *(क्रीडा गर्छ यससँग)* दिवु क्रीडादौ (दिवा.) धातु, दिव्+अर[1] (प्रत्यय), उणा., गुण =देवर ।

शब्दार्थ- पतिको भाइ, देवर, पतिभन्दा कान्छो ।

देवराजः (ना./पुं.) देवानां राजा *(देवताहरूका राजा)* ष.त.स., देवराजन्+टच्[2] (समासान्त), टिलोप =देवराज ।

शब्दार्थ- देवताका स्वामी, इन्द्र, स्वर्गका राजा, देवेन्द्र, सुरपति ।

देवर्षिः (ना./पुं.) देवानां ऋषिः *(देवताहरूका ऋषि)* ष.त.स., गुण= देवर्षि ।

अथवा देवा इव ऋषयः *(देवताझैं दैवीगुणसम्पन्न ऋषि)* उपमान.क.त.स.= देवर्षि ।

शब्दार्थ- देवताहरूका ऋषि, देवत्वगुणयुक्त ऋषिहरू, नारदादि ऋषिहरू ।

देवलोकः (ना./पुं.) देवानां लोकः *(देवताहरूको लोक)* ष.त.स.= देवलोक ।

शब्दार्थ- देवताहरू रहने लोक, स्वर्गलोक, देवभूमि ।

देववाणी (ना./स्त्री.) देवानां वाणी *(देवताहरूको वाणी वा भाषा)* ष.त.स.= देववाणी ।

शब्दार्थ- देवताहरूको वाणी, संस्कृतभाषा, देवताले बोल्ने भाषा ।

उदा. **वाचाल कोविद द्विजादि स्वकर्म ज्ञानी**
बस्छन् गरि पठन-पाठन देववाणी- व.कु. (म.का.) १/१४

---

[1] अर्तिकमिभ्रमिचमि... अर (प्रत्यय)

[2] राजाहः सखिभ्य...: टच्

देवसभा (ना./स्त्री.) सह समाना वा भान्ति अस्याम् *(यसमा सँगै वा समानरूपमा सुशोभित हुन्छन्)* सह/समाना उपपदपूर्वक भा दीप्तौ (अदा.) धातु, सह/समाना+भा+ड[1] (अ) टिलोप, वा सह/समाना +भा+अङ् (अ),आलोप, सह/समानको सभाव[2], सभ+टाप् (आ),सभा । देवानां सभा *(देवताको सभा)* ष.त.स. =देवसभा । **स्यात् सुधर्मा देवसभा- इत्यमरः**

शब्दार्थ- देवताको सभा वा सभाभवन, सुधर्मा, देवताहरूको सभास्थल ।

देवसेना (ना./स्त्री.) देवानां सेना *(देवताहरूको सेना)* ष.त.स.= देवसेना ।

शब्दार्थ- देवताहरूको फौज, देवसैन्य ।

देवस्थलम् (ना./न.) देवानां स्थलम् *(देवताहरूको रहने स्थल)* ष.त.स.= देवस्थल ।

शब्दार्थ- देवताहरू निवास गर्ने ठाउँ, स्वर्गलोक, पुण्यस्थल, पुण्यभूमि, देवालय ।

देवस्वम् (ना./न.) देवानां स्वम् (धनम्) *(देवताहरूको धन)* ष.त.स.= देवस्व ।

शब्दार्थ- देवताहरूको धन वा सम्पत्ति, देवतालाई अर्पिएको धन-सम्पत्ति वा गुठी, धार्मिक कार्यमा लगाइने धन, मन्दिरको सम्पत्ति, यज्ञ गर्नेको सम्पत्ति ।

देवांशः (ना./पुं.) देवानामंशः *(देवताहरूको भाग वा अंश)* देव+अंश, ष.त.स., दीर्घ= देवांश ।

शब्दार्थ- देवताहरूको भाग वा अंश, देवताहरूको अंशावतार ।

देवागारम् (ना./न.) देवानाम् आगारम् *(देवताहरूको घर)* ष.त.स., देव+आगार, दीर्घ= देवागार ।

शब्दार्थ- देवताहरूको घर, देवालय, मन्दिर ।

देवागारिकः (वि.) देवागारे नियुक्तः *(मन्दिरमा नियुक्त)* देवागार+ठन्[3] (इक)= देवागारिक ।

शब्दार्थ- पूजारी, देवालयमा पूजा गर्ने (व्यक्ति) ।

देवाङ्गना (ना./स्त्री.) देवानामङ्गना *(देवताहरूकी नारी)* देव+अङ्गना, ष.त.स., दीर्घ= देवाङ्गना ।

शब्दार्थ- देवताकी स्त्री, देववधू, अप्सरा, देवयुवती ।

देवात्मा (ना./पुं.) देवानामेव आत्मा *(देवताकै आत्मस्वरूप)* म.व्य.स.= देवात्मा ।

शब्दार्थ- देवताकै आत्मस्वरूप, देवरूप, दीव्यात्मा, पवित्र आत्मा ।

देवाधिदेवः (ना./पुं.) देवानामधिदेवः *(देवताका देवता)* ष.त.स., दीर्घ= देवाधिदेव ।

शब्दार्थ- देवताहरूका पनि देवता, परमेश्वर, शिव, विष्णु, परमात्मा ।

देवार्चनम् (ना./न.)/**देवार्चना** (ना./स्त्री.) देवानामर्चनम्/देवानामर्चना *(देवताहरूको अर्चना)* देव+अर्चन/देव+अर्चना, ष.त.स., दीर्घ= देवार्चन/देवार्चना ।

शब्दार्थ- देवताहरूको पूजा, अर्चनविधि, देवाराधना ।

देवालयः (ना./पुं.) देवानामालयः *(देवताहरूको आलय वा घर)* ष.त.स.= देवालय ।

शब्दार्थ- देवताहरूको घर, स्वर्ग, देवताहरू स्थापना गरिएको मन्दिर, देवस्थल, देवभूमि ।

देवी (ना./स्त्री.) दीव्यति असौ *(क्रीडा गर्छिन् वा प्रसन्न रहन्छिन् यिनी)* दिवु क्रीडादौ (दिवा.) धातु, दिव्+अच् (पचादि), गुण, देवः । देव+ङीप् (पचादिमा देवट् शब्द भएकोले)= देवी ।

देवी कृताभिषेकायाम्- इत्यमरः

शब्दार्थ- भगवती दुर्गा, पार्वती, सरस्वती, लक्ष्मी, देवताकी स्त्री, देवपत्नी, राज्याभिषेक गरिएकी महारानी, पटरानी, प्रतिष्ठित नारी ।

देवीमयः (वि.) प्रकृता प्रचुरा देवी *(सर्वत्र देवीले परिपूर्ण)* देवी+मयट् (मय)= देवीमय ।

शब्दार्थ- देवीले परिपूर्ण, देवीमय ब्रह्माण्ड ।

देवेन्द्रः/देवेशः (ना./पुं.) देवानामिन्द्रः वा ईशः *(देवताका स्वामी)* देव+इन्द्र/ईश, ष.त.स., गुण= देवेन्द्र/देवेश ।

शब्दार्थ- देवताका राजा, देवताका इन्द्र, देवताका मालिक, परब्रह्म परमेश्वर ।

देशः (ना./पुं.) दिशति, दिश्यते इति वा *(दिन्छ वा दिइन्छ)* दिश अतिसर्जने (तुदा.) धातु, दिश्+अच् (पचादि)/घञ् (अ), गुण= देश ।

शब्दार्थ- स्थान, राष्ट्र, मुलुक, कुनै निश्चित क्षेत्र, कुनै निश्चित भूभाग ।

देशकालः (ना./पुं.) देशयुक्तश्चासौ कालश्च *(पवित्र स्थानयुक्त समय)* क.त.स., उ.प.लोप= देशकाल ।

शब्दार्थ- देश र काल, पवित्र स्थान र उचित समय ।

देशकालज्ञः (वि.) देशश्च कालश्च *(देश र काल)* द्व.स., देशकालौ । तौ जानातीति *(देश र काल जान्दछ)* देशकालपूर्वक ज्ञा अवबोधने (क्र्या.) धातु, देशकाल+ज्ञा+क[4] (अ), आलोप= देशकालज्ञ ।

शब्दार्थ- देश र काल जान्ने, देश र काल विचार गरेर कुनै कुरा गर्ने ।

देशजः (वि.) देशे जायते इति *(देशमा जन्मन्छ)* देश उपपदपूर्वक जनी प्रादुर्भावे (दिवा.) धातु, देश+जन्+ड[5] (अ), टिलोप= देशज ।

शब्दार्थ- देशमा जन्मने वा जन्मेको, देशमा उत्पन्न भएको (स्वदेशी वस्तु वा अन्य कुरा) ।

देशतः (अव्य.) देशे देशात् इति वा *(देशमा वा देशबाट)* देश+तसिल्[6] (तस्), देशतस्, देशतः= देशत ।

शब्दार्थ-देश वा स्थानविशेषमा, देश वा स्थान विशेषबाट ।

---

[1] अन्येष्वपि दृश्यते : ड

[2] सभाराजा.... सूत्रको सभा योगविभागबाट : सह/समानको सभाव

[3] अगारान्ताट्ठन् : ठन्

[4] आतोऽनुपसर्गे... : क

[5] सप्तम्यां जनेर्डः : ड

[6] आद्यादिभ्य... (वा.) : तसिल्

देशप्रेमः (ना./पुं.) देशस्य प्रेमः *(देशको माया)* ष.त.स. =देशप्रेम ।

शब्दार्थ- देशप्रतिको माया ममता, देशभक्ति, राष्ट्रप्रेम ।

देशप्रेमी (वि.) देशप्रेमः अस्यास्तीति *(देशप्रेम छ यसको)* देशप्रेम+इनि (इन्), देशप्रेमिन्= देशप्रेमी ।

शब्दार्थ- आफ्नो देशप्रति प्रेम गर्ने, राष्ट्रप्रति ममता राख्ने, राष्ट्रभक्त, राष्ट्रप्रेमी ।

देशभक्तः (वि.) देशस्य भक्तः *(देशको प्रेमी)* ष.त.स. =देशभक्त ।

शब्दार्थ-राष्ट्रभक्त, देशप्रेमी, देशप्रति माया ममता राख्ने ।

देशभक्तिः (ना./स्त्री.) देशस्य भक्तिः *(देशप्रतिको भक्ति)* ष.त.स.= देशभक्ति ।

शब्दार्थ- राष्ट्रभक्ति, देशप्रतिको स्नेह वा माया ममता, देशप्रेम ।

देशविदेशः (ना./पुं.) देशश्च विदेशश्च *(देश र विदेश)* द्व.स.= देशविदेश ।

शब्दार्थ- देश र विदेश, स्वदेश तथा परदेश ।

देशाचारः (ना./पुं.) देशस्य आचारः *(देशको आचार)* ष.त.स., दीर्घ= देशाचार ।

शब्दार्थ- देशको चालचलन तथा रीतिरिवाज, देशको आचार तथा नियमहरू ।

देशाटनम् (ना./न.) देशस्य अटनम् *(देशको भ्रमण)* ष.त.स., दीर्घ= देशाटन ।

शब्दार्थ-देशको भ्रमण गर्ने काम, देशदेशान्तरको भ्रमण ।

देशान्तरः (ना./पुं.) अन्यः देशः *(अर्को देश)* देश+अन्तर, अस्वपदविग्रह, म.व्य.स., दीर्घ= देशान्तर ।

शब्दार्थ- स्वदेश वाहेकको अर्को देश, परदेश, विदेश, भूमध्यरेखादेखि पूर्व वा पश्चिमको अन्तर ।

देशिकः (वि.) देशः अस्यास्तीति *(देशप्रेमको भावना छ यसको)* देश+ठन्[1] (इक), अकारलोप= देशिक ।

शब्दार्थ- देशप्रेमको भावना भएको, देशप्रति मायाममता राख्ने ।

देशीयः (वि.) देशे भवः जातादिर्वा *(देशमा हुने वा भएको)* देश+छ[2] (ईय), अकारलोप= देशीय ।

शब्दार्थ- देशी, देशसम्बन्धी, देशमा उत्पन्न भएको ।

देहः (ना./पुं./न.) दिह्यते इति *(संरक्षण गरिन्छ)* दिह उपचये (अदा.) धातु, दिह्+घञ् (अ), गुण= देह ।

कायो देहः क्लीवपुंसोः- इत्यमरः

शब्दार्थ- शरीर, काय, गात्र, तनु, मूर्ति, जीउ ।

देहत्यागः (ना./पुं.) देहस्य त्यागः *(देहको त्याग)* ष.त.स. =देहत्याग ।

शब्दार्थ- शरीर त्याग्ने काम, मृत्यु, मरण, निधन ।

देहधारी (वि.) देहं धारयतीति *(देह धारण गर्छ)* देह उपपदपूर्वक धृञ् धारणे (भ्वा.) धातु, देह+धृ+णिनि[3] (इन्), वृद्धि, देहधारिन्= देहधारी ।

शब्दार्थ- देह वा शरीर धारण गर्ने, जीवधारी, शरीरधारी ।

देहवान् (वि.) देहः अस्यास्तीति *(देह छ यसको)* देह+मतुप् (मत्), मको व, देहवत्= देहवान् ।

शब्दार्थ- देह भएको, शरीरधारी, देही ।

देहान्तः (ना./पुं.) देहस्य अन्तः *(देहको विनाश)* देह+अन्त, ष.त.स.,दीर्घ= देहान्त ।

शब्दार्थ- शरीरको विनाश, देहको अन्त, देहावसान, मृत्यु ।

देहावसानम् (ना./न.) देहस्य अवसानम् *(शरीरको समाप्ति)* ष.त.स., दीर्घ= देहावसान ।

शब्दार्थ- शरीरको नाश, देहको विनाश वा अन्त, मरण, मृत्यु, निधन ।

देही (वि.) देहः शरीरम् अस्य अस्तीति *(देह वा शरीर छ यसको)* देह+इनि (इन्), अकारलोप, देहिन्= देही ।

शब्दार्थ- देह भएको, देहधारी, जीवधारी प्राणी, शरीरधारी, शरीरी ।

दैतेयः (ना./पुं.) दितेरपत्यादिः *(दितिका सन्तान)* दिति+ढक्[4] (एय), आदिवृद्धि, इकारलोप= दैतेय ।

शब्दार्थ- दितिका सन्तान, दैत्य, असुर ।

दैत्यः (ना./पुं.) दितेरयम् *(दितिको यो)* वा दितेरपत्यं पुमान् *(दितिको पुरुष सन्तति)* दिति+ण्य[5] (य), आदिवृद्धि, इकारलोप= दैत्य ।

असुरा दैत्यदैतेयदनुजेन्द्रारिदानवाः- इत्यमरः

शब्दार्थ- कश्यपपत्नी दितिवाट पैदा भएका सन्तान, दैत्य, असुर, दानव, राक्षस, भयङ्कर व्यक्ति ।

दैत्यगुरुः (ना./पुं.) दैत्यानां गुरुः *(दैत्यहरूका गुरु)* ष.त.स.= दैत्यगुरु ।

शब्दार्थ- दैत्यहरूका पुरोहित, शुक्राचार्य, भार्गव, दैत्यहरूका गुरु ।

दैनन्दिनम्/दैनन्दिनी (वि.) दिने दिने भवः *(दिन दिनै भएको)* दिनन्दिन+अण् (अ), आदिवृद्धि, अकारलोप =दैनन्दिन ।

दैनन्दिन+ङीप् (ई)= दैनन्दिनी ।

शब्दार्थ- दिनदिनको, प्रतिदिनको, नित्यको, दिनहुँको, दिनदिनै भएको वा हुने, प्रतिदिनको दैनिकी ।

दैनिकः/दैनिकी (वि.) दिनादागतः, दिनस्य अयम्, दिने भवः, दिनेन निर्वृत्तः *(दिनबाट आएको, दिनको यो, दिनदिनमा हुने, दिनद्वारा निर्वृत्त)* दिन+ठक्/ठञ् (इक), आदिवृद्धि, अकारलोप= दैनिक ।

दैनिक+ङीप् (ई)= दैनिकी ।

शब्दार्थ- दिनदिनको, प्रतिदिनको, दिनहुँ भएको, दिनदिनैको, दिनसँग सम्वन्धित ।

---

१. अत इनिठनौ : ठन्
२. गहादिभ्यश्च : छ
३. नन्दिग्रहिपचादि.. : णिनि
४. स्त्रीभ्यो ढक् : ढक्
५. दित्यदित्यादित्य.. : ण्य
६. ठगायस्थानेभ्यः../तस्येदम्/तत्र भवः/तेन निर्वृत्तम् : ठक्/ठञ्

दैन्यम् (ना./न.) दीनस्य भावः *(दीन वा दुःखी हुनाको भाव वा अवस्था)* दीन+ष्यञ् (य), आदिवृद्धि, अकारलोप= दैन्य ।

शब्दार्थ- दीनता, निर्धनता, गरिवी, मलिनता, नम्रता ।

दैर्घ्यम् (ना./न.) दीर्घस्य भावः *(दीर्घ वा लामो हुनाको भाव वा अवस्था)* दीर्घ+ष्यञ् (य), आदिवृद्धि, अकारलोप= दैर्घ्य ।

शब्दार्थ-लामोपन, ठूलोपना, दीर्घत्व, लम्वाइ, स्थूलपना ।

दैवः (वि./ना./न.) देवादागतः, देवस्य अयम्, देवे भवः *(देवताबाट आएको, देवताको यो, देवतामा हुने)* देव+अण्[1] (अ), आदिवृद्धि, अकारलोप= दैव ।

शब्दार्थ- देवतासित सम्वन्धित, देवतावाट भएको, ईश्वरसम्वन्धी, दिव्य, भाग्य, विवाहका आठ प्रकारमध्ये एक, दैवविवाह ।

द्रष्टव्य- राम्रो कर्म गरिरहेका ऋत्विक् वा सत्पात्रलाई यज्ञमा अलङ्कृत गरी कन्या दिनु दैवविवाह हो- म.स्मृ ३/२८

दैवगतिः (ना./स्त्री.) दैवस्य गतिः *(दैवको गति)* ष.त.स. =दैवगति ।

शब्दार्थ- ईश्वरीय घटना, भाग्यको हेरफेर, दैवको खेल, दैवीप्रकृति, प्रारब्ध ।

दैवज्ञः (वि.) दैवं शुभाशुभं कर्म वा गतिं जानातीति *(शुभाशुभ कर्म वा गति जान्दछ)* दैव उपपदमा हुने ज्ञा अवबोधने (क्र्या.) धातु, दैव+ज्ञा+क (अ), आलोप= दैवज्ञ ।

शब्दार्थ- शुभ वा अशुभ कर्मफल वताउने वा जान्ने, ज्योतिषी, भविष्यवक्ता, दैवसम्वन्धी गति जान्ने ।

दैवतम् (ना./न./वि.) देव एव *(देव नै)* देव+तल्[2] (त), स्वार्थमा, टाप् (आ), देवता । देवता एव *(देवता नै)* देवता+अण् (अ), स्वार्थमा, आदिवृद्धि= दैवत ।
अथवा देवतायाः इदम् *(देवताको यो)* देवता+अण् (अ), आदिवृद्धि, आकारलोप= दैवत ।

शब्दार्थ- देवतागण, देवताको समूह, देवप्रतिमा, देवतासम्वन्धी, देवताको ।

दैववशः (ना./पुं./अव्य.) दैवस्य वशः/दैवस्य वशात् *(दैवको अधीन)* ष.त.स./अव्य.स.= दैववश ।

शब्दार्थ- दैवाधीन, भाग्यभरोसा, नियति वा भाग्य वश, संयोगवश, अचानक, दैवसंयोगले ।

दैववाणी (ना./स्त्री.) दैवस्य वाणी *(देवताको वाणी)* ष.त.स.= दैववाणी ।

शब्दार्थ- ईश्वरको वोली, दैवीवाक् वा वचन, संस्कृत-वाणी ।

दैवहतः (वि.) दैवेन हतः *(दैवबाट ठगिएको)* तृ.त.स. =दैवहत ।

शब्दार्थ- भाग्यवाट ठगिएको, भाग्यको अधीनमा रहेको ।

दैवाधीनः (वि.) दैवस्य अधीनः *(दैवको अधीन)* ष.त.स., दीर्घ= दैवाधीन ।

शब्दार्थ- भाग्यको अधीनमा रहेको, भाग्यमा निर्भर रहेको, दैवको अधीन ।

दैवासुरः (ना./पुं.) देवाश्च असुराश्च *(देवता र असुर)* द्व.स., देवासुराः । देवासुराः सन्ति अस्मिन् सङ्ग्रामे *(देवता र असुर छन् यस सङ्ग्राममा)* देवासुर+अण्[3] (अ), आदिवृद्धि= दैवासुर ।

शब्दार्थ- देवता र असुर, देवदानव, देवता र असुरहरूको सङ्ग्राम, देवासुर सङ्ग्राम ।

दैवीघटना (ना./स्त्री.)/**दैवीप्रकोपः** (ना./पुं.) दैव्याः घटना/दैव्याः प्रकोपः *(दैवी प्रकृतिबाट घटेको घटना, दैवी प्रकृतिको प्रकोप)* प.त.स./ष.त.स. =दैवीघटना/ दैवीप्रकोप ।

शब्दार्थ- दैवी प्रकोपवाट घटेको दुःखद परिस्थिति वा अवस्था- भूकम्प, अनावृष्टि, अतिवृष्टि, दुर्भिक्ष आदि, महामारीबाट उत्पन्न विकराल-स्थिति ।

दैवीसङ्कटम् (ना./न.) दैव्याः सङ्कटम् *(दैवी प्रकृतिबाट उत्पन्न सङ्कट)* प.त.स.= दैवीसङ्कट ।

शब्दार्थ- दैवी घटनावाट उत्पन्न सङ्कट, आपत्‌विपत्‌को अवस्था ।

दैहिकः (वि.) देहमर्हति, देहाज्जातः, देहस्यायम्, देहेन निर्वृत्तः वा *(क्रमशः- शरीरको लागि योग्य, देहबाट पैदा भएको, देहको यो, देहबाट निर्वृत्त)* देह+ठञ् (इक), आदिवृद्धि, अकारलोप= दैहिक ।

शब्दार्थ- शरीरको लागि योग्य, देहबाट पैदा भएको, शारीरिक, देहवाट निस्केको, देहसम्वन्धी ।

दोषः (ना./पुं.) दुष्यते इति *(दोष वा त्रुटि हुनु)* दुष वैकृत्ये (दिवा.) धातु, दुष्+घञ् (अ), गुण= दोष ।

शब्दार्थ- त्रुटि, भूल, कमी आदि अवगुण, दुर्गुण, निन्दा, कलङ्क, दाग, खोट, लाञ्छना, काव्यगत-दोष, रसको अपकर्षण गर्ने तत्त्व ।

दोषज्ञः (वि.) दोषं जानातीति *(अर्काको भूल वा त्रुटि थाह पाउँछ)* दोष उपपदपूर्वक ज्ञा अवबोधने (क्र्या.) धातु, दोष+ज्ञा+क (अ), आलोप= दोषज्ञ ।

शब्दार्थ- अर्काको दोष थाह पाउने, अर्काको राम्रो नराम्रो काम छुट्ट्याउन सक्ने- विद्वान्, सुधी, धीर, मनीषी, पण्डित ।

दोषारोपः (ना./पुं.)/**दोषारोपणम्** (ना./न.) दोषः आरोप्यते इति *(दोष लगाइन्छ)* दोष उपपदमा हुने आङ्पूर्वक रुप विमोहने (दिवा.) धातु, दोष+आ+रुप्+णिचि+घञ् (अ), गुण, णिलोप, दीर्घ= दोषारोप ।
दोष+आ+रुप्+णिचि+ल्युट् (अन), गुण, णिलोप, णत्व, दीर्घ= दोषारोपण । अथवा दोषस्य आरोपः, आरोपणम् वा *(दोषको आरोप)* ष.त.स.= दोषारोप/ दोषारोपण ।

शब्दार्थ- कसैप्रति दोष लगाउने काम, दोषी व्यक्ति उपर आरोप वा अभियोग लगाउने कार्य, अर्को उपर दोष थुपार्ने काम ।

---

[1] तत आगतः/तस्येदम्/तत्र भवः : अण्

[2] देवात्तल् : तल्

[3] विमुक्तादिभ्योऽण् : अण्

दोषी (वि.) दोषः अस्यास्तीति *(दोष छ यसको)* दोष+इनि[1] (इन्), अकारलोप, दोषिन्= दोषी ।

अथवा दुष्यतीति *(दोष लगाउँछ)* दुष वैकृत्ये (दिवा.) धातु, दुष्+ घिनुण्[2] (इन्), गुण, दोषिन्= दोषी ।

शब्दार्थ- दोष भएको, दागी, अवगुण भएको, खोटो, दोष लागेको ।

दोहदः (ना./पुं./न.) दुह्यते, काम्यते इति वा *(कामना गरिन्छ)* दुह प्रपूरणे (अदा.) धातु, दुह्+घञ् (अ), गुण, दोहः । दोहम्, अभिलाषम् आकर्षं वा ददातीति *(अभिलाषा वा आकर्षण पैदा गर्छ)* दोह उपपदपूर्वक डुदाञ् दाने (जुहो.) धातु, दोह+दा+क (अ), आलोप =दोहद ।

दोहदो गर्भलक्षणे । अभिलाषे तथा गर्भे- इति हैमः

अथ दोहदम् । इच्छा काङ्क्षा स्पृहेहातृट्- इत्यमरः

शब्दार्थ- गर्भवती स्त्रीको मानसिक इच्छा, अभिलाषा, चाहना, कामना, गर्भिणीको अभिरुचि वा कुनै कुराप्रति आकर्षण, गर्भ, भ्रूण, गर्भसम्वन्धी लक्षण ।

दोहदवती (ना./स्त्री.) दोहदं गर्भिण्याः अभिलाषा गर्भः वा अस्यां अस्तीति *(गर्भिणीको अभिलाषा वा गर्भ छ यसमा)* दोहद+मतुप् (मत्), मको व, दोहदवत्+ङीप् (ई)= दोहदवती ।

शब्दार्थ- गर्भवती भएको अवस्थामा कुनै वस्तु चाहना वा अभिलाषा गर्ने स्त्री, गर्भवती नारी, गर्भधारण गरेकी स्त्री, गर्भिणी ।

दोहनम् (ना./न.) दुह्यते इति (दुहुनु) दुह प्रपूरणे (अदा.) धातु, दुह्+ल्युट् (अन), गुण= दोहन ।

शब्दार्थ- दूध दुहुने काम, ढुङ्ग्रो, दुग्धपात्र, शोषण गरिरहने काम ।

दौत्यम् (ना./न.) दूतस्य भावः कर्म वा *(दूतको भाव, कर्म वा अवस्था)* दूत+ष्यञ् (य), आदिवृद्धि= दौत्य ।

शब्दार्थ- दूतको कर्म, दूतको काम वा अवस्था ।

दौर्जन्यम् (ना./न.) दुर्जनस्य भावः *(दुर्जन हुनाको भाव वा अवस्था)* दुर्जन+ष्यञ् (य), आदिवृद्धि= दौर्जन्य ।

शब्दार्थ-दुर्जनता, दौर्जन्य, दुर्जन हुनाको भाव वा अवस्था

दौर्बल्यम् (ना./न.) दुर्वलस्य भावः *(दुर्वल हुनाको भाव वा अवस्था)* दुर्वल+ष्यञ् (य), आदिवृद्धि, अकारलोप =दौर्वल्य ।

शब्दार्थ- दुर्वलता, कमजोरी, निर्वलता ।

दौर्मन्त्रचम् (ना./न.) दुर् दुष्टः मन्त्रः यस्य *(खराब छ मन्त्रणा जसको)* प्रा.व.स., उ.प.लोप, दुर्मन्त्रः । दुर्मन्त्रस्य भावः *(खराब मन्त्रणा हुनाको भाव वा अवस्था)* दुर्मन्त्र+ष्यञ् (य), आदिवृद्धि, अकारलोप =दौर्मन्त्रच ।

शब्दार्थ-खराव सल्लाह, दुर्मन्त्रणा, नराम्रो परामर्श दिने काम

दौर्हृदम् (ना./न.) दुर्हृदः भावः *(दुष्ट हृदय हुनाको भाव वा अवस्था)* दुर्हृद्+अण् (अ), आदिवृद्धि= दौर्हृद ।

शब्दार्थ- दुष्टता, क्षुद्रचाइँ, दुष्ट वा खराव हृदय हुनाको भाव वा अवस्था, शत्रुता ।

दौवारिकः (वि.) द्वारे नियुक्तः *(ढोके पालमा नियुक्त गरिएको)* द्वार+ठक्[3] (इक), आदिवृद्धि= दौवारिक ।

शब्दार्थ- ढोकेपाल, द्वारपाल, ढोकाको संरक्षक ।

दौहित्रः (ना./पुं.) दुहितुरपत्यम् पुमान् *(छोरीको सन्तान)* दुहितृ+अञ्[4] (अ), आदिवृद्धि, यण्= दौहित्र ।

शब्दार्थ- छोरीको छोरो, छोरीपट्टिको नाति, छोरीको सन्तति ।

द्यावाभूमिः (ना./स्त्री.) द्यौश्च भूमिश्च *(स्वर्ग र भूमि)* द्व.स., 'दिव्'को द्यावाआदेश= द्यावाभूमि ।

शब्दार्थ- स्वर्ग र पृथिवी, अन्तरीक्ष र पृथिवी ।

द्यावापृथिवी (ना./स्त्री.) द्यौश्च पृथिवी च *(स्वर्ग र पृथिवी)* द्व.स.; 'दिव्'को द्यावादेश= द्यावापृथिवी ।

शब्दार्थ- स्वर्ग र पृथिवी, पृथिवी र आकाश ।

द्युतिः (ना./स्त्री.) द्योततेऽनया इति *(चम्कन्छ यसबाट)* द्युत दीप्तौ (भ्वा.) धातु, द्युत्+इन्[5] (इ), उणा.=द्युति ।

शब्दार्थ- छवि, दीप्ति, प्रकाश, किरण, कान्ति, आभा, शोभा, चमक ।

द्यूतम् (ना./न.) दीव्यते इति *(खेलिन्छ)* दिवु क्रीडादौ (दिवा.) धातु, दिव्+क्त[6] (त), भावमा, सम्प्रसारणबाट वको ऊठ्, दि ऊ त, यण्= द्यूत ।

शब्दार्थ- जुवा, पाशा आदिको खेल, जितेको इनाम, द्यूतक्रीडा ।

द्यूतक्रीडा (ना./स्त्री.) द्यूतस्य क्रीडा *(जुवाको क्रीडा)* ष.त.स.= द्यूतक्रीडा ।

शब्दार्थ- जुवाको खेल, कौडा वा पासाको क्रीडा, जुवा खेल्ने काम ।

द्योः (द्यौः) (ना./स्त्री.) द्योतते अस्याम् *(प्रकाशित हुन्छ यसमा)* द्युत दीप्तौ (भ्वा.) धातु, द्युत्+डो (ओ), बहुलप्रकारले, टिलोप= द्यो ।

द्यौति अभिगच्छन्ति अत्र *(यहाँ घुम्छन्, जान्छन्)* द्यु अवगमने (अदा.) धातु, द्यु+डो (ओ), बहुलप्रकारले=द्यो

शब्दार्थ- स्वर्ग, आकाश, अन्तरीक्ष, दिव ।

द्योतकः (वि.) द्योतते इति *(प्रकाशित हुन्छ)* द्युत दीप्तौ (भ्वा.) धातु, द्युत्+ण्वुल् (अक), गुण= द्योतक ।

शब्दार्थ-प्रकाशक, उज्यालो पार्ने, प्रकाशसूचक, दीप्तियुक्त

द्योतनम् (ना./न.) द्योत्यते अनेन *(प्रकाशित पारिन्छ यसबाट)* द्युत दीप्तौ (भ्वा.) धातु, द्युत्+णिचि+ल्युट् (अन), गुण, णिलोप= द्योतन ।

शब्दार्थ- उज्यालो पार्ने वा प्रकाशित पार्ने काम, बत्ती, चमक, प्रकाश ।

---

[1] अत इनिठनौ : इनि
[2] सम्पृचानुरुधाङ्य.. : घिनुण्
[3] तत्र नियुक्तः : ठक्
[4] अनृष्यानन्तर्ये.... : अन्
[5] इगुपधात् कित् : इन्
[6] नपुंसके भावे : क्त

द्योतितः (वि.) द्योत्यते स्म इति *(उज्यालो पारिएको)* द्युत दीप्तौ (भ्वा.) धातु, द्युत्+णिचि+क्त (त), गुण, इडागम, णिलोप= द्योतित ।

शब्दार्थ- उज्यालो पारिएको, चम्काइएको, प्रकाशिलो ।

द्रवः/द्रवणम् (ना./पुं./न./वि.) द्रूयते इति *(पग्लनु)* द्रु गतौ (भ्वा.) धातु, द्रु+अप्[1] (अ), गुण, अवादेश=द्रव । द्रु+ल्युट् (अन), गुण, अवादेश, णत्व= द्रवण । अथवा द्रवतीति *(पग्लन्छ)* द्रु+अच् (पचादि), गुण, अवादेश= द्रव ।

शब्दार्थ- तरल हुने कार्य, पग्लने काम, पन्यालो हुने काम, पग्लाइ, तरल वस्तु, पन्यालो, तरल, आर्द्र, पग्लेको ।

द्रविणम् (ना./न.) द्रवति गच्छतीति *(चलायमान हुन्छ)* द्रु गतौ (भ्वा.) धातु, द्रु+इनन्[2] (इन), उणा., गुण, अवादेश, णत्व= द्रविण ।

द्रविणं नद्वयोर्वित्ते काञ्चने च पराक्रमे- इति मेदिनी

शब्दार्थ- शौर्य, पराक्रम, धन, सुन, हिरण्य, वैभव ।

द्रवितः (वि.) द्रवः सञ्जातः अस्य *(तरल बन्ने क्रिया छ यसको)* द्रव+इतच् (इत)= द्रवित ।

शब्दार्थ- पग्लेको, चुहेको, दयाले द्रवीभूत भएको ।

द्रव्यम् (ना./न./वि.) द्रुरिति वृक्षः कल्पवृक्षः वा *(द्रु भनेको वृक्ष वा कल्पवृक्ष हो),* द्रुरिव *(वृक्ष वा कल्पवृक्षझैं)* वा द्रोरिदम् *(वृक्ष वा कल्पवृक्षको यो),* द्रोर्विकारः *(वृक्षको विकार)* द्रु+यत् (य), गुण, अवादेश= द्रव्य ।

द्रव्यं स्याद् द्रविणे भव्ये पृथिव्यादौ च पित्तले
भेषजे च विलेपे च जतुद्रुमविशेषयोः- इति विश्वः
तत्र द्रव्याणि पृथ्यप्तेजोवाह्याकाशकालदिगात्ममनांसि नवैव - तर्कसङ्ग्रह

शब्दार्थ- वित्त, धन, वस्तु, चीज, द्रव्य, दौलत, पृथिवी, तेज, वायु, जल आदि नव द्रव्य वा पदार्थ, लाहा, पित्तल, औषधी, उपकरण, वृक्षसम्वन्धी ।

द्रव्यगुणः (ना./पुं.) द्रव्यस्य गुणः *(वस्तुको गुण)* ष.त.स. =द्रव्यगुण ।

शब्दार्थ- वस्तुको उचित मूल्य, वस्तुको गुण ।

द्रव्यत्वम् (ना./न.) द्रव्यस्य भावः *(द्रव्यको गुण, भाव वा अवस्था)* द्रव्य+त्व= द्रव्यत्व ।

शब्दार्थ- द्रव्यको गुण, द्रव्यविशेष, द्रव्यको भाव वा अवस्था ।

द्रव्यसञ्चयः (ना./पुं.) द्रव्यस्य सञ्चयः *(धनको सञ्चय)* ष.त.स.= द्रव्यसञ्चय ।

शब्दार्थ- धन वा वस्तुको सञ्चय गर्ने काम, धन जम्मा गरेर राख्ने काम ।

द्रव्यान्तरम् (ना./न.) अन्यत् द्रव्यम् *(अर्को द्रव्य)* अस्व पदविग्रह, द्रव्य+अन्तर, म.व्य.स., दीर्घ= द्रव्यान्तर ।

शब्दार्थ- अर्को वस्तु वा पदार्थ, अन्यद्रव्य ।

द्रष्टव्यः (वि.) दृश्यते, द्रष्टुं योग्यः वा *(हेरिन्छ वा हेर्न योग्य)* दृशिर् प्रेक्षणे (भ्वा.) धातु, दृश्+तव्य, अमागम[3], द्रश् तव्य, शको ष, ष्टुत्व= द्रष्टव्य ।

शब्दार्थ- हेर्न लायक, देख्न योग्य, सुन्दर, रमणीय, मनोहर, दर्शनीय ।

द्रष्टा (वि.) पश्यतीति *(हेर्छ वा देख्छ)* दृशिर् प्रेक्षणे (भ्वा.) धातु, दृश्+तृच्[4] (तृ), अमागम, शको षत्व, ष्टुत्व, द्रष्टृ =द्रष्टा ।

शब्दार्थ- देख्ने वा हेर्ने, दर्शक, प्रकाशक, मन्त्रद्रष्टा (ऋषि), साक्षी ।

द्राक्षा (ना./स्त्री.) द्राङ्क्ष्यते इति *(चाहना गरिन्छ)* द्राक्षि काङ्क्षायाम् (भ्वा.) धातु, नुमागमको अभाव, (आगम-शास्त्र अनित्य हुँदा) द्राक्ष्+अ (प्रत्यय), द्राक्ष+टाप् (आ)=द्राक्षा ।

शब्दार्थ- दाख, अङ्गुर, मनका ।

द्रुः (ना./पुं.) द्रवति ऊर्ध्वम् *(उँभोतिर जान्छ)* द्रु गतौ (भ्वा.) धातु, द्रु+डु[5] (उ), टिलोप= द्रु ।

शब्दार्थ- वृक्ष, रूख, तरु, द्रुम, वोट, शाखा ।

द्रुतः (वि.) द्रवते स्म इति *(चाँडो हिँडेको)* द्रु गतौ (भ्वा.) धातु, द्रु+क्त (त), कर्तामा= द्रुत ।

शब्दार्थ- छिटो हिँडेको, तेजिलो, वेग भएको, चाँडो हिँड्ने, शीघ्रगामी, पग्लेको ।

द्रुतगतिः (ना./स्त्री./वि.) द्रुता चासौ गतिश्च *(शीघ्रगति)* क.त.स.= द्रुतगति ।

अथवा द्रुता गतिर्यस्य *(छिटो छिटो हिँडाइ छ जसको)* व.स.= द्रुतगति ।

शब्दार्थ- शीघ्रगति, चाँडो हिडाइ, चाँडो हिँड्ने काम, शीघ्रगामी, द्रुतगामी, चाँडो चाँडो हिँड्ने ।

द्रुतगामी (वि.) द्रुतं गन्तुं शीलमस्य *(चाँडो हिँड्ने आदत वा शील छ यसको)* द्रु गतौ (भ्वा.) धातु, द्रुत+गम्+णिनि (इन्), गम्‌को वृद्धि, द्रुतगामिन्= द्रुतगामी ।

शब्दार्थ- चाँडो हिँड्ने, शीघ्रगामी, शीघ्र गति भएको ।

द्रुततमः (वि.) अयमेषामतिशयेन द्रुतः *(यो यिनीहरूमा ज्यादै चाँडो)* द्रुत+तमप् (तम)= द्रुततम ।

शब्दार्थ- सवैभन्दा चाँडो, ज्यादै छिटो, सवभन्दा छिटो ।

द्रुततरः (वि.) अयमनयोरतिशयेन द्रुतः *(यी दुईमा यो ज्यादा छिटो)* द्रुत+तरप् (तर)= द्रुततर ।

शब्दार्थ- अपेक्षाकृत चाँडो, अर्कोभन्दा छिटो, अर्कोलाई उछिन्ने, अतिशीघ्र ।

द्रुमः (ना./पुं.) द्रुः शाखा अस्यास्तीति *(हाँगा वा शाखा छन् यसका)* द्रु+म[6], (उणा.)= द्रुम ।

द्रुमो महीरुहे पारिजाते किम्पुरुषेश्वरे- इति मेदिनी

शब्दार्थ- वृक्ष, रूख, वोट, पारिजात, कुवेर ।

---

[1] ऋदोरप् : अप्
[2] द्रुदक्षिभ्यामिनन् : इनन्
[3] सृजिदृशोर्झल्य... : अमागम
[4] ण्वुल्तृचौ : तृच्
[5] मितद्रवादिभ्य... (वा.) : डु
[6] घुद्रुभ्यां मः : म

द्रोणः (ना./पुं.) द्रवतीति *(पग्लन्छ वा परिमाण बताउँछ)* द्रु गतौ (भ्वा.) वा द्रुणाति शत्रुन् *(शत्रुहरूलाई विनाश गर्छन्)* द्रूञ् हिंसायाम् (क्र्या.) धातु, द्रु/द्रू+न[1] (उणा.), गुण, णत्व= द्रोण ।

द्रोणोऽस्त्रियामाढके स्यादाढकादिचतुष्टये
पुमान् कृपीपतौ कृष्णकाकेऽस्त्री नीवृदन्तरे ।
तथा काष्ठाम्बुवाहिन्यां गवादिन्यामपीष्यते- इति मेदिनी

शब्दार्थ- चार आढक वा सोह्र सेरको परिमाण (प्राचीन नापतौल), पग्लने स्वभावको पदार्थ, द्रोणाचार्य, कालोकाग, प्राचीनकालमा सोमरस राख्ने भाँडो, काठको पानी हाल्ने भाँडो, कठौती, जलपूर्ण बादल, सेतो करवीरको फूल ।

द्रोणाचलः (ना./पुं.) द्रोणः द्रोणाख्यश्चासौ अचलश्च *(द्रोणनामक पहाड)* क.त.स., उ.प.लोप, दीर्घ =द्रोणाचल ।

शब्दार्थ- हनुमान्ले सञ्जीवनी बुटी ल्याएको पर्वत, द्रोणाचल पहाड ।

द्रोणाचार्यः (ना./पुं.) द्रोणः द्रोणनामकश्चासौ आचार्यश्च *(द्रोणनामक आचार्य)* क.त.स., उ.प.लोप, दीर्घ =द्रोणाचार्य ।

शब्दार्थ- कौरव र पाण्डवका गुरु, द्रोणाचार्य, महाभारत युद्धका एक प्रसिद्ध पात्र, अश्वत्थामाका पिता ।

द्रोहः (ना./पुं.) द्रुह्यते अनेन *(द्रोह गरिन्छ यसबाट)* द्रुह जिघांसायाम् (दिवा.) धातु, द्रुह+घञ् (अ), करणमा, गुण= द्रोह ।

शब्दार्थ- द्वेष, प्रतिहिंसाको भाव, वैरभाव, अहित चिताउने काम, द्रोह वा द्वेष गर्ने काम ।

द्रोही (वि.) द्रोहः अस्यास्तीति *(द्रोह वा वैरभाव छ यसको)* द्रोह+इनि (इन्), अकारलोप, द्रोहिन्= द्रोही । अथवा द्रुह्यति तच्छीलः *(द्रोह गर्ने शील छ यसको)* द्रुह जिघांसायाम् (दिवा.) धातु, द्रुह्+घिनुण्[2] (इन्), गुण, द्रोहिन्= द्रोही ।

शब्दार्थ- द्रोह गर्ने, द्वेष गर्ने, अर्कालाई कुभलो चिताउने, वैरभाव गर्ने ।

द्रौणिः (ना./पुं.) द्रोणस्य अपत्यम् पुमान् *(द्रोणाचार्यका पुरुष सन्तति)* द्रोण+इञ्[3] (इ), आदिवृद्धि= द्रौणि ।

शब्दार्थ- द्रोणाचार्यका पुत्र, अश्वत्थामा ।

द्रौपदः (ना./पुं.) द्रुपदस्य अपत्यं पुमान् *(द्रुपदका पुरुष सन्तति)* द्रुपद+अण् (अ), आदिवृद्धि= द्रौपद । वा द्रौपद्याः अपत्यम् पुमान् *(द्रौपदीका पुरुष सन्तति)* द्रौपदी+अण् (अ), आदिवृद्धि, इकारलोप= द्रौपद ।

शब्दार्थ- द्रुपदका पुत्रहरू, द्रुपदका छोरा- धृष्टद्युम्न आदि, द्रौपदीका पुत्रहरू ।

द्रौपदी (ना./स्त्री.) द्रुपदस्य अपत्यम् स्त्री *(द्रुपदकी स्त्री सन्तति)* द्रुपद+अण् (अ)+ङीप् (ई), आदिवृद्धि=द्रौपदी ।

शब्दार्थ- राजा द्रुपदकी पुत्री, पाँच पाण्डवकी पत्नी ।

द्वन्द्वम् (ना./न.) द्वौ द्वौ, द्वन्द्वम् वा मन्त्रयते इति *(दुई दुईजना वा जोडी भएर मन्त्रणा गर्छन्)* द्वि शब्दको द्वित्व[4], द्वि द्वि यस अवस्थामा पूर्वपद द्विको अम्भाव, द्वम्, उत्तरपद द्विको अत्व द्वम्द्व, नपुंसकत्व, परसवर्ण= द्वन्द्व ।

द्वन्द्वं रहस्ये कलहे तथा मिथुनयुग्मयोः- इति मेदिनी ।

शब्दार्थ- स्त्री पुरुषको जोडा, लोग्नेस्वास्नी, दम्पती, युग्म, युगल, रहस्य, मन्त्रणा, कलह, सङ्घर्ष, झगडा, समासको एक भेद ।

द्वन्द्वयुद्धम् (ना./न.) द्वन्द्वस्य युद्धम् *(दुई जनाबीचको युद्ध)* ष.त.स.= द्वन्द्वयुद्ध ।

शब्दार्थ- दुई जनाका बीचको सङ्घर्ष, युद्ध, कुस्ती, लाप्पा खेल्ने काम, मल्लयुद्ध ।

द्वन्द्वसमासः (ना./पुं.) द्वन्द्वः द्वन्द्वाख्यश्चासौ समासश्च *(द्वन्द्वनामक समास)* क.त.स., उ.प.लोप= द्वन्द्वसमास ।

शब्दार्थ- पूर्वपद र उत्तरपद दुवैको अर्थ मुख्य हुने समास, उभयार्थ नै मुख्य हुने समास, द्वन्द्वनामक समास ।

द्वन्द्वातीतः (वि.) द्वन्द्वमतितः *(द्वन्द्वबाट रहित)* द्वन्द्व+अतीत, द्वि.त.स., दीर्घ= द्वन्द्वातीत ।

शब्दार्थ- सुख-दुःख, शीत-उष्ण आदि द्वन्द्ववाट कुनै विकृति नहुने वाला, द्वन्द्वरहित, द्वन्द्ववाट मुक्त ।

द्वन्द्वी (वि.) द्वन्द्वः अस्यास्तीति *(द्वन्द्व छ जसको)* द्वन्द्व+इनि[5] (इन्), अकारलोप, द्वन्द्विन्= द्वन्द्वी ।

शब्दार्थ- परस्पर जोडा वनाउने (जोडी), परस्पर विरोध गर्ने प्रतिद्वन्द्वी, परस्पर सङ्घर्ष गर्ने (जोडी) ।

द्वयम् (वि./ना./न.) द्विसङ्ख्यकौ अवयवौ अस्येति *(दुई सङ्ख्या छ यसको)* द्वि+तयप् (तय), तयप्को अयज् द्वि अय, इकारलोप= द्वय ।

शब्दार्थ- दुईटा, जोडा, युगल, दुई प्रकार ।

द्वयञ्जलम् (ना./न.)/**द्वयञ्जली** (ना./स्त्री.) द्वयोः अञ्जल्योः समाहारः *(दुई अँजुलीको समुदाय)* द्वि+अञ्जली, द्वि.त.स., समासान्त टच्, ईकारलोप, यण् = द्वयञ्जल । टच्को अभावमा= द्वयञ्जली ।

शब्दार्थ- दुई अँजुली, दुई अञ्जली ।

द्वयर्थः/द्वयर्थकः (वि.) द्वौ अर्थौ यस्य *(दुई अर्थ छ जसको)* द्वि+अर्थ, ब.स., यण्, द्वयर्थ+कप् (समासान्त, विकल्पले)= द्वयर्थक । कप्को अभावमा= द्वयर्थ ।

शब्दार्थ- दुईवटा अर्थ भएको, दुई प्रकारको अर्थ भएको ।

द्वाचत्वारिंशत्/द्विचत्वारिंशत् (ना./स्त्री./वि.) द्वौ च चत्वारिंशत् च *(दुई र चालीस)* द्व.स. अथवा द्वयधिका चत्वारिंशत् *(दुई र चालीसको जोड)* क.त.स., द्विचत्वारिंशत् । द्विको आत्व[6]= द्वाचत्वारिंशत् । आत्वको अभावमा= द्विचत्वारिंशत् ।

शब्दार्थ- चालीस र दुईको जोड सङ्ख्या, बयालीस ।

---

[1] कृवृजृसिद्रुप... : न (प्रत्यय)
[2] सम्पृचानुरुधा...: घिनुण्
[3] अत इञ् : इञ्
[4] द्वन्द्वं रहस्यमर्यादावचन...: द्वित्व, अम्भाव, अत्व
[5] अत इनिठनौ : इनि
[6] विभाषा चत्वारिंशत्... : द्विको आत्व

द्वात्रिंशत् (ना./स्त्री./वि.) द्वौ च त्रिंशच्च *(दुई र तीस)* द्व.स., द्विको आत्व[1]= द्वात्रिंशत् ।

शब्दार्थ- दुई र तीसको जोड सङ्ख्या, वत्तीस ।

द्वादश (ना./न./वि.) द्वौ च दश च *(दुई र दश)* द्वि+दश, द्व.स., अथवा द्वि अधिका दश *(दशमा दुई जोड्दा हुने सङ्ख्या)* क.त.स., द्विको आत्व[1]= द्वादश ।

शब्दार्थ- दुई र दशको जोड सङ्ख्या, वाह्र ।

द्वादशी (ना./स्त्री.) दशानां पूरणी *(दशको सङ्ख्या पूरा गर्ने)* दशन्+डट् (अ), टिलोप, दश । द्वौ च दश च *(दुई र दश)* द्वि+दश, द्व.स., द्विको आत्व, द्वादश । द्वादश+ङीप् (ई)= द्वादशी ।

शब्दार्थ- शुक्ल तथा कृष्णपक्ष दुवैको वाह्रौं तिथि, एकादशीपछि आउने तिथि ।

द्वाविंशतिः (ना./स्त्री./वि.) द्वौ च विंशतिश्च *(दुई र बीस)* द्व.स. वा द्वयधिका विंशतिः (दुईले बढी बीस) क.त.स., द्विको आत्व= द्वाविंशति ।

शब्दार्थ- दुई र वीसको जोडसङ्ख्या, वाईस ।

द्वादशाक्षरम् (ना./न.) द्वादश अक्षराणि यस्य *(वाह्र अक्षर छन् जसका)* द्वादश+अक्षर, व.स., दीर्घ=द्वादशाक्षर ।

शब्दार्थ- वाह्र अक्षर भएको मन्त्रविशेष, विष्णुको द्वादशाक्षरी मन्त्र ।

द्वादशाक्षरी (वि./ना./पुं.) द्वादशाक्षरः अस्मिन्नस्तीति *(वाह्र अक्षर छ यसमा)* द्वादशाक्षर+इनि (इन्), अकारलोप, द्वादशाक्षरिन्= द्वादशाक्षरी ।

शब्दार्थ- वाह्र अक्षर भएको (मन्त्रादि), विष्णुको द्वादशाक्षरी मन्त्र ।

द्वापरः (ना./पुं.) द्वौ परौ प्रकारौ अत्र *(दुई प्रकार छन् यसमा)* व.स., 'द्वि' शब्दको पूर्वनिपातन[2], द्विको आत्व= द्वापर । अथवा द्वाभ्यां परः *(दुईभन्दा पर)* प.त.स., द्विपर । द्विको आत्व= द्वापर ।

द्वापरौ युगसंशयौ- इत्यमरः

शब्दार्थ- सन्देह, संशय, चार युगमध्ये तेस्रो युग, सत्य र त्रेता युगपछि आउने युग ।

द्वारम् (ना./न.) द्वारयति प्रवेशयतीति *(प्रवेश गर्छ)* द्वृ संवरणे (भ्वा.) धातु, द्वृ+णिचि (स्वार्थमा), वृद्धि, द्वारि+अच् (पचादि), णिलोप= द्वार ।

शब्दार्थ- ढोका, दैलो, निस्कने र पस्ने मार्ग, प्रवेशद्वार, इन्द्रियहरूको क्षिद्र वा प्वाल ।

द्वारपालः/द्वारपालकः (ना./पुं./वि.) द्वारं पालयतीति *(द्वारको संरक्षण गर्छ)* द्वार उपपदपूर्वक पाल रक्षणे (भ्वा.) धातु, द्वार+पाल्+अण् (अ)= द्वारपाल । द्वार+पाल्+ण्वुल् (अक)= द्वारपालक ।

शब्दार्थ- ढोकाको रक्षा गर्ने व्यक्ति, ढोकाको पहरादिने पाले, ढोके, द्वारपालक, द्वाररक्षक, प्रतीहार ।

द्वि (स.ना.) द्वरतीति द्वृ संवरणे (भ्वा.) धातु, द्वृ+डि (इ), बहुलप्रकारले, टिलोप, द्व् इ= द्वि ।

शब्दार्थ- एक एक जोड्दा हुने सङ्ख्या वुझाउने, दुई ।

द्विगुणम् (ना./न.) द्वयोः गुणयोः समाहारः *(दुई गुणको समुदाय)* द्वि.त.स.= द्विगुण ।

शब्दार्थ- दुई गुना, दोव्वर ।

द्विजः (ना./पुं.) द्विर्जायते *(दुई पटक जन्मन्छ)* द्वि उपपद-पूर्वक जनी प्रादुर्भावे (दिवा.) धातु, द्वि+जन्+ड[3] (अ), टिलोप= द्विज । अथवा द्वाभ्यां जन्मसंस्काराभ्यां जायते *(दुईटा जन्म संस्कारबाट पैदा हुन्छ)* द्वि+जन्+ड[3] (अ), टिलोप= द्विज ।

द्विजः स्याद् ब्राह्मणक्षत्रवैश्यदन्ताण्डजेषु ना- मेदिनी ।

शब्दार्थ- उपनयन कर्म गरिने ब्राह्मण, क्षत्री र वैश्यजाति, दुईपटक जन्मेको प्राणी, अण्डावाट पैदा हुने जीवजन्तु, दाँत, दन्त ।

द्रष्टव्य- **जन्मना जायते शूद्रः संस्कारैर्द्विज उच्यते- मनु. अर्थात् जन्मेको समयमा जो सुकैपनि शूद्र हुन्छ र कर्मसंस्कारले द्विज हुन्छ ।**

द्विजकर्म (ना./न.) द्विजानां कर्म *(द्विजहरूको कर्म)* ष.त.स.= द्विजकर्म ।

शब्दार्थ- ब्राह्मण, क्षत्री र वैश्य जातिको जन्मदेखि मृत्युसम्मको कर्म ।

द्विजन्मा (वि.) द्विर्जन्म यस्य *(दुई पटक छ जन्म जसको)* व.स., द्विजन्मन्= द्विजन्मा ।

शब्दार्थ-दुई पटक जन्मने, द्विज, अण्डावाट पैदा हुने (प्राणी),

द्विजत्वम् (ना./न.) द्विजस्य भावः *(द्विज हुनाको भाव वा अवस्था)* द्विज+त्व= द्विजत्व ।

शब्दार्थ- द्विजपना, दुईचोटि जन्मने प्राणीको अवस्था ।

द्विजपतिः/द्विजराजः (ना./पुं.) द्विजानां पतिः/द्विजानां राजा *(द्विजहरूका स्वामी वा राजा)* ष.त.स., टच्[5] (समासान्त), टिलोप= द्विजपति/द्विजराज ।

शब्दार्थ- ब्राह्मण, चन्द्रमा, पक्षिराज (गरुड), नागराज (अनन्त), शेषनाग ।

द्विजदम्पती (ना./पुं.) द्विजस्य दम्पती *(द्विजका पति पत्नी)* ष.त.स.= द्विजदम्पती ।

शब्दार्थ-द्विजजातिका श्रीमान्-श्रीमती, दम्पती, पति-पत्नी ।

द्विजातिः (ना./पुं.) द्वे जाती जन्मनी यस्य *(दुई पटक जन्म छ जसको)* द्वि+जाति, ब.स.= द्विजाति ।

शब्दार्थ- दुई पटक जन्मेको प्राणी, द्विज, ब्राह्मण, क्षत्री, वैश्यजाति, पक्षी, सर्पजाति ।

द्विजार्थम् (ना./न.) द्विजाय इदम् *(द्विजलाई यो)* द्विज+अर्थ, (अस्वपद विग्रह), च.त.स[6]., दीर्घ= द्विजार्थ ।

शब्दार्थ- द्विजलाई यो, द्विजलाई कुनै वस्तु, द्विजको निम्ति यो ।

द्वितयः (वि.) द्विसङ्ख्यकौ अवयवौ अस्येति *(दुई अवयव छन् यसका)* द्वि+तयप्[7] (तय)= द्वितय ।

शब्दार्थ- दुईवटा, जोडा, युगल ।

---

[1] द्व्यष्टनसंख्या... : आत्व

[2] सर्वनामसङ्ख्ययो... : द्विको पूर्वनिपात

[3] अन्येष्वपि दृश्यते : ड

[4] पञ्चम्यामजातौ : ड

[5] राजाहः सखि... : टच्

[6] अर्थेन नित्यसमास.. : च.त.स.

[7] संख्याया अवयवे...: तयप्

द्वितीयः (वि.) द्वयोः पूरणः *(दुईको पूरक)* द्वि+तीय[1]=द्वितीय ।

शब्दार्थ- दोस्रो, दोस्रो श्रेणीको, अर्को ।

द्वितीया (ना./स्त्री.) द्वयोः पूरणी *(दुईको पूरक)* द्वि+तीय, द्वितीय । द्वितीय+टाप् (आ)= द्वितीया ।

शब्दार्थ- कृष्ण तथा शुक्लपक्ष दुवैको दोस्रो तिथि, प्रतिपदा पछि आउने तिथि ।

द्विजोत्तमः (ना./पुं.) द्विजानां द्विजेषु वा उत्तमः *(द्विजहरूमा उत्तम)* ष.त.स./स.त.स.= द्विजोत्तम ।

शब्दार्थ- द्विजहरूमा सर्वश्रेष्ठ, ब्राह्मण, गरुड, शेषनाग ।

द्वित्वम् (ना./न.) द्वयोर्भावः *(दुईटा हुनाको भाव वा अवस्था)* द्वि+त्व= द्वित्व ।

शब्दार्थ- दुईटा हुनाको अवस्था वा स्थिति, युगलपना ।

द्वित्रः (वि.) द्वे वा त्रीणि वा, द्वौ वा त्रयः वा *(दुई वा तीन)* द्वि+त्रि, ब.स., समासान्त टच्, टिलोप= द्वित्र ।

शब्दार्थ- दुई वा तीनको सङ्ख्या बुझाउने ।

द्विदन् (वि.) द्वौ दन्तौ यस्य *(दुई दाँत छन् जसका)* ब.स., दन्तको दतृ आदेश[2], द्विदत्= द्विदन् ।

शब्दार्थ- दुईवटा दाँत हुने (हात्ती) आदि ।

द्विदलम् (वि.) द्वे दले यस्य *(दुई दल छन् जसका)* द्वि+दल, ब.स.= द्विदल ।

शब्दार्थ- दुई पात भएर उम्रने (बोडी, चना, केराउ आदि)

द्विधा (अव्य.) द्वाभ्यां प्रकाराभ्यां वर्तते इति *(दुई प्रकारले रहन्छ)* द्वि+धा= द्विधा ।

शब्दार्थ- दुई प्रकारले, दुई किसिमले, दुई भागमा ।

द्विनावम् (ना./न.) द्वयोः नावोः समाहारः *(दुई नाउको समुदाय)* द्वि+नौ, द्वि.त.स., टच् (समासान्त), आवादेश= द्विनाव ।

शब्दार्थ- दुईवटा नाउ वा डुङ्गा ।

द्विपः (ना./पुं.) द्वाभ्यां पिबतीति *(सुँड र मुख दुवैले पिउँछ)* द्वि उपपदमा हुने पा पाने (भ्वा.) धातु, द्वि+पा+क[3] (अ), आलोप= द्विप ।

शब्दार्थ- हात्ती, गज, कुञ्जर ।

द्विपक्षीयः (वि.) द्विपक्षाभ्यां हितः *(दुवै पक्षलाई हित हुने)* द्विपक्ष+छ[4] (ईय), अकारलोप= द्विपक्षीय ।

शब्दार्थ-दुवै पक्षलाई हित हुने, दुवै पक्षसित सम्बन्धित ।

द्विपाद् (ना./पुं.) द्वौ पादौ यस्य *(दुई पाउ छन् जसका)* द्वि+पाद, ब.स., पादको अकारलोप= द्विपाद् ।

शब्दार्थ- दुई पाउ हुने मानिस वा अन्य प्राणी ।

द्विपेन्द्रः (ना./पुं.) द्विपानां द्विपेषु वा इन्द्रः *(हात्तीहरूमा श्रेष्ठ)* द्विप+इन्द्र, ष.त.स., गुण= द्विपेन्द्र ।

शब्दार्थ-ऐरावत हात्ती, गजराज, हात्तीहरूमा श्रेष्ठ हात्ती ।

द्विबाहुः (वि.) द्वौ बाहू यस्य *(दुई हात छन् जसका)* द्वि+बाहु, ब.स.= द्विबाहु ।

शब्दार्थ-दुई बाहु वा हात हुने, दुई बाहु भएको (मानिस) ।

द्विभुजः (वि./ना./न.) द्वौ भुजौ यस्य *(दुई भुजा छन् जसका)* द्वि+भुज, ब.स.= द्विभुज ।

अथवा द्वयोः भुजयोः समाहारः *(दुई भुजाको समुदाय)* द्वि.त.स.= द्विभुज ।

शब्दार्थ- दुईवटा भुजा भएको, दुईटा हात हुने, दुई कोण ।

द्विमुनि (अव्य.) द्वौ च तौ मुनी वंश्यौ *(दुईमुनि)* द्वि+मुनि, अव्य.स.[5], (कर्मधारयको अपवाद)= द्विमुनि ।

शब्दार्थ- दुई मुनि ।

द्विमूर्धः (वि.) द्वौ मूर्धानौ यस्य *(दुई शिर छन् जसका)* द्विमूर्धन्+ष[6] (अ), टिलोप= द्विमूर्ध ।

शब्दार्थ- दुई टाउके, दुईवटा शिर हुने ।

द्विरदः (ना./पुं.) द्वौ रदौ दन्तौ यस्य *(दुईवटा दाँत छन् जसका)* ब.स.= द्विरद ।

शब्दार्थ- हात्ती, दुई दाँत भएको हस्ती ।

द्विरात्रम् (ना./न.) द्वयोः रात्र्योः समाहारः *(दुई रातको समूह)* द्वि+रात्रि, द्वि.त.स., समासान्त अच् (अ), इकारलोप= द्विरात्र ।

शब्दार्थ- दुई रातको समूह, दुई रात ।

द्विवर्षः/द्विवर्षीणः/द्विवार्षिकः (वि.) द्वाभ्यां वर्षाभ्यां निर्वृत्तः द्वे वर्षे अधीष्टः भृतः वा *(दुई वर्षले निवृत्त, दुई वर्षमा पुगेको)* द्विवर्ष+ख[7] (ईन), अकारलोप, णत्व=द्विवर्षीण ।

द्विवर्ष+ठञ् (इक), उत्तरपदको वृद्धि[8], अकारलोप =द्विवार्षिक ।

एक पक्षमा प्रत्ययको लुक्= द्विवर्ष ।

शब्दार्थ- दुई वर्षसम्बन्धी, दुई वर्षको, दुई वर्ष पुगेको ।

द्विवर्षीयः (वि.) द्वाभ्यां वर्षाभ्यां हितः *(दुई वर्षको लागि हित हुने)* द्विवर्ष+छ[4] (ईय), अकारलोप=द्विवर्षीय ।

शब्दार्थ- दुई वर्षको, दुई वर्षसम्बन्धी, दुई वर्षको लागि उपयोगी हुने ।

द्विवचनम् (ना./न.) द्वयोः वचनयोः समाहारः *(दुई वचनको समुदाय)* द्वि.त.स.= द्विवचन ।

शब्दार्थ- दुईवटा सङ्ख्या बुझाउने वचन, दुई वचन ।

द्विविधः (वि.) वि विशेषेण दधातीति *(विशेषरूपले धारण गर्छ)* वि उपसर्गपूर्वक डुधाञ् धारणपोषणयोः (जुहो.) धातु, वि+धा+क (अ), आलोप, विध+टाप् (आ),विधा । अथवा विधीयते इति *(विधान गरिन्छ)* वि+धा+अङ्[9] (अ), आलोप, विध+टाप् (आ), विधा ।

द्वे विधे यस्य *(दुई प्रकार छन् यसका)* ब.स., विधाको ह्रस्व= द्विविध ।

शब्दार्थ- दुई प्रकारको, दोधारे, दुईखाले, सन्देह गर्ने, दोमने ।

---

[1] द्वेस्तीयः : तीय
[2] वयसि दन्तस्य... : दतृ
[3] सुपि : क (प्रत्यय)
[4] तस्मै हितम् : छ
[5] सङ्ख्या वंश्येन : अव्य.स.
[6] द्वित्रिभ्यां ष.. : ष
[7] वर्षाल्लुक् च : ख, ठञ् प्रत्ययको लुक्
[8] वर्षस्याभविष्यति : उत्तरपदवृद्धि
[9] आतश्चोपसर्गे : अङ्

द्विशतम् (वि./ना./न.) द्वौ च शतञ्च, द्वयधिकं शतमिति वा *(दुई सय)* द्व.स./क.त.स.= द्विशत ।

शब्दार्थ-दुई सय, एक एकसयको योगबाट बन्ने सङ्ख्या

द्विसहस्रम् (वि.) द्वौ च सहस्रञ्च, द्वयधिकं सहस्रमिति वा *(दुई हजार)* द्व.स./क.त.स.= द्विसहस्र ।

शब्दार्थ- दुई हजार, बीससय ।

द्वीपः (ना./पुं./न.) द्विर्गताः आपः यस्मिन् *(दुईतिर बगेको छ पानी जहाँ)* ब.स., अच् (समासान्त), आपका आको ईत्व[1], द्वि+ईप, दीर्घ= द्वीप ।

द्वीपोऽस्त्रियामन्तरीपं यदन्तर्वारिणस्तटम्- इत्यमरः

शब्दार्थ- टापू, पानीले घेरिएको अग्लो जमिन वा टापू, पौराणिक कालमा बयान गरिएका पृथिवीका जम्बूद्वीप, प्लक्षद्वीप आदि सातवटा द्वीप, वर्तमान मालद्वीप, लक्ष्यद्वीप आदि,।

द्वेधा (अव्य.) द्वि प्रकारा इति *(दुई प्रकारको)* द्वि+धा[2], द्विधा । धा यसको एधा आदेश द्वि एधा, इकारलोप, द्व् एधा =द्वेधा ।

शब्दार्थ- दुई किसिमले, दुई प्रकारले ।

द्वेषः (ना./पुं.) द्विष्यते इति *(रिस गर्नु)* द्विष अप्रीतौ (अदा.) धातु, द्विष्+घञ् (अ), गुण= द्वेष ।

शब्दार्थ- ईर्ष्या, वैमनस्य, दुस्मनी, डाह ।

द्वेषी (वि.) द्वेषः अस्यास्तीति *(द्वेष छ यसको)* द्वेष+इनि (इन्), अकारलोप, द्वेषिन्= द्वेषी ।

अथवा द्वेष्टीति *(द्वेष गर्छ)* द्विष अप्रीतौ (अदा.) धातु, द्विष्+घिनुण्[3] (इन्), गुण, द्वेषिन्= द्वेषी ।

शब्दार्थ- द्वेष गर्ने, रिस गर्ने, ईर्ष्या गर्ने, डाह गर्ने, शत्रुभाव राख्ने ।

द्वैतम् (ना./न.) द्विधा इतं गतम् *(दुई प्रकारले गएको)* द्विपूर्वक इण् गतौ (अदा.) धातु, द्वि+इ+क्त (त), कर्तामा, दीर्घ, द्वीतम् । द्वीतस्य भावः, द्वीतस्य इदम् *(दुई प्रकारको स्थिति वा अवस्था, दुई प्रकारको यो)* द्वीत+अण्[4] (अ), आदिवृद्धि, अकारलोप= द्वैत ।

शब्दार्थ- युगल, अज्ञान, मोह, भेददृष्टि, द्वैतवाद, दुई नियमको प्रकथन जस्तै- प्रकृति र पुरुष, आत्मा र परमात्मा, ब्रह्म र विश्व, महाभारतमा वर्णित द्वैतवन ।

द्वैतभावः (ना./पुं.) द्वैतस्य भावः *(दुई प्रकार हुनाको भाव वा अवस्था)* ष.त.स.= द्वैतभाव ।

शब्दार्थ- दुई प्रकार हुनाको भाव वा अवस्था, युगलपना, युग्मभाव ।

द्वैतवादः (ना./पुं.) द्वैतं वदति, उद्यते इति वा *(द्वैतभाव भन्छ वा भनिन्छ)* द्वैत उपपदपूर्वक वद व्यक्तायां वाचि (भ्वा.) धातु, द्वैत+वद्+अण्/घञ् (अ), वृद्धि = द्वैतवाद ।

शब्दार्थ- आत्मा र परमात्मा, जीव र ईश्वर भिन्न-भिन्न तत्त्व हुन् भन्ने दार्शनिक सिद्धान्त ।

द्वैधम् (ना./न.) द्वाभ्यां प्रकाराभ्याम् *(दुई प्रकारबाट)* द्वि+धा[2], धाको धमुञ् आदेश, द्विधम्, आदिवृद्धि=द्वैध ।

शब्दार्थ- दुई प्रकार, दोहोरोपन, अन्तर, सन्देह, राजनीतिका सन्धि, विग्रह आदि ६ गुणमध्ये एक ।

द्वैपः (वि.) द्वीपे भवः, द्वीपस्य अयम् *(टापुमा हुने, टापुको यो)* द्वीप+अण्[5] (अ), आदिवृद्धि= द्वैप ।

शब्दार्थ- टापुमा हुने, द्वीपसम्वन्धी ।

द्वैपायनः (ना./पुं.) द्वीपम् अयनम् उत्पत्तिस्थानं यस्य *(द्वीप नै उत्पत्ति स्थान छ जसको)* द्वीप+अयन, ब.स., दीर्घ, द्वीपायनः । द्वीपायने जातः भवः वा *(टापुमा जन्मेका वा भएका)*, द्वीपायन+अण्[5] (अ), आदिवृद्धि =द्वैपायन ।

द्रष्टव्य- न्यस्तो द्वीपे स यद् बालस्तस्माद् द्वैपायनः स्मृतः- म.भा. १/६३/८६

शब्दार्थ- एउटा द्वीपमा जन्मेका वेदव्यास, परासरका पुत्र, सत्यवतीका छोरा, महाभारत तथा १८ पुराणका रचयिता, व्यासऋषि ।

द्वैप्यः (वि.) द्वीपे भवः *(द्वीपमा हुने)* द्वीप+यञ्[6] (य), आदिवृद्धि, अकारलोप= द्वैप्य ।

शब्दार्थ- द्वीपसम्वन्धी, द्वीप वा टापुमा हुने वा भएको ।

द्वैमातुरः (ना./पुं.) द्वयोर्मात्रोरपत्यं पुमान् *(दुई आमाको पुरुष सन्तति)* द्विमातृ+अण्[7] (अ), उत्, आदिवृद्धि =द्वैमातुर ।

शब्दार्थ- दुईवटी आमाबाट पैदा हुने सन्तति, दुईटी आमाबाट पैदा भएका गणेश, जरासन्ध ।

द्वैमासिकः (वि.) द्विमासे भवः, द्विमासस्य अयम् *(दुई महिनामा हुने, दुई महिनाको)* द्विमास+ठञ्[8] (इक), आदिवृद्धि= द्वैमासिक ।

शब्दार्थ- दुई महिनामा हुने, दुई दुई महिनाको, दुई महिनासम्वन्धी ।

द्वैविध्यम् (ना./न.) विदधातीति *(धारण गर्छ)* विपूर्वक डुधाञ् धारणपोषणयोः (जुहो.) धातु, वि+धा+क[9] (अ), आलोप, विधः । द्वयोः विधयोः समाहारः *(दुई विधाको समुदाय)* द्वि.त.स., द्विविधम् । द्विविधस्य भावः *(दुई किसिमको हुनाको भाव वा अवस्था)* द्विविध+ष्यञ्[10] (य), आदिवृद्धि, अकारलोप= द्वैविध्य ।

शब्दार्थ- भिन्नता, दुई विधा, विविधता, दुई प्रकारको हुनाको भाव वा अवस्था ।

---

[1] इन्तरुपसर्गेभ्यो... : ईत्व

[2] सङ्ख्याया विधार्थे धा : धा

[3] सम्पृचानु... : घिनुण्

[4] तस्येदम् : अण्

[5] तत्रजातः/तत्रभवः : अण्

[6] दीपादनुसमुद्रम्... : यञ्

[7] मातुरुत्सङ्ख्या... : अण्, उत्

[8] कालाट्ठञ् : ठञ्

[9] आतश्चोपसर्गे : क

[10] गुणवचन... : ष्यञ्

द्वैवार्षिकः (वि.) द्विवर्षे भवः *(दुई वर्षमा हुने वा भएको)* द्विवर्ष+ठञ्[१] (इक), आदिवृद्धि, अकारलोप= द्वैवार्षिक ।

शब्दार्थ- दुई दुई वर्षमा हुने वा भएको, दुई वर्षसम्वन्धी, दुई वर्षको ।

द्वैहायनम् (ना./न.) द्वयोर्हायनयोः समाहारः *(दुई वर्षको समुदाय)* द्वि.त.स., द्विहायनम्, तस्य भावः कर्म वेति *(दुई वर्ष हुनाको भाव वा अवस्था)* द्विहायन+अण्[२] (अ), आदिवृद्धि= द्वैहायन ।

शब्दार्थ- दुई वर्ष हुनाको भाव वा अवस्था ।

ध

धः (ना./पुं./न./वि.) दधाति धरति ब्रह्माण्डं निधिम् वा *(ब्रह्माण्ड वा समृद्धि धारण गर्छन्)* डुधाञ् धारण-पोषणयोः (जुहो.) धातु, धा+ड[३] (अ) टिलोप= ध ।

अथवा विदधाति सुखम् दधातीति वा *(सुख दिन्छ वा धारण गर्छ)* धा+ड[३] (अ)=ध ।

परिचय- देवनागरी वर्णमालाको उन्नाईसौं व्यञ्जनवर्ण, दन्तस्थानीय स्पर्शसंज्ञक सघोष महाप्राणध्वनि ।

धो ना धर्मे कुवेरे च क्लीवं तु वसुनि स्मृतम्- मेदिनी
धं धने सधने धः स्यात् विधातरि मुनावपि- एकाक्षरकोशः

शब्दार्थ- धनदौलत, सम्पत्ति, कुवेर, धर्म, मुनि, परव्रह्म, विधाता, धारण गर्ने, ग्रहण गर्ने ।

धकारः (ना./पुं.) 'ध' यस्तो वर्णनिर्देशनमा 'ध' प्रातिपदिकवाट ध+कार[४]= धकार ।

शब्दार्थ- तवर्गको चौथो वर्ण, धध्वनि वा धअक्षर ।

धनम् (ना./न.) दधन्ति सुखादिकम् *(सुख दिन्छ)* धन धान्ये (जुहो.) धातु, धन्+अच् (पचादि)= धन ।

अथवा दधाति वित्तं सुखादिकम् वा *(धन वा सुख दिन्छ)* डुधाञ् धारणपोषणयोः (जुहो.) धातु, धा+क्यु[५] (अन), उणा., आलोप= धन ।

धनं तु गोधने वित्ते- इति मेदिनी
द्रव्यं वित्तं स्वापतेयं रिक्थमृक्थं धनं वसु- इत्यमरः

शब्दार्थ- धनदौलत, सम्पत्ति, द्रव्य, वित्त, रुपैयाँ पैसा, गोधन, चल तथा अचल वहुमूल्य वस्तु, पूँजी, घर, जमिन आदि, अर्थ, वसु, ज्योतिषशास्त्र-अनुसार लग्नदेखि दोस्रो स्थान ।

धनकः (वि.) धने कामः *(धनमा कामना गर्ने)* धन+कन्[६] (क)= धनक ।

शब्दार्थ- धनको कामना गर्ने, धनको चाहना गर्ने ।

धनञ्जयः (ना./पुं.) धनं जयति, दधातीति वा *(धन जित्छ वा धन धारण गर्छ)* धन उपपदपूर्वक जि जये (भ्वा.) धातु, धन+जि+खच्[७] (अ), मुम्, गुण, अयादेश, परसवर्ण= धनञ्जय ।

अथवा धनं जयति देशान् विजित्य अर्जयति *(देशहरू जितेर धन जम्मा गर्छन्)* धन+जि+खच्, मुम् =धनञ्जय ।

धनञ्जयोऽर्जुने वन्हिर्नागभिद् देहमारुते- इति मेदिनी

शब्दार्थ- शरीरभित्र रहने धनञ्जय नामक वायु, अर्जुन, आगो, अग्नि, नाग तथा सर्पको प्रकार, दिशा ।

धनदः (ना./पुं.) धनं ददातीति *(धन दिन्छ)* धन उपपद-पूर्वक डुदाञ् दाने (जुहो.) धातु, धन+दा+क[८] (अ), आकारलोप= धनद ।

अथवा धनं दयते पालयतीति *(धनको संरक्षण गर्छन्)* धनपूर्वक देङ् रक्षणे (भ्वा.) धातु, आत्व, धन+दा+क (अ)= धनद ।

शब्दार्थ- धन दिने व्यक्ति, सम्पत्ति दिने मानिस, कुवेर ।

धनपतिः (ना./पुं.) धनानां पतिः *(धनको मालिक)* ष.त.स.= धनपति ।

शब्दार्थ- धनको स्वामी वा मालिक, धनी मान्छे, कुवेर ।

धनपरायणः (वि.) धनमेव परायणं यस्य सः *(धन नै मुख्य आश्रय छ जसको)* व.स.= धनपरायण ।

शब्दार्थ- धन भनेपछि मरिमेट्ने, धनलुब्ध ।

धनवान् (वि.) धनमस्यास्तीति *(धन छ यसको)* धन+मतुप्[९] (मत्), मको व, धनवत्= धनवान् ।

शब्दार्थ- धनी, धन भएको, पूँजीवाला, धन व्यवस्था गर्ने, अमिर ।

धनहीनः (वि.) धनेन हीनः *(धनले हीन)* तृ.त.स. =धनहीन ।

शब्दार्थ- धनरहित, धन नभएको, निर्धन, गरिव ।

धनागमः (ना./पुं.) धनस्य आगमः *(धनको आगमन)* ष.त.स., दीर्घ= धनागम ।

शब्दार्थ- धन आउने काम, धनप्राप्ति ।

धनाढ्यः (वि.) धनेन आढ्यः *(धनले धनी वा स्वामी भएको)* तृ.त.स., धन+आढ्य, दीर्घ= धनाढ्य ।

शब्दार्थ- धनले परिपूर्ण, धेरै धन भएको, अतिधनी, महाजन ।

धनादेशः (ना./पुं.) धनस्य आदेशः *(धनको आदेश)* ष.त.स., धन+आदेश, दीर्घ= धनादेश ।

शब्दार्थ- धन दिने आदेश, हुलाकवाट धनादेश सेवा मार्फत कसैलाई रुपैयाँ पैसा पठाउने काम ।

---

[१] कालाट्ठञ् : ठञ्
[२] हायनान्तयुवादिभ्यो... : अण्
[३] अन्येष्वपि दृश्यते : ड
[४] वर्णात्कारः : कार
[५] कृवृजि... : क्यु
[६] धनहिरण्यात् कामे : कन्
[७] संज्ञायां भृतृवृजि... : खच्
[८] आतोऽनुपसर्गे... : क
[९] तदस्यास्त्यस्मिन्... : मतुप्

धनाधिपः (ना./पुं.) धनानामधिपः *(धनको मालिक)* ष.त.स., धन+अधिप, दीर्घ= धनाधिप ।

शब्दार्थ- धनको स्वामी, धनाढ्य, कुवेर ।

धनाध्यक्षः (ना./पुं.) धनानामध्यक्षः *(धनको अध्यक्ष)* धन +अध्यक्ष, ष.त.स., दीर्घ= धनाध्यक्ष ।

शब्दार्थ-धनको अध्यक्ष, कुवेर, धनपति, धनका अधिष्ठाता ।

धनिकः (वि.) धनमस्यास्तीति *(धन छ यसको)* धन+ठन्[१] (इक), अकारलोप= धनिक ।

शब्दार्थ- धनी, धनवान्, धेरै धन भएको, महाजन ।

धनिष्ठा (ना./स्त्री.) धनमस्यास्तीति *(धन छ यसको)* धन+मतुप् (मत), धनमत् । अतिशयेन धनवती *(ज्यादै धन भएकी)* धनमत्+इष्ठन्, मतुप्को लुक्, अकारलोप, नलोप, धनिष्ठ+टाप्(आ)= धनिष्ठा ।

शब्दार्थ- धनाढ्य आइमाई, ज्यादै धन भएकी स्त्री, सत्ताईस नक्षत्रमध्ये एक, श्रवण नक्षत्रपछि आउने तेईसौं नक्षत्र ।

धनी (वि./ना./पुं.) धनमस्यास्तीति *(धन छ यसको)* धन+इनि[१] (इन्), अकारलोप, धनिन्= धनी ।

शब्दार्थ- धनवान्, धेरै धनसम्पत्ति भएको, धनाढ्य, महाजन, धनपति, स्वामी, धनले परिपूर्ण व्यक्ति ।

धनुः (धनुस्) (ना./न.) दधन्ति शब्दायते इति *(शब्द गर्छ वा धारण गर्छ)* धन धान्ये (जुहो.) धातु, धन्+उसि[२] (उस्), धनुस्= धनु ।

शब्दार्थ- अस्त्रविशेष, शस्त्र, गुलेली, चाप, कार्मुक, शरासन, धनुर्वाण, वाह्रराशिहरूमध्ये नवौं राशि ।

धनुर्धरः (ना./पुं.) धनुः धरतीति *(धनु धारण गर्छ)* धनुस् उपपदपूर्वक धृञ् धारणे (भ्वा.) धातु, धनुस्+धृ+अच् (पचादि), गुण, रुत्व= धनुर्धर । अथवा धनुषः धरः *(धनुको धारण गर्ने)* ष.त.स.= धनुर्धर ।

शब्दार्थ- धनु धारण गर्ने व्यक्ति, धनु लिने व्यक्ति, श्रीराम, धनुर्धारी अर्जुन वा अन्य पुरुष ।

धनुर्धारी (वि.) धनुर्धर्तुं शीलमस्येति *(धनु धारण गर्ने शील वा क्षमता छ जसको)* धनुस् उपपदपूर्वक धृञ् धारणे (भ्वा.) धातु, धनुस्+धृ+णिनि[३] (इन्), वृद्धि, धनुर्धारिन् =धनुर्धारी ।

शब्दार्थ- धनु धारण गर्ने, धनु लिने, धनुर्धर, धनु चलाउन निपुण ।

धनुर्भृत् (वि.) धनुर्बिभर्तीति *(धनु धारण गर्छ)* धनुस्पूर्वक डुभृञ् धारणपोषणयोः (जुहो.) धातु, धनुस्+भृ+ क्विप्, तुगागम, क्विप्को सर्वलोप, रुत्व= धनुर्भृत् ।

शब्दार्थ- धनु धारण गर्ने, धनु लिने, धनुर्धारी ।

धनुर्विद्या (ना./स्त्री.) धनुषः विद्या *(धनुर्बाणसम्बन्धी विद्या)* ष.त.स., रुत्व= धनुर्विद्या ।

शब्दार्थ- धनुर्वाण चलाउन सिकाउने विद्या, धनुर्वाण-सम्बन्धी विद्या ।

धनुर्वेदः (ना./पुं.) धनूंषि धनुरादीनि शस्त्राणि विद्यन्ते ज्ञायन्ते अनेन *(धनुसम्बन्धी शस्त्रविद्या जानिन्छ यसबाट)* धनुस् उपपदमा हुने विद ज्ञाने (अदा.) धातु, धनुस्+विद्+घञ् (अ), करणमा, गुण= धनुर्वेद ।

शब्दार्थ- धनुर्विद्यासम्वन्धी कुराको वोध गराउने शास्त्र, यजुर्वेदको एक उपवेद, धनुर्वेद जान्ने व्यक्ति ।

द्रष्टव्य- **धनुर्वेद यजुर्वेदको उपवेद हो । यो ग्रन्थ पहिलो दीक्षापाद, दोस्रो सङ्ग्रहपाद, तेस्रो सिद्धिपाद र चौथो प्रयोगपाद गरी चार भागमा विभक्त छ ।**

धनुष्टङ्कारः (ना./पुं.) धनुषः टङ्कारः *(धनुको आवाज)* धनुस्+टङ्कार, ष.त.स., षत्व= धनुष्टङ्कार ।

शब्दार्थ- धनुमा वाण राखेर हान्दा निस्कने आवाज वा ध्वनि, रोगविशेष ।

धनुष्मान् (वि.) धनूंषि सन्ति अस्य *(धनु छन् यसका)* धनुस्+मतुप् (मत्), षत्व, धनुष्मत्= धनुष्मान् ।

शब्दार्थ- धनुलिने, पर्याप्त धनु भएको, धनुर्धारण गर्ने ।

धनेश्वरः (ना./पुं.) धनानामीश्वरः *(धनको मालिक)* ष.त.स., गुण= धनेश्वर ।

शब्दार्थ- धनको स्वामी वा मालिक, कुवेर, विष्णु, नेपालको काभ्रे (वनेपा) मा अवस्थित धनेश्वर महादेव ।

धन्यः (वि.) धनस्य निमित्तम्, धनस्य संयोगः वा *(धनको निमित्त वा धनको संयोग)* धन+यत्[४] (य), अकारलोप =धन्य ।

अथवा धनं लब्धा *(धन प्राप्त गर्नेछ)* धन+यत्[५] (य), अकारलोप= धन्य ।

अथवा धनायै हितम् *(धनको निमित्त हित हुने)* धन+ यत् (य), अकारलोप= धन्य ।

शब्दार्थ- धनवान्, भाग्यवान्, सुकृती (जन), पुण्यवान्, प्रशंसनीय, राम्रो काम गर्ने, आदरणीय, कृतार्थ ।

धन्यवादः (ना./पुं.) धन्यं वदतीति *(कृतज्ञता व्यक्त गर्छ)* धन्य उपपदपूर्वक वद व्यक्तायां वाचि (भ्वा.) धातु, धन्य+वद्+अण् (अ), वृद्धि= धन्यवाद ।

शब्दार्थ- कृतज्ञता प्रकट गर्दा व्यक्त गर्ने शब्द, कृतज्ञता ज्ञापन, कृतज्ञता द्योतक शब्द, स्यावासी, प्रशंसा, साधुवाद ।

धन्वन्तरिः (ना./पुं.) धनुः शल्यादिचिकित्साशास्त्रं तस्य अन्तम् ऋच्छतीति *(चिकित्साशास्त्रको अन्तसम्म पुग्छन्)* वा धनोर्धनुर्वेदस्य अन्तम् ऋच्छतीति *(धनुर्वेदको अन्त्यसम्म पुग्छन्)* ऋ गतिप्रापणयोः (भ्वा.) धातु, धनु+अन्त+ऋ+इ[६], उणा., गुण, धनु+अन्त+अरि, नुको यण्, धन्वन्त अरि, पररूप= धन्वन्तरि ।

शब्दार्थ- देवताका चिकित्सक, देववैद्य, सुरवैद्य, राजा विक्रमादित्यका नौ रत्नमध्ये एक, आयुर्वेदका मुख्य प्रवर्तक, हातमा अमृत लिई समुद्रमन्थनवाट निस्केका एक रत्न, विष्णुका अंशावतार ।

---

[१] वत इनिठनौ : ठन्/इनि

[२] अर्तिपृवपियजि.. : उसि (प्रत्यय)

[३] सुप्यजातौ... : णिनि

[४] गोद्यचोऽसंख्या... : यत्

[५] धनगणं लब्धा : यत्

[६] अचः इः : इ

धन्वा (ना./पुं./न.) धन्वतीति *(धनु लिन्छ)* धवि गत्यर्थे (भ्वा.) धातु, नुम्, धन्व्+कनिन्[1] (अन्), धन्वन् =धन्वा ।

धन्वा तु मरुदेशे ना क्लीवं चाऽपे स्थलेऽपि च- मेदिनी

शब्दार्थ- मरुभूमि, स्थलजगत्, धनु, चाप ।

धन्वी (वि.) धनुस् चापः अस्यास्तीति *(धनु छ यसको)* धनु+इनि (इन्), यण्, धन्विन्= धन्वी ।

शब्दार्थ- धनुलिने, धनुर्धर, धनुर्धारी, धनुले सुसज्जित (अर्जुन, शिव, विष्णु) ।

धरः (ना./पुं./वि.) धरति पृथिवीम् *(पृथिवी धारण गर्छ)* धृञ् धारणे (भ्वा.) धातु, धृ+अच् (पचादि), गुण=धर ।

शब्दार्थ- पर्वत, शिखर, पहाड, धारण गर्ने, पालनपोषण गर्ने, ग्रहण गर्ने ।

धरणिः/धरणी (ना./स्त्री.) धरति जीवादिकं विश्वम् वा *(जीव (प्राणी) तथा समग्र विश्वको धारण गर्छ)* धृञ् धारणे (भ्वा.) धातु, धृ+अनि[2] (उणा.), गुण, णत्व, धरणिः । धरणि+ङीष्[3] (ई), विकल्पले= धरणी । ङीष्को अभावमा= धरणि ।

धरा धरित्री धरणिः क्षोणिर्ज्या काश्यपी क्षितिः- इत्यमरः

शब्दार्थ- पृथिवी, धरित्री, धरा, धर्ती, क्षिति, विश्वधारण गर्ने धरती, भू, भूमि, रत्नहरू धारण गर्ने- रत्नगर्भा, वसुन्धरा ।

धरणिधरः (वि./ना./पुं.) धरणिं धरतीति *(पृथिवी धारण गर्छ)* धृञ् धारणे (भ्वा.) धातु, धरणि+धृ+अच् (पचादि)= धरणिधर ।

शब्दार्थ- पृथिवी धारण गर्ने, व्रह्माण्ड धारण गर्ने, शेषनाग, विष्णु, व्रह्मा, परमेश्वर आदि ।

धरा (ना./स्त्री.) धरति ध्रियते विश्वमनया *(विश्व वा जीवहरूको धारण गर्छ वा गरिन्छ यसबाट)* धृञ् धारणे (भ्वा.) वा धृञ् अवस्थाने (तुदा.) धातु, धृ+अच् (पचादि)/अप्[4] (अ), गुण, टाप् (आ)= धरा ।

धरा विश्वम्भरायाञ्च स्त्रीगर्भाशयमेदसोः- इति मेदिनी

शब्दार्थ- पृथिवी, विश्व धारण गर्ने धरती, विश्वम्भरा, वसुन्धरा, धरणी, पाठेघर, गर्भाशय, नाडी, बोसो ।

धरातलः (ना./पुं.) धरायाः तलः *(पृथिवीको सतह वा तल्लोभाग)* ष.त.स.= धरातल ।

शब्दार्थ- पृथिवीको सतह, पृथिवी, पृथिवीभन्दा मुनिको तल्लोभाग, धरती ।

धराधिपः (ना./पुं.) धरायाः अधिपः *(पृथ्वीका स्वामी)* ष.त.स., धरा+अधिप, दीर्घ= धराधिप ।

शब्दार्थ- पृथिवीका अधिपति, राजा वा राष्ट्रपति, भूपति ।

धराधीशः (ना./पुं.) धरायाः अधीशः *(पृथिवीका स्वामी)* ष.त.स., दीर्घ= धराधीश ।

शब्दार्थ- पृथिवीका स्वामी, पृथिवीका अधिपति, धराधिप, राजा, परमेश्वर ।

धराशयी (वि.) धरायां शेते इति *(पृथिवीमा शयन गर्छ)* धरा उपपदपूर्वक शीङ् स्वप्ने (अदा.) धातु, धरा+शी +अच् (अ), गुण, धराशयः । धराशयः अस्यास्तीति *(पृथिवीमा शयन गर्ने क्रिया छ यसको)* धराशय+इनि (इन्), धराशयिन्= धराशयी ।

शब्दार्थ- पृथिवीमा सुत्ने वा सुतेको, पृथिवीमा पल्टने वा लडेको, मरेको ।

धरित्री (ना./स्त्री.) धरति विश्वम्, ध्रियते जीवादिर्वा अनया *(विश्व वा प्राणीसमुदाय धारण गर्छ वा गरिन्छ यसबाट)* धृञ् धारणे (भ्वा.) धातु, धृ+इत्र[5] (उणा.), गुण, धरित्र+ङीष्[6] (ई)= धरित्री ।

शब्दार्थ- संसार धारण गर्ने धरती, पृथिवी, धरणी, क्षिति, भूमि, धरा, वसुन्धरा ।

उदा. **धरित्रीमा भक्ति प्रणय अथवा जाँगर धरी-** त.त.९/११

धर्मः (ना./पुं.) धरति लोकम्, ध्रियते लोकः अनेन, ध्रियते पुण्यात्मजनैरिति वा *(लोक धारण गर्छ वा गरिन्छ यसबाट अथवा पुण्यात्मा मानिसहरूद्वारा धारण गरिन्छ)* धृञ् धारणे (भ्वा.) वा धृङ् अवस्थाने (तुदा.) धातु, धृ+मन्[7] (म), उणा.= धर्म ।

शब्दार्थ- सदाचार, पुण्यकर्म, सदाचार पालन, सेवाभाव, नैतिक गुण, राम्रो काम, शास्त्रविहित आचरण, रीतिरिवाज, प्रचलन, नियम, यज्ञ, अहिंसा, न्याय, सत्य, धर्मराज, स्वभाव, वेदविहित कर्म, मानव प्रकृति

धर्मको लक्षण-

धृतिः क्षमा दमोऽस्तेयं शौचमिन्द्रियनिग्रहः
धीर्विद्या सत्यमक्रोधो दशकं धर्मलक्षणम्- म.स्मृ. ६/९२

धर्मको गरिमा-

वेदोऽखिलो धर्ममूलम्- म.स्मृ. २/६

धर्म एव हतो हन्ति धर्मो रक्षति रक्षितः- म.स्मृ. ८/१५

यतोऽभ्युदयः निःश्रेयसां सिद्धिः सधर्मः

धारणात् धर्ममित्याहुर्धर्मो धारयते प्रजा- म.भा.क.प.६९/५८

धर्मकर्म/धर्मकार्यम् (ना./पुं./न.) धर्मस्य कर्म/धर्मस्य कार्यम् *(धर्मको कर्म, धर्मको कार्य)* ष.त.स. = धर्मकर्म/धर्मकार्य ।

शब्दार्थ- धार्मिक कार्य, धार्मिक विधिविधान, पुण्यकर्म ।

धर्मक्षेत्रम् (ना./न.) धर्मस्य क्षेत्रम् *(धर्मको क्षेत्र वा स्थान)* ष.त.स.= धर्मक्षेत्र ।

शब्दार्थ- कुरुक्षेत्र, धार्मिक कार्य गर्नको लागि पुण्यक्षेत्र, धर्मभूमि ।

धर्मक्षेत्रे कुरुक्षेत्रे समवेताः युयुत्सवः- भ.गी. १/१

धर्मग्रन्थः (ना./पुं.) धर्मस्य ग्रन्थः *(धर्मको ग्रन्थ)* ष.त.स. =धर्मग्रन्थ ।

शब्दार्थ- धर्मसम्वन्धी विषयहरू लेखिएको ग्रन्थ, धर्मशास्त्र, धर्मको प्रतिपादन गर्ने ग्रन्थ ।

---

१. कनिन्युवृषि. : कनिन्
२. अर्तिसृधृ... : अनि
३. कृदिकारा.. : ङीष्
४. ॠदोरप् : अप्
५. अशित्रादिभ्य... : इत्र
६. षिद्गौरादि... : ङीष्
७. अर्तिस्तुसुहु... : मन्

धर्मचिन्ता/धर्मचिन्तनम् (ना./स्त्री./न.) धर्मस्य चिन्ता वा धर्मस्य चिन्तनम् *(धर्मको चिन्ता वा मनन चिन्तन)* ष.त.स.= धर्मचिन्ता/धर्मचिन्तन ।

शब्दार्थ- धार्मिक विषयको चिन्तन वा मनन, धर्मको शोचविचार, धार्मिक विचार वा दृष्टिकोण ।

धर्मच्युतः (वि.) धर्मात् च्युतः *(धर्मबाट च्युत भएको वा गिरेको)* प.त.स.= धर्मच्युत ।

शब्दार्थ- स्वधर्मवाट च्युत वा भ्रष्ट भएको, धर्मवाट खसेको वा पतित भएको ।

धर्मज्ञः (वि.) धर्मं जानातीति *(धर्म जान्दछ)* धर्म उपपद-पूर्वक ज्ञा अवबोधने (क्र्या.) धातु, धर्म+ज्ञा+क[1] (अ), आकारलोप= धर्मज्ञ ।

शब्दार्थ- धर्म जान्ने, धर्मवेत्ता, धार्मिक विषयमा राम्रो ज्ञान भएको, धर्मको तत्त्व वा स्वरूप जान्ने ।

धर्मत्यागः (ना./पुं.) धर्मस्य त्यागः *(धर्मको त्याग)* ष.त.स.= धर्मत्याग ।

शब्दार्थ- धर्म छाड्ने काम, धर्मको परित्याग गर्ने काम, धर्ममा आस्था वा विश्वास नगर्ने काम ।

धर्मद्रोही (वि.) धर्मस्य द्रोही *(धर्मको द्रोही)* ष.त.स. =धर्मद्रोही । अथवा धर्मम् द्रुह्यतीति *(धर्मको द्रोह गर्छ)* द्रुह जिघांसायाम् (दिवा.) धातु, धर्म+द्रुह्+णिनि (इन्), धर्मद्रोहिन्= धर्मद्रोही ।

शब्दार्थ- धर्मको द्रोह गर्ने, नास्तिक, धर्म नमान्ने ।

धर्मद्वेषी (वि.) धर्मं द्वेष्टुं शीलमस्य *(धर्मप्रति द्वेष गर्ने स्वभाव छ यसको)* द्विष अप्रीतौ (अदा.) धातु, धर्म+द्विष्+णिनि[2] (इन्), गुण, धर्मद्वेषिन्= धर्मद्वेषी ।

शब्दार्थ- धर्मप्रति द्रोह गर्ने, धर्मको द्वेष गर्ने, नास्तिक ।

धर्मध्वजः (वि.) धर्मं ध्वजतीति *(धर्मको ढोँग गर्छ)* ध्वज गतौ (भ्वा.) धातु, धर्म+ध्वज्+अच् (पचादि) =धर्मध्वजः ।

शब्दार्थ- धर्मको छद्मवेश धारण गर्ने, पाखण्डी, ढोँगी ।

धर्मध्वजी (वि.) ध्वजः अस्यास्तीति *(कपटभाव छ यसको)* ध्वज+इनि[3] (इन्), ध्वजिन्, ध्वजी । धर्मस्य ध्वजी *(धर्मको छद्म भएको वा स्वाँङ रच्ने)* ष.त.स. =धर्मध्वजी ।

शब्दार्थ- धर्मको ढोँग गर्ने, धर्मको स्वाङ रच्ने, पाखण्डी, धर्मको छद्मवेशी, धर्मको आडम्बर गर्ने ।

धर्मनिष्ठः (वि.) धर्मे निष्ठा यस्य *(धर्ममा निष्ठा छ जसको)* ब.स., ह्रस्व= धर्मनिष्ठ ।

शब्दार्थ- धर्ममा विश्वास गर्ने, धर्मरत, धर्मपरायण ।

उदा. धर्मनिष्ठ महावीर शान्तिको राज्य गर्दथे- सु.म.का.२/८

धर्मपथः (ना./पुं.) धर्मस्य पन्थाः *(धर्मको बाटो)* ष.त.स., धर्मपथिन्+अच् (समासान्त)= धर्मपथ ।

शब्दार्थ- धर्मको मार्ग, सत्मार्ग, धर्मशास्त्रले निर्धारण गरेको नियम वा आचरण ।

धर्मपत्नी (ना./स्त्री.) धर्मेण परिणीता पत्नी *(शास्त्रविधि-अनुरूप विवाह गरिएकी पत्नी)* तृ.त.स.= धर्मपत्नी । अथवा धर्माय पत्नी *(धर्मका लागि पत्नी)* वा धर्मस्य पत्नी **(धर्मराजकी पत्नी)** ष.त.स.= धर्मपत्नी ।

शब्दार्थ- धार्मिक विधिवाट विवाह गरिएकी पत्नी, सहधर्मिणी, विवाहिता स्त्री, धर्मराजकी पत्नी ।

धर्मपुत्रः/धर्मसुतः (ना./पुं.) धर्मस्य पुत्रः/धर्मस्य सुतः *(धर्मराजका पुत्र वा छोरा)* ष.त.स. वा धर्माय पुत्रः/धर्माय सुतः *(धर्मका निम्ति पालिएको पुत्र)* च.त.स.= धर्मपुत्र/धर्मसुत ।

शब्दार्थ- धर्मराजका पुत्र राजा युधिष्ठिर, धर्मसम्मत पुत्र, कर्तव्य ज्ञानको दृष्टिले उत्पन्न पुत्र, धर्मको लागि पालिएको पुत्र, दत्तकपुत्र ।

धर्मपुत्री/धर्मसुता (ना./स्त्री.) धर्माय पुत्री/सुता *(धर्मका निम्ति पालिएकी पुत्री)* ष.त.स.= धर्मपुत्री/धर्मसुता ।

शब्दार्थ- धर्मको लागि पालिएकी छोरी, धर्मसम्मत पुत्री, दत्तकपुत्री ।

धर्मप्रचारः (ना./पुं.) धर्मस्य प्रचारः *(धर्मको प्रचार)* ष.त.स.= धर्मप्रचार ।

शब्दार्थ- धर्मको प्रचारप्रसार, स्वधर्मको विस्तार गर्ने काम ।

धर्मभीरुः (वि.) धर्मे धर्मात् वा भीरुः *(धर्ममा वा धर्मबाट डर भएको)* स.त.स./प.त.स.= धर्मभीरु ।

शब्दार्थ- धर्ममा भय राख्ने, धर्मदेखि डराउने, अधर्मप्रति भयभीत हुने ।

उदा. **धर्मभीरु दयापूर्ण निर्लोभी सज्जनै सरी-**
ऋ.वि. (हेमन्त वि.-५४)

धर्ममयः (वि.) प्रकृतः प्रचुरः धर्मः *(पर्याप्त धर्म)* धर्म+मयट्[4] (मय)= धर्ममय ।

शब्दार्थ- धर्मले परिपूर्ण, धर्मयुक्त ।

धर्मराजः (ना./पुं.) धर्मेण राजते इति *(धर्मपूर्वक राज गर्छन्)* धर्म उपपदपूर्वक राजृ दीप्तौ (भ्वा.) धातु, धर्म+राज्+अच् (पचादि)= धर्मराज ।

अथवा राजते इति *(प्रकाशित हुन्छ)* राजृ दीप्तौ (भ्वा.) धातु, राज्+कनिन्[5] (अन्), राजन्, राजा । धर्मस्य राजा *(धर्मका राजा)* ष.त.स., वा धर्मश्चासौ राजा च *(धर्मराज)* क.त.स., धर्मराजन्+टच् (समासान्त), टिलोप= धर्मराज ।

सर्वज्ञः सुगतो बुद्धो धर्मराजस्तथागतः ।
धर्मराजः पितृपतिः समवर्ती परेतराट्- इत्यमरः
धर्मराजे यमे बुद्धे युधिष्ठिरनृपे पुमान्- इति मेदिनी

शब्दार्थ- यमराज, राजा युधिष्ठिर, धर्ममा निष्ठा भएको व्यक्ति, बुद्ध, तथागत ।

धर्मवान् (वि.) धर्मः अस्यास्तीति *(धर्म छ यसको)* धर्म+मतुप् (मत्), मको व, धर्मवत्= धर्मवान् ।

शब्दार्थ- धर्मात्मा, धर्मवान्, पुण्यात्मा, धर्म गर्ने ।

---

[1] आतोऽनुपसर्गे... : क
[2] सुप्यजातौ... : णिनि
[3] अत इनिठनौ : इनि
[4] तत्प्रकृत वचने...: मयट्
[5] कनिन्युवृषि... : कनिन्

धर्मविजयी (वि.) विजयते इति *(विजय गर्छ)* जि जये (भ्वा.) धातु, वि+जि+अच् (पचादि), गुण, अयादेश, विजयः । विजयः अस्यास्तीति *(विजय छ यसको)* विजय+इनि[1] (इन्) विजयिन् । धर्मेण विजयिन् *(धर्मनीतिद्वारा विजय गर्ने)* तृ.त.स.= धर्मविजयी ।

शब्दार्थ- धर्मको नीति अपनाएर विजय गर्ने ।

धर्मविवाहः (ना./पुं.) धर्माय विवाहः *(धर्मका निमित्त विवाह)* च.त.स.= धर्मविवाह ।

शब्दार्थ- धर्मका निमित्त गरिने विवाह, वाह्म, दैव, आर्ष, गान्धर्व र प्रजापत्य यी पाँच प्रकारका विवाह ।

धर्मलोपः (ना./पुं.) धर्मस्य लोपः *(धर्मको लोप)* ष.त.स. =धर्मलोप ।

शब्दार्थ- धर्मको विनाश, धर्मको क्षय, धर्मको लोप ।

धर्मशाला (ना./स्त्री.) धर्माय शाला *(धर्मको लागि निर्मित भवन)* च.त.स.= धर्मशाला ।

शब्दार्थ- सेवाभावले यात्रीहरूका लागि वस्न वनाइएको पाटी, पौवा, भवन वा धर्मशाला आदि ।

धर्मशास्त्रम् (ना./न.) धर्मस्य शास्त्रम् वा धर्माय शास्त्रम् *(धर्मको शास्त्र, धर्मको निमित्त शास्त्र)* ष.त.स./ च.त.स.= धर्मशास्त्र ।

शब्दार्थ- धर्मसम्वन्धी विषयको शास्त्र, धर्म निर्धारणका लागि लेखिएको शास्त्र वा ग्रन्थ, धर्मसम्वन्धी विधिविधान समेटिएको शास्त्र ।

धर्मशीलः (वि.) धर्मे शीलं स्वभावः यस्य *(धर्ममा निष्ठा छ जसको)* व.स.= धर्मशील ।

शब्दार्थ- धार्मिक, पुण्यात्मा, धर्ममा आस्था भएको ।

धर्मसङ्कटम् (ना./न.) धर्माय सङ्कटम् *(धर्म परिपालनका लागि परेको सङ्कट)* च.त.स.= धर्मसङ्कट ।

शब्दार्थ- धर्म संरक्षणका लागि कठिनाइ परेको अवस्था ।

धर्महेतुः (ना./पुं.) धर्मस्य हेतुः *(धर्मको कारण)* ष.त.स. =धर्महेतु ।

शब्दार्थ- धर्मको कारणरूप, धर्मको हेतु ।

उदा. **घनै छ यागादिक धर्महेतु- घनमहिमा २७ (लालित्य)**

धर्मार्थः (ना./पुं.) धर्मश्च अर्थश्च *(धर्म र अर्थ)* द्व.स., दीर्घ= धर्मार्थ । अथवा धर्माय अयम् *(धर्मको लागि यो)* धर्म+अर्थ, च.त.स., दीर्घ= धर्मार्थ ।

शब्दार्थ- धर्म र अर्थ दुवै, धर्मको लागि यो ।

धर्मात्मा (ना./पुं.) धर्मे आत्मा स्वभावः यस्य *(धर्ममा समर्पित हुने स्वभाव छ यसको)* धर्म+आत्मन्, व.स., दीर्घ, धर्मात्मन्= धर्मात्मा ।

शब्दार्थ- धर्ममा संलग्न रहने व्यक्ति, पुण्यात्मा व्यक्ति, धर्मशील पुरुष, धार्मिक व्यक्ति ।

धर्माधिकारी/धर्माध्यक्षः (ना./पुं.) धर्मस्य अधिकारी वा धर्मस्य अध्यक्षः *(धर्मको व्यवस्था गर्ने मुख्य व्यक्ति वा अध्यक्ष)* ष.त.स., दीर्घ= धर्माधिकारी/धर्माध्यक्ष ।

शब्दार्थ- पाप-धर्मको या धर्म-अधर्मको व्याख्याता वा निर्णयकर्ता, धर्मसम्वन्धी कुराको निर्णय गर्ने मुख्य व्यक्ति ।

धर्मावतारः (ना./पुं.) धर्मस्य धर्माय वा अवतारः *(धर्मको अवतार वा धर्मको रक्षाका लागि अवतार)* ष.त.स./ च.त.स., दीर्घ= धर्मावतार ।

शब्दार्थ- धर्मको रक्षाका लागि अवतार ग्रहण गर्ने काम, धर्मकै साक्षात् अवतार ।

धर्मानुयायी (वि.) धर्ममनुयातुं शीलमस्य *(धर्मको अनुसरण गर्ने शील वा स्वभाव छ यसको)* या प्रापणे (अदा.) धातु, धर्म+अनु+या+णिनि (इन्), युगागम, दीर्घ, धर्मानुयायिन्= धर्मानुयायी ।

शब्दार्थ- धर्मको अनुसरण गर्ने, धर्मको संरक्षण गर्ने, धर्मको पछि लाग्ने ।

धर्मिष्ठः (वि.) अयमेषामतिशयेन धर्मात्मा *(यो यिनीहरूमा ज्यादै धर्मात्मा)* धर्म+इष्ठन्[2] (इष्ठ), अकारलोप = धर्मिष्ठ ।

शब्दार्थ- धर्मात्मा, धर्ममा अडिग रहने, ज्यादै धर्मशील, धर्ममा दृढ रहने ।

धर्मी (वि.) धर्मः अस्यास्तीति *(धर्म छ यसको)* धर्म+इनि (इन्), धर्मिन्= धर्मी ।

शब्दार्थ- धार्मिक, धर्मात्मा, धर्मको पालना गर्ने ।

धर्म्यः (वि.) धर्मेण प्राप्यः *(धर्मबाट पाइने)* वा धर्मादनपेतः *(धर्मबाट नचुकेको)* धर्म+यत्[3] (य), अकारलोप= धर्म्य ।

शब्दार्थ- धर्मवाट नचुकेको, धर्ममा दृढ रहने, धर्मको प्रतिकूल नजाने ।

धवः (ना./पुं.) धूनोति, धूनयति स्वावयवान् इति वा *(अवयवहरू हल्लाउँछ)* धूनाति धूयते इति वा *(हल्लन्छ वा हल्लिन्छ)* धूञ् कम्पने (स्वा./क्र्या./चुरा.) धातु, धू+अच् (पचादि)/अप्[4] (अ), गुण, अवादेश= धव ।

धवः पुमान् नरे धूर्ते पत्यौ वृक्षान्तरेऽपि च- इति मेदिनी

शब्दार्थ- लोग्ने, पति, भर्ता, प्रियतम, स्वामी, धूर्त मानिस, वृक्षविशेष ।

धवलः (वि.) धावति मनः अत्र *(मन यतातिर आकृष्ट हुन्छ)* धावु गतिशुद्ध्योः (भ्वा.) धातु, धाव्+कलच्[5] (अल), उणा., ह्रस्व (बहुलप्रकारले)= धवल । अथवा धूयते इति *(हल्लिन्छ)* धूञ् कम्पने (स्वा.) धातु, धू+अप् (अ), धवः । धवं लातीति *(स्वच्छता ल्याउँछ)* ला दाने (अदा.) धातु, धव+ला+क[6] (अ), आकारलोप = धवल ।

शब्दार्थ-सेतो, सफेद, शुक्ल, स्वच्छ, निर्मल, कञ्चन, सुन्दर

धवला (वि./स्त्री.) धवं लाति असौ *(सेतोपन ल्याउँछ यसले)* धूञ् कम्पने (स्वा.)धातु, धव+ला+क (अ), आकारलोप, धवल+टाप् (आ)= धवला ।

शब्दार्थ- सेतो वान्की भएकी (स्त्री), सेतो रङ्गको (गाई), स्वच्छ, सुन्दर ।

---

१. अत इनिठनौ : इनि

२. अतिशायने तमबिष्ठनौ : इष्ठन्

३. नौवयोधर्म.. : यत् (प्राप्यार्थमा)/धर्मपत्यर्थन्या... : यत्

४. ऋदोरप् अप्

५. वृषादिभ्यश्चित् : कलच्

६. आतोऽनुपसर्गे : क

धवलागिरिः (ना./पुं.) धवला चासौ गिरिश्च *(सेतो पहाड)* क.त.स.= धवलागिरि ।

शब्दार्थ- हिउँले सफेद देखिने पर्वत, गण्डकी अञ्चलमा पर्ने धौलागिरि पहाड ।

धाः/धाता (ना./पुं.) दधाति विश्वं विभर्तीति वा *(विश्व धारण गर्छन् वा संरक्षण गर्छन्)* डुधाञ् धारण-पोषणयोः (जुहो.) धातु, धा+क्विप् (सर्वलोप)= धा । धा+तृच्[1] (तृ), धातृ= धाता ।

धाता हिरण्यगर्भे ना पालके- इति मेदिनी

शब्दार्थ- सृष्टिकर्ता ब्रह्मा, संरक्षक, विश्वको पालन-पोषण र धारण गर्ने विष्णु, संहारक वा कल्याणदाता शिव, गाई, गङ्गा, वृहस्पति ।

धातुः (ना./पुं.) दधाति धीयते इति वा *(धारण गर्छन् वा गरिन्छ)* डुधाञ् धारणपोषणयोः (जुहो.) धातु, धा+तुन्[2] (तु), उणा.= धातु ।

धातू रसादौ श्लेष्मादौ भ्वादि ग्रावविकारयोः - इति हैमः

धातुर्मनः शिलाद्यद्रेर्गैरिकं तु विशेषतः ।
श्लेष्मादि-रसरक्तादि-महाभूतानि तद्गुणाः ॥
इन्द्रियाण्यस्मविकृतिः शब्दयोनिश्च धातवः- इत्यमरः
सुवर्णरूप्यताम्राणि हरितालं मनः शिला
गैरिकाञ्जनका चाथ सीसलोहाः सहिङ्गुला
गन्धकोऽभ्रकमित्याद्याः धातवो गिरिसङ्ग्रचकाः

शब्दार्थ- मनःशिलादि धातु- जसमा शिलाजित, सुन, चाँदी, तामा, फलाम, सिसा, हरिताल, गन्धक, अभ्रख आदि खनिज धातु पर्दछन्, पृथिवी, जल, तेज आदि पञ्चमहाभूत र रूपरसादि पञ्च तन्मात्रा, शरीरमा पाइने रसरक्तादि सप्ततत्त्व, जीवात्मा, शक्ति, वीर्य, इन्द्रिय, क्रियापदको मूलरूप- भू, पठ, लिख् आदि ।

धातुमयी (ना./स्त्री.) धातोः गैरिकस्य विकारः *(गैरिकादि धातुको विकार)* धातु+मयट्[3] (मय), धातुमय+ङीप् (ई)= धातुमयी ।

शब्दार्थ- गैरिकादि धातुको विकृतरूप ।

धातुक्षयः (ना./पुं.) धातोः क्षयः *(शरीरका वीर्यको क्षय वा नाश)* ष.त.स.= धातुक्षय ।

शब्दार्थ- शरीरको वीर्य क्षय हुने वा पतन हुने रोगविशेष, वीर्यस्खलन, प्रमेहरोग ।

धात्री (ना./स्त्री.) धीयते पीयते आस्वाद्यते इति वा *(पिइन्छ वा स्वाद लिइन्छ)* धेट् पाने (भ्वा.) धातु, आत्व, धा+ष्ट्रन्[4] (त्र), उणा., धात्र+ङीष् (ई)= धात्री । अथवा दधाति धारयति गर्भे *(गर्भमा धारण गर्छिन्)* डुधाञ् धारणपोषणयोः (जुहो.) धातु, धा+तृच् (तृ)+ङीप् (ई)= धात्री ।

धात्री स्यादुपमातापि क्षितिरप्यामलक्यपि- इत्यमरः
धात्री जनन्यामलकी वसुमत्युपमातृषु- इति मेदिनी

शब्दार्थ- आमा, माता, जननी, धाईआमा, उपमाता, अमला, पृथिवी, गङ्गा ।

धानी (ना./स्त्री.) धीयते धार्यते अत्र *(धारण गरिन्छ यहाँ)* डुधाञ् धारणपोषणयोः (जुहो.) धातु, धा+ल्युट् (अन), आधारमा, धान+ङीप् (ई)= धानी ।

शब्दार्थ- आधार वा रहने स्थान, जस्तैः मसीधानी, राजधानी ।

धानुष्कः (ना./पुं./वि.) धनुः प्रहरणमस्येति *(धनु छ प्रहार गर्ने साधन जसको)* धनुस्+ठक्[5] (इक), वृद्धि, ठक्को 'क' आदेश[6], षत्व= धानुष्क ।

शब्दार्थ- धनु प्रहार गर्ने व्यक्ति, धनु लिने मानिस, धनुर्धारी, धनु हान्ने वा चलाउने ।

धात्वर्थः (ना./पुं.) धातोरर्थः *(धातुको मुख्य अर्थ)* धातु+अर्थ, ष.त.स., यण्= धात्वर्थ ।

शब्दार्थ- कुनै शब्दको मूल धातुबाट निस्कने अर्थ, धातुको मुख्य अर्थ ।

धान्यम् (ना./न.) दधाति, धीयते इति वा *(धारण गर्छ वा गरिन्छ)* डुधाञ् धारणपोषणयोः (जुहो.) धातु, धा+यत्[7] (य), नुडागम, उणा.= धान्य ।

अथवा धानम्, धीयते इति वा *(धारणपोषण गरिन्छ)* धा+ल्युट् (अन), धानम् । धाने पोषणे साधुः *(पालन-पोषणमा निपुण)* धान+यत्[8] (य), अकारलोप= धान्य ।

धान्यं व्रीहिस्तम्बकरिः- इत्यमरः

शब्दार्थ- धान, व्रीहि, भोग्यवस्तु, अन्न, सप्तधान्य ।

धान्याचलः (ना./पुं.) धान्येन निर्मितः, धान्य निर्मितश्चासौ अचलश्च *(सप्त धान्यद्वारा निर्मित पर्वत)* क.त.स., उ.प.लोप, दीर्घ= धान्याचल ।

शब्दार्थ- दानको लागि बनाइएको धान्यनिर्मित पर्वत ।

द्रष्टव्य- **यसै गरी नुन, सखर, सुन, तिल, कपास, घिउ, चाँदी आदिबाट बनाइएको पर्वतलाई क्रमशः- लवणाचल, गूडाचल, हेमाचल, तिलाचल, कार्पासाचल, घृताचल, रजताचल भनिन्छ ।**

धान्यवान् (वि.) धान्यानि सन्ति अत्र *(धेरै धान्यादि अन्न छन् यहाँ)* धान्य+मतुप् (म), मको व, धान्यवत् =धान्यवान् ।

शब्दार्थ-धेरे अन्न हुने, धेरै धान्यादि पदार्थ हुने वा उब्जने,

धान्यार्थः (ना./पुं.) धान्येन धान्याय अर्थः इति वा *(धान्यले वा धान्यको लागि प्रयोजन)* तृ.त.स./ च.त.स., दीर्घ =धान्यार्थ ।

शब्दार्थ- धान्य प्रयोजन भएको धन ।

---

[१] ण्वुल्तृचौ : तृच्
[२] सितनिगमिमसि... : तुन्
[३] मयड्वैतयो... : मयट्
[४] धः कर्मणि ष्ट्रन् : ष्ट्रन्
[५] प्रहरणम् : ठक्
[६] इसुसुक्तान्तात् कः : क आदेश
[७] दधातेर्यन्नुट्... : यत्, नुडागम
[८] तत्र साधुः : यत्

धाम (ना./न.) दधाति, धीयते इति वा *(पुण्यादि धारण गर्छ वा गरिन्छ)* डुधाञ् धारणपोषणयोः (जुहो.) धातु, धा+मनिन्[1] (मन्), उणा., धामन्= धाम ।

धाम शक्तौ प्रभावे च तेजोमन्दिरजन्मसु- इति विश्वः
गृहदेहत्विट्प्रभावा धामानि- इत्यमरः

शब्दार्थ- शक्ति, प्रभाव, तेज, किरण, पुण्यस्थान, मन्दिर, तीर्थस्थल, जन्म, बस्ने स्थान, गृह, घर, शरीर, देह, कान्ति, शोभा, स्वर्ग, ईश्वरीय स्थल, परमेश्वरको मुख्य धाम ।

द्रष्टव्य- **यद् गत्वा न निवर्तन्ते तद्धाम परमं मम- भ.गी.१५/६**

धारः (वि./ना./पुं.) धारयति, धार्यते इति वा *(धारण गर्छ वा गरिन्छ)* धृञ् धारणे (भ्वा.) धातु, धृ+णिचि, वृद्धि, धारि+अच् (पचादि/एरच्), णिलोप= धार ।

अथवा ध्रियते इति *(धारण गरिन्छ)* धृ+घञ् (अ), वृद्धि =धार ।

शब्दार्थ- धारण गर्ने, लिने, ग्रहण गर्ने, वोक्ने, पानीको प्रवाह वा धार, मुसलधारे वर्षाको प्रवाह ।

धारकः (वि./ना./पुं.) धारयतीति *(धारण गर्छ)* धृञ् धारणे (भ्वा.) धातु, धृ+णिचि+ण्वुल् (अक), वृद्धि, णिलोप=धारक ।

शब्दार्थ- कलश धारण गर्ने, घडा वोक्ने, अवरोध पैदा गर्ने, कलश, घडा ।

धारणम् (ना./न.) धार्यते इति *(धारण गरिन्छ)* धृञ् धारणे (भ्वा.) धातु, धृ+णिचि, वृद्धि, धारि+ल्युट् (अन), णिलोप, णत्व= धारण ।

शब्दार्थ- कुनै वस्तु लिने वा ग्रहण गर्ने काम, लगाउने काम, वस्त्रधारण ।

धारणा (ना./स्त्री.) धारयति, धार्यते इति वा *(धारण गर्छ वा गरिन्छ)* धृञ् धारणे (भ्वा.) धातु, धृ+णिचि, वृद्धि, धारि+युच्[2] (अन), णिलोप, णत्व, धारण+टाप् (आ)= धारणा ।

शब्दार्थ- धारण गर्ने क्रिया वा भाव, दृढनिश्चय, अवधारणा, परिपक्व विचार, कुनै कुरा धारण गर्ने शक्ति, स्मृति, सम्झना ।

धारा (ना./स्त्री.) धार्यते अनया इति *(धारण गरिन्छ यसबाट)* धृञ् धारणे (भ्वा.) धातु, धृ+णिचि, वृद्धि, धारि+अच् (एरच्), णिलोप, धार+टाप् (आ)= धारा ।

शब्दार्थ- जलप्रवाह, पानीको वहावट, जलाधार, घोडाको चाल वा गति, छाँगो, ऐन, नियम र संविधानको दफा ।

धाराधरः (ना./पुं.) धारां धरतीति *(प्रवाह धारण गर्छ)* धारा+धृ+अच् (पचादि), गुण= धाराधर ।

शब्दार्थ- मेघ, जलधर, वारिद, वादल ।

धाराप्रवाहः (ना./पुं.) धाराणां प्रवाहः *(पानीका धाराको प्रवाह)* ष.त.स.= धाराप्रवाह ।

शब्दार्थ- धारा जस्तै निरन्तर बगिरहने क्रिया, अविरल वर्षा ।

धारासम्पातः (ना./पुं.) धाराणां सम्पातः *(पानीको प्रपात)* ष.त.स.= धारासम्पात ।

शब्दार्थ- अविछिन्न वर्षा, मुसलधारे पानीको वर्षा ।

धारावाहिकः/धारावाही (वि.) उह्यते इति *(वहन गरिन्छ)* वह प्रापणे (भ्वा.) धातु, वह्+घञ् (अ), वृद्धि, वाहः । वाहः अस्यास्तीति *(प्रवाह छ यसको)* वाह+ठन् (इक), अकारलोप, वाहिकः । वाह+इनि (इन्), अकारलोप, वाहिन्, वाही । धाराणां वाहिकः/धाराणां वाही *(अविरल धारा वहन गर्ने)* ष.त.स.= धारावाहिक/धारावाही ।

शब्दार्थ- अविरल गतिले वहने (प्रवाह), अविछिन्न-रूपमा चलिरहने वा निस्किरहने, (लेख, प्रकाशन) आदि ।

धारितः (वि.) धार्यते स्म इति *(धारण गरिएको)* धृञ् धारणे (भ्वा.) धातु, धृ+णिचि, वृद्धि, धारि+क्त (त), णिलोप, इडागम= धारित ।

शब्दार्थ-धारण गरिएको, लगाइएको, पहिरिएको, निर्धारित ।

धार्तराष्ट्रः (ना./पुं.) धृतराष्ट्रे सुराज्ञि देशे भवः *(सुराष्ट्र प्रदेशमा भएको)* धृतराष्ट्र+अण्[3] (अ), आदिवृद्धि =धार्तराष्ट्र ।

अथवा धृतराष्ट्रस्य अपत्यम् पुमान् *(धृतराष्ट्रका पुरुष सन्तति)* धृतराष्ट्र+अण् (अ), आदिवृद्धि= धार्तराष्ट्र ।

धृतराष्ट्रः खगे सर्पे सुराज्ञि क्षत्रियान्तरे- इति हैमः

शब्दार्थ- चुच्चो र खुट्टा कालो हुने हाँस, कृष्णसर्प, क्षत्रिय- विशेष, धृतराष्ट्रका छोराहरू, धृतराष्ट्रका सन्तति, कौरव ।

धार्मिकः (वि.) धर्मं चरति, रक्षति, वेत्तीति वा *(धर्मको पालना वा रक्षा गर्छ, धर्म जान्दछ)* धर्म+ठक्[4] (इक), आदिवृद्धि, अकारलोप= धार्मिक ।

शब्दार्थ- धर्म गर्ने, धर्मको पालना गर्ने, धर्मात्मा, धर्ममा आस्था र विश्वास राख्ने, धर्म जान्ने, धर्मसम्बन्धी ।

धार्मिकक्षेत्रम्/धार्मिकस्थलम् (ना./न.) धार्मिकं च तत् क्षेत्रम् वा धार्मिकं च तत् स्थलम् *(धार्मिक क्षेत्र वा स्थल)* क.त.स.= धार्मिकक्षेत्र/धार्मिकस्थल ।

शब्दार्थ- तीर्थस्थल, देवीदेवताको मन्दिर भएको स्थान, धार्मिक स्थान ।

धार्मिकसङ्घर्षः (ना./पुं.) धार्मिकाणां सङ्घर्षः *(भिन्न भिन्न धर्मका अनुयायीहरूको सङ्घर्ष)* ष.त.स.=धार्मिकसङ्घर्ष ।

शब्दार्थ- धार्मिक तथा अधार्मिक व्यक्तिहरूको सङ्घर्ष, परस्पर भिन्न-भिन्न धर्मका अनुयायीहरूबीच हुने सङ्घर्ष, धर्मका लागि हुने सङ्घर्ष ।

---

[1] नामन्सीमन्व्योमन्... : मनिन्

[2] ण्यासश्रन्थो... : युच्

[3] तत्र भवः : अण्

[4] धर्मं चरति/रक्षति/क्रतूक्थादि... : ठक्

धार्यः (वि.) धार्यते, धारयितुं योग्यः वा *(धारण गरिन्छ वा धारण गर्न योग्य)* धृञ् धारणे (भ्वा.) धातु, धृ+णिचि, वृद्धि, धारि+यत् (य), णिलोप= धार्य ।

शब्दार्थ- धारण गर्न योग्य वा लायक, लगाउन योग्य, धारण गर्न सकिने, धारणीय ।

धावकः (ना./पुं./वि.) धावति शीघ्रं गच्छति, वस्त्रं प्रक्षालयतीति वा *(छिटो छिटो दगुर्छ वा कपडा सफा गर्छ)* धावु गतिशुद्धयोः (भ्वा.) धातु, धाव्+ण्वुल्[1] (अक)=धावक ।

शब्दार्थ- लुगा धुने मानिस, धोवी, सन्देशवाहक दूत, दौडने वा कुद्ने, हुलाकी, संवाहक, चाँडो चाँडो हिड्ने ।

धावनम् (ना./न.) धाव्यते इति *(दौडिन्छ वा शुद्ध पारिन्छ)* धावु गतिशुद्धयोः (भ्वा.) धातु, धाव्+ल्युट् (अन) =धावन ।

शब्दार्थ- दौडने काम, धावा, आक्रमण, धुने वा सफा गर्ने काम, सन्देश आदानप्रदान ।

धिक् (अव्य.) धक्कयतीति *(धिक्कार्छ)* धक्क नाशने (चुरा.) धातु, धक्क्+डिक् (इक्), बहुलप्रकारले, टिलोप, ध् इक्= धिक् ।

अथवा दधातीति *(धारण गर्छ)* डुधाञ् धारणपोषणयोः (जुहो.) धातु, धा+डिक् (इक), आकारलोप= धिक् ।

शब्दार्थ- निन्दा, भर्त्सना, तिरस्कार, घृणा आदि वुझाउने अव्यय शब्द, धिक्कार्ने काम, हेला ।

धिक्कारः (ना./पुं.) 'धिक्' इत्यस्य कारः करणम् *(धिक्कार भन्ने काम)* वा 'धिक्' इति शब्दः क्रियते इति वा *(धिक्कार भनिन्छ)* धिक्पूर्वक डुकृञ् करणे (तना.) धातु, धिक्+कृ+घञ् (अ), कृको वृद्धि=धिक्कार ।

शब्दार्थ- अर्कालाई अनादर गर्ने काम, अपमान, अपहेलना, निन्दा, तिरस्कार, धिक्कार्ने काम ।

धिषणः (ना./पुं./वि.) धृष्णोति अनेन *(यसबाट ढिटो हुन्छ)* ञिधृषा प्रागल्भ्ये (स्वा.) धातु, धृष्+क्यु[2] (अन), उणा., प्रकृतिको 'धिष्' आदेश, णत्व=धिषण । अथवा प्रशस्ता धिषणा अस्ति अस्य *(प्रशस्त बुद्धि छ यसको)* धिषण+अच्[3] (अ)= धिषण ।

शब्दार्थ-देवगुरु वृहस्पति, विद्वान्, मनीषी, बुद्धिमान्, ढिटो

धिषणा (ना./स्त्री.) धृष्णोति अनया *(ढिटो बन्छ वा बुद्धि स्फुरण हुन्छ यसबाट)* ञिधृषा प्रागल्भ्ये (स्वा.) धातु, धृष्+क्यु[2] (अन), प्रकृतिको धृष् आदेश, टाप् (आ), णत्व= धिषणा ।

बुद्धिर्मनीषा धिषणा धीप्रज्ञा- इत्यमरः

शब्दार्थ- वुद्धि, प्रज्ञा, मति, वाणी, अक्कल, प्रशंसा, वाक्शक्ति, ढिटोपन ।

धीः (ना./स्त्री.) ध्यायते चिन्त्यते अनया इति *(चिन्तन गर्छ वा गरिन्छ)* ध्यै चिन्तायाम् (भ्वा.) धातु, ध्यै+क्विप्[4], आत्व, सम्प्रसारण[5]बाट यको इ, आलोप, धिको दीर्घ, क्विप्को सर्वलोप= धी ।

धीर्ज्ञानभेदे बुद्धौ च- इति मेदिनी

शब्दार्थ- वुद्धि, प्रज्ञा, मति, अक्कल, विचार, कल्पना, प्रार्थना, चित्त, हृदय, ज्ञान, स्मृति, चिन्तन ।

धीमती (ना./स्त्री.) धीः अस्याः अस्तीति *(बुद्धि छ यस स्त्रीको)* धी+मतुप्[6] (मत्)+ङीप् (ई)= धीमती ।

शब्दार्थ- बुद्धिमती स्त्री, ज्ञानसम्पन्न स्त्री ।

धीमान् (वि./ना./पुं.) धीरस्यास्तीति *(बुद्धि छ यसको)* धी+मतुप् (मत्), धीमत्= धीमान् ।

शब्दार्थ- बुद्धिमान्, ज्ञानवान्, पण्डित, देवगुरु, बृहस्पति ।

धीरः (वि.) दधाति, धीयते इति वा *(धैर्यधारण गर्छ)* डुधाञ् धारणपोषणयोः (जुहो.) धातु, धा+क्रन्[7] (र), उणा., ईत्व[8]= धीर ।

अथवा धियं राति दधातीति *(बुद्धि प्रदान गर्छ)* रा दाने (अदा.) धातु, धी+रा+क (अ), आलोप= धीर ।

अथवा धियं बुद्धिं ईरयति सर्वतः प्रवर्तयति *(बुद्धिलाई सबैतिर प्रेरित गर्छ)* धीपूर्वक ईर् गतौ कम्पने च (अदा.) धातु, धी+ईर्+अच् (पचादि), दीर्घ= धीर ।

शब्दार्थ- चित्त विचलित नहुने, धैर्ययुक्त, दृढ, बुद्धिमान्, चतुर, विनयशील ।

धीरता/धीरत्वम् (ना./स्त्री./न.) धीरस्य भावः *(धीर हुनाको भाव वा अवस्था)* धीर+तल् (त)+टाप् (आ) =धीरता ।

धीर+त्व= धीरत्व ।

शब्दार्थ- धैर्य, धीर हुनाको भाव वा अवस्था, स्थिरता, सहनशीलता, चातुर्य, दृढता ।

धीरप्रशान्तः (वि.) धीरश्चासौ प्रशान्तश्च *(धीर तथा शान्त प्रकृतिको)* क.त.स.= धीरप्रशान्त ।

शब्दार्थ- धैर्ययुक्त तथा शान्त स्वभावको (नायक) ।

धीरललितः (वि.) धीरश्चासौ ललितश्च *(धीर तथा कोमल)* क.त.स.= धीरललित ।

शब्दार्थ- धीर तथा मृदु एवं विलासी स्वभावको (नायक) ।

धीरोदात्तः (वि.) धीरश्चासौ उदात्तश्च *(धीर तथा उदात्त स्वभावको)* धीर+उदात्त, क.त.स., गुण= धीरोदात्त ।

शब्दार्थ- धीर तथा उदार (नायक), दृढप्रतिज्ञ प्रकृतिको (नायक) ।

धीरोद्धतः (वि.) धीरश्चासौ उद्धतश्च *(धीर तथा उद्धत एवम् अविनीत)* धीर+उद्धत, क.त.स., गुण=धीरोद्धत ।

शब्दार्थ- धीर तथा अविनीत प्रकृतिको (नायक), सहनशीलता नभएको (नायक) ।

---

[1] ण्वुल्तृचौ : ण्वुल्

[2] धृषेर्धिषश्च संज्ञायाम् : क्यु, धिष् आदेश

[3] अर्शाद्यच् : अच्

[4] सम्पदादिभ्य... : क्विप्

[5] ध्यायतेः सम्प्रसारणञ्च : सम्प्रसारण

[6] तदस्यास्त्यस्मिन्निति मतुप् : मतुप्

[7] सुसूधाञ्... : क्रन्

[8] घुमास्था... : ईत्व

धीवरः (ना./पुं.) दधाति मत्स्यान् *(माछा ग्रहण गर्छ वा पक्रन्छ)* डुधाञ् धारणपोषणयोः (जुहो.) धातु, धा+ष्वरच्[1] (वर), ईत्व= धीवर ।

शब्दार्थ- माझी, नाउ तार्ने व्यक्ति, माछा मार्ने मलाहा ।

धुनिः/धुनी (ना./स्त्री.) धुनोति वृक्षादीन् *(वृक्ष आदि हल्लाउँछ)* धुञ् कम्पने (स्वा.) धातु, धु+नि (प्रत्यय), वहुलप्रकारले, धुनि+ङीष् (ई), विकल्पले, दीर्घ=धुनी । ङीष्को अभावमा= धुनि ।

शब्दार्थ- ठूलो तरङ्ग उठ्तै वहने नदी, सरित्, किनारका तटहरू भत्काउँदै वेगले वग्ने नदीनाला ।

धुरन्धरः (वि.) धुरं धारयतीति *(भार वहन गर्छ)*धुर उपपद- पूर्वक धृञ् धारणे (भ्वा.) धातु, धुर+धृ+णिचि, वृद्धि, धुर+धारि+खच्[2] (अ), णिलोप, ह्रस्व, मुम्[3], धुरम् धर, परसवर्ण= धुरन्धर ।

शब्दार्थ- रथ आदिको भार वहन गर्ने, उत्तरदायित्व लिने, प्रकाण्ड विद्वान्, ज्यादै जान्ने ।

धूतः (वि.) धूयते स्म इति *(काँपेको)* धूञ् कम्पने (स्वा.) धातु, धू+क्त (त)= धूत ।

शब्दार्थ- हल्लेको, आन्दोलित, कम्पित, काँपेको ।

धूपः (ना./पुं.) धूपयति सुगन्धेन प्रीणयति, धूप्यते इति वा *(सुगन्धले प्रसन्न पार्छ वा रापिन्छ)* धूप सन्तापे (भ्वा.) धातु, धूप्+अच् (पचादि)/घञ् (अ)= धूप ।

शब्दार्थ- धुवाँ, धूम, सुगन्ध, आगोमा धूप हाल्ने सुगन्धित पदार्थ, घामको राप वा ताप ।

धूमः (ना./पुं.) धूनोति, धूनाति, धूनयतीति वा *(हावाले रुमल्छ)* धूञ् कम्पने (स्वा./क्र्या./चुरा.) धातु, धू+मक्[4] (म), उणा.= धूम ।

शब्दार्थ- धुवाँ, कुइरो, हुस्से, वादल ।

धूमकेतुः (ना./पुं.) धूमः धूमाकारः केतुश्चिन्हं यस्य *(धूमाकार चिन्ह छ जसको)* व.स.= धूमकेतु ।

शब्दार्थ- पुच्छ्रेतारो, उल्कापात, आगोको मुस्लो खस्ने वा खसेको तारो, धूम्रकेतु, उत्पातविशेष ।

धूम्रः (ना./पुं.) धूमं रातीति *(धुवाँ दिन्छ वा निस्कन्छ)* धूम उपपदपूर्वक रा दाने (अदा.) धातु, धूम+रा+क (अ), राको आलोप, पृषोदरादिवाट धूमका अकारको लोप =धूम्र ।

शब्दार्थ- धुवाँ, ध्वाँसे रङ्ग, धुवाँको जस्तो रङ्ग, धूम्रवर्ण, शिव

धूम्रलोचनः (वि./ना./पुं.) धूम्रे लोचने यस्य *(ध्वाँसे वा फुस्रो आकारको नयन छ जसको)* व.स.= धूम्रलोचन

शब्दार्थ- फुस्रो आँखा हुने - परेवा, कपोत, शुम्भनामक असुरको सेनापति ।

धूर्तः (वि.) धुर्वति हिनस्तीति *(हिंसा वा छुल्याइँ गर्छ)* धुर्वी हिंसायाम् (भ्वा.) धातु, धुर्व्+तन्[5] (त), उणा., दीर्घ, वलोप= धूर्त । अथवा धूर्व्यते स्म इति *(कपट गरिएको)* धूर्व+क्त (त), वलोप= धूर्त ।

उन्मत्तः कितवो धूर्तः/धूर्तोऽक्षदेवी कितवः/धूर्तस्तु वञ्चकः- इत्यमरः

शब्दार्थ- छट्ट, उन्मत्त, छलछाम गर्ने, जुवाडे, वञ्चक, ठग, कपटी, धोकादिने, जालझेल गर्ने, मायी, धतुरो ।

धूर्तता (ना./स्त्री.) धूर्तस्य भावः *(धूर्त हुनाको भाव वा अवस्था)* धूर्त+तल् (त)+टाप् (आ)= धूर्तता ।

शब्दार्थ- धुर्त्याइँ, छट्टपना, ठगी, कपटीपना, धोकेवाजी, उन्मत्तता ।

धुर्यः (वि.) धुरं वहतीति *(भार वहन गर्छ)* धुर्+यत्[6] (य), अकारलोप= धुर्य ।

शब्दार्थ- दायित्व वहन गर्ने, भारी वोक्न सक्ने ।

धूलिः/धूली (ना./स्त्री.) धुवति, धूयते इति वा *(हल्लन्छ वा छर्छ, छरिन्छ वा धुसरित हुन्छ)* धू विधूनने (तुदा.) धातु, धू+लि, वहुलप्रकारले= धूलि ।

अथवा धूयते इति *(हल्लिन्छ)* धूञ् कम्पने (स्वा./क्र्या.) धातु, धू+क्विप्[7] (सर्वलोप), धूः । धुवा लीयते इति *(धूलोले ढाक्छ)* धू उपपदपूर्वक लीङ् श्लेषणे (दिवा.) धातु, धू+ली+इक्[8] (इ)= धूलि ।

धूलि+ङीष् (ई), विकल्पले= धूली ।

ङीष्को अभावमा= धूलि ।

रेणुर्द्वयोः स्त्रियां धूलिः पांशुर्ना न द्वयो रजः- इत्यमरः

शब्दार्थ- धूलो, गन्ध, चूर्ण, रेणु, रज, क्षितिकण ।

धूसरः (वि./ना./पुं.) धुवति, धूनोति चेतः *(चित्त विकल हुन्छ)* धूञ् कम्पने (स्वा.) वा धू विधूनने (तुदा.) धातु, धू+सर[9] (उणा.)= धूसर ।

अथवा धूस्यते इति *(धुस्रो फुस्रो हुनु)* धूस कान्तिकरणे (चुरा.) धातु, धूस्+णिचि, धूसि+अच् (एरच्), णिलोप, धूसः । धूसं रातीति *(फुस्रोपन ल्याउँछ)* धूस उपपदपूर्वक रा दाने (अदा.) धातु, धूस+रा+क[10] (अ), आलोप= धूसर ।

ईषत्पाण्डुस्तु धूसरः- इत्यमरः

शब्दार्थ- ध्वाँसे, घुरमैलो, फुस्रो, धूलोले फुस्रो भएको, धूलोले अलि अलि सेतो देखिने, उँट, गधा, परेवा ।

धृतः (वि.) ध्रियते स्म इति *(धारण गरिएको)* धृञ् धारणे (भ्वा.) धातु, धृ+क्त (त)= धृत ।

शब्दार्थ- धारण गरिएको, ग्रहण गरिएको, पक्रिएको, लिइएको, ओसिएको ।

धृतराष्ट्रः (ना./पुं.) धृतं राष्ट्रं येन *(राष्ट्र समालेको छ जसले)* व.स.= धृतराष्ट्र ।

शब्दार्थ- राजा शन्तनुका पुत्र, दुर्योधनका पिता, हस्तिनापुरका राजा- धृतराष्ट्र, जो जन्मान्ध थिए ।

---

[1] छित्वरछत्वरधीवर.... : ष्वरच्
[2] संज्ञायां भृतृवृजिधारि... : खच्
[3] अरुर्द्विषत्... : मुम्
[4] इषियुधीन्धिदसिश्या धू... : मक्
[5] हसिमृग्रिण् (वा)... : तन्
[6] धुरो यड्ढकौ : यत्
[7] सम्पदादिभ्य... : क्विप्
[8] इक्कृषादिभ्यः : इक्
[9] कृधूमादिभ्यः कित् : सर, कित्व
[10] आतोऽनुपसर्गे... : क

धृतिः (ना./स्त्री.) ध्रियते इति *(धारण गरिन्छ)* धृञ् धारणे (भ्वा.) धातु, धृ+क्तिन् (ति)= धृति ।

धृतिर्योगविशेषे स्याद्धारणाधैर्ययोः सुखे- इति हैमः

शब्दार्थ- धारण गर्ने काम, ग्रहण गर्ने काम, स्थिरता, धारण, ग्रहण, सोह्र मातृकाहरूमध्ये एक, धैर्य ।

धृष्टः (वि.) धृष्यते स्म इति *(ढिटो बनेको)* ञिधृषा प्रागल्भ्ये (स्वा.) वा धृष प्रसहने (चुरा.) धातु, धृष्+क्त (त), भावमा, ष्टुत्व= धृष्ट ।

शब्दार्थ- ढिटो, विनय वा नम्रता नभएको, अशिष्ट, निर्लज्ज, खराव प्रकृतिको, सम्झाउँदा नसम्झने स्वभावको ।

धृष्टता (ना./स्त्री.) धृष्टस्य भावः *(धृष्ट हुनाको भाव वा अवस्था)* धृष्ट+तल् (त)+टाप् (आ)= धृष्टता ।

शब्दार्थ- अशिष्टता, ढिटोपना, निर्लज्जता ।

धेनुः (ना./स्त्री.) धयति लेडि वत्सान् वा धीयते लिह्यते वत्सैः *(बाछ्रालाई चाट्छ वा बाछ्राहरूद्वारा दूध पान गरिन्छ वा चुसिन्छ)* धेट् पाने (भ्वा.) धातु, आत्व, धा+नु, इत्व, गुण= धेनु ।

धेनुः स्यान्नवसूतिका- इत्यमरः

शब्दार्थ- गाई, भर्खरै बियाएको गाई, लैनुगाई, दुधालु गाई, नवप्रसूता गाई, धरती ।

धेनुकः (ना./पुं.) धेनुरिव प्रतिकृतिः *(गाईकै जस्तो आकृति भएको)* धेनु+कन्[1] (क)= धेनुक ।

शब्दार्थ- गाईको जस्तै आकृति भएको प्राणी, धेनुकासुर नामको दानव ।

धैनुकः (ना./पुं.) धेनूनां समूहः *(गाईको समूह)* धेनु+ठक् (क), आदिवृद्धि, ठक्को 'क' आदेश[2]= धैनुक ।

शब्दार्थ- गाईको समुदाय, गाईको समूह ।

धैर्यम् (ना./न.) धीरस्य भावः कर्म वेति *(धीर हुनाको भाव वा कर्म)* धीर+ष्यञ् (य), आदिवृद्धि, अकारलोप =धैर्य ।

शब्दार्थ- धीरता, धीरत्व, गाम्भीर्य, चित्तको स्थिरता, निश्चलता, शान्ति ।

धैर्यगुणः (ना./पुं.) धैर्यमेव गुणः *(धैर्य नै गुण)* म.व्य.स. =धैर्यगुण ।

शब्दार्थ- धीरतारूपी गुण, धैर्य धारणको क्षमतारूप गुण, विपत्ति वा सङ्कटको समयमा पनि विचलित नहुने मानसिक स्थिति ।

धौतः (वि.) धाव्यते स्म इति *(धोइएको)* धावु गतिशुद्ध्योः (भ्वा.) धातु, धाव्+क्त (त), धाव्का वको ऊठ्, धा ऊत, वृद्धि= धौत ।

शब्दार्थ- धोएको, सफा गरेको, पखालेको, चम्किलो, शुद्ध, पवित्र, चोखो, प्रशोधित ।

धौरेयः (वि.) धुरं वहतीति *(दायित्व वा भार वहन गर्छ)* धुर्+ढक्[3] (एय), आदिवृद्धि= धौरेय ।

शब्दार्थ- भारी बोक्नसक्ने वा लायक, जोत्न लायक, दाउन लायक, नेता, जनावर, उत्तरदायित्व वहन गर्ने ।

ध्यातः (वि.) ध्यायते स्म इति *(ध्यान गरिएको)* ध्यै चिन्तायाम् (भ्वा.) धातु, ध्यै+क्त (त), आत्व, नत्वाभाव =ध्यात ।

शब्दार्थ- ध्यान गरिएको, कसैको स्वरूपको चिन्तन गरिएको, विचार गरिएको, ध्यानमा निमग्न भएको

ध्याता (वि.) ध्यायतीति *(ध्यान गर्छ)* ध्यै चिन्तायाम् (भ्वा.) धातु, ध्यै+तृच् (तृ), आत्व, ध्यातृ= ध्याता ।

शब्दार्थ- ध्यान गर्ने, चिन्तन गर्ने, विचार गर्ने ।

ध्यानम् (ना./न.) ध्यायते इति *(ध्यान गरिन्छ)* ध्यै चिन्तायाम् (भ्वा.) धातु, ध्यै+ल्युट् (अन), आत्व, दीर्घ =ध्यान ।

शब्दार्थ- ध्येय पदार्थका स्वरूपको चिन्तन, ध्यान गर्ने काम, मनमा ध्येय वस्तुलाई समावेश गर्ने काम ।

द्रष्टव्य- **तत्र प्रत्ययैकतानता ध्यानम्- पा.यो.द. ३/२**

ज्ञानाद् ध्यानं विशिष्यते- भ.गी. १२/१२

ध्यानगम्यम् (वि.) ध्यानेन गम्यम् *(ध्यानद्वारा पाउन सकिने)* तृ.त.स.= ध्यानगम्य ।

शब्दार्थ- ध्यानद्वारा पाउन सकिने ।

ध्याननिष्ठः (वि.) ध्याने निष्ठा यस्य *(ध्यानमा निष्ठा छ जसको)* ब.स., पुंवद्भाव= ध्याननिष्ठ ।

शब्दार्थ- ध्यानमा तल्लीन, ध्यानमा लागिरहने, ध्यानमा निमग्न, ध्यानमग्न ।

ध्यानयोगः (ना./पुं.) ध्यानमेव योगः *(ध्यानरूप योग)* म.व्य.स.= ध्यानयोग ।

शब्दार्थ- ध्यानरूपी योग, ध्यान नै योग ।

ध्यानस्थः (वि.) ध्याने तिष्ठतीति *(ध्यानमा रहन्छ)* ध्यान उपपदपूर्वक ष्ठा गतिनिवृत्तौ (भ्वा.) धातु, ध्यान+स्था +क[4] (अ), आकारलोप= ध्यानस्थ ।

शब्दार्थ-ध्यानमा रहने, ध्यानमा निमग्न, ध्यानमा तल्लीन ।

ध्यानवान्/ध्यानी (वि.) ध्यानमस्यास्तीति *(ध्यानमा मग्न रहने एकाग्रता छ जसको)* ध्यान+मतुप् (मत्), मको व= ध्यानवान् ।

ध्यान+इनि (इन्), अकारलोप, ध्यानिन्= ध्यानी ।

शब्दार्थ- ध्यान गर्ने, कसैको स्वरूपको चिन्तन गर्ने, एकचित्त भई विचार गर्ने ।

ध्यानाकर्षणम् (ना./न.) ध्याने आकर्षणम् *(ध्यानमा आकर्षण)* स.त.स., दीर्घ= ध्यानाकर्षण ।

शब्दार्थ- ध्यानप्रति आकर्षण, ध्यान लगाउने काम, ध्यानतिर मन या चित्त खिच्ने काम ।

ध्येयः (वि./ना./न.) ध्यायते, ध्यातुं योग्यमिति वा *(ध्यान गरिन्छ वा ध्यान गर्न योग्य)* ध्यै चिन्तायाम् (भ्वा.) धातु, ध्यै+यत् (य), आत्व, ईत्व, गुण= ध्येय ।

शब्दार्थ- ध्यान गनुपर्ने, ध्यान गर्न लायक, चिन्तनीय, उद्देश्य, अभिप्राय ।

---

[1] इवे प्रतिकृतौ : कन्

[2] इसुसुक्तान्तात्... : क

[3] घुरो यड्ढकौ : ढक्

[4] आतोऽनुपसर्गे... : क

ध्रुवः (वि./ना./पुं.) ध्रुवति स्थिरः भवतीति *(सधैं निश्चल रहन्छ)* ध्रु गतिस्थैर्ययोः (तुदा.) वा ध्रु स्थैर्ये (भ्वा.) धातु, ध्रु+क[1] (अ), उवङ् आदेश= ध्रुव ।

ध्रुवः शङ्कौ हरे विष्णौ वटे चोत्तानपादजे
वसुयोगभिदोः पुंसि क्लीवं निश्चिततर्कयोः- इति मेदिनी

शब्दार्थ- स्थिर, शाश्वत, निरन्तर, नित्य, निश्चल, अटल, निश्चित, संशयरहित, निश्चय लिएको, विष्णु, वसु, हरि, किलो, तर्क, योगको प्रकार, राजा उत्तानपादका पुत्र- जसले भगवान् वासुदेवको कठोर तपस्या गरी अटल ध्रुवपद प्राप्त गरे ।

ध्रुवदर्शनम् (ना./न.) ध्रुवस्य दर्शनम् *(ध्रुवताराको दर्शन)* ष.त.स.= ध्रुवदर्शन ।

शब्दार्थ- विवाहको यज्ञमा वरले वधूलाई ध्रुवतारा देखाउने एक प्रचलन वा परम्परा ।

ध्वजः (ना./पुं./न.) ध्वजति उन्नतः भवति *(अग्लो भएर फरफराउँछ)* ध्वज गतौ (भ्वा.) धातु, ध्वज्+अच् (पचादि)= ध्वज ।

केतनं ध्वजमस्त्रियाम्- इत्यमरः
ध्वजः पूर्वदिशो गृहे ।
शिस्ने चिन्हे पताकायां खट्वाङ्गे शौण्डिकेऽपि च- इति हैमः

शब्दार्थ- ध्वजा, पताका, झण्डा, बाँस वा अन्य काठको वा धातुको लिङ्गोको टुप्पामा झुण्डयाएर राखिने चित्र अङ्कित कपडा, चिन्ह, लिङ्ग, घरको पूर्वदिशा ।

ध्वजा (ना./स्त्री.) ध्वजति असौ *(फरफराउँछ यो)* ध्वज गतौ (भ्वा.) धातु, ध्वज्+अच् (पचादि), टाप् (आ) =ध्वजा ।

शब्दार्थ- ध्वजा, झण्डा, पताका, चिन्ह ।

ध्वजोत्तोलनम् (ना./न.) ध्वजस्य ध्वजायाः वा उत्तोलनम् *(ध्वजाको उत्तोलन)* ध्वजा+उत्तोलन, ष.त.स., गुण =ध्वजोत्तोलन ।

शब्दार्थ- झण्डा गाड्ने काम, ध्वजा फर्फराउने कार्य ।

ध्वनः (ना./पुं.) ध्वननम्, ध्वन्यते इति *(शब्द गर्नु)* ध्वन शब्दे (भ्वा.) धातु, ध्वन्+ अप् (अ) बहुलप्रकारले =ध्वन ।

शब्दार्थ- आवाज, शब्द, ध्वनि ।

ध्वनिः (ना./पुं.) ध्वननम्, ध्वन्यते इति वा *(शब्द गर्नु)* ध्वन शब्दे (भ्वा./चुरा.) धातु, ध्वन्+इ[2] (उणा.)= ध्वनि ।

शब्दार्थ- शब्द, आवाज, नाद, ध्वनिशास्त्र, वाच्यार्थभन्दा व्यङ्ग्यार्थ चमत्कारपूर्ण हुने काव्य, प्रतिध्वनि ।

ध्वनिकाव्यम् (ना./न.) ध्वनिप्रधानञ्च तत् काव्यञ्च *(ध्वनि मुख्य हुने काव्य)* क.त.स., उ.प.लोप =ध्वनिकाव्य ।

शब्दार्थ- व्यङ्ग्य अर्थ मुख्य हुने काव्य, वाच्यार्थभन्दा व्यङ्ग्यार्थ प्रमुख हुने काव्य, उत्तमकाव्य ।

ध्वनितः (वि.) ध्वन्यते स्म इति *(शब्द गरिएको)* ध्वन शब्दे (भ्वा./चुरा.) धातु, ध्वन्+क्त (त), इडागम =ध्वनित ।

शब्दार्थ- शब्द गरिएको, आवाज निकालिएको, नाद निस्केको, ध्वनि निस्केको ।

उदा. **चारै वेद ध्वनित गरियो बाट सप्तर्षितारा- य.श.६/७५**

ध्वनियन्त्रम् (ना./न.) ध्वनेर्यन्त्रम् *(ध्वनिको मापन गर्ने यन्त्र)* ष.त.स.= ध्वनियन्त्र ।

शब्दार्थ- स्वर नाप्ने यन्त्र, ध्वनि उच्चारण गर्दा प्रयोगमा आउने यन्त्र ।

ध्वनिविकारः (ना./पुं.) ध्वनेः विकारः *(ध्वनिको विकार)* ष.त.स.= ध्वनिविकार ।

शब्दार्थ-शोक, भय आदिवाट पैदा हुने शव्दविकृति, काकु ।

ध्वन्यात्मकः (वि.) ध्वनिः आत्मा यस्य *(ध्वनि मुख्य छ जसको)* ब.स., यण्, ध्वन्यात्मन्+कप् (समासान्त) =ध्वन्यात्मक ।

शब्दार्थ- ध्वनि मुख्य हुने, ध्वनि प्रमुख हुने ।

ध्वंसः/ध्वंसनम् (ना./पुं./न.) ध्वंसनम्, ध्वस्यते इति वा *(नाश हुनु)* ध्वंसु अवस्रसने गतौ च (भ्वा.) धातु, ध्वंस+घञ् (अ)= ध्वंस ।

ध्वंस+ल्युट् (अन), भावमा= ध्वंसन ।

शब्दार्थ- नाश, विनाश, अधःपतन, हानि, गमन, सर्वनाश ।

ध्वस्तः (वि.) ध्वस्यते स्म इति *(नाश भएको)* ध्वंसु अवस्रंसने (भ्वा.) धातु, ध्वंस्+क्त (त), अनुनासिक नलोप, इडाभाव= ध्वस्त ।

शब्दार्थ- नष्ट भएको, बिग्रेको, नष्टभ्रष्ट, विनष्ट, गलित, खसेको, विनाश भएको ।

ध्वानः (ना./पुं.) ध्वन्यते इति *(शब्द निकालिन्छ)* ध्वन शब्दे (भ्वा./चुरा.) धातु, ध्वन्+घञ्[3] (अ),वृद्धि=ध्वान ।

शब्दार्थ-शब्द, आवाज, नाद, निनाद, ध्वनि, गुञ्जन, घर्घर

ध्वान्तम् (ना./न.) ध्वन्यते स्म इति *(अन्धकारले छाएको)* ध्वन शब्दे (भ्वा./चुरा.) धातु, ध्वन्+क्त(त), इडाभाव[4], आत्व, निपातन= ध्वान्त ।

अन्धकारोऽस्त्रियां ध्वान्तं तमिस्रं तिमिरं तमः- इत्यमरः

शब्दार्थ- अन्धकार, निसपट्ट अँध्यारो, गाढा अँध्यारो, तम ।

---

[1] इगुपधज्ञा...: क

[2] खनिकष्यज्यसिवसि.... : इ

[3] भावे : घञ्

[4] क्षुब्धस्वान्तध्वान्त... : इडाभाव, आत्वनिपातन

न

नः (अव्य./ना./पुं.) नह्यते, नश्यते इति वा *(बाँधिनु वा नाशिनु)* णह बन्धने वा णश अदर्शने (दिवा.) धातु, नह्/नश्+ड[1] (अ), टिलोप= न ।

अथवा नमति नयतीति *(स्तुति गर्छ/लैजान्छ)* णम प्रह्वत्वे शब्दे च वा णीञ् प्रापणे (भ्वा.) धातु, नम्/नी+ड (अ), टिलोप= न ।

परिचय- देवनागरी वर्णमालाको बीसौं व्यञ्जनवर्ण, दन्तस्थानीय अनुनासिक ध्वनि, स्पर्शसंज्ञक सघोष अल्पप्राण अक्षर वा ध्वनि ।

- निषेध, अभाव, आदि अर्थ बुझाउँदा क्रिया-विशेषण तथा संयोजक आदिका रूपमा प्रयुक्त हुने वर्ण ।

नेता नश्च समाख्यातस्तरणौ नः प्रकीर्तितः

नः शब्दः स्वागते बन्धौ वृक्षे सूर्ये च कीर्तितः- एकाक्षरकोशः

नः पुमान् सुगते बन्धे द्विरण्डे प्रस्तुतेऽपि च- इति मेदिनी

शब्दार्थ- निषेध, अभाव, बन्धन, बुद्ध, सुगत, प्रस्तुत, स्तुति, रत्न, नेता, सूर्य ।

नकारः (ना./पुं.) 'न' यस्तो वर्णनिर्देशनमा 'न' प्रातिपदिकबाट न+कार[2]= नकार ।

शब्दार्थ- नध्वनि, नवर्ण, तवर्गको पाँचौ अक्षर, निषेध ।

नकुलः (वि./ना./पुं.) नास्ति कुलं यस्य *(जसको कुल वा वंश छैन)* न.त.स., नलोपाभाव[3] निपातन= नकुल ।

सत्त्वैः सत्त्वा हि जीवन्ति दुर्बलैर्बलवत्तरः ।

नकुलो मूषिकानत्ति विडालो नकुलांस्तथा- नीतिवचनम्

शब्दार्थ- वंशरहित, कुल नभएको, शिव, युधिष्ठिरका एउटा भाइ, न्याउरीमुसो ।

नक्तम् (अव्य.) नज्जतीति *(लजाउँछ)* ओनस्जी व्रीडे (चुरा.) धातु, नस्ज+तमु (त), उणा., सलोप, कुत्व =नक्त ।

शब्दार्थ-रात, रजनी, रात्रि, निशा, सन्ध्याकालको समय ।

नक्तन्दिवम् (ना./न./अव्य.) नक्तञ्च दिवा च *(रात दिन)* द्व.स., अच् समासान्त[4]= नक्तन्दिव ।

शब्दार्थ- रात र दिन, रातदिन ।

नक्षत्रम् (ना./न.) न क्षदते न हिनस्तीति *(विनाश हुँदैन)* हिंसार्थक सौत्र क्षद् धातु न+क्षद्+ष्ट्रन्[5] (त्र), उणा. =नक्षत्र ।

अथवा क्षरतीति *(सञ्चलन हुन्छ)* क्षर सञ्चलने (भ्वा.) धातु, क्षर्+ष्ट्रन् (त्र), उणा., रलोप निपातन, क्षत्रम् । न क्षत्रम्, न.त.स., नलोपाभाव-निपातन[3] =नक्षत्र ।

अथवा नक्षति शोभां प्राप्नोति वा स्थानान्तरं गच्छति *(शोभा प्राप्त गर्छ वा एक ठाउँबाट अर्को ठाउँमा जान्छ)* णक्ष गतौ (भ्वा.) धातु, नक्ष+अत्रन्[6] (अत्र), उणा= नक्षत्र ।

नक्षत्रमृक्षं भं तारा तारकाप्युडु वा स्त्रियाम्- इत्यमरः

शब्दार्थ- तारा, ऋक्ष, तारका, सत्ताईस नक्षत्रहरूको समूह, ग्रह, मोती ।

नक्षत्रगणः (ना./पुं.) नक्षत्राणां गणः *(नक्षत्रहरूको समूह)* ष.त.स.= नक्षत्रगण ।

शब्दार्थ- नक्षत्रहरूको समुदाय, नक्षत्रवृन्द, नक्षत्रमण्डल ।

नक्षत्रचक्रम् (ना./न.) नक्षत्राणां चक्रम् *(नक्षत्रहरूको चक्र)* ष.त.स.= नक्षत्रचक्र ।

शब्दार्थ-नक्षत्रमण्डल, राशिचक्र, सत्ताईस नक्षत्रको समूह ।

नक्षत्रमाला (ना./स्त्री.) नक्षत्राणां माला *(नक्षत्रहरूको समूह)* ष.त.स.= नक्षत्रमाला ।

अथवा नक्षत्रसङ्ख्यिका चासौ माला च *(नक्षत्रकै सङ्ख्याको माला)* क.त.स., उ.प.लोप= नक्षत्रमाला ।

शब्दार्थ- नक्षत्रगण, नक्षत्रहरूको समूह वा समुदाय, सत्ताईसवटा मोतीको हार, मुक्तावलि ।

नखः (ना./पुं.) न खनतीति *(भेदन गर्न सक्तैन)* खनु अवदारणे (भ्वा.) धातु, न+खन्+ड (अ), टिलोप=नख ।

अथवा नह्यते इव शरीरे *(शरीरमा बाँधिएझैं रहन्छ)* णह बन्धने (दिवा.) धातु, नह्+ख[7] (उणा.), हकारलोप =नख ।

अथवा न खं यस्य *(जसको शून्यत्व छैन)* न.त.स., नलोपाभाव निपातन[3]= नख ।

पुनर्भवः कररुहो नखोऽस्त्री नखरोऽस्त्रियाम्- इत्यमरः

शब्दार्थ- नङ, नङ्ग्रा, कररुह, हात तथा गोडाका नङ, बीसको सङ्ख्या (ज्योतिषशास्त्रअनुसार), भाग, अंश ।

नखक्षतम् (ना./न.) नखैः क्षतम् *(नङद्वारा हुने घाउ)* तृ.त.स.= नखक्षत ।

शब्दार्थ- नङ गडेर लागेको घाउ वा चिन्ह, नङको डाम ।

नखच्छेदनम् (ना./न.) नखानां छेदनम् *(नङको छेदन)* ष.त.स., तुक्, श्चुत्व= नखच्छेदन ।

शब्दार्थ- नङ काट्ने काम, नङ छेदन गर्ने काम ।

नखप्रभा (ना./स्त्री.) नखानां प्रभा *(नङको कान्ति)* ष.त.स.= नखप्रभा ।

शब्दार्थ- नङको कान्ति, नङको प्रभा, नङको सौन्दर्य ।

नखभिन्नः (वि.) नखैर्भिन्न *(नङद्वारा फोरिएको)* तृ.त.स. =नखभिन्न ।

शब्दार्थ- नङले छेदन गरिएको, नङले फोरिएको ।

---

[1] अन्येष्वपि दृश्यते : ड

[2] वर्णात्कारः : कार

[3] नभ्रानपान्नवेदा.. : नलोपाभाव निपातन

[4] अचतुरविचतुर... : अच् समासान्त

[5] सर्वधातुभ्य... : ष्ट्रन्

[6] अमिनक्षियजि... : अत्रन्

[7] नहेर्हलोपश्च : ख, हलोप

नखायुधः (ना./पुं.) नखमेव आयुधं यस्य सः *(नङ नै हतियार छ जसको)* ब.स., दीर्घ= नखायुध ।

शब्दार्थ- नङ वा नङ्ग्रा हतियार हुने- बाघ, सिंह, चितुवा, स्याल, बिरालो आदि ।

नखी (ना./पुं.) नखमस्यास्तीति *(नङ छ यसको)* नख+इनि (इन्), नखिन्= नखी ।

शब्दार्थ- नङ्ग्रा हुने जनावर आदि, नङ हुने सिंह, वाघ, विरालो ।

नगः (ना./पुं.) न गच्छतीति *(चल्दैन)* नञ्पूर्वक गम्लृ गतौ (भ्वा.) धातु, न+गम्+ड[1] (अ), टिलोप= नग ।

नगो महिरुहे शैले भास्करे पवनाशने- अ.को.(रामाश्रमी.)

शब्दार्थ- वृक्ष, पहाड, पर्वत, सूर्य, अजिङ्गर, सातको सङ्ख्या (ज्योतिष शास्त्रअनुसार) ।

नगरम् (ना./न.) नगाः इव प्रासादाः सन्ति अस्मिन्निति *(रूख वा पर्वतझैं अग्ला भवन वा दरवार छन् जहाँ)* नग+र[2]= नगर ।

शब्दार्थ- समृद्ध व्यक्तिहरूको वस्ती, सहर, पुर, नगर, पुरी, पत्तन ।

नगरपालिका (ना./स्त्री.) नगरस्य पालिका *(नगरको संरक्षक)* ष.त.स.= नगरपालिका ।

अथवा नगरं पालयति संरक्षयतीति *(नगरको पालना वा संरक्षण गर्छ)* पाल रक्षणे (चुरा.) धातु, नगर+पाल्+णिचि+ण्वुल् (अक), नगरपालक+टाप् (आ), ककारपूर्वका अकारको इत्व= नगरपालिका ।

शब्दार्थ- नगरको संरक्षण गर्ने निकाय, नगरको शिक्षा, स्वास्थ्य, सरसफाइ आदि कुरामा नगरको देखभाल र विकास गर्ने संस्था ।

नगण्यः (वि.) न गण्यते, न गणयितुं योग्यः वा *(गणना गरिदैन वा गणना गर्न योग्य हुँदैन)* नञ्पूर्वक गण सङ्ख्याने अदन्त (चुरा.) धातु, न+गण+यत्[3] (य)= नगण्य ।

शब्दार्थ- गणना गर्न नमिल्ने, गणना गर्न अयोग्य, गणना गर्न लायक नहुने, तुच्छ, अल्प, थोरै ।

नगरपिता/नगरप्रमुखः (ना./पुं.) नगरस्य पिता/नगरस्य प्रमुखः *(नगरको पिता तथा प्रमुख)* ष.त.स. =नगरपिता/नगरप्रमुख ।

शब्दार्थ- नगरको मुख्य मान्छे, नगरपालिकाको प्रमुख, नगरको संरक्षक, मेयर ।

नगरवधूः (ना./स्त्री.) नगराणां वध्वः *(नगरका युवतीहरू)* ष.त.स.= नगरवधू ।

शब्दार्थ- नगरका युवतीहरू, सहरका सुन्दरीहरू, सहरका नारीहरू ।

नगरवासः (ना./पुं.) नगरे नगरस्य वा वासः *(नगरमा वा नगरको बसोवास)* स.त.स./ष.त.स.= नगरवास ।

शब्दार्थ- सहरको बसोवास, सहरमा निवास गर्ने काम ।

नगरवासी (वि.) नगरे वसतीति *(सहरमा बस्छ)* नगर उपपदपूर्वक वस निवासे (भ्वा.) धातु, नगर+वस्+णिनि (इन्), वृद्धि, नगरवासिन्= नगरवासी ।

शब्दार्थ- नगर वा सहरमा निवास गर्ने, सहरवासी ।

नगरी (ना./स्त्री.) नगाः इव प्रासादाः सन्ति अस्याम् *(रूख वा पर्वतझैं अग्ला दरवार छन् यसमा)* नग+र, नगर । नगर+ङीष् (ई)= नगरी ।

शब्दार्थ- पुरी, नगरी, सहर ।

नगाधिपः/नगाधिराजः (ना./पुं.) नगानां नगेषु वा अधिपः /नगानां नगेषु वा अधिराजः *(पर्वतहरूका स्वामी वा अधिपति)* ष.त.स., स.त.स. दीर्घ, नगाधिप/ नगाधिराज ।

शब्दार्थ- प्रमुखपर्वत, पर्वतराज, हिमालय, सुमेरुपर्वत ।

नगेन्द्रः (ना./पुं.) नगानां नगेषु वा इन्द्रः *(पर्वतका इन्द्र वा स्वामी)* ष.त.स., स.त.स. गुण= नगेन्द्र ।

शब्दार्थ- पर्वतराज हिमालय, नगाधिपति ।

नग्नः (वि.) नज्जते स्म इति *(लजाएको)* ओनस्जी व्रीडायाम् (तुदा.) धातु, नस्ज+क्त[4] (त), संज्ञा र कर्तामा, सलोप, कुत्व, निष्ठा तको न= नग्न ।

शब्दार्थ- नाङ्गो, शरीरमा कपडा नभएको, वस्त्ररहित, निर्वस्त्र, भिक्षुक, दिगम्वर (वावा) ।

नग्नता (ना./स्त्री.) नग्नस्य भावः कर्म वेति *(नग्न हुनाको भाव वा अवस्था)* नग्न+तल् (त)+टाप् (आ) =नग्नता ।

शब्दार्थ- नाङ्गोपना, निर्वस्त्रता, निर्लज्जता ।

नग्ननृत्यम् (ना./न.) नग्नं च तत् नृत्यम् *(नग्न नाच)* क.त.स.= नग्ननृत्य ।

शब्दार्थ- नाङ्गो नाच, नाङ्गो नृत्य ।

नग्ना (ना./स्त्री.) नजते स्म असौ *(लजाउँछे यो)* ओनजी व्रीडे धातु, (अ.को.रामश्रमी), नज्+क्त (त), कर्तामा, कुत्व, निष्ठा तको न, नग्नः ।

नग्न+टाप् (आ)= नग्ना ।

शब्दार्थ- नाङ्गी स्त्री, निर्वस्त्र आइमाई, निर्लज्ज आइमाई ।

द्रष्टव्य- **न नग्नां स्त्रियमीक्षेत पुरुषं वा कदाचन- कुर्म.पु.अ. १५, (श.क.द्रुबाट)**

नटः (ना./पुं.) नटति नृत्यतीति *(नाच्छ)* णट नृत्तौ (भ्वा.) धातु, णको न, नट्+अच् (पचादि)= नट ।

अथवा नमतीति *(झुक्छ)* णम प्रहत्वे शब्दे च (भ्वा.) धातु, नम्+अटच्[5] (अट), टिलोप, न् अट= नट ।

शब्दार्थ- नटुवा, नर्तक, नाच्ने व्यक्ति, अभिनय गर्ने व्यक्ति, अभिनेता ।

नटराजः (ना./पुं.) नटानां राजा *(नटुवाहरूको राजा)* ष.त.स., नटराजन्, समासान्त टच्[6], टिलोप=नटराज ।

शब्दार्थ- नर्तकहरूका राजा, भगवान् शिव, कृष्ण, नृत्यकलामा दक्षव्यक्ति ।

---

[1] अन्येष्वपि दृश्यते : ड

[2] नगपांसुपाण्डुभ्यश्च (वा.) : र (प्रत्यय)

[3] अचो यत् : यत्

[4] क्तिच्क्तौ च संज्ञायाम् : क्त

[5] जनिदाच्युसृवृ... : अटच्

[6] राजाहः सखिभ्य...: टच्

नटी (ना./स्त्री.) नटति नृत्यति असौ *(नाच्छे यो स्त्री)* णट नृत्तौ (भ्वा.) धातु, नट्+अच् (पचादि), नटः । नट+ङीष्[1] (ई)= नटी । वा नटस्य स्त्री *(नटकी पत्नी)* नट+ङीष् (ई)= नटी ।

शब्दार्थ- नर्तकी, नृत्याङ्गना, नाच्ने आइमाई, नृत्य गर्ने स्त्री, अभिनय गर्ने स्त्री, नटुवी, नर्तककी पत्नी ।

नटेश्वरः (ना./पुं.) नटानामीश्वरः *(नटुवाका स्वामी)* नट+ईश्वर, ष.त.स., गुण= नटेश्वर ।

शब्दार्थ- शिव, महादेव ।

नडः (ना./पुं.) नलति गन्धं प्रवहति *(गन्ध बहन्छ)* णल गन्धे वन्धने च (भ्वा.) धातु, णको न, नल+अच् (पचादि), लको डत्व, ड र लको (अभेदसम्वन्ध हुँदा) =नड ।

शब्दार्थ- नर्कट, जलतृण ।

नड्वलः (ना./पुं.) नडाः सन्ति अस्मिन् *(नर्कट छन् यसमा)* नड्+ड्वलच्[2] (वल), अकारलोप= नड्वल ।

शब्दार्थ- नर्कटै नर्कटले भरिएको ठाउँ, नर्कट तथा ढोडेको वन ।

नड्वान् (ना./पुं.) नडाः सन्ति अस्मिन् *(धेरै नर्कट छन् यसमा)* नड+ड्मतुप्[3] (मत्), मको व[4], अकारलोप, नड्वत्= नड्वान् ।

शब्दार्थ- नर्कट धेरै हुने ठाउँ, प्रशस्त नर्कट हुने स्थान ।

नतः (वि.) नमति स्म इति *(नमस्कार गरेको)* णम प्रहत्वे शब्दे च (भ्वा.) धातु, णको न, नम्+क्त[5] (त), कर्तामा, अनुनासिक लोप= नत ।

शब्दार्थ- झुकेको, नम्र भएको, नुहेको, विनम्र, विनीत, प्रणत, टेढिएको, कुटिल ।

नतमस्तकः (वि.) नतं मस्तकं यस्य *(झुकेको छ शिर जसको)* व.स.= नतमस्तक ।

शब्दार्थ- मान्यजनलाई प्रणाम गरेको, लाजले भुतुक्क भएको, शिर निहुराएको, शिर झुकाएको ।

नताङ्गः (वि.) नतम् अङ्गं यस्य *(झुकेको छ शरीर जसको)* व.स., दीर्घ= नताङ्ग ।

शब्दार्थ- शरीर झुकाएको, निहुरेको, प्रणाम गरेको ।

नताङ्गी (ना./स्त्री.) नतमङ्गं यस्याः *(झुकेको छ अङ्ग जुन स्त्रीको)* व.स., दीर्घ, नताङ्ग+ङीष् (ई)= नताङ्गी ।

शब्दार्थ- शरीर झुकेकी युवती, निहुरेकी नारी, झुकेर प्रणाम गरेकी स्त्री ।

नतिः (ना./स्त्री.) नमनम्, नम्यते इति वा *(नमस्कार गरिन्छ)* णम प्रहत्वे शब्दे च (भ्वा.) धातु, नम्+क्तिन् (ति), अनुनासिक मलोप= नति ।

शब्दार्थ- शिर निहुराउने काम, झुक्ने काम, नम्रता, विनय, प्रणाम, वक्रता, नमस्कार ।

नदः (ना./पुं.) नदति जलप्रवाहवेगेन शब्दं करोति *(जल प्रवाहको वेगले शब्द गर्छ)* णद अव्यक्ते शब्दे (भ्वा.) वा णद भाषार्थे (चुरा.) धातु, णद्को नत्व, नद्+अच् (पचादि)= नद ।

शब्दार्थ- ठूलो खोलो, ठूलो नद (जस्तै- शोणनद), जलप्रवाह, समुद्र, स्तुति गर्ने काम ।

नदी (ना./स्त्री.) नदति जलप्रवाहवेगेन शव्दं करोति असौ *(जलप्रवाहको वेगले शब्द गर्छ यो)* णद अव्यक्ते शव्दे (भ्वा.) वा णद भाषार्थे (चुरा.) धातु, णद्को नत्व, नद्+अच् (पचादि), नदः ।

नद+ङीप् (ई) (पचादिगणमा नदट् निर्देशन हुँदा)=नदी

शब्दार्थ- सरित्, तरङ्गिणी, आपगा, कुनै पहाड, पर्वत हिमाल आदिवाट निस्केर साना खोलाहरू मिसिदै ठूलो वनेको जलप्रवाह (जस्तैः कोसी नदी, गण्डकी नदी आदि) ।

नन्दः (ना./पुं.) नन्दतीति *(समृद्धि प्राप्त गर्छ वा आनन्द विभोर हुन्छ)* टुनदि समृद्धौ (भ्वा.) धातु, नुम्, नन्द्+ अच् (पचादि)/घञ् (अ)= नन्द ।

आनन्दो नन्दनो नन्दः- वि.स.ना.६९

शब्दार्थ- विष्णु, श्रीकृष्ण, श्रीकृष्णका पीता एक गोपाल, आनन्द, सुखसमृद्धि ।

नन्दकः (ना./पुं./वि.) नन्दयतीति *(आनन्द वा समृद्धि प्राप्त गर्छ)* टुनदि समृद्धौ (भ्वा.) धातु, नुम्, नन्द्+ णिचि+ण्वुल् (अक), णिलोप= नन्दक ।

शब्दार्थ- भगवान् विष्णुको खड्ग, आनन्द प्रदान गर्ने, सन्तोष दिने ।

नन्दनः (ना./पुं./न.)नन्दयति अनेन *(आनन्द दिन्छ यसले)* टुनदि समृद्धौ (भ्वा.) धातु, नुम्, नन्द्+णिचि+ ल्यु[6]/ल्युट् (अन) =नन्दन ।

नन्दनस्तु तनये हर्षकारिणि- इति हैमः

शब्दार्थ- पुत्र, तनय, आनन्द दिने काम, प्रसन्न पार्ने काम, सन्तोष, स्वर्गको नन्दन वन, बगैंचा, इन्द्रको फुलवारी ।

नन्दात्मजः (ना./पुं.) नन्दस्य आत्मजः *(नन्दका पुत्र)* ष.त.स., दीर्घ= नन्दात्मज ।

शब्दार्थ- नन्दका पुत्र श्रीकृष्ण ।

नन्दिः (ना./पुं.) नन्दते इति *(समृद्धि प्राप्त गर्छ वा आनन्द दिन्छ)* टुनदि समृद्धौ (भ्वा.) धातु, नन्द+इन्[7] (इ), उणा.= नन्दि ।

नन्दिर्वृताङ्ग आनन्देऽस्त्री नन्दिकेश्वरे पुमान्- इति मेदिनी

शब्दार्थ- शिवको वाहन, नन्दिकेश्वर, प्रसन्नता, आनन्द, हर्ष, विष्णु, शिव ।

नन्दिनी (ना./स्त्री.) अवश्यं नन्दयति असौ *(अवश्य आनन्द दिन्छे यो)* टुनदि समृद्धौ (भ्वा.) धातु, नन्द्+ णिचि+णिनि[8] (इन्), णिलोप, नन्दिन् । नन्दिन्+ ङीप् (ई)= नन्दिनी ।

शब्दार्थ- छोरी, पुत्री, वसिष्ठ ऋषिले पालेकी गाई, कामधेनु गाईकी बाछी ।

---

[1] षिद्गौरादि.../पुंयोगादा...: : ङीष्
[2] नडशाड्वलच् : ड्वलच्
[3] कुमुदनडवेतसेभ्यः...: ड्मतुप्
[4] झय.. : मको व
[5] गत्यर्थाकर्मक... : क्त
[6] नन्दिग्रहि... : ल्यु
[7] सर्वधातुभ्य... : इन्
[8] अवश्यकाधमर्ण्य...: णिनि

नन्दी (वि./ना./पुं.) अवश्यं नन्दयतीति *(अवश्य आनन्द दिन्छ)* टुनदि समृद्धौ (भ्वा.) धातु, नन्द+णिचि+णिनि[1] (इन्), णिलोप, नन्दिन्= नन्दी ।

शब्दार्थ- आनन्द दिने, आल्हादित पार्ने, शिवको वाहन, साँडे ।

नन्दीश्वरः (ना./पुं.) नन्दिनः शिवगणविशेषस्य ईश्वरः *(शिवगणविशेषका स्वामी)* ष.त.स., दीर्घ=नन्दीश्वर ।

शब्दार्थ- शिव, महेश्वर, महादेव, नन्दीश्वर गण ।

नपुंसकम् (ना./न.) न स्त्री न पुमान् इति *(न नारी न पुरुष)* नञ् समास, 'स्त्रीपुंस शब्दको पुंसक आदेश[2] नलोपाभाव निपातन= नपुंसक ।

शब्दार्थ- न स्त्री जाति न त पुरुष नै, नपुंसक, हिजडा, भीरु, डरपोक, स्त्री र पुरुष नछुट्टिएको प्राणी, साहस नभएको व्यक्ति ।

नपुंसकता/नपुंसकत्वम् (ना./स्त्री./न.) नपुंसकस्य भावः *(नपुंसक हुनाको भाव वा अवस्था)* नपुंसक+तल् (त)+टाप् (आ)= नपुंसकता ।

नपुंसक+त्व= नपुंसकत्व ।

शब्दार्थ- नामर्दपना, हिजडापन, भीरुता, स्त्री र पुरुष नछुट्टिनाको भाव वा अवस्था ।

नभः (ना./पुं.) नभते, नभ्यति, नभ्नाति व्याप्नोति हिनस्ति वा *(व्याप्त हुन्छ वा नाश गर्छ)* णभ हिंसायाम् (भ्वा./दिवा./ऋचा.) धातु, नभ्+अच् (पचादि) = नभ

नभोऽन्तरीक्षं गगनम्- इत्यमरः

शब्दार्थ- आकाश, अन्तरीक्ष, गगन, वियत्, ।

नभस् (नभाः) (ना./पुं.) नह्यते मेघैः *(बादल वा मेघहरूद्वारा ढाकिन्छ)* णह वन्धने (दिवा.) धातु, नह्+असुन्[3] (अस्), हको 'भ' अन्तादेश, नभस्, नभाः= नभ ।

नभाः श्रावणिकश्च सः- इत्यमरः

शब्दार्थ- वादल, मेघ, अन्तरीक्ष, श्रावणमहिना, साउन ।

नभस्तलम् (ना./न.) नभसस्तलम् *(आकाशमण्डल)* ष.त.स.= नभस्तल ।

शब्दार्थ- गगनमण्डल, आकाशमण्डल, अन्तरीक्ष ।

नमनीयः (वि.) नम्यते इति *(नमस्कार गरिन्छ)* णम प्रह्वत्वे शब्दे च (भ्वा.) धातु, नम्+अनीय (र्) =नमनीय ।

शब्दार्थ- झुक्न योग्य, नमस्कार गर्न लायक, आदरभाव प्रकट गर्नुपर्ने, वन्दनीय ।

नमस् (नमः) (अव्य.) नमनम्, नम्यते इति *(नमस्कार गरिन्छ)* णम प्रहत्वे शब्दे च (भ्वा.) धातु, नम्+असुन् (अस्), उणा., नमस् (नमः)= नम ।

शब्दार्थ- नमस्कार, नति, प्रणाम, यो शब्द नम्रता वा आदरभाव प्रकट गर्ने अर्थमा प्रयोग गरिन्छ ।

नमस्कारः (ना./पुं.) नमस्क्रियते इति *(नमस्कार गरिन्छ)* डुकृञ् करणे (तना.) धातु, नमस्+कृ+घञ् (अ), वृद्धि= नमस्कार ।

अथवा नमः शब्दस्य कारः करणं यत्र *(नमस्कार छ जहाँ)* ब.स.= नमस्कार ।

शब्दार्थ- नमस्कार, प्रणाम गर्ने काम, नमस्ते गर्ने क्रिया ।

नमुचिः (ना./पुं.) न मुञ्चतीति *(छोड्दैन)* नञ्पूर्वक मुच्लृ मोक्षणे (तुदा.) धातु, न+मुच्+इन्[4] (इ), नलोपाभाव, उणा= नमुचि ।

शब्दार्थ- एउटा दैत्य, जसको वध इन्द्रले गरे, कामदेव ।

नम्यः (वि.) नम्यते इति *(नमस्कार गरिन्छ)* णम प्रहत्वे शब्दे च (भ्वा.) धातु, नम्+यत्[5] (य)= नम्य ।

शब्दार्थ- नमनीय, वन्दनीय, नमस्कार गर्न योग्य, प्रणाम गर्न लायक ।

नम्रः (वि.) नमति तच्छीलः *(नमनशील)* णम प्रहत्वे शब्दे च (भ्वा.) धातु, नम्+र[6]= नम्र ।

शब्दार्थ- निहुरेको, विनीत, घमण्ड नभएको, शिष्ट ।

नम्रता (ना./स्त्री.) नम्रस्य भावः *(नम्र हुनाको भाव वा अवस्था)* नम्र+तल् (त)+टाप् (आ)= नम्रता ।

शब्दार्थ- विनम्रता, शिष्टता, नम्र हुनाको स्थिति ।

नयः (ना./पुं.) नीयते अनेन *(न्याय दिइन्छ वा लगिन्छ यसबाट)* णीञ् प्रापणे (भ्वा.) धातु, नी+अच् (एरच्), गुण, अयादेश= नय ।

शब्दार्थ- लाने काम, नीति, नियम, न्याय, नम्रता, नेतृत्व दिने काम ।

नयचक्षुः (वि.) नयः शास्त्रमेव चक्षुर्यस्य *(न्यायशास्त्र नै नेत्र छ जसको)* ब.स.= नयचक्षु ।

शब्दार्थ- न्याय नै चक्षु भएको, न्यायशास्त्र नै नेत्र हुने, दूरदर्शी ।

नयनम् (ना./न.) नीयते दृष्टिपथः अनेन *(दृष्टि लगाइन्छ यसबाट)* णीञ् प्रापणे (भ्वा.) धातु, नी+ल्युट (अन)=नयन ।

लोचनं नयनं नेत्रम्- इत्यमरः

शब्दार्थ- आँखा, नेत्र, लोचन, चक्षु, नयन, दृष्टि दिने काम, नेतृत्व दिने काम ।

नयनाभिरामः (वि.) नयनाभ्याम् अभिरामः *(आँखालाई आनन्द दिने)* नयन+अभिराम, च.त.स., दीर्घ =नयनाभिराम ।

शब्दार्थ- आँखालाई आनन्द प्रदान गर्ने, सुन्दर, रमणीय, मनोरम ।

नयनाश्रु (ना./न.) नयनाभ्यां (निर्गतानि) अश्रूणि *(आँखाबाट निस्केको आँसु)* नयन+अश्रु, प.त.स., दीर्घ =नयनाश्रु ।

शब्दार्थ- अश्रुधारा, आँखाबाट खसेको आँसु ।

नयवर्त्म (ना./पुं.) नयस्य नीतेः वर्त्म मार्गः *(नीतिको बाटो)* ष.त.स.= नयवर्त्म ।

शब्दार्थ- नीतिको मार्ग, नीतिको बाटो, न्यायमार्गमा चल्ने काम ।

---

[1] आवश्यकाधमर्ण्ययो... : णिनि
[2] नभ्राान्नपान्नवेदा... : पुंसक आदेश, नलोपाभाव
[3] नहेर्दिवि भश्च : असुन्, भ अन्तादेश
[4] नभ्राण्नपान्नवेदा : इन्, नलोपाभाव
[5] पोरदुपधात् : यत्
[6] नमिकम्पि... : र

नरः (ना./पुं.) नरति, नृणातीति वा *(लैजान्छ)* नृ नये (भ्वा./क्र्या.) धातु, नृ+अच् (पचादि), गुण= नर । अथवा नयतीति *(लैजान्छ)* णीञ् प्रापणे (भ्वा.) धातु, नी+ऋन्, उणा., टिलोप, न ऋ, नृ ।

नृको वहुवचनरूप= नरः ।

मनुष्या मानुषा मर्त्या मनुजा मानवा नराः
पुरुषा पुरुषा नराः - इत्यमरः

शब्दार्थ- मानिस, मनुष्य, मानव, पुरुष, मर्द ।

नरकः (ना./पुं.) नरति, नृणाति क्लेशं प्रापयतीति *(दुःख दिन्छ)* नृ नये (भ्वा./क्र्या.) धातु, नृ+वुन्[१] (अक), उणा., गुण= नरक ।

स्यान्नारकस्तु नरको निरयो दुर्गतिः स्त्रियाम्- इत्यमरः

शब्दार्थ- पापीलाई यातना दिने स्थान, पीडा वा कष्ट हुने ठाउँ, निरय, दुर्गति, घोर यातना दिने स्थान, नरक नामको असुर वा दानव ।

नरककुण्डम् (ना./न.) नरकस्य कुण्डम् *(नरकको कुण्ड वा खाल्टो)* ष.त.स.= नरककुण्ड ।

शब्दार्थ- पापी वा नराम्रो कर्म गर्नेलाई यातना दिने नरकको कुण्ड वा खाल्टो, दुराचारीलाई यातना वा दुःख दिने स्थान ।

नरकगामी (वि.) नरकं गन्तुं शीलमस्य *(नरकमा पर्ने प्रवृति छ यसको)* गम्लृ गतौ (भ्वा.) धातु, नरक+गम्+णिनि[२] (इन्), वृद्धि, नरकगामिन् =नरकगामी ।

शब्दार्थ- नरक जाने, नरकमा पुग्ने, नरकमा पर्ने, पापी ।

नरकपतितः (वि.) नरकं पतितः *(नरकमा खसेको)* द्वि.त.स.[३] = नरकपतित ।

शब्दार्थ- नरकमा खसेको, नरकमा परेको, नरकको दुःख भोगिरहेको ।

नरकमुक्तः (वि.) नरकात्मुक्तः *(नरकबाट छुटेको)* प.त.स. =नरकमुक्त ।

शब्दार्थ- नरकको पीडावाट मुक्त भएको, नरक यातनावाट छुटकारा पाएको ।

नरकमुक्तिः (ना./स्त्री.) नरकात्मुक्तिः *(नरकबाट छुटकारा)* प.त.स.= नरकमुक्ति ।

शब्दार्थ- नरकको पीडावाट मुक्ति वा छुटकारा पाउने काम ।

नरदेवः (ना./पुं.) नराणां देवः *(मानिसहरूका देव)* ष.त.स.= नरदेव ।

शब्दार्थ- मानिसहरूका देवता वा स्वामी, व्राह्मणदेव, राजा, नृप ।

नरनाथः (ना./पुं.) नराणां नाथः *(मानिसहरूका नाथ वा स्वामी)* ष.त.स.= नरनाथ ।

शब्दार्थ- नरपति, नरदेव, नरेश, राजा, ईश्वर ।

नरनारायणः (ना./पुं.) नरश्च नारायणश्च *(नर र नारायण)* द्व.स.= नरनारायण ।

शब्दार्थ- अर्जुन र कृष्ण, नर र नारायण नामका ऋषि, जसलाई विष्णुको अवतार मानिन्छ ।

नरनारी (ना./स्त्री.) नरश्च नारी च *(नर र नारी)* द्व.स. =नरनारी ।

शब्दार्थ- पुरुष र स्त्री, लोग्नेमानिस र स्वास्नीमान्छे ।

नरपतिः (ना./पुं.) नराणां पतिः *(मानिसहरूका पति)* ष.त.स.= नरपति ।

अथवा नरान् पातीति *(मानिसको पालना गर्छन्)* नर उपपदमा हुने पा रक्षणे (अदा.) धातु, नर+पा+डति (अति), टिलोप= नरपति ।

शब्दार्थ- राजा, भूप, नृप, मानिसहरूका अधिपति, नरदेव ।

नरपशुः (ना./पुं.) नरः पशुरिव अज्ञः *(मानिस पशु जस्तै अबुझ)* उपमित[४], क.त.स.= नरपशु ।

शब्दार्थ- पशुको जस्तो स्वभाव भएको मानिस, पशु जस्तै मान्छे, पशु जस्तै अवुझ मानिस ।

नरपिशाचः (ना./पुं.) नरः पिशाच इव *(मानिस पिशाच जस्तै)* उपमित, क.त.स.= नरपिशाच ।

शब्दार्थ- पिशाचको जस्तै प्रकृति भएको मानिस, दुर्जन, दुष्ट व्यक्ति, दुष्ट प्रवृत्तिको मानिस ।

नरपुङ्गवः (ना./पुं.) नराणां नरेषु वा पुङ्गवः *(मानिसहरूमा श्रेष्ठ)* ष.त.स./स.त.स.= नरपुङ्गव ।

शब्दार्थ- मानिसहरूमा श्रेष्ठ, राजा, नरश्रेष्ठ, नरोत्तम, श्रेष्ठ मानिस ।

नरबलिः (ना./पुं.) नरस्य बलिः *(मानिसको बलि)* ष.त.स.= नरवलि ।

शब्दार्थ- मानव वलि, मानिसको वलि ।

नरभक्षी (वि.) नरान् भक्षितुं शीलमस्येति *(मानिसलाई खान निपुण)* नर उपपदपूर्वक भक्ष अदने (भ्वा.) धातु, नर+भक्ष+णिनि[२] (इन्), नरभक्षिन्= नरभक्षी ।

शब्दार्थ- मानिसलाई खाने, मानिसको सिकार गर्ने, मानिसको मासु खाने (राक्षस, वाघ) ।

नरमाला (ना./स्त्री.) नराणां नरमस्तकानां माला *(मानिसका मस्तकको माला)* ष.त.स.= नरमाला ।

शब्दार्थ- मानिसका मस्तकको माला, नरमुण्डमाला ।

नरमेधः (ना./पुं.) मेध्यते इति *(वध गरिन्छ)* मेधृ हिंसायां सङ्गमे च (भ्वा.) धातु, मेध्+घञ् (अ), गुण, मेधः । नराणां मनुष्याणां मेधः हिंसा यत्र *(जहाँ मानिसको बलि दिइन्छ)* ब.स.= नरमेध ।

शब्दार्थ- नरवलि दिने यज्ञ, पुरुषमेध यज्ञ, मानिसलाई काटेर यज्ञकुण्डमा हवन गरिने यज्ञ ।

नरलोकः (ना./पुं.) नराणां लोकः *(मानिसको लोक)* ष.त.स.= नरलोक ।

शब्दार्थ- मानिसहरू वसोवास गरेको लोक, मानवसंसार, पृथ्वीलोक, मनुष्यलोक, भूमण्डल ।

---

[१] कृञादिभ्यः संज्ञायाम्... : वुन्
[२] सुप्यजातौ... : णिनि
[३] द्वितीयाश्रितातीतपतित... : द्वि.त.स.
[४] उपमितं व्याघ्रादिभि... : उपमित क.त.स.

नरवानरः (ना./पुं.) नरः वानर इव *(मानिस वानर जस्तै)* उपमि. क.त.स.= नरवानर ।

अथवा नरः इव वानरः *(मानिस जस्तै वानर)* उपमान, क.त.स.= नरवानर ।

शब्दार्थ- वानर जस्तो स्वभाव भएको मानिस अथवा मानिस जस्तै देखिने वानर, आदिम मानवजाति ।

नरवाहनः (ना./पुं.) नरः वाहनं यस्य *(मानिस वाहन छ जसको)* ब.स.= नरवाहन ।

शब्दार्थ- कुवेर, धनका देवता, नरयान, धनद, धनाधिप ।

नरवीरः (ना./पुं.) नराणां नरेषु वा वीरः (मानिसहरूमा वीर) स.त.स.= नरवीर ।

शब्दार्थ- मानिसहरूमा वीर, मानिसहरूमध्ये पराक्रमी वा वहादुर मानिस, वीरपुरुष, वीरयोद्धा ।

नरसिंहः (ना./पुं.) नरः इव सिंहः इव आकृतिर्यस्य सः *(मानिस जस्तै सिंह जस्तै आकृति छ जसको)* ब.स. =नरसिंह ।

अथवा नरः सिंह इव पराक्रमी *(मानिस सिंह जस्तै पराक्रमी)* उपमित क.त.स.= नरसिंह ।

शब्दार्थ- मानिस तथा सिंह जस्तै आकृति हुने नृसिंह भगवान्, उत्तमपुरुष, श्रेष्ठमानिस, सिंह जस्तै पराक्रमी व्यक्ति, विष्णुका दश अवतारमध्ये एक, नृसिंहावतार ।

नरहत्या (ना./स्त्री.) नराणां हत्या *(मानिसको हत्या)* ष.त.स. = नरहत्या ।

शब्दार्थ- मानिसहरूलाई मार्ने काम, मानिसको वध, नरसंहार, मानवहत्या ।

नरहरिः (ना./पुं.) नरः इव हरिः सिंहः इव च आकृतिर्यस्य सः *(मानिस जस्तै सिंह जस्तै आकृति छ जसको)* ब.स.= नरहरि ।

शब्दार्थ- मानिस तथा सिंह जस्तै आकृति हुने नृसिंह भगवान् ।

नराधमः (ना./पुं.) नराणां नरेषु वा अधमः *(मानिसहरूमा अधम वा नीच)* स.त.स.= नराधम ।

शब्दार्थ- नीच प्रवृत्तिको मानिस, दुष्टमानिस, अधम मान्छे ।

नराधिपः/नराधिपतिः (ना./पुं.) नराणां नरेषु वा अधिपः, अधिपतिः वा *(मानिसहरूका स्वामी वा मालिक)* ष.त.स., दीर्घ= नराधिप/नराधिपति ।

शब्दार्थ- नरपति, राजा, नरेन्द्र, नरेश ।

नरायणः (ना./पुं.) नराणां जीवानां अयनमारुत्यस्थानम् यः *(प्राणीहरूको आश्रयस्थान छ जो)* नर+अयन, ब.स., दीर्घ= नरायण ।

शब्दार्थ- भगवान् नारायण, विष्णु ।

नरेन्द्रः (ना./पुं.) नराणामिन्द्रः *(मानिसका स्वामी वा इन्द्र)* ष.त.स.= नरेन्द्र ।

शब्दार्थ- नरपति, राजा, नृप, नरेश्वर ।

नरेन्द्रसूनुः (ना./पुं.) नरेन्द्रस्य सूनुः *(राजाको छोरो)* ष.त.स.= नरेन्द्रसूनु ।

शब्दार्थ- राजपुत्र, राजकुमार, राजाको छोरा ।

नरेशः/नरेश्वरः (ना./पुं.) नराणामीशः, नराणामीश्वरः वा *(मानिसका ईश वा ईश्वर वा अधिपति)* ष.त.स., गुण= नरेश/नरेश्वर ।

शब्दार्थ- नरेन्द्र, नरपति, राजा, नृप ।

नरोत्तमः (ना./पुं.) नराणां नरेषु वा उत्तमः *(मानिसहरूमा उत्तम)* स.त.स.= नरोत्तम ।

शब्दार्थ- श्रेष्ठपुरुष, उत्तमपुरुष, श्रेष्ठमानिस, पुरुषोत्तम, भगवान् विष्णु ।

नर्तकः (ना./पुं.) नृत्यतीति *(नाच्तछ)* नृती गात्रविक्षेपे (दिवा.) धातु, नृत्+ष्वुन्[1] (अक), गुण= नर्तक ।

शब्दार्थ- नाच्ने व्यक्ति, अभिनयकर्ता, नटुवा, नट, स्त्रीवेशधारी नटुवा, अभिनेता ।

नर्तकी (ना./स्त्री.) नृत्यति असौ *(नाच्तछे यो स्त्री)* नृती गात्रविक्षेपे (दिवा.) धातु, नृत्+ष्वुन् (अक), नर्तक । नर्तक+ङीष्[2] (ई)= नर्तकी ।

शब्दार्थ- नाच्ने आइमाई, नटी, नाटचपेशा अँगाल्ने नटुवी, अभिनेत्री, अभिनय गर्ने स्त्री ।

नर्तनम् (ना./न.) नर्तनम्, नृत्यते इति वा *(नृत्य गरिन्छ)* नृती गात्रविक्षेपे (दिवा.) धातु, नृत्+ल्युट् (अन), गुण, भावमा= नर्तन ।

ताण्डवं नटनं नाटचं लास्यं नृत्यं च नर्तने - इत्यमरः

शब्दार्थ- नाच्ने वा नृत्य प्रस्तुत गर्ने काम, नृत्य, नृत्यकर्म, नाच्ने काम ।

नर्तनीयः (वि.) नर्तितुं योग्यः *(नाच्न योग्य)* नृती गात्रविक्षेपे (दिवा.) धातु, नृत्+अनीय (र्), गुण= नर्तनीय ।

शब्दार्थ- नाच्नुपर्ने, नाच्न उचित, नाच्न योग्य ।

नर्म (ना./न.) नरणमिति *(क्रीडा गर्नु)* नॄ नये (भ्वा./क्र्या.) धातु, नॄ+मनिन्[3] (मन्), उणा., गुण, नर्मन् =नर्म ।

शब्दार्थ- परिहास, हाँसखेल, क्रीडा, मनोविनोद, ख्यालठट्टा, मनोरञ्जन, नायकद्वारा नायिकालाई र नायिकाद्वारा नायकलाई खुसी पार्ने विलासपूर्ण व्यवहार ।

नर्मदा (ना./स्त्री.) नर्म ददातीति *(नर्म वा आनन्द दिन्छ)* नर्म उपपदपूर्वक डुदाञ् दाने (जुहो.) धातु, नर्म+दा+क[4] (अ), आकारलोप, नर्मद+टाप् (आ) =नर्मदा ।

शब्दार्थ- विनोद प्रदान गर्ने स्त्री, विनोदप्रिया स्त्री, आनन्ददात्री नारी, मध्यप्रदेश भारतमा पर्ने एक पवित्र नदी ।

---

१. शिल्पिनि ष्वुन्/नृतिखनिरञ्जि.. (वा.) : ष्वुन्

२. षिद्गौरादि... : ङीष्

३. अन्येभ्योऽपि दृश्यन्ते : मनिन्

४. आतोऽनुपसर्गे... : क

नलः (ना./पुं) नलतीति *(सुगन्ध दिन्छ वा सुयश फैलाउँछ)* णल गन्धे (भ्वा.) धातु, नल्+अच् (पचादि)= नल ।

शब्दार्थ- कमलको डाँठ, धान, कोदो आदिको हरियो बोट वा डाँठ, नर्कट, पुराण प्रसिद्ध दमयन्तीका पति निषध देशका राजा नल, रामायण प्रसिद्ध रामका सेनाको शिल्पकलाविज्ञ एक वानर ।

नलिनम् (ना./न.) नलतीति *(सुवास छर्छ)* णल गन्धे (भ्वा.) धातु, नल्+इनच्[1] (इन), उणा.= नलिन ।

शब्दार्थ- कमल, अरविन्द, पद्म, कमलको फूल ।

नलिनी (ना./स्त्री.) नलानि कमलानि सन्ति अत्र *(कमल छन् यहाँ)* नल+इनि[2] (इन्), अकारलोप, नलिन्+डीप्[3] (ई)= नलिनी ।

शब्दार्थ- कमलिनी, पद्मिनी, सरोजिनी, त्यस्तो तलाउ वा पोखरी जहाँ धेरै कमल फुलेका हुन्छन् ।

नलिनीपत्रम् (ना./न.) नलिन्याः पत्रम् *(कमलिनीको पात)* ष.त.स.= नलिनीपत्र ।

शब्दार्थ- कमलिनीको पात ।

नवः (वि./ना./पुं.) नौति नवति नूयते स्तूयते इति वा *(नवीनता प्रदान गर्छ वा स्तुति गरिन्छ)* णु स्तुतौ (अदा.) वा णू स्तवने (दिवा.) धातु, नु/नू+अच् (पचादि)/अप्[4] (अ), गुण= नव ।

नवं नव्ये पुमान् स्तुतौ- इति मेदिनी

शब्दार्थ- नयाँ, नौलो, नवीन, नूतन, नौ सङ्ख्या बुझाउने अङ्क, स्तुति, नव्य ।

नवग्रहः (ना./पुं./न.) नव नवसङ्ख्यान्विता च ते ग्रहाश्च (**नौवटा ग्रहहरू**) क.त.स.= नवग्रह ।

अथवा नवानां ग्रहाणां समूहः *(नौ ग्रहहरूको समुदाय)* द्वि.त.स.= नवग्रह ।

शब्दार्थ- सूर्य, चन्द्र आदि नवग्रह, नवग्रहको समूह ।

नवजातः (वि.) नवः जातः जन्म यस्य *(नूतन जन्म भएको छ जसको)* व.स.= नवजात ।

शब्दार्थ- भर्खर जन्मेको, नयाँ जन्मेको, नवोत्पन्न ।

नवजातकः (ना./पुं.) नवश्चासौ जातकश्च *(नव जातक)* क.त.स.= नवजातक ।

शब्दार्थ-नवजात शिशु, भर्खर जन्मेको वालक, नयाँ बच्चा

नवतिः (ना./स्त्री.) नव दशतः परिमाणमस्य वा नवानां दशतां परिमाणमिति वा *(नौवटा दशको परिमाण छ जसको)* नवन्+ति[5], प्रकृतिको नव आदेश= नवति ।

शब्दार्थ- नौवटा दश बुझाउने नब्बेको सङ्ख्या ।

नवदलम् (ना./न.) नवं च तद् दलम् *(नयाँ दल)* क.त.स. =नवदल ।

शब्दार्थ- कमलको नयाँ पात ।

नवदुर्गा (ना./स्त्री.) नव नवसङ्ख्यान्विताश्च ताः दुर्गाश्च *(नौवटा रूपले युक्त दुर्गा)* क.त.स.= नवदुर्गा ।

शब्दार्थ- नौवटा सङ्ख्या वा रूप धारण गरेकी दुर्गा, शैलपुत्री, बह्मचारिणी, चन्द्रघण्टा आदि नौवटा रूप भएकी दुर्गा ।

नवधा (अव्य.) नव प्रकारा इति *(नौ प्रकारको)* नव+धा[6] =नवधा ।

शब्दार्थ- नौकिसिमले, नौप्रकारले, नौभागमा विभाजित ।

नवधाभक्तिः (ना./स्त्री.) नवधा चासौ भक्तिश्च *(नौ प्रकारको भक्ति)* क.त.स.= नवधाभक्ति ।

शब्दार्थ- नौप्रकार वा किसिमको भक्ति ।

नवधा भक्ति निम्न छन्-

श्रवणं कीर्तनं विष्णोः स्मरणं पादसेवनम्
अर्चनं वन्दनं दास्यं सख्यमात्मनिवेदनम्- श्रीमद् भा. ७/५/२३

नवनिधिः (ना./पुं.) नव नवप्रकाराश्च ते निधयः *(नौ प्रकारको निधि)* क.त.स.= नवनिधि ।

शब्दार्थ- नौवटा निधिहरू, नौप्रकारका खानीको समूह । कुवेरका नौवटा निधिहरू निम्न छन्-

महापद्मश्च पद्मश्च शङ्खो मकरकच्छपौ
मुकुन्दकुन्दनीलाश्च खर्वश्च निधयो नव ।

नवनीतम् (ना./न.) नवं नीयते अनेन *(नयाँ रूप लिन्छ यसले)* नव+नी+क्त (त), करणमा= नवनीत ।

शब्दार्थ- नौनी घिउ, भर्खर झिकेको आलो घिउ, नयाँ ।

नवपल्लवा (ना./स्त्री.) नवश्चासौ पल्लवश्च *(नयाँ पालुवा)* क.त.स.= नवपल्लवा ।

अथवा नवपल्लवौ इव अधरौ यस्याः सा *(नयाँ पालुवा जस्तै ओठ छन् जसका)* ब.स.,टाप् (आ)=नवपल्लवा ।

शब्दार्थ- नयाँ पालुवा, नयाँ पालुवा जस्तै सुमधुर ओठ भएकी स्त्री ।

उदा. **लज्जा रसीला नव पल्लवाधर**
खोलेर आधा मुसकान सुन्दर- शा.म.का. १२/६

नवपाठकः (ना./पुं.) नवश्चासौ पाठकश्च *(नयाँ पाठक)* क.त.स.= नवपाठक ।

शब्दार्थ- नयाँ पाठक, नवीन पाठक ।

नवप्रसूता (ना./स्त्री.)नवा चासौ प्रसूता च *(भर्खर सुत्केरी भएकी)* क.त.स.= नवप्रसूता ।

शब्दार्थ- भर्खरै सुत्केरी भएकी स्त्री, भर्खर ब्याएकी गाई ।

नवमः (वि.) नवानां पूरणः इति *(नौको सङ्ख्या पूर्ण गर्ने)* नव+डट्, डट्को मट् आगम= नवम ।

शब्दार्थ- नवौं, गणना गदै जाँदा नौको सङ्ख्यापूर्ण गर्ने ।

नवमी (ना./स्त्री.) नवानां पूरणी *(नौको सङ्ख्या पूरा गर्ने)* नव+डट्, डट्को मट् आगम, नवमः । नवम+डीप् (ई)= नवमी ।

शब्दार्थ- शुक्ल तथा कृष्णपक्ष दुवैको नवौं तिथि, अष्टमी पछि आउने तिथि ।

नवयुवकः (ना./पुं.) नवश्चासौ युवकश्च *(नवयुवक)* क.त.स.= नवयुवक ।

शब्दार्थ- युवावस्था भएको युवक, नौजवान, तन्नेरी ।

---

[1] बहुलमन्यत्रापि : इनच्
[2] पुष्करादिभ्यो देशे/अत इनिठनौ.. : इनि
[3] ऋन्नेभ्यो डीप् : डीप्
[4] ऋदोरप् : अप्
[5] पङ्क्तिविंशतित्रिंशत्... : ति प्रत्यय
[6] सङ्ख्याया विधार्थे... : धा

नवयुवती (ना./स्त्री.) नवा चासौ युवती च *(नव युवती)* क.त.स.= नवयुवती ।

शब्दार्थ- नवयौवनमा पदार्पण गरेकी स्त्री, तरुनी ।

नवयौवना (ना./स्त्री.) नवं यौवनं यस्याः सा *(नयाँ जवानी छ जुन युवतीको)* ब.स., नवयौवन+टाप् (आ)= नवयौवना ।

शब्दार्थ- भर्खरकी जवान स्त्री, युवती, तरुणी ।

नवरङ्गी (वि.) नवरङ्गः अस्यास्तीति *(नौ रङ्ग छ यसको)* नवरङ्ग+इनि[1] (इन्), नवरङ्गिन्= नवरङ्गी ।

रङ्गो ना रागे नृते रणक्षितौ- इति मेदिनी

शब्दार्थ- नौरङ्गी, नौ रङ्गले रङ्गीचङ्गी भएको (नृत्य, रणभूमि) ।

नवरत्नम् (ना./न.) नवानां रत्नानां समाहारः *(नौवटा रत्नहरूको समुदाय)* द्वि.त.स.= नवरत्न ।

शब्दार्थ- मोती मुक्ता माणिक्य आदि नौ रत्नको समूह–

मुक्तामाणिक्यवैदूर्यगोमेदान् वज्रविद्रुमौ
पद्मरागं मरकतं नीलञ्चेति यथाक्रमात् ।

- कुन ग्रहको दशामा कुन रत्न धारण गर्ने (ज्योतिषशास्त्रअनुसार)

वैदूर्यं धारयेत् सूर्ये नीलञ्च मृगलाञ्छने ।
आवनेयेऽपि माणिक्यं पद्मरागं शशाङ्कजे ॥
गुरौ मुक्तां भृगौ वज्रं शनौ नीलं विदुर्बुधाः ।
राहौ गोमेदकं धार्यं केतौ मरकतन्तथा ॥

- राजा विक्रमादित्यका दरवारका नौवटा कविहरू वा विद्वद्मण्डली, जो निम्न छन्-

ध्वन्वन्तरिक्षेपणकामरसिंहशङ्कुर्बेतालभट्टघटकर्परकालिदासाः
ख्यातो दराहमिहिरो नृपतेः सभायां
रत्नानि वै वररुचिर्नवविक्रमस्य ।

नवरसः (ना./पुं.) नव नवसङ्ख्यन्विताश्च ते रसाश्च *(नौवटा सङ्ख्यायुक्त रस)* क.त.स.= नवरस ।

शब्दार्थ- शृङ्गार, करुण आदि नौवटा रस ।

नवरस निम्न छन्-

- शृङ्गार, करुण, वीर, अद्भूत, हास्य, भयानक, वीभत्स, रौद्र, शान्त ।

नवरात्रम् (ना./न.) नवानां रात्रीणां समाहारः *(नौ रातको समुदाय)* द्वि.त.स.= नवरात्र ।

शब्दार्थ- आश्विनशुक्ल प्रतिपदादेखि नवमीसम्मका नौ दिन, दुर्गापूजाका नौ दिन, चैत्रशुक्ल प्रतिपदादेखि नौ दिन ।

नववधूः (ना./स्त्री.) नवा चासौ वधूश्च *(नयाँ दुलही)* क.त.स.= नववधू ।

शब्दार्थ-नयाँ दुलही, भर्खर विवाह गरेर ल्याएकी दुलही ।

उदा. चमक नववधूको लोकको गाढभक्ति- आ.रा. ३/५९

नवागतः (वि.) नवः आगतः, आगन्तुकः *(नयाँ आगन्तुक)* सह सुपा समास, दीर्घ= नवागत ।

शब्दार्थ- नयाँ आगन्तुक, भर्खर आएको ।

नवाङ्कुरः (ना./पुं.) नवश्चासौ अङ्कुरश्च *(नयाँ आँकुरो)* क.त.स.= नवाङ्कुर ।

शब्दार्थ- नयाँ अङ्कुर, नयाँ आँकुरो ।

उदा. **प्रकट हुनगो आसा गुर्जा नवाङ्कुर कान्तिको- आ.रा. १०/२०**

नवाधिकः (वि.) नवभिरधिकः *(नौले अधिक)* तृ.त.स., दीर्घ =नवाधिक ।

शब्दार्थ- नौ सङ्ख्याले वढी ।

नवान्नम् (ना./न.) नवं च तत् अन्नम् *(नयाँ अन्न)* नव+अन्न, क.त.स., दीर्घ= नवान्न ।

शब्दार्थ- खेतवारीवाट भित्रचाइने नयाँ अन्न, भर्खर पाकेको अन्न ।

नवाम्बु (ना./न.) नवं च तदम्वु *(नव जल)* नव+अम्वु, क.त.स., दीर्घ= नवाम्वु ।

शब्दार्थ- नयाँजल, चोखोपानी ।

नवाहम् (ना./न.) नवानामन्हां समाहारः *(नौ दिनको समूह)* नव+अहन्, समासान्त टच्, टिलोप, दीर्घ=नवाह ।

शब्दार्थ- नौदिन, नौदिनमा समाप्त गर्नुपर्ने पुराणादिको पारायण, जस्तैः देवी-भागवत् आदि ।

नवीनः (वि.) नौति, नुवति नूयते इति वा *(नयाँपन प्रदान गर्छ वा गरिन्छ)* णु स्तुतौ (अदा.) वा णू स्तवने (तुदा.) धातु, नु/नू+अप्[2]/अच् (अ), गुण, अवादेश, नवम् । नवमेव *(नयाँ नै)* नव+ख[3] (ईन), अकारलोप= नवीन ।

शब्दार्थ- नयाँ, नौलो, नव, नूतन, भर्खरैको ।

नवीनता (ना./स्त्री.) नवीनस्य भावः *(नयाँ हुनाको भाव वा अवस्था)* नवीन+तल् (त)+टाप् (आ)= नवीनता ।

शब्दार्थ- नयाँपन, नौलोपना, नूतनता ।

नवीकरणम् (ना./न.) अनवः नवः सम्पद्यते, तत् करणमिति *(नयाँ नभएको नयाँ हुन्छ र नयाँ बनाइन्छ)* डुकृञ् करणे (तना.) धातु, नव+च्वि[4]+कृ +ल्युट् (अन), कृको गुण, णत्व, नवका अको ईत्व[5], दीर्घ=नवीकरण ।

शब्दार्थ- अवधि सकिएकोलाई पुनः म्याद थप गर्ने काम, नवीकरण गर्ने काम ।

नवीकृतः (वि.) अनवः नवः समपद्यत, नवः कृतः इति *(नयाँ नभएकोलाई नयाँ बनाउने काम गरिएको)* नव+च्वि+ कृ+क्त (त), नवका अको ईत्व[5]=नवीकृत ।

शब्दार्थ- नयाँ पारिएको, नवीकरण गरिएको ।

नवोढा (ना./स्त्री.)उह्यते स्म असौ *(विवाह गरिएकी यो)* वह प्रापणे (भ्वा.) धातु, वह्+क्त (त), हको ढ[6], तको ध[7], धको ष्टुत्व ढ, वको सम्प्रसारणबाट उ, उढ्ढ, ढलोप[8], दीर्घ[9], ऊढ+टाप् (आ), ऊढा । नवा चासौ ऊढा च *(नयाँ बिहे गरेकी)* नव+ऊढा, गुण=नवोढा ।

शब्दार्थ- भर्खरै विवाह गरेकी युवती, नव विवाहिता स्त्री, नववधू ।

---

[1] अत इतिठनौ : इनि
[2] ऋदोरप् : अप्
[3] नवस्य नू आदेश... : ख
[4] कृभ्वस्तियोगो... : च्वि
[5] अस्य च्वौ : ईत्व
[6] हो ढः : ढ
[7] झषस्तथो.. : ध
[8] ढो ढे लोप : ढलोप
[9] ढ्रलोपे पूर्वस्य... : दीर्घ

नवोदयः (ना./पुं.) नवश्चासौ उदयश्च *(नयाँ उदय)* नव+उदय, क.त.स., गुण= नवोदय । अथवा नवः उदयः यस्य *(नयाँ उदय छ जसको)* ब.स., गुण= नवोदय ।

शब्दार्थ- नयाँ उदय, नयाँ चल्तीफिर्ती, भर्खरै उदाउने काम ।

नवोदितः (वि.) नवः उदितः *(भर्खरै उदाएको)* सह सुपा समास, गुण= नवोदित ।

शब्दार्थ- भर्खरै उदाएको, भर्खरै उन्नति गरेको, नयाँ उदाएको ।

नव्यः (वि.) नूयते नवितुं योग्यः वा *(नयाँपन प्रदान गरिन्छ वा प्रशंसा गर्न लायक)* णु स्तुतौ (अदा.) वा णू स्तवने (तुदा.) धातु, नु/नू+यत्[1] (य), गुण, अवादेश= नव्य । अथवा नवमेव *(नयाँ नै)* नव+यत्[2] (य), अकारलोप= नव्य ।

शब्दार्थ- नयाँ, नवीन, नूतन, स्तुति वा प्रशंसा गर्न लायक, प्रशंसनीय, स्तुत्य ।

नव्यकाव्यम् (ना./न.) नव्यं च तत् काव्यम् *(नयाँ काव्य)* क.त.स.= नव्यकाव्य ।

शब्दार्थ- नयाँ ढङ्गले लेखिएको काव्य, नवीनतम काव्य ।

नश्वरः (वि.) नश्यति तच्छीलः (विनाशशीलः) *(नाश हुने)* णश अदर्शने (दिवा.) धातु, णको न, नश्+क्वरप्[3] (वर) =नश्वर ।

शब्दार्थ- नाशवान्, विनाशशील, नाश हुने, क्षणभङ्गुर, क्षणिक, धेरै नटिक्ने, टिकाउपन नभएको ।

नश्वरता (ना./स्त्री.) नश्वरस्य भावः *(नाशवान् हुनाको भाव वा अवस्था)* नश्वर+तल् (त)+टाप् (आ) =नश्वरता ।

शब्दार्थ- क्षणभङ्गुरता, टिकाउपनको अभाव, क्षणिकता, अस्थायित्व ।

नष्टः (वि.) नश्यते स्म इति *(नाश भएको)* णश अदर्शने (दिवा.) धातु, नश्+क्त (त), शको ष, ष्टुत्व, तको ट =नष्ट ।

शब्दार्थ-नष्ट भएको, विनाश वा ध्वस्त भएको, बिग्रेको ।

नस्यः (वि.) नासिकायै हितम् *(नाकको लागि हित हुने)* नासिका+यत् (य), नासिकाको नस् आदेश= नस्य ।

शब्दार्थ- नाकको लागि उपयोगी हुने ।

नहुषः (ना./पुं.) नह्यतीति *(वश गर्छन्)* णह बन्धने (भ्वा.) धातु, नह्+उषच्[4] (उष), उणा.= नहुष ।

शब्दार्थ- एक चन्द्रवंशी राजा, वडा प्रतापी एवं बुद्धिमान् राजा, स्वर्गको इन्द्रपद समालेका राजा, ययाति राजाका पिता ।

ना (ना./पुं.) नयतीति *(लैजान्छ)* णीञ् प्रापणे (भ्वा.) धातु, नी+ऋ, डित्व, उणा., टिलोप, न् ऋ नृ=ना ।

शब्दार्थ- मानिस, मनुष्य, पुरुष, मर्द ।

नाकः (ना./पुं.) न विद्यते अकं दुःखं यत्र *(जहाँ दुःख छैन)* न+अक, ब.स., दीर्घ= नाक ।

स्वरव्ययं स्वर्गनाक- इत्यमरः

शब्दार्थ- स्वर्ग, त्रिदिव, देवलोक, देवताहरू बस्ने ठाउँ, दुःख नहुने स्थान ।

नागः (ना./पुं./न.) न गच्छतीति *(चल्दैन)* नञ्पूर्वक गम्लृ गतौ (भ्वा.) धातु, न+गम्+ड (अ), टिलोप, नगः (पर्वत) । नगे भवः *(पहाडमा हुने)* नग+अण् (अ), आदिवृद्धि, अकारलोप= नाग ।

अथवा गच्छतीति *(जान्छ वा चल्छ)* गम्लृ गतौ (भ्वा.) धातु, गम्+ड (अ), टिलोप, गः । न गः *(जो चल्दैन)* नञ् समास, अगः । न अगः *(जो चलायमान नै हुन्छ)* न.त.स., नकारलोपाभाव, दीर्घ= नाग ।

नागो मतङ्गजे सर्पे पुंनागे नागकेशरे- इति हैमः

नागं नपुंसकं रङ्गे सीसके कारणान्तरे- इति मेदिनी

शब्दार्थ- विषालु सर्प, कश्यपपत्नी कद्रुका सन्तति, वासुकि, तक्षक आदि नागहरू, घस्रेर हिँड्ने जन्तु, पर्वतमा हुने चीज वा वस्तु, हात्ती, मेघ, सिसा, रङ्ग ।

नागकन्या (ना./स्त्री.) नागानां कन्या *(नागहरूकी कन्या)* ष.त.स.= नागकन्या ।

शब्दार्थ- नागकी कन्या, नागजातीय कन्या ।

नागरः (वि./ना./पुं.) नगरे भवः *(नगरमा हुने वा भएको)* नगर+अण्[5] (अ), आदिवृद्धि, अकारलोप= नागर ।

शब्दार्थ- नगरसम्बन्धी, नगरवासी, सहरिया, नागरिक, नगरमा पैदा भएको, शिष्ट, मोथे झार, सुन्तला ।

नागराजः (ना./पुं.) नागानां राजा *(नागहरूका स्वामी)* ष.त.स., नागराजन्+टच् (अ), समासान्त, टिलोप =नागराज ।

शब्दार्थ- शेषनाग, अन्तक, नागहरूका स्वामी ।

नागरिकः (वि./ना./पुं.) नगरात् आगतः, नगरे भवः, नगरे जातः इति वा *(नगरबाट आएको, नगरमा उत्पन्न भएको वा जन्मेको)* नगर+ठक्[6] (इक), आदिवृद्धि, अकारलोप= नागरिक ।

अथवा नगरमर्हतीति *(नगरमा रहन योग्य)* नगर+ठक्[7] (इक), आदिवृद्धि= नागरिक ।

शब्दार्थ- नगरमा उत्पन्न भएको, नगरसम्बन्धी, सभ्य, शिष्ट, नगरवासी, सहरिया, कुनै देश वा राष्ट्रको नागरिक हक प्राप्त व्यक्ति ।

नागरिकता (ना./स्त्री.) नागरिकस्य भावः *(नागरिक हुनाको भाव वा अवस्था)* नागरिक+तल् (त)+टाप् (आ)= नागरिकता ।

शब्दार्थ- नागरिक हुनाको भाव वा अवस्था, सहरियापन, शिष्टता ।

---

१. अचो यत् : यत्
२. शाखादिभ्यो यत् : यत्
३. इण्नशिजसर्तिभ्य... : क्वरप्
४. पुनहिकलिभ्य... : उषच्
५. तत्र भवः : अण्
६. ठगायस्थानेभ्यः.../तत्र भवः/तत्र जातः : ठक्
७. तदर्हति : ठक्

नागलोकः (ना./पुं.) नागानां लोकः *(नागहरूको लोक)* ष.त.स.= नागलोक ।

शब्दार्थ- नागहरू बस्ने स्थान, पाताल, सबभन्दा तल्लोलोक ।

नागरी (ना./स्त्री.) नगरे भवा, नगरस्य इयम् *(नगरमा भएकी, नगरकी यो)* नगर+अण् (अ), आदिवृद्धि, नागरः । नागर+ङीप् (ई)= नागरी ।

शब्दार्थ-देवनागरी लिपि, सहरिया आइमाई, सभ्य नारी ।

नागाधिपः (ना./पुं.) नागानामधिपः *(नागहरूका स्वामी)* ष.त.स., दीर्घ= नागाधिप ।

शब्दार्थ- शेषनाग, अनन्त ।

नागेन्द्रः (ना./पुं.) नागानामिन्द्रः श्रेष्ठः *(नागहरूका स्वामी वा श्रेष्ठ)* ष.त.स., गुण= नागेन्द्र ।

शब्दार्थ- नागहरूमा श्रेष्ठ नाग, नागहरूका स्वामी, पर्वतहरूका राजा ।

नाटकम् (ना./न./वि.) नटनम्, नट्यते इति वा *(नाच्नु)* णट नृत्तौ (भ्वा.) धातु, नट्+घञ् (अ), वृद्धि, नाटः । नाटः एव *(अभिनय नै)* नाट+कन् (क), स्वार्थमा =नाटक । अथवा नाटयतीति *(नाच्छ वा नचाउँछ)* णट नृत्तौ (भ्वा.) धातु, नट्+णिचि+ण्वुल् (अक), वृद्धि, णिलोप= नाटक ।

शब्दार्थ- नाच्ने काम, अभिनय गर्ने काम, रूपकका दश भेदमध्ये एक, अभिनय, दृश्यकाव्य, अभिनय-सम्वन्धी ग्रन्थ, नाच्ने, अभिनय गर्ने, नचाउने ।

नाटककारः (ना./पुं.) नाटकं करोतीति *(नाटक रचना गर्छ)* नाटक उपपदपूर्वक डुकृञ् करणे (तना.) धातु, नाटक+कृ+अण्[१] (अ), वृद्धि= नाटककार ।

शब्दार्थ- अभिनयसम्वन्धी ग्रन्थ लेख्ने व्यक्ति, नाटक लेख्ने व्यक्ति, नाटकको रचना गर्ने लेखक ।

नाटकीयः (वि.) नाटके भवः जातादिर्वा *(नाटकमा हुने वा पैदा भएको)* नाटक+छ[२] (ईय), आदिवृद्धि, आकारलोप =नाटकीय ।

शब्दार्थ- नाटकसम्वन्धी, नाटकजस्तै, नाटकमा उत्पन्न, नाटकमाझैं वदलिने (दृश्यावलि) ।

नाट्यम् (ना./न./वि.) नटस्य धर्मः, नटस्य भावः कर्म वेति *(नटुवाको धर्म, भाव वा कर्म)* नट+ष्यञ् (य), आदिवृद्धि, अकारलोप= नाट्य । अथवा नट्यते, नटितुं योग्यः *(अभिनय गर्न योग्य)* णट नृत्तौ (भ्वा.) धातु, नट्+ण्यत् (य), वृद्धि= नाट्य ।

शब्दार्थ- नृत्य, नाच, अभिनय, नाच्न लायक, अनुकरण गर्न योग्य ।

नाट्यकला (ना./स्त्री.) नाट्यस्य कला *(नाटकसम्वन्धी सीप)* ष.त.स.= नाट्यकला ।

शब्दार्थ-नृत्य प्रस्तुत गर्ने कला, सीप, क्षमता वा दक्षता,

नाट्यकारः (ना./पुं.) नाट्यं करोतीति *(अभिनय प्रस्तुत गर्दछ)* नाट्य उपपदपूर्वक डुकृञ् करणे (तना.) धातु, नाट्य+कृ+अण् (अ), वृद्धि= नाट्यकार ।

शब्दार्थ- अभिनय गर्ने व्यक्ति, नाटक प्रस्तुत गर्ने वा रचना गर्ने व्यक्ति, नाटककार ।

नाट्यशाला (ना./स्त्री.) नाट्याय नाट्ट्यस्य वा शाला *(नाट्यको निम्ति वा नृत्यको शाला)* च.त.स./ ष.त.स.= नाट्यशाला ।

शब्दार्थ- नृत्यशाला, नाचघर, नाच गान गर्ने घर, नाटक वा अभिनय गर्ने स्थान ।

नाडी (ना./स्त्री.) नाडयति, नाड्यते इति *(सञ्चलन हुन्छ)* नड भ्रंशे (चुरा.) धातु, नड्+णिचि, वृद्धि, नाडि+इ[३], उणा., णिलोप, नाडिः । नाडि+ङीष्[४] (ई), विकल्पले= नाडी ।

अथवा नलति अनेन *(गन्ध पैदा हुन्छ यसबाट)* णल गन्धे (भ्वा.) धातु, नल्+घञ् (अ) वृद्धि, लको ड, (ड र लको अभेदसम्वन्ध हुँदा), नाड+ङीष्[५] (ई)= नाडी ।

नाडी तु धमनिः सिरा- इत्यमरः

नाडीनाले व्रणान्तरे ।

सिरायां गण्डदुर्वायां चर्यायां कुहकस्य च- इति मेदिनी

शब्दार्थ- शरीर भित्रको रक्तवाहिनी नली, धमनि, सिरा, हातको रगत वग्ने नसा, शरीरभित्र रगत सञ्चालन गर्ने नसा, मिथ्यादम्भादिले अधर्ममार्ग अपनाउने काम

नाडीत्रयम् (ना./न.) नाडीनां त्रयम् *(तीन नाडीहरू)* ष.त.स.= नाडीत्रय ।

शब्दार्थ- इडा, पिङ्गला, सुषुम्णा- यी तीन नाडीहरू ।

नाडीपरीक्षा (ना./स्त्री.) नाड्याः परीक्षा *(नाडीको परीक्षा)* ष.त.स.= नाडीपरीक्षा ।

शब्दार्थ- विरामीका नाडीको गति जाँच्ने काम, नाडी हेर्ने काम, रोग निदानका लागि नाडी जाँच्ने काम ।

नाथः (ना./पुं.) नाथति ईश्वरः भवतीति *(स्वामी बन्छ)* नाथृ याञ्चोपतापैश्वर्याशीःषु (भ्वा.) धातु, नाथ्+अच् (पचादि)= नाथ ।

शब्दार्थ- स्वामी, मालिक, संरक्षक, प्रभु, ईश्वर, अधिपति, नाकमा लगाउने नत्थी ।

नाथवान् (वि.) नाथः अस्ति अस्य *(स्वामी वा संरक्षक छ यसको)* नाथ+मतुप्[६] (मत्), मको व, नाथवत् =नाथवान् ।

शब्दार्थ- संरक्षक भएको, स्वामीयुक्त, मालिक भएको ।

नादः (ना./पुं.) नदनम्, नद्यते इति *(शब्द गर्नु)* णद अव्यक्ते शब्दे (भ्वा.) धातु, नद्+घञ् (अ), भावमा =नाद । **शब्दार्थ-**शव्द, ध्वनि, ठूलो आवाज, रव, निर्घोष ।

नादब्रह्म (ना./न.) नाद एव ब्रह्म *(नाद नै ब्रह्म)* म.व्य.स.= नादब्रह्म ।

शब्दार्थ- नादरूप ब्रह्म, प्रणव, शव्दब्रह्म, ॐ ध्वनि, ओङ्कार, लयात्मक आवाज ।

---

[१] कर्मण्यण् : अण्

[२] वृद्धाच्छः : छ

[३] अच इः : इ

[४] कृदिकारा... : ङीष्

[५] षिद्गौरादि... : ङीष्

[६] तदस्यात्यस्मिन्... : मतुप्

नाना (अव्य./वि.) न सहति पृथक् भावम् *(अलग भाव सहन गर्दैन)* नञ् शब्दबाट न+नाञ्[१] (ना), आदिवृद्धि =नाना ।

शब्दार्थ- अनेकथरी, विभिन्न, धेरै प्रकार वा किसिमको

नानाफलम् (ना./न.) नाना बहुविधं फलम् *(धेरैप्रकारको फल)* सह सुपा समास= नानाफल ।

शब्दार्थ- धेरैफल, अनेक परिणाम ।

नानारूप: (वि.) नाना नानाविधानि रूपाणि यस्य *(नाना प्रकारको रूप छ जसको)* ब.स.= नानारूप ।

शब्दार्थ- अनेक किसिमको, विभिन्न प्रकारको, विविधरूप भएको, धेरैप्रकारको ।

नानार्थ: (वि.) नाना अर्थ: यस्य *(धेरै अर्थ छ जसको)* व.स., दीर्घ= नानार्थ ।

शब्दार्थ- अनेक अर्थ भएको, धेरै अर्थ भएको, थरीथरीको अर्थ लाग्ने ।

नानावर्ण: (ना./पुं.) नाना नानाविध: वर्ण: *(धेरै प्रकारको वर्ण)* सह सुपा समास= नानावर्ण ।

अथवा नाना नानाविध: वर्ण: यस्य *(धेरै प्रकारको वर्ण छ जसको)* व.स.= नानावर्ण ।

शब्दार्थ- धेरै प्रकारको वर्ण, चित्रविचित्रको रङ्ग, अनेक प्रकारको रङ्ग ।

नानाविध: (वि.) नाना विधा प्रकारा यस्य *(धेरै प्रकार छ जसको)* व.स.= नानाविध ।

शब्दार्थ-विविध, अनेक प्रकारको, भिन्न भिन्न प्रकारको ।

नान्दी (ना./स्त्री.) नन्दन्ति देवा: यत्र *(जहाँ देवता आनन्दित हुन्छन्)* टुनदि समृद्धौ (भ्वा.) धातु, नुम्, नन्द्+घञ् (अ), वृद्धि (पृषोदरादिवाट), नान्द+ङीप् (ई) =नान्दी । अथवा नन्दतीति *(आनन्दित हुन्छ)* टुनदि समृद्धौ (भ्वा.) धातु, नुम्, नन्द+इन्[२] (इ), उणा., नन्दि: । नन्देरानन्दस्य इयम् *(आनन्दको लागि यो)* नन्दि+अण्[३] (अ), आदिवृद्धि, नान्द+ङीप् (ई)=नान्दी ।

शब्दार्थ- प्रसन्नता, हर्ष, समृद्धि, नाटकको सुरुमा पढिने मङ्गलगान, आशीर्वाद, मङ्गला-चरण, प्रारम्भिक स्तुति, समृद्धि आनन्दका लागि सङ्गीतमा प्रयुक्त गायनवादन क्रिया ।

नापित: (ना./पुं.) न आप्नोति सुगमताम् *(सुगमता प्राप्त गर्दैन)* नञ्पूर्वक आप्लृ व्याप्तौ (स्वा.) धातु, न+आप्+तन् (त), उणा., इडागम= नापित । अथवा नाप: सञ्जात: अस्य नाप+इतच् (इत), अकारलोप= नापित ।

शब्दार्थ- कपाल काट्ने हजाम, नाऊ ।

नाभि: (ना./पुं./स्त्री.) नह्यते बध्नाति *(बाँध्दछ)* णह बन्धने (दिवा.) धातु, नह्+इञ्[४] (इ), हकारको भ आदेश, वृद्धि= नाभि । अथवा नभ्यते अनेन इति *(पीडा दिइन्छ यसबाट)* णभ हिंसायाम् (भ्वा./दिवा./क्र्या.) धातु, नभ्+इण्[५] (इ), वृद्धि= नाभि ।

नाभिर्मुख्यनृपे चक्रमध्यक्षत्रिययो: पुमान्
द्वयो: प्राणिप्रतीके स्यात् स्त्रियां कस्तूरिकामदे- इति मेदिनी

शब्दार्थ- प्रधान, मुख्य सम्राट्, क्षत्रिय, चक्रको मध्यभाग, पाङ्ग्राको मध्यभाग, कस्तुरी, विना, नाइटो, पौराणिक कालका एक राजा, (प्रियव्रत राजाका एक पुत्र) ।

नाभिकमलम् (ना./न.) नाभे: कमलम् *(नाभिबाट पैदा भएको कमल)* प.त.स.= नाभिकमल ।

शब्दार्थ- विष्णुको नाभिवाट उत्पन्न कमल, जहाँवाट ब्रह्मा पैदा हुनुभएको थियो ।

नाभिजन्मा (ना./पुं.) नाभेर्जन्म यस्य स: *(नाभिबाट उत्पत्ति छ जसको)* व.स., नाभिजन्मन्= नाभिजन्मा ।

शब्दार्थ-विष्णुको नाभिकमलवाट उत्पन्न ब्रह्मा, पितामह ।

नाभिमण्डलम् (ना./न.) नाभे: मण्डलम् *(नाभिको घेरा)* ष.त.स.= नाभिमण्डल ।

शब्दार्थ- नाभिको वरिपरिको घेरा, नाभि रहेको स्थान, नाभिमण्डल ।

नाभ्य: (वि.) नाभौ भव:, नाभेर्जात:, नाभेरयम्, नाभये हितम् इति वा *(नाभिमा हुने, नाभिबाट पैदा भएको, नाभिको यो, नाभिको लागि हित हुने)* नाभि+यत्[६] (य), इकारलोप= नाभ्य ।

शब्दार्थ- नाभिसम्वन्धी, नाभिलाई अनुकूल हुने, नाभिमा हुने, नाभिवाट पैदा भएको ।

नाम (ना./न.) नामयति, नाम्यते अर्थ: अभिधीयते अनेन इति वा *(नाम राख्छ वा राखिन्छ)* णम प्रह्वत्वे शब्दे च (भ्वा.) धातु, नम्+णिचि+मनिन् (मन्), मलोप[७], दीर्घ निपातन, नामन्= नाम ।

अथवा म्नायते आख्यायते अनेन *(नामाकरण गरिन्छ यसबाट)* म्ना अभ्यासे (भ्वा.) धातु, म्ना+मनिन् (मन्), उणा., म्नाको मलोप, दीर्घ निपातन, नामन्=नाम

शब्दार्थ- त्यस्तो शब्द जसवाट वस्तु, व्यक्ति, जाति वा समूहको ज्ञान होस्, नाउँ, नाम, नामधेय, संज्ञा, आख्या, अभिधान, यश, ख्याति, प्रसिद्धि ।

नामक: (वि.) नाम एव *(नाम नै)* नाम+कन् (क), स्वार्थमा= नामक ।

शब्दार्थ- नामधारी, नाउँ भएको ।

नामकरणम्/नामकर्म (ना./न.) नाम्न: करणम्/कर्म *(नामकरण वा नामकर्म)* ष.त.स.= नामकरण/ नामकर्म ।

शब्दार्थ- षोडश संस्कारमध्ये एक संस्कार, नाम राख्ने संस्कार, न्वारन, नामकरण ।

---

[१] विनञ्भ्यां नाञौ... : नाञ्
[२] सर्वधातुभ्य : इन्
[३] तस्येदम् : अण्
[४] नहो भश्च : इञ्, हको भ
[५] इणजादिभ्य:.. (वा.) : इण्
[६] शरीरावयवाद्यत्/शरीरावयवाच्च : यत्
[७] नामन्सीमन्.. : मलोप, दीर्घनिपातन

नामधातुः (ना./पुं.) नाम्नः धातुः *(नामबाट बनेको धातु)* प.त.स.= नामधातु ।

शब्दार्थ- नामपदबाट बनाइएको धातु वा क्रिया ।

नामधारी (वि.) नाम धरतीति *(नाम धारण गर्छ)* नामन् उपपदपूर्वक धृञ् धारणे (भ्वा.) धातु, नामन्+धृ+णिनि (इन्), वृद्धि, नलोप, नामधारिन्= नामधारी ।

शब्दार्थ- नाममात्र धारण गर्ने, नाममात्रको, नाम गरेको, नाम भएको ।

नामधेयम् (ना./न.) नामन् एव *(नाम नै)* नामन्+धेय[1], नलोप= नामधेय ।

शब्दार्थ- नाउँ, नाम, अभिधान, अभिधेय, आख्या ।

नामयोगी (वि.) युनक्ति इति *(जोड्छ)* युजिर् योगे (रुधा.) धातु, युज्+घिनुण्[2] (इन्), गुण, कुत्व, योगिन्, योगी । नाम्ना योगी *(नामसित योग हुने)* तृ.त.स. =नामयोगी ।

शब्दार्थ- नाम सर्वनाम आदि शब्दसित जोडिएर आउने नामयोगी, नेपालीमा- मुनि, माथि, तिर, सित आदि अव्ययपदलाई बुझाउने ।

नामाङ्कनम् (ना./न.) अङ्क्यते इति *(अङ्कन गरिन्छ वा लेखिन्छ)* अकि लक्षणे (भ्वा.) धातु, नुम्, अङ्क्+ल्युट् (अन), अङ्कनम् । नाम्नः अङ्कनम् *(नामको अङ्कन)* नामन्+अङ्कन, ष.त.स., नलोप, दीर्घ= नामाङ्कन ।

शब्दार्थ- नाम अङ्कन गर्ने काम, नाम लेख्ने काम, नाम राख्ने काम, आफ्नो नाम चढाउने वा लेखाउने काम

नामाङ्कितः (वि.) अङ्क्यते स्म इति *(अङ्कित गरिएको)* अकि लक्षणे (भ्वा.) धातु, नुम्, अङ्क्+क्त (त), इडागम, अङ्कितः । नाम्ना अङ्कितः *(नामले अङ्कित)* तृ.त.स., नलोप, दीर्घ= नामाङ्कित ।

शब्दार्थ- नाम अङ्कित गरिएको, नाम लेखिएको, नामाङ्कन गरिएको, नामधारी, नाउँ भएको ।

नामावलिः/नामावली (ना./स्त्री.) आवलति, आवल्यते इति वा *(क्रम देखाउँछ वा देखाइन्छ)* आङ्पूर्वक वल संवरणे (भ्वा.) धातु, आ+वल्+इन्[3] (इ), उणा., आवलि । आवलि+ङीष्[4] (ई), विकल्पले, आवली । ङीष्को अभावमा, आवलि ।

नाम्नः आवलिः/आवली *(नामको सूची वा श्रेणी)* ष.त.स., नलोप, दीर्घ= नामावलि/नामावली ।

शब्दार्थ- नामको सूची, नामको तालिका, नामको क्रमवद्ध श्रेणी वा पङ्क्ति ।

नायकः (ना./पुं./वि.) नयति प्रापयतीति *(लैजान्छ)* णीञ् प्रापणे (भ्वा.) धातु, नी+ण्वुल्[5] (अक), वृद्धि, आयादेश =नायक ।

शब्दार्थ- उपन्यास, काव्य, नाटक आदिको नायक वा मुख्य पुरुष पात्र, लैजाने वा पुऱ्याउने व्यक्ति, स्वामी वा मालिक, नेतृत्व गर्ने व्यक्ति, नेता, अगुवा, नाइके

नायकत्वम् (ना./न.) नायकस्य भावः *(नायक हुनाको भाव वा अवस्था)* नायक+त्व= नायकत्व ।

शब्दार्थ- नायक हुनाको अवस्था, स्वामित्व, प्रमुखत्व, नाइकेपन ।

नायिका (ना./स्त्री.)नयति असौ *(लैजान्छे यो)* णीञ् प्रापणे (भ्वा.) धातु, नी+ण्वुल् (अक), वृद्धि, आयादेश, नायक+टाप् (आ), ककारपूर्वका अकारको इत्व=नायिका ।

शब्दार्थ- काव्य, नाटक आदिको मुख्य स्त्रीपात्र, स्त्री नेता, समाजको नेतृत्व गर्ने नारी, नाइके स्त्री ।

नारः (ना./पुं.) नुः नरस्य अयम्, नुः नरस्य धर्मः, नराणां समूहः इति वा *(मानिसको यो, मानिसको धर्म, मानिसको समुदाय)* नृ/नर+अण्[6] (अ), आदिवृद्धि= नार ।

शब्दार्थ- ज्ञान, मानव समुदाय, पानी, जल ।

नारकः (वि./ना./पुं.) नरकस्य अयम् *(नरकको यो)* नरक+अण्[6] (अ), आदिवृद्धि, अकारलोप= नारक ।

शब्दार्थ- नरकसम्वन्धी, नरक, नरकवासी जीव वा प्राणी, पापी जीव वा प्राणीले पीडा भोग्नुपर्ने स्थान ।

नारकीयः (वि.) नारके भवः जातादिर्वा *(नरकमा हुने वा पैदा भएको)* नारक+छ[7] (ईय), अकारलोप= नारकीय ।

शब्दार्थ-नरकसम्वन्धी, नरकको जस्तै कष्ट, ज्यादै निकृष्ट,

नारदः (ना./पुं.) नरति नृणातीति वा *(न्यायधर्म वा ज्ञानतिर लैजान्छन्)* नृ नये (भ्वा./ऋचा.) धातु, नृ+अच् (पचादि), गुण, नरः । नरस्य धर्म्यः *(मानिसको धर्म)* नर+अण्[8] (अ), आदिवृद्धि, अकारलोप, नारः । नारं ज्ञानं ददाति वा नारं जलं ददाति पितृभ्यः *(ज्ञान दिन्छन् वा पितृहरूलाई जल तर्पण गर्दछन्)* नार उपपदपूर्वक डुदाञ् दाने (जुहो.) धातु, नार+दा+क (अ), आलोप= नारद ।

अथवा नारं मनुष्यत्वं वा परमात्मविषयकं ज्ञानं ददातीति *(मनुष्यत्व वा परमात्मविषयक ज्ञान प्रदान गर्दछन्)* वा नारं नरसमूहं द्यति खण्डयति कलहकारणत्वात् *(झैझगडा परिरहने हुँदा मानिसको समूहको परित्याग गर्दछन्)* नार उपपदपूर्वक डुदाञ् दाने (जुहो.) वा दो अवखण्डने (दिवा.) धातु, नार+दा+क (अ), आत्व, आलोप= नारद ।

शब्दार्थ- ब्रह्माका दशवटा मानस पुत्रहरूमध्ये एक, देवर्षि नारद, मानवजातिलाई मनुष्यत्व वा परमात्मविषयक तत्त्वज्ञान प्रदान गर्ने देवर्षि नारदमुनि, एउटाको सन्देश अर्को समक्ष पुऱ्याउने सन्देशवाहक ।

द्रष्टव्य- नारं पानीयमित्युक्तं तत्पितृभ्यः सदा भवान्
ददाति तेन ते नाम नारदेति भविष्यति-
पुराणवचन (श.क.द्रुबाट)

---

१. भागरूपनामभ्यो...(वा.) : धेय (प्रत्यय) २. सम्पृचानुरुधा... घिनुण् ३. सर्वभातुभ्य... : इन् ४. कृदिकारा.. : ङीष्
५. ण्वुल्तृचौ : ण्वुल् ६. तस्येदम् : अण् ७. वृद्धाच्छः : छ ८. नराच्चेति वक्तव्यम् : अण्

नारदीयः (वि.) नारदेन प्रोक्तम् *(नारदले बताएको)* नारद +छ[1] (ईय)= नारदीय ।
शब्दार्थ-नारदले बताएको (भक्तिसूत्र, नारदीयपुराण) ।

नारायणः (ना./पुं.) नरति, नृणातीति *(धर्म वा ज्ञानतिर लैजान्छ)* नॄ नये (भ्वा./क्र्या.) धातु, नॄ+अच् (पचादि), गुण, नरः । नराणां समूहः *(मानिसको समूह)* नर+अण्[2] (अ), आदिवृद्धि, नारम् । नारमयनं यस्य *(जल नै आश्रय स्थान छ जसको)* नार+अयन, व.स. दीर्घ, णत्व= नारायण । अथवा नरः आत्मा तस्मात् जातानि आकाशादीनि *(आत्माबाट पैदा भएका आकाश, जल आदि तत्त्व)* नर+अण्[3] (अ), आदिवृद्धि, नारः । नाराः आपः नारं आकाशादितत्त्वं वा अयते जानातीति *(पानी वा आकाशादितत्त्वलाई जान्दछन्)* अय गतौ (भ्वा.) धातु, नार+अय्+ल्यु (अन), दीर्घ, णत्व= नारायण ।
शब्दार्थ- विष्णु, केशव, माधव, दामोदर ।
उदा. आपो नारा इति प्रोक्ता आपो वै नरसूनवः
ताः यदस्यायनं पूर्वं तेन नारायणः स्मृतः-
वि.पु. (श.क.द्रुबाट)

नारायणबलिः (ना./पुं.) नारायणमुद्दिश्य देयः बलिः *(पितृहरूको उद्धारको लागि नारायणको नाम सम्झेर दिइने बलि)* नारायण+बलि, सह सुपा समास =नारायणबलि ।
शब्दार्थ- मृतात्मा पतितहरूको उद्धारका लागि नारायणादि देवताको आराधना गरी प्रायश्चित्तस्वरूप गरिने एक संस्कार ।

नारायणास्त्रम् (ना./न.) नारायणस्य अस्त्रम् *(नारायणको अस्त्र)* ष.त.स., दीर्घ= नारायणास्त्र ।
शब्दार्थ- विष्णुको शक्तिशाली अस्त्रविशेष ।

नारायणी (ना./स्त्री.) नारायणाज्जाता *(नारायणबाट पैदा भएकी)* वा नारायणस्य इयम् *(नारायणकी यी)* नारायण+अण् (अ), आदिवृद्धि, अकारलोप, नारायण । नारायण+ङीप् (ई)= नारायणी ।
शब्दार्थ- नारायणकी पत्नी, भगवान् विष्णुकी शक्तिरूपा लक्ष्मी, धनकी देवी लक्ष्मी, भगवती दुर्गा, सप्तगण्डकी मिलेर बनेकी नारायणी नदी ।

नारी (ना./स्त्री.) नुर्नरस्य धर्म्या/नुर्नरस्य धर्मः आचारः- अस्याः इति वा *(मानिसको धर्मस्वरूप/मानिसको धर्म वा आचार छ यिनको)* नृ+अञ्[4] (अ), वृद्धि, नार+ङीन् (ई)= नारी ।
शब्दार्थ- नारी, स्त्री, अबला, महिला, योषित्, आइमाई ।

नारीजीवनम् (ना./न.) नारीणां जीवनम् *(नारीहरूको जीवन)* ष.त.स.= नारीजीवन ।
शब्दार्थ- नारीहरूको स्थिति, नारीहरूको जीवनपद्धति वा जीवनशैली ।

नारीरत्नम् (ना./न./वि.) नारीणां नारीषु वा रत्नम् *(नारीहरूमा रत्न)* ष.त.स./स.त.स.= नारीरत्न ।
शब्दार्थ- सर्वश्रेष्ठ नारी, गुणवती नारी, नारीहरूमा उत्तम, नारीहरूमा श्रेष्ठ रत्न ।

नाविकः (वि./ना./पुं.) नावा तरतीति *(नाउद्वारा तर्दछ)* नौ+ठन्[5] (इक), आवादेश= नाविक ।
शब्दार्थ- कर्णधार, डुङ्गा चलाउने (व्यक्ति), माझी, समुद्रमा सयर गर्ने व्यक्ति ।

नाव्यः (वि.) नावा तार्यः *(नाउद्वारा तारिने)* नौ+यत्[6] (य), आवादेश= नाव्य ।
शब्दार्थ- नाउद्वारा पार गर्नुपर्ने, ढुङ्गाद्वारा तर्नुपर्ने ।

नाशः (ना./पुं.) नश्यते इति *(नाश हुनु)* णश अदर्शने (दिवा.) धातु, नश्+घञ् (अ), वृद्धि= नाश ।
शब्दार्थ- अस्तित्व नहुने अवस्था, विनाश, अदर्शन, लोप, विध्वंस, निधन ।

नाशकः (वि.) नाशयतीति *(नाश गर्छ)* णश अदर्शने (दिवा.) धातु, नश्+णिचि+ण्वुल् (अक), वृद्धि, णिलोप =नाशक ।
शब्दार्थ- नाश गर्ने, विनाशकारी, विनाश गर्ने, विध्वंस गर्ने

नाशकारी (वि.) नाशं कर्तुं शीलमस्य *(विनाश गर्ने शील वा स्वभाव छ यसको)* नाश उपपदपूर्वक डुकृञ् करणे (तना.) धातु, नाश+कृ+णिनि[7] (इन्), वृद्धि, नाशकारिन् =नाशकारी ।
शब्दार्थ- विनाश गर्ने, विनाशक, विध्वंसकारी ।

नाशवान् (वि.) नाशः अस्ति अस्य *(विनाश छ यसको)* नाश+मतुप् (मत्), मको व, नाशवत्= नाशवान् ।
शब्दार्थ- नाश हुने, अस्तित्व नभएको, नित्यत्व नभएको, नटिक्ने, नश्वर ।

नासा (ना./स्त्री.) नासते अनया इति *(शब्द गर्छ यसले)* णासृ शब्दे (भ्वा.) धातु, नास्+अच् (पचादि)/घञ् (अ), नासः । नास+टाप् (आ)= नासा ।
शब्दार्थ- नाक, नासिका, नासा, घ्राणेन्द्रिय ।

नासाग्रम् (ना./न.) नासायाः अग्रम् *(नाकको टुप्पो)* नासा+अग्र, ष.त.स., दीर्घ= नासाग्र ।
शब्दार्थ- नाकको टुप्पो, नाकको डाँडीको अग्रभाग ।

नासिका (ना./स्त्री.) नासते शब्दायते इति *(नाके शब्द गर्छ)* णासृ शब्दे (भ्वा.) धातु, नास्+ण्वुल् (अक), नासकः । नासक+टाप् (आ), ककारपूर्वका अकारको इत्व= नासिका ।
क्लीवे घ्राणं गन्धवाहा घोणा नासा च नासिका- इत्यमरः
शब्दार्थ- नाक, घ्राणेन्द्रिय, गन्ध थाह पाउने इन्द्रिय ।

---

[1] तेन प्रोक्तम् : छ
[2] तस्य समूहः : अण्
[3] नराच्चेति वक्तव्यम् (वा.) : अण्
[4] नॄनरयोर्वृद्धिश्च (ग.) : अञ्
[5] नौ द्व्यचष्ठन् : ठन्
[6] नौवयोधर्म... : यत्
[7] सुप्यजातौ... : णिनि

नासिक्यः **(वि.)** नासिकायां भवः, नासिकायाः अयम् इति वा *(नाकमा हुने वा भएको, नाकको यो)* नासिका+यत्[1] (य)= नासिक्य ।

शब्दार्थ- नाकसम्वन्धी, नाकसित सम्वन्धित, नाकवाट पैदा हुने वा उच्चारण गरिने ।

नास्ति **(अव्य.)** न अस्तीति *(छैन)* 'अस्ति' यो विभक्ति प्रतिरूपक अव्यय शव्दबाट समास[2], दीर्घ= नास्ति ।

शब्दार्थ- अभाव छैन भन्ने अर्थ बुझाउने एक शव्द, अविद्यमानता, नभएको अवस्था ।

नास्तिकः **(वि.)** नास्ति परलोकः ईश्वरः वा इति मतिर्यस्य *(परलोक वा ईश्वर छैन भन्ने जसको यस्तो मति छ)* नास्ति+ठक्[3] (इक), इकारलोप= नास्तिक ।

नास्तिको वेदनिन्दकः ।

शब्दार्थ- ईश्वर, पुनर्जन्म आदिको अस्तित्व नमान्ने, ईश्वर छ भन्ने कुरामा विश्वास नगर्ने, ईश्वरको अस्तित्व नस्वीकार्ने, वेदको निन्दा गर्ने, परलोक नमान्ने ।

नास्तिकता **(ना./स्त्री.)/नास्तिकत्वम्** **(ना./न.)** नास्तिकस्य भावः *(नास्तिक हुनाको भाव वा अवस्था)* नास्तिक+तल् (त)+टाप् (आ)= नास्तिकता ।

नास्तिक+त्व= नास्तिकत्व ।

शब्दार्थ- ईश्वर, परलोक आदिमा अनास्था, नास्तिकपना, अनीश्वरवादी विचारधारा ।

नास्तिकदर्शनम् **(ना./न.)** नास्तिकं च तद्दर्शनम् *(नास्तिक दर्शन)* क.त.स.= नास्तिकदर्शन ।

शब्दार्थ- नास्तिकरूपमा लिइने दर्शन- जैन, वुद्ध, चार्वाक दर्शन, द्वन्द्वात्मक भौतिकवाद-सम्वन्धी दर्शन वा सिद्धान्त ।

नास्तिक्यम् **(ना./न.)** नास्तिकस्य भावः *(नास्तिक हुनाको भाव वा अवस्था)* नास्तिक+ष्यञ् (य), अंकारलोप =नास्तिक्य ।

शब्दार्थ-नास्तिकपना, नास्तिकभाव, नास्तिक हुनाको स्थिति ।

नि **(अव्य.)** नीयते इति *(लगिन्छ)* णीञ् प्रपणे (भ्वा.) धातु, नी+डि (इ), वहुलप्रकारले, टिलोप= नि ।

शब्दार्थ- निपातको रूपमा प्रयोग हुने एक शव्द, निपात, निकट, समूह, तलतिर, आदेश, निश्चय, निग्रह आदि अर्थ वुझाउने एक उपसर्ग ।

निर्/निः/निस् **(अव्य.)** नरति, नृणातीति वा *(नीतितिर लैजान्छ)* नृ नये (भ्वा./ऋचा) धातु, नृ+क्विप्, इत्व[4], क्विप्को सर्वलोप= निर् ।

रेफको विसर्ग हुँदा= निः ।

विसर्गको सत्व हुँदा= निस् ।

शब्दार्थ- निर्णय, निश्चय, विना, निषेध, अतिक्रमण अर्थ वुझाउने उपसर्गको रूपमा प्रयोग हुने अव्यय शव्द ।

निःशङ्कः **(वि.)** निर्गता शङ्का यस्य *(शङ्का छैन जसको)* निर्+शङ्का, प्रा.व.स.[5], ह्रस्व, रेफको विसर्ग= निःशङ्क ।

शब्दार्थ- शङ्का नभएको, शङ्कारहित, सन्देह नभएको, सन्देह नलिने वा नमान्ने ।

निःशब्दः **(वि.)** निर्गतः शब्दः यस्मात् *(जसबाट शब्द वा आवाज हटिसकेको छ)* ब.स., विसर्ग= निःशव्द ।

शब्दार्थ- शव्दरहित, शव्दहीन, ध्वनि ननिस्कने, आवाज नआउने ।

निःशस्त्रः **(वि.)** शस्त्रात् निष्क्रान्तः *(शस्त्रबाट रहित)* निस्+शस्त्र, प्रा.त.स.[6], रुत्व, विसर्ग= निःशस्त्र ।

शब्दार्थ- हातहतियार नभएको, शस्त्रविहीन, अस्त्ररहित ।

निःशस्त्रीकरणम् **(ना./न.)** अनिः शस्त्रं निःशस्त्रं सम्पद्यते, तत्करणमिति *(शस्त्र लिएको व्यक्ति शस्त्रविहीन भएको र शस्त्ररहित पारिएको)* निःशस्त्र+कृ+ल्युट् (अन), च्वि[7], निःशस्त्रका अकारको ईत्व[8], च्विको लोप=निःशस्त्रीकरण ।

शब्दार्थ- शस्त्ररहित वनाइने क्रिया, हातहतियार विहीन तुल्याउने काम, निशस्त्रीकरण ।

निःशस्त्रीकृतः **(वि.)** अनिःशस्त्रं निःशस्त्रं सम्पद्यते स्म तत्कृतमिति *(शस्त्र भएकोलाई शस्त्ररहित पारिएको र शस्त्रविहीन गरिएको)* निःशस्त्र+कृ+क्त (त), च्वि, ईत्व, च्विको सर्वलोप= निःशस्त्रीकृत ।

शब्दार्थ- शस्त्ररहित पारिएको, हातहतियारविहीन तुल्याइएको, निःशस्त्रीकरण गरिएको ।

निःशुल्कः **(वि.)** निर्गतः शुल्कः यस्य *(जसको शुल्क छैन)* प्रा.व.स., उ.प.लोप= निःशुल्क ।

शब्दार्थ- शुल्करहित, शुल्क विनाको, कर तिर्नु नपर्ने ।

निःश्वसितः **(वि.)** निः श्वस्यते स्म इति *(श्वास लिइएको)* निर्पूर्वक श्वस प्राणने (अदा.) धातु, निर्+श्वस्+क्त (त), इडागम, रेफको विसर्ग= निःश्वसित ।

शब्दार्थ- श्वास लिइएको, श्वास वाहिर फालिएको ।

निःश्वासः **(ना./पुं.)** निः श्वस्यते इति *(श्वास लिइन्छ)* निर् उपसर्गपूर्वक श्वस प्राणने (अदा.) धातु, निर्+श्वस्+घञ् (अ), वृद्धि, विसर्ग= निःश्वास ।

शब्दार्थ- लामो सुस्केरा लिने काम, सास वाहिर फाल्ने काम, श्वासप्रश्वास क्रिया ।

निःसङ्कोचः **(वि./अव्य.)** सङ्कोचात् निष्क्रान्तः *(सङ्कोच-रहित)* प्रा.त.स. वा निर्गतः सङ्कोचः यस्मात् *(जसबाट सङ्कोच हटिसकेको छ)* प्रा.ब.स., उ.प.लोप, विसर्ग =निःसङ्कोच ।

शब्दार्थ- सङ्कोच नभएको, सङ्कोचरहित, लज्जाविहीन, विनाहिचकिचाहट, सङ्कोच नलिइकन ।

निःसङ्गः **(वि.)** निर्नास्ति सङ्गः यत्र *(जहाँ सङ्ग वा मेल छैन)* निर्+सङ्ग, प्रा.व.स., विसर्ग= निःसङ्ग ।

शब्दार्थ- मेलरहित, सङ्गरहित, सङ्ग नभएको ।

---

[1] शरीरावयवाद्यत् : यत्

[2] 'सुप्सुपा' यसको योगविभागबाट समास

[3] अस्तिनास्ति...ठक्

[4] ऋत इद्धातो : इत्व

[5] प्रादिभ्यो धातुजस्य...: प्रा.ब.स.

[6] निरादयःक्रान्ताद्यर्थे... : प्रा.त.स.

[7] कृभ्वस्तियोगो... : च्वि

[8] अस्य च्वौ : ईत्व

निःसन्तानः (वि.) निर्गतः सन्तानः यस्य *(जसको सन्तान छैन)* प्रा.व.स., उ.प.लोप, रेफको विसर्ग= निःसन्तान

शब्दार्थ-सन्तानरहित, सन्तान नभएको, सन्तानविहीन ।

निःसन्देहः (वि.) सन्देहात् निष्क्रान्तः *(सन्देहबाट हटेको)* प्रा.त.स. वा निर्गतः सन्देहः यस्मात् *(जसबाट सन्देह हटिसकेको छ)* प्रा.ब.स., उ.प.लोप, रेफको विसर्ग =निःसन्देह ।

शब्दार्थ- सन्देह नभएको, सन्देहरहित, सन्देह विनाको, शङ्कारहित ।

निःसारः (वि.) सारात् निष्क्रान्तः *(सार नभएको)* प्रा.त.स., रुत्व, विसर्ग= निःसार ।

अथवा निर्गतः सारः यस्मात् *(जसबाट सारतत्त्व हटेको छ)* प्रा.व.स., उ.प.लोप, रुत्व, विसर्ग=निःसार ।

शब्दार्थ- सार नभएको, साररहित, वेकम्मा, सारविहीन ।

निःसृतः (वि.) निः सरति स्म इति *(निस्केको)* निस् उपसर्गपूर्वक सृ गतौ (भ्वा.) धातु, निस्+सृ+क्त (त), कर्तामा, रुत्व, विसर्ग= निःसृत ।

शब्दार्थ- निस्केको, प्रकाशमा आएको, वाहिर आएको ।

निःस्वः (वि.) निर्गतं स्वं धनं यस्य *(धन निखेको छ जसको)* प्रा.व.स., उ.प.लोप वा स्वात् धनात् निष्क्रान्तः *(धनबाट रहित)* प्रा.त.स., विसर्ग=निःस्व ।

शब्दार्थ- धन नभएको, निर्धन, धनरहित, दरिद्र, धनहीन, कङ्गाल ।

निःस्वार्थः (वि.) निर्गतः स्वार्थः यस्य *(स्वार्थ छैन जसको)* प्रा.व.स., उ.प.लोप, विसर्ग= निःस्वार्थ ।

शब्दार्थ- स्वार्थ नभएको, स्वार्थरहित, स्वार्थविहीन ।

निःस्वार्थी (वि.) निःस्वार्थः यस्यास्तीति *(निःस्वार्थभाव छ जसको)* निःस्वार्थ+इनि[१] (इन्), निःस्वार्थिन् =निःस्वार्थी

शब्दार्थ-स्वार्थरहित, विना स्वार्थको, स्वार्थभावना नभएको ।

निकटम् (अव्य./वि.) निःसमीपे कटति गच्छति *(समीपमा पुग्छ)* निपूर्वक कटी गतौ (भ्वा.) धातु, नी+कट्+अच् (पचादि)= निकट ।

अथवा नि समीपे आपन्ने *(समीपमा पुगेको)* नि+कटच्[२] (कट)= निकट ।

शब्दार्थ- समीप, आसन्न, नजिक, नजिकको, छेउको, समीपवर्ती, सँगैको ।

निकटतमः (वि.) अयमेषामतिशयेन निकटः *(यो यिनीहरूमा ज्यादै नजिक)* निकट+तमप्[३] (तम) =निकटतम ।

शब्दार्थ-ज्यादै नजिकको, छेवैको, वरैको, धेरै नजिकको ।

निकटवर्ती (वि.) निकटे वर्तितुं शीलमस्येति *(समीपमा रहने शील छ यसको)* वृतु वर्तने (भ्वा.) धातु, निकट+वृत्+णिनि[४] (इन्), निकटवर्तिन्=निकटवर्ती ।

शब्दार्थ- समीपमा रहेको, नजिकैको, निकटस्थ, छेवैमा रहेको ।

निकटस्थः (वि.) निकटे तिष्ठतीति *(समीपमा रहन्छ)* ष्ठा गतिनिवृत्तौ (भ्वा.) धातु, निकट+स्था+क[५] (अ), आलोप= निकटस्थ ।

शब्दार्थ- समीपमा रहने, निकटमा रहने, नजिकमा रहने, निकटवर्ती ।

निकायः (ना./पुं.) निचीयते अत्र *(एकत्रित भएर रहन्छ)* निपूर्वक चिञ् चयने (स्वा.) धातु, नि+चि+घञ्[६] (अ), वृद्धि, आदिको क, आयादेश= निकाय ।

शब्दार्थ- समूह, सङ्घ, समुच्चय, समुदाय, निवासस्थान, कुनै संस्था, देह, शरीर, जस्तै- गोमयनिकाय (समूह), भिक्षुनिकाय (सङ्घ), काशीनिकाय (निवास) ।

निकासः (ना./पुं.) निकसनमिति *(निस्कन्छ)* निपूर्वक कस गतौ (भ्वा.) वा कस गतिशासनयोः (दिवा.) धातु, नि+कस्+घञ् (अ)= निकास ।

शब्दार्थ- निस्कने ठाउँ, वाटो, जलप्रवाह, जलस्रोत आदि ।

निकुञ्जः (ना./पुं./न.) नि नितरां कौ पृथिव्यां जायते अजनि इति वा *(पृथिवीमा पैदा हुन्छ वा भएको)* नि उपसर्गमा हुने कुपूर्वक जनी प्रादुर्भावे (दिवा.) धातु, नि+कु+जन्+ड[७] (अ), टिलोप, नकारादेश, पृषोदरादिबाट, श्चुत्व= निकुञ्ज ।

निकुञ्जकुञ्जौ वा क्लीवे लतादिपिहितोदरे- इत्यमरः

शब्दार्थ- लतागृह, कुञ्ज, लहराहरू झुम्म परेको ठाउँ, लहरा वा घनावृक्षले ढाकेको ठाउँ, आरक्षणस्थल,

निकृष्टः (वि.)निकृष्यते स्म इति *(तल झरेको)* निपूर्वक कृष विलेखने (तुदा.) धातु, नि+कृष्+क्त (त), ष्टुत्व =निकृष्ट ।

शब्दार्थ- नीच, घृणित, जातिच्युत, तुच्छ, तल गिरेको, अधम

निकृष्टतमः (वि.) अयमेषामतिशयेन निकृष्टः *(यो यिनीहरूमा ज्यादै नीच)* निकृष्ट+तमप्[३] (तम) =निकृष्टतम ।

शब्दार्थ- ज्यादै नीच, ज्यादै तुच्छ, अतिअधम, धेरै तल गिरेको ।

निकृष्टता (ना./स्त्री.) निकृष्टस्य भावः *(निकृष्ट हुनाको भाव वा अवस्था)* निकृष्ट+तल् (त)+टाप् (आ) =निकृष्टता ।

शब्दार्थ- तुच्छता, हीनता, तुच्छपन, नीचपना ।

निकेतः (ना./पुं./न.) निकेतति निवसति अस्मिन्निति *(निवास गर्छ यहाँ)* निपूर्वक कित निवासे रोगापनयने च (भ्वा.) धातु, नि+कित्+घञ् (अ), गुण= निकेत ।

शब्दार्थ- आवासगृह, वासस्थान, निवासस्थान, घर, गृह, सदन, भवन ।

---

१. अत इनिठनौ : इनि
२. सम्प्रोदश्च..... : कटच्
३. अतिशायने तमबिष्ठनौ : तमप्
४. सुप्यजातौ.. : णिनि
५. आतोऽनुपसर्गे... : क
६. निवासचिति...(समूह अर्थमा)/संज्ञे चानौत्तराधार्ये... : घञ्
७. सप्तम्यां जनेर्डः : ड

निकेतनम् (ना./न.) निकित्यते अस्मिन् *(बसिन्छ यसमा)* निपूर्वक कित निवासे रोगापनयने च (भ्वा.) धातु, नि+कित्+युच्[1] (अन), उणा., गुण= निकेतन ।

शब्दार्थ- गृह, सदन, घर, भवन, निवासस्थान ।

निक्वणः/निक्वाणः (ना./पुं.) निक्वणति, निक्वण्यते इति वा *(शब्द गर्छ वा गर्नु)* निपूर्वक क्वण शब्दार्थे (भ्वा.) धातु, नि+क्वण्+अप्[2] (अ), विकल्पले= निक्वण ।

अप्को अभावमा नि+क्वण्+घञ् (अ), वृद्धि=निक्वाण

शब्दार्थ- शब्द, ध्वनि, आवाज, रव ।

निक्षिप्तः (वि.) निक्षिप्यते स्म इति *(फालिएको)* निपूर्वक क्षिप प्रेरणे (दिवा./तुदा.) धातु, नि+क्षिप्+क्त (त) =निक्षिप्त ।

शब्दार्थ- मिल्काइएको, तल खसाइएको, फ्याँकिएको, धरौटी राखिएको, नासो राखिएको, जम्मा गरेको ।

निक्षेपः (ना./पुं.) निक्षिप्यते *(राखिन्छ)* निपूर्वक क्षिप प्रेरणे (दिवा./तुदा.)धातु, नि+क्षिप्+घञ् (अ), गुण =निक्षेप ।

शब्दार्थ- कुनै कुरा राख्ने काम, थन्क्याउने काम, धरोहर, नासो, धरौट, फाल्ने काम ।

निक्षेपकः (वि.) निक्षिप्यति, निक्षिपतीति वा *(फ्याँक्छ वा राख्छ)* निपूर्वक क्षिप प्रेरणे (दिवा./तुदा.) धातु, नि+क्षिप्+ण्वुल्[3] (अक), गुण= निक्षेपक ।

शब्दार्थ- कुनै वस्तु फ्याँक्ने वा जम्मा गरेर राख्ने, धरौटी राख्ने, निक्षेप गर्ने ।

निक्षेपणम् (ना./न.) निक्षिप्यते इति *(राखिन्छ वा फ्याँकिन्छ)* निपूर्वक क्षिप प्रेरणे (दिवा./तुदा.) धातु, नि+क्षिप्+ल्युट् (अन), गुण, णत्व= निक्षेपण ।

शब्दार्थ- कुनै कुरा राख्ने काम, धरोहर, नासो, धरौटी राख्ने काम, जम्मा गर्ने काम, कुनै कुरा छोड्ने, त्यागने वा फ्याँक्ने काम ।

निखिलम् (वि.) निवृत्तं खिलं शेषः यस्मात् *(जसबाट शेष रहेको छैन)* व.स.= निखिल ।

शब्दार्थ- सवै, समस्त, समग्र, सम्पूर्ण, सारा, निःशेष ।

निगदितः (वि.) निगद्यते स्म इति *(भनिएको)* निपूर्वक गद व्यक्तायां वाचि (भ्वा.) धातु, नि+गद्+क्त (त), इडागम= निगदित ।

शब्दार्थ- भनिएको, वताइएको, संवाद गरिएको ।

निगमः (ना./पुं.) नितरां गच्छन्ति अत्र *(यहाँ खूब जान्छन्)* निपूर्वक गम्लृ गतौ (भ्वा.) धातु, नि+गम्+घ (निपातन)= निगम ।

निगमो वाणिजे पुर्यां कटे वेदे वणिक्पथे- इति मेदिनी

अथवा निगमनम्, निगम्यते अत्रेति *(यहाँ खूब गइन्छ)* नि+गम्+अप् (अ)= निगम ।

अथवा नितरां गम्यते ज्ञायते अनेन *(यसबाट खूब जानिन्छ)* नि+गम्+अप् (अ)= निगम ।

अथवा निगमे पुर्यां भवः *(नगरमा हुने वा भएको)* निगम+अण् (अ), वृद्धिको अभाव= निगम ।

शब्दार्थ- नगर, निगम, पुरी, नगरी, वेद वा वेदको अंश भाग वा खण्ड, वेदवाणी, आगमशास्त्र, वेदभाष्य, बाटो, मार्ग, हाटवजार, व्यापार, वाणिज्य, सरकारी निकाय, निश्चय ।

निगमागमः (ना./पुं.) नितरां गच्छति अत्र, नितरां आगच्छति अत्र *(यहाँ खुव जान्छन्, आउँछन्)* निपूर्वक गम्लृ गतौ (भ्वा.)धातु, नि+गम्+घ (निपातन), निगमः । आ+गम्+घ (निपातन), आगमः । निगमश्च आमगश्च *(निगमशास्त्र र आगमशास्त्र)* द्व.स., दीर्घ=निगमागम ।

शब्दार्थ- निगम र आगमशास्त्र, वेदभाष्य, उपनिषद्, स्मृतिशास्त्र, जाने तथा आउने स्थान ।

उदा. **निगमागम दिव्यवेद हो,**
पितृको वाक्य मनुष्यवेद हो- आ.रा. ५/५२

निगूढः (वि.) निगुह्यते स्म इति *(छिपाइएको)* निपूर्वक गुहू संवरणे (भ्वा.) धातु, नि+गुह्+क्त (त), हको ढ[4], तको ध[5], ष्टुत्व निगुढ्ढ, ढलोप[6], दीर्घ[7]= निगूढ ।

शब्दार्थ- छिपेको, गुप्त, गुप्त अर्थ लुकेको, रहस्यपूर्ण ।

निगृहीतः (वि.) निगृह्यते स्म इति *(पक्रिएको)* निपूर्वक ग्रह उपादाने (क्र्या.) धातु, नि+ग्रह+क्त (त), सम्प्रसारणबाट ग्रको गृ[8], दीर्घ= निगृहीत ।

शब्दार्थ- पक्रिएको, समातिएको, दण्ड दिइएको, सजाय पाएको, पक्राउ परेको ।

निग्रहः (ना./पुं.)निग्रहणम्, निगृह्यते इति *(निग्रह गरिन्छ)* निपूर्वक ग्रह उपादाने (क्र्या.) धातु, नि+ग्रह+अप्[9] (अ)= निग्रह ।

निग्रहस्तु निरोधः स्यात्- इत्यमरः

शब्दार्थ- नियोजन, निषेध, वशमा राख्ने काम, रोक, दमन, दवाउने काम, पक्रने काम, दण्ड दिने काम, यातना, पीडा, इन्द्रियहरूको दमन वा नियन्त्रण ।

निघण्टुः (ना./पुं.) निघण्टयति शोभते इति *(भाषित वा शोभित हुन्छ)* घटि भाषार्थे (चुरा.) धातु, नुम्, नि+घण्ट्+कु (उ)= निघण्टु ।

शब्दार्थ- वैदिक शव्दकोश, निरुक्त, शव्दसङ्ग्रह, वैद्यको निघण्टु, यास्कले गरेको निघण्टुको व्याख्या ।

निजः (वि.) निजायते इति *(आफैंमा रहन्छ)* निपूर्वक जनी प्रादुर्भावे (दिवा.) धातु, नि+जन्+ड[10] (अ), टिलोप =निज ।

शब्दार्थ- स्वयम्, आफू, आफैं, स्वकीय, निज ।

---

१. बहुलमन्यत्रापि : युच्
२. क्वणो वीणायां च : अप्
३. ण्वुल्तृचौ : ण्वुल्
४. हो ढः : ढ
५. झषस्तथो... : तको ध
६. ढो ढे लोपः : ढलोप
७. ढ्रलोपे पूर्वस्य... : दीर्घ
८. ग्रहीज्यावयि... : सम्प्रसारण
९. ग्रहवृदृनिश्चि... : अप्
१०. उपसर्गे च संज्ञायाम् : ड

निजभालम् (ना./न.) निजस्य भालम् *(आफ्नो निधार)* ष.त.स.= निजभाल ।

शब्दार्थ- आफ्नो निधार, आफ्नो भाल ।

निजात्मकः (वि.) निजः आत्मा यस्य *(जसको आफ्नैपन वा विशेषता छ)* ब.स., दीर्घ, निजात्मन्+कप् (क), समासान्त= निजात्मक ।

शब्दार्थ-आफ्नैपनको, आफ्नै विशेषता बोकेको, आत्मपरक ।

नितम्बः (ना./पुं.) नि नितरां तम्यते आकाङ्क्ष्यते कामुकैरिति *(कामुक व्यक्तिहरूद्वारा अत्यन्तै चाहना गरिन्छ)* निपूर्वक तमु काङ्क्षायाम् (दिवा.) धातु, नि+तम्+ वन्[1] (व)= नितम्ब ।

अथवा नितम्बयति आकर्षति कामुकचित्तम् *(कामुक व्यक्तिको चित्तलाई खिच्तछ)* निपूर्वक तम्ब गतौ धातु, नि+तम्ब+अच् (पचादि)= नितम्ब ।

पश्चान्नितम्बः स्त्रीकटयाः- इत्यमरः

शब्दार्थ- स्त्रीजातिको कटिमुनिको पृष्टभाग, नारी जातिको कटिप्रदेश, चाक, नारीहरूको कम्मरको पछाडिको भाग, फिलो ।

नितम्बिनी (ना./स्त्री.) अतिशयितः नितम्बः अस्याः अस्तीति *(अत्यन्तै आकर्षक वा ठूलो छ कटिप्रदेश यस स्त्रीको)* नितम्ब+इनि[2] (इन्)+नितम्बिन्+ङीप् (ई)= नितम्बिनी ।

शब्दार्थ- नारी जाति, स्त्री, आकर्षक नितम्ब भएकी युवती, सुन्दर नितम्ब भएकी नारी, नितम्ब भाग आकर्षक भएकी स्त्री ।

नितान्तः (वि.) नि नितरां ताम्यति स्म इति *(ज्यादै चाहना गरिएको)* निपूर्वक तमु काङ्क्षायाम् (दिवा.) धातु, नि+तम्+क्त[3](त), कर्तामा, दीर्घ[4], परसवर्ण =नितान्त

शब्दार्थ- ज्यादै, अत्यन्तै, अत्यधिक, अतिशय, एकदम, रहस्यपूर्ण, निरन्तर ।

नित्यः (अव्य./वि.) नियमेन भवः *(सधैं वा नियमित रूपले भएको)* नि+त्यप्[5] (त्य)= नित्य ।

शब्दार्थ- सधैं, प्रतिदिन, सदासर्वदा, निरन्तर, अनवरत, अविनाशी, कहिल्यै नाश नहुने, सनातन, शाश्वत ।

नित्यकर्म (ना./न.) नित्यं च तत् कर्म *(नित्य कर्म)* क.त.स.= नित्यकर्म ।

शब्दार्थ- दिनदिनै गरिने कर्म वा काम, दैनिककर्म, नित्यक्रिया, नित्यकृत्य ।

नित्यता (ना./स्त्री.) नित्यस्य भावः *(नित्य वा सनातन हुनाको भाव वा अवस्था)* नित्य+तल् (त)+टाप् (आ)= नित्यता ।

शब्दार्थ- निरन्तरता, नियमितता, सनातनता ।

नित्यनिरन्तरम् (अव्य.) नित्यञ्च निरन्तरञ्च *(नित्य तथा निरन्तर)* द्व.स.= नित्यनिरन्तर ।

शब्दार्थ- सधैं, निरन्तर-रूपले, सदासर्वदा ।

नित्यानन्दः (ना./पुं.) नित्यश्चासौ आनन्दश्च *(नित्य आनन्द)* क.त.स., दीर्घ= नित्यानन्द ।

शब्दार्थ-नित्य निरन्तरको आनन्द, सदा प्रसन्न रहने काम,

निदर्शनम् (ना./न.) निदृश्यते अनेन *(देखाइन्छ यसद्वारा)* दृशिर् प्रेक्षणे (भ्वा.) धातु, नि+दृश्+ल्युट् (अन), करणमा, गुण= निदर्शन ।

शब्दार्थ- दृष्टान्त, उदाहरण, विभिन्न तर्कहरूद्वारा प्रस्तुत गर्ने काम, कुनै कुरा देखाउने काम ।

निदानम् (ना./न.) नि नितरां निश्चयं वा दीयते अनेन *(निश्चयपूर्वक कारण दिइन्छ यसबाट)* निपूर्वक डुदाञ् दाने (जुहो.) धातु, नि+दा+ल्युट्[6] (अन), करणमा=निदान ।

निदानं त्वादिकारणम्- इत्यमरः

शब्दार्थ- मुख्यकारण, प्रमुख कारण वा हेतु, आदिकारण, रोग निरूपण गर्ने काम, रोगीको रोग पहिचान गर्ने काम, परिणाम, निधो ।

निदिध्यासः/निदिध्यासनम् (ना./पुं./न.) नि नितरां ध्यातुमिच्छतीति *(अत्यन्त स्मरण वा ध्यान गर्न चाहन्छ)* निपूर्वक ध्यै चिन्तायाम् (भ्वा.) धातु, आत्व, नि+ध्या+सन् (स), द्वित्व, एकशेष, निदिध्यासः (सनन्त धातु) । निदिध्यास्यते इति *(अतिशय ध्यान वा स्मरण गरिन्छ)* निदिध्यास+घञ् (अ)= निदिध्यास ।

निदिध्यास+ल्युट् (अन)= निदिध्यासन ।

शब्दार्थ- अतिशयरूपमा गरिने स्मरण वा चिन्तन, तदाकार भएर ध्यान गर्ने क्रिया, निरन्तरध्यान, निरन्तर गरिने चिन्तन ।

निद्रा (ना./स्त्री.) नि द्रायते इति *(निदाइन्छ)* निपूर्वक द्रा कुत्सायां गतौ (अदा.) धातु, नि+द्रा+अङ्[7] (अ), आलोप, निद्र+टाप् (आ)= निद्रा ।

अथवा निन्दति, निन्द्यते इति वा *(शिथिल बन्छ)* णिदि कुत्सायाम् (भ्वा.) धातु, नुम्, निन्द्+रक्[8] (र), उणा., नलोप, टाप् (आ)= निद्रा ।

स्यान्निद्रा शयनं स्वापः स्वप्नः- इत्यमरः

शब्दार्थ- निद, निद्रा, स्वप्न, प्राणीको त्यो शिथिल अवस्था, जसमा चेतना हराएको होस्, निदाएको अवस्था ।

निद्रालुः (वि.) निद्राति तच्छीलः *(निद्राशील)* निपूर्वक द्रा कुत्सायां गतौ (अदा.) धातु, नि+द्रा+आलुच्[9] (आलु), दीर्घ= निद्रालु ।

अथवा निद्रा अस्ति अस्य *(निद्रा छ यसको)* निद्रा+आलुच् (आलु), बहुलप्रकारले, दीर्घ= निद्रालु ।

स्वप्नक् शयालुर्निद्रालुः - इत्यमरः

शब्दार्थ- निद्राशील, वढी निदाउने, सुताहा, धेरै वेरसम्म निदाइरहने, दीर्घ सुताहा, तन्द्रालु, शयालु ।

---

[1] उल्वादयश्च : वन्
[2] अत इनिठनौ : इनि
[3] गत्यर्थाकर्मक... : क्त (कर्तामा)
[4] अनुनासिकस्य क्विझलो... : दीर्घ
[5] त्यब्नेर्ध्रुव... (वा.) : त्यप्
[6] करणाधिकरणयोश्च : ल्युट्
[7] आतश्चोपसर्गे : अङ्
[8] निन्देर्नलोपश्च : रक्, नलोप
[9] स्पृहिग्रहिपतिदयि... : आलुच्

निद्रावशः (वि.) निद्रायाः वशः *(निद्राको वश)* ष.त.स. =निद्रावश ।

शब्दार्थ- निद्राको वश भएको, निद्राको अधीन ।

निद्रावस्था (ना./स्त्री.) निद्रायाः अवस्था *(निद्राको अवस्था)* ष.त.स.= निद्रावस्था ।

शब्दार्थ- आँखा चिम्लेको वा निदाएको वेला, निद्राको अवस्था, सुतेको अवस्था ।

निद्रितः (वि.) निद्रा सञ्जाता अस्य *(निद्रा परेको छ यसको)* निद्रा+इतच्[१] (इत), आलोप= निद्रित ।

शब्दार्थ- निदाएको, सुतेको, आँखा चिम्लेको ।

निद्रोत्थितः (वि.) निद्रायाः उत्थितः *(निद्राबाट उठेको)* प.त.स., गुण= निद्रोत्थित ।

शब्दार्थ- निद्रावाट व्यूँझेको, सुतेर उठेको ।

निधनः (ना./पुं./न.) निधीयते, निधानमिति वा *(नाशिन्छ)* निपूर्वक डुधाञ् धारणपोषणयोः (जुहो.) धातु, नि+धा +क्यु[२] (अन), उणा., आलोप= निधन ।

अन्तो नाशो द्वयोर्मृत्युर्मरणं निधनोऽस्त्रियाम्- इत्यमरः

निधनं स्यात् कुले नाशे- इति मेदिनी

शब्दार्थ- मरण, अन्त, नाश, मृत्यु ।

निधानम् (ना./न.) निधीयते अस्मिन् *(राखिन्छ यसमा)* निपूर्वक डुधाञ् धारणपोषणयोः (जुहो.) धातु, नि+धा +ल्युट्[३] (अन), अधिकरणमा= निधान ।

शब्दार्थ- राख्ने काम, आश्रय, आधार ।

निधिः (ना./पुं.) नितरां धीयते दधाति पोषयति अनेन *(नित्य धारण गरिन्छ वा पोषण गर्दछ यसबाट)* निपूर्वक डुधाञ् धारणपोषणयोः (जुहो.) धातु, नि+धा+कि[४] (इ), आकारलोप= निधि ।

अथवा निधीयते इति *(धारण गरिन्छ)* धि धारणे (तुदा.) धातु, नि+धि+क्विप् (सर्वलोप)= निधि ।

निधिर्ना शेवधिर्भेदाः- इत्यमरः

शब्दार्थ- खानि, गाडधन, खनिजपदार्थ, कुवेरको नौ प्रकारको ढुकुटी, जो निम्न छ,

महापद्मश्च पद्मश्च शङ्खो मकरकच्छपौ,
मुकुन्दःकुन्दनीलाश्च खर्वश्च निधयो नव ।

निनदः (ना./पुं.) नि नितरां नदति, नद्यते इति वा *(ज्यादा शब्द गर्छ वा शब्द गर्नु)* निपूर्वक णद अव्यक्ते शब्दे (भ्वा.) धातु, नि+नद्+अप्[५] (अ) = निनद ।

शब्दार्थ- शव्द, आवाज, ध्वनि, अस्पष्टध्वनि, गुञ्जन ।

निनादः (ना./पुं.) नि नितरां नदति, नद्यते इति वा *(ज्यादै शब्द गर्छ वा गर्नु)* निपूर्वक णद अव्यक्ते शब्दे (भ्वा.) धातु, नि+नद्+घञ् (अ), वृद्धि= निनाद ।

शब्दार्थ- ध्वनि, अस्पष्ट आवाज, शव्द, गुञ्जन, रव ।

उदा. **चल्यो चराचुरुङ्गिको निनाद तुल्य तूर्यको-**
आ.रा. २/७७

निनादितः (वि.) निनाद्यते स्म इति *(आवाज निकालिएको)* निपूर्वक णद अव्यक्ते शव्दे (भ्वा.) धातु, नि+नद्+णिचि, वृद्धि, निनादि+क्त (त), इडागम, णिलोप = निनादित ।

शब्दार्थ- ध्वनि निस्केको, गुञ्जित, आवाज आएको ।

निन्दकः (वि.) निन्दतीति *(निन्दा गर्छ)* णिदि कुत्सायाम् (भ्वा.) धातु, नुम्, णको न, निन्द्+ण्वुल्[६] (अक) =निन्दक ।

शब्दार्थ- निन्दा गर्ने, दोष लगाउने, वदनामी गर्ने, कलङ्क लगाउने ।

निन्दनीयः (वि.) निन्द्यते, निन्दितुं योग्यः *(निन्दा गर्न योग्य)* णिदि कुत्सायाम् (भ्वा.) धातु, नुम्, णको न, निन्द्+अनीय (र्)= निन्दनीय ।

शब्दार्थ- निन्दा गर्न योग्य वा लायक, गर्हणीय, तिरस्कार गर्न लायक ।

निन्दा (ना./स्त्री.) निन्द्यते इति *(निन्दा गरिन्छ)* णिदि कुत्सायाम् (भ्वा.) धातु, नुम्, णको न, निन्द्+अ[७] (प्रत्यय)+टाप् (आ)= निन्दा ।

शब्दार्थ- कसैलाई दोष वा खोट लगाउने काम, निन्दा गर्ने काम, घृणा, अपहेलना, कलङ्क, वदनामी ।

निन्दितः (वि.) निन्द्यते स्म इति *(निन्दा गरिएको)* णिदि कुत्सायाम् (भ्वा.) धातु, नुम्, णको न, निन्द्+क्त (त), इडागम= निन्दित ।

अथवा निन्दा सञ्जाता अस्य *(निन्दा गरिएको छ यसको)* निन्दा+इतच् (इत)= निन्दित ।

शब्दार्थ- निन्दा गरिएको, कुत्सित, गर्हित, तिरस्कृत, खोट वा दोष लगाइएको, अपमानित ।

निन्द्यः (वि.) निन्दितुं योग्यः (निन्दा गर्न लायक) णिदि कुत्सायाम् (भ्वा.) धातु, नुम्, णको न, निन्द्+ण्यत् (य) =निन्द्य ।

शब्दार्थ- निन्दा गर्न योग्य, तिरस्कार गर्न लायक, निन्दनीय ।

निपठः/निपाठः (ना./पुं.) नितरां पठ्यते इति *(निरन्तर पढिन्छ)* निपूर्वक पठ व्यक्तायां वाचि (भ्वा.) धातु, नि+पठ्+अप्[५] (अ), विकल्पले= निपठ ।

अप्को अभावमा नि+पठ्+घञ् (अ), वृद्धि= निपाठ ।

शब्दार्थ- पढ्ने काम, पाठ गर्ने काम, पाठ, अध्ययन गर्ने काम ।

---

[१] तदस्य सञ्जातम्... : इतच्
[२] कृपृमृजिमन्दि.. : क्यु
[३] करणाधिकरणयोश्च : ल्युट्
[४] उपसर्गे घोः किः : कि
[५] नौगदनदपठ... : अप्
[६] ण्वुल्तृचौ : ण्वुल्
[७] गुरोश्च हलः : अ (प्रत्यय)

निपातः (ना./पुं.) नि नितरां पतनं पत्यते इति वा *(ज्यादै पतन हुनु वा तल खस्नु)* निपूर्वक पत गतौ (चुरा.) धातु, नि+पत्+घञ् (अ), वृद्धि= निपात ।

शब्दार्थ- पतन, गिरावट, तल खस्ने वा झर्ने काम, खिइने क्रिया, अधःपतन, विनाश, निपात शव्द ।

द्रष्टव्य- निपातशब्द खिइँदै आएको हो, जस्तैः संस्कृतमा च, वा, ह आदि अव्यय शब्द । नेपालीमा नि, पो आदि ।

निपातनम् (ना./न.) निपात्यते इति *(तल खस्नु वा खसाउनु)* निपूर्वक पत गतौ (चुरा.) धातु, नि+पत्+णिचि+ल्युट् (अन), वृद्धि, णिलोप= निपातन ।

शब्दार्थ- तल खस्ने वा खसाउने काम, पतन, गिरावट, तल झार्ने काम, विनाश ।

निपातितः (वि.) निपात्यते स्म इति *(तल खसाइएको)* निपूर्वक पत गतौ (दिवा./चुरा.) धातु, नि+पत्+णिचि, वृद्धि, निपाति+क्त (त), णिलोप, इडागम =निपातित ।

शब्दार्थ- तल खसाइएको, तलतिर लडाएको, नष्ट गरिएको, तल झारिएको ।

निपीडनम् (ना./न.) नि नितरां पीडयतीति *(अत्यन्तै पीडा दिन्छ)* निपूर्वक पीड अवगाहने (चुरा.) धातु, नि+पीड्+णिचि+युच्/ल्युट् (अन), णिलोप=निपीडन

शब्दार्थ- ज्यादै दुःख वा पीडा दिने काम, दवाउने काम ।

निपीडितः (वि.) नि नितरां पीडचते स्म इति *(ज्यादा पीडा दिइएको)* निपूर्वक पीड अवगाहने (चुरा.) धातु, नि+पीड्+क्त (त), इडागम= निपीडित ।

शब्दार्थ- पीडा दिइएको, थिचोमिचो गरिएको, ज्यादै दुःख दिइएको ।

निपुणः (वि.) नि नितरां पुणतीति *(अति निपुण हुन्छ)* निपूर्वक पुण कर्मणि शुभे (तुदा.) धातु, नि+पुण्+क[1] (अ)= निपुण ।

प्रवीणे निपुणाभिज्ञविज्ञनिष्णातशिक्षिताः- इत्यमरः

शब्दार्थ- कुनै कुरा राम्ररी जान्ने, सिपालु, चतुर, विज्ञ, प्रवीण, कुशल, दक्ष ।

निपुणता (ना./स्त्री.) निपुणस्य भावः *(निपुण हुनाको भाव वा अवस्था)* निपुण+तल् (त)+टाप् (आ)= निपुणता ।

शब्दार्थ- कुशलता, सिपालुपना, दक्षता, चलाखपना, प्रवीणता ।

निवद्धः (वि.) निवध्यते स्म इति *(ज्यादै बाँधिएको)* निपूर्वक वन्ध वन्धने (क्र्या.) धातु, नि+बन्ध्+क्त (त), अनुनासिक नलोप= निवद्ध ।

शब्दार्थ- वाँधिएको, वन्धनमा परेको, जकडिएको, गाँसिएको, रोकिएको ।

उदा. निवद्ध एकै पतिमा वधूजन
वधू हजारौं पतिले हुने लिन- बु.वि.४२

निवन्धः (ना./पुं.) निवध्नाति, निवध्यते अत्र इति वा *(बाँध्छ वा बाँधिन्छ यसमा)* निपूर्वक वन्ध वन्धने (क्र्या.) धातु, नि+वन्ध्+घञ् (अ)= निवन्ध ।

शब्दार्थ- राम्ररी वाँध्ने काम, वन्धन, गद्यमा छोटो रचना लेख्ने काम, प्रवन्ध, गद्यको निवन्ध विधा, निवन्धग्रन्थ ।

निबन्धकारः (ना./पुं.) निवन्धं करोति रचयतीति *(निबन्ध रचना गर्छ)* निवन्ध उपपदपूर्वक डुकृञ् करणे (तना.) धातु, निवन्ध+कृ+अण्[2] (अ), वृद्धि= निवन्धकार ।

शब्दार्थ- निवन्ध लेख्ने लेखक, निवन्ध रचना गर्ने व्यक्ति ।

निबन्धनम् (ना./न.) निवध्यते अनेन *(बाँधिन्छ यसबाट)* निपूर्वक वन्ध वन्धने (क्र्या.) धातु, नि+वन्ध्+ल्युट् (अन)= निवन्धन ।

शब्दार्थ- वाँध्ने काम, जड्ने काम, उन्ने काम, निवन्ध लेख्ने काम ।

निबन्धात्मकः (वि.) निवन्धः आत्मा यस्य *(निबन्ध आत्मा छ जसको)* निवन्ध+आत्मन्, व.स., दीर्घ, निवन्धात्मन् +कप्[3] (समासान्त), नलोप= निबन्धात्मक ।

शब्दार्थ- निवन्धको छाँटकाँट र ढङ्गको शैली र विचारको कुनै कुरा लेख्ने काम, निवन्धकै आकृतिको ।

निमग्नः (वि.) निमज्ज्यते स्म इति *(डुबेको)* निपूर्वक टुमस्जो शुद्धौ (तुदा.) धातु, नि+मस्ज्+क्त (त), सलोप, कुत्व, निष्टा तको न= निमग्न ।

शब्दार्थ- डुवेको, तल्लीन भएको, तन्मय भएको, गडेर लागेको, तन्मय भएर लागेको ।

निमज्जनम् (ना./न.) निमज्जनम्, निमज्ज्यते इति वा *(डुब्नु)* निपूर्वक टुमस्जो शुद्धौ (तुदा.) धातु, निमस्ज्+ल्युट् (अन) सको ज (श्चुत्व)= निमज्जन ।

शब्दार्थ- पानीमा डुब्ने वा डुवुल्की मार्ने काम, अवगाहन, गोता, डुवुल्की ।

निमन्त्रणम् (ना./न.) निमन्त्र्यते इति *(निमन्त्रण गरिन्छ)* निपूर्वक मत्रि गुप्तपरिभाषणे (चुरा.) धातु, नुम्, नि+मन्त्+ल्युट् (अन), णत्व= निमन्त्रण ।

शब्दार्थ- निम्तो पठाउने काम, निमन्त्रण गर्ने काम, निम्तो, मन्त्रणा गर्ने काम, गुप्त कुरा भन्ने वा सल्लाह गर्ने काम, कुनै उत्सव आदिमा वोलाउने काम ।

निमन्त्रणा (ना./स्त्री.) निमन्त्र्यते इति *(निमन्त्रणा गरिन्छ)* निपूर्वक मत्रि गुप्तपरिभाषणे (चुरा.) धातु, नुम्, नि+मन्त्+णिचि+युच्[4] (अन)+टाप् (आ), णिलोप =निमन्त्रणा ।

शब्दार्थ- निमन्त्रणा गर्ने काम, आमन्त्रण गर्ने काम, निम्तो पठाउने काम, वोलाउने काम ।

निमन्त्रणापत्रम् (ना./न.) निमन्त्रणायाः पत्रम् *(निम्तोको पत्र)* ष.त.स.= निमन्त्रणापत्र ।

शब्दार्थ- निमन्त्रणा पत्र, निमन्त्रणा पठाउने चिट्ठी, निम्तो पठाउने कार्ड ।

---

[1] इगुपधज्ञा... : क

[2] कर्मण्यण् : अण्

[3] अनिनस्मन्... : कप्

[4] ण्यासश्रन्थो..... : युच्

निमन्त्रितः (वि.) निमन्त्र्यते स्म इति *(निम्तो गरिएको)* निपूर्वक मत्रि गुप्तपरिभाषणे (चुरा.) धातु, नुम्, नि+मन्त्र्+क्त (त), इडागम= निमन्त्रित ।

शब्दार्थ- निम्तो पठाइएको, आमन्त्रित, निमन्त्रणा गरिएको, निम्त्याइएको, बोलाइएको ।

निमित्तम् (ना./न.) निमेद्यति लक्ष्यते इति *(लक्ष्य लिन्छ वा लिइन्छ)* निपूर्वक ञिमिदा स्नेहने (दिवा.) धातु, नि+मिद्+क्त[१] (त), नत्वाभाव= निमित्त ।

निमित्तं हेतुलक्ष्मणोः- इति मेदिनी

शब्दार्थ- लक्षण, उद्देश्य, लक्ष्य, आदिकारण, मुख्यहेतु, प्रयोजन, विभक्तिको अर्थमा प्रयोग हुँदा-लागि, निम्ति ।

निमिषः (ना./पुं.) नितरां मिष्यते इति *(चाँडै चाँडै आँखा झिम्क्याइन्छ)* निपूर्वक मिषु सेचने (भ्वा.) वा मिष स्पर्धायाम् (तुदा.) धातु, नि+मिष्+क[२] (अ), घञर्थमा =निमिष ।

शब्दार्थ- आँखा झिम्क्याउँने क्रिया, क्षण, छिन ।

निमीलनम् (ना./न.) निमील्यते अनेन *(आँखा चिम्लिन्छ यसबाट)* निपूर्वक मील निमेषणे (भ्वा.) धातु, नि+मील्+ल्युट् (अन), करणमा= निमीलन ।

शब्दार्थ- आँखा चिम्लिने काम, आँखा झिम्क्याउँने क्रिया, निमिष, मरण, निधन ।

निमीलितः (वि.) निमील्यते स्म इति *(आँखा चिम्लेको)* निपूर्वक मील निमेषणे (भ्वा.) धातु, नि+मील्+क्त (त), कर्तामा, इडागम= निमीलित ।

शब्दार्थ-आँखा चिम्लेको, आँखा झिम्क्याएको, निधन भएको ।

उदा. **अब झरिन् धरणीतिर अप्सरा**
मधुर पङ्ख निमीलित झैं चरा- शा.म.का. ३/६०

निमेषः (ना./पुं.) नितरां मिष्यते इति *(ज्यादा आँखा झिम्क्याइन्छ)* निपूर्वक मिषु सेचने (भ्वा.) वा मिष स्पर्धायाम् (तुदा.) धातु, नि+मिष्+घञ् (अ), गुण =निमेष ।

शब्दार्थ- आँखा झिम्क्यांउँने काम, पलक, आँखा झिम्क्याउँदा लाग्ने समय, क्षण, छिन, पल ।

निम्नः (वि.) निकृष्टं म्नायते इति *(गहिरिनु, तलतिर लाग्नु)* निपूर्वक म्ना अभ्यासे (भ्वा.) धातु, नि+म्ना+क (अ), आलोप= निम्न ।

शब्दार्थ- गहिरो, गम्भीर, तल्लो, तल्तिरको, तपसिलको, देहायको, नीच, तल ।

निम्ननाभिः (ना./स्त्री.) निम्ना नाभिर्यस्याः सा *(गहिरो छ नाभि जुन स्त्रीको)* ब.स.= निम्ननाभि ।

शब्दार्थ- गहिरो नाभि भएकी स्त्री ।

निम्नलिखितः (वि.) निम्नञ्च तत् लिखितम् *(तल लेखिएको)* क.त.स.= निम्नलिखित ।

शब्दार्थ- तल लेखिएको, निम्नअङ्कित, देहायमा लेखिएको, अधोलिखित, तपसिलमा लेखिएको ।

निम्नवर्गः (ना./पुं.) निम्नश्चासौ वर्गश्च *(तल्लो वर्ग)* क.त.स.= निम्नवर्ग ।

शब्दार्थ- पिछडिएको वर्ग, तल्लो तहको वर्ग, तल्लो जातीय वर्ग, जनजाति वर्ग ।

निम्बः (ना./पुं.) निम्वतीति *(सिञ्चन गर्छ)* णिवि सेचने (भ्वा.) धातु, निम्व्+अच् (पचादि)/क (घञर्थमा), वको ब, (व र बको अभेद सम्वन्ध हुँदा)= निम्व ।

शब्दार्थ- निमको बोट, नीमवृक्ष ।

नियतः (वि.) नियम्यते स्म इति *(नियन्त्रण गरिएको)* निपूर्वक यम उपरमे (भ्वा.) धातु, नि+यम्+क्त (त), अनुनासिक मलोप= नियत ।

शब्दार्थ- नियमित, नियन्त्रित, नियमले बाँधिएको, निर्धारित ।

नियतकर्म (ना./न.) नियतञ्च तत्कर्म च *(नियतकर्म)* क.त.स.= नियतकर्म ।

शब्दार्थ- निश्चित कर्म, नित्यकर्म, नियमित कर्म ।

नियतवसतिः (वि.) नियता वसतिर्यस्य सः *(नित्य निवास छ जसको)* ब.स., नियताको ह्रस्व= नियतवसति ।

शब्दार्थ- नित्य निवास गर्ने, सधैं वसोवास गर्ने ।

नियतात्मा (वि.) नियतः आत्मा यस्य *(नियन्त्रित आत्मा छ जसको)* ब.स., दीर्घ, नियतात्मन्= नियतात्मा ।

शब्दार्थ- नियमित आत्मा भएको, आत्मा नियन्त्रण गरेको, आत्मा वशमा राखेको, जितात्मा, जितेन्द्रिय, संयमी ।

नियताहारः (वि.) नियतः परिमितः आहारः यस्य *(परिमित छ आहार छ जसको)* नियत+आहार, ब.स., दीर्घ = नियताहार ।

शब्दार्थ-थोरै खाने, अल्पाहार भएको, परिमित खाना खाने,

नियतिः (ना./स्त्री.) नियम्यते अनया *(नियन्त्रण गरिन्छ यसबाट)* निपूर्वक यम उपरमे (भ्वा.) धातु, नि+यम्+क्तिन्[४] (ति), करणमा, अनुनासिक मलोप= नियति । अथवा नियच्छतीति *(नियन्त्रण गर्छ)* नि+यम्+क्तिच्[५] (ति)= नियति ।

दैवं दिष्टं भागधेयं भाग्यं स्त्री नियतिर्विधिः- इत्यमरः

शब्दार्थ- भाग्य, प्रारव्ध, आत्मसंयम, विधि, दैव ।

नियन्ता (वि./ना./पुं.) नियच्छतीति *(नियन्त्रण गर्छ)* निपूर्वक यम उपरमे (भ्वा.) धातु, नि+यम्+तृच्[६] (तृ), परसवर्ण, नियन्तृ= नियन्ता ।

शब्दार्थ-नियन्त्रण गर्ने, नियामक, रोकथाम गर्ने, परमेश्वर ।

नियन्त्रणम् (ना./न.) नियन्त्र्यते इति *(नियन्त्रण गरिन्छ)* निपूर्वक यत्रि सङ्कोचे (चुरा.) धातु, नुम्, नि+यन्त्+ल्युट्[७] (अन), णत्व= नियन्त्रण ।

शब्दार्थ- रोकथाम, बन्धनमा राख्ने काम, दमन गर्ने काम, अशान्त अवस्थाको नियन्त्रण वा दमन, निग्रह ।

---

१. ञीतः क्तः : क्त

२. घञर्थे कविधानम् (वा.) : क

३. आतोश्चोपसर्गे : क

४. करणाधिकरणयोः...: क्तिन्

५. क्तिच्क्तौ च संज्ञायाम् : क्तिच्

६. ण्वुल्तृचौ : तृच्

७. ल्युट् च : ल्युट्

नियन्त्रकः (वि.) नियन्त्रयतीति *(नियन्त्रण गर्छ)* निपूर्वक यत्रि सङ्कोचे (चुरा.) धातु, नुम्, नि+यन्त्+ण्वुल्[1] (अक)= नियन्त्रक ।

शब्दार्थ- नियन्त्रण गर्ने, नियन्ता, व्यवस्थापन गर्ने, प्रवन्ध मिलाउने, परीक्षासम्वन्धी संस्थाको प्रमुख ।

नियन्त्रितः (वि.) नियन्त्र्यते स्म इति *(नियन्त्रण गरिएको)* निपूर्वक यत्रि सङ्कोचे (चुरा.) धातु, नुम्, नि+ यन्त्+क्त (त), इडागम= नियन्त्रित ।

शब्दार्थ- वशमा राखिएको, नियन्त्रण गरिएको, संयमित, नियमवद्ध ।

नियमः/नियामः (ना./पुं.) नियमयति, नियम्यते इति वा *(नियन्त्रण गर्छ वा गरिन्छ)* निपूर्वक यम उपरमे (भ्वा.) वा यम परिवेषणे (चुरा.) धातु, नि+यम्+अप्[2] (अ), विकल्पले= नियम ।

अप्को अभावमा नि+यम्+घञ् (अ), वृद्धि= नियाम ।

शब्दार्थ- ऐन कानुनसम्वन्धी नीतिनियम, विधिविधान, विनिमय, चालचलन, रीतिरिवाज, परम्परा, योगसाधनाका आठ अङ्गमध्ये एक ।

योगका आठ अङ्ग निम्न छन्- **यमनियमासनप्राणायाम-प्रत्याहारधारणाध्यानसमाधयोऽष्टावङ्गानि- पा.यो.द.२/२९**

उदा. प्रकृति नियमको अचम्मको नियमित आकस्मिकताले- बा.पा. २/२४

नियमनम् (ना./न.) नियम्यते इति *(नियन्त्रण गरिन्छ)* निपूर्वक यम उपरमे (भ्वा.) धातु, नि+यम्+ल्युट् (अन)= नियमन ।

शब्दार्थ- नियन्त्रण गर्ने काम, वशमा राख्ने काम, दमन ।

नियमितः (वि.) नियम्यते स्म इति *(नियमित भएको)* निपूर्वक यम उपरमे (भ्वा.) धातु, नि+यम्+णिचि+क्त (त), इडागम, णिलोप= नियमित ।

अथवा नियमः सञ्जातः अस्य *(नियमसङ्गत भएको छ यसको)* नियम+इतच्[3] (इत)= नियमित ।

शब्दार्थ- नियमसङ्गत, ठीक समयमा भइरहने, नियमवद्ध, रुजु हाजिर भएको ।

नियमी (वि.) नियमः अस्यास्तीतिं **(नियममा रहने आदत छ यसको)** नियम+इनि (इन्), नियमिन्= नियमी ।

शब्दार्थ- नियममा रहने, नियमसङ्गतरूपमा चल्ने ।

नियामकः (वि./ना./पुं.) नियच्छतीति *(नियन्त्रण गर्छ)* निपूर्वक यम उपरमे (भ्वा.) धातु, नि+यम्+ण्वुल् (अक), वृद्धि= नियामक ।

नियामके पोतवाहे कर्णधारे नियन्तरि- इति मेदिनी

शब्दार्थ- सञ्चालक, स्थिति वा नियम वाँध्ने, व्यवस्था गर्ने, नियन्त्रणमा राख्ने, नियन्ता, प्रवन्धक, माझी, पोतवाह, सारथि, परव्रह्म परमेश्वर ।

नियुक्तः (वि.) नियुज्यते स्म इति *(नियुक्त गरिएको)* निपूर्वक युजिर् योगे (रुधा.) धातु, नि+युज्+क्त (त), जको कुत्व= नियुक्त ।

शब्दार्थ- कुनै काममा भर्ना गरिएको, काममा लगाइएको, नियुक्ति गरिएको ।

नियुक्तिः (ना./स्त्री.) नियुज्यते इति *(नियुक्ति गरिन्छ)* निपूर्वक युजिर् योगे (रुधा.) धातु, नि+युज्+क्तिन् (ति) =नियुक्ति ।

शब्दार्थ- भर्ना वा भर्ती गर्ने काम, कुनै संस्थामा नियुक्ति गर्ने काम, कुनै कार्य गर्न लगाउने काम ।

नियुतम् (ना./न.) नियूयते अधिकसङ्ख्या सूच्यते अनेन *(धेरै सङ्ख्या सूचित गरिन्छ यसबाट)* निपूर्वक यु मिश्रणामिश्रणयोः (अदा.) धातु, नि+यु+क्त[4] (त), संज्ञामा= नियुत ।

शतं सहस्रमयुतं नियुतं प्रयुतं मतम्- अ.को.रामाश्रमी
वा लक्षा नियुतं च तत्- इत्यमरः

शब्दार्थ- लाख, लाखको सङ्ख्या, सय हजारको सङ्ख्या ।

नियोगः (ना./पुं.) नियुज्यते इति *(नियुक्ति गरिन्छ)* निपूर्वक युजिर् योगे (रुधा.) धातु, नि+युज्+घञ् (अ), कुत्व, गुण= नियोग ।

शब्दार्थ- कुनै निकाय वा संस्था, कुनै काममा लाग्ने काम, संलग्न, नियुक्ति गर्ने काम ।

नियोजकः (ना./पुं./वि.) नियुनक्तीति *(नियुक्त गर्छ)* निपूर्वक युजिर् योगे (रुधा.)धातु, नि+युज्+ण्वुल्[1] (अक), गुण= नियोजक ।

शब्दार्थ- काममा लगाउने व्यक्ति, नियुक्ति गर्ने व्यक्ति वा संस्था, नियुक्त गर्ने, नियोक्ता ।

नियोजनम् (ना./न.) नियुज्यते इति *(निरोध गरिन्छ)* निपूर्वक युजिर् योगे (रुधा.) धातु, नि+युज्+ल्युट् (अन), गुण= नियोजन ।

शब्दार्थ- रोक्ने वा निरोध गर्ने काम, नियन्त्रण, कुनै कार्यमा लगाउने काम ।

नियोजितः (वि.) नियोज्यते स्म इति *(नियन्त्रण गरिएको)* निपूर्वक युजिर् योगे (रुधा.) धातु, नि+युज्+क्त (त), इडागम, गुण= नियोजित ।

शब्दार्थ- रोकिएको, काममा नियुक्त गरिएको, नियन्त्रित, नियुक्त, नियन्त्रण गरिएको ।

नियोज्यः (वि./ना./पुं.) नियुज्यते, नियोक्तुं योग्यमिति वा *(नियुक्त गर्न लायक)* नि+युज्+ण्यत्[5] (य), गुण =नियोज्य ।

शब्दार्थ- काममा लगाउन योग्य, नियुक्ति गर्न लायक, सेवक, भृत्य, नोकर ।

निर् (अव्य.) नृणातीति *(निश्चय गर्छ)* नॄ नये (क्र्या.) धातु, नॄ+क्विप्, नृको रपर भई इत्व, क्विप्को सर्वलोप=निर् ।

शब्दार्थ- निश्चय, निषेध अर्थवोधक उपसर्ग ।

निरक्षरः (वि.) निर्गतः अक्षरः यस्मात् *(जसबाट अक्षर पढ्ने काम हुँदैन)* प्रा.ब.स., उ.प.लोप= निरक्षर ।

शब्दार्थ- पढ्न नजान्ने, अक्षर नचिनेको, अनपढ, अशिक्षित, पटमूर्ख ।

---

[1] ण्वुल्तृचौ : ण्वुल्
[2] यमः समुपनिवि... : अप्
[3] तदस्य सञ्जातम्... : इतच्
[4] क्तिच् क्तौ च संज्ञायाम् : क्त
[5] ऋहलोर्ण्यत् : ण्यत्

निरक्षरता (ना./स्त्री.) निरक्षरस्य भावः *(निरक्षर हुनाको भाव वा अवस्था)* निरक्षर+तल् (त)+टाप् (आ) =निरक्षरता ।

शब्दार्थ- अनपढ हुनाको भाव वा अवस्था, निरक्षर हुनाको स्थिति ।

उदा. **त्यो निरक्षरता, यो कामुकता, त्यो सङ्कोचन- आ.पा. २/१५**

निरग्निः (वि.) निर्गतः अग्निर्यस्मात् *(त्यागिएको छ अग्निहोत्र कर्म जसबाट)* प्रा.व.स., उ.प.लोप =निरग्नि ।

शब्दार्थ- अग्निहोत्र कर्म नगर्ने, यज्ञ-हवनादि कर्म गर्न छोडेको, वेदविहित कर्म नगर्ने ।

निरङ्कुशः (वि.) निर्गतः अङ्कुशः यस्मात् *(जसबाट अङ्कुश वा बन्धन हटेको छ)* प्रा.ब.स., उ.प.लोप= निरङ्कुश ।

शब्दार्थ- कसैको अङ्कुश वा नियन्त्रण नभएको, स्वतन्त्र, स्वेच्छाचारी, निर्वाधरूपले चलेको, छाडा, बन्धनरहित ।

निरङ्कुशता (ना./स्त्री.) निरङ्कुशस्य भावः *(निंरङ्कुश हुनाको भाव वा अवस्था)* निरङ्कुश+तल् (त)+टाप् (आ) =निरङ्कुशता ।

शब्दार्थ- स्वेच्छाचारिता, छाडापन, वन्धनहीनता ।

निरञ्जनः (वि./ना./पुं.) निर्गतः अञ्जनः यस्मात् *(जसबाट दाग हटिसकेको छ)* प्रा.व.स., उ.प.लोप =निरञ्जन,

शब्दार्थ- दोषरहित, निष्कलङ्क, कलुषित भावना नभएको, आँखामा गाजल नलगाएको, परमात्मा परमेश्वर ।

उदा. **सच्चित्सुखात्मक निरञ्जन तत्त्वरूप- आ.रा. १/१**

निरतः (वि.) निरम्यते स्म इति *(एकाग्र भएको)* निपूर्वक रमु क्रीडायाम् (भ्वा.) धातु, नि+रम्+क्त (त), अनुनासिक मलोप= निरत ।

शब्दार्थ- तत्पर, तल्लीन, एकाग्र, आनन्दित, कुनै कर्ममा संलग्न ।

निरतिः (ना./स्त्री.) निरमणम्, निरम्यते इति वा *(तल्लीन हुनु)* निपूर्वक रमु क्रीडायाम् (भ्वा.) धातु, नि+रम् +क्तिन् (ति), अनुनासिक मलोप= निरति ।

शब्दार्थ- अत्यन्तै प्रेम, अनुराग, तल्लीनता, लिप्तता, अत्यधिक प्रेम वा प्रीति ।

निरन्तरः (वि./क्रि.वि.) निर्नास्ति अन्तरं यस्मिन् *(जहाँ अन्तर या अवकाश छैन)* न.व.स.= निरन्तर ।

अथवा निर्गतः अन्तरात् *(अवरोध नभएको)* निर्+ अन्तर, प्रा.त.स.[1]= निरन्तर ।

शब्दार्थ- लगातारको, रोकटोक नभएको, अवरोध नभएको, अनवकाश, अवकाशरहित, बराबर, लगातार ।

निरन्तरता (ना./स्त्री.) निरन्तरस्य भावः *(निरन्तर हुनाको भाव वा अवस्था)* निरन्तर+तल् (त)+टाप् (आ)=निरन्तरता ।

शब्दार्थ- वरावर भइरहने क्रिया, क्रमिकता, अविछिन्नता ।

निरपराधः (वि.) अपराधात् निर्गतः *(अपराध नभएको)* निर्+अपराध, प्रा.त.स.= निरपराध ।

अथवा निर्गतः अपराधः यस्य *(जसको अपराध छैन)* प्रा.ब.स., उ.प.लोप= निरपराध ।

शब्दार्थ-कसुर नभएको, वेकसुर, अपराध नगरेको, निर्दोष ।

निरपवादः (वि.) निर्गतः अपवादः यस्य *(जसको अपवाद छैन)* निर्+अपवाद, प्रा.ब.स., उ.प.लोप= निरपवाद ।

अथवा निर्गतः अपवादात् *(अपवादबाट छुटेको)* प्रा.त.स.= निरपवाद ।

शब्दार्थ- खोट नलागेको, निर्दोष, कलङ्करहित, अपवादरहित

निरपेक्षः (वि.) निर्गता अपेक्षा यस्य *(जसको अपेक्षा छैन)* निर्+अपेक्षा, प्रा.व.स., उ.प.लोप, ह्रस्व[2] = निरपेक्ष ।

शब्दार्थ- अपेक्षा नगर्ने, कुनै कुराको चासो नराख्ने, भरोसा नगर्ने, वास्ता नगर्ने, उदासीन रहने, अपेक्षारहित

निरपेक्षता (ना./स्त्री.) निरपेक्षस्य भावः *(निरपेक्ष हुनाको भाव वा अवस्था)* निरपेक्ष+तल् (त)+टाप् (आ) =निरपेक्षता ।

शब्दार्थ- अपेक्षारहित हुनाको अवस्था वा स्थिति, वास्ता नहुनाको स्थिति ।

निरपेक्षा (ना./स्त्री.) निर्गता अपेक्षा *(अपेक्षा नराखेको)* निर्+अपेक्षा, प्रा.त.स.= निरपेक्षा ।

शब्दार्थ- उपेक्षा, वेवास्ता, वास्ता नगर्ने काम, अनादर ।

निरभिमानः (वि.) अभिमन्यते इति *(अभिमान गरिन्छ)* अभिपूर्वक मनु अवबोधने (तना.) धातु, अभि+मन्+ घञ् (अ), अभिमानः । निर्गतः अभिमानः यस्मात् *(जसबाट अभिमान हटेको छ)* निर्गत+ अभिमान, प्रा.ब.स., उ.प.लोप= निरभिमान ।

शब्दार्थ- अभिमान नभएको, घमण्डरहित, सेखी नगर्ने, स्वच्छ प्रकृतिको, गर्वरहित, अहङ्कार नगर्ने ।

निरर्थः (वि.) निर्गतः अर्थः यस्मात् *(जसबाट अर्थ हटेको छ)* निर्गत+अर्थ, प्रा.ब.स., उ.प.लोप= निरर्थ ।

शब्दार्थ- अर्थ नभएको, विना मतलबको, अर्थहीन, व्यर्थ ।

निरर्थकः (वि.) निर्गतः अर्थः यस्मात् *(जसबाट कुनै अर्थ वा प्रयोजन रहित भएको छ)* प्रा.ब.स., उ.प.लोप, निरर्थ+कप्[3] (समासान्त)= निरर्थक ।

शब्दार्थ-अर्थ नभएको, प्रयोजनरहित, वेमतलबको, व्यर्थको,

---

१. निरादयः क्रान्ताद्यर्थे.. : प्रा.त.स. २. गोस्त्रियो... : ह्रस्व ३. शेषाद्विभाषा... : कप्

निरवकाशः (वि.) निर्गतः अवकाशात् ***(अवकाशबाट रहित भएको)*** निर्+अवकाश, प्रा.त.स.= निरवकाश ।

अथवा निर्गतः अवकाशः यस्मात् ***(जसबाट अवकाश-रहित भएको छ)*** प्रा.व.स.[1], उ.प.लोप = निरवकाश ।

शब्दार्थ- अवकाश नभएको, फुर्सत नपाउने, सदा व्यस्त रहने, वेफुर्सत ।

निरवधिः (वि.) निर्गतः अवधिर्यस्य ***(जसको अवधि या सीमा छैन)*** प्रा.व.स., उ.प.लोप= निरवधि ।

शब्दार्थ- अवधि नभएको, सीमा विहीन, टुङ्गो नलागेको, म्याद किटान नभएको ।

निरस्तः (वि.) निरस्यते स्म इति ***(हटाइएको)*** निर् उपसर्गपूर्वक असु क्षेपणे (दिवा.) धातु, निर्+अस्+क्त (त)= निरस्त । **निरस्तं त्वरितोदितम्- इत्यमरः**

शब्दार्थ- छिटो छिटो भनिएको, परित्यक्त, हटाइएको, फ्याँकिएको, नष्ट गरिएको, नाश गरिएको, निकाला गरिएको ।

निरस्त्रः (वि.) अस्त्रात् निर्गतः ***(अस्त्रबाट रहित)*** प्रा.त.स. =निरस्त्र ।

अथवा निर्गतमस्त्रं यस्मात् ***(जसबाट अस्त्ररहित भएको छ)*** प्रा.व.स., उ.प.लोप= निरस्त्र ।

शब्दार्थ- अस्त्ररहित, हातहतियार नभएको, शस्त्रविहीन, अस्त्ररहित पारिएको ।

निरस्त्रीकरणम् (ना./न.) कृत्स्नम् अस्त्रं निरस्त्रं सम्पद्यते, तत्करणमिति ***(समस्त अस्त्र निरस्त्र बन्छ र निरस्त्र गरिन्छ)*** डुकृञ् करणे (तना.) धातु, निरस्त्र+च्वि+कृ+ल्युट् (अन), गुण, णत्व, निरस्त्रका अकारको ईत्व, च्विको सर्वलोप= निरस्त्रीकरण ।

शब्दार्थ- शस्त्रहीन वनाइने काम, अस्त्रशस्त्र कम गर्ने एक अभियान, हातहतियार नभएको अवस्था, शस्त्रहीनता, अस्त्ररहित तुल्याउने काम ।

निरहङ्कारः (वि.) निर्गतः अहङ्कारः यस्मात् ***(जसबाट अङ्कार छुटेको छ)*** प्रा.व.स., उ.प.लोप= निरहङ्कार ।

शब्दार्थ-अहङ्कार नभएको, घमण्डरहित, अभिमान नगर्ने ।

निराकरणम् (ना./न.) निराक्रियते इति ***(हटाइन्छ)*** निर् आङ् उपसर्गद्वयपूर्वक डुकृञ् करणे (तना.) धातु, निर्+आ+कृ+ल्युट् (अन), गुण, णत्व= निराकरण ।

शब्दार्थ- हटाउने काम, निवारण, छाँट्ने काम, निकाल्ने काम, समस्या समाधान गर्ने काम ।

निराकारः (वि./ना./पुं.) आक्रियते इति ***(आकृति वा रूप धारण गर्नु)*** आङ्पूर्वक डुकृञ् करणे (तना.) धातु, आ+कृ+घञ् (अ), वृद्धि, आकारः ।

निर्गतः आकारः स्वरूपं यस्य ***(जसको आकार वा स्वरूप छैन)*** प्रा.व.स., उ.प.लोप= निराकार ।

शब्दार्थ- आकार वा आकृति नभएको, निरवयव, अङ्गरहित, आफ्नो रूप नभएको, परब्रह्म परमेश्वर ।

द्रष्टव्य- **तेजःस्वरूपो भगवान् निराकारो निराश्रयः-ब्रह्म वै.पु.**

निराकृतिः (ना./स्त्री.) निराक्रियते इति ***(हटाइन्छ)*** निर् आङ् उपसर्गपूर्वक डुकृञ् करणे (तना.) धातु, निर्+आ+कृ+क्तिन् (ति)= निराकृति ।

शब्दार्थ- आकृतिरहित स्थिति, रूपविहीनता, निराकार हुनाको अवस्था ।

निरादरः (वि./ना./पुं.) आद्रियते इति ***(आदर गरिन्छ)*** आङ्पूर्वक दृङ् आदरे (तुदा.) धातु, आ+दृ+अप्[2] (अ), गुण,आदरः । निर्गतः आदरः यस्य ***(जसको आदर छैन)*** निर्गत+आदर, प्रा.व.स., उ.प.लोप= निरादर ।

शब्दार्थ- आदर वा सम्मान नभएको, अपमानित, अनादर, अपमान ।

निराधारः (वि.) आध्रियते इति ***(आश्रित वा आधारित रहनु)*** आङ्पूर्वक धृङ् अवस्थाने (तुदा.) धातु, आ+धृ+घञ् (अ), गुण, आधारः । निर्गतः आधारः यस्य ***(जसको आधार छैन)*** निर्गत+आधार, प्रा.व.स., उ.प.लोप= निराधार ।

शब्दार्थ- आधार नभएको, आधाररहित, आश्रय नपाएको, निःसहाय, सहारा नभएको, निराश्रय ।

निरामयः (वि.) आमयात् निष्क्रान्तः ***(रोगबाट छुटेको)*** प्रा.त.स.[3]= निरामय ।

अथवा निर्गतः आमयः यस्मात् ***(रोग छुटेको छ जसबाट)*** प्रा.व.स., उ.प.लोप= निरामय ।

शब्दार्थ- रोग नभएको, स्वस्थ, तन्दुरुस्त, रोगबाट मुक्त भएको ।

निरामिषः (वि.) आमिषात् मांसात् निष्क्रान्तः ***(मांसरहित)*** निर्+आमिष, प्रा.त.स.= निरामिष ।

अथवा निर्गतमामिषं यस्मात् ***(जसबाट मांसभक्षण छुटेको छ)*** प्रा.व.स., उ.प.लोप= निरामिष ।

शब्दार्थ- मांसरहित, मासुवाट मुक्त भएको, मांसविहीन, मासु नखाने ।

निरालम्बः (वि./ना./पुं.) आलम्बते इति ***(अवलम्बन गर्छ)*** आङ्पूर्वक लवि शब्दे/लबि अवस्रंसने (भ्वा.) धातु, नुम्, आ+लम्ब्+अच् (पचादि), आलम्बः ।

आलम्वात् निष्क्रान्तः ***(आधार नभएको)*** निस्+आलम्ब, रुत्व= निरालम्व ।

शब्दार्थ- आधार नभएको, आश्रय नभएको, निराधार, निराश्रय, आधारविहीन, परमेश्वर, परमात्मा ।

निरालस्यः (वि.) अलसस्य भावः ***(अल्छी हुनाको भाव वा अवस्था)*** अलस+ष्यञ् (य), आदिवृद्धि, अकारलोप, आलस्यम् । आलस्यात् निष्क्रान्तः ***(अल्छीपनाबाट मुक्त भएको)*** प्रा.त.स., निस्+आलस्य, रुत्व= निरालस्य ।

शब्दार्थ- आलस्य नभएको, अल्छ्याइँ नगर्ने, फुर्तिलो, जाँगरिलो, क्रियाशील ।

---

[1] प्रादिभ्यो धातुजस्य... : प्रा.व.स., उ.प.लोप

[2] ऋदोरप् : अप्

[3] निरादयः क्रान्ताद्यर्थे... : प्रा.त.स

निराशः (वि.) निर्गता आशा यस्मात् *(जसबाट आशा मरिसकेको छ)* प्रा.त.स., ह्रस्व= निराश ।

शब्दार्थ- आशा नभएको, निराश भएको, हतास, आशा मारिसकेको ।

निराशा (ना./स्त्री.) आ समन्तात् अश्नुते व्याप्नोतीति *(सबैतिर व्याप्त हुन्छ)* आङ्पूर्वक अशु व्याप्तौ सङ्घाते च (स्वा.) धातु, आ+अश्+अच् (पचादि), दीर्घ, टाप् (आ) आशा । निर्गता आशा *(आशा नभएको)* निर्+आशा, प्रा.त.स.= निराशा ।

शब्दार्थ- आशा नगर्ने काम, आशाको अभाव, आस मार्ने क्रिया ।

निराश्रयः (वि.) निर्गतः आश्रयः यस्य *(जसको आश्रय छैन)* निर्+आश्रय, प्रा.ब.स., उ.प.लोप= निराश्रय ।

शब्दार्थ- सहारा वा आश्रय नभएको, निःसहाय, निमुखा, कसैको आड भरोसा नपाएको ।

निराहारः (वि./ना./पुं.) निर्गतः आहारः यस्य *(जसको आहार छैन)* निर्गत+आहार, प्रा.व.स., उ.प.लोप =निराहार । अथवा निर्गतः आहारः *(आहाररहित)* प्रा.त.स.= निराहार ।

शब्दार्थ- केही नखाएको, भोको, केही नखाई भोकै व्रत वसेको, भोजन नगरेको, आहाररहित, केही नखाने काम, अनशन, व्रत ।

निराहारी (वि.) निराहारः अस्य अस्तीति *(निराहार बस्ने आदत छ यसको)* निराहार+इनि[1] (इन्), अकारलोप, निराहारिन्= निराहारी ।

शब्दार्थ- भोकै वस्ने, निराहार वस्ने, केही नखाने ।

निरीक्षकः (वि.) निरीक्षते इति *(निरीक्षण गर्छ)* निर्पूर्वक ईक्ष दर्शने (भ्वा.) धातु, निर्+ईक्ष्+ण्वुल्[2] (अक) =निरीक्षक ।

शब्दार्थ- निरीक्षण गर्ने, अवलोकन गर्ने, जाँच गर्ने, निरीक्षणसम्वन्धी काम गर्ने ।

निरीक्षणम् (ना./न.) निरीक्ष्यते इति *(निरीक्षण गरिन्छ)* निर्पूर्वक ईक्ष दर्शने (भ्वा.) धातु, निर्+ईक्ष्+ल्युट् (अन), णत्व= निरीक्षण ।

शब्दार्थ- निरीक्षण गर्ने काम, रेखदेख, जाँच गर्ने काम, अवलोकन, परीक्षण ।

निरीक्षमाणः (वि.) निरीक्ष्यते इति *(निरीक्षण गरिन्छ)* निर्पूर्वक ईक्ष दर्शने (भ्वा.) धातु, निर्+ईक्ष्+शानच्[3] (आन), शप् (अ), निरीक्ष आन, मुक्[4], पररूप, णत्व =निरीक्षमाण ।

शब्दार्थ- निरीक्षण गरिरहेको, अवलोकन गरिरहेको, हेर्दै ।

निरीश्वरः (वि.) निर्गतः ईश्वरः यस्मात् *(ईश्वर छ भन्ने भावना हटिसकेको छ जसबाट)* प्रा.व.स., उ.प.लोप = निरीश्वर ।

शब्दार्थ- ईश्वर छन् भन्ने कुरामा विश्वास नगर्ने, ईश्वरको सत्ता वा अस्तित्व स्वीकार नगर्ने, ईश्वर नमान्ने, नास्तिक ।

निरीश्वरवादः (ना./पुं.) निरीश्वरः उद्यते इति *(ईश्वर छैन भन्ने कुरा व्यक्त गरिन्छ)* निरीश्वर उपपदपूर्वक वद व्यक्तायां वाचि (भ्वा.) धातु, निरीश्वर+वद्+घञ् (अ), वृद्धि= निरीश्वरवाद ।

शब्दार्थ- ईश्वर नमान्ने मत वा सिद्धान्त, नास्तिकवाद, अनीश्वरवाद ।

निरीश्वरवादी (वि.) निरीश्वरं वदितुं शीलमस्य *(ईश्वर छैन भनी व्यक्त गर्ने शील वा विचार छ जसको)* निरीश्वर+वद्+णिनि (इन्)= निरीश्वरवादी ।

अथवा निरीश्वरवादः अस्यास्तीति *(ईश्वर नमान्ने विचार या सिद्धान्त छ यसको)* निरीश्वरवाद+इनि[1] (इन्), निरीश्वरवादिन्= निरीश्वरवादी ।

शब्दार्थ- ईश्वर नमान्ने सिद्धान्त वा मत भएको, अनीश्वरवादी, नास्तिकवादको अनुसरण गर्ने ।

निरीहः (वि.) निर्गता ईहा चेष्टा यस्मात् *(जसबाट चाहना मरिसकेको छ)* निर्गता+ईहा, प्रा.ब.स[5]., उ.प.लोप, ह्रस्व= निरीह ।

शब्दार्थ- इच्छा नभएको, अभिलाषा वा चाहना नभएको, आकाङ्क्षारहित, सीधासाधा, चेष्टारहित ।

निरुक्तः (वि./ना./न.) निर् निश्चयेन उच्यते स्म इति *(निश्चयपूर्वक भनिएको, निर्वचन गरिएको)* निर् उपसर्गपूर्वक वच परिभाषणे (अदा./चुरा.) धातु, निर्+वच्+क्त (त), सम्प्रसारणवाट वको उ, कुत्व, निर् उक्तम्= निरुक्त । अथवा निर्वचनमिति *(पदको निर्वचन गरिन्छ)* निर्+वच्+क्त (त), भावमा, सम्प्रसारणबाट वको उ= निरुक्त ।

शब्दार्थ- व्याख्या गरिएको, निर्वचन गरिएको, शब्दको व्युत्पत्ति गरिएको, तोकेर वा किटेर भनिएको, वेदका छअङ्गमध्ये एक, निघण्टु ।

निरुक्तिः (ना./स्त्री.) निरुच्यते इति *(व्युत्पत्ति वा व्याख्या गरिन्छ)* वच परिभाषणे (अदा.) धातु, निर्+वच्+क्तिन् (ति), सम्प्रसारणवाट वको उ, निर् उच् ति, कुत्व =निरुक्ति ।

शब्दार्थ- शब्दको व्युत्पत्ति वा व्याख्या, निर्वचन ।

निरुत्तरः (वि.) उत्तरात् निष्क्रान्तः *(उत्तर दिनबाट विमुख)* प्रा.त.स.[6], निस् उत्तर, रुत्व= निरुत्तर । अथवा निर्गतः उत्तरः यस्मात् *(जसबाट उत्तर दिन सक्ने अवस्था छैन)* प्रा.व.स., उ.प.लोप= निरुत्तर ।

शब्दार्थ-उत्तर दिन वा जवाफ दिन नसक्ने, चुपचाप वस्ने ।

निरुत्तरितः (वि.) निरुत्तरः सञ्जातः अस्य *(उत्तर दिन नसक्ने स्थिति पैदा भएको छ यसको)* निरुत्तर+इतच् (इत), अकारलोप= निरुत्तरित ।

शब्दार्थ- उत्तर दिन नसकिएको, उत्तर दिन बाँकिरहेको, उत्तर नदिइएको, नाजवाफ रहेको ।

---

१. अत इनिठनौ : इनि

२. ण्वुल्तृचौ : ण्वुल्

३. लटःशतृशानचाव... : शानच्

४. आने मुक् : मुक्

५. प्रादिभ्यो धातुजस्य... : प्रा.ब..स., उ.प.लोप

६. निरादयःक्रान्ताद्यर्थे.. : प्रा.त.स.

निरुद्देश्यः (वि.) निर्गतः उद्देश्यः यस्य *(जसको उद्देश्य छैन)* प्रा.ब.स., उ.प.लोप= निरुद्देश्य ।

अथवा उद्देश्यात् निष्क्रान्तः *(उद्देश्यबाट विमुख)* प्रा.त.स[1].= निरुद्देश्य ।

शब्दार्थ- उद्देश्य नभएको, लक्ष्यविहीन, उद्देश्यरहित, प्रयोजनविनाको ।

निरुद्यमः (वि.) उद्यमात् उद्योगात् निष्क्रान्तः *(उद्यमबाट रहित भएको)* प्रा.त.स., रुत्व= निरुद्यम ।

शब्दार्थ- उद्यम वा इलम नभएको, कुनै व्यवसाय नभएको

निरुद्योगः (वि.) उद्योगात् निष्क्रान्तः *(उद्योगबाट रहित)* निस्+उद्योग, प्रा.त.स., रुत्व= निरुद्योग ।

शब्दार्थ-उद्योग व्यवसाय नभएको, उद्यमरहित, निरुद्यम ।

निरुद्धः (वि.) निरुध्यते स्म इति *(रोकिएको)* निर्पूर्वक रुधिर् आवरणे (रुधा.) धातु, नि+रुध्+क्त (त), निष्ठा तको ध, जस्त्व= निरुद्ध ।

शब्दार्थ- रोकिएको, अवरुद्ध, प्रतिवन्ध लगाइएको ।

निरुपमः (वि.) निर्गता उपमा सादृश्यं यस्य *(जसको उपमा वा सादृश्य छैन)* प्रा.ब.स. उ.प.लोप, ह्रस्व = निरुपम ।

अथवा उपमायाः निष्क्रान्तः *(उपमाबाट रहित भएको)* प्रा.त.स., ह्रस्व= निरुपम ।

शब्दार्थ- उपमा नभएको, तुलना गर्न नमिल्ने, अनुपम, उपमारहित, अतुलनीय, वेजोड ।

उदा. त्यसैले गर्दा त्यो निरुपम जटामण्डल पनी- त.त. ११/३

निरुपायः (वि.) उपायात् निष्क्रान्तः *(उपायबाट रहित भएको)* निर्+उपाय, प्रा.त.स., रुत्व= निरुपाय ।

शब्दार्थ- उपाय नभएको, जुक्ति नभएको, उपायविहीन ।

निरूपणम् (ना./न.) निरुप्यते इति *(निरूपण गरिन्छ)* निर् उपसर्गपूर्वक रुप विमोहने (दिवा.) धातु, निर्+रुप्+ल्युट् (अन), रेफको लोप, दीर्घ= निरूपण ।

निरूपणं स्यादालोके विकारे च निदर्शने- इति मेदिनी

शब्दार्थ- निर्णय, निर्धारण, अवलोकन, सम्पादन, निधो गर्ने काम ।

निरूपितः (वि.) निरुप्यते स्म इति *(निरूपण गरिएको)* निर् उपसर्गपूर्वक रुप विमोहने (दिवा.) धातु, निर्+रुप्+क्त (त), इडागम, रलोप, दीर्घ=निरूपित ।

शब्दार्थ- निरूपण गरिएको, निर्णय गरिएको, निर्धारण गरिएको, निधो गरिएको, तोकिएको ।

निरोधः (ना./पुं.) निरुध्यते, निरोधनमिति वा *(रोकिन्छ वा रोक लगाइन्छ)* निपूर्वक रुधिर् आवरणे (रुधा.) धातु, नि+रुध्+घञ् (अ), गुण= निरोध ।

शब्दार्थ- रोक लगाउने वा छेकथुन गर्ने काम, प्रतिवन्ध, अवरोध, निग्रह, नियन्त्रण ।

निरोधकः (वि.) नितरां रुणद्धि इति *(धेरै रोक लगाउँछ)* निपूर्वक रुधिर् आवरणे (रुधा.) धातु, नि+रुध्+ण्वुल्[2] (अक), गुण= निरोधक ।

शब्दार्थ- रोक्ने, नियन्त्रण गर्ने, प्रतिवन्ध लगाउने, छेकथुन गर्ने ।

निर्ऋतिः (ना./स्त्री.) निर् नियता ऋतिर्घृणा यस्याः *(नियत वा निरन्तर घृणा छ जसको)* प्रा.ब.स., उ.प.लोप= निर्ऋति ।

अथवा ऋतेः शुभात् निर्गता *(शुभ वा कल्याणबाट रहित)* प्रा.त.स.= निर्ऋति ।

स्यादलक्ष्मीस्तु निर्ऋतिः- इत्यमरः

निर्ऋतिः स्यादलक्ष्म्यां स्त्री दिशा पालान्तरे पुमान्- मेदिनी

शब्दार्थ- अलक्ष्मी, अधर्मकी पत्नी, राक्षसी, शुभ वा मङ्गल-दायक नभएकी, मृत्युकी स्त्री, नैऋत्य दिशाकी अधिष्ठात्री देवी, दरिद्रता ।

निर्गतः (वि.) निर्गच्छति स्म इति *(निस्केको)* निर्पूर्वक गम्लृ गतौ (भ्वा.) धातु, निर्+गम्+क्त (त), कर्तामा, अनुनासिक मलोप= निर्गत ।

शब्दार्थ- निस्केको, गएको, वाहिरिएको ।

निर्गमनम् (ना./न.) निर्गम्यते इति *(वाहिर जानु)* निर् उपसर्गपूर्वक गम्लृ गतौ (भ्वा.) धातु, निर्+गम्+ल्युट् (अन)= निर्गमन ।

शब्दार्थ- वाहिर जाने काम, वाहिर निस्कने काम, निष्क्रमण, वहिर्गमन, निकास ।

निर्गुणः (वि./ना./पुं.) गुणेभ्यः निष्क्रान्तः *(गुणबाट हटेको वा रहित भएको)* निस्+गुण, प्रा.त.स.[1], रुत्व =निर्गुण ।

अथवा निर्गता गुणा यस्मात् **(जसबाट गुण हटिसकेको छ)** प्रा.ब.स., उत्तरपदलोप= निर्गुण ।

शब्दार्थ- राम्रो गुण नभएको, गुणहीन, त्रिगुणातीत, गुणरहित, तीनै गुणबाट रहित, परमेश्वर, परब्रह्म

निर्घातः (ना./पुं.) निर् नितरां घातः *(ज्यादै आघात)* प्रा.त.स.[3]= निर्घात ।

शब्दार्थ- ज्यादै आघात, प्रहार, चोट, विनाश ।

निर्घृणः (वि.) निर्गता घृणा यस्मात् *(जसबाट घृणा हटेको छ)* प्रा.ब.स., उ.प.लोप, ह्रस्व= निर्घृण ।

शब्दार्थ- घिन नमान्ने, इज्जत गुमाएको, निर्घृणी, नीच ।

निर्घृणता (ना./स्त्री.) निर्घृणस्य भावः *(निर्घृणी हुनाको भाव वा अवस्था)* निर्घृण+तल् (त)+टाप् (आ) =निर्घृणता ।

शब्दार्थ- निर्घृणीपना, नीचता, निर्घृणी हुनाको स्थिति ।

निर्घृणी (वि.) निर्घृणा अस्य अस्तीति *(निर्घृणी स्वभाव छ यसको)* निर्घृणा+इनि[4] (इन्), आकारलोप, निर्घृणिन् =निर्घृणी ।

शब्दार्थ-घिन नभएको, निर्घृण, प्रतिष्ठा नभएको, निर्धिनी ।

---

१. निरादयः क्रान्ताद्यर्थे... : प्रा.त.स.

३. कुगतिप्रादयः : प्रा.त.स.

२. ण्वुल्तृचौ : ण्वुल्

४. अत इनिठनौ : इनि

निर्घोषः (ना./पुं.) निर्घोषणम्, निर्घुष्यते इति वा *(शब्द गर्नु)* निर्‌पूर्वक घुषिर् अविशब्दने (भ्वा.) धातु, निर्+घुष्+घञ् (अ), गुण= निर्घोष ।

अथवा निर् नितरां घोषः यस्मात् *(जसबाट निरन्तर आवाज आइरहन्छ)* ब.स., उ.प.लोप= निर्घोष ।

शब्दे निनादनिनदध्वनिध्वानरवस्वनाः
स्वाननिर्घोषनिर्ह्रादनादनिस्वाननिस्वनाः- इत्यमरः

शब्दार्थ- शब्द, ध्वनि, आवाज, कोलाहल, नाद, निरन्तर आइरहने ध्वनि वा आवाज ।

उदा. **सधैं गर्‍यो गानासरि मधुर निर्घोष सुखद- भृ.ख.का. १/३१**

निर्जनः (वि./ना./पुं./अव्य.) जायते जन्यते इति वा *(पैदा हुन्छ वा पैदा हुनु)* जनी प्रादुर्भावे (दिवा.) धातु, जन्+अच् (पचादि)/घञ् (अ), वृद्धिनिषेध, जनः । जनात् निष्क्रान्तः *(मानिसबाट रहित)* प्रा.त.स. =निर्जन ।

अथवा निर्गताः जनाः यस्मात् *(जसबाट मानिसहरू निस्किसकेका छन्)* प्रा.ब.स., उ.प.लोप वा जनानामभावः *(मानिसको अभाव)* अव्य.स.=निर्जन ।

शब्दार्थ- मानिस नभएको, विजन, एकान्त, मानिस नभएको स्थान, सुनसान, एकलांस, मरुभूमि ।

निर्जनता (ना./स्त्री.) निर्जनस्य भावः *(मानिस नहुनाको भाव वा अवस्था)* निर्जन+तल् (त)+टाप् (आ) =निर्जनता ।

शब्दार्थ-शून्यता, एकान्तपना, मानिस नहुनाको अवस्था ।

उदा. **म धरतीबाट टाढा छु, जीवनीको गर्मीबाट दूर,**
सुनसान र निर्जनतामा, एकान्त र एकलासमा-
कालो पर्दा तानेर (विजय मल्ल)

निर्जरः (वि./ना./पुं.) जरायाः निष्क्रान्तः *(बुढचाइँबाट रहित भएको)* प्रा.त.स., ह्रस्व= निर्जर ।

शब्दार्थ- बुढचाइँ नहुने, वृद्धावस्था नहुने, बूढो नहुने, सुर, देवता, सुरगण, अमृत ।

निर्जलः (वि./ना./पुं.) जलात् निष्क्रान्तः *(जलबाट रहित भएको)* निर्+जलम्, प्रा.त.स.= निर्जल ।

अथवा निर्गतानि जलानि यस्मात् *(जहाँबाट पानी निखिसकेको छ)* प्रा.ब.स., उ.प.लोप= निर्जल ।

शब्दार्थ- पानी नभएको, जलविहीन, जलरहित, मरुभूमि, पानी नभएको ठाउँ ।

निर्जला (ना./स्त्री.) जलात् निष्क्रान्ता *(जलबाट रहित)* निर्+जल, निर्जल+टाप् (आ)= निर्जला ।

शब्दार्थ- मरुभूमि, बगर भएको ठाउँ, जल पनि नखाइ-गरिने व्रत, जेष्ठशुक्लपक्षको एकादशी तिथि ।

निर्जीवः (वि.) निर्गतः जीवः यत्र *(जहाँ जीव पाइँदैन)* प्रा.ब.स., उ.प.लोप= निर्जीव ।

शब्दार्थ- प्राणीहरू नभएको, जीवहरू नपाइने, मृत, सास नभएको, गति नभएको ।

निर्जीवता (ना./स्त्री.) निर्जीवस्य भावः *(निर्जीव हुनाको भाव वा अवस्था)* निर्जीव+तल् (त)+टाप् (आ) =निर्जीवता ।

शब्दार्थ- निर्जीव हुनाको अवस्था, विजनता, प्राणीविहीनता ।

निर्जीवनः (वि.) जीवनात् निष्क्रान्तः *(जीवनबाट रहित)* प्रा.त.स.= निर्जीवन ।

शब्दार्थ- जीवन नभएको, मरेको, मृत, प्राण नभएको ।

निर्झरः (ना./पुं.) निर्झरणमिति *(प्रवाह खस्नु)* झृष् वयोहानौ (दिवा.) धातु, निर्+झृ+अप्[1] (अ), गुण =निर्झर ।

शब्दार्थ- झर्ना, प्रवाह, छाँगो, जल खस्ने काम, छहरा ।

निर्झरिणी (ना./स्त्री.) निर्झरः अस्याः अस्तीति *(छहरा छ यसको)* निर्झर+इनि[2] (इन्), निर्झरिन्+ङीप् (ई), णत्व =निर्झरिणी ।

शब्दार्थ- झर्नाबाट प्रवाहित नदी, झर्ना मूलश्रोत भएको नदी, खोलानाला ।

निर्णयः (ना./पुं.) निर्णयनम्, निर्णीयते इति वा *(निर्णय गरिन्छ)* निर्‌पूर्वक णीञ् प्रापणे (भ्वा.) धातु, निर्+नी +अच् (एरच्), गुण, अयादेश= निर्णय ।

शब्दार्थ- फैसला, निष्कर्ष, कुनै कुराको टुङ्गो लगाउने काम, निश्चय ।

निर्णायकः (वि.) निर्णयतीति *(निर्णय गर्दछ)* निर्‌पूर्वक णीञ् प्रापणे (भ्वा.) धातु, निर्+नी+ण्वुल्[3] (अक), वृद्धि, आयादेश, णत्व= निर्णायक ।

शब्दार्थ- निर्णय गर्ने, टुङ्गो लगाउने, फैसला गर्ने, निर्णयमा पुर्‍याउने ।

निर्णीतः (वि.) निर्णीयते स्म इति *(निर्णय गरिएको)* निर्‌पूर्वक णीञ् प्रापणे (भ्वा.) धातु, निर्+नी+क्त (त), णत्व[4]= निर्णीत ।

शब्दार्थ- निर्णय गरिएको, टुङ्गो लगाइएको, फैसला गरिएको, निश्चयमा पुगेको ।

निर्दयः (वि.) दयायाः निष्क्रान्तः *(दयाबाट रहित)* निर्+दया, प्रा.त.स., ह्रस्व, रुत्व= निर्दय ।

अथवा निर्गता दया यस्मात् *(जसबाट दयाशून्य भएको छ)* प्रा.ब.स., उ.प.लोप, ह्रस्व= निर्दय ।

शब्दार्थ- दया नभएको, दयाहीन, निठुरी, करुणाशून्य ।

निर्दयता (ना./स्त्री.) निर्दयस्य भावः *(निर्दय हुनाको भाव वा अवस्था)* निर्दय+तल् (त)+टाप् (आ)= निर्दयता ।

शब्दार्थ- दयाहीनता, निठुरीपन ।

निर्दयी (वि.) निर्दयः अस्यास्तीति *(दयाहीन स्वभाव छ यसको)* निर्दय+इनि[1] (इन्), अकारलोप, निर्दयिन् =निर्दयी ।

शब्दार्थ- दया नभएको, निठुरी, निष्ठुर, करुणारहित ।

---

[1] ऋदोरप् : अप्

[2] अत इनिठनौ : इनि

[3] ण्वुल्तृचौ : ण्वुल्

[4] उपसर्गादसमासेऽपि... : णत्व

निर्दलः (वि.) दलतीति *(फुट्दतछ)* दल विशरणे (भ्वा.) वा दल विदारणे (चुरा.) धातु, दल्+अच् (पचादि), दलः । दलात् निर्गतः *(दलबाट रहित)* निस्+दल, प्रा.त.स., रुत्व= निर्दल ।

शब्दार्थ- दलवाट हटेको, दलविहीन, कुनै पार्टीमा नभएको, दलरहित, पर्ण वा पात नवनेको ।

निर्दलीयः (वि.) दलितुं योग्यः, दल्यते इति वा *(फुटाउन योग्य, फुटाउनु)* दल विशरणे (भ्वा.) वा दल विदारणे (चुरा.) धातु, दल्+अनीय (र्), दलीयः । दलीयात् निष्क्रान्तः *(दलीय भावबाट रहित)* निस्+दलीय, प्रा.त.स., रुत्व= निर्दलीय ।

शब्दार्थ- दलीयतावाट रहित, दलविहीन, राजनीतिक दलवाट हटेको ।

निर्दलीयता (ना./स्त्री.) निर्दलीयस्य भावः *(निर्दलीय हुनाको भाव वा अवस्था)* निर्दलीय+तल्[1] (त)+टाप् (आ)= निर्दलीयता ।

शब्दार्थ- निर्दलीयपना, दलविहीनता ।

निर्दिष्टः (वि.) निर्दिश्यते स्म इति *(निर्देशन दिइएको)* निर्पूर्वक दिश अतिसर्जने (तुदा.) धातु, निर्+दिश्+क्त (त), शको ष, ष्टुत्व= निर्दिष्ट ।

शब्दार्थ- निर्देशन दिइएको, आदेश दिइएको, तोकिएको ।

निर्देशः (ना./पुं.) निर्दिश्यते अनेन इति *(आज्ञा दिइन्छ यसवाट)* निर्पूर्वक दिश अतिसर्जने (तुदा.) धातु, निर्+दिश्+घञ् (अ), गुण= निर्देश ।

शब्दार्थ-आज्ञा, निर्देशन, उपदेश, अह्राउने काम, आदेश ।

निर्देशकः (वि.) निर्दिशतीति *(निर्देशन दिन्छ)* निर्पूर्वक दिश अतिसर्जने (तुदा.) धातु, निर्+दिश्+ण्वुल्[2] (अक), गुण= निर्देशक ।

शब्दार्थ- आदेश दिने, काममा लगाउने, निर्देशन दिने, कुनै संस्थाको प्रमुख ।

निर्देशनम् (ना./न.) निर्दिश्यते इति *(निर्देशन दिइन्छ)* निर्पूर्वक दिश अतिसर्जने (तुदा.) धातु, निर्+दिश्+ल्युट् (अन), गुण= निर्देशन ।

शब्दार्थ- आज्ञा, आदेश, कुनै काममा लगाउने काम ।

निर्देशिका (ना./स्त्री.) निर्दिशति असौ *(देखाउँछ यसले)* निर्पूर्वक दिश अतिसर्जने (तुदा.) धातु, निर्+दिश्+ण्वुल्[2] (अक)+टाप् (आ), ककारपूर्वका अकारको इत्व= निर्देशिका ।

शब्दार्थ- विवरण पुस्तिका, निर्देशनसम्वन्धी कुराहरू लेखिएको पुस्तिका ।

निर्देशितः (वि.) निर्दिश्यते स्म इति *(निर्देशन दिइएको)* निर्पूर्वक दिश अतिसर्जने (तुदा.) धातु, निर्+दिश्+णिचि, गुण, निर्देशि+क्त (त), णिलोप, इडागम =निर्देशित ।

शब्दार्थ- निर्देशन दिइएको, आज्ञा वा आदेश दिइएको ।

निर्दोषः (वि.) दुष्यते इति *(दोष दिइन्छ)* दुष वैकृत्ये (दिवा.) धातु, दुष्+घञ् (अ), गुण, दोषः । निर्गतः दोषः यस्मात् *(जसबाट दोष हटेको छ)* प्रा.ब.स., उ.प.लोप= निर्दोष ।

शब्दार्थ- दोष नभएको, दोषरहित, दोषमुक्त, निर्दोष, निष्कलङ्क ।

निर्दोषी (वि.) दोषः अस्यास्तीति *(दोष छ यसको)* दोष+इनि (इन्), दोषिन्, दोषी । दोषात् निष्क्रान्तः *(दोषबाट रहित)* प्रा.त.स.= निर्दोषी ।

शब्दार्थ- दोष नभएको, दोषरहित, निर्दोष ।

निर्द्वन्द्वः (वि.) द्वन्द्वात् निष्क्रान्तः *(द्वन्द्वबाट रहित)* निस्+द्वन्द्व, प्रा.त.स.[3], रुत्व= निर्द्वन्द्व ।

अथवा निर्गतं द्वन्द्वं यस्मात् *(जसबाट द्वन्द्वभाव हटिसकेको छ)* प्रा.ब.स., उ.प.लोप = निर्द्वन्द्व ।

शब्दार्थ- द्वन्द्व नभएको, रागद्वेषादि द्वन्द्ववाट मुक्त, विरोधी नभएको, द्वन्द्वरहित, सङ्घर्षविहीन, शीतोष्णादि द्वन्द्वहरू सहन सक्ने (योगी), कलहरहित ।

निर्धनः (वि.) निर्गतं धनं यस्य *(जसको धन छैन)* निर्+धन, प्रा.ब.स.[4], उ.प.लोप= निर्धन ।

शब्दार्थ- धनरहित, गरिव, दरिद्र, धन नभएको, धनहीन ।

निर्धनता (ना./स्त्री.) निर्धनस्य भावः *(धनहीन हुनाको भाव वा अवस्था)* निर्धन+तल् (त)+टाप् (आ) =निर्धनता ।

शब्दार्थ- दरिद्रता, गरिवी, धनहीनता ।

निर्धारणम् (ना./न.) निर्धायते इति *(निर्धारण गरिन्छ)* निर् उपसर्गपूर्वक धृञ् धारणे (भ्वा.) धातु, निर्+धृ+णिचि, वृद्धि, निर्धारि+ल्युट्[5] (अन), णिलोप, णत्व = निर्धारण ।

शब्दार्थ- कुनै कुरा तोक्ने काम, निर्णय गर्ने कार्य, निश्चय गर्ने काम ।

निर्धारणीयः (वि.) निर्धारितुं योग्यः *(निश्चय गर्न उचित)* निर्पूर्वक धृञ् धारणे (भ्वा.) धातु, निर्+धृ+णिचि+अनीय (र्), धृको वृद्धि, णिलोप= निर्धारणीय ।

शब्दार्थ- निश्चय गर्न योग्य, निर्णय गर्न उचित, निर्धारण गर्नुपर्ने ।

निर्धारितः (वि.) निर्धायते स्म इति *(निर्धारण गरिएको)* निर्पूर्वक धृञ् धारणे (भ्वा.) धातु, निर्+धृ+णिचि, वृद्धि, निर्धारि+क्त (त), णिलोप, इडागम= निर्धारित ।

शब्दार्थ- निर्णय गरिएको, निश्चित, तोकिएको, निर्धारण गरिएको, ठहराएको ।

---

[1] तस्य भावस्त्वतलौ : तल्

[2] ण्वुल्तृचौ : ण्वुल्

[3] निरादयः क्रान्ताद्यर्थे... : प्रा.त.स.

[4] प्रादिभ्यो धातुजस्य... : प्रा.ब.स., उत्तरपदलोप

[5] ल्युट् च : ल्युट्

निर्निमेषः (वि.) निमेषात् निष्क्रान्तः *(निमेषबाट रहित)* प्रा.त.स.[1]= निर्निमेष ।

अथवा निर्गतः निमेषः यस्मात् *(जसबाट आँखा झिम्क्याउँने क्रिया-रहित छ)* प्रा.व.स.[2], उ.प.लोप =निर्निमेष ।

शब्दार्थ- निमेषरहित, आँखा नझिम्क्याउँने, पलकरहित, आँखा नझिम्क्याई एकोहोरो हेरिरहने ।

उदा. टोलाएका सकलजनको दृष्टि भो निर्निमेष- य.श. १/६

निर्बलः (वि.) वलात् निष्क्रान्तः *(वलबाट रहित भएको)* निर्+वल, प्रा.त.स., रुत्व= निर्बल ।

शब्दार्थ- बल नभएको, दुब्लो, दुर्वल, शक्ति नभएको, कमजोर, शिथिल ।

निर्बलता (ना./स्त्री.) निर्वलस्य भावः *(निर्बल हुनाको भाव वा अवस्था)* निर्बल+तल् (त)+टाप् (आ) =निर्वलता ।

शब्दार्थ- वलहीनता, दुब्लोपना, शिथिलता, कमजोरी ।

निर्बाधः (वि.) निर्गता वाधा यत्र *(जहाँ बाधा व्यवधान छैन)* प्रा.ब.स., उ.प.लोप, ह्रस्व= निर्वाध ।

शब्दार्थ- वाधा अवरोध नभएको, प्रतिवन्ध नलगाएको, वाधारहित, रोकावट नभएको ।

निर्बुद्धिः (वि.) बुद्धेः निष्क्रान्तः *(बुद्धिबाट रहित)* निस्+बुद्धि, प्रा.त.स., रुत्व= निर्बुद्धि ।

अथवा निर्गता वुद्धिर्यस्य *(जसको बुद्धि हराएको छ)* प्रा.व.स., उ.प.लोप= निर्बुद्धि ।

शब्दार्थ- वुद्धि नभएको, मतिहीन, पटमूर्ख, स्वाँठ ।

निर्बोधः (वि.) बुध्यते इति *(जानिन्छ)* बुध अवगमने (दिवा.) धातु, वुंध्+घञ् (अ), गुण, वोधः (ज्ञानम्) ।

बोधात् निष्क्रान्तः *(ज्ञानबाट रहित)* निर्+बोध, प्रा.त.स., रुत्व= निर्वोध ।

शब्दार्थ- ज्ञान वा जानकारी नभएको, अनभिज्ञ, अज्ञानी ।

निर्भयः (वि.) भयात् निष्क्रान्तः *(भयबाट मुक्त भएको)* निर्+भय, प्रा.त.स.= निर्भय ।

अथवा निर्गतः भयः यस्मात् *(जसबाट भय हटिसकेको छ)* प्रा.ब.स., उ.प.लोप= निर्भय ।

शब्दार्थ- भय नभएको, निडर, भयरहित, निर्भीक ।

निर्भयता (ना./स्त्री.) निर्भयस्य भावः *(निर्भय हुनाको भाव वा अवस्था)* निर्भय+तल् (त)+टाप् (आ)= निर्भयता ।

शब्दार्थ- निडरपना, भयहीनता, भयको अभाव ।

निर्भरः (वि.) निर्भरतीति *(निर्भर रहन्छ)* निर् उपसर्गपूर्वक भृञ् भरणे (भ्वा.) धातु, निर्+भृ+अच् (पचादि), गुण =निर्भर ।

शब्दार्थ- कसैको सहारा वा आश्रयमा रहेको, आश्रित, कसैको भरपर्ने ।

निर्भरता (ना./स्त्री.) निर्भरस्य भावः *(निर्भर हुनाको भाव वा अवस्था)* निर्भर+तल् (त)+टाप् (आ)= निर्भरता ।

शब्दार्थ- भरपर्ने अवस्था वा स्थिति, आश्रितता, भरोसा ।

निर्भाग्यः (वि.) निकृष्टं भाग्यं यस्य *(जसको भाग्य तुच्छ छ)* प्रा.ब.स., उ.प.लोप= निर्भाग्य ।

शब्दार्थ- भाग्यरहित, भाग्य नभएको ।

निर्भीकः (वि.) बिभेतीति *(डराउँछ)* ञिभी भये (जुहो.) धातु, भी+क्विप् (सर्वलोप), भीः (डराउने, भय मान्ने) । भीरेव *(भय नै)* भी+कन् (क), स्वार्थमा, भीकः । भीकात् निष्क्रान्तः *(भयबाट मुक्त)* निस्+भीक, प्रा.त.स., रुत्व= निर्भीक ।

शब्दार्थ- भयमुक्त, डर नभएको, निडर, सक्षम, निर्भय ।

निर्भीकता (ना./स्त्री.) निर्भीकस्य भावः *(निर्भीक हुनाको भाव वा अवस्था)* निर्भीक+तल्[3] (त)+टाप् (आ) =निर्भीकता ।

शब्दार्थ- निडरपना, भयमुक्त-अवस्था, निर्भयता ।

निर्मक्षिकम् (अव्य.) मक्षिकानामभावः *(झिङ्गा, डाँस आदिको अभाव)* अव्य.स., ह्रस्व= निर्मक्षिक ।

शब्दार्थ- झिङ्गा, डाँस, मच्छड आदिको अभाव ।

निर्ममः (वि.) 'मम' यो अस्मद्शब्दको षष्ठी विभक्तिको एक वचनरूप हो । यस विभक्तिप्रतिरूपक अव्ययशब्दबाट ममतायाः निष्क्रान्तः *(ममताभावबाट हटेको)* निस्+मम, प्रा.त.स., रुत्व= निर्मम ।

अथवा निर्गतः मम ममभावः यस्य *(जसको ममताको भाव हटेको छ)* प्रा.ब.स., उ.प.लोप= निर्मम ।

शब्दार्थ- ममता नभएको, मेरो भन्ने भाव नभएको, मायामोहरहित, निर्दय, निःस्पृह, निठुरी ।

निर्ममता (ना./स्त्री.) निर्ममस्य भावः *(निर्मम या निठुरी हुनाको भाव वा अवस्था)* निर्मम+तल् (त)+टाप् (आ) =निर्ममता ।

शब्दार्थ- निष्ठुरता, ममता नहुनाको स्थिति, दयाहीनता, विषयवासना नहुनाको स्थिति, म मेरो भन्ने भाव नहुनाको अवस्था ।

निर्मलः (वि.) निर्गतं मलं यस्मादिति *(जसबाट मयल वा दाग हटिसकेको छ)* प्रा.ब.स. उ.प.लोप= निर्मल ।

शब्दार्थ- स्वच्छ, कञ्चन, दाग नभएको, कलुषित वा मैलो नभएको ।

उदा. परको पथलाई साँबल, बल हो, निर्मलधर्म केवल- आ.रा. ५/३६

निर्मलगुणः (ना./पुं.) निर्मलश्चासौ गुणश्च *(स्वच्छ गुण)* क.त.स.= निर्मलगुण ।

शब्दार्थ- स्वच्छ वा कञ्चन गुण, पवित्रगुण, स्वच्छछवि ।

निर्मलता (ना./स्त्री.) निर्मलस्य भावः *(निर्मल हुनाको भाव वा अवस्था)* निर्मल+तल् (त)+टाप् (आ) =निर्मलता ।

शब्दार्थ- स्वच्छपना, पवित्रता, शुद्धता ।

निर्माणम् (ना./न.) निर्मीयते इति *(निर्माण गरिन्छ)* निर्पूर्वक माङ् माने शब्दे च (जुहो.) धातु, निर्+मा+ल्युट् (अन), णत्व= निर्माण ।

शब्दार्थ- वनाउने काम, निर्माण गर्ने काम, घर, सडक, पुल आदि वनाउने कार्य ।

---

[1] निरादय क्रान्ताद्यर्थे... : प्रा.त.स

[2] प्रादिभ्यो धातुजस्य... : प्रा.ब.स., उत्तरपदलोप

[3] तस्य भावस्त्वतलौ : तल्

निर्माणस्थलम् (ना./न.) निर्माणस्य स्थलम् *(निर्माण भइरहेको ठाउँ)* ष.त.स.= निर्माणस्थल ।

शब्दार्थ- निर्माणसम्वन्धी काम भइरहेको स्थान ।

निर्मानः (वि.) निर्गतं मानं यस्य *(जसको नाप वा गिन्ती गर्न सकिन्न)* प्रा.व.स.= निर्मान ।

शब्दार्थ- नाप्न, तौलन र गन्न नसकिने, अपरिमेय, असङ्ख्य, मानसम्मानरहित ।

निर्माता (वि.) निर्माति, निर्मिमीते इति वा *(वनाउँछ)* निर्पूर्वक मा माने (अदा.) वा माङ् माने शव्दे च (जुहो.) धातु, निर्+मा+तृच्[1] (तृ), निर्मातृ=निर्माता ।

शब्दार्थ- वनाउने, निर्माण गर्ने, स्रष्टा, रचयिता, परमेश्वर ।

निर्मायः (वि.) माति मिमीते व्रह्माण्डं यस्याम् *(व्रह्माण्ड नै गाँथिएको छ जसमा)* मा माने (अदा.) वा माङ् माने शव्दे च (जुहो.) धातु, मा+य[2] (उणा.), मायः । माय+टाप् (आ), माया । मायायाः निष्क्रान्तः *(मायावाट छुटकारा भएको, मायालु नभएको)* निस्+माया, रुत्व, ह्रस्व= निर्माय ।

शब्दार्थ- माया नभएको, निष्ठुर, निठुरी, मायाविहीन, मायावाट छुटकारा पाएको, मायावाट पार भएको

निर्मितः (वि.) निर्मीयते स्म इति *(वनाइएको)* निर्पूर्वक मा माने (अदा.) वा माङ् माने शव्दे च (जुहो.) धातु, निर्+मा+क्त[3] (त), कर्तामा, इत्व[4]= निर्मित ।

शब्दार्थ- निर्माण गरिएको, वनाइएको, रचना गरिएको, सिर्जित ।

निर्मुक्तः (वि.) निर्मुच्यते स्म इति *(मुक्त भएको)* निर्पूर्वक मुच्लृ मोक्षणे (तुदा.) धातु, निर्+मुच्+क्त (त), कुत्व =निर्मुक्त ।

निर्मुक्तो मुक्तकञ्चुकः- **इत्यमरः**

शब्दार्थ- मुक्ति पाएको, मुक्त भएको, छुटेको, काँचुलीवाट छुटेको (सर्प), वन्धनवाट छुटेको (मानिस) ।

निर्मुक्तिः (ना./स्त्री.) निर्मुच्यते इति *(मुक्त गरिन्छ)* निर्पूर्वक मृच्लृ मोक्षणे (तुदा.) धातु, निर्+मुच्+क्तिन् (ति), कुत्व= निर्मुक्ति ।

शब्दार्थ- मुक्ति पाउने काम, मुक्त हुने स्थिति, छुटकारा पाउने काम, मोक्ष ।

निर्मूलः (वि.) निर्गतं मूलं यस्मात् *(जसबाट मूल नष्ट भएको छ)* प्रा.व.स., उ.प.लोप= निर्मूल ।

अथवा मूलात् निष्क्रान्तः *(मूल वा जरैबाट नष्ट भएको)* प्रा.त.स.= निर्मूल ।

शब्दार्थ- मूलैदेखि नष्ट भएको, जरैदेखि उखेलिएको, सखाव पारिएको, निर्मूल पारिएको ।

निर्यातः (वि.) निर्याति स्म इति *(निस्केको)* निर्पूर्वक या प्रापणे (अदा.) धातु, निर्+या+क्त (त), कर्तामा =निर्यात ।

शब्दार्थ- गएको, पठाएको, निक्लेको, निकासा गरिएको ।

निर्लज्जः (वि.) निर्गता लज्जा यस्मात् *(जसबाट लज्जा हटिसकेको छ)* निर्गता+लज्जा, प्रा.व.स., उत्तरपदलोप, ह्रस्व= निर्लज्ज ।

शब्दार्थ- लाज नभएको, लज्जा हटिसकेको, वेसरम, लज्जारहित ।

निर्लज्जता (ना./स्त्री.) निर्लज्जस्य भावः *(निर्लज्ज हुनाको भाव वा अवस्था)* निर्लज्ज+तल् (त)+टाप् (आ)=निर्लज्जता ।

शब्दार्थ- लज्जाविहीनता, सरम नमान्ने क्रिया, निर्लज्ज हुनाको अवस्था ।

निर्लिप्तः (वि.) निर्लिप्यते स्म इति *(लिप्त वा आसक्त नभएको)* निर्पूर्वक लिप उपदेहे (तुदा.) धातु, निर्+लिप्+क्त (त), कर्तामा= निर्लिप्त ।

शब्दार्थ- मायामोहमा नभुलेको, सांसारिक विषयवासनामा आसक्त नभएको, आसक्तिरहित, विषयवन्धनवाट छुटकारा पाएको ।

उदा. **वत्से ! बन्धन हुन्न वैभव सबै निर्लिप्त भै भोगिए- भृ.ख.का. ३/४२**

निर्लिप्तता (ना./स्त्री.) निर्लिप्तस्य भावः *(निर्लिप्त हुनाको भाव वा अवस्था)* निर्लिप्त+तल् (त)+टाप् (आ) = निर्लिप्तता ।

शब्दार्थ- आसक्तिहीनता, तटस्थता, सांसारिक वन्धनवाट छुटकारा ।

निर्लेपः (वि.) लेपात् निष्क्रान्तः *(लिप्त हुनबाट छुटेको)* निर्+लेप, प्रा.त.स.= निर्लेप ।

अथवा निर्गतः लेपः यस्मात् *(जसबाट आसक्ति छुटिसकेको छ)* प्रा.ब.स., उ.प.लोप= निर्लेप ।

शब्दार्थ- लिप्त नभएको, शुद्ध, आसक्तिहीन, मोहजालमा नफसेको, सङ्गरहित ।

निर्वचनम् (ना./न./वि.) निरुच्यते इति *(व्युत्पत्ति गरिन्छ)* निर्पूर्वक वच परिभाषणे (अदा.) धातु, निर्+वच्+ल्युट् (अन)= निर्वचन ।

अथवा वचनात् निष्क्रान्तः *(बोल्न छोडेको)* प्रा.त.स. =निर्वचन ।

शब्दार्थ- शव्दहरूको व्युत्पत्ति देखाउने काम, उच्चारण, शव्दसाधन वा ज्ञान, कथन, वचन, वोली नभएको, नवोल्ने, चुप लाग्ने, मौन रहने ।

निर्वस्त्रः (वि.) निर्गतं वस्त्रं यस्य *(जसको वस्त्र छैन)* प्रा.ब.स., उ.प.लोप= निर्वस्त्र ।

अथवा वस्त्रात् निष्क्रान्तः **(वस्त्र नभएको)** प्रा.त.स. =निर्वस्त्र ।

शब्दार्थ- वस्त्र नभएको, वस्त्र नलगाएको, नाङ्गो, कपडा नपहिरेको, वस्त्ररहित ।

---

[1] ण्वुल्तृचौ : तृच्

[2] माछाससिभ्यो ... : य

[3] गत्यर्थाकर्मक... : क्त (कर्तामा)

[4] द्यतिस्यतिमास्था... : इत्व

निर्वाचकः (वि.) निर्वाचयतीति *(निर्वाचन गराउँछ)* निर्पूर्वक वच परिभाषणे (अदा.) धातु, निर्+वच्+णिचि +ण्वुल्[1] (अक), वृद्धि, णिलोप= निर्वाचक ।

शब्दार्थ- निर्वाचन गर्ने, छान्ने, प्रतिनिधि चुन्ने, निर्वाचन गराउने ।

निर्वाचनम् (ना./न.) निर्वाच्यते इति *(निर्वाचन गरिन्छ)* निर्पूर्वक वच परिभाषणे (अदा.) धातु, निर्+वच्+णिचि, वृद्धि, निर्वाचि+ल्युट्(अन), णिलोप=निर्वाचन ।

शब्दार्थ- चुन्ने काम, मत दिएर प्रतिनिधि छान्ने काम, निर्वाचन गर्ने काम, चुनाउ ।

निर्वाचितः (वि.) निर्वाच्यते स्म इति *(निर्वाचन गरिएको)* निर्पूर्वक वच परिभाषणे (अदा.) धातु, निर्+वच्+णिचि, वृद्धि, निर्वाचि+क्त (त), णिलोप, इडागम =निर्वाचित ।

शब्दार्थ- निर्वाचन गरिएको, मतदान गरेर प्रतिनिधि छानिएको, चुनाउ गरिएको ।

निर्वाणम् (ना./न./वि.) निर्वाणमिति *(निर्वाण वा मुक्ति प्राप्त गर्नु)* निर्पूर्वक वा गतिगन्धनयोः (अदा.) धातु, निर्+वा+ल्युट् (अन), णत्व= निर्वाण ।

अथवा निर्वाति स्म इति *(गएको वा मुक्त भएको)* निर्पूर्वक वा गतिगन्धनयोः (अदा.) धातु, निर्+वा +क्त (त), निष्ठा तको न[2], णत्व= निर्वाण ।

अथवा निर्गतं वानं गमनं यस्मिन् *(जसमा जन्म मरणरूप गमन र आगमन छैन)* प्रा.ब.स., उत्तरपदलोप, णत्व= निर्वाण ।

निर्वाणमस्तं गमने निवृत्तौ गजबन्धने
सङ्गमेऽप्यपवर्गे च- इति मेदिनी
निर्वाणो मुनिवह्नचादौ । मुक्तिकैवल्यनिर्वाणश्रेयः- इत्यमरः

शब्दार्थ- पुनर्जन्म र मरण नहुने काम, मोक्ष, अपवर्ग, मुक्ति, सांसारिक मायामोहबाट छुटकारा, निभ्ने काम, निभेको आगो, निर्वाण प्राप्त भएको, मुक्त भएको, मोक्ष प्राप्त गरेको (मुनि) ।

निर्वादः (ना./पुं.) निरुद्यते इति *(दुर्वचन बोलिन्छ)* निर्+वद्+घञ् (अ), वृद्धि= निर्वाद ।

शब्दार्थ- दुर्वचन, बदनामी, दोषारोपण, अपवाद ।

निर्वासः (ना./पुं.) निर्वास्यते इति *(निकालिन्छ)* निर्पूर्वक वस निवासे (भ्वा.) धातु, निर्+वस्+णिचि, वृद्धि, निर्वासि+घञ् (अ), णिलोप= निर्वास ।

अथवा निर्पूर्वक वास उपसेवायाम् (चुरा.) धातु, निर्+वास्+घञ् (अ)= निर्वास ।

शब्दार्थ- निकाला गर्ने काम, निर्वासन, हटाउने काम, देशनिकाला, मुलुकबाट निकाल्ने काम ।

निर्वासनम् (ना./न.) निर्वासनमिति *(निकालिन्छ)* निर्पूर्वक वस निवासे (भ्वा.) वा वस स्नेहच्छेदापहरणेषु (चुरा.) धातु, निर्+वस्+णिचि+ल्युट् (अन) वृद्धि, णिलोप= निर्वासन ।

निर्वासनं हिंसने स्यान्नगरादेर्वहिष्कृतौ- इति मेदिनी

शब्दार्थ- निर्वास, देशबाट निकाल्ने काम, देशनिकाला, नगर वा देशबाट निष्कासन या निकाला, हिंसा, वध ।

निर्वासितः (वि.) निर्वास्यते स्म इति *(निकाला गरिएको)* निर्पूर्वक वस निवासे (भ्वा.) धातु, निर्+वस्+णिचि, वृद्धि, निर्वासि+क्त (त), णिलोप, इडागम= निर्वासित ।

शब्दार्थ- देशबाट निकाला गरिएको, निष्कासित गरिएको ।

निर्वाहः (ना./पुं.) निर्वहनम्, निरुह्यते इति वा *(निर्वाह गरिन्छ)* निर्पूर्वक वह प्रापणे (भ्वा.) धातु, निर्+वह् +घञ् (अ), वृद्धि= निर्वाह ।

शब्दार्थ- जसोतसो गरेर गुजारा गर्ने काम, कुनै प्रकारले जीवन धान्ने काम, जीविका, भरणपोषण गर्ने काम

निर्विकल्पः/निर्विकल्पकः (वि./ना./पुं.) विकल्पात् निष्क्रान्तः *(विकल्पबाट रहित भएको)* निस्+विकल्प, प्रा.त.स., रुत्व= निर्विकल्प ।

निर्गतः विकल्पः यस्य *(जसको विकल्प छैन)* प्रा.ब.स., उ.प.लोप, निर्विकल्प+कप् (समासान्त)= निर्विकल्पक । कप्को अभावमा= निर्विकल्प ।

शब्दार्थ- विकल्प नभएको, विकल्परहित, विकल्पशून्य, एक विशेष समाधिको स्थिति- जसमा ध्याता, ध्येय र ज्ञाता एवम् ज्ञेय दुवैको आभास हुँदैन ।

निर्विकारः (वि./ना./पुं.) विक्रियते इति *(विकार पैदा हुनु)* विपूर्वक डुकृञ् करणे (तना.) धातु, वि+कृ+घञ्[3] (अ), वृद्धि, विकारः । विकारात् निष्क्रान्तः *(विकार पैदा नहुने)* निस्+विकार, प्रा.त.स., रुत्व= निर्विकार ।

अथवा निर्गतः विकारः विकृतिर्यस्मात् (जसबाट **विकृति पैदा हुदैन)** प्रा.ब.स., उ.प.लोप= निर्विकार ।

शब्दार्थ- विकार नहुने, विकृतिशून्य, विकृति पैदा नहुने, नबिग्रने, परिर्वतन नहुने, यथास्थितिमा रहने आत्मतत्त्व, जतातत्तै परब्रह्मको आभास झल्कने स्थिति ।

उदा. **जय करुणावतार ! भइ तारक ! दुःखितको**
हरदम निर्विकार ! सुखकारक ! भारतका- आ.रा. १६/९४

निर्विघ्नः (वि./अव्य.) विहन्यतेऽनेन *(विघ्न गरिन्छ यसबाट)* विपूर्वक हन हिंसागत्योः (अदा.) धातु, वि+ हन्+क[4] (अ), अकारलोप[5], कुत्व[6], विघ्नः ।

विघ्नात् निष्क्रान्तः *(विघ्नबाट रहित)* निस्+विघ्न, प्रा.त.स.[7], रुत्व= निर्विघ्न । अथवा विघ्नानामभावः (विघ्नको अभाव) अव्य.स.= निर्विघ्न ।

शब्दार्थ- विघ्नबाधा नपरेको, विघ्नरहित, कुनै बाधा अवरोध नपरिकन, विघ्नको अभाव ।

निर्विरोधः (वि.) विरुध्यते इति *(विरोध गरिन्छ)* विपूर्वक रुधिर् आवरणे (रुधा.) धातु, वि+रुध्+घञ् (अ), गुण, विरोधः[3] । विरोधात् निष्क्रान्तः *(विरोधबाट रहित)* निस्+विरोध, प्रा.त.स., रुत्व= निर्विरोध ।

शब्दार्थ- विरोध नभएको, विरोध नपरी सम्पन्न भएको ।

---

[1] ण्वुल्तृचौ : ण्वुल्
[2] निर्वाणोऽवाते : निष्ठा तको न
[3] भावे : घञ्
[4] घनर्थे कविधानम् (वा.) : क
[5] गमहनजन...: अकारलोप
[6] होहन्ते... : कुत्व
[7] निरादयःक्रान्ताद्यर्थे...: प्रा.त.स.

निर्विवादः (वि.) उद्यते इति *(बताइन्छ)* वद व्यक्तायां वाचि (भ्वा.) धातु, वद्+घञ् (अ), वृद्धि, वादः । वि विरुद्धः वादः *(विरुद्ध वचन)* वि+वाद, प्रा.त.स, विवादः । विवादात् निष्क्रान्तः *(विवादबाट रहित भएको)* निस्+विवाद, प्रा.त.स., रुत्व= निर्विवाद ।

अथवा निर्गतः विवादः यस्य *(जसको वादविवाद वा झगडा छैन)* प्रा.ब.स., उ.प.लोप= निर्विवाद ।

शब्दार्थ- विवाद नभएको, विवादरहित, झगडा वा किचोलो नभएको, सर्वस्वीकार्य, सबैलाई मान्य हुने ।

निर्विवेकः (वि.) विवेचनम्, विविच्यते इति वा *(विवेचना गरिन्छ)* विपूर्वक विचिर् पृथक्भावे (रुधा.) धातु, वि+विच्+घञ् (अ), गुण, कुत्व= विवेकः । विवेकात् निष्क्रान्तः *(विवेकबाट रहित)* प्रा.त.स[१].= निर्विवेक ।

अथवा निर्गतः विवेकः यस्य *(जसको विवेक शून्य भएको छ)* प्रा.ब.स[२]., उ.प.लोप= निर्विवेक ।

शब्दार्थ- विवेक नभएको, विवेकहीन, निर्विवेकी ।

निर्विवेकी (वि.) निर्विवेकः अस्यास्तीति *(विवेकहीनता छ यसको)* निर्विवेक+इनि (इन्), निर्विवेकिन् =निर्विवेकी ।

शब्दार्थ-विवेकरहित, विवेक नभएको, विवेक नपुऱ्याएको

निर्विशेषः (वि.) निर्गतः विशेषः यस्मिन् *(जसमा विशेषता छैन)* प्रा.ब.स.[२], उ.प.लोप= निर्विशेष ।

शब्दार्थ- विशेषता नभएको, विशेषतारहित ।

निर्वृत्तः (वि.) वर्तते स्म इति *(रहेको)* वृतु वर्तने (भ्वा.) धातु, वृत्+क्त (त), कर्तामा, वृत्तम् । वृत्तात् निष्क्रान्तः *(संलग्न रहनुबाट हटेको)* निस्+वृत्त, प्रा.त.स.[१], रुत्व= निर्वृत्त ।

अथवा निर्वर्तते स्म इति *(बन्धनबाट छुटेको)* निर्+वृत्+क्त[३] (त), कर्तामा= निर्वृत्त ।

शब्दार्थ- सांसारिक विषयवन्धनवाट मुक्त भएको, विरक्तिएको, पूर्ण भएको, सम्पन्न भएको ।

निर्वृत्तिः (ना./स्त्री.) वर्ततेऽनया इति *(रहन्छ यसबाट)* वृतु वर्तने (भ्वा.) धातु, वृत्+क्तिच्[४] (ति), वृत्तिः (जीविका) । वृत्तेः निष्क्रान्तः *(व्यवहार वा विषयवासनावाट छुटेको)* निस्+वृत्ति, प्रा.त.स., रुत्व =निर्वृत्ति ।

शब्दार्थ- विरक्ति, विषयवासनावाट मुक्ति, समाप्ति, परिपूर्णता, सम्पन्नता, सिद्धि ।

निर्वेदः (ना./पुं.) निर्विद्यते इति *(विरक्ति वा दुःख पैदा हुनु)* विद ज्ञाने (अदा.) वा विद विचारणे (रुधा.) वा विद चेतनाख्यानविवासेषु (चुरा.) धातु, निर्+विद्+घञ्[५] (अ), गुण= निर्वेद ।

शब्दार्थ- वैराग्य, विरक्ति, दुःख, खेद, अनुताप, पश्चात्ताप, विभिन्न कारणवाट चित्तमा पैदा हुने निर्विकारता, तृष्णाक्षय ।

निर्व्याजः (वि.) विच्यते इति *(छल गरिन्छ)* व्यच व्याजीकरणे (तुदा.) धातु, व्यच्+घञ् (अ), वृद्धि, कुत्व, व्याजः । व्याजात् कपटात् निष्क्रान्तः *(छलकपटबाट रहित भएको)* निस्+व्याज, प्रा.त.स., रुत्व= निर्व्याज ।

अथवा निर्गतः व्याजः यस्य *(जसको छलकपट भाव छैन)* प्रा.ब.स., उ.प.लोप= निर्व्याज ।

शब्दार्थ- छलकपटरहित, स्वच्छ हृदय भएको, कपटरहित, छलछाम नगर्ने ।

निलम्बनम् (ना./न.) निलम्ब्यते इति *(निलम्बन गरिन्छ)* निपूर्वक लबि अवस्रंसने (भ्वा.) धातु, नुम्, नि+लम्ब्+ल्युट् (अन)= निलम्वन ।

शब्दार्थ- छानविनको क्रममा कसैको पद र पदीयदायित्व रोक्का गर्ने काम, निलम्वन गर्ने काम ।

निलम्बितः (वि.) निलम्ब्यते स्म इति *(निलम्बन गरिएको)* निपूर्वक लबि अवस्रंसने (भ्वा.) धातु, नुम्, नि+लम्ब्+क्त (त), इडागम= निलम्बित ।

शब्दार्थ- निलम्वन गरिएको, छानविनको लागि कसैको पद र पदीयदायित्व रोक्का गरिएको ।

निलयः (ना./पुं.) निलीयते अत्र *(विलीन हुन्छ यहाँ वा बसिन्छ यहाँ)* लीङ् श्लेषणे (दिवा.) धातु, नि+ली+घ[६] (अ)/अच् (एरच्), गुण, अयादेश= निलय ।

निलयोऽस्तमये गृहे । गोपनस्य प्रदेशेऽपि- इति हैमः

शब्दार्थ- निवासस्थान, निकेतन, गृह, चराको गुँड, विनाश, प्रलय, लीन वा विलीन हुने क्रिया, गुप्त स्थान ।

निवहः (ना./पुं.) नितरामुह्यते इति *(अतिसमीपमा लगिन्छ)* निपूर्वक वह प्रापणे (भ्वा.) धातु, नि+वह्+घ[६] (अ= निवह ।

समूहे निवहव्यूह- इत्यमरः

शब्दार्थ- समूह, समुदाय, व्यूह, निकट, समीप ।

निवारकः (वि.) निवारयतीति *(निवारण गर्छ)* निपूर्वक वृञ् आवरणे (चुरा.) धातु, नि+वृ+णिचि+ण्वुल् (अक), वृद्धि, णिलोप= निवारक ।

शब्दार्थ- रोक्ने, छेकथुन गर्ने, हटाउने, निवारण गर्ने ।

निवारणम् (ना./न.) निवार्यते इति *(हटाइन्छ वा रोकिन्छ)* निपूर्वक वृञ् आवरणे (चुरा.) धातु, नि+वृ+णिचि+ल्युट् (अन), वृद्धि, णिलोप, णत्व= निवारण ।

शब्दार्थ- रोक्ने काम, हटाउने काम, निवारण गर्ने काम, छेकथुन गर्ने काम, रोकावट ।

निवासः (ना./पुं.) निवसन्ति अत्र *(यहाँ बस्छन्)* निपूर्वक वस निवासे (भ्वा.) धातु, नि+वस्+घञ् (अ), वृद्धि =निवास ।

अथवा नि निश्चयेन उस्यते अत्र *(निर्धक्कसँग यहाँ बसिन्छ)* नि+वस्+घञ् (अ), वृद्धि= निवास ।

शब्दार्थ- निवासस्थान, बस्ने काम, घर, आश्रम, अखडा, आश्रय ।

---

[१] निरादयःकान्ताद्यर्थे... : प्रा.त.स.
[२] प्रादिभ्यो धातुजस्य... : प्रा.ब.स.
[३] गत्यर्थाकर्मक... : क्त (कर्तामा)
[४] क्तिच् क्तौ च : क्तिच्
[५] अकर्तरि च कारके.. : घञ्
[६] पुंसि संज्ञायां घः.... : घ

निवासस्थानम् (ना./न.) निवासाय स्थानम् *(निवासको लागि स्थान)* च.त.स.= निवासस्थान ।

शब्दार्थ- वासस्थान, बस्ने वा रहने ठाउँ, घर, आश्रम, डेरा, कोठा ।

निवासी (वि.) अवश्यं निवसति वस्ते इति वा *(अवश्य निवास गर्छ वा ढाक्छ)* निपूर्वक वस निवासे (भ्वा.) वा वस आच्छादने (अदा.) धातु, नि+वस्+णिनि[1] (इन्), वृद्धि, निवासिन्= निवासी ।

शब्दार्थ- निवास गर्ने, बस्ने, रहने, वस्त्र पहिरने ।

निविडः (वि.) निविलति अत्र *(बाक्लो वा घना छ यहाँ)* निपूर्वक विल संवरणे (तुदा.) धातु, नि+विल्+क (अ), लको ड (ल तथा डको अभेदसम्बन्ध हुँदा)=निविड । अथवा ने नासिकायाः इव नतम् *(नाकको भित्रीभाग जस्तै गहन)* नि+विडच्[2]= निविड ।

शब्दार्थ- घना, बाक्लो, घनघोर, डरलाग्दो, ठूलो, मोटो ।

***उदा.* निविड निर्जनमा नर एकलो- नवरस, भयानक रस २६**

निवीतम् (ना./न.) नि वीयते स्म इति *(पहिरिन्छ वा लगाइन्छ)* निपूर्वक व्येञ् संवरणे (भ्वा.) धातु, आत्व, नि+व्या+क्त (त), सम्प्रसारणवाट यको इ, दीर्घ =निवीत । अथवा निपूर्वक वी गतिव्याप्तादौ (अदा.) धातु, नि+वी+क्त (त)= निवीत ।

निवीतं कण्ठलम्बितम्- इत्यमरः

क्षौमं दुकुलं स्याद् द्वे तु निवीतं प्रावृतं त्रिषु- इत्यमरः

शब्दार्थ- यज्ञोपवित (जनै), घाँटीवाट तलतिर भुण्डिएको ब्रह्मसूत्र वा जनै, रेसमीवस्त्र (पछ्यौरा, ओड्ने कपडा) ।

निवृत्तः (वि.) निवर्तते स्म इति *(निवृत्त भएको)* निपूर्वक वृतु वर्तने (भ्वा.) धातु, नि+वृत्+क्त (त), कर्तामा =निवृत्त ।

शब्दार्थ- हटेको, छुटकारा पाएको, सेवावाट अवकाश पाएको, समाप्त भएको ।

निवृत्तात्मा (वि.) निवृत्तः आत्मा यस्य *(सांसारिक बन्धनबाट चित्तवृत्ति हटेको छ जसको)* निवृत्त+आत्मन्, प्रा.व.स., दीर्घ, निवृत्तात्मन्= निवृत्तात्मा ।

शब्दार्थ- सांसारिक बन्धनवाट छुटकारा पाएको, समाप्त भएको, विषयवासनावाट छुटेको, विरक्त ।

निवृत्तिः (ना./स्त्री.) निवृत्यते इति *(निवृत्त हुनु)* निपूर्वक वृतु वर्तने (भ्वा.) धातु, नि+वृत्+क्तिन् (ति)=निवृत्ति ।

शब्दार्थ- छुटकारा पाउने काम, विरक्ति, त्याग, मुक्ति, समाप्ति, विषयवासनावाट हट्ने वा पन्छिने काम

निवेदकः (वि.) निवेदयतीति *(निवेदन दिन्छ)* निपूर्वक विद ज्ञाने (अदा.) वा विद विचारणे (रुधा.) धातु, नि+विद्+णिचि+ण्वुल्[3] (अक), णिलोप= निवेदक ।

शब्दार्थ- निवेदन गर्ने, आवेदन गर्ने, विन्ती चढाउने, प्रार्थना गर्ने, आवेदक ।

निवेदनम् (ना./न.) निवेद्यते इति *(निवेदन गरिन्छ)* निपूर्वक विद ज्ञाने (अदा.) वा विद विचारणे (रुधा.) धातु, नि+विद्+णिचि+ल्युट् (अन), गुण, णिलोप =निवेदन ।

शब्दार्थ- विन्ती चढाउने काम, विन्ती गर्ने काम, प्रार्थना, आवेदन, विज्ञापन ।

निवेदनार्थम् (ना./न.) निवेदनाय इदम् *(निवेदनका लागि यो)* अस्वपदविग्रह, निवेदन+अर्थ, च.त.स.[4], दीर्घ =निवेदनार्थ ।

शब्दार्थ- निवेदनका लागि, निवेदनका निम्ति, निवेदन गर्नका निमित्त ।

निवेदनपत्रम् (ना./न.) निवेदनस्य पत्रम् *(आवेदन गर्न लेखिने पत्र)* ष.त.स.= निवेदनपत्र ।

शब्दार्थ- निवेदन गर्ने कागज, विन्तीपत्र, प्रार्थनापत्र, आवेदनपत्र ।

निवेदितः (वि.) निवेद्यते स्म इति *(निवेदन गरिएको)* निपूर्वक विद ज्ञाने (अदा.) धातु, नि+विद्+णिचि, गुण, निवेदि+क्त (त), णिलोप, इडागम= निवेदित ।

शब्दार्थ- निवेदन गरिएको, विन्ती वा प्रार्थना गरिएको ।

निशा (ना./स्त्री.) नि नितरां श्यति तनूकरोति वा अल्पी करोति विविधव्यापारान् इति *(विविध क्रियाकलाप घटाउँछ)* निपूर्वक शो तनूकरणे (दिवा.) धातु, आत्व, नि+शा+क[5] (अ), आलोप, निश+टाप् (आ)= निशा ।

शब्दार्थ- रात, रात्रि, राति, रजनी ।

निशाकरः (ना./पुं.) निशां करोति *(रात निम्त्याउँछन्)* निशापूर्वक डुकृञ् करणे (तना.) धातु, निशा+कृ+ट[6] (अ), गुण= निशाकर ।

शब्दार्थ- चन्द्रमा, चन्द्र, इन्दु, विधु ।

निशाचरः (वि.) निशायां चरतीति *(रातमा हिड्डुल गर्छ)* निशापूर्वक चर गतिभक्षणयोः (भ्वा.) धातु, निशा+चर +ट[7] (अ)= निशाचर ।

शब्दार्थ- राति हिंड्ने, राति घुमफिर गर्ने, राक्षस, लाटोकोसेरो (चरो), चन्द्रमा ।

निशाचरी (वि.) निशायां चरति असौ *(रातमा घुम्छे यो)* निशापूर्वक चर गतिभक्षणयोः (भ्वा.) धातु, निशा+चर +ट (अ), गुण, निशाचर+ङीप् (ई)= निशाचरी ।

शब्दार्थ- राक्षसी, राती घुमफिर गर्ने स्त्री, वेश्या ।

निशापतिः (ना./पुं.) निशायाः पतिः *(रात्रिका पति)* ष.त.स. = निशापति ।

शब्दार्थ- चन्द्रमा, चन्द्र, इन्दु ।

निश्चयः (ना./पुं.) निश्चीयते अनेन *(निश्चय गरिन्छ यसबाट)* निस्पूर्वक चिञ् चयने (स्वा.) धातु, निस्+चि +अप्[8] (अ), गुण, अयादेश, श्चुत्व सको श=निश्चय ।

शब्दार्थ- पक्का, सन्देह नभएको ज्ञान, निर्क्योल, परिपक्का, ठहर ।

---

[1] आवश्यकाधमर्ण्ययोः... : णिनि

[2] नेर्विडज्विरीसचौ : विडच्

[3] ण्वुल्तृचौ : ण्वुल्

[4] अर्थेन नित्यसमास... : च.त.स.

[5] आतश्चोपसर्गे : क

[6] दिवाविभानिशा... : ट

[7] चरेष्टः : ट

[8] ग्रहवृदृनिश्चि... : अप्

निश्चलः (वि.) निश्चलतीति *(निश्चल रहन्छ)* निस्पूर्वक चल गतौ (भ्वा.) धातु, निस्+चल्+अच् (पचादि), श्चुत्व= निश्चल। अथवा चलतीति *(चञ्चल हुन्छ)* चल कम्पने (भ्वा.) धातु, चल्+अच् (पचादि), चलः। चलात् निर्गतः *(चञ्चल हुनुबाट छुटेको)* निस्+चल, प्रा.त.स., श्चुत्व= निश्चल।

शब्दार्थ- अटल, स्थिर, हलचल नगर्ने।

उदा. उच्च निश्चल, निस्पत्र, ठिङ्ग वृक्षहरू सबै- ऋ.वि. (शिशिर विचार- ८८)

निश्चलता (ना./स्त्री.) निश्चलस्य भावः *(निश्चल हुनाको भाव वा अवस्था)* निश्चल+तल् (त)+टाप् (आ)=निश्चलता।

शब्दार्थ- स्थिरता, अटलपना, हलचल नगर्ने काम।

निश्चितः (वि.) निश्चीयते स्म इति *(निश्चय गरिएको)* निस्पूर्वक चिञ् चयने (स्वा.) धातु, निस्+चि+क्त (त), श्चुत्व= निश्चित।

शब्दार्थ- निधो गरिएको, निर्णीत, पक्का गरिएको, ठहर गरिएको, निश्चय गरिएको।

निश्चितार्थः (वि.) निश्चितः अर्थः यस्य *(निश्चित छ अर्थ जसको)* व.स., दीर्घ= निश्चितार्थ।

शब्दार्थ- निश्चित अर्थ भएको, निश्चित अर्थ बुझाउने।

निश्चिन्तः (वि.) निर्गता चिन्ता यस्य *(जसको चिन्ता हटिसकेको छ)* प्रा.व.स., उ.प.लोप, ह्रस्व, सको श्चुत्व= निश्चिन्त।

शब्दार्थ- चिन्ता नलिने, कुनै कुराको फिक्री नगर्ने, चिन्तारहित, चिन्तामुक्त।

निश्चिन्तता (ना./स्त्री.) निश्चिन्तस्य भावः *(निश्चिन्त हुनाको भाव वा अवस्था)* निश्चिन्त+तल् (त)+टाप् (आ)= निश्चिन्तता।

शब्दार्थ- निष्फिक्रीपना, चिन्ता नहुनाको अवस्था।

निश्चेष्टः (वि.) चेष्टायाः निष्क्रान्तः *(चेष्टाबाट रहित भएको)* निस्+चेष्टा, प्रा.त.स., श्चुत्व, ह्रस्व[1] =निश्चेष्ट। अथवा निर्गता चेष्टा यस्य *(जसको कुनै चेष्टा वा चेतना छैन)* प्रा.व.स., उ.प.लोप, श्चुत्व, ह्रस्व[1]= निश्चेष्ट।

शब्दार्थ- चेष्टा नभएको, होस हराएको, बेहोस, बेसुद्धी, हलचल नगर्ने, चेतनारहित, चेतनाहीन, अचेत।

निश्छलः (वि.) छलात् निष्क्रान्तः *(छलकपट नभएको)* निस्+छल, श्चुत्व= निश्छल। अथवा निर्गतं छलं यस्मात् *(जसबाट छलकपट हटिसकेको छ)* प्रा.व.स., उ.प.लोप, श्चुत्व=निश्छल

शब्दार्थ- छलकपट नभएको, स्वच्छ दिलको, निष्कपट, सीधा, सफा चित्त भएको।

निश्छलता (ना./स्त्री.) निश्छलस्य भावः *(निश्छल हुनाको भाव वा अवस्था)* निश्छल+तल् (त)+टाप् (आ)= निश्छलता।

शब्दार्थ- स्वच्छता, निष्कपटता, निश्छल रहनाको भाव वा अवस्था, कपटहीनता।

निश्शङ्कः (वि.) निर्गता शङ्का यस्मात् *(जसबाट शङ्का हटिसकेको छ)*प्रा.व.स., उत्तरपदलोप, ह्रस्व=निश्शङ्क।

शब्दार्थ- शङ्कारहित, शङ्का नभएको, सन्देह नभएको।

निश्वासः/निःश्वासः (ना./पुं.)निःश्वस्यते, निश्वस्यते इति वा *(श्वास लिइन्छ)* निस् तथा निपूर्वक श्वस प्राणने (अदा.) धातु, निस्/नि+श्वस्+घञ् (अ), वृद्धि, निस्को रुत्व, विसर्ग= निःश्वास/ निश्वास।

शब्दार्थ- मुखबाट निस्केको श्वास वा सास, सुस्केरा, सास फेर्ने काम।

निश्शस्त्रः (वि.) शस्त्रात् निष्क्रान्तः *(शस्त्रबाट रहित भएको)* निस्+शस्त्र, प्रा.त.स., सको श्चुत्व= निश्शस्त्र

शब्दार्थ- हातहतियार नभएको, शस्त्रविहीन, शस्त्ररहित।

निश्शुल्कः (वि.) शुल्कात् निष्क्रान्तः *(शुल्कबाट रहित भएको)* निस्+शुल्क, प्रा.त.स., सको श्चुत्व=निश्शुल्क।

शब्दार्थ- शुल्क नलाग्ने, शुल्क वा तिरो वा कर तिर्नु नपर्ने, शुल्कविनाको।

निश्शेषः (वि.) शेषात् निष्क्रान्तः *(शेष नभएको)* निस्+शेष, प्रा.त.स., सको श्चुत्व= निश्शेष।

शब्दार्थ- शेष नरहेको, सबै सकिएको, निःशेष भएको, बाँकी नरहेको, सकिएको।

निषादः (ना./पुं.) निषीदति मनः अस्मिन् *(मन यसमा लाग्दछ वा घुमफिर गर्छ)* निपूर्वक षद्लृ विशरण-गत्यवसादनेषु (तुदा.) धातु, नि+सद्+घञ्[2] (अ), वृद्धि, षत्व= निषाद।

शब्दार्थ- निषाद, गान्धार आदि सप्तस्वरमध्ये एक, अनार्य जाति, प्राचीन एक जङ्गली जाति, वर्णसङ्कर, चाण्डाल।

उदा. मा निषाद प्रतिष्ठां त्वमगमः शाश्वतीः समाः- वा.रा. १/२/१५

निषिद्धः (वि.) निषिध्यते स्म इति *(निषेध गरिएको)* निपूर्वक षिध गत्याम् (भ्वा.) धातु, सत्व, नि+सिध्+क्त (त), षत्व= निषिद्ध।

शब्दार्थ- निषेध गरिएको, प्रतिबन्ध लगाइएको, निषेधित, रोकिएको, खराब।

निषेधः (ना./पुं.) निषिध्यते इति *(रोक लगाइन्छ)* निपूर्वक षिध गत्याम् (भ्वा.) धातु, नि+सिध्+घञ् (अ), गुण, णत्व, षत्व= निषेध।

शब्दार्थ- रोक लगाउने काम, निषेध गर्ने काम, प्रतिबन्ध, रोकावट, छेकथुन।

निषेधात्मकः (वि.) निषेधः आत्मा यस्य *(निषेध नै मुख्य कुरा छ जसको)* निषेध+आत्मन्, ब.स., दीर्घ, निषेधात्मन्+कप् (समासान्त), नलोप= निषेधात्मक।

शब्दार्थ-निषेध वा छेकथुन गरिएको, प्रतिवन्ध लगाइएको।

---

[1] गोस्त्रियोरुपसर्जनस्य : ह्रस्व

[2] हलश्च : घञ्

निषेधाधिकारः (ना./पुं.) निषेधाय अधिकारः *(निषेधका लागि अधिकार)* च.त.स., दीर्घ= निषेधाधिकार ।

शब्दार्थ- कुनै कार्य गर्नलाई रोक लगाउनका लागि अधिकार, भिटो ।

निष्कण्टकः (वि.) कण्टतीति *(बाधा गर्छ)* कटि गतौ (भ्वा.) धातु, नुम्, कण्ट्+ण्वुल्[1] (अक), कण्टकः । कण्टकात् निष्क्रान्तः *(कण्टक या विघ्नबाधाबाट छुटेको)* निस्+ कण्टक, प्रा.त.स., निस्को षत्व = निष्कण्टक ।

शब्दार्थ- कण्टक (काँडो नवनेको), दुःखदायी नभएको, अकण्टक, विघ्नबाधा नभएको, निर्विघ्न, शत्रुरहित, एकछत्र ।

निष्कपटः (वि.) कपटात् निष्क्रान्तः *(जालझेलबाट मुक्त भएको)* निस्+कपट, प्रा.त.स., षत्व= निष्कपट । अथवा निर्गतः कपटः यस्य *(जसको कपटभाव छैन)* प्रा.व.स., उ.प.लोप, षत्व= निष्कपट ।

शब्दार्थ- छलकपट नभएको, जालझेल नगर्ने, सीधा-साधा, सोझो चित्तको, छलछाम नगर्ने, निश्छल ।

निष्कलङ्कः (वि.) कलङ्कात् निष्क्रान्तः *(कलङ्कबाट छुटेको)* निस्+कलङ्क, षत्व, प्रा.त.स.= निष्कलङ्क । अथवा निर्गतः कलङ्कः यस्मात् *(जसबाट कलङ्क वा दाग छुटिसकेको छ)* प्रा.ब.स., उ.प.लोप, षत्व =निष्कलङ्क ।

शब्दार्थ- कलङ्क नभएको, दाग नलागेको, दोषरहित, सफा, स्वच्छ, निर्मल ।

निष्कर्षः (ना./पुं.) निष्कृष्यते इति *(निष्कर्ष निकालिन्छ)* निस्पूर्वक कृष विलेखने (तुदा.) धातु, निस्+कृष्+ घञ् (अ), गुण, निस्को षत्व= निष्कर्ष ।

शब्दार्थ- निचोड, सार, परिणाम, उपसंहार, सारतत्त्व, निष्कर्ष, टुङ्गोमा पुग्ने काम ।

निष्कामः (वि.) निर्गतः कामः यस्य *(जसको कुनै कामना वा चाहना छैन)* प्रा.ब.स., उ.प.लोप, षत्व=निष्काम ।

शब्दार्थ- कामना नभएको, इच्छारहित, फलप्राप्तिप्रति आसक्त नभएको, आकाङ्क्षाविहीन, फलको आशा नराखी गरिएको (कर्म) ।

निष्कारणम् (ना./न./वि./अव्य.) निर् नास्ति कारणं यस्य तत् *(जसको कारण छैन)* प्रा.ब.स., उ.प.लोप =निष्कारण ।

शब्दार्थ- विनाकारण, अकारण, कुनै कारण वा हेतु नभएको, कारणरहित, विनासित्ति, व्यर्थै ।

निष्कासनम् (ना./न.) निष्कास्यते इति *(निकाला गरिन्छ)* निस्पूर्वक कस गतौ (भ्वा.) वा कस गतिशासनयोः (अदा.) धातु, निस्+कस्+णिचि+ल्युट् (अन), वृद्धि, षत्व, णिलोप= निष्कासन ।

शब्दार्थ- निकाला गर्ने काम, निष्कासन गर्ने कार्य, वाहिर पठाउने काम, कुनै संस्था आदिवाट निकाल्ने काम ।

निष्कासितः (वि.) निष्कास्यते स्म इति *(निकालिएको)* निस्पूर्वक कस गतौ (भ्वा.) वा कस गतिशासनयोः (अदा.) धातु, निस्+कस्+णिचि, वृद्धि, निष्कासि+क्त (त), णिलोप, इडागम, षत्व= निष्कासित ।

शब्दार्थ- निकाला गरिएको, निष्कासन गरिएको, हटाइएको, निलम्बन गरिएको ।

निष्कृतिः (ना./स्त्री.) निष्क्रियते इति *(प्रायश्चित्त गरिन्छ)* निस्पूर्वक डुकृञ् करणे (तना.) धातु, निस्+ कृ+क्तिन् (ति), षत्व= निष्कृति ।

शब्दार्थ- प्रायश्चित, पापवाट मोचन, छुट्कारा, ऋणवाट मुक्ति ।

निष्क्रमणम् (ना./न.) निष्क्रम्यते इति *(वाहिर निस्किन्छ वा निष्क्रमण संस्कार गरिन्छ)* निस्पूर्वक क्रमु पादविक्षेपे (भ्वा.) धातु, निस्+क्रम्+ल्युट् (अन), णत्व, षत्व= निष्क्रमण ।

शब्दार्थ- वाहिर निस्कने काम, शिशुलाई पहिलो पटक घरवाट वाहिर निकाल्ने संस्कार, वालकलाई सूर्यको दर्शन गराउने संस्कार ।

द्रष्टव्य- **चतुर्थे मासी कर्तव्यं शिशोर्निष्क्रमणं गृहात्- म.स्मृ. २/३०**

निष्क्रान्तः (वि.) निष्क्राम्यति स्म इति *(वाहिर निस्केको)* निस्पूर्वक क्रमु पादविक्षेपे (भ्वा.) धातु, निस्+क्रम्+ क्त[2] (त), कर्तामा, दीर्घ= निष्क्रान्त ।

शब्दार्थ- निस्केको, वाहिर गएको, निकाला गरिएको, निष्कासन गरिएको ।

निष्क्रियः (वि.) क्रियते इति *(काम गरिन्छ)* डुकृञ् करणे (तना.) धातु, कृ+श[3] (अ), रिङादेश[4], इयङादेश, क्रिय+ टाप् (आ), क्रिया । क्रियायाः निष्क्रान्तः *(कर्मवाट छुटेको)* निस्+क्रिया, षत्व, ह्रस्व= निष्क्रिय ।

शब्दार्थ- कुनै काम नगरी बसेको, निश्चेष्ट, कर्तव्यकर्म नगरेको, अकर्मण्य, निष्क्रिय रहेको ।

निष्क्रियता (ना./स्त्री.) निष्क्रियस्य भावः *(निष्क्रिय रहनाको भाव वा अवस्था)* निष्क्रिय+तल् (त)+टाप् (आ)= निष्क्रियता ।

शब्दार्थ- निश्चेष्टता, अकर्मण्यता, क्रियाविहीनता ।

निष्ठः (वि.) नितरां तिष्ठतीति *(सदा रहन्छ)* निपूर्वक ष्ठा गतिनिवृत्योः (भ्वा.) धातु, नि+स्था+क[5] (अ), आकारलोप, षत्व, ष्टुत्व= निष्ठ ।

शब्दार्थ- रहेको, संलग्न भएको, क्रियाशील, काममा विश्वास गर्ने, कर्तव्यपरायण, कर्तव्यनिष्ठ ।

निष्ठा (ना./स्त्री.) नितरां स्थीयते इति *(निरन्तर रहिरहन्छ)* निपूर्वक ष्ठा गतिनिवृत्योः (भ्वा.) धातु, नि+स्था+अङ्[6] (अ), षत्व[7], ष्टुत्व, निष्ठ+टाप् (आ) =निष्ठा ।

शब्दार्थ- कुनै कुराप्रति श्रद्धा वा आस्था, कसैप्रति गरिने अनुराग, विश्वास, भक्तिभाव ।

---

[1] ण्वुल्तृचौ : ण्वुल्

[2] गत्यर्थाकर्मक... : क्त

[3] कृञः शः : श

[4] रिङ्शयग्लिङ्क्षु : रिङादेश

[5] आतश्चोपसर्गे : क ३/१/१३६

[6] आतश्चोपसर्गे : अङ्

[7] उपसर्गात् सुनोति... : षत्व

निष्ठावान् (वि.) निष्ठा अस्यास्तीति *(निष्ठा छ यसको)* निष्ठा+मतुप्[1] (मत्), मको व, निष्ठावत्=निष्ठावान् ।

शब्दार्थ- निष्ठा राख्ने, आस्था भएको, श्रद्धावान्, श्रद्धा गर्ने, विश्वास राख्ने ।

निष्ठुरः (वि.) नि निकृष्टतया तिष्ठतीति *(निष्कृष्टरूपले रहन्छ)* निपूर्वक ष्ठा गतिनिवृत्योः (भ्वा.) धातु, नि+स्था+कुरच्[2] (उर), उणा., आलोप, षत्व, ष्टुत्व =निष्ठुर ।

शब्दार्थ- निठुरी, माया ममता नभएको, दया नगर्ने, कठोर चित्त भएको, रूखो बोल्ने, क्रूर स्वभावको

निष्ठुरता (ना./स्त्री.) निष्ठुरस्य भावः *(निठुरी हुनाको भाव वा अवस्था)* निष्ठुर+तल् (त)+टाप् (आ) =निष्ठुरता ।

शब्दार्थ- निठुरीपना, निर्दयता, कठोरता, क्रूरता ।

उदा. **सारा निष्ठुरता आफ्नो, सत्य खोलेर भित्रको-** सु.म.का., १३/३४

निष्णातः (वि.) नितरां स्नाति स्म इति *(अत्यन्त प्रवीण बनेको)* निपूर्वक ष्णा शौचे (अदा.) धातु, नि+स्ना+क्त[3] (त), कर्तामा, सको ष, णत्व= निष्णात ।

प्रवीणे निपुणाभिज्ञविज्ञनिष्णातशिक्षिताः- इत्यमरः

शब्दार्थ- प्रवीण, निपुण, कुशल, विज्ञ, सिपालु, दक्ष ।

निस्त्रैगुण्यः (वि.) त्रयाणां गुणानां समूहः *(तीन गुणको समुदाय)* त्रि+गुण, द्वि.त.स., त्रिगुणम् । त्रिगुणस्य भावः *(तीन गुणको भाव वा कर्म)* त्रिगुण+ष्यञ्[4] (य), आदिवृद्धि, अकारलोप, त्रैगुण्य ।

त्रैगुण्यात् निष्क्रान्तः *(तीन गुणबाट रहित)* निस्+त्रैगुण्य, प्रा.त.स., षत्व= निष्त्रैगुण्य ।

शब्दार्थ- सत्त्व, रज, तम यी तीनैवटा गुणबाट मुक्त भएको, त्रैगुण्यविहीन, त्रैगुण्यरहित, गुणातीत ।

निष्पक्षः (वि.) निर्गतः पक्षः पक्षपातः यस्मात् *(जसबाट पक्षपात हुँदैन वा गरिँदैन)* निर्गत+पक्ष, प्रा.ब.स., उ.प.लोप, षत्व= निष्पक्ष ।

शब्दार्थ- पक्षपात नगर्ने, कसैको पक्ष नलिने, तटस्थ, मध्यस्थ ।

निष्पक्षता (ना./स्त्री.) निष्पक्षस्य भावः *(निष्पक्ष हुनाको भाव वा अवस्था)* निष्पक्ष+तल् (त)+टाप् (आ) =निष्पक्षता ।

शब्दार्थ- तटस्थता, निष्पक्ष रहनाको स्थिति वा अवस्था, पक्षपात विहीनता ।

निष्पत्तिः (ना./स्त्री.) निष्पद्यते इति *(पैदा गरिन्छ)* निस्पूर्वक पद गतौ (दिवा.) धातु, निस्+पद्+क्तिन् (ति), निस्का सको षत्व, पद्को चर्त्व= निष्पत्ति ।

शब्दार्थ- जन्मने वा पैदा हुने काम, उत्पत्ति, व्युत्पादन गर्ने कार्यको सिद्धि वा पूर्णता, समाप्ति, व्युत्पत्ति देखाउने क्रिया, संरचना ।

निष्पत्रः (वि.) पत्रात् निष्क्रान्तः *(पात झरिसकेको)* प्रा.त.स.= निष्पत्र ।

शब्दार्थ- पात नभएको, पात झरिसकेको, पत्ररहित ।

निष्पन्नः (वि) निष्पद्यते स्म इति *(व्युत्पत्ति गरिएको)* निस्पूर्वक पद गतौ (दिवा.) धातु, निस्+पद्+क्त (त), निष्ठा तको न, परसवर्ण, षत्व= निष्पन्न ।

शब्दार्थ- व्युत्पादन गरिएको, व्याकरण सङ्गत ढङ्गले व्युत्पत्ति गरिएको, बनेको, उत्पन्न भएको, निर्माण गरिएको, सिद्ध भएको ।

निष्पापः (वि.) पाति अस्मात् आत्मानमसौ *(यो आफूलाई यसबाट जोगाउँछ)* वा पिबति भक्षयति कुकर्तारमिति वा *(दुष्टलाई खान्छ)* पा रक्षणे (अदा.) वा पा पाने (भ्वा.) धातु, पा+प[5], उणा., पापः । निर्गतं पापं यस्मात् *(जसबाट पाप छुटिसकेको छ)* निस्+पाप, प्रा.त.स., षत्व= निष्पाप ।

शब्दार्थ- पाप नभएको, धर्मात्मा, निष्कलङ्क, पापशून्य, पापरहित, दाग नभएको, खराब कर्म नगर्ने ।

निष्प्रभः (वि.) प्रभायाः निष्क्रान्तः *(प्रभा वा कान्तिबाट रहित)* निस्+प्रभा, प्रा.त.स[6]., षत्व, ह्रस्व= निष्प्रभ । अथवा निर्गता प्रभा यस्य *(जसको कान्ति हटिसकेको छ)* प्रा.ब.स.[7], उ.प.लोप, ह्रस्व= निष्प्रभ ।

शब्दार्थ- कान्ति नभएको, चमक नभएको, कान्तिविहीन, प्रभारहित, निस्तेज, दीप्तिरहित ।

निष्प्रयोजनः (वि.) प्रयोजनात् निष्क्रान्तः *(प्रयोजनबाट रहित भएको)* निस्+प्रयोजन, प्रा.त.स.[6], सको षत्व =निष्प्रयोजन ।

शब्दार्थ- प्रयोजन नभएको, प्रयोजनशून्य, अनावश्यक, व्यर्थको ।

निष्प्राणः (वि.) प्राणिति अनेन *(सास फेर्दछ यसबाट)* प्रपूर्वक अन प्राणने (अदा.) धातु, प्र+अन्+घञ् (अ), वृद्धि, दीर्घ, णत्व, प्राणः । निर्गतः प्राणः यस्य *(जसको प्राण गएको छ)* प्रा.ब.स., उ.प.लोप, षत्व =निष्प्राण ।

शब्दार्थ- निधन भएको, प्राण नभएको, मरेको, मृत, शक्ति वा सामर्थ्य नभएको, प्राणरहित, निर्जीव ।

निष्फलः (वि.) फलात् निष्क्रान्तः *(फल लाग्नबाट रहित भएको)* निस्+फल, प्रा.त.स., षत्व= निष्फल । अथवा निर्गतं फलं यस्मात् *(जसबाट फल लाग्दैन)* प्रा.ब.स., उ.प.लोप= निष्फल ।

शब्दार्थ-परिणाम ननिस्कने, फलरहित, निरर्थक, फलहीन ।

निसर्गः (ना./पुं.) नि नितरां सृज्यते इति *(निरन्तर सृजना गरिन्छ)* निपूर्वक सृज विसर्गे (दिवा.) धातु, नि+सृज्+घञ् (अ), गुण, कुत्व= निसर्ग ।

शब्दार्थ- सृष्टि, उत्सर्ग, त्याग, दान, स्वभाव, प्रकृति ।

---

[1] तदस्यास्त्यस्मिन्... : मतुप्

[2] मद्गुरादयश्च : कुरच्

[3] गत्यर्थाकर्मक... : क्त

[4] गुणवचन...: ष्यञ्

[5] पानीविषिभ्यः पः : प

[6] निरादयःक्रान्ताद्यर्थे... : प्रा.त.स.

[7] प्रादिभ्यो धातुजस्य...: प्रा.ब.स.

निसृतः/निस्सृतः (वि.) निस्रियते स्म, निस्स्रियते स्म इति वा *(निस्केको)* नि वा निस्पूर्वक सृ गतौ (भ्वा.) धातु, नि/निस्+सृ+क्त (त), कर्तामा= निसृत/ निस्सृतः ।

शब्दार्थ- निस्केको, प्रकाशमा आएको ।

निसृष्टः/निस्सृष्टः (वि.) निसृज्यते, निस्सृज्यते स्म इति *(त्यागिएको)* नि वा निस्पूर्वक सृज विसर्गे (दिवा./तुदा.) धातु, नि/निस्+सृज्+क्त (त), जको ष[1], ष्टुत्व= निसृष्ट/निस्सृष्ट ।

शब्दार्थ- त्यागिएको, विसर्जन गरिएको, सुम्पिएको, दिइएको, निकालेको, परित्यक्त ।

निस्तब्धः (वि.) निस्तभ्यते स्म इति *(निश्चल रहेको)* निपूर्वक रोधनार्थक सौत्र स्तम्भु (क्र्या.) धातु, नि+स्तम्भ्+क्त (त), अनुनासिक मलोप, नि स्तभ् त, निष्ठा तको ध[2], जस्त्वबाट भको ब= निस्तब्ध ।

शब्दार्थ- सुनसान, चेष्टाविहीन, निश्चल, निश्चेष्ट, कतै केही चहलपहल नभएको, चकमन्न ।

निस्तब्धता (ना./स्त्री.) निस्तब्धस्य भावः *(निस्तब्ध रहनाको भाव वा अवस्था)* निस्तब्ध+तल् (त)+टाप् (आ)= निस्तब्धता ।

शब्दार्थ- निश्चेष्टता, चकमन्न अवस्था, सुनसानपना ।

निस्तेजः (वि.) निर्गतं तेजः यस्य *(जसको तेज वा शक्ति रहित भएको छ)* प्रा.ब.स., उ.प.लोप, निस्तेजस्, निस्तेजः= निस्तेज ।

शब्दार्थ- तेजशून्य, तेजरहित, शक्तिहीन, सामर्थ्य नभएको ।

निस्पन्दः (वि.) स्पन्दते इति *(स्पन्दन गर्छ वा चल्छ)* स्पदि किञ्चिच्चलने (भ्वा.) धातु, नुम्, स्पन्द्+घञ्[3] (अ), स्पन्दः । स्पन्दात् निष्क्रान्तः *(स्पन्दनबाट रहित भएको)* नि+स्पन्द, प्रा.त.स.= निस्पन्द ।

अथवा निर्वृत्तः स्पन्दः स्पन्दनं यस्य *(जसको स्पन्दन वा चेष्टा रहित भएको छ)* प्रा.ब.स., उ.प.लोप =निस्पन्द ।

शब्दार्थ- कम्पन वा गति नभएको, निश्चल, अचल, स्थिर, स्पन्दनरहित, निश्चेष्ट, चलायमान नहुने ।

उदा. **अनि जब म देख्छु, असङ्ख्य भीमसेन थापाहरूलाई निस्पन्द, निश्चल, शिथिल र चुपचाप उभिएका-**

(गलत लाग्छ मलाइ मेरो देशको इतिहास- घु.मे.अ.)

निस्पन्दनम् (ना./न./वि.) निस्पन्द्यते इति *(स्पन्दन गर्नु)* निपूर्वक स्पदि किञ्चिच्चलने (भ्वा.) धातु, नुम्, नि+स्पन्द्+ल्युट् (अन)= निस्पन्दन ।

अथवा स्पन्दनात् निष्क्रान्तः *(स्पन्दनबाट रहित भएको)* नि+स्पन्दन, प्रा.त.स.= निस्पन्दन ।

शब्दार्थ- हलचल नगर्ने काम, निश्चलता, स्थिरता, गति नभएको अवस्था, स्थिर, हलचल नगर्ने, गति नभएको ।

निस्पृहः (वि.) स्पृहयति, स्पृह्यते इति वा *(कामना गर्छ वा गरिन्छ)* स्पृह ईप्सायाम् (चुरा.) धातु, स्पृह्+अङ्[4] (अ)+टाप् (आ), स्पृहा । स्पृहायाः निष्क्रान्तः *(स्पृहा वा इच्छाबाट रहित भएको)* निस्+स्पृहा, प्रा.त.स, ह्रस्व =निस्पृह ।

शब्दार्थ- स्पृहा वा कामना नभएको, इच्छा नभएको, आकाङ्क्षा-विहीन, निरासक्त ।

निस्सङ्कोचः (वि.) सङ्कोचति, सङ्कुच्यते इति वा *(सङ्कोच मान्छ वा मानिन्छ)* सम्पूर्वक कुच सम्पर्चनकौटिल्यप्रतिष्टम्भविलेखनेषु (भ्वा.) धातु, सम्+कुच्+अच् (पचादि)/घञ् (अ), गुण, परसवर्ण, सङ्कोचः । सङ्कोचात् निष्क्रान्तः *(सङ्कोच हटेको वा नभएको)* निस्+सङ्कोच, प्रा.त.स.= निस्सङ्कोच

शब्दार्थ- सङ्कोच नभएको, धक नमान्ने, लज्जा नभएको, सङ्कोच विनाको ।

निस्सङ्गः (वि.) सज्यते इति *(आसक्त हुनु)* षञ्ज सङ्गे (भ्वा.) धातु, सञ्ज्+घञ्[5] (अ), कुत्व, परसवर्ण, सङ्गः । सङ्गात् निष्क्रान्तः *(सङ्गत वा आसक्तिबाट अलगिएको)* निस्+सङ्ग, प्रा.त.स.= निस्सङ्ग ।

शब्दार्थ- सङ्गरहित, विषयवासनाप्रति अनुराग नभएको, सङ्गत गर्न नचाहने, एक्लो, एकाकी ।

निस्सन्तानः (वि.) सम् सम्यक् तनोति विस्तारयति पुष्णातीति वा *(राम्ररी फैलाउँछ वा सम्पोषण गर्छ)* सम्पूर्वक तनु विस्तारे (तना.) धातु, सम्+तन्+ण[6] (अ), वृद्धि, परसवर्ण, सन्तानः । सन्तानात् निष्क्रान्तः *(सन्तानबाट रहित)* निस्+सन्तान, प्रा.त.स. =निस्सन्तान ।

अथवा निर्गतः सन्तानः यस्य *(जसको सन्तान छैन)* प्रा.ब.स., उ.प.लोप= निस्सन्तान ।

शब्दार्थ-सन्तान नभएको, छोराछोरी नभएको, सन्ततिरहित

निस्सन्देहः (वि.) सन्दिह्यते इति *(सन्देह मानिन्छ)* सम्पूर्वक दिह उपचये (अदा.) धातु, सम्+दिह्+घञ् (अ), गुण, परसवर्ण, सन्देहः । सन्देहात् निष्क्रान्तः *(सन्देहबाट रहित)* निस्+सन्देह, प्रा.त.स.=निस्सन्देह । अथवा निर्गतः सन्देहः यस्य *(जसको सन्देह मेटिएको छ)* प्रा.ब.स., उ.प.लोप= निस्सन्देह ।

शब्दार्थ- सन्देह नभएको, संशयरहित, शङ्का नगर्ने, सन्देहरहित, शङ्कारहित, निश्चिन्त ।

---

[1] व्रश्चभ्रश्जसृजमृज... : जको ष

[2] झषस्तथो... : तको ध

[3] हलश्च : घञ्

[4] षिद्गौरादिभ्यश्च : अङ्

[5] भावे : घञ्

[6] ज्वलतिकसन्तेभ्यो... : ण

निस्सहायः (वि.) सह अयते एतीति वा *(सँगै हिड्छ)* सहपूर्वक अय गतौ (भ्वा.) वा इण् गतौ (अदा.) धातु, सह+अय्+अच् (पचादि), दीर्घ, सहायः । अथवा सह+इ+अच् (अ), गुण, अयादेश, सह अय् अ, दीर्घ, सहायः । सहायात् निष्क्रान्तः *(सहायबाट रहित)* निस्+सहाय, प्रा.त.स.= निस्सहाय ।

शब्दार्थ- सहाय नभएको, सहयोग वा मद्दत नपाएको, सहायरहित, असहाय, सहारा नपाएको ।

उदा. **लामो बाटो विकट वनको, त्यो कुटी निस्सहाय-**
आ.रा. ६/६५
दुःखीलाई प्रकृति पनि छन् हाय ! रे !
निस्सहाय- य.श. २/१८

निस्सारः (वि.) सरति कालान्तरम् इति *(कालान्तरसम्म सारवान् हुन्छ)* सृ गतौ (भ्वा.) धातु, सृ+घञ्[1] (अ), वृद्धि, सारः । सारात् निष्क्रान्तः *(सारतत्त्वबाट रहित)* निस्+सार, प्रा.त.स.= निस्सार ।

शब्दार्थ- सार नभएको, सारविहीन, तत्त्वरहित, निःसार, वेकम्मा ।

उदा. **हावाको भरमा छ बुद्बुद सरी निःसारसंसार यो-**
आ.रा. ११/५४

निस्सीमः (वि.) सीमायाः निष्क्रान्तः *(सीमाबाट रहित)* निस्+सीमा, प्रा.त.स., ह्रस्व= निस्सीम ।

शब्दार्थ-सीमा नभएको, सीमारहित, असीम, धेरै, अधिक

निस्वनः/निस्वानः (ना./पुं.) नितरां स्वन्यते इति *(निरन्तर आवाज निक्लिन्छ)* निपूर्वक स्वन शब्दे (भ्वा.) धातु, नि+ स्वन्+अप्[2] (अ), विकल्पले=निस्वन । अप्‌को अभावमा नि+स्वन्+घञ् (अ), वृद्धि=निस्वान ।

शब्दार्थ- ध्वनि, आवाज, शब्द, रव ।

निस्स्वार्थः (वि.) स्वार्थात् निष्क्रान्तः *(स्वार्थबाट रहित भएको)* निस्+स्वार्थ, प्रा.त.स.= निस्स्वार्थ ।

शब्दार्थ- स्वार्थ नभएको, स्वार्थरहित, स्वार्थहीन ।

निहतः (वि.) निहन्यते स्म इति *(मारिएको)* निपूर्वक हन हिंसागत्योः (अदा.) धातु, नि+हन्+क्त (त), अनुनासिक नलोप= निहत ।

शब्दार्थ- हत्या गरिएको, वध गरिएको, नष्ट गरिएको, विनाश गरिएको ।

निहारः (ना./पुं.) नितरां ह्रियते प्रकाशः अनेन इति *(प्रकाश अपहरण गरिन्छ यसबाट)* निपूर्वक हृञ् हरणे (भ्वा.) धातु, नि+हृ+घञ् (अ), वृद्धि= निहार ।

शब्दार्थ- कुहिरो, वादल, तुसारो, ओस ।

निहारिका (ना./स्त्री.) निहारः अस्याः अस्तीति *(कुहिरो छ यसको)* निहार+ठन्[3] (इक), अकारलोप, निहारिक । निहारिक+टाप् (आ)= निहारिका ।

शब्दार्थ- नक्षत्रपुञ्ज, आकाशगङ्गा, कुहिरो भएको ठाउँ, वादल भएको स्थान ।

निहितः (वि.) निधीयते स्म इति *(राखिएको)* निपूर्वक डुधाञ् धारणपोषणयोः (जुहो.) धातु, नि+धा+क्त (त), धातुको हि आदेश[4]= निहित ।

शब्दार्थ- राखिएको, निक्षिप्त, स्थापना गरिएको, प्रदत्त ।

नीकाशः (ना./पुं./वि.) नि नितरां काशते इति *(प्रकाशित हुन्छ)* निपूर्वक काशृ दीप्तौ (भ्वा.) धातु, नि+काश्+घञ् (अ), निकाशः । उपसर्गको दीर्घ[5]= नीकाश ।

निभसङ्काशनीकाशप्रतीकाशोपमादयः - इत्यमरः

नीकाशो निश्चये तुल्ये- इति मेदिनी

शब्दार्थ- प्रकाश, निश्चय तुल्य, समान ।

नीचः (वि.) निकृष्टां ईं शोभां कर्म वा चिनोति इति *(निकृष्ट शोभा वा कर्म बटुल्छ)* नि उपसर्गमा हुने ईपूर्वक चिञ् चयने (स्वा.) धातु, नि+ई+चि+ड (अ), टिलोप, चि तथा ईको दीर्घ= नीच ।

शब्दार्थ- तल्लो तहको, पामर, क्षुद्र (व्यक्ति), तुच्छ, अधम, निकृष्ट ।

नीचता (ना./स्त्री.) नीचस्य भावः *(नीच हुनाको भाव वा अवस्था)* नीच+तल् (त)+टाप् (आ)= नीचता ।

शब्दार्थ- तुच्छता, क्षुद्रपना, छोटोपन ।

नीचैः (अव्य.) निचीयते इति *(तल खस्छ)* निपूर्वक चिञ् चयने (स्वा.) धातु, नि+चि+डैसी[6] (ऐस्), उणा., टिलोप, उपसर्गको दीर्घ, नीचैस् (नीचैः)= नीचै ।

शब्दार्थ- तल, तल्लो भाग, तलतिर ।

नीडः (ना./पुं./न.) नितरां ईडचते स्थीयते इति *(निरन्तर रहनु)* निपूर्वक ईड स्तुतौ (अदा.) धातु, नि+ईड्+घञ् (अ), दीर्घ= नीड ।

कुलायो नीडमस्त्रियाम्- इत्यमरः

शब्दार्थ- वस्ने स्थान, निवासस्थान, चराको गुँड ।

नीतिः (ना./स्त्री.) नीयते अनया *(न्यायतिर डोराइन्छ यसबाट)* णीञ् प्रापणे (भ्वा.) धातु, नी+क्तिन् (ति) =नीति ।

शब्दार्थ- नियम, आचार वा विधि, युक्ति, न्याय, शुद्ध आचरण ।

नीतिज्ञः (वि.) नीतिं जानातीति *(नीति जान्दछ)* नीतिपूर्वक ज्ञा अवबोधने (क्र्या.) धातु, नीति+ज्ञा+ क[7] (अ), आलोप= नीतिज्ञ ।

शब्दार्थ- नीति जान्ने, नीतिवेत्ता, आचरण-पद्धतिविज्ञ, नीति-विशेषज्ञ ।

नीतिनिपुणः (वि.) नीतौ निपुणः *(नीतिशास्त्रमा निपुण)* स.त.स. = नीतिनिपुण ।

शब्दार्थ- नीति-विशेषज्ञ, नीतिमा कुशल, नीतिज्ञ ।

---

[1] सृ स्थिरे : घञ्

[2] नौगदनदपठस्वनः : अप्

[3] अत इनिठनौ : ठन्

[4] दधातेर्हिः : हि

[5] इकः काशे : उपसर्गको दीर्घ

[6] नौदीर्घश्च : डैसि, उपसर्गको दीर्घ

[7] आतोऽनुपसर्गे... : क

नीतिपरायणः (ना./पुं.) नीतौ परायणः *(नीतिमा परायण)* स.त.स.= नीतिपरायण ।

शब्दार्थ- नीतिशास्त्रमा पारङ्गत, नीतिनिपुण, नीतिज्ञ, नीतिको पालना गर्ने ।

नीतिमान् (वि.) प्रशस्ता नीतिरस्यास्तीति *(धेरै नीति जान्ने क्षमता छ यसको)* नीति+मतुप् (मत्), नीतिमत् =नीतिमान् ।

शब्दार्थ- नीति जान्ने, नीतिनिपुण, नीतिविशेषज्ञ, नीतिपरायण ।

नीतिमार्गः (ना./पुं.) नीतेर्मार्गः *(नीतिको बाटो)* ष.त.स. =नीतिमार्ग ।

शब्दार्थ- नीतिको मार्ग, न्यायपूर्ण बाटो, नीतिपथ ।

नीतिशास्त्रम् (ना./न.) नीतेः शास्त्रम् *(नीतिको शास्त्र)* नीति+शास्त्र, ष.त.स.= नीतिशास्त्र ।

शब्दार्थ- नीतिसम्वन्धी शास्त्र, नीतिसम्वन्धी ग्रन्थ ।

नीपः (ना./पुं.) नयति, नीयते इति वा *(लगिन्छ)* णीञ् प्रापणे (भ्वा.) धातु, नी+प[1], उणा.= नीप ।

नीपःकदम्बबन्धूकनीलाशोकद्रुमेष्वपि- इति मेदिनी

शब्दार्थ- कदम्ववृक्ष, अशोकको रूख, वन्धूकफूलको वोट, नीपको वृक्ष ।

नीरम् (ना./न.) नयति प्रापयति स्थानात् स्थानान्तरम् **(एक ठाउँबाट अर्को ठाउँमा पुऱ्याउँछ)** णीञ् प्रापणे (भ्वा.) धातु, नी+रक्[2] (र), उणा.=नीर ।

अथवा निश्चयेन राति सुखमिति *(निश्चय नै सुख दिन्छ)* निपूर्वक रा दाने (अदा.) धातु, निस्+रा+क (अ), आलोप, रुत्व, रेफको लोप, दीर्घ= नीर ।

शब्दार्थ- पानी, जल, रस, झोल, पग्लिने पदार्थ, नीलो रङ्ग ।

नीरवः (वि.) निर्गतः रवः यस्मात् *(जसबाट आवाज निस्कन बन्द भएको छ)* प्रा.ब.स., उ.प.लोप, रेफको लोप, दीर्घ= नीरव ।

शब्दार्थ- आवाज नभएको, ध्वनि ननिस्कने, शब्द नगर्ने, शब्दरहित, निस्तब्ध ।

उदा. **अलग्गबाटै आँखाले गौरी नीरव भै शिक्षा दिन्थी-** चि.चू. (स.३)

नीरसः (वि.) रस्यते आस्वाद्यते इति *(आस्वादन गरिन्छ)* रस आस्वादने अदन्त (चुरा.) धातु, रस+घञ् (अ), पररूप, रसः । निर्गतः रसः यस्मात् *(जसबाट रस विहीन भएको छ)* निर्गत+रस, प्रा.ब.स., उ.प.लोप, रेफको लोप, दीर्घ= नीरस ।

शब्दार्थ- रस नभएको, रसविहीन, रूखो, वेस्वादिलो, स्वादरहित, सुक्खा, शुष्क ।

नीरसता (ना./स्त्री.) नीरसस्य भावः *(नीरस हुनाको भाव वा अवस्था)* नीरस+तल् (त)+टाप् (आ)= नीरसता ।

शब्दार्थ- वेस्वादिलोपना, रसहीनता, रूखोपन ।

नीराजनम् (ना./न.) निर् नितरां राजते इति *(अत्यन्तै सुशोभित बन्छ वा प्रकाशमान हुन्छ)* निर्पूर्वक राजृ दीप्तौ (भ्वा.) धातु, निर्+राज्+ल्युट् (अन), निर् राजन, रलोप, दीर्घ= नीराजन ।

शब्दार्थ- आरती, दीपमाला, वत्तीहरू वालेर देवतालाई समर्पण गर्ने काम ।

नीरोगः (वि.) रुजति, रुज्यते इति वा *(रोगिन्छ)* रुजो भङ्गे (तुदा.) वा रुज हिंसायाम् (चुरा.) धातु, रुज्+घञ्[3] (अ), कुत्व, गुण, रोगः । रोगात् निष्क्रान्तः *(रोगबाट मुक्त भएको)* निस्+रोग, प्रा.त.स., रुत्व, रलोप, दीर्घ =नीरोग ।

शब्दार्थ- निरोगी, रोग नलागेको, स्वस्थ, हट्टाकट्टा ।

नीरोधः (ना./पुं.) निर् नितरां रुध्यते इति *(लगातार रोकिन्छ)* निर्पूर्वक रुधिर् आवरणे (रुधा.) धातु, निर्+रुध्+घञ् (अ), गुण, रेफको लोप, दीर्घ= नीरोध ।

शब्दार्थ- रोक लगाउने काम, छेकथुन गर्ने क्रिया, अवरोध, प्रतिवन्ध ।

नीलः (वि./ना./पुं.) नीलति इति *(नीलो वर्ण हुन्छ)* णील वर्णे (भ्वा.) धातु, नील्+क[4] (अ)= नील ।

अथवा नील्या रक्तम् *(नीलो रङ्गले रँगाएको)* नीली+अन् (अ), पररूप= नील ।

शब्दार्थ- नीलो रङ्गको, नीलो वर्ण, रामायणकालीन एउटा वानर, नौवटा निधिमध्ये एक, नीलो आकाश ।

नीलकण्ठः (ना./पुं./वि.) नीलः कण्ठः यस्य *(जसको घाँटी नीलो छ)* ब.स.= नीलकण्ठ ।

शब्दार्थ- महादेव, शिव, हलाहल विष पान गर्ने शङ्कर, मयूर, कालिज, घाँटी नीलो हुने वा भएको ।

नीलग्रीवः (ना./पुं./वि.) नीला नीलवर्णा ग्रीवा यस्य *(नीलो वर्णको छ घाँटी जसको)* ब.स., नीला+ग्रीवा, पुंवद्भाव, ह्रस्व= नीलग्रीव ।

शब्दार्थ- नीलो घाँटी, महादेव, शिव, घाँटी नीलो भएको ।

नीलाम्बरः (ना./पुं./वि.) नीलम् अम्बरं वस्त्रं यस्य *(नीलो छ कपडा जसको)* नील+अम्बर, ब.स., दीर्घ =नीलाम्बर । अथवा नीलञ्च तत् अम्बरम् *(नीलो वस्त्र)* क.त.स., दीर्घ= नीलाम्बर ।

शब्दार्थ- वलराम, कृष्णका दाजु बलभद्र, बलदेव, नीलो वस्त्र, नीलो वस्त्र लगाउने, नीलो कपडा पहिरने ।

नीलाम्बुजम् (ना./न.) नीलं च तत् अम्वु *(नीलो जल)* क.त.स., दीर्घ, नीलाम्वु । नीलाम्वुनः जायते इति *(नीलो जलबाट पैदा हुन्छ)* नीलाम्वुपूर्वक जनी प्रादुर्भावे (दिवा.) धातु, नीलाम्वु+जन्+ड[5] (अ) = नीलाम्वुज ।

शब्दार्थ- नीलो पानीवाट पैदा हुने वस्तु, नीलो कमल, नीलकमल, नीलो अरविन्द ।

नीलोत्पलम् (ना./न.) नीलञ्च तत् उत्पलम् *(नीलो कमल)* नील+उत्पल, क.त.स., गुण= नीलोत्पल ।

शब्दार्थ- नील कमल, नीलो वर्ण वा कमल ।

---

[1] पानीविषिभ्यः पः : प

[2] स्फायितञ्चिवञ्चि... : रक्

[3] पदरुजविस.. : घञ्

[4] इगुपधज्ञा.. : क

[5] पञ्चम्यामजातौ : ड

नीवारः (ना./पुं.) निव्रियते इति *(पैदा हुनु)* निर्पूर्वक वृञ् वरणे (स्वा.) धातु, निर्+वृ+घञ्[1] (अ), वृद्धि, निर् वार, रेफको लोप, दीर्घ= नीवार ।

शब्दार्थ- वनमा खनजोत नगरी उत्पन्न भएको धान, वनधान्य, नाभोधान, ऋषिमुनिको अन्न ।

नीहारः (ना./पुं.) निर्नितरां ह्रियते प्रकाशः अनेन *(प्रकाश छिन्छ यसले)* निर्पूर्वक हृञ् हरणे (भ्वा.) धातु, निर्+हृ+घञ् (अ), वृद्धि, रेफको लोप, दीर्घ= नीहार ।

शब्दार्थ- कुहिरो, वादल, तुषारो, ओस ।

नुतः (वि.) नूयते स्म इति *(स्तुति गरिएको)* णु स्तुतौ (अदा.) धातु, नु+क्त (त)= नुत ।

शब्दार्थ- स्तुति गरिएको, नमस्कार गरिएको, हात वा खुट्टामा ढोगिएको, प्रशंसित ।

नुतिः (ना./स्त्री.) नवनम्, नूयते इति वा *(स्तुति गरिन्छ)* णु स्तुतौ (अदा.) धातु, नु+क्तिन् (ति)= नुति ।

शब्दार्थ-स्तुति, नमस्कार, प्रणाम, पूजा, अर्चना, वन्दना ।

नूतनः (वि.) नौति, नुवति, नूयते इति वा *(स्तुति गर्छ, गरिन्छ वा नयाँ बन्छ)* णु स्तवने (अदा.) वा णू स्तुतौ (तुदा.) धातु, नु/नू+अप् (अ), गुण, अवादेश, नवः । नवः एव *(नयाँ नै)* नव+तनप्[2] (तन), नवको नू आदेश= नूतन ।

शब्दार्थ- नयाँ, नवीन, नौलो, ताजा, तत्कालको ।

नूतनता (ना./स्त्री.) नूतनस्य भावः *(नयाँ हुनाको भाव वा अवस्था)* नूतन+तल् (त)+टाप् (आ)= नूतनता ।

शब्दार्थ- नौलोपना, नवीनता, नयाँपन ।

नूपुरः (ना./पुं.) नूयते इति *(स्तुति गरिन्छ)* णू स्तुतौ (तुदा.) धातु, नू+क्विप् (सर्वलोप), नूः । नुवि पुरति *(सुशोभित हुन्छ)* नू उपपदपूर्वक पुर अग्रगमने (तुदा.) धातु, नू+पुर्+क[3] (अ)= नूपुर ।

शब्दार्थ-पाउमा लगाउने गहना, कल्ली, पाउजेब, घुँघुँरा ।

नृत्यम् (ना./न./वि.) नृत्यते, नर्तितुं योग्यमिति वा *(नृत्य गरिन्छ वा नृत्य गर्न योग्य)* नृती गात्रविक्षेपे (दिवा.) धातु, नृत्+क्यप्[4] (य)= नृत्य ।

शब्दार्थ- नाच्ने वा अभिनय गर्ने काम, नाच, नर्तन, नाच्न योग्य वा लायक ।

नृपः (ना./पुं.) नृन् पाति रक्षतीति *(मानिस वा प्रजाहरूको पालन र संरक्षण गर्छन्)* नृ उपपदपूर्वक पा रक्षणे (अदा.) धातु, नृ+पा+क (अ), आकारलोप = नृप ।

शब्दार्थ- भूपति, राजा, भूप, महीपाल, नरेश ।

नृपतिः (ना./पुं.) नृणां पतिः *(मानिसहरूका स्वामी)* नृ+पति, ष.त.स.= नृपति ।

शब्दार्थ- भूपति, राजा, नरेश, पृथिवीपति ।

नृपवल्लभा (ना./स्त्री.) नृपस्य वल्लभा *(राजाकी पत्नी)* ष.त.स.= नृपवल्लभा ।

शब्दार्थ- राजमहीषी, महारानी, पटरानी ।

नृपसुतः/नृपसुता (ना./पुं./स्त्री.) नृपस्य सुतः सुता वा *(राजाको छोरा वा छोरी)* ष.त.स.= नृपसुत/नृपसुता ।

शब्दार्थ- राजकुमार, राजपुत्र, राजकुमारी, राजपुत्री ।

नृपात्मजः (ना./पुं.) नृपस्य आत्मजः *(राजाको छोरो)* ष.त.स., दीर्घ= नृपात्मज ।

शब्दार्थ- राजपुत्र, नृपसुत, राजकुमार ।

नृशंसः (वि.) नृन् शंसतीति *(मानिसको हिंसा गर्छ)* नृपूर्वक शंसु स्तुतौ दुर्गतौ च (भ्वा.) धातु, नृ+शंस्+अण्[5] (अ)= नृशंस ।

शब्दार्थ- दुष्ट, क्रूर, पातकी, घातक, हत्यारा, निर्दयी, अत्याचारी ।

नृशंसता (ना./स्त्री.) नृशंसस्य भावः *(नृशंस हुनाको भाव वा अवस्था)* नृशंस+तल् (त)+टाप् (आ)= नृशंसता ।

शब्दार्थ- दुष्टता, क्रूरता, नृशंसता, निर्दयता, अत्याचारिता, परद्रोहता ।

नृसिंहः (ना./पुं.) ना सिंह इव शूरः *(मानिस सिंह जस्तै शूरवीर)*/ना इव सिंह इव *(मानिसझैं, सिंहझैं)* नृ+सिंह, उपमान क.त.स.= नृसिंह ।

शब्दार्थ- विष्णुका दश अवतारमध्ये एक, टाउको सिंहको जस्तो र अन्य भाग मानिसको जस्तो भएको विष्णुको अवतार, सिंह जस्तै पराक्रमी व्यक्ति ।

नेतव्यः (वि.) नेतुं योग्यः *(लान योग्य)* णीञ् प्रापणे (भ्वा.) धातु, नि+तव्य (त्), गुण= नेतव्य ।

शब्दार्थ- लान वा पुऱ्याउन योग्य, लानुपर्ने ।

नेता (वि.) नयतीति *(लैजान्छ, नेतृत्व दिन्छ)* णीञ् प्रापणे (भ्वा.) धातु, नी+तृच्[6]/तृन्[7] (तृ), गुण, नेतृ= नेता ।

शब्दार्थ- पराक्रमी (व्यक्ति), नेतृत्व दिने, उपन्यास, महाकाव्य, नाटक आदिको नायक, अगुवा, कुनै दल, समुदाय वा वर्गको नेतृत्व गर्ने (व्यक्ति) ।

नेत्रम् (ना./न.) नयति अनेन इति *(लैजान्छ यसले)* णीञ् प्रापणे (भ्वा.) धातु, नी+ष्ट्रन् (त्र), गुण= नेत्र ।

नेत्रं मथिगुणे वस्त्रभेदे मूले द्रुमस्य च
रथे चक्षुषि नद्याञ्च नेत्री नाडयाञ्च योषिति- इति मेदिनी

शब्दार्थ- नयन, लोचन, आँखा, चक्षु, मोही पार्ने नेती, रूखको फेद, ऊखु आदिको आँख्लो, रथ ।

नेत्रगोचरः (ना./पुं.) नेत्रयोः गोचरः *(आँखाको विषय)* ष.त.स.= नेत्रगोचर ।

शब्दार्थ- आँखाले देख्न सकिने वस्तु, प्रत्यक्ष, ज्ञेय, दृश्य, आँखाको दृश्य, आँखाको वरपरको दृश्यभाग ।

नेत्राम्बु (ना./न.) नेत्रयोः अम्बुजलम् *(आँखाको आँसु)* ष.त.स., दीर्घ= नेत्राम्बु ।

शब्दार्थ- आँसु, आँखाबाट खसेको अश्रुधारा ।

---

१. नौ वृ धान्ये : घञ्
५. कर्मण्यण् : अण्
२. नवस्य नूआदेश... : तनप्, नू आदेश
६. ण्वुल्तृचौ : तृच्
३. इगुपधज्ञा... : क
७. तृन् : तृन्
४. ऋदुपधाच्चा... : क्यप्

नेत्री (ना./स्त्री.) नयति अनया *(नेतृत्व दिन्छे यसले)* णीञ् प्रापणे (भ्वा.) धातु, नि+ष्ट्रन् (त्र), गुण, नेत्र। नेत्र+ङीष्[1] (ई)= नेत्री।

शब्दार्थ- नेतृत्व गर्ने महिला, नेता बन्ने आइमाई।

नेदिष्ठः (वि.) अयमेषामतिशयेन अन्तिकः *(यो यिनीहरूमध्ये ज्यादै नजिक)* अन्तिक+इष्ठन्[2] (इष्ठ), प्रकृतिको नेद आदेश[3], नेद इष्ठ, अकारलोप= नेदिष्ठ।

शब्दार्थ- धेरैमध्ये नजिकको, अत्यन्तै नजिकको, निकटतम, अत्यन्त निकटको।

नेदीयान् (वि.) अयमनयोरतिशयेन अन्तिकः *(यी दुईमा यो ज्यादै नजिक)* अन्तिक+ईयसुन्[4] (ईयस्), प्रकृतिको नेद आदेश[3], अकारलोप, नेदीयस्= नेदीयान्।

शब्दार्थ-दुईमध्ये नजिकको, अपेक्षाकृत नजिकको, निकटतर।

नेपथ्यम् (ना./न.) नयतीति *(लैजान्छ)* णीञ् प्रापणे (भ्वा.) धातु, नी+विच् (सर्वलोप), गुण, नेः (नेता)। नेः नेता तस्य पथ्यम् *(नेताको पथ्य वा कक्ष)* ने+पथ्य, ष.त.स.= नेपथ्य।

नेपथ्यं तु प्रसाधने। रङ्गभूमौ वेषभेदे- इति हैमः
आकल्पवेषौ नेपथ्यं प्रतिकर्म प्रसाधनम्- इत्यमरः

शब्दार्थ- रङ्गभूमि वा नाटयशालामा श्रृङ्गार गर्ने र पहिरन बदल्ने कोठा, परिधान कक्ष, आभूषण, वेशभूषा, सजावट, नाचघरको पर्दा भित्रको भाग।

नेपालः (ना./पुं.) पालयति, पाल्यते इति वा *(पालन वा संरक्षण गर्छ वा गरिन्छ)* पाल रक्षणे (चुरा.) धातु, पाल्+अच्/घञ् (अ), पालः। ने नेमुनिना पालः पालितः *(ने मुनिबाट पालना गरिएको)* तृ.त.स. =नेपाल।

अथवा नयतीति (लैजान्छ) णीञ् प्रापणे (भ्वा.) धातु, नी+विच्, गुण, विच्को सर्वलोप, नेः। नेः नेता वा नेमुनिः, तेन पाल्यते इति *(राष्ट्रप्रमुख वा नेमुनिबाट पालना गरिन्छ)* ने+पाल+घञ् (अ)= नेपाल।

शब्दार्थ- प्राचीन समयमा नेमुनि वा राष्ट्रप्रमुखबाट संरक्षित राज्य, वर्तमान समयमा उत्तरतिर चीन र दक्षिणतिर भारतको बीचमा पर्ने एक स्वतन्त्र सार्वभौमसत्ता सम्पन्न राष्ट्र (नेपाल)।

नेपाली (वि.) नेपालः अस्ति अस्य *(नेपालसँग सम्बन्ध छ यसको)* नेपाल+इनि (इन्), नेपालिन्= नेपाली।

शब्दार्थ- नेपाल राष्ट्रसित सम्बन्ध राख्ने, नेपालीपन भएको, नेपालको बासिन्दा।

नेपालीयः (वि.) नेपाले भवः जातः वा *(नेपालमा हुने वा भएको)*, नेपालस्य अयम् *(नेपालको यो)* नेपाल+छ (ईय)= नेपालीय।

शब्दार्थ- नेपालसम्बन्धी, नेपालमा हुने वा भएको।

नेमुनिः (ना./पुं.) नेः नेनामाख्यश्चासौ मुनिश्च *(ने नामका मुनि)* क.त.स., उ.प.लोप= नेमुनि।

शब्दार्थ- प्राचीन कालका नेपालका प्रसिद्ध एक मुनि, ने नामका मुनि।

नैकटिकः (वि.) निकटे वसतीति *(निकटमा रहन्छ)* निकट +ठक्[5] (इक), आदिवृद्धि= नैकटिक।

शब्दार्थ- निकटवर्ती, निकट वा समीपमा रहने।

नैगमः (वि.) निगमः वेदः तमधीते वेद इति *(वेद पढ्दछ वा जान्दछ)* निगम+अण्[6] (अ), आदिवृद्धि, अकारलोप =नैगम।

अथवा निगमादागतः *(वेदबाट आएको)* निगम+अण्[7] (अ), वृद्धि, अकारलोप= नैगम।

शब्दार्थ- वेदसम्बन्धी, वेद व्याख्याता वा टीकाकार, वेद पढ्ने वा जान्ने र त्यसको व्याख्या गर्ने, उपनिषद्सम्बन्धी।

नैघण्टुकम् (ना./न.) निघण्टुं पर्यायवाचकशब्दमधिकृत्य कृतम् ग्रन्थम्, तदधीते वेद इति वा *(पर्यायवाचक शब्दलाई आधार मानेर लेखिएको ग्रन्थ पढ्छ वा जान्दछ)* निघण्टु+ठक्[8], ठक्को क, आदिवृद्धि =नैघण्टुक।

शब्दार्थ- 'निघण्टु' भन्नाले पर्यायवाची शब्द बुझाउंछ, त्यसलाई लिएर लेखिएको ग्रन्थ, निघण्टुकग्रन्थ, निघण्टुकसम्बन्धी ग्रन्थ।

नैतिकः (वि.) नीतेरागतः/नीत्या चरति/नीतेरयम् इति वा *(नीतिबाट आएको, नीति अनुरूप चल्दछ, नीतिको यो)* नीति+ठक्[9] (इक), आदिवृद्धि, अकारलोप=नैतिक।

शब्दार्थ- नीतिसम्बन्धी, नीति अनुकूल चल्ने, राम्रो आचरण भएको।

नैतिकता (ना./स्त्री.) नैतिकस्य भावः *(नैतिक हुनाको भाव वा अवस्था)* नैतिक+तल् (त)+टाप् (आ) =नैतिकता।

शब्दार्थ- नैतिकपना, नीति अनुकूलता।

नैपालः (वि.) नेपाले भवः/नेपालस्य अयम् इति वा *(नेपालमा हुने वा नेपालको यो)* नेपाल+अण् (अ), आदिवृद्धि =नैपाल।

शब्दार्थ- नेपालसम्बन्धी, नेपालमा पैदा भएको वा नेपालको यो।

नैपुणम्/नैपुण्यम् (ना./न.) निपुणस्य भावः *(निपुण हुनाको भाव वा अवस्था)* निपुण+अण् (अ), आदिवृद्धि =नैपुण।

निपुण+ष्यञ् (य), आदिवृद्धि, अकारलोप= नैपुण्य।

शब्दार्थ- दक्षता, निपुणता, प्रवीणता, विज्ञता।

---

१. षिद्गौरादिभ्यश्च : ङीष्
२. अतिशायने तमबिष्ठनौ : इष्ठन्
३. अन्तिकबाढयोर्नेद... : नेद आदेश
४. द्विवचनविभज्य... : ईयसुन्
५. निकटे वसति : ठक्
६. तदधीते तद्वेद : अण्
७. तत आगतः : अण्
८. क्रतूक्थादि... : ठक्
९. ठगाय../चरति/तस्येदम् : ठक्

नैमित्तिकः (वि.) निमित्तादागतः/ निमित्तेन निर्वृत्तः इति वा *(निमित्तबाट आएको, निमित्तले निर्वृत्त भएको)* निमित्त+ठक्[1]/ठञ्[2] (इक), आदिवृद्धि, अकारलोप =नैमितिक।

अथवा निमित्तं वेद *(निमित्त वा कारण जान्दछ)* निमित्त+ठक्[3] (इक), आदिवृद्धि= नैमित्तिक।

शब्दार्थ- कुनै विशेष कारणबाट आएको वा उत्पन्न भएको, हेतुयुक्त, कुनै निमित्तबाट प्रवृत्त भएको, कुनै प्रयोजनले सम्पन्न गरिने (काम), निमित्तजन्य, निमित्तसित सम्वन्धित।

नैयायिकः (वि.) न्यायमधीते वेद इति वा *(न्यायशास्त्र पढ्छ वा जान्दछ)* न्याय+ठक्[3] (इक), ऐजागम, अकारलोप=नैयायिक।

शब्दार्थ- न्यायशास्त्र अध्ययन गर्ने, तार्किक, न्यायशास्त्रको अनुयायी, न्यायशास्त्रमा प्रवीण, न्यायशास्त्रवेत्ता।

नैराश्यम् (ना./न.) निराशायाः भावः *(निराश हुनाको भाव वा अवस्था)* निराशा+ष्यञ् (य), आदिवृद्धि, आकारलोप= नैराश्य।

शब्दार्थ- आशाको अभाव, निराश हुनाको स्थिति, निराशा, हताश हुनाको अवस्था।

नैरुक्तः (वि.) निरुक्तस्य अयम् *(निरुक्तको यो)* निरुक्त +अण्[4] (अ), आदिवृद्धि= नैरुक्त।

शब्दार्थ- निरुक्तसम्वन्धी, निरुक्तको यो।

नैरुक्तिकः (वि.) निरुक्तमधीते वेद *(निरुक्त पढ्छ वा जान्दछ)* निरुक्त+ठक् (इक), आदिवृद्धि= नैरुक्तिक।

शब्दार्थ- निरुक्तशास्त्र जान्ने वा अध्ययन गर्ने, निरुक्तशास्त्रको विशेषज्ञ।

नैर्ऋतः (ना./पुं./वि.) निर्ऋतेरपत्यम्/निर्ऋतेरयम्/ निर्ऋतेरागतः *(निर्ऋतिको सन्तति, निर्ऋतिको यो, निर्ऋतिबाट आएको)* निर्ऋति+अण्[5] (अ), आदिवृद्धि, अकारलोप= नैर्ऋत।

शब्दार्थ- निर्ऋतिका सन्तान, नैऋत्य, दक्षिणपश्चिम कोण, राक्षस, निर्ऋतिको, निर्ऋतिसम्वन्धी।

नैर्ऋत्यम् (ना./न.) नैर्ऋतस्य भावः *(निर्ऋतिको भाव वा अवस्था)* निर्ऋत+ष्यञ् (य), आकारलोप, आदिवृद्धि =नैर्ऋत्य।

शब्दार्थ- नैर्ऋत्यकोण, पश्चिम र दक्षिणका बीचको कोण, नैर्ऋत्यकोणका देवता, निर्ऋतिसम्वन्धी देवता।

नैवेद्यम् (ना./न.) निविद्यते इति *(निवेदन गरिन्छ)* निपूर्वक विद ज्ञाने (अदा.) धातु, नि+विद्+घञ् (अ), गुण, निवेदः। निवेदं निवेदनमर्हतीति *(निवेदन गर्न योग्य)* वा निवेदस्य भावः *(समर्पण गर्नाको भाव वा अवस्था)* निवेद+ष्यञ्[6] (य), आदिवृद्धि, अकारलोप =नैवद्य।

शब्दार्थ- देवतालाई समर्पण गरिएको भोज्यपदार्थ वा नैवेद, देवतालाई चढाइने नैवेद्य।

नैषधः (ना./पुं./वि.) निषधे जातः *(निषध देशमा जन्मेको)* वा निषधस्य अयम् *(निषध देशको यो)* निषध+अण् (अ), आदिवृद्धि, अकारलोप= नैषध।

शब्दार्थ- निषधदेशका राजा, नलराजा, श्रीहर्ष महाकविद्वारा निर्मित एक प्रसिद्ध महाकाव्य, निषधदेशमा उत्पन्न भएको, निषधदेशसम्वन्धी।

नैष्कर्म्यम् (ना./न.) निष्कर्मणः भावः *(निष्कर्म रहनाको भाव वा अवस्था)* निष्कर्मन्+ष्यञ् (अ), आदिवृद्धि, नलोप= नैष्कर्म्य।

शब्दार्थ- निष्क्रियता, क्रियाहीनता, कर्मत्यागको भाव वा अवस्था, अकर्मण्यता, कर्मफलबाट छुटकारा।

उदा. **असह्यतापका मारे हिजोआज सबै जन**
नैष्कर्म्य-सिद्धयोगी झैं घुम्न थाले वनैवन।
-ऋ.वि. (ग्रीष्म विचार ६३)

नैष्ठिकः (वि.) निष्ठया चरति, निष्ठामर्हतीति वा *(निष्ठा-पूर्वक आचरण गर्छ, नैष्ठिक हुन योग्य)* निष्ठा+ठक्[7] (इक), आदिवृद्धि, अकारलोप=नैष्ठिक।

अथवा निष्ठा विद्यते अस्य *(निष्ठा छ यसको)* निष्ठा+ठक् (इक),मतुप्को अर्थमा, आदिवृद्धि=नैष्ठिक।

शब्दार्थ- निष्ठा गर्ने, स्वधर्मको अनुसरण गर्ने, ईश्वरको उपासना गर्ने, गुरुकुलमा रहेर ब्रह्मचर्यको परिपालना गर्ने।

नैसर्गिकः (वि.) निसर्गाय प्रभवति/निसर्गादागतः/ निसर्ग-मर्हतीति/निसर्गस्य अयम् इति वा *(क्रमशः स्वभावका लागि समर्थ, स्वभावबाट आएको, स्वभाव योग्य, स्वभावको यो)* निसर्ग+ ठक्[8]/ठञ् (इक), आदिवृद्धि, अकारलोप =नैसर्गिक।

शब्दार्थ- स्वाभाविक, स्वभावसम्वन्धी, प्राकृतिक, स्वभावैले, सहज।

उदा. मल हो अविचारकारिता, बल नैसर्गिक हो विवेकिता-
आ.रा. ५/१८

नौः/नौका (ना./स्त्री.) नुद्यते अनया *(प्रेरणा दिइन्छ यसबाट)* णुद प्ररणे (तुदा.) धातु, नुद्+डौ[9] (औ), उणा., टिलोप= नौ।

नौरेव *(नाउ नै)* नौ+कन् (क), स्वार्थमा, नौक+टाप् (आ) = नौका।

शब्दार्थ- ढुङ्गा, नाउ, पानीजहाज, नौका, तरणि।

नौसेना (ना./स्त्री.) नावः सेना *(नाउ वा जहाजका सेना वा जलका सेना)* ष.त.स.= नौसेना।

शब्दार्थ- जलसेना, युद्धपोतबाट लड्ने सेना, जहाजबाट युद्ध गर्ने सेना।

---

[1] ठगायस्थानेभ्यः... : ठक्
[2] तेन निर्वृत्तम् : ठञ्
[3] क्रतूक्थादि... : ठक्
[4] अनुशतिकादिभ्य.. : अण्
[5] तस्यापत्यम्/तस्येदम्/तत आगतः : अण्
[6] गुणवचन.. : ष्यञ्
[7] चरति/तदर्हति : ठक्
[8] तस्मै प्रभवति/ततः आगतः/तदर्हति/तस्येदम् : ठक्/ठञ्
[9] ग्लानुदिभ्यां डौः : डौ

न्यस्तः (वि.) न्यस्यते स्म इति *(राखिएको)* निपूर्वक असु क्षेपणे (दिवा.) धातु, नि+अस्+क्त (त), यण् =न्यस्त ।

शब्दार्थ- राखिएको, नासो राखिएको, स्थापित गरिएको, फालिएको, त्यागिएको ।

न्यायः (ना./पुं.) नियमेन ईयते *(नियमपूर्वक लगिन्छ)* निपूर्वक इण् गतौ (अदा.) धातु, नि+इ+घञ्[1] (अ), वृद्धि, नि ऐ अ, आयादेश, नि आय, यण्= न्याय ।

शब्दार्थ- विधिपद्धति, नियमकानुन, इन्साफ, निसाप, न्याय दिने काम, न्यायदर्शन, षट्दर्शनमध्ये एक ।

न्यायनिपुणः (वि.) न्यायेषु निपुणः *(न्यायमा कुशल)* स.त.स. = न्यायनिपुण ।

शब्दार्थ- न्यायकुशल, न्यायविज्ञ, न्यायवेत्ता ।

न्यायपालिका (ना./स्त्री.) पालयतीति *-पालना गर्छ)* पाल रक्षणे (चुरा.) धातु, पाल्+ण्वुल् (अक)+टाप् (आ), ककारपूर्वका अकारको इत्व, पालिका । न्यायस्य पालिका *(न्यायको पालना गर्ने संस्था)* ष.त.स.= न्यायपालिका ।

शब्दार्थ- न्याय दिने संस्था, न्यायको पालना वा संरक्षण गर्ने संस्था, सरकारका तीन अङ्गमध्ये एक ।

न्यायमूर्तिः (ना./स्त्री.) न्यायस्य मूर्तिः *(न्याय दिने मुख्य व्यक्ति)* ष.त.स.= न्यायमूर्ति ।

शब्दार्थ- न्याय दिने व्यक्ति, न्यायाधीश ।

न्यायवान् (वि.) न्यायः अस्यास्तीति *(न्याय दिने क्षमता छ यसको)* न्याय+मतुप्[2] (मत्), मको व, न्यायवत् =न्यायवान् ।

शब्दार्थ- न्याय दिने, इन्साफ गर्ने, न्यायाधीश ।

न्यायाधीशः (ना./पुं.) न्यायस्य अधीशः *(न्यायका अधिपति)* ष.त.स., दीर्घ= न्यायाधीश ।

शब्दार्थ- न्याय दिने प्रमुख व्यक्ति, न्यायालयको प्रमुख, न्यायकर्ता, मुद्दामामिलामा निर्णय दिने व्यक्ति ।

न्यायालयः (ना./पुं.) न्यायस्य आलयः *(न्याय निसाफ दिने घर)* ष.त.स., दीर्घ= न्यायालय ।

शब्दार्थ- न्यायाधीशले मुद्दामामिला-सम्वन्धी काम गर्ने घर वा कार्यालय, अदालत ।

न्यायालयीयः (वि.) न्यायालये भवः, न्यायालयस्य अयम् इति वा *(न्यायालयमा हुने, न्यायालयको यो)* न्यायालय +छ[3] (ईय)= न्यायालयीय ।

शब्दार्थ- न्यायालयसम्वन्धी, न्यायालयको ।

न्यायिकः (वि.) न्यायेन चरति *(न्यायपूर्वक चल्छ)*, न्याय मर्हति *(न्याय दिन योग्य)* न्याय+ठक्[4] /ठञ्[5] (इक), अकारलोप= न्यायिक ।

शब्दार्थ- न्यायसम्वन्धी, राम्रो न्याय दिने, नियमकानुनसित सम्वन्धित ।

न्यायी (वि.) न्यायः अस्यास्तीति *(न्याय दिने प्रवृत्ति छ यसको)* न्याय +इनि[6] (इन्), अकारलोप, न्यायिन् =न्यायी ।

शब्दार्थ- निष्पक्षरूपमा न्यायदिने, इन्साफ गर्ने, न्याय अनुकूल चल्ने ।

न्यायोचितः (वि.) न्यायाय उचितः *(न्याय गर्न योग्य)* च.त.स., गुण= न्यायोचित ।

शब्दार्थ- न्याय दिन उचित, न्याय-सुहाउँदो, न्याय-अनुरूपको ।

न्यासः (ना./पुं.) न्यसनम्, न्यस्यते इति वा *(राखिन्छ)* निपूर्वक असु क्षेपणे (दिवा.) धातु, नि+अस्+घञ् (अ), वृद्धि, यण्, न्यास् अ= न्यास ।

शब्दार्थ- निक्षेप, नासो राख्ने काम, त्याग, धरोट, फाल्ने काम, अर्काको धनमाल राख्ने काम ।

न्यूनः (वि.) न्यूनयति *(न्यून हुन्छ)* निपूर्वक ऊन परिहाणे (चुरा.) धातु, नि+ऊन्+अच् (पचादि), यण्= न्यून ।

शब्दार्थ- कम गरिएको, घटाएको, थोरै, क्षुद्र, नीच, निकृष्ट

न्यूनतमः (वि.) अयमेषामतिशयेन न्यूनः *(यो यिनीहरूमा ज्यादै न्यून)* न्यून+तमप्[7] (तम)= न्यूनतम ।

शब्दार्थ- सवभन्दा कम, ज्यादै थोरै, सवभन्दा सानो ।

न्यूनता (ना./स्त्री.) न्यूनस्य भावः *(न्यून हुनाको भाव वा अवस्था)* न्यून+तल् (त)+टाप् (आ)= न्यूनता ।

शब्दार्थ- कमी, अल्पता, न्यून हुनाको भाव वा अवस्था ।

---

[1] परिन्योर्नीणोर्द्यूता... : घञ्
[2] तदस्यास्त्यस्मिन्... : मतुप्
[3] वृद्धाच्छः : छ
[4] चरति : ठक्
[5] तदर्हति : ठञ्
[6] अत इनिठनौ : इनि
[7] अतिशायने... : तमप्

प

पः (वि./ना./पुं.) पाति रक्षति, पिबति, पीयते इति वा *(रक्षा गर्छ, पिउँछ वा पिइन्छ)* पा रक्षणे (अदा.) वा पा पाने (भ्वा.) धातु, पा+क/ड[१] (अ), आलोप, टिलोप= प ।

अथवा पततीति *(खस्तछ वा बहन्छ)* पत्लृ गतौ (भ्वा.) धातु, पत्+ड[१] (अ), टिलोप= प ।

परिचय- देवनागरी वर्णमालाको एक्काईसौं व्यञ्जनवर्ण, ओष्ठस्थानीय स्पर्शसंज्ञक अघोष अल्पप्राणध्वनि ।

- 'प' यो अक्षर अर्को शब्दको अन्त्यमा जोडिएर पनि आउँछ, जस्तैः- पादप, नृप आदि ।

पा ना वाताण्डपूतेषु पाने पातरि कीर्तितः
स्त्रियान्तु रक्षणे पाने पूते पुरितके च सः- इति मेदिनी

शब्दार्थ- पान गर्ने, पिउने, पानक्रिया, संरक्षक, पिता, अभिभावक, पवित्र, पात, पर्ण, पत्र, वायु, हावा ।

पकारः (ना./पुं.) 'प' यस्तो वर्ण निर्देशनमा 'प' प्रातिपदिकवाट प+कार[२]= पकार ।

शब्दार्थ- पध्वनि वा अक्षर, पवर्गको पहिलो वर्ण ।

पक्वः (वि.) पच्यते स्म इति *(पाकेको)* डुपचष् पाके (भ्वा.) धातु, पच्+क्त (त), निष्ठा तको व[३], कुत्व =पक्व ।

शब्दार्थ-पाकेको, पकाएको, परिपक्व, अनुभवी, भुक्तभोगी

पक्वान्नम् (ना./न.) पक्वञ्च तदन्नञ्च *(पकाइएको अन्न)* पक्व+अन्न, क.त.स., दीर्घ= पक्वान्न ।

शब्दार्थ- पाकेको अन्न, खानेकुरो, पकाइएको खाने परिकार, मिष्ठान्न ।

पक्षः (ना./पुं.) पक्ष्यते परिगृह्यते इति *(ग्रहण गरिन्छ)* पक्ष परिग्रहे (भ्वा.) धातु, पक्ष्+घञ् (अ)= पक्ष ।

शब्दार्थ- आधा महिना, पन्ध्र दिनको शुक्ल वा कृष्णपक्ष, शरीरको आधाभाग, पार्श्वभाग, पक्षपात, कसैको पक्ष लिने काम, पखेटा ।

पक्षतिः (ना./स्त्री.) पक्षस्य मूलम् *(पखेटाको फेद)* पक्ष+ति[४]= पक्षति ।

शब्दार्थ- पखेटाको मूल वा फेद ।

पक्षघातः/पक्षाघातः (ना./पुं.) पक्षस्य शरीरार्धभागस्य घातः, आघातः वा *(शरीरका आधा भागको घात वा आघात)* ष.त.स., पक्ष+घात= पक्षघात । पक्ष+आघात, ष.त.स., दीर्घ= पक्षाघात ।

शब्दार्थ- एक किसिमको वातरोग, जसमा शरीरको दायाँ वा बायाँ अङ्ग निश्चेष्ट हुन्छ, पक्षवात, वायरोगविशेष, पक्षाघात ।

पक्षधरः (ना./पुं./वि.) पक्षं धरतीति *(पक्ष लिन्छ)* पक्ष उपपदपूर्वक धृञ् धारणे (भ्वा.) धातु, पक्ष+धृ+अच् (पचादि), गुण= पक्षधर ।

शब्दार्थ- कुनै एकको पक्षमा लाग्ने व्यक्ति, पक्षपात गर्ने ।

पक्षपातः (ना./पुं.) पतनम्, पत्यते इति वा *(खस्नु, झुक्नु)* पत्लृ गतौ (भ्वा.) धातु, पत्+घञ् (अ), वृद्धि, पातः । पक्षे एकपक्षे पातः *(कसैको पक्षमा लाग्ने काम)* स.त.स.= पक्षपात ।

शब्दार्थ- कसैको पक्षमा अनुमोदन गर्ने काम, कसैको पक्षमा लाग्ने काम, पक्षपात वा पनपच्छे गर्ने काम ।

पक्षपाती (वि.) पक्षपातः अस्यास्तीति *(पक्षपात गर्ने स्वभाव छ यसको)* पक्षपात+इनि[५] (इन्), अकारलोप, पक्षपातिन्= पक्षपाती ।

शब्दार्थ- पक्षपात गर्ने, कसैको पक्षमा लाग्ने, पनपच्छे गर्ने

पक्षमूलम् (ना./न.) पक्षस्य मूलम् *(पखेटाको मूल)* ष.त.स.= पक्षमूल ।

शब्दार्थ- पखेटाको फेद, प्वाँखको फेद वा मूल ।

पक्षान्तरम् (ना./न.)अन्यः पक्षः *(अर्को पक्ष)*अस्वपदविग्रह, पक्ष+अन्तर, म.व्य.स., दीर्घ= पक्षान्तर ।

शब्दार्थ- अर्को पक्ष, भिन्न प्रकारको पक्ष ।

पक्षिणी (ना./स्त्री.) पक्षौ विद्येते अस्याः *(पखेटा वा पक्ष छन् यसका)* पक्ष+इनि[५] (इन्), अकारलोप, पक्षिन्+ङीप् (ई)= पक्षिणी ।

शब्दार्थ- दुई दिन र एक रातको समय, पोथी चरो ।

पक्षिविज्ञानम् (ना./न.) पक्षिणां विज्ञानम् *(पन्छीहरूको विज्ञान)* ष.त.स.= पक्षिविज्ञान ।

शब्दार्थ- चराहरूको अध्ययन गर्ने शास्त्र, पक्षिशास्त्र, पक्षीहरूका सबै पक्षको विवेचना गर्ने विज्ञान ।

पक्षी (वि.) पक्षौ विद्येते अस्य *(पखेटा छन् यसका)* पक्ष+इनि[५] (इन्), अकारलोप, पक्षिन्= पक्षी ।

शब्दार्थ- पखेटा भएको (पन्छी), प्वाँखले सम्पन्न, पखेटा हुने (चराचुरुङ्गी) ।

पक्षीयः (वि.) पक्षाय हितः *(एक पक्षको लागि हित हुने),* पक्षस्य अयम् *(पक्षको यो)* पक्ष+छ[६] (ईय), अकारलोप =पक्षीय ।

शब्दार्थ- कुनै पक्षसित सम्बन्धित, कुनै एक पक्षलाई अनुकूल वा हित हुने ।

पङ्कः (ना./पुं./न.) पच्यते दुःखमनेन इति *(दुःख पैदा हुन्छ यसबाट)* वा पच्यते क्लिद्यते अनेन *(हिलो हुन्छ यसबाट)* पचि व्यक्तीकरणे (भ्वा.) वा पचि विस्तारवचने (चुरा.) धातु, नुम्, पञ्च्+घञ् (अ), करणमा, कुत्व= पङ्क ।

पङ्कोऽस्त्री शादकर्दमौ- इत्यमरः
पङ्कोऽघे कर्दमे- इति हैमः

शब्दार्थ- हिलो, पानीले भिजेको माटो, भास, कर्दम, पाप, कलङ्क, कलुष, कल्मष ।

---

[१] अन्येष्वपि दृश्यते : ड
[२] वर्णात्कारः : कार
[३] पचो वः : निष्ठा तको व
[४] पक्षात्तिः : ति (प्रत्यय)
[५] अत इनिठनौ : इनि
[६] तस्मै हितम् : छ

पङ्कजम् (ना./न.) पङ्काज्जायते इति *(हिलोबाट उत्पन्न हुन्छ)* पङ्क उपपदपूर्वक जनी प्रादुर्भावे (दिवा.) धातु, पङ्क+जन्+ड[1] (अ), टिलोप= पङ्कज ।

शब्दार्थ- हिलोवाट उत्पन्न हुने वस्तु, कमल वा त्यसको फूल, अरविन्द, कुमुद ।

पङ्क्तिः (ना./स्त्री.) पच्यते पृथक् क्रियते इति *(पृथक् गरिन्छ)* पचि व्यक्तीकरणे (भ्वा.) धातु, नुम्, पञ्च्+क्तिन् (ति), कुत्व, परसवर्ण= पङ्क्ति ।

शब्दार्थ- कुनै पदार्थ वा व्यक्तिको लाम, लहर, ताँती, श्रेणी, लस्कर, आवली ।

पङ्गुः (वि.) पनते, पणते इति वा *(विकृत हुन्छ)* पन स्तुतौ वा पण व्यवहारे च (भ्वा.) धातु, पन्/पण्+गु (बहुलप्रकारले), परसवर्ण= पङ्गु ।

अथवा खञ्जति गतिवैकल्यं प्राप्नोति *(खोच्याएर हिँड्छ)* खजि गतिवैकल्ये (भ्वा.) धातु, नुम्, खञ्ज्+कु (उ), बहुलप्रकारले, खको प आदेश, जको ग आदेश =पङ्गु ।

शब्दार्थ- लँगडो, हिँडडुल गर्न नसक्ने, वेकम्वा, घुँडो विकृत भएको, खोरण्डो ।

पङ्गुत्वम् (ना./न.) पङ्गोर्भावः *(पङ्गु हुनाको भाव वा अवस्था)* पङ्गु+त्व= पङ्गुत्व ।

शब्दार्थ- लँगडोपना, काम लाग्न नसक्ने अवस्था, जङ्घाहीनता ।

पचः (वि.) पचतीति *(पकाउँछ)* डुपचष् पाके (भ्वा.) धातु, पच्+अच् (पचादि)= पच ।

शब्दार्थ- पकाउने, भान्से, भान्साको काम गर्ने ।

पञ्चन् (पञ्च) (ना./पुं.) पञ्चते, पञ्चयतीति वा *(पाँचको सङ्ख्या वा समूह बन्छ, फैलन्छ)* पचि व्यक्तीकरणे (भ्वा.) वा पचि विस्तारवचने (चुरा.) धातु, नुम्, पञ्च्+कनिन् (अन्), उणा., पञ्चन् =पञ्च ।

शब्दार्थ- पाँचको सङ्ख्या, पाँचको समुदाय वा समूह ।

पञ्चकम् (ना./न.) पञ्च एव *(पाँच नै)* पञ्चन्+कन् (क), स्वार्थमा, नलोप= पञ्चक ।

शब्दार्थ- पाँचवटा वस्तुको समुदाय, जस्तै यमपञ्चक, धनिष्ठादि पाँच नक्षत्र, पाँच अङ्कको समूह ।

पञ्चकन्यम् (ना./न.) पञ्चानां कन्यानां समुदायः *(पाँचवटी कन्याको समूह)* द्वि.त.स., नपुंसकत्व =पञ्चकन्य ।

शब्दार्थ- पाँचवटी कन्याको समुदाय ।

पञ्चकन्या (ना./स्त्री.) पञ्च सङ्ख्यकाश्च ता कन्याश्च *(पाँचवटी कन्या)* क.त.स., उ.प.लोप= पञ्चकन्या ।

***द्रष्टव्य-* अहल्या, द्रौपदी, तारा, कुन्ती, मन्दोदरी तथा ।**

शब्दार्थ- पाँचवटी कन्या, अहल्या, द्रौपदी, तारा, कुन्ती र मन्दोदरी यी पाँचवटी कन्याहरू ।

पञ्चकोषम् (ना./न.) पञ्चानां कोषानां समाहारः *(पाँच कोषको समुदाय)* द्वि.त.स.= पञ्चकोष ।

शब्दार्थ- शरीरका पाँच कोषको समूह, अन्नमय, प्राणमय, मनोमय, विज्ञानमय र आनन्दमय- यी पाँच कोष ।

पञ्चक्रोशम् (ना./न.) पञ्चानां क्रोशानां समुदायः *(पाँच कोशको समूह)* द्वि.त.स.= पञ्चक्रोश ।

शब्दार्थ- पाँच कोश, पाँच कोशको समूह (गयाक्षेत्र आदि) ।

पञ्चगङ्गम् (ना./न.) पञ्चानां गङ्गानां समुदायः *(पाँचवटा गङ्गाको समुदाय)* अव्य.स.[2], नपुंसकत्व= पञ्चगङ्ग ।

शब्दार्थ- पाँचवटा गङ्गाको समुदाय, पञ्च गङ्गाको समूह ।

पञ्चगवम् (ना./न.) पञ्चानां गवां समाहारः *(पाँच गाईको समूह)* द्वि.त.स., नपुंकसत्व= पञ्चगव ।

शब्दार्थ- पाँचवटा गाईको समूह वा समुदाय ।

पञ्चगव्यम् (ना./न.) गोर्विकारः *(गाईको विकार)* गो+ यत्[3] (य), अवादेश, गव्यम् । पञ्चानां गव्यानां समाहारः *(पाँचवटा गव्यको समूह)* द्वि.त.स., नपुंसकत्व =पञ्चगव्य ।

पञ्चगव्य- गोमूत्रं गोमयं क्षीरं दधि सर्पि कुशोदकम् ।

शब्दार्थ- पाँच गव्य- (गाईको दूध, दही, घिउ, गँउत र गोवर) को समुदाय ।

पञ्चगुणम् (ना./न.) पञ्चानां गुणानां समुदायः *(पाँच गुणको समुदाय)* द्वि.त.स., नपुंसकत्व= पञ्चगुण ।

शब्दार्थ- पाँच गुण, रूप रस गन्ध स्पर्श र शब्द- यी पाँच गुणको समुदाय ।

पञ्चजनः (ना./पुं./न.) पञ्चभिः भूतैः जन्यते इति *(पञ्च महाभूतबाट पैदा हुन्छ)* जनी प्रादुर्भावे (दिवा.) धातु, पञ्च+जन्+घञ् (अ), वृद्धिनिषेध= पञ्चजन । अथवा पञ्चानां जनानां समाहारः *(पाँच जनाको समुदाय)* द्वि.त.स., वा पञ्च संख्यकाश्च ते जनाश्च (पाँच जना) क.त.स., उ.प.लोप= पञ्चजन ।

शब्दार्थ- पाँच जनको समुदाय, पाँच जना, यास्कले वैदिक समाजमा- गन्धर्व, पितर, देव, असुर, राक्षस- यी पञ्चजन उल्लेख गरेका छन् । निरुक्तले चारवर्ण र निषाद-यी पञ्चजन हुन् भनेको छ ।

पञ्चतत्त्वम् (ना./न.) पञ्चानां तत्त्वानां समुदायः *(पाँच तत्त्वको समुदाय)* द्वि.त.स.= पञ्चतत्त्व ।

शब्दार्थ- पञ्चमहाभूत, पृथिवी, जल, तेज, वायु, आकाश- यी पाँचतत्त्वको समूह ।

पञ्चतन्त्रम् (ना./न.) पञ्चानां तन्त्राणां समूहः *(पाँच तन्त्रको समूह)* पञ्चन्+तन्त्र, द्वि.त.स., नलोप =पञ्चतन्त्र ।

शब्दार्थ- पञ्चतन्त्रनामक संस्कृतको नीतिविषयक कथात्मक एक ग्रन्थ ।

द्रष्टव्य- यसमा पाँचवटा अध्याय छन् र पाँचवटा मूलकथामा आधारित अरू उपकथाहरू समावेश छन् ।

---

१. पञ्चम्यामजातौ : ड   **२. नदीभिश्च : अव्य.स.**   **३. गोपयसोर्यत् : यत्**

पञ्चता/पञ्चत्वम् (ना./स्त्री./न.) पञ्चानां भूतानां भावः *(पञ्च महाभूतको भाव वा अवस्था)* पञ्चन्+तल् (त), नलोप, टाप् (आ)= पञ्चता । पञ्चन्+त्व, नलोप= पञ्चत्व ।

शब्दार्थ- शरीरका उपादान कारणरूप पञ्चमहाभूत आ-आफ्नो रूपमा विलीन हुने काम, मरण, मृत्यु, निधन ।

पञ्चदशः (वि.) पञ्चदश परिमाणमस्य *(पाँच र दशको परिमाण छ यसको)* पञ्चदशन्+डट्[1], टिलोप =पञ्चदश ।

शब्दार्थ- पन्ध्रौं, पन्ध्रको सङ्ख्या पूरा गर्ने ।

पञ्चदैवतम् (ना./न.) पञ्चानां देवतानां समूहः *(पाँचवटा देवताको समूह)* द्वि.त.स., ह्रस्व, नपुंसकत्व =पञ्चदैवत ।

शब्दार्थ- पांच देवता- सूर्य, गणेश, देवी, शिव र विष्णु, पाञ्चायन देवता ।

पञ्चधा (अव्य.) पञ्च प्रकारेण इति *(पाँच प्रकारले)* पञ्चन्+धा[2]= पञ्चधा ।

शब्दार्थ- पांच किसिमले, पाँच प्रकारले ।

पञ्चनदम् (ना./न.) पञ्चानां नदानां समूहः *(पाँचवटा नदको समूह)* पञ्चन्+नद, द्वि.त.स., नपुंसकत्व =पञ्चनद ।

शब्दार्थ- पांच नदहरूको समूह, पाँच नदहरूको स्थान, भारतको पञ्जाव प्रान्त ।

द्रष्टव्य- यस प्रान्तमा- शतद्रु (शतलज), विपाश (व्यास), इरावती (रावी), चन्द्रभागा (चिनाव) र वितस्ता (झेलम)- यी पाँच नदहरू छन् ।

पञ्चपल्लवम् (ना./न.) पञ्चानां पल्लवानां समाहारः *(पांच पल्लवहरूको समूह)* द्वि.त.स., नपुंसकत्व =पञ्चपल्लव ।

शब्दार्थ- पांच पल्लव (पालुवा) को समुदाय, आँप, वर, पीपल आदि पांच पल्लवको समूह ।

पञ्चपाण्डवम् (ना./न.) पञ्चानां पाण्डवानां समूहः *(पाँच पाण्डवहरूको समूह)* द्वि.त.स., नपुंसकत्व =पञ्चपाण्डव ।

शब्दार्थ- पांचवटा पाण्डुपुत्रहरूको समुदाय, पाण्डुका पांच पुत्रहरू- युधिष्ठिर, भीम, अर्जुन, नकुल र सहदेव (हुन्) ।

पञ्चपात्रम् (ना./न.) पञ्चानां पात्राणां समूहः *(पाँच पात्रहरूको समुदाय)* द्वि.त.स., नपुंसकत्व=पञ्चपात्र ।

शब्दार्थ- पूजा गर्दा चाहिने पांच पात्रहरूको समुदाय, पांच पात्रहरू- दुईटा जलपात्र, दुईवटा आचमनी र एउटा थाली ।

पञ्चप्राणम् (ना./न.) पञ्चानां प्राणानां समूहः *(पाँचवटा प्राण आदि वायुको समुदाय)* द्वि.त.स., नपुंसकत्व =पञ्चप्राण ।

प्राणोऽपानः समानश्चोदानव्यानौ च वायवः- इत्यमरः

शब्दार्थ- शरीरमा रहने पाँचवटा प्राण वायुहरूको समूह, पाँच प्राणवायुहरू- प्राण, अपान, समान, उदान र व्यान (हुन्) ।

पञ्चबाणम् (ना./न.) पञ्चानां बाणानां समूहः (**पाँच बाणहरूको समूह**) द्वि.त.स., नपुंसकत्व= पञ्चबाण ।

उन्मादनस्तापनश्च शोषणस्तम्भनस्तथा
सम्मोहनश्च कामस्य पञ्चबाणाः प्रकीर्तिताः ।

शब्दार्थ- कामदेवका पाँच बाणहरू- उन्मादन, तापन, शोषण, तम्भन र सम्मोहन- यी पाँच वाण (हुन्) ।

पञ्चमः (वि./ना./पुं.) पञ्चानां पूरणः *(पाँचको सङ्ख्या पूरा गर्ने)* पञ्चन्+डट्[1] (अ), डट्को मडागम[3], नलोप =पञ्चम ।

शब्दार्थ- पाँचौं, पाँचको सङ्ख्या पूरा गर्ने, सङ्गीतका सात स्वरहरूमध्ये पाँचौ मध्यमस्वर ।

पञ्चमकारम् (ना./न.) पञ्चानां मकाराणां समाहारः *(पाँच मकारको समूह)* पञ्चन्+मकार, द्वि.त.स., नपुंसकत्व= पञ्चमकार ।

मद्यं मांसं तथा मत्स्यो मुद्रा मैथुनमेव च
मकारपञ्चकं देवि ! - नीतिवचनम्

शब्दार्थ- मद्य, मांस, मत्स्य, मुद्रा र मैथुन- यी पाँच वस्तुका अगाडिको मअक्षर ।

पञ्चमहाभूतम् (ना./न.) पञ्चानां महाभूतानां समाहारः *(पाँच महाभूतहरूको समूह)* द्वि.त.स.= पञ्चमहाभूत ।

शब्दार्थ- पृथ्वी, जल, तेज, वायु, आकाश- यी पाँचवटा महाभूत, पञ्चतत्त्व ।

पञ्चमहायज्ञम् (ना./न./पुं.) पञ्चानां महायज्ञानां समाहारः *(पाँचवटा महायज्ञहरूको समूह)* द्वि.त.स., नलोप, नपुंसकत्व= पञ्चमहायज्ञ ।

अथवा पञ्चविधश्चासौ महायज्ञश्च *(पाँच प्रकारको महायज्ञ)* क.त.स., उ.प.लोप= पञ्चमहायज्ञ ।

पाठो होमश्चातिथीनां सपर्या तर्पणं बलिः ।
एते पञ्च महायज्ञा ब्रह्मयज्ञादिनामकाः- इत्यमरः ॥

शब्दार्थ- पाठ वा स्वाध्याय (ब्रह्मयज्ञ), होम (देवयज्ञ), अतिथिपूजा (नृयज्ञ), तर्पण तथा पिण्डदान (पितृयज्ञ), बलिवैश्वदेव (भूतयज्ञ) समेत- यी पाँचवटा महायज्ञ ।

पञ्चमहापातकम् (ना./न.) पञ्चानां महापातकानां समाहारः *(पाँचवटा महापापहरूको समुदाय)* पञ्चन्+महापातक, द्वि.त.स., नलोप= पञ्चमहापातक ।

शब्दार्थ- ब्रह्महत्या, सुरापानादि पञ्चमहापाप ।

द्रष्टव्य- मनुस्मृति (९/२/३५)मा उल्लेख भएअनुसार ब्रमहत्या, सुरापान, चोरी-डकैती, गुरुस्त्रीगमन र यी चार पाप गर्नेहरूसँगको सहवास वा सम्पर्क- यी पञ्चमहापातक हुन् ।

---

[1] तस्य पूरणे डट् : डट्

[2] सङ्ख्याया विधार्थे... : धा

[3] नान्तादसङ्ख्यादेर्मद् : डट्को मद्

पञ्चमहाव्याधि (ना./न.) पञ्चानां महाव्याधीनां समूहः *(पाँचवटा महाव्याधिहरूको समूह)* पञ्चन्+ महाव्याधि, द्वि.त.स., नलोप= पञ्चमहाव्याधि ।

शब्दार्थ- अर्श (हर्षा), यक्ष्मा, कुष्ठ, प्रमेह (धातुरोग वा मधुमेह) उन्माद- यी पाँच भीषण रोगहरू ।

पञ्चमहाव्रतम् (ना./न.) पञ्चानां महाव्रतानां समाहारः *(पाँचवटा महाव्रतहरूको समूह)* पञ्चन्+महाव्रत, द्वि.त.स., नलोप= पञ्चमहाव्रत ।

अहिंसासत्यमस्तेयब्रह्मचर्यापरिग्राहाः यमाः- पा.यो.द. २/३०

शब्दार्थ- अहिंसा, सत्य (साँचो तथा मीठो बोली), अस्तेय (चोरी नगर्नु), ब्रह्मचर्य, अपरिग्रह (दान नलिनु)- यी पाँच महाव्रत (यम हुन्) ।

पञ्चमी (ना./स्त्री.) पञ्चानां पूरणी *(पाँचको सङ्ख्या पूरा गर्ने)* पञ्चन्+डट्[1], डट्को मडागम[2], पञ्चम+ ङीप् (ई), अकारलोप= पञ्चमी ।

शब्दार्थ- शुक्ल तथा कृष्ण पक्षको पाँचौं तिथि, व्याकरण अनुसार पञ्चमी विभक्ति ।

पञ्चमुखः (ना./पुं.) पञ्च मुखानि यस्य सः *(पाँच मुख छन् जसका)* वा पञ्च विस्तृतं मुखं यस्य सः *(विशाल मुख छ जसको)* ब.स.= पञ्चमुख ।

शब्दार्थ- शिव, महेश्वर, सिंह, पञ्चास्य ।

पञ्चरत्नम् (ना./न.) पञ्चानां रत्नानां समाहारः *(पाँच रत्नको समूह)* पञ्चन्+रत्न, द्वि.त.स., नलोप =पञ्चरत्न ।

शब्दार्थ- नीलम, हीरा, पद्मराग, मोती, मुगा- यी पाँच रत्नको समुदाय, चाँदी, तामा, पित्तल र फलाम आदि- यी पाँच धातुहरूको समूह ।

पञ्चवर्षीयः (वि.) पञ्चानां वर्षाणां समाहारः *(पाँच वर्षको समूह)* पञ्चन्+वर्ष, द्वि.त.स., नलोप, पञ्चवर्ष । पञ्चवर्षाय हितम् *(पाँच वर्षको लागि उपयोगी)* पञ्चवर्षे भवः *(पाँच वर्षमा हुने)* पञ्चवर्ष+छ[3] (ईय), अकारलोप= पञ्चवर्षीय ।

शब्दार्थ- पाँच वर्षको लागि गरिने, पाँच वर्षको लागि उपयोगी हुने, पाँच वर्षमा हुने वा भएको ।

पञ्चवाणः (ना./पुं.) पञ्च वाणाः यस्य सः *(पाँच वाण छन् जसका)* ब.स.= पञ्चवाण ।

शब्दार्थ- कामदेव, मदन, कन्दर्प ।

पञ्चशीलम् (ना./न.) पञ्चानां शीलानां समाहारः *(पाँचवटा शीलहरूको समूह)* पञ्चन्+शील, द्वि.त.स., नलोप= पञ्चशील ।

शब्दार्थ- गृहस्थ वौद्धमार्गीहरूले पालन गर्ने पाँच नियम- अहिंसा, सत्य, अस्तेय, ब्रह्मचर्य र मद्यपान निषेध, बाङ्डुङ सम्मेलनवाट स्वीकृत पञ्च शीलका पाँच महासिद्धान्त ।

पञ्चसन्धि (ना./न.) पञ्चानां सन्धीनां समाहारः *(पाँच सन्धिहरूको समूह)* पञ्चन्+सन्धि, द्वि.त.स., नलोप, नपुंसकत्व= पञ्चसन्धि ।

शब्दार्थ- स्वर, व्यञ्जन आदि व्याकरणका पाँच सन्धिहरू, मुख, प्रतिमुख आदि नाटकका पाँच सन्धिहरू ।

पञ्चस्नानम् (ना./न.) पञ्चानामङ्गनां स्नानम् *(पाँचवटा अङ्गहरूको स्नान)* पञ्चन्+स्नान, ष.त.स., नलोप =पञ्चस्नान ।

शब्दार्थ- पाँचवटा अङ्गहरू- दुई हात, दुई गोडा र मुख-मण्डलको स्नान ।

पञ्चाग्नि (ना./न.) पञ्चानामग्नीनां समाहारः *(पाँच अग्निको समूह)* पञ्चन्+अग्नि, द्वि.त.स., नलोप, दीर्घ, नपुंसकत्व= पञ्चाग्नि ।

शब्दार्थ- अग्निहोत्रीले प्रयोग गर्ने पाँच अग्नि- आवसथ्य (गृहकार्य), आहवनीय (हवनकार्य), दक्षिणाग्नि (गार्ह्यपत्यवाट संस्कार गरेर ल्याएको अग्नि), अन्वाहार्य, (पितृकार्य), गार्हपत्य (दैवीकार्य), पचन (मरण-पश्चात् आत्मदाह)- यी पाँच अग्निको समुदाय, तपस्या गर्दा प्रयोग हुने चारैतिर वालेको चार अग्नि र माथिको सूर्यसमेत पाँच अग्निको समूह ।

पञ्चाङ्गम् (ना./न.) पञ्चानामङ्गनां समाहारः *(पाँच अङ्गहरूको समुदाय)* पञ्चन्+अङ्ग, द्वि.त.स., नलोप, दीर्घ= पञ्चाङ्ग ।

अथवा पञ्चानि अङ्गानि यस्य *(पाँच अङ्ग छन् जसका)* पञ्चन्+अङ्ग, ब.स., नलोप, दीर्घ= पञ्चाङ्ग ।

शब्दार्थ- ज्योतिष शास्त्रअनुसार प्रतिदिन आउने- तिथि, वार, नक्षत्र, योग तथा करण- यी पाँच अङ्ग भएको पञ्चाङ्ग वा पात्रो, जरो, पात, वोक्रो, फूल र फल- यी पाँच अङ्ग भएको (वृक्ष) ।

पञ्चामृतम् (ना./न.) पञ्चानाममृतानां समाहारः *(पाँच अमृतको समुदाय)* पञ्चन्+अमृत, द्वि.त.स., नलोप, दीर्घ= पञ्चामृत ।

दुग्धं च शर्करा चैव घृतं दधि तथा मधु । पञ्चामृतमिदं प्रोक्तम्

शब्दार्थ- पाँच प्रकारका अमृतमय वस्तुहरूको समुदाय, गाईको दूध, दही, घिउ, मह र सख्खर या मिश्री वा चिनी मिलाएर वनाएको वस्तु ।

पञ्चास्यः (ना./पुं.) पञ्चं विस्तृतम् आस्यं मुखं यस्य सः *(पाँचवटा फैलिएका मुख छन् जसका)* पञ्चन्+ आस्य, ब.स., नलोप, दीर्घ= पञ्चास्य ।

शब्दार्थ- सिंह, केशरी, मृगेन्द्र ।

पञ्चेन्द्रियम् (ना./न.) पञ्चानामिन्द्रियाणां समुदायः *(पाँच इन्द्रियहरूको समूह)* पञ्चन्+इन्द्रिय, द्वि.त.स., नलोप, गुण= पञ्चेन्द्रिय ।

बुद्धीन्द्रियाणि श्रवणं त्वगक्षि घ्राणं च जिह्वा विषयाववोधनात् वाक्पाणिपादं गुदमप्युपस्थः कर्मेन्द्रियाणि प्रवणेन कर्मसु- वि.चू- ९५

शब्दार्थ-विषयको वोध गर्ने पाँच ज्ञानेन्द्रियहरू- कान, छाला, आँखा, नाक र जिभ्रोको समुदाय, कर्ममा संलग्न रहने पाँच कर्मेन्द्रियहरू- वाक्, (वचन) पाणी (हात), खुट्टा, गुदद्वार र मूत्रद्वारको समुदाय ।

---

[1] तस्य पूरणे : डट्

[2] नान्तादसङ्ख्यादे... : डट्को मडागम

[3] तस्मै हितम्/गहादिभ्यश्च : छ

पञ्चोपचारम् (ना./न.) पञ्चानामुपचारणां समाहारः *(पाँच उपचार पूजाद्रव्यको समुदाय)* पञ्चन्+उपचार, द्वि.त.स., नलोप, गुण, नपुंसकत्व= पञ्चोपचार ।

शब्दार्थ- पूजा गर्दा चढाउनु पर्ने पाँच वस्तुको समुदाय, फूल, चन्दन, धूप, दीप, नैवेद्य सहितको पूजा सामग्री ।

पञ्जि:/पञ्जी (ना./स्त्री.) पञ्च्यते, पञ्चयतीति वा *(विवरण राख्नु, राख्छ)* पचि व्यक्तीकरणे (भ्वा.) वा पचि विस्तारवचने (चुरा.) धातु, नुम्, पञ्च्+इन्[1] (इ), उणा., जस्त्व, पञ्जि+ङीष् (ई), विकल्पले= पञ्जी । ङीष्को अभावमा= पञ्जि ।

शब्दार्थ- लेखा, वही, हिसाव वा विवरण लेख्ने पुस्तिका ।

पञ्जिका (ना./स्त्री.) पञ्जि एव *(विवरणसूची नै)* पञ्जि+कन् (क), स्वार्थमा, टाप् (आ)= पञ्जिका । अथवा पिञ्जयते अर्थः अस्याम् *(यसमा अर्थ खुलाइएको हुन्छ)* पिजि भाषार्थे (चुरा.) धातु, नुम्, पिञ्ज्+घञ्[2] (अ), पिञ्जका इकारको अकार, पृषोदरादिवाट, पञ्जः । पञ्ज एव पञ्ज+कन् (क), स्वार्थमा, टाप् (आ), ककारपूर्वका अकारको इत्व =पञ्जिका ।

शब्दार्थ- दर्ताकापी, दर्ता गरिएका कागजको विवरण खुलाइएको पुस्तिका, प्रत्येक शब्दको अर्थ खुलाएको टीका, विषयसूची, पात्रो ।

पट (ना./पुं./न.) पटति, पटयतीति वा *(चित्र बनाउँछ, वोल्छ वा बुन्छ)* पट गतौ (भ्वा.) वा पट भाषार्थे (ग्रन्थे) (चुरा.) धातु, पट्+अच् (पचादि)= पट ।

पटश्चित्रपटे वस्त्रेऽस्त्री प्रियालद्रुमे पुमान्- इति मेदिनी

शब्दार्थ- वस्त्र, कपडा, चित्र, चित्रपट, चित्र लेख्ने कपडा, पर्दा, कागज, तस्वीर, प्रियालवृक्ष ।

पटाक्षेपः (ना./पुं.) पटस्य आक्षेपः *(पर्दाको आक्षेप)* ष.त.स., दीर्घ= पटाक्षेप ।

शब्दार्थ- नाटकमा एउटा दृश्य सकिएपछि अर्को दृश्य देखाउनु अघि पर्दा खसाल्ने काम ।

पटुः (वि./ना./पुं.) पाटयतीति *(चतुर बन्छ)* पट ग्रन्थे वा पट भाषार्थे (चुरा.) धातु, पट्+उ[3] (उणा.)= पटु ।

पटुर्दक्षे च नीरोगे चतुरेऽप्यभिधेयवत्
पटोले तु पुमान् क्लीवे छत्रालवणयोरपि- इति मेदिनी

शब्दार्थ- चतुर, निपुण, प्रवीण, दक्ष, धूर्त, स्वस्थ, कुशल, स्पष्ट वोल्ने, लवण ।

पटुतमः (वि.) अयमेषामतिशयेन पटुः *(यो यिनीहरूमा ज्यादै चलाख)* पटु+तमप् (तम)= पटुतम ।

शब्दार्थ- सवैभन्दा चलाख, ज्यादै चतुर, ज्यादै कुशल ।

पटुता (ना./स्त्री.)/**पटुत्वम्** (ना./न.) पटोर्भावः *(पटु वा चतुर हुनाको भाव वा अवस्था)* पटु+तल् (त)+टाप् (आ) =पटुता । पटु+त्व= पटुत्व ।

शब्दार्थ- प्रवीणता, कुशलता, दक्षता, चतुऱ्याँइ ।

पट्टः (ना./पुं.) पटति, पाटयति, पटयते इति वा *(चित्र पटमा लेख्छ वा लेखिन्छ)* पट गतौ (भ्वा.) धातु, वा पट भाषार्थे वा पट ग्रन्थे (चुरा.) धातु, पट्+क्त (त), उणा., वहुलप्रकारले, ष्टुत्व= पट्ट ।

पट्टः पेषणपाषाणे व्रणादीनां च बन्धने
चतुष्पथे च राजादिशासनान्तरपीठयोः- इति मेदिनी

शब्दार्थ- लेख्नको लागि कालो लगाएको फलेक वा पाटी, घाउमा लगाइने मलहम पट्टी, चौवाटो, सिलौटो, पिरा, राजशासन ।

पठनम् (ना./न.) पठ्यते इति *(पढिन्छ)* पठ व्यक्तायां वाचि (भ्वा.) धातु, पठ्+ल्युट् (अन)= पठन ।

शब्दार्थ- पढ्ने काम, अध्ययन, पढाइ ।

पठनपाठनम् (ना./न.) पठ्यते, पाठ्यते इति *(पढिन्छ वा पढाइन्छ)* पठ व्यक्तायां वाचि (भ्वा.) धातु, पठ्+ल्युट् (अन), पठनम् । पठ्+णिचि+ल्युट् (अन), वृद्धि, णिलोप, पाठनम् । पठनञ्च पाठनञ्च *(पढ्ने र पढाउने काम)* ब.स.= पठनपाठन ।

शब्दार्थ- अध्ययन-अध्यापन, आफू पढ्ने र अर्कालाई पढाउने काम, लेखापढी ।

पठनीयः (वि.) पठ्यते, पठितुं योग्यः वा *(पढिन्छ वा पढ्न योग्य)* पठ व्यक्तायां वाचि (भ्वा.) धातु, पठ्+अनीय (र्)= पठनीय ।

शब्दार्थ- अध्ययन-अध्यापन गर्न योग्य, आफू पढ्ने र अर्कालाई पढाउन उचित ।

पठितः (वि.) पठ्यते स्म इति *(पढिएको)* पठ व्यक्तायां वाचि (भ्वा.) धातु, पठ्+क्त (त), इडागम= पठित ।

शब्दार्थ- पढे-लेखेको, विद्वान्, जाने-सुनेको, शिक्षित ।

पणः (ना./पुं.) पण्यते अनेन इति *(कारोबार गरिन्छ यसबाट)* पण व्यवहारे स्तुतौ च (भ्वा.) धातु, पण्+अप्[4]/घञ् (अ)= पण ।

पणो वराटमाने स्यान्मूल्ये कार्षापणे ग्लहे ।
क्रय्यशाकाट्टिकाद्युतव्यवहारे भृतौ धने- इति मेदिनी
कार्षिके ताम्रिके पणः । भर्म वेतनम् ।
भरण्यं भरणं मूल्यं निर्वेश पण इत्यपि- इत्यमरः

शब्दार्थ- मूल्य, निर्वाह, द्यूत, जुवा, वाजी, व्यापारिक कारोवार, तलव, तामाका पैसा, पारिश्रमिक, ज्याला ।

पण्डा (ना./स्त्री.) पण्डते इति *(चतुर बन्छ)* पडि गतौ (भ्वा.) धातु, नुम्, पण्ड्+अ (प्रत्यय)+टाप् (आ)=पण्डा । अथवा पणते इति *(कारोबार गर्छ)* पण व्यवहारे स्तुतौ च (भ्वा.) धातु, पण्+ड[5] (उणा.)+टाप् (आ)= पण्डा ।

प्रतिमा धी स्फूर्तिमती पण्डा सैव विवेकिनी- इत्यमरः

शब्दार्थ- सत् असत् छुट्ट्याउने बुद्धि, विवेक गर्ने बुद्धि, विवेकवती मति, ज्ञान, विद्या, तीर्थस्थलमा देवकार्य तथा पितृकर्म गराउने पुरोहित ।

---

[1] सर्वधातुभ्यो : इन्
[2] हलश्च : घञ्
[3] फलिपाटिनमि... : उ (प्रत्यय)
[4] नित्यं पणः परिमाणे : अप्
[5] नमन्ताड्डः : ड

पण्डितः (वि./ना./पुं.) पण्डा सञ्जाता अस्य *(सत् असत् विवेक गर्न सक्ने बुद्धि छ जसको)* पण्डा+इतच्[१] (इत), आलोप= पण्डित ।

शब्दार्थ-विद्वान्, प्रवीण, निपुण, शास्त्रवेत्ता, शास्त्रको रहस्य वुझेको व्यक्ति, सत् असत् छुट्ट्याउने क्षमता भएको व्यक्ति, घृतकौशिक गोत्रका मानिसको थर ।

पण्डितमानी (वि.) पण्डितमात्मानं मन्यते, मनुते इति वा *(आफूलाई पण्डित हुँ भन्ने ठान्दछ)* पण्डित उपपदपूर्वक मन ज्ञाने (दिवा.) वा मनु अववोधने (तना.) धातु, पण्डित+मन्+णिनि[२] (इन्), वृद्धि, पण्डितमानिन्= पण्डितमानी ।

शब्दार्थ- आफूलाई पण्डित हुँ भनी घमण्ड गर्ने, आफूलाई सवैभन्दा जान्ने हुँ भनी ठान्ने ।

पण्यः (वि./ना./न.) पण्यते, पणितुं योग्यमिति वा *(व्यापारिक कारोबार गरिन्छ वा गर्न योग्य)* पण व्यवहारे स्तुतौ च (भ्वा.)धातु, पण्+यत्[३] (य)=पण्य ।

शब्दार्थ- क्रय-विक्रय गर्न योग्य, व्यवहार गर्न लायक, व्यापार गर्न योग्य, किनवेच गर्नुपर्ने वस्तु, ठाउँ तथा मुद्रा ।

पण्यस्त्री (ना./स्त्री.) पण्या क्रेया चासौ स्त्री *(किनिने स्त्री)* क.त.स.= पण्यस्त्री ।

शब्दार्थ- वेश्या, व्यभिचार गर्ने स्त्री ।

पण्यशाला (ना./स्त्री.) पण्याय पण्यस्य वा शाला *(किनबेचको लागि घर वा किनबेच गर्ने पसल भएको घर)* च.त.स./ष.त.स.= पण्यशाला ।

शब्दार्थ-किनवेच गर्ने घर, खरिद विक्री गर्ने पसले घर ।

पाण्डित्यम् (ना./न.) पण्डितस्य भावः *(पण्डित हुनाको भाव वा अवस्था)* पण्डित+ष्यञ्[४] (य), आदिवृद्धि, अकारलोप= पाण्डित्य ।

शब्दार्थ- विद्वत्ता, पण्डित्याइँ, पण्डितमा रहने गुण वा अवस्था ।

पतङ्गः (ना./पुं.) पतति गच्छति *(विचरण गर्छ)* पत्लृ गतौ (भ्वा.) धातु, पत्+अङ्गच्[५] (अङ्ग), उणा.=पतङ्ग ।

पतङ्गः शलभे शालीप्रभेदे पक्षिसूर्ययोः - इति मेदिनी

शब्दार्थ- पक्षी, पुतली, चरो, चङ्गा, वाण, सूर्य, सलह ।

पतञ्जलिः (ना./पुं.) पतन् अञ्जलिर्यस्मिन् *(नमस्कारको लागि झुकेको छ अञ्जलि जसमा)* पतन्+अञ्जलि, व.स., पररूप[६]= पतञ्जलि ।

शब्दार्थ- हात जोडेर नमस्कार गर्ने व्यक्ति, महाभाष्यकार, पातञ्जल योगदर्शनका प्रणेता, पाणिनीय परम्पराका व्याकरणका त्रिमुनिमध्ये एक ।

पतनम् (ना./न.) पत्यते इति *(खस्नु)* पत्लृ गतौ (भ्वा.) धातु, पत्+ल्युट् (अन), भावमा= पतन ।

शब्दार्थ- तलतिर खस्ने काम, गिरावट, खसाइ, अधोगति, मृत्यु, विनाश, निधन ।

पतनशीलः (वि.) पतने शीलं यस्य *(पतन हुने शील वा व्यवहार छ जसको)* व.स.= पतनशील ।

शब्दार्थ- पतन हुने काम गर्ने, तल गिर्ने काम गर्ने ।

पतनोन्मुखः (वि.) पतनाय उन्मुखः *(पतनका लागि उन्मुख)* च.त.स.= पतनोन्मुख ।

शब्दार्थ- पतनतिर उन्मुख भएको, ओरालो लागेको ।

पताका (ना./स्त्री.) पत्यते उच्चत्वं ज्ञाप्यते अनया *(उच्चत्व जनाइन्छ यसबाट)* पत्लृ गतौ (भ्वा.) धातु, पत्+आक[७] (उणा.)+टाप् (आ)= पताका ।

शब्दार्थ- ध्वजा, केतन, झण्डा, तोरण ।

पतिः (ना./पुं.) पाति रक्षतीति *(रक्षा गर्छ)* पा रक्षणे (अदा.) धातु, पा+डति[८] (अति), उणा., टिलोप= पति ।

घवः प्रियः पतिर्भर्ता- इत्यमरः

शब्दार्थ- लोग्ने, भर्ता, प्रिय, मालिक वा ईश्वर ।

पतितः (वि.) पतति स्म इति *(तल गिरेको)* पत्लृ गतौ (भ्वा.) धातु, पत्+क्त (त), कर्तामा, इडागम= पतित ।

शब्दार्थ- खसेको, गिरेको, आफ्नो आचार र धर्मवाट च्युत भएको, धर्मवाट वहिष्कृत, भ्रष्ट, दुश्चरित्र ।

पतितपावनः (ना./पुं.) पतितं पावयतीति *(पतित भएकोलाई उद्धार गर्छन्)* पतित उपपदपूर्वक पूञ् पवने (क्र्या.) धातु, पतित+पू+णिचि+ल्यु[९] (अन), वृद्धि, णिलोप, आवादेश= पतितपावन ।

शब्दार्थ- जाति, धर्म, आचार आदिवाट पतित भएकालाई उद्धार गर्ने वा पवित्र पार्ने- परव्रह्म परमेश्वर, राम, कृष्ण आदि ।

उदा. पतितपावन सीताराम ।

पतिदेवः (ना./पुं.) पतिरेव देवः *(पति नै देवता वा पतिरूप देवता)* म.व्य.स.= पतिदेव ।

शब्दार्थ- पतिरूप देवता, लोग्ने, भर्ता ।

पतिभक्तिः (ना./स्त्री.) पत्यौ भक्तिः *(पतिमा भक्ति वा श्रद्धा)* स.त.स.= पतिभक्ति ।

शब्दार्थ- आफ्नो पतिमा भक्ति वा श्रद्धा, पतिलाई श्रद्धा गर्ने काम ।

पतिंवरा (ना./स्त्री.) स्वयं पतिं वृणोति, वृणुते इति वा *(स्वयं पति वरण गर्छे)* पति उपपदपूर्वक वृञ् वरणे (स्वा.) धातु, पति+वृ+खच्[१०](अ), मुम्[११], गुण, पतिंवर । पतिंवर+टाप् (आ)= पतिंवरा ।

शब्दार्थ- स्वयं पतिवरण गर्ने स्त्री, स्वयंवर गर्ने स्त्री, आफ्नो राजीले पतिवरण गर्ने स्त्री, स्वयंवरा ।

---

१. तदस्य सञ्जातम्... : इतच्
२. आत्ममाने खश्च : णिनि
३. अवद्यपण्य... : यत् (निपातन)
४. गुणवचन... : ष्यञ्
५. पतेरङ्गच् : अङ्गच्
६. शकन्ध्वादिषु...(वा.) : पररूप
७. बलाकादयश्च : आक
८. पातेर्डतिः : डति
९.नन्दिग्रहिपचादिभ्यो... : ल्यु
१०. संज्ञायां भृतवृजि...: खच्
११. अरुर्द्विषदजन्तस्य... : मुम्

पतिव्रता (ना./स्त्री.) व्रियते इति *(वरण गरिन्छ)* वृञ् वरणे (स्वा.)धातु, वृ+अतच्[१] (अत),उणा., यण्, व्रत । पत्यौ व्रतं नियमः अस्याः इति *(पतिमा व्रत या नियम छ यसको)* ब.स., पतिव्रत । अथवा पतिर्व्रतमिव उपास्यः अस्याः *(व्रतझैं नै पति उपास्य छन् यसका)* ब.स., पतिव्रत+टाप् (आ) =पतिव्रता । **सती साध्वी पतिव्रता- इत्यमरः**

शब्दार्थ- सती, साध्वी, पतिव्रता नारी, पतिको नियमित सेवा-शुश्रूषा गर्ने व्रतधारण गरेकी नारी, पतिको सतीत्वमा रहने स्त्री, पातिव्रत्य धर्ममा रहेकी स्त्री

पत्नी (ना./स्त्री.) पत्युर्यज्ञे संयोगः यया *(पतिको जसद्वारा यज्ञमा संयोग हुन्छ)* पति शब्दबाट पतिको नकारादेश[२], पत्न्+ङीप्[३] (ई)= पत्नी ।

शब्दार्थ- सहधर्मिणी, भार्या, जाया, दारा, विवाहिता स्त्री, दम्पतिको समान अधिकार हुनाले पतिका साथ यज्ञमा सहभागी हुने स्त्री ।

पत्रम् (ना./न.) पतति *(खस्तछ)* पत्लृ गतौ (भ्वा.) धातु, पत्+ष्ट्रन्[४] (त्र), उणा.= पत्र ।

पत्रं तु वाहने पर्णे स्यात् पक्षे सरपक्षिणोः- इति मेदिनी

शब्दार्थ- पात, दल, पिपिरा, वाहन, पखेटा, बाण, चिट्ठी, पाना, पुस्तकको पाना, कागज वा धातुको पातो, स्वर्णपत्र, ताम्रपत्र आदि ।

पत्रकारः (ना./पुं.) पत्रं करोतीति *(पत्रकारितासम्बन्धी काम गर्छ)* पत्र उपपदपूर्वक डुकृञ् करणे (तना.) धातु, पत्र+कृ+अण्[५] (अ), वृद्धि= पत्रकार ।

शब्दार्थ- समाचार आदिको सङ्कलन तथा प्रकाशन गर्ने व्यक्ति, पत्रकारिताको काम गर्ने मानिस ।

पत्रकारिता (ना./स्त्री.) पत्रं कर्तुं शीलमस्य *(पत्र तथा लेखरचनादि तयार गर्ने शील वा क्षमता छ जसको)* डुकृञ् करणे (तना.) धातु, पत्र+कृ+णिनि (इन्), पत्रकारिन् । पत्रकारिणः भावः *(पत्रकार हुनाको भाव वा अवस्था)* पत्रकारिन्+तल् (त)+टाप् (आ), नलोप =पत्रकारिता ।

शब्दार्थ- पत्रकारले समाचार आदि सम्पादन गर्ने काम, पत्रकारितासम्बन्धी विद्या, पत्रपत्रिकासम्बन्धी क्रियाकलाप ।

पत्रकारी (वि.) पत्रं कर्तुं शीलमस्य *(पत्र तयार गर्ने शील वा क्षमता छ जसको)* डुकृञ् करणे (तना.) धातु, पत्र+कृ+णिनि[६] (इन्), पत्रकारिन्= पत्रकारी ।

शब्दार्थ- पत्रकारितासम्बन्धी काम गर्ने, समाचार र अन्य लेखको लेखसङ्कलन तथा प्रकाशन गर्ने (व्यक्ति), चिट्ठीपत्र तयार गर्ने ।

पत्रपुष्पम् (ना./न.) पत्रञ्च पुष्पञ्च *(पत्र र पुष्प)* द्व.स. =पत्रपुष्प ।

शब्दार्थ- बेलपत्र, तुलसीपत्र, फूल आदि पूजासामग्री, पात र फूल, सानो उपहार वा कोसेली ।

पत्रं पुष्पं फलं तोयं यो मे भक्त्या प्रयच्छति- भ.गी. ९/२६

पत्रमञ्जूषा (ना./स्त्री.) पत्रस्य मञ्जूषा *(पत्रको मञ्जूषा)* ष.त.स.= पत्रमञ्जूषा ।

शब्दार्थ- चिट्ठीपत्र खसाल्ने पेटिका वा बाकस ।

पत्रवाहकः (ना./पुं.) पत्रं वहतीति *(चिट्ठी लैजान्छ)* पत्र उपपदपूर्वक वह प्रापणे (भ्वा.) धातु, पत्र+वह्+ण्वुल्[७] (अक), वृद्धि= पत्रवाहक ।

शब्दार्थ- चिट्ठी लाने या चिट्ठी ओसार-पसार गर्ने व्यक्ति, हुलाकी तथा हल्कारा ।

पत्राचारः (ना./पुं.) आचर्यते इति *(व्यवहार गरिन्छ)* आङ्पूर्वक चर गतिभक्षणयोः (भ्वा.) धातु, आ+चर्+घञ् (अ), वृद्धि, आचारः । पत्रस्य आचारः *(पत्रको व्यवहार)* ष.त.स., दीर्घ= पत्राचार ।

शब्दार्थ- पत्र लेखापढी गर्ने काम, पत्रव्यवहार ।

पत्रिका (ना./स्त्री.) पत्र एव *(पत्र नै)* पत्र+कन् (क), स्वार्थमा, टाप् (आ), ककारपूर्वका अकारको इत्व= पत्रिका

शब्दार्थ- समाचारपत्रादि लेखिएको अखबार, लेख्ने कागज

पत्री (वि.) पत्रम् अस्यास्तीति *(पत्र वा पखेटा छ यसको)* पत्र+इनि[८] (इन्), अकारलोप, पत्रिन्= पत्री ।

शब्दार्थ- पखेटा भएको (चरा), पखेटा हुने (चराचुरुङ्गी), प्वाँख हुने (पन्छी), चिट्ठीपत्र लाने ल्याउने (व्यक्ति)

पथः (ना./पुं.) पथ्यते इति *(बाटो देखाउनु)* पथे गतौ (भ्वा.) वा पथ प्रक्षेपे (चुरा.) धातु, पथ्+क[९] (अ)= पथ

शब्दार्थ- मार्ग, बाटो, व्यवहारपद्धति, कार्यप्रक्रिया ।

पथप्रदर्शकः (ना./पुं.) पथं प्रदर्शयतीति *(बाटो देखाउँछ)* पथ उपपदमा हुने प्रपूर्वक दृशिर् प्रेक्षणे (भ्वा.) धातु, पथ+प्र+दृश्+णिचि+ण्वुल् (अक), गुण, णिलोप =पथप्रदर्शक ।

शब्दार्थ- मार्गदर्शक, बाटो देखाउने व्यक्ति, कुनै विशेष कामका लागि निर्देशन दिने व्यक्ति ।

पथिकः (वि.) पन्थानं गच्छतीति *(बाटो हिंड्छ)* पथिन्+ष्कन् (क), नलोप= पथिक ।

शब्दार्थ- बटुवा, यात्री, बाटो हिड्ने (मानिस) ।

पथिकवनिता (ना./स्त्री.) पथिकस्य वनिता *(बटुवाकी स्त्री)* ष.त.स.= पथिकवनिता ।

शब्दार्थ- यात्रीकी स्त्री, बटुवाकी पत्नी, बाटो हिंड्ने पुरुषकी स्त्री ।

पथी (वि.) पथते इति *(हिंड्दछ)* पथे गतौ (भ्वा.) धातु, पथ्+इनि[१०] (इन्), उणा., पथिन्= पथी ।

अथवा पथः अस्यास्तीति *(हिड्नु पर्ने मार्ग छ यसको)* पथ+इनि[८] (इन्), अकारलोप, पथिन्= पथी ।

शब्दार्थ- बटुवा, पान्थ, पथिक, पैदल यात्री ।

---

[१] पृषिरञ्जिभ्यां कित् : अतच्
[२] पत्युर्नो यज्ञसंयोगे : नकारादेश
[३] ऋन्नेभ्यो.. : ङीप्
[४] सर्वधातुभ्य...: ष्ट्रन्
[५] कर्मण्यण् : अण्
[६] सुप्यजातौ.. : णिनि
[७] ण्वुल्तृचौ : ण्वुल्
[८] अत इनिठनौ : इनि
[९] घञर्थे कविधानम् : क (घञर्थमा)
[१०] पथिमथिभ्यामिनिः : इनि (अ.को.रामाश्रमीबाट)

पथ्यः (वि./ना./न.) पथः अनपेतः *(मार्गबाट विचलित नभएको)* पथिन्+यत्[1] (य), टिलोप= पथ्य ।

शब्दार्थ- हितकारी, लाभदायक, स्वास्थ्यवर्धक, पथपरेज, बिरामीलाई उपयुक्त हुने खाना ।

पथ्या (वि./ना./स्त्री.) पथः अनपेतः *(मार्गबाट विचलित नभएको)* पथिन्+यत्[2] (य), टिलोप, पथ्यः ।

स्त्रीत्व बुझाउँदा, पथ्य+टाप् (आ)= पथ्या ।

पथ्या स्त्री, हरितक्यां हिते त्रिषु- इति मेदिनी

शब्दार्थ- हर्रो, बाटो, मार्ग, हितकारी, लाभदायक ।

पद् (ना./पुं..) पद्यते अनेन *(हिड्छ यसबाट)* पद गतौ (दिवा.) धातु, पद्+क्विप् (सर्वलोप)= पद् ।

शब्दार्थ- पाउ, खुट्टा, चरण, चतुर्थभाग ।

पदम् (ना./न./पुं.) पद्यते अनेन *(हिड्छ वा शब्द-वाक्यादिको बोध हुन्छ यसबाट)* पद गतौ (दिवा.) धातु, पद्+अच् (पचादि)/घञ् (वृद्धिको अभाव)=पद ।

पदं शब्दे च वाक्ये च व्यवसायप्रदेशयोः
पादतच्चिह्नयोः स्यानत्राणयोरङ्गवस्तुनोः
श्लोकपादेऽपि च क्लीवं पुलिङ्गः किरणे पुनः- इति मेदिनी

शब्दार्थ- चरण, पाउ, पादचिन्ह, कदम, शब्द या वाक्यमा प्रयोग गर्न योग्य शब्द, दर्जा योग्य पदवी, स्थान, ठाउँ, श्लोकको चरण वा पाउ, पदपाठ, किरण, मरेको तेह्रौं दिनमा गरिने तेह्र थरीका वस्तुको समुदाय ।

पदकः (ना./पुं.) पद एव *(पद नै)* पद+कन् (क), स्वार्थमा =पदक ।

अथवा पदं वेत्ति अधीते इति *(पदपाठ जान्दछ वा पढ्दछ)* पद+वुन्[3] (अक)= पदक ।

शब्दार्थ- चरण, पाउ, कदम, पदवी, उपाधि, प्रतिमा, विभूषण, तक्मा, वेदका पदपाठको ज्ञाता वा अध्येता ।

पदगः (ना./पुं.) पादाभ्यां गच्छतीति *(पाउले हिँड्छ)* पाद उपपदपूर्वक गम्लृ गतौ (भ्वा.) धातु, पाद+गम्+ड (अ), टिलोप, पादको 'पद' अदन्तादेश[4] = पदग ।

शब्दार्थ- पदिक, पैदल सिपाही, पैदल हिँड्ने सिपाही, पैदल हिँड्ने मानिस ।

पदच्छेदः (ना./पुं.) पदानां छेदः *(पदहरूको छेद)* पद+छेद, ष.त.स., तुक्, श्चुत्व= पदच्छेद ।

शब्दार्थ- वाक्यभित्रका पदहरू छुट्ट्याउने काम, समस्त शब्दहरू अलग गर्ने काम, पदविच्छेद ।

पदच्युतः (वि.) पदात् च्युतः *(पदबाट च्युत भएको)* प.त.स.= पदच्युत ।

शब्दार्थ- नोकरीबाट हटाइएको, आफ्नो स्थान, दर्जा वा पदबाट खोसिएको वा अलग गरिएको, पदबाट च्युत भएको वा हटाइएको ।

पदत्यागः (ना./पुं.) त्यज्यते इति *(त्याग गरिन्छ)* त्यज हानौ (भ्वा.)धातु, त्यज्+घञ् (अ), वृद्धि, कुत्व, त्यागः ।
पदात् त्यागः *(पदबाट त्याग)* प.त.स.= पदत्याग ।

शब्दार्थ- आफ्नो पदबाट हट्ने काम, राजीनामा, नोकरी छोड्ने काम, त्यागपत्र, छोडपत्र ।

पददानम् (ना./न.) पदानां दानम् *(पदार्थहरूको दान)* ष.त.स.= पददान ।

शब्दार्थ- मानिस मरेको बाह्रौं/तेह्रौं दिनमा मृतकका नाममा गरिने तेह्रवटा वस्तुहरूको दान, यी वस्तु निम्न छन्- छाता, जुत्ता, वस्त्र, औंठी, कमण्डलु, आसन, पञ्चपात्र, दण्ड, ताम्रपात्र, आमान्न (काँचो अन्न), पक्वान्न भोजन, अर्घ, जनै- ग.पु.अ.१३ ।

पदपूर्तिः (ना./स्त्री.) पदे पदस्य वा पूर्तिः *(रिक्तपदमा वा रिक्तपदको पूर्ति)* स.त.स./ष.त.स.= पदपूर्ति ।

शब्दार्थ- खालि पदको पूर्ति गर्ने काम, रिक्तपदमा मानिस भर्ती गर्ने काम, खालि ठाउँमा पदहरू राखेर वाक्य पूरा गर्ने काम ।

पदमुक्तः (वि.) पदात्मुक्तः *(पदबाट मुक्त भएको वा गरिएको)* प.त.स.= पदमुक्त ।

शब्दार्थ- आफ्नो पद, ओहदा वा दर्जाबाट हटेको, हटाइएको वा खोसिएको ।

पदमुक्तिः (ना./स्त्री.) पदात्मुक्तिः *(पदबाट हटाउने काम)* प.त.स.= पदमुक्ति ।

शब्दार्थ- पद वा दर्जाबाट हटाउने काम, खोसुवा, नोकरी खोस्ने काम ।

पदलोलुपः (वि.) पदस्य लोलुपः *(पदको लोभी)* ष.त.स. =पदलोलुप ।

अथवा पदाय लोलुपः *(पदका लागि लोभी)* च.त.स. =पदलोलुप ।

शब्दार्थ- आफ्नो पदको लोभी, आफ्नो पद वा दर्जाको लागि लुब्ध हुने, पदका लागि मरिमेट्ने ।

पदविः/पदवी (ना./स्त्री.) पद्यते गम्यते भूष्यते वा अनया *(हिडिन्छ वा विभूषित गरिन्छ यसबाट)* पद गतौ (दिवा.) धातु, पद्+अवि[5], उणा., पदवि+ङीष् (ई), विकल्पले= पदवी ।

ङीष्को अभावमा= पदवि ।

अयनं वर्त्म मार्गाध्वपन्थानः पदवी सृतिः- इत्यमरः

शब्दार्थ- बाटो, मार्ग, पन्था, ओहदा, दर्जा, उपाधि, सम्मानित पद ।

पदसङ्गतिः (ना./स्त्री.) पदानां सङ्गतिः *(पदहरूको सङ्गति)* ष.त.स.= पदसङ्गति ।

शब्दार्थ- वाक्यमा पदहरूको सङ्गति मिलाएर राख्ने काम, कर्ता र क्रिया तथा लिङ्ग, वचन र पुरुषहरूको सङ्गति मिलाएर राख्ने काम ।

---

१. धर्मपथ्यर्थ... : यत्
२. अन्येभ्योऽपि दृश्यते : यत्
३. क्रमादिभ्य.. : वुन्
४. पादस्य पदाज्याति... : पद अदन्तादेश
५. पद्यटिभ्यामविः : अवि (अ.को.रामाश्रमी)

पदस्थापनम् (ना./न.) पदस्य पदे वा स्थापनम् *(पदको वा पदमा स्थापना)* ष.त.स./स.त.स.= पदस्थापन ।

शब्दार्थ- कुनै उम्मेद्वारलाई निर्धारित स्थानमा पदस्थापन गर्ने काम वा वहाली गर्न लगाउने काम ।

पदाक्रान्तः (वि.) पद्भ्यामाक्रान्तः *(लात्ताले हानेको)* तृ.त.स., दीर्घ= पदाक्रान्त ।

शब्दार्थ- खुट्टाले थिचेको, लात्ताले हानेको, गोडाले कुल्चेको, पाउले दलेको ।

पदाघातः (ना./पुं.) आहन्यते इति *(ताडना गरिन्छ)* आङ्पूर्वक हन हिंसागत्योः (अदा.) धातु, आ+हन्+घञ् (अ), हन्का नकारको त, वृद्धि, कुत्व, आघातः । पादाभ्याम् आघातः *(लात्तीले हान्ने काम गरिन्छ)* तृ.त.स., पाद आघात, पादको 'पद' आदेश =पदाघात ।

शब्दार्थ- लात्तीले प्रहार गर्ने काम, पादप्रहार, खुट्टाले कुल्चने काम, लात्ती, गोडाले दल्ने काम ।

पदातिः (ना./पुं.) पादाभ्यामतति *(पैदल हिँड्दछ)* पाद उपपदपूर्वक अत सातत्यंगमने (भ्वा.) धातु, पाद+अत्+इण्[1] (इ), उणा., पादको 'पद्' आदेश[2], अत्को वृद्धि, पद् आत् इ= पदाति ।

शब्दार्थ- पैदल हिंड्ने सिपाही, पैदल सैनिक, पदिक ।

पदाधिकारः (ना./पुं.) अधि आधिक्यस्य करणमिति *(अधिकताको काम गरिन्छ)* अधिपूर्वक डुकृञ् करणे (तना.) धातु, अधि+कृ+घञ् (अ), वृद्धि, अधिकारः । पदे अधिकारः *(पदमा रहँदा पाउने अधिकार)* पद+अधिकार, स.त.स., दीर्घ= पदाधिकार ।

शब्दार्थ- कुनै पदमा रहेको हैसियतले प्रयोग गर्न पाउने अधिकार, पदीय-दायित्व ।

पदाधिकारी (ना./पुं.) पदाधिकारः अस्यास्तीति *(पदाधिकार छ यसको)* पदाधिकार+इनि (इन्), अकारलोप, पदाधिकारिन्= पदाधिकारी ।

शब्दार्थ- कुनै पदमा रहेर काम गर्ने अधिकारी, पद अनुसारको अधिकार पाएको व्यक्ति ।

पदान्तः (ना./पुं.) पदानामन्तः *(पदको अन्त्य)* ष.त.स., दीर्घ= पदान्त ।

शब्दार्थ- पदको अन्त्यभाग, पदको अन्तिम खण्ड ।

पदार्थः (ना./पुं.) पदानामर्थः *(पदको अर्थ)* पद+अर्थ, ष.त.स., दीर्घ= पदार्थ ।

शब्दार्थ- पदको अर्थ, शब्दार्थ, वस्तु, चीज, भाव ।

पदावधिः (ना./पुं.) पदे पदस्य वा अवधिः *(पदमा वा पदको अवधि)* स.त.स./ष.त.स., दीर्घ= पदावधि ।

शब्दार्थ- कुनै पदमा वहाल रहन पाउने अवधि, कुनै पदमा रही काम गर्न पाउने कार्यकाल ।

पदावली (ना./स्त्री.) पदानामावली *(पदहरूको श्रेणी)* पद+आवली, ष.त.स., दीर्घ= पदावली ।

शब्दार्थ- पदसमुदाय, शब्दहरूको समूह, वाक्यमा समावेश गरिएका पद वा शब्दहरूको श्रेणी वा समूह

पदासीनः (वि.) पदे आसीनः *(पदमा रहेको)* पद+आसीन, स.त.स., दीर्घ= पदासीन ।

शब्दार्थ- कुनै पद वा ओहदामा रहेको पदारूढ (व्यक्ति), पदमा वहाल रहेको ।

पदिकः (ना./पुं.) पादाभ्यां चरति *(पैदल हिड्छ)* पाद+ष्ठन्[3] (इक), पादको पद्भाव= पदिक ।

शब्दार्थ- पैदल सिपाही, पैदल हिँड्ने सैनिक ।

पदीयः (वि.) पदे भवः *(पदमा भएको),* पदस्य अयम् (पदको यो) पद+छ (ईय), अकारलोप= पदीय ।

शब्दार्थ- पदसम्वन्धी, पदमा भएको, पदको ।

पदोपहतः (वि.) पादाभ्यामुपहतः *(पाउले लत्याइएको वा लात्ताले हानेको)* तृ.त.स., पादको 'पद' अदन्तादेश, गुण= पदोपहत ।

शब्दार्थ- लात्ताले हानेको, पाउले कुल्चेको, लत्याएको ।

पदोन्नतिः (ना./स्त्री.) पदे वा पदात् उन्नतिः *(पदमा वा पदबाट समुन्नति)* स.त.स./प.त.स., गुण=पदोन्नति ।

शब्दार्थ- माथिल्लो पदमा वृद्धि हुने काम, बढुवा, पदवृद्धि ।

पद्धतिः (ना./स्त्री.) पादाभ्यां हन्यते इति *(पाउले हिँडिन्छ)* पाद उपपदपूर्वक हन हिंसागत्योः (अदा.) धातु, पाद+हन्+क्तिन् (ति), पादको पद्भाव[2], हको पूर्वसवर्ण घ, जश्त्व= पद्धति ।

शब्दार्थ- वाटो, मार्ग, कार्यप्रणाली, कार्यविधि, कुनै संस्कार वा कार्यपद्धति वा अनुष्ठानसम्वन्धी विधिविधान भएको ग्रन्थ, नीतिनियम, परिपाटी, काम गर्ने तरिका वा ढङ्ग ।

पन्नगः (ना./पुं.) पन्नं पतितं गच्छतीति *(लत्रेर वा घस्रेर हिड्छ)* पन्न उपपदमा हुने गम्लृ गतौ (भ्वा.) धातु, पन्न+गम्+ड[4] (अ), टिलोप= पन्नग ।

शब्दार्थ- घस्रेर हिड्ने जन्तु, सर्प, छेपारो, गोहोरो आदि ।

पन्थाः (ना./पुं.) पतन्ति यान्ति अनेन *(यसबाट जान्छन्, हिंड्छन्)* पत्लृ गतौ (भ्वा.) धातु, पत्+इनि[5] (इन्), उणा., थकार अन्तादेश, पथिन्, आत्व[6], इकारको अत्व[7], थको न्यादेश[8]= पन्था ।

शब्दार्थ- मार्ग, बाटो, यात्रा ।

उदा. **महाजनो येन गतः स पन्थाः - म.भा.३/३१३/११७**

पद्मम् (ना./पुं./न.) पद्यते इति *(विकसित हुन्छ)* पद गतौ (दिवा.) धातु, पद्+मन्[9] (म), उणा.= पद्म ।

महापद्मश्च पद्मश्च शङ्खो मकरकच्छपौ
मुकुन्दकुन्दनीलाश्च खर्वश्च निधयो नव- इत्यमरः

शब्दार्थ- कमल, अरविन्द, नौवटा निधिहरूमध्ये एक, अष्टनागमध्ये एक, गणना बुझाउने सङ्ख्या ।

---

१. वन्यतिभ्यां...(वा.) : इण्
२. पादस्य पदाज्या...: पादको पद आदेश
३. पर्पादिभ्यः ष्ठन् : ष्ठन्
४. सर्वत्रपन्नयो... (वा.) : ड
५. पतेस्थश्च : इनि/थकारादेश
६. पथिमथि.. : आत्व
७. इतोऽत्सर्वनाम.... : अत्व
८. थोन्यः : न्यादेश
९. अर्तिस्तुसुहु... : मन्

पद्मगन्धिः (ना./पुं.) पद्मस्येव गन्धः अस्य *(कमलको भैँ सुगन्ध छ यसको)* पद्म+गन्ध, ब.स., पद्मगन्ध+इ (इकारान्तादेश[1]), अकारलोप= पद्मगन्धि ।

शब्दार्थ- कमलभैँ वास्ना आउने वस्तु, कमलको फूल भैँ वास्नादार ।

पद्मगर्भः (ना./पुं.) पद्मं कमलं गर्भः कुक्षिरिव यस्य सः *(कमल कोखभैँ छ जसको)* वा पद्मं गर्भे यस्य *(कमल गर्भ या कोखमा छ जसको)* ब.स.=पद्मगर्भ ।

शब्दार्थ- नाभिकमलबाट उत्पन्न ब्रह्मा, स्वयम्भू, पितामह ।

पद्मजः (ना./पुं.) पद्मात् जायते जात इति वा *(कमलबाट पैदा हुन्छ वा भएको)* पद्म उपपदपूर्वक जनी प्रादुर्भावे (दिवा.) धातु, पद्म+जन्+ड[२] (अ), टिलोप =पद्मज ।

शब्दार्थ- कमलबाट उत्पन्न हुने वस्तु, चतुर्मुखी ब्रह्मा, अब्जयोनि ।

पद्मजा (ना./स्त्री.) पद्माज्जाता असौ *(कमलबाट पैदा भएकी)* पद्म उपपदपूर्वक जनी प्रादुर्भावे (दिवा.) धातु, पद्म+जन्+ड[२] (अ), टिलोप, पद्मज । पद्मज +टाप् (आ), अकारलोप= पद्मजा ।

शब्दार्थ- कमलबाट उत्पन्न लक्ष्मी, कमला, रमा ।

पद्मनाभः (ना./पुं.) पद्मं नाभौ यस्य *(कमल छ नाभिमा जसको)* ब.स., सप्तम्यन्तको परनिपात, पद्मनाभि+ अच्[३] (समासान्त)= पद्मनाभ ।

अथवा पद्ममिव नाभिर्यस्य *(कमलभैँ या कमलजस्तै नाभि छ जसको)* पद्मनाभ+अच्[३] (समासान्त), इकारलोप= पद्मनाभ ।

शब्दार्थ- नाभिमा कमल हुने विष्णु, नारायण, वासुदेव ।

पद्मपाणिः (ना./पुं.) पद्मं पाणौ यस्य *(कमल छ हातमा जसको)* ब.स.= पद्मपाणि ।

शब्दार्थ- विष्णु, वासुदेव, दामोदर, ब्रह्मा, बुद्धमूर्ति ।

पद्मबन्धः (ना./पुं.) पद्मस्य इव बन्धः रचना यस्य सः *(कमलको भैँ बन्धमय रचना छ जसको)* ब.स. =पद्मबन्ध ।

शब्दार्थ- चित्रकाव्यविशेष ।

पद्ममुखी (वि./स्त्री.) पद्मस्य इव सुन्दरं मुखं यस्याः *(कमलको भैँ सुन्दर मुख छ जसको)* ब.स. =पद्ममुखी ।

शब्दार्थ- कमलमुखी, कमलजस्तै सुन्दर मुख भएकी ।

पद्मयोनिः (ना./पुं.) पद्मं विष्णुनाभिकमलं योनिः उत्पत्तिस्थानं यस्य *(विष्णुको नाभिकमल नै उत्पत्तिस्थान छ जसको)* ब.स.= पद्मयोनि ।

शब्दार्थ-विष्णुको नाभिकमलबाट उत्पन्न ब्रह्मा, स्वयम्भू ।

पद्मा (ना./स्त्री.) पद्ममस्ति अस्याः *(कमल छ यिनको)* पद्म+अच् (अर्शादि),अकारलोप, पद्म+टाप् (आ)=पद्मा ।

शब्दार्थ- लक्ष्मी, कमला, श्री, हरिप्रिया, विष्णुपत्नी, सयपत्री ।

पद्माकरः (ना./पुं.) पद्मानामाकरः *(कमलको खानि)* पद्म+ आकर, ष.त.स., दीर्घ= पद्माकर ।

शब्दार्थ- तलाउ, पोखरी, कमल फुल्ने तलाउ ।

पद्मासनम् (ना./न.) पद्ममिव आसनम् *(कमल जस्तै आसन)* उप.क.त.स., दीर्घ= पद्मासन ।

शब्दार्थ- दुवै खुट्टा तिघ्रामाथि राखेर पलेटी कसेको आसन, योगसम्वन्धी आसन ।

पद्मिनी (ना./स्त्री.) पद्ममिव सुगन्धः अस्ति अस्याम् *(कमल जस्तै सौन्दर्य र सुगन्ध छ यिनमा)* पद्म+इनि[४] (इन्), अकारलोप, पद्मिन्+ङीप् (ई)= पद्मिनी ।

भवति कमलनेत्रा नासिका क्षुद्ररन्ध्रा
अविरलकुचयुग्मा चारुकेशी कृशाङ्गी ।
मृदुवचनसुशीला गीतावाद्यानुरक्ता
सकलतनुसुवेशा पद्मिनी पद्मगन्धा- रतिमञ्जरी

शब्दार्थ- कामशास्त्रअनुसार नारीजातिका चार प्रकारमध्ये उपर्युक्त लक्षणकी उत्तम नायिका, कमलिनी, नलिनी, कमल भएको पोखरी, लक्ष्मी, कोमल स्त्री

पद्यम् (ना./न./वि.) पद्यते इति *(पदविन्यास वा पद्यरचना गरिन्छ)* पद गतौ (दिवा.) धातु, पद्+यत्[५] (य) =पद्य ।

अथवा पादाः पदाः वा सन्ति अस्य *(पाद वा पद छन् यसका)* पाद/पद+यप्[६] (य), पादको पद आदेश, पदको अकारलोप= पद्य ।

शब्दार्थ- छन्दमय रचना, कविताको पाद वा चरण, शब्दसम्वन्धी श्लोक वा पद्यात्मक संरचना, पाउसम्वन्धी, चरणसम्वन्धी, पदसम्वन्धी ।

पद्यमयः (वि./ना./न.) पद्यादागतः *(पद्यबाट आएको)* वा प्रकृतं प्रचुरं पद्यम् *(पद्यै पद्य भएको)* पद्य+मयट्[७] (मय)=पद्यमय ।

शब्दार्थ- पद्यै पद्य भएको, छन्दोवद्ध रचना, पद्यात्मक रचना, पद्यमय गद्यरचना ।

पद्यात्मकः (वि.) पद्यम् आत्मा यस्य *(पद्य नै मुख्य छ जसको)* पद्य+आत्मन्, ब.स., दीर्घ, पद्यात्मन्+कप् (समासान्त), नलोप= पद्यात्मक ।

अथवा पद्यम् आत्मकं यस्य *(पद्य नै आत्मा छ जसको)* ब.स., पद्य+आत्मक, दीर्घ= पद्यात्मक ।

शब्दार्थ- पद्यसम्वन्धी, पद्यमय, पद्य प्रमुख भएको ।

---

१. उपमानाच्च : इकारान्तादेश
२. पञ्चम्यामजातौ : ड
३. अच्प्रत्यन्ववपूर्वात्... : अच् समासान्त
४. पुष्करादिभ्यः : इनि
५ गदमदचरयम.. : यत्
६. अन्येभ्योऽपि दृश्यते (वा.) : यप्
७. मयट्/तत्प्रकृतवचने मयट् : मयट्

पयः (ना./न.) पयते, पीयते इति वा *(बहन्छ वा पान गरिन्छ)* पय गतौ (भ्वा.) वा पीङ् पाने (दिवा.) धातु, पय्+असुन् (अस्), उणा., पयस् । पी+असुन् (अस्), पीको गुण, अयादेश, पयस्= पय ।

पयः क्षीरे च नीरे च- इति हैमः

पयः किलालममृतं जीवनं भूवनं वनम्- इत्यमरः

शब्दार्थ- दूध, क्षीर, पानी, जल, नीर ।

पयःपानम् (ना./न.) पयसः पानम् *(दूधको पान)* ष.त.स. =पयःपान ।

शब्दार्थ- दूध पिउने काम, पानी खाने काम ।

पयस्विनी (ना./स्त्री.) प्रशस्तं पयः अस्ति अस्याः *(धेरै दूध छ यसको)* पयस्+विनि[1] (विन्), पयस्विन्+ङीप् (ई), =पयस्विनी ।

शब्दार्थ- दुधालु गाई, दुहुनु गाई, धेरै दूध आउने गाई वा स्त्री, धेरै पानी भएको नदी ।

पयस्यः (ना./न./वि.) पयसः विकारः *(दूधको विकार)* वा पयसः अयम् *(दूधको यो)* पयस्+यत्[2] (य)= पयस्य ।

शब्दार्थ- दूधको विकार- दही घिउ आदि, दूधसम्वन्धी, दूधवाट वनेको (पदार्थ) ।

पयोदः (ना./पुं.) पयः जलं ददातीति *(जल वर्षा गर्छ)* पयस्पूर्वक डुदाञ् दाने (जुहो.) धातु, पयस्+दा+क (अ), आलोप, रुत्व, उत्व= पयोद ।

शब्दार्थ- मेघ, वादल, वलाहक ।

पयोधरः (ना./पुं.) पयांसि धरति बिभर्तीति *(जल धारण गर्छ)* पयस् उपपदपूर्वक धृञ् धारणे (भ्वा.) धातु, पयस्+धृ+अच् (पचादि)/अप्[3] (अ), गुण, रुत्व, उत्व =पयोधर ।

अथवा धरतीति *(धारण गर्छ)* धृञ् धारणे (भ्वा.) धातु, धृ+अच् (पचादि), गुण, धरः । पयसां धरः *(जल धारण गर्ने)* ष.त.स.= पयोधर ।

शब्दार्थ- मेघ, पानी धारण गर्ने वादल, दुग्धपदार्थ, गाईभैंसीको फाँचो, स्तन ।

उदा. विश्वको दुःख देखेर दयाधारी पयोधर । नपग्लेको भएदेखी के हुन्थ्यो यो चराचर- ऋ.वि. (वर्षा.वि.३३)

पयोधिः (ना./पुं.) पयांसि जलानि धीयन्ते अस्मिन् *(जल धारण गरिन्छ यसमा)* पयस् उपपदपूर्वक डुधाञ् धारणपोषणयोः (जुहो.) धातु, पयस्+धा+कि[4] (इ), आलोप, रुत्व, उत्व= पयोधि ।

शब्दार्थ- समुद्र, सागर, उदधि, पयोनिधि, सिन्धु ।

पयोनिधिः (ना./पुं.) पयांसि निधीयन्ते यस्मिन् *(जल धारण गरिन्छ यसमा)* पयस् उपपदमा हुने निपूर्वक डुधाञ् धारणपोषणयोः (जुहो.) धातु, पयस्+नि+धा +कि[4] (इ), आलोप, रुत्व, उत्व= पयोनिधि ।

शब्दार्थ- समुद्र, सागर, उदधि, पयोधि, सिन्धु ।

पयोमुक् (ना./पुं.) पयांसि जलानि मुञ्चतीति *(जलधारा बर्साउँछ)* पयस् उपपदमा हुने मुच्लृ मोक्षणे (तुदा.) धातु, पयस्+मुच्+क्विप् (सर्वलोप), कुत्व, रुत्व, उत्व =पयोमुक् ।

शब्दार्थ- मेघ, वादल, जलधर ।

परः (ना./पुं./वि.) पिपर्ति रोषम्, प्रियते इति वा *(रिस गर्छ वा क्रोध गरिन्छ)* पृ पालनपूरणयोः (जुहो.) धातु, पृ+अच्/अप्[3] (अ), गुण= पर ।

परःश्रेष्ठोरिदूरान्योत्तरे क्लीवन्तु केवले- इति मेदिनी

शब्दार्थ- शत्रु, वैरि, रिपु, श्रेष्ठ, उत्तम, टाढा, पछिल्लो ।

परकायः (ना./पुं.) परस्य कायः *(अर्काको शरीर वा अरूको तनु)* ष.त.स.= परकाय ।

शब्दार्थ- अरूको शरीर, अर्काको तनु, अर्काको देह ।

परकीयः (वि.) परेषु भवः जातादिर्वा *(अरूमा हुने वा भएको)*, परस्य इदम् *(अर्काको यो)* पर+छ[5] (ईय), कुगागम[6]= परकीय ।

शब्दार्थ- अरूसित सम्वन्धित, अर्काको, अरूको, पराईको ।

परकीया (ना./स्त्री.) परस्य इयम् *(अर्काकी यो)* पर+छ (ईय), कुक्, परकीय । परकीय+टाप् (आ)= परकीया ।

शब्दार्थ- परस्त्री, परपुरुषसित प्रेम गर्ने नारी, अर्काकी स्त्री, नायिकाको एक भेद ।

परगुणः (ना./पुं.) परेषां गुणः *(अरूको गुण)* ष.त.स =परगुण । **शब्दार्थ-** अरूको गुण ।

परचक्रम् (ना./न.) चकते तृप्यति घातयतीति वा *(तृप्त हुन्छ वा आघात गर्छ)* चक तृप्तौ प्रतिघाते च (भ्वा.) धातु, चक्+रक् (र), चक्रम् । परस्य चक्रम् *(अर्काको सैन्य वा राष्ट्र)* ष.त.स.= परचक्र ।

शब्दार्थ- शत्रुको जमात, शत्रुसैन्य, वैरी, रिपु, शत्रुद्वारा हमला, शत्रुको राष्ट्र, शत्रुको चाल ।

परचक्री (ना./पुं./वि.) परचक्रमस्यास्तीति *(अर्केको चाल वा रङ्ढङ्ग छ यसको)* परचक्र+इनि[7] (इन्), अकारलोप, परचक्रिन्= परचक्री ।

शब्दार्थ- पराई मान्छे, अर्को व्यक्ति, अरू, अर्को ।

परजातः (वि./ना./पुं.) परस्मात् जातः *(अर्काबाट जन्मेको)* पर+ जात, प.त.स.= परजात ।

शब्दार्थ- अर्कोबाट जन्मेको, झट्केलो छोरो, अरूबाट उत्पन्न भएको क्षेत्रज, सेवक, कोइली ।

परजाता (वि./ना./स्त्री.) परस्मात् जाता *(अर्काबाट पैदा भएकी)* प.त.स., परजात+टाप् (आ)= परजाता ।

शब्दार्थ- अर्काबाट जन्मेकी झट्केली छोरी, अरूबाट उत्पन्न भएकी क्षेत्रज छोरी ।

परजीवी (वि.) परस्मात् जीवतीति *(अरूबाट बाँच्तछ)* पर उपपदपूर्वक जीव प्राणधारणे (भ्वा.) धातु, पर+ जीव्+ णिनि (इन्), परजीविन्= परजीवी ।

शब्दार्थ- अरूबाट बाँच्ने, अर्काको भरमा निर्भर रहने, अरूमा आश्रित भएको ।

---

[1] अस्मायामेधा... : विनि
[2] गोपयसोर्यत् : यत्
[3] ऋदोरप् : अप्
[4] उपसर्गे घोः किः : कि
[5] गहादिभ्यश्च : छ
[6] कुक् जनस्य परस्य (ग.) : कुक्
[7] अत इनिठनौ : इनि

परतः (अव्य.) परस्मादिति *(अरूबाट)* पर+तसिल् (तस्), रुत्व, विसर्ग= परतः ।

शब्दार्थ- अरूबाट, अर्कोबाट, अरूदेखि ।

परतन्त्रः (वि.) परः तन्त्रं प्रधानं यस्य *(अर्काको अधीनमा छ जसको (जीवन)* पर+तन्त्र, ब.स.= परतन्त्र ।

शब्दार्थ- पराधीन, पराश्रित, अरूको अधीनमा रहेको ।

परत्र (अव्य.) परस्मिन्निति *(अर्कामा, परलोकमा)* पर+त्रल्[1] (त्र)= परत्र ।

शब्दार्थ- अर्को जन्ममा, भावी जन्ममा, अर्को ठाउँमा, अन्यत्र, परलोकमा, अर्को लोकमा ।

परदाराः (ना./स्त्री.) परस्य दाराः *(अर्काकी स्त्री)* ष.त.स. =परदारा ।

शब्दार्थ- अरूकी स्त्री, परस्त्री, परपत्नी, पराईकी पत्नी ।

परदेशः (ना./पुं.) दिशति, दिश्यते इति वा *(रहन्छ)* दिश अतिसर्जने (तुदा.) धातु, दिश्+अच्/घञ् (अ), गुण, देशः । परस्य देशः *(अर्काको देश)* ष.त.स.= परदेश ।

शब्दार्थ- अर्काको देश, अर्काको राष्ट्र, विदेश, अरूको मुलुक, शत्रुको देश वा रहने ठाउँ ।

परदेशी (वि.) परदेशः अस्यास्तीति *(परदेशमा छ वास यसको)* परदेश+इनि[2] (इन्), अकारलोप, परदेशिन् =परदेशी ।

शब्दार्थ- अर्काको देशमा रहने, विदेशमा वस्ने, परदेशमा रहने, प्रवासी ।

परद्रोहः (ना./पुं.) द्रुह्यते इति *(द्रोह गरिन्छ)* द्रुह जिघांसायाम् (अदा.)धातु, द्रुह्+घञ् (अ), गुण, द्रोहः । परस्य द्रोहः *(अरूको रिस)* ष.त.स.= परद्रोह ।

शब्दार्थ- अर्कोसँग रिस गर्ने काम, वैरभाव, अरूसंग द्रोह वा वैरभाव गर्ने काम ।

परद्रोही (वि.) परद्रोहः अस्यास्तीति *(अर्कोप्रति द्रोह छ यसको)* परद्रोह+इनि[2] (इन्), अकारलोप= परद्रोही ।

शब्दार्थ- अर्कोसँग वैरभाव गर्ने, अरूसित द्रोह गर्ने, अरूको ईर्ष्या गर्ने, अर्काको डाह गर्ने ।

परद्वेषः (ना./पुं.) द्वेष्टि, द्विष्यते इति वा *(द्रोह वा रिस गर्छ वा गरिन्छ)* द्विष अप्रीतौ (अदा.) धातु, द्विष्+अच् (पचादि)/घञ् (अ),गुण, द्वेषः । परस्य द्वेषः *(अर्काको द्वेष वा रिसराग)* ष.त.स.= परद्वेष ।

शब्दार्थ- अर्कोसँग द्वेष वा वैरभाव, अर्कोसित द्रोह ।

परद्वेषी (वि.) परद्वेषः अस्यास्तीति *(अर्कोप्रति द्वेषभाव छ यसको)* परद्वेष+इनि[2] (इन्), परद्वेषिन्= परद्वेषी । अथवा परं द्वेष्टुं शीलमस्येति *(अर्कोप्रति द्रोह गर्ने स्वभाव छ यसको)* पर+द्विष्+णिनि (इन्)= परद्वेषी ।

शब्दार्थ- अरूको द्वेष वा रिसराग गर्ने, अरूको द्रोह गर्ने

परधनम् (ना./न.) परस्य धनम् *(अर्काको धन)* ष.त.स. =परधन ।

शब्दार्थ- अर्काको धनसम्पत्ति, अरूको धन वा सम्पत्ति ।

परधनहरणम् (ना./न.) धनस्य हरणम् *(धनको हरण)* ष.त.स., धनहरणम् । परेषां धनहरणम् *(अरूको धन हरण)* ष.त.स.= परधनहरण ।

शब्दार्थ- अर्काको धनको हरण, परधनको अपहरण, पराईको सम्पत्ति हरण गर्ने काम ।

परधर्मः (ना./पुं.) परेषां धर्मः *(अरूको धर्म)* ष.त.स. =परधर्म ।

शब्दार्थ- अर्काले मानिआएको धर्म, विधर्म, अरूको धर्म, अर्को जाति, वर्ण र आश्रमको धर्म ।

द्रष्टव्य- **स्वधर्मे निधनं श्रेयः परधर्मो भयावहः- भ.गी. ३/३५**

परन्तपः (वि.) परं तापयतीति *(शत्रुलाई ताप दिन्छ)* तप सन्तापे (भ्वा.) धातु, पर+तप्+णिचि+खच्[3] (अ), वृद्धि, तापको ह्रस्व[4], मुमागम, परसवर्ण= परन्तप ।

शब्दार्थ- अर्कोलाई ताप पुऱ्याउने, शत्रुलाई पीडा दिने ।

परपक्षः (ना./पुं.) परस्य पक्षः *(अर्काको पक्ष)* ष.त.स. =परपक्ष ।

शब्दार्थ- अरूको पक्ष लिने काम, विरोधीको पक्ष, शत्रुपक्ष, आफ्नो पक्ष छाडेर अर्काको पक्ष ग्रहण गर्ने काम ।

परपीडनम् (ना./न.) पीडयते इति *(पीडा दिइन्छ)* पीड अवगाहने (चुरा.) धातु, पीड्+ल्युट् (अन), पीडनम् । परेषां पीडनम् *(अरूलाई पीडा दिने काम)* ष.त.स. =परपीडन ।

शब्दार्थ- अरूलाई पीडा दिने काम, शत्रुलाई पीडा पुऱ्याउने कार्य, अर्कोलाई दुःखकष्ट दिने काम ।

परपुरुषः (ना./पुं.) परः श्रेष्ठश्चासौ पुरुषश्च *(श्रेष्ठ पुरुष)* वा परः अन्यश्चासौ पुरुषश्च *(अर्को पुरुष)* क.त.स.= परपुरुष ।

शब्दार्थ- सर्वोत्तम पुरुष, श्रेष्ठ पुरुष, विष्णु, परमेश्वर, अर्कै स्त्रीको पुरुष, आफ्नो लोग्नेभन्दा भिन्नै पुरुष ।

परब्रह्म (ना./न.) परञ्च तत् ब्रह्म च *(परब्रह्म)* क.त.स., परब्रह्मन्= परब्रह्म ।

शब्दार्थ- परमब्रह्म, परमात्मा परमेश्वर, निरञ्जन निराकार ब्रह्म ।

परभुक्ता (ना./स्त्री.) परेण भुक्ता *(अर्कोद्वारा भोग गरिएकी)* तृ.त.स.= परभुक्ता ।

शब्दार्थ- अर्कोद्वार भोग गरिएकी नारी, अरूसित सहवास भइसकेकी स्त्री ।

परभोग्या (वि.स्त्री.) परेण भोग्या *(अर्कोद्वारा भोग गरिने)* तृ.त.स.= परभोग्या ।

शब्दार्थ- अर्को पुरुषद्वारा उपभोग गरिने, अरूद्वारा भोग गर्न योग्य ।

परभृतः (ना./पुं.) परेण अन्येन काकेन वा भृतः पोषितः *(अर्कोद्वारा वा कागद्वारा पालिएको)* तृ.त.स.= परभृत ।

शब्दार्थ- अरूद्वारा पालनपोषण गरिएको व्यक्ति, अनाथ बालक, कागद्वारा पोषित कोइली, पिक ।

---

[1] सप्तम्यास्त्रल् : त्रल्

[2] अत इनिठनौ : इनि

[3] द्विषत्परयोः.... : खच्

[4] खचि ह्रस्वः : ह्रस्व

परभृत् (ना./पुं.) परं बिभर्तीति *(अरूको पालनपोषण गर्छ)* परपूर्वक डुभृञ् धारणपोषणयोः (जुहो.) धातु, पर+भृ+क्विप्, तुक्, क्विप्को सर्वलोप= परभृत् ।

शब्दार्थ- अर्काको पालनपोषण गर्ने- काग, वायस, मनुष्य

परमः (वि./ना./पुं.) परमुत्कृष्टं माति मिमीते इति *(उत्कृष्ट मापन गर्दछ)* मा माने (अदा.) वा माङ् माने शब्दे च (जुहो.) धातु, पर+मा+क (अ),आलोप, परम । अथवा परा उत्कृष्टा मा शोभा ऐश्वर्यं वा अस्य *(परम शोभा वा ऐश्वर्य छ यसको)* व.स., ह्रस्व =परम ।

शब्दार्थ- सबभन्दा उत्कृष्ट, सर्वोत्तम, सबभन्दा अगाडिको, सर्वप्रथम, प्रमुख व्यक्ति, उत्कृष्ट शोभासम्पन्न परब्रह्म परमेश्वर ।

परमगतिः (ना./स्त्री.) परमा चासौ गतिश्च *(उत्तम गति)* क.त.स., ह्रस्व= परमगति ।

शब्दार्थ- उच्चगति, मरे पछि पाइने उत्कृष्ट गति, मोक्षपद, अपवर्ग, निर्वाण ।

परमतत्त्वम् (ना./न.) परमञ्च तत् तत्त्वम् *(उच्चतम तत्व)* क.त.स.= परमतत्त्व ।

शब्दार्थ- ब्रह्मतत्त्व, मूलतत्त्व, ब्रह्मज्ञान ।

परमधाम (ना./न.) परमञ्च तत् धाम *(परम-धाम)* क.त.स., परमधामन्, नलोप= परमधाम ।

शब्दार्थ- उत्तमलोक, स्वर्गादिलोक, सर्वोत्तम स्थान, वैकुण्ठधाम, मरण, निधन, मृत्यु, परलोक ।

परमपदम् (ना./न.) परमञ्च तत् पदम् *(उत्तम पद)* क.त.स.= परमपद ।

शब्दार्थ- सर्वश्रेष्ठ स्थान, सर्वोत्तम पद, मुक्ति वा मोक्ष, कैवल्य ।

परमपिता (ना./पुं.) परमश्चासौ पिता च *(परम-पिता)* क.त.स.= परमपिता ।

शब्दार्थ- परमेश्वर, सबैभन्दा ठूला ईश्वर, बाबुका पनि बाबु, परब्रह्म परमात्मा ।

परमपुरुषः (ना./पुं.) परमश्चासौ पुरुषश्च *(उत्कृष्ट पुरुष)* क.त.स.= परमपुरुष ।

शब्दार्थ- सर्वश्रेष्ठ पुरुष, परमेश्वर, परब्रह्म परमात्मा ।

परमब्रह्म (ना./पुं.) परमञ्च तत् ब्रह्म च *(परम-ब्रह्म)* क.त.स.= परमब्रह्म ।

शब्दार्थ- परमेश्वर, परब्रह्म परमात्मा ।

परमराजः (ना./पुं.) परमश्चासौ राजा च *(श्रेष्ठ वा उत्तम राजा)* क.त.स., परमराजन्+टच्[2] (समासान्त), टिलोप= परमराज ।

शब्दार्थ- उत्कृष्ट राजा, उत्तम राजा, जनप्रिय राजा ।

परमसखः (ना./पुं.) परमश्चासौ सखा च *(उत्कृष्ट सखा)* क.त.स., परमसखि+टच् (समासान्त), टिलोप =परमसख ।

शब्दार्थ- उत्तम मित्र, उत्तम साथी, उत्कृष्ट सखा ।

परमसेना (ना./स्त्री.) परमा चासौ सेना च *(ठूलो सेना)* क.त.स.= परमसेना ।

शब्दार्थ- ठूलो सङ्ख्यामा रहेको सेना, शक्तिशाली शैन्यशक्ति

परमहंसः (ना./पुं.) 'सोऽहम् आत्मा' यस्य सः *('त्यो आत्मा मै हुँ' भन्ने भाव छ जसको)* व.स., पृषोदरादिबाट ह र सको अक्षरविपर्यास, हंसः । परमश्चासौ हंसश्च *(सर्वश्रेष्ठ सन्न्यासी)* क.त.स. =परमहंस ।

शब्दार्थ- सन्न्यासीको उत्तम एउटा पद, सन्न्यासीका चार भेद मध्ये सर्वोत्कृष्ट सन्न्यासी, जसले ज्ञानको परम अवस्था प्राप्त गरेको हुन्छ, आत्मतत्त्वलाई मै हुँ भनी ठान्ने सन्न्यासीविशेष, परमेश्वर ।

परमाणुः (ना./पुं.) परमश्चासौ अणुश्च *(परम सूक्ष्म अणु)* क.त.स., दीर्घ= परमाणु ।

शब्दार्थ- अतिसूक्ष्म कण, ज्यादै साना साना कण ।

परमात्मा (ना./पुं.) परमः केवलश्चासौ आत्मा च *(परम आत्मा)* क.त.स.= परमात्मा ।

शब्दार्थ- परमेश्वर, परब्रह्म, निर्गुण तथा निराकार ब्रह्म ।

परमाधिपतिः (ना./पुं.) परमश्चासौ अधिपतिश्च *(परम अधिपति)* क.त.स., दीर्घ= परमाधिपति ।

शब्दार्थ- सर्वोच्च अधिपति, सम्राट्, राजा वा राष्ट्रपति, परमेश्वर ।

परमानन्दः (ना./पुं.) परमश्चासौ आनन्दश्च *(परम आनन्द)* क.त.स., दीर्घ= परमानन्द ।

शब्दार्थ- अत्यन्त आनन्द, आत्यन्तिक सुख, ब्रह्मानन्द, ज्यादै सुख, परब्रह्मतत्त्वको साक्षात्कारबाट प्राप्त आनन्द ।

परमार्थः (ना./पुं.) परमः श्रेष्ठश्चासौ अर्थश्च *(उत्कृष्ट अर्थ)* क.त.स.= परमार्थ ।

शब्दार्थ- उत्कृष्ट पदार्थ, परमपुरुष, ब्रह्मतत्त्व, परलोक सुधार्ने काम, मुक्ति, निर्वाण ।

परमेश्वरः (ना./पुं.) ईशितुं शीलमस्य *(ईश्वरत्व हुने शील वा क्षमता छ यिनको)* ईश ऐश्वर्ये (अदा.) धातु, ईश्+वरच्[1] (वर), ईश्वरः । परमश्चासौ ईश्वरश्च *(परम ईश्वर)* क.त.स., गुण= परमेश्वर ।

शब्दार्थ- परमात्मा, परब्रह्म, परमेश्वर शिव वा विष्णु ।

परमेष्ठी (ना./पुं.) परमे चिदाकाशे ब्रह्मपदे तिष्ठतीति *(परम ब्रह्मपदमा रहन्छन्)* सप्तम्यन्त परमे उपपद-पूर्वक ष्ठा गतिनिवृत्तौ (भ्वा.) धातु, परम+स्था+इनि[3] (इन्), कित्व, उणा., आलोप, सप्तमीको अलुक्, षत्व, ष्टुत्व, परमेष्ठिन्= परमेष्ठी ।

शब्दार्थ- ब्रह्मा, विष्णु, शिव, परब्रह्म, अग्नि ।

परयोषित् (ना./स्त्री.) परस्य योषित् *(अर्काकी स्त्री)* ष.त.स.= परयोषित् ।

शब्दार्थ- परस्त्री, अर्काकी पत्नी, परपत्नी ।

---

[1] स्थेशभासपिशा.. : वरच्

[2] राजाहः सखि.... : टच्

[3] परमे कित् : इनि/कित्व

परराष्ट्रम् (ना./न.) राजते इति *(प्रकाशित हुन्छ)* राजृ दीप्तौ (भ्वा.) धातु, राज्+ष्ट्रन्[1] (त्र), उणा., जको षत्व, ष्टुत्व, राष्ट्रम् । परश्चासौ राष्ट्रञ्च *(अर्को राष्ट्र)* क.त.स.= परराष्ट्र ।

परस्य राष्ट्रम् *(अर्काको राष्ट्र)* ष.त.स.= परराष्ट्र ।

शब्दार्थ- शत्रुपक्षको राष्ट्र, अर्को राष्ट्र, अर्को देश, विदेश, आफ्नो राष्ट्रभन्दा भिन्न राष्ट्र, मित्रराष्ट्र ।

परलोकः (ना./पुं.) परः अन्यश्चासौ लोकश्च *(अर्को लोक)* क.त.स.= परलोक । अथवा परः उत्कृष्टश्चासौ लोकश्च *(उत्कृष्ट लोक)* क.त.स.= परलोक ।

शब्दार्थ- स्वर्गलोक, लोकान्तर, नरकादिलोक, मरेपछि रहने स्थान, मृत्यु, निधन ।

परवर्ती (वि.) परे वर्तते इति *(पर वा पछिसम्म रहन्छ)* पर उपपदपूर्वक वृतु वर्तने (भ्वा.) धातु, पर+वृत्+णिनि[2] (इन्), गुण, परवर्तिन्= परवर्ती ।

शब्दार्थ- पछिसम्म हुने, भविष्यसम्म रहने ।

परशुः (ना./पुं.) परान् शत्रुन् शृणाति हिनस्तीति *(शत्रुको विनाश गर्छ)* परपूर्वक शृ हिंसायाम् (ऋचा.) धातु, पर+शृ+कु[3] (उ), डित्व, टिलोप= परशु ।

शब्दार्थ- बञ्चरो, कुठार, हतियारविशेष ।

परस्त्री (ना./स्त्री.) परस्य स्त्री *(अर्काकी स्त्री)* ष.त.स. =परस्त्री ।

शब्दार्थ- परपुरुषकी स्त्री, आफ्नी पत्नीभन्दा भिन्न स्त्री ।

परस्परम् (ना./न.) परस्परं ते पश्यन्ति *(परस्पर हेर्छन्)* परको द्वित्व[4], पर पर, सु आदेश[4]= परस्पर ।

शब्दार्थ- एक अर्कोमा, परस्पर, अन्योन्य, आफू-आफूमा ।

परस्वम् (ना./न./अव्य.) परस्य स्वम् *(अर्काको धन)* ष.त.स.= परस्व ।

शब्दार्थ- अर्काको धन-सम्पत्ति, अरूको धन, परधन, परद्रव्य, पर्सिपल्ट, भोलिको भोलि ।

परहितम् (ना./न.) परस्मै हितम् *(अर्कालाई हित हुने)* च.त.स.[5]= परहित ।

शब्दार्थ- अर्कालाई हित, अरूलाई कल्याण ।

परा (ना./स्त्री./अव्य.) पिपर्तीति *(पूर्ण गर्छ)* पृ पालनपूरणयो (जुहो.) धातु, पृ+अच् (पचादि), गुण, परः । पर+टाप् (आ)= परा ।

शब्दार्थ- मूलधारमा स्थित नादरूपिणी परावाणी, ब्रह्मविद्या, पराविद्या, ठूलो तथा टाढा आदि अर्थ बुझाउने एक उपसर्ग ।

पराकाष्ठा (ना./स्त्री.) काशते इति *(प्रकाशित हुन्छ)* काशृ दीप्तौ (भ्वा.) धातु, काश्+क्थन्[6] (थ), उणा., शको ष, ष्टुत्व, काष्ठ+टाप् (आ), काष्ठा ।

परा चासौ काष्ठा च *(अन्तिम स्थान)* क.त.स. =पराकाष्ठा ।

शब्दार्थ- अन्तिम सीमा, अन्तिम हद, चरम अवधि, अन्तिम स्थान ।

उदा. देखाएर पराकाष्ठा उत्थानक्रमको सब
पुगे शनैः शनैः सूर्य मध्य आकाशमा अब- ऋ.वि. (ग्रीष्म. वि.३)

पराक्रमः (ना./पुं.) पराक्रम्यते इति *(पराक्रम गरिन्छ)* परा उपसर्गपूर्वक क्रमु पादविक्षेपे (भ्वा.) धातु, परा+क्रम्+घञ् (अ), वृद्धि, निषेध= पराक्रम ।

शब्दार्थ- सामर्थ्य, वल, वहादुरी, वीरता, साहस, पौरख ।

पराक्रमी (वि.) पराक्रमः अस्यास्तीति *(पराक्रम छ यसको)* पराक्रम+इनि (इन्), अकारलोप, पराक्रमिन् =पराक्रमी ।

शब्दार्थ- पराक्रम भएको, पराक्रम गर्ने, पौरखी, सामर्थ्यवान्, शक्तिशाली पुरुष ।

परागः (ना./पुं.) परा गच्छतीति *(फूल भित्र रहन्छ)* परापूर्वक गम्लृ गतौ (भ्वा.) धातु, परा+गम्+ड[7] (अ), टिलोप= पराग ।

परागः सुमनो रजः- इत्यमरः

परागः सुमनो रेणौ धूलीस्नानीययोरपि
गिरिप्रभेदे विख्यातावुपरागे च चन्दने- इति मेदिनी

शब्दार्थ- फूलभित्रको रज वा धूलो, फूलको पराग, चन्दन, सुगन्धी द्रव्य, वुकुवा ।

पराङ्मुखः (वि.) पराक् प्रतिलोमगामी मुखं यस्य सः *(विपरीत छ मुख जसको)* ब.स., परसवर्ण=पराङ्मुख ।

शब्दार्थ-विमुख, अर्कातिर मुख लगाएको, पछिल्तिर फर्केको ।

पराजयः (ना./पुं.) पराजीयते इति *(हारिन्छ)* परापूर्वक जि अभिभवे (भ्वा.) धातु, परा+जि+अच् (एरच्), गुण, अयादेश= पराजय ।

शब्दार्थ- विजय नहुने काम, हार, पराजित हुने काम ।

पराजितः (वि.) पराजीयते स्म इति *(हार खाएको)* परा उपपदमा हुने आङ्पूर्वक जि अभिभवे (भ्वा.) धातु, परा+जि+क्त (त), दीर्घ= पराजित ।

अथवा परैराजीयते स्म इति *(शत्रुहरूद्वारा विजय गरिन्छ)* पर उपपदमा हुने आङ्पूर्वक जि जये (भ्वा.) धातु, पर+आ+जि+क्त (त), दीर्घ= पराजित ।

शब्दार्थ-विजय नभएको, हारिएको, हारेको, पराजय भएको,

पराधीनः (वि.) एति, ईयते इति वा *(जान्छ, गइन्छ)* इण् गतौ (अदा.) धातु, इ+नक्[8] (न), उणा., इनः । इनं प्रभुमधिगतः *(प्रभुमा विलीन)* अधि+इन, प्रा.त.स., दीर्घ, अधीनः । परस्य अधीनः *(अर्काको अधीन)* ष.त.स., दीर्घ= पराधीन ।

शब्दार्थ- अरूको अधीनमा रहेको, परवश, स्वतन्त्रता विहीन, परतन्त्र ।

---

[1] सर्वधातुभ्यः... : ष्ट्रन्

[2] नन्दिग्रहिपचादि... : णिनि

[3] आङ्परयोः खनिशृभ्यां...: कु, डित्व

[4] कर्मवेतिहारे.../असमासवद्भावे : द्वित्व, सु आदेश

[5] चतुर्थी तदर्थार्थ... : च.त.स.

[6] हनिकुषिनीरमि...: क्थन्

[7] अन्येष्वपि दृश्यते : ड (प्रत्यय)

[8] इण्सिञ्जिदीङु... : नक्

पराधीनता (ना./स्त्री.) पराधीनस्य भावः *(पराधीन हुनाको भाव वा अवस्था)* पराधीन+तल् (त)+टाप् (आ)=पराधीनता ।

शब्दार्थ- अर्काको वश वा अधीनमा रहने काम, परवशता, पराधीनत्व ।

परान्नभोजी (वि.) परेषामन्नम् *(अर्काको स्वामित्वको अन्न)* ष.त.स., परान्नम् । परान्नं भोक्तुं शीलमस्येति *(अर्काले दिएको अन्नबाट जीवन निर्वाह गर्ने शील वा आदत छ जसको)* परान्न+भुज्+ णिनि[1] (इन्), गुण, परान्नभोजिन्= परान्नभोजी ।

शब्दार्थ- अर्काको घरको अन्नवाट जीवन निर्वाह गर्ने, परान्नजीवी, अर्काले दिएको अन्न भोजन खाने ।

पराभवः (ना./पुं.) पराभूयते इति *(दबाइन्छ)* परापूर्वक भू सत्तायाम् (भ्वा.) धातु, परा+भू+अप्[2] (अ), गुण, अवादेश= पराभव ।

शब्दार्थ- अनादर, तिरस्कार, विनाशको अवस्था, पराजय, हार, अवहेलना ।

पराभूतः (वि.) पराभूयते स्म इति *(पराजय भएको)* परापूर्वक भू सत्तायाम् (भ्वा.) धातु, परा+भू+क्त (त) =पराभूत ।

शब्दार्थ- पराजित भएको, हारेको, दवाइएको, तिरस्कृत ।

परामर्शः (ना./पुं.)परामृश्यते इति *(परामर्श गरिन्छ)* परापूर्वक मृश आमर्शने (तुदा.) धातु, परा+मृश्+ घञ् (अ), गुण= परामर्श ।

शब्दार्थ- विचारविमर्श, मनन, निर्णय, तान्ने वा खिच्ने काम, कुनै विषयको छलफलवाट परिणाम वा निष्कर्ष निकाल्ने काम, सरसल्लाह, विवेचना, युक्ति, तर्क ।

परामर्शदाता (वि.) परामर्शं ददातीति *(परामर्श वा विचारविमर्श प्रदान गर्छ)* परामर्श उपपदपूर्वक डुदाञ् दाने (जुहो.) धातु, परामर्श+दा+तृच्[3] (तृ), परामर्शदातृ= परामर्शदाता ।

शब्दार्थ- परामर्श दिने, सम्मति दिने, सल्लाह दिने ।

परायणः (वि.) परमयनं यस्य *(मुख्य मार्ग छ जसको)* पर+अयन, व.स., दीर्घ, णत्व= परायण ।

शब्दार्थ- कुनै कुरामा एकत्व भई लागिपरेको, तल्लीन ।

परायणता (ना./स्त्री.) परायणस्य भावः *(तल्लीन हुनाको भाव वा अवस्था)* परायण+तल् (त)+टाप् (आ) =परायणता । **शब्दार्थ-** एकाग्रता, तल्लीनता ।

परार्थः (ना./पुं.) परेषामर्थः प्रयोजनम् *(अरूको प्रयोजन)* ष.त.स. अथवा परेभ्यः अर्थः प्रयोजनम् *(अर्काको लागि प्रयोजन)* पर+अर्थ, च.त.स., दीर्घ= परार्थ ।

शब्दार्थ- अरूको प्रयोजन, अरूको लागि उपकार गर्ने काम, अर्काको हितको लागि सेवा ।

परार्धः (ना./पुं.) परश्चासौ अर्धश्च *(पछिल्लो आधा)* क.त.स., दीर्घ= परार्ध ।

शब्दार्थ- पछिल्लो आधाभाग, एकमा सत्रवटा शून्य थप्ता हुने सङ्ख्या ।

परावर्तः (ना./पुं.) परावृत्यते, परावर्तते इति वा *(फर्किन्छ, फर्कन्छ)* परापूर्वक वृतु वर्तने (भ्वा.) धातु, परा+वृत्+घञ् (अ), गुण= परावर्त ।

शब्दार्थ- प्रत्यावर्तन, अदलवदल, विनिमय, पुनः प्राप्ति ।

परावर्तकः (वि.) परावर्तते इति *(फर्कन्छ)* परापूर्वक वृतु वर्तने (भ्वा.) धातु, परा+वृत्+ण्वुल् (अक), गुण =परावर्तक ।

शब्दार्थ-परावर्तन गर्ने, फर्काउने, अदलवदल गर्ने, फर्कने ।

परावर्तनम् (ना./न.) परावर्तनम्, परावृत्यते इति वा *(फर्किन्छ)* परापूर्वक वृतु वर्तने (भ्वा.) धातु, परा+ वृत्+ल्युट् (अन), गुण= परावर्तन ।

शब्दार्थ- प्रत्यावर्तन, अदलवदल, प्रकाश फर्कने काम ।

परावर्तितः (वि.) परावर्त्यते स्म इति *(फर्काइएको)* परापूर्वक वृतु वर्तने (भ्वा.) धातु, परा+वृत्+णिचि, वृद्धि, गुण, परावर्ति+क्त (त), णिलोप, इडागम =परावर्तित ।

शब्दार्थ- परावर्तन गरिएको, प्रत्यावर्तित, प्रकाश फर्केर प्रत्यावर्तन भएको ।

परावृत्तः (वि.) परावृत्यते स्म इति *(फर्किएको)* परापूर्वक वृतु वर्तने (भ्वा.) धातु, परा+वृत्+क्त (त)= परावृत्त ।

शब्दार्थ-फेरिएको, परावर्तन भएको, वदलिएको, फर्काइएको ।

परावृत्तिः (ना./स्त्री.) परावृत्यते इति *(फर्किन्छ)* परापूर्वक वृतु वर्तने (भ्वा.) धातु, परा+वृत्+क्तिन् (ति) =परावृत्ति ।

शब्दार्थ- फेरबदल गर्ने काम, परावर्तन, बदल्ने काम, फर्केर आउने काम ।

पराशरः (ना./पुं.) परान् आशृणातीति *(अरूलाई आश्रय दिन्छन् वा शत्रुलाई सताउँछन्)* पर उपपदमा हुने आङ्पूर्वक शृ हिंसायाम् (क्र्या.) धातु, पर+आ+शृ+ अप् (अ)/अच् (पचादि), गुण, दीर्घ= पराशर । अथवा परान् आशास्ते इति *(अरूलाई शिक्षा दिन्छन्)* शासु अनुशिष्टौ (अदा.) धातु, पर+आ+शास् +डरन् (अर), वहुलप्रकारले, टिलोप, दीर्घ= पराशर ।

शब्दार्थ- कृष्णद्वैपायन व्यासका पिता, एक गोत्रप्रवर्तक ऋषि, स्मृतिकार, वसिष्ठका नाति, अदृश्यन्तीको गर्भवाट उत्पन्न शक्तिका पुत्र, अतिप्रसिद्ध एक ऋषि- म.भा.(आ.प.१७७, १/३)

पराशरात्मजः (ना./पुं.) पराशरस्य आत्मजः पुत्रः *(पराशर ऋषिका पुत्र)* ष.त.स., दीर्घ= पराशरात्मज ।

शब्दार्थ- परासरका पुत्र, व्यास, द्वैपायन, अठार पुराणका प्रणेता ।

---

[1] सुपजातौ... : णिनि

[2] ऋदोरप् : अप्

[3] ण्वुल्तृचौ : तृच्

पराश्रयः (ना./पुं.) परेषु आश्रीयते इति *(अरूमा आश्रय गरिन्छ)* पर उपपदमा हुने आङ्पूर्वक श्रिञ् सेवायाम् (भ्वा.) धातु, पर+आ+श्रि+अच् (एरच्), गुण, अयादेश = पराश्रय ।

शब्दार्थ- अरूको आश्रयमा रहने काम, अर्काको सहारा, पराधीन भएर रहने काम ।

पराश्रितः (वि.) परम् आश्रितः *(अरूमा आश्रित)* द्वि.त.स., दीर्घ= पराश्रित ।

शब्दार्थ- अरूको भरोसामा निर्भर रहेको, पराधीन, अरूमा आश्रित रहेको ।

परास्तः (वि.) परास्यते स्म इति *(हारेको)* परापूर्वक असु क्षेपणे (दिवा.)धातु, परा+अस्+क्त (त), दीर्घ= परास्त

शब्दार्थ- हारेको, परास्त भएको, पराजित भएको, फ्याँकिएको, दबाइएको, त्यागिएको, परित्यक्त ।

परि (अव्य.) पिपर्ति, पारयतीति वा *(पूरा गर्छ, दबाउँछ)* पृ पालनपूरणयोः (जुहो.) धातु, वा पृ पूरणे (चुरा.) धातु, पृ+इन् (इ), उणा., गुण= परि ।

शब्दार्थ- एक उपसर्ग, सबैतिर, ज्यादै, पूर्णत्व, परिभव, तिरस्कार

परिकथा (ना./स्त्री.) परितः कथा *(मूल कथाभित्रको अर्को कथा)* प्रा.त.स.= परिकथा ।

शब्दार्थ- मूल कथाभित्रको अर्को छोटो एक कथा, उपकथा, एउटा कथा अन्तर्गत आउने अर्को कथा

परिकरः (ना./पुं.) परिकीर्यते इति *(एकत्रित गरिन्छ वा प्रयास गरिन्छ)* परिपूर्वक कॄ विक्षेपे (तुदा.) धातु, परि+कॄ+अप्[1]/घ[2] (अ), गुण= परिकर ।

भवेत् परिकरः सङ्घे पर्यङ्कपरिवारयोः ।
प्रगाढगात्रिकाबन्धे समारम्भविवेकयोः- इति मेदिनी

शब्दार्थ- समूह, प्रयास, प्रयत्न, आरम्भ, सेवक, अनुचर, वर्ग, पलङ्ग, परिवार, कमरबन्ध, कमरपेटी, पटुका

परिकल्पना (ना./स्त्री.) परिकल्प्यते इति *(कल्पना गरिन्छ वा अड्कल काटिन्छ)* परिपूर्वक कृपू सामर्थ्ये (भ्वा.) धातु,परि+कृप्+णिचि+युच् (अन),गुण, परिकल्पनम् । परिकल्पन+टाप् (आ)= परिकल्पना ।

शब्दार्थ- पछि हुने कुराको अड्कल काट्ने काम, कल्पना, बनावट, रचना, आविष्कार, संरचना ।

परिकल्पितः (वि.) परिकल्प्यते स्म इति *(कल्पना गरिएको)* परिपूर्वक कृपू सामर्थ्ये (भ्वा.) धातु, परि+कृप्+णिचि, गुण, रेफको लत्व, परिकल्पि+क्त (त), इडागम, णिलोप= परिकल्पित ।

शब्दार्थ- परिकल्पना गरिएको, संरचना गरिएको, निर्मित, विरचित, निश्चित ।

परिकारः (ना./पुं.) परिक्रियते, परिकीर्यते इति वा *(परिकार बनाइन्छ वा प्रकार देखाइन्छ)* परिपूर्वक डुकृञ् करणे (तना.) वा कॄ विक्षेपे (तुदा.) धातु, परि+कृ/कॄ+घञ् (अ), वृद्धि= परिकार ।

शब्दार्थ- प्रकार, किसिम, व्यञ्जनको प्रकार, खानेकुराका किसिम, खानेकुराको विविधता ।

परिक्रमः/परिक्रमा (ना./पुं./स्त्री.) परिक्रम्यते इति *(घुमफिर वा परिक्रमा गरिन्छ)* परिपूर्वक क्रमु पादविक्षेपे (भ्वा.) धातु, परि+क्रम्+घञ् (अ)=परिक्रम । परिक्रम+टाप् (आ), वृद्धिनिषेध= परिक्रमा ।

शब्दार्थ- यताउति घुम्ने काम, भ्रमण, प्रदक्षिणा, वरिपरि घुम्ने काम, परिभ्रमण, क्रम वा सिलसिला ।

परिक्रमणम् (ना./न.) परिक्रम्यते इति *(घुमफिर गरिन्छ)* परिपूर्वक क्रमु पादविक्षेपे (भ्वा.) धातु, परि+क्रम्+ ल्युट् (अन), णत्व= परिक्रमण ।

शब्दार्थ- परिक्रमण, घुम्ने काम, परिक्रमा, टहल्ने क्रिया ।

परिक्षित्/परीक्षित् (ना./पुं.) परितः सर्वतः क्षीयते हन्यते दुष्कृतम् येन सः *(जसले खराब कुरालाई नाश गरेको छ)* परिपूर्वक क्षि क्षये (भ्वा.) धातु, परि+क्षि+क्विप्, तुक्, क्विप्को सर्वलोप= परिक्षित् । उपसर्गको दीर्घ= परीक्षित् ।

शब्दार्थ- अभिमन्युका पुत्र राजा परिक्षित्, श्रीमद्भागवद् कथा श्रवणबाट मुक्त भई मोक्ष हुने एक राजा ।

परिक्षीणः (वि.) परिक्षयति स्म इति *(क्षीण भएको)* परिपूर्वक क्षि क्षये (भ्वा.) धातु, परि+क्षि+क्त (त), कर्तामा, निष्ठा तको न, दीर्घ, णत्व= परिक्षीण ।

शब्दार्थ- क्षीण भएको, खिएको, दुब्लाएको ।

परिगणनम् (ना./न.) परिगण्यते इति *(गणना गरिन्छ)* परिपूर्वक गण सङ्ख्याने (चुरा.) धातु, परि+गण्+ल्युट् (अन), णत्व= परिगणन ।

शब्दार्थ- गन्ने काम, गणना वा हिसाब गर्ने काम ।

परिगणना (ना./स्त्री.) परिगण्यते इति *(गणना गरिन्छ)* परिपूर्वक गण सङ्ख्याने (चुरा.) धातु, परि+गण्+णिचि+युच्[3] (अन), णिलोप, णत्व, परिगणन+टाप् (आ)= परिगणना ।

शब्दार्थ- लेखा गर्ने काम, हिसाब वा गणना गर्ने काम ।

परिगणनीयः (वि.) परिगण्यते, परिगणितुं योग्यः वा *(गणना गरिन्छ वा गणना गर्न योग्य)* परिपूर्वक गण सङ्ख्याने (चुरा.) धातु, परि+गण्+अनीय (र्), णत्व =परिगणनीय ।

शब्दार्थ-गणना गर्न योग्य, गिन्ती गर्न लायक, गन्नुपर्ने ।

परिगणितः (वि.) परिगण्यते स्म इति *(गणना गरिएको)* परिपूर्वक गण सङ्ख्याने (चुरा.) धातु, परि+गण्+क्त (त), इडागम, णत्व= परिगणित ।

शब्दार्थ- गणना गरिएको, गिन्ती गरिएको, गनिएको, हिसाब गरिएको, सूचीकृत गरिएको ।

परिगृहीतः (वि.) परिगृह्यते स्म इति *(ग्रहण गरिएको)* परिपूर्वक ग्रह उपादाने (क्र्या.) धातु, परि+ग्रह+क्त (त), सम्प्रसारणबाट[4] ग्रको गृ, इडागम, दीर्घ[5]= परिगृहीत ।

शब्दार्थ- ग्रहण गरिएको, लिइएको, पाएको, उपलब्ध गरेको, पक्रिएको, समातिएको, स्वीकारिएको ।

---

[1] ॠदोरप् : अप्   [2] पुंसि संज्ञायां घः...: घ   [3] ण्यासश्रन्थो... : युच्   [4] ग्रहिज्या... : सम्प्रसारण   [5] ग्रहोऽलिटि... : दीर्घ

परिगृहीता (ना./स्त्री.) परिगृह्यते स्म असौ *(ग्रहण गरिएकी यो)* परिपूर्वक ग्रह उपादाने (क्र्या.) धातु, परि+ग्रह्+क्त (त), सम्प्रसारणबाट ग्रको गृ, इडागम, दीर्घ, परिगृहीतः । परिगृहीत+टाप् (आ)=परिगृहीता ।

शब्दार्थ- विधिपूर्वक पाणिग्रहण गरिएकी स्त्री, विवाहिता पत्नी, विवाह भएकी नारी ।

परिग्रहः (ना./पुं.) परिगृह्यते इति *(ग्रहण गरिन्छ)* परिपूर्वक ग्रह उपादाने (क्र्या.) धातु, परि+ग्रह+अप्[1] (अ)= परिग्रह ।

परिग्रहः परिजने पत्न्यां स्वीकारमूलयोः- इति मेदिनी

शब्दार्थ- लिने वा ग्रहण गर्ने काम, पक्रने काम, स्वीकृति, प्राप्ति, विवाह, स्वीकार, परिजन ।

परिग्रहणम् (ना./न.) परिगृह्यते अनेन *(ग्रहण गरिन्छ यसबाट)* परिपूर्वक ग्रह उपादाने (क्र्या.) धातु, परि+ग्रह्+ल्युट्[2] (अन), णत्व= परिग्रहण ।

शब्दार्थ- लिने वा ग्रहण गर्ने कार्य, स्वीकार गर्ने क्रिया, स्वीकृति, प्राप्ति, धारण गर्ने काम ।

परिघोषः (ना./पुं.) परिघुष्यते इति *(हल्ला वा शब्द गर्नु)* परिपूर्वक घुषिर् विशब्दने (चुरा.) धातु, परि+घुष्+घञ् (अ), गुण= परिघोष ।

शब्दार्थ- होहल्ला, खलबल, कोलाहल, निर्घोष, नाद, निनाद, मेघगर्जन, ठूलो आवाज ।

परिचयः (ना./पुं.) परिचीयते इति *(परिचय वा जम्मा गरिन्छ)* परिपूर्वक चिञ् चयने (स्वा.) धातु, परि+चि+अच् (एरच्), गुण, अयादश= परिचय ।

शब्दार्थ- चिनारी गराउने काम, जानकारी, पहिचान, चिनाजानी, सबैतिरबाट जम्मा गर्ने क्रिया ।

परिचयपत्रम् (ना./न.) परिचयाय पत्रम् *(परिचय गराउनका लागि लेखिएको पत्र)* च.त.स.= परिचयपत्र ।

शब्दार्थ- कुनै व्यक्ति वा संस्थालाई जानकारी दिन वा चिनारी गराउन लेखिएको पत्र ।

परिचयात्मकः (वि.) परिचयः आत्मा यस्य *(परिचय नै मुख्य छ यसको)* परिचय+आत्मन्, ब.स., दीर्घ, परिचयात्मन्+कप् (समासान्त),नलोप=परिचयात्मक ।

शब्दार्थ- कुनै व्यक्ति वा वस्तुको चिनारी गराउने वा परिचय दिने ।

परिचरः (ना./पुं.) परितश्चरतीति *(चारैतिर रखबारी गर्छ)* परिपूर्वक चर गतिभक्षणयोः (भ्वा.) धातु, परि+चर्+अच् (पचादि)= परिचर ।

शब्दार्थ- सेवक, नोकर, रोगीको सेवा गर्ने व्यक्ति, अङ्गरक्षक ।

परिचर्चा (ना./स्त्री.) परितः चर्च्यते *(सर्वत्र चर्चा गरिन्छ)* परिपूर्वक चर्च अध्ययने (चुरा.) वा चर्च परिभाषणहिंसातर्जनेषु (भ्वा.) धातु, परि+चर्च्+अङ्[3] (अ), परिचर्च+टाप् (आ)= परिचर्चा ।

शब्दार्थ- कुनै विषयमा छलफल, कुनै कुराको विभिन्न पक्षमा छलफल, चर्चा वा अध्ययन हुने काम, विवेचना वा विश्लेषण गर्ने काम ।

परिचर्या (ना./स्त्री.) परिचरणम्, परितः चर्यते इति वा *(सेवा गरिन्छ)* परिपूर्वक चर गतिभक्षणयोः (भ्वा.) वा चर संशये (चुरा.) धातु, परि+चर्+श[4] (अ)+यक् (य), निपातन, परिचर्य+टाप् (आ)= परिचर्या ।

शुश्रूषा परिचर्या प्युपासना- इत्यमरः

शब्दार्थ- सेवा, शुश्रूषा, उपासना, पूजा, आराधना ।

परिचायकः (वि.) परिचाय्यते इति *(परिचय गराइन्छ)* परिपूर्वक चिञ् चयने (स्वा.) धातु, परि+चि+णिचि+ण्वुल्[5] (अक), वृद्धि, अयादेश, णिलोप= परिचायक ।

शब्दार्थ- कसैको परिचय वा चिनारी गराउने, कसैलाई चिनाउने, कसैको बारेमा जानकारी गराउने ।

परिचारकः (ना./पुं.) परितः चरतीति *(चारैतिर हेरविचार गर्छ)* परिपूर्वक चर गतिभक्षणयोः (भ्वा.) धातु, परि+चर्+ण्वुल्[5] (अक), वृद्धि= परिचारक ।

शब्दार्थ- सेवक, सेवा गर्ने मानिस, बिरामीको सेवा शुश्रूषा गर्ने व्यक्ति, परिचर, भृत्य, दास, नोकर ।

परिचारिका (ना./स्त्री.) परितः चरति असौ *(चारैतिर हेरविचार गर्छे यो)* परिपूर्वक चर गतिभक्षणयोः (भ्वा.) धातु, परि+चर्+ण्वुल् (अक), वृद्धि, परिचारक । परिचारक+टाप् (आ)= परिचारिका ।

शब्दार्थ- सेविका, अस्पतालमा रोगीहरूको सेवा शुश्रूषा गर्ने स्वास्नीमान्छे, नर्स ।

परिचालकः (वि.) परिचालयतीति *(परिचालन गर्छ)* परिपूर्वक चल कम्पने (भ्वा.) धातु, परि+चल्+णिचि+ण्वुल् (अक), वृद्धि, णिलोप= परिचालक ।

शब्दार्थ- कुनै कार्यको परिचालन गर्ने, कार्य-सञ्चालनको व्यवस्था मिलाउने, व्यवस्थापक वा सञ्चालक, यताउति घुमाउने ।

परिचालनम् (ना./न.) परिचाल्यते इति *(परिचालन गरिन्छ)* परिपूर्वक चल कम्पने (भ्वा.) धातु, परि+चल्+णिचि, वृद्धि,परिचालि+ल्युट् (अन), णिलोप =परिचालन ।

शब्दार्थ- सञ्चालन, कुनै कुराको व्यवस्थापन वा प्रबन्ध, हल्लाउने वा यताउति घुमाउने क्रिया, प्रकम्पन ।

परिचालितः (वि.) परिचाल्यते स्म इति *(परिचालन गरिएको)* परिपूर्वक चल कम्पने (भ्वा.) धातु, परि+चल्+णिचि, वृद्धि, परिचालि+क्त (त), इडागम, णिलोप = परिचालित ।

शब्दार्थ- सञ्चालित, यताउति घुमाइएको, हल्लाइएको, परिचालन गरिएको ।

---

[1] ग्रहवृदृनिश्चिगमश्च : अप्

[4] परिचर्यापरिसर्या... : श (प्रत्यय), यक्निपातन

[2] करणाधिकरण... : ल्युट्

[3] चिन्तिपूजिकथि... : अङ्

[5] ण्वुल्तृचौ : ण्वुल्

परिचितः (वि.) परिचीयते स्म इति *(परिचय वा जम्मा गरिएको)* परिपूर्वक चिञ् चयने (स्वा.) धातु, परि+चि+क्त (त)= परिचित ।

शब्दार्थ- चिनेजानेको,पहिचानिएको, सुपरिचित, सञ्चय गरिएको, थाहा पाएको, विदित, ज्ञात ।

परिच्छेदः (ना./पुं.) परिच्छिद्यते इति *(छुट्टयाइन्छ)* परिपूर्वक छिदिर् द्वैधीकरणे (रुधा.) धातु, परि+छिद्+घञ् (अ), गुण, परिछेद, तुगागम[1], श्चुत्व= परिच्छेद ।

शब्दार्थ- विभाजन, खण्ड खण्डमा विभाजन गर्ने काम, कुनै ग्रन्थको भाग, अध्याय, खण्ड, प्रकरण, सर्ग, टुक्रयाउने काम ।

परिच्छेद्यः (वि.) परिच्छिद्यते, परिच्छेत्तुं योग्यः वा *(विभाजन गर्न योग्य)* परिपूर्वक छिदिर् द्वैधीकरणे (रुधा.) धातु, परि+छिद्+ण्यत्[2] (य), गुण, तुगागम, श्चुत्व= परिच्छेद्य ।

शब्दार्थ- विभाजन गर्न लायक, छुट्टयाउन योग्य, नाप-तौल गर्न योग्य, परिमेय, मापन गर्न लायक, विभाज्य ।

परिजनः (ना./पुं.) परिगतः जनः *(परिजनले परिपूर्ण)* प्रा.त.स.= परिजन ।

शब्दार्थ- जहान-परिवार, अनुचर, आश्रितजन, सेवक, पोष्यवर्ग ।

उदा. **होलान् धेरै परिजन त्यहाँ स्नेहले नम्रताले- भृ.ख.का. ५/४२**

परिणतः (वि.) परिणमति स्म इति *(झुकेको)* परिपूर्वक णम प्रहत्वे शब्दे च (भ्वा.) धातु, परि+नम्+क्त[3] (त), कर्तामा, अनुनासिक नलोप, णत्व= परिणत ।

शब्दार्थ- हरतरहवाट झुकेको, नुहेको, विनीत, रूपान्तर भएको, रूपान्तरित, परिपक्व, छिपुवा, पाको, परिणाममा पुगेको ।

परिणतिः (ना./स्त्री.) परिणम्यते इति *(नुहुनु, नतिजा निस्कनु)* परिपूर्वक णम प्रहत्वे शब्दे च (भ्वा.) धातु, परि+नम्+क्तिन् (ति), नलोप, णत्व= परिणति ।

शब्दार्थ- झुक्ने काम, नुहुने क्रिया, झुकाउ, विनम्रता, परिपक्वता, रूप बदलिने काम, रूपान्तरित्व, परिणाम, नतिजा, अवसान, पूर्णता, समाप्ति ।

उदा. **परिणतिमा परलोकलाई शान्ति- आ.रा.४/८**

परिणद्धः (वि.) परिणह्यते स्म इति *(बाँधिएको)* परिपूर्वक णह बन्धने (दिवा.)धातु, परि+नह्+क्त (त), तको ध[4], हको पूर्वसवर्ण घ, जश्त्व, णत्व= परिणद्ध ।

शब्दार्थ- बाँधिएको, बद्ध, चौडा, विशाल, विस्तृत ।

परिणयः (ना./पुं.) परिणीयते, परिणमनमिति वा *(परिणय गरिन्छ)* परिपूर्वक णीञ् प्रापणे (भ्वा.) धातु, परि+नी+अच् (एरच्), गुण, अयादेश, णत्व= परिणय ।

विवाहोपयमौ समौ । तथा परिणयोद्वाहः- इत्यमरः

शब्दार्थ- विवाह, उद्वाह, विहे, विहे गर्ने काम, उपयम ।

परिणामः (ना./पुं.) परिणमनम्, परिणम्यते इति *(विकृत हुनु, नतिजा प्राप्त हुनु)* परिपूर्वक णम प्रहत्वे शब्दे च (भ्वा.) धातु, परि+नम्+घञ् (अ),वृद्धि, णत्व=परिणाम ।

परिणामो विकारो द्वे समे विकृतिविक्रिये- इत्यमरः

शब्दार्थ- अन्तिम फल, नतिजा, परिवर्तन, रूपान्तरण, पच्ने काम, समापन, समाप्ति, विकृति, विकार ।

परिणामदर्शी (वि.) परिणामं द्रष्टुं शीलमस्येति *(परिणाम देख्न सक्ने शील छ यसको)* परिणाम उपपदमा हुने दृशिर् प्रेक्षणे (भ्वा.) धातु, परिणाम+दृश्+णिनि (इन्), गुण, परिणामदर्शिन्= परिणामदर्शी ।

शब्दार्थ- पछि हुने कुरा पहिले नै जान्ने वा देख्ने, भविष्यद्रष्टा, दूरदर्शी, परिणाम विचार गरेर काम गर्ने ।

परिणीतः (वि.) परिणीयते स्म इति *(परिणय वा विवाह भएको)* परिपूर्वक णीञ् प्रापणे (भ्वा.) धातु, परि+नी+क्त (त), कर्तामा, णत्व= परिणीत ।

शब्दार्थ- विवाह भएको, विवाहित, विहे गरिसकेको, समाप्त भएको, परिपूर्ण ।

परिणीता (ना./स्त्री.) परिणीयते स्म या *(विवाह गरिएकी छ जो)* परिपूर्वक णीञ् प्रापणे (भ्वा.) धातु, परि+नी+क्त[3] (त), णत्व, परिणीत+टाप् (आ)= परिणीता ।

शब्दार्थ- विवाह गरेकी स्त्री, विवाहिता आइमाई, विहे भइसकेकी नारी, परिणीता स्त्री ।

परिणेया (वि./स्त्री.) परिणेतुं योग्या, परिणीयते इति वा *(विवाह गर्न योग्य वा विवाह गरिन्छे)* परिपूर्वक णीञ् प्रापणे (भ्वा.) धातु, परि+नी+यत्[5] (य), गुण, णत्व, परिणेयः । परिणेय+टाप् (आ)= परिणेया ।

शब्दार्थ- विवाह गर्नुपर्ने (स्त्री), विहे गर्न लायक भएकी, परिणय गर्न योग्य (युवती) ।

परितः (अव्य.) परस्मात् सर्वतः इति *(सबैतिरबाट)* परि+तसिल्[6] (तस्), रुत्व, विसर्ग= परितः ।

शब्दार्थ- सबैतिरवाट, चारैतिरवाट, सर्वत्रवाट ।

परितप्तः (वि.) परितप्यते इति *(ज्यादै तातेको)* परिपूर्वक तप सन्तापे (भ्वा.) धातु, परि+तप्+क्त (त)=परितप्त ।

शब्दार्थ- ज्यादै तातेको, सन्तप्त, ज्यादै खिन्न वा दुःखित, सन्तापयुक्त, ज्यादै पिरोलिएको ।

परितापः (ना./पुं.) परितः सर्वतः तप्यते अनेन *(सर्वत्र पीडा दिन्छ यसले)* परिपूर्वक तप सन्तापे (भ्वा.) धातु, परि+तप्+घञ् (अ), वृद्धि= परिताप ।

शब्दार्थ- सन्ताप, ज्यादै पीर, शोक, चिन्ता, दुःख, पीडा, वेदना, पछुतो, ज्यादै ताप वा गर्मी, पिरोलिने काम,

परितुष्टः (वि.) परितुष्यते स्म इति *(सन्तुष्ट भएको)* परिपूर्वक तुष तुष्टौ वा प्रीतौ (दिवा.) धातु, परि+तुष्+क्त (त), ष्टुत्व= परितुष्ट ।

शब्दार्थ- ज्यादै सन्तुष्ट, अतिप्रसन्न, खुस भएको, सन्तृप्त, ज्यादै हर्षित, आह्लादित, प्रफुल्लित ।

---

[1] छे च : तुगागम
[2] ऋहलोर्ण्यत् : ण्यत्
[3] गत्यर्थाकमर्क...: क्त
[4] झषस्तथो.. : तको ध
[5] अचो यत् : यत्
[6] पर्यभिभ्याञ्च : तसिल्

परितुष्टिः (ना./स्त्री.) परितुष्यते इति *(सन्तुष्ट हुनु)* परिपूर्वक तुष तुष्टौ (प्रीतौ) (दिवा.) धातु, परि+तुष्+क्तिन् (ति), ष्टुत्व= परितुष्टि ।

शब्दार्थ- सन्तोष, खुसी, आनन्द, आह्लाद, परितृप्ति, प्रसन्नता, परितोष ।

परितृप्तः (वि.) परितृप्यते स्म इति *(तृप्त भएको)* परिपूर्वक तृप प्रीडने (दिवा.) वा तृप तृप्तौ (तुदा./चुरा.) धातु, परि+तृप्+क्त (त)= परितृप्त ।

शब्दार्थ- परितुष्ट, ज्यादै सन्तुष्ट, पूर्णरूपले अघाएको, तृप्त भएको ।

परितृप्तिः (ना./स्त्री.) परितृप्यते इति *(तृप्त हुनु)* परिपूर्वक तृप तृप्तौ (दिवा./चुरा.) धातु, परि+तृप्+क्तिन् (ति)= परितृप्ति ।

शब्दार्थ-सन्तुष्टि, तृप्तता, प्रसन्नता, प्रफुल्लता, सन्तोष ।

परितोषः (ना./पुं.) परितोषणम्, परितुष्यते इति वा *(सन्तुष्ट हुनु)* परिपूर्वक तुष तुष्टौ (प्रीतौ) (दिवा.) धातु, परि+तुष्+घञ् (अ), गुण= परितोष ।

शब्दार्थ- सन्तृप्ति, पूर्ण आनन्द, आह्लाद, हर्ष, पूर्ण सन्तुष्टि ।

परितोषणम् (ना./न.) परितुष्यते इति *(तृप्त हुनु)* परिपूर्वक तुष तुष्टौ (प्रीतौ) (दिवा.) धातु, परि+तुष्+ल्युट् (अन), गुण, णत्व= परितोषण ।

शब्दार्थ- परितृप्ति, सन्तुष्टि, खुसी गराउने काम ।

परित्यक्तः (वि.) परित्यज्यते स्म इति *(पूरै त्यागिएको)* परिपूर्वक त्यज हानौ (भ्वा.) धातु, परि+त्यज्+क्त (त), कुत्व= परित्यक्त ।

शब्दार्थ-पूरै त्यागिएको, छोडिएको, परित्याग गरिएको, उत्सृष्ट ।

परित्यक्ता (वि./स्त्री.) परित्यज्यते स्म या *(परित्याग गरिएकी छे जो)* परिपूर्वक त्यज हानौ (भ्वा.) धातु, परि+त्यज्+क्त (त), कुत्व, परित्यक्त । परित्यक्त+टाप् (आ)= परित्यक्ता ।

शब्दार्थ- सर्वथा त्यागिएकी, पूर्णतः छाडिएकी, परित्याग गरिएकी ।

परित्यागः (ना./पुं.) परित्यजनम्, परित्यज्यते इति वा *(परित्याग गरिन्छ)* परिपूर्वक त्यज हानौ (भ्वा.) धातु, परि+त्यज्+घञ् (अ), वृद्धि, कुत्व= परित्याग ।

शब्दार्थ- त्याग्ने क्रिया, छोड्ने काम, उत्सर्ग, सम्बन्ध-विच्छेद, परिवर्जन ।

परित्यागी (वि.) परित्यागः अस्यास्तीति *(त्याग छ यसको)* परित्याग+इनि[1] (इन्), अकारलोप, परित्यागिन्=परित्यागी । अथवा परित्यजतीति *(परित्याग गर्छ)* परिपूर्वक त्यज हानौ (भ्वा.) धातु, परि+त्यज्+णिनि[2] (इन्), वृद्धि, परित्यागिन्= परित्यागी ।

शब्दार्थ- परित्याग गर्ने, पूर्णतः छोडिदिने, त्याग्ने, त्यागी ।

परित्याज्यः (वि.) परित्यज्यते, परित्यक्तुं योग्यः वा *(त्याग गरिन्छ वा त्याग गर्न योग्य)* परिपूर्वक त्यज हानौ (भ्वा.) धातु, परि+त्यज्+ण्यत् (य), वृद्धि= परित्याज्य ।

शब्दार्थ- परित्याग गर्ने लायक, सर्वथा त्याग गर्न योग्य, छाड्न उचित ।

परित्राणम् (ना./न.) परित्रायते इति *(रक्षा गरिन्छ)* परिपूर्वक त्रैङ् पालने (भ्वा.) धातु, आत्व, परि+त्रा+ल्युट् (अन), णत्व= परित्राण ।

शब्दार्थ- रक्षा गर्ने काम, बचावट, आश्रय, संरक्षण, बचाउ, आरक्षण, सहारा, मार्न लागेकोबाट छुटाउने क्रिया ।

परित्रातः (वि.) परित्रायते स्म इति *(रक्षा गरिएको)* परिपूर्वक त्रैङ् पालने (भ्वा.) धातु, परि+त्रा+क्त (त) =परित्रात ।

शब्दार्थ- सबैतिरबाट सुरक्षा गरिएको, संरक्षण गरिएको, सुरक्षित, राम्ररी जोगाइएको ।

परित्राता (वि.) परित्रायते इति *(रक्षा गर्छ)* परिपूर्वक त्रैङ् पालने (भ्वा.) धातु, परि+त्रा+तृच्[3] (तृ), परित्रातृ =परित्राता ।

शब्दार्थ- रक्षा गर्ने, संरक्षक, सुरक्षा गर्ने, जोगाएर राख्ने ।

परिधानम् (ना./न.) परिधीयते यत् *(पहिरिन्छ जो)* परिपूर्वक डुधाञ् धारणपोषणयोः (जुहो.) धातु, परि+धा+ल्युट् (अन)= परिधान ।

शब्दार्थ- वस्त्र पहिरने वा धारण गर्ने काम, वस्त्र परिधान, कपडा लगाउने काम, चारैतिरबाट घेर्ने काम, आवृत्त गर्ने काम ।

परिधानीयः (वि./ना./न.) परिधीयते, परिधातुं योग्यमिति वा *(वस्त्र पहिरिन्छ वा पहिरन लायक)* परिपूर्वक डुधाञ् धारणपोषणयोः (जुहो.) धातु, परि+धा+अनीय (र्)= परिधानीय ।

शब्दार्थ- पहिरन लायक, लगाउन योग्य, कम्मरभन्दा मुनि लगाउने कपडा ।

परिधिः (ना./पुं.) परितः धीयते अनेन *(सबैतिरबाट घेरिन्छ)* परिपूर्वक डुधाञ् धारणपोषणयोः (जुहो.) धातु, परि+धा+कि (इ)= परिधि ।

परिवेशस्तु परिधिरुपसूर्यकमण्डले- इत्यमरः

शब्दार्थ- हाता, घेरो, सूर्यमण्डल वरिपरि देखिने घेरो, क्षितिज, चारैतिर घेरिएको बार वा घेरो, परिवेश ।

परिधेयः (वि.) परिधातुं योग्यः *(लगाउन लायक)* परि+धा+यत्[4] (य), धाको ईत्व[5], गुण= परिधेय ।

शब्दार्थ- पहिरन लायक, लगाउन योग्य, पहिरन उचित ।

परिनिर्वाणः (ना./पुं.) परिगतः निर्वाणः *(निर्वाण प्राप्त भएको)* प्रा.त.स.[6]= परिनिर्वाण ।

शब्दार्थ- पूर्ण निर्वाण, मुक्ति, मोक्ष ।

---

१. अत इनिठनौ : इनि
२. सुप्यजातौ... : णिनि
३. ण्वुल्तृचौ : तृच्
४. अचो यत् : यत्
५. ईद्यति : ईत्व
६. प्रादयो गताद्यर्थे... : प्रा.त.स.

परिपक्वः (वि.) परिपच्यते स्म इति *(पाकेको, परिपक्व भएको)* परिपूर्वक डुपचष् पाके (भ्वा.) धातु, परि+पच्+क्त (त), निष्ठा तको व[1], कुत्व=परिपक्व ।

शब्दार्थ- राम्ररी पाकेको, ज्यादै अनुभवी, व्यवहारमा खारिएको वा निपुण, चतुर, भुक्तभोगी ।

परिपक्वता (ना./स्त्री.) परिपक्वस्य भावः *(परिपक्व हुनाको भाव वा अवस्था)* परिपक्व+तल् (त)+टाप् (आ) =परिपक्वता ।

शब्दार्थ- परिपक्व भएको अवस्था, निपुणता, व्यवहारमा चतुऱ्याइं वा निपुणता ।

परिपत्रम् (ना./न.) परिगतं पत्रम् *(सबैतिर गएको पत्र)* प्रा.त.स.= परिपत्र ।

शब्दार्थ- कुनै सूचना, जानकारी आदि विभिन्न निकाय वा स्थानमा पठाइने पत्र ।

परिपाकः/परीपाकः (ना./पुं.) परिपच्यते इति *(पकाइन्छ)* परिपूर्वक डुपचष् पाके (भ्वा.) धातु, परि+पच्+घञ् (अ), वृद्धि, कुत्व, उपसर्गको दीर्घ (विकल्पले)=परीपाक । दीर्घको अभावमा= परिपाक ।

शब्दार्थ- राम्ररी पकाउने काम, प्रौढता, पूर्ण विकसित अवस्था, निपुणता, पच्ने क्रिया ।

परिपाटिः/परिपाटी (ना./स्त्री.) परिपाटचते इति *(क्रम मिलाइन्छ)* परिपूर्वक पट गतौ (भ्वा.) वा पट भाषार्थे (चुरा.) धातु, परि+पट्+णिचि, वृद्धि, परिपाटि+इ[2] (उणा.)+ङीष् (ई), णिलोप= परिपाटी । ङीष्को अभावमा= परिपाटि ।

शब्दार्थ- क्रम, अनुक्रम, सिलसिला, रीति, तरिका, ढङ्ग, प्रणाली, पद्धति, शैली ।

परिपाठः (ना./पुं.) परिपाठचते इति *(परिपाठ मिलाइन्छ)* परिपूर्वक पठ व्यक्तायां वाचि (भ्वा.) धातु, परि+पठ् +घञ् (अ), वृद्धि= परिपाठ ।

शब्दार्थ- कुरा मिलाएर उल्लेख गर्ने काम, चाँजोपाँजो मिलाउने काम, व्यावहारिक सीप वा दक्षता ।

परिपालकः (ना./पुं.) परिपालयतीति *(पालना गर्छ)* परिपूर्वक पाल रक्षणे (चुरा.) धातु, परि+पाल्+णिचि+ ण्वुल्[3] (अक), वृद्धि, णिलोप= परिपालक ।

शब्दार्थ- राम्रोसित भरणपोषण गर्ने व्यक्ति, संरक्षक, अभिभावक, पालनपोषण गर्ने मानिस ।

परिपालनम् (ना./न.)परिपाल्यते इति *(परिपालना गरिन्छ)* परिपूर्वक पाल रक्षणे (चुरा.) धातु, परि+ पाल्+णिचि +ल्युट् (अन), णिलोप= परिपालन ।

शब्दार्थ- राम्ररी भरणपोषण गर्ने काम, संरक्षण, पालनपोषण ।

परिपालना (ना./स्त्री.) परिपाल्यते इति *(पालना गरिन्छ)* परिपूर्वक पाल रक्षणे (चुरा.) धातु, परि+पाल्+णिचि +युच्[4] (अन), णिलोप, परिपालन+टाप् (आ) =परिपालना ।

शब्दार्थ- संरक्षण, परिपालन, राम्रोसित पालनपोषण गर्ने काम ।

परिपालनीयः/परिपाल्यः (वि.) परिपालितुं योग्यः *(पालना गर्न लायक)* परिपूर्वक पाल रक्षणे (चुरा.) धातु, परि+ पाल्+अनीय (र्)= परिपालनीय ।

परि+पाल्+ण्यत् (य)= परिपाल्य ।

शब्दार्थ- पालनपोषण गर्न योग्य, पालना गर्न लायक, संरक्षण गर्नुपर्ने ।

परिपालितः (वि.) परिपाल्यते स्म इति *(पालना गरिएको)* परिपूर्वक पाल रक्षणे (चुरा.) धातु, परि+पाल्+क्त (त), इडागम= परिपालित ।

शब्दार्थ- राम्ररी पालनपोषण गरिएको, संरक्षण गरिएको ।

परिपीडनम् (ना./न.) परिपीडचते इति *(पीडा दिइन्छ)* परिपूर्वक पीड अवगाहने (चुरा.) धातु, परि+पीड्+ णिचि+ल्युट्/युच् (अन), णिलोप= परिपीडन ।

शब्दार्थ- पीडा दिने काम, हानि गर्ने काम, पीडा, व्यथा ।

परिपुष्टः (वि.) परिपुष्यते स्म इति *(परिपोषण गरिएको)* परिपूर्वक पुष पुष्टौ (भ्वा./दिवा.) धातु, परि+पुष्+क्त (त), ष्टुत्व= परिपुष्ट ।

शब्दार्थ- राम्ररी परिपालन गरिएको, हृष्टपुष्ट, मोटोघाटो, राम्रोसित पोसिएको, परिपोषित ।

परिपुष्टिः (ना./स्त्री.) परिपुष्यते इति *(पोषण गरिन्छ)* परिपूर्वक पुष पुष्टौ (भ्वा./दिवा.) धातु, परि+पुष्+ क्तिन् (ति), ष्टुत्व= परिपुष्टि ।

शब्दार्थ- राम्ररी पालनपोषण गर्ने काम, परिपोषण, आफूले गरे भनेको कुरा पुष्टि गर्ने काम ।

परिपूजनम् (ना./न.) परिपूज्यते इति *(राम्ररी पूजा अर्चना गरिन्छ)* परिपूर्वक पूज पूजायाम् (चुरा.) धातु, परि+पूज्+ल्युट् (अन)= परिपूजन ।

शब्दार्थ- विधिपूर्वक पूजाआजा गर्ने कार्य, अर्चनविधि ।

परिपूजनीयः/परिपूज्यः (वि.) परिपूजितुं योग्यः, परिपूज्यते इति वा *(पुजिन्छ वा पूजा गर्न योग्य)* परिपूर्वक पूज पूजायाम् (चुरा.) धातु, परि+पूज्+ अनीय (र्) = परिपूजनीय ।

परि+पूज्+ण्यत् (य)= परिपूज्य ।

शब्दार्थ- राम्ररी पूजा गर्न योग्य, राम्रोसित पूजाअर्चना गर्न योग्य वा लायक, सम्पूज्य ।

परिपूरकः (वि.) परिपूर्यते, परिपूरयतीति वा *(राम्ररी पूरा हुन्छ)* परिपूर्वक पूरी आप्यायने (दिवा./चुरा.) धातु, परि+पूर्+ण्वुल्[3] (अक)= परिपूरक ।

शब्दार्थ- राम्ररी पूरा गर्ने, अपूर्ण कुरा पूर्ण गर्ने, सम्पूरक, अधुरो कार्य पूर्ण गर्ने ।

---

[1] १. पचो वः : निष्ठा तको व

[2] २. अच इः : इ

[3] ३. ण्वुल्तृचौ : ण्वुल्

[4] ४. ण्यासश्रन्थो : युच्

परिपूरणम् (ना./न.) परिपूर्यते इति *(पूरा गरिन्छ)* परिपूर्वक पूरि आप्यायने (दिवा./चुरा.) धातु, परि+पूर्+ल्युट् (अन), णत्व= परिपूरण ।

शब्दार्थ- पूरा गर्ने काम, परिपूर्णता, सिध्याउने काम, समाप्ति ।

परिपूरणीयः (वि.) परिपूरितुं योग्यः, परिपूर्यते इति वा *(पूरा गर्न योग्य वा पूरा गरिन्छ)* परिपूर्वक पूरि आप्यायने (दिवा./चुरा.) धातु, परि+पूर्+अनीय (र्), णत्व= परिपूरणीय ।

शब्दार्थ- पूरा गर्न लायक, परिपूर्ण गर्न योग्य, सिध्याउन लायक, पूरा गरिएको, परिपूर्ण पारिएको ।

परिपूरितः/परिपूर्णः (वि.)परिपूर्यते स्म इति *(पूरा गरिएको)* परिपूर्वक पूरि आप्यायने (दिवा./चुरा.) धातु, परि+ पूर्+णिचि+क्त (त), इडाभाव-निपातन, निष्ठा तको न, णिलोप, णत्व= परिपूर्ण ।

इडाभाव नभएको पक्षमा, परि+पूर्+णिचि+क्त (त), इडागम, णिलोप= परिपूरित ।

शब्दार्थ- पूरा गरिएको, परिपूर्ण गरिएको, पूर्ण गरिएको, परिपूर्ण, तृप्त पारिएको, सन्तुष्ट तुल्याइएको ।

परिपूर्णता (ना./स्त्री.) परिपूर्णस्य भावः *(परिपूर्ण हुनाको भाव वा अवस्था)* परिपूर्ण+तल् (त)+टाप् (आ) =परिपूर्णता ।

शब्दार्थ- सम्पूर्णता, परिपूर्णता, परिपूर्ण हुनाको स्थिति ।

परिपूर्तिः (ना./स्त्री.) परिपूर्यते इति *(पूरा गरिन्छ)* परिपूर्वक पूरि आप्यायने (दिवा./चुरा.) धातु, परि+पूर्+क्तिन् (ति)= परिपूर्ति ।

शब्दार्थ- सम्पूर्ति, आपूर्ति, राम्ररी पूर्ति हुने काम, क्षतिपूर्ति दिने कार्य, भरिभराउ ।

परिप्रश्नः (ना./पुं.) प्रच्छनमिति *(सोध्ने काम गरिन्छ)* परिपूर्वक प्रच्छ ज्ञीप्सायाम् (तुदा.) धातु, परि+प्रच्छ्+नङ्[1] (न), छको श[2]= परिप्रश्न ।

शब्दार्थ- प्रश्न सोध्ने काम, जिज्ञासा, उचित वा अनुचित कुरा सोध्ने काम ।

परिप्रेक्ष्यः (वि./ना./न.) परिप्रेक्षितुं योग्यः *(हेर्न लायक)* परि प्र उपसर्गद्वयपूर्वक ईक्ष दर्शने (भ्वा.) धातु, परि+प्र+ईक्ष्+ण्यत् (य), गुण= परिप्रेक्ष्य ।

शब्दार्थ- हेर्न लायक, अवलोकन गर्न योग्य, परिस्थितिलाई हेर्ने वा ठम्याउने दृष्टिकोण ।

परिप्रेषणम् (ना./न.) परिप्रेष्यते इति *(प्रेषित गरिन्छ)* परि प्र उपसर्गद्वयपूर्वक इषु इच्छायाम् (तुदा.) धातु, परि+प्र+इष्+ल्युट् (अन), गुण, णत्व= परिप्रेषण ।

शब्दार्थ- राम्ररी सबैतिर पठाउने काम, निर्वासन, निष्कासन, निकाल्ने काम ।

परिप्रेषितः (वि.) परिप्रेष्यते स्म इति *(पठाइएको वा निकाला गरिएको)* परि प्र उपसर्गद्वयपूर्वक इषु इच्छायाम् (तुदा.) धातु, परि+प्र+इष्+क्त (त), इडागम, गुण= परिप्रेषित ।

शब्दार्थ- प्रेषित गरिएको, पठाइएको, खटाइएको, निर्वासित, निकाला गरिएको, त्यागिएको ।

परिप्लावितः (वि.) परिप्लाव्यते स्म इति *(डुबाइएको)* परिपूर्वक प्लुङ् गतौ (भ्वा.) धातु, परि+प्लु+णिचि, वृद्धि, आवादेश, परिप्लावि+क्त (त), इडागम, णिलोप =परिप्लावित ।

शब्दार्थ- पानी, पसिना आदिले पूरै भिजाएको, पूरै डुवानमा परेको, चुर्लुम्म डुवाएको ।

परिभवः/परिभावः (ना./पुं.) परिभूयते इति *(दबाइन्छ वा तिरस्कार गरिन्छ)* परिपूर्वक भू सत्तायाम् (भ्वा.) धातु, परि+भू+घञ्[3](अ), विकल्पले, वृद्धि, आवादेश =परिभाव ।

घञ्को अभावमा परि+भू+अप्[4] (अ), गुण, अवादेश =परिभव ।

अनादरः परिभवः परिभावस्तिरस्क्रिया- इत्यमरः

शब्दार्थ- निन्दा, तिरस्कार, अवहेलना, अनादर, पराजय, हार, अपमान ।

परिभाषा (ना./स्त्री.) परिभाष्यते इति *(परिभाषित गरिन्छ)* परिपूर्वक भाष व्यक्तायां वाचि (भ्वा.) धातु, परि+भाष्+अ (प्रत्यय)+टाप् (आ)= परिभाषा ।

शब्दार्थ- कुनै पद वा शब्दको अर्थ स्पष्ट गरिएको व्याख्या, कसैको रूप, गुण, वैशिष्ट्य आदिको वारेमा तौलेर दिइएको परिचय, पारिभाषिक शब्दावली, व्याख्या ।

परिभाषणम् (ना./न.) परिभाष्यते इति *(व्याख्या गरिन्छ)* परिपूर्वक भाष व्यक्तायां वाचि (भ्वा.) धातु, परि+भाष्+ल्युट् (अन), णत्व= परिभाषण ।

शब्दार्थ-वार्तालाप, बातचित, व्याख्यान, भाषण गर्ने काम ।

परिभाषितः (वि.) परिभाष्यते स्म इति *(परिभाषा गरिएको)* परिपूर्वक भाष व्यक्तायां वाचि (भ्वा.) धातु, परि+भाष्+क्त (त), इडागम= परिभाषित ।

परिभाषा सञ्जाता अस्य *(परिभाषा गरिएको छ यसको)* परिभाषा+इतच्[5] (इत), आलोप= परिभाषित ।

शब्दार्थ- परिभाषा गरिएको, कुराकानी गरिएको, व्याख्या गरिएको, कुनै वस्तुको स्वरूप, गुण आदिको वारेमा परिभाषित गरिएको ।

परिभ्रमः (ना./पुं.)/**परिभ्रमणम्** (ना./न.) परिभ्रमणम्, परिभ्रम्यते इति वा *(परिभ्रमण गरिन्छ)* परिपूर्वक भ्रमु चलने (भ्वा.) वा भ्रमु अनवस्थाने (दिवा.) धातु, परि+भ्रम् +घञ् (अ), वृद्धिनिषेध= परिभ्रम ।

परि+भ्रम्+ल्युट् अन), णत्व= परिभ्रमण ।

शब्दार्थ- यताउति घुम्ने काम, भ्रमण गर्ने काम, सबैतिर घुमफिर गर्ने काम ।

---

[1] यजयाच... : नङ्

[2] व्रश्चभ्रस्ज... : छको श

[3] परौ भुवोऽवज्ञाने : घञ् (विकल्पले)

[4] ऋदोरप् : अप्

[5] तदस्य सञ्जातम्... : इतच्

परिमण्डलम् (ना./न./वि.) परितः मण्डयति, मण्डयते इति वा *(चारैतिर मण्डलाकार बाटुलो हुन्छ वा हुनु)* परिपूर्वक मडि भूषायां हर्षे च (चुरा.) धातु, नुम्, परि+मण्ड्+कलच्[1] (अल), उणा.= परिमण्डल ।

अथवा परिगतं मण्डलम् *(मण्डलाकार भएको)* प्रा.त.स.[2] = परिमण्डल ।

शब्दार्थ- परिधि, वृत्त, मण्डल, घुमेको घेरो, बाटुलो, गोलो, वर्तुलाकार ।

परिमलः (ना./पुं.) परिमल्यते इति *(धारण गरिन्छ)* मल धारणे (भ्वा.) धातु, परि+मल्+घञ् (अ), वृद्धिको अभाव, (संज्ञापूर्वक हुनाले)= परिमलः ।

विमर्दोत्थे परिमलो गन्धे जनमनोहरे- इत्यमरः

शब्दार्थ- माड्ने काम, सुगन्धित पदार्थ शरीरमा लगाउने काम, वास्नादार चन्दन वा माल्यादिवाट उत्पन्न अतिसुगन्धित मीठो वास्ना वा सुगन्ध, मैथुन वा सम्भोगवाट उत्पन्न गन्ध ।

परिमाणम् (ना./न.) परिमीयते अनेन *(नापिन्छ यसबाट)* परिपूर्वक मा माने (अदा.) वा माङ् माने शब्दे च (जुहो.) धातु, परि+मा+ल्युट् (अन), करणमा, णत्व =परिमाण ।

शब्दार्थ-नाप, तौल, मात्रा, मापन, नाप्ने वा तौलने काम,

परिमार्जकः (वि.) परिमार्जयतीति *(परिमार्जन गर्छ)* परिपूर्वक मृजु शुद्धौ (अदा.) धातु, परि+मृज्+णिचि +ण्वुल् (अक), वृद्धि, णिलोप= परिमार्जक ।

शब्दार्थ- परिमार्जन गर्ने, शुद्धीकरण गर्ने, संशोधन गर्ने ।

परिमार्जनम् (ना./न.) परिमार्ज्यते इति *(परिमार्जन गरिन्छ)* परिपूर्वक मृजु शुद्धौ (अदा.) वा मृजु शौचालङ्कारयोः (चुरा.) धातु, परि+मृज्+णिचि, वृद्धि, परिमार्जि+ल्युट्/युच् (अन), णिलोप= परिमार्जन ।

शब्दार्थ-राम्ररी माँझ्ने, धुने वा पखाल्ने काम, शुद्धीकरण, लेख रचना आदिलाई संशोधन गर्ने वा परिमार्जन वा परिष्कृत गर्ने काम, मिसिएको वस्तु हटाएर खार्ने वा चोखो पार्ने काम ।

परिमार्जनीयः (वि.) परिमार्जितुं योग्यः *(परिमार्जन गर्न योग्य)* परिपूर्वक मृजु शुद्धौ (अदा.) धातु, परि+मृज् +णिचि+अनीय (र्), वृद्धि, णिलोप= परिमार्जनीय ।

शब्दार्थ- परिष्कृत गर्न लायक, परिमार्जन गर्न योग्य, शुद्धीकरण गर्नुपर्ने, संशोधन गर्न उपयुक्त ।

परिमार्जितः (वि.) परिमार्ज्यते स्म इति *(परिमार्जन गरिएको)* परिपूर्वक मृजु शुद्धौ (अदा.) वा मृजु शौचालङ्कारयोः (चुरा.) धातु, परि+मृज्+णिचि, वृद्धि, परिमार्जि+क्त (त), णिलोप, इडागम= परिमार्जित ।

शब्दार्थ- खारिएको, माँझिएको, परिष्कृत गरिएको, दोष वा त्रुटिहरू हटाएर परिष्कृत गरिएको, धोइपखाली गरिएको, सफा वा स्वच्छ पारिएको ।

परिमितः (वि.) परिमीयते स्म इति *(नापिएको)* परिपूर्वक मा माने (अदा.) वा माङ् माने शब्दे च (जुहो.) धातु, परि+मा+क्त (त), माको इत्व[3]=परिमित

शब्दार्थ- नापतौल गरिएको, परिमाण वा नापतौलमा अधिक वा कम नभएको, सीमित, थोरै, अल्प ।

परिमिताहारः (वि.) परिमितः आहारः यस्य *(परिमित (अल्प) छ आहार जसको)* ब.स., दीर्घ= परिमिताहार ।

शब्दार्थ-थोरै खाने, अल्पाहारी, अड्कलेर थोरै खाना खाने ।

परिमेयः (वि.) परिमातुं योग्यः, परिमीयते इति वा *(नाप तौल गर्न योग्य वा नापिन्छ)* परिपूर्वक मा माने (अदा.) वा माङ् माने शब्दे च (जुहो.) धातु, परि+मा +यत्[4] (य), माको ईत्व[5], गुण= परिमेय ।

शब्दार्थ- नाप्न योग्य, तौलन योग्य, नाप तौल गर्नलायक, परिमाण लिन सकिने, थोरै, अल्प ।

परियोजना (ना./स्त्री.) परियोज्यते इति *(राम्ररी योजना बनाइन्छ)* परिपूर्वक युजिर् योगे (रुधा.) धातु, परि+ युज्+णिचि+युच् (अन),गुण, णिलोप, परियोजन । परियोजन+टाप् (आ)= परियोजना ।

शब्दार्थ- कुनै कुरा सम्पन्न गर्न वनाइएको योजना, कल्पना, परिकल्पना, संरचना ।

परिरक्षकः (वि.) परि परितः सर्वतः रक्षतीति *(सबैतिरबाट रक्षा गर्छ)* परिपूर्वक रक्ष पालने (भ्वा.) धातु, परि+रक्ष् +ण्वुल्[6] (अक)= परिरक्षक ।

शब्दार्थ- राम्ररी रक्षा गर्ने, सुरक्षा गर्ने, संरक्षक ।

परिरक्षणम् (ना./न.) परिरक्ष्यते इति *(रक्षा गरिन्छ)* परि-पूर्वक रक्ष पालने (भ्वा.) धातु, परि+रक्ष्+ल्युट् (अन), णत्व= परिरक्षण ।

शब्दार्थ- सबैतिरवाट रक्षा गर्ने काम, संरक्षण, सुरक्षा ।

परिरक्षितः (वि.) परिरक्ष्यते स्म इति *(सबैतिरबाट रक्षा गरिएको)* परिपूर्वक रक्ष पालने (भ्वा.) धातु, परि+रक्ष् +क्त (त)= परिरक्षित ।

शब्दार्थ- सर्वत्रवाट रक्षा गरिएको, सुरक्षित, संरक्षण गरिएको, संरक्षित, राम्ररी सुरक्षा गरिएको ।

परिलक्षितः (वि.) परिलक्ष्यते स्म इति *(लख काटिएको)* परिपूर्वक लक्ष दर्शनाङ्कनयोः वा लक्ष आलोचने (चुरा.) धातु, परि+लक्ष्+णिचि+क्त (त), णिलोप, इडागम =परिलक्षित ।

शब्दार्थ- अनुमान गरिएको, लख काटिएको, लक्ष्य राखिएको, देखाइएको ।

परिलक्ष्यः (वि./ना./न.) परिलक्ष्यते, परिलक्षितुं योग्यमिति वा *(अनुमान गरिन्छ वा गर्न लायक)* परिपूर्वक लक्ष दर्शनाङ्कनयोः वा लक्ष आलोचने (चुरा.) धातु, परि+लक्ष्+ण्यत्[7] (य)= परिलक्ष्य ।

शब्दार्थ- अनुमान गर्न वा अड्कल काट्न योग्य, परिलक्षित गर्न लायक, निर्धारित कार्यको उद्देश्य ।

---

१. वृषादिभ्यश्चित् : कलच् **२. प्रादयो गताद्यर्थे... : प्रा.त.स.** **३. द्यतिस्यतिमास्था... : इत्व** **४. अचो यत् : यत्**
५. ईद्यति : ईत्व **६. ण्वुल्तृचौ : ण्वुल्** **७. ऋहलोर्ण्यत् : ण्यत्**

परिवर्जनम् (ना./न.) परिवृज्यते इति *(त्यागिन्छ)* परिपूर्वक वृजी वर्जने (अदा./चुरा.) धातु,परि+वृज्+ल्युट् (अन), गुण= परिवर्जन ।

शब्दार्थ-राम्ररी त्यागने वा छाड्ने काम, त्याग, परित्याग ।

परिवर्जनीयः (वि.) परिवर्जितुं योग्यः *(छाड्न योग्य)* परिपूर्वक वृजी वर्जने (अदा./चुरा.) धातु,परि+वृज्+अनीय (र्), गुण= परिवर्जनीय ।

शब्दार्थ- छाड्न वा त्यागन लायक, परित्याग गर्न योग्य, छाड्नु पर्ने ।

परिवर्जितः (वि.) परिवर्ज्यते स्म इति *(परित्याग गरिएको)* परीपूर्वक वृजी वर्जने (अदा./चुरा.) धातु, परि+वृज्+णिचि, गुण, परिवर्जि+क्त (त), णिलोप=परिवर्जित ।

शब्दार्थ- छाडिएको, परित्याग गरिएको, त्यागिएको, परित्यक्त ।

परिवर्तनम् (ना./न.) परिवृत्यते, परिवर्त्यते इति वा *(परिवर्तन हुनु वा परिवर्तन गरिन्छ)* परिपूर्वक वृतु वर्तने (भ्वा.) धातु, परि+वृत्+ल्युट् (अन), गुण वा परि+वृत्+णिचि+युच् (अन), णिलोप= परिवर्तन ।

शब्दार्थ- परिवर्तन गर्ने काम, रूपान्तरित हुने क्रिया, हेरफेर, अदलीवदली, घुमाउने काम, परिभ्रमण, विनिमय, सट्टापट्टा ।

उदा. **परिवर्तन कालचक्रको तुलना लिन्छ कुलालचक्रको- बा.रा. ५/३४**

परिवर्तनीयः (वि.) परिवर्तितुं योग्यः *(परिवर्तन गर्न लायक)* परिपूर्वक वृतु वर्तने (भ्वा.) धातु, परि+वृत्+णिचि+अनीय (र्), गुण णिलोप= परिवर्तनीय ।

शब्दार्थ- परिवर्तन गर्न योग्य वा लायक, रूपान्तरित गर्न सकिने, अदलीवदली गर्न योग्य, सट्टापट्टा गर्नुपर्ने, रूपान्तरित गर्न लायक ।

परिवर्तितः (वि.) परिवर्त्यते स्म इति *(परिवर्तन गरिएको)* परिपूर्वक वृतु वर्तने (भ्वा.) धातु, परि+वृत्+णिचि, गुण, परिवर्ति+क्त (त), णिलोप, इडागम=परिवर्तित ।

शब्दार्थ- परिवर्तन गरिएको, वदलिएको, हेरफेर गरिएको, साटफेर गरिएको, रूपान्तरित गरिएको ।

उदा. **परिवर्तित हुन्छ त्यो पानी रातो बाफिलो रक्तमा । - यस धरतीको पानीमा (विजय मल्ल)**

परिवर्ती (वि.) परिवर्तितुं शीलमस्य *(परिवर्तन हुने शील छ यसको)* परिपूर्वक वृतु वर्तने (भ्वा.) धातु, परि+वृत्+णिनि (इन्), गुण, परिवर्तिन्= परिवर्ती ।

शब्दार्थ-परिवर्तन हुने, रूपान्तरित हुने, स्थिर नहुने, घुम्ने

परिवर्धनम् (ना./न.) परिवर्ध्यते इति *(परिवर्धन गरिन्छ, वढाइन्छ)* परिपूर्वक वृधु वृद्धौ (भ्वा.) धातु, परि+वृध्+णिचि+ल्युट्/युच् (अन), गुण, णिलोप= परिवर्धन ।

शब्दार्थ- वढाउने काम, राम्ररी सप्रने वा सपार्ने क्रिया, विकसित पार्ने प्रक्रिया ।

परिवर्धितः (वि.) परिवर्धयति स्म इति (**बढाएको**) परिपूर्वक वृधु वृद्धौ (भ्वा.) धातु, परि+वृध्+णिचि, गुण, परिवर्धि+क्त (त), कर्तामा, णिलोप, इडागम= परिवर्धित ।

शब्दार्थ- परिवर्धन गरिएको, सम्वर्धित, पहिलेको भन्दा वढाएको, वृद्धि गरिएको ।

परिवहनम् (ना./न.) परितः सर्वतः उह्यते इति *(सबैतिरबाट वहन गरिन्छ वा बोकिन्छ)* परिपूर्वक वह प्रापणे (भ्वा.) धातु, परि+वह्+ल्युट् (अन)= परिवहन ।

शब्दार्थ- कुनै सामग्री एक ठाउँबाट अर्को ठाउँमा ओसार्ने काम, ढुवानी, परिवहनको साधनवाट मालसामान लाने ल्याउने काम, एक ठाउँवाट अर्को ठाउँमा परिवहन गर्ने काम ।

परिवारः (ना./पुं.) परितः सर्वतः व्रियते अनेन वा परितः सर्वतः वार्यते आच्छाद्यते अनेन *(सबैतिरबाट वरण गरिन्छ वा ढाकिन्छ यसबाट)* परिपूर्वक वृञ् वरणे (स्वा.) वा वृञ् आवरणे (चुरा.) धातु, परि+वृ+णिचि+घञ्[1] (अ), करणमा, वृद्धि, णिलोप= परिवार ।

शब्दार्थ- एउटै घरका मानिसहरूको समूह, सजातीय, मानिसको समुदाय, जहान, कुटुम्व, परिजन, आच्छादन, ढाक्ने काम ।

परिवारनियोजनम् (ना./न.) परिवारस्य नियोजनम् *(परिवारको नियोजन)* ष.त.स.= परिवारनियोजन ।

शब्दार्थ- धेरै सन्तान जन्माउन गरिने नियन्त्रण, निग्रह वा रोक ।

परिवेत्ता (ना./पुं.) परिविन्दति ज्येष्ठे अनूढे अनुजः भार्यां लभते *(दाजुले बिहे नगरी भाइले भार्या प्राप्त गर्छ वा बिहे गर्छ)* परिपूर्वक विद्लृ लाभे (तुदा.) धातु, परि+विद्+तृन्[2]/तृच्[3] (तृ), गुण, परिवेत्तृ= परिवेत्ता ।

परिवेत्तानुजोऽनूढे ज्येष्ठे दारपरिग्रहात्- इत्यमरः

शब्दार्थ- जेठो दाजुले भन्दा पहिले बिहे गर्ने भाइ ।

परिवेशः/परिवेषः (ना./पुं.) परितः विश्यते, विष्यते वा अनेन *(सबैतिरबाट घेरिन्छ यसबाट)* परिपूर्वक विश प्रवेशने वा विष्लृ व्याप्तौ (तुदा.) धातु, परि+विश्/विष्+घञ् (अ), गुण= परिवेश/परिवेष ।

परिवेशो वेष्टने स्यात् परिधावपि पुंस्ययम्- इति मेदिनी

परिवेषस्तु परिधिरुपसूर्यकमण्डले- इत्यमरः

शब्दार्थ- चारैतिरबाट घेर्ने काम, छेकावट, घेरा, सूर्य तथा चन्द्रमाको वरिपरि देखिने मण्डल वा परिधि ।

परिवेष्टनम् (ना./न.) परिवेष्ट्यते इति *(सबैतिरबाट घेरिन्छ)* वेष्ट वेष्टने (भ्वा.) धातु, परि+वेष्ट्+ल्युट् (अन)= परिवेष्टन ।

शब्दार्थ- सवैतिरवाट घेर्ने काम, छेकावट, घेरा, परिधि ।

परिवेष्टितः (वि.) परिवेष्ट्यते स्म इति *(घेरिएको)* परिपूर्वक वेष्ट वेष्टने (भ्वा.) धातु, परि+वेष्ट्+क्त (त), इडागम= परिवेष्टित ।

शब्दार्थ- सवैतिरवाट घेरिएको, परिवेष्टन गरिएको, छेकिएको, वेरिएको, ढाकिएको, आच्छादित ।

---

[1] हलश्च : घञ्

[2] तृन् : तृन्

[3] ण्वुल्तृचौ : तृच्

परिव्राज्/परिव्राट् (ना./पुं.) परित्यज्य सर्वं विषयभोगादिकं व्रजतीति *(सबै विषयभोगादिलाई त्यागेर हिड्छ)* परिपूर्वक व्रज गतौ (भ्वा.) धातु, परि +व्रज्+क्विप्[1], दीर्घ[1], क्विप्को सर्वलोप= परिव्राज् ।
जको षत्व[1], ष्टुत्व= परिव्राट् ।
शब्दार्थ-सबै कुरा त्यागेर हिड्ने सन्न्यासी, योगी, भिक्षु ।

परिव्राजः (ना./पुं.) परित्यज्य सर्वं व्रजतीति *(समग्र घरपरिवार त्यागेर हिड्छ)* परिपूर्वक व्रज गतौ (भ्वा.) धातु, परि+व्रज्+घञ्[2] (अ), कर्तामा, वृद्धि=परिव्राज ।
शब्दार्थ- घरवार तथा विषयभोग त्यागेर हिंड्ने सन्न्यासी, तपस्वी, भिक्षु ।

परिव्राजकः (ना./पुं.) परिव्रजतीति *(घरबार त्यागेर हिड्छ)* परिपूर्वक व्रज गतौ (भ्वा.) धातु, परि+व्रज्+ण्वुल् (अक), वृद्धि= परिव्राजक ।
शब्दार्थ- घरवार तथा विषयभोग त्यागेर हिंड्ने सन्न्यासी वा यति, भ्रमणशील साधु, तपस्वी ।

परिशिष्टः (वि./ना./न.) परिशिष्यते स्म इति *(अवशेष रहेको)* परिपूर्वक शिष असर्वोपयोगे (चुरा.) धातु, परि+शिष् +क्त (त), ष्टुत्व= परिशिष्ट ।
शब्दार्थ- बँचेको, छुटेको, अवशेष रहेको, बाँकिरहेको, अवशिष्ट, अवशेष रहेको अंश वा भाग ।

परिशिष्टाङ्गः (ना./पुं.) परिशिष्टश्चासौ अङ्गश्च *(अवशिष्ट वा अतिरिक्त अङ्ग)* क.त.स., दीर्घ= परिशिष्टाङ्ग ।
शब्दार्थ- कुनै ग्रन्थ वा पुस्तिकाको पछिल्तिर जोडिएको अंश, कुनै पत्रपत्रिकाको अतिरिक्ताङ्ग ।

परिशीलनम् (ना./न.) परितः सर्वतः शीलनं शील्यते इति वा *(सबैतिरबाट मनन वा अध्ययन गरिन्छ)* परिपूर्वक शील समाधौ (भ्वा.) वा शील उपधारणे (अभ्यासे) (चुरा.) धातु, परि+शील्+ल्युट् (अन) = परिशीलन ।
शब्दार्थ- राम्ररी मननचिन्तनपूर्वक गरिने अध्ययन, परिशीलन गर्ने काम, सबैतिरबाट गरिने अध्ययन ।

परिशीलितः (वि.) परिशील्यते स्म इति *(परिशीलन गरिएको)* परिपूर्वक शील समाधौ वा शील उपधारणे (अभ्यासे) (चुरा.) धातु, परि+शील्+क्त (त), इडागम =परिशीलित ।
शब्दार्थ- परिशीलन गरिएको, राम्ररी शोचविचार गरेर अध्ययन गरिएको, राम्ररी चिन्तनमनन गरिएको ।

परिशोधः (ना./पुं.)/**परिशोधनम्** (ना./न.) परिशोध्यते इति *(शुद्ध गरिन्छ)* परिपूर्वक शुध शौचे (दिवा.) धातु, परि+शुध्+णिचि+घञ् (अ), गुण, णिलोप= परिशोध ।
परि+शुध्+णिचि+ल्युट् (अन),गुण, णिलोप=परिशोधन ।
शब्दार्थ- राम्ररी शुद्ध गर्ने काम, संशोधन, शुद्धीकरण ।

परिशोधितः (वि.) परिशोध्यते स्म इति *(शुद्ध गरिएको)* परिपूर्वक शुध शौचे (दिवा.) धातु, परि+शुध्+णिचि गुण, परिशोधि+क्त (त),इडागम, णिलोप=परिशोधित ।
शब्दार्थ- संशोधित, शुद्धीकरण गरिएको, शुद्ध पारिएको ।

परिश्रमः (ना./पुं.) परिश्रम्यते इति *(राम्ररी श्रम गरिन्छ)* परिपूर्वक श्रमु तपसि खेदे च (दिवा.) धातु, परि+श्रम् +घञ् (अ), वृद्धिको अभाव= परिश्रम ।
शब्दार्थ- परिश्रम गर्ने काम, उद्यम, मिहिनेत, ग्लानि, थकाइ, थकान, शिथिलता ।

परिश्रमी (वि.) परिश्रमः अस्यास्तीति *(परिश्रम छ यसको)* परिश्रम+इनि[3] (इन्), अकारलोप, परिश्रमिन् =परिश्रमी ।
शब्दार्थ- परिश्रम गर्ने, उद्यमी, मिहिनेती, उद्योगी ।

परिश्रान्तः (वि.) परिश्राम्यति स्म इति *(थाकेको)* परिपूर्वक श्रमु तपसि खेदे च (दिवा.) धातु, परि+श्रम् +क्त (त), कर्तामा, दीर्घ[4], परसवर्ण= परिश्रान्त ।
शब्दार्थ- थाकेको, थकित भएको, गलित भएको, शिथिल ।

परिषद् (ना./स्त्री.) परितः सीदन्ति अस्याम् *(चारैतिर रहन्छन् यसमा)* परिपूर्वक षद्लृ विशरणगत्यवसादनेषु (तुदा.) धातु, परि+सद्+क्विप्[5] (सर्वलोप), षत्व[6] =परिषद् ।
शब्दार्थ- सभा, सम्मेलन, वैठक, समिति, गोष्ठी, चुनिएका व्यक्तिहरूको सभा ।

परिष्कारः (ना./पुं.) परिष्क्रियते अनेन *(माझिन्छ, विभूषित गरिन्छ यसबाट)* परिपूर्वक डुकृञ् करणे (तना.) धातु, परि+कृ+घञ् (अ), करणमा, वृद्धि, परिकार, सुट्[7] (स्), षत्व= परिष्कार ।
शब्दार्थ- खार्ने वा शुद्ध पार्ने काम, शुद्धीकरण, सरसफाइ, परिमार्जन, संस्कार, अलङ्कार, शृङ्गार ।

परिष्कृतः (वि.) परिष्क्रियते स्म इति *(माझिएको वा खारिएको)* परिपूर्वक डुकृञ् करणे (तना.) धातु, परि+कृ+क्त (त), सुट् (स्), षत्व= परिष्कृत ।
शब्दार्थ- परिष्कार गरिएको, खारिएको, माझिएको, शुद्ध पारिएको, संशोधित, काँटछाँट गरिएको ।

परिष्कृतिः (ना./स्त्री.) परिष्क्रियते इति *(माझिन्छ, खारिन्छ)* परिपूर्वक डुकृञ् करणे (तना.) धातु, परि+कृ+क्तिन् (ति), सुट् (स्), षत्व= परिष्कृति ।
शब्दार्थ- परिष्कार गर्ने काम, खार्ने वा शुद्ध पार्ने काम, संशोधन गर्ने काम, परिमार्जन ।

परिसंवादः (ना./पुं.) समुद्यते इति *(राम्ररी भनिन्छ)* सम्पूर्वक वद व्यक्तायां वाचि (भ्वा.) धातु, सम्+वद्+घञ् (अ), वृद्धि, संवादः । परिगतः संवादः *(सबैतिरबाट भएको संवाद)* प्रा.त.स.[8]= परिसंवाद ।
शब्दार्थ- दुई वा त्यसभन्दा बढी व्यक्तिहरूबीच हुने कुराकानी वा वार्तालाप वा संवाद ।

---

१. परौ व्रजे षः... : क्विप्, जको ष, दीर्घ
२. हलश्च : घञ्
३. अत इनिठनौ : इनि
४. अनुनासिकस्य क्वि... : दीर्घ
५. सम्पदादिभ्य... : क्विप्
६. सदिरप्रतेः : षत्व
७. समवाये च : सुट्
८. प्रादयो गताद्यर्थे... : प्रा.त.स.

परिसरः (ना./पुं.) परितः सर्वतः सरन्ति अत्र *(सबैतिर-बाट आसपासमा पुग्छन्)* परिपूर्वक सृ गतौ (भ्वा.) धातु, परि+सृ+घ[१]/अप् (अ), गुण= परिसर ।

शब्दार्थ- छेउछाउ, आसपासको ठाउँ, हातो, प्राङ्गण, वरिपरिको भाग, तट, नदी वा तलाउको किनार, सामीप्य ।

परिसूचकः (वि.) परिसूचयतीति *(चारैतिर सूचना गर्छ)* परिपूर्वक सूच पैशून्ये (चुरा.) धातु, परि+सूच्+ण्वुल् (अक)= परिसूचक ।

शब्दार्थ- सबैतिर सूचना दिने, सूचना प्रसारण गर्ने ।

परिस्थितिः (ना./स्त्री.) परितः स्थीयते इति *(सबैतिर रहनु)* परिपूर्वक ष्ठा गतिनिवृत्तौ (भ्वा.) धातु, परि+स्था+क्तिन् (ति), इत्व[२]= परिस्थिति ।

शब्दार्थ- वर्तमान स्थिति वा अवस्था, कुनै समसामयिक वातावरणबाट आइपर्ने अवस्था ।

परिहारः (ना./पुं.) परिह्रियते इति *(परित्याग गरिन्छ)* परिपूर्वक हृञ् हरणे (भ्वा.) धातु, परि+हृ+घञ् (अ), वृद्धि= परिहार ।

शब्दार्थ- त्याग्ने काम, परित्याग, छाड्ने काम, छुट दिने काम, अनादर ।

परिहार्यः (वि.) परिहर्तुं योग्यः *(परित्याग गर्न योग्य)* परिपूर्वक हृञ् हरणे (भ्वा.) धातु, परि+हृ+ण्यत् (य), वृद्धि= परिहार्य ।

शब्दार्थ-त्याग गर्न लायक, छाड्न योग्य, हटाउन योग्य ।

परिहासः/परीहासः (ना./पुं.) परिहसनम्, परिहस्यते इति वा *(उपहास गरिन्छ)* परिपूर्वक हसे हसने (भ्वा.) धातु, परि+हस्+घञ् (अ), भावमा, वृद्धि, उपसर्गको दीर्घ (विकल्पले)= परीहास ।

दीर्घको अभावमा= परिहास ।

शब्दार्थ- उपहास, ख्यालठट्टा, हँस्सी मजाक, क्रीडा, अर्काको खिल्ली उडाउने काम ।

परीक्षकः (वि.) परीक्षते इति *(परीक्षण गर्छ)* परिपूर्वक ईक्ष दर्शने (भ्वा.) धातु, परि+ईक्ष्+ण्वुल् (अक)=परीक्षक ।

शब्दार्थ- परीक्षा गर्ने, परीक्षा लिने, जाँच्ने, मूल्याङ्कन गर्ने, निरूपक ।

परीक्षणम् (ना./न.) परीक्ष्यते इति *(परीक्षा गरिन्छ)* परिपूर्वक ईक्ष दर्शने (भ्वा.) धातु, परि+ईक्ष्+ल्युट् (अन), णत्व= परीक्षण ।

शब्दार्थ- जांच्ने वा परीक्षा लिने काम, मूल्याङ्कन गर्ने काम, परीक्षा, निरूपण ।

परीक्षा (ना./स्त्री.) परीतः ईक्ष्यते अनया *(राम्ररी परीक्षण गरिन्छ यसबाट)* परिपूर्वक ईक्ष दर्शने (भ्वा.) धातु, परि+ईक्ष्+अ (प्रत्यय)+टाप् (आ)= परीक्षा ।

शब्दार्थ- परीक्षा लिने काम, जाँच्ने वा पारख गर्ने काम, जाँच, मूल्याङ्कन ।

परीक्षार्थी (ना./पुं.) परीक्षामर्थयितुं शीलमस्य *(परीक्षा दिने शील छ यसको)* परीक्षा उपपदपूर्वक अर्थ उपयाञ्चायाम् (चुरा.) धातु, परीक्षा+अर्थ्+णिनि (इन्), दीर्घ, परीक्षार्थिन्= परीक्षार्थी ।

शब्दार्थ- परीक्षा वा जाँच दिने व्यक्ति, परीक्षा दिन चाहने विद्यार्थी, छात्र, छात्र-छात्रा ।

परीक्षितः (वि.) परीक्ष्यते स्म इति *(परीक्षा गरिएको)* परिपूर्वक ईक्ष दर्शने (भ्वा.) धातु, परि+ईक्ष्+क्त (त), इडागम, दीर्घ= परीक्षित ।

अथवा परीक्षा सञ्जाता अस्य *(परीक्षा गरिएको छ यसको)* परीक्षा+इतच् (इत), आलोप= परीक्षित ।

शब्दार्थ- परीक्षा गरिएको, जाँच गरिएको, जाँच लिइएको, निरूपण गरिएको, मूल्याङ्कन गरिएको ।

परुषः (वि.) पिपर्ति अल्पां बुद्धिं करोतीति *(अल्पबुद्धि वा निठुरी बोली प्रदान गर्दछ)* पृ पालनपूरणयोः (जुहो.) धातु, पृ+उषच्[३] (उष), उणा., गुण= परुष ।

शब्दार्थ- निठुरी (वचन), रूखो, अप्रिय, कर्कश (वाणी) ।

परोक्षः (वि.) अक्ष्णः परम् *(आँखाको पछाडि)* पर+अक्षि, अव्य.स., टच्[४] (समासान्त), इकारलोप, परोक्षे लिट् यस सूत्रमा 'परो' निर्देशन हुनाले परको 'ओ' निपातन =परोक्ष ।

शब्दार्थ- आँखाको पछाडि भएको, अप्रत्यक्ष, अगोचर, आँखाको अघिल्तिर नभएको ।

परोपकारः (ना./पुं.) उपक्रियते इति *(उपकार गरिन्छ)* उपपूर्वक डुकृञ् करणे (तना.) धातु, उप+कृ+घञ् (अ), वृद्धि, उपकारः । परेषामुपकारः *(अर्काको उपकार)* पर+उपकार, ष.त.स., गुण= परोपकार ।

शब्दार्थ- अर्काको उपकार वा भलाइ गर्ने काम, अर्काको भलाइ, अरूको कल्याण हुने काम ।

परोपकारी (वि.) परोपकारः अस्यास्तीति *(परोपकार गर्ने स्वभाव छ यसको)* परोपकार+इनि (इन्), अकारलोप, परोपकारिन्= परोपकारी ।

अथवा उपकारः अस्यास्तीति *(उपकार गर्ने स्वभाव छ यसको)* उपकार+इनि (इन्), उपकारिन्, उपकारी । परेषामुपकारी *(अर्काको उपकार गर्ने)* पर+उपकारी, ष.त.स., गुण= परोपकारी ।

शब्दार्थ- परोपकार गर्ने, अर्काको भलाइ गर्ने, अर्काको हित गर्ने, परोपकारक ।

परोपदेशः (ना./पुं.) उपदिश्यते इति *(उपदेश दिइन्छ)* उपपूर्वक दिश अतिसर्जने (तुदा.) धातु, उप+दिश्+घञ् (अ), गुण, उपदेशः । परस्य परस्मै वा उपदेशः *(अर्काको उपदेश वा अरूलाई दिइने उपदेश)* पर+उपदेश, ष.त..स./च.त.स., गुण= परोपदेश ।

शब्दार्थ- अरूले दिएको उपदेश, अर्काको अर्ती, अरूलाई उपदेश दिने काम, अर्कोलाई अर्ती दिने काम ।

---

१. पुंसि संज्ञायां घः...: घ

२. द्यतिस्यतिमास्था.. : इत्व

३. पृनहिकलिभ्यः... : उषच्

४. प्रतिपरसमनु...: टच् समासान्त

परोपजीवी (वि.) उपजीवितुं शीलमस्येति *(जीविका गर्ने शील वा क्षमता छ यसको)* उपपूर्वक जीव प्राण-धारणे (भ्वा.) धातु, उप+जीव्+णिनि (इन्), उपजीविन्, उपजीवी । परेषु उपजीवी *(अरूमा निर्भर रहने)* पर+उपजीवी, स.त.स., गुण= परोपजीवी ।

शब्दार्थ- अर्काको भरमा बाँच्ने, अरूमा आश्रित रहने, अरूले दिएको खाएर बाँच्ने ।

पर्जन्यः (ना./पुं.) पर्षति सिञ्चति वृष्टिं ददातीति वा *(सिञ्चन गर्छ वा वर्षा गर्छ)* पृषु सेचने (भ्वा.) धातु, पृष्+अन्य[1] (प्रत्यय), ष्को ज, उणा., गुण, पर्ज् अन्य= पर्जन्य ।

पर्जन्यो मेघशब्देऽपि ध्वनदम्बुदशक्रयोः- इति विश्वः

शब्दार्थ- मेघ, वादल, वृष्टि, वर्षा, मेघको गर्जन, इन्द्र, वर्षाका देवता, वरुण, सूर्य ।

उदा. अन्नाद् भवन्ति भूतानि पर्जन्यादन्नसंभवः- भ.गी.३/१४

पर्णः (ना./पुं./न.) पिपर्तीति *(पूर्ण हुन्छ)* पृ पालनपूरणयोः (जुहो.) धातु, पृ+न[2] (उणा.), गुण, णत्व= पर्ण ।

अथवा पर्णयतीति *(पात पलाउँछ)* पर्ण हरितभावे (चुरा.) धातु, पर्ण+अच् (पचादि)= पर्ण ।

दलं पर्णं छदः/पलाशे किंशुकः पर्णः- इत्यमरः

शब्दार्थ- पलाशको रूख, पात, दल, पत्र, वाणमा लगाउने प्वाँख ।

पर्णकुटी (ना./स्त्री.) पर्णस्य कुटी *(सेउला घाँसले बनाएको कुटी)* ष.त.स.= पर्णकुटी ।

शब्दार्थ- सेउले छाप्रो, गोठ वा कुटी, झुपडी, सानो छाप्रो, कटेरो ।

पर्णशाला (ना./स्त्री.) पर्णैः पत्रादिभिः निर्मिता, पर्णनिर्मिता चासौ शाला च *(पर्णादिले बनाएको कुटी)* क.त.स., उ.प.लोप= पर्णशाला ।

अथवा पर्णस्य शाला *(सेउलाको छाप्रो)* ष.त.स. =पर्णशाला ।

शब्दार्थ- सेउले छाप्रो, झुपडी, पर्णकुटी, गोठघर, कटेरो, लत्तागृह ।

उदा. उचित भनि यहाँ भो पर्णशाला तयारी- आ.रा.६/१६

पर्यङ्कः (ना./पुं.) परितः अङ्कयते इति *(राम्ररी सजाइन्छ)* परिपूर्वक अकि लक्षणे (भ्वा.) धातु, परि+अङ्क्+घञ् (अ), यण्= पर्यङ्क ।

शब्दार्थ- पलङ्ग, खाट, सजाइएको विस्तरा ।

पर्यङ्कशयनः (ना./न./वि.) पर्यङ्के शयनम् *(पलङ्गमा शयन वा लेट्ने काम)* स.त.स.= पर्यङ्कशयन ।

अथवा पर्यङ्के शयनं यस्य सः *(पलङ्गमा शयन छ जसको)* व.स.= पर्यङ्कशयन ।

शब्दार्थ- खाटमा सुत्ने काम, पलङ्गमा लेट्ने काम, खाटमा सुत्ने ।

पर्यटकः (ना./पुं.) परितः सर्वतः अटतीति *(चारैतिर घुम्छ)* परिपूर्वक अट गतौ (भ्वा.) धातु, परि+अट्+ण्वुल् (अक), परि अटक, यण्= पर्यटक ।

शब्दार्थ- देश-विदेश घुम्ने मानिस, भ्रमण गर्ने व्यक्ति ।

पर्यटकीयः (वि.) पर्यटके भवः *(पर्यटकमा हुने वा भएको)*, पर्यटकस्य अयम् *(पर्यटकको यो)* पर्यटक+छ (ईय)=पर्यटकीय ।

शब्दार्थ- पर्यटकमा हुने, पर्यटकसम्वन्धी, पर्यटकको ।

पर्यटनम् (ना./न.) परितः सर्वतः अटनमिति *(सबैतिर घुम्नु)* परिपूर्वक अट गतौ (भ्वा.) धातु, परि+अट् +ल्युट् (अन), परि अटन, यण्= पर्यटन ।

शब्दार्थ- चारैतिर घुम्ने काम, भ्रमण, देश विदेशमा घुम्ने काम ।

पर्यन्तः (अव्य./ना./पुं.) परि अन्तात् *(अन्ततक)* परि+अन्त, अव्य.स., यण्= पर्यन्त ।

अथवा परिगतः अन्तः *(अन्तसम्म पुगेको)* प्रा.त.स., परि अन्त, यण्= पर्यन्त ।

शब्दार्थ-तक, सम्म, पछिल्लो, आखिर, सीमा, हद, अवधि ।

पर्यन्तभूः/पर्यन्तभूमिः (ना./स्त्री.) पर्यन्ते भूः वा भूमिः *(एउटा सीमासम्ममा रहेको भूमि)* स.त.स. =पर्यन्तभू/पर्यन्तभूमि ।

शब्दार्थ- नदी, तलाउ वा पर्वत आदिका समीपको जमिन, परिसर ।

पर्यवसानम् (ना./न.) अवसीयते इति *(अन्त गरिन्छ)* अवपूर्वक षो अन्तकर्मणि (दिवा.) धातु, सत्व, आत्व, अव+सा+ल्युट् (अन), दीर्घ, अवसानम् ।

परितः अवसानम् *(सबैतिरबाट अवसान)* प्रा.त.स., परि अवसान, यण्= पर्यवसान ।

शब्दार्थ- समाप्ति, अन्त, निश्चय, निर्क्यौल ।

पर्यवसितः (वि.) अवस्यति स्म इति *(सकिएको)* अवपूर्वक षो अन्तकर्मणि (दिवा.) धातु, सत्व, आत्व, अव+सा+क्त (त), कर्तामा, इत्व, अवसित ।

परितः अवसितः *(सबैतिरबाट समाप्त भएको)* परि+अवसित, यण्= पर्यवसित ।

शब्दार्थ- समाप्त भएको, सकिएको, नष्ट भएको, निश्चित, टुङ्गो गरिएको ।

पर्यवेक्षकः (ना./पुं.) अवेक्षते इति *(हेर्छ)* अवपूर्वक ईक्ष दर्शने (भ्वा.) धातु, अव+ईक्ष्+ण्वुल्[3] (अक), गुण, अवेक्षकः । परितः अवेक्षकः *(सबैतिरबाट अवलोकन गर्ने)* प्रा.त.स., यण्= पर्यवेक्षक ।

शब्दार्थ- निरीक्षण वा रेखदेख गर्ने व्यक्ति, जाँच गर्ने व्यक्ति, निरीक्षक, अवलोकन गर्ने व्यक्ति ।

---

[1] पर्जन्यः : अन्य (प्रत्यय)

[2] घापूवस्यज्यति... : न (प्रत्यय)

[3] ण्वुल्तृचौ : ण्वुल्

पर्यवेक्षणम् (ना./न.) अवेक्ष्यते इति *(अवलोकन गरिन्छ)* अवपूर्वक ईक्ष दर्शने (भ्वा.) धातु, अव+ईक्ष्+ल्युट् (अन), गुण, णत्व, अवेक्षणम् । परितः अवेक्षणम् *(सर्वैतिरबाट अवलोकन)* परि+अवेक्षण, प्रा.त.स., यण्= पर्यवेक्षण ।

शब्दार्थ- निरीक्षण वा रेखदेख गर्ने काम, सबैतिर हेर-विचार गर्ने काम, कुनै विषयको जाँचबुझ गर्ने काम ।

पर्याप्त: (वि.) परितः आप्यते स्म इति *(पूरै पाएको)* परिपूर्वक आप्लृ व्याप्तौ (स्वा.) धातु, परि+आप्+क्त (त), यण्= पर्याप्त ।

शब्दार्थ- पूरै पाएको, धेरै, प्रशस्त, यथेष्ट पाएको, प्राप्त गरेको, पूरै हासिल गरेको ।

पर्याप्ति: (ना./स्त्री.) परितः आप्यते इति *(पूरै पाइन्छ)* परिपूर्वक आप्लृ व्याप्तौ (स्वा.) धातु, परि+आप्+क्तिन् (ति), यण्= पर्याप्ति ।

शब्दार्थ- यथेष्ठता, चाहिएजति पाइने स्थिति, समाप्ति, परिपूर्णता ।

पर्याय: (ना./पुं.) परीयते, पर्ययणमिति वा *(क्रममा रहनु)* परिपूर्वक इण् गतौ (अदा.) धातु, परि+इ+घञ्[1] (अ), वृद्धि, परि ऐ अ, आयादेश, परि आय, यण्= पर्याय ।

पर्याय: प्रकारेऽवसरे क्रमे- इति मेदिनी

शब्दार्थ- अनुक्रम, प्रकार, सिलसिला, समान वा एउटै अर्थ बुझाउने अर्को शब्द, क्रम ।

पर्यायवाचक:/पर्यायवाची (वि.) पर्यायं वाचयतीति *(समान अर्थ बुझाउँछ)* वच परिभाषणे (अदा.) धातु, पर्याय+वच्+णिनि+ण्वुल्[2] (अक), वृद्धि, णिलोप =पर्यायवाचक । पर्याय+वच्+णिनि[3] (इन्) वृद्धि, पर्यायवाचिन्= पर्यायवाची ।

शब्दार्थ- उस्तै अर्थ बुझाउने, समानार्थक, एउटै अर्थ बोध गराउने ।

पर्यालोकनम् (ना./न.) परितः सर्वतः आलोक्यते इति *(सबैतिरबाट हेरिन्छ)* परि तथा आङ्पूर्वमा हुने लोकृ दर्शने (भ्वा.) धातु, परि+आ+लोक्+ल्युट् (अन), यण् =पर्यालोकन ।

शब्दार्थ- सबैतिर हेर्ने काम, राम्ररी निरीक्षण गर्ने क्रिया, सम्यक् समीक्षा ।

पर्यालोकित: (वि.) परितः सर्वतः आलोक्यते स्म इति *(सबैतिर हेरिएको)* परि तथा आङ्पूर्वक लोकृ दर्शने (भ्वा.) धातु, परि+आ+लोक्+क्त (त), इडागम, परिको यण्= पर्यालोकित ।

शब्दार्थ- राम्रोसित हेरिएको, सबैतिरबाट अवलोकन गरिएको ।

पर्यालोचक: (वि.) पर्यालोचते इति *(सबैतिर अवलोकन गर्छ)* परि आङ्पूर्वक लोचृ दर्शने (भ्वा.) धातु, परि+आ+लोच्+ण्वुल् (अक)= पर्यालोचक ।

शब्दार्थ- सबैतिर राम्ररी हेर्ने, समीक्षा गर्ने, आलोचना गर्ने ।

पर्यालोचनम् (ना./न.) पर्यालोच्यते इति *(राम्ररी हेरिन्छ)* परि आङ्पूर्वक लोचृ दर्शने (भ्वा.) धातु, परि+आ+लोच्+ल्युट् (अन)= पर्यालोचन ।

शब्दार्थ- कुनै विषयको गुण, दोष राम्ररी केलाएर हेर्ने काम, राम्ररी समीक्षा गर्ने काम, सम्यक् अवलोकन ।

पर्यालोचना (ना./स्त्री.) पर्यालोच्यते इति *(राम्ररी हेरिन्छ)* परि आङ्पूर्वक लोचृ दर्शने (भ्वा.) धातु, परि+आ+लोच्+णिचि+युच्[4] (अन)+टाप् (आ), णिलोप= पर्यालोचन ।

शब्दार्थ- समीक्षा गर्ने काम, समीक्षण, सम्यक् अवलोकन ।

पर्यालोचित: (वि.) पर्यालोच्यते स्म इति *(राम्ररी समीक्षा गरिएको)* परि आङ्पूर्वक लोचृ दर्शने (भ्वा.) धातु, परि+आ+लोच्+क्त (त), इडागम, यण्= पर्यालोचित ।

शब्दार्थ- कुनै विषयवस्तुको गुण, दोष केलाएर हेरिएको, विवेचना गरिएको, राम्ररी समीक्षा गरिएको ।

पर्यावरणम् (ना./न.) परितः आव्रियते *(सबैतिरबाट ढाकिन्छ)* परि आङ्पूर्वक वृञ् वरणे (स्वा./चुरा.) धातु, परि+आ+वृ+ल्युट् (अन), गुण, णत्व, यण्= पर्यावरण ।

शब्दार्थ- वातावरण, कुनै कुरामा सबैतिरको स्थिति वा सर्वत्र फैलिएको अवस्था, वायु फैलाउने काम ।

पर्येषणा (ना./स्त्री.) परि परितः इषणम् इष्यते इति *(चारैतिर खोजिन्छ)* परिपूर्वक इषु इच्छायाम् (तुदा.) धातु, परि+इष्+युच्[5] (अन), गुण, णत्व, परि एषण, यण्, टाप् (आ)= पर्येषणा ।

शब्दार्थ- अन्वेषण, खोज, अनुसन्धान, गवेषणा ।

पर्युपासक: (वि.) परितः उपास्ते इति *(राम्ररी उपासना गर्छ)* परि उप उपसर्गद्वयपूर्वक आस उपवेशने (अदा.) धातु, परि+उप+आस्+ण्वुल् (अक), यण्, दीर्घ=पर्युपासक ।

शब्दार्थ- देवीदेवताको पूजा गर्ने, उपासना गर्ने, आराधना गर्ने, ध्यान गर्ने, राम्रो भक्त ।

पर्युपासना (ना./स्त्री.) परितः उपास्यते इति *(राम्ररी उपासना गरिन्छ)* परि उप उपसर्गद्वयपूर्वक आस उपवेशने (अदा.) धातु, परि+उप+आस्+युच् (अन), यण्, दीर्घ, पर्युपासन+टाप् (आ)= पर्युपासना ।

शब्दार्थ- पूजा, उपासना, अर्चना, वन्दना, आराधना, सेवा गर्ने काम ।

पर्युपासित: (वि.) परितः उपास्यते स्म इति *(राम्ररी उपासना गरिएको)* परि उप उपसर्गद्वयपूर्वक आस उपवेशने (अदा.) धातु, परि+उप+आस्+क्त (त), इडागम, यण्, दीर्घ= पर्युपासित ।

शब्दार्थ- राम्ररी उपासना गरिएको, स्तुति वन्दना गरिएको, आराधित, अर्चित, पूजित ।

---

[1] परावनुपात्यय... : घञ्

[2] ण्वुल्तृचौ : ण्वुल्

[3] सुप्यजातौ... : णिनि

[4] ण्यासश्रन्थो... : युच्

[5] परेर्वा : युच्

पर्व (पर्वन्) (ना./न.) पर्वतीति *(जोड्छ, पूरा गर्छ)* पर्व पूरणे (भ्वा.) धातु, पर्व+कनिन् (अन्), बहुलप्रकारले पर्वन्= पर्व ।

पर्व क्लीबं महे ग्रन्थौ प्रस्तावे लक्षणान्तरे
दर्शप्रतिपदोः सन्धौ विषुवत्प्रभृतिष्वपि- इति मेदिनी

शब्दार्थ- औंसी प्रतिपदाको सन्धिकाल, पुण्यकाल, चाडपर्व, उत्सव, ग्रन्थि, जोर्नी, भाग वा खण्ड ।

पर्वतः (ना./पुं.) पर्वाणि अवयवानि सन्ति अत्र *(अवयव वा खण्ड खण्ड परेका धरातल छन् यहाँ)* पर्व+तप् (त), उणा.= पर्वत ।

अथवा पर्वति पूरयतीति *(पूरा गर्छ)* पर्व पूरणे वा पर्व गतौ (भ्वा.) धातु, पर्व+अतच्[1] (अत), उणा. =पर्वत ।

शब्दार्थ- पहाड, वृक्ष, शैल, गिरि, डाँडो, शिखर, एक देवमुनि, कृत्रिम पहाड, ज्योतिषशास्त्रमा सातको सङ्ख्या ।

पर्वतमाला (ना./स्त्री.) पर्वतानां माला *(पहाडहरूको श्रेणी)* ष.त.स.= पर्वतमाला ।

शब्दार्थ- पर्वतशृङ्खला, पहाडहरूको पङ्क्ति वा लहर, पर्वतश्रेणी ।

पर्वतराजः (ना./पुं.) पर्वतानां राजा *(पहाडहरूका राजा)* ष.त.स., पर्वतराजन्+टच् (समासान्त)= पर्वतराज ।

शब्दार्थ- पर्वतहरूका राजा, हिमालयपर्वत ।

पर्वतारोहणम् (ना./न.) आरुह्यते इति *(आरोहण गरिन्छ)* आङ्पूर्वक रुह वीजजन्मनि प्रादुर्भावे च (भ्वा.) धातु, आ+रुह्+ल्युट् (अन), गुण, णत्व, आरोहण । पर्वतानामारोहणम् *(पहाड आरोहण गर्ने काम)* ष.त.स., दीर्घ= पर्वतारोहण ।

शब्दार्थ- पर्वत आरोहण गर्ने काम, पहाड चढ्ने वा पहाडमाथि जाने काम ।

पर्वतारोही (वि.) पर्वतमारोहितुं शीलमस्येति *(पहाड चढ्ने सीप छ यसको)* पर्वत उपपदमा हुने आङ्पूर्वक रुह वीजजन्मनि प्रादुर्भावे च (भ्वा.) धातु पर्वत+आ+रुह् +णिनि (इन्), गुण, दीर्घ, पर्वतारोहिन्= पर्वतारोही ।

शब्दार्थ- पहाड चढ्ने, पहाड चढ्ने सीप भएको, पर्वतारोहण गर्ने ।

पर्वताश्रयः (ना./पुं.) पर्वतः आश्रयः यस्य सः *(पर्वत छ आश्रय जसको)* ब.स., दीर्घ= पर्वताश्रय ।

शब्दार्थ- पर्वतमा रहने मानिस, पर्वतवासी ।

पर्वतीयः (वि.) पर्वतस्य अयम् *(पर्वतको यो),* पर्वते भवः *(पर्वतमा हुने वा भएको)* पर्वत+छ[2] (ईय)=पर्वतीय ।

शब्दार्थ- पर्वतको, पहाडमा भएको, पहाडसम्बन्धी, पर्वतमा बस्ने, पहाडे, पहाडी, पर्वतनिवासी ।

पलम् (ना./न.) पलतीति *(व्यतीत हुन्छ)* पल गतौ (भ्वा.) धातु, पल+अच् (पचादि)= पल ।

पलं कर्षचतुष्टयम्- इत्यमरः
पलमुन्मानमांसयोः- इति हैमः

शब्दार्थ- पला, क्षण, ज्यादै थोरै समय, चार कर्ष बराबरको प्राचीन तौल, मासु, पराल ।

पलायनम् (ना./न.) पलायनमिति *(भाग्ने काम गर्नु)* परापूर्वक अय गतौ (भ्वा.) धातु, परा+अय्+ल्युट् (अन), पराका र को ल, दीर्घ= पलायन ।

शब्दार्थ- भाग्ने काम, समस्या वा परिस्थितिसँग संघर्ष गर्न नसकेर भाग्ने काम, पछि हट्ने काम ।

पलायितः (वि.) पलायते स्म इति *(भागेको)* परापूर्वक अय गतौ (भ्वा.) धातु, परा+अय्+क्त[3] (त), कर्तामा, इडागम, पराका रको ल, दीर्घ= पलायित ।

शब्दार्थ- भागेको, फुत्केको, पलायन भएको, पछि हटेको ।

पलाशः (ना./पुं./वि.) पलं गतिं कम्पनमश्नुते व्याप्नोतीति *(कम्पन गर्छ)* पल उपपदपूर्वक अशु व्याप्तौ संघाते च (स्वा.) धातु, पल+अश्+अण् (अ), वृद्धि, दीर्घ= पलाश ।

अथवा पलं मांसमश्नातीति *(मासु खान्छ)* पल उपपदपूर्वक अश भोजने (क्र्या.) धातु, पल+अश्+ अण्[4] (अ), वृद्धि= पलाश ।

पलाशे किंशुकः पर्णो वातपोतोऽथ वेतसे- इत्यमरः
पत्रं पलाशं छदनम्- इत्यमरः
पलाशं छदने मतम्- इति हैमः

शब्दार्थ- पलाश, किंशुक, पात, पत्र, पर्ण, हरियो वर्ण, वेत, राक्षस, अस्रप, क्रव्याद ।

पलितः (वि.) फलति केशशौक्लादिकं प्राप्नोति *(केश फुल्दछ)* फल निष्पत्तौ (भ्वा.) धातु, फल्+इतच् (इत), आदिका फको प[5], उणा.= पलित ।

अथवा पलति स्म इति *(केश फुलेको)* पल गतौ (भ्वा.) धातु, पल्+क्त (त), कर्तामा, इडागम= पलित ।

पलितं जरसा शौक्ल्यं केशादौ- इत्यमरः

शब्दार्थ- केश फुलेको, बूढो, वृद्ध, कपाल सेतै फुलेको ।

पल्लवः (ना./पुं.) पल्यते इति *(पलाउँछ)* पल गतौ (भ्वा.) धातु, पल्+क्विप्[6] (सर्वलोप), पल् । लूयते छिद्यते इति *(विनाश गरिन्छ)* लूञ् छेदने (क्र्या.) धातु, लू+अप् (अ), लवः । पल् च लवश्च *(पलाउँछ नाश हुन्छ)* द्व.स.= पल्लव ।

अथवा पद्भ्यां लूयते इति *(खुट्टाले विनाश गरिन्छ)* पाद+लू+अप्[7] (अ), गुण, अवादेश, पादको पद्आदेश, परसवर्ण= पल्लव ।

पल्लवोऽस्त्री किसलये विटपे विस्तरे वने- इति मेदिनी

शब्दार्थ-पालुवा, पिपिरा, नयाँ पलाएको पात, किसलय ।

---

[1] भृमृदृशियजिपर्वि... : अतच्
[2] पर्वताच्च : छ
[3] गत्यर्थाकर्मक... : क्त
[4] कर्मण्यण् : अण्
[5] फलेरितजादेशच... : इतच्/फको प
[6] सम्पदादिभ्य... : क्विप्
[7] ॠदोरप् : अप्

पल्लवग्राही (वि.) पल्लवं अल्पज्ञानं गृह्णातीति *(थोरै ज्ञान ग्रहण गर्छ)* पल्लव उपपदपूर्वक ग्रह उपादाने (क्र्या.) धातु, पल्लव+ग्रह+णिनि[1] (इन्), वृद्धि, पल्लवग्राहिन् =पल्लवग्राही ।

शब्दार्थ- थोरै ज्ञान भएको, वोक्रे ज्ञान भएको, कुनै कुरामा सम्पूर्ण ज्ञान नभएको, अल्पज्ञाता ।

पल्लवितः (वि.) पल्लवाः सञ्जाताः अस्येति *(पाउला पलाएका छन् यसका)* पल्लव+इतच्[2] (इत), अकारलोप = पल्लवित ।

शब्दार्थ- पाउला पलाएको, पिपिरा लागेको, नयाँ पात पलाएको, पाउलिएको ।

पवः (ना./पुं.) पवते, पुनाति, पूयते इति वा *(पवित्र हुन्छ वा हुनु)* पूङ् पवने (भ्वा.) वा पूञ् पवने (क्र्या.) धातु, पू+अच् (पचादि)/अप् (अ)= पव ।

शब्दार्थ- हावा, वायु, पवन, शुद्ध गर्ने काम, पवित्रता ।

पवनः (ना./पुं./न.) पवते, पुनातीति वा *(पवित्र गर्छ)* पूङ् पवने (भ्वा.) वा पूञ् पवने (क्र्या.) धातु, पू+युच्[3] (अन), उणा., गुण, अवादेश= पवन ।

अथवा पूयते इति *(शुद्ध पारिन्छ)* पू+ल्युट् (अन), गुण =पवन ।

शब्दार्थ- वायु, हावा, मरुत्, वात, बतास, शुद्धि, स्वच्छता, शुद्ध वा पवित्र पार्ने काम ।

पवमानः (ना./पुं./वि.)पवते इति *(पवित्र हुन्छ)* पूङ् पवने (भ्वा.) धातु, पू+लट्, लट्को शानन्, पू+शानन्[4] (आन)/शप्[5] (अ), गुण, अवादेश, मुक्[6] = पवमान ।

शब्दार्थ- हावा, वायु, शुद्धि, पवित्र पार्दै, शुद्ध वनाउँदै ।

पविः (ना./पुं) पवते, पुनातीति वा *(पवित्र पार्छ वा छेदन गर्छ)* पूङ् पवने (भ्वा.) वा पूञ् पवने (क्र्या.) धातु, पू+इ, उणा., गुण, अवादेश= पवि ।

शब्दार्थ- वज्र, चट्याङ्, वाण, कुलिश, पवित्र पार्ने काम ।

पवित्रम् (ना./न.) पवते, पूनाति अनेन इति वा *(पवित्र हुन्छ यसबाट)* पूङ् पवने (भ्वा.) वा पूञ् पवने (क्र्या.) धातु, पू+इत्र[7], गुण, अवादेश= पवित्र ।

पवित्रं वर्षणे कुशे । ताम्रे पयसि च क्लीवं मेध्ये स्यादभिधेयवत्- इति मेदिनी

शब्दार्थ- शुद्ध, स्वच्छ, निर्मल, पुनीत, पवित्रस्वरूप परमेश्वर, यज्ञमा उपयुक्त कुश वा दर्भ, दूध, ताम्रपात्र ।

पवित्रता (ना./स्त्री.) पवित्रस्य भावः *(पवित्र हुनाको भाव वा अवस्था)* पवित्र+तल् (त)+टाप् (आ)= पवित्रता ।

शब्दार्थ- शुद्धता, स्वच्छता, निर्मलता, सफाइ ।

पशुः (ना./पुं.) सर्वानशेषेण पश्यतीति *(सबैलाई समग्र रूपले हेर्छ)* दृशिर् प्रेक्षणे (भ्वा.) धातु, दृश्+कु[8] (उ), उणा., धातुको 'पश' आदेश पश् उ= पशु ।

तिर्यग्जातौ पशुः प्रोक्तः सर्वप्राणिषु पुंस्ययम् ।

शब्दार्थ- चारखुट्टे जनावर, चौपाया, विवेकहीन प्राणी, मृगादिपशु, तिर्यग्जाति, समग्र प्राणि-समुदाय ।

पशुघातः (ना./पुं.) पशूनां घातः *(पशुहरूको वध)* पशु+घात, ष.त.स.= पशुघात ।

शब्दार्थ- पशुहत्या, पशुवध, पशुहरू मार्ने काम ।

पशुघाती (वि.) पशुघातः अस्यास्तीति *(पशुघात गर्ने काम छ यसको)* पशुघात+इनि (इन्), अकारलोप, पशुघातिन्= पशुघाती ।

शब्दार्थ-पशुहरूको हत्या गर्ने, पशुहरू वध गर्ने, पशु मार्ने,

पशुचिकित्सकः (ना./पुं.) पशूनां चिकित्सिकः *(पशुहरूको चिकित्सिक)* ष.त.स.= पशुचिकित्सक ।

शब्दार्थ- पशुहरूको उपचार गर्ने वैद्य वा डाक्टर, पशुविशेषज्ञ ।

पशुचिकित्सा (ना./स्त्री.) पशूनां चिकित्सा *(पशुहरूको चिकित्सा)* ष.त.स.= पशुचिकित्सा ।

शब्दार्थ- पशुहरूको उपचार गर्ने विधि वा शास्त्र, पशुरोगको उपचार गर्ने काम ।

पशुता (ना./स्त्री./**पशुत्वम्** (ना./न.) पशोर्भावः *(पशु हुनाको भाव वा अवस्था)* पशु+तल् (त)+टाप् (आ) =पशुता । पशु+त्व= पशुत्व ।

शब्दार्थ- पशुहरूको गुण वा अवस्था, मूर्खता, विवेकहीनता, मुर्ख्याइँ, पशुभाव ।

पशुपक्षी (ना./पुं.) पशु च पक्षी च *(पशु र पक्षी)* द्व.स. =पशुपक्षी ।

शब्दार्थ- वस्तुभाउ र पशुपक्षी, चराचुरुङ्गी ।

पशुपतिः (ना./पुं.) पशुनां जीवानां चराचराणाञ्च पतिः *(जीव तथा चर अचर सबैका पति वा स्वामी)* ष.त.स.= पशुपति ।

शब्दार्थ- पशु वा प्राणीहरूका स्वामी वा मालिक, महादेव, शङ्कर, काठमाडौं पशुपति क्षेत्रमा अवस्थित भगवान् पशुपतिनाथ ।

पशुपतिरक्षितः (वि.) पशुपतिना रक्षितः *(पशुपतिनाथबाट रक्षा गरिएको)* तृ.त.स.= पशुपतिरक्षित ।

शब्दार्थ- भगवान् पशुपतिनाथवाट रक्षा गरिएको, पशुपतिनाथवाट संरक्षित ।

पशुपालकः (वि.) पशून् पालयतीति *(पशुको पालन गर्छ)* पशु उपपदपूर्वक पाल रक्षणे (चुरा.) धातु, पशु+पाल्+ण्वुल् (अक)= पशुपालक ।

शब्दार्थ- पशुहरू पालन गर्ने, गोठालो, पशुपालनको व्यवसाय गर्ने ।

---

[1] नन्दिग्रहिपचादिभ्य... : णिनि
[2] तदस्य सञ्जातम्... : इतच्
[3] बहुलमन्यत्रापि : युच्
[4] पूङ्यजोः शानन् : शानन्
[5] कर्तरि शप् : शप्
[6] आने मुक् : मुक्
[7] पुवः संज्ञायाम् : इत्र
[8] अर्जिदृशिकम्यमि... : कु (प्रत्यय)

पशुपालनम् (ना./न.) पाल्यते इति *(पालन गरिन्छ)* पाल रक्षणे (चुरा.) धातु, पाल्+ल्युट् (अन), पालनम् । पशूनां पालनम् *(पशुहरू पालन गर्ने काम)* ष.त.स. =पशुपालन ।

शब्दार्थ- पशुहरू पाल्ने काम, पशुहरू पालेर व्यवसाय चलाउने काम ।

पशुभावः (ना./पुं.) पशोर्भावः *(पशु हुनाको भाव वा अवस्था)* ष.त.स.= पशुभाव ।

शब्दार्थ- पशुत्व, पशुता, अज्ञानता, मूर्खता, जडता ।

पशुहतः (वि.) हन्यते स्म इति *(वध गरिएको)* हन हिंसा-गत्योः (अदा.) धातु, हन्+क्त (त), नलोप, हतः । पशुनां हतः *(पशुहरूको वध गरिएको)* ष.त.स.=पशुहत ।

शब्दार्थ- पशुहरूको हत्या गरिएको, पशुहरूको वध गरिएको, पशुहरूलाई मारिएको ।

पश्चात् (अव्य.) अपरस्याम्, अपरस्याः, अपरा वा दिक् अपरस्मिन्, अपरस्मात्, अपरः देशः कालः वेति *(अर्को दिशा वा देश वा काल)* अपर+आति[1] (आत्), अपरको पश्चभाव, पश्च+आत्, दीर्घ= पश्चात् ।

शब्दार्थ- अन्तमा, पछिबाट, अर्को समयमा, अरू देशबाट, पश्चिमबाट, पश्चिम दिशामा, अन्त्यमा, चरममा,

पश्चात्तापः (ना./पुं.) पश्चात् अन्ते तपनमिति *(पछाडि ताप गरिन्छ)* वा पश्चात् पूर्वकृते कुकार्ये तपनम् *(पहिले गरिएका कुकर्मप्रति पछितो)* पश्चात् उपपदपूर्वक तप सन्तापे (भ्वा.) धातु, पश्चात्+तप्+घञ् (अ), वृद्धि= पश्चात्ताप ।

शब्दार्थ- आफूले पहिले गरेका कामप्रति चिन्ता, पछितो, विषाद, अनुताप, खेद, मानसिक चिन्ता ।

पश्चार्धः (ना./पुं.) अपरश्चासौ अर्धश्च *(पछितिरको आधा भाग)* अपर+अर्ध, क.त.स.[2] अपरको पश्चभाव, पश्च[3] अर्ध, दीर्घ= पश्चार्ध ।

शब्दार्थ- पछिल्लो आधाभाग, उत्तरार्ध, पछाडिको आधाभाग

पश्चिमः (वि./ना./पुं.) पश्चात् भवः *(पछाडि भएको)* पश्चात्+डिमच्[4] (इम) टिलोप= पश्चिम ।

शब्दार्थ- पछि उत्पन्न भएको, पछिल्लो, अन्तिम, चरम, आखिरी, पश्चिम दिशा, चन्द्रसूर्यादि अस्ताउने दिशा ।

पश्चिमा (ना./स्त्री.) पश्चात् भवा *(पछाडि भएको)* पश्चात्+डिमच् (इम) टिलोप, पश्चिम । पश्चिम+टाप् (आ)= पश्चिमा ।

शब्दार्थ- चन्द्रसूर्य अस्ताउने दिशा, पश्चिमदिशा, पश्चिमतिर बग्ने नदी, पश्चिमेली, पाश्चात्य ।

पश्चिमाञ्चलः (ना./पुं.) पश्चिमस्थितश्चासौ अञ्चलश्च *(पश्चिममा रहेको अञ्चल)* क.त.स., उ.प.लोप =पश्चिमाञ्चल ।

शब्दार्थ- पश्चिमको अञ्चल, पश्चिमाञ्चल ।

पश्यतोहरः (वि.) पश्यन्तं जनमनादृत्य हरतीति *(हेरिरहेका मानिसलाई छलेर चोर्छ वा हरण गर्छ)* पश्यत्+ङस् (अस्)+हृ+अच् (अ), हृको गुण, हरः । षष्ठी विभक्तिको अलुक्, पश्यतस् हर, रुत्व, उत्व=पश्यतोहर ।

शब्दार्थ- हेर्दाहेर्दै चोर्ने, लुट्ने, सुनार, जबर्जस्ती हरण गर्ने, चोर, लुटाहा ।

पाकः (ना./पुं.) पच्यते इति *(पकाइन्छ)* डुपचष् पाके (भ्वा.) धातु, पच्+घञ्[5] (अ), वृद्धि, कुत्व =पाक ।

अथवा पिबतीति *(खान-पान गर्छ)* पा पाने (भ्वा.) धातु, पा+कन् (क), उणा.= पाक ।

शब्दार्थ- पकाउने काम, भोजन वनाउने क्रिया, पकाइने अन्न ।

पाकशाला (ना./स्त्री.) पाकाय शाला *(पकाउनको लागि घर)* च.त.स.= पाकशाला ।

शब्दार्थ- भान्साघर, भोजन वनाउने वा पकाउने घर ।

पाक्यः (वि./ना./न.) पक्तुं योग्यः, पच्यते अनेन इति वा *(पकाउन योग्य वा पकाइन्छ यसबाट)* डुपचष् पाके (भ्वा.) धातु, पच्+ण्यत् (य), वृद्धि, कुत्व= पाक्य ।

अथवा पाके साधुः *(पकाउन उपयुक्त)* पाक+यत् (य) =पाक्य ।

शब्दार्थ- पकाउन योग्य वा लायक, पकाउन उचित, पकाउनु पर्ने, पकाएको खानेकुरा, पक्वान्न ।

पाकस्थली (ना./स्त्री.) पाकस्य स्थली *(पाकको थैलो)* ष.त.स.= पाकस्थली ।

शब्दार्थ- खाएको कुरा नपचुञ्जेल रहने पेटको थैलो, पक्वाशय ।

पाक्षिकः (वि.) पक्षे भवः जातादिरिति *(पक्षमा हुने वा भएको)* पक्ष+ठञ्[6] (इक), आदिवृद्धि, अकारलोप =पाक्षिक ।

शब्दार्थ- पक्षमा भएको, अर्धमासिक, पक्षसम्वन्धी, प्रत्येक पन्ध्र पन्ध्र दिनमा हुने ।

पाखण्डः (ना./पुं.) पातीति *(रक्षा गर्छ)* पा रक्षणे (अदा.) धातु, पा+क्विप् (सर्वलोप), पाः । पास्त्रयीधर्मः तं खण्डयतीति *(तीन वेदले बताएको धर्म विनाश गर्छ)* पा उपपदपूर्वक खडि भेदने (चुरा.) धातु, पा+खण्ड्+अच् (पचादि)= पाखण्ड ।

शब्दार्थ- वेदोक्त धर्म नमान्ने व्यक्ति, वेदले वताएको धर्म पालना नगर्ने मानिस, पाखण्डीपन, धूर्त्याइँ ।

***द्रष्टव्य*-पालनाच्च त्रयीधर्मः पाशब्देन निगद्यते**
तं खण्डयन्ति ये तस्मात् पाखण्डास्तेन हेतुना- स्मृतिः

---

[1] पश्चात् : पश्चभाव/आति
[2] पूर्वापरप्रथमचरम...: क.त.स.
[3] अपरस्यार्धे... (वा.) : पश्चभाव
[4] अग्रादिपश्चाड्डिमच् (वा.) : डिमच्
[5] हलश्च : घञ्
[6] कालाट्ठञ् : ठञ्

पागलः (वि.) पाति रक्षतीति *(रक्षा गर्छ)* पा रक्षणे (अदा.) धातु, पा+क्विप् (सर्वलोप), पाः (रक्षा गर्ने काम) । तस्मात् गलतीति, आत्मसंरक्षणात् विमुखः भवतीति *(आत्मसंरक्षणबाट विमुख हुन्छ)* पा उपपदपूर्वक गल अदने (भ्वा.) वा गल स्रवणे (चुरा.) धातु, पा+गल्+अच् (पचादि)= पागल ।

शब्दार्थ- आफूलाई संरक्षण गर्न नसक्ने, वहुलाहा, विक्षिप्त मनस्थिति हुने, दिमाग ठीक नभएको, वहुलाएको, होस हराएको, उन्मत्त ।

पाचकः (वि.) पचतीति *(पकाउँछ)* डुपचष् पाके (भ्वा.) धातु, पच्+ण्वुल् (अक), वृद्धि= पाचक ।

शब्दार्थ- पकाउने, खाना वनाउने, पक्वान्न तयार गर्ने, भान्से, सूपकार ।

पाचनम् (ना./न.) पाच्यते इति *(पकाइन्छ, पचाइन्छ)* डुपचष् पाके (भ्वा.) धातु, पच्+णिचि+ल्युट्/युच् (अन), वृद्धि, णिलोप= पाचन ।

शब्दार्थ- पकाउने काम, खाना तयार गर्ने काम, खाएको पचाउने क्रिया, पचाउने औषधि ।

पाञ्चजन्यः (ना./पुं.) पञ्चजने दैत्यविशेषे भवः *(पञ्चजन नामक दैत्य विशेषमा भएको)* पञ्चजन+ञ्य[1] (य), आदिवृद्धि, अकारलोप= पाञ्चजन्य ।

शङ्खो लक्ष्मीपतेः पाञ्चजन्यः- इत्यमरः

पाञ्चजन्यं हृषीकेशो- भ.गी.१/१५

शब्दार्थ- लक्ष्मीपति भगवान् विष्णुको शङ्ख, विष्णुले पञ्चजन नामको दैत्यलाई वध गरेर लिएको शङ्ख, भगवान् श्रीकृष्णले वजाएको शङ्ख ।

पाञ्चभौतिकः (वि.) पञ्चानां भूतानां समाहारः *(पाँच महाभूतहरूको समूह)* द्वि.त.स., पञ्चभूतम् । पञ्चभूतादागतः, पञ्चभूतस्यायम्, *(पञ्च-महाभूतबाट आएको, पञ्चमहाभूतको)* पञ्चभूत+ठक्[2] (इक), उभयपदवृद्धि, अकारलोप= पाञ्चभौतिक ।

शब्दार्थ- पञ्चमहाभूतसम्वन्धी, पञ्चमहाभूतबाट बनेको, पञ्चमहाभूतमा भएको ।

द्रष्टव्य-पञ्चमहाभूत हुन्- पृथिवी, जल, तेज, वायु, आकाश ।

उदा. वशेष आब्रह्म पिपीलिकातक
शरीर एकै उही पाञ्चभौतिक- बु.वि.८

पाञ्चायनः (वि.) पञ्चानामयनानां मार्गाणां पद्धतीनां वा समूहः *(गणेश, विष्णु, शिव, सूर्य, देवी, यी पाँच देवताहरूको मार्ग वा क्रम वा पद्यतिको समूह)* पञ्च+अयन, द्वि.त.स., दीर्घ, पञ्चायनम् । पञ्चायनस्य अयम्, पञ्चायनदेवता अस्य *(पञ्चायनको यो, पञ्चायन देवता छन् 'यसका)* पञ्चायन+अण्[3] (अ), आदिवृद्धि, अकारलोप= पाञ्चायन ।

शब्दार्थ- पाञ्चायन देवदेवीहरूसम्वन्धी, पाञ्चायन देवदेवीको, पञ्चायन देवताको पूजाआजा गर्ने, पाञ्चायन देवताको उपासक ।

पाञ्चालः (वि.) पञ्चाले भवः, पञ्चालादागतः, पञ्चाले जातः, पञ्चालस्य अयम्, पञ्चालः निवासः अस्य इति वा *(पञ्चालदेशमा भएको, पञ्चालदेशबाट आएको, पञ्चालदेशमा उत्पन्न, पञ्चालदेशको यो, पञ्चाल-देश निवास छ यसको)* पञ्चाल+अण्[4] (अ), आदिवृद्धि, अकारलोप= पाञ्चाल ।

शब्दार्थ- पञ्चाल देशमा भएको वा जन्मेको, पञ्चालवाट आएको, पञ्चालसम्वन्धी, पञ्चालनिवासी ।

द्रष्टव्य- प्राचीन पञ्चालप्रदेश वर्तमान भारतको पञ्जाव प्रान्तमा पर्दछ ।

पाञ्चाली (ना./स्त्री.) पञ्चालानां राज्ञः अपत्यं स्त्री *(पञ्चाल नरेशकी स्त्री सन्तति)* पञ्चाल+अञ्+ङीप् (ई), आदिवृद्धि= पाञ्चाली ।

शब्दार्थ- पञ्चाल नरेशकी पुत्री द्रौपदी, कृष्णा, पञ्च-पाण्डवकी पत्नी, साहित्यमा रीतिको एउटा प्रकार ।

पाठः (ना./पुं.) पठ्यते, पाठ्यते इति वा *(पढिन्छ वा पढाइन्छ)* पठ व्यक्तायां वाचि (भ्वा.) धातु, पठ्+घञ् (अ), वृद्धि= पाठ ।

अथवा पठ्+णिचि, वृद्धि, घञ् (अ),वृद्धि, णिलोप=पाठ ।

शब्दार्थ- पढ्ने वा पढाउने काम, अध्ययन-अध्यापन, पढाइ, विधिपूर्वक कुनै धार्मिक ग्रन्थ वाचन गर्ने वा पारायण गर्ने काम, गुरुले शिष्यलाई पढ्न दिएको पाठको अंश ।

पाठकः (ना./पुं./वि.) पठति, पाठयति अध्यापयतीति वा *(पढ्छ वा पढाउँछ)* पठ व्यक्तायां वाचि (भ्वा.) धातु, पठ्+ण्वुल् (अक), वृद्धि वा पठ्+णिचि, वृद्धि, पाठि+ण्वुल्[5] (अक), णिलोप= पाठक ।

शब्दार्थ- पढ्ने विद्यार्थी, पढाउने शिक्षक वा गुरु, वाचक, अध्ययन गर्ने ।

पाठनम् (ना./न.) पाठ्यते इति *(पढाइन्छ)* पठ व्यक्तायां वाचि (भ्वा.) धातु, पठ्+णिचि+ल्युट् (अन), वृद्धि, णिलोप= पाठन ।

शब्दार्थ- पढाउने कार्य, पढाउने काम, अध्यापन ।

पाठनीयः (वि.) पाठ्यते, पाठयितुं योग्यः इति वा *(पढाइन्छ वा पढाउन योग्य)* पठ व्यक्तायां वाचि (भ्वा.) धातु, पठ्+णिचि+अनीय (र्), वृद्धि, णिलोप= पाठनीय ।

शब्दार्थ-पढाउन योग्य, पढाउनु पर्ने, अध्यापन गर्न उचित

पाठशाला (ना./स्त्री.) पाठाय शाला *(पढाउनको लागि घर)* वा पाठस्य शाला *(अध्ययनको शाला वा घर)* च.त.स./ष.त.स.= पाठशाला ।

शब्दार्थ- पढाउने घर, शिक्षा दिने ठाउँ, विद्यालय, अध्ययनगृह ।

---

[1] पञ्चजनादुपसङ्ख्यानम् (वा.) : ञ्य

[2] तत्र भवः/तत आगतः : ठक्

[3] तस्येदम्/साऽस्यदेवता : अण्

[4] तत्र भवः/तत आगतः/तस्येदम्/तत्र जातः/सोऽस्य निवासः : अण्

[5] ण्वुल्तृचौ : ण्वुल्

पाठशालीयः (वि.) पाठशालायां भवः *(पाठशालामा हुने),* पाठशालायाः अयम् *(पाठशालाको यो)* पाठशाला+छ[१] (ईय)= पाठशालीय ।

शब्दार्थ-पाठशालासम्बन्धी, पाठशालाको, पाठशालामा हुने ।

पाठान्तरम् (ना./न.) पाठस्य अन्तरम् *(पाठको अन्तर)* ष.त.स., दीर्घ= पाठान्तर ।

अथवा अन्यत् पाठः *(अर्को पाठ)* पाठ+अन्तरम्, म.व्य.स., दीर्घ= पाठान्तर ।

शब्दार्थ- पाठको भेद वा भिन्न भिन्न प्रकार, अर्को पाठ, विभिन्न पाठ ।

पाठ्यः (वि.) पाठयितुं योग्यः, पाठ्यते पठ्यते इति वा *(पढाउन वा पढ्न लायक)* पठ व्यक्तायां वाचि (भ्वा.) धातु, पठ्+णिचि, वृद्धि, पाठि+यत् (य), णिलोप, पाठ्य ।

अथवा पठ्+ण्यत् (य), वृद्धि= पाठ्य ।

शब्दार्थ- पढाउन योग्य वा लायक, अध्यापन गर्न योग्य, पढ्न लायक वा योग्य, अध्ययन गर्न योग्य, पढाउनुपर्ने, पठनीय ।

पाठ्यक्रमः (ना./पुं.) पाठ्याय क्रमः *(पढाउनको लागि निर्धारित क्रम वा विषय)* च.त.स.= पाठ्यक्रम ।

शब्दार्थ- पढाउनको लागि निर्धारित विषय र क्रम ।

पाठ्यपुस्तकम् (ना./न.) पाठ्याय पुस्तकम् *(पढाउनको लागि तयार गरिएको पुस्तक)* वा पाठ्यस्य पुस्तकम् *(अध्ययनको पुस्तक)* ष.त.स.= पाठ्यपुस्तक ।

शब्दार्थ- पढाउन तयार गरिएको पुस्तक, पढाउनु पर्ने पुस्तक, अध्ययन गर्ने पुस्तक ।

पाठ्यांशः (ना./पुं.) पाठ्यस्य अंशः *(पढाइने विषयको अंश)* ष.त.स., दीर्घ= पाठ्यांश ।

शब्दार्थ- पढाइने पुस्तक वा पढाउन तोकिएका विषयको अंश वा भाग वा खण्ड ।

पाठिका (ना./स्त्री.) पाठयति असौ *(पढाउछे यो)* पठ व्यक्तायां वाचि (भ्वा.) धातु, पठ्+णिचि+ण्वुल् (अक), वृद्धि, णिलोप, पाठकः । पाठक+टाप् (आ), ककारपूर्वका अकारको इत्व= पाठिका ।

शब्दार्थ- पढाउने स्त्री, शिक्षिका, अध्यापिका, गुरुआमा ।

पाठी (वि.) पठतीति *(पढ्दछ)* पठ व्यक्तायां वाचि (भ्वा.) धातु, पठ्+णिनि (इन्), वृद्धि, पाठिन्= पाठी ।

अथवा पाठः अस्यास्तीति *(अध्ययन छ यसको)* पाठ+इनि (इन्), पाठिन्= पाठी ।

शब्दार्थ- पढ्ने, पाठ गर्ने, अध्ययन गर्ने ।

पाणिः (ना./पुं.) पणयन्ति अनेन *(प्रार्थना वा व्यवहार गरिन्छ यसबाट)* पण व्यवहारे स्तुतौ च (भ्वा.) धातु, पण्+आय[२] (प्रत्यय)+इण्[३] (इ), आयको लुक्, उणा., पण्को वृद्धि= पाणि ।

शब्दार्थ- हात, कर, हस्त, बाहु ।

पाणिग्रहणम् (ना./न.) पाणिना ग्रहणम् *(हातले ग्रहण गर्ने काम)* तृ.त.स.= पाणिग्रहण ।

शब्दार्थ- विवाहमा विधिपूर्वक वरको हातले वधूको हात ग्रहण गर्ने कार्य, विवाह गर्ने कार्य ।

उदा. **नहोस् यस्तो पाणीग्रहण, कुल नै पर्छ अगति-** भृ.ख.का. १/६७

पाणिग्रहीता (वि.) पाणिं गृह्णातीति *(पाणिग्रहण गर्छ)* पाणि उपपदपूर्वक ग्रह उपादाने (क्र्या.) धातु, पाणि+ग्रह+तृन्/तृच् (तृ), इडागम, दीर्घ, पाणिग्रहीतृ =पाणिग्रहीता ।

शब्दार्थ- पाणिग्रहण गर्ने, विवाह गर्ने (मानिस) ।

पाणिगृहीता (ना./स्त्री.) गृह्यते स्म असौ *(ग्रहण गरिएकी यो)* ग्रह उपादाने (क्र्या.) धातु, ग्रह्+क्त (त), ग्रको सम्प्रसारणबाट गृ, गृह् त, इडागम, दीर्घ, गृहीत+टाप् (आ), गृहीता । पाणिना गृहीता *(हातले ग्रहण गरिएकी)* तृ.त.स.= पाणिगृहीता ।

शब्दार्थ- विवाहमा विधिपूर्वक पाणिग्रहण गरिएकी स्त्री, विवाहिता स्त्री, विवाह गरिएकी आइमाई ।

पाणिनः (ना./पुं.) पण्यते पणनमिति वा *(व्यवहार वा स्तुति गरिन्छ)* पण व्यवहारे स्तुतौ च (भ्वा.) धातु, पण्+क[४] (अ), पणः । पणः अस्यास्तीति *(व्यवहार छ यसको)* पण+इनि (इन्), अकारलोप, पणिन् । पणिनः गोत्रापत्यम् *(पणीको सन्तान)* पणिन्+अण् (अ), आदिवृद्धि= पाणिन ।

शब्दार्थ- पणीनामक व्यापारिका सन्तान, पणीको गोत्रमा उत्पन्न सन्तान ।

पाणिनिः (ना./पुं.) पाणिनस्य अपत्यम् *(पाणिनका सन्तान)* पाणिन+इञ्[५] (इ), अकारलोप= पाणिनि ।

शब्दार्थ- पाणिनिका सन्तान, पणी वंशमा उत्पन्न विद्वान्, पाणिनीय संस्कृत व्याकरणका रचयिता, दाक्षीपुत्र ।

पाणिनीयः (वि.) पाणिनिना प्रोक्तः *(पाणिनिले भनेको वा रचेको)* पाणिनि+छ (ईय), इकारलोप= पाणिनीय ।

अथवा पाणिनिना उपज्ञातम् *(पाणिनिले बोध गराएको)* पाणिनि+छ[६] (ईय)= पाणिनीय ।

शब्दार्थ- पाणिनिले रचना गरेको, पाणिनिले बोध गराएको (संस्कृत व्याकरण), पाणिनिको, पाणिनिसम्बन्धी ।

पाणिपादम् (ना./न.) पाणी च पादौ च तयोः समाहारः *(हात र पाउको समुदाय)* द्व.स., एकत्वभाव =पाणिपाद ।

शब्दार्थ- हात र खुट्टा, हातपाउ ।

पाण्डवः (ना./पुं.) पाण्डोरपत्यं पुमान् *(पाण्डुका पुरुष सन्तान)* पाण्डु+अण्[७] (अ), गुण, अवादेश= पाण्डव ।

शब्दार्थ- पाण्डुका पुत्रहरू, पञ्चपाण्डव ।

---

[१] वृद्धाच्छः : छ

[२] गुपूधूप... : आय

[३] असिपणाय्यो... : इण्

[४] घञर्थे कविधानम् : क

[५] अत इञ् : इञ्

[६] वृद्धाच्छः/तेन प्रोक्तम्/उपज्ञाते : छ

[७] ऋष्यन्धकवृष्णि..: अण्

पाण्डित्यम् (ना./न.) पण्डा विवेकशालिनी बुद्धिः सा सञ्जाता अस्य *(विवेकशालिनी बुद्धि पैदा भएको छ यसको)* पण्डा+इतच्[1] (इत), आकारलोप, पण्डितः । पण्डितस्य भावः कर्म वा *(पण्डित हुनाको भाव, अवस्था वा कर्म)* पण्डित+ष्यञ्[2] (य), आदिवृद्धि, अकारलोप= पाण्डित्य ।

शब्दार्थ- विद्वत्ता, पण्डित हुनाको भाव वा अवस्था, पण्डित्याइँ ।

पाण्डुः (ना./पुं.) पण्डचते ज्ञायते इति *(जानिन्छ)* पडि गतौ (भ्वा.) धातु, नुम्, पण्ड्+कु[3] (उ), उणा., दीर्घ (पृषोदरादिवाट)= पाण्डु ।

शब्दार्थ- पांच पाण्डवका पिता, एक प्रकारको रोग, जसवाट शरीर सेतो हुन्छ, सेतो वर्ण वा रङ्ग ।

पाण्डुरः (वि.) पाण्डुः शुक्लवर्णः अस्यास्तीति *(पाण्डुवर्ण छ यसको)* पाण्डु+र[4] = पाण्डुर ।

शब्दार्थ- नीलोपनको सेतो (रङ्ग), पहेंलोपनको सेतो (रङ्ग), सेतो र पहेलो (रङ्ग) ।

पातः (ना./पुं.) पत्यते, पात्यते इति वा *(खसिन्छ वा खसाइन्छ)* पत्लृ गतौ (भ्वा.) धातु, पत्+घञ् (अ), वृद्धि= पात ।

अथवा पत्+णिचि, वृद्धि, पाति+अच्/घञ् (अ), णिलोप= पात ।

शब्दार्थ- खस्ने काम, गिरावट, पतन, विनाश, गिराउने काम, झार्ने वा खसाउने काम ।

पातकः (ना./पुं.) पातयति अधोगमयति दुष्कर्मकारिणम् *(खराब काम गर्नेलाई तल गिराउँछ)* वा पततीति *(खस्छ)* पत्लृ गतौ (भ्वा.) धातु, पत्+णिचि, वृद्धि, पाति+ण्वुल् (अक), णिलोप= पातक ।

अथवा पत्+ण्वुल् (अक)= पातक ।

शब्दार्थ- तल खस्ने वा खसाउने काम, पाप तथा कुकर्मतिर लगाउने तत्त्व, कुकर्म, पाप ।

पातकी (वि.) पातकः पापः अस्यास्तीति *(पाप छ यसको)* पातक+इनि (इन्), अकारलोप, पातकिन्= पातकी ।

शब्दार्थ- पाप गर्ने, पापी, अधर्मी, अपराधी ।

पातञ्जलम् (ना./न.) पतञ्जलेरिदम् *(पतञ्जलिको यो)* पतञ्जलि+अण् (अ),आदिवृद्धि, अकारलोप=पातञ्जल ।

शब्दार्थ- पतञ्जलिसम्वन्धी, पतञ्जलिद्वारा निर्मित व्याकरण-महाभाष्य, पातञ्जल योगदर्शन ।

पातनम् (ना./न.) पात्यते इति *(खसाइन्छ)* पत्लृ गतौ (भ्वा.) धातु, पत्+णिचि+ल्युट् (अन), वृद्धि, णिलोप =पातन ।

शब्दार्थ- खसाउने वा तल गिराउने काम, झार्ने काम ।

पातालम् (ना./न.) पतन्ति अत्र दुष्कर्मकारिणः *(दुष्कर्म गर्नेहरू यहाँ गिर्दछन्)* पत्लृ गतौ (भ्वा.) धातु, पत्+आलञ्[5] (आल), वृद्धि= पाताल ।

शब्दार्थ- रसातल, पृथ्वीभन्दा तलतिर रहने सातलोकमध्ये सवभन्दा तल्लो लोक, नागलोक, अधोलोक ।

पातितः (वि.) पात्यते स्म इति *(खसाइएको)* पत्लृ गतौ (भ्वा.) धातु, पत्+णिचि+क्त (त), वृद्धि, णिलोप, इडागम = पातित ।

शब्दार्थ- तल खसाइएको, गिराइएको, फ्याँकिएको ।

पातिव्रत्यम् (ना./न.) पतिव्रतायाः भावः *(पतिव्रता हुनाको भाव वा अवस्था)* पतिव्रता+ष्यञ् (य), आदिवृद्धि, अकारलोप= पातिव्रत्य ।

शब्दार्थ- पतिव्रता स्त्रीको धर्म, पतिव्रता हुनाको स्थिति ।

पात्रम् (ना./न.) पिवन्ति अनेन, पान्ति अस्मात् इति वा *(यसद्वारा पिउँछन्, यसबाट रक्षा गर्छन्)* पा पाने (भ्वा.) वा पा रक्षणे (अदा.) धातु, पा+ष्ट्रन् (त्र), उणा.= पात्र ।

तीरद्वयान्तरे । पात्रं श्रुवादौ पर्णे च भोजने राजमन्त्रिणि- मेदिनी
योग्यभाजनयोः पात्रम्- इति हैमः

शब्दार्थ- भाँडो, नदीको दुवैतिरको किनार, यज्ञको सुरो र यज्ञपात्र, यज्ञभाण्ड, पात, पर्ण, नाटकको पात्र, अभिनेता, चरित्रनायक, कुनै वस्तु पाउन योग्य व्यक्ति, दान दिन लिन योग्य व्यक्ति, सत्पात्र ।

पात्रता (ना./स्त्री.) पात्रस्य भावः *(राम्रो पात्र हुनाको भाव वा अवस्था)* पात्र+तल् (त)+टाप् (आ)= पात्रता ।

शब्दार्थ- सत्पात्र हुनाको अवस्था वा अन्य विशेष गुण ।

पात्रियः/पात्र्यः (वि.) पात्रमर्हतीति *(पात्र हुन योग्य)* पात्र+घ[6] (इय), अकारलोप= पात्रिय ।

पात्र+यत्[6] (य), अकारलोप= पात्र्य ।

शब्दार्थ- भोजन वा अन्य कुराको लागि योग्य पात्र वा भाँडो ।

पाथेयः (वि.) पथि साधुः *(बाटोमा हित हुने)* पथिन्+ढञ्[7] (एय), आदिवृद्धि, टिलोप= पाथेय ।

शब्दार्थ- बाटोको लागि उचित वा उपयुक्त भोग्यवस्तु, बाटोमा खाने सामग्री, सामल, बाटो खर्च ।

पादः (ना./पुं./न.) पद्यति, पद्यते अनेन *(हिड्छ यसबाट)* पद गतौ (दिवा.) धातु, पद्+घञ् (अ), वृद्धि= पाद ।

पादः पदङ्घ्रिश्चरणोः । पादस्तुरीयो भागः स्यात्- इत्यमरः
पादो बुध्ने तृतीयांशे शैलप्रत्यन्तपर्वते । चरणे च मयूखे च ।
श्लोकपादेऽपि च क्लीवं पुंल्लिङ्गः किरणे पुनः- इति मेदिनी

शब्दार्थ- पाउ, खुट्टो, चरण, गोडा, श्लोकको पाउ, किरण, ठूलो पर्वतको समीपवर्ती सानो पहाड ।

पादग्रहणम् (ना./न.) पादयोः ग्रहणं स्पर्शः *(पाउको ग्रहण)* ष.त.स.= पादग्रहण ।

शब्दार्थ- अभिवादन, पाउ छुने काम, पादस्पर्श ।

---

[1] तदस्य सञ्जातम्...: इतच्
[2] वर्णदृढादिभ्य.. : ष्यञ्
[3] मृगय्वादयश्च : कु
[4] नगपांसुपाण्डु... : र
[5] पतिचण्डिभ्यामालञ् : आलञ्
[6] पात्राद्घंश्च : घ/यत्
[7] पथ्यतिथिवसति.... : ढञ्

पादचारी (वि.) पद्भ्यां चरतीति *(खुट्टाले हिड्छ)* पाद उपपदमा हुने चर गतिभक्षणयोः (भ्वा.) धातु, पाद+चर्+णिनि (इन्), वृद्धि= पादचारी ।

शब्दार्थ- पैदल हिड्ने, पदाति ।

पादत्राणम् (ना./न.) पादयोः त्राणम् *(खुट्टाको संरक्षण)* ष.त.स. = पादत्राण ।

शब्दार्थ-जुत्ता, चप्पल, खराउ, खुट्टाको संरक्षण गर्ने साधन ।

पादपः (ना./पुं.) पादेन मूलेन पिबति *(जराले पिउँछ)* पादपूर्वक पा पाने (भ्वा.) धातु, पाद+पा+क (अ), आलोप= पादप ।

शब्दार्थ- वृक्ष, रूख, विटपी, तरु ।

पादपद्मम् (ना./न.) पादः पद्ममिव *(पाउ कमलझैं कोमल)* उप.मा.क.त.स.= पादपद्म ।

शब्दार्थ-पाउ कमल जस्तै कोमल वा नरम, चरणकमल ।

पादपूरणः (ना./पुं.) पादस्य पूरणः *(पाउ पूरा गर्ने काम)* ष.त.स.= पादपूरण ।

शब्दार्थ- कुनै श्लोकको पाउ पूरा गर्ने काम ।

पादप्रक्षालनम् (ना./न.) पादयोः प्रक्षालनम् *(पाउ धुने काम)* ष.त.स.= पादप्रक्षालन ।

शब्दार्थ- चरणप्रक्षालन, गोडा धुने काम ।

पादप्रहारः (ना./पुं.) पादस्य पादेन वा प्रहारः *(पाउको वा पाउद्वारा प्रहार)* ष.त.स./तृ.त.स.= पादप्रहार ।

शब्दार्थ- खुट्टाले प्रहार गर्ने काम, लात्ती हान्ने काम ।

पादन्यासः/पादविन्यासः (ना./पुं.) पादयोः न्यासः वा विन्यासः *(पाउको न्यास वा विन्यास)* ष.त.स. =पादन्यास/पादविन्यास ।

शब्दार्थ-खुट्टा राख्ने काम, नाच्ने काम, पाउ टेक्ने काम ।

पादसेवनम् (ना./न.) पादयोः सेवनम् *(पाउको सेवा गर्ने काम)* ष.त.स.= पादसेवन ।

शब्दार्थ- पाउको सेवन गर्ने काम, खुट्टा मिच्ने वा छुने काम, शुश्रूषा ।

पादार्पणम् (ना./न.) पादयोरर्पणम् *(पाउमा अर्पण)* ष.त.स., दीर्घ= पादार्पण ।

शब्दार्थ- पाउमा समर्पण गर्ने काम ।

पादुका (ना./स्त्री.) पद्यतेऽनया इति *(हिडिन्छ यसबाट)* पद गतौ (दिवा.) धातु, पद्+उ, (उणा.), णित्व, वृद्धि, पादु+कन् (क), स्वार्थमा, टाप् (आ)= पादुका ।

शब्दार्थ- जुत्ता, चप्पल, खराउ ।

पाद्यम् (ना./न./वि.) पादार्थमुदकम् *(पाउ धुनको लागि पानी)* पाद+यत् (य), अकारलोप= पाद्य ।

शब्दार्थ- देवीदेवता वा सम्पूज्य व्यक्तिको पाउ धुने जल, देवीदेवतालाई चढाइने जल, पादप्रक्षालन जल, चरणसम्वन्धी, पाउसम्वन्धी ।

पानम् (ना./न.) पिबन्ति अत्र *(पिउँछन् यहाँ),* पीयते इति *(पिइन्छ)* पा पाने (भ्वा.) धातु, पा+ल्युट् (अन) अधिकरण र कर्ममा= पान ।

शब्दार्थ- पिउने काम, पेयपदार्थ- चुरोट, विँडी आदि धूम्रपान, चुम्वन ।

पानपात्रम् (ना./न.) पानाय पात्रम् *(पिउनको लागि भाँडो)* च.त.स.= पानपात्र ।

चषकोऽस्त्री पानपात्रम्- इत्यमरः

शब्दार्थ- पिउने भाँडो, मादक पदार्थ राख्ने पात्र, चषक, पानपात्र ।

पानीयः (वि.) पातुं योग्यः, पीयते इति वा *(पिउन वा रक्षा गर्न योग्य वा पिइन्छ)* पा पाने (भ्वा.) वा पा रक्षणे (अदा.) धातु, पा+अनीय (र्)= पानीय ।

शब्दार्थ-पिउन योग्य वा लायक, रक्षा गर्न योग्य, रक्षणीय ।

पान्थः (ना./पुं.) पन्थानं नित्यं गच्छतीति *(नित्य बाटो हिड्छ)* वा पथि कुशलः *(बाटोमा निपुण)* पथिन्+ण[1] (अ), प्रकृतिको पन्थादेश, टिलोप, आदिवृद्धि= पान्थ ।

शब्दार्थ- वटुवा, पथिक, बाटो हिँड्ने मानिस, परदेशी ।

उदा. **वियोगी पान्थको आगे रसिलो ऋतुनायक- ऋ.वि. (वसन्त वि.९१)**

पापम् (ना./न.) पाति रक्षति जनः अस्मादात्मानमिति *(यसबाट आफूलाई रक्षा गर्छ)* पा रक्षणे (अदा.) धातु, पा+प (उणा.)= पाप ।

अथवा पिबति भक्षति कुकर्तारमिति *(कुकर्म गर्नेलाई हानि गर्छ)* पा पाने (भ्वा.) धातु, पा+प[2]= पाप ।

पापं किल्विषकल्मषम्- इत्यमरः

शब्दार्थ- यस लोक र परलोक दुवैमा नराम्रो हुने काम, कलुषित कर्म, दुष्कर्म, खराव काम, कल्मष, अघ ।

पापकर्म (ना./न.) पापस्य कर्म *(पापको काम)* ष.त.स. =पापकर्म ।

शब्दार्थ- दुष्कर्म, खराव काम, पाप लाग्ने काम, नराम्रो काम, कुकर्म ।

पापकारी (वि.) पापं कर्तुं शीलमस्य *(पाप गर्ने आदत छ यसको)* पापपूर्वक डुकृञ् करणे (तना.) धातु, पाप+कृ +णिनि (इन्), पापकारिन्= पापकारी ।

शब्दार्थ- पाप गर्ने, कुकर्म गर्ने, पापी, दुराचारी ।

पापकृत् (वि.) पापं करोति, कृतवान् इति वा *(पाप गर्छ वा गरेको)* पाप उपपदपूर्वक डुकृञ् करणे (तना.) धातु, पाप+कृ+क्विप्[3], तुगागम, क्विप्को सर्वलोप =पापकृत् ।

शब्दार्थ- पाप गर्ने, अपराधी, दुष्कर्म गर्ने, दुराचारी, पापी ।

---

[1] पन्थो ण नित्यम् : ण

[2] पानीविषिभ्यः पः : प

[3] सुकर्मपापमन्त्र... : क्विप्

पापक्षयः (ना./पुं.) पापस्य क्षयः *(पापको क्षय)* ष.त.स. =पापक्षय ।

शब्दार्थ- पापको विनाश, पापनाश, पाप पखाल्ने काम ।

पापग्रहः (ना./पुं.) गृह्णातीति *(ग्रहण गर्छ)* ग्रह उपादाने (क्र्या.) धातु, ग्रह्+अच् (पचादि)/अप्[1] (अ), ग्रहः । पापश्चासौ ग्रहश्च *(पापग्रह)* क.त.स.= पापग्रह । अथवा पापः अशुभकारी चासौ ग्रहश्च *(अशुभ फल दिने ग्रह)* क.त.स.= पापग्रह ।

शब्दार्थ- खराव फल दिने ग्रह, अशुभ ग्रह, अमङ्गलकारी ग्रह- शनि, राहु, केतु, मङ्गल र सूर्यग्रह ।

पापनाशः (ना./पुं.) नश्यते इति *(नासिन्छ)* णश अदर्शने (दिवा.) धातु, णको न, नश्+घञ् (अ), नाशः । पापस्य नाशः *(पापको विनाश)* ष.त.स.= पापनाश ।

शब्दार्थ- पापको नाश, दुष्कर्मको नाश, पापको क्षय ।

पापनाशकः (वि.) पापं नाशयतीति *(पाप नाश गर्छ)* पाप उपपदपूर्वक णश अदर्शने (दिवा.) धातु, पाप+नश्+णिचि+ण्वुल् (अक), वृद्धि, णिलोप= पापनाशक ।

शब्दार्थ- पाप नाश गर्ने, पाप पखाल्ने, पाप हटाउने ।

पापनाशनम् (ना./न.) पापस्य नाशनम् *(पापको नाश)* ष.त.स.= पापनाशन ।

शब्दार्थ-पापको विनाश, पापको क्षय, दुष्कर्मको विनाश ।

पापनाशिनी (वि.) पापस्य नाशः *(पापको विनाश)* ष.त.स., पापनाशः । पापनाशः अस्याः अस्तीति *(पाप नाश भएको छ यसको)* पापनाश+इनि (इन्), पापनाशिन्+ङीष् (ई)= पापनाशिनी ।

शब्दार्थ- पाप नाश गर्ने (नदी), भक्तिदायिका, कुकृत्य हटाउने, दुष्कर्म नाश गर्ने, अधर्मको विनाश गर्ने ।

पापबुद्धिः/पापमतिः (वि.) पापे बद्धिर्यस्य, पापे मतिर्यस्य *(पापमा लागेको छ बुद्धि वा मति जसको)* ब.स. =पापवुद्धि/पापमति ।

शब्दार्थ- पाप वुद्धि भएको, दुष्ट, पापात्मा, पापिष्ठ ।

पापमुक्तः (वि.) पापात् मुक्तः *(पापबाट मुक्त भएको)* प.त.स.= पापमुक्त ।

शब्दार्थ- पापवाट मुक्त भएको, पापवाट छुटेको, पापकर्मको परिणामवाट छुटेको ।

पापमुक्तिः (ना./स्त्री.) पापात्मुक्तिः *(पापदेखि छुटकारा)* प.त.स.= पापमुक्ति ।

शब्दार्थ- पापवाट मुक्ति वा छुटकारा पाउने काम ।

पापमोचनम् (ना./न.) मुच्यते इति *(छुटिन्छ)* मुच्लृ मोक्षणे (तुदा.) धातु, मुच्+ल्युट् (अन), गुण, मोचनम् । पापात् मोचनम् *(पापबाट मुक्ति)* प.त.स.=पापमोचन ।

शब्दार्थ- पापवाट छुटकारा पाउने काम, पापवाट मुक्ति, पाप नष्ट गर्ने काम ।

पापात्मा (वि.) पापे आत्मा यस्य *(पापमा लागेको छ आत्मा जसको)* पाप+आत्मन्, ब.स., नलोप, दीर्घ =पापात्मा ।

शब्दार्थ- पाप गर्ने, पापी, पातकी, दुष्ट हृदय भएको, दुष्टात्मा, दुष्कर्म गर्ने ।

पापिष्ठः (वि.) अयमेषामतिशयेन पापी *(यो यिनीहरूमा ज्यादै पापी)* पाप+इष्ठन्[2] (इष्ठ), अकारलोप=पापिष्ठ ।

शब्दार्थ- ज्यादै पापी, अतिदुष्कर्म गर्ने, महापापी, अतिदुष्ट, ज्यादै कुकर्मी ।

पापी (वि.) पापः अस्यास्तीति *(पाप छ यसको)* पाप+इनि (इन्), अकारलोप, पापिन्= पापी ।

शब्दार्थ- पाप गर्ने, अपराधी, कुकर्म गर्ने, दुराचारी ।

पामरः (वि.) पाः धर्मः कर्म वा म्रियते येन *(जसबाट धर्म तथा कर्म नाश हुन्छ)* पा उपपदपूर्वक मृङ् प्राणत्यागे (तुदा.) धातु, पा+मृ+घ (अ), गुण= पामर ।

विवर्णः पामरो नीचः प्राकृतश्च पृथक्जनः- इत्यमरः

शब्दार्थ- नीच, दुष्ट, काँतर, पानीमरुवा, कायर, दुर्जन ।

पायसः (ना./पुं.) पयसः अयम् *(दूधको यो)*, पयसः विकारः *(दूधको विकार)* पयस्+अण् (अ), आदिवृद्धि =पायस ।

शब्दार्थ- दूधसम्वन्धी, दूधवाट वनेको खीर, दूधमा पकाएको खाद्यवस्तु ।

पायुः (ना./पुं.) पाति मलनिःसारणेन रक्षतीति *(गुदद्वारको मल बाहिर फाल्ने आदि क्रियाद्वारा रक्षा गर्छ)* पा रक्षणे (अदा.) धातु, पा+उण्[3] (उ), युक्[4]= पायु ।

शब्दार्थ- गुदद्वार, मलद्वार ।

पारम् (ना./न.) पारयति, पार्यते इति वा *(पार लगाउँछ वा लगाइन्छ)* पार कर्मसमाप्तौ (चुरा.) धातु, पार्+णिचि+अच् (पचादि/एरच्), णिलोप= पार ।

शब्दार्थ- नदी वा समुद्रको पल्लो तीर वा तट, अन्तिम सीमा, कुनै वस्तुको अगिल्तिर ।

पारगामी (वि.) पारं गन्तुं शीलमस्येति *(पारी पुग्न सक्ने शील छ यसको)* पार उपपदपूर्वक गम्लृ गतौ (भ्वा.) धातु,पार+गम्+णिनि(इन्), वृद्धि,पारगामिन्=पारगामी ।

शब्दार्थ- पार हुने, नदीको पारिपट्टि जाने, टाढा जाने, पारङ्गत, नदीको पल्लो पाटो जाने ।

पारङ्गतः (वि.) पारं गच्छति स्म इति *(पार भएको)* पार उपपदपूर्वक गम्लृ गतौ (भ्वा.) धातु, पार+गम्+क्त (त), कर्तामा, परसवर्ण, अनुनासिकलोप= पारङ्गत ।

शब्दार्थ- पार भएको, विशेषज्ञ, कुनै कुरामा पूर्ण दखल भएको, निपुण, सिपालु ।

पारदर्शकः (वि.) पारं पश्यति *(वारपार देख्छ)* पार उपपदपूर्वक दृशिर् प्रेक्षणे (भ्वा.) धातु, पार+दृश्+ण्वुल् (अक), गुण= पारदर्शक ।

शब्दार्थ- सवैले स्पष्टसँग देख्ने, छयाङ्ग देखिने, वारपार देखिने, पारदर्शक पदार्थ- काँच, सीसा आदि ।

---

[1] ग्रहवृदृनिश्चि... : अप्

[2] अतशायने तम.. : इष्ठन्

[3] कृवापाजि... : उण्

[4] आतो युक्...: युक्

पारदर्शिता (ना./स्त्री.) पारं द्रष्टुं शीलमस्य *(सबैले देख्न सक्ने शील वा क्षमता छ यसको)* दृशिर् प्रेक्षणे (भ्वा.) धातु, पार+दृश्+णिनि (इन्), पारिदर्शिन् । पारदर्शिनः भावः *(पारदर्शी हुनाको भाव वा अवस्था)* पारदर्शिन् +तल् (त)+टाप् (आ)= पारदर्शिता ।

शब्दार्थ- पारदर्शी हुनाको स्थिति, सबैले प्रस्ट देख्न सक्ने अवस्था ।

पारदर्शी (वि.) पारं द्रष्टुं शीलमस्य *(सबैले देख्न सक्ने शील वा क्षमता छ यसको)* दृशिर् प्रेक्षणे (भ्वा.) धातु, पार+दृश्+णिनि (इन्), पारिदर्शिन्= पारदर्शी ।

शब्दार्थ- सबैले स्पष्टसँग देख्ने, छ्याङ्ग देख्ने, सबै कुरा देखिने, पारदर्शक (पदार्थ) ।

पारदारिकः (वि.) परदारं गच्छतीति *(परस्त्रीमा गमन गर्छ)* परदार+ठक्[1] (इक), आदिवृद्धि, अकारलोप =पारदारिक ।

शब्दार्थ- परस्त्रीमा गमन गर्ने, परस्त्रीमा सङ्गम गर्ने, नाठो, व्यभिचारी ।

पारणम् (ना./न.)/**पारणा** (ना./स्त्री.) पार्यते इति *(पारायण गरिन्छ)* पार कर्मसमाप्तौ (चुरा.) धातु, पार्+ल्युट् (अन), णत्व= पारण ।

पार्+णिचि+युच् (अन), पारण+टाप् (आ)= पारणा ।

शब्दार्थ- व्रत, उपवास आदिको समाप्तिपछि भोजन गर्ने क्रिया, सन्तुष्टि, तृप्ति, समापन ।

पारमहंस्यम् (ना./न.) परमश्चासौ हंसश्च *(सर्वोत्कृष्ट योगी वा सन्न्यासी)* क.त.स., परमहंसः । परमहंसस्य भावः *(परमहंस योगी हुनाको भाव वा अवस्था)* वा परमहंसेन ज्ञेयं प्राप्यम् *(परमहंस योगीले जान्न र प्राप्त गर्न सकिने)* परमहंस+ष्यञ् (य), आदिवृद्धि = पारमहंस्य ।

शब्दार्थ- परमहंस योगीको भाव वा अवस्था, परमहंस योगीले मात्र जान्न र पाउन सकिने परब्रह्म परमेश्वर ।

पारमार्थिकः (वि.) परमश्चासौ अर्थश्च *(परम पुरुषार्थ)* क.त.स., दीर्घ, परमार्थः । परमार्थाय परमपुरुषार्थाय हितम्, परमार्थस्य इदम्, परमार्थमर्हतीति वा *(परमपुरुषार्थको लागि हित हुने, परमार्थको यो, परमार्थ प्राप्तिको लागि योग्य)* परमार्थ+ठक्[2]/ठञ्[2] (इक), वृद्धि, अकारलोप= पारमार्थिक ।

शब्दार्थ- परमपुरुषार्थका लागि उपयुक्त हुने, परमार्थसम्बन्धी, परमार्थ प्राप्तिका लागि योग्य ।

पारम्परिकः (वि.) परम्परादागतः *(परम्पराबाट आएको)* परम्परा+ठक्[3] (इक)= पारम्परिक ।

शब्दार्थ-परम्परावाट चल्दै आएको, परम्परावाट आएको ।

पारलौकिकः (वि.)परलोके भवः, परलोकाय हितम्, परलोक मर्हतीति वा *(परलोकमा हुने, परलोकका लागि हित हुने, परलोकको लागि योग्य)* परलोक+ठक्[4]/ठञ् (इक), उभयपदवृद्धि, अकारलोप= पारलौकिक ।

शब्दार्थ- परलोकसम्वन्धी, परलोकका लागि उपयुक्त हुने, परलोकको लागि योग्य, परलोकको यो ।

पारवहनम् (ना./न.) पारम् उह्यते अनेन इति *(यसबाट पारवहन प्राप्त गरिन्छ)* पारपूर्वक वह प्रापणे (भ्वा.) धातु, पार+वह+ल्युट् (अन)= पारवहन ।

शब्दार्थ- एक मुलुकवाट अर्को मुलुकमा वा एउटा मुलुकवाट अर्को मुलुक हुँदै अर्को मुलुकमा मालसमान लाने ल्याउने काम ।

पारस्परिकः (वि.) परस्पराय हितम् *(परस्पर दुवैको लागि हित हुने)* परस्पर+ठक् (इक), आदिवृद्धि, अकारलोप =पारस्परिक ।

शब्दार्थ- एक अर्कालाई हित हुने, परस्परको, परस्परमा दुवैको लागि उपयुक्त हुने ।

पारावारः (ना./पुं.) पारमावृणोतीति *(पारितक ढाक्छ)* पार उपपदमा हुने आङ्पूर्वक वृञ् वरणे (स्वा.) धातु, पार+आ+वृ+अण् (अ), वृद्धि, दीर्घ= पारावार ।

शब्दार्थ-समुद्र, महासागर, अब्धि, सागर, नदीको दुवै तट ।

पारावारध्वनिः (ना./पुं.) पारावारस्य ध्वनिः *(समुद्रको ध्वनि)* ष.त.स.= पारावारध्वनि ।

शब्दार्थ- समुद्रको गुञ्जन, समुद्रको ध्वनि वा आवाज ।

उदा. पारावारध्वनि प्रगूढ यसमा गुँज्छन् भने तुष्ट छु- शा.म.का. १/१८

पारिः (ना./पुं.) पारयति संसारात् *(संसारबाट पार लगाउँछ)* पार कर्मसमाप्तौ (चुरा.) धातु, पार्+इन्[5] (इ), उणा.= पारि ।

शब्दार्थ- सांसारिक दुःखवाट पार लगाउने परमेश्वर, ब्रह्मज्ञान, परमार्थतत्त्व ।

पारिजातः (ना./पुं.) पारमस्यास्तीति *(पल्लो तट छ यसको)* पार+इनि (इन्), अकारलोप, पारिन् (समुद्र) । पारिणः अब्धेर्जातः इति *(समुद्रबाट उत्पन्न भएको)* प.त.स.= पारिजात ।

शब्दार्थ- स्वर्गस्थित पाँच कल्पवृक्षमध्ये एक, सुगन्ध, मालती फूल ।

पारितः (वि.) पार्यते स्म इति *(पारित भएको)* पार कर्म समाप्तौ (चुरा.) धातु, पार्+क्त (त), इडागम=पारित ।

शब्दार्थ- संसद् वा अन्य कुनै सभामा प्रस्तुत भई पारित वा स्वीकृत भएको (विधेयक वा प्रस्ताव) ।

पारितोषिकम् (ना./न./वि.) परितुष्यते इति *(प्रसन्न पारिन्छ)* परिपूर्वक तुष तुष्टौ (प्रीतौ) (दिवा.) धातु, परि+ तुष्+घञ् (अ), गुण, परितोषः (सन्तुष्टि) । परितोषमर्हतीति *(इनाम पाउन योग्य हुन्छ)* परितोष +ठञ्[6] (इक), आदिवृद्धि, अकारलोप= पारितोषिक ।

शब्दार्थ- पुरस्कार, इनाम, प्रसन्न पार्ने, सन्तुष्ट पार्ने, प्रसन्न तुल्याउने ।

---

१. गच्छतौ परदारादिभ्यः : ठक्
२. तस्मै हितम्/तस्येदम्/तदर्हतीति : ठक्/ठञ्
३. ठगायस्थानेभ्य...: ठक्
४. तत्र भवः/तदर्हति/तस्मै हितम् : ठक्/ठञ्
५. सर्वधातुभ्य... : इन्
६. तदर्हति : ठञ्

पारिभाषिकः (वि.) परिभाषायाः अयम्, परिभाषादागतः, परिभाषामर्हतीति वा *(क्रः परिभाषाको यो, परिभाषाबाट आएको, परिभाषा दिन लायक)* परिभाषा+ठक्[1]/ठञ् (इक), आदिवृद्धि, अकारलोप= पारिभाषिक ।

शब्दार्थ- परिभाषासम्वन्धी, परिभाषा बताउन योग्य, परिभाषा दिन लायक ।

पारिवारिकः (वि.) परिवारस्य अयम्, परिवारादागतः इति वा *(परिवारको, परिवारबाट आएको)* परिवार+ठक्[2] (इक), आदिवृद्धि, अकारलोप= पारिवारिक ।

शब्दार्थ- परिवारमा हुने वा भएको, परिवारसम्वन्धी, परिवारबाट आएको, परिवारबाट प्राप्त भएको ।

पारिश्रमिकः (वि.) परिश्रमादागतः, परिश्रमस्य अयम् *(परिश्रमबाट प्राप्त भएको वा परिश्रमबाट आएको, परिश्रमको यो)* परिश्रम+ठक् (इक), आदिवृद्धि, अकारलोप, वृद्धि= पारिश्रमिक ।

शब्दार्थ- परिश्रमसम्वन्धी, परिश्रमवाट प्राप्त भएको, (तलव, मजदूरी, ज्याला) ।

पार्थः (ना./पुं.) पृथायाः अपत्यं पुमान् *(कुन्तीका पुरुष सन्तति)* पृथा+अण् (अ), आदिवृद्धि, अकारलोप=पार्थ ।

शब्दार्थ- कुन्तीका पुत्रहरू, विशेषतः अर्जुनलाई पार्थ भन्ने गरिन्थ्यो ।

पार्थक्यम् (ना./न.) 'पृथक्' इत्यस्य भावः *(पृथक हुनाको भाव वा अवस्था)* पृथक्+ष्यञ् (य), आदिवृद्धि, अकारलोप = पार्थक्य ।

शब्दार्थ- पृथक् हुनाको भाव वा अवस्था, अलग हुनाको स्थिति वा अवस्था, भिन्नता, विसङ्गति ।

पार्थवम् (ना./न.) पृथोर्भावः *(पृथु वा विशाल हुनाको भाव वा अवस्था)* पृथु+अण् (अ), आदिवृद्धि, गुण, अवादेश= पार्थव ।

शब्दार्थ- पृथु वा विशाल हुनाको अवस्था, पृथुलता ।

पार्थिवः (वि./ना./पुं.) पृथिव्याः जातादिः, पृथिव्याः ईश्वरः, पृथिव्याः अयम् *(पृथिवीबाट पैदा भएको, पृथिवीको स्वामी, पृथिवीको यो)* पृथिवी+अण्[3]/अञ् (अ), आदिवृद्धि, इकारलोप= पार्थिव ।

शब्दार्थ- पृथिवीवाट उत्पन्न भएको, पृथिवीसम्वन्धी, पृथिवीको, माटोवाट वनेको भौतिक जडपदार्थ, पृथिवीका स्वामी, राजा, नृप, भूप ।

पार्वणः (ना./पुं./वि.) पर्वणि क्रियते यत्, पर्वणि प्रायेण भवति *(पर्वमा गरिन्छ जो, पर्वमा प्रायः हुन्छ)*, पर्वणः अयम् *(पर्वको यो)* पर्वन्+अण्[4] (अ), आदिवृद्धि, णत्व= पार्वण ।

शब्दार्थ- पार्वण श्राद्ध, आश्विन कृष्णपक्षमा गरिने श्राद्ध, पितृपक्ष, अमावाश्याका दिन गरिने श्राद्ध ।

पार्वतः (वि.) पर्वतेषु निवासः अस्य, पर्वतस्य अयम् *(पर्वतमा निवास छ यसको, पर्वतको यो)* पर्वत+अण्[5] (अ)= पार्वत ।

शब्दार्थ- पर्वतमा रहने, पर्वतवासी, पर्वतसम्वन्धी, पर्वतको

पार्वती (ना./स्त्री.) पर्वतः हिमालयस्तस्य अपत्यम् स्त्री *(हिमालय पर्वतकी पुत्री)*, पर्वतस्य इयम् *(पर्वतकी यी)* पर्वते जाता *(पर्वतबाट उत्पन्न)* पर्वत+अण्[6] (अ), आदिवृद्धि, पार्वत+ङीप् अकारलोप (ई)= पार्वती ।

शब्दार्थ- हिमालय पर्वतकी पुत्री पार्वती, शिवजीकी पत्नी, पर्वतसम्वन्धी यी, गौरी, दुर्गा ।

पार्वतीयः (वि.) पार्वतेषु भवः *(पहाडमा हुने वा भएको)* पार्वत+छ (ईय), अकारलोप= पार्वतीय ।

शब्दार्थ- पहाडमा हुने, पर्वत-सम्वन्धी, पहाड-निवासी ।

पार्श्वः (ना./पुं.) स्पृश्यते इति *(स्पर्श गरिन्छ)* स्पृश स्पर्शने (तुदा.) धातु, स्पृश्+श्वण्[7] (श्व), उणा., प्रकृतिको पृ आदेश, वृद्धि= पार्श्व । अथवा स्पृश्+शुन्[7] (शु), प्रकृतिको पृ आदेश, गुण, पर्शु । पर्शूनां समूहः पर्शु+णस् (अ), वृद्धि, गुण, अवादेश= पार्श्व ।

शब्दार्थ- शरीरको कक्षको तल्लो भाग, कुनै वस्तुको दायाँ बायाँ दुवैतिरको भाग, कोखोको तल्लो भाग, तिर, तर्फ, तलतिर, सामीप्य, निकटता ।

पार्श्वतः (अव्य.) पार्श्वे इति *(समीपमा)* पार्श्व+तसि[8] (तस्), पार्श्वतस्= पार्श्वत ।

शब्दार्थ- नजिकवाट, अगलवगलवाट, यताउतावाट ।

पार्श्ववर्ती (वि.) पार्श्वयोः वर्तितुं शीलमस्य *(अगलबगलमा रहने शील छ यसको)* पार्श्व उपपदपूर्वक वृतु वर्तने (भ्वा.) धातु, पार्श्व+वृत्+णिनि (इन्), गुण, पार्श्ववर्तिन्= पार्श्ववर्ती ।

शब्दार्थ- अगलवगलमा रहने, सहचर, समीपमा रहने, अनुचर, साथसाथै रहने ।

पार्श्वस्थः (वि.) पार्श्वे तिष्ठतीति *(अगलबगलमा रहन्छ)* पार्श्वपूर्वक ष्ठा गतिनिवृत्तौ (भ्वा.) धातु, पार्श्व+स्था +क (अ), आलोप= पार्श्वस्थ ।

शब्दार्थ- पार्श्ववर्ती, आसपास वा अगलवगलमा रहने, सहचर, अनुचर, सेवक, परिचारक ।

पालः (ना./पुं.) पालयतीति *(रक्षा गर्छ)* पाल रक्षणे (चुरा.) धातु, पाल्+अच् (पचादि)= पाल ।

शब्दार्थ- रक्षक, संरक्षक व्यक्ति, राजा, वस्तुभाउ हेरचाह गर्ने गोठालो ।

पालकः (ना./पुं.) पालयतीति *(पालना गर्छ)* पाल रक्षणे (चुरा.) धातु, पाल्+ण्वुल् (अक)= पालक ।

शब्दार्थ-पालन गर्ने व्यक्ति, पालनपोषणकर्ता, संरक्षक, राजा ।

पालनम् (ना./न.) पाल्यते इति *(पालना गरिन्छ)* पाल रक्षणे (भ्वा.) धातु, पाल्+ल्युट् (अन)= पालन ।

शब्दार्थ- संरक्षण गर्ने काम, पालनपोषण गर्ने काम ।

---

१. तस्येदम्/ठगायस्थानेभ्य/तदर्हतिःठक्/ठञ्
२. तस्येदम्/ठगायस्थानेभ्यः : ठक्
३. सर्वभूमिपृथिव्याभ्याम्...हतस्येश्वरः :अन्/अण्
४. प्रायभवः/तस्येदम् : अण्
५. सोऽस्य निवासः/तस्येदम् : अण्
६. तस्यापत्यम्/तस्येदम्/तत्र जातः : अण्
७. स्पृशेश्वण् शुनौ पृ च : श्वण्/शुन्/पृ आदेश
८. आद्यादिभ्य उपसङ्ख्यानम् (वा) : तसि

पालना (ना./स्त्री.) पाल्यतेऽनया *(पालना गरिन्छ यसबाट)* पाल रक्षणे (चुरा.) धातु, पाल्+णिचि+युच् (अन), णिलोप, पालन । पालन+टाप् (आ)= पालना ।

शब्दार्थ- पालनपोषण गर्ने काम, भरणपोषण, परिपालना, संरक्षण ।

पालनीयः (वि.) पालितुं योग्यः, पाल्यते इति वा *(पालना गर्न योग्य)* पाल रक्षणे (चुरा.) धातु, पाल्+अनीय (र्) =पालनीय ।

शब्दार्थ-पालन गर्न लायक, पाल्न योग्य, रक्षा गर्न योग्य ।

पालाशः (वि.) पलाशस्य अयम् *(पलासको यो)* पलाश+अण् (अ), आदिवृद्धि= पालाश ।

अथवा पलाशस्य विकारः *(पलासको विकार)* पलाश +अण् (अ), आदिवृद्धि= पालाश ।

पालाशो हरितो हरित्- इत्यमरः

शब्दार्थ- पलास, पलासको पात, पलास पत्र, हरियो वर्ण, पात, पातसम्वन्धी ।

पालिः/पाली (ना./स्त्री.) पालयति, पाल्यते इति वा *(संरक्षण वा पालना गर्छ वा गरिन्छ)* पाल रक्षणे (चुरा.) धातु, पाल्+णिचि+इ (उणा.), णिलोप=पालि ।

अथवा पलति, पल्यते इति *(व्याप्त हुन्छ)* पल गतौ (भ्वा.) धातु, पल्+इण् (इ), वहुलप्रकारले, वृद्धि, पालिः । पालि+ङीष् (ई), विकल्पले= पाली ।

ङीष्को अभावमा= पालि ।

शब्दार्थ- संस्कृत भाषा पछि विकसित भएको भारतीय लोकभाषा, वुद्धका उपदेशहरू सङ्कलित पालिभाषा, अपभ्रंशभाषाहरूभन्दा पूर्ववर्ती भारतीय भाषा, पङ्क्ति, श्रेणी, तोरण, किनार ।

पालितः (वि.) पाल्यते स्म इति *(पालना गरिएको)* पाल रक्षणे (चुरा.) धातु,पाल्+क्त (त), इडागम= पालित ।

शब्दार्थ- संरक्षित, रक्षा गरिएको, पालन पोषण गरिएको, पालिएको ।

पावकः (ना./पुं./वि.) पुनातीति *(पवित्र गर्छ)* पूञ् पवने (क्रया.) धातु, पू+ण्वुल्[1] (अक), वृद्धि, आवादेश =पावक ।

शब्दार्थ- अग्नि, आगो, वन्हि, सूर्य, वरुण, सदाचार, तपस्वी, अशुद्ध पार्ने, पवित्र वनाउने ।

पावनः (ना./पुं./न.) पावयति अनेन *(पवित्र पार्छ यसले)* पूञ् पवने (क्रया.) धातु, पू+णिचि+ल्यु[2]/ल्युट् (अन) =पावन ।

शब्दार्थ- अग्नि, शुद्ध पानी, गोवर, रुद्राक्ष, पवित्र पार्ने काम

पावनी (ना./स्त्री.) पावयति अनया *(पवित्र पार्छ यसले)* पूञ् पवने (क्रया.) धातु, पू+णिचि+ल्युट् (अन), णिलोप, पावन+ङीप् (ई)= पावनी ।

शब्दार्थ- तुलसी, गङ्गा, मन्दाकिनी, भागीरथी ।

पाशः (ना./पुं.) पश्यते वध्यते अनेन इति *(बाँधिन्छ यसबाट)* पश वन्धने (चुरा.) धातु, पश्+घञ् (अ), वृद्धि= पाश ।

शब्दार्थ- पासो, पाश, डोरी, जञ्जिर, वन्धन, जाल, वरुण देवताको अस्त्रविशेष ।

द्रष्टव्य- **घृणा लज्जा भयं शङ्का जुगुप्सा चेति पञ्चमी**
कुलं शीलं तथा जातिरष्टौ पाशाः प्रकीर्तिताः
पाशबद्धः पशुः प्रोक्तः पाशमुक्तः सदाशिवः

अर्थात् घृणा, लज्जा, भय, शङ्का, निन्दा, कुल, शील, जाति- यी आठ पाशवाट वद्ध प्राणी पशु हुन्छ, यी पाशवाट मुक्त जीव सदाशिव हुन्छ- पुराणवचन ।

पाशभृत् (वि.) पाशं विभर्तीति *(पाश धारण गर्छ)* पाशपूर्वक डुभृञ् धारणपोषणयोः (जुहो.) धातु, पाश+भृ+क्विप्, तुक्, क्विप्को सर्वलोप= पाशभृत् ।

शब्दार्थ- पाश लिने, पाश धारण गर्ने ।

पाशविकः (वि.) पशोरागतः, पशोरयमिति वा *(पशुवाट आएको, पशुको यो)* पशु+ठक् (इक), आदिवृद्धि, गुण, अवादेश= पाशविक ।

शब्दार्थ- पशुवाट प्राप्त भएको, पशुसम्वन्धी, पशुको ।

पाशविकता (ना./स्त्री.) पाशविकस्य भावः *(पाशविक हुनाको भाव वा अवस्था)* पाशविक+तल् (त)+टाप् (आ)= पाशविकता ।

शब्दार्थ-पशुझैं गरिने व्यवहार, पाशविक कर्म, नृशंसकृत्य ।

पाशी (वि./ना./पुं.) पाशः अस्यास्तीति *(पासो छ यसको)* पाश+इनि (इन्), अकारलोप, पाशिन्= पाशी ।

प्रचेता वरुणः पाशी- इत्यमरः

शब्दार्थ-पासो लिने, पासो धारण गर्ने, वरुण, प्रचेता, यम ।

पाशुपतः (वि.) पशूनां जीवानां पतिः *(प्राणीहरूका स्वामी)* ष.त.स., पशुपतिः । पशुपतेरयम्, पशुपति- देवता अस्य *(पशुपतिको यो, पशुपति छन् देवता यसका)* पशुपति +अण्[3] (अ), आदिवृद्धि, इकारलोप =पाशुपत ।

शब्दार्थ- पशुपतिसम्वन्धी, शिवजीसम्वन्धी, पाशुपत सिद्धान्तसम्वन्धी, पशुपतिका उपासक वा सेवक ।

पाशुपतास्त्रम् (ना./न.) पाशुपतञ्च तत् अस्त्रम् *(पाशुपत अस्त्र)* क.त.स., दीर्घ= पाशुपतास्त्र ।

शब्दार्थ- शिवजीको अस्त्रविशेष, शिवजीको शूलास्त्र, अर्जुनले शिवजीवाट प्राप्त अस्त्र ।

पाश्चात्यः (वि.) पश्चात् भवः, पश्चात् जातादिरिति वा *(पछि भएको वा पछि उत्पन्न भएको)* पश्चात्+त्यक्[4] (त्य), आदिवृद्धि= पाश्चात्य ।

शब्दार्थ- पश्चिमको, पछि भएको, पश्चिमी, पश्चिम दिशासम्वन्धी, पछिल्लो, पश्चिमेली ।

पाश्चात्यदेशः (ना./पुं.) पाश्चात्यानां देशः *(पश्चिमाहरूको देश)* ष.त.स.= पाश्चात्यदेश ।

शब्दार्थ- पश्चिमा मुलुक, पश्चिमाहरूको देश ।

---

[1] ण्वुल्तृचौ : ण्वुल्

[2] नन्दिग्रहि... : ल्यु

[3] तस्येदम्/साऽस्य देवता : अण्

[4] दक्षिणापश्चात्... : त्यक्

पाश्चात्यसभ्यता (ना./स्त्री.) पाश्चात्यानां सभ्यता वा पाश्चात्येभ्यः आगताः सभ्यता *(पाश्चात्यहरूको सभ्यता वा पाश्चात्यहरूबाट आएको सभ्यता)* ष.त.स./प.त.स.= पाश्चात्यसभ्यता ।

शब्दार्थ- पश्चिमेली सभ्यता, पश्चिमी मुलुकहरूवाट आएको सभ्यता, पश्चिमाहरूको सभ्यता ।

पाश्चात्यसाहित्यम् (ना./न.) पाश्चात्यानां साहित्यम् *(पाश्चात्यहरूको साहित्य)* ष.त.स.=पाश्चात्यसाहित्य

शब्दार्थ- पश्चिमाहरूको साहित्य, पश्चिमेली साहित्य ।

पाषाणः (ना./पुं.) पिनष्टि इति *(पिस्छ, धूलो बनाउँछ)* पिष्लृ संचूर्णने (रुधा.)धातु, पिश्+आनच् (आन), उणा., वहुलप्रकारले, पृषोदरादिवाट आत्व, णत्व= पाषाण ।

पाषाणः प्रस्तरग्रावोपलास्मानः शिला दृषत्- इत्यमरः

शब्दार्थ- शिला, ढुङ्गो, पत्थर, प्रस्तर, चट्टान, गेगर ।

पाषाणहृदयः (वि.) पाषाणः इव हृदयं यस्य *(ढुङ्गा जस्तो कठोर छ हृदय जसको)* ब.स.= पाषाणहृदय ।

शब्दार्थ- ढुङ्गा जस्तो कठोर हृदय भएको, निठुरी, निर्दयी, माया मोह नभएको, दयाहीन ।

पिकः (ना./पुं.) अपि कायति शव्दायते इति *(कु कु गर्छ)* कै शब्दे (भ्वा.) धातु, आत्व, अपि+का+क (अ), अपिका अकारको लोप (भागुरिमतमा), काको आलोप =पिक ।

शब्दार्थ- कोइली, कोकिल ।

पिङ्गलः (ना./पुं.) पिञ्जतीति *(रँगाउँछ)* पिजि वर्णे (अदा.) धातु, नुम्, पिञ्ज्+कलच्[1] (अल), उणा., कुत्व (न्यङ्क्वादिवाट)= पिङ्गल ।

अथवा पिङ्गः वर्णः अस्यास्तीति *(कैलो वर्ण छ यसको)* पिङ्ग+लच्[2] (ल)= पिङ्गल ।

पिङ्गलो नागभिद्रुद्रचण्डांशुपारिपार्श्विके
निधिभेदे कपावग्नौ पुंसि स्यात् कपिलेऽन्यवत्- मेदिनी

शब्दार्थ- पिङ्गल वर्ण, नीलो र पहेंलो मिश्रित वर्ण, कपिल वर्ण, कैलो वर्ण, शिव र सूर्यका पार्श्वगण, नागजातिको एक भेद, रुद्र, अग्नि, वानर ।

पिङ्गला (ना./स्त्री.) पिङ्गलः वर्णः अस्याः अस्तीति *(पिङ्गल (कैलो) वर्ण छ यसको)* पिङ्गल+अच् (अ), अर्शादि, अकारलोप, पिङ्गलः । पिङ्गल+टाप् (आ)= पिङ्गला ।

स्त्रियां वेश्याविशेषे च करिण्यां कुमुदस्य च- मेदिनी
करिण्योऽभ्रमुकपिलापिङ्गलानुपमाः क्रमात्- इत्यमरः

शब्दार्थ- नाडीविशेष, इडा, पिङ्गला, सुषुम्णा- यी तीनवटा नाडीहरूमध्ये एक, ज्योतिषशास्त्र-अनुसार आठवटा योगिनीदशाहरूमध्ये एक, अष्ठ-दिग्गजका हथिनीहरूमध्ये एक, पिङ्गला नामकी एक वेश्या, छन्दशास्त्रका प्रणेता पिङ्गलाचार्य, पिङ्गल वर्णकी स्त्री ।

द्रष्टव्य- **इडा च वामभागे तु दक्षिणे पिङ्गला तथा**
ब्रह्मरन्ध्रे सुषुम्णा च....

पिण्डः (ना./पुं./न.) पिण्डते संहतः भवति *(पिण्डित हुन्छ)* पिडि सङ्घाते (भ्वा.) धातु, नुम्, पिण्ड+अच् (अ)=पिण्ड ।

अथवा पिण्डयते राशीक्रियते इति *(गोलो पारिन्छ)* पिण्ड+घञ् (अ)= पिण्ड ।

पिण्डो बोले बले सान्द्रे देहागारैकदेशयोः
देहमात्रे निवापे च गोलसिंह्लकयोरपि
ओड्रपुष्पे च पुंसि स्यात् क्लीवमाजीवनायसोः- इति मेदिनी

शब्दार्थ- गहकिलो तथा गोलो डल्लो, भकुण्डो, गोलाकार वस्तु, ठोस गोलोपदार्थ, पितृलाई पिण्डदान दिन वाटिएको खीर वा जौको पिठोको वाटुलो डल्लो, श्राद्धमा पितृलाई दिइने पिण्डदान, शरीरको कुनै गोलो भाग, देहपिण्ड, फलामको डल्लो ।

पिण्डदानम् (ना./न.) पिण्डस्य दानम् *(पिण्डको दान)* ष.त.स.= पिण्डदान ।

शब्दार्थ- पितृलाई पिण्डदान दिने काम ।

पिण्डदाता (ना./पुं.) पिण्डस्य दाता *(पिण्डको दाता)* ष.त.स.= पिण्डदाता ।

शब्दार्थ- पितृलाई पिण्ड दिने व्यक्ति, पिण्ड दिने मानिस ।

पिण्डलोपः (ना./पुं.) पिण्डस्य लोपः *(पिण्डको लोप)* ष.त.स. = पिण्डलोप ।

शब्दार्थ- पितृलाई पिण्डदान दिने कोही नभई पिण्ड लोप हुने अवस्था ।

पिण्डितः (वि.) पिण्डः सञ्जातः अस्य *(पिण्ड बनेको छ यसको)* पिण्ड+इतच् (इत)= पिण्डित ।

शब्दार्थ- पिण्ड बनाइएको, पिण्डाकार पारिएको, पिण्ड वाटेर गोलाकार पारिएको ।

पिता (ना./पुं.) पाति रक्षति अपत्यम् *(सन्तानको रक्षा गर्छन्)* पा रक्षणे (अदा.) धातु, पा+तृच्[3] (तृ), उणा., पाको इत्वनिपातन, पितृ= पिता ।

शब्दार्थ- बावु, जनक, जन्मदाता, तात, सप्तपिता ।

द्रष्टव्य- सप्तपिता निम्न छन्-

कन्यादातान्नदाता च ज्ञानदाताभयप्रदः
जन्मदो मन्त्रदो जेष्ठभ्राता च पितरस्मृताः- पुराणवचनम्

कन्यादाता, अन्नदाता, ज्ञानदाता, अभयदाता, जन्मदाता, मन्त्रदाता र जेठा दाजु- यी सात 'सप्तपिता' हुन् ।

पितापुत्रः (ना./पुं.) पिता च पुत्रश्च *(बाबु र छोरा)* द्व.स. =पितापुत्र ।

शब्दार्थ- वाबु-छोरा, जनक-तनय ।

पितामहः (ना./पुं.) पितुः पिता *(पिताका पिता)* पितृ+डामहच्[4] (आमह), टिलोप, पित् आमह= पितामह ।

शब्दार्थ- बावुका वावु, वाजे, हजुरवा ।

---

[1] वृषादिभ्यश्चित् : कलच्
[3] नप्तृनेष्टृत्वष्टृ.. : तृच्
[2] सिध्मादिभ्यश्च : लच्
[4] मातृपितृभ्यां पितरि : डामहच्

पितामही (ना./स्त्री.) पितुः माता *(बाबुकी आमा)* पितृ+डामहच् (आमह),षित्व,पितामह+ङीष्[1](ई)=पितामही ।

शब्दार्थ- बाबुकी आमा, हजुरआमा, बज्यै ।

पिताम्बरः (ना./पुं.) पितमम्वरं यस्य *(पहेंलो छ वस्त्र जसको)* पित+अम्बर, ब.स., दीर्घ= पिताम्वर ।

शब्दार्थ- पिताम्वरधारी भगवान् विष्णु, पहेंलो वस्त्र धारण गर्ने व्यक्ति ।

पितृ (ना./पुं.) व्यु.हे. पिता ।

शब्दार्थ- पूर्वज, पुर्खा, वाबुवाजे ।

पितृऋणम् (ना./न.) पितुः ऋणम् *(पितृको ऋण)* ष.त.स. =पितृऋण ।

शब्दार्थ- पितृऋण, देवऋण तथा ऋषिऋण र पितृऋण- यी तीन ऋणमध्ये एक ।

पितृकर्म (ना./न.) पित्रे कर्म *(पितृका लागि गरिने श्राद्ध तर्पणादि कर्म)* च.त.स.= पितृकर्म ।

शब्दार्थ- पितृकार्य, तर्पण, श्राद्ध आदि पितृकर्म ।

पितृकुलम् (ना./न.) कूयते इति *(विस्तार गर्नु)* कु शब्दे (अदा.) धातु, कु+लक् (ल), कुलम् । पितुः कुलम् *(बाबुको कुल)* ष.त.स.= पितृकुल ।

शब्दार्थ- वाबुको वंश, चेलीवेटीको माइती कुल ।

पितृगृहम् (ना./न.) पितुः गृहम् *(पिताको घर)* ष.त.स. =पितृगृह ।

शब्दार्थ- वाबुको घर, माइती घर, पिताको भवन ।

पितृघातकः/पितृघाती (वि.) पितुः घातकः, पितुः घाती *(पिताको घातक वा हत्यारा)* ष.त.स.= पितृघात/ पितृघाती ।

अथवा पितरं हन्तीति *(बाबुलाई हत्या गर्छ)* हन हिंसागत्योः (अदा.) धातु, पितृ+हन्+ण्वुल् (अक), हको कुत्व, वृद्धि, हन्का नको तकार= पितृघातक । पितृ+हन्+णिनि (इन्), कुत्व, हन्का नकारको तकार, पितृघातिन्= पितृघाती ।

शब्दार्थ- पितालाई मार्ने, वाबुको हत्यारा, वाबुको हत्या गर्ने ।

पितृतर्पणम् (ना./न.) तृप्यन्ते अनेन *(तृप्त हुन्छन् यसबाट)* तृप पीडने (जुहो./दिवा.) धातु, तृप्+ल्युट् (अन), तर्पणम् । पितृणां तर्पणम् *(पितृको तर्पण)* ष.त.स. वा पितृभ्यः तर्पणम् *(पितृका लागि दिइने तर्पण)* च.त.स.= पितृतर्पण ।

शब्दार्थ- पितृहरूलाई दिइने तर्पण, पितृलाई दिइने जलको अञ्जलि, पितृलाई तर्पण दिने क्रिया ।

पितृतीर्थम् (ना./न.) पितृप्रियं च तत् तीर्थम् *(पितृकार्यका लागि पवित्र मानिएको तीर्थ)* क.त.स., उ.प.लोप =पितृतीर्थ ।

शब्दार्थ- चोरऔंलो र बूढीऔंलोको वीचको भाग, श्राद्ध, तर्पण आदि पितृकार्य गर्न पवित्र मानिएको तीर्थस्थल, जस्तै- गोकर्णेश्वर, मातातीर्थ, वराहक्षेत्र, गया, गङ्गासागर, कुरुक्षेत्र, बद्रीनाथधाम (ब्रह्मकपाली) आदि तीर्थ ।

द्रष्टव्य- **पितृतीर्थं गयानाम सर्वतीर्थवरं शुभम्- मत्स्य पु. श्राद्धकल्प**

पितृदानम् (ना./न.) पितृभ्यः दानम् *(पितृलाई दिइने दान)* च.त.स.= पितृदान ।

शब्दार्थ- पितृलाई दिइने सिधादान, पिण्डदान आदि ।

पितृदेवः/पितृदेवता (ना./पुं./स्त्री.) पितृ एव देवः/पितृ एव देवता *(पिता नै देवता)* म.व्य.स.= पितृदेव/ पितृदेवता ।

शब्दार्थ- पिता नै देवताको रूपमा पूज्य, पितृरूप देवता ।

पितृपक्षः (ना./पुं.) पितृप्रियश्चासौ पक्षश्च *(पितृलाई प्रिय लाग्ने पक्ष)* क.त.स., उ.प.लोप= पितृपक्ष ।

शब्दार्थ- कृष्णपक्ष, जसमा पितृहरूको श्राद्ध-तर्पणादि कर्म गरिन्छ ।

पितृभक्तः (ना./पुं.) पितुः भक्तः *(पिताको भक्त)* ष.त.स. =पितृभक्त ।

शब्दार्थ- वाबुको आदर गर्ने र सम्मान गर्ने, पिताको सेवा गर्ने, पिताको भक्त, पिताको आज्ञाकारी ।

पितृभक्तिः (ना./स्त्री.) पितुः भक्तिः *(पिताप्रतिको भक्ति)* ष.त.स.= पितृभक्ति ।

शब्दार्थ- पिताप्रतिको भक्तिभाव, पिताको आज्ञापालन, पिताको सेवाशुश्रूषा ।

पितृलोकः (ना./पुं.) पितृणां लोकः *(पितृहरूको लोक)* ष.त.स.= पितृलोक ।

शब्दार्थ- पितृहरूको लोक, पितृहरू वस्ने स्थान, पितृहरू निवास गर्ने लोक, पितृगणको निवासस्थल ।

पितृवत् (अव्य.) पित्रा समः *(बाबुकै समान)* पितृ+वति (वत्)= पितृवत् ।

शब्दार्थ- वाबुकै तुल्य, वाबुकै समान, वाबुतुल्य ।

पितृवंशः (ना./पुं.) पितुः वंशः *(पिताको वंश)* ष.त.स. =पितृवंश ।

शब्दार्थ- बाबुको कुल, बाबुका बन्धु-बान्धव, बाबुको वंश, पितृकुल ।

पितृव्यः (ना./पुं.) पितुर्भ्राता *(पिताका भाइ)* पितृ+व्यत् (व्य)= पितृव्य ।

शब्दार्थ- बाबुका भाइ, पिताका भाइ, काका ।

पितृव्यघाती (वि.) पितृव्यं हन्तीति *(काकाको वध गर्छ)* हन हिंसागत्योः (अदा.) धातु, पितृव्य+हन्+णिनि[2] (इन्), पितृव्यघातिन्= पितृव्यघाती ।

शब्दार्थ- काकाको हत्या गर्ने, बाबुका दाजुभाइलाई मार्ने ।

पितृसन्निभः (वि.) पिता इव सम्यक् नितरां भातीति *(बाबुझैं अत्यन्तै दीप्तियुक्त)* भा दीप्तौ (अदा.) धातु, पितृ+सम्+नि+भा+क[3] (अ),आकारलोप=पितृसन्निभ ।

शब्दार्थ- पितृतुल्य, पितासमान, बाबुकै बराबर ।

---

[1] षिद्गौरादि.. : ङीष्

[2] सुप्यजातौ... : णिनि

[3] आतश्चोपसर्गे : क

पितृसमः (वि.) पित्रा समः *(बाबुकै समान)* तृ.त.स. =पितृसम ।

शब्दार्थ- पितृतुल्य, पितासमान, बाबुकै बराबर ।

पितृस्वसा (ना./स्त्री.) पितुः स्वसा *(पिताकी दिदीबहिनी)* ष.त.स.= पितृस्वसा ।

शब्दार्थ- बाबुकी दिदीबहिनी, फुपू ।

पित्तम् (ना./न.) अपि दीयते रक्ष्यते विनास्यते वा शरीरं अनेन *(यसबाट शरीर रक्षा गरिन्छ वा विनाश हुन्छ)* देङ् रक्षणे (भ्वा.) वा दो अवखण्डने (दिवा.) धातु, अपि+दे/दो+क्त (त), आत्व, भावमा, दाको 'त' आदेश, अपिको अलोप (भागुरिमतबाट)= पित्त ।

शब्दार्थ- पित्त, शरीरमा रहने धातुविशेष, खाएको कुरा पचाउन मद्दत गर्ने तीतो र पहेंलो एक तरल पदार्थ, जो शरीरभित्र बन्दछ ।

पित्तज्वरः (ना./पुं.) पित्तनिमित्तकश्चासौ ज्वरश्च *(पित्तको कारणबाट आउने ज्वरो)* क.त.स., उ.प.लोप=पित्तज्वर ।

शब्दार्थ- पित्तको विकृतिबाट पैदा हुने ज्वरो ।

पित्तप्रकोपः (ना./पुं.) पित्तस्य प्रकोपः *(पित्तको प्रकोप)* ष.त.स. = पित्तप्रकोप ।

शब्दार्थ- पित्तबाट हुने विकार, पित्तको वृद्धि, जसले स्वास्थ्यमा हानि गर्छ ।

पित्ताशयः (ना./पुं.) पित्तस्य आशयः *(पित्तको रहने स्थान)* ष.त.स., दीर्घ= पित्ताशय ।

शब्दार्थ-पित्तकोष, पित्तथैली,पित्त जम्मा भएर बस्ने ठाउँ

पित्र्यः (वि.) पितुर्देवता अस्य *(पितृ छन् देवता जसका)* पितृ+यत्[1] (य), रिङादेश, ऋकारलोप= पित्र्य ।

पितुरिदम् (पिताको यो) पितृ+यत् (य), रिङादेश, ऋकारलोप, पित्रि य, यण्= पित्र्य ।

शब्दार्थ-पितृदेवता हुने, पैत्रिक, पितापुर्खासित सम्बन्धित ।

पिनाकः (ना./पुं.) पातीति *(रक्षा गर्छ)* पा रक्षणे (अदा.) धातु, पा+आक[2] (उणा.) पाको इत्व, नुम्= पिनाक ।

शब्दार्थ- शिवधनु, शिवजीको धनुष, त्रिशूल ।

पिनाकी (ना./पुं.) पिनाकः धनुरस्यास्तीति *(पिनाक नामक धनु छ यिनको)* पिनाक+इनि (इन्), पिनाकिन् =पिनाकी ।

शब्दार्थ- पिनाकधनु धारण गर्ने शिव, शम्भु, महादेव, महेश्वर ।

पिपासा (ना./स्त्री.) पातुमिच्छा *(पिउने इच्छा)* पा पाने (भ्वा.) धातु, पा+सन् (स), द्वित्व, पापास अभ्यासका पाको इत्व, पिपास (सनन्तधातु) । पिपासते इति *(पिउने चाहना गर्छ)* पिपास+अ (प्रत्यय)+टाप् (आ) =पिपासा ।

शब्दार्थ- तीर्खा, तृषा, पानी पिउने इच्छा, तृष्णा, लालसा, ज्यादै अभिलाषा ।

पिपासितः (वि.) पिपासा सञ्जाता अस्य *(तिर्खाएको अवस्था छ यसको)* पिपासा+इतच् (इत)= पिपासित ।

शब्दार्थ- तिर्खाएको, प्यासी, पिपासायुक्त ।

पिपासुः (वि.) पातुमिच्छा *(पिउने इच्छा)* पा पाने (भ्वा.) धातु, पा+सन् (स), द्वित्व, पापास अभ्यासका पाको इत्व, पिपास (सनन्तधातु) । पिपासते इति *(पिउने इच्छा गर्छ)* पिपास+उ (प्रत्यय)= पिपासु ।

शब्दार्थ- पानेच्छुक, पिउने इच्छा गरेको, लालसायुक्त, तीर्खाएको ।

पिपीलिका (ना./स्त्री.) अपि पिल्यते इति *(रोकिन्छ)* पील प्रतिष्टम्भे (भ्वा.) धातु, अपि+पील्+घञ् (अ), 'वष्टि भागुरिरल्लोपम्'यस नियमले अपिको अलोप, पिपीलः । पिपील एव *(कमिलो नै)* पिपील+कन् (क), स्वार्थमा, टाप् (आ), ककारपूर्वका अकारको इत्व= पिपीलिका ।

शब्दार्थ- कमिलो, छुद्रजीव ।

पिप्पलः (ना./पुं.) अपि पातीति *(के रक्षा गर्छ ?)* अपि-पूर्वक पा रक्षणे (अदा.) धातु, अपि+पा+कलच् (अल), अपिका अकारको लोप (भागुरीमतमा), पिपाल, आलोप, पुगागम (पृषोदरादिबाट)= पिप्पल ।

शब्दार्थ- पीपल, अस्वत्यवृक्ष, बोधिवृक्ष ।

पिशाचः (ना./पुं.) पिशितं मांसमश्नातीति *(मासु खान्छ)* पिशितपूर्वक अश भोजने (क्र्या.) धातु, पिशित+अश् +अण् (अ), पृषोदरादिबाट पिशितका 'शित'को लोप तथा धातुका 'अश्'को शाच् आदेश= पिशाच ।

पिशाचो गुह्यको सिद्धो भूतोऽमी देवयोनयः- इत्यमरः

शब्दार्थ- दश प्रकारका देवयोनिहरूमध्ये एक, निकृष्ट देवयोनिविशेष, हीन देवयोनि, पिशाच ।

पिशितम् (ना./न./वि.) पिंशतीति *(टुक्रा पार्छ)* पिश अवयवे (तुदा.) धातु, पिश्+इतन्[3] (इत), उणा. =पिशित ।

अथवा पिश्यते स्म इति *(टुक्र्याइएको)* पिश्+क्त (त), इडागम= पिशित ।

पिशितं तरसं मांसं पललं क्रव्यमामिषम्- इत्यमरः

शब्दार्थ- मासु, आमिष, मांस, टुक्र्याइएको, पिसिएको ।

पिशुनः (वि.) पिंशतीति *(पीडा दिन्छ)* पिश अवयवे (तुदा.) धातु, पिश्+उनन्[4] (उन), उणा.= पिशुन ।

पिशुनो दुर्जनः खलः- इत्यमरः

शब्दार्थ- दुर्जन, क्षुद्र, चुक्ली लगाउने, खल, मूर्ख, छुल्याहा, नीच ।

पिष्टः (वि.) पिष्यते स्म इति *(पिसिएको)* पिष्लृ सञ्चूर्णने (रुधा.) धातु, पिष्+क्त (त), कर्म र भावमा, ष्टुत्व=पिष्ट

शब्दार्थ-पिंधिएको, पिसिएको, चूर्ण, धूलो, पीठो पारिएको ।

पिष्टमयम् (ना./न.) पिष्टस्य विकारः *(पीठोको विकार)* पिष्ट+ मयट् (मय)= पिष्टमय ।

शब्दार्थ- पीठो, ज्यादै मसिनो चूर्ण ।

---

[1] पितुर्यच्च : यत्

[2] पिनाकादयश्च : आक

[3] पिशेः किच्च : इतन्

[4] क्षुधिपिसिमिथिभ्य...: उनन्

पिष्टपेषणम् (ना./न.) पिष्टं पिष्यते इति *(पिंधिएकोलाई पिंधिन्छ)* पिष्ट उपपदपूर्वक पिष्लृ सञ्चूर्णने (रुधा.) धातु, पिष्ट+पिष्+ल्युट् (अन), गुण, णत्व=पिष्टपेषण अथवा पिष्टस्य पेषणम् *(पिंधेकोलाई पुनः पिंध्ने काम)* ष.त.स.= पिष्टपेषण ।

शब्दार्थ- एकपल्ट पिंधेको वस्तुलाई पुनः पिंध्ने काम, पूरा गरेको कामकुरा पुनः गर्ने काम ।

पिहितः (वि.) अपि धीयते स्म इति *(ढाकिएको)* अपिपूर्वक डुधाञ् धारणपोषणयोः (जुहो.) धातु, अपि+धा+क्त (त), अपिको अलोप (भागुरिमतमा), धाको हि आदेश[1] =पिहित ।

शब्दार्थ- ढाकिएको, राखिएको, बन्द गरिएको, बाँधेको, लुकाएको, छोपेको, आच्छादित ।

पीठः (ना./पुं.) पेठन्ति उपदिशन्ति अनुशासति वा अत्र *(उपदेश दिन्छन् वा अनुशासनमा राख्छन् यहाँ)* पिठ हिंसासंक्लेशनयोः (भ्वा.) धातु, पिठ्+घञ् (अ), दीर्घ (बहुलप्रकारले)= पीठ ।

अथवा पठन्ति अत्र *(पढ्छन् यहाँ)* पठ व्यक्तायां वाचि (भ्वा.) धातु, पठ्+अच् (पचादि), पको ईत्व (पृषोदरादिवाट)= पीठ ।

शब्दार्थ- आसन, पिरा, राजसिंहासन, विद्यार्थीहरू पढ्ने ठाउँ, विद्यापीठ, विद्यालय, पिठ्युँ वा आङ्, तीर्थस्थल, मठमन्दिर, देवीदेवताको आसन ।

पीठाधीशः/पीठाध्यक्षः (ना./पुं.) पीठस्य अधीशः/पीठस्य अध्यक्षः *(पीठ वा मठको स्वामी वा अध्यक्ष)* ष.त.स., दीर्घ= पीठाधीश/पीठाध्यक्ष ।

शब्दार्थ- देवीदेवताका मठको अध्यक्ष वा स्वामी, राजाका आसनको व्यवस्था गर्ने व्यक्ति ।

पीठासीनः (वि.) पीठे आसीनः *(पीठमा आसीन)* स.त.स. =पीठासीन ।

शब्दार्थ- अध्यक्षका आसनमा वसेको, गद्दीमा आसीन ।

पीठिका (ना./स्त्री.) पीठ एव *(पीठ नै)* पीठ+कन् (क), स्वार्थमा, टाप् (आ), ककारपूर्वका अकारको इत्व =पीठिका ।

शब्दार्थ- पिरा, आसन, पिर्का, कुनै ग्रन्थको परिच्छेद, अध्याय, खण्ड, भाग आदि ।

पीडकः (वि./ना./पुं.) पीडयतीति *(दुःख दिन्छ)* पीड अवगाहने (चुरा.) धातु, पीड्+ण्वुल्[2] (अक)= पीडक ।

शब्दार्थ- दुःख दिने, कष्ट दिने, पीडादायक, दुःख वा पीडा दिने मानिस ।

पीडनम् (ना./न.) पीडचते इति *(पीडा दिइन्छ)* पीड अवगाहने (चुरा.) धातु, पीड्+ल्युट् (अन)= पीडन ।

शब्दार्थ- पीडा दिने काम, अर्कालाई सताउने क्रिया, थिचोमिचो गर्ने काम, उत्पीडन ।

पीडनीयः (वि.) पीडितुं योग्यः *(पीडा दिन योग्य)* पीड अवगाहने (चुरा.) धातु, पीड्+अनीय (र्)= पीडनीय ।

शब्दार्थ- दुःख वा पीडा दिन योग्य, ताडनीय, ताडना गर्न लायक ।

पीडा (ना./स्त्री.) पीडचते इति *(दुःख दिइन्छ)* पीड अवगाहने (चुरा.) धातु, पीड्+अ[3] (प्रत्यय)+टाप् (आ) =पीडा ।

शब्दार्थ- अर्कालाई दुःख वा कष्ट पुऱ्याउने काम, वेदना, व्यथा, पीडा, वाधा, कष्ट ।

पीडाजनकः (वि.) पीडां जनयतीति *(पीडा दिन्छ)* पीडा-पूर्वक जनी प्रादुर्भावे (दिवा.) धातु, पीडा+जन्+णिचि +ण्वुल्[2] (अक), णिलोप= पीडाजनक ।

शब्दार्थ- पीडादायक, हानिकारक, कष्टप्रद, दुःखदायी, दुःख दिने ।

पीडितः (वि.) पीडचते स्म इति *(दुःख दिइएको)* पीड अवगाहने (चुरा.) धातु, पीड्+णिचि+क्त (त), इडागम, णिलोप= पीडित ।

शब्दार्थ- दुःख दिइएको, पीडा वा कष्ट दिइएको, थिचोमिचो गरिएको, दवाइएको, यातना दिइएको ।

पीतः (वि./ना./न.) पीयते स्म इति *(पान गरिएको)* पी+क्त (त)= पीत ।

अथवा पीयते अन्यवर्णान् *(अरू रङ्गलाई फिका पार्छ)* पीङ् पाने (दिवा.) धातु, पी+क्त (त), उणा., वहुलप्रकारले = पीत ।

शब्दार्थ- पिइएको, पान गरिएको, पहेंलो रङ्ग, वेसार वा हलेदोको जस्तो रङ्ग ।

पीतकः (ना./पुं.) पीत एव *(पहेंलो नै)* पीत+कन् (क), स्वार्थमा= पीतक ।

शब्दार्थ- पहेंलो केशरी, हरिताल, पहेंलो चन्दन ।

पीतलम् (ना./न.) पीतं लातीति (पहेंलोपन ल्याउंछ) पीत उपपदपूर्वक ला आदाने (अदा.) धातु, पीत+ला+क[4] (अ), आकारलोप= पीतल ।

शब्दार्थ- पहेंलो रङ्ग, पीतलको धातु ।

पीतवासस् (**पीतवासाः**) (ना./पुं./वि.) पीतं वासः यस्य *(पहेंलो छ वस्त्र जसको)* व.स., पीतवासस्=पीतवास । अथवा पीतं च तत् वासः *(पहेंलो वस्त्र)* क.त.स., पीतवासस्, दीर्घ, रुत्व, विसर्ग, पीतवासाः= पीतवास ।

शब्दार्थ- पहेंलो वस्त्र धारण गर्ने विष्णु वा कृष्ण, पहेंलो वस्त्र लगाउने, पहेंलो वस्त्रधारी ।

पीताम्बरः (वि./ना./पुं./न.) पीतम् अम्वरं यस्य *(पहेंलो छ वस्त्र जसको)* पीत+अम्वर, व.स., दीर्घ=पीताम्वर । अथवा पीतं च तत् अम्वरम् *(पहेंलो वस्त्र)* क.त.स., दीर्घ= पीताम्वर ।

शब्दार्थ- पहेंलो वस्त्र धारण गर्ने, काषाय वस्त्र धारण गर्ने, पीताम्वरधारी भगवान् विष्णु, कृष्ण, पहेंलो कपडा लगाउने मानिस, पहेंलो वस्त्र वा कपडा, पितवस्त्र ।

---

[1] दधातेर्हिः : हि आदेश

[2] ण्वुल्तृचौ : ण्वुल्

[3] गुरोश्च हलः : अ (प्रत्यय)

[4] आतोऽनुपसर्गे... : क

पीतोदकः (ना./पुं.) पीतमुदकं येन *(पानी पिएको छ जसले)* पीत+उदक, गुण= पीतोदक ।

शब्दार्थ- पानी पिउने मानिस, जसले पानी पिएको छ ।

पीनः (वि.) प्यायते स्म इति *(बढेको, मोटाएको)* ओप्यायी वृद्धौ (भ्वा.) धातु, प्याय+क्त (त), कर्तामा, निष्ठातको न[1], प्यायको पी आदेश[2]= पीन ।

शब्दार्थ- मोटो, ठूलो जीउ भएको, स्थूलकाय, हृष्टपुष्ट, विशाल, भीमकाय ।

पीनस्तनी (ना./स्त्री.) पीनं स्तनं यस्याः सा *(मोटो वा ठूलो छ स्तन जुन स्त्रीको)* ब.स., ङीप् (ई) =पीनस्तनी ।

शब्दार्थ-ठूला स्तन भएकी स्त्री, कडा स्तन भएकी युवती ।

पीयूषम् (ना./न.) पीय्यते इति *(पान गरिन्छ)* सौत्र पीय प्रीतौ धातु, पीय्+ऊषन्[3] (उष), उणा.= पीयूष ।

पीयूषोऽभिनवं पयः- इत्यमरः

पीयूषममृतं सुधा- इत्यमरः

पीयूषं सप्तदिवसावधि क्षीरे तथाऽमृते- इति मेदिनी

शब्दार्थ- अमृत, सुधा, वियाएको सात दिन भित्रको पोषिलो दूध, विघौते दूध ।

पीयूषरसः (ना./पुं.) पीयूषस्य रसः *(अमृतको रस)* ष.त.स.= पीयूषरस ।

शब्दार्थ- सुधारस, अमृतरस ।

उदा. दया भन्ने **एकै मधुरतम पीयूष-रसको-** त.त.२/९

पीयूषवर्षा (ना./स्त्री.) पीयूषस्य वर्षा *(अमृतको वर्षा)* ष.त.स.= पीयूषवर्षा ।

शब्दार्थ- अमृतरूप जलधाराको वर्षा, सुधारस वर्षा ।

पीवरः (वि.) प्यायते इति *(मोटो वा ठूलो हुन्छ)* प्यैङ् वृद्धौ (भ्वा.) धातु, प्या+ष्वरच्[4] (वर), उणा., प्याकायको सम्प्रसारणबाट इ, दीर्घनिपातन= पीवर ।

अथवा पीवतीति *(मोटो हुन्छ)* पीव स्थौल्ये (भ्वा.) धातु, पीव्+ष्वरच् (वर), उणा., वलोप= पीवर ।

शब्दार्थ- स्थूल, मोटो, पीन, स्थूलकाय, विशाल जीउ भएको, मोटो शरीर भएको, अजङ्को ।

पीवरस्तनी (ना./स्त्री.) पीवरौ स्थूलौ स्तनौ यस्याः सा *(ठूल्ठूला स्तन छन् जुन स्त्रीका)* ब.स., पीवरस्तन +ङीप्[5] (ई)= पीवरस्तनी ।

शब्दार्थ- ठूला ठूला स्तन भएकी स्त्री, पीन स्तन भएकी आइमाई ।

पुलिङ्गम् (ना./न.) पुंसः लिङ्गं चिन्हम् *(पुरुषको चिन्ह)* ष.त.स.= पुंलिङ्ग ।

शब्दार्थ- पुरुषको लिङ्ग या चिन्ह, भालेजातिको लिङ्ग ।

पुंसवनम् (ना./न.) पुमांसं पुरुषं पुत्रं सूते जनयति अनेन *(यसबाट पुरुष पुत्र पैदा हुन्छ)* पुंस्पूर्वक सूङ् प्राणिप्रसवे (अदा.) धातु, पुंस्+सू+ल्युट् (अन), करणमा, गुण, अवादेश, पुंस्का सको लोप= पुंसवन ।

शब्दार्थ- द्विजातिको सोह्र संस्कारमध्ये एक, जो गर्भाधानको तीन महिनामा सम्पन्न गरिन्छ, गर्भवती स्त्रीले छोरो जन्माओस् भन्ने उद्देश्यले गरिने एक संस्कार

पुंस्/पुमान् (ना./पुं.) पाति रक्षतीति *(रक्षा गर्छ)* पा रक्षणे (अदा.) धातु, पा+डुम्सुन्[6] (उम्स्), उणा., टिलोप, पुंस्= पुमान् (एकवचनरूप) ।

शब्दार्थ- पुरुष, मानिस, नर, मनुष्य ।

पुंस्त्वम् (ना./न.) पुंसः भावः *(पुरुष हुनाको भाव वा अवस्था)* पुंस्+त्व= पुंस्त्व ।

शब्दार्थ- पुरुषत्व, पुरुषको गुण वा स्वभाव, मर्दपना, पुरुषको स्त्री सहवास र सन्तानोत्पादन क्षमता ।

पुच्छः (ना./पुं.) पुच्छतीति *(चलायनमान हुन्छ)* पुच्छ प्रमादे धातुबाट, पुच्छ+अच् (पचादि)= पुच्छ ।

पुच्छोऽस्त्री लुमलाङ्गुले- इत्यमरः

पुच्छः पश्चात्प्रदेशे स्याल्लाङ्गुले पुच्छमिष्यते- इति मेदिनी

शब्दार्थ- पुच्छर, लाङ्गुल, जीउको पछिल्लो प्रदेश वा भाग ।

पुञ्जः (ना./पुं.) पिञ्जयति, पिञ्ज्यते इति वा *(थुप्रचाउँछ वा एकत्रित गरिन्छ)* पिजि हिंसावलादाननिकेतनेषु (चुरा.) धातु, नुम्, पिञ्ज्+अच्/घञ् (अ), पृषोदरादिबाट, पिको उत्व= पुञ्ज ।

शब्दार्थ- थुप्रो, रास, वस्तुहरूको खात वा डङ्गुर ।

पुञ्जितः (वि.) पिञ्ज्यते स्म इति *(थुप्रो लागेको)* पिजि हिंसावलादानादौ (चुरा.) धातु, पिञ्ज्+क्त (त), इडागम, पृषोदरादिबाट पिको उत्व= पुञ्जित ।

शब्दार्थ- थुप्रिएको, रास लागेको, थुप्रो लागेको ।

पुञ्जीकृतः (वि.) अपुञ्जः पुञ्जः समपद्यते सः क्रियते स्म इति *(नथुप्रिएको थुप्रियो र थुप्रो लागेको)* डुकृञ् करणे (तना.) धातु, पुञ्ज+च्वि+कृ+क्त (त), पुञ्जको ईत्व, च्विको लोप= पुञ्जीकृत ।

शब्दार्थ- थुप्रो लागेको, थुप्रचाइएको, सङ्ग्रहित, एकत्रित गरिएको, डङ्गुर लागेको ।

पुञ्जीभूतः (वि.) अपुञ्जः पुञ्जः समपद्यत स भूयते स्म इति *(नथुप्रिएको थुप्रियो र थुप्रो लागेको)* भू सत्तायाम् (भ्वा.) धातु, पुञ्ज+च्वि+भू+क्त (त), पुञ्जको ईत्व, च्विको लोप= पुञ्जीभूत ।

शब्दार्थ- थुप्रो लागेको, रास लागेको, थुप्रिएको, चाङ लागेको

पुटः (ना./पुं.) पुटतीति *(खुम्च्याउँछ)* पुट संश्लेषणे (तुदा.) धातु, पुट्+क (अ)= पुट ।

शब्दार्थ-दुनु, पातबाट निर्मित दुनाबोहता, रसादिऔषधि भस्म गर्ने माटाको भाँडो, पुटपाक, अँजुली ।

पुटकम् (ना./न.) पुट एव *(दुनु नै)* पुट+कन् (क), स्वार्थमा= पुटक ।

शब्दार्थ-दुनु जस्तो कचौरा, अँजुली, तह, पत्र, दाप, खोल ।

---

[1] ओदितश्च : तको न
[2] प्यायः पी : पी आदेश
[3] पीयेरूषन् : ऊषन्
[4] छित्वरछत्वरधीवरपीवर...: ष्वरच्
[5] स्वाङ्गाच्चोपसर्जनात्... : ङीष्
[6] पातेर्डुम्सुन् : डुम्सुन्

पुटपाकः (ना./पुं.) पुटे पाकः *(दुना वा पालामा पाक)* स.त.स. =पुटपाक ।

शब्दार्थ- माटाको भाँडो वा पालामा औषधी राखेर भस्म गर्ने आयुर्वेदिक एक प्रक्रिया, शोध-प्रक्रियावाट वनाइएको ओखती ।

पुटितः (वि.) पुटचते स्म इति *(बाटिएको)* पुट संश्लेषणे (तुदा.) धातु, पुट्+क्त (त), इडागम= पुटित ।

शब्दार्थ- खुम्च्याइएको, दुवैतिर वन्द गरिएको, पुटपाक गरिएको, शोध गरिएको, सम्पुटित ।

पुण्डः (ना./पुं.) पुण्डचते इति *(विभूषित गरिन्छ)* पुडि भूषायाम् वा पुडि खण्डने (भ्वा.) धातु, नुम्, पुण्ड्+घञ् (अ)= पुण्ड ।

शब्दार्थ- चन्दनको टीका, तिलक, टिको, त्रिपुण्ड ।

पुण्डरीकम् (ना./न./पुं.) पुण्डयतीति *(अरूको सौन्दर्यलाई माथ गर्छ)* पुडि भूषायाम् खण्डने च (भ्वा.) धातु, नुम्, पुण्ड्+ईकन्[१] (ईक), रुगागम-निपातन, डगागम, उणा.= पुण्डरीक ।

पुण्डरीकं सिताम्भोजम्- इत्यमरः
पुण्डरीकं सिताम्भोजे सितच्छत्रे च भेषजे
पुंसि व्याघ्रेऽग्निदिङ्नागे कोशकारान्तरेऽपि च- मेदिनी

शब्दार्थ- सेतो कमल, सेतो छाता, वाघ, आग्नय दिशामा रहने हात्ती, औषधीविशेष ।

पुण्डरीकाक्षः (ना./पुं.) पुण्डति मर्दयति *(अरू फूलको सौन्दर्यलाई दबाउँछ)* पुडि भूषायाम् खण्डने च (भ्वा.) धातु, नुम्, पुण्ड्+ईकन् (ईक), रुगागम-निपातन, डगागम, पुण्डरीकम् (सेतो कमल) । पुण्डरीके इव अक्षिणी यस्य *(कमलझैं छ आँखा जसको)* व.स., दीर्घ, पुण्डरिकाक्षि+षच्[२] (अ), समासान्त= पुण्डरीकाक्ष ।

शब्दार्थ-कमलको फूल जस्तै सौन्दर्यशाली विष्णु, कृष्ण ।

पुण्ड्रः (ना./पुं.) पुडचन्ते भिद्यन्ते *(टुक्रयाइन्छन्)* पुडि भूषायां खण्डने च (भ्वा.) धातु, नुम्, पुण्ड्+रक् (र), उणा.= पुण्ड्र ।

शब्दार्थ- तिलक, टिको, रातो डाँठ हुने ऊखुविशेष ।

पुण्ड्रकः (ना./पुं.) पुण्ड्र एव *(पुण्ड्र नै)* पुण्ड्र+कन् (क), स्वार्थमा= पुण्ड्रक ।

शब्दार्थ- ऊखुविशेष, तिलक, माधवी-लता ।

पुण्यम् (ना./न.)पुनातीति *(पवित्र गर्छ)* पूञ् पवने (क्र्या.) धातु, पू+यण्[३] (य), णुक्, प्रकृतिको ह्रस्व= पुण्य । अथवा पुणतीति *(राम्रो काम हुन्छ)* पुण कर्मणि शुभे (तुदा.) धातु, पुण्+क (अ), पुणः । पुणमर्हति, पुणे साधुः *(शुभकर्ममा योग्य वा निपुण)* पुण+यत्[४] (य), अकारलोप= पुण्य ।

शब्दार्थ- शुभकर्म, असल काम, धर्मकर्म, धार्मिक कार्य, परोपकार, अर्काको भलाइ हुने काम, पुण्यकर्म ।

पुण्यकृत् (वि.) पुण्यं करोतीति *(पुण्य गर्छ)* पुण्य उपपद-पूर्वक डुकृञ् करणे (तना.) धातु, पुण्य+कृ+क्विप्, तुगागम, क्विप्को सर्वलोप= पुण्यकृत् ।

शब्दार्थ-पुण्य हुने कर्म गर्ने, धर्म कार्य गर्ने, शुभकर्म गर्ने ।

पुण्यकर्म (ना./न.) पुण्यं च तत् कर्म *(पुण्यदायक कर्म)* क.त.स.= पुण्यकर्म ।

शब्दार्थ- पुण्य प्राप्त हुने काम, धर्मकर्म, धर्म हुने काम, शुभकर्म ।

पुण्यकालः (ना./पुं.) पुण्यश्चासौ कालश्च *(पुण्यकाल)* क.त.स.= पुण्यकाल ।

शब्दार्थ- धर्मकर्म गर्ने समय, पुण्य हुने कर्म गर्ने समय, दानपुण्य वा शुभकर्म गर्ने उपयुक्त समय ।

पुण्यकीर्तिः (ना./स्त्री./वि.) पुण्या चासौ कीर्तिश्च *(पुण्य कीर्ति)* क.त.स.= पुण्यकीर्ति ।

अथवा पुण्या कीर्तिर्यस्य *(पवित्र छ कीर्ति जसको)* व.स.= पुण्यकीर्ति ।

शब्दार्थ- पवित्र कीर्ति, राम्रो कीर्ति, पुण्यकीर्ति भएका (परमेश्वर, विष्णु), राम्रो कीर्ति भएको, नाम चलेको,

पुण्यक्षेत्रम् (ना./न.) पुण्यञ्च तत् क्षेत्रम् *(पुण्य हुने क्षेत्र)* क.त.स.= पुण्यक्षेत्र ।

शब्दार्थ- पुण्य प्राप्त हुने स्थान, धार्मिक स्थल, पवित्र मानिएको स्थान, तीर्थस्थल, पूण्यभूमि ।

पुण्यतिथिः (ना./स्त्री.) पुण्या चासौ तिथिश्च *(पुण्य तिथि)* क.त.स.= पुण्यतिथि ।

शब्दार्थ- दान, पुण्य आदि शुभकर्म गर्ने दिन, शुभ दिन, पुण्यकर्म गर्न उत्तम मानिएको दिन, शुभकर्म गर्न पवित्र मानिएको दिन वा तिथि ।

पुण्यदर्शनम् (ना./न.) पुण्यं दर्शनं यस्य *(पुण्यदायक छ दर्शन जसको)* ब.स.= पुण्यदर्शन ।

शब्दार्थ- पवित्रदर्शन, पुण्यप्राप्त हुने दर्शन ।

पुण्यफलम् (ना./न./वि.) पुण्यस्य फलम् *(पुण्यकर्मको फल)* ष.त.स. अथवा पुण्यानि फलानि यस्य *(पुण्यदायक फल छ जसको)* ब.स.= पुण्यफल ।

शब्दार्थ- आफूले गरेको पुण्यकर्मको फल वा परिणाम, शुभकर्मको फल, जसको दर्शनबाट पुण्यदायक फल प्राप्त हुन्छ, पुण्यफल दिने ।

पुण्यभूमिः (ना./स्त्री.) पुण्यस्य भूमिः *(पुण्यको भूमि)* ष.त.स.= पुण्यभूमि ।

अथवा पुण्यस्य प्रदायिका, पुण्यप्रदायिका चासौ भूमिश्च *(पुण्य मानिएको भूमि)* क.त.स., उ.प.लोप, ह्रस्व= पुण्यभूमि ।

शब्दार्थ- पुण्यक्षेत्र, पवित्र मानिएको भूमि वा स्थान, तीर्थस्थल, धार्मिकस्थल, आर्यावर्त ।

---

१. फर्फरिकादयश्च.. : **ईकन्, रुगागम निपातन, डगागम**

२. बहुब्रीहौ सक्थ्यक्ष्णो... : **षच्**

३. पूञो यण् णुक् ह्रस्वश्च : **यण्, णुक्, धातुको ह्रस्व**

४. तदर्हति/तत्र साधुः... : **यत्**

पुण्यरात्रः (ना./पुं.) पुण्या चासौ रात्रिश्च *(पवित्र रात)* क.त.स., पुंवद्भाव, समासान्त अच्, इकारलोप =पुण्यरात्र ।

शब्दार्थ- पवित्र रात, पुण्यफल दिने रात, शुभरात ।

पुण्यश्लोकः (ना./पुं./वि.) पुण्यः श्लोकः यशः यस्य सः *(पुण्यदायक कीर्ति छ जसको)* ब.स.= पुण्यश्लोक ।

शब्दार्थ- पुण्यचरित्र वा कीर्ति भएका भगवान् विष्णु, परमेश्वर, उत्तम कीर्ति भएको ।

पुण्यस्थलम् (ना./न.) पुण्यञ्च तत् स्थलञ्च *(पुण्य-स्थल)* क.त.स.= पुण्यस्थल ।

शब्दार्थ- पवित्रस्थल, तीर्थस्थल, देवस्थल ।

पुण्यस्थानम् (ना./न.) पुण्यञ्च तत् स्थानञ्च *(पवित्र स्थान)* क.त.स.= पुण्यस्थान ।

शब्दार्थ- पवित्रस्थान, पवित्रभूमि, तीर्थस्थल, देवस्थल ।

पुण्यात्मा (वि.) पुण्यः आत्मा स्वभावं यस्य *(पवित्र स्वभाव छ जसको)* ब.स., दीर्घ, पुण्यात्मन् = पुण्यात्मा ।

शब्दार्थ- पवित्र आचरण हुने, पुण्य स्वभावको ।

पुण्याश्रमः (ना./पुं.) पुण्यश्चासौ आश्रमश्च *(पवित्र आश्रम)* क.त.स., दीर्घ= पुण्याश्रम ।

शब्दार्थ- पवित्र-आश्रम, पुण्यमय आश्रम, पवित्र-स्थान ।

पुण्याहम् (ना./न.) पुण्यञ्च तत् अहश्च *(पुण्य-दिन)* क.त.स., समासान्त टच्= पुण्याह ।

शब्दार्थ- पुण्यदिन, पुण्यतिथि, शुभदिन, धर्मकर्म गर्ने शुभदिन ।

पुण्याहवाचनम् (ना./न.) पुण्याहस्य वाचनं कथनम् *('पुण्याह' शब्दको वाचन)* ष.त.स.= पुण्याहवाचन ।

शब्दार्थ- कुनै शुभ वा मंगलकार्यको प्रारम्भमा ब्राह्मणद्वारा उच्चरित 'पुण्याह' शब्द तीन वा पांचपटक वाचन वा उच्चस्वरले भन्ने काम ।

पुत्रः (ना./पुं.) पुनाति पित्रादीन्, पूयते अनेन वा *(पित्रादिहरूलाई पवित्र गर्छ वा यसबाट पितृहरूको उद्धार गरिन्छ)* पूञ् पवने (क्र्या.) धातु, पू+क्त्र[1] (त्र), धातुको ह्रस्व= पुत्र ।

अथवा 'पुत्'-नामकनरकात् त्रायते इति *(पुन्नाम नरकबाट रक्षा गर्छ)* पुत् उपपदपूर्वक त्रैङ् पालने (भ्वा.) धातु, पु+त्रा+क[2] (अ), आकारलोप= पुत्र ।

शब्दार्थ- छोरो, पुत्र, सुत, आत्मज, तनय, धर्मपुत्र, ज्योतिषशास्त्रमा लग्नबाट पाँचौं स्थान ।

द्रष्टव्य- **पुन्नामो नरको यस्मात् त्रायते पितरं सुतः तस्मात् पुत्र इति प्रोक्तः स्वयमेव स्वयंभुवा-** म. स्मृ ९/१३८

पुत्रपौत्रीणः (वि.) पुत्रपौत्रान् अनुभवतीति *(छोरानातिको अनुभूति गर्छ)* पुत्रपौत्र+ख[3] (ईन)= पुत्रपौत्रीण ।

शब्दार्थ- छोरानातिले सम्पन्न, छोरानातिहरूले परिपूर्ण भएको ।

पुत्रवत् (अव्य.) पुत्रस्य इव *(छोराको झैं)* पुत्र+वति (वत्) =पुत्रवत् ।

शब्दार्थ- छोराकै तुल्य, छोराकै समान ।

पुत्रवधूः (ना./स्त्री.) पुत्रस्य वधूः *(छोराकी पत्नी)* ष.त.स. =पुत्रवधू ।

शब्दार्थ- बुहारी, दुलही, छोराकी श्रीमती, पुत्रकी पत्नी ।

पुत्रबलः (वि.) पुत्रः अस्यास्तीति *(छोरो छ यसको)* पुत्र+बलच् (बल)= पुत्रबल ।

शब्दार्थ- छोरो हुने, पुत्रवान् ।

पुत्रवान्/पुत्रवती (वि.) पुत्रः अस्य/अस्याः अस्तीति *(यस पुरुष वा स्त्रीको छोरा छ)* पुत्र+मतुप् (मत्), मको व, पुत्रवत्= पुत्रवान् ।

पुत्रवत्+ङीप् (ई)= पुत्रवती ।

शब्दार्थ- पुत्र वा छोरा भएको (पुरुष), पुत्र वा छोरो भएकी (स्त्री) ।

पुत्रार्थम् (अव्य.) पुत्राय इदम् *(छोराको लागि यो)* पुत्र+अर्थ, अस्वपदविग्रह, च.त.स., दीर्घ= पुत्रार्थ ।

शब्दार्थ- छोराको लागि, छोराको निम्ति ।

पुत्रार्थी (वि.) पुत्रमर्थितुं शीलमस्येति *(पुत्र याचना गर्ने शील छ जसको)* पुत्र उपपदपूर्वक अर्थ उपयाञ्चायाम् (चुरा.) धातु, पुत्र+अर्थ+णिनि (इन्), दीर्घ, पुत्रार्थिन् =पुत्रार्थी ।

शब्दार्थ- पुत्र प्राप्तिको चाहना गर्ने, पुत्रको कामना गर्ने, पुत्रेच्छुक ।

पुत्राश्रितः (वि.) पुत्रमाश्रितः *(छोराको आश्रयमा रहेको)* द्वि.त.स., दीर्घ= पुत्राश्रित ।

शब्दार्थ- छोराको सहारा वा आश्रयमा रहेको ।

पुत्रिका (ना./स्त्री.) पुत्री इव प्रतिकृतिः *(छोरीकै आकृति)* पुत्री+कन्[4] (क), टाप् (आ), ह्रस्व= पुत्रिका ।

पाञ्चालिका पुत्रिका स्यात् वस्त्रदन्तादिभिः कृता- इत्यमरः

शब्दार्थ- पुतली, सानी छोरी, सानी बालिका, धर्मपुत्री ।

पुत्री (ना./स्त्री.) पुनाति पित्रादीन् अनया *(यसबाट पित्रादिको उद्धार हुन्छ)* पूञ् पवने (क्र्या.) धातु, पू+क्त्र (त्र), उणा., धातुको ह्रस्व, पुत्रः । पुत्र+ङीन्[5] (ई)= पुत्री ।

शब्दार्थ- छोरी, तनया, आत्मजा, सुता, धर्मपुत्री ।

पुत्री (ना./पुं.)/**पुत्रिणी** (ना./स्त्री.) पुत्रः अस्य/अस्याः वा अस्तीति *(यस पुरुष वा स्त्रीको छोरो छ)* पुत्र+इनि (इन्), अकारलोप, पुत्रिन्= पुत्री ।

पुत्रिन्+ङीप् (ई), णत्व= पुत्रिणी ।

शब्दार्थ- छोरो हुने पुरुष, पुत्रवान् पुरुष, छोरो हुने स्त्री, पुत्रवती नारी ।

---

[1] पुवो ह्रस्वश्च... : क्त्र

[2] आतोऽनुपसर्गे... : क

[3] परावरपरम्पर... : ख

[4] इवे प्रतिकृतौ : कन्

[5] शार्ङ्गरवाद्यञो.... : ङीन्

पुत्रेष्टिः (ना./स्त्री.) पुत्रनिमित्तिका चासौ इष्टिः यजनम् *(छोरो पैदा होस् भन्नका लागि गरिने यज्ञ)* पुत्र+ इष्टि, क.त.स., उ.प.लोप, गुण= पुत्रेष्टि ।

शब्दार्थ- सन्तान प्राप्त होस् भन्ने कामनाले गरिने यज्ञ, पुत्र प्राप्तिका लागि गरिने पुत्रेष्टि यज्ञविशेष ।

पुनर् (पुनः) (अव्य.) पनते इति *(बारम्बार स्तुति गर्छ)* पन स्तुतौ (भ्वा.) धातु, पन्+अर् (वहुलप्रकारले), पको उकार (पृषोदरादिबाट)= पुनर् (पुनः) ।

शब्दार्थ-फेरि, बारम्बार, अर्कोपटक, पक्षान्तर, अवधारणा ।

पुनःपुनः (अव्य.) पुनः पुनः भवति *(बारम्बार हुन्छ)* पुनर् शब्दको द्वित्व[1], पुनर् पुनर्, रुत्व, विसर्ग= पुनःपुनः ।

शब्दार्थ- बारम्बार, फेरि, निरन्तर, सदासर्वदा, पटक-पटक, भूयःभूयः ।

पुनरागमनम् (ना./न.) पुनः पुनर्वारमागम्यते इति *(फेरि आइन्छ)* पुनर् उपपदमा हुने आङ्पूर्वक गम्लृ गतौ (भ्वा.)धातु, पुनर्+आ+गम्+ल्युट् (अन)=पुनरागमन ।

शब्दार्थ- एकपटक गइसकेको व्यक्ति फेरि फर्केर आउने काम, द्विरागमन, पुनर्जन्म, पुनरुत्पत्ति ।

पुनरावलोकनम् (ना./न.) पुनः आसमन्तात् अवलोक्यते इति *(फेरि सबैकोणबाट अवलोकन गरिन्छ)* पुनर् उपपदमा हुने आङ् अव उपसर्गद्वयपूर्वक लोकृ दर्शने (भ्वा.) धातु, पुनर्+आ+अव+लोक्+ल्युट् (अन), आ अवको दीर्घ= पुनरावलोकन ।

शब्दार्थ- एकपटक हेरेको वा निर्णय भएको कुरा पुनः हेर्ने वा अवलोकन गर्ने काम ।

पुनरावर्तकः (वि.) पुनरावर्तते इति *(फेरि फर्काउँछ)* पुनर् उपपदमा हुने आङ्पूर्वक वृतु वर्तने (भ्वा.) धातु, पुनर्+आङ्+वृत्+ण्वुल् (अक), गुण= पुनरावर्तक ।

शब्दार्थ- गइसकेको वा भइसकेको कुरा फेरि फर्काउने वा दोहोऱ्याउने ।

पुनरावर्तनम् (ना./न.) पुनरावृत्यते इति *(पुनः फर्काइन्छ)* पुनर् उपपदमा हुने आङ्पूर्वक वृतु वर्तने (भ्वा.) धातु, पुनर्+आ+वृत्+ल्युट् (अन), गुण= पुनरावर्तन ।

शब्दार्थ- फेरि फर्काउने काम, फेरि फर्केर आउने काम, पुनरागमन ।

पुनरावृत्तिः (ना./स्त्री.) पुनरावृत्यते इति *(फेरि फर्किन्छ, फर्काइन्छ)* पुनर् उपपदमा हुने आङ्पूर्वक वृतु वर्तने (भ्वा.) धातु, पुनर्+आङ्+वृत्+क्तिन् (ति)= पुनरावृत्ति ।

शब्दार्थ- एकपटक भइसकेको कुरा पुनः फर्कने. वा दोहोरिने वा दोहोऱ्याउने काम ।

पुनरावेदकः (ना./पुं.) पुनः आवेदयतीति *(पुनः निवेदन गर्छ)* पुनर् उपपदमा हुने आङ्पूर्वक विद विचारणे (रुधा.) वा विद चेतनाख्याननिवासनेषु (चुरा.) धातु, पुनर्+आ+विद्+ण्वुल् (अक), गुण= पुनरावेदक ।

शब्दार्थ- फेरि आवेदन गर्ने व्यक्ति, पुनः निवेदन दिने मानिस, पुनरावेदन गर्ने व्यक्ति ।

पुनरावेदनम् (ना./न.) पुनरावेद्यते इति *(पुनः आवेदन गरिन्छ)* पुनर् उपपदमा हुने आङ्पूर्वक विद ज्ञाने (अदा.) वा विद विचारणे (रुधा.) वा विद चेतनाख्यान विवासनेषु (चुरा.) धातु, पुनर्+आ+विद्+णिचि+ल्युट् (अन), गुण, णिलोप= पुनरावेदन ।

शब्दार्थ- पुनः निवेदन गर्ने काम, पुनरावेदन दिने काम, फेरि आवेदन दिने काम, तल्लो निकायबाट निर्णय भएको कुरामा चित्त नबुझी पुनः माथिल्लो तहमा आवेदन दिने काम ।

पुनरुक्तः (वि.) उच्यते स्म इति *(भनिएको)* वच परिभाषणे (भ्वा.) धातु, वच्+क्त (त), वको सम्प्रसारणबाट उ, उक्तम् । पुनः पुनर्वारमुक्तम् *(फेरि भनिएको)* सह सुपा समास= पुनरुक्त ।

शब्दार्थ- फेरि भनिएको, अर्कोपटक भनिएको ।

पुनरुक्तिः (ना./स्त्री.) पुनः पुनर्वारमुच्यते इति *(फेरि भनिन्छ)* पुनर् उपपदपूर्वक वच परिभाषणे (अदा.) धातु, पुनर्+वच्+क्तिन् (ति), वको सम्प्रसारणबाट उ, कुत्व= पुनरुक्ति ।

शब्दार्थ- फेरि भन्ने काम, द्विरुक्ति, एक पटक भनिएको कुरा पुनः दोहोऱ्याएर भन्ने काम, पटक पटक दोहोऱ्याउने काम ।

पुनरुत्थानम् (ना./न.) पुनरुत्थानमिति *(फेरि उठ्नु वा फेरि उत्थान हुनु)* पुनर् उपपदपूर्वक उत् उपसर्गमा हुने ष्ठा गतिनिवृत्तौ (भ्वा.) धातु, पुनर्+उत्+स्था+ल्युट् (अन), सको परसवर्ण थ, पुनर् उत् थ् थानम्, सवर्ण झको लोप, चर्त्व= पुनरुत्थान ।

शब्दार्थ- तलतिर खसेर फेरि माथि उठ्ने वा प्रगति गर्ने काम, एकपटकको अवनतिपछि फेरि उन्नति हुने काम ।

पुनरुत्पत्तिः (ना./स्त्री.) पुनरुत्पद्यते इति *(फेरि उत्पन्न हुनु)* पद गतौ (दिवा.) धातु, पुनर्+उत्+पद्+क्तिन् (ति), पद्का द्को चर्त्व त= पुनरुत्पत्ति ।

शब्दार्थ- फेरि जन्मने वा उत्पन्न हुने काम, पुनः पैदा हुने काम, पुनर्जन्म, अर्कोजन्म ।

पुनरुत्पन्नः (वि.) पुनरुत्पद्यते स्म इति *(फेरि पैदा भएको)* पुनर् उपपदमा हुने उत्पूर्वक पद गतौ (दिवा.) धातु, पुनर्+उत्+पद्+क्त (त), निष्ठा तको न, परसवर्ण =पुनरुत्पन्न ।

शब्दार्थ-फेरि जन्मेको वा उत्पन्न भएको, पुनः पैदा भएको ।

पुनरुत्पादनम् (ना./न.) पुनरुत्पाद्यते इति *(फेरि उत्पादन गरिन्छ)* पुनर् उपपदमा हुने उत्पूर्वक पद गतौ (दिवा.) धातु, पुनर्+उत्+पद्+ णिचि+ल्युट्/ युच्[2] (अन), वृद्धि, णिलोप= पुनरुत्पादन ।

शब्दार्थ- एकपटकको उत्पादन बन्द भएपछि फेरि उत्पादन गर्ने काम ।

---

[1] नित्यवीप्सयोः : द्वित्व

[2] ण्यासश्रन्थो... : युच्

पुनर्जन्म (ना./न.) पुनर्भूयः जायते इति *(फेरि जन्मन्छ)* पुनर् उपपदपूर्वक जनी प्रादुर्भावे (दिवा.) धातु, पुनर्+जन्+मनिन्[1] (मन्), उणा., पुनर्जन्मन्= पुनर्जन्म ।

शब्दार्थ- एक पटक जन्मेर मरेपछि फेरि जन्म लिने काम, पुनरुत्पत्ति, फेरि जन्मेर शरीर धारण गर्ने काम ।

पुनर्जागरणम् (ना./न.) पुनः जागरणमिति *(फेरि जागरण हुनु)* पुनर् उपपदपूर्वक जागृ निद्राक्षये (अदा.) धातु, पुनर्+जागृ+ल्युट् (अन), गुण, णत्व= पुनर्जागरण ।

शब्दार्थ- पुनरुत्थान, पुनर्जागृति, देशका कला, संस्कृति र साहित्य आदिको पुनरुत्थान हुने काम, देशको पुनर्जागरण ।

पुनर्जीवनम् (ना./न.) पुनः जीव्यते इति *(फेरि जीवन दिइन्छ)* पुनर् उपपदपूर्वक जीव प्राणधारणे (भ्वा.) धातु, पुनर्+जीव्+ल्युट् (अन)= पुनर्जीवन ।

शब्दार्थ- मरणासन्न अवस्थामा पुगेकोलाई बचाउँने काम, मृत प्रायः भइसकेकोलाई पुनर्जीवन प्रदान गर्ने काम ।

पुनर्जीवितः (वि.) पुनः जीव्यते स्म इति *(पुनर्जीवित गरिएको)* जीव प्राणधारणे (भ्वा.) धातु, पुनर्+जीव्+क्त (त), इडागम= पुनर्जीवित ।

शब्दार्थ- पुनर्जीवन पाएको, प्रायः मरिसकेकोलाई बचाइएको, बिग्रेकोलाई पुनः सुधारिएको ।

पुनर्नियुक्तः (वि.) पुनः नियुज्यते स्म इति *(फेरि नियुक्त भएको)* पुनर् उपपदमा हुने निपूर्वक युजिर् योगे (रुधा.) धातु, पुनर्+युज्+क्त (त), कुत्व=पुनर्नियुक्त ।

शब्दार्थ- फेरि नियुक्त भएको, पुनः बहाली भएको, पुनः पदस्थापन गरिएको, फेरि भर्ना भएको ।

पुनर्नियुक्तिः (ना./स्त्री.) पुनर्नियुज्यते इति *(फेरि नियुक्ति गरिन्छ)* पुनर् उपपदमा हुने निपूर्वक युजिर् योगे (रुधा.) धातु, पुनर्+नि+युज्+क्तिन् (ति), कुत्व =पुनर्नियुक्ति ।

शब्दार्थ- पुनः नियुक्ति गर्ने काम, नियुक्तिको मिति सकिएपछि पुनः त्यही पदमा नियुक्ति गर्ने काम, फेरि भर्ना गर्ने काम ।

पुनर्निमाणम् (ना./न.) पुनः निर्मीयते इति *(फेरि निर्माण गरिन्छ)* पुनर् उपपदमा हुने निर्पूर्वक माङ् माने (अदा.) धातु, पुनर्+निर्+मा+ल्युट् (अन), दीर्घ =पुनर्निमाण ।

शब्दार्थ- बिग्रे भत्केको वस्तु पुनः दोहोऱ्याएर बनाउने काम, पुनर्निर्माण गर्ने काम ।

पुनर्निर्मितः (वि.) पुनः निर्मीयते स्म इति *(फेरि निर्माण गरिएको)* पुनर् उपपदमा हुने निर्पूर्वक मा माने (अदा.) वा माङ् माने शब्दे च (जुहो.) धातु, पुनर्+निर्+मा+क्त (त), माको इत्व[२]= पुनर्निर्मित ।

शब्दार्थ- बिग्रेभत्केकेकोलाई पुनः बनाइएको, जीर्ण वस्तुलाई मर्मत गरेर सुधारिएको, पुनर्निर्माण गरिएको ।

पुनर्निर्वाचनम् (ना./न.) पुनः निर्वाच्यते इति *(फेरि निर्वाचन गराइन्छ)* पुनर् उपपदमा हुने निर्पूर्वक वच परिभाषणे (अदा./चुरा.) धातु, पुनर्+निर्+वच्+णिचि +ल्युट् (अन), वृद्धि, णिलोप= पुनर्निर्वाचन ।

शब्दार्थ- निर्वाचन भइसकेको स्थानमा पुनर्निर्वाचन गराउने काम, दोहोरो चुनाव गराउने काम ।

पुनर्निर्वाचितः (वि.) पुनः निर्वाच्यते स्म इति *(फेरि निर्वाचन गरिएको)* पुनर् उपपदमा हुने निर्पूर्वक वच परिभाषणे (अदा./चुरा.) धातु, पुनर्+निर्+वच्+ णिचि, वृद्धि, पुनर्निर्वाचि+क्त (त), णिलोप, इडागम = पुनर्निवाचित ।

शब्दार्थ- फेरि निर्वाचित भएको, पुनर्निवाचनमा छानिएको, फेरि चुनिएको, निर्वाचनमा पुनः विजयी भएको ।

पुनर्भवः (ना./पुं.) पुनर्भवति पुनः जायते इति *(फेरि पैदा हुन्छ)* पुनर् उपपदमा हुने भू सत्तायाम् (भ्वा.) धातु, पुनर्+भू+अच् (पचादि), गुण, अवादेश = पुनर्भव ।

शब्दार्थ- फेरि बढ्ने वा पैदा हुने वस्तु, नङ, केश आदि ।

पुनर्भूः (ना./स्त्री.) पुनर्भवति विवाहिता *(फेरि विवाहित हुन्छे)* पुनर् उपपदमा हुने भू सत्तायाम् (भ्वा.) धातु, पुनर्+भू+क्विप्[३] (सर्वलोप)= पुनर्भू ।

पुनर्भूर्दिधिषूरूढा द्विः:- इत्यमरः

शब्दार्थ- पहिलो पति मरेपछि वा जीवित छँदै फेरि अर्को विवाह गर्ने स्त्री, पोइला जाने स्त्री, ल्याइते स्त्री ।

पुनर्मिलनम् (ना./न.) पुनर्मिलनमिति *(फेरि मिलन हुन्छ)* पुनर् उपपदपूर्वक मिल सङ्गमे वा मिल श्लेषणे (तुदा.) धातु, पुनर्+मिल्+ल्युट् (अन)= पुनर्मिलन ।

शब्दार्थ- वियोग भएकाहरूको फेरि भेट वा मिलन हुने काम, विछोड पछिको पुनः भेटघाट ।

पुनर्मुद्रणम् (ना./न.) मोदते इति *(खुसी हुन्छ)* मुद हर्षे (भ्वा.) धातु, मुद्+क्विप् (सर्वलोप), मुद् । मुदं रातीति (आनन्द दिन्छ) मुद् उपपदपूर्वक रा दाने (अदा.) धातु, मुद्+रा+ल्युट् (अन), पृषोदरादिबाट राको आलोप, मुद् र अन, णत्व, मुद्रणम् । पुनः भूयः मुद्रणम् *(फेरि मुद्रण गर्ने काम)* म.व्य.स.= पुनर्मुद्रण ।

शब्दार्थ- फेरि मुद्रण गर्ने काम, पुनः छपाउने कार्य, फेरि टङ्कण वा कम्प्युटरबाट मुद्रण गर्ने काम ।

पुनर्मुद्रितः (वि.) मुद्रा सञ्जाता अस्य *(टङ्कण भएको छ यसको)* मुद्रा+इतच्[४] (इत), अकारलोप, मुद्रितः । पुनरभीक्ष्णं मुद्रितः *(फेरि फेरि मुद्रण गरिएको)* म.व्य.स.= पुनर्मुद्रित ।

शब्दार्थ- फेरि दोहोऱ्याएर मुद्रण गरिएको, फेरि छापिएको, अर्कोपटक मुद्रण गरिएको ।

---

[१] सर्वधातुभ्यो....: मनिन्
[३] क्विप् च : क्विप्

[२] द्यतिस्यतिमास्था... : इत्व
[४] तदस्य सञ्जातम्... : इतच्

पुनर्योगः (ना./पुं.) पुनः युज्यते इति *(फेरि जोडिन्छ)* पुनर् उपपदपूर्वक युजिर् योगे (रुधा.) धातु, पुनर्+युज्+घञ् (अ), गुण, कुत्व= पुनर्योग ।

शब्दार्थ- पुनः जोड्ने काम, दोहोर्‍याएर जोड्ने क्रिया ।

पुनर्लेखनम् (ना./न.) पुनः लिख्यते इति *(फेरि लेखिन्छ)* पुनर् उपपदपूर्वक लिख अक्षरविन्यासे (तुदा.) धातु, पुनर्+लिख्+ल्युट् (अन), गुण= पुनर्लेखन ।

शब्दार्थ- फेरि लेख्ने काम, एकपटक लेखेको कुरामा थपघट गरी पुनः लेख्ने काम ।

पुनर्वसुः (ना./पुं.) पुनः वसति उष्यते इति वा *(फेरि बस्छ वा रहनु)* वस निवासे (भ्वा.) धातु, पुनर्+वस्+उ[1] (प्रत्यय), उणा.= पुनर्वसु ।

शब्दार्थ- फेरि वसोवास गर्ने काम, अश्विनी आदि सत्ताईस नक्षत्रमध्ये एक, सातौं नक्षत्र, जो आर्द्रा नक्षत्रपछाडि र तिष्यनक्षत्र अगाडि पर्छ ।

पुनर्वासः (ना./पुं.) पुनः वास्यते इति *(फेरि बसाइन्छ)* पुनर् उपपदपूर्वक वस निवासे (भ्वा.) धातु, पुनर्+वस्+णिचि+घञ् (अ), वृद्धि, णिलोप= पुनर्वास ।

शब्दार्थ- फेरि वसाउने काम, जग्गाजमिन र घरवास नभएकाहरूलाई पुनः वसोवासको व्यवस्था गर्ने काम, विस्थापितहरूलाई वसोवास गराउने काम ।

पुनर्विचारः (ना./पुं.) पुनः विचार्यते इति *(फेरि विचार गरिन्छ)* पुनर् उपपदमा हुने विपूर्वक चर गति-भक्षणयोः (भ्वा.) धातु, पुनर्+वि+चर्+णिचि+घञ् (अ), वृद्धि, णिलोप= पुनर्विचार ।

शब्दार्थ- एकपटकको विचार वा निर्णय उपर पुनर्विचार गर्ने काम, दोहोर्‍याएर विचार गर्ने काम ।

पुनर्विलोकनम् (ना./न.) पुनः विलोक्यते इति *(फेरि अवलोकन गरिन्छ)* पुनर् उपपदमा हुने विपूर्वक लोकृ दर्शने (भ्वा.) धातु, पुनर्+वि+लोक्+ल्युट् (अन)=पुनर्विलोकन ।

शब्दार्थ- पुनर्विचार गर्ने काम, दोहोर्‍याएर फेरि हेर्ने वा विचार गर्ने काम, पुनरावलोकन ।

पुनर्विवाहः (ना./पुं.) पुनः वि विशेषेण उह्यते इति *(फेरि विशेषरूपले बिहे गरिन्छ)* पुनर् उपपदमा हुने विपूर्वक वह प्रापणे (भ्वा.) धातु, पुनर्+वि+वह्+घञ् (अ), वृद्धि= पुनर्विवाह ।

शब्दार्थ- विवाहित स्त्री वा पुरुषको फेरि विवाह गर्ने काम, दोस्रो विहे गर्ने काम ।

पुनर्विवाहितः/पुनर्विवाहिता (वि.) पुनः विवाह्यते स्म असौ पुरुष स्त्री वा *(फेरि विवाह गरिएका पुरुष वा स्त्री)* पुनर् उपपदमा हुने विपूर्वक वह प्रापणे (भ्वा.) धातु, पुनर्+वि+वह्+णिचि, वृद्धि, पुनर्विवाहि+क्त (त), णिलोप, इडागम= पुनर्विवाहित ।

स्त्रीत्व बुझाउँदा, पुनर्विवाहित+टाप् (आ)= पुनर्विवाहिता ।

शब्दार्थ- फेरि विवाह भएको (पुरुष), दोस्रो विवाह गर्ने (व्यक्ति), फेरि विवाह भएकी (स्त्री), पुनर्विवाह गर्ने (स्त्री) ।

पुनर्व्याख्या (ना./स्त्री.)/**पुनर्व्याख्यानम्** (ना./न.) पुनर्व्याख्यानमिति *(फेरि व्याख्या गरिन्छ)* पुनर् उपपदमा हुने विपूर्वक ख्या प्रकथने (अदा.) धातु, पुनर्+वि+ख्या+अङ् (अ), आलोप, टाप् (आ)= पुनर्व्याख्या ।

पुनर्+वि+ख्या+ल्युट् (अन)= पुनर्व्याख्यान ।

शब्दार्थ- एक पटक व्याख्या भइसकेको विषयको पुनः व्याख्या गर्ने काम, उसै विषयमा फेरि गरिएको व्याख्या वा प्रवचन ।

पुनीतः (वि.) पुणतीति *(पवित्र हुन्छ)* पुण कर्मणि शुभे (तुदा.) धातु, पुण्+क्विप् (सर्वलोप), पुण् । पुणं एति स्म *(पवित्र भएको)* पुण्+इ+क्त (त), पृषोदरादिवाट णको न= पुनीत ।

शब्दार्थ- पवित्र, शुद्ध, निर्मल, चोखो ।

पुन्नागः (ना./पुं.) पुमान् नाग इव *(पुरुष हात्ती जस्तै बलवान् वा श्रेष्ठ)* उप.क.त.स.[2], सलोप, परसवर्ण =पुन्नाग ।

पुन्नागस्तु शीतोत्पले ।
जातिफले नरश्रेष्ठे पाण्डुनागे द्रुमान्तरे- इति मेदिनी

शब्दार्थ- श्रेष्ठपुरुष, सेतो कमल, जाइफल, चिलाउने जातको वृक्ष, रूख ।

पुमान् (ना./पुं.) पातीति *(रक्षा गर्छ)* पा रक्षणे (अदा.) धातु, पा+डुम्सुन् (उम्स्), उणा., पाको टिलोप, प् उम्स, पुंस्= पुमान् ।

स्युः पुमांसः पञ्चजनाः पुरुषाः पुरुषा नराः- इत्यमरः

शब्दार्थ- मानिस, नर, पुरुष, मनुष्य ।

पुर् (ना./स्त्री.) पिपर्तीति इति *(पूरा गर्छ वा पालना गर्छ)* पॄ पालनपूरणयोः (जुहो.) धातु, पॄ+क्विप्[3], उत्व, क्विप्को लोप= पुर् ।

अथवा पूर्यते इति *(अगाडि बढ्छ)* पुर अग्रगमने (तुदा.) धातु, पुर्+क्विप् (सर्वलोप)= पुर् ।

शब्दार्थ- नगर, सहर, पुर, शरीर ।

पुरः (ना./पुं./न.)/**पुरी** (ना./स्त्री.) पुरतीति *(अगाडि बढ्छ)* पुर अग्रगमने (तुदा.) धातु, पुर+क (अ)= पुर । पुर+ङीष् (ई)= पुरी ।

पुरं नपुंसकं गेहे देहपाटलीपुत्रयोः
पुष्पादीनां दलावृत्तौ ना गुग्गुलौ न ना पुरी- इति मेदिनी

शब्दार्थ- नगर, सहर, शरीर, देह, घर, वजार, नगरी, गोकुलधूप, पटना सहर, पुष्पदल ।

पुरद्वारम् (ना./न.) पुरस्य द्वारम् *(सहरको ढोका)* ष.त.स. =पुरद्वार ।

शब्दार्थ- सहरको प्रवेशद्वार, नगर प्रवेश गर्ने र निस्कने ढोका ।

---

[1] शृस्वृस्निहि... : उ (प्रत्यय)

[2] उपमितं व्याघ्रादिभिः... : उप.क.त.स.

[3] सम्पदादिभ्यः क्विप् : क्विप्

पुरन्दरः (ना./पुं.) पुरं शत्रूणां नगरीं दारयतीति *(शत्रुको नगरी तोडफोड गर्छन्)* पुर उपपदपूर्वक दृ विदारणे (क्र्या.) धातु, पुर+दृ+णिचि, वृद्धि, पुरदारि+खच्[1] (अ), णिलोप, दारको ह्रस्व[2],अमन्त निपातन=पुरन्दर ।

शब्दार्थ- इन्द्र, शक्र, मघवा, वासव ।

पुरवासी (वि.) पुरे वसतीति *(सहरमा बस्छ)* पुर उपपदपूर्वक वस निवासे (भ्वा.) धातु, पुर+वस्+णिनि[3] (इन्), वृद्धि, पुरवासिन्= पुरवासी ।

शब्दार्थ- सहर वा नगरमा वस्ने, नगरवासी, सहरिया ।

पुरस्/पुरः (अव्य.) पूर्वस्यां पूर्वस्याः पूर्वा वा दिक्, पूर्वस्मिन् पूर्वस्मात् पूर्वः वा देशःकालः *(पूर्वमा, पूर्वको, पूर्वदिशा वा देशकाल)* पूर्व+असि[4] (अस्), प्रकृतिको पुर् आदेश, पुर् अस्, पुरस्= पुरः ।

पुरोऽग्रे प्रथमे भूयोऽधिकारे च पुनः पुनः- इति मेदिनी

शब्दार्थ- पूर्वदिशा, पूर्वमा रहेको वा पूर्वको देशकाल, अगाडि, अघि, पहिलो, अघिल्तिर, फेरि, वारम्वार, समक्ष ।

पुरश्चरणम् (ना./न.) पुरश्चर्यते इति *(अनुष्ठान गरिन्छ)* पुरस् उपपदपूर्वक चर गतिभक्षणयोः (भ्वा.) धातु, पुरस्+चर्+ल्युट् (अन), णत्व= पुरश्चरण ।

शब्दार्थ- कुनै सिद्धि प्राप्तिका लागि नियमपूर्वक गरिने जप, पाठ आदि अनुष्ठान ।

पुरःसरः (वि.) पुरः अग्रे सरति गच्छतीतिं *(अगाडि बढ्छ)* पुरस्पूर्वक सृ गतौ (भ्वा.) धातु, पुरस्+सृ+ट (अ), गुण, पुरस्को रुत्व, विसर्ग= पुरःसर ।

शब्दार्थ- अगाडि बढ्ने, अग्रगामी ।

पुरस्कारः (ना./पुं.) पुरस्क्रियते इति *(पुरस्कार दिइन्छ)* पुरस् उपपदपूर्वक डुकृञ् करणे (तना.) धातु, पुरस्+कृ+घञ् (अ), वृद्धि= पुरस्कार ।

शब्दार्थ- कसैले उल्लेखनीय काम गरेवापत दिइने इनाम, आदर, सम्मान आदि ।

पुरस्कृतः (वि.) पुरस्क्रियते स्म इति *(पुरस्कार दिइएको)* पुरस् उपपदपूर्वक डुकृञ् करणे (तना.) धातु, पुरस्+कृ+क्त (त)= पुरस्कृत ।

शब्दार्थ- पुरस्कार वा इनाम दिइएको, सम्मान गरिएको, राम्रो काम गरे वापत पुरस्कार पाएको, सम्मानित, पूजित ।

पुरस्तात् (अव्य.) पूर्वस्यां पूर्वस्याः पूर्वा वा दिक्, पूर्वस्मिन् पूर्वस्मात् पूर्वः वा देशःकालः *(पूर्वमा, पूर्वको, पूर्वदिशा वा देश र काल)* पूर्व+अस्ताति (अस्तात्), प्रकृतिको पुर् आदेश= पुरस्तात् ।

शब्दार्थ- पूर्वको देश, काल, पूर्वदिशा, अगाडि, अघि, पहिले, वारम्वार, सामुन्ने, समक्ष, अगिल्तिर ।

पुरा (अव्य./वि.) पुरतीति *(अगाडि बढ्छ)* पुर अग्रगमने (तुदा.) धातु, पुर्+क (अ)+टाप् (आ)= पुरा ।

स्यात् प्रबन्धे चिरातीते निकटागामिके पुरा- इत्यमरः

पुरा पुराणे निकटे प्रबन्धातीतभाविषु- इति मेदिनी

शब्दार्थ- पहिले, निकट, समीप, प्राचीन कालमा, पूर्वदिशा, प्राचीन, अतीत, पुरानो, आगामी ।

पुराणः (विः/ना./न.) पुरा भवम् *(पहिले भएको)* पुरा+टच्यु/टच्युल् (अन), दीर्घ, णत्व= पुराण ।

शब्दार्थ-प्राचीन, पुरानो, जीर्ण, पुरातन, सर्ग, प्रतिसर्ग आदि लक्षणयुक्त हिन्दुधर्मका पुराण ग्रन्थहरू, अठार पुराण र अठार उपपुराणसम्वन्धी ग्रन्थहरू ।

पुराणपुरुषः (ना./पुं.) पुराणैः वेदपुराणादिभिः स्तुतः पुरुषः *(वेदपुराण आदिले स्तुति गरिएका पुरुष)* तृ.त.स.=पुराणपुरुष ।

शब्दार्थ- पुराणपुरुष, विष्णु, परव्रह्म परमेश्वर ।

पुरातत्त्वम् (ना./न.) पुरा प्राचीनस्य तत्त्वम् *(प्राचीन वस्तुको अध्ययन गर्ने शास्त्र)* ष.त.स.= पुरातत्त्व ।

शब्दार्थ- प्राचीन समयका वस्तुको अध्ययन गर्ने शास्त्र वा विद्या ।

पुरातत्त्वज्ञः (वि.) पुरातत्त्वं जानातीति *(पुरातत्त्वसम्बन्धी विषय जान्दछ)* पुरातत्त्व उपपदपूर्वक ज्ञा अववोधने (क्र्या.) धातु, पुरातत्त्व+ज्ञा+क[5] (अ), आलोप =पुरातत्त्वज्ञ ।

शब्दार्थ-पुरातत्त्वसित सम्बन्धित कुरा जान्ने, पुरातत्त्वविद्, पुरातत्त्वसम्वन्धी विषयको विशेषज्ञ ।

पुरातत्त्वविद्/पुरातत्त्ववेत्ता (वि.) पुरातत्त्वं वेत्तीति *(पुरातत्त्वसम्बन्धी विषय जान्दछ)* विद ज्ञाने (अदा.) धातु, पुरातत्त्व+विद्+क्विप् (सर्वलोप)= पुरातत्त्वविद् । पुरातत्त्व+विद्+तृच् (तृ), पुरातत्त्ववेतृ= पुरातत्त्ववेत्ता ।

शब्दार्थ- पुरातत्त्वसम्बन्धी शास्त्रको ज्ञाता, पुरातत्त्वज्ञ ।

पुरातनः (वि.) पुरा भवः *(पहिले भएको)* पुरा+टच्यु[6] (अन), तुडागम= पुरातन ।

अथवा पुरा+तनप्[7] (तन)= पुरातन ।

शब्दार्थ- पहिलेको, वितेको, प्राचीन, पुराण, अतीतको ।

पुरातात्त्विकः (वि.) पुरातत्त्वस्य अयम् *(पुरातत्त्वको यो),* पुरातत्त्वादागतः *(पुरातत्त्वबाट आएको)* पुरातत्त्व+ठक् (इक), आदिवृद्धि, अकारलोप= पुरातात्त्विक ।

शब्दार्थ-पुरातत्त्वसम्बन्धी, पुरातत्त्वको, पुरातत्त्ववाट प्राप्त ।

पुरी (ना./स्त्री.) पुरतीति *(अगाडि बढ्छ)* पुर अग्रगमने (तुदा.) धातु, पुर्+क (अ), पुर+ङीष् (ई)= पुरी ।

शब्दार्थ- नगरी, सहर, वजार, जगन्नाथधाम ।

---

[1] पुःसर्वयोदारि... : खच्
[2] खचि ह्रस्व : ह्रस्व
[3] नन्दिग्रहिपचादि... : णिनि
[4] पूर्वाधरावराणामसि.. : असि
[5] वातोऽनुपसर्गे... : क
[6] सायञ्चिरंप्राह्णप्रगे.. : टच्यु/तुडागम
[7] नश्च पुराणे... (वा.) : तनप्

पुरीषम् (ना./न.) पिपर्ति मलद्वारम् *(मलद्वार भर्छ)* पृ पालनपुरणयोः (जुहो.) धातु, पृ+ईषन्[१] (ईष), कित्व, पृको उत्व= पुरीष ।

शब्दार्थ- विष्टा, गुहू, मल, दिसा ।

पुरुः (ना./पुं.) पिपर्तीति *(पूरा गर्छ)* पृ पालनपुरणयोः (जुहो.) धातु, पृ+कु[२] (उ), उणा., उत्व[३], रपरत्व भई पुर् उ= पुरु ।

शब्दार्थ- राजा ययातिका कान्छा छोरा, पुरु वंशका प्रवर्तक, कौरव र पाण्डवहरूका अग्रज ।

पुरुषः/पूरुषः (ना./पुं.) पुरति अग्रे गच्छति *(अगाडि बढ्छ)* पुर अग्रगमने (तुदा.) धातु, पुर्+कुषन्[४] (उष), उणा.= पुरुष ।

पृषोदरादिबाट पुको दीर्घनिपातन= पूरुष ।

क्षेत्रज्ञ आत्मा पुरुषः/पुरुषाः पूरुषा नराः - इत्यमरः

शब्दार्थ- मानिस, मनुष्य, नर, मानव जाति, आत्मा, जीव, विष्णु, भाले जाति ।

पुरुषत्वम् (ना./न.) पुरुषस्य भावः *(पुरुष हुनाको भाव वा अवस्था)* पुरुष+त्व= पुरुषत्व ।

शब्दार्थ- पुरुष हुनाको भाव वा अवस्था, पुरुषको विशेषता

पुरुषरत्नः (वि.) पुरुषेषु रत्नः *(पुरुषहरूमा रत्न)* स.त.स. =पुरुषरत्न ।

शब्दार्थ- पुरुषहरूमा श्रेष्ठ, पुरुषहरूमा सर्वप्रिय, सुन्दर ।

पुरुषव्याघ्रः (ना./पुं.) पुरुषः व्याघ्र इव शूरः *(पुरुष बाघ जस्तै शूरवीर)* उप.क.त.स.[५]= पुरुषव्याघ्र ।

शब्दार्थ- बाघ जस्तै शूरवीर व्यक्ति, पराक्रमी, शक्तिशाली पुरुष ।

पुरुषसिंहः (ना./पुं.) पुरुषः सिंह इव शूरः *(पुरुष सिंहझैं शूरवीर)* उप.क.त.स[५].= पुरुषसिंह ।

शब्दार्थ- सिंह जस्तै शूरवीर व्यक्ति, सिंह जस्तै शक्तिशाली र पराक्रमी पुरुष ।

पुरुषसूक्तम् (ना./न.) पुरुषस्य सूक्तम् *(विराट् पुरुषको वर्णन गरिएको एक सूक्त)* ष.त.स.= पुरुषसूक्त ।

शब्दार्थ- विराट् पुरुषको वर्णन गरिएको यजुर्वेदको एउटा अध्याय, एउटा अनुवाक् ।

पुरुषाधमः (ना./पुं.) पुरुषेषु अधमः *(पुरुषहरूमा निकृष्ट)* पुरुष+अधम, स.त.स., दीर्घ= पुरुषाधम ।

शब्दार्थ-अधम व्यक्ति, अतिनिकृष्ट मानिस, निकृष्ट पुरुष

पुरुषार्थः (ना./पुं.) पुरुषाय अयम् *(पुरुषका लागि यो)* पुरुष+अर्थ, अस्वपदविग्रह, च.त.स.[६]= पुरुषार्थ ।

शब्दार्थ- मानव जातिको मुख्य उद्देश्य वा प्रयोजन, पराक्रम, क्षमता, पौरख । धर्म, अर्थ, काम, मोक्ष- यी पुरुषार्थ ।

पुरुषार्थी (वि.) पुरुषार्थः अस्यास्तीति *(पुरुषार्थ छ यसको)* पुरुषार्थ+इनि (इन्), अकारलोप, पुरुषार्थिन्=पुरुषार्थी ।

शब्दार्थ- पुरुषार्थ गर्ने, समर्थवान्, शक्तिशाली, जीवनको लक्ष्य वा प्रयोजन हासिल गर्ने ।

पुरुषायुषम् (ना./न.) पुरुषस्य आयुः *(पुरुषको आयु)* ष.त.स., दीर्घ, पुरुषायुस्+अच् (समासान्त), षत्व =पुरुषायुष ।

शतायुर्वै पुरुषः- इति श्रुतिः

शब्दार्थ- पुरुष वा मानिसको आयु, एकसय वर्षको आयु ।

पुरुषोत्तमः (ना./पुं.) पुरुषेसु उत्तमः *(पुरुषहरूमा श्रेष्ठ वा उत्तम)* स.त.स.= पुरुषोत्तम ।

शब्दार्थ- उत्तम पुरुष, पुरुषहरूमा श्रेष्ठ मानिस, विष्णु, नारायण, कृष्ण, दामोदर ।

द्रष्टव्य- **यस्मात् क्षरमतीतोऽहमक्षरादपि चोत्तमः ।**
अतोऽस्मि वेदे लोके च प्रथितः पुरुषोत्तमः-
भ.गी. १५/१८

पुरुषोत्तममासः (ना./पुं.) पुरुषोत्तमस्य मासः *(पुरुषोत्तम भगवान् अधिष्ठाता भएको महिना)* ष.त.स. =पुरुषोत्तममास ।

शब्दार्थ- भगवान् पुरुषोत्तम अधिपति भएको महिना, मलमास, अधिकमास ।

पुरोहितः (ना./पुं.) पुरः अग्रे धीयते स्थाप्यते इति *(अग्र स्थानमा राखिन्छ)* पुरस् उपपदपूर्वक डुधाञ् धारण-पोषणयोः (जुहो.) धातु, पुरस्+धा+क्त (त), संज्ञामा, धाको हि आदेश, रुत्व, उत्व= पुरोहित ।

शब्दार्थ- कर्मकाण्डसम्वन्धी काम गराउने ब्राह्मण, जजमान गर्ने पुरोहित, पौरोहित्य कर्म गर्ने ब्राह्मण, स्वस्तिशान्तिसम्वन्धी कर्म गर्ने व्यक्ति ।

पुलकः (ना./पुं./वि.) पोलतीति *(ठूलो हुन्छ वा पुलकित हुन्छ)* पुल महत्त्वे (भ्वा.) धातु, पुल्+क (अ), पुल । पुल एव **(ठूलो नै)** पुल+कन् (क), स्वार्थमा= पुलक ।

शब्दार्थ- प्रेम हर्षादिवाट रोमाञ्चित हुने क्रिया, महान् ।

पुलकितः (वि.) पुलकः सञ्जातः अस्य *(रोमाञ्च पैदा भएको छ यसको)* पुलक+इतच्[७] (इत), अकारलोप =पुलकित ।

शब्दार्थ- भय, हर्ष, प्रेम आदिवाट शरीरका रौं ठाडो भएको, रोमाञ्च पैदा भएको, आनन्दित, हर्षित ।

उदा. पुलकित तरु बोल्छन् नीड पाली अमोल- शा.म.का. १३/१२

पुलस्त्यः (ना./पुं.) पोलतीति *(गौरव राख्छ)* पुल महत्त्वे (भ्वा.) धातु, पुल्+क्विप् (सर्वलोप), पुल् । पुलं महत्त्वं गौरवं वा असते गच्छतीति *(ठूलो महत्त्व वा गौरव हुन्छ)* पुल् उपपदपूर्वक अस गतिदीप्त्यादानेषु (भ्वा.) धातु, पुल्+अस्+क्तिन् (ति), पुलस्ति । पुलस्तेरपत्यं *(पुलस्तिका सन्तति)* पुलस्ति+यञ् (य)= पुलस्त्य ।

शब्दार्थ- पुलस्त्य ऋषि, ब्रह्माका दशवटा मानसपुत्रमध्ये एक, ब्रह्माजीका कानबाट प्रकट भएका ऋर्षि ।

---

१. शृपृभ्यां किच्च.. : ईषन्, कित्व
२. पृभिदिव्यधि... : कु
३. उदोष्ठ्यपूर्वस्य : उत्व
४. पुरःकुषन् : कुषन्
५. उपमानानिसामा... : उप.क.त.स.
६. अर्थेन नित्यसमास..: च.त.स.
७. तदस्य सञ्जातम्...: इतच्

पुलोमजा (ना./स्त्री.) पुलोम्नः जाता असौ *(पुलोमन्बाट पैदा भएकी)* जनी प्रादुर्भावे (दिवा.) धातु, पुलोमन्+जन्+ड (अ), टिलोप, नलोप, टाप् (आ)= पुलोमजा ।

शब्दार्थ- सती, इन्द्राणी, इन्द्रपत्नी ।

पुष्करम् (ना./न.) पुष्यति पुष्णातीति वा *(पुष्ट हुन्छ)* पुष पुष्टौ (दिवा./क्र्या.) धातु, पुष्+करच् (कर), कित्व[1], उणा.= पुष्कर ।

शब्दार्थ- कमल, पानी, आकाश, पोखरी, हात्तीको सुँडको अग्रभाग, प्रसिद्ध तीर्थस्थल, पुष्करद्वीप ।

पुष्करिणी (ना./स्त्री.) पुष्कराणि सन्ति अत्र *(पानी वा कमलहरू छन् यहाँ)* पुष्कर+इनि (इन्)+ङीप् (ई), णत्व= पुष्करिणी ।

शब्दार्थ- पोखरी, तलाउ, कमल भएको तलाउ, कमल पोखरी ।

पुष्ट (वि.) पुष्यते स्म इति *(पोषण गरिएको)* पुष पुष्टौ (भ्वा./दिवा./क्र्या.)धातु, पुष्+क्त (त), ष्टुत्व= पुष्ट

शब्दार्थ- हृष्टपुष्ट भएको, मोटोघाटो, राम्ररी पालन पोषण गरिएको ।

पुष्टकारी (ना./पुं.) पुष्टं करोतीति *(पुष्ट गर्छ)* डुकृञ् करणे (तना.) धातु, पुष्ट+कृ+णिनि (इन्), वृद्धि, पुष्टकारिन्= पुष्टकारी ।

शब्दार्थ- पोषणयुक्त खाना, पौष्टिक आहार, पोषिलो पदार्थ, शरीरलाई तागत दिने औषधि ।

पुष्टता (ना./स्त्री.) पुष्टस्य भावः *(पुष्ट हुनाको भाव वा अवस्था)* पुष्ट+तल् (त)+टाप् (आ)= पुष्टता ।

शब्दार्थ- पुष्ट हुनाको अवस्था, हृष्टपुष्ट हुनाको स्थिति ।

पुष्टि (ना./स्त्री.) पुष्यते इति *(पालनपोषण गरिन्छ)* पुष पुष्टौ (भ्वा./दिवा./क्र्या.) धातु, पुष्+क्तिन् (ति), ष्टुत्व= पुष्टि ।

शब्दार्थ- आफूले भनेको कुरा प्रमाणित गर्ने काम, पुष्ट्याइँ दिने काम, पुष्ट हुने क्रिया ।

पुष्टिकरः/पुष्टिकारकः (वि.) पुष्टिं करोतीति *(पुष्टि गर्छ वा बलियो पार्छ)* पुष्टि उपपदपूर्वक डुकृञ् करणे (तना.) धातु, पुष्टि+कृ+ट (अ), गुण= पुष्टिकर । पुष्टि+कृ+ण्वुल् (अक), वृद्धि= पुष्टिकारक ।

शब्दार्थ- बलियो पार्ने, मोटोघाटो बनाउने, हृष्टपुष्ट पार्ने, कुनै कुरा प्रमाणित गर्ने ।

पुष्पम् (ना./न.) पुष्प्यति विकसति यः *(फुल्छ वा विकसित हुन्छ यो)* पुष्प विकसने (दिवा.) धातु, पुष्प+अच् (पचादि)/घञ् (अ)= पुष्प ।

स्याद्रजः पुष्पमार्तवम्- इत्यमरः

पुष्पं विकाशकुसुमस्त्रीरजस्सु नपुंसकम्- इति मेदिनी

शब्दार्थ-फूल, कुसुम, विकास, परसरेकी आइमाईको रज

पुष्पकम् (ना./न.) पुष्पमिव कायति प्रकाशते इति *(फूल झैं प्रकाशित हुन्छ)* कै शब्दे (भ्वा.) धातु, आत्व, पुष्प+का+क (अ), आलोप= पुष्पक ।

अथवा पुष्प्यतीति *(विकसित हुन्छ)* पुष्प विकसने (दिवा.) धातु, पुष्प+क्वुन्[2] (अक), उणा.= पुष्पक ।

अथवा पुष्पमिव प्रतिकृतिः *(फूलकै आकृतिको)* पुष्प्+कन्[3] (क)= पुष्पक ।

शब्दार्थ-विमान, कुवेरको विमान, फूलझैं विकसित हुने वस्तु ।

पुष्पधन्वा (ना./पुं.) पुष्पं धनुर्यस्य सः *(फूल नै धनु छ जसको)* ब.स., पुष्पधन्वन्= पुष्पधन्वा ।

शब्दार्थ- कामदेव, मदन, अनङ्ग ।

पुष्पमाला (ना./स्त्री.) पुष्पाणां माला *(फूलहरूको माला)* ष.त.स.= पुष्पमाला ।

शब्दार्थ- फूलको माला ।

पुष्परजः (ना./न.)/**पुष्परेणुः** (ना./स्त्री.) पुष्पाणां रजः/रेणुः *(फूलहरूको रज)* ष.त.स.= पुष्परज/पुष्परेणु ।

शब्दार्थ- फूलहरूको पराग, पुष्पकण, फूलहरूको रज, फूलको केशरमा हुने धूलो ।

पुष्पवत् (अव्य.) पुष्पेण तुल्यम् *(फूलकै तुल्य)* पुष्प+वति (वत्)= पुष्पवत् ।

शब्दार्थ- फूल समान, पुष्पतुल्य ।

पुष्पवती (ना./स्त्री.) पुष्पं रजः अस्ति अस्याः *(रज छ जुन आइमाईको)* पुष्प+मतुप्[4] (मत्), मको व, पुष्पवत्+ङीप् (ई)= पुष्पवती ।

शब्दार्थ- परसरेकी आइमाई, रजोवती स्त्री ।

पुष्पवाटिका (ना./स्त्री.) पुष्पाणां वाटिका *(फूलहरूको वाटिका)* ष.त.स.= पुष्पवाटिका ।

शब्दार्थ- फूलवारी, उद्यान, फूलहरूको बँगैचा, उपवन ।

उदा. भृङ्गले रस रित्याई चुसेको पुष्पवाटिका- ऋ.वि.वसन्त वि.४९

पुष्पबाणः (ना./पुं.) पुष्पं बाणं यस्य सः *(कमल वा फूल छ बाण जसको)* ब.स.= पुष्पबाण ।

शब्दार्थ- कमल वा फूलको बाण हुने कामदेव, नारी र पुरुषलाई कामोत्तेजित बनाई परस्परमा आकर्षित पार्ने देवता, अनङ्ग ।

पुष्पवृष्टिः (ना./स्त्री.) पुष्पाणां वृष्टिः *(फूलहरूको वर्षा)* ष.त.स.= पुष्पवृष्टि ।

शब्दार्थ- देवी देवताको पूजाआजा वा कसैको सम्मानमा गरिने फूलहरूको वर्षा, फूलैफूल वर्षाउने काम ।

पुष्पशय्या (ना./स्त्री.) पुष्पाणां शय्या *(फूलहरूको शयन)* ष.त.स.= पुष्पशय्या ।

शब्दार्थ- फूलहरूको ओच्छ्यान, नरम फूलहरू राखेर बनाएको शय्या ।

पुष्पाञ्जलिः (ना./स्त्री.) पुष्पाणामञ्जलिः *(फूलहरूको अञ्जलि)* ष.त.स., दीर्घ= पुष्पाञ्जलि ।

शब्दार्थ- फूलहरू हातमा राखेर हात जोड्ने काम, फूलहरूको अञ्जलि, देवता वा पूज्य पुरुषलाई अर्पण गर्न अञ्जुलीमा लिएको पुष्पगुच्छा ।

---

[1] कृशः कित् : करच्, कित्व

[2] क्वुन् शिल्पिसंज्ञयो...: क्वुन्

[3] इवे प्रतिकृतौ : कन्

[4] तदस्यास्त्यस्मिन्... : मतुप्

पुष्पितः (वि.) पुष्पाणि सञ्जातानि अस्य *(फूल फुलेका छन् यसका)* पुष्प+इतच्[1] (इत), अकारलोप=पुष्पित ।

शब्दार्थ- प्रफुल्लित, कुसुमित, विकसित, फुल्न लागेको, फुलेको, फक्रेको ।

पुष्पोद्यानम् (ना./न.) पुष्पाणामुद्यानम् *(फूलहरूको बगैंचा)* पुष्प+उद्यान, ष.त.स., गुण= पुष्पोद्यान ।

शब्दार्थ- पुष्पवाटिका, फूलहरूको उद्यान वा बगैंचा, फूलबारी ।

पुष्यः (ना./पुं.) पुष्यन्ति अस्मिन्नर्थाः, पुष्णाति कार्याणि वा *(प्रयोजन वा कार्यहरू सिद्ध हुन्छन् यसमा)* पुष पुष्टौ (दिवा./क्र्या.)धातु, पुष्+यत्[2] (य) निपातन= पुष्य ।

तिष्यपुष्ये कलियुगे- इत्यमरः

शब्दार्थ- सत्ताईस नक्षत्रमध्ये एक, तिष्य वा पुष्य नक्षत्र, अश्विनीदेखि आठौं नक्षत्र, कलियुग ।

पुस्तम् (ना./न.) पुस्त्यते इति *(लेखनकार्य गरिन्छ)* पुस्त आदरानादरयोः (चुरा.) धातु, पुस्त्+णिचि+अच् (एरच्), णिलोप= पुस्त ।

पुस्तं लेख्यादिकर्मणि- इत्यमरः

पुस्तं क्लीवे पुस्तके च लेख्यादिशिल्पकर्मणि- इति मेदिनी

शब्दार्थ- हस्तलिखित ग्रन्थ, शिल्पकला, माटो, काठ, फलाम, वस्त्र, छाला आदिद्वारा बनाइएको कालिगडी वा शिल्पविद्या, काठ वा कपडाको पुतली आदि, पुस्तक लेखन कार्य ।

पुस्तकम् (ना./न.) पुस्तमेव *(पुस्तक नै)* पुस्त+कन् (क), स्वार्थमा= पुस्तक ।

शब्दार्थ- किताब, ग्रन्थ, ज्ञान, विज्ञान, साहित्य, कला दर्शन आदि विषयमा लेखिएको हस्तलिखित वा मुद्रित ग्रन्थ ।

पुस्तिका (ना./स्त्री.) स्वल्पा पुस्तिका *(सानो आकारको पुस्तक)* पुस्त+कन्[3] (क)+टाप् (आ)= पुस्तिका ।

शब्दार्थ- सानो आकारको पुस्तक, किताब, लघुपुस्तक ।

पुस्तकालयः (ना./पुं.) पुस्तकानामालयः *(पुस्तकहरूको घर)* ष.त.स., दीर्घ= पुस्तकालय ।

शब्दार्थ- पुस्तकहरू सङ्ग्रह गरी राखिएको स्थान, घर, कोठा आदि ।

पुस्तकालयाध्यक्षः (ना./पुं.) पुस्तकालयस्य अध्यक्षः *(पुस्तकालयको अध्यक्ष)* ष.त.स., दीर्घ =पुस्तकालयाध्यक्ष ।

शब्दार्थ- पुस्तकालयको व्यवस्थापन, प्रवर्द्धन र सञ्चालन गर्ने मुख्य व्यक्ति वा प्रमुख ।

पुस्तकीयः (वि.) पुस्तके भवः, पुस्तकस्य अयम् *(पुस्तकमा हुने वा भएको, पुस्तकको यो)* पुस्तक+छ[4] (ईय) =पुस्तकीय ।

शब्दार्थ- पुस्तकमा भएको, पुस्तकसम्वन्धी, पुस्तकसित सम्वन्धित, पुस्तकको ।

पूजकः (वि.) पूजयतीति *(पूजा गर्छ)* पूज पूजायाम् (चुरा.) धातु, पूज्+ण्वुल् (अक)= पूजक ।

शब्दार्थ- पूजा गर्ने, देवीदेवताको पूजा, आराधना र अर्चना गर्ने, पूजारी ।

पूजनम् (ना./न.) पूज्यते इति *(पूजिन्छ)* पूज पूजायाम् (चुरा.) धातु, पूज्+ल्युट् (अन)=पूजन ।

शब्दार्थ- पूजा गर्ने काम, पूजा-उपासना, अर्चना र स्वागत-सत्कार गर्ने काम ।

पूजनीयः (वि.) पूज्यते, पूजितुं योग्यः वा *(पुजिन्छ वा पूजा गर्न योग्य)* पूज पूजायाम् (चुरा.) धातु, पूज्+अनीय (र्)= पूजनीय ।

शब्दार्थ- पूजा गर्न योग्य वा लायक, स्वागत सत्कार गर्न योग्य, सम्पूज्य, आदरणीय ।

पूजा (ना./स्त्री.) पूज्यते, पूजनमिति वा *(पुजिन्छ)* पूज पूजायाम् (चुरा.) धातु, पूज्+अङ्[5] (अ)+टाप् (आ) =पूजा ।

शब्दार्थ- देवीदेवताको पूजा गर्ने काम, अर्चना, अर्चा, स्वागतसत्कार, पूजाआजा ।

पूजापाठः (ना./पुं.) पूजा च पाठश्च *(पूजा र पाठ)* द्व.स. =पूजापाठ ।

शब्दार्थ-देवीदेवताको पूजाआजा र स्तोत्रादि पाठ गर्ने काम

पूजार्हः (वि.) पूजामर्हतीति *(पूजा गर्न योग्य)* पूजापूर्वक अर्ह पूजायाम् (चुरा.) धातु, पूजा+अर्ह+अच् (पचादि) =पूजार्ह ।

शब्दार्थ- पूजा गर्न लायक, पूजा गर्न योग्य, पूजनीय, सम्मान्य, आदर-सत्कार गर्नुपर्ने ।

पूजासामग्री (ना./स्त्री.) पूजायाः सामग्री *(पूजाको सामग्री)* ष.त.स.= पूजासामग्री ।

शब्दार्थ- पूजा गर्नका लागि आवश्यक पर्ने सरसामान, पूजाका उपकरणहरू ।

पूजाहारी (वि./ना./पुं.) पूजामाहर्तुं शीलमस्येति *(पूजा गर्ने शील छ यसको)* पूजा उपपदमा हुने हृञ् हरणे (भ्वा.) धातु, पूजा+आ+हृ+णिनि (इन्), वृद्धि, दीर्घ, पूजाहारिन्= पूजाहारी ।

शब्दार्थ- पूजाआजा गर्ने, मठमन्दिरमा देवीदेवताको पूजा अर्चना गर्न राखिएको व्यक्ति, पूजारी ।

पूजितः (वि.) पूज्यते स्म इति *(पूजा गरिएको)* पूज पूजायाम् (चुरा.) धातु, पूज्+क्त (त), इडागम=पूजित ।

शब्दार्थ- पूजा गरिएको, पुजिएको, अर्चना गरिएको, सम्मानित, आदरसत्कार गरिएको ।

पूज्यः (वि.) पूज्यते, पूजितुं योग्यः वा *(पूजा गरिन्छ वा गर्न योग्य)* पूज पूजायाम् (चुरा.) धातु, पूज्+णिचि+यत्[6] (य), णिलोप= पूज्य ।

शब्दार्थ- सम्मान्य, आदरणीय, मान्यवर, पूजा गर्न योग्य वा लायक, पूजनीय, वन्दनीय ।

---

[1] तदस्य सञ्जातम्... : इतच्

[2] पुष्यसिध्यौ नक्षेत्रे : यत् निपातन

[3] अल्पे : कन्

[4] गहादिभ्यश्च : छ

[5] चिन्तिपूजिकथि... : अङ्

[6] अर्हे कृत्यतृचश्च : यत्

पूज्यपादः (ना./पुं.) पूज्यश्चासौ पादश्च *(पूजनीय पाउ)* क.त.स.= पूज्यपाद । अथवा पूज्यौ पादौ यस्य *(पूजनीय पाउ छन् जसका)* ब.स.= पूज्यपाद ।

शब्दार्थ- सम्मान्य व्यक्ति, पूजनीय पाउ भएका गुरु, पिता, माता, पूजनीय चरण ।

पूज्यपूजा (ना./स्त्री.) पूज्यस्य पूजा *(पूज्यजनको सम्मान)* ष.त.स.= पूज्यपूजा ।

शब्दार्थ- पूज्यजनको आदरसत्कार, पूजनीय व्यक्तिको सम्मान तथा स्वागत-सत्कार ।

पूतः (वि.) पूयते स्म इति *(पवित्र भएको)* पूङ् पवने (भ्वा.) वा पूञ् पवने (क्र्या.)धातु, पू+क्त (त)=पूत । अथवा पवते, पुनातीति वा *(पवित्र हुन्छ)* पू+क्त (त), भावमा= पूत ।

पवित्रः प्रयतः पूतः- इत्यमरः

शब्दार्थ- पवित्र भएको, शुद्ध, चोखो, पवित्र ।

पूतना (ना./स्त्री.) पूतं करोतीति *(शुद्ध पार्छ)* पूत+णिचि (नामधातु)+युच् (अन)+टाप् (आ), णिलोप= पूतना ।

पूतना तु हरीतक्यां दानवीरोगभेदयोः- इति मेदिनी

शब्दार्थ- हरीतकी (हर्रो), रोगविशेष, एक राक्षसी जो वालक कृष्णद्वारा मारिएकी थिई, दुष्ट आइमाई ।

पूतात्मा (वि./ना./पुं.) पूतः आत्मा यस्य *(पवित्र छ आत्मा जसको)* पूत+आत्मन्, ब.स., दीर्घ, पूतात्मन् =पूतात्मा ।

शब्दार्थ- पवित्र वा शुद्ध आत्मा भएको, चोखो मन भएको, शुद्ध आचरण वा स्वभावको, विष्णु ।

पूरकः (वि./ना./पुं.) पूरयतीति *(पूरा गर्छ)* पूरी आप्यायने (दिवा./चुरा.) धातु, पूर्+ण्वुल् (अक)= पूरक ।

शब्दार्थ- अपूर्ण कुरा पूरा गर्ने, कुनै कमी कमजोरी हटाउने वा पूरा गर्ने, तृप्त गर्ने, पूरकापेक्षी, क्रियापदको अर्थ पूरा गर्न आउने शब्द ।

पूरणम् (ना./न.) पूर्यते इति *(पूरा गरिन्छ)* पूरी आप्यायने (चुरा./दिवा.) धातु, पूर्+ल्युट् (अन)= पूरण ।

शब्दार्थ- पूरा गर्ने काम, अधुरो वा अपुरो कुरा पूरा गर्ने क्रिया, पुर्ने काम ।

पूरणी (ना./स्त्री.) पूर्यते इति *(पूरा गरिन्छ)* पूरी आप्यायने (चुरा.) धातु, पूर्+ल्युट् (अन)+ङीप् (ई) = पूरणी ।

शब्दार्थ- पूरा गर्ने काम, अपूर्ण कुरा पूरा गर्ने कार्य ।

पूरणीयः (वि.) पूर्यते, पूरितुं योग्यः वा *(पूरा गरिन्छ वा गर्न योग्य)* पूरी आप्यायने (दिवा./चुरा.) धातु, पूर्+अनीय (र्)= पूरणीय ।

शब्दार्थ- पूरा गर्न योग्य वा लायक, पूरा गर्न सकिने, पूर्ण गर्न उचित, पुर्न योग्य, पुर्नुपर्ने ।

पूरितः (वि.)पूर्यते स्म इति *(पूरा गरिएको)* पूरी आप्यायने (चुरा.) धातु, पूर्+णिचि (ई), पूरि । पूरि+क्त (त), णिलोप, इडागम= पूरित ।

शब्दार्थ- पूरा गरिएको, पूर्ण गरिएको ।

पूर्णः (वि./ना./न.) पूर्यते स्म इति *(पूरा गरिएको)* पॄ पालनपुरणयोः (जुहो.) धातु, पॄ+क्त (त), उत्व, दीर्घ, निष्ठा तको न, णत्व= पूर्ण ।

शब्दार्थ- पूरा गरिएको, सिङ्गो, खण्डित वा कुण्ठित नभएको, पूर्णब्रह्म ।

पूर्णकलशः/पूर्णकुम्भः (ना./पुं.) पूर्णश्चासौ कलशश्च, पूर्णश्चासौ कुम्भश्च *(भरी कलश वा कुम्भ)* क.त.स. =पूर्णकलश/पूर्णकुम्भ ।

शब्दार्थ- जलले भरिएको कलश वा कुम्भ, पूजाका लागि वा अन्य कार्यका लागि जलपूर्ण घडा ।

पूर्णचन्द्रः (ना./पुं.) पूर्णश्चासौ चन्द्रश्च *(पूर्ण चन्द्रमा)* क.त.स.= पूर्णचन्द्र ।

शब्दार्थ- कलापूर्ण चन्द्रमा, पूर्णिमाका चन्द्रमा, पूर्णेन्दु ।

पूर्णता (ना./स्त्री.) पूर्णस्य भावः *(पूर्ण हुनाको भाव वा अवस्था)* पूर्ण+तल् (त)+टाप् (आ)= पूर्णता ।

शब्दार्थ- कुनै काम पूर्ण हुनाको स्थिति, पूर्णावस्था ।

पूर्णपात्रम् (ना./न.) पूर्णञ्च तत् पात्रम् *(पूर्णरूपले भरिएको पात्र)* क.त.स.= पूर्णपात्र ।

शब्दार्थ- शुभकार्यको पूर्णताको लागि जनै, सुपारि, पैसा राखी चामल आदिले पूर्ण भरेर प्रदान गरिने पात्र, अभिषेक गर्न जलले पूर्ण भरिएको पात्र ।

पूर्णविरामः (ना./पुं.) पूर्णश्चासौ विरामश्च *(पूर्ण-विश्राम)* क.त.स.= पूर्णविराम ।

शब्दार्थ- व्याकरणअनुसार वाक्य पूरा भएपछि प्रयोग गरिने विरामचिन्ह, पूर्णतया विश्राम लिने कार्य ।

पूर्णाङ्कः (ना./पुं.) पूर्णश्चासौ अङ्कश्च *(पूर्ण अङ्क)* पूर्ण+अङ्क, क.त.स., दीर्घ= पूर्णाङ्क ।

शब्दार्थ- कुनै प्रश्नपत्र आदिमा निर्धारित सम्पूर्ण अङ्क, पूरा सङ्ख्या, तोकिएको पूरै अङ्कको समूह ।

पूर्णाधिकारः (ना./पुं.) पूर्णश्चासौ अधिकारश्च *(पूरै अधिकार)* पूर्ण+अधिकार, क.त.स., दीर्घ=पूर्णाधिकार ।

शब्दार्थ- तोकिएको सम्पूर्ण अधिकार, एकलौटी अधिकार ।

पूर्णायुः (ना./पुं.) पूर्ण च तत् आयुः *(पूर्ण आयु)* क.त.स., दीर्घ, पूर्णायुस्= पूर्णायु ।

शब्दार्थ- एकसय वर्षको पूरा आयु, सयवर्ष पूरा आयु भएको पुरुष, पूरै आयु जीवित रहने व्यक्ति ।

द्रष्टव्य- **शतायुर्वै पुरुषः- इति श्रुतिः**

पूर्णवतारः (ना./पुं.) पूर्णश्चासौ अवतारश्च *(पूर्ण अवतार)* पूर्ण+अवतार, क.त.स., दीर्घ= पूर्णावतार ।

शब्दार्थ- विष्णुले पूर्ण अवतार लिएर अवतीर्ण हुने क्रिया, परमेश्वरको सबै कला र अंशले परिपूर्ण अवतारको रूपमा प्रादुर्भाव हुने काम, जस्तैः श्रीकृष्णावतार ।

उदा. **एते चांशकलाः पुंसः कृष्णस्तु भगवान् स्वयम्-**
श्रीमद्.भा. १/३/२८

पूर्णाहुतिः (ना./स्त्री.) पूर्णा चासौ आहुतिश्च *(पूर्ण आहुति)* क.त.स., दीर्घ= पूर्णाहुति ।

शब्दार्थ- हवन कर्म समाप्त भएपछि पूर्णताका लागि गरिने अन्तिम आहुति, यज्ञकर्मको समाप्ति ।

पूर्णिमा (ना./स्त्री.) पिपर्तीति *(पालना गर्छ)* पृ पालन-पूरणयोः (जुहो.) धातु, पृ+निङ् (नि), बहुलप्रकारले, उणा., उत्व, णत्व, पूर्णिः । पूर्णिं माति मिमीते इति *(पूर्णता नापिन्छ)* मा माने (अदा.) वा माङ् माने शब्दे च (जुहो.) धातु, पूर्णि+मा+क (अ), आकारलोप, पूर्णिम+टाप् (आ)= पूर्णिमा ।

अथवा पूर्यते स्म इति *(पूरा भएको)* पूरी आप्यायने (दिवा.) धातु, पूर्+क्त (त), भावमा, निष्ठा तको न, णत्व, पूर्णम् । चन्द्रस्य कलया पूर्णम्, तेन निर्वृता *(चन्द्रकलाले पूर्ण भएको)* पूर्ण+इमप्[1] (इम), अकारलोप, पूर्णिम+टाप् (आ)= पूर्णिमा ।

शब्दार्थ- चन्द्रमाको पूर्णकला भएको तिथि, शुक्लपक्षको पन्ध्रौं तिथि, पूर्णचन्द्र भएको दिन, पौर्णमासी तिथि, पूर्णिमातिथि ।

पूर्णेन्दुः (ना./पुं.) पूर्णश्चासौ इन्दुश्च *(पूर्ण चन्द्रमा)* पूर्ण+इन्दु, क.त.स., गुण= पूर्णेन्दु ।

शब्दार्थ- षोडशकलाले पूर्ण भएका चन्द्रमा, पूर्णिमाका चन्द्रमा, पूर्ण चन्द्रमा ।

उदा. **पारावार पुगेर पूर्ण महिमा पूर्णेन्दुको खुल्दथ्यो- शा.म.का. १/२६**

पूर्णोपमा (ना./स्त्री.) पूर्णा चासौ उपमा च *(पूर्ण उपमा)* क.त.स., गुण= पूर्णोपमा ।

शब्दार्थ- सवै अङ्गले पूर्ण उपमा अलङ्कार, जसमा उपमान उपमेय साधारणधर्म र सादृश्यवाचक शव्द सवै हुन्छन् ।

पूर्तम् (ना./न./वि.) पूरणम्, पूर्यते, पूर्यते स्म इति *(पूरा गरिन्छ वा गरिएको)* पृ पालनपूरणयोः (जुहो.) धातु, पृ+क्त (त), भाव र कर्ममा, निष्ठा तको नत्वनिषेध उत्व[2], दीर्घ[3]= पूर्त ।

पूर्तं खातादिकर्मणि- इत्यमरः

शब्दार्थ- तलाउ, इनार, पोखरी, वगैंचा, धर्मशाला, मन्दिर आदि वनाउने पूर्तकर्म, पूरा गरिएको, पूर्ण गरिएको ।

पूर्तिः (ना./स्त्री.)पूर्यते इति *(पूरा गरिन्छ)*पृ पालनपूरणयोः (जुहो.) धातु, पृ+क्तिन् (ति), उत्व, दीर्घ= पूर्ति ।

शब्दार्थ- अधुरो काम वा कुनै कमीलाई पूरा गर्ने कार्य, अपूर्ण काम पूर्ण गर्ने कार्य ।

पूर्वः (ना./पुं.) पूर्वतीति *(पूर्ण गर्छ)* पूर्व पूरणे (भ्वा.) धातु, पूर्व्+अच् (पचादि)= पूर्व ।

अथवा पूर्वयतीति *(पहिले हुन्छ)* पूर्व निकेतने (चुरा.) धातु, अ.को.रामाश्रमीबाट, पूर्व+अच् (पचादि)= पूर्व ।

शब्दार्थ-सूर्योदय हुने दिशा, पूर्वको देश, पूर्वतिरको स्थान ।

द्रष्टव्य- **दिशा, देश र काल अर्थ बुझाउंदा यो शब्द सर्वनाम हुन्छ ।**

पूर्वकालः (ना./पुं.) पूर्वश्चासौ कालश्च *(पूर्वसमय)* क.त.स.= पूर्वकाल ।

शब्दार्थ- पहिलेको समय, प्राचीन काल, पूर्ववर्ती समय ।

पूर्वकायः (ना./पुं.) पूर्वं कायस्य *(शरीरको पूर्वभाग)* ष.त.स.= पूर्वकाय ।

शब्दार्थ- शरीरको पूर्व वा अघिल्लो भाग ।

पूर्वजः (ना./पुं.) पूर्वस्मिन् काले जातः *(पूर्वकालमा जन्मेको)*, पूर्वे अग्रे जातः इति *(अगाडि जन्मेको)* पूर्व उपपदपूर्वक जनी प्रादुर्भावे (दिवा.) धातु, पूर्व+जन्+ड[4] (अ), टिलोप= पूर्वज ।

शब्दार्थ- अगाडि जन्मेको जेठो दाजु, अग्रज, पुर्खा, आदिम मानव ।

पूर्वजन्म (ना./न.) पूर्वञ्च तत् जन्मन् *(पहिलो जन्म)* क.त.स., पूर्वजन्मन्= पूर्वजन्म ।

शब्दार्थ- अघिल्लो जन्म, यस जन्मभन्दा अगाडिको जन्म ।

पूर्वजा (ना./स्त्री.) पूर्वे जायते असौ *(पहिले जन्मेकी यो)* जनी प्रादुर्भावे (दिवा.) धातु, पूर्व+जन्+ड[4] (अ), टिलोप, टाप् (आ)= पूर्वजा ।

शब्दार्थ- जेठी दिदी, अग्रजा, पहिले जन्मेकी स्त्रीजाति ।

पूर्वधारणा (ना./स्त्री.) पूर्वा चासौ धारणा च *(पहिलो धारणा)* क.त.स.= पूर्वधारणा ।

शब्दार्थ- पहिले निश्चय गरेको धारणा वा विचार, पहिलो विचार वा धारणा ।

पूर्वनिश्चितः (वि.) पूर्वस्मिन् (समये) निश्चितः *(पहिलेकै समयमा निश्चित गरिएको)* स.त.स.= पूर्वनिश्चित ।

शब्दार्थ- पूर्व निर्धारित, पहिले नै निश्चय गरिएको ।

पूर्वपक्षः (ना./पुं.) पूर्वश्चासौ पक्षश्च *(पहिलो पक्ष)* क.त.स.= पूर्वपक्ष ।

शब्दार्थ- पहिलो भाग वा खण्ड, महिनाको पहिलो पक्ष, शुक्लपक्ष, पहिलो पक्षको विचार वा भनाइ ।

पूर्वपक्षीयः (वि.) पूर्वपक्षे भवः *(पूर्वपक्षमा भएको)* पूर्वपक्ष+छ (ईय)= पूर्वपक्षीय ।

शब्दार्थ- पूर्वपक्षमा भएको, पूर्वपक्षको, पूर्वपक्षसम्वन्धी ।

पूर्वपदः (ना./पुं.) पूर्वश्चासौ पदश्च *(पहिलो पद)* क.त.स.= पूर्वपद ।

शब्दार्थ- समस्त शव्दको पहिलो पद, अघिल्लो पद, पहिलो स्थान ।

---

[1] भावप्रत्ययान्तादिमव्वक्तव्यः (वा.) : इमप्

[2] उदोष्ठ्यपूर्वस्य : उत्व

[3] हलि च : दीर्घ

[4] सप्तम्यां जनेर्डः : ड

पूर्वपदिकः (वि.) पूर्वपदमधीते वेद इति *(पूर्वपद जान्दछ वा पढ्दछ)* पूर्वपद+इकन्[1] (इक), अकारलोप =पूर्वपदिक ।

शब्दार्थ- पूर्वपद पढ्ने वा जान्ने, पूर्वपदवेत्ता ।

पूर्वपुरुषः (ना./पुं.) पूर्वश्चासौ पुरुषश्च *(पूर्वपुरुष)* क.त.स. = पूर्वपुरुष ।

शब्दार्थ- पहिलेको मानिस, पुर्खा, व्रह्मा, आदिम-मानव ।

पूर्वमध्यमा (ना./स्त्री.) पूर्वा चासौ मध्यमा च *(पूर्व मध्यमा)* क.त.स.= पूर्वमध्यमा ।

शब्दार्थ- संस्कृत विषयको मध्यमा परीक्षाको दुई भागमध्ये पहिलो भाग, प्रथमा पछिको परीक्षा, प्रवेशिका सरहको परीक्षा ।

पूर्वमीमांसा (ना./स्त्री.) पूर्वा चासौ मीमांसा च *(पूर्व मीमांसा)* क.त.स.= पूर्वमीमांसा ।

शब्दार्थ- मीमांसादर्शनको पहिलो भाग, मीमांसादर्शनको कर्मकाण्डसित सम्वन्धित भाग, जैमिनिद्वारा प्रतिपादित मीमांसादर्शनको पूर्वभाग ।

पूर्वरागः (ना./पुं.) पूर्वजातश्चासौ रागश्च *(पहिले भएको अनुराग)* क.त.स., उ.प.लोप= पूर्वराग ।

शब्दार्थ- पहिले सुनेको-देखेको आदि क्रियावाट उत्पन्न अनुराग वा स्नेह पैदा हुने क्रिया, पूर्वस्नेह ।

पूर्वरात्रः (ना./पुं.) रात्रेः पूर्वः (पूर्वभागः) *(रात्रिको पूर्वभाग)* ष.त.स.[2], अच्[3] (समासान्त), इकारलोप= पूर्वरात्र ।

शब्दार्थ- रात्रिको पहिलो आधाभाग, गतरात, गतरात्रि ।

पूर्वरूपम् (ना./न.) पूर्वस्य रूपम् *(पहिलो रूप)* ष.त.स. =पूर्वरूप ।

शब्दार्थ- पहिलेको रूप, अगाडिको रूप वा अवस्था, कुनै कुरा हुनुभन्दा पहिलेको अवस्था वा स्थिति ।

पूर्ववत् (अव्य.) पूर्वेण तुल्यम् *(पहिलेकै झैं)* पूर्व+वति[4] (वत्)= पूर्ववत् ।

शब्दार्थ- पहिलेकै झैं, पहिलेकै जस्तो, पहिलेकै तुल्य, पहिलेकै झैं नै ।

पूर्ववर्ती (वि.) पूर्वं वर्तते इति *(पहिले रहन्छ)* पूर्व उपपद-पूर्वक वृतु वर्तने (भ्वा.) धातु, पूर्व+वृत्+णिनि (इन्), गुण, पूर्ववर्तिन्= पूर्ववर्ती ।

शब्दार्थ-पहिले भएको, पहिलेको, अगाडिको, पूर्वतिरको ।

पूर्वविहितः (वि.) पूर्वस्मिन् विहितः, पूर्वेण विहितः *(पहिलेको समयमा भएको वा पूर्ववर्तीले गरेको)* स.त.स./तृ.त.स.= पूर्वविहित ।

शब्दार्थ- पहिले नै गरिएको, पहिलेकै समयमा गरिएको, पहिलेका मानिसले गरेको ।

पूर्ववृत्तम् (ना./न.)/**पूर्ववृत्तान्तः** (ना./पुं.) पूर्वस्य वृत्तम्, पूर्वस्य वृत्तान्तः *(पहिलेको इतिवृत्त वा वृत्तान्त)* ष.त.स. =पूर्ववृत्त/पूर्ववृत्तान्त ।

शब्दार्थ- पहिले भएको कुरा, पहिले नै घटेको घटना ।

पूर्वसञ्चितः (वि.) पूर्वस्मिन् काले सञ्चितः *(पूर्वकालमा नै सञ्चित)* स.त.स.= पूर्वसञ्चित ।

शब्दार्थ- पूर्वकालमा सञ्चित, पहिले नै सञ्चय गरिएको ।

पूर्वसेवा (ना./स्त्री.) पूर्वस्य सेवा *(पहिलो सेवा)* ष.त.स. =पूर्वसेवा ।

शब्दार्थ- पहिलेको सेवा, पूर्व नोकरी ।

पूर्वस्थानम् (ना./न.) पूर्वस्य स्थानम् *(पहिलेको स्थान)* ष.त.स.= पूर्वस्थान ।

शब्दार्थ- पहिलेको स्थान, पूर्वावस्था, पूर्वस्थिति ।

पूर्वस्थितिः (ना./स्त्री.) पूर्वस्य स्थितिः *(पहिलेको स्थिति)* ष.त.स.= पूर्वस्थिति ।

शब्दार्थ- पहिलेको स्थिति वा पूर्वस्थान, पूर्वावस्था ।

पूर्वस्मृतिः (ना./स्त्री.) पूर्वस्य स्मृतिः *(पहिलेको सम्झना)* ष.त.स.= पूर्वस्मृति ।

शब्दार्थ- पहिलेका कुराको सम्झना, पहिलेको स्मरण ।

उदा. **हीनताको सानो द्वीपमा पछारिएर,**
हामीले आफ्नो पूर्वस्मृति गुमाइसक्यौं- घु.मे.अ. (हामी)

पूर्वस्वीकृतिः (ना./स्त्री.) पूर्वस्य स्वीकृतिः *(पहिले नै लिइएको स्वीकृति)* वा पूर्वा चासौ स्वीकृतिश्च *(पहिले दिइने स्वीकृति)* क.त.स.= पूर्वस्वीकृति ।

शब्दार्थ- पहिले नै दिइएको स्वीकृति, पहिले लिइने स्वीकृति, पहिलेको स्वीकृति ।

पूर्वा (ना./स्त्री.) पूर्वति, पूर्वयतीति वा *(पूर्ण गर्छ, अगाडि रहन्छ)* पूर्व पूरणे (भ्वा.) वा पूर्व निकेतने (चुरा.) धातु, पूर्व्+अच् (पचादि), पूर्वः । पूर्व+टाप् (आ)= पूर्वा ।

शब्दार्थ- पूर्वदिशा, सूर्योदय हुने दिशा, जेठी दिदी, आफूभन्दा जेठी पत्नी ।

पूर्वाग्रहः (ना./पुं.) पूर्वस्य आग्रहः *(पहिलेकै आग्रह वा ढिपी)* पूर्व+आग्रह, ष.त.स., दीर्घ= पूर्वाग्रह ।

शब्दार्थ- आफूले पहिले भनेकै कुरामा अडान लिने काम, आफ्नो विचार वा धारणाप्रति अडिक रहने काम ।

पूर्वाङ्गम् (ना./न.) पूर्वं अङ्गस्य *(अङ्गको पूर्वभाग वा पहिले सम्पन्न गरिने कर्म)* क.त.स., दीर्घ= पूर्वाङ्ग ।

शब्दार्थ- शरीरको पूर्ववर्ती भाग, शरीरको अघिल्लो आधा भाग, कुनै यज्ञादि कर्म गर्दा पहिले सम्पन्न गरिने कर्म ।

पूर्वाञ्चलम् (ना./न.) पूर्वस्य अञ्चलम् *(पूर्वतिरको अञ्चल)* ष.त.स., दीर्घ= पूर्वाञ्चल ।

शब्दार्थ- पूर्वपट्टिको अञ्चल वा क्षेत्र ।

पूर्वार्द्धः (ना./पुं.) पूर्वश्चासौ अर्द्धश्च, पूर्वं अर्द्धस्य वा *(पहिलो आधा भाग)* क.त.स./ष.त.स., दीर्घ=पूर्वार्द्ध ।

शब्दार्थ- दिन वा अन्य कुराको पहिलो आधाभाग ।

पूर्वाधारः (ना./पुं.) पूर्वश्चासौ आधारश्च, पूर्वस्य आधारः *(पहिलो आधार, अगाडिको आधार)* क.त.स./ष.त.स., दीर्घ= पूर्वाधार ।

शब्दार्थ- कुनै काम थालनी गर्न आवश्यक पर्ने पहिलो आधार, अगाडिको आधार ।

---

[1] इकन्पदोत्तरपदात्...(वा.) : इकन्

[2] पूर्वापरधरोत्तर...: ष.त.स.

[3] अहःसर्वैकदेश...: अच्

[4] तेन तुल्यं क्रिया...: वति

पूर्वानुमानम् (ना./न.) पूर्वस्य अनुमानम् *(पहिलेको अनुमान)* ष.त.स., दीर्घ= पूर्वानुमान ।

अथवा पूर्वञ्च तत् अनुमानम् *(पहिलो अनुमान)* क.त.स.= पूर्वानुमान ।

शब्दार्थ- कुनै कामकुराको प्रतिफलका वारेमा पहिले देखिको अनुमान, कुनै योजना आदिको लागत आदिवारे पूर्व-अनुमान ।

पूर्वापरः (वि.) पूर्वश्च अपरश्च *(पहिलो र पछिल्लो)* पूर्व+अपर, द्व.स., दीर्घ= पूर्वापर ।

शब्दार्थ- अगाडि र पछाडिको, आदि र अन्त्य दुवैको, पूर्व र पश्चिमको ।

पूर्वाभिनयः (ना./पुं.) पूर्वे पूर्वस्य वा अभिनयः *(पहिले गरिने वा पहिलेको अभिनय)* स.त.स./ष.त.स., दीर्घ= पूर्वाभिनय ।

शब्दार्थ- नाटकप्रदर्शन हुनुभन्दा अगाडि गरिने अभिनय, अभ्यासका लागि गरिने अभिनय, अभिनय-सम्वन्धी पूर्व प्रशिक्षण, रिहर्सल ।

पूर्वाभिमुखः/पूर्वाभिमुखी (वि.) पूर्वे अभिमुखं यस्य *(पूर्वमा मुख छ जसको)* व.स., दीर्घ= पूर्वाभिमुख । पूर्वाभिमुखः यस्यास्तीति *(पूर्वतिर मुख छ जसको)* पूर्वाभिमुख+इनि (इन्), पूर्वाभिमुखिन्= पूर्वाभिमुखी ।

शब्दार्थ- पूर्वतिर मुख फर्केको, पूर्वपट्टि मुख गरेको, पूर्वतिर मुख लगाएको ।

पूर्वाभ्यासः (ना./पुं.) पूर्वस्य अभ्यासः *(पहिलेको अभ्यास)* ष.त.स., दीर्घ= पूर्वाभ्यास ।

शब्दार्थ- काम गर्न थाल्नुभन्दा पहिलेदेखिको अभ्यास, रिहर्सल ।

पूर्वार्द्धः (ना./पुं.) पूर्वश्चासौ अर्द्धश्च *(पहिलो आधाभाग)* क.त.स., दीर्घ= पूर्वार्द्ध ।

शब्दार्थ- पहिलो आधाभाग, दुई भागमध्ये पहिलो आधा भाग ।

पूर्वावस्था (ना./स्त्री.) पूर्वा चासौ अवस्था च *(पहिलो अवस्था)* क.त.स., दीर्घ= पूर्वावस्था ।

अथवा पूर्वस्य अवस्था *(पहिलेको स्थिति)* ष.त.स., दीर्घ= पूर्वावस्था ।

शब्दार्थ- पहिलो अवस्था, पूर्वस्थिति, कुनै काम गर्नुभन्दा पहिलेको स्थिति वा अवस्था ।

पूर्वाषाढा (ना./स्त्री.) पूर्वा चासौ आषाढा च *(पूर्वाषाढा)* क.त.स., दीर्घ= पूर्वाषाढा ।

शब्दार्थ- पूर्वाषाढा नक्षत्र, उत्तराषाढा र मूल नक्षत्रको वीचमा पर्ने नक्षत्र, सत्ताईस नक्षत्रमध्ये एक ।

पूर्वाह्णः (ना./पुं.) अह्नः पूर्वम् *(दिनको पहिलो भाग)* पूर्व+अहन्, ष.त.स.[१], टच्[२] (समासान्त), अहन्को अह्नादेश[३], दीर्घ, णत्व[४]= पूर्वाह्ण ।

शब्दार्थ- दिनको पहिलो भाग, दिनको पूर्वार्द्ध ।

पूर्वीयः (वि.) पूर्वस्मिन् भवः जातादिरिति वा पूर्वस्य अयम् *(पूर्वमा हुने वा भएको, पूर्वको यो)* पूर्व+छ[५] (ईय)= पूर्वीय ।

शब्दार्थ- पूर्वमा भएको, पूर्वमा जन्मेको, पूर्वको, पूर्वदिशा-सम्वन्धी, पूर्वतिरको ।

उदा. **चम्किन्थे अधि स्वर्णकालमहिमा पूर्वीय आकाशमा-** शा.म.का. १/२

पूर्वोक्तः (वि.) पूर्वः प्रथमः उक्तः *(पहिले भनिएको)* सह सुपा समास, गुण= पूर्वोक्त ।

शब्दार्थ- पहिले भनिएको, माथि वताइएको, पूर्व-कथित ।

पूर्वोदितः (वि.) पूर्वे उदितः *(पूर्वमा उदाएको)* स.त.स. =पूर्वोदित ।

शब्दार्थ- पूर्वतिर उदाएको, पूर्वमा उदाएको ।

पृच्छकः (वि.) पृच्छतीति *(सोध्छ)* प्रच्छ ज्ञीप्सायाम् (तुदा.) धातु, प्रच्छ+ण्वुल् (अक), प्रको सम्प्रसारणवाट पृ = पृच्छक ।

शब्दार्थ- प्रश्न वा सवाल सोध्ने, प्रश्नकर्ता ।

पृच्छा (ना./स्त्री.) पृच्छ्यते, प्रच्छनमिति वा *(सोधिन्छ)* प्रच्छ ज्ञीप्सायाम् (तुदा.) धातु, प्रच्छ+अङ्[६] (अ), प्रको सम्प्रसारणवाट पृ, पृच्छ+टाप् (आ)= पृच्छा ।

शब्दार्थ- प्रश्न सोध्ने काम, सवाल ।

पृतना (ना./स्त्री.) प्रियते इति *(अभ्यास गरिन्छ)* पृङ् व्यायामे (तुदा.) धातु, पृ+तनन् (तन), बहुलप्रकारले उणा., पृतन+टाप् (आ)= पृतना ।

वाहिनी पृतना चमूः- इत्यमरः

शब्दार्थ-सेना, सैन्यशक्ति, सैन्यवल, वाहिनीभन्दा ठूलो शक्ति

पृथक् (अव्य./वि.) पर्थयतीति *(छुट्ट्याउँछ)* पृथ प्रक्षेपे (चुरा.) धातु, पृथ्+कक् (अक्), वहुलप्रकारले, उणा. =पृथक् ।

अथवा प्रथते इति *(फैलन्छ)* प्रथ प्रख्याने (भ्वा.) धातु, प्रथ्+अजि (अज्), उणा., कित्व, सम्प्रसारणवाट प्रको पृ, पृथज्, कुत्व= पृथक् ।

शब्दार्थ- भिन्नै, छुट्टै, अलग्गै, अलग, भिन्न, विभिन्न ।

पृथक्करणम् (ना./न.) पृथक् क्रियते इति *(अलग गरिन्छ)* पृथक् उपपदपूर्वक डुकृञ् करणे (तना.) धातु, पृथक्+कृ+ल्युट् (अन), गुण, णत्व= पृथक्करण ।

शब्दार्थ- छुट्ट्याउने काम, अलग अलग पार्ने काम, विखण्डन, टुक्र्याउने काम ।

पृथक्ता/पृथक्त्वम् (ना./न./स्त्री.) पृथक् इत्यस्य भावः *(पृथक् हुनाको भाव वा अवस्था)* पृथक्+तल् (त)+टाप् (आ)= पृथक्ता । पृथक्+त्व= पृथक्त्व ।

शब्दार्थ- अलग्ग रहने अवस्था, भिन्न हुने स्थिति, भिन्नता ।

---

१. पूर्वापराधरोत्तर... : ष.त.स.
२. राजाहःसखिभ्यः...: टच्
३. अह्नोऽह्नः... : अह्नादेश
४. अह्नोऽदन्तात् : णत्व
५. गहादिभ्यश्च : छ
६. षिद्भिदादिभ्यश्च : अङ्

पृथग्विधः (वि.) पृथक् विधा यस्य *(अनेक प्रकार छन् जसका)* व.स., ह्रस्व= पृथक्विध ।

शब्दार्थ-अनेकप्रकारको, विविधप्रकारको, नाना किसिमको ।

पृथा (ना./स्त्री.) प्रथते प्रसिद्धा भवति असौ *(ख्याति पाउँछिन् यिनी)* प्रथ प्रख्याने (भ्वा.) धातु, प्रथ्+क[१] (अ), सम्प्रसारणवाट प्रको पृ, पृथ्+अ+टाप् (आ) =पृथा ।

अथवा पर्थयति असौ *(ख्याति पाउँछिन् यिनी)* पृथ प्रक्षेपे (चुरा.) धातु, पृथ्+क (अ)+टाप् (आ)= पृथा ।

शब्दार्थ- कुन्ती, पाण्डवकी आमा, पाण्डुकी पत्नी ।

पृथिवी (ना./स्त्री.) प्रथते विस्तारं यातीति *(फैलिन्छ)* प्रथ प्रख्याने (भ्वा.) धातु, प्रथ्+षिवन्[२] (इव), उणा., सम्प्रसारणवाट प्रको पृ, पृथिव+ङीष्[३] (ई)= पृथिवी ।

शब्दार्थ- धरणी, भूमि, क्षिति, मही, सौरमण्डलको एउटा ग्रह, धरा, वसुधा ।

पृथिवीपतिः (ना./पुं.) पृथिव्याः पतिः *(पृथिवीका मालिक)* ष.त.स.= पृथिवीपति ।

शब्दार्थ- राजा, भूपति, पृथिवीका स्वामी ।

पृथिवीपालः (ना./पुं.) पृथिवीं पालयतीति *(पृथिवीको पालना गर्छन्)* पृथिवीपूर्वक पाल रक्षणे (चुरा.) धातु, पृथिवी+पाल्+अण् (अ)= पृथिवीपाल ।

शब्दार्थ- राजा, भूपाल, नृप, पृथिवीपति ।

पृथुः (वि./ना./पुं.) प्रथते प्रसिद्धः भवतीति *(प्रसिद्ध हुन्छ वा फैलिन्छ)* प्रथ प्रख्याने (भ्वा./चुरा.)धातु, प्रथ्+कु[४] (उ), उणा., सम्प्रसारणवाट प्रको पृ, पृथ् उ= पृथु ।

पृथुर्विशाले भूपाले वाष्पिका कृष्णजीरयोः- इति हैमः

शब्दार्थ- ठूलो, विस्तृत, फैलिएको, चौडा, विपुल, महान्, वृहत्, पृथुनामका एक राजा, प्रथम राजा, कालो जीरा, वाफ ।

द्रष्टव्य- पृथुराजा वेनराजाको दाहिने हात मन्थनबाट पैदा भएका थिए, जसले गाईको रूप धारण गरेकी पृथिवीको दोहन गरे ।

पृथुकः (ना./पुं.) पृथुरेव *(चौडा नै)* पृथु+कन् (क), स्वार्थमा= पृथुक ।

अथवा प्रथते इति *(बढ्छ वा फैलन्छ)* प्रथ प्रख्याने (भ्वा.) धातु, प्रथ्+कुकन् (उक), उणा., सम्प्रसारणवाट प्रको पृ= पृथुक ।

पृथुकौ चिपिटार्भकौ- इत्यमरः

शब्दार्थ- चिउरा, वालक, शिशु ।

पृथुता (ना./स्त्री.)/**पृथुत्वम्** (ना./न.) पृथोर्भावः *(ठूलो वा विशाल हुनाको भाव)* पृथु+तल् (त)+टाप् (आ) =पृथुता । पृथु+त्व= पृथुत्व ।

शब्दार्थ- विशालता, विपुलता, चौडापन ।

पृथुलः (वि.) पृथुः पृथुत्वमस्यास्तीति *(बृहत् भाव छ यसको)* पृथु+लज्[५] (ल)= पृथुल ।

अथवा पृथुत्वं लातीति *(विशालता ल्याउँछ)* पृथु उपपदपूर्वक ला आदाने (अदा.) धातु, पृथु+ला+क[६] (अ), आलोप= पृथुल ।

शब्दार्थ- वृहत्, महान्, ठूलो, विशाल, विपुल, स्थूल, मोटो,

पृथ्वी (वि./ना./स्त्री.) प्रथते विस्तारिता भवति *(विस्तारित हुन्छ)* प्रथ प्रख्याने (भ्वा./चुरा.) धातु, प्रथ्+कु[४] (उ), उणा., सम्प्रसारणवाट प्रको पृ, पृथु+ ङीष्[७] (ई), यण्= पृथ्वी ।

पृथ्वौ भूमौ महत्यां च त्वक्पत्र्यां कृष्णजीरके- इति मेदिनी

शब्दार्थ- विस्तीर्ण, विस्तृत, गुरु, भूमि, धरा, धर्ती, माटो, कालो जीरा ।

पृष्ठम् (ना./न.) पृष्यते सिच्यते इति *(सिञ्चन वा संरक्षण गरिन्छ)* पृषु सेचने (भ्वा.) धातु, पृष्+थक् (उणा.), ष्टुत्व= पृष्ठ ।

पृष्ठं तु चरमं तनोः ।

पृष्ठं चरममात्रे स्याद्देहस्यावयवान्तरे- इति मेदिनी

शब्दार्थ- शरीरको पछाडिको भाग, पिठ्यूँ, पुस्तकको पन्ना, पछाडि ।

पृष्ठतः (अव्य.) पृष्ठादिति *(पछाडिबाट)* पृष्ठ+तसिल्[८] (तस्), रुत्व, विसर्ग = पृष्ठत ।

शब्दार्थ- पछाडिवाट, पछिल्तिरवाट ।

पृष्ठपोषकः (ना./पुं.) पृष्ठात् पोषयतीति *(पछिल्तिरबाट पुष्ट्याइँ गर्छ)* पृष्ठ उपपदपूर्वक पुष पुष्टौ (दिवा.) धातु, पृष्ठ+पुष्+णिचि+ण्वुल् (अक), गुण, णिलोप =पृष्ठपोषक ।

शब्दार्थ- पछाडिबाट सहयोग वा मद्दत गर्ने व्यक्ति, पछिल्तिरवाट हौसला दिने व्यक्ति, सहयोगी ।

पृष्ठपोषणम् (ना./न.) पृष्ठात्, पृष्ठेन वा पोष्यते इति वा *(पछिल्तिरबाट सहयोग गरिन्छ)* पृष्ठ उपपदपूर्वक पुष पुष्टौ (दिवा.) धातु, पृष्ठ+पुष्+णिचि+ल्युट् (अन), गुण, णिलोप, णत्व= पृष्ठपोषण ।

शब्दार्थ- पछिल्तिरवाट मद्दत वा सहयोग पुऱ्याउने काम, सहयोग, मद्दत, उत्साह ।

पृष्ठभागः (ना./पुं.) पृष्ठस्य भागः *(पछाडिको भाग)* ष.त.स.= पृष्ठभाग ।

शब्दार्थ- शरीरको पछाडिको भाग, पिठयूँ, पछिल्तिरको अंश, भाग वा खण्ड ।

पृष्ठभूमिः (ना./पुं.) पृष्ठस्य भूमिः *(पछाडिको भूमि)* ष.त.स.= पृष्ठभूमि ।

शब्दार्थ- पछिल्तिरको जमिन वा भूभाग, कुनै वस्तु, घटना वा विषयको मुख्य आधार वा भूमिका वाँध्ने काम ।

---

[१] मूलविभुजादिभ्यः... : क

[२] प्रथेःषिवन्.... : षिवन्, सम्प्रसारण

[३] षिद्गौरादिभ्यश्च.. : ङीष्

[४] प्रीपप्रदिभ्रस्जां... : कु, सम्प्रसारण

[५] सिध्मादिभ्यश्च...: लज्

[६] आतोऽनुपसर्गे... : क

[७] वोतो गुणवचनात्..: ङीष्

[८] पञ्चम्यास्तसिल्/आद्यादिभ्यः... : तसिल्

पेटिका (ना./स्त्री.) पेटतीति *(जम्मा गरिन्छ)* पिट शब्द सङ्घातयोः (भ्वा.) धातु, पिट्+ण्वुल्[1] (अक), गुण, पेटक+टाप् (आ), पेटका, ककारपूर्वका अकारको इत्व =पेटिका ।

शब्दार्थ- सन्दूस, सन्दूक, मञ्जूषा, सुट्केस, थैली ।

पेयः (वि./ना./न.) पातुं योग्यः *(पिउन योग्य),* पीयते यत् *(पिइन्छ जो)* पा पाने (भ्वा.) धातु, पा+यत्[2] (य), ईत्व[3], गुण= पेय ।

शब्दार्थ- पिउन लायक वा योग्य, पिउन सकिने, पिउन उचित हुने- पानी, दूध आदि पेयपदार्थ ।

पेशलः (वि.) पिश्यते, पेशनमिति वा *(खार्नु)* पिश अवयवे (तुदा.) धातु, पिश्+घञ् (अ), गुण, पेशः । पेशं लातीति *(दक्षता ल्याउँछ)* पेश उपपदपूर्वक ला आदाने (अदा.) धातु, पेश+ला+क[4] (अ), आकारलोप=पेशल । अथवा पेशः अस्यास्तीति *(सुन्दरभाव छ यसको)* पेश+लज्[5] (ल)= पेशल ।

शब्दार्थ- चतुर, दक्ष, बाठो, कोमल, सुन्दर, पटु ।

पेषणम् (ना./न.) पिष्यते इति *(पिँधिन्छ)* पिष्लृ सञ्चूर्णने (रुधा.) धातु, पिष्+ल्युट् (अनं), गुण, णत्व= पेषण ।

शब्दार्थ- पिंध्ने काम, चूर्ण वा धूलो पार्ने काम, पिंधेर पीठो पार्ने क्रिया ।

पेषणी (ना./स्त्री.) पिष्यते यत्र *(पिसिन्छ जहाँ)* पिष्लृ सञ्चूर्णने (रुधा.) धातु, पिष्+अनि (उणा.), गुण, णत्व, पेषणि+ङीष् (ई)= पेषणी ।

शब्दार्थ- धूलो पारेर पिंध्ने यन्त्र वा साधन, जाँतो, सिलौटो, खल आदि ।

पैतृकः (वि.) पितुरागतः, पितुरयम् *(बाबुबाजेबाट आएको, बाबुबाजेको यो)* पितृ+ठञ्[6], आदिवृद्धि, ठको क[7] आदेश= पैतृक ।

शब्दार्थ- पिताको, वावुको, पितापुर्खादेखि आएको, पुर्खाको, परम्परागत, पुस्तौनी, पितृसम्वन्धी ।

पैतृष्वसेयः (ना./पुं.) पितृष्वसुरपत्यं पुमान् *(फुपूको पुरुष सन्तान)* पितृष्वसृ+ढक् (एय), आदिवृद्धि, अन्त्यको ऋकारलोक, पैतृष्वस्+एय= पैतृष्वसेय । **शब्दार्थ-** फुपूको छोरा, भानिज भाइ ।

पैशाचः (वि./ना./पुं.) पिशाचस्य अयम् *(पिशाचको यो)* पिशाच+अण् (अ), आदिवृद्धि, अकारलोप= पैशाच ।

शब्दार्थ- पिशाचसम्वन्धी, पिशाचको, राक्षसी, पिशाचजस्तै, विवाहका आठ भेदमध्ये एक ।

द्रष्टव्य- **सुतेकी, निदाएकी, होस हराएकी, मातेकी कन्यासित एकान्तमा उपभोग गर्नु, कन्याको अपहरण गर्नु पापपूर्ण निकृष्ट कर्म हो, यस्तो विवाहलाई आठौं पैशाच विवाह भनिन्छ ।**

पैशाचिकः (वि.) पिशाचादागतः *(पिशाचबाट आएको),* पिशाचस्य इदम् *(पिशाचको यो)* पिशाच+ठक् (इक), आदिवृद्धि, अकारलोप= पैशाचिक ।

शब्दार्थ- पिशाचवाट आएको, पिशाचसम्वन्धी, दानवीय, निर्दयतापूर्ण, राक्षसीय ।

पैशाची (ना./स्त्री./वि.) पिशाचस्य इयम् *(पिशाचको यो),* पिशाचे भवा जाता वा *(पिशाचमा हुने वा भएको)* पिशाच+अण् (अ), आदिवृद्धि, पैशाच+ङीप् (ई) =पैशाची ।

शब्दार्थ- राक्षसी, पिशाचजातकी स्त्री, निकृष्ट योनिकी स्त्री, प्राकृतभाषाको एउटा भेद, पिशाचवाट आएको ।

पैशुन्यम् (ना./न.) पिशुनस्य भावः *(निर्दय हुनाको भाव वा अवस्था)* पिशुन+ष्यञ् (य), आदिवृद्धि= पैशुन्य ।

शब्दार्थ- निष्ठुरता, निर्दयता, क्रूरताको भाव वा अवस्था ।

पोषः (ना./पुं.) पुष्यते इति *(पोसिन्छ)* पुष पुष्टौ (दिवा.) धातु, पुष्+घञ् (अ), गुण= पोष ।

शब्दार्थ- पोस्ने काम, हृष्टपुष्ट बनाउने काम, पालनपोषण गर्ने काम, तागत ।

पोषकः (वि.) पुष्यतीति *(पोस्तछ)* पुष पुष्टौ (दिवा.) धातु, पुष्+ण्वुल्[1] (अक), गुण= पोषक ।

शब्दार्थ- पोस्ने, पुष्ट पार्ने, पालनपोषण गर्ने, वलियो पार्ने, पोषिलो बनाउने ।

पोषणम् (ना./न.) पुष्यते इति *(पोस्नु)* पुष पुष्टौ (दिवा.) धातु, पुष्+ल्युट् (अन), गुण, णत्व= पोषण ।

शब्दार्थ- पालनपोषण गर्ने काम, हृष्टपुष्ट पार्ने काम, वढाउने वा हुर्काउने काम, पुष्टि ।

पोषणीयः/पोष्यः (वि.) पुष्यते, पोषितुं योग्यः वा *(पोसिन्छ वा पोस्न लायक)* पुष पुष्टौ (दिवा.) धातु, पुष्+अनीय (र), गुण, णत्व= पोषणीय । पुष्+ण्यत्[8] (य), गुण= पोष्य ।

शब्दार्थ- पालनपोषण गर्नुपर्ने, पालनपोषण गर्न योग्य वा लायक, पालनीय, पोषणीय ।

पोषितः (वि.) पोष्यते स्म इति *(पालनपोषण गरिएको)* पुष पुष्टौ (दिवा.) धातु, पुष्+णिचि, वृद्धि, पोषि+क्त (त), इडागम, णिलोप= पोषित ।

शब्दार्थ- पालनपोषण गरिएको, पोसिएको, पालिएको ।

पोष्यपुत्रः (ना./पुं.) पोष्यश्चासौ पुत्रश्च *(पालनपोषण गर्न योग्य पुत्र)* क.त.स.= पोष्यपुत्र ।

शब्दार्थ- पुत्रसरह पालनपोषण गर्न योग्य व्यक्ति, दत्तक, धर्मपुत्र ।

पौत्रः (ना./पुं.) पुत्रस्य पुत्र्याः वा अपत्यम् पुमान् *(पुत्र वा पुत्रीको पुरुष सन्तति),* पुत्रस्यायम् *(पुत्रको यो)* पुत्र/पुत्री+अञ् (अ), आदिवृद्धि, अकार इकारलोप= पौत्र ।

शब्दार्थ- छोरा वा छोरीको पुत्र वा छोरो, नाति ।

---

[1] ण्वुल्तृचौ : ण्वुल्

[2] अचो यत् : यत्

[3] ईद्यति : ईत्व

[4] आतोऽनुपसर्गे... : क

[5] सिध्मादिभ्यश्च.. : लज्

[6] पितुर्यच्च : ठञ्

[7] इसुसुक्तान्तात् कः : क

[8] ऋहलोर्ण्यत् : ण्यत्

पौत्री (ना./स्त्री.) पुत्रस्य पुत्र्याः वा अपत्यम् स्त्री *(छोरा वा छोरीको स्त्री सन्तति)* पुत्र/पुत्री+अञ् (अ), आदिवृद्धि, अकार इकारलोप, पौत्र+ङीप् (ई)= पौत्री ।

शब्दार्थ- छोरा वा छोरीकी छोरी (सन्तति), नातिनी ।

पौरः (वि.) पुरे भवः जातः वा *(सहरमा हुने वा भएको)* पुर+अण्[१] (अ), आदिवृद्धि= पौर ।

शब्दार्थ- सहरमा भएको, सहरमा जन्मेको, सहरमा निवास गर्ने ।

पौरकन्या (ना./स्त्री.) पुरे भवाः पौराः, पौराणां कन्याः *(पुर वा सहरवासीकी कन्या)* ष.त.स.= पौरकन्या ।

शब्दार्थ- सहरकी केटी, सहरवासीकी छोरी, सहरवासीकी चेलीवेटी ।

पौरवः (ना./पुं.) पुरोरपत्यं पुमान् *(पुरुका सन्तान)* पुरु+अण्[२] (अ), आदिवृद्धि, अकारलोप= पौरव ।

शब्दार्थ- पुरुका सन्तान, पुरुवंश ।

पौरस्त्यः (वि.) पुरः अग्रे जातादिः, पुरः भवः *(पहिले जन्मेको वा भएको)* पुरस्+त्यक्[३] (त्य), आदिवृद्धि =पौरस्त्य ।

शब्दार्थ- पहिलो, पूर्वी, पूर्ववर्ती, पूर्वतिरको, पूर्वीय, प्रमुख, प्रथम ।

पौराणिकः (वि.) पुराणमधीते वेद इति वा *(पुराण पढ्छ वा जान्दछ)* पुराण+ठक् (इक), आदिवृद्धि, अकारलोप =पौराणिक ।

अथवा पुराणादागतः *(पुराणबाट आएको)*, पुराणस्य अयम् *(पुराणको यो)* पुराण+ठक् (इक), आदिवृद्धि, अकारलोप=पौराणिक ।

शब्दार्थ- पुराण भन्ने वा भन्नजान्ने, पुराणवेत्ता, पुराणवाचक, पुराणसम्वन्धी, पुराणवाट आएको, पुरातन, प्राचीन, अगाडिको ।

पौरुषः (वि./ना./त्रि.) पुरुषस्य अयम् *(पुरुषको यो)*, पुरुषस्य भावः कर्म वा *(पुरुषको भाव वा कर्म)*, पुरुष प्रमाणमस्य *(माथितिर फैलाइएका हातको प्रमाण छ जसको)* पुरुष+अण्[४] (अ), आदिवृद्धि, अकारलोप =पौरुष ।

उर्ध्वविस्तृतदोःपाणिनृमाने **पौरुषं त्रिषु- इत्यमरः**

शब्दार्थ- पुरुषको, पुरुषसम्वन्धी, पौरख, पुरुषार्थ, माथितिर हात फैलाउँदा हुने प्रमाण वा नाप ।

पौरुषेयः (वि.) पुरुषस्य अयम्, पुरुषस्य विकारः, पुरुषेण कृतः इति वा *(पुरुषको यो, पुरुषको विकार, पुरुषद्वारा गरिएको)* पुरुष+ढञ्[५] (एय), आदिवृद्धि, अकारलोप=पौरुषेय ।

शब्दार्थ- पुरुषसम्वन्धी, पुरुषको यो, पुरुषार्थ, पुरुषद्वारा गरिएको ।

पौरोहितम्/पौरोहित्यम् (ना./न.) पुरोहितस्य धर्म्यम्, पुरोहितस्य भावः कर्म वा *(पुरोहितको धर्म, पुरोहित हुनाको भाव वा कर्म)* पुरोहित+अण् (अ), आदिवृद्धि =पौरोहित ।

पुरोहित+यक्[६] (य), आदिवृद्धि, अकारलोप= पौरोहित्य ।

शब्दार्थ- पुरोहितले गर्ने कर्म, कर्मकाण्डसम्वन्धी कार्य, जजमानी, पुरोहित्याइँ ।

पौर्णमासः (वि./ना./पुं.) पूर्णः मासः अस्याम् वर्तते इति *(पूर्णमास छ यसमा)* व.स., पूर्णमास+अण्[७] (अ), आदिवृद्धि, अकारलोप= पौर्णमास ।

अथवा माः चन्द्रमा, पूर्णश्चासौ माः *(पूर्ण चन्द्रमा)* क.त.स., पूर्णमास् । पूर्णमासः अयम् *(पूर्णचन्द्रको यो)* पूर्णमास्+अण् (अ), आदिवृद्धि= पौर्णमास ।

अथवा पौर्णमास्यां भवः *(पौर्णमासीमा हुने वा भएको)* पौर्णमासी+अण् (अ), ईकारलोप= पौर्णमास ।

शब्दार्थ-पूर्णिमासम्वन्धी, पूर्णिमा, पूर्णचन्द्रमा भएको दिन ।

पौर्णमासिकः (वि.) पूर्णमासः आगतः *(पूर्णिमाबाट आएको)* पूर्णमास+ठक् (इक), आदिवृद्धि=पौर्णमासिक ।

शब्दार्थ- पूर्णिमासम्वन्धी, पूर्णिमावाट आएको ।

पौर्णमासी (ना./स्त्री.) पूर्णः मासः अस्यां वर्तते इति *(पूर्ण महिना यसमा रहन्छ)* पूर्णमास+अण् (अ), आदिवृद्धि, पौर्णमास+ङीप् (ई)= पौर्णमासी ।

शब्दार्थ- पूर्णिमा, पूर्णचन्द्र भएको तिथि, शुक्लपक्षको पन्ध्रौं तिथि ।

पौर्वदेहिकः (वि.) पूर्वस्मात् देहादागतः, पूर्वस्मिन् देहे भवः इति वा *(पूर्वदेहबाट आएको, पूर्वजन्ममा भएको)* पूर्वदेह+ठक् (इक), आदिवृद्धि= पौर्वदेहिक ।

शब्दार्थ- पूर्वजन्ममा भएको, पूर्वजन्मवाट आएको, पूर्वदेहसम्वन्धी ।

पौलस्त्यः (ना./पुं.) पुलस्तेरपत्यम्, पुलस्त्यस्य गोत्रापत्यम् इति वा *(पुलस्त्यका सन्तान वा पुलस्ति गोत्रका सन्तति)* पुलस्ति+यञ् (य), आदिवृद्धि= पौलस्त्य ।

पुलस्त्य+अण् (अ), आदिवृद्धि= पौलस्त्य ।

शब्दार्थ- पुलस्त्य ऋषिका सन्तान, पुलस्ति गोत्रका सन्तति, पुलस्तिका कुवेर, रावण, विभीषण आदि सन्तति ।

पौषः (ना./पुं.) पुष्येण युक्ता पौर्णमासी अस्याम् वर्तते इति *(पुष्यनक्षत्रले युक्त पूर्णिमा छ यसमा)* पुष्य+अण्[८] (अ), यलोप, आदिवृद्धि, पौष+ङीप् (ई), अकारलोप, पौषी । पौषी पौर्णमासी अस्मिन्निति *(पुष्यनक्षत्रयुक्त पूर्णिमा छ यसमा)* पौषी+अण्[९] (अ), ईकारलोप=पौष ।

शब्दार्थ- पुसमहिना, पुष्यनक्षत्रले युक्त पूर्णिमा भएको महिना ।

---

१ तत्र भवः/तत्र जातः : अण्

२. पुरोरण्वक्तव्यः (वा.) : अण्

३. दक्षिणापश्चात् पुरसः... : त्यक्

४. तस्येदम्/हायनान्तयुवादि../पुरुषहस्तिभ्या.. : अण्

५. सर्वपुरुषाभ्याम्... : ढञ्

६. पत्यन्त... : यक्

७. पूर्णमासादण्... (वा.) : अण्

८ नक्षत्रेण युक्तः कालः : अण्

९. साऽस्मिन् पौर्णमासीति... : अण्

पौषी (ना./स्त्री./वि.) पुष्येण युक्तमहः/पुष्येण युक्ता रात्रिः *(पुष्यनक्षत्रले युक्त भएको दिन वा रात)* पुष्य+अण् (अ), आदिवृद्धि, पौष+ङीप् (ई)= पौषी । अथवा पौषस्य इयम् *(पुसको यो)* पौष+अण् (अ)+ङीप् (ई)=पौषी ।

शब्दार्थ- पुष्यनक्षत्र भएको दिन वा रात, पुस महिनामा पर्ने पूर्णिमा, पुसको, पुस महिनासम्बन्धी ।

पौष्टिकः (वि.) पुष्टिमर्हतीति *(बल वा शक्ति बढाउन योग्य)* पुष्टि+ठञ्[1] (इक), आदिवृद्धि, इकारलोप=पौष्टिक ।

शब्दार्थ-शक्ति दिने, बल बढाउने, पुष्ट पार्ने, शक्तिवर्धक ।

पौष्पिकः (वि.) पुष्पाणि उञ्छति *(फूलहरू बटुल्छ)* पुष्प+ठक्[2] (इक), आदिवृद्धि= पौष्पिक ।

शब्दार्थ- फूलले परिपूर्ण, पुष्पमय, फूलसम्बन्धी ।

प्र (अव्य./ना./पुं.) प्रथते इति *(प्रसिद्ध हुन्छ)* प्रथ प्रख्याने (भ्वा.) धातु, प्रथ्+ड (अ), टिलोप= प्र ।

शब्दार्थ- प्रारम्भ, उत्कर्ष, ख्याति आदि अर्थ बुझाउने एक उपसर्ग, उत्पत्ति, गति, व्यवहार ।

प्रकटः (वि.) प्रकटतीति *(प्रकट हुन्छ)* प्रपूर्वक कटे वर्षावरणयोः (भ्वा.) धातु, प्र+कट्+अच् (पचादि) =प्रकट । अथवा प्र प्रकाशमिति *(देखिन्छ)* प्र+कटच् (कट)= प्रकट ।

शब्दार्थ- छिपेको कुरा बाहिर देखिएको, प्रतीयमान, प्रत्यक्ष भएको, स्पष्ट भएको, दृश्यमान्, प्रकाशमान्, उत्पन्न, उद्भव भएको, प्रादुर्भाव भएको, स्वतः प्रकट भएको ।

प्रकटितः (वि.) प्रकटते स्म इति *(प्रकट भएको)* प्रपूर्वक कटे वर्षावरणयोः (भ्वा.) धातु, प्र+कट्+क्त (त), कर्तामा, इडागम= प्रकटित ।

शब्दार्थ- प्रकट भएको, निष्पन्न, उत्पन्न, कुनै रहस्य बाहिर प्रकट भएको, व्यक्त, प्रदर्शित, प्रकाशित ।

प्रकथनम् (ना./न.) प्रकथ्यते इति *(भनिन्छ)* प्रपूर्वक कथ वाक्यपबवन्धे (चुरा.) धातु, प्र+कथ्+ल्युट् (अन) =प्रकथन ।

शब्दार्थ- पहिले भनिएको कुराको वा अगाडि बताइएको कुराको पुष्टि वा समर्थन गर्ने काम ।

प्रकम्पः (ना./पुं.) प्रकम्पनम्, प्रकम्प्यते इति वा *(हल्लिन्छ, थर्किन्छ वा कम्प हुनु)* प्रपूर्वक कपि चलने (भ्वा.) धातु, प्र+कम्प्+घञ्[3] (अ)= प्रकम्प ।

शब्दार्थ- विशेष कम्पन, कम्प उत्पन्न हुने काम, थर्काइ, काँप्ने काम, हल्लने काम ।

प्रकम्पनः (ना./पुं./न.) प्रकम्पनम्, प्रकम्पते इति वा *(हल्लनु वा हल्लाउँछ)* प्रपूर्वक कपि चलने (भ्वा.) धातु, प्र+कम्प्+ल्युट्/ल्यु (अन)= प्रकम्पन ।

प्रकम्पनो महावातो झम्झावातः सवृष्टिकः- इत्यमरः

शब्दार्थ- ठूलो आँधी, वायु, हावा, कम्पन, वर्षासहितको आँधीबेहेरीको कम्पन ।

प्रकम्पितः (वि.) प्रकम्पते स्म इति *(हल्लेको)* प्रपूर्वक कपि चलने (भ्वा.) धातु, प्र+कम्प्+क्त (त), कर्तामा, इडागम= प्रकम्पित ।

शब्दार्थ- काँपेको, हल्लेको, थर्केको, थरथराएको ।

प्रकरणम् (ना./न.) प्रक्रियते अस्मिन् *(सिलसिला मिलाइन्छ वा निरूपण गरिन्छ यसमा)* प्रपूर्वक डुकृञ् करणे (तना.) धातु, प्र+कृ+ल्युट् (अन), अधिकरणमा, कृको गुण, णत्व= प्रकरण ।

शब्दार्थ- व्याख्या वा निरूपण गर्ने काम, प्रस्ताव, संरचना, निर्माण, वर्णन, विषय वा प्रसङ्ग, सन्दर्भ, क्रम, सिलसिला, कुनै ग्रन्थको अध्याय, भाग वा परिच्छेद, दृश्यकाव्यको एउटा भेद वा प्रकार ।

प्रकर्षः (ना./पुं.) प्रकर्षेण कृष्यते इति *(बेसरी खिचिन्छ)* प्रपूर्वक कृष विलेखने (तुदा.) धातु, प्र+कृष्+घञ् (अ), गुण= प्रकर्ष ।

शब्दार्थ- बेसरी खिच्ने, तान्ने वा घिच्याउने काम, उत्कर्ष, सर्वोपरिता, प्रबलता, आधिक्य ।

प्रकर्षणम् (ना./न.) प्रकृष्यते इति *(खिचिन्छ)* प्रपूर्वक कृष विलेखने (तुदा.) धातु, प्र+कृष्+ल्युट् (अन), गुण, णत्व= प्रकर्षण ।

शब्दार्थ-उत्कर्ष, आधिक्य, खिच्ने वा तान्ने काम, प्रबलता ।

प्रकर्षितः (वि.) प्रकृष्यते स्म इति *(बलपूर्वक खिचिएको)* प्रपूर्वक कृष विलेखने (तुदा.) धातु, प्र+कृष्+णिचि, गुण, प्रकर्षि+क्त (त), णिलोप, इडागम= प्रकर्षित ।

शब्दार्थ- बलपूर्वक तानिएको, खिचिएको, घिसारिएको ।

प्रकाण्डः (ना./पुं./न./वि.) प्रकृष्टः काण्डः *(ठूलो खण्ड वा भाग)* प्रा.त.स.= प्रकाण्ड ।

अथवा प्रकृष्टं काण्डं अवसरः यस्य *(उत्कृष्ट अवसर छ यसको)* वा प्रगतः काण्डः धर्मः यस्मात् *(प्राप्त भएको छ धर्म जसबाट)* प्रा.ब.स., उ.प.लोप= प्रकाण्ड ।

अथवा प्रकाम्यते इति *(उत्कृष्ट कामना वा अभिलाषा गरिन्छ)* प्रपूर्वक कमु कान्तौ (भ्वा.) धातु, प्र+कम्+णिङि+ड[4], वृद्धि, णिलोप, परसवर्ण= प्रकाण्ड ।

अस्त्री प्रकाण्डः स्कन्धः स्यात्- इत्यमरः

प्रकाण्डो न स्त्री विटपे मूलशाखान्तरे तरोः- इति मेदिनी

शब्दार्थ- ठूलोहाँगो, मूलहाँगो, वृक्षको मुख्य भाग, प्रकृष्ट, प्रशस्त, ज्यादै जान्ने, ठूलो विद्वान्, सर्वश्रेष्ठ,

द्रष्टव्य- **'प्रकाण्ड' शब्द समासको अन्त्यमा प्रयोग हुँदा उत्कृष्टता वा श्रेष्ठता भन्ने अर्थ बुझाउँछ ।**

प्रकामः (ना./पुं.) प्रकाम्यते इति *(ठूलो अभिलाषा गरिन्छ)* प्रपूर्वक कमु कान्तौ (भ्वा.) धातु, प्र+कम्+घञ् (अ), वृद्धि= प्रकाम ।

अथवा प्रकृष्टः कामः*(ज्यादा कामना)*प्रा.त.स.=प्रकाम ।

शब्दार्थ- ठूलो कामना, ज्यादा इच्छा वा अभिलाषा ।

---

[1] तदर्हति : ठञ्

[2] उञ्छति : ठक्

[3] भावे : घञ्

[4] वरण्डादयश्च : ड (प्रत्यय)

प्रकारः (ना./पुं.) प्रक्रियते प्रकर्षेण प्रभेदः क्रियते प्रभेदकरणमिति वा *(राम्ररी विभेद गरिन्छ)* प्रपूर्वक डुकृञ् करणे (तना.) धातु, प्र+कृ+घञ् (अ), वृद्धि =प्रकार ।

शब्दार्थ- किसिम, भेद, तरिका, ढङ्ग, रीति ।

प्रकाशः (वि./ना./पुं.) प्रकाशते, प्रकास्यते इति वा *(चम्कन्छ, चम्किन्छ)* प्रपूर्वक काशृ दीप्तौ (भ्वा.) धातु, प्र+काश्+अच् (पचादि)/घञ् (अ)= प्रकाश ।

शब्दार्थ- चम्किलो, उज्ज्वल, उज्यालो, प्रकाशित, आलोक, ज्योति, तेज, छिपेको वा लुकेको कुरा प्रकट हुने काम, चन्द्रमा वा बत्तीको तेज, दीप्ति ।

प्रकाशकः (वि.) प्रकाशयतीति *(प्रकासिलो पार्छ, प्रकाशन गर्छ)* प्रपूर्वक काशृ दीप्तौ (भ्वा.) धातु, प्र+काश्+णिचि+ण्वुल्[1] (अक)= प्रकाशक ।

शब्दार्थ- उज्यालो पार्ने, प्रकाश दिने, कुनै कुरा प्रकाशमा ल्याउने, मुद्रण गर्ने, छपाउने ।

प्रकाशकीयः (वि.) प्रकाशके भवः, प्रकाशकस्य अयम् इति वा *(प्रकाशकमा हुने, प्रकाशकको यो)* प्रकाशक+छ (ईय) =प्रकाशकीय ।

शब्दार्थ- प्रकाशनमा हुने, प्रकाशनसम्वन्धी, प्रकाशनको यो

प्रकाशनम् (ना./न.) प्रकाश्यते इति *(प्रकाशन गरिन्छ)* प्रपूर्वक काशृ दीप्तौ (भ्वा.) धातु, प्र+काश्+ल्युट् (अन)= प्रकाशन ।

शब्दार्थ- प्रकाशमा ल्याउने काम, छपाउने वा मुद्रण गर्ने काम, सूचना वा विज्ञापन, ज्योति, तेज, आलोक ।

प्रकाशनीयः (वि.) प्रकाश्यते, प्रकाशितुं योग्यः वा *(प्रकाशित गरिन्छ वा प्रकाशन गर्न योग्य)* प्रपूर्वक काशृ दीप्तौ (भ्वा.) धातु, प्र+काश्+अनीय (र्) =प्रकाशनीय ।

शब्दार्थ- प्रकाशन गर्न योग्य वा लायक, प्रकाशित गर्न उचित ।

प्रकाशमानः (वि.) प्रकाशमानमिति *(प्रकाशन हुन लागेको)* प्रपूर्वक काशृ दीप्तौ (भ्वा.) धातु, प्र+काश्+शानच्[2] (आन), शप् (अ), प्रकाश आन, मुम्= प्रकाशमान ।

शब्दार्थ- चम्किलो, प्रकाशले छाइरहेको, प्रकाश गर्न लागिएको, प्रकाशवान्, चम्कदै-गरेको ।

प्रकाशमापकः (ना./पुं.) प्रकाशं मातीति *(प्रकाश नाप्छ)* प्रकाश उपपदपूर्वक माङ् माने शब्दे च (जुहो.) धातु, प्रकाश+मा+ण्वुल् (अक), पुगागम= प्रकाशमापक ।

शब्दार्थ- प्रकाश नाप्ने यन्त्र वा उपकरण, अन्य साधन ।

प्रकाशितः (वि.) प्रकाश्यते स्म इति *(प्रकाशित गरिएको)* प्रपूर्वक काशृ दीप्तौ (भ्वा.) धातु, प्र+काश्+णिचि +क्त (त), इडागम, णिलोप= प्रकाशित ।

शब्दार्थ-प्रकाशमा ल्याइएको, प्रदर्शित, प्रकाशित गरिएको

प्रकाशी (वि.) अवश्यं प्रकाशते इति *(अवश्य प्रकाशित हुन्छ)* प्रपूर्वक काशृ दीप्तौ (भ्वा.) धातु, प्र+काश्+णिनि[3] (इन्), प्रकाशिन्= प्रकाशी ।

शब्दार्थ- प्रकाशन हुने, प्रदर्शित हुने ।

प्रकाशोन्मुखः (वि.) प्रकाशाय उन्मुखः *(प्रकाशनका लागि उन्मुख (तयार) भएको)* प्रकाश+उन्मुख, च.त.स., गुण =प्रकाशोन्मुख ।

शब्दार्थ- प्रकाशन गर्न लागिएको, प्रकाशन गर्न तयार भएको ।

प्रकाश्यः (वि.) प्रकाश्यते, प्रकाशितुं योग्यः वा *(प्रकाशन गरिन्छ वा प्रकाशन गर्न योग्य)* प्रपूर्वक काशृ दीप्तौ (भ्वा.) धातु, प्र+काश्+ण्यत् (य)= प्रकाश्य ।

शब्दार्थ- प्रकाशन गर्न योग्य वा लायक, प्रकाशनमा ल्याउन उचित वा उपयुक्त ।

प्रकीर्णः (वि.) प्रकीर्यते स्म इति *(छरिएको)* प्रपूर्वक कॄ विक्षेपे (तुदा.) धातु, प्र+कॄ+क्त (त), इत्व, दीर्घ, निष्ठा तको न, णत्व= प्रकीर्ण ।

शब्दार्थ- तितरवितर भएको, अस्तव्यस्त, नमिलाई राखिएको, जताततै छरिएको ।

प्रकीर्तितः (वि.) प्रकीर्त्यते स्म इति *(राम्ररी भनिएको वा बताइएको)* प्रपूर्वक कृत संशब्दने (चुरा.) धातु, प्र+कृत्+क्त (त), इडागम, इत्व[4], दीर्घ= प्रकीर्तित ।

शब्दार्थ- भनिएको, बताइएको, कथित ।

प्रकुपितः (वि.) प्रकुप्यति स्म इति *(ज्यादै रिसाएको)* प्रपूर्वक कुप क्रोधे (दिवा.) धातु, प्र+कुप्+क्त (त), इडागम= प्रकुपित ।

शब्दार्थ- रिसाएको, क्रुद्ध, उत्तेजित ।

प्रकृतः (वि.) प्रक्रियते स्म इति *(थालनी गरिएको)* प्रपूर्वक डुकृञ् करणे (तना.) धातु, प्र+कृ+क्त (त)= प्रकृत ।

शब्दार्थ- प्रारम्भ गरिएको, थालिएको, शुरु गरिएको, स्वतः सिद्ध, स्वाभाविक, प्रस्तुत ।

प्रकृतिः (ना./स्त्री.) प्रक्रियते कार्यादिकमनया *(कार्य जगत् वा तत्त्वहरूको उत्पादन गरिन्छ यसबाट)* प्रपूर्वक डुकृञ् करणे (तना.) धातु, प्र+कृ+क्तिन् (ति), करणमा= प्रकृति ।

अथवा प्रकर्षेण करोति सृष्टचादिकम् *(राम्ररी सृष्टि आदि कार्य गर्छ)* प्र+कृ+क्तिच् (ति), संज्ञामा=प्रकृति ।

शब्दार्थ- कुनै पदार्थको स्वाभाविक स्थिति, जड-जगत्, स्वभाव, पञ्चमहाभूत, पराप्रकृति, अपराप्रकृति, मायाशक्ति, चैतन्य, प्रधान, सत्त्व, रज र तम तीनै गुणको साम्यावस्था, राज्यका सात अङ्ग ।

द्रष्टव्य- प्रकृष्टवाचकः प्रश्च कृतिश्च सृष्टिवाचकः । सृष्टौ प्रकृष्टा या देवी प्रकृतिःसा प्रकीर्तिता । गुणे सत्वे प्रकृष्टे च प्रशब्दो वर्तते श्रुतः । मध्ये रजसि कृशब्दःतिशब्दस्तमसि स्मृतः । प्रथमे वर्तते प्रश्च कृतिश्च सृष्टिवाचकः । सृष्टेरादौ च या देवी प्रकृतिःसा प्रकीर्तिता- दे.भा. ९/१/५,६,८

---

[1] ण्वुल्तृचौ : ण्वुल्

[2] लटःशतृशानचाव.. : शानच्

[3] आवश्यकाधमर्ण्ययोः : णिनि

[4] उपधायाश्च...: इत्व

प्रकृतिकृपणः (वि.) प्रकृत्या कृपणः *(स्वभावैले कृपण)* तृ.त.स.= प्रकृतिकृपण।

शब्दार्थ- स्वभावैले दीन, सुस्त।

प्रकृतितरलः (वि.) प्रकृत्या तरलः *(स्वभावैले तरल)* तृ.त.स.= प्रकृतितरल।

शब्दार्थ- स्वभावैले चञ्चल, स्वभावैले तरल।

प्रकृतिपुरुषः (ना./पुं.) प्रकृतिश्च पुरुषश्च *(प्रकृति र पुरुष)* द्व.स.= प्रकृतिपुरुष।

शब्दार्थ- प्रकृति र पुरुष, मायाशक्ति र जीवात्मा।

प्रकृतिविलयः/प्रकृतिलयः (ना./पुं.) प्रकृतौ विलयः/ प्रकृतौ लयः वा *(प्रकृतिमै विलय वा लीन हुने काम)* स.त.स.= प्रकृतिविलय/प्रकृतिलय।

शब्दार्थ- प्रकृतिमा विलय, प्रकृतिमा लीन हुने काम, प्रकृतिमा मिल्ने वा लय हुने क्रिया।

प्रकृतिवादः (ना./पुं.) उद्यते इति *(भनिन्छ)* वद व्यक्तायां वाचि (भ्वा.) धातु, वद्+घञ् (अ), वृद्धि, वादः। प्रकृतिपरकश्चासौ वादश्च *(प्रकृति नै मुख्य हेतु हो भन्ने सिद्धान्त)* क.त. स. उ.प.लोप= प्रकृतिवाद।

शब्दार्थ- जगत्को उत्पत्ति र लयको मुख्य हेतु वा मूल कारण प्रकृति नै हो भन्ने एक दार्शनिक मत।

प्रकृतिवादी (वि.) प्रकृतिं वदितुं शीलमस्य *(प्रकृति नै यस जगत्को मुख्य कारण हो भन्ने शील वा धारणा छ यसको)* वद व्यक्तायां वाचि (भ्वा.) धातु, प्रकृति+वद्+णिनि[1] (इन्), वृद्धि, प्रकृतिवादिन्= प्रकृतिवादी। अथवा प्रकृतिवादः अस्यास्तीति *(प्रकृतिवाद नै सिद्धान्त छ यसको)* प्रकृतिवाद+इनि (इन्), अकारलोप, प्रकृतिवादिन्= प्रकृतिवादी।

शब्दार्थ- प्रकृतिवादमा विश्वास गर्ने, प्रकृतिवादको अनुयायी, प्रकृतिवादलाई मान्ने या स्वीकार्ने, प्रकृतिलाई जगत्को मुख्य कारण हो भनी मान्ने वा स्वीकार्ने।

प्रकृतिसिद्धः (वि.) प्रकृत्या सिद्धः *(स्वभावैले सिद्ध भएको)* तृ.त.स.= प्रकृतिसिद्ध।

शब्दार्थ- प्रकृतिवाट नै सिद्ध भएको, स्वतः सिद्ध, सहज, प्राकृतिक, नैसर्गिक।

प्रकृतिस्थः (वि.) प्रकृतौ तिष्ठतीति *(प्रकृतिमा रहन्छ)* ष्ठा गतिनिवृत्तौ (भ्वा.) धातु, प्रकृति+स्था+क (अ), आलोप= प्रकृतिस्थ।

शब्दार्थ-प्रकृतिमा रहेको, प्रकृतिमा हुने, प्रकृतिमा विद्यमान,

प्रकृष्टः (वि.) प्रकृष्यते स्म इति *(बलपूर्वक खिचिएको)* प्रपूर्वक कृष विलेखने (तुदा.) धातु, प्र+कृष्+क्त (त), ष्टुत्व= प्रकृष्ट।

शब्दार्थ- जबर्जस्ती तानिएको, जोडले खिचिएको, उत्कृष्ट, सर्वोत्तम, श्रेष्ठ।

प्रकोपः (ना./पुं.) प्रकोपनमिति *(धेरै प्रकोप फैलिन्छ वा धेरै रिसाउँनु)* प्रपूर्वक कुप क्रोधे (दिवा.) धातु, प्र+कुप्+घञ् (अ), भावमा, गुण= प्रकोप।

शब्दार्थ- महामारी रोग फैलिने काम, सङ्क्रमण हुने क्षेत्रको प्रवलता, ज्यादा क्रोध वा रिस।

प्रकुपितः (वि.) प्रकुप्यते स्म इति *(ज्यादै रिसाएको)* प्रपूर्वक कुप क्रोधे (दिवा.) धातु, प्र+कुप्+णिचि, गुण, प्रकोपि+क्त (त), इडागम, णिलोप= प्रकोपित।

शब्दार्थ- ज्यादै रिसाएको, क्रोधित भएको, क्रुद्ध।

प्रकोष्ठः (ना./पुं./न.) प्रकुष्यते अनेन *(प्रवेश गरिन्छ यसबाट)* प्रपूर्वक कुष निष्कर्षे (क्र्या.) धातु, प्र+कुष्+स्थन्[2] (स्थ), ष्टुत्व, गुण= प्रकोष्ठ।

अथवा प्रविष्ठः कोष्ठम् *(कोठाभित्र प्रवेश)* प्रा.त.स. =प्रकोष्ठ।

प्रकोष्ठो मणिबन्धस्य कूर्परस्यान्तरेऽपि च- इति मेदिनी

शब्दार्थ- भित्री कोठा, घरको आँगन, भँडार कोठा, कुहिनोदेखि तलको भाग, घुँडो।

प्रक्रिया (ना./स्त्री.) प्रकर्षेण क्रियते इति *(राम्ररी गरिन्छ)* प्रपूर्वक डुकृञ् करणे (तना.) धातु, प्र+कृ+श[3] (अ), यक्, रिङादेश[4], प्रक्रिय+टाप् (आ)= प्रक्रिया।

शब्दार्थ- कुनै कुरा तयार गर्ने व्यवस्थित विधि, तरिका, रीति वा ढङ्ग, क्रमवद्धता, सिलसिला, पद्धति।

प्रक्वणः/प्रक्वाणः (ना./पुं.) प्रक्वणनमिति *(शब्द गर्नु)* प्रपूर्वक क्वण शब्दे (भ्वा.) धातु, प्र+क्वण्+अप् (अ), विकल्पले= प्रक्वण।

अप्को अभावमा प्र+क्वण्+घञ् (अ), वृद्धि= प्रक्वाण।

शब्दार्थ- शव्द, आवाज, ध्वनि, रव, स्वन।

प्रक्षालनम् (ना./न.) प्रक्षाल्यते इति *(पखालिन्छ)* प्रपूर्वक क्षल शौचकर्मणि (चुरा.) धातु, प्र+क्षल्+णिचि+ल्युट् (अन), वृद्धि= प्रक्षालन।

शब्दार्थ- हात, खुट्टा आदि धुने काम, माँभ्ने, धुने या सफा गर्ने काम, पखाल्ने काम, स्नान, नुहाउने क्रिया।

प्रक्षालितः (वि.) प्रक्षाल्यते स्म इति *(धोइएको वा पखालिएको)* प्रपूर्वक क्षल शौचकर्मणि (चुरा.) धातु, प्र+क्षल्+णिचि, वृद्धि, प्रक्षालि+क्त (त), इडागम, णिलोप = प्रक्षालित।

शब्दार्थ- धोइएको, पखालिएको, माँभिएको, पवित्र पारिएको, नुहाइएको, स्नान गरिएको।

प्रक्षिप्तः (वि.) प्रक्षिप्यते स्म इति *(थपिएको, फालिएको)* प्रपूर्वक क्षिप प्रेरणे (दिवा./तुदा.) धातु, प्र+क्षिप्+क्त (त)= प्रक्षिप्त।

शब्दार्थ- पहिलेको भन्दा बढी थपिएको वा घुसाइएको, झिकिएको, फालिएको।

---

[1] सुप्यजातौ... : णिनि

[3] कृञः श च : श

[2] उषिकुषिगर्ति... : स्थन्

[4] रिङ्शयग्लिङ्क्षु : रिङादेश

प्रक्षेपः (ना./पुं.) प्रक्षिप्यते इति *(थपिन्छ, फ्याँकिन्छ)* प्रपूर्वक क्षिप प्रेरणे (दिवा./तुदा.) धातु, प्र+क्षिप्+घञ् (अ), गुण= प्रक्षेप ।

शब्दार्थ- पहिलेको भन्दा वढी थप्ने काम, घुसाउने क्रिया, फिक्ने वा फ्याँक्ने काम ।

प्रक्षेपकः (वि.) प्रक्षिपतीति *(थप्छ, फ्याँक्छ)* प्रपूर्वक क्षिप प्रेरणे (तुदा.) धातु, प्र+क्षिप्+ण्वुल् (अक), गुण =प्रक्षेपक ।

शब्दार्थ- पहिलेको भन्दा वढी अंश थप्ने, प्रक्षेप्ता ।

प्रक्षेपणम् (ना./न.) प्रक्षिप्यते, प्रकर्षेण क्षेपणमिति वा *(फालिन्छ वा प्रक्षेपण गरिन्छ)* प्रपूर्वक क्षिप प्रेरणे (दिवा./तुदा.) धातु, प्र+क्षिप्+ल्युट् (अन)= प्रक्षेपण । अथवा प्र+क्षिप्+णिचि+ल्युट् (अन), गुण, णिलोप, णत्व= प्रक्षेपण ।

शब्दार्थ- थप्ने वा घुसाउने काम, मूल रचनामा केही अंश थप्ने क्रिया, भू-उपग्रह आदिलाई अन्तरीक्षमा पठाउने वा प्रक्षेपण गर्ने क्रिया ।

प्रक्षेपास्त्रम् (ना./न.) प्रक्षेपाय अस्त्रम् *(टाढासम्म प्रहार गर्नको लागि अस्त्र)* च.त.स., दीर्घ= प्रक्षेपास्त्र ।

शब्दार्थ- दूरभेदी आणविक अस्त्र, टाढासम्म प्रहार गर्न सक्ने अस्त्र, क्षेप्यास्त्र, घुयेँत्रो ।

प्रखण्डः (ना./पुं.) प्रकर्षेण खण्डयते इति *(राम्ररी छुट्याइन्छ)* प्रपूर्वक खडि भेदने (चुरा.) धातु, नुम्, प्र+खण्ड्+घञ्[1] (अ)= प्रखण्ड ।

खण्डोऽस्त्रि शकले नेक्षुविकारमणिदोषयोः ।

खण्डः पानान्तरे भेदे- इति मेदिनी

शब्दार्थ- ठूलो भाग अन्तर्गत पर्ने सानो खण्ड, सानो भाग, टुक्रा, प्रकार ।

प्रखरः (वि.) खमिन्द्रियं राति अभिभवति *(इन्द्रियलाई दवाउँछ)* ख उपपदूर्वक रा दाने (अदा.) धातु, ख+रा+क[2] (अ), आलोप, खरः ।

खरः स्यात्तीक्ष्णघर्मयोः- इति मेदिनी

प्रकृष्टः खरः *(अतिगर्मी)* प्रा.त.स.= प्रखर ।

शब्दार्थ- प्रचण्ड, उग्र, तीक्ष्ण, अतिकठोर, रूखो, अत्यन्तै गर्मी, उष्ण ।

प्रख्यातः (वि.) प्रख्यायते स्म इति *(प्रख्यात भएको)* प्रपूर्वक ख्या प्रकथने (अदा.) धातु, प्र+ख्या+क्त (त) =प्रख्यात ।

शब्दार्थ-प्रसिद्ध भएको, विश्रुत, कीर्ति फैलिएको, विख्यात ।

प्रख्यातिः (ना./स्त्री.) प्रख्यायते इति *(कीर्ति फैलिन्छ)* प्रपूर्वक ख्या प्रकथने (अदा.) धातु, प्र+ख्या+क्तिन् (ति)= प्रख्याति ।

शब्दार्थ- प्रसिद्धि, विश्रुति, कीर्ति फैलिने काम, नाउँ चल्ने काम ।

प्रगतः (वि.) प्रकर्षेण गच्छति स्म इति *(राम्ररी अगाडि गएको वा बढेको)* प्रपूर्वक गम्लृ गतौ (भ्वा.) धातु, प्र+गम्+क्त[3] (त), कर्तामा, अनुनासिक मलोप=प्रगत ।

अथवा प्रकृष्टः गतः *(राम्ररी गएको)* प्रा.त.स.= प्रगत ।

शब्दार्थ-राम्ररी अगाडि गएको या बढेको, पहिले नै गएको

प्रगतिः (ना./स्त्री.) प्रकर्षेण गम्यते इति *(राम्ररी अगाडि गइन्छ)* प्रपूर्वक गम्लृ गतौ (भ्वा.) धातु, प्र+गम्+क्तिन् (ति), अनुनासिक मलोप= प्रगति ।

शब्दार्थ- राम्ररी अघि अघि जाने काम, कुनै पनि कुरामा राम्ररी अगाडि बढ्ने क्रिया, उत्थान, समुन्नति ।

प्रगतिवादः (ना./पुं.) प्रगतिं वदतीति *(प्रगति वा उत्थान-सम्बन्धी कुरा बताउँछ)* प्रगति उपपदपूर्वक वद व्यक्तायां वाचि (भ्वा.) धातु, प्र+वद्+अण्[4] (अ), वृद्धि =प्रगतिवाद ।

अथवा उद्यते इति *(भनिन्छ)*वद्+घञ् (अ), वृद्धि, वादः ।

प्रगतेर्वादः *(प्रगतिसम्बन्धी वाद वा सिद्धान्त)* ष.त.स. =प्रगतिवाद ।

शब्दार्थ- सामाजिक उत्थान या समुन्नति र भौतिक प्रगतिलाई जोड दिने एक सिद्धान्त, मार्क्सवाद-बाट प्रभावित साहित्यिक सिद्धान्त ।

प्रगतिवादी (वि.) प्रगतिवादः अस्यास्तीति *(प्रगतिवाद-सम्बन्धी धारणा वा विचार छ यसको)* प्रगतिवाद+इनि (इन्), अकारलोप, प्रगतिवादिन्= प्रगतिवादी ।

शब्दार्थ- प्रगतिवादसम्वन्धी मत वा सिद्धान्तको अनुयायी, प्रगतिवादमा विश्वास गर्ने ।

प्रगतिशीलः (वि.) प्रगतिरेव शीलं स्वभावं चरित्रं वा यस्य *(प्रगति नै स्वभाव वा चरित्र छ जसको)* ब.स. =प्रगतिशील ।

शीलं स्वभावे सद्वृत्ते- इति विश्वः

शब्दार्थ- समाजको उत्थान र प्रगतिमा विश्वास गर्ने, समाजको उन्नति चाहने ।

प्रगल्भः (वि.) प्रगल्भते इति *(धृष्टता गर्छ)* प्रपूर्वक गल्भ धाष्टर्चे (भ्वा.) धातु, प्र+गल्भ्+अच् (पचादि)=प्रगल्भ ।

शब्दार्थ- आँटिलो, साहसी, निर्धक्कसँग बोल्न सक्ने, निडर, मौकाअनुसारको काम कुरा गर्न सक्ने ।

प्रगल्भा (ना./स्त्री.) प्रगल्भते असौ *(धृष्टता गर्छे यो)* प्रपूर्वक गल्भ धाष्टर्चे (भ्वा.) धातु, प्र+गल्भ्+अच् (पचादि), प्रगल्भः । प्रगल्भ+टाप् (आ)= प्रगल्भा ।

शब्दार्थ- आँट भएकी स्त्री, साहसी नारी, प्रौढा स्त्री, नायकसँग नलजाउने नायिका, धृष्ट स्त्री ।

प्रगाढः (वि.) प्रगाह्यते स्म इति *(ज्यादै गहिरिएको)* प्रपूर्वक गाहू विलोडने (भ्वा.) धातु, प्र+गाह्+क्त (त), हको ढ, तको ढ, ढलोप= प्रगाढ ।

प्रगाढं भृशकृच्छ्रयोः- इत्यमरः

शब्दार्थ- दृढ, ज्यादै, धेरै, अतिशय, प्रगाढ, गहन, गम्भीर, अत्यधिक गहिरो, तीव्र, कठोर, शारीरिक कष्ट, गाढा ।

---

१. कर्तरि च... : घञ्

२. आतोऽनुपसर्गे... : क

३. गत्यर्थाकर्मक ... : क्त

४. कर्मण्यण् : अण्

प्रगुणः (वि.) प्रकृष्टः गुणः यत्र वा यस्य *(प्रचुर गुण छ जहाँ वा जसको)* प्रा.ब.स.[1], उ.प.लोप= प्रगुण ।

शब्दार्थ- गुणवान्, गुणी, इमान्दार, विशेष गुणले सम्पन्न, चतुर, बुद्धिमानी ।

प्रग्रहः (ना./पुं.) प्रगृह्यते इति *(पक्रिन्छ)* प्रपूर्वक ग्रह उपादाने (क्र्या.) धातु, प्र+ग्रह्+अप्[2] (अ)= प्रग्रह ।

शब्दार्थ- ग्रहण गर्ने वा पक्रने काम, लगाम, बन्धन, कारागृह, कारागार, पासो ।

प्रग्रहणम् (ना./न.) प्रगृह्यते इति *(ग्रहण गरिन्छ)* प्रपूर्वक ग्रह उपादाने (क्र्या.) धातु, प्र+ग्रह्+ल्युट् (अन), णत्व= प्रग्रहण ।

शब्दार्थ- लिने वा पक्रने वा ग्रहण गर्ने काम, लगाम, रोकथाम, बन्धन ।

प्रग्राहः (ना./पुं.) प्रगृह्यते इति *(ग्रहण गरिन्छ)* प्रपूर्वक ग्रह उपादाने (क्र्या.) धातु, प्र+ग्रह+घञ्[3] (अ), वृद्धि =प्रग्राह ।

शब्दार्थ- तराजूको डोरी, लगाम, रोकथाम ।

प्रघर्षणम् (ना./न.) प्रघृष्यते इति *(घर्षण गर्नु)* घृषु सङ्घर्षे (भ्वा.) धातु, प्र+घृष्+ल्युट् (अन), गुण, णत्व =प्रघर्षण ।

शब्दार्थ- विशेष घर्षण, रगड्ने काम, घोट्ने काम, घर्षण पैदा गर्ने काम ।

प्रचण्डः (वि.) प्रचण्डते इति *(अत्यन्तै उग्र हुन्छ)* प्रपूर्वक चडि कोपे (भ्वा.) धातु, नुम्, प्र+चण्ड्+अच् (पचादि) =प्रचण्ड ।

अथवा चण्डते इति *(क्रुद्ध हुन्छ)* चण्ड्+अच् (पचादि), चण्डः । प्रकर्षेण चण्डः *(अत्यन्तै क्रुद्ध वा उग्र)* प्रा.त.स.= प्रचण्ड ।

शब्दार्थ- ज्यादै तीव्र, अतिउग्र, ज्यादै रिसाहा वा क्रोधी, अतिचर्को वा खरो स्वभावको, भीषण, शक्तिशाली, भयावह, प्रगल्भ, दुर्धर्ष, भयरहित ।

***उदा.* तेस्ता प्रचण्ड तेजस्वी सूर्यको त्यो अधोगति- ऋ.वि. (शरद् वि.४२)**

प्रचण्डकोपः (वि.) प्रचण्डः कोपः यस्य *(ज्यादा क्रोध छ जसको)* ब.स.= प्रचण्डकोप ।

शब्दार्थ- ज्यादै क्रोधी, अत्यन्त रिसाहा, अतिउग्र, ज्यादै क्रोध गर्ने व्यक्ति, ज्यादै रिसाउने (मानिस) ।

प्रचलनम् (ना./न.) प्रचलति, प्रचल्यते इति वा *(हिड्छ वा हिड्नु)* प्रपूर्वक चल कम्पने (भ्वा.) वा चल विलसने (तुदा.) धातु, प्र+चल् +युच्[4]/ल्युट् (अन) =प्रचलन ।

शब्दार्थ- चालचलन, रीतिरिवाज, हिँड्ने काम, गति ।

प्रचलितः (वि.) प्रचलति स्म इति *(प्रचलित भएको)* प्रपूर्वक चल कम्पने (भ्वा.) धातु, प्र+चल्+क्त (त), कर्तामा, इडागम= प्रचलित ।

शब्दार्थ- चलनचल्तीमा रहेको, प्रचलनमा ल्याइएको, हल्लेको, काँपेको ।

प्रचारः (ना./पुं.) प्रचार्यते इति *(प्रचार गरिन्छ)* प्रपूर्वक चर गतिभक्षणयोः (भ्वा.) धातु, प्र+चर्+णिचि+घञ् (अ), वृद्धि, णिलोप= प्रचार ।

अथवा प्रचर्यते इति *(विचरण गरिन्छ)* प्र+चर्+घञ् (अ), वृद्धि= प्रचार ।

शब्दार्थ- कुनै कुरा प्रचार गर्ने वा फैलाउने काम, सर्वसाधारणलाई कुनै कुरा जानकारी दिने काम, विचरण वा भ्रमण गर्ने काम, प्रकट हुने कार्य, प्रसिद्धि ।

प्रचारकः (वि.) प्रचारयतीति *(फैलाउँछ)* प्रपूर्वक चर गतिभक्षणयोः (भ्वा.) धातु, प्र+चर्+णिचि+ण्वुल् (अक), वृद्धि, णिलोप= प्रचारक ।

शब्दार्थ- प्रचार-प्रसार गर्ने, व्यापक रूपमा फैलाउने, सर्वसाधारणलाई जानकारी दिने ।

प्रचारितः (वि.) प्रचार्यते स्म इति *(प्रचार गराइएको)* प्रपूर्वक चर गतिभक्षणयोः (भ्वा.) धातु, प्र+चर्+ णिचि, वृद्धि, प्रचारि+क्त (त), इडागम, णिलोप = प्रचारित ।

अथवा प्रचारः सञ्जातः अस्य *(प्रचार भएको छ यसको)* प्रचार+इतच् (इत)= प्रचारित ।

शब्दार्थ- प्रचार गरिएको, फैलाइएको, जानकारीमा ल्याइएको ।

प्रचुरः (वि.) प्रचोरतीति (चुरादिको णिच् वैकल्पिक हुने हुँदा) *(पर्याप्त हुन्छ)* प्रपूर्वक चुर स्तेये (चुरा.) धातु, प्र+चुर्+क[5] (अ)= प्रचुर ।

शब्दार्थ- धेरै, ज्यादै, प्रशस्त, पर्याप्त, थुप्रो ।

प्रचुरता (ना./स्त्री.) प्रचुरस्य भावः *(प्रचुर हुनाको भाव वा अवस्था)* प्रचुर+तल् (त)+टाप् (आ)= प्रचुरता ।

शब्दार्थ- धेरै हुनाको अवस्था, पर्याप्तता, बहुलता, प्रशस्तता ।

प्रचेताः (ना./पुं./वि.) प्रचेतयतीति *(चेतना दिन्छ)* प्रपूर्वक चिती संज्ञाने (भ्वा.) धातु, प्र+चित्+णिचि +असुन्[6] (अस्), उणा., गुण, णिलोप, प्रचेतस्= प्रचेता

अथवा प्रकृष्टं चेतः यस्य *(पर्याप्त छ चेतना जसको)* प्रा.ब.स., उ.प.लोप, प्रचेतस्= प्रचेता ।

शब्दार्थ- वरुण देवता, जलका अधिष्ठातृ-देवता, एक ऋषि वा मुनि, पर्याप्त चेतना भएको, उदार ।

प्रचोदितः (वि.) प्रचोद्यते स्म इति *(प्रेरणा दिइएको)* प्रपूर्वक चुद संचोदने (चुरा.) धातु, प्र+चुद्+णिचि, वृद्धि, प्रचोदि+क्त (त), णिलोप, इडागम= प्रचोदित ।

शब्दार्थ- बलपूर्वक भड्काइएको वा उक्साइएको, दृढतापूर्वक अगाडि बढाइएको, अभिप्रेरित, उत्तेजित, निर्धारित, प्रेषित, पठाइएको ।

---

[1] प्रादिभ्यो धातुजस्य.. : प्रा.ब.स.

[2] ग्रहवृदृनिश्चि... : अप्

[3] रश्मौ च : घञ्

[4] चलनशब्दार्थादकर्मकाद्युच् : युच्

[5] इगुपधज्ञा... : क

[6] सर्वधातुभ्योऽसुन् : असुन्

प्रच्छन्नः (वि.) प्रच्छादयति स्म, प्रच्छाद्यते स्म इति वा *(ढाकेको, ढाकिएको)* प्रपूर्वक छद अपवारणे (चुरा.) धातु, प्र+छद्+क्त (त), निष्ठा तको न, परसवर्ण, तुक्, श्चुत्व= प्रच्छन्न ।

शब्दार्थ- ढाकेको, ढाकिएको, लुकेको, छिपेको, छोपेको, वन्द गरिएको, वेरेको, गोपनीय ।

प्रच्छादकः (वि.) प्रच्छादयतीति *(छिपाउँछ, ढाक्छ)* प्रपूर्वक छद अपवारणे (चुरा.) धातु, प्र+छद्+ण्वुल् (अक), वृद्धि, तुक्, श्चुत्व= प्रच्छादक ।

शब्दार्थ- ढाक्ने वा छोप्ने, लुकाउने, वेर्ने, वन्द गर्ने ।

प्रच्छादनम् (ना./न.) प्रच्छाद्यते अनेन *(ढाकिन्छ यसबाट)* प्रपूर्वक छद अपवारणे (चुरा.) धातु, प्र+छद्+णिचि, वृद्धि, तुक्, प्रच्छादि+ल्युट् (अन), णिलोप=प्रच्छादन ।

शब्दार्थ- ढाक्ने काम, ढाक्ने साधन, छोप्ने काम, लुकाउने क्रिया, आवरण, पर्दा, पछ्यौरा ।

प्रच्छादितः (वि.) प्रच्छाद्यते स्म इति *(ढाकिएको)* प्रपूर्वक छद अपवारणे (चुरा.) धातु, प्र+छद्+णिचि, वृद्धि, प्रच्छादि+क्त(त),इडागम, णिलोप, श्चुत्व=प्रच्छादित ।

शब्दार्थ- ढाकिएको, छिपाएको, वेरिएको, लुकाएको, छोपिएको, छोपेको ।

प्रच्युतः (वि.) प्रकर्षेण च्योतति स्म इति *(खसेको)* च्युतिर् क्षरणे (भ्वा.) धातु, प्र+च्युत्+क्त (त)= प्रच्युत ।

शब्दार्थ- खसेको, गिरेको, झरेको ।

प्रजनः (ना./पुं./वि.) प्रजायते अनेन *(जन्मन्छ यसबाट)* प्रपूर्वक जनी प्रादुर्भावे (दिवा.) धातु, प्र+जन्+घञ् (अ), करणमा, वृद्धिनिषेध[1]= प्रजन ।

प्रजनः स्यादुपसरः- इत्यमरः

शब्दार्थ- जन्मने क्रिया, प्रजनन, उत्पत्ति, जन्म दिने काम, प्रथम गर्भग्रहण, जन्मदाता, जन्माउने ।

प्रजननम् (ना./न.) प्रजायतेऽनेन *(पैदा हुन्छ यसबाट)* प्रपूर्वक जनी प्रादुर्भावे (दिवा.) धातु, प्र+जन्+ल्युट् (अन)= प्रजनन ।

शब्दार्थ- सन्तान पैदा गर्ने क्रिया, जन्माउने काम, उत्पादन, जन्म, प्रसव, गर्भधारण, योनि, उत्पत्ति, गर्भाधान प्रक्रिया ।

प्रजल्पः (ना./पुं.) प्रजल्प्यते इति *(खुब कुरा गरिन्छ वा बकबक गरिन्छ)* प्रपूर्वक जल्प व्यक्तायां वाचि (भ्वा.) धातु, प्र+जल्प्+घञ् (अ)= प्रजल्प ।

शब्दार्थ- विना कामका कुरा, गफगाफ, हल्लखल्ल, कलरव, उट्पटयाङ्का कुरा ।

प्रजा (ना./स्त्री.) प्रजायते इति *(जन्मन्छ, पैदा हुन्छ)* प्रपूर्वक जनी प्रादुर्भावे (दिवा.) धातु, प्र+जन्+ड[2] (अ), टिलोप, प्रजः । प्रज+टाप् (आ)= प्रजा ।

प्रजा स्यात् सन्ततौ जने- इत्यमरः

शब्दार्थ- सन्तान, सन्तति, राष्ट्र वा राज्यका जनता, जनसमुदाय, प्रजोत्पत्ति, प्रसृजन, उत्पादन, जन्म

प्रजातन्त्रम् (ना./न.) प्रजायास्तन्त्रम् *(जनताको शासन व्यवस्था)* ष.त.स.= प्रजातन्त्र ।

शब्दार्थ- प्रजातान्त्रिक शासन व्यवस्था, निर्वाचित जनप्रतिनिधिहरूद्वारा सञ्चालन गरिने शासन-व्यवस्था, लोकतान्त्रिक शासनव्यवस्था ।

प्रजातन्त्रवादः (ना./पुं.) उद्यते इति *(बताइन्छ)* वद व्यक्तायां वाचि (भ्वा.) धातु, वद्+घञ् (अ),वृद्धि, वादः । प्रजातन्त्रस्य वादः *(प्रजातन्त्रको वाद वा सिद्धान्त)* ष.त.स.= प्रजातन्त्रवाद ।

शब्दार्थ- प्रजातन्त्रसम्वन्धी सिद्धान्त, प्रजातन्त्रलाई उत्कृष्ट ठान्ने राजनीतिक सिद्धान्त ।

प्रजातन्त्रवादी (वि.) प्रजातन्त्रवादः अस्यास्तीति *(प्रजातन्त्रवादसम्वन्धी सिद्धान्त छ यसको)* प्रजातन्त्रवाद+इनि[3] (इन्), अकारलोप, प्रजातन्त्रवादिन्= प्रजातन्त्रवादी । अथवा प्रजातन्त्रं वदितुं शीलमस्य *(प्रजातन्त्रको पक्षमा बोल्ने शील छ यसको)* वद व्यक्तायां वाचि (भ्वा.) धातु, प्रजातन्त्र+वद्+णिनि (इन्), प्रजातन्त्रवादिन् =प्रजातन्त्रवादी ।

शब्दार्थ- प्रजातन्त्रवादको अनुयायी, प्रजातन्त्रवादको पक्षमा विश्वास गर्ने, प्रजातन्त्रवादको अनुसरण गर्ने ।

प्रजाता (ना./स्त्री.) प्रजायते स्म इति *(राम्ररी जन्माएकी)* (अन्तर्भावित णिको अर्थमा) प्रपूर्वक जनी प्रादुर्भावे (दिवा.) धातु, प्र+जन्+क्त (त), अनुनासिक नलोप, आत्व[4], प्रजातः । प्रजात+टाप् (आ)= प्रजाता ।

प्रजाता च प्रसूतिका- इत्यमरः

शब्दार्थ- सुत्केरी, भर्खर बच्चा पाएकी स्त्री, प्रसूतिका ।

प्रजातान्त्रिकः (वि.) तन्त्रादागतः *(तन्त्र वा सिद्धान्तबाट आएको),* तन्त्रस्य इदम् *(तन्त्रको यो),* तन्त्रमर्हतीति वा *(तन्त्र वा सिद्धान्तको लागि योग्य)* तन्त्र+ठक्/ठञ् (इक), आदिवृद्धि, अकारलोप, तान्त्रिकः । प्रजायास्तान्त्रिकः *(प्रजाको सिद्धान्तसम्बन्धी)* ष.त.स. =प्रजातान्त्रिक ।

शब्दार्थ- प्रजातन्त्रसम्वन्धी, प्रजातन्त्रको लागि उपयुक्त ।

प्रजानाथः (ना./पुं.) प्रजानां नाथः *(प्रजाका स्वामी)* ष.त.स.= प्रजानाथ ।

शब्दार्थ-प्रजाका मालिक, प्रजाका स्वामी, राजा, राष्ट्रपति ।

प्रजापतिः (ना./पुं.) प्रजानां पतिः *(प्रजा वा सन्तानका स्वामी)* ष.त.स.= प्रजापति ।

शब्दार्थ- ब्रह्मा (सृष्टिकर्ता), स्वयम्भू, विष्णु, प्रजाका मालिक वा स्वामी, राजा, पिता, दक्षप्रजापति ।

प्रजापालकः (ना./पुं.) प्रजां पालयतीति *(प्रजालाई पालन गर्छ)* प्रजा उपपदपूर्वक पाल रक्षणे (चुरा.) धातु, प्रजा +पाल्+ण्वुल् (अक)= प्रजापालक । अथवा प्रजायाः पालकः *(प्रजाका परिपालक)* ष.त.स.= प्रजापालक ।

शब्दार्थ-प्रजालाई पालन गर्ने राजा, प्रजापति, विष्णु, प्रभु ।

---

[1] जनिवध्योश्च : वृद्धिनिषेध

[2] उपसर्गे च संज्ञायाम्.. : ड

[3] अत इनिठनौ... : इनि

[4] जनसनखन... : आत्व

प्रजावती (ना./स्त्री.) प्रजा अस्ति अस्याः *(सन्तान छन् यसका)* प्रजा+मतुप्[1] (मत्), मको व, प्रजावत्+ङीप् (ई)= प्रजावती ।

शब्दार्थ-सन्तान भएकी स्त्री, भातृजाया, भाउजू, बुहारी ।

प्रजेश्वरः (ना./पुं.) प्रजानामीश्वरः *(प्रजाका ईश्वर वा स्वामी)* ष.त.स., गुण= प्रजेश्वर ।

शब्दार्थ-प्रजाका स्वामी, प्रजाका मालिक, राजा, परमेश्वर

प्रज्ञः (वि.) प्रकर्षेण जानातीति *(राम्ररी ,ज्ञान्दछ)* प्रपूर्वक ज्ञा अववोधने (क्रचा.) धातु, प्र+ज्ञा+क[2] (अ), आकारलोप =प्रज्ञ ।

शब्दार्थ-विद्वान्, वुद्धिमान्,ज्ञानवान्, राम्ररी जान्ने, ज्ञाता ।

प्रज्ञा (ना./स्त्री.) प्रज्ञानम्, प्रकर्षेण ज्ञायतेऽनया इति वा *(यसबाट राम्ररी जानिन्छ)* प्रपूर्वक ज्ञा अववोधने (क्रचा.) धातु, प्र+ज्ञा+अङ्[3] (अ), आकारलोप, प्रज्ञ+टाप् (आ)= प्रज्ञा ।

शब्दार्थ- वुद्धि, मति, मेधा, प्रतिभा, वुद्धिमत्ता, नयाँ कुरा शोचविचार गर्न सक्ने वुद्धि ।

प्रज्ञाचक्षुः (ना./पुं./वि.) प्रज्ञा एव चक्षुर्यस्य *(प्रज्ञा नै चक्षु छ जसको)* व.स., प्रज्ञाचक्षुस्= प्रज्ञाचक्षु ।

शब्दार्थ- वुद्धिरूपी आँखा भएको मानिस, ज्ञानचक्षु, अन्तर्चक्षु, प्रज्ञा वा ज्ञान नै आँखा भएको ।

प्रज्ञानम् (ना./न.) प्रज्ञायते अनेन इति *(जानिन्छ यसबाट)* प्रपूर्वक ज्ञा अववोधने (क्रचा.) धातु, प्र+ज्ञा+ल्युट् (अन)= प्रज्ञान ।

शब्दार्थ- बुद्धि, चिन्ह, प्रतीक, ब्रह्मतत्त्व ।

उदा. प्रज्ञानं ब्रह्म- उपनिषद्

प्रज्ञापकः (वि.) प्रज्ञापयतीति *(जानकारी दिन्छ)* प्रपूर्वक ज्ञा अववोधने (क्रचा.) धातु, प्र+ज्ञा+णिचि+ण्वुल्[4] (अक), पुगागम, णिलोप= प्रज्ञापक ।

शब्दार्थ- जानकारी दिने, सूचना दिने, विज्ञापक, प्रज्ञापन दिने ।

प्रज्ञापनम् (ना./न.) प्रकर्षेण ज्ञाप्यते *(राम्ररी ज्ञापन गराइन्छ)* प्रपूर्वक ज्ञा अववोधने (क्रचा.) धातु, प्र+ज्ञा+णिचि, पुगागम, प्रज्ञापि+ल्युट् (अन) ,णिलोप =प्रज्ञापन ।

शब्दार्थ- कुनै कुराको जानकारी गराउने काम, विज्ञापन, सुसूचित गराउने क्रिया ।

प्रज्ञापनपत्रम् (ना./न.) प्रज्ञापनस्य पत्रम् *(जानकारीको पत्र)* ष.त.स.= प्रज्ञापनपत्र ।

शब्दार्थ- कुनै कुराको जनाउ दिने पत्र, विवरण भरेर दिइने पत्र ।

प्रज्ञावान् (वि.) प्रज्ञा अस्यास्तीति *(प्रज्ञा छ यसको)* प्रज्ञा+मतुप् (मत्), मको व, प्रज्ञावत्= प्रज्ञावान् ।

शब्दार्थ- नयाँ कुरा शोचविचार गर्ने वुद्धि भएको, विशिष्ट ज्ञान वा वुद्धि भएको ।

प्रज्वलः (वि.) प्रज्वलतीति *(बल्दछ)* प्रपूर्वक ज्वल दीप्तौ (भ्वा.) धातु, प्र+ज्वल्+अच् (पचादि)= प्रज्वल ।

शब्दार्थ- उज्ज्वल, दीप्तिमान्, प्रकाशिलो ।

प्रज्वलनम् (ना./न.) प्रकर्षेण ज्वलनम्, ज्वल्यते इति वा *(राम्ररी बल्नु)* प्रपूर्वक ज्वल दीप्तौ (भ्वा.) धातु, प्र+ज्वल्+ल्युट् (अन)= प्रज्वलन ।

शब्दार्थ- राम्ररी बल्ने क्रिया, छिट्टै वल्ने क्रिया, ज्यादै वल्ने काम, दनदन दन्कने क्रिया ।

प्रज्वलितः (वि.) प्रकर्षेण ज्वलति स्म इति *(राम्ररी बलेको)* प्रपूर्वक ज्वल दीप्तौ (भ्वा.) धातु, प्र+ज्वल्+क्त (त), कर्तामा, इडागम= प्रज्वलित ।

शब्दार्थ- अत्यधिक वलेको, दन्केको, ज्यादै वलेको ।

प्रणतः (वि.) प्रकर्षेण नमति स्म इति *(राम्ररी झुकेको)* प्रपूर्वक णम प्रह्त्वे शब्दे च (भ्वा.) धातु, प्र+नम्+क्त (त), अनुनासिक मलोप, णत्व= प्रणत ।

शब्दार्थ- झुकेको, निहुरेको, प्रणाम वा नमस्कार गरेको, विनीत, शरणागत ।

प्रणतपालः/प्रणतपालकः (ना./पुं./वि.)प्रणतं पालयतीति *(शरणागत हुनेलाई रक्षा गर्छ)* प्रणत उपपदपूर्वक पाल रक्षणे (चुरा.) धातु, प्रणत+पाल्+अच् (पचादि) =प्रणतपाल ।

प्रणत+पाल्+ण्वुल् (अक)= प्रणतपालक ।

शब्दार्थ- आफ्नो शरणमा आएकोलाई रक्षा गर्ने परमेश्वर, गरीव-गुरुवा वा दीन-दुःखीको भरणपोषण र संरक्षण गर्ने, असहायहरूको रक्षा गर्ने ।

प्रणतिः (ना./स्त्री.) प्रकृष्टं नमनम्, नम्यते इति वा *(ज्यादै झुक्नु वा नमस्कार गर्नु)* प्रपूर्वक णम प्रह्वत्वे शब्दे च (भ्वा.) धातु, प्र+नम्+क्तिन् (ति)= प्रणति ।

शब्दार्थ- प्रणाम, नमस्कार, झुक्ने काम, प्रणिपात ।

प्रणम्य (अव्य.) प्रकर्षेण नम्य *(राम्ररी झुकेर वा ढोगेर)* प्रपूर्वक णम प्रह्वत्वे शब्दे च (भ्वा.) धातु, प्र+नम्+क्त्वा, क्त्वाको ल्यप्, णत्व= प्रणम्य ।

शब्दार्थ- ढोगेर, नमस्कार गरेर, निहुरेर, झुकेर ।

प्रणयः (ना./पुं.) प्रणयनम्, प्रणीयते इति वा *(स्नेह गर्नु वा गरिन्छ)* प्रपूर्वक णीञ् प्रापणे (भ्वा.) धातु, प्र+नी+अच् (एरच्), गुण, अयादेश, णत्व= प्रणय ।

शब्दार्थ- विवाह, प्रीति, स्नेह, प्रेमपूर्वकको अनुनय वा प्रार्थना, अनुराग ।

उदा. प्यारी तिम्रो नव प्रणयमा के सधैं याद होला ??- भृ.ख.का. ४/२५

---

[1] तदस्यास्त्यस्मिन्.. : मतुप्

[2] आतश्चोपसर्गे... : क

[3] आतश्चोपसर्गे... : अङ् (सू. ३/३/१०६)

[4] ण्वुल्तृचौ : ण्वुल्

प्रणयसुखम् (ना./न.) प्रणयस्य सुखम् *(प्रेमको सुख)* ष.त.स.= प्रणयसुख ।

शब्दार्थ- प्रेम वा स्नेहको सुख, वैवाहिक जीवनको सुख ।

प्रणयिनी (ना./स्त्री.) प्रणयः अस्याः अस्तीति *(स्नेह छ यस स्त्रीको)* प्रणय+इनि (इन्), प्रणयिन्+ङीप् (ई) =प्रणयिनी ।

शब्दार्थ- प्रेमिका, प्रेम गर्ने स्त्री, कान्ता, प्रेयसी, प्रियतमा, पत्नी ।

प्रणयी (वि./ना./पुं.) प्रणयः अस्यास्तीति *(स्नेह वा प्रेम छ यसको)* प्रणय+इनि (इन्), अकारलोप, प्रणयिन् =प्रणयी ।

शब्दार्थ- प्रेमी, स्नेही, अनुरागी, भर्ता, प्रियतम, प्रेम गर्ने मानिस, पति वा लोग्ने ।

प्रणवः (ना./पुं.) प्रकर्षेण नूयते स्तूयते आत्मा, परमात्मा वा इष्टदेवता अनेन *(आत्मा, परमात्मा वा इष्टदेवताको स्तुति गरिन्छ यसबाट)* प्रपूर्वक णु स्तुतौ (अदा.) वा णू स्तवने (तुदा.) धातु, प्र+नु/नू +अप्[1] (अ), गुण, अवादेश, णत्व= प्रणव ।

अथवा प्रकृष्टः नवः *(उत्कृष्ट नमस्कार)* प्रा.त.स. =प्रणव ।

शब्दार्थ- ओङ्कार, ओंध्वनि, ॐ अक्षर, ब्रह्मा, विष्णु, शिव, परब्रह्म परमेश्वर ।

प्रणामः (ना./पुं.) प्रकर्षेण नम्यते इति *(राम्ररी नमस्कार गरिन्छ वा ढोगिन्छ)* प्रपूर्वक णम प्रह्वत्वे शब्दे च (भ्वा.) धातु, प्र+नम्+घञ् (अ), वृद्धि, णत्व= प्रणाम ।

शब्दार्थ- ढोग्ने काम, नमस्कार, झुकेर नमस्कार गर्ने क्रिया, अभिवादन, दण्डवत्, साष्टाङ्गप्रणाम, प्रणति, आठ अङ्गले गर्ने प्रणाम, जो निम्न छ-

पद्भ्यां कराभ्यां जानुभ्यामुरसा शिरसा दृशा ।
वचसा मनसा चैव प्रणामोऽष्टाङ्ग ईरितः-श.क.द्रुबाट

प्रणाली (ना./स्त्री.) प्रणल्यते अनया इति *(बाँधिन्छ यसबाट)* प्रपूर्वक णल बन्धने च (भ्वा.) धातु, प्र+नल्+घञ् (अ), वृद्धि, णत्व, प्रणाल+ङीष्[2] (ई) =प्रणाली ।

शब्दार्थ- कुलो, जलमार्ग, नहर, नाली, काम गर्ने तरिका, ढङ्ग, सिलसिला, पद्धति, प्रथा वा परम्परा, पानी बग्ने खोल्सो ।

प्रणिपातः (ना./पुं.) प्रकर्षेण नीचैः पतनमिति *(राम्ररी शरीर झुकाइन्छ वा लम्पसार परेर नमस्कार गरिन्छ)* प्र निपूर्वक पत्लृ गतौ (भ्वा.) धातु, प्र+नि+पत्+घञ् (अ), वृद्धि= प्रणिपात ।

शब्दार्थ- दीर्घ नमस्कार, लम्पसार परेर ढोग्ने काम, शरीर झुकाएर नमस्कार गर्ने क्रिया, प्रणाम ।

प्रणिहितः (वि.) प्रणिधीयते स्म इति *(राखिएको)* प्रपूर्वक डुधाञ् धारणपोषणयोः (जुहो.) धातु, प्र+नि+धा+क्त (त), धाको हि आदेश[3], णत्व= प्रणिहित ।

शब्दार्थ- राखिएको, समर्पण गरिएको, एकाग्र भएको, समर्पित ।

प्रणीतः (वि.) प्रणीयते स्म इति *(लगिएको, बनाइएको)* प्रपूर्वक णीञ् प्रापणे (भ्वा.) धातु, प्र+नी+क्त (त), णत्व= प्रणीत ।

शब्दार्थ- लगिएको, प्रस्तुत, निर्मित, रचना गरिएको, मन्त्रद्वारा शुद्ध गरिएको ।

प्रणेता (वि.) प्रणयतीति *(रचना गर्छ, बनाउँछ)* प्रपूर्वक णीञ् प्रापणे (भ्वा.) धातु, प्र+नी+तृच् (तृ), गुण, णत्व, प्रणेतृ= प्रणेता ।

शब्दार्थ- कुनै ग्रन्थको रचना गर्ने, रचयिता, निर्माता, स्रष्टा, रचनाकार, लेखक, आविष्कार गर्ने, कुनै सिद्धान्तको प्रतिपादक वा प्रवर्तक ।

प्रतप्तः (वि.) प्रतप्यते स्म, प्रताप्यते स्म इति वा *(तातेको वा तताएको)* प्रपूर्वक तप सन्तापे (भ्वा.) धातु, प्र+तप्+क्त (त)= प्रतप्त ।

शब्दार्थ- तातेको, तताएको, सताएको, दुःख दिएको, सन्तप्त, उष्ण ।

प्रताडनम् (ना./न.)/**प्रताडना** (ना./स्त्री.) प्रताडयते इति *(ताडना गरिन्छ)* प्रपूर्वक तड आघाते (चुरा.) धातु, प्र+तड्+णिचि, वृद्धि, प्रताडि+ल्युट् (अन), णिलोप= प्रताडन ।

प्रताडि+युच्[4] (अन), णिलोप, प्रताडन+टाप् (आ) =प्रताडना ।

शब्दार्थ- पिट्ने काम, दुःख दिने काम, पिटाइ, यातना ।

प्रताडितः (वि.) प्रताडयते स्म इति *(ताडना गरिएको)* प्रपूर्वक तड आघाते (चुरा.) धातु, प्र+तड्+णिचि, वृद्धि, प्रताडि+क्त (त), इडागम, णिलोप= प्रताडित ।

शब्दार्थ-पिटिएको, हिर्काइएको, ताडना गरिएको, चुटिएको,

प्रतापः (ना./पुं.) प्रतप्यते इति *(ताप दिइन्छ)* प्रपूर्वक तप सन्तापे (भ्वा.) धातु, प्र+तप्+घञ् (अ), वृद्धि=प्रताप ।

शब्दार्थ- ताप, गर्मी, आफ्ना विपक्षीलाई दबाउने वा त्रस्त पार्न सक्ने शक्ति वा सामर्थ्य, तेज, फुर्ती, विद्या वा धन वा ऐश्वर्यादिबाट प्राप्त हुने प्रसिद्धि ।

प्रतापी/प्रतापवान् (वि.) प्रतापः अस्यास्तीति *(प्रताप वा शक्ति छ यसको)* प्रताप+इनि[5] (इन्), अकारलोप, प्रतापिन्= प्रतापी ।

प्रताप+मतुप्[6] (मत्), मको व, प्रतापवत्= प्रतापवान् ।

शब्दार्थ- प्रशस्त शक्ति वा सामर्थ्य भएको, प्रतापवान्, ओजस्वी, शक्तिशाली, प्रतापी, सामर्थ्यवान् ।

---

१. ऋदोरप् : अप्

२. षिद्गौरादिभ्यश्च : ङीष्

३. दधातेर्हिः : हि आदेश

४. ण्यासश्रन्थो... : युच्

५. अत इनिठनौ : इनि

६. तदस्यास्त्यस्मिन्... : मतुप्

प्रतारणम्/प्रतारणा (ना./न./स्त्री.) प्रतार्यते इति *(छलकपट गरिन्छ, पार लगाइन्छ)* प्रपूर्वक तॄ प्लवनतरणयोः (भ्वा.) धातु, प्र+तॄ+णिचि, वृद्धि, प्रतारि+ल्युट् (अन), णिलोप, णत्व= प्रतारण । प्रतारि+युच् (अन)+टाप् (आ)= प्रतारणा ।

शब्दार्थ- ठग्ने काम, छलकपट, ठगी, कपट, धोका, तार्ने काम, पार लगाउने काम ।

प्रतारितः (वि.) प्रतार्यते स्म इति *(ठगिएको, पार लगाइएको)* प्रपूर्वक तॄ प्लवनतरणयोः (भ्वा.) धातु, प्र+तॄ+णिचि, वृद्धि, प्रतारि+क्त (त), इडागम, णिलोप =प्रतारित ।

शब्दार्थ- ठगिएको, छलकपट गरिएको, धोका दिइएको, छलिएको, पार लगाइएको, तारिएको ।

प्रति (अव्य.) प्रथते इति *(प्रसिद्ध हुन्छ)* प्रथ प्रख्याने (भ्वा.) धातु, प्रथ्+डति (अति), वहुलप्रकारले, टिलोप =प्रति ।

शब्दार्थ- तिर, तर्फ, पट्टि ।

द्रष्टव्य- शब्दको अगाडि जोडिने यस उपसर्गले विरुद्ध, विपरीत, सादृश्य, समानता, सम्मुख आदि अर्थ प्रकट गर्दछ ।

प्रतिकारः (ना./पुं.) प्रतिक्रियते इति *(प्रतिकार गरिन्छ)* प्रति उपसर्गपूर्वक डुकृञ् करणे (तना.) धातु, प्रति+कृ+घञ् (अ), वृद्धि= प्रतिकार ।

शब्दार्थ- कसैले गरेको नराम्रो कामकुराप्रति अपकार नै गरेर बदला लिने काम ।

प्रतिकारात्मकः (वि.) प्रतिकारः आत्मा यस्य *(प्रतिकार नै मुख्य छ जसको)* प्रतिकार+आत्मन्, ब.स., दीर्घ, प्रतिकारात्मन्+कप्[1] (समासान्त)= प्रतिकारात्मक ।

शब्दार्थ- प्रतिशोधात्मक, बदला लिन गरिने रोगको रोकथाम वा प्रतिकारका लागि गर्नुपर्ने ।

प्रतिकूलः (वि.) कूलतीति *(ढाक्छ)* कूल आवरणे (भ्वा.) धातु, कूल्+अच् (पचादि), कूलः । प्रतिगतं प्रतीपं कूलात् *(प्रतिकूल भएको)* प्रा.त.स.= प्रतिकूल ।

कूलं तटे सैन्यपृष्टे- इति हैमः

शब्दार्थ- आफ्नो इच्छा विपरीत, अनुकूल नभएको, विरुद्ध, उल्टो, प्रतिकूल, अहितकर, आफ्नो पक्षभन्दा विपरीत भएको ।

प्रतिकूलता (ना./स्त्री.) प्रतिकूलस्य भावः *(प्रतिकूल हुनाको भाव वा अवस्था)* प्रतिकूल+तल् (त)+टाप् (आ)= प्रतिकूलता ।

शब्दार्थ- अनुकूल नहुनाको स्थिति, प्रतिकूलत्व ।

प्रतिकृतिः (ना./स्त्री.) क्रियते इति *(बनाइन्छ)* डुकृञ् करणे (तना.) धातु, कृ+क्तिन् (ति), कृतिः । प्रतिकृष्टा कृतिः *(उस्तै पारेर बनाइएको रचना वा मूर्ति वा प्रतिकृति)* प्रा.त.स.= प्रतिकृति ।

शब्दार्थ- कसैको अनुहार वा आकृति अनुरूप बनाइएको मूर्ति वा प्रतिमा, प्रतिविम्व, प्रतिमूर्ति, प्रतिकार, अपकार ।

प्रतिकृष्टः (वि.) प्रतिकृष्यते स्म इति *(खिचिएको)* प्रतिपूर्वक कृष विलेखने (तुदा.) धातु, प्रति+कृष्+क्त (त), ष्टुत्व= प्रतिकृष्ट ।

शब्दार्थ- खिचिएको, तानिएको, रचिएको ।

प्रतिक्रिया (ना./स्त्री.) क्रियते इति *(गरिन्छ)* डुकृञ् करणे (तना.) धातु, कृ+श[2] (अ), रिङादेश[3], क्रियः । क्रिय+टाप् (आ), क्रिया । प्रतिगता क्रिया *(विपरीत क्रिया)* प्रा.त.स.= प्रतिक्रिया ।

शब्दार्थ- मनको विरोधी भाव, कुनै काम कुराप्रति व्यक्त गरिने विपरीत भावना, कुनै कुराप्रति जनाइने प्रतिकूल भावना, कुनै कुराप्रति जनाइने मनोभाव ।

प्रतिक्रियावादः (ना./पुं.) उद्यते इति *(भनिन्छ)* वद व्यक्तायां वाचि (भ्वा.) धातु, वद्+घञ् (अ),वृद्धि, वादः । प्रतिक्रियायाः वादः *(प्रतिक्रियाको वाद वा सिद्धान्त)* ष.त.स.= प्रतिक्रियावाद ।

शब्दार्थ- उन्नति-प्रगतिको विरोधी मत वा सिद्धान्त ।

प्रतिक्रियावादी (वि.) प्रतिक्रियावादः अस्यास्तीति *(प्रतिक्रियावादसम्बन्धी मत छ जसको)* प्रतिक्रियावाद+इनि (इन्), अकारलोप, प्रतिक्रियावादिन्= प्रतिक्रियावादी ।

शब्दार्थ- प्रतिक्रियावादको अनुयायी, प्रतिक्रियावादलाई समर्थन गर्ने, प्रतिक्रियावादको अनुसरण गर्ने ।

प्रतिक्षणम् (अव्य.) क्षणं क्षणं प्रति *(क्षण क्षणमा)* प्रति+क्षण, वीप्सामा, अव्य.स.= प्रतिक्षण ।

शब्दार्थ- छिनछिनमा, हरेक क्षणमा, प्रत्येक क्षणमा ।

प्रतिगमनम् (ना./न.) प्रतिगम्यते इति *(फर्किन्छ वा विपरीत गतिले हिंडिन्छ)* प्रतिपूर्वक गम्लृ गतौ (भ्वा.) धातु, प्रति+गम्+ल्युट् (अन)= प्रतिगमन ।

शब्दार्थ- फर्कने काम, फिर्ता हुने काम, विपरीत मार्ग वा उल्टो गतिको हिंडाइ ।

प्रतिगामी (वि.) प्रति प्रतिकूलं गन्तुं शीलमस्य *(उल्टो वा विपरीत मार्गतिर जाने शील छ यसको)* प्रतिपूर्वक गम्लृ गतौ (भ्वा.) धातु, प्रति+गम्+णिनि (इन्), वृद्धि, प्रतिगामिन्= प्रतिगामी ।

शब्दार्थ- प्रत्यागमन, उल्टो मार्ग वा दिशातिर हिंड्ने, विपरीत शोचविचार राख्ने, प्रतिक्रियावादी, परिवर्तनको विरोधी ।

प्रतिग्रहः (ना./पुं.)/**प्रतिग्रहणम्** (ना./न.) प्रकर्षेण गृह्यते इति *(राम्ररी ग्रहण गरिन्छ)* प्रतिपूर्वक ग्रह उपादाने (क्र्या.) धातु, प्रति+ग्रह+अप्[4] (अ)= प्रतिग्रह । प्रति+ग्रह+ल्युट् (अन), णत्व= प्रतिग्रहण ।

शब्दार्थ- कसैले दिएको वस्तु लिने काम, दान-दातव्य ग्रहण गर्ने काम, कसैलाई दानस्वरूप दिइएको वस्तु ।

---

[1] अनिनस्मन्... : कप्

[2] कृञः श च : श

[3] रिङ्शयग्... : रिङादेश

[4] ग्रहवृदृनिश्चि... : अप्

प्रतिघातः (ना./पुं.) प्रतिहननम्, प्रतिहन्यते इति वा *(आघात गरिन्छ)* प्रतिपूर्वक हन हिंसागत्योः (अदा.) धातु, प्रति+हन्+घञ्[1] (अ), वृद्धि, हन्का नको त[2], कुत्व[3], हको घ= प्रतिघात ।

शब्दार्थ- कसैलाई आघात गर्ने काम, हत्या, वदलामा गर्ने प्रहार, प्रत्याक्रमण ।

उदा. तर अतिआदिकालको परमाणु आगो (अग्नि) पानीमाथि प्रतिघात गर्ने दाउ अझै हेरिरहेछ- आगो र पानी (अधिको)

प्रतिघातकः (वि.) प्रतिहन्तीति *(प्रतिघात गर्छ)* प्रतिपूर्वक हन हिंसागत्योः (अदा.) धातु, प्रति+हन्+ण्वुल् (अक), वृद्धि, हन्का नको त[2], कुत्व[3]= प्रतिघातक ।

शब्दार्थ- प्रतिघात गर्ने, प्रहार गर्ने, आघात वा चोट पुऱ्याउने, प्रतिघाती ।

प्रतिघाती (वि.) प्रतिहन्तुं शीलमस्येति *(प्रहार गर्ने शील छ यसको)* प्रतिपूर्वक हन हिंसागत्योः (अदा.) धातु, प्रति+हन्+णिनि[4] (इन्), वृद्धि, हन्का नको त[2], कुत्व[3], प्रतिघातिन्= प्रतिघाती ।

अथवा प्रतिघातः अस्यास्तीति *(प्रतिघात वा प्रत्याक्रमण छ यसको)* प्रतिघात+इनि (इन्), अकारलोप, प्रतिघातिन्= प्रतिघाती ।

शब्दार्थ- प्रतिघातक, प्रत्याक्रमण गर्ने, प्रहार गर्ने, आघात वा चोट पुऱ्याउने ।

प्रतिच्छाया (ना./स्त्री.) छ्यतीति *(छेदन गर्छ)* छो छेदने (दिवा.) धातु, छो+य[5] (उणा.), आत्व, छाय+टाप् (आ), छाया । प्रतिगता छाया *(छाया बनेको)* प्रति+छाया, प्रा.त.स., तुक्, श्चुत्व= प्रतिच्छाया ।

शब्दार्थ- प्रतिविम्व, फोटो, चित्र, छायाचित्र, प्रतिमा, प्रतिमूर्ति, प्रतिकृति ।

प्रतिज्ञा (ना./स्त्री.) प्रतिज्ञायते इति *(प्रतिज्ञा गरिन्छ)* प्रतिपूर्वक ज्ञा अवबोधने (क्र्या.) धातु, प्रति+ज्ञा+अङ् (अ), आकारलोप, प्रतिज्ञ+टाप् (आ)= प्रतिज्ञा ।

शब्दार्थ- जुनसुकै कामकुराप्रति गरिएको अठोट वा दृढ निश्चय, सङ्कल्प, प्रण, दृढोक्ति, वचनवद्धता, स्वीकार वा अङ्गीकार ।

प्रतिज्ञानम् (ना/न.) प्रतिज्ञायते इति *(प्रतिज्ञा गरिन्छ)* प्रतिपूर्वक ज्ञा अवबोधने (क्र्या.) धातु, प्रति+ज्ञा+ल्युट् (अन)= प्रतिज्ञान ।

शब्दार्थ- प्रतिज्ञा गर्ने काम, स्वीकार गर्ने काम, निश्चय वा अठोट गर्ने काम ।

प्रतिज्ञापत्रम् (ना./न.) प्रतिज्ञायाः पत्रम् *(प्रतिज्ञा गरिएको कागत)* ष.त.स.= प्रतिज्ञापत्र ।

शब्दार्थ- कुनै कुरा गर्न अठोट गरिएको कागत, लिखित कवुलियतनामा ।

प्रतिज्ञापालनम् (ना./न.) प्रतिज्ञायाः पालनम् *(प्रतिज्ञाको परिपालन)* ष.त.स.= प्रतिज्ञापालन ।

शब्दार्थ- आफूले भनेको कुरा पूरा गर्ने काम, प्रतिज्ञा पालन गर्ने काम, आफ्नो वचनवद्धता वा प्रण पूरा गर्ने काम ।

प्रतिज्ञाबद्धः (वि.) प्रतिज्ञया वद्धः *(प्रतिज्ञाले बद्ध)* तृ.त.स. =प्रतिज्ञावद्ध ।

शब्दार्थ- प्रतिज्ञाले वाँधिएको, बोलकबोलमा वाँधिएको ।

प्रतिज्ञाभङ्गः (ना./पुं.) प्रतिज्ञायाः भङ्गः *(प्रतिज्ञाको भङ्ग)* ष.त.स.= प्रतिज्ञाभङ्ग ।

शब्दार्थ- प्रतिज्ञा गरेको कुरा तोड्ने काम, प्रतिज्ञापालन नगर्ने काम, प्रतिज्ञाबाट हट्ने काम ।

प्रतिदानम् (ना./न.) प्रतिदीयते इति *(फिर्ता दिइन्छ)* प्रतिपूर्वक डुदाञ् दाने (जुहो.) धातु, प्रति+दा+ल्युट् (अन)= प्रतिदान ।

शब्दार्थ- राख्न दिइएको वस्तु फिर्ता गर्ने काम, कसैले केही दिएको वदलामा आफूले पनि दिने काम ।

प्रतिदिनम् (अव्य.) दिनं दिनं प्रति *(दिन दिनै)* प्रति+दिनम्, अव्य.स., वीप्सामा= प्रतिदिन ।

शब्दार्थ- हरेक दिन, प्रत्येक दिन, दिनहुँ, दिनदिनै, निरन्तर ।

प्रतिद्वन्द्वम् (ना./न.) द्वन्द्वं द्वौ द्वौ मन्त्रयेते इति *(दुई दुई जना मन्त्रणा गर्छन्)* द्वि शब्दको द्वित्व[6], पूर्वपद द्विको अम्भाव[6], उत्तरपद द्विको अत्व, नपुंसकत्व[6], परसवर्ण, द्वन्द्वम् । प्रकृष्टं द्वन्द्वम् *(ज्यादै सङ्घर्ष वा कलह)* प्रा.त.स.= प्रतिद्वन्द्व ।

द्वन्द्वं रहस्ये कलहे तथा मिथुनयुग्मयोः- इति मेदिनी

शब्दार्थ- दुई व्यक्तिका वीचको आपसी कलह वा झगडा, सङ्घर्ष, विरोध ।

प्रतिद्वन्द्विता (ना./स्त्री.) प्रतिद्वन्द्विनः भावः *(प्रतिद्वन्द्वी हुनाको भाव वा अवस्था)* प्रतिद्वन्द्विन्+तल् (त)+टाप् (आ), नलोप= प्रतिद्वन्द्विता ।

शब्दार्थ- दुई व्यक्तिबीचको सङ्घर्ष, झगडा, विरोध, वैरभाव, प्रतियोगिता ।

प्रतिद्वन्द्वी (वि.) प्रतिद्वन्द्वमस्यास्तीति *(परस्परमा प्रतिद्वन्द्विता छ यसको)* प्रतिद्वन्द्व+इनि (इन्), अकारलोप, प्रतिद्वन्द्विन् = प्रतिद्वन्द्वी ।

शब्दार्थ- भिड्ने, सङ्घर्ष गर्ने, परस्पर विरोध गर्ने ।

प्रतिध्वनिः (ना./पुं.) प्रतिध्वन्यते इति *(फर्केको आवाज गुञ्जिन्छ)* प्रतिपूर्वक ध्वन शब्दे (भ्वा.) धातु, प्रति+ध्वन्+इन्[7] (इ), उणा.= प्रतिध्वनि ।

अथवा प्रतिगतश्चासौ ध्वनिश्च *(फर्केको ध्वनि)* प्रा.त.स.= प्रतिध्वनि ।

शब्दार्थ- टाढासम्म पुगी कतै ठोक्किएर फर्केको आवाज वा ध्वनि, प्रतिनाद, प्रतिशब्द ।

---

[1] भावे : घञ्

[5] माछाससिभ्य... : य

[2] हनस्तोऽचिण्... : नको त

[6] द्वन्द्वं रहस्यमर्यादावचन... : द्वित्व, अम्भाव, नपुंसकत्व

[3] होहन्ते... : कुत्व

[4] सुंप्यजातौ... : णिनि

[7] सर्वधातुभ्य.. : इन्

प्रतिध्वानः (ना./पुं.) प्रतिध्वननम्, प्रतिध्वन्यते इति वा *(प्रतिध्वनि गुञ्जिन्छ)* प्रतिपूर्वक ध्वन शब्दे (भ्वा.) धातु, प्रति+ध्वन्+घञ् (अ), वृद्धि= प्रतिध्वान ।

शब्दार्थ- प्रतिशब्द, प्रतिध्वनि, ठक्करबाट फर्केको आवाज

प्रतिनादः (ना./पुं.) प्रतिनद्यते इति *(गुञ्जिन्छ)* प्रतिपूर्वक णद अव्यक्ते शब्दे (भ्वा.) धातु, प्रति+नद्+घञ् (अ), वृद्धि= प्रतिनाद ।

शब्दार्थ- प्रतिध्वनि, प्रतिशब्द, गुञ्जन, प्रतिघोष ।

प्रतिनायकः (ना./पुं.) नयतीति *(लैजान्छ)* णीञ् प्रापणे (भ्वा.) धातु, नी+ण्वुल् (अक), वृद्धि, नै अक, आयादेश, नायकः । प्रतिगतः नायकः *(प्रतिनायक हुने)* प्रति+नायक, प्रा.त.स.= प्रतिनायक ।

शब्दार्थ- खलनायक, मुख्य नायकको प्रतिद्वन्द्वी नायक ।

प्रतिनिधिः (ना./पुं.) प्रतिनिधीयते सदृशीक्रियते *(समान बनाइन्छ)* प्रति नि उपसर्गद्वयपूर्वक डुधाञ् धारण-पोषणयोः (जुहो.) धातु, प्रति+नि+धा+कि[1] (इ), आकारलोप= प्रतिनिधि ।

शब्दार्थ- आफूले गर्ने काम गर्न पठाइएको वा चुनिएको अर्को आधिकारिक व्यक्ति, वारेस ।

प्रतिनिधित्वम् (ना./न.) प्रतिनिधेर्भावः कर्म वेति *(प्रतिनिधिको भाव, अवस्था वा कर्म)* प्रतिनिधि+त्व =प्रतिनिधित्व ।

शब्दार्थ-प्रतिनिधि हुनाको स्थिति, प्रतिनिधित्व गर्ने काम ।

प्रतिनिधिसभा (ना./स्त्री.) प्रतिनिधीनां सभा *(प्रतिनिधिहरूको सभा)* ष.त.स.= प्रतिनिधिसभा ।

शब्दार्थ- चुनिएर आएका जनप्रतिनिधिहरूको सभा ।

प्रतिपक्षः (ना./पुं.) प्रतिगतः पक्षात् *(पक्षबाट हटेको)* प्रति+पक्ष, प्रा.त.स.= प्रतिपक्ष ।

शब्दार्थ- विपक्ष, प्रतिद्वन्द्वीपक्ष, विरोधपूर्ण व्यवहार गर्ने अर्को पक्ष, शत्रुपक्ष ।

प्रतिपक्षी (वि.) प्रतिपक्षः अस्यास्तीति *(प्रतिपक्षको भूमिका निर्वाह गर्ने काम छ यसको)* प्रतिपक्ष+इनि[2] (इन्), अकारलोप, प्रतिपक्षिन्= प्रतिपक्षी ।

शब्दार्थ- विपक्षी, विरोधी पक्षको, प्रतिद्वन्द्वी ।

प्रतिपद्/प्रतिपदा (ना./स्त्री.) प्रतिपद्यते उपक्रम्यते अनया *(यसबाट अर्को पक्षमा जाने क्रम प्रारम्भ हुन्छ)* प्रतिपूर्वक पद गतौ (दिवा.) धातु, प्रति+पद्+क्विप् (सर्वलोप)= प्रतिपद् ।

भागुरीमतमा 'प्रतिपद्' शब्दको आवन्त निपातन हुँदा =प्रतिपदा ।

शब्दार्थ- प्रतिपदातिथि, परेवातिथि, शुक्ल वा कृष्णपक्षको पहिलो तिथि ।

प्रतिपादकः (वि.) प्रतिपादयतीति *(प्रतिपादन गर्छ)* प्रतिपूर्वक पद गतौ (दिवा.) धातु, प्रति+पद्+ णिचि+ ण्वुल्[3] (अक), वृद्धि, णिलोप= प्रतिपादक ।

शब्दार्थ- कुनै विषयको निरूपण गर्ने, व्याख्या गर्ने, स्पष्ट खुलाएर भन्ने, प्रतिपादन गर्ने, प्रतिबोधक, बुझाउने ।

प्रतिपादनम् (ना./न.) प्रतिपाद्यते इति *(प्रतिपादन गरिन्छ)* प्रतिपूर्वक पद गतौ (दिवा.) धातु, प्रति+पद्+णिचि+ल्युट् (अन), वृद्धि, णिलोप= प्रतिपादन ।

शब्दार्थ- कुनै विषयको व्याख्या गर्ने काम, कुनै कुरा निरूपण गर्ने काम, निष्पादन, स्पष्ट बुझाएर भन्ने काम ।

प्रतिपादितः (वि.) प्रतिपाद्यते स्म इति *(प्रतिपादन गरिएको)* प्रतिपूर्वक पद गतौ (दिवा.) धातु, प्रति+पद्+णिचि, वृद्धि, प्रतिपादि+क्त (त), णिलोप, इडागम =प्रतिपादित ।

शब्दार्थ- प्रतिपादन वा निरूपण गरिएको, कुनै विषय वा सिद्धान्तको व्याख्या गरिएको, निरूपित, प्रमाणित, स्वीकृत ।

प्रतिपाद्यः (वि.) प्रतिपादितुं योग्यः, प्रतिपाद्यते इति वा *(प्रतिपादन गर्न योग्य)* प्रतिपूर्वक पद गतौ (दिवा.) धातु, प्रति+पद्+णिचि+वृद्धि, प्रतिपादि+यत्[4] (य), णिलोप= प्रतिपाद्य ।

शब्दार्थ- प्रतिपादन गर्न योग्य वा लायक, स्वीकार्य, निरूपणीय ।

प्रतिपालः (ना./पुं.) प्रतिपाल्यते इति *(पालनपोषण गरिन्छ)* प्रतिपूर्वक पाल रक्षणे (चुरा.) धातु, प्रति+पाल्+घञ् (अ)= प्रतिपाल ।

शब्दार्थ- रक्षा वा पालना गर्ने काम, संरक्षण गर्ने क्रिया, भरणपोषण गर्ने काम, हेरचाह गर्ने काम, सुरक्षा गर्ने कार्य, संरक्षण, भरणपोषण ।

प्रतिपालकः (वि.) प्रतिपालयतीति *(पालना गर्छ)* प्रतिपूर्वक पाल रक्षणे (चुरा.) धातु, प्रति+पाल्+ण्वुल्[3] (अक), वृद्धि= प्रतिपालक ।

शब्दार्थ- भरणपोषण गर्ने, सुरक्षा गर्ने, संरक्षक, अभिभावक, हेरविचार गर्ने ।

प्रतिपालनम् (ना./न)/**प्रतिपालना** (ना./स्त्री) प्रतिपाल्यते इति *(पालना गरिन्छ)* प्रतिपूर्वक पाल रक्षणे (चुरा.) धातु, प्रति+पाल्+ल्युट् (अन)= प्रतिपालन ।

प्रति+पाल्+णिचि+युच् (अन)+टाप् (आ)=प्रतिपालना ।

शब्दार्थ- हेरचाह गर्ने काम, पालना गर्ने काम, सुरक्षा गर्ने कार्य, भरणपोषण, संरक्षण, लालनपालन ।

प्रतिपालनीयः/प्रतिपाल्यः (वि.) प्रतिपालितुं योग्यः, प्रतिपाल्यते इति वा *(पालना गर्न योग्य वा पालना गरिन्छ)* प्रतिपूर्वक पाल रक्षणे (चुरा.) धातु, प्रति+पाल् +णिचि+अनीय (र्)= प्रतिपालनीय ।

प्रति+पाल्+णिचि+यत् (य), णिलोप= प्रतिपाल्य ।

शब्दार्थ- पालनपोषण गर्न योग्य वा लायक, सुरक्षा गर्नुपर्ने, लालनपालन गर्न योग्य ।

---

[1] उपसर्गे घोः किः : कि

[2] अत इनिठनौ... : इनि

[3] ण्वुल्तृचौ : ण्वुल्

[4] अचो यत् : यत्

प्रतिपालितः (वि.) प्रतिपाल्यते स्म इति *(पालना गरिएको)* प्रतिपूर्वक पाल रक्षणे (चुरा.) धातु, प्रति+पाल्+णिचि, वृद्धि, प्रतिपालि+क्त (त), णिलोप, इडागम =प्रतिपालित ।

शब्दार्थ- पालना गरिएको, सुरक्षा गरिएको, हेरचाह गरिएको, लालनपालन गरिएको, संरक्षित ।

प्रतिप्रश्नः (ना./पुं.) प्रति पृच्छ्यते इति *(प्रश्न उपर प्रश्न गरिन्छ)* प्रतिपूर्वक प्रच्छ ज्ञीप्सायाम् (तुदा.) धातु, प्रति+प्रच्छ्+नङ्[1] (न), च्छको श्[2]= प्रतिप्रश्न ।

शब्दार्थ- प्रश्नउपर नै प्रश्न गर्ने काम, प्रश्न सोध्नेलाई नै प्रश्न सोध्ने काम ।

प्रतिफलम् (ना./न.) प्रतिफलतीति *(फल. वा नतिजा दिन्छ)* प्रतिपूर्वक फल निष्पत्तौ (भ्वा.) धातु, प्रति+फल्+अच् (पचादि)= प्रतिफल ।

शब्दार्थ- फल, नतिजा, राम्रो वा खराव कामको परिणाम, उपलब्धि, फलप्राप्ति ।

प्रतिवद्धः (वि.) प्रतिवध्यते स्म इति *(बाँधिन्छ)* वध वन्धने (भ्वा.) वा वन्ध वन्धने (क्रया.) धातु, प्रति+वध्/वन्ध्+क्त (त), तको ध, वध्का वको व (व तथा वको अभेदसम्वन्ध हुंदा, जश्त्व, वन्ध्को नलोप= प्रतिवद्ध ।

शब्दार्थ-वाँधिएको, जेलिएको, वन्धनमा परेको, रोकिएको

प्रतिवन्धः (ना./पुं.) प्रतिवन्ध्यते इति *(रोक लगाइन्छ)* प्रतिपूर्वक वन्ध वन्धने (क्रया.) धातु, प्रति+वन्ध्+घञ् (अ)= प्रतिवन्ध ।

शब्दार्थ- कुनै कार्यमा रोकावट वा प्रतिवन्ध लगाउने काम, वन्देज, निषेध, अवरोध, वाधा, रोकावट ।

प्रतिविम्वम् (ना./न.) वेति गच्छति, शोभते इति वा *(जान्छ वा शोभा पाउँछ)* वी गतिव्याप्ति- प्रजनकान्त्यासनखादनेषु (अदा.) धातु, वी+वन्[3] (व), नुम्, ह्रस्व, उणा., विका वको व, विम्वम् । प्रतिगतं विम्वम् *(प्रतिकृति वनेको)* प्रा.त.स.= प्रतिविम्व ।

शब्दार्थ-प्रतिकृति, प्रतिच्छाया, प्रतिमूर्ति, चित्र, फोटोकपि

प्रतिविम्वितः (वि.) प्रतिविम्वं सञ्जातमस्य *(प्रतिबिम्ब पैदा भएको छ यसको)* प्रतिविम्ब+इतच् (इत) =प्रतिविम्वित ।

शब्दार्थ- कुनै पदार्थको प्रतिरूप वा प्रतिच्छाया देखिएको, छाया वा प्रतिविम्व परेको, चित्रित ।

उदा. कविको निर्मल हृदय उपरमा,
प्रतिविम्वितझैं शान्त र सुन्दर- सन्ध्या (देवकोटा)

प्रतिवोधः (ना./पुं.)/**प्रतिबोधनम्** (ना./न.) प्रतिवोध्यते इति *(वोध गराइन्छ, शिक्षा दिइन्छ)* प्रतिपूर्वक बुध अवगमने (भ्वा./दिवा.) धातु, प्रति+वुध्+णिचि+घञ् (अ) गुण, णिलोप= प्रतिवोध ।

प्रति+वुध्+ल्युट् (अन), गुण= प्रतिवोधन ।

शब्दार्थ- जागरण, उद्‌वोधन, शिक्षण, प्रतिवोध गर्ने काम, सचेत हुने वा गराउने काम, जनाउने क्रिया ।

प्रतिबोधितः (वि.) प्रतिबोध्यते स्म इति *(बोध गराइएको)* प्रतिपूर्वक बुध अवगमने (भ्वा./दिवा.)धातु, प्रति+वुध्+णिचि, गुण, प्रतिवोधि+क्त (त), णिलोप, इडागम = प्रतिवोधित ।

शब्दार्थ- जगाइएको, जागृत गराइएको, शिक्षा दिइएको, वोध गराइएको, जानकारी गराइएको ।

प्रतिभा (ना./स्त्री.) प्रतिभाति शोभते, प्रतिभायते इति वा *(स्फुरण वा स्फुरित वा प्रकाशित हुन्छ वा हुनु)* प्रतिपूर्वक भा दीप्तौ (अदा.) धातु, प्रति+भा+क[4]/अङ्[5] (अ), आकारलोप, प्रतिभ । प्रतिभ+टाप् (आ)=प्रतिभा ।

प्रज्ञा नवनवोन्मेषशालिनी प्रतिभा मता ।

शब्दार्थ- तुरुन्त नयाँ नयाँ कुरा कल्पना वा विचार गर्न सक्ने तीव्र वा प्रखरवुद्धि, मेधा, प्रज्ञा, मानसिक क्षमता, विशद परिकल्पना शक्ति, प्रतिभा-सम्पन्न प्रज्ञा, प्रभा, प्रकाश, चमक ।

प्रतिभावान् (वि.) प्रतिभा अस्यास्तीति *(प्रतिभा छ यसको)* प्रतिभा+मतुप्[6] (मत्),मको व,प्रतिभावत्=प्रतिभावान् ।

शब्दार्थ- प्रतिभा भएको, प्रतिभाशाली, प्रकाशवान् ।

प्रतिभाशाली (वि.) प्रतिभया शलते शोभते इति *(प्रतिभाले सम्पन्न वा सुशोभित हुन्छ)* प्रतिभापूर्वक शल चलनसंवरणनयोः (भ्वा.) धातु, प्रतिभा+शल्+णिनि (इन्), वृद्धि, प्रतिभाशालिन्= प्रतिभाशाली ।

शब्दार्थ- प्रतिभासम्पन्न, प्रतिभावान्, प्रतिभा भएको ।

प्रतिमा (ना./स्त्री.) प्रतिमीयतेऽनया *(प्रतिकृति बनाइन्छ वा तुलना गरिन्छ यसबाट)* प्रतिपूर्वक माङ् माने शब्दे च (जुहो.) धातु, प्रति+मा+अङ्[5] (अ), आकारलोप, प्रतिमः । प्रतिम+टाप् (आ)= प्रतिमा ।

शब्दार्थ- मूर्ति, प्रतिविम्व, अनुकृति, प्रतिकृति, प्रतिच्छाया, समानता वा तुल्यता, सादृश्य ।

प्रतिमानम् (ना./न.) प्रतिकृत्य मीयतेऽनेन *(प्रतिकृति बनाएर चित्रित गरिन्छ यसबाट)* प्रतिपूर्वक माङ् माने शब्दे च (जुहो.) धातु, प्रति+मा+ल्युट् (अन)=प्रतिमान

शब्दार्थ- प्रतिविम्व, छाया, प्रतिच्छाया, प्रतिमा, प्रतिमूर्ति, उपमा, सादृश्य, नमुना, परिमाण ।

प्रतिमूर्तिः (ना./स्त्री.) मूर्च्छतीति *(मोहित हुन्छ)* मुर्च्छा मोहसमुच्छ्राययोः (भ्वा.) धातु, मुर्च्छ+क्तिच्[7] (ति), छको लोप[8], दीर्घ, मूर्तिः । प्रतिगता मूर्तिः *(प्रतिमूर्ति वा प्रतिकृति बनेको)* प्रा.त.स.= प्रतिमूर्ति ।

शब्दार्थ- आकृति, प्रतिमा, कसैको आकृतिको प्रतिच्छाया, प्रतिकृति, प्रतिमूर्ति ।

---

[1] यवयाचयतविच्छ... : नङ्
[4] आतश्चोपसर्गे... : क
[7] क्तिच् क्तौ च... : क्तिच्
[2] च्छ्वोः शुडनुनासिके... : श्
[5] आतश्चोपसर्गे.. :अङ् (सू. ३/३/१०६)
[8] राल्लोप : छलोप
[3] उल्वादयश्च : वन्, नुम्, ह्रस्व
[6] तदस्यात्यस्मिन्... : मतुप्

प्रतियत्नः (ना./पुं.) प्रतियतनम्, प्रतियत्यते इति वा *(प्रयास गरिन्छ)* प्रतिपूर्वक यती प्रयत्ने (भ्वा.) धातु, प्रति+यत्+नङ् (न)= प्रतियत्न ।

शब्दार्थ-प्रयास, उद्यम, उद्योग, परिश्रमद्वारा कार्यसम्पादन

प्रतियोगः (ना./पुं.) प्रतियुज्यते इति *(प्रतियोगिता गरिन्छ)* प्रतिपूर्वक युजिर् योगे (रुधा.) धातु, प्रति+युज्+घञ् (अ), गुण, कुत्व= प्रतियोग ।

शब्दार्थ- कुनै वस्तुको प्रतिरूप हुने काम, प्रतिस्पर्धा गर्ने काम, विरोध वा अन्तर्विरोध गर्ने काम ।

प्रतियोगिता (ना./स्त्री.) प्रतियोगिनः भावः *(प्रतियोगी हुनाको भाव वा अवस्था)* प्रतियोगिन्+तल् (त)+टाप् (आ)= प्रतियोगिता ।

शब्दार्थ- प्रतिस्पर्धामा भिड्ने काम, प्रतिद्वन्द्विता, प्रतिस्पर्धिता, प्रतिस्पर्धा ।

प्रतियोगी (वि.) प्रतियुनक्तीति *(प्रतियोगिता गर्छ)* प्रतिपूर्वक युजिर् योगे (रुधा.) धातु, प्रति+युज्+घिनुण्[1] (इन्), प्रतियोगिन्= प्रतियोगी ।

शब्दार्थ- प्रतियोगितामा खडा हुने, प्रतिस्पर्धी, प्रतिद्वन्द्वी, कुनै कुराको विरोधमा खडा हुने ।

प्रतिरक्षकः (वि.) प्रतिरक्षतीति *(प्रतिरक्षा गर्छ)* प्रतिपूर्वक रक्ष पालने (भ्वा.) धातु, प्रति+रक्ष्+ण्वुल्[2] (अक) =प्रतिरक्षक ।

शब्दार्थ- प्रतिरक्षा गर्ने, कुनै आक्रमण आदिवाट देश वा राष्ट्रलाई जोगाउने, जनसाधारणको जीउ-धनको संरक्षण गर्ने ।

प्रतिरक्षणम् (ना./न.) प्रतिरक्ष्यते इति *(प्रतिरक्षा गरिन्छ)* प्रतिपूर्वक रक्ष पालने (भ्वा.) धातु, प्रति+रक्ष्+ल्युट् (अन), णत्व= प्रतिरक्षण ।

शब्दार्थ- प्रतिरक्षा गर्ने काम, युद्ध, आक्रमण आदि खतरावाट देशको सुरक्षा गर्ने काम, प्रतिरक्षा ।

प्रतिरक्षा (ना./स्त्री.) प्रतिरक्ष्यते इति *(प्रतिरक्षा गरिन्छ)* प्रतिपूर्वक रक्ष पालने (भ्वा.) धातु, प्रति+रक्ष्+अ[3] (प्रत्यय)+टाप् (आ)= प्रतिरक्षा ।

शब्दार्थ- प्रतिरक्षा गर्ने काम, वाहिरी वा भित्री आक्रमणवाट देशलाई रक्षा गर्ने काम, प्रतिरक्षण ।

प्रतिरूपम् (ना./न.) प्रतिगतं रूपम् *(प्रतिरूप बनेको)* प्रा.त.स.= प्रतिरूप ।

शब्दार्थ- अनुरूप, उस्तै रूप वा प्रतिकृति, प्रतिरूपक ।

प्रतिरूपकः (वि.) प्रतिरूपयतीति *(प्रतिरूप वा प्रतिकृति बन्छ)* प्रतिपूर्वक रूप रूपक्रियायाम् (चुरा.) धातु, प्रति+रूप्+ण्वुल् (अक)= प्रतिरूपक ।

शब्दार्थ- प्रतिमूर्ति वनेको, प्रतिकृति वनेको, अनुरूप वनेको ।

उदा. **प्रतिरूपक पादुका लिई अब फर्के भरतादि टोलिई-** आ.रा.५/५९

प्रतिरोधः (ना./पुं.) प्रतिरुध्यते इति *(प्रतिरोध गरिन्छ)* प्रतिपूर्वक रुधिर् आवरणे (रुधा.) धातु, प्रति+रुध्+घञ् (अ), गुण= प्रतिरोध ।

शब्दार्थ- रोकावट, अवरोध, विघ्नवाधा, कुनै कुरा रोक्ने काम, घेरा ।

प्रतिरोधकः (वि.) प्रतिरुणद्धीति *(प्रतिरोध गर्छ)* प्रतिपूर्वक रुधिर् आवरणे (रुधा.) धातु, प्रति+रुध्+ण्वुल् (अक), गुण= प्रतिरोधक ।

शब्दार्थ- रोकावट गर्ने, प्रतिरोध खडा गर्ने, अवरोध पैदा गर्ने, घेरा हाल्ने ।

प्रतिरोधितः (वि.) प्रतिरोध्यते स्म इति *(प्रतिरोध गरिएको)* प्रतिपूर्वक रुधिर् आवरणे (रुधा.) धातु, प्रति+रुध्+णिचि, वृद्धि, प्रतिरोधि+क्त (त), णिलोप, इडागम =प्रतिरोधित ।

शब्दार्थ- प्रतिरोध वा अवरोध खडा गरिएको, निषेध गरिएको, रोकिएको, घेरा हालिएको ।

प्रतिरोधी (वि.) प्रतिरोद्धुं शीलमस्य *(प्रतिरोध गर्ने क्षमता छ यसको)* वा प्रतिरोत्स्यतीति *(प्रतिरोध गर्नेछ)* प्रतिपूर्वक रुधिर् आवरणे (रुधा.) धातु, प्रति+रुध्+णिनि[4] (इन्), गुण, प्रतिरोधिन्= प्रतिरोधी ।

अथवा प्रतिरोधः अस्यास्तीति *(प्रतिरोध छ यसको)* प्रतिरोध+इनि[5] (इन्), प्रतिरोधिन्= प्रतिरोधी ।

शब्दार्थ- प्रतिरोध गर्ने, अवरोध पैदा गर्ने, विपक्षी, वाधक, घेरा हाल्ने, रोक्ने ।

प्रतिलिपिः (ना./पुं.) प्रतिलिप्यते इति *(प्रतिलिपि उतार्नु)* प्रतिपूर्वक लिप उपदेहे (तुदा.) धातु, प्रति+लिप्+इक्[6]/इन्[7] (इ), उणा.= प्रतिलिपि ।

शब्दार्थ- लेख, रचना र कागतपत्रको जस्ताको तस्तै उतारिएको प्रतिलिपि, नक्कलप्रति, फोटोप्रति ।

प्रतिलोमः (वि.) रोहतीति *(प्रादुर्भाव हुन्छ)* रुह बीजजन्मनि प्रादुर्भावे च. (भ्वा.) धातु, रुह्+मनिन्[8] (मन्), धातुका हको लोप, 'र'को लत्वनिपातन, गुण, लोमन्= लोम ।

अथवा लूयते इति *(छेदन गरिन्छ)* लूञ् छेदने (क्र्या.) धातु, लू+मनिन् (मन्), गुण, लोम । प्रतिगतं लोम *(विपरीत गएको)* प्रा.त.स., समासान्त अच्= प्रतिलोम

शब्दार्थ- विपरीत, उल्टो, एक अर्कोसित नमिल्ने ।

प्रतिवचनम् (ना./न.) प्रतिरूपं वचनम् *(प्रतिवचन)* प्रा.त.स.= प्रतिवचन ।

शब्दार्थ- प्रत्युत्तर, प्रतिवाक्य, कतै ठक्कर खाएर फर्केको प्रतिध्वनि ।

---

[1] सम्पृचानुरुधाङ्य... : घिनुण्

[2] ण्वुल्तृचौ : ण्वुल्

[3] गुरोश्च हलः : अ (प्रत्यय)

[4] सुप्यजातौ../भविष्यति गम्यादयः : णिनि

[5] अत इनिठनौ : इनि

[6] इक्कृष्यादिभ्यः (वा.) : इक्

[7] इगुपधात् कित् : इन्

[8] नामन्सीमन्व्योमन्... : मनिन्, हलोप, लत्वनिपातन

प्रतिवस्तु (अव्य./ना./न.) वसतीति *(बस्छ)* वस निवासे (भ्वा.) धातु, वस्+तुन्[१] (तु), उणा., वस्तु । वस्तु वस्तु प्रति *(हरेक वस्तु)* प्रति+वस्तु, अव्य.स. =प्रतिवस्तु ।

अथवा प्रतिगतं वस्तु *(वस्तु अनुरूप बनेको)* प्रा.त.स. =प्रतिवस्तु ।

शब्दार्थ- प्रत्येक वस्तु पिच्छे, हरेक मालसामान, हरेक चीजवीज, कुनै एक वस्तुसित मिल्ने अर्को वस्तु ।

प्रतिवाक्यम् (ना./न./अव्य.) उच्यते, वक्तुं योग्यमिति वा *(भनिन्छ, भन्न योग्य)* वच परिभाषणे (अदा.) धातु, वच्+ण्यत् (य), वृद्धि, कुत्व, वाक्यम् ।

प्रतिगतं वाक्यम् *(प्रत्युत्तर वाक्य)* प्रा.त.स. =प्रतिवाक्य ।

अथवा वाक्यं वाक्यं प्रति *(प्रत्येक वाक्य)* प्रति+वाक्य, अव्य.स.= प्रतिवाक्य ।

शब्दार्थ- उत्तर, प्रत्युत्तर, प्रतिवचन, वाक्यैपिच्छे, प्रत्येक वाक्यमा, हरेक वाक्यमा ।

प्रतिवादः (ना./पुं.) प्रत्युद्यते इति *(प्रतिवाद गरिन्छ)* प्रतिपूर्वक वद व्यक्तायां वाचि (भ्वा.) धातु, प्रति+वद् +घञ् (अ), वृद्धि= प्रतिवाद ।

शब्दार्थ- उत्तर, प्रत्युत्तर, जवाफ, कुनै कुराको विरोध वा खण्डन, कुनै आरोपको खण्डन गर्न दिइएको प्रत्युत्तर ।

प्रतिवादी (ना./पुं.) प्रतिवदितुं, प्रतिकूलं वक्तुं शीलमस्येति *(प्रतिवाद गर्ने वा प्रतिकूल भन्ने शील वा क्षमता छ यसको)* प्रतिपूर्वक वद व्यक्तायां वाचि (भ्वा.) धातु, प्रति+वद्+णिनि[२] (इन्), वृद्धि, प्रतिवादिन्=प्रतिवादी ।

प्रतिवादः अस्यास्तीति *(प्रतिवाद गर्ने क्षमता छ यसको)* प्रतिवाद+इनि (इन्), प्रतिवादिन्= प्रतिवादी ।

शब्दार्थ- कुनै कुराको प्रतिवाद वा खण्डन गर्ने व्यक्ति, वादीले भनेका आरोपको खण्डन गर्ने व्यक्ति, चित्त नबुझेका कुराको जवाफ दिने व्यक्ति ।

प्रतिवेदनम् (ना./न.) प्रतिवेदनम्, प्रतिविद्यते इति वा *(जानकारी वा प्रतिवेदन दिइन्छ)* प्रतिपूर्वक विद ज्ञाने (अदा.) वा विद विचारणे (रुधा.) धातु, प्रति+विद्+ल्युट् (अन), गुण= प्रतिवेदन ।

शब्दार्थ- कुनै काम वा घटनाको यथार्थ कुरा उल्लेख गरी दिइने विवरण ।

प्रतिशतम् (अव्य.) दश दशतः परिमाणमस्येति *(दशवटा दशको परिमाण छ यसको)* दशन्+त[३], प्रकृति दशन् को श आदेश, शतम् । शतं शतं प्रति *(प्रत्येक सय)* प्रति+शतम्, अव्य.स.= प्रतिशत ।

शब्दार्थ- प्रत्येक सयको सङ्ख्या, हरेक सय, सयकडा ।

प्रतिशब्दः (ना./पुं./अव्य.) प्रतिशब्द्यते इति *(फर्केको आवाज निस्किन्छ)* प्रतिपूर्वक शब्द भाषणे (चुरा.) धातु, प्रति+शब्द्+घञ् (अ)= प्रतिशब्द ।

अथवा शब्दं शब्दं प्रति *(प्रत्येक शब्द)* प्रति+शब्द, अव्य.स.= प्रतिशब्द ।

शब्दार्थ- प्रतिध्वनि, पहिलो ध्वनि जस्तै सुनिने अर्को ध्वनि, फर्केर निस्केको आवाज, उस्तै अर्थ दिने पर्यायवाची शब्द, प्रत्येक शब्दमा, हरेक शब्दमा, शब्दैपिच्छे ।

प्रतिशोधः (ना./पुं.) प्रतिशोधनम्, प्रतिशोध्यते इति वा *(प्रतिशोध वा बदला लिइन्छ)* प्रतिपूर्वक शुध शौचे (दिवा.) धातु, प्रति+शुध्+घञ् (अ), गुण= प्रतिशोध ।

शब्दार्थ- कसैले गरेको नराम्रो काम-कुराप्रति बदला लिन गरिने क्रियाकलाप, प्रतिकार, बदला लिने काम ।

उदा. **जल जलामय पारी प्रतिशोध गर्ने अर्कै दाउ हेरिरहेछु- आगो र पानी (अधिको ५)**

प्रतिश्रुतः (वि.) प्रतिश्रूयते स्म इति *(स्वीकार गरिएको)* प्रतिपूर्वक श्रु श्रवणे (भ्वा.) धातु, प्रति+श्रु+क्त (त) =प्रतिश्रुत ।

शब्दार्थ- स्वीकृत, कबोल गरिएको, स्वीकार गरिएको ।

प्रतिषिद्धः (वि.) प्रतिषिद्धयते स्म इति *(निषेध गरिएको)* प्रतिपूर्वक षिध गत्याम् (भ्वा.) धातु, सत्व, प्रति+सिध् +क्त (त)= प्रतिषिद्ध ।

शब्दार्थ- निषेध गरिएको, प्रतिषेध गरिएको, रोक लगाइएको ।

प्रतिषेधः (ना./पुं.) प्रतिषिध्यते इति *(निषेध गरिन्छ)* प्रतिपूर्वक षिध गत्याम् (भ्वा.) धातु, प्रति+सिध्+घञ् (अ), गुण, षत्व= प्रतिषेध ।

शब्दार्थ- निषेध गर्ने वा रोक लगाउने काम, निषेध, निवारण, बन्देज ।

प्रतिष्ठा (ना./स्त्री.) प्रतिष्ठीयते इति *(प्रतिष्ठित हुनु)* प्रतिपूर्वक ष्ठा गतिनिवृत्तौ (भ्वा.)धातु, प्रति+स्था+अङ्[४] (अ), आलोप, प्रतिष्ठः । प्रतिष्ठ+टाप् (आ), षत्व, ष्टुत्व= प्रतिष्ठा ।

अथवा प्रकर्षेण तिष्ठति अस्याम् *(राम्ररी सम्मानपूर्वक रहन्छ यसमा)* प्रति+स्था+अङ्[४] (अ)+टाप् (आ) =प्रतिष्ठा ।

शब्दार्थ- सम्मान वा आदर गर्ने काम, आदर, सम्मान, प्रसिद्धि, यश, कीर्ति, व्रतादिको समाप्तिमा गरिने पूजाआजा ।

उदा. **लोकमा विरलै हुन्छ, प्रतिष्ठा मान गौरव- ऋ.वि. (शिशिर वि.)**

प्रतिष्ठानम् (ना./न.) प्रतिष्ठीयते, प्रतितिष्ठति वा अत्र *(राखिन्छ वा रहन्छ यहाँ)* प्रतिपूर्वक ष्ठा गतिनिवृत्तौ (भ्वा.) धातु, प्रति+स्था+ल्युट् (अन), अधिकरणमा, षत्व, ष्टुत्व= प्रतिष्ठान ।

शब्दार्थ-राख्ने वा स्थापना गर्ने काम, कुनै प्रतिष्ठित संस्था

---

[१] वसेस्तुन् : तुन्

[२] सुप्यजातौ... : णिनि

[३] पङ्क्तिविंशतित्रिंशत्.. : त

[४] आतश्चोपसर्गे... : अङ्

प्रतिष्ठापनम् (ना./न.) प्रतिष्ठाप्यते इति *(स्थापना गरिन्छ)* प्रतिपूर्वक ष्ठा गतिनिवृत्तौ (भ्वा.) धातु, प्रति+स्था+णिचि, पुगागम, प्रतिष्ठापि+ल्युट् (अन), णिलोप= प्रतिष्ठापन ।

शब्दार्थ- देवीदेवताको मूर्ति विधिपूर्वक स्थापना गर्ने काम

प्रतिष्ठापितः (वि.) प्रतिष्ठाप्यते स्म इति *(प्रतिष्ठापन गरिएको)* प्रतिपूर्वक ष्ठा गतिनिवृत्तौ (भ्वा.) धातु, प्रति+स्था+णिचि, पुगागम, प्रतिष्ठापि+क्त (त), णिलोप, इडागम= प्रतिष्ठापित ।

शब्दार्थ- प्रतिष्ठापन गरिएको, संस्थापन गरिएको ।

प्रतिष्ठितः (वि.) प्रतितिष्ठति स्म इति *(सम्मान पाएको)* प्रतिपूर्वक ष्ठा गतिनिवृत्तौ (भ्वा.) धातु, प्रति+स्था +क्त[1] (त), कर्तामा, इत्व[2], षत्व, ष्टुत्व= प्रतिष्ठित । अथवा प्रतिष्ठा सञ्जाता अस्य *(प्रतिष्ठा गरिएको छ यसको)* प्रतिष्ठा+इतच्[3] (इत), आलोप= प्रतिष्ठित ।

शब्दार्थ- प्रतिष्ठा वा सम्मान वा आदर पाएको, ख्याति आर्जन गरेको, गण्यमान्य, प्रसिद्ध, विख्यात ।

प्रतिसर्गः (ना./पुं.) प्रतिरूपश्चासौ सर्गश्च *(सृष्टि अनुरूपकै अर्को सृष्टि)* क.त.स., उ.प.लोप= प्रतिसर्ग

शब्दार्थ- ब्रह्माको सृष्टिपछि अरूवाट भएको अर्को सृजना, दक्षप्रजापति आदिको सृष्टि ।

प्रतिस्पर्धा (ना./स्त्री.) प्रतिस्पर्ध्यते इति *(प्रतिस्पर्धा गरिन्छ)* प्रतिपूर्वक स्पर्ध सङ्घर्षे (भ्वा.) धातु, प्रति+स्पर्ध्+अ[4] (प्रत्यय)+टाप् (आ)= प्रतिस्पर्धा ।

शब्दार्थ- प्रतियोगिता, प्रतिद्वन्द्विता, होडवाजी गर्ने काम, अभिमान, अर्कोलाई जित्न गरिएको प्रतिस्पर्धात्मक प्रयास ।

प्रतिस्पर्धी (वि.) प्रतिस्पर्धा अस्यास्तीति *(प्रतिस्पर्धा छ यसको)* प्रतिस्पर्धा+इनि (इन्), अकारलोप= प्रतिस्पर्धी

शब्दार्थ- प्रतिस्पर्धा गर्ने, प्रतियोगी वन्ने, प्रतिद्वन्द्विता गर्ने, होडवाजी गर्ने ।

प्रतिहतः (वि.) प्रतिहन्यते स्म इति *(चोट पुऱ्याएको)* प्रतिपूर्वक हन हिंसागत्योः (अदा.) धातु, प्रति+हन्+क्त (त), अनुनासिक नलोप= प्रतिहत ।

शब्दार्थ-आघात पुऱ्याएको, चोट पुऱ्याएको, प्रहार गरेको,

उदा. **छ्याडी जाँदा प्रतिहत भयौं ठान्दछन् रिक्त खोपी-** य.श. (४/२२)

प्रतिहन्यमानः (वि.) प्रतिहन्यते इति *(प्रहार गरिन्छ)* प्रतिपूर्वक हन हिंसागत्योः (अदा.) धातु, प्रति+हन्+यक् (य)+शानच् (आन), मुक्= प्रतिहन्यमान ।

शब्दार्थ- प्रहार गरिरहेको, हान्दै रहेको, चोट पुऱ्याइँदै ।

प्रतिहारः (ना./पुं.) प्रति प्रत्येकं हरतीति *(प्रत्येकलाई ल्याउने गर्छ)* प्रतिपूर्वक हृञ् हरणे (भ्वा.) धातु, प्रति+हृ+अण् (अ), वृद्धि= प्रतिहार ।

शब्दार्थ- द्वारपाल, हरेक भेट्न आउने व्यक्तिलाई आफ्नो स्वामी वा मालिकको समीपमा लाने व्यक्ति ।

प्रतिहिंसा (ना./स्त्री.) प्रतिहिंस्यते इति *(बदलाको भावले हिंसा गरिन्छ)* प्रतिपूर्वक हिसि हिंसायाम् (रुधा.) धातु, नुम्, प्रति+हिंस्+अ (प्रत्यय)+टाप् (आ)= प्रतिहिंसा ।

शब्दार्थ- कसैले गरेको हिंसाको वदला लिन गरिने अर्को हिंसा, वदला लिने काम, साटो फेर्ने काम ।

प्रतीकः (ना./पुं.) प्रत्येति, प्रतीयते इति वा *(विपरीत चल्छ वा चल्नु)* प्रतिपूर्वक इण् गतौ (अदा.) धातु, प्रति+इ+कीकन्[5] (इक), उणा., प्रति इको दीर्घ, प्रती+इक, पुनः दीर्घ= प्रतीक ।

अथवा एतीति *(जान्छ)* ई गतौ (भ्वा.) धातु, ई+क्विप् (सर्वलोप), ईः (लक्ष्मीः) । प्रतिगता ईः लक्ष्मीर्येन यं वा *(प्रतिकूल छन् लक्ष्मी जसबाट वा जसलाई)* प्रतिगता +ई, व.स., उ.प.लोप, दीर्घ, प्रती+कप्[6] (क)=प्रतीक ।

प्रतीकोऽवयवेऽपि स्यात्प्रतिकूलविलोमयोः- इति मेदिनी

शब्दार्थ- अङ्ग, अवयव, प्रतिकूल, विपरीत, मूर्ति, चित्र, कुनै वस्तु वा पदार्थ वा अन्य कुराको प्रतिविम्वको रूपमा कल्पना गरिएको वस्तु, चिन्ह, सङ्केत ।

प्रतीकवादः (ना./पुं.) उद्यते इति *(भनिन्छ)* वद व्यक्तायां वाचि (भ्वा.) धातु, वद्+घञ् (अ), वृद्धि, वादः । प्रतीकानां वादः *(प्रतीकका प्रयोगको वाद)* प्रतीक+वाद, ष.त.स.= प्रतीकवाद ।

शब्दार्थ- प्रतीकहरूको प्रयोगसम्वन्धी वाद वा सिद्धान्त, प्रतीकात्मक प्रयोगमा जोड दिने मत ।

प्रतीकवादी (वि.) प्रतीकवादः अस्यास्तीति *(प्रतीकवाद-सम्बन्धी सिद्धान्त छ यसको)* प्रतीकवाद+इनि (इन्), अकारलोप, प्रतीकवादिन्= प्रतीकवादी ।

शब्दार्थ- प्रतीकवादमा आस्था वा विश्वास गर्ने, प्रतीकवादको अनुसरण गर्ने ।

प्रतीकात्मकः (वि.) प्रतीकः आत्मा यस्य *(प्रतीक नै मुख्य छ जसको)* प्रतीक+आत्मन्, व.स.,कप्[7] (समासान्त) =प्रतीकात्मक ।

शब्दार्थ- प्रतीकसम्वन्धी, प्रतीकको प्रयोगद्वारा व्यक्त गर्न खोजिएको वा वुझाउने प्रयास गरिएको ।

प्रतीकात्मकता (ना./स्त्री.) प्रतीकात्मकस्य भावः *(प्रतीकात्मक हुनाको भाव वा अवस्था)* प्रतीकात्मक +तल् (त)+टाप् (आ)= प्रतिकात्मकता ।

शब्दार्थ- प्रतीकात्मक हुनाको स्थिति ।

प्रतीकारः (ना./पुं.) प्रतिकरणम्, प्रतिक्रियते इति वा *(प्रतीकार गरिन्छ)* प्रतिपूर्वक डुकृञ् करणे (तना.) धातु, प्रति+कृ+घञ् (अ), वृद्धि, उपसर्गको दीर्घ= प्रतीकार ।

शब्दार्थ- विरोध जनाउने काम, वैरभाव गर्ने क्रिया, अपकार गर्ने काम ।

---

१. गत्यार्थाकर्मक... : क्त

२. द्यतिस्यतिमास्था... : इत्व

३. तदस्य सञ्जातम्... : इतच्

४. गुरोश्च हलः : अ

५. अलिकादयश्च : कीकन्

६. नद्यृतश्च : कप्

७. अनिनस्मन्... : कप्

प्रतीक्षकः (वि.) प्रतीक्षते इति *(प्रतीक्षा गर्छ)* प्रतिपूर्वक ईक्ष दर्शने (भ्वा.) धातु, प्रति+ईक्ष्+ण्वुल् (अक), दीर्घ =प्रतीक्षक ।

शब्दार्थ- प्रतीक्षा गर्ने, बाटो हेर्ने, पर्खेर बस्ने ।

प्रतीक्षणम् (ना./न.) प्रतीक्ष्यते इति *(प्रतीक्षा गरिन्छ)* प्रतिपूर्वक ईक्ष दर्शने (भ्वा.) धातु, प्रति+ईक्ष्+ल्युट् (अन), दीर्घ, णत्व= प्रतीक्षण ।

शब्दार्थ- पर्खने वा प्रतीक्षा गर्ने कार्य, पर्खेर बस्ने काम, पर्खाइ, कुरेर बस्ने काम, पर्खने कार्य ।

प्रतीक्षा (ना./स्त्री.) प्रतीक्ष्यते इति *(प्रतीक्षा गरिन्छ)* प्रतिपूर्वक ईक्ष दर्शने (भ्वा.) धातु, प्रति+ईक्ष्+अङ्[1] (अ),+टाप् (आ)= प्रतीक्षा ।

शब्दार्थ- प्रतीक्षा गर्ने काम, पर्खाइ, कुरेर बस्ने काम, पर्खने कार्य ।

प्रतीक्षाकारी (वि.) प्रतीक्षां कर्तुं शीलमस्य *(प्रतीक्षा गर्ने शील छ यसको)* डुकृञ् करणे (तना.) धातु, प्रतीक्षा+कृ+णिनि (इन्), प्रतीक्षाकारिन्= प्रतीक्षाकारी ।

शब्दार्थ- प्रतीक्षा गर्ने, पर्खने, कुरेर बस्ने ।

प्रतीक्षालयः (ना./पुं.) प्रतीक्षायै आलयः *(पर्खनका लागि बस्ने ठाउँ वा कोठा)* च.त.स., दीर्घ= प्रतीक्षालय ।

शब्दार्थ- प्रतीक्षा गरेर बस्ने ठाउँ, पर्खने वा कुरेर बस्ने कोठा, कसैको भेटघाटका लागि पर्खेर बस्ने ठाउँ वा कोठा वा घर ।

प्रतीक्षितः (वि.) प्रतीक्ष्यते स्म इति *(पर्खिएको)* प्रतिपूर्वक ईक्ष दर्शने (भ्वा.) धातु, प्रति+ईक्ष्+क्त (त), इडागम, दीर्घ= प्रतीक्षित ।

शब्दार्थ- प्रतीक्षा गरिएको, पर्खिएको, कुरेर बसिएको ।

प्रतीची (ना./स्त्री.) प्रति पश्चात् दिनान्ते अञ्चति सूर्यम् *(दिनको अन्त्यमा सूर्यलाई स्वागत-सत्कार गर्छ)* प्रतिपूर्वक अञ्चु गतिपूजनयोः (भ्वा.) धातु, प्रति+अञ्च्+क्विन्[2] (सर्वलोप), नलोप[3], अकारलोप[4], दीर्घ[5], प्रतीच्+ङीप् (ई)= प्रतीची ।

शब्दार्थ- पश्चिमदिशा, नैऋत्य र वायव्यकोणको बीचमा पर्ने दिशा, सूर्यास्त हुने दिशा ।

प्रतीचीनः (वि.) प्रत्यगेव *(पश्चिम नै)* प्रतिपूर्वक अञ्चु गतिपूजनयोः (भ्वा.) धातु, प्रति+अञ्च्+क्विन् (सर्वलोप), नलोप, अकारलोप, दीर्घ, प्रतीच्+ख[6] (ईन)= प्रतीचीन ।

प्रत्यग्भवं प्रतीचीनं प्राचीनं प्राग्भवं त्रिषु- इत्यमरः

शब्दार्थ-पश्चिममा भएको, पश्चिमी, पाश्चात्य, परवर्ती ।

प्रतीच्यः (वि.) प्रतीच्यां भवः जातादिर्वा *(पश्चिममा हुने वा भएको)* प्रतीची+यत्[7] (य), इकारलोप= प्रतीच्य ।

शब्दार्थ- पश्चिममा भएको, पाश्चात्य ।

प्रतीतः (वि.) प्रत्येति स्म, प्रतीयते स्म इति वा *(गएको, बितेको, पत्याइएको)* प्रतिपूर्वक इण् गतौ (अदा.) धातु, प्रति+इ+क्त (त), कर्ता र कर्ममा, दीर्घ= प्रतीत ।

शब्दार्थ- प्रस्थान गरेको, बितेको, पत्याइएको, विश्वस्त, विश्वास गरिएको, आभास भएको, भान भएको, जानिएको, विदित ।

प्रतीतपत्रम् (ना./न.) प्रतीतस्य पत्रम् *(अधिकार दिइएको वा विश्वास दिलाइएको पत्र)* ष.त.स.= प्रतीतपत्र ।

शब्दार्थ- अधिकार दिइएको पत्र, अख्तियार पत्र, विश्वास दिलाइएको पत्र ।

प्रतीतिः (ना./स्त्री.) प्रतीयते इति *(पत्याइन्छ)* प्रतिपूर्वक इण् गतौ (अदा.) धातु, प्रति+इ+क्तिन् (ति), दीर्घ =प्रतीति ।

शब्दार्थ- पत्याउने काम, भान वा आभास, विश्वास, प्रतीत हुने काम, ज्ञान, प्रस्फुरण, ख्याति, आदर, प्रस्थान ।

प्रतीपः (वि./ना./पुं.) प्रतिगताः आपः यत्र *(प्रतिकूल छन् जल जहाँ)* प्रतिगत+अप्, ब.स., उ.प.लोप, समासान्त अप्रत्यय[8], अप्का अको ईत्व[9], दीर्घ= प्रतीप ।

शब्दार्थ- विपरीत, विरुद्ध, उल्टो, प्रतिकूल, अलङ्कारको एउटा प्रकार ।

प्रतीहारः (ना./पुं.) प्रतिह्रियते अत्र *(ल्याइन्छ यहाँ)* प्रतिपूर्वक हृञ् हरणे (भ्वा.) धातु, प्रति+हृ+घञ् (अ), वृद्धि, उपसर्गको दीर्घ= प्रतीहार ।

शब्दार्थ- द्वारपाल, अरूलाई स्वामी समीप लाने व्यक्ति ।

प्रत्यक्षः (वि./ना./न./अव्य.) प्रतिगतमक्षि इन्द्रियं यत्र *(आँखाको समीपमा गएको छ जहाँ)* प्रा.ब.स., उ.प.लोप, प्रति+अक्षि, समासान्त (अच्), टिलोप, प्रति अक्ष, यण् =प्रत्यक्ष । अथवा प्रतिगतमक्षि *(आँखाको सामुन्ने)* प्रति+अक्षि, प्रा.त.स., समासान्त (अच्), यण् =प्रत्यक्ष । अथवा अक्ष्णः प्रति *(आँखाको सामुन्ने)* प्रति+अक्षि, अव्य.स., यण्, प्रत्यक्षि+टच्[10] (समासान्त), इकारलोप, अम्भाव[11], प्रत्यक्षम्= प्रत्यक्ष ।

शब्दार्थ- प्रत्यक्षदेखिने, आँखाले देख्न सकिने, प्रत्यक्ष प्रमाण, दृष्टिगोचर, आँखाको सामुन्ने, समक्ष ।

प्रत्यक्षज्ञानम् (ना./न.) प्रत्यक्षञ्च तत् ज्ञानञ्च *(प्रत्यक्ष ज्ञान)* क.त.स.= प्रत्यक्षज्ञान ।

शब्दार्थ- आफ्नै इन्द्रियहरूद्वारा थाह हुने ज्ञान, प्रत्यक्ष-प्रमाणबाट प्राप्त ज्ञान, प्रत्यक्ष हुने ज्ञान ।

प्रत्यक्षदर्शनम् (ना./न.) प्रत्यक्षेण दर्शनम् *(प्रत्यक्षरूपले दर्शन)* तृ.त.स.= प्रत्यक्षदर्शन ।

शब्दार्थ- आफ्नै आँखाले प्रत्यक्ष देख्ने काम, साक्षात्कार, दृष्टिगोचर ।

---

[1] गुरोश्च हलः : अङ्

[2] ऋत्विग्दधृक्... : क्विन्

[3] अनिदितां हल... : नलोप

[4] अचः : अकारलोप

[5] चौ : दीर्घ

[6] विभाषाञ्चेरदिक्... : ख

[7] द्युप्रागपा.../दिगादिभ्यो : यत्

[8] ऋक्पूरब्धूः... : अ (प्रत्यय)

[9] द्व्यन्तरुपसर्गेभ्योऽप...: ईत्व

[10] प्रतिपरसमनु... : टच्

[11] नाव्ययीभावादतो... : अम्भाव

प्रत्यक्षप्रमाणम् (ना./न.) प्रत्यक्षं च तत् प्रमाणञ्च *(प्रत्यक्ष प्रमाण)* क.त.स.= प्रत्यक्षप्रमाण ।

शब्दार्थ- प्रत्यक्षरूपले देखिने प्रमाण, आँखाले प्रत्यक्ष देखेको प्रमाण, सबुत प्रमाण ।

प्रत्यक्षशासनम् (ना./न.) प्रत्यक्षेण सञ्चालितं शासनम् *(प्रत्यक्षरूपले सञ्चालन गरिएको शासन)* तृ.त.स. =प्रत्यक्षशासन ।

शब्दार्थ- राजा वा राष्ट्रपतिद्वारा सोझै शासन सञ्चालन गर्ने काम, केन्द्रीय सरकारद्वारा सोझै शासन गर्ने काम ।

प्रत्यक्षीकरणम् (ना./न.) अप्रत्यक्षं प्रत्यक्षं सम्पद्यते, तत्करणमिति *(अप्रत्यक्ष प्रत्यक्ष हुन्छ, त्यो गरिन्छ)* डुकृञ् करणे (तना.) धातु, प्रत्यक्ष+च्वि[1]+कृ+ल्युट् (अन), कृको गुण, णत्व, प्रत्यक्षको ईत्व[2], च्विको सर्वलोप= प्रत्यक्षीकरण ।

शब्दार्थ- बुद्धीन्द्रियहरूले अनुभूति गर्ने काम, प्रत्यक्ष नभएको कुरा प्रत्यक्षरूपमा देख्ने काम, साक्षात्कार ।

प्रत्ययः (ना./पुं.) प्रत्येति, प्रतीयते विधीयते इति वा *(विश्वास गर्छ, विधान गरिन्छ)* प्रतिपूर्वक इण् गतौ (अदा.) धातु, प्रति+इ+अच् (पचादि/एरच्)/घ (अ), गुण, अयादेश, प्रति अय, यण्= प्रत्यय ।

प्रत्ययोऽधीनशपथज्ञानविश्वासहेतुषु- इत्यमरः

शब्दार्थ-विश्वास, पत्यार गर्ने काम, शपथ, ज्ञान, कारण, शव्दको अन्त्यमा जोडिएर आउने परसर्ग/प्रत्यय

प्रत्यर्थम् (अव्य.) अर्थं अर्थं प्रति *(प्रति अर्थ)* अव्य.स., यण् =प्रत्यर्थ । **शब्दार्थ-** अर्थप्रति, प्रतिअर्थ, अर्थैपिच्छे ।

प्रत्यर्थी (वि.) प्रति प्रतिशोधम्, प्रतिकूलम् वा अर्थयते इति *(प्रतिशोध गर्ने वा प्रतिकूल चल्ने चाहना गर्छ)* प्रतिपूर्वक अर्थ उपयाञ्चायाम् (चुरा.) धातु, प्रति+अर्थ्+णिनि (इन्), यण, प्रत्यर्थिन्= प्रत्यर्थी ।

शब्दार्थ- प्रतिवादी, शत्रुपक्षको, रिपु ।

प्रत्यहम् (अव्य.) अहनि अहनि इति *(दिन दिन)* प्रति+अहन्, अव्य.स., यण्, प्रत्यहन्+टच् (अ), टिलोप =प्रत्यह ।

शब्दार्थ- दिनदिनै, प्रतिदिन, दिनैपिच्छे ।

प्रत्याक्रमणम् (ना./न.) प्रत्याक्रम्यते इति *(आक्रमणको बदला आक्रमण गरिन्छ)* प्रति आङ् उपसर्गद्वयपूर्वक क्रमु पादविक्षेपे (भ्वा.) धातु, प्रति+आ+क्रम्+ल्युट् (अन), यण्, णत्व= प्रत्याक्रमण ।

शब्दार्थ- कसैले आक्रमण गरेमा त्यसको बदलामा गरिने आक्रमण, प्रत्याक्रमण गर्ने काम, आइलाग्ने प्रति जाइलाग्ने काम ।

प्रत्याख्यानम् (ना./न.) प्रत्याख्यायते इति *(खण्डन गरिन्छ)* प्रति आङ्पूर्वक ख्या प्रकथने (अदा.) धातु, प्रति+आ+ख्या+ल्युट् (अन), यण्= प्रत्याख्यान ।

शब्दार्थ- कसैको कुनै मत वा सिद्धान्तको खण्डन, आक्षेपको प्रतिकार वा आरोपको खण्डन, कसैद्वारा लगाइएको आक्षेपको निराकरण वा अस्वीकार ।

प्रत्यागमः/प्रत्यागमनम् (ना./पुं./न.) प्रत्यागम्यते इति *(फर्केर आउनु)* प्रति आङ् उपसर्गद्वयपूर्वक गम्लृ गतौ (भ्वा.) धातु, प्रति+आ+गम्+घञ् (अ), वृद्धिनिषेध, यण्= प्रत्यागम ।

प्रति+आ+गम्+ल्युट् (अन), यण्= प्रत्यागमन ।

शब्दार्थ- फर्केर आउने काम, पुनरागमन, फिर्ती सवारी ।

प्रत्यायोजनम् (ना./न.) प्रत्यायोज्यते इति *(सुम्पिन्छ)* प्रति आङ् उपसर्गद्वयपूर्वक युजिर् योगे (रुधा.) धातु, प्रति+आ+युज्+णिचि+ल्युट् (अन), गुण, यण्, णिलोप =प्रत्यायोजन ।

शब्दार्थ- अधिकार वा कुनै वस्तु अर्कालाई सुम्पने काम, कुनै कुरा हस्तान्तरण गर्ने क्रिया, जिम्मेवारी दिने काम ।

प्रत्यायोजितः (वि.) प्रत्यायोज्यते स्म इति *(प्रत्यायोजन गरिएको)* प्रति आङ् उपसर्गद्वयपूर्वक युजिर् योगे (रुधा.) धातु, प्रति+आ+युज्+णिचि, गुण, यण्, प्रत्यायोजि+क्त (त), णिलोप, इडागम= प्रत्यायोजित ।

शब्दार्थ- प्रत्यायोजन गरिएको, उत्तरदायित्व वा जवाफदेहीपन सुम्पिएको वा हस्तान्तरण गरिएको ।

प्रत्यारोपः (ना./पुं.) प्रत्यारोप्यते इति *(आरोप प्रत्यारोप लगाइन्छ)* प्रति आङ् उपसर्गद्वयपूर्वक रुह वीजजन्मनि प्रादुर्भावे च (भ्वा.)धातु, प्रति+आ+रुह्+णिचि, यण्, हको प अन्तादेश, गुण,प्रत्यारोपि+घञ् (अ), णिलोप= प्रत्यारोप

शब्दार्थ- आरोपप्रति आरोप लगाउने काम, कसैले कुनै दोष लगाएमा उसैमाथि दोष लगाउने काम, कसैले आरोप लगाएमा बदलामा आरोप लगाउने काम, साटो फेर्ने काम ।

प्रत्यालोचना (ना./स्त्री.) प्रत्यालोच्यते इति *(प्रत्यालोचन गरिन्छ)* प्रति आङ् उपसर्गद्वयपूर्वक लोचृ दर्शने (भ्वा.) धातु, प्रति+आ+लोच्+णिचि, यण्, प्रत्यालोचि+युच्[3] (अन), णिलोप, प्रत्यालोचन+टाप् (आ)=प्रत्यालोचना ।

शब्दार्थ- कसैको आलोचनाप्रति आलोचना गर्ने काम, आलोचनाप्रति गरिएको समीक्षा ।

प्रत्यावर्तनम् (ना./न.) प्रत्यावृत्यते इति *(फर्किन्छ)* प्रति आङ्पूर्वक वृतु वर्तने (भ्वा.) धातु, प्रति+आ+वृत्+ल्युट् (अन), गुण, यण्= प्रत्यावर्तन ।

शब्दार्थ- कुनै ध्वनि, आवाज वा प्रकाश फर्केर आउने वा फिर्ता हुने काम, प्रत्यागमन ।

प्रत्यावर्तनीयः (वि.) प्रत्यावर्तितुं योग्यः *(फर्काउन योग्य)* प्रति आङ्पूर्वक वृतु वर्तने (भ्वा.) धातु, प्रति+आ+वृत् +अनीय (र्), यण्, गुण= प्रत्यावर्तनीय ।

शब्दार्थ-फर्काउन योग्य वा लायक, फर्काउन उचित हुने ।

---

[1] कृभ्वस्तियोगो... : च्वि

[2] अस्य च्वौ : ईत्व

[3] ण्यासश्रन्थो... : युच्

प्रत्यावर्तितः (वि.) प्रत्यावर्तते स्म इति *(फर्केको)* प्रति आङ्पूर्वक वृतु वर्तने (भ्वा.) धातु, प्रति+आ+वृत्+णिचि, यण्, गुण, प्रत्यावर्ति+क्त (त), कर्तामा, णिलोप, इडागम= प्रत्यावर्तित ।

शब्दार्थ- फर्केको, पहिलेकै ठाउँमा फर्केर आएको, ध्वनि प्रकाश आदि उत्पत्ति स्थानमा नै फर्केको ।

प्रत्याशा (ना./स्त्री.) प्रत्याश्नुते व्याप्नोतीति *(सबैतिरबाट व्याप्त हुन्छ)* प्रति आङ् उपसर्गद्वयपूर्वक अशु व्याप्तौ सङ्घाते च (स्वा.) धातु, प्रति+आ+अश्+अच् (पचादि)+टाप् (आ), प्रति आमा यण्, दीर्घ= प्रत्याशा

शब्दार्थ- आकाङ्क्षा, अभिलाषा, आशा गरेर रहने काम ।

प्रत्याशी (वि.) प्रत्याशा अस्यास्तीति *(प्रबल आशा छ यसको)* प्रति+आशा+इनि[1] (इन्), यण्, प्रत्याशिन् =प्रत्याशी ।

शब्दार्थ-प्रवल इच्छा वा चाहना गर्ने, ज्यादै आशा राख्ने,

प्रत्यासन्नः (वि.) प्रत्यासीदति स्म इति *(समीपमा रहेको)* प्रति आङ् उपसर्गद्वयपूर्वक षद्लृ विशरणगत्यादौ (तुदा.) धातु, सत्व, प्रति+आ+सद्+क्त[2] (त), कर्तामा, निष्ठा तको न, दको परसवर्णवाट न, यण्=प्रत्यासन्न ।

शब्दार्थ- समीपमा रहेको, निकटवर्ती, नजिकको ।

प्रत्याहारः (ना./पुं.) प्रत्याह्रियते इति *(निग्रह वा दमन गरिन्छ)* प्रति आङ् उपसर्गद्वयपूर्वक हृञ् हरणे (भ्वा.) धातु, प्रति+आ+हृ+घञ् (अ), हृको वृद्धि, प्रति आमा यण्= प्रत्याहार ।

शब्दार्थ- इन्द्रियदमन, चित्त एकाग्र वनाउने साधना, पछि हट्ने काम, रोक्ने काम, प्रत्यावर्तन, पाणिनीय व्याकरणमा व्यवस्था भएको यण्, अच्, हल् आदि प्रत्याहार ।

प्रत्याह्वानम् (ना./न.) प्रत्याहूयते इति *(फिर्ता बोलाइन्छ)* प्रति आङ् उपसर्गद्वयपूर्वक ह्वेञ् स्पर्धायां शब्दे च (भ्वा.) धातु, प्रति+आ+ह्वा+ल्युट् (अन), यण् =प्रत्याह्वान ।

शब्दार्थ- राजदूत, वाणिज्यदूत आदि पदाधिकारीलाई गएको ठाउँबाट फिर्ता बोलाउने काम ।

प्रत्युक्तिः (ना./स्त्री.) प्रत्युच्यते इति *(प्रत्युत्तर दिइन्छ)* प्रतिपूर्वक वच परिभाषणे (अदा.) धातु, प्रति+वच्+क्तिन् (ति), वको सम्प्रसारणबाट उ, प्रति उच् ति, यण्, चको कुत्व= प्रत्युक्ति ।

शब्दार्थ- प्रत्युत्तर वा जवाफ, कसैले कुनै कुरा भनेको वदलामा जवाफ दिने काम ।

प्रत्युच्चारणम् (ना./न.) प्रत्युच्चार्यते इति *(प्रत्युच्चारण गरिन्छ)* प्रति उत्पूर्वक चर गतिभक्षणयोः (भ्वा.) धातु, प्रति+उत्+चर्+णिचि, वृद्धि, उत्का तको चर्त्व यण्, प्रत्युच्चारि+ल्युट् (अन), णत्व= प्रत्युत्चारण ।

शब्दार्थ- पुनरुक्ति, पुनः उच्चारण गर्ने काम ।

प्रत्युत्तरम् (ना./न.) प्रत्युत्तरणमिति *(प्रतिउत्तर दिइन्छ)* प्रति उत् उपसर्गद्वयपूर्वक तृ प्लवनतरणयोः (भ्वा.) धातु, प्रति+उत्+तृ+अप् (अ), प्रति उत्मा यण्, तृको अर्, गुण= प्रत्युत्तर ।

शब्दार्थ- कसैले दिएको उत्तरपश्चात् दिइने उत्तर, प्रतिउत्तर, जवाफपछि दिइने जवाफ ।

प्रत्युत्पन्नः (वि.) प्रत्युत्पद्यते स्म इति *(ठीक समयमा उत्पन्न भएको)* प्रति उत्पूर्वक पद गतौ (दिवा.) धातु, प्रति+उत्+पद्+क्त (त), कर्तामा, निष्ठा तको न, परसवर्ण, यण्= प्रत्युत्पन्न ।

शब्दार्थ- तत्काल उत्पन्न भएको, तत्कालै शोचविचार गर्नसक्ने क्षमता भएको, तुरुन्त जवाफ दिनसक्ने ।

प्रत्युत्पन्नमतिः (वि.) प्रत्युत्पन्ना मतिर्यस्य *(ठीक समयमा उत्तर दिन सक्ने बुद्धि छ जसको)* ब.स. =प्रत्युत्पन्नमति ।

शब्दार्थ- यथासमयमा ठीक उत्तर दिन सक्ने बुद्धि भएको, तीक्ष्णवुद्धि भएको ।

प्रत्युपकारः (ना./पुं.) प्रत्युपक्रियते इति *(उपकारको बदलामा उपकार गरिन्छ)* प्रति उप उपसर्गद्वयपूर्वक डुकृञ् करणे (तना.) धातु, प्रति+उप+कृ+घञ् (अ), कृको वृद्धि, यण्= प्रत्युपकार ।

शब्दार्थ- उपकार वा सेवाको बदलामा गरिने उपकार वा सेवा, उपकारप्रति कृतज्ञता ज्ञापन ।

प्रत्युपकारी (वि.) प्रत्युपकारः अस्यास्तीति *(उपकारको बदलाप्रति उपकार गर्ने बानी छ यसको)* प्रत्युपकार+इनि[1] (इन्), अकारलोप, प्रत्युपकारिन्= प्रत्युपकारी ।

शब्दार्थ- प्रत्युपकार गर्ने (व्यक्ति), उपकारको बदलामा उपकार गर्ने, कृतज्ञता ज्ञापन गर्ने (व्यक्ति) ।

प्रत्येकम् (अव्य.) प्रतिगतमेकम् *(एक एकप्रति)* प्रति+एक, प्रा.त.स., यण्= प्रत्येक ।

अथवा एकमेकं प्रति *(एक एक गरेर)* प्रति+एक, अव्य.स., वीप्सामा, यण्= प्रत्येक ।

शब्दार्थ- हरेक, एक-एक, प्रत्येक, एक-एक गरेर ।

प्रथमः (वि.) प्रथते प्रसिद्धः भवतीति *(प्रसिद्ध वा मुख्य हुन्छ)* प्रथ प्रख्याने (भ्वा.) धातु, प्रथ्+अमच् (अम), उणा.[3]= प्रथम ।

प्रथमस्तु भवेदादौ प्रधानेऽपि च वाच्यवद्- इति मेदिनी

शब्दार्थ- प्रधान, मुख्य, सर्वोत्तम, उत्तम, उत्कृष्ट, गिन्तीको क्रममा सबभन्दा पहिले आउने, सबभन्दा आदिको, पहिलो ।

---

[1] अत इनिठनौ : इनि

[2] गत्यर्थाकर्मक... : क्त

[3] प्रथेरमच् : उणा.

प्रथमा (ना./स्त्री.) प्रथते असौ *(प्रसिद्ध हुन्छे यो)* प्रथ प्रख्याने (भ्वा.) धातु, प्रथ्+अमच् (अम), उणा., टाप् (आ)= प्रथमा ।

शब्दार्थ- उत्तम वा उत्कृष्ट स्त्री, प्रथम महिला, जेठी छोरी वा बुहारी, व्याकरणअनुसार पहिलो विभक्ति, वाक्यमा उद्देश्य बुझाउने विभक्ति ।

प्रथा (ना./स्त्री.) प्रथते, प्रथनमिति वा *(प्रसिद्धि फैलन्छ वा फैलिनु)* प्रथ प्रख्याने (भ्वा.) धातु, प्रथ्+अङ्[1] (अ), प्रथः । प्रथ+टाप् (आ)= प्रथा ।

शब्दार्थ- ख्याति, प्रसिद्धि, परम्परागत रीतिरिवाज, प्रचलन, चालचलन ।

प्रथितः (वि.) प्रथते स्म इति *(फैलिएको)* प्रथ प्रख्याने (भ्वा.) धातु, प्रथ्+क्त (त), इडागम= प्रथित ।

शब्दार्थ- फैलिएको, फैलाएको, विस्तार गरिएको, फिंजिएको, विश्रुत, विख्यात, प्रसिद्ध ।

प्रथिमा (ना./पुं.) पृथोर्भावः *(पृथु (ठूलो) हुनाको भाव वा अवस्था)* पृथु+इमनिच् (इमन्), पृको रभाव, प्रथिमन् =प्रथिमा ।

शब्दार्थ- ठूलोपना, विशालता, पृथुत्व, बृहत्पना ।

प्रदः (वि.) प्रकर्षेण ददातीति *(राम्ररी दिन्छ)* प्रपूर्वक डुदाञ् दाने (जुहो.) धातु, प्र+दा+क (अ), आलोप= प्रद ।

शब्दार्थ- दिने, प्रदान गर्ने, वितरण गर्ने ।

प्रदक्षिणः (ना./पुं./न.) प्रगतः दक्षिणः *(दायाँवर्ती भएर गएको)* प्रा.त.स.[2]= प्रदक्षिण ।

शब्दार्थ- दायाँवर्ती भएर घुम्ने काम, देवीदेवताको प्रदक्षिणा गर्ने काम ।

प्रदक्षिणक्रिया (ना./स्त्री.) प्रतिगतः दक्षिणः *(दायाँवर्ती भएको)* प्रा.त.स., प्रदक्षिणः । प्रदक्षिणस्य क्रिया (प्रदक्षिणा गर्ने काम) ष.त.स.= प्रदक्षिणक्रिया ।

शब्दार्थ- प्रदक्षिणा वा परिक्रमा गर्ने काम, कुनै देवीदेवताको मन्दिर वा मण्डप आदिको प्रदक्षिणा गर्ने काम ।

प्रदक्षिणा (ना./स्त्री.) दक्षते इति *(दक्ष हुन्छ)* दक्ष वृद्धौ शीघ्रार्थे च (भ्वा.) धातु, दक्ष्+इनन्[3] (इन), उणा., णत्व, दक्षिणः । दक्षिण+टाप् (आ), दक्षिणा । प्रतिगता दक्षिणा *(दाहिनेतिर गएको वा घुमेको)* प्र+ दक्षिणा, प्रा.त.स.= प्रदक्षिणा ।

शब्दार्थ- वायाँतिरवाट दाहिनेतिर घुम्ने काम, परिक्रमा गर्ने काम, मन्दिर, देवालय आदिमा दाहिनेतिर घुमेर परिक्रमा गर्ने काम ।

प्रदत्तः (वि.) प्रदीयते स्म इति *(दिइएको)* प्रपूर्वक डुदाञ् दाने (जुहो.) धातु, प्र+दा+क्त (त), दाको दथ् आदेश, चर्त्व= प्रदत्त ।

शब्दार्थ- दिइएको, समर्पित, अर्पण गरिएको ।

प्रदरः (ना./पुं.) प्रदृणाति प्रदीर्यते इति वा *(पीडा दिन्छ वा फोरिन्छ)* प्रपूर्वक दृ विदारणे (क्र्या.) धातु, प्र+दृ+अप्[4] (अ), गुण= प्रदर ।

प्रदरो रोगभेदे स्याद्विदारे शरभङ्गयोः - इति मेदिनी

प्रदरो भङ्गनारीरुग्बाणाः- इत्यमरः

शब्दार्थ- स्त्रीहरूको रोगविशेष, पाठेघरसम्बन्धी नारी रोग, तोड्ने या फोर्ने काम, वाण हान्ने काम ।

प्रदर्शकः (वि.) प्रपश्यति, प्रदर्शयतीति वा *(हेर्छ वा देखाउँछ)* प्रपूर्वक दृशिर् प्रेक्षणे (भ्वा.) धातु, प्र+दृश्+ण्वुल् (अक), गुण= प्रदर्शक ।

अथवा प्र+दृश्+णिचि, गुण, प्रदर्शि+ण्वुल् (अक), णिलोप = प्रदर्शक ।

शब्दार्थ- दर्शक, बाटो देखाउने, पथप्रदर्शक, प्रदर्शन गर्ने, प्रदर्शनकर्ता ।

प्रदर्शनम् (ना./न.) प्रदृश्यते, प्रदर्श्यते इति वा *(देखिन्छ वा देखाइन्छ)* प्रपूर्वक दृशिर् प्रेक्षणे (भ्वा.) धातु, प्र+दृश्+ल्युट् (अन), गुण= प्रदर्शन ।

अथवा प्र+दृश्+णिचि, गुण, प्रदर्शि+ल्युट् (अन), णिलोप = प्रदर्शन ।

शब्दार्थ- प्रदर्शन गर्ने काम, हेर्ने काम, सन्तोष प्रकट गर्ने काम, बाटो देखाउने काम, नाटक, चलचित्र आदि देखाउने काम ।

प्रदर्शनकक्षः (ना./पुं.) प्रदर्शनाय कक्षः *(प्रदर्शनका लागि कक्ष)* च.त.स.= प्रदर्शनकक्ष ।

शब्दार्थ- प्रदर्शनका लागि प्रदर्शन सामग्रीहरू राखिएको कोठा वा अन्य स्थान, प्रदर्शनस्थल ।

प्रदर्शनकारी (वि.) प्रदर्शनं कर्तुं शीलमस्येति *(प्रदर्शन गर्ने शील वा क्षमता छ यसको)* प्रदर्शन उपपदमा हुने डुकृञ् करणे (तना.) धातु, प्रदर्शन+कृ+णिनि[5] (इन्), वृद्धि, प्रदर्शनकारिन्= प्रदर्शनकारी ।

शब्दार्थ- प्रदर्शन गर्ने, नाटक आदि देखाउने, जुलुस आदिद्वारा असन्तोष प्रकट गर्ने ।

प्रदर्शनी (ना./स्त्री.) प्रदर्श्यते इति *(देखाइन्छ)* प्रपूर्वक दृशिर् प्रेक्षणे (भ्वा.) धातु, प्र+दृश्+णिचि, गुण, प्रदर्शि+ल्युट् (अन), णिलोप, प्रदर्शनम् । प्रदर्शन+ङीप् (ई)= प्रदर्शनी ।

शब्दार्थ- प्रदर्शनका लागि विभिन्न वस्तुहरू राखिएको स्थान, प्रदर्शन गर्ने काम ।

प्रदर्शनीयः (वि.) प्रदर्शितुं योग्यः, प्रदर्श्यते इति वा *(प्रदर्शन गर्न वा गराउन योग्य)* प्रपूर्वक दृशिर् प्रेक्षणे (भ्वा.) धातु, प्र+दृश्+णिचि, गुण, प्रदर्शि+अनीय (र), णिलोप= प्रदर्शनीय ।

शब्दार्थ- देखाउन लायक, प्रदर्शन गर्न योग्य वा लायक ।

---

[1] षिद्भिदादिभ्य... : अङ्
[2] तिष्ठत्गुप्रभृतीनि... : प्रा.त.स
[3] द्रुदक्षिभ्यामिनन् : इनन्
[4] ऋदोरप् : अप्
[5] सुप्यजातौ... : णिनि

प्रदर्शित: (वि.) प्रदर्श्यते स्म इति *(देखाइएको)* प्रपूर्वक दृशिर् प्रेक्षणे (भ्वा.) धातु, प्र+दृश्+णिचि, गुण, प्रदर्शि+क्त (त), णिलोप, इडागम= प्रदर्शित ।

शब्दार्थ- देखाइएको, सबैले देख्नेगरी प्रदर्शन गरिएको ।

प्रदाता (वि.) प्रकर्षेण ददातीति *(राम्ररी दिन्छ)* प्रपूर्वक डुदाञ् दाने (जुहो.) धातु, प्र+दा+तृच्[1] (तृ), प्रदातृ =प्रदाता ।

शब्दार्थ- दिने, दाता, उदार ।

प्रदानम् (ना./न.) प्रदीयते इति *(दिइन्छ)* प्रपूर्वक डुदाञ् दाने (जुहो.) धातु, प्र+दा+ल्युट् (अन)= प्रदान ।

शब्दार्थ- दिने काम, समर्पण, उपहार, प्रदान, दान, विद्यादान, कन्यादान आदि ।

प्रदीप: (ना./पुं.) प्रदीप्यते इति *(प्रकाशित हुनु)* प्रपूर्वक दीपी दीप्तौ (दिवा.) धातु, प्र+दीप्+घञ् (अ)=प्रदीप । अथवा प्रदीपयति, प्रकाशयतीति *(प्रकाशित पार्छ)* प्र+दीप्+णिचि+क[2] (अ), णिलोप= प्रदीप ।

शब्दार्थ- वत्ती, प्रकाश, ज्योति, दियो, उज्ज्वल दीप ।

प्रदीपक: (वि./ना./पुं.) प्रदीपयति प्रकाशयतीति *(उज्यालो पार्छ)* प्रपूर्वक दीपी दीप्तौ (दिवा.) धातु, प्र+दीप्+णिचि+ण्वुल्[3] (अक), णिलोप= प्रदीपक ।

शब्दार्थ- उज्यालो पार्ने, चहकिलो वनाउने, प्रकाशित गर्ने, दियो, वत्ती, दीप ।

प्रदीपनम् (ना./न./वि.) प्रदीपयति, प्रदीप्यते इति वा *(उज्यालो पार्छ वा पारिन्छ)* प्रपूर्वक दीपी दीप्तौ (दिवा.) धातु, प्र+दीप्+णिचि, प्रदीपि+ल्यु/ल्युट् (अन), णिलोप= प्रदीपन ।

शब्दार्थ- चहकिलो वा उज्यालो पार्ने काम, उद्दीप्त वनाउने, उज्यालो वनाउने, चम्किलो पार्ने ।

प्रदीपिका (ना./स्त्री.) प्रदीपयतीति *(उज्यालो बनाउँछ)* प्रपूर्वक दीपी दीप्तौ (दिवा.) धातु, प्र+दीप्+णिचि +ण्वुल् (अक), णिलोप, प्रदीपक+टाप् (आ), ककारपूर्वका अकारको इत्व= प्रदीपिका ।

शब्दार्थ- वत्ती, उज्यालो पार्ने दीप, दियो वा बत्ती ।

प्रदीप्त: (वि.) प्रकर्षेण दीप्यते स्म इति *(राम्ररी बलेको)* प्रपूर्वक दीपी दीप्तौ (दिवा.) धातु, प्र+दीप्+क्त (त), कर्तामा= प्रदीप्त ।

शब्दार्थ-खुवसंग वलेको, प्रकाशदायक, उद्दीप्त, प्रज्वलित ।

प्रदूषक: (वि.) प्रदूषयतीति *(प्रदूषित पार्छ)* प्रपूर्वक दूष वैकृत्ये (दिवा.) धातु, प्र+दुष्+णिचि, दुको ऊत्व[4], प्रदूषि+ण्वुल्[3] (अक), णिलोप= प्रदूषक ।

शब्दार्थ- हावा, पानी आदि वातावरणलाई प्रदूषित पार्ने, खाद्यपदार्थलाई दूषित पार्ने ।

प्रदूषणम् (ना./न.) प्रदोष्यते इति *(दूषित पारिन्छ)* प्रपूर्वक दुष वैकृत्ये (दिवा.) धातु, प्र+दुष्+णिचि, दुको ऊत्व, प्रदूषि+ल्युट् (अन), णिलोप, णत्व= प्रदूषण ।

शब्दार्थ- दूषित पार्ने काम, वातावरण प्रदूषित बनाउने क्रिया, रोगव्याधि बढाउने तत्त्व ।

प्रदूषित: (वि.) प्रदूष्यते स्म इति *(प्रदूषित पारिएको)* प्रपूर्वक दुष वैकृत्ये (दिवा.) धातु, प्र+दुष्+णिचि, दुको ऊत्व[४], प्रदूषि+क्त (त), णिलोप, इडागम= प्रदूषित ।

शब्दार्थ- वातावरण प्रदूषित पारिएको, कुनै वस्तुलाई विषाक्त तुल्याइएको, विकृत पारिएको ।

प्रदेय: (वि.) प्रदातुं योग्य:, प्रदीयते इति वा *(दिन योग्य वा दिइन्छ)* प्रपूर्वक डुदाञ् दाने (जुहो.) धातु, प्र+दा +यत्[५] (य), दाको ईत्व[६], गुण= प्रदेय ।

शब्दार्थ- दिन लायक वा योग्य, दातव्य, दिन उयुक्त हुने, दिनुपर्ने ।

प्रदेश: (ना./पुं.) दिश्यते इति *(सङ्केत गर्नु)* दिश अतिसर्जने (तुदा.) धातु, दिश्+घञ् (अ)/अच् (पचादि), गुण, देश: । प्रगत: देश: *(देशकै भाग)* प्रा.त.स.= प्रदेश ।

शब्दार्थ- देशको कुनै भाग, क्षेत्र, प्रान्त, प्रदेश, मण्डल, स्थान, एक वित्ताको नाप ।

प्रदोष: (ना./पुं./वि.) दुष्यतीति *(दूषित हुन्छ)* दुष वैकृत्ये (दिवा.) धातु, दुष्+अच् (पचादि), गुण, दोष+टाप् (आ), दोषा । प्रारम्भ: दोषाया: रात्रेरिति *(रात्रिको प्रारम्भ)* प्रा.त.स.= प्रदोष ।

अथवा प्रकष्ट: दोष: यस्य *(धेरै दोष छ जसको)* प्रा.ब.स., उ.प.लोप= प्रदोष ।

शब्दार्थ- रात प्रारम्भ हुने समय, वेलुकाको साँझ, सूर्यास्तको समय, त्रयोदशीको दिनको प्रदोषव्रत, साँझपख, धेरै दोष वा खोट हुने ।

प्रद्युम्न: (ना./पुं.) प्रकृष्टं द्युम्नं द्रविणं बलं च यस्य *(ज्यादै धन र बल छ जसको)* प्रा.ब.स., उ.प.लोप =प्रद्युम्न ।

शब्दार्थ- धेरै धनवान्, कामदेव, अनिरुद्धका बाबु, श्रीकृष्ण तथा रुक्मिणीका छोरा ।

प्रधानम् (ना./न./वि.) प्रकर्षेण धीयते अनेन *(राम्ररी धारण गरिन्छ यसबाट)* प्रपूर्वक डुधाञ् धारणपोषणयो: (जुहो.) धातु, प्र+धा+ल्युट्[७] (अन), करणमा= प्रधान । अथवा प्रधत्ते अत्र सर्वम् *(सबै यसमा लीन हुन्छ)* प्र+धा+ल्युट् (अन), अधिकरणमा= प्रधान । अथवा प्रधत्ते सर्वम् आत्मनि *(सबै आत्मामा लीन गर्छ)* प्र+धा+युच्[८] (अन), उणा.= प्रधान ।

प्रधानं स्यान्महामात्रे प्रकृतौ परमात्मनि
प्रज्ञायामपि च क्लीवमेकत्वे तूत्तमे सदा- इति मेदिनी

शब्दार्थ- प्रकृति, परमात्मा, बुद्धि, प्रज्ञा, प्रधान, मुख्य, उत्तम, प्रमुख, सर्वश्रेष्ठ, अमात्य, मुखिया, ठालु, मूली ।

---

१. ण्वुल्तृचौ : तृच्
२. इगुपधज्ञा... : क
३. ण्वुल्तृचौ : ण्वुल्
४. दोषो णौ : ऊत्व
५. अचो यत् : यत्
६. ईद्यति : ईत्व
७. करणाधिकरणयोश्च : ल्युट्
८. बहुलमन्यत्रापि : युच्

प्रधानता (ना./स्त्री.) प्रधानस्य भावः *(प्रधान वा श्रेष्ठ हुनाको भाव वा अवस्था)* प्रधान+तल् (त)+टाप् (आ) =प्रधानता ।

शब्दार्थ- मुख्यता, श्रेष्ठता, ठालुपन, प्राधान्य ।

प्रधानमन्त्री (ना./पुं.) प्रधानः प्रमुखश्चासौ मन्त्री च *(प्रधानमन्त्री)* क.त.स.= प्रधानमन्त्री ।

अथवा मन्त्रिणां मन्त्रिषु वा प्रधानः *(मन्त्रीहरूमा प्रधान वा प्रमुख)* ष.त.स./स.त.स.= प्रधानमन्त्री ।

शब्दार्थ-मन्त्रीहरूमध्ये प्रमुखमन्त्री, सवभन्दा ठूलो मन्त्री ।

मलमात्रः प्रधानः स्यात्- इति पुंस्काण्डे (अ.को.रामाश्रमी)

प्रधानसेनापतिः (ना./पुं.) प्रधानश्चासौ सेनापतिश्च *(प्रधान सेनापति)* क.त.स.= प्रधानसेनापति ।

शब्दार्थ-प्रमुख वा मुख्य सेनापति, कमाण्डर इन चिफ ।

प्रधानाचार्यः (ना./पुं.) प्रधानश्चासौ आचार्यश्च *(प्रधान आचार्य)* क.त.स., दीर्घ= प्रधानाचार्य ।

शब्दार्थ- कुनै महाविद्यालयको मुख्य वा प्रमुख आचार्य ।

प्रधानाध्यापकः (ना./पुं.) प्रधानश्चासौ अध्यापकश्च *(प्रमुख अध्यापक)* क.त.स., दीर्घ= प्रधानाध्यापक ।

शब्दार्थ- कुनै विद्यालय वा स्कुलको मुख्य अध्यापक वा प्रमुखशिक्षक ।

प्रधानामात्यः (ना./पुं.) प्रधानश्चासौ अमात्यश्च *(मुख्य अमात्य)* क.त.स., दीर्घ= प्रधानामात्य ।

शब्दार्थ- मुख्यअमात्य, मुख्यसचिव, प्रधान-अमात्य, प्राचीन कालको प्रधानमन्त्री ।

प्रधीः (वि.) प्रकृष्टा धीर्यस्य *(तीखो बुद्धि छ जसको)* प्रा.व.स., उ.प.लोप= प्रधी ।

शब्दार्थ- कुशाग्रवुद्धि भएको, ज्ञानवान्, वुद्धिमान् ।

प्रपञ्चः (ना./पुं.) प्रपञ्च्यते इति *(प्रपञ्च वा झमेलामा पर्नु)* प्रपूर्वक पचि व्यक्तीकरणे (भ्वा.) धातु, नुम्, प्र+पञ्च्+घञ् (अ)= प्रपञ्च ।

शब्दार्थ-घरायसी झमेला, जालझेल, विषयवासना-प्रतिको मोह वा आसक्ति, मायाजाल, छलकपट ।

प्रपञ्ची (वि.) प्रपञ्चः अस्यास्तीति *(छलकपट छ यसको)* प्रपञ्च+इनि (इन्), प्रपञ्चिन्= प्रपञ्ची ।

अथवा प्रपञ्चते इति *(प्रपञ्च वा छलकपट गर्छ)* प्रपूवर्क पचि व्यक्तीकरणे (भ्वा.) धातु, प्र+पञ्च्+णिनि (इन्), प्रपञ्चिन्= प्रपञ्ची ।

शब्दार्थ- प्रपञ्च गर्ने, छलकपट गर्ने, प्रपञ्च रच्ने कपटी ।

प्रपन्नः (वि.) प्रपद्यते स्म इति *(शरणमा परेको)* प्रपूर्वक पद गतौ (दिवा.) धातु, प्र+पद्+क्त (त), निष्ठा तको न, परसवर्ण= प्रपन्न ।

शब्दार्थ- आइपुगेको, शरणमा परेको, शरणागत ।

प्रपर्णः (ना./पुं.) प्रपतितानि पर्णानि यस्मात् *(खसेका छन् पात जसबाट)* प्रा.ब.स., उ.प.लोप= प्रपर्ण ।

शब्दार्थ- पात झरेको रूख, पतझड वृक्ष, पात नभएको रूख ।

प्रपातः (ना./पुं.) प्रपतति अस्मात् *(यहाँबाट खस्तछ)* प्रपूर्वक पत्लृ गतौ (भ्वा.) धातु, प्र+पत्+घञ्[1] (अ), वृद्धि= प्रपात ।

शब्दार्थ- अग्लो स्थानवाट कुनै वस्तु खस्ने काम, छाँगो, झर्ना, छहरो, पतन, जलप्रवाह, खस्ने क्रिया ।

उदा. **नेपालैको मुकुटमणिमा वज्रको रे प्रपात !-**
य.श. (प्र.उ.४६)

प्रपितामहः (ना./पुं.) पितुः पिता *(बाबुका बाबु)* पितृ+डामहच् (आमह), टिलोप, पितामहः । प्रकृष्टः पितामहः, प्रगतः पितामहः वा *(पितामहका बाबु)* प्रा.त.स.= प्रपितामह ।

शब्दार्थ- वावुका वाजे, वावुका वावुका वावु, ब्रह्मा ।

प्रपितामही (ना./स्त्री.) पितुः माता *(पिताकी आमा)* पितृ+डामहच् (आमह), टिलोप, षित्व, पितामहः । पितामह+ङीष्[2] (ई), पितामही । प्रकृष्टा प्रगता वा पितामही *(बाबुका बाबुकी माता)* प्रा.त.स.=प्रपितामही

अथवा प्रपितामहस्य पत्नी *(प्रपितामहकी पत्नी)* प्रपितामह+ङीष् (ई)= प्रपितामही ।

शब्दार्थ- वावुका वावुकी आमा, वूढी हजुरआमा, आफूभन्दा तीनपुस्ता माथिकी वज्यै ।

प्रपीडकः (वि.) प्रपीडयतीति *(पीडा दिन्छ)* प्रपूर्वक पीड अवगाहने (चुरा.) धातु, प्र+पीड्+ण्वुल्[3] (अक) =प्रपीडक ।

शब्दार्थ- ज्यादै दुःख दिने, अतिकष्ट दिने, अति पीडादायक, ज्यादै सताउने ।

प्रपीडनम् (ना./न.) प्रपीडयते इति *(पीडा वा दुःख दिइन्छ)* प्रपूर्वक पीड अवगाहने (चुरा.) धातु, प्र+पीड्+ल्युट् (अन)= प्रपीडन ।

शब्दार्थ- धेरै दुःख-कष्ट दने काम, उत्पीडन, सताउने कार्य, ज्यादै पीडा दिने काम ।

प्रपौत्रः (ना./पुं.) पुत्रस्य अपत्यं पुमान् *(छोराको छोरो (नाति)* पुत्र+अञ्[4] (अ), आदिवृद्धि, पौत्रः । प्रकृष्टः प्रगतः पौत्रः *(छोराका छोराको पुत्र)* प्रा.त.स.= प्रपौत्र ।

शब्दार्थ- छोरा वा छोरीको छोराको छोरो (पनाति) ।

प्रपौत्री (ना./स्त्री.) पुत्रस्य अपत्यं स्त्री *(छोराकी छोरी (नातिनी)* पुत्र+अञ्[4] (अ), आदिवृद्धि, पौत्र+ङीप् (ई), पौत्री । प्रकृष्टा प्रगता पौत्री *(छोरीका छोराकी पुत्री)* प्रा.त.स.= प्रपौत्री ।

शब्दार्थ- छोरा वा छोरीका छोराकी छोरी (पनातिनी) ।

---

[1] हलश्च : घञ्

[2] मातारि षिच्च षित् : ङीष्

[3] ण्वुल्तृचौ : ण्वुल्

[4] अनृष्यानन्तर्ये बिदादिभ्यो...: अञ्

प्रफुल्लः (वि.) फलति स्म इति *(फलेफुलेको)* ञिफला विशरणे (भ्वा.) धातु, फल्+क्त[1] (त), कर्तामा, इडाभाव, तको लत्व[2], फको उत्व, फुल्लः । प्रगतः फुल्लः *(राम्ररी फुलेको)* प्रा.त.स.= प्रफुल्ल । अथवा प्रफुल्लतीति *(विकसित हुन्छ)* प्रपूर्वक फुल्ल विकसने (भ्वा.) धातु, प्र+फुल्ल्+अच् (पचादि) =प्रफुल्ल ।

शब्दार्थ- राम्ररी विकसित भएको, पूर्णरूपमा फुलेको वा फक्रेको, प्रफुल्ल भएको, प्रसन्न, आनन्दित ।

प्रफुल्लता (ना./स्त्री.) प्रफुल्लस्य भावः *(प्रफुल्ल हुनाको भाव वा अवस्था)* प्रफुल्ल+तल् (त)+टाप् (आ) =प्रफुल्लता ।

शब्दार्थ- प्रसन्नता, हँसिलोपन, विकसित अवस्था ।

प्रफुल्लितः (वि.) प्रफुल्ल्यते स्म इति *(विकसित भएको)* प्रपूर्वक फुल्ल विकसने (भ्वा.) धातु, प्र+फुल्ल्+क्त (त), इडागम= प्रफुल्लित ।

शब्दार्थ- विकसित, प्रसन्न, फुलेको, प्रफुल्ल भएको, आनन्दित ।

उदा. **प्रफुल्लित हिरण्य झैं छ ऋतुराज सौजन्य झैं-**
शा.म.का. ९/६

प्रवन्धः (ना./पुं.) प्रकर्षेण वध्यते इति *(राम्ररी बाँधिन्छ)* प्रपूर्वक वन्ध वन्धने (क्र्या.) धातु, प्र+वन्ध्+घञ् (अ)=प्रवन्ध ।

शब्दार्थ- राम्रो वन्धन वा गाँठो, गद्यात्मक साहित्यिक रचना, लेख वा निवन्ध, राम्रो व्यवस्था वा वन्दोवस्त मिलाउने काम ।

प्रवन्धकः (वि.) प्रवध्नातीति *(प्रवन्ध गर्छ)* प्रपूर्वक वन्ध वन्धने (क्र्या.) धातु, प्र+वन्ध्+ण्वुल्[3] (अक) =प्रवन्धक ।

शब्दार्थ- प्रवन्ध गर्ने, वन्दोवस्त मिलाउने, रचना गर्ने, व्यवस्थापक ।

प्रवन्धकर्ता (वि.) प्रवन्धं करोतीति *(प्रवन्ध गर्छ)* प्रवन्ध उपपदपूर्वक डुकृञ् करणे (तना.) धातु, प्रवन्ध+कृ +तृच् (तृ), गुण, प्रवन्धकर्तृ= प्रवन्धकर्ता ।

शब्दार्थ- प्रवन्ध गर्ने, व्यवस्था मिलाउने, प्रवन्धक, व्यवस्थापक ।

प्रवन्धकल्पना (ना./स्त्री.) प्रवन्धस्य कल्पना *(प्रवन्धको कल्पना)* ष.त.स.= प्रवन्धकल्पना ।

शब्दार्थ- कुनै कल्पित कथा वा कहानी, प्रवन्धरचना ।

प्रवन्धकाव्यम् (ना./न.) प्रवन्धगतं काव्यम् *(प्रवन्धगत काव्य)* प्रा.त.स.= प्रवन्धकाव्य ।

शब्दार्थ- काल्पनिक विचार प्रचुरमात्रामा भएको, पद्यात्मक महाकाव्य, गद्यात्मक उपन्यास आदि ।

प्रवलः (वि.) प्रकृष्टं वलं यस्य *(धेरै बल छ जसको)* प्रा.व.स. = प्रवल । अथवा प्रकृष्टं वलतीति *(ज्यादै बलवान् हुन्छ)* वल प्राणने (भ्वा.) धातु, प्र+वल्+अच् (पचादि)= प्रवल ।

शब्दार्थ- ज्यादै वल भएको, बलवान्, शक्तिसम्पन्न, शूरवीर, प्रचण्ड, अतिवलशाली ।

प्रवलता (ना./स्त्री.) प्रवलस्य भावः *(प्रवल हुनाको भाव वा अवस्था)* प्रवल+तल् (त)+टाप् (आ)= प्रवलता ।

शब्दार्थ- शक्तिशाली हुनाको भाव वा अवस्था, शूरवीरता ।

उदा. **लोकबाट गरमी सब भाग्यो,**
शीतको प्रवलता हुन लाग्यो- हिउँदका दिन (लालित्य)

प्रवुद्धः (वि.) प्रवुध्यते स्म इति *(बोध गरिएको)* प्रपूर्वक वुध अवगमने (दिवा.) धातु, प्र+वुध्+क्त (त), तको ध, जस्त्व= प्रवुद्ध ।

शब्दार्थ-सचेत, जागृत, जागरुक, व्यूँझेको, ज्ञान खुलेको ।

उदा. **प्रवुद्ध शुद्धचेतका अनन्त ज्ञान दीपक-**
भा.गा. (श्रीभगवान् वुद्ध)

प्रवोधः (ना./पुं.) प्रवोधनम्, प्रवुध्यते इति वा *(राम्ररी बोध गरिन्छ)* प्रपूर्वक वुध अवगमने (दिवा.) धातु, प्र+वुध्+घञ् (अ), गुण= प्रवोध ।

शब्दार्थ- ज्ञान, जागरण, तत्त्वज्ञान, तत्त्ववोध, सचेतता ।

प्रवोधकः (वि.) प्रवोधयतीति *(बोध गराउँछ)* प्रपूर्वक वुध अवगमने (दिवा.) धातु, प्र+वुध्+णिचि, गुण, प्रवोधि +ण्वुल् (अक), णिलोप= प्रवोधक ।

शब्दार्थ- सम्झाउने, वुझाउने, जागृत वा सचेत गराउने, वोध गराउने, ज्ञान प्रदान गर्ने ।

प्रवोधनम् (ना./न.) प्रवोध्यते इति *(बोध गराइन्छ)* प्रपूर्वक वुध अवगमने (दिवा.) धातु, प्र+वुध्+णिचि, गुण, प्रवोधि+ल्युट् (अन), णिलोप= प्रवोधन ।

शब्दार्थ- जागृत वा सचेत गराउने काम, होसमा ल्याउने काम, विउँझाउँने काम, ज्ञान प्रदान गर्ने काम ।

उदा. **गुरुको यसरी प्रवोधन,**
स्थिर पारी अब रामको मन- आ.रा. ५/३८

प्रवोधितः (वि.) प्रवोध्यते स्म इति *(सचेत गराइएको)* प्रपूर्वक वुध अवगमने (दिवा.) धातु, प्र+वुध्+णिचि, गुण, प्रवोधि+क्त (त), इडागम, णिलोप= प्रवोधित ।

शब्दार्थ-विउँझाइएको, वोध गराइएको, सचेत गराइएको ।

प्रभवः (ना./पुं.) प्रभवति अस्मात् *(पैदा हुन्छ यसबाट)* प्रपूर्वक भू सत्तायाम् (भ्वा.) धातु, प्र+भू+अप्[4] (अ), गुण, अवादेश= प्रभव ।

अथवा प्रकृष्टः भवः जन्म अस्य *(उत्कृष्ट वा दिव्य जन्म छ यसको)* प्रा.ब.स., उ.प.लोप= प्रभव ।

प्रभवो जन्ममूले स्याज्जन्महेतौ पराक्रमे
ज्ञानस्य चादिमस्थाने- इति मेदिनी

शब्दार्थ- जन्मने वा उत्पन्न हुने क्रिया, जन्म, उत्पत्ति, सृष्टि, जन्मको कारण, पराक्रम, उत्पत्ति र ज्ञानको मूलस्थान, खानि, पानी उम्रने ठाउँ, उत्पत्तिको स्रोत, विष्णु ।

---

[1] ञीतः क्तः : क्त

[2] अनुपसर्गात्फुल्ल... : लत्व, उत्व

[3] ण्वुल्तृचौ : ण्वुल्

[4] ऋदोरप् : अप्

प्रभा (ना./स्त्री.) प्रकर्षेण भाति, भायते इति वा *(राम्ररी चम्कन्छ वा चम्किन्छ)* प्रपूर्वक भा दीप्तौ (अदा.) धातु, प्र+भा+क/अङ्[1] (अ), आकारलोप, प्रभ+टाप् (आ)= प्रभा ।

स्युः प्रभा रुग्रुचिस्त्विड्भाभाश्छविद्युतिदीप्तयः- इत्यमरः

शब्दार्थ- प्रकाश, द्युति, दीप्ति, चमक, कान्ति, किरण, उज्यालो, तेज, सूर्यविम्व, शोभा, आभा ।

प्रभाकरः (ना./पुं.) प्रभां द्युतिं करोतीति *(प्रकाश फैलाउँछन्)* प्रभा उपपदपूर्वक डुकञ् करणे (तना.) धातु, प्रभा+कृ+ट[2] (अ), अर्, गुण= प्रभाकर ।

भास्कराहष्करब्रध्नप्रभाकरविमाकराः- इत्यमरः

शब्दार्थ- प्रभा वा प्रकाश फैलाउने ग्रह, सूर्य, चन्द्रमा, अग्नि, तेज फैलाउने अग्नि, भाष्कर, विभाकर ।

प्रभातम् (ना./न.) भातुं प्रकाशितुं प्रवृत्तम्, भाति स्म इति वा *(प्रकाशित गर्न लागेको)* प्रपूर्वक भा दीप्तौ (अदा.) धातु, प्र+भा+क्त (त), संज्ञामा= प्रभात ।

शब्दार्थ- प्रातः काल, विहानी पख, रात सकिएर उज्यालो भएको वेला, उषाकाल, प्रभातकाल ।

प्रभातीयः (वि.) प्रभाते भवः, प्रभातस्य अयम् *(प्रभातमा हुने, प्रभातको यो)* प्रभात+छ (ईय)= प्रभातीय ।

शब्दार्थ- प्रभात कालमा हुने, प्रभातकालसम्बन्धी, प्रभातकालको ।

प्रभामण्डलम् (ना./न.) प्रभायाः मण्डलम् *(कान्तिको मण्डल)* ष.त.स.= प्रभामण्डल ।

शब्दार्थ- तेज वा प्रकाशको मण्डल, घेरो, दीप्तिपुञ्ज ।

प्रभावः (ना./पुं.) भवति अनेन *(यसबाट उत्पन्न हुन्छ)* भू सत्तायाम् (भ्वा.) धातु, भू+घञ्[3] (अ), वृद्धि, आवादेश, भावः । प्रकृष्टः भावः *(ज्यादा प्रभाव)* प्रा.त.स. =प्रभाव । अथवा प्रकर्षेण भूयते इति *(राम्ररी जन्मनु वा उत्पत्ति हुनु)* प्र+भू+घञ् (अ), वृद्धि, आवादेश= प्रभाव ।

स प्रतापः प्रभावश्च यत्तेजः कोशदण्डजम् ।

शब्दार्थ- प्रताप, प्रभाव, धनसम्पत्ति आदिवाट हुने फुर्ती वा तेज, शक्ति वा सामर्थ्य, जन्मने वा उत्पत्ति हुने क्रिया, उद्भव, महिमा, गौरव, कसैको शक्ति वा सामर्थ्य आदिवाट अर्कोमा पर्ने प्रभाव ।

प्रभावकारिता (ना./स्त्री.) प्रभावं कर्तुं शीलमस्येति *(प्रभाव पार्ने सामर्थ्य छ जसको)* डुकृञ् करणे (तना.) धातु, प्रभाव+कृ+णिनि (इन्), प्रभावकारिन् । प्रभावकारिणः भावः *(प्रभावकारी हुनाको भाव वा अवस्था)* प्रभावकारिन्+तल् (त)+टाप् (आ), नलोप =प्रभावकारिता ।

शब्दार्थ- प्रभावकारी हुनाको अवस्था, प्रभावकारित्व, एउटाको प्रभाव अर्कोमा पर्नसक्ने शक्ति वा क्षमता ।

प्रभावकारी (वि.) प्रभावं कर्तुंशीलमस्येति *(प्रभाव पार्ने सामर्थ्य छ जसको)* डुकृञ् करणे (तना.) धातु, प्रभाव +कृ+णिनि[4] (इन्), वृद्धि, प्रभावकारिन् =प्रभावकारी ।

शब्दार्थ- प्रभावशाली, प्रभावक, प्रभाव पार्ने ।

प्रभावशाली (वि.) प्रभावं शालितुं शीलमस्य *(प्रभाव पार्ने शील छ जसको)* प्रभाव उपपदपूर्वक शल चलन-संवरणयोः (भ्वा.) धातु, प्रभाव+शल्+णिचि+णिनि (इन्), वृद्धि, णिलोप, प्रभावशालिन्= प्रभावशाली ।

शब्दार्थ- प्रभाव पार्न सक्ने खुवी भएको, प्रभावकारी, प्रभावयुक्त

प्रभावितः (वि.) प्रभावः सञ्जातः अस्य *(प्रभाव बढेको छ यसको)* प्रभाव+इतच्[5] (इत), अकारलोप= प्रभावित । अथवा प्रभाव्यते स्म इति *(प्रभाव पारिएको)* भू सत्तायाम् (भ्वा.) धातु, प्र+भू+णिचि, वृद्धि, प्रभावि+क्त (त), णिलोप, इडागम= प्रभावित ।

शब्दार्थ- कसैको शक्ति वा सामर्थ्यले अर्कोलाई प्रभाव पारेको, प्रभावित भएको ।

प्रभावोत्पादकः (वि.) प्रभावमुत्पादयतीति *(प्रभाव उत्पन्न गर्दछ)* प्रभाव उपपदमा हुने उत्पूर्वक पद गतौ (दिवा.) धातु, प्रभाव+उत्+पद्+णिचि, वृद्धि, प्रभावोत्पादि+ण्वुल् (अक), णिलोप= प्रभावोत्पादक ।

शब्दार्थ- प्रभाव उत्पन्न गर्ने, प्रभाव जमाउने, प्रभावशाली, प्रभावकारी ।

प्रभासः (ना./पुं.) प्रकर्षेण भासते, शोभते इति *(चारैतिर प्रकाश पार्छ वा शोभा दिन्छ)* प्रपूर्वक भासृ दीप्तौ (भ्वा.) धातु, प्र+भास्+अच् (पचादि)/घञ् (अ) =प्रभास ।

शब्दार्थ- सवैतिर फैलिएको प्रकाश वा उज्यालो, कान्ति, दीप्ति, प्रभा, ज्योति, चमक ।

प्रभुः (ना./पुं.) प्रभवतीति *(समर्थ हुन्छ)* प्रपूर्वक भू सत्तायाम् (भ्वा.) धातु, प्र+भू+डु[6] (उ), भूका उको टिलोप, प्र भ् उ= प्रभु ।

शब्दार्थ- स्वामी, मालिक, नायक, नेता, आदरणीय व्यक्ति, शक्ति वा सामर्थ्य सम्पन्न व्यक्ति, राजा, ईश्वर, विष्णु, शिव, परमेश्वर ।

प्रभुता (ना./स्त्री.)/**प्रभुत्वम्** (ना./न.) प्रभोर्भावः *(प्रभु वा स्वामी हुनाको भाव वा अवस्था)* प्रभु+तल् (त)+टाप् (आ)= प्रभुता । प्रभु+त्व= प्रभुत्व ।

शब्दार्थ- स्वामित्व, सम्प्रभुता, ऐश्वर्य, महत्त्व, गौरव, सामर्थ्य, मालिक्याइँ, अधिकार जमाउने काम ।

प्रभुशक्तिः (ना./स्त्री.) प्रभोः शक्तिः *(प्रभु वा स्वामी हुनाको बल वा सामर्थ्य)* ष.त.स.= प्रभुशक्ति ।

शब्दार्थ- कोश तथा सेनामा रहेको वल वा सामर्थ्य, सम्प्रभुत्व, ईश्वरीय सामर्थ्य वा शक्ति ।

---

[1] **आतश्चोपसर्गे... : अङ्**
[2] **दिवाविभानिशाप्रभा... : ट (प्रत्यय)**
[3] **श्रिणीभूवोऽनुपसर्गे : घञ्**
[4] **सुप्यजातौ : णिनि**
[5] **तदस्य सञ्जातम्... : इतच्**
[6] **विप्रसम्भ्यो ड्व... : डु**

प्रभुसत्ता (ना./स्त्री.) प्रभोः सत्ता ***(प्रभुको सत्ता)*** ष.त.स. =प्रभुसत्ता ।

शब्दार्थ- कुनै मुलुकको आफ्नो स्वतन्त्र अस्तित्व, स्वाधीनता, सार्वभौमिकता, सम्प्रभुत्व ।

प्रभूतः (वि.) प्रभवति, प्रभवति स्म इति वा ***(प्रकट हुन्छ वा भएको)*** प्रपूर्वक भू सत्तायाम् (भ्वा.) धातु, प्र+भू +क्त[1] (त), संज्ञा र कर्तामा= प्रभूत ।

शब्दार्थ- ज्यादै धेरै, प्रचुर, प्रशस्त, पर्याप्त, विषेशरूपले भएको, उत्पन्न भएको, प्रादुर्भाव भएको ।

प्रमत्तः (वि.) प्रमाद्यति स्म, प्रमादयति स्म इति वा ***(उन्मत्त भएको)*** प्रपूर्वक मदी हर्षे (दिवा.) वा मद तृप्तियोगे (चुरा.) धातु, प्र+मद्+क्त (त), कर्तामा =प्रमत्त ।

शब्दार्थ- उन्मत्त भएको, मात लागेको, मातेको, अभिमानले फुलेको, मदोन्मत्त, पागल भएको, उन्मादी ।

प्रमत्तता (ना./स्त्री.) प्रमत्तस्य भावः ***(उन्मत्त हुनाको भाव वा अवस्था)*** प्रमत्त+तल् (त)+टाप् (आ)= प्रमत्तता ।

शब्दार्थ- उन्मत्तता, पागलपना, बेहोस भएको अवस्था ।

प्रमथः (ना./पुं.) प्रमथन्ति दुष्टान् ***(दुष्टहरूलाई सखाप पार्छन्)*** प्रपूर्वक मथे विलोडने (भ्वा.) धातु, प्र+मथ् +अच् (पचादि)= प्रमथ ।

शब्दार्थ- शिवजीका गण, पीडा दिने व्यक्ति ।

प्रमथगणः (ना./पुं.) प्रमथानां गणः ***(प्रमथहरूको गण)*** ष.त.स.= प्रमथगण ।

शब्दार्थ- शिवजीको सैन्यगण ।

प्रमदः (ना./पुं./वि.) प्रमाद्यति, प्रमद्यते वा ***(खुसी हुन्छ वा खुसी हुनु)*** प्रपूर्वक मदी हर्षे (दिवा.) वा मदी हर्ष-ग्लेपनयोः (भ्वा.) धातु, प्र+मद्+अप्[2] (अ)= प्रमद । अथवा प्रकृष्टः मदः यस्य ***(धेरै छ मद जसको)*** प्रा.व.स., उ.प.लोप= प्रमद ।

शब्दार्थ- मदोन्मत्तता, हर्ष, प्रमाद, आनन्द, प्रसन्नता, प्रीति, गर्वले फुलेको, घमण्डले चुर भएको, मदोन्मत्त भएको, मातेको, प्रफुल्ल ।

प्रमदा (ना./स्त्री.) प्रमाद्यति असौ ***(खुसी हुन्छे यो)*** प्रपूर्वक मदी हर्षे (दिवा.) धातु, प्र+मद्+अच् (पचादि), प्रमद+टाप् (आ)= प्रमदा । अथवा प्रकृष्टः मदः रूपसौन्दर्यजनितः अभिमानः यस्याः सा ***(रूपसौन्दर्यले उत्पन्न भएको अभिमान छ जुन स्त्रीको)*** प्रा.व.स., उ.प.लोप, प्रमद+टाप् (आ) =प्रमदा । अथवा प्रमदः हर्षः अस्ति अस्याः ***(ज्यादै हर्ष छ यस स्त्रीको)*** प्रमद+अच् (अर्शादि)+टाप् (आ)= प्रमदा । प्रमदा मानिनी कान्ता- इत्यमरः

शब्दार्थ- सुन्दर युवती, रूपवती नारी, सौन्दर्यभावको उन्मादले अभिमान गर्ने स्त्री, कान्ता, पत्नी, बैंसले मदोन्मत्त भएकी नारी, तरुनी आइमाई ।

प्रमनाः (वि.) प्रकृष्टं मनः यस्य ***(खुसी मन छ जसको)*** प्रा.ब.स., उ.प.लोप, प्रमनस्= प्रमना ।

शब्दार्थ- खुसी मन भएको, प्रसन्न, सन्तुष्ट ।

प्रमाणम् (ना./न.) प्रमीयते इति ***(नापिन्छ, प्रमाणित गरिन्छ)*** प्रपूर्वक माङ् माने शब्दे च (जुहो.) धातु, प्र+ मा+ल्युट् (अन), णत्व= प्रमाण ।

शब्दार्थ- कुनै कुरा सिद्ध गर्न प्रस्तुत गरिने तथ्य कुरा वा प्रमाण, न्यायशास्त्रका प्रत्यक्ष, अनुमान आदि चार प्रमाण, नाप, परिमाण, मात्रा, निश्चय गर्ने काम ।

प्रमाणपत्रम् (ना./न.) प्रमाणाय पत्रम् ***(प्रमाणका लागि दिइने पत्र)*** वा प्रमाणस्य पत्रम् ***(प्रमाणको पत्र)*** च.त.स./ष.त.स.= प्रमाणपत्र ।

शब्दार्थ- प्रमाणका लागि कुनै शिक्षणसंस्थावाट वा अन्य सङ्घसस्था आदिवाट दिइने लिखित प्रमाण, प्रमाणको कागजपत्र, अधिकारपत्र ।

प्रमाणिकः (वि.) प्रमाणम् अस्ति अस्य ***(प्रमाण छ यसको)*** प्रमाण+ठन्[3] (इक), अकारलोप= प्रमाणिक ।

शब्दार्थ- प्रमाण लाग्ने, प्रमाण सिद्ध हुने, तथ्यपूर्ण, प्रमाणद्वारा सावित गर्न सकिने ।

प्रमाणितः (वि.) प्रमाणं सञ्जातम् अस्य ***(प्रमाण सिद्ध भएको छ यसको)*** प्रमाण+इतच् (इत), अकारलोप =प्रमाणित ।

शब्दार्थ- प्रमाणवाट सिद्ध भएको, सावित गरिएको, निश्चय गरिएको ।

प्रमाणीकृतः (वि.) अप्रमाणं प्रमाणं सम्पद्यते, तत्कृतमिति ***(प्रमाण नभएको, प्रमाण हुन्छ र प्रमाणित गरिन्छ)*** डुकृञ् करणे (तना.) धातु, प्रमाण+च्वि+कृ+क्त (त), ईत्व, च्विको सर्वलोप= प्रमाणीकृत ।

शब्दार्थ- प्रमाणित गरिएको, प्रमाण मानिएको ।

प्रमातामहः (ना./पुं.) मातुः पिता ***(आमाका बाबु)*** मातृ+डामहच् (आमह), तृको टिलोप, मात् आमह, मातामहः । प्रगतः मातामहः ***(मातामहका पिता भएका)*** प्रा.त.स.= प्रमातामह ।

शब्दार्थ-आमाका वावुका वाबु, आमाका हजुरबाबु, बाजे ।

प्रमातामही (ना./स्त्री.) मातुः माता ***(आमाकी आमा)*** मातृ+डामहच् (आमह), तृको टिलोप, मातामहः । मातामह+ङीष् (ई), मातामही । प्रगता मातामही ***(मातामहीकी आमा भएकी)*** प्रा.त.स.= प्रमातामही ।

शब्दार्थ- आमाकी हुजुरआमा, आमाकी बज्यै ।

प्रमादः (ना./पुं.) प्रमाद्यति अनेन ***(उन्मत्त हुन्छ यसबाट)*** प्रपूर्वक मदी हर्षे (दिवा.) धातु, प्र+मद्+घञ् (अ), वृद्धि =प्रमाद ।

शब्दार्थ-उन्माद, मदोन्मत्तता, भ्रम, लापर्वाही, वेहोसीपना ।

---

[1] गत्यर्थाकर्मक.. : क्त

[2] प्रमदसंमदौ हर्षे : अप्

[3] अत इनिठनौ : ठन्

प्रमादी (वि.) प्रमादः अस्यास्तीति *(प्रमाद छ यसको)* प्रमाद+इनि (इन्), अकारलोप, प्रमादिन्= प्रमादी ।

शब्दार्थ- प्रमत्त हुने, उन्मत्त हुने, प्रमाद भएको, मैमत्त हुने

प्रमाथी (वि.) प्रकर्षेण मथितुं शीलमस्येति *(धेरै दुःख वा कष्ट दिने प्रवृत्ति छ यसको)* प्रपूर्वक मथे विलोडने (भ्वा.) धातु, प्र+मथ्+णिनि (इन्), वृद्धि, प्रमाथिन् =प्रमाथी ।

अथवा प्रमथति तच्छीलः *(प्रमथनशील)* प्र+मथ्+घिनुण् (इन्), वृद्धि, प्रमाथिन्= प्रमाथी ।

शब्दार्थ- कष्ट दिने, यातना दिने, पीडा पुऱ्याउने ।

प्रमीलनम् (ना./न.) प्रकर्षेण मीलनम्, मील्यते इति वा *(राम्ररी आँखा बन्द गर्नु)* प्रपूर्वक मील निमेषणे (भ्वा.) धातु, प्र+मील्+ल्युट् (अन)= प्रमीलन ।

शब्दार्थ- आँखा चिम्लिने वा बन्द गर्ने काम, तन्द्रा, उँघाइ, निमीलन ।

प्रमीला (ना./स्त्री.) प्रमील्यतेऽनया *(राम्ररी आँखा चिम्लिन्छ यसबाट)* प्रपूर्वक मील निमेषणे (भ्वा.) धातु, प्र+मील्+अ[1] (प्रत्यय)+टाप् (आ)= प्रमीला ।

शब्दार्थ- तन्द्रा, आलस्य, उत्साहहीनता, झकाइ, ग्लानि, शिथिल अवस्था, थकाइ, उँघाइ, उँघ ।

प्रमीलितः (वि.) प्रमीलति स्म इति *(उँघेको)* प्रपूर्वक मील निमेषणे (भ्वा.) धातु, प्र+मील्+क्त (त), कर्तामा, इडागम= प्रमीलित ।

शब्दार्थ- आँखा चिम्लेको, उँघेको, झकाएको, शिथिल ।

प्रमुखः (वि.) प्रकृष्टं मुखं मुख्यं प्रधानम् वा यस्य *(ज्यादै मुख्य स्थान छ जसको)* प्रा.ब.स., उ.प.लोप=प्रमुख ।

प्रमुखं प्रथमे मुख्ये- इति हैमः

शब्दार्थ- मुख्य, प्रधान, अग्रणी, प्रथम, सबभन्दा पहिलो गणनामा आउने, प्रतिष्ठित ।

प्रमुखता (ना./स्त्री.) प्रमुखस्य भावः *(प्रमुख हुनाको भाव वा अवस्था)* प्रमुख+तल् (त)+टाप् (आ)= प्रमुखता ।

शब्दार्थ- मुख्यता, प्रधानता, प्रमुख हुनाको विशेषता, प्रमुख हुनाको अवस्था ।

प्रमुदितः (वि.) प्रमोदते स्म इति *(खुसी भएको)* प्रपूर्वक मुद हर्षे (भ्वा.) धातु, प्र+मुद्+क्त (त), कर्तामा, इडागम= प्रमुदित ।

शब्दार्थ- ज्यादै खुसी भएको, अतिहर्षित, प्रफुल्ल भएको, प्रसन्न भएको, प्रफुल्लित ।

उदा. प्रमुदित त्यही भाव तमाम
गर्छ नखीको कोमल काम- अरुणोदय ३ (लालित्य)

प्रमेयः (ना./पुं./वि.) प्रमातुं योग्यः, प्रमीयते इति वा *(प्रमाण दिन लायक वा प्रमाण दिइन्छ)* प्रपूर्वक माङ् माने शब्दे च (जुहो.) धातु, प्र+मा+यत्[2] (य), माको ईत्व[3], गुण= प्रमेय ।

शब्दार्थ- प्रमाण वा यथार्थ ज्ञान, नाप्न लायक वा योग्य, प्रमाण दिन सकिने, सिद्ध गर्न सकिने ।

प्रमेहः (ना./पुं.) प्रकर्षेण मेहति क्षरति अनेन *(यसबाट मूत्ररोग, वीर्यपात आदि क्षरणक्रिया पैदा हुन्छ)* प्रपूर्वक मिह सेचने (भ्वा.) धातु, प्र+मिह्+घञ् (अ), करणमा, गुण= प्रमेह ।

शब्दार्थ- एक प्रकारको मूत्ररोग, जसमा पिसावसित वीर्य समेत गिर्दछ, मधुमेह, धातुरोग ।

प्रमोदः (ना./पुं.) प्रमोदनम्, प्रमुद्यते इति वा *(खुसी हुनु)* प्रपूर्वक मुद हर्षे (भ्वा.) धातु, प्र+मुद्+घञ् (अ), गुण =प्रमोद ।

शब्दार्थ-हर्ष, आनन्द, आमोद, सुख, आह्लाद, उल्लास, उमङ्ग

प्रमोदितः (वि.) प्रमोद्यते स्म इति *(खुसी पारिएको)* प्रपूर्वक मुद हर्षे (भ्वा.) धातु, प्र+मुद्+णिचि, गुण, प्रमोदि+क्त (त), णिलोप, इडागम= प्रमोदित ।

शब्दार्थ- खुसी पारिएको, प्रफुल्लित भएको, हर्ष विभोर भएको, हर्षित ।

प्रयत्नः (ना./पुं.) प्रकर्षेण यतनमिति *(विशेष प्रयास गरिन्छ)* प्रपूर्वक यती प्रयत्ने (भ्वा.) धातु, प्र+यत्+नङ्[4] (न)= प्रयत्न ।

अथवा प्रकृष्टः यत्नः *(ज्यादा प्रयास)*प्रा.त.स.= प्रयत्न ।

शब्दार्थ- कुनै कुरा पूरा गर्न गरिने प्रयास, मिहिनेत, कोसिस, परिश्रम ।

प्रयत्नवान् (वि.) प्रयत्नः अस्य अस्मिन् वा अस्ति *(प्रयत्न छ यसको वा यसमा)* प्रयत्न+मतुप्[5] (मत्), मको व, प्रयत्नवत्= प्रयत्नवान् ।

शब्दार्थ- कुनै काम पूरा गर्न धेरै प्रयास गर्ने, कोसिस गर्ने, परिश्रमी, प्रयत्नशील ।

प्रयत्नशीलः (वि.) प्रयत्नं शीलं यस्य *(प्रयत्न नै शील वा स्वभाव छ जसको)* ब.स.= प्रयत्नशील ।

शब्दार्थ- कुनै कार्य पूरा गर्न प्रयासरत रहने परिश्रमी, उद्यमी, प्रयत्नशाली ।

प्रयागः (ना./पुं.) प्रकृष्टः यागः यज्ञः यज्ञफलं वा यत्र *(जहाँ यज्ञ वा यज्ञको फल ज्यादा हुन्छ)* प्रा.ब.स., उ.प.लोप= प्रयाग ।

प्रयागस्तीर्थभेदे स्याद्यज्ञे शतमखाश्वयोः - इति मेदिनी

शब्दार्थ- यज्ञ, इलाहावाद समीपमा रहेको गङ्गा र यमुनाको सङ्गमस्थल, तीर्थराज प्रयाग, इन्द्र, अश्व ।

प्रयाणम् (ना./न.) प्रयाणम्, प्रयायते इति वा *(प्रस्थान गरिन्छ)* प्रपूर्वक या प्रापणे (अदा.) धातु, प्र+या+ल्युट् (अन), णत्व= प्रयाण ।

शब्दार्थ- प्रस्थान गर्ने काम, प्रस्थान, यात्रा, बिदाइ, महाप्रयाण, परलोक जाने वा प्रस्थान गर्ने काम, आक्रमण, युद्धका लागि प्रस्थान, अग्रगमन ।

---

[1] गुरोश्च हलः : अ (प्रत्यय)
[2] अचो यत् : यत्
[3] ईद्यति : ईत्व
[4] यजयाचयत... : नङ्
[5] तदस्यास्त्यस्मिन् : मतुप्

प्रयात: (वि./ना./न) प्रयाति, प्रयाति स्म इति वा *(जान्छ, गएको, प्रस्थान गरेको)* प्रपूर्वक या प्रापणे (अदा.) धातु, प्र+या+क्त (त), भाव र कर्तामा= प्रयात ।

शब्दार्थ- यात्राका लागि प्रस्थान गरेको, मृत, निधन भएको, मरण, छहरो, आक्रमण ।

प्रयास: (ना./पुं.) प्रयस्यते इति *(प्रयास गरिन्छ)* प्रपूर्वक यसु प्रयत्ने (दिवा.) धातु, प्र+यस्+घञ् (अ), वृद्धि =प्रयास ।

शब्दार्थ- प्रयत्न, चेष्टा, उद्योग, परिश्रम, कुनै कुरा पूरा गर्न गरिने प्रयत्न ।

प्रयुक्त: (वि.) प्रयुज्यते स्म इति *(प्रयोग गरिएको)* प्रपूर्वक युजिर् योगे (रुधा.) धातु, प्र+युज्+क्त (त), कुत्व =प्रयुक्त ।

शब्दार्थ- प्रयोग गरिएको, उपयोगी वनाइएको, सम्मिश्रण गरिएको, उपयुक्त ।

प्रयोक्ता (वि.) प्रयुनक्तीति *(प्रयोगमा ल्याउँछ)* प्रपूर्वक युजिर् योगे (रुधा.) धातु, प्र+युज्+तृच् (तृ), गुण, कुत्व, प्रयोक्तृ= प्रयोक्ता ।

शब्दार्थ- कुनै कुरा प्रयोगमा ल्याउने, उपयोगी तुल्याउने, काममा लगाउने, उपयोग गर्ने ।

प्रयोग: (ना./पुं.) प्रयुज्यते इति *(प्रयोग गरिन्छ)* प्रपूर्वक युजिर् योगे (रुधा.) धातु, प्र+युज्+घञ् (अ), गुण, कुत्व= प्रयोग ।

शब्दार्थ- कुनै कुरा व्यवहारमा ल्याउने काम, उपयोग, परीक्षण, व्यवहार, अस्त्रशस्त्रादिको प्रयोग ।

प्रयोगविधि: (ना./पुं.) प्रयोगाय विधि: *(कुनै वस्तुको प्रयोगका लागि तयार गरिएको विधि)* च.त.स. =प्रयोगविधि ।

शब्दार्थ- कुनै कुरा कार्यान्वयन गर्न प्रयोगमा ल्याउने विधि वा पद्धति, कार्यप्रक्रिया ।

प्रयोजक: (वि.) प्रकर्षेण युनक्तीति *(कुनै वस्तुलाई राम्ररी प्रयोग गर्छ)* प्रपूर्वक युजिर् योगे (रुधा.) धातु, प्र+युज्+ण्वुल् (अक), गुण= प्रयोजक ।

शब्दार्थ- प्रयोगकर्ता, कुनै वस्तुलाई प्रयोगमा ल्याउने, प्रयोजक, प्रयोक्ता ।

प्रयोजनम् (ना./न.) प्रयोजनम्, प्रयुज्यते इति वा *(उपयोगमा ल्याइन्छ)* प्रपूर्वक युजिर् योगे (रुधा.) धातु, प्र+युज्+ल्युट् (अन), गुण= प्रयोजन ।

शब्दार्थ- कुनै कार्यमा संलग्न हुने उद्देश्य, ध्येय, लक्ष्य, अभिप्राय, कारण ।

प्रयोजनीय:/प्रयोज्य: (वि.) प्रयुज्यते, प्रयोक्तुं योग्य: इति वा *(प्रयोग गरिन्छ वा गर्न लायक)* प्रपूर्वक युजिर् योगे (रुधा.) धातु, प्र+युज्+अनीय (र), गुण= प्रयोजनीय । प्र+युज्+ण्यत् (य), गुण= प्रयोज्य ।

शब्दार्थ- प्रयोग गर्न लायक वा योग्य, व्यवहारमा ल्याउन उपयुक्त, उपयोगी, आवश्यक ।

प्रलपनम् (ना./न.) प्रलपनम्, प्रलप्यते इति *(प्रलाप गरिन्छ)* प्रपूर्वक लप व्यक्तायां वाचि (भ्वा.) धातु, प्र+लप्+ल्युट् (अन)= प्रलपन ।

प्रलापोऽनर्थकं वच:- इत्यमर:

शब्दार्थ- प्रलाप गर्ने काम, वकवक, अर्थ न वर्थका कुरा ।

प्रलम्ब: (वि./ना./पुं.) प्रलम्बते, प्रलम्ब्यते इति वा *(झुण्डिन्छ वा झुण्डिनु)* प्रपूर्वक लबि अवस्रंसने (भ्वा.) धातु, नुम्, प्र+लम्ब्+अच् (पचादि)/घञ् (अ)=प्रलम्ब ।

शब्दार्थ- तलतिर झुण्डिने, लमतन्न पर्ने, झुण्डिएको, झुण्डिने क्रिया, हार, माला, शाखा वा हाँगो ।

प्रलम्बनम् (ना./न.) प्रलम्ब्यते इति *(झुण्डिनु)* प्रपूर्वक लबि अवस्रंसने (भ्वा.) धातु, नुम्, प्र+लम्ब्+ल्युट् (अन)= प्रलम्बन ।

शब्दार्थ- झुण्डिने क्रिया, लमतन्न पर्ने काम, लट्कन, लट्काइ ।

प्रलम्बित: (वि.) प्रलम्ब्यते स्म इति *(झुण्डिएको)* प्रपूर्वक लबि अवसंसने (भ्वा.) धातु, नुम्, प्र+लम्ब्+क्त[१] (त), कर्तामा, इडागम= प्रलम्बित ।

शब्दार्थ- लम्बिएको, तन्किएको, लट्किएको, झुण्डिएको ।

प्रलम्भ: (ना./पुं.) प्रलभ्यते इति *(राम्ररी प्राप्त गरिन्छ)* प्रपूर्वक डुलभष् प्राप्तौ (भ्वा.) धातु, प्र+लभ्+घञ् (अ), नुम्[२]= प्रलम्भ ।

शब्दार्थ- उपलब्धि, लाभ, प्राप्ति, धोका, छलकपट, प्रवञ्चन, ठग्ने वा धोका दिने काम ।

प्रलम्भनम् (ना./न.) प्रलभ्यते इति *(पाइन्छ, धोका दिनु)* प्रपूर्वक डुलभष् प्राप्तौ (भ्वा.) धातु, प्र+लभ्+ल्युट् (अन), नुम्= प्रलम्भन ।

शब्दार्थ- लाभ हुने काम, फाइदा हुने क्रिया, धोका, छलछाम, ठगी, छलकपट, प्रवञ्चन ।

प्रलय: (ना./पुं.) प्रलीयते क्षीयते सर्वं जगत् अस्मिन् इति *(सबै संसार यसमा लीन वा समाहित हुन्छ)* प्रपूर्वक लीङ् श्लेषणे (दिवा.) धातु, प्र+ली+अच् (एरच्), गुण, अयादेश= प्रलय ।

संवर्त: प्रलय: कल्प: क्षय: कल्पान्त इत्यपि
प्रलयो नष्टचेष्टता । दिष्टान्त: प्रलयोऽत्यय: ।
अन्तो नाशो द्वयोर्मृत्युर्निधनं मरणोऽस्त्रियाम्- इत्यमर:

शब्दार्थ- प्रलय, क्षय, मूर्च्छा, मृत्यु, चेतना हराउने काम, नाश, निधन, मरण, सबै सृष्टिको संहार हुने क्रिया ।

प्रलयकारी (वि.) प्रलयं कर्तुं शीलमस्येति *(प्रलय गर्ने शील वा क्षमता छ यसको)* डुकृञ् करणे (तना.) धातु, प्रलय+कृ+णिनि (इन्), प्रलयकारिन्= प्रलयकारी ।

शब्दार्थ- प्रलय गर्ने, विनाश गर्ने, क्षयकारक, संहारकारी ।

---

[१] गत्यर्थाकर्मक... : क्त (कर्तामा)

[२] लभेश्च : नुम्

प्रलयकालः (ना./पुं.) प्रलयस्य कालः *(प्रलयको समय)* ष.त.स.= प्रलयकाल ।

शब्दार्थ- प्रलयको काल वा समय, प्रलयको वेला ।

प्रलयकालीनः (वि.) प्रलयकाले भवः *(प्रलयकालमा हुने वा भएको)* प्रलय+ख (ईन), अपभ्रंशमा, अकारलोप =प्रलयकालीन ।

शब्दार्थ- प्रलयकालसित सम्बन्धित, प्रलयकालको ।

प्रलापः (ना./पुं.) प्रलपनम्, प्रलप्यते इति वा *(प्रलाप गरिन्छ)* प्रपूर्वक लप व्यक्तायां वाचि (भ्वा.) धातु, प्र+लप्+घञ् (अ), वृद्धि= प्रलाप ।

शब्दार्थ- निरर्थक कथन, विलाप, असम्वद्ध कुराकानी, वकवाद, व्यर्थको कुराकानी ।

प्रलापकः (वि.) प्रलपतीति *(बकबक गर्छ)* प्रपूर्वक लप व्यक्तयां वाचि (भ्वा.) धातु, प्र+लप्+ण्वुल्[1] (अक), वृद्धि= प्रलापक ।

शब्दार्थ- प्रलाप गर्ने, व्यर्थको कुरा गर्ने, वकवक गर्ने, प्रलापी, विलाप गर्ने ।

प्रलापी (वि.) प्रलपति तच्छीलः *(प्रलाप गर्न निपुण)* प्रपूर्वक लप व्यक्तयां वाचि (भ्वा.) धातु, प्र+लप्+घिनुण्[2] (इन), प्रलापिन्= प्रलापी ।

शब्दार्थ-विलाप वा अलापविलाप गर्ने, व्यर्थ वकवक गर्ने ।

प्रलीनः (वि.) प्रलीयते स्म इति *(लीन भएको)* प्रपूर्वक ली श्लेषणे (क्र्या.) धातु, प्र+ली+क्त (त), निष्ठा तको न= प्रलीन ।

शब्दार्थ- विलीन हुने वा भएको, मिलेको, टाँसिएको ।

प्रलेखः (ना./पुं.) प्रलिख्यते इति *(लेखिन्छ)* प्रपूर्वक लिख अक्षरविन्यासे (तुदा.) धातु, प्र+लिख्+घञ् (अ), गुण =प्रलेख ।

शब्दार्थ- कुनै काममा ल्याउन सकिने लिखित कागज, प्रामाणिक लिखत वा कागजपत्र, अभिलेख ।

प्रलेखनम् (ना./न.) प्रकर्षेण लेखनम् *(राम्ररी लेख्नु)* प्रपूर्वक लिख अक्षरविन्यासे (तुदा.) धातु, प्र+लिख् +ल्युट् (अन), गुण= प्रलेखन ।

शब्दार्थ-लेख्ने काम, अभिलेख राख्ने काम, लेखन-क्रिया ।

प्रलेख्यः (वि.) प्रलेखितुं योग्यः, प्रलिख्यते इति वा *(लेख्न लायक)* प्रपूर्वक लिख अक्षरविन्यासे (तुदा.) धातु, प्र+लिख्+ण्यत्[3] (य), गुण= प्रलेख्य ।

शब्दार्थ-लेख्न योग्य वा लायक, कुनै अभिलेख्य (विषय) ।

प्रलेपः (ना./पुं.) प्रकर्षेण लेपनम्, प्रलिप्यते इति वा *(राम्ररी लेप लगाइन्छ)* प्रपूर्वक लिप उपदेहे (तुदा.) धातु, प्र+लिप्+घञ् (अ), गुण= प्रलेप ।

शब्दार्थ- मलम वा लेप लगाउने काम, शरीरमा घस्ने लेप, घाउमा मलम लगाउने काम, लिपपोत ।

प्रलोभः (ना./पुं.) प्रलोभनम्, प्रलुभ्यते इति *(ज्यादै लोभिन्छ)* प्रपूर्वक लुभ विमोहने (तुदा.) धातु, प्र+लुभ्+घञ् (अ), गुण= प्रलोभ ।

शब्दार्थ- लोभ गर्ने काम, लालच, लालसा, प्रलोभन ।

प्रलोभनम् (ना./न.) प्रलोभनम्, प्रलुभ्यते इति वा *(धेरै लोभिन्छ)* प्रपूर्वक लुभ विमोहने (तुदा.) धातु, प्र+लुभ् +ल्युट् (अन), गुण= प्रलोभन ।

शब्दार्थ- आकर्षण, लालसा, ज्यादै लोभ गर्ने काम, लोभिने क्रिया, ज्यादै तृष्णा, ईर्ष्या ।

उदा. **कैयन् प्रलोभनलाई कुल्ची त्यो सरासर आयो-** चि.चू. (२७ सर्ग)

प्रलोभितः (वि.) प्रकर्षेण लोभ्यते स्म इति *(ज्यादै लोभिएको)* प्रपूर्वक लुभ विमोहने (तुदा.) वा लुभ गार्ध्ये (दिवा.) धातु, प्र+लुभ्+णिचि, गुण, प्रलोभि+क्त (त), णिलोप, इडागम= प्रलोभित ।

अथवा प्रलोभः सञ्जातः अस्य *(लोभ पैदा भएको छ यसको)* प्रलोभ+इतच् (इत)= प्रलोभित ।

शब्दार्थ-ज्यादै प्रलोभनमा परेको, लोभिएको, लोभ्याइएको ।

प्रवक्ता (वि.) प्रवक्तीति *(राम्ररी बोल्छ)* प्रपूर्वक वच परिभाषणे (अदा.) धातु, प्र+वच्+तृच्[4] (तृ), कुत्व, प्रवक्तृ= प्रवक्ता ।

शब्दार्थ- राम्ररी वोल्ने, प्रवचन गर्ने, प्रवक्ता, उद्घोषक ।

प्रवचनम् (ना./न.) प्रकर्षेण उच्यते इति *(राम्ररी भनिन्छ)* प्रपूर्वक वच परिभाषणे (अदा.) धातु, प्र+वच् +ल्युट् (अन)= प्रवचन ।

शब्दार्थ-राम्ररी वोल्ने या भन्ने काम, अभिभाषण, उद्घोषण, कुनै धार्मिक विषयमा दिइने प्रवचन ।

प्रवचनपटुः (वि.) प्रवचने पटुः *(प्रवचनमा निपुण)* स.त.स.= प्रवचनपटु ।

शब्दार्थ- प्रवचन गर्ने सिपालु, उद्घोषण गर्ने निपुण, भाषण गर्ने कुशल ।

प्रवचनीयः (वि.) प्रवक्तुं योग्यः, प्रवक्तीति वा *(भन्न लायक वा भन्छ)* प्रपूर्वक वच परिभाषणे (अदा.) धातु, प्र+वच्+अनीय[5] (र्), कर्तामा= प्रवचनीय ।

शब्दार्थ- भन्न लायक वा योग्य, प्रवचन दिन उपयुक्त, प्रवचन गरिने, प्रवचन गर्नुपर्ने ।

प्रवयाः (वि.) प्रगतं वयः यस्य *(जसको उमेर ढल्किसकेको छ)* प्रा.व.स., उ.प.लोप, प्रवयस्=प्रवया ।

शब्दार्थ- वृद्ध, उमेर ढल्केको, बूढो, धेरै उमेरको ।

प्रवरः (वि./ना./पुं./न.) प्रवृणोति, प्रव्रियते इति *(वरण वा आदर गर्छ वा गरिन्छ)* प्रपूर्वक वृञ् वरणे (स्वा.) धातु, प्र+वृ+अच् (पचादि)/अप्[6] (अ), गुण= प्रवर । **प्रवरं सन्ततौ गोत्रे क्लीवं श्रेष्ठे तु वाच्यवत्-** इति मेदिनी

शब्दार्थ- श्रेष्ठ, मुख्य, प्रमुख, प्रधान, पूज्य, सर्वोत्तम, वंशपरम्परा प्रवृत्त गराउने व्यक्ति, गोत्रप्रवर्तक ऋषि, कुल, परिवार, सन्तति ।

---

[1] ण्वुल्तृचौ.. : ण्वुल्

[2] प्रेलपसृद्रुमथ... : घिनुण्

[3] ऋहलोर्ण्यत् : ण्यत्

[4] ण्वुल्तृचौ : तृच्

[5] भव्यगेयप्रवचनीय : अनीयर्

[6] ऋदोरप् : अप्

प्रवर्तकः (वि.) प्रवर्तयतीति *(प्रवृत्त गराउँछ)* प्रपूर्वक वृतु वर्तने (भ्वा.) धातु, प्र+वृत्+णिचि, वृद्धि, प्रवर्ति+ण्वुल्[1] (अक), णिलोप= प्रवर्तक ।

शब्दार्थ- प्रवृत्त गराउने, अभिप्रेरक, कुनै कुरा आविष्कार गर्ने वा प्रचलनमा ल्याउने ।

प्रवर्तनम् (ना./न.) प्रवर्त्यते इति *(प्रवृत्त गराइन्छ)* प्रपूर्वक वृतु वर्तने (भ्वा.) धातु, प्र+वृत्+णिचि, गुण, प्रवर्ति+ल्युट् (अन), णिलोप= प्रवर्तन ।

शब्दार्थ- कुनै कार्यमा संलग्न गराउने काम, आरम्भ, थालनी, परिचालन, कुनै कुराको आविष्कार, खोज वा अन्वेषण ।

प्रवर्ती (वि.) प्रकर्षेण वर्तितुं शीलमस्य *(राम्ररी रहने शील छ यसको)* प्रपूर्वक वृतु वर्तने (भ्वा.) धातु, प्र+वृत् +णिनि[2] (इन्), गुण, प्रवर्तिन्= प्रवर्ती ।

शब्दार्थ-कुनै काममा प्रवृत्त वा तल्लीन हुने, काममा लाग्ने

प्रवर्धकः (वि.) प्रवर्धयतीति *(बढाउँछ)* प्रपूर्वक वृधु वृद्धौ (भ्वा.) धातु, प्र+वृध्+णिचि, गुण, प्रवर्धि+ण्वुल्[1] (अक), णिलोप= प्रवर्धक ।

शब्दार्थ- बढाउने, समृद्ध पार्ने, प्रवर्धन गर्ने ।

प्रवर्धनम् (ना./न.) प्रवर्ध्यते इति *(राम्ररी बढाइन्छ)* प्रपूर्वक वृधु वृद्धौ (भ्वा.) धातु, प्र+वृध्+णिचि, गुण, प्रवर्धि+ल्युट् (अन), णिलोप= प्रवर्धन ।

शब्दार्थ- बढाउने वा हुर्काउने काम, वृद्धि गराउने क्रिया, प्रवर्धन गर्ने काम ।

प्रवर्धितः (वि.) प्रवर्ध्यते स्म इति *(बढाइएको)* प्रपूर्वक वृधु वृद्धौ (भ्वा.) धातु, प्र+वृध्+णिचि, गुण, प्रवर्धि+क्त (त), णिलोप, इडागम= प्रवर्धित ।

शब्दार्थ- बढाइएको, हुर्काइएको, ठूलो पारिएको, सानोबाट हुर्काएर ठूलो गराइएको, प्रवर्धन गरिएको ।

प्रवसनम् (ना./न.) प्रोस्यते इति *(परदेश जानु वा बसाइँ सर्नु)* प्रपूर्वक वस निवासे (भ्वा.) धातु, प्र+वस्+ल्युट् (अन)= प्रवसन ।

शब्दार्थ- बसाइँ सर्ने काम, परदेश जाने क्रिया, विदेश यात्रा, प्रवासमा रहने काम ।

प्रवहणम् (ना./न.) प्रकर्षेण वहनम्, उह्यते इति वा *(राम्ररी वहनु वा बहन गरिन्छ)* प्रपूर्वक वह प्रापणे (भ्वा.) धातु, प्र+वह्+ल्युट् (अन), णत्व= प्रवहण ।

शब्दार्थ- बग्ने वा वहने क्रिया, वाहन, सवारी साधन, बग्गी, पालकी, विवाह गर्ने काम ।

प्रवासः (ना./पुं.) प्रवसनम्, प्रवास्यते इति वा *(परदेशमा बसिन्छ वा परदेशमा वास गराइन्छ)* प्रपूर्वक वस निवासे (भ्वा.) धातु, प्र+वस्+घञ् (अ), वृद्धि=प्रवास । अथवा प्र+वस्+णिचि+घञ्(अ),वृद्धि, णिलोप=प्रवास । अथवा प्रवसन्ति अस्मिन् *(परदेशमा रहन्छन्)* प्र+वस्+घञ् (अ), वृद्धि= प्रवास ।

शब्दार्थ- परदेशको वास, विदेशमा वस्ने काम, विदेशमा जाने काम, विदेश गमन वा यात्रा, देशबाट निकाला गर्ने काम, विदेशतिर पठाउने क्रिया ।

प्रवासितः (वि.) प्रवास्यते स्म इति *(परदेश वास गराइएको)* प्रपूर्वक वस निवासे (भ्वा.) धातु, प्र+वस् +णिचि, वृद्धि, प्रवासि+क्त (त), णिलोप, इडागम= प्रवासित ।

शब्दार्थ- देशबाट निकाला गरिएको, स्वदेशबाट निष्कासित भएको, विदेशमा बसोबास गरेको, प्रवासी ।

प्रवासी (वि.) प्रवासः अस्यास्तीति *(परदेश छ वास यसको)* प्रवास+इनि (इन्), अकारलोप, प्रवासिन् =प्रवासी । अथवा प्रवसति तच्छीलः *(परदेशमा रहने शील छ यसको)* प्रपूर्वक वस निवासे (भ्वा.) धातु, प्र+वस् + घिनुण्[3] (इन्), वृद्धि, प्रवासिन्= प्रवासी ।

शब्दार्थ- परदेशमा वस्ने, विदेशमा बसोवास गर्ने, प्रवासमा रहने, यात्री, परदेशी ।

प्रवाहः (ना./पुं.) प्रवहणम्, प्रकर्षेण उह्यते इति वा *(राम्ररी वहनु)* प्रपूर्वक वह प्रापणे (भ्वा.) धातु, प्र+वह् +घञ् (अ), वृद्धि= प्रवाह ।

शब्दार्थ- जलप्रवाह, धाराप्रवाहरूपमा जल वहने काम, पानीको बहाइ, हावा वहने काम ।

प्रवाहकः (वि.) प्रवाहयतीति *(बगाउँछ, हाँक्छ)* प्रपूर्वक वह प्रापणे (भ्वा.) धातु, प्र+वह्+णिचि+वृद्धि, प्रवाहि+ण्वुल्[1] (अक), णिलोप= प्रवाहक ।

शब्दार्थ- बगाउने, प्रवाहित गर्ने, सवारीसाधन चलाउने ।

प्रवाहितः (वि.) प्रवाह्यते स्म इति *(बगाइएको)* प्रपूर्वक वह प्रापणे (भ्वा.) धातु, प्र+वह्+णिचि, वृद्धि, प्रवाहि+क्त (त), णिलोप, इडागम= प्रवाहित ।

शब्दार्थ- प्रवाहित गरिएको, बगाइएको, बहाइएको, बगाएर लगिएको, बोकिएको, पुऱ्याइएको ।

प्रविधिः (ना./स्त्री.) प्रकर्षेण विधीयतेऽनेन *(राम्ररी विधान गरिन्छ यसबाट)* प्र वि उपसर्गद्वयपूर्वक डुधाञ् धारणपोषणयोः (जुहो.) धातु, प्र+वि+धा+कि[4] (इ), आलोप= प्रविधि ।

शब्दार्थ- कुनै काम गर्दा अपनाइने वैज्ञानिक ढाँचा, नयाँ ढङ्गको कार्यपद्धति वा तरिका, विशेष किसिमको शिल्पकला वा शिल्पप्रविधि ।

प्रविधिज्ञः (वि.) प्रविधिं जानातीति *(प्रविधि जान्दछ)* प्रविधि उपपदपूर्वक ज्ञा अवबोधने (क्र्या.) धातु, प्रविधि+ज्ञा+क[5] (अ), आकारलोप= प्रविधिज्ञ ।

शब्दार्थ- कुनै काम गर्न अपनाइने वैज्ञानिक पद्धति वा तरिका जान्ने, प्रविधि विशेषज्ञ ।

---

१. ण्वुल्तृचौ : ण्वुल्
२. सुप्यजातौ... : णिनि
३. प्रेलपसृद्रुमथ... : घिनुण्
४. उपसर्गे घोः किः : कि (प्रत्यय)
५. आतोऽनुपसर्गे... : क

प्रविभक्तः (वि.) प्रविभज्यते स्म इति *(विभाजन गरिएको)* प्र वि उपसर्गद्वयपूर्वक भज सेवायाम् (भ्वा.) धातु, प्र+वि+भज्+क्त (त), कुत्व= प्रविभक्त ।

शब्दार्थ- विभाजन गरिएको, भाग लगाइएको, अलग गरिएको, विभक्त, बाँडिएको ।

प्रविष्टः (वि.) प्रविशति स्म इति *(प्रवेश गरेको)* प्रपूर्वक विश प्रवेशने (तुदा.) धातु, प्र+विश्+क्त (त), कर्तामा, शको षत्व, ष्टुत्व= प्रविष्ट ।

शब्दार्थ-भित्र घुसेको, प्रवेश गरेको, भित्र छिरेको/पसेको,

प्रवीणः (वि.) वेति जायते स्वरः दक्षता वा अत्र *(यसमा स्वर वा दक्षता उत्पन्न हुन्छ)* वी गतिव्याप्तिप्रजनकान्त्यासनखादनेषु (अदा.) धातु, वी+न[1] (उणा.), णत्व, गुणाभाव, निपातन, वीण+टाप् (आ), वीणा । प्रकृष्टा संसाधिता वीणा दक्षता वा येन *(राम्रो साधना गरेको छ वीणा वा दक्षता जसले)* प्रा.ब.स., उ.प.लोप, ह्रस्व= प्रवीण ।

प्रवीणे निपुणाभिज्ञविज्ञनिष्णातशिक्षिताः- इत्यमरः

शब्दार्थ- राम्ररी वीणा बजाउन जान्ने, निपुण, कुशल, सिपालु, कुनै कार्य गर्ने विशेष क्षमता भएको ।

प्रवीणता (ना./स्त्री.) प्रवीणस्य भावः *(प्रवीण हुनाको भाव वा अवस्था)* प्रवीण+तल् (त)+टाप् (आ) = प्रवीणता ।

शब्दार्थ-निपुणता, कुशलता, सिपालुपन, सीप वा दक्षता ।

प्रवृत्तः (वि.) प्रवर्तते स्म इति *(लागेको, संलग्न भएको)* प्रपूर्वक वृतु वर्तने (भ्वा.) धातु, प्र+वृत्+क्त[2] (त), कर्तामा= प्रवृत्त ।

शब्दार्थ- कुनै कार्यमा लागेको, संलग्न, तल्लीन भएको, कटिवद्ध, तत्पर, कुनै कार्य गर्नका लागि उद्यत, कार्यारम्भ गरिएको ।

प्रवृत्तिः (ना./स्त्री.) प्रवर्तते इति *(प्रवृत्त हुन्छ)* प्रपूर्वक वृतु वर्तने (भ्वा.) धातु, प्र+वृत्+क्तिच्[3] (ति)= प्रवृत्ति ।

वार्ता प्रवृत्तिर्वृन्तान्तः- इत्यमरः

शब्दार्थ- कुनै कार्यप्रतिको झुकाउ, सांसारिक विषयवासनाप्रति आसक्ति वा आकर्षण, लगनशीलता, वृत्तान्त, वार्ता, आचरण, व्यवहार, रुचि ।

प्रवृद्धः (वि.) प्रवर्धते स्म इति *(बढेको)* प्रपूर्वक वृधु वृद्धौ (भ्वा.)धातु, प्र+वृध्+क्त (त), कर्तामा, निष्ठा तको ध, जश्त्व= प्रवृद्ध ।

शब्दार्थ- बढेको, वृद्धि भएको, संवृद्ध भएको, उन्नत ।

प्रवृद्धिः (ना./स्त्री.) प्रवर्धनमिति *(बढ्नु)* प्रपूर्वक वृधु वृद्धौ (भ्वा.) धातु, प्र+वृध्+क्तिच् (ति), तको ध, धको जश्त्व द= प्रवृद्धि

शब्दार्थ- संवृद्धि, समुन्नति, प्रवर्धन हुने काम ।

प्रवेशः (ना./पुं.) प्रविशन्ति अत्र *(प्रवेश गर्छन् यहाँ)* प्रपूर्वक विश प्रवेशने (तुदा.)धातु, प्र+विश्+घञ्[4] (अ), गुण= प्रवेश ।

शब्दार्थ- भित्र पस्ने काम, अन्तर्गमन, कुनै विषयको प्रारम्भिक ज्ञान, कुनै सभा, रङ्गमञ्च आदिमा भित्र जाने काम ।

प्रवेशकः (वि.) प्रवेशयतीति *(प्रवेश गराउँछ)* प्रपूर्वक विश प्रवेशने (तुदा.) धातु, प्र+विश्+णिचि, गुण, प्रवेशि+ण्वुल् (अक), णिलोप= प्रवेशक । अथवा प्रविशतीति *(प्रवेश गर्छ)* प्र+विश्+ण्वुल् (अक), गुण= प्रवेशक ।

शब्दार्थ- भित्र प्रवेश गराउने, भित्र जान वा प्रवेश गर्न प्रवन्ध मिलाउने, प्रवेश गर्ने, भित्र जाने ।

प्रवेशपत्रम् (ना./न.) प्रवेशाय पत्रम् *(प्रवेशका लागि पत्र)* च.त.स.= प्रवेशपत्र ।

शब्दार्थ- कुनै कामका लागि कुनै ठाउँमा प्रवेश गर्न पाउने गरी लेखिएको पत्र ।

प्रवेशशुल्कम् (ना./न.) प्रवेशाय शुल्कम् *(कुनै ठाउँमा प्रवेशका लागि लाग्ने शुल्क)* च.त.स.= प्रवेशशुल्क ।

शब्दार्थ- कुनै ठाउँमा प्रवेश गर्न तोकिएको शुक्ल, प्रवेश गर्न लाग्ने रकम ।

प्रवेशितः (वि.) प्रवेश्यते स्म इति *(प्रवेश गराइएको)* प्रपूर्वक विश प्रवेशने (तुदा.) धातु, प्र+विश्+णिचि, गुण, प्रवेशि+क्त (त), णिलोप, इडागम= प्रवेशित ।

शब्दार्थ- प्रवेश गराइएको, भित्र पसाइएको, भित्र छिराइएको, प्रविष्ट गराइएको, भित्र हुलिएको ।

प्रव्रजनम् (ना./न.) प्रव्रज्यते इति *(बसाइँ सरिन्छ वा सबै त्यागेर हिडिन्छ)* प्रपूर्वक व्रज गतौ (भ्वा.) धातु, प्र+व्रज्+ल्युट् (अन)= प्रव्रजन ।

शब्दार्थ-एक ठाउँवाट अर्को ठाउँमा सर्ने काम, वसाइँसराइ, सन्न्यास लिने काम, सबै कुराको परित्याग

प्रव्रजितः (वि.) प्रव्रजति स्म इति *(सन्न्यस्त भएको वा परदेश गएको)* प्रपूर्वक व्रज गतौ (भ्वा.) धातु, प्र+व्रज्+क्त (त), इडागम= प्रव्रजित ।

शब्दार्थ- सन्न्यास लिएको, सन्न्यस्त, परदेश गएको, दूरदेश गएको, विदेशिएको, सबैकुरा त्यागेर हिडेको

प्रव्रज्या (ना./स्त्री.) प्रव्रजनम्, प्रव्रज्यते इति वा *(सन्न्यास लिनु)* प्रपूर्वक व्रज गतौ (भ्वा.) धातु, प्र+व्रज्+क्यप्[5] (य)+टाप् (आ)= प्रव्रज्या ।

शब्दार्थ- घर छाडेर हिँड्ने काम, एकान्तवास, सन्न्यास लिने काम, परदेश गएर वस्ने काम ।

प्रव्राजकः (ना./पुं./वि.) प्रव्रजतीति *(घुम्छ वा सन्न्यास लिन्छ)* प्रपूर्वक व्रज गतौ (भ्वा.) धातु, प्र+व्रज्+ण्वुल् (अक), वृद्धि= प्रव्राजक ।

शब्दार्थ- सन्न्यास ग्रहण गर्ने व्यक्ति, सन्न्यासी, भिक्षु, परिव्राजक, योगी ।

---

[1] रास्नासास्ना... : न

[2] गत्यर्थाकर्मक... : क्त, कर्तामा

[3] क्तिच्क्तौ च... : क्तिच्

[4] पदरुजविशस्पृश... : घञ्

[5] व्रजयजोर्भावे क्यप् : क्यप्

प्रव्राजितः (वि.) प्रव्राज्यते स्म इति *(निकाला गरिएको)* प्रपूर्वक व्रज गतौ (भ्वा.) धातु, प्र+व्रज्+णिचि, वृद्धि, प्रव्राजि+क्त (त), इडागम, णिलोप= प्रव्राजित ।

शब्दार्थ- निकाला गरिएको, निष्कासित, निर्वासित ।

प्रशंसकः (वि.) प्रशंसतीति *(प्रशंसा गर्छ)* प्रपूर्वक शंसु स्तुतौ (भ्वा.) धातु, प्र+शंस्+ण्वुल्[१] (अक)=प्रशंसक ।

शब्दार्थ- प्रशंसा गर्ने, कसैको गुण गाउने, स्तुति गर्ने, तारिफ गर्ने ।

प्रशंसनीयः (वि.) प्रशंसितुं योग्यः, प्रशंस्यते इति वा *(प्रशंसा गर्न योग्य)* प्र+शंस्+अनीय (र्)=प्रशंसनीय ।

शब्दार्थ- प्रशंसा वा तारिफ गर्न लायक, सराहनीय, गुणगान गर्न योग्य, स्तुतिगान गर्न योग्य ।

उदा. **बालिले विजय गरी प्रशंसनीय**
फ्यांकेको विपुल शरीर दुन्दुभीय- आ.रा. ९/२४

प्रशंसा (ना./स्त्री.) प्रशंसनम्, प्रशंस्यते इति वा *(प्रशंसा गरिन्छ)* प्रपूर्वक शंसु स्तुतौ (भ्वा.) धातु, प्र+शंस्+अ[२] (प्रत्यय)+टाप् (आ)= प्रशंसा ।

शब्दार्थ- स्तुतिगान, कसैको तारिफ वा गुणगान गर्ने काम, सराहना ।

प्रशंसापत्रम् (ना./न.) प्रशंसायाः पत्रम् *(प्रशंसाको पत्र)* ष.त.स.= प्रशंसापत्र ।

शब्दार्थ- कसैले राम्रो काम गरेवापत लेखिदिएको सराहना पत्र ।

प्रशंसितः (वि.) प्रशंस्यते स्म इति *(सराहना गरिएको)* प्रपूर्वक शंसु स्तुतौ (भ्वा.) धातु, प्र+शंस्+क्त (त), इडागम= प्रशंसित ।

शब्दार्थ- प्रशंसा गरिएको, गुणगान वा तारिफ गरिएको, सराहना गरिएको, स्तुतिगान गरिएको ।

प्रशंस्यः (वि.) प्रशंसितुं योग्यः, प्रशंस्यते इति वा *(प्रशंसा गर्न लायक)* प्रपूर्वक शंसु स्तुतौ (भ्वा.) धातु, प्र+शंस् +ण्यत्[३] (य)= प्रशंस्य ।

शब्दार्थ- प्रशंसा वा गुणगान गर्न योग्य, सराहना गर्न उचित, तारिफ गर्न लायक ।

प्रशमनम् (ना./न.) प्रशम्यते इति *(शान्त हुनु)* प्रपूर्वक शमु उपशमे (दिवा.) धातु, प्र+शम्+ल्युट् (अन) =प्रशमन ।

शब्दार्थ- शान्त भएर वस्ने काम, शान्ति, आनन्द, दमन, इन्द्रियनिग्रह, सांसारिक बन्धनबाट मुक्ति, विराम, विश्राम, अवसान, सहनशीलता ।

प्रशमितः (वि.) प्रशम्यते स्म इति *(दमन गरिएको)* प्रपूर्वक शमु उपशमे (दिवा.) धातु, प्र+शम्+णिचि+क्त (त), णिलोप, इडागम= प्रशमित ।

शब्दार्थ- दमन वा इन्द्रियनिग्रह गरिएको, सान्त्वना दिइएको, शान्त पारिएको, प्रायश्चित गरिएको ।

प्रशस्तः (वि.) प्रशस्यते स्म इति *(प्रशंसा गरिएको)* प्रपूर्वक शंसु स्तुतौ (भ्वा.) धातु, प्र+शंस्+क्त (त), इडाभाव, नलोप= प्रशस्त ।

शब्दार्थ- प्रशंसा गरिएको, विस्तृत, धेरै, पर्याप्त, प्रशंसित ।

प्रशस्तिः (ना./स्त्री.) प्रशंसनम्, प्रशस्यते इति वा *(प्रशंसा गरिन्छ)* प्रपूर्वक शंसु स्तुतौ (भ्वा.) धातु, प्र+शंस्+क्तिन् (ति), नलोप= प्रशस्ति ।

शब्दार्थ- स्तुति, गुणगान, कसैको प्रशंसा गर्ने काम, तारिफ, स्तुतिवाक्य, आदरसूचक उद्वोधन ।

प्रशाखा (ना./स्त्री.) प्रशाखतीति *(फैलन्छ)* प्रपूर्वक शाखृ व्याप्तौ (भ्वा.) धातु, प्र+शाख्+अच् (पचादि)+टाप् (आ)= प्रशाखा ।

शब्दार्थ- रूखका मूल हाँगामा फैलिएका अरू हाँगा, प्रशासनिक मुख्य शाखाको अन्य शाखा र उपशाखा ।

प्रशान्तः (वि.) प्रशम्यते स्म, प्रशाम्यते स्म इति वा *(शान्त भएको वा दमन गरिएको)* प्रपूर्वक शमु उपशमे (दिवा.) धातु, प्र+शम्+क्त[४] (त), इडाभाव निपातन, दीर्घ[५]= प्रशान्त ।

अथवा प्र+शम्+णिचि+क्त (त), णिलोप, दीर्घ=प्रशान्त ।

शब्दार्थ- शान्त, मानसिक विकृति वा चञ्चलता नभएको, निश्चल, सौम्य, निश्चेष्ट, इन्द्रियहरू दवाएको वा दमन गरिएको ।

उदा. **चौतर्फ वातावरण प्रशान्त छ- आ.रा. २/५०**

प्रशान्तचित्तः (वि.) प्रशान्तं चित्तं यस्य *(शान्त छ चित्त जसको)* ब.स.= प्रशान्तचित्त ।

शब्दार्थ- शान्त चित्त भएको, निश्चल तथा स्थिर मन भएको ।

प्रशान्तात्मा (वि.) प्रकर्षेण शान्तः आत्मा अन्तःकरणं यस्य *(जसको अन्तःकरण शान्त छ)* प्रशान्त+आत्मन्, ब.स., दीर्घ, प्रशान्तात्मन्= प्रशान्तात्मा ।

शब्दार्थ- अन्तःकरण शान्त भएको, स्थिरचित्त भएको, निश्चल आत्मा भएको ।

प्रशासकः (वि.) प्रशास्ते इति *(शासन गर्छ)* प्रपूर्वक शासु अनुशिष्टौ (अदा.) धातु, प्र+शास्+ण्वुल्[१] (अक) =प्रशासक ।

शब्दार्थ- शासन गर्ने, कुनै संस्था वा कार्यालय आदिको उच्चतहको व्यवस्थापक वा प्रशासक ।

प्रशासकीयः (वि.) प्रशासकाय हितम्, प्रशासकस्य अयम् *(प्रशासकका निम्ति हित हुने, प्रशासकको यो)* प्रशासक+छ[६] (ईय), अकारलोप =प्रशासकीय ।

शब्दार्थ- प्रशासकका लागि उपयुक्त हुने, प्रशासकसम्वन्धी, प्रशासनसम्वन्धी (कार्य), प्रशासकको यो ।

---

[१] ण्वुल्तृचौ : ण्वुल्

[२] गुरोश्च हलः : अ

[३] ऋहलोर्ण्यत् : ण्यत्

[४] वा दान्तशान्त...: क्त, इडाभाव निपातन

[५] अनुनासिकस्य क्विझलोः... : दीर्घ

[६] तस्मै हितम्/गहादिभ्यश्च : छ

प्रशासनम् (ना./न.) प्रशास्यते इति *(प्रशासन गरिन्छ)* प्रपूर्वक शासु अनुशिष्टौ (अदा.) धातु, प्र+शास्+ ल्युट् (अन)= प्रशासन ।

शब्दार्थ- प्रशासन सञ्चालन गर्ने काम, कुनै कार्यालयको व्यवस्था राम्रो पार्ने काम ।

प्रशासनिकः (वि.) प्रशासनादागतः, प्रशासनस्य अयम्, प्रशासनमर्हतीति वा *(प्रशासनबाट आएको, प्रशासनको यो, प्रशासनका लागि योग्य)* प्रशासन+ठक्[1]/ठञ्[2] (इक)= प्रशासनिक ।

शब्दार्थ- प्रशासनसँग सम्वन्धित, प्रशासनसम्वन्धी, प्रशासनका लागि उपयुक्त ।

प्रशासितः (वि.) प्रशास्यते स्म इति *(प्रशासन गरिएको)* प्रपूर्वक शासु अनुशिष्टौ (अदा.) धातु, प्र+शास्+क्त (त), इडागम= प्रशासित ।

शब्दार्थ- प्रशासन गरिएको, शासन चलाइएको, प्रशासनको काम गरिएको ।

प्रशिक्षकः (ना./पुं.) प्रशिक्षते इति *(प्रशिक्षण दिन्छ)* प्रपूर्वक शिक्ष विद्योपादाने (भ्वा.) धातु, प्र+शिक्ष्+ ण्वुल् (अक)= प्रशिक्षक ।

शब्दार्थ- प्राविधिक विषयको शिक्षा दिने व्यक्ति, प्रशिक्षण वा तालिम दिने व्यक्ति ।

प्रशिक्षणम् (ना./न.) प्रशिक्ष्यते इति *(प्रशिक्षण दिइन्छ)* प्रपूर्वक शिक्ष विद्योपादाने (भ्वा.) धातु, प्र+शिक्ष्+ ल्युट् (अन), णत्व= प्रशिक्षण ।

शब्दार्थ- प्रशिक्षण दिने काम, प्राविधिक विषयको तालिम दिने काम, प्रविधिसम्वन्धी विषयको शिक्षा दिने काम ।

प्रशिक्षा (ना./स्त्री.) प्रशिक्ष्यते इति *(प्रशिक्षण दिइन्छ)* प्रपूर्वक शिक्ष विद्योपादाने (भ्वा.) धातु, प्र+शिक्ष्+अ[3] (प्रत्यय)+टाप् (आ)= प्रशिक्षा ।

शब्दार्थ- प्राविधिक शिक्षा दिने काम, प्रशिक्षण, प्राविधिक विषयको तालिम ।

प्रशिक्षार्थी (ना./पुं.) प्रशिक्षामर्थयितुं शीलमस्येति *(प्रशिक्षण लिने शील छ यसको)* प्रशिक्षा उपपदपूर्वक अर्थ उपयाञ्चायाम् (चुरा.) धातु, प्रशिक्षा+अर्थ+ णिनि[4] (इन्), दीर्घ, प्रशिक्षार्थिन्= प्रशिक्षार्थी ।

शब्दार्थ- प्रशिक्षण लिन चाहने व्यक्ति, प्रविधिसम्वन्धी तालिम लिन इच्छुक व्यक्ति ।

प्रशिक्षितः (वि.) प्रशिक्ष्यते स्म इति *(प्रशिक्षण दिइएको)* प्रपूर्वक शिक्ष विद्योपादाने (भ्वा.) धातु, प्र+शिक्ष्+क्त (त), इडागम= प्रशिक्षित ।

शब्दार्थ- प्रशिक्षण प्राप्त गरेको, तालिम लिएको, तालिम दिइएको ।

प्रशिष्यः (ना./पुं.) प्रगतः शिष्यः *(राम्रो शिष्य बनेको)* प्रा.त.स.= प्रशिष्य ।

शब्दार्थ- उपयुक्त शिष्य, राम्रो शिष्य, शिष्यको शिष्य ।

प्रशोधकः (वि.) प्रशोधयतीति *(प्रशोधन गर्छ)* प्रपूर्वक शुध शौचे (दिवा.) धातु, प्र+शुध्+ण्वुल् (अक), गुण =प्रशोधक ।

शब्दार्थ-प्रशोधन गर्ने, खार्ने, परिष्कृत गर्ने, संशोधन गर्ने ।

प्रशोधनम् (ना./न.) प्रशोध्यते इति *(प्रशोधन गरिन्छ)* प्रपूर्वक शुध शौचे (दिवा.) धातु, प्र+शुध्+णिचि+ल्युट् (अन), गुण, णिलोप= प्रशोधन ।

शब्दार्थ- अशुद्धलाई शुद्ध र अपरिमार्जितलाई परिमार्जित गर्ने काम, परिष्कृत वनाउने क्रिया ।

प्रशोधनीयः (वि.) प्रशोधितुं योग्यः *(प्रशोधन गर्न योग्य)* प्र+शुध्+अनीय (र्), गुण= प्रशोधनीय ।

शब्दार्थ- परिमार्जन गर्न योग्य, परिष्कार गर्नुपर्ने, प्रशोधन गर्न लायक ।

प्रशोधितः (वि.) प्रशोध्यते स्म इति *(शुद्ध गरिएको)* प्रपूर्वक शुध शौचे (दिवा.) धातु, प्र+शुध्+णिचि, गुण, प्रशोधि+क्त (त), णिलोप, इडागम= प्रशोधित ।

शब्दार्थ- प्रशोधन गरिएको, चोखो तुल्याइएको, खारिएको, परिमार्जित वा परिष्कृत गरिएको ।

प्रश्नः (ना./पुं.) प्रच्छनम्, पृच्छ्यते अनेन इति वा *(सोधिन्छ यसबाट)* प्रच्छ ज्ञीप्सायाम् (तुदा.) धातु, प्रच्छ्+नङ्[5] (न), च् छ्को श्= प्रश्न ।

शब्दार्थ- सोध्ने काम, सोधाइ, सवाल, विद्यार्थीलाई जाँचमा सोधिने प्रश्नपत्र, परिप्रश्न, पृच्छा ।

प्रश्नकर्ता (वि.) प्रश्नं करोतीति *(प्रश्न गर्छ)* डुकृञ् करणे (तना.) धातु, प्रश्न+कृ+तृच्[6] (तृ), गुण, प्रश्नकर्तृ =प्रश्नकर्ता ।

शब्दार्थ- सोध्ने, प्रश्न गर्ने, प्राश्निक ।

प्रश्नपत्रम् (ना./न.) प्रश्नानां पत्रम् *(प्रश्नहरूको पत्र)* ष.त.स.= प्रश्नपत्र ।

शब्दार्थ- परीक्षार्थीलाई सोधिने प्रश्नहरू लेखेर तयार गरिएको प्रश्नपत्र ।

प्रश्नोत्तरम् (ना./न.) प्रश्नश्च उत्तरञ्च *(प्रश्न र उत्तर)* द्व.स.= प्रश्नोत्तर । अथवा प्रश्नानामुत्तरम् (प्रश्नहरूको उत्तर) ष.त.स., गुण= प्रश्नोत्तर ।

शब्दार्थ- कसैले सोधेको सवाल र त्यसको उत्तर, प्रश्न र उत्तर, प्रश्नहरूको समुचित उत्तर दिने काम ।

प्रश्रयः (ना./पुं.) प्रश्रयणम्, प्रश्रीयते इति वा *(प्रश्रय दिन्छ)* प्रपूर्वक श्रिञ् सेवायाम् (भ्वा.) धातु, प्र+श्रि+ अच् (एरच्), गुण, अयादेश= प्रश्रय ।

शब्दार्थ- कसैलाई दिइने वा कसैसँग लिइने सहारा, आश्रय, आडभरोसा, आदर, शिष्टता, विनय, प्रेम, स्नेह, सत्कार ।

---

[1] ततः आगतः : ठक्

[2] तदर्हति : ठञ्

[3] गुरोश्च हलः : अ (प्रत्यय)

[4] सुप्यजातौ... : णिनि

[5] यजयाजयतविच्छप्रच्छ... : नङ्

[6] ण्वुल्तृचौ : तृच्

प्रश्रयी (वि.) प्रश्रयः अस्त्यास्तीति *(प्रश्रय छ यसको)* प्रश्रय+इनि[१] (इन्), अकारलोप, प्रश्रयिन्= प्रश्रयी ।

शब्दार्थ- कसैको आश्रय वा सहारा लिने, आडलिने, शिष्ट, सज्जन, विनम्र, विनीत ।

प्रश्रितः (वि.) प्रश्रीयते स्म इति *(सहारा लिएको)* प्रपूर्वक श्रिञ् सेवायाम् (भ्वा.) धातु, प्र+श्रि+क्त (त)=प्रश्रित ।

शब्दार्थ- आश्रित, सहारा वा आड पाएको, झुकेको, निहुरेको, विनीत, आदर-सत्कार पाएको, कसैको आश्रयमा रहेको ।

प्रश्वासः (ना./पुं.) प्रश्वस्यते इति *(सास फेरिन्छ)* प्रपूर्वक श्वस प्राणने (अदा.) धातु, प्र+श्वस्+घञ् (अ), वृद्धि =प्रश्वास ।

शब्दार्थ- श्वास बाहिर फाल्ने क्रिया, निःश्वास, सास फेर्ने काम, उच्छ्वास ।

प्रष्टव्यः (वि.) प्रष्टुं योग्यः, पृच्छ्यते इति वा *(सोध्न लायक)* प्रच्छ ज्ञीप्सायाम् (तुदा.) धातु, प्रच्छ्+तव्यत् (तव्य), च्छ्को षत्व[२], प्रष्तव्य, ष्टुत्व= प्रष्टव्य ।

शब्दार्थ- सोध्न लायक, सोध्न योग्य, प्रश्न वा सवाल गर्न योग्य ।

प्रसक्तः (वि.) प्रसज्यते स्म इति *(सम्बन्ध रहेको)* प्रपूर्वक षञ्ज सङ्गे (भ्वा.) धातु, प्र+सञ्ज्+क्त (त), नलोप, कुत्व= प्रसक्त ।

शब्दार्थ- आसक्त वा संलग्न भएको, सम्बन्ध जोडेको ।

प्रसङ्गः (ना./पुं.) प्रसज्यते इति *(सम्बन्ध वा आसक्ति हुनु)* प्रपूर्वक षञ्ज सङ्गे (भ्वा.) धातु, प्र+सञ्ज् +घञ् (अ), कुत्व, परसवर्ण= प्रसङ्ग ।

शब्दार्थ- अनुराग, आसक्ति, सम्भोग, सम्बन्ध, सम्पर्क, सन्दर्भ, कुनै वस्तु वा व्यक्तिसँग रहने सम्पर्क वा सम्बन्ध ।

प्रसन्नः (वि.) प्रसीदति स्म इति *(प्रसन्न भएको)* प्रपूर्वक षद्लृ विशरणगत्यवसादनेषु (भ्वा./तुदा.) धातु, प्र+सद्+क्त[३] (त), कर्तामा, निष्टा तको न, परसवर्ण =प्रसन्न ।

शब्दार्थ- प्रफुल्ल, सन्तुष्ट, आनन्दित, हर्षित, पवित्र, स्वच्छ, निर्मल ।

प्रसन्नचित्तः (वि.) प्रसन्नं चित्तं यस्य *(प्रसन्न छ चित्त जसको)* ब.स.= प्रसन्नचित्त ।

शब्दार्थ- प्रसन्न चित्त भएको, चित्त प्रफुल्ल भइरहने, चित्त सन्तुष्ट भएको ।

प्रसन्नता (ना./स्त्री.) प्रसन्नस्य भावः *(प्रसन्न हुनाको भाव वा अवस्था)* प्रसन्न+तल् (त)+टाप् (आ)=प्रसन्नता ।

शब्दार्थ- खुसियाली, प्रफुल्लता, स्वच्छता, निर्मलता, सन्तुष्टि ।

प्रसन्नमनाः (वि.) प्रसन्नं मनः यस्य *(प्रसन्न छ मन जसको)* ब.स., प्रसन्नमनस्= प्रसन्नमना ।

शब्दार्थ- खुसी मन भएको, प्रसन्न चित्त भएको ।

प्रसन्नात्मा (वि.) प्रसन्नः आत्मा यस्य *(प्रसन्न छ आत्मा जसको)* प्रसन्न+आत्मन्, ब.स., दीर्घ, प्रसन्नात्मन् =प्रसन्नात्मा ।

शब्दार्थ- प्रसन्न चित्त भएको, प्रसन्न मनको, मन सन्तुष्ट भएको ।

प्रसरणम् (ना./न.) प्रसरणम्, प्रस्रियते इति *(फैलिन्छ)* प्रपूर्वक सृ गतौ (भ्वा.) धातु, प्र+सृ+ल्युट् (अन), गुण, णत्व= प्रसरण ।

शब्दार्थ- फैलावट, अगाडि बढ्ने काम, विस्तार, विस्तरण, फिंजिने काम ।

प्रसवः (ना./पुं.) प्रसूयते इति *(जन्मिन्छ)* प्रपूर्वक षूङ् प्राणिप्रसवे (दिवा.) धातु, प्र+सू+अप्[४] (अ), गुण, अवादेश= प्रसव ।

शब्दार्थ- प्रसूति, शिशु जन्माउने क्रिया, जन्म दिने काम, प्रजनन, उत्पादन, गर्भविमोचन, सन्तान, फुल ।

प्रसवकालः (ना./पुं.) प्रसवस्य कालः *(प्रसवको समय)* ष.त.स.= प्रसवकाल ।

शब्दार्थ- सुत्केरी हुने समय, शिशु जन्माउने समय, प्रजनन काल ।

प्रसवगृहम् (ना./न.) प्रसवाय गृहम् *(शिशु पैदा गर्न सुविधा हुने घर वा अस्पताल)* च.त.स.= प्रसवगृह । अथवा प्रसवस्य गृहम् *(सुत्केरीको कोठा)* ष.त.स. =प्रसवगृह ।

शब्दार्थ- प्रसूतिगृह, बच्चा जन्माउन सुविधा भएको घर वा अस्पताल, सुत्केरी कक्ष ।

प्रसववेदना (ना./स्त्री.) प्रसवस्य प्रसवकालस्य वेदना *(प्रसवकालको पीडा वा व्यथा)* ष.त.स.= प्रसववेदना ।

शब्दार्थ- प्रसवकालको दु:ख, बच्चा जन्मने वेलाको पीडा, व्यथा वा वेदना ।

प्रसवस्थानम् (ना./न.) प्रसवाय प्रसवस्य वा स्थानम् *(बच्चा जन्माउनको लागि वा बच्चा जन्मेको स्थान)* च.त.स./ष.त.स.= प्रसवस्थान ।

शब्दार्थ- बच्चा जन्माउन सुविधायुक्त स्थान, प्रसूतिगृह, बच्चा पैदा भएको स्थान, कोठा वा अस्पताल ।

प्रसविता (ना./पुं.) प्रसूते, प्रसूयते इति वा *(जन्माउँछ वा पैदा गर्छ)* प्रपूर्वक षूङ् प्राणिगर्भविमोचने (अदा.) वा षूङ् प्राणिप्रसवे (दिवा.) धातु, प्र+सू+तृच्[५] (तृ), इडागम, गुण, अवादेश, प्रसवितृ= प्रसविता ।

शब्दार्थ- जन्म दिने बाबु, पिता, जनक, तात ।

प्रसविनी (ना./स्त्री.) प्रसवः अस्त्यास्तीति *(प्रसव वेदना छ यस स्त्रीको)* प्रसव+इनि (इन्)+ङीप् (ई)= प्रसविनी ।

शब्दार्थ- सुत्केरी हुन लागेकी स्त्री, सुत्केरी नारी ।

---

[१] अत इनिठनौ : इनि

[४] ऋदोरप् : अप्

[२] व्रश्चभ्रस्जसृजमृज...: च्छ्को षत्व

[५] ण्वुल्तृचौ : तृच्

[३] गत्यर्थाकर्मक... : क्त, कर्तामा

प्रसवित्री (ना./स्त्री.) प्रसूते, प्रसूयते असौ *(बच्चा जन्माउँछे यो)* प्रपूर्वक षूङ् प्राणिगर्भविमोचने (अदा.) वा षूङ् प्राणिप्रसवे (दिवा.) धातु, प्र+सू+तृच्[1] (तृ), इडागम, गुण, अवादेश, प्रसवितृ+ङीष् (ई), यण् =प्रसवित्री ।

शब्दार्थ- वच्चा जन्म दिने आमा, माता, जनयित्री, जननी ।

प्रसवोन्मुखी (ना./स्त्री.) प्रसवाय उन्मुखी *(शिशु जन्माउन उन्मुख भएकी)* च.त.स.= प्रसवोन्मुखी ।

शब्दार्थ- सुत्केरी हुने वेला भएकी स्त्री, वच्चा पैदा गर्न समय पुगेकी नारी ।

प्रसादः (ना./पुं.) प्रसीदन्ति जनाः अत्र *(खुसी हुन्छन् मानिस यहाँ)* प्रपूर्वक षद्लृ विशरणगत्यावसादनेषु (तुदा.) धातु, प्र+सद्+घञ्[2] (अ), वृद्धि= प्रसाद ।

प्रसादस्तु प्रसन्नता- इत्यमरः

शब्दार्थ- अनुग्रह, कृपा, दया, प्रसन्नता, सन्तुष्टि, नैवेद्य, प्रसन्नावस्था, निर्मलता, काव्यका गुणहरूमध्ये एक ।

प्रसादितः (वि.) प्रसाद्यते स्म इति *(प्रसन्न पारिएको)* प्रपूर्वक षद्लृ विशरणगत्यावसादनेषु (तुदा.) धातु, प्र+सद्+णिचि, वृद्धि, प्रसादि+क्त (त), णिलोप, इडागम= प्रसादित ।

शब्दार्थ-सन्तुष्ट तुल्याइएको, प्रसन्न वा खुसी पारिएको ।

प्रसाधकः (वि.)प्रसाध्नोति, प्रसाधयतीति वा *(प्रसाधन गर्छ वा सिंगार्छ)* प्रपूर्वक साध संसिद्धौ (स्वा.) धातु, प्र+साध्+ण्वुल् (अक)=प्रसाधक ।

प्र+साध्+णिचि+ण्वुल् (अक), णिलोप= प्रसाधक ।

शब्दार्थ- सजाउने, सिंगार्ने, सिंगारपटार गर्ने, विभूषित पार्ने, वस्त्र वा आभूषण पहिरिने वा पहिऱ्याउने ।

प्रसाधनम् (ना./न.) प्रसाध्यते अनेन अङ्गम् *(अङ्ग प्रसाधन गरिन्छ यसबाट)* प्रपूर्वक साध संसिद्धौ (स्वा.) धातु, प्र+साध्+ल्युट् (अन)= प्रसाधन ।

शब्दार्थ- सिंगारपटार, सजाउने काम, शरीर सजावट गर्ने काम, वेशभूषा, शृङ्गारका साधनहरू कार्यान्वित गर्ने काम ।

प्रसाधनी (ना./स्त्री.) प्रसाध्यते अनया *(प्रसाधन गरिन्छ यसबाट)* प्रपूर्वक साध संसिद्धौ (स्वा.) धातु, प्र+साध्+ल्युट् (अन), प्रसाधन+ङीप् (ई)= प्रसाधनी ।

शब्दार्थ- कपाल कोर्ने साधन, काँइयो ।

प्रसाधिका (ना./स्त्री.) प्रसाध्नोति असौ *(सजाउने वा सिंगारपटारको काम गर्छे यो)* प्रपूर्वक साध संसिद्धौ (स्वा.) धातु, प्र+साध्+ण्वुल् (अक)+टाप् (आ), ककारपूर्वका अकारको इत्व= प्रसाधिका ।

शब्दार्थ- सेविका, अर्काको शृङ्गारपटार गरेर जीविका चलाउने आइमाई, प्रसाधनको काम गर्ने स्त्री ।

प्रसाधितः (वि.) प्रसाध्यते स्म इति *(सजाइएको वा प्रसाधन गरिएको)* प्रपूर्वक साध संसिद्धौ (स्वा.) धातु, प्र+साध्+क्त (त), इडागम= प्रसाधित ।

शब्दार्थ- सजाइएको, सिङ्गारपटार गरिएको, विभूषित पारिएको, सजावट गरिएको ।

प्रसारः (ना./पुं.) प्रस्रियते, प्रसार्यते इति वा *(फैलिन्छ, फैलाइन्छ)* प्रपूर्वक सृ गतौ (भ्वा.) धातु, प्र+सृ+घञ् (अ), वृद्धि= प्रसार ।

अथवा प्र+सृ+णिचि, वृद्धि, प्रसारि+अच् (एरच्)/घञ् (अ), णिलोप= प्रसार ।

शब्दार्थ- सवैतिर विस्तार गर्ने वा फैलिने काम, प्रसारण, विस्तार, फैलावट, विस्तृतरूपमा गरिने प्रचारात्मक काम ।

प्रसारकः (वि.) प्रसारयतीति *(फैलाउँछ)* प्रपूर्वक सृ गतौ (भ्वा.) धातु, प्र+सृ+णिचि, वृद्धि, प्रसारि+ण्वुल्[1] (अक), णिलोप= प्रसारक ।

शब्दार्थ- प्रसार गर्ने, विस्तार गर्ने, फैलाउने ।

प्रसारणम् (ना./न.) प्रसार्यते इति *(फैलाइन्छ)* प्रपूर्वक सृ गतौ (भ्वा.) धातु, प्र+सृ+णिचि, वृद्धि, प्रसारि+ल्युट् (अन), णिलोप, णत्व= प्रसारण ।

शब्दार्थ- फैलाउने काम, फैलावट, प्रसार, फिंजाउने क्रिया, सञ्चारमाध्यमद्वारा समाचार प्रसार गर्ने काम ।

प्रसारिणी (ना./स्त्री./वि.) प्रसारः अस्याः अस्तीति *(प्रचार-प्रसार गर्ने काम छ यस स्त्रीको)* प्रसार+इनि[3] (इन्)+ङीप् (ई), णत्व= प्रसारिणी ।

शब्दार्थ- प्रचारप्रसार गर्ने आइमाई, प्रचारप्रसारको काम गर्ने समिति वा संस्था, विस्तार गर्ने, फैलाउने ।

प्रसारितः (वि) प्रसार्यते स्म इति *(फैलाइएको)* प्रपूर्वक सृ गतौ (भ्वा.) धातु, प्र+सृ+णिचि, वृद्धि, प्रसारि+क्त (त), णिलोप, इडागम= प्रसारित ।

शब्दार्थ- फिंजाइएको, प्रसार गरिएको, विस्तार गरिएको ।

प्रसिद्धः (वि.) प्रसिध्यति स्म इति *(प्रसिद्ध भएको)* प्रपूर्वक षिधु संराद्धौ (दिवा.) धातु, प्र+सिध्+क्त (त), कर्तामा, तको ध, जश्त्व= प्रसिद्ध ।

शब्दार्थ- विख्यात, विश्रुत, प्रख्यात, कीर्ति फैलिएको, प्रसिद्धि पाएको, कहलिएको, अलङ्कृत, विभूषित ।

प्रसिद्धिः (ना./स्त्री.) प्रसिद्ध्यते, प्रसिध्यति स्म इति *(सिद्ध गरिन्छ)* प्रपूर्वक षिधु संराद्धौ (दिवा.) धातु, प्र+सिध्+क्तिन् (ति), तको ध[4], जस्त्व= प्रसिद्धि ।

शब्दार्थ- ख्याति, कीर्ति, विश्रुति, सुयश, नाउँ चल्ने काम, सुनाम ।

प्रसुप्तः (वि.) प्रस्वपिति स्म इति *(सुतेको)* प्रपूर्वक ञिष्वप् शये (अदा.) धातु, प्र+स्वप्+क्त (त), कर्तामा, प्रस्वप् त, सम्प्रसारणबाट वको उ= प्रसुप्त ।

शब्दार्थ- सुतेको, झकाएको, निदाएको, गाढा निद्रामा पर्नाले चेष्टारहित भएको, निद्रित, निष्क्रिय ।

---

[1] ण्वुल्तृचौ : तृच्/ण्वुल्

[2] हलश्च : घञ्

[3] अत इनिठनौ : इनि

[4] झषस्तथोर्धो धः : तको ध

प्रसुप्तिः (ना./स्त्री.) प्रसुप्यते इति *(सुतिन्छ)* प्रपूर्वक ञिष्वप् शये (अदा.) धातु, प्र+स्वप्+क्तिन् (ति), सम्प्रसारणबाट वको उ[१]= प्रसुप्ति ।

शब्दार्थ- मस्तनिद्रा, गाढानिद्रा, निष्क्रिय रहने काम, निश्चेष्टा, कुनै कामप्रति चासो नलिने क्रिया ।

प्रसूतः (वि.) प्रसूते स्म, प्रसूयते स्म इति वा *(जन्मेको)* प्रपूर्वक षूङ् प्राणिगर्भविमोचने (अदा.) वा षूङ् प्राणिप्रसवे (दिवा.) धातु, प्र+सू+क्त[२] (त), कर्तामा= प्रसूत ।

शब्दार्थ- जन्मेको, पैदा भएको, उत्पत्ति भएको, जन्माएको ।

प्रसूता (ना./स्त्री.) प्रसूते स्म, प्रसूयते स्म असौ इति वा *(सुत्केरी भएकी छ यो)* प्रपूर्वक षूङ् प्राणिगर्भविमोचने (अदा.) वा षूङ् प्राणिप्रसवे (दिवा.) धातु, प्र+सू+क्त (त)+ टाप् (आ)= प्रसूता ।

शब्दार्थ- शिशु जन्माएकी स्त्री, सुत्केरी आइमाई, सन्तान पैदा गरेकी स्त्री ।

प्रसूतिः (ना./स्त्री.) प्रसूयते अनया *(जन्माउँछे यसले)* षूङ् प्राणिप्रसवे (दिवा.) धातु, प्र+सू+क्तिन् (ति) = प्रसूति ।

शब्दार्थ- शिशु जन्माउने काम, बच्चा पैदा गर्ने क्रिया, सन्तान पैदा गर्ने काम, सुत्केरी अवस्था, प्रसव, उद्भव ।

प्रसूतिका (ना./स्त्री.) प्रसूयते अनया *(जन्माउँछे यसले)* षूङ् प्राणिप्रसवे (दिवा.) धातु, प्र+सू+क्तिन् (ति), प्रसूतिः । प्रसूतिरेव *(सुत्केरी नै)* प्रसूति+कन् (क), स्वार्थमा, प्रसूतिक+टाप् (आ), ककारपूर्वका अकारको ईत्व= प्रसूतिका ।

अथवा प्रसूते स्म असौ *(बच्चा जन्माएकी छ यसले)* प्र+सू+क्त (त), प्रसूतः । प्रसूतः सूतः अस्ति अस्याः *(बच्चा छ यसको)* प्रसूत+ठन् (इक), प्रसूतिक+टाप् (आ), ककारपूर्वका अकारको ईत्व= प्रसूतिका ।

शब्दार्थ-बच्चा पाएकी स्त्री, सुत्केरी आइमाई, प्रसूता स्त्री

प्रसूतिगृहम् (ना./न.) प्रसूत्याः, प्रसूतये वा गृहम् *(प्रसूतिको गृह, प्रसूतिका लागि घर)* ष.त.स. = प्रसूतिगृह ।

शब्दार्थ- सुत्केरीको कोठो, प्रसवगृह, सुत्केरीले शिशु पैदा गर्ने गृह वा कक्ष वा अस्पताल ।

प्रसूनः (वि./ना./न.) प्रसूते स्म इति *(जन्मेको, फक्रेको)* प्रपूर्वक षूङ् प्राणिगर्भविमोचने (अदा.) धातु, प्र+सू+ क्त (त), कर्ता र भावमा, निष्ठा तको न= प्रसून ।

शब्दार्थ- पैदा भएको, जन्मेको, फक्रेको, फूलेको, विकसित भएको, फूल, कुसुम, पुष्प ।

प्रसृतः (वि.) प्रसरति स्म इति *(फैलिएको)* प्रपूर्वक सृ गतौ (भ्वा.) धातु, प्र+सृ+क्त[२] (त), कर्तामा= प्रसृत ।

शब्दार्थ- अगाडि बढेको, फैलिएको, प्रसारित गरिएको, पसारिएको ।

प्रस्तरः (ना./पुं.) प्रस्तृणोति, प्रस्तृणातीति वा *(ढाक्छ वा फैलन्छ)* प्रपूर्वक स्तृञ् आच्छादने (स्वा.) वा स्तॄञ् आच्छादने (क्र्या.) धातु, प्र+स्तृ/स्तॄ+अच् (पचादि), गुण= प्रस्तर ।

पाषाणप्रस्तरग्रावोपलाश्मानः शिला दृषत्- इत्यमरः

शब्दार्थ- निकै फैलिएर रहेका ढुङ्गा, पत्थर, पाषाण, चट्टान, शिला, पर्णशय्या, पुष्पशय्या, ओछ्यान, आसनी, समतल मैदान ।

प्रस्तरणम् (ना./न.) प्रस्तीर्यते इति *(फैलिन्छ वा ढाकिन्छ)* प्रपूर्वक स्तृञ् आच्छादने (स्वा.) वा स्तॄञ् आच्छादने (क्र्या.) धातु, प्र+स्तृ/स्तॄ+ल्युट् (अन), गुण, णत्व= प्रस्तरण ।

शब्दार्थ- पलङ, बिछ्याउँना, शय्या, ओछ्यान, आसन, आसनी, बस्यौटो, विहेमा दुलहा दुलहीलाई ओछ्याउने आसनी ।

प्रस्तावः (ना./पुं.) प्रस्तूयते इति *(प्रस्तुत गरिन्छ)* प्रपूर्वक ष्टुञ् स्तुतौ (अदा.) धातु, प्र+स्तु+घञ्[३] (अ), वृद्धि, आवादेश= प्रस्ताव ।

शब्दार्थ- कुनै कार्य सम्पादनका लागि प्रस्तुत गरिने सुझाव, कुनै सभा वा समितिमा नीतिनियम र कार्यप्रक्रिया आदि विषयमा प्रस्तुत गर्न तयार गरिएको प्रस्ताव वा सुझाउ, प्रस्तावना ।

प्रस्तावकः (ना./पुं.) प्रस्तवीति *(प्रस्तुत गर्छ)* प्रपूर्वक ष्टुञ् स्तुतौ (अदा.) धातु, प्र+स्तु+ण्वुल् (अक), वृद्धि, आवादेश= प्रस्तावक ।

शब्दार्थ- प्रस्ताव प्रस्तुत गर्ने व्यक्ति, प्रस्ताव राख्ने मानिस, प्रस्तोता ।

प्रस्तावना (ना./स्त्री.) प्रस्ताव्यते इति *(प्रस्ताव राखिन्छ)* प्रपूर्वक ष्टुञ् स्तुतौ (अदा.) धातु, प्र+स्तु+णिचि, वृद्धि, आवादेश, प्रस्तावि+युच् (अन), णिलोप, प्रस्तावन+ टाप् (आ)= प्रस्तावना ।

शब्दार्थ- कुनै कार्यको प्रारम्भ, कुनै ग्रन्थ, कृति, रचना आदिको प्रारम्भमा लेखिने भूमिका, प्राक्कथन, प्रारम्भिक कथन, नाटकको प्रारम्भमा सूत्रधार तथा अन्य कुनै पात्रबीच हुने वार्तालाप ।

प्रस्तावितः (वि.) प्रस्ताव्यते स्म इति *(प्रस्ताव राखिएको)* प्रपूर्वक ष्टुञ् स्तुतौ (अदा.) धातु, प्र+स्तु+णिचि, वृद्धि, आवादेश, प्रस्तावि+क्त (त), णिलोप, इडागम =प्रस्तावित ।

शब्दार्थ- प्रस्तावको रूपमा प्रस्तुत गरिएको, कुनै सुझाउ वा विचार प्रस्तुत गरिएको, आरम्भ गरिएको, प्रस्ताव प्रस्तुत गरिएको ।

प्रस्तुतः (वि.) प्रस्तूयते स्म इति *(प्रस्तुत गरिएको)*प्रपूर्वक ष्टुञ् स्तुतौ (अदा.) धातु, प्र+स्तु+क्त (त)= प्रस्तुत ।

शब्दार्थ- प्रस्तुत गरिएको, निर्णयार्थ पेस गरिएको, स्तुति वा प्रशंसा गरिएको, प्रस्तावित, प्रशंसित ।

---

[१] वचिस्वपियजादिनाम्... : सम्प्रसारणबाट वको उ

[२] गत्यर्थाकर्मक... : क्त, कर्तामा

[३] प्रेद्रुस्तुस्रुवः : घञ्

प्रस्थानम् (ना./न.) प्रस्थानमिति *(प्रस्थान गरिन्छ)* प्रपूर्वक ष्ठा गतिनिवृत्तौ (भ्वा.) धातु, प्र+स्था+ल्युट् (अन) =प्रस्थान ।

शब्दार्थ- हिंड्ने वा गमन गर्ने काम, प्रयाण, यात्रा, गमन, एक ठाउँबाट अर्को ठाउँमा जाने काम ।

प्रस्थानकालः (ना./पुं.) प्रस्थानाय कालः/प्रस्थानस्य कालः *(प्रस्थानका लागि वा प्रस्थानको समय)* च.त.स. /ष.त.स.= प्रस्थानकाल ।

शब्दार्थ- प्रस्थानका लागि निर्धारित समय, प्रस्थानको ठीक वेला वा समय ।

प्रस्थापनम् (ना./न.) प्रस्थाप्यते इति *(पठाइन्छ)* प्रपूर्वक ष्ठा गतिनिवृत्तौ (भ्वा.) धातु, प्र+स्था+णिचि, पुगागम, प्रस्थापि+ल्युट् (अन), णिलोप= प्रस्थापन ।

शब्दार्थ- पठाउने काम, प्रेषित गर्ने काम, स्थापना गर्ने काम, कार्यसिद्धि ।

प्रस्थापना (ना./स्त्री.) प्रस्थाप्यते इति *(पठाइन्छ)* प्रपूर्वक ष्ठा गतिनिवृत्तौ (भ्वा.) धातु, प्र+स्था+णिचि, पुगागम, प्रस्थापि+युच्[1] (अन)+टाप् (आ), णिलोप =प्रस्थापना ।

शब्दार्थ- स्थापना गर्ने काम, राख्ने क्रिया, स्थापना ।

प्रस्थापितः (वि.) प्रस्थाप्यते स्म इति *(पठाइएको)* प्रपूर्वक ष्ठा गतिनिवृत्तौ (भ्वा.)धातु, प्र+स्था+णिचि, पुगागम, प्रस्थापि+क्त (त), इडागम, णिलोप= प्रस्थापित ।

शब्दार्थ- प्रस्थापन गरिएको, हिडाइएको, पठाइएको ।

प्रस्थितः (वि.) प्रतिष्ठति स्म इति *(प्रस्थान गरेको)* प्रपूर्वक ष्ठा गतिनिवृत्तौ (भ्वा.) धातु, प्र+स्था+क्त[2] (त), कर्तामा, इत्व[3]= प्रस्थित ।

शब्दार्थ- हिँडेको, प्रस्थान गरेको, गमन गरेको, विभिन्न ठाउँमा गएको ।

प्रस्थितिः (ना./स्त्री.) प्रस्थानम्, प्रस्थीयते इति वा *(प्रस्थान गरिन्छ)* प्रपूर्वक ष्ठा गतिनिवृत्तौ (भ्वा.) धातु, प्र+स्था+क्तिन् (ति), इत्व= प्रस्थिति ।

शब्दार्थ- एक ठाउँबाट अर्को ठाउँमा जाने काम, यात्रा, गमन, हिँडाइँ, प्रस्थान ।

प्रस्फुटः (वि.) प्रस्फोटति, प्रस्फुटति विकसतीति वा *(फुल्छ, फक्रन्छ)* प्रपूर्वक स्फुट विकसने (भ्वा./ तुदा.) धातु, प्र+स्फुट्+क (अ)= प्रस्फुट ।

शब्दार्थ- फूल फुलेको, विकसित भएको, फक्रेको, प्रफुल्ल, प्रस्फुटन भएको, प्रकट भएको ।

प्रस्फुटनम् (ना./न.) प्रस्फोटनमिति *(प्रस्फुटित हुनु)* प्रपूर्वक स्फुट विकसने (भ्वा./तुदा.) धातु, प्र+ स्फुट्+ल्युट् (अन), णिलोप= प्रस्फुटन ।

शब्दार्थ- फक्रने काम, फुल्ने वा प्रस्फुटन हुने क्रिया, प्रकट हुने काम, उम्रने वा टुसाउने क्रिया ।

प्रस्फुटितः (वि.) प्रस्फोटति स्म, प्रस्फुटति स्म इति वा *(फुलेको, फक्रेको)* प्रपूर्वक स्फुट विकसने (भ्वा./ तुदा.) धातु, प्र+स्फुट्+क्त (त), कर्तामा, इडागम =प्रस्फुटित ।

शब्दार्थ- फुलेको, फक्रेको, विकसित भएको, प्रस्फुटन भएको, उम्रेको, प्रकट भएको ।

प्रस्फुरणम् (ना./न.) प्रस्फूर्यते इति *(प्रस्फुरित हुनु)* प्रपूर्वक स्फुर सञ्चलने (तुदा.) धातु, प्र+स्फुर्+ल्युट् (अन), णत्व= प्रस्फुरण ।

शब्दार्थ-फुल्ने वा फक्रने क्रिया, फरफराउने क्रिया, कम्पन ।

प्रस्फुरितः (वि.) प्रस्फुरति स्म इति *(प्रस्फुरित भएको)* प्रपूर्वक स्फुर सञ्चलने (तुदा.) धातु, प्र+स्फुर्+क्त[2] (त), कर्तामा, इडागम= प्रस्फुरित ।

शब्दार्थ- निस्केको, फरफराएको, काँपेको, हल्लेको, प्रस्फुरण भएको ।

प्रस्रवः/प्रस्रावः (ना./पुं.) प्रस्रवणमिति *(चुहुनु, बहनु)* प्रपूर्वक स्रु गतौ (भ्वा.) धातु, प्र+स्रु+घञ्[4] (अ), वृद्धि, (विकल्पले), प्र स्रौ अ, आवादेश= प्रस्राव ।

घञ्को अभावमा प्र+स्रु+अप् (अ), अवादेश= प्रस्रव ।

शब्दार्थ- चुहुने काम, तप-तप थोपा खस्ने काम, रसाउने क्रिया, चुहावट, बहाइ, प्रस्रवण, धारो, छाँगो, स्तनबाट दूध खस्ने काम, पिसाव फेर्ने क्रिया ।

प्रस्रवणम् (ना./न.) प्रस्रवन्ति आपः अस्मात् *(यहाँबाट जल खस्छ)* प्रपूर्वक स्रु गतौ (भ्वा.) धातु, प्र+स्रु+ ल्युट्[5] (अन), बहुलप्रकारले, गुण, अवादेश= प्रस्रवण ।

शब्दार्थ- जलप्रवाह, चुहुने काम, चुहावट, प्रस्रव, प्रस्राव, पसिना, झर्ना, रसाउने क्रिया, पिसाव फेर्ने काम ।

प्रस्रुतः (वि.) प्रस्रवति स्म इति *(चुहेको)* प्रपूर्वक स्रु गतौ (भ्वा.) धातु, प्र+स्रु+क्त (त), कर्तामा= प्रस्रुत ।

शब्दार्थ-प्रस्रवण भएको, बगेको, चुहेको, तप्केको, रसाएको,

प्रस्वेदः (ना./पुं.) प्रस्विद्यते अनेन अङ्गम् *(यसद्वारा शरीर भिज्दछ)* प्रपूर्वक ञिष्विदा स्नेहनमोचनयोः (भ्वा.) धातु, प्र+स्विद्+घञ् (अ), गुण= प्रस्वेद ।

घर्मो निदाघः स्वेदः - इत्यमरः

शब्दार्थ- शरीरबाट पसिना निस्कने वा चुहुने काम, पसिना आउने वा बग्ने क्रिया, स्वेद, घर्म, पसिना ।

प्रहतः (वि.) प्रहन्यते स्म इति *(हत्या गरिएको)* प्रपूर्वक हन हिंसागत्योः (अदा.) धातु, प्र+हन्+क्त (त), अनुनासिक नलोप= प्रहत ।

शब्दार्थ- वध गरिएको, मारिएको, हत्या गरिएको, प्रहार गरिएको, पिटिएको ।

प्रहरः (ना./पुं.) प्रह्रियते अस्मिन् अनेन वा *(पहरा दिइन्छ यसमा वा यसबाट)* प्रपूर्वक हृञ् हरणे (भ्वा.) वा हृ प्रसह्यकरणे (अदा.) धातु, प्र+हृ+घ[6]/अप्[7] (अ), गुण =प्रहर ।

शब्दार्थ- याम, प्रहर, दिन र रातको आठ भाग समयमध्ये एक भाग, तीनघण्टाको समय, पहरा बस्ने काम ।

---

[1] ण्यासश्रन्थो... : युच्
[2] गत्यर्थाकर्मक... : क्त
[3] घतिस्यतिमास्था... : इत्व
[4] प्रेद्रुस्तुस्रुव : घञ् (विकल्पले)
[5] कृत्यल्युटो... : ल्युट्
[6] पुंसि संज्ञायाम्...: घ
[7] ऋदोरप् : अप्

प्रहरणम् (ना./न.) प्रह्रियते अनेन *(प्रहार गरिन्छ यसबाट)* प्रपूर्वक हृञ् हरणे (भ्वा.) धातु, प्र+हृ+ल्युट् (अन), करणमा, गुण, णत्व= प्रहरण ।

शब्दार्थ- प्रहार गर्ने काम, आक्रमण, घायल पार्ने काम, धावा दिने काम, अपहरण, काटमार, अस्त्र ।

प्रहरणीयः (वि.) प्रहर्तुं योग्यः, प्रह्रियते इति वा *(प्रहार गर्न योग्य)* प्रपूर्वक हृञ् हरणे (भ्वा.) धातु, प्र+हृ+अनीय (र), गुण, णत्व= प्रहरणीय ।

शब्दार्थ- प्रहार गर्न लायक, अस्त्रशस्त्र चलाउनु पर्ने ।

प्रहरी (वि./ना./पुं.) प्रहरः अस्यास्तीति *(पहरा दिने काम छ यसको)* प्रहर+इनि[1] (इन्), अकारलोप, प्रहरिन् =प्रहरी ।

शब्दार्थ- पहरा दिने (पाले), पहरेदार, देशमा शान्ति सुरक्षा गर्ने (पुलिस), प्रहरी सेवामा रहने व्यक्ति ।

प्रहसनम् (ना./न.) प्रहसनम्, प्रहस्यते इति वा *(खुब हाँसिन्छ)* प्रपूर्वक हसे हसने (भ्वा.) धातु, प्र+हस्+ल्युट् (अन)= प्रहसन ।

शब्दार्थ- धेरै हाँस्ने काम, ख्यालठट्टा, धेरै ठूलो हाँसो, रूपकको एउटा भेद ।

प्रहसितः (वि.) प्रहसति स्म, प्रहस्यते स्म इति वा *(ज्यादै हाँसेको, हाँसिएको)* प्रपूर्वक हसे हसने (भ्वा.) धातु, प्र+हस्+क्त (त), कर्ता र भावमा, इडागम=प्रहसित ।

शब्दार्थ- ज्यादै हाँसेको, धेरै हाँसेको, ख्यालठट्टा गरिएको, खुवसित हाँसिएको ।

प्रहारः (ना./पुं.) प्रह्रियते अनेन इति *(प्रहार गरिन्छ यसबाट)* प्रपूर्वक हृञ् हरणे (भ्वा.) धातु, प्र+हृ+घञ् (अ), वृद्धि= प्रहार ।

शब्दार्थ- प्रहार गर्ने काम, छडी वा लट्ठी आदिले हिर्काउने काम, ताडना, पिटाइ, हत्या, वध, आघात, चोट, ठक्कर दिने काम ।

प्रहारकः (वि./ना./पुं.) प्रहरतीति *(प्रहार गर्छ)* प्रपूर्वक हृञ् हरणे (भ्वा.) धातु, प्र+हृ+ण्वुल् (अक), वृद्धि =प्रहारक ।

शब्दार्थ- प्रहार गर्ने, लट्ठीले हिर्काउने, ताडना दिने, पिट्ने, मार्ने, प्रहार गर्ने साधन- हतियार, अस्त्रशस्त्र ।

प्रहार्यः (वि.) प्रहर्तुं योग्यः, प्रह्रियते इति वा *(प्रहार गर्न योग्य वा प्रहार गरिन्छ)* प्रपूर्वक हृञ् हरणे (भ्वा.) धातु, प्र+हृ+ण्यत्[2] (य), वृद्धि= प्रहार्य ।

शब्दार्थ- प्रहार गर्न योग्य वा लायक, अपहरण गर्न लायक, वध गर्न योग्य, हरण गर्न उपयुक्त, अपहरण गर्न उचित ।

प्रहासः (ना./पुं.) प्रहसनम्, प्रहस्यते इति वा *(खुब हाँसिन्छ)* प्रपूर्वक हसे हसने (भ्वा.) धातु, प्र+हस्+घञ् (अ), वृद्धि= प्रहास ।

शब्दार्थ- ज्यादै ठूलो हाँसो, अट्टहास, उपहास, तिरस्कार ।

प्रहृष्टः (वि.) प्रहर्षति स्म, प्रहृष्यति स्म इति वा *(ज्यादै खुसी भएको)* प्रपूर्वक हृषु अलीके (भ्वा.) वा हृष तुष्टौ (दिवा.) धातु, प्र+हृष्+क्त (त), कर्तामा, ष्टुत्व = प्रहृष्ट ।

शब्दार्थ- ज्यादै प्रसन्न, अतिसन्तुष्ट, प्रफुल्लित, खुसी भएको, प्रमुदित ।

प्रहेलिका (ना./स्त्री.) प्रहेलयति अभिप्रायं सूचयति *(अभिप्राय बताउँछ)* प्रपूर्वक हिल भावकरणे (तुदा.) धातु, प्र+हिल्+ण्वुल् (अक), गुण, प्रहेलक+टाप् (आ), ककारपूर्वका अकारको इत्व= प्रहेलिका ।

अथवा प्र+हिल्+इन् (उणा.), गुण, प्रहेलिः । प्रहेलि एव *(पहेलि नै)* प्रहेलि+कन् (क), स्वार्थमा, प्रहेलिक+ टाप् (आ), ककारपूर्वका अकारको इत्व= प्रहेलिका ।

शब्दार्थ- केही वाहिरी कुरा प्रकट गरेर मुख्य कुरा छिपाउने वा लुकाउने काम, पहेली, अड्को, कूटप्रश्न ।

द्रष्टव्य- **व्यक्तीकृत्य कमप्यर्थं स्वरूपार्थस्य गोपनात्**
यत्र बाह्यार्थसम्बन्धः कथ्यते सा प्रहेलिका
-कवि दण्डीले प्रहेलिकाको १६ भेद बताएका छन् ।

प्रह्लादः (ना./पुं.) प्रह्लाद्यते अनेन *(ज्यादै खुसी भइन्छ यसबाट)* प्रपूर्वक ह्लादी सुखे अव्यक्ते शब्दे च (भ्वा.) धातु, प्र+ह्लाद्+घञ् (अ), वृद्धि= प्रह्लाद ।

अथवा प्रकर्षेण ह्लादयति *(ज्यादै खुसी हुन्छ)* प्र+ ह्लाद् +णिचि+अच् (पचादि), णिलोप= प्रह्लाद ।

शब्दार्थ- प्रसन्नता, अत्यधिक हर्ष, आमोद, आनन्द, दैत्यराज हिरण्यकशिपुको कान्छो छोरा, जो महान् विष्णु भक्त थिए ।

प्राकारः (ना./पुं.) प्रक्रियते इति *(गरिन्छ, बनाइन्छ)* प्रपूर्वक डुकृञ् करणे (तना.) धातु, प्र+कृ+घञ् (अ), कर्ममा, वृद्धि, प्रकार उपसर्गको दीर्घ[3]= प्राकार ।

प्राकारो वरणः सालः प्राचीनं प्रान्ततो वृतिः- इत्यमरः

शब्दार्थ-अग्लो पर्खाल, चारैतिरवाट घेरिएको वार वा पर्खाल ।

उदा. **प्राकारहरू उजारे, ध्वंस गरे उच्च बाह्य तोरणको- आ.रा. १०/४३**

प्राकृतः (वि./ना./न.) प्रकृतौ भवः, प्रकृतेरयम्, प्रकृतेरागतः *(प्रकृतिमा भएको, प्रकृतिको, प्रकृतिबाट आएको)* प्रकृति+अण् (अ), आदिवृद्धि, इकारलोप= प्राकृत ।

अथवा प्रकृष्टम् अकृतमकार्यं यस्य *(धेरै गर्न नहुने कार्य छ जसको)* प्र+अकृत, ब.स., उ.प.लोप, सवर्ण दीर्घ= प्राकृत ।

शब्दार्थ- प्रकृतिमा भएको, प्रकृतिसम्बन्धी, प्रकृतिवाट आएको, प्राकृतिक, असभ्य, असंस्कृत, पामर, नीच, सामान्य, साधारण, संस्कृतपछिको जनसाधारणको भाषा, प्राकृतभाषा ।

---

[1] अत इनिठनौ : इनि

[2] ऋहलोर्ण्यत् : ण्यत्

[3] उपसर्गस्य घञ्य.. : दीर्घ

प्राकृतिकः (वि.) प्रकृतेरागतः, प्रकृतेरिदम्, प्रकृतिमर्हतीति वा *(प्रकृतिबाट आएको, प्रकृतिको यो, प्रकृतिलाई योग्य)* प्रकृति+ठक्[१]/ठञ् (इक), आदिवृद्धि, इकारलोप =प्राकृतिक ।

शब्दार्थ- प्रकृतिसम्वन्धी, प्रकृतिको, प्रकृतिवाट उत्पन्न, स्वाभाविक, नैसर्गिक ।

प्राक् (वि./अव्य.) प्राञ्चति प्राप्नोति सूर्यः अस्याम् *(सूर्य यसमा उदाउँछन्)* प्रपूर्वक अञ्चु गतिपूजनयोः (भ्वा.) धातु, प्र+अञ्च्+क्विन्, नलोप, क्विन्को सर्वलोप, प्राच् । प्राचि देशे, प्राचः देशात्, प्राङ् देशः कालः वा *(पूर्व दिशामा, पूर्वदेशबाट, पहिलो देश, पूर्व काल)* प्राच्+अस्ताति, प्रत्ययको लुक्, कुत्व= प्राक् ।

शब्दार्थ- पहिलेको, पूर्वतिरको, पूर्वको, पूर्व समयको, अगाडिको, अगिल्तिर, वितेको समयमा ।

प्राक्कथनम् (ना./न.) प्राचः कथनम् *(अगाडिको भनाइ)* ष.त.स., कुत्व= प्राक्कथन ।

शब्दार्थ- कुनै ग्रन्थको सुरुमा लेखिने भूमिका, प्रस्तावना, अग्रकथन, प्रकाशकीय ।

प्राक्कर्म (ना./न) प्राचां कर्म *(अगाडिको वा प्रारम्भको कर्म)* ष.त.स., कुत्व= प्राक्कर्म ।

शब्दार्थ- कुनै कार्य गर्दा अगाडि गरिने काम (नान्दी, श्राद्ध आदि), नित्यकर्म, पूर्वजन्मको कर्म ।

प्राक्कालः (ना./पुं.) प्राक्पूर्वश्चासौ कालश्च *(पहिलेको समय)* क.त.स.[२]= प्राक्काल ।

शब्दार्थ- धेरै अगाडिको समय, पूर्वकाल, प्राचीनकाल, पहिलेको समय, प्रागैतिहासिक काल ।

प्राक्कालिकः (वि.) प्राक्काले भवः, जातादिरिति वा *(पहिले भएको वा जन्मेको)* प्राक्काल+ठञ्[३] (इक), अकारलोप =प्राक्कालिक ।

शब्दार्थ- पहिले भएको, धेरै अगाडिको, प्राचीन, धेरै पहिलेको, धेरै पुरानो, प्राक्कालीन ।

प्राक्कालीनः (वि.) प्राक्काले भवः, जातादिरिति वा *(पहिले भएको)* प्राक्काल+ख (ईन), अपभ्रंशमा, अकारलोप =प्राक्कालीन ।

शब्दार्थ- प्राक्कालिक, पहिले भएको, प्राचीन, पुरानो ।

प्राक्तनः (वि.) प्राक् भवः *(पहिले भएको)* प्राक्+टच्यु[४] (अन), तुडागम= प्राक्तन ।

शब्दार्थ- पहिलेको, पहिले भएको, अगाडिको, प्राचीन, पुरातन, पुरानो, आदिम ।

प्रागैतिहासिकः (वि.) इतिहासादागतः, इतिहासे भवः जातादिर्वा *(इतिहासबाट आएको, इतिहासमा भएको)* इतिहास+ठक् (इक), आदिवृद्धि, ऐतिहासिक । प्राक्पूर्वश्चासौ ऐतिहासिकः *(इतिहासभन्दा पूर्वकालको)* क.त.स.= प्रागैतिहासिक ।

शब्दार्थ- इतिहासभन्दा पूर्वकालको, इतिहास लेखिनुभन्दा पूर्वसमयको, अतिप्राचीन, धेरै पहिलेको ।

प्राग्वनम् (अव्य.) वनात् प्राक् *(वनदेखि पूर्वपट्टि)* अव्य.स. =प्राग्वन ।

शब्दार्थ- वनदेखि पूर्वपट्टिको, वनदेखि पूर्वको ।

प्राङ्गणम् (ना./न.) प्रकर्षेण अङ्गत्यत्र *(राम्ररी घुमिन्छ यहाँ)* प्रपूर्वक अगि गत्यर्थे (भ्वा.) धातु, नुम्, प्र+अङ्ग+ल्युट् (अन), दीर्घ, णत्व= प्राङ्गण ।

शब्दार्थ- आँगन, घर अगाडिको भाग, चोक ।

प्राङ्गारम् (ना./न.) अङ्गतीति *(राम्ररी चल्छ)* अगि गत्यर्थे (भ्वा.) धातु, नुम्, अङ्ग+आरन् (उणा.), सवर्णदीर्घ, अङ्गारम् । प्रगतम् अङ्गारम् *(अँगार बनेको)* प्रा.त.स[५]., सवर्ण दीर्घ= प्राङ्गार ।

शब्दार्थ- अङ्गारको रूपमा रहने वस्तु, पत्थर कोइला, कार्वन आदि, झारपात, पातपतिङ्गरको सढेको रूप ।

प्राङ्गारिकः (वि) प्राङ्गारादागतः, प्राङ्गारस्येदमिति *(प्राङ्गारबाट आएको, प्राङ्गारको यो)* प्राङ्गार+ठक् (इक)= प्राङ्गारिक ।

शब्दार्थ- प्राङ्गारबाट भएको वा वनेको, प्राङ्गारसम्वन्धी ।

प्राचार्यः (ना./पुं.) प्रगतः आचार्यः *(आचार्य भएको)* प्रा.त.स[५]., दीर्घ= प्राचार्य ।

शब्दार्थ- कुनै विद्यालय, महाविद्यालय आदिको मुख्य वा प्रमुख प्राध्यापक, प्रधानाचार्य ।

प्राची (ना./स्त्री.) प्राञ्चति आप्नोति सूर्यम् *(पहिलो उदाउँदो सूर्यलाई प्राप्त गर्छ)* प्रपूर्वक अञ्चु गतिपूजनयोः (भ्वा.) धातु, प्र+अञ्च्+क्विन्, अञ्चको नलोप, क्विन्को सर्वलोप, दीर्घ, प्राच्+ङीप् (ई)=प्राची

शब्दार्थ- पूर्वदिशा, सूर्य उदाउने दिशा, पूर्व ।

प्राचीनः (वि.) प्रागेव *(अगाडिको नै)* प्राच्+ख[६] (ईन) =प्राचीन ।

शब्दार्थ- धेरै पुरानो, धेरै पहिलेको, धेरै अगिको, पूर्वीय, पौरस्त्य ।

प्राचीनता (ना./स्त्री.) प्राचीनस्य भावः *(प्राचीन हुनाको भाव वा अवस्था)* प्राचीन+तल् (त)+टाप् (आ) =प्राचीनता ।

शब्दार्थ- पुरानोपन, पुरानो हुनाको भाव वा अवस्था, पुरातनता ।

प्राचुर्यम् (ना./न.) प्रचुरस्य भावः *(प्रचुर वा धेरै हुनाको भाव वा अवस्था)* प्रचुर+ष्यञ् (य), आदिवृद्धि, अकारलोप= प्राचुर्य ।

शब्दार्थ-प्रचुरता, वाहुल्य, पर्याप्तता, धेरै हुनाको अवस्था ।

---

१. ठगायस्थानेभ्यः/तदर्हति : ठक्/ठञ्
२. पूर्वकालैकसर्वजरत्... : क.त.स.
३. कालाट्ठञ् : ठञ्
४. सायञ्चिरंप्राह्णे... : टयु, तुडागम
५. प्रादयो गताद्यर्थे... : प्रा.त.स.
६. विभाषाञ्चेरदिक्...: ख

प्राच्यः (वि.) प्राच्यां भवः जातादिर्वा *(पूर्वमा भएको वा जन्मेको)* प्राची+यत् (य), ईकारलोप= प्राच्य ।

शब्दार्थ- पूर्वमा भएको, पूर्वीय, पूर्वको, पूर्वसम्बन्धी, पुरानो, प्राचीन, सामुन्नेको, पूर्वतिरको ।

प्राजापत्यः (ना./पुं./न./वि.) प्रजापतेरपत्यादि *(प्रजापतिको सन्तति)* प्रजापति+ण्य[1] (य), आदिवृद्धि, इकारलोप =प्राजापत्य ।

अथवा प्रजापतेर्भावः कर्म इति वा *(प्रजापतिको भाव वा कर्म)* प्रजापति+यक्[2] (य), आदिवृद्धि, इकारलोप =प्राजापत्य ।

शब्दार्थ- प्रजापतिको सन्तति, प्रजापतिसम्वन्धी, प्रजापतिसित सम्वन्धित, हिन्दुविवाह परम्परा-अनुसार आठ प्रकारका विवाहमध्ये एक ।

द्रष्टव्य- **'तिमीहरू दुवै एकै साथ गृहधर्म पालन गर' भनी पूजा गरेर कन्यादान दिनु प्राजापत्य विवाह हो- मनु.स्मृ.३/३०**

प्राज्ञः (वि.) प्रकर्षेण जानाति वा प्रकर्षेण ज्ञायते अनेन इति *(धेरै जान्दछ वा जानिन्छ यसबाट)* प्रपूर्वक ज्ञा अववोधने (क्र्या.) धातु, प्र+ज्ञा+क[3]/अङ् (अ), प्रज्ञः । प्रज्ञ एव *(वुद्धिमान् नै)* प्रज्ञ+अण्[4] (अ), आदिवृद्धि =प्राज्ञ ।

अथवा प्रज्ञा अस्ति अस्य *(ज्ञान छ यसको)* प्रज्ञा+ण[5] (अ), आदिवृद्धि, आकारलोप= प्राज्ञ ।

शब्दार्थ- तीखो वा प्रखर वुद्धि भएको, वुद्धिमान्, दक्ष वा प्रवीण, निपुण, विशिष्ट, विद्वान्, पण्डित ।

प्राज्ञता (ना./स्त्री.) प्राज्ञस्य भावः *(दक्ष हुनाको भाव वा अवस्था)* प्राज्ञ+तल् (त)+टाप् (आ)= प्राज्ञता ।

शब्दार्थ- विद्वत्ता, पाण्डित्य, विशिष्टता, दक्ष हुनाको अवस्था ।

प्राज्ञसभा (ना./स्त्री.) प्राज्ञानां सभा *(प्राज्ञहरूको सभा)* ष.त.स.= प्राज्ञसभा ।

शब्दार्थ- विद्वत्सभा, वुद्धिमान् व्यक्तिहरूको सभा, प्राज्ञहरूको सभा ।

प्राज्ञा (ना./स्त्री./वि.) प्रकर्षेण जानाति असौ *(राम्ररी जान्दछे यो)* प्रपूर्वक ज्ञा अववोधने (क्र्या.) धातु, प्र+ज्ञा+क/अङ् (अ), आकारलोप, प्रज्ञ+टाप् (आ), प्रज्ञा । प्रज्ञा अस्ति अस्याः *(प्रज्ञा छ यसको)* प्रज्ञा+ण (अ), वृद्धि, आकारलोप, प्राज्ञ+टाप् (आ)= प्राज्ञा ।

शब्दार्थ- वुद्धिमती स्त्री, विशिष्ट प्रतिभा भएकी स्त्री, विद्वत्ताले सम्पन्न (नारी), विदुषी ।

प्राज्ञिकः (वि.) प्राज्ञस्य अयम्, प्राज्ञादागतः इति वा *(प्राज्ञसम्वन्धी, प्राज्ञबाट आएको)* प्राज्ञ+ठक्[6] (इक), अकारलोप=प्राज्ञिक ।

शब्दार्थ- प्राज्ञसम्वन्धी, विशेष दक्षता वा कुशलतायुक्त, वुद्धिमत्ता सम्पन्न ।

प्राज्ञी (ना./स्त्री./वि.) प्रकर्षेण जानाति असौ *(राम्ररी जान्दछे यो)* प्रपूर्वक ज्ञा अववोधने (क्र्या.) धातु, प्र+ज्ञा+क/अङ् (अ), आकारलोप प्रज्ञः । प्रज्ञः एव **(वुद्धिमान् नै)** प्रज्ञ+अण् (अ), आदिवृद्धि, अकारलोप, प्राज्ञ+ङीप् (ई)= प्राज्ञी ।

शब्दार्थ- वुद्धिमती नारी, विदुषी स्त्री, मनीषी, ज्ञात्री ।

प्राञ्जलः (वि.) प्रानक्तीति *(खार्छ, परिष्कृत गर्छ)* प्रपूर्वक अञ्जू व्यक्तिम्रक्षणकान्तिगतिषु (रुधा.) धातु, प्र+अञ्ज् +अलच् (अल), उणा., सवर्णदीर्घ= प्राञ्जल ।

शब्दार्थ- खारिएको, परिष्कृत, सुद्धयाइएको, शुद्ध, निष्कपट, निश्छल, हात जोडेको, विनम्र, सरल ।

प्राञ्जलिः/प्राञ्जली (वि./ना./स्त्री.) अज्यते अनेन *(व्यक्त गरिन्छ यसबाट)* अञ्जू व्यक्तिम्रक्षणकान्तिगतिषु (रुधा.) धातु, अञ्ज्+अलिच् (अलि), उणा., अञ्जलिः । प्रवद्धा अञ्जलिर्येन *(जोडेको छ हात जसले)* प्रा.व.स., उ.प.लोप, दीर्घ, प्राञ्जलि+ङीष् (ई), विकल्पले =प्राञ्जली ।

ङीष्को अभावमा= प्राञ्जलि ।

शब्दार्थ- दुवै हात जोडेको, अञ्जलि बाँधेर नमस्कार गरेको, हात जोडेर विनम्रता प्रदर्शन गरेको, वद्धाञ्जलि, अञ्जुली ।

प्राणः (ना./पुं.) प्रसरेण अनिति अनेन वा प्राणिति जीवति वहुकालम् *(यसले लामो सास फेर्छ वा धेरै कालसम्म बाँच्तछ)* प्रपूर्वक अन प्राणने (अदा.) धातु, प्र+अन्+घञ् (अ)/अच् (पचादि), णत्व, दीर्घ= प्राण ।

अथवा प्राणयतीति *(प्राण प्रदान गर्छ)* प्र+अन्+णिचि +अच् (पचादि), णिलोप, णत्व, सवर्ण दीर्घ= प्राण ।

प्राणो हृन्मारुते वोले काव्यजीवेऽनिले बले

पुंलिङ्गः पूरिते वाच्यलिङ्गः पुंभूम्नि चासुषु- इति मेदिनी

शब्दार्थ- सास, श्वास, शरीरभित्रको प्राण अपान आदि पाँचवटै प्राणवायु, शक्ति, शौर्य, प्राण, जीवन, हावा, वायु, जीव, आत्मा, परमेश्वर, अतिप्रिय मानिस, परमात्मा, परव्रह्म ।

द्रष्टव्य- **प्राणस्य प्राणम् । अर्थात् परमेश्वर प्राणका पनि प्राण हुन्- वृ.उ. ४/४/१८**

प्राणघातः (ना./पुं.) प्राणस्य घातः *(प्राणको हत्या)* ष.त.स. = प्राणघात ।

शब्दार्थ- प्राणहत्या, जीवहत्या, ज्यान मार्ने काम ।

प्राणघातकः (वि.) प्राणस्य घातकः *(प्राणको हत्या गर्ने)* ष.त.स.= प्राणघातक ।

अथवा प्राणं हन्तीति *(प्राण लिन्छ)* प्राण उपपदपूर्वक हन हिंसागत्योः (अदा.) धातु, प्राण+हन्+ण्वुल् (अक), वृद्धि, कुत्व, नको त आदेश= प्राणघातक ।

शब्दार्थ- ज्यान लिने, ज्यान मार्ने, प्राण लिने, ज्यानमारा, प्राणघाती ।

---

[1] दित्यदित्यादित्य... : ण्य
[2] पत्यन्तपुरोहितादिभ्य...: यक्
[3] आतश्चोपसर्गे : क/अङ्
[4] प्रज्ञादिभ्यश्च : अण्
[5] प्रज्ञाश्रद्धार्चा... : ण
[6] ठगायस्थानेभ्यः/तस्येदम् : ठक्

प्राणत्यागः (ना./पुं.) त्यज्यते इति *(त्यागिन्छ)* त्यज हानौ (भ्वा.) धातु, त्यज्+घञ् (अ), वृद्धि, कुत्व, त्यागः । प्राणस्य त्यागः *(प्राणको त्याग)* ष.त.स.= प्राणत्याग ।

शब्दार्थ- प्राण त्याग गर्ने काम, प्राण छाड्ने काम, मृत्यु, निधन ।

प्राणदः (ना./पुं.) प्राणान् ददातीति *(प्राण प्रदान गर्छन्)* डुदाञ् दाने (जुहो.) धातु, प्राण+दा+क[1] (अ), आलोप =प्राणद ।

शब्दार्थ- प्राण प्रदान गर्ने- वैद्य, चिकित्सक, परमेश्वर, विष्णु ।

प्राणदण्डः (ना./पुं.) प्राणस्य दण्डः *(प्राणको दण्ड)* ष.त.स. = प्राणदण्ड ।

शब्दार्थ- ठूला ठूला अपराधमा ज्यानको सजाय दिने काम, मृत्युदण्ड ।

प्राणदाता (वि.) प्राणं ददातीति *(प्राण प्रदान गर्छ)* डुदाञ् दाने (जुहो.) धातु, प्राण+दा+तृच्[2] (तृ), प्राणदातृ =प्राणदाता ।

शब्दार्थ- जीवन दिने, बचाउँने, संरक्षण गर्ने, प्राण दिने ।

प्राणदानम् (ना./न.) प्राणस्य दानम् *(प्राणको दान)* ष.त.स.= प्राणदान ।

शब्दार्थ- मृत्युवाट वचाउँने काम, जीवन दिने काम ।

प्राणधारणम् (ना./न.) प्राणस्य धारणम् *(प्राणको धारण)* ष.त.स.= प्राणधारण ।

शब्दार्थ- प्राण धारण गर्ने काम, बाँच्ने प्रक्रिया, जीवन धान्ने काम, जीवनधारण ।

प्राणधारी (ना./पुं.) प्राणं धर्तुं शीलमस्येति *(प्राण धारण गर्ने शील छ यसको)* प्राण उपपदपूर्वक धृञ् धारणे (भ्वा.) धातु, प्राण+धृ+णिनि[3] (इन्), वृद्धि, प्राणधारिन् =प्राणधारी ।

शब्दार्थ- प्राणधारण गर्ने जीव, प्राण भएका सबै प्राणी ।

प्राणनाथः (ना./पुं.) प्राणस्य नाथः *(प्राणका नाथ)* ष.त.स. =प्राणनाथ ।

शब्दार्थ- प्राणका नाथ वा स्वामी, लोग्ने, पति, प्रेमी, प्राणका मालिक, यमराज ।

प्राणप्रतिष्ठा (ना./स्त्री.) प्राणाय प्रतिष्ठा *(प्राण प्रदानका लागि प्रतिष्ठा)* च.त.स.= प्राणप्रतिष्ठा ।

शब्दार्थ- देवीदेवताको नयाँ प्रतिमा वा मूर्ति स्थापनाका लागि विधिवत् देवताको आवाहन गर्ने काम, प्राणप्रतिष्ठा गर्ने काम ।

प्राणप्रियः (ना./पुं.) प्राण इव प्रियः *(प्राणभैं प्रिय)* उप.क.त.स.= प्राणप्रिय ।

शब्दार्थ- प्राणभैं प्रिय, प्राणसमान प्यारो साथी, अत्यन्त प्रिय, पति, लोग्ने, पोइ ।

प्राणप्रिया (ना./स्त्री.) प्राण इव प्रिया असौ *(प्राणभैं प्यारी छ यो)* उप.क.त.स.= प्राणप्रिया

शब्दार्थ- प्राण जस्तै प्यारी, अत्यन्त प्रिय लाग्ने पत्नी, श्रीमती, जोई, स्वास्नी ।

प्राणभृत् (वि.) प्राणं बिभर्तीति *(प्राण धारण गर्छ)* प्राणपूर्वक डुभृञ् धारणपोषणयोः (जुहो.) धातु, प्राण+भृ+क्विप्, तुगागम, क्विप्को सर्वलोप= प्राणभृत् ।

शब्दार्थ- प्राण धारण गर्ने, जीवित रहने, बाँचिरहने ।

प्राणवान् (वि.) प्राणाः सन्ति अस्य *(प्राण छ यसको)* प्राण+मतुप् (मत्), प्राणवत्= प्राणवान् ।

शब्दार्थ- प्राण भएको, जीवित प्राणी ।

प्राणवायुः (ना./पुं.) प्राण एव वायुः *(प्राणरूप वायु)* म.व्य.स.= प्राणवायु ।

अथवा प्राणस्य वायुः *(जीवनको आधारभूत वायु)* ष.त.स. = प्राणवायु ।

शब्दार्थ- शरीर टिकाउने वायु, शरीरभित्र सञ्चरण गर्ने वायु ।

प्राणसङ्कटम् (ना./न.) प्राणस्य सङ्कटम् *(प्राणको सङ्कट)* ष.त.स.= प्राणसङ्कट ।

शब्दार्थ- जीवनको सङ्कट, जीवनप्रति आएको खतरा वा भय, ज्यानै जान सक्ने सङ्कट ।

प्राणाधारः (ना./पुं.) प्राणस्य आधारः *(प्राणको मुख्य आधार)* ष.त.स., दीर्घ= प्राणाधार ।

शब्दार्थ- प्राण अडिने आधार, जीवन टिक्नसक्ने आधार वा आश्रय, जीवनको मुख्य आधार- पति, लोग्ने ।

प्राणान्तः (ना./पुं.) प्राणस्य अन्तः *(प्राणको अन्त वा विनाश)* ष.त.स.= प्राणान्त ।

शब्दार्थ- प्राणको विनाश, मृत्यु, निधन, प्राणसङ्कट, प्राणको अन्तिम अवस्था ।

प्राणान्तकः (वि.) प्राणस्य अन्तकः *(प्राणको विनाशक)* ष.त.स., दीर्घ= प्राणान्तक ।

शब्दार्थ- प्राणनाशक, ज्यानमारा, प्राण लिने (यमराज) ।

प्राणायामः (ना./पुं.) आयम्यते इति *(नियमन गरिन्छ)* आङ्पूर्वक यम उपरमे (भ्वा.) धातु, आ+यम्+घञ् (अ), वृद्धि, दीर्घ, आयामः । प्राणस्य आयामः *(प्राणवायुको नियमन)* ष.त.स., दीर्घ= प्राणायाम ।

शब्दार्थ- श्वासप्रश्वासको गति नियमन वा नियन्त्रण गर्ने क्रिया, श्वासप्रश्वासको गति विक्षेद गर्ने क्रिया, योगशास्त्रका आठ अङ्गहरूमध्ये एक ।

द्रष्टव्य- श्वासप्रश्वासयोर्गतिविच्छेदः प्राणायामः- पा.यो.द. २/४९

प्राणिविज्ञानम् (ना./न.) प्राणिनां विज्ञानम् *(प्राणीहरूको विज्ञान)* ष.त.स.= प्राणिविज्ञान ।

शब्दार्थ-जीवजन्तुहरूको विश्लेषण गरिएको जीवविज्ञान ।

प्राणिशास्त्रम् (ना./न.) प्राणिनां शास्त्रम् *(प्राणीहरूको बारेमा लेखिएको शास्त्र)* ष.त.स.= प्राणिशास्त्र ।

शब्दार्थ- जीवजन्तुहरूको विवेचनात्मक ढङ्गले विश्लेषण गरिएको शास्त्र, जीवशास्त्र ।

---

[1] आतोऽनुपसर्गे... : क

[2] ण्वुल्तृचौ : तृच्

[3] सुप्यजातौ.. : णिनि

प्राणी (वि./ना./पुं.) प्राणाः सन्ति अस्य *(प्राण छ यसको)* प्राण+इनि[1] (इन्), अकारलोप, प्राणिन्= प्राणी ।

शब्दार्थ- प्राण भएको, प्राणधारी, सास भएका जीवजन्तु, मानिस र अन्य प्राणीहरू ।

प्राणेशः/प्राणेश्वरः (ना./पुं.) प्राणानामीशः, प्राणानामीश्वरः *(प्राणका मालिक वा ईश्वर)* ष.त.स., गुण =प्राणेश/प्राणेश्वर ।

शब्दार्थ- प्राणनाथ, प्राणका स्वामी वा मालिक, पति, स्वामी, प्रियतम, जीवनाधार पतिदेव, परमेश्वर ।

प्राणेश्वरी (ना./स्त्री.) प्राणानामीश्वरी *(प्राणकी ईश्वरी, प्राणप्रिया)* ष.त.स., गुण= प्राणेश्वरी ।

शब्दार्थ- प्राणकी ईश्वरी, पत्नी, प्रेमिका, प्राणरूपा प्रियतमा, प्राणकी अधिष्ठात्री देवी ।

प्राणोत्सर्गः (ना./पुं.) प्राणस्य उत्सर्गः *(प्राणको त्याग)* ष.त.स., गुण= प्राणोत्सर्ग ।

शब्दार्थ- प्राण त्याग गर्ने काम, प्राणत्याग, मृत्यु, निधन ।

प्रातः (ना./न./अव्य.) प्रकर्षेण अतति *(निरन्तर घुमिरहन्छ)* प्रपूर्वक अत सातत्यगमने (भ्वा.) धातु, प्र+अत्+ अरन्[2] (अर), उणा., प्र अत्‌को सवर्णदीर्घ, प्रातर्= प्रातः ।

शब्दार्थ- विहानको समय, प्रभातकाल, प्रारम्भिक काल, प्रभात, विहान सवेरै, विहानै, विहानी पख ।

प्रातःकालः (ना./पुं.) प्रातश्चासौ कालश्च *(विहानी पख)* क.त.स.= प्रातःकाल ।

शब्दार्थ- विहानको समय, प्रभात, प्रातःकाल ।

प्रातःकर्म (ना./न.) प्रातः प्रातःकालिकं कर्म *(प्रातःकालीन कर्म)* प्रा.त.स.= प्रातःकर्म ।

शब्दार्थ- विहानै गरिने नित्यकर्म, प्रातःकालीन कर्म ।

प्रातःस्नानम् (ना./न.) प्रातः प्रातकालीनं स्नानम् *(प्रातःकालीन स्नान)* प्रा.त.स.= प्रातःस्नान ।

शब्दार्थ- विहान सवेरै स्नान गर्ने काम, नित्यस्नान ।

प्रातःस्मरणीयः (वि.) प्रातः स्मर्तुं योग्यः, स्म्रियते इति वा *(विहानै सम्झन योग्य)* प्रातर् उपपदपूर्वक स्मृ चिन्तायाम् (भ्वा.) धातु, प्रातर्+स्मृ+अनीय (र्), गुण, विसर्ग, णत्व= प्रातःस्मरणीय ।

शब्दार्थ- विहान सवेरै सम्झन लायक वा योग्य, प्रातःस्मरण गर्न योग्य, आदर गर्न योग्य ।

प्राथमिकः (वि.) प्रथममधीते इति *(पहिले अध्ययन गर्छ)* प्रथम+ठक् (इक), आदिवृद्धि= प्राथमिक ।

शब्दार्थ- प्रारम्भिक अध्ययन गर्ने, प्रारम्भिक पठनपाठन गर्ने, प्रारम्भिक तहको ।

प्रादुर् (प्रादुः) (अव्य.) प्रकर्षेण अततीति *(राम्ररी घुम्छ)* प्रपूर्वक अत सातत्यगमने (भ्वा.) धातु, प्र+अत्+उस् (वहुलप्रकारले), सवर्णदीर्घ, जश्त्व, प्रादुर्= प्रादुः ।

शब्दार्थ- स्पष्टतः, प्रकटरूपवाट ।

प्रादुर्भावः (ना./पुं.) प्रादुर् भवनम्, भूयते इति वा *(प्रकट हुनु)* प्रादुस् उपपदपूर्वक भू सत्तायाम् (भ्वा.) धातु, प्रादुस्+भू+घञ् (अ), वृद्धि, आवादेश, रुत्व= प्रादुर्भाव ।

शब्दार्थ- प्रकट हुने काम, देखिने क्रिया, कुनै कुराको उत्पत्ति वा उद्भव, प्रकटीकरण, आविर्भाव ।

प्रादुर्भूतः (वि.) प्रादुर्भवति स्म इति *(प्रादुर्भाव भएको)* प्रादुस् उपपदपूर्वक भू सत्तायाम् (भ्वा.) धातु, प्रादुस् +भू+क्त (त), कर्तामा= प्रादुर्भूत ।

शब्दार्थ- उत्पत्ति भएको, प्रकट भएको, देखा परेको, प्रादुर्भाव भएको ।

प्रादेशः (ना./पुं.) प्रदिश्यते इति *(निर्देशन गरिन्छ)* प्रपूर्वक दिश अतिसर्जने (तुदा.) धातु, प्र+दिश्+घञ् (अ), गुण, प्रदेश, उपसर्गको दीर्घ[3]= प्रादेश ।

प्रदिशो देशमात्रे स्यात‌र्जन्यङ्गुष्ठसंमितौ- इति मेदिनी

शब्दार्थ- वूढीऔंठाको टुप्पादेखि चोरऔंलाको टुप्पा-सम्मको नापो वा नापिएको स्थान, कुनै प्रदेश वा ठाउँ ।

प्रादेशिकः (वि.) प्रदेशादागतः *(प्रदेशबाट आएको)*, प्रदेशस्य इदम् *(प्रदेशको यो)* प्रदेश+ठक्[4] (इक), आदिवृद्धि, अकारलोप= प्रादेशिक ।

शब्दार्थ- प्रदेशको, प्रदेशसम्बन्धी, स्थानीय, कुनै एक प्रगन्नाको, प्रदेश अन्तर्गत पर्ने ।

प्राधान्यम् (ना./न.) प्रधानस्य भावः कर्म वेति वा *(प्रधान हुनाको भाव वा कर्म)* प्रधान+ष्यञ् (य), आदिवृद्धि, अकारलोप= प्राधान्य ।

शब्दार्थ- प्रधानता, मुख्यता, प्रमुखता, सर्वोपरिता, सर्वोच्चता, प्रावल्य, वढी महत्त्व दिने कार्य ।

प्राधिकरणम् (ना./न.) प्रकर्षेण अधिकरणम्, अधिक्रियते इति वा *(राम्ररी अधिकार दिइन्छ)* प्र अधि उपसर्गद्वयपूर्वक डुकृञ् करणे (तना.) धातु, प्र+अधि+ कृ+ल्युट् (अन), प्र अधिको दीर्घ, प्राधि, कृको गुण, णत्व= प्राधिकरण ।

शब्दार्थ- अधिकार दिने काम, कसैलाई कुनै अधिकार प्रदान गर्ने काम ।

प्राधिकृतः (वि.) प्राधिक्रियते स्म इति *(अधिकार दिइएको)* प्र अधि उपसर्गद्वयपूर्वक डुकृञ् करणे (तना.) धातु, प्र+अधि+कृ+क्त (त), प्र अधिको दीर्घ =प्राधिकृत ।

शब्दार्थ- अधिकार दिइएको, अख्तियार प्रदान गरिएको, अधिकार सुम्पिएको (अधिकारी) ।

---

[1] अत इनिठनौ : इनि

[2] प्राततेररन् : अरन्

[3] उपसर्गस्य घञ्यमनुष्ये : दीर्घ

[4] ठगायस्थानेभ्यः/तस्येदम् : ठक्

प्राध्यापकः (ना./पुं.) प्रकर्षेण अध्यापयतीति *(राम्ररी अध्यापन गर्छ)* प्र अधि उपसर्गद्वयपूर्वक इङ् अध्ययने (अदा.) धातु, प्र+अधि+इ+णिचि, इको आत्व[१], प्र अधिको सवर्णदीर्घ, पुगागम, यण्, प्राध्यापि+ण्वुल्[२] (अक), णिलोप= प्राध्यापक ।

शब्दार्थ- विद्यालय, महाविद्यालय आदिमा अध्यापन गर्ने शिक्षक, उच्चतहको शिक्षणसंस्थामा पढाउने व्यक्ति ।

प्राध्यापनम् (ना./न.) प्रकर्षेण अध्याप्यते इति *(राम्ररी पढाइन्छ)* प्र अधि उपसर्गद्वयपूर्वक इङ् अध्ययने (अदा.) धातु, प्र+अधि+इ+णिचि, इको आत्व[१], पुगागम, प्र अधिको सवर्णदीर्घ, प्राध्यापि+ल्युट् (अन), णिलोप= प्राध्यापन ।

शब्दार्थ- उच्चतहका शिक्षण संस्थाहरूमा अध्यापन गर्ने काम, पढाउने वा शिक्षा दिने कार्य ।

प्रान्तः (ना./पुं.) प्रगतः अन्तः *(अन्ततक फैलिएको)* प्रा.त.स., दीर्घ= प्रान्त ।

शब्दार्थ- किनारातक फैलिएको भूभाग, प्रदेश तथा क्षेत्र, कुनै मुलुकको एउटा प्रदेश वा भूखण्ड, भाग ।

प्रान्तीयः (वि.) प्रान्ते भवः *(प्रान्तमा भएको)* प्रान्त+छ[३] (ईय), अकारलोप= प्रान्तीय ।

शब्दार्थ- प्रान्तमा भएको, प्रान्तसम्वन्धी, प्रान्तको ।

प्रान्तीयता (ना./स्त्री.) प्रान्तीयस्य भावः *(प्रान्तीय हुनाको भाव वा अवस्था)* प्रान्तीय+तल् (त)+टाप् (आ) =प्रान्तीयता ।

शब्दार्थ- केन्द्रभन्दा प्रान्ततिर वढी लचिलो हुने प्रवृत्ति वा गुण, प्रान्तीय हुनाको विशेषता ।

प्रापकः (वि.) प्राप्नोतीति *(पाउँछ)* प्रपूर्वक आप्लृ व्याप्तौ (स्वा.) धातु, प्र+आप्+ण्वुल्[२] (अक), दीर्घ= प्रापक ।

शब्दार्थ- कुनै कुरा पाउने वा प्राप्त गर्ने, उपलब्ध गर्ने ।

प्रापणम् (ना./न.) प्राप्यते इति *(प्राप्त गरिन्छ)* प्रपूर्वक आप्लृ व्याप्तौ (स्वा.) धातु, प्र+आप्+ल्युट् (अन), दीर्घ, णत्व= प्रापण ।

शब्दार्थ- पाउने काम, उपलब्ध गर्ने क्रिया, पुऱ्याउने काम ।

प्रापणीयः (वि.) प्राप्तुं योग्यः, प्राप्यते इति वा *(पाउन योग्य)* प्र+आप्+अनीय (र्), दीर्घ, णत्व= प्रापणीय ।

शब्दार्थ- पाउन योग्य, प्राप्त गर्न लायक, उपलब्ध गर्न योग्य, पुऱ्याउन योग्य, पाउन उचित ।

प्रापयिता (वि.) प्रापयतीति *(पुऱ्याउँछ, प्राप्त गराउँछ)* प्रपूर्वक आप्लृ व्याप्तौ (स्वा.) धातु, प्र+आप्+णिचि, दीर्घ, प्रापि+तृच्[२] (तृ), इडागम, गुण, अयादेश, प्रापयितृ= प्रापयिता ।

शब्दार्थ- कुनै कुरा उपलब्ध गर्ने, पाउने, कसैलाई कुनै कुरा पुऱ्याउने, उपलब्ध गराउने ।

प्राप्तः (वि.) प्राप्नोति स्म इति *(पाएको)* प्रपूर्वक आप्लृ व्याप्तौ (स्वा.) धातु, प्र+आप्+क्त[४] (त), कर्तामा, सवर्णदीर्घ= प्राप्त ।

शब्दार्थ- पाएको, भेटेको, पुगेको, उपस्थित, उपलब्ध गरेको, हासिल गरेको ।

प्राप्तव्यः (वि.) प्राप्यते, प्राप्तुं योग्यः वा *(पाउन योग्य)* प्रपूर्वक आप्लृ व्याप्तौ (स्वा.) धातु, प्र+आप्+तव्यत् (तव्य), सवर्णदीर्घ= प्राप्तव्य ।

शब्दार्थ- पाउन योग्य वा लायक, प्राप्त गर्न योग्य, पाउन उचित, उपलब्ध गर्नुपर्ने ।

प्राप्ताङ्गः (वि.) प्राप्तश्चासौ अङ्गश्च *(प्राप्त अङ्ग)* क.त.स., दीर्घ= प्राप्ताङ्ग ।

शब्दार्थ- प्राप्त गरेको अङ्ग, लब्धाङ्ग ।

प्राप्तिः (ना./स्त्री.) प्राप्यते इति *(पाइन्छ)* प्रपूर्वक आप्लृ व्याप्तौ (स्वा.) धातु, प्र+आप्+क्तिन् (ति), सवर्णदीर्घ= प्राप्ति ।

शब्दार्थ- पाउने काम, उपलब्ध गर्ने क्रिया, उपलब्धि ।

प्राप्यः (वि.) प्राप्तुं योग्यः, प्राप्यते इति वा *(पाउन योग्य)* प्रपूर्वक आप्लृ व्याप्तौ (स्वा.) धातु, प्र+आप्+ण्यत् (य), सवर्णदीर्घ= प्राप्य ।

शब्दार्थ- पाउन वा उपलब्ध गर्न सकिने, पाउन योग्य ।

प्रावल्यम् (ना./न.) प्रवलस्य भावः कर्म वा *(प्रवल हुनाको भाव वा कर्म)* प्रवल+ष्यञ् (य), आदिवृद्धि, अकारलोप= प्रावल्य ।

शब्दार्थ- प्रवलता, शक्ति, सामर्थ्य, क्षमता, सम्प्रभुता, सर्वोच्चता, वलियोपना ।

प्रबोधः (ना./पुं.) प्रवोधनम्, प्रवुध्यते इति वा *(बोध गरिन्छ)* प्रपूर्वक वुध अवगमने (भ्वा./दिवा.) धातु, प्र+वुध्+घञ् (अ), गुण= प्रवोध ।

शब्दार्थ- ज्ञान, जागरण, वोध, अववोध ।

प्रामाणिकः (वि.) प्रमाणादागतः, प्रमाणस्य इदम्, प्रमाणमर्हति *(प्रमाणबाट आएको, प्रमाणको यो, प्रमाण हुन योग्य)* प्रमाण+ठक्[५] (इक), आदिवृद्धि, अकारलोप =प्रामाणिक ।

शब्दार्थ- प्रमाण दिन योग्य, प्रमाणद्वारा सिद्ध गरिएको, प्रमाणमा आधारित, प्रमाणसम्वन्धी, प्रमाणयुक्त, सत्य, तथ्य, प्रमाणित भएको ।

प्रायः (ना./पुं.) प्रकृष्टमयनम्, प्रकर्षेण ईयते अयते इति वा *(राम्ररी जानु वा विदा हुनु)* प्रपूर्वक इण् गतौ (अदा.) वा अय गतौ (भ्वा.) धातु, प्र+इ+अच् (एरच्), गुण, अयादेश, प्र अय, दीर्घ= प्राय ।

प्र+अय्+घञ् (अ), वृद्धि, दीर्घ= प्राय ।

प्रायो मरणानशने मृत्यौ बाहुल्यतुल्ययोः- इति मेदिनी

शब्दार्थ- मरण, मृत्यु, अनशन वस्ने काम, समानता, वरावरी, आधिक्य, वाहुल्य ।

---

१. क्रीङ्जिनाम्... : आत्व
२. ण्वुल्तृचौ : ण्वुल्/तृच्
३. वृद्धाच्छः : छ
४. गत्यर्थाकर्मक : क्त
६. ठगायस्थानेभ्य../तस्येदम्/तदर्हति : ठक्

प्रायस् (प्रायः) (वि./अव्य.) प्रकर्षेण अयते इति *(राम्ररी अगाडि बढ्छ)* प्रपूर्वक अय गतौ (भ्वा.) धातु, प्र+अय्+असुन् (अस्), उणा., दीर्घ= प्रायस् (प्रायः)।

शब्दार्थ- धेरै, ज्यादै, धेरैजसो, अधिकमात्रामा, अधिकांश।

प्रायश्चित्तम् (ना./न.) प्रायसः पापस्य चित्तम् विशोधनम् *(पापको विशोधन)* प्रायस्+चित्तम्, ष.त.स., श्चुत्व =प्रायश्चित्त।

शब्दार्थ-पाप निष्कृति गर्ने क्रिया, प्रायश्चित्त गर्ने काम।

द्रष्टव्य- **प्रायः पापं विजानीयाच्चित्तं तस्य विशोधनम्- स्मृतिवचन**

उदा. **अब हाम्रो प्रायश्चित्त कसैले शासित हुन नपरोस्- आगो र पानी २/२४**

प्रायश्चित्तिः (ना./स्त्री.) प्रायसः पापस्य चित्तिः विशुद्धिः *(पापको संशुद्धि)* ष.त.स., सुट्, श्चुत्व= प्रायश्चित्ति।

शब्दार्थ- पापनिष्कृति, पाप परिष्कृत गर्ने क्रिया, पाप विमोचन गर्ने कार्य।

प्रायोगिकः (वि.) प्रकर्षेण युज्यते इति *(राम्ररी प्रयोग गरिन्छ)* प्रपूर्वक युजिर् योगे (रुधा.) धातु, प्र+युज्+घञ्(अ), गुण, कृत्व, प्रयोगः। प्रयोगादागतः, प्रयोगमर्हति, *(प्रयोगबाट प्राप्त, प्रयोग गर्न योग्य)* प्रयोग+ठक्/ठञ् (इक), वृद्धि, अकारलोप= प्रायोगिक

शब्दार्थ- प्रयोग गरिएको, प्रयोग गर्न उपयुक्त, प्रयोगबाट प्राप्त भएको, प्रयोगसम्बन्धी, व्यावहारिक।

प्रायोद्वीपः (ना./पुं.) प्रायश्चासौ द्वीपश्च *(धेरैजसो टापू भएको स्थल)* क.त.स., रुत्व, उत्व= प्रायोद्वीप।

शब्दार्थ- पानीले घेरिएका टापूहरू भएको स्थल।

प्रायोपविष्टः (वि.) प्रायेण मरणार्थमनशनेन उपविष्टः *(प्रायः मरणका निम्ति वा मरणतक अनशन लिएर बसेको)* प्राय+उपविष्ट, तृ.त.स., गुण= प्रायोपविष्ट।

शब्दार्थ- मरणपर्यन्त अनशन लिएर बसेको, मरणका निम्ति अनशनमा बसेको।

प्रारब्धः (वि./ना./पुं.) प्रारभ्यते स्म इति *(प्रारम्भ गरिएको)* प्र आङ् उपसर्गद्वयपूर्वक रभ राभस्ये (भ्वा.) धातु, प्र+आ+रभ्+क्त (त), तको ध, प्र आ को दीर्घ, जस्त्वबाट भको ब= प्रारब्ध।

शब्दार्थ- सुरु वा आरम्भ गरिएको, थालिएको, भाग्य, नियति, पूर्व जन्मका कर्मको फल।

प्रारम्भः (ना./पुं.) प्रकर्षेण आरभ्यते इति *(राम्ररी आरम्भ गरिन्छ)* प्र आङ्पूर्वक रभ राभस्ये (भ्वा.) धातु, प्र+आ+रभ्+घञ्[1] (अ), नुम्, दीर्घ= प्रारम्भ।

शब्दार्थ- कुनै काम आरम्भ वा सुरु गर्ने काम, थालनी गर्ने कार्य, आरम्भ, थालनी।

प्रारम्भिकः (वि.) प्रारम्भादागतः, प्रारम्भस्य अयम् *(प्रारम्भबाट आएको, प्रारम्भको यो)* प्रारम्भ+ ठक् (इक), आदिवृद्धि= प्रारम्भिक।

शब्दार्थ- प्रारम्भको, प्रारम्भसम्बन्धी, प्रारम्भमा गरिने, सुरुबाटै प्राप्त भएको।

प्रारूपः (ना./पुं.) प्रारूपयतीति, प्रारूप्यते इति वा *(खिच्छ, खिचिन्छ)* प्र आङ् उपसर्गद्वयपूर्वक रूप रूपक्रियायाम् (चुरा.) धातु, प्र+आ+रूप्+अच् (पचादि)/घञ्[1] (अ), प्र आ को सवर्णदीर्घ= प्रारूप।

शब्दार्थ- प्रारम्भिक रूप, प्रारम्भिक रूपरेखा, कुनै योजना वा अन्य कार्यको पहिलो रूप, प्रारम्भिक रचना।

प्रार्थकः (वि.) प्रार्थयतीति *(प्रार्थना गर्छ)* प्रपूर्वक अर्थ उपयाञ्चायाम् (चुरा.) धातु, प्र+अर्थ्+ण्वुल्[2] (अक), दीर्घ= प्रार्थक।

शब्दार्थ- प्रार्थना गर्ने, प्रार्थयिता, निवेदक, अनुरोधक।

प्रार्थना (ना./स्त्री.) प्रार्थ्यते इति *(प्रार्थना गरिन्छ)* प्रपूर्वक अर्थ उपयाञ्चायाम् (चुरा.) धातु, प्र+अर्थ्+युच्[3] (अन), उणा., प्रार्थन+टाप् (आ)= प्रार्थना। अथवा प्रकर्षेण अर्थनं याचनम् *(राम्ररी याचना गर्ने काम)* प्र+अर्थ्+णिचि+युच् (अन)+टाप् (आ)=प्रार्थना।

शब्दार्थ- प्रार्थना गर्ने काम, याचना, माग्ने काम, वन्दना, अभिवादन, विनम्र अनुरोध।

प्रार्थनापत्रम् (ना./न.) प्रार्थनायाः पत्रम् *(प्रार्थनाको पत्र)* ष.त.स.= प्रार्थनापत्र।

शब्दार्थ- नम्र निवेदन गरी लेखिएको पत्र, आवेदन पत्र, विन्तीपत्र।

प्रार्थनीयः (वि.) प्रार्थ्यते, प्रार्थितुं योग्यः वा *(प्रार्थना गरिन्छ, प्रार्थना गर्न उपयुक्त)* प्रपूर्वक अर्थ उपयाञ्चायाम् (चुरा.) धातु, प्र+अर्थ्+अनीय (र), दीर्घ =प्रार्थनीय।

शब्दार्थ- प्रार्थना गर्न योग्य वा लायक, अनुरोध वा निवेदन गर्न योग्य, वन्दनीय, माग्न लायक।

प्रार्थयिता (वि.) प्रार्थयतीति *(प्रार्थना गर्दछ)* प्रपूर्वक अर्थ उपयाञ्चायाम् (चुरा.) धातु, प्र+अर्थ्+णिचि, दीर्घ, प्रार्थि+तृच् (तृ), इडागम, गुण, अयादेश= प्रार्थयिता।

शब्दार्थ- प्रार्थना गर्ने, अभिवादन गर्ने, याचना गर्ने, माग्ने, निवेदन गर्ने, निवेदक।

प्रार्थितः (वि.) प्रार्थ्यते स्म इति *(प्रार्थना गरिएको)* प्रपूर्वक अर्थ उपयाञ्चायाम् (चुरा.) धातु, प्र+अर्थ्+क्त (त), इडागम= प्रार्थित।

शब्दार्थ- प्रार्थना वा वन्दना गरिएको, निवेदन गरिएको, विन्ती चढाइएको, मागिएको, याचना गरिएको।

प्रार्थी (वि.) प्रकर्षेण अर्थितुं शीलं यस्य *(राम्ररी प्रार्थना गर्ने शील छ यसको)* प्रपूर्वक अर्थ उपयाञ्चायाम् (चुरा.) धातु, प्र+अर्थ्+णिनि[4] (इन्),दीर्घ, प्रार्थिन् =प्रार्थी।

शब्दार्थ- प्रार्थना गर्ने, याचना गर्ने, प्रार्थयिता, निवेदक, विनम्र अनुरोध गर्ने, कामना गर्ने।

---

[1] हलश्च : घञ्

[2] ण्वुल्तृचौ : ण्वुल्

[3] बहुलमन्यत्रापि... : युच्

[4] सुप्यजातौ... : णिनि

प्रार्थ्यः (वि.) प्रार्थ्यते, प्रार्थितुं योग्यः वा *(प्रार्थना गर्न योग्य)* प्रपूर्वक अर्थ उपयाञ्चायाम् (चुरा.) धातु, प्र+अर्थ्+ण्यत् (य), प्र अर्थको दीर्घ= प्रार्थ्य ।

शब्दार्थ- प्रार्थना गर्न लायक वा योग्य, प्रार्थनीय, वन्दनीय, वन्द्य, याचना गर्न लायक ।

प्राविधिकः (वि.) प्रविधेरयम्, प्रविधेरागतः वा *(प्रविधिको यो, प्रविधिबाट आएको)* प्रविधि+ठक्[१] (इक), आदिवृद्धि, इकारलोप= प्राविधिक ।

शब्दार्थ- प्रविधिको, प्रविधिसम्वन्धी, शिल्पकलासित सम्वन्धित ।

प्राविधिज्ञः (वि.) प्रविधिं जानातीति *(प्रविधिसम्वन्धी विषय जान्दछ)* प्रविधि उपपदमा हुने ज्ञा अवबोधने (क्र्या.) धातु, प्रविधि+ज्ञा+क (अ), आकारलोप, प्रविधिज्ञ । प्रविधिज्ञ एव *(प्रविधि जान्ने नै)* प्रविधिज्ञ+अण्[२] (अ), आदिवृद्धि, अकारलोप= प्राविधिज्ञ ।

शब्दार्थ- शिल्पकलासम्वन्धी ज्ञान भएको (व्यक्ति), प्रविधि-सम्वन्धी विशेषज्ञ, प्रविधिसम्वन्धी कुराको ज्ञान भएको, शिल्पकलाविज्ञ ।

प्रावृष् (प्रावृट्) (ना./स्त्री.) प्रवर्षतीति *(राम्ररी वर्षन्छ)* प्रपूर्वक वृषु सेचने (भ्वा.) धातु, प्र+वृष्+क्विप् (सर्वलोप), उपसर्गको दीर्घ[३], प्रावृष् ।

जश्त्व, चर्त्व= प्रावृट् ।

शब्दार्थ- वर्षाऋतु, साउनभदौको समय, पानी वर्षने समय ।

प्रावृषिकः (वि.) प्रावृषि भवः जातः वा *(वर्षामा हुने वा भएको)* प्रावृष्+ठप्[४] (इक)= प्रावृषिक ।

शब्दार्थ- वर्षाऋतुमा हुने वा भएको, वर्षामा उत्पन्न हुने,

प्रावृषेण्यः (वि./ना./न.) प्रावृषि भवः *(वर्षामा हुने वा भएको)* वा प्रावृट् देवता अस्य *(वर्षाऋतु देवता छन् यसका)* प्रावृष्+एण्य[५]= प्रावृषेण्य ।

शब्दार्थ- वर्षामा भएको, वर्षामा जन्मने वा उत्पन्न भएको, मेघ, वादल, वर्षाऋतु देवता भएको समय ।

प्राशनम् (ना./न.) प्राश्यते इति *(खाइन्छ, खुवाइन्छ)* प्रपूर्वक अश भोजने (क्र्या.) धातु, प्र+अश्+ल्युट् (अन), दीर्घ= प्राशन ।

शब्दार्थ- खुवाउने काम, भोजन गर्ने काम, खाने क्रिया, पहिलोपल्ट अन्नप्राशन गराउने क्रिया ।

प्राश्निकः (ना./पुं./वि.) प्रश्नं पृच्छतीति *(प्रश्न सोध्छ)* प्रश्न+ठक्[६] (इक), आदिवृद्धि, अकारलोप= प्राश्निक ।

शब्दार्थ- प्रश्नपत्र वनाउने व्यक्ति, प्रश्न सोध्ने व्यक्ति, प्रश्ननिर्माता, प्रश्नकर्ता ।

प्रासः (ना./पुं.) प्रास्यन्ते क्षिप्यन्ते अरयः अनेन *(यसद्वारा शत्रुहरूउपर प्रहार गरिन्छ)* प्रपूर्वक असु क्षेपणे (दिवा.) धातु, प्र+अस्+घञ् (अ), दीर्घ= प्रास ।

शब्दार्थ- अस्त्रविशेष, हातहतियार, शस्त्र, आयुध ।

प्रासङ्गिकः (वि.) प्रसङ्गादागतः, प्रसङ्गस्य इदम् *(प्रसङ्गबाट आएको, प्रसङ्गको यो)* प्रसङ्ग+ठक्[१] (इक), आदिवृद्धि, अकारलोप= प्रासङ्गिक ।

शब्दार्थ- प्रसङ्गसँग गाँसिएको, प्रसङ्गवाट प्राप्त, प्रसङ्ग मिलेको, प्रसङ्गसम्वन्धी, प्रसङ्गको ।

प्रासङ्गिकता (ना./स्त्री.) प्रासङ्गिकस्य भावः *(प्रासङ्गिक हुनाको भाव वा अवस्था)* प्रासङ्गिक+तल् (त)+टाप् (आ)= प्रासङ्गिकता ।

शब्दार्थ- प्रासङ्गिक हुनाको स्थिति वा विशेषता ।

प्रासादः (ना./पुं.) प्रसीदति मनः अत्र/प्रसीदन्ति जनाः अस्मिन् *(मन यहाँ रमाउँछ वा मानिसहरू यहाँ खुसी हुन्छन्)* प्रपूर्वक षद्लृ विशरणगत्यवसादनेषु (भ्वा./तुदा.) धातु, प्र+सद्+घञ् (अ), वृद्धि, प्रसाद, उपसर्गको दीर्घ= प्रासाद ।

प्रासादो देवभूभुजाम्- इत्यमरः

शब्दार्थ- देवसदन, देवालय, मठ, मन्दिर, विशाल महल, राजमहल, ठूल्ठूला दरवार ।

प्रासादीयः (वि.) प्रासादे भवः *(दरबार वा मन्दिरमा भएको)* प्रासाद+छ[७] (ईय), अकारलोप= प्रासादीय ।

शब्दार्थ- प्रासादसम्वन्धी, देवमन्दिर वा राजमहल-सम्वन्धी, राजदरवारसित सम्वन्धित ।

प्रियः (वि./ना./पुं.) प्रीणातीति *(खुसी हुन्छ)* प्रीञ् तर्पणे कान्तौ च (क्र्या.) धातु, प्री+क (अ), इयङादेश=प्रिय ।

शब्दार्थ- प्यारो, मन परेको, अनुरक्त, रमणीय, सुन्दर, पति, प्रेमी, भर्ता ।

प्रियंवदः (वि.) प्रियं वदतीति *(प्यारो बोल्छ)* प्रिय उपपदपूर्वक वद व्यक्तायां वाचि (भ्वा.) धातु, प्रिय+वद्+खच्[८] (अ), मुम्[९], अनुस्वारागम= प्रियंवद ।

शब्दार्थ- मीठो वोल्ने, मधुरभाषी, प्रियकुरा वोल्ने, प्रियवादी ।

प्रियंवदा (ना./ स्त्री.) प्रियं वदति असौ *(प्यारो बोल्छे यो)* प्रिय उपपदपूर्वक वद व्यक्तायां वाचि (भ्वा.) धातु, प्रिय+वद्+खच्[८] (अ), मुम्[९], अनुस्वारागम, प्रियंवद+टाप् (आ)= प्रियंवदा ।

शब्दार्थ- मीठो र प्यारो लाग्ने गरी वोल्ने स्त्री, मधुरभाषिणी वधू, प्रियवादिनी नारी ।

प्रियजनः (ना./पुं.) प्रियश्चासौ जनश्च *(प्रिय मानिस)* क.त.स.= प्रियजन ।

शब्दार्थ- प्यारो लाग्ने मानिस, इष्टमित्र, प्रेमी ।

---

[१] तस्येदम्/ठगायस्थानेभ्यः : ठक्
[२] प्रज्ञादिभ्यश्च : अण्
[३] नहिवृतिवृषि... : उपसर्गको दीर्घ
[४] प्रावृषष्ठप् : ठप्
[५] प्रावृषेण्यः : एण्य
[६] पृच्छतौ सुस्नातादिभ्यः : ठक्
[७] वृद्धाच्छः : छ
[८] प्रियवशे वदः...: खच्
[९] अरुर्द्विषदजन्तस्य... : मुम्

प्रियतमः (वि./ना./पुं.) अयमेषामतिशयेन प्रियः *(यो यिनीहरूमध्ये अत्यन्त प्यारो)* प्रिय+तमप्[1] (तम) =प्रियतम ।

शब्दार्थ- सवैभन्दा प्यारो वा प्रिय, अत्यधिक प्रिय, ज्यादै माया लाग्ने, स्वामी, पति, लोग्ने, भर्ता ।

प्रियतमा (वि./ना./स्त्री.) इयमासामतिशयेन प्रिया *(यो यिनीहरूमा ज्यादै प्यारी)* प्रिय+तमप् (तम)+टाप् (आ)= प्रियतमा ।

शब्दार्थ- सवभन्दा अधिक प्यारी, प्रेमिका, प्रेयसी, वल्लभा, पत्नी ।

प्रियतरः (वि.) अयमनयोरतिशयेन प्रियः *(यो यी दुईमा ज्यादै प्यारो)* प्रिय+तरप्[2] (तर)= प्रियतर ।

शब्दार्थ- अधिकप्रिय, अपेक्षाकृत प्रिय ।

प्रियता (ना./स्त्री.) प्रियस्य भावः *(प्रिय हुनाको भाव वा अवस्था)* प्रिय+तल् (त)+टाप् (आ)= प्रियता ।

शब्दार्थ- प्यारोपना, माया, प्रेम, प्यारो हुनाको स्थिति वा विशेषता ।

प्रियदर्शनः (वि.) प्रियं दर्शनं यस्य *(प्रिय छ दर्शन जसको)* व.स.= प्रियदर्शन ।

शब्दार्थ- देख्नमा ज्यादै मनोरम, हेरिरहुँभैं लाग्ने, ज्यादै सुन्दर, अतिमनोहर ।

प्रियदर्शी (वि.) प्रियं द्रष्टुं शीलं यस्य *(प्रिय लाग्ने कुरा देख्न सक्ने शील छ यसको)* प्रिय उपपदपूर्वक दृशिर् प्रेक्षणे (भ्वा.) धातु, प्रिय+दृश्+णिनि[3] (इन्), गुण, प्रियदर्शिन्= प्रियदर्शी ।

शब्दार्थ- अत्यन्त स्नेहभावले हेर्ने, मनोरम, रमणीय, सुन्दर, यसले प्राचीन भारतीय सम्राट् अशोक लाई पनि बुझाउँछ ।

प्रियपात्रः (ना./पुं./वि.) प्रियश्चासौ पात्रश्च *(प्यारो पात्र वा व्यक्ति)* क.त.स.= प्रियपात्र ।

अथवा प्रियं पात्रं यस्य *(प्रिय पात्र बनेको छ जसको)* व.स.= प्रियपात्र ।

शब्दार्थ- प्यारो लाग्ने मानिस, प्रियव्यक्ति, स्नेहपात्र, कसैको प्रियपात्र वनेको, स्नेही ।

प्रियभाषी (वि.) प्रियं भाषितुं शीलमस्य *(प्रिय बोल्ने शील छ यसको)* प्रिय उपपदपूर्वक भाष व्यक्तायां वाचि (भ्वा.) धातु, प्रिय+भाष्+णिनि (इन्)= प्रियभाषी ।

शब्दार्थ- मिष्ठभाषी, मीठो वोल्ने, मधुरभाषी, मृदुभाषी ।

प्रियवक्ता (वि.) प्रियं वदतीति *(प्यारो बोल्छ)* प्रिय उपपदपूर्वक वद व्यक्तायां वाचि (भ्वा.) धातु, प्रिय+वद्+तृच्[4] (तृ), प्रियवक्तृ= प्रियवक्ता ।

शब्दार्थ- मीठो वोली वोल्ने, प्रियभाषी, मृदुभाषी, चिप्लो कुरा गर्ने ।

प्रियवचनम् (ना./न.) प्रियञ्च तत् वचनम् *(प्रियवचन)* क.त.स.= प्रियवचन ।

शब्दार्थ- मीठो वोलीवचन, मधुरवचन, मीठो वाणी ।

प्रियव्रतः (वि./ना./पुं.) प्रियं व्रतं यस्य *(प्रिय छ व्रत जसको)* व.स.= प्रियव्रत ।

शब्दार्थ- व्रत राम्रो लाग्ने, व्रत बस्न प्रिय लाग्ने, स्वयम्भू मनुका जेष्ठपुत्र, राजा प्रियव्रत ।

प्रियवादिनी (ना./स्त्री.) प्रियं वदितुं शीलमस्याः *(प्रिय बोल्ने शील छ यस स्त्रीको)* प्रिय उपपदपूर्वक वद व्यक्तायां वाचि (भ्वा.) धातु, प्रिय+वद्+णिनि (इन्), वृद्धि, प्रियवादिन्+ङीप् (ई)= प्रियवादिनी ।

शब्दार्थ- प्यारो लाग्ने कुरा वोल्ने स्त्री, मधुर वा मृदु भाषिणी स्त्री, प्रियंवदा ।

प्रियवादी (वि.) प्रियं वदितुं शीलमस्य *(प्रिय बोल्ने शील छ यसको)* प्रिय उपपदपूर्वक वद व्यक्तायां वाचि (भ्वा.) धातु, प्रिय+वद्+णिनि (इन्), वृद्धि, प्रियवादिन् =प्रियवादी ।

शब्दार्थ- प्यारो लाग्ने कुरा वोल्ने, मिष्ठभाषी, मधुरभाषी, मृदुभाषी ।

प्रिया (वि./ना./स्त्री.) प्रीणातीति *(खुसी हुन्छे)* प्रीञ् तपर्णे कान्तौ च (क्र्या.) धातु, प्री+क (अ), इयङादेश, प्रिय । प्रिय+टाप् (आ)= प्रिया ।

शब्दार्थ- प्यारो लाग्ने, प्रेयसी, प्रेम वसेकी, प्यारी, प्रेमिका, पत्नी, भार्या, दिल वसेकी स्त्री ।

प्रियानुरागः (ना./पुं.) अनुरज्यते इति *(अनुराग गरिन्छ)* अनु+रञ्ज्+घञ् (अ), वृद्धि, कुत्व, अनुरागः । प्रियायामनुरागः *(पत्नीमा अनुराग वा स्नेह)* स.त.स., दीर्घ= प्रियानुराग ।

शब्दार्थ- पत्नीमा स्नेह गर्ने पुरुष, पत्नीप्रतिको स्नेह, अनुराग, मायाप्रीति ।

प्रियालापी (वि.)प्रियमालपितुं शीलमस्य *(प्रिय बोल्ने शील वा स्वभाव छ यसको)* प्रिय उपपदमा हुने आङ्पूर्वक लप व्यक्तायां वाचि (भ्वा.) धातु, प्रिय+आ+लप्+ णिनि (इन्), वृद्धि, दीर्घ, प्रियालापिन् = प्रियालापी ।

शब्दार्थ- प्यारो वोल्ने, मीठो वोल्ने, मधुरभाषी ।

प्रीतः (वि.) प्रीणाति स्म इति, प्रीयते स्म इति वा *(खुसी भएको)* प्रीञ् तर्पणे कान्तौ च (क्र्या.) वा प्रीङ् प्रीतौ (दिवा.) धातु, प्री+क्त[5] (त), कर्तामा= प्रीत ।

शब्दार्थ- प्रेमले परिपूर्ण, प्रीतियुक्त, प्रसन्न, सन्तुष्ट, आनन्दित, तृप्त ।

प्रीतमनाः (वि.) प्रीतं मनं यस्य *(खुसी छ मन जसका)* ब.स., प्रीतमनस्= प्रीतमना ।

शब्दार्थ- खुसी मन भएको, सन्तुष्ट, प्रसन्न ।

प्रीतिः (ना./स्त्री.) प्रीयते इति *(खुसी हुनु)* प्रीञ् तर्पणे कान्तौ च (क्र्या.) वा प्रीङ् प्रीतौ (दिवा.) धातु, प्री+क्तिन् (ति)= प्रीति ।

शब्दार्थ- प्रेम, अनुराग, स्नेह, माया, पिरती, पिर्ती ।

---

[1] अतिशायने तमबिष्ठनौ : तमप्

[2] द्विवचनविभज्य... : तरप्

[3] सुप्यजातौ... : णिनि

[4] ण्वुल्तृचौ : तृच्

[5] गत्यर्थाकर्मक... : क्त, कर्तामा

प्रीतिकरः (वि.) प्रीतिं करोतीति *(स्नेह गर्छ)* प्रीतिपूर्वक डुकृञ् करणे (तना.) धातु, प्रीति+कृ+ट[१] (अ) =प्रीतिकर ।

शब्दार्थ- प्यारो गर्ने, मन पराउने, स्नेह वा माया गर्ने ।

प्रेक्षकः (वि.) प्रेक्षते इति *(हेर्दछ)* प्रपूर्वक ईक्ष दर्शने (भ्वा.) धातु, प्र+ईक्ष्+ण्वुल् (अक), गुण= प्रेक्षक ।

शब्दार्थ- अवलोकन गर्ने, देख्ने, दर्शक, द्रष्टा ।

प्रेक्षणम् (ना./न.) पश्यति प्रेक्ष्यते अनेन *(हेर्छ वा हेरिन्छ यसबाट)* प्रपूर्वक ईक्ष दर्शने (भ्वा.) धातु, प्र+ईक्ष्+ ल्युट् (अन), करणमा, णत्व, गुण= प्रेक्षण ।

शब्दार्थ- देख्ने क्रिया, दर्शन, दृष्टि लगाउने काम, हेराइ, अवलोकन, दृश्य, नेत्र, नयन ।

प्रेक्षणीयः (वि.) प्रेक्षितुं योग्यः *(हेर्न लायक)* प्रपूर्वक ईक्ष दर्शने (भ्वा.) धातु, प्र+ईक्ष्+अनीय (र्)= प्रेक्षणीय ।

शब्दार्थ- देख्न लायक, दर्शनीय, मनोहर, हेर्न योग्य ।

प्रेक्षा (ना./स्त्री.) प्रकृष्टम् ईक्षणम् अनया *(ज्यादै राम्ररी हेरिन्छ यसबाट)* प्रपूर्वक ईक्ष दर्शने (भ्वा.) धातु, प्र+ईक्ष्+अ (प्रत्यय), प्रेक्षः । प्रेक्ष+टाप् (आ)= प्रेक्षा ।

शब्दार्थ- हेर्ने वा देख्ने काम, दृष्टि दिने काम, दर्शन, अवलोकन, दृश्य, शोभा ।

प्रेक्षितः (वि.) प्रकर्षेण ईक्ष्यते स्म इति *(राम्ररी हेरिएको)* प्रपूर्वक ईक्ष दर्शने (भ्वा.) धातु, प्र+ईक्ष्+क्त (त), इडागम, गुण= प्रेक्षित ।

शब्दार्थ- दृष्टि दिइएको, देखिएको, राम्ररी हेरिएको, विचार गरिएको, अवलोकन गरिएको ।

प्रेक्ष्यः (वि.) प्रेक्षितुं योग्यः *(हेर्न लायक)* प्रपूर्वक ईक्ष दर्शने (भ्वा.) धातु, प्र+ईक्ष्+ण्यत् (य), गुण= प्रेक्ष्य ।

शब्दार्थ- हेर्न वा देख्न लायक, दर्शनीय, शोभादायक, मनोहर, सुन्दर ।

प्रेतः (वि./ना./पुं.) प्रकर्षेण इतः गतः *(सजिलै परलोक भएको)* प्रपूर्वक इण् गतौ (अदा.) धातु, प्र+इ+क्त (त), गुण =प्रेत ।

शब्दार्थ- यस संसारवाट विदा भएको, मरेको, दिवङ्गत, मृत, प्रेतात्मा, मृत्युपछि कल्पना गरिएको योनि ।

प्रेतकर्म (ना./न.) प्रेताय प्रेतस्य वा कर्म *(प्रेतको लागि गरिने कर्म वा मरेकाको लागि गरिने कर्म)* च.त.स. /ष.त.स. =प्रेतकर्म ।

शब्दार्थ- और्ध्वदेहिक वा अन्त्येष्टिसंस्कार, मरेपछि गरिने दाहसंस्कारदेखि सपिण्डीसम्मको प्रेतकर्म ।

प्रेतत्वम् (ना./न.) प्रेतस्य भावः *(प्रेत हुनाको भाव वा अवस्था)* प्रेत+त्व= प्रेतत्व ।

शब्दार्थ- प्रेतको अवस्था, निधन, मृत्यु ।

प्रेतदेहः (ना./पुं.) प्रेतस्य देहः शरीरम् *(प्रेतको देह)* ष.त.स.= प्रेतदेह ।

शब्दार्थ- प्रेतको शरीर, प्रेतको देह ।

प्रेतनदी (ना./स्त्री.) प्रेतैः तरणीया चासौ नदी च *(प्रेतहरूद्वारा तर्नुपर्ने नदी)* क.त.स., उ.प.लोप =प्रेतनदी ।

शब्दार्थ- प्रेतहरूले तर्नुपर्ने वैतरणी नदी, नरकको नदी ।

प्रेतपिण्डः (ना./पुं./न.) प्रेताय (देयः) पिण्डः *(प्रेतलाई दिइने पिण्ड)* च.त.स.= प्रेतपिण्ड ।

शब्दार्थ- मरेको दिनदेखि सपिण्डीकरणसम्म प्रेतलाई दिइने पिण्डदान ।

प्रेतश्राद्धम् (ना./न.) प्रेताय श्राद्धम् *(प्रेत वा मरेकाको लागि गरिने श्राद्ध)* च.त.स.= प्रेतश्राद्ध ।

शब्दार्थ- प्रेतका लागि गरिने श्राद्ध, मरेपछि वर्षदिनसम्म गरिने मासिक श्राद्ध ।

प्रेमन् (प्रेम) (ना./पुं.) प्रीणातीति *(सन्तुष्ट हुन्छ)* प्रीञ् तर्पणे कान्तौ च (क्र्या.) धातु, प्री+क[२] (अ), इयङादेश, प्रियः । प्रियस्य भावः *(प्रिय हुनाको भाव वा अवस्था)* प्रिय+इमनिच्[३] (इमन्), प्रियको प्र आदेश[४], गुण, प्रेमन्, प्रेमा= प्रेम ।

अथवा प्रीणातीति *(खुसी हुन्छ)* प्री+मनिन्[५] (मन्), गुण, प्रेमन्, प्रेमा= प्रेम ।

शब्दार्थ- एकअर्काप्रति पैदा हुने आकर्षण वा आत्मीयभाव, स्नेह, माया, प्रीति, अनुराग ।

प्रेमपात्रम् (ना./न./वि.) प्रेम्णः पात्रम् *(प्रेमको वस्तु वा व्यक्ति)* ष.त.स.= प्रेमपात्र ।

शब्दार्थ- ज्यादै प्यारो लाग्ने कुनै वस्तु वा व्यक्ति, प्रियपात्र, प्रिय, आत्मीय, प्यारो ।

प्रेमबन्धनम् (ना./न.) प्रेम्णः बन्धनम् *(प्रेमको बन्धन)* ष.त.स.= प्रेमवन्धन ।

शब्दार्थ- स्नेहवन्धन, प्रेमपाश, प्रेमको कारणले उत्पन्न भएको बन्धन ।

प्रेमालापः (ना./पुं.) आलपनम्, आलप्यते इति वा *(वार्तालाप गरिन्छ)* आङ्पूर्वक लप व्यक्तायां वाचि (भ्वा.) धातु, आ+लप्+घञ् (अ), वृद्धि, आलापः । प्रेम्णः आलापः *(प्रेमको वार्तालाप)* ष.त.स., दीर्घ= प्रेमालाप ।

शब्दार्थ- प्रेमको कुराकानी, प्रेमपूर्वक गरिने वार्तालाप ।

प्रेमालिङ्गनम् (ना./न.) प्रेम्णा, प्रेम्णः आलिङ्गनम् *(प्रेमले गरिने आलिङ्गन वा प्रेमको आलिङ्गन)* प्रेमन्+ आलिङ्गनम्, तृ.त.स./ष.त.स., नलोप, दीर्घ= प्रेमालिङ्गन

शब्दार्थ- प्रेमासक्त भई प्रेमी-प्रेमिकाले परस्परमा गरिने आलिङ्गन ।

प्रेमाश्रु (ना./न.) प्रेम्णा/प्रेम्णः अश्रु *(प्रेमले निस्केको आँसु मायाको आँसु)* तृ.त.स./च.त.स., दीर्घ= प्रेमाश्रु

शब्दार्थ- हर्षले प्रकट भएको आँसु, हर्षले निस्केको आँसु, माया वा स्नेहले निस्केको आँसु, हर्षाश्रु ।

---

[१] कृञो हेतुताच्छील्य... : ट
[२] इगुपधज्ञा... : क
[३] पृथ्वादिभ्य... : इमनिच्
[४] प्रियस्थिरोरुबहुल... : प्र आदेश
[५] अन्येभ्योऽपि दृश्यते : मनिन्

प्रेमिका (ना./स्त्री.) प्रीणाति असौ *(खुसी हुन्छे यो)* प्रीञ् तर्पणे कान्तौ च (क्र्या.) धातु, प्री+क (अ), इयङादेश, प्रियः । प्रियस्य भावः *(प्रिय हुनाको भाव वा अवस्था)* प्रिय+इमनिच् (इमन्), प्रियको 'प्र' आदेश, गुण, प्रेमन्, प्रेम । प्रेम एव *(प्रेम नै)* प्रेमन्+कन् (क), स्वार्थमा, नलोप, प्रेमक+टाप् (आ), ककारपूर्वका अकारको इत्व= प्रेमिका ।

शब्दार्थ- प्यारी, प्रियतमा, पत्नी, प्रेयसी, प्रेम गर्ने स्त्री ।

प्रेमी (वि.) प्रेम अस्ति अस्य *(प्रेम छ यसको)* प्रेमन्+इनि (इन्), नलोप, अकारलोप, प्रेमिन्= प्रेमी ।

शब्दार्थ- माया गर्ने, प्रेम गर्ने, स्नेह गर्ने, अनुराग भएको, प्यारो गर्ने, आत्मीय, मायालु, प्रियतम ।

प्रेयस् (प्रेयः, प्रेयान्) (वि.) अयमनयोरतिशयेन प्रियः *(यो यी दुईमध्ये अतिप्रिय)* प्रिय+ईयसुन्[1] (ईयस्), प्रियको 'प्र' आदेश, गुण, प्रेयस्= प्रेय (प्रेयान्)

शब्दार्थ-मनपर्ने, ज्यादै प्यारो, प्रेमी, अपेक्षाकृत प्यारो ।

प्रेयसी (ना./स्त्री.) इयमनयोरतिशयेन प्रिया *(यी दुईमा यो ज्यादै प्यारी)* प्रिय+ईयसुन् (ईयस्), प्रियको 'प्र' आदेश, गुण, प्रेयस् । प्रेयस्+ङीप्[2] (ई)= प्रेयसी ।

शब्दार्थ- प्रेमिका, पत्नी, प्यारी, दयिता, वल्लभा ।

प्रेरकः (वि.) प्रेरयतीति *(प्रेरणा दिन्छ)* प्रपूर्वक ईर गतौ कम्पने च (अदा.) धातु, प्र+ईर्+णिचि+ण्वुल्[3] (अक), णिलोप, प्र ईर्को गुण= प्रेरक ।

शब्दार्थ- प्रेरणा गर्ने, उत्तेजक, उद्दीपक, हौसला प्रदान गर्ने, कतै पठाउन प्रेरित गर्ने ।

प्रेरणा (ना./स्त्री.) प्रेर्यते इति *(प्रेरणा दिइन्छ)* प्रपूर्वक ईर गतौ कम्पने च (अदा.) धातु, प्र+ईर्+णिचि+युच्[4] (अन), णिलोप, गुण, णत्व, प्रेरण+टाप् (आ)=प्रेरणा ।

शब्दार्थ- हौसला वढाउने काम, कसैलाई प्रेरणा दिने कार्य, उत्तेजना, उद्दीपन, पठाउने क्रिया ।

प्रेरणीयः (वि.) प्रेरितुं योग्यः, प्रेर्यते इति वा *(प्रेरणा दिन योग्य)* प्रपूर्वक ईर गतौ कम्पने च (अदा.) धातु, प्र+ईर्+अनीय (र्), प्र ईर्मा गुण, णत्व= प्रेरणीय ।

शब्दार्थ- प्रेरणा दिन योग्य वा लायक, हौसला वढाउन योग्य, उत्तेजित पार्न सकिने ।

प्रेरितः (वि.) प्रेर्यते स्म इति *(प्रेरणा दिइएको)* प्रपूर्वक ईर गतौ कम्पने च (अदा.) धातु, प्र+ईर्+णिचि+क्त (त), इडागम, णिलोप, प्र ईर्को गुण= प्रेरित ।

शब्दार्थ- प्रेरणा दिइएको, हौसला वढाइएको, उक्साइएको, उत्तेजित पारिएको, उद्दीपित ।

प्रेषकः (वि.) प्रेषयतीति *(पठाउँछ)* प्रपूर्वक ईष गतिहिंसादर्शनेषु (भ्वा.) धातु, प्र+ईष्+णिचि+ण्वुल्[3] (अक) णिलोप, प्र ईष्को गुण= प्रेषक ।

शब्दार्थ- कुनै ठाउँमा पठाउने, प्रेरणा दिने, प्रेषित गर्ने ।

प्रेषणम् (ना./न.) प्रेष्यते इति *(पठाइन्छ)* प्रपूर्वक ईष गतिहिंसादर्शनेषु (भ्वा.) धातु, प्र+ईष्+णिचि+ल्युट् (अन), णिलोप, प्र ईष्मा गुण, णत्व= प्रेषण ।

शब्दार्थ- कुनै ठाउँमा पठाउने काम, प्रेरणा दिने काम ।

प्रेषणीयः (वि.) प्रेषितुं योग्यः, प्रेष्यते इति वा *(पठाउन योग्य वा पठाइन्छ)* प्रपूर्वक ईष गतिहिंसादर्शनेषु (भ्वा.) धातु, प्र+ईष्+णिचि+अनीय (र्), प्र ईष्को गुण, णिलोप, णत्व= प्रेषणीय ।

शब्दार्थ- पठाउन योग्य वा लायक, प्रेरणा दिन लायक, पठाउन सकिने ।

प्रेषितः (वि.) प्रेष्यते स्म इति *(पठाइएको)* प्रपूर्वक ईष गतिहिंसादर्शनेषु (भ्वा.) धातु, प्र+ईष्+णिचि+क्त (त), णिलोप, इडागम, प्र ईष्मा गुण= प्रेषित ।

शब्दार्थ- पठाइएको, प्रेरणा दिइएको, निर्देशित, निर्वासित, कसैलाई एक ठाउँवाट अर्को ठाउँमा पठाइएको ।

उदा. ॐ केनेषितं पतति प्रेषितं मनः- के.उ.१

प्रेष्यः (वि.) प्रेषितुं योग्यः, प्रेष्यते इति वा *(पठाउन लायक वा पठाइन्छ)* प्रपूर्वक ईष गतिहिंसादर्शनेषु (भ्वा.) धातु, प्र+ईष्+ण्यत् (य), गुण= प्रेष्य ।

शब्दार्थ- पठाउन योग्य वा लायक, प्रेरणा दिन योग्य, प्रेषणीय, पठाउन उचित ।

प्रेष्ठः (वि.) अयमेषामतिशयेन प्रियः *(यो यिनीहरूमध्ये ज्यादै प्रिय)* प्रिय+इष्ठन्[5] (इष्ठ), प्रियको प्र आदेश[6], गुण= प्रेष्ठ ।

शब्दार्थ-ज्यादै प्यारो, अतिप्रिय, प्रियतम, प्रेमी, पति, भर्ता ।

प्रोक्तः (वि.) प्रोच्यते स्म इति *(भनिएको)* प्रपूर्वक वच परिभाषणे (अदा.) धातु, प्र+वच्+क्त (त), व को उ (सम्प्रसारणबाट), प्र उच् त, गुण, कुत्व= प्रोक्त ।

शब्दार्थ- राम्ररी भनिएको वा वताइएको, उच्चारण गरिएको ।

प्रोक्षणम् (ना./न.) प्रकृष्टमुक्षणमिति *(राम्ररी सेचन गरिन्छ)* प्रपूर्वक उक्ष सेचने (भ्वा.) धातु, प्र+उक्ष्+ल्युट् (अन), गुण, णत्व= प्रोक्षण ।

शब्दार्थ- पानी छर्कने काम, अभिषेक गर्ने क्रिया, सिञ्चन गर्ने काम, यज्ञमा पशु वध गर्ने क्रिया ।

प्रोक्षितः (वि.) प्रोक्ष्यते स्म इति *(राम्ररी सिञ्चन गरिएको)* प्रपूर्वक उक्ष सेचने (भ्वा.) धातु, प्र+उक्ष्+क्त (त), इडागम, गुण= प्रोक्षित ।

शब्दार्थ- अभिषेक गरिएको, जल मार्जन गरेर पवित्र पारिएको, यज्ञमा पशु वध गरिएको, राम्ररी सिञ्चन गरिएको ।

---

[1] द्विवचनविभज्य... : इयसुन्

[2] उगितश्च : ङीप्

[3] ण्वुल्तृचौ : ण्वुल्

[4] ण्यासश्रन्थो... : युच्

[5] अतिशायने तमबिष्ठनौ : इष्ठन्

[6] प्रियस्थिरोरुबहुल..: प्रियको प्र आदेश

प्रोज्ज्वलः (वि.) प्रकर्षेण उज्ज्वलतीति ***(ज्यादै उज्ज्वल हुन्छ)*** प्र उत् उपसर्गद्वयपूर्वक ज्वल दीप्तौ (भ्वा.) धातु, प्र+उत्+ज्वल्+अच् (पचादि), प्र उत्को गुण, श्चुत्ववाट तको ज= प्रोज्ज्वल ।

शब्दार्थ- ज्यादै उज्ज्वल, अतिचम्किलो, ज्यादै चहकिलो ।

प्रोज्ज्वलता (ना./स्त्री.) प्रोज्ज्वलस्य भावः ***(ज्यादै उज्ज्वल हुनाको भाव वा अवस्था)*** प्रोज्ज्वल+तल् (त)+टाप् (आ)= प्रोज्ज्वलता ।

शब्दार्थ- ज्यादै उज्यालोपन, अतिचहकिलोपना ।

प्रोतः (वि.) प्रकर्षेण ऊयते स्म इति ***(राम्ररी उनिएको)*** प्रपूर्वक वेञ् तन्तुसन्ताने (भ्वा.) धातु, प्र+वे+क्त (त), आत्व, सम्प्रसारणवाट वको उ, प्र उ त, गुण =प्रोत ।

प्रोतं नपुंसके वस्त्रे खचिते वाच्यलिङ्गवत्- इति मेदिनी

शब्दार्थ- सिलाएको, टाँका लगाएको, उनिएको, गुम्फित, जडिएको, रचित, सिलाएको (वस्त्र), खचित ।

प्रोत्साहनम् (ना./न.) प्रोत्साह्यते इति ***(प्रोत्साहन दिइन्छ)*** प्र उत् उपसर्गद्वयपूर्वक षह मर्षणे (भ्वा.) धातु, प्र+उत्+सह्+णिचि, प्र उत्को गुण, सहको वृद्धि, प्रोत्साहि+ल्युट् (अन), णिलोप= प्रोत्साहन ।

शब्दार्थ- उत्साह वढाउने काम, हौसला वढाउने प्रक्रिया, कसैलाई उक्साउने काम, उद्दीपन, उत्साह ।

प्रोत्साहितः (वि.) प्रोत्साह्यते स्म इति ***(उत्साह बढाइएको)*** प्र उत्पूर्वक षह मर्षणे (भ्वा.) धातु, प्र+उत्+सह्+णिचि, गुण, वृद्धि, प्रोत्साहि+क्त (त), णिलोप, इडागम= प्रोत्साहित ।

शब्दार्थ- उत्साह वा हौसला वढाइएको, उक्साइएको, प्रोत्साहन दिइएको ।

प्रोषितः (वि.) प्रोष्यते स्म इति ***(विदेसिएको)*** प्रपूर्वक वस निवासे (भ्वा.) धातु, प्र+वस्+क्त (त), वको उ (सम्प्रसारणवाट), प्र उष् त, इडागम[1], षत्व, गुण =प्रोषित ।

अथवा प्रोषति स्म इति ***(दुःखित भएको)*** प्रपूर्वक उष दाहे (भ्वा.) धातु, प्र+उष्+क्त (त), कर्तामा, इडागम[1], गुण= प्रोषित ।

शब्दार्थ- परदेश गएको, विदेशमा पसेको, विदेसिएको, खिन्न भएको, दुःखित भएको, मनमनै पिरिएको ।

प्रोषितभर्तृका (ना./स्त्री.) प्रोषितः विदेशे गतः भर्ता यस्याः सा ***(जसको भर्ता वा पति परदेश गएको छ)*** व.स., प्रोषितभर्तृ+कप् (क), समासान्त, टाप् (आ) =प्रोषितभर्तृका ।

नानाकार्यवशात् यस्या दूरदेशं गतः पतिः
सा मनोभवदुःखार्ता भवेत् प्रोषितभर्तृका- सा.द.३/८४

शब्दार्थ- पति परदेश गएकी नारी, पति परदेश गएको कारण दुःखार्ता वनेकी स्त्री, नायिकाका आठ भेदमध्ये एक ।

प्रौढः (वि.) प्रोह्यते स्म इति ***(राम्ररी बढेको)*** प्रपूर्वक वह प्रापणे (भ्वा.) धातु, प्र+वह्+क्त (त), वको उ (सम्प्रसारणवाट), प्र उह् त, हको ढत्व[2], तको ध[3], ढलोप[4], दीर्घ, वृद्धि= प्रौढ ।

शब्दार्थ- पूरा वढेको, पूर्ण विकसित, परिपक्व, वयस्क, वलवान्, शक्तिशाली, युवावस्था पूरा गरेको, अनुभवी, पाको, निपुण ।

प्रौढता (ना./स्त्री.) प्रौढस्य भावः ***(प्रौढ हुनाको भाव वा अवस्था)*** प्रौढ+तल् (त)+टाप् (आ)= प्रौढता ।

शब्दार्थ- परिपक्वता, वयस्कता, सामर्थ्य ।

प्रौढभावः (ना./पुं.) प्रौढश्चासौ भावश्च ***(परिपक्व-भाव)*** क.त.स.= प्रौढभाव ।

शब्दार्थ- वयस्क-भाव, विकसित भाव, परिपक्व-भाव ।

***उदा.* छन् प्रौढभाव उनका मनका मुनाफैँ- शा.म.का.७/१८**

प्रौढशिक्षा (ना./स्त्री.) प्रौढेभ्यः शिक्षा ***(प्रौढहरूको लागि दिइने शिक्षा)*** च.त.स.= प्रौढशिक्षा ।

शब्दार्थ- प्रौढ वा परिपक्व अवस्थाका व्यक्तिहरूलाई दिइने शिक्षा, पाको उमेरका मानिसलाई दिइने शिक्षा ।

प्रौढा (ना./स्त्री.) प्रोह्यते स्म असौ ***(पूर्ण विकसित भएकी यो)*** प्रपूर्वक वह प्रापणे (भ्वा.) धातु, प्र+वह+क्त (त), वको उ (सम्प्रसारणवाट), प्र उह् त, हको ढत्व, तको ध, ढलोप, दीर्घ, वृद्धि, प्रौढः । प्रौढ+टाप् (आ)= प्रौढा ।

शब्दार्थ- तरुण अवस्था पार हुन लागेकी स्त्री, प्रौढ अवस्थाकी नारी, पूर्ण विकसित अवस्थाकी स्त्री, परिपक्व नारी ।

प्रौढोक्तिः (ना./स्त्री.) प्रौढा चासौ उक्तिश्च ***(परिपक्व भनाइ)*** प्रौढा+उक्ति, क.त.स., गुण= प्रौढोक्ति ।

शब्दार्थ- सशक्त भनाइ, प्रवल उक्ति, परिपक्व भनाइ ।

प्लक्षः (ना./पुं.) प्लुष्यति, प्लुषति, प्लुष्णातीति वा ***(पीडा दिन्छ वा आश्रय दिन्छ)*** प्लुष दाहे (दिवा./तुदा.) वा प्लुष स्नेहनसेवनपूरणेषु (क्र्या.) धातु, प्लुष्+स (उणा.), धातुका उपधाको अत्व, सको षत्व, षको क, क तथा षको क्षत्व= प्लक्ष ।

शब्दार्थ- सातद्वीपमध्ये एक, लक्षद्वीप, टापु, पिप्पल, डुम्री र पाखरीको वोट, घरका ढोकाको अगलवगलको स्थान ।

प्लवः (वि.) प्लवते इति ***(उफ्रन्छ, पानीमा डुबुल्की लगाउँछ)*** प्लुङ् गतौ (भ्वा.) धातु, प्लु+अच् (पचादि), गुण, अवादेश= प्लव ।

शब्दार्थ- उफ्रने, फाल हान्ने, पानीमा पौडने ।

प्लवनम् (ना./न.) प्लूयते इति ***(उफ्रिन्छ)*** प्लुङ् गतौ (भ्वा.) धातु, प्लु+ल्युट् (अन), गुण, अवादेश= प्लवन ।

शब्दार्थ- पानीमा पौडने क्रिया, उफ्रने वा हाम फाल्ने काम, जलाशय, जलप्रवाह ।

---

[1] वसतिक्षुधोरिट् : इडागम
[2] हो ढः : हको ढ
[3] झषस्तथो... : तको घ
[4] ढो ढे लोपः : ढलोप

प्लावः (ना./पुं.) प्लाव्यते इति *(डुबाइन्छ)* प्लुङ् गतौ (भ्वा.) धातु, प्लु+णिचि, वृद्धि, आवादेश, प्लावि+अच् (एरच्)/घञ् (अ), णिलोप= प्लाव ।

शब्दार्थ- वाढी, डुब्ने क्रिया, जलप्रवाह, पानीमा डुवुल्की लगाउने क्रिया ।

प्लावनम् (ना./न.) प्लाव्यते इति *(डुबाइन्छ)* प्लुङ् गतौ (भ्वा.) धातु, प्लु+णिचि+ल्युट् (अन), वृद्धि, णिलोप, आवादेश= प्लावन ।

शब्दार्थ- डुवाउने क्रिया, पानीमा डुब्ने काम, बाढीले डुवाउने काम, जल निमग्न हुने क्रिया ।

प्लावितः (वि.) प्लाव्यते स्म इति *(बगाएको)* प्लुङ् गतौ (भ्वा.) धातु, प्लु+णिचि, वृद्धि, आवादेश, प्लावि+क्त (त), इडागम, णिलोप= प्लावित ।

शब्दार्थ- वाढीले वगाएको वा डुवाएको, जलमग्न, जलामय भएको, पानीले भरिएको ।

प्लुतः (वि.) प्लूयते स्म इति *(तरिएको, डुबिएको)* प्लुङ् प्लुतौ (भ्वा.) धातु, प्लु+क्त (त)= प्लुत ।

शब्दार्थ- उफ्रेको, पानीले भरिएको, पानीमा तरेको, डुवेको, हाम फालेको, प्लुतस्वर भएको, तीन मात्राको स्वर भएको (वर्ण) ।

प्लुतगतिः (ना./स्त्री.) प्लुता चासौ गतिश्च *(शीघ्र-गति)* क.त.स.= प्लुतगति ।

शब्दार्थ- उफ्रेर हिंड्ने प्रक्रिया, चाँडो चाँडो हिंड्ने क्रिया, फुत्रुकफुत्रुक हिड्ने प्रक्रिया, उफ्रने क्रिया ।

प्लुतस्वरः (ना./पुं.) प्लुतश्चासौ स्वरश्च *(दीर्घ स्वरभन्दा लामो स्वर)* क.त.स.= प्लुतस्वर ।

शब्दार्थ- प्लुतस्वरवर्ण, दीर्घ स्वरवर्णभन्दा पनि बढी समय लगाएर उच्चारण गरिने स्वरवर्ण ।

द्रष्टव्य- **ह्रस्व स्वरवर्णमा एक मात्रा, दीर्घ स्वरवर्णमा दुई मात्रा र प्लुत स्वरवर्णमा तीनमात्रा हुन्छ ।**

फ

फः (ना./पुं.) फक्कति, फणतीति वा *(फैलिन्छ)* फक्क नीचैर्गतौ वा फण गतौ (भ्वा.) धातु, फक्क्/ फण्+ड[1] (अ), टिलोप= फ ।

फो यज्ञसाधने स्फाने झञ्झावाते च पुंस्ययम्- इति मेदिनी

परिचय- देवनागरी वर्णमालाको वाईसौं व्यञ्जनवर्ण, पवर्गको दोस्रो अक्षर, ओष्ठस्थानीय स्पर्शसंज्ञक अघोष महाप्राणध्वनि ।

शब्दार्थ- झञ्झावात, हावा, आँधी, यज्ञसाधन ।

फकारः (ना./पुं.) 'फ' यस्तो वर्णनिर्देशनमा 'फ' प्रातिपदिकवाट फ+कार[2]= फकार ।

शब्दार्थ- फध्वनि वा अक्षर, पवर्गको दोस्रो वर्ण, ओष्ठ्य ध्वनि ।

फक्किका (ना./स्त्री.) फक्कति, विवादयतीति *(विवाद गर्छ, छलकपट गर्छ)* फक्क नीचैर्गतौ (भ्वा.) धातु, फक्क्+ण्वुल्[3] (अक), फक्कक+टाप् (आ), ककारपूर्वका अकारको ईत्व= फक्किका ।

शब्दार्थ- शास्त्रार्थमा कुनै कुरा सिद्ध गर्न उठाइने पूर्वपक्ष, पक्षपात, नराम्रो व्यवहार, छलकपट, महाभाष्यको फक्किका, अधोगमन ।

द्रष्टव्य- **फणिभाषित-भाष्यफक्किका विषमा- नै.च. २/९५**

फट् (अव्य.) स्फोटते, स्फुटतीति *(प्रस्फुटित हुन्छ)* स्फुट विकसने (भ्वा./तुदा.) धातु, स्फुट्+क्विप् (सर्वलोप), पृषोदरादिवाट स्फुको सकार र उकारको लोप=फट् ।

शब्दार्थ- एउटा अनुकरणात्मक शब्द, तन्त्रशास्त्रमा मन्त्रादिको उच्चारण गर्दा प्रयोग हुने शब्द जस्तैः- अस्त्राय फट्, अङ्गन्यास आदिमा उच्चारण गर्ने शब्द ।

फटा (ना./स्त्री.) स्फुटति, स्फोटते इति वा *(प्रसारित हुन्छ, फैलाउँछ)* स्फुट विकसने (तुदा./भ्वा.) धातु, स्फुट्+अच् (पचादि), पृषोदरादिबाट स्फुका सकार र उकारको लोप, फट+टाप् (आ)= फटा ।

शब्दार्थ- सर्पले फैलाएको फणा, सर्पले प्रसारित गरेको फणा, सर्पको फणा ।

फणः (ना./पुं.)/**फणा** (ना./स्त्री.) फणति विस्तृतं गच्छति *(फैलाउँछ)* फण गतौ (भ्वा.) धातु, फण्+अच् (पचादि)= फण ।

फण्+अच् (पचादि), फण+टाप् (आ)= फणा ।

शब्दार्थ- सर्पले फैलाएको फणा, सर्पले प्रसारित गरेको फणा ।

फणधरः (ना./पुं.) फणं धरतीति *(फणा धारण गर्छ)* धृञ् धारणे (भ्वा.) धातु, फण+धृ+अच् (पचादि), गुण =फणधर ।

शब्दार्थ- सर्प, भुजङ्ग, अहि ।

फणिपतिः (ना./पुं.) फणिनां पतिः *(नागहरूका स्वामी)* ष.त.स.= फणिपति ।

शब्दार्थ- शेषनाग, अनन्त, नागहरूका स्वामी ।

फणी (ना./पुं.) फणा अस्यास्तीति *(फणा छ यसको)* फणा+इनि[4] (इन्), आकारलोप, फणिन्= फणी ।

शब्दार्थ- फणाधारी सर्प, नागराज, सर्प, फणा फिंजाउने, सामान्य सर्प ।

---

[1] अन्येष्वपि दृश्यते : ड

[2] वर्णात्कारः : कार

[3] धात्वर्थनिर्देशे ण्वुल् ... : ण्वुल्

[4] अत इनिठनौ : इनि

फणीन्द्रः/फणीश्वरः (ना./पुं.) फणिनामिन्द्रः:, फणिनामीश्वरो वा *(सर्पहरूका इन्द्र वा अधिपति)* ष.त.स., नलोप, दीर्घ= फणीन्द्र/फणीश्वर ।

शब्दार्थ- सर्पहरूका अधिपति, शेषनाग, अनन्त ।

फलम् (ना./न.) फलतीति **(फल्छ, पैदा हुन्छ)** फल निष्पत्तौ (भ्वा.) धातु, फल्+अच् (पचादि)= फल ।

फले जातीफले सस्ये हेतूत्थे व्युष्टिलाभयोः
त्रिफलायाञ्च कक्कोले प्रियङ्गौ तु फली स्मृता- मेदिनी

शब्दार्थ- लता वृक्षादिमा फल लाग्ने काम, फलफूल, कृषि पैदावर, कुनै कार्यको परिणाम, नतिजा, लाभ, उपलव्धि, त्रिफला, वाणको अग्रभाग, हित, जन्मजन्मान्तरमा आर्जित कर्मको प्रतिफल ।

फलकः (ना./पुं.)) फलतीति *(पैदा हुन्छ)* फल निष्पत्तौ वा त्रिफला विशरणे (भ्वा.) धातु, फल्+वुन्[1] (अक), उणा.= फलक ।

अथवा फलमेव *(फल नै)* फल+कन् (क), स्वार्थमा =फलक ।

शब्दार्थ- फलेक, तखता, सामान राख्ने तखता भएको भित्ते दराज, लेख्ने धुलौटो, पाटी, शरीरको नितम्बभाग, पृष्ठभाग, पत्र ।

फलकामः (वि.) फलं कामयते इति *(फलको चाहना गर्छ)* फल उपपदमा हुने कमु कान्तौ (भ्वा.) धातु, फल+कम्+अण् (अ), वृद्धि= फलकाम ।

शब्दार्थ- फलको कामना गर्ने, प्रतिफल चाहने, फलाकाङ्क्षी ।

फलग्राही (वि.) फलं गृह्णातीति *(फल ग्रहण वा धारण गर्छ)* ग्रह उपादाने (क्र्या.) धातु, फल+ग्रह्+णिनि (इन्), फलग्राहिन्= फलग्राही ।

शब्दार्थ- फल लाग्ने (वृक्ष), फल ग्रहण गर्ने, फल धारण गर्ने ।

फलतः (अव्य.) फलादिति *(फल वा परिणामबाट)* फल+तसिल्[2] (तस्), फलतस्, रुत्व, विसर्ग=फलतः ।

शब्दार्थ- फलस्वरूप, परिणामस्वरूप, यथार्थतः ।

फलदायकः (वि.) फलं ददातीति *(फल दिन्छ)* डुदाञ् दाने (जुहो.) धातु, फल+दा+ण्वुल् (अक), युक्=फलदायक ।

शब्दार्थ- फल दिने, परिणाम दिने, उपलव्धिदायक ।

फलदायी (वि.) फलं दातुं शीलमस्य *(फल दिने क्षमता वा शील छ यसको)* डुदाञ् दाने (जुहो.) धातु, फल+दा+णिनि[3] (इन्), युगागम, फलदायिन् = फलदायी ।

शब्दार्थ- फल दिने, परिणाम निस्कने, फल पैदा गर्ने ।

फलनिष्पत्तिः (ना./स्त्री.) फलस्य निष्पत्तिः *(फलको निष्पति)* ष.त.स.= फलनिष्पत्ति ।

शब्दार्थ- फलको उत्पत्ति, कुनै कार्यको परिणाम, कुनै कार्यवाट प्राप्त परिणाम वा सफलता ।

फलप्राप्तिः (ना./स्त्री.) फलस्य प्राप्तिः *(कुनै कार्यका फलको प्राप्ति)* ष.त.स.= फलप्राप्ति ।

शब्दार्थ- फलको प्राप्ति वा फल उपलब्ध हुने क्रिया, फल प्राप्त गर्ने क्रिया, अभिष्ट कामकुराको सिद्धि ।

फलभागी (वि.) फलं भक्तुं/भोक्तुं वा शीलमस्य *(फल भोग गर्ने शील वा क्षमता छ यसको)* भज सेवायाम् (भ्वा.) वा भुज पालनाभ्यवहारयोः (रुधा.) धातु, फल+भज्/भुज्+णिनि (इन्), भुज्का उकारको अकार आदेश (पृषोदरादिवाट), वृद्धि, जको कुत्व ग, फलभागिन्= फलभागी ।

शब्दार्थ- फल भोग गर्ने, फल प्राप्त गर्ने, प्रतिफल वा परिणाम उपभोग गर्ने ।

फलवान् (वि.) फलानि सन्ति अस्मिन् *(फलहरू यसमा छन्)* फल+मतुप्[4] (मत्), मको व, फलवत्=फलवान् ।

शब्दार्थ- फल भएको, फलले परिपूर्ण, फलयुक्त (वृक्ष), फल फलेको ।

फलश्रुतिः (ना./स्त्री.) फलस्य कर्मफलस्य श्रुतिः *(कर्मफलको श्रवण)* ष.त.स. = फलश्रुति ।

शब्दार्थ- कुनै कर्मको फल वताउने वचन वा वाक्य, कर्मफलको श्रवण, फलको वर्णन, प्रतिफल सुन्ने काम ।

फलस्तुतिः (ना./स्त्री.) फलाय स्तुतिः *(फलप्रातिका लागि गरिने स्तुति)* ष.त.स.= फलस्तुति ।

शब्दार्थ- कुनै प्रतिफल वा उद्देश्य प्राप्तिका लागि गरिने स्तुति, देवीदेवताको प्रार्थना ।

फलहीनः (वि.) फलेन हीनः *(फलवाट विहीन)* तृ.त.स. =फलहीन ।

शब्दार्थ- फलरहित, फलविहीन, निष्फल, परिणामरहित, अपलव्धिहीन ।

फलाकाङ्क्षा (ना./स्त्री.) फलस्य आकाङ्क्षा *(फल प्राप्तिको कामना)* ष.त.स., दीर्घ= फलाकाङ्क्षा ।

शब्दार्थ- फलप्राप्त गर्ने अभिलाषा वा चाहना, फलको अपेक्षा

फलागमः (ना./पुं.) फलानामागमः *(फलको आगम)* ष.त.स.= फलागम ।

शब्दार्थ- कुनै काम गर्दा प्राप्त हुने शुभ वा अशुभ परिणाम वा प्रतिफल, दृश्यकाव्य वा महाकाव्यादिको अन्त्यमा प्राप्त हुने शुभाशुभ फल

फलादेशः (ना./पुं.) फलानामादेशः *(शुभाशुभ फलहरूको आदेश)* ष.त.स.= फलादेश ।

शब्दार्थ- ज्योतिषशास्त्रमा ग्रहको स्थिति र गतिअनुसार वताइने राम्रो वा नराम्रो फल ।

फलाहारः (ना./पुं.) आह्रियते इति *(आहारा लिइन्छ)* आङ्पूर्वक हृञ् हरणे (भ्वा.) धातु, आ+हृ+घञ् (अ), वृद्धि, आहारः । फलानामाहारः *(फलफूलहरूको आहार)* ष.त.स., दीर्घ= फलाहार ।

शब्दार्थ- व्रत लिंदा खाइने फलफूल आदि खाना, फलफूलको भोजन ।

---

[1] कृत्रादिभ्यः..... : वुन्
[2] पञ्चम्यास्तसिल् : तसिल्
[3] सुप्यजातौ... : णिनि
[4] तदस्यास्त्यस्मिन्...: मतुप्

फलाहारी (वि.) फलानि आहर्तुं शीलमस्येति *(व्रतादिमा फलफूल आदि खाने शील वा आदत छ यसको)* फल उपपदमा हुने आङ्पूर्वक हृञ् हरणे (भ्वा.) धातु, फल+आ+हृ+णिनि[1] (इन्), हृको वृद्धि, दीर्घ, फलाहारिन्= फलाहारी ।

शब्दार्थ- फलफूल खाएर बस्ने, फलफूल मात्र भोजन गर्ने ।

फलितः (वि.) फलं सञ्जातमस्य *(फल उत्पन्न भएको छ यसको)* फल+इतच्[२] (इत), अकारलोप= फलित ।

शब्दार्थ- फल फलेको, सफल भएको, राम्रो परिणाम निस्केको, राम्रो लाभ भएको ।

फलिनः (वि.) फलानि सन्ति अस्य *(फलहरू छन् यसका)* फल+इनच्[३] (इन)= फलिन ।

शब्दार्थ- फल भएको, फलयुक्त, फल फलेको ।

फली (वि.) फलमस्यास्तीति *(फल छ यसको)* फल+इनि (इन्), फलिन्= फली ।

शब्दार्थ-फल भएको, फलफूल लागेको, परिणाम निस्केको ।

फलीभूतः (वि.) अफलं फलं समपद्यत, तदभूत इति *(फल नभएकोमा फल फलेको र फल पैदा भएको)* भू सत्तायाम् (भ्वा.) धातु, फल+च्वि[४]+भू+क्त (त), फलका अवर्णको ईत्व, च्विको सर्वलोप= फलीभूत ।

शब्दार्थ- राम्रो फल पाएको, राम्रो परिणाम भएको, फलिफाप भएको ।

फलोदयः (ना./पुं.) फलानामुदयः *(फलको उदय)* ष.त.स., गुण= फलोदय ।

अथवा फलस्य उदयः यत्र *(फलको उदय छ जहाँ)* ब.स., गुण= फलोदय ।

शब्दार्थ- फलको उदय, फलको उद्भव, फल लाग्न लागेको अवस्था, कुनै कार्यको फल प्राप्ति हुने काम, हर्ष, लाभ ।

फलोद्यानम् (ना./न.) फलानामुद्यानम् *(फलफूलहरूको उद्यान)* ष.त.स., गुण= फलोद्यान ।

शब्दार्थ- फलफूलहरूको बगैंचा, फलफूलको उद्यान, बागवानी केन्द्र ।

फल्गु (वि./ना./न.) फलतीति *(पैदा हुन्छ)* फल निष्पत्तौ (भ्वा.) धातु, फल्+उ[५], गुगादेश, उणा.= फल्गु ।

शब्दार्थ- सार नभएको, निस्सार, निरर्थक, फोस्रो, खोस्टो, तत्त्वरहित, गया तीर्थको एउटा नदी ।

फल्गुनः (ना./पुं.) फलति निष्पादयतीति *(पैदा गर्छ)* फल निष्पत्तौ (भ्वा.) धातु, फल्+उनन्[६] (उन), उणा., गुक् =फल्गुन ।

शब्दार्थ-फागुन महिना, माघ र चैत्रका बीचको महिना ।

फल्गुनी (ना./स्त्री.) फलति निष्पादयतीति *(पैदा गर्छ)* फल निष्पत्तौ (भ्वा.) धातु, फल्+उनन् (उन), उणा., गुक्, फल्गुनः । फल्गुन+ङीप् (ई)= फल्गुनी ।

शब्दार्थ- उत्तरफाल्गुनी नक्षत्र ।

फालः (ना./पुं.) फलस्य विकारः *(फलको विकार)* फल्+अण् (अ), आदिवृद्धि, अकारलोप= फाल ।

अथवा फल्यते विदार्यते भूमिरनेन इति *(पृथिवी यसले खोस्रन्छ वा जोत्छ)* ञिफला विशरणे (भ्वा.) धातु, फल्+घञ् (अ), वृद्धि= फाल ।

शब्दार्थ- हलाका टुप्पामा राख्ने फाली, फलको विकार ।

फाल्गुनः (ना./पुं.) फल्गुन एव *(फागुन नै/अर्जुन नै)* फल्गुन+अण्[७] (अ), आदिवृद्धि, अकारलोप= फाल्गुन ।

फाल्गुने मासपार्थयोः - इति हैमः

फाल्गुनस्तु गुडाकेशे नदीजार्जुनभूरुहे ।

तपस्यसंज्ञामासे तत्पूर्णिमायां तु फाल्गुनी- इति मेदिनी

शब्दार्थ- फाल्गुन महिना, अजुर्न (पाँच पाण्डवमध्ये एक), अर्जुनवृक्ष, फल्गुनदी, फाल्गुन शुक्लपूर्णिमा ।

फाल्गुनिकः/फाल्गुनः (ना./पुं.) फल्गुन्या युक्ता पौर्णमासी *(फल्गुनीले युक्त पूर्णिमा),* फाल्गुनी पौर्णमासी अस्मिन्नस्तीति *(फाल्गुनीले युक्त पूर्णिमा छ यसमा)* फल्गुनी+ठक्[८] (इक), विकल्पले, आदिवृद्धि, ईकारलोप =फाल्गुनीक ।

ठक्को अभावमा फल्गुनी+अण्[९] (अ), आदिवृद्धि, इकारलोप = फाल्गुन ।

शब्दार्थ- फाल्गुनमास, फागुन महिना, फल्गुनी नक्षत्रले युक्त पूर्णिमा भएको महिना ।

फाल्गुनी (ना./स्त्री.) फल्गुन एव *(फागुन नै)* फल्गुन+अण् (अ), आदिवृद्धि, अकारलोप, फाल्गुन । फाल्गुन+ङीप् (ई)= फाल्गुनी ।

शब्दार्थ- पूर्वफाल्गुनी तथा उत्तराफाल्गुनी नक्षत्र, फाल्गुन महिनाको पूर्णिमा, फागुपूर्णिमा ।

फुल्लः (वि.) फुल्लतीति *(फुल्छ, विकसित हुन्छ)* फुल्ल विकसने (भ्वा.) धातु, फुल्ल्+अच् (पचादि)= फुल्ल । अथवा फलति स्म इति *(फलेफुलेको)* फल निष्पत्तौ (भ्वा.) धातु, फल्+क्त (त), कर्तामा, निष्ठा तको ल[१०], उपधाको उत्व= फुल्ल ।

शब्दार्थ- फुलेको, फक्रेको, विकसित भएको, प्रसन्न, हर्षविभोर, प्रफुल्ल ।

फुल्ललोचनः (ना./पुं.) फुल्ले विकसिते लोचने यस्य *(प्रफुल्ल छन् आँखा जसका)* ब.स.= फुल्ललोचन ।

शब्दार्थ- प्रफुल्ल नेत्र भएको ।

फेनः (ना./पुं.) स्फायते वर्धते इति *(वृद्धि हुन्छ)* स्फायी वृद्धौ (भ्वा.) धातु, स्फाय+नक्[११] (न), उणा., धातुको 'फे' आदेश[११]= फेन ।

शब्दार्थ- समुद्रको फींज, फींज, गाज ।

---

[1] सुप्यजातौ... : णिनि

[२] तदस्य सञ्जातम्... : इतच्

[३] फलबर्हाभ्यामिनच् (वा.) : इनच्

[४] कृभ्वस्तियोगे.. : च्वि

[५] फलपाटिनमिमनि... : उ, गुगादेश

[६] फलेर्गुक्च : उनन्, गुगादेश

[७] प्रज्ञादिभ्यश्च : अण्

[८] विधाषा फाल्गुनी श्रवणा... : ठक्

[९] साऽस्मिन् पौर्णमासीति... : अण्

[१०] अनुपसर्गात्फुल्लक्षीव..: तको ल, उत्व

[११] फेनमीनौ : नक्, धातुको फे आदेश

फेनवान् (वि.) फेनः अस्ति अस्य अस्मिन् वा *(फीँज छ यसको वा यसमा)* फेन+मतुप्[1] (मत्), मको व आदेश, फेनवत्=फेनवान् ।

शब्दार्थ- फीँज भएको, फेनयुक्त, फीँज आउने वस्तु ।

फेनिलः/फेनलः (ना./पुं./वि.) फेनः अस्ति अस्य *(फीँज छ यसको)* फेन+इलच्[2] (इल), अकारलोप= फेनिल । फेन+लच् (ल)= फेनल ।

शब्दार्थ- रिङ्गो, फीँज आउने वस्तु, फीँजयुक्त, फीँज भएको ।

फेरुः (ना./पुं.) 'फे' इति शब्देन रौतीति *('फे' यस किसिमको रोदन गर्छ)* फे उपपदमा हुने रु शब्दे (अदा.) धातु, फे+रु+डु[3] (उ), उणा., रुको टिलोप =फेरु ।

शब्दार्थ- स्याल, शृगाल, जम्मुक, फ्याउरो ।

ब

व्युत्पत्ति/ विग्रह र शब्दार्थ

बः (ना./पुं.) वणति, वलतीति वा *(शब्द गर्छ)* वण शब्दे वा वल प्राणने (भ्वा.) धातु, वण्/वल्+ड[4] (अ), वण्को अण् भाग र वल्को अल् भागको टिलोप=व ।

परिचय- देवनागरी व्यञ्जन वर्णमालाको २३ औं वर्ण, ओष्ठस्थानीय स्पर्शसंज्ञक सघोष अल्पप्राण-ध्वनि, पवर्गको तेस्रो अक्षर ।

बः पुमान् वरुणे सिन्धौ भगे तोये गतेऽपि च
गन्धने तन्तुसन्ताने पुंस्वेव वपने स्मृतः- इति मेदिनी

शब्दार्थ- नदी, समुद्र, सिन्धु, तोय, पानी, जल, वरुण देवता, योनि, सुगन्ध, लुगा वुन्ने काम, रोप्ने क्रिया, कुम्भ ।

बकः (ना./पुं.) वङ्कते कुटिलं गच्छतीति *(टेढो गरेर हिड्छ)* वकि कौटिल्ये गतौ च (भ्वा.) धातु, नुम्, वङ्+अच् (पचादि), वको ब, व तथा वको अभेदसम्बन्ध हुँदा, नलोप, (पृषोदरादिवाट)= बक ।

शब्दार्थ- वकुल्लो, ठग, वञ्चक, वकुलपुष्प ।

बकध्यानम् (ना./न.) वक इव ध्यानं यस्य वा वकस्य ध्यानम् *(बकुल्लोझैँ ध्यान गर्ने व्यक्ति, बकुल्लाको ध्यान)* व.स./ष.त.स.= वकध्यान ।

शब्दार्थ- वकुल्लोझैँ चुपचाप भएर वस्ने मानिस, वकुल्लाको ध्यान, वकुल्लाको झैं घोत्ल्याइँ ।

बकारः (ना./पुं.) 'ब' यस्तो वर्णनिर्देशनमा 'ब' प्रातिपदिकबाट ब+कार[5]= वकार ।

शब्दार्थ- वअक्षर वा ध्वनि, पवर्गको तेस्रो वर्ण ।

बडवा (ना./स्त्री.) वलं वातीति *(जोडले हिड्छ)* वल उपपदपूर्वक वा गतिगन्धनयोः (अदा.) धातु, वल+वा+क (अ), ड तथा लको अभेदसम्वन्ध हुँदा ल ध्वनि डमा परिणत, आकारलोप, वडव+टाप् (आ) =बडवा ।

शब्दार्थ- दासी, वेश्या, समुद्री घोडी, अश्विनी नामकी एक अप्सरा ।

द्रष्टव्य- **यिनै 'अश्विनी' नामकी अप्सराले घोडीको रूपमा अश्विनी कुमारनामक दुई पुत्र सूर्यबाट पैदा गरेकी थिइन् ।**

व्युत्पत्ति/ विग्रह र शब्दार्थ

बडवाग्निः/बडवानलः (ना./पुं.) बडवायाः अग्निः, वडवायाः अनलः समुद्रस्थितघोटक्याः मुखस्थः अग्निः, अनलश्च *(समुद्रमा रहेको वडवा या घोडीको मुखमा रहेको अग्नि वा अनल)* ष.त.स., दीर्घ= बडवाग्नि/वडवानल

शब्दार्थ- समुद्रभित्र रहेको अग्नि, समुद्रको पानी शोषण गर्ने अग्नि, बडवाग्नि ।

बणिक् (ना./पुं.) पणते क्रयविक्रयकार्यादिना व्यवहरति *(किनबेचआदि व्यापारसम्बन्धी कारोबार गर्छ)* पण व्यवहारे स्तुतौ च (भ्वा.) धातु, पण्+इजि[6] (इज्), धातुका आदिका पको 'ब' आदेश, बणिज्, कुत्व =बणिक् ।

शब्दार्थ- व्यापारी, किनवेच गर्ने, वनिया, व्यापारकर्ता ।

बणिजः (ना./पुं.) बणिगेव *(बनिया नै)* बणिज्+अण् (अ), स्वार्थमा, वृद्धिनिषेध= बणिज ।

शब्दार्थ- व्यापारी, व्यापारकर्ता, खरिदविक्री गर्ने ।

बद्धः (वि.) बध्यते स्म इति *(बाँधिएको)* बन्ध वन्धने (क्र्या.) धातु, वन्ध्+क्त (त), नलोप, तको ध[7], जस्त्व =वद्ध ।

शब्दार्थ- बाँधिएको, नियमित रहेको, कसिएको, शृङ्खलित, वन्धनमा परेको ।

बद्धाञ्जलिः (वि.) बद्धा अञ्जलिर्येन *(जसले दुवै हात जोडेको छ)* ब.स.= बद्धाञ्जलि ।

शब्दार्थ- दुवै हात जोडेर नमस्कार वा सम्मान दर्शाएको, अञ्जलि जोडेको ।

बद्धानुरागः (वि.) बद्धः अनुरागः यस्मिन् *(बाँधिएको छ अनुराग जसमा)* ब.स., दीर्घ= बद्धानुराग ।

शब्दार्थ- प्रेममा बाँधिएको, प्रेमजालमा फसेको, प्रेममा अनुरक्त वा आसक्त भएको, स्नेहपाशमा बाँधिएको

बधिकः/वधिकः (वि.) वधः अस्यास्तीति *(वध गर्ने कार्य छ जसको)* वध्+ठन्[8] (इक), व ध्वनि बमा परिणत (व र बको अभेदसम्बन्ध हुँदा)= बधिक । व ध्वनि यथावत् रहँदा= वधिक ।

शब्दार्थ- काटमारको काम गर्ने, कसाई, हत्यारा ।

---

[1] तदस्यात्यस्मिन्... : मतुप्
[2] फेनादिलच्च : इलच्/लच्
[3] मितद्रवादि... (वा.) : डु
[4] अन्येष्वपि दृश्यते : ड
[5] वर्णात्कारः : कार
[6] पणेरिज्यादे... : इजि, पको ब
[7] झषस्तथोर्धो धः : तको ध
[8] अत इनिठनौ : ठन्

बधिरः (वि.) बध्नाति कर्णम् *(कान सुन्दैन)* बन्ध बन्धने (क्र्या.) धातु, बन्ध्+किरच्[1] (इर), उणा., नलोप =बधिर ।

शब्दार्थ-बहिरो, कान नसुन्ने, श्रवणेन्द्रिय कमजोर भएको,

वधू/वधूः (ना./स्त्री.) बध्नाति प्रेम्णा असौ *(प्रेमले बाँध्छे यो)* वन्ध वन्धने (क्र्या.) धातु, वन्ध+उ (उणा.), नलोप= वधू ।

अथवा उह्यते भर्त्रादिभिः *(स्वामीद्वारा वहन गरिन्छे)* वह प्रापणे (भ्वा.) धातु, वह्+उ[2] (उणा.), वहका हको ध आदेश[2]= वधू ।

शब्दार्थ- वुहारी, दुलही, स्नुषा, नवविवाहिता पत्नी ।

वधूजनः (ना./पुं.) वधुरेव जनः *(बधूरूप जन)* म.व्य.स. =वधूजन ।

शब्दार्थ- स्त्रीजन, योषित्, नारीजन ।

बन्धः (ना./पुं.) वध्यते ऽनेन अत्र वा *(बाँधिन्छ यसबाट वा यसमा)* वन्ध वन्धने (क्र्या.) धातु, वन्ध+घञ्[3] (अ)=वन्ध ।

शब्दार्थ- ग्रन्थि, वन्धन, वाँध्ने काम, जेल, कैद ।

बन्धकः (वि./ना./पुं.) वध्नातीति *(बाँध्छ)* बन्ध बन्धने (क्र्या.) धातु, बन्ध्+ण्वुल्[4] (अक)= वन्धक ।

शब्दार्थ- वांध्ने, पक्रने, धितो राखिएको (सामग्री), बाँधा, दृष्टिवन्धक, भोगवन्धक, डोरी, वन्धन ।

बन्धकी (ना./स्त्री.) वध्नाति मनः अत्र या *(जसले मन यहाँ खिच्छे वा बाँध्छे)* वन्ध वन्धने (क्र्या.) धातु, वन्ध्+ण्वुल् (अक), बन्धक+ङीष्[5] (ई)= बन्धकी ।

पुंश्चली धर्षिणी बन्धक्यसती कुटलेत्वरी- इत्यमरः

शब्दार्थ- पुंश्चली, वेश्या, कुटला, असती, वेश्यावृत्तिवाट जीविका गर्ने आइमाई, वाभ्फी स्त्री, बन्ध्यानारी ।

बन्धनम् (ना./न.) वध्यते इति *(बाँधिन्छ)* बन्ध वन्धने (क्र्या.) धातु, वन्ध्+ल्युट् (अन)= बन्धन ।

शब्दार्थ- वांध्ने काम, कस्ने काम, डोरी, वन्धन ।

बन्धितः (वि.) वध्यते इति *(बाँधिएको)* वन्ध बन्धने (क्र्या.) धातु, वन्ध+णिचि+क्त (त), इडागम, णिलोप =बन्धित ।

शब्दार्थ- वांधिएको, कसिएको, वन्धनमा परेको ।

बन्धुः (ना./पुं.) स्नेहेन मनः वध्नाति यः *(स्नेहले मन बांध्छ जो)* वन्ध वन्धने (क्र्या.) धातु, बन्ध+उ[6] (उणा.)= वन्धु ।

सगोत्रबान्धवज्ञातिबन्धुस्वस्वजनाः समाः- इत्यमरः

शब्दार्थ- वान्धव, ज्ञाति, स्वजन, आत्मीयजन, सगोत्र, सगोत्री, इष्टमित्र ।

बन्धुजनः (ना./पुं.) वन्धुरेव जनः *(बन्धु नै जन)* म.व्य.स.=वन्धुजन ।

शब्दार्थ- वान्धव, ज्ञाति, इष्टमित्र, स्वजन, मित्र ।

बन्धुता (ना./स्त्री.)/बन्धुत्वम् (ना./न.) वन्धोर्भावः, वन्धूनां समूहः वा *(बन्धु हुनाको भाव वा अवस्था, बन्धुहरूको समूह)* वन्धु+तल्[7] (त)+टाप् (आ)=बन्धुता । वन्धु+त्व= बन्धुत्व ।

शब्दार्थ- आत्मीयता, वन्धुहरूको समुदाय, बन्धुवर्ग, स्वजनता, वन्धुमा पाइने गुण वा अवस्था ।

बन्धुबान्धवः (ना./पुं.) स्नेहेन मनः वध्नाति यः *(स्नेहले मन बाँध्छ जो)* वन्ध वन्धने (क्र्या.) धातु, बन्ध+उ (उणा.), बन्धुः । बन्धुरेव *(बन्धु नै)* बन्धु+अण् (अ), आदिवृद्धि, गुण, अवादेश, वान्धवः । बन्धुश्च वान्धवश्च *(बन्धु र बान्धव)* द्व.स.= बन्धुबान्धव ।

शब्दार्थ- दाजुभाइ, इष्टमित्र, कुलकुटुम्व, बन्धुवर्ग, आत्मीयजन ।

बन्ध्यः (वि.) वद्धुं योग्यः *(बाँध्न लायक)* बन्ध वन्धने (क्र्या.) धातु, बन्ध्+ण्यत् (य)= बन्ध्य ।

शब्दार्थ- वाँध्न योग्य वा लायक, व्यर्थको, निष्प्रयोजन, वाँभ्फो, वन्दी ।

बन्ध्या (ना./स्त्री.) वन्धे साधुः *(निष्फल हुनामा साधु)* वन्ध+यत् (य), अकारलोप, वन्ध्य+टाप् (आ)=वन्ध्या ।

बन्ध्यस्त्वफलवृक्षादौ स्त्रियां स्यादप्रजःस्त्रियाम्- मेदिनी

शब्दार्थ- निष्फल तथा फल नदिने वृक्ष वा लता, वाँभ्फी आइमाई, सन्तान जन्माउन असमर्थ नारी, थारो गाई तथा भैंसी र अन्य पशु ।

बन्ध्यापुत्रः (ना./पुं.) बन्ध्यायाः पुत्र इव *(बन्ध्याको छोरो झैं)* ष.त.स.= बन्ध्यापुत्र ।

शब्दार्थ-असम्भाव्यता, असम्भव कुरो, सम्भवै नहुने कुरो ।

बर्हिः (ना./पुं.) बृंहति वर्धते इति *(बढ्छ)* बृहि वृद्धौ (भ्वा.) धातु, नुम्, बृंह+इसि[8] (इस्), उणा., नलोप, गुण, बर्हिस्, बर्हिः= बर्हि ।

शब्दार्थ- कुश, होमद्रव्य, काश ।

बलः (ना./पुं./न.) बलति, वलयति विपक्षान् हन्ति *(बलियो हुन्छ वा शत्रुलाई नाश गर्छ)* बल प्राणने (भ्वा./चुरा.) धातु, बल्+अच् (पचादि)= बल ।

अथवा बलमस्यास्तीति *(बल छ यसको)* बल+अच् (अर्शादि)= बल ।

बरुथिनी बलं सैन्यम्- इत्यमरः

सहो बलः शौर्याणि ।

बलं गन्धरसे रूपे स्थामनि स्थौल्यसैन्ययोः

पुमान् हलायुधे दैत्यप्रभेदे वायसेऽपि च- इति मेदिनी

शब्दार्थ- शक्ति, पराक्रम, वीर्य, शौर्य, तेज, तागत, सैन्यवल, सेना, बलराम, मयपुत्र दैत्य, थाम, खाँवो, काग, रूप ।

---

[1] इषिमदिमुदि... : किरच्

[2] वहोर्धश्च : उ, हको ध आदेश

[3] हलश्च : घञ्

[4] ण्वुल्तृचौ : ण्वुल्

[5] षिद्गौरादि... : ङीष्

[6] शृस्वृस्निहित्र... : उ (प्रत्यय)

[7] तस्य भावस्त्वतलौ/ग्रामजनबन्धुभ्यः... : तल्

[8] बृंहेर्नलोपश्च : इसि, नलोप

बलदेवः (ना./पुं.) बलेन दीव्यतीति *(बल वा पराक्रमले जित्ने इच्छा गर्छन् वा क्रीडा गर्छन्)* बल उपपदपूर्वक दिवु क्रीडाविजिगीषाव्यवहारादौ (दिवा.) धातु, बल+दिव्+अच् (पचादि), गुण= बलदेव ।

शब्दार्थ- बलराम, सङ्कर्षण, बलभद्र, कृष्णका दाजु, बल प्रयोग गरेर जित्न चाहने व्यक्ति ।

बलभद्रः (ना./पुं.) बलं भद्रं श्रेष्ठमस्य *(बल नै श्रेष्ठ छ जसको)* ब.स.= बलभद्र ।

बलभद्रः प्रलम्बघ्नो बलदेवोऽच्युताग्रजः- इत्यमरः

शब्दार्थ- बलराम, बलदेव, कृष्णका दाजु, अनन्त, बलशाली व्यक्ति, बलवान् मानिस ।

बलरामः (ना./पुं.) बलेन रमते इति *(बलद्वारा क्रीडा गर्छन्)* बल उपपदपूर्वक रमु क्रीडायाम् (भ्वा.) धातु, बल+रम्+ण[1]/घञ् (अ), वृद्धि= बलराम ।

अथवा बलेन रामः रमणमस्य *(बलद्वारा रमण वा क्रीडा छ यिनको)* ब.स.= बलराम ।

शब्दार्थ- बलदेव, कृष्णका दाजु, बलभद्र, सङ्कर्षण ।

बलवान् (वि.) बलमस्यास्तीति *(बल छ यसको)* बल+मतुप्[2] (मत्), मको व, बलवत्= बलवान् ।

शब्दार्थ- शक्तिशाली, बल भएको, सामर्थ्य भएको, बलयुक्त, बलियो ।

बलाघातः (ना./पुं.) बलात् बलेन वा आहन्यते इति *(बलपूर्वक धक्का दिन्छ वा जोरले उच्चारण गरिन्छ)* बल+आ+हन्+घञ् (अ), वृद्धि, कुत्व= बलाघात ।

शब्दार्थ- उच्चारण गर्दा ध्वनि वा अक्षर वा शब्द वा वाक्यमा हुने बल वा आघात, जोड दिएर उच्चारण गर्ने काम, अक्षर वा शब्द उच्चारण गर्दा बढी बल पर्ने काम ।

बलात् (अव्य.) बलेन अतति *(बलपूर्वक घुम्छ)* बल उपपदपूर्वक अत सातत्यगमने (भ्वा.) धातु, बल+अत्+क्विप् (सर्वलोप), दीर्घ= बलात् ।

शब्दार्थ- बलपूर्वक, जबर्जस्ती गरेर, हठपूर्वक, हठात् ।

बलात्कारः (ना./पुं.) बलात् क्रियते करणमिति वा *(बलपूर्वक गरिन्छ)* बलात् उपपदपूर्वक डुकृञ् करणे (तना.) धातु, बलात्+कृ+घञ् (अ), वृद्धि=बलात्कार ।

शब्दार्थ- हठपूर्वक, बलपूर्वक, जबर्जस्ती गर्ने काम, बलपूर्वक कुनै नारीसँग सम्भोग गर्ने क्रिया, इच्छाविरुद्ध करणी गर्ने काम ।

बलात्कृतः (वि.) बलात् क्रियते स्म इति *(बलपूर्वक गरिएको)* बलात् उपपदपूर्वक डुकृञ् करणे (तना.) धातु, बलात्+कृ+क्त (त)= बलात्कृत ।

शब्दार्थ- इच्छाविरुद्ध जबर्जस्ती करणी गरिएको, बलात्कार गरिएको ।

बलान्वितः (वि.) बलेन अन्वितः *(बलले युक्त)* तृ.त.स., दीर्घ= बलान्वित ।

शब्दार्थ- बलशाली, बलयुक्त, बलवान्, बलियो ।

बलिः (ना./पुं.) बल्यते दीयते इति *(दिइन्छ)* बल प्राणने (भ्वा.) धातु, बल्+इन्[3] (इ)= बलि ।

बलिर्दैत्यप्रभेदे च करचामरदण्डयोः ।
उपाहारे पुमान् स्त्री तु जरया स्लथचर्मणि
गृहदारुप्रभेदे च जठरावयवेऽपिच- इति मेदिनी

शब्दार्थ- उपहार, पूजासामग्री, देवीदेवतालाई चढाइने नैवेद्य, समर्पण क्रिया, पञ्चमहायज्ञमध्ये एक, पञ्चबलि दिने क्रिया, पशुको भोग, दैत्यराज बलि, घरको बलो, पेट, जठर, चमरदण्ड, बुढ्याइँले गर्दा छाला मुजा पर्ने क्रिया ।

उदा. ददतुस्तौ बलिञ्चैव निजगात्रासृगुक्षितौ- दुर्गा.श. (अ.१३)

बलिदानम् (ना./न.) बलिर्दीयते इति *(बलि दिइन्छ)* बलिपूर्वक डुदाञ् दाने (जुहो.) धातु, बलि+दा+ल्युट् (अन)= बलिदान ।

शब्दार्थ- पशुको बलि दिने काम, समाज वा राष्ट्रको उत्थानका लागि गरिने त्याग वा सेवा ।

बलिष्ठः (वि.) अयमेषामतिशयेन बलवान् *(यो यिनीहरूमध्ये अत्यन्तै बलवान्)* बल+इष्ठन् (इष्ठ), मतुप्को लोप, अकारलोप= बलिष्ठ ।

शब्दार्थ- सबभन्दा बलियो, अत्यन्तै बलियो, अत्यन्त बलशाली ।

बली (वि./ना./पुं.) बलमस्यास्तीति *(बल छ यसको)* बल+इनि (इन्), अकारलोप, बलिन्= बली ।

शब्दार्थ-बलवान्, बलियो, बलराम, छाला चाउरिने क्रिया ।

बहिर्/बहिः (अव्य.) वहतीति *(वहन्छ)* वह प्रापणे (भ्वा.) धातु, वह्+इस्, बहिस्, रुत्व= बहिर् ।

बहिस्को रुत्व, विसर्ग, बहिः= बहि ।

शब्दार्थ- बाहिरतिर, आँखाले नदेख्ने ठाउँमा, बाहिर ।

बहिर्मुखम् (वि./अव्य.) बहिर्मुखं यस्य *(बाहिर छ मुख जसको)* ब.स.= बहिर्मुख ।

मुखात् बहिः *(मुखभन्दा बाहिर)* अव्य.स.= बहिर्मुख ।

शब्दार्थ- बाहिरतिर मुख लगाएको, बाहिर मुख फर्काएको, मुखभन्दा बाहिरतिर ।

बहिर्मुखी (वि.) बहिर्मुखम् अस्यास्तीति *(बाहिरतिर मुख छ यसको)* बहिर्मुख+इनि (इन्), अकारलोप=बहिर्मुखी

शब्दार्थ- बाहिरतिर मुख भएको, बाहिरपट्टि मुख लगाएको, बाहिरी कुरामा मात्र ध्यान दिने ।

बहिर्द्वारम् (अव्य./ना./न.) द्वारात् बहिः *(ढोकादेखि बाहिर)* अव्य.स.[4]= बहिर्द्वार ।

अथवा बहिर्द्वारम् *(बाहिरी ढोका)* सह सुपा स.=बहिर्द्वार ।

शब्दार्थ- ढोकादेखि बाहिर, बाहिरी ढोका, घर बाहिरका वरिपरिको पर्खालको ढोका ।

बहिर्वनम् (अव्य.) वनाद् बहिः *(वनभन्दा बाहिर)* बहिर्+वनम्, अव्य.स.= बहिर्वन ।

शब्दार्थ- वनभन्दा बाहिर, वनबाहिर ।

---

[1] ज्वलितिकसन्तेभ्यो...: ण

[2] बदादिभ्यो मतुवन्य.... : मतुप्

[3] सर्वधातुभ्य : इन्

[4] अपपरिबहि... : अव्य.स.

बहिष्कारः (ना./पुं.) वहिष्क्रियते इति *(बहिष्कार गरिन्छ)* वहिस् उपपदपूर्वक डुकृञ् करणे (तना.) धातु, वहिस्+कृ+घञ् (अ), वृद्धि, षत्व= वहिष्कार ।

शब्दार्थ- कुनै जाति, समाज आदिवाट हटाउने काम, निष्कासन, त्याग्ने वा छोड्ने काम ।

बहिष्कृतः (वि.) वहिस् क्रियते स्म इति *(बहिष्कार गरिएको)* वहिस् उपपदपूर्वक डुकृञ् करणे (तना.) धातु, वहिस्+कृ+क्त (त), षत्व= वहिष्कृत ।

शब्दार्थ- वहिष्कार गरिएको, समाजवाट निकालिएको, जाति वा वर्ग आदिवाट अलग गरिएको ।

बहुः (वि.) वंहते वर्धते इति *(वृद्धि हुन्छ, धेरै हुन्छ)* वहि वृद्धौ (भ्वा.) धातु, नुम्, वंह्+कु[१] (उ), नलोप, उणा. =वहु ।

शब्दार्थ- धेरै, अनेक, ज्यादा, दुईभन्दा अधिक, प्रचुर, अनेकन, वहुल ।

बहुकर्तृकः (वि.) वहवः कर्तारः यस्य *(धेरै कर्ता छन् जसका)*व.स., वहुकर्तृ+कप् (समासान्त)=वहुकर्तृक ।

शब्दार्थ- धेरै कर्ता हुने, अनेक कर्ता हुने ।

बहुगुणः (ना./पुं./वि.) वहवश्च ते गुणाश्च *(धेरै गुण)* क.त.स. वा वहवः गुणा यस्मिन् *(धेरै गुण छन् यसमा)* व.स.= वहुगुण ।

शब्दार्थ- धेरै गुण, अनेक गुण, धेरै गुण भएको, प्रचुर या ज्यादा गुण भएको ।

बहुजनः (ना./पुं.) वहवश्च ते जनाश्च *(धेरै मानिसहरू)* क.त.स.= वहुजन ।

शब्दार्थ-धेरै मानिस, धेरै मानिसको जमात वा समुदाय ।

बहुतः (अव्य.) वहुभ्यः, वहुषु इति वा *(धेरैबाट, धेरैमा)* वहु+तसिल्[२] (तस्)= वहुत ।

शब्दार्थ- अनेकतिरवाट, धेरैतिरवाट, प्रचुरमात्रामा ।

बहुदलः (वि./ना./न.) वहूनि दलानि यत्र *(धेरै छन् दलहरू जहाँ)* व.स.= वहुदल ।

अथवा वहूनि च तानि दलानि *(धेरै दलहरू)* क.त.स. = वहुदल ।

शब्दार्थ- धेरै दलहरू भएको, धेरै दलहरूको जमात रहेको, धेरै दलहरूको समूह वा जमात ।

बहुदलीयः (वि.) वहुदलेषु भवः *(बहुदलमा हुने वा भएको)* वा वहुदलेभ्यः हितम् *(बहुदललाई हित हुने)* वहुदल+छ[३] (ईय), अकारलोप= वहुदलीय ।

शब्दार्थ- वहुदलसम्वन्धी, वहुदलको, वहुदलमा भएको, धेरै दलहरूलाई हित हुने ।

बहुदोषः (ना./पुं.) वहवश्च ते दोषाश्च *(धेरै दोष)* क.त.स.= वहुदोष ।

शब्दार्थ- धेरै दोष, अनेक दोष, धेरै किसिमको दोष ।

बहुधनः (वि./ना./न.) वहूनि धनानि यस्य *(धेरै धन छ यसको)* व.स.= वहुधन । अथवा वहूनि च धनानि च *(धेरै धन)* क.त.स.=वहुधन ।

शब्दार्थ- धनी, धनपति, धेरै धन भएको, धेरै धन, प्रचुरमात्रामा रहेको धन ।

बहुधा (अव्य.) वहुप्रकारैरिति *(धेरै प्रकारले)* वहु+धा[४] =वहुधा ।

शब्दार्थ- धेरैप्रकारले, धेरैजसो, धेरैकिसिमले, प्रायः ।

बहुपक्षः (ना./पुं.) वहूनां पक्षः *(धेरैको विचार)* ष.त.स. =वहुपक्ष ।

शब्दार्थ- धेरैको एउटै पक्ष, धेरैको एउटै विचार वा मत ।

बहुपक्षीयः (वि.) वहुपक्षाय हितम् *(धेरैलाई हित हुने)* वहुपक्ष+छ[५] (ईय), अकारलोप= वहुपक्षीय ।

शब्दार्थ-वहुसङ्ख्यकलाई हित हुने, धेरैलाई उपयोगी हुने ।

बहुपुत्रकः (वि.) वहवः पुत्राः यस्य *(धेरै छोरा छन् जसका)* ब.स., समासान्त कप्= बहुपुत्रक ।

शब्दार्थ- धेरै छोरा हुने, धेरै पुत्रहरू हुने ।

बहुभाषिकः (वि.) वहुभाषायाः आगतः *(धेरै भाषाबाट आएको)*, वहुभाषामधीते वेत्तीति वा *(धेरै भाषा पढ्न, लेख्न र बोल्न जान्दछ)* वहुभाषा+ठक्[६] (इक) =वहुभाषिक ।

शब्दार्थ- धेरै भाषा जान्ने, अनेक भाषा विज्ञ, अनेक भाषासम्वन्धी, धेरै भाषावाट आएको ।

बहुमतम् (ना./न.) मन्यते इति *(ठानिन्छ)* मनु अवबोधने (तना.) धातु, मन्+क्त (त), वर्तमानमा, अनुनासिक नलोप, मतम् । बहूनां मतम् *(धेरैको विचार वा दृष्टिकोण)* ष.त.स. = वहुमत ।

शब्दार्थ- धेरैको मत, धेरैको दृष्टिकोण वा विचारधारा ।

बहुमान्यः (वि.) मन्तुं योग्यः, मन्यते इति वा *(मान्न योग्य, मानिन्छ)* मनु अववोधने (तना.) धातु, मन्+ण्यत् (य), वृद्धि, मान्यः । वहुभिर्मान्यः *(धेरैले मानेको)* तृ.त.स.= बहुमान्य ।

शब्दार्थ- धेरैले मान्न योग्य, धेरैले आदर गर्न लायक, धेरैलाई मनपर्ने, धेरैले सम्मान गरेको ।

बहुमुखी (वि.) वहूनि मुखानि अङ्गानि यस्य *(धेरै मुख छन् जसका)* ब.स., बहुमुखः । बहुमुखः अस्यास्तीति *(धेरै मुख छन् यसका)* बहुमुख+इनि[७] (इन्), अकारलोप, बहुमुखिन्= बहुमुखी ।

शब्दार्थ- धेरै मुहान वा स्रोत भएको, धेरै अङ्ग भएको, अनेक उद्देश्य भएको, धेरै मुख भएको ।

बहुमूल्यः (वि.) बहूनि मूल्यानि यस्य *(धेरै मूल्य छ जसको)* ब.स.= बहुमूल्य ।

शब्दार्थ- धेरै मोल पर्ने, धेरै मूल्यवान्, धेरै दामी, महँगो (वस्तु), अतिमहत्त्वपूर्ण ।

बहुरङ्गः (ना./पुं.) बहवश्च ते रङ्गाश्च *(धेरै रङ्गहरू)* क.त.स. =बहुरङ्ग ।

शब्दार्थ- धेरै रङ्ग, अनेक रङ्ग ।

---

[१] नोर्बंह्योर्नलोपश्च : कु, नलोप

[२] पञ्चम्यास्तसिल्/आद्यादिभ्य... : तसिल्

[३] गहादिभ्यश्च/तस्मै हितम् : छ

[४] संख्याया विधार्थे... : धा

[५] तस्मै हितम् : छ

[६] ठगायस्थानेभ्यः/क्रतूक्थादि... : ठक्

[७] अत इनिठनौ : इनि

बहुरङ्गी (वि.) बहवश्च ते रङ्गाश्च *(धेरै रङ्गहरू)* क.त.स., वहुरङ्गः । बहुरङ्गः अत्रास्तीति *(धेरै रङ्ग छ यसमा)* वहुरङ्ग+इनि[1] (इन्), अकारलोप, बहुरङ्गिन्= बहुरङ्गी ।

शब्दार्थ- अनेक रङ्ग भएको, रङ्गीचङ्गी, अनेक प्रकार र किसिमको, रङ्गविरङ्गको ।

बहुरूप: (ना./पुं./न.) वहूनि रूपाणि अस्य *(धेरै रूप छन् यसका)* ब.स.= बहुरूप ।

अथवा वहूनि च तानि रूपाणि *(धेरै रूपहरू)* क.त.स.= बहुरूप ।

शब्दार्थ- धेरै रूप लिने वस्तु वा व्यक्ति, शिव, विष्णु, कामदेव, आगो, धूप ।

बहुरूपा (ना./स्त्री.) वहूनि रूपाणि अस्याः *(धेरै रूप छन् यिनका)* ब.स., वहुरूप+टाप् (आ)= बहुरूपा ।

शब्दार्थ-दुर्गा, अम्विका, भगवती, धेरै रूप लिने ईश्वरी ।

बहुरूपी (वि.) वहूनि रूपाणि यस्य *(धेरै रूप छन् जसका)* व.स., बहुरूपः । वहुरूपः अस्यास्तीति *(धेरै रूप छन् यसका)* वहुरूप+इनि (इन्), अकारलोप, वहुरूपिन्= बहुरूपी ।

शब्दार्थ- अनेक रूप लिने, धेरै रूप भएको, धेरै रूप धारण गर्ने, नानाथरी रूप देखाउने ।

बहुलः (वि.) वहूनि लातीति *(धेरै ल्याउँछ वा बुझाउँछ)* वहु उपपदपूर्वक ला आदाने (अदा.) धातु, बहु+ला + क (अ), आकारलोप= बहुल ।

शब्दार्थ- धेरै, प्रचुर, ज्यादा, प्रशस्त, अधिक ।

बहुलता (ना./स्त्री.) वहुलस्य भावः *(धेरै हुनाको भाव वा अवस्था)* वहुल+तल् (त)+टाप् (आ)= बहुलता ।

शब्दार्थ- अधिकता, प्रचुरता, वहुलपना ।

बहुवचनम् (ना./न.) वहूनि च तानि वचनानि *(धेरै वचन)* क.त.स.= वहुवचन ।

शब्दार्थ- संस्कृत व्याकरण अनुसार दुईभन्दा वढी वस्तु वा व्यक्तिलाई बुझाउने शब्द, नेपाली व्याकरणअनुसार एकभन्दा वढी वस्तु वा व्यक्ति बुझाउने शव्द ।

बहुविद् (वि.) वहूनि वेत्तीति *(धेरै जान्दछ)* वहु उपपदपूर्वक विद ज्ञाने (अदा.) धातु, बहु+विद्+ क्विप्[2] (सर्वलोप)= बहुविद् ।

शब्दार्थ- धेरै शास्त्र वा कुराहरू जान्ने, धेरै विषयहरूको ज्ञाता, सर्वविद्, वहुविज्ञ ।

बहुविधः (वि.) विधीयन्ते अनया इति *(धारण गरिन्छ यसद्वारा)* विपूर्वक डुधाञ् धारणपोषणयोः (जुहो.) धातु, वि+धा+अङ्[3] (अ), आकारलोप, विध+टाप् (आ), विधा । वह्वी विधा अस्य *(धेरै विधा छन् यसका)* व.स., पुंवद्भाव= वहुविध ।

शब्दार्थ- विविध, नानारूपको, अनेकथरीको, धेरैकिसिमको, अनेकप्रकारको ।

बहुविवाहः (ना./पुं.) बहवश्च ते विवाहाश्च *(धेरै विवाह गर्ने काम)* क.त.स.= वहुविवाह ।

शब्दार्थ- एउटा पुरुषले दुई वा सोभन्दा वढी स्त्रीसंग र स्त्रीले दुई वा सोभन्दा वढी पुरुषसंग गरिने विवाह ।

बहुशः (वि./अव्य.) वहूनि ददाति *(धेरै दिन्छ)* वहु+शस्[4], बहुशस्, रुत्व, विसर्ग= बहुशः ।

शब्दार्थ- अधिक, वहुत, प्रायः, धेरै प्रकारले ।

बहुश्रुतः (वि.) बहूनि श्रुतानि येन *(धेरै सुनेको छ जसले)* ब.स.= वहुश्रुत ।

शब्दार्थ-धेरै जानेसुनेको, अधिक पढेलेखेको, विद्वान्, विज्ञ ।

बहुश्रेयसी (वि.) वह्वयः श्रेयस्यः यस्य सः *(धेरै कल्याणहरू छन् यसका)* व.स.= बहुश्रेयसी ।

शब्दार्थ- धेरै कल्याण हुने, धेरै उपयोगी ।

बहुसङ्ख्यकः (वि.) सङ्ख्यानम्, सङ्ख्यायते इति वा *(गणना गरिन्छ)* सम्पूर्वक चक्षिङ् व्यक्तायां वाचि (अदा.) धातु, चक्षिङ्को ख्या आदेश, अथवा ख्या प्रकथने (अदा.) धातु, सम्+ख्या+अङ् (अ), आलोप, सङ्ख्य+टाप् (आ), सङ्ख्या । वह्वी सङ्ख्या यत्र *(धेरै सङ्ख्या छ जहाँ)* व.स., वह्वीको पुंवद्भाव, वहुसङ्ख्या+कप् (समासान्त), आप्को ह्रस्व= वहुसङ्ख्यक ।

शब्दार्थ- धेरै सङ्ख्या भएको, अधिक सङ्ख्या भएको, गणना गर्दा धेरै सङ्ख्या हुने ।

बाडवः (ना./पुं.) वडवायाम् भवः *(बडवा वा समुद्रस्थित घोडीमा हुने वा भएको)* वडवा+अण्[5] (अ), आदिवृद्धि, आलोप= बाडव ।

बाडवो बडवानलः- इत्यमरः

शब्दार्थ- समुद्रभित्रको आगो, समुद्रको पानी शोषण गर्ने आगो, वडवानल ।

बाढम् (ना./न./वि.) बाहते इति *(ज्यादा प्रयत्न गर्छ)* वाहृ प्रयत्ने (भ्वा.) धातु, बाह्+क्त (त), निपातनवाट, हको ढ, तको ध, ष्टुत्व, ढलोप= बाढ ।

अथवा वहतीति *(वहन गर्छ)* वह प्रापणे (भ्वा.) धातु, वह्+क्त[6] (त), दीर्घ निपातनबाट, हको ढ, तको ध, ष्टुत्व, ढलोप= बाढ ।

बाढं भृशप्रतिज्ञयोः - इति हैमः

शब्दार्थ- वाणको लक्ष्य, प्रतिज्ञा, ज्यादा, अत्यन्त गाढा, दृढ, अतिशय ।

बाणः (ना./पुं.) बणनम्, वण्यते इति वा *(शब्द गर्नु)* वण शब्दे (भ्वा.) धातु, बण्+घञ् (अ), वृद्धि = वाणः (शब्दः) ।

अथवा बाणः शब्दः अस्यास्तीति *(शब्द निस्कन्छ यसको)* वाण+अच् (अर्शादि), अकारलोप= बाण ।

शब्दार्थ- वाण, शर, इषु, संस्कृतका प्रसिद्ध महाकवि, वाणभट्ट ।

---

[1] अत इनिठनौ : इनि

[2] सत्सूद्विषद्रुहदुह... : क्विप्

[3] आतोश्चोपसर्गे : अङ्

[4] बह्वल्पार्था... : शस्

[5] तत्र भवः : अण्

[6] क्षुब्धस्वान्तध्वान्त... : क्त निपातन

वाणगङ्गा (ना./स्त्री.) वाणेन प्रकटिता, बाणप्रकटिता चासौ गङ्गा च *(वाण प्रहारबाट प्रकट भएकी गङ्गा)* क.त.स., उ.प.लोप= वाणगङ्गा ।

शब्दार्थ- रावणको वाण प्रहारद्वारा सोमेश्वर गिरिवाट उत्पन्न भएको नदीविशेष ।

वादरायणः (ना./पुं.) वदरे भवः जातः इति वा *(बयरको बोटमा भएका वा पैदा भएका)*, बदरस्य, वदर्याः वा अपत्यं पुमान् *(वदर वा वदरीका पुरुष सन्तति)* वदर+फक्[१] (आयन), आदिवृद्धि, णत्व= वादरायण ।

शब्दार्थ- वेदान्त दर्शनसूत्रका रचयिता, अठार पुराणका प्रणेता, व्यासऋषि ।

वादरायणिः (ना./पुं.) वादरायणस्य अपत्यम् पुमान् (वादरायण व्यासका पुरुष सन्तति) वादरायण+इञ् (इ), अकारलोप= वादरायणि ।

शब्दार्थ- व्यासका पुत्र, श्रीशुकदेव स्वामी ।

वाधः (ना./पुं.) वाधनम्, वाध्यते इति वा *(बाधा हुनु)* वाधृ लोडने (भ्वा.) धातु, बाध्+घञ् (अ)= बाध ।

शब्दार्थ- वाधा, अवरोध, विघ्नवाधा ।

वाधकः (वि.) वाधते इति *(बाधा गर्छ)* बाधृ लोडने (प्रतिघातने) (भ्वा.) धातु, बाध्+ण्वुल् (अक)=बाधक ।

शब्दार्थ- वाधा गर्ने, रोक्ने, पीडा दिने, सताउने, विघ्न गर्ने, वाधा पुऱ्याउने ।

वाधनम् (ना./न.) वाध्यते इति *(पीडा दिइन्छ)* बाधृ लोडने ((प्रतिघातने) (भ्वा.) धातु, बाध्+ल्युट् (अन) =वाधन ।

शब्दार्थ- पीडा, वाधा, व्यथा, दुःख, कष्ट, अवरोध ।

वाधा (ना./स्त्री.) वाधनमिति *(बाधा दिइन्छ)* बाधृ लोडने ((प्रतिघातने) (भ्वा.) धातु, वाध्+अ[२] (प्रत्यय)+टाप् (आ)= वाधा ।

पीडा बाधा व्यथा दुःखमामनस्यम्- इत्यमरः

शब्दार्थ- पीडा, व्यथा, दुःख दिने वा सताउने काम, रोकावट, विघ्नवाधा ।

वाधितः (वि.) वाध्यते स्म इति *(बाधा पुऱ्याइएको)* बाधृ लोडने (भ्वा.) धातु, वाध्+क्त (त), इडागम=बाधित ।

शब्दार्थ- वाधा पुऱ्याइएको, दुःख दिइएको, सताइएको, विघ्न पुऱ्याएको, प्रतिवन्ध लगाइएको ।

वाध्यः (वि.) वाध्यते, वाधितुं योग्यः वा *(बाधा पुऱ्याइन्छ वा पीडा दिन योग्य)* बाधृ लोडने (भ्वा.) धातु, वाध्+ण्यत्[३] (य)= वाध्य ।

शब्दार्थ- विवश पारिएको, वाधा वा पीडा दिन योग्य वा लायक, रोक लगाइएको ।

वाध्यता (ना./स्त्री.) वाध्यस्य भावः *(बाध्य हुनाको भाव वा अवस्था)* वाध्य+तल् (त)+टाप् (आ)= बाध्यता ।

शब्दार्थ- विवशता, वाध्यत्व, पीडा वा व्यथाको अवस्था ।

बान्धवः (ना./पुं./न.) वध्नातीति *(स्नेहले बाँध्छ)* वन्ध वन्धने (क्र्या.) धातु, वन्ध+उ[४] (उणा.), वन्धुः । बन्धु रेव *(बन्धु नै)* वन्धु+अण्[५] (अ), स्वार्थमा, आदिवृद्धि, गुण, अवादेश= बान्धव ।

अथवा वन्धोर्भावः *(बन्धु हुनाको भाव वा अवस्था)* वन्धु+अण् (अ), आदिवृद्धि, गुण, अवादेश= वान्धव ।

सगोत्र-बान्धव-ज्ञाति-बन्धु-स्व-स्वजनाः समाः - इत्यमरः

शब्दार्थ- दाजुभाइ, इष्टमित्र, ज्ञाति, वन्धुवर्ग, स्वजन, वन्धुवान्धव, आफन्त, सुहृत्, वन्धुत्व, वन्धु हुनाको भाव वा अवस्था ।

बार्हस्पतः (ना./पुं./वि.) बृहस्पतेरपत्यम्, बृहस्पतिर्देवता अस्य, बृहस्पतेरयम् वा *(बृहस्पतिका सन्तान, बृहस्पति देवता छन् यसका, बृहस्पतिको यो)* बृहस्पति+अण्[६] (अ), आदिवृद्धि, अकारलोप=वार्हस्पत ।

शब्दार्थ- वृहस्पतिका सन्तान, वृहस्पतिलाई देवता मान्ने, वृहस्पतिका अनुयायी, बृहस्पतिसम्वन्धी ।

बार्हस्पत्यम् (ना./न.) वृहस्पतेर्भावः कर्म इति वा *(बृहस्पतिको भाव वा कर्म)* बृहस्पति+यक्[७] (य), आदिवृद्धि, इकारलोप= वार्हस्पत्य ।

शब्दार्थ- वृहस्पतिको भाव वा कर्म, वृहस्पतिको अवस्था ।

बालः (ना./पुं./वि.) वलति शिरोभागं रक्षति/वलते अवोधत्वं गच्छति *(शिरको रक्षा गर्छ वा अबोध हुन्छ)* बल प्राणने वा वल संवरणे सञ्चलने च (भ्वा.) धातु, वल्+ण (अ), वृद्धि= वाल ।

बालो ना कुन्तलेऽश्वस्य करिणश्चापि बालधौ
वाच्यलिङ्गोऽर्भके मूर्खे ह्रीवेरे पुन्नपुंसकम्- इति मेदिनी

शब्दार्थ- वालक, शिशु, नावालक, केटाकेटी, सानो नानी, कपाल, केश, रौं, घोडा र हात्तीको केश, मूर्ख, अज्ञ ।

बालकः (ना./पुं.) वाल एव *(बालक नै)* वाल+कन् (क), स्वार्थमा= बालक ।

शब्दार्थ- शिशु, वालक, केटाकेटी, बच्चा ।

बालकाण्डम् (ना./न.) बालस्य काण्डम् *(बालक रामका जन्मको प्रकरण खण्ड)* ष.त.स.= बालकाण्ड ।

शब्दार्थ- रामको जन्म वृत्तान्त वा वालचरित्रको वर्णन भएको रामायणको एउटा भाग वा काण्ड ।

बालकोषः (ना./पुं.) वालेभ्यः कोषः वा बालानां कोषः *(बालकहरूको लागि स्थापित कोष वा बालकहरूको कोष)* च.त.स./ष.त.स.= बालकोष ।

शब्दार्थ- बालकहरूको भलाइका लागि स्थापना गरिने वा गरिएको कोष, वालकहरूको कोष ।

बालक्रीडा (ना./स्त्री.) बालानां क्रीडा *(बालकहरूको खेल)* ष.त.स.= बालक्रीडा ।

शब्दार्थ- शिशुहरूको क्रीडा, वालकहरूको खेल ।

---

१. नडादिभ्यः फक् : फक्
२. गुरोश्च हलः : अ
३. ऋहलोर्ण्यत् : ण्यत्
४. शृस्वृस्निहि... : उ
५. प्रज्ञादिभ्यश्च : अण्
६. ऋष्यन्धक.../साऽस्य देवता/तस्येदम् : अण्
७. पत्यन्तपुरोहि... : यक्

बालग्रहः (ना./पुं.) वालं गृह्णातीति *(बालकलाई पीडा दिन्छ)* वाल उपपदपूर्वक ग्रह उपादाने (क्र्या.) धातु, वाल+ग्रह्+अच् (पचादि)/अप्[1] (अ)= वालग्रह ।

शब्दार्थ- वालकलाई पीडा वा दुःख दिने ग्रह वा उपग्रह, पिशाच ।

बालचन्द्रः/बालचन्द्रमाः (ना./पुं.) वालश्चासौ चन्द्रश्च, वालश्चासौ चन्द्रमा च *(बालचन्द्र वा चन्द्रमा)* क.त.स.= वालचन्द्र/वालचन्द्रमा ।

शब्दार्थ- शुक्लपक्ष प्रतिपदादेखि दशमीसम्मका चन्द्रमा ।

बालचरितम् (ना./न.) बालानां चरितम् *(बालकहरूको चरित्र)* ष.त.स.= वालचरित ।

शब्दार्थ- वाललीला, वालचरित्र, वालक्रीडा ।

बालतनयः (ना./पुं.) वालश्चासौ तनयश्च *(बालक पुत्र)* क.त.स.= वालतनय ।

अथवा वालास्तनयाः पत्राणि यस्य *(बाल पत्रहरू छन् जसका)* ब.स.= वालतनय ।

शब्दार्थ- शिशुपुत्र, वालक छोरा, कलिला पत्रहरू भएको वृक्ष ।

बालत्वम् (ना./न.) वालस्य भावः *(बालक हुनाको भाव वा अवस्था)* वाल+त्व= वालत्व ।

शब्दार्थ- वालकपना, शिशुअवस्था, वाल्यावस्था, शिशुत्व, केटाकेटीपन ।

बालबोधः (ना./पुं.) वालेभ्यः वोधः *(बालकहरूको लागि शिक्षा)* च.त.स.= वालवोध ।

शब्दार्थ- वालशिक्षा, वालकहरूलाई जानकारी दिन दिइने शिक्षा, शिशुवोध ।

बालब्रह्मचारी (ना./पुं.) व्रह्म वेद, तदध्ययनार्थं व्रतमपि व्रह्म तच्चरतीति *(ब्रह्म भनेको वेद हो, वेदाध्ययन सम्बन्धी व्रत पनि ब्रह्म नै हो, त्यही ब्रह्मव्रत आचरण गर्छ)* व्रह्म उपपदपूर्वक चर गतिभक्षणयोः (भ्वा.)धातु,व्रह्म+चर्+णिनि[2] (इन्),वृद्धि, व्रह्मचारी । वालश्चासौ व्रह्मचारी च *(बाल ब्रह्मचारी)* वा वालात् व्रह्मचारी *(बालककालदेखि नै ब्रह्मचारी)* क.त.स./प.त.स.= वालव्रह्मचारी ।

शब्दार्थ- वालककाल वा वाल्यावस्थादेखि नै व्रह्मचर्यमा रहेको व्यक्ति, वालव्रह्मचारी ।

बालमन्दिरम् (ना./न.) वालेभ्यः मन्दिरम् *(बालकहरूको लागि मन्दिर वा स्थान)* च.त.स.= वालमन्दिर ।

शब्दार्थ- असहाय वालवालिकाहरूलाई सहयोग गर्ने स्थान वा गृह वा घर ।

बालरोगः (ना./पुं.) वालानां रोगः *(बालकहरूको रोग)* ष.त.स.= वालरोग ।

शब्दार्थ- केटाकेटीको रोग, वालकलाई लाग्ने रोग, शिशुरोग, वालकको रोग ।

बाललता (ना./स्त्री.) वालाश्च ताः लताश्च *(कलिला लहरा)* क.त.स.= वाललता ।

शब्दार्थ- कलिला लहरा, भर्खरका लहरा ।

बालवधः (ना./पुं.) वालानां वधः *(बालकहरूको वध)* ष.त.स.= वालवध ।

शब्दार्थ-वालकहरूको हत्या वा वध, शिशुवध, वालहत्या ।

बालविकासः (ना./पुं.) वालानां विकासः *(बालकहरूको विकास)* ष.त.स.= वालविकास ।

शब्दार्थ- वालकहरूको शरीर, मन एवं बुद्धिको विकास हुने प्रक्रिया, वालकहरूको समुन्नति वा विकास ।

बालविधवा (ना./स्त्री.) वालात् वाले वा विधवा *(बालककालदेखि वा बाल्यावस्थामा विधवा भएकी स्त्री)* प.त.स./स.त.स.= वालविधवा ।

शब्दार्थ- वालककालदेखि नै विधवा भएकी स्त्री, वालक अवस्थामा नै पति मरेकी स्त्री ।

बालविवाहः (ना./पुं.) वाले (वाल्यावस्थायाम्) विवाहः *(बाल्यावस्थामा विवाह)* स.त.स.= वालविवाह ।

शब्दार्थ- विवाह गर्न तोकिएको उमेर नपुगी वालककालमा नै गरिने विवाह ।

बालसूर्यः (ना./पुं.) वालश्चासौ सूर्यश्च *(भर्खरै उदाउन लागेका सूर्य)* क.त.स.= वालसूर्य ।

शब्दार्थ- उदाउन लागेका वा नवोदित सूर्य ।

बाला (ना./स्त्री.) वलते अवोधत्वं गच्छति या *(अबोध हुन्छे यो)* वल प्राणने वा वल संवरणे सञ्चलने (भ्वा.) धातु, वल्+ण[3] (अ), वृद्धि, वालः । वाल+टाप् (आ) =वाला ।

शब्दार्थ- कन्याकेटी, सोह्र वर्षभन्दा कम उमेरकी स्त्री, वालिका, किशोरी ।

द्रष्टव्य- **आषोडशाद् भवेद् बाला- नीतिवचनम्**

बालार्कः (ना./पुं.) वालः नवोदितश्चासौ अर्कश्च *(बाल वा नवोदित सूर्य)* क.त.स., दीर्घ= वालार्क ।

शब्दार्थ- प्रातःकालीन सूर्य, नवोदित सूर्य, वालभाष्कर ।

बालिका (ना./स्त्री.) वाला एव *(बालिका नै)* वाला+कन् (क), स्वार्थमा, टाप् (आ), ककारपूर्वका अकारको इत्व= वालिका ।

शब्दार्थ- सानै उमेरकी केटी, कलिली वाला, कुमारी कन्या, किशोरी, सानीनानी, कलिली केटी ।

बाल्मीकिः (ना./पुं.) वल्मीके भवः जातः इति वा *(धमिराले उठाएको माटाको ढिस्कोमा पैदा भएका)* वल्मीक+इञ् (इ), आदिवृद्धि, अकारलोप= वाल्मीकि ।

शब्दार्थ- वाल्मीकि ऋषि, रामायणका प्रणेता मुनि ।

बाल्यम् (ना./न.) वालस्य भावः *(बालक हुनाको भाव वा अवस्था)* वाल+यक्[4] (य), आदिवृद्धि, अकारलोप =वाल्य ।

शब्दार्थ- शैशव, शिशुत्व, वालकपना, वाल्यावस्था, केटाकेटीपन, अज्ञानता ।

---

[1] ग्रहवृदृनिश्चि... : अप्

[2] नन्दिग्रहि.../सुप्यजातौ.. : णिनि

[3] ज्वलितिकसन्तेभ्य.. : ण

[4] पत्यन्तपुरोहितादि... : यक्

वाहीक: (वि.) वहिर्भव: *(वाहिर भएको)* वहिष्+ईकक्[1] (इक), आदिवृद्धि, टिलोप= वाहीक ।

शब्दार्थ- वाहिर भएको, वाहिरी, वाहिरतिरको ।

वाहु: (ना./पुं.) वाधते शत्रून् *(शत्रुलाई बाधा दिन्छ)* वाधृ लोडने (प्रतिघाते) (भ्वा.) धातु, बाध्+उ[2] (उणा.), हकार अन्तादेश= वाहु ।

शब्दार्थ- हात, भुजा, वाहु, पाखुरो ।

वाहुज: (ना./पुं.) वाहुभ्यां जात: *(हातबाट पैदा भएको)* वाहुं उपपदपूर्वक जनी प्रादुर्भावे (दिवा.) धातु, वाहु+जन्+ड (अ)= वाहुज ।

शब्दार्थ- क्षत्री, क्षत्रिय, नृप ।

वाहुवलम् (ना./न.) वाहोर्वलम् *(बाहुको बल)* ष.त.स. =वाहुवल ।

शब्दार्थ- हातको शक्ति, पाखुरा चलाउने क्षमता, हातको तागत, हातको पराक्रम ।

वाहुयुद्धम् (ना./न.) वाहोर्युद्धम् *(हात हातैको युद्ध)* ष.त.स.= वाहुयुद्ध ।

शब्दार्थ- अस्त्रशस्त्र विना लडिने युद्ध, मल्लयुद्ध, कुस्ती ।

वाहुल्यम् (ना./न.) वहुलस्य भाव: *(बहुल वा धेरै हुनाको भाव वा अवस्था)* वहुल+ष्यञ्[3] (य), आदिवृद्धि, अकारलोप= वाहुल्य ।

शब्दार्थ- धेरै हुनाको गुण वा अवस्था, वहुलता, आधिक्य, प्राचुर्य, विविधता, अधिकपना ।

वाह्य: (वि.) वहिर्भव: जातादिर्वा *(बाहिर भएको)* वहिष्+ञ्य[4]/यञ्[5] (य), टिलोप, आदिवृद्धि= वाह्य ।

शब्दार्थ-वाहिर भएको, वाहिरतिरको, बाहिरी, वाहिरिया ।

वाह्यवृत्ति: (ना./स्त्री.) वाह्यश्चासौ वृत्तिश्च *(बाहिरी वृत्ति)* क.त.स.= वाह्यवृत्ति ।

शब्दार्थ- वाहिरतिर लागेको मनस्थिति, वाहिरी कामधन्दा,

विन्दु: (ना./पुं.) विन्दति अवयवं करोतीति *(साना साना खण्डमा विभाजित पार्छ)* विदि अवयवे (भ्वा.) धातु, नुम्, विन्द्+उ (उणा.)= विन्दु ।

शब्दार्थ- थोपो, वुंद, थोप्लो, शून्य, अनुस्वारको चिन्ह, छिर्काछिर्की, दाँतको छिद्र, नाटकमा अर्थ प्रकृतिका पांच प्रकारमध्ये एक ।

विभीषण: (ना./पुं.) भेतुमिच्छति *(भय पैदा गर्न चाहन्छ)* ञिभी भये (जुहो.) धातु, भी+सन् (स), द्वित्व, अभ्यासको ह्रस्व,जशत्व, षत्व, विभीष (सनन्त धातु) । विभीषतीति *(भय पैदा गर्ने इच्छा गर्छ)* विभीष+ल्यु (अन), पररूप, णत्व= विभीषण ।

शब्दार्थ- रावणका भाइ, जो रावणको मृत्युपश्चात् लङ्काका राजा वने, अष्टचिरञ्जीवीमध्ये एक ।

विभ्राण: (वि.) विभर्तीति *(धारण गर्छ)* डुभृञ् धारणपोषणयो: (जुहो.) धातु, भृ+चानश् (आन), द्वित्व, अभ्यासको अत्व, इत्व, जश्त्व, वि भृ आन, यण्, णत्व= विभ्राण ।

शब्दार्थ- धारण गर्ने, लिने, ग्रहण गर्ने ।

बिम्ब: (ना./पुं./न.) वेति शोभते इति *(शोभित हुन्छ)* वी गतिव्याप्तादौ (अदा.) धातु, वी+वन् (व), उणा., नुमागम, ह्रस्व, वीका वको व, (व र वको अभेदसम्वन्ध हुंदा)= विम्व ।

विम्बोऽस्त्री मण्डलं स्त्रीषु- इत्यमर:

शब्दार्थ- पानी, ऐना आदिमा देखिने प्रतिविम्व वा छाया-चित्र, सूर्य र चन्द्रमाको मण्डल, प्रतिविम्व, प्रतिमूर्ति, प्रतिच्छाया, मण्डल, परिधि, गोलकाँक्री ।

विम्बोष्ठी (ना./स्त्री.) विम्ववत् ओष्ठौ यस्या: सा *(बिम्ब वा पाकेका गोलकाँक्रीका जस्तै सुन्दर ओठ छन् जसका)* व.स., पररूप= बिम्वोष्ठी ।

शब्दार्थ- विम्व जस्तै सुन्दर ओठ भएकी स्त्री ।

विलम् (ना./न.) विलति भिनत्तीति *(भेदन गर्छ)* विल भेदने (तुदा.) धातु, बिल्+क (अ)= बिल ।

शुषिरं विवरं बिलम्/छिद्रं निव्यर्थनं रोकं रन्ध्रम्- इत्यमर:

शब्दार्थ- प्वाल, छिद्र, विवर, दुलो, गुफा, रन्ध्र ।

विल्व: (ना./पुं./न.) विलति भिनत्तीति *(छेदन गर्छ)* विल भेदने (तुदा.) धातु, विल्+वन् (व), उणा., वको व, (ब र वको अभेद सम्वन्ध हुँदा)= विल्व ।

विल्वं फले श्रीफले ना- इति मेदिनी

शब्दार्थ- वेल, श्रीफल, फलफूल ।

बीजम् (ना./न.) विशेषेण कार्यरूपेण जायतेऽनेन *(यसबाट कार्यरूपमा पैदा हुन्छ)* विपूर्वक जनी प्रादुर्भावे (दिवा.) धातु, वि+जन्+ड (अ), टिलोप, उपसर्गको दीर्घ, वको ब, (व र वको अभेद सम्बन्ध हुँदा)= बीज ।

अथवा वीयते इति *(संवरण गर्छ)* व्येञ् संवरणे (भ्वा.) धातु, व्या+क्विप् (सम्प्रसारण), वी । वियं जायते जनयतीति *(सङ्कुचित अवस्था पैदा गर्छ)* वी+जन्+ड (अ), टिलोप, बको व, (ब र वको अभेद सम्बन्ध हुँदा)= बीज । अथवा विशिष्टां ई लक्ष्मी जायते अस्मादिति *(विशेष किसिमको समृद्धि पैदा हुन्छ)* वि+ई+जन्+ड (अ), टिलोप, दीर्घ= बीज ।

अथवा विशेषेण ईजते इति *(विशेष प्रकारले फैलिन्छ)* विपूर्वक ईज गतिकुत्सनयो: (भ्वा.) धातु, वि+ईज्+अच् (पचादि), दीर्घ= बीज ।

हेतुर्ना कारणं बीजम्/ बीजवीर्येन्द्रियाणि च- इत्यमर:

बीजं तु रेतसि- इति हैम:

शब्दार्थ- कारण, हेतु, वीर्य, शुक्र, अङ्कुर, बीउ, बिजन, बीजमन्त्र, अनाज, बीजका दाना, नाटकमा अर्थ प्रकृतिका पाँच तत्त्वमध्ये एक, पहिलो तत्त्व ।

---

[1] ईकक् च : ईकक्, टिलोप

[2] अर्जिदृशिकम्यमि... : उ, ह अन्तादेश

[3] गुणवचन... : ष्यञ्

[4] अव्ययीभावाच्च : ञ्य

[5] वहिषष्टिलोपो... : यञ्

बीजकोषः (ना./पुं.) बीजस्य कोषः *(बीजको कोष वा आधार)* ष.त.स.= बीजकोष ।

शब्दार्थ- कमलको गट्टा, बीज रहने फूलको भाग, सन्तान पैदा गर्ने कोष ।

बीजमन्त्रः (ना./पुं.) बीजश्चासौ मन्त्रश्च *(बीजमन्त्र)* क.त.स.= बीजमन्त्र ।

शब्दार्थ- कुनै देवी देवताको मुख्य मन्त्र, मूलमन्त्र ।

बीजाक्षरः (ना./पुं.) बीजस्य अक्षरः *(बीजमन्त्रको अक्षर)* ष.त.स., दीर्घ= वीजाक्षर ।

शब्दार्थ- मूलमन्त्रको अक्षर, वीजमन्त्रको अक्षर ।

बीजाङ्कुरम् (ना./न.) वीजस्य अङ्कुरः *(बीजको अङ्कुर)* वा वीजात् (निष्पन्नः) अङ्कुरः *(बीजबाट उत्पन्न आँकुरा)* ष.त.स./प.त.स. दीर्घ= वीजाङ्कुर ।

शब्दार्थ- वीउको टुसा, वीजवाट पैदा हुने आँकुरा ।

बीजारोपणम् (ना./न.) वीजस्य आरोपणम् *(बीजको आरोपण)* ष.त.स.= वीजारोपण ।

शब्दार्थ- वीज रोप्ने काम, कुनै कुराको सुरुवात वा प्रारम्भ ।

बीजोत्पादनम् (ना./न.) वीजस्य उत्पादनम् *(बीउको उत्पादन)* ष.त.स., गुण= वीजोत्पादन ।

शब्दार्थ- वीउ पैदा गर्ने काम, बीज उत्पादन गर्ने प्रक्रिया ।

बीभत्सः (ना./पुं.)/**बीभत्सा** (ना./स्त्री.) वधितुमिच्छतीति *(मनमा विकृति पैदा गर्न चाहन्छ)* वध वन्धने (भ्वा.) धातुवाट चित्तविकृत्ति अर्थमा, वध्+सन् (स), द्वित्व[1], अभ्यासको इत्व[2], दीर्घ, भष्भाव[3], बीभध् स्, चर्त्व, बीभत्स (सनन्त धातु) । बीभत्स्यते अनेन *(घृणा गरिन्छ यसबाट)* बीभत्स+अ[4] (प्रत्यय)+टाप् (आ) =बीभत्सा ।

बीभत्सा अस्ति अत्र *(घृणा छ यहाँ)* बीभत्सा+अच् (अर्शादि), आकारलोप= बीभत्स ।

शब्दार्थ- घृणा, निन्दा, विकृति, घृणोत्पादन, घिनलाग्दो वस्तु, घृणोत्पादक पदार्थ, साहित्यिक नव रसमध्ये एक, जुगुप्सा स्थायीभाव हुने रस ।

बुद्धः (ना./पुं./वि.) बुध्यते इति *(जान्दछ)* बुध अवगमने (दिवा.) धातु, बुध्+क्त[5] (त), वर्तमानमा, तको ध, जस्त्व= बुद्ध ।

अथवा वुध्यते स्म इति *(जानिएको)* वुध्+क्त (त), तको ध, जस्त्व= बुद्ध ।

अथवा वुद्धं ज्ञानमस्यास्तीति *(ज्ञान छ यिनको)* वुद्ध+अच् (अर्शादि), अकारलोप= वुद्ध ।

शब्दार्थ- गौतमवुद्ध, तथागत, जिन, सुगत, जानिएको, अवगत भएको, विदित, जानेवुझेको ।

बुद्धत्वम् (ना./न.) वुद्धस्य भावः *(बुद्धको भाव वा अवस्था)* वुद्ध+त्व= वुद्धत्व ।

शब्दार्थ- वुद्धत्व, वुद्धको गुण, वुद्धपद, वुद्धको स्थिति ।

बुद्धिः (ना./स्त्री.) वुध्यते ज्ञायते अनया *(बुझिन्छ जानिन्छ यसबाट)* वुध अवगमने (दिवा.) धातु, वुध्+क्तिन्[6] (ति), करणमा, तको ध, धको द (जस्त्व) =वुद्धि ।

शब्दार्थ- प्रज्ञा, मति, चेतना, ज्ञान, शोचविचार गर्ने शक्ति, अक्कल, सम्वित् ।

उदा. **बुद्धिर्यस्य बलं तस्य निर्बुद्धेश्च कुतो बलम्**-चा.नी.द.

बुद्धिग्राह्यः (वि.) बुद्ध्या गृह्यते, ग्रहीतुं योग्यः इति वा *(बुद्धिले ठम्याउन सकिने)* बुद्धिपूर्वक ग्रह उपादाने (क्र्या.) धातु, वुद्धि+ग्रह्+ण्यत् (य), वृद्धि= वुद्धिग्राह्य ।

शब्दार्थ-वुद्धिले ग्रहण गर्न सकिने, वुद्धिले ठम्याउन सकिने,

बुद्धिजीवी (वि.) बुद्ध्या जीवितुं शीलमस्येति *(बुद्धिद्वारा जीविका गर्ने शील वा क्षमता छ यसको)* वुद्धि उपपदपूर्वक जीव प्राणधारणे (भ्वा.) धातु, वुद्धि+जीव्+णिनि[7] (इन्), वुद्धिजीविन्= वुद्धिजीवी ।

शब्दार्थ- वुद्धिवाट गर्न सकिने काम गरेर जीवन निर्वाह गर्ने, वौद्धिक काम गर्ने, वौद्धिक चतुऱ्याइंले जीविका गर्ने ।

बुद्धिबलम् (ना./न.) बुद्धेर्वलम् *(बुद्धिको बल)* ष.त.स. =वुद्धिवल ।

शब्दार्थ- बुद्धिको वल वा शक्ति, वौद्धिक क्षमता ।

बुद्धिमत्ता (ना./स्त्री.) वुद्धिरस्यास्तीति *(बुद्धि छ यसको)* वुद्धि+मतुप्[8] (मत्), वुद्धिमत् । तस्य भावः *(बुद्धिमान् हुनाको भाव, गुण वा अवस्था)* बुद्धिमत्+तल् (त)+टाप् (आ)= बुद्धिमत्ता ।

शब्दार्थ- वुद्धिमान् हुन आवश्यक गुण वा अवस्था, वुद्धिमान्को स्थिति, चतुऱ्याइँ, चलाखीपन ।

बुद्धिमती (ना./स्त्री.) वुद्धिरस्याः अस्तीति *(बुद्धि छ यस स्त्रीको)* वुद्धि+मतुप्[8] (मत्), बुद्धिमत्+ङीप् (ई) =वुद्धिमती ।

शब्दार्थ-वुद्धि भएकी स्त्री, समझदार नारी, प्रज्ञावती स्त्री ।

बुद्धिमान् (वि.) वुद्धिः अस्य अस्तीति *(बुद्धि छ यसको)* वुद्धि+मतुप् (मत्), बुद्धिमत्= बुद्धिमान् ।

शब्दार्थ- वुद्धि भएको, समझदार, ज्ञानी, प्रज्ञावान् ।

बुद्धियुक्तः (वि.) बुद्ध्या युक्तः *(बुद्धिले युक्त)* तृ.त.स. =वुद्धियुक्त ।

शब्दार्थ- वुद्धिले परिपूर्ण, बुद्धिमान्, वुद्धिले सम्पन्न भएको ।

बुद्धिहीनः (वि.) बुद्ध्या हीनः *(बुद्धिले रहित)* तृ.त.स. =वुद्धिहीन ।

शब्दार्थ- बुद्धि नभएको, वुद्धिरहित, वेकम्मा, स्वाँठ, मूर्ख, मतिहीन ।

---

१. सन्यङोः : द्वित्व
२. सन्यतः : इत्व
३. एकाचो बशो भष्... : भष्भाव
४. अ प्रत्ययात् : अ (प्रत्यय)
५. मतिबुद्धिपूजार्थेभ्यश्च : क्त
६. स्त्रियां क्तिन् : क्तिन्
७. सुप्यजातौ.. : णिनि
८. तदस्यास्त्यस्मिन्... : मतुप्

बुद्धीन्द्रियम् (ना./न.) वुद्धेर्वुद्धिविषयकमिन्द्रियम् *(बुद्धि बोधक इन्द्रियहरू)* वुद्धि+इन्द्रिय, ष.त.स., दीर्घ =वुद्धीन्द्रिय ।

शब्दार्थ- प्रत्यक्षरूपमा अनुभूति गर्ने इन्द्रिय, ज्ञानेन्द्रिय- कान, आँखा, नाक, जिब्रो, त्वक् (छाला), यी पाँच इन्द्रियहरू ।

बुधः (वि./ना./पुं.) वुध्यते यः *(जान्दछ जो)* वुध अवगमने (दिवा.) धातु, वुध्+क (अ)= वुध ।

रौहिणेयो बुधः सौम्यः - इत्यमरः

शब्दार्थ- वुद्धिमान्, चतुर, विद्वान्, सुधी, पण्डित, ज्ञानी, नवग्रहमध्ये एक, वुधग्रह ।

बुधजनः (ना./पुं.) वुध एव जनः *(विद्वान्रूप जन)* म.व्य.स.= वुधजन ।

शब्दार्थ- विद्वान्जन, वुद्धिमान्जन ।

बुधवारः (ना./पुं.) वुधस्य, वुधग्रहस्य वारः वासरः *(बुध ग्रहको वार)* ष.त.स.= वुधवार ।

शब्दार्थ- वुधग्रहको वार, वुधवारको दिन, वुधवासर ।

बुभुक्षा (ना./स्त्री.) भोक्तुमिच्छतीति *(खाने इच्छा गर्छ)* भुज पालनाभ्यवहारयोः (रुधा.) धातु, भुज्+सन्[1] (स), द्वित्व[2], भुज् भुज् स, अभ्यासको जस्त्व, वुभुज् स, जको कुत्व, षत्व, क तथा षको क्षत्व, वुभुक्ष (सनन्त धातु) । वुभुक्ष्यते इति *(खाने इच्छा गरिन्छ)* वुभुक्ष+अ (प्रत्यय)+टाप् (आ)= वुभुक्षा ।

शब्दार्थ- खाने इच्छा, भोक, कुनै पदार्थ उपभोग गर्ने इच्छा, क्षुधा ।

बुभुक्षितः (वि.) वुभुक्षा सञ्जाता अस्य *(भोकाएको अवस्था छ यसको)* वुभुक्षा+इतच्[3] (इत), आकारलोप=वुभुक्षित ।

शब्दार्थ- भोको, खाने इच्छा गरेको, भोकाएको, भोकले पीडित ।

उदा. वुभुक्षितं किं नकरोति पापम्- नीतिवचनम्

बुभुक्षुः (वि.) भोक्तुमिच्छतीति *(खाने इच्छा गर्छ)* भुज पालनाभ्यवहारयोः (रुधा.) धातु, भुज्+स, द्वित्व, कुत्व, षत्व, क्षत्व, वुभुक्ष (सनन्त धातु) । वुभुक्षते इति *(खाने इच्छा गर्छ)* वुभुक्ष+उ[4] (प्रत्यय)=वुभुक्षु ।

शब्दार्थ- भोको, भोकाएको, खाने इच्छा गर्ने, भोगवासनामा आसक्त ।

बृहत् (वि.) वर्हतीति *(बढ्छ)* वृह वृद्धौ (भ्वा.) धातु, वृह्+अति[5] (अत्), उणा.= वृहत् ।

शब्दार्थ- ठूलो, महान्, विस्तृत, विशाल, पृथु, अजङ्गको ।

बृहत्तमः (वि.) अयमेषामतिशयेन वृहत् *(यिनीहरूमध्ये यो ज्यादै ठूलो)* वृहत्+तमप्[6] (तम)= वृहत्तम ।

शब्दार्थ- ज्यादै ठूलो, ज्यादै विशाल, अत्यन्तै व्यापक ।

बृहत्तरः (वि.) अयमनयोरतिशयेन वृहत् *(यी दुईमध्ये अपेक्षाकृत यो ठूलो)* वृहत्+तरप्[7] (तर)= वृहत्तर ।

शब्दार्थ- धेरै ठूलो, धेरै विशाल, अपेक्षाकृत ठूलो ।

बृहस्पतिः (ना./पुं.) वृहती वाक् तस्याः पतिः *(वाणीका पति)* ष.त.स., पुंवद्भाव, वृहत्+पति, तलोप[8], सुडागम= वृहस्पति ।

शब्दार्थ- देवताहरूका गुरु वा पुरोहित, नवग्रहमध्ये एक, विद्वान्पुरुष ।

बोद्धव्यः (वि.) वोद्धुं, वोधितुं योग्यः वा *(बुझ्न वा बुझाउन योग्य)* वुध अवगमने (दिवा.) धातु, वुध्+तव्यत् (तव्य), तको ध, जश्त्व= वोद्धव्य ।

शब्दार्थ- वुझ्न लायक वा योग्य, वुझाउन लायक वा योग्य, वुझ्न वुझाउन सकिने ।

बोधः (ना./पुं.) वोधनम्, वुध्यते इति वा *(जानिन्छ)* वुध अवगमने (भ्वा./दिवा.) धातु, वुध्+घञ् (अ), गुण =वोध ।

शब्दार्थ- ज्ञान, जान्ने वा वुझ्ने काम, जानकारी, समझ ।

बोधकः (वि.) वोधयतीति *(बुझाउँछ)* वुध अवगमने (भ्वा./दिवा.) धातु, वुध्+णिचि, गुण, वोधि+ण्वुल्[9] (अक), णिलोप= वोधक ।

शब्दार्थ- वुझाउने, अवगत गराउने, जानकारी गराउने, वोध गराउने, परिसूचक ।

बोधगम्यः (वि.) वोधेन ज्ञानेन गम्यः *(ज्ञानद्वारा जान्न सकिने)* तृ.त.स.= वोधगम्य ।

शब्दार्थ- समझमा आउने, सरल, सुवोध, ज्ञानगम्य ।

बोधनम् (ना./न.) वोध्यते इति *(बुझाइन्छ)* वुध अवगमने (भ्वा./दिवा.) धातु, वुध्+णिचि, गुण, वोधि +ल्युट् (अन), णिलोप= वोधन ।

शब्दार्थ- वुझाउने काम, जानकारी गराउने काम, शिक्षा दिने क्रिया, ज्ञान गराउने काम ।

बोधनीयः/बोध्यः (वि.) वोधयितुं योग्यः, वोध्यते इति वा *(बुझाउन लायक)* वुध अवगमने (भ्वा./दिवा.) धातु, वुध्+णिचि, गुण, वोधि+अनीय (र्), णिलोप =वोधनीय । वोधि+यत् (य), णिलोप= वोध्य ।

शब्दार्थ- वुझाउन योग्य वा लायक, ज्ञान गराउन योग्य, जानकारी दिन लायक, थाह पाउन सकिने ।

बोधात्मकः (वि.) वोधः आत्मा यस्य *(ज्ञान नै आत्मा छ जसको)* वोध+आत्मन्, ब.स., दीर्घ, वोधात्मन्+कप्[10] (समासान्त), नलोप= वोधात्मक ।

शब्दार्थ- वोध वा ज्ञान नै मुख्य रूपमा रहेको, ज्ञान प्रमुख भएको ।

---

[1] धातोः कर्मणः.... : सन्

[2] सन्यङोः : द्वित्व

[3] तदस्य सञ्जातम्... : इतच्

[4] सनाशंसभिक्ष... : उ

[5] वर्तमाने पृषन्महत्वृहत्...: अति

[6] अतिशायने तमबिष्ठनौ : तमप्

[7] द्विवचनविभज्य... : तरप्

[8] तद्बृहतोःकरपत्योः...: तलोप, सुट्

[9] ण्वुल्तृचौ : ण्वुल्

[10] अनिनस्मन्... : कप्

बोधार्थः (वि.) बोधाय अयम् *(जानकारीका लागि यो)* बोध+अर्थ, च.त.स., दीर्घ= बोधार्थ ।

शब्दार्थ-जानकारीका लागि यो, जानकारीका निमित्त यो ।

बोधिः (ना./पुं.) बोधति, बुध्यते इति वा *(जान्दछ, ज्ञान खुल्दछ)* बुध अवगमने (भ्वा./दिवा.) धातु, बुध्+इन्[1] (इ), उणा., गुण= बोधि ।

बोधिः पुंसि समाधेश्च भेदे पिप्पलपादपे- इति मेदिनी

शब्दार्थ- पूर्णज्ञानको प्रकाश, पूर्णज्ञान प्राप्ति, ज्ञानप्राप्तिबाट प्रस्फुटित प्रतिभा, बुद्धलाई ज्ञानको पूर्ण प्रकाशन, बोधिवृक्ष, पीपलवृक्ष, समाधिको एउटा भेद ।

बोधितः (वि.) बोध्यते स्म इति *(बोध गराइएको)* बुध अवगमने (भ्वा./दिवा.) धातु, बुध्+णिचि, गुण, बोधि+क्त (त), णिलोप, इडागम= बोधित ।

शब्दार्थ- बुझाइएको, बोध गराइएको, जागृत गराइएको, ध्यानाकर्षण गराइएको ।

बोधितव्यः (वि.) बोध्यते, बोधितुं योग्यः वा *(बोध गराइन्छ वा बुझाउन लायक)* बुध अवगमने (भ्वा./दिवा.) धातु, बुध्+णिचि, गुण, बोधि+तव्यत् (तव्य), णिलोप, इडागम= बोधितव्य ।

शब्दार्थ- बुझाउन योग्य वा लायक, जानकारी गराउन योग्य, बोध गराउन उपयुक्त, व्युँझाउन उचित ।

बोधिद्रुमः/बोधिवृक्षः (ना./पुं.) बोधिरेव द्रुमः/वृक्षः वा बोधेर्द्रुमः/वृक्षः *(बोधिरूप द्रुम वा वृक्ष, ज्ञानप्राप्तिको वृक्ष)* म.व्य.स./ष.त.स.= बोधिद्रुम/बोधिवृक्ष ।

शब्दार्थ- अश्वत्थवृक्ष, पीपलको रूख, बोधिवृक्ष, गौतम बुद्धले ज्ञान प्राप्त गरेको बोधिगयाको अश्वत्थवृक्ष ।

बौद्धः (वि.) बुद्धस्य अयम्, बुद्धादागतः वा *(बुद्धको यो, बुद्धबाट आएको)* बुद्ध+अण्[2] (अ), आदिवृद्धि, अकारलोप= बौद्ध ।

अथवा बुद्धं बुद्धविषयकं शास्त्रमधीते वेत्तीति वा *(बुद्धसम्बन्धी शास्त्र पढ्छ वा जान्दछ)* बुद्ध+अण्[3] (अ), आदिवृद्धि= बौद्ध ।

अथवा बुद्धः देवता अस्य *(बुद्ध छन् देवता जसका)* बुद्ध+अण्[4] (अ), आदिवृद्धि= बौद्ध ।

शब्दार्थ- बुद्धबाट आएको, बुद्धसम्बन्धी, बुद्धको, बौद्धिक, बुद्धधर्मका अनुयायी, बुद्धधर्मको परिपालक, बुद्धधर्मको अध्ययन गर्ने, बुद्धधर्मको विशेषज्ञ ।

बौद्धत्वम् (ना./न.) बौद्धस्य भावः *(बौद्धहुनाको भाव वा अवस्था)* बौद्ध+त्व= बौद्धत्व ।

शब्दार्थ- बौद्ध हुनाको भाव वा अवस्था, बौद्धता ।

***उदा.* करोडौं मानिस बौद्ध भए तर बौद्धत्व बुद्धसित मर्‍यो- आगो र पानी (१/१७)**

बौद्धदर्शनम् (ना./न.) बौद्धस्य दर्शनम् *(बौद्धधर्मको दर्शन)* ष.त.स.= बौद्धदर्शन ।

शब्दार्थ- बौद्धदर्शनसम्बन्धी शास्त्र, बुद्धधर्मको दर्शनसम्बन्धी ग्रन्थ ।

बौद्धिकः (वि.) बुद्धेरयम्, बुद्धेरागत इति वा *(बुद्धिको यो, बुद्धिबाट आएको)* बुद्धि+ठक्[5] (इक), आदिवृद्धि, अकारलोप= बौद्धिक ।

शब्दार्थ- बुद्धिसम्बन्धी, बुद्धिको, बुद्धिबाट पैदा भएको ।

***उदा.* बौद्धिक शक्तिले विश्वको गर्नेछ अकण्टक राज- प्रमिपस २/४०**

ब्रह्म/ब्रह्मा (ना./न./पुं.) बृंहति, वर्धयति प्रजाः *(बढ्छ वा प्रजा बढाउँछन्)* बृहि वृद्धौ (भ्वा.) धातु, नुम्, बृन्ह+मनिन् (मन्), वा बृन्ह+णिचि+मनिन् (मन्), णिलोप, नकारको अकार, बृ अह् मन्, यण्, ब्रह्मन् =ब्रह्म (नपुं.लि.रूप) । ब्रह्मन्= ब्रह्मा (पुं.लि.रूप) ।

ब्रह्म तत्त्वं तपो वेदे न द्वयोः पुंसि वेधसि ।
ऋत्विग्यागभिदोर्विप्रे- इति मेदिनी

शब्दार्थ- परब्रह्म, परमात्मा, ब्रह्मतत्त्व, चेतनतत्त्व, सत्य तथा ज्ञानतत्त्व, वेद, चतुर्मुखी ब्रह्मा, ब्राह्मण, विप्र, यज्ञविशेष, तप, ज्ञान, यज्ञका ऋत्विक्मध्ये एक, सृष्टिकर्ता ब्रह्मा, तीनवटा सगुणरूप त्रिदेवमध्ये एक, प्रजापति, यज्ञका मुख्यदेवता ।

द्रष्टव्य- सत्यं ज्ञानमनन्तं ब्रह्म- तै.उ. २/१
तपो वेदाश्च विप्राश्च ज्ञानञ्च ब्रह्मसंज्ञितम्- उपनिषद्

ब्रह्मकर्म (ना./न.) ब्रह्मणः कर्म *(ब्राह्मणको कर्म)* ष.त.स.= ब्रह्मकर्म ।

शब्दार्थ- यजनयाजन, अध्ययन-अध्यापन आदि ब्राह्मणले गर्ने शास्त्रविहित कर्म ।

ब्रह्मघातकः/ब्रह्मघाती (वि.) ब्रह्माणं हन्तीति *(ब्राह्मणलाई मार्छ)* ब्रह्मन् उपपदपूर्वक हन हिंसागत्योः (अदा.) धातु, ब्रह्मन्+हन्+ण्वुल्[6] (अक) वृद्धि, नको त, कुत्व= ब्रह्मघातक ।

ब्रह्मन्+हन्+णिनि[7] (इन्), वृद्धि, नको त, कुत्व, ब्रह्मघातिन्= ब्रह्मघाती ।

शब्दार्थ- ब्राह्मणलाई मार्ने, ब्राह्मणको वध गर्ने, ब्राह्मणको हत्या गर्ने ।

ब्रह्मचर्यम् (ना./न.) ब्रह्म वेदः, तदध्ययनार्थं व्रतमपि ब्रह्म, तच्चर्यते चरितुमर्हं इति वा *(ब्रह्म भनेको वेद, वेदाध्ययनसम्बन्धी व्रत पनि ब्रह्म, त्यो आचरण गर्न योग्य भएको)* ब्रह्मन् उपपदपूर्वक चर गतिभक्षणयोः (भ्वा.) धातु, ब्रह्मन्+चर्+यत्[8] (य)= ब्रह्मचर्य ।

शब्दार्थ- वेदाध्ययनको समयमा ब्रह्मचर्य जीवनमा रहने काम, गुरुशुश्रूषा, भिक्षाटन, भोजन आदि व्रतको परिपालन, चार आश्रममध्ये पहिलो आश्रम, ब्रह्मव्रत ।

---

[1] सर्वधातुभ्य... : इन्
[2] तस्येदम्/तत आगतः : अण्
[3] तदधीते तद्वेद : अण्
[4] साऽस्य देवता : अण्
[5] तस्येदम्/ठगायस्थानेभ्य.. : ठक्
[6] ण्वुल्तृचौ : ण्वुल्
[7] सुप्यजातौ... : णिनि
[8] गदमदचर... : यत्

ब्रह्मचारिणी (ना./स्त्री.) ब्रह्म वेदोपनिषद्, ब्रह्मतत्त्वं वा तदध्ययनार्थं व्रतमपि ब्रह्म, तच्चरितुं शीलमस्याः *(ब्रह्म वेद, उपनिषद् तथा ब्रह्मतत्त्व हो, त्यो अध्ययनसम्बन्धी व्रत पनि ब्रह्म हो, त्यही व्रत पालन गर्ने शील छ यस स्त्रीको)* ब्रह्मन् उपपदपूर्वक चर गतिभक्षणयोः (भ्वा.) धातु, ब्रह्मन्+चर्+णिनि (इन्), नलोप, ब्रह्मचारिन्+ङीप् (ई) = ब्रह्मचारिणी ।

शब्दार्थ- ब्रह्मचर्यव्रत पालन गरी ब्रह्मतत्त्वको अध्ययन गर्ने स्त्री, नवदुर्गाहरूमध्ये द्वितीय दुर्गा ।

ब्रह्मचारी (ना./पुं.) ब्रह्मणि वेदे चरतीति *(वेदमा आचरण गर्छ, ब्रह्मचर्य धारण गर्छ)* ब्रह्म उपपदमा हुने आङ्पूर्वक चर गतिभक्षणयोः (भ्वा.) धातु, ब्रह्म+चर्+णिनि (इन्), ब्रह्मचारिन्= ब्रह्मचारी ।

अथवा ब्रह्म वेदः ब्रह्मतत्त्वं वा तदध्ययनार्थं व्रतमपि ब्रह्म, तच्चरितुं शीलमस्य *(ब्रह्म नै वेद वा ज्ञान हो, वेदाध्ययनसम्बन्धी व्रत पनि ब्रह्म नै हो, त्यही व्रत पालन गर्ने शील छ यसको)* ब्रह्मन् उपपदमा हुने चर गतिभक्षणयोः (भ्वा.) धातु, ब्रह्मन्+चर्+णिनि (इन्), वृद्धि, ब्रह्मचारिन्= ब्रह्मचारी ।

शब्दार्थ- ब्रह्मचर्य व्रत पालन गर्ने पुरुष, ब्रह्मचर्यमा रही अध्ययन गर्ने छात्र, पहिलो ब्रह्मचर्याश्रममा रहको पुरुष ।

ब्रह्मज्ञः (वि.) ब्रह्म जानातीति *(वेद वा ब्रह्मतत्त्व जान्दछ)* ब्रह्मन् उपपदपूर्वक ज्ञा अवबोधने (क्र्या.) धातु, ब्रह्मन्+ज्ञा+क (अ), आलोप= ब्रह्मज्ञ ।

शब्दार्थ- ब्रह्मतत्त्व जान्ने, परमात्मतत्त्व जान्ने, ब्रह्मवेत्ता, ब्रह्मज्ञानी, पारमार्थिक तत्त्वज्ञ, ब्रह्मवेत्ता ।

ब्रह्मज्ञानम् (ना./न.) ब्रह्मणि ब्रह्मविषये ज्ञानम् *(ब्रह्मविषयमा हुने ज्ञान)* स.त.स.= ब्रह्मज्ञान ।

अथवा ब्रह्मणः ज्ञानम् *(ब्रह्मतत्त्वको ज्ञान)* ष.त.स. =ब्रह्मज्ञान ।

शब्दार्थ- ब्रह्मतत्त्वको ज्ञान, पारमार्थिक तत्त्वको वोध हुने ज्ञान, दिव्यज्ञान, ब्रह्मसम्वन्धी ज्ञान ।

ब्रह्मज्ञानी (वि.) ब्रह्मज्ञानमस्यास्तीति *(ब्रह्मज्ञान छ यसको)* ब्रह्मज्ञान+इनि (इन्), अकारलोप, ब्रह्मज्ञानिन् = ब्रह्मज्ञानी ।

शब्दार्थ- ब्रह्मतत्त्व जान्ने, परमार्थतत्त्व जानेबुझेको, ब्रह्मलाई ठम्याएको, ब्रह्मविषयक ज्ञान भएको ।

ब्रह्मण्यः (वि.) ब्रह्मणि वेदे ब्राह्मणे तपसि ज्ञाने च साधुः *(वेद, ब्राह्मण, तपस्या र ज्ञानमा साधु)* ब्रह्मन्+यत्[1] (य), णत्व= ब्रह्मण्य ।

अथवा ब्रह्मणे हितम् *(ब्राह्मणको लागि हित गर्ने)* ब्रह्मन्+यत्[2] (य), णत्व= ब्रह्मण्य ।

शब्दार्थ- वेद वा ब्राह्मणको हित गर्ने, ब्रह्ममा आस्था राख्ने, ब्रह्मज्ञान र तपस्यामा निपुण ।

ब्रह्मतत्त्वम् (ना./न.) ब्रह्मणः तत्त्वम् *(ब्रह्मसम्बन्धी तत्त्व)* ष.त.स.= ब्रह्मतत्त्व ।

शब्दार्थ- ब्रह्मसम्वन्धी वास्तविक तथ्य, परमार्थतत्त्व ।

ब्रह्मतेजः (ना./न) ब्रह्मणः तेजः *(ब्रह्मको तेज वा प्रकाश)* ब्रह्मन्+तेजस्, ष.त.स., नलोप, ब्रह्मतेजस्, ब्रह्मतेजः= ब्रह्मतेज ।

शब्दार्थ- परब्रह्मको ज्ञानवाट प्राप्त हुने तेज वा प्रकाश, ब्राह्मणको तेज, मोक्ष प्राप्ति वा निर्वाण ।

ब्रह्मत्वम् (ना./न.) ब्रह्मणः भावः कर्म वा *(ब्रह्ममा हुने गुण वा अवस्था)* ब्रह्मन्+त्व, नलोप= ब्रह्मत्व ।

शब्दार्थ- वेद, ब्राह्मण वा ब्रह्ममा रहने गुण, धर्म वा अवस्था ।

ब्रह्मनिर्वाणम् (ना./न.) ब्रह्मणि निर्वाणम् *(ब्रह्ममा निर्वाण हुने काम)* स.त.स.= ब्रह्मनिर्वाण ।

शब्दार्थ- ब्रह्ममा लय वा विलीन हुने काम, ब्रह्ममा एकाकार हुने स्थिति ।

ब्रह्मनिष्ठः (वि.) ब्रह्मणि निष्ठा यस्य *(ब्रह्ममा निष्ठा छ यसको)* व.स., ह्रस्व= ब्रह्मनिष्ठ ।

शब्दार्थ- ब्रह्ममा आस्था गर्ने, ब्रह्म चिन्तनमा संलग्न, परब्रह्मको ध्यानमा निमग्न ।

ब्रह्मपदम् (ना./न.) ब्रह्मणः पदम् *(ब्रह्मको पद)* ष.त.स.= ब्रह्मपद ।

शब्दार्थ- ब्रह्मत्व, मोक्ष, मुक्ति, ब्रह्मधाम, परमेश्वरको दिव्यधाम ।

ब्रह्मपुत्रः (ना./पुं.) ब्रह्मणः पुत्रः *(ब्रह्माका पुत्र)* ब्रह्मन्+पुत्र, ष.त.स., नलोप= ब्रह्मपुत्र ।

शब्दार्थ- ब्रह्माका मानस पुत्र, नारद, मरिच्यादि ऋषिहरू, सनकादि मुनिहरू, वशिष्ठ ऋषि, मनु ।

ब्रह्मपुत्री (ना./स्त्री.) ब्रह्मणः पुत्री *(ब्रह्माकी पुत्री)* ब्रह्मन्+पुत्री, ष.त.स., नलोप= ब्रह्मपुत्री ।

शब्दार्थ-ब्रह्माकी छोरी सरस्वती, विद्याकी अधिष्ठात्री देवी,

ब्रह्मभूयम् (ना./न.) ब्रह्मणः भावः *(ब्रह्मको भाव वा अवस्था)* भू सत्तायाम् (भ्वा.) धातु, ब्रह्मन्+भू+क्यप्[3] (य)= ब्रह्मभूय ।

शब्दार्थ- ब्रह्ममा लीन हुने क्रिया, ब्रह्मत्व प्राप्त गर्ने काम ।

ब्रह्ममयः (वि.) ब्रह्मणः आगतः जातः वा *(ब्रह्मबाट निस्केको)* ब्रह्मन्+मयट् (मय), नलोप= ब्रह्ममय ।

अथवा प्रकृतं प्रचुरं ब्रह्म *(ब्रह्मले भरिएको)* ब्रह्मन्+मयट् (मय), नलोप= ब्रह्ममय ।

शब्दार्थ- ब्रह्मले परिपूर्ण, ब्रह्मबाट निस्केको, ब्रह्मसम्वन्धी, ब्रह्मतेजले भरिएको ।

---

[1] तत्र साधुः : यत्

[2] खलयवमासतिल... : यत्

[3] भूयो भावे : क्यप्

ब्रह्मयज्ञः/ब्रह्मयागः (ना./पुं.) ब्रह्मणः यज्ञः/ब्रह्मणः यागः *(वेदाध्ययनसम्बन्धी यज्ञ)* ष.त.स.= ब्रह्मयज्ञ/ब्रह्मयाग ।

शब्दार्थ- वेदको अध्ययन, अध्यापन र अनुशीलनसम्वन्धी यज्ञ, दैनिक गरिने पञ्चमहायज्ञमध्ये एक ।

ब्रह्मयोगः (ना./पुं.) ब्रह्मणे योगः *(ब्रह्मज्ञान प्राप्तिका लागि गरिने योग)* च.त.स.= ब्रह्मयोग ।

शब्दार्थ- ब्रह्मको अनुशीलन वा ध्यान, ब्रह्मको साक्षात्कारका निम्ति गरिने योग ।

ब्रह्मयोनिः (वि.) ब्रह्म योनिः कारणं यस्य *(ब्रह्म नै कारण छ यसको)* ब.स.= ब्रह्मयोनि ।

शब्दार्थ- ब्रह्म नै कारण हुने, ब्रह्म नै हेतु मानिने, जगत्को सृष्टिको मूलकारण मानिने ।

ब्रह्मर्षिः (ना./पुं.) ब्रह्म वेदं परब्रह्म वा ऋषति वेत्तीति *(वेद वा परब्रह्मलाई जान्दछन्)* ब्रह्म उपपदमा हुने ऋषी गतौ (तुदा.) धातु, ब्रह्म+ऋष्+इन् (इ), उणा., ब्रह्म र ऋषिको अर्गुण= ब्रह्मर्षि ।

अथवा ब्रह्म चासौ ऋषिश्च *(ब्राह्मण ऋषि)* क.त.स.= ब्रह्मर्षि ।

शब्दार्थ-वसिष्ठादि मुनिहरू, मन्त्रद्रष्टा ऋषि, ब्राह्मण ऋषि ।

ब्रह्मलोकः (ना./पुं.) ब्रह्मणः लोकः भुवनम् *(ब्रह्माको लोक)* ष.त.स.= ब्रह्मलोक ।

शब्दार्थ- ब्रह्माको निवास गर्ने स्थान, ब्रह्मधाम, ब्रह्माको लोक ।

ब्रह्मवर्चसम् (ना./न.) ब्रह्मणः वर्चः *(ब्रह्मको तेज)* ष.त.स., अच्[1] (समासान्त)= ब्रह्मवर्चस ।

शब्दार्थ- ब्रह्मतेज, ब्रह्मशक्ति ।

ब्रह्मवादः (ना./पुं.) ब्रह्म उद्यते इति *(वेद वा ब्रह्मतत्त्व बताइन्छ)* ब्रह्म उपपदपूर्वक वद व्यक्तायां वाचि (भ्वा.) धातु, ब्रह्म+वद्+घञ् (अ), वृद्धि= ब्रह्मवाद ।

अथवा उद्यते इति *(बताइन्छ)* वद्+घञ् (अ), वादः । ब्रह्मणः वेदस्य वादः पठनम् *(वेदको अध्ययन)* ष.त.स.= ब्रह्मवाद ।

शब्दार्थ- जगत्को मूलकारणतत्त्व ब्रह्म नै हो भनी वताउने दर्शन वा सिद्धान्त, ब्रह्मसम्वन्धी विचार वा सिद्धान्त, अद्वैतवाद, वेदको पठनपाठन गर्ने काम, वेदपाठ, वेधाध्ययन ।

ब्रह्मवादी (वि.) ब्रह्म ब्रह्मतत्त्वं वेदः वा तौ वदितुं शीलमस्य वा *(ब्रह्मतत्त्व वा वेदतत्त्व बताउने शील छ जसको)* ब्रह्म उपपदपूर्वक वद व्यक्तायां वाचि (भ्वा.) धातु, ब्रह्म+वद्+णिनि (इन्), ब्रह्मवादिन् =ब्रह्मवादी ।

अथवा ब्रह्मवादः वेदपाठः अस्यास्तीति *(वेदाध्ययन छ यसको)* ब्रह्मवाद+इनि (इन्)= ब्रह्मवादी ।

शब्दार्थ- ब्रह्मवादको अनुसरण गर्ने, वेदाध्ययन गर्ने, वेदपाठी, वेदवक्ता, वेदान्ती, ब्रह्मतत्त्व वताउने, ब्रह्मवक्ता

ब्रह्मविद् (वि.) ब्रह्म वेत्तीति *(ब्रह्म जान्दछ)* ब्रह्म उपपदपूर्वक विद ज्ञाने (अदा.) धातु, ब्रह्म+विद्+क्विप् (सर्वलोप)= ब्रह्मविद् ।

शब्दार्थ- ब्रह्मतत्त्व जान्ने, ब्रह्मवेत्ता, ब्रह्मज्ञानी, वेदवेत्ता, वेदाध्यायी, ब्राह्मण ।

ब्रह्मविद्या (ना./स्त्री.) ब्रह्मणः ब्रह्मविषयिणी ब्रह्मतत्त्व बोधिनी वा विद्या *(ब्रह्मतत्त्व-विषयक वा ब्रह्मतत्त्व बोध गराउने विद्या)* ष.त.स.= ब्रह्मविद्या ।

शब्दार्थ- ब्रह्मतत्त्वको वोध गराउने विद्या, अध्यात्मविद्या, वेदशास्त्रसम्वन्धी विद्या, ब्रह्मज्ञान ।

ब्रह्मवेत्ता (वि./ना./पुं.) ब्रह्म वेत्तीति *(ब्रह्म जान्दछ)* ब्रह्म उपपदपूर्वक विद ज्ञाने (अदा.) धातु, ब्रह्म+विद्+तृच् (तृ), गुण, ब्रह्मवेतृ= ब्रह्मवेत्ता ।

शब्दार्थ- ब्रह्मतत्त्व जान्ने, ब्रह्मवेत्ता, ब्रह्मज्ञानी, वेदाध्यायी, वेदवेत्ता, वेदपाठी ब्राह्मण, विप्र ।

ब्रह्मसायुज्यम् (ना./न.) युनक्तीति *(मिलन हुन्छ)* युजिर् योगे (रुधा.) धातु, युज्+क (अ), युजः । युजेन सह *(मिलनसँगै)* ब.स., सहको सभाव, सयुजः । सयुजस्य भावः *(मिलनसहितको भाव वा अवस्था)* सयुज+ष्यञ् (य), आदिवृद्धि, सायुज्यम् । ब्रह्मणः सायुज्यम् *(ब्रह्मसितै सायुज्य वा मिलन)* ष.त.स.=ब्रह्मसायुज्य ।

शब्दार्थ- ब्रह्मत्व, ब्रह्ममा लीन हुने क्रिया, ब्रह्ममय हुने काम, ब्रह्ममा एकाकार भएर लीन हुने क्रिया ।

ब्रह्मसूत्रम् (ना./न.) ब्रह्मणः सूत्रम् *(ब्रह्मको वोध गराउने सूत्र)* ष.त.स.= ब्रह्मसूत्र ।

अथवा ब्रह्मणि उपनयनसमये धृतं सूत्रम् *(उपनयनको समयमा धारण गरिएको सूत्र)* स.त.स.= ब्रह्मसूत्र ।

शब्दार्थ- व्यासद्वारा रचित ब्रह्मविद्याको वोध गराउने दर्शनको सूत्र, यज्ञसूत्र, यज्ञोपवित, जनै ।

ब्रह्मस्वः (ना./पुं.) ब्रह्मणः ब्राह्मणस्य स्वः धनम् *(ब्राह्मणको धन)* ब्रह्मन्+स्व, ष.त.स., नलोप =ब्रह्मस्व ।

शब्दार्थ- ब्राह्मणको धनसम्पत्ति, ब्राह्मणको अंश वा भागवण्डा ।

ब्रह्महत्या (ना./स्त्री.) ब्रह्मणः हननमिति *(ब्राह्मणको हत्या गरिन्छ)* ब्रह्म उपपदपूर्वक हन हिंसागत्योः (अदा.) धातु, ब्रह्म+हन्+क्यप् (य), नको त, ब्रह्महत्य +टाप् (आ)= ब्रह्महत्या ।

शब्दार्थ- ब्राह्मणको हत्या, ब्राह्मणको वध, ब्राह्मणलाई मार्ने काम, ब्राह्मणलाई वध गरेको पाप ।

ब्रह्महा (वि.) ब्रह्माणं हन्तीति *(ब्राह्मणलाई हत्या गर्छ)* ब्रह्म उपपदपूर्वक हन हिंसागत्योः (अदा.) धातु, ब्रह्म+हन्+क्विप् (सर्वलोप), ब्रह्महन्= ब्रह्महा ।

शब्दार्थ-ब्राह्मणलाई मार्ने, ब्राह्मणको हत्या वा वध गर्ने ।

---

१. ब्रह्महस्तिभ्यां वर्चसः : अच्

ब्रह्मा (ना./पुं.) व्यु.हे. ब्रह्म ।

ब्रह्माक्षरम् (ना./न.) ब्रह्म च तत् अक्षरम् *(ब्रह्मरूप अक्षर)* ब्रह्मन्+अक्षर, क.त.स., नलोप, दीर्घ =ब्रह्माक्षर ।

शब्दार्थ- ब्रह्मरूप अक्षर, ॐकार, प्रणव ।

ब्रह्माणी (ना./स्त्री.) ब्रह्माणं आनयति जीवयति *(ब्रह्मालाई शक्ति प्रदान गर्छिन्)* ब्रह्मन् उपपदमा हुने अन प्राणने (अदा.) धातु, ब्रह्मन्+अन्+क्विप् (सर्वलोप), नलोप, दीर्घ, ब्रह्मान्+ङीष् (ई), णत्व =ब्रह्माणी ।

शब्दार्थ- ब्रह्माकी पत्नी, ब्रह्मभार्या, ब्रह्माकी शक्ति, शक्तिरूपा सरस्वती ।

ब्रह्माण्डम् (ना./न.) ब्रह्मणः जगत्स्रष्टुरण्डम् *(सृष्टिकर्ता ब्रह्माको बीजभूत अण्ड)* ब्रह्मन्+अण्डम्, ष.त.स., नलोप, दीर्घ= ब्रह्माण्ड ।

शब्दार्थ- ब्रह्माको वीजभूत अण्ड, जसबाट चर अचर समस्त पृथ्वी ग्रह नक्षत्रादिले युक्त ब्रह्माण्ड सृष्टि भएको थियो, चौध भुवन ।

ब्रह्मानन्दः (ना./पुं.) ब्रह्मणि ब्रह्मस्वरूपे प्रलीने जातः आनन्दः *(ब्रह्ममा लीन हुँदा पाइने आनन्द)* स.त.स., दीर्घ= ब्रह्मानन्द ।

शब्दार्थ- ब्रह्मज्ञान प्राप्तिवाट हुने आनन्द, ब्रह्म साक्षात्कारवाट मिल्ने परम आनन्द ।

ब्रह्मास्त्रम् (ना./न.) ब्रह्मस्वरूपं च तत् अस्त्रम् *(ब्रह्मस्वरूप अस्त्र)* क.त.स, उ.प.लोप, नलोप, दीर्घ =ब्रह्मास्त्र ।

शब्दार्थ- ब्रहमस्वरूप अस्त्रविशेष ।

ब्राह्मः (वि./ना./न.) ब्रह्म देवता अस्य, ब्रह्मणः अयम्, ब्रह्मणः जातः *(ब्रह्मा छन् देवता जसका, ब्रह्माको यो, ब्रह्माबाट पैदा भएको)* ब्रह्मन्+अण्[1] (अ), आदिवृद्धि, ब्रह्मन्का अन्भागको टिलोप[2]= ब्राह्म ।

शब्दार्थ- ब्रह्मसम्वन्धी, ब्रह्माको अनुयायी, ब्रह्मालाई पूजा गर्ने, ब्रह्माको, ब्राह्मणसम्वन्धी, बूढी औंलाको भेद, ब्राह्मतीर्थ ।

ब्राह्मणः (ना./पुं.) ब्रह्म शुद्धचैतन्यस्वरूपं परब्रह्म वेदः वा तौ वेत्ति जानाति अधीते इति *(ब्रह्म भनेको शुद्ध- चैतन्यस्वरूप परब्रह्म वा वेद हो, त्यो पढ्छ वा जान्दछ)* ब्रह्मन्+अण् (अ), आदिवृद्धि, णत्व, अकारलोप= ब्राह्मण ।

अथवा ब्रह्मणः विप्रस्य प्रजापतेर्वा अपत्यं पुमान् *(ब्राह्मण वा प्रजापतिको सन्तान)* ब्रह्मन्+अण् (अ), आदिवृद्धि, णत्व= ब्राह्मण ।

शब्दार्थ- विप्र, ब्राह्मण, अग्रजन्मा, वेदाध्ययन गर्ने विप्र, वेदविशेषज्ञ ब्राह्मण, परब्रह्मतत्त्व जानेवुझेको ब्राह्मण ।

ब्राह्मणजः (वि.) ब्राह्मणात् जातः *(ब्राह्मणबाट जन्मेको)* ब्राह्मण उपपदमा हुने जनी प्रादुर्भावे (दिवा.) धातु, ब्राह्मण+जन्+ड (अ), टिलोप= ब्राह्मणज ।

शब्दार्थ- ब्राह्मणवाट जन्मेको, ब्राह्मणवाट पैदा भएको ।

ब्राह्मणत्वम् (ना./न.) ब्राह्मणस्य भावः *(ब्राह्मणमा पाइने भाव वा अवस्था)* ब्राह्मण+त्व= ब्राह्मणत्व ।

शब्दार्थ- ब्राह्मणमा रहने गुण, धर्म वा अवस्था ।

ब्राह्मणभोजनम् (ना./न.) ब्राह्मणेभ्यः भोजनम् *(ब्राह्मणहरूका लागि भोजन)* च.त.स.= ब्राह्मणभोजन ।

शब्दार्थ- ब्राह्मणहरूका लागि भोजन गराउने काम ।

ब्राह्मणवत् (अव्य.) ब्राह्मणेन तुल्यम् *(ब्राह्मणले तुल्य)* ब्राह्मण+वति (वत्)= ब्राह्मणवत् ।

शब्दार्थ- ब्राह्मणतुल्य, ब्राह्मण समान ।

ब्राह्मणी (ना./स्त्री.) ब्राह्मणस्य स्त्री *(ब्राह्मणकी पत्नी)* ब्राह्मण+ङीष् (ई)= ब्राह्मणी ।

अथवा ब्राह्मण स्त्री *(ब्राह्मणजाति स्त्री)* ब्राह्मण+ ङीष् (ई)= ब्राह्मणी ।

शब्दार्थ- ब्राह्मणकी पत्नी, ब्राह्मणकी भार्या, ब्राह्मणजाति स्त्री ।

ब्राह्मण्यम् (ना./न.) ब्रह्मणः ब्राह्मणस्य वा भावः कर्म *(ब्रह्म वा ब्राह्मणमा रहने भाव, अवस्था वा कर्म)* ब्रह्मन्+ष्यञ् (य), आदिवृद्धि, णत्व= ब्राह्मण्य ।

अथवा ब्राह्मणानां समूहः *(ब्राह्मणको समुदाय)* ब्राह्मण+यन्[3] (य), अकारलोप= ब्राह्मण्य ।

शब्दार्थ- ब्रह्म वा ब्राह्मणमा रहने गुण वा धर्म, पौरोहित्य, ब्राह्मणको कर्म, ब्राह्मणको समुदाय ।

ब्राह्ममुहूर्तः (ना./पुं.) ब्राह्मस्य मुहूर्तः *(ब्रह्मदेवताको मुहूर्त)* ष.त.स.= ब्राह्ममुहूर्त ।

शब्दार्थ- ब्रह्म देवताको मुहूर्त वा समय, अरुणोदय- कालको प्रथम चारघडी समय, प्रातःकाल, ब्रह्म वा गायत्रीको उपासना गर्ने मुहूर्त ।

द्रष्टव्य- **रात्रेश्च पश्चिमे यामे मुहूर्तो ब्राह्म उच्यते- स्मृतिवचनम्**

ब्राह्मविवाहः (ना./पुं.) ब्राह्मश्चासौ विवाहश्च *(ब्राह्म विवाह)* क.त.स.= ब्राह्मविवाह ।

शब्दार्थ- विवाहका आठ भेदमध्ये एक ।

द्रष्टव्य- **राम्रो शीलस्वभाव भएको वरलाई बोलाई विभूषित गरी पूजा गरेर आफ्नी कन्या दिनु ब्राह्मविवाह हो- म.स्मृ.३/२७**

ब्राह्मी (ना./स्त्री.) ब्रह्मणः इयम् *(ब्रह्मसम्बन्धी यी)* ब्रह्मन्+अण् (अ), टिलोप, नलोप, आदिवृद्धि, ब्राह्मन् +ङीष् (ई)= ब्राह्मी ।

शब्दार्थ- ब्रह्माकी शक्ति सरस्वती, दुर्गा, भगवती, अष्टमातृकामध्ये एक ।

---

1. साऽस्य देवता/तस्यापत्यम् : अण्

२. ब्राह्मो जातौ : टिलोप

३. ब्राह्मणमाणववाडवाद्यन् : यन्

भ

भः (ना./पुं./स्त्री.) भातीति *(प्रकाशित हुन्छ)* भा दीप्तौ (अदा.) धातु, भा+ड[१] (अ), टिलोप= भ ।

परिचय- देवनागरी वर्णमालाको चौवीसौं वर्ण, ओष्ठस्थानीय स्पर्शसंज्ञक सघोष महाप्राणध्वनि ।

भवने च तथा भः स्यात् भ्रमरो भः प्रकीर्तितः- एकाक्षरकोशः
भं नक्षत्रे गभस्तौ स्त्री पुंसि स्यात् भृगुनन्दने- इति मेदिनी

शब्दार्थ- शुक्राचार्य, भूमि, नभ, भ्रमर, भीम, भ्रम, भ्रान्ति, नक्षत्र, किरण, रश्मि, ग्रह, भवन, ज्योतीषशास्त्रमा सत्ताईसको सङ्ख्या ।

भकारः (ना./पुं.) 'भ' यस्तो वर्णनिर्देशनमा 'भ' प्रातिपदिकवाट भ+कार[२]= भकार ।

शब्दार्थ- भअक्षर वा ध्वनि, पवर्गको चौथो वर्ण ।

भक्तः (वि./ना./न.) भजति सेवते इति *(भजन वा सेवा गर्छ)*, भज्यते स्म इति *(सेवा गरिएको, विभक्त गरिएको)* भज सेवायाम् (भ्वा.) धातु, भज्+क्त[३] (त), वर्तमान र कर्ममा, कुत्व= भक्त ।

शब्दार्थ- देवीदेवताको पूजा आराधना गर्ने, भक्तालु, धार्मिक आस्था भएको, श्रद्धालु, उपासक, पूजक, सेवक, सेवित, पूजित, भाग लगाइएको, विभक्त, अन्न, भात, भोजन ।

भक्तवत्सलः (वि.) भक्तेषु वत्सलः *(भक्तहरूमा वत्सल)* स.त.स.= भक्तवत्सल ।

शब्दार्थ- भक्तहरूप्रति दया गर्ने, भक्तहरूमा स्नेह वा अनुराग भएको ।

भक्तिः (ना./स्त्री.) भज्यते सेव्यते अनया *(भजन वा सेवा गरिन्छ यसबाट)* भज सेवायाम् (भ्वा.) धातु, भज्+क्तिन् (ति), कुत्व= भक्ति ।

शब्दार्थ- देवीदेवताहरूको पूजा र आराधना, पूज्यप्रति अनुराग, ईश्वरप्रति श्रद्धा, विश्वास, अनुराग र आस्था, आफूभन्दा ठूलाप्रति आदरभाव, सेवाभाव ।

भक्तिमान् (वि.) भक्तिरस्यास्तीति *(भक्ति छ यसको)* भक्ति+मतुप्[४] (मत्)= भक्तिमान् ।

शब्दार्थ- भक्ति गर्ने, भक्तालु, भक्तिभाव भएको ।

भक्तिमार्गः (ना./पुं.) भक्तेर्मार्गः *(भक्तिको मार्ग)* ष.त.स. =भक्तिमार्ग ।

शब्दार्थ- देवीदेवता र परमेश्वरप्रति भक्तिभाव प्रकट गर्ने एक उपाय, भक्तियोगको मार्ग, ज्ञान, कर्म र भक्तिमार्गमध्ये अन्तिम एक ।

भक्तियोगः (ना./पुं.) भक्तेर्योगः *(ईश्वरप्रति भक्तिभाव)* ष.त.स.= भक्तियोग ।

शब्दार्थ- परमेश्वरमा गरिने भक्तिभाव, ईश्वरप्रतिको आस्था, विश्वास र भजनकीर्तन ।

***द्रष्टव्य*-वासुदेवे भगवति भक्तियोगः प्रयोजितः-श्रीमद्भा.१/२/७**

भक्तिरसः (ना./पुं.) भक्तिरेव रसः *(भक्तिरूप रस)* म.व्य.स.= भक्तिरस ।

शब्दार्थ- ईश्वरप्रतिको गाढा अनुराग, देवीदेवताहरूप्रति गरिने स्नेह वा सेवाभाव, साहित्यशास्त्रमा वताइएको देवादिविषयक भाव ।

भक्षः (ना./पुं.) भक्ष्यते इति *(खाइन्छ)* भक्ष अदने (भ्वा./चुरा.) धातु, भक्ष्+घञ् (अ)= भक्ष ।

शब्दार्थ- खाने काम, भोजन गर्ने क्रिया ।

भक्षकः (वि.) भक्षतीति *(खान्छ)* भक्ष अदने (भ्वा./चुरा.) धातु, भक्ष्+ण्वुल्[५] (अक)= भक्षक ।

शब्दार्थ- खाने, भोजन गर्ने, विनाश गर्ने, भक्षी ।

भक्षणम् (ना./न.) भक्ष्यते इति *(खाइन्छ)* भक्ष अदने (भ्वा./चुरा.) धातु, भक्ष्+ल्युट् (अन), णत्व= भक्षण ।

शब्दार्थ- खाने काम, भोजन गर्ने काम, खानेकुरा, भोजन ।

भक्षणीयः (वि.) भक्ष्यते, भक्षितुं योग्यः वा *(खाइन्छ, खान योग्य)* भक्ष अदने (भ्वा./चुरा.) धातु, भक्ष्+अनीय (र्), णत्व= भक्षणीय ।

शब्दार्थ- खान योग्य, खान लायक, भोजन गर्न योग्य वा लायक, भोज्य ।

भक्षितः (वि.) भक्षते स्म इति *(खाइएको)* भक्ष अदने (भ्वा./चुरा.) धातु, भक्ष्+क्त (त), इडागम= भक्षित ।

शब्दार्थ- खाइएको, भोजन गरिएको ।

भक्षी (वि.) भक्षति भक्षयति *(खान्छ)* भक्ष अदने (भ्वा./चुरा.) धातु, भक्ष्+णिनि[६] (इन्), भक्षिन्= भक्षी ।

शब्दार्थ- भक्षक, खाने, भोजन गर्ने ।

भक्ष्यः (वि./ना./पुं.) भक्ष्यते, भक्षितुं योग्यः वा *(खाइन्छ, खान योग्य)* भक्ष अदने (भ्वा./चुरा.) धातु, भक्ष्+ण्यत्[७] (य)= भक्ष्य ।

शब्दार्थ- खान योग्य वा लायक, भोजन गर्न योग्य, भक्ष्य, खानेकुरा, खानेवस्तु वा पदार्थ, खाइने भोजन ।

भक्ष्याभक्ष्यम् (ना./न.) भक्ष्यञ्च अभक्ष्यञ्च *(खान योग्य र अयोग्य)* द्व.स., दीर्घ= भक्ष्याभक्ष्य ।

शब्दार्थ- खान उपयुक्त र अनुचित वस्तु, खाद्य तथा अखाद्य पदार्थ ।

---

[१] अन्येष्वपि दृश्यते : ड

[२] वर्णात्कारः : कार

[३] मतिबुद्धिपूजार्थेषु.../अकर्तरि च... : क्त

[४] तदस्यास्त्यस्मिन्... : मतुप्

[५] ण्वुल्तृचौ : ण्वुल्

[६] नन्दिग्रहिपचादिभ्य... : णिनि

[७] ऋहलोर्ण्यत् : ण्यत्

भगः (ना./पुं./न.) भज्यते सेव्यते अस्मिन्/भज्यते सेव्यते यः इति वा *(सेवा गरिन्छ यसमा वा सेवा गरिन्छ जो)* अथवा भज्यतेऽनेन *(आसक्त हुन्छ यसबाट)* अथवा भजन्ते अस्मिन् *(आसक्त हुन्छन् यसमा)* भज सेवायाम् (भ्वा.) धातु, भज्+घ[1] (अ), कुत्व[2]= भग ।

भगं श्रीयोनिवीर्येच्छाज्ञानवैराग्यकीर्तिषु ।
माहात्म्यैश्वर्ययत्नेषु धर्मे मोक्षे च ना रवौ- इति मेदिनी
ऐश्वर्यस्य समग्रस्य धर्मस्य यशसः श्रियः ।
ज्ञानवैराग्योश्चैव षण्णां भग इतीरितः वि.पु. ६/५/७४

शब्दार्थ- श्रीसम्पत्ति, लक्ष्मी, समृद्धि, भाग्य, वीर्य, पराक्रम, शक्ति, इच्छा, ज्ञान, वैराग्य, कीर्ति, यश, महात्म्य, महिमा, ऐश्वर्य, सौभाग्य, सौन्दर्य, प्रयत्न, धर्म, मोक्ष, बाह्रवटा सूर्यमध्ये एक, चन्द्रमा, शिव, योनि, कामभवन, रतिगृह, नारीको मूत्रेन्द्रिय, गुप्तेन्द्रिय ।

भगणः (ना./पुं.) भानां नक्षत्रानां गणः *(नक्षत्रहरूको समुदाय)* ष.त.स.= भगण ।

शब्दार्थ- नक्षत्रहरूको समूह, नक्षत्रगण, छन्दशास्त्रका गणहरूमध्ये एक ।

द्रष्टव्य- भगणका तीन अक्षरहरूमध्ये आदि अक्षर गुरु र पछाडिका दुई अक्षर लघु हुन्छन् ।

भगवच्छक्तिः (ना./स्त्री.) भगवतः शक्तिः/ भगवति शक्तिः *(भगवान्को शक्ति वा भगवान्मा पाइने शक्ति)* ष.त.स./स.त.स., तुगागम, श्चुत्व= भगवच्छक्ति ।

अथवा भगवती चासौ शक्तिश्च *(शक्तिस्वरूपा भगवती)*, भगवांश्चासौ शक्तिश्च *(भगवान् नै शक्ति)* क.त.स., तुगागम, श्चुत्व= भगवच्छक्ति ।

शब्दार्थ- भगवान्को शक्ति, भगवान्मा पाइने सामर्थ्य वा शक्ति, शक्तिस्वरूपा जगदम्बा भगवती, ऐश्वर्यादि षट्गुणले परिपूर्ण शक्तिस्वरूप भगवान्, परमेश्वर भगवान् र शक्तिस्वरूपिणी भगवतीको ऐक्यरूप ।

भगवती (ना./स्त्री.) भगः अस्याः अस्तीति *(जसको भग शब्दको अर्थले व्यञ्जित गर्ने समग्र कुरा छ)* भग+मतुप्[3] (मत्), मको व, भगवत्+ङीप् (ई) =भगवती ।

शब्दार्थ- आद्यशक्ति, देवी, दुर्गा, गौरी, ऐश्वर्यादि छवटै तत्त्वले परिपूर्ण महाकाली, महालक्ष्मी र महासरस्वती, महामाया, पूज्य वा श्रद्धेय नारी ।

द्रष्टव्य- ज्ञानं समृद्धिः सम्पत्तिर्यशश्चैव बलं भगः
तेन शक्तिर्भगवती भगरूपा च सा सदा ।
- दे.भा.९/२/११

अर्थात् ज्ञान, समृद्धि, सम्पत्ति, यश, बल आदि शक्तिले परिपूर्ण भगरूपा जगदम्बा भगवती ।

भगवद्गीता (ना./स्त्री.) गीयते स्म अनया *(गाइएको छ यसबाट)* गै शब्दे (भ्वा.) धातु, गा+क्त (त), ईत्व, गीतः । गीत+टाप् (आ), गीता । भगवतः श्रीकृष्णस्य मुखारविन्दात् गीता विनिःसृता वा प्रकथिता *(भगवान् श्रीकृष्णको मुखारविन्दबाट निस्केको वा बताइएको)* प.त.स.= भगवद्गीता ।

शब्दार्थ- भगवान् श्रीकृष्णका मुखारविन्दबाट निःसृत भगवद्गीता, ज्ञानयोग, कर्मयोग र भक्तियोगको सम्मिश्रण भएको एक अमूल्य ग्रन्थरत्न, भगवान् श्रीकृष्णले अर्जुनलाई दिएको दिव्यज्ञान ।

भगवान् (ना./पुं.) भगं षडैश्वर्यादिकमस्ति अस्य *(षडैश्वर्यादि समृद्धि छ यिनको वा 'भग' शब्दको अर्थसँग सम्वन्धित सबैथोक छ जसको)* भग+मतुप्[3] (मत्), मको व, भगवत्= भगवान् ।

शब्दार्थ- ऐश्वर्यादि छतत्त्वले परिपूर्ण पुरुष, ईश्वर, परमात्मा परमेश्वर, विष्णु, नारायण, शिव, राम, कृष्ण, बुद्ध ।

भगिनी (ना./स्त्री.) भगं कल्याणं यत्नः इच्छा, कीर्तिः समृद्धिश्च अस्ति अस्याः *(कल्याण, प्रयत्न, इच्छा, कीर्ति र समृद्धि छ जसको)* भग+इनि[4] (इन्), अकारलोप, भगिन्+ङीप् (ई)= भगिनी ।

अथवा भगं समृद्ध्यादिकं योनिश्च अस्ति अस्याः *(समृद्धि र योनि छ यिनको)* भग+इनि (इन्), अकारलोप, भगिन्+ङीप् (ई)=भगिनी ।

शब्दार्थ- समृद्धि, कीर्ति, इच्छा, प्रयत्नादि सबै कुरा भएकी भाग्यशालिनी स्त्री, दिदी र बहिनी, सौभाग्यवती नारी

भगिनीपतिः (ना./पुं.) भगिन्याः पतिः *(बहिनीको पति)* ष.त.स.= भगिनीपति ।

शब्दार्थ- बहिनी वा दिदीको पति, बहिनी ज्वाँइ, भिनाजु ।

भग्नः (वि.) भज्यते स्म इति *(भाँचिएको)* भञ्जो आमर्दने (रुधा.) धातु, भञ्ज्+क्त (त), अनुनासिकलोप, निष्ठा तको न[5], कुत्व= भग्न ।

शब्दार्थ- भाँचिएको, टुटेको, भत्के-विग्रेको, हाड भाँचिएको, छिन्नभिन्न भएको ।

भग्नप्रतिज्ञः (वि.) भग्ना प्रतिज्ञा यस्य *(प्रतिज्ञा भग्न भएको छ जसको)* भग्न+प्रतिज्ञा, ब.स., ह्रस्व =भग्नप्रतिज्ञ ।

शब्दार्थ- प्रतिज्ञा पूरा गर्न नसकेको, प्रतिज्ञा भङ्ग भएको, उदास भएको, उत्साह मरेको ।

भग्नावशेषः (ना./पुं.) भग्नात् अवशेषः *(टुटफुटबाट बाँकिरहेको)* प.त.स., दीर्घ= भग्नावशेष ।

शब्दार्थ- भत्के-बिग्रेर बाँकिरहेको पुरातात्त्विक महत्त्वको अवशेष ।

---

[1] पुंसि संज्ञायाम्.../खनो घ च : घ
[2] चजोः कु... : कुत्व
[3] तदस्यास्त्यस्मिन्.. : मतुप्
[4] अत इनिठनौ : इनि
[5] ओदितश्च : तको न

भग्नाशः (वि./ना./पुं.) भग्ना आशा यस्य सः *(छिन्नभिन्न भएको छ आशा जसको)* ब.स., ह्रस्व= भग्नाश ।

शब्दार्थ- निराश भएको, हताश भएको, उदास, निरास ।

भङ्गः (ना./पुं.) भज्यते इति *(भाँचिन्छ)* भञ्जो आमर्दने (रुधा.) धातु, भञ्ज्+घञ् (अ), कुत्व= भङ्ग ।

शब्दार्थ- कुनै वस्तु टुट्ने फुट्ने काम, विध्वंस, विनाश, जलतरङ्ग, पानीको छाल, ऊर्मि, पराजय ।

भङ्गिमा (ना./पुं.) भङ्गस्य भावः कर्म इति वा *(भङ्ग हुनाको भाव, कर्म वा ढाँचाको अवस्था)* भङ्ग+ इमनिच्[1] (इमन्), वहुलप्रकारले, अकारलोप, भङ्गिमन् =भङ्गिमा ।

शब्दार्थ- भावभङ्गी, छाँटकाँट, कुनै संरचना आदिको ढाँचा, वोल्ने ढाँचा, कुटिलता, वक्रता, भाँचिने वा फुट्ने काम ।

भङ्गिः/भङ्गी (ना./स्त्री.) भनक्ति, भज्यते इति वा *(टुट्छ वा टुट्नु)* भञ्जो आमर्दने (रुधा.) धातु, भञ्ज्+इन्[2] (इ), उणा., कुत्व, परसवर्ण, भङ्गि+ङीप् (ई), विकल्पले= भङ्गी ।

ङीप्को अभावमा= भङ्गि ।

शब्दार्थ- विच्छेद, भाँचिने कार्य, पानीको लहर वा तरङ्ग, वहाना, छलकपट, भावभङ्गी, टेढोपन ।

भङ्गुरः (वि.) भनक्ति तच्छिलः *(भाँचिन योग्य)* भञ्जो आमर्दने (रुधा.) धातु, भञ्ज्+घुरच्[3] (उर), कुत्व, परसवर्ण= भङ्गुर ।

शब्दार्थ- टुट्नफुट्न योग्य, नश्वर, आफैं भाँचिन लागेको, अनित्य, नाशवान्, टेढो ।

भजनम् (ना./न.) भज्यते, भजनमिति वा *(भजन वा पूजा गरिन्छ)* भज सेवायाम् (भ्वा.) धातु, भज्+ल्युट् (अन) =भजन ।

शब्दार्थ- भजनकीर्तन गर्ने काम, पूजा, सेवा, आराधना, नामसङ्कीर्तन, गुणगान, भाग वा खण्ड ।

भजनीयः (वि.) भक्तुं योग्यः *(भज्न योग्य)* भज सेवायाम् (भ्वा.) धातु, भज्+अनीय (र्)= भजनीय ।

शब्दार्थ- भजन वा सेवा गर्न योग्य, भज्न लायक ।

भञ्जनम् (ना./न.) भज्यते इति *(भाँचिन्छ)* भञ्जो आमर्दने (रुधा.) धातु, भञ्ज्+ल्युट् (अन)= भञ्जन ।

शब्दार्थ- टुट्ने-फुट्ने काम, टुटफुट, तोडफोड, भाँच्ने विगार्ने काम, विनाश ।

भटः (ना./पुं./वि.) भटतीति *(सेवा गर्छ वा भन्दछ)* भट भृतौ वा भट परिभाषणे (भ्वा.) धातु, भट्+अच् (पचादि)= भट ।

भटः स्यात् पुंसि वीरे च- इति मेदिनी

भटो वीरे म्लेच्छभेदे- इति हैमः

शब्दार्थ- योद्धा, सैनिक, लड्ने, युद्ध गर्ने, लडाका, वीर, सेवक, म्लेच्छ ।

भट्टः (ना./पुं.) भटतीति *(भन्छ)* भट भृतौ वा भट परिभाषणे (भ्वा.) धातु, भट्+तन् (त), वहुलप्रकारले, ष्टुत्व= भट्ट ।

शब्दार्थ- प्रभु, स्वामी, जातिविशेष, दाक्षिणात्य व्राह्मणको एक उपाधि, व्राह्मणको थर, क्षत्रियवाट व्राह्मणी कन्यामा जन्मेको व्यक्ति, भाट, स्तुतिपाठक ।

द्रष्टव्य- **क्षत्रियाद् विप्रकन्यायां भट्टो जातोऽनुवाचकः- श.क.द्रुवाट**

भट्टारकः (ना./पुं.) भटतीति *(भन्दछ)* भट परिभाषणे (भ्वा.) धातु, भट्+क्विप् (सर्वलोप), भट् । तरतीति *(पार हुन्छ)* तॄ प्लवनतरणयोः (भ्वा.) धातु, तॄ+ण्वुल् (अक), वृद्धि, तारकः । भट् चासौ तारकश्च क.त.स., ष्टुत्व= भट्टारक ।

शब्दार्थ- आदरणीय व्यक्ति, पूज्य वा मान्यजन, स्वामी, राजा, प्रभु, युवराज ।

भट्टिनी (ना./स्त्री.) भट्टः पतिः अस्ति अस्याः *(भट्ट पति छ यसको वा पतिरूपमा भट्ट छ यसको)* भट्ट+इनि (इन्), भट्टिन्+ङीप् (ई)= भट्टिनी ।

शब्दार्थ- भट्टथरकी व्राह्मणकी पत्नी, अभिषेक नगरिएकी रानी ।

भट्टी (ना./पुं.) भट्टः अस्ति अस्य *(भट्ट उपाधि छ यिनको)* भट्ट+इनि (इन्), अकारलोप, भट्टिन्= भट्टी ।

शब्दार्थ- संस्कृत साहित्यका एक प्रसिद्ध कवि, भट्ट उपाधि वा थर हुने व्यक्ति ।

भणितः (वि./ना./न.) भण्यते स्म इति *(शब्द निकालिएको)* भण शब्दार्थे (भ्वा.) धातु, भण्+क्त (त), इडागम= भणित ।

भणितं रतिकूजितम्- इत्यमरः

शब्दार्थ- भनेको, वताइएको, शव्दित, कथित, स्त्री र पुरुषको सम्भोगवाट निस्कने ध्वनि वा आवाज ।

भद्रम् (ना./न./वि) भन्दते इति *(कल्याण वा सुख हुन्छ)* भदि कल्याणे सुखे च (भ्वा.) धातु, नुम्, भन्द्+ रक्[4] (र), उणा., नलोप (निपातनवाट)= भद्र ।

श्वःश्रेयसं शिवं भद्रं कल्याणं मङ्गलं शुभम्- इत्यमरः

शब्दार्थ- मङ्गल, कल्याण, शुभ, शिव, सज्जन, शिष्ट, मङ्गलदायक, सुन्दर, सभ्य, श्रेष्ठ, साधु, शिष्ट, उत्तम ।

भद्रकाली (ना./स्त्री.) भद्रा मङ्गलदायिनी चासौ काली च *(कल्याणदात्री देवी)* क.त.स., भद्राको पुंवद्भाव =भद्रकाली ।

अथवा भद्रं कल्याणं मङ्गलं वा कालयति असौ *(मङ्गल प्रदान गर्छिन् यी)* भद्र उपपदमा हुने कल गतौ सङ्ख्याने च (चुरा.) धातु, भद्र+कल्+अण् (अ), कल्को वृद्धि, भद्रकाल+ङीप् (ई)= भद्रकाली ।

शब्दार्थ- भगवती दुर्गाको विभिन्न नामरूपहरूमध्ये एक, काली, दुर्गाको मूर्ति, षोडश भुजा भएकी कात्यायनी दुर्गा ।

---

[1] पृथ्वादिभ्य... : इमनिच्

[2] सर्वधातुभ्य... : इन्

[3] भञ्जभासमिदो... : घुरच्

[4] ऋज्रेन्द्राग्रवज्र...: रक्, नलोप

भद्रश्री (ना./स्त्री.) भद्रा श्रीरस्याः *(कल्याणकारी शोभा वा सुगन्ध छ यसको)* व.स., ह्रस्व= भद्रश्री ।

शब्दार्थ- श्रीखण्डचन्दन, सुगन्ध फैलिने चन्दन ।

भद्रा (ना./स्त्री.) भन्दते इति *(कल्याण गर्छिन्)* भदि कल्याणे सुखे च (भ्वा.) धातु, नुम्, भन्द्+रक्[1] (र), उणा., नलोप, भद्र+टाप् (आ)= भद्रा ।

दुर्गा भगवती भद्रा ययेदं धार्यते जगत् ।

शब्दार्थ- भगवती दुर्गा, कल्याणकारिणी स्त्री, शिष्ट महिला, ज्योतिषशास्त्र-अनुसार विभिन्न तिथिमा पर्ने अशुभ मानिएको योग, पृथ्वी, कामधेनु गाई ।

भद्राक्षः (ना./पुं.) अक्षतीति *(व्याप्त हुन्छ)* अक्षू व्याप्तौ सङ्घाते च (भ्वा.) धातु, अक्ष्+अच् (पचादि), अक्षः । भद्रश्चासौ अक्षश्च *(कल्याणकारी अक्ष)* क.त.स. =भद्राक्ष ।

अथवा भद्रे सुन्दरे अक्षिणी यस्य सः *(राम्रा आँखा छन् जसका)* व.स., समासान्त अच्, दीर्घ= भद्राक्ष ।

शब्दार्थ- साना दाना हुने रुद्राक्ष, जसबाट जप गर्ने माला बनाइन्छ, कल्याणकारी रुद्राक्ष, सुन्दर आँखा हुने पुरुष ।

भयम् (वि./ना./न.) बिभेति अस्मात्, भीयते इति वा **(डराउँछ, डराइन्छ, डर मानिन्छ)** ञिभी भये (जुहो.) धातु, भी+अच्[2] (अ), गुण, अयादेश= भय ।

भीतिर्भीः साध्वसं भयम्- इत्यमरः

भयं भीतौ भयङ्करे- इति मेदिनी

शब्दार्थ- डरलाग्दो, भयङ्कर, भयानक, भयावह, भय पैदा गर्ने, भीम, डर, भय, भीति, त्रास, त्रासको स्थिति वा वातावरण ।

भयङ्करः (वि.) भयङ्करोतीति *(भय पैदा गर्छ)* भय उपपदपूर्वक डुकृञ् करणे (तना.) भय+कृ+खच्[3] (अ), गुण, भय कर, मुमागम[4]= भयङ्कर ।

शब्दार्थ- डरलाग्दो, भीषण, भयानक, भयावह, भय पैदा गर्ने ।

भयनाशनः (वि.) भयं नाशयतीति *(भय नाश गर्छ, डर हटाउँछ)* भय उपपदपूर्वक णश अदर्शने (दिवा.) धातु, भय+नश्+णिचि+युच् (अन), वृद्धि, णिलोप =भयनाशन ।

शब्दार्थ- भय हटाउने, डर हटाउने, भय विनाश गर्ने ।

भयभीतः (वि.) भयेन त्रासेन भीतः *(त्रासले डराएको)* तृ.त.स.= भयभीत ।

शब्दार्थ- भयग्रस्त, अत्यन्तै डराएको, डरले काँपेको, त्रासले आतङ्कित भएको, भयातुर, भयाकुल ।

भयविह्वलः (वि.) भयेन विह्वलः *(डरले व्याकुल भएको)* तृ.त.स.= भयविह्वल ।

शब्दार्थ-भयव्याकुल, भयग्रस्त, भयाकुल, भयले डराएको ।

भयाकुलः/भयातुरः (वि.) भयेन आकुलः, भयेन आतुरः इति वा *(भयले आकुल वा आतुर भएको)* तृ.त.स., दीर्घ =भयाकुल/भयातुर ।

शब्दार्थ- डराएको, भयले आतुर भएको, डरले व्याकुल भएको, भयग्रस्त ।

भयानकः (ना./पुं./वि.) बिभेति अस्मात् *(डराउँछ यसबाट)* ञिभी भये (जुहो.) धातु, भी+आनक[5] (उणा.), गुण, अयादेश= भयानक ।

दारुणं भीषणं भीष्मं घोरं भीमं भयानकम्- इत्यमरः

भयानकः स्मृतो व्याघ्रे रसे राहौ भयङ्करे- इति मेदिनी

शब्दार्थ- साहित्यिक नवरसमध्ये एक, भय स्थायीभाव भएको रस, राहुग्रह, बाघ, डरलाग्दो, भयङ्कर, भीषण ।

उदा. **सडकै भर छन् सबत्रासहरू घरवैरिन गैकन टोल मरु, न बजार थियो चहली-पहली सब एक भयानकको छ गति- नवरस (भयानक रस- ८७)**

भयापहः (वि.) भयमपहन्तीति *(भय नाश गर्छ)* भयउपपदमा हुने अपपूर्वक हन हिंसागत्योः (अदा.) धातु, भय+अप +हन्+ड (अ), टिलोप, दीर्घ= भयापह ।

शब्दार्थ- भयनाशक, डर भगाउने, भय विनाश गर्ने ।

भयावहः (वि.) भयमावहतीति *(भय पैदा गर्छ)* भय उपपदमा हुने आङ्पूर्वक वह प्रापणे (भ्वा.) धातु, भय+आ+वह्+अच् (पचादि), दीर्घ= भयावह ।

शब्दार्थ- भय पैदा गर्ने, डरलाग्दो, भयङ्कर, डर लाग्ने ।

***द्रष्टव्य*- स्वधर्मे निधनं श्रेयः परधर्मो भयावहः -भ.गी. ३/३५**

भरः (ना./पुं.) भरति, भ्रियते इति वा *(पालनपोषण गर्छ वा गरिन्छ)* भृञ् भरणे (भ्वा.) धातु, भृ+अच् (पचादि) /अप्[6] (अ), गुण= भर ।

शब्दार्थ- भरणपोषण गर्ने काम, आश्रय, आडभरोसा, भरथेग, अतिशय, ज्यादा ।

भरणम् (ना./न.) भ्रियते अनेन *(भरणपोषण गरिन्छ यसबाट)* भृञ् भरणे (भ्वा.) धातु, भृ+ल्युट् (अन), करणमा, गुण, णत्व= भरण ।

भरण्यं भरणं मूल्यम्- इत्यमरः

भरणं वेतने भृतौ- इति हैमः

शब्दार्थ- भरणपोषण गर्ने काम, पालनपोषण, तलब, वेतन, संरक्षण, मूल्य ।

भरणपोषणम् (ना./न.) भरणञ्च पोषणञ्च *(भरण र पोषण)* द्व.स.= भरणपोषण ।

शब्दार्थ- भरथेग, लालनपालन, कसैलाई जीवन निर्वाहका लागि केही दिने काम ।

भरणी (ना./स्त्री.) भ्रियते इति *(पूर्ण गर्नु)* भृञ् भरणे (भ्वा.) धातु, भृ+ल्युट् (अन), गुण, णत्व, भरण+ङीष् (ई)= भरणी ।

शब्दार्थ- सत्ताईस नक्षत्रमध्ये एक, अश्विनी र कृत्तिकाको बीचमा पर्ने नक्षत्र ।

---

[1] ऋज्रेन्द्राग्र... : रक्

[2] भयादिनामुपसङ्ख्यानम् (वा.) : अच्

[3] मेघर्तिभयेषु कृञः : खच्

[4] अरुर्द्विषदजन्तस्य... : मुम्

[5] आनकः शीङ्भियः : आनक

[6] ऋदोरप् : अप्

भरणीयः (वि.) भर्तुं योग्यः *(पालनपोषण गर्न योग्य)* डुभृञ् धारणपोषणयोः (जुहो.) धातु, भृ+अनीय (र्), गुण, णत्व= भरणीय ।

शब्दार्थ- भरणपोषण गर्न योग्य वा लायक ।

भरण्यम् (ना./न.) भ्रियतेऽनेन *(भरणपोषण गरिन्छ यसबाट)* डुभृञ् धारणपोषणयोः (जुहो.) धातु, भृ+ल्युट् (अन), करणमा, भरणम् । भरणे साधुः *(भरणपोषण गर्नमा निपुण)* भरण+यत् (य), अकारलोप= भरण्य ।

शब्दार्थ- पालनपोषण, संरक्षण, मूल्य, वेतन ।

भरतः (ना./पुं.) भरति, बिभर्ति लोकान् *(लोकको संरक्षण वा पालनपोषण गर्छन्)* भृञ् भरणे (भ्वा.) वा डुभृञ् धारणपोषणयोः (जुहो.) धातु, भृ+अतच्[1] (अत), उणा., गुण= भरत ।

अथवा भरतस्य मुनेरयम् *(भरतमुनिको यो)* वा भरतस्य अपत्यम् *(भरतका सन्तान)* भरत+अण्/अञ् (अ), संज्ञापूर्वकको वृद्धिनिषेध= भरत ।

शब्दार्थ- नाटयशास्त्रका प्रवर्तक भरतमुनि, रामचन्द्रका भाइ भरत, राजा दुष्यन्त र शकुन्तलाका पुत्र भरत, भरतवंशीय राजा, नट, नटुवा ।

भरद्वाजः (ना./पुं.) भ्रियते मरुद्भिः *(वायुद्वारा पालनपोषण गरिन्छ)* भृञ् भरणे (भ्वा.) धातु, भृ+अप्/घ (अ), गुण, भरः । द्विर्जायते इति *(दुईपटक जन्मन्छ)* द्वि उपपदपूर्वक जनी प्रादुर्भावे (भ्वा.) धातु, द्वि+जन्+ड (अ), द्विजः । पृषोदरादिबाट द्विको आत्व, द्वाजः । भरश्चासौ द्वाजश्च *(भरद्वाज)* क.त.स.= भरद्वाज ।

शब्दार्थ- सप्तर्षिहरूमध्ये एक ऋषि, गोत्रप्रवर्तक ऋषि, भरद्वाज गोत्रीय मानिस, भद्राइ पक्षिविशेष ।

भर्गस्/भर्गः (ना./पुं./न.) भर्जते कामादीन्, भृज्यन्ते कामक्रोधादयः अनेन *(कामादिलाई भुट्छ वा नाश गर्छ, कामक्रोधादि भुटिन्छन् वा नाशिन्छन् यसबाट)* भृजी भर्जने (भ्वा.) धातु, भृज्+अच् (पचादि)/घञ् (अ), गुण, कुत्व= भर्ग ।

अथवा भृज्+असुन् (अस्), उणा., गुण, कुत्व, भर्गस्, भर्गः= भर्ग

शब्दार्थ- शिव, शङ्कर, ब्रह्म, सूर्यतेज, ब्रह्मतेज, दिव्यज्योति, तेजपुञ्ज, प्रकाश ।

भर्जितः (वि.) भृज्यते स्म इति *(भुटिएको)* भृज्+क्त (त), इडागम= भर्जित ।

शब्दार्थ- पोलिएको, भुटिएको ।

भर्तृ (भर्ता) (ना./पुं.) बिभर्तीति *(पालनपोषण गर्छ)* डुभृञ् धारणपोषणयोः (जुहो.) धातु, भृ+तृच् (तृ), गुण, भर्तृ =भर्ता ।

धवः प्रियः पतिर्भर्ता- इत्यमरः

शब्दार्थ- लोग्ने, पति, प्रभु, स्वामी, अधिपति, ईश, मालिक, भरणपोषण गर्ने विष्णु, रक्षक, नायक ।

द्रष्टव्य- **सम्भवो भावनो भर्ता प्रभवः प्रभुरीश्वरः- विष्णु.स.ना. १७**

भर्त्सना (ना./स्त्री.) भर्त्स्यते इति *(हप्काइन्छ)* भर्त्स तर्जने (चुरा.) धातु, भर्त्स+णिचि+युच् (अन)+टाप् (आ)= भर्त्सना ।

शब्दार्थ- धम्की दिने काम, गाली, निन्दा, क्षोभ प्रकट, खेद, अभिशाप, निन्दा गर्ने काम ।

भल्लुकः (ना./पुं.) भल्लते इति *(हिंसा या विनाश गर्छ)* भल्ल परिभाषणहिंसादानेषु (भ्वा.) धातु, भल्ल+उक[2] (उणा.)= भल्लुक ।

शब्दार्थ- भालु, ऋक्ष ।

भवः (ना./पुं.) भवति सर्वम् *(सबै हुन्छ, प्राप्त हुन्छ)* भू प्राप्तौ (चुरा.) धातु, भू+अच् (पचादि), गुण, अवादेश =भव ।

अथवा भवति अस्मात् विश्वम् *(यसबाट विश्व उत्पन्न हुन्छ)* भू सत्तायाम् (भ्वा.) धातु, भू+अप् (अ), बहुलप्रकारले, गुण, अवादेश= भव ।

अथवा विश्वमस्ति अस्मिन् *(विश्व छ यसमा)* अस भुवि (अदा.) धातु, अस्+अप् (अ), बहुलप्रकारले, अस्को भू आदेश, गुण, अवादेश= भव ।

अथवा भूयते इति *(उत्पन्न हुनु)* भू सत्तायाम् (भ्वा.) धातु, भू+अप् (अ), गुण, अवादेश= भव ।

व्योमकेशो भवो भीमः स्थाणू रुद्र उमापतिः- इत्यमरः

भवः क्षेमेशसंसारे सत्तायां प्राप्तिजन्मनोः- इति मेदिनी

शब्दार्थ- शिव, शङ्कर, शम्भु, महादेव, ईश, पशुपति, सत्ता, हुनाको अवस्था, जन्म, उद्भव, उत्पत्ति, संसार, प्राप्ति, विश्व, जगत्, कल्याण ।

द्रष्टव्य- **भवः सर्वो रुद्रः पशुपतिरथोग्रः सहमहान्- शि.म.स्तो**

भवत् **(भवन्)** (वि.) भवतीति *(हुन्छ, घटित हुन्छ)* भू सत्तायाम् (भ्वा.) धातु, भू+शतृ (अत्), शप् (अ), गुण, अवादेश= भवत् (भवन्) ।

शब्दार्थ- आदरणीय, सम्मान्य, पूज्य, हुनेवाला, घटित हुने, घट्ने, वर्तमान ।

भवभूतिः (ना./पुं.) भव एव भूतिः *(संसाररूप ऐश्वर्य)* म.व्य.स.= भवभूति

अथवा भव एव भूतिर्यस्य *(संसार नै ऐश्वर्य छ जसको)* ब.स.= भवभूति ।

शब्दार्थ- सांसारिक ऐश्वर्य, धनदौलत, श्रीसम्पति, जगत्रूपी ऐश्वर्य, संस्कृत साहित्यका एक प्रसिद्ध कवि तथा नाटककार, विद्वान् कविविशेष ।

---

[1] भृमृदृशियजि... : अतच्

[2] उलूकादयश्च : उक

भवदीय: (वि.) भवत: अयम् *(हजुरकै यो)* भवत्+छस्[1] (ईय), जस्त्व= भवदीय ।

शब्दार्थ- हजुरको, तपाईंको, यहाँकै (आफ्नो) ।

भवदीया (वि./स्त्री.) भवत: इयम् *(हजुरकै यो (प्रेयसी)* भवत्+छस् (ईय)+टाप् (आ)= भवदीया ।

शब्दार्थ- हजुरकी, तपाईंकी, तिम्री, तिम्रै, यहाँकै, श्रीमान्की ।

भवनम् (ना./न.) भवन्ति अत्र *(यहाँ रहन्छन्, हुन्छन्),* भूयते अस्मिन्निति *(यहाँ भइन्छ)* भू सत्तायाम् (भ्वा.) धातु, भू+युच्[2] (अन), उणा./ल्युट् (अन), गुण, अवादेश = भवन ।

शब्दार्थ- घर, निवासस्थान, गृह, निकेतन, दरवार, अस्तित्व, उत्पत्ति, जन्म, प्रादुर्भाव ।

भवसागर: (ना./पुं.) भव एव सागर: *(संसाररूपी समुद्र)* म.व्य.स.= भवसागर ।

शब्दार्थ- संसाररूपी समुद्र, भवजल, भवाब्धि ।

भवान् (सर्व./पुं.) भातीति *(दीप्तिमान् हुन्छ)* भा दीप्तौ (अदा.) धातु, भा+डवतु[3] (अवत्), उणा., टिलोप, भवत्= भवान् ।

शब्दार्थ- हजुर, तपाईं, यहाँ ।

भवानी (ना./स्त्री.) भवस्य पत्नी *(शिवकी पत्नी)* भव+ङीष् (ई), आनुक्, भव आन् ई, दीर्घ= भवानी ।

शब्दार्थ- पार्वती, दुर्गा, शिवकी पत्नी, रुद्राणी ।

भवितव्यम् (ना./न./वि.) भूयते अनेन (कारणेन) *(यसबाट हुन्छ वा घटित हुन्छ)* भू सत्तायाम् (भ्वा.) धातु, भू+तव्यत् (तव्य), इडागम, अवादेश= भवितव्य ।

शब्दार्थ- कल्पना नगरिएको आकस्मिक घटना, दुर्घटना, पछि हुने, भावी, भविष्यमा हुने ।

भवितव्यता (ना./स्त्री.) भवितव्यस्य भाव: *(भवितव्य हुनाको भाव वा अवस्था)* भवितव्य+तल् (त)+टाप् (आ)= भवितव्यता ।

शब्दार्थ- भवितव्य हुनाको स्थिति वा अवस्था, दुर्घटनाको कारण वा स्थिति, सन्जोग ।

भविता (वि.) भविष्यतीति *(पछि हुनेछ)* भू सत्तायाम् (भ्वा.) धातु, भू+तृन् (तृ), इडागम, गुण, अवादेश, भवितृ= भविता ।

शब्दार्थ- पछि हुने, भावी, भविष्यमा हुने ।

भविष्य:/भविष्यत् (ना./पुं./वि.) भविष्यतीति, तं भविष्यन्तं विचारय *(पछि हुनेछ, पछि हुने कुरा विचार गर)* भू सत्तायाम् (भ्वा.) धातु, भू+लृट्, लृट्को शतृ आदेश, भू+शतृ[4] (अत्)+स्य (प्रत्यय), इडागम, गुण, अवादेश, भविस्य अत्, षत्व, पररूप= भविष्यत् । पृषोदरादिबाट तलोप पक्षमा= भविष्य ।

शब्दार्थ- पछि हुने समय, पछि आउने समय, आगामी काल, पछि आउने, पछि हुने, भावी, भविष्यमा हुने ।

भविष्यकाल:/भविष्यत्काल: (ना./पुं.) भविष्यस्य काल:/भविष्यत: काल: *(पछिको समय)* ष.त.स.= भविष्यकाल/भविष्यत्काल ।

अथवा भविष्यश्चासौ कालश्च/भविष्यच्चासौ कालश्च *(पछि आउने समय)* क.त.स.= भविष्यकाल /भविष्यत्काल ।

शब्दार्थ- पछि आउने काल, पछिको समय वा वेला, आगामी समय, आउँदो दिन वा महिना, पछि हुने कुरा ।

भविष्यवाणी (ना./स्त्री.) भविष्यस्य वाणी *(पछि हुने कुराको वाणी)* ष.त.स.= भविष्यवाणी ।

शब्दार्थ- पछि हुने कुरो अगाडि नै बताउने काम ।

भविष्यवक्ता (ना./पुं.) भविष्यं वक्तीति *(पछि हुने कुरा बताउँछ)* भविष्य उपपदपूर्वक वच परिभाषणे (अदा.) धातु, भविष्य+वच्+तृच् (तृ), कुत्व, भविष्यवक्तृ =भविष्यवक्ता ।

शब्दार्थ- पछि हुने कुरा पहिले नै बताउने व्यक्ति, ज्योतिषी, भविष्य बताइदिने मानिस ।

भव्य: (वि.) भवति, भूयते, भवितुं योग्य: वा *(हुन्छ, हुनु वा हुन योग्य)* भू सत्तायाम् (भ्वा.) धातु, भू+यत्[5] (य), निपातन, गुण, अवादेश= भव्य ।

शब्दार्थ- आकर्षक, सुन्दर, रमणीय, विशाल, हुन योग्य वा लायक, उपयुक्त, शुभदायक ।

भव्यता (ना./स्त्री.) भव्यस्य भाव: *(भव्य हुनाको भाव वा अवस्था)* भव्य+तल् (त)+टाप् (आ)= भव्यता ।

शब्दार्थ- आकर्षकता, अतिसुन्दरता, निकै सुहाउँदोपन ।

भस्म (ना./न.) बभस्तीति *(जल्छ)* भस भर्त्सनदीप्त्यो: (जुहो.) धातु, भस्+मनिन्[6] (मन्), भस्मन्= भस्म ।

शब्दार्थ- खरानी, कुनै वस्तु डढेर भस्म हुने काम, विभूति, डढेका काठको विकार ।

भस्मसात् (अव्य.) कृत्स्नं (वस्तु) भस्म सम्पद्यते इति *(समग्र वस्तु जलेर खरानी बन्यो)* भस्म+साति[7] (सात्) = भस्मसात् ।

शब्दार्थ- समग्र वस्तु जलेर खरानी बनेको, पूरै जलेर भस्म भएको वा भस्म हुने काम ।

भस्मीभूत: (वि.) अभस्म भस्म समपद्यत, तद् भूत इति *(नजलेको जल्यो र त्यो भष्मीभूत भयो)* भू सत्तायाम् (भ्वा.) धातु, भस्म+च्वि+भू+क्त (त), भस्मको ईत्व =भस्मीभूत ।

शब्दार्थ- नजलेको कुरा जलेर खरानी भएको, भस्मीभूत भएको, डढेको ।

---

[1] भवतष्ठक्छसौ : छस्

[5] भव्यगेयप्रवचनीय.. : यत्

[2] बहुलमन्यत्रापि : युच्

[3] भातेर्डवतु: : डवतु

[4] लृट: सद्वा : शतृ

[6] अन्येभ्योऽपि दृश्यन्ते/सर्वधातुभ्यो...: मनिन्

[7] विभाषा साति कार्त्स्न्ये : साति

भा: (ना./स्त्री.) भासते तच्छीला *(प्रकाशनशील)* भासृ दीप्तौ (भ्वा.) धातु, भा+क्विप् (सर्वलोप), भास्, (भा:) =भा ।

शब्दार्थ- दीप्ति, कान्ति, द्युति, छवि, चमक, आभा, शोभा, विद्युत् ।

भाग: (ना./पुं.) भज्यते इति *(दिइन्छ, भाग लगाइन्छ)* भज विश्राणने (चुरा.) धातु, भज्+घञ् (अ), वृद्धि, कुत्व= भाग ।

शब्दार्थ- विभाजन, भाग, खण्ड, हिस्सा, बाँड्ने काम, भाग गर्ने काम, भाग्य ।

भागधेयम् (ना./न.) भाग एव *(भाग/भाग्य नै)* भाग+धेय[1] (प्रत्यय)= भागधेय ।

दैवं दिष्टं भागधेयं भाग्यं स्त्री नियतिर्विधि:- इत्यमर:

शब्दार्थ- दैव, भाग्य, भाग, विभाग, नियति ।

भागवत: (वि./ना./न.) भगवत: भगवत्या: वा इदम् *(भगवान् वा भगवतीको यो)* भगवत्/भगवती+अण्[2] (अ), आदिवृद्धि= भागवत ।

अथवा भगवन्तम्, भगवतीम् वा अधीकृत्य कृतं ग्रन्थम् *(भगवान् वा भगवतीलाई मुख्य मानेर रचिएको ग्रन्थ)* भगवत्/भगवती+अण्[2] (अ), आदिवृद्धि= भागवत ।

अथवा भगवान्, भगवती वा देवता अस्य *(भगवान् वा भगवती देवता छन् यसका)* भगवत्/भगवती+अण् (अ), आदिवृद्धि= भागवत ।

शब्दार्थ- भगवान् वा भगवतीसम्वन्धी, विष्णु वा लक्ष्मी वा देवी दुर्गासित सम्वन्धित, अठार पुराणमध्ये श्रीमद्भागवत् तथा देवीभागवत् पुराणग्रन्थ, भगवद्भक्त, पवित्र, पुण्य ।

भागिनेय: (ना./पुं.)/**भागिनेया** (ना./स्त्री.) भगिन्या: अपत्यं पुमान् वा स्त्री *(दिदी बहिनीको पुत्र वा पुत्री)* भगिनी+ढक् (एय), आदिवृद्धि, ईकारलोप=भागिनेय । भागिनेय+टाप् (आ)= भागिनेया ।

शब्दार्थ- भानिज, दिदी वहिनीको छोरा, भाञ्जा वा भाञ्जी, दिदीवहिनीकी छोरी ।

भागी (वि.) भाजयति तच्छील: (भाजनशील) *(विभाजन गर्ने शीलयुक्त)* भज विश्राणने (चुरा.) धातु, भज्+घिनुण्[3] (इन्), वृद्धि, कुत्व, भागिन्= भागी ।

अथवा भाग: अस्यास्तीति *(भाग वा हिस्सा छ यसको)* भाग+इनि (इन्), अकारलोप, भागिन् =भागी ।

शब्दार्थ- भाग वा हिस्सा पाउने, हिस्सेदार, अंशियार, अंशवण्डा पाउने, हक वा अधिकार पाउने ।

भागीरथी (ना./स्त्री.) भगीरथस्य इयम् *(राजा भगीरथ-सम्वन्धी यो)* भगीरथ+अण् (अ), आदिवृद्धि, अकारलोप, भागीरथ । भागीरथ+ङीप् (ई)= भागीरथी ।

शब्दार्थ- राजा भगीरथको प्रयासबाट स्वर्गबाट ल्याइएकी गङ्गा, जाह्नवी, स्वर्गङ्गा ।

भाग्यम् (ना./न./वि.) भज्यते अनेन *(विभाजन गरिन्छ वा प्रारब्ध जनाइन्छ यसबाट)* वा भक्तुं योग्य: *(विभाजन गर्न योग्य)* भज सेवायाम् (भ्वा.) धातु, भज्+ण्यत् (य), वृद्धि, कुत्व= भाग्य ।

शब्दार्थ- दैव, नियति, दैवी विधिविधान, प्रारब्ध, विभाजन गर्न वा भाग लगाउन योग्य ।

भाग्यमानी (वि.) भाग्यं मन्तुं शीलमस्य *(भाग्य राम्रो ठान्ने शील भएको)* भाग्य उपपदपूर्वक मनु अवबोधने (तना.) धातु, भाग्य+मन्+णिनि (इन्), वृद्धि, भाग्यमानिन् = भाग्यमानी ।

शब्दार्थ- राम्रो भाग्य भएको, सौभाग्य भएको, भाग्यवान् ।

भाग्यवान् (वि.) भाग्यमस्यास्तीति *(भाग्य छ यसको)* भाग्य+मतुप् (मत्), मको व, भाग्यवत्= भाग्यवान् ।

शब्दार्थ- राम्रो भाग्य भएको (पुरुष), भाग्यमानी ।

भाग्यरेखा (ना./स्त्री.) भाग्यस्य रेखा *(भाग्यको रेखा)* ष.त.स.= भाग्यरेखा ।

शब्दार्थ- भाग्यको विचार गर्ने ठाडो रेखाचिन्ह, भाग्य राम्रो या नराम्रो भएको विचार गर्ने रेखाचिन्ह, ऊर्ध्वरेखा ।

भाग्योदय: (ना./पुं.) भाग्यस्य उदय: *(भाग्यको उदय)* ष.त.स.= भाग्योदय ।

शब्दार्थ- सुदिन, भाग्यको उदय, सौभाग्यको आगमन ।

भाजक: (वि./ना./पुं.) भाजयतीति *(भाग लगाउँछ)* भज विश्राणने वा भाज पृथक्कर्मणि (चुरा.) धातु, भज्/भाज्+ण्वुल् (अक), भज्को वृद्धि= भाजक ।

शब्दार्थ- भाग लगाउने, बाँड्ने, त्यो अङ्क जसले भाग गर्छ, भाजक अङ्क, भाजक सङ्ख्या ।

भाजनम् (ना./न.) भाज्यते अनेन *(बाँडिन्छ यसबाट)* भज विश्राणने वा भाज पृथक्कर्मणि (चुरा.) धातु, भाज्+णिचि, वृद्धि,भाजि+ल्युट् (अन), णिलोप=भाजन ।

शब्दार्थ- कुनै कुरा भाग लगाउने काम, वण्डा गर्ने काम, पात्र, भाँडो ।

भाजित: (वि.) भाज्यते स्म इति *(बाँडिएको)* भज विश्राणने वा भाज पृथक्कर्मणि (चुरा.) धातु, भज्+णिचि, वृद्धि, भाजि+क्त (त), णिलोप, इडागम =भाजित ।

शब्दार्थ- भाग लगाइएको, छुट्टयाइएको, विभक्त, विभाजित, अलग गरिएको ।

भाज्य: (वि.) भाज्यते, भाजितुं योग्य: वा *(विभाजन गरिन्छ वा भाग लगाउन योग्य)* भज विश्राणने वा भाज पृथक्कर्मणि (चुरा.) धातु, भज्/भाज्+णिचि, वृद्धि, णिलोप, भाज्+ण्यत् (य)= भाज्य ।

शब्दार्थ- अंश वा भाग लगाउन योग्य, भाग लगाउन उपयुक्त, विभाजन गर्न सकिने ।

---

[1] भागरूपनामभ्यो... : धेय

[2] तस्येदम्/अधिकृत्य कृते ग्रन्थे/साऽस्य देवता : अण्

[3] सम्पृचानुरुधा...: घिनुण्

भाण्डम् (ना./न.) भणतीति *(शब्द गर्छ)* भण शब्दार्थे (भ्वा.) धातु, भण्+ड (अ), उणा., भण्डः । भण्ड एव *(शब्द गर्ने नै)* भण्ड+अण् (अ), स्वार्थमा, आदिवृद्धि, अकारलोप= भाण्ड ।

भाण्डं मूलवणिक् वित्ते भूषणे भाजनेऽपि च- इति हैमः
भाण्डं पात्रे वणिङ्मूलधने भूषाऽश्वभूषयोः- इति मेदिनी

शब्दार्थ- भाँडो, पात्र, वर्तन, भाजन, सरसामान, व्यापारीको मूलधन, भूषण, घोडाको भूषण ।

भाण्डागारः (ना./पुं.) भाण्डानां पात्रादिनामागारः *(भाँडाहरूको भँडार)* ष.त.स., दीर्घ= भाण्डागार ।

शब्दार्थ- भँडार, भँडारकोठा, ढुकुटी, भाँडाहरू राख्ने ठाउँ, गोदाम घर ।

भाद्रः/भाद्रपदः (ना./पुं.) भन्दते इति *(कल्याण गर्छ)* भदि कल्याणे सुखे च (भ्वा.) धातु, नुम्, भन्द्+रक् (र), उणा., नलोप, भद्रम् । भद्र+टाप् (आ), भद्रा । भद्रं पदं यासां सा, ब.स., भद्रपद+टाप् (आ), भद्रपदा । भद्रया भद्रपदया च युक्ता *(भद्रा या भद्रपदाले युक्त)* भद्रा+अण् (अ), भद्रपदा+अण् (अ), आदिवृद्धि, ङीप् (ई), आकारलोप, भाद्री/भाद्रपदी । भाद्री/भाद्रीपदी च पौर्णमासी अस्मिन् मासे *(पूर्व वा उत्तरभाद्रा नक्षत्रयुक्त पूर्णिमा छ यस महिनामा)* भाद्री+अण् (अ), भाद्रीपदी+अण् (अ), ईकारलोप =भाद्र/भाद्रपद ।

शब्दार्थ- श्रावण र असोजको वीचमा पर्ने महीना, भदौ महिना, भाद्रमास ।

भाद्रपदी (ना./स्त्री.) भद्रं पदं यस्याम् सा ब.स., भाद्रपद+ङीष् (ई)= भाद्रपदी ।

शब्दार्थ- भाद्रशुक्लपक्षको पूर्णिमा तिथि ।

भानम् (ना./न.) भायते इति *(प्रकाशित हुनु)* भा दीप्तौ (अदा.) धातु, भा+ल्युट् (अन)= भान ।

शब्दार्थ- आभास, भ्रमपूर्ण ज्ञान, झझल्को ।

भानुः (ना./पुं.) भाति दिव्यते जगत्सु *(संसारमा प्रकाशित हुन्छन्)* भा दीप्तौ (अदा.)धातु, भा+नु[1](उणा.)=भानु ।

शब्दार्थ- सूर्य, सविता, रवि, आदित्य, किरण, प्रकाश, कान्ति, चमक ।

भानुभक्तीयः (वि.) भानुभक्तेन कृतः/प्रोक्तः वा *(भानुभक्तले रचना गरेको वा बताएको)* भानुभक्त+छ[2] (ईय) =भानुभक्तीय ।

शब्दार्थ- भानुभक्तले रचना गरेको, भानुभक्तले वताएको, भानुभक्तकृत् ।

भानुमान् (ना./पुं.) भानवः सन्ति अस्मिन् *(किरणहरू छन् यिनमा)* भानु+मतुप् (मत्), भानुमत्= भानुमान् ।

शब्दार्थ- रवि, सूर्य, भास्कर ।

भामः (ना./पुं.) भामते इति *(क्रुद्ध हुन्छ)* भाम क्रोधे (भ्वा.) धातु, भाम्+घञ् (अ)= भाम । अथवा भातीति *(प्रकाशित हुन्छ)* भा दीप्तौ (अदा.) धातु, भा+मनिन् (मन्), भामन्= भाम ।

शब्दार्थ- क्रोध, रिस, क्रोधले जलेको मानिस, रिसाहा व्यक्ति

भामा (ना./स्त्री.) भामते असौ *(रिसाउँछे यो)* भाम क्रोधे (भ्वा.) धातु, भाम+अच् (पचादि)+टाप् (आ)= भामा ।

शब्दार्थ- क्रोधी आइमाई, रिसाहा स्त्री, कोपना स्त्री ।

भामिनी (ना./स्त्री.) भामते इति *(क्रोध गर्छे)* भाम क्रोधे (भ्वा.) धातु, भाम्+णिनि (इन्), भामिन्+ङीप् (ई) =भामिनी ।

सुन्दरी रमणी रामा कोपना सैव भामिनी- इत्यमरः

शब्दार्थ- सुन्दरी, तरुणी, कामिनी, कोपवती नारी, रिसाहा आइमाई ।

उदा. **प्रकृति अतिकडा छ नागिनीको**
यससित तुल्यपना छ भामिनीको- आ.रा.४

भारः (ना./पुं.) भ्रियते इति *(धारण गरिन्छ)* डुभृञ् धारणपोषणयोः (जुहो.) धातु, भृ+घञ् (अ), वृद्धि=भार ।

शब्दार्थ- भारी, वजन, वोझ, भार, विवाहमा दही, ऊखु आदिको भार, प्राचीन नापतौल ।

भारजीवी (वि.) भारेण जीवतीति *(भारी बोकेर जीवन निर्वाह गर्छ)* भार उपपदमा हुने जीव प्राणधारणे (भ्वा.) धातु, भार+जीव्+णिनि (इन्), भारजीविन्= भारजीवी ।

शब्दार्थ- भारी वोकेर जीवन धान्ने, भरिया ।

भारतः (ना./पुं.) विभर्तीति *(धारण गर्छ)* डुभृञ् धारणपोषणयोः (जुहो.) धातु, भृ+अतच्[3] (अत), उणा., गुण, भरतः । भरतस्य राज्ञः मुनेर्वा अयम् *(राजा भरत या भरतमुनिको यो),* भरतस्य गोत्रापत्यम् *(भरतकुलका सन्तति),* भरत एव *(भरतसम्बन्धी नै)* भरत+अण्[4] (अ), आदिवृद्धि, अकारलोप= भारत ।

शब्दार्थ- नेपालको दक्षिणी छिमेकी राष्ट्र भारत, हिमालयदेखि दक्षिण र समुद्रदेखि उत्तरको भूभाग, भारतवर्ष, भरतका सन्तान, राजा भरतसित सम्वन्धित ।

द्रष्टव्य- **उत्तरं यत्समुद्रस्य हिमाद्रेश्चैव दक्षिणम्**
वर्ष तत्भारतं नाम भारती यत्र सन्ततिः- स्मृतिवचन

भारतवर्षम् (ना./न.) भारतं च तत् वर्षञ्च *(भारत वर्ष)* क.त.स.= भारतवर्ष ।

शब्दार्थ- प्राचीन जम्वूद्वीपका नौवटा वर्षहरूमध्ये एक ।

भारती (ना./स्त्री.) भरतस्य इयम् *(अग्नि वा वचनको यो)* भरत+अण् (अ), आदिवृद्धि, भारत+ङीप् (ई), अकारलोप= भारती ।

शब्दार्थ- वाणी, वोली, वचन, भाषा ।

द्रष्टव्य- **अग्निर्भरतः । अग्निर्वाक् भूत्वा मुखं प्राविशत्- ऐत.उप. १/२/४**

---

[1] १. दाभाभ्याम् : नु
[3] ३. शीङ्स्तुसुहु... : अतच्
[2] २. तेन प्रोक्तम् : छ
[4] ४. तस्येदम्/शिवादिभ्यो.../प्रज्ञादिभ्यश्च : अण्

भारतीयः (वि.) भारते भरतखण्डे वर्षे वा जातादिः *(भरतखण्ड वा भारतवर्षमा उत्पन्न भएको)* भारत+छ[1] (ईय), अकारलोप= भारतीय ।

शब्दार्थ- भारतमा जन्मेको, भारतवासी, भारतसम्वन्धी ।

भारद्वाजः (ना./पुं.) भरद्वाजस्य अपत्यं पुमान् *(भरद्वाज ऋषिका सन्तान)* भरद्वाज+अण्[2] (अ), आदिवृद्धि, अकारलोप= भारद्वाज ।

शब्दार्थ- भरद्वाज ऋषिको कुल वा वंश, भारद्वाज गोत्रीय मानिस, कौरव र पाण्डवका गुरु द्रोणाचार्य ।

भारवाहः/भारवाहकः (ना./पुं./वि.) भारं वहतीति *(भारी बोक्छ)* भार उपपदपूर्वक वह प्रापणे (भ्वा.) धातु, भार+वह्+अण् (अ), वृद्धि= भारवाह ।

भार+वह्+ण्वुल् (अक), वह्को वृद्धि= भारवाहक ।

शब्दार्थ- भारी वोक्ने व्यक्ति, भरिया, ज्यामी, कुल्ली ।

भारविः (ना./पुं.) भासते तच्छीलः (प्रकाशनशील) भासृ दीप्तौ (भ्वा.) धातु, भास्+क्विप् (सर्वलोप), भास्, भाः । रूयते स्तूयते रवते इति वा *(स्तुति गरिन्छ वा शब्द गर्छ)* रु शब्दे (अदा.) वा रुङ् गतौ (भ्वा.) धातु, रु+इ, गुण, अवादेश, रविः । भाः प्रकाशमानः रविरिव *(प्रकाशमान सूर्यझैँ चम्किला)* उप.क.त.स. =भारवि ।

शब्दार्थ- संस्कृत साहित्यका एक प्रसिद्ध कवि, कीरातार्जुनीय नामक संस्कृत महाकाव्यका रचयिता महाकवि ।

भार्गवः (ना./पुं.) भृगोरपत्यं पुमान् *(भृगुका पुरुष सन्तति)* भृगु+अण्[2] (अ), आदिवृद्धि, गुण, अवादेश= भार्गव ।

शब्दार्थ- भृगु ऋषिका सन्तान, शुक्राचार्य, दैत्यगुरु, परशुराम ।

भार्गवी (ना./स्त्री.) भृगोरपत्यं स्त्रीं *(भृगुकी स्त्री सन्तति)*, भृगोरियम् *(भृगुकी यी)* भृगु+अण् (अ), आदिवृद्धि, गुण, अवादेश, भार्गव+ङीप् (ई)= भार्गवी ।

शब्दार्थ- लक्ष्मी, देवी, दुर्गा, भवानी, दुवो ।

भार्यः (वि.) भर्तुं योग्यः *(भरणपोषण गर्न योग्य)* डुभृञ् धारणपोषणयोः (जुहो.) धातु, भृ+ण्यत्[3] (य), वृद्धि =भार्य ।

शब्दार्थ- भरणपोषण गर्नुपर्ने, पालनपोषण गर्न योग्य ।

भार्या (ना./स्त्री.) भ्रियते, भर्तुं योग्या इति वा *(भरणपोषण गर्न योग्य वा लायक)* डुभृञ् धारणपोषणयोः (जुहो.) वा भृञ् भरणे (भ्वा.) धातु, भृ+ण्यत् (य), वृद्धि, भार्य+टाप् (आ)= भार्या ।

शब्दार्थ- धर्मपत्नी, पत्नी, सहधर्मिणी, श्रीमती, अर्धाङ्गिनी

भालम् (ना./न.) भातीति *(सुशोभित हुन्छ)* भा दीप्तौ (अदा.) धातु, भा+लच् (ल)= भाल ।

अथवा भालयते, प्रकाशते इति *(प्रकाशमान् हुन्छ)* भल आभण्डने (चुरा.) धातु, भल्+णिचि, वृद्धि, भालि+अच् (पचादि), णिलोप= भाल ।

भालं तेजोललाटयोः- इति मेदिनी

शब्दार्थ- निधार, मस्तक, ललाट, प्रकाश, तेज, शिर, भाग्य

भालचन्द्रः (ना./पुं.) भाले चन्द्रः यस्य *(भालमा चन्द्रमा छन् जसका)* ब.स.= भालचन्द्र ।

शब्दार्थ- मस्तकमा चन्द्रमा धारण गर्ने शिव, शङ्कर ।

भाललोचनः (ना./पुं.) भाले लोचनं यस्य *(निधारमा आँखा छ जसको)* व.स.= भाललोचन ।

शब्दार्थ- निधारमा एउटा आँखा हुने, त्रिलोचन, शिव, शङ्कर, महादेव ।

भावः (ना./पुं.) भवनम् *(उत्पत्ति हुनु)* भू सत्तायाम् (भ्वा.) धातु, भू+घञ् (अ), वृद्धि, आवादेश= भाव । अथवा भावयतीति *(दबाउँछ)* भू सत्तायाम् (भ्वा.) वा भू प्राप्तौ (चुरा.) धातु, भू+णिचि, वृद्धि, भावि+घञ्[4] (अ)/अच् (पचादि), णिलोप= भाव ।

विकारो मानसो भावः/भावो विद्वानथावुकः- इत्यमरः
भावः सत्ता स्वभावाभिप्राय चेष्टात्मजन्मसु
क्रियालीलापदार्थेषु विभूतिबुधजन्तुषु- इति मेदिनी

शब्दार्थ- सत्ता, अस्तित्व, मानसिक भाव वा विचार वा प्रतिक्रया, स्वभाव, अभिप्राय, तात्पर्य, चेष्टा, आशय, हाउभाउ, श्रद्धा, विश्वास, उत्पत्ति, जन्म, साहित्यिक सात्त्विक भाव, स्थायीभाव, नाटकमा प्रदर्शन गरिने भावभङ्गिमा, लीला ।

द्रष्टव्य- निरुक्तले भावविस्तार छ प्रकारको वताएको छ- **जायते, अस्ति, विपरिणमते, वर्धते, अपक्षीयते, विनश्यति । -अर्थात् भाव पैदा हुन्छ, अस्तित्वमा रहन्छ, विकार पैदा हुन्छ, बढ्छ, क्षीण हुन्छ, नष्ट हुन्छ ।**

भावगम्यः (वि.) भावेन गम्यः *(भावद्वारा बुझिने)* तृ.त.स. = भावगम्य ।

शब्दार्थ- भावद्वारा वुझ्न योग्य, भावद्वारा वुझिने ।

भावग्राही (वि.) भावं गृह्णातीति *(भाव ग्रहण गर्छ)* भाव उपपदपूर्वक ग्रह उपादाने (क्र्या.) धातु, भाव+ग्रह् +णिनि[5] (इन्), भावग्राहिन्= भावग्राही ।

शब्दार्थ- भावद्वारा वुझिने र जानिने, भाव वा आशय वा अभिप्राय ग्रहण गर्ने, मनोभाव वुझ्ने ।

भावज्ञः (वि.) भावं जानातीति *(भाव जान्दछ)* भाव उपपदपूर्वक ज्ञा अववोधने (क्र्या.) धातु, भाव+ज्ञा+क (अ), आलोप= भावज्ञ ।

शब्दार्थ- भाव जान्ने, हृदयको भावना वुझ्ने ।

भावतत्त्वम् (ना./न.) भावस्य तत्त्वम् *(भावको तत्त्व)* ष.त.स.= भावतत्त्व ।

शब्दार्थ- वुद्धिपक्षभन्दा भाव मुख्य हुने तत्त्व, हृदयपक्ष मुख्य हुने तत्त्व ।

भावत्कः (वि.) भवतः अयम् *(हजुरकै यो, तपाईंकै वा यहाँकै यो)* भवत्+ठक्[6] (इक), आदिवृद्धि, ठक्को क आदेश= भावत्क ।

शब्दार्थ- तपाइँकै, हजुरकै, यहाँकै ।

---

[1] वृद्धाच्छः : छ
[2] ऋष्यन्धकवृष्णि... : अण्
[3] ऋहलोर्ण्यत् : ण्यत्
[4] श्रिणीभुवोऽनुपसर्गे : घञ्
[5] सुप्यजातौ... : णिनि
[6] भवतष्ठक्छसौ : ठक्

भावना (ना./स्त्री.) भाव्यते अनया *(अनुभूति गरिन्छ यसबाट)* भू सत्तायाम् (भ्वा.) वा भू प्राप्तौ (चुरा.) धातु, भू+णिचि, वृद्धि, आवादेश, भावि+युच् (अन), णिलोप, भावन+टाप् (आ)= भावना ।

शब्दार्थ- मनमा पैदा हुने भाव वा विचार, मानसिक कल्पना आदि, मनोभाव, चिन्तन, धारणा, अनुराग ।

उदा. बाँकी नै छन् सखि ! अझ यहाँ भावनाका प्रकार- भृ.ख.का.४/२१

भावनात्मकः (वि.) भावना आत्मा यस्य *(भावना छ मुख्य जसको)* भावना+आत्मन्, ब.स., दीर्घ, भावनात्मन्+कप्[1] (क), समासान्त= भावनात्मक ।

शब्दार्थ- भावना प्रवलरूपमा रहेको, भावनामय, भावनायुक्त, भावनासित सम्वन्धित ।

भावनामयः (वि.) भावनायाः आगतः *(भावनाबाट निस्केको)*, प्रकृता प्रचुरा भावना *(ज्यादा भावना भएको)* भावना +मयट्[2] (मय)= भावनामय ।

शब्दार्थ- भावनाले भरिएको, भावनाले ओतप्रोत, भावना सलवलाएको, भावनात्मक ।

भावपक्षः (ना./पुं.) भावस्य पक्षः *(भावको पक्ष)* ष.त.स. =भावपक्ष ।

शब्दार्थ- साहित्यको हृदयपक्ष, हृदय छुने काव्यपक्ष ।

भावपरकः (वि.) भावः परः यत्र *(भाव प्रबल छ जहाँ)* ब.स., भावपर+कप्[3] (समासान्त)= भावपरक ।

शब्दार्थ- भावपक्ष प्रवल रूपमा रहेको, भावनात्मक, भावना प्रमुखरूपमा रहेको ।

भावप्रधानः (वि./ना./न.) भावः प्रधानम् यत्र *(भाव मुख्य छ जहाँ)* ब.स.= भावप्रधान ।

अथवा भावस्य प्रधानम् *(भावपक्षको प्रधान)* ष.त.स. =भावप्रधान ।

शब्दार्थ- भाव मुख्यरूपमा रहेको, भाव प्रमुख भएको, भावप्रधान, भावपक्षको मुख्यता ।

भाववोधकः (वि.) भावं वोधयतीति *(भाव बुझाउँछ)* भाव उपपदमा हुने वुधिर् वोधने (भ्वा.) धातु, भाव+वुध् +ण्वुल् (अक), गुण= भाववोधक ।

अथवा भावस्य वोधकः *(भावको उद्बोधक)* ष.त.स. =भाववोधक ।

शब्दार्थ- भाव प्रकट गर्ने, भाव वुझाउने, भाव उद्वोधन गर्ने ।

भावमयः (वि.) भावादागतः वा प्रकृतः प्रचुरः भावः *(भावबाट प्रकट भएको, ज्यादै भाव भएको)* भाव+मयट्[2] (मय)= भावमय ।

शब्दार्थ- भावनाले भरिएको, भावात्मक, भावले परिपूर्ण, भावले भरिएको, भावयुक्त ।

भावमूलकः (वि.) मूलमेव *(मूल नै)* मूल+कन् (क), स्वार्थमा, मूलकः । भावः मूलकः यत्र *(भाव नै प्रमुख छ जहाँ)* ब.स.= भावमूलक ।

अथवा भावः मूलं यत्र *(भाव नै मुख्य छ जहाँ)* ब.स., भावमूल+कप् (क), समासान्त= भावमूलक ।

शब्दार्थ- भाव मुख्यरूपमा रहेको, भाव प्रवलरूपमा उत्रेको, भावात्मक, भावमय ।

भावयित्री (वि.) भावयतीति *(मूलभाव प्रकट गर्छ)* भू सत्तायाम् (भ्वा.) धातु, भू+णिचि, वृद्धि, आवादेश, भावि+तृच् (तृ), भावि तृ, इडागम, गुण, अयादेश, भावय् इतृ, भावयितृ+ङीप् (ई), यण्= भावयित्री ।

शब्दार्थ- भाव वुझाउने, भाव अवगत गराउने, भावको वोध गराउने ।

भाववाचकः (वि.) भावं वाचयतीति *(भाव व्यक्त गर्छ)* भाव उपपदपूर्वक वच परिभाषणे (चुरा.) धातु, भाव+वच्+ण्वुल्[4] (अक), वृद्धि= भाववाचक ।

शब्दार्थ- भाव वुझाउने, भाववोधक, भाव प्रकट गर्ने ।

भाववाच्यः (वि.) उच्यते इति *(भनिन्छ)* वच परिभाषणे (अदा.) धातु, वच्+ण्यत् (य), वृद्धि, वाच्यम् । भावः भावप्रधानम् वाच्यम् यत्र *(भाव प्रमुख हुने वाच्य छ जहाँ)* ब.स.= भाववाच्य ।

शब्दार्थ- व्याकरणात्मक भाव अर्थात् क्रिया मात्र मुख्य हुने वाच्य, वाच्यका तीन भेदमध्ये एक ।

भाववान् (वि.) भावः अस्ति अस्य *(भाव (मुख्य) छ यसको)* भाव+मतुप् (मत्), मको व, भाववत्= भाववान् ।

शब्दार्थ- भाव भएको, भाव प्रमुख भएको ।

भावव्यञ्जकः (वि.) भावं व्यनक्तीति *(भाव प्रकट गर्छ)* भाव उपपदमा हुने विपूर्वक अञ्जू व्यक्तिम्रक्षण-कान्तिगतिषु (रुधा.) धातु, भाव+वि+अञ्ज्+ण्वुल्[4] (अक)= भावव्यञ्जक ।

शब्दार्थ- भाव प्रकट गर्ने, भाव वुझाउने, भाव व्यक्त गर्ने, भावपक्षको अभिव्यञ्जन गर्ने ।

भावशुद्धिः (ना./स्त्री.) भावस्य शुद्धिः *(भावको शुद्धि)* ष.त.स.= भावशुद्धि ।

शब्दार्थ- मनको पवित्रीकरण, मनको स्वच्छता, मानसिक तप, सद्भाव, अन्तःकरणको शुद्धि ।

द्रष्टव्य- भावसंशुद्धिरित्येतत्तपोमानसमुच्यते- भ.गी.१७/१६

भावशून्यः (वि.) भावेन शून्यः *(भावले रहित)* तृ.त.स. =भावशून्य ।

शब्दार्थ- भावनारहित, कुनै कामना नभएको, भाव नभएको, भावरहित, निष्काम ।

भावाकुलः (वि.) भावात् भावेन वा आकुलः *(भावबाट व्याकुल)* प.त.स./तृ.त.स.= भावाकुल ।

शब्दार्थ- मनमा ज्यादा भाव सलबलाउनाले व्याकुल भएको वा छटपटाएको, भावले आकुल देखिने ।

---

[1] अनिनस्मन् : कप्

[3] शेषाद्विभाषा : कप्

[2] मयट् च/तत्प्रकृतवचने... : मयट्

[4] ण्वुल्तृचौ : ण्वुल्

भावाकुलता (ना./स्त्री.) भावेन आकुलः *(भावाकुल),* भावाकुलस्य भावः *(भावाकुल हुनाको अवस्था)* भावाकुल +तल् (त)+टाप् (आ) =भावाकुलता ।

शब्दार्थ- प्रगाढ भाव प्रवाहबाट मनमा पैदा हुने अवस्था, मानसिक व्याकुलता वा छट्पटी ।

भावातीतः (वि.) भावमतीतः, भावात् अतीतः *(भावभन्दा परको)* द्वि.त.स./प.त.स., दीर्घ= भावातीत ।

शब्दार्थ- भाव वा कल्पनाभन्दा पररहेको, सोचाइ वा भावनाभन्दा परको ।

भावात्मकः (वि.) भावः आत्मा यस्य *(भाव मुख्य छ जहाँ)* ब.स., दीर्घ, भावात्मन्+कप् (क), समासान्त =भावात्मक । अथवा आत्मा एव *(आत्मा नै)* आत्मन्+कन् (क), स्वार्थमा, नलोप, आत्मकः । भावः आत्मकः यत्र *(भाव नै प्रमुख छ जहाँ)* ब.स., दीर्घ= भावात्मक ।

शब्दार्थ- भावमूलक, भावप्रधान भएको, भावमुख्य या प्रगाढरूपमा रहेको ।

भावानुकूलः (वि.) भावस्य अनुकूलः *(भावको अनुकूल)* ष.त.स., दीर्घ= भावानुकूल ।

शब्दार्थ- भावको अनुरूप भएको, भावको अनुकूल रहेको, भाव सुहाउँदो ।

भावानुवादः (ना./पुं.) अनुद्यते इति *(अनुवाद गरिन्छ)* अनुपूर्वक वद व्यक्तायां वाचि (भ्वा.) धातु, अनु+ वद्+घञ् (अ), दीर्घ, अनुवादः । भावस्य अनुवादः *(मुख्यभावको अनुवाद)* ष.त.स., दीर्घ =भावानुवाद ।

शब्दार्थ- मूलभाव ठम्याएर गरिने अनुवाद, मूलभावको मर्म अनुरूपको अनुवाद, भावको मात्र अनुवाद ।

भावार्थः (ना./पुं.) भावस्य अर्थः *(मूल भावको अर्थ)* ष.त.स., दीर्घ= भावार्थ ।

शब्दार्थ- मूलभावको अर्थ, मुख्य मूलभावको आशय ।

भावावेगः (ना./पुं.) भावात् जनितः, भावजनितः, स चासौ आवेगश्च *(भावबाट पैदा भएको आवेग)* क.त.स., उ.प.लोप वा भावस्य आवेगः *(भावको आवेग)* ष.त.स., दीर्घ= भावावेग ।

शब्दार्थ- भावको आधिक्यता, भावको प्रवलता, भाव ज्यादा सलवलाएको स्थिति, भावबाट उत्पन्न आवेग ।

भावावेशः (ना./पुं.) भावस्य आवेशः *(भावको आवेश)* ष.त.स., दीर्घ= भावावेश ।

शब्दार्थ- भावावेश पैदा हुने स्थिति, भावमा ज्यादा बहकिदा उत्पन्न हुने आवेश ।

भाविकः (वि.) भावात् आगतः जातः वा *(भावबाट पैदा भएको)* भाव+ठक्[१] (इक)= भाविक ।

शब्दार्थ- भावबाट उत्पन्न भएको, भावुकताले पूर्ण, भावनाले भरिएको, प्राकृतिक, वास्तविक ।

भावितः (वि.) भाव्यते स्म इति *(पैदा गरिएको, विचार गरिएको)* भू सत्तायाम् (भ्वा.) धातु, भू+णिचि, वृद्धि, भावि+क्त (त), णिलोप, इडागम= भावित । अथवा भाव्यते स्म इति *(चिन्तन वा मिश्रण गरिएको)* भुवोऽवकल्कने मिश्रीकरणे (चिन्तने च) (चुरा.) धातु, भू+णिचि, वृद्धि, भावि+क्त (त), णिलोप, इडागम =भावित ।

शब्दार्थ- उत्पादित, मनन वा चिन्तन गरिएको, विचार गरिएको, मिश्रित, चिन्तित, ठम्याइएको, मिसाइएको, परिशोधित ।

भावी (ना./पुं./वि.) भविष्यतीति *(पछि हुनेछ)* भू सत्तायाम् (भ्वा.) धातु, भू+णिनि[२]/इनि[३] (इन्), उणा., णित्व, वृद्धि, आवादेश, भाविन्= भावी ।

शब्दार्थ- पछि हुने समय, पछि आउने वेलावखत, भविष्यत् काल, भाग्य, पछि हुने, भविष्यमा हुने ।

भावुकः (वि.) भवति तच्छीलः भवनशीलः *(भवनशील, हुने शील भएको)* भू सत्तायाम् (भ्वा.) धातु, भू+ उकञ्[४] (उक), वृद्धि, आवादेश= भावुक ।

शब्दार्थ- भावनामा वहकिने, कोमल हृदय भएको, पछि हुने, सहृदय, मनमा भाव ज्यादा प्रवाहित हुने ।

भावुकता (ना./स्त्री.) भावुकस्य भावः *(भावुक हुनाको भाव वा अवस्था)* भावुक+तल् (त)+टाप् (आ) =भावुकता ।

शब्दार्थ- भावुक हुनाको स्थिति वा अवस्था ।

भाव्यः (वि.) भाव्यते इति *(हुन लगाइन्छ)* भू सत्तायाम् (भ्वा.) धातु, भू+णिचि, वृद्धि, आवादेश, भावि+यत्[५] (य), णिलोप= भाव्य ।

शब्दार्थ- पछि हुने, आगामी समयमा हुने, विचार गर्न योग्य वा लायक ।

भाषणम् (ना./न.) भाष्यते इति *(प्रकट गरिन्छ)* भाष व्यक्तायां वाचि (भ्वा.) धातु, भाष्+ल्युट् (अन), णत्व =भाषण ।

शब्दार्थ- वक्तव्य दिने काम, प्रवचन, भन्ने या वताउने काम, कुराकानी, वातचित, व्याख्यान ।

भाषणीयः (वि.) भाषितुं योग्यः *(भन्न लायक)* भाष व्यक्तायां वाचि (भ्वा.) धातु, भाष्+अनीय (र्), णत्व =भाषणीय ।

शब्दार्थ- वताउन योग्य, भन्न लायक, वक्तव्य वा प्रवचन दिन उचित ।

भाषा (ना./स्त्री.) भाष्यते कथ्यते अनया इति *(यसबाट पदार्थको स्वरूप बताइन्छ)* भाष व्यक्तायां वाचि (भ्वा.) धातु, भाष्+अङ् (अ)+टाप् (आ)= भाषा ।

ब्राह्मी तु भारती भाषा गीर्वाग्वाणी सरस्वती- इत्यमरः

शब्दार्थ- वातचित, वोली, वाणी, मनको भाव व्यक्त गर्ने वचन वा बोली, सरस्वती, भारती, शब्द, उक्ति, वाक्य ।

---

१. ठगायस्थानेभ्य... : ठक्

२. भविष्यति गम्यादयः : णिनि

३. भुवश्च : इनि, णित्व

४. लषपतपदस्थाभू... : उकञ्

५. अचो यत् : यत्

भाषानुरागः (ना./पुं.) भाषायामनुरागः *(भाषामा अनुराग)* स.त.स.= भाषानुराग ।

शब्दार्थ- भाषाप्रति स्नेह, भाषाप्रेम, भाषाउपर अनुराग ।

भाषानुवादः (ना./पुं.) भाषायाः अनुवादः *(भाषाको अनुवाद)* ष.त.स., दीर्घ= भाषानुवाद ।

शब्दार्थ- एउटा भाषावाट अर्को भाषामा गरिने अनुवाद, भाषान्तर, भाषाको रूपान्तरण ।

भाषान्तरणम् (ना./न.) भाषायाः अन्तरणम् *(भाषाको अन्तर)* ष.त.स.= भाषान्तरण ।

शब्दार्थ- भाषाको परिवर्तन, ·उल्था गर्ने काम, एक भाषावाट अर्को भाषामा गरिने अनुवाद ।

भाषाविज्ञानम् (ना./न.) भाषायाः विज्ञानम् *(भाषाको विज्ञान वा शास्त्र)* ष.त.स.= भाषाविज्ञान ।

शब्दार्थ- भाषाको उत्पत्ति, विकास र परिवर्तनसम्वन्धी कुराको वैज्ञानिक ढङ्गले अध्ययन गरिने शास्त्र, भाषाशास्त्र ।

भाषाविद् (वि.) भाषां वेत्ति विन्ते इति *(भाषा जान्दछ वा भाषाको विकासमा विचार गर्छ)* भाषा उपपदपूर्वक विद ज्ञाने (अदा.) वा विद विचारणे (रुधा.) धातु, भाषा+विद्+क्विप् (सर्वलोप)=भाषाविद् ।

शब्दार्थ- भाषा जान्ने, भाषाको उत्पत्ति र विकास आदिको वारेमा विश्लेषण गर्ने, भाषाविज्ञ ।

भाषाविशेषज्ञः (वि.) विशेषण जानातीति *(विशेषरूपमा जान्दछ)* विशेष+ज्ञा+क (अ), आलोप, विशेषज्ञः । भाषायाः विशेषज्ञः *(भाषाको विशेषज्ञ)* ष.त.स. =भाषाविशेषज्ञ ।

शब्दार्थ- भाषासम्वन्धी विषयमा विभिन्न कुरा जान्ने, भाषाविद्, भाषाशास्त्रमा निपुण वा प्रवीण ।

भाषिकः (वि.) भाषायाः अयम्, भाषायाः आगतः *(भाषाको यो, भाषावाट आएको)* भाषा+ठक्[1] (इक)= भाषिक ।

शब्दार्थ- भाषासम्वन्धी, भाषाको, भाषावाट आएको, भाषावाट उत्पत्ति भएको ।

भाषिका (ना./स्त्री.) भाषा एव *(भाषा नै)* भाषा+कन् (क), स्वार्थमा, टाप् (आ), ककारपूर्वका अकारको इत्व= भाषिका ।

शब्दार्थ- उपभाषा, भाषाका भेद, स्थानीय तथा क्षेत्रीय भाषाहरू ।

भाषितम् (ना./न./वि.) भाष्यते, भाष्यते स्म इति *(भनिन्छ वा भनिएको)* भाष व्यक्तायां वाचि (भ्वा.) धातु, भाष्+क्त[2] (त), भावमा, इडागम= भाषित ।

शब्दार्थ- वचन, वाणी, वोलीवचन, कथित, भनिएको, वताइएको ।

भाषी (वि.) अवश्यं भाषते *(अवश्य व्यक्त गर्छ)* भाष व्यक्तायां वाचि (भ्वा.) धातु, भाष्+णिनि[3] (इन्) =भाषी

शब्दार्थ-वोल्ने, भन्ने, वताउने, वक्ता ।

द्रष्टव्य- 'भाषी' शव्द कुनै शव्दको उत्तरपदमा गाँसिएर पनि आउँछ, जस्तैः मृदुभाषी, मिष्ठभाषी ।

भाषीयः (वि.) भाषायां भवः *(भाषामा हुने)* भाषा+छ[4] (ईय)= भाषीय ।

शब्दार्थ- भाषावाट आएको, भाषासम्वन्धी, भाषामा हुने ।

भाष्यः (वि./ना./न.) भाष्यते कथ्यते, भाषितुं योग्यः वा *(वताइन्छ, व्याख्या गरिन्छ, वताउन योग्य)* भाष व्यक्तायां वाचि (भ्वा.) धातु, भाष्+ण्यत् (य)= भाष्य ।

शब्दार्थ- कुनै ग्रन्थको व्याख्या गर्ने, व्याख्याता, भन्न लायक, वताउन योग्य, कथ्य, विस्तृत रूपमा वर्णन गर्ने काम, टीका वा भाषा लेख्ने काम ।

भाष्यकारः (वि.) भाष्यं करोतीति *(भाष्य वनाउँछ वा लेख्छ)* भाष्य उपपदपूर्वमा हुने डुकृञ् करणे (तना.) धातु, भाष्य+कृ+अण् (अ), वृद्धि= भाष्यकार ।

शब्दार्थ- भाष्यकर्ता, टीका लेख्ने, व्याख्या गर्ने, व्याख्याता, भाष्यनिर्माता, पाणिनिको सूत्रमा भाष्य लेख्ने पतञ्जलि, महाभाष्यकर्ता ।

भासः (ना./पुं.) भासते, भास्यते इति *(प्रकाशित हुन्छ, वा हुनु)* भासृ दीप्तौ (भ्वा.) धातु, भास्+घञ् (अ), वृद्धि= भास ।

शब्दार्थ- दीप्ति, प्रकाश, ज्योति, संस्कृत भाषाका एक प्रसिद्ध नाटककार ।

भास् (भाः) (ना./स्त्री.) भासते इति *(प्रकाशित हुन्छ)* भासृ दीप्तौ (भ्वा.) धातु, भास्+क्विप् (सर्वलोप), भास्= भा ।

शब्दार्थ- प्रकाश, दीप्ति, छवि, द्युति, किरण ।

भासमानः (वि.) भासते इति *(प्रकाशित हुन्छ)* भासृ दीप्तौ (भ्वा.) धातु, भास्+शानच् (आन), शप् (अ), भास आन, मुम्= भासमान ।

शब्दार्थ- प्रकाशमान भइरहेको, प्रज्ज्वलित भइरहेको ।

भासितः (वि.) भासते स्म इति *(प्रकाशित भएको)* भासृ दीप्तौ (भ्वा.) धातु, भास्+क्त (त), कर्तामा, इडागम =भासित ।

शब्दार्थ- प्रकाशित, चम्केको, उज्ज्वल ।

भास्करः (ना./पुं.) भासं प्रभां करोतीति *(प्रभा फैलाउँछ)* भास् उपपदपूर्वक डुकृञ् करणे (तना.) धातु, भास्+कृ+ट (अ), गुण= भास्कर ।

शब्दार्थ- सूर्य, विभाकर, अग्नि, सुवर्ण, ज्योतिषशास्त्रका एक प्रसिद्ध विद्वान् ।

भास्मनः (वि.) भस्मनः विकारः *(खरानीको विकार)* भस्मन्+अण् (अ), आदिवृद्धि= भास्मन ।

शब्दार्थ- खरानीले परिपूर्ण, खरानीसम्वन्धी ।

भास्वती (वि./ना./स्त्री.) भाति प्रकाशते इति *(प्रकाशित हुन्छ)* भा दीप्तौ (अदा.) धातु, भा+असुन् (अस), भास् । भासः दीप्तयः सन्ति अस्याम् *(दीप्ति वा ज्योति छन् यसमा)* भास्+मतुप् (मत्), मको व, भास्वत्+ङीप् (ई)= भास्वती ।

शब्दार्थ- दीप्तिमान्, प्रकाशिलो, चम्किलो, उज्ज्वल, सूर्यको नगरी, ज्योतिषसम्वन्धी एक ग्रन्थ ।

---

[1] ठगायस्थानेभ्यः.../तस्येदम् : ठक्

[2] नपुंसके भावे.. : क्त

[3] आवश्यकाधमर्ण्य... : णिनि

[4] वृद्धाच्छः : छ

भास्वरः (वि./ना./पुं.) भासते तच्छीलः *(भासनशील)* भासृ दीप्तौ (भ्वा.) धातु, भास्+वरच्[1] (वर)=भास्वर

शब्दार्थ- चम्किलो, दीप्तिमान्, प्रकाशमान, सूर्य, आदित्य, दिन ।

भिक्षा (ना./स्त्री.) भिक्ष्यते इति *(भिक्षा मागिन्छ)* भिक्ष भिक्षायामलाभे लाभे च (भ्वा.) धातु, भिक्ष्+अ (प्रत्यय)+टाप् (आ)= भिक्षा ।

शब्दार्थ- भिक्षा माग्ने काम, याचना, भीख माग्ने कार्य, भीख ।

भिक्षाचरः (वि.) भिक्षां चरतीति *(भिक्षा माग्न घुम्छ)* भिक्षापूर्वक चर गतिभक्षणयोः (भ्वा.) धातु, भिक्ष्+चर्+ट (अ)= भिक्षाचर ।

शब्दार्थ- भिक्षा मागेर खाने, भिक्षुक, भिखारी, योगी ।

भिक्षाटनम् (ना./न.) भिक्षायै भिक्षार्थं वा अटनम् *(भिक्षा माग्नको लागि भ्रमण गर्ने काम)* च.त.स., दीर्घ =भिक्षाटन ।

शब्दार्थ- भिक्षा माग्नका लागि घुम्ने काम, भिक्षा जम्मा गर्ने काम ।

भिक्षापात्रम्/भिक्षाभाजनम् (ना./न.) भिक्षायाः पात्रम् /भाजनम् *(भिक्षाको पात्र)* ष.त.स.= भिक्षापात्र/ भिक्षाभाजन ।

शब्दार्थ- भिक्षा माग्ने भाँडो, भीख मागेको पदार्थ राख्ने भाँडो ।

भिक्षुः (ना./पुं.) भिक्षते तच्छीलः याचनशीलः *(भिक्षा माग्ने शील भएको)* भिक्ष भिक्षायामलाभे लाभे च (भ्वा.) धातु, भिक्ष्+उ[2] (प्रत्यय)= भिक्षु ।

शब्दार्थ- भिखारी, भिक्षा माग्ने व्यक्ति, योगी, सन्न्यासी ।

भिक्षुकः (ना./पुं./वि.) भिक्षुरेव *(भिक्षु नै)* भिक्षु+कन् (क), स्वार्थमा= भिक्षुक ।

अथवा भिक्षते इति *(भीख माग्छ)* भिक्ष भिक्षायामलाभे लाभे च (भ्वा.) धातु, भिक्ष्+उक् (बहुलप्रकारले)= भिक्षुक ।

शब्दार्थ- योगी, सन्न्यासी, भीख माग्ने, भिक्षा याचना गर्ने, भिखारी, निर्धन ।

भिक्षुनिकायः (ना./पुं.) निचीयते इति *(जम्मा गरिन्छ)* निपूर्वक चिञ् चयने (स्वा.) धातु, नि+चि+घञ् (अ), आदिको क, वृद्धि, आयादेश, निकायः । भिक्षूणां निकायः *(भिक्षुहरूको समूह)* ष.त.स.= भिक्षुनिकाय ।

शब्दार्थ- भिक्षुवर्ग, भिक्षुसमुदाय, भीख माग्नेहरूको समूह,

भित्तिः (ना./स्त्री.) भिद्यते इति *(तोड्नु, फोड्नु)* भिदिर् विदारणे (रुधा.) धातु, भिद्+क्तिन् (ति)= भित्ति ।

शब्दार्थ- तोड्ने वा टुक्र्याउने काम, धाँजो, भित्तो, खण्ड, आधारस्तम्भ, आश्रय ।

भिन्नः (वि.) भिद्यते स्म इति *(फुटेको)* भिदिर् विदारणे (रुधा.) धातु, भिद्+क्त (त), निष्ठा तको न, परसवर्ण= भिन्न ।

शब्दार्थ- विभक्त, छुट्टिएको, पृथक्, खण्डित, टुक्रिएको, टुटेको, फुटेको ।

भिन्नता (ना./स्त्री.) भिन्नस्य भावः *(भिन्न वा पृथक् हुनाको भाव)* भिन्न+तल् (त)+टाप् (आ)= भिन्नता ।

शब्दार्थ- अलग् वा पृथक् हुनाको अवस्था, पार्थक्य ।

भिन्नरुचिः (वि.) भिन्ना रुचिर्यस्य *(भिन्न छ रुचि जसको)* ब.स., ह्रस्व= भिन्नरूचि ।

शब्दार्थ- भिन्न चाहना भएको, अलग रुचि भएको ।

भिषक् (ना./पुं.) विभेति अस्मात् रोगादिकम् *(रोगादि यसबाट डराउँछ)* ञिभी भये (जुहो.) धातु, भी+अजि (अज्), षुगागम[3], उणा., भीको ह्रस्व, जको कुत्व =भिषक् ।

अथवा भिषज्यतीति *(उपचार गर्छ)* भिषज् चिकित्सायाम् (कण्वा.) धातु, भिषज्+क्विप् (सर्वलोप), कुत्व= भिषक् ।

शब्दार्थ- वैद्य, चिकित्सक, कविराज, विष्णु ।

भीः (ना./स्त्री) भीयते इति *(डराउनु)* ञिभी भये (जुहो.) धातु, भी+क्विप् (सर्वलोप)= भी ।

दरस्त्रासो भीतिर्भीः साध्वसं भयम्- इत्यमरः

शब्दार्थ- भय, डर, त्रास, भीति, हडवडाहट ।

भीतः (वि.) विभेति स्म इति *(डराएको)* ञिभी भये (जुहो.) धातु, भी+क्त (त), कर्तामा= भीत ।

शब्दार्थ- डराएको, भयभीत, त्रस्त, त्रासयुक्त, तर्सेको ।

भीतिः (ना./स्त्री.) भीयते इति *(डराउनु)* ञिभी भये (जुहो.) धातु, भी+क्तिन् (ति)= भीति ।

शब्दार्थ- त्रास, भय, डर, कम्पन, हडवडाउने काम ।

भीमः/भीष्म (वि./ना./पुं.) विभेति अस्मात्सर्वम् *(यसबाट सबैलाई भय हुन्छ)* ञिभी भये (जुहो.) धातु, भी+मक् (म), उणा., षुगागम, विकल्पले= भीष्म ।

षुगागमको अभावमा= भीम ।

दारुणं भीषणं भीष्मं घोरं भीमं भयानकम् ।
भयङ्करम् प्रतिभयम्- इत्यमरः ॥
भीष्मो रुद्रे च गाङ्गेये राक्षसे च भयङ्करे ।
भीमोऽम्लवेतसे घोरे शम्भौ मध्यमपाण्डवे- इति मेदिनी

शब्दार्थ- डरलाग्दो, दारुण, भीषण, भयानक, भयङ्कर, भीमरूप ईश्वर, रुद्र, शङ्कर, भीष्मपितामह, भीमसेन, राक्षस ।

भीमकर्मा (वि.) भीमं कर्म यस्य *(डरलाग्दो छ कर्म जसको)* ब.स., भीमकर्मन्= भीमकर्मा ।

शब्दार्थ- डरलाग्दो काम गर्ने, आँटिलो, साहसिलो कर्म गर्ने, महापराक्रमी, अतिवलवान्, ज्यादा शक्तिशाली ।

भीमकायः (वि.) भीमः कायः यस्य *(भयङ्कर छ शरीर जसको)* ब.स.= भीमकाय ।

शब्दार्थ- ठूलो शरीर भएको, विशाल देह भएको, ज्यादै ठूलो शरीर भएको, भीम विग्रह भएको ।

---

[1] स्येशभासपिस... : वरच्

[2] सनाशंसभिक्ष... : उ

[3] भियः षुग्घ्रस्वच्च : षुक्, ह्रस्व

भीरु/भीरुकः (वि./ना./पुं./स्त्री.) बिभेति तच्छीलः *(भयशील वा भयशीला स्त्री, भय मान्ने स्वभावको)* भी+क्रुक्[1] (रु), उणा.= भीरु ।
भी+क्रुकन् (रुक)= भीरुक ।
भीरुः स्यात् कातरे नार्याम् ।
शब्दार्थ- डरपोक, डरछेरुवा, डराउने प्रवृत्तिको, काँतर, पीडितजन, डराउने स्वभावकी नारी, काँतर स्त्री, आर्तजन ।

भीरुता (ना./स्त्री.) भीरोः भावः *(भीरु हुनाको भाव वा अवस्था)* भीरु+तल् (त)+टाप् (आ)= भीरुता ।
शब्दार्थ- कांतरपना, डरछेरुवापन, भीरु हुनाको अवस्था ।

भीषणः (वि.) भीषयते इति *(डर पैदा गर्छ)* ञिभी भये (जुहो.) धातु, भी+णिचि, षुक्[2], भीषि+ल्यु/युच् (अन), णिलोप= भीषण ।
शब्दार्थ-दारुण, डरलाग्दो, भयङ्कर, भीष्म, भयानक, घोर ।

भीषणता (ना./स्त्री.) भीषणस्य भावः *(भीषण हुनाको भाव वा अवस्था)* भीषण+तल् (त)+टाप् (आ) =भीषणता ।
शब्दार्थ- भयङ्करता, डरलाग्दोपन, दारुण अवस्था ।

भीष्मप्रतिज्ञा (ना./स्त्री.) भीष्मा चासौ प्रतिज्ञा च *(भीषण प्रतिज्ञा)* वा भीष्मस्य प्रतिज्ञा *(भीष्मको प्रतिज्ञा)* क.त.स./ष.त.स.= भीष्मप्रतिज्ञा ।
शब्दार्थ- कठोर प्रतिज्ञा, भीष्मको भीषणप्रतिज्ञा ।

भुक्तः (वि.) भुज्यतेऽस्मिन् *(खाइन्छ यहाँ)* भुज पालनाभ्यवहारयोः (रुधा.) धातु, भुज्+क्त[3] (त), अधिकरणमा, कुत्व= भुक्त ।
शब्दार्थ- खाइएको, भोगेको, खाएको, भोग गरिएको, म्याद नाघेको ।

भुक्तभोगी (वि.) भुक्तं भोक्तुं शीलमस्य *(भोगेको कुरा उपभोग गर्ने शील छ जसको)* भुक्त उपपदपूर्वक भुज पालनाभ्यवहारयोः (रुधा.) धातु, भुक्त+भुज्+णिनि[4] (इन्), गुण, कुत्व, भुक्तभोगिन्= भुक्तभोगी ।
शब्दार्थ- राम्रो नराम्रो, सुख-दुःख सबै भोगी सकेको, व्यवहारमा निपुण ।

भुक्तिः (ना./स्त्री) भुज्यते इति *(खाइन्छ, भोग गरिन्छ)* भुज पालनाभ्यवहारयोः (रुधा.) धातु, भुज्+क्तिन् (ति), कुत्व= भुक्ति ।
शब्दार्थ-भोग, भोजन, भोग गर्ने काम, उपभोग गर्ने काम ।

भुजः (ना./पुं.) भुज्यते अनेन इति *(भोग गरिन्छ, खाइन्छ यसबाट)* भुज पालनाभ्यवहारयोः (रुधा.) धातु, भुज्+घञ्[5] (अ), गुणाभाव, कुत्वाभाव निपातन= भुज । अथवा भुजतीति *(खुम्चिन्छ, टेढो हुन्छ)* भुजो कौटिल्ये (तुदा.) धातु, भुज्+क[6] (अ)= भुज ।
शब्दार्थ- वाहु, हात, हस्त, हाँगो, शाखा, हात्तीको सुँड, कोण वनाउन खिचिने सीधारेखा ।

भुजगः (ना./पुं.) भुजं वक्रं गच्छतीति *(टेढो हुँदै हिड्छ)* वा भुजेन गच्छति *(शरीर घिसार्दै हिड्छ)* भुज उपपदपूर्वक गम्लृ गतौ (भ्वा.) धातु, भुज+गम्+ड[7] (अ), टिलोप= भुजग ।
शब्दार्थ- सर्प, साप, फणी ।

भुजगशयनम् (ना./न.) भुजगे शयनम् *(सर्पमा शयन)* वा भुजग एव शयनम् *(सर्प नै शयन वा शय्या)* स.त.स./म.व्य.स.= भुजगशयन ।
शब्दार्थ- शेषशय्या, सर्पशय्या ।

भुजगेन्द्रः (ना./पुं.) भुजगानामिन्द्रः *(सर्पहरूका राजा)* ष.त.स.= भुजगेन्द्र ।
शब्दार्थ- वासुकिनाग, शेषनाग, सर्पहरूका राजा ।

भुजङ्गः/भुजङ्गमः (ना./पुं.) भुजेन कौटिल्येन गच्छति *(टेढो भएर हिड्छ)* भुज उपपदपूर्वक गम्लृ गतौ (भ्वा.) धातु, भुज+गम्+खच्[8] (अ), डित्व[9], टिलोप, मुमागम, परसवर्ण= भुजङ्ग ।
डित्वको अभावमा, मुमागम, परसवर्ण= भुजङ्गम ।
सर्पः पृदाकुर्भुजगो भुजङ्गोऽहिर्भुजङ्गमः- इत्यमरः
शब्दार्थ- सर्प, साप, अहि, फणी, नाठो ।

भुजार्जितः (वि.) भुजाभ्यामर्जितः *(बाहुबलले अर्जित)* तृ.त.स., दीर्घ= भुजार्जित ।
शब्दार्थ- वाहुवलले अर्जेको, वाहुवलले कमाएको ।

भुञ्जानः (वि.) भुनक्ति इति *(भोग गर्छ)* भुज पालनाभ्यवहारयोः (रुधा.) धातु, भुज्+चानश्[10] (आन), शप्, शप्को श्नम् (न), श्चुत्व= भुञ्जान ।
शब्दार्थ- खाँदैगरेको, भोग गरिरहेको, उपभोग गर्दै ।

भुवः (ना./पुं.) भवति, भूयते इति वा *(हुन्छ वा हुनु)* भू सत्तायाम् (भ्वा.) धातु, भू+असुन्[11] (अस्), कित्व, उवङादेश, रुत्व, विसर्ग, भुवस्, भुवः= भुव ।
शब्दार्थ- अन्तरीक्ष, आकाश, रहस्यमय शव्द, तीनवटा व्याहृतिमध्ये एक, तीनवटा लोकमध्ये दोस्रो लोक ।

भुवनम् (ना./न.) भूयते इति *(प्राप्त हुनु)* भू प्राप्तौ (चुरा.) धातु, भू+क्युन्[12] (अन), उणा., उवङादेश =भुवन ।
अथवा भवन्ति उत्पद्यन्ते प्राणिनः अस्मिन् *(प्राणीहरू उत्पत्ति हुन्छन् यहाँ)* भू सत्तायाम् (भ्वा.) धातु, भू+क्युन्[12] (अन), उणा.= भुवन ।
शब्दार्थ- जगत्, संसार, पानी, जल, लोक, जन, संस्था, चौध भुवन ।

---

[1] भीयक्रुक्क्रुकनौ : क्रुक्/क्रुकन्
[2] भियो हेतुभये... : षुक्
[3] क्तोऽधिकरणे च ध्रौव्य... : क्त
[4] सुपजातौ... : णिनि
[5] भुजन्युब्जौपाण्यु... : घञ्
[6] इगुपधज्ञा... : क
[7] अन्यत्रापि दृश्यते (वा.) : ड
[8] गमेःसुपि वाच्य (वा.) : खच्
[9] खच्च डिद्वा वाच्यः (वा.) : डित्व
[10] ताच्छील्यवयोवचन... : चानश्
[11] सर्वधातुभ्योऽसुन् : असुन्
[12] भूसुभ्रस्जि... : क्युन्

भूः (ना./स्त्री.)/**भूर्** (अव्य.) भवति अस्याम् सर्वमिति *(यसमा सबै हुन्छ)* भू सत्तायाम् (भ्वा.) धातु, भू+क्विप् (सर्वलोप)= भू ।

भू+रुक् (र), बहुलप्रकारले= भूर् ।

भूर्भूमिरचलानन्ता रसाः- इत्यमरः

शब्दार्थ- भूमि, जमिन, पृथ्वी, धरती, क्षिति, रसातल, भुइँ, ठाउँ, तीनवटा महाव्याहृतिमध्ये एक ।

भूकम्पः (ना./पुं.) कम्पते इति *(काँप्छ)* कपि चलने (भ्वा.) धातु, नुम्, कम्प्+अच् (पचादि), कम्पः । भुवः कम्पः **(पृथिवीको कम्पन)** ष.त.स.= भूकम्प ।

शब्दार्थ- पृथ्वी काँप्ने काम, भुइँचालो, जमिन हल्लने क्रिया

भूक्षयः (ना./पुं.) क्षीयते इति *(नासिन्छ)* क्षि क्षये (भ्वा.) धातु, क्षि+अच् (एरच्), गुण, अयादेश, क्षयः । भुवः क्षयः **(पृथिवीको क्षय)** ष.त.स.= भूक्षय ।

शब्दार्थ- वाढी, पहिरो आदिवाट जमिन ह्रास हुने क्रिया, जमिन क्षय वा ह्रास हुन जाने क्रिया, जमिनको ऊर्वराशक्ति क्षीण वा ह्रास हुने क्रिया ।

भूखण्डम् (ना./न.) भुवः खण्डम् *(पृथ्वीको खण्ड)* ष.त.स.= भूखण्ड ।

शब्दार्थ- पृथिवीको टुक्रा, जग्गा जमिनको साना साना खण्ड, भूभाग ।

भूगर्भः (ना./पुं.) भुवः गर्भः *(पृथ्वीको गर्भ)* ष.त.स. =भूगर्भ ।

शब्दार्थ- पृथिवीको भित्री भाग, पृथिवीको भित्री तह ।

भूगर्भविद् (वि.) भूगर्भं वेत्तीति *(भूगर्भसम्बन्धी कुरा जान्दछ)* भूगर्भ उपपदपूर्वक विद ज्ञाने (अदा.) धातु, भूगर्भ+विद्+क्विप् (सर्वलोप)= भूगर्भविद् ।

शब्दार्थ- भूगर्भशास्त्रको ज्ञाता, भूगर्भविद्याको विशेषज्ञ ।

भूगर्भविद्या (ना./स्त्री.)/**भूगर्भशास्त्रम्** (ना./न.) भूगर्भस्य विद्या *(भूगर्भको विद्या)*, भूगर्भस्य शास्त्रम् *(भूगर्भको शास्त्र)* ष.त.स.= भूगर्भविद्या/भूगर्भशास्त्र ।

शब्दार्थ- भूगर्भशास्त्र, भूगर्भविद्या, भूगर्भसम्वन्धी विद्या, पृथिवीको गर्भभित्र रहेका पदार्थहरू अध्ययन गर्ने विद्या ।

भूगर्भवेत्ता (वि.) भूगर्भं वेत्तीति *(भूगर्भसम्बन्धी कुरा जान्दछ)* भूगर्भ उपपदमा हुने विद ज्ञाने (अदा.) धातु, भूगर्भ+विद्+तृच् (तृ), भूगर्भवेतृ= भूगर्भवेत्ता ।

शब्दार्थ- भूगर्भशास्त्रको ज्ञाता, भूगर्भशास्त्र जान्ने, भूगर्भ विद्याको विशेषज्ञ ।

भूगोलः (ना./पुं.) गुडयते इति *(रक्षा गरिन्छ)* गुड रक्षायाम् (तुदा.) धातु, गुड्+घञ् (अ), गुण, ड लमा परिणत (ड तथा लको अभेदसम्वन्ध हुँदा) गोलः । भूरेव गोलः *(पृथिवी नै गोल)* म.व्य.स.= भूगोल । अथवा भुवः गोलः मण्डलम् वा *(पृथ्वीको गोल वा मण्डल)* ष.त.स.= भूगोल ।

शब्दार्थ- पृथ्वी, क्षिति, पृथ्वीमण्डल, भुवनमण्डल, भुवनकोश, पृथिवीको विभिन्नपक्षको वर्णन गरिएको शास्त्र

भूतः (ना./पुं./वि.) भूयते, भवति स्म इति वा *(हुनु वा भएको)* भू सत्तायाम् (भ्वा.) धातु, भू+क्त[1] (त), भाव र कर्तामा= भूत ।

भूतं क्ष्मादौ पिशाचादौ जन्तौ जीवत्रिषूचिते- इति मेदिनी

शब्दार्थ- जीव, प्राणी, पञ्चमहाभूत, देवयोनिविशेष, भूत, जन्तु, वित्त, वैभव, सत्य, सम, तुल्य, प्रेत, पिशाच, भएको, वितेको, उत्पन्न भएको ।

भूतकालः (ना./पुं.) भूतश्चासौ कालश्च *(भूत काल)* क.त.स.= भूतकाल ।

शब्दार्थ- वितेको समय, अघि वितेको समय वा काल ।

भूतग्रामः (ना./पुं.) भूतानां ग्रामः *(प्राणीहरूको समुदाय)* ष.त.स.= भूतग्राम ।

शब्दार्थ- प्राणीसमुदाय, जीवहरूको समूह ।

भूतनाथः (ना./पुं.) भूतानां नाथः *(प्राणीहरूका नाथ)* ष.त.स.= भूतनाथ ।

शब्दार्थ- प्राणीहरूका स्वामी, शिव, महेश्वर ।

भूतपूर्वः (वि.) पूर्वं भूतः *(पहिले भएको)* सह सुपा समास =भूतपूर्व ।

शब्दार्थ- पहिले भएको, वितेको समयको, पूर्ववर्ती ।

भूतबलिः (ना./पुं.) भूतेभ्यः वलिः *(भूत वा प्राणीहरूलाई दिइने बलि)* च.त.स.= भूतवलि ।

शब्दार्थ- भूत वा प्राणीहरूलाई दिने वलि, भूतयज्ञ ।

भूतभावनः (ना./पुं.) भूतानि भावयति उत्पादयतीति *(प्राणीहरू उत्पन्न गर्दछन्)* भूतपूर्वक भू सत्तायाम् (भ्वा.) धातु, भूत+भू+णिचि, वृद्धि, भूतभावि+ल्यु (अन), णिलोप= भूतभावन ।

शब्दार्थ- प्राणीहरू उत्पत्ति वा पैदा गर्ने परमेश्वर, विष्णु ।

भूतभृत् (ना./पुं.) भूतानि विभर्ति पालयति पोषयतीति वा *(प्राणीहरूको पालनपोषण गर्छन्)* भूतपूर्वक डुभृञ् धारणपोषणयोः (जुहो.) धातु, भूत+भृ+क्विप्, तुक्, क्विप्को सर्वलोप= भूतभृत् ।

शब्दार्थ- प्राणीहरूको पालनपोषण गर्ने विष्णु, नारायण ।

भूतमहेश्वरः (ना./पुं.) महांश्चासौ ईश्वरश्च *(महान् ईश्वर)* क.त.स., गुण, महेश्वरः । भूतानां महेश्वरः *(प्राणीहरूका महान् ईश्वर)* ष.त.स.= भूतमहेश्वर ।

शब्दार्थ- भूतहरूका महान् ईश्वर, महेश्वर ।

भूतलम् (ना./न.) तलतीति *(स्थित हुन्छ)* तल प्रतिष्ठायाम् (चुरा.) धातु, तल्+अच् (पचादि), तलम् । भुवः तलम् *(पृथिवीको सतह)* ष.त.स.= भूतल ।

शब्दार्थ- पृथिवीको वाहिरी सतह, पृथ्वीतल, भूतल ।

भूतात्मा (ना./पुं.) भूतानामात्मा देहः *(प्राणीहरूको आत्मा वा देह)* ष.त.स.= भूतात्मा ।

शब्दार्थ- जीवात्मा, परमात्मा, परमेश्वर, शिव, ब्रह्मा, विष्णु, भूत, प्रेत, पिशाचादि मृतात्मा ।

---

[1] नपुंसके भावे../गत्यार्थाकर्मक... : क्त

भूतानुकम्पा (ना./स्त्री.) भूतेषु अनुकम्पा *(प्राणीहरूमा दया)* स.त.स., दीर्घ= भूतानुकम्पा ।

शब्दार्थ- प्राणीहरूमा दयाभाव, प्राणीहरूप्रति करुणा ।

भूतिः (ना./स्त्री.) भवति अनया *(हुन्छ वा प्राप्त हुन्छ यसबाट)* भू सत्तायाम् (भ्वा.) वा भू प्राप्तौ (चुरा.) धातु, भू+क्तिच्[१] (ति)= भूति ।

शब्दार्थ- ऐश्वर्य, सम्पत्ति, अष्टसिद्धिमध्ये एक, वैभव, भस्म, हस्ती, विभूति, शृङ्गार, उत्पत्ति, जन्म ।

भूतेशः/भूतेश्वरः (ना./पुं.) भूतानामीशः, भूतानामीश्वरः *(प्राणीहरूका ईश्वर वा स्वामी)* ष.त.स., गुण =भूतेश/भूतेश्वर ।

शब्दार्थ-शिव, महेश्वर, प्राणीहरूका स्वामी वा मालिक ।

भूदेवः (ना./पुं.) भुवः देवः *(पृथिवीका देवता)* ष.त.स. =भूदेव ।

शब्दार्थ- पृथिवीका देवता, भूस्वामी, व्राह्मण ।

भूधरः (ना./पुं.) धरतीति *(धारण गर्छ)* धृञ् धारणे (भ्वा.) धातु, धृ+अच् (पचादि), गुण, धरः । भुवः धरः *(पृथिवी धारण गर्ने)* ष.त.स.= भूधर ।

शब्दार्थ- पहाड, शैल, गिरि, पर्वत, शेषनाग, पृथिवी धारण गर्ने दिग्गज ।

भूपः (ना./पुं.) भुवं पातीति *(पृथिवीको रक्षा गर्छन्)* भू उपपदपूर्वक पा रक्षणे (अदा.) धातु, भू+पा+क (अ), आकारलोप= भूप ।

शब्दार्थ- राजा, नृप, भूपति, भूमिपति, पार्थिव ।

भूपतिः (ना./पुं.) भुवः पति *(पृथिवीका पति)* ष.त.स. =भूपति ।

शब्दार्थ- राजा, नृप, भूप, भूपति ।

भूपरिवेष्ठितः (वि.) भुवा परिवेष्ठितः *(जमिनले परिवेष्ठित)* तृ.त.स.= भूपरिवेष्ठित ।

शब्दार्थ- चारैतिरवाट अन्य मुलुकको जमिनले घेरिएको (देश वा भूभाग), जलमार्ग-विहीन, समुद्री मार्ग नभएको ।

भूपालः (ना./पुं.) भुवं पालयतीति *(पृथिवीको पालना वा रक्षा गर्छन्)* भू उपपदपूर्वक पाल रक्षणे (चुरा.) धातु, भू+पाल+अण्[२] (अ)= भूपाल ।

शब्दार्थ- भूपति, भूप, राजा, नृपति, नृप ।

भूभर्ता (ना./पुं.) भुवः भर्ता *(पृथिवीका स्वामी)* ष.त.स. =भूभर्ता ।

शब्दार्थ- राजा, भूपाल, शिव, भूस्वामी, ईश्वर ।

भूभागः (ना./पुं.) भुवः भागः *(पृथ्वीको भाग)* ष.त.स. =भूभाग ।

शब्दार्थ- भूप्रदेश, पृथिवीको खण्ड ।

भूभारः (ना./पुं.) भुवः भारः *(पृथिवीको भार)* ष.त.स. =भूभार ।

शब्दार्थ- पृथिवीको भार, उत्तरदायित्व वा जिम्मेवारी ।

भूभृत् (ना./पुं.) भुवं बिभर्तीति *(पृथिवी धारण गर्छन् वा पालन गर्छन्)* भू उपपदमा हुने डुभृञ् धारणपोषणयोः (जुहो.) धातु, भू+भृ+क्विप् (तुगागम), क्विप्को सर्वलोप= भूभृत् ।

शब्दार्थ- पर्वत, राजा, पहाड ।

भूमण्डलम् (ना./न.) भुवः मण्डलम् *(पृथिवीको मण्डल)* ष.त.स.= भूमण्डल ।

शब्दार्थ- भूतल, पृथिवी, क्षिति, मेदिनी, पृथिवीको सतह ।

भूमध्यः (ना./पुं./न.) भुवः मध्यः *(पृथिवीको माझ)* ष.त.स. =भूमध्य ।

शब्दार्थ- पृथिवीको मध्यभाग, चारैतिर पृथिवीले घेरिएको स्थल ।

भूमध्यरेखा (ना./स्त्री.) भुवः मध्यः भूमध्यः, तस्य रेखा *(पृथिवीको मध्यभागको रेखा)* ष.त.स.= भूमध्यरेखा ।

शब्दार्थ- पृथिवीको बीचभागवाट पूर्वदेखि पश्चिमसम्म खिचिएको काल्पनिक रेखा, विषुवत् रेखा ।

भूमा (ना./पुं.) वहोर्भावः *(धेरै हुनाको भाव वा अवस्था)* वहु+इमनिच्[३] (मन्), प्रकृतिको भू आदेश[४], इकारलोप, भूमन्= भूमा ।

शब्दार्थ- धेरै हुनाको अवस्था वा स्थिति ।

भूमापनम् (ना./न.) भुवः मापनम् *(जग्गा जमिनको मापन)* ष.त.स.= भूमापन ।

शब्दार्थ- जग्गा-जमिनको माप, नक्सा गर्ने काम, देश प्रदेशको नाम, नक्साद्वारा सीमा छुट्टयाउने काम ।

भूमिः (ना./स्त्री.) भवन्ति भूतानि अस्याम् *(प्राणीहरू हुन्छन् यसमा)* भू सत्तायाम् (भ्वा.) धातु, भू+मि[५], कित्व, उणा., गुणाभाव= भूमि ।

शब्दार्थ- पृथिवी, धरा, धरणी, धरती ।

भूमिका (ना./स्त्री.) भूमिरिव कायतीति *(भूमिझैं शब्द गर्छ वा आधारित हुन्छ)* भूमि+का+क (अ)+टाप् (आ)= भूमिका ।

अथवा भूमिरेव *(भूमि नै)* भूमि+कन् (क), स्वार्थमा, टाप् (आ)= भूमिका ।

शब्दार्थ- आधारभूमि, पृष्ठभूमि, रचना, कुनै ग्रन्थको सम्वन्धमा लेखिएको अग्रिम मन्तव्य, प्रस्तावना, प्राक्कथन ।

भूमिगतः (वि.) भूमिं गतः वा भूमौ गतः *(भूमिमा दबिएको)* द्वि.त.स./स.त.स.= भूमिगत ।

शब्दार्थ- जमिनभित्र रहेको, जमिनमुनि रहेको, अदृश्य अवस्थामा रहेको, लुकिछिपि-रहेको ।

---

[१] क्तिच्क्तौ च संज्ञायाम् : क्तिच्

[२] कर्मण्यण् : अण्

[३] पृथ्वादिभ्यो... : इमनिच्

[४] बहोर्लोपो भू च बहोः : भू आदेश, इकारलोप

[५] भुवः कित् : मि, कित्व

भूमितिः (ना./स्त्री.) मीयते इति *(नापिन्छ)* मा माने (अदा.) वा माङ् माने शव्दे च (जुहो.) धातु, मा+क्तिन् (ति), इत्व, मितिः । भुवः मितिः *(पृथिवीको मापन)* ष.त.स.= भूमिति ।

शब्दार्थ- भूमि नाप्ने वा जमिनको नक्सा तयार पार्ने काम, जग्गाजमिन मापन गर्ने शिल्पविद्या, भूमापन-प्रविधि ।

भूमिदेवता (ना./स्त्री.) भूमेर्देवता *(पृथिवीका देवता)* ष.त.स.= भूमिदेवता ।

शब्दार्थ- पृथिवीका देवता, जग्गा जमिनका संरक्षक देवता ।

भूमिपतिः (ना./पुं.) भूम्याः पतिः *(पृथिवीका स्वामी)* ष.त.स.= भूमिपति ।

शब्दार्थ- पृथिवीपति, राजा, भूपति ।

भूमिप्राप्तिः (ना./स्त्री.) भूमेः प्राप्तिः *(भूमिको प्राप्ति)* ष.त.स.= भूमिप्राप्ति ।

शब्दार्थ-जग्गाजमिनको प्राप्ति, जग्गाजमिन पाउने काम,

भूमिविखण्डनम् (ना./न.) भूमेः विखण्डनम् *(जग्गा जमिनको विखण्डन)* ष.त.स.= भूमिविखण्डन ।

शब्दार्थ- जग्गाजमिन टुक्र्याउने काम, जमिनलाई साना साना भागमा टुक्रा पार्ने वा छुट्याउने काम ।

भूमिशय्या (ना./स्त्री.) भूमौ शय्या *(भूमिमा शय्या)* स.त.स.= भूमिसय्या ।

शब्दार्थ- भूमिमा सुत्ने काम, भुईंमा ओछ्यान ।

भूमिशायी (वि.) भूमौ शयितुं शीलमस्य *(जमिनमा सुत्ने शील छ यसको)* शीङ् स्वप्ने (अदा.) धातु, भूमि+शी+णिनि[१] (इन्), भूमिशायिन्= भूमिशायी ।

शब्दार्थ- भूमिमा सुत्ने, जमिनमा पल्टने, जग्गाजमिन नभएको ।

भूमिसुधारः (ना./पुं.) भूमेः सुधारः *(जग्गा जमिनको सुधार)* ष.त.स.= भूमिसुधार ।

शब्दार्थ- पृथिवीको सुधार गर्ने काम, सरकारद्वारा लागू गरिने वा गरिएको भूमिसुधारसम्वन्धी कार्यक्रम ।

भूमिहीनः (वि.) भूम्या हीनः *(जग्गा जमिनले रहित)* तृ.त.स.= भूमिहीन ।

शब्दार्थ- जग्गाजमिन नभएको, भूमिरहित, सुकुम्वासी ।

भूमी/भूमिः (ना./स्त्री.) भवन्ति अस्याम् *(उत्पत्ति हुन्छन् यसमा)* भू सत्तायाम् (भ्वा.) धातु, भू+मि[२] (उणा.), कित्व, भूमि+ङीष्[३] (ई), विकल्पले= भूमी । ङीष्को अभावमा= भूमि ।

शब्दार्थ- पृथ्वी, धरती, क्षिति, धरा, जग्गाजमिन, भूभाग, माटो ।

भूयः (अव्य.) इदमनयोरतिशयेन वहुः *(यी दुईमा ज्यादै धेरै)* वहु+इयसुन्[४] (इयस्), इको लोप[५], वहुको भू आदेश[५], रुत्व, विसर्ग, भूयस्, भूयः= भूय ।

शब्दार्थ- धेरै, फेरि, पुनः, वारम्वार, अधिकतर, अपेक्षाकृत, अर्कोपल्ट ।

भूयसी (वि.) इयमनयोरतिशयन वह्वी *(यो यिनीहरूमा ज्यादै धेरै)* वह्वी+इयसुन् (इयस्), प्रकृतिको भू आदेश, इयस्का इको लोप, भूयस्+ङीप् (ई)= भूयसी ।

शब्दार्थ- प्रशस्त, ज्यादै, धेरै, पर्याप्त ।

भूयान् (वि.) अयमनयोरतिशयन वहुः *(यो यिनीहरूमा ज्यादै धेरै)* वहु+इयसुन् (इयस्), प्रकृतिको भू आदेश, इयस्का इको लोप, भूयस्= भूयान् ।

शब्दार्थ- ज्यादै धेरै, पर्याप्त, प्रशस्त ।

भूयिष्ठः (वि.) अयमेषामतिशयेन वहुः *(यो यिनीहरूमा ज्यादै धेरै)* वहु+इष्ठन्[६] (इष्ठ), यिडागम[७], वहुको भू आदेश= भूयिष्ठ ।

शब्दार्थ- ज्यादै धेरै, पर्याप्त, प्रशस्त, अत्यधिक ।

भूलोकः/भूर्लोकः (ना./पुं.) भुवः लोकः *(पृथिवीको लोक)* ष.त.स.= भूलोक ।

भूरिति लोकः *(भूर्लोक)* सह सुपा समास= भूर्लोक ।

शब्दार्थ- पृथिवी लोक, मर्त्यलोक, अन्तरीक्षभन्दा तल्लो लोक ।

उदा. **भूलोक नै हो जग देवलोकको- आ.रा. २/८**

भूरिः (वि.) भवतीति *(हुन्छ)* भू सत्तायाम् (भ्वा.) धातु, भू+क्रिन्[८] (रि), उणा.= भूरि ।

शब्दार्थ- धेरै, प्रचुर, पर्याप्त, प्रशस्त, वहु, अधिक, असङ्ख्य, यथेष्ट ।

भूशयः (वि.) भूमौ शेते इति *(भुईंमा सुत्छ)* शीङ् स्वप्ने (अदा.) धातु, भू+शी+अच् (पचादि), गुण, अयादेश =भूशय ।

शब्दार्थ- भूमिमा सुत्ने, जमिनमा सुत्ने ।

भूषणम् (ना./न.) भूष्यते अनेन *(अलङ्कृत गरिन्छ यसबाट)* भूष अलङ्कारे (भ्वा.) धातु, भूष्+युच्[९] (अन), णत्व= भूषण ।

शब्दार्थ-अलङ्कार, आभूषण, सौन्दर्य वृद्धि गर्ने वस्तु, गहना ।

उदा. **विद्यासमं नास्ति शरीरभूषणम्- नीतिवचनम्**

भूषणीयः (वि.) भूषितुं योग्यः *(अलङ्कार पहिरन योग्य)* भूष अलङ्कारे (भ्वा.) धातु, भूष्+अनीय (र), णत्व =भूषणीय ।

शब्दार्थ- आभूषण लगाउन योग्य, अलङ्कार पहिरन लायक ।

---

[१] सुप्यजातौ... : णिनि

[२] भुवः कित् : मि, कित्व

[३] कृदिकारादक्तिनः : ङीष्

[४] द्विवचनविभज्य... : इयसुन्

[५] वहोर्लोपो भू च वहोः : भू आदेश, इको लोप

[६] अतिशायनेतम... : इष्ठन्

[७] इष्ठस्य यिट् च : यिडागम

[८] अदिशदिभूशु... : क्रिन्

[९] ऋुघमण्डार्थेभ्यश्च : युच्

भूषा (ना./स्त्री.) भूष्यते इति *(विभूषित गरिन्छ)* भूष अलङ्कारे (भ्वा.) धातु, भूष्+अ[1]+टाप् (आ)= भूषा ।

शब्दार्थ- अलङ्कार, आभूषण, सिँगारपटार ।

भूषितः (वि.) भूष्यते स्म इति *(सजाइएको)* भूष अलङ्कारे (भ्वा.) धातु, भूष्+क्त (त), इडागम= भूषित ।

शब्दार्थ- सजाइएको, सिँगारिएको, विभूषित, अलङ्कृत ।

भूसंरक्षणम् (ना./न.) भुवः संरक्षणम् *(पृथ्वीको संरक्षण)* ष.त.स.= भूसंरक्षण ।

शब्दार्थ- जग्गाजमिनको सुरक्षा गर्ने काम, रूख बिरुवा रोपेर जमिनको सुरक्षा गर्ने कार्य ।

भूसुतः (ना./पुं.) भुवः सुतः *(पृथिवीको पुत्र)* ष.त.स. =भूसुत ।

शब्दार्थ- पृथिवीको छोरा, मङ्गलग्रह ।

भूस्खलनम् (ना./न.) भुवः स्खलनम् *(पृथिवीको स्खलन)* ष.त.स.= भूस्खलन ।

शब्दार्थ- बाढी, पहिरो, भूकम्प आदि प्रकोपबाट जमिन बग्ने वा खिइँदै जाने क्रिया ।

भूस्वर्गः (ना./पुं.) भूः स्वर्गः इव *(पृथिवी स्वर्गझैं)* उप.क.त.स.= भूस्वर्ग ।

अथवा भुवः स्वर्गः *(पृथिवीको स्वर्ग)* ष.त.स. =भूस्वर्ग ।

शब्दार्थ- स्वर्गीय सुख, दिव्य आनन्द, पृथिवी स्वर्गलोकझैं सुखदायी ।

भूस्वामित्वम् (ना./न.) स्वामिनः भावः *(स्वामी हुनाको भाव वा अवस्था)* स्वामिन्+त्व, नलोप, स्वामित्वम् ।

भुवः स्वामित्वम् *(पृथिवीको स्वामित्व)* ष.त.स. =भूस्वामित्व ।

शब्दार्थ- पृथिवीको स्वामित्व हुनाको स्थिति वा अवस्था, जग्गा जमिनको मालिक्याइँ, मालिक हुनाको हक ।

भूस्वामी (ना./पुं.) भुवः स्वामी *(पृथिवीको मालिक)* ष.त.स.= भूस्वामी ।

शब्दार्थ- राजा, जग्गाजमिनको मालिक वा स्वामी ।

भृकुटि/भृकुटी (ना./स्त्री.) कुटति, कुटचते इति वा *(टेढो हुन्छ, टेढिन्छ)* कुट कौटिल्ये (तुदा.) धातु, कुट्+इन्[2] (इ), कुटिः । भ्रुवः कुटिः *(आँखिभौंको कौटिल्य)* ष.त.स., पृषोदरादिबाट, भ्रुको भृ आदेश, भृकुटि+ ङीप् (ई), विकल्पले= भृकुटी ।

ङीप्को अभावमा= भृकुटि ।

शब्दार्थ- आंखीभौं, आँखीभुइँ, राजा अंशुवर्माकी छोरी, जसको विवाह तिब्बतका राजा स्रङ्चङ्गाम्पोसित भएको थियो, बुद्धधर्मको प्रचार गर्ने हरिततारा ।

भृगुः (ना./पुं.) भृज्जति तपसा, भृज्ज्यते इति वा *(तपस्याले परिपक्क हुन्छ, भइन्छ)* भ्रस्ज पाके (तुदा.) धातु, भ्रस्ज्+कु[3] (उ), उणा., सम्प्रसारणबाट भ्रको भृ, सलोप, कुत्व= भृगु ।

भृगुः सानौ जमदग्निप्रपातयोः । शुक्रे रुद्रे च- इति हैमः

शब्दार्थ- भृगु नामका मुनि वा ऋषि, दैत्यगुरु शुक्राचार्य, शुक्रग्रह, जमदग्नि ऋषि, शिव, रुद्र, पहाड, भीर, पहरो, तट ।

भृगुसुतः (ना./पुं.) भृगोः सुतः *(भृगुका पुत्र)* ष.त.स. =भृगुसुत ।

शब्दार्थ- भृगुका पुत्र, शुक्राचार्य ।

भृङ्गः (ना./पुं.) बिभर्तीति *(धारण गर्छ)* डुभृञ् धारणपोषणयोः (जुहो.) धातु, भृ+गन्[4] (ग), उणा., नुट्, कित्व, परसवर्ण= भृङ्ग ।

मधुव्रते भृङ्गराजे पुंसि भृङ्गे गुडत्वचि- इति मेदिनी

शब्दार्थ- भमरो, भँवरो, भ्रमर, पक्षिविशेष, भृङ्गीराज, भृङ्गराज, गुर्जो, कामुक, व्यभिचारी ।

भृङ्गी (ना./पुं./स्त्री.) भृङ्गवत् वर्णः अस्ति अस्य *(भँवराको जस्तो वर्ण छ यसको)* भृङ्ग+इनि[5] (इन्), अकारलोप, भृङ्गिन्= भृङ्गी ।

अथवा भृङ्गस्य स्त्री *(भँवराकी स्त्री)* भृङ्ग+ङीष् (ई) =भृङ्गी ।

शब्दार्थ- वटवृक्ष, शिवजीको गण, भँवरोकी स्त्री, पोथी भँवरो ।

भृतः (वि.) भ्रियते स्म इति *(पालना गरिएको)* भृञ् भरणे (भ्वा.) वा डुभृञ् धारणपोषणयोः (जुहो.) धातु, भृ+क्त (त)= भृत ।

शब्दार्थ- धारण गरिएको, पालनपोषण गरिएको, सहारा दिइएको ।

भृतकः (ना./पुं.) भृत एव *(पालना गरिएको नै)* भृत+ कन् (क), स्वार्थमा= भृतक ।

शब्दार्थ- सेवक, नोकर, वैतनिक सेवक, ज्यालादारी ।

भृतिः (ना./स्त्री.) भ्रियते अनया *(भरणपोषण गरिन्छ यसबाट)* डुभृञ् धारणपोषणयोः (जुहो.) धातु, भृ+ क्तिन् (ति)= भृति ।

शब्दार्थ- पालनपोषण र धारण गर्ने काम, सेवा, नोकरी, मजदुरी, वेतन, भरणपोषण, मूल्य, जीविका, तलब ।

भृत्यः (ना./पुं./वि.) भ्रियते, भर्तुं योग्यः वा *(पालनपोषण गरिन्छ वा गर्न योग्य)* डुभृञ् धारण-पोषणयोः (जुहो.) धातु, भृ+क्यप्[6] (य), तुक्= भृत्य ।

शब्दार्थ- सेवक, नोकर, तलब लिई काम गर्ने व्यक्ति, भृत्य, धारण गर्न लायक, पालनपोषण गर्न योग्य ।

---

[1] गुरोश्च हलः : अ

[2] इगुपधात् कित् : इन्

[3] प्रथिम्रदिभ्रस्जाम्... : कु, सम्प्रसारण, सलोप

[4] भृञः किन्नुट् च : गन्, नुट्, कित्व

[5] अत इनिठनौ : इनि

[6] ऋदुपधाच्चा... : क्यप्

भृत्या (ना./स्त्री.) भ्रियते अनया *(भरणपोषण गरिन्छ यसबाट)* डुभृञ् धारणपोषणयोः (जुहो.) धातु, भृ+क्यप्[1] (य), तुक्, टाप् (आ)= भृत्या ।
कर्मण्या तु विधा भृत्या भृतयो भर्म वेतनम्- इत्यमरः
शब्दार्थ- तलब, वेतन, कर्मचारीलाई दिइने वेतन, पालन पोषण गर्ने काम ।

भृशः (वि.) भृश्यतीति *(ज्यादै तल खस्छ, अधिक हुन्छ)* भृशु अधःपतने (दिवा.) धातु, भृश्+क[2] (अ)= भृश ।
शब्दार्थ- ज्यादा, अधिक, अत्यन्तै, अत्यधिक, बलवान्, शक्तिशाली ।

भेत्ता (वि.) भिनत्तीति *(फोर्छ)* भिदिर् विदारणे (रुधा.) धातु, भिद्+तृच् (तृ), भेत्तृ= भेत्ता ।
शब्दार्थ- फोर्ने, चिर्ने, भेदन गर्ने, टुक्र्याउने ।

भेदः (ना./पुं.) भिद्यते इति *(भेदन गरिन्छ)* भिदिर् विदारणे (रुधा.) धातु, भिद्+घञ् (अ), गुण= भेद ।
शब्दार्थ- फोर्ने काम, टुक्र्याउने काम, चिर्ने क्रिया, कसैको भेद खोल्ने काम, प्रकार वा किसिम, अन्तर, भिन्नता ।

भेदकः (वि.) भिनत्तीति *(चिर्छ, फोर्छ)* भिदिर् विदारणे (रुधा.) धातु, भिद्+ण्वुल्[3] (अक), गुण= भेदक ।
शब्दार्थ- चिर्ने, फोर्ने, काट्ने, प्वाल पार्ने, टुक्र्याउने, रहस्य खोल्ने, भेद खोल्ने, तोडफोड गर्ने ।

भेदकारकः/भेदकारी (वि.) भेदं करोतीति *(भेदन गर्छ)* भेद उपपदमा हुने डुकृञ् करणे (तना.) धातु, भेद+कृ+ण्वुल् (अक), वृद्धि= भेदकारक ।
भेद+कृ+णिनि (इन्), वृद्धि, भेदकारिन्= भेदकारी ।
शब्दार्थ- छिन्नभिन्न पार्ने, तोडफोड गर्ने, भेद खोल्ने ।

भेददर्शी (वि.) भेदं द्रष्टुं शीलमस्य *(भेद देख्ने शील छ यसको)* भेद उपपदमा हुने दृशिर् प्रेक्षणे (भ्वा.) धातु, भेद+दृश्+णिनि (इन्), गुण, भेददर्शिन् = भेददर्शी ।
शब्दार्थ- भेद देख्ने र देखाउने, द्वैतवादी, ब्रह्म र जगत्लाई भिन्न दृष्टिले वा द्वैतभावले हेर्ने ।

भेदनम् (ना./न.) भिद्यते अनेन *(चिर्ने वा फोर्ने काम गरिन्छ यसबाट)* भिदिर् विदारणे (रुधा.) धातु, भिद्+ल्युट् (अन), गुण= भेदन ।
शब्दार्थ- चिरफार गर्ने काम, छेदन गर्ने काम, फुटाउने काम, विदारण, भेदनक्रिया ।

भेदभावः (ना./पुं.) भेदस्य भावः *(भिन्नताको भाव)* ष.त.स.= भेदभाव ।
शब्दार्थ- पक्षपात, पक्षपातको भाव, एउटाको पक्ष लिने कार्य, कसैलाई राम्रो र कसैलाई नराम्रो व्यवहार गर्ने काम, पनपक्ष ।

भेद्यः (वि.) भेत्तुं योग्यः, भिद्यते इति वा *(फोर्न लायक)* भिदिर् विदारणे (रुधा.) धातु, भिद्+ण्यत्[4] (य), गुण= भेद्य ।
शब्दार्थ- चिर्न योग्य, छेड्न उपयुक्त, भेदन गर्न योग्य ।

भेरी (ना./स्त्री.) बिभेति अस्य ध्वनेः *(यसको आवाजबाट डराउँछ)* ञिभी भये (जुहो.) धातु, भी+रन्[5] (र), उणा., भेर+ङीष् (ई)= भेरी ।
शब्दार्थ- वाद्यविशेष, कर्नाल, बाजाविशेष, नेपालको मध्यपश्चिम क्षेत्रमा बहने एक नदी ।

भेषजः (ना./पुं.) भेषयतीति *(भय पैदा गर्छ)* भेषृ भये (भ्वा.) धातु, भेष्+णिचि, वृद्धि, भेषि+अच् (पचादि), णिलोप, भेषः । भेषं रोगभयं जयतीति *(रोगको भयलाई जित्छ)* भेष उपपदपूर्वक जि जये (भ्वा.) धातु, भेष+जि+ड[6] (अ), टिलोप= भेषज ।
शब्दार्थ- औषधि, ओखती, उपचार ।

भैषज्यम् (ना./न.) भेषजमेव *(औषधी नै)* भेषज+ञ्य[7] (य), आदिवृद्धि= भैषज्य ।
शब्दार्थ- ओखती, ओखतीमूलो ।

भैक्षम् (ना./न.) भिक्ष्यते इति *(भिक्षा माग्छ)* भिक्ष भिक्षायामलाभे लाभे च (भ्वा.) धातु, भिक्ष्+अ (प्रत्यय) +टाप् (आ), भिक्षा । भिक्षाणां समूहः *(भिक्षाको समूह)* भिक्षा+अण्[8] (अ), आदिवृद्धि, अकारलोप= भैक्ष ।
भैक्षं भिक्षाकदम्बकम्- इत्यमरः
शब्दार्थ- भिक्षाको समूह, भीख, भिक्षा मागेर राखेको अन्नादिको समूह ।

भैरवः (वि./ना./पुं.) भीः भयङ्करः रवः यस्य *(भयङ्कर आवाज छ जसको)* ब.स., भीरवः । भीरवः एव *(भीषण आवाज नै)* भीरव+अण् (अ), स्वार्थमा= भैरव ।
अथवा भीरोरयम् *(भीरुको यो)* भीरु+अण् (अ), आदिवृद्धि, गुण, अवादेश= भैरव ।
शब्दार्थ- दारुण, भीषण, भयङ्कर, भयानक, डरलाग्दो, शिवजीको गणविशेष, भैरवगण, भयानक रस, भय, डर, त्रास, सङ्गीतको रागविशेष ।

भैरवी (ना./स्त्री.) भीः भयङ्करः रवः यस्याः सा *(भयङ्कर आवाज छ जसको)* ब.स., भीरवः । भीरव+अण् (अ), स्वार्थमा, आदिवृद्धि, भैरव+ङीप् (ई)= भैरवी ।
शब्दार्थ- देवी, दुर्गा, भवानी, भगवती, चामुण्डा, दश महाविद्यामध्ये एक ।

भोक्तव्यः (वि.) भुज्यते, भोक्तुं योग्यः वा *(खान लायक)* भुज पालनाभ्यवहारयोः (रुधा.) धातु, भुज्+तव्यत् (तव्य), गुण, कुत्व= भोक्तव्य ।
शब्दार्थ- खान लायक वा योग्य, भोग गर्न लायक, भोग गर्न उपयुक्त ।

भोक्ता (वि.) भुङ्क्ते इति *(भोग गर्छ, खान्छ)* भुज पालनाभ्यवहारयोः (रुधा.) धातु, भुज्+तृच् (तृ), गुण, कुत्व, भोक्तृ= भोक्ता ।
शब्दार्थ- खाने, भोजन गर्ने, भोग गर्ने, विषयभोग गर्ने, उपभोक्ता, शासक ।

---

१. भृञोऽसंज्ञायाम् : क्यप्
२. इगुपधज्ञा... : क
३. ण्वुल्तृचौ : ण्वुल्
४. ऋहलोर्ण्यत् : ण्यत्
५. ऋज्रेन्द्राग्र... : रन्
६. अन्येष्वपि दृश्यते : ड
७. अनन्तावसथेतिह... : ञ्य
८. भिक्षादिभ्योऽण् : अण्

भोग: (ना./पुं.) भुज्यते इति *(भोग गरिन्छ)* भुज पालनाभ्यवहारयोः (रुधा.) धातु, भुज्+घञ् (अ), गुण, कुत्व= भोग ।

भोग: सुखे धने चाहेः शरीरफणयोरपि
पालनेऽभ्यवहारे च योषिदादिभृतावपि- इति मेदिनी

शब्दार्थ- उपभोग गर्ने काम, उपभोग, भोग गर्ने कार्य, धनधौलत, सुखदुःखको अनुभूति गर्ने काम, खानेकुरो खाने काम, पालनपोषण गर्ने कार्य, स्त्रीसङ्गम, मैथुन, सर्पको शरीर, देवीदेवतालाई भोग लगाउने नैवेद्य, समर्पण गर्ने काम ।

भोगकारी (वि.) भोगं करोतीति *(भोग गर्छ)* डुकृञ् करणे (तना.) धातु, भोग+कृ+णिनि[1] (इन्), वृद्धि, भोगकारिन् = भोगकारी ।

शब्दार्थ- भोग गर्ने, भोगकारक, उपभोग गर्ने ।

भोगविलास: (ना./पुं.) भोगश्च विलासश्च *(भोग र विलास)* द्व.स.= भोगविलास ।

शब्दार्थ- सुखसयल, मोजमज्जा, इन्द्रियजन्य विषयसुखको आनन्द ।

भोगिनी (ना./स्त्री.) भोगः अस्ति अस्याः *(भोगविलास छ यसको)* भोग+इनि[2] (इन्), भोगिन्+ङीप्[3] (ई) =भोगिनी ।

शब्दार्थ- भोगविलास गर्ने स्त्री, भोगविलासका लागि ल्याइएकी रखौटी स्त्री, राजाकी अभिषिक्ता पटरानी वाहेक अन्य रानीहरू, रखौटी ।

भोगी (वि./ना./पुं.) भोगः अस्यास्तीति *(भोग छ यसको)* वा भोगः फणा अस्ति अस्य *(फणा छ यसको)* भोग +इनि (इन्), भोगिन्= भोगी ।

शब्दार्थ- विलासी, स्त्रीलम्पट, विलासप्रिय, सुखदुःखादि व्यवहार, उपभोग गर्ने काम, सर्प, फणाधारी साप

भोगोपरत: (वि.) भोगादुपरतः *(भोगबाट छुटेको)* भोग+ उपरत, प.त.स., गुण= भोगोपरत ।

शब्दार्थ- भोगवाट निवृत्त भएको, भोगवाट विरक्तिएको ।

भोग्य: (वि.) भोक्तुं योग्यः, भुज्यते इति वा *(भोग गर्न लायक)* भुज पालनाभ्यवहारयोः (रुधा.) धातु, भुज्+ ण्यत् (य), गुण, कुत्व= भोग्य ।

शब्दार्थ-भोग गर्न योग्य वा लायक, भोग गर्न उपयुक्त ।

भोग्या (ना./स्त्री.) भोक्तुं योग्या *(भोग गर्न लायक)* भुज पालनाभ्यवहारयोः (रुधा.) धातु, भुज्+ण्यत् (य), गुण, कुत्व, भोग्य+टाप् (आ)= भोग्या ।

शब्दार्थ- भोग गर्न योग्य स्त्री, पृथिवी ।

उदा. वीरभोग्या वसुन्धरा ।

भोज: (ना./पुं.) भुनक्तीति *(भोग गर्छ)* भुज पालनाभ्यवहारयोः (रुधा.) धातु, भुज्+अच् (पचादि), गुण= भोज ।

शब्दार्थ- संस्कृतका महान् विद्वान् राजा भोज, मालवाका प्रसिद्ध राजा, भोजभतेर, खाना खाने व्यक्ति ।

भोजनम् (ना./न.) भुज्यते इति *(खाइन्छ)* भुज पालनाभ्यवहारयोः (रुधा.) धातु, भुज्+ल्युट् (अन), गुण= भोजन ।

शब्दार्थ- खाने काम, भोजन गर्ने काम, भक्षण, खानेकुरा, खाइने चीज ।

भोजनालय: (ना./पुं.) भोजनाय आलयः *(भान्साका लागि घर)* च.त.स., दीर्घ= भोजनालय ।

शब्दार्थ- खानेकुरा तयार गर्ने घर वा कोठो, भोजनकक्ष, भान्साघर, खाना वनाउने घर ।

भोजनीय: (वि.) भुज्यते, भोक्तु योग्यः वा *(खाइन्छ, खान योग्य)* भुज पालनाव्यवहारयोः (रुधा.) धातु, भुज्+ अनीय (र्), गुण= भोजनीय ।

शब्दार्थ- खान लायक, भोजन गर्न उपयुक्त, भोज्य ।

भोज्य: (वि./ना./न.) भुज्यते भोक्तुं योग्यमिति वा *(खाइन्छ, खान योग्य)* भुज पालनाव्यवहारयोः (रुधा.) धातु, भुज्+ण्यत् (य)= भोज्य ।

शब्दार्थ- खान लायक, खान सकिने, भोजनीय, खानेकुरा, खाद्यपदार्थ ।

भौगोलिक: (वि.) भूगोलमधीते वेद इति, भूगोलस्य अयम्, भूगोलादागतः *(भूगोल पढ्छ वा जान्दछ, भूगोलको यो, भूगोलबाट आएको)* भूगोल+ठक्[4] (इक), आदिवृद्धि =भौगोलिक ।

शब्दार्थ- भूगोलशास्त्र अध्ययन गर्ने, भूगोल जान्ने, भूगोल विशेषज्ञ, भूगोलबाट आएको, भूगोलसम्वन्धी ।

भौतिक: (वि.) भूतेभ्यः आगतः, भूतानामयम् *(भूतप्राणीबाट आएको, प्राणीहरूको यो)* भूत+ठक्[5] (इक), आदिवृद्धि, अकारलोप= भौतिक ।

अथवा भूतानां विकारः *(प्राणीहरूको विकार)* भूत+ ठक् (इक), आदिवृद्धि= भौतिक ।

शब्दार्थ- प्राणीहरूसम्वन्धी, पञ्चमहाभूतवाट आएको, जडवस्तु वा पदार्थसम्वन्धी, भूतसम्वन्धी ।

भौतिकवाद: (ना./पुं.) भौतिकं वदतीति *(भौतिक पदार्थसम्बन्धी कुरा बताउँछ)* भौतिक उपपदपूर्वक वद व्यक्तायां वाचि (भ्वा.) धातु, भौतिक+वद्+अण् (अ), वृद्धि= भौतिकवाद ।

अथवा उद्यते इति *(बताइन्छ)* वद्+घञ् (अ), वादः । भौतिकश्चासौ वादश्च *(भौतिक वाद)* वा भौतिकानां वादः *(भौतिक तत्त्व वा पदार्थ नै मुख्य हो भन्ने वाद)* क.त.स./ष.त.स.= भौतिकवाद ।

शब्दार्थ- भौतिकपदार्थलाई जोड दिने वाद, भौतिकपदार्थ सम्वन्धी तथ्यलाई वताउने र त्यसलाई मान्ने सिद्धान्त वा वाद ।

---

[1] सुप्यजातौ... : णिनि

[2] अत इनिठनौ : इनि

[3] ऋन्नेभ्यो.. : ङीप्

[4] तदधीते तद्वेद/तस्येदम्/ठगायस्थानेभ्य... : ठक्

[5] ठगायस्थानेभ्य/तस्येदम् : ठक्

भौतिकविज्ञानम् (ना./न.) भौतिकानां विज्ञानम् *(भौतिक पदार्थको विज्ञान)* ष.त.स.= भौतिकविज्ञान ।

शब्दार्थ- भौतिक पदार्थ र वस्तुजगत्को अध्ययन र विश्लेषण गर्ने विज्ञान ।

भौमः (ना./पुं./वि.) भूमेरपत्यम् पुमान् *(पृथिवीको पुत्र वा सन्तति),* भूमेरयम् *(पृथिवीको यो),* भूमौ भवः **(भूमिमा हुने)** भूमि+अण्[1] (अ), आदिवृद्धि, इकारलोप =भौम ।

शब्दार्थ- पृथिवीपुत्र, मङ्गल, नौवटा ग्रहमध्ये एक, भूमिवाट पैदा हुने, पृथिवीसम्वन्धी ।

भ्रंशः (ना./पुं.) भ्रश्यते इति *(तल खस्नु)* भ्रंशु अवस्रंसने (भ्वा.) वा भ्रंशु अधःपतने (दिवा.) धातु, भ्रंश्+घञ् (अ)= भ्रंश ।

शब्दार्थ- खस्ने वा गिर्ने काम, पतन हुने काम, अधःपतन, तल खस्ने काम, ध्वंस, विनाश ।

भ्रंशनम् (ना./न.) भ्रंशनम्, भ्रश्यते इति वा *(तल खस्नु)* भ्रंशु अवस्रंसने (भ्वा.) धातु, भ्रंश्+ल्युट् (अन) =भ्रंशन ।

शब्दार्थ- अधःपतन, तल खस्ने क्रिया, पतन हुने काम ।

भ्रमः (ना./पुं.) भ्रमणम्, भ्रम्यते इति वा *(भ्रमण गर्नु वा भ्रममा पर्नु)* भ्रमु चलने (भ्वा.) वा भ्रमु अनवस्थाने (दिवा.) धातु, भ्रम्+घञ् (अ)= भ्रम ।

शब्दार्थ- भ्रान्ति, मिथ्याज्ञान, शङ्का वा सन्देह, भूल वा गल्ती, भ्रमण, घुमफिर गर्ने काम, टहल्ने काम, परिक्रमा ।

भ्रमणम् (ना./न.) भ्रम्यते इति *(भ्रमण गरिन्छ)* भ्रमु चलने (भ्वा.) वा भ्रमु अनवस्थाने (दिवा.) धातु, भ्रम+ल्युट् (अन), णत्व= भ्रमण ।

शब्दार्थ- घुमफिर गर्ने काम, परिभ्रमण, यात्रा, परिक्रमा, यताउति घुम्ने काम, देशाटन ।

भ्रमरः (ना./पुं.) भ्रमतीति *(घुम्दछ)* भ्रमु अनवस्थाने (दिवा.) वा भ्रमु चलने (भ्वा.) धातु, भ्रम्+अर[2] (उणा.)= भ्रमर ।

शब्दार्थ- भमरो, भृङ्ग, भँवरो, अलि ।

भ्रमात्मकः (वि.) भ्रम एव आत्मा यस्य *(भ्रम नै मुख्य छ जसको)* भ्रम+आत्मन्, ब.स., दीर्घ, भ्रमात्मन्+कप् (क), समासान्त, नलोप= भ्रमात्मक ।

शब्दार्थ- भ्रम पैदा गर्ने, भ्रम पार्ने वा भ्रम सिर्जना गर्ने, भ्रम उत्पन्न गर्ने ।

भ्रमितः (वि.) भ्रमति स्म इति *(भ्रममा परेको)* भ्रमु चलने (भ्वा.) धातु, भ्रम्+क्त (त), इडागम= भ्रमित ।

शब्दार्थ- भ्रममा परेको, घुमेको, भूलमा परेको, चक्कराएको ।

भ्रष्टः (वि.) भ्रंशते स्म, भ्रश्यति स्म इति *(खसेको वा गिरेको)* भ्रंशु अवस्रंसने (भ्वा.) वा भ्रंशु अधःपतने (दिवा.) धातु, भ्रंश्+क्त (त), शको षत्व[3], ष्टुत्व=भ्रष्ट ।

शब्दार्थ- गिरेको, खसेको, पतन भएको, विग्रेको, आचरणवाट तल झरेको, दुश्चरित्र, प्रदूषित ।

भ्रष्टमतिः (वि.) भ्रष्टा मतिर्यस्य *(भ्रष्ट छ मति जसको)* ब.स.= भ्रष्टमति ।

शब्दार्थ- भ्रष्टमति भएको, वुद्धि भ्रष्ट भएको, मतिहीन, वुद्धि विग्रेको ।

भ्रष्टाचारः (ना./पुं.) भ्रष्टश्चासौ आचारश्च *(भ्रष्ट आचार)* क.त.स., दीर्घ= भ्रष्टाचार ।

शब्दार्थ- खराव आचरण, पतित आचरण, दुराचार, नियम कानुन विपरीत खाने र खुवाउने काम ।

भ्रष्टाचारी (वि.) भ्रष्टुमाचरितुं शीलमस्य *(भ्रष्ट आचरण गर्ने स्वभाव छ यसको)* भ्रष्ट उपपदमा हुने आङ्पूर्वक चर गतिभक्षणयोः (भ्वा.) धातु, भ्रष्ट+आ+चर्+णिनि[4] (इन्), दीर्घ, भ्रष्टाचारिन्= भ्रष्टाचारी ।

शब्दार्थ- भ्रष्टाचार गर्ने, दुराचारी, आचरण विग्रेको, नैतिक आचरण गुमाएको, नियम विपरीत काम गर्ने ।

भ्राता (ना./पुं.) भ्राजते इति *(प्रकाशित हुन्छ)* भ्राजृ दीप्तौ (भ्वा.) धातु, भ्राज्+तृन्[5] (तृ), उणा., जलोप, भ्रातृ= भ्राता ।

शब्दार्थ- एउटै वावुवाट जन्मेका दाजुभाइ, एउटै गर्भवाट जन्मेको मानिस, सहोदर दाजुभाइ ।

भ्रातृजाया (ना./स्त्री.) भ्रातुः जाया *(दाजु वा भाइकी पत्नी)* ष.त.स.= भ्रातृजाया ।

शब्दार्थ- दाजु वा भाइकी श्रीमती, भ्रातृभार्या, दाजु वा भाइकी पत्नी, भाउजु, वुहारी ।

भ्रातृत्वम् (ना./न.) भ्रातुर्भावः *(दाजुभाइमा हुने भाव वा अवस्था वा आत्मीयता)* भ्रातृ+त्व= भ्रातृत्व ।

शब्दार्थ- भ्रातृत्वभाव, भ्रातृत्वपना, दाजुभाइमा पाइने आत्मीयभाव ।

भ्रातृभावः (ना./पुं.) भ्रातुर्भावः *(दाजुभाइमा पाइने भाव)* ष.त.स.= भ्रातृभाव ।

शब्दार्थ- भ्रातृत्वभाव, दाजुभाइमा पाइने आत्मीयपन ।

भ्रान्तः (वि.) भ्रम्यते स्म इति *(घुमेको)* भ्रमु चलने (भ्वा.) वा भ्रमु अनवस्थाने (दिवा.) धातु, भ्रम्+क्त (त), दीर्घ[6]= भ्रान्त ।

शब्दार्थ- घुमेको, भ्रममा परेको, चक्कराएको ।

उदा. मीठो लाग्नु हैन सच्चा यथार्थ
राम्रा हुन्छन् भ्रान्त पार्ने पदार्थ- नवरस, बीभत्सरस ५

---

[1] शिवादिभ्योऽण्/तस्येदम् : अण्

[2] अर्तिकमिभ्रमि... : अर

[3] व्रश्चभ्रस्जसृजमृज... : शको षत्व

[4] सुप्यजातौ : णिनि

[5] नप्तृनेष्ट्रित्वष्टृ... : तृन्

[6] अनुनासिकस्य क्विझलोः... : दीर्घ

भ्रान्तिः (ना./स्त्री.) भ्रमणम्, भ्रम्यते इति वा *(घुम्नु)* भ्रमु चलने (भ्वा.) धातु, भ्रम्+क्तिन् (ति), दीर्घ[1]= भ्रान्ति ।

शब्दार्थ-भ्रम, आशङ्का, सन्देह, घुमफिर गर्ने काम, भ्रमण,

भ्रामकः (वि.) भ्रामयतीति *(भ्रम उत्पन्न गराउँछ)* भ्रमु अनवस्थाने (दिवा.) धातु, भ्रम्+णिचि, वृद्धि, भ्रामि+ ण्वुल् (अक), णिलोप= भ्रामक ।

शब्दार्थ- भ्रम पैदा गर्ने, भ्रम उत्पन्न गराउने, शङ्का पैदा हुने, रिंगाउने, घुमाउने ।

भ्रूः (ना./स्त्री.) भ्रमतीति *(घुम्छ)* भ्रमु चलने (भ्वा.) वा भ्रमु अनवस्थाने (दिवा.) धातु, भ्रम्+डू[2] (ऊ), टिलोप, भ्र् ऊ= भ्रू ।

शब्दार्थ- आंखीभौं, आँखीभुइँ ।

भ्रूकुटि (ना./स्त्री.) भ्रुवः कुटिः कौटिल्यम् *(आँखीभौंको कौटिल्य)* ष.त.स.= भ्रूकुटि ।

शब्दार्थ- आंखीभुइंको कुटिलता, आँखीभौंको भावभङ्गिमा, क्रोधादिले आँखीभुइँ कुटिल हुने काम, आंखीभौं ।

भ्रूभङ्गः (ना./पुं.) भ्रुवः भङ्गः *(आँखीभौंको भङ्गिमा)* ष.त.स.= भ्रूभङ्ग ।

शब्दार्थ-आंखीभुइंको भावभङ्गिमा, आँखीभौंको कुटिलता ।

भ्रूमध्यम् (ना./न.) भ्रुवः मध्यः *(आँखीभौंको मध्यभाग)* ष.त.स.= भ्रूमध्य ।

शब्दार्थ- आँखीभौंको मध्यभाग, जोर्नी ।

भ्रूविलासः (ना./पुं.) भ्रुवः विलासः *(आँखीभौंको विलास)* ष.त.स.= भ्रूविलास ।

शब्दार्थ- कटाक्षले हेर्ने काम, आँखीभौंको भावभङ्गिमा ।

भ्रूणः (ना./पुं.) भ्रूण्यते इति *(गर्भ धारण गर्नु)* भ्रूण गर्भविशङ्कयोः (चुरा.) धातु, भ्रूण्+घञ् (अ)= भ्रूण ।

शब्दार्थ- स्त्रीको गर्भ, गर्भमा रहेको शिशु ।

भ्रूणहत्या (ना./स्त्री.) भ्रूण्यते इति *(गर्भाधान गर्नु)* भ्रूण गर्भविशङ्कयोः (चुरा.) धातु, भ्रूण्+घञ् (अ), भ्रूणः (गर्भः) । भ्रूणस्य हत्या *(गर्भको हत्या गर्ने काम)* ष.त.स.= भ्रूणहत्या ।

शब्दार्थ- गर्भ पतन गर्ने काम, गर्भहत्या, पेटभित्रको वच्चा मार्ने वा हत्या गर्ने काम ।

भ्रूणहा (वि.) भ्रूणं हन्तीति *(भ्रूणको हत्या गर्छ)* भ्रूण उपपदमा हुने हन हिंसागत्योः (अदा.) धातु, भ्रूण+ हन्+क्विप् (सर्वलोप), भ्रूणहन्= भ्रूणहा ।

शब्दार्थ- गर्भमा रहेका शिशुको हत्या गर्ने, गर्भको विनाश गर्ने ।

भ्रेषः (ना./पुं.) भ्रेषणं भ्रेष्यते इति वा *(तल खस्नु)* भ्रेषृ गतौ (भ्वा.) धातु, भ्रेष्+घञ् (अ), गुण= भ्रेष ।

शब्दार्थ- पतन, खस्ने क्रिया, स्थानच्युत हुने काम, उचित स्थानवाट खस्ने काम ।

म

मः (ना./पुं.) माति निर्माति जगत्, मिमीते इति वा *(जगत् निर्माण गर्छन् वा नाप्छन्)* मा माने (अदा.) वा माङ् माने शव्दे च (जुहो.) धातु, मा+ड[3] (अ), आलोप= म ।

परिचय- देवनागरी वर्णमालाको पच्चीसौं व्यञ्जनवर्ण, अनुनासिक तथा ओष्ठस्थानीय स्पर्शसंज्ञक सघोष अल्पप्राणध्वनि ।

मो यमे समयेऽपि स्यात् विषे च मधुसूदने
मा स्त्री पद्मालयायां स्यात् पुंलिङ्गश्चन्द्रशेखरे- मेदिनी
मः शिवस्त्वन्द्रमा वेदाः- एकाक्षरकोशः

शब्दार्थ- व्रह्मा, विष्णु, मधुसूदन, शिव, चन्द्रमा, यम, काल, समय, विष, छन्दशास्त्रमा मगण (जसमा तीनवटा गुरु हुन्छन्) ।

मकरः (ना./पुं.) कृणातीति *(हिंसा गर्छ)* कॄ हिंसायाम् (क्र्या.) धातु, कॄ+अच् (पचादि), गुण, करः । मनुष्याणां करः हिंस्रकः *(मानिसको हिंसा गर्ने)* पृषोदरादिवाट 'नुष्य' वर्णद्वयको नाश= मकर । अथवा मङ्क्ते इति *(भूषित हुन्छ)* मकि मण्डने (भ्वा.) धातु, आगमशास्त्र अनित्य हुँदा नुम्को अभाव, मक्+अच् (पचादि), मकः । मकं शोभां रातीति *(समुद्रको शोभा बढाउँछ)* मक उपपदपूर्वक रा दाने (अदा.) धातु, मक+रा+क (अ), आलोप= मकर । अथवा मुखं किरतीति *(मुख विक्षेप वा विकृत पार्छ)* मुख उपपदमा हुने कॄ विक्षेपे (तुदा.) धातु, मुख+ कॄ+अच् (पचादि), गुण, पृषोदरादिवाट मुखका उ र खवर्णको विनाश= मकर ।

महापद्मश्च पद्मश्च शङ्खो मकरकच्छपौ
मुकुन्दकुन्दनीलाश्च खर्वश्च निधयो नव ।
मकरो निधौ- अ.को.व्याख्या
नक्रे राशिविशेषे च ।

शब्दार्थ- वाह्र राशिहरूमध्ये दसौं राशि, कुवेरका नौवटा निधिहरूमध्ये एक, जलचर, गोही, ग्राह ।

---

[1] अनुनासिकस्य क्विझलोः... : दीर्घ

[2] भ्रमेश्च डूः : डू

[3] अन्येष्वपि दृश्यते : ड

मकरध्वजः (ना./पुं.) मकरः ध्वजः यस्य *(मकर छ ध्वजा जसको वा मकर अङ्कित ध्वजा छ जसको)* ब.स. =मकरध्वज ।

शब्दार्थ- कामदेव, आयुर्वेदिक औषधिविशेष ।

मकारः (ना./पुं.) 'म' यस्तो वर्णनिर्देशनमा 'म' प्रातिपदिकबाट म+कार[१]= मकार ।

शब्दार्थ- पवर्गको पाँचौ अक्षर, मअक्षर वा ध्वनि ।

मक्षिका (ना./स्त्री.) मशतीति *(भुनभुन गर्छ)* मश शब्दे रोषकृते च (भ्वा.) धातु, मश्+सिकन्[२] (सिक), उणा., मश्का शको षत्व, सिकका सको ष्टुत्व, मष्षिक, मष्का षको क्, क र षको क्षत्व, मक्षिक+ टाप् (आ)=मक्षिका ।

अथवा मक्षतीति *(एकत्रित हुन्छ)* मक्ष रोषे सङ्घाते च (भ्वा.) धातु, (अ.को. रामाश्रमीबाट), मक्ष्+ण्वुल् (अक), मक्षकः । मक्षक+टाप् (आ), ककारपूर्वका अकारको इत्व= मक्षिका ।

शब्दार्थ- झिङ्गो, मधुमक्षिका, माहुरी, मौरी ।

मखः (ना./पुं.) मखन्ति देवाः अत्र अनेन वा *(देवताहरू यहाँ आउँछन् वा यसद्वारा देवताहरूको आवाहन गरिन्छ)* मख गत्यर्थे (भ्वा.) धातु, मख्+घञ्[३] (अ), वृद्धिको अभाव (संज्ञापूर्वक हुँदा)= मख ।

यज्ञः सवोऽध्वरो यागः सप्ततन्तुर्मखः क्रतुः- इत्यमरः

शब्दार्थ- यज्ञ, याग, अध्वर, क्रतु ।

मगधराजः (ना./पुं.) मगधानां राजा *(मगधका राजा)* ष.त.स., मगधराजन्+टच् (समासान्त), टिलोप =मगधराज ।

शब्दार्थ- मगध देशका राजा, जरासन्ध ।

मग्नः (वि.) मज्जति स्म इति *(डुबेको)* टु मस्जो शुद्धौ (तुदा.) धातु, मस्ज्+क्त[४] (त), कर्तामा, निष्ठा तको न, सको लोप, कुत्व= मग्न ।

शब्दार्थ- ध्यानमा निमग्न, विचार वा चिन्तनमा डुबेको, विषयवासनामा लट्ठ परेको, डुबुल्की मारेको, नुहाएको, जलमा प्रवेश गरेको, तल्लीन, लीन, लिप्त, सुखसयलमा मस्त भएको ।

मङ्गलम् (ना./न./पुं.) मङ्गति गच्छति हितार्थम् *(कल्याणको लागि अघि बढ्छ)* मगि गत्यर्थे (भ्वा.) धातु, नुम्, मङ्ग्+अलच्[५] (अल), उणा.= मङ्गल ।

श्वः श्रेयसं शिवं भद्रं कल्याणं मङ्गलं शुभम्- इत्यमरः

शब्दार्थ- शिव, कल्याण, शुभ, मङ्गल, कुशल, भलाइ, हित, शुभशकुन, नौ ग्रहहरूमध्ये एक, सातवारमध्ये एक ।

मङ्गलकर्म (ना./न.) मङ्गलञ्च तत् कर्म च *(मङ्गलदायक कर्म)* क.त.स.= मङ्गलकर्म ।

शब्दार्थ- कुनै कार्य सिद्धिको लागि गरिने देवीदेवताको पूजा आराधना, शुभकर्म ।

मङ्गलकलशः (ना./पुं.) मङ्गलाय कलशः जलपूर्णघटः *(मङ्गल कार्यका लागि स्थापना गरिने जलपूर्ण घडा)* च.त.स.= मङ्गलकलश ।

शब्दार्थ- शुभकार्य गर्दा देवीदेवताको आवाहनको लागि स्थापना गरिने जलपूर्ण कलश ।

मङ्गलकामना (ना./स्त्री.) मङ्गलस्य कामना *(मङ्गलको कामना)* ष.त.स.= मङ्गलकामना ।

शब्दार्थ- शुभकामना, हित चिताउने काम, अर्काको भलाइको कामना ।

मङ्गलकारकः/मङ्गलकारी (वि.) मङ्गलं करोतीति *(मङ्गल हुने कार्य गर्छ)* मङ्गल उपपदपूर्वक डुकृञ् करणे (तना.) धातु, मङ्गल+कृ+ण्वुल्[६] (अक), वृद्धि =मङ्गलकारक । मङ्गल+कृ+णिनि[७] (इन्), वृद्धि, मङ्गलकारिन्=मङ्गलकारी ।

शब्दार्थ- मङ्गल गर्ने, हित गर्ने, भलाइ गर्ने, कल्याण गर्ने, कल्याणकारी ।

मङ्गलगानम् (ना./न.) गीयते इति *(गाइन्छ)* गै शब्दे (भ्वा.) धातु, गै+ल्युट् (अन), आत्व, गानम् । मङ्गलाय गानम् *(मङ्गलका लागि गान)* च.त.स.= मङ्गलगान ।

शब्दार्थ- मङ्गलकार्यको अवसरमा गाइने गीत, मङ्गलगीत ।

मङ्गलगीतम् (ना./न) गीयते स्म इति *(गाइएको)* गै शब्दे (भ्वा.) धातु, गै+क्त (त), आत्व, ईत्व, गीतम् । मङ्गले मङ्गलाय वा गीतम् *(मङ्गलकार्यमा वा मङ्गलकामनाका लागि गाइएको)* स.त.स./च.त.स. = मङ्गलगीत ।

शब्दार्थ- मङ्गलकार्यको लागि गाइएको गीत, मङ्गलकामनाका लागि गाइएको गीत, मङ्गलगान ।

मङ्गलमयः (वि.) मङ्गलादागतः *(मङ्गलबाट आएको)*, प्रकृतं प्रचुरं मङ्गलं *(पर्याप्त मङ्गल)* मङ्गल+मयट्[८] (मय) =मङ्गलमय ।

शब्दार्थ- मङ्गलदायक, मङ्गलले परिपूर्ण, कल्याणकारक, कल्याणमय ।

मङ्गलसूत्रम् (ना./न.) मङ्गलाय सूत्रम् *(मङ्गलको लागि सूत्र)* च.त.स.= मङ्गलसूत्र ।

शब्दार्थ- मङ्गल वा रक्षाको लागि घाँटीमा बाँधिने रक्षासूत्र, नाडीमा बेरिने रक्षाबन्धन, सधवा नारीले घाँटीमा लगाउने सौभाग्यसूचक आभूषण, मङ्गलसूत्र ।

मङ्गला (ना./स्त्री.) मङ्गति सर्पति असौ *(मङ्गलको लागि अघि बढ्छिन् यी)* मगि गत्यर्थे (भ्वा.) धातु, मङ्ग्+ अलच् (अल), उणा., मङ्गल+टाप् (आ)= मङ्गला । अथवा मङ्गलं अस्याः अस्तीति *(मङ्गल छ यिनको)* मङ्गल+अच् (अर्शादि)+टाप् (आ)= मङ्गला ।

शब्दार्थ- देवी, दुर्गा, भगवती, पतिव्रता स्त्री, ज्योतिषशास्त्र अनुसार आठ योगिनीहरूको दशामध्ये एक, जसलाई चन्द्रपत्नी मान्ने गरिन्छ ।

---

१. वर्णात्कारः : कार
२. हनिमशिभ्याम्...: सिकन्
३. हलश्च : घञ्
४. गत्यर्थाकर्मक... : क्त
५. मङ्गेरलच् : अलच्
६. ण्वुल्तृचौ : ण्वुल्
७. नन्दिग्रहि... : णिनि
८. मयट् च/तत्प्रकृतवचने... : मयट्

मङ्गलाचरणम् (ना./न.) आचर्यते इति *(आचरण गरिन्छ)* आङ्पूर्वक चर गतिभक्षणयो: (भ्वा.) धातु, आ+चर्+ ल्युट् (अन), णत्व, आचरणम् । मङ्गलाय आचरणम् *(मङ्गलकामनाका लागि पढिने वा गाइने स्तुतिगान)* च.त.स., दीर्घ= मङ्गलाचरण ।

शब्दार्थ- कुनै कार्य प्रारम्भ गर्ने वा ग्रन्थ लेख्न थाल्ने काम, निर्विघ्नपूर्वक समाप्तिका लागि प्रारम्भमा लेखिने वा गाइने स्तुतिपाठ, मङ्गलगान वा मङ्गलकामना गरिएको पद्यश्लोक ।

मङ्गलोत्सव: (ना./पुं.) मङ्गलाय उत्सव: *(कल्याणका लागि मनाइने उत्सव)* च.त.स., गुण= मङ्गलोत्सव ।

शब्दार्थ- मङ्गलमय उत्सव, मङ्गल कार्यका लागि मनाइने उत्सव ।

मङ्गल्य: (वि./ना./न.) मङ्गलाय साधु: *(मङ्गलका लागि उचित हुने)* मङ्गल+यत् (य), अकारलोप= मङ्गल्य ।

शब्दार्थ- कल्याणदायक, मङ्गलप्रद, सौभाग्यशाली, पवित्र ।

मज्जनम् (ना./न.) मज्ज्यते इति *(डुबुल्की लगाउनु)* टुमस्जो शुद्धौ (तुदा.) धातु, मस्ज्+ल्युट् (अन), श्चुत्व, जश्त्व= मज्जन ।

शब्दार्थ- स्नान गर्ने कार्य, डुब्ने कार्य, नुहाउने क्रिया ।

मज्जा (ना./स्त्री.) मज्जति अस्मिन् *(भित्र रहन्छ)* टुमस्जो शुद्धौ (तुदा.) धातु, मस्ज्+कनिन् (निपातन), जश्त्व, श्चुत्व, मज्जन् । भागुरीमतमा आवन्त निपातन= मज्जा ।

मज्जा मांससारास्थिसारयो: ।

शब्दार्थ- हाडमा रहेको सार वस्तु, अस्थिसार, मासु र हाडको बीचमा रहेको सारतत्त्व, मासी ।

मञ्च: (ना./पुं.) मञ्चते, मञ्च्यते इति वा *(धारण वा पूजनादि गर्छ, गरिन्छ)* मचि धारणोच्छ्रायपूजनेषु (भ्वा.) धातु, नुम्, मञ्च्+अच् (पचादि)/घञ् (अ) =मञ्च ।

शब्दार्थ- अग्लो मण्डप, रङ्गमञ्च, अग्लो आसन, वेदी, खाट, पलङ्ग, भाषण आदि गर्न बनाइएको उच्चस्थान वा मण्डप ।

मञ्जरि:/मञ्जरी (ना./स्त्री.) मञ्जु मञ्जुत्वमृच्छति *(सुन्दरता प्राप्त गर्छ)* मञ्जु उपपदपूर्वक ऋ गतिप्रापणयो: (भ्वा.) धातु, मञ्जु+ऋ+इ[1] (प्रत्यय), उणा., गुण, मञ्जु अरि, पररूप[2],मञ्जरि+ङीष् (ई) =मञ्जरी । ङीप्को अभावमा= मञ्जरि ।

शब्दार्थ- कोपिला, अङ्कुर, पुष्पगुच्छा, आँकुरो, मुजुरा ।

मञ्जु: (वि.) मञ्जतीति *(शोभा दिन्छ)* मजि ध्वनौ (सौत्र) धातु, नुम्, मञ्ज्+उ (बहुलप्रकारले)= मञ्जु ।

शब्दार्थ- सुन्दर, चारु, प्रिय, मनोहर, मनोरम, आकर्षक ।

उदा. मनाउँछन् खुसी मानी मञ्जु-मङ्गल-उत्सव- ऋ.वि. (शारद् वि.९७)

मञ्जुघोष: (ना./पुं./वि.) मञ्जु मनोहरश्चासौ घोषश्च **(मीठो आवाज)** क.त.स.= मञ्जुघोष ।

अथवा मञ्जुर्मनोहर: घोष: शब्द: अस्य *(सुन्दर वाणी छ यसको)* ब.स.= मञ्जुघोष ।

शब्दार्थ- मीठो बोली, मीठो गुञ्जन, मधुरवचन, मीठो स्वर, बुद्धदर्शनका विख्यात एक आचार्य, सुन्दर वाणी हुने, मधुर वचन बोल्ने ।

मञ्जुभाषी (वि.) मञ्जु मनोहरं भाषितुं शीलमस्य *(सुन्दर बोली बोल्ने शील छ यसको)* मञ्जु उपपदमा हुने भाष व्यक्तायां वाचि (भ्वा.) धातु, मञ्जु+भाष्+णिनि[3] (इन्), मञ्जुभाषिन्= मञ्जुभाषी ।

शब्दार्थ- मीठो बोल्ने, मधुरभाषी ।

मञ्जुश्री: (ना./पुं./स्त्री.) मञ्जुर्मनोहरा श्री शोभा यस्य *(सुन्दर शोभा छ जसको)* ब.स.= मञ्जुश्री ।

अथवा मञ्जु चासौ श्रीश्च *(सुन्दर शोभा वा लक्ष्मी)* क.त.स.= मञ्जुश्री ।

शब्दार्थ- सुन्दर तेज वा कान्तिमान्, बुद्धदर्शनका विद्वान् मञ्जुघोष, महापुरुष मञ्जुश्री, तान्त्रिक देवी, सरस्वती, उपास्य देवता ।

मञ्जुल: (वि.) मञ्जु मञ्जुत्वं लातीति *(सौन्दर्य ल्याउँछ)* मञ्जु उपपदपूर्वक ला आदाने (अदा.) धातु, मञ्जु+ला+क[4] (अ), आलोप= मञ्जुल ।

शब्दार्थ- सुन्दर, राम्रो, मनोहर, मञ्जु ।

उदा. तन्ना हुन् हरिया, बनून् कुसुमका बुट्टा त्यहाँ मञ्जुल- शा.म.का. १/१३

मञ्जूषा (ना./स्त्री.) मज्जति अत्र *(डुब्छ वा रहन्छ यहाँ)* टुमस्जो शुद्धौ (तुदा.) धातु, मस्ज्+ऊषन्[5] (ऊष), उणा., नुम्, सलोप, मञ्जूष+टाप् (आ), परसवर्ण =मञ्जूषा ।

शब्दार्थ- सन्दुस, पेटिका, बाकस, डिब्बा, पेटी ।

मठ: (ना./पुं.) मठन्ति निवसन्ति छात्रादय: अत्र *(विद्यार्थी आदि यहाँ निवास गर्छन्)* मठ मदनिवासयो: (भ्वा.) धातु, मठ्+घञ्[6] (अ), वृद्धिको अभाव (संज्ञापूर्वक हुँदा) =मठ ।

मठश्छात्रादिनिलय:- इत्यमर:

शब्दार्थ- वेदाध्यायी वटुकहरू बस्ने स्थान, विद्यार्थीहरू बस्ने छात्रावास, जोगी, सन्न्यासी, महन्त आदि बस्ने आश्रम, बौद्ध भिक्षुहरू बस्ने विहार, मन्दिर, देवालय, तुलसी रोपेको अग्लो ठाउँ,

मठाधीश: (ना./पुं.) मठस्य अधीश: *(मठको अधिपति)* ष.त.स., दीर्घ= मठाधीश ।

शब्दार्थ- मठको प्रमुख व्यक्ति, महन्त, मठाधीश ।

मणि: (ना./पुं./स्त्री.) मणतीति *(शब्द गर्छ, चम्कन्छ)* मण शब्दार्थे (भ्वा.) धातु, मण्+इन् (इ), उणा.=मणि ।

मणि: स्त्रीपुंसयोरस्मजातौ मुक्तादिकेऽपि च- इति मेदिनी

शब्दार्थ- बहुमूल्य पत्थर, मुक्तादि रत्न, रत्नजडित आभूषण, श्रेष्ठ व्यक्ति ।

---

[1] अच इ: : इ

[5] मस्जेर्नुम्च : ऊषन्, नुम्

[2] शकन्ध्वादिषु : पररूप

[6] हलश्च : घञ्

[3] सुप्यजातौ... : णिनि

[7] सर्वधातुभ्य...: इन्

[4] आतोऽनुपसर्गे....: क

मणिकः (ना./पुं.) मणिरेव *(मणि नै)* मणि+कन्[१] (क) =मणिक।

शब्दार्थ- मणि, रत्नविशेष।

मणिदीपिका (ना./स्त्री.) मणिरूपा चासौ दीपिका (मणिरूप दीप) क.त.स., उ.प.लोप= मणिदीपिका।

शब्दार्थ- मणिरूपी बत्तीहरू, मणिरूप दीपिका।

उदा. हजार मणिदीपिका नयन जालफैं देखिए-आ.रा. ३/३९

मणिपुरः (ना./पुं.) मणिभिः पुरः *(मणिमाणिक्यादि रत्नहरूले जडिएको)* तृ.त.स.= मणिपुर।

शब्दार्थ- रत्नजडित चुरा वा औंठी लगाउने काम, नाभि, नाइटो, शरीरका षट्चक्रमध्ये एक।

मणिबन्धः (ना./पुं.) मणिर्बध्यते अत्र *(रत्नजडित बाजु लगाइन्छ यहाँ)* मणि उपपदपूर्वक बन्ध बन्धने (क्र्या.) धातु, मणि+बन्ध्+घञ् (अ)= मणिबन्ध।

शब्दार्थ- पाखुरा र हत्केलाको मध्यभाग, नारी।

मणिबन्धनम् (ना./न.) बध्यते इति *(बाँधिन्छ)* बन्ध बन्धने (क्र्या.) धातु, बन्ध्+ल्युट् (अन), बन्धनम्। मणेर्बन्धनम् *(नारीमा रत्नहरूको बन्धन वा बाँध्ने काम)* ष.त.स.= मणिबन्धन।

शब्दार्थ- हातमा बाजु लगाउने काम, रत्नजडित चुरा लगाउने काम।

मणिमयः (वि.) प्रकृतः प्रचुरः मणिः *(मणि नै मणि भएको)* वा मणेर्विकारः *(मणिको विकार)* मणि+मयट्[२] (मय) =मणिमय।

शब्दार्थ- मणिले भरिएको, मणिले ओतप्रोत भएको, मणि जडित।

मण्डः (ना./पुं.) मण्डति, मण्डयति अनेन इति वा *(भूषित पार्छ यसले)* मडि भूषायाम् (भ्वा.) वा मणि भूषायाम् हर्षे च (चुरा.) धातु, नुम्, मण्ड्+अच् (पचादि)/घञ् (अ)= मण्ड।

शब्दार्थ- आभूषण, शृङ्गार, माँड, बाक्लो तरल पदार्थ, खोले।

मण्डनम् (ना./न./पुं.) मण्ड्यते अनेन *(सजाइन्छ यसबाट)* मडि भूषायाम् (भ्वा.) वा मणि भूषायाम् हर्षे च (चुरा.) धातु, नुम्, मण्ड्+ल्युट् (अन) =मण्डन।

अथवा मण्डति मण्डयति तच्छीलः *(मण्डनशील)* मण्ड+युच्[३] (अन)= मण्डन।

अलङ्कारस्त्वाभरणं परिस्कारो विभूषणम्। मण्डनञ्च- इत्यमरः

शब्दार्थ- सजाउने काम, सिंगार्ने काम, आभूषण, सजावट, अलङ्कार, विभूषण, कुनै युक्तिसङ्गत ढङ्गले कुनै पक्षको समर्थन, रङ लगाउने काम

मण्डपः (ना./पुं./न.) मण्डनम्, मण्ड्यते इति *(सिँगारिन्छ, आश्रय दिन्छ)* मणि भूषायाम् (भ्वा.) धातु, मण्ड+घञ् (अ), मण्डः। मण्डं पातीति *(यहाँ व्युत्पत्तिबाट बुझिने यौगिक अर्थ मुख्य छैन)* मण्ड उपपदपूर्वक पा रक्षणे (अदा.) धातु, मण्ड+पा+क[४] (अ), आकारलोप= मण्डप

मण्डपोऽस्त्रि जनाश्रयः- इत्यमरः

शब्दार्थ- विवाह तथा व्रतबन्ध र सप्ताह एवम् अन्य यज्ञादि कार्यको लागि बनाइएको पावन स्थान, पूजा गर्ने पवित्र स्थल, मानिसले आश्रय लिने पाटी, धर्मशाला।

मण्डलम् (ना./न.) मण्डति, मण्डयति विभूषयतीति वा *(सुशोभित पार्छ वा सजाउँछ)* मणि भूषायाम् (भ्वा.) वा मणि भूषायाम् हर्षे च (चुरा.) धातु, मण्ड+कलच्[५] (अल), उणा.= मण्डल।

अथवा मण्डं भूषां लातीति *(शोभा दिन्छ)* मण्ड उपपदमा हुने ला आदाने (अदा.) धातु, मण्ड+ला+क[४] (अ), आलोप= मण्डल।

बिम्बोऽस्त्रि मण्डलं त्रिषु- इत्यमरः

मण्डलं परिवेशश्च परिधिश्चोपसूर्यकम्।

शब्दार्थ- सूर्य चन्द्रमामा देखिने गोलो परिधि, बिम्ब, वाटुलो घेरा, प्रतिबिम्ब, कुनै प्रदेश वा क्षेत्र, एउटै उद्देश्य भएका मानिसको समुदाय।

मण्डलाकारः (वि.) मण्डलं आकारः यत्र *(मण्डल आकार छ जहाँ)* मण्डल+आकार, ब.स., दीर्घ =मण्डलाकार।

शब्दार्थ- गोलो आकार भएको, वृत्ताकार।

मण्डलाधीशः (ना./पुं.) मण्डलस्य अधीशः *(मण्डल वा कुनै क्षेत्रको अधिपति)* ष.त.स., दीर्घ= मण्डलाधीश।

शब्दार्थ- कुनै मण्डलको अधिपति वा स्वामी, क्षेत्र वा प्रदेशको स्वामी।

मण्डलेश्वरः (ना./पुं.) मण्डलस्य ईश्वरः *(मण्डलको स्वामी)* ष.त.स., गुण= मण्डलेश्वर।

शब्दार्थ- कुनै एउटा मण्डलको अधिपति वा मुख्यशासक, कुनै प्रदेशको स्वामी, क्षेत्राधिपति, कुनै मण्डलको मुख्यप्रशासक, कुनै सम्प्रदायको प्रमुख व्यक्ति।

मण्डितः (वि.) मण्ड्यते स्म इति *(सिँगारिएको)* मणि भूषायाम् (भ्वा.) धातु, मण्ड्+क्त (त), इडागम =मण्डित।

शब्दार्थ- विभूषित, सजाइएको, सिँगारिएको, अलङ्कृत।

मण्डूकः (ना./पुं.) मण्डते इति *(क्वार क्वार कराउँछ)* मडि परिभाषणे (भ्वा.) धातु, नुम्, मण्ड्+ऊकण्[६] (ऊक)= मण्डूक।

अथवा मण्डयति भूषयति जलाशयम् *(जलाशय सिंगार्छ)* मडि भूषायाम् हर्षे च (चुरा.) धातु, मण्ड+ऊकण्[६] (ऊक), उणा.= मण्डूक।

शब्दार्थ- भ्यागुतो, भेक, वर्षाभू।

---

[१] यावादिभ्यः... : कन्

[२] तत्प्रकृतवचने/तस्य विकारः : मयट्

[३] क्रुधमण्डार्थेभ्यश्च : युच्

[४] आतोऽनुपसर्गे... : क

[५] वृषादिभ्यश्चित्... : कलच्

[६] शलिमन्डिभ्यामूकण् : ऊकण्

मतः (ना./पुं./वि.) मनुते, मन्यते स्म इति वा *(ठान्छ वा ठानिएको)* मनु अवबोधने (तना.) धातु, मन्+क्त[1] (त), वर्तमान र भूतमा, अनुनासिक नलोप= मत ।

शब्दार्थ- विचार, चिन्तन, धारणा, अभिमत, सम्मत, अभिप्राय, मतपत्रमा दिइने मत, ठानिएको, जानिएको, विचार गरिएको, चिन्तन गरिएको ।

मतगणना (ना./स्त्री.) मतस्य गणना *(मतपत्रको गणना)* ष.त.स.= मतगणना ।

शब्दार्थ-निर्वाचनका मतपत्रको गणना, मतपत्र गन्ने काम ।

मतदानम् (ना./न.) मतस्य दानम् *(मतको दान)* ष.त.स. =मतदान ।

शब्दार्थ- आफ्नो मत वा सम्मतिको दान, चुनावमा उम्मेदवारलाई भोट दिने काम, मतपत्र खसाल्ने काम ।

मतपत्रम् (ना./न.) मताय पत्रम् *(मत दिनका लागि पत्र)* च.त.स.= मतपत्र ।

शब्दार्थ-चुनावमा मत खसाल्नका लागि तयार गरेको पत्र ।

मतपेटिका (ना./स्त्री.) मताय पेटिका *(मतपत्र खसाल्नको लागि पेटिका)* च.त.स.= मतपेटिका ।

अथवा मतस्य पेटिका *(मतपत्रको पेटिका)* ष.त.स. =मतपेटिका ।

शब्दार्थ- मत वा भोट दिने मानिसले मतपत्र खसाल्ने बाकस, मतपत्रको पेटिका ।

मतभेदः (ना./पुं.) मतस्य भेदः *(मत वा विचारको भेद)* ष.त.स.= मतभेद ।

शब्दार्थ- आफ्नो विचार, राय वा सहमतिको भिन्नता, फरकमत, भिन्नमत, मतभिन्नता ।

मतमतान्तरम् (ना./न.) मतस्य मतस्य च अन्तरम् *(मत मतको भिन्नता)* ष.त.स.= मतमतान्तर ।

शब्दार्थ- अनेकमत वा विचार, विविधमत, फरक फरक मत, भिन्न भिन्न मत वा विचार, भिन्न भिन्न दृष्टिकोण ।

मताधिकारः (ना./पुं.) मताय अधिकारः *(मत दिनका लागि अधिकार)* च.त.स., दीर्घ= मताधिकार ।

शब्दार्थ- निर्वाचनमा मत दिनका लागि अधिकार, मतदान गर्ने हक ।

मताधिकारी (ना./पुं./वि.) मताधिकारः अस्यास्तीति *(मत दिने अधिकार छ यसको)* मताधिकार+इनि[2] (इन्), अकारलोप, मताधिकारिन्= मताधिकारी ।

शब्दार्थ- मत दिने व्यक्ति, मतदान गर्न हक पाएको व्यक्ति, मतदान दिने, मतदाता ।

मतानुयायी (वि.) मतस्य अनुयायी *(मतको अनुयायी)* ष.त.स., दीर्घ= मतानुयायी ।

शब्दार्थ- कुनै मत वा सिद्धान्तको अनुसरण गर्ने, कुनै सिद्धान्तको अनुयायी, कुनै व्यक्ति वा सम्प्रदायको मतावलम्बी ।

मतान्तरम् (ना./न.) मतस्य अन्तरम् *(मतको भिन्नता)* ष.त.स.= मतान्तर ।

शब्दार्थ- मतभिन्नता, भिन्नमत, फरक मत, विरोधिमत ।

मतावलम्बी (वि.) मतमवलम्बितुं शीलमस्य *(कुनै मत अवलम्बन गर्ने शील वा अभिमत छ यसको)* मत उपपदपूर्वक लबि शब्दे वा लबि अवस्रंसने च (भ्वा.) धातु, मत+अव+लम्ब्+णिनि[3] (इन्), दीर्घ, मतावलम्बिन् = मतावलम्बी ।

शब्दार्थ- कुनै मत वा सिद्धान्तको अवलम्बन गर्ने, कुनै मतको समर्थन गर्ने, कुनै मत वा सिद्धान्तको अनुयायी ।

मतिः (ना./स्त्री.) मन्यतेऽनया *(ठानिन्छ, जानिन्छ यसद्वारा)* मन ज्ञाने (दिवा.) वा मनु अवबोधने (तना.) धातु, मन्+क्तिन् (ति, अनुनासिक नलोप= मति ।

शब्दार्थ- बुद्धि, इच्छा, प्रज्ञा, धी, ज्ञान, राय, सम्मति ।

मतिभ्रमः (ना./पुं.) मतेर्भमः *(बुद्धिको भ्रम)* ष.त.स. =मतिभ्रम ।

शब्दार्थ- बुद्धिभ्रम, बुद्धि बिग्रने काम, मतिहीनता ।

मतिमान् (वि.) मतिरस्यास्तीति *(मति या सद्बुद्धि छ यसको)* मति+मतुप्[4] (मत्), मतिमत्= मतिमान् ।

शब्दार्थ- बुद्धिमान्, राम्रो बुद्धि हुने, समझदार ।

मतिहीनः (वि.) मत्या हीनः *(मतिले हीन)* तृ.त.स. =मतिहीन ।

शब्दार्थ- बुद्धिहीन, बुद्धि नभएको, मूर्ख ।

मतैक्यम् (ना./न.) एकस्य भावः *(एक हुनाको भाव वा अवस्था)* एक+ष्यञ् (य),आदिवृद्धि, अकारलोप, ऐक्यम् । मतस्य ऐक्यम् *(मतको ऐक्य)* ष.त.स., वृद्धि= मतैक्य ।

शब्दार्थ- कुनै कुरामा एक मत हुने काम, मत वा विचारको एकता वा एकरूपता, मत भिन्नता नहुने काम ।

मत्तः (वि.) मादयति स्म, माद्यते स्म इति वा *(मातेको वा मात्तिएको)* मद तृप्तियोगे (चुरा.) वा मदी हर्षग्लेपनयोः (भ्वा.) धातु, मद्+क्त (त), कर्ता र भावमा, चर्त्व= मत्त ।

शब्दार्थ- मात्तिएको, मदले चुर भएको, गर्वले फुलेको, नसा लागेर चुर भएको, उन्मत्त, मातेको, घमण्डी, सेखी गर्ने ।

मत्सरः (वि./ना./पुं.) मदयति परोन्नतौ, माद्यति परकृच्छ्रे *(अर्काको उन्नतिमा इर्ष्या गर्छ वा अर्काको दुःखमा हर्ष मान्छ)* मदी हर्षग्लेपनयोः (भ्वा.) वा मदी हर्षे (दिवा.) धातु, मद्+सर[5] (उणा.), चर्त्व= मत्सर ।

मत्सरा मक्षिकायां स्यात् मात्सर्यक्रोधयोः पुमान्
असह्यपरसम्पत्तौ कृपणे चाभिधेयवत्- इति मेदिनी

शब्दार्थ- अर्काको उन्नति वा समृद्धिमा डाह गर्ने, अर्काको समुन्नति देखिनसहने, ईर्ष्या, रिस, क्रोध, अर्काको सम्पत्तिप्रति असह्य ईर्ष्या गर्ने काम, मच्छड, कृपण ।

---

[1] मतिबुद्धिपूजार्थेभ्यश्च/निष्ठा : क्त
[2] अत इनिठनौ : इनि
[3] सुप्यजातौ... : णिनि
[4] तदस्यास्त्यस्मिन्... : मतुप्
[5] कृधूमदिभ्यः... : सर

मत्सरी (वि.) मत्सरः अस्यास्तीति *(डाह वा ईर्ष्या छ यसको)* मत्सर+इनि (इन्), मत्सरिन्= मत्सरी ।

शब्दार्थ- अर्काको ईर्ष्या वा डाह गर्ने, ईर्ष्यालु, द्वेषी, क्रोधी ।

मत्स्यः (ना./पुं.) माद्यतीति *(प्रफुल्ल हुन्छ)* मदी हर्षे (दिवा.) धातु, मद्+स्यन्[१] (स्य), उणा.= मत्स्य ।

झषो मत्स्यो मीनः- इत्यमरः

शब्दार्थ- माछो, मीन, प्राचीन समयको एउटा देश, विष्णुका दश अवतारमध्ये एक ।

मत्स्यगन्धा (ना./स्त्री.) मत्स्यस्य गन्ध इव गन्धः यस्याः *(माछाको गन्धझैँ गन्ध छ जसको)* ब.स., मत्स्यगन्ध+टाप् (आ)= मत्स्यगन्धा ।

शब्दार्थ- माछाको जस्तै गन्ध आउने स्त्री, व्यासकी आमा, सत्यवती ।

मत्स्यजीवी (वि./ना./पुं.) मत्स्येन जीवितुं शीलमस्येति *(माछा व्यवसायसम्बन्धी कामद्वारा जीविका गर्ने शील छ यसको)* मत्स्य उपपदपूर्वक जीव प्राणधारणे (भ्वा.) धातु, मत्स्य+जीव्+णिनि[२] (इन्), मत्स्यजीविन्=मत्स्यजीवी ।

शब्दार्थ- माछा मार्ने कामद्वारा जीविका गर्ने, माछा पाल्ने व्यवसायद्वारा जीवन धान्ने, माछा मारेर बिक्री गर्ने, माझी ।

मथनम् (ना./न.) मथ्यते इति *(मन्थन गरिन्छ)* मथे विलोडने (भ्वा.) धातु, मथ्+ल्युट् (अन)= मथन ।

शब्दार्थ- मथ्ने काम, मन्थन गर्ने काम, हुँडल्ने वा मोही पार्ने काम, विलोडन ।

मथितः (वि.) मथ्यते स्म इति *(मन्थन गरिएको)* मथे विलोडने (भ्वा.) धातु, मथ्+क्त (त), इडागम =मथित ।

शब्दार्थ- मथन गरिएको, हुँडलिएको, पीडा दिइएको ।

मथुरा (ना./स्त्री.) मथ्यते कल्मषादिर्अनया *(पापादि यसले नाश गर्छ)* मथे विलोडने (भ्वा.) धातु, मथ्+कुरच् (उर), मथुर+टाप् (आ)= मथुरा ।

शब्दार्थ- मथुरानगरी, मधुपुरी, पुराणहरूमा वर्णित मोक्षदायक सातवटा पुरीहरूमध्ये एक ।

मदः (ना./पुं.) माद्यति अनेन *(यसद्वारा गर्व गर्छ)* मदी हर्षे (दिवा.) धातु, मद्+अप्[३] (अ)= मद । अथवा मदयतीति (तृप्त हुन्छ) मद तृप्तियोगे (चुरा.) धातु, मद्+अच् (पचादि)= मद ।

मदो रेतसि कस्तूर्यां गर्वे हर्षेभदानयोः- इति मेदिनी

शब्दार्थ-गर्व, हर्ष, उन्माद, विद्या र धन आदिको अभिमान वा घमण्ड, हात्तीको गण्डस्थलबाट निस्कने मद, कस्तुरी, मदिरा, मादकपदार्थ, वीर्य ।

मदच्युत् (वि.) मदं च्योततीति *(मद खस्तछ)* मदपूर्वक च्युतिर् आसेचने (भ्वा.) धातु, मद+च्युत्+क्विप् (सर्वलोप)= मदच्युत् ।

शब्दार्थ- मद खसाउने, हात्तीको गण्डस्थलबाट मद गिराउने, मदोन्मत्त (हात्ती) ।

मदनः (ना./पुं./वि.) मदयतीति *(हर्षित हुन्छ)* मदी हर्ष- ग्लेपनयोः (भ्वा.) धातु, मद्+ल्यु[४] (अन)= मदन । अथवा माद्यति अनेन *(खुसी हुन्छ यसद्वारा)* मदी हर्षे (दिवा.) धातु, मद्+ल्युट्[५] (अन), करणमा= मदन ।

मदनो मन्मथो मारः- इत्यमरः

शब्दार्थ- कामदेव, आनन्द, रतिपति, भ्रमर, स्नेह, प्रेम, उन्माद, प्रणयोन्माद, आनन्ददायक, उन्मादक ।

मदनदाहः (ना./पुं.) मदनस्य कामस्य दाहः पीडा *(कामवासनाको पीडा)* ष.त.स.= मदनदाह ।

शब्दार्थ- कामवासनाको छटपटी, पीडा वा डाह ।

मदमत्तः (वि.) मदेन मत्तः *(मदले मत्त भएको)* तृ.त.स. =मदमत्त ।

शब्दार्थ- धन, विद्या, रूप, अधिकार आदिको घमण्डले मात्तिएको, मदले चुर भएको ।

उदा. **पद्मको रसका प्रेमी मदमत्त मधुव्रत-**
ऋ.वि. (हेमन्त वि.)

मदनोत्सवः (ना./पुं.) मदनाय उत्सवः *(कामदेवको सम्मानका लागि मनाइने उत्सव)* च.त.स., गुण =मदनोत्सव ।

शब्दार्थ- वसन्त ऋतुमा कामदेवको सम्मानार्थ मनाइने उत्सव ।

मदान्धः (वि.) मदेन अन्धः *(मद, घमण्ड वा कामोत्तेजनाले अन्धो भएको)* तृ.त.स., दीर्घ= मदान्ध ।

शब्दार्थ- मद वा घण्डले मत्त भएको, कामवासनाले अन्धो भएको वा मात्तिएको, जवानीले उन्मत्त भएको ।

मदिरा (ना./स्त्री.) माद्यति अनया *(यसद्वारा मत्त हुन्छ)* मदी हर्षे (दिवा.) वा मादयति चित्तविकार मुत्पादयतीति *(चित्तविकृति पैदा गर्छ)* मदी हर्ष-ग्लेपनयोः (भ्वा.) धातु, मद्+किरच् (इर), उणा., मदिर+टाप् (आ)= मदिरा ।

शब्दार्थ- जाँड, रक्सी आदि मादकपदार्थ, मद्य, सराव, सुरा ।

मदीयः (वि.) मम अयम् *(मेरो यो)* अस्मद्+छ[६] (ईय), अस्मद्का मपर्यन्त भागको म आदेश, मद् इय =मदीय ।

शब्दार्थ- मेरो, मेरो आफ्नो, मसँग सम्वन्धित ।

मदोन्मत्तः (वि.) मदेन उन्मत्तः *(मदले उन्मत्त भएको)* तृ.त.स., गुण= मदोन्मत्त ।

शब्दार्थ- मदमत्त, धन यौवनादिले मात्तिएको, मादकपदार्थको नसाले मातेको ।

---

१. ऋतन्यञ्जि... : स्यन्
२. सुप्यजातौ... : णिनि
३. मदोऽनुपसर्गे : अप्
४. नन्दिग्रहिपचादिभ्य... : ल्यु
५. करणाधिकरणयोश्च : ल्युट्
६. युष्मदस्मदो...: छ
७. गदमदचर... : यत्

मद्यम् (ना./न./वि.) माद्यन्ति अनेन, मादयितुं चित्तविकार मत्पादयितुं योग्यमिति वा *(मत्त हुन्छन् यसद्वारा वा चित्तविकार उत्पन्न गराउन योग्य)* मदी हर्षे (दिवा.) वा मदी हर्षग्लेपनयोः (भ्वा.) धातु, मद्+यत् (य)=मद्य ।

शब्दार्थ- जाँड, रक्सी तथा अन्य मादकपदार्थ, मदिरा, सराव, चित्तविकृति पैदा गर्न योग्य वा लायक ।

मद्यपानम् (ना./न.) पीयते इति *(पान गरिन्छ)* पा पाने (भ्वा.) धातु, पा+ल्युट् (अन), दीर्घ, पानम् । मद्यस्य पानम् (मदिराको पान) ष.त.स.= मद्यपान ।

शब्दार्थ- मादकपदार्थ खाने काम, रक्सी पिउने काम, मदिरा पान ।

मधुः (ना./पुं.) मन्यन्ते जानन्ति जनाः अस्मिन् *(यस विषयमा मानिसहरू बढी जान्दछन्)* मनु अवबोधने (तना.) वा मन ज्ञाने (दिवा.) धातु, मन्+उ[1] (उणा.), नको धकारान्तादेश[1], मध् उ= मधु ।

मधु पुष्परसे क्षौद्रे मध्ये ना तु मधुद्रुमे ।
वसन्तदैत्यभिच्चैत्रे स्याज्जीवन्त्यां तु योषिति- मेदिनी
मधु क्षीरे जले क्षौद्रे मद्ये पुष्परसेऽपि च- इति हैमः
दैत्ये चैत्रे वसन्ते च जीवकोशे मधुद्रुमे- इति विश्वः

शब्दार्थ- मह, फूलको रस, पुष्परस, ऊखुको रस, वसन्तऋतु, चैत्रमहिना, पानी, दूध, मद्य, गुलियो, महुवा-वृक्ष, मधुनामक दैत्य, जो विष्णुको कानेगुजीबाट पैदा भई विष्णुबाटै मारिएको थियो ।

मधुकरः (ना./पुं.) मधु कर्तुं शीलमस्येति *(मह बनाउने शील छ यसको)* मधु उपपदपूर्वक डुकृञ् करणे (तना.) धातु, मधु+कृ+ट[2] (अ)= मधुकर ।

अथवा मधु करोतीति *(मह सञ्चय गर्छ)* मधु+कृ+अच् (पचादि), गुण= मधुकर ।

शब्दार्थ- भ्रमर, भमरो, मह पैदा गर्ने माहुरी, मधुमक्षिका, कामुकपुरुष ।

मधुकरी (ना./स्त्री.) मधुकरस्य स्त्री *(मौरी वा भँवराकी स्त्री)* मधुकर+ङीप्[3] (ई)= मधुकरी ।

शब्दार्थ- पोथी भँवरो, भ्रमरी, पोथी माहुरी ।

मधुकृत् (ना./पुं.) मधुकरोतीति *(मह पैदा गर्छ)* मधु उपपदपूर्वक डुकृञ् करणे (तना.) धातु, मधु+कृ+क्विप्, तुगागम, क्विप्को लोप= मधुकृत् ।

शब्दार्थ- मह पार्ने माहुरी, मधुकर, भँवरो ।

मधुपः (ना./पुं.) मधु पिबतीति *(महपान गर्छ)* मधु उपपदमा हुने पा पाने (भ्वा.) धातु, मधु+पा+क[4] (अ), आलोप= मधुप ।

शब्दार्थ- मधुमक्षिका, मौरी, महपान गर्ने महुरी, भवँरो, भ्रमर ।

उदा. मधुप मधु सँगाली फुल्दछन् वल्ली-वल्ली- आ.रा. ६/३

मधुपर्कः (ना./पुं.) मधुनः पर्कः सम्मिश्रणम् *(मह आदिको सम्मिश्रण)* ष.त.स.= मधुपर्क ।

दधि सर्पि जलं क्षौद्रं सिता चैतैश्च पञ्चभिः
प्रोच्यते मधुपर्कः - सं.हि.को. (आप्टे)

शब्दार्थ- दही, घिउ, जल, मह, चिनी वा मिश्री वा सख्खर यी पाँच चीजको सम्मिश्रण, सोह्र प्रकारका पूजासामग्रीमध्ये एक ।

द्रष्टव्य- **'मधुपर्क' पूजा आदिमा देवतालाई चढाइन्छ र बिहेमा वरलाई अर्पण गरिन्छ ।**

मधुमक्षिका (ना./स्त्री.) मधुकर्त्री चासौ मक्षिका *(मह पैदा गर्ने मक्षिका)* क.त.स., उ.प.लोप= मधुमक्षिका ।

शब्दार्थ- माहुरी, मह पैदा गर्ने मक्षिका वा माहुरी ।

मधुमयः (वि.) मधुनः विकारः *(मधुको विकार)* वा प्रकृतं प्रचुरं मधु *(महै महले भरिएको)* मधु+मयट्[5] (मय) =मधुमय ।

शब्दार्थ- महले भरिएको, महले परिपूर्ण, गुलियो, रसमय ।

मधुमान् (वि.) मधु अस्यास्तीति *(मधुर मिठास छ यसको)* मधु+मतुप्[6] (मत्), मधुमत्= मधुमान् ।

शब्दार्थ- मधुर मिठासले परिपूर्ण, मधुमय ।

मधुमाधवः (ना./पुं.) मधुश्च माधवश्च *(मधु र माधव)* द्व.स.= मधुमाधव ।

शब्दार्थ- चैत्र र वैशाख महिना, वसन्त ऋतु, ।

मधुमासः (ना./पुं.) मधोर्मासः *(वसन्त ऋतुको महिना)* ष.त.स.= मधुमास ।

शब्दार्थ- चैत र वैशाख महिना, वसन्त ऋतुको महिना ।

उदा. **अहो ! उज्यालो पृथिवी नहोलिन् ?**
मधुर नहोला मधुमास ?- घाँसी (देवकोटा)

मधुमेहः (ना./पुं.)मेहनम्, मिह्यते इति वा *(चुहुनु, बहनु)* मिह सेचने (भ्वा.) धातु, मिह+घञ् (अ), गुण, मेह । मधु इव मेहः *(मह जस्तै बहने)* उप.क.त.स. =मधुमेह ।

शब्दार्थ- पिसाबसँग मह जस्तै बहने रोग, धातुरोग, प्रमेह, चिनीरोग (डाइबिटिज) ।

मधुरः (वि.) मधु माधुर्यमस्यास्तीति *(माधुर्य छ यसमा)* मधु+र[7]= मधुर ।

अथवा मधु माधुर्यं रातीति *(माधुर्य दिन्छ)* मधु उपपदपूर्वक रा दाने (अदा.) धातु, मधु+रा+क (अ), आकारलोप= मधुर ।

मधुरस्तु प्रिये स्वादौ रसे च रसवत्यपि- इति हैमः

शब्दार्थ- मीठो, मधुमय, स्वादिलो, मधुरो, मधुर रसले भरिएको, कोमल, मिठासयुक्त ।

मधुरतमः (वि.) अयमेषामतिशयेन मधुरः *(यो यिनीहरूमा ज्यादै मधुर)* मधुर+तमप्[8] (तम)= मधुरतम ।

शब्दार्थ- ज्यादै गुलियो, अतिमीठो ।

---

[1] फलिपाटिनमि... : उ, धकार अन्तादेश

[2] कृञो हेतुताच्छिल्यानु... : ट

[3] पुंयोगादाख्यायाम् : ङीप्

[4] आतोऽनुपसर्गे... : क

[5] तस्य विकारः/तत्प्रकृतवचने : मयट्

[6] मध्वादिभ्यश्च... : मतुप्

[7] ऊषसुषि... : र

[8] अतिशायने तम... : तमप्

मधुरतरः (वि.) अयमनयोरतिशयेन मधुरः *(यो यी दुईमा अपेक्षाकृत मीठो)* मधुर+तरप्[1] (तर)= मधुरतर ।

शब्दार्थ- निकै गुलियो, निकै मीठो, अपेक्षाकृत गुलियो ।

मधुरता (ना./स्त्री.) मधुरस्य भावः *(मधुर हुनाको भाव वा अवस्था)* मधुर+तल् (त)+टाप् (आ)= मधुरता ।

शब्दार्थ- माधुर्य, मीठोपना, मिठास, मधुरत्व ।

***उदा.* सधैं मिरमिरे बनी मधुरता लिंदो दृश्यले-**
सु.म.का. १४/३

मधुरभाषी (वि.) मधुरं भाषितुं शीलमस्येति *(मधुर बोल्ने शील छ यसको)* मधुर उपपदपूर्वक भाष व्यक्तायां वाचि (भ्वा.) धातु, मधुर+भाष्+णिनि (इन्), मधुरभाषिन् = मधुरभाषी ।

शब्दार्थ- मीठो बोल्ने, मधुर बोली बोल्ने, मृदुभाषी, मिष्ठभाषी ।

मधुरवचनम् (ना./न.) मधुरञ्च तद् वचनम् *(मीठो वचन)* क.त.स.= मधुरवचन ।

शब्दार्थ- मीठो वचन, मीठो बोली, मधुरवाणी ।

मधुरसः (वि./ना./पुं.) मधु मधुरः रसः यस्य *(मधुर रस छ यसको)* वा मधु मधुरश्चासौ रसश्च *(मीठो रस)* ब.स./क.त.स.= मधुरस ।

शब्दार्थ- मधुर रस भएको, मधुर रसले परिपूर्ण, मीठासयुक्त, मीठो रस, मह, मधुररस ।

मधुराकृतिः (वि.) मधुरा आकृतिर्यस्य *(मधुर आकृति छ जसको)* ब.स., दीर्घ= मधुराकृति ।

शब्दार्थ- मधुर आकृति भएको, सुन्दर अनुहार भएको ।

***उदा.* भोली अवश्य देखिन्छ, वसन्त मधुराऽकृति-**
ऋ.वि. (शिशिर वि.१००)

मधुरिपुः (ना./पुं.) मधोः रिपुः *(मधुनामक दैत्यका रिपु)* ष.त.स.= मधुरिपु ।

शब्दार्थ- मधुनामक दैत्यका शत्रु, विष्णु ।

मधुरिमा (ना./पुं.) मधुरस्य भावः *(मधुर हुनाको भाव वा अवस्था)* मधुर+इमनिच्[2] (इमन्), अकारलोप, मधुरिमन् = मधुरिमा ।

शब्दार्थ- माधुर्य, मीठोपना, मधुरता, मिठास ।

***उदा.* ढल्क्यो जीवन भानुको मधुरिमा**
अर्के छटा फैलियो- परिश्रान्त चातक (लालित्य)

मधुवनम् (ना./न.) मधुना मधुनामकदैत्येन कृतं च तत् वनञ्च *(मधुनामक दैत्यले निर्मित वन)* क.त.स., उ.प.लोप= मधुवन ।

शब्दार्थ- मथुराको वनविशेष ।

मधुव्रतः (ना./पुं.) मधु व्रतं भक्षं यस्य *(मधुर रस नै भक्ष छ जसको)* ब.स.= मधुव्रत ।

शब्दार्थ- फूलको रस खाएर रहने मधुकर, भ्रमर, भवँरो ।

***उदा.* पद्मका रसका प्रेमी मदमत्त मधुव्रत-**
ऋ.वि. (हेमन्त वि. ८९)

मधुसूदनः (ना./पुं.) मधुः मधुनामकासुरस्तम् सूदयति नाशयति *(मधुनामक दैत्यलाई नाश गर्छन्)* सूदति वा मधु पुष्परसं सूदयति भक्षयतीति *(पुष्परस खान्छ)* मधु उपपदपूर्वक षूद क्षरणे (भ्वा./चुरा.) धातु, मधु+सूद्+णिचि+ल्यु[3] (अन)= मधुसूदन ।

शब्दार्थ- मधु नामको दैत्यलाई वध गर्ने विष्णु, श्रीकृष्ण, भँवरो, भ्रमर ।

मधुशाला (ना./स्त्री.) मधुंनः शाला *(मादकपदार्थको शाला वा गृह)* ष.त.स.= मधुशाला ।

शब्दार्थ- मदिरा पान गर्ने स्थान, मदिरा-गृह, जांड-रक्सी आदि मादकपदार्थ बेच्ने ठाउं, भट्टीपसल, मद्यगृह ।

मध्यः (ना./पुं.) मां शोभां धत्ते इति *(शोभा दिन्छ)* मा उपपदपूर्वक डुधाञ् धारणपोषणयोः (जुहो.) धातु, मा+धा+यक्[4] (य), उणा., धाको आकारलोप, माको ह्रस्वनिपातन= मध्यः ।

अथवा मां ध्यायतीति *(आफ्नो चिन्तन गर्छ)* ध्यै चिन्तायाम् (भ्वा.) धातु, मा+ध्या+क[5] (अ), आकारलोप, पृषोदरादिबाट माको म= मध्य ।

अथवा मह्यते इति *(आदर वा पूजा गरिन्छ)* मह पूजायाम् (भ्वा.) धातु, मह्+यक् (य), हको ध निपातन= मध्य ।

शब्दार्थ- माझको भाग, वीच, केन्द्र, मध्यभाग, शरीरको माझ, कटिप्रदेश, मध्यम व्यक्ति ।

मध्यकालः (ना./पुं.) मध्यश्चासौ कालश्च *(मध्यकाल)* क.त.स.= मध्यकाल ।

शब्दार्थ- प्राचीन र आधुनिक युगको वीचको समय, मध्यकाल, दिनको मध्यान्ह काल, दोपहरको समय ।

मध्यकालीनः (वि.) मध्यकाले भवः *(मध्यकालमा भएको)* मध्यकाल+ ख(ईन), अपभ्रंशमा, अकारलोप = मध्यकालीन ।

शब्दार्थ- मध्ययुगीन, प्राचीन र आधुनिक कालको मध्यवर्ती (समय), मध्ययुगको ।

मध्यगतः (वि.) मध्यं गतः *(माझमा गएको)* द्वि.त.स.[6] =मध्यगत ।

शब्दार्थ- वीचमा रहेको, केन्द्रीय, मध्यवर्ती, माझको, माझमा रहेको ।

मध्यदिनम् (ना./न.) मध्यञ्च तद् दिनम् *(मध्यदिन)* क.त.स.= मध्यदिन ।

शब्दार्थ- मध्याह्न, दिनको मध्यभाग, आधादिन ।

मध्यदेशः (ना./पुं.) मध्यश्चासौ देशश्च *(मध्यवर्ती देश)* क.त.स.= मध्यदेश ।

शब्दार्थ- देशको वीच भागमा पर्ने स्थान, केन्द्रीयस्थल, कम्मर, पेट, मधेस, भारतको मध्यप्रदेश ।

---

[1] द्विवचनविभज्यो... : तरप्
[2] पृथ्वादिभ्यः... : इमनिच्
[3] नन्दिग्रहिपचादिभ्यः... : ल्यु
[4] अघ्न्यादयश्च : यक्
[5] आतोऽनुपसर्गे... : क
[6] द्वितीयाश्रितातीत... : द्वि.त.स.

मध्यविन्दुः (ना./पुं.) मध्यस्य विन्दुः *(माझको बिन्दु)* ष.त.स.= मध्यविन्दु ।

शब्दार्थ- केन्द्रविन्दु, वीचको विन्दु, मध्यभागको विन्दु ।

मध्यतः (अव्य.) मध्यादिति *(माझबाट)* मध्य+तसिल्[1] (तस्), मध्यतस्, मध्यतः= मध्यत ।

शब्दार्थ- माझवाट, वीचभागवाट ।

मध्यमः (वि.) मध्ये भवः जातः वेति *(माझमा भएको)* मध्य+म[2] (प्रत्यय)= मध्यम ।

शब्दार्थ- माझको, वीचको ।

मध्यमपुरुषः (ना./पुं.) मध्यमश्चासौ पुरुषश्च *(मध्यम पुरुष)* क.त.स.= मध्यमपुरुष ।

शब्दार्थ- वचनका तीन पुरुषमध्ये मध्यमपुरुष ।

मध्यमयुगः (ना./पुं.) मध्यमश्चासौ युगश्च *(मध्ययुग)* क.त.स.= मध्यमयुग ।

शब्दार्थ- मध्यकाल, प्राचीन र आधुनिक कालको वीचको समय, मध्यवर्ती युग ।

मध्यमवर्गः (ना./पुं.) मध्यमश्चासौ वर्गश्च *(मध्यमवर्ग)* क.त.स.= मध्यमवर्ग ।

शब्दार्थ-मध्यमस्तरको मानिस, मध्यमस्तरको जनसमुदाय ।

मध्यमलोकः (ना./पुं.) मध्यमश्चासौ लोकश्च *(मध्यम लोक)* क.त.स.= मध्यमलोक ।

शब्दार्थ- नरलोक, मनुष्यलोक, मर्त्यलोक, पृथ्वीलोक ।

मध्यमा (ना./स्त्री.) मध्ये भवा *(माझमा भएको)* मध्य+म, मध्यमः । मध्यम+टाप् (आ)= मध्यमा ।

स्यान्मध्यमा दृष्टरजाः- इत्यमरः

शब्दार्थ- माझिऔंलो, परसरेकी आइमाई, प्रवेशिका र स्नातकतहका वीचको तह, प्रमाणपत्र तह, दश जोड दुई तह (१0+२ तह) ।

मध्यमाञ्चलम् (ना./न.) मध्यमञ्च तत् अञ्चलञ्च *(मध्यम अञ्चल)* क.त.स., दीर्घ= मध्यमाञ्चल ।

शब्दार्थ- मध्यभागको अञ्चल वा क्षेत्र, नेपालका पाँच क्षेत्रमध्ये एक ।

मध्ययुगीनः (वि.) मध्ययुगे भवः *(मध्ययुगमा भएको)* मध्ययुग +ख (ईन), अपभ्रंशमा, अकारलोप =मध्ययुगीन ।

शब्दार्थ- मध्ययुगमा भएको, मध्ययुगको, मध्ययुग-सम्वन्धी, मध्यकालिक ।

मध्यरात्रम् (ना./न.) मध्यं रात्रेः *(रातको मध्यभाग)* एकदेशी क.त.स.[3], मध्यरात्रि+अच्[4] (समासान्त) =मध्यरात्र ।

शब्दार्थ- मध्यरात, आधारात ।

मध्यवर्ती (वि.) मध्ये वर्तितुं शीलमस्य *(माझमा रहने शील छ यसको)* मध्य उपपदपूर्वक वृतु वर्तने (भ्वा.) धातु, मध्य+वृत्+णिनि[5] (इन्), मध्यवर्तिन्=मध्यवर्ती ।

शब्दार्थ- माझमा रहेको, वीचमा स्थित, कुनै पक्षमा नलाग्ने, तटस्थ ।

मध्यस्थः (वि.) मध्ये पक्षविपक्षयोरन्तरे तिष्ठतीति *(पक्ष विपक्षको बीचमा रहन्छ)* मध्य उपपदपूर्वक ष्ठा गति निवृत्तौ (भ्वा.) धातु, मध्य+स्था+क (अ), आकारलोप =मध्यस्थ ।

शब्दार्थ- माझमा रहेको, वीचमा रहेको, तटस्थ, कसैको पक्ष-विपक्षमा नलाग्ने, मध्यवर्ती ।

मध्यस्थता (ना./स्त्री.) मध्यस्थस्य भावः *(मध्यस्थ हुनाको भाव वा अवस्था)* मध्यस्थ+तल् (त)+टाप् (आ) =मध्यस्थता ।

शब्दार्थ-तटस्थता, कसैको पक्षमा नलाग्ने काम, उदासीनता ।

मध्यान्तरम् (ना./न.) मध्ये अन्तरम् *(माझमा विराम)* स.त.स., दीर्घ= मध्यान्तर ।

शब्दार्थ- वीचमा विश्राम, मध्यकालमा रोकिने काम ।

मध्यावधिः (ना./पुं.) मध्यस्य अवधिः *(बीचको अवधि)* ष.त.स., दीर्घ= मध्यावधि ।

शब्दार्थ- माझको अवधि, वीचको समय, सम्पन्न भइरहेका कामको वीचको अवधि ।

मध्याह्नः (ना./पुं.) मध्यम् अह्नः *(दिनको मध्यभाग)* मध्य+अहन्, एकदेशी त.स.[6], समासान्त टच्, मध्य अहन् अ, अहन्को अह्नादेश[7], दीर्घ= मध्याह्न ।

शब्दार्थ- मध्यदिनको समय, दिनको आधा समय, मध्यदिन, आधा दिनको समय वा वेला ।

मध्येगुरुः (ना./पुं.) मध्ये गुरुः *(माझमा गुरुवर्ण)* स.त.स., सप्तमीको अलुक्[8]= मध्येगुरु ।

शब्दार्थ- माझमा गुरुवर्ण हुने गण- जगण, माझमा गुरुवर्ण हुने शब्द वा पद ।

मनः (ना./न.) मन्यते बुध्यते अनेनेति *(बोध हुन्छ यसबाट)* मनु अववोधने (तना.) वा मन ज्ञाने (दिवा.) धातु, मन्+असुन्[9] (अस्), उणा., मनस्, मनः= मन ।

चित्तं तु चेतो हृदयं स्वान्तं हृन्मानसं मनः- इत्यमरः

मनस्तु सङ्कल्पविकल्पनादिभिः - वि.चू.

शब्दार्थ- चित्त, हृदय, चेत, चेतना, अन्तःकरणका चार वृत्तिमध्ये एक, सङ्कल्प, विकल्प आदि कार्य गर्ने मानसिक वृत्ति, इच्छा, अभिलाषा ।

मनःकामना (ना./स्त्री.) मनसः कामना *(मनको कामना)* ष.त.स., सको रुत्व, विसर्ग= मनःकामना ।

शब्दार्थ- मनको चाहना, मनको इच्छा वा अभिलाषा, गोर्खा जिल्लामा पर्ने प्रसिद्ध भगवती ।

मननम् (ना./न.) मन्यते इति *(शोच-विचार गरिन्छ)* मन ज्ञाने (दिवा.) वा मनु अवबोधने (तना.) धातु, मन्+ल्युट् (अन)= मनन ।

शब्दार्थ- सोच्ने वा विचार गर्ने काम, चिन्तन, अड्कल ।

---

[1] पञ्चम्यास्तसिल् : तसिल्

[2] मध्यान्मः : म

[3] पूर्वापराधरोत्तर... : एकदेशी क.त.स.

[4] अहः सर्वैकदेश... : अच्

[5] सुप्यजातौ... : णिनि

[6] सर्वोऽप्येकदेशो... : एकदेशी त.स.

[7] अह्नोऽह्न... : अह्न आदेश

[8] मध्यात्गुरौ : अलुक्

[9] सर्वधतुभ्योऽसुन् : असुन्

मननीयः (वि.) मन्तुं योग्यः, मन्यते इति वा *(ठान्न योग्य)* मनु अवबोधने (तना.) धातु, मन्+अनीय (र्) =मननीय ।

शब्दार्थ- चिन्तन वा विचार गर्न योग्य, विचारणीय, चिन्तनीय ।

मनःप्रसादः (ना./पुं.) मनसः प्रसाद *(मनको प्रफुल्लता)* ष.त.स.= मनःप्रसाद ।

शब्दार्थ- मनको शान्ति, निर्मलता, स्वच्छता ।

मनश्चिकित्सा (ना./स्त्री.) मनसः चिकित्सा *(मनको चिकित्सा)* ष.त.स., श्चुत्व= मनश्चिकित्सा ।

शब्दार्थ- मनको उपचार गर्ने विधि, मनको विश्लेषण-द्वारा रोग पत्ता लगाई उपचार गर्ने पद्धति ।

मनसिजः (वि./ना./पुं.) मनसि जातः इति *(मनमा पैदा भएको)* सप्तम्यन्तं मनसि उपपदपूर्वक जनी प्रादुर्भावे (दिवा.) धातु, मनसि+जन्+ड[१] (अ), टिलोप, सप्तमीको अलुक्[२]= मनसिज ।

शब्दार्थ- मनमा पैदा भएको, कामदेव, प्रेम ।

मनस्थितिः (ना./स्त्री.) मनसः स्थितिः *(मनको स्थिति)* ष.त.स.= मनस्थिति ।

शब्दार्थ- मनको अवस्था, चित्तको स्थिति ।

मनस्विता (ना./स्त्री.) मनस्विनः भावः *(मनस्वी हुनाको भाव वा अवस्था)* मनस्विन्+तल् (त)+टाप् (आ), नलोप= मनस्विता ।

शब्दार्थ- उच्च शोचविचार हुनाको अवस्था, मनस्वी हुनाको भाव ।

मनस्विनी (ना./स्त्री.) प्रशस्तं मनः अस्याः अस्तीति *(उच्च मनोभाव छ यस स्त्रीको)* मनस्+विनि[३] (विन्), मनस्विन्+ङीप् (ई)= मनस्विनी ।

शब्दार्थ- उच्चमनस्थिति भएकी स्त्री, प्रज्ञावती, वुद्धिमती, चतुर आइमाई ।

मनस्वी (वि.) प्रशस्तं मनः अस्यास्तीति *(उच्च मनोभाव छ यसको)* मनस्+विनि[३] (विन्), मनस्विन्=मनस्वी ।

शब्दार्थ- वुद्धिमान्, चतुर, प्रज्ञावान्, विचारवान्, चिन्तनशील, उच्च मनोवल भएको ।

मनीषा (ना./स्त्री.) ईषते, ईष्यते इति वा *(गमनशील छ, गतिशील हुनु)* ईष गतिहिंसादर्शनेषु (भ्वा.) धातु, ईष्+अ[४] (प्रत्यय)+टाप् (आ), ईषा । मनसः ईषा (मनको गति) ष.त.स., पररूप[५]= मनीषा ।

अथवा मन्यते इति *(ठानिन्छ)* मनु अववोधने (दिवा.) धातु, मन्+ईषन्[६] (ईष), मनीषः । मनीष+टाप् (आ) =मनीषा ।

शब्दार्थ- वुद्धि, प्रज्ञा, मति, चेतना, चाहना, कामना ।

मनीषी (वि.) मन्यते इति *(ठानिन्छ)* मनु अववोधने (दिवा.) धातु, मन्+ईषन् (ईष), मनीषः । मनीष+टाप् (आ), मनीषा । मनीषा वुद्धिरस्यास्तीति *(मनीषा वा बुद्धि छ यसको)* मनीषा+इनि[७] (इन्), अकारलोप, मनीषिन्= मनीषी ।

शब्दार्थ- वुद्धिमान्, प्रतिभाशाली, प्रज्ञासम्पन्न, विचारवान्, विद्वान्, प्रवीण, चतुर ।

द्रष्टव्य- **कविर्मनीषी परिभूः स्वयम्भूः- इति श्रुतिः**

मनुः (ना./पुं.) मन्यते, मनुते इति वा *(मनन गर्छ, ठान्दछ, जान्दछ)* मन ज्ञाने (दिवा.) वा मनु अववोधने (तना.) धातु, मन्+उ[८] (प्रत्यय), उणा.= मनु ।

शब्दार्थ- मानव जातिका आदिपुरुष, स्वायम्भुव र स्वारोचिष आदि चौधवटा मनु, मानव जाति, मानिस ।

मनुजः (ना./पुं.) मनोर्जातः *(मनुबाट पैदा भएका)* मनु उपपदपूर्वक जनी प्रादुर्भावे (दिवा.) धातु, मनु+जन्+ड[९] (अ), टिलोप= मनुज ।

शब्दार्थ- मनुवाट पैदा भएका मानिस, मनुष्य, नर, पुरुष, मानव ।

उदा. **तिमी जान्ने सुन्ने मनुज चतुरा, हामी विचरी-गौथलीको चिरिविरि (लालित्य)**

मुनुष्यः (ना./पुं.) मनोरपत्यम् पुमान् *(मनुबाट पैदा भएको, मनुको सन्तति)* मनु+यत्[१०] (य), षुगागम =मनुष्य ।

शब्दार्थ- मानिस, मनुष्य, मान्छे, मनुका सन्तान, मानव ।

मनुष्यता/मनुष्यत्वम् (ना./स्त्री./न.) मनुष्यस्य भावः *(मनुष्य हुनाको भाव वा अवस्था)* मनुष्य+तल् (त)+टाप् (आ)= मनुष्यता ।

मनुष्य+त्व= मनुष्यत्व ।

शब्दार्थ- मानिस हुनाको गुण वा अवस्था, मानवता, नरत्व, पुरुषत्व, मनुष्यता, मनुष्यधर्म ।

उदा. **अन्यायीको मगज जगमा गै मनुष्यत्व रुन्छ- य.श.५/४१**

मनुष्यदेवः (ना./पुं.) मनुष्याणां मनुष्येषु वा देवः *(मनुष्यहरूमा देव वा राजा)* ष.त.स.= मनुष्यदेव ।

शब्दार्थ- मानिसहरूमा श्रेष्ठ राजा, नरपति, राष्ट्रपति ।

मनुष्यलोकः (ना./पुं.) मनुष्याणां लोकः *(मानिसहरूको लोक)* ष.त.स.= मनुष्यलोक ।

शब्दार्थ- मर्त्यलोक, भूलोक, पृथ्वी, पृथ्वीलोक, भूमण्डल ।

मनुष्येश्वरः (ना./पुं.) मनुष्याणां मनुष्येषु वा ईश्वरः *(मानिसहरूमा ईश्वर)* ष.त.स./स.त.स., गुण =मनुष्येश्वर ।

शब्दार्थ- मानिसहरूमा श्रेष्ठ, मानिसहरूमध्ये श्रेष्ठ राजा, नरपति, राष्ट्रपति, मानिसहरूभन्दा श्रेष्ठ परमेश्वर

---

१. सप्तम्यां जनेर्डः : ड
२. तत्पुरुषे कृति...: सप्तमीको अलुक्
३. अस्मायामेधा...: विनि
४. गुरोश्च हलः : अ
५. शकन्ध्वादिषु... : पररूप
६. कृतॄभ्यामीषन् : ईषन्
७. ब्रीहादिभ्यश्च : इनि
८. शृस्वृस्निहि... : उ
९. पञ्चम्यामजातौ...: ड
१०. मनोर्जातावञ्यतौ...: यत्, षुक्

मनुवंशः (ना./पुं.) मनोर्वंशः *(मनुको वंश)* ष.त.स. =मनुवंश ।

शब्दार्थ- मनुको अन्वय, मनुको वंश, मनुको कुल ।

मनुस्मृतिः (ना./स्त्री.) मनुना विरचिता, मनुविरचिता चासौ स्मृतिश्च *(मनुले रचना गरेको स्मृतिशास्त्र)* क.त.स., उ.प.लोप= मनुस्मृति ।

शब्दार्थ- मनुले रचना गरेको स्मृतिग्रन्थ, मनुसंहिता, मानवजातिको संस्कृति, सभ्यता, नियम, विधिविधान आदि बारेमा विशद वर्णन गरिएको धर्मग्रन्थ ।

मनोगतः (वि./ना./न.) मनसि गतः, मनः गतः *(मनमा पैदा भएको)* स.त.स./द्वि.त.स., रुत्व, उत्व=मनोगत ।

शब्दार्थ- मनमा पैदा भएको, मनमा लागेको, मनमा उठेका विचार वा भावना आदि ।

मनोज्ञः (वि.) मनः जानातीति *(मनको भाव जान्दछ)* वा मनसा जानातीति *(मनले जान्दछ वा ठम्याउँछ)* मनस् उपपदपूर्वक ज्ञा अवबोधने (क्र्या.) धातु, मनस्+ज्ञा+क[1] (अ), अकारलोप, रुत्व, उत्व=मनोज्ञ ।

शब्दार्थ- अर्काको मनको कुरा जान्ने वा बुझ्ने, राम्रो, सुन्दर, मञ्जु, चारु, मनोरम, मनोहर, मनोवैज्ञानिक ।

मनोदशा (ना./स्त्री.) मनसः दशा *(मनको अवस्था)* ष.त.स., रुत्व, उत्व= मनोदशा ।

शब्दार्थ- मनको अवस्था, मानसिक स्थिति वा भाव, मनस्थिति ।

मनोनयनम् (ना./न.) नयनम्, नीयते इति वा *(लगिन्छ)* णीञ् प्रापणे (भ्वा.) धातु, नी+ल्युट् (अन), नयनम् । मनसा नयनम् *(मनले पुऱ्याउने वा छान्ने काम)* तृ.त.स., रुत्व, उत्व= मनोनयन ।

शब्दार्थ- मनले छान्ने काम, आफू खुसी वा स्वेच्छाले छनौट गर्ने काम, मनले विचार गरेर छान्ने काम ।

मनोनीतः (वि.) मनसा नीतः *(मनले छानिएको)* तृ.त.स., रुत्व, उत्व= मनोनीत ।

शब्दार्थ-मनले छानिएको वा रोजिएको, मनोनयन गरिएको

मनोभावः (ना./पुं.) मनसः भावः *(मनको भाव)* ष.त.स. =मनोभाव ।

शब्दार्थ- मनको अभिप्राय, मनको विचार वा आशय, मनोभावना ।

मनोभावना (ना./स्त्री.) मनसः भावना *(मनको भावना)* ष.त.स., रुत्व, उत्व= मनोभावना ।

शब्दार्थ- मनको भावना वा विचार, मनोभाव, मनको अभिप्राय वा आशय ।

मनोऽभिरामः (वि.) मनः अभिरमते अनेन *(मन प्रफुल्ल हुन्छ यसबाट)* मनस्+अभि+रम्+ण . (अ), वृद्धि, मनस्को रुत्व, उत्व= मनोऽभिराम ।

शब्दार्थ- मन प्रफुल्ल पार्ने, सुन्दर, मनोहर ।

मनोमयः (वि.) मनसः आगतः **(मनबाट आएको)** मनस्+मयट्[2] (मय), रुत्व, उत्व= मनोमय ।

शब्दार्थ-मनसित सम्बन्धित, मनले युक्त, मानसिक, आत्मिक

मनोमालिन्यम् (ना./न.) मलिनस्य भावः **(मलिन हुनाको भाव वा अवस्था)** मलिन+ष्यञ्[3] (य), आदिवृद्धि, अकारलोप, मालिन्यम् । मनसः मालिन्यम् **(मनको मैलोपना)** ष.त.स., रुत्व, उत्व= मनोमालिन्य ।

शब्दार्थ- मनको मलिनता, मनको वैरभाव, मनको फाटो, वैमनस्य, मनमुटाउ, विरोधको भावना ।

मनोमोहकः (वि.) मनः मोहयतीति *(मन मुग्ध पार्छ)* मनस् उपपदपूर्वक मुह वैचित्ये (दिवा.) धातु, मनस्+मुह्+णिचि, मनस्मोहि+ण्वुल्[4] (अक), णिलोप, गुण, रुत्व, उत्व= मनोमोहक ।

शब्दार्थ- मन मोहित पार्ने, मन मुग्ध पार्ने, मन प्रफुल्ल बनाउने, आकर्षक, मन हरण गर्ने, सुन्दर, मनोरम, मनमोहक ।

मनोरञ्जकः (वि.) मनः रञ्जयतीति *(मन प्रसन्न गराउँछ)* मनस् उपपदपूर्वक रञ्ज रागे (भ्वा.) धातु, मनस्+रञ्ज्+णिचि, मनस्रञ्जि+ण्वुल्[4] (अक), णिलोप, रुत्व, उत्व= मनोरञ्जक ।

शब्दार्थ- मन प्रफुल्ल पार्ने, मनलाई आनन्द दिने, मनलाई प्रसन्न पार्ने ।

मनोरञ्जनम् (ना./न.) रञ्जनम्, रज्यते इति *(प्रसन्न पार्नु)* रञ्ज रागे (भ्वा./दिवा.) धातु, रञ्ज्+ल्युट् (अन), रञ्जनम् । मनसः रञ्जनम् *(मन प्रफुल्ल पार्ने काम)* ष.त.स., रुत्व, उत्व= मनोरञ्जन ।

शब्दार्थ- मनलाई प्रसन्न पार्ने काम, मनको प्रफुल्लता, चित्त खुसी पार्ने काम, मनोविनोद, मनको प्रसन्नता वा खुसीपन ।

मनोरथः (ना./पुं.) रम्यते अत्र *(रमाइन्छ यहाँ)* रमु क्रीडायाम् (भ्वा.) धातु, रम्+क्थन्[5] (थ), उणा., रथः । मनसः रथः *(मनको चाहना)* ष.त.स. वा मन एव रथः *(मन नै रथ)* म.व्य.स., मनस् रथ, सको रुत्व, उत्व =मनोरथ ।

शब्दार्थ- मनको अभिलाषा, मनको इच्छा वा कामना, मनको कल्पना, इच्छा, अभिलाषा, आकाङ्क्षा ।

मनोरमः (वि.) रमते अत्र *(रमाउँछ यहाँ)* रमु क्रीडायाम् (भ्वा.) धातु, रम्+अच् (पचादि), रमः । मनसः रमः *(मनको आकर्षण)* ष.त.स., रुत्व, उत्व= मनोरम । अथवा मनः रमयतीति *(मनलाई प्रफुल्लित पार्छ)* मनस् उपपदमा हुने रमु क्रीडायाम् (भ्वा.) धातु, मनस्+रम्+णिचि+अण् (अ), णिलोप, वृद्धिको अभाव =मनोरम ।

शब्दार्थ- मन प्रफुल्ल हुने, मनलाई आकर्षित पार्ने, सुन्दर, मनोहर, मनोज्ञ ।

---

[1] वातोऽनुपसर्गे... : क
[2] मयट् च : मयट्
[3] गुणवचन... : ष्यञ्
[4] ण्वुल्तृचौ : ण्वुल्
[5] हनिकुषिनीरमि... : क्थन्

मनोरमा (ना./स्त्री.) मनः रमयति असौ *(मनलाई प्रफुल्ल पार्छिन् यिनी)* मनस् उपपदमा हुने रमु क्रीडायाम् (भ्वा.) धातु, मनस्+रम्+णिचि+अण् (अ), वृद्धिको अभाव, रुत्व, उत्व, मनोरमः । मनोरम+टाप् (आ) =मनोरमा ।

शब्दार्थ- मनलाई प्रफुल्ल पार्ने स्त्री, सुन्दर रमणी, सरस्वती, लक्ष्मी, शिवा, भवानी, बुद्धिशक्ति ।

मनोवाञ्छा (ना./स्त्री.) वाञ्छति, वाञ्छयते इति वा *(इच्छा गर्छ वा गरिन्छ)* वाछि इच्छायाम् (भ्वा.) धातु, नुम्, वाञ्छ्+अ[१] (प्रत्यय)+टाप् (आ), वाञ्छा । मनसः वाञ्छा *(मनको वाञ्छा वा चाहना)* ष.त.स., रुत्व, उत्व= मनोवाञ्छा ।

शब्दार्थ- मनको अभिलाषा, मनको चाहना वा इच्छा, मनले चिताएको कामना, मनको धोको ।

मनोवाञ्छितः (वि.) वाञ्छति स्म इति *(इच्छा गरेको)* वाछि इच्छायाम् (भ्वा.) धातु, नुम्, वाञ्छ्+क्त[२] (त), कर्तामा, इडागम, वाञ्छितः । मनसा वाञ्छितः (मनले चाहेको) तृ.त..स., मनस्+वाञ्छित, रुत्व, उत्व =मनोवाञ्छित ।

शब्दार्थ- मनले चाहेको, चित्तले चिताएको, अभिलषित, इच्छित ।

मनोविकारः (ना./पुं.) मनसः विकारः *(मनको विकार)* ष.त.स., रुत्व, उत्व= मनोविकार ।

शब्दार्थ- मनमा पैदा हुने विकृत भावना, मनको विकृति, विकृतिले भरिएको शोचविचार, मानसिक अस्वस्थपना ।

मनोविकृतिः (ना./स्त्री.) मनसः विकृतिः *(मनको विकृति)* ष.त.स., रुत्व, उत्व= मनोविकृति ।

शब्दार्थ- मनको विकार वा विकृति, मनमा पैदा हुने विकृतभाव, चित्तको विक्षिप्तता, मानसिक असन्तुलन वा पागलपन ।

मनोविज्ञानम् (ना./न.) विज्ञायते इति *(विशेषरूपले जानिन्छ)* विपूर्वक ज्ञा अवबोधने (दिवा.) धातु, वि+ज्ञा+ल्युट् (अन), विज्ञानम् । मनसः विज्ञानम् *(मानिसका मनको विश्लेषण गर्ने विज्ञान)* ष.त.स., रुत्व, उत्व= मनोविज्ञान ।

शब्दार्थ- मानिसका मनको अध्ययन तथा विश्लेषण गर्ने शास्त्र, मनोविज्ञानसम्वन्धी शास्त्र ।

मनोविश्लेषणम् (ना./न.) विश्लिष्यते इति *(छुटयाइन्छ)* विपूर्वक श्लिष श्लेषणे (चुरा.) धातु, वि+श्लिष्+ल्युट् अन), गुण, णत्व, विश्लेषणम् । मनसः विश्लेषणम् *(मनको विश्लेषण)* ष.त.स., रुत्व, उत्व =मनोविश्लेषण ।

शब्दार्थ- मनको विकृतिलाई केलाएर वा विश्लेषण गरेर रोगीको उपचार गर्ने प्रक्रिया, मनको विश्लेषण गर्ने काम, मानसिक स्थिति वा अवस्था ।

मनोवृत्तिः (ना./स्त्री.) मनसः वृत्तिः *(मनको वृत्ति)* ष.त.स., रुत्व, उत्व= मनोवृत्ति ।

शब्दार्थ- मनको अवस्था, मानसिक स्थिति, मनको वृत्ति, चित्तवृत्ति, मानसिक क्रियात्मकता ।

मनोवैज्ञानिकः (वि.) विज्ञानमधीते वेत्ति इति वा *(विज्ञान पढ्छ वा जान्दछ)* विज्ञान+ठक्[३] (इक), आदिवृद्धि, वैज्ञानिकः । मनसः वैज्ञानिकः (*मनको अध्ययन गर्ने वैज्ञानिक)* ष.त.स., रुत्व, उत्व= मनोवैज्ञानिक ।

शब्दार्थ- मनोविज्ञानशास्त्रको ज्ञाता वा अध्येता, मनोविज्ञानवेत्ता, मनोविज्ञानसित सम्वन्धित ।

मनोवैज्ञानिकता (ना./स्त्री.) मनोवैज्ञानिकस्य भावः *(मनोवैज्ञानिक हुनाको भाव वा अवस्था)* मनोवैज्ञानिक +तल् (त)+टाप् (आ)= मनोवैज्ञानिकता ।

शब्दार्थ-मनोवैज्ञानिक हुनाको स्थिति, अवस्था र विशेषता,

मनोव्यथा (ना./स्त्री.) मनसः व्यथा *(मनको व्यथा)* ष.त.स., रुत्व, उत्व= मनोव्यथा ।

शब्दार्थ- मनको पीडा वा कष्ट, मनको वेदना, मानसिक चिन्ता, सन्ताप ।

मनोहरः (वि.) मनः हरतीति *(मन हरण गर्छ)* मनस् उपपदपूर्वक हृञ् हरणे (भ्वा.) धातु, मनस्+हृ+अच्[४] (अ), हृको गुण, मनस्को रुत्व, उत्व= मनोहर ।

शब्दार्थ- मनलाई हरण गर्ने, मन लोभ्याउने, चित्ताकर्षक, सुन्दर, लोभलाग्दो ।

मनोहारी (वि.) मनः हर्तुं शीलमस्य *(मन हरण गर्ने शील वा क्षमता छ यसको)* मनस् उपपदपूर्वक हृञ् हरणे (भ्वा.) धातु, मनस्+हृ+णिनि[५] (इन्), मनस्को रुत्व, उत्व, हृको वृद्धि, मनोहारिन्= मनोहारी ।

शब्दार्थ- मन हरण गर्ने, मनोहर, चित्ताकर्षक, मन लोभ्याउने, अतिसुन्दर, मनोरम ।

मन्तव्यम् (ना./न./वि.) मन्यते, मन्तुं योग्यमिति वा *(मनन गरिन्छ वा ठान्न योग्य)* मन ज्ञाने (दिवा.) धातु, मन्+तव्यत् (तव्य)= मन्तव्य ।

शब्दार्थ- विचार, धारणा, मत, सम्मति, ठान्न लायक, विचार गर्न लायक ।

मन्ता (वि.) मन्यते जानातीति *(जान्दछ)* मनु अवबोधने (तना.) धातु, मन्+तृच्[६] (तृ), उणा., मन्तृ= मन्ता ।

शब्दार्थ- मनन गर्ने, विद्वान्, शोचविचार कर्ता ।

मन्त्रः (ना./पुं.) मन्त्र्यते इति *(मन्त्रणा गरिन्छ)* मत्रि गुप्तपरिभाषणे (चुरा.) धातु, नुम्, मन्त्र्+घञ् (अ) =मन्त्र ।

अथवा मन्यते विचार्यते इति *(विचार गरिन्छ)* मनु अवबोधने (तना.) वा मन ज्ञाने (दिवा.) धातु, मन्+ट्रन्[७] (त्र)= मन्त्र ।

---

१. गुरोश्च हलः : अ
२. गत्यर्थाकर्मक... : क्त
३. तदधिते तद्वेद : ठक्
४. हरतेरनुद्यमने...: अच्
५.सुप्यजातौ... : णिनि
६. बहुलमन्यत्रापि : तृच्
७. सर्वधातुभ्य... : ष्ट्रन्

अथवा मन्तारं त्रायते इति *(मन्त्र जप्ने वा राम्रो शोचविचार गर्नेलाई रक्षा गर्छ)* मन्तृ उपपदमा हुने त्रैङ् पालने (भ्वा.) धातु, मन्तृ+त्रा+क (अ), आलोप, तृको लोप (पृषोदरादिवाट)= मन्त्र ।

मन्त्रो वेदविशेषे स्याद्देवादीनाञ्च साधने
गुह्यवादेऽपि च पुमान्- इति मेदिनी

शब्दार्थ- मन्त्रणा, सल्लाह, राय, परामर्श, गोप्य सल्लाह, वेदको मन्त्र, कण्डिका, गायत्रीमन्त्र, ऋचा, देवतावाट सिद्धि प्राप्त गर्न जपिने मन्त्र, टुनामन्त्र ।

मन्त्रकारः (ना./पुं./वि.) मन्त्रं करोतीति *(मन्त्र रचना गर्छन्)* मन्त्र उपपदपूर्वक डुकृञ् करणे (तना.) धातु, मन्त्र+कृ+अण्[1] (अ), वृद्धि= मन्त्रकार ।

शब्दार्थ- मन्त्रनिर्माता ऋषि, मन्त्रद्रष्टा, वैदिकमन्त्रका प्रणेता, वैदिक ऋचा वा सूक्त वनाउने ऋषि, मन्त्रणा गर्ने, सल्लाह गर्ने ।

मन्त्रकृत् (वि.) मन्त्रं करोतीति *(मन्त्र रचना गर्छन् वा मन्त्रणा गर्छन्)* मन्त्र उपपदपूर्वक डुकृञ् करणे (तना.) धातु, मन्त्र+कृ+क्विप्[2], तुगागम, क्विप्को सर्वलोप= मन्त्रकृत् ।

शब्दार्थ- मन्त्रनिर्माता, वैदिकमन्त्रका प्रणेता, मन्त्रणा गर्ने, विचारविमर्श गर्ने, मन्त्रद्रष्टा ।

मन्त्रज्ञः (ना./पुं.) मन्त्रं जानातीति *(मन्त्र वा मन्त्रणा जान्दछ)* मन्त्र उपपदपूर्वक ज्ञा अववोधने (क्र्या.) धातु, मन्त्र+ज्ञा+क[3] (अ), आलोप= मन्त्रज्ञ ।

शब्दार्थ- मन्त्र जान्ने व्यक्ति, सल्लाह दिने मानिस, विद्वान् व्यक्ति, मन्त्रणा दिने व्यक्ति ।

मन्त्रणा (ना./स्त्री.) मन्त्र्यते इति *(मन्त्रणा गरिन्छ)* मत्रि गुप्तपरिभाषणे (चुरा.) धातु, नुम्, मन्त्र+णिचि+युच्[4] (अन), णिलोप, मन्त्रण+टाप् (आ)= मन्त्रणा ।

शब्दार्थ- परामर्श, सल्लाह, छलफल, गोप्य सरसल्लाह, विचार ।

मन्त्रणीयः (वि.) मन्त्र्यते, मन्त्रितुं योग्यः वा *(परामर्श गरिन्छ वा गर्न योग्य)* मत्रि गुप्तपरिभाषणे (चुरा.) धातु, नुम्, मन्त्+अनीय (र), णत्व= मन्त्रणीय ।

शब्दार्थ- परामर्श गर्नुपर्ने, सल्लाह दिनुपर्ने, विचार गर्न योग्य, छलफल गर्न लायक ।

मन्त्रदाता (ना./पुं.) मन्त्रं ददातीति *(मन्त्र वा सल्लाह दिन्छ)* मन्त्र उपपदपूर्वक डुदाञ् दाने (जुहो.) धातु, मन्त्र+दा+तृच्[5] (तृ), मन्त्रदातृ= मन्त्रदाता ।

शब्दार्थ- मन्त्र सुनाउने गुरु, दीक्षा मन्त्र दिने गुरु, सल्लाह वा परामर्श दिने व्यक्ति ।

मन्त्रदानम् (ना./न.) दीयते इति *(दिइन्छ)* डुदाञ् दाने (जुहो.) धातु, दा+ल्युट् (अन), दीर्घ, दानम् । मन्त्रस्य दानम् *(मन्त्रको दान)* ष.त.स.= मन्त्रदान ।

शब्दार्थ- मन्त्र दिने काम, मन्त्र सुनाउने काम, राय परामर्श दिने कार्य, मन्त्रणा दिने काम ।

मन्त्रपूतम् (वि.) मन्त्रेण पूतम् *(मन्त्रद्वारा शुद्ध पारिएको)* तृ.त.स.= मन्त्रपूत ।

शब्दार्थ- मन्त्रद्वारा पवित्र पारिएको, मन्त्रणा गरेर शुद्ध तुल्याइएको ।

मन्त्रप्रयोगः (ना./पुं.) मन्त्रणां प्रयोगः *(मन्त्रको प्रयोग)* ष.त.स.= मन्त्रप्रयोग ।

शब्दार्थ- मन्त्रप्रयोग गर्ने काम, मन्त्र जप्ने काम, मन्त्रजप

मन्त्रमुग्धः (वि.) मन्त्रेण मुग्धः *(मन्त्रले मुग्ध भएको)* तृ.त.स.= मन्त्रमुग्ध ।

शब्दार्थ- मन्त्रले मोहित भएको, मन्त्रले लट्ठिएको, टुनामुना आदिद्वारा मोहित पारिएको, मन्त्रले लट्ठ पारिएको ।

मन्त्रविद्या (ना./स्त्री.) मन्त्राणां विद्या *(तन्त्रमन्त्रहरूको विद्या)* ष.त.स.= मन्त्रविद्या ।

शब्दार्थ- टुनामुना गर्ने विद्या, मन्त्रहरूसम्वन्धी विद्या, झारफुक गर्ने काम ।

मन्त्रसिद्धिः (ना./स्त्री.) मन्त्राणां सिद्धिः *(मन्त्रहरूको सिद्धि)* ष.त.स.= मन्त्रसिद्धि ।

शब्दार्थ- मन्त्रको सफलता, मन्त्रको क्रियाशीलता, मन्त्रवाट प्राप्त हुने शक्ति वा सामर्थ्य ।

मन्त्रालयः (ना./पुं.) मन्त्राणामालयः *(मन्त्रणाको स्थान)* ष.त.स., दीर्घ= मन्त्रालय ।

शब्दार्थ- मन्त्रणा गर्ने गृह, गोप्य सरसल्लाह गर्ने स्थान, मन्त्रीहरूको मुख्य कार्यालय ।

मन्त्रितः (वि.) मन्त्र्यते स्म इति *(मन्त्रणा गरिएको)* मत्रि गुप्तपरिभाषणे (चुरा.) धातु, नुम्, मन्त्+क्त (त), इडागम= मन्त्रित ।

शब्दार्थ- सल्लाह दिइएको, अभिमन्त्रित, राय-परामर्श दिइएको, मन्त्रद्वारा शुद्ध पारिएको, गोप्यकुरा वताइएको ।

मन्त्रित्वम् (ना./न.) मन्त्रिणः भावः *(मन्त्री हुनाको भाव, गुण वा दायित्व)* मन्त्रिन्+त्व, नलोप= मन्त्रित्व ।

शब्दार्थ- मन्त्रिपदको दायित्व वा जिम्मेवारी, मन्त्री हुनाको स्थिति, मन्त्रीको पद ।

मन्त्रिपरिषद् (ना./स्त्री.) मन्त्रिणां परिषद् *(मन्त्रीहरूको परिषद्)* ष.त.स.= मन्त्रिपरिषद् ।

शब्दार्थ- मन्त्रीहरूको समुदाय, मन्त्रीहरूको वैठक वसी निर्णय गर्ने परिषद, मन्त्रिमण्डल ।

मन्त्रिमण्डलम् (ना./न.) मन्त्रिणां मण्डलम् *(मन्त्रीहरूको मण्डल)* ष.त.स.= मन्त्रिमण्डल ।

शब्दार्थ- मन्त्रिपरिषद्, मन्त्रीहरूको समुदाय, राज्यको प्रशासनिक कार्यको जिम्मेवारी वहन गरेका मन्त्रीहरूको समूह ।

---

[1] कर्मण्यण् : अण्
[2] सुकर्मपापमन्त्र... : क्विप्
[3] आतोऽनुपसर्गे... : क
[4] ण्यासश्रन्थो : युच्
[5] ण्वुल्तृचौ : तृच्

मन्त्री (वि./ना./पुं.) मन्त्रयते इति *(सरसल्लाह गर्छ)* मत्रि गुप्तपरिभाषणे (चुरा.) धातु, नुम्, मन्त्र+णिनि[१] (इन्), मन्त्रिन्= मन्त्री ।

अथवा मन्त्रः गुप्तसंवादः, परिभाषणम् वा अस्यास्तीति *(गोप्यसंवाद वा परिभाषण छ यसको)* मन्त्र+इनि (इन्), अकारलोप, मन्त्रिन्= मन्त्री ।

शब्दार्थ- गोप्यरूपमा सरसल्लाह दिने, प्रमुख परामर्शदाता, सल्लाहकार, अमात्य, महामात्य, राज्यका कुनै विभागको मुख्य अधिकारी ।

मन्त्यः (वि.) मन्त्रितुं योग्यः *(मन्त्रणा गर्न योग्य)* मत्रि गुप्तपरिभाषणे (चुरा.) धातु, नुम्, मन्त्र्+ण्यत् (य) =मन्त्य ।

शब्दार्थ- मन्त्रणा गर्न योग्य, सल्लाह लिनुपर्ने, सरसल्लाह लिन उपयुक्त ।

मन्थः (ना./पुं.) मथ्यते अनेन *(यसद्वारा मथन गरिन्छ)* मन्थ विलोडने (भ्वा./क्रया.) धातु, मन्थ्+घञ् (अ), करणमा= मन्थ ।

शब्दार्थ- मथ्ने काम, हुँडल्ने काम, मधानी, मन्थदण्ड ।

मन्थनम् (ना./न.) मथ्यते इति *(मथन गरिन्छ)* मन्थ विलोडने (भ्वा./क्रया.) धातु, मन्थ्+ल्युट् (अन) =मन्थन ।

शब्दार्थ- मथेर मोही वनाउने र नौनी घिउ निकाल्ने काम, मथ्ने काम, हुँडल्ने काम, मधानी, मन्थदण्ड ।

मन्थनीयः (वि.) मन्थितुं योग्यः *(मथ्न लायक)* मन्थ विलोडने (भ्वा./क्रया.) धातु, मन्थ्+अनीय (र्) =मन्थनीय ।

शब्दार्थ-हुँडल्न योग्य, विचार गर्न लायक, मन्थन गर्नुपर्ने ।

मन्दः (वि./ना./पुं.) मन्दते इति *(मन्दगतिले हिड्छ)* मदि स्तुतिमोदमदस्वप्नकान्तिगतिषु (भ्वा.) धातु, नुम्, मन्द्+अच् (पचादि)= मन्द ।

शब्दार्थ- गति, प्रवाह आदिमा ढीलो, सुस्त, काममा छिटो छरितो नभएको, मूर्ख, अज्ञ, शनिग्रह, यम ।

मन्दगतिः (वि.) मन्दा गतिर्यस्य *(मन्द छ गति जसको)* ब.स., ह्रस्व= मन्दगति ।

शब्दार्थ- विस्तारै हिँड्ने, मन्दगति भएको, ढीलो चाल भएको, मन्दगामी ।

मन्दगामी (वि.) मन्दं गच्छतीति *(विस्तारै हिड्छ)* मन्द उपपदमा हुने गम्लृ गतौ (भ्वा.) धातु, मन्द+गम्+णिनि (इन्), मन्दगामिन्= मन्दगामी ।

शब्दार्थ- विस्तारै हिँड्ने, मन्दगति भएको, ढीलो चाल भएको, आलस्यले सताएको ।

मन्दता (ना./स्त्री.) मन्दस्य भावः *(मन्द हुनाको भाव वा अवस्था)* मन्द+तल् (त)+टाप् (आ)= मन्दता ।

शब्दार्थ- सुस्तपना, ढीलोपना, अकर्मण्यता, आलस्य, मूर्खता, जडता, अल्पज्ञता ।

मन्दवुद्धिः (वि.) मन्दा वुद्धिर्यस्य *(मन्द छ वुद्धि जसको)* मन्द+वुद्धि, व.स., ह्रस्व= मन्दवुद्धि ।

शब्दार्थ- मन्द वा मूढमति भएको, मूर्ख, अज्ञ, मतिहीन ।

मन्दभाग्यः (वि.) मन्दं भाग्यं यस्य *(मन्द छ भाग्य जसको)* व.स.= मन्दभाग्य ।

शब्दार्थ- भाग्य कम भएको, भाग्यहीन, भाग्य नभएको ।

मन्दाकिनी (ना./स्त्री.) मन्दमकितुं शीलमस्याः *(मन्द गति छ यिनको)* मन्द उपपदपूर्वक अक कुटिलायां गतौ (भ्वा.) धातु, मन्द्+अक्+णिनि[२] (इन्), दीर्घ, मन्दाकिन्+ङीप् (ई)= मन्दाकिनी ।

अथवा मन्दाकानि श्रोतांसि सन्ति अस्याः *(धेरै स्रोतहरू छन् यिनका)* मन्दाक+इनि (इन्), मन्दाकिन् +ङीप् (ई) =मन्दाकिनी ।

शब्दार्थ- स्वर्गमा वग्ने गङ्गा, स्वर्गङ्गा, गङ्गानदी, छन्दशास्त्रमा वार्णिक छन्दको एउटा प्रकार ।

मन्दाक्रान्ता (ना./स्त्री.) मन्दः आक्रान्तः यस्याः *(मन्द छ आरोह अवरोहको लयात्मक गति जसको)* व.स., दीर्घ, टाप् (आ)= मन्दाक्रान्ता ।

शब्दार्थ- मन्दगतिको लय भएको एक वार्णिक छन्द, जसमा मगण, भगण, नगण र दुईटा तगण तथा अन्तमा दुईवटा गुरुवर्ण हुन्छन्, चार, छ र सात अक्षरमा विश्राम हुन्छ ।

मन्दाग्निः (वि./ना./पुं.) मन्दः अग्निर्यस्य *(मन्द छ अग्नि जसको)* व.स., दीर्घ= मन्दाग्नि ।

अथवा मन्दश्चासौ अग्निश्च *(मन्द अग्नि)* क.त.स., दीर्घ= मन्दाग्नि ।

शब्दार्थ- पाचनशक्ति कम भएको, दुर्वल पाचनशक्ति भएको, पाचनशक्ति कमजोर हुने रोग, अजीर्ण रोग ।

मन्दानिलः (ना./पुं.) मन्दश्चासौ अनिलश्च *(मन्द वायु)* क.त.स., दीर्घ= मन्दानिल ।

शब्दार्थ- मन्द हावा, सुस्त सुस्त हावा चल्ने काम ।

मन्दारः (ना./पुं.) मन्दयते इति *(आनन्द प्रदान गर्छ)* मदि स्तुतिमोदमदस्वप्नकान्तिगतिषु (भ्वा.) धातु, नुम्, मन्द+आरन्[३] (आर), उणा.= मन्दार ।

पञ्चैते देवतरवो मन्दारः पारिजातकः- इत्यमरः

मन्दारः स्यात् सुरद्रुमे ।

पारिभद्रेऽर्कपर्णे च- इति मेदिनी

शब्दार्थ- देववृक्ष, इन्द्रका उद्यानका पाँचवटा वृक्षमध्ये एक, पारिजात, आँकको वोट, नीमको रूख ।

मन्दिरम् (ना./न.) मन्द्यते स्तूयते स्थीयते वा अत्र *(जहाँ स्तुति गरिन्छ वा जहाँ आराम गरिन्छ)* मदि स्तुतिमोदमदस्वप्नकान्तिगतिषु (भ्वा.) धातु, नुम्, मन्द्+किरच् (इर), उणा.= मन्दिर ।

शब्दार्थ- देवालय, देवीदेवताको मूर्ति स्थापना गरिएको भवन, मठ, घर, गृह, निकेतन, आवास, महल, शिविर, कुटी, वासस्थान, सदन ।

---

१. नन्दिग्रहिपचादिभ्य... : णिनि
२. सुप्यजातौ.... : णिनि
३. अञ्जिमदिमन्दिभ्यः... : आरन्

मन्दोदरी (ना./स्त्री.) मन्दं उदरं यस्याः *(सानो वा झिनो छ कम्मर जसको)* ब.स., गुण, मन्दोदर+ङीष् (ई) =मन्दोदरी ।

शब्दार्थ- क्षीण वा झिनो कम्मर भएकी स्त्री, रावणकी पत्नी, यिनको गणना पाँचवटी सती स्त्रीहरूमध्येमा पर्दछ ।

मन्मथः (ना./पुं.) मन्यते, मननमिति *(मनन गरिन्छ)* मन ज्ञाने (दिवा.) धातु, मन्+क्विप्[1], नलोप[2], तुगागम, क्विप्को सर्वलोप, मत् । मथतीति *(हुँडल्छ)* मथे विलोडने (भ्वा.) धातु, मथ्+अच् (पचादि), मथः । मत् चेतना, मतः मथः *(चित्तको मन्थन)* ष.त.स., परसवर्ण= मन्मथ ।

शब्दार्थ- कामदेव, प्रेमका देवता, रतिपति, कामवासना, यौनविकृति, प्रणय, प्रीति, साठीवटा संवत्सरमध्ये एक ।

मन्युः (ना./पुं.) मन्यते इति *(बोध गरिन्छ, ठानिन्छ)* मन ज्ञाने (दिवा.) वा मनु अवबोधने (तना.) धातु, मन्+युच्[3] (उणा.)= मन्यु ।

मन्युः पुमान् क्रुधि । दैन्ये शोके च यज्ञे च- मेदिनी

शब्दार्थ- क्रोध, रिस, शोक, दैन्य, यज्ञ, क्रतु ।

मन्वन्तरम् (ना./न.) मनोरन्तरमवकाशः *(मनुको अन्तर)* ष.त.स., मनु+अन्तर, यण्= मन्वन्तर ।

मन्वन्तरं तु दिव्यानां युगानामेकसप्ततिः- इत्यमरः

शब्दार्थ- दिव्य एकहत्तर युगको समय ।

द्रष्टव्य- मानिसको एक वर्षको देवताको एक अहोरात्र हुन्छ, दिनलाई उत्तरायण र रातलाई दक्षिणायन भनिन्छ । देवताका वाह्र हजार वर्षको दिव्य चतुर्युग हुन्छ, एकहत्तर चतुर्युग १२000*७१= ८,५२,000 वर्षको समय एक मन्वन्तर हो ।

यसमा मानिसको वर्ष दिव्य चतुर्युग १२000*३६0 =४३२0000*७१ वर्षको समय हुन्छ ।

ममता/ममत्वम् (ना./स्त्री./न.) अस्मद् शब्दको षष्टी विभक्तिको एकवचनरूप- मम । मम भावः *(मेरो आफ्नो भाव, गुण वा अवस्था)* 'मम' यस विभक्ति प्रतिरूपक अव्यय शब्दबाट मम+तल्[4] (त)+टाप् (आ)=ममता ।

मम+त्व[4]= ममत्व ।

शब्दार्थ- मेरो आफ्नो भन्ने भाव वा अवस्था, स्नेह, अनुराग, माया, अभिमान, घमण्ड, अहङ्कार, लालसा, अहन्ता, आफ्नोपनको अभिमान, मेरोपन, आफ्नोपन, वर्ग, स्वामित्व वा प्रमुखत्वको भावना ।

ममतामयः (वि.) ममतायाः आगतः *(ममताबाट आएको)* वा प्रकृता प्राचुर्येण प्रस्तुता ममता *(पर्याप्त ममता)* ममता+मयट् (मय)= ममतामय ।

शब्दार्थ- आफ्नोपनवाट आएको, ममताले परिपूर्ण भएको, ममताले भरिएको ।

ममतामयी (ना./स्त्री.) ममतायाः आगता *(ममताबाट आएकी)* वा प्रकृता प्राचुर्येण प्रस्तुता ममता *(पर्याप्त ममता)* ममता+मयट् (मय), ममतामय । ममतामय+ ङीप् (ई)= ममतामयी ।

शब्दार्थ- ममताले भरिएकी नारी, ज्यादै स्नेह गर्ने स्त्री, स्नेहमूर्ति ।

मयः (ना./पुं.) माययति, मयतीति वा *(रचना वा निर्माण गर्छ)* मी गतौ (चुरा.) धातु, मी+अच् (पचादि), गुण, अयादेश= मय ।

शब्दार्थ- दैत्यदानवको शिल्पकला गर्ने मयदानव ।

मयुः (ना./पुं.) मिनोति, सुशब्दं करोतीति *(मीठो आवाज दिन्छ)* डुमिञ् प्रक्षेपणे (स्वा.) धातु, मि+उ[5] (प्रत्यय), उणा., गुण, अयादेश= मयु ।

शब्दार्थ- मृगविशेष ।

मयूखः (ना./पुं.) मिमीते इति *(फैलाउँछ)* माङ् माने शब्दे च (जुहो.) धातु, मा+ऊख[6] (उणा.), माको मय आदेश, मय् ऊख= मयूख ।

अथवा मिनोतीति *(फैलन्छ, प्रक्षेपण गर्छ)* डुमिञ् प्रक्षेपणे (स्वा.) धातु, मि+ऊख (बहुलप्रकारले), गुण, अयादेश= मयूख ।

किरणोऽस्त्री मयूखांशुगभस्तिघृणिरश्मयः- इत्यमरः

मयूखः किरणेऽपि च ।

ज्वालायामपि शोभायाम्- इति मेदिनी

शब्दार्थ- किरण, रश्मि, कान्ति, प्रकाश, चमक, दीप्ति, प्रभा, छवि, ज्वाला, शोभा ।

मयूरः (ना./पुं.) मिनोति सुशब्दं करोति *(मीठो आवाज निकाल्छ)* डुमिञ् प्रक्षेपणे (स्वा.) धातु, मि+ऊर[7], गुण, अयादेश= मयूर ।

अथवा मयते मन्दं गच्छतीति *(बिस्तारै डल्की डल्की हिँड्छ)* मय गतौ (भ्वा.) धातु, मय+ऊर (उणा.) =मयूर ।

अथवा मीनाति शृणाति सर्पादिकम् *(सर्प आदिको हिंसा गर्छ)* मीञ् हिंसायाम् (क्र्या.) धातु, मी+ऊरन्[8] (ऊर), उणा., गुण, अयादेश= मयूर ।

शब्दार्थ- मुजुर, बर्ही, शिखी, फूलविशेष, संस्कृत साहित्यका एक कवि ।

मरणम् (ना./न.) म्रियते अनेन *(मर्छ वा मरिन्छ)* मृङ् प्राणत्यागे (तुदा.) धातु, मृ+ल्युट् (अन), गुण, णत्व =मरण ।

शब्दार्थ- मृत्यु, निधन, नाश, देहान्त, पञ्चत्व, काल ।

---

[1] सम्पदादिभ्य... : क्विप्

[2] गमादिनां क्वौ : नलोप

[3] मजिमनिसुन्धि... : युच्

[4] तस्य भावः... : त्व/तल्

[5] भृमृशीतृ... : उ

[6] माङ् ऊखो मय... : ऊख, मयादेश

[7] खर्जिपिञ्जादिभ्य...: ऊर

[8] मिनातेरूरन् : ऊरन्

मरणान्तः (वि.) मरणात् मरणे अन्तः यस्य *(मरणबाट वा मरणमा अन्त छ जसको)* ब.स., दीर्घ= मरणान्त ।

शब्दार्थ- मरणपछि विनाश हुने, मरणबाट अन्त हुने, अत्यन्त कष्टदायक, दुःखदायक ।

मरणान्तकः (वि.) मरणात् अन्तः यस्य *(मरणबाट अन्त छ जसको)* ब.स., दीर्घ, कप् (समासान्त)= मरणान्तक ।

शब्दार्थ- मर्नै आँटिको अवस्थामा पुगेको, मरेपछि अन्त हुने ।

मरणासन्नः (वि.) मरणमासन्नं यस्य *(मरण छ आसन्न (समीपमा) जसको)* ब.स., दीर्घ= मरणासन्न ।

शब्दार्थ- मर्न आँटेको, मर्ने अवस्थामा पुगेको ।

मरणाशौचः (ना./पुं.) मरणस्य आशौचः *(मरणको आशौच)* ष.त.स., दीर्घ= मरणाशौच ।

शब्दार्थ- मृत्युको आशौच, मरेपछि लाग्ने जुठो, कसैको मृत्युपछि सम्बन्धित बन्धुबान्धवलाई लाग्ने जुठो ।

मरणोत्तरम् (ना./न.) मरणात् उत्तरम् *(मरणदेखि पछि)* प.त.स., गुण= मरणोत्तर ।

शब्दार्थ-मरण भएपछि, मृत्युपछि, मरेपछि, निधनपश्चात्

मरणोन्मुखः (वि.) मरणाय उन्मुखः *(मरणका लागि उन्मुख भएको)* च.त.स., गुण= मरणोन्मुख ।

शब्दार्थ- मृत्यु हुन लागेको, मर्न आँटेको, मरणासन्न, मृत्युको निकट पुगेको ।

मरीचम् (ना./न.) म्रियते प्रणश्यति श्लेष्मादिकमनेन *(यसबाट खोकी, कफ आदि नष्ट हुन्छ)* मृङ् प्राणत्यागे (तुदा.) धातु, मृ+ईच (वहुलप्रकारले), गुण =मरीच ।

शब्दार्थ- कालो मरीचको लहरा वा फल ।

मरीचिः (ना./पुं./स्त्री.) म्रियन्ते नश्यन्ति क्षुद्रजन्तवः तमांसि च अस्मिन् *(साना साना जीवहरू वा अन्धकार यसमा नष्ट हुन्छन्)* मृङ् प्राणत्यागे (दिवा.) धातु, मृ+ईचि[1], उणा., गुण= मरीचि ।

अथवा म्रियते पापादिर्यस्मिन् *(जसमा पाप आदि नष्ट हुन्छ)* मृ+ईचि, उणा., गुण= मरीचि ।

भानुकरो मरीचिः स्त्रीपुंसोः- इत्यमरः

मरीचिर्मुनिभेदे ना गभस्तावनपुंसकम्- इति मेदिनी

शब्दार्थ- किरण, मयूख, दीप्ति, प्रकाश, चमक, कान्ति, सप्त ऋषिहरूमध्ये एक, ब्रह्माजीका दश मानस-पुत्रहरूमध्ये एक ।

मरीचिका (ना./स्त्री.) मरीचिरेव *(मरीचि वा किरण नै)* मरीचि+कन् (क), स्वार्थमा, टाप् (आ)= मरीचिका ।

शब्दार्थ- मृगतृष्णा, मृगमरीचिका ।

मरुः (ना./पुं.) म्रियन्ते प्राणिनः अस्मिन् *(प्राणीहरू यसमा मर्छन्)* मृङ् प्राणत्यागे (तुदा.) धातु, मृ+उ[2] (प्रत्यय), उणा., गुण= मरु ।

शब्दार्थ- मरुभूमि, पानी नभएको प्रदेश, पानी विनाको ठाउँ, निर्जन तथा निर्जलप्रदेश, पहाड ।

मरुतः/मरुत् (ना./पुं.) म्रियन्ते प्राणिनः यस्य अभावात् *(जसको अभावमा प्राणीहरू मर्छन्)* मृङ् प्राणत्यागे (तुदा.) धातु, मृ+उत (वहुलप्रकारले), गुण= मरुत ।

मृ+उति[3] (उत्), उणा., गुण= मरुत् ।

शब्दार्थ- समीर, हावा, वायु, वात, पवन, जगत्प्राण ।

मरुत्वान् (ना./पुं.) मरुतः सन्ति अस्य *(वायुहरू अनुकूल छन् यिनका)*मरुत्+मतुप् (मत्), मको व, मरुत्वत् =मरुत्वान् ।

शब्दार्थ- इन्द्र, शक्र, हनुमान् ।

मरुभूमिः (ना./स्त्री.) मरोर्भूमिः *(पानी नभएका प्रदेशको भूमि)* ष.त.स.= मरुभूमि ।

शब्दार्थ-पानी नभएका ठाउँको जमिन, मरुप्रदेश, मरुस्थल,

मरुस्थलम् (ना./न.) मरोः स्थलम् *(मरुभूमिको स्थल)* ष.त.स.= मरुस्थल ।

शब्दार्थ- पानी नभएको स्थल, वालुवै वालुवा टल्कने जमिन, मरुप्रदेश, मरुभूमि ।

मर्कटः (ना./पुं.) मर्कति गृह्णातीति *(ग्रहण गर्छ)* मर्क ग्रहणे (सौत्र) धातु, मर्क+अटन्[4] (अट), उणा.=मर्कट ।

शब्दार्थ- वाँनर, कपि ।

मर्त्यः (ना./पुं.) म्रियते इति *(मर्छ)* मृङ् प्राणत्यागे (तुदा.) धातु, मृ+तन्[5] (त), उणा., मर्तः । मर्त एव *(मरणधर्म भएको नै)* मर्त+यत्[6] (य), स्वार्थमा= मर्त्य ।

अथवा म्रियते इति *(मर्छ)* मृ+यत्[7] (य), तुगागम, गुण= मर्त्य ।

शब्दार्थ-मरणशील मनिस, मनुष्य, नर, मानव, मर्त्यलोक ।

मर्दनम् (ना./न.) मृद्यते इति *(पिसिन्छ)* मृद क्षोदे (क्र्या.) धातु, मृद्+ल्युट् (अन), गुण= मर्दन ।

शब्दार्थ- मालिस गर्ने काम, माड्ने वा रगड्ने काम, पिस्ने काम ।

मर्म (ना./न.) म्रियतेऽनेन *(मर्छ यसबाट)* मृङ् प्राणत्यागे (तुदा.) धातु, मृ+मनिन्[8] (मन्), उणा., गुण, मर्मन् =मर्म ।

शब्दार्थ- चोटपटक लाग्दा ज्यानै जानसक्ने संवेदनशील भाग, मर्मस्थल, सन्धिस्थान, जोर्नी, भित्री रहस्य, मुख्य अभिप्राय ।

मर्मघातकः (वि.) मर्मणि हन्तीति *(मर्ममा घात गर्छ)* मर्म उपपदमा हुने हन हिंसागत्योः (अदा.) धातु, मर्म+हन्+ण्वुल् (अक), वृद्धि, कुत्व, हन्का नको त, मर्म घात् अक= मर्मघातक ।

शब्दार्थ- मर्ममा चोट पुर्‍याउने, मर्मस्थलमा आघात पुर्‍याउने, मर्मघाती, मानसिक पीडा दिने ।

---

१. मृकणिभ्यामीचिः : ईचि
२. भृमृशीत्... : उ
३. मृग्रोरुतिः : उति
४. शकादिभ्यो... : अटन्
५. हसिमृग्रिण्वा... : तन्
६. वस्वमर्तयवष्टेभ्यो.. : यत् (निरुक्त)
७. अघ्न्यादयश्च : यत्
८. सर्वधातुभ्यो... : मनिन्

मर्मघाती (वि.) मर्मणि हन्तुं शीलमस्य *(मर्ममा चोट पुऱ्याउने शील छ यसको)* मर्म उपपदपूर्वक हन हिंसागत्योः (अदा.) धातु, मर्म+हन्+णिनि[१] (इन्), वृद्धि, हन्का नको तकारादेश[२], कुत्व, मर्मघातिन् =मर्मघाती ।

शब्दार्थ- मर्मस्थलमा प्रहार गर्ने, मर्ममा चोट वा आघात पुऱ्याउने ।

मर्मज्ञ (वि.) मर्म जानातीति *(मर्म जान्दछ)* मर्म उपपदपूर्वक ज्ञा अवबोधने (क्र्या.) धातु, मर्म+ज्ञा +क[३] (अ), आकारलोप= मर्मज्ञ ।

शब्दार्थ- मर्म जान्ने, वास्तविक कुरा थाह पाउने, तथ्य कुरा जान्ने, रहस्य थाह पाएको ।

उदा. उपकारी मर्मज्ञ विचारवाला गुणी महाप्रज्ञा- कवि कवितालाप-३६ (लालित्य)

मर्मच्छेदी (वि.) मर्म छेत्तुं शीलमस्य *(मर्म छेदन गर्ने शील छ यसको)* मर्म उपपदपूर्वक छिदिर् द्वैधीकरणे (रुधा.) धातु, मर्म+छिद्+णिनि्[१] (इन्), गुण, मर्मछेदिन्, तुक्, श्चुत्व, मर्मच्छेदिन्= मर्मच्छेदी ।

शब्दार्थ- मर्म छेदन गर्ने, मर्मस्थलमा चोट वा आघात पुऱ्याउने, मर्मभेदी, चित्त दुःखाउने ।

मर्मभेदी (वि.) मर्म मर्मणि वा भेत्तुं शीलमस्य *(मर्ममा भेदन गर्ने शील छ यसको)* मर्म उपपदपूर्वक भिदिर् विदारणे (रुधा.) धातु, मर्म+भिद्+णिनि (इन्), गुण, मर्मभेदिन्= मर्मभेदी ।

शब्दार्थ- मर्मस्थलमा चोट पुऱ्याउने, मर्मच्छेदी, मर्ममा आघात पुऱ्याउने ।

मर्मवचनम्/मर्मवाक्यम् (ना./न.) मर्मणः वचनम्/मर्मणः वाक्यम् *(मर्म पर्ने वचन वा वाक्य)* क.त.स., नलोप =मर्मवचन/मर्मवाक्य ।

शब्दार्थ- मनमा आघात पर्ने वचन वा वाक्य, हृदयमा चोट पुऱ्याउने वाक्य ।

मर्मस्थलम्/मर्मस्थानम् (ना./न.) मर्मणः स्थलम्/ मर्मणः स्थानम् *(मर्मको स्थल वा स्थान)* ष.त.स., नलोप =मर्मस्थल/मर्मस्थान ।

शब्दार्थ- मर्मको ठाउँ, मर्म पर्ने ठाउँ, मर्म पर्ने स्थल, जोर्नी, पुर्पुरो आदि मर्मस्पर्शी स्थान ।

मर्मस्पर्शी (वि.) मर्मस्पर्शितुं शीलमस्य *(मर्मस्पर्श गर्ने शील छ यसको)* मर्मन् उपपदपूर्वक स्पृश संस्पर्शने (तुदा.) धातु, मर्मन्+स्पृश्+णिनि[१] (इन्), नलोप, गुण, मर्मस्पर्शिन्= मर्मस्पर्शी ।

शब्दार्थ- मनमा चोट पुऱ्याउने, मर्मस्पर्श गर्ने, हृदयमा आघात पार्ने, मर्मभेदी, मर्मच्छेदी ।

मर्माघातः (ना./पुं.) आसमन्तात् हन्यते इति *(सबैतिरबाट प्रहार गरिन्छ)* आङ्पूर्वक हन हिंसागत्योः (अदा.) धातु, आ+हन्+घञ् (अ), वृद्धि, नको त, कुत्व[४], आघातः । मर्मणिं आघातः *(मर्ममा आघात)* स.त.स., दीर्घ=मर्माघात ।

शब्दार्थ- मर्मस्थलमा चोट पुऱ्याउने काम, मर्मस्थलमा प्रहार गर्ने काम, दिल वा चित्त दुखाउने काम ।

मर्माहतः (वि.) मर्मणि आहन्यते स्म इति *(मर्ममा चोट पुऱ्याइएको)* मर्म उपपदमा हुने आङ्पूर्वक हन हिंसागत्योः (अदा.) धातु, मर्म+आ+हन्+क्त (त), अनुनासिक नलोप, मर्म आहत, दीर्घ= मर्माहत ।

शब्दार्थ- मर्ममा चोट वा आघात पुऱ्याइएको, हृदयमा चोट लगाइएको, चित्त दुःखाएको, पीडित ।

मर्यादा (ना./स्त्री.) म्रियते इति *(अन्तिम टुङ्गोमा पुग्छ)* मृङ् प्राणत्यागे (तुदा.) धातु, मृ+यत्[५] (य), गुण, मर्यः । मर्य+टाप् (आ), मर्या । मर्यां ददातीति *(सीमा निर्धारण गर्छ वा आदर गर्छ)* डुदाञ् दाने (जुहो.) धातु, मर्या+ दा+क[३] (अ), आलोप, मर्याद+टाप् (आ)= मर्यादा

शब्दार्थ- सीमा, हद, अवधि, आदर, सम्मान, प्रतिष्ठा, धारणा, कुनै कुरा उचित वा अनुचित के हो? कतिसम्म गर्न उपयुक्त हुन्छ भन्ने निर्णयमा पुग्ने काम ।

मर्यादापालनम् (ना./न.) मर्यादायाः पालनम् *(मर्यादाको पालन)* ष.त.स.= मर्यादापालन ।

शब्दार्थ- मर्यादाको संरक्षण, परम्परागत सदाचारको पालन, नीतिनियमको उल्लङ्घन नगर्ने काम ।

मर्यादापुरुषोत्तमः (ना./पुं.) मर्यादायाः पुरुषोत्तमः *(मर्यादा परिपालन गर्ने उत्तम वा सर्वश्रेष्ठ पुरुष)* ष.त.स. = मर्यादापुरुषोत्तम ।

शब्दार्थ- आदर, सम्मान, प्रतिष्ठा र नैतिक मर्यादाको पालन गर्ने पुरुषहरूमा उत्तम पुरुष, पुरुषोत्तम, दशरथपुत्र श्रीरामचन्द्र ।

मर्यादाभङ्गः (ना./पुं.) मर्यादायाः भङ्गः *(मर्यादाको भङ्ग)* ष.त.स.= मर्यादाभङ्ग ।

शब्दार्थ- मर्यादा तोड्ने काम, परम्परागत आचार, नियम भङ्ग गर्ने काम, मर्यादाको उल्लङ्घन ।

मर्यादितः (वि.) मर्यादा सञ्जाता अस्य *(मर्यादा गरिएको छ यसको)* मर्यादा+इतच्[६] (इत)= मर्यादित ।

शब्दार्थ- मर्यादा गरिएको, आदर वा सम्मान वा सत्कार गरिएको, प्रतिष्ठा पाएको ।

मर्षितः (वि.) मृष्यति स्म इति *(सहन गरेको)* मृष तितिक्षायाम् (दिवा.) धातु, मृष्+क्त (त), इडागम, कित्वाभाग[७], गुण= मर्षित ।

शब्दार्थ- सहन गरेको, सहेको ।

---

१. सुप्यजातौ... : णिनि

२. हनस्तो चिण्... : तकारादेश

३. आतोऽनुपसर्गे... : क

४. हो हन्ते... : कुत्व

५. अचो यत् : यत्

६. तदस्य सञ्जातम्... : इतच्

७. मृषस्तितिक्षायाम् : कित्वाभाव

मलः (ना./पुं./न.) मलते इति *(मल धारण गर्छ)* मल धारणे (भ्वा.) धातु, मल्+अच् (पचादि)= मल । अथवा मृज्यते शुध्यते इति *(शुद्ध हुनु)* मृजु शुद्धौ (अदा.) धातु, मृज्+कलच्[1] (अल), टिलोप, उणा., म् अल= मल ।

मलोऽस्त्री पापविट् किट्टे कृपणे त्वभिधेयवत्- इति मेदिनी

वसाशुक्रमसृग्मज्जा कर्णविड्मूत्रविड्नखाः

स्लेष्माश्रुदूषिता स्वेदो द्वादशैते नृणां मलाः-अ.को.रामाश्रमी

शब्दार्थ- मयल, कीट, खिया, कस, मैलो, फोहोर, दिसा, पाप, नैतिक अपराध, कृपण, मल, खाद, मानिसको शरीरबाट निस्कने १२वटा मलतत्त्व वा विकार, जो निम्न छन्- वोसो, वीर्य, रगत, मज्जा, कानेगुजी, पिसाब, दिसा वा विष्टा, नङ् र नङ्को मयल, खकार, आँसु, पसिना ।

मलद्वारम् (ना./न.) मलस्य द्वारम् *(मलको निस्कने ठाउँ)* ष.त.स.= मलद्वार ।

शब्दार्थ- गुदद्वार, दिसा निस्कने प्वाल, विस्टचाउने प्वाल, शरीरबाट मल निस्कने छिद्र वा प्वाल ।

मलमासः (ना./पुं.) मलश्चासौ मासश्च *(मलमास)* क.त.स.= मलमास ।

शब्दार्थ- मलिन महिना, अधिकमास, पुरुषोत्तम महिना ।

मलदूषितः (वि.) मलेन दूषितः *(मयल, फोहोर आदिले दूषित भएको)* तृ.त.स.= मलदूषित ।

शब्दार्थ- फोहोर, मैला आदिले दूषित भएको, पापले परिपूर्ण ।

मलयः (ना./पुं.) मलते धरति चन्दनादिकम् *(चन्दनादि धारण गर्छ)* मल धारणे (भ्वा.) धातु, मल+कयन्[2] (अय), उणा.= मलय ।

मलयः पर्वतान्तरे- इति मेदिनी

शब्दार्थ- दक्षिण भारतको एक पर्वत शृङ्खला, जहाँ चन्दनवृक्ष पाइन्छ, चन्दन, श्रीखण्ड, चन्दनाद्रि, मलयपर्वत ।

मलयजः (ना./पुं.) मलये जातः *(मलय पहाडमा उत्पन्न हुने वा भएको)* मलय उपपदपूर्वक जनी प्रादुर्भावे (दिवा.)धातु, मलय+जन्+ड[3] (अ), टिलोप=मलयज ।

शब्दार्थ- श्रीखण्डचन्दनको वृक्ष, मलय पर्वतमा हुने चन्दन र अन्यवस्तु ।

मलयाचलः (ना./पुं.) मलयश्चासौ अचलश्च *(मलय पहाड)* क.त.स., दीर्घ= मलयाचल ।

शब्दार्थ- मलयगिरि, मलय पहाड, श्रीखण्डचन्दन हुने पर्वत, मलयाद्रि ।

मलयानिलः (ना./पुं.) मलयस्य अनिलः *(मलयाचलको हावा)* वा मलयात् निष्पन्नः अनिलः *(मलयाचलबाट बग्ने हावा)* ष.त.स./प.त.स., दीर्घ= मलयानिल ।

शब्दार्थ- श्रीखण्डनचन्दन र लवङ्गादिको सुगन्ध फैलाउने पवन, मलयाचल पहाडबाट बग्ने हावा, दक्षिणी हावा ।

मलाशयः (ना./पुं.) मलस्य आशयः *(मलको जम्मा हुने स्थान)* ष.त.स., दीर्घ= मलाशय ।

शब्दार्थ- पेटभित्र मल जम्मा भएर रहने स्थान, लाद्रो, भुँडी, मलले भरिएको स्थान ।

मलिनः (वि.) मलः अस्यास्तीति *(मल छ यसको)* मल+इनच्[4] (इन), अकारलोप= मलिन । अथवा मलते धारयतीति *(धारण गर्छ)* मल धारणे (भ्वा.) धातु, मल+इनच्[5] (इन), उणा., अकारलोप =मलिन

शब्दार्थ- घिनलाग्दो, फोहोर, कलुषित, अपवित्र, मलले भरिएको ।

मलिनता (ना./स्त्री.) मलीनस्य भावः *(मलिन हुनाको भाव वा अवस्था)* मलिन+तल् (त)+टाप् (आ) =मलिनता ।

शब्दार्थ- मलिनपना, अशुद्धता, घिनलाग्दोपना ।

मलिनमुखः (वि.) मलिनं दूषितं मुखं यस्य *(मलिन छ मुख जसको)* व.स.= मलिनमुख ।

शब्दार्थ- मलिन मुख भएको, निन्याउरो, क्रूर, खल ।

मलिनवसनः (वि.) मलिनं वसनं यस्य *(मलिन वस्त्र भएको)* व.स.= मलिनवसन ।

शब्दार्थ- मैलो लुगा लगाउने, मैलो वस्त्र धारण गर्ने ।

मलिनिमा (ना./पुं.) मलिनस्य भावः *(मलिन हुनाको भाव वा अवस्था)* मलिन+इमनिच् (इमन्), अकारलोप, मलिनिमन्= मलिनिमा ।

शब्दार्थ- मलिन हुनाको स्थिति, मलिनपना ।

मलिनी (ना./स्त्री.) मलमस्ति अस्याः *(रज आदि मल छ यस स्त्रीको)* मल+इनि[6] (इन्), अकारलोप, मलिन्+ङीप् (ई)= मलिनी ।

स्त्रीधर्मिण्यविरात्रेयी मलिनी पुष्पवत्यपि- इत्यमरः

शब्दार्थ- रजस्वला भएकी स्त्री, ऋतुमती नारी, परसरेकी आइमाई, रजोवती नारी ।

मलीमसः (वि.) मलः अस्यास्तीति *(मल छ यसको)* मल+ईमसस्[4] (ईमस्), अकारलोप= मलीमस ।

मलीमसं तु मलिनं कच्चरं मलदूषितम्- इत्यमरः

शब्दार्थ- मलिन, मैलो, मयलले प्रदूषित ।

मल्लः (वि./ना./पुं.) मल्लते धरति बलम् *(बल धारण गर्छ)* मल्ल धारणे (भ्वा.) धातु, मल्ल्+अच् (पचादि) =मल्ल ।

मल्लः कपाले बलिनि मत्स्ये पात्रे- इति हैमः

मल्लः पात्रे कपोले च मत्स्यभेदे बलीयसी- इति मेदिनी

शब्दार्थ- पहलमान, बलवान्, कुस्ती खेल्ने, द्वन्द्वयुद्ध गर्ने, बाहुयोद्धा, मल्लकालीन शासक, कपोल, गाला, कपाल, माछाको प्रकार ।

---

[1] मृजेस्टिलोपश्च : कलच्/टिलोप

[2] बलिमलितनिभ्य... : कयन्

[3] सप्तम्यां जनेर्डः : ड

[4] ज्योत्स्नातमिस्रा... : इनच्/ईमसस्

[5] बहुलमन्यत्रापि : इनच्

[6] अत इनिठनौ : इनि

मल्लभूमिः (ना./स्त्री.) मल्लानां भूमिः *(मल्लहरूको युद्ध गर्ने ठाउँ)* ष.त.स.= मल्लभूमि ।

शब्दार्थ- पहलमानहरू लड्ने स्थान, मल्लयुद्ध गर्ने ठाउँ, मल्ल जातिको आदिथलो ।

मल्लयुद्धम् (ना./न.) मल्लानां युद्धम् *(मल्लहरूको युद्ध)* ष.त.स.= मल्लयुद्ध ।

शब्दार्थ- पहलमानहरूको द्वन्द्व, युद्ध, कुस्ती, वाहुयुद्ध, मल्लसङ्ग्राम ।

मल्लिका (ना./स्त्री.) मल्लते इति *(धारण गर्छ)* मल्ल धारणे (भ्वा.) धातु, मल्ल+ण्वुल्[1] (अक), मल्लक+टाप् (आ), मल्लकका ककारपूर्वका अकारको इत्व =मल्लिका ।

शब्दार्थ- चमेली फूल, मालतीको लहरो र फूल ।

मशकः (ना./पुं.) मशतीति *(भुनभुन शब्द गर्छ)* मश शब्दे रोषकृते च (भ्वा.) धातु, मश्+वुन् (अक), उणा. =मशक ।

मशको रोगकीटप्रभेदयोः- इति मेदिनी

शब्दार्थ- मच्छड, डाँस, लामखुट्टे, रोग फैलाउने कीटाणु, शरीरको कोठी, शरीरको दाग ।

मसिः/मसी (ना./स्त्री.) मस्यतीति *(विकार पैदा हुन्छ)* मसी परिणामे (दिवा.) धातु, मस्+इन् (इ), मसि+ङीप् (ई), विकल्पले= मसी । ङीष्को अभावमा= मसि ।

शब्दार्थ- मसी, कलमभित्र राख्ने रातो, कालो आदि रङ, चित्रहरू वनाउने विविध रङ्ग ।

मसूरः (ना./पुं.) मस्यति, मस्यते इति वा *(विकार पैदा हुन्छ वा हुनु)* मसी परिणामे (विकारे) (दिवा.) धातु, मस्+ऊरन्[2] (ऊर)= मसूर ।

शब्दार्थ- मुसुरो, दालजातको एकप्रकार ।

मसृणः (वि.) मस्यतीति *(विकार पैदा हुन्छ, नरम बन्छ)* मसी परिणामे (विकारे) (दिवा.) धातु, मस्+ऋण (वहुलप्रकारले)= मसृण ।

मसृणोऽकर्कशे स्निग्धे त्रीषूमायां तु योषिति- मेदिनी

शब्दार्थ- चिल्लो, नरम, स्निग्ध, खस्रो नभएको, मसिनो ।

उदा. मसृण छिनुहरूले छन् कुँदेका विचित्र ।
- शा.म.का. १३/४३

मस्तकः (ना./पुं./न.) मस्यते परिमीयते इति *(नापिन्छ)* मसी परिणामे (दिवा.) धातु, मस्+तकन् (उणा.) =मस्तक । वा मस्यते स्म इति *(नापिएको)* मस्+क्त (त)+कन् (क), स्वार्थमा= मस्तक ।

शब्दार्थ- शीर, शीर्ष, मूर्धा, टाउँको, शिखर, उत्तमाङ्ग ।

मस्तिष्कम् (ना./न.) मस्यते इति *(विकृत हुनु)* मसी परिणामे (विकारे) (दिवा.) धातु, मस्+क्तिन् (ति), मस्तिः । मस्तौ मस्कते इति *(मस्तकमा रहन्छ)* मस्क गत्यर्थे (भ्वा.) धातु, मस्ति+मस्क्+अच् (पचादि), पृषोदरादिवाट, धातुको मलोप, षत्व= मस्तिष्क । अथवा मस्तं मस्तकम् इष्यति प्राप्नोतीति *(मस्तकमा रहन्छ वा प्राप्त हुन्छ)* मस्त उपपदपूर्वक इष गतौ (दिवा.) धातु, मस्त+इष्+क (अ), पृषोदरादिवाट मस्तका अकारको लोप, 'क्' वर्णागम= मस्तिष्क ।

शब्दार्थ- गिदी, दिमाग, मगज ।

महः (ना./पुं.) मह्यते पूज्यते अस्मिन् *(पूजा गरिन्छ यहाँ)* मह पूजायाम् (भ्वा.) धातु, मह्+क (घञर्थमा) /घ (अ)= मह ।

मह उद्धव उत्सवः- इत्यमरः

मह उत्सवतेजसोः- इति मेदिनी

शब्दार्थ- उत्सव, प्रकाश, दिव्यज्योति, कान्ति, तेज, महर्लोक, उत्सव, यज्ञ ।

महस् **(महः)** (ना./न.) महतीति *(आदर वा पूजा गर्दछ)* मह पूजायाम् (भ्वा.) धातु, मह्+असुन्[3] (अस्), उणा., महस्, महः= मह ।

शब्दार्थ- प्रकाश, दिव्यज्योति, कान्ति, महर्लोक ।

महत् **(महान्)** (वि.) महति, मह्यतीति वा *(ठूलो हुन्छ वा आदर गर्छ)* मह पूजायाम् (भ्वा.) वा महिङ् पूजायाम् (कण्वादि) धातु, मह्+अति (अत्), उणा.= महत् ।

महत्को पुंलिङ्गी एकवचनरूप= महान् ।

शब्दार्थ- ठूलो, वृहत्, विशाल, विपुल, महान्, पर्याप्त, प्रचण्ड, उच्च, स्थूल, प्रमुख, पूज्य ।

महती (वि./ना./स्त्री.) महति, मह्यते इति वा *(पूजा वा आदर गर्छ)* मह पूजायाम् (भ्वा.) धातु, मह्+अति (अत्), उणा., महत्+ङीष् (ई)= महती ।

शब्दार्थ- ज्यादै ठूलो, विशाल, प्रचण्ड, पूज्य, नारद ऋषिको वीणा, महत्त्व ।

महत्तत्त्वम् (ना./न.) महत् च तत् तत्त्वम् *(महत् तत्त्व)* क.त.स.= महत्तत्त्व ।

शब्दार्थ- साङ्ख्यदर्शनका चौवीस तत्त्वहरूमध्ये प्रकृति पछिको दोस्रो तत्त्व, प्रकृतिको पहिलो विकृति वा विकार, वुद्धितत्त्व ।

महत्तमः (वि.) अयमेषामतिशयेन महान् *(यो यिनीहरूमध्ये ज्यादै ठूलो वा महान्)* महत्+तमप्[4] (तम)= महत्तम ।

शब्दार्थ- सबैभन्दा ठूलो, ज्यादै ठूलो, अत्यन्त महान् ।

महत्तरः (वि.) अयमनयोरतिशयेन महान् *(यो यी दुईमध्ये ठूलो)* महत्+तरप्[5] (तर)= महत्तर ।

शब्दार्थ- त्यसभन्दा ठूलो, अपेक्षाकृत ठूलो, विशाल ।

महत्ता (ना./स्त्री.)/**महत्त्वम्** (ना./न.) महतः भावः *(महान् हुनाको भाव वा अवस्था)* महत्+तल् (त) +टाप् (आ)= महत्ता । महत्+त्व= महत्त्व ।

शब्दार्थ- महान्पना, बढप्पन, महान् हुनाको अवस्था, गरिमा, विशिष्टता, श्रेष्ठता, महत्त्व ।

---

[1] ण्वुल्तृचौ : ण्वुल्

[2] मसेरूरन् : ऊरन्

[3] सर्वधातुभ्यः... : असुन्

[4] अतिशायने तमबिष्ठनौ : तमप्

[5] द्विवचनविभज्य... : तरप्

महत्त्वपूर्णः (वि.) महत्त्वेन पूर्णः *(महत्त्वले परिपूर्ण)* तृ.त.स. =महत्त्वपूर्ण ।

शब्दार्थ- धेरै महत्त्व भएको, महत्त्वले भरिएको, विशेष महत्त्व भएको ।

महत्त्वाकाङ्क्षा (ना./स्त्री.) महत्त्वमाकाङ्क्ष्यते इति *(महत्त्वको आकाङ्क्षा गरिन्छ)* आङ्पूर्वक काक्षि काङ्क्षायाम् (भ्वा.) धातु, महत्त्व+आ+काङ्क्ष्+अ (प्रत्यय)+टाप् (आ), दीर्घ= महत्त्वाकाङ्क्षा ।

शब्दार्थ-ठूलो उद्देश्य हासिल गर्ने आकाङ्क्षा वा चाहना ।

महत्त्वाकाङ्क्षी (वि.) महत्त्वाकाङ्क्षा अस्यास्तीति *(यसको ठूलो महत्त्वाकाङ्क्षा छ)* महत्त्वाकाङ्क्षा+इनि (इन्), आकारलोप, महत्त्वाकाङ्क्षिन्= महत्त्वाकाङ्क्षी ।

अथवा महत्त्वमाकाङ्क्षितुं शीलमस्य *(महत्त्वको आकाङ्क्षा गर्ने शील वा स्वभाव छ यसको)* महत्त्व उपपदमा हुने आङ्पूर्वक काक्षि काङ्क्षायाम् (भ्वा.) धातु, नुम्, महत्त्व+आ+काङ्क्ष्+णिनि (इन्), दीर्घ, महत्त्वाकाङ्क्षिन्= महत्त्वाकाङ्क्षी ।

शब्दार्थ- धेरै महत्त्वाकाङ्क्षा भएको, उच्चतम आकाङ्क्षा राख्ने, ज्यादा आकाङ्क्षा वोकेको ।

महत्सेवा (ना./स्त्री.) महतां सेवा *(ठूलाको सेवा)* ष.त.स. =महत्सेवा ।

शब्दार्थ- ठूलाको सेवा, ठूलावढाको सेवा, महान् व्यक्तिहरूको आदरसत्कार ।

महनीयः (वि.) महितुं महयितुं वा योग्यः *(पूजा वा आदर गर्न योग्य)* मह पूजायाम् (भ्वा.) वा महिङ् पूजायाम् (कण्वादि) धातु, मह+अनीय (र्)= महनीय ।

शब्दार्थ- पूजा वा आदर गर्न योग्य वा लायक, आदरणीय, पूजनीय वा पूज्य ।

महनीयकीर्तिः (वि.) महनीया कीर्तिर्यस्य सः *(महनीय कीर्ति छ जसको)* ब.स.= महनीयकीर्ति ।

शब्दार्थ- प्रशंसनीय कीर्ति भएको, ज्यादै नाम चलेको ।

महर्लोकः (ना./पुं.) महांश्चासौ लोकश्च *(महान् लोक)* क.त.स., रुत्व= महर्लोक ।

शब्दार्थ- भूलोक, भुवर्लोक आदि सात लोकमध्ये एक लोक ।

महर्षिः (ना./पुं.) महाँश्चासौ ऋषिश्च *(ठूला ऋषि)* महान् +ऋषि, क.त.स.[१], आत्व[२], महा ऋषि, गुण= महर्षि ।

शब्दार्थ- व्रह्माका नारदादि दश मानस पुत्र, धेरै ठूला ऋषि, महान् ऋषि, सर्वज्ञ ऋषि ।

महाकर्मा (वि./ना./पुं.) महत् कर्म यस्य/महान्ति कर्माणि यस्य *(ज्यादै ठूला काम छन् जसका)* ब.स., आत्व, महाकर्मन्= महाकर्मा ।

शब्दार्थ- ठूलो काम गर्ने, वृहत् कर्म गर्ने, जगत् उत्पत्तिको कर्म गर्ने परमेश्वर ।

महाकविः (ना./पुं.) महाँश्चासौ कविश्च *(ठूला कवि)* महान्+कवि, क.त.स.[१], आत्व[२]= महाकवि ।

शब्दार्थ-ठूला कवि, महाकाव्यका रचयिता, महाकाव्यकार ।

महाकष्टम् (ना./न.) महत् च तत् कष्टम् *(महान् कष्ट)* क.त.स.[१], आत्व[२]= महाकष्ट ।

शब्दार्थ- अत्यन्तै कष्ट वा पीडा, ज्यादै ठूलो दुःख वा वेदना ।

महाक्रतुः (ना./पुं.) महाँश्चासौ क्रतुश्च *(ठूलो क्रतु वा यज्ञ)* क.त.स.[१], आत्व[२]= महाक्रतु ।

शब्दार्थ- महायज्ञ, ठूलो यज्ञ, अश्वमेघ आदि यज्ञ ।

महाकाङ्क्षी (वि.) महती चासौ आकाङ्क्षा च *(ठूलो आकाङ्क्षा)* क.त.स.[१], आत्व[२], महाकाङ्क्षा, सा अस्यास्तीति *(ठूलो आकाङ्क्षा छ यसको)* महाकाङ्क्षा+ इनि (इन्), आकारलोप, महाकाङ्क्षिन्= महाकाङ्क्षी ।

शब्दार्थ- ठूलो आकाङ्क्षा गर्ने, ठूलो चाहना राख्ने, ज्यादै अभिलाषा भएको, ज्यादै आसक्त ।

उदा. **महाकाङ्क्षी महावीर सरिता तटमा पुगे-**
सु.म.का. २/८

महाकायः (वि./ना./पुं.) महान् कायः यस्य *(ठूलो छ शरीर जसको)* महान्+काय, ब.स., आत्व= महाकाय ।

अथवा महाँश्चासौ कायश्च *(ठूलो शरीर)* क.त.स.[१], आत्व[२]= महाकाय ।

शब्दार्थ- ठूलो शरीर भएको, ज्यादै ठूलो काय भएको, स्थूलकाय, नन्दी, विराट्रूप परमेश्वर, ठूलो शरीर, गणेश, हात्ती ।

महाकालः (ना./पुं.) महाँश्चासौ कालश्च *(ठूलो कालरूप)* क.त.स.[१], आत्व[२]= महाकाल ।

शब्दार्थ- शिवजीको भयङ्कर रूप, प्रलयकालीन रुद्र ।

उदा. **चिन्ताले झन कालो**
भयो महाकाल झैं अहो ! कालो- आ.रा. १०/५५

महाकाली (ना./स्त्री.) महती चासौ काली च *(महान् कालीस्वरूप)* क.त.स.[१], आत्व[२]= महाकाली ।

शब्दार्थ- दुर्गा भगवतीको विकराल रूप, भवानी, रुद्राणी, चण्डिका, भगवतीको महाकाली, महालक्ष्मी र महासरस्वती- यी तीन स्वरूपमध्ये एक ।

महाकाव्यम् (ना./न.) महत् च तत् काव्यञ्च *(ठूलो काव्य)* क.त.स.[१], आत्व[२]= महाकाव्य ।

शब्दार्थ- काव्यशास्त्रका विविध लक्षणले सम्पन्न ठूलो काव्य, ठूलो आकारको काव्य ।

महाकुलः (ना./पुं./वि.) महत् कुलं यस्य *(ठूलो कुलघरान छ यसको)* ब.स., आत्व[२]= महाकुल ।

अथवा महत् च तत् कुलम् *(ठूलो कुल घरान)* क.त.स.[१], आत्व= महाकुल ।

शब्दार्थ- ठूलो कुल, सत्कुल, उच्चकुल, ठूलो कुल घरानको, सत्कुलोत्पन्न, सज्जन, कुलीन ।

---

[१] सन्महत्परम... : क.त.स.

[२] आन्महतः समानाधि... : आत्व

महाकुलीनः (वि.) महाकुलस्य अपत्यम् वा महाकुले जातादिः *(ठूलो कुलघरानको सन्तति वा ठूलो कुलमा उत्पन्न)* महाकुल+खञ्[१] (ईन),अकारलोप =महाकुलीन

शब्दार्थ- ठूलो कुलमा जन्मेको, कुलीन, ठूलो कुलमा उत्पन्न (सन्तान)।

महागौरी (ना./स्त्री.) महती चासौ गौरी च *(महान् गौरी)* क.त.स.[२], आत्व[३] = महागौरी ।

सप्तमं कालरात्री च महागौरीति चाष्टमम्- दुर्गाकवच

शब्दार्थ-नवदुर्गाहरूमध्ये एक, गणनामा आठौं पर्ने दुर्गा ।

महाजनः (ना./पुं.) महाँश्चासौ जनश्च *(ठूलो मानिस)* क.त.स.[२], आत्व[३]= महाजन ।

शब्दार्थ- ठूलो मानिस, धनी व्यापारी, प्रतिष्ठित पुरुष, महाजन, सेठ, मानिसको समुदाय ।

महाजालः (ना./पुं.) जलतीति *(जालझेल गर्छ)* जल घातने (भ्वा.) धातु, जल्+ण[४] (अ), वृद्धि, जाल । अथवा जले छिपतीति *(जलमा फाल्छ)* जल+अण्[५] (अ), वृद्धि, जालः । महाँश्चासौ जालश्च *(ठूलो जाल)* क.त.स.[२], आत्व[३]= महाजाल ।

शब्दार्थ- माछा मार्ने ठूलो जाल, ठूलो जालझेल, ठूलो षड्यन्त्र, षड्यन्त्रपूर्ण कामकारवाही ।

महाजाली (वि.) महाजालः अस्यास्तीति *(खतरापूर्ण षड्यन्त्र छ यसको)* महाजाल+इनि (इन्), अकारलोप, महाजालिन्= महाजाली ।

शब्दार्थ- ठूलो षड्यन्त्र रच्ने, महाषड्यन्त्रकारी ।

महाजातीयः (वि.) जातौ भवः *(जातिमा हुने)* जाति+छ (ईय), जातीयः । महाँश्चासौ जातीयश्च *(ठूलो जातिको)* क.त.स.[२], आत्व[३]= महाजातीय ।

शब्दार्थ- ठूलो जातिको, उच्च घरानियाँ, ठूलो कुल घरानको ।

महाज्ञानी (वि.). महत् च तत् ज्ञानम् *(ठूलो ज्ञान)* क.त.स.[२], आत्व[३], महाज्ञानम् । महाज्ञानमस्यास्तीति *(ठूलो ज्ञान छ यसको)* महाज्ञान+इनि (इन्), अकारलोप, महाज्ञानिन्= महाज्ञानी ।

शब्दार्थ- धेरै जान्ने, वुझक्कड, धेरै ज्ञान भएको, अत्यन्त ज्ञानवान्, तत्त्वज्ञानी, ब्रह्मज्ञान प्राप्त गरेको ।

महातलम् (ना./न.) महच्च तत् तलञ्च *(ठूलो तल (लोक)* क.त.स.[२], आत्व[३]= महातल ।

शब्दार्थ- पृथ्वीभन्दा तलतिरका सातलोकमध्ये एक ।

महातपाः (ना./पुं.) महत् तपः यस्य *(ठूलो छ तपस्या जसको)* व.स., आत्व, महातपस्= महातपा ।

शब्दार्थ- कठोर तपस्या गर्ने व्यक्ति, ठूलो तपस्वी ।

महातेजाः (वि./ना./पुं.) महत् तेजः यस्य *(ठूलो पराक्रम वा शक्ति छ यसको)* व.स., आत्व, महातेजस् =महातेजा ।

शब्दार्थ- तेजस्वी, पराक्रमी, शूरवीर, शक्तिशाली मानिस, अपरिमित तेज भएका परमेश्वर ।

महात्मा (ना./पुं.) महान् आत्मा यस्य *(ठूलो आत्मा वा दिल छ यसको)* व.स., आत्व, दीर्घ, महात्मन् =महात्मा ।

शब्दार्थ- महान् आत्मा भएको पुरुष, विशाल हृदय भएको व्यक्ति, उदारमना महापुरुष, महात्मा ।

महादशा (ना./स्त्री.) महती चासौ दशा च *(ठूलो दशा)* क.त.स.[२], आत्व[३]= महादशा ।

शब्दार्थ- ज्योतिषशास्त्रअनुसार ग्रहहरूले भोग गर्ने समय, मानिसको भाग्यमा पर्ने ग्रहहरूको प्रभाव, ठूलो आपत्ति, ठूलो दशा ।

महादानम् (ना./न.) महच्च तत् दानञ्च *(ठूलो दान)* क.त.स.[२], आत्व[३]= महादान ।

शब्दार्थ- ठूलो दान, भूमिदान, कन्यादान, हस्तिदान, तुलादान आदि, अष्टमहादान, दशमहादान ।

महादानी (वि.) महादानमस्यास्तीति *(ठूलो दान दिने क्षमता छ यसको)* महादान+इनि (इन्), अकारलोप, महादानिन्= महादानी ।

शब्दार्थ- धेरै दान दिने, ज्यादै ठूलो दानी, उदारदाता, महादान दिने ।

महादेवः (ना./पुं.) महाँश्चासौ देवश्च *(महान् देवता)* क.त.स[२]., आत्व[३]= महादेव ।

शब्दार्थ-शिव, शङ्कर, शम्भु, सवैभन्दा ठूला देवता, महेश्वर,

महादेवी (ना./स्त्री.) महादेवस्य पत्नी *(महादेवकी पत्नी)* महादेव+ङीप् (ई)= महादेवी ।

अथवा महती चासौ देवी च *(महान् देवी)* क.त.स[२]., आत्व[३]= महादेवी ।

शब्दार्थ- भगवती दुर्गा, पार्वती, गौरी, भवानी, महादेवकी पत्नी ।

महादेशः (ना./पुं.) महाँश्चासौ देशश्च *(ठूलो देश)* क.त.स[२]., आत्व[३]= महादेश ।

शब्दार्थ- पृथिवीका ठूला-ठूला सातवटा भूखण्ड, जसमा एसिया, युरोप, अफ्रिका, अस्ट्रेलिया, उत्तर तथा दक्षिण अमेरिका, अन्ट्राटिका पर्दछन् ।

महादेशीयः (वि.) महादेशे भवः जातादिर्वा, महादेशस्य अयम् *(महादेशमा भएको, महादेशको यो)* महादेश+छ[६] (ईय), अकारलोप= महादेशीय ।

शब्दार्थ- महादेशमा भएको, महादेशसम्वन्धी, महादेशको ।

---

[१] महाकुलादञ्खञौ : खञ्

[२] सन्महत्परम...: क.त.स.

[३] आन्महतः समानाधि...: आत्व

[४] ज्वलितिकसन्तेभ्य... : ण

[५] शेषे : अण्

[६] गहादिभ्यश्च : छ

महाद्वीपः (ना./पुं.) महाँश्चासौ द्वीपश्च *(ठूलो द्वीप)* क.त.स[१]., आत्व[२]= महाद्वीप ।

शब्दार्थ- प्राचीनकालका जम्बू, प्लक्ष, शाल्मली आदि सप्त महाद्वीप, वर्तमान सप्त महादेशलाई पनि महाद्वीप भन्ने गरिन्छ ।

महाद्रुमः (ना./पुं.) महाँश्चासौ द्रुमश्च *(ठूलो द्रुम वा रूख)* क.त.स[१]., आत्व[२]= महाद्रुम ।

शब्दार्थ- ठूलो रूख, विशाल वृक्ष, अश्वत्थ पिपलको रूख, वरको रूख, डुम्री ।

महाधनः (ना./पुं./न./वि.) महत् धनं मूल्यमस्य *(धेरै धन वा मूल्य छ यसको)* ब.स., आत्व= महाधन । अथवा महच्च तद् धनम् *(धेरै धन)* क.त.स., आत्व =महाधन ।

शब्दार्थ- धेरै धनी मानिस, धेरै मोल पर्ने (सुन, हीरा आदि) पदार्थ, महङ्गो सामान, धेरै धन, धनाढय, मूल्यवान् ।

महाधिपतिः (ना./पुं.) महाश्चासौ अधिपतिश्च *(सर्वोच्च अधिपति)* क.त.स[१]., आत्व[२]= महाधिपति ।

शब्दार्थ-सर्वोच्च अधिपति, सर्वोच्च अधिकारी, राजा, नृप

महाधिवेशनम् (ना./न.) महच्च तत् अधिवेशनञ्च *(महान् अधिवेशन)* क.त.स[१]., आत्व[२]= महाधिवेशन ।

शब्दार्थ- विभिन्न देश र विविध क्षेत्रका सङ्घ-संस्था आदिका प्रतिनिधिहरूको ठूलो सम्मेलन ।

महानटः (ना./पुं.) महाँश्चासौ नटश्च *(ठूलो नटुवा)* क.त.स[१]., आत्व[२]= महानट ।

शब्दार्थ- ठूलो नटुवा वा नर्तक, ताण्डवनृत्यका प्रवर्तक-शिव, शङ्कर ।

महानदी (ना./स्त्री.) महती चासौ नदी च *(ठूलो नदी)* क.त.स[१]., आत्व[२]= महानदी ।

शब्दार्थ- ठूलो नदी, गङ्गा आदि पवित्र नदी, उद्गमस्थल- देखि समुद्रसम्म पुग्ने नदी ।

महानरकः (ना./पुं.) महाँश्चासौ नरकश्च *(ठूलो नरक)* क.त.स[१]., आत्व[२]= महानरक ।

शब्दार्थ- ठूल्ठूला नरकहरू, रौरव, महारौरव, तामिस्र, अन्धतामिस्र, कुम्भीपाक आदि मुख्य-मुख्य अट्ठाईस नरकहरू ।

महानवमी (ना./स्त्री.) नवानां पूरणी *(नौको सङ्ख्या पूरा गर्ने)* नव+डट्[३], डट्को मट्[४],नवम+डीप् (ई),नवमी । महती चासौ नवमी च *(ठूलो नवमी)* क.त.स., आत्व=महानवमी ।

शब्दार्थ- आश्विन शुक्लपक्षको नवमी तिथि, दसैंमा दुर्गापूजाको नवमी तिथि ।

महानादः (ना./पुं.) महाँश्चासौ नादश्च *(ठूलो नाद)* क.त.स[१]., आत्व[२]= महानाद ।

शब्दार्थ- उच्चस्वर, ढोल पिट्ने काम, मेघ वा सिंहको गर्जन, शङ्खघोष ।

महानिर्देशकः (ना./पुं.) निर्दिशतीति *(निर्देशन गर्छ)* निर्पूर्वक दिश अतिसर्जने (तुदा.) धातु, निर्+दिश्+ण्वुल् (अक), गुण, निर्देशकः । महाँचासौ निर्देशकश्च *(ठूलो निर्देशक)* क.त.स[१]., आत्व[२]= महानिर्देशक ।

शब्दार्थ- विभागको मुख्यप्रशासक, विभागीयप्रमुख ।

महानिद्रा (ना./स्त्री.) महती चासौ निद्रा च *(लामो निद्रा)* क.त.स[१]., आत्व[२]= महानिद्रा ।

शब्दार्थ- चिरनिद्रा, निधन, मृत्यु, मरण ।

महानिधिः (ना./पुं.) महाँश्चासौ निधिश्च *(ज्यादै ठूलो निधि)* क.त.स[१]., आत्व[२]= महानिधि ।

शब्दार्थ- ज्यादै ठूलो निधि, परमेश्वर ।

महानिर्वाचनम् (ना./न.) महच्च तन्निर्वाचनम् *(बृहत् निर्वाचन)* क.त.स[१]., आत्व[२]= महानिर्वाचन ।

शब्दार्थ- आमनिर्वाचन, राष्ट्रियस्तरको निर्वाचन ।

महानिर्वाणम् (ना./न.) महच्च तन्निर्वाणम् *(महान् निर्वाण)* क.त.स[१]., आत्व[२]= महानिर्वाण ।

शब्दार्थ- बुद्धत्व प्राप्त हुने उच्च कोटिको निर्वाण ।

महानिशा (ना./स्त्री.) महती चासौ निशा च *(ठूलो निशा)* क.त.स[१]., आत्व[२]= महानिशा ।

शब्दार्थ- मध्यरात, आधारात, रातको सुनसान वेला, रातको शून्यसमय, प्रलयकालको समय ।

महानुभावः (ना./पुं.) अनुभूयते इति *(अनुभूति गरिन्छ)* अनुपूर्वक भू सत्तायाम् (भ्वा.) धातु, अनु+भू+घञ् (अ), वृद्धि, आवादेश, अनुभावः । महान् अनुभावः यस्य *(ठूलो भाव, विचार वा प्रभाव छ जसको)* ब.स., आत्व, दीर्घ =महानुभाव ।

शब्दार्थ- महापुरुष, महाशय, प्रभावशाली व्यक्ति, ठूलो प्रभाव भएको मानिस, विचारवान् व्यक्ति ।

उदा. **वीरत्वको तेज महानुभाव हो,**
संयोगमा कारण शुद्धभाव हो- आ.रा.२/७१

महान् (वि.) महतीति *(आदरसम्मान गर्छ)* मह पूजायाम् (भ्वा.) धातु, मह्+अति[५] (अत्), उणा., महत्= महान् ।

शब्दार्थ- ठूलो, बृहत्, विशाल, विपुल, महान्, पर्याप्त, प्रचण्ड, उच्च, स्थूल, प्रमुख, पूज्य ।

महान्धकारः (ना./पुं.) महाँश्चासौ अन्धकारश्च *(ठूलो अन्धकार)* क.त.स[१]., आत्व[२], दीर्घ= महान्धकार ।

शब्दार्थ- घोर अन्धकार, ज्यादै अँध्यारो, ज्यादै अन्धकार ।

महापण्डितः (ना./पुं.) महाँश्चासौ पण्डितश्च *(ठूलो पण्डित)* क.त.स., आत्व= महापण्डित ।

शब्दार्थ- ठूलो पण्डित, महान् विद्वान्, प्राज्ञ, महामनीषी ।

महापथः (ना./पुं.) महाँश्चासौ पन्थाश्च *(ठूलो मार्ग)* क.त.स[१]., आत्व[२], समासान्त टच्, टिलोप= महापथ ।

शब्दार्थ- ठूलो चौडा सडक, राजमार्ग, राजपथ, निधन, मरण, परलोक, मृत्युको बाटो ।

---

[१] सन्महत्परम... : क.त.स.

[२] आन्महतः समानाधि... : आत्व

[३] तस्य पूरणे : डट्

[४] नान्तादसङ्ख्यादे... : मट्

[५] वर्तमाने पृषन्महज्जगत्... : अति

महापातकम् (ना./न.) पातयतीति *(खसाउँछ)* पत्लृ गतौ (भ्वा.) धातु, पत्+णिचि, वृद्धि, पाति+ण्वुल् (अक), णिलोप, पातकम् । महत् अतिशयितम् पातकम् *(ज्यादै ठूलो पाप)* क.त.स[1]., आत्व[2]= महापातक ।

शब्दार्थ- ठूलो अपराध, भीषण अपराध, जघन्य पाप, ब्रह्महत्या, मदिरापान, चोरी, गुरुपत्नी गमन र तिनीहरूसँगको संसर्ग- यी पञ्च महापाप ।

द्रष्टव्य- पञ्चमहापाप निम्न छन्-

ब्रह्महत्या सुरापानं स्तेयं गुर्वङ्गनागमः
महान्ति पातकान्याहुः संसर्गश्चापि तैः सह-म.स्मृ.११/५४

महापातकी (वि.) महापातकमस्यास्तीति *(महापातक कर्म छ यसको)* महापातक+इनि (इन्), अकारलोप, महापातकिन्= महापातकी ।

शब्दार्थ- जघन्य अपराध गर्ने, ठूलो पाप गर्ने, पञ्च महापाप गर्ने, अतिउग्र पाप गर्ने ।

महापापम् (ना./न.) महत् च तत् पापम् *(ठूलो पाप)* क.त.स[1]., आत्व[2]= महापाप ।

शब्दार्थ- ठूलो पाप, ठूलो अपराध, महापातक ।

महापापी (वि.) महापापमस्यास्तीति *(ठूलो पाप छ यसको)* महापाप+इनि (इन्), अकारलोप, महापापिन् =महापापी ।

शब्दार्थ- ठूलो पाप गर्ने, महापातकी, महापापिष्ठ ।

महापुराणम् (ना./न.) महत् च तत् पुराणम् *(ठूलो पुराण)* क.त.स[1]., आत्व[2]= महापुराण ।

शब्दार्थ- ठूल्ठूला पुराणग्रन्थहरू, अठार पुराणहरूमध्ये सबै वा कुनै एक, जसमा सर्ग, प्रतिसर्ग, वंश, मन्वन्तर आदि पाँच वा दश लक्षण भएको हुनुपर्छ ।

महापुरुषः (ना./पुं.) महाँश्चासौ पुरुषश्च *(ठूलो पुरुष)* क.त.स[1]., आत्व[2]= महापुरुष ।

शब्दार्थ- ठूलो मानिस, प्रतिष्ठित व्यक्ति, आदरणीय व्यक्ति, परमात्मा परमेश्वर, भगवान् विष्णु ।

महाप्रबन्धकः (ना./पुं.) महाँश्चासौ प्रबन्धकश्च *(महा प्रबन्धक)* क.त.स[1]., आत्व[2]= महाप्रबन्धक ।

शब्दार्थ- कुनै औद्योगिक प्रतिष्ठान वा सङ्घसंस्थाको मुख्य प्रशासक वा पदाधिकारी, मुख्य अधिकारी ।

महाप्रभुः (ना./पुं.) महाँश्चासौ प्रभुश्च *(महान् प्रभु)* क.त.स[1]., आत्व[2]= महाप्रभु ।

शब्दार्थ- राजा, मुख्यव्यक्ति, परमेश्वर, ब्रह्मा, विष्णु, महेश्वर ।

महाप्रयाणम् (ना./न.) प्रकर्षेण यानम् *(राम्ररी जाने काम)* प्रपूर्वक या गतिप्रापणयोः (अदा.) धातु, प्र+या+ल्युट् (अन), णत्व, प्रयाणम् । महच्च तत् प्रयाणम् *(ठूलो प्रयाण या प्रस्थान)* क.त.स[1]., आत्व[2]= महाप्रयाण ।

शब्दार्थ- महाप्रस्थान, स्वर्गारोहण, मृत्यु, मरण, निधन ।

महाप्रलयः (ना./पुं.) महाँश्चासौ प्रलयश्च *(ठूलो प्रलय)* क.त.स[1]., आत्व[2]= महाप्रलय ।

शब्दार्थ- महाक्षय, महाविनाश, कल्पान्त, समस्त सृष्टिचक्रको विनाश, ब्रह्माको आयु पूरा भएपछि सर्वसंहारकारी महाप्रलय ।

महाप्रसादः (ना./पुं.) महाँश्चासौ प्रसादश्च *(ठूलो प्रसाद वा अनुग्रह)* क.त.स[1]., आत्व[2]= महाप्रसाद ।

शब्दार्थ- ठूलो अनुग्रह, कृपा, देवीदेवतालाई चढाएको नैवेद्य आदि प्रसाद, सप्ताह वा यज्ञादिको प्रसाद, विष्णुका पाउको जल, नैवेद्य आदि प्रसाद ।

महाप्रस्थानम् (ना./न.) महच्च तत् प्रस्थानम् *(ठूलो वा लामो यात्रा)* क.त.स[1]., आत्व[2]= महाप्रस्थान ।

शब्दार्थ- महाप्रयाण, मृत्यु, मरण, हिमालयको मार्गबाट स्वर्ग जाने काम ।

महाप्रस्थानगमनम् (ना./न.) प्रस्थीयते अस्मिन् *(प्रस्थान गरिन्छ यहाँ)* प्रपूर्वक ष्ठा गतिनिवृत्तौ (भ्वा.) धातु, प्र+स्था+ल्युट् (अन), प्रस्थानम् । महत् च तत् प्रस्थानम् *(महाप्रस्थान)* क.त.स., आत्व, महाप्रस्थानम् (महापथ) । महाप्रस्थानाय गमनम् *(महाप्रस्थानका लागि गमन गर्ने काम)* च.त.स.= महाप्रस्थानगमन ।

शब्दार्थ- स्वर्गारोहणको उद्देश्यले हिमालयपर्यन्त गमन वा प्रस्थान, उत्तरापथ गमन ।

महाप्राज्ञः (वि.) महाँश्चासौ प्राज्ञश्च *(ठूलो प्राज्ञ)* क.त.स[1]., आत्व[2]= महाप्राज्ञ ।

शब्दार्थ-प्रकाण्ड विद्वान्, ठूलो विज्ञ, विशेषज्ञ, विशिष्ट प्राज्ञ

महाप्राणः (ना./पुं.) महाँश्चासौ प्राणश्च *(महाप्राण)* क.त.स[1]., आत्व[2]= महाप्राण ।

शब्दार्थ- उच्चारण गर्दा बढी श्वास फाल्नुपर्ने ध्वनि, दोस्रो तथा चौथो वर्गका ध्वनिहरू र उष्मसंज्ञक ध्वनिहरू ।

महाप्राणीभवन् (ना./न.) अमहाप्राणं महाप्राणं सम्पद्यते तद्भवदिति *(महाप्राण नभएको ध्वनि महाप्राण ध्वनि बन्दछ र त्यो हुन्छ)* भू सत्तायाम् (भ्वा.) धातु, महाप्राण+च्वि+भू+शतृ (अत्), गुण, अवादेश, भवत्, महाप्राणको ईत्व, महाप्राणीभवत्= महाप्राणीभवन् ।

शब्दार्थ- भाषाविज्ञान-अनुसार अल्पप्राण ध्वनि महाप्राण ध्वनिमा परिवर्तन हुने प्रक्रिया जस्तैः-वाष्प- वाफ ।

महाप्रिया (ना./स्त्री.) महती चासौ प्रिया च *(अत्यन्त प्यारी)* क.त.स., पुंवद्भाव, आत्व= महाप्रिया ।

शब्दार्थ- अत्यन्तै प्यारी, धेरै प्यारी, अति मन परेकी स्त्री ।

महाबलः (वि.) महत् बलं यस्य *(ज्यादै बल छ यसको)* ब.स., आत्व= महाबल ।

शब्दार्थ- ज्यादै बलियो, अतिशक्तिशाली, महाबलिष्ठ, ज्यादै बलवान् ।

महाबली (वि.) बलमस्यास्तीति *(बल छ यसको)* बल+इनि (इन्), अकारलोप, बलिन्, बली । महाँश्चासौ बली *(महान् बली)* क.त.स.,आत्व=महाबली

शब्दार्थ-ज्यादै बलवान्, अत्यन्त शक्तिशाली, महाबलिष्ठ ।

---

[1] सन्महत्परम... : क.त.स.

[2] आन्महत : समानाधि... : आत्व

महाबाहुः (वि.) महान्तौ बाहू यस्य *(बलशाली वा लामा छन् हात जसका)* महत्+बाहु, ब.स[1]., आत्व[2] =महाबाहु ।

शब्दार्थ- लामा लामा हात भएको, दीर्घबाहु भएको, शक्तिशाली, महापराक्रमी, बलशाली बाहु भएको

महाबुद्धिः (वि.) महती बुद्धिर्यस्य *(तीक्ष्ण छ बुद्धि जसको)* ब.स., पुंवद्भाव, आत्व= महाबुद्धि ।

शब्दार्थ- ज्यादै बुद्धि भएको, तीक्ष्ण बुद्धि भएको, अत्यन्त बुद्धिमान् ।

महाब्रह्मः/महाब्रह्मा (ना./पुं.) महाँश्चासौ ब्रह्मा च *(महान् ब्रह्मा)* क.त.स[1]., आत्व[2], महाब्रह्मन्+टच् (समासान्त), टिलोप= महाब्रह्म ।

टच्को अभावमा, महाब्रह्मन्= महाब्रह्मा ।

मम योनिर्महत् ब्रह्म- भ.गी. १४/३

शब्दार्थ- महान् ब्रह्म, विराट्ब्रह्म, परमात्मा, परमेश्वर ।

महाब्राह्मणः (ना./पुं.) महाँश्चासौ ब्राह्मणश्च *(ठूला ब्राह्मण)* महत्+ब्राह्मण, क.त.स[1]., आत्व[2] =महाब्राह्मण ।

शब्दार्थ- विद्वान् ब्राह्मण, निकृष्ट वा तिरस्करणीय ब्राह्मण, महापात्र, मृतकको घरमा एघारौंको शय्यादान लिने र अन्न खाने ब्राह्मण ।

महाब्धिः (ना./पुं.) महाँश्चासौ अब्धिश्च *(ठूलो समुद्र)* क.त.स[1]., आत्व[2], दीर्घ= महाब्धि ।

शब्दार्थ- ठूलो समुद्र, महासागर ।

महाभागः (वि./ना./पुं.) महान् भागः भाग्यं यस्य सः *(ठूलो भाग्य छ जसको)* ब.स., आत्व= महाभाग ।

शब्दार्थ- अत्यन्त भाग्यशाली, अतिभाग्यमानी, सम्पूज्य, आदरणीय, यशस्वी, समृद्ध, सौभाग्यशाली व्यक्ति, सम्मान्य व्यक्ति ।

महाभागवतम् (ना./न.) भगवतः इदम् *(भगवद्सम्बन्धी यो)* भगवत्+अण् (अ), वृद्धि, भागवतम् । महच्च तत् भागवतम् *(ठूलो भागवत)* क.त.स., आत्व =महाभागवत ।

शब्दार्थ- भगवान् वासुदेवका वृहत् कथालीला, चरित्र र भगवद्-गुणमहिमा तथा भगवद्विषयक ज्ञानले परिपूर्ण श्रीमद्भागवत्महापुराण ।

महाभारतम् (ना./न.) महच्च तत् भारतञ्च *(महान् भारत)* महत्+भारत, क.त.स[1]., आत्व[2]=महाभारत ।

शब्दार्थ- एक प्रसिद्ध ऐतिहासिक महाकाव्य, जसमा भरतवंशको चरित्र र कौरव तथा पाण्डवका युद्धको वर्णन छ, महाभारत पर्वतशृङ्खला, ठूलो झैझगडा ।

महाभाष्यम् (ना./न.) महत् च तत् भाष्यम् *(ठूलो भाष्य)* महत्+भाष्य, क.त.स[1]., आत्व[2]= महाभाष्य ।

शब्दार्थ- महर्षि पतञ्जलिको वृहत् भाष्यग्रन्थ, जसमा पाणिनिका व्याकरण सूत्रहरूको वृहत् टीका वा भाष्यव्याख्या गरिएको छ ।

महाभिनिष्क्रमणम् (ना./न.) महच्च तत् अभिनिष्क्रमणम् *(ठूलो अभिनिष्क्रमण वा गृह परित्याग)* महत्+अभिनिष्क्रमणम्, क.त.स[1]., आत्व[2], दीर्घ = महाभिनिष्क्रमण ।

शब्दार्थ- तपस्या वा अन्य महान् उद्देश्यका लागि घर परित्याग गर्ने काम, तपस्याद्वारा बुद्धत्व प्राप्तिका लागि गौतम बुद्धले गरेको गृहपरित्याग ।

महाभियोगः (ना./पुं.) महाँश्चासौ अभियोगश्च *(ठूलो अभियोग)* क.त.स[1]., आत्व[2], दीर्घ= महाभियोग ।

शब्दार्थ- ठूलो अभियोग, महाभियोग, ठूलो दोषारोपण, संविधानमा व्यवस्था भए अनुरूप महाभियोग लगाउने काम ।

महाभूतम् (ना./न.) महच्च तत् भूतम् *(महत् भूततत्त्व)* क.त.स[1]., आत्व[2]= महाभूत ।

शब्दार्थ- पञ्चमहाभूतमध्ये कुनै एक वा सवै, मूलतत्त्व ।

महाभोगः (ना./पुं.) महाँश्चासौ भोगश्च *(ठूलो भोग)* क.त.स[1]., आत्व[2]= महाभोग ।

शब्दार्थ- ठूलो सुखसयल, ज्यादै सुखभोग ।

महामणिः (ना./पुं.) महाँश्चासौ मणिश्च *(ठूलो मणि)* क.त.स[1]., आत्व[2]= महामणि ।

शब्दार्थ- मूल्यवान् मणि, अतिमूल्यवान् आभूषण ।

महामण्डलम् (ना./न.) महच्च तत् मण्डलम् *(ठूलो मण्डल)* क.त.स[1]., आत्व[2]= महामण्डल ।

शब्दार्थ- ठूलो क्षेत्र, ठूलो भूभाग ।

महामतिः (ना./स्त्री./वि.) महती चासौ मतिश्च *(ठूलो बुद्धि)* क.त.स., पुंवद्भाव, आत्व= महामति ।

अथवा महती मतिर्यस्य *(महान् मति छ यसको)* ब.स., पुंवद्भाव, आत्व= महामति ।

शब्दार्थ- ज्यादै ठूलो मति वा बुद्धि, प्रज्ञा, अत्यन्त बुद्धिमान्, महाप्राज्ञ, ज्यादै ज्ञानवान्, प्रज्ञावान् ।

महामनाः (वि./ना./पुं.) महत् मनः यस्य *(ठूलो मन छ जसको)* क.त.स[1]., आत्व[2], महामनस्= महामना ।

शब्दार्थ- ठूलो दिल भएको, उदारमना, उच्च मन भएको, उदारप्रकृतिको, परमेश्वर, विष्णु ।

महामन्त्री (ना./पुं.) महाँश्चासौ मन्त्री च *(प्रमुख मन्त्री)* क.त.स[1]., आत्व[2]= महामन्त्री ।

शब्दार्थ- महामात्य, प्रधानमन्त्री, कुनै सङ्घ-संस्थाको प्रमुख अधिकारी ।

महामहिमः (वि./ना./पुं.) महान् महिमा यस्य *(ठूलो छ महिमा जसको)* महत्+महिमन्, ब.स., आत्व, टच् (समासान्त), टिलोप= महामहिम ।

शब्दार्थ- ठूलो महिमा वा प्रताप भएको, अत्यन्त गौरवशाली, ज्यादै प्रभावशाली, उच्च ओहदाका पदाधिकारी- राष्ट्रपति, राजदूत आदि ।

---

[1] सन्महत्परम... : क.त.स.

[2] आन्महतः समानाधि... : आत्व

महामांसम् (ना./न.) महच्च तत् मांसम् *(ठूलो मांस)* क.त.स[1]., आत्व[2]= महामांस ।

शब्दार्थ- मान्छेको मासु, गोमांस, गाईको मासु, मूल्यवान् मासु ।

महामात्यः (ना./पुं.) महाँश्चासौ अमात्यश्च *(ठूलो अमात्य (मन्त्री)* क.त.स[1]., आत्व[2]= महामात्य ।

शब्दार्थ- प्रधानमन्त्री, मन्त्रीहरूमध्ये प्रमुखमन्त्री, प्राचीन समयको मुख्यसचिव ।

महामानवः (ना./पुं.) महाँश्चासौ मानवश्च *(महान् मानव)* क.त.स[1]., आत्व[2]= महामानव ।

शब्दार्थ- उच्चमानव, मानिसहरूमा ज्यादै श्रेष्ठ वा उत्कृष्ट मानव- श्रीरामचन्द्र, वुद्ध आदि ।

महामान्यः (वि.) मान्यते, मानितुं योग्यः इति वा *(सम्मान गरिन्छ वा गर्न योग्य)* मान पूजायाम् (भ्वा.) धातु, मान्+ण्यत् (य), मान्यः । महाँश्चासौ मान्यश्च *(धेरै मान्न लायक)* क.त.स[1]., आत्व[2] =महामान्य ।

शब्दार्थ-ज्यादै आदरणीय, ज्यादै मान्नुपर्ने, परम पूजनीय,

महामायः (वि./ना./पुं.) महती माया यस्य (ठूलो छ माया जसको) व.स., आत्व, पुंवद्भाव, ह्रस्व =महामाय ।

शब्दार्थ- मायाजाल फैलाउने, विष्णु, कृष्ण ।

द्रष्टव्य. दैवी हेषा गुणमयी मम माया दुरत्यया- भ.गी. ७/१४

महामाया (ना./स्त्री.) महती चासौ माया च *(ठूलो माया)* महती+माया, क.त.स., पुंवद्भाव, आत्व = महामाया ।

शब्दार्थ- भगवती दुर्गा, जगत्की अधिष्ठात्री देवी, अम्विका, गुणमयी माया, प्रकृतिमाया, महादेवी, सर्वोच्च दैवीशक्ति, सांसारिक मायामोह ।

महाविद्या महामाया महामेधा महास्मृतिः
महामोहा च भवती महादेवी महासुरी- दुर्गा.स. १/७७-७८

महामायी (वि./ना./पुं.) महती चासौ माया च *(ठूलो माया)* क.त.स., आत्व, महामाया । महामाया अस्यास्तीति *(ज्यादै ठूलो माया छ यिनको)* महामाया +इनि (इन्), आकारलोप, महामायिन्= महामायी ।

शब्दार्थ-ज्यादै माया फैलाउने, सर्वशक्तिमान् परमेश्वर ।

महामुनिः (ना./पुं.) महाँश्चासौ मुनिश्च *(महान् मुनि)* क.त.स[1]., आत्व[2]= महामुनि ।

शब्दार्थ- ज्यादै ठूला मुनि, ठूला ऋषि, महाभारत तथा अठार पुराणका रचयिता व्यास ।

महामूर्खः (वि.) मुह्यतीति *(मोहित हुन्छ)* मुह वैचित्ये (दिवा.) धातु, मुह्+ख[3] (प्रत्यय), उणा., मुह्को मूर् आदेश[3], मूर्खः । महाँश्चासौ मूर्खश्च *(ज्यादै मूर्ख)* क.त.स[1]., आत्व[2]= महामूर्ख ।

शब्दार्थ- ज्यादै मूर्ख, स्वाँठ, अत्यन्तै मूर्ख, पटमूर्ख ।

महामूल्यः (वि.) महत् मूल्यं यस्य *(धेरै मूल्य छ जसको)* महत्+मूल्य, व.स., आत्व= महामूल्य ।

शब्दार्थ- धेरै मोल पर्ने, अत्यन्तै महँगो, ज्यादै मूल्यवान्, धेरै मूल्यपर्ने ।

महामृत्युञ्जयः (ना./पुं.) मृत्युञ्जयतीति *(मृत्युलाई जित्तछ)* मृत्यु उपपदपूर्वक जि जये (भ्वा.) धातु, मृत्यु+जि+खच्[4] (अ), गुण, अयादेश, मुम्[5], परसवर्ण, मृत्युञ्जयः । महाँश्चासौ मृत्युञ्जयश्च *(महान् मृत्युञ्जय)* क.त.स., आत्व= महामृत्युञ्जय ।

शब्दार्थ- अकालमृत्युको निवारक मन्त्रसमुदाय, भगवान् शङ्करको महामृत्युञ्जय-स्वरूप, मृत्युलाई जित्नसक्ने शिवजीको मन्त्रविशेष ।

महामोहः (ना./पुं.) महाँश्चासौ मोहश्च *(ज्यादै मोह)* क.त.स[1]., आत्व[2]= महामोह ।

शब्दार्थ-अत्यन्तै मोह वा आकर्षण, चित्ताकर्षण, अज्ञानता ।

महायज्ञः (ना./पुं.) महाँश्चासौ यज्ञश्च *(ठूलो यज्ञ)* क.त.स[1]., आत्व[2]= महायज्ञ ।

पाठो होमश्चातिथीनां सपर्या तर्पणं बलिः
एते पञ्चमहायज्ञा ब्रह्मज्ञादिनामकाः- इत्यमरः

शब्दार्थ- अश्वमेघ आदि ठूला ठूला यज्ञ, गृहस्थद्वारा नित्य गरिने वेदाध्ययन वा अध्यापनरूप व्रह्मयज्ञ, होमरूप देवयज्ञ, अतिथि सत्काररूप मनुष्ययज्ञ, तर्पणादिरूप पितृयज्ञ र भूतवलिरूप भूतयज्ञ- यी पञ्चमहायज्ञ ।

***द्रष्टव्य*- अध्यापनं ब्रह्मयज्ञः पितृयज्ञस्तु तर्पणम्**
होमो दैवो बलिर्भौतो नृयज्ञोऽतिथि पूजनम्- म.स्मृ.३/७०

महायशस्कः/महायशाः (वि.) महत् यशः यस्य *(ठूलो छ यश वा कीर्ति जसको)* महत्+यशस्, व.स., आत्व, कप् (समासान्त), विकल्पले= महायशस्क ।

कप् प्रत्ययको अभावमा महायशस्= महायश ।

शब्दार्थ- ठूलो यश वा कीर्ति भएको, ज्यादै यशस्वी, अति कीर्तिशाली, ज्यादै ठूलो ख्याति प्राप्त गरेको ।

महायात्रा (ना./स्त्री.) महती चासौ यात्रा च *(ठूलो यात्रा, दीर्घयात्रा)* क.त.स[1]., आत्व[2]= महायात्रा ।

शब्दार्थ- ठूलो तीर्थयात्रा, काशीयात्रा, मृत्यु, मरण, देहत्याग ।

महायानम् (ना./न.) महच्च तत् यानम् अभिनिष्क्रमणम् *(ज्यादै ठूलो प्रस्थान वा अभिनिष्क्रमण)* क.त.स., आत्व= महायान ।

शब्दार्थ- ज्यादै ठूलो प्रस्थान वा अभिनिष्क्रमण, वौद्धधर्मका तीनवटा मुख्य सम्प्रदायमध्ये एक ।

---

[1] सन्महत्परम... : क.त.स.
[2] आन्महतः समानाधि... : आत्व
[3] मुहेःखो मूर्च : ख, मूर् आदेश
[4] संज्ञायां भृतृवृजि... : खच्
[5] अरुर्द्विषदजन्तस्य... : मुम्

महायानी (वि.) महायानमस्यास्तीति *(महायान सम्प्रदाय छ यसको)* महायान+इनि (इन्), अकारलोप, महायानिन्= महायानी ।

शब्दार्थ- महायानसम्बन्धी, महायान सम्प्रदायको अनुसरण गर्ने, महायान सम्प्रदायका अनुयायी ।

महायुग: (ना./पुं.) महाँश्चासौ युगश्च *(ठूलो युग)* क.त.स[१]., आत्व[२]= महायुग ।

शब्दार्थ- वृहत् युग, सत्य, त्रेता, द्वापर, कलि चारै युगको समष्टि वा समुदाय ।

महायुद्धम् (ना./न.) महत् च तत् युद्धम् *(ठूलो युद्ध)* महत्+युद्ध, क.त.स[१]., आत्व[२]= महायुद्ध ।

शब्दार्थ- विश्वयुद्ध, ज्यादै ठूलो युद्ध, कौरव पाण्डवको युद्ध, प्रथम तथा द्वितीय विश्वयुद्ध, महासमर ।

महायोग: (ना./पुं.) महाँश्चासौ योगश्च *(ठूलो योग)* क.त.स[१]., आत्व[२]= महायोग ।

शब्दार्थ- ज्यादै ठूलो योग, समाधियोग, परमात्मा साक्षात्काररूप योग ।

महायोगी (वि.) महायोग: अस्यास्तीति *(महायोग छ यसको)* महायोग+इनि (इन्), अकारलोप, महायोगिन् =महायोगी ।

शब्दार्थ- ठूलो योगसिद्धि प्राप्त गरेको योगी, आत्मसाक्षात्कार गरेको योगी ।

महारण्यम् (ना./न.) महच्च तत् अरण्यम् *(ठूलो जङ्गल)* महत्+अरण्यम्, क.त.स[१]., आत्व[२], दीर्घ= महारण्य ।

शब्दार्थ- ठूलो वन, घनाजङ्गल, विशालजङ्गल ।

महारत्नम् (ना./न.) महच्च तत् रत्नम् *(ठूलो रत्न)* क.त.स[१]., आत्व[२]= महारत्न ।

शब्दार्थ- ठूलो रत्न, बहुमूल्य रत्न, नवरत्न ।

महारथ: (ना./पुं.) महाँश्चासौ रथश्च *(ठूलो रथ)* क.त.स[१]., आत्व[२]= महारथ ।

शब्दार्थ- ठूलो रथ, महान् योद्धा, भीषण सङ्ग्राम गर्ने व्यक्ति, ठूलो योद्धा ।

महारथी (वि.) महारथ: अस्यास्तीति *(ठूलो रथ छ यसको)* महारथ+इनि (इन्), अकारलोप, महारथिन् =महारथी ।

शब्दार्थ- ज्यादै ठूलो योद्धा, महावीर, प्रमुख सेनापति ।

महाराज: (ना./पुं.) महाँश्चासौ राजा च *(ठूलो राजा)* महत्+ राजन्, क.त.स[१]., आत्व[२], महाराजन्+टच् (समासान्त), टिलोप= महाराज ।

शब्दार्थ- स-साना रजौटाहरूका पनि राजा, सम्राट्, ठूलो राजा ।

द्रष्टव्य- **योगी, सन्न्यासी, तपस्वी आदिलाई आदर गर्दा पनि यस शब्दको प्रयोग हुन्छ ।**

महाराज्यम् (ना./न.) महच्च तत् राज्यञ्च *(ठूलो राज्य)* क.त.स[१]., आत्व[२]= महाराज्य ।

शब्दार्थ- ठूलो राज्य, बृहत्राज्य, ज्यादै ठूलो भूभाग समेटेको विशालराज्य ।

महाराज्ञी (ना./स्त्री.) महती चासौ राज्ञी च *(महारानी)* क.त.स[१]., आत्व[२]= महाराज्ञी ।

शब्दार्थ-महाराजकी मुख्य रानी, पटरानी, राज्याभिषिक्ता राज्ञी ।

महारात्रि:/महारात्री (ना./स्त्री.) महती चासौ रात्रिश्च/रात्री च *(ठूलो रात्रि)* क.त.स[१]., आत्व[२]= महारात्रि/महारात्री ।

शब्दार्थ-महाशिवरात्रि, महाप्रलयको लामो रात, कालरात्री ।

महाराष्ट्रम् (ना./न.) महच्च तत् राष्ट्रञ्च *(ठूलो राष्ट्र)* क.त.स[१]., आत्व[२]= महाराष्ट्र ।

शब्दार्थ-ठूलो राष्ट्र, भारतको एउटा राज्य, महाराष्ट्र-प्रदेश,

महाराष्ट्री (ना./स्त्री.) राजते इति *(सुशोभित हुन्छ)* राजृ दीप्तौ (भ्वा.) धातु, राज्+ष्ट्रन् (ष्ट्र), उणा., राज् ष्ट्र, राष्ट्रम् । महत् राष्ट्रमस्या: *(ठूलो भूभाग छ यसको)* व.स., आत्व, महाराष्ट्र+ङीष्[३] (ई)= महाराष्ट्री ।

शब्दार्थ- मराठीभाषा, मुख्य प्राकृत भाषाहरूमध्ये एक ।

महारुद्र: (ना./पुं.) रोदयति शत्रून् *(शत्रुहरूलाई रुवाउँछन्)* रुदिर् अश्रुविमोचने (अदा.) धातु, रुद्+णिचि+रक्[४] (र), उणा., णिलुक्[४], रुद्र: । महाँश्चासौ रुद्रश्च *(महान् रुद्र)* क.त.स[१]., आत्व[२]=महारुद्र ।

शब्दार्थ- शिव, शङ्कर, महादेव, शम्भु, महाकाल ।

महारुद्री (ना./पुं./स्त्री.) महाँश्चासौ रुद्री वा महती चासौ रुद्री *(महांन् रुद्रीपाठ)* क.त.स[१]., आत्व[२] =महारुद्री ।

एकादशभिर्रुद्रीभिर्महारुद्री प्रकीर्तिता- रुद्रयामलक

शब्दार्थ- वृहत् रुद्रीपाठ, महारुद्रीपाठ ।

द्रष्टव्य- **प्रचलनअनुसार एघारजना ब्राह्मण प्रत्येकले एघार आवृत्तिका दरले गरिने रुद्रीपाठ एक लघुरुद्री हुन्छ, एघारवटा लघुरुद्रीको सङ्ख्या एक महारुद्री हुन्छ ।**

जस्तै: ११x११= १४४ एक लघुरुद्री । १४४x११=१५८४आवृति

महारोग: (ना./पुं.) महाँश्चासौ रोगश्च *(ठूलो रोग)* क.त.स[१]., आत्व[२]= महारोग ।

शब्दार्थ- कुष्ठरोग, कोर, असाध्य रोग, क्षयरोग, मधुमेह, क्यान्सर, एड्स जस्ता ठूला रोग ।

महारोगी (वि.) महारोग: अस्यास्तीति *(महारोग छ यसको)* महारोग+इनि (इन्), अकारलोप= महारोगी ।

शब्दार्थ- कुष्ठरोगी, कुष्ठ रोग लागेको, महारोग भएको, असाध्य रोग लागेको ।

महारौद्र: (वि./ना./पुं.) रुद्रस्य अयम् *(रुद्रको यो)* रुद्र+अण् (अ), आदिवृद्धि, रौद्र: । महाँश्चासौ रौद्रश्च *(ज्यादै रौद्र)* क.त.स., आत्व= महारौद्र ।

शब्दार्थ- ज्यादै डरलाग्दो, अतिभयानक, शिवको भीषण रौद्रस्वरूप, महारुद्र ।

---

१. सन्महत्परम... : क.त.स.

२. आन्महत: समानाधि... : आत्व

३. षिद्गौरादिभ्यश्च : ङीष्

४. रोदेर्णिलुक्च : रक्, णिलुक्

महारौरवः (ना./पुं.) रुरुः प्राणिविशेषः । रुरुः सर्पादतिक्रूरोजन्तुरुक्तः पुरातनैः- दे.भा. ८/२२/१२ *(मृग वा वन्यजन्तुविशेष, सर्पभन्दा पनि क्रूर जन्तुविशेष),* रुरोरियम् *(रुरुको यो)* रुरु+अण्[1] (अ), आदिवृद्धि, गुण, अवादेश, रौरवः (घोरनरक) । महांश्चासौ रौरवश्च *(रौरव नरकभन्दा पनि ज्यादै ठूलो घोरनरक)* क.त.स[2]., आत्व[3]= महारौरव ।

शब्दार्थ- विभिन्न यातना दिने प्रमुख अट्ठाईसवटा नरकहरूमध्ये एक, ज्यादै ठूलो घोरनरक, अति विषालु जन्तुवाट टोक्न लगाउने नरक ।

महार्घः (ना./पुं.) अर्घ्यतेऽनेन *(पूजा गरिन्छ यसद्वारा)* अर्ह पूजायाम् (भ्वा.) धातु, अर्ह्+घञ् (अ), कुत्व, अर्घः । महांश्चासौ अर्घश्च *(ठूलो अर्घ, ज्यादै महँगो)* क.त.स[2]., आत्व[3]= महार्घ ।

अर्घः पूजाविधौमूल्ये- इति मेदिनी

शब्दार्थ- पूजाविधि, पूजा सामग्री, मूल्य, मोल, ज्यादै महँगो सामग्री, अति मूल्यवान् वस्तु, ज्यादै किम्मती

महार्घ्यः (वि.) अर्घाय अयम् *(मूल्यवान् हुनका लागि यो)* अर्घ+यत् (य), अकारलोप, अर्घ्यः । महाँश्चासौ अर्घ्यश्च *(ज्यादै महँगो)* क.त.स[2]., आत्व[3], दीर्घ =महार्घ्य ।

शब्दार्थ- ज्यादै महँगो, किम्मती, धेरै मोल पर्ने, अति मूल्यवान्, दामी, अर्घसम्वन्धी ।

महार्णवः (ना./पुं.) महाँश्चासौ अर्णवश्च *(ठूलो अर्णव समुद्र)* क.त.स[2]., आत्व[3]= महार्णव ।

शब्दार्थ- महासागर, ठूलो समुद्र, महासमुद्र, अत्यन्त ठूलो नदी ।

महालक्ष्मीः (ना./स्त्री.) महती चासौ लक्ष्मीश्च *(अत्यन्तै ठूली लक्ष्मी)* महती+लक्ष्मी, क.त.स[2]., पुंवद्भाव, आत्व[3] =महालक्ष्मी ।

शब्दार्थ- नारायणी शक्ति, भगवान् विष्णुकी आद्याशक्ति, लक्ष्मी, महिषासुरमर्दिनी भगवती दुर्गा ।

महालयः (ना./पुं.) महाँश्चासौ आलयः *(ठूलो घर वा विहार)* क.त.स[2]., आत्व[3], दीर्घ= महालय । अथवा महतां जैनानां योगिनां च आलयः *(जैन वा योगीहरूको मठ)* अथवा महदादिनां लयः यस्मिन् *(महत्तत्त्व आदिको लय हुन्छ जसमा)* महत्+लय, व.स., आत्व, दीर्घ= महालय ।

शब्दार्थ- ठूलो घर, देवमन्दिर, योगीहरूको आश्रम वा मठ, वौद्धविहार, जैनहरूको तीर्थस्थल, प्रलयकालमा महत्तत्त्व आदि लय हुने स्थान, परब्रह्म परमात्मा, सोह्रश्राद्ध, पितृपक्ष ।

महालिङ्गम् (ना./न./पुं.) महच्च तत् लिङ्गम् *(ठूलो लिङ्ग)* क.त.स[2]., आत्व[3]= महालिङ्ग । अथवा महल्लिङ्गं यत्र *(ठूलो लिङ्ग छ जहाँ)* व.स. आत्व= महालिङ्ग ।

शब्दार्थ- ठूलो लिङ्ग, वृहत्लिङ्ग, शिव, महादेव ।

महावराहः (ना./पुं.) महाँश्चासौ वराहश्च *(महान् वराह)* क.त.स[2]., आत्व[3]= महावराह ।

शब्दार्थ- विष्णुका दश अवतारमध्ये एक, सूकरको रूपमा विष्णुको दोस्रो वराह अवतार, विष्णुको एक नाम ।

महावाक्यम् (ना./न.) महच्च तत् वाक्यम् *(ठूलो वाक्य)* क.त.स[2]., आत्व[3]= महावाक्य ।

शब्दार्थ- लामा लामा वाक्य, सरल, संयुक्त र मिश्रसमेत मिसिएका वाक्य, उपनिषद्को 'तत्त्वमसि' भन्ने वाक्य, परमार्थतत्त्वको वोध गराउने वाक्य ।

महाविद्या (ना./स्त्री.) महती चासौ विद्या च *(बृहती विद्या)* क.त.स[2]., आत्व[3]= महाविद्या ।

शब्दार्थ- दश महाविद्या, तन्त्रशास्त्रले वताएका दश महाविद्या निम्न छन्-

काली तारा महाविद्या षोडशी भुवनेश्वरी ।
वगला छिन्नमस्ता च विद्या धूमावती तथा ।
मातङ्गी त्रिपुरा चैव विद्या च कमलात्मिका । एता दशमहाविद्या

महाविद्यालयः (ना./पुं.) विद्यायाः आलयः *(विद्याको घर वा मन्दिर)* ष.त.स., विद्यालयः (पाठशाला, स्कुल) । महाँश्चासौ विद्यालयश्च *(ठूलो विद्यालय)* क.त.स[2]., आत्व[3]= महाविद्यालय ।

शब्दार्थ- उच्चतहको पढाइ हुने विद्यामन्दिर, क्याम्पस, कलेज, विद्यापीठ ।

महाविशिष्टः (वि.) महत्या विशिष्टः *(धेरैले विशिष्ट)* तृ.त.स., पुंवद्भाव, आत्व= महाविशिष्ट ।

शब्दार्थ- धेरै विशिष्ट, ज्यादै विशिष्ट ।

महावीरः (वि./ना./पुं.) महाँश्चासौ वीरश्च *(ठूलो वीर वा योद्धा)* क.त.स[2]., आत्व[3]= महावीर ।

शब्दार्थ- शूरवीर, पराक्रमी, महारथि, महान् योद्धा, सिंह, इन्द्रको वज्र, विष्णु, गरुड, हनुमान्, चौवीसौं जैन तीर्थाङ्कर ।

***उदा.* डङ्का पिटाइ बलको, हुङ्कार गरी उठे महावीर-आ.रा.१०/७**

महावीर्यः (वि.) महत् वीर्यं यस्य सः *(ठूलो पराक्रम छ जसको)* व.स., आत्व= महावीर्य ।

शब्दार्थ- ठूलो पराक्रम भएका, महाशक्तिशाली ।

महावैयाकरणः (वि.) महाँश्चासौ वैयाकरणश्च *(ठूला वैयाकरण)* क.त.स[2]., आत्व[3]= महावैयाकरण ।

शब्दार्थ- व्याकरणका ठूला विद्वान्, व्याकरण विशेषज्ञ ।

महाव्याधिः (ना./पुं.) व्याधीयतेऽस्मात् *(रोगिन्छ यसबाट)* वि आङ्पूर्वक डुधाञ् धारणपोषणयोः (जुहो.) धातु, वि +आ+धा+कि[4] (इ), आलोप, यण्, व्याधि ।

व्याधि कुष्ठे च रोगे ना- इत्यमरः

महाँश्चासौ व्याधिश्च *(ठूलो व्याधि)* क.त.स[2]., आत्व[3] =महाव्याधि ।

शब्दार्थ- ठूलो रोग, महारोग, कुष्ठरोगको भीषणरूप, अन्य क्यान्सर, एड्स आदि असाध्यरोग ।

---

[1] तस्येदम् : अण्

[2] सन्महत्परम...: क.त.स.

[3] आन्महतः समानाधि...: आत्व

[4] उपसर्गे घोः किः : कि

महाव्याहृतिः (ना./स्त्री.) महती चासौ व्याहृतिश्च *(ठूलो व्याहृति)* क.त.स[1]., आत्व[2]= महाव्याहृति ।

शब्दार्थ- भूः भुवः स्वः- यी तीन व्याहृति, जसको प्रयोग गायत्रीको जप, अनुष्ठान र अन्य वैदिककर्मको अनुष्ठानमा हुन्छ ।

महाव्रतः (वि./ना./न.) महत् व्रतं यस्य *(ठूलो छ व्रत जसको)* महत्+व्रत, व.स., आत्व= महाव्रत ।

अथवा महच्च तत् व्रतम् *(ठूलो व्रत)* क.त.स., आत्व= महाव्रत ।

शब्दार्थ- कठोर व्रतको पालन गर्ने, अतिधर्मनिष्ठ, सन्न्यासी, ज्यादै ठूलो व्रत, ज्यादै कठोर व्रत, ज्यादै ठूलो धार्मिक अनुष्ठानको परिपालन ।

महाव्रती (वि.) महाव्रतमस्यास्तीति *(ठूलो व्रत छ यसको)* महाव्रत+इनि[3] (इन्), अकारलोप, महाव्रतिन्=महाव्रती ।

शब्दार्थ- ठूलो व्रत लिने, अत्यन्त कठोर व्रत पालना गर्ने, योगी, सन्न्यासी ।

महाशक्तिः (ना./स्त्री./वि.) महती चासौ शक्तिश्च *(ज्यादै ठूलो शक्ति)* क.त.स[1]., आत्व[2]= महाशक्ति ।

अथवा महती शक्तिः सामर्थ्यम् यस्य *(ठूलो शक्ति छ जसको)* व.स., आत्व= महाशक्ति ।

शब्दार्थ- ठूलो शक्ति, ठूलो सामर्थ्य, भगवती दुर्गा, ज्यादै शक्ति भएको, अतिशक्तिशाली, महापराक्रमी ।

महाशङ्खः (ना./पुं.) महाँश्चासौ शङ्खश्च *(ठूलो शङ्ख)* क.त.स[1]., आत्व[2]= महाशङ्ख ।

शब्दार्थ- ठूलो शङ्ख, विशाल आकारको शङ्ख, कुवेरका नौ निधिमध्ये एक ।

महाशनः (वि./ना./पुं.) महत् अशनं यस्य *(ठूलो भोजन छ जसको)* व.स., आत्व, दीर्घ= महाशन ।

शब्दार्थ- कल्पान्त या महायुद्धमा समग्रलाई निल्ने वा भोजन वनाउने, ज्यादा खन्चुवा, काल, ईश्वर ।

महाशब्दः (ना./पुं.) महाँश्चासौ शब्दश्च *(ठूलो शब्द)* क.त.स[1]., आत्व[2]= महाशब्द ।

शब्दार्थ- ठूलो आवाज, उच्चघोष, ठूलो प्रतिध्वनि ।

महाशयः (विः) महान् आशयः यस्य *(ठूलो छ विचार वा आशय जसको)* व.स., आत्व= महाशय ।

शब्दार्थ- महान् आशय भएको, उच्चविचार भएको, ठूलो आशय वा अभिप्राय भएको, महानुभाव ।

महाशाखा (ना./स्त्री.) महती चासौ शाखा च *(ठूलो शाखा)* क.त.स[1]., आत्व[2]= महाशाखा ।

शब्दार्थ- प्रमुखशाखा, कुनै मन्त्रालय, विभाग आदिको मुख्यशाखा ।

महाशैलः (ना./पुं.) महाँश्चासौ शैलश्च *(ठूलो पर्वत)* क.त.स[1]., आत्व[2]= महाशैल ।

शब्दार्थ- विशालपर्वत, ठूलो पहाड, हिमालयपर्वत, महाभारत पर्वतशृङ्खला ।

महाश्वेता (ना./स्त्री.) महती चासौ श्वेता च *(ज्यादै सेतो वर्ण)* क.त.स[1]., आत्व[2], महाश्वेत+टाप् (आ) =महाश्वेता ।

अथवा महती श्वेता शुक्लवर्णा यस्या सा *(निख्खरा सेतो वर्ण छ जसको)* व.स., आत्व= महाश्वेता ।

शब्दार्थ- सरस्वती माता, विद्याकी अधिष्ठात्री देवी, भगवती दुर्गा, चिनी ।

महाष्टमी (ना./स्त्री.) महती चासौ अष्टमी च *(ठूलो अष्टमी)* क.त.स[1]., आत्व[2], दीर्घ= महाष्टमी ।

शब्दार्थ- नवरात्रिको अष्टमी, दुर्गाष्टमी, आश्विन शुक्लपक्षको अष्टमी तिथि ।

महासङ्ग्रामः (ना./पुं.) महाँश्चासौ सङ्ग्रामश्च *(ठूलो सङ्ग्राम)* क.त.स[1]., आत्व[2]= महासङ्ग्राम ।

शब्दार्थ- ठूलो लडाइँ, महायुद्ध, भीषणसङ्घर्ष ।

महासचिवः (ना./पुं.) महाँश्चासौ सचिवश्च *(ठूलो वा प्रमुखसचिव)* क.त.स[1]., आत्व[2]= महासचिव ।

शब्दार्थ- कुनै संस्थाको प्रमुख पदाधिकारी, महामन्त्री, प्रमुखसचिव ।

महासन्धिः (ना./पुं.) महाँश्चासौ सन्धिश्च *(ठूलो सन्धि)* क.त.स[1]., आत्व[2]= महासन्धि ।

शब्दार्थ- ठूलो सन्धि, ठूलो सम्झौता, धेरै संस्था वा राष्ट्रहरूवीच कुनै विषयमा गरिएको सम्झौता ।

महासभा (ना./स्त्री.) महती चासौ सभा च *(ठूलो सभा)* क.त.स[1]., आत्व[2]= महासभा ।

शब्दार्थ- ठूलो सभा, संयुक्त राष्ट्रसङ्घका अङ्गहरूमध्ये एक, महाधिवेशन, दुई सदनात्मक संसद्मा माथिल्लो सभा या सदन ।

महासमरः (ना./पुं.) महाँश्चासौ समरश्च *(ठूलो समर)* क.त.स[1]., आत्व[2]= महासमर ।

शब्दार्थ- महासङ्ग्राम, महायुद्ध, भीषणसङ्घर्ष वा युद्ध ।

महासमितिः (ना./स्त्री.) महती चासौ समितिश्च *(ठूलो समिति)* क.त.स[1]., आत्व[2]= महासमिति ।

शब्दार्थ- कुनै सङ्घसंस्था वा राजनीतिक संस्थाको ठूलो समिति ।

महासमुद्रः (ना./पुं.) महाँश्चासौ समुद्रश्च *(ठूलो समुद्र)* क.त.स[1]., आत्व[2]= महासमुद्र ।

शब्दार्थ- महासागर, महासिन्धु, महोदधि ।

महासर्गः (ना./पुं.) महाँश्चासौ सर्गश्च *(ठूलो सर्ग)* क.त.स[1]., आत्व[2]= महासर्ग ।

शब्दार्थ-महाप्रलयपछिको नवसृष्टि, ईश्वरीय महासंरचना ।

महासागरः (ना./पुं.) महाँश्चासौ सागरश्च *(ठूलो सागर)* क.त.स[1]., आत्व[2]= महासागर ।

शब्दार्थ- महासमुद्र, महोदधि, महासिन्धु ।

महासुखम् (ना./न.) महच्च तत् सुखम् *(धेरै सुख)* क.त.स[1]., आत्व[2]= महासुख ।

शब्दार्थ- ज्यादै सुख, वडो आनन्द, परम आनन्द ।

---

[1] सन्महत्परम... : क.त.स.

[2] आन्महतः समानाधि... : आत्व

[3] अत इनिठनौ : इनि

महासेनः (ना./पुं.) महती सेना यस्य सः *(ठूलो छ सेना जसको)* ब.स., आत्व, ह्रस्व= महासेन ।

शब्दार्थ- स्कन्दकुमार, कार्तिकेय, पार्वतीपुत्र ।

महासेनानी (ना./पुं.) सेनां नयतीति *(सेना हाँक्तछ)* सेना उपपदपूर्वक णीञ् प्रापणे (भ्वा.) धातु, सेना+नी+क्विप्[1] (सर्वलोप), सेनानी । महाँश्चासौ सेनानी च *(ठूलो सेनानी)* क.त.स[2]., आत्व[3] =महासेनानी ।

शब्दार्थ- कार्तिकेय, सेनाको प्रमुख, शाहीसेनाको उच्च तहको एउटा पद, कर्नेल ।

महास्नानम् (ना./न.) महच्च तत् स्नानम् *(ठूलो स्नान)* क.त.स[2]., आत्व[3]= महास्नान ।

शब्दार्थ- देवमूर्ति आदिलाई वैदिक मन्त्रोच्चारणपूर्वक पञ्चामृत आदिद्वारा गराइने स्नान, ऋषितर्पणीका दिन विधिपूर्वक गरिने स्नान, ठूला यज्ञहरूको अन्त्यमा गरिने महाभिषेक वा अवभृथ स्थान ।

महिमा (ना./पुं.) महतः भावः *(महान् हुनाको भाव वा अवस्था)* महत्+इमनिच्[4] (इमन्), टिलोप, मह् इमन्, महिमन्= महिमा ।

शब्दार्थ- बडप्पन, माहात्म्य, यश, ख्याति, गौरव, प्रभाव, महत्व, अष्टसिद्धिमध्ये एक ।

महिला (ना./स्त्री.) महति, महयति, मह्यते पूज्यते इति वा *(पूज्छ, पूजिन्छ वा आदर गरिन्छ)* मह पूजायाम् (भ्वा./चुरा) धातु, मह्+इलच्[5] (इल), उणा., टाप् (आ)= महिला । अथवा महस्य पूजनीयस्य उत्सवस्य च इला भूमिः प्रतिष्ठा *(पूजनीयजन वा उत्सवको प्रतिष्ठास्थान)* ष.त.स., मह इला, पृषोदरादिबाट, महको अकारलोप= महिला ।

शब्दार्थ- उच्च प्रतिष्ठा भएकी नारी, स्वास्नीमान्छे, अवला, वनिता, स्त्री, आइमाई, रमणी, सुगन्धित वृक्षविशेष ।

महिलासङ्गठनम् (ना./न.) **महिलासङ्घः** (ना./पुं.) महिलानां सङ्गठनम्/सङ्घः वा *(महिलाहरूको सङ्गठन वा सङ्घ)* ष.त.स.= महिलासङ्गठन/महिलासङ्घ ।

शब्दार्थ- महिलाहरूको हित र अधिकारको लागि बनेको सङ्गठन वा सङ्घ ।

महिषः (ना./पुं.) मंहते इति *(समृद्ध हुन्छ)* महि वृद्धौ (भ्वा.) धातु, नुम्, मंह्+टिषच्[6] (इष), उणा., टिलोप =महिष ।

शब्दार्थ- राँगो, महिषासुर दानव ।

महिषवाहनः (ना./पुं.) महिषः वाहनं यस्य *(राँगो छ वाहन जसको)* ब.स.= महिषवाहन ।

शब्दार्थ- राँगो वाहन हुने यमराज, काल, अन्तक, कृतान्त, भैंसी माथि चडेर हिँड्ने गोठालो ।

महिषी (ना./स्त्री.) मह्यते, आद्रियते पूज्यते इति वा *(आदर वा सम्मान गरिन्छ)* मह पूजायाम् (भ्वा.) धातु, मह+टिषच्[6] (इष), उणा., महिष+ङीप् (ई)= महिषी । अथवा महिषस्य स्त्री महिष+ङीप् (ई)= महिषी ।

महिषी नृपयोषिति । सैरिभ्यामौषधीभेदे- इति हैमः

शब्दार्थ- राजासँगै अभिषेक गरिएकी पटरानी, महाराज्ञी, महारानी, भैंसी, औषधिविशेष ।

उदा. तर बढी महिषी महिषीसरि- व.कु.म.का.२/९२

महिः/मही (ना./स्त्री.) मह्यते पूज्यते जनैः *(मानिसहरूद्वारा आदर गरिन्छ)* मह पूजायाम् (अदन्त चुरा.) धातु, मह+इ[7]/इन्[8] (इ), उणा., अकारलोप, महि+ङीष् (विकल्पले),मही । ङीष्को अभावमा=महि । अथवा मह्यन्ते पूज्यन्ते वर्धन्ते च भूतानि अस्याम् *(पूजा गरिन्छन् वा बढ्छन् प्राणीहरू यसमा)* मह पूजायम् (चुरा.) धातु, मह+घ[9] (अ), मह+ङीष्[10] (ई) =मही ।

शब्दार्थ- पृथिवी, धरती, भूमि, जमिन, माटो ।

महीतलम् (ना./न.) मह्यास्तलम् *(पृथिवीको तल)* ष.त.स.= महीतल ।

शब्दार्थ- पृथ्वीतल, भूलोक ।

महीधरः (ना./पुं.) धरतीति *(धारण गर्छन्)* धृञ् धारणे (भ्वा.) धातु, धृ+अच् (पचादि), गुण, धरः । मह्याः धरः *(पृथिवी धारण गर्ने)* ष.त.स.= महीधर ।

शब्दार्थ-पृथ्वी धारण गर्ने विष्णु, शेषनाग, दिग्गज, पर्वत ।

महीध्रः (ना./पुं.) महीं धरतीति *(पृथिवी धारण गर्छ)* महीपूर्वक धृञ् धारणे (भ्वा.) धातु, मही+धृ+क[11] (अ), यण्= महीध्र ।

शब्दार्थ- पर्वत, शैल, शिखर, गिरि, अद्रि ।

महीपः (ना./पुं.) महीं पातीति *(पृथिवीको पालन गर्छन्)* मही उपपदपूर्वक पा रक्षणे (अदा.) धातु, मही+पा+क[12] (अ), आकारलोप= महीप ।

शब्दार्थ- राजा, भूपति, पृथिवीका अधिपति वा स्वामी ।

महीपतिः (ना./पुं.) पातीति *(रक्षा गर्छन्)* पा रक्षणे (अदा.) धातु, पा+डति (अति), टिलोप, पतिः । मह्याः पतिः *(पृथिवीका अधिपति)* ष.त.स.= महीपति ।

शब्दार्थ- राजा, भूपति, भूमिपाल ।

महीपालः (ना./पुं.) महीं पालयतीति *(पृथिवीको संरक्षण गर्छन्)* मही उपपदपूर्वक पाल रक्षणे (चुरा.) धातु, मही+पाल्+अण् (अ)= महीपाल ।

शब्दार्थ- राजा, भूपाल, भूमिपाल, भूपति ।

---

[1] सत्सूद्विषद्रुह... : क्विप्

[2] सन्महत्परम... : क.त.स.

[3] आन्महतः समानाधि... : आत्व

[4] पृथ्वादिभ्य... : इमनिच्

[5] सलिकल्यनिमहि... : इलच्

[6] अविमह्योष्टिषच् : टिषच्

[7] वच इः : इ

[8] सर्वधातुभ्यो... : इन्

[9] पुंसि संज्ञायाम्... : घ

[10] षिद्गौरादि... : ङीष्

[11] इगुपधज्ञा... : क

[12] आतोऽनुपसर्गे... : क

महीपुत्रः (ना./पुं.) मह्याः पुत्रः *(पृथिवीका पुत्र)* ष.त.स. =महीपुत्र ।

शब्दार्थ- पृथ्वीसुत, मङ्गलग्रह, भौम, कृषक ।

महीशः (ना./पुं.) मह्याः पृथिव्याः ईशः *(पृथिवीका स्वामी)* ष.त.स., मही ईश, दीर्घ= महीश ।

शब्दार्थ- पृथिवीपति, राजा, भूपाल ।

महीसुतः (ना./पुं.) मह्याः पृथिव्याः सुतः *(पृथिवीका पुत्र)* ष.त.स.= महीसुत ।

शब्दार्थ- पृथिवीपुत्र, भौम, मङ्गलग्रह ।

महेन्द्रः (ना./पुं.) महाँश्चासौ इन्द्रश्च *(महान् इन्द्र)* क.त.स., महा इन्द्र, गुण= महेन्द्र ।

शब्दार्थ-स्वर्गका राजा, महान् इन्द्र, ईश्वर, प्रमुखव्यक्ति ।

महेन्द्रियः/महेन्द्रीयः (वि.) महेन्द्रस्य अयम् *(महेन्द्रको यो)* वा महेन्द्रः देवता अस्य *(महेन्द्र छन् देवता जसका)* महेन्द्र+घ[1] (इय)/छ[1] (ईय), अकारलोप= महेन्द्रिय/महेन्द्रीय ।

शब्दार्थ- महेन्द्रको पूजा गर्ने, महेन्द्रसम्वन्धी ।

महेशः (ना./पुं.) महाँश्चासौ ईशश्च *(महान् ईश)* क.त.स[2]., आत्व[3], गुण= महेश ।

शब्दार्थ- शिव, महादेव, शङ्कर, परमेश्वर ।

महेश्वरः (ना./पुं.) महाँश्चासौ ईश्वरश्च *(ठूला ईश्वर)* क.त.स[2]., आत्व[3], गुण= महेश्वर ।

शब्दार्थ- महादेव, शिव, शङ्कर, शम्भु, उमेश्वर ।

महेश्वरी (ना./स्त्री.) महती चासौ ईश्वरी *(महान् ईश्वरी)* क.त.स[2]., आत्व[3], गुण= महेश्वरी ।

अथवा महेश्वरस्य स्त्री *(महेश्वरकी स्त्री)* महेश्वर+ ङीष् (ई)= महेश्वरी ।

शब्दार्थ- महाशक्ति, महादेवी, दुर्गा, भगवती, पार्वती ।

महोक्षः (ना./पुं.) महाँश्चासौ उक्षा च *(ठूलो उक्ष (गोरु)* महत्+उक्षन्, क.त.स., आत्व, समासान्त अच्, टिलोप, गुण= महोक्ष ।

शब्दार्थ- ठूलो वृषभ, साँढे, नन्दी ।

महोत्सवः (ना./पुं.) महाँश्चासौ उत्सवश्च *(ठूलो उत्सव)* क.त.स[2]., आत्व[3], गुण= महोत्सव ।

शब्दार्थ- ठूलो उत्सव, महान् उत्सव ।

उदा. **हाम्रो जन्म हुँदा महोत्सव थियो सारा उज्ज्यालो सफा-बादल (देवकोटा)**

महोत्साहः (ना./पुं.) महान् उत्साहः यस्य *(ठूलो छ उत्साह यसको)* ब.स., आत्व, गुण= महोत्साह ।

शब्दार्थ- ठूलो उत्साह वा साहस भएको व्यक्ति ।

महोदधिः (ना./पुं.) महाँश्चासौ उदधिश्च *(ठूलो उदधि (समुद्र)* क.त.स[2]., आत्व[3], गुण= महोदधि ।

शब्दार्थ- महासागर, महासमुद्र, महासिन्धु ।

महोदयः (ना./पुं.) महाँश्चासौ उदयश्च *(ठूलो उदय)* क.त.स[2]., आत्व[3], गुण= महोदय ।

अथवा महान् उदयः यस्य सः *(ठूलो उदय छ जसको)* ब.स., आत्व, गुण= महोदय ।

शब्दार्थ- ठूलो उदय, महान् उन्नति, ठूलो उदय भएको व्यक्ति, आफूभन्दा ठूलो व्यक्तिलाई गरिने सम्बोधन, महानुभाव, महाशय ।

महोद्यमः (ना./पुं.) उद्यमनमिति *(उद्यम गरिन्छ)* उत्पूर्वक यम परिवेषणे वा यम उपरमे (भ्वा.) धातु, उत्+यम्+घञ् (अ), वृद्धिको अभाव, उद्यमः । महान् उद्यमः अस्य *(ठूलो उद्यम छ यसको)* ब.स., आत्व, गुण= महोद्यम ।

शब्दार्थ- ठूलो साहस वा उद्यम भएको व्यक्ति, ठूलो उद्यम गर्ने व्यक्ति ।

महौषधम् (ना./न.) ओषधेरिदम् *(औषधिको यो)* ओषधि +अञ्[4] (अ), आदिवृद्धि, इकारलोप, औषधम् । महत् च तत् औषधञ्च *(ठूलो औषधि)* क.त.स[2]., आत्व[3], वृद्धि= महौषध ।

महौषधन्तु शुण्ठ्यां स्याद्विषायां लशुनेऽपि च- मेदिनी

शब्दार्थ- विशेष फाइदा गर्ने औषधि, मरीच, सुठो, पिप्ला, लसुन, उत्तिस जातको वृक्ष ।

महौषधिः/महौषधी (ना./पुं./स्त्री.) उष्यते इति *(ताप दिनु)* उष दाहे (भ्वा.) धातु, उष्+घञ् (अ), वृद्धि, गुण, ओषः । ओषः दाहः दीप्तिर्वा धीयते अत्र *(ताप वा तेज धारण गरिन्छ यहाँ)* ओष उपपदपूर्वक डुधाञ् धारणपोषणयोः (जुहो.) धातु, ओष+धा+कि[5] (इ), आकारलोप, ओषधिः । महाँश्चासौ ओषधिश्च *(ठूलो ओषधि)* क.त.स[2]., आत्व[3], वृद्धि, महौषधि+ङीष् (ई), विकल्पले= महौषधी ।

ङीष्को अभावमा= महौषधि ।

शब्दार्थ- ज्यादै ठूलो औषधि, अचूक औषधि, विशेष प्रकारको जडीवुटी मिश्रित ओखती ।

मा (ना./स्त्री./अव्य.) मान्यते पूज्यते इति *(पूजा गरिन्छ)* मान पूजायाम् (भ्वा.) धातु, मान्+ड[6] (अ), टिलोप, म+टाप् (आ)= मा ।

अथवा मीयते इति *(मापन गरिन्छ)* माङ् माने शब्दे च (जुहो.) धातु, मा+क (अ), आकारलोप, म+टाप् (आ) =मा ।

मा च मातरी माने च- एकाक्षरकोशः
मा वारणे विकल्पे च स्मातीते पादपूरणे,
स्यान्मङ्गले परकृतौ- इति मेदिनी
इन्दिरा लोकमाता मा क्षिरोदतनया रमा- इत्यमरः
मा स्त्री पद्मालयायां स्यात्- इति मेदिनी

शब्दार्थ- आमा, लक्ष्मी, इन्दिरा, लोकमाता, रमा, धनकी देवी, नापो, मापन, माप, मङ्गल, निषेध, विकल्प, पादपूरक अव्ययशव्द, निषेधबोधक अव्यय ।

---

[1] महेन्द्राद्घाणौ च : घ/छ
[2] सन्महत्परम... : क.त.स.
[3] आन्महतः समानाधि... : आत्व
[4] ओषधेरजातौ : अञ्
[5] कर्मण्यधिकरणे च : कि
[6] अन्येष्वपि दृश्यते... : ड

मांसम् (ना./न.) मष्यते इति *(हिंसा गरिन्छ)* मष हिंसार्थे (भ्वा.) धातु, मष्+घञ् (अ), वृद्धि, पृषोदरादिवाट, षको स, नुम्, अनुस्वार= मांस । अथवा मन्यते इति *(ठान्छ)* मन ज्ञाने (दिवा.) धातु, मन्+स[1] (उणा.), धातुको दीर्घ, अनुस्वार= मांस ।

शब्दार्थ- मासु, आमिष, गुदी ।

मांसभक्षकः (वि.) मांसं भक्षतीति *(मासु खान्छ)* मांस उपपदपूर्वक भक्ष अदने (भ्वा.) धातु, मांस+भक्ष्+ण्वुल् (अक)= मांसभक्षक ।

शब्दार्थ- मासु खाने, मांसभोजी, मांसभक्षी ।

मांसभक्षी (वि.) मांसं भक्षितुं शीलमस्य *(मासु खाने शील वा आदत छ यसको)* मांस उपपदपूर्वक भक्ष अदने (भ्वा.) धातु, मांस+भक्ष्+णिनि[2] (इन्), मांसभक्षिन् =मांसभक्षी ।

शब्दार्थ- मांसाहारी, मांसभोजी, मासु खाने ।

मांसलः (वि.) मांसमस्ति अस्य *(पुष्ट मासु छ यसको)* मांस+लच्[3] (ल)= मांसल

शब्दार्थ- मासु धेरै हुने, मोटो, मासुले पुष्ट, वलवान् ।

मांसाहारी (वि.) मांसमाहर्तुं शीलमस्य *(मासु खाने शील वा आदत छ यसको)* मांस उपपदमा हुने आङ्पूर्वक हृञ् हरणे (भ्वा.) धातु, मांस+आ+हृ+णिनि[2] (इन्), हृको वृद्धि, दीर्घ, मांसाहारिन्= मांसाहारी ।

शब्दार्थ- मासु खाने, मासुको आहारा भएको, मांसभक्षी, मांसभक्षक ।

मांसिकः (वि.) मांसं पण्यमस्य *(मासुको छ व्यापार यसको)* मांस+ठक्[4] (इक), अकारलोप= मांसिक ।

शब्दार्थ- मासुको व्यापार गर्ने, मांस विक्रेता, मासु व्यापारी ।

मागधः (वि./ना./पुं.) मगध्यतीति *(परिवेष्ठित गर्छ)* मगध परिवेष्ठने (कण्वादि) धातु, मगध्+अच् (पचादि), मगधः । मगधस्य राज्ञः अपत्यं पुमान् *(मगध राजाको पुरुष सन्तति)* वा मगधे देशे भवः *(मगध देशमा भएको)* वा मगधस्य अयम् *(मगधको यो)* मगध+अण्[5] (अ), आदिवृद्धि= मागध ।

मागधः क्षत्रियाविशोः - इत्यमरः

मागधो मगधोद्भूते शुक्लजीरकवन्दिनोः ।

शब्दार्थ- मगधमा उत्पन्न भएको, मगधनिवासी, मगधसम्वन्धी, मगधको स्तुतिपाठक, वैश्यवाट क्षत्रियपत्नीमा उत्पन्न सन्तान, मगध नरेशको पुरुष सन्तान ।

मागधी (ना./स्त्री./वि.) मगधस्य इयम् *(मगधको यो)* वा मगधस्य राज्ञः अपत्यं स्त्री *(मगध राजाकी स्त्री सन्तति)* वा मगधे देशे भवा *(मगध देशमा उत्पन्न भएको)* मगध+अण्[5] (अ), आदिवृद्धि, मागध+ङीप् (ई)=मागधी ।

वैश्यतः क्षत्रियापुत्रे मागधी स्यात् तु पिप्पली- इति हैमः

शब्दार्थ- मगधमा उत्पन्न भएकी स्त्री, मगध राजाकी स्त्री सन्तति, मागधी भाषा, पिप्ला, जाइ फूलको वोट, क्षत्रिया स्त्रीमा वैश्यवाट उत्पन्न स्त्री सन्तति, चारण, स्तुतिपाठक, मगधको, मगधसम्वन्धी ।

माघः (ना./पुं.) मघानक्षत्रयुक्ता पौर्णमासी *(मघानक्षत्रले युक्त पूर्णिमा)* मघा+अण्[6] (अ), आदिवृद्धि, माघः । माघ+ङीप् (ई), माघी । माघी पूर्णिमा अस्ति अस्मिन् मासे *(माघी पूर्णिमा छ यस महिनामा)* माघी+अण्[7] (अ), इकारलोप= माघ ।

शब्दार्थ- माघमहिना, पुष र फागुनको वीचमा पर्ने महिना, मघानक्षत्रले युक्त पूर्णिमा हुने महिना ।

माङ्गलिकः (वि.) मङ्गति, मङ्गयते इति वा *(मङ्गल हुन्छ वा हुनु)* मगि गत्यर्थे (भ्वा.) धातु, नुम्, मङ्+अलच्[8] (अल), उणा., मङ्गलम् । मङ्गलम् चरति *(मङ्गलकारी कार्य गर्छ),* मङ्गलमर्हतीति वा *(मङ्गल हुन योग्य)* मङ्गल+ठक्[9] (इक), आदिवृद्धि, अकारलोप= माङ्गलिक ।

शब्दार्थ-मङ्गलदायक, शुभप्रद, मङ्गलसूचक, सौभाग्यशाली ।

माङ्गल्यम् (ना./न.) मङ्गलस्य भावः कर्म वेति *(मङ्गल हुनाको भाव वा कर्म)* मङ्गल+ष्यञ्[10] (य), आदिवृद्धि, अकारलोप= माङ्गल्य ।

शब्दार्थ- माङ्गलिकता, समृद्धि, कल्याण, सौभाग्य, शुभ ।

माणवकः (ना./पुं.) मनोरयम् *(मनुको यो)* मनु+अण्[11] (अ), आदिवृद्धि, गुण, अवादेश, णत्व[12], माणवः । अल्पः माणवः *(सानो मानव)* माणव+कन्[13] (क), अल्पार्थमा=माणवक ।

बालस्तु स्यान्माणवकः- इत्यमरः

शब्दार्थ- वालक, शिशु, सानो केटो, वाउन्ने ।

माणिकः (ना./पुं.) मणिना कायति *(मणिशब्दले पुकार्छ)* मणि उपपदपूर्वक कै शब्दे (भ्वा.) धातु, मणि+का + क[14] (अ), आकारलोप, मणिकः । मणिक एव *(मणि नै)* मणिक+अण्[15] (अ), स्वार्थमा, वृद्धि= माणिक ।

शब्दार्थ-एक प्रकारको रत्न, पद्मरागमणि, माणिक्य, मानिक

---

[1] मनेर्दीर्घश्च : स, दीर्घ
[2] सुप्यजातौ... : णिनि
[3] वत्सांसाभ्याम्... : लच्
[4] तदस्य पण्यम् : ठक्
[5] तस्यापत्यम्/तस्येदम्/तत्र भवः : अण्
[6] नक्षत्रेण युक्तःकालः : अण्
[7] साऽस्मिन् पौर्णमासी : अण्
[8] मङ्गेरलच् : अलच्
[9] चरति/तदर्हति : ठक्
[10] गुणवचन... : ष्यञ्
[11] तस्येदम् : अण्
[12] ब्राह्मणमाणव... : णत्व, निपातन
[13] अल्पे :
[14] आतोऽनुपसर्गे... : क
[15] प्रज्ञादिभ्यश्च : अण्

माणिक्यम् (ना./न.) मणिके भवम् *(मणिक्रत्नमा हुने, मणिपुरमा भएको)* मणिक+ञ्य्[१] (य), आदिवृद्धि, अकारलोप= माणिक्य ।

शब्दार्थ- पद्मरागमणि, एकप्रकारको रत्न, मणिमाणिक्य ।

माण्डव्यः (ना./पुं.) मण्डोरपत्यम् पुमान् *(मण्डुका पुरुष सन्तति)* मण्डु+यञ्[२] (य), आदिवृद्धि, गुण, अवादेश =माण्डव्य ।

शब्दार्थ- मण्डु ऋषिका सन्तान, मण्डुका वंश, वंशवर्द्धक तथा गोत्रप्रवर्तक एक ऋषि ।

माण्डूक्यः (ना./पुं.) मण्डूकस्य अपत्यम् पुमान् *(मण्डुक ऋषिका पुरुष सन्तति)* मण्डूक+यञ्[२] (य), आदिवृद्धि =माण्डूक्य ।

शब्दार्थ- मण्डुक ऋषिका सन्तान, मण्डुकका वंश ।

मातङ्गः (ना./पुं.) मतङ्गस्य ऋषेरपत्यं पुमान्, मतङ्गस्य अयम् *(मतङ्ग ऋषिका पुरुष सन्तति, मतङ्गको यो)* मतङ्ग+अण्[३] (अ), आदिवृद्धि= मातङ्ग ।

चण्डालप्लवमातङ्ग...- इत्यमरः

मातङ्गः श्वपचे गजे- इति मेदिनी

शब्दार्थ- मतङ्ग ऋषिका सन्तान, हात्ती, नीचमानिस, चण्डाल, निषाद, किराँत, भिल्ल, श्वपच ।

माता (ना./स्त्री.) मान्यते पूज्यते इति *(आदर वा सम्मान गरिन्छ)* मान पूजायाम् (भ्वा.) धातु, मान्+तृच्[४] (तृ), पृषोदरादिबाट नलोप, मातृ= माता ।

अथवा माति मिमीते गर्भः अस्याम् *(गर्भ रहन्छ वा बढ्छ यिनमा)* मा माने (अदा.) वा माङ् माने शब्दे च (जुहो.) धातु, मा+तृन्[५] (तृ), मातृ= माता ।

शब्दार्थ- जननी, आमा, अम्वा, जन्म दिने माता ।

मातामहः (ना./पुं.) मातुः पिता *(आमाका बाबु)* मातृ+डामहच्[६] (आमह), टिलोप= मातामह ।

शब्दार्थ- आमाका बावु, आमाका पिता, मातृपिता, मावली हजुरवा ।

मातामही (ना./स्त्री.) मातुः माता *(आमाकी आमा)* मातृ +डामहच्[७] (आमह), टिलोप, षित्व[७], मातामह+ङीष्[८] (ई)= मातामही ।

शब्दार्थ- आमाकी आमा, आमाकी माता, मावली हजुरआमा ।

मातुलः (ना./पुं.) मातुर्भ्राता *(आमाका भाइ)* मातृ+डुलच्[९] (उल), टिलोप, मात् उल= मातुल ।

शब्दार्थ- मामा, आमाका भाइ, माताका भ्राता ।

मातुली/मातुलानी (ना./स्त्री.) मातुलस्य स्त्री *(मामाकी पत्नी)* मातुल+ङीष् (ई)+आनुक् (आन), विकल्पले, मातुल आन ई, दीर्घ= मातुलानी ।

आनुक्को अभावमा= मातुली ।

शब्दार्थ- मामाकी पत्नी, मामाकी श्रीमती, माइजू ।

मातुलेयः (ना./पुं.) मातुल्याः अपत्यं पुमान् *(माइंजूको सन्तान)* मातुली+ढक् (एय्), इकारलोप= मातुलेय ।

शब्दार्थ- मामाको छोरो, माइजूको सन्तान, मामामाइजूका सन्तति, मावली भाइ ।

मातृ (माता) (ना./स्त्री.) मान्यते पूज्यते इति *(आदर वा सम्मान गरिन्छ)* मान पूजायाम् (भ्वा.) धातु, मान्+तृच् (तृ), पृषोदरादिबाट नलोप= मातृ (माता) ।

अथवा माति मिमीते गर्भः अस्याम् *(गर्भ रहन्छ वा बढ्छ यिनमा)* मा माने (अदा.) वा माङ् माने शव्दे च (जुहो.) धातु, मा+तृन् (तृ)= मातृ (माता) ।

शब्दार्थ- जन्म दिने आमा, जननी, माता, अम्वा ।

द्रष्टव्य- **पितुरप्याधिका माता गर्भधारणपोषणात् ।**
सहस्रं तु पितुर्माता गौरवेणातिरिच्यते- म.स्मृ.२/१४५

अर्थात् माता पिताभन्दा हज्जारगुणा श्रेष्ठ तथा गौरवयुक्त हुन्छिन् । गर्भधारण र पोषण गर्ने हुंदा वावुभन्दा आमा अधिक श्रेष्ठ मानिन्छ ।

- पितुः शतगुणा पूज्या वन्द्या माता गरीयसी ।
गुरूणां चैव सर्वेषां माता परमको गुरुः ।

अर्थात् पिताभन्दा माता सयगुणा अधिक पूज्य र गौरवमय हुन्छिन् । सवै गुरुहरूमध्ये आमा नै परम गुरु मानिन्छिन्- दे.भा.

मातृका (ना./स्त्री./वि.) मातृ एव *(माता नै)* मातृ+कन् (क), स्वार्थमा, मातृक+टाप् (आ)= मातृका ।

अथवा मातुरागता *(आमाबाट आएकी)*, मातुरियम् *(आमाकी यी)* मातृ+ठञ्, ठञ्को क, मातृक+टाप् (आ) =मातृका ।

षोडशमातृका- **गौरी पद्मा शची मेधा सावित्री विजया जया**
देवसेना स्वधा स्वाहा मातरो लोकमातरः ।
धृतिः पुष्टिस्तथा तुष्टिरात्मनः कुलदेवता
गणेशेनाधिकाह्येता वृद्धौ पूज्यास्तु षोडश

शब्दार्थ- आमा, माता, धाइआमा, देवमातृका, सप्तमातृका, षोडशमातृका, आमाको, आमासम्वन्धी ।

मातृकुलम् (ना./न.) मातुः कुलम् *(आमाको कुल)* मातृ +कुल, ष.त.स.= मातृकुल ।

शब्दार्थ- आमापट्टिको वंश, आमाको कुल, मातृवंश, मावलीको कुल ।

मातृगणः (ना./पुं.) मातृणां गणः *(मातृहरूको गण)* ष.त.स.= मातृगण ।

शब्दार्थ- सप्तमातृका वा षोडशमातृकाको गण वा समुदाय ।

मातृगोत्रम् (ना./न.) मातुः गोत्रम् *(आमापट्टिको गोत्र)* ष.त.स.= मातृगोत्र ।

शब्दार्थ- मातृवंश, मातृकुल, आमातिरको गोत्र ।

---

१. शुन्डिकादिभ्य : ञ्य
२. गर्गादिभ्य... : यञ्
३. तस्येदम् : अण्
४. ण्वुल्तृचौ : तृच्
५. नक्तृनेष्टृत्वष्टृ... : तृन् निपातन
६. मातृपितृभ्यां पितरि... : डामहच्
७. मातरि षिच्च : डामहच्, षित्व
८. षिद्गौरादिभ्य... : ङीष्
९. मातुर्डुलच् (वा.) : डुलच्

मातृघातकः/मातृघाती (वि.) मातरं हन्तीति *(आमाको हत्या गर्छ)* मातृ उपपदमा हुने हन हिंसागत्योः (अदा.) धातु, मातृ+हन्+ण्वुल् (अक), हन्‌को वृद्धि, नको तकारादेश, कुत्व, मातृघात् अक= मातृघातक । मातृ+हन्+णिनि (इन्), वृद्धि, नको तकारादेश, कुत्व, मातृघातिन्= मातृघाती ।

शब्दार्थ- आमाको हत्या गर्ने, आमाको वध गर्ने, आमालाई मार्ने, मातृहत्यारा, मातृवधकारी ।

मातृत्वम् (ना./न.) मातुर्भावः *(आमा हुनाको भाव वा अवस्था)* मातृ+त्व= मातृत्व ।

शब्दार्थ- आमाको गुण वा अवस्था, आमाको वात्सल्य, आमाको स्नेहभाव ।

मातृद्रोहः (वि./ना./पुं.) मातरं द्रुह्यतीति *(आमाप्रति द्रोह गर्छ)* मातृ उपपदमा हुने द्रुह जिघांसायाम् (दिवा.) धातु, मातृ+द्रुह्+अण्[1] (अ), गुण= मातृद्रोह । अथवा द्रुह्यते इति *(द्रोह गरिन्छ)* द्रुह्+घञ् (अ), गुण, द्रोहः । मातुः द्रोहः *(आमाको द्रोह)* ष.त.स. =मातृद्रोह ।

शब्दार्थ- आमाको अपमान वा निन्दा गर्ने, आमाको अपहेलना गर्ने, आमाको अपमान वा निन्दा वा तिरस्कार, आमाको अपहेलना ।

मातृद्रोही (वि.) मातरं द्रुह्यतीति *(आमाप्रति द्रोह गर्छ)* मातृ उपपदमा हुने द्रुह जिघांसायाम् (दिवा.) धातु, मातृ+द्रुह्+णिनि (इन्), गुण, मातृद्रोहिन्= मातृद्रोही ।

शब्दार्थ- आमाको निन्दा वा तिरस्कार गर्ने, आमाको अपमान गर्ने, आमाको अपहेलना गर्ने ।

मातृभाषा (ना./स्त्री.) मातुः भाषा *(माताको भाषा)* ष.त.स.= मातृभाषा ।

शब्दार्थ- आफ्नी आमाले वोल्ने भाषा, आमाले काखमा राखेर वोल्न सिकाएको भाषा ।

मातृभोगीणः (वि.) मातृभोगाय हितम् *(माताको भोगको लागि हित हुने)* मातृभोग+ख[२] (इन), णत्व=मातृभोगीण ।

शब्दार्थ- आमाको भोगका लागि उपयोगी हुने, आमालाई हित हुने ।

मातृमोहः (ना./पुं.) मातुः मोहः *(आमाको मोह, आमाप्रतिको मोहभाव)* ष.त.स.= मातृमोह ।

शब्दार्थ- आमाको स्नेह, आमाको माया ममता, आमाप्रतिको स्नेह ।

उदा. **भरिन्छ मातृमोहको समुद्रले जसै मन ।**
- दागवत्ती (भीमनिधि तिवारी)

मातृवत्सलः (ना./पुं./वि.) मातुः वत्सलः *(आमाको स्नेह गर्ने)* ष.त.स.= मातृवत्सल ।

शब्दार्थ- आमालाई माया गर्ने व्यक्ति, मातृस्नेह गर्ने ।

मातृष्वसा (ना./स्त्री.) मातुः ष्वसा *(आमाकी बहिनी वा दिदी)* ष.त.स.= मातृष्वसा ।

शब्दार्थ- सानीमा, ठूलीआमा, आमाकी दिदीवहिनी ।

मातृष्वसेयः (ना./पुं.) मातृष्वसुः अपत्यं पुमान् *(सानीमा, ठूलीआमाको सन्तान)* मातृष्वसृ+ढक्[३] (एय), अन्त्यका अकारको लोप= मातृष्वसेय ।

शब्दार्थ- सानीमा वा ठूलीआमाका सन्तान, आमाकी दिदी वहिनीका सन्तति ।

मातृसत्ता (ना./स्त्री.) मातुः सत्ता *(आमाको अस्तित्व)* ष.त.स.= मातृसत्ता ।

शब्दार्थ- परिवारमा वावुको भन्दा आमाको वोलवाला (हैकम) कायम रहने काम वा सामाजिक परिपाटी

मातृसदृशः (वि.) मात्रा सदृशः *(आमाकै सदृश)* तृ.त.स[४]. = मातृसदृश ।

शब्दार्थ- आमातुल्य, आमाकै वरावर, आमाकै समान ।

मात्रम् (ना./न.) माति, मिमीते मीयते इति वा *(नाप्छ, नापिन्छ)* मा माने (अदा.) वा माङ् माने शव्दे च (जुहो.) धातु, मा+त्रन्[५] (त्र), उणा.= मात्र ।

शब्दार्थ- केवल, खालि, मात्र ।

मात्रा (ना./स्त्री.) माति, मिमीते मीयते अनया इति वा *(नाप्छ वा नापिन्छ यसबाट)* मा माने (अदा.) वा माङ् माने शव्दे च (जुहो.) धातु, मा+त्रन्[५] (त्र), उणा., मात्रः । मात्र+टाप् (आ)= मात्रा ।

शब्दार्थ- परिमाण, तौल, नाप, व्यञ्जनवर्णमा जोडिने स्वरचिन्ह ।

मात्रिकः (ना./पुं./वि.) मात्रात् मात्रायाः वा आगतः *(मात्राबाट आएको)* मात्रा+ठक्[६] (इक), आकारलोप =मात्रिक ।

शब्दार्थ- मात्राको गणनावाट मिलाइने छन्दविशेष, मात्रावाट आएको, मात्रासम्वन्धी ।

मात्सर्यम् (ना./न.) मत्सरस्य भावः *(मत्सर (डाह) हुनाको भाव वा अवस्था)* मत्सर+ष्यञ्[७] (य), आदिवृद्धि, अकारलोप = मात्सर्य ।

शब्दार्थ- अरूको उन्नति प्रगतिप्रति पैदा हुने डाह, ईर्ष्या, जलन, अर्काको समुन्नतिप्रति डाह गर्ने काम ।

मादः (ना./पुं.) मद्यते इति *(मत्त हुनु)* मदी हर्षे (दिवा.) धातु, मद्+घञ् (अ), वृद्धि= माद ।

अथवा मदयते हर्षयति *(खुसी हुन्छ)* मदी हर्षग्लेपनयोः (भ्वा.) धातु, मद्+अप्[८] (अ), मदः ।

मदो रेतसि कस्तुर्यां गर्भे हर्षेभदानयोः- इति मेदिनी

मद एव *(मद नै)* मद+अण्[९] (अ), आदिवृद्धि= माद ।

शब्दार्थ- हात्तीको मद, हर्ष, प्रसन्नता, कस्तुरी, अहङ्कार, घमण्ड, मद, मात ।

---

[1] कर्मण्यण् : अण्
[२] आत्मन्विश्वजन... : ख
[३] स्त्रीभ्यो ढक् : ढक्
[४] पूर्वसदृशसमोनार्थ... : तृ.त.स.
[५] हुयामाश्रु... : त्रन्
[६] ठगायस्थानेभ्य...: ठक्
[७] गुणवचन... : ष्यञ्
[८] मदोऽनुपसर्गे : अप्
[९] प्रज्ञादिभ्यश्च : अण्

मादकः (ना./पुं./वि.) मादयतीति *(लट्ठ पार्छ)* मदी हर्षग्लेपनयोः (भ्वा.) धातु, मद्+णिचि, वृद्धि, मादि+ण्वुल्[1] (अक), णिलोप= मादक ।

शब्दार्थ- कामदेव, मादकपदार्थ, धतुरो, लट्ठ पार्ने, मताउने, वेहोस पार्ने, आनन्द दिने ।

मादकता (ना./स्त्री.) मादकस्य भावः *(उन्मत्त पार्नेको भाव वा अवस्था)* मादक+तल् (त)+टाप् (आ)=मादकता ।

शब्दार्थ-मादकपना, वेहोस पार्ने काम, लट्ठयाउने क्रिया ।

उदा. मधुर मसृण मादकता भरी- शा.म.का. ३/६५

मादनः (वि./ना./पुं./न.) मादयति हर्षयतीति *(खुसी पार्छ)* वा माद्यते इति *(लट्ठ बनाउनु)* मदी हर्षग्लेपनयोः (भ्वा.) धातु, मद्+णिचि, वृद्धि, मादि+ल्यु[2]/ल्युट् (अन), णिलोप= मादन ।

शब्दार्थ- लट्ठ पार्ने, मताउने, वेहोस पार्ने, धतुरो, मादकपदार्थ, लट्ठ पार्ने काम, वेहोस पार्ने काम ।

माधवः (ना./पुं.) मायाः लक्ष्म्याः धवः वा मा लक्ष्मीः तस्याः धवः *(लक्ष्मीका धव (पति)* ष.त.स.= माधव । अथवा मन्यते इति *(ठान्छ)* मन ज्ञाने (दिवा.) धातु, मन्+उ[3] (प्रत्यय), उणा., ध अन्तादेश, मधुः । मधुः पुष्परसः सः अस्मिन्नस्तीति *(मधु या पुष्परस छ यहाँ)* मधु+ञ (अ), आदिवृद्धि, गुण, अवादेश=माधव । अथवा मधौ मधुकुले जातः इति (मधुकुलमा पैदा भएका) मधु+अण्[4] (अ), आदिवृद्धि, गुण, अवादेश =माधव ।

शब्दार्थ- लक्ष्मीपति विष्णु, मधुकुलमा उत्पन्न कृष्ण, वैशाख महिना, मधुर रसले परिपूर्ण वसन्त ऋतु ।

माधवी (ना./स्त्री.) मधौ साधु पुष्यति *(वसन्त ऋतुमा राम्ररी विकसित हुन्छ)* मधु+अण् (अ), आदिवृद्धि, गुण, अवादेश, माधव+ङीप् (ई)= माधवी ।

अथवा मधौ वसन्ते भवा *(वसन्त ऋतुमा हुने)* मधु+अण् (अ)+ङीप् (ई)= माधवी ।

अथवा मा लक्ष्मीः तस्याः धवः पतिः (*लक्ष्मीका पति भगवान् विष्णु)* ष.त.स., माधवः । माधवस्य स्त्री (माधव विष्णुकी पत्नी) माधव+ङीप् (ई)= माधवी ।

वासन्ती माधवी लता- इत्यमरः

शब्दार्थ- सेतो फुल्ने वासन्ती लता, तुलसी, मह वा सख्खरवाट वनेको पेयपदार्थ, विष्णुपत्नी लक्ष्मी ।

माधुरी (ना./स्त्री.) मधुरस्य *भावः (मधुर हुनाको भाव वा अवस्था)* वा मधुरस्य इयम् *(मधुरको यो)* मधुर+अण्[5] (अ), आदिवृद्धि, मधुर+ङीप् (ई)= माधुरी ।

शब्दार्थ- मिठास, मधुरता, मीठो स्वाद, माधुर्य, मादकपदार्थ ।

माधुर्यम् (ना./न.) मधुरस्य भावः *(मधुर हुनाको भाव वा अवस्था)* मधुर+ष्यञ्[6] (य), आदिवृद्धि, अकारलोप =माधुर्य ।

रूपं किमप्यनिर्वाच्यं तनोर्माधुर्यमुच्यते
चिद्द्रवी भावमयो ह्लादो माधुर्यमुच्यते- सा.द.

शब्दार्थ- मधुरता, मीठोपना, मिठास, काव्यका गुणहरूमध्ये एक, अनिर्वचनीय रूप सौन्दर्य ।

माध्यमः (वि./ना./न.) मध्यमे जातः *(माझमा उत्पन्न भएको)* मध्यमस्य अयम् *(माझको यो)* मध्यम+अण्[7] (अ), आदिवृद्धि, अकारलोप= माध्यम ।

शब्दार्थ-केन्द्रीय, माझको, मध्यवर्ती, माझसंग सम्वन्धित, कुनै काम सम्पन्नताका लागि अपनाउने साधन ।

माध्यमिकः (वि.) मध्यमादागतः *(मध्यम वा मध्यममार्गबाट आएको)* वा मध्यमस्य अयम् *(मध्यमको यो)* मध्यम+ठक्[8] (इक),अकारलोप, आदिवृद्धि=माध्यमिक ।

शब्दार्थ- माझको, वीचको, केन्द्रीय, वौद्धधर्मको चार सम्प्रदायमध्ये एक ।

माध्वः (वि.) मधोरागतः *(मधुबाट पैदा भएको)* मधु+अण्[9] (अ), आदिवृद्धि, यण्= माध्व ।

शब्दार्थ- मीठो, मधुर, मधुवाट वनेको ।

माध्वी (ना./स्त्री.) मधोरागता *(मधुबाट पैदा भएको)* मधु+अण् (अ), आदिवृद्धि, यण्, माध्व+ङीप् (ई)=माध्वी

शब्दार्थ- मधुवाट वनेको- रक्सी, मदिरा, रससम्पन्न पदार्थ

माध्वीकम् (ना./न.) मधुना मधुकपुष्पेण निर्वृत्तम् *(मधुक वृक्षको फूलबाट बनेको रक्सी)* मधु+ईकक् (इक), वृद्धि, यण्= माध्वीक ।

शब्दार्थ- मधुक वृक्षको फूल वा ऊखु वा महुवा आदिवाट वनेको रक्सी, मद्य, मदिरा ।

मानः (ना./पुं.) मत्समः नास्ति इति मन्यते *(म जस्तो अरू छैन भन्ने ठान्दछ)* मनु अववोधने (तना.) धातु, मन्+घञ् (अ), वृद्धि= मान ।

मानश्चित्तसमुन्नतिः- इत्यमरः

शब्दार्थ- आदर, सम्मान, प्रतिष्ठा, घमण्ड, अभिमान, चित्तको समुन्नति, इज्जत, नायकका क्रियाकलापप्रति नायिका अप्रसन्न रहने काम ।

मानम् (ना./न.) मीयते अनेन *(नापिन्छ यसबाट)* मा माने (अदा.) वा माङ् माने शब्दे च (जुहो.) धातु, मा+ल्युट् (अन), करणमा= मान ।

शब्दार्थ- नाप, तौल, परिमाण ।

मानचित्रम् (ना./न.) मानस्य चित्रम् *(पृथ्वीका नाप नक्साको चित्र)* ष.त.स.= मानचित्र ।

शब्दार्थ- पृथिवीका नक्साको चित्र, भूचित्र ।

मानदण्डः (ना./पुं.) मानार्थं दण्डः *(नाप्नको लागि दण्ड)* च.त.स.= मानदण्ड ।

शब्दार्थ- नाप्ने लट्ठी, नाप्ने दण्ड, गज, योग्यता, शैक्षिक गुणस्तर आदि निर्धारणार्थ तोकिएको स्तर ।

---

[1] ण्वुल्तृचौ : ण्वुल्
[2] नन्दिग्रहिपचादि... : ल्यु
[3] फलिपाटि... : उ, ध अन्तादेश
[4] तत्र जातः : अण्
[5] हायनान्त.../तस्येदम् : अण्
[6] वर्णदृढादि... : ष्यञ्
[7] तस्येदम् : अण्
[8] ठगायस्थानेभ्य... : ठक्
[9] तत आगतः : अण्

मानधनः (वि.) मान एव धनं यस्य *(अभिमान नै धन छ जसको)* व.स.= मानधन ।

शब्दार्थ- मान नै धन भएको, अभिमानी, घमण्डी, अत्यन्त सम्मान चाहने ।

माननीयः (वि.) मान्यते, मानितुं योग्यः वा *(सम्मान गरिन्छ, सम्मान गर्न योग्य)* मान पूजायाम् (भ्वा.) धातु, मान्+अनीय (र्)= माननीय ।

शब्दार्थ- आदरणीय, सम्मान वा आदर गर्न लायक, सम्मानयोग्य, मान्य, पूज्य, पूजनीय ।

मानभङ्गः (ना./पुं.) मानस्य भङ्गः *(मानको हानि)* ष.त.स. =मानभङ्ग ।

शब्दार्थ- मानहानि, मानक्षति, अपमान, अमर्यादा, अप्रतिष्ठा ।

मानमर्यादा (ना./स्त्री.) मानश्च मर्यादा च *(मान र मर्यादा)* द्व.स.= मानमर्यादा ।

शब्दार्थ- आदरसम्मान, मानसम्मान, मानमनितो ।

मानवः (ना./पुं./वि.) मनोरयम् *(मनुको यो),* मनोर्जातः (मनुवाट पैदा भएको), मनोरपत्यं पुमान् *(मनुको पुरुष सन्तान)* मनु+अण्[१] (अ)= मानव ।

मनुष्या मानुषा मर्त्या मनुजा मानवा नराः- इत्यमरः

शब्दार्थ- मानिस, नर, मनुष्य, मनुका सन्तान, मनुसम्वन्धी ।

मानवता (ना./स्त्री.) मानवस्य भावः *(मानव हुनाको भाव वा अवस्था)* मानव+तल् (त)+टाप् (आ)= मानवता ।

शब्दार्थ- मानवमा भएको गुण वा अवस्था, मनुष्यत्व ।

उदा. **तर मानवता कहिल्यै मर्दैन, त्यो फेरि पलाउँछ-** घु.मे.ब.मा. (हो-चि-मिह्नलाई चिट्ठी (भू.पि.)

मानवतावादः (ना./पुं.) मानवतां वदति *(मानवताको पक्षमा वोल्छ)* मानवता उपपदपूर्वक वद व्यक्तायां वाचि (भ्वा.) धातु, मानवता+वद्+अण्[२] (अ), वृद्धि =मानवतावाद ।

अथवा उद्यते इति **(भनिन्छ)** वद्+घञ् (अ), वृद्धि, वादः । मानवतायाः वादः *(मानवताको सिद्धान्त)* प.त.स.= मानवतावाद ।

शब्दार्थ- मानिसको मूल्य र मान्यतामा विश्वास गर्ने सिद्धान्त, मानवताको पक्षमा वहस वा वकालत गर्ने सिद्धान्त वा वाद ।

मानवतावादी (वि.) मानवतावादः अस्यास्तीति *(मानवताको सिद्धान्त छ यसको)* मानवतावाद+इनि[३] (इन्), अकारलोप, मानवतावादिन्= मानवतावादी ।

शब्दार्थ- मानवतावादको सिद्धान्त मान्ने, मानवतावादका सिद्धान्तको अनुसरण गर्ने, मानवतावादको समर्थक ।

मानवती (ना./स्त्री.) मानः अस्याः अस्तीति *(अभिमान छ यस स्त्रीको)* मान+मतुप्[४] (मत्), मको व, मानवत् । मानवत्+ङीप्[५] (ई)= मानवती ।

शब्दार्थ- अहङ्कार गर्ने स्त्री, अभिमानिनी स्त्री, मानमर्यादापूर्वक रहन चाहने आइमाई, नायकसित अप्रसन्न रहेकी नायिका ।

मानवयुगम् (ना./न.) मानवानां युगम् *(मानवजातिको युग)* ष.त.स.= मानवयुग ।

शब्दार्थ- मानवसृष्टिको प्रारम्भिक युग, मानवजातिको उत्पत्ति युग ।

मानवशास्त्रम् (ना./न.) मानवानां शास्त्रम् *(मानवजातिको अध्ययन गर्ने शास्त्र)* ष.त.स. =मानवशास्त्र ।

शब्दार्थ- मानवजातिको उत्पत्ति, विकास र उसका विविधपक्षको अध्ययन गर्ने शास्त्र, मनुष्यवंशको शास्त्र ।

मानवी (ना./स्त्री.) मानवस्य स्त्री *(मानवजातिकी स्त्री)* मानव+ङीष् (ई)= मानवी ।

अथवा मनोरपत्यम् स्त्री *(मनुकी स्त्री सन्तति)* मनु+अण् (अ)+ङीष् (ई), गुण, अवादेश= मानवी ।

शब्दार्थ- मानव जातिकी स्त्री, मानव नारी, मानवी स्त्री ।

मानवीयः (वि.) मानवे भवः जातादिर्वा *(मानवमा भएको वा उत्पन्न भएको),* मानवाय हितम् *(मानवको लागि हित),* मानवस्य अयम् *(मानवको यो)* मानव+छ[६] (ईय), अकारलोप= मानवीय ।

शब्दार्थ- मानवसम्वन्धी, मानवमा पाइने, मानवोचित, मानव सुहाउँदो, मानिसको यो ।

मानविकी (वि./ना./स्त्री.) मानवादागताः, मानवस्य इयम् *(मानवबाट आएको वा मानवको यो)* मानव+ठक् (इक), मानविक+ङीप् (ई)= मानविकी ।

शब्दार्थ- मानवसम्वन्धी, मानववाट आएको, मानवोचित, मानिसको विचार, ज्ञान, दर्शन, सिद्धान्त र साहित्य आदिसित सम्वन्धित पक्ष ।

मानसम् (ना./न./वि.) मन्यते अनेन *(जानिन्छ यसबाट)* मन ज्ञाने (दिवा.) वा मनु अवबोधने (तना.) धातु, मन्+असुन्[७] (अस्), उणा., मनस् । मनस् एव *(मन नै)* मनस्+अण्[८] (अ), स्वार्थमा, वृद्धि= मानस ।

अथवा मनसः इदम् *(मनको यो)* मनस्+अण्[९] (अ), आदिवृद्धि= मानस ।

चित्तं तु चेतो हृदयं स्वान्तं हृन्मानसं मनः - इत्यमरः

शब्दार्थ- मन, चित्त, हृदय, अन्तःकरण, मनसम्वन्धी, मनको, मनवाट पैदा हुने ।

मानसपूजा (ना./स्त्री.) मानसेन कृता चासौ पूजा च *(मनद्वारा गरिएको पूजा)* क.त.स., उ.प.लोप =मानसपूजा ।

शब्दार्थ- मनद्वारा कल्पना गरिएका पदार्थद्वारा मनले नै पूजा गर्ने काम ।

---

१. तस्येदम्/तत्र जातः/तस्यापत्यम् : अण्

२. कर्मण्यण् : अण्

३. अत इनिठनौ : इनि

४. तदस्यास्त्यस्मिन्... : मतुप्

५.उगितश्च : ङीप्

६. वृद्धाच्छः/तस्मै हितम् : छ

७. सर्वधातुभ्योऽसुन् : असुन्

८. प्रज्ञादिभ्यश्च : अण्

९. तस्येदम् : अण्

मानसिकः (वि.) मनसः आगतः *(मनबाट आएको),* मनसा कृतम् *(मनले गरिएको),* मनसः अयम् *(मनको यो),* मनसि भवः *(मनमा हुने)* मनस्+ठक्[1] (इक) =मानसिक ।

शब्दार्थ- मनवाट उत्पन्न, मनसम्वन्धी, मानस, मनको, आत्मासम्वन्धी ।

मानहानिः (ना./स्त्री.) मानस्य हानिः *(मानको क्षति)* ष.त.स.= मानहानि ।

शब्दार्थ- मानप्रतिष्ठामा क्षति पुऱ्याउने काम, अपमान, वेइज्जती ।

मानिनी (ना./स्त्री.) मानमस्याः अस्तीति *(मान छ यस स्त्रीको)* मान+इनि[2] (इन्), अकारलोप, मानिन्+ङीप्[3] (ई)= मानिनी ।

शब्दार्थ- सम्मानपूर्वक रहन चाहने स्त्री, मानवती स्त्री, अभिमान गर्ने नारी ।

मानुषः (ना./पुं.) मनोरपत्यं पुमान् *(मनुका पुरुष सन्तान)* मनु+अञ्[4] (अ), षुगागम, आदिवृद्धि= मानुष ।

शब्दार्थ- मनुष्य, मानिस, नर, मानव ।

मानुषिकः (वि.) मानुषादागतः *(मानिसबाट आएको),* मानुषस्य अयम् *(मानिसको यो)* मानुष+ठक्[5] (इक), आदिवृद्धि, अकारलोप= मानुषिक ।

शब्दार्थ- मानिससम्वन्धी, मनुष्यको, मानवीय ।

मानुषी (वि.) मनोरपत्यम् स्त्री *(मनुकी स्त्री सन्तति)* मनु+अञ्[4] (अ), षुगागम, मानुष+ङीष् (ई) =मानुषी ।

मानुषस्य स्त्री *(मनुष्यकी स्त्री)* मानुष+ङीष् (ई) =मानुषी ।

शब्दार्थ- स्वास्नीमान्छे, आइमाई, मनुष्यपत्नी, महिला ।

मानुष्यम् (ना./न.) मनुष्यस्य भावः *(मनुष्य हुनाको भाव वा अवस्था)* मनुष्य+ष्यञ् (य), आदिवृद्धि= मानुष्य ।

शब्दार्थ- मनुष्यत्व, मनुष्यता, मनुष्य हुनाको अवस्था वा स्थिति ।

मानोन्नतिः (ना./स्त्री.) मानस्य उन्नतिः *(मान वा प्रतिष्ठाको समुन्नति)* मान+उन्नति, ष.त.स., गुण =मानोन्नति ।

शब्दार्थ- ज्यादै आदर, धेरै सम्मान, अत्यन्तै प्रतिष्ठा वढ्ने काम ।

मान्द्यम् (ना./न.) मन्दस्य भावः *(मन्द हुनाको भाव वा अवस्था)* मन्द+ष्यञ् (य), आदिवृद्धि= मान्द्य ।

शब्दार्थ- मन्दता, मन्दपना, मन्द हुनाको अवस्था वा स्थिति, सुस्तपना ।

मान्यः (वि.) मानितुं योग्यः, मान्यते इति वा *(मान गर्न योग्य, सम्मान गरिन्छ)* मान पूजायाम् (भ्वा.) धातु, मान्+ण्यत् (य)= मान्य ।

शब्दार्थ- सम्मान गर्न योग्य, आदरणीय, सम्मान्य, सम्पूज्य, मान्नुपर्ने ।

मान्यता (ना./स्त्री.) मान्यस्य भावः *(मान्य हुनाको भाव वा अवस्था)* मान्य+तल् (त)+टाप् (आ)= मान्यता ।

शब्दार्थ- आदर गर्ने काम, मानसम्मान, आदरभाव, कुनै कुरा स्वीकार्ने काम ।

मापः (ना./पुं.) माप्यते इति *(नापिन्छ)* मा माने (अदा.) वा माङ् माने शव्दे च (जुहो.) धातु, मा+णिचि, पुगागम, मापि+घञ् (अ), णिलोप= माप ।

शब्दार्थ- नाप्ने काम, मापन, नाप्ने साधन ।

मापकः (ना./पुं./वि.) मापयतीति *(नाप्छ, नाप्ने गर्छ)* मा माने (अदा.) वा माङ् माने शव्दे च (जुहो.) धातु, मा+णिचि, पुगागम, मापि+ण्वुल्[6] (अक), णिलोप =मापक ।

शब्दार्थ- नाप्ने साधन- गज, माना, पाथी, तराजु, नाप्ने, मापन गर्ने ।

मापनम् (ना./न.) माप्यते इति *(नापिन्छ)* मा माने (अदा.) धातु, मा+णिचि, पुगागम, मापि+ल्युट् (अन), णिलोप= मापन ।

शब्दार्थ- नाप्ने काम, माप, मापन ।

मामकः/मामकीनः (वि.) मम अयम् *(मेरो यो)* अस्मद्+अण्[7] (अ), अस्मद्को ममकादेश[7], ममक अ, आदिवृद्धि, अकारलोप= मामक ।

अथवा मम इति कायतीति *(मेरो भन्दछ)* 'मम' यो विभक्तिप्रतिरूपक अव्यय उपपदमा हुने कै शव्दे (भ्वा.) धातु, मम+का+क (अ), आलोप, ममक । ममक एव *(मेरो नै)* ममक+अण्[8] (अ), आदिवृद्धि =मामक ।

- अस्मद्+खञ्[7] (ईन), अस्मद्को ममक आदेश, ममक ईन, आदिवृद्धि, अकारलोप= मामकीन ।

शब्दार्थ-मसम्वन्धी, मेरो, मसँग सम्वन्धित, आफूसम्वन्धी ।

माया (ना./स्त्री.) माति, मिमीते विश्वम् *(विश्वलाई नै वश गर्छ)* मा माने (अदा.) वा माङ् माने शव्दे च (जुहो.) धातु, मा+य[9], माय+टाप् (आ)= माया ।

अथवा मीयते वश्यते प्रदर्श्यते वा अनया *(नापिन्छ, वश गरिन्छ वा प्रदर्शन गरिन्छ यसबाट)* मा+य[9], माय+टाप् (आ)= माया ।

माया स्यात् शाम्वरी बुद्ध्योर्मायः पिताम्बरे सूरे- मेदिनी

शब्दार्थ- ईश्वरीयशक्ति, त्रिगुणात्मिका दैवीशक्ति, अविद्या, मिथ्याभ्रम, भ्रान्ति, माया, प्रेम, मायाजाल, छलकपट, धोका, कपटपूर्ण कार्य ।

***द्रष्टव्य-* दैवी ह्येषा गुणमयी मम माया दुरत्यया- भ.गी.७/१४**

---

[1] ठगायस्यानेभ्यः/तस्येदम्/तत्र भवः : ठक्

[2] अत इनिठनौ : इनि

[3] ऋन्नेभ्य... : ङीप्

[4] मनोर्जाता... : अञ्, षुक्

[5] ठगायस्थानेभ्यः : ठक्

[6] ण्वुल्तृचौ : ण्वुल्

[7] युष्मदस्मदोरन्यतरस्याम्.../तवकममका...: अण्, खञ्, ममकादेश

[8] प्रज्ञादिभ्यश्च : अण्

[9] माछ्रससिभ्य...: य

मायाकारः/मायाकारी (वि.) मायां करोतीति, मायां कर्तुंशीलमस्य इति वा *(माया वा कपट फैलाउने शील छ यसको)* डुकृञ् करणे (तना.) धातु, माया+कृ+अण्[१] (अ), वृद्धि= मायाकार । माया+कृ+णिनि[२] (इन्),वृद्धि,मायाकारिन्=मायाकारी ।

शब्दार्थ- जादुगर, मायाजाल फैलाउने, मायावी, चटके, छलकपट गर्ने, मायावाट भुल्याउने, माया गर्ने, मायालु

मायादेवी (ना./स्त्री.) मायायाः देवी *(मायाशक्तिकी देवी)* ष.त.स.= मायादेवी ।

अथवा माया एव देवी *(मायारूप देवी)* म.व्य.स. =मायादेवी ।

शब्दार्थ- दैवीशक्ति, ईश्वरीय शक्ति, त्रिगुणमयी शक्ति, वुद्धकी आमा ।

मायापाशः (ना./पुं.) मायायाः पाशः वन्धनम् *(मायाको पाश वा बन्धन)* ष.त.स.= मायापाश ।

शब्दार्थ- मायाको वन्धन, मायाजाल, मायाको जञ्जाल, मायाको पासो ।

मायामोहः (ना./पुं.) माया च मोहश्च *(माया र मोह)* द्व.स., वा मायायां मोहः *(मायाप्रति मोह)* स.त.स. =मायामोह ।

अथवा मायया मोहयतीति *(मायाले भुल्याउँछ)* मुह वैचित्ये (दिवा.) धातु, माया+मुह+णिचि+घञ् (अ), गुण, णिलोप= मायामोह ।

शब्दार्थ- माया र मोह, प्रेम र आसक्ति, मायामा भुल्ने काम, मायाले लट्ठिने काम, सांसारिक विषय-वासनाप्रति आसक्ति, मायामोहमा फस्ने र फसाउँने व्यक्ति ।

मायालुः (वि.) मायां लातीति *(माया पैदा गर्छ, माया गर्छ)* मायापूर्वक ला आदाने (अदा.) धातु, माया+ला+डु[३] (उ), टिलोप= मायालु ।

शब्दार्थ- माया गर्ने, स्नेह गर्ने, प्रेम गर्ने, प्रेमी ।

मायावती (ना./स्त्री.) माया अस्ति अस्याः *(माया छ यसको)* माया+मतुप् (मत्), मको व, मायावत्+ङीप् (ई)= मायावती ।

शब्दार्थ- छलकपट गर्ने स्त्री, जादुगर्नी, मायाविनी, मायामा भुल्याउने स्त्री ।

मायावादः (ना./पुं.) उद्यते इति *(भनिन्छ)* वद व्यक्तायां वाचि (भ्वा.) धातु, वद्+घञ् (अ), वृद्धि, वादः । मायायाः वादः *(माया वा भ्रमको वाद)* ष.त.स. =मायावाद ।

शब्दार्थ- मिथ्या वा भ्रमको सिद्धान्त, यस सिद्धान्त-अनुसार व्रह्ममात्र सत्य र अन्य समस्त विश्वसृष्टि मिथ्या प्रतीत हुन्छ ।

मायावादी (वि.) मायावादः अस्यास्तीति *(मायावादको सिद्धान्त छ यसको)* मायावाद+इनि[४] (इन्), मायावादिन्= मायावादी ।

शब्दार्थ- मायावादको अनुसरण गर्ने, जगत्को सृष्टिलाई मिथ्या ठान्ने, मायावादको अनुयायी, अद्वैतवादी ।

मायावान् (वि.) माया अस्यास्तीति *(माया शक्ति वा जाल छ यसको)* माया+मतुप्[५] (मत्), मको व, मायावत् =मायावान् ।

शब्दार्थ- मायावी, मायाले भुल्याउने, कपटी, माया रच्ने, भ्रम फैलाउने ।

मायाविद् (वि.) मायां वेत्तीति *(माया जान्दछ)* माया उपपदमा हुने विद ज्ञाने (अदा.) धातु, माया+विद्+क्विप् (सर्वलोप)= मायाविद् ।

शब्दार्थ- कपटी, मायावी, कपट रच्नमा निपुण, जादुगर, माया फिँजाउन जान्ने, मायाजाल फैलाउने ।

मायाविनी (ना./स्त्री.) माया अस्याः अस्तीति *(मायाजाल छ यस स्त्रीको)* माया+विनि[६] (विन्), मायाविन्+ङीप् (ई)= मायाविनी ।

शब्दार्थ- छलकपट गर्ने स्त्री, जादु गर्ने वा मायामा भुलाउने नारी, धोका दिने स्त्री ।

मायावी (वि./ना./पुं.) माया अस्यास्तीति *(माया वा कपटभाव छ यसको)* माया+विनि[६] (विन्), मायाविन् =मायावी ।

शब्दार्थ- जादुगर, कपटी, इन्द्रजाल रच्ने, माया फैलाउने, धूर्त, मायाशक्तिका अधिपति- परव्रह्म परमेश्वर ।

मायिकः (वि.) मायायाः आगतः *(मायाबाट आएको)*, मायायाः अयम् *(मायाको यो)* माया+ठक्[७] (इक) =मायिक । अथवा माया अस्यास्तीति *(माया छ यसको)* माया+ठन्[८] (इक), आकारलोप= मायिक ।

शब्दार्थ- मायावाट पैदा भएको, मायासम्वन्धी, मायावी, छलकपट गर्ने, माया फैलाउने, धूर्त, कपटी, इन्द्रजाल रच्ने, जादुगर ।

मायी (वि.) माया अस्यास्तीति *(माया छ यसको)* माया+इनि (इन्), आकारलोप, मायिन्= मायी ।

शब्दार्थ- माया देखाउने, चटके, छलकपट गर्ने, इन्द्रजाली, जादुगर, मायावी, जालझेल गर्ने ।

मायूरः (ना./पुं.) मयते, मन्दं गच्छतीति *(विस्तारै मन्द मन्द हिँड्छ)* मय गतौ (भ्वा.) धातु, मय+ऊर[९] (उणा.), मयूरः । मयूराणां गणः समूहः *(मयूरको गण वा समूह)* मयूर+अञ्[१०] (अ), आदिवृद्धि= मायूर । अथवा मयूरस्य विकारः अवयवः वा *(मयूरको विकार वा अवयव)* मयूर+अण्[११] (अ), आदिवृद्धि= मायूर ।

शब्दार्थ- मयूरहरूको समूह, मुजुरको गण, मुजुरको समुदाय, मयूरको अङ्ग वा अवयव ।

---

१. कर्मण्यण् : अण्
२. सुप्यजातौ... : णिनि
३. मितद्रवादिभ्यः : डु
४. अत इनिठनौ : इनि
५. तदस्यास्त्यस्मिन्... : मतुप्
६. अस्मायामेधा... : विनि
७. ठगायस्थानेभ्यः : ठक्
८. अत इनिठनौ : ठन्
९. खर्जिपिञ्जादिभ्य...: ऊर
१०. अनुदात्तादेरञ् : अञ्
११. अवयवे प्राण्यौषधि...: अण्

मारः (ना./पुं.) म्रियन्ते अनेन *(मर्दछन् यसबाट)* मृङ् प्राणत्यागे (तुदा.) धातु, मृ+घञ् (अ), करणमा, वृद्धि =मार ।

अथवा मारयतीति *(हत्या वा वध गर्छ)* मृ हिंसायाम् (ऋचा.) धातु, मृ+णिचि, वृद्धि, मारि+अच् (पचादि), णिलोप= मार ।

मारो मृत्यौ स्मरे विघ्ने- इति मेदिनी

मदनो मन्मथो मारः- इत्यमरः

शब्दार्थ- कामदेव, अनङ्ग, विष, वाधा, विघ्न, हत्या, मृत्यु, वध ।

मारकः (वि./ना./पुं.) मारयतीति *(हत्या वा बध गर्छ)* मृ हिंसायाम् (ऋचा.) धातु, मृ+णिचि, वृद्धि, मारि+ण्वुल्[1] (अक), णिलोप= मारक ।

शब्दार्थ- मार्ने, हत्या वा वध गर्ने, संहारकारी, विनाशक, प्राणघात गर्ने, प्राणघातक रोग ।

मारणम् (ना./न.) मारणम्, मार्यते इति वा *(मारिन्छ, हत्या गरिन्छ)* मृ हिंसायाम् (ऋचा.) धातु, मृ+णिचि, वृद्धि, मारि+ल्युट् (अन), णिलोप, णत्व= मारण ।

शब्दार्थ- मार्ने काम, हत्या वा वध गर्ने काम, विनाश, हत्या, शत्रुको विनाशको लागि प्रयोग गरिने टुनामुना वा अन्य तान्त्रिक विधिविधान, विष, प्रतिघात ।

मारुतः (ना./पुं./वि.) म्रियन्ते अनेन विना **(यस विना मर्दछन्)** मृङ् प्राणत्यागे (तुदा.) धातु, मृ+उति[2] (उत्), उणा., गुण, मरुत् । मरुदेव *(वायु नै)* मरुत्+अण्[3] (अ), स्वार्थमा, आदिवृद्धि= मारुत ।

अथवा मरुतः अयम् *(हावाको यो),* मरुत् अस्मिन्नस्तीति *(हावा छ यसमा)* मरुत्+अण् (अ), आदिवृद्धि= मारुत ।

समीरमारुतमरुज्जगत्प्राणसमीरणाः- इत्यमरः

शब्दार्थ- हावा, वायु, पवन, समीर, वात, अनील, हावासम्वन्धी, वायुको, वायुवाट उत्पन्न ।

मारुतिः (ना./पुं.) मरुतः अपत्यं पुमान् *(वायुको पुरुष सन्तान)* वा मरुतः अयम् *(हावाको यो)* मरुत्+इञ्[4] (इ), आदिवृद्धि= मारुति ।

शब्दार्थ- वायुपुत्र हनुमान्, भीम, हावासम्वन्धी ।

मार्कण्डेयः (ना./पुं.) मृकण्डस्य अपत्यं पुमान् *(मृकण्ड ऋषिका सन्तान)* मृकण्ड+ढक्[5] (एय), आदिवृद्धि, टिलोप= मार्कण्डेय ।

शब्दार्थ- मृकण्डु ऋषिका पुत्र, अष्टचिरञ्जीवीमध्ये एक ।

द्रष्ट. आहुस्विरायुषमृषिं मृकण्डतनयं जनाः- श्रीमद्भा. १२/८/२

मार्गः (ना./पुं.) मृज्यते इति *(सफा गरिन्छ)* मृजु शुद्धौ (अदा.) धातु, मृज्+घञ् (अ), वृद्धि[6], कुत्व= मार्ग ।

अथवा मार्ग्यते इति *(अन्वेषण गरिन्छ)* मार्ग अन्वेषणे (चुरा.) धातु, मार्ग+घञ् (अ)= मार्ग ।

अथवा मृगः मृगशिरानक्षत्रम् । मृगेण युक्ता पौर्णमासी *(मृगशिरा नक्षत्रले युक्त पूर्णिमा)* मृग+अण्[7] (अ), आदिवृद्धि, मार्गः । मार्ग+ङीप् (ई), मार्गी । मार्गी पौर्णमासी अस्मिन् *(मृगशिरा नक्षत्रले युक्त पूर्णिमा छ यस महिनामा)* मार्गी+अण्[8] (अ), इकारलोप= मार्ग ।

शब्दार्थ- वाटो, मूल सडक, पथ, उपाय, अन्वेषण, खोज, मार्गमास, मङ्सिर महिना ।

मार्गदर्शकः (वि.) मार्गं दर्शयतीति *(वाटो देखाउंछ)* मार्ग उपपदपूर्वक दृशिर् प्रेक्षणे (भ्वा.) धातु, मार्ग+दृश्+णिचि, गुण, मार्गदर्शि+ण्वुल्[1] (अक), णिलोप=मार्गदर्शक ।

शब्दार्थ- अरूलाई वाटो देखाउने, पथप्रदर्शक, सत्मार्गमा लगाउने ।

मार्गदर्शनम् (ना./न.) मार्गः दर्श्यते अनेन *(वाटो देखाइन्छ यसद्वारा)* मार्ग उपपदपूर्वक दृशिर् प्रेक्षणे (भ्वा.) धातु, मार्ग+दृश्+णिचि, गुण, मार्गदर्शि+ल्युट् (अन), णिलोप= मार्गदर्शन ।

शब्दार्थ- वाटो देखाउने काम, पथप्रदर्शन, सत्मार्गमा लगाउने काम ।

मार्जकः (वि.) मार्ष्टीति *(माभ्छ)* मृजु शुद्धौ (अदा.) धातु, मृज्+ण्वुल्[1] (अक), वृद्धि= मार्जक ।

शब्दार्थ- माझ्ने, धोइपखाली गर्ने, सरसफाइ गर्ने, शुद्ध पार्ने, परिमार्जक, परिष्कृत गर्ने, परिमार्जन गर्ने ।

मार्जनम् (ना./न.) मृज्यते इति *(माझिन्छ)* मृजु शुद्धौ (अदा.) धातु, मृज्+ल्युट् (अन), वृद्धि= मार्जन ।

शब्दार्थ- माझ्ने काम, धोइपखाली गर्ने काम, शुद्धीकरण, परिमार्जन ।

मार्जनी (ना./स्त्री.) मृज्यते अनया *(सफा गरिन्छ यसबाट)* मृजु शुद्धौ (अदा.) धातु, मृज्+ल्युट् (अन), वृद्धि, मार्जन+ङीष्[9] (ई)= मार्जनी ।

संमार्जनी शोधनी स्यात्- इत्यमरः

शब्दार्थ- वडार्ने कुचो, खरेटो, सफा गर्ने साधन, सोधनी, सम्मार्जनी ।

मार्जितः (वि.) मार्ज्यते स्म इति *(शुद्ध गरिएको, माझिएको)* मृजु शुद्धौ (अदा.) धातु, मृज्+णिचि, वृद्धि[6], मार्जि+क्त (त), णिलोप, इडागम= मार्जित ।

अथवा मार्ज शब्दार्थे (चुरा.) धातु, मार्ज्+क्त (त), इडागम= मार्जित ।

शब्दार्थ- माझिएको, खारिएको, धोइपखाली गरिएको, परिमार्जित, परिष्कृत गरिएको, शुद्धीकरण गरिएको ।

---

[1] ण्वुल्तृचौ : ण्वुल्

[2] मृग्रोरुतिः : उति

[3] प्रज्ञादिभ्यश्च : अण्

[4] बाह्वादिभ्यश्च : इञ्

[5] शुभ्रादिभ्यश्च : ढक्

[6] मृजेर्वृद्धिः : वृद्धि

[7] नक्षत्रेण युक्तः कालः : अण्

[8] साऽस्मिन्पौर्णमासी... : अण्

[9] पिप्पल्यादयश्च (ग.) : ङीष्

मार्तण्डः (ना./पुं.) मृतश्चासौ अण्डश्च *(विकृत वा सुकेको अण्ड)* क.त.स., पररूप[1], मृतण्डः । मृतण्डे भवः जातः मृतण्ड+अण्[2] (अ), आदिवृद्धि= मार्तण्ड ।

मार्तण्डः क्रोडसूर्ययोः - इति मेदिनी

शब्दार्थ- सूर्य, रवि, आदित्य, अर्क, आँकको वोट, वँदेल, सूकर, काख, अङ्ग ।

मार्दवम् (ना./न.) मृदोर्भावः *(मृदु हुनाको भाव वा अवस्था)* मृदु+अण्[3] (अ), वृद्धि, गुण, अवादेश =मार्दव ।

शब्दार्थ- नरमपना, कोमलपन, मृदुता, मृदुत्व ।

मार्दङ्गिकः (वि.) मृदङ्गवादनं शिल्पमस्य *(मादल वजाउने सीप छ यसको)* मृदङ्ग+ठक्[4] (इक), आदिवृद्धि=मार्दङ्गिक ।

शब्दार्थ-मादल वजाउन सिपालु, मादल वजाउन जान्ने ।

मार्मिकः (वि.) मर्मणः आगतः *(मर्मबाट आएको)* मर्मणः अयम् *(मर्मको यो)* मर्म+ठक्[5] (इक), आदिवृद्धि =मार्मिक ।

शब्दार्थ- मर्मस्थलवाट आएको, मर्म छुने, मर्मस्पर्शी, हृदयस्पर्शी, मर्मज्ञ, मर्मसम्वन्धी ।

माला (ना./स्त्री.) मल्यते धार्यते इति *(धारण गरिन्छ)* मल धारणे (भ्वा.) धातु, मल्+घञ् (अ), वृद्धि, मालः । माल+टाप् (आ)= माला ।

अथवा मां लक्ष्मीं शोभां वा लातीति *(शोभा ल्याउँछ)* मा उपपदपूर्वक ला आदाने (अदा.) धातु, मा+ला+क[6] (अ), आकारलोप, माल+टाप् (आ) = माला ।

शब्दार्थ- फूल वा दूबो आदिको माला, मोती वा हीरा आदिको हार, पङ्क्ति, समूह ।

मालाकारः (वि.) मालां करोतीति *(माला बनाउँछ)* माला उपपदपूवर्क डुकृञ् करणे (तना.) धातु, माला+कृ+ अण्[7] (अ), वृद्धि= मालाकार ।

शब्दार्थ- माला वनाउने, माली, माला गाँस्ने ।

माली (वि.) माला अस्यास्तीति *(माला छ यसको)* माला+इनि[8] (इन्), आकारलोप, मालिन्= माली ।

शब्दार्थ- माला लगाउने, माला पहिरने, माला वेचेर जीविकोपार्जन गर्ने ।

मालिन्यम् (ना./न.) मलिनस्य भावः *(मलिन हुनाको भाव वा अवस्था)* मलिन+ष्यञ्[9] (य), आदिवृद्धि, अकारलोप= मालिन्य ।

शब्दार्थ- मलिनता, मलिन हुनाको स्थिति, मैलोपना, अपवित्रता, दूषितपना, कालोपना ।

माल्यम् (ना./न.) मल्यते धार्यते इति *(पहिरिन्छ)* मल धारणे (भ्वा.)धातु, मल्+ण्यत्[10] (य), वृद्धि=माल्य । अथवा माला एव *(माला नै)* माला+ष्यञ् (य), स्वार्थमा, आकारलोप= माल्य ।

शब्दार्थ- माला, हीरा वा मोती आदिको हार, फूल, पुष्पगुच्छा ।

माल्यार्पणम् (ना./न.) माल्यस्य अर्पणम् *(मालाको समर्पण)* माला+अर्पण, ष.त.स., दीर्घ= माल्यार्पण ।

शब्दार्थ- कुनै प्रतिमा आदिमा माला चढाउने काम, माल्यार्पण गर्ने क्रिया ।

मासः (ना./पुं.) मस्यते अनेन *(नापिन्छ यसवाट)* मसी परिणामे (दिवा.) धातु, मस्+घञ् (अ), वृद्धि= मास ।

शब्दार्थ-महिना, मैह्ना, ज्योतिषशास्त्रमा बाह्रको सङ्ख्या ।

मासजातः (ना./पुं./वि.) मासं जातस्य *(जन्मेकाको महिना दिन)* ष.त.स.= मासजात ।

अथवा मासः जातः यस्य *(जसको जन्मेको महिना दिन पुगेको छ)* व.स.= मासजात ।

शब्दार्थ- जन्मेको एक महिना, एक महिनाभन्दा पूर्वको ।

मासपूर्वः (ना./पुं.) मासेन पूर्वः *(महिना दिनभन्दा पहिले जन्मेको वा भएको)* मास+पूर्व, तृ.त.स[11].= मासपूर्व ।

शब्दार्थ- एक महिनाभन्दा पूर्वको शिशु, एक महिनाभन्दा पहिले जन्मेको वालक ।

मासिकः (वि.) मासे भवः जातादिर्वा *(महिनामा भएको)* मासः देवता अस्य *(मास छन् देवता जसका)* मास+ ठञ्[12] (इक), आदिवृद्धि, अकारलोप= मासिक ।

अथवा मासमधिष्ठः, मासं भूतः, मासं भावी *(महिना दिन रहने, महिना दिनमा भएको वा हुने)* मास+ठञ् (इक), आदिवृद्धि, अकारलोप= मासिक ।

शब्दार्थ- एक महिनाभन्दा पहिले जन्मेको वा भएको, महिनासम्वन्धी ।

माहाकुलः/माहाकुलीनः (वि.) महच्च तत् कुलम् *(ठूलो कुल)* क.त.स., आत्व, महाकुलम् । महाकुले जातादिः *(ठूलो कुलमा पैदा भएको)* महाकुल+अञ्[13] (अ), आदिवृद्धि= माहाकुल ।

महाकुल+खञ्[13] (ईन), आदिवृद्धि, अकारलोप =माहाकुलीन ।

शब्दार्थ- ठूलो कुलमा भएको, ठूलो कुलमा उत्पन्न भएको, ठूलो कुलघरानको, ठूलो खानदानको ।

माहाजनिकः (वि.) महान् चासौ जनश्च *(ठूलो मानिस)* क.त.स., आत्व, महाजनः । महाजनाय हितम् *(महाजनको लागि हित हुने)* महाजन+ठञ् (इक), आदिवृद्धि, माहाजनिक ।

शब्दार्थ- ठूला ठूला मानिसलाई हित हुने, महाजनलाई उपयोगी हुने ।

---

१. शकन्ध्वादिषु... : पररूप

२. तत्र भवः/तत्र जातः : अण्

३. इगन्ताच्च लघुपूर्वात् : अण्

४. शिल्पम् : ठक्

५. ठगायस्थानेभ्यः/तस्येदम् : ठक्

६. आतोऽनुपसर्गो... : क

७. कर्मण्यण् : यण्

८. अत इनिठनौ : इनि

९. गुणवचन... : ष्यञ्

१०. ऋहलोर्ण्यत् : ण्यत्

११. पूर्वसदृशसमोनार्थ...: तृ.त.स.

१२. कालाट्ठञ् : ठञ्

१३. महाकुलादञ्खञौ : अञ्/खञ्

माहाराजिकः/महाराजिकः (ना./पुं.) महाराजः वैश्रवणः देवता अस्य *(महाराज वैश्रवण देवता छन् यसका)* महाराज+ठञ्[१] (इक), आदिवृद्धि, अकारलोप =माहाराजिक ।

महाराज+ठन् (इक), अकारलोप= महाराजिक ।

वा महती राजिः पङ्क्तिः यस्य *(ठूलो पङ्क्ति छ जसको)* ब.स., कप् (समासान्त)= महाराजिक ।

महाराजिक साध्याश्च रुद्राश्च गणदेवताः- इत्यमरः

शब्दार्थ- गणदेवता, देवताविशेष ।

माहात्म्यम् (ना./न.) महात्मनः भावः *(महात्मा हुनाको भाव वा अवस्था)* महात्मन्+ष्यञ्[२] (य), आदिवृद्धि, नकार, अकारलोप= माहात्म्य ।

शब्दार्थ- महिमा, गुणगान, महत्त्व, दिव्यविभूतिका गुणको वर्णन, दिव्यविभूतिका महिमा आदिको वर्णन गरिएको ग्रन्थ, गरिमा ।

उदा. पछी सुस्तै सुस्तै मुलुकभर माहात्म्य फिँजियो- त.त. १४/१७

माहिषः (वि.) महिषस्य महिष्याः वा अयम् *(भैंसीको यो)* महिष/महिषी+अण्[३] (अ), आदिवृद्धि, अकार, इकारलोप = माहिष ।

शब्दार्थ- भैंसीसम्वन्धी, भैंसीबाट उत्पन्न, भैंसीको ।

माहेन्द्रः (वि.) महेन्द्रः देवता अस्य *(महेन्द्र छन् देवता यसका)* महेन्द्र+अण्[४] (अ), आदिवृद्धि, अकारलोप =माहेन्द्र ।

शब्दार्थ- महेन्द्रसम्वन्धी, महेन्द्रलाई देवता मान्ने, महेन्द्रको पूजाआजा र भक्ति गर्ने ।

माहेयः (वि./ना./पुं.) मह्यां जातादिः *(पृथिवीमा पैदा भएको),* मह्याः अपत्यम् *(पृथिवीको सन्तान)* मही+ढक्[५] (एय), आदिवृद्धि, इकारलोप= माहेय ।

शब्दार्थ- पृथिवीसम्वन्धी, पृथिवीको, पृथिवीवाट पैदा भएको, मङ्गलग्रह ।

माहेश्वरः (वि.) महाँश्चासौ ईश्वरश्च *(महान् ईश्वर)* क.त.स., आत्व, गुण, महेश्वरः । महेश्वरादागतः, महेश्वरस्य अयम्, महेश्वरः देवता अस्य *(महेश्वरबाट उत्पन्न, महेश्वरको यो, महेश्वर छन् देवता यसका)* महेश्वर+अण्[६] (अ), आदिवृद्धि, अकारलोप =माहेश्वर ।

शब्दार्थ- महेश्वरवाट पैदा भएको, महेश्वरको, महेश्वरसम्वन्धी, महेश्वरको पूजा गर्ने ।

माहेश्वरी (ना./स्त्री.) महेश्वरस्य स्त्री *(महेश्वरकी स्त्री)* महेश्वर+ङीष्[७] (ई)= माहेश्वरी ।

शब्दार्थ- जगदम्वा भगवती, महेश्वरकी पत्नी, भवानी, पार्वती, दुर्गा, सप्तमातृकामध्ये एक ।

मितः (वि.) मीयते स्म इति *(नापिएको)* मा माने (अदा.) वा माङ् माने शव्दे च (जुहो.) धातु, मा+क्त (त), इत्व[८]= मित ।

शब्दार्थ-नापिएको, परिमित, परिसीमित, सीमावद्ध, थोरै ।

मितभाषिणी (ना./स्त्री.) मितं अल्पं भाषितुं शीलमस्याः *(थोरै बोल्ने शील वा आदत छ यस स्त्रीको)* मित उपपदपूर्वक भाष व्यक्तायां वाचि (भ्वा.) धातु, मित+भाष्+णिनि[९] (इन्), मितभाषिन्+ङीप् (ई), णत्व =मितभाषिणी ।

शब्दार्थ- थोरै वोल्ने स्त्री, ज्यादै कम वोल्ने नारी, अल्पवादिनी ।

मितभाषिता (ना./स्त्री.) मितभाषिणः भावः *(अल्पभाषी हुनाको भाव वा अवस्था)* मितभाषिन्+तल् (त)+टाप् (आ)= मितभाषिता ।

शब्दार्थ- अल्पभाषी हुनाको भाव वा अवस्था, अल्पभापिता, परिमितभाषीको अवस्था ।

मितभाषी (वि.) मितमल्पं भाषितुं शीलमस्य *(थोरै बोल्ने शील छ यसको)* मित उपपदपूर्वक भाष व्यक्तायां वाचि (भ्वा.) धातु, मित+भाष्+णिनि[९] (इन्), मितभाषिन् = मितभाषी ।

शब्दार्थ- थोरै वोल्ने, अल्पभाषी, कम वोल्ने, परीमित रूपमा वोल्ने ।

मितव्ययः (ना./पुं.) व्ययनमिति *(खर्च गरिन्छ)* व्यय वित्तसमुत्सर्गे (अदन्त चुरा.) धातु, व्यय+घञ् (अ)/ अच् (एरच्), व्ययः । **अर्थस्यापगमे व्ययः - इत्यमरः** मितश्चासौ व्ययश्च *(थोरै खर्च)* क.त.स.= मितव्यय ।

शब्दार्थ- कम खर्च, आवश्यक काममा मात्र गरिने खर्च, परिसीमित खर्च, थोरै खर्च गरेर वचाउने काम ।

मितव्ययिता (ना./स्त्री.) मितव्ययः अस्यास्तीति *(कम खर्च गर्ने आदत छ यसको)* मितव्यय+इनि (इन्), मितव्ययिन् । मितव्ययिनः भावः *(मितव्ययी हुनाको भाव वा अवस्था)* मितव्ययिन्+तल् (त)+टाप् (आ), नलोप= मितव्ययिता ।

शब्दार्थ- कम मात्रामा खर्च गर्ने काम, मितव्ययी हुनाको अवस्था, किफायतीपन ।

मितव्ययी (वि.) मितव्ययः अस्यास्तीति *(कम खर्च गर्ने स्वभाव छ यसको)* मितव्यय+इनि (इन्), अकारलोप, मितव्ययिन्= मितव्ययी ।

शब्दार्थ- आवश्यक काममा मात्र खर्च गर्ने, कम खर्च गर्ने, किफायती, अनावश्यक खर्च नगर्ने ।

मिताहारः (ना./पुं.) आह्रियते इति *(खाइन्छ, भोजन गरिन्छ)* आङ्पूर्वक हृञ् हरणे (भ्वा.) धातु, आ+हृ+घञ् (अ), वृद्धि, आहारः । मितश्चासौ आहारश्च *(अल्प आहार)* मित+आहार, क.त.स., दीर्घ= मिताहार ।

शब्दार्थ- थोरै आहारा, अल्पहार, सीमित भोजन, थोरै मात्रामा खाने काम, स्वल्पभोजन ।

---

[१] महाराजप्रोष्ठपदाट्ठञ् : ठञ्
[२] गुणवचन... : ष्यञ्
[३] तस्येदम् : अण्
[४] महेद्राद्घाणौ : अण्
[५] नद्यादिभ्यो... : ढक्
[६] तत आगतः/तस्येदम् /साऽस्य देवता : अण्
[७] पुंयोगादाख्यायाम् : ङीष्
[८] द्यतिस्यतिमास्था... : इत्व
[९] सुप्यजातौ... : णिनि

मिताहारी (वि.) मितश्चासौ आहारश्च *(अल्प आहार)* क.त.स., दीर्घ, मिताहारः । मिताहारः अस्यास्तीति *(अल्प छ आहार यसको)* मिताहार+इनि[1] (इन्), अकारलोप, मिताहारिन्= मिताहारी । अथवा मितमाहर्तुं शीलमस्य *(थोरै खाने शील वा आदत छ यसको)* मित उपपदमा हुने आङ्पूर्वक हृञ् हरणे (भ्वा.) धातु, मित+आ+हृ+णिनि[2] (इन्), वृद्धि, दीर्घ, मिताहारिन्= मिताहारी ।

शब्दार्थ- परिसीमित भोजन गर्ने, थोरै खाने, अल्पाहारी, कम भोजन गर्ने ।

मितिः (ना./स्त्री.) मीयते इति *(नापिन्छ)* मा माने (अदा.) वा माङ् माने शब्दे च (जुहो.) धातु, मा+क्तिन् (ति), इत्व[3]= मिति ।

शब्दार्थ- दिन तोकिएको समयको अवधि (गते, वार, महिना, तारिख आदि), नाप, मान, परिमाण, हद, सीमा, प्रमाण ।

मित्रः (ना./पुं./न.) मेद्यतीति *(स्नेह गर्छ)* ञिमिदा स्नेहने (दिवा.) धातु, मिद्+क्त्र[4] (त्र), उणा.= मित्र ।

अथ मित्रं सखा सुहृद्- इत्यमरः

मित्रं सुहृदि द्वयोः । मित्रो दिवाकरे- इति हैमः

शब्दार्थ- सूर्य, आदित्य, रवि, इष्टमित्र, साथी, सखा, सहयोगी, सुहृद् ।

मित्रता/मित्रत्वम् (ना./स्त्री./न.) मित्रस्य भावः *(मित्र हुनाको भाव वा अवस्था)* मित्र+तल् (त)+टाप् (आ) =मित्रता ।

मित्र+त्व= मित्रत्व ।

शब्दार्थ- दोस्ती, मैत्री, मित्रभाव, मित्रत्व, सख्यभाव ।

मित्रद्रोहः (ना./पुं./वि.) द्रुह्यते इति *(द्रोह गरिन्छ)* द्रुह जिघांसायाम् (दिवा.)धातु, द्रुह+घञ्[5] (अ), गुण,द्रोहः । मित्रस्य द्रोहः *(मित्रको द्रोह)* ष.त.स.= मित्रद्रोह । अथवा मित्रं द्रुह्यतीति *(मित्रसित द्रोह गर्छ)* मित्र+द्रुह+अण् (अ), गुण= मित्रद्रोह ।

शब्दार्थ-मित्रसित द्रोह वा वैरभाव गर्ने व्यक्ति, मित्रद्रोही ।

मित्रद्रोही (वि.) मित्रं द्रोग्धुं शीलमस्येति *(मित्रको द्रोह गर्ने शील वा स्वभाव छ यसको)* मित्र उपपदमा हुने द्रुह जिघांसायाम् (दिवा.) धातु, मित्र+द्रुह+णिनि[2] (इन्), गुण, मित्रद्रोहिन्= मित्रद्रोही । अथवा मित्रस्य द्रोहः, मित्रद्रोहः अस्यास्तीति *(मित्रसित द्रोह छ यसको)* मित्रद्रोह+इनि[1] (इन्), मित्रद्रोहिन्= मित्रद्रोही ।

शब्दार्थ-मित्रप्रति द्रोह गर्ने, मित्रलाई द्वेष वा वैरभाव गर्ने

मित्रद्विष् (मित्रद्विट्) (वि.) मित्रं द्वेष्टीति *(मित्रसित द्रोह गर्छ)* मित्र उपपदमा हुने द्विष अप्रीतौ (अदा.) धातु, मित्र+द्विष्+क्विप्[6] (सर्वलोप),मित्रद्विष्,जस्त्व=मित्रद्विट् ।

शब्दार्थ- मित्रलाई द्वेष गर्ने, मित्रको अपमान वा निन्दा गर्ने, मित्रलाई द्रोह गर्ने, मित्रसित वैरभाव गर्ने ।

मित्रभावः (ना./पुं.) मित्रस्य भावः *(मित्र हुनाको भाव)* ष.त.स.= मित्रभाव ।

शब्दार्थ- मित्रताको भाव, मितेरी ।

मित्रराष्ट्रम् (ना./न.) राजते इति *(शोभित हुन्छ)* राजृ दीप्तौ (भ्वा.) धातु, राज्+ष्ट्रन्[7] (त्र), जको षत्व, ष्टुत्व, राष्ट्रम् । मित्रस्य राष्ट्रम् *(मित्रको राष्ट्र)* ष.त.स. =मित्रराष्ट्र ।

शब्दार्थ- मैत्रीसम्वन्ध स्थापना गरिएको देश, मित्रसमान रहेको देश ।

मित्रवत् (अव्य.) मित्रस्य इव *(मित्रझैं)* मित्र+वति[8] (वत्)= मित्रवत् ।

शब्दार्थ- मित्रझैं, मित्रसमान ।

मिथः (अव्य.) मेथतीति *(परस्पर सम्वन्ध हुन्छ)* मेथृ मेधाहिंसनयो सङ्गमे च (भ्वा.) धातु, मेथ्+असुन्[9] (अस्), मेको ह्रस्व, पृषोदरादिवाट, मिथस्, मिथः= मिथ

शब्दार्थ- परस्पर, अन्योन्यमा, एकान्त ।

मिथिला (ना./स्त्री.) मथ्यन्ते अत्र शास्त्रार्थाणि रिपवश्च *(शास्त्रार्थहरू मथन गरिन्छन्, शत्रुहरू माडिन्छन् यहाँ)* मन्थ विलोडने (भ्वा.) धातु, मन्थ्+इलच्[10] (इल), उणा., अनुनासिक म तथा नको इकारनिपातन, मिथ् इल, मिथिल+टाप् (आ)= मिथिला ।

शब्दार्थ- प्राचीन एक नगरी वा राजधानी, वर्तमान जनकपुर, राजा जनकको राज्य, मिथिला प्रदेश ।

मिथुनम् (ना./न.) मेथति सङ्गच्छन्तीति *(सङ्गम हुन्छ)* मेथृ सङ्गमे (भ्वा.) धातु, ह्रस्व (पृषोदरादिवाट), मिथ्+उनन्[11] (उन), उणा.= मिथुन ।

शब्दार्थ- स्त्री र पुरुषको जोडी, दम्पती, पतिपत्नी, जोईपोइ, सङ्गम, समागम, सहवास, सम्भोग, ज्योतिषशास्त्र-अनुसार वाह्र राशिमध्ये तेस्रो राशि ।

मिथ्या (वि.) मथते इति *(हुँडल्छ)* मथे विलोडने (भ्वा.) धातु, मथ्+यक्[12] (य), मको इगन्तनिपातन, उणा., मिथ्य+टाप् (आ)= मिथ्या ।

शब्दार्थ- असत्य, झूटो, ढाट्ने, मिथ्या वोल्ने ।

मिथ्याचारः (ना./पुं.) आचर्यते इति *(आचरण गरिन्छ)* आङ्पूर्वक चर गतिभक्षणयोः (भ्वा.) धातु, आ+चर्+घञ् (अ), वृद्धि, आचारः । मिथ्या चासौ आचारश्च *(मिथ्या आचार)* क.त.स., दीर्घ= मिथ्याचार ।

शब्दार्थ- नराम्रो आचरण, अनुचित आचरण, खराव व्यवहार, देखावटी आचरण ।

---

[1] अत इनिठनौ : इनि

[2] सुप्यजातौ... : णिनि

[3] द्यतिस्यतिमास्था... : इत्व

[4] अमिचिमिदि... : क्त्र

[5] हलश्च : घञ्

[6] सत्सूद्विषद्रुह... : क्विप्

[7] सर्वधातुभ्यष्ट्रन् : ष्ट्रन्

[8] तत्र तस्येव : वति

[9] सर्वधातुभ्यः... : असुन्

[10] मिथिलादयश्च : इलच्

[11] क्षुधिपिशिमिथिभ्य...: उनन्

[12] अघ्न्यादयश्च : यक्

मिथ्याचारी (वि.) मिथ्याचारः अस्यास्तीति *(मिथ्या आचरण छ यसको)* मिथ्याचार+इनि[1] (इन्), अकारलोप, मिथ्याचारिन्= मिथ्याचारी ।

अथवा मिथ्यामाचरितुं शीलमस्य *(अनुचित आचरण गर्ने शील वा स्वभाव छ यसको)* मिथ्यापूर्वक चर गतिभक्षणयोः (भ्वा.) धातु, मिथ्या+आ+चर्+णिनि[2] (इन्), दीर्घ, मिथ्याचारिन्= मिथ्याचारी ।

शब्दार्थ- अनुचित आचरण गर्ने, नराम्रो व्यवहार गर्ने, पापाचारी, कपटी, खराब आचरण गर्ने ।

मिथ्याज्ञानम् (ना./न.) मिथ्या च तत् ज्ञानम् *(मिथ्या ज्ञान)* क.त.स.= मिथ्याज्ञान ।

अथवा मिथ्यायाः ज्ञानम् *(मिथ्या कुराको ज्ञान)* ष.त.स.= मिथ्याज्ञान ।

शब्दार्थ- झूटो ज्ञान, भ्रमात्मक ज्ञान, भ्रान्ति ।

मिथ्यादृष्टिः (ना./स्त्री.) मिथ्या चासौ दृष्टिश्च *(मिथ्या दृष्टिकोण)* क.त.स.= मिथ्यादृष्टि ।

मिथ्यादृष्टिर्नास्तिकता- इत्यमरः

शब्दार्थ- झूटो दृष्टिकोणले हेर्ने काम, नास्तिकता, नास्तिक भाव वा विचार ।

मिथ्यापवादः (ना./पुं.) मिथ्या चासौ अपवादश्च *(झूटो अपवाद)* वा मिथ्यायाः अपवादः *(झूटो कुराको अपवाद)* क.त.स./ष.त.स., दीर्घ= मिथ्यापवाद ।

शब्दार्थ- झूटो आरोप, झूटो अपवाद, मिथ्याभियोग ।

मिथ्याभाषी (वि.) मिथ्यां भाषितुं शीलमस्य *(झूटो बोल्ने शील वा स्वभाव छ यसको)*मिथ्या उपपदपूर्वक भाष व्यक्तायां वाचि (भ्वा.) धातु, मिथ्या+भाष्+णिनि[2] (इन्), मिथ्याभाषिन्= मिथ्याभाषी ।

शब्दार्थ- झूटो बोल्ने, मिथ्यावादी, झूटो बोल्न निपुण, असत्यवादी ।

मिथ्याभियोगः (ना./पुं.) अभियुज्यते इति *(अभियोग लगाइन्छ)* अभिपूर्वक युजिर् योगे (रुधा.) धातु, अभि+युज्+घञ् (अ), गुण, कुत्व, अभियोगः । मिथ्या चासौ अभियोगश्च *(झूटो अभियोग)* क.त.स., दीर्घ =मिथ्याभियोग ।

शब्दार्थ- झूटो अभियोग, मिथ्यापवाद, झूटो अपवाद ।

मिथ्यारोपः (ना./पुं.) मिथ्या चासौ आरोपश्च *(झूटो आरोप)* मिथ्या+आरोप, क.त.स., दीर्घ= मिथ्यारोप ।

शब्दार्थ- झूटो आरोप, मिथ्यापवाद, असत्य अभियोग ।

मिथ्यावादी (वि.) मिथ्यां वदितुं शीलमस्य *(झूटो बोल्ने शील वा स्वभाव छ यसको)* मिथ्या उपपदपूर्वक वद व्यक्तायां वाचि (भ्वा.) धातु, मिथ्या+वद्+णिनि[2] (इन्), वद्को वृद्धि, मिथ्यावादिन्= मिथ्यावादी ।

शब्दार्थ-झूटो बोल्ने, असत्य बोल्ने, ढाँट्ने, असत्यवादी ।

उदा. मिथ्यावादी अन्धहरू महान् दार्शनिक कहलिन्थे- आगो र पानी (१/७)

मिलनम् (ना./न.) मिलनम्, मिल्यते इति वा *(मिलन हुनु)* मिल सङ्गमे (तुदा.) धातु, मिल्+ल्युट् (अन)= मिलन ।

शब्दार्थ- मिल्ने काम, भेट, एकत्रित हुने काम, सङ्गम, संयोग, जम्मा हुने काम, सम्पर्क ।

मिलनशीलः (वि.) मिलनं शीलमस्य *(मिल्ने शील वा स्वभाव छ यसको)* ब.स.= मिलनशील ।

शब्दार्थ- मिलनसार, सबैसित घुलमिल हुन सक्ने, सबैसँग मिल्ने ।

मिलनसारः (वि.) स्रियते इति *(गतिशील हुनु)* सृ गतौ (भ्वा.) धातु, सृ+घञ् (अ), वृद्धि, सारः । मिलनं सारः यस्य *(मिलन नै मुख्य सार छ जसको)* ब.स. =मिलनसार ।

शब्दार्थ- सबैसित मिल्न सक्ने, सबैसित मेलमिलाप गर्न सक्ने, मिलनशील ।

मिलितः (वि.) मिल्यते स्म इति *(मिलेको, जोडिएको)* मिल सङ्गमे (तुदा.) धातु, मिल्+क्त (त), इडागम =मिलित ।

शब्दार्थ- मिलेको, जोडिएको, एकत्रित भएको, मिश्रित, मिसिएको, सम्मिलित ।

मिश्रः (वि./ना./पुं.) मिश्रयति, मिश्रयते इति *(मिसाउँछ, मिसाइन्छ)* मिश्र सम्पर्के (चुरा.) धातु, मिश्र+अच् (पचादि)/घञ् (अ)= मिश्र ।

शब्दार्थ- मिल्ने, मिसिने, घोलिने, मिसाउने, मिलाउने काम, घोल्ने काम, घुलमिल, मिसावट, घोल ।

मिश्रणम् (ना./न.) मिश्रणम्, मिश्रयते इति *(मिसाइन्छ)* मिश्र सम्पर्के (चुरा.) धातु, मिश्र+ल्युट् (अन), णत्व =मिश्रण ।

शब्दार्थ- दुई वा धेरै पदार्थ एक ठाउँमा मिसाउने काम, घोल्ने काम, मिसावट, घुलमिल ।

मिश्रितः (वि.) मिश्रयते स्म इति *(मिसाइएको)* मिश्र सम्पर्के (चुरा.)धातु, मिश्र्+क्त (त), इडागम=मिश्रित ।

शब्दार्थ- मिसाइएको, घोलिएको, धेरै पदार्थ एक ठाउंमा मिलाइएको ।

मिश्रवाक्यम् (ना./न.) मिश्रं च तत् वाक्यम् *(मिश्रवाक्य)* क.त.स.= मिश्रवाक्य ।

शब्दार्थ- मिलेको वाक्य, एउटा मुख्य वाक्य र एक वा एकभन्दा बढी अङ्गवाक्य मिलेको वाक्य ।

मिष्टः (वि.) मेषतीति *(स्वादिष्ट हुन्छ)* मिषु सेचने (सहने) च (भ्वा.) धातु, मिष्+क्त (त), संज्ञामा, ष्टुत्व= मिष्ट ।

शब्दार्थ- मीठो, स्वादिष्ट, मधुर, स्वादिलो ।

मिष्टभाषी (वि.) मिष्टं भाषितुं शीलमस्य *(मीठो बोल्ने शील छ यसको)* मिष्ट उपपदपूर्वक भाष व्यक्तायां वाचि (भ्वा.) धातु, मिष्ट+भाष्+णिनि[2] (इन्), मिष्टभाषिन्= मिष्टभाषी ।

शब्दार्थ- मीठो बोल्ने, मधुरभाषी, मिजासिलो स्वभावको ।

---

[1] अत इनिठनौ : इनि

[2] सुप्यजातौ... : णिनि

मिष्टान्नम् (ना./न.) मिष्टञ्च तत् अन्नञ्च *(मीठो अन्न)* मिष्ट+अन्न, क.त.स., दीर्घ= मिष्टान्न ।

शब्दार्थ- मीठो खानेकुरा, स्वादिष्ट खाना, मीठो भोजन, मिठाई ।

मिहिरः (ना./पुं.) मेहतीति *(प्रकाश छर्छ, सेचन गर्छ, वहन्छ)* मिह सेचने (भ्वा.) धातु, मिह+किरच्[1] (इर) =मिहिर ।

शब्दार्थ- सूर्य, आदित्य, रवि, भानु, वादल, अनिल, वायु ।

मिहिरमण्डलम् (ना./न.) मिहिरस्य मण्डलम् *(सूर्यको मण्डल)* ष.त.स.= मिहिरमण्डल ।

शब्दार्थ- सूर्यमण्डल, सूर्यको वरिपरि लाग्ने घेरा, मेघमण्डल, वादलको घेरो ।

उदा. ठाडो गरी शिर शिखावलको वथान
वोजी गरूँ मिहिरमण्डलको भनेर- सन्ध्या (लालित्य)

मीनः (ना./पुं.) मीनातीति *(हिंसा गर्छ)* वा मीयते हिंस्यते यः *(मारिन्छ वा हिंसा गरिन्छ जो)* मीञ् हिंसायाम् (क्रया.) धातु, मी+नक्[2] (न), उणा.= मीन ।

झषो मत्स्यो मीनो वैसारिणोऽण्डजः- इत्यमरः

शब्दार्थ- माछो, मत्स्य, झष, वाह्र राशिमध्ये एक ।

मीनकेतनः (ना./पुं.) मीनः केतने अस्य *(माछो छ ध्वजामा यिनको)* व.स.= मीनकेतन ।

शब्दार्थ- कामदेव, कन्दर्प, मदन ।

मीमांसकः (वि.) मानितुमिच्छति *(जान्न चाहन्छ)* जिज्ञासार्थक मान पूजायाम् (भ्वा./चुरा.) धातु, मा+ सन्[3] (स), द्वित्व[4], मान् मान् स, पूर्व मान्को एकशेष, इत्व[5], मिमान्स । अभ्यासको दीर्घ, अनुस्वार, मीमांस (सनन्त धातु) । मीमांसते इति *(जान्ने जिज्ञासा राख्छ)* मीमांस +अच् (पचादि)+टाप् (आ), मीमांसा । मीमांसामधीते वेत्तीति वा *(मीमांसाशास्त्र पढ्छ वा जान्दछ)* मीमांसा+ वुन्[6] (अक), आकारलोप =मीमांसक ।

शब्दार्थ- मीमांसाशास्त्रको अध्ययन गर्ने, मीमांसाशास्त्र ज्ञाता वा वेत्ता, मीमांसाशास्त्र विशेषज्ञ, मीमांसाशास्त्रको विद्वान् ।

मीमांसा (ना./स्त्री.) मानितुमिच्छति *(जान्न चाहन्छ)* जिज्ञासार्थक मान पूजायाम् (भ्वा./चुरा.) धातु, मा+ सन्[3] (स), द्वित्व[4], मान् मान् स, पूर्व मान्को एकशेष, इत्व[5], मिमान्स । अभ्यासको दीर्घ, अनुस्वार, मीमांस (सनन्त धातु) । मीमांस्यते इति *(मीमांसा वा समीक्षा गरिन्छ)* मीमांस+अ[7] (प्रत्यय) +टाप् (आ), दीर्घ= मीमांसा ।

शब्दार्थ- गहनविचार, परीक्षण, विवेचना गर्ने काम, पूर्वीय षट्दर्शनहरूमध्ये एक, (यो पूर्व र उत्तर दुईभागमा विभाजित छ) ।

मीमांसाकारः (ना./पुं.) मीमांसां करोतीति *(मीमांसा दर्शन वा शास्त्रको रचना गर्छन्)* मीमांसा उपपदमा हुने डुकृञ् करणे (तना.) धातु, मीमांसा+कृ+अण्[8] (अ), कृको वृद्धि= मीमांसाकार ।

शब्दार्थ- मीमांसादर्शनसूत्रका रचयिता जैमिनि ऋषि ।

मीमांसितः (वि.) मीमांस्यते स्म इति *(मीमांसा गरिएको)* 'मीमांस' सनन्तधातु, मीमांस+क्त (त), इडागम =मीमांसित ।

शब्दार्थ- मीमांसा गरिएको, विचारविमर्श गरिएको, विवेचना गरिएको ।

मीमांस्यः (वि.) मीमांस्यते, मीमांसितुं योग्यः वा *(मीमांसा गरिन्छ वा गर्न लायक)* 'मीमांस' सनन्त धातु, मीमांस+यत्[9] (य), अकारलोप= मीमांस्य ।

शब्दार्थ- मीमांसा गर्न योग्य, मीमांसा गर्न लायक, विवेच्य, विवेचना गर्न उपयुक्त ।

मुकुटम् (ना./न.) मङ्कते मण्डयति, मङ्क्यते इति वा *(विभूषित हुन्छ वा हुनु)* मकि मण्डने (भ्वा.) धातु, नुम्, मङ्क्+उटन् (उट), उणा., वहुलप्रकारले, धातुका मको उ, नलोप पृषोदरादिवाट= मुकुट ।

शब्दार्थ- किरीट, शिरोभूषण, श्रीपेच, शिरोरत्न, चूडामणि ।

मुकुन्दः (ना./पुं.) मुक्तिं ददातीति *(मुक्ति दिन्छन्)* डुदाञ् दाने (जुहो.) धातु, मुक्ति+दा+क (अ), आलोप, क्तिको 'कुन्' निपातन, पृषोदारदिवाट= मुकुन्द ।

अथवा मुकुं ददातीति *(मूल्यवान् रत्न वा वस्तु दिन्छन्)* मुकु+दा+क (अ), आकारलोप, मुम्, पृषोदरादिवाट, परसवर्ण= मुकुन्द (सं.हि.को.आप्टे) ।

शब्दार्थ- भगवान् विष्णु, श्रीकृष्ण, मूल्यवान् रत्न, नौ निधिमध्ये एक ।

मुकुलः (ना./पुं./न.) मुञ्चतीति *(मुकुलित हुन्छ वा कोपिलापन त्याग्छ)* मुच्लृ मोक्षणे (तुदा.) धातु, मुच्+ उलक् (उल), उणा., वहुलप्रकारले, मुच्का चको कुत्व= मुकुल ।

कुड्मलो मुकुलोऽस्त्रियाम्- इत्यमरः

शब्दार्थ- फक्रन लागेको कोपिला, विकासोन्मुख कोपिला, मुना, कुड्मल ।

मुकुलितः (वि.) मुकुलः सञ्जात अस्य *(कोपिला लागेको छ यसको)* मुकुल+इतच्[10] (इत), अकारलोप =मुकुलित ।

शब्दार्थ- कोपिला लागेको, टुसा हालेको, अलि अलि फक्रेको, आधा खुलेको ।

मुक्तः (वि.) मुच्यते स्म इति *(मुक्त भएको)* मुच्लृ मोक्षणे (तुदा.) धातु, मुच्+क्त (त)= मुक्त ।

शब्दार्थ- स्वतन्त्र भएको, वन्धनमुक्त, मुक्ति पाएको, मुक्त भएको, फुक्का भएको, मोक्ष प्राप्त गरेको ।

---

१. इषिमदिमुदि...: किरच्
२. फेनमीनौ : नक्
३. मानेर्जिज्ञासायाम् : सन्
४. सन्यतः : द्वित्व
५. सनिमीमाघु...: इत्व
६. क्रमादिभ्यो वुन् : वुन्
७. अ प्रत्ययात् : अ
८. कर्मण्यण् : अण्
९. अचो यत् : यत्
१०. तदस्य सञ्जातम्... : इतच्

मुक्तकम् (ना./न.) मुक्त एव *(फुक्का वा मुक्त नै)* मुक्त+कन् (क), स्वार्थमा= मुक्तक ।

शब्दार्थ- छन्दको वन्धनमा नलेखिएको स्वतन्त्रकविता, कथासूत्रमा नबाँधिएको स्वतन्त्र अभिव्यक्ति भएको कविता ।

मुक्तकण्ठः (वि.) मुक्तः कण्ठः यस्य *(खुला छ कण्ठ जसको)* ब.स.= मुक्तकण्ठ ।

शब्दार्थ- खुला हृदयले वोल्ने, मुक्तकण्ठले गुणगान गर्ने, खुला मनले प्रशंसा गर्ने ।

मुक्तहस्तः (वि.) मुक्तौ हस्तौ यस्य *(खुला छन् हात जसका)* ब.स.= मुक्तहस्त ।

शब्दार्थ- ठूलो हात हुने, उदार मनको, दाता, कन्जुस्याइँ नगर्ने ।

मुक्तहृदयः (वि.) मुक्तं हृदयं यस्य *(मुक्त छ हृदय जसको)* ब.स.= मुक्तहृदय ।

शब्दार्थ- खुलाहृदय भएको, स्वच्छ मनको, उदारमना ।

मुक्ता (ना./स्त्री.) मुच्यते स्म इति *(बन्धन मुक्त भएको)* मुच्लृ मोक्षणे (तुदा.) धातु, मुच्+क्त (त), मुक्त । मुक्त+टाप् (आ)= मुक्ता ।

शब्दार्थ- मोती, मोतीवाट वनेको माला, नैतिक वन्धनबाट मुक्त भएकी नारी, वेश्या स्त्री ।

मुक्तात्मा (वि.) मुक्तः आत्मा यस्य *(मुक्त छ आत्मा जसको)* मुक्त+आत्मन्, ब.स., दीर्घ, मुक्तात्मन् =मुक्तात्मा ।

शब्दार्थ- मुक्ति प्राप्त गरेको, सांसारिक वन्धन तथा पापवाट छुटकारा पाएको, जीवनमुक्त ।

मुक्तावलिः/मुक्तावली (ना./स्त्री.) आ वलतीति *(संवरण गर्छ)* वल संवरणे (भ्वा.) धातु, आ+वल्+इन् (इ), उणा., आवलिः । आवलि+ङीष् (ई), विकल्पले, आवली । ङीष्को अभावमा, आवलि । मुक्तानामावलिः/आवली *(मोतीको माला)* ष.त.स., दीर्घ= मुक्तावलि/मुक्तावली ।

शब्दार्थ- मोतीको हार, मोतीको माला, मुक्ताहार ।

मुक्तिः (ना./स्त्री.) मुच्यते अनेन *(छुटकारा पाइन्छ यसबाट)* मुच्लृ मोक्षणे (तुदा.) धातु, मुच्+क्तिन् (ति), करणमा, कुत्व= मुक्ति ।

शब्दार्थ- मोक्ष, कैवल्य, मुक्त हुने काम, मोचन, सांसारिक जन्ममरणरूप वन्धनवाट छुटकारा पाउने काम, निर्वाण, परित्याग, स्वतन्त्र हुने काम

मुक्तिक्षेत्रम् (ना./न.) मुक्तिदायकञ्च तत् क्षेत्रम् *(मुक्ति दिने क्षेत्र)* क.त.स., उ.प.लोप= मुक्तिक्षेत्र ।

अथवा मुक्तये क्षेत्रम् *(मुक्तिका लागि क्षेत्र)* क.त.स. =मुक्तिक्षेत्र ।

शब्दार्थ- मुक्ति प्रदायक क्षेत्र, मुक्ति दिने क्षेत्रहरू- मुक्तिनाथ, काशी, वद्रि, केदार आदि क्षेत्र ।

मुखम् (ना./न.) खन्यते अनेन *(अन्नादि खाइन्छ यसबाट)* खनु अवदारणे (भ्वा.) धातु, खन्+अच्[1]/अल् (अ), उणा., धातुको आदिमा मुडागम[1], टिलोप, मुख् अ= मुख ।

वक्त्रास्ये वदनं तुण्डमाननं लपनं मुखम्- इत्यमरः

मुखं निःसरणे वक्त्रे प्रारम्भोपाययोरपि,

सन्ध्यन्तरे नाटकादेः शब्देऽपि च नपुंसकम्- इति मेदिनी

शब्दार्थ- खाने तथा वोल्ने साधन, अनुहार, आनन, वक्त्र, आस्य, मुहार, मोहडा, उपाय, प्रारम्भ, थालनी, धोका, श्रेष्ठ, नाटकका पांच सन्धिमध्ये एक, खोला, नदी आदिको मुहान, स्रोत वा उद्गमस्थान ।

द्रष्टव्य- **परं शुचितमं विद्यात्मुखं स्त्रीवन्हिवाजिनाम्-** अर्थात् स्त्रीजाति, आगो र घोडाको मुख सदा पवित्र हुन्छ- स.यो.प.मा. ।

मुखकान्तिः (ना./स्त्री.) मुखस्य कान्तिः *(मुखको शोभा)* ष.त.स.= मुखकान्ति ।

शब्दार्थ- मुखको तेज, मुखको छवि, मुखको शोभा, मुखको दीप्ति वा प्रकाश ।

मुखपत्रम् (ना./न.) मुखञ्च तत् पत्रम् *(मुखपत्र)* क.त.स.= मुखपत्र ।

शब्दार्थ- कुनै सङ्घसंस्था आदिको उद्देश्य पूर्ति गर्न प्रकाशित मुख्यपत्रिका ।

मुखपद्मम् (ना./न.) मुखं पद्ममिव *(मुख कमलभैं)* उपमि.त.स.= मुखपद्म ।

शब्दार्थ- मुखकमल, मुखपद्म ।

मुखपृष्ठम् (ना./न.) मुखं च तत् पृष्ठम् *(प्रारम्भिक पृष्ठ)* क.त.स.= मुखपृष्ठ ।

अथवा मुखस्य पृष्ठम् *(प्रारम्भको पृष्ठ)* ष.त.स. =मुखपृष्ठ ।

शब्दार्थ- कुनै पुस्तक पत्रिका आदिको पहिलो पृष्ठ, आवरणपृष्ठ ।

मुखमण्डलम् (ना./न.) मुखस्य मण्डलम् *(मुखको मण्डल वा अनुहार)* ष.त.स.= मुखमण्डल ।

शब्दार्थ- मुख वरिपरिको अनुहार, मुख वरिपरिको भाग वा मण्डल, मुहार, वदनमण्डल, मुखछवि, मुखको आकृति ।

मुखरः (वि.) निन्दितं मुखं वचनं अस्यास्तीति *(निन्दित बोली छ यसको)* मुख+र[2] (प्रत्यय)= मुखर ।

अथवा मुखं वाक् अस्यास्तीति *(तीजिलो वचन छ यसको)* मुख+र (प्रत्यय)= मुखर ।

अथवा मुखं मुखव्यापारं वचनं रातीति *(ज्यादै बोल्छ)* मुख उपपदपूर्वक रा दाने (अदा.) धातु, मुख+रा+क[3] (अ), आलोप= मुखर ।

शब्दार्थ- मुख लाग्ने, कुरौटे, फतफते, मनपरि वोल्ने, मुखाले, वाचाल, वाक्पटु, थुतुनो चलाइरहने ।

---

[1] डित्खनेर्मुट्... : अच्/अल्, मुट्

[2] रप्रकरणे खमुखकुञ्जेभ्यः... (वा.) : र

[3] आतोऽनुपसर्गे... : क

मुखरता (ना./स्त्री.) मुखरस्य भावः *(वाचालु हुनाको स्थिति वा अवस्था)* मुखर+तल् (त)+टाप् (आ) =मुखरता ।

शब्दार्थ- वाक्पटुता, मुखाले हुनाको अवस्था, वाचालुपन ।

मुखरितः (वि.) मुखरः सञ्जातः अस्य *(आवाज वा ध्वनि उत्पन्न भएको छ यसको)* मुखर+इतच्[१] (इत), अकारलोप= मुखरित ।

शब्दार्थ- गुञ्जेको, प्रतिध्वनित, वजेको, अनुनादित, कोलाहलमय ध्वनि निक्लने, शब्द या ध्वनि निक्लेको

उदा. **जावो दूवो मुखरित भई वोल्छ सङ्केतभाषा-** य.श.३/३२

मुखशुद्धिः (ना./स्त्री.) मुखस्य शुद्धिः *(मुखको शुद्धि)* ष.त.स. = मुखशुद्धि ।

शब्दार्थ- मुखप्रक्षालन, मुख धुने काम, मुखको शुद्धीकरण, मुख सफासुग्घर वनाइ राख्ने काम, मुख सुगन्धित पार्ने काम ।

मुखाकृतिः (ना./स्त्री.) मुखस्य आकृतिः *(मुखमण्डलको आकार)* मुख+आकृति, ष.त.स., दीर्घ= मुखाकृति ।

शब्दार्थ- मुखको आकृति वा अनुहार, मुहार, चेहरा, मुखाकार, मुखदर्शन ।

मुखाग्रम् (वि./ना./न.) मुखस्य अग्रे यस्य *(मुखको अग्रभागमा छ जसको)* मुख+अग्र, ब.स., दीर्घ =मुखाग्र । अथवा मुखस्य अग्रम् *(मुखको अग्रभाग)* ष.त.स.= मुखाग्र ।

शब्दार्थ- मुखको अग्रभागमा हुने, मुखाग्र पार्ने, कण्ठस्थ पार्ने, मुखाग्र हुने काम, कण्ठस्थ पार्ने काम, मुखको अग्रभाग ।

मुखापेक्षी (वि.) मुखमपेक्षितुं शीलमस्य *(अर्काको मुख ताक्ने स्वभाव छ यसको)* मुख उपपदमा हुने अपपूर्वक ईक्ष दर्शने (भ्वा.) धातु, मुख+अप+ईक्ष्+णिनि[२] (इन्), दीर्घ, गुण, मुखापेक्षिन्=मुखापेक्षी ।

शब्दार्थ- अर्काको भरपर्ने, अर्काको बाटो हेर्ने, परावलम्वित, परमुखापेक्षी, पराश्रित ।

मुखोदकम् (ना./न.) मुखस्य प्रक्षालनाय, मुखप्रक्षालनाय उदकम् *(मुख धुनको लागि उदक वा पानी)* च.त.स., उ.प.लोप, गुण= मुखोदक ।

शब्दार्थ- मुख धुनको लागि जल, मुख धुनको लागि पानी ।

मुख्यः (वि.) मुखमिव *(मुखझैं)*, मुखे भवः *(मुख या अग्रभागमा हुने)* मुख+यत्[३] (य), अकारलोप= मुख्य ।

शब्दार्थ- प्रथम, प्रमुख, प्रधान, श्रेष्ठ, उत्तम, महत्त्वपूर्ण, ठूलो, अगुवा ।

मुख्यतः (अव्य.) मुख्यादिति *(मुख्यरूपबाट)* मुख्य+तसिल्[४] (तस्), रुत्व, विसर्ग= मुख्यतः ।

शब्दार्थ- मुख्यरूपले, प्रमुखरूपमा ।

मुख्यसचिवः (ना./पुं.) मुख्यश्चासौ सचिवश्च *(प्रमुखसचिव)* क.त.स.= मुख्यसचिव ।

शब्दार्थ- अरू सचिवहरूभन्दा माथिल्लो तहको सचिव, सवैभन्दा प्रमुखसचिव ।

मुख्यसर्गः (ना./पुं.) मुख्यानां सर्गः *(मुख्यहरूको सर्ग वा सृष्टि)* ष.त.स.= मुख्यसर्ग । अथवा मुख्यश्चासौ सर्गश्च *(मुख्य सृष्टि)* क.त.स.= मुख्यसर्ग ।

शब्दार्थ- स्थावर आदिको सृष्टि, प्रमुख सृष्टि ।

मुख्यालयः (ना./पुं.) मुख्यश्चासौ आलयश्च *(मुख्य कार्यालय)* मुख्य+आलय, क.त.स., दीर्घ= मुख्यालय ।

शब्दार्थ- मुख्यकार्यालय, प्रमुखकार्यालय, जिल्लास्थित मुख्य कार्यालय ।

मुग्धः (वि./ना./पुं.) मुह्यति स्म इति *(मोहित भएको)* मुह वैचित्ये (दिवा.) धातु, मुह्+क्त[५] (त), कर्तामा, ह्को घ, तको ध[६], जश्त्व= मुग्ध ।

शब्दार्थ- मोहित भएको, मोहजालमा परेको, मूढ, मूर्ख, अज्ञानी, प्रणयमा लट्ठिएको नायकविशेष ।

मुग्धबुद्धिः (वि./ना./स्त्री.) मुग्धा वुद्धिर्यस्य *(मोहित छ बुद्धि जसको)* ब.स.= मुग्धबुद्धि । अथवा मुग्धा चासौ वुद्धिश्च *(मोहित बुद्धि)* क.त.स.= मुग्धवुद्धि ।

शब्दार्थ-मूढमति भएको, जडमति, मूढमति, मूर्खवुद्धि, मूर्ख

मुग्धा (ना./स्त्री.) मुह्यति स्म असौ *(मुग्ध भएकी छ यो)* मुह वैचित्ये (दिवा.) धातु, मुह्+क्त (त), हको घ, तको ध, जश्त्व, मुग्ध+टाप् (आ)= मुग्धा ।

शब्दार्थ- कलिलो उमेरकी नायिका, कौमार अवस्थाकी युवती, लज्जालु स्वभावकी नायिका, नवयौवना नारी, नायिकाका भेदहरूमध्ये एक ।

मुण्डः (ना./पुं.) मुण्डनम्, मुण्डचते इति वा *(मुण्डन गरिन्छ)* मुडि खण्डने वा मुडि मार्जने (भ्वा.) धातु, नुम्, मुण्ड्+घञ् (अ)= मुण्ड ।

शब्दार्थ- शिर, टाउको, केश काटेको टाउको, मुडिएको वा काटिएको टाउको, केश काट्ने काम ।

मुण्डकः (वि.) मुण्डतीति *(मुण्डन गर्छ)* मुडि खण्डने वा मुडि मार्जने (भ्वा.) धातु, नुम्, मुण्ड्+ण्वुल् (अक) =मुण्डक ।

शब्दार्थ- मुंण्डन गर्ने, कपाल काट्ने, कपाल खौरने ।

मुण्डनम् (ना./न.) मुण्डचते इति *(मुण्डन गरिन्छ)* मुडि खण्डने वा मुडि मार्जने (भ्वा.) धातु, नुम्, मुण्ड्+ल्युट् (अन)= मुण्डन ।

शब्दार्थ- कपाल काट्ने काम, कपाल खौरने काम, चूडाकर्म, क्षौर ।

मुण्डितः (वि.) मुण्डचते स्म इति *(मुण्डन गरिएको)* मुडि खण्डने वा मुडि मार्जने (भ्वा.) धातु, नुम्, मुण्ड्+क्त (त), इडागम= मुण्डित ।

शब्दार्थ-मुण्डन गरिएको, कपाल खौरेको, कपाल काटेको ।

---

[१] तदस्य सञ्जातम्... : इतच्

[२] सुप्यजातौ... : णिनि

[३] शाखादिभ्य... : य

[४] पञ्चम्यास्तसिल् : तसिल्

[५] गत्यर्थाकर्मक...: क्त

[६] झषस्तथो... : तको ध

मुदितः (वि./ना./न.) मोदते स्म इति *(खुसी भएको)* मुद हर्षे (भ्वा) धातु, मुद्+क्त (त), कर्तामा, इडागम =मुदित ।

शब्दार्थ- प्रसन्न, हर्षित, आनन्दित, खुस भएको, आनन्द, हर्ष ।

उदा. **हो रात थियो जूनखिलेको बाहिर विश्व थियो मुदित- विश्वव्यथा (सिद्धिचरण)**

मुद्रणम् (ना./न.) मोदनमिति *(खुसी हुनु)* मुद हर्षे (भ्वा.) धातु, मुद्+क्विप्[1] (सर्वलोप), मुद् । मुदं रातीति *(हर्ष दिन्छ)* मुद् उपपदपूर्वक रा दाने (अदा.) धातु, मुद्+रा+ल्युट् (अन), पृषोदरादिबाट, आलोप, णत्व =मुद्रण ।

शब्दार्थ- टङ्कण गर्ने काम, छाप लगाउने काम, मुद्राङ्कित गर्ने काम, छाप्ने काम ।

मुद्रणालयः (ना./पुं.) मुद्रणाय आलयः *(मुद्रण गर्नका लागि गृह)* च.त.स., दीर्घ= मुद्रणालय ।

अथवा मुद्रणस्य आलयः *(मुद्रणसम्बन्धी काम गर्ने घर)* ष.त.स., दीर्घ= मुद्रणालय ।

शब्दार्थ- छापाखाना, प्रेस, मुद्रणगृह ।

मुद्रा (ना./स्त्री.) मोदते अनेन *(खुसी हुन्छ यसद्वारा)* मुद हर्षे (भ्वा.) धातु, मुद्+रक्[2] (र), उणा., टाप् (आ) =मुद्रा ।

शब्दार्थ- मुद्रा, रुपैयाँ, पैसा, छाप, कुँदिएको चिन्ह, मुद्राङ्कित चिन्ह ।

मुद्राङ्कितः (वि.) मुद्रया अङ्कितः *(मुद्राङ्कित गरिएको)* तृ.त.स., मुद्रा+अङ्कित, दीर्घ= मुद्राङ्कित ।

शब्दार्थ- छापिएको, टङ्कण गरिएको, मोहोर लगाइएको, डामेर कुनै चिन्ह आदि अङ्कित गरिएको, छाप लगाइएको ।

मुद्रास्फीतिः (ना./स्त्री.) मुद्रायाः स्फीतिः *(मुद्राको स्फीति)* ष.त.स.= मुद्रास्फीति ।

शब्दार्थ- मुद्राको मूल्य कम भई मालसामानको मूल्य वृद्धि हुने स्थिति, वस्तुको मूल्य वढी पर्ने अवस्था, मुद्राको क्रयशक्ति कम हुने अवस्था ।

मुद्रिका (ना./स्त्री.) मुद्रा एव *(मुद्रा नै)* मुद्रा+कन् (क), स्वार्थमा, मुद्राक+टाप् (आ), ककारपूर्वका आकारको इत्व= मुद्रिका ।

शब्दार्थ- औंठी, छाप लगाएको औंठी, नाम कुँदिएको औंठी, नामाङ्कित औंठी, छाप लगाउने औंठी ।

मुद्रितः (वि.) मुद्रा मुद्रणं सञ्जाता अस्य *(छाप अङ्कित छ यसको)* मुद्रा+इतच्[3] (इत), आकारलोप= मुद्रित ।

शब्दार्थ- मुद्रण गरिएको, छापेको, छाप लगाइएको, छपाएको ।

मुनिः (ना./पुं.) मन्यते, मनुते जानाति असौ इति वा *(जान्दछन् यिनी)* मन ज्ञाने (दिवा.) वा मनु अववोधने (तना.) धातु, मन्+इन्[4] (इ), उणा., धातुका मको उत्व =मुनि । **मुनिः पुंसि वसिष्ठादौ वङ्गसेनतरौ जिने- इति मेदिनी**

शब्दार्थ- ऋषि, महात्मा, साधु, तपस्वी, सन्त, सप्तर्षि, वोल्न संयम गर्ने मुनि, मनन गर्ने व्यक्ति, शाक्यमुनि, विचारवान् व्यक्ति, व्यास, वसिष्ठादि ऋषिमुनि, व्रती, मौनी ।

मुनित्रयः (ना./पुं.) मुनिषु त्रयः *(मुनिहरूमा तीन)* स.त.स.= मुनित्रय ।

शब्दार्थ- पाणिनि, कात्यायन र पतञ्जलि- यी तीन व्याकरणकारहरू ।

मुनीन्द्रः/मुनीश्वरः (ना./पुं.) मुनीनां मुनिषु इन्द्रः, मुनीनां मुनिषु ईश्वरः *(मुनिहरूमा इन्द्र वा ईश्वर)* मुनि+इन्द्र/ईश्वर, ष.त.स./स.त.स., दीर्घ= मुनीन्द्र/मुनीश्वर ।

शब्दार्थ- मुनिहरूमा श्रेष्ठ वा उत्तम, ठूला ऋषि, शाक्यमुनि, शिव ।

मुमुक्षा (ना./स्त्री.) मोक्तुमिच्छतीति *(मुक्तिको इच्छा गर्छ)* मुच्लृ मोक्षणे (तुदा.) धातु, मुच्+सन् (स), द्वित्व, एकशेष, मुमुच् स, कुत्व, षत्व, क्षत्व, मुमुक्ष (सनन्त धातु) । मुमुक्ष्यते इति *(मोक्षको चाहना गरिन्छ)* मुमुक्ष+अ[5] (प्रत्यय)+टाप् (आ), दीर्घ=मुमुक्षा ।

शब्दार्थ- मोक्षको इच्छा, मुक्तिको चाहना, सांसारिक वन्धनवाट छुटकारा पाउने तीव्र अभिलाषा ।

मुमुक्षुः (वि.) मोक्तुमिच्छतीति *(मुक्तिको इच्छा गर्छ)* मुच्लृ मोक्षणे (तुदा.) धातु, मुच्+सन् (स), द्वित्व, एकशेष, मुमुच् स, कुत्व, षत्व, क्षत्व, मुमुक्ष (सनन्त धातु) । मुमुक्षतीति *(मोक्षको अभिलाषा गर्छ)* मुमुक्ष+उ[6] (प्रत्यय)= मुमुक्षु ।

शब्दार्थ- सांसारिक-वन्धनवाट मुक्त हुन चाहने, मोक्षको कामना गर्ने, मृत्युको कामना गर्ने ।

मुमूर्षा (ना./स्त्री.) मर्तुमिच्छतीति *(मर्ने चाहना गर्छ)* मृङ् प्राणत्यागे (तुदा.) धातु, मृ+सन् (स), उत्व, दीर्घ, षत्व, द्वित्व, एकशेष, मू मूर्ष, अभ्यासको ह्रस्व, मुमूर्ष (सनन्त धातु) । मुमूर्ष्यते इति *(प्राण त्याग गर्ने इच्छा गर्नु)* मुमूर्ष+अ[5] (प्रत्यय)+टाप् (आ)= मुमूर्षा ।

शब्दार्थ- मर्ने इच्छा, प्राण त्याग गर्ने चाहना, मृत्युको कामना ।

मुमूर्षुः (वि.) मर्तुमिच्छतीति *(मर्ने चाहना गर्छ)* मृङ् प्राणत्यागे (तुदा.) धातु, मृ+सन् (स), उत्व, दीर्घ, षत्व, द्वित्व, एकशेष, मू मूर्ष, अभ्यासको ह्रस्व, मुमूर्ष (सनन्त धातु) । मुमूर्षतीति *(प्राण त्याग गर्ने इच्छा गर्छ)* मुमूर्ष+उ[6]= मुमूर्षु ।

शब्दार्थ- मर्न चाहने, मर्ने इच्छा गर्ने, मृत्युको कामना गर्ने, मरणेच्छुक ।

---

[1] सम्पदादिभ्य...: क्विप्

[2] स्फायितञ्चिवञ्चि... : रक्

[3] तदस्य सञ्जातम्... : इतच्

[4] मनेरुच्च : इन्, मको उत्व

[5] अ प्रत्ययात् : अ

[6] सनाशंसभिक्ष... : उ

मुरली (ना./स्त्री.) मुरतीति *(वेष्टित गर्छ)* मुर संवेष्टने (तुदा.) धातु, मुर्+अच् (पचादि), मुरम् । मुर मङ्गुलवेष्टनं लातीति *(औंलाले वेष्टन गर्छ)* मुर उपपदपूर्वक ला आदाने (अदा.) धातु, मुर+ला+क (अ), आलोप, मुरल+ङीष् (ई)= मुरली ।

शब्दार्थ- औंलाले वेरेर वा च्यापेर वजाइने वाद्यविशेष, औंला चालेर वजाइने वाजा, वाँसुरी, वंशी, वेणु ।

मुष्टिः (ना./स्त्री.) मुष्यते इति *(मुठी वाँधिन्छ)* मुष स्तेये (क्र्या.) धातु, मुष्+क्तिच् (ति), ष्टुत्व= मुष्टि ।

शब्दार्थ-मुठी, मुठीभरको परिमाण, मुठीमा अटेजति, मुठो

मुष्टिदानम् (ना./न.) मुष्टेर्दानम् *(मुट्ठी भरको दान)* ष.त.स.= मुष्टिदान ।

शब्दार्थ- भिक्षा माग्नेलाई दिइने मुठीभरिको अन्न ।

मुष्टिमात्रम् (ना./न.) मुष्टिः प्रमाणमस्य *(एकमुठी प्रमाण छ यसको)* मुष्टि+मात्रम्= मुष्टिमात्र ।

शब्दार्थ- एक मुठीको प्रमाण, एक मुठीको परिमाण ।

मुसलम् (ना./न.) मुस्यति खण्डयतीति वा *(टुक्रयाउँछ वा टुक्रा पार्छ)* मुस खण्डने (दिवा.) धातु, मुस्+कलच् (अल), उणा.= मुसल ।

शब्दार्थ- धान, चिउरा आदि कुट्न ढिकीको अग्रभागमा राखिएको काठको मुस्ली, प्राचीन अस्त्रविशेष, मुसल, गदा ।

मुसली (ना./पुं.) मुसलमस्यास्तीति *(मुसुल छ यिनको)* मुसल+इनि (इन्), मुसलिन्= मुसली ।

शब्दार्थ- मुसल हातमा लिने वलराम, भगवान् श्रीकृष्णका दाजु ।

मुहुः (अव्य.) मुह्यतीति *(मुग्ध हुन्छ)* मुह वैचित्ये (दिवा.) धातु, मुह्+कुसि[1] (उस्), कित्व, उणा., मुहुस्, रुत्व, विसर्ग, मुहुः= मुहु ।

शब्दार्थ- वारम्वार, फेरिफेरि, पुनःपुनः ।

मुहूर्तः (ना./पुं.) हुर्च्छनमपसरणमिति *(व्यतीत हुनु)* हुर्च्छा कौटिल्ये (अपसरणे) (भ्वा.) धातु, हुर्च्छ+क्त (त), उणा., वहुलप्रकारले, मुडागम, मुहुर्च्छ, छलोप[2], हुको दीर्घ= मुहूर्त ।

शब्दार्थ- कालमान, दुई घडीको समय (अठचालीस मिनेट), विवाहादि कार्यको लागि निश्चित वेला वा समय, राम्रो वा नराम्रो समय वा काल, वेला, साइत ।

मुहूर्तकम् (ना./न.) मुहूर्तमेव *(मुहूर्त नै)* मुहूर्त+कन् (क), स्वार्थमा= मुहूर्तक ।

शब्दार्थ- मुहूर्त, वेला, समय, साइत, राम्रो नराम्रो काल, दुई घडीको समय ।

मूकः (वि.) मवते इति *(वोल्न छाड्छ, वोल्दैन)* मूङ् वन्धने (भ्वा.) धातु, मू+क्विप् (सर्वलोप), मूः । मू इति कायतीति *(विना बोलीको शब्द गर्छ)* मू उपपदपूर्वक कै शब्दे (भ्वा.) धातु, मू+का+क (अ), आकारलोप=मूक ।

शब्दार्थ- वोली नखुलेको, लाटो, लठेब्रो, वोल्न नसक्ने ।

मूढः (वि.) मुह्यति स्म इति *(मोहित भएको)* मुह वैचित्ये (दिवा.) धातु, मुह्+क्त (त), कर्तामा, हको ढ, तको ध, ष्टुत्व, ढलोप, दीर्घ= मूढ ।

शब्दार्थ- मूर्ख, अज्ञ, जड, मोहित भएको, मुग्ध ।

मूढधीः (वि.) मूढा धीर्यस्य *(मूढ वुद्धि छ जसको)* व.स. =मूढधी ।

शब्दार्थ- मूर्ख वुद्धि भएको, मूढमति भएको ।

मूढमतिः/मूढवुद्धिः (वि.) मूढा मतिः यस्य/मूढा वुद्धिर्यस्य *(मूढ छ मति वा वुद्धि जसको)* व.स.= मूढमति/मूढवुद्धि

शब्दार्थ- मूर्ख वुद्धि भएको, जडमति भएको, समझदार नभएको, अज्ञ ।

मूढात्मा (वि.) मूढः आत्मा यस्य *(मूढ छ आत्मा जसको)* मूढ+आत्मन्, व.स., दीर्घ, मूढात्मन्= मूढात्मा ।

शब्दार्थ- मूर्ख, मूढ, स्वाँठ, मोहित आत्मा भएको ।

मूत्रम् (ना./न.) मूत्र्यते इति *(पिसाव फेर्नु)* मूत्र प्रस्रवणे (चुरा.) धातु, मूत्र+घञ् (अ)= मूत्र ।

अथवा मुच्यते इति *(छाड्नु)* मुच्लृ मोक्षणे (तुदा.) धातु, मुच्+ष्ट्रन् (त्र), उणा., टिको ऊत्व= मूत्र ।

शब्दार्थ- पिसाव, मूत्र, मूत, पिसाव परित्याग गर्ने काम ।

मूत्रकृच्छ्रम् (ना./न.) मूत्रे कृच्छ्रम् *(पिसाव फेरेको समयमा पीडा)* स.त.स.= मूत्रकृच्छ्र ।

मूत्रजन्यं च तत् कृच्छ्रम् *(पिसाव गरेको वेला पैदा हुने पीडा)* क.त.स., उ.प.लोप= मूत्रकृच्छ्र ।

शब्दार्थ- मूत्ररोगविशेष, पिसाव फेर्दा ज्यादै दुख्ने रोग, मूत्रक्षरण वा मूत्रप्रस्रवण सम्वन्धी रोग, अस्मरी रोग ।

मूत्रपरीक्षणम् (ना./न.) मूत्रस्य परीक्षणम् *(पिसावको परीक्षण)* ष.त.स.= मूत्रपरीक्षण ।

शब्दार्थ- प्रयोगशालामा पिसाव जाँच गर्ने काम ।

मूत्रस्रावः (ना./पुं.) स्रूयते इति *(चुहुनु, खस्नु)* स्रु गतौ (भ्वा.) धातु, स्रु+घञ् (अ), वृद्धि, आवादेश, स्रावः ।

मूत्रस्य स्रावः (**पिसावको स्राव**) ष.त.स.= मूत्रस्राव ।

शब्दार्थ- पिसाव फेर्ने काम, पिसाव गर्ने काम, मूत्रक्षरण, पिसाव चुहुने क्रिया ।

मूत्राशयः (ना./पुं.) मूत्रस्य आशयः *(पिसावको आधारस्थल)* ष.त.स., दीर्घ= मूत्राशय ।

शब्दार्थ- पेटभन्दा तलको त्यो स्थल, जहाँ पिसाव जम्मा भएर रहन्छ, पिसावको थैली ।

मूत्रेन्द्रियम् (ना./न.) मूत्रञ्च तत् इन्द्रियम् *(पिसाव फेर्ने इन्द्रिय)* क.त.स., गुण= मूत्रेन्द्रिय ।

शब्दार्थ- पिसाव फेर्ने इन्द्रिय, उपस्थ, सवै प्राणीको योनि वा लिङ्ग ।

मूर्खः (वि.) मुह्यतीति *(मोहित हुन्छ)* मुह वैचित्ये (दिवा.) धातु, मुह्+ख[3] (प्रत्यय),उणा., धातुको मूर् आदेश=मूर्ख ।

शब्दार्थ- मूढ, अज्ञ, अशिक्षित, वुद्धि कम भएको, निर्वुद्धि, वुद्धिरहित, अनपढ ।

---

[1] मुहेः किच्च : कुसि, कित्व

[2] राल्लोप : छलोप

[3] मुहेः खो मूर्च : ख, मूर् आदेश

मूर्खजनः (ना./पुं.) मूर्खश्चासौ जनश्च *(मूर्खजन)* क.त.स. = मूर्खजन ।

शब्दार्थ- मूर्ख मानिस, मूढव्यक्ति ।

मूर्खता/मूर्खत्वम् (ना./स्त्री./न.) मूर्खस्य भावः *(मूर्ख हुनाको भाव वा अवस्था)* मूर्ख+तल् (त)+टाप् (आ) =मूर्खता । मूर्ख+त्व= मूर्खत्व ।

शब्दार्थ- मूर्ख हुनाको स्थिति, मूर्खपना, मुर्ख्याइँ, जडत्व, मूढता ।

मूर्च्छा (ना./स्त्री.) मूर्च्छचते इति *(मूर्छित हुनु)* मुर्च्छा मोहसमुच्छ्राययोः (भ्वा.) धातु, मुर्च्छ्+अ[1] (प्रत्यय) + टाप् (आ), दीर्घ= मूर्च्छा ।

शब्दार्थ- अचेतन अवस्था, निश्चेष्टता, मूर्छा, छारेरोग, वेहोसीपना, सम्मोह ।

मूर्च्छितः (वि.) मूर्च्छा सञ्जाता अस्य *(मूर्च्छा पैदा भएको छ यसको)* मूर्च्छा+इतच्[2] (इत), आकारलोप =मूर्च्छित ।

शब्दार्थ- मूर्च्छा परेको, मोहित भएको, वेहोस भएको, चेत हराएको, सुद्धी नभएको ।

मूर्तः (वि.) मूर्च्छीति स्म इति *(मोहित भएको)* मुर्च्छा मोहसमुच्छ्राययोः (भ्वा.) धातु, मुर्च्छ्+क्त (त), कर्तामा, दीर्घ, छको लोप[3]= मूर्त ।

मूर्तं स्यात् त्रिषु मूर्च्छाले कठिने मूर्तिमत्यपि- मेदिनी

शब्दार्थ- रूपधारण गरेको, साकाररूप लिएको, देहधारी, मूर्तिमान् वनेको, कठिन, चेतनाहीन ।

मूर्तता (ना./स्त्री.) मूर्तस्य भावः *(मूर्त हुनाको भाव वा अवस्था)* मूर्त+तल् (त)+टाप् (आ)= मूर्तता ।

शब्दार्थ- मूर्त हुनाको अवस्था, कठिनता, चेतनत्व, मूर्तिमत्ता ।

मूर्तरूपम् (ना./न.) मूर्तञ्च तद्रुपम् *(मूर्त रूप)* क.त.स. =मूर्तरूप ।

शब्दार्थ- साकाररूप, प्रत्यक्षरूप, मूर्तिमानरूप ।

मूर्तिः (ना./स्त्री.) मूर्च्छतीति *(मूर्त हुन्छ)* मुर्च्छा मोह-समुच्छ्राययोः (भ्वा.) धातु, मुर्च्छ्+क्तिच्[4] (ति), दीर्घ, छलोप[3]= मूर्ति ।

कायो देहः क्लीवपुंसोस्त्रियां मूर्तिस्तनुस्तनूः- इत्यमरः

शब्दार्थ- शरीर, देह, तनु, जीउ, आकृति, अनुहार, देवी देवताको प्रतिमा, प्रतिमूर्ति, तस्वीर, छायाँचित्र

मूर्तिकारः (ना./पुं.) मूर्तिं करोतीति *(मूर्ति बनाउँछ)* मूर्ति उपपदमा हुने डुकृञ् करणे (तना.) धातु, मूर्ति+कृ+अण् (अ), वृद्धि= मूर्तिकार ।

शब्दार्थ- मूर्ति कुँद्ने वा वनाउने व्यक्ति, मूर्ति निर्माण गर्ने कालिगड ।

मूर्तिपूजकः (वि.) मूर्तिं पूजयतीति *(मूर्ति पूजा गर्छ)* मूर्ति उपपदपूर्वक पूज पूजायाम् (चुरा.) धातु, मूर्ति+पूज्+ण्वुल् (अक)= मूर्तिपूजक ।

शब्दार्थ- मूर्ति वा प्रतिमाको पूजा गर्ने, देवीदेवताको मूर्ति पुज्ने ।

मूर्तिपूजा (ना./स्त्री.) पूज्यते इति *(पूजा गरिन्छ)* पूज पूजायाम् (चुरा.) धातु, पूज्+अङ्[5] (अ), पूज+टाप् (आ), पूजा । मूर्त्याः पूजा *(मूर्तिको पूजा)* ष.त.स. =मूर्तिपूजा ।

शब्दार्थ- देवीदेवताको मूर्ति पूजा गर्ने काम, देवीदेवताको आराधना गर्ने काम ।

मूर्तिमान् (वि.) मूर्तिरस्यास्तीति *(मूर्ति छ यसको)* मूर्ति+मतुप् (मत्), मूर्तिमत्= मूर्तिमान् ।

शब्दार्थ- सशरीर, देहधारी, मूर्तरूप भएको ।

मूर्धन्यः (वि.) मूर्ध्नि भवः *(शिरमा हुने)* मूर्धन्+यत्[6] (य) =मूर्धन्य ।

शब्दार्थ- शिरमा रहने, गन्यमान्य, आदरणीय, मूर्धास्थानवाट उच्चरित हुने (ट ठ ड ढ) ध्वनि ।

मूर्द्धा (ना./पुं.) मुह्यन्ति अस्मिन्नाहते *(यसमा चोटपटक लागेमा विचेत हुन्छन्)* मुह वैचित्ये (दिवा.) धातु, मुह्+कनिन्[7] (अन्), 'ध' अन्तादेश, मुको दीर्घ, रमागम, निपातनवाट, मूर्ध् अन्, धको द्वित्व, जश्त्व, मूर्द्धन् =मूर्द्धा ।

उत्तमाङ्गं शिरः शीर्षं मूर्धा ना मस्तकोऽस्त्रियाम्- इत्यमरः

शब्दार्थ- मस्तक, शिर, टाउको, शीर्ष, उत्तमाङ्ग ।

मूलम् (ना./न.) मूलतीति *(आधारित रहन्छ)* मूल प्रतिष्ठायाम् (भ्वा.) वा मूल रोहणे (चुरा.) धातु, मूल्+क (अ)= मूल ।

अथवा मवते इति *(बन्धनमा पर्छ)* मूङ् वन्धने (भ्वा.) धातु, मू+क्ल[8] (ल), उणा.= मूल ।

शब्दार्थ- फेद, जरो, रूखको जमिनमुनिको खण्ड वा भाग, मूलभाग, तलको भाग, किनार ।

मूलकः (ना./पुं.) मूलमेव *(फेद नै)* मूल+कन् (क), स्वार्थमा= मूलक ।

अथवा मूले भवः *(मूलमा हुने)* मूल+वुन् (अक) =मूलक ।

शब्दार्थ- फेद, जरो, मूला ।

मूलग्रन्थः (ना./पुं.) मूलश्चासौ ग्रन्थश्च *(मूल-ग्रन्थ)* क.त.स.= मूलग्रन्थ ।

शब्दार्थ- मूलरचना, मूलकृति, मूलग्रन्थ ।

मूलतः (अव्य.) मूलेन मूलादिति वा *(मूलबाट)* मूल+तसिल्[9] (तस्), मूलतस्, मूलतः= मूलत ।

शब्दार्थ- मूलवाट, फेदवाट, मूलैदेखि, मुख्यतः ।

---

[1] गुरोश्च हलः : अ

[2] तदस्य सञ्जातम्... : इतच्

[3] राल्लोपः : छलोप

[4] क्तिच्क्तौ च... : क्तिच्

[5] चिन्तिपूजिकथि... : अङ्

[6] शरिरावयवाच्च : यत्

[7] श्वन्नुक्षन्कुशन्... : कनिन्, उपधाको दीर्घ, रमागम, घ अन्तादेश

[8] मूशक्यविभ्य... : क्ल

[9] आद्यादिभ्यः... : तसिल्

मूलधनम् (ना./न.) मूलञ्च तद् धनम् *(मूल धन)* क.त.स.= मूलधन ।

शब्दार्थ- मूलपुँजी, सावाँधन, साउँमात्र, किनबेच आदिको व्यवहारमा जुन मूलपुँजी लगानी भएको छ, त्यो मात्र ।

मूलपाठः (ना./पुं.) मूलञ्चासौ पाठश्च *(मूल-पाठ)* क.त.स. = मूलपाठ ।

शब्दार्थ- कुनै ग्रन्थ वा आफ्नो रचनाको मुख्य पाण्डुलिपि, मूलभाग ।

मूलपुरुषः (ना./पुं.) मूलञ्चासौ पुरुषश्च *(मूल-पुरुष)* क.त.स.= मूलपुरुष ।

शब्दार्थ- कुनै वंशको प्रवर्तक व्यक्ति, कुनै कुलको मुख्य व्यक्ति ।

मूलपुरोहितः (ना./पुं.) मूलञ्चासौ पुरोहितश्च *(मूल-पुरोहित)* क.त.स.= मूलपुरोहित ।

शब्दार्थ- पुज्ने गरिएका मुख्यपुरोहित, पुरोहितहरूमध्येका प्रमुख ।

मूलप्रकृतिः (ना./स्त्री.) मूलं प्रधानं चासौ प्रकृतिश्च *(मूल प्रकृति)* क.त.स.= मूलप्रकृति ।

शब्दार्थ- प्रधानप्रकृति, सत्त्व, रज र तमोगुणको साम्यावस्था, निर्विकार-प्रकृति, केवलप्रकृति, आद्यशक्ति ।

द्रष्टव्य- **केवला प्रकृतिः प्रधानपदेन वेदनीया मूलप्रकृतिः ।**
- स.द.सं.

मूलमन्त्रः (ना./पुं.) मूलञ्चासौ मन्त्रश्च *(मूल-मन्त्र)* क.त.स.= मूलमन्त्र ।

शब्दार्थ-मुख्यमन्त्र, प्रमुखमन्त्र, मुख्य-विचार वा अभिमत ।

मूलविषयः (ना./पुं.) मूलञ्चासौ विषयश्च *(मूल-विषय)* क.त.स.= मूलविषय ।

शब्दार्थ- मुख्यपाठ्यविषय, अध्ययनको प्रमुखविषय ।

मूल्यम् (ना./न.) मूलेन आनाम्यते इति *(मूलधनले नापिन्छ)* मूल+यत्[1] (य)= मूल्य ।

अथवा मूलेन समम् *(मूल्यले बराबर)* मूल+यत् (य) =मूल्य । अथवा मूलमर्हतीति *(मुख्य बन्न योग्य)* मूल+यत् (य)= मूल्य ।

भरण्यं भरणं मूल्यं निर्वेशः पण इत्यपि- इत्यमरः
मूल्यं स्यात् वेतने प्रश्ने- इति मेदिनी

शब्दार्थ- सामान किन्दा वदलामा दिने पैसा, पण, मोल, परल, पर्ता, तौल वा मान, कुनै वस्तुको महत्त्व, कुनै व्यक्तिको महिमा, वेतन, मूलधन, प्रतिष्ठा-योग्य ।

मूल्यनिर्धारणम् (ना./न.) मूल्यस्य निर्धारणम् *(मूल्यको निर्धारण)* ष.त.स.= मूल्यनिर्धारण ।

शब्दार्थ- किनवेच गर्दा मोल तोक्ने काम, दरभाउ निर्धारण गर्ने काम, विक्री भाउ तोक्ने काम ।

मूल्यवान् (वि.) मूल्यमस्यास्तीति *(मूल्य छ यसको)* मूल्य+मतुप् (मत्), मको व, मूल्यवत्= मूल्यवान् ।

शब्दार्थ- धेरै मोल पर्ने, दामी, वहुमूल्य ।

मूल्यहीनः (वि.) मूल्येन हीनः *(मूल्यले रहित)* तृ.त.स. =मूल्यहीन ।

शब्दार्थ- मूल्य नभएको, नगण्य, महत्त्व नभएको, विना मोलको ।

मूल्यह्रासः (ना./पुं.) मूल्यस्य ह्रासः *(मूल्यको ह्रास)* ष.त.स.= मूल्यह्रास ।

शब्दार्थ- कुनै वस्तुको मोल घट्ने काम, महत्त्व नहुने काम ।

मूल्याङ्कनम् (ना./न.) अङ्कयते इति *(तोक्ने काम गरिन्छ)* अकि लक्षणे (भ्वा.) धातु, अङ्क्+ल्युट् (अन), अङ्कन । मूल्यस्य अङ्कनम् *(मोल तोक्ने काम गरिन्छ)* ष.त.स. =मूल्याङ्कन ।

शब्दार्थ- मोल तोक्ने काम, मूल्य निर्धारण गर्ने काम, दरभाउ तोक्ने काम, मूल्याङ्कन, स्तर मूल्याङ्कन गर्ने काम ।

मूल्याङ्कितः (वि.) मूल्येन अङ्कितः *(मूल्यद्वारा नापिएको)* मूल्य+अङ्कित, तृ.त.स., दीर्घ= मूल्याङ्कित ।

शब्दार्थ- मूल्याङ्कन गरिएको, मोल वा दरभाउ तोकिएको ।

मूषकः/मूषिकः (ना./पुं.) मूषतीति *(चोरी गर्छ)* मूष स्तेये (भ्वा.) धातु, मूष्+ण्वुल् (अक)= मूषक । मूष्+किकन् (इक)= मूषिक ।

शब्दार्थ- मुसो, मुसक, चोर ।

मृगः (ना./पुं.) मृग्यते अन्विष्यते व्याधैः *(सिकारीहरूद्वारा खोजिगरिन्छ)* मृग अन्वेषणे (चुरा.) धातु, मृग्+घञ् (अ), पररूप= मृग ।

शब्दार्थ- मृग, मिर्ग, हरिण, कुरङ्ग, वन्यजन्तु, एक किसिमको हात्ती, सत्ताईस नक्षत्रमध्ये एक, मृगशिरा नक्षत्र, अनुसन्धान गर्ने काम, माग्ने काम ।

मृगचर्म (ना./न.) मृगस्य चर्मन् *(मृगको चर्म)* ष.त.स. =मृगचर्म ।

शब्दार्थ- मृगको छाला, आसनको रूपमा प्रयोग हुने मृगचर्म ।

मृगक्षीरम् (ना./न.) मृग्याः क्षीरम् *(हरिणीको दूध)* ष.त.स., मृगी, पुंवद्भाव= मृगक्षीर ।

शब्दार्थ- मृगको दूध, हरिणीको दूध ।

मृगतृष्णा (ना./स्त्री.) मृगाणां तृष्णा अस्ति अस्याम् *(मृगको तृष्णा छ यसमा)* मृगतृष्णा+अच् (अ), अकारलोप, मृगतृष्ण+टाप् (आ)= मृगतृष्णा ।

शब्दार्थ- कडा घाम लागेको वेला मरुभूमिमा बालुवा टल्कदा पानी हो भन्ने मिथ्याप्रतीति, मृगमरीचिका, मिथ्याजलभ्रम ।

उदा. **कुनै त्यो मृगतृष्णामा चाँदीको भाव घर्दछ ।**
- ऋ.वि. (गृष्म वि.-२२)

---

[1] नौवयोधर्म... : यत्

मृगनयना/मृगनयनी (ना./स्त्री.) मृगस्य नयने इव, नयने यस्याः *(मृगका नयन जस्ता नयन छन्, जुन स्त्रीका)* ब.स., मृगनयन+ङीष्[1] (ई), विकल्पले = मृगनयनी ।

ङीष्को अभावमा मृगनयन+टाप् (आ)= मृगनयना ।

शब्दार्थ- मृगको जस्तो लाम्चा र चञ्चले आँखा भएकी स्त्री, हरिणनयनी, मृगलोचनी ।

मृगनाभिः (ना./स्त्री.) मृगस्य नाभिः *(मृगको नाभि)* ष.त.स.= मृगनाभि ।

शब्दार्थ- मृगको नाभिमा हुने कस्तुरी, विना, मृगमद ।

मृगनेत्रा (ना./स्त्री.) मृगस्य नेत्रे इव नेत्रे अस्याः *(मृगको नेत्र जस्तै नेत्र छन् यस स्त्रीका)* ब.स., मृगनेत्र+टाप् (आ)= मृगनेत्रा ।

शब्दार्थ- मृगको जस्तै लाम्चा आँखा हुने, मृगनयनी ।

मृगपदम् (ना./न.) मृगस्य, मृग्याः वा पदम् *(मृग वा मृगीको पाउ)* ष.त.स., मृगीको पुंवद्भाव= मृगपद ।

शब्दार्थ- हरिण वा हरिणीको पाउ वा खुट्टा ।

मृगमदः (ना./पुं.) मृगस्य मदः *(मृगको मद)* ष.त.स. अथवा मृगा माद्यन्ति अनेन *(मृगहरू मदोन्मत्त हुन्छन् यसबाट)* मृग उपपदमा हुने मदि हर्षे (दिवा.) धातु, मृग+मद्+अप् (अ)= मृगमद ।

शब्दार्थ- मृगको मद, कस्तुरी, विना, मृगनाभि ।

मृगमरीचिका (ना./स्त्री.) मृगाणां मरीचिका अस्ति अस्याम् *(मृगको मरीचिका (तृष्णा) छ यसमा)* मृगमरीचिका+अच् (अर्शादि), आकारलोप, मृगमरीचिक +टाप् (आ)= मृगमरीचिका ।

शब्दार्थ- मरुभूमिमा बालुवा टल्कँदा पानी हो भन्ने मिथ्याभ्रम वा भ्रान्ति, मृगतृष्णा, जलभ्रान्ति ।

मृगयूथम् (ना./न.) मृगाणां यूथम् *(मृगहरूको बथान)* ष.त.स.= मृगयूथ ।

शब्दार्थ- हरिणहरूको बथान, मृगहरूको हुल वा समूह, मृगहरूको झुण्ड ।

मृगराजः (ना./पुं.) मृगाणां वन्यजन्तूनां राजा *(वन्यजन्तुहरूका राजा)* ष.त.स., मृगराजन्+टच्[2] (समासान्त), टिलोप= मृगराज ।

शब्दार्थ-मृग वा अन्य वन्यजन्तुहरूको राजा, सिंह, बाघ,

मृगलाञ्छनः (ना./पुं.) मृगः लाञ्छनमस्य *(मृग छ चिन्ह यिनको)* ब.स.= मृगलाञ्छन ।

शब्दार्थ- मृगचिन्ह भएका चन्द्रमा, इन्दु, विधु ।

मृगलोचनः (ना./पुं.) मृगस्य लोचने इव लोचने यस्य *(मृगको नेत्र जस्तो नेत्र छ जसको)* ब.स. =मृगलोचन ।

शब्दार्थ- मृगको जस्तो लोचन हुने पुरुष, मृगको जस्तो नयन हुने मानिस ।

मृगलोचना/मृगलोचनी (ना./स्त्री.) मृगस्य लोचने इव लोचने यस्याः सा *(मृगको लोचन जस्तो लोचन छ जुन स्त्रीको)* ब.स., मृगलोचन+ङीष्[1] (ई), विकल्पले =मृगलोचनी ।

ङीष्को अभावमा, मृगलोचन+टाप् (आ)=मृगलोचना ।

शब्दार्थ- मृगको जस्तो रमणीय नेत्र भएकी स्त्री, मृगनयनी, कुरङ्गनयना ।

मृगशावकः (ना./पुं.) मृगस्य, मृग्याः वा शावकः *(मृग वा मृगीको बच्चा)* ष.त.स.= मृगशावक ।

शब्दार्थ- मृगको शिशु, मृगको बच्चा, हरिणीको बच्चा ।

मृगशिरः (ना./पुं.) मृगस्य शिरः इव शिरः यस्य *(मृगको शिर जस्तै शिर छ जसको)* ब.स., मृगशिरस्, रुत्व, विसर्ग, मृगशिरः= मृगशिर ।

अथवा मृगस्य शिरः अस्य *(मृगको शिर छ यसको)* ब.स.= मृगशिर ।

शब्दार्थ- मृगशिरानक्षत्र, सत्ताईस नक्षत्रमध्ये एक, मार्गमास ।

मृगशीर्षम् (ना./न.) मृगस्य शीर्षमिव शीर्षं यस्य *(मृगको शीर्ष (शिर) झैं शीर्ष छ जसको)* ब.स. = मृगशीर्ष ।

मृगशीर्षं मृगशिरः- इत्यमरः

शब्दार्थ- मृगशिरानक्षत्र, मार्गमास, मंसिर महिना ।

मृगया (ना./स्त्री.) मृग्यन्ते पशवः अत्र *(खोजि- गरिन्छन् पशुहरू यहाँ)* मृग अन्वेषणे (चुरा.) धातु, मृग्+श[3] (अ)+यक्[3] (य)+टाप् (आ)= मृगया ।

आखेटो मृगया स्त्रियाम्- इत्यमरः

शब्दार्थ- सिकार, सिकार खेल्ने काम, आखेट ।

मृगयुः (वि.) मृगान् वधार्थं यातीति *(मृगहरूलाई वध गर्न जान्छ)* मृग उपपदमा हुने या प्रापणे (अदा.) धातु, मृग+या+कु[4] (उ), उणा., आलोप= मृगयु ।

व्याधो मृगवधाजीवो मृगयुर्लुब्धकोऽपि सः- इत्यमरः

शब्दार्थ- सिकारी, लुब्धक, हिंसक, मृगको वध गरेर जीविका गर्ने (व्याधा) ।

मृगाक्षी (ना./स्त्री.) मृगस्य अक्षिणी इव अक्षिणी यस्याः सा *(मृगको आँखा जस्तो आँखा छ जसका)* मृग+अक्षि, ब.स., दीर्घ, मृगाक्षि+ङीष्[1] (ई), दीर्घ =मृगाक्षी ।

शब्दार्थ- मृगनयनी, मृगलोचनी, मृगको जस्तै चञ्चले आँखा भएकी स्त्री ।

मृगाङ्कः (ना./पुं.) मृगः अङ्कः अस्य *(मृग नै चिन्ह छ यिनको)* मृग+अङ्क, ब.स., दीर्घ= मृगाङ्क ।

सोमो ग्लौर्मृगाङ्कः कलानिधिः- इत्यमरः

शब्दार्थ- चन्द्रमा, इन्दु, सोम, शशधर, कलानिधि ।

---

[1] स्वाङ्गाच्चोपसर्जनात् : ङीष्

[2] राजाहःसखिभ्यः... : टच्

[3] परिचर्यापरिशर्यामृगया...(वा.) : श/यक्

[4] मृगय्वादयश्च : कु

मृगासनम् (ना./न.) मृगस्य आसनम् *(मृगचर्मको आसन)* ष.त.स., दीर्घ= मृगासन ।

शब्दार्थ- जप, तप, पूजाआजा गर्दा ओछ्याइने मृगचर्म, मृगको छालाको आसनी ।

मृगानुसारी (वि.) मृगमनुसर्तुं शीलमस्य *(मृगको पछि लाग्ने शील छ यसको)* मृग उपपदमा हुने अनुपूर्वक सृ गतौ (भ्वा.) धातु, मृग+अनु+सृ+णिनि (इन्), दीर्घ, वृद्धि, मृगानुसारिन्= मृगानुसारी ।

शब्दार्थ-मृगको अनुसरण गर्ने, मृगको पछि पछि लाग्ने ।

मृगी (ना./स्त्री.) मृगस्य स्त्री *(मृगकी स्त्री)* मृग+ङीष्[1] (ई)= मृगी ।

शब्दार्थ- हरिणी, पोथीमृग, छारेरोग ।

मृगेन्द्रः (ना./पुं.) मृगाणां मृगेषु वा इन्द्रः *(मृगहरूका या वन्यजन्तुहरूमा राजा वा स्वामी)* मृग+इन्द्र, ष.त.स. /स.त.स., गुण= मृगेन्द्र ।

शब्दार्थ- मृगराज, सिंह, वाघ ।

मृगाधिराजः (ना./पुं.) मृगाणां मृगेषु वा अधिराजः *(मृग वा वन्यजन्तुहरूमा श्रेष्ठ वा अधिराज)* ष.त.स./ स.त.स., दीर्घ= मृगाधिराज ।

शब्दार्थ- मृगराज, वन्यजन्तुहरूका स्वामी, सिंह, वाघ ।

मृज्यः (वि.) मार्जितुं योग्यः *(सफा गर्न लायक)* मृजु शुद्धौ (अदा.) धातु, मृज्+क्यप् (य)= मृज्य ।

शब्दार्थ-सफा गर्नुपर्ने, परिमार्जन योग्य, शुद्ध पार्न लायक

मृडः (ना./पुं.) मृडति, मृड्णातीति वा *(आनन्द प्रदान गर्छन्)* मृड सुखने (तुदा.) वा मृड क्षोदे सुखे च (क्र्या.) धातु, मृड्+क[२] (अ)= मृड ।

शब्दार्थ- शिव, शङ्कर, शम्भु, महेश्वर ।

मृडानी (ना./स्त्री.) मृडस्य पत्नी *(शिवकी पत्नी)* मृड+ङीष् (ई), आनुक्, मृड आनी, दीर्घ= मृडानी ।

शब्दार्थ- भवानी, अम्विका, पार्वती, दुर्गा ।

मृणालम् (ना./न.) मृण्यते हिंस्यते इति *(नाश गरिन्छ वा भाँचिन्छ)* मृण हिंसायाम् (तुदा.) धातु, मृण्+कालन्[३] (आल), उणा.= मृणाल ।

शब्दार्थ- कमलको पानी भित्रको ठाँड, कमलतन्तु, कमलको तन्तुमय जरा ।

मृण्मयः (वि.) मृदः विकारः *(माटोको विकार)* वा मृदः आगतः *(माटोबाट बनेको)* मृद्+मयट्[४] (मय), परसवर्ण, णत्व= मृण्मय ।

शब्दार्थ-माटोको विकार, माटोसम्वन्धी, माटोबाट वनेको,

मृण्मूर्तिः (ना./स्त्री.) मृदः मूर्तिः *(माटाको मूर्ति)* मृद्+मूर्ति, ष.त.स., परसवर्ण= मृण्मूर्ति ।

शब्दार्थ- माटावाट वनाइएको मूर्ति, माटाको मूर्ति ।

मृतम् (ना./न./वि.) म्रियते इति *(मर्छ)* मृङ् प्राणत्यागे (तुदा.) धातु, मृ+तन्[५] (त), कित्व, उणा.= मृत । अथवा म्रियते स्म इति *(मरेको)* मृ+क्त[६] (त), कर्तामा =मृत ।

शब्दार्थ- मरण, निधन, मृत्यु, मरेको, निधन भएको ।

मृतकः (वि./ना./पुं.) मृत एव *(मरेको नै, मरण नै)* मृत+कन् (क), स्वार्थमा= मृतक ।

शब्दार्थ- मरेको, मृत्यु भएको, लास, मुर्दा, शव ।

मृतप्रायः (वि.) प्रायेण मृतः *(प्रायः मरेको)* सह सुपा समास= मृतप्राय ।

शब्दार्थ- मरेसमान, मरेकै वरावर, मरेकै जस्तो ।

मृतभाषा (ना./स्त्री.) मृता चासौ भाषा च *(मृत भाषा)* क.त.स.= मृतभाषा ।

शब्दार्थ- वोल्न छाडिसकेको भाषा, लोप भइसकेको भाषा, मृतप्रायः अवस्थामा रहेको भाषा ।

मृतवत्सा (ना./स्त्री.) मृतः वत्सः यस्याः *(मरेको छ बच्चा जसको)* ब.स., मृतवत्स+टाप् (आ)=मृतवत्सा ।

शब्दार्थ- वालवालिका मरेकी स्त्री, जन्मने वित्तिकै वच्चा मरेकी आइमाई, वाछ्रावाछ्री मरेका वा मरिरहने गाई ।

मृतात्मा (ना./पुं./वि.) मृतस्य आत्मा *(मरेका प्राणीको आत्मा)* मृत+आत्मन्, ष.त.स., दीर्घ= मृतात्मा । अथवा मृतः आत्मा यस्य *(मृतप्रायः छ आत्मा जसको)* ब.स., दीर्घ, मृतात्मन्= मृतात्मा ।

शब्दार्थ- मरेको जीव वा प्राणीको आत्मा, प्रेतात्मा, हुतिहारा, आँट गर्न नसक्ने, हौसला नभएको, मृतप्रायः अवस्थाको ।

मृताशौचम् (ना./न.) मृतानामाशौचम् *(मरेकाको आशौच)* मृत+आशौच, ष.त.स., दीर्घ= मृताशौच ।

शब्दार्थ- मृतकको आशौच, मरेकाको जुठो, मरणाशौच ।

मृत्तिका (ना./स्त्री.) मृदेव *(माटो नै)* मृद्+तिकन्[७] (तिक), चर्त्व, मृत्तिक+टाप् (आ)= मृत्तिका ।

शब्दार्थ- माटो, मृद, मृत्तिका ।

मृत्युः (ना./पुं.) म्रियते इति *(मर्छ)* मृङ् प्राणत्यागे (तुदा.) धातु, मृ+त्युक्[८] (त्यु), उणा.= मृत्यु ।

मृत्युर्ना मरणे यमे- इति मेदिनी

शब्दार्थ- मरण, निधन, देहान्त, देहावसन, काल, यमराज, विष्णु, शिव ।

द्रष्टव्य- मृत्युः सर्वहरश्चाहम्- भ.गी. १०/३४

मृत्युञ्जयः (ना./पुं./वि.) मृत्युं जितवान् इति *(मृत्युलाई जितेका)* मृत्यु उपपदमा हुने जि जये (भ्वा.) धातु, मृत्यु+जि+खच्[९] (अ), मुमागम, परसवर्ण = मृत्युञ्जय ।

शब्दार्थ- शिव, शङ्कर, महादेव, मृत्युविजेता, मृत्युलाई जित्ने

मृत्युपाशः (ना./पुं.) मृत्योः पाशः *(मृत्युको पासो)* ष.त.स.= मृत्युपाश ।

शब्दार्थ- मृत्युको पासो, मरणासन्न स्थिति, यमराजको पासो, कालको फन्दा ।

---

1. पुंयोगादाख्यायाम् : ङीष्
२. इगुपधज्ञा... : क
३. तमिविशिविडि... : कालन्
४. मयद्वैतयो.../मयद् च : मयद्
५. तनिमृङ्भ्याम्... : तन्, कित्व
६. गत्यर्थाकर्मक... : क्त
७. मृदस्तिकन् : तिकन्
८. भुजिमृङ्भ्यां युक्त्युकौ : त्युक्
९. संज्ञायां भृतृवृजि... : खच्

मृत्युलोकः (ना./पुं.) मृत्योर्लोकः *(मृत्युको लोक)* ष.त.स. =मृत्युलोक ।

शब्दार्थ- जन्ममरण हुने संसार, मर्त्यलोक, भूलोक, भूमण्डल, यमलोक, नरक ।

मृत्युशय्या (ना./स्त्री.) मृत्योः शय्या *(मृत्युका अवस्थाको शय्या)* ष.त.स.= मृत्युशय्या ।

शब्दार्थ- मर्नेबेलाको शय्या, मर्ने वेलाको अवस्था, मरणासन्न अवस्था ।

मृदङ्गः (ना./पुं.) मृद्यते आहन्यते असौ *(ठोकेर बजाइन्छ यो)* मृद क्षोदे (क्र्या.) धातु, मृद्+अङ्गच् (अङ्ग), कित्व= मृदङ्ग ।

मृदङ्गा मुरजा भेदाः- इत्यमरः

शब्दार्थ- वाद्यविशेष, मुरजवाजा, मृदङ्गवाजा, पटाहा, मादल ।

मृदुः (वि.) म्रदते, मृद्यते इति वा *(मर्दन गर्छ, गरिन्छ)* म्रद मर्दने (भ्वा.) धातु, म्रद्+कु[1] (उ), उणा., सम्प्रसारणवाट, म्रको मृ= मृदु ।

शब्दार्थ- मृदु, मर्दन गर्न सकिने, कोमल, नरम, मुलायम, मधुर, दुर्वल, कमजोर ।

मृदुता (ना./स्त्री.) मृदोर्भावः *(मृदु हुनाको भाव वा अवस्था)* मृदु+तल् (त)+टाप् (आ)= मृदुता ।

शब्दार्थ- कोमलता, नरमपना, मधुरता, मिठास ।

मृदुभाषी (वि.) मृदु भाषितुं शीलमस्य *(मधुर बोल्ने शील छ यसको)* मुदु उपपदपूर्वक भाष व्यक्तायां वाचि (भ्वा.) धातु, मृदु+भाष्+णिनि[2] (इन्), मृदुभाषिन् =मृदुभाषी ।

शब्दार्थ- मीठो वोल्ने, मधुरभाषी, मिष्ठभाषी ।

मृदुमुखी (ना./स्त्री.) मृदु मुखं यस्याः सा *(कोमल छ मुख जुन स्त्रीको)* ब.स., मृदुमुख+ङीष् (ई)= मृदुमुखी ।

शब्दार्थ-कोमल मुख भएकी स्त्री, सुन्दर मुख भएकी स्त्री,

उदा. एकान्तमा मृदुमुखी पनि हाँसिदिन्थिन्-शा.म.का. ७/४५
यस्ता भाव लिई बनिन् मृदुमुखी सम्पूर्णता त्यागिनी-सु.म.का. ९/४७

मृदुलः (वि.) मृदुर्गुणः अस्यास्तीति *(मृदु गुण छ यसको)* मुदु+लच्[3] (ल)= मृदुल ।

शब्दार्थ- सुकुमार, कोमल, मुलायम, मृदु, नरम, दयालु, मधुर ।

मृदुलता (ना./स्त्री.) मृदुलस्य भावः *(मृदुल हुनाको भाव वा अवस्था)* मृदुल+तल् (त)+टाप् (आ)= मृदुलता ।

शब्दार्थ- कोमलता, नरमपना, मधुरता, सौकुमार्य, सुन्दरता, सादापन, सरलता ।

उदा. केही निर्मल पानिको मृदुलता न्यानो तथा घामको-वृक्ष, देवकोटा

मृन्मयः (वि.) मृदः विकारः *(माटोको विकार)* मृदः आगतः *(माटोबाट आएको, माटोको)* मृद्+मयट्[4] (मय), परसवर्ण= मृन्मय ।

शब्दार्थ- माटोको, माटोले वनेको, माटाको विकार भएको

मृषा (वि./अव्य.) मृष्यते इति *(असत्यको वर्षा गरिन्छ)* मृषु सेचने (भ्वा.) धातु, मृष्+क्विप् (सर्वलोप), भागुरीमतमा आप् निपातन= मृषा ।

शब्दार्थ- मिथ्या, झूटो, असत्य, व्यर्थमा, विनासित्ति ।

मेखला (ना./स्त्री.) मां लक्ष्मीं शोभाम् इखतीति *(शोभा दिन्छ)* मा उपपदपूर्वक इख गतौ (भ्वा.) धातु, मा+इख्+कलच् (अल), वहुलप्रकारले, मा इको गुण, मेखल+टाप् (आ)= मेखला ।

अथवा मां ईम् लक्ष्मीं खलतीति *(शोभा वढाउँछ)* मा ईउपपदपूर्वक खल सञ्चये सञ्चलने च (भ्वा.) धातु, मा+ई+खल्+क[5] (अ), मा ईको गुण, मेखल+टाप् (आ)=मेखला ।

अथवा मखं गतिं लातीति *(चञ्चल वन्छ)* मख उपपदमा हुने ला आदाने (अदा.) धातु, मख+ला+क[6] (अ)+टाप् (आ), मखला, मको एत्व पृषोदरादिवाट =मेखला ।

अथवा मीयते प्रक्षिप्यते शरीरस्य मध्यभागे इति *(शरीरको मध्यभागमा लगाइन्छ)* डुमिञ् प्रक्षेपणे (स्वा.) धातु, मि+खलच् (खल), गुण, वहुलप्रकारले, मेखल+टाप् (आ), =मेखला ।

शब्दार्थ- स्त्रीको कटिमा लगाउने काञ्ची, रशना, मेखला, पर्वतको मध्यभाग ।

मेघः (ना./पुं.) मेहति वर्षति जलम् *(वर्षा हुन्छ)* मिह सेचने (भ्वा.) धातु, मिह्+घञ्[7] (अ)/अच् (पचादि), गुण, कुत्व[8]= मेघ ।

अभ्रं मेघो वारिवाहः - इत्यमरः

शब्दार्थ- मेघ, जलधर, वादल, कुहिरो ।

मेघज्योतिः (ना./स्त्री.) मेघस्य ज्योतिः *(मेघको ज्योति)* ष.त.स.= मेघज्योति ।

शब्दार्थ-मेघ गर्जदा चटचाङ परेर निस्केको ज्योति, विजुली ।

मेघनादः (ना./पुं.) मेघस्य नादः *(मेघको ध्वनि)* ष.त.स. =मेघनाद ।

अथवा मेघस्य नादः इव नादः यस्य *(मेघको नाद वा गर्जनझैं नाद छ जसको)* ब.स.= मेघनाद ।

शब्दार्थ- मेघको गर्जन, मेघको गडगडाहट, ध्वनि, वरुण, रावणको छोरो, इन्द्रजित् ।

मेघमयम् (ना./न./वि.) प्रकृतं प्रचुरं मेघः *(धेरै वादल)* मेघ+मयट्[9] (मय)= मेघमय ।

शब्दार्थ- वादलले भरिएको आकाश, मेघले परिपूर्ण (अम्वर) ।

---

[1] प्रथिम्रदिभ्रस्ज... : कु

[2] सुप्यजातौ... : णिनि

[3] सिध्मादिभ्यश्च : लच्

[4] मयट् च/मयड्वैतयो... : मयट्

[5] मूलविभुजादिभ्य... : क

[6] आतोऽनुपसर्गे... : क

[7] हलश्च : घञ्

[8] न्यङ्क्वादीनां च : कुत्व

[9] तत्प्रकृतवचने... : मयट्

मेघमाला (ना./स्त्री.) मेघानां माला *(मेघको माला)* ष.त.स.= मेघमाला ।

शब्दार्थ-मेघको पङ्क्ति, वादलको लस्कर, वादलको ताँती

उदा. **तडित् झैं तिमी छौ म ता मेघमाला-**

शा.म.का. ४/७४

मेघवाहनः (ना./पुं.) मेघाः वाहनं यस्य *(मेघहरू वाहन छन् जसका)* व.स.= मेघवाहन ।

शब्दार्थ- इन्द्र, शक्र, स्वर्गका राजा ।

मेघागमः (ना./पुं.) मेघस्य आगमः *(मेघको आगमन)* ष.त.स., दीर्घ= मेघागम ।

शब्दार्थ- वर्षायामको प्रारम्भ, वर्षाकालको शुरुवात ।

मेघाच्छन्नः (वि.) मेघैराच्छन्नः *(वादलले आच्छादित)* मेघ +आच्छन्न, तृ.त.स., दीर्घ= मेघाच्छन्न ।

शब्दार्थ- मेघले ढाकेको, वादलले आच्छादित, वादल लागेको, वादलले अँध्यारो पारेको, दुर्दिन ।

मेघाडम्वरः (ना./पुं.) मेघस्य आडम्वरः *(मेघको आडम्बर वा गर्जन)* मेघ+आडम्वर, ष.त.स., दीर्घ=मेघाडम्वर ।

शब्दार्थ- मेघको गर्जन वा गडगडाहट, मेघको घरघर ध्वनि ।

मेढ्रम् (ना./न.) मेहति अनेन *(मूत्र त्याग गर्छ यसद्वारा)* मिह सेचने (भ्वा.) धातु, मिह्+ष्ट्रन्[1] (त्र), हको ढत्व, गुण= मेढ्र ।

शब्दार्थ- मूत्रेन्द्रिय, पुरुषको लिङ्ग ।

मेदः/मेदस् (मेदाः) (ना./पुं.) मेद्यति, मेदते इति वा *(पग्लन्छ)* ञिमिदा स्नेहने (दिवा./भ्वा.) धातु, मिद्+अच् (पचादि), गुण= मेद ।

मिद्+असुन् (अस्), उणा., गुण, मेदस्, मेदाः= मेद ।

मेदास्तु वपा वसा- इत्यमरः

शब्दार्थ- वोसो, वपा, जातिविशेष, वर्णशङ्कर ।

मेदिनी (ना./स्त्री.) मेदः अस्ति अस्याम् *(माटो वा मधुकैटवको मेद भरिएको छ यसमा)* मेद+इनि[2] (इन्), अकारलोप, मेदिन्+ङीप्[3] (ई)= मेदिनी ।

पृथिवी पृथ्वी क्ष्मावनिर्मेदिनी मही- इत्यमरः

शब्दार्थ- जमिन, भूमि, माटो, पृथ्वी, धर्ती, मही, अवनि ।

मेधः (ना./पुं.) मेध्यते हन्यते पशु अत्र *(यहाँ पशु वध गरिन्छ)* वा मेध्यते इति *(हवन गरिन्छ)* मेधृ मेधा हिंस्रनयोः (भ्वा.) धातु, मेध्+घञ् (अ), गुण= मेध ।

शब्दार्थ- होम, हवन, यज्ञ, त्यस्तो यज्ञ वा हवन जहाँ पशु वलि चढाइन्छ, यज्ञीय पशु, यज्ञमा वलि दिइने पशु ।

मेधा (ना./स्त्री.) मेधति सङ्गच्छते अस्यामिति *(यसमा सङ्गम हुन्छ)* मेधृ सङ्गमे च (भ्वा.) धातु, मेध्+अ[4] (प्रत्यय)+टाप् (आ)= मेधा ।

धीर्धारणावती मेधा- इत्यमरः

शब्दार्थ- धारणात्मक शक्तियुक्त वुद्धि, तीखो वुद्धि, प्रज्ञा, स्मरणशक्ति ।

मेधावती (ना./स्त्री.) प्रशस्ता मेधा अस्ति अस्याः *(पर्याप्त वुद्धि छ यस स्त्रीको)* मेधा+मतुप्[5] (मत्), मको व, मेधावत्+ङीप् (ई)= मेधावती ।

शब्दार्थ- तीखो वुद्धि भएकी स्त्री, तीक्ष्णवुद्धि भएकी नारी ।

मेधावान् (वि.) प्रशस्ता मेधा अस्यास्तीति *(पर्याप्त वुद्धि छ यसको)* मेधा+मतुप्[5] (मत्), मको व, मेधावत् =मेधावान् ।

शब्दार्थ- धारणावती वुद्धि भएको, तीक्ष्णवुद्धि भएको, मेधावी, मेधावान्, वुद्धिमान् ।

मेधाविनी (ना./स्त्री.) मेधा अस्ति अस्याः *(मेधा छ यस स्त्रीको)* मेधा+विनि[6] (विन्), मेधाविन्+ङीप् (ई) =मेधाविनी ।

शब्दार्थ- धारणावती वुद्धि भएकी स्त्री, तीक्ष्णवुद्धि भएकी नारी ।

मेधावी (वि.) प्रशस्ता मेधा अस्यास्तीति *(पर्याप्त मेधा छ यसको)* मेधा+विनि[6] (विन्), मेधाविन्= मेधावी ।

शब्दार्थ- प्रतिभाशाली, मेधावान्, तीखो वुद्धि भएको ।

मेध्यः (वि.) मेधितुमर्हः *(हवन गर्न योग्य)* मेधृ मेधा हिंस्रनयोः (भ्वा.) धातु, मेध्+ण्यत्[7] (य)= मेध्य ।

अथवा मेधायै हितम् *(वुद्धि वा यज्ञको लागि उपयुक्त)* मेधा+यत्[8] (य)= मेध्य ।

पूतं पवित्रं मेध्यं च - इत्यमरः

शब्दार्थ- यज्ञका लागि उपयोगी, यज्ञसम्वन्धी, पवित्र, विशुद्ध चोखो, वुद्धिवर्धक ।

मेनका (ना./स्त्री.) मनुते, मन्यते असौ *(ठान्दछे यो)* मनु अववोधने (तना.) धातु, मन्+वुन्[9] (अक), उणा., धातुका अकारको 'एत्व'निपातन, टाप् (आ)= मेनका ।

घृताची मेनका रम्भा- इत्यमरः

शब्दार्थ- स्वर्गकी एक अप्सरा, शकुन्तलाकी आमा, हिमालयकी पत्नी, पार्वतीकी माता ।

मेरुः (ना./पुं.) मिनोति ज्योतींषि *(प्रकाश छर्छ)* डुमिञ् प्रक्षेपणे (स्वा.) धातु, मि+रु[10] (उणा.), गुण= मेरु ।

मेरुः सुमेरुर्हेमाद्री रत्नसानुः सुरालयः- इत्यमरः

शब्दार्थ- मेरुपर्वत, सुमेरुपर्वत, मेरुदण्ड, पौराणिक कथामा वर्णित एक पर्वत, हारका मध्यभागमा जडिएको मणि ।

मेषः (ना./पुं.) मिषति अन्योऽन्यं स्पर्धते *(परस्परमा स्पर्धा गर्छ)* मिष स्पर्धायाम् (तुदा.) धातु, मिष्+अच् (पचादि), गुण= मेष ।

शब्दार्थ- भेडो, वाह्र राशिमध्ये एक, मेषराशि ।

मेहः (ना./पुं.) मेहति, मिह्यते इति *(पिसाब गर्छ, गरिन्छ)* मिह सेचने (भ्वा.) धातु, मिह्+अच्/घञ् (अ), गुण= मेह ।

शब्दार्थ- पिसाब, मूत्र, मुत, प्रमेह, पिसावसम्वन्धी रोग ।

---

[1] सर्वधातुभ्य : ष्ट्रन्
[2] अत इनिठनौ : इनि
[3] ऋन्नेभ्यो... : ङीप्
[4] गुरोश्च हलः : अ
[5] तदस्यास्त्यस्मिन्... : मतुप्
[6] अस्मायामेधास्रजो... : विनि
[7] ऋहलोर्ण्यत् : ण्यत्
[8] तस्मै हितम् : यत्
[9] कृञादिभ्यः संज्ञायाम्... : वुन्
[10] मिपिभ्यां रुः : रु

मैत्रः (वि.) मित्रस्य अयम् *(मित्रको यो)* मित्र+अण्[१] (अ), आदिवृद्धि, अकारलोप= मैत्र ।

शब्दार्थ- मित्रसम्वन्धी, मित्रसित सम्वन्धित, मित्रको ।

मैत्रावरुणः (वि./ना./पुं.) मित्रश्च वरुणश्च *(मित्र र वरुण)* द्व.स., आनङ्[२], मित्रावरुणौ । मित्रावरुणयोरयम्, मित्रावरुणयोरपत्यम् *(मित्रावरुणको यो, मित्रावरुणका सन्तति)* मित्रावरुण+अण्[१] (अ), आदिवृद्धि, अकारलोप =मैत्रावरुण ।

शब्दार्थ- मित्रावरुणसम्वन्धी, वाल्मीकि मुनि, अगस्त्य ऋषि, ऋत्विक्विशेष ।

मैत्रावरुणिः (ना./पुं.) मित्रावरुणयोरपत्यम् पुमान् *(मित्रावरुणको पुरुष सन्तान)* मित्रावरुण+इञ्[३] (इ), आदिवृद्धि= मैत्रावरुणि ।

शब्दार्थ- अगस्त्य ऋषि, वशिष्ठ ऋषि, वाल्मीकि मुनि ।

मैत्री (ना./स्त्री.) मित्रस्य भावः कर्म वेति *(मित्र हुनाको भाव वा कर्म)* मित्र+अण्[४] (अ), आदिवृद्धि, अकारलोप, मैत्र+ङीप् (ई)= मैत्री ।

शब्दार्थ- मित्रता, दोस्ती, मित्र हुनाको भाव वा अवस्था ।

मैत्रीपूर्णः (वि.) मैत्र्या पूर्णः *(मित्रताले परिपूर्ण)* तृ.त.स. =मैत्रीपूर्ण ।

शब्दार्थ- मित्रताले भरिएको, मित्रताले परिपूर्ण, मैत्रीभावले पूर्ण ।

मैत्रेयः (ना./पुं.) मित्रस्य अपत्यं पुमान् *(मित्रका पुरुष सन्तान)*, मित्रस्य अयम् *(मित्रको यो)* मित्र+ढक्[५]/ढञ्[६] (एय), आदिवृद्धि, अकारलोप= मैत्रेय ।

शब्दार्थ- एक ऋषि, सूर्य, मित्रसित सम्वन्धित ।

मैत्र्यम् (ना./न.) मित्रस्य भावः कर्म वा *(मित्र हुनाको भाव वा कर्म)* मित्र+ष्यञ्[७] (य), आदिवृद्धि, अकारलोप= मैत्र्य ।

शब्दार्थ- मित्रता, मैत्रीभाव, मित्र हुनाको अवस्था ।

मैथिलः (ना./पुं./वि.) मिथिलायां भवः जातः, मिथिलायाः अयम्, मिथिला निवासः अस्य *(मिथिलामा भएको वा जन्मेको, मिथिलाको यो, मिथिला छ निवास जसको)* मिथिला+अण्[८] (अ), आदिवृद्धि= मैथिल ।

शब्दार्थ- मिथिलाका राजा जनक, विदेह, मिथिलासम्वन्धी, मिथिलामा भएको, मिथिलानिवासी, मिथिलाको ।

मैथिली (ना./स्त्री.) मिथिलायां जाता भवा वा *(मिथिलामा भएकी वा जन्मेकी)* मिथिला+अण् (अ), आदिवृद्धि, अकारलोप, मैथिल+ङीप् (ई)= मैथिली ।

शब्दार्थ- जानकी, सीता, जनकनन्दनी, मैथली भाषा, मिथिला प्रदेशको भाषा ।

मैथुनम् (ना./न./वि.) मिथुने सम्भवतीति *(स्त्री र पुरुषको जोडीमा सम्भव हुन्छ)* मिथुनस्य इदम् *(मिथुन वा जोडीको यो)* मिथुनस्य कर्म *(स्त्री र पुरुषको कर्म)* मिथुन+अण्[९]/अञ्[१०] (अ), आदिवृद्धि, अकारलोप =मैथुन ।

शब्दार्थ- रतिक्रीडा, कामक्रीडा, सम्भोग, यौनकर्म, स्त्री र पुरुषसम्वन्धी, युगल, सम्भोगसित सम्वन्धित, सम्भोगसम्वन्धी ।

मैथुनप्रयोजनम् (ना./न.) मैथुनस्य प्रयोजनम् *(मैथुनको प्रयोजन वा उद्देश्य)* ष.त.स.= मैथुनप्रयोजन ।

शब्दार्थ- मैथुनको प्रयोजन, त्यो प्रयोजन हो- वंशवृद्धि (सन्तानोत्पादन), कामसुख, आत्मानन्द, आयुवृद्धि ।

मैथुनिकः (वि.) मिथुनादागतः, मिथुनस्य इदम् इति *(मिथुन (जोडीबाट आएको, जोडी या स्त्री पुरुषको यो)* मिथुन +ठक्[११] (इक), आदिवृद्धि, अकारलोप= मैथुनिक ।

शब्दार्थ- मैथुन वा सम्भोगसम्वन्धी, रतिक्रीडासम्वन्धी, सम्भोग गर्ने ।

मैथुनी (वि.) मैथुनमस्यास्तीति *(मैथुन कर्म छ यसको)* मैथुन+इनि[१२] (इन्), अकारलोप, मैथुनिन्= मैथुनी ।

शब्दार्थ- मैथुनकर्म गर्ने, रतिक्रीडा गर्ने, सम्भोग गर्ने ।

मैथुन्यः (वि.) मैथुने साधुः *(मैथुनकर्ममा निपुण)* मैथुन+यत्[१३] (य), अकारलोप= मैथुन्य ।

शब्दार्थ- मैथुनकर्ममा दक्ष वा निपुण ।

मोक्षः (ना./पुं.) मोक्ष्यते इति *(मोक्ष प्राप्त हुनु)* मोक्ष अवसाने (चुरा.) धातु, मोक्ष्+णिचि, मोक्षि+अच् (एरच्), णिलोप= मोक्ष ।

मुक्तिः कैवल्यनिर्वाणश्रेयोनिःश्रेयसामृतम् । मोक्षोऽपवर्गः- इत्यमरः

शब्दार्थ- मुक्ति, निर्वाण, अपवर्ग, कैवल्य, जन्ममरणरूप वन्धनबाट छुट्ने काम, छुटकारा, मृत्यु, मरण ।

मोक्षणम् (ना./न.) मोक्ष्यते इति *(मोक्ष हुनु)* मोक्ष अवसाने (चुरा.) धातु, मोक्ष्+ल्युट् (अन), णत्व =मोक्षण ।

शब्दार्थ- मुक्त हुने काम, स्वतन्त्र हुने काम, छुटकारा, मुक्ति, मोक्ष हुने काम ।

मोक्षदा (ना./स्त्री./वि.) मोक्षं ददातीति *(मोक्ष दिन्छ)* मोक्ष उपपदपूर्वक डुदाञ् दाने (जुहो.) धातु, मोक्ष+दा+क[१४] (अ), आकारलोप, मोक्षद+टाप् (आ) =मोक्षदा ।

शब्दार्थ- मोक्षदायिनी, वर्षभरिका चौवीसवटा एकादशीमध्ये एक, मार्गशुक्ल एकादशी, मुक्ति दिने, मोक्ष प्रदान गर्ने, निर्वाणदायक ।

---

१. तस्येदम्/ऋष्यन्धक... : अण्
२. देवताद्वन्द्वे च : आनङ्
३. अत इञ् : इञ्
४. इगन्ताच्च लघुपूर्वात् : अण्
५. दाण्डिनायनहास्तिनायन... : ढक्
६. गृष्ट्यादिभ्यश्च : ढञ्
७. गुणवचन... : ष्यञ्
८. तत्र भवः/तत्र जातः/तस्येदम्/तस्य निवासः : अण्
९. सम्भूते/तस्येदम् : अण्
१०. प्राणभृज्जाति... : अञ्
११. ततः आगतः/तस्येदम् : ठक्
१२. अत इनिठनौ : इनि
१३. तत्र साधुः : यत्
१४. आतोऽनुपसर्गे... : क

मोघः (वि./ना./न.) मुह्यन्ते अस्मिन् निरर्थके *(निरर्थकमा मोहित हुन्छन्)* मुह वैचित्ये (दिवा.) धातु, मुह्+घञ्[1] (अ), कुत्व, गुण= मोघ ।

शब्दार्थ- अर्थहीन, निरर्थक, व्यर्थ, निष्फल, निस्प्रयोजन ।

मोचकः (वि.) मोचयतीति *(छुटाउँछ)* मुच्लृ मोक्षणे (तुदा.) धातु, मुच्+णिचि+ण्वुल्[2] (अक), गुण, णिलोप = मोचक ।

शब्दार्थ- छुटकारा पाउने, मोक्ष पाउने, मुक्ति पाउने ।

मोचनम् (ना./न.) मुच्यते इति *(छुटकारा पाइन्छ)* मुच्लृ मोक्षणे (तुदा.) धातु, मुच्+ल्युट् (अन), गुण=मोचन ।

शब्दार्थ- मुक्ति, छुटकारा, स्वतन्त्रता, मोचन, मोक्ष, कष्ट, पीडा आदिबाट छुट्ने छुटाउने काम, निवारण ।

मोचनीयः/मोच्यः (वि.) मोक्तुं योग्यः *(छुटाउन योग्य)* मोच्लृ मोक्षणे (तुदा.) धातु, मुच्+अनीय (र्), गुण =मोचनीय ।

मुच्+ण्यत् (य), गुण= मोच्य ।

शब्दार्थ- छुटकारा पाउन योग्य वा लायक, मुक्ति पाउन योग्य ।

मोटकम् (ना./न.) मोटयति, मुटतीति वा *(बटार्दछ, पिस्छ)* मुट सञ्चूर्णने (चुरा.) वा मुट आक्षेपमर्दनयोः (तुदा.) धातु, मुट्+ण्वुल्[2] (अक), गुण =मोटक ।

शब्दार्थ- वटी, गोली, श्राद्धादि कर्ममा दोब्र्याएर बाटिएको कुश, मोटक ।

मोदः (ना./पुं.) मोदनम्, मुद्यते इति *(खुसी हुनु)* मुद हर्षे (भ्वा.) धातु, मुद्+घञ् (अ), गुण= मोद ।

शब्दार्थ-आनन्द, हर्ष, प्रसन्नता, सुगन्ध, सुवास, बास्ना ।

मोदकः (वि./ना./पुं.) मोदते, मोदयतीति वा *(खुसी हुन्छ वा खुसी गराउँछ)* मुद हर्षे (भ्वा.) धातु, मुद्+ण्वुल्[2] (अक), गुण= मोदक ।

मुद्+णिचि+ण्वुल् (अक), णिलोप, गुण= मोदक ।

शब्दार्थ- आनन्द दिने, खुसी गराउने, प्रसन्न गराउने, लड्डु, कसार, मिठाइ ।

मोदकदानम् (ना./न.) मोदकस्य दानम् *(लड्डुको दान)* ष.त.स.= मोदकदान ।

शब्दार्थ- कसार वा लड्डु दान गर्ने काम, गणेशजीलाई लड्डु चढाउने काम ।

मोदनम् (ना./न.) मोदनम्, मुद्यते इति *(प्रसन्न हुनु)* मुद हर्षे (भ्वा.) धातु, मुद्+ल्युट् (अन), गुण= मोदन ।

शब्दार्थ- प्रसन्नता, हर्ष, खुसियाली ।

मोदितः (वि.) मोदयति स्म इति *(खुसी भएको वा पारिएको)* मुद हर्षे (भ्वा.) धातु, मुद्+णिचि, गुण, मोदि+क्त (त), इडागम, णिलोप= मोदित ।

शब्दार्थ- खुसी पारिएको, खुसी तुल्याइएको, आनन्दित ।

मोहः (ना./पुं.) मुह्यते इति *(मोहित हुनु)* मुह वैचित्ये (दिवा.) धातु, मुह्+घञ् (अ), गुण= मोह ।

अथ मोहो नृलिङ्गः स्यादविद्यायाञ्च मूर्च्छने- इति मेदिनी

शब्दार्थ- अविद्या, अज्ञान, मूर्च्छा, व्यामोह, सांसारिक भोगप्रति आसक्ति, भ्रम, अविवेक, व्यामोह ।

मोहकः (वि.) मोहयतीति *(मोहित पार्छ)* मुह वैचित्ये (दिवा.) धातु, मुह+णिचि+ण्वुल्[2] (अक), गुण, णिलोप =मोहक ।

शब्दार्थ- मोहित पार्ने, मोह पार्ने, लठ्ठ्याउने, भ्रममा पार्ने ।

मोहजालम् (ना./न.) मोहस्य जालम् *(मोहको जाल)* ष.त.स.= मोहजाल ।

शब्दार्थ- मायाको जाल, मायाको जञ्जाल, मोहपाश, अविद्या, व्यामोह, मायामोहको बन्धन ।

मोहनः (ना./पुं./न.) मुह्यते अनेन *(मोहित हुन्छ यसबाट)* मुह वैचित्ये (दिवा.) धातु, मुह्+ल्युट् (अन), करणमा, गुण= मोहन ।

अथवा मोहयति, मोह्यते इति वा *(मोहित पार्छ वा मोहित पारिन्छ)* मुह वैचित्ये (दिवा.) धातु, मुह्+णिचि+ल्यु/ल्युट् (अन), गुण, णिलोप= मोहन ।

शब्दार्थ- मोहनी, मुहुनी, मूर्च्छा, मोहित पार्ने वा लठ्ठ्याउने काम, मूर्च्छित पार्ने क्रिया, कामदेवका पाँच बाणमध्ये एक, मोहनीरूपधारी विष्णु ।

मोहनिद्रा (ना./स्त्री.) मोहस्य निद्रा *(मोहको निद्रा)* ष.त.स.= मोहनिद्रा ।

शब्दार्थ- मोहवशमा परेर चेष्टाहीन हुने स्थिति, निश्चेष्ट हुने अवस्था, बेहोसीपना ।

मोहनी (ना./स्त्री.) मोहयतीति *(मोहित पार्छ)* मुह वैचित्ये (दिवा.) धातु, मुह्+णिचि+ल्युट् (अन), गुण, णिलोप, मोहन+ङीप् (ई)= मोहनी ।

शब्दार्थ- अरूलाई वश पार्ने क्रिया, मायाजालमा फसाउने क्रिया, टुनामुना, मुहुनी लगाउने काम, मोहित पार्न सक्ने क्रियाकलाप ।

मोहनीयः (वि.) मोह्यते, मोहितुं योग्यः इति वा *(मोहित पार्न योग्य)* मुह वैचित्ये (दिवा.) धातु, मुह्+णिचि+ अनीय (र्), गुण, णिलोप= मोहनीय ।

शब्दार्थ- मोहित पार्न योग्य वा लायक, मोहित पार्ने, मोहको बन्धनमा फसाउँने, मायाजालमा पार्ने ।

मोहपाशः (ना./पुं.) मोहस्य पाशः *(मोहको पाश)* ष.त.स.= मोहपाश ।

शब्दार्थ-मोहको बन्धन, मायाजाल, मोहजालमा फस्ने काम ।

मोहितः (वि.) मोह्यते स्म इति *(मोहित पारिएको)* मुह वैचित्ये (दिवा.) धातु, मुह्+णिचि, गुण, मोहि+क्त (त), णिलोप, इडागम= मोहित ।

शब्दार्थ- मुग्ध पारिएको, लठ्ठ्याइएको, मोहित पारिएको, मायाजालमा पारिएको, मोहजालमा फसाइएको, प्रेमबन्धनमा फसेको ।

---

[1] हलश्च : घञ्

[2] ण्वुल्तृचौ : ण्वुल्

मोहिनी (ना./स्त्री.) मोहयितुं शीलमस्याः *(मोहित पार्ने शील छ यसको)* मुह वैचित्ये (दिवा.) धातु, मुह्+णिचि, गुण, मोहि+णिनि[1] (इन्), णिलोप, मोहिन्+ङीप् (ई)= मोहिनी ।

शब्दार्थ- मुग्ध पार्ने स्त्री, मोहमा फसाउने आइमाई, मोहिनी विद्या, विष्णुको मोहिनीस्वरूप, वशीकरण गर्ने विद्या ।

मौक्तिकः (वि./ना./पुं.) मुक्ता एव *(मुक्ता नै)* मुक्ता+ठक्[2] (इक), स्वार्थमा, आदिवृद्धि, आकारलोप = मौक्तिक ।

अथवा मुक्तायाः आगतः, मुक्तायाः अयम् *(मोतीबाट आएको, मोतीको यो)* मुक्ता+ठक् (इक), आदिवृद्धि =मौक्तिक ।

शब्दार्थ- मोतीसम्वन्धी, मोतीको, मोती ।

मौखिकम् (वि.) मुखादागतम्/मुखस्य इदम् *(मुखबाट निस्केको/मुखको यो)* मुख+ठक्[3] (इक), आदिवृद्धि, अकारलोप= मौखिक ।

शब्दार्थ- मुखसित सम्वन्धित, मुखको, मुखसम्वन्धी, मुखवाट निस्केको, वचनसम्वन्धी ।

मौढ्यम् (ना./न.) मूढस्य भावः कर्म वेति *(मूढ हुनाको भाव वा कर्म)* मूढ+ष्यञ्[4] (य), आदिवृद्धि, अकारलोप =मौढ्य ।

शब्दार्थ- मूर्खता, मूढता, मूर्खपना ।

मौद्गल्यः (ना./पुं.) मुद्गलस्य गोत्रापत्यं पुमान् *(मुद्गल गोत्रका सन्तति)* मुद्गल+यञ्[5] (य), आदिवृद्धि, अकारलोप= मौद्गल्य ।

शब्दार्थ- मौद्गल्यगोत्रका प्रवर्तक एक ऋषि, मौद्गल्य गोत्रको मानिस, मौद्गल्यगोत्रको वंश वा सन्तान ।

मौद्गीनम् (ना./न.) मुद्गानां भवनं क्षेत्रम् *(मुगीमास उब्जने बारी)* मुद्ग+खञ्[6] (ईन), आदिवृद्धि, अकारलोप= मौद्गीन ।

शब्दार्थ-मुगीमास पैदा हुने क्षेत्र, मुगीमास उब्जने वारी ।

मौद्रिकः (वि.) मुद्रायाः आगतः/मुद्रायाः अयम् *(मुद्राबाट आएको/मुद्राको यो)* मुद्रा+ठक्[3] (इक), आदिवृद्धि, अकारलोप= मौद्रिक ।

शब्दार्थ- मुद्रासम्वन्धी, मुद्रासित सम्वन्धित, मुद्राको यो ।

मौद्रिकनीतिः (ना./स्त्री.) मौद्रिका चासौ नीतिश्च *(मुद्रासम्वन्धी नीति)* क.त.स.= मौद्रिकनीति ।

शब्दार्थ- मुद्राको प्रचलन र विनिमयसम्वन्धी नीति ।

मौनम् (ना./न.) मुनेर्भावः कर्म इति वा *(मुनिको भाव वा कर्म)* मुनि+अण्[7] (अ), आदिवृद्धि, अकारलोप =मौन ।

शब्दार्थ- चुपचाप वस्ने काम, मुकभाव, अभाषण, नवोल्ने नियम, चुपचाप ।

द्रष्टव्य- **दर्दुरा यत्र वक्तारस्तत्र मौनं हि शोभनम्- नीतिवचन**

मौनधारणम् (ना./न.) मौनञ्च तत् धारणञ्च *(मौन धारण गर्ने काम)* क.त.स.= मौनधारण ।

शब्दार्थ- चुपचाप लागेर वस्ने काम, मौनव्रत धारण गर्ने काम ।

मौनव्रतम् (ना./न.) मौनञ्च तत् व्रतञ्च *(मौनव्रत)* क.त.स.= मौनव्रत ।

शब्दार्थ- नवोल्ने व्रत, चुपचाप वस्ने व्रत ।

मौनव्रती (वि.) मौनव्रतमस्यास्तीति *(मौनव्रत छ यसको)* मौनव्रत+इनि[8] (इन्), अकारलोप= मौनव्रती ।

शब्दार्थ- नवोली वस्ने, मौनी, नवोल्ने व्रत लिएर वस्ने ।

मौनी (वि.) मौनमस्यास्तीति *(मौनभाव छ यसको)* मौन+इनि (इन्), मौनिन्= मौनी ।

शब्दार्थ- चुपचाप वस्ने, नवोल्ने, मौनव्रत धारण गर्ने ।

मौर्यः (ना./पुं.) मुरस्य मुरायाः वा अपत्यं पुमान् *(मुर पुरुष वा स्त्रीको सन्तति)* मुर+ण्य[9] (य), आदिवृद्धि, अकारलोप= मौर्य ।

शब्दार्थ- मगधको प्राचीन राजवंश, जो चन्द्रगुप्त मौर्यवाट प्रारम्भ भएको थियो, मौर्यसम्राट् ।

मौर्वी (ना./स्त्री.) मुर्वायाः विकारः *(मुर्वाको विकार)* मुर्वा+अण्[10] (अ), वृद्धि, मौर्व+ङीप् (ई)= मौर्वी ।।

शब्दार्थ- धनुको ताँदो, धनुको डोरी, धनुको प्रत्यञ्चा, मुर्वाको कन्धनी ।

मौहूर्तः/मौहूर्तिकः (वि./ना./पुं.) मुहूर्तमधिकृत्य कृतं ग्रन्थमधीते वेद इति वा *(मुहूर्तलाई मुख्य मानेर रचित ग्रन्थ पढ्छ वा जान्दछ)* मुहूर्त+अण्[11] (अ), आदिवृद्धि, अकारलोप= मौहूर्त ।

मुहूर्त+ठक्[12] (इक), आदिवृद्धि= मौहूर्तिक ।

मुहूर्ते भवः/मुहूर्तादागतः *(मुहूर्तमा हुने वा भएको/मुहूर्तबाट आएको)* मुहूर्त+ठक्[13]/ठञ् (इक), आदिवृद्धि, अकारलोप= मौहूर्तिक ।

शब्दार्थ- ज्योतिषशास्त्रको अध्येता, ज्योतिषी, दैवज्ञ, गणक, मुहूर्तवाट आएको, मुहूर्तसम्वन्धी ग्रन्थ ।

---

[1] सुप्यजातौ... : णिनि

[2] विनयादिभ्यष्ठक् : ठक्

[3] ठगायस्थानेभ्य.../तस्येदम् : ठक्

[4] गुणवचन... : ष्यञ्

[5] गर्गादिभ्यो यञ् : यञ्

[6] धान्यानां भवने क्षेत्रे... : खञ्

[7] इगन्ताच्च लघुपूर्वात् : अण्

[8] अत इनिठनौ : इनि

[9] कुर्वादिभ्यो ण्यः : ण्य

[10] तस्य विकारः : अण्

[11] तदधीते तद्वेद : अण्

[12] क्रतूक्थादि... : ठक्

[13] ठगायस्थानेभ्य../कालाट्ठञ् : ठक्/ठञ्

मौलिः/मौली (ना./पुं./स्त्री.) मूलस्य अदूरे भवः *(मूलको समीपमा भएको)* मूल+इञ्[१] (इ), आदिवृद्धि, अकारलोप = मौलि ।

मौलि+ङीष् (ई), विकल्पले= मौली ।

मौलिः किरीटे धम्मिल्ले चूडायामनपुंसकम्

अशोके पादपे पुंसि- इति मेदिनी

शब्दार्थ- चूडा, किरीट, बाटिएको केश, अशोकवृक्ष, शिर, भूमि ।

मौलिकः (वि.) मूलमर्हति/मूलादागतः/मूलस्य अयम् इति वा *(मुख्य वा मूल हुन योग्य/मूलबाट आएको/मूलको यो)* मूल+ठञ्[२]/ठक्[३] (इक)=मौलिक ।

शब्दार्थ- मुख्य, प्रधान, मूलभूत, मुख्यसार, मूलसित सम्बन्धित, सृजनात्मक, अरूको सहारा नलिएको ।

मौलिकाधिकारः (ना./पुं.) मौलिकश्चासौ अधिकारश्च *(मौलिक अधिकार)* क.त.स.= मौलिक अधिकार ।

शब्दार्थ- संविधान तथा कानुनद्वारा प्रदत्त मौलिक हक वा प्रमुख अधिकार, मौलिक अधिकार ।

मौलिकता (ना./स्त्री.) मौलिकस्य भावः *(मौलिक हुनाको भाव वा अवस्था)* मौलिक+तल् (त)+टाप् (आ) =मौलिकता ।

शब्दार्थ-मौलिकपना, प्रधानता, मौलिक हुनाको अवस्था ।

मौलिकरचना (ना./स्त्री.) मौलिकी चासौ रचना च *(मौलिक रचना)* क.त.स.= मौलिकरचना ।

शब्दार्थ- कसैको नक्कल नगरी लेखिएको गद्य तथा पद्य संरचना, आफैंले सृजना गरेको रचना, अरू ग्रन्थको अनुवाद नगरिएको रचना ।

म्लानः (वि.) म्लायति स्म इति *(ओइलाएको, हर्षक्षीण भएको)* म्लै हर्षक्षये (भ्वा.) धातु, आत्व, म्ला+क्त (त), निष्ठा तको नत्व[४]= म्लान ।

शब्दार्थ- ओइलाएको, थाकेको, कमजोर भएको, हर्षक्षीण भएको, दुर्वल, खिन्न, उदास ।

उदा. **कालो नीलो वदन सबको मृत्युझैं म्लान मौन-** य.श.१/१

म्लेच्छः (ना./पुं./वि.) म्लेच्छति, म्लेच्छयते इति वा *(अस्पष्ट या अव्यक्त शव्द बोल्छ वा अपशब्द बोलिन्छ)* म्लेच्छ अव्यक्ते शव्दे (भ्वा.) धातु, म्लेच्छ् +अच् (पचादि)/घञ् (अ)= म्लेच्छ ।

शब्दार्थ- अनार्यजाति, वर्ण र आश्रम अनुरूप स्वधर्म पालन नगर्ने जाति, पापिष्ठ, नीच, वेदविरुद्ध कर्म गर्ने, अधमी ।

म्लेच्छजातिः (ना./स्त्री.) म्लेच्छश्चासौ जातिश्च *(म्लेच्छ जाति)* क.त.स.= म्लेच्छजाति ।

शब्दार्थ- असभ्यजाति, जङ्गलीजाति, अनार्यजाति, सदाचार विरुद्ध कर्म गर्ने जाति ।

म्लेच्छदेशः (ना./पुं.) म्लेच्छानां देशः *(म्लेच्छहरूको देश)* ष.त.स.= म्लेच्छदेश ।

शब्दार्थ- अनार्यजातिहरूको देश, वर्णाश्रम व्यवस्था पालन नगर्ने देश, चातुर्वर्ण्य व्यवस्था नभएको देश ।

म्लेच्छभाषा (ना./स्त्री.) म्लेच्छानां भाषा *(म्लेच्छहरूको भाषा)* ष.त.स.= म्लेच्छभाषा ।

शब्दार्थ- म्लेच्छहरूको भाषा, अनार्यजातिको भाषा, म्लेच्छ जातिहरूवाट बोलिने भाषा ।

---

[१] बुञ्छण् कठजिल... : इञ्

[३] ठगायस्थानेभ्यः.... : ठक्

[२] तदर्हति : ठञ्

[४] संयोगादेरातो धातो... : तको न

य

यः (ना./पुं./स.ना.) याति गच्छतीति *(जान्छ, बहन्छ)* या प्रापणे (अदा.) धातु, या+ड[1] (अ), टिलोप= य ।

परिचय- देवनागरी वर्णमालाको छब्बीसौं व्यञ्जनवर्ण, तालुस्थानीय अन्तस्थ संज्ञक सघोष अल्पप्राण ध्वनि ।

यो ना वायौ यमने या यात्राप्तिघूमितत्यागेषु
वारणयोगसमज्ञायानेषु पुमांस्तु गन्तरि ख्यातः- मेदिनी

शब्दार्थ- गाडी, हावा, वायु, यान, यमराज, यम, यश, गतिशील, गतिमान्, गन्ता, छन्दशास्त्रमा यगण, सर्वनाम बुझाउँदा जो, यो ।

यकारः (ना./पुं.) 'य' यस्तो वर्णनिर्देशनमा 'य' प्रातिपदिकबाट य+कार[2]= यकार ।

शब्दार्थ- य-अक्षर, अन्तस्थसंज्ञक वर्णहरूमध्ये प्रथमवर्ण ।

यकृत् (ना./न.) यमनमिति *(त्याग्नु)* यम उपरमे वा यम परिवेषणे (भ्वा.) धातु, यम्+क्विप्[3] (सर्वलोप), यम् । यं संयमं वा पाचनं करोतीति *(संयम गर्छ, खाएको पचाउँछ)* यम् उपपदपूर्वक डुकृञ् करणे (तना.) धातु, यम्+कृ+क्विप्[4], तुगागम, यम्‌को मलोप, क्विप्‌को सर्वलोप= यकृत् ।

शब्दार्थ- कोखाको दायाँभागमा रहेको मांसपिण्ड, कलेजो, फियो ।

यक्षः (ना./पुं.) यक्ष्यते पूज्यते इति *(पूजा गरिन्छ)* यक्ष पूजायाम् (चुरा.) धातु, यक्ष्+घञ्[5]/घ[6] (अ)= यक्ष । अथवा ई लक्ष्मीमक्ष्णोतीति *(धन फैलाउँछन्)* ईपूर्वक अक्षू व्याप्तौ (भ्वा.) धातु, ई+अक्ष्+अण् (अ), ईको यण्= यक्ष ।

शब्दार्थ- एक देवयोनिविशेष, कुवेरको सेवक, कुवेर, गुह्यकेश्वर, धनद, भूतप्रेत आदि ।

यक्षपतिः/यक्षाधिपः (ना./पुं.) यक्षाणां पतिः यक्षाणामधिपः *(यक्षका पति, यक्षका स्वामी)* ष.त.स.= यक्षपति/ यक्षाधिप ।

शब्दार्थ- यक्षहरूका स्वामी वा राजा, कुवेर, यक्षहरूका पति, यक्षराट् ।

यक्षराजः (ना./पुं.) यक्षाणां राजा *(यक्षहरूका राजा)* ष.त.स., यक्ष+राजन्, समासान्त टच्, टिलोप =यक्षराज ।

शब्दार्थ- कुवेर, यक्षहरूका राजा, यक्षपति ।

यक्षराट् (ना./पुं.) यक्षेषु राजते इति *(यक्षहरूमा शोभित हुन्छन्, राज गर्छन्)* यक्ष उपपदपूर्वक राजृ दीप्तौ (भ्वा.) धातु, यक्ष+राज्+क्विप् (सर्वलोप), जको षत्व, ष्टुत्व= यक्षराट् ।

शब्दार्थ- कुवेर, यक्षहरूका राजा, यक्षहरूमा राज गर्ने कुवेर ।

यक्षिणी (ना./स्त्री.) यक्षः पूजा-सत्कारः वा अस्ति अस्याः *(यसको पूजा वा सत्कार गरिन्छ)* यक्ष+इनि[7] (इन्), अकारलोप, यक्षिन्+ङीप् (ई), णत्व= यक्षिणी ।

शब्दार्थ- कुवेरकी पत्नी, यक्षजातकी स्त्री, यक्ष स्त्री, यक्ष योषित् ।

यक्षी (ना./स्त्री.) यक्षस्य स्त्री *(यक्षकी स्त्री)* यक्ष+ङीप् (ई)= यक्षी ।

शब्दार्थ- यक्षपत्नी, कुवेरकी स्त्री, यक्षनारी ।

यजनम् (ना./न.) इज्यते इति *(हवन गरिन्छ)* यज देवपूजासङ्गतिकरणदानेषु (भ्वा.) धातु, यज्+ल्युट् (अन) =यजन ।

शब्दार्थ- यज्ञ, अध्वर, याग, होम आदि गर्ने काम ।

यजनीयः (वि.) यष्टुं योग्यः *(यज्ञ गर्न योग्य वा लायक)* यज्+अनीय (र्)= यजनीय ।

शब्दार्थ- यज्ञ गर्न उपयुक्त, यज्ञ गर्न योग्य, यज्ञ गर्नुपर्ने ।

यजमानः (ना./पुं./वि.) यजते इति *(यज्ञ गर्छ, पूजा गर्छ)* यज देवपूजासङ्गतिकरणदानेषु (भ्वा.) धातु, यज्+शानन्[8] (आन), शप् (अ), यज आन, मुमागम =यजमान ।

शब्दार्थ- यष्टा, यज्ञ गर्ने व्यक्ति, यजमान, यज्ञ गर्ने मुख्यकर्ता, यज्ञकर्ता, व्रती ।

यजुः (ना./न.) इज्यते अनेन *(यज्ञ गरिन्छ यसद्वारा)* यज देवपूजासङ्गतिकरणदानेषु (भ्वा.) धातु, यज्+उस्[9] (उणा.), यजुस्= यजु ।

शब्दार्थ- चारवेदहरूमध्ये एक, यजुर्वेद, वाजसनेय यजुर्वेद संहिता, धनुर्वेद उपवेद हुने वेदविशेष ।

यजुर्वेदः (ना./पुं.) यजुरेव वेदः *(यजुरूप वेद)* म.व्य.स. =यजुर्वेद ।

अथवा यजुसंज्ञकश्चासौ वेदश्च *('यजुर्'नामक वेद)* क.त.स., उ.प.लोप= यजुर्वेद ।

शब्दार्थ- प्रसिद्ध चारवेदमध्ये एक, यजुर्संज्ञक वेद, यसमा यज्ञयज्ञादि विधिविधान र अध्यात्मसम्वन्धी ज्ञानको वर्णन गरेको पाइन्छ, यजुर्वेद दुई भागमा विभक्त छ- शुक्लयजुर्वेद, कृष्णयजुर्वेद ।

यजुर्वेदी (वि.) यजुर्वेदः अस्यास्तीति *(यजुर्वेदसम्वन्धी विधिविधान छ यसको)* यजुर्वेद+इनि[7] (इन्), यजुर्वेदिन् =यजुर्वेदी ।

शब्दार्थ- यजुर्वेदसम्वन्धी कर्म गर्ने, यजुर्वेद ज्ञाता, यजुर्वेदीय कर्मविधिको पालन गर्ने ।

---

[1] अन्येष्वपि दृश्यते : ड

[2] वर्णात्कारः : कार

[3] सम्पदादिभ्यः... : क्विप्

[4] क्विप् च : क्विप्

[5] अकर्तरि च कारके...: घञ्

[6] पुंसि संज्ञायाम्... : घ

[7] अत इनिठनौ : इनि

[8] पुङ्‌यजोः शानन् : शानन्

[9] अर्तिपृवपियजि.... : उस्

यजुर्वेदीयः (वि.) यजुर्वेदे भवः, यजुर्वेदस्य अयम्, यजुर्वेदाय हितम् इति वा *(यजुर्वेदमा भएको, यजुर्वेदको यो, यजुर्वेदका लागि उपयोगी)* यजुर्वेद+छ[1] (ईय), अकारलोप=यजुर्वेदीय ।

शब्दार्थ- यजुर्वेदमा भएको, यजुर्वेदसम्बन्धी, यजुर्वेदको, यजुर्वेदका लागि उपयोगी, यजुर्वेदविज्ञ ।

यज्ञः (ना./पुं.) इज्यन्ते देवता अनेन, इज्यते हविदीर्यते अत्र *(देवताहरूको यज्ञ वा पूजा गरिन्छ यसबाट, हवन गरिन्छ यहाँ)* यज देवपूजासङ्गतिकरणदानेषु (भ्वा.) धातु, यज्+नङ्[2] (न), श्चुत्व, यज् ञ, ज र ञ् को ज्ञ[3]= यज्ञ ।

यज्ञः सवोऽध्वरो यागः सप्ततन्तुर्मखः क्रतुः- इत्यमरः

शब्दार्थ- क्रतु, मख, यज्ञ, हवन, याग, इष्टि, अग्निदेवता, विष्णु, नारायण ।

द्रष्टव्य- **एष ह वै यज्ञो योऽयं पर्वतः । एष ह यन्निदं सर्वं पुनाति- अर्थात् यो यज्ञ हो, यो चलफिर गर्दै सम्पूर्ण जगत् पवित्र गर्छ- इति श्रुतिः**

यज्ञकर्म (ना./न.) यज्ञाय यज्ञस्य वा कर्म *(यज्ञका लागि गरिने कर्म वा यज्ञको कर्म)* च.त.स./ष.त.स. =यज्ञकर्म ।

शब्दार्थ- हवनादि कर्म, यज्ञका लागि गरिने कर्म, यज्ञसम्वन्धी कर्म ।

यज्ञकुण्डम् (ना./न.) यज्ञाय कुण्डम् *(यज्ञका लागि वनाइएको खाडल वा वेदि)* च.त.स.= यज्ञकुण्ड ।

शब्दार्थ- हवन गर्न वनाइएको खाडल, यज्ञको आगो वाल्ने कुण्ड, यज्ञीय अग्निको आयतन ।

यज्ञकृत् (वि.) यज्ञं करोतीति **(यज्ञ गर्छन्)** डुकृञ् करणे (तना.) धातु, यज्ञ+कृ+क्विप्, तुक्= यज्ञकृत् ।

शब्दार्थ- यज्ञ सम्पन्न गर्ने, यज्ञ गर्ने, यज्ञकर्ता ।

यज्ञपतिः (ना./पुं.) यज्ञानां पतिः *(यज्ञका स्वामी)* ष.त.स. =यज्ञपति ।

शब्दार्थ- यज्ञका मालिक, परमेश्वर, विष्णु, यज्ञ गराउने व्यक्ति ।

यज्ञपशुः (ना./पुं.) यज्ञाय पशुः *(यज्ञका लागि पशु)* च.त.स.= यज्ञपशु ।

शब्दार्थ-यज्ञमा वलि दिइने पशु- वोको, हाँस, मृग आदि

यज्ञपात्रम् (ना./न.) यज्ञाय पात्रम् *(यज्ञका लागि प्रयोग गरिने पात्र)* च.त.स.= यज्ञपात्र ।

शब्दार्थ- यज्ञको कार्यमा प्रयोग हुने पात्र, सुरो, घृतपात्र, चरुपात्र आदि ।

यज्ञपुरुषः (ना./पुं.) यज्ञ एव पुरुषः *(यज्ञरूपी पुरुष)* म.व्य.स.= यज्ञपुरुष ।

शब्दार्थ- यज्ञपुरुष विष्णु, परमेश्वर, नारायण ।

यज्ञभूमिः (ना./स्त्री.) यज्ञाय भूमिः *(यज्ञका लागि भूमि)* च.त.स.= यज्ञभूमि ।

शब्दार्थ-यज्ञ गर्न ठीक गरिएको ठाउँ, यज्ञस्थल, यज्ञस्थान ।

यज्ञभृत् (वि.) यज्ञं विभर्ति पातीति *(यज्ञको रक्षा गर्छन्)* यज्ञ उपपदमा हुने डुभृञ् धारणपोषणयोः (जुहो.) धातु, यज्ञ+भृ+क्विप्, तुक्, क्विप्‌को सर्वलोप= यज्ञभृत् ।

शब्दार्थ- यज्ञको रक्षा गर्ने, यज्ञको धारण गर्ने ।

यज्ञमण्डपम् (ना./न.) यज्ञाय मण्डपम् *(यज्ञका लागि वनाइएको मण्डप)* च.त.स.= यज्ञमण्डप ।

शब्दार्थ- यज्ञ गर्न वनाइएको मण्डप वा गृह, यज्ञमण्डप ।

यज्ञशाला (ना./स्त्री.) यज्ञायै शाला **(यज्ञका लागि वनाइएको स्थान)** च.त.स.= यज्ञशाला ।

शब्दार्थ- यज्ञ गर्न वनाइएको घर, यज्ञमण्डप, यज्ञस्थल ।

यज्ञशेषः (ना./पुं.) यज्ञात् यज्ञस्य शेषः *(यज्ञवाट शेष रहेको वा यज्ञको अवशेष)*प.त.स./ष.त.स.=यज्ञशेष ।

शब्दार्थ- यज्ञवाट वँचेको सामान, यज्ञको अवशेष, देव, पितृ, अतिथि, गुरु आदिले खाएर वँचेको अवशेष ।

यज्ञसूत्रम् (ना./न.) यज्ञस्य सूत्रम् **(यज्ञकर्मको सूत्र)** ष.त.स.= यज्ञसूत्र ।

अथवा यज्ञे यज्ञार्थं वा धृतं सूत्रम् *(यज्ञमा वा यज्ञका लागि धारण गरिएको सूत्र)* स.त.स./च.त.स. =यज्ञसूत्र ।

शब्दार्थ- यज्ञमा वा यज्ञका लागि धारण गरिएको सूत्र, रक्षावन्धन, यज्ञोपवीत, जनै ।

यज्ञाङ्गम् (ना./न./पुं.) अङ्गतीति *(अङ्ग बन्छ)* अगि गत्यर्थे (भ्वा.) धातु, नुम्, अङ्ग्+अच् (पचादि), दीर्घ, अङ्गम् । यज्ञस्य अङ्गम् *(यज्ञको अङ्ग)* ष.त.स., दीर्घ= यज्ञाङ्ग ।

अथवा यज्ञाः अङ्गानि यस्य *(यज्ञहरू अङ्ग छन् जसका)* यज्ञ+अङ्ग, ब.स., दीर्घ= यज्ञाङ्ग ।

शब्दार्थ- यज्ञको सामग्री, यज्ञको लागि प्रयोग गरिने- डुम्री, पलाश, खयर आदि, यज्ञस्वरूप वराहमूर्ति भगवान् ।

यज्ञान्तः (ना./पुं.) यज्ञस्य अन्तः अवसानं यस्मिन् *(यज्ञको अन्त छ जहाँ)* ब.स., दीर्घ= यज्ञान्त ।

शब्दार्थ- यज्ञान्त गोदान, यज्ञको अन्तमा गरिने अवभृथ स्नान, अभिषेक आदि ।

यज्ञियः (वि./ना./पुं.) यज्ञमर्हतीति, यज्ञाय हितम् *(यज्ञको लागि योग्य, यज्ञलाई हित हुने)* यज्ञ+घ[4] (इय), अकारलोप= यज्ञिय ।

शब्दार्थ- यज्ञका लागि योग्य वा उपयोगी, यज्ञकर्मका लागि उपयुक्त ।

यज्ञीयः (वि.ना./पुं.) यज्ञे भवः, यज्ञस्य अयम्, यज्ञाय हितम् *(यज्ञमा हुने, यज्ञको यो, यज्ञका लागि उपयोगी)* यज्ञ+छ[5] (ईय)= यज्ञीय ।

शब्दार्थ- यज्ञको, यज्ञसम्वन्धी, यज्ञका लागि उपयोगी, यज्ञीय सामग्री- डुम्रीको रूख, खयर, पलाश ।

---

[1] गहादिभ्यश्च/वा नामधेयस्य वृद्धसंज्ञा/वृद्धाच्छः : छ

[2] यजयाचयत...: नङ्

[3] जनोर्ज्ञः : ज्ञ

[4] यज्ञर्त्विग्भ्याम्... : घ

[5] गहादिभ्यश्च/तस्मै हितम् : छ

यज्ञेश्वरः (ना./पुं.) यज्ञस्य ईश्वरः *(यज्ञका ईश्वर)* ष.त.स., गुण= यज्ञेश्वर ।

शब्दार्थ- यज्ञका स्वामी वा मालिक, भगवान् विष्णु ।

द्रष्टव्य- अहं हि सर्वयज्ञतां भोक्ता च प्रभुरेव च- भ.गी.

यज्ञोपवीतम् (ना./न.) उपवीयते स्म इति *(बायाँ काँधमा धारण गरिएको)* उपपूर्वक अज गतिक्षेपणयोः (भ्वा.) वा वी गतिव्याप्तिप्रजनादौ (अदा.) धातु, अजको वी आदेश, उप+वी+क्त (त), उपवीतम् । यज्ञाय उपवीतम् *(यज्ञ कर्मका लागि धारण गरिएको)* यज्ञ+उपवीत, च.त.स., गुण= यज्ञोपवीत ।

शब्दार्थ- यज्ञसूत्र, ब्रह्मसूत्र, जनै, जनै धारण गर्न गरिने संस्कार, उपनयन कर्म, व्रतवन्ध ।

यज्वा (वि.) यजते इति *(यज्ञ गर्छ)* यज देवपूजासङ्गतिकरणदानेषु (भ्वा.) धातु, यज्+ङ्वनिप्[१] (वन्), यज्वन्= यज्वा ।

शब्दार्थ- विधिपूर्वक यज्ञ गर्ने, यज्ञकर्ता ।

यत् (सर्व.वि.) यच्छतीति *(विराम लिन्छ)* यम उपरमे (भ्वा.) धातु, यम्+क्विप्[२], अनुनासिक मलोप[३], तुक्, क्विप्को सर्वलोप= यत् ।

शब्दार्थ- यो, जो, कारण अनुसरण गर्ने ।

यतः (वि.) यम्यते स्म इति *(नियन्त्रण गरिएको)* यम उपरमे (भ्वा.) धातु, यम्+क्त (त), अनुनासिक मलोप =यत ।

शब्दार्थ- निग्रह गरिएको, नियन्त्रण गरिएको, वशमा राखिएको ।

यतः (अव्य.) यस्मादिति *(यसबाट)* यत्+तसिल्[४] (तस्), अत्व, पररूप, यतस्, रुत्व, विसर्ग, यतः= यत ।

शब्दार्थ- यसकारण, किनकि, किनभने ।

यतचित्तः (वि.) यतं संयतं चित्तम् अन्तःकरणं यस्य सः *(संयमित अन्तःकरण छ जसको)* ब.स.= यतचित्त ।

शब्दार्थ- नियन्त्रित अन्तःकरण भएको, संयमित चित्त भएको, अन्तःकरण निग्रह गरेको ।

यतात्मा (वि.) यतः संयतः आत्मा यस्य *(संयमित छ आत्मा जसको)* यत+आत्मन्, ब.स., दीर्घ, यतात्मन् = यतात्मा ।

शब्दार्थ- संयतात्मा, जितेन्द्रिय, इन्द्रियविजयी, इन्द्रिय निग्रह गर्ने ।

यतिः (ना./पुं./स्त्री.) यतते चेष्टते परोपकाराय मोक्षार्थं वा *(परोपकार वा मोक्षका लागि प्रयत्न गर्छ)* यती प्रयत्ने (भ्वा.) धातु, यत्+इन्[५] (इ), उणा.= यति । अथवा यमनम्, यम्यते इति वा *(विश्राम लिनु)* यम उपरमे (भ्वा.) धातु, यम्+क्तिन् (ति), मलोप= यति ।

शब्दार्थ- सन्न्यास लिएको योगी, सन्न्यासी, ब्रह्मचारी, विश्राम, विराम, विरामचिन्ह ।

यती (ना./पुं./वि.) यतं संयमं अस्ति अस्य *(संयम छ यसको)* यत्+इनि[६] (इन्), यतिन्= यती ।

शब्दार्थ- यति, योगी, सन्न्यासी, तपस्वी, व्रती, जितेन्द्रिय ।

यत्नः (ना./पुं.) यत्यते अनेन *(प्रयास गरिन्छ यसबाट)* यती प्रयत्ने (भ्वा.) धातु, यत्+नङ्[७] (न)= यत्न ।

शब्दार्थ- प्रयत्न, प्रयास, उद्योग, परिश्रम, कोसिस, मिहिनेत, प्रवृत्ति ।

यत्नवान् (वि.) यत्नः अस्ति अस्य *(प्रयत्न छ यसको)* यत्न+मतुप् (मत्), मको व, यत्नवत्= यत्नवान् ।

शब्दार्थ- प्रयत्न गर्ने, प्रयास गर्ने, परिश्रम गर्ने, मिहिनेत गर्ने, प्रयत्नशील ।

यत्र (अव्य.) यस्मिन्निति *(यसमा)* यत्+त्रल्[८] (त्र), अत्व, पररूप= यत्र ।

शब्दार्थ- जहाँ, यत्रतत्र, जहाँतही ।

यथा (अव्य.) येन प्रकारेणेति *(जुन प्रकारले)* यत्+थाल्[९] (था), अत्व[१०], पररूप[११]= यथा ।

शब्दार्थ- जसरी, जुनप्रकारले, जतिसम्म ।

यथाकामम् (अव्य.) काममनतिक्रम्य *(इच्छा अतिक्रमण नगरी)* यथा+काम, (अस्वपदविग्रह), अव्य.स.[१२] =यथाकाम ।

शब्दार्थ- इच्छाअनुसार, कामनाअनुसार, चाहनाअनुरूप ।

यथाक्रमम् (अव्य.) क्रमम् अनतिक्रम्य *(क्रम नछोडिकन)* अस्वपदविग्रह, यथा+क्रमम्, अव्य.स[१२].= यथाक्रम ।

शब्दार्थ- क्रमवद्धरूपले, क्रमानुसार, सिलसिलावद्ध ढङ्गले ।

यथापराधम् (अव्य.) अपराधमनतिक्रम्य *(अपराधको अतिक्रमण नगरी)* अस्वपदविग्रह, यथा+अपराध, अव्य.स[१२]., दीर्घ= यथापराध ।

शब्दार्थ- अपराध-अनुरूप, अपराधअनुसार ।

यथापूर्वम् (अव्य.) पूर्वमनतिक्रम्य *(पूर्वक्रमलाई नछोडिकन)* अव्य.स.[१२]= यथापूर्व ।

शब्दार्थ- पूर्वअनुरूप, पहिलेकै जस्तो, पहिलेकै परम्परा र देशकाल-अनुरूप ।

यथामतिम् (अव्य.) मतिमनतिक्रम्य *(बुद्धिको अतिक्रमण नगरी वा बुद्धिकै अनुसार)* अस्वपदविग्रह, यथा+मति, अव्य.स.= यथामति ।

शब्दार्थ- बुद्धिअनुसार, जस्तो बुद्धि छ त्यस्तै अनुरूप, मति या बुद्धि अनुरूप ।

यथायोग्यम् (अव्य.) योग्यमनतिक्रम्य *(योग्यतालाई नछोडी)* अस्वपदविग्रह, यथा+योग्य, अव्य.स.[१२] =यथायोग्य ।

शब्दार्थ- जस्तो उपयुक्त हुन्छ त्यस्तै, यथोचित, जसलाई जे उचित लाग्छ त्यस्तै ।

---

[१] सुयजोर्ङ्वनिप् : ङ्वनिप्

[२] अन्येभ्योऽपि दृश्यते : क्विप्

[३] गमादीनामिति... (वा.) : अनुनासिक मलोप

[४] पञ्चम्यास्तसिल् : तसिल्

[५] सर्वधातुभ्य... : इन्

[६] अत इनिठनौ : इनि

[७] यजयाचयत... : नङ्

[८] सप्तम्यास्त्रल् : त्रल्

[९] प्रकारवचने... : थाल्

[१०] त्यदादीनामः : अत्व

[११] अतो गुणे : पररूप

[१२] अव्ययं विभक्ति...: अव्य.स.

यथार्थम् (अव्य.स./वि.) अर्थमनतिक्रम्य *(अर्थलाई अतिक्रमण नगरी वा जस्तो छ त्यसैलाई नछोडी)* अस्वपदविग्रह, यथा+अर्थम्, अव्य.स.[1], दीर्घ=यथार्थ ।

शब्दार्थ- जस्ताको तस्तै, जस्तो छ ठीक त्यस्तै, सत्य, तथ्य, ठीक ।

यथार्थता (ना./स्त्री.) यथार्थस्य भावः *(यथार्थ हुनाको भाव वा अवस्था)* यथार्थ+तल् (त)+टाप् (आ) =यथार्थता ।

शब्दार्थ- वास्तविकता, तथ्यता, सत्यता, यथार्थ हुनाको स्थिति वा विशेषता ।

यथार्थवादः (ना./पुं.) यथार्थमुद्यते इति *(यथार्थ बताइन्छ)* यथार्थ उपपदपूर्वक वद व्यक्तायां वाचि (भ्वा.) धातु, यथार्थ+वद्+घञ् (अ), वृद्धि= यथार्थवाद ।

शब्दार्थ- जस्तो छ त्यस्तो किसिमको यथार्थ भौतिक जगत्लाई मात्र स्वीकार्ने विचार वा मत, वस्तु-जगत्लाई तथ्य मान्ने दार्शनिक मत वा सिद्धान्त ।

यथार्थवादी (वि.) यथार्थवादः अस्यास्तीति *(यथार्थवाद छ यसको)* यथार्थवाद+इनि (इन्), यथार्थवादिन् =यथार्थवादी ।

शब्दार्थ- यथार्थवाद स्वीकार्ने, यथार्थवादको अनुयायी, यथार्थवादको अनुसरण गर्ने ।

यथावत् (अव्य.) यथा इव *(जस्ताको तस्तै)* यथा+वति[2] (वत्)= यथावत् ।

शब्दार्थ- यसप्रकारभ्कैं, जस्तो छ त्यस्तै, पहिलेकैभ्कैं, पूर्ववत् ।

यथाविधि (अव्य.) विधिमनतिक्रम्य *(विधि ननाघी)* अस्वपद विग्रह, यथा+विधि, अव्य.स.[1]= यथाविधि ।

शब्दार्थ- विधिपूर्वक, रीत पुऱ्याएर, नियमपूर्वक, नियम नमिचिकन ।

यथाशक्ति (अव्य.) शक्तिमनतिक्रम्य *(शक्ति अतिक्रमण नगरी)* अस्वपदविग्रह, यथा+शक्ति, अव्य.स.[1] =यथाशक्ति ।

शब्दार्थ- शक्ति वा सामर्थ्यले भ्याएसम्म, गच्छेअनुसार, औकातअनुसार, क्षमताले भ्यायसम्म ।

यथाशक्यम् (अव्य.) शक्यमनतिक्रम्य *(जति सकिन्छ त्यसको सीमाभित्र रहेर)* अस्वपदविग्रह यथा+शक्य, अव्य.स.[1]= यथाशक्य ।

शब्दार्थ- यथाशक्ति, जति सकिन्छ त्यतिसम्म, शक्तिले भ्याएसम्म ।

यथासङ्ख्यम् (अव्य./ना./न.) सङ्ख्यामनतिक्रम्य *(सङ्ख्या अतिक्रमण नगरी)* अस्वपदविग्रह, यथा+ सङ्ख्य, अव्य.स.[1]= यथासङ्ख्य ।

शब्दार्थ- सङ्ख्याअनुरूप, सङ्ख्याअनुसार, सङ्ख्या-मुताविक, साहित्यिक अलङ्कारको एक प्रकार ।

यथासमयम् (अव्य.) समयमनतिक्रम्य *(समय उल्लङ्घन नगरी)* अस्वपदविग्रह, अव्य.स.[1]= यथासमय ।

शब्दार्थ- निर्धारित समयमा नै, ठीक समयमा नै, तोकिएको समयभित्र नै ।

यथासम्भवम् (अव्य.) सम्भवमनतिक्रम्य *(सम्भवलाई अतिक्रमण नगरी)* अस्वपदविग्रह, यथा+सम्भव, अव्य.स.[1] = यथासम्भव ।

शब्दार्थ- सम्भव भएसम्म, भरसक, हुनेसम्म ।

यथास्थानम् (अव्य.) स्थानमनतिक्रम्य *(ठाउँ अतिक्रमण नगरी)* अस्वपदविग्रह, यथा+स्थान, अव्य.स. =यथास्थान ।

शब्दार्थ-ठीक स्थानमा, उपयुक्त ठाउँमा, उचित स्थानमा ।

यथास्थितिम् (अव्य./ना./स्त्री.) स्थितिमनतिक्रम्य *(स्थिति उल्लङ्घन नगरी)* अस्वपदविग्रह, यथा+स्थिति, अव्य.स.[1] = यथास्थिति ।

अथवा यथापूर्विका चासौ स्थितिश्च *(पूर्वकै स्थिति)* क.त.स., उ.प.लोप= यथास्थिति ।

शब्दार्थ- पहिलेकै स्थितिअनुसार, यथावत् अवस्था-अनुरूप, यथास्थिति, जस्ताको तस्तै स्थिति ।

यथेच्छम् (अव्य.) इच्छामनतिक्रम्य *(इच्छाको उल्लङ्घन नगरी)* अस्वपदविग्रह, यथा+इच्छा, अव्य.स[1]., गुण =यथेच्छ ।

शब्दार्थ-इच्छामाफिक, इच्छाअनुसार, इच्छा गरेवमोजिम ।

यथेष्टम् (वि./अव्य.) इष्यते स्म इति *(इच्छा गरिएको)* इषु इच्छायाम् (तुदा.) धातु, इष्+क्त (त), ष्टुत्व, इष्टम् । यथा च तद् इष्टम् *(जस्तो इच्छा छ)* यथा+इष्ट, क.त.स., गुण= यथेष्ट ।

अथवा इष्टमनतिक्रम्य *(चाहे जति अतिक्रमण नगरी)* अस्वपदविग्रह, यथा+इष्ट, अव्य.स.[1], गुण= यथेष्ट ।

शब्दार्थ- पर्याप्त, चाहेजति, चाहेअनुसारको, इच्छा-अनुसार, इच्छामाफिक, इच्छावमोजिम, मन मुताविक ।

उदा. यथेष्ट छ मलाई मै मलाई के प्रयोजन, निहुँको ?- प्रल्हाद (च.अ.)

यथेष्टचारी (वि.) यथेष्टं चरितुं शीलमस्य *(मन मुताविक घुमफिर गर्ने शील छ यसको)* चर गतिभक्षणयोः (भ्वा.) धातु, यथेष्ट+चर्+णिनि (इन्), वृद्धि, यथेष्टचारिन्= यथेष्टचारी ।

शब्दार्थ- इच्छाअनुरूप विचरण गर्ने, इच्छाअनुसार घुमफिर गर्ने, मनमा लागेअनुरूप विचरण गर्ने ।

यथोक्तम् (अव्य./वि.) उक्तमनतिक्रम्य *(भनेको कुरा अतिक्रमण नगरी)* अस्वपदविग्रह, यथा+उक्तम्, अव्य.स[1]., गुण= यथोक्त ।

अथवा यथा उक्तम् *(जस्तो भनेको हो, सोही मुताबिकको)* सह सुपा समास= यथोक्त ।

शब्दार्थ- जस्तो भनेको छ त्यस्तै गरी, भनेअनुसार, भने मुताविक, भने वताए-अनुसार, भने मुताविकको, वताए अनुसारको ।

---

[1] अव्ययं विभक्ति... : अव्य.स

[2] तेन तुल्यं क्रिया... : वति

यथोचितम् (वि./अव्य.स.) यथा च तदुचितम् *(जस्तो उचित छ त्यस्तो)* यथा+उचित, क.त.स., गुण =यथोचित ।

अथवा उचितमनतिक्रम्य *(उचित कुराको अतिक्रमण नगरी)* अस्वपदविग्रह, यथा+उचित, अव्य.स., गुण =यथोचित ।

शब्दार्थ- समुचित, उचित, भने जस्तो, भने मुताविकको, जस्तो भए उचित हुन्छ ठीक त्यस्तै, उपयुक्त किसिमले, उचित ढङ्गले वा तरिकाले ।

यद्/यत् (स.ना.) यजतीति *(दिन्छ)* यज देवपूजासङ्गतिकरणदानेषु (भ्वा.) धातु, यज्+अदि[1] (अद्), उणा., डित्व[1], टिलोप, य् अद्= यद् ।

चर्त्व विकल्पले= यत् ।

चर्त्वको अभावमा= यद् ।

शब्दार्थ- जो, यो ।

यदा (अव्य.) यस्मिन्काले इति *(जुन समयमा)* यत्+दा[2] (प्रत्यय), अत्व, पररूप= यदा ।

शब्दार्थ- जव, जहिले, जुनवेला, जुन वखतमा, जुन समयमा ।

यदि (अव्य.) यतनमिति *(प्रयास गरिन्छ)* यती प्रयत्ने (भ्वा.) धातु, यत्+इन्[3] (इ), उणा., पृषोदरादिवाट, यत्का तको द, यद् इ= यदि ।

शब्दार्थ- यदि, भने, संयोगले गर्दा, पक्षान्तर ।

यदीयः (वि.) यस्य अयम् *(यसको यो)* यत्+छ[4] (ईय) =यदीय ।

शब्दार्थ- यससम्वन्धी, यसको ।

यदुनाथः/यदुपतिः (ना./पुं.) यदूनां नाथः/यदूनां पतिः *(यदुकुलका स्वामी)* ष.त.स.= यदुनाथ/यदुपति ।

शब्दार्थ-यदुकुलका स्वामी, यदुकुलका अधिपति, श्रीकृष्ण ।

यदृच्छा (ना./स्त्री.) ऋच्छयते इति *(गइन्छ)* ऋछ गतीन्द्रियप्रलयमूर्तिभावेषु (तुदा.) धातु, तुक्, श्चुत्व, ऋच्छ+अ[5] (प्रत्यय)+टाप् (आ), ऋच्छा । यादृशी चासौ ऋच्छा च *(जस्तो चाहना छ)* यद्+ऋच्छा, क.त.स.= यदृच्छा ।

शब्दार्थ- इच्छाअनुरूप, स्वेच्छाभाव, जति पाइन्छ त्यतिकैवाट पुग्ने काम ।

द्रष्टव्य- **यदृच्छालाभसन्तुष्टो द्वन्द्वातीतो विमत्सरः-**
भ.गी. ४/२२

यन्ता (वि.) यच्छतीति *(नियन्त्रण गर्छ, लैजान्छ)* यमु उपरमे (भ्वा.) धातु, यम्+तृच्[6] (तृ), परसवर्ण, यन्तृ =यन्ता ।

शब्दार्थ-चालक, सारथि, नियन्ता, शासक, निर्देशक, नेता

यन्त्रम् (ना./न) यन्त्रयतीति *(नियन्त्रण गर्छ)* यत्रि सङ्कोचे (चुरा.) धातु, नुम्, यन्त्+अच् (पचादि)= यन्त्र । अथवा यच्छति यम्यते इति वा *(नियन्त्रण गर्छ वा गरिन्छ)* यम उपरमे (भ्वा.) धातु, यम्+त्र[7] (उणा.), परसवर्ण= यन्त्र ।

यन्त्रं देवाद्यधिष्ठाने पात्रभेदे नियन्त्रणे- इति हैमः

शब्दार्थ- रोक्ने वा नियन्त्रण गर्ने काम, कलपूर्जा, मेसिन आदि सामग्री वा औजार, जन्तर वा वुटी, देवतादिको अधिष्ठान यन्त्र, प्रतिमारूप यन्त्र, वाद्ययन्त्र, ताल्चा ।

यन्त्रचालितः (वि.) यन्त्रेण चालितः *(यन्त्रद्वारा चालित)* तृ.त.स.= यन्त्रचालित ।

शब्दार्थ- यन्त्रद्वारा चलाइएको, यन्त्रवाट सञ्चालित कारखाना आदि ।

यन्त्रज्ञः (वि.) यन्त्रं जानातीति *(यन्त्रविद्या जान्दछ)* यन्त्र उपपदपूर्वक ज्ञा अववोधने (क्र्या.) धातु, यन्त्र+ज्ञा+क[8] (अ), आकारलोप= यन्त्रज्ञ ।

शब्दार्थ- यन्त्रसम्वन्धी काम जान्ने, यन्त्र वनाउन र सञ्चालन गर्न जान्ने, यन्त्रविद्याको विशेपज्ञ, कालिगड ।

यन्त्रज्ञानम् (ना./न.) यन्त्रस्य ज्ञानम् *(यन्त्रसम्वन्धी विषयको ज्ञान)* ष.त.स.= यन्त्रज्ञान ।

शब्दार्थ- यन्त्रसम्वन्धी कामकुराको ज्ञान, यन्त्रविद्याको ज्ञान, यन्त्रशास्त्रको ज्ञान ।

यन्त्रविद् (वि.) यन्त्रं वेत्तीति *(यन्त्र जान्दछ)* यन्त्र उपपदपूर्वक विद ज्ञाने (अदा.) धातु, यन्त्र+विद्+क्विप् (सर्वलोप)= यन्त्रविद् ।

शब्दार्थ- यन्त्रविद्या जान्ने, यन्त्रज्ञ, यन्त्रवेत्ता, यन्त्र वनाउन र सञ्चालन गर्न जान्ने ।

यन्त्रशाला (ना./स्त्री.) यन्त्राय शाला *(यन्त्रजडान गर्नका लागि घर)* च.त.स.= यन्त्रशाला ।

अथवा यन्त्रस्य शाला *(यन्त्रको घर)* ष.त.स. =यन्त्रशाला ।

शब्दार्थ- यन्त्र जडान गर्न वनाइएको घर, यन्त्रगृह, यन्त्रको घर, ग्रहनक्षत्रादि गतिविधि अध्ययन गर्ने वेधशाला ।

यन्त्रशास्त्रम् (ना./न.) यन्त्रस्य शास्त्रम् *(यन्त्रसम्वन्धी विषयको अध्ययन गर्ने शास्त्र)* ष.त.स.= यन्त्रशास्त्र ।

शब्दार्थ- यन्त्रविद्या, यन्त्रको निर्माण तथा सञ्चालन गर्ने विज्ञान, यन्त्रसम्वन्धी विषयको अध्ययन अध्यापन गर्ने शास्त्र ।

यन्त्रालयः (ना./पुं.) यन्त्रस्य आलयः *(यन्त्र जडान गरिएको घर)* ष.त.स., दीर्घ= यन्त्रालय ।

अथवा यन्त्राय आलयः *(यन्त्र जडान गर्नको लागि घर)* च.त.स., दीर्घ= यन्त्रालय ।

---

[1] त्यजितनियजि.... : अदि, डित्व

[2] सर्वैकान्यकिं यत्...: दा

[3] सर्वधातुभ्य... : इन्

[4] त्यदादीनि च/वृद्धाच्छः : छ

[5] गुरोश्च हलः : अ

[6] ण्वुल्तृचौ : तृच्

[7] गुघृवीपचिवचियमि... : त्र

[8] आतोऽनुपसर्गे... : क

शब्दार्थ- यन्त्र जडिएको घर, यन्त्रशाला, यन्त्रगृह, मुद्रणालय, यन्त्र जडान गर्नको लागि वनाइएको घर ।

यन्त्रितः (वि.) यन्त्र्यते स्म इति *(नियन्त्रण गरिएको, यन्त्र जडिएको)* यत्रि सङ्कोचे (चुरा.) धातु, नुम्, यन्त्र्+क्त (त), इडागम= यन्त्रित ।

शब्दार्थ- नियन्त्रण गरिएको, रोकिएको, यन्त्र जडान गरिएको, यन्त्र राखिएको, जकडिएको, निवद्ध ।

यमः (ना./पुं./वि.) यमयति, यम्यते इति वा *(नियन्त्रण गर्छ वा गरिन्छ)* यम उपरमे (भ्वा.) वा यम परिवेषणे (भ्वा./चुरा.) धातु, यम्+अच् (पचादि)/ घञ् (अ)/अप् (अ)= यम ।

यमोऽन्यलिङ्गो यमजे ना काके शमने शनौ
शरीरसाधनापेक्षनित्यकर्मणि संयमे- इति मेदिनी

शब्दार्थ- अष्टाङ्गयोगमध्ये एक, संयम, उपरति, विराम, शनैश्चर, यमराज, धर्मराज, काग, शारीरिक साधनाको लागि नित्य गरिने संयम वा योगसाधना, दक्षिण दिशाका दिक्पाल, युगल, जोडा ।

यमकः (ना./पुं.) यम एव *(संयम नै)* यम+कन् (क), स्वार्थमा= यमक ।

शब्दार्थ- प्रतिवन्ध, रोक, नियन्त्रण, संयम, शव्दालङ्कारको एउटा भेद- जसमा भिन्नार्थक शव्दको पुनरावृत्ति हुन्छ ।

यमजः (वि./ना./पुं.) यमौ युगलौ जायेते इति *(युगल जन्मन्छन्)* यम उपपदपूर्वक जनी प्रादुर्भावे (दिवा.) धातु, यम्+जन्+ड[1] (अ), टिलोप= यमज ।

शब्दार्थ- युगल, जोडी, जुम्ल्याहा, एकै गर्भवाट एउटै समयमा जन्मेका जुम्ल्याहा शिशु, अश्विनी-कुमार ।

यमदण्डः (ना./पुं.) यमस्य दण्डः *(यमराजको दण्ड)* ष.त.स.= यमदण्ड ।

अथवा यमेन दण्डः *(यमराजद्वारा दिइने दण्ड)* तृ.त.स.= यमदण्ड ।

शब्दार्थ- यमराजको दण्ड, कालदण्ड, यमराजद्वारा पापीहरूलाई दिइने दण्ड ।

यमदूतः (ना./पुं.) यमस्य दूतः *(यमराजको दूत)* ष.त.स. =यमदूत ।

शब्दार्थ- यमराजको दूत, जो पापीलाई यातना दिने कार्यमा खटिएको हुन्छ ।

यमद्वारम् (ना./न.) यमस्य द्वारम् *(यमलोकको ढोका)* ष.त.स.= यमद्वार ।

शब्दार्थ- यमराजका दरवारको द्वार, यमलोकको ढोका, मृत्युको मुख ।

यमनः (ना./पुं./वि.) यमयति, नियमयति *(नियन्त्रण गर्छन्)* यम उपरमे (भ्वा.) वा यम परिवेषणे (भ्वा./चुरा.) धातु, यम्+ल्यु[2] (अन)= यमन ।

शब्दार्थ- यमराज, धर्मराज, विराम, इन्द्रिय वश गर्ने ।

यमपञ्चकम् (ना./न.) यमस्य पञ्चकम् *(यमको पञ्चक (पाँच दिन)* ष.त.स.= यमपञ्चक ।

शब्दार्थ- कार्तिककृष्ण त्रयोदशीतिथिदेखि द्वितीयासम्मका पाँच दिन, कागतिहारदेखि भाइटीकासम्मको पाँच दिन ।

यमपाशः (ना./पुं.) यमस्य पाशः *(यमराजको पासो वा डोरी)* ष.त.स.= यमपाश ।

शब्दार्थ- कठोर यातना, मृत्यु, काल, यमराजको पासो, जसले पापीहरूलाई बाँधेर नरकतिर घिसार्छ ।

यमपुरी (ना./स्त्री.) यमस्य पुरी *(यमराजको पुरी)* ष.त.स.= यमपुरी ।

शब्दार्थ- यमराजको नगरी, यमलोक, नरक ।

यमयातना (ना./स्त्री) यमस्य यातना *(यमराजको यातना)* ष.त.स.= यमयातना ।

शब्दार्थ- नरकको यातना वा सास्ती, यमदण्ड, नरकको दुःखकष्ट ।

यमराजः (ना./पुं.) यमस्य राजा *(यमलोकका राजा)* यम+राजन्, ष.त.स., समासान्त टच्, टिलोप =यमराज ।

अथवा यमेन नियमेन राजते इति *(नियमपूर्वक राज गर्छन्)* यम उपपदपूर्वक राजृ दीप्तौ (भ्वा.) धातु, यम+राज्+अच् (पचादि)= यमराज ।

शब्दार्थ-धर्मराज, पितृलोकका स्वामी, यम, मृत्युका देवता,

यमराट् (ना./पुं.) यमेन संयमेन राजते इति *(संयम वा नियन्त्रणपूर्वक रहन्छन्)* यम उपपदपूर्वक राजृ दीप्तौ (भ्वा.) धातु, यम+राज्+क्विप्[3] (सर्वलोप), जको षत्व, जश्त्व, चर्त्व= यमराट् ।

शब्दार्थ- धर्मराज, यम, कृतान्त, दण्डधर, मृत्युका देवता, शुभाशुभ कर्मअनुसार यथोचित प्रतिफल प्रदान गर्ने यमलोकका राजा ।

यमलम् (ना./न./वि.) यमं युगलं लातीति *(जोडीपन ल्याउँछ)* यमपूर्वक ला आदाने (अदा.) धातु, यम+ला +क[4] (अ), अकारलोप= यमल ।

शब्दार्थ- एउटै गर्भवाट एकै पटक जन्मेका जुम्ल्याहा शिशु, युगल, जोडी, युग्म ।

यमलोकः (ना./पुं.) यमस्य लोकः *(यमराजको लोक)* ष.त.स.= यमलोक ।

शब्दार्थ- यमपुरी, यमनगरी, नरक, धर्मराजको लोक ।

यमुना (ना./स्त्री.) यच्छति गच्छति, यमयति विरमति इति वा *(विचरण गर्छ, विश्राम लिन्छ)* यम उपरमे (भ्वा.) धातु, यम्+उनन्[5] (उन), उणा., टाप् (आ)= यमुना ।

शब्दार्थ- कालिन्दी, यमुना नदी, सूर्यपुत्री, यमराजकी वहिनी, यमुनोत्तरीवाट वहेर प्रयागमा गङ्गा नदीसँग मिसिने एक नदी ।

---

[1] वन्येष्वपि... : ड
[2] नन्दिग्रहिपचादि... : ल्यु
[3] सत्सूद्विषद्रुह... : क्विप्
[4] आतोऽनुपसर्गो... : क
[5] अजियमिशीङ्भ्यश्च : उनन्

यवः (ना./पुं.) यौति, यूयते अम्भसा तिलेन वा *(पानी वा तिलसित सम्मिश्रण हुन्छ वा गरिन्छ)* यु मिश्रणामिश्रणयोः (अदा.) धातु, यु+अप्[१] (अ), गुण, अवादेश =यव ।

शब्दार्थ- वोक्रा नछुट्टिएको जौ, जौ बराबरको नापो, देवकार्य र पितृकार्यमा पवित्र मानिने अन्नविशेष ।

यवक्यम् (ना./न.) यव एव *(जौं नै)* यव+कन् (क), स्वार्थमा, यवकः । यवकानां भवनं क्षेत्रम् *(जौं हुने क्षेत्र)* यवक+यत्[२] (य), अकारलोप= यवक्य ।

शब्दार्थ- जौ प्रशस्त उब्जने स्थान, जौ ज्यादा हुने खेतवारी ।

यवनः (ना./पुं.) यौतीति *(छ्यासमिस हुन्छ)* यावयते इति **(निन्दा गर्छ)** यु मिश्रणामिश्रणयोः (अदा.) वा यु जुगुप्सायाम् (चुरा.) धातु, यु+युच्[३] (अन)=यवन ।

यवनो देशभेदे ना वेगिवेगाधिकाश्वयोः- इति मेदिनी

शब्दार्थ- युनानी जाति, मुसलमान जाति, युनाननिवासी मुसलमान, इस्लामधर्म मान्ने जाति, इसाई, शीघ्र गति वा चाल, शीघ्र गतिले हिँड्ने घोडा ।

यवनानी (ना./स्त्री.) यवनानां लिपिः, युनानी लिपि वा *(यवनहरूको लिपि)* यवन+ङीष्[४] (ई), आनुक्[४], यवन+आन्+ई= यवनानी ।

शब्दार्थ- यवनहरूको लिपि, यवनहरूको लेखोट ।

यवमयः (वि.) यवस्य विकारः *(जौको विकार)* वा प्रकृतः प्रचुरः यवः (ज्यादा जौ) यव+मयट्[५] (मय)= यवमय ।

शब्दार्थ- जौ नै जौले परिपूर्ण, जौले भरिएको, जौको विकारले युक्त ।

यविष्ठः (वि.) अयमेषामतिशयेन युवा *(यो यिनीहरूमा ज्यादै युवा)* युवन्+इष्ठन्[६] (इष्ठ), युवन्का वन्को लोप[७], यु इष्ठ, गुण, अवादेश= यविष्ठ ।

शब्दार्थ- सवैमध्ये युवा, भर्खरको, कनिष्ठ, सवभन्दा सानो ।

यवीयः/यवीयान् (वि.) अयमनयोरतिशयेन युवा *(यी दुईमा यो अलि सानो)* युवन्+ईयसुन्[८] (ईयस्), युवन्का वन्को लोप[७], यु ईयस्, गुण, अवादेश, यवीयस्, यवीयः= यवीय । यवीयस्= यवीयान् ।

शब्दार्थ- आफूभन्दा कान्छो, आफूभन्दा युवा, कनिष्ठ, अपेक्षाकृत कान्छो ।

यवीयसी (वि.स्त्री.) इयमनयोरतिशयेन युवती *(यी दुईमा यो निकै सानी वा कान्छी)* युवन्+ईयसुन् (ईयस्), युवन्का वन्को लोप[७], गुण, अवादेश, यवीयस्+ङीप् (ई)= यवीयसी ।

शब्दार्थ- यी दुईमा यो कम उमेरकी, उसभन्दा कान्छी, उसभन्दा सानी ।

यव्यम् (ना./न.) यवानां भवनं क्षेत्रम् *(जौ हुने क्षेत्र)* यव+यत्[२] (य), अकारलोप= यव्य ।

शब्दार्थ- जौ हुने क्षेत्र, जौ खेती हुने स्थान, जौ वारी ।

यशः (ना./न.) अश्नुते व्याप्नोतीति *(फैलन्छ)* अशू व्याप्तौ सङ्घाते च (स्वा.) धातु, अश्+असुन्[९] (अस्), उणा., धातुको युट्, यश् अस्, यशम्= यश ।

शब्दार्थ- कीर्ति, सुयश, ख्याति, प्रशंसा ।

यशस्करः/यशस्करी (वि.) यशः करोतीति *(कीर्ति वढाउँछ)* डुकृञ् करणे (तना.) धातु, यशस्+कृ+ट[१०] (अ), गुण = यशस्कर ।

यशस्कर+ङीप् (ई)= यशस्करी ।

शब्दार्थ- कीर्ति फैलाउने, ख्याति प्राप्त हुने, कीर्तिकर, कीर्तिप्रदायक, जस दिने, नाउ चल्ने ।

यशस्यः (वि.) यशसे हितम् *(कीर्तिको लागि उपयुक्त हुने)* यशस्+यत्[११] (य)= यशस्य ।

अथवा यशसः निमित्तं संयोगः वा *(यशको निमित्त वा संयोग)* यशस्+यत् (य)= यशस्य ।

अथवा यशः एव प्रयोजनमस्य *(कीर्ति नै प्रयोजन छ जसको)* यश+यत् (य)= यशस्य ।

शब्दार्थ- कीर्ति फैलाउने खालको, यश वढाउने, कीर्तिका लागि उपयुक्त ।

यशस्वती (ना./स्त्री.) यशः अस्ति अस्याः *(कीर्ति फैलिएको छ यस स्त्रीको)* यशस्+मतुप् (मत्), मको व, यशस्वत्+ङीप् (ई)= यशस्वती ।

शब्दार्थ- ख्याति कमाएकी स्त्री, कीर्तिशालिनी स्त्री, प्रशंसा प्राप्त गरेकी नारी ।

यशस्वान् (वि.) यशः अस्यास्तीति *(यश छ यसको)* यशस्+मतुप्[१२] (मत्), मको व, यशस्वत्= यशस्वान् ।

शब्दार्थ- यश भएको, कीर्तिशाली, यशस्वी, यश फैलिएको, प्रशंसा पाएको ।

यशस्विनी (ना./स्त्री.) प्रशस्तं यशः अस्ति अस्याः *(ज्यादा यश फैलिएको छ यस स्त्रीको)* यशस्+विनि (विन्), यशस्विन्+ङीप् (ई)= यशस्विनी ।

शब्दार्थ- यश प्राप्त गरेकी स्त्री, ख्याति कमाएकी स्त्री, प्रशंसा वा कीर्ति फैलिएकी नारी ।

यशस्वी (वि.) प्रशस्तं यशः अस्यास्तीति *(प्रशस्त यश फैलिएको छ यसको)* यशस्+विनि (विन्), यशस्विन् =यशस्वी ।

शब्दार्थ- कीर्ति फैलिएको, यश प्राप्त गरेको, ख्याति पाएको, कीर्ति कायम गरेको ।

उदा. वीरात्माका यशस्वी कृतिहरू जगमा जगमगाएर आउन्- नवरस (वीररस १)

---

१. ऋदोरप् : अप्
२. यवयवकषष्टिका... : यत्
३. सुयुरुवृञो... : युच्
४. इन्द्रवरुण.../यवन्नाल्लिप्याम् : ङीष्/आनुक्
५. तत् प्रकृतवचने.../असंज्ञायां तिलयवाभ्याम्... : मयट्
६. अतिशायने तमविष्ठनौ : इष्ठन्
७. स्थूलदूरयुव... : वन्को लोप
८. द्विवचनविभज्य... : ईयसुन्
९. अशेर्देवने युट् च : असुन्, युट्
१०. कृञो हेतुताच्छील्य... : ट
११. तस्मै हितम्/गोर्द्वयचो... : यत्

यशोदा (ना./स्त्री.) यशः ददाति असौ *(कीर्ति प्रदान गर्छिन् यिनी)* डुदाञ् दाने (जुहो.) धातु, यशस्+दा+क (अ)+टाप् (आ), रुत्व, उत्व= यशोदा ।

शब्दार्थ- नन्दकी पत्नी, श्रीकृष्णकी मातृतुल्य आमा ।

यशोधनः (वि.) यश एव धनं यस्य *(यश नै धन छ जसको)* यशस्+धन, व.स., रुत्व, उत्व= यशोधन ।

शब्दार्थ- यश नै धन भएको, कीर्ति फैलिएको, यशस्वी ।

यशोधरा (ना./स्त्री.) धरति, ध्रियते इति वा *(यश फैलाउँछ वा धारण गरिन्छ)* यशस् उपपदपूर्वक धृञ् धारणे (भ्वा.) वा धृङ् अवस्थाने (तुदा.) धातु, धृ+अच् (पचादि), गुण, यशोधर+टाप् (आ)= यशोधरा ।

शब्दार्थ- कीर्ति फैलाउने महिला, यशस्विनी स्त्री, गौतम बुद्धकी धर्मपत्नी ।

यष्टव्यः (वि.) इज्यते, यष्टुं योग्यः वा *(यज्ञ गरिन्छ वा यज्ञ गर्न योग्य)* यज देवपूजासङ्गतिकरणदानेषु (भ्वा.) धातु, यज्+तव्यत् (तव्य), जको षत्व, ष्टुत्व= यष्टव्य

शब्दार्थ- यज्ञ गर्न योग्य, सम्मान वा पूजा गर्न योग्य, यज्ञ गर्न लायक, पूजा गर्न उचित ।

यष्टिः/यष्टी (ना./स्त्री.) यक्षते इति *(पूजा गर्छ)* यक्ष पूजायाम् (चुरा.) धातु, यक्ष्+क्तिच्[1] (ति), यक्षको कलोप, यष्टि । अथवा यजनम्, इज्यते इति *(पूजा गरिन्छ)* यज्+क्तिन् (ति), सम्प्रसारणको अभावमा जको षत्व, यष्टि, ष्टुत्व, यष्टि+ङीप् (ई), विकल्पले= यष्टी । ङीप्को अभावमा= यष्टि ।

शब्दार्थ- लट्ठी, लौरो, हाँगो, शाखा, जेठीमधु ।

यष्टिका (ना./स्त्री.) यष्टि एव *(लट्ठी नै)* यष्टि+कन् (क), स्वार्थमा, यष्टिक+टाप् (आ)= यष्टिका ।

शब्दार्थ- लट्ठी, लौरो, डण्डा, छडी, मोतीको हार ।

यागः (ना./पुं.) इज्यते इति *(यज्ञ गरिन्छ)* यज देवपूजासङ्गतिकरणदानेषु (भ्वा.) धातु, यज्+घञ् (अ), वृद्धि= याग ।

शब्दार्थ- यज्ञ, क्रतु, अध्वर, याग ।

याचकः (वि.) याचते इति *(माग्दछ)* डुयाचृ याञ्चायाम् (भ्वा.) धातु, याच्+ण्वुल्[2] (अक)= याचक ।

शब्दार्थ- माग्ने, मगन्ते, भिखारी, गरीब ।

याचनम्/याचना (ना./न./स्त्री.) याचनम्, याच्यते इति वा *(मागिन्छ)* टुयाचृ याञ्चायाम् (भ्वा.) धातु, याच्+ल्युट् (अन)= याचन ।

याच्+णिचि+युच् (अन), णिलोप, याचन+टाप् (आ) =याचना ।

शब्दार्थ- माग्ने काम, बिलौना गर्ने क्रिया, प्रार्थना वा अनुरोध गर्ने काम ।

याचनीयः (वि.) याच्यते, याचितुं योग्यः वा *(माग्न योग्य)* टुयाचृ याञ्चायाम् (भ्वा.) धातु, याच्+अनीय (र्) =याचनीय ।

शब्दार्थ- माग्न योग्य वा लायक, माग्नुपर्ने, माग्न उपयुक्त ।

याचिका (ना./स्त्री.) याचते इति *(माग्छ, प्रार्थना गर्छ)* टुयाचृ याञ्चायाम् (भ्वा.) धातु, याच्+ण्वुल् (अक), याचक+टाप् (आ), ककारपूर्वका अकारको इत्व =याचिका ।

शब्दार्थ- भिखारिणी, माग्ने आइमाई, उच्चतहमा दिइने प्रार्थनापत्र, आवेदन, निवेदन, न्यायालयमा दिइने अर्जी, रिट, निवेदन आदि ।

याचितः (वि.) याच्यते स्म इति *(मागिएको)* टुयाचृ याञ्चायाम् (भ्वा.) धातु, याच्+क्त (त), इडागम =याचित ।

शब्दार्थ- मागिएको, याचना गरिएको, अनुरोध गरिएको ।

याच्यः (वि.) याचितुं योग्यः, याच्यते इति वा *(माग्न लायक, मागिन्छ)* टुयाचृ याञ्चायाम् (भ्वा.) धातु, याच्+ण्यत्[3] (य)= याच्य ।

शब्दार्थ- माग्न योग्य वा लायक, याचनीय, प्रार्थना गर्न योग्य, अनुरोध गर्नुपर्ने ।

याजकः (वि.) यजति, याजयतीति वा *(यज्ञ गर्छ, गराउँछ)* यज देवपूजासङ्गतिकरणदानेषु (भ्वा.) धातु, यज्+ण्वुल्[2] (अक), वृद्धि= याजक ।

यज्+णिचि, वृद्धि, याजि+ण्वुल् (अक),णिलोप=याजक ।

शब्दार्थ- यज्ञ गर्ने गराउने, पूजा-आजा गर्ने गराउने, यष्टा, यजमान ।

याजनम् (ना./न.) याज्यते इति *(यज्ञ गराइन्छ)* यज देवपूजासङ्गतिकरणदानेषु (भ्वा.) धातु, यज्+णिचि+ल्युट् (अन), वृद्धि, णिलोप= याजन ।

शब्दार्थ- यज्ञ सम्पन्न गराउने काम, यज्ञको सञ्चालन र अनुष्ठान गराउने काम ।

याज्यः (वि.) याज्यते, याजयितुं योग्यः वा *(यज्ञ गराइन्छ वा यज्ञ गराउन योग्य)* यज देवपूजासङ्गतिकरणदानेषु (भ्वा.) धातु, यज्+णिचि+ण्यत्[3] (य), वृद्धि= याज्य ।

शब्दार्थ- यज्ञ गराउन योग्य वा लायक, यज्ञका लागि उचित वा उपयुक्त ।

याज्ञवल्क्यः (ना./पुं.) यज्ञवल्कस्य अपत्यं पुमान् *(यज्ञवल्कका पुरुष सन्तति)* यज्ञवल्क+यञ् (य), आदिवृद्धि, अकारलोप= याज्ञवल्क्य ।

शब्दार्थ- यज्ञवल्कका सन्तान, यज्ञवल्कका वंश वा कुल, शुक्लयजुर्वेद माध्यन्दिनीय शाखाका प्रवर्तक ऋषि, स्मृतिग्रन्थका रचयिता ।

याज्ञसेनी (ना./स्त्री.) यज्ञसेनस्य द्रुपदराजस्य अपत्यं स्त्री *(यज्ञसेनकी पुत्री)* यज्ञसेन+अण् (अ), आदिवृद्धि, याज्ञसेन+ङीप् (ई)= याज्ञसेनी ।

शब्दार्थ- द्रौपदी, पाँच पाण्डवकी पत्नी, द्रुपदकी पुत्री ।

---

[1] क्तिच्क्तौ च... : क्तिच्

[2] ण्वुल्तृचौ : ण्वुल्

[3] ऋहलोर्ण्यत् : ण्यत्

याज्ञिकः (वि.) यज्ञादागतः, यज्ञकरणं शीलमस्य, यज्ञमर्हतीति, यज्ञः प्रयोजनमस्य, यज्ञाय हितम्, यज्ञमधीते वेद इति वा *(क्रमशः- यज्ञबाट आएको, यज्ञ गर्ने गराउने शील छ यसको, यज्ञ गर्न योग्य, यज्ञ प्रयोजन छ यसको, यज्ञका लागि हित हुने, यज्ञसम्बन्धी विषय पढ्छ वा जान्दछ)* यज्ञ+ठक्[1] (इक), आदिवृद्धि, अकारलोप= याज्ञिक ।

शब्दार्थ- यज्ञवाट आएको, यज्ञसम्वन्धी, यज्ञ राम्ररी सम्पन्न गराउने, यज्ञ गर्न उपयुक्त वा योग्य, यज्ञ नै मुख्य प्रयोजन भएको, यज्ञको लागि उपयोगी हुने, यज्ञवेत्ता ।

याञ्चा (ना./स्त्री.) याच्यते इति *(मागिन्छ)* टुयाचृ याञ्चायाम् (भ्वा.) धातु, याच्+नङ् (न)+टाप् (आ) =याञ्चा ।

शब्दार्थ- माग्ने काम, प्रार्थना, निवेदन, अनुरोध ।

यातः (वि.) याति स्म इति *(गएको)* या प्रापणे (भ्वा.) धातु, या+क्त (त), कर्तामा= यात ।

शब्दार्थ- गएको, हिंडेको, गुज्रेको ।

यातना (ना./स्त्री.) यात्यते इति *(दुःख दिइन्छ)* यत निकारोपस्कारयोः (चुरा.) वा यती प्रयत्ने (भ्वा.) धातु, यत्+णिचि+युच्[2] (अन), णिलोप, यातन+टाप् (आ) = यातना ।

कारणा तु यातना तीव्रवेदना- इत्यमरः

शब्दार्थ- पीडा, व्यथा, दुःख, सास्ती, अतितीव्र व्यथा, तीव्रवेदना, नारकीय दण्ड ।

यातनापूर्णः (वि.) यातनया पूर्णः *(यातनाले भरिएको)* तृ.त.स.= यातनापूर्ण ।

शब्दार्थ- पीडा वा कष्टले परिपूर्ण, यातनामय, तीव्र वेदनाले भरिएको ।

यातनामयः (वि.) प्रकृता प्रचुरा यातना *(पर्याप्त यातना)* यातनायाः आगतः *(यातनाबाट आएको)* यातना+मयट् (मय)= यातनामय ।

शब्दार्थ- यातना नै यातनाले भरिएको, अतिपीडा वा कष्टपूर्ण, अतितीव्र वेदनाले परिपूर्ण ।

यातायातः (वि./ना./न.) याति स्म, आयाति स्म इति वा *(गएको, आएको)* या प्रापणे (अदा.) धातु, या+क्त (त), कर्तामा, यातः । आ+या+क्त (त), कर्तामा, आयातः । यातश्च आयतश्च *(गएको र आएको)* क.त.स., दीर्घ= यातायात ।

शब्दार्थ- आवत-जावत गरेको, गएको-आएको, यातायातको साधन- वस, रेल, हवाइजहाज आदि ।

यात्रा (ना./स्त्री.) यानमभिगमनमिति *(जाने काम)* या प्रापणे (अदा.) धातु, या+त्रन्[3] (त्र), उणा., यात्र+टाप् (आ)= यात्रा ।

शब्दार्थ- जाने काम, गति, आक्रमण, घुमफिर, प्रयाण, आवागमन, प्रस्थान, गमन, पर्यटन ।

यात्री (वि.) यात्रा अस्यास्तीति *(यात्रा छ यसको)* यात्रा+इनि (इन्), अकारलोप, यात्रिन् = यात्री ।

शब्दार्थ- यात्रा गर्ने, पर्यटक, भ्रमण गर्ने, परदेशी, एक ठाउँवाट अर्को ठाउँमा जाने ।

यादवः (ना./पुं.) यदोरपत्यं पुमान् *(यदुका सन्तान)* यदु+अण्[4] (अ), आदिवृद्धि, गुण, यादो अ, अवादेश =यादव ।

शब्दार्थ- राजा यदुका सन्तान, ययाति राजाका जेष्ठपुत्र, यदुवंश, श्रीकृष्ण, नेपालको तराईमा र भारतको यु.पि. विहार आदिमा पाइने एक जातिविशेष- गुहार, अहिर, जादव, यादव ।

यानम् (ना./न.) याति अत्र अनेन वा *(जान्छ यहाँ वा यसद्वारा)* या प्रापणे (अदा.) धातु, या+ल्युट् (अन), दीर्घ= यान ।

शब्दार्थ- वाहन, परिवहनको साधन, सवारीसाधन, विमान, पाल्की, रथ आदि, सन्धिविग्रहादि षट्गुणमध्ये एक ।

यान्त्रिकः (वि.) यन्त्रस्य अयम्, यन्त्रादागतः, यन्त्रे नियुक्तः, यन्त्रमधीते वेद इति वा *(यन्त्रको यो, यन्त्रबाट आएको, यन्त्रमा काम गर्न नियुक्त गरिएको, यन्त्रसम्बन्धी विद्या पढ्छ वा जान्दछ)* यन्त्र+ठक्[5] (इक), आदिवृद्धि, अकारलोप= यान्त्रिक ।

शब्दार्थ- यन्त्रवाट आएको, यन्त्रको, यन्त्रसम्वन्धी, यन्त्रविद्या जान्ने, यन्त्रद्वारा काम गर्ने, कृत्रिम ।

यान्त्रिकता (ना./स्त्री) यान्त्रिकस्य भावः *(यान्त्रिक हुनाको भाव वा अवस्था)* यन्त्र+तल् (त)+टाप् (आ) =यान्त्रिकता ।

शब्दार्थ- यान्त्रिक प्रक्रिया, यन्त्रवाट काम गर्ने प्रणाली ।

यान्त्रिकीकरणम् (ना./न.) अयान्त्रिकः यान्त्रिकः सम्पद्यते तत्करणमिति *(यान्त्रिक नभएकालाई यान्त्रिक बनाइन्छ)* डुकृञ् करणे (तना.) धातु, यान्त्रिक+च्वि+ कृ+ल्युट् (अन), ईत्व, च्विको सर्वलोप=यान्त्रिकीकरण ।

शब्दार्थ- यन्त्रमय वनाउने काम, यन्त्र नभएको ठाउँमा यान्त्रिकीकरण गर्ने काम, यन्त्रद्वारा काम गराउने प्रक्रिया ।

यापनम् (ना./न.) याप्यते इति *(यापन गरिन्छ, धानिन्छ)* या प्रापणे (अदा.) धातु, या+णिचि, पुगागम, यापि+ल्युट् (अन), णिलोप= यापन ।

शब्दार्थ- निर्वाह गर्ने काम, कुनै प्रकारले जीवन धान्ने काम, कालक्षेपण, जीविका ।

यापितः (वि.) याप्यते स्म इति *(यापन गरिएको)* या प्रापणे (अदा.) धातु, या+णिचि, पुगागम, यापि+क्त (त), णिलोप, इडागम= यापित ।

शब्दार्थ- यापन गरिएको, कुनै प्रकारले जीवन धानिएको, निर्वाह गरिएको, जीवन व्यतीत गरिएको ।

---

१. ठगायस्यानेभ्य.../शीलम्/तदर्हति/प्रयोजनम्/तस्मै हितम्/क्रतूक्थादि... : ठक्
२. ण्यासश्रन्थो... : युच्
३. हुयामाश्रु... : त्रन्
४. ऋस्यन्धक... : अण्
५. तस्येदम्/ठगायस्यानेभ्य.../तत्र नियुक्तः/क्रतूक्थादि...: ठक्

यामः (ना./पुं.) याति गच्छतीति *(जान्छ, व्यतीत हुन्छ)* या प्रापणे (अदा.) धातु, या+मन्[1] (म), उणा.=याम । अथवा यम्यते इति *(संयम गरिन्छ)* यम परिवेषणे वा यम उपरमे (भ्वा.) धातु, यम्+घञ् (अ), वृद्धि= याम ।

शब्दार्थ- प्रहर, तीन घण्टा या साँडे सातघडीको समय, संयम, नियन्त्रण, समय, काल, यान, वाहन ।

द्रष्टव्य- **दिन र रात गरी जम्मा आठ प्रहर हुन्छ ।**

यामिकः (वि.) यामे भवः, यामादागतः, यामस्य अयम्, यामेन निर्वृत्तः इति वा *(क्रमशः- याम या प्रहरमा हुने, याम वा प्रहरबाट आएको, यामको यो, यामले निर्वृत भएको)* याम+ठक्[2]/ठञ् (इक), अकारलोप =यामिक ।

शब्दार्थ- यामसम्वन्धी, याम वा प्रहरको, समय समयमा वदलिने (पाले) ।

यामिनी (ना./स्त्री.) यामाः सन्ति अस्याः *(याम वा प्रहरहरू छन् यसका)* याम+इनि[3] (इन्), अकारलोप, यामिन्+ङीप् (ई)= यामिनी ।

विभावरी तमस्विन्यौ रजनी यामिनी तमी- इत्यमरः

शब्दार्थ- रात्रि, रात, निशा, रजनी, विभावरी ।

याम्यः (ना./पुं./वि.) यमस्य अयम्, यमस्य भावः *(यमराजको यो, यमको भाव)* यम+ष्यञ् (य), आदिवृद्धि, अकारलोप= याम्य ।

शब्दार्थ-यमदूत, दक्षिणदिशा, यमसित सम्वन्धित, यमको ।

यायावरः (वि./ना./पुं.) पुनः पुनः याति देशान्तरं गच्छतीति *(वारम्वार देशान्तर आदिमा जान्छ)* या प्रापणे (भ्वा.) धातु, या+यङ् (य), द्वित्व, यायाय (यङन्त धातु) । यायायते इति *(निरन्तर जान्छ)* यायाय+वरच्[4] (वर), यलोप= यायावर ।

शब्दार्थ- घुमन्ते, फिरन्ते, भ्रमणशील, योगी, तपस्वी, जटाधारी, साधु, सन्न्यासी, घुमन्ते जाति, अश्वमेध यज्ञका लागि छाडिएको घोडा, जरत्कारुनामका एक मुनि, ऋषिगण ।

यावत्/यावान्/यावती (अव्य./वि.) यत् परिमाणमस्य *(जति परिमाण छ यसको)* यत्+डावतु (आवत्), टिलोप= यावत् ।

अथवा यत् परिमाणमस्यास्तीति *(जति परिमाण छ यसको)* यत्+वतुप्[5] (वत्), यत्को अत्व, पृषोदरादिबाट, आत्व= यावत् (न.पुं.अव्य.) ।

यावत्को पुलिङ्गीरूप= यावान् ।

स्त्रीलिङ्गीरूप= यावती ।

शब्दार्थ- जहाँसम्म, जवसम्म, जति, कुनै निश्चित परिमाण वा हदसम्मको, सवै भएभरको ।

याष्टीकः (वि.) यष्टिः प्रहरणमस्य *(लट्ठी छ प्रहार यसको)* यष्टि+ईकक्[6] (ईक), आदिवृद्धि= याष्टीक ।

शब्दार्थ- लट्ठी हातमा लिने, लौरोवाला, लट्ठी प्रहार गर्ने ।

युक्तः (वि.) युज्यते स्म इति *(जोडिएको)* युजिर् योगे (रुधा.) धातु, युज्+क्त (त), कुत्व= युक्त ।

शब्दार्थ- संयोग भएको, मिलेको, जोडिएको, संयुक्त, युक्तिपूर्ण, उपयुक्त, उचित, योगसाधनामा संलग्न ।

युक्तिः (ना./स्त्री.) युज्यते इति *(जोडिन्छ)* युजिर् योगे (रुधा.) धातु, युज्+क्तिन् (ति), कुत्व= युक्ति ।

शब्दार्थ- योग, मिलन, मिश्रण, संयोग, संयम, औचित्य, उपाय, जुक्ति, न्याय, चतुर्‍याइँ ।

युक्तिपूर्णः (वि.) युक्त्या पूर्णः *(युक्तिले पूर्ण)* तृ.त.स. =युक्तिपूर्ण ।

शब्दार्थ- युक्तिले परिपूर्ण, युक्तियुक्त, युक्तिसङ्गत ।

युक्तियुक्तः (वि.) युक्त्या युक्तः *(युक्तिले युक्त भएको)* तृ.त.स.= युक्तियुक्त ।

शब्दार्थ-युक्तिले युक्त भएको, युक्तिले परिपूर्ण, युक्तिसङ्गत ।

युक्तिसङ्गतः (वि.) युक्त्या सङ्गतः *(युक्तिले सङ्गत)* तृ.त.स. = युक्तिसङ्गत ।

शब्दार्थ-युक्तिपूर्ण, युक्तियुक्त, तर्कसङ्गत, युक्तिसङ्गत भएको,

युक्तिसम्मतः (वि.) युक्त्या सम्मतः *(युक्तिले सम्मत)* तृ.त.स.= युक्तिसम्मत ।

शब्दार्थ- युक्तिले पूर्ण, तर्कसम्मत, युक्तिसङ्गत, उपाययुक्त, युक्तियुक्त ।

युगः (ना./पुं./न.) युज्यते इति *(जोडिन्छ)* युजिर् योगे (रुधा.) धातु, युज्+घञ् (अ), कुत्व, गुणाभाव= युग ।

यानाद्यङ्गे युगः पुंसि युगं युग्मे कृतादिषु- इत्यमरः

शब्दार्थ- दुईवटा वस्तुको जोड, सत्यत्रेतादि युग, घटना, समय, युगल ।

युगचेतना (ना./स्त्री.) युगस्य चेतना *(युग अनुरूपको चेतना)* ष.त.स.= युगचेतना ।

शब्दार्थ- युग अनुरूपको चेतना वा जागृति, युगवोध, युग अनुसारको चेतना वा कुनै कुराको वोध वा ज्ञान ।

युगधर्मः (ना./पुं.) युगस्य धर्मः *(युगको धर्म)* ष.त.स. =युगधर्म ।

शब्दार्थ- युगअनुसारको धर्म, युगअनुकूलको धर्म ।

युगनायकः (ना./पुं.) युगाय नायकः *(युगको लागि उपयुक्त हुने नायक)* च.त.स.= युगनायक ।

अथवा युगस्य नायकः *(युगको नायक)* ष.त.स. =युगनायक ।

अथवा युगं नयतीति *(युगलाई नेतृत्व दिन वा हाँक्न सक्छ)* युग उपपदपूर्वक णीञ् प्रापणे (भ्वा.) धातु, युग+नी+ण्वुल्[7] (अक), वृद्धि, आयादेश= युगनायक ।

शब्दार्थ- युगलाई नेतृत्व दिनसक्ने व्यक्ति, युगअनुरूप चल्नसक्ने वा युगलाई हाँक्न सक्ने व्यक्ति, युगपुरुष, युगनेता ।

---

[1] अर्तिस्तुसुहु... : मन्

[3] अत इनिठनौ : इनि

[6] शक्तियष्ट्योरीकक् : ईकक्

[2] तत्र भवः/ ढगाय स्याने....:/तस्येदम्/तेन निर्वृत्तम्/कालाट्ठञ् : ठक्/ठञ्

[4] यश्च यङः : वरच्

[5] यत्तदेतेभ्य... : वतुप्

[7] ण्वुल्तृचौ : ण्वुल्

युगप्रवर्तकः (वि.) युगं प्रवर्तयतीति *(युगलाई नयाँ गतितिर प्रवृत्त गराउँछ)* युग उपपदमा हुने प्रपूर्वक वृतु वर्तने (भ्वा.) धातु, युग+वृत्+णिचि+ण्वुल्[1] (अक), गुण, णिलोप= युगप्रवर्तक ।

शब्दार्थ- युगलाई नयाँ गति वा दिशा दिने, युगलाई नयाँ मोडमा हाँक्ने ।

युगलः (वि.) युज्यते अन्योन्यं सङ्गच्छते इति *(परस्परमा संयुक्त हुन्छ)* युजिर् योगे (रुधा.) धातु, युज्+कलच्[2] (अल), उणा., कुत्व= युगल ।

शब्दार्थ-मिथुन, युग्म, युगल, जोडा, जोडिएको, संयुक्त ।

युगलगीतम् (ना./न.) युगलञ्च तत् गीतम् *(जोडी मिलेर गाइने गीत)* क.त.स.= युगलगीत ।

शब्दार्थ- स्त्री र पुरुष दुवै मिलेर गाइने गीत, प्रेमी र प्रेमिकाको जोडी मिलेर गाइने गीत, जुहारी गीत ।

युगसापेक्षः (वि.) युगस्य सापेक्षः *(युगको सापेक्ष)* ष.त.स. =युगसापेक्ष ।

शब्दार्थ-युगसुहाउँदो, युग अनुसारको, युग अनुकूल हुने ।

युगादिः (ना./पुं.) युगस्य आदिः *(युगको आदि)* ष.त.स. =युगादि ।

शब्दार्थ- सृष्टिको थालनी, युगको प्रारम्भ वा सुरुवात, युगको आरम्भ ।

युगानुकूलम् (ना./न./वि.) युगाय युगस्य वा अनुकूलम् *(युगको लागि वा युगको अनुकूल)* च.त.स./ष.त.स. = युगानुकूल ।

शब्दार्थ- युगको लागि उपयुक्त, युग सुहाउँदो, युग अनुकूलको, समयसापेक्ष, समय सुहाउँदो ।

युगान्तः (ना./पुं.) युगस्य अन्तः *(युगको अन्त)* ष.त.स. =युगान्त ।

शब्दार्थ- युगको समाप्ति, प्रलयकाल, युगको अन्त्य ।

युगान्तकारी (वि.) युगस्य अन्तः *(युगको अन्त वा समाप्ति)* ष.त.स.= युगान्तः । युगान्तं कर्तुं शीलमस्येति *(युगको अन्त्य गर्ने शील छ यसको)* युगान्त उपपदपूर्वक डुकृञ् करणे (तना.) धातु, युगान्त+कृ+णिनि्[3] (इन्), वृद्धि, युगान्तकारिन् =युगान्तकारी ।

शब्दार्थ-युगको अन्त्य गर्ने, युग समाप्ति गर्ने, युगान्तक ।

युगान्तरम् (ना./न.) अन्यत् युगम् *(अर्को युग)* युग+अन्तर, अस्वपदविग्रह, म.व्य.स., दीर्घ=युगान्तर ।

शब्दार्थ- अर्को युग, युगको परिवर्तन, युग वदलिने काम, एक युग सकिएर अर्को युग लाग्ने समय ।

युगोचितम् (वि.) युगाय उचितः *(युगको लागि उपयुक्त)* च.त.स., गुण= युगोचित ।

शब्दार्थ- युगको लागि उचित हुने, युग सुहाउँदो, युगानुकूल, समय सुहाउँदो ।

युग्मम् (ना./न./वि.) युनक्ति, युज्यते सङ्गच्छते इति वा *(जोड्छ वा जोडिन्छ)* युजिर् योगे (रुधा.) धातु, युज्+मक्[4] (म), उणा., कुत्व = युग्म ।

शब्दार्थ- मिथुन राशि, दम्पती, सङ्गम, द्वन्द्व, युगल, जोडी, जुम्ल्याहा, जोडा ।

युग्मकः (वि.) युग्ममेव *(जोडा नै)* युग्म+कन् (क), स्वार्थमा= युग्मक ।

शब्दार्थ- जोडा, युग्म, युगल, जुम्ल्याहा, जोडी, दम्पती ।

युग्मजः (वि.) युग्मयोः जायते इति *(जोडामा जन्मन्छ)* युग्म उपपदपूर्वक जनी प्रादुर्भावे (दिवा.) धातु, युग्म+जन्+ड (अ)= युग्मज ।

शब्दार्थ- जुम्ल्याहा, यमल, जोडी भएर जन्मने ।

युग्यः (वि.) युगं वहतीति *(भार वहन गर्छ)* युग+यत्[5] (य)= युग्य ।

शब्दार्थ- दाउन लायक (वहर), जुवा काँधमा वोक्न सक्ने (वहर गोरु) ।

युतः (वि.) यूयते स्म इति *(मिलेको वा मिसिएको)* यु मिश्रणामिश्रणयोः (अदा.) धातु, यु+क्त (त), कर्तामा =युत ।

शब्दार्थ-मिसिएको, मिलेको, संयुक्त, जोडिएको, सम्मिलित,

युद्धम् (ना./न.) योधनम्, युध्यते इति वा *(युद्ध गरिन्छ)* युध सम्प्रहारे (दिवा.) धातु, युध्+क्त (त), भावमा, जशत्व, तको ध= युद्ध ।

शब्दार्थ- लडाइँ, सङ्घर्ष, मुठभेद, आक्रमण, समर, द्वन्द्व ।

युद्धनिपुणः (वि.) युद्धे निपुणः *(युद्धमा कुशल)* स.त.स. =युद्धनिपुण ।

शब्दार्थ- युद्धमा निपुण, रणकुशल ।

युद्धभूमिः (ना./स्त्री.) युद्धाय, युद्धस्य वा भूमिः *(युद्धका लागि वा युद्धको भूमि)* च.त.स./ष.त.स.= युद्धभूमि ।

शब्दार्थ-युद्धक्षेत्र, रणभूमि, युद्ध गर्ने स्थल, युद्धको अखडा ।

युद्धक्षेत्रम् (ना./न.) युद्धस्य क्षेत्रम् *(युद्धको क्षेत्र)* ष.त.स. =युद्धक्षेत्र ।

शब्दार्थ- रणक्षेत्र, रणभूमि, लडाइँको अखडा ।

युद्धविद्या (ना./स्त्री.) युद्धस्य विद्या *(युद्धकलाको विद्या)* ष.त.स.= युद्धविद्या ।

शब्दार्थ- युद्धकलासम्वन्धी विद्या, लडाइँसम्वन्धी ज्ञान दिने शास्त्र ।

युद्धविरामः (ना./पुं.) युद्धस्य विरामः *(युद्धको विराम)* ष.त.स.= युद्धविराम ।

शब्दार्थ- युद्ध रोक्ने काम, सङ्घर्ष विराम गर्ने काम, लडाइँ रोक्ने काम ।

युद्धवीरः (ना./पुं.) युद्धे वीरः *(युद्धमा वीर)* स.त.स. =युद्धवीर ।

शब्दार्थ- लडाइँमा पराक्रम देखाउने व्यक्ति, युद्धमा वीरता देखाउने योद्धा, शूरवीर ।

---

[1] ण्वुल्तृचौ : ण्वुल्

[2] वृषादिभ्यश्चित् : कलच्

[3] सुप्यजातौ... : णिनि

[4] युजिरुचितिजां कुत्व... : मक्, कुत्व

[5] तद्वहतिरथयुग... : यत्

युद्धस्थः (वि.) युद्धे तिष्ठतीति *(युद्धमा खडा हुन्छ)* युद्ध उपपदमा हुने ष्ठा गतिनिवृत्तौ (भ्वा.) धातु, युद्ध+स्था+क[१] (अ), आलोप= युद्धस्थ ।

शब्दार्थ- युद्धमा खडा हुने, युद्धवीर, शूरवीर ।

युधिष्ठिरः (ना./पुं.) युध्यतीति *(युद्ध गर्छ)* युध सम्प्रहारे (दिवा.) धातु, युध्+क्विप् (सर्वलोप), युध् । युधि सङ्ग्रामे स्थिरः *(युद्धमा स्थिर)* सप्तमीको अलुक्[२], स्थिरका सको षत्व, ष्टुत्व= युधिष्ठिर ।

शब्दार्थ- पाँच पाण्डवहरूमध्ये सबभन्दा जेठा, राजा युधिष्ठिर, अजातशत्रु, धर्मपुत्र ।

युवकः (ना./पुं./वि.) यौतीति *(घुलमिल गर्छ)* यु मिश्रणा-मिश्रणयोः (अदा.) धातु, यु+कनिन्[३] (अन्), उणा., उवङादेश, युवन् । युवन्नेव *(युवा नै)* युवन्+कन (क), स्वार्थमा, नलोप= युवक ।

शब्दार्थ- तरुण व्यक्ति, युवा पुरुष, तन्नेरी, वयस्क, यौवन अवस्थाको ।

युवन्/युवा (वि./ना./पुं.) यौतीति *(घुलमिल गर्छ)* यु मिश्रणामिश्रणयोः (अदा.) धातु, यु+कनिन्[३] (अन्), उणा., उवङादेश= युवन् । एकवचनरूप= युवा ।

शब्दार्थ- युवक, तरुण, तन्नेरी, वयस्क, जवान पुरुष ।

युवतिः (वि./ना./स्त्री.) यौति असौ *(घुलमिल हुन्छे यो)* यु मिश्रणामिश्रणयोः (अदा.) धातु, यु+कनिन्[३] (अन्), उणा., उवङादेश, युवन्+ति[४] (प्रत्यय)= युवति ।

शब्दार्थ- तरुणी, तरुनी, युवती, प्रमदा, जवान आइमाई, यौवन अवस्थाकी स्त्री ।

युवतिजनः (ना./पुं.) युवति एव जनः *(युवतिरूप जन)* म.व्य.स.= युवतिजन ।

शब्दार्थ- तरुणीजन, युवतिजन ।

युवती (वि./ना./स्त्री.) यौतीति *(घुलमिल हुन्छे)* यु मिश्रणामिश्रणयोः (अदा.) धातु, यु+शतृच्[५] (अत्), उवङादेश, युवत्+ङीप्[६] (ई)= युवती ।

शब्दार्थ-तरुणी, युवती, पट्ठी आइमाई, जवान आइमाई ।

युवराजः (ना./पुं.) युवा चासौ राजा च *(युवक राजा)* वा यूनां युवकानां राजा *(युवकहरूका राजा वा युवकहरूमा श्रेष्ठ)* युवन्+राजन्, क.त.स./ष.त.स., नलोप, युवराजन्+टच्[७] (समासान्त), टिलोप =युवराज ।

शब्दार्थ- युवराजाधिराज, राजाका उत्तराधिकारी, राजपुत्र, राजकुमार, युवकहरूका स्वामी ।

युवराज्ञी (ना./स्त्री.) युवराजस्य पत्नी *(युवराजकी पत्नी)* युवराजन्+ङीप् (ई), अकारलोप, युवराज् न ई, नको श्चुत्व ञ, ज र ञको ज्ञत्व, युवराज्ञ् ई= युवराज्ञी ।

शब्दार्थ- युवराजकी पत्नी, युवराजकी विवाहिता स्त्री ।

युष्मद् (स.ना.) युष् सौत्र धातु, युष्+मदिक्[८] (मद्), उणा.= युष्मद् ।

शब्दार्थ- तँ र तिमी आदिलाई बुझाउने मध्यमपुरुष सर्वनाम ।

युष्मदीयः (वि.) युवयोर्युष्माकं वा अयमिति *(तिमी दुई वा तिमीहरूको यो)* युष्मद्+छ[९] (ईय)= युष्मदीय ।

शब्दार्थ- तपाईंकै यो, तिम्रो आफ्नै यो ।

यूथम् (ना./न.) यौति, यूयते इति वा *(सम्मिश्रण हुन्छ, एकीकृत हुनु)* यु मिश्रणामिश्रणयोः (अदा.) धातु, यु+उथन्[१०] (उथ), उणा., दीर्घ= यूथ ।

सजातीयैः कुलं यूथम्- इत्यमरः

शब्दार्थ- एकै जातका प्राणीहरूको कुल वा समूह, सजातीय जीवसमुदाय, बथान, बगाल, फौज ।

यूथचरः (वि.) यूथेषु चरतीति *(बगालमा चर्छ वा हिँड्छ)* यूथ उपपदपूर्वक चर गतिभक्षणयोः (भ्वा.) धातु, यूथ +चर्+ट[११] (अ)= यूथचर ।

शब्दार्थ- बगाल बनेर हिँड्ने, बगालमा चर्ने, हुल बाँधेर घुमफिर गर्ने, बथान भएर हिँड्ने ।

यूथनाथः/यूथपतिः (ना./पुं.) यूथस्य नाथः/यूथस्य पतिः *(बगालको मालिक वा स्वामी)* ष.त.स.= यूथनाथ/ यूथपति ।

शब्दार्थ- बगालको प्रमुख वा मालिक, बगालको नाइके, प्रमुख नेता, हात्तीको नाइके ।

यूपः (ना./पुं.) यौति अनेन *(यसद्वारा सम्मिश्रण हुन्छ)* यु मिश्रणामिश्रणयोः (अदा.) धातु, यु+प[१२] (उणा.), दीर्घ =यूप ।

शब्दार्थ- सुपारी, मौलो, विजयस्तम्भ, खम्वा, यज्ञमा बलि दिइने पशुलाई बाँध्ने खम्वा ।

यूपदारुः (ना./पुं.) यूपाय दारुः *(मौलाको लागि काठ)* च.त.स.= यूपदारु ।

शब्दार्थ- यज्ञको लागि राखिने मौलो वा काठ वा खम्वा ।

येनकेनप्रकारेण (वि.प्र.अव्य.) 'यद्', 'किम्' सर्वनाम शब्द र 'प्रकार' शब्दको करणकारकको एकवचनरूप । यो क्रिया विशेषणजस्तो भई प्रयुक्त हुन्छ ।

शब्दार्थ- जुनसुकै प्रकारले, कुनै पनि प्रकारले ।

योगः (ना./पुं.) युज्यते इति *(जोडिनु वा मेल हुनु)* युजिर् योगे (रुधा.) धातु, युज्+घञ् (अ), गुण, कुत्व= योग । अथवा युज्यते इति *(समाधि लिनु वा ध्येयवस्तुमा चित्त लागिरहनु)* युज समाधौ (दिवा.) धातु, युज्+घञ् (अ), गुण, कुत्व= योग । अथवा युज्यते इति *(संयमित चित्त पारेर लागिरहनु)* युज संयमने (चुरा.) धातु, युज्+घञ् (अ), गुण, कुत्व= योग ।

योगसंहनोपायध्यानसङ्गतियुक्तिषु- इत्यमरः

---

१. सुपिस्थः : क

४. यूनस्तिः : ति

७. राजाहः सखिभ्य... : टच्

१०. तिथपृष्ठगूथयूथ... : उथन्

२. हलदन्तात्सप्तम्या.... : सप्तमीको अलुक्

५. लटः शतृशानचान.. : शतृच्

८. युष्यसिभ्यामदिक् : मदिक्

११. चरेष्टः : ट

३. कनिन्युवृषि... : कनिन्

६. उगितश्च : ङीप्

९. युष्मदस्मदोरन्यतरस्याम्...: छ

१२. कुयुभ्याञ्च : प, दीर्घ

शब्दार्थ- सङ्गम, मिश्रण, संयोग, जोड, जम्मा, जोड्ने काम, चित्तको स्थिरता, चित्तवृत्ति निरोध, ध्येयवस्तुमा चित्त लागिरहने काम, संयमित चित्तले एकाग्र भई ध्यानमा लागि रहने काम, अष्टाङ्गयोगको योगाभ्यास गर्ने वा समाधि लिने काम, जोडाइ, सङ्गति, उपाय, चित्तवृत्ति रोक्ने काम, ज्योतिषमा वताइएको सत्ताईस योग ।

***द्रष्टव्य-* भगवद्गीताका अनुसार-**

- योगशब्दले ज्ञानयोग, साङ्ख्ययोग, कर्मयोग, भक्तियोग, सन्न्यासयोग, वुद्धियोग, राजयोग, आत्मसंयमयोग, ध्यानयोग, व्रह्मयोग, सततयोग, आत्मयोग, समत्वयोग- यी सवैलाई वुझाउँछ ।
- आत्यन्तिक सुखको अनुभूति र दुःखसंयोगको वियोग नै योग हो ।
- **योगः कर्मषु कौशलम्** अर्थात् कर्ममा कुशलता नै योग हो ।

याज्ञवल्क्यका अनुसार-

- **संयोगो योग इत्युक्तो जीवात्म-परमात्मनोः** - अर्थात् जीवात्मा र परमात्माको संयोग नै योग हो ।

पातञ्जल योगदर्शनअनुसार-

- **योगश्चित्तवृत्तिनिरोधः** अर्थात् चित्तवृत्तिको निरोध नै योग हो ।

योगक्षेमम् (ना./न.) योगश्च क्षेमश्च तयोः समाहारः **(योग र क्षेमको समाहार)** द्व.स.= योगक्षेम ।

शब्दार्थ- कल्याण, क्षेमकुशल, कुशल, मङ्गल, अप्राप्त वस्तु प्राप्तिको प्रयत्न, प्राप्त वस्तुको सुरक्षा, जीवन निर्वाह गर्ने काम, शान्ति सुरक्षा, अनागत र आगतको रक्षा गर्ने काम ।

***द्रष्टव्य-* अनन्याश्चिन्तयन्तो मां ये जनाः पर्युपासते ।**
तेषां नित्याभियुक्तानां योगक्षेमं वहाम्यहम्- भ.गी. ९/२२

योगदर्शनम् (ना./न.) योगस्य दर्शनम् ***(योगको दर्शन)*** ष.त.स.= योगदर्शन ।

शब्दार्थ- योगशास्त्र, चित्त एकाग्र पार्ने उपायसम्वन्धी शास्त्र, चित्तविश्रान्ति लिने उपायसम्वन्धी शास्त्र वा दर्शन ।

योगदानम् (ना./न.) योगस्य सहयोगस्य दानम् ***(सहयोगको दान)*** ष.त.स.= योगदान ।

शब्दार्थ- सहयोग दिने काम, सहायता गर्ने कार्य, देश, समाज र राष्ट्रको लागि सहयोग गर्ने काम ।

योगधारणा (ना./स्त्री.) योगस्य धारणा ***(योगको धारण गर्ने काम)*** ष.त.स.= योगधारणा ।

शब्दार्थ- एकाग्र भई योगसाधनमा संलग्न रहेको अवस्था, सवै इन्द्रिय र चित्तवृत्तिलाई ध्येयवस्तुमा संलग्न राखी एकाग्र भई योगधारण गरेको अवस्था ।

***द्रष्टव्य-* देशबन्धश्चित्तस्य धारणा- पा.यो.द. ३/१**

योगनिद्रा (ना./स्त्री.) योगः चित्तवृत्तिनिरोधरूपः समाधिस्तद्रूपा निद्रा ***(चित्तवृत्ति निरोधको समाधिरूप निद्रा)*** ष.त.स. = योगनिद्रा ।

शब्दार्थ- समाधि अवस्थाको निद्रा, योगमा समर्पित योगीको समाधि अवस्था, अर्धनिद्रित अवस्था, दुर्गा, भगवती, प्रलयावस्थामा परमेश्वरको निद्रा ।

योगफलम् (ना./न.) योगस्य फलम् ***(योगको फल)*** ष.त.स.= योगफल ।

शब्दार्थ- योगको फल वा परिणाम, दुई वा सोभन्दा वढी सङ्ख्या जोड्दा निस्कने परिणाम ।

योगबलम् (ना./न.) योगात् वलम् ***(योगवाट हुने वल)*** प.त.स.= योगवल ।

शब्दार्थ- योगसाधनवाट प्राप्त हुने क्षमता वा शक्ति ।

योगमाया (ना./स्त्री.) योगस्य माया ***(योगको माया)*** ष.त.स.= योगमाया ।

अथवा योगात् माया ***(योगवाट प्राप्त हुने माया वा शक्ति)*** प.त.स.= योगमाया ।

अथवा योग एव माया ***(योगरूप माया)*** म.व्य.स. =योगमाया ।

शब्दार्थ- योगसाधनावाट प्राप्त हुने सामर्थ्य वा चमत्कार, ईश्वरीय सृजनाशक्ति, दुर्गा, महामाया भगवती, प्रकृति ।

योगमार्गः (ना./पुं.) योगस्य मार्गः ***(योगको मार्ग)*** ष.त.स.= योगमार्ग ।

शब्दार्थ- ईश्वरको उपासना गर्ने एउटा उपाय वा मार्ग, अष्टाङ्गयोगको मार्ग, योगपथ ।

योगयज्ञः (ना./पुं.) योग एव यज्ञः ***(योगरूप यज्ञ)*** म.व्य.स.= योगयज्ञ ।

शब्दार्थ- योगरूप यज्ञ, योगविद्या, योगसम्वन्धी यज्ञ ।

योगयुक्तः (वि.) योगेन युक्तः ***(योगले युक्त)*** तृ.त.स. =योगयुक्त ।

शब्दार्थ- योगले परिपूर्ण, ज्ञान, कर्म आदि योगले युक्त भएको ।

योगशास्त्रम् (ना./न.) योगस्य शास्त्रम् ***(योगको शास्त्र)*** ष.त.स.= योगशास्त्र ।

शब्दार्थ- योगविद्या, योगदर्शनसम्वन्धी शास्त्र ।

योगसूत्रम् (ना./न.) योगस्य सूत्रम् ***(योगशास्त्रको सूत्र)*** ष.त.स.= योगसूत्र ।

शब्दार्थ- पतञ्जलिद्वारा निर्मित योगशास्त्रको सूत्र, योगविद्यासम्वन्धी शास्त्र, योगदर्शनसम्वन्धी ग्रन्थ ।

योगानुशासनम् (ना./न.) अनुशास्यते इति ***(अनुशासन गर्नु)*** अनुपूर्वक शासु अनुशिष्टौ (अदा.) धातु, अनु+ शास्+ल्युट् (अन),अनुशासनम् । योगे योगस्य वा अनुशासनम् ***(योगशास्त्रमा वताइएको वा योगमार्गको अनुशासन)*** स.त.स./ष.त.स., दीर्घ= योगानुशासन ।

शब्दार्थ- योगशास्त्रमा निर्धारित अनुशासन, योगशास्त्रले वताएको अनुशासन, योगविद्या ।

योगाभ्यासः (ना./पुं.) योगस्य अभ्यासः *(योगको अभ्यास)* ष.त.स.= योगाभ्यास ।
शब्दार्थ- यम-नियमादि अष्टाङ्गयोगको अभ्यास, योगको साधना ।

योगाभ्यासी (वि.) योगाभ्यासः अस्यास्तीति *(योगाभ्यास छ यसको)* योगाभ्यास+इनि[१] (इन्), अकारलोप, योगाभ्यासिन्= योगाभ्यासी ।
अथवा योगमभ्यस्तुं शीलमस्य *(योगसाधना गर्ने शील छ यसको)* योग उपपदमा हुने अभिपूर्वक अस गतिदीप्त्यादानेषु (भ्वा.) वा असु क्षेपणे (दिवा.) धातु, योग+अभि+अस्+णिनि[२] (इन्), दीर्घ, वृद्धि, यण्, योगाभ्यासिन्= योगाभ्यासी ।
शब्दार्थ- योगाभ्यास गर्ने, योगसाधनामा संलग्न, योगाभ्यासमा निरत, योगमा तल्लीन ।

योगारूढः (वि.) योगमारूढः *(योगमा आरूढ, योगमा पदार्पण गरेको)* द्वि.त.स., दीर्घ= योगारूढ ।
शब्दार्थ-योगमा पदार्पण गरेको, योगमा आरूढ भएको, मनका सङ्कल्पादि कामना त्यागेर योगमा लीन भएको ।
उदा. योगारूढ महात्माझैं दिव्य कैवल्यधाममा- ऋ.वि. (हेमन्त विचार)

योगाश्रमः (ना./पुं.) योगस्य आश्रमः *(योग साधनाको आश्रम)* ष.त.स., दीर्घ= योगाश्रम ।
शब्दार्थ- योगाभ्यास गर्ने वा गराउने ठाउँ, योगाभ्यास गर्ने आश्रम, योग सिकाउने स्थान ।

योगासनम् (ना./न.) योगाय आसनम् *(योगसाधनाका लागि आसन)* च.त.स., दीर्घ= योगासन ।
अथवा योगस्य आसनम् *(योगसाधनाको आसन)* ष.त.स., दीर्घ= योगासन ।
शब्दार्थ- योगसाधनका लागि वस्ने आसन, योगसाधना गर्दाको आसन, वज्रासन, सुखासन, पद्मासन आदि ।

योगिनी (ना./स्त्री.) योगः अस्याः अस्तीति *(योग साधना छ यस स्त्रीको)* योग+इनि[१] (इन्), अकारलोप, योगिन्+ङीप् (ई)= योगिनी ।
शब्दार्थ- योगसाधना गर्ने स्त्री, योगाभ्यास गर्ने नारी, जोगिनी, तपस्विनी, योगसाधनामा लागेकी नारी, नारायणी, गौरी, महादेवी, चौसट्ठी मातृका योगिनीहरू, ज्योतिषशास्त्र-अनुसार सूर्यादिग्रहका पत्नीहरू मानिएका (मङ्गला, पिङ्गलादि योगिनी) ।

योगिनीदशा (ना./स्त्री.) योगिनीनां दशा *(योगिनीहरूको दशा)* ष.त.स.= योगिनीदशा ।
शब्दार्थ-मङ्गला, पिङ्गला, धान्या आदि योगिनीहरूको दशा

योगिराजः (ना./पुं.) राजते इति *(सुशोभित हुन्छ)* राजृ दीप्तौ (भ्वा.) धातु, राज्+कनिन् (अन्), राजन् । योगिषु राजन् *(योगीहरूमा राजा)* योगिन्+राजन्, स.त.स., नलोप, समासान्त टच्= योगिराज ।
शब्दार्थ- योगीहरूमा श्रेष्ठ वा मुख्य, योगीलाई आदर गर्दा भनिने शब्द, योगीन्द्र ।

योगी (वि./ना./पुं.) युनक्ति, युज्यते तच्छीलः *(जोड्न वा समाधि लिन शील भएको)* युज समाधौ (दिवा.) वा युजिर् योगे (रुधा.) धातु, युज्+घिनुण्[३] (इन्), गुण, कुत्व, योगिन्= योगी ।
अथवा योगः अस्य अस्तीति *(योग साधना छ यसको)* योग+इनि (इन्), अकारलोप, योगिन्= योगी ।
शब्दार्थ- संयुक्त, योगाभ्यास गर्ने, योगसाधना गर्ने, जोडिएको, तपस्वी, योगाभ्यास गर्ने- साधु, सन्त, महात्मा, जोगी र अन्य व्यक्ति ।

योगीन्द्रः (ना./पुं.) योगिनां योगिषु वा इन्द्रः *(योगीहरूमा इन्द्र वा श्रेष्ठ)* ष.त.स./स.त.स., दीर्घ= योगीन्द्र ।
शब्दार्थ- योगिराज, योगीहरूमा इन्द्र वा श्रेष्ठ, योगीहरूमा प्रमुख, योगीश ।

योगीशः/योगीश्वरः (ना./पुं.) योगिनां योगिषु वा ईशः/ योगिनां योगिषु वा ईश्वरः *(योगीहरूमा ईश वा ईश्वर)* ष.त.स./स.त.स., दीर्घ= योगीश/योगीश्वर ।
शब्दार्थ- योगीहरूका स्वामी, योगीहरूमा श्रेष्ठ पुरुष, योगीन्द्र, अतिश्रेष्ठ योगी, योगीहरूमा सर्वोत्तम योगी, महादेव, योगेश्वर श्रीकृष्ण ।

योगेश्वरः (ना./पुं.) योगानां योगेषु वा ईश्वरः *(योगमा ईश्वर)* स.त.स., गुण= योगेश्वर ।
शब्दार्थ- योगसाधनामा संलग्न श्रेष्ठ पुरुष, सिद्ध महात्मा, महादेव, श्रीकृष्ण ।
द्रष्टव्य- **योगेश्वर ततो मे त्वं दर्शयात्मानमव्ययम् ।**
- भ.गी. ११/४

योग्यः (वि.) योगमर्हतीति *(जोड्न वा योग गर्न योग्य)* योग+यत् (य), अकारलोप= योग्य ।
अथवा योगाय प्रभवति *(योगको लागि वा कुनै कार्य गर्न समर्थ हुन्छ)* योग+यत् (य)= योग्य ।
अथवा युज्यते, योक्तुं योग्यः वा *(जोडिन्छ, योग गर्न योग्य)* युज समाधौ (भ्वा.) वा युजिर् योगे (रुधा.) धातु, युज्+यत् (य), गुण, कुत्व= योग्य ।
शब्दार्थ- कुनै कार्य राम्ररी गर्न सक्ने योग्यता भएको, काम गर्ने सीप वा क्षमता भएको, योगाभ्यास गर्न योग्य वा लायक, जोड्न उपयुक्त ।

योग्यतमः (वि.) अयमेषामतिशयेन योग्यः *(यो यिनीहरूमा ज्यादै योग्य)* योग्य+तमप् (तम)= योग्यतम ।
शब्दार्थ- उचित, उपयुक्त, ज्यादै योग्य, सबैमा योग्य ।

योग्यता (ना./स्त्री.) योग्यस्य भावः *(योग्य हुनाको भाव वा अवस्था)* योग्य+तल् (त)+टाप् (आ)= योग्यता ।
शब्दार्थ- सामर्थ्य, ल्याकत, औचित्य, उपयुक्तता, दक्षता, निपुणता, खुबी, क्षमता, योग्यपना ।

---

[१] अत इनिठनौ : इनि

[२] सुप्यजातौ... : णिनि

[३] सम्पृचानुरुधा... : घिनुण्

योग्यताक्रमः (ना./पुं.) योग्यतायाः क्रमः *(योग्यताको क्रम)* ष.त.स.= योग्यताक्रम ।

शब्दार्थ- बौद्धिक क्षमता, शिक्षा आदि योग्यताका आधारमा निर्धारित हुने क्रम ।

योग्यतापरीक्षा (ना./स्त्री.) योग्यतायाः परीक्षा *(योग्यताको परीक्षा)* ष.त.स.= योग्यतापरीक्षा ।

शब्दार्थ- योग्यता जाँच गर्ने परीक्षा, ल्याकत जाँच, क्षमताको परीक्षण ।

योजकः (वि.) युनक्ति इति *(जोड्दछ)* युजिर् योगे (रुधा.) धातु, युज्+ण्वुल्[1] (अक), गुण= योजक ।

शब्दार्थ- मिसाउने, जोड्ने, प्रबन्ध गर्ने, व्यवस्था मिलाउने, संयोजक ।

योजनम् (ना./न.) युज्यते इति *(जोडिन्छ, मिसाइन्छ)* युजिर् योगे (रुधा.) धातु, युज्+ल्युट् (अन), गुण =योजन ।

शब्दार्थ- जोड्ने काम, मिलाउने काम, मेलमिलाप, चारकोषको परिमाण वा नापो, संयोग ।

योजना (ना./स्त्री.) युज्यते इति *(संयोजन गरिन्छ)* युजिर् योगे (रुधा.) धातु, युज्+युच्[2] (अन), उणा., टाप् (आ)= योजना ।

शब्दार्थ- कुनै कुरा राम्ररी सम्पन्न गर्न निर्धारण गरिने कार्यक्रम, पूर्वप्रवन्ध वा व्यवस्थापन, आयोजना, जोड्ने काम, समायोजन ।

योजनाकारः (ना./पुं.) योजनां करोतीति *(योजना तयार गर्छ)* योजना उपपदपूर्वक डुकृञ् करणे (तना.) धातु, योजना+कृ+अण् (अ), वृद्धि= योजनाकार ।

शब्दार्थ- योजना तयार गर्ने व्यक्ति, योजनाको रूपरेखा खिच्ने व्यक्ति ।

योजनाप्रमुखः (ना./पुं.) योजनायाः प्रमुखः *(योजनाको प्रमुख)* ष.त.स.= योजनाप्रमुख ।

शब्दार्थ- योजनाको मुख्य व्यक्ति, योजना सञ्चालन गर्ने प्रमुख व्यक्ति ।

योजनाबद्धः (वि.) योजनायां योजनया वा बद्धः *(योजनामा संलग्न वा योजनाले बाँधिएको)* स.त.स./तृ.त.स. =योजनाबद्ध ।

शब्दार्थ- योजनामा निर्धारित वा नियोजित, योजनामा संलग्न, योजनाले बाँधिएको ।

योजनाविद् (वि.) योजनां वेत्तीति *(योजनासम्बन्धी कुरा जान्दछ)* योजना उपपदपूर्वक विद ज्ञाने (अदा.) धातु, योजना+विद्+क्विप् (सर्वलोप)= योजनाविद् ।

शब्दार्थ- योजनासम्बन्धी सबै कुरा जान्ने, योजना तर्जुमा गर्न सिपालु, योजनाविज्ञ ।

योजनाविज्ञः (वि.) विशेषेण जानातीति *(विशेषरूपले जान्दछ)* वि उपसर्गपूर्वक ज्ञा अवबोधने (क्र्या.) धातु, वि+ज्ञा+क[3] (अ), अकारलोप, विज्ञः । योजनाया विज्ञः *(योजनाको विज्ञ)* ष.त.स.= योजनाविज्ञ ।

शब्दार्थ- योजनाको बारेमा सम्पूर्ण कुरा जान्ने, योजनाविद्, योजनाविशेषज्ञ ।

योजनास्थलम् (ना./न.) योजनायाः स्थलम् *(योजनाको स्थल)* ष.त.स.= योजनास्थल ।

शब्दार्थ- योजना सञ्चालन हुने उचित ठाउँ, योजना सञ्चालनार्थ निर्धारित स्थल ।

योजनीयः (वि.) योक्तुं योग्यः, युज्यते इति वा *(जोड्नलायक, जोडिन्छ)* युजिर् योगे (रुधा.) धातु, युज्+अनीय (र्), गुण= योजनीय ।

शब्दार्थ- जोड्न योग्य वा लायक, जोड्न उपयुक्त, जोड्नुपर्ने, मिलाउनु पर्ने ।

योजितः (वि.) योज्यते स्म इति *(जोडिएको)* युजिर् योगे (रुधा.) धातु, युज्+णिचि, गुण, योजि+क्त (त), इडागम, णिलोप= योजित ।

शब्दार्थ- जोडिएको, योजना गरिएको, मिसिएको ।

योज्यः (वि.) योक्तुं योग्यः, युज्यते इति वा *(जोड्न योग्य, जोडिन्छ)* युजिर् योगे (रुधा.) धातु, युज्+ण्यत्[4] (य), गुण= योज्य ।

शब्दार्थ- जोड्नुपर्ने, जोड्न योग्य वा लायक, योजनीय ।

योद्धव्यः (वि.) योद्धुं योग्यः *(युद्ध गर्न योग्य)* युध सम्प्रहारे (दिवा.) धातु, युध्+तव्यत् (तव्य), गुण, तको ध =योद्धव्य ।

शब्दार्थ- युद्ध गर्नुपर्ने, युद्ध गर्न योग्य, युद्ध गर्न उचित ।

योद्धा (ना./पुं./वि.)युद्धचते इति *(युद्ध गर्छ)* युध सम्प्रहारे (दिवा.) धातु, युध्+तृच्[5] (तृ), गुण, योद्धृ = योद्धा ।

शब्दार्थ- युद्ध गर्ने व्यक्ति, सङ्ग्राम वा लडाइँ गर्ने व्यक्ति, वीरयोद्धा, शूरवीर, युद्ध गर्ने ।

योधः (ना./पुं./वि.) युद्धचते इति *(युद्ध गर्छ)* युद्ध सम्प्रहारे (दिवा.)धातु, युध्+अच् (पचादि), गुण=योध ।

शब्दार्थ- युद्ध गर्ने व्यक्ति, लडाका, युद्धवीर, युद्धकर्ता ।

योनिः (ना./पुं./स्त्री.) यौति संयोजयति *(संयोजन गर्छ)* यु मिश्रणामिश्रणयोः (अदा.) धातु, यु+नि[6] (उणा.), गुण= योनि ।

भगं योनिर्द्वयोः - इत्यमरः

योनिः स्त्रीपुंसयोश्च स्यादाकरे स्मरमन्दिरे- इति मेदिनी

योनिः कारणे भगतोययोः- इति हैमः

शब्दार्थ- उत्पत्तिस्थान, कारण, स्त्रीजातिको मूत्रेन्द्रिय तथा जननेन्द्रिय, काममन्दिर, भग, रतिगृह, प्रकृति, स्त्रीजातिको चिन्ह, जन्म, खानी, आकर, जल ।

---

१. ण्वुल्तृचौ : ण्वुल्

२. बहुलमन्यत्रापि : युच्

३. आतश्चोपसर्गे... : क

४. ऋहलोर्ण्यत् : ण्यत्

५. ण्वुल्तृचौ : तृच्

६. वहिश्रिश्रुयुद्रु... : नि

योनिजः (वि./ना./पुं.) योनेर्जायते इति *(योनिबाट पैदा हुन्छ)* जनी प्रादुर्भावे (दिवा.) धातु, योनि+जन्+ड (अ), टिलोप= योनिज ।

शब्दार्थ- योनिवाट उत्पन्न भएको, योनिवाट पैदा भएको, योनिजन्य विकार ।

योनिपरीक्षणम् (ना./न.) योनेः परीक्षणम् *(योनिको परीक्षण)* ष.त.स.= योनिपरीक्षण ।

शब्दार्थ- योनि जाँच्ने काम, यौनरोगहरूको परीक्षण गर्ने काम ।

योनिमार्गः (ना./पुं.) योनेर्मार्गः *(योनिको बाटो)* ष.त.स. =योनिमार्ग ।

शब्दार्थ- योनिद्वारको मार्ग, योनिद्वार, भगद्वार ।

योनिमुद्रा (ना./स्त्री.) योनेः आकृतिः, तस्याः मुद्रा *(योनि-आकृतिको मुद्रा)* ष.त.स., उ.प.लोप= योनिमुद्रा ।

शब्दार्थ- हातका औंलाहरूवाट योनिको आकृति वा मुद्रा वनाइने तान्त्रिक प्रक्रिया ।

योनिसङ्कुचनम् (ना./न.) योनेः सङ्कुचनम् *(योनिको सङ्कुचन)* ष.त.स.= योनिसङ्कुचन ।

शब्दार्थ- योनि खुम्चिने क्रिया, योनिको सङ्कुचन ।

योनिसम्भवः (वि.) योनेः सम्भवः *(योनिबाट उत्पन्न)* ष.त.स.= योनिसम्भव ।

शब्दार्थ- योनिवाट पैदा हुने, योनिज ।

योनी (ना./स्त्री.) यौति संयोजयति *(संयोजन गर्छ)* यु मिश्रणामिश्रणयोः (अदा.) धातु, यु+नि, उणा., गुण, ङीष् (ई)= योनी ।

शब्दार्थ- अ.हे.- योनि ।

योषा (ना./स्त्री.) योष्यते इति *(सेवा गराउनु)* सेवार्थक सौत्र युष धातु, युष्+णिचि, गुण, योषि+अच् (एरच्), णिलोप, योष+टाप् (आ)= योषा ।

स्त्री योषिदवला योषा नारी सीमन्तिनी वधूः- इत्यमरः

शब्दार्थ- नारी, अवला, महिला, स्त्री, वधू ।

योषित्/योषिता (ना./स्त्री.) योषति, योष्यते इति वा *(सेवा गर्छ वा गराइन्छ)* सेवार्थक सौत्र युष धातु, युष्+णिचि+इति[1] (इत्), उणा., णिलोप, गुण= योषित् । भागुरिमतमा, योषित्+आप् (आ)= योषिता ।

शब्दार्थ- नारी, स्त्री, महिला, अवला, योषित् ।

यौगिकः (वि.) योगमर्हति *(मिल्न उपयुक्त हुन्छ)* योगाय प्रभवति *(योगका लागि समर्थ हुन्छ)* योग+ठक्[2]/ठञ्[2] (इक), आदिवृद्धि, अकारलोप= यौगिक ।

शब्दार्थ- तत्त्वहरू मिलेर वनेको, प्रकृति प्रत्यय मिलेर वनेको, व्युत्पन्न, दुई वा सोभन्दा वढी वस्तुहरूको योगवाट उत्पन्न ।

यौगिकशब्दः (ना./पुं.) यौगिकश्चासौ शब्दश्च *(यौगिक शब्द)* क.त.स.= यौगिकशब्द ।

शब्दार्थ- प्रकृति र प्रत्यय मिलेर वनेको शब्द, व्युत्पन्न शब्द ।

यौनः (वि.)योनितः योनिसम्वन्धात् वा आगतः, योनेरयम्, योनौ भवः जातः इति वा *(योनि वा योनिसम्पर्कबाट आएको, योनिको यो, योनिमा हुने वा भएको)* योनि+अण्[3] (अ), आदिवृद्धि, इकारलोप=यौन ।

शब्दार्थ- योनिवाट आएको, योनिसम्वन्धी, योनिको, योनिमा हुने, योनिवाट पैदा भएको ।

यौनक्रिया (ना./स्त्री.) यौनस्य क्रिया *(यौनकर्मको क्रिया)* ष.त.स.= यौनक्रिया ।

शब्दार्थ- स्त्री र पुरुषसँगको सम्भोगक्रिया, मैथुन कर्म, रतिक्रीडा ।

यौनविकारः (ना./पुं.) यौनतः विकारः *(यौनजन्य कारणबाट हुने विकार)* प.त.स.= यौनविकार ।

शब्दार्थ- यौनजन्य कारणवाट पैदा हुने मानसिक विकारको रोग, मानसिक असन्तुलन ।

यौनव्यापारः (ना./पुं.) यौनस्य व्यापारः *(यौनकर्मको व्यापार)* ष.त.स.= यौनव्यापार ।

शब्दार्थ- यौनकर्मको व्यापार, वेश्याव्यवसाय सञ्चालन गर्ने काम, यौन-व्यवसाय ।

यौनसम्पर्कः (वि.) यौनाय सम्पर्कः *(यौनकर्मको लागि सम्पर्क)* च.त.स.= यौनसम्पर्क ।

शब्दार्थ- यौनकर्मको लागि सम्पर्क गर्ने काम, यौनसम्वन्ध वढाउने काम ।

यौनिकः (वि.) योनितः योनिसम्वन्धात् आगतः, योनेरयम् *(यौनसम्बन्धबाट आएको, योनिको यो)* योनि+ठक्[4] (इक), आदिवृद्धि, इकारलोप= यौनिक ।

शब्दार्थ- सम्भोग वा मैथुन क्रियावाट उत्पन्न भएको, योनिवाट उत्पन्न, योनिसम्वन्धी, योनिको ।

यौवतम् (ना./न.) युवतीनां समूहः *(युवतीहरूको समूह)* युवती+अण्[5] (अ), आदिवृद्धि, इकारलोप= यौवत ।

शब्दार्थ- युवतीको समुदाय, युवतीगण ।

यौवनम् (ना./न.) युनः भावः कर्म वेति *(युवकको भाव वा कर्म)* युवन्+अण्[6] (अ), आदिवृद्धि= यौवन ।

अथवा युवतीनां समूहः *(युवतीहरूको समूह)* युवति+अण्[5] (अ), पुंवद्भाव, आदिवृद्धि= यौवन ।

शब्दार्थ- तारुण्य, युवावस्था, तरुण-अवस्था, युवासमुदाय, युवतीहरूको जमघट ।

यौवनलक्षणम् (ना./न.) यौवनस्य लक्षणम् *(यौवन अवस्थाको लक्षण)* ष.त.स.= यौवनलक्षण ।

शब्दार्थ- तारुण्य, तरुण अवस्थाको चिन्ह, यौवन चिन्ह-पुरुषको दाह्रीजुङ्गा, स्त्रीजातिको स्तनवृद्धि आदि ।

---

1. हृसृरुहियुषिभ्य... : इति

२. तदर्हति/प्रभवति : ठक्/ठञ्

३. ततः आगतः/तस्येदम्/तत्र भवः : अण्

४. ठगायस्थानेभ्य... : ठक्

५. भिक्षादिभ्योऽण् : अण्

६. हायनान्तयुवादिभ्य... : अण्

यौवराज्यम् (ना./न.) युवराजस्य भावः कर्म वेति *(युवराजको भाव वा कर्म)* युवराज+ष्यञ्[१] (य), आदिवृद्धि, अकारलोप= यौवराज्य ।

शब्दार्थ- युवराजको गुण वा अवस्था, पद वा दायित्व ।

यौष्माकः/यौष्माकीणः (वि.) युवयोर्युष्माकं वा अयमिति *(तिमी दुई वा तिमीहरूको यो)* युष्मद्+अण्[२] (अ), प्रकृतिको 'युष्माक' आदेश[३], आदिवृद्धि, अकारलोप =यौष्माक ।

युष्मद्+खञ्[२] (ईन), प्रकृतिको 'युष्माक' आदेश, आदिवृद्धि, अकारलोप, णत्व= यौष्माकीण ।

शब्दार्थ- तिमी दुईको, तिमीहरूको, तिमीहरूसम्वन्धी ।

र

रः (ना./पुं.) राति ददाति ऊर्ध्वं गच्छतीति वा *(दिन्छ वा माथितिर जान्छ)* रा दाने (अदा.) धातु, रा+ड[४] (अ), टिलोप= र ।

परिचय- देवनागरी वर्णमालाको सत्ताईसौं व्यञ्जनवर्ण, मूर्द्धास्थानीय अन्तःस्थसंज्ञक सघोष अल्पप्राण ध्वनि ।

रः स्मृतः पावके तीक्ष्णे राः पुंसि स्वर्णवित्तयोः- मेदिनी

शब्दार्थ- अग्नि, तीक्ष्णत्व, गर्मीपना, कामाग्नि, रक्तसञ्चारको चाप, सुवर्ण, धनदौलत, छन्दशास्त्रमा रगण ।

रकारः (ना./पुं.) 'र' यस्तो वर्णनिर्देशनमा 'र' प्रातिपदिकवाट र+कार[५]= रकार ।

शब्दार्थ- रअक्षर, रध्वनि, अन्तःस्यसंज्ञक वर्णहरूमध्ये दोस्रो वर्ण ।

रकारीभवन् (ना./पुं.) अरकारः रकारः सम्पद्यते सः भवतीति *(रकार नभएको रकार ध्वनि बन्दछ र त्यो हुन्छ)* भू सत्तायाम् (भ्वा.) धातु, रकार+च्वि+भू +शतृ (अत्), भूको गुण, अवादेश, रको ईत्व, च्विको सर्वलोप, रकारीभवत्= रकारीभवन् ।

शब्दार्थ- अन्यध्वनि परिवर्तन भई 'र' ध्वनि वन्ने प्रक्रिया, जस्तैः आषाढ-असार, घोडो-घोरो ।

रक्तम् (ना./न./वि.) रजति, रज्यते अनेन इति वा *(रँगाइन्छ यसबाट)* रञ्ज रागे (भ्वा./अदा.) धातु, रञ्ज्+क्त (त), करणमा, नलोप, कुत्व= रक्त ।

शब्दार्थ- रगत, रातो रङ्ग, रातो वर्ण, रातो चन्दन, कुमकुम, ताम्र, तामो, केसर, अनुरक्त, रँगाएको, सिन्दुर ।

रक्तकमलम् (ना./न.) रक्तञ्च तत्कमलञ्च *(रातो कमल)* क.त.स.= रक्तकमल ।

शब्दार्थ- रातो कमल ।

रक्तकोषः (ना./पुं.) रक्तेषु कोषः *(रगतमा हुने कोष)* स.त.स.= रक्तकोष ।

शब्दार्थ- रगतमा हुने कोष, रक्तकण ।

रक्तचन्दनम् (ना./न.) रक्तञ्च तच्चन्दनञ्च *(रातो चन्दन)* रक्त+चन्दनम्, क.त.स.= रक्तचन्दन ।

शब्दार्थ- रातो चन्दन, रक्तचन्दनको वृक्ष ।

रक्तचापः (ना./पुं.) चपनमिति *(दवाव दिनु)* चप सान्त्वने (भ्वा.) वा चप परिकल्कने (चुरा.) धातु, चप्+घञ् (अ), वृद्धि, चापः । रक्तस्य चापः *(रगतको चाप वा दवाब)* ष.त.स.= रक्तचाप ।

शब्दार्थ- शरीरमा हुने रक्तसञ्चारको उच्च वा अल्पगति, दवाव, रगतको प्रवाह वा चाल ।

उदा. **वर्तमान एक टुक्रा समय, रक्तचापको डिग्रीमा चडेको पारो जसलाई पर्खिरहेछौं, चल्ला बनेर-फर्सीको जरा (मोहन कोइराला)**

रक्तदानम् (ना./न.) रक्तस्य दानम् *(रगतको दान)* ष.त.स.= रक्तदान ।

शब्दार्थ- रगत दिने काम, रगत दान दिने कार्य ।

रक्तपातम् (ना./न.) रक्तस्य पातम् *(रगतको पात वा खस्ने काम)* ष.त.स.= रक्तपात ।

शब्दार्थ- रगत खस्ने वा गिर्ने काम, रक्ताम्मे हुने काम, काटमार गर्ने क्रियावाट उत्पन्न रक्तपात ।

रक्तपायी (वि.) रक्तं पातुं शीलमस्य *(रगत पान गर्ने शक्ति वा क्षमता छ यसको)* पा पाने (भ्वा.) धातु, रक्त+पा+णिनि (इन्), युगागम, रक्तपायिन्=रक्तपायी ।

शब्दार्थ- रगत पान गर्ने, रगत खाने, रगत चुस्ने (जुका) ।

रक्तपित्तम् (ना./न.) रक्तदूषकञ्च तत् पित्तम् *(रक्त प्रदूषित पार्ने पित्त)* क.त.स., उ.प.लोप= रक्तपित्त ।

शब्दार्थ- रक्तपित्तसम्वन्धी रोगविशेष, रक्तश्राव हुने रोग ।

रक्तपिपासुः (वि.) पातुमिच्छतीति *(पिउन चाहन्छ)* पा पाने (भ्वा.) धातु, पा+सन् (स), द्वित्व, पापास, पहिलो पाको इत्व, पिपास (सनन्त धातु) । पिपासते इति *(पान गर्न चाहन्छ)* पिपास+उ[६] (प्रत्यय), पिपासुः । रक्तस्य पिपासुः *(रगतको पिपासु वा रगत पिउन चाहने)* ष.त.स.= रक्तपिपासु ।

शब्दार्थ- रगत पिउन चाहने, रगत खाने, रक्तपायी ।

---

१. गुणवचन... : ष्यञ्
२. युष्मदस्मदोः... : अण्/खञ्
३. तस्मिन्नणि च... : युष्माक आदेश
४. अन्येष्वपि... : ड
५. वर्णात्कारः : कार
६. सनाशंसभिक्ष... : उ

रक्तप्रमेहः (ना./पुं.) रक्तं प्रमेहतीति *(रगत गिर्दछ)* रक्त उपपदमा हुने प्रपूर्वक मिह सेचने (भ्वा.) धातु, रक्त+प्र+मिह+अच् (पचादि), गुण= प्रमेह ।

शब्दार्थ- पिसाववाट रगत वहने रोग, रक्तश्राव ।

रक्तवर्णः (वि./ना./पुं.) रक्तः वर्णः यस्य *(रातो वर्ण छ जसको)* व.स.= रक्तवर्ण ।

अथवा रक्तश्चासौ वर्णश्च *(रातो वर्ण)* क.त.स. =रक्तवर्ण ।

शब्दार्थ- रातो वर्ण भएको, रातो रङ्ग भएको, रातो वर्ण, रातो रङ्ग ।

रक्तवर्द्धकः (ना./पुं.) रक्तं वर्धयतीति *(रगत वढाउँछ)* रक्त उपपदपूर्वक वृधु वृद्धौ (भ्वा.) धातु, रक्त+ वृध्+ण्वुल्[१] (अक), गुण= रक्तवर्द्धक ।

शब्दार्थ- रगत वढाउने औषधि वा अन्य खाने पदार्थ ।

रक्तविकारः (ना./पुं.)/**रक्तविकृतिः** (ना./स्त्री.) रक्तस्य विकारः विकृतिर्वा *(रगतको विकार वा विकृति)* ष.त.स.= रक्तविकार/रक्तविकृति ।

शब्दार्थ- रगतको विकार वा विकृति, रक्तविकारसम्वन्धी रोग ।

रक्तवीजः (ना./पुं.) रक्तं रक्तवर्णं वीजमस्य *(रातो वर्णको वा रगतको बीज छ यसको)* व.स.= रक्तवीज ।

शब्दार्थ- अनार, उडुस, मच्छड, जुका, रक्तवीज नामक एक असुर ।

द्रष्टव्य- **रक्तबीज राक्षसको शरीरबाट जति थोपा रगत गिर्दथे, त्यति नै सङ्ख्यामा राक्षस उत्पन्न हुन्थे, जगदम्बा भगवतीले रक्तपान गरी रगत शोषण गरेर नीरक्त बनाई त्यसको हत्या गर्नुभएको थियो ।**

रक्तवृष्टिः (ना./स्त्री.) रक्तानां वृष्टिः *(रगतको वृष्टि)* ष.त.स.= रक्तवृष्टि ।

शब्दार्थ- रगतको वर्षा, रगतको वृष्टि ।

रक्तसञ्चारः (ना./पुं.) रक्तस्य सञ्चारः *(रगतको सञ्चार वा सञ्चालन)* ष.त.स.= रक्तसञ्चार ।

शब्दार्थ- रगत सञ्चालन हुने काम वा प्रक्रिया ।

रक्तसम्वन्धः (ना./पुं.) रक्तस्य सम्बन्धः *(रगतको सम्बन्ध)* ष.त.स.= रक्तसम्वन्ध ।

शब्दार्थ रगतको नाता, एउटै वावु आमावाट जन्मेकाहरूको सम्वन्ध ।

रक्तस्रावः (ना./पुं.) रक्तस्य स्रावः *(रगतको स्राव)* ष.त.स. =रक्तस्राव ।

शब्दार्थ- रक्तपात, रगत गिर्ने काम, शरीरबाट रगत खस्ने क्रिया, शरीरवाट रगत वहने काम ।

रक्तरञ्जितः (वि.) रक्तेन रञ्जितः *(रगतले रँगिएको)* तृ.त.स.= रक्तरञ्जित ।

शब्दार्थ- रगतले रँगिएको, रगतले मुछिएको ।

रक्ताक्षः (वि./ना./पुं.) रक्ते लोहिते अक्षिणी यस्य *(राता छन् आँखा जसका)* व.स., दीर्घ, रक्ताक्षि+षच्[२] (समासान्त), इकारलोप= रक्ताक्ष ।

रक्ताक्षः कासरे क्रूरे पारावतचकोरयोः - इति मेदिनी

शब्दार्थ- राता आँखा हुने, क्रूर, विकराल राता नेत्र हुने, परेवा, चखेवा, सारस, राँगो ।

रक्तिमा (ना./पुं.) रक्तस्य भावः *(रातो हुनाको भाव वा अवस्था)* रक्त+इमनिच्[३] (इमन्), अकारलोप, रक्तिमन् =रक्तिमा ।

शब्दार्थ- रातो हुनाको अवस्था वा स्थिति, रातोपना, रातो वर्ण, लालिमा ।

उदा. **भयो रुधिरधारले गगनमार्गमा रक्तिमा- आ.रा.३/११**

रक्तोत्पलम् (ना./न.) रक्तं रक्तवर्णञ्च तत् उत्पलञ्च *(रातो वर्णको कमल)* रक्त+उत्पल, क.त.स., गुण =रक्तोत्पल ।

शब्दार्थ- रातो कमल, रक्तकमल ।

रक्षः (रक्षस्) (ना./पुं.) रक्षति रक्ष्यते अस्मात् *(यसबाट रक्षा गर्छ वा गरिन्छ)* रक्ष पालने (भ्वा.) धातु, रक्ष्+ असुन्[४] (अस्), उणा., रक्षस्, रक्षः= रक्ष ।

शब्दार्थ- राक्षस, रक्षोजाति, रक्षा गर्ने काम, बचावट ।

रक्षकः (वि.) रक्षतीति *(रक्षा गर्छ)* रक्ष पालने (भ्वा.) धातु, रक्ष्+ण्वुल्[१] (अक)= रक्षक ।

शब्दार्थ- रक्षा गर्ने, संरक्षण गर्ने, सुरक्षा दिने, भरणपोषण गर्ने, हेरविचार गर्ने, अभिभावक, पहरेदार, संरक्षक ।

रक्षणम् (ना./न./वि.) रक्षणम्, रक्ष्यते इति वा *(रक्षा गरिन्छ)* रक्ष पालने (भ्वा.) धातु, रक्ष्+ल्युट् (अन), णत्व= रक्षण ।

अथवा रक्षतीति *(रक्षा गर्छ)* रक्ष्+ल्यु[५] (अन), णत्व =रक्षण ।

शब्दार्थ- रक्षा गर्ने काम, सुरक्षा गर्ने काम, बचाउ गर्ने काम, रक्षा, हेरविचार गर्ने काम, पालनपोषण गर्ने, सुरक्षा गर्ने, रक्षा गर्ने ।

रक्षणीयः (वि.) रक्षितुं योग्यः, रक्ष्यते इति वा *(रक्षा गर्न योग्य, रक्षा गरिन्छ)* रक्ष पालने (भ्वा.) धातु, रक्ष्+अनीय (र्), णत्व= रक्षणीय ।

शब्दार्थ- रक्षा गर्न योग्य वा लायक, पालनपोषण गर्न उपयुक्त, बचाउ गर्नुपर्ने ।

रक्षा (ना./स्त्री.) रक्षणम्, रक्ष्यते इति वा *(रक्षा गरिन्छ)* रक्ष पालने (भ्वा.) धातु, रक्ष्+अ[६] (प्रत्यय)+टाप् (आ) =रक्षा ।

शब्दार्थ- सुरक्षा, रक्षा गर्ने काम, वचाउ, संरक्षण, पहरा दिने काम, रेखदेख गर्ने क्रिया ।

---

[१] ण्वुल्तृचौ : ण्वुल्

[२] बहुव्रीहौ सक्थ्यक्ष्णो... : षच्

[३] वर्णदृढादिभ्य... : इमनिच्

[४] सर्वधातुभ्योऽसुन् : असुन्

[५] नन्दिग्रहिपचादि... : ल्यु

[६] गुरोश्च हलः : अ

रक्षाबन्धनम् (ना./न.) रक्षायै बन्धनम् *(रक्षाका लागि बाँध्ने काम)* च.त.स.= रक्षाबन्धन ।

शब्दार्थ- रक्षाको लागि सूत्र बाँध्ने काम, रक्षासूत्र बाँध्ने काम, जनैपूर्णिमामा रक्षावन्धन बाँध्ने काम ।

रक्षासूत्रम् (ना./न.) रक्षायै सूत्रम् *(रक्षाका लागि सूत्र)* च.त.स.= रक्षासूत्र ।

शब्दार्थ- रक्षाका लागि बाँधिने डोरो, रक्षावन्धनसूत्र ।

रक्षिका (ना./स्त्री.) रक्षति असौ *(रक्षा गर्छे यो स्त्री)* रक्ष पालने (भ्वा.) धातु, रक्ष्+ण्वुल् (अक), रक्षक+टाप् (आ), ककारपूर्वका अकारको इत्व= रक्षिका ।

शब्दार्थ- रक्षा गर्ने स्त्री, सुरक्षाको काममा संलग्न भएकी स्त्री, पालनपोषण गर्ने स्त्री ।

रक्षितः (वि.) रक्ष्यते स्म इति *(रक्षा गरिएको)* रक्ष पालने (भ्वा.) धातु, रक्ष्+क्त (त), इडागम= रक्षित ।

शब्दार्थ- रक्षा गरिएको, पालनपोषण गरिएको, आपत्-विपत्वाट बचाइएको, जगेर्ना गरिएको, सुरक्षाका लागि पहरा दिइएको ।

रक्षिता (वि.) रक्षतीति *(रक्षा गर्छ)* रक्ष पालने (भ्वा.) धातु, रक्ष्+तृच् (तृ), इडागम, रक्षितृ= रक्षिता ।

शब्दार्थ- रक्षा गर्ने, रक्षाकर्ता, सुरक्षा गर्ने, बचाउ गर्ने ।

रक्ष्यः (वि.) रक्षितुं योग्यः, रक्ष्यते इति वा *(रक्षा गर्न योग्य वा रक्षा गरिन्छ)* रक्ष पालने (भ्वा.) धातु, रक्ष्+ण्यत् (य)= रक्ष्य ।

शब्दार्थ- रक्षा गर्न योग्य वा लायक, रक्षणीय, वचाउ गर्नुपर्ने, सुरक्षा दिनुपर्ने ।

रघुः (ना./पुं.) रङ्घते लङ्घते ज्ञानसीमानं प्राप्नोति *(ज्ञानको सीमामा पुग्छन्)* रघि लघि गत्यर्थे (भ्वा.) धातु, नुम्, रङ्घ+कु (उ), उणा., नलोप[1]= रघु ।

लङ्घ+कु (उ), उणा., नलोप, लको र= रघु ।

शब्दार्थ- एक प्रसिद्ध सूर्यवंशीय राजा, राजा दिलीपका पुत्र र अजका पिता, श्रीरामचन्द्रका प्रपितामह वा पूर्वज ।

रघुकुलम् (ना./न.) रघोः कुलम् *(रघुको कुल)* ष.त.स. =रघुकुल ।

शब्दार्थ- राजा रघुको वंश, रघुको कुलपरम्परा ।

रघुकुलतिलकः (ना./पुं.) रघुकुलानां रघुकुलेषु वा तिलकः *(रघुकुलका या रघुकुलमा तिलक या प्रसादस्वरूप)* ष.त.स./स.त.स.= रघुकुलतिलक ।

शब्दार्थ- रामचन्द्र, रघुकुलका सर्वोत्तम व्यक्ति, रघुकुलमा उत्तम तिलक ।

रघुनन्दनः (ना./पुं.) रघोः नन्दनः *(रघुका पुत्र)* ष.त.स. =रघुनन्दन ।

अथवा रघून्नन्दयतीति *(रघुकुललाई आनन्द दिन्छन्)* टुनदि समृद्धौ (भ्वा.) धातु, नुम्, रघु+नन्द+ल्यु (अन) =रघुनन्दन ।

शब्दार्थ- रघुकुलमा जन्मेको पुरुष, रघुका पुत्र, रघुकुललाई आनन्द दिलाउने श्रीरामचन्द्र ।

रघुनाथः/रघुपतिः (ना./पुं.) रघोः नाथः/रघोः पतिः *(रघुकुलका स्वामी)* ष.त.स.= रघुनाथ/रघुपति ।

शब्दार्थ- रघुवंशका स्वामी, रघुकुलका पति वा मालिक, श्रीरामचन्द्र, रघुनाथ ।

रघुवरः (ना./पुं.) रघुषु वरः *(रघुवंशमा श्रेष्ठ)* स.त.स. =रघुवर ।

शब्दार्थ- रघुकुलमा श्रेष्ठ पुरुष, श्रीरामचन्द्र ।

रघुवंशः (ना./पुं.) रघोर्वंशः *(राजा रघुका वंश)* ष.त.स. =रघुवंश ।

शब्दार्थ-रघुकुल, रघुका वंश वा सन्तान, रघुवंश-परम्परा ।

रघुवंशी (वि.) रघुवंशः अस्यास्तीति *(रघुवंशसँग सम्वन्ध छ यसको)* रघुवंश+इनि[2] (इन्), अकारलोप, रघुवंशिन् =रघुवंशी ।

शब्दार्थ- रघुवंशमा जन्मेको, रघुकुलसँग सम्वन्धित ।

रङ्कः (वि.) रमते तुष्यतीति *(खुसी हुन्छ)* रमु क्रीडायाम् (भ्वा.) धातु, रम्+कक् (उणा.), बहुलप्रकारले, मको परसवर्ण= रङ्क ।

शब्दार्थ- गरिव, निर्धन, कञ्जुस, मगन्ते, कृपण, भिक्षुक ।

रङ्गः (ना./पुं.) रज्यते अस्मिन् इति *(रँगाइन्छ यसमा)* रञ्ज रागे (दिवा.) धातु, रञ्ज्+घञ्[3] (अ), कुत्व, परसवर्ण= रङ्ग ।

शब्दार्थ- रङ, रङ्ग, विभिन्न रङ्गको वर्ण, रसरङ्ग, क्रीडा, रङ्गरोगन, नृत्य, नाच, राग, त्रपु ।

रङ्गभूमिः (ना./स्त्री.) रङ्गस्य रङ्गाय वा भूमिः *(नाचगान, मल्लयुद्ध आदिको लागि ठाउँ)* ष.त.स./च.त.स. =रङ्गभूमि ।

शब्दार्थ- रङ्गमञ्च, रङ्गशाला, रङ्गभवन, नाटक, नाचगान आदिका लागि स्थान, मल्लभूमि, मल्लयुद्धको लागि स्थान ।

रङ्गभेदः (ना./पुं.) रङ्गस्य भेदः *(वर्ण या रङ्गको भेद वा प्रकार)* ष.त.स.= रङ्गभेद ।

अथवा रङ्गेषु भेदः *(रङ्ग वा कालो गोरो आदि वर्णको आधारमा गरिने भेदभाव)* स.त.स.= रङ्गभेद ।

शब्दार्थ- कालो, नीलो, पहेंलो आदि रङ्गको प्रकार, कालो, गोरो आदि वर्णका आधारमा गरिने भेदभाव ।

रङ्गमञ्चम् (ना./न.) रङ्गाय मञ्चम् *(नाचगान आदिका लागि मञ्च)* च.त.स.= रङ्गमञ्च ।

शब्दार्थ- रङ्गशाला, नाटक वा नाचगान आदि प्रदर्शनका लागि मञ्च, खेलकुद आदिका लागि निर्मित रङ्गमञ्च ।

---

[1] लङ्घिवंह्योर्नलोपश्च : नलोप

[2] अत इनिठनौ : इनि

[3] हलश्च : घञ्

रङ्गरञ्जितः (वि.) रङ्गेन रञ्जितः *(रङ्गले रँगाइएको)* तृ.त.स. =रङ्गरञ्जित ।

शब्दार्थ-लालिमाले परिपूर्ण, रङ्गले रङ्गाएको, रङ्ग पोतेको ।

उदा. **त्यै रङ्गरञ्जित पयोधर खण्डखास**
फल्किरहेछ मनोमोहक एक साथ- सन्ध्या- १० (लालित्य)

रङ्गविरङ्गः (वि.) रज्यते इति *(रँगाइन्छ)* रञ्ज रागे (दिवा.) धातु, रञ्ज्+घञ् (अ), कुत्व, रङ्गः । विशेषेण रज्यते इति *(विशेष किसिमले रँगाइन्छ)* वि+रञ्ज्+घञ् (अ), कुत्व, विरङ्गः । रङ्गः विरङ्गश्च यत्र *(रङ विरङ छ जहाँ)* ब.स.= रङ्गविरङ्ग ।

शब्दार्थ- रंगविरंगको, अनेक रङ्गको, विचित्र किसिमको ।

रङ्गविरङ्गी (वि.) रङ्गविरङ्गः अस्यास्तीति *(रँगविरँग छ यसको)* रङ्गविरङ्ग+इनि[1] (इन्), अकारलोप, रङ्गविरङ्गिन्=रङ्गविरङ्गी ।

शब्दार्थ-रङ्गविरङ्गको, रङ्गीचङ्गी, विचित्रको, विविध रङ्ग भएको

रङ्गशाला (ना./स्त्री.) रङ्गाय शाला *(नाचगान आदिका लागि शाला वा ठाउँ)* च.त.स.= रङ्गशाला ।

शब्दार्थ- नाटक आदि प्रदर्शनका लागि ठाउँ, रङ्गमञ्च, रङ्गभूमि, नाचघर ।

रचना (ना./स्त्री.) रच्यते इति *(रचिन्छ)* रच प्रतियत्ने (चुरा.) धातु, रच्+णिचि+युच्[2] (अन), णिलोप, रचन +टाप् (आ)= रचना ।

शब्दार्थ- रचना, निर्माण, वनाउने काम, निर्माण गर्ने काम, कल्पना, गुम्फन, गाँध्ने काम ।

रचनाकारः (ना./पुं./वि.) रचनां करोतीति *(रचना गर्छ)* रचना उपपदपूर्वक डुकृञ् करणे (तना.) धातु, रचना +कृ+अण्[3] (अ), वृद्धि= रचनाकार ।

शब्दार्थ- रचना गर्ने व्यक्ति, कवि वा लेखक, स्रष्टा, रचयिता, सृजना गर्ने, निर्माता ।

रचनात्मकः (वि.) रचना आत्मा यस्य *(रचना नै मुख्य छ जसको)* रचना+आत्मन्, ब.स., दीर्घ, रचनात्मन् +कप्[4] (क), समासान्त, नलोप, दीर्घ= रचनात्मक ।

शब्दार्थ- सृजना मुख्य हुने, निर्माणात्मक, सृजनात्मक ।

रचनात्मकता (ना./स्त्री.) रचनात्मकस्य भावः *(रचनात्मक हुनाको भाव वा अवस्था)* रचनात्मक+ तल् (त) +टाप् (आ)= रचनात्मकता ।

शब्दार्थ- रचनात्मक हुनाको विशेषता वा अवस्था, सृजनात्मकता ।

रचयिता (वि.) रचयतीति *(रचना गर्छ)* रच प्रतियत्ने (चुरा.) धातु, रच्+णिचि+तृच्[5] (तृ), इडागम, रचि इतृ, गुण, अयादेश, रचयितृ= रचयिता ।

शब्दार्थ- रचनाकार, लेखक, रचना गर्ने, सृजना गर्ने, निर्माता, ग्रन्थकार ।

रचयित्री (ना./स्त्री.) रचयति असौ *(रचना गर्छे यो स्त्री)* रच प्रतियत्ने (चुरा.) धातु, रच्+णिचि+तृच् (तृ), इडागम, रचि इतृ, गुण, अयादेश, रचयितृ+ङीप्[6] (ई), यण्= रचयित्री ।

शब्दार्थ- रचना गर्ने आइमाई, निर्मात्री, सृजनशील नारी, कवयित्री ।

रचितः (वि.) रच्यते स्म इति *(रचना गरिएको)* रच प्रतियत्ने (चुरा.) धातु, रच्+क्त (त), इडागम=रचित ।

शब्दार्थ- रचना गरिएको, वनाइएको, सृजना गरिएको ।

रजः (ना./न.) रञ्जयति, रज्यते इति वा *(रँगाइन्छ, रँगिन्छ)* रञ्ज रागे (भ्वा./दिवा.) धातु, रञ्ज्+असुन्[7] (अस्), उणा., कित्व[7], नलोप, रजस्= रज ।

आर्तवे च परागे च रेणुमात्रे च दृश्यते- इति मेदिनी
गुणाः सत्त्वं रजस्तमः । स्याद्रजः पुष्पमार्तवम्- इत्यमरः

शब्दार्थ- धूलो, फूलको पराग, रजस्वला नारीहरूवाट निस्केको रगत, पुष्पपराग, सत्त्व, रज, तम- यी तीन गुणमध्ये एक, रेणु, कुसुम ।

रजकः (ना./पुं.) रजति, रज्यति प्रक्षालयतीति वा *(धुन्छ, पखाल्छ)* रञ्ज रागे (भ्वा./दिवा.) धातु, रञ्ज्+क्वुन्[8] (अक), उणा., नलोप= रजक ।

शब्दार्थ-धोवी, लुगा धुने मानिस, लुगा सफा गर्ने व्यक्ति ।

रजकी (ना./स्त्री.) रजकस्य स्त्री *(धोबीकी पत्नी)* रजक +ङीष् (ई)= रजकी ।

शब्दार्थ- धोवीकी पत्नी, लुगा धुने आइमाई ।

रजतम् (ना./न.) रजति शुक्लं भवति, रज्यते इति वा *(स्वच्छ हुन्छ, आनन्द दिन्छ वा प्रिय हुनु)* रञ्ज रागे (भ्वा./दिवा.) धातु, रञ्ज्+अतच्[9] (अत), उणा., कित्व[9], नलोप, रज् अत= रजत ।

रजतं त्रिषु शुक्ले स्यात् क्लीवं हारे च दुर्वर्णे- इति मेदिनी
दुर्वर्णं रजतं रूप्यम्- इत्यमरः

शब्दार्थ- चाँदी, सेतो रङ, शुभ्रवर्ण, हार, दुर्वर्ण, चाँदीको रूपैयाँ, पर्वत ।

रजतपात्रम् (ना./न.) रजतस्य पात्रम् *(चाँदीको भाँडो)* ष.त.स.= रजतपात्र ।

शब्दार्थ- चाँदीको भाँडो, चाँदीको पात्र ।

रजतमयः (वि.) रजतादागतः *(चाँदीवाट आएको)*, रजतस्य विकारः *(चाँदीको विकार)* रजत+मयट् (मय) =रजतमय ।

शब्दार्थ- चाँदीवाट आएको, चाँदीवाट वनेको, चाँदीको ।

रजनिः/रजनी (ना./स्त्री.) रजन्ति वा रज्यन्ति अनुरक्ताः भवन्ति अस्यां रागिणः जनाः *(विलासी पुरुषहरू यसमा अनुरक्त हुन्छन्)* रञ्ज रागे (भ्वा./दिवा.) धातु, रञ्ज्+अनि, कित्व, उणा., नलोप, रजनि+ङीष् (ई), विकल्पले= रजनी ।

ङीष्को अभावमा= रजनि ।

रजनी नलिनी रात्रिहरिद्राजतुकासु च- इति मेदिनी

शब्दार्थ- निशा, रात्रि, रात, क्षपा, नीलकमल, हलेदो ।

---

1. बत इनिठनौ : इनि
२. ण्यासश्रन्थो... : युच्
३. कर्मण्यण् : अण्
४. बनिन्नसन्... : कप्
५. ण्वुल्तृचौ : तृच्
६. ऋन्नेभ्यो ङीप् : ङीप्
७. मूरञ्जिभ्यां कित् : असुन्, कित्व
८. क्वुन्शिल्पिसञ्ज्ञयोः... : क्वुन्
९. पृषिरञ्जिभ्याम्... : अतच्/कित्व

रजनीकरः (ना./पुं.) रजनीं करोतीति *(रातमा प्रकाश दिन्छन्)* डुकृञ् करणे (तना.) धातु, रजनी+कृ+ट[1] (अ), गुण= रजनीकर ।

शब्दार्थ- चन्द्रमा, इन्दु, विधु, सुधांशु ।

रजनीचरः (ना./पुं.) रजन्यां चरतीति *(रातमा विचरण गर्छन्)* रजनी उपपदमा हुने चर गतिभक्षणयोः (भ्वा.) धातु, रजनी+चर्+ट[2] (अ)= रजनीचर ।

शब्दार्थ- चन्द्रमा, इन्दु, निशापति ।

रजनीमुखम् (ना./न.) रजन्याः मुखम् *(रातको मुख)* ष.त.स.= रजनीमुख ।

शब्दार्थ- रात प्रारम्भ हुने समय, साँझ, सन्ध्या ।

रजस्थलम् (ना./न.) रजसः स्थलम् *(रज वा रगतको स्थल)* ष.त.स., रुत्व, विसर्ग, विसर्गको लोप =रजस्थल ।

शब्दार्थ- रगत खस्ने ठाउँ, रगत निस्कने ठाउँ, स्त्रीको पाठेघर, फूलको पराग वन्ने ठाउँ ।

रजस्वला (ना./स्त्री.) प्रशस्तं रजः अस्ति अस्याः *(प्रशस्त रज छ यस स्त्रीको)* रजस्+वलच्[3] (वल), रजस्वल+टाप् (आ)= रजस्वला ।

शब्दार्थ- स्त्रीजाति पर सर्ने काम, नछुने भएकी नारी, ऋतुधर्म, ऋतुकाल, ऋतुमती नारी ।

रजोगुणः (ना./पुं.) रजश्चासौ गुणश्च *(रजोगुण)* रजस्+गुण, क.त.स., रुत्व, उत्व= रजोगुण ।

शब्दार्थ- सत्त्व, रज, तम- यी तीन गुणमध्ये एक, रजोगुण, तृष्णा र आसक्तिवाट उत्पन्न रागात्मक गुण ।

रजोगुणी (वि.) रजोगुणः अस्यास्तीति *(रजोगुण छ यसको)* रजोगुण+इनि[4] (इन्), अकारलोप, रजोगुणिन् =रजोगुणी ।

शब्दार्थ- रजोगुणले युक्त, रजोगुणले परिपूर्ण ।

रजोदर्शनम् (ना./न.) रजसः दर्शनम् *(रज देखिने काम)* ष.त.स., रुत्व, उत्व= रजोदर्शन ।

शब्दार्थ- नारीको रज देखिने क्रिया, परसरेकी नारीको योनिवाट हुने रक्तश्राव ।

रजोधर्मः (ना./पुं.) रजसः धर्मः *(रज वा रजोगुणको धर्म)* ष.त.स.= रजोधर्म ।

शब्दार्थ- नारीको परसर्ने गुण, नछुने हुने क्रिया, रजोदर्शन, स्त्रीजातिको मासिकधर्म, रजोगुणको धर्म- लोभ, कर्ममा प्रवृत्ति, आसक्ति आदि ।

रजोवती (ना./स्त्री.) रजः अस्ति अस्याः *(रज छ यस स्त्रीको)* रजस्+मतुप्[5] (मत्), मको व, रजस्वत्, रुत्व, उत्व, रजोवत्+ङीप्[6] (ई)= रजोवती ।

शब्दार्थ- रजस्वला भएकी स्त्री, परसरेकी नारी, नछुने भएकी आइमाई ।

रजोहीनता (ना./स्त्री.) हीनस्य भावः *(हीन हुनाको भाव वा अवस्था)* हीन+तल् (त)+टाप् (आ), हीनता । रजसः हीनता *(रजको अभाव)* ष.त.स., रुत्व, उत्व =रजोहीनता ।

शब्दार्थ- परसर्नवाट रोकिएको अवस्था, आइमाईको मासिक धर्मवाट निवृत्ति, रजस्वला हुन छोडेको अवस्था ।

रञ्जकः (वि.) रञ्जयतीति *(रँगाउछ)* रञ्ज रागे (भ्वा./दिवा.) धातु, रञ्ज्+णिचि+ण्वुल्[7] (अक), णिलोप =रञ्जक ।

शब्दार्थ- रँगाउने, रङ लगाउने, मनोरञ्जन प्रदान गर्ने, लेपक, चित्रकार, लिप्ने, पोत्ने ।

रञ्जनः (वि./ना./न.) रञ्जयति, रज्यते अनेन *(अनुराग पैदा गर्छ वा रँगाइन्छ यसबाट)* रञ्ज रागे (भ्वा./दिवा.) धातु, रञ्ज+णिचि+ल्यु/ल्युट् (अन), णिलोप =रञ्जन ।

शब्दार्थ- रागजनक, अनुराग वढाउने, आसक्ति वढाउने, रङ्गरोगनको काम, रङ लगाउने काम, मनोरञ्जन हुने काम ।

रञ्जना (ना./स्त्री.) रज्यते अनेन *(रँगाइन्छ यसबाट)* रञ्ज रागे (भ्वा./दिवा.) धातु, रञ्ज्+णिचि+युच्[8] (अन), णिलोप, रञ्जन+टाप् (आ)= रञ्जना ।

शब्दार्थ- मनोरञ्जन गराउने स्त्री, मिजासिलो स्वभावकी स्त्री, रञ्जनालिपि ।

रञ्जनीयः (वि.) रज्यते, रञ्जितुं योग्यः *(रँगाउन योग्य)* रञ्ज रागे (भ्वा./दिवा.) धातु, रञ्ज्+अनीय (र) =रञ्जनीय ।

शब्दार्थ- रँगाउन उपयुक्त, रँगाउन योग्य वा लायक, आनन्ददायक, खुसी पार्ने ।

रञ्जितः (वि.) रज्यते स्म इति *(रँगाइएको)* रञ्ज रागे (भ्वा./दिवा.) धातु, रञ्ज्+णिचि, रञ्जि+क्त (त), इडागम, णिलोप= रञ्जित ।

शब्दार्थ- रँगाइएको, रङ लगाइएको, प्रसन्न, आनन्दमग्न ।

रज्जुः (ना./स्त्री.) सृज्यते रच्यते इति *(सृजना गरिन्छ)* सृज विसर्गे (दिवा.) धातु, सृज्+कु[9] (उ), धातुको सृपछि असुम् आगम[9], स्+ऋ+अस्ज्+उ, सलोप, ऋको यण्, रस्ज् उ, जश्त्व, श्चुत्व= रज्जु ।

सुल्वं वराटकं स्त्री तु रज्जुस्त्रिषु वटी गुणः- इत्यमरः

शब्दार्थ- डोरी, सुप्तली, लगाम ।

रज्जुमार्गः (ना./पुं.) रज्जोर्मार्गः *(रज्जुको मार्ग)* ष.त.स. = रज्जुमार्ग ।

शब्दार्थ- विजुलीवाट सञ्चालन हुने तार, डोरीको मार्ग, रोपलाइन, रोपवे, केवुलकारको मार्ग, ट्रली गुड्ने वाटो ।

---

[1] कृञो हेतुताच्छील्य... : ट

[2] चरेष्टः : ट

[3] रजः कृष्यासुति... : वलच्

[4] अत इनिठनौ : इनि

[5] तदस्यास्त्यस्मिन्... : मतुप्

[6] उगितश्च : ङीप्

[7] ण्वुल्तृचौ : ण्वुल्

[8] ण्यासश्रन्थो... : युच्

[9] सृजेरसुम् च : कु, असुम्, सलोप

रण: (ना./पुं./न.) रणन्ति शब्दायन्ते अत्र *(शब्द गर्छन् यहाँ)* रण शब्दार्थे वा रण गतौ (भ्वा.) धातु, रण्+अप्[1] (अ)= रण ।

रण: कोणे क्वणे पुंसि समरे पुंनपुंसकम्- इति मेदिनी

शब्दार्थ- वीणा, शब्द, आवाज, ध्वनि, युद्ध, सङ्ग्राम, समर, लडाइँ ।

रणक्षेत्रम् (ना./न.) रणस्य क्षेत्रम् *(रणयुद्धको क्षेत्र)* ष.त.स. = रणक्षेत्र ।

शब्दार्थ- लडाइँको ठाउँ, युद्धभूमि, लडाइँ भइरहेको थलो, रणभूमि, युद्धस्थल ।

रणचण्डी (ना./स्त्री.) रणस्य चण्डी *(युद्धभूमिकी देवी)* ष.त.स.= रणचण्डी ।

शब्दार्थ- रणक्षेत्रकी देवी वा चण्डिका, क्रुद्ध भएकी स्त्री, रिसाएकी आइमाई ।

रणनम् (ना./न.) रणनम्, रण्यते इति वा *(शब्द गर्नु)* रण शब्दार्थे (भ्वा.) धातु, रण्+ल्युट् (अन)= रणन ।

शब्दार्थ- शब्द, ध्वनि, आवाज, नाद, सङ्गीतको मधुर ध्वनि ।

रणनाद: (ना./पुं.) रणस्य नाद: *(युद्धको नाद)* ष.त.स. =रणनाद ।

शब्दार्थ- युद्धभूमिको ध्वनि, युद्धको कोलाहल, रणध्वनि ।

रणनीति: (ना./स्त्री.) रणस्य रणाय वा नीति: *(युद्धको नीति वा युद्धका लागि नीति)* ष.त.स./च.त.स. = रणनीति ।

शब्दार्थ- युद्धको नीतिनियम, युद्धसम्वन्धी नीति, युद्धका लागि तयार गरिने नीतिनियम ।

रणप्रिय: (ना./पुं.) रण: प्रिय: यस्य *(युद्ध नै प्रिय छ जसको)* व.स.= रणप्रिय ।

शब्दार्थ- साहसी, युद्धप्रिय, वाजपक्षी ।

रणभूमि: (ना./स्त्री.) रणस्य भूमि: *(लडाइँको भूमि)* ष.त.स.= रणभूमि ।

शब्दार्थ- लडाइँ भएको ठाउँ, युद्धको मैदान, रणस्थल, युद्धभूमि, युद्धस्थल, रणक्षेत्र ।

रणलक्ष्मी: (ना./स्त्री.) रणस्य लक्ष्मी: *(युद्धकी लक्ष्मी)* ष.त.स.= रणलक्ष्मी ।

शब्दार्थ- युद्धकी देवी, विजयलक्ष्मी, रणक्षेत्रकी देवी ।

रणवीर: (ना./पुं.) रणेषु वीर: *(रणमा वीर)* स.त.स. =रणवीर ।

शब्दार्थ- लडाइँमा साहसी भएर लड्ने युद्धवीर, शूरवीर, युद्धमा वीरता देखाउने साहसी जवान ।

रणसङ्ग्राम: (ना./पुं.) रणश्च सङ्ग्रामश्च *(रण-सङ्ग्राम, भीषण युद्ध)* द्व.स.= रणसङ्ग्राम ।

अथवा रणस्य सङ्ग्राम: *(रणभूमिको सङ्ग्राम)* ष.त.स.= रणसङ्ग्राम ।

शब्दार्थ- घमासन युद्ध, दुवै पक्षवीच चलेको डरलाग्दो युद्ध, काटाकाट, मारामार ।

रणस्तम्भ: (ना./पुं.) रणस्य स्तम्भ: *(रणको विजय स्तम्भ)* ष.त.स.= रणस्तम्भ ।

शब्दार्थ- युद्धमा विजय गर्नेले गाडेको स्तम्भ, विजयस्तम्भ, विजय खम्वा, विजयस्मारक ।

रणस्थलम् (ना./न.) रणस्य स्थलम् *(रणको स्थल)* ष.त.स.= रणस्थल ।

शब्दार्थ- युद्धस्थल, युद्धभूमि, रणक्षेत्र, लडाइँको मैदान ।

रणाङ्गणम् (ना./न.) रणस्य अङ्गणम् *(लडाइँको मैदान)* ष.त.स., दीर्घ= रणाङ्गण ।

शब्दार्थ- रणक्षेत्र, युद्धभूमि, रणस्थल, लडाइँको मैदान, समराङ्गण ।

रणित: (वि.) रण: ध्वनि: सञ्जात: अस्य *(ध्वनि पैदा भएको छ यसको)* रण+इतच्[2] (इत)= रणित ।

शब्दार्थ- ध्वनि पैदा भएको, घोर आवाज निस्केको, लडाइँको मैदानमा शङ्खध्वनि वा शस्त्रअस्त्रको आवाज निस्केको, बमवारी, आणविक अस्त्रशस्त्र प्रयोग गर्दा आवाज निस्केको ।

रत: (वि./ना./न.) रमणम्, रम्यते स्म इति वा *(क्रीडा गरिन्छ वा क्रीडा गरिएको)* रमु क्रीडायाम् (भ्वा.) धातु, रम्+क्त[3] (त), भाव र कर्तामा, मलोप[4]= रत ।

शब्दार्थ- कुनै काममा संलग्न भएको, आसक्त, प्रसन्न, तृप्त भएको, अनुरक्त, अनुलिप्त, प्रेमासक्त, रतिक्रीडा, स्त्रीसम्भोग, मैथुन ।

रति: (ना./स्त्री.) रम्यते अनया *(रमण वा क्रीडा गरिन्छ)* रमु क्रीडायाम् (भ्वा.) धातु, रम्+क्तिन् (ति), मलोप[3] =रति ।

शब्दार्थ- कामदेवकी पत्नी, प्रेम, स्नेह, आसक्ति, अनुराग, आनन्द, मैथुन, सम्भोग, शृङ्गाररसको स्थायीभाव ।

रतिकर्म (ना./न.) रते: कर्म *(रतिक्रीडासम्बन्धी कर्म)* ष.त.स.= रतिकर्म ।

शब्दार्थ- यौनक्रीडासम्वन्धी कर्म, सम्भोग, मैथुन, रतिक्रीडासम्वन्धी ।

रतिकेलि: (ना./स्त्री.) केलनम्, किल्यते, केल्यते इति *(क्रीडा गरिन्छ)* किल श्वैत्यक्रीडनयो: (तुदा.) वा केलृ चलने (भ्वा.) धातु, किल्/केल्+इन् (इ), केलि: । रते: केलि: *(रतिसम्बन्धी क्रीडा)* ष.त.स.= रतिकेलि ।

शब्दार्थ- रतिक्रीडा, कामक्रीडा, स्त्री र पुरुषको यौनकर्म, सम्भोगक्रिया ।

रतिक्रिया (ना./स्त्री.) रते: रत्या: वा क्रिया *(रतिसम्बन्धी क्रिया)* ष.त.स.= रतिक्रिया ।

अथवा रतिरूपा चासौ क्रिया च *(रतिरूप-क्रिया)* .क.त.स., उ.प.लोप= रतिक्रिया ।

शब्दार्थ- स्त्री र पुरुषको यौनक्रिया, सम्भोग, मैथुन, रतिकर्म ।

---

[1] वीरारण्योरूपसङ्ख्यानम् : अप्

[3] नपुंसके भावे... : क्त

[2] तदस्य सञ्जातम्... : इतच्

[4] अनुदात्तोपदेश... : मलोप

रतिक्रीडा (ना./स्त्री.) रतेः क्रीडा *(रतिसम्बन्धी क्रीडा)* ष.त.स.= रतिक्रीडा ।

अथवा रतिरूपा चासौ क्रीडा च *(रतिरूप क्रीडा)* क.त.स., उ.प.लोप= रतिक्रीडा ।

शब्दार्थ- स्त्री र पुरुषको सम्भोगक्रिया, मैथुन, यौनक्रीडा, रतिक्रिया ।

रतिगृहम् (ना./न.) रतये गृहम् *(रतिक्रीडाको लागि गृह)* च.त.स.= रतिगृह ।

अथवा रतेर्गृहम् *(रतिक्रीडाको ठाउँ)* ष.त.स. =रतिगृह ।

शब्दार्थ- रतिमन्दिर, मदनगृह, कामक्रीडाको लागि बनाइएको घर, रतिक्रीडाको स्थल, योनि, भग ।

रतिदानम् (ना./न.) रतेः दानम् *(रतिकर्मको दान)* ष.त.स.= रतिदान ।

शब्दार्थ- सम्भोगकर्म, रतिक्रीडा, मैथुन ।

रतिपतिः (ना./पुं.) रतेः पतिः *(रतिका पति)* ष.त.स. =रतिपति ।

शब्दार्थ- कामदेव, मदन, अनङ्ग, रतिका पति ।

रतिबन्धः (ना./पुं.) रतये बन्धः *(रतिकार्यको लागि बन्ध वा तरिका)* च.त.स.= रतिबन्ध ।

अथवा रतेः बन्धः *(रति क्रीडाको आसन)* ष.त.स. =रतिबन्ध ।

शब्दार्थ- सम्भोगक्रीडाको आसन, रतिक्रीडा गर्ने तरिका, यौन क्रियाकलापको ढङ्ग वा ढाँचा ।

रतिमन्दिरम् (ना./न.) रतये मन्दिरम् *(रतिक्रीडाका लागि मन्दिर वा भवन)* च.त.स.= रतिमन्दिर ।

अथवा रतेः मन्दिरम् *(रतिक्रीडाको मन्दिर वा घर)* ष.त.स.= रतिमन्दिर ।

शब्दार्थ- कामक्रीडाका लागि सुहाउँदो तरिकाले तयार गरिएको भवन वा कोठा, रतिक्रीडाको घर, कामगृह, योनि, भग ।

रतिलम्पटः (वि.) रतिषु लम्पटः *(कामक्रीडामा आसक्त)* स.त.स.= रतिलम्पट ।

शब्दार्थ- अत्यन्तै कामुक, स्त्रीलम्पट, सम्भोगक्रीडामा ज्यादै आसक्त, अतिविलासी ।

रतिलीला (ना./स्त्री.) रतये लीला *(रतिकर्मका लागि हाउभाउ)* च.त.स.= रतिलीला ।

शब्दार्थ- कामक्रीडाका लागि हाउभाउ र भावभङ्गिमा, कामक्रीडा ।

रत्नम् (ना./न.) रमन्ते अस्मिन् *(रमाउँछन् यसमा),* रमयति हर्षयति अनेन *(खुसी गराउँछ यसले)* रमु क्रीडायाम् (भ्वा.) धातु, रम्+न[1], त् अन्तादेश, उणा.= रत्न ।

शब्दार्थ- मणि, आभूषण, हीरा, नवरत्न, आफ्ना स्वजातिमा सर्वश्रेष्ठ ।

रत्नगर्भः (ना./पुं.) रत्नं गर्भे यस्य *(रत्न छ गर्भमा जसको)* ब.स.= रत्नगर्भ ।

शब्दार्थ- समुद्र, अब्धि, कुवेर, रत्नहरूको खानी भएको स्थान, भूमि, जमिन, कुवेर ।

रत्नगर्भा (ना./स्त्री.) रत्नं गर्भे यस्याः *(रत्न छ गर्भमा जसको)* ब.स.= रत्नगर्भा ।

शब्दार्थ- पृथ्वी, धरती, भूमि, उदधि, समुद्र, रत्नहरूको खानी ।

रत्नाकरः (ना./पुं.) रत्नानामाकरः उत्पत्तिस्थानम् *(रत्नहरूको खानि वा उत्पत्ति स्थान)* ष.त.स., दीर्घ =रत्नाकर ।

शब्दार्थ- हीरा, मोती, माणिक्यादि रत्नहरूको खानी, समुद्र, उदधि ।

रत्नावली (ना./स्त्री.) रत्नानामावली *(रत्नहरूको आवली)* ष.त.स., दीर्घ= रत्नावली ।

शब्दार्थ- रत्नैरत्न जडिएको माला, रत्नको हार, रत्नको आभूषण ।

रथः (ना./पुं.) रम्यते अनेन अत्र वा *(रमाउँछ, विचरण गर्छ यसबाट वा यहाँ)* रमु क्रीडायाम् (भ्वा.) धातु, रम्+क्वथन्[2] (थ), मलोप= रथ ।

शब्दार्थ- रथ, वग्गी, स्यन्दन, घोडा, गोरुगाडा, गाडी, शरीर, काय, चरण ।

रथयात्रा (ना./स्त्री.) रथस्य यात्रा *(रथको यात्रा)* ष.त.स. =रथयात्रा ।

अथवा रथे रथेन वा यात्रा *(रथमा वा रथद्वारा गरिने यात्रा)* स.त.स./तृ.त.स.= रथयात्रा ।

शब्दार्थ- रथको यात्रा, देवप्रतिमा आदिलाई रथमा राखेर घुमाउने काम, रथमा यात्रा गराउने काम, रथवाट यात्रा ।

रथारोही (वि.) रथमारोहतीति *(रथमा चढेर हिंड्छ)* रथ उपपदमा हुने आङ्पूर्वक रुह वीजजन्मनि प्रादुर्भावे च (भ्वा.) धातु, रथ+आ+रुह+णिनि[3] (इन्), गुण, दीर्घ, रथारोहिन्= रथारोही ।

शब्दार्थ- रथमा चढेर सवार हुने, रथमा घुम्ने वा विचरण गर्ने, रथयात्री ।

रथिकः (वि.) रथेन चरतीति *(रथद्वारा घुम्छ)* रथ+ष्ठन्[4] (इक), अकारलोप= रथिक ।

अथवा रथः अस्ति अस्य *(रथ छ यसको)* रथ+ठन्[5] (इक)= रथिक ।

शब्दार्थ- रथमा चढ्ने, रथमा सवार हुने, रथमा सवार गराउने, रथको स्वामी, रथी, रथारोही ।

रथी (वि.) रथः अस्यास्तीति *(रथ छ यसको)* रथ+इनि[5] (इन्), रथिन्= रथी ।

शब्दार्थ- रथमा सवारी हुने, रथमा घुम्ने, रथको स्वामी, रथारोही, रथिक ।

---

१. रमेस्त च : न प्रत्यय, त अन्तादेश

२. हनिकुसिनीरमि... : क्वथन्

३. नन्दिग्रहिपचादि... : णिनि

४. पर्पादिभ्य... : ष्ठन्

५. अत इनिठनौ : ठन्/इनि

रथ्यम्/रथ्या (ना./न./स्त्री.) रथं वहति *(रथ वहन गर्छ)* रथ+यत्[1] (य), अकारलोप= रथ्य । अथवा रथस्य इदम्/ इयम् *(रथको यो)* रथ+यत्[2] (य)=रथ्य । रथ्य+टाप् (आ)= रथ्या ।

शब्दार्थ- रथ हाँक्ने वा रथ बोकेर वा गुडाएर हिँड्ने (घोडा), रथपरिवहन गर्ने (साधन), रज्जुमार्ग, मोटरबाटो, पक्कीसडक ।

रद: (ना./पुं.) रदति शोभते अनेन *(शोभा दिन्छ यसले)* रद विलेखने (भ्वा.) धातु, रद्+अच् (पचादि)= रद ।

शब्दार्थ- दाँत, दन्त ।

रन्ध्रम् (ना./न.) रन्धयतीति *(छिद्र पार्छ)* रध हिंसासंराध्यो: (दिवा.) धातु, रध्+रक् (र), बहुलप्रकारले, नुम्=रन्ध्र ।

शब्दार्थ- छिद्र, विवर, प्वाल, बाँस, योनि ।

रमण: (ना./पुं./वि.) रम्यते, रमयतीति वा *(क्रीडा गरिन्छ वा गर्छ)* रमु क्रीडायाम् (भ्वा.) धातु, रम्+णिचि+ल्यु/ल्युट् (अन), णिलोप, णत्व= रमण ।

शब्दार्थ- क्रीडा, विलास, रत, सुरत, रतिक्रीडा, पति, लोग्ने, प्रिय, प्रेमी, कामदेव, क्रीडा गर्ने, विलास गर्ने, रसिक, मनोहर, आनन्दप्रद ।

रमणी (ना./स्त्री.) रमयति असौ ***(क्रीडा गर्छे यो)***, रम्यते अस्याम् *(क्रीडा गरिन्छ यसमा)* रमु क्रीडायाम् (भ्वा.) धातु, रम्+ल्युट् (अन), णत्व, रमण+ङीप् (ई) =रमणी ।

शब्दार्थ- सुन्दरी, युवती, महिला, कान्ता, नारी, अबला, प्रेमिका, क्रीडा गर्न उत्सुक स्त्री ।

रमणीय: (वि.) रन्तुं योग्य:, रम्यते इति वा *(मन बहलाउन योग्य)* रमु क्रीडायाम् (भ्वा.) धातु, रम्+अनीय (र्) =रमणीय ।

शब्दार्थ- सुन्दर, मनोहर, आकर्षक, मन प्रसन्न गराउन योग्य वा लायक ।

उदा. **गर्दै पुराना रमणीय कीर्तन- आ.रा. २/४६**

रमणीयता (ना./स्त्री.) रमणीयस्य भाव: *(रमणीय हुनाको भाव वा अवस्था)* रमणीय+तल् (त)+टाप् (आ) =रमणीयता ।

शब्दार्थ- सुन्दरता, मनोहारिता, आकर्षकता, आनन्द पैदा हुने काम, रमाइलोपन ।

उदा. **खेतमा भरियो भारी भरिलो रमणीयता-ऋ.वि.(शरद् वि.)**

द्रष्टव्य- क्षणे क्षणे यन्नवतामुपैति तदेवरूपं रमणीयताया: - शिशुपालवध

अर्थात् छिन छिनमा जति हेर्‍यो उति राम्रो र नयाँ नयाँ लाग्ने वस्तु नै रमणीयता रूप हो ।

रमा (ना./स्त्री.) रमयति असौ *(आनन्द दिन्छिन् यिनी)* रमु क्रीडायाम् (भ्वा.) धातु, रम्+अच् (पचादि), रम+टाप् (आ)= रमा ।

शब्दार्थ- लक्ष्मी, विष्णुकी पत्नी, नारी, गृहिणी, शोभा, सम्पत्ति, धनकी देवी, आनन्ददात्री ।

रमानाथ:/रमापति:/रमेश्वर: (ना./पुं.) रमाया: नाथ:/ रमाया: पति:/रमाया: ईश्वर: *(रमाका नाथ/रमाका पति/रमाका ईश्वर वा स्वामी)* ष.त.स.= रमानाथ/ रमापति/रमेश्वर ।

शब्दार्थ- लक्ष्मीका नाथ, लक्ष्मीपति, भगवान् विष्णु, श्रीकृष्ण ।

रम्भा (ना./स्त्री.) रम्भते इति *(शोभित हुन्छ)* रभि शब्दे (भ्वा.) धातु, नुम्, रम्भ+अच् (पचादि), रम्भ+टाप् (आ)= रम्भा ।

रम्भा कदल्यप्सरसो ना वेणौ वारणान्तरे- इति मेदिनी

शब्दार्थ- स्वर्गकी अप्सराहरूमध्ये एक, पार्वती, गौरी, वेणु, कदली, केरा ।

रम्भोरु: (ना./स्त्री.) रम्भे इव ऊरुणी यस्या: *(केराका थुम्बा जस्ता ऊरु छन् जुन स्त्रीका)* ब.स., गुण =रम्भोरु ।

शब्दार्थ- केराका थुम्वा जस्ता पुष्ट, सुन्दर तथा स्निग्ध ऊरु भएकी स्त्री ।

रम्य: (वि.) रन्तुं योग्य:, रम्यते इति वा *(मन हरण गर्न योग्य)* रमु क्रीडायाम् (भ्वा.) धातु, रम्+यत्[3] (य) =रम्य ।

शब्दार्थ- सुन्दर, मनोहर, आकर्षक, क्रीडा गर्न योग्य, चारु, मनोज्ञ, मञ्जु, रमणीय ।

रम्यता (ना./स्त्री.) रम्यस्य भाव: *(रमणीय हुनाको भाव वा स्थिति)* रम्य+तल् (त)+टाप् (आ)= रम्यता ।

शब्दार्थ- रमणीयता, सुन्दरता, रमाइलोपन, मनोहारिता, आकर्षकता ।

रम्यपथ: (वि.) रम्य: पन्था यत्र *(रमणीय छ मार्ग जहाँ)* रम्य+पथिन्, ब.स., अ[4] प्रत्यय, समासान्त, टिलोप =रम्यपथ ।

शब्दार्थ- रमणीय वा सुन्दर मार्ग भएको ।

रव: (ना./पुं.) रूयते शब्दायते इति *(ध्वनि निस्किन्छ)* रु शब्दे (अदा.) धातु, रु+अप्[5] (अ), गुण, अवादेश= रव ।

ध्वनिध्वानरवस्वना:- इत्यमर:

शब्दार्थ- शब्द, ध्वनि, आवाज, नाद, निर्घोष, गुञ्जन ।

रवि: (ना./पुं.) रूयते स्तूयते इति *(स्तुति गरिन्छ)* रवते इति *(रस शोषण गर्छ)* रु शब्दे (अदा.) वा रुङ् गतिरेषणयो: (भ्वा.) धातु, रु+इ[6] (उणा.), गुण, अवादेश = रवि ।

तपन: सविता रवि:- इत्यमर:

शब्दार्थ- सूर्य, आदित्य, दिवाकर, भास्कर, भानु, सविता, तपन ।

रविकिरण: (ना./पुं.) रवे: किरण: *(सूर्यको किरण)* ष.त.स.= रविकिरण ।

शब्दार्थ- सूर्यको किरण, सूर्यको प्रकाश वा ताप ।

---

१. तद्वहति रथयुग... : यत्
२. रथाद्यत् : यत्
३. पोरदुपधात् : यत्
४. श्वस्पूरब्धूपथाम्... : अ (समासान्त)
५. ऋदोरप् : अप्
६. अच इः : इ

रविकुलभूषणम् (ना./न.) रवेः सूर्यस्य कुलं वंशः तस्य भूषणम् *(रविकुलका भूषण)* ष.त.स.=रविकुलभूषण ।

शब्दार्थ- सूर्यकुलका अलङ्कारस्वरूप, सूर्यवंशी ।

रवितनयः/रविनन्दनः/रविसूनुः (ना./पुं.) रवेः तनयः, रवेः नन्दनः, रवेः सूनुः *(सूर्यका पुत्र)* ष.त.स. = रवितनय/रविनन्दन/रविसूनु ।

शब्दार्थ- सूर्यपुत्र, वैवश्वत मनु, सावर्णि मनु, शनैश्चर ।

रविमण्डलम् (ना./न.) रवेर्मण्डलम् *(सूर्यको मण्डल)* ष.त.स.= रविमण्डल ।

शब्दार्थ- सूर्यमण्डल, आदित्यमण्डल, सूर्यको वरिपरि-देखिने विम्व ।

रविवारः/रविवासरम् (ना./पुं./न.)रवेर्वारः/रवेर्वासरम् वा *(सूर्यको वार वा वासर)* ष.त.स.=रविवार /रविवासर ।

शब्दार्थ- आदित्यवार, आइतवार, सूर्य अधिपति भएको दिन ।

रशना (ना./स्त्री.) अश्नुते इति *(व्याप्त हुन्छ)* अशू व्याप्तौ सङ्घाते च (स्वा.) धातु, अश्+यु[1] (अन), धातुको रश् आदेश[1], उणा., टाप् (आ)= रशना ।

अथवा रसति शव्दायते इति *(शब्द गर्छ)* रस शव्दे (भ्वा.) धातु, रस्+युच् (अन), उणा., सको श, पृषोदरादिवाट, रशन+टाप् (आ)= रशना ।

शब्दार्थ- स्त्रीको कटिमा लाउने मेखला, काञ्ची, पेटी, पटुका ।

रश्मिः (ना./स्त्री.) अश्नुते व्याप्नोतीति *(ढाक्छ)* अशू व्याप्तौ सङ्घाते च (स्वा.) धातु, अश्+मि[2] (उणा.), धातुको रशादेश[2]= रश्मि ।

किरणप्रगहौ रश्मिः - इत्यमरः

शब्दार्थ- सूर्यकिरण, मयूख, घोडाको लगाम, कान्ति, चमक ।

रसः (ना./पुं.) रस्यते आस्वाद्यते इति *(आस्वादन गरिन्छ)* रस आस्वादनस्नेहनयोः (चुरा.) धातु, रस+णिचि+अच् (एरच्)/घञ् (अ), णिलोप, पररूप= रस ।

अथवा रसयति धातून् *(धातुहरू रसाउँछ)* रस+अच् (पचादि), पररूप= रस ।

अथवा रसतीति *(स्वाद लिन्छ)* रस+अच् (पचादि) =रस ।

रसः स्वादे जले वीर्ये शृङ्गारादौ विषे द्रवे
चोले रोगे देहधातौ तिक्तादौ पारदेऽपि च- इति हैमः
रसो गन्धरसे जले ।
शृङ्गारादौ विषे वीर्ये तिक्तादौ द्रवरागयोः
देहधातुप्रभेदे च पारदस्वादयोः पुमान्- इति मेदिनी

शब्दार्थ- सुगन्ध रस, जल, झोल, गुलियो तथा नुनिलो, तीतो, टर्रो, आदि षड्रस, आस्वादन, स्वाद, रसनेन्द्रियवाट ग्राह्यवस्तु, शृङ्गारादि नवरस, जडीवुटी, प्राणीको शरीरमा पाइने रगत, वीर्य, धातु आदि झोलपदार्थ, औषधीसम्वन्धी रस, पारो, आनन्द, परव्रह्म परमेश्वर, आमोद-प्रमोद, अनुराग, तरलपदार्थ, द्रव ।

द्रष्टव्य- **रसो वै सः । रसँ ह्येवायं लब्ध्याऽनन्दी भवति- तै.उ. २/७/१**

रसक्रीडा (ना./स्त्री.) रसस्य क्रीडा *(आमोदप्रमोद-सम्बन्धी क्रीडा)* ष.त.स.= रसक्रीडा ।

शब्दार्थ- रसरङ्गसम्वन्धी क्रीडा, रसकेलि ।

रसज्ञः (वि.) रसं जानातीति *(रसास्वादन गर्न जान्दछ)* रस उपपदपूर्वक ज्ञा अववोधने (क्र्या.) धातु, रस+ज्ञा+क[3] (अ), आकारलोप= रसज्ञ ।

शब्दार्थ- रसको मर्म वुझेको, रसास्वादन गर्न जान्ने, काव्यरसको मर्मज्ञ, औषधिविशेषज्ञ, वैद्य, रसिक ।

रसनम् (ना./न.) रस्यते इति *(स्वाद लिइन्छ वा शब्द गर्नु)* रस आस्वादने (चुरा.) वा रस शव्दे (भ्वा.) धातु, रस्+ल्युट् (अन), उणा.= रसन ।

शब्दार्थ- स्वाद, चाख्ने क्रिया, शव्द, ध्वनि, आवाज, आस्वादन ।

रसना (ना./स्त्री.) रसयति अनया *(स्वाद लिन्छ यसबाट)* रस आस्वादने (चुरा.) धातु, रस्+युच्[4] (अन), उणा., रसन+टाप् (आ)= रसना ।

शब्दार्थ- जिव्रो, जिह्वा, रसनेन्द्रिय ।

रसनीयः (वि.) रसितुं योग्यः *(रस लिन लायक)* रस आस्वादने (चुरा.) धातु, रस्+अनीय (र्)= रसनीय ।

शब्दार्थ- रस चुस्न योग्य वा लायक, चाख्न उचित ।

रसनेन्द्रियम् (ना./न.) रसनञ्च तदिन्द्रियञ्च *(स्वाद लिने इन्द्रिय)* रसन+इन्द्रिय, क.त.स., गुण=रसनेन्द्रिय ।

शब्दार्थ- स्वाद लिने इन्द्रिय, जिव्रो, जिह्वा ।

रसमयः (वि.) प्रकृतः प्रचुरः रसः *(धेरै रस)* रस+मयट् (मय)= रसमय ।

शब्दार्थ- रसात्मक, रसले भरिएको, रसस्वरूप ।

रसरङ्गः (ना./पुं.) रसे रङ्गः *(रसमा अनुराग वा क्रीडा)* स.त.स.= रसरङ्ग ।

शब्दार्थ- आमोदप्रमोद, मनोरञ्जन, हाँसखेलठट्टा ।

उदा. तरङ्ग रसरङ्गको, जमक सोह्र शृङ्गारको- आ.रा. ३/४४

रसराजः (ना./पुं.) रसेषु राजा *(रसहरूमा राजा वा मुख्य)* स.त.स., समासान्त टच्= रसराज ।

शब्दार्थ- रसहरूमा श्रेष्ठ, शृङ्गाररस ।

रसवती (वि./ना./स्त्री.) रसः अस्ति अस्मिन् अस्याम् *(रस छ यसमा)* रस+मतुप्[5] (मत्), मको व, रसवत्+ङीप् (ई)= रसवती ।

शब्दार्थ- रसले भरिएको, रसिलो, स्वादिलो, रसास्वादन गर्ने जिव्रो, रसिलो स्वभावकी स्त्री ।

---

[1] अशेरश्च : यु, रश् आदेश

[2] अश्नुतेरश्च : मि, रशादेश

[3] आतोऽनुपसर्गे... : क

[4] बहुलमन्यत्रापि : युच्

[5] रसादिभ्यश्च : मतुप्

रसवादः (ना./पुं.) रसं वदन्तीति *(रस मुख्य छ भन्दछन्)* रस उपपदपूर्वक वद व्यक्तायां वाचि (भ्वा.) धातु, रस+वद्+अण्[1] (अ), वृद्धि= रसवाद ।

अथवा उद्यते इति *(व्यक्त गरिन्छ)* वद्+घञ् (अ), वृद्धि, वादः । रसस्य वादः *(रससम्बन्धी वाद)* ष.त.स. =रसवाद ।

शब्दार्थ- 'रस नै मुख्य हो' 'रस नै काव्यको आत्मा हो' भन्ने साहित्यिक सिद्धान्त, प्रेमालाप, प्रेमपूर्ण कुराकानी ।

रसवादी (वि.) रसवादः अस्यास्तीति *(रसवादसम्बन्धी सिद्धान्त छ यसको)* रसवाद+इनि[2] (इन्), अकारलोप, रसवादिन्= रसवादी ।

शब्दार्थ- रसवादको अनुसरण गर्ने, रसवाद मान्ने, रसवादको अनुयायी ।

रसवान् (वि.) रसः अस्ति अस्य अत्र वा *(रस छ यसको वा यसमा)* रस+मतुप्[3] (मत्), मको व, रसवत् =रसवान् ।

शब्दार्थ- रस भएको, तरलता युक्त, रसिलो, स्वादिलो ।

रसशास्त्रम् (ना./न.) रसस्य शास्त्रम् *(रसको अध्ययन गर्ने शास्त्र)* ष.त.स.= रसशास्त्र ।

शब्दार्थ- साहित्यिक शृङ्गारादि सबै रसको अध्ययन गर्ने शास्त्र, रससम्बन्धी ग्रन्थ, रसायनशास्त्र ।

रससम्प्रदायः (ना./पुं.) रसस्य सम्प्रदायः *(रसवादको अनुसरण गर्ने समूह)* ष.त.स.= रससम्प्रदाय ।

शब्दार्थ- रसवादका अनुयायीहरूको समुदाय, रसवाद मान्नेहरूको सम्प्रदाय ।

रसा (ना./स्त्री.) रसति, रस्यते इति वा *(शब्द गर्छ वा स्वाद लिइन्छ)* रस शब्दे (भ्वा.) वा रस आस्वादने (चुरा.) धातु, रस+अच् (पचादि)/घञ् (अ), रस+टाप् (आ)= रसा ।

अथवा रसः अस्ति अस्याम् *(रस छ यसमा)* रस+ अच् (अर्शादि), रस+टाप् (आ)= रसा ।

शब्दार्थ- पृथ्वी, धरती, भूमि, नरक, जिभ्रो, जिव्रो, नदी, दाख, शिलाजित् ।

रसातलम् (ना./न.) रसायाः तलम् *(पृथ्वीभन्दा तलको लोक)* ष.त.स.= रसातल ।

अथवा रसायाः पृथिव्यास्तलम् अधः *(पृथिवीभन्दा तलको लोक)* ष.त.स.= रसातल ।

शब्दार्थ- पृथ्वीमुनिका सात लोकमध्ये एक, पृथिवी मुनिको छैठौं लोक, तल्लोलोक, पातालभन्दा माथिल्लो लोक

द्रष्टव्य- अतलं वितलञ्चैव सुतलञ्च तलातलम्
महातलं पञ्चमञ्च षष्ठं प्रोक्तं रसातलम् ।
सप्तमञ्चैव पातालं सप्त ते विवराः स्मृता- पुराणवचनम्

रसात्मकः (वि.) रसः एव आत्मा यस्य *(रस नै मुख्य छ जसको)* रस+आत्मन्, ब.स., दीर्घ, रसात्मन्+कप् (समासान्त)= रसात्मक ।

शब्दार्थ- रसले भरिएको, साहित्यमा रस आत्मा वा मुख्य भएको, रसिलो ।

रसादिः (ना./पुं.) रसः आदिः येषाम् *(रस आदि (मुख्य) वस्तु छ जसको)* रस+आदि, ब.स., दीर्घ= रसादि ।

शब्दार्थ- विभिन्न धातुमिश्रित औषधि, रस नै मुख्य भएको औषधिविशेष ।

रसायनम् (ना./न.) रसा ईयन्ते प्राप्यन्ते अनेन इति *(रस प्राप्त गरिन्छ यसबाट)* रसपूर्वक इण् गतौ (अदा.) धातु, रस+इ+ल्युट् (अन), गुण, अयादेश, रस अयन, दीर्घ= रसायन ।

अथवा रसः अयनम् मूलं यस्य *(रस नै मुख्य छ जसको)* रस+अयनम्, ब.स., दीर्घ= रसायन ।

शब्दार्थ- व्याधिनाशक औषधि, धातुलाई गालेर भस्म पार्ने विद्या, रसायनशास्त्र, चन्द्रमा, दूध, मोही, विष ।

रसालः (ना./पुं./वि.) रसमलतीति *(रसपूर्ण हुन्छ)* रसपूर्वमा हुने अल भूषणपर्याप्तिवारणेषु (भ्वा.) धातु, रस+अल्+अण् (अ), वृद्धि, रस आल, दीर्घ= रसाल ।

शब्दार्थ- आँपको वृक्ष, ऊखु, स्वादिष्ट, रसिलो, सुन्दर, आकर्षक, मधुर ।

उदा. पिएर सानन्द रसालको रस- वसन्त कोकिल (लालित्य)

रसिकः (वि.) रसः अस्ति अस्य *(रसभावना वा स्वाद छ यसको)* रस+ठन्[2] (इक), अकारलोप= रसिक ।

शब्दार्थ- रस ग्रहण गर्ने, स्वाद लिने, रसपारखी, रसज्ञ, विनोदप्रिय, क्रीडाप्रेमी ।

रसिकता (ना./स्त्री.) रसिकस्य भावः *(रसिक हुनाको भाव वा अवस्था)* रसिक+तल् (त)+टाप् (आ) =रसिकता ।

शब्दार्थ- विनोद प्रियता, रसिकपना, रसिक हुनाको अवस्था ।

रसितम् (ना./न.) रस्यते शब्द्यते, आस्वाद्यते स्म इति वा *(शब्द निकालिएको वा स्वाद लिइएको)* रस शब्दे (भ्वा.) वा रस आस्वादने (चुरा.) धातु, रस्+क्त (त), भावमा, इडागम= रसित ।

शब्दार्थ- रस भएको, रसले भरिएको, स्वाद लिएको, ध्वनि निकालिएको, आवाज निकालिएको, गर्जित, ध्वनित ।

रहः (रहस्) (ना./न.) रह्यते त्यज्यते इति *(धेरैलाई त्यागिन्छ)* रह त्यागे (भ्वा./चुरा.) धातु, रह्+असुन्[4] (अस्), उणा., रहस्, रुत्व, विसर्ग, रहः= रह ।

अथवा रमन्ते अस्मिन् *(आनन्द लिन्छन् यसमा)* रमु क्रीडायाम् (भ्वा.) धातु, रम्+असुन् (अस्), उणा., मको ह आदेश, रहस्= रहः ।

रहस्तत्त्वे रते गुह्ये- इति मेदिनी

रहश्चोपांशु:- इत्यमरः

शब्दार्थ- एकान्त, निर्जन, विजन, मानिस नभएको ठाउँ, गोप्यस्थान, गुह्यतत्त्व ।

---

[1] कर्मण्यण् : अण्

[2] अत इनिठनौ : इनि/ठन्

[3] रसादिभ्यश्च : मतुप्

[4] देशे ह च : असुन्

रहस्यम् (ना./न./वि.) रहसि भवः *(एकान्तमा भएको)* रहस्+यत्[1] (य)= रहस्य ।

शब्दार्थ- गोपनीयता, भित्रीतत्त्व, भित्रिरहस्य, गुप्ततत्त्व, गुह्य, एकान्तमा भएको, गुप्त, छिपेको ।

रहस्यमयः (वि.) प्रकृतं प्रचुरं रहस्यम् *(धेरै रहस्य भएको)* रहस्य+मयट् (मय)= रहस्यमय ।

शब्दार्थ- रहस्यले परिपूर्ण, रहस्यले भरिएको ।

रहस्यवादः (ना./पुं.) उद्यते इति *(भनिन्छ)* वद व्यक्तायां वाचि (भ्वा.) धातु, वद्+घञ् (अ), वृद्धि, वादः । रहस्यस्य वादः *(रहस्यमय कुराको वाद)* ष.त.स. =रहस्यवाद ।

अथवा रहस्यं वदतीति *(रहस्य कुरा बताउँछ)* रहस्यपूर्वक वद व्यक्तायां वाचि (भ्वा.) धातु, रहस्य +वद्+अण्[2] (अ), वृद्धि= रहस्यवाद ।

शब्दार्थ- भित्री तत्त्व वा रहस्यलाई अपनाउने सिद्धान्त, भित्री शक्तिलाई स्वीकार्ने सिद्धान्त ।

रहस्यवादी (वि.) रहस्यं वदितुं शीलमस्य *(रहस्य बताउने र अनुसरण गर्ने शील छ यसको)* रहस्य उपपदपूर्वक वद व्यक्तायां वाचि (भ्वा.) धातु, रहस्य +वद्+णिनि (इन्), वृद्धि, रहस्यवादिन्= रहस्यवादी ।

शब्दार्थ- रहस्यवादको अनुसरण गर्ने, रहस्यवादको अनुयायी ।

रहितः (वि.) रह्यते स्म इति *(छाडिएको)* रह त्यागे (भ्वा.) धातु, रह्+क्त (त), इडागम= रहित ।

शब्दार्थ- विहीन, रहित, हीन, छाडिएको, वञ्चित, परित्यक्त, निषेधित, वर्जित । अर्को शब्दको पछाडि जोडिएर पनि आउछ, जस्तैः गुणरहित, सन्तानरहित ।

राक्षसः (वि./ना./पुं.) रक्षति अस्मात् *(रक्षा गर्छ यसबाट)* रक्ष पालने (भ्वा.)धातु, रक्ष्+असुन्[3] (अस्), उणा., रक्षस् । रक्षः एव *(रक्षोगण नै)* रक्षस्+अण्[4] (अ), स्वार्थमा, आदिवृद्धि= राक्षस । अथवा रक्षसः अयम् *(रक्षोगणको यो)* रक्षस्+अण्[5] (अ)= राक्षस ।

शब्दार्थ- राक्षससम्बन्धी, असुरजाति, राक्षस, दैत्य, दानव, राक्षससित सम्बन्धित, विवाहका आठवटा प्रकारमध्ये एक ।

द्रष्टव्य- **बाधाविरोध गर्नेलाई हत्या गरेर वा घायल पारेर वा घर फोरेर कन्यालाई रुवाउँदै जवर्जस्ती हरण गर्नु राक्षस विवाह हो- म.स्मृ. ३/३३**

राक्षसी (ना./स्त्री./वि.) राक्षसस्य स्त्री *(राक्षस जातिकी पत्नी)* राक्षस+ङीष् (ई)= राक्षसी ।

अथवा रक्षसः इयम् *(रक्षोगणको यो)* रक्षस्+अण् (अ)+ङीप् (ई)= राक्षसी ।

शब्दार्थ- राक्षस जातिकी स्त्री, असुरपत्नी, दुष्ट आइमाई, राक्षससम्बन्धी, राक्षसको, राक्षसी प्रवृत्तिको ।

रागः (ना./पुं.) रञ्जनमिति *(अनुराग गरिन्छ)*, रज्यते अनेन *(रँगाइन्छ यसबाट)* रञ्ज रागे (भ्वा./दिवा.) धातु, रञ्ज्+घञ् (अ), नलोप, कुत्व= राग ।

शब्दार्थ- अनुराग, स्नेह, प्रेम, अधर, प्रेमभाव, रसरङ्ग, लालसा, आसक्ति, अङ्गलेप, डाह, ईर्ष्या, द्वेष ।

रागद्वेषः (ना./पुं.) रागश्च द्वेषश्च *(राग र द्वेष)* द्व.स. =रागद्वेष ।

शब्दार्थ- अनुराग तथा द्वेषभाव, स्नेह वा वैरपना, क्रोध ।

रागवान् (वि.) रागः अस्य अस्तीति *(राग छ यसको)* राग+मतुप् मत्), मको व, रागवत्= रागवान् ।

शब्दार्थ- अनुराग भएको, वासनायुक्त, रँगाइएको ।

रागात्मकः (वि.) रागः आत्मा यस्य *(राग नै आत्मा वा मुख्य छ जसको)* राग+आत्मन्, ब.स., दीर्घ, रागात्मन्+कप् (क), समासान्त, नलोप= रागात्मक ।

शब्दार्थ- मनमा उब्जिने रिसरागका भावहरू भएको, अनुरागले भरिएको, प्रेमले परिपूर्ण, रागयुक्त ।

रागी (वि.) रागः अस्यास्तीति *(अनुराग छ यसको)* राग+इनि[6] (इन्), अकारलोप, रागिन्= रागी ।

अथवा रजति, रज्जति तच्छीलः *(अनुराग गर्ने शील भएको)* रञ्ज रागे (भ्वा./दिवा.) धातु, रञ्ज्+घिनुण्[7] (इन्), नलोप, कुत्व, वृद्धि, रागिन्= रागी ।

शब्दार्थ- अनुरागी, स्नेहले भरिएको, वासनायुक्त, विषयासक्त, रँगाइएको, रङ्गीन ।

राघवः (ना./पुं.) रघोर्गोत्रापत्यम् पुमान् *(रघुका कुलको पुरुष सन्तति)* रघु+अण्[8] (अ), आदिवृद्धि, गुण, अवादेश= राघव ।

शब्दार्थ- राजा रघुका सन्तान, श्रीरामचन्द्र, रघुकुलमा पैदा भएको व्यक्ति ।

राजकः (ना./पुं.) राज्ञां समूहः *(राजाहरूको समूह)* राजन्+वुञ्[9] (अक), नलोप= राजक ।

शब्दार्थ- साना साना राज्यका राजाहरू, रजौटाहरू ।

राजकन्या (ना./स्त्री.) राज्ञः कन्या *(राजाकी छोरी)* राजन्+कन्या, ष.त.स., नलोप= राजकन्या ।

शब्दार्थ- राजपुत्री, राजकुमारी, राजाकी छोरी ।

राजकीयः (वि.) राज्ञः अयम् *(राजाको यो)* राज्ञी भवः *(राजामा हुने वा भएको)* राजन्+छ[10] (ईय), नलोप, क[11] प्रत्यय, राजक ईय, अकारलोप= राजकीय ।

शब्दार्थ- राजासित सम्बन्धित, राजाको, राज्यसम्बन्धी ।

राजकुमारः (ना./पुं.) राज्ञः कुमारः *(राजाको कुमार)* राजन्+कुमार, ष.त.स., नलोप= राजकुमार ।

शब्दार्थ- राजाको पुत्र, राजकुमार, राजाको छोरो ।

राजकुमारी (ना./स्त्री.) राज्ञः कुमारी *(राजाकी पुत्री)* ष.त.स., नलोप= राजकुमारी ।

शब्दार्थ- राजाकी छोरी, शाहजादी, राजपुत्री ।

---

[1] दिगादिभ्यो... : यत्

[2] कर्मण्यण् : अण्

[3] सर्वधातुभ्य... : असुन्

[4] प्रज्ञादिभ्यश्च : अण्

[5] तस्येदम् : अण्

[6] अत इनिठनौ : इनि

[7] सम्पृचानुरुधा... : घिनुण्

[8] शिवादिभ्योऽण् : अण्

[9] गोत्रोक्षोष्ट्रोरभ्र... : वुञ्

[10] वृद्धाच्छः : छ

[11] राज्ञः क च... : क प्रत्यय

राजकुलम् (ना./न.) राज्ञः कुलम् *(राजाको कुल)* ष.त.स. =राजकुल ।

शब्दार्थ- राजाको वंश, राजपरिवार, राजाको सन्तान, राजाका कुल-कुटुम्व ।

राजकोषः (ना./पुं.) राज्ञः कोषः *(राजा तथा राज्यको कोष)* ष.त.स.= राजकोष ।

शब्दार्थ- राजाको ढुकुटी, राज्यको खजाना, राजस्व, सरकारी कोष ।

राजगुरुः (ना./पुं.) राज्ञः गुरुः *(राजाका गुरु)* ष.त.स. =राजगुरु ।

शब्दार्थ- राजालाई मन्त्र सुनाउने गुरु, राजाका धार्मिक कर्म गराउने गुरु ।

राजगुह्यम् (ना./न.) राज्ञः गुह्यम् *(राजाको गोप्यकुरा)* वा गुह्यानां राजा *(गोप्यतम कुराको राजा)* ष.त.स. =राजगुह्य ।

शब्दार्थ-अतिगोप्य ज्ञान, रहस्यपूर्ण ज्ञान, गोप्यतम मन्त्रणा,

राजगृहम् (ना./न.) राज्ञः गृहम् *(राजाको दरवार)* ष.त.स. =राजगृह ।

शब्दार्थ- राजदरवार, राजप्रसाद, राजाको निवास, राजमहल

राजतन्त्रम् (ना./न.) राज्ञः तन्त्रम् *(राजाको शासनतन्त्र)* ष.त.स.= राजतन्त्र ।

शब्दार्थ- राजाद्वारा सञ्चालित शासनतन्त्र, राजा स्वयंवाट सञ्चालित शासनपद्धति ।

राजतन्त्रात्मकः (वि.) राजतन्त्रमेव आत्मा यत्र *(राजतन्त्र नै मुख्य छ जहाँ)* राजतन्त्र+आत्मन्, व.स., दीर्घ, राजतन्त्रात्मन्+कप् (क), समासान्त, नलोप =राजतन्त्रात्मक ।

शब्दार्थ- राजतन्त्रसम्वन्धी, राजतन्त्र मुख्य भएको ।

राजतेजः (ना./पुं.) राज्ञः तेजः *(राजाको तेज)* ष.त.स. =राजतेज ।

शब्दार्थ- राजाको तेज वा शक्ति, राजाको प्रभाव, राजाको प्रताप ।

राजत्वम् (ना./न.) राज्ञः भावः *(राजाको भाव वा अवस्था)* राजन्+त्व, नलोप= राजत्व ।

शब्दार्थ- राजाको भाव, कर्म वा अवस्था ।

राजदण्डः (ना./पुं.) राज्ञः राज्ञा वा दण्डः *(राजाको दण्ड वा राजाद्वारा दिइने दण्ड)* ष.त.स.= राजदण्ड ।

शब्दार्थ- राजाद्वारा दिइने दण्ड, राज्यद्वारा दिइने दण्ड वा सजाय, राजचिन्ह, राजाको साथमा रहने दण्ड ।

राजदारिका/राजदुहिता (ना./स्त्री.) राज्ञः दारिका/राज्ञः दुहिता *(राजाकी पुत्री)* ष.त.स., नलोप = राजदारिका/ राजदुहिता ।

शब्दार्थ- राजकुमारी, राजकन्या, राजपुत्री, राजदुहिता, राजदारिका ।

उदा. उनी भन्छन् हाम्री परम विदूषी राजदुहिता- मृ.ख.का. १/५३

राजदूतः (ना./पुं.) राज्ञः दूतः *(राजाको दूत)* ष.त.स. =राजदूत ।

शब्दार्थ- एउटा राष्ट्रको प्रतिनिधि भई अर्को राष्ट्रमा खटिएको व्यक्ति, राजा वा राज्यको प्रतिनिधि, एउटा राष्ट्रका राजा वा राज्यको सन्देश अर्को राष्ट्रका राजा वा राज्यसमक्ष पुऱ्याउने व्यक्ति ।

राजद्रोहः (ना./पुं.) राज्ञः द्रोहः *(राजाको द्रोह)* ष.त.स. =राजद्रोह ।

शब्दार्थ- राजा वा राष्ट्रप्रति विद्रोह गर्ने काम, राजा वा राष्ट्राध्यक्षप्रति द्रोह गर्ने काम ।

राजद्वारम् (ना./न.) राज्ञः द्वारम् *(राजाको ढोका)* ष.त.स. =राजद्वार ।

शब्दार्थ- राजदरवारको ढोका, राजप्रासाद वा राजमहलको द्वार, राष्ट्राध्यक्षको महलको मुख्य ढोका ।

राजधर्मः (ना./पुं.) राज्ञः धर्मः *(राजाको धर्म)* ष.त.स. =राजधर्म ।

शब्दार्थ- राजा वा सरकारको कर्तव्यकर्म, सरकारको दायित्व, देशको शान्ति, सुरक्षा र सुशासनका निम्ति राजा वा राष्ट्राध्यक्ष वा सरकारको कर्तव्यकर्म ।

राजधानी (ना./स्त्री.) धीयन्ते अस्याम् *(राखिन्छ वा स्थापना गरिन्छ यसमा)* डुधाञ् धारणपोषणयोः (जुहो.) धातु, धा+ल्युट् (अन)+ङीप् (ई), धानी । राज्ञां धानी *(राजा वा सरकारको मुख्य रहने स्थान)* ष.त.स. =राजधानी ।

शब्दार्थ- राज्यको शासन सञ्चालन गर्ने मुख्य केन्द्रीयस्थल, राजधानी, राज्यको शासनव्यवस्था सञ्चालन गर्ने केन्द्रीय/ प्रान्तीय सदरमुकाम ।

राजनीतिः (ना./स्त्री.) राज्ञः नीतिः *(राजा वा राज्यको नीति)* ष.त.स.= राजनीति ।

शब्दार्थ- राज्यको शासनव्यवस्था र सञ्चालनसम्वन्धी नीति, राजा वा राष्ट्राध्यक्ष वा राज्यको मुख्य कार्यनीति ।

राजनीतिकः (वि.) राजनीतेरयम् *(राजनीतिको यो)* राजनीतेरागतः *(राजनीतिबाट आएको)* राजनीति+ठक्[1] (इक), ठक्को क= राजनीतिक ।

शब्दार्थ- राजनीतिसम्वन्धी, राजनीतिबाट आएको ।

राजनीतिज्ञः (वि.) राजनीतिं जानातीति *(राजनीति जान्दछ)* राजनीति उपपदपूर्वक ज्ञा अवबोधने (क्र्या.) धातु, राजनीति+ज्ञा+क[2] (अ), आलोप= राजनीतिज्ञ ।

शब्दार्थ- राजनीति र त्यसको समग्र मर्म वुझेको, राजनीति जान्ने, राजनीतिशास्त्रवेत्ता, राजनीतिज्ञ, कूटनीतिको ज्ञाता ।

राजनीतिपीडितः (वि.) राजनीत्या पीडितः *(राजनीतिमा लाग्नाले पीडित भएको)* तृ.त.स.= राजनीतिपीडित ।

शब्दार्थ- राजनीतिमा संलग्न भएको कारणवाट धनजनको क्षति भई पीडित भएको, आर्थिक स्थिति ज्यादै गिरेको

---

[1] ठगायस्थानेभ्य... : ठक्

[2] आतोऽनुपसर्गे... : क

राजनीतिशास्त्रम् (ना./न.) राजनीतेः शास्त्रम् *(राजनीतिको शास्त्र)* ष.त.स.= राजनीतिशास्त्र ।

शब्दार्थ- राजनीतिदर्शन र सिद्धान्तसम्वन्धी विषयमा विश्लेषण गरिएको शास्त्र, राजनीतिसम्वन्धी विद्या ।

राजनीतीकरणम् (ना./न.) अराजनीतिं राजनीतिं सम्पद्यते तत्करणमिति *(राजनीति नभएको राजनीतिक हुन्छ र राजनीतिक बनाइन्छ)* डुकृञ् करणे (तना.) धातु, राजनीति+कृ+ल्युट् (अन), कृको गुण, णत्व, च्वि[1], दीर्घ[2], च्विको सर्वलोप= राजनीतीकरण ।

शब्दार्थ- कुनै कामकुरालाई राजनीतिक रूप दिने कार्य, कुनै घटनालाई राजनीतिक वनाउने कामकुरा ।

राजन् (राजा) (ना./पुं.) राजते शोभते इति *(सुशोभित हुन्छ)* रञ्जयति प्रजाः *(प्रजाहरूलाई अनुराग गर्छन् वा आनन्द प्रदान गर्छन्)* राजृ दीप्तौ (भ्वा.) वा रञ्ज रागे (भ्वा./दिवा.) धातु, राज्+कनिन्[3] (अन्)= राजा । रञ्ज्+णिचि+कनिन् (अन्), रञ्जको नलोप, वृद्धि, णिलोप= राजन् (राजा) ।

शब्दार्थ- नृप, पार्थिव, राष्ट्रको प्रमुखप्रशासक, प्रजाजनलाई खुसी पार्ने र स्नेह गर्ने राष्ट्रप्रमुख ।

राजन्यः (ना./पुं.) राज्ञः अपत्यम् पुमान् *(राजाको पुरुष सन्तान)* राजन्+यत्[4] (य)= राजन्य ।

अथवा राजते इति *(शोभित हुन्छ)* राजृ दीप्तौ (भ्वा.) धातु, राज्+अन्य (उणा.)= राजन्य ।

शब्दार्थ- राजा, क्षत्रिय, राजाको सन्तान ।

***उदा.* प्रशान्तपन विप्रमा, विजय तेज राजन्यमा- आ.रा.३/५४**

राजन्यकम् (ना./न.) राजन्यानां समूहः *(क्षत्रियहरूको समूह)* राजन्य+वुञ्[5] (अक), अकारलोप= राजन्यक ।

राजन्यकं च नृपतिक्षत्रियाणां गणे क्रमात्- इत्यमरः

शब्दार्थ- राजाको समुदाय, क्षत्रियहरूको समूह ।

राजन्यकुमारः (ना./पुं.) राजन्यस्य कुमारः *(क्षत्रियको कुमार)* ष.त.स.= राजन्यकुमार ।

शब्दार्थ- क्षत्रियपुत्र, क्षत्रियकुमार ।

राजपण्डितः (ना./पुं.) राज्ञः पण्डितः *(राजाको पण्डित)* ष.त.स.= राजपण्डित ।

शब्दार्थ- दरवारिया पण्डित, राजदरवारको पण्डित, राजालाई धार्मिक प्रवचन र सल्लाह दिने पण्डित ।

राजपत्नी (ना./स्त्री.) राज्ञः पत्नी *(राजाकी पत्नी)* ष.त.स.= राजपत्नी ।

शब्दार्थ- राजाकी पटरानी, राजाकी धर्मपत्नी, रानी, राजमहिषी ।

राजपत्रम् (ना./न.) राज्ञः पत्रम् *(राजा वा राज्यको मुख्य पत्र)* ष.त.स.= राजपत्र ।

शब्दार्थ- सरकारी सूचना वा ऐन नियमहरू छापिने पत्र, गजेट ।

राजपथः (ना./पुं.) राज्ञः पन्थाः *(राजा वा राज्यको मुख्य बाटो)* राजपथिन्+टच् (समासान्त)= राजपथ ।

शब्दार्थ- राजमार्ग, ठूलो पक्की सडक, मूलवाटो ।

राजपरिवारः (ना./पुं.) राज्ञः परिवारः *(राजाको परिवार)* ष.त.स.= राजपरिवार ।

शब्दार्थ- राजाको परिवार वा जहान, राजवंश ।

राजपुत्रः (ना./पुं.) राज्ञः पुत्रः *(राजाको पुत्र)* ष.त.स. =राजपुत्र ।

शब्दार्थ- राजाको पुत्र, राजकुमार, राजाको छोरो ।

राजपुत्रकः (ना./पुं.) राजपुत्राणां समूहः *(राजपुत्रको समूह)* राजापुत्र+वुञ् (अक)= राजपुत्रक ।

शब्दार्थ- राजपुत्रहरूको समुदाय, राजपुत्रगण ।

राजपुत्री (ना./स्त्री.) राज्ञः पुत्री *(राजाकी छोरी)* ष.त.स. =राजपुत्री ।

शब्दार्थ- राजाकी पुत्री वा छोरी, राजकुमारी ।

राजपुरुषः (ना./पुं.) राज्ञः पुरुषः *(राजाको पुरुष)* ष.त.स. =राजपुरुष ।

शब्दार्थ- राजकर्मचारी, राजाको सेवक, राजाको भित्रिया व्यक्ति, सिपाही ।

राजपुरोहितः (ना./पुं.) राज्ञः पुरोहितः *(राजाको पुरोहित)* ष.त.स.= राजपुरोहित ।

शब्दार्थ- राजाको पुरोहित, राजपरिवारको पुरोहित ।

राजपूजितः (वि.) राज्ञा पूजितः *(राजावाट सम्मान गरिएको)* तृ.त.स.= राजपूजित ।

शब्दार्थ- राजावाट आदर वा सम्मान गरिएको ।

राजप्रतिनिधिः (ना./पुं.) राज्ञः प्रतिनिधिः *(राजाको प्रतिनिधि)* ष.त.स.= राजप्रतिनिधि ।

शब्दार्थ- राजा वा राष्ट्राध्यक्षको वारिस भई काम गर्ने व्यक्ति, सरकारको प्रतिनिधि भई काम गर्ने मानिस ।

राजप्रासादः (ना./पुं.) राज्ञः प्रासादः *(राजाको प्रासाद)* ष.त.स.= राजप्रासाद ।

प्रासादो देवभूभुजाम्- इत्यमरः

शब्दार्थ-राजाको दरवार, राजमहल, राजभवन, देवमन्दिर ।

राजभक्तः (ना./पुं.) राज्ञः भक्तः *(राजा वा राष्ट्रको भक्त)* ष.त.स. =राजभक्त ।

शब्दार्थ- राजाप्रति भक्ति वा श्रद्धा गर्ने व्यक्ति, राष्ट्रप्रति प्रेम गर्ने मानिस ।

राजभक्तिः (ना./स्त्री.) राज्ञः भक्तिः *(राजाको भक्ति)* ष.त.स.= राजभक्ति ।

शब्दार्थ- राजाप्रति प्रेम वा भक्तिभाव, राष्ट्रप्रति निष्ठा वा आस्था ।

राजभवनम् (ना./न.) राज्ञः भवनम् *(राजाको भवन)* ष.त.स.= राजभवन ।

शब्दार्थ- राजदरवार, राजमहल, राजा वा राष्ट्राध्यक्षको निवासगृह ।

---

[1] कृभ्वस्तियोगे... : च्वि

[2] च्वौ च : दीर्घ

[3] कनिन्युवृषितक्षिराजि... : कनिन्

[4] राजश्वसुराद्यत् : यत्

[5] गोत्रोक्षोष्ट्रो... : वुञ्

राजभाषा (ना./स्त्री.) राज्ञः भाषा *(राजा तथा राष्ट्रको भाषा)* ष.त.स.= राजभाषा ।

शब्दार्थ- राष्ट्रभाषा, सरकारी कामकाजमा लेखापढी गर्ने भाषा ।

राजभोगीनः (वि.) राजभोगाय हितम् *(राजाको भोगका लागि हित हुने)* राजभोग+ख[1] (ईन)= राजभोगीन ।

शब्दार्थ- राजाको उपभोगका लागि हित वा उचित हुने ।

राजमहिषी (ना./स्त्री.) राज्ञः महिषी *(राजाकी धर्मपत्नी)* ष.त.स.= राजमहिषी ।

शब्दार्थ- राजाकी पटरानी, राजाकी धर्मपत्नी, राजाकी विवाहिता महारानी ।

राजमाता (ना./स्त्री.) राज्ञः माता *(राजाकी माता)* ष.त.स.= राजमाता ।

शब्दार्थ- राजालाई जन्मदिने आमा, राजाकी माता, राजजननी ।

राजमार्गः (ना./पुं.) राज्ञः मार्गः *(राजा वा राज्यको मार्ग)* ष.त.स.= राजमार्ग ।

शब्दार्थ- राजपथ, मूलसडक, पक्की फराकिलो मार्ग, ठूलो मूलबाटो ।

राजमुकुटम् (ना./न.) राज्ञः मुकुटम् *(राजाको मुकुट)* ष.त.स.= राजमुकुट ।

शब्दार्थ- राजाले शिरमा लगाउने मुकुट, श्रीपेच ।

राजमुद्रा (ना./स्त्री.) राज्ञः मुद्रा *(राजाको मुद्रा)* ष.त.स. =राजमुद्रा ।

शब्दार्थ- राजाको छाप, सरकारी छाप, राजाको लालमोहर

राजयक्ष्मा (ना./पुं.) यक्ष्मणां रोगाणां राजा *(रोगको राजा)* ष.त.स.,राजन्को पूर्वप्रयोग[2] राजयक्ष्मन्,= राजयक्ष्मा ।

अथवा राज्ञः चन्द्रस्य क्षयकारकः यक्ष्मा *(चन्द्रमाको क्षीणकारक यक्ष्मा)* ष.त.स.= राजयक्ष्मा ।

शब्दार्थ-क्षयरोग, टी.वी, चन्द्रमालाई क्षीण गराउने यक्ष्मा

राजरक्षकः (ना./पुं.) राज्ञः रक्षकः *(राजा वा राष्ट्राध्यक्षको अङ्गरक्षक)* ष.त.स. =राजरक्षक ।

शब्दार्थ- राजा वा राष्ट्राध्यक्षको रक्षा गर्ने व्यक्ति, राजा वा राष्ट्राध्यक्षको अङ्गरक्षक, आठपहरिया ।

राजराजः (ना./पुं.) राज्ञां राजा *(राजाहरूका राजा)* ष.त.स., राजराजन्+टच् (अ), समासान्त=राजराज ।

शब्दार्थ- राजाहरूका पनि राजा, सम्राट्, चक्रवर्ती राजा, कुबेर, धनाधिप ।

राजर्षिः (ना./पुं.) राजा ऋषिरिव (श्रेष्ठः) *(राजा ऋषि जस्तै श्रेष्ठ)* उप.क.त.स., राजन्+ऋषि, नलोप, गुण =राजर्षि ।

शब्दार्थ- ऋषिजस्तै आचरण गर्ने राजा, राजगद्दी त्यागेर ऋषि बनेका राजा, राजकुल वा क्षत्रियकुलमा पैदा भएका ऋषि ।

राजलक्ष्मीः (ना./स्त्री.) राज्ञः लक्ष्मीः *(राजा वा राज्यको लक्ष्मी)* ष.त.स.= राजलक्ष्मी ।

शब्दार्थ- राजा वा राज्यको समृद्धि तथा वैभव र सौभाग्य, राजश्री, राज्यश्री, राष्ट्रको गौरव वा महिमा, राष्ट्रकी अधिष्ठात्री देवी ।

राजवंशः (ना./पुं.) राज्ञः वंशः *(राजा वा राष्ट्रको वंश)* ष.त.स.= राजवंश ।

शब्दार्थ- राजाको वंश, राजकुल, राजाका सन्तति ।

राजवंशी (वि.) राजवंशः अस्यास्तीति *(राजवंशसित सम्बन्ध छ यसको)* राजवंश+इनि[3] (इन्), अकारलोप, राजवंशिन्= राजवंशी ।

अथवा राजवंशे जातादिः *(राजवंशमा उत्पन्न भएको)* राजवंश+इन्[4] (इ), राजवंशिन्= राजवंशी ।

शब्दार्थ- राजवंशमा पैदा भएको, राजवंशसित सम्वन्धित, राजवंशको ।

राजविद्या (ना./स्त्री.) राज्ञः विद्या *(राजा वा राज्यको विद्या)* ष.त.स.= राजविद्या ।

अथवा विद्यासु राजा (**विद्याहरूमा श्रेष्ठ**) स.त.स. =राजविद्या ।

शब्दार्थ- राज्यको शासनव्यवस्थासम्वन्धी विद्या, राजनीतिशास्त्र, विद्याहरूमा सर्वोत्तम, उत्कृष्टविद्या ।

उदा. विद्या र गुह्यको राजा यो श्रेष्ठ र पवित्र छ-को.गी. ९/२

राजवृक्षः (ना./पुं.) वृक्षाणां वृक्षेषु वा राजा *(वृक्षहरूका वा वृक्षहरूमा श्रेष्ठ)* राजन्+वृक्ष, ष.त.स./स.त.स., नलोप= राजवृक्ष ।

अथवा रोगाणां राजानं वृश्चति *(रोगको राजालाई छेदन गर्छ)* राजन् उपपदपूर्वक ओव्रश्चू छेदने (तुदा.) धातु, राजन्+व्रश्च्+सक् (स), बहुलप्रकारले, सम्प्रसारणबाट व्रको वृ, श र सको षत्व, पहिलो षको क, क र षको क्षत्व= राजवृक्ष ।

शब्दार्थ- राजवृक्ष, औषधिको रूपमा प्रयोग हुने राजवृक्षको फल ।

राजश्रीः/राज्यश्रीः (ना./स्त्री.) राज्ञः श्रीः/राज्यस्य श्रीः *(राजाको श्री/राज्यको श्री)*ष.त.स.=राजश्री/राज्यश्री ।

शब्दार्थ- राजा वा राज्यको समृद्धि वा वैभव, राज्यलक्ष्मी, राज्यशोभा ।

राजसः (वि.) रजसा निर्मितः, रजसः अयम्, रजसी भवः *(रजगुणबाट निर्मित, रजोगुणको यो, रजोगुणमा पैदा भएको)* रजस्+अण्[5] (अ), वृद्धि= राजस ।

अथवा रजः रजोगुणः अस्यास्तीति *(रजोगुण छ यसको)* रजस्+अण्[6] (अ), आदिवृद्धि= राजस ।

शब्दार्थ- रजोगुणबाट उत्पन्न, रजोगुणसम्बन्धी, रजोगुणयुक्त, रजोगुणबाट बनेको, राजसी ठाँटबाँटको, रजोगुणी, रजोगुणयुक्त ।

द्रष्टव्य- **ऊर्ध्वं गच्छन्ति सत्त्वस्था मध्ये तिष्ठन्ति राजसाः ।**
- भ.गी. १४/१८

---

१. आत्मन्विश्वजनभोग... : ख
२. राजदन्तादिषु परम् : राजन्को पूर्वप्रयोग
३. अत इनिठनौ : इनि
४. इनण्यनपत्ये : इन्
५. शेषे/तस्येदम्/तत्र भवः : अण्
६. अण् च : अण्

राजसत्ता (ना./स्त्री.) राज्ञः सत्ता *(राजा वा राज्यको सत्ता)* ष.त.स.= राजसत्ता ।

शब्दार्थ- राजा वा राज्यको शक्ति, प्रभुसत्ता, राज्यको अधिकार,

राजसत्तात्मकः (वि.) राजसत्ता आत्मा यत्र *(राजसत्ता नै मुख्य छ जहाँ)* राजसत्ता+आत्मन्, ब.स., दीर्घ, राजसत्तात्मन्+कप् (क), समासान्त, नलोप =राजसत्तात्मक ।

शब्दार्थ- राज्यको शासनव्यवस्थामा राजा वा राष्ट्राध्यक्षको प्रमुख वा अग्रणीभूमिका रहेको, राज्यको शासनपद्धतिमा राजा वा राष्ट्राध्यक्ष मुख्य भएको ।

राजसदनम् (ना./न.) राज्ञः सदनम् *(राजा वा राष्ट्राध्यक्षको सदन)* ष.त.स.= राजसदन ।

शब्दार्थ- राजप्रासाद, राजदरवार, राजगृह, राजभवन, राष्ट्राध्यक्षको निवासगृह ।

राजसभा (ना./स्त्री.) राज्ञः सभा *(राजाको सभा)* ष.त.स. =राजसभा ।

शब्दार्थ- राजा वा राष्ट्राध्यक्षको उपस्थितिमा भएको सभा, राष्ट्रिय स्तरका प्रतिनिधि र मनोनित व्यक्तिहरूको सभा, धर्मसभा, न्यायसभा ।

राजसिंहासनम् (ना./न.) राज्ञः सिंहासनम् *(राजाको सिंहासन)* ष.त.स.= राजसिंहासन ।

शब्दार्थ- राजाको वस्ने सिंहासन, राजगद्दी ।

राजसी (वि.) रजसा निर्मिता, रजसः इयम्, रजसि भवा *(रजगुणबाट निर्मित, रजगुणको यो, रजगुणबाट भएको)* रजस्+अण्[१] (अ), वृद्धि, राजस । राजस+ ङीप्[२] (ई)= राजसी ।

शब्दार्थ- राजालाई सुहाउने, रजोगुणवाट पैदा भएको, रजोगुणसम्वन्धी ।

राजसूयः (ना./पुं.) राजा सूयते अभिषिच्यते अत्र *(यस यज्ञमा राजालाई अभिषेक गरिन्छ)* वा राज्ञा सोमः सोमलता सूयते अत्र *(राजाद्वारा सोमलता हवन गरिन्छ यसमा)* राजन्पूर्वक षुञ् अभिषवे (स्वा.) धातु, राजन्+सु+क्यप्[३] (य), सुको दीर्घनिपातन, नलोप= राजसूय ।

शब्दार्थ-राजसूय यज्ञविशेष, राजालाई अभिषेक गरिने यज्ञ ।

राजसेवकः (ना./पुं.) राज्ञः सेवकः *(राजाको सेवक)* ष.त.स.= राजसेवक ।

शब्दार्थ- राजा वा राज्यको सेवा गर्ने व्यक्ति, राष्ट्रसेवक, राज्यको कर्मचारी वर्ग ।

राजसेवा (ना./स्त्री.) राज्ञः सेवा *(राजा वा राज्यको सेवा)* ष.त.स.= राजसेवा ।

शब्दार्थ- राजा वा राज्यको सेवा गर्ने काम, सरकारी सेवा, नोकरी ।

राजस्वम् (ना./न.) राज्ञः स्वं धनम् *(राज्यको धन वा सम्पत्ति)* ष.त.स.= राजस्व । अथवा राज्ञे देयं स्वं धनम् *(राज्यका लागि कर आदिको रूपमा दिइने धन)* स.त.स.= राजस्व ।

शब्दार्थ- मालपोत, अन्तशुल्क आदिको रूपमा राज्यलाई दिने सम्पत्ति, राजशुल्क, सरकारी धन, राजकर, तिरो ।

राजहंसः (ना./पुं.) हंसानां हंसेषु वा राजा *(हाँसहरूका वा हाँसहरूमा राजा)* राजन्+हंस, ष.त.स./स.त.स., हंसको परनिपातन[४], नलोप= राजहंस ।

राजहंसास्तु ते चञ्चुश्चरणैर्लोहितैः सिताः - इत्यमरः
राजहंसस्तु कादम्बे कलहंसे नृपोत्तमे- इति मेदिनी

शब्दार्थ- रजहाँस, सेतो शरीर, चुच्चो र खुट्टा रातो हुने हाँस, मीठो बोली वोल्ने हाँस, कलहंस, राजाहरूमा उत्तम वा श्रेष्ठ, नृपोत्तम ।

राजा (ना./पुं.) राजते प्रकाशते इति *(सुशोभित हुन्छ)* राजृ दीप्तौ (भ्वा.) धातु, राज्+कनिन् (अन्), राजन् =राजा ।

शब्दार्थ- राजा, भूपति, नृपति, प्रभु, स्वामी ।

राजाज्ञा (ना./स्त्री.) राज्ञः आज्ञा *(राजाको आज्ञा)* ष.त.स., दीर्घ= राजाज्ञा ।

शब्दार्थ- राजाको आज्ञा वा आदेश वा हुकुम ।

राजान्तरम् (ना./न.) अन्यः राजा *(अर्को राजा)* म.व्य.स., राजन्+अन्तर, नलोप, दीर्घ= राजान्तर ।

शब्दार्थ- अर्को राजा, अरू राज्यको राजा ।

राजाश्रितः (वि.) राज्ञि आश्रितः *(राजामा आश्रित रहेको)* स.त.स., नलोप, दीर्घ= राजाश्रित ।

शब्दार्थ- राजामा आश्रित भएको, राजामा निर्भर रहेको ।

राजिः/राजी (ना./स्त्री.) राजते इति *(सुशोभित हुन्छ)* राजृ दीप्तौ (भ्वा.) धातु, राज्+इञ्[५] (इ), उणा., राजिः । राजि+ङीष् (ई), विकल्पले= राजी । ङीष्को अभावमा= राजि ।

शब्दार्थ- रेखा, पङ्क्ति, वनराजि, श्रेणी ।

राजेन्द्रः (ना./पुं.) राज्ञां राजसु वा इन्द्रः *(राजाहरूमा इन्द्र)* राजन्+ इन्द्र, ष.त.स., नलोप, गुण= राजेन्द्र ।

शब्दार्थ- राजाहरूमा इन्द्र, राजाहरूका राजा, राजाहरूका अधिराज, सम्राट्, सर्वोपरिराजा ।

राज्ञी (ना./स्त्री.) राज्ञः पत्नी *(राजाकी पत्नी)* राजन्+ ङीप् (ई), अकारलोप, राज् न ई, श्चुत्व, ज र ञको ज्ञत्व= राज्ञी ।

शब्दार्थ- पटरानी, राज्याभिषिक्ता रानी, राजमहिषी, राजपत्नी ।

राज्यम् (ना./न.) राज्ञः भावः कर्म वा *(राजा वा राज्यको भाव वा कर्म)* राजन्+यक्[६] (य), नलोप, अकारलोप =राज्य ।

शब्दार्थ- राज्य वा देश, ठूलो राष्ट्रको शासनमा रहेको प्रदेश, स्वतन्त्रराष्ट्र, जनपद, देश, मण्डल, राष्ट्र, राज्यको प्रशासन ।

---

१. शेषे/तस्येदम्/तत्र भवः : अण्
२. टिड्ढाणञ्... : ङीप्
३. राजसूयसूर्यमृषोद्य... : क्यप्
४. राजदन्तादि... : हंसको परनिपातन
५. वसिवपियजिराजि...: इञ्
६. पत्यन्तपुरोहितादिभ्य.../राजाऽसे... : यक्

राज्यच्युतः (वि.) राज्याच्च्युतः *(राजगद्दी वा शासनसत्तावाट हटाइएको)* प.त.स.= राज्यच्युत ।

शब्दार्थ- राज्यच्युत गरिएको, राजसिंहासनवाट हटाइएको, शासनसत्तावाट च्युत पारिएको ।

राज्यच्युतिः (ना./स्त्री.) राज्याच्च्युतिः *(राज्यबाट च्युत गर्ने काम)* प.त.स.= राज्यच्युति ।

शब्दार्थ- राज्यवाट हटाउने अवस्था, शासनसत्तावाट हटाउने वा झिक्ने काम ।

राज्यविप्लवः (ना./पुं.) राज्ये राज्यस्य वा विप्लवः *(राज्यमा वा राज्यको विप्लव वा विद्रोह)* स.त.स./ष.त.स.= राज्यविप्लव ।

शब्दार्थ- राज्यमा हुने विद्रोह वा सङ्कट, राज्यको विद्रोह वा सङ्कट ।

राज्याङ्गम् (ना./न.) राज्यानामङ्गम् *(राज्यका अङ्गहरू)* राज्य+अङ्ग, ष.त.स., दीर्घ= राज्याङ्ग ।

स्वाम्यमात्यसुहृत्कोषराष्ट्रदुर्गबलानि च ।

राज्याङ्गानि- इत्यमरः

शब्दार्थ- राज्यका अङ्गहरूको समुदाय, स्वामी (राजा), अमात्य (मन्त्री), मित्र, कोष, राष्ट्र (देश), दुर्ग, वल- यी सात प्रकृति वा अङ्गहरू, कार्यपालिका, न्यायपालिका र व्यवस्थापिका- यी तीन अङ्गहरू ।

राज्यलक्ष्मीः (ना./स्त्री.) राज्यस्य लक्ष्मीः *(राज्यको समृद्धि वा लक्ष्मी)* ष.त.स.= राज्यलक्ष्मी ।

शब्दार्थ- राज्यश्री, राज्यको लक्ष्मी, राज्यको समृद्धि, सम्प्रभुतादि तत्त्व ।

राज्याभिषिक्तः (वि.) राज्ये अभिषिक्तः *(राज्यमा अभिषेक गरिएको)* स.त.स., दीर्घ= राज्याभिषिक्त ।

शब्दार्थ- राज्यारोहण गर्दा विधिपूर्वक राज्याभिषेक गरिएको, प्रथमपटक राजगद्दीमा आरोहण गरेको ।

राज्याभिषेकः (ना./पुं.) राज्ये अभिषेकः *(राजा राजगद्दीमा वस्दा विधिपूर्वक गरिने अभिषेक)* स.त.स., दीर्घ =राज्याभिषेक ।

शब्दार्थ- विधिपूर्वक प्रथमपटक राजसिंहासनमा आरोहण, राजगद्दीमा प्रथम पटक आरोहण गर्दा गरिने अभिषेक, राज्यारोहणसम्वन्धी उत्सव ।

राज्यारोहणम् (ना./न.) राज्ये आरोहणम् *(प्रथम पटक राजसिंहासनमा आरोहण)* स.त.स., दीर्घ =राज्यारोहण ।

शब्दार्थ- पहिलोपल्ट राजगद्दीमा वस्ने काम, प्रथमपटक राजसिंहासनमा आरोहण ।

रात्रिः/रात्री (ना./स्त्री.) राति ददाति निन्द्रादिसुखं भयं वा *(सुख वा भय दिन्छ)* रा दाने (अदा.) धातु, रा+त्रिप्[1] (त्रि), उणा., रात्रि+ङीष्[2] (ई), विकल्पले= रात्री । ङीष्को अभावमा= रात्रि ।

निशा निशीथिनी रात्रिः- इत्यमरः

शब्दार्थ- रात, निशा, रजनी ।

रात्रिचरः/रात्रिञ्चरः (वि.) रात्रौ चरतीति *(राती हिड्छ)* रात्रि उपपदपूर्वक चर गतिभक्षणयोः (भ्वा.) धातु, रात्रि+चर्+अच् (पचादि)/ट[3] (अ), मुम्[4], परसवर्ण =रात्रिञ्चर ।

मुम्को अभावमा= रात्रिचर ।

शब्दार्थ- राति हिँड्ने, राति घुम्ने, राक्षस, निशाचर, चोर, पाले, भूत, प्रेत, पिशाच ।

रात्रिभोजः (ना./पुं.) भुज्यते इति *(खाइन्छ)* भुज पालनाभ्यवहारयोः (रुधा.) धातु, भुज्+घञ् (अ), गुण, भोजः । रात्रेः भोजः वा रात्रौ भोजः *(रात्रिको भोज, रात्रिमा भोज)* ष.त.स./स.त.स.= रात्रिभोज ।

शब्दार्थ- रातमा खाने खाना, रातको भोजन, रातमा दिइने भोज ।

रात्रिन्दिवम् (ना./न.) रात्रि च दिवा च *(रात र दिन)* द्व.स., समासान्त अच्, 'म' निपातन, परसवर्ण =रात्रिन्दिव ।

शब्दार्थ- रात र दिन ।

राधा (ना./स्त्री.) राध्नोति साधयति कार्याणि अनया *(यिनबाट कार्य सम्पन्न हुन्छ)* राध संसिद्धौ (स्वा.) धातु, राध्+अ[5] (प्रत्यय)+टाप् (आ= राधा ।

अथवा राध्नोति सिद्धिम् *(सिद्धि प्राप्त हुन्छ)* वा राध्नोति सकलान् कामान् प्रददातीति *(सम्पूर्ण कामना पूरा गर्छिन्)* वा राध्यते आराध्यते काम्यते कृष्णेन या *(कृष्णद्वारा कामना गरिन्छिन् जो)* वा राधयति साधयति आराधयति कृष्णम् *(कृष्णको साधना वा आराधना गर्छिन्)* राध संसिद्धौ (स्वा.) धातु, राध्+अच् (पचादि)+टाप् (आ)= राधा ।

शब्दार्थ- श्रीकृष्णद्वारा कामना गरिएकी वा कृष्णको साधना वा आराधना गर्ने कृष्णकी प्रेयसी, प्रसिद्ध गोपिका, सिद्धि प्रदान गर्ने वा सम्पूर्ण कामना प्रदान गर्ने लक्ष्मीरूपा राधा, अधिरथकी पत्नी (कर्णलाई पालनपोषण गर्ने उपमाता), विशाखानक्षत्र, समृद्धि, विजुली, विद्युत् ।

राधाकान्तः (ना./पुं.) राधायाः कान्तः *(राधाका स्वामी वा प्रेमी)* ष.त.स.= राधाकान्त ।

शब्दार्थ- श्रीकृष्ण, वासुदेव ।

राधातनयः/राधासूतः (ना./पुं.) राधायाः सूतपत्न्याः तनयः वा सूतः *(सूतपत्नी राधाको पुत्र)* ष.त.स. =राधातनय/राधासूत ।

शब्दार्थ- सूतपुत्र, राधाको पोष्यपुत्र कर्ण ।

---

[1] राशदिभ्याम् : त्रिप्

[2] कृदिकारा... : ङीष्

[3] चरेष्टः : ट

[4] रात्रेः कृति विभाषा : मुम्

[5] गुरोश्च हलः : अ (प्रत्यय)

राधिका (ना./स्त्री.) राधा एव *(राधा नै)* राधा+कन् (क), स्वार्थमा, राधाक+टाप् (आ), ककारपूर्वका अकारको इत्व= राधिका ।

शब्दार्थ- श्रीकृष्णकी प्रेमिका, श्रीकृष्णकी प्रियतमा, प्रसिद्ध गोपिका, राधा ।

राधेयः (ना./पुं.) राधायाः सूतपत्न्याः अपत्यम् पुमान् *(सूतपत्नी राधाका सन्तान)* राधा+ढक्[1] (एय), अकारलोप= राधेय ।

शब्दार्थ- महाभारतप्रसिद्ध कर्ण, राधाका पोष्यपुत्र ।

रामः (ना./पुं./वि.) रमते इति *(रमण गर्छन्)* रमु क्रीडायाम् (भ्वा.) धातु, रम्+ण[2] (अ), वृद्धि= राम । अथवा रमन्ते योगिनः अस्मिन् *(योगीहरू रमण गर्छन् वा आनन्दविभोर हुन्छन् यिनमा)* रमु क्रीडायाम् (भ्वा.) धातु, रम्+घञ्[3] (अ), वृद्धि= राम । अथवा रमन्ते अनेन जनाः *(मानिसहरू प्रसन्न हुन्छन् यिनबाट)* रम्+घञ्[4] (अ), वृद्धि= राम ।

शब्दार्थ- चिदानन्दस्वरूप तथा परमानन्दस्वरूप श्रीराम, परब्रह्म परमेश्वर, विष्णुको रामावतार, दशरथपुत्र श्रीरामचन्द्र, जमदग्निका पुत्र परशुराम, कृष्णका दाजु बलराम, मृगविशेष, सुन्दर, रमाइलो, मनोज्ञ, आनन्ददायक ।

द्रष्टव्य- **रमन्ते योगिनो यस्मिन् नित्यानन्दे चिदात्मने**
इति रामपदेनैतत् परं ब्रह्माभिधीयते-
रा.पू.ता.उप. १/६

पूर्णपूर्णावतारश्च श्यामो रामो रघूद्वह
अंशा नृसिंहकृष्णाद्या राघवो भगवान् स्वयम्- ब्र.सं.

रामचन्द्रः (ना./पुं.) रामः चन्द्र इव आह्लादकः *(राम चन्द्रमा जस्तै प्रसन्नकारी)* उप.क.त.स.= रामचन्द्र ।

शब्दार्थ- श्रीरामचन्द्र, दशरथपुत्र राम ।

रामचरित्रम् (ना./न.) रामस्य चरित्रम् *(रामको चरित्र)* ष.त.स.= रामचरित्र ।

शब्दार्थ- रामचन्द्रको चरित्र, रामको लीलावर्णन, रामको पूर्णकथा ।

रामनवमी (ना./स्त्री.) रामस्य रामचन्द्रस्य जन्मतिथि रूपा चासौ नवमी च *(रामचन्द्रको जन्मतिथिरूप नवमी)* क.त.स., उ.प.लोप= रामनवमी ।

शब्दार्थ- भगवान् श्रीरामचन्द्रको जन्मतिथि, चैत्रशुक्ल नवमी ।

रामराज्यम् (ना./न.) रामस्य राज्यम् *(रामको राज्य)* ष.त.स.= रामराज्य ।

शब्दार्थ- रामको राज्य, रामचन्द्रको जस्तो सुशासन व्यवस्थाले परिपूर्ण आदर्श राज्य, सुखसमृद्धिले परिपूर्ण राज्य ।

रामणीयकम् (ना./न.) रम्यते, रन्तुं योग्यमिति वा *(रमण गरिन्छ वा रमण गर्न योग्य)* रमु क्रीडायाम् (भ्वा.) धातु, रम्+अनीय (र्), रमणीयः । रमणीयस्य भावः *(रमणीय हुनाको भाव वा अवस्था)* रमणीय+वुञ्[5] (अक), आदिवृद्धि= रामणीयक ।

शब्दार्थ- सुखसमृद्धि, सौन्दर्यले परिपूर्ण भएको अवस्था, रमणीय हुनाको भाव वा स्थिति ।

रामलीला (ना./स्त्री.) रामस्य लीला *(रामको लीला)* ष.त.स.= रामलीला ।

शब्दार्थ- रामको चरित्र, रामको पूर्णकथा, रामको कथावस्तुको अभिनय गर्ने काम ।

रामबाणः (ना./पुं.) रामस्य वाणः इव *(रामचन्द्रको वाण जस्तै (सफल)* उप.क.त.स.= रामवाण । अथवा रामस्य वाणः *(रामचन्द्रको वाण)* ष.त.स. =रामवाण ।

शब्दार्थ- औषधिविशेष, रामचन्द्रको वाण, अमोघ वाण ।

रामा (ना./स्त्री.) रमते अनया *(क्रीडा गर्छ यिनीसित)* रमु क्रीडायाम् (भ्वा.) धातु, रम्+घञ्[4] (अ), करणमा, वृद्धि, राम+टाप् (आ)= रामा । अथवा रमते रमयति असौ *(रमण गर्छिन् यिनी)* रम्+ण (अ), वृद्धि, राम+टाप् (आ)= रामा ।

सुन्दरी रमणी रामा- इत्यमरः

शब्दार्थ- सुन्दरी, उत्कृष्ट नारी, रूपवती नारी, रमणी, लक्ष्मी, पत्नी, मनोहारिणी स्त्री, सिन्दूर, हिङ्ग ।

रामानुजः (ना./पुं.) रामस्य अनुजः *(रामका भाइ)* ष.त.स.= रामानुज ।

शब्दार्थ- रामका भाइ लक्ष्मण, रामानुज वैष्णव सम्प्रदायका प्रवर्तक, एक प्रसिद्ध वैष्णवविद्वान् ।

रामायणम् (ना./न.) रामस्य अयनं चरित्रयुक्तं शास्त्रम् *(श्रीरामचन्द्रजीको चरित्र भएको शास्त्र)* ष.त.स., दीर्घ =रामायण ।

शब्दार्थ-रामायणग्रन्थ, रामचन्द्रजीको चरित्र भएको शास्त्र,

रामेश्वरः (ना./पुं.) रामस्य ईश्वरः *(रामचन्द्रका ईश्वर, आराध्यदेव भगवान् शङ्कर)* ष.त.स., गुण= रामेश्वर ।

शब्दार्थ- रामचन्द्रका परम आराध्यदेव भगवान् शिव, भगवान् श्रीरामचन्द्रद्वारा स्थापित प्रसिद्ध चारधाममध्ये एक, जो भारतको दक्षिणी समुद्रतटमा अवस्थित छ ।

रावणः (ना./पुं./वि.) रावयति भीषयति सर्वान् *(सबैलाई भयभीत पार्छ)* रु शब्दे (अदा.) धातु, रु+णिचि, वृद्धि, आवादेश, रावि+ल्यु[6] (अन), णिलोप, राव् अन, णत्व =रावण ।

शब्दार्थ- रामायणकालीन लङ्काको राजा, लङ्केश्वर, दशकण्ठ रावण, श्रीरामचन्द्रको प्रतिनायक, भयभीत पार्ने, हाहाकार मच्याउने, क्रन्दन पैदा गर्ने, अत्याचार गर्ने ।

---

[1] स्त्रीभ्यो ढक् : ढक्
[2] ज्वलितिकसन्ते... : ण
[3] हलश्च : घञ्
[4] अकर्तरि च कारके... : घञ्
[5] योपधात्गुरुपोत्तमाद्... : वुञ्
[6] नन्दिग्रहिपचादि... : ल्यु

राशिः (ना./पुं.) अश्नुते व्याप्नोति *(व्याप्त हुन्छ)* अशू व्याप्तौ सङ्घाते च (स्वा.) धातु, अश्+इण्[१] (इ), धातुको रुडागम[१], वृद्धि= राशि । अथवा रश्यते, रशतीति वा *(शब्द गर्नु वा गर्छ)* रश शब्दार्थे (सौत्र.) धातु, रश्+इण् (इ), वहुलप्रकारले, वृद्धि= राशि ।

राशिर्मेषादिपुञ्जयोः- इति मेदिनी

शब्दार्थ- मेष, वृष आदि वाह्रराशिहरूको समूह, कुनै वस्तुको समूह, थुप्रो, धान्यादिसमूह, वस्तुपुञ्ज ।

राशिचक्रम् (ना./न.) राशीनां चक्रम् *(राशिहरूको चक्र)* ष.त.स.= राशिचक्र ।

शब्दार्थ- मेषादिराशिहरूको चक्र, राशिमण्डल, तारापुञ्ज

राष्ट्रम् (ना./न.) राजते इति (**सुशोभित हुन्छ**) राजृ दीप्तौ (भ्वा.) धातु, राज्+ष्ट्रन्[२] (त्र), जको षत्व, ष्टुत्व =राष्ट्र ।

शब्दार्थ- राज्य, जनता, सरकार र सम्प्रभुता सम्पन्न कुनै स्वतन्त्र देश वा मुलुक, साम्राज्य, जनपद ।

राष्ट्रघातकः (वि.) राष्ट्रं हन्ति घातयतीति वा *(राष्ट्रको हानि गर्छ वा हानि पुऱ्याउँछ)* राष्ट्र उपपदपूर्वक हन हिंसागत्योः (अदा.) धातु, राष्ट्र+हन्+ण्वुल्[३] (अक) वा राष्ट्र+हन्+णिचि+ण्वुल् (अक), वृद्धि, हन्का नको तकारादेश[४], कुत्व, राष्ट्र घात् अक= राष्ट्रघातक ।

शब्दार्थ- राष्ट्रको द्रोह गर्ने, राष्ट्रको ज्यादै हानि पुऱ्याउने काम गर्ने, राष्ट्रघाती ।

राष्ट्रघाती (वि.) राष्ट्रं हन्ति हतवान्निति वा *(राष्ट्रको हानि गर्छ वा गरेको)* राष्ट्र उपपदपूर्वक हन हिंसागत्योः (अदा.) धातु, राष्ट्र+हन्+णिनि (इन्), वृद्धि, नको त, कुत्व, राष्ट्रघातिन्= राष्ट्रघाती ।

शब्दार्थ- राष्ट्रको हानि गर्ने, राष्ट्रको द्रोह गर्ने, राष्ट्रघातक

राष्ट्रनायकः (ना./पुं.) नयतीति *(लैजान्छ, नेतृत्व दिन्छ)* णीञ् प्रापणे (भ्वा.) धातु, नी+ण्वुल्[३] (अक), वृद्धि, नै अक, आयादेश, नायकः । राष्ट्रस्य नायकः *(राष्ट्रको नायक)* ष.त.स.= राष्ट्रनायक ।

शब्दार्थ- राष्ट्रको प्रमुखव्यक्ति, राष्ट्रको प्रमुखनायक, राष्ट्रको सर्वोच्चव्यक्ति, राजा वा राष्ट्राध्यक्ष ।

राष्ट्रनिर्माणम् (ना./न.) राष्ट्रस्य निर्माणम् *(राष्ट्रको निर्माण)* ष.त.स.= राष्ट्रनिर्माण ।

शब्दार्थ- राष्ट्र वनाउने काम, राष्ट्रको विकास गर्ने काम, राष्ट्रको निर्माण गर्ने कार्य ।

राष्ट्रनिर्माता (ना./पुं.) राष्ट्रं निर्मिमीते इति *(राष्ट्रको निर्माण गर्छ)* राष्ट्र उपपदमा हुने निर्पूर्वक माङ् माने शब्दे च (जुहो.) धातु, राष्ट्र+निर्+मा+तृच्[५] (तृ), राष्ट्रनिर्मातृ= राष्ट्रनिर्माता । अथवा राष्ट्रस्य निर्माता *(राष्ट्रको निर्माता)* ष.त.स.= राष्ट्रनिर्माता ।

शब्दार्थ- राष्ट्र वनाउने वा राष्ट्रको निर्माण गर्ने व्यक्ति, राष्ट्रको संरचना वा पुनर्निर्माण गर्ने व्यक्ति ।

राष्ट्रनिवासी (वि.) राष्ट्रे निवसतीति *(राष्ट्रमा रहन्छ)* वस निवासे (भ्वा.) धातु, राष्ट्र+नि+वस्+णिनि (इन्), राष्ट्रनिवासिन्= राष्ट्रनिवासी ।

शब्दार्थ- राष्ट्रमा वसोवास गर्ने, देशवासी ।

राष्ट्रपतिः (ना./पुं.) राष्ट्रस्य पतिः *(राष्ट्रको पति वा प्रमुख)* ष.त.स.= राष्ट्रपति ।

शब्दार्थ- राष्ट्रको प्रमुखव्यक्ति, राष्ट्रको प्रमुखशासक, राष्ट्राध्यक्ष ।

राष्ट्रपिता (ना./पुं.) राष्ट्रस्य पिता *(राष्ट्रको पिता)* ष.त.स.= राष्ट्रपिता ।

शब्दार्थ- राष्ट्रको प्रमुखव्यक्ति, श्री ५ त्रिभुवनको उपाधि ।

राष्ट्रभाषा (ना./स्त्री.) राष्ट्रस्य भाषा *(राष्ट्रको भाषा)* ष.त.स.= राष्ट्रभाषा ।

शब्दार्थ- मुलुकका अधिकांश जनताले वोल्ने र सरकारी कार्यालयमा प्रयोग हुने राष्ट्रियस्तरको भाषा ।

राष्ट्रवादः (ना./पुं.) उद्यते इति *(वताइन्छ, भनिन्छ)* वद व्यक्तायां वाचि (भ्वा.) धातु, वद्+घञ् (अ),वृद्धि, वादः । राष्ट्रस्य वादः *(राष्ट्रको वाद)* ष.त.स.= राष्ट्रवाद ।

शब्दार्थ- राष्ट्रको सर्वोपरि हित चिताउने सिद्धान्त, राष्ट्रको सर्वोपरि आस्था वा राष्ट्रप्रेम, राष्ट्रको सर्वोत्तम समुन्नति र हित चिताउने सिद्धान्त ।

राष्ट्रवादी (वि.) राष्ट्रवादः अस्यास्तीति *(राष्ट्रवादको सिद्धान्त छ यसको)* राष्ट्रवाद+इनि (इन्), अकारलोप, राष्ट्रवादिन्= राष्ट्रवादी ।

शब्दार्थ- राष्ट्रवादको अनुयायी, राष्ट्रवाद मान्ने, राष्ट्रवादको अनुसरण गर्ने ।

राष्ट्रवासी (वि.) राष्ट्रे वसतीति *(राष्ट्रमा निवास गर्छ)* वस निवासे (भ्वा.) धातु, राष्ट्र+वस्+णिनि (इन्), वृद्धि, राष्ट्रवासिन्= राष्ट्रवासी ।

शब्दार्थ- राष्ट्रमा निवास गर्ने, राष्ट्रको वासिन्दा ।

राष्ट्रविप्लवः (ना./पुं.) राष्ट्रस्य विप्लवः *(राष्ट्रको विप्लव)* वा राष्ट्रे विप्लवः *(राष्ट्रमा विप्लव)* ष.त.स./स.त.स.=राष्ट्रविप्लव ।

शब्दार्थ- राष्ट्रमा सङ्कट पैदा गर्ने काम, राष्ट्रमा विद्रोह पैदा गर्ने काम, राष्ट्रको शासनसत्ता पल्टाउने काम ।

राष्ट्रसङ्घः (ना./पुं.) राष्ट्राणां सङ्घः *(राष्ट्रहरूको सङ्घ)* ष.त.स.= राष्ट्रसङ्घ ।

शब्दार्थ-विश्वका स्वतन्त्र राष्ट्रको सङ्गठन, संयुक्त राष्ट्रसङ्घ,

राष्ट्रसङ्घीयः (वि.) राष्ट्रानां सङ्घः *(राष्ट्रहरूको सङ्घ)* ष.त.स., राष्ट्रसङ्घः । राष्ट्रसङ्घे भवः *(राष्ट्रसङ्घमा भएको)* राष्ट्रसङ्घाय हितम् *(राष्ट्रसङ्घलाई हित हुने)* राष्ट्रसङ्घ+छ[६] (ईय), अकारलोप= राष्ट्रसङ्घीय ।

शब्दार्थ- राष्ट्रसङ्घको, राष्ट्रसङ्घसम्वन्धी, राष्ट्रसङ्घमा भएको, राष्ट्रसङ्घका लागि उपयोगी हुने ।

---

१. बीपणाप्यो... : इण्, रुडागम

४. हनस्तो... : तकारादेश

२. सर्वधातुभ्य... : ष्ट्रन्

५. ण्वुल्तृचौ : तृच्

३. ण्वुल्तृचौ : ण्वुल्

६. वृद्धाच्छः/तदर्हति : छ

राष्ट्रसेवकः (ना./पुं.) राष्ट्रस्य सेवकः *(राष्ट्रको सेवक)* ष.त.स.= राष्ट्रसेवक ।

शब्दार्थ- राष्ट्रको सेवा गर्ने व्यक्ति, राष्ट्रको उत्तरदायित्व वहन गर्ने पदमा रहेको व्यक्ति, राष्ट्रको सार्वजनिक सेवा र लाभको पदमा रहेको व्यक्ति ।

राष्ट्रियः/राष्ट्रीयः (वि.) राष्ट्रे अधिकृतः राष्ट्रे जातादिः, राष्ट्रे भवः *(राष्ट्रमा अधिकृत भएको, राष्ट्रमा उत्पन्न भएको, राष्ट्रमा भएको)* राष्ट्र+घ[1] (ईय), अकारलोप =राष्ट्रिय । राष्ट्रे भवः *(राष्ट्रमा हुने वा भएको)* राष्ट्र+छ[2] (ईय), अकारलोप= राष्ट्रीय ।

शब्दार्थ- राष्ट्रको, राष्ट्रमा भएको, राष्ट्रसम्बन्धी, राष्ट्रसित सम्बन्धित ।

राष्ट्रियता/राष्ट्रीयता (ना./स्त्री.) राष्ट्रियस्य/राष्ट्रीयस्य भावः *(राष्ट्रिय वा राष्ट्रीय हुनाको भाव वा अवस्था)* राष्ट्रिय/राष्ट्रीय+तल् (त)+टाप् (आ)= राष्ट्रियता/ राष्ट्रीयता ।

शब्दार्थ- राष्ट्रप्रतिको आस्था र माया तथा ममता, राष्ट्रिय भावना, राष्ट्रको सर्वोपरि हितको भाव ।

राष्ट्रोत्थानम् (ना./न.) राष्ट्रस्य उत्थानम् *(राष्ट्रको उत्थान)* ष.त.स., गुण= राष्ट्रोत्थान ।

शब्दार्थ- राष्ट्रलाई प्रगतिपथमा लाने काम, राष्ट्रको उत्थान गर्ने काम ।

राष्ट्रोन्नतिः (ना./स्त्री.) राष्ट्रस्य उन्नतिः *(राष्ट्रको उन्नति)* ष.त.स., गुण= राष्ट्रोन्नति ।

शब्दार्थ- राष्ट्रको समुन्नति, देशोत्थान, देशोन्नति ।

रासः (ना./पुं.) रासनम्, रास्यते इति वा *(शब्द वा क्रीडा गर्नु)* रासृ शब्दे (भ्वा.) धातु, रास्+घञ् (अ)= रास । अथवा रासते अत्र *(क्रीडा गर्छ यहाँ)* रास्+घञ् (अ), अधिकरणमा= रास ।

शब्दार्थ- रासलीला, नाचगान, ध्वनि, आवाज, शब्द, कोलाहल, श्रीकृष्णले गोपिनीहरूका साथ गरेको क्रीडाविशेष ।

रासनृत्यम् (ना./न.) रासस्य नृत्यम् *(रासको नृत्य)* ष.त.स.= रासनृत्य ।

शब्दार्थ- रासनाच, रासलीला, रासक्रीडा, आमोदप्रमोदको नाच ।

रासलीला (ना./स्त्री.) रासस्य लीला *(रासको लीला)* ष.त.स.= रासलीला ।

शब्दार्थ- रासनृत्य, रासनाच, आमोदप्रमोदको लीला, श्रीकृष्णले गोपीहरूका साथ गरेको रासलीला ।

रासायनम् (ना./न.) रसः अयनं मूलं यस्य *(रस नै मुख्य छ जसको)* व.स., दीर्घ, रसायनम् । रसायनस्य इदम् *(रसायनको यो)* रसायन+अण्[3] (अ), आदिवृद्धि, अकारलोप= रासायन ।

शब्दार्थ- रसायनको, रसायनसम्वन्धी, रसायनशास्त्रको ।

रासायनिकः (वि.) रसायनस्य अयम्, रसायनादागतः इति वा *(रसायनको यो, रसायनबाट आएको)* रसायन + ठक्[4] (इक), आदिवृद्धि, अकारलोप= रासायनिक ।

शब्दार्थ- रासायनिक शक्तिसम्वन्धी, रसायनशास्त्रको, रसायन शास्त्रसम्वन्धी ।

राहुः (ना./पुं.) रहति चन्द्रसूर्यौ प्रगृह्य परित्यजति *(चन्द्रसूर्यलाई पक्रेर छाड्दिन्छ)* रह त्यागे (भ्वा.) धातु, रह्+उण्[5] (उणा.), बहुलप्रकारले, वृद्धि= राहु ।

तमस्तु राहुः स्वर्भानुः सैंहिकेयो विधुन्तुदः- इत्यमरः

शब्दार्थ- नवग्रहमध्ये एक, स्वर्भानुनामको दानव, पापग्रह, सिंहिका पुत्र, राहुग्रह, तम, अन्धकार, अरूलाई दुःख-पीडा दिने व्यक्ति ।

रिक्तः (वि.) रिच्यते स्म इति *(रित्तिएको, त्यागिएको)* रिचिर् विरेचने (रुधा.)धातु,रिच्+क्त (त), कुत्व=रिक्त ।

शब्दार्थ- रित्तिएको, खाली भएको, रित्तो, निर्धन, निर्जन, रहित, दरिद्र ।

रिक्तता (ना./स्त्री.) रिक्तस्य भावः *(रिक्त हुनाको भाव वा अवस्था)* रिक्त+तल् (त)+टाप् (आ)= रिक्तता ।

शब्दार्थ-शून्यत्व, रिक्तावस्था, रित्तोपना, केही नभएको स्थिति ।

उदा. हामी सब मिलेर ढोगौं यो रिक्ततालाई हाम्रो अस्तित्वको यो देवतालाई- घु.मे.अ. (हामी)

रिक्ता (ना./स्त्री./वि.) रिच्यते, रिच्यते स्म इति वा *(रित्तिन्छ, रित्तिएको)* रिचिर् विरेचने (रुधा.) धातु, रिच्+क्त (त), भाव र कर्ममा, टाप् (आ)= रिक्ता ।

शब्दार्थ- ज्योतिषशास्त्रले वताएको रिक्तातिथि- चौथी, नवमी, चतुदर्शी तिथि, रित्तिएको, त्यागिएको ।

रिपुः (ना./पुं.) रपति अनिष्टं वदतीति *(अनिष्ट बोल्छ)* रप व्यक्तायां वाचि (भ्वा.) धातु, रप्+कु[6] (उ), उणा., धातुका उपधाको इत्व[6]= रिपु ।

शब्दार्थ- वैरी, शत्रु, अरि, विपक्ष, अहित गर्ने व्यक्ति ।

रीतिः (ना./स्त्री.) रीयते इति *(बहनु, चुहुनु)* रीङ् स्रवणे (दिवा.) वा री गतिरेषणयोः (क्र्या.) धातु, री+क्तिच् /क्तिन्[7] (ति)= रीति ।

शब्दार्थ- काम गर्ने तरिका वा ढाँचा, काम गर्ने पद्धति, सीमा, गतिशीलता, परम्परा, रीतिरिवाज, नीतिनियम, साहित्यिक रीतिहरू, साहित्यिक संरचनामा पाइने वैदर्भी, पाञ्चाली, गौणी, लाटी रीतिहरू ।

रीतिवादः (ना./पुं.) उद्यते इति *(भनिन्छ)* वद व्यक्तायां वाचि (भ्वा.) धातु, वद्+घञ् (अ), वादः । रीतेर्वादः *(रीतिसम्बन्धी वाद वा सिद्धान्त)* ष.त.स.= रीतिवाद ।

शब्दार्थ- नीतिनियम, साहित्यमा रीतिलाई मुख्य आत्मतत्व मान्ने सिद्धान्त ।

रीतिवादी (वि.) रीतिवादः अस्यास्तीति *(रीतिवादको सिद्धान्त छ यसको)* रीतिवाद+इनि (इन्), अकारलोप, रीतिवादिन्= रीतिवादी ।

शब्दार्थ- रीतिवादको अनुसरण गर्ने, रीतिवादको अनुयायी ।

---

१. राष्ट्रपारावाराद्../तत्र जातः/तत्र भवः : घ
२. वृद्धाच्छः : छ
३. तस्येदम् : अण्
४. ठगायस्थानेभ्यः : ठक्
५. उणादयो बहुलम् : उण्
६. रपेरिच्चोपधायाः : कु, इत्व
७. क्तिच्क्तौ च : क्तिच्/क्तिन्

रीतिस्थितिः (ना./स्त्री.) रीतिश्च स्थितिश्च *(रीतिस्थिति)* द्व.स.= रीतिस्थिति ।

अथवा रीत्या युक्ता:, रीतियुक्ता चासौ स्थितिश्च *(रीतियुक्त स्थिति)* क.त.स., उ.प.लोप=रीतिस्थिति ।

शब्दार्थ- काव्यरीति, रीतिरिवाज, चालचलन, प्रथा, नीतिनियम ।

रुक्मः (वि./ना./पुं.) रोचते इति *(चम्कन्छ)* रुच दीप्तौ (भ्वा.) धातु, रुच्+मक्[१] (म), कुत्व, उणा.= रुक्म ।

रुक्मं लोहे सुवर्णे च- इति हैमः

शब्दार्थ- उज्ज्वल, चम्किलो, सुन, फलाम, प्राचीन विदर्भका राजा भीष्मकका पुत्र ।

रुक्मिणी (ना./स्त्री.) रुक्मः वर्णः अस्ति अस्याः *(उज्ज्वल वर्ण वा चम्किलोपना छ यिनको)* रुक्म+इनि (इन्), अकारलोप, रुक्मिन्+ङीप् (ई)= रुक्मिणी ।

शब्दार्थ- भीष्मककी छोरी, जसको अनुरोधमा श्रीकृष्णले उनको अपहरण गरी गान्धर्व विवाह गरे, श्रीकृष्णकी आठवटी महिषीहरूमध्ये एक, श्रीकृष्णकी जेष्ठपत्नी ।

रुग्णम् (वि.) रुज्यते स्म इति *(रोगिएको)* रुजो भङ्गे (तुदा.) धातु, रुज्+क्त (त), निष्ठा तको न[२], कुत्व, णत्व=रुग्ण ।

शब्दार्थ-थलिएको, बिरामी परेको, थलिएर क्षीण भएको ।

रुच्/रुक्/रुचिः (ना./स्त्री.) रोचते शोभते इति *(सुशोभित हुन्छ)* वा रुच्यते इति *(चाहनु, प्रकाशित हुनु)* रुच दीप्तावभिप्रीतौ च (भ्वा.) धातु, रुच्+क्विप् (सर्वलोप) =रुच्/रुक् । रुच्+इन्[३] (इ), उणा.= रुचि ।

रुक्स्त्री शोभाद्युतीच्छासु वचः कीरे वचौषधौ- इति मेदिनी

शब्दार्थ- प्रभा, कान्ति, द्युति, छवि, प्रकाश, आभा, शोभा, खाने चाहना, इच्छा, आकाङ्क्षा, अभिलाषा, अनुराग, आसक्ति, रुचिनामका प्रजापति, बोझो ।

रुचिकरः (वि.) रुचिं करोतीति *(रुचि पैदा गर्छ)* रुचि उपपदपूर्वक डुकृञ् करणे (तना.) धातु, रुचि+कृ+ट[४] (अ), गुण= रुचिकर ।

शब्दार्थ- रुचि पैदा गर्ने, खान मन लाग्ने, चाख लाग्ने, स्वादिष्ट, चम्किलो, प्रकाश दिने, कान्तिदायक ।

रुचिकारकः (वि.) रुचिं करोतीति *(रुचि पैदा गर्छ)* रुचि उपपदपूर्वक डुकृञ् करणे (तना.) धातु, रुचि+कृ+ण्वुल्[५] (अक), वृद्धि= रुचिकारक ।

शब्दार्थ- रुचि लाग्ने, चम्किलो, प्रकाशक, रुचि पैदा गर्ने, खान मन लाग्ने ।

रुचिवर्द्धकः (वि.) रुचिं वर्द्धयतीति *(रुचि बढाउँछ)* रुचि उपपदपूर्वक वृधु वृद्धौ (भ्वा.) धातु, रुचि+वृध्+णिचि +ण्वुल् (अक), गुण, णिलोप= रुचिवर्द्धक ।

शब्दार्थ-रुचि जगाउने, रुचि बढाउने, अभिरुचि पैदा गर्ने

रुचिरः (वि.) रुचिं राति ददाति *(प्रकाश दिन्छ)* रुचि उपपदपूर्वक रा दाने (अदा.) धातु, रुचि+रा+क[६] (अ), आकारलोप= रुचिर ।

अथवा रोचते इति *(प्रकाशित हुन्छ)* रुच दीप्तावभिप्रीतौ च (भ्वा.) धातु, रुच्+किरच्[७] (इर)= रुचिर ।

सुन्दरं रुचिरं चारु- इत्यमरः

शब्दार्थ- सुन्दर, चारु, शोभन, कान्त, मनोहर, चम्किलो, रुचिकर ।

रुच्यः (वि.) रोचते इति *(रुचि लाग्छ)* रुच दीप्तावभिप्रीतौ च (भ्वा.) धातु, रुच्+क्यप्[८] (य), कर्तामा= रुच्य ।

शब्दार्थ- रुचि लाग्ने, खान मन लाग्ने ।

रुण्डः (ना./पुं.) रुण्डति छिनत्तीति *(शिर छेदन गर्छ)* रुडि स्तेये (भ्वा.) धातु, नुम्, रुण्ड्+अच् (पचादि)= रुण्ड ।

शब्दार्थ- शिर नभएको शरीर, टाउकोरहित शरीर, धडमात्र, शिर काटिएको कबन्ध, छिन्नमस्तक ।

रुतः (वि./ना./न.) रौति स्म इति *(रोएको, शब्द गरेको)* रु शब्दे (अदा.) धातु, रु+क्त (त), कर्ता र भावमा= रुत

शब्दार्थ- क्रन्दन वा चित्कार गरेको, कोलाहल मच्चाएको, रोएको, चिच्याएको, पशुपक्षी आदिको कोलाहल, पन्छी बासेको आवाज ।

रुदितः (वि.) रोदिति स्म इति *(रोएको)* रुदिर् अश्रुविमोचने (अदा.) धातु, रुद्+क्त (त), इडागम=रुदित ।

शब्दार्थ- रोएको, क्रन्दन गरेको, चिच्याएको, क्रन्दित, आँसु खसालेको ।

रुद्धः (वि.) रुध्यते स्म इति *(रोकिएको, छेकिएको)* रुधिर् आवरणे (रुधा.) धातु, रुध्+क्त (त), तको ध, जश्त्व =रुद्ध ।

शब्दार्थ- रोकिएको, अवरुद्ध, घेरिएको, बाधा पुऱ्याइएको, बाटो थुनिएको, कण्ठ अवरुद्ध भएको ।

रुद्रः (ना./पुं./वि.) रोदयति असुरान् *(असुरहरूलाई पीडा दिन्छन्)* रुदिर् अश्रुविमोचने (अदा.) धातु, रुद्+णिचि +रक्[९] (र), णिलुक्= रुद्र ।

अथवा रुदं राति ददातीति *(शब्द गर्छन्)* रा दाने (अदा.) धातु, रुद्+रा+क (अ)= रुद्र ।

अथवा रुरुद् वा दुःखं, तद्रावयतीति *(दुःख हटाउँछन्)* रु/रुद् उपपदमा हुने द्रु गतौ (भ्वा.) धातु, रु/रुद्+द्रु+णिचि+ड (अ), टिलोप, णिलोप= रुद्र ।

शब्दार्थ- शिवको रौद्ररूप, शिव, शङ्कर, देवताहरूका उत्पत्तिकर्ता रुद्र, एकादश रुद्रगण, गणदेवता, दुष्टसंहारक, दुःखहर्ता, डरलाग्दो, भीषण, भयङ्कर ।

द्रष्टव्य- **यो देवानां प्रभवश्चोद्भवश्च विश्वाधीपो रुद्रो महर्षिः- श्वेता.उ.३/४**

रुद् दुःखं दुःखहेतुर्वा तद्रावयति यः प्रभुः । रुद्र इत्युच्यते तस्मात् शिवः परमकारणम्- शि.पु.(कै.सं ९/१३)

---

१. युजिरुचितिजाम्... : मक्, कुत्व

२. ओदितश्च : तको न

३. इगुपधात् कित् : इन्

४. कृञो हेतुताच्छील्य... : ट

५. ण्वुल्तृचौ : ण्वुल्

६. आतोऽनुपसर्गे... : क

७. इषिमदिमुदि... : किरच्

८. राजसूयमृषोद्यरुच्य... : क्यप्

९. रोदेर्णिलुक्च : रक्, णिलुक्

रुद्राणी (ना./स्त्री.) रुद्रस्य स्त्री *(रुद्रकी पत्नी)* रुद्र+ङीष् (ई), आनुक् आगम, दीर्घ, णत्व= रुद्राणी ।

शिवा भवानी रुद्राणी शर्वाणी सर्वमङ्गला- इत्यमरः

शब्दार्थ- माता, पार्वती, दुर्गा, अम्बिका, भवानी, शर्वाणी, रुद्रकी पत्नी ।

रुद्राक्षः (ना./पुं.) रुद्रस्य अक्षी इव *(रुद्रको आँखाझैं)* उप.क.त.स., दीर्घ, रुद्राक्षि+अच्[१] (अ), समासान्त =रुद्राक्ष ।

अथवा रुद्रस्य अक्षि अस्ति अस्मिन् *(रुद्रको आँखोरूप छ यसमा)* रुद्र+अक्षि+अच् (अर्शादि),टिलोप=रुद्राक्ष ।

शब्दार्थ- एक प्रकारको वृक्ष, जसको फलको माला वनाइन्छ, रुद्राच्छे, रुद्राक्षनामक वृक्ष ।

द्रष्टव्य- **रुद्राक्षं शिवलिङ्गञ्च स्थूलं स्थूलं विशिष्यते**
शालग्रामो नार्मदञ्च सूक्ष्मः सूक्ष्मो विशिष्यते- मेरुतन्त्र
एकवक्त्रं तु रुद्राक्षं परतत्त्वस्वरूपकम्-
अर्थात् एकमुखी रुद्राक्ष परतत्त्व परब्रह्मस्वरूप शिव हुन् ।

रुद्राभिषेकः (ना./पुं.) रुद्राय अभिषेकः *(रुद्रका लागि अभिषेक)* च.त.स.= रुद्राभिषेक ।

शब्दार्थ- शिवजीका लागि चढाइने जलधारा, शिवलिङ्गमा चढाइने जलधारा ।

रुद्री (ना./पुं./स्त्री.) रोदयति असुरान् *(असुरहरूलाई पीडा दिन्छन्)* रुदिर् अश्रुविमोचने (अदा.) धातु, रुद्+णिचि+रक् (र) णिलोप, रुद्रः । रुद्रः रुद्रस्तुतिः अस्ति अस्मिन्/अस्याम् वा *(रुद्रको स्तुतिपाठ छ यसमा)* रुद्र+इनि (इन्)= रुद्री ।

अथवा रुद्रः देवता अस्ति अस्याम् *(यसमा रुद्र देवताको स्तुति छ)* रुद्र+ङीष् (ई)= रुद्री ।

शब्दार्थ- शिवजीको स्तुतिपरक मन्त्रहरू भएको रुद्राध्याय, शिवलिङ्गमा जलधारा दिँदै पाठ गरिने यजुर्वेदीय रुद्रस्तुति ।

रुधिरः (ना./पुं./न.) रुणद्धि, रुध्यते इति *(रोक्छ, ढाकिन्छ)* रुधिर् आवरणे (रुधा.) धातु, रुध्+किरच्[२] (इर) =रुधिर ।

शब्दार्थ- रगत, रक्त, शोणित, केसर, मङ्गलग्रह, भौम, कुमकुम, रातो रङ् ।

रुरुः (ना./पुं.) रौतीति *(शब्द गर्छ)* रु शब्दे (अदा.) धातु, रु+क्रुन् (रु)= रुरु ।

रुरुर्ना मृगदैत्ययोः- इति मेदिनी

शब्दार्थ- मृगविशेष, कृष्णासार मृग, दैत्यविशेष ।

रुषितः/रुष्टः (वि.) रुष्यते स्म इति *(रिसाएको)* रुष हिंसार्थे (भ्वा./दिवा.) धातु, रुष्+क्त (त), इडागम[३], विकल्पले= रुषित । इडाभावमा, ष्टुत्व= रुष्ट ।

शब्दार्थ- रिसाएको, क्रुद्ध भएको, नाराज भएको, कुपित ।

रुष्टता (ना./स्त्री.) रुष्टस्य भावः *(क्रुद्ध हुनाको भाव वा अवस्था)* रुष्ट+तल् (त)+टाप् (आ)= रुष्टता ।

शब्दार्थ- क्रुद्धपना, कुपित अवस्था, नाराजपन ।

रूक्षः (वि.) रूक्षयतीति *(रूखो वा खस्रो हुन्छ)* रूक्ष पारुष्ये (चुरा.) धातु, रूक्ष्+अच् (पचादि)= रूक्ष ।

शब्दार्थ- खस्रो, रूखो, चिल्लो नभएको, सुकेको, कठोर, कर्कश, स्नेह नभएको ।

रूढः (वि.) रोहति स्म इति *(पैदा भएको)* रुह वीजजन्मनि प्रादुर्भावे च (भ्वा.) धातु, रुह्+क्त[४] (त), कर्तामा, हको ढ[५], तको ध[६], धको ष्टुत्व ढ, रुढ्ढ, पूर्व ढको लोप, रुको दीर्घ= रूढ ।

शब्दार्थ- उम्रेको, पैदा भएको, टुसाएको, अङ्कुरित, उत्पन्न भएको, प्रसिद्ध, प्रचलनमा आएको, प्रचलित, वढेको ।

रूढिः (ना./स्त्री.) रुह्यते इति *(उम्रिनु)* रुह वीजजन्मनि प्रादुर्भावे च (भ्वा.)धातु, रुह्+क्तिन्[७] (ति), हको ढ[५], तको ध[६], धको ष्टुत्व ढ, पूर्व ढको लोप, रुको दीर्घ= रूढि ।

शब्दार्थ- परम्परागत प्रथा, चालचलन, रीतिरिवाज, परम्परा, प्रादुर्भाव, जन्म, उत्पत्ति, प्रसिद्धि, ख्याति, समृद्धि, वृद्धि, विकास, प्रवर्धन ।

रूढिवादः (ना./पुं.) रूढेर्वादः *(परम्परागत प्रचलनको समर्थन गर्ने वाद)* ष.त.स.= रूढिवाद ।

शब्दार्थ- परम्परागत रीतिरिवाज वा प्रचलन यथास्थितिमा नै मान्नुपर्छ भन्ने विचार वा सिद्धान्त ।

रूढिवादी (वि.) रूढिवादः अस्यास्तीति *(रुढिवादसम्बन्धी मत छ यसको)* रूढिवाद+इनि[८] (इन्), अकारलोप, रूढिवादिन्= रूढिवादी ।

शब्दार्थ- रूढिवादको अनुयायी, रूढिवाद मान्ने, रूढिवादको अनुसरण गर्ने ।

रूपम् (ना./न.) रूयते, स्तूयते कीर्त्यते रौतीति वा *(प्रशंसा वा शब्द गरिन्छ, गर्छ)* रु शब्दे (अदा.) धातु, रु+प[९], दीर्घ, उणा. =रूप ।

अथवा रोपयति विमोहयतीति *(मोहित पार्छ)* रुप विमोहने (दिवा.) धातु, रुप्+अच् (पचादि), दीर्घ=रूप ।

अथवा रूपयतीति *(रूप पैदा गर्छ)* रूप रूपकरणे (चुरा.) धातु, रूप्+अच् (पचादि)= रूप ।

रूपं स्वभावे सौन्दर्ये नामगे पशुशब्दयोः
ग्रन्थावृत्तौ नाटकादावाकारश्लोकयोरपि- इति मेदिनी
रूपं शब्दो गन्धरसस्पर्शाश्च विषया अमी- इत्यमरः

शब्दार्थ- रूप, सुन्दरता, सौन्दर्य, लालित्य, लावण्य, आकृति, अनुहार, शरीर, पहिरन, नाटक, विविध रङ्, शब्द, तेजतत्त्वको विषय, शब्दको रूप तथा रूपान्तर, समानता, स्वरूप, स्वभाव, नेत्रेन्द्रियको विषय ।

द्रष्टव्य- **क्षणे क्षणे यन्नवतामुपैति तदेव रूपं रमणीयतायाः** - छिनछिनमा नयाँ नयाँ लाग्ने र जति हेर्‍यो उति राम्रो लाग्ने कुरा नै रमणीयताको रूप सौन्दर्य हो ।

---

[१] अक्ष्णोऽदर्शनात् : अच्
[२] इषिमदिमुदि... : किरच्
[३] रुष्यमत्वर... : इडागम
[४] गत्यर्थाकर्मक... : क्त
[५] हो ढः : ढ
[६] झषस्तथोर्धो धः : तको ध
[७] स्त्रियां क्तिन् : क्तिन्
[८] अत इनिठनौ : इनि
[९] खष्पशिल्पशष्प... : प, दीर्घ

रूपकम् (ना./न.) रूपयतीति *(रूप पैदा गर्छ)* रूप रूपक्रियायाम् (चुरा.) धातु, रूप्+ण्वुल्[१] (अक)= रूपक । अथवा रूपमेव *(रूप नै)* रूप+कन् (क), स्वार्थमा =रूपक ।

रूपकं नाटके मूर्तौ काव्यालङ्करणेऽपि च- इति मेदिनी

शब्दार्थ- अर्थालङ्कारको एउटा प्रकार, रूपक अलङ्कार, दृश्यकाव्य, अभिनय गरेर देखाइने काव्य, नाटकविशेष, आकृति, अनुहार, मूर्ति ।

रूपधारी (वि.) रूपं धर्तुं शीलमस्य *(रूप धारण गर्ने शील छ यसको)* रूप उपपदपूर्वक धृञ् धारणे (भ्वा.) धातु, रूप+धृ+णिनि[२] (इन्), वृद्धि, रूपधारिन्= रूपधारी ।

शब्दार्थ- रूप धारण गर्ने, विविध रूप लिने, अभिनय गर्दा रूप वदल्ने, आकृति परिवर्तन गर्ने, सौन्दर्यशाली ।

रूपमयः (वि.) प्रकृतं प्रचुरं रूपम् *(धेरै प्रचुररूप)* रूप+मयट्[३] (मय)= रूपमय ।

शब्दार्थ- रूपैरूपले युक्त, अतिसुन्दर, ज्यादै राम्रो, सौन्दर्यले परिपूर्ण ।

रूपराशिः (ना./पुं.) रूपस्य सौन्दर्यस्य राशिः *(रूपको राशि)* ष.त.स.= रूपराशि ।

शब्दार्थ- रूपको खानी, रूपको थुप्रो, सौन्दर्यको राशि ।

रूपरेखा (ना./स्त्री.) रूपस्य रेखा *(रूपको रेखा वा खाका)* ष.त.स.= रूपरेखा ।

शब्दार्थ- कुनै कामको पूर्वानुमान, कुनै कार्यको लागि खाका तयार गर्ने काम, पूर्वयोजना, मस्यौदा गर्ने काम ।

रूपवती (वि.) प्रशस्तं रूपमस्याः अस्तीति *(यस स्त्रीको ज्यादै राम्रो रूप छ)* रूप+मतुप्[४] (मत्), मको व, रूपवत्+ङीप् (ई)= रूपवती ।

शब्दार्थ- धेरै राम्रो रूप भएकी, अत्यन्तै सुन्दरी, ज्यादै राम्री, अतिसुन्दरी ।

रूपवान् (वि.) प्रशस्तं रूपमस्य अस्तीति *(यसको ज्यादै राम्रो रूप छ)* रूप+मतुप्[४] (मत्), मको व, रूपवत् =रूपवान् ।

शब्दार्थ- धेरै राम्रो, अतिसुन्दर, राम्रो रूप भएको, सौन्दर्यशाली ।

रूपसादृश्यम् (ना./न.) सदृश्यस्य भावः *(सदृश वा तुल्य हुनाको भाव वा अवस्था)* सदृश+ष्यञ् (य), आदिवृद्धि, सादृश्यम् । रूपस्य सादृश्यम् *(रूपको सादृश्य)* ष.त.स.= रूपसादृश्य ।

शब्दार्थ- रूपको तुल्यता, रूपको समानता ।

रूपसाधनम् (ना./न.) रूपस्य साधनम् *(रूपको प्रसाधन)* ष.त.स.= रूपसाधन ।

शब्दार्थ- रूपसौन्दर्य वढाउने प्रसाधन, शव्दहरूको रूप निर्माण-प्रक्रिया ।

रूपहीनः (वि.) रूपेण हीनः *(रूपले रहित)* तृ.त.स. =रूपहीन ।

शब्दार्थ- रूप नभएको, सौन्दर्य नभएको ।

रूपाङ्गनम् (ना./न.) रूपस्य अङ्गनम् *(रूपको अङ्गन)* ष.त.स., दीर्घ= रूपाङ्गन ।

शब्दार्थ- कुनै कुराको रूपरेखा तयार गर्ने काम, कुनै कार्यको ढाँचा तयार गर्ने काम ।

रूपान्तरम् (ना./न.) रूपस्य अन्तरम् *(रूपको अन्तर वा भिन्नता)* ष.त.स., दीर्घ= रूपान्तर ।

शब्दार्थ- एकरूपवाट अर्को रूपमा वदल्ने काम, भिन्न रूप देखाउने काम ।

रूपान्तरणम् (ना./न.) रूपस्य अन्तरणम् *(रूपको अन्तर वा परिवर्तन)* ष.त.स., दीर्घ= रूपान्तरण ।

शब्दार्थ- रूपान्तर गर्ने काम, अनुवाद, उल्था गर्ने काम, एक रूपवाट अर्को रूपमा वदल्ने वा परिवर्तन गर्ने काम, एउटा अवस्था वा स्थितिवाट अर्कोमा लैजाने काम ।

रूपान्तरितः (वि.) रूपान्तरं सञ्जातमस्य *(रूपान्तर भएको छ यसको)* रूपान्तर+इतच्[५] (इत), अकारलोप =रूपान्तरित ।

शब्दार्थ- रूप वदलिएको, रूप परिवर्तन गरिएको, रूपान्तर भएको ।

रूपायितः (वि.) अरूपं रूपं भवति *(रूप नभएको रूप हुन्छ)* रूप+क्यङ्[६] (य), दीर्घ, रूपाय (नामधातु पद) । रूपायति स्म इति *(रूपान्तरित भएको)* रूपाय यस नामधातुवाट रूपाय+क्त (त), इडागम, अकारलोप =रूपायित ।

शब्दार्थ- चित्रित, रूपान्तरित, एकरूपवाट अर्को रूप लिएको, व्याकरणमा विभक्ति प्रत्यय लाग्नाले नयाँ रूप वदलिएको ।

रूपिणी (वि.) प्रशस्तं रूपमस्याः अस्तीति *(यस स्त्रीको ज्यादै राम्रो रूप छ)* रूप+इनि[७] (इन्), अकारलोप, रूपिन्+ङीप् (ई), रुपिनी, णत्व= रूपिणी ।

शब्दार्थ- राम्रो रूप भएकी, रूपवती, सुन्दरी, ज्यादै राम्री ।

रूपी (वि.) प्रशस्तं रूपमस्यास्तीति *(धेरै राम्रो रूप छ यसको)* रूप+इनि (इन्), अकारलोप, रूपिन्= रूपी ।

शब्दार्थ-राम्रो रूप भएको, सुन्दर, राम्रो रूपधारी, रूपवान्

रूप्यम् (ना./न./वि.) रूप्यते इति *(सुन्दर वन्नु)* रूप रूपक्रियायाम् (चुरा.) धातु, रूप्+णिचि+यत्[८] (य), णिलोप= रूप्य । अथवा आहतं रूपमस्यास्तीति *(पिटेर बनाएको रूप छ यसको)* वा प्रशस्तं रूपमस्यास्तीति *(पर्याप्त रूप छ यसको)* रूप+यप्[९] (य)= रूप्य ।

रूप्यः स्यात् सुन्दरे त्रिषु ।
आहतस्वर्णरजते रजते च नपुंसकम्- इति मेदिनी

---

१. ण्वुल्तृचौ : ण्वुल्
२. सुप्यजातौ... : णिनि
३. तत्प्रकृतवचने... : मयट्
४. रसादिभ्यश्च... : मतुप्
५. तदस्य सञ्जातम्...: इतच्
६. कर्तुः क्यङ् सलोपश्च : क्यङ्
७. व्रत इनिठनौ : इनि
८. अचो यत् : यत्
९. रूपादाहतप्रशंसयो... : यप्

दुर्वर्णं रजतं रूप्यम्- इत्यमरः

शब्दार्थ- सुनका मुद्रा, चाँदीका मुद्रा, रुपैयाँ, मोहर, सुन्दर, मनोहर ।

रूप्यकम् (ना./न.) रूप्यमेव *(रुपियाँ नै)* रूप्य+कन् (क), स्वार्थमा= रूप्यक ।

शब्दार्थ- रुपैयाँ, मोहर, मुद्रा ।

रूपवद्भार्यः (वि.) रूपवती भार्या यस्य *(जसकी श्रीमती सुन्दर रूप भएकी छ)* ब.स., पुंवद्भाव[1], भार्याको ह्रस्व= रूपवद्भार्य ।

शब्दार्थ- रूपवती पत्नी भएको, जसकी श्रीमती ज्यादै रूपवती छ, (त्यस्तो पति) ।

रेखा (ना./स्त्री.) लिख्यते इति *(लेखिन्छ)* लिख अक्षरविन्यासे (तुदा.) धातु, लिख्+अङ्[2] (अ), गुण, लेख+टाप् (आ), लेखा, र तथा लको अभेदसम्बन्ध हुँदा लको र= रेखा ।

शब्दार्थ- पङ्क्ति, श्रेणी, राजि, आकार, रूप, हस्तरेखा, चिन्ह, रेखाचित्र ।

रेखाकारः (वि.) रेखा आकारः यस्य *(रेखा आकार छ जसको)* ब.स., दीर्घ= रेखाकार ।

शब्दार्थ- रेखाको आकृति भएको, रेखायुक्त, रेखामय, रेखैरेखा भएको ।

रेखाङ्कनम् (ना./न.) रेखया अङ्कनम् *(रेखाले खाका बनाउने काम)* तृ.त.स., दीर्घ= रेखाङ्कन ।

शब्दार्थ- चित्र आदि बनाउन रेखा कोरेर खाका बनाउने काम, रूपरेखा तयार गर्ने काम ।

रेखाङ्कितः (वि.) रेखया अङ्कितः *(रेखाले अङ्कित गरिएको)* तृ.त.स., दीर्घ= रेखाङ्कित ।

शब्दार्थ- रेखा कोरेर खाका तयार गरिएको, रेखाङ्कित गरिएको ।

रेखाचित्रम् (ना./न.) रेखायाः चित्रम् *(रेखाको चित्र)* ष.त.स.= रेखाचित्र ।

अथवा रेखया चित्रम् *(रेखाद्वारा खिचिएको चित्र)* तृ.त.स.= रेखाचित्र ।

शब्दार्थ-रेखाद्वारा तयार गरिएको चित्र, रेखैरेखाको चित्र ।

रेखाचित्रणम् (ना./न.) रेखया चित्रणम् *(रेखाद्वारा चित्र खिच्ने काम)* तृ.त.स.= रेखाचित्रण ।

शब्दार्थ- रेखाद्वारा चित्र बनाउने काम, रेखाचित्र, रेखाद्वारा खाका खिच्ने काम ।

रेखात्मकः (वि.) रेखा आत्मा यस्य *(जसको रेखा नै मुख्य छ)* रेखा+आत्मन्, ब.स., दीर्घ, रेखात्मन्+कप् (क), समासान्त, नलोप= रेखात्मक ।

शब्दार्थ-रेखा भएको, रेखा नै प्रमुख भएको, धर्कैधर्का भएको ।

रेखाबन्धः (ना./पुं.) रेखया बन्धः *(रेखाद्वारा सीमा अङ्कन गर्ने काम)* तृ.त.स.= रेखाबन्ध ।

शब्दार्थ- रेखाद्वारा सीमा बाँध्ने काम, रेखाद्वारा सीमा छुट्ट्याउने काम, सीमाङ्कन ।

रेखामात्रः (वि.) रेखा प्रमाणमस्य *(रेखा प्रमाण छ यसको)* रेखा+मात्रच्[3] (मात्र)= रेखामात्र ।

शब्दार्थ- सीमारेखा भएको, रेखाप्रमाण भएको ।

रेचकः (वि.) रेचयतीति *(त्याग गर्छ)* रिचिर् विरेचने (रुधा.) धातु, रिच्+णिचि+ण्वुल्[4] (अक), गुण, णिलोप =रेचक ।

शब्दार्थ- मलमूत्र त्याग गर्ने, पेट सफा गर्ने, प्राणायाम विधिद्वारा श्वास बाहिर निकाल्ने, जुलाफ गर्ने ।

द्रष्टव्य-श्वास बाहिर फाल्ने बहिःश्वसन प्रक्रिया **रेचक** हो,
श्वास रोकिराख्ने प्रक्रिया **कुम्भक** हो,
श्वास भित्र तान्ने अन्तःश्वसन प्रक्रिया **पूरक** हो ।

रेचनम् (ना./न.) रिच्यते इति *(त्यागिन्छ, रिक्त गरिन्छ)* रिचिर् विरेचने (रुधा.) धातु, रिच्+ल्युट् (अन), गुण =रेचन ।

शब्दार्थ- मलमूत्र त्याग गर्ने काम, पेट खाली पार्ने काम, विरेचन, प्राणायाम गर्दा श्वास बाहिर निकाल्ने प्रक्रिया ।

रेचितः (वि./ना./न.) रिच्यते स्म इति *(रिक्त गरिएको)* रिचिर् विरेचने (रुधा.) धातु, रिच्+णिचि, गुण, रेचि+क्त (त), णिलोप, इडागम= रेचित ।

शब्दार्थ- खाली गरिएको, पेट रित्तो बनाइएको, मलमूत्र त्यागिएको, घोडाको गति वा चाल ।

रेणुः (ना./पुं./स्त्री.) रिणाति, रीयते इति वा *(चलायमान हुन्छ वा हुनु)* री गतिरेषणयोः (क्र्या.) वा रीङ् स्रवणे (दिवा.) धातु, री+णु[5], उणा., गुण= रेणु ।

रेणुर्द्वयोः स्त्रियां धुलिः पांशुर्ना न द्वयो रजः- इत्यमरः

शब्दार्थ- धूलो, कण, रज, पांशु, धूलोको कण, चूर्ण, बालुवा ।

रेणुका (ना./स्त्री.) रेणुरस्याः अस्तीति *(रेणु छ यसको)* रेणु+ठन्[6] (इक), ठन्को क आदेश[7], रेणुक+टाप् (आ) =रेणुका ।

अथवा रेणुरेव *(रेणु नै)* रेणु+कन्[8] (क), स्वार्थमा, रेणुक+टाप् (आ)= रेणुका ।

शब्दार्थ- बालुवा, धूलकण, धूलो, जमदग्नि ऋषिकी पत्नी, परशुरामकी आमा ।

रेतः (ना./न.) रीयते, रिणाति क्षरतीति वा *(चुहुनु, चुहुन्छ, फाल्छ)* री गतिरेषणयोः (क्र्या.) धातु, री+असुन्[9] (अस्), तुडागम, उणा., गुण, रेतस्= रेत ।

शुक्रं तेजोरेतसी च बीजवीर्येन्द्रियाणि च- इत्यमरः

शब्दार्थ- शुक्र, बीज, वीर्य, तेज, इन्द्रिय ।

---

[1] स्त्रियाः पुंवद्भाषित... : पुंवद्भाव
[2] षिद्भिदादिभ्यश्च : अङ्
[3] प्रमाणे द्वयसज्... : मात्रच्
[4] ण्वुल्तृचौ : ण्वुल्
[5] अजिवृरीभ्यो... : णु
[6] व्रीह्यादिभ्यश्च : ठन्
[7] इसुसुक्तान्तात्... : ठन्को क
[8] संज्ञायां कन् : कन्
[9] सुरीभ्यां तुद् च : असुन्, तुडागम

रेप: (ना./पुं./वि.) रपति, रप्यते इति वा *(व्यभिचार गर्छ)* रप व्यक्तायां वाचि (भ्वा.) धातु, रप्+असुन्[१] (अस्), 'र'का अको एत्व, रेपस्= रेप ।

अथवा रेपतीति *(निन्दित कर्म गर्छ)* रेपृ गतौ (भ्वा.) धातु, रेप्+घञ् (अ)= रेप ।

अथवा रीयते इति *(निन्दित कर्म गर्नु)* री गतिरेषणयोः (क्र्या.) धातु, री+प (बहुलप्रकारले), गुण= रेप ।

अथवा रेप्यते गम्यते इति *(बलत्कार वा रेप गर्छ)* रेप गमने (शव्दकल्पद्रुमबाट) रेप्+घञ् (अ), गुण= रेप ।

रेपःस्यात् निन्दिते क्रूरे- इति विश्वः

शब्दार्थ- निन्दनीय कर्म, घृणित कार्य, वलात्कार गर्ने, निन्दित कर्म गर्ने, व्यभिचारी, अवैध कर्म गर्ने, नीच, अधम, निष्ठुर, क्रूर, कृपण ।

रेफ: (ना./पुं.) रिफ्यते इति *(निन्दित कर्म गर्नु)* रिफ कत्थनयुद्धनिन्दाहिंसादानेषु (तुदा.) धातु, रिफ्+घञ् (अ), गुण= रेफ ।

अथवा 'र' यस्तो वर्ण निर्देशनमा 'र' प्रातिपदिकवाट र+इफन्[२] (इफ), स्वार्थमा, गुण= रेफ ।

शब्दार्थ- कुत्सित कर्म, अवद्यकर्म, अधम, निकृष्ट, रवर्ण, रअक्षर ।

रेवती (ना./स्त्री.) रेवते इति *(द्रुतगति लिन्छ)* रेवृ प्लवगतौ (भ्वा.) धातु, रेव्+अतच् (अत), रेवत+ङीष् (ई)= रेवती ।

रेवती हलिपत्न्यां स्यात्ताराभिन्मातृभेदयोः- इत्यमरः

रेवतीरमणो रामः- इत्यमरः

शब्दार्थ- सत्ताईस नक्षत्रमध्ये एक, अन्तिम नक्षत्र, वलरामकी पत्नी ।

रेवा (ना./स्त्री.) रेवते असौ *(द्रुतगतिले बहन्छ यो)* रेवृ प्लवगतौ (भ्वा.) धातु, रेव्+अच् (पचादि)+टाप् (आ) =रेवा ।

शब्दार्थ- रेवानदी, नर्मदानदी ।

रैवत: (ना./पुं.) रेवत्याः अदूरः पर्वतः *(रेवतीको समीपमा रहेको पहाड)* रेवती+अण् (अ), आदिवृद्धि= रैवत ।

अथवा रेवत्यः गावः तासामयम् *(गाईहरूको यो)* रेवती+अण् (अ), आदिवृद्धि= रैवत ।

शब्दार्थ- द्वारका नजिकैको पहाड, घाँसिलो पहाड, शङ्कर ।

रैवतक: (ना./पुं.) रैवतः एव *(रैवत नै)* रैवत+कन् (क), स्वार्थमा= रैवतक ।

शब्दार्थ- द्वारका नजिकैको पहाड ।

रैवतिक: (ना./पुं.) रेवत्याः अपत्यं पुमान् *(रेवतीका पुरुष सन्तति)* रेवती+ठक्[३] (इक)= रैवतिक ।

शब्दार्थ- रेवतीका सन्तति ।

रोग: (ना./पुं.) रुज्यते अनेन *(रोगिन्छ यसबाट)* वा रुजति, रुज्यते इति *(रोगी हुन्छ, रोगिन्छ)* रुजो भङ्गे (तुदा.) वा रुज हिंसायाम् (चुरा.) धातु, रुज्+घञ्[४] (अ), कर्ता र भावमा, गुण, कुत्व= रोग ।

शब्दार्थ- रोग लाग्ने काम, व्याधि, पीडा, व्यथा, विरामी हुने काम, मनको ताप, रोग ।

रोगग्रस्त: (वि.) रोगेण ग्रस्तः *(रोगले ग्रस्त पारेको)* तृ.त.स.= रोगग्रस्त ।

शब्दार्थ- रोग लागेको, रोगले ग्रस्त पारेको, ज्यादै रोगी, अस्वस्थ ।

रोगनाशक: (ना./पुं.) रोगं नाशयतीति *(रोगलाई नष्ट गर्छ)* रोग उपपदपूर्वक णश अदर्शने (दिवा.) धातु, रोग+नश्+णिचि, वृद्धि, रोगनाशि+ण्वुल्[५] (अक), णिलोप= रोगनाशक ।

शब्दार्थ- रोग नाश गर्ने वस्तु, रोग हटाउने पदार्थ ।

रोगप्रतिकार: (वि./ना./पुं.) रोगं प्रतिकरोति, रोगः प्रतिक्रियते इति वा *(रोगको प्रतिकार गर्छ, रोग प्रतिकार गरिन्छ)* रोग उपपदमा हुने प्रतिपूर्वक डुकृञ् करणे (तना.) धातु, रोग+प्रति+कृ+अण्[६]/घञ् (अ), वृद्धि= रोगप्रतिकार ।

शब्दार्थ- रोगको प्रतिकार गर्ने, रोग रोकथाम गर्ने, रोगको उपचार, रोगको चिकित्सा ।

रोगमुक्त: (वि.) रोगात्मुक्तः *(रोगबाट मुक्त भएको)* प.त.स.= रोगमुक्त ।

शब्दार्थ- रोगबाट मुक्त भएको, रोगबाट छुटेको ।

रोगिणी (ना./स्त्री.) रोगः अस्याः अस्तीति *(रोग छ यस स्त्रीको)* रोग+इनि[७] (इन्), अकारलोप, रोगिन्+ङीप् (ई), णत्व= रोगिणी ।

शब्दार्थ- रोग भएकी स्त्री, रोगी आइमाई ।

रोगी (वि.) रोगः अस्य अस्तीति *(रोग छ यसको)* रोग+इनि (इन्), अकारलोप, रोगिन्= रोगी ।

शब्दार्थ- रोग लागेको, रोग भएको, रुग्ण, व्याधिग्रस्त, रोगग्रस्त ।

रोचक: (वि.) रोचते इति *(प्रकाशित हुन्छ, रुचि लाग्छ)* रुच दीप्तावभिप्रीतौ च (भ्वा.) धातु, रुच्+ण्वुल्[५] (अक), गुण= रोचक ।

अथवा रोचयतीति *(रुचि प्रदान गर्छ)* रुच्+णिचि+ण्वुल् (अक), णिलोप, गुण= रोचक ।

शब्दार्थ- रुचि लाग्ने, रचिकर, आकर्षक, प्रकाशित गर्ने, दीप्तिकार, भोक लगाउने, खान रुचाउने, क्षुधा जगाउने

रोचिस् (रोचिः) (ना./न.) रोचतेऽनेन *(यसद्वारा प्रकाशित हुन्छ)* रुच दीप्तावभिप्रीतौ च (भ्वा.) धातु, रुच्+इसि[८] (इस्), गुण, रोचिस्= रोचि ।

रोचिः शोचिरुभे क्लीवे- इत्यमरः

शब्दार्थ- प्रभा, कान्ति, शोभा, दीप्ति, प्रकाश ।

---

[१] रपेरत एच्च : असुन्, एत्व
[२] रादिफः (ग.) : इफन्
[३] रेवत्यादिभ्यश्च : ठक्
[४] पदरुजविष... : घञ्
[५] ण्वुल्तृचौ : ण्वुल्
[६] कर्मण्यण् : अण्
[७] अत इनिठनौ : इनि
[८] अर्चिसुचिहु... : इसि

रोदनम् (ना./न.) रोदनम्, रुद्यते इति *(रोदन वा क्रन्दन गर्नु)* रुदिर् अश्रुविमोचने (अदा.) धातु, रुद्+ल्युट् (अन)= रोदन ।

शब्दार्थ- क्रन्दन, चित्कार, रोदन ।

रोधः (ना./पुं.) रुध्यते इति *(रोकिन्छ)* रुधिर् आवरणे (रुधा.) धातु, रुध्+घञ् (अ), गुण= रोध ।

शब्दार्थ-रोक्ने काम, प्रतिरोध गर्ने काम, वाधा, रोकावट ।

रोधः (रोधस्) (ना./न.) रुणद्धीति *(रोक्छ)* रुधिर् आवरणे (रुधा.) धातु, रुध्+असुन्[१] (अस्), उणा., रोधस्=रोध ।

कुलं रोधश्च तीरञ्च प्रतीरञ्च तटं त्रिषु- इत्यमरः

शब्दार्थ- तीर, तट, नदीको किनार, नदीतट ।

रोधकः (वि.) रुणद्धीति *(रोक्छ)* रुधिर् आवरणे (रुधा.) धातु, रुध्+ण्वुल् (अक), गुण= रोधक ।

शब्दार्थ- प्रतिरोध गर्ने, रोक्ने, थुन्ने, छेक्ने, अवरोधक ।

रोधनम् (ना./न.) रुध्यते इति *(रोकिन्छ)* रुधिर् आवरणे (रुधा.) धातु, रुध्+ल्युट् (अन), गुण= रोधन ।

शब्दार्थ- रोक्ने काम, अवरोध गर्ने काम, छेकथुन गर्ने काम, नियन्त्रण, प्रतिवन्ध ।

रोपः (ना./पुं.) रोप्यते अनेन इति *(लट्ठ पारिन्छ यसद्वारा)* रुप विमोहने (दिवा.) धातु, रुप्+णिचि, गुण, रोपि+घञ् (अ), णिलोप= रोप ।

अथवा रोप्यते इति *(रोपिन्छ)* रुह बीजजन्मनि प्रादुर्भावे च (भ्वा.) धातु, रुह्+णिचि+घञ् (अ), हको प[२], गुण, णिलोप= रोप ।

रोपो रोपणवाणयोः- इति विश्वः

कलम्बमार्गणशराः पत्री रोप इषुर्द्वयोः- इत्यमरः

शब्दार्थ- रोप्ने काम, वोटविरुवा सार्ने काम, रोकावट, वाण, इषु, शर, लट्ठ पार्ने काम, मोहित पार्ने क्रिया ।

रोपणम् (ना./न.) रोपणम्, रोप्यते इति *(रोपिन्छ)* रुह बीजजन्मनि प्रादुर्भावे च (भ्वा.) धातु, रुह+णिचि, हको प[२], गुण, रोपि+ल्युट् (अन), णत्व= रोपण ।

शब्दार्थ- रोप्ने काम, वोटविरुवा लगाउने वा सार्ने काम, घोच्ने क्रिया ।

रोम (ना./न.) रोहतीति *(उम्रन्छ)* रुह बीजजन्मनि प्रादुर्भावे च (भ्वा.) धातु, रुह+मनिन्[३] (मन्), उणा., धातुका हकारको लोप, गुण, रोमन्= रोम ।

अथवा रौतीति *(शब्द गर्छ)* रु शब्दे (अदा.) धातु, रु+मनिन् (मन्), गुण, रोमन्= रोम ।

शब्दार्थ- रौं, केश, भुत्ला, भुवा, प्वाँख, स्यापना गर्ने क्रिया ।

रोमकूपः (ना./पुं.) रोम्णां कूपः *(रौंहरूको प्वाल)* ष.त.स. =रोमकूप ।

शब्दार्थ- रौं उम्रेको ठाउँमा हुने मसिना प्वाल, लोमकूप ।

रोमवान् (वि.) रोमाणि सन्ति अस्य *(रौंहरू छन् यसका)* रोमन्+मतुप्[४] (मत्), नलोप, मको व= रोमवान् ।

शब्दार्थ- रौं नै रौं भएको, रौंले भरिएको, भुत्ले ।

रोमशः (वि.) रोमाणि सन्ति अस्य *(रौंहरू छन् यसका)* रोमन्+श[५] (प्रत्यय), नलोप= रोमश ।

शब्दार्थ- रौं नै रौंले भरिएको, भुत्लै भुत्ला भएको, (भेडा, कुकुर, सुँगुर आदि) ।

रोमहर्षः (ना./पुं.) रोम्णां हर्षः *(रौंहरूको हर्ष वा पुलकित अवस्था)* ष.त.स.= रोमहर्ष ।

शब्दार्थ- रौं ठाडा ठाडा हुने काम, रौंहरू पुलकित हुने अवस्था, रोमाञ्च ।

रोमहर्षणः (ना./पुं./न.) हृष्यति, हृष्यते इति वा *(पुलकित हुन्छ वा हुनु)* हृषु अलीके (भ्वा.) वा हृष तुष्टौ (दिवा.) धातु, हृष्+ल्यु/ल्युट् (अन),गुण, णत्व, हर्षणः/हर्षणम् । रोम्णां हर्षणः हर्षणम् *(रौंहरूको पुलकित हुने क्रिया)* ष.त.स.= रोमहर्षण ।

शब्दार्थ- रोमहर्षण नामका एक प्रसिद्ध ऋषि, रौंहरू ठाडा ठाडा हुने स्थिति वा अवस्था, रौंहरू पुलकित हुने काम, रोमाञ्च हुने काम ।

रोमाञ्चः (ना./पुं.) अञ्चति अञ्च्यते इति वा *(गतिशील हुनु वा पूजा गर्नु वा पैदा हुनु)* अञ्चु गतिपूजनयोः (भ्वा.) धातु, अञ्च्+घञ् (अ), अञ्चः । रोम्णामञ्चः उद्गमः *(रौंहरूको पुलकित स्थिति)* रोमन्+अञ्च, ष.त.स., नलोप, दीर्घ= रोमाञ्च ।

रोमाञ्चो रोमहर्षणम्- इत्यमरः

शब्दार्थ- हर्ष, भय आदिवाट रौं ठाडा हुने काम, पुलकित अवस्था, रोमहर्षण, रोमहर्ष, रोमपुलक, रोमाञ्च हुने काम ।

रोमाञ्चितः (वि.) रोमभिः अञ्चितः *(रौंहरूले पुलकित भएको)* तृ.त.स., दीर्घ= रोमाञ्चित ।

अथवा रोमाञ्चः सञ्जातः अस्य *(रोमाञ्च पैदा भएको छ यसको)* रोमाञ्च+इतच्[६] (इत)= रोमाञ्चित ।

शब्दार्थ- रौंहरू पुलकित भएको, रोमाञ्च पैदा भएको, रोमाञ्चित भएको ।

रोमावलिः/रोमावली (ना./स्त्री.) रोम्णामावलिः/रोम्णामावली *(रौंहरूको रेखा वा पङ्क्ति)* ष.त.स., नलोप, दीर्घ= रोमावलि/रोमावली ।

शब्दार्थ- रौंहरूको रेखा वा पङ्क्ति, रौंहरूको लहर, रौंहरूको श्रेणी ।

रोषः (ना./पुं.) रोषणम्, रुष्यते इति वा *(रिसाउनु)* रुष हिंसायाम् (भ्वा./दिवा.) वा रुष रोषे (चुरा.) धातु, रुष्+घञ् (अ), गुण= रोष ।

शब्दार्थ- रिसको झोक वा आवेग, रिसाउने काम, रिस, क्रोध, अमर्ष ।

---

१. सर्वधातुभ्य... : असुन्
२. रुहः पोऽन्यतरस्याम् : हको प
३. नामन्सीमन्व्योमन्... : मनिन्, हलोप
४. तदस्यास्त्यस्मिन्... : मतुप्
५. लोमादिपामादि... : श
६. तदस्य सञ्जातम्... : इतच्

रोषमयः (वि.) रोषादागतः **(रिसबाट पैदा भएको)** वा प्रकृतः प्रचुरः रोषः **(ज्यादै रिस)** रोष+मयट्[1] (मय) =रोषमय ।

शब्दार्थ- रिसले भरिएको, रिसले युक्त भएको, क्रुद्ध ।

रोहः (ना./पुं.) रोहणम्, रुह्यते इति *(अङ्कुरित हुनु, चढ्नु)* रुह वीजजन्मनि प्रादुर्भावे च (भ्वा.) धातु, रुह्+घञ् (अ), गुण= रोह ।

शब्दार्थ- उम्रने काम, वीज, अङ्कुर पैदा हुने काम, अङ्कुरित हुने वा टुसाउने काम, चढ्ने काम ।

रोहणम् (ना./न.) रुह्यते इति *(पैदा हुनु)* रुह वीजजन्मनि प्रादुर्भावे च (भ्वा.) धातु, रुह्+ल्युट् (अन), गुण, णत्व= रोहण ।

शब्दार्थ- अङ्कुर पैदा हुने काम, उम्रने काम, वीजाङ्कुरण, वृद्धि, आरोहण, चढाइ ।

रोहिणी (ना./स्त्री.) रोहितेन रक्तेन वर्णेन युक्ता *(रातो वर्णले युक्त)* रोहित+ङीष् (ई), तको नकारादेश, रोहिनी, णत्व= रोहिणी ।

रोहिणी कण्ठरुग्भिदि ।

तडित्कटम्भरा सोमवल्केषु लोहितागवेः - इति मेदिनी

शब्दार्थ- रातो रङ्गको गाई, सत्ताईस नक्षत्रमध्ये एक, चन्द्रमाकी पत्नी, वलरामकी आमा, वसुदेवकी पत्नी, नौवर्षे कन्या, विद्युत्, कण्ठरोग, विरे लहरो, सेतो खयर ।

द्रष्टव्य- अष्टवर्षा भवेत्गौरी नववर्षा च रोहिणी- धर्मशास्त्रम्

रोहितः (ना./पुं./न./वि.) रोहतीति *(पैदा हुन्छ)* रुह वीजजन्मनि प्रादुर्भावे च (भ्वा.) धातु, रुह्+इतन्[2] (इत), उणा., गुण= रोहित ।

अथवा रुह्यते रोहणमिति *(उत्पत्ति हुनु)* रुह्+घञ् (अ), गुण, रोहः । रोहः सञ्जातः अस्य *(रक्त पैदा भएको छ यसको)* रोह+इतच्[3] (इत)= रोहित ।

लोहितो रोहितो रक्तः- इत्यमरः

रोहितं कुङ्कुमे रक्ते रिजुशक्रशरासने

पुंसि स्यान्मीनमृगयोर्भेदे रोहितकद्रुमे- इति मेदनी

शब्दार्थ- गाढा रातो रङ्ग, रगत, रातो फूल, गुराँसको रूख, कुमकुम, माछोविशेष, मृगविशेष, राजा हरिश्चन्द्रको पुत्र, इन्द्रधनुष, रक्ताम्मे, रातो ।

रोही (ना./पुं./वि.) अवश्यं रोहतीति *(अवश्य चढ्छ)* रुह वीजजन्मनि प्रादुर्भावे च (भ्वा.) धातु, रुह्+णिनि[4] (इन्), गुण, रोहिन्= रोही ।

अथवा रोहः अस्यास्तीति *(चढ्ने काम छ यसको)* रोह+इनि[5] (इन्), अकारलोप, रोहिन्= रोही ।

शब्दार्थ- वटवृक्ष, मृगी, लहरो माथि चढ्ने काम, चड्ने, आरोहण गर्ने, आरोही ।

रौद्रः (वि./ना./पुं.) रुद्रस्य अयम्, रुद्रस्य विकारः, रुद्रे भवः *(रुद्रको यो, रुद्रको विकार, रुद्रमा भएको)* रुद्र+अण्[6] (अ), आदिवृद्धि, अकारलोप= रौद्र ।

रौद्रो घर्मे रसे चण्डचां स्त्री तीव्रे भीषणे त्रिषु- मेदिनी

शब्दार्थ- रुद्रसम्वन्धी, रुद्रको, डरलाग्दो, भयङ्कर, भीषण, साहित्यिक नवरसहरूमध्ये एक, रौद्ररस, सूर्यको प्रचण्ड तेज, उग्रचण्डीको विकराल रूप ।

उदा. **गाउँछु रौद्र म गान, प्रकृति कपाउँ, जग तर्साउँ- नवरस (रौद्ररस)**

रौद्रता (ना./स्त्री.) रौद्रस्य भावः *(रौद्र हुनाको भाव वा अवस्था)* रौद्र+तल् (त)+टाप् (आ)= रौद्रता ।

शब्दार्थ- भयङ्करता, प्रचण्डता, डरलाग्दोपना, प्रखरता, उग्रपना ।

रौप्यम् (ना./न./वि.) रूप्यते इति *(सुन्दर हुनु)* रूप रूपक्रियायाम् (चुरा.) रूप्+यत् (य), रूप्यम् । रूप्यस्य अयम्, रूप्याज्जातः, रूप्यस्य विकारः इति वा *(चाँदीको यो, चाँदीबाट बनेको, चाँदीको विकार)* रूप्य+अण्[6] (अ), आदिवृद्धि, अकारलोप= रौप्य ।

शब्दार्थ- चाँदी, चाँदीको रुपैयाँ, चाँदीको, चाँदीसम्वन्धी, चाँदीवाट वनेको वा पैदा भएको ।

रौरवः (वि./ना./पुं.) रुरुर्मृगविशेषः तस्य अयम् *(मृगविशेषको यो)* रुरु+अण् (अ), आदिवृद्धि, गुण, अवादेश= रौरव ।

तद्भेदास्तपनावीचिमहारौरवरौरवाः- इत्यमरः

शब्दार्थ- रुरुको छालाले वनेको, डरलाग्दो, एक्काईसवटा ठूला नरकमध्ये एक ।

रौहिणेयः (ना./पुं.) रोहिण्याः अपत्यं पुमान् *(रोहिणीका पुत्र)* रोहिणी+ढक्[7] (एय), आदिवृद्धि, ईकारलोप =रौहिणेय ।

शब्दार्थ- रोहिणीपुत्र वलराम, वलदेव, बुधग्रह ।

---

१. ततः आगतः/तत्प्रकृतवचने : मयट्

२. रुहे रश्च लो वा : इतन्

३. तदस्य सञ्जतम्... : इतच्

४. आवश्यकाधमर्ण्ययोः... : णिनि

५. अत इनिठनौ : इनि

६. तस्येदम्/तस्य विकारः/तत्र भवः : अण्

७. शुभ्रादिभ्यश्च/स्त्रीभ्यो ढक् : ढक्

ल

लः (ना./पुं.) लीयते, लयतीति वा *(लीन हुन्छ)* लीङ् श्लेषणे (दिवा.) वा ली श्लेषणे (चुरा.) धातु, ली+ड[1] (अ), टिलोप= ल ।

अथवा लातीति *(प्रदान गर्छ)* ला आदाने (अदा.) धातु, ला+ड (अ), टिलोप= ल ।

परिचय- देवनागरी वर्णमालाको अट्ठाईसौं व्यञ्जनवर्ण, दन्तस्थानीय अन्तस्थसंज्ञक सघोष अल्पप्राण ध्वनि ।

लः श्लेषे चाशये चैव प्रलये साधनेऽपि लः - एकाक्षरकोशः
लः शक्रे ला तु दाने स्याद् ग्रहणेऽपि निगद्यते- मेदिनी
लस्चन्द्रः पूतना पृथ्वी माधवः शक्रवाचकः
बलानुजः पिनाकीशो व्यापको मांससंज्ञकः ।
- नानातन्त्रशास्त्र (श.क.द्रुबाट)

शब्दार्थ- इन्द्र, शक्र, चन्द्रमा, लघुमात्रा, आशय, प्रलय, साधन, ग्रहण गर्ने वा लिने काम, बाह्रै प्रकारका लवण, पृथिवी, शिव, माधव ।

लकारः (ना./पुं.) 'ल' यस्तो वर्णनिर्देशनमा 'ल' प्रातिपदिकबाट ल+कार[2]= लकार ।

शब्दार्थ- लअक्षर वा लध्वनि ।

लक्षम् (वि./ना./न.) लक्षयति, लक्ष्यते इति वा *(लक्ष लिन्छ वा लिइन्छ)* लक्ष दर्शनाङ्कनयोः वा लक्ष आलोचने (चुरा.) धातु, लक्ष्+अच्/घञ् (अ)= लक्ष ।

लक्षं व्याजशरव्ययोः संख्यायामपि- इति हैमः
लक्षं लक्ष्यं शरव्यं च- इत्यमरः

शब्दार्थ- लाख, सयहजार, एकलाख वा सयहजारको सङ्ख्या, निसाना, चिन्ह, जालसाजी, छलकपट, छद्म, उद्देश्य लिने काम, ध्येय ।

लक्षकः (वि.) लक्षयतीति *(निसाना लिन्छ)* लक्ष आलोचने वा लक्ष दर्शनाङ्कयोः (चुरा.) धातु, लक्ष्+ण्वुल्[3] (अक) =लक्षक ।

अथवा लक्ष एव *(लक्ष नै)* लक्ष+कन् (क), स्वार्थमा =लक्षक ।

शब्दार्थ- निसाना लिने, सूचित गर्ने, सङ्केतद्वारा बुझ्ने, लक्ष्य लिने, बाण हान्ने, सयहजार वा एकलाख ।

लक्षणम् (ना./न.) लक्ष्यते ज्ञायते अनेन *(जानिन्छ वा सङ्केत गरिन्छ यसबाट)* लक्ष दर्शनाङ्कनयोः (चुरा.) धातु, लक्ष्+ल्युट् (अन), णत्व= लक्षण ।

अथवा लक्ष्+न[4] (उणा.), धातुको अडागम, लक्षन, णत्व= लक्षण ।

कलङ्काङ्कौ लाञ्छनं च चिन्हं लक्ष्म च लक्षणम्- इत्यमरः

शब्दार्थ- चिन्ह, कलङ्क, परिमाण, राम्रो वा नराम्रो सङ्केत, ढाँचा, छाँटकाँट, निसाना, उद्देश्य ।

लक्षणज्ञः (वि.) लक्षणं जानातीति *(लक्षण जान्दछ)* लक्षण उपपदपूर्वक ज्ञा अवबोधने (क्र्या.) धातु, लक्षण+ज्ञा+क[5] (अ), आकारलोप= लक्षणज्ञ ।

शब्दार्थ- मानिसका शरीरमा भएका चिन्हहरूको विश्लेषण वा व्याख्या गर्ने, लक्षण जान्ने, शुभ-अशुभ सङ्केत दिने रेखाचिन्हको विवेचना गर्ने ।

लक्षणा (ना./स्त्री.) लक्ष्यते अनया *(अनुमान वा सङ्केत गरिन्छ यसबाट)* लक्ष दर्शनाङ्कनयोः (चुरा.) धातु, लक्ष्+णिचि+युच् (अन), णत्व, णिलोप, लक्षण+टाप् (आ)= लक्षणा ।

अथवा लक्ष्+न (उणा.), अडागम, णत्व, लक्षण+टाप् (आ)= लक्षणा ।

लक्षणा हंसयोषायां सारसस्य तु लक्ष्मणा ।
लक्षणं नाम्नि चिन्हे च सारस्यां लक्षणा क्वचित्- मेदिनी

शब्दार्थ- शब्द, शक्तिका तीन भेदमध्ये एक, लक्षणाशक्ति, लक्षणावृत्ति, सारसकी स्त्री, पोथी हाँस, हाँसकी स्त्री, हंसी ।

लक्षपतिः (ना./पुं.) लक्षस्य पतिः *(लाखको मालिक)* ष.त.स.= लक्षपति ।

शब्दार्थ- लाखको मालिक वा स्वामी, लखपति, लक्षाधीश ।

लक्षार्थः (ना./पुं.) लक्षेण ज्ञापितः अर्थः *(लक्षणाद्वारा जानिने अर्थ)* लक्ष+अर्थ, तृ.त.स., दीर्घ= लक्षार्थ ।

शब्दार्थ- लक्षणा शक्तिद्वारा जानिने अर्थ, लक्षणावृत्तिद्वारा बोध हुने अर्थ ।

लक्षितः (वि.) लक्ष्यते स्म इति *(सूचित वा लक्षित गरिएको)* लक्ष दर्शनाङ्कनयोः वा लक्ष आलोचने (चुरा.) धातु, लक्ष्+क्त (त), इडागम= लक्षित ।

शब्दार्थ- चिन्हित, बोधित, बताइएको, तोकिएको, लक्षणा शक्तिद्वारा ज्ञापित, दर्शित, अवलोकित, परिमार्जित, साङ्केतिक ।

लक्षितार्थः (ना./पुं.) लक्षितश्चासौ अर्थश्च *(लक्षित अर्थ)* क.त.स., दीर्घ= लक्षितार्थ ।

शब्दार्थ- लक्षणाद्वारा बोध हुने अर्थ, लक्ष्यार्थ ।

लक्ष्मन् (लक्ष्म) (ना./न.) लक्षयतीति *(अङ्कन हुन्छ)* लक्ष दर्शनाङ्कनयोः (चुरा.) धातु, लक्ष्+मनिन्[6] (मन्), लक्ष्मन् =लक्ष्म ।

कलङ्काङ्कौ लाञ्छनं च चिन्हं लक्ष्म च लक्षणम्- इत्यमरः

शब्दार्थ- चिन्ह, कलङ्क, लक्षण, निसान ।

---

१. अन्येष्वपि दृश्यते : ड
२. वर्णात्कारः : कार
३. ण्वुल्तृचौ : ण्वुल्
४. लक्षेरट् च : न, अडागम
५. आतोऽनुपसर्गे... : क
६. अन्येभ्योऽपि दृश्यन्ते : मनिन्

लक्ष्मण: (वि./ना./पुं.) लक्ष्मी: अस्यास्तीति *(लक्ष्मी वा समृद्धि छ यसको)* लक्ष्मी+न[१], लक्ष्मीका ईकारको अत्व[२], णत्व= लक्ष्मण ।

अथवा लक्ष्म अस्यास्तीति *(चिन्ह छ यसको)* लक्ष्मन्+अण्[३] (अ), वृद्धिनिषेध, णत्व= लक्ष्मण ।

लक्ष्मीवान् लक्ष्मण: श्रील: श्रीमान्...- इत्यमर:

शब्दार्थ- चिन्हहरूले युक्त, शुभलक्षण भएको, सौभाग्यशाली, लक्ष्मीवान्, श्रीमान्, समृद्धिशाली, दशरथकी कान्छी रानी सुमित्राका पुत्र तथा रामचन्द्रका भाइ, सारस पक्षी ।

लक्ष्मणा (ना./स्त्री.) लक्ष्मी: अस्या: अस्तीति *(समृद्धि छ यसको)* लक्ष्मी+न, लक्ष्मीका ईकारको अत्व, णत्व, लक्ष्मण+टाप् (आ)= लक्ष्मणा ।

लक्ष्मणा त्वोषधीभेदे सारस्यामपि योषिति
रामभ्रातरि पुंसि स्यात् सश्रीके चाभिधेयवत्- मेदिनी

शब्दार्थ- सारसकी स्त्री, औषधिविशेष, वनस्पतिविशेष, चिन्ह, सङ्केत ।

लक्ष्मी: (ना./स्त्री.) लक्षयति पश्यति सौभाग्यम् ऐश्वर्यं च *(सौभाग्य र ऐश्वर्य हेर्छ)* लक्ष दर्शनाङ्कनयो: (चुरा.) धातु, लक्ष्+ई[४] (उणा.), मुडागम, लक्ष्म ई= लक्ष्मी ।

लक्ष्मी: सम्पत्तिशोभयो: ।
ऋद्धयौषधे च पद्मायां वृद्धिनामौषधेऽपि च- मेदिनी
सम्पत्ति: श्रीश्च लक्ष्मीश्च- इत्यमर:

शब्दार्थ- सौभाग्य लक्ष्मी, धनकी अधिष्ठात्री देवी, विष्णुकी पत्नी, इन्दिरा, रमा, श्रीसम्पत्ति, शोभा, समृद्धि, गृहलक्ष्मी ।

लक्ष्मीनारायण: (ना./पुं.) लक्ष्म्या अन्वित:, लक्ष्म्यान्वितश्चासौ नारायणश्च *(लक्ष्मीसहित नारायण)* क.त.स., उ.प.लोप= लक्ष्मीनारायण ।

अथवा लक्ष्मी च नारायणश्च *(लक्ष्मी र नारायण)* द्व.स., लक्ष्मीनारायणौ= लक्ष्मीनारायण ।

शब्दार्थ- लक्ष्मी र नारायण, लक्ष्मीले युक्त नारायण, विष्णुलक्ष्मी, लक्ष्मीका पति भगवान् विष्णु ।

लक्ष्मीपति: (ना./पुं.) लक्ष्म्या: पति: *(लक्ष्मीका पति)* ष.त.स.= लक्ष्मीपति ।

शब्दार्थ- लक्ष्मीका पति, नारायण, भगवान् विष्णु, सम्पत्तिको मालिक ।

लक्ष्मीपूजा (ना./स्त्री.) लक्ष्म्या: पूजा *(लक्ष्मीको पूजा)* ष.त.स.= लक्ष्मीपूजा ।

शब्दार्थ- धनकी अधिष्ठात्री देवी लक्ष्मीको पूजा, लक्ष्मीपूजाका दिन गरिने लक्ष्मीको पूजा, गाईको पूजा, दीपावली ।

लक्ष्मीवती (ना./स्त्री.) प्रशस्ता लक्ष्मी अस्या: अस्तीति *(प्रशस्त समृद्धि छ यिनको)* लक्ष्मी+मतुप्[५] (मत्), मको व, लक्ष्मीवत्+ङीप् (ई)= लक्ष्मीवती ।

शब्दार्थ- समृद्धियुक्त स्त्री, सौभाग्यशालिनी नारी, धेरै ऐश्वर्य भएकी स्त्री, सौभाग्यले परिपूर्ण नारी ।

लक्ष्मीवान् (वि.) प्रशस्ता लक्ष्मी: शोभा समृद्धि: वा अस्ति अस्य *(पर्याप्त शोभा वा समृद्धि छ यसको)* लक्ष्मी+मतुप्[५] (मत्), मको व, लक्ष्मीवत्=लक्ष्मीवान् ।

शब्दार्थ- धनसम्पत्तिले परिपूर्ण, सौभाग्यशाली, धनवान्, समृद्धिशाली, श्रीमान्, धनवान्, शोभायुक्त ।

लक्ष्यम् (ना./न./वि.) लक्षितुं योग्यम्, लक्ष्यते इति वा *(हेर्न लायक, लक्ष गरिन्छ)* लक्ष दर्शनाङ्कनयो: वा लक्ष आलोचने (चुरा.) धातु, लक्ष्+णिचि+यत्[६] (य)= लक्ष्य ।

शब्दार्थ- उद्देश्य, ध्येय, निसाना, दृश्य, चिन्ह, तारो, लक्षणावृत्तिद्वारा जानिने लक्ष्य अर्थ, दश अयुत सङ्ख्या, लाख, हेर्नलायक, अङ्कित गर्न लायक, आकलन गर्न योग्य ।

लक्ष्यभेद: (ना./पुं.)/**लक्ष्यभेदनम्** (ना./न.) लक्ष्यस्य भेद: /लक्ष्यस्य भेदनम् *(लक्ष्यको भेदन गर्ने काम)* ष.त.स. =लक्ष्यभेद/लक्ष्यभेदन ।

शब्दार्थ- निसाना भेदन गर्ने काम, निसानामा लगाउने काम, तारो हान्ने काम ।

लक्ष्यवेध: (ना./पुं.) लक्ष्यस्य वेध: *(लक्ष्यको वेध वा भेदन)* ष.त.स.= लक्ष्यवेध ।

शब्दार्थ- लक्ष्य भेदन गर्ने काम, निसाना मार्ने काम, निसानामा तारो हान्ने काम ।

लक्ष्यवेधी (वि.) लक्ष्यवेध: अस्यास्तीति *(लक्ष्यभेदन छ यसको)* लक्ष्यवेध+इनि[७] (इन्), अकारलोप, लक्ष्यवेधिन् =लक्ष्यवेधी ।

शब्दार्थ- लक्ष्यभेदन गर्ने, निसाना मार्ने, लक्षवेध गर्ने ।

लक्ष्यसिद्धि: (ना./स्त्री.) लक्ष्यस्य सिद्धि: *(लक्ष्यको सिद्धि)* ष.त.स.= लक्ष्यसिद्धि ।

शब्दार्थ- लक्ष्यको प्राप्ति, चिताएको कुरा पूरा हुने काम ।

लक्ष्यार्थ: (ना./पुं.) लक्ष्यश्चासौ अर्थश्च *(लक्ष्य अर्थ)* ष.त.स., दीर्घ= लक्ष्यार्थ ।

अथवा लक्ष्येण अर्थ: *(लक्षणाशक्तिद्वारा जानिने अर्थ)* तृ.त.स., दीर्घ= लक्ष्यार्थ ।

शब्दार्थ- लक्ष्य लिएको कुरा, लक्षणाशक्तिद्वारा बोध हुने अर्थ, तीनप्रकारका अर्थमध्ये एक ।

लक्ष्याहुति: (ना./स्त्री.) लक्ष्या चासौ आहुतिश्च *(लक्ष वा लाख आहुति)* क.त.स., दीर्घ= लक्ष्याहुति ।

शब्दार्थ- एक लाख आहुति वा हवनकर्म, लक्षहोम ।

लग्नम् (ना./न./वि.) लगति फले *(फलमा संलग्न हुन्छ)* लगे सङ्गे (भ्वा.) धातु, लग्+क्त[८] (त), निष्ठा तको न, इडाभाव-निपातन= लग्न ।

---

१. लोमादिपामादि... : न
२. लक्ष्म्या अच्च : अत्व
३. अण् च : अण्
४. लक्षेर्मुट् च : ई, मुडागम
५. तदस्यास्त्यस्मिन्... : मतुप्
६. अचो यत् : यत्
७. व्रत इनिठनौ : इनि
८. क्षुब्धस्वान्तध्वान्त... : क्त, इडाभाव, तको न

अथवा लज्जति स्म इति *(लजाएको वा टाँसिएको)* ओलस्जी व्रीडायाम् (तुदा.) धातु, लस्ज्+क्त (त), सलोप, जको कुत्व, निष्ठा तको न= लग्न ।

राशीनामुदयो लग्नम्- इत्यमरः

शब्दार्थ- राशिको उदयकाल, लगन, मुहूर्त, साइत, वाह्र राशिको मेष, वृष आदि वाह्र लग्न, संलग्न, लागेको, टाँसिएको, आसक्त, लजाएको ।

लग्नकुण्डली (ना./स्त्री.) लग्नस्य कुण्डली *(जन्मलग्नको कुण्डली)* ष.त.स.= लग्नकुण्डली ।

शब्दार्थ- जन्मेका लगनको चिना, चिन्हा, जन्मकुण्डली, जन्मपत्रिका ।

लग्नग्रन्थिः (ना./पुं.) लग्नस्य ग्रन्थिः *(लगनको ग्रन्थि)* ष.त.स.= लग्नग्रन्थि ।

शब्दार्थ- विहेमा कन्यादानको वेला वरवधूको अटल दाम्पत्यप्रेमको लागि माङ्गलिक वस्तुहरू वधूको आँचलमा राखेर विधिपूर्वक पारेको गाँठो, लगनगाँठो, लग्नग्रन्थि ।

लग्नपत्रिका (ना./स्त्री.) लग्नस्य पत्रिका *(जन्मलग्नको पत्रिका)* ष.त.स.= लग्नपत्रिका ।

शब्दार्थ- जन्मेको वेलाको लग्नकुण्डली, जन्मकुण्डली, चिना, जन्मपत्रिका वा टिपोट ।

लघिमा (ना./पुं.) लघोर्भावः *(लघु हुनाको भाव वा अवस्था)* लघु+इमनिच्[1] (इमन्), टिलोप, लघिमन् =लघिमा ।

शब्दार्थ- अष्टसिद्धिहरूमध्ये एक, लघिमा सिद्धि प्राप्त महात्मा, लघुता, लघुत्व, लघुपना, छोटोपन, हल्कापन ।

द्रष्टव्य- **लघिमा सिद्धि प्राप्त गरेको सिद्ध महात्मा इच्छा अनुसार ठूलोबाट सानो बन्न सक्छ ।**

लघिष्ठः (वि.) अयमेषामतिशयेन लघुः *(यो यिनमा ज्यादा लघु)* लघु+इष्ठन्[2] (इष्ठ), टिलोप= लघिष्ठ ।

शब्दार्थ- यिनीहरूमा यो ज्यादै हल्का, ज्यादा छोटो, अतिसानो, अत्यन्त लघुत्वयुक्त ।

लघीयान् (वि.) अयमनयोरतिशयेन लघुः *(यी दुईमा यो ज्यादै लघु)* लघु+ईयसुन्[3] (ईयस्), लघीयस्=लघीयान् ।

शब्दार्थ- दुईमध्ये एउटा ज्यादा हल्का वा छोटो वा सानो, अपेक्षाकृत लघुत्वयुक्त ।

लघुः (वि./ना./न.) लङ्घते अनेन *(चाँडो जान्छ, नाँघ्छ यसबाट)* लघि गतौ (भ्वा.) धातु, नुम्, लङ्घ्+कु[4] (उ), उणा., नलोप= लघु ।

लघु छिप्रमरं द्रुतम् । त्रिष्विष्टेऽल्पे लघु- इत्यमरः
लघुरगुरौ च मनोज्ञे निःसारे वाच्यवत् क्लीवम् ।
शीघ्रे कृष्णागुरुणि च पृक्का नामौषधौ तु स्त्री- मेदिनी

शब्दार्थ- छिटो, चाँडो, शीघ्र, छोटो, सानो, थोरै, अल्प, अलिकति, निःसार, ह्रस्ववर्ण, लघुअक्षर ।

लघुकायः (वि.) लघुः कायः यस्य *(सानो छ शरीर जसको)* ब.स.= लघुकाय ।

शब्दार्थ- सानो शरीरको, छोटो शरीर भएको, अल्पतनु भएको ।

लघुतरः (वि.) अयमनयोरतिशयेन लघुः *(यी दुईमा यो ज्यादै सानो वा छोटो)* लघु+तरप्[3] (तर)= लघुतर ।

शब्दार्थ- दुईटामध्ये एउटा सानो वा छोटो, अल्पतर, शीघ्रतर ।

लघुतमः (वि.) अयमेषामतिशयेन लघुः *(यो यिनीहरूमा ज्यादै सानो वा छोटो)* लघु+तमप्[2] (तम)= लघुतम ।

शब्दार्थ- सबभन्दा छोटो, सबैभन्दा सानो, अतिअल्प, अत्यन्त छोटो ।

लघुता (ना./स्त्री.)/लघुत्वम् (ना./न.) लघोर्भावः *(लघु हुनाको भाव वा अवस्था)* लघु+तल् (त)+टाप् (आ) =लघुता । लघु+त्व= लघुत्व ।

शब्दार्थ- हलुकोपना, सानो वा छोटो हुनाको अवस्था, तुच्छता, छोटोपन ।

लघुताभासः (ना./पुं.) लघुतायाः आभासः *(लघुता वा तुच्छताको आभास)* ष.त.स., दीर्घ= लघुताभास ।

शब्दार्थ- आफूलाई तुच्छ ठान्ने मानसिक प्रवृत्ति, हीनत्व वोधको भावना, हीनभावना ।

लङ्का (ना./स्त्री.) रमन्तेऽस्याम् *(यसमा रमण गर्छन्, क्रीडा गर्छन्)* रमु क्रीडायाम् (भ्वा.) धातु, रम्+क (अ), वहुलप्रकारले, र तथा लको अभेदसम्वन्ध हुंदा 'र' ध्वनि लमा परिणत, परसवर्ण, लङ्क+टाप् (आ)= लङ्का । अथवा रक्यते आस्वाद्यते सुखमस्याम् *(यसमा सुखको अनुभव गरिन्छ)* रक आस्वादने (चुरा.) धातु, रक्+णिचि, नुम्, पृषोदरादिवाट रध्वनि लमा परिणत, लङ्कि+अच्/घञ् (अ), णिलोप, लङ्क+टाप् (आ)= लङ्का ।

शब्दार्थ- एसिया महादेशको एउटा द्वीप, जो भारतको दक्षिणमा पर्दछ, रामायणकालीन रावणको राजधानी लङ्काद्वीप, रक्षःपुरी, श्रीलङ्का, सिंहलद्वीप ।

लङ्काधिपः/लङ्काधिपतिः/लङ्कापतिः/लङ्केश्वरः/लङ्केशः (ना./पुं) लङ्कायाः अधिपः/अधिपतिः/पतिः/ईश्वरः/ईशः *(लङ्काको अधिप (स्वामी), अधिपति, पति, ईश्वर, ईश (मालिक)* ष.त.स., दीर्घ, गुण= लङ्काधिप/लङ्काधिपति/लङ्कापति/लङ्केश्वर/लङ्केश ।

शब्दार्थ- लङ्काको स्वामी, लङ्काको राजा, रावण, विभीषण ।

लङ्घनम् (ना./न.) लङ्घ्यते इति *(नाघिन्छ, उफ्रिन्छ)* लघि गत्यर्थे (भ्वा.) धातु, नुम्, लङ्घ्+ल्युट् (अन) =लङ्घन ।

शब्दार्थ- नाघ्ने वा उफ्रने काम, नियमकानुनको उल्लङ्घन, अतिक्रमण, निराहार, उपवास, उत्क्रमण, भङ्ग गर्ने काम ।

---

[1] **पृथ्वादिभ्य... : इमनिच्**
[2] **अतिशायने तमबिष्ठनौ : इष्ठन्/तमप्**
[3] **द्विवचनविभज्योप...: ईयसुन्/तरप्**
[4] **लघिवंह्योर्नलोपश्च : कु, नलोप**

लङ्घनीयः (वि.) लङ्घितुं योग्यः, लङ्घ्यते इति वा *(नाघ्न लायक, उफ्रन योग्य)* लघि गत्यर्थे (भ्वा.) धातु, नुम्, लङ्घ्+अनीय (र्)= लङ्घनीय ।

शब्दार्थ- उफ्रन वा नाघ्न योग्य, अतिक्रमण गर्न सकिने, उल्लङ्घनीय ।

लङ्घितः (वि.) लङ्घ्यते स्म इति *(अतिक्रमण गरिएको, नाघिएको)* लघि गत्यर्थे (भ्वा.) धातु, नुम्, लङ्घ्+क्त (त), इडागम= लङ्घित ।

शब्दार्थ- नाघिएको, उफ्रिएको, उल्लङ्घन गरिएको, अतिक्रमण गरिएको, पालना नगरिएको ।

लङ्घ्यः (वि.) लङ्घितुं योग्यः, लङ्घ्यते इति वा *(नाघ्न लायक, उफ्रन योग्य)* लघि गत्यर्थे (भ्वा.) धातु, नुम्, लङ्घ्+ण्यत्[1] (य)= लङ्घ्य ।

शब्दार्थ- उल्लङ्घनीय, अतिक्रमण गर्न योग्य, नाघ्न वा उफ्रन योग्य ।

लज्जा (ना./स्त्री.) लज्जनमिति *(लजाउनु)* ओलस्जी व्रीडायाम् (तुदा.) धातु, लस्ज्+अ (प्रत्यय), जस्त्व, लज्ज+टाप् (आ)= लज्जा ।

मन्दाक्षं ह्रीस्त्रपा व्रीडा लज्जा- इत्यमरः

शब्दार्थ- लाज, लज्जा, व्रीडा, शर्म, सङ्कोच, सरम, धक, लजाउने क्रिया, सङ्कोच मान्ने काम ।

लज्जालुः (वि.) लज्जा अस्ति अस्य *(लज्जा छ यसको)* लज्जा+आलुच् (आलु)= लज्जालु ।

शब्दार्थ- लाज मान्ने, शर्म मान्ने, सङ्कोच मान्ने ।

लज्जावती (ना./स्त्री.) लज्जा अस्ति अस्याः *(लाज मान्ने स्वभाव छ यस स्त्रीको)* लज्जा+मतुप्[2] (मत्), मको व, लज्जावत्+ङीप् (ई)= लज्जावती ।

शब्दार्थ- लाज मान्ने स्वभाव भएकी स्त्री, लज्जालु स्वभावकी नारी, शर्म मान्ने आइमाई, लज्जावती झार ।

उदा. **माया लाग्छ भनूँ भनूँ सरि थिइन्,**
लज्जावती ती पनि-यौटासत्यकथा म भन्छु- गौरी

लज्जावान् (वि.) लज्जा अस्ति अस्य *(लाज मान्छ यो)* लज्जा+मतुप्[2] (मत्), मको व, लज्जावत्= लज्जावान् ।

शब्दार्थ- लाज मान्ने, शर्म मान्ने, लज्जालु स्वभाव भएको (पुरुष) ।

लज्जाशीलः (वि.) लज्जा शीलं स्वभावः यस्य *(लजाउने स्वभाव छ यसको)* व.स.= लज्जाशील ।

शब्दार्थ- लाज मान्ने, लज्जालु, शर्म मान्ने, लज्जाशील, लज्जायुक्त, लजाउने, लज्जावान् ।

लज्जितः (वि.) लज्जा सञ्जाता अस्य *(लाज पैदा भएको छ यसको)* लज्जा+इतच्[3] (इत), आकारलोप =लज्जित । अथवा लज्जते स्म इति *(लजाएको)* ओलस्जी व्रीडायाम् (तुदा.) धातु, लस्ज्+क्त (त), जश्त्व, इडागम= लज्जित ।

शब्दार्थ- लजाएको, लाज मानेको, लज्जालु स्वभाव भएको, लज्जाले परिपूर्ण, लज्जायुक्त ।

लता (ना./स्त्री.) लतति वेष्टयते या *(परिवेष्टित गर्छ जसले)* वेष्टनार्थक लति वा लत आघाते सौत्र धातु, लत्+अच् (पचादि), लत+टाप् (आ)= लता ।

शब्दार्थ- लहरो, वल्ली, रूखलाई वेर्दै माथि चढ्ने लता ।

लताकुञ्जः (ना./पुं./न.) लतायाः कुञ्जः *(लहराको कुञ्ज)* ष.त.स.= लताकुञ्ज ।

निकुञ्जकुञ्जौ वा क्लीवे लतादिपिहितो दरे- इत्यमरः

शब्दार्थ- लतागृह, लहराको घर, चारैतिर लहराले वेरिएर वनेको निकुञ्जभवन ।

लतागृहम् (ना./न.) लतायाः गृहम् *(लहराको घर)* ष.त.स.= लतागृह ।

शब्दार्थ- लताकुञ्ज, लहरै लहरा वेरिएर वनेको निकुञ्ज ।

लतामण्डपः (ना./पुं./न.) लतायाः मण्डपः *(लहराको मण्डप)* ष.त.स.= लतामण्डप ।

मण्डपोऽस्त्री जनाश्रयः- इत्यमरः

शब्दार्थ- लहरा वेरिएर वनेको मण्डप आकारको घर, लतागृह, लताकुञ्ज ।

लतिका (ना./स्त्री.) लता एव *(लहरो नै)* लता+कन् (क), स्वार्थमा, लताक+टाप् (आ), ककारपूर्वका अकारको इत्व= लतिका । अथवा लत आघाते (सौत्र) धातु, लत+तिकन्[4] (उणा.), लतिक+टाप् (आ)= लतिका ।

शब्दार्थ- सानो लहरो, छोटो लहरो, मुक्तावली ।

लपनम् (ना./न.) लप्यतेऽनेन *(बोलिन्छ यसद्वारा)* लप व्यक्तायां वाचि (भ्वा.) धातु, लप्+ल्युट् (अन)=लपन ।

वक्त्रास्ये वदनं तुण्डमाननं लपनं मुखम्- इत्यमरः

शब्दार्थ- मुख, वदन, वक्त्र, वोल्ने काम, वातचित, कुराकानी, आस्य ।

लपितः (वि./ना./न.) लप्यते स्म इति *(बोलिएको)* लप व्यक्तायां वाचि (भ्वा.) धातु, लप्+क्त (त), इडागम =लपित ।

शब्दार्थ- वोलिएको, भनिएको, कथित, भाषित, वचन, भन्ने काम ।

लब्धः (वि.) लभ्यते स्म इति *(पाएको)* डुलभष् प्राप्तौ (भ्वा.) धातु लभ्+क्त (त), तको ध, जश्त्व= लब्ध ।

शब्दार्थ- पाएको, अर्जित, प्राप्त, उपलब्ध भएको, कमाएको,

लब्धकामः (वि.) लब्धः कामः येन सः *(जसले कामना पूरा गरेको छ)* ब.स.= लब्धकाम ।

शब्दार्थ- अभिलाषा वा चाहना पूरा गरेको, चाहेको कुरा प्राप्त गरेको, अभिलषित, कामना पूरा गरेको ।

लब्धकीर्तिः (वि.) लब्धा कीर्तिर्येन *(प्राप्त गरेको छ जस वा कीर्ति जसले)* ब.स., लब्धाको ह्रस्व= लब्धकीर्ति ।

शब्दार्थ- कीर्ति वा यश कमाएको, विख्यात, प्रसिद्ध, ख्यातिप्राप्त गरेको ।

---

[1] ऋहलोर्ण्यत् : ण्यत्
[3] तदस्य सञ्जातम्... : इतच्
[2] तदस्यास्त्यस्मिन्... : मतुप्
[4] कृतिभिदिलतिभ्यः... : तिकन्

लब्धप्रतिष्ठः (वि.) लब्धा प्रतिष्ठा येन *(जसले प्रतिष्ठा पाएको छ)* ब.स., ह्रस्व= लब्धप्रतिष्ठ ।

शब्दार्थ- प्रतिष्ठा कमाएको, ख्याति प्राप्त गरेको, प्रतिष्ठित भएको, प्रतिष्ठा आर्जन गरेको ।

लब्धवर्णः (ना./पुं./वि.) लब्धाः वर्णाः यशांसि येन सः *(जसले कीर्ति प्राप्त गरेको छ)* ब.स.= लब्धवर्ण ।

शब्दार्थ- पण्डित, ज्ञानी, विचक्षण, यश प्राप्त गरेको ।

लब्धविद्यः (वि.) लब्धा विद्या येन *(प्राप्त गरेको छ विद्या जसले)* ब.स., ह्रस्व= लब्धविद्य ।

शब्दार्थ- विद्या प्राप्त गरेको, ख्याति कमाएको, विद्वान्, पण्डित ।

लब्धव्यः (वि.) लब्धुं योग्यः *(पाउन योग्य)* डुलभष् प्राप्तौ (भ्वा.) धातु, लभ्+तव्यत् (तव्य), तको ध, जश्त्व =लब्धव्य ।

शब्दार्थ- पाउन योग्य वा लायक, प्राप्त गर्नुपर्ने ।

लब्धा (वि.) लभते, लभ्यते स्म इति वा *(पाउँछ, पाएको)* डुलभष् प्राप्तौ (भ्वा.) धातु, लभ्+तृच्[१] (तृ), तको ध, लब्धृ= लब्धा । वा लभ्+क्त (त)+टाप् (आ) =लब्धा ।

शब्दार्थ- पाउने, उपलब्ध गर्ने, पाएकी, उपलब्ध गरेकी ।

लब्धाङ्गः (ना./पुं.) लब्धश्चासौ अङ्कश्च *(पाएको अङ्क)* क.त.स., दीर्घ= लब्धाङ्क ।

शब्दार्थ- जाँच आदिमा पाएको अङ्क, हासिल गरेको अङ्क ।

लब्धिः (ना./स्त्री.) लभ्यते इति *(पाइन्छ)* डुलभष् प्राप्तौ (भ्वा.) धातु, लभ्+क्तिन् (ति), तको ध, जश्त्व =लब्धि ।

शब्दार्थ- उपलब्धि, लाभ, पाइने काम, प्राप्ति, गणितमा भागफल ।

लभ्यः (वि.) लब्धुमर्हः, लब्धुं योग्यः, लभ्यते इति वा *(पाउन योग्य, पाइन्छ)* डुलभष् प्राप्तौ (भ्वा.) धातु, लभ्+यत्[२] (य)= लभ्य ।

लभ्यं युक्ते च लब्धव्ये- इति मेदिनी
युक्तमौपायिकं लभ्यम्- इत्यमरः

शब्दार्थ- पाउन योग्य वा लायक, प्राप्त गर्न उपयुक्त, प्राप्तव्य, न्याय पाउनु पर्ने ।

लम्पटः (वि.) रमते इति *(क्रीडामा आसक्त हुन्छ)* रमु क्रीडायाम् (भ्वा.) धातु, रम्+अटन् (अट), पुक्, (वहुलप्रकारले), रको ल, (र तथा ल को अभेदसम्वन्ध हुँनाले)= लम्पट ।

शब्दार्थ- कामवासनामा आसक्त, लोलुप, कामुक, विलासी, स्त्रीलम्पट ।

लम्बः (वि./ना./पुं.) लम्वते इति *(लट्कन्छ)* लबि शब्दे अवस्रंसने च (भ्वा.) धातु, नुम्, लम्ब्+अच् (पचादि) = लम्व ।

शब्दार्थ- लामो, फैलिएको, विस्तीर्ण, विशाल, तलतिर झुकेको, लट्केको, दीर्घ, ठूलो, रेखाविशेष ।

लम्बकर्णः (वि.) लम्वौ कर्णौ यस्य *(लामा कान छन् जसका)* ब.स.= लम्वकर्ण ।

शब्दार्थ- लामा कान भएको, लमकन्ना, लामकाने, लामा कान हुने, (वाखो, भेडो आदि) ।

लम्बनः (वि./ना./न.) लम्वते इति *(झुण्डिन्छ)* वा लम्वनमिति *(झुण्डिनु)* लबि शब्दे अवस्रंसने च (भ्वा.) धातु, नुम्, लम्ब्+ल्यु[३]/ल्युट् (अन)= लम्वन ।

शब्दार्थ- झुण्डिने वा लत्रने, अवलम्वन हुने, आश्रय लिने काम, लत्रने क्रिया, झुण्डिने काम ।

लम्बितः (वि.) लम्वते स्म, लम्व्यते स्म इति वा *(खसे लत्रिएको)* लबि शब्दे अवस्रंसने च (भ्वा.) धातु, नुम्, लम्ब्+क्त (त), इडागम= लम्बित ।

शब्दार्थ- झुण्डिएको, खसेको, लत्रेको, झुकेको, अवलम्बित, आश्रित ।

लम्बोदरः (ना./पुं./वि.) लम्वमुदरं यस्य सः *(ठूलो छ पेट जसको)* लम्व+उदर, ब.स., गुण= लम्वोदर ।

शब्दार्थ-गणेश, गजानन, गणपति, ठूलो पेट भएको, भुंडे ।

लम्भः (ना./पुं.) लभ्यते इति *(पाइन्छ)* डुलभष् प्राप्तौ (भ्वा.) धातु, लभ्+घञ् (अ), नुम्[४]= लम्भ ।

शब्दार्थ- पाउने काम, लाभ, पुनः प्राप्ति, सिद्धि ।

लयः (ना./पुं.) लीयते इति *(टाँसिन्छ, लीन हुनु)* लीङ् श्लेषणे. (दिवा.) धातु, ली+अच् (एरच्), गुण, अयादेश =लय ।

लयो विनाशे संश्लेषे साम्ये तौर्य्यत्रिके मतम्- मेदिनी

शब्दार्थ- गीतवाद्यादिको लय मिल्ने काम, लीन हुने काम, विनाश, तीनै गुणको साम्यावस्था, आराम, प्रलय, विलयन, नासिने क्रिया, संश्लेषण, मिश्रण ।

लयकालः (ना./पुं.) लयस्य कालः *(प्रलयको समय)* ष.त.स.= लयकाल ।

शब्दार्थ- प्रलयकाल, सृष्टिको क्षयकाल ।

लयपूर्णः (वि.) लयेन पूर्णः *(लयले भरिएको)* तृ.त.स. =लयपूर्ण ।

शब्दार्थ- गीतवाद्यादिको लयले भरिएको ।

ललना (वि./ना./स्त्री.) ललते, ललयति ईप्सति कामान् *(चाहना गर्छे)* लल ईप्सायाम् (चुरा.) धातु, लल्+ल्यु (अन), ललन+टाप् (आ)= ललना । अथवा लडति असौ *(विलास गर्छे यो)* लड विलासे (भ्वा.) धातु, लड्+युच्[५] (अन), उणा., डको ल (ड र लको अभेदसम्वन्ध हुँदा), ललन+टाप् (आ)=ललना ।

प्रमदा मानिनी कान्ता ललना च नितम्बिनी- इत्यमरः

शब्दार्थ- रमणी, सुन्दरी, नारी, विलासप्रिया स्त्री, कामिनी स्त्री, कान्ता, प्रमदा, जिह्वा ।

---

[१] ण्वुल्तृचौ : तृच्
[२] पोरदुपधात् : यत्
[३] नन्दिग्रहिपचादि... : ल्यु
[४] लमेश्च : नुम्
[५] बहुलमन्यत्रापि : युच्

ललाटम् (ना./न.) ललते, लडतीति वा *(चाहना वा विलास गर्छ)* लल ईप्सायाम् (चुरा.) वा लड विलासे (भ्वा.) धातु, लल्/लड्+अच् (पचादि) लड्का डको ल (ड र लको अभेदसम्वन्ध हुँदा), ललम् । ललं विलासं ईप्सां वा अटति ज्ञापयति *(विलास वा ईर्ष्यामा विचरण गर्छ)* लल उपपदपूर्वक अट गतौ (भ्वा.) धातु, लल+अट्+अच् (पचादि), दीर्घ=ललाट ।

शब्दार्थ- निधार, मस्तक, पुर्पुरो, प्रारब्ध, कपाल, भाल ।

उदा. **शोभा झरेर शिरमा तम रात्रिबाट**
शृङ्गार दिन्छ तिनको हँसिलो ललाट- व.कु.म.का.१/४३

ललाटकम् (ना./न.) ललाटमेव *(ललाट नै)* ललाट+कन् (क), स्वार्थमा= ललाटक ।

शब्दार्थ- निधार, मस्तक, माथ, ललाट, भाल ।

ललाटिका (ना./स्त्री.) ललाटस्य अलङ्कृतिः *(निधारको आभूषण)* वा ललाटे भवा *(निधारमा हुने)* ललाट+कन्[1] (क), ललाटक+टाप् (आ), ककारपूर्वका अकारको इत्व= ललाटिका ।

शब्दार्थ- निधारमा लगाउने टिको, विन्दी, अन्य आभूषण, तिलक, चन्दन आदि ।

ललाम: (वि./ना./न.) लडनमिति *(प्रसन्न रहनु)* लड विलासे (भ्वा.) धातु, लड्+क्विप्[2] (सर्वलोप), डको ल (ड र लको अभेदसम्वन्ध हुँदा), लल् । ललं विलासममति *(विलासतिर लाग्छ)* लल् उपपदपूर्वक अम गत्यादिषु (भ्वा.) धातु, लल्+अम्+अण्[3] (अ), वृद्धि, लल् आम= ललाम ।

ललामं पुच्छपुण्ड्राश्वभूषाप्राधान्यकेतुषु- इत्यमरः

शब्दार्थ- सुन्दर, प्रिय, मनोहर, उत्तम, प्रधान, गहना, रत्न, झण्डा, ध्वजा, अश्वभूषा, पुच्छर ।

ललित: (वि./ना./न.) ललनमिति *(कामना वा क्रीडा गर्नु)* लल ईप्सायाम् (चुरा.) धातु, लल्+क्त (त), भावमा, इडागम= ललित ।

अथवा लडनमिति *(विलास गर्नु)* लड विलासे (भ्वा.) धातु, लड्+क्त (त), भावमा, इडागम, डको ल (ड र लको अभेदसम्वन्ध हुँदा)= ललित ।

शब्दार्थ- प्रिय, सुन्दर, मनोहर, रमणीय, लावण्य, मन प्रफुल्ल पार्ने, अभीष्ट, कोमल, शृङ्गारजन्य भाववाट उत्पन्न क्रियाविशेष, नारीहरूको रतिजन्य विलास, शृङ्गारयुक्त विनोद ।

ललितकला (ना./स्त्री.) ललिता चासौ कला च *(सुन्दर कला)* क.त.स.= ललितकला ।

शब्दार्थ- मनका भावहरू अभिव्यक्त हुने कला, मूर्तिकला, चित्रकला, सङ्गीतकला आदि ।

ललितता (ना./स्त्री.) ललितस्य भावः *(ललित हुनाको भाव वा अवस्था)* ललित+तल् (त)+टाप् (आ) =ललितता ।

शब्दार्थ- सुन्दरता, प्रियता, मनोहारिता ।

उदा. **कुरङ्गनयनी यिनी ललितता लताकी वनी ।**
- शा.म.का. ९/२४

ललिता (ना./स्त्री.) ललनमिति *(कामना वा क्रीडा गर्नु)* लल ईप्सायाम् (चुरा.) धातु, लल्+क्त (त), भावमा, इडागम, ललित+टाप् (आ)= ललिता ।

शब्दार्थ- सुन्दर स्त्री, स्वेच्छाचारिणी स्त्री, कस्तुरी, देवीदुर्गाको एउटा रूप ।

लवः (ना./पुं.) लूयते इति *(छेदन गरिन्छ)* लूञ् छेदने (क्र्या.) धातु, लू+अप्[4] (अ), गुण, अवादेश= लव ।

लवलेशकणाणवः- इत्यमरः

शब्दार्थ- कण, अणु, सानो भाग वा टुक्रो, लेश, अल्पमात्रा, हानि, क्रीडा, रामचन्द्रका एकपुत्र, विनाश, छेदन ।

लवङ्गम् (ना./न.) लुनाति कफश्लेष्मादिकमनेन *(कफ आदि रोग विनाश गर्छ यसले)* लूञ् छेदने (क्र्या.) धातु, लू+अङ्गच्[5] (अङ्ग), उणा., गुण, अवादेश= लवङ्ग ।

शब्दार्थ- ल्वाङ्को लहरो, फूल र फल, ल्वाङ, देवकुसुम ।

लवणः (ना./पुं./न.) लुनातीति *(छेदन गर्छ)* लूञ् छेदने (क्र्या.) धातु, लू+ल्यु[6] (अन), गुण, अवादेश, णत्व =लवण ।

लवणे राक्षसे रसे- इति हैमः

शब्दार्थ- मधु दानवको एक पुत्र, जो शत्रुघ्नद्वारा मारिएको थियो, नुन, नुनिलो रस, क्षाररसयुक्त द्रव्य, सिधेनुन ।

लवणाकरः (ना./पुं.) लवणस्य आकरः *(नुनको खानि)* ष.त.स., दीर्घ= लवणाकर ।

शब्दार्थ- नुनको खानि, समुद्रविशेष, क्षारसमुद्र ।

लवणोदः (ना./पुं.) लवणमुदकं यस्य *(नुनिलो छ जल यसको)* लवण+उदक, व.स., उदको 'उद' आदेश, गुण =लवणोद ।

शब्दार्थ- नुनिलो समुद्र, क्षारसमुद्र ।

लवलेशः (ना./पुं.) लवश्च लेशश्च *(लव र लेश)* द्व.स. =लवलेश ।

शब्दार्थ- थोरै-थोरै मात्र, ज्यादै कम परिमाण, अल्प मात्रा, कम मात्रा ।

लशुनम् (ना./न.) अश्नाति, अश्नुते इति वा *(खान्छ, फैलन्छ)* अश भोजने (क्र्या.) वा अशू व्याप्तौ सङ्घाते च (स्वा.) धातु, अश्+उनन्[7] (उन), उणा., धातुको लशादेश, लश् उन= लशुन ।

लशुनं गृञ्जनारिष्टमहाकन्दरसोनकाः - इत्यमरः

शब्दार्थ- लसुन, लसुनको वोट र कन्द ।

---

[1] कर्णललाटात्... : कन्
[2] सम्पदादिभ्य... : क्विप्
[3] कर्मण्यण् : अण्
[4] ऋदोरप् : अप्
[5] तरत्यादिभ्यश्च : अङ्गच्
[6] नन्दिग्रहिपचादि... : ल्यु
[7] अशेर्लश्च... : उनन्, लशादेश

लाक्षणिकः (वि.) लक्षणायाः आगतः, लक्षणया प्रतिपादकः *(लक्षणाबाट आएको, लक्षणावृत्तिद्वारा बोध हुने)* लक्षणा+ठक्[1] (इक), आदिवृद्धि= लाक्षणिक ।

शब्दार्थ- लक्षणावृत्तिद्वारा जानिने वा बोध हुने, लक्षणासम्वन्धी ।

लाक्षा (ना./स्त्री.) लक्ष्यते अनया इति *(अङ्कित गरिन्छ यसद्वारा)* लक्ष दर्शनाङ्कनयोः (चुरा.) धातु, लक्ष्+अ[2] (प्रत्यय)+टाप् (आ)= लाक्षा ।

शब्दार्थ- लाहा, जतु, लाक्षा ।

लाक्षागृहम् (ना./न.) लाक्षायाः गृहम् *(लाहाको घर)* ष.त.स.= लाक्षागृह ।

शब्दार्थ- लाहाको भवन वा घर, पाण्डवहरूलाई दहन गर्न दुर्योधनले वनाउन लगाएको लाहाको भवन ।

लाक्षारसः (ना./पुं.) लाक्षायाः रसः *(लाहाको रस)* ष.त.स. =लाक्षारस ।

शब्दार्थ- माहुर, स्त्रीजातिले गोडामा रङ्गाउने रातो रङ्ग ।

लाघवम् (ना./न.) लघोर्भावः कर्म वा *(लघु हुनाको भाव, कर्म वा अवस्था)* लघु+अण्[3] (अ), आदिवृद्धि, गुण, अवादेश= लाघव ।

शब्दार्थ- हल्कापना, लघुता, लघु हुनाको अवस्था, ह्रस्व हुनाको अवस्था, अल्पता, तुच्छता, क्षुद्रभाव, लघुत्व, अप्रधानता ।

लाङ्गली (ना./पुं./वि.) लाङ्गलं हलं अस्यास्तीति *(हलो छ यिनको)* लाङ्गल+इनि[4] (इन्)= लाङ्गली ।

शब्दार्थ- हलो हातमा लिने वलराम, कृष्णका दाजु, हलो धारण गर्ने, हली ।

लाजा (ना./स्त्री.) लाजतीति *(भुट्तछ)* लाज भर्जने (भ्वा.) धातु, लाज्+अच् (पचादि)+टाप् (आ)= लाजा ।

शब्दार्थ- भुटेको धान, भुटेका धानको फूल, लावा ।

लाञ्छनम् (ना./न.) लाञ्छ्यतेऽनेन *(लाञ्छना लगाइन्छ यसबाट)* लाछि लक्षणे (भ्वा.) धातु, नुम्, लाञ्छ्+ल्युट् (अन)= लाञ्छन ।

शब्दार्थ- कलङ्क, चिन्ह, दाग, टाटो, निसान, आरोप, लाञ्छना लगाउने क्रिया ।

लाञ्छना (ना./स्त्री.) लाञ्छ्यतेऽनया *(लाञ्छना लगाइन्छ यसबाट)* लाछि लक्षणे (भ्वा.) धातु, नुम्, लाञ्छ्+णिचि+युच् (अन), णिलोप, लाञ्छन+टाप् (आ) =लाञ्छना ।

शब्दार्थ- लाञ्छना लगाउने काम, कलङ्क, अभियोग, आरोप, दोषारोपण, खोट लगाउने काम, निन्दा, आक्षेप, दाग ।

लाञ्छितः (वि.) लाञ्छ्यते स्म इति *(लाञ्छना लगाइएको)* लाछि लक्षणे (भ्वा.) धातु, नुम्, लाञ्छ्+क्त (त), इडागम= लाञ्छित ।

शब्दार्थ- लाञ्छना लगाइएको, कलङ्कित, दोष लगाइएको, आरोपित, चिन्हित ।

लापः (ना./पुं.) लप्यते इति *(स्पष्ट बोलिन्छ)* लप व्यक्तायां वाचि (भ्वा.) धातु, लप्+घञ् (अ),वृद्धि=लाप ।

शब्दार्थ- बोल्ने काम, बात मार्ने काम, प्रलाप ।

लाभः (ना./पुं.) लभ्यते इति *(पाइन्छ)* डुलभष् प्राप्तौ (भ्वा.) धातु, लभ्+घञ्[5] (अ), वृद्धि= लाभ ।

शब्दार्थ- उपलब्धि, फाइदा, अधिक मात्रामा कुनै कुरा पाइने काम, मुनाफा, विक्रेताले मूल्यभन्दा वढी लिने काम ।

लाभकरः (वि.) लाभं करोतीति *(लाभ गर्छ)* लाभ उपपदपूर्वक डुकृञ् करणे (तना.) धातु, लाभ+कृ+ट[6] (अ), गुण= लाभकर ।

शब्दार्थ- लाभ हुने, फाइदा दिने, लाभदायक, लाभप्रद ।

लाभकारी (वि.) लाभं कर्तुं शीलमस्य (*लाभ लिने शील छ यसको)* लाभ उपपदपूर्वक डुकञ् करणे (तना.) धातु, लाभ+कृ+णिनि[7] (इन्), वृद्धि, लाभकारिन् =लाभकारी ।

शब्दार्थ- लाभ दिने, फाइदा दिने, लाभप्रद, लाभदायक ।

लाभदायकः (वि.) लाभं ददातीति *(लाभ दिन्छ)* लाभ उपपदपूर्वक डुदाञ् दाने (जुहो.) धातु, लाभ+दा+ण्वुल्[8] (अक), युगागम[9]= लाभदायक ।

शब्दार्थ- लाभ दिने, लाभकारी, लाभप्रद, फाइदाजनक, लाभदायी ।

लाभप्रदः (वि.) लाभं प्रददातीति *(राम्रो लाभ दिन्छ)* लाभ उपपदमा हुने प्रपूर्वक डुदाञ् दाने (जुहो.) धातु, लाभ+प्र+दा+क[10] (अ), आकारलोप= लाभप्रद ।

शब्दार्थ- लाभदायक, लाभ दिने, फाइदा हुने, लाभकारी ।

लाभहानिः (ना./स्त्री.) लाभश्च हानिश्च *(लाभ र हानि)* लाभ+हानि, द्व.स.= लाभहानि ।

शब्दार्थ- नाफा र नोक्सान, फाइदा र वेफाइदा, लाभ र हानि, लाभालाभ ।

लाभांशः (ना./पुं.) लाभस्य अंशः *(लाभको अंश)* ष.त.स., दीर्घ= लाभांश ।

शब्दार्थ- लाभको अंश, कुनै कारोवारमा मूलधन र लागत छुट्ट्याएर भएको आम्दानी, अतिरिक्त आय, मुनाफा ।

लाभान्वितः (वि.) लाभेन अन्वितः *(लाभले युक्त)* तृ.त.स., दीर्घ= लाभान्वित ।

शब्दार्थ- लाभ पाएको, सुविधा प्राप्त गरेको ।

लाभालाभः (ना./पुं.) लभ्यते इति *(पाइन्छ)* न लभ्यते इति (पाईंदैन) डुलभष् प्राप्तौ (भ्वा.) धातु, लभ्+घञ् (अ), लाभः । न+लभ्+घञ् (अ), नलोप, अलाभः । लाभश्च अलाभश्च *(लाभ र हानि)* द्व.स., दीर्घ =लाभालाभ ।

शब्दार्थ- लाभ र हानि, नाफा-नोक्सान, फाइदा-वेफाइदा ।

---

१. ठगायस्या.../ऋतूत्क्यादि... : ठक्
२. गुरोश्च हलः : अ
३. इगन्ताच्च लघु...: अण्
४. अत इनिठनौ : इनि
५. अकर्तरि च कारके...: घञ्
६. कृञो हेतुताच्छील्य... : ट
७. सुप्यजातौ...: णिनि
८. ण्वुल्तृचौ : ण्वुल्
९. आतो युक्चिण्... : युगागम
१०. आतश्चोपसर्गे... : क

लालनम् (ना./न.) लाल्यते इति *(लालनपालन गरिन्छ)* लल ईप्सायाम् (चुरा.) धातु, लल्+णिचि+ल्युट् (अन), वृद्धि, णिलोप= लालन ।

शब्दार्थ- स्नेह गर्ने काम, प्रेमपूर्वक वालकलाई आदर गर्ने काम, पुल्पुल्याउने काम ।

लालसः/लालसा (ना./पुं./स्त्री.) लल्यते इति *(चाहना गरिन्छ)* लल ईप्सायाम् (चुरा.) धातु, लल्+असण्[1] (अस्), वहुलप्रकारले, उणा., वृद्धि= लालस ।

लालस+टाप् (आ)= लालसा ।

अथवा पुनः पुनः रतिशयेन लसति *(बारम्बार अत्यन्तै लालसा गर्छ)* लस श्लेषणक्रीडनयोः (भ्वा.) वा लस कान्तौ (चुरा.) धातु, धातु, लस्+यङ् (य), द्वित्व, एकशेष, अभ्यासको दीर्घ, लालस्य (यङन्त धातु) । लालस्यते इति *(अत्यन्त लालसा गरिन्छ)* लालस्य+अ (प्रत्यय), यलोप, लालस+टाप् (आ)= लालसा ।

शब्दार्थ- लालचा, चाहना, लालच, स्पृहा, ज्यादै अभिलाषा, अतितृष्णा, लोभ ।

लाला (ना./स्त्री.) लालयतीति *(चाहना गर्छ)* लल ईप्सायाम् (चुरा.) धातु, लल्+अच् (पचादि)+टाप् (आ) = लाला ।

शब्दार्थ- लालसा, चाहना, आसक्ति, अभिलाषा, राल वग्ने तथा चुहुने क्रिया ।

लालायितः (वि.) पुनः पुनः अतिशयेन लाति *(बार बार ज्यादै लिन चाहन्छ)* ला आदाने (अदा.) धातु, ला+यङ् (य), द्वित्व, अभ्यासको ह्रस्व, दीर्घ, लालाय (यङन्त धातु) । लालाल्यते इति *(ज्यादै लालसा गरिन्छ)* लालाय+क्त (त), इडागम= लालायित ।

शब्दार्थ- अतिलुब्ध, ज्यादै लोभी, लिइरहन वा पाइरहन इच्छुक, मर्न लालसा गर्ने, लालचा गर्ने ।

ललितः (वि.) लाल्यते स्म इति *(पालना गरिएको)* लल ईप्सायाम् (चुरा.) धातु, लल्+णिचि, वृद्धि, लालि+क्त (त), णिलोप, इडागम= लालित ।

शब्दार्थ- प्यारो गरिएको, पालनपोषण गरिएको, स्नेह गरिएको, लालना गरिएको ।

लालित्यम् (ना./न.) ललितस्य भावः *(ललित वा सुन्दर हुनाको भाव वा अवस्था)* ललित+ष्यञ्[2] (य), आदिवृद्धि, अकारलोप= लालित्य ।

शब्दार्थ- मनोहारिता, लावण्य, प्रियता, सौन्दर्य, माधुर्य ।

लावण्यम् (ना./न.) लवणस्य भावः *(नुनिलो वा सुन्दर हुनाको भाव वा अवस्था)* लवण+ष्यञ्[2] (य), आदिवृद्धि, अकारलोप= लावण्य ।

शब्दार्थ- नुनिलोपना, मनोहारिता, सौन्दर्य, आकर्षकता ।

लावण्यमयः (वि.) लावण्यादागतः *(सुन्दरताबाट प्राप्त)* लावण्य+मयट् (मय)= लावण्यमय ।

अथवा प्रकृतं प्रचुरं लावण्यम् *(ज्यादै सौन्दर्य)* लावण्य+मयट् (मय)= लावण्यमय ।

शब्दार्थ- मनोहर, सुन्दर, लावण्ययुक्त, सौन्दर्यले परिपूर्ण ।

लासः (ना./पुं.) लस्यते इति *(क्रीडा गर्नु)* लस श्लेषणक्रीडनयोः (भ्वा.) धातु, लस्+घञ् (अ), वृद्धि =लास ।

शब्दार्थ- नृत्य, स्त्रीहरूको नाच्ने क्रिया, विलास-क्रिया ।

लास्यः (ना./पुं.) लासस्य भावः *(नृत्यक्रियाको भाव वा अवस्था)* लास+ष्यञ् (य), लास्यम् । लास्यमस्ति अस्य *(नृत्यक्रिया छ यसको)* लास्य+अच् (अर्शादि)=लास्य ।

शब्दार्थ- नर्तक, नटुवा ।

लास्यम् (ना./न.) लासस्य भावः *(नृत्यक्रियाको भाव वा अवस्था)* लास+ष्यञ् (य), लास्यम् ।

शब्दार्थ- नृत्य, वाजागाजा सहितको नृत्य, नर्तनक्रिया, ताल र लययुक्त नृत्यक्रिया ।

लास्या (ना./स्त्री.) लास्यमस्ति अस्याः *(नृत्यक्रिया छ यस स्त्रीको)* लास्य+अच् (अर्शादि)+टाप् (आ)=लास्या ।

शब्दार्थ- नर्तकी, नटुवी ।

लिखः (वि.) लिखतीति *(लेख्छ)* लिख अक्षरविन्यासे (तुदा.) धातु, लिख्+क[4] (अ)= लिख ।

शब्दार्थ- लेख्ने, वुटा भर्ने, लेखक ।

लिखितः (वि.) लिख्यते स्म इति *(लेखिएको)* लिख अक्षरविन्यासे (तुदा.) धातु, लिख्+क्त (त), इडागम =लिखित ।

शब्दार्थ- लेखिएको, चित्र कोरिएको, रचिएको, लिपिवद्ध गरिएको, अक्षरविन्यास गरिएको, लिखित ।

लिङ्गम् (ना./न.) लिङ्गति, लिङ्ग्यते अनेन इति *(चित्रण गरिन्छ यसबाट वा चिन्हित हुनु)* लिगि गत्यर्थे (भ्वा.) वा लिगि चित्रीकरणे (चुरा.) धातु, नुम्, लिङ्ग्+अच् (पचादि)/घञ्[5] (अ)= लिङ्ग ।

लिङ्गं चिन्हेऽनुमाने च साङ्ख्योक्तप्रकृतावपि
शिवमूर्तिविशेषे च मेहनेऽपि नपुंसकम्- इति मेदिनी

शब्दार्थ- निसान, शिस्न, पुरुषको जननेन्द्रिय, मूत्रेन्द्रिय, उपस्थ, , प्रकृति, शिवलिङ्ग, शिवप्रतिमा, लक्षण, अनुमान, मिथ्याभेष, चिन्ह ।

द्रष्टव्य- **सूक्ष्मत्वात् कारणत्वाञ्च लयनाद् गमनादपि**
लक्षणात् परमेशस्य लिङ्गमित्यभिधीयते- उपनिषद्

लिङ्गधारी (वि.) लिङ्गं धर्तुं शीलमस्य *(लिङ्ग वा चिन्ह धारण गर्ने शील छ जसको)* लिङ्ग उपपदपूर्वक धृञ् धारणे (भ्वा.) धातु, लिङ्ग+धृ+णिनि[6] (इन्), वृद्धि, लिङ्गधारिन्= लिङ्गधारी ।

शब्दार्थ- चिन्ह धारण गर्ने, छद्मवेश धारण गर्ने, भेष धारण गर्ने ।

---

[1] उणादयो बहुलम् : असण् (वहुलप्रकारले)
[4] इगुपधज्ञा... : क
[2] गुणवचनब्राह्मणादि... : ष्यञ्
[5] हलश्च : घञ्
[3] ऋहलोर्ण्यत् : ण्यत्
[6] सुप्यजातौ... : णिनि

लिङ्गी (वि.) लिङ्गमस्यास्तीति *(चिन्ह छ यसको)* लिङ्ग+इनि[१] (इन्), अकारलोप, लिङ्गिन्= लिङ्गी ।

शब्दार्थ- लिङ्गधारी, चिन्ह धारण गर्ने, भेष धारण गर्ने, लिङ्ग भएको ।

लिपिः/लिपी (ना./स्त्री.) लिम्पति, लिप्यते इति वा *(लेख्छ, लेखिन्छ/पोत्छ, पोतिन्छ)* लिप उपदेहे (तुदा.) धातु, लिप्+इक्[२]/इन्[३] (इ), उणा., लिपि+ङीष् (ई), विकल्पले= लिपी । ङीष्को अभावमा= लिपि ।

शब्दार्थ- अक्षरविन्यास, अक्षर लेख्ने ढङ्ग, लेखनकला, लेख्ने क्रिया, लिप्ने वा पोत्ने काम, लिखित वर्ण वा अक्षर, लिखत, लिखित विवरण ।

लिपिबद्धः (वि.) लिप्यां वद्धः *(लिपिमा बाँधिएको)* स.त.स. =लिपिवद्ध ।

शब्दार्थ- लिपिमा वद्ध भएको, लेखिएको, अक्षरविन्यास गरिएको, लिखित ।

लिपिकरः/लिपिकारः (ना./पुं.) लिपिं करोतीति *(लेख्तछ, लिपि विन्यास गर्छ)* लिपि उपपदपूर्वक डुकृञ् करणे (तना.) धातु, लिपि+कृ+ट[४] (अ), गुण= लिपिकर । लिपि+कृ+अण्[५] (अ), वृद्धि= लिपिकार ।

शब्दार्थ-लेख्ने मानिस, लेखक, अक्षरविन्यास गर्ने व्यक्ति ।

लिपिज्ञः (वि.) लिपिं जानातीति *(लिपि जान्दछ)* लिपि उपपदपूर्वक ज्ञा अववोधने (क्र्या.) धातु, लिपि+ज्ञा +क[६] (अ), आकारलोप= लिपिज्ञ ।

शब्दार्थ- लेख्न जान्ने, लिपिविन्यास गर्न जान्ने, लेखनकलामा निपुण ।

लिप्तः (वि.) लिम्पति स्म, लिप्यते स्म इति *(लिपेको, लिपिएको)* लिप उपदेहे (तुदा.) धातु, लिप्+क्त (त), कर्ता र कर्ममा= लिप्त ।

शब्दार्थ- लिपेको, लेपन गरेको, लेखेको, अक्षरविन्यास गरेको, पोतेको, पोतिएको, मिलाइएको, दूषित, मलिन भएको

लिप्सा (ना./स्त्री.) लब्धुमिच्छति *(पाउने इच्छा गर्छ)* डुलभष् प्राप्तौ (भ्वा.) धातु, लभ्+सन् (स), द्वित्व, एकशेष, ल लभ् स, अभ्यासको लोप, लभ् स, इत्व, चर्त्व, लिप्स (सनन्त धातु) । लिप्स्यते इति *(पाउने इच्छा गरिन्छ)* लिप्स+अ[७] (प्रत्यय)+टाप् (आ) =लिप्सा ।

शब्दार्थ- तीव्र चाहना, प्रगाढ अभिलाषा, आकाङ्क्षा, कुनै कुरा पाउने प्रवल इच्छा ।

लिप्सुः (वि.) लब्धुमिच्छति *(पाउने इच्छा गर्छ)* डुलभष् प्राप्तौ (भ्वा.) धातु, लभ्+सन् (स), द्वित्व, एकशेष, ल लभ् स, अभ्यासको लोप, लभ् स, इत्व, चर्त्व, लिप्स (सनन्त धातु) । लिप्सतीति *(पाउने इच्छा गर्छ)* लिप्स+उ[८]= लिप्सु ।

शब्दार्थ- कुनै कुरा प्राप्त गर्ने अभिलाषा भएको, इच्छुक, आकाङ्क्षा राख्ने, कुनै कुरा चाहना गर्ने ।

लीढः (वि.) लेढि स्म इति *(चाटेको, स्वाद लिएको)* लिह आस्वादने (अदा.) धातु, लिह्+क्त[९] (त), कर्तामा, हको ढ, तको ध, ष्टुत्व, लिढ् ढ, ढलोप[१०], दीर्घ= लीढ ।

शब्दार्थ- चाटेको, चाखेको, स्वाद लिएको, चुसेको ।

लीनः (वि.) लीयते स्म इति *(टाँसिएको)* ली श्लेषणे (क्र्या.) धातु, ली+क्त (त), निष्ठा तको न[११]= लीन ।

शब्दार्थ- मिलेको, मिसिएको, टाँसिएको, लीन भएको, तल्लीन वा तन्मय भएको, एकाकार भएको, विलीन, प्रच्छन्न, लुकाएको, लुकाइएको ।

लीला (ना./स्त्री.) लयनम्, लीयते इति *(संश्लेषण हुनु वा क्रीडा गर्नु)* लीङ् श्लेषणे (दिवा.) धातु, ली+क्विप्[१२] (सर्वलोप),लीः । लियं लातीति *(मिल्छ वा लीन हुन्छ)* ली उपपदपूर्वक ला आदाने (अदा.) धातु, ली+ला+क (अ), आलोप, लील+टाप् (आ)= लीला ।

शब्दार्थ- खेल, क्रीडा, विनोद, विलास, रतिक्रीडा, नर्म, उपहास, देवीदेवताको चरित्र, सौन्दर्य, हाउभाउ, केली, वनावटीपन, छद्म ।

लीलावतारः (ना./पुं.) लीलायै अवतारः *(लीलाको लागि अवतार ग्रहण)* च.त.स., दीर्घ= लीलावतार ।

शब्दार्थ- सांसारिक लीला अभिनयका लागि र लोकाचार संरक्षणका लागि भगवान् विष्णुको अवतार ग्रहण ।

लीलागृहम् (ना./न.) लीलायै गृहम् *(क्रीडाको लागि घर)* च.त.स.= लीलागृह ।

शब्दार्थ- क्रीडागृह, लीलागार, आनन्दभवन ।

लीलावती (ना./स्त्री.) लीला अस्ति अस्याः *(लीला छ यस स्त्रीको)* लीला+मतुप्[१३] (मत्), मको व, लीलावत् +ङीप् (ई)= लीलावती ।

शब्दार्थ- विलासिनी आइमाई, भोगविलास गर्ने स्त्री ।

लीलावान् (वि.) लीला अस्ति अस्य *(लीला छ यसको)* लीला+मतुप् (मत्), मको व, लीलावत्= लीलावान् ।

शब्दार्थ- लीला गर्ने, क्रीडा गर्ने, आमोदप्रिय, सुन्दर, क्रीडाशील ।

लीलोद्यानम् (ना./न.) लीलायै उद्यानम् *(क्रीडाका लागि बनाइएको उद्यान)* च.त.स., गुण= लीलोद्यान ।

शब्दार्थ- क्रीडोद्यान, प्रमोदवन, क्रीडा गर्नका लागि वनाइएको वगैंचा वा उद्यान ।

लुण्ठनम् (ना./न.) लुण्ठ्यते इति *(ठगिन्छ)* लुठि स्तेये वा लुठि आलस्ये प्रतिघाते च (भ्वा.) धातु, नुम्, लुण्ठ्+ल्युट् (अन)= लुण्ठन ।

शब्दार्थ-लुट्ने वा चोर्ने काम, लड्ने काम, पछारिने क्रिया

---

१. अत इनिठनौ : इनि
२. इक्कृष्यादिभ्यः : इक्
३. इगुपधात् कित् : इन्
४. कृञो हेतुताच्छील्य... : ट
५. कर्मण्यण् : अण्
६. आतोऽनुपसर्गे... : क
७. गुरोश्च हलः : अ
८. सनाशंसभिक्ष...: उ
९. गत्यर्थाकर्मक... : क्त
१०. ढोढे लोपः : ढलोप
११. ल्वादिभ्यः... : तको न
१२. सम्पदादिभ्य... : क्विप्

लुण्ठितः (वि.) लुण्ठचते स्म इति *(चोरिएको, चोट लागेको)* लुठि स्तेये वा लुठि आलस्ये प्रतिघाते च (भ्वा.) धातु, नुम्, लुण्ठ्+क्त (त), इडागम=लुण्ठित ।
शब्दार्थ-चोरिएको, ठगिएको, पछारिएको, ठक्कर खाएको,

लुप्तः (वि.) लुप्यते स्म इति *(लुप्त भएको वा छेदन गरिएको)* लुप्लृ क्षेदने (तुदा.) धातु, लुप्+क्त (त) =लुप्त ।
शब्दार्थ- टुटेको, भाँचिएको, हराएको, लोप भएको, लुकेको, क्षतिग्रस्त, लुटिएको ।

लुब्धः (वि.) लुभ्यति स्म इति *(लोभिएको)* लुभ गार्ध्ये (दिवा.) धातु, लुभ्+क्त[1] (त), कर्तामा, तको ध, जश्त्व= लुब्ध ।
शब्दार्थ- लोभी, लालची, कुनै कुरा पाउन लालायित, अभिलाषी, आसक्त, लोभिएको ।

लुब्धकः (ना./पुं./वि.) लुब्ध एव *(लोभी नै)* लुब्ध+कन् (क), स्वार्थमा= लुब्धक ।
शब्दार्थ- लोभी पुरुष, स्वेच्छाचारी व्यक्ति, सिकारी, लम्पट, स्वेच्छाचारी ।

लुभितः (वि.) लुभ्यते स्म इति *(लोभिएको)* लुभ विमोहने (तुदा.) धातु, लुभ्+क्त (त), इडागम[2]= लुभित ।
शब्दार्थ- लोभिएको, मोहित भएको ।

लूनः (वि.) लूयते स्म इति *(काटिएको)* लूञ् छेदने (क्र्या.) धातु, लू+क्त (त), निष्ठा तको न[3]= लून ।
शब्दार्थ- काटिएको, छेदन गरिएको, भेदन गरिएको ।

लेखः (ना./पुं.) लिख्यते इति *(लेखिन्छ)* लिख अक्षरविन्यासे (तुदा.) धातु, लिख्+घञ् (अ), गुण= लेख ।
शब्दार्थ- लेख्ने काम, रचना, लेखेर व्यक्त गरिएको विचार, लेखोट, लेखिएको सन्देश, अक्षरविन्यास ।

लेखकः (ना./पुं.) लिखतीति *(लेख्छ)* लिख अक्षरविन्यासे (तुदा.) धातु, लिख्+ण्वुल्[4] (अक), गुण= लेखक ।
शब्दार्थ- लेख्ने मानिस, रचना गर्ने व्यक्ति, पुस्तक, कविता, कथा आदि लेख्ने मानिस ।

लेखकीयः (वि.) लेखकस्य अयम्, लेखके भवः *(लेखकको यो, लेखकमा भएको)* लेखक+छ[5] (ईय)= लेखकीय ।
शब्दार्थ- लेखकको, लेखकसम्वन्धी, लेखकमा भएको ।

लेखनम् (ना./न.) लिख्यते इति *(लेखिन्छ)* लिख अक्षरविन्यासे (तुदा.) धातु, लिख्+ल्युट् (अन), गुण =लेखन ।
शब्दार्थ- घरायसी कागजपत्र लेख्ने काम, रचना गर्ने काम, लिखत, संरचना, रचना, लेख, अक्षरविन्यास, लेखनक्रिया ।

लेखनी (ना./स्त्री.) लिख्यते अनया *(यसबाट लेखिन्छ)* लिख्+ल्युट् (अन), लेखन+ङीप् (ई)= लेखनी ।
शब्दार्थ- लेख्ने साधन, कलम, लेख्न अनुकूल हुने साधन, वर्णतूलिका ।

लेखनीयः (वि.) लेखितुं योग्यः, लिख्यते इति वा *(लेख्न योग्य)* लिख अक्षरविन्यासे (तुदा.) धातु, लिख्+अनीय (र्), गुण= लेखनीय ।
शब्दार्थ- लेख्न लायक वा योग्य, लेख्य, लेख्नुपर्ने ।

लेखा (ना./स्त्री.) लिख्यते इति *(लेखिन्छ)* लिख अक्षरविन्यासे (तुदा.) धातु, लिख्+अङ्[6] (अ), गुण, लेख+ टाप् (आ)= लेखा ।
लेखो लेख्ये दैवते च लेखा राज्यां लिपावपि- इति हैमः
शब्दार्थ- लेख राख्ने अभिलेख, हिसाव, गणना, सेवा, राजि, पङ्क्ति, लिपि, रेखा ।

लेखाधिकृतः (ना./पुं.) लेखायाः अधिकृतः *(लेखाको अधिकृत)* ष.त.स., दीर्घ= लेखाधिकृत ।
शब्दार्थ- लेखाको कारोवार गर्ने व्यक्ति, लेखाको हिसाव-कितावसम्वन्धी कामका लागि अधिकार प्रदान गरिएको व्यक्ति ।

लेखाध्यक्षः (ना./पुं.) लेखायाः अध्यक्षः *(लेखाको काम गर्ने मुख्यव्यक्ति)* ष.त.स., दीर्घ= लेखाध्यक्ष ।
शब्दार्थ- कुनै सङ्घ, संस्था आदिमा लेखासम्वन्धी कारोवार गर्ने र आयव्ययको हिसाव राख्ने मुख्यव्यक्ति ।

लेखापरीक्षकः (ना./पुं.) लेखायाः परीक्षकः *(लेखाको परीक्षक)* ष.त.स.= लेखापरीक्षक ।
शब्दार्थ- लेखाको जाँच गर्ने व्यक्ति, लेखासम्वन्धी हिसावकितावको परीक्षण गर्ने व्यक्ति ।

लेखापरीक्षणम् (ना./न.) लेखायाः परीक्षणम् *(लेखाको परीक्षण)* ष.त.स.= लेखापरीक्षण ।
शब्दार्थ- हिसावकितावको परीक्षण गर्ने काम, आर्थिक कारोवार र लेखासम्वन्धी हरहिसावको जाँच गर्ने काम, अडिट गर्ने काम ।

लेखापरीक्षा (ना./स्त्री.) लेखायाः परीक्षा *(लेखाको जाँच)* ष.त.स.= लेखापरीक्षा ।
शब्दार्थ- लेखाको परीक्षण गर्ने काम, हिसावकिताव जाँच गर्ने काम ।

लेखापालः (ना./पुं.) लेखायाः पालः पालकः *(लेखाको पालना गर्ने)* ष.त.स.= लेखापाल ।
अथवा लेखां पालयतीति *(लेखाको पालना गर्छ वा हिसावकिताव राख्छ)* लेखा उपपदमा हुने पाल रक्षणे (चुरा.) धातु, लेखा+पाल्+अण् (अ), वृद्धि= लेखापाल ।
शब्दार्थ- आय-व्ययको हिसाव राख्ने र जिम्मेवारी लिने व्यक्ति, लेखाको संरक्षण गर्ने व्यक्ति ।

लेखिका (ना./स्त्री.) लिखति असौ *(लेख्तछे यो)* लिख अक्षरविन्यासे (तुदा.) धातु, लिख्+ण्वुल्[2] (अक), गुण, लेखक+टाप् (आ), ककारपूर्वका अकारको इत्व =लेखिका ।
शब्दार्थ- कुनै लेख, पुस्तक आदि लेख्ने आइमाई, रचना गर्ने स्त्री, लेखनदास स्त्री ।

---

[1] गत्यर्थाकर्मक... : क्त
[2] लुभो विमोहने : इडागम
[3] ल्यादिभ्य : निष्ठा तको न
[4] ण्वुल्तृचौ : ण्वुल्
[5] गहादिभ्यश्च : छ
[6] षिद्भिदादिभ्यश्च : अङ्

लेख्यः (वि.) लिखितुं योग्यः, लिख्यते इति वा *(लेख्न योग्य वा लेखिन्छ)* लिख अक्षरविन्यासे (तुदा.) धातु, लिख्+ण्यत् (य), गुण= लेख्य ।

शब्दार्थ- लेख्न योग्य वा लायक, रचना गर्न सकिने, लेखनीय ।

लेपः (ना./पुं.) लिप्यते इति *(लेप लगाइन्छ)* लिप उपदेहे (तुदा.) धातु, लिप्+घञ् (अ), गुण= लेप ।

शब्दार्थ- लिप्ने-पोत्ने काम, चन्दन लगाउने काम, लेप लगाउने काम, चन्दन, अनुलेप ।

लेपकः (ना./पुं.) लिम्पतीति *(लिप्छ)* लिप उपदेहे (तुदा.) धातु, लिप्+ण्वुल्[१] (अक), गुण= लेपक ।

शब्दार्थ- घर लिपपोत गर्ने मानिस, घरमा रङ्ग लगाउने मानिस ।

लेपनम् (ना./न.) लिप्यते इति *(लिपिन्छ)* लिप उपदेहे (तुदा.) धातु, लिप्+ल्युट् (अन), गुण= लेपन ।

शब्दार्थ- लिप्ने पोत्ने काम, लेप लगाउने काम, मलम लगाउने काम, मालिस, चन्दन घस्ने काम, लेप, लेपन ।

लेशः (ना./पुं.) लिशति, लिश्यते इति वा *(सूक्ष्म हुन्छ, अल्प हुनु)* लिश गतौ (तुदा.) वा लिश अल्पीभावे (दिवा.) धातु, लिश्+अच् (पचादि)/घञ् (अ), गुण =लेश ।

शब्दार्थ- सानो अंश, कण, अणु, लव, सूक्ष्म अंश ।

लेहः (ना./पुं.) लेहनम् आस्वादनं लेढि इति वा *(चाटिन्छ वा स्वाद लिइन्छ, चाट्छ)* लिह आस्वादने (अदा.) धातु, लिह्+घञ्/ण[२] (अ), गुण= लेह ।

शब्दार्थ- चाट्ने काम, चटनी, भोज्यपदार्थ, आस्वादन, स्वाद लिने क्रिया, आहार ।

लेहनम् (ना./न.) लेहनम्, लिह्यते इति वा *(चाटेर खानु)* लिह आस्वादने (अदा.) धातु, लिह्+ल्युट् (अन) =लेहन ।

शब्दार्थ- चाट्ने काम, चाटेर खाने काम, चाख्ने काम, स्वाद लिने क्रिया ।

लेह्यः (वि./ना./न) लेढुं योग्यः, लिह्यते इति वा *(चाट्न योग्य, चाट्न सकिने)* लिह आस्वादने (अदा.) धातु, लिह+ण्यत्[३] (य), गुण= लेह्य ।

शब्दार्थ- चाट्न योग्य, चुस्न लायक, चाटेर खाने चीज, चटनी, आस्वादन गर्ने काम, अमृत ।

लैङ्गिकः (वि.) लिङ्गादागतः *(लिङ्गबाट आएको)* लिङ्गस्य अयम् *(लिङ्गको यो)* लिङ्ग+ठक्[४] (इकं), आदिवृद्धि, अकारलोप= लैङ्गिक ।

शब्दार्थ- कुनै चिन्ह भएको, लिङ्गको, लिङ्गसम्वन्धी, लिङ्गबाट आएको ।

लोकः (ना./पुं.)लोक्यते दृश्यते असौ *(देखिन्छ/हेरिन्छ यो)* लोकृ दर्शने (भ्वा.) धातु, लोक्+घञ् (अ)= लोक । **लोकस्तु भुवने जने- इत्यमरः**

शब्दार्थ- जगत्, संसार, विश्व, समाज, भुवन, विश्व ब्रह्माण्डको कुनै एक भाग, जनसमुदाय, दुनियाँ, लोक, जनलोक, तपलोक, स्वर्गलोक आदि उँभोका सातै लोक, पाताल, अतल, वितल, सुतल आदि उँधोका सात लोक, ग्रहमण्डलको लोक, ब्रह्मा, विष्णु र शिवको निवासस्थान, ब्रह्मलोक आदि ।

लोककथा (ना./स्त्री.) लोकाय कथा *(लोकको लागि कथा)* च.त.स.= लोककथा ।

अथवा लोके कथा *(लोकमा पाइने कथा)* स.त.स. =लोककथा ।

शब्दार्थ- लोकमा प्रचलित कथा, लोकमा चल्दै आएको कथा, दन्तेकथा, लोकको लागि कथालेखन ।

लोककल्याणकारी (वि.) कल्याणं कर्तुं शीलमस्य *(कल्याण गर्ने शील छ यसको)* कल्याण उपपदपूर्वक डुकृञ् करणे (तना.) धातु, कल्याण+कृ+णिनि[५] (इन्), कल्याणकारिन्, कल्याणकारी । लोकस्य कल्याणकारी *(लोकको कल्याण गर्ने)* ष.त.स.= लोककल्याणकारी ।

शब्दार्थ- लोकको कल्याण गर्ने, लोकको भलाइ गर्ने, लोकहितकारक, लोकहित गर्ने (व्यक्ति) ।

उदा. तिम्रो यात्रा सुखमय बनोस् लोककल्याणकारी ।
- भृ.ख.का.७/२

लोकगाथा (ना./स्त्री.) लोके गाथा *(लोक वा जनसमुदायमा गाइँदै आएको गाथा)* स.त.स. =लोकगाथा ।

शब्दार्थ- लोकमा गाइँदै आएको गाथा, परम्परागत वीरगाथा आदि ।

लोकगीतम् (ना./न.) लोकेषु गीतम् *(लोकमा गाइँदै आएको गीत)* स.त.स.= लोकगीत ।

अथवा लोकैर्गीतम् *(जनसमुदायद्वारा गाइएको गीत)* तृ.त.स.= लोकगीत ।

शब्दार्थ- लोकमा गाइँदै आएको गीत, भ्यायरे गीत आदि, लोकद्वारा गाइएको गीत ।

लोकचक्षुः (ना./पुं.) लोकानां चक्षुरिव *(लोकको आँखा जस्तै)* ष.त.स.= लोकचक्षु ।

शब्दार्थ- लोकको आँखा, सूर्य ।

लोकजननी (ना./स्त्री.) लोकानां जननी *(लोककी आमा)* ष.त.स.= लोकजननी ।

शब्दार्थ- विष्णुपत्नी, महाकाली, महालक्ष्मी, महासरस्वती ।

लोकजित् (वि./ना./पुं.) लोकं जयति जितवान् इति वा *(लोकलाई जित्तछ वा जितेको)* लोक उपपदपूर्वक जि जये (भ्वा.) धातु, लोक+जि+क्विप्, तुक्, क्विप्को सर्वलोप= लोकजित् ।

लोकजिज्जिनः- इत्यमरः

शब्दार्थ- लोकविजयी, संसारविजेता, बुद्ध, तथागत ।

---

[१] ण्वुल्तृचौ : ण्वुल्
[२] स्याद्व्यधास्रु... : ण
[३] ऋहलोर्ण्यत् : ण्यत्
[४] ठगायस्थानेभ्य...: ठक्
[५] सुप्यजातौ... : णिनि

लोकतन्त्रम् (ना./न.) लोकस्य प्रजायाः तन्त्रम् *(लोक वा प्रजाको तन्त्र)* ष.त.स.= लोकतन्त्र ।

शब्दार्थ- जनताले छानेका प्रतिनिधिद्वारा चल्ने शासनप्रणाली, प्रजातन्त्र, जनतन्त्र ।

लोकतन्त्रवादः (ना./पुं.) लोकस्य तन्त्रम् *(लोक वा जनताको तन्त्र)* ष.त.स., लोकतन्त्रम् । उद्यते इति *(बताइन्छ)* वद व्यक्तायां वाचि (भ्वा.) धातु, वद्+घञ् (अ), वृद्धि, वादः । लोकतन्त्रस्य वादः *(लोकतन्त्रको वाद)* ष.त.स.= लोकतन्त्रवाद ।

शब्दार्थ- लोकतन्त्रको सिद्धान्त, प्रजातन्त्रसम्वन्धी शासन प्रणाली वा व्यवस्था ।

लोकतन्त्रवादी (वि.) लोकतन्त्रवादः अस्य अस्तीति *(लोकतन्त्रसम्वन्धी सिद्धान्त छ यसको)* लोकतन्त्रवाद +इनि[१] (इन्), लोकतन्त्रवादिन्= लोकतन्त्रवादी ।

शब्दार्थ- लोकतन्त्रको अनुयायी, लोकतन्त्रको अनुसरण गर्ने, प्रजातन्त्रको सिद्धान्त मान्ने ।

लोकतान्त्रिकः (वि.) लोकस्य प्रजायाः तन्त्रम्, तस्मादागतः *(लोकतन्त्रवाट आएको)* लोकतन्त्र+ठक्[२] (इक), आदिवृद्धि= लोकतान्त्रिक ।

शब्दार्थ- लोकतन्त्रसम्वन्धी, लोकतन्त्रवाट प्राप्त, लोकतन्त्रको सिद्धान्त अनुकूलको ।

लोकत्रयम् (ना./न.) लोकानां त्रयम् *(तीनै लोक)* ष.त.स.= लोकत्रय ।

शब्दार्थ- भूर्लोक, भुवर्लोक, स्वर्गलोक- यी तीनै लोक, स्वर्ग, मर्त्य, पाताल- यी तीनलोक, सम्पूर्ण जगत् ।

लोकनाथः (ना./पुं.) लोकानां नाथः *(लोकका नाथ वा स्वामी)* ष.त.स.= लोकनाथ ।

शब्दार्थ-लोकका मालिक, व्रह्मा, विष्णु, शिव, वुद्ध, प्रभु ।

लोकनिन्दा (ना./स्त्री.) लोकस्य निन्दा *(लोकको निन्दा)* ष.त.स.= लोकनिन्दा ।

शब्दार्थ- लोकको निन्दा वा तिरस्कार, लोकापवाद ।

लोकनृत्यम् (ना./न.) लोके, लोकस्य वा नृत्यम् *(लोकमा चलेको नृत्य वा लोकको नृत्य)* स.त.स./ष.त.स. =लोकनृत्य ।

शब्दार्थ- लोकमा चलेको नाच, लोकनाटच, लोकनाच ।

लोकपरम्परा (ना./स्त्री.) लोके लोकस्य वा परम्परा *(लोकमा प्रचलित परम्परा वा लोकको परम्परा)* स.त.स./ष.त.स= लोकपरम्परा ।

शब्दार्थ- लोकमा चलिआएको परम्परा वा रीतिरिवाज, लोकको प्रथा, लोकको परम्परागत चालचलन ।

लोकपालः (ना./पुं.) लोकान् पालयतीति *(लोकलाई पालना गर्छन्)* लोकपूर्वक पाल रक्षणे (चुरा.) धातु, लोक+पाल्+णिचि+अण्[३] (अ), णिलोप= लोकपाल ।

शब्दार्थ- लोकलाई पालनपोषण गर्ने भूपाल, दिक्पाल, अष्टदिक्पाल, विष्णु ।

लोकपालकः (ना./पुं.) लोकं पालयतीति *(लोकलाई पालना गर्छन्)* लोक उपपदपूर्वक पाल रक्षणे (चुरा.) धातु, लोक+पाल्+ण्वुल्[४] (अक)= लोकपालक ।

शब्दार्थ-लोकको पालनपोषण गर्ने- विष्णु अष्टदिक्पाल, नृप ।

लोकप्रसिद्धः (वि.) लोके प्रसिद्धः *(लोकमा प्रसिद्ध भएको)* स.त.स.= लोकप्रसिद्ध ।

शब्दार्थ- संसारंमा ख्याति प्राप्त, लोकमा प्रसिद्धि पाएको, विश्वविख्यात ।

लोकप्रियः (वि.) लोके प्रियः *(लोकमा प्यारो)* स.त.स. =लोकप्रिय ।

शब्दार्थ- लोकलाई प्यारो लाग्ने, जनप्रिय, दुनियाँले मन पराएको ।

लोकप्रियता (ना./स्त्री.) लोकप्रियस्य भावः *(लोकमा प्रिय हुनाको भाव वा अवस्था)* लोकप्रिय+तल् (त)+टाप् (आ)= लोकप्रियता ।

शब्दार्थ- लोकप्रिय हुनाको स्थिति वा अवस्था, जनप्रियता ।

लोकवन्धुः (ना./पुं.) लोकानां वन्धुः *(लोकका वन्धु)* ष.त.स. = लोकवन्धु ।

शब्दार्थ- लोकका वन्धु, परमात्मा परमेश्वर ।

लोकभावना (ना./स्त्री.) लोकस्य भावना *(लोकको भावना)* ष.त.स.= लोकभावना ।

शब्दार्थ- जनताको भावना, जनताको मनोवृत्ति, लोकको हित गर्ने भावना ।

लोकमतम् (ना./न.) लोकस्य मतम् *(लोकको मत)* ष.त.स.= लोकमत ।

शब्दार्थ- जनताको विचार, जनताको मत वा राय, लोकको भावना ।

लोकमर्यादा (ना./स्त्री.) लोकस्य मर्यादा *(लोकको मर्यादा)* ष.त.स.= लोकमर्यादा ।

अथवा लोके मर्यादा *(लोकमा मर्यादा)* स.त.स. =लोकमर्यादा ।

शब्दार्थ- लोकमा प्रतिष्ठा वोकेको परम्परागत रीतिस्थिति, लोकको मर्यादा, लोकको सीमा, लोकमा प्रचलित प्रथा, लोकमा सम्मान कायम गर्ने काम ।

लोकमाता (ना./स्त्री.) लोकानां माता इव *(लोककी मातृ स्वरूप)* ष.त.स.= लोकमाता ।

शब्दार्थ- लक्ष्मी, लोकजननी, लोकमाता ।

लोकलयः (ना./पुं.) लोके लोकस्य लयः *(लोकमा प्रचलित लय वा लोकको लय)* स.त.स./ष.त.स. =लोकलय ।

शब्दार्थ- सर्वसाधारण जनताले गाउने गीतमा पाइने लय वा भाका, लोकमा प्रचलित लय ।

लोकशान्तिः (ना./स्त्री.) लोके शान्तिः *(लोकमा पाइने शान्ति)* स.त.स.= लोकशान्ति ।

शब्दार्थ- जनसाधारणमा पाइने शान्ति, अमनचयन ।

---

[१] अत इनिठनौ : इनि

[३] कर्मण्यण् : अण्

[२] ठगायस्थानेभ्य... : ठक्

[४] ण्वुल्तृचौ : ण्वुल्

लोकसभा (ना./स्त्री.) लोकस्य सभा *(लोक वा जनताको सभा)* ष.त.स.= लोकसभा ।

शब्दार्थ-जनप्रतिनिधिहरूको सभा, संसद्को प्रतिनिधिसभा

लोकसम्मतिः (ना./स्त्री.) लोकस्य सम्मतिः *(लोकको सम्मति)* ष.त.स.= लोकसम्मति ।

शब्दार्थ- देशको शासनसत्तामा जनताको सम्मति वा सहमति, जनमत, जनताको विचार वा मत ।

लोकसंरक्षकः (वि.) संरक्षतीति *(संरक्षण गर्छ)* सम्पूर्वक रक्ष पालने (भ्वा.) धातु, सम्+रक्ष्+ण्वुल्[1] (अक), संरक्षकः । लोकस्य संरक्षकः *(लोकको संरक्षक)* ष.त.स.= लोकसंरक्षक ।

शब्दार्थ- लोकको रक्षा गर्ने, लोकको संरक्षण गर्ने ।

लोकसंस्कृतिः (ना./स्त्री.) लोकस्य लोके वा संस्कृतिः *(लोकको संस्कृति वा लोकमा चलिआएको संस्कृति)* ष.त.स./स.त.स.= लोकसंस्कृति ।

शब्दार्थ-लोकमा परम्परागत रूपमा चलिआएको संस्कृति,

लोकसाहित्यम् (ना./न.) लोकाय साहित्यम्, लोके साहित्यम् *(लोकको लागि लेखिएको साहित्य, लोकमा चलेको साहित्य)* च.त.स./स.त.स.= लोकसाहित्य ।

शब्दार्थ- साधारण मानिसले वुझ्ने गरी लेखिएको साहित्य, लोकमा प्रचलित साहित्य, लोकगीत, लोककथा आदि ।

लोकसेवकः (ना./पुं.) लोकस्य सेवकः *(लोकको सेवक)* ष.त.स.= लोकसेवक ।

शब्दार्थ- जनताको सेवा गर्ने व्यक्ति, जनहितको काम गर्ने मानिस, जनसेवक ।

लोकसेवा (ना./स्त्री.) लोकस्य सेवा *(लोकको सेवा गर्ने काम)* ष.त.स.= लोकसेवा ।

शब्दार्थ- जनसाधारणको सेवा, जनसेवा, जनहितको लागि गरिने कार्य, लोकको सेवा गर्ने काम ।

लोकस्थितिः (ना./स्त्री.) लोकस्य स्थितिः *(लोकको अवस्था)* ष.त.स.= लोकस्थिति ।

शब्दार्थ-लोकको अवस्था, जनसाधारणको यथार्थस्थिति ।

लोकस्वामी (ना./पुं.) लोकानां स्वामी *(लोकका मालिक)* ष.त.स.= लोकस्वामी ।

शब्दार्थ- चौधै भुवनका स्वामी वा पति, परमेश्वर ।

लोकहितम् (ना./न.) लोकाय, लोकस्य वा हितम् *(लोकको लागि हित वा लोकको हित)* च.त.स./ष.त.स.= लोकहित ।

शब्दार्थ- लोकको लागि हित, लोकको हित वा कल्याण, लोककल्याण, साधारण जनताको भलाइ ।

लोकाचारः (ना./पुं.) लोके लोकस्य वा आचारः *(लोकमा चलेको आचार वा व्यवहार, लोकको व्यवहार)* स.त.स./ष.त.स.= लोकाचार ।

शब्दार्थ- लोकमा प्रचलित व्यवहार वा लोकको रीति-रिवाज, लोकप्रचलन, आडम्वरपूर्ण व्यवहार ।

लोकानुरागः (ना./पुं.) लोके लोकस्य अनुरागः *(लोकमा वा लोकको अनुराग)* स.त.स./ष.त.स.=लोकानुराग ।

शब्दार्थ- लोकप्रति माया ममता, लोकको अनुराग ।

उदा. यो दिव्य भोग, असमान कमान मान
लोकानुराग, शुभवैभव, वीरगान- आ.रा. १/५२

लोकान्तरम् (ना./न.) अन्यः लोकः *(अर्को लोक)* म.व्य.स., दीर्घ= लोकान्तर ।

शब्दार्थ- अर्को लोक, छुट्टै लोक, परलोक ।

लोकापवादः (ना./पुं.) लोके लोकस्य वा अपवादः *(लोकमा फैलिएको अपवाद वा लोकको अपवाद)* स.त.स./ष.त.स., दीर्घ= लोकापवाद ।

शब्दार्थ- दुनियाँमा फैलिएको वदनाम वा दुर्नाम, लोकको अपवाद, लोकनिन्दा ।

लोकाभ्युदयः (ना./पुं.) लोकानामभ्युदयः *(जगत्को उदय वा उत्थान)* ष.त.स., दीर्घ= लोकाभ्युदय ।

शब्दार्थ- लोकको समुन्नति, लोकको कल्याण, लोकको उत्थान ।

लोकायतम् (ना./न.) लोकेषु आयतं विस्तीर्णम् *(लोकमा फैलिएको)* लोक उपपदपूर्वक यती प्रयत्ने (भ्वा.) धातु, लोक+आ+यत्+अच् (पचादि), लोक आ मा दीर्घ =लोकायत । अथवा लोकायतः चार्वाक्, तस्य इदम् शास्त्रम् *(चार्वाकको यो शास्त्र)* लोकायत+अण्[2] (अ), संज्ञापूर्वकको वृद्धिनिषेध= लोकायत ।

शब्दार्थ- परलोक तथा पुनर्जन्मप्रति विश्वास नगर्ने मत वा शास्त्र, वेद नमान्ने नास्तिक विचार, चार्वाक दर्शन, तर्कभेद ।

लोकायतनः (ना./पुं./न.) लोके आयतते आयत्यते इति वा *(लोकमा फैलन्छ वा फैलिन्छ)* लोक उपपदमा हुने आङ्पूर्वक यती प्रयत्ने (भ्वा.) धातु, लोक+आ+यत्+ल्यु/ल्युट् (अन), दीर्घ= लोकायतन ।

शब्दार्थ- परलोकमा विश्वास नगर्ने व्यक्ति, नास्तिक व्यक्ति, चार्वाकमत, नास्तिक विचार, नास्तिक धारणा ।

लोकायतिकः (ना./पुं./वि.) लोकायतं शास्त्रमस्ति अस्य *(लोकायत (नास्तिक) विचार वा सिद्धान्त छ यसको)* लोकायत+ठन्[3] (इक), अकारलोप= लोकायतिक ।

शब्दार्थ- नास्तिकदर्शनका प्रवर्तक चार्वाक, चार्वाकदर्शन वा सिद्धान्त मान्ने, नास्तिक मतको अनुयायी, तार्किक ।

लोकालोकः (ना./पुं.) लोक्यते इति *(देखिन्छ)* लोकृ दर्शने (भ्वा.) धातु, लोक्+घञ् (अ), भावमा, लोकः प्रकाशः । न लोकः *(प्रकाश नभएको)* न.त.स., नलोप, अलोकः । लोकश्च अलोकश्च *(प्रकाश र अँध्यारो दुवै भएको)* द्व.स., दीर्घ= लोकालोक ।

शब्दार्थ- उज्यालो वा अँध्यारो, प्रकाश र अन्धकार, पौराणिक मान्यताअनुसार सातै समुद्रलाई परिवेष्ठित गरेर रहेको पर्वतमाला वा पर्वतशृङ्खला, उज्यालो र अँध्यारो दुवै भाग भएको स्थान ।

---

[1] ण्वुल्तृचौ : ण्वुल्

[2] तस्येदम् : अण्

[3] अत इनिठनौ : ठन्

लोकेशः (ना./पुं.) लोकानामीशः *(लोकका स्वामी)* लोक+ईश, ष.त.स., गुण= लोकेश ।

हिरण्यगर्भो लोकशः स्वयम्भूश्चतुराननः- इत्यमरः

शब्दार्थ- लोक वा संसारका स्वामी, ब्रह्मा, ईश ।

लोकोक्तिः (ना./स्त्री.) लोके लोकस्य वा उक्तिः *(लोकमा चलेको उक्ति वा लोकको भनाइ)* ष.त.स., गुण =लोकोक्ति ।

शब्दार्थ- लोकमा प्रचलित उखान, लोकमा सँगालिदै आएको सारगर्भित उक्ति वा आहान ।

लोकोत्तरः (वि.) लोकात् उत्तरः *(लोकभन्दा बाहिरको)* प.त.स., गुण= लोकोत्तर ।

शब्दार्थ- लोक वा संसारबाट पाउन नसकिने, अलौकिक, असामान्य ।

लोकोपकारः (ना./पुं.) लोकस्य उपकारः *(दुनियाँको भलाइ गर्ने काम)* लोक+उपकार, ष.त.स., गुण =लोकोपकार ।

शब्दार्थ- साधारण जनताको भलाइ गर्ने काम, दुनियाँको उपकार गर्ने काम, समाजसेवा ।

लोकोपकारी (वि.) लोकपकारः अस्ति अस्य *(लोकोपकार छ यसको)* लोकोपकार+इनि[1] (इन्), अकारलोप, लोकोपकारिन्= लोकोपकारी ।

शब्दार्थ- लोकको उपकार गर्ने, दुनियाँको हित गर्ने, समाजको सेवा गर्ने ।

लोचनम् (ना./न.) लोच्यतेऽनेन *(हेरिन्छ यसबाट)* लोच्लृ दर्शने (भ्वा.) धातु, लोच्+ल्युट् (अन)= लोचन ।

लोचनं नयनं नेत्रमीक्षणं चक्षुरक्षिणी- इत्यमरः

शब्दार्थ- आँखा, नयन, नेत्र, चक्षु, दृष्टि, हेर्ने वा अवलोकन गर्ने काम ।

लोडनम् (ना./न.) लुडचते, लोडचते इति वा *(हुँडलिन्छ, मथिन्छ, उद्विग्न हुनु)* लुड विलोडने वा लोडृ उन्मादे (भ्वा.) धातु, लुड्+ल्युट् (अन), गुण=लोडन । अथवा लोड्+ल्युट् (अन)= लोडन ।

शब्दार्थ- हुँडल्ने काम, मन्थन गर्ने काम, उद्विग्न या अशान्त हुने काम, उन्माद हुने क्रिया ।

लोडितः (वि.) लोडयति स्म, लोडचते स्म इति वा *(उद्विग्न भएको, हुँडलिएको)* लुड विलोडने वा लोडृ उन्माने (भ्वा.) धातु, लोड्+क्त (त), कर्तामा, इडागम =लोडित ।

अथवा लुड्+णिचि, गुण, लोडि+क्त (त), इडागम, णिलोप= लोडित ।

शब्दार्थ-हुँडलेको, मथन गरेको, हुँडलिएको, अशान्त, उद्विग्न ।

लोपः (ना./पुं.) लुप्यते इति *(हराउनु, छेदन गर्नु)* लुप्लृ छेदने (तुदा.) धातु, लुप्+घञ् (अ), गुण= लोप ।

शब्दार्थ- हराउने स्थिति, नदेखिने अवस्था, हानि, नाश, क्षय, अलप हुने क्रिया, अभाव, अदर्शन, उन्मूलन ।

लोभः (ना./पुं.) लुभ्यते इति *(लोभिन्छ)* लुभ गार्ध्ये (दिवा.) वा लुभ विमोहने (तुदा.) धातु, लुभ्+घञ् (अ), गुण= लोभ ।

शब्दार्थ- लालसा, लालच, तृष्णा, लोलुपता, लोभिने काम, अरूको धनसम्पत्ति पाउने आकाङ्क्षा, स्पृहा ।

लोभपाशः (ना./पुं.) लोभ एव पाशः *(लोभरूप पाश)* म.व्य.स. वा लोभस्य पाशः *(लोभको पासो)* ष.त.स. =लोभपाश ।

शब्दार्थ- लोभरूपी पासो, लोभको फन्दा ।

लोभी (वि.) लोभः अस्ति अस्य *(लोभ छ यसको)* लोभ+इनि[1] (इन्), अकारलोप, लोभिन्= लोभी ।

शब्दार्थ- लोभ गर्ने, लालसा गर्ने, लालची, कञ्जुस, अर्काको सम्पत्तिमा दागा धर्ने, लुब्ध, लोभले परिपूर्ण ।

लोमन् (लोम) (ना./न.) लूयते इति *(काटिन्छ)* लूञ् छेदने (क्र्या.) धातु, लू+मनिन्[2] (मन्), गुण, लोमन् =लोम ।

शब्दार्थ- मानिस तथा पशुपक्षीहरूको शरीरमा उम्रने रौं, रोम, केश ।

लोमशः (वि./ना./पुं.) लोमानि सन्ति अस्य *(रौंहरू छन् यसका)* लोमन्+श[3], नलोप= लोमश ।

शब्दार्थ- शरीरमा प्रशस्त रौं भएको, महाभारतकालीन एक ऋषि, भेडो आदि ।

लोमवान् (वि.) प्रशस्तानि लोमानि सन्ति अस्य *(धेरै रौंहरू छन् यसका)* लोम+मतुप्[4] (मत्), मको व, लोमवत्= लोमवान् ।

शब्दार्थ- शरीरमा धेरै रौं भएको, शरीरमा भुत्ला हुने- भेडो, स्याल, कुकुर आदि ।

लोमहर्षः (ना./पुं.) हृष्यते इति *(प्रसन्न हुनु)* हृष तुष्टौ (दिवा.) धातु, हृष्+घञ् (अ), गुण, हर्षः । लोम्नां हर्षः *(रौंहरूको पुलकित हुने काम)* ष.त.स.= लोमहर्ष ।

शब्दार्थ- रोमहर्ष, सिरिङ्ग हुने काम, रोमाञ्च हुने काम, पुलकित हुने काम ।

उदा. वेपथुश्च शरीरे मे रोमहर्षश्च जायते- भ.गी.१/२९

लोमहर्षकः (वि.) हर्षयतीति *(खुसी पार्छ)* हृष तुष्टौ (दिवा.) धातु, हृष्+णिचि, गुण, हर्षि+ण्वुल्[5] (अक), णिलोप, हर्षकः । लोम्नां हर्षकः *(रोमाञ्च गराउने)* ष.त.स.= लोमहर्षक ।

शब्दार्थ- खुसी पार्ने, प्रसन्न पार्ने, पुलकित पार्ने, रोमाञ्च पैदा गर्ने ।

लोमहर्षणम् (ना./न.) हृष्यते इति *(प्रसन्न हुनु)* हृष तुष्टौ (दिवा.) धातु, हृष्+ल्युट् (अन), गुण, णत्व, हर्षणम् । लोम्नां हर्षणम् *(रौंहरू पुलकित हुने काम)* लोम+हर्षण, ष.त.स.= लोमहर्षण ।

शब्दार्थ- रोमाञ्च, पुलकित अवस्था, रौं ठाडा ठाडा हुने काम ।

---

[1] अत इनिठनौ : इनि

[2] अन्येभ्योऽपि दृश्यन्ते : मनिन्

[3] लोमादिपामादि... : श

[4] तदस्यास्त्यस्मिन्... : मतुप्

[5] ण्वुल्तृचौ : ण्वुल्

लोलः (वि.) लोडतीति *(चञ्चल हुन्छ)* लुड विलोडने (भ्वा.) धातु, लुड्+अच् (पचादि), डको ल (ड तथा लको अभेद सम्वन्ध हुँनाले), गुण= लोल ।

चलनं कम्पनं कम्पं चलं लोलं चलाचलम्- इत्यमरः

शब्दार्थ- चञ्चल, चल, अस्थिर, काँप्ने वा हल्लने, अशान्त, स्थिर नभएको ।

लोलुपः (वि.) गर्हितं लुम्पतीति *(निन्दित ढङ्गले छेदन गर्छ)* लृप्लृ क्षेदने (तुदा.) धातु, लुप्+यङ्[१] (य), द्वित्व, अभ्यासको गुण, लोलुप्य (यङन्त धातु) । लोलुप्यतीति *(बारम्बार लोभमा फस्छ)* लोलुप्य+अच् (पचादि), यको लुक्[२]= लोलुप ।

शब्दार्थ- लुब्ध, अतिलोभी, लालायित, ज्यादा लालसा गर्ने, लालची, ज्यादै लोभी, अतिलुब्ध ।

लोष्टः (ना./पुं./न.) लोष्टयते इति *(डल्लो पारिन्छ)* लोष्ट सङ्घाते (भ्वा.) धातु, लोष्ट्+घञ् (अ)= लोष्ट । अथवा लूयते इति *(छेदन गरिन्छ)* लूञ् छेदने (क्र्या.) धातु, लू+क्त (त), उणा., सुट्, षत्व, गुण =लोष्ट ।

शब्दार्थ- माटाको डल्लो, तुच्छवस्तु, निस्सारवस्तु ।

***द्रष्टव्य*- परद्रव्ये लोष्टवच्च यः पश्यति स पश्यति- नीतिवचन**

लोहः (ना./पुं./न.) रुहति, रुह्यते इति वा *(निक्लन्छ, निकालिन्छ खानिबाट)* रुह बीजजन्मनि प्रादुर्भावे च (भ्वा.) धातु, रुह्+अच् (पचादि)/घञ् (अ), भावमा, गुण, रको ल (र तथा लको अभेदसम्वन्ध हुँदा)=लोह । अथवा लूनाति, लूयते क्षिप्यते अनेन *(काट्छ, काटिन्छ यसद्वारा)* लूञ् छेदने (क्र्या.) धातु, लू+ह (वहुलप्रकारले), गुण= लोह ।

लोहोऽस्त्री शस्त्रके लोहे जोङ्गके सर्वतैजसे- इति मेदिनी

शब्दार्थ- फलाम, लोह, लौह, इस्पात, फलामवाट वनेका अस्त्रशस्त्र, रातो रङ्ग, सवै तैजस धातु वा द्रव्य ।

लोहकारः/लोहकारकः (ना./पुं.) लोहं लोहमयं कार्यं करोतीति *(फलामको काम गर्छ)* लोह उपपदपूर्वक डुकृञ् करणे (तना.) धातु, लोह+कृ+अण्[३] (अ), वृद्धि =लोहकार ।

लोह+कृ+ण्वुल्[४] (अक), वृद्धि= लोहकारक ।

शब्दार्थ- फलामको काम गर्ने मानिस, कालिगड, कामी, कौ ।

लोहमयः (वि.) लोहस्य विकारः *(फलामको विकार)* लोह+मयट्[५] (मय)= लोहमय ।

अथवा प्रकृतः प्रचुरः लोहः *(पर्याप्त फलाम भएको)* लोह+मयट् (मय)= लोहमय ।

शब्दार्थ- फलामले वनेको, फलामै फलामले परिपूर्ण ।

लोहितः (वि./ना./पुं.) रोहतीति *(प्रादुर्भाव हुन्छ)* रुह बीजजन्मनि प्रादुर्भावे च (भ्वा.) धातु, रुह्+इतन्[६] (इत), रुहका रको ल[६], उणा., गुण, लोह् इत =लोहित ।

रोहितो लोहितो रक्तः - इत्यमरः

लोहितं रक्तगोशीर्षे कुङ्कुमे रक्तचन्दने- इति मेदिनी

शब्दार्थ- रातो रङ्गको, रातो, लालवर्णको, रातो चन्दन, मङ्गलग्रह, रगतले मुछिएको युद्ध, मत्स्यविशेष, मृगविशेष, रातोवर्ण, तामावाट वनेको वस्तु, रक्तचन्दन ।

लोहिताङ्गः (वि./ना./पुं.) लोहितमङ्गं यस्य *(रातो छ वर्ण जसको)* लोहित+अङ्ग, व.स., दीर्घ= लोहिताङ्ग ।

शब्दार्थ- रातो रङ्ग भएको, तामो, मङ्गलग्रह ।

लौकायतिकः (वि.) लोकायतमधीते वेद इति *(नास्तिक मत वा चार्वाक्दर्शन पढ्छ वा जान्दछ)* लोकायत+ठक्[७] (इक), आदिवृद्धि, अकारलोप= लौकायतिक ।

शब्दार्थ- चार्वाक मतको अनुयायी, नास्तिक, वेद नमान्ने, अनीश्वरवादी ।

लौकिकः (वि.) लोके विदितः ख्यातः प्रसिद्धः वा *(लोकमा विदित वा प्रसिद्ध)* लोक+ठञ्[८] (इक), आदिवृद्धि, अकारलोप= लौकिक ।

अथवा लोकमधीते वेत्तीति वा *(लोकलाई जान्दछ वा लोकको अध्ययन गर्छ)* लोक+ठक् (इक), आदिवृद्धि = लौकिक ।

शब्दार्थ- लोकसित सम्वन्धित, सांसारिक लोकमा प्रसिद्ध, पार्थिव, लोकलाई वुझ्ने वा अध्ययन गर्ने, समाजशास्त्री, व्यावहारिक ।

लौकिकता (ना./स्त्री.) लौकिकस्य भावः *(लौकिक हुनाको भाव वा अवस्था)* लौकिक+तल् (त)+टाप् (आ) =लौकिकता ।

शब्दार्थ- लौकिकपना, लोकको भाव वा अवस्था ।

लौहः (ना./पुं./वि.) लोहः एव *(फलाम नै)* लोह+अण्[९] (अ), स्वार्थमा, आदिवृद्धि, अकारलोप= लौह ।

अथवा लोहस्य अयम्, लोहादागतः, लोहस्य विकारः *(फलामको यो, फलामबाट आएको वा बनेको, फलामको विकार)* लोह+अण्[९] (अ), आदिवृद्धि, अकारलोप = लौह ।

शब्दार्थ- फलाम, लोहा, फलामको, फलामसम्वन्धी, फलामवाट वनेको, रातो ।

लौहकारः (ना./पुं.) लौहं करोतीति *(फलामको काम गर्छ)* लौह उपपदपूर्वक डुकृञ् करणे (तना.) धातु, लौह+कृ+अण्[३] (अ), वृद्धि= लौहकार ।

शब्दार्थ-फलामको काम गर्ने कालिगड, कामी, लोहार, कौ ।

---

१. लुपसदचरचप... : यङ्

२. यञोऽचि च : यको लुक्

३. कर्मण्यण् : अण्

४. ण्वुल्तृचौ : ण्वुल्

५. तस्य विकारः/तत्प्रकृतवचने...: मयट्

६. रुहेरश्च लो वा : इतन्, रको ल

७. क्रतूक्थादि... : ठक्

८. लोकसर्वलोकाट्ठञ् : ठञ्

९. प्रज्ञाद्यण्/तस्येदम्/ततः आगतः : अण्

लौहपुरुषः (ना./पुं.) लौह इव पुरुषः *(फलाम जस्तै कठोर वा अटल पुरुष)* उप.क.त.स.= लौहपुरुष ।

शब्दार्थ- फलाम जस्तै शक्ति वा ताकत भएको व्यक्ति, आफ्नो अठोट वा सिद्धान्तमा अडिक रहने व्यक्ति ।

लौहयुगम् (ना./न.) लौहञ्च तत् युगम् *(लौहयुग)* वा लौहस्य युगम् *(फलामको युग)* क.त.स./ष.त. स. =लौहयुग ।

शब्दार्थ- फलामे हात हतियार प्रयोग गर्ने युग, फलामको युग ।

लौहित्यम् (ना./न.) लोहितस्य भावः *(रातो हुनाको भाव वा अवस्था)* लोहित+ष्यञ् (य), आदिवृद्धि= लौहित्य ।

शब्दार्थ- रातोपना, लोहितत्त्व ।

व

वः (ना./पुं.) वाति गच्छतीति *(बहन्छ)* वा गतिगन्धनयोः (अदा.) धातु, वा+ड[1] (अ), टिलोप= व ।

परिचय- देवनागरी वर्णमालाको उनन्तीसौं व्यञ्जनवर्ण, दन्त्योष्ठयस्थानीय अन्तस्थसंज्ञक सघोष अल्पप्राणध्वनि ।

वः सान्त्वने च वाते च वरुणे च निगद्यते- इति मेदिनी

शब्दार्थ- वायुदेव, वरुणदेव, आवास, समुद्र, वस्त्र, राहु, वाहु, वलवान्, व्याघ्र, वाघ, शार्दूल, सान्त्वना, मन्त्रणा ।

वंशः (ना./पुं.) उश्यते इति *(इच्छा गरिन्छ)* वश कान्तौ (अदा.) धातु, वश्+घञ् (अ), नुम्[2]= वंश ।

अथवा वमति उद्गिरति पुरुषान्नरान् *(मानिस पैदा हुन्छ)* वा वन्यते इति *(फैलिन्छ)* टुवम् उद्गिरणे वा वन सम्भक्तौ (भ्वा.) धातु, वम्/वन्+श (वहुलप्रकारले), अनुस्वार= वंश ।

वंशो वेणौ कुले वर्गे पृष्टाद्यवयवेऽपि च- इति मेदिनी

शब्दार्थ- कुल, सन्तान, अन्वय, सन्तति, वंश, पुर्खा, गोत्र, वर्ग, वाँस, मेरुदण्ड, पिठ्यूँ ।

वंशकः (ना./पुं.) वंश इव प्रतिकृतिः *(बाँसकै आकृतिको, बाँस जस्तै)* वंश+कन्[3] (क)= वंशक ।

शब्दार्थ- एक प्रकारको ऊखु, ढोडे, निगालो, बेत ।

वंशकरः (वि.) वंशं करोतीति *(वंश वृद्धि गर्छ)* वंश उपपदपूर्वक डुकृञ् करणे (तना.) धातु, वंश+कृ+ट[4] (अ), गुण= वंशकर ।

शब्दार्थ- वंशको स्थापना गर्ने, वंशप्रवर्तक ।

वंशजः (वि.) वंशात् जातः, जायते इति वा *(वंशमा पैदा भएको वा हुन्छ)* वंश+जन्+ड (अ), टिलोप=वंशज ।

शब्दार्थ- वंश वा कुलमा पैदा भएको (सन्तान), कुलोत्पन्न, बाँसवाट पैदा भएको ।

वंशधरः (ना./पुं.) वंशं विभर्तीति *(वंशको धारण गर्छ वा संरक्षण गर्छ)* वंश उपपदपूर्वक डुभृञ् धारणपोषणयोः (जुहो.) धातु, वंश+धृ+अच् (पचादि), गुण= वंशधर ।

शब्दार्थ- वंशको संरक्षण गर्ने पुरुष, वंशलाई जोगाई राख्ने व्यक्ति, कुलको रक्षा गर्ने व्यक्ति ।

वंशपरम्परा (ना./स्त्री.) वंशस्य परम्परा *(वंशको परम्परा)* ष.त.स., दीर्घ= वंशपरम्परा ।

शब्दार्थ- वंशको चल्दै आएको परम्परा, वंशको क्रम ।

वंशानुगतः (वि.) वंशादनुगतः *(वंशबाट चल्दै आएको)* प.त.स., दीर्घ= वंशानुगत ।

शब्दार्थ- वंशपरम्परावाट आएको, वंशपरम्परावाट प्राप्त भएको ।

वंशाणुः (ना./पुं.) वंशात् अनुगतश्चासौ अणुश्च *(वंशबाट प्राप्त भएको अणु)* वंश+अणु, क.त.स., उ.प.लोप, दीर्घ= वंशाणु ।

शब्दार्थ- वंशानुगत अणु, वंशपरम्परावाट सर्दै आएको अणु वा सूक्ष्मतत्त्व ।

वंशानुक्रमः (ना./पुं.) वंशस्य अनुक्रमः *(वंशको क्रम वा परम्परा)* ष.त.स., दीर्घ= वंशानुक्रम ।

शब्दार्थ- वंशपरम्परा, वंशको क्रम, वंशावली ।

वंशानुचरितम् (ना./न.) वंशस्य अनुचरितम् *(वंशको चरित्र)* ष.त.स., दीर्घ= वंशानुचरित ।

शब्दार्थ- प्रत्येक वंशको वर्णन, वंशावलीको चरित्रवर्णन ।

वंशावली (ना./स्त्री.) वंशस्य आवली *(वंशको लता)* ष.त.स., दीर्घ= वंशावली ।

शब्दार्थ- वंशलता, मूलपुर्खादेखि वर्तमान पुस्तासम्मको वंशको नामावली, वंशपरिचय, वंशविवरण, वंशतालिका, वंशपरम्परा, वंशानुक्रम ।

वंशी (ना./स्त्री.) वंशः अस्ति अस्य *(बाँसबाट बनेको मुरली छ यसको)* वंश+अच् (अर्शादि), वंश+ङीष्[5] (ई) =वंशी ।

शब्दार्थ- बाँसुरी, मुरली, शिरा, रगत वग्ने नसा, वंश लोचन ।

वंशीयः (वि.) वंशे जातादिः *(वंशमा पैदा भएको)* वंश+छ[6] (ईय), अकारलोप= वंशीय ।

शब्दार्थ- वंशमा उत्पन्न भएको, वंशको, वंशसम्वन्धी ।

---

[1] वन्येष्वपि दृश्यते : ड

[2] आच्छीनद्योर्नुम् सूत्रमा 'नुम्' योगविभागबाट : नुम्

[3] इवे प्रतिकृतौ : कन्

[4] कृञो हेतुताच्छील्य...: ट

[5] षिद्गौरादिभ्यश्च : ङीष्

[6] गहादिभ्यश्च : छ

वंशोद्भवः (वि.) उद्भवतीति *(पैदा हुन्छ)* उद्+भू+अच् (पचादि), गुण, अवादेश, उद्भवः । वंशे उद्भवः **(वंशमा पैदा भएको)** वंश+उद्भव, स.त.स., गुण =वंशोद्भव ।

शब्दार्थ- वंशमा जन्मेको, वंशमा पैदा भएको, वंशोत्पन्न, वंशको ।

वंश्यः (वि./ना./पुं.) वंशे भवः जातादिर्वा *(वंशमा भएको)* वंशाय हितम् *(वंशका लागि हित हुने)*, वंशेषु साधुः *(वंशमा साधु)* वंश+यत्[1] (य), अकारलोप= वंश्य ।

शब्दार्थ- वंशमा भएको, वंशीय, वंशको लागि हित गर्ने पुर्खा, एकै वंशको सन्तति ।

वकारः (ना./पुं.) 'व' यस्तो वर्णनिर्देशनमा 'व' प्रातिपदिकबाट व+कार[2]= वकार ।

शब्दार्थ-वअक्षर, अन्तस्थ वर्णहरूमध्ये अन्तिम चौथो वर्ण

वक्तव्यः (वि./ना./न.) वक्तुं योग्यः, वचनार्हः इति वा *(बोल्न योग्य)* वच परिभाषणे (अदा.) धातु, वच्+तव्यत् (तव्य), कुत्व= वक्तव्य ।

शब्दार्थ- बोल्न योग्य वा लायक, भन्न लायक वा उचित, प्रकथन योग्य, कथ्य, कथन, वक्तृत्व, भाषण ।

वक्ता (ना./पुं./वि.) वक्तीति *(बोल्छ, भन्छ, वाचन गर्छ)* वच परिभाषणे (अदा.) धातु, वच्+तृन्[3]/तृच्[4] (तृ), कुत्व, वक्तृ= वक्ता ।

शब्दार्थ- बोल्ने व्यक्ति, वाचन गर्ने पण्डित, प्रवचन दिने व्यक्ति, वाचक, प्रवाचक, वाग्मी, भन्ने, बोल्ने ।

वक्तुकामः (वि.) वक्तुं कामः अस्य *(बोल्ने कामना छ यसको)* वच परिभाषणे (अदा.) धातु, वच्+तुमुन् (तुम्), मलोप= वक्तुकाम ।

शब्दार्थ- बोल्न चाहना गर्ने, बोल्न इच्छा गर्ने ।

वक्तृता (ना./स्त्री.)/**वक्तृत्वम्** (ना./न.) वक्तुर्भावः *(वक्ताको भाव वा अवस्था)* वक्तृ+तल् (त)+टाप् (आ)= वक्तृता ।

वक्तृ+त्व= वक्तृत्व ।

शब्दार्थ- वक्ताको अवस्था वा चतुऱ्याइँ, भाषण गर्ने क्षमता, वाक्चातुर्य, वाक्पटुता ।

वक्त्रम् (ना./न.) वक्ति अनेन *(बोल्छ यसबाट)* वच परिभाषणे (अदा.)धातु, वच्+ष्ट्रन् (त्र), उणा.=वक्त्र ।

शब्दार्थ- मुख, आनन, आस्य ।

वक्रः (ना./पुं./न./वि.) वञ्चति, वञ्चयतीति *(बाङ्गो वा टेडो गतिले हिड्छ)* वञ्चु गतौ (भ्वा.) वा वञ्चु प्रलम्भने (चुरा.) धातु, वञ्च्+रक्[5] (र), उणा., नलोप, कुत्व= वक्र ।

अथवा वङ्कते इति *(टेढो हुन्छ)* वकि कौटिल्ये (भ्वा.) धातु, नुम्, वङ्+रक् (र), नलोप= वक्र ।

शब्दार्थ- उल्टो गतिमा चलेको वा वक्र भएको ग्रहविशेष, शनैश्चर, मङ्गल, चन्द्रमा आदि ग्रह, छलकपट गर्ने, कुटिल, वाङ्गो, टेढो, कुप्रो ।

वक्रगतिः (वि./ना./स्त्री.) वक्रा गतिर्यस्य *(वक्र छ गति जसको)* वा वक्रा चासौ गतिश्च *(उल्टो गति)* ब.स./क.त.स.= वक्रगति ।

शब्दार्थ- वाङ्गो गति भएको, उल्टो गति भएको, टेढो चाल, उल्टो गति, कुटिल चाल ।

वक्रता (ना./स्त्री.) वक्रस्य भावः *(टेढो हुनाको भाव वा अवस्था)* वक्र+तल् (त)+टाप् (आ)= वक्रता ।

शब्दार्थ- टेढोपना, वाङ्गोपन, कुटिलता ।

वक्रतुण्डः (ना./पुं.) वक्रं तुण्डं यस्य *(वक्र छ मुख जसको)* ब.स.= वक्रतुण्ड ।

शब्दार्थ- गणेश, वाङ्गो मुख भएको व्यक्ति ।

वक्रदृष्टिः (ना./स्त्री.) वक्रा चासौ दृष्टिश्च *(टेढो दृष्टि)* क.त.स., ह्रस्व= वक्रदृष्टि ।

शब्दार्थ- टेढो नजर, छड्के नजर, टेढो आँखा, कुदृष्टि।

वक्रोक्तिः (ना./स्त्री.) वक्रा कुटिला चासौ उक्तिश्च *(टेढो भनाइ)* वक्र+उक्ति, क.त.स., गुण= वक्रोक्ति।

शब्दार्थ-कुटिल पाराको भनाइ, अलङ्कारविशेष, श्लेषपूर्ण ढङ्गले स्वर वदलेर काकु वा व्यङ्ग्यपूर्ण भनाइद्वारा हुन जाने एक अलङ्कार, एउटाले कुनै उद्देश्य वा अभिप्रायले व्यक्त गरेको वाक्यलाई अर्कोले काकु वा श्लेषद्वारा अर्केरूपमा बुझ्नु वक्रोक्ति अलङ्कार हो।

वक्रोक्तिवादः (ना./पुं.) वक्रोक्तेर्वादः *(वक्रोक्तिको वाद वा सिद्धान्त)* ष.त.स.= वक्रोक्तिवाद ।

शब्दार्थ- वक्रोक्ति अर्थात् 'उक्ति वैचित्र्य नै काव्यको आत्मा हो' भन्ने एक मत वा काव्यसिद्धान्त, जसका प्रतिपादक आचार्य कुन्तक हुन्।

वक्रोक्तिवादी (वि.) वक्रोक्तिवादः अस्ति अस्य *(वक्रोक्तिवादको सिद्धान्त छ यसको)* वक्रोक्तिवाद+ इनि (इन्), अकारलोप, वक्रोक्तिवादिन्= वक्रोक्तिवादी ।

शब्दार्थ- वक्रोक्तिवादको अनुयायी वा अनुसरण गर्ने, वक्रोक्तिवादको सिद्धान्त मान्ने ।

वक्षः (ना./न.) वक्षतीति *(दृढ हुन्छ)* वक्ष सङ्घाते (भ्वा.) धातु, वक्ष्+असुन् (अस्), उणा., वक्षस्= वक्ष । अथवा उच्यते इति *(भनिन्छ)* वच परिभाषणे (अदा.) धातु, वच्+असुन्[6] (अस्), उणा., सुडागम, कुत्व, षत्व, क्षत्व= वक्ष ।

शब्दार्थ- छाती, उर, हृदय, वक्षस्थल ।

वक्षस्थलम् (ना./न.) वक्षसः स्थलम् *(छातीको स्थल)* ष.त.स., सलोप= वक्षस्थल ।

शब्दार्थ- छाती, हृदय, उर, वक्ष ।

उदा. **तीम्रो शीतल वक्षस्थलमा, यो कविको शैशवकाल बित्यो- वखलढुङ्गा (सिद्धिचरण श्रेष्ठ)**

---

[1] दिगादिभ्य.../तत्र साधुः/तस्मै हितम् : यत्

[2] वर्णात्कारः : कार

[3] तृन् : तृन्

[4] ण्वुल्तृचौ : तृच्

[5] स्फायितञ्चिवञ्चि...: रक्, नलोप

[6] सर्वधातुभ्यो...: असुन्

वक्षोरुहः (ना./पुं.) वक्षसि रुहतीति *(छातीमा पैदा हुन्छ)* वक्षस् उपपदपूर्वक रुह वीजजन्मनि प्रादुर्भावे च (भ्वा.) धातु, वक्षस्+रुह्+क[1] (अ), वक्षस्का सको रुत्व, उत्व= वक्षोरुह ।

शब्दार्थ- स्त्रीजातिको छातीमा देखिने स्तन, कुच ।

वक्ष्यमाणः (वि.) वक्ष्यतीति *(भन्नेछ)* वच परिभाषणे (अदा.) धातु, वच्+लृट्, लृट्को शानच्[2] (आन), स्य (प्रत्यय), वको कुत्व, स्यको षत्व, क तथा षको क्षत्व, वक्ष्य आन, मुक्[3], णत्व= वक्ष्यमाण ।

शब्दार्थ-पछि भनिने, भविष्यमा भनिने वा भनिँदै गरिने ।

वगला (ना./स्त्री.) वचः लाति ददाति छिनत्तीति वा *(वाणी दिन्छिन्, वाणी हरण पनि गर्छिन्)* वचस् उपपदमा हुने ला आदाने (अदा.) धातु, वचस्+ला +क (अ), आलोप, पृषोदरादिबाट चको ग, सलोप, वगल+टाप् (आ)= वगला ।

शब्दार्थ- दश महाविद्यामध्ये एक, देवी वगलामुखी ।

वचस् (वचः) (ना./न.) उच्यते इति *(भनिन्छ)* वच परिभाषणे (अदा.) धातु, वच्+असुन्[4] (अस्), वचस्, रुत्व, विसर्ग, वचः= वच ।

भाषितं वचनं वचः- इत्यमरः

शब्दार्थ- वचन, वोली, वाणी, भाषण ।

वचनम् (ना./न.) उच्यते, कथ्यते, उच्चार्यते अनेन इति वा *(भनिन्छ, उच्चारण गरिन्छ यसबाट)* वच परिभाषणे (अदा.) धातु, वच्+ल्युट् (अन)= वचन ।

शब्दार्थ- वोली, वचन, वाणी, भाषण, कथन, उपदेश, भनाइ, व्याकरणमा एक वा सोभन्दा वढीलाई वुझाउने सङ्ख्या ।

वचनवद्धः (वि.) वचने, वचनेन वा वद्धः *(वचनमा वा वचनले वाँधिएको)* स.त.स./तृ.त.स.= वचनवद्ध ।

शब्दार्थ- वचनमा वद्ध, वचनले वाँधिएको, कबोल वा प्रतिज्ञा गरेको कुराले वाँधिएको ।

वचनवद्धता (ना./स्त्री.) वचनवद्धस्य भावः *(वचनवद्ध हुनाको भाव वा अवस्था)* वचनवद्ध+तल् (त)+टाप् (आ)= वचनवद्धता ।

शब्दार्थ- आफूले वोलेको वा कवल गरेको कुरामा वाँधिने काम, वचनवद्धताको स्थिति वा अवस्था ।

वचा (ना./स्त्री.) वक्ति, उच्यते वा सुस्पष्टं अनया *(स्पष्ट वोल्छ वा भनिन्छ यसबाट)* वच परिभाषणे (अदा.) धातु, वच्+अच् (पचादि),/क (घञर्थमा), वच+टाप् (आ)= वचा ।

शब्दार्थ-कवोल गरेको कुरामा वाँधिने काम, वोझो, उग्रगन्धा, गलो वस्ता प्रयोग गरिने औषधिविशेष

वज्रः (ना./पुं./न.) वजतीति *(जान्छ, खस्छ)* वज गतौ (भ्वा.) धातु, वज्+रन्[5] (र), उणा.= वज्र ।

वज्रोऽस्त्री हीरके पवौ- इत्यमरः

शब्दार्थ- वज्र, इन्द्रको अस्त्र, कुलिश, हीरा, चटचाङ्, साह्रो वस्तु ।

वज्रकायः (ना./पुं./वि.) वज्रमिव कायः *(वज्रझैं शरीर)* उप.क.त.स.= वज्रकाय ।

अथवा वज्रमिव कायः यस्य *(वज्रझैं दृढ छ शरीर जसको)* व.स.= वज्रकाय ।

शब्दार्थ- वज्रजस्तै दृढशरीर, वज्रझैं कठोर शरीर भएको, अत्यन्त वलियो शरीर हुने ।

वज्रनिर्घोषः (ना./पुं.) वज्रस्य निर्घोषः *(वज्रको आवाज)* ष.त.स.= वज्रनिर्घोष ।

शब्दार्थ- चटचाङ पर्दा निस्कने आवाज, वज्रघोष ।

वज्रपाणिः (ना./पुं.) वज्रं पाणौ यस्य *(वज्र छ हातमा जसका)* व.स.= वज्रपाणि ।

शब्दार्थ-हातमा वज्र लिने इन्द्र, पाँच वोधिसत्त्वमध्ये एक ।

व्रजपातः (ना./पुं.) पतनम्, पत्यते इति *(खस्नु)* पत्लृ गतौ (भ्वा.) धातु, पत्+घञ् (अ),पातः । वज्रस्य पातः *(वज्रको खस्ने काम)* ष.त.स.= वज्रपात ।

शब्दार्थ- वज्र खस्ने वा वज्रपात हुने काम, चटचाङ् पर्ने काम, आकस्मिक विपत्ति ।

वज्रमणिः (ना./पुं.) वज्रस्य मणिः *(कडा पत्थरको मणि)* ष.त.स.= वज्रमणि ।

शब्दार्थ- कडा पत्थर, हीरा ।

वज्रयानी (वि.) वज्रयानमस्ति अस्य *(वज्रयान मार्ग छ यसको)* वज्रयान+इनि[6] (इन्), अकारलोप, वज्रयानिन् =वज्रयानी ।

शब्दार्थ- वौद्धधर्मको वज्रयान सम्प्रदाय मान्ने, त्यसको अनुसरण गर्ने, वज्रयानसम्वन्धी, वज्रयानमा विश्वस्त ।

वज्रलेपः (ना./पुं.) वज्रमिव लेपः *(वज्रजस्तो साह्रो हुने वस्तुको लेप)* उप.त.स.= वज्रलेप ।

शब्दार्थ- वज्र जस्तै कडा लेप, सिमेन्टप्लाष्टर, विभिन्न मिश्रित पदार्थहरूको लिउन जो वज्र जस्तै साह्रो वन्दछ ।

वज्रहृदयः (वि.) वज्रवत्, वज्रमिव हृदयं यस्य *(वज्रझैं कठोर छ हृदय जसको)* व.स.= वज्रहृदय ।

शब्दार्थ- कठोर हृदय हुने, निर्दयी, निठुरी, साह्रो चित्त भएको ।

वज्राघातः (ना./पुं.) वज्रस्य आघातः इव आघातः *(वज्रको आघात जस्तै आघात)* उपमान.क.त.स., वा वज्रस्य आघातः *(वज्रको आघात वा चोट)* वज्र+ आघात, ष.त.स., दीर्घ= वज्राघात ।

शब्दार्थ- वज्रको आघात जस्तै आघात, वज्रको प्रहार, वज्रको चोट, वज्रको प्रहार ।

---

[1] इगुपधज्ञा... : क

[2] लृटः सद्वा : शानच्

[3] आने मुक् : मुक्

[4] सर्वधातुभ्य... : असुन्

[5] ऋज्रेन्द्राग्र... : रन्

[6] अत इनिठनौ : इनि

वज्रासनम् (ना./न.) वज्रमिव आसनम् *(वज्रझैं आसन)* उपमान.क.त.स., दीर्घ= वज्रासन ।

शब्दार्थ- आसनका प्रकारहरूमध्ये एक, योगसाधन गर्दा वस्ने आसन ।

द्रष्टव्य- दुवै गोडा मोडेर नितम्वभाग पैतालामाथि राखी दुवै हातका पञ्जा घुँडामाथि राखेर गरिने आसन

वज्री (ना./पुं.) वज्रमस्यास्तीति *(वज्र छ यिनको)* वज्र+इनि[1] (इन्), अकारलोप, वज्रिन्= वज्री ।

शब्दार्थ- वज्र लिने इन्द्र ।

वञ्चकः (वि./ना./पुं.) वञ्चयते, प्रतारयतीति *(ठग्छ)* वञ्चु प्रलम्भने (चुरा.) धातु, वञ्च्+ण्वुल्[2] (अक) =वञ्चक ।

अथवा वञ्चते इति *(ठग्छ)* वञ्चु गतौ (भ्वा.) धातु, वञ्च्+ण्वुल् (अक), णिलोप= वञ्चक ।

शब्दार्थ- धूर्त, ठग, मूर्ख, खल, धोकेवाज, स्याल ।

वञ्चनम् (ना./न.)/**वञ्चना** (ना./स्त्री.) वञ्च्यते इति *(ठगिन्छ)* वञ्चु प्रलम्भने (चुरा.) वा वञ्चु गतौ (भ्वा.) धातु, वञ्च्+ल्युट् (अन)= वञ्चन ।

वञ्च्+णिचि+युच् (अन), णिलोप, टाप् (आ)=वञ्चना ।

शब्दार्थ- ठग्ने काम, ठगी, धोका दिने काम, छलकपट, धोका, जालसाँजी, छलकपट ।

वञ्चनीयः (वि.) वञ्चितुं योग्यः, वञ्च्यते इति वा *(ठग्न लायक वा ठगिन्छ)* वञ्चु प्रलम्भने (चुरा.) वा वञ्चु गतौ (भ्वा.) धातु, वञ्च्+अनीय (र्)= वञ्चनीय ।

शब्दार्थ- ठग्न योग्य वा लायक, धोका दिन सकिने, त्याग्न योग्य ।

वञ्चितः (वि.) वञ्च्यते स्म इति *(ठगिएको)* वञ्चु प्रलम्भने (चुरा.) वा वा वञ्चु गतौ (भ्वा.) धातु, वञ्च्+णिचि+क्त (त), इडागम, णिलोप= वञ्चित ।

शब्दार्थ- ठगिएको, धोका दिइएको, छलकपट गरिएको, जालसाज गरिएको ।

वञ्च्यः (वि.) वञ्चितुं योग्यः, वञ्च्यते इति वा *(ठग्न लायक वा ठगिन्छ)* वञ्चु प्रलम्भने (चुरा.) वा वञ्चु गतौ (भ्वा.) धातु, वञ्च्+ण्यत्[3] (य)= वञ्च्य ।

शब्दार्थ- धोका दिन सकिने, त्याग्न योग्य, ठग्न योग्य वा लायक, वञ्चनीय ।

वटः (ना./पुं.) वटयति, वेष्टयतीति *(वेष्टित गर्छ, बाट्छ)* वट वेष्टने (भ्वा.) वा वट ग्रन्थे (चुरा.) धातु, वट्+अच् (पचादि)= वट ।

न्यग्रोधो बहुपाद्वटः- इत्यमरः

शब्दार्थ- वरको रूख, वटवृक्ष, गोली, चक्की ।

वटिका (ना./स्त्री.) वट एव *(गोली नै)* वट+कन् (क), स्वार्थमा, वटक+टाप् (आ), वटका ककारपूर्वका अकारको इत्व= वटिका ।

शब्दार्थ- गोली, सानो चक्की, डोरी, फुरौला, पासा खेलको गोटी ।

वटी (ना./स्त्री.) वटयति वटति, वटयते इति वा *(बाट्छ, बाटिन्छ)* वट ग्रन्थे (चुरा.) वा वट वेष्टने (भ्वा.) धातु, वट्+अच् (पचादि)/घ (अ), वट+ङीप् (ई)= वटी ।

शब्दार्थ- गोली, सानो चक्की, डोरी, रज्जु, फुरौला ।

वटुः (ना./पुं.) वटति वेष्टयति अल्पं वस्त्रम्, वदतीति वा *(अल्पवस्त्र बेर्छ, बोल्दछ)* वट वेष्टने वा वट परिभाषणे (भ्वा.) धातु, वट्+उ[4] (प्रत्यय), उणा.= वटु ।

वटुर्द्विजसुतः स्मृतः- स्मृतिः

शब्दार्थ-वालक, केटो, किशोर, व्रह्मचारी, द्विजसुत, वटुक,

वटुकः (ना./पुं.) वटुरेव *(वटु नै)* वटु+कन् (क), स्वार्थमा =वटुक ।

शब्दार्थ- वालक, किशोर, वटु, व्रह्मचारी ।

वडवा (ना./स्त्री.) वलं सामर्थ्यमस्ति अस्याः *(वल वा सामर्थ्य छ यसको)* वल+व[5], वलव ।

अथवा वलं सामर्थ्यं वातीति *(वल वा सामर्थ्य वहन गर्छ)* वल उपपदपूर्वक वा गतिगन्धनयोः (अदा.) धातु, वल+वा+क[6] (अ), आकारलोप, वलव, लको ड (ड र लको अभेदसम्वन्ध हुँदा), वको व (व तथा वको अभेदसम्वन्ध हुँदा), वडव+टाप् (आ)= वडवा ।

वडवा द्विजयोषिति ।

अस्वायां कुम्भदास्यां च नारी जात्यान्तरेऽपि च- मेदिनी

शब्दार्थ- घोडी, अश्वा, एक अप्सरा, दासी, वेश्या, व्राह्मणपत्नी ।

वडवाग्निः/वडवानलः (ना./पुं.) वडवायाः अग्निः/ वडवायाः अनलः *(समुद्रभित्रको आगो)* ष.त.स. =वडवाग्नि/वडवानल ।

शब्दार्थ- समुद्रभित्रको आगो, ताप, पीडा, छट्पटी ।

वणिक् (ना./स्त्री.) पणते इति *(व्यवहार गर्छ)* पण व्यवहारे स्तुतौ च (भ्वा.) धातु, पण्+इज्, धातुको व[7], वणिज्, कुत्व, चर्त्व= वणिक् ।

शब्दार्थ- वनियाँ, व्यापारी, वेपारी, क्रय-विक्रयको काम गर्ने व्यक्ति, ज्योतिषशास्त्रमा करणको एक प्रकार ।

वणिक्वृत्तिः (ना./स्त्री.) वणिजः वृत्तिः *(व्यापारीको वृत्ति वा व्यवसाय)* ष.त.स.= वणिक्वृत्ति ।

शब्दार्थ- वेपारीको व्यवसाय वा काम, व्यापार, वाणिज्य ।

वणिजः (ना./पुं.) वणिजेव *(व्यापारी नै)* वणिज्+अच् (अर्शादि), स्वार्थमा= वणिज ।

शब्दार्थ- वनियाँ, व्यापारी, वेपारी ।

वणिज्या (ना./स्त्री.) वणिजि साधुः *(व्यापारमा निपुण)* वणिज्+यत्[8] (य), वणिज्य+टाप् (आ)= वणिज्या ।

शब्दार्थ- व्यापारीको कर्म, व्यापार, क्रयविक्रय ।

---

[1] अत इनिठनौ : इनि
[2] ण्वुल्तृचौ : ण्वुल्
[3] ऋहलोर्ण्यत् : ण्यत्
[4] अणश्च : उ
[5] अन्येभ्योऽपि... : व
[6] आतोऽनुपसर्गे...: क
[7] पणेरिज्यादेश्च : व
[8] तत्र साधुः : यत्

वत्सः (ना./पुं./न.) वदतीति *(बोल्छ, बाँ बाँ गर्छ)* वद व्यक्तायां वाचि (भ्वा.) धातु, वद्+स[1] (प्रत्यय), उणा., चर्त्व= वत्स ।

अथवा वसति अस्मिन् *(यहाँ बस्छन्)* वस निवासे (भ्वा.) धातु, वस्+स (उणा.), सको त[2]= वत्स ।

उरो वत्सं च वक्षश्च- इत्यमरः

वत्सः पुत्रादिवर्षयोः ।

तर्णके (सद्योजाते) नोरसि क्लीवम्- इति मेदिनी

शब्दार्थ- वालक, शिशु, सन्तान, केटाकेटीलाई प्यारो गरेर वोलाउने शव्द, छाती, वक्षस्थल, भर्खर पैदा भएको शिशु वा गाईको सानो बाछो, गोत्रप्रवर्तक एक ऋषि ।

वत्सकः (ना./पुं.) वत्स एव *(बाछो नै)* वत्स+कन्[3] (क), स्वार्थमा= वत्सक ।

शब्दार्थ- वाछो, पुत्र, शिशु ।

वत्सतरः (ना./पुं.) अयमनयोरतिशयेन वत्सः *(यी दुईमा यो अलिठूलो बाछो)* वत्स+तरप्[4] (तर)= वत्सतर ।

अथवा तनुर्वत्सः *(दाउन लागेको बाछो)* वत्स+ष्टरच्[5] (तर)= वत्सतर ।

दम्यवत्सतरौ समौ- इत्यमरः

शब्दार्थ- दाउने वेला हुनलागेको वाछो, वहर, अलिठूलो वालक, शिशुत्व त्यागेर अलि ठूलो भएको अवस्थाको वालक ।

वत्सरः (ना./पुं.) वसन्ति अस्मिन् मास-ऋतु-अयनादयः *(यसमा मास, ऋतु, अयन आदि रहन्छन्)* वस निवासे (भ्वा.) धातु, वस्+सरन्[6] (सर), उणा., सको त= वत्सर ।

संवत्सरो वत्सरोऽब्दो हायनोऽस्त्री- इत्यमरः

शब्दार्थ- सूर्यको उत्तरायण र दक्षिणायनको गति पूरा भएको समय, संवत्सर, एक वर्षको समय, अव्द, हायन ।

वत्सलः (वि./ना./पुं.) वत्से पुत्रादौ स्नेहपात्रे अभिलाषा अस्ति अस्य *(पुत्रादि स्नेहपात्रमा अभिलाषा छ जसको)* वत्स+लच्[7] (ल)= वत्सल ।

अथवा वत्सं वात्सल्यं लातीति *(स्नेह गर्छ)* वत्स उपपदपूर्वक ला आदाने (अदा.) धातु, वत्स+ला+क (अ), आकारलोप= वत्सल ।

शब्दार्थ- प्रिय, प्यारो, स्नेहभाजन, स्निग्ध, सवैप्रति माया गर्ने, स्नेह, माया, वात्सल्यरस ।

वत्सा (ना./स्त्री.) वदति असौ *(बाँ बाँ गर्छे वा चिच्याउँछे यो)* वद व्यक्तायां वाचि (भ्वा.) धातु, वद्+स[1] (उणा.), चर्त्व, वत्स+टाप् (आ)= वत्सा ।

शब्दार्थ- गाईको वाछी, सानी छोरी, सानी नानी ।

वत्सीयः (वि.) वत्साय हितः *(बाछोलाई हित गर्ने)* वत्स+छ[8] (ईय), अकारलोप= वत्सीय ।

शब्दार्थ- वाछाको हित गर्ने, हेरचाह गर्ने, ग्वाला, गोठालो, गोप ।

वदः (वि.) वदतीति *(बोल्छ)* वद व्यक्तायां वाचि (भ्वा.) धातु, वद्+अच् (पचादि)= वद ।

वदो वदावदो वक्ता- इत्यमरः

शब्दार्थ- वोल्ने, वक्ता, कुरा गर्ने, प्रवक्ता ।

वदनम् (ना./न.) वदन्ति अनेन *(बोल्छन् यसवाट)* वद व्यक्तायां वाचि (भ्वा.) धातु, वद्+ल्युट् (अन), करणमा= वदन ।

वक्त्रास्ये वदनं तुण्डमाननं लपनं मुखम्- इत्यमरः

शब्दार्थ- वक्त्र, मुख, आस्य, आनन, अनुहार, दर्शन, चेहरा, कथन, वोल्ने क्रिया ।

वधः (ना./पुं.) हननमिति *(वध गर्छ)* हन हिंसागत्योः (अदा.) धातु, हन्+अप्[9] (अ), हन्को वधादेश[9]= वध ।

शब्दार्थ- मार्ने क्रिया, हत्या, हिंसा, वध गर्ने काम, मारण ।

वधकः (वि.) हन्तीति *(हत्या गर्छ)* हन हिंसागत्योः (अदा.) धातु, हन्+क्वुन्[10] (अक), उणा., हन्को वधादेश[10] =वधक ।

शब्दार्थ- वध गर्ने, मार्ने, काट्ने, हत्या गर्ने ।

वधकर्म (ना./न.) वध एव कर्म *(वधरूप कर्म)* म.व्य.स. =वधकर्म ।

शब्दार्थ- मारणक्रिया, प्राण लिने काम, वध गर्ने क्रिया ।

वधभूमिः (ना./स्त्री.) वधाय भूमिः *(वध गर्नका लागि भूमि)* च.त.स.= वधभूमि ।

शब्दार्थ- मार्ने वा हत्या गर्ने ठाउँ, वधशाला, प्राणदण्ड दिने स्थान ।

वधस्थलम् (ना./न.) वधाय स्थलम् *(वध गर्नको लागि ठाउँ)* च.त.स.= वधस्थल ।

शब्दार्थ- वध गर्नको लागि स्थल, प्राणदण्ड दिने स्थल, वध गर्ने स्थान, हत्या गर्ने ठाउँ ।

वधस्थानम् (ना./न.) वधाय वधस्य वा स्थानम् *(वध गर्नका लागि वा वध क्रियाको स्थान)* च.त.स./ष.त.स.= वधस्थान ।

शब्दार्थ- वधस्थल, वधभूमि, हत्या गर्ने स्थान ।

वधिकः (वि.) वधः अस्ति अस्य *(वध गर्ने कार्य छ यसको)* वध+ठन्[11] (इक), अकारलोप= वधिक ।

शब्दार्थ- वध गर्ने, मार्ने, हत्या गर्ने, कसाई ।

---

[1] वृत्वदिहनि... : स
[2] सः स्यादार्धधातुके : सको त
[3] संज्ञायाम् : कन्
[4] द्विवचनविभज्य... : तरप्
[5] वत्सोक्षाश्वर्षभेभ्यश्च... : ष्टरच्
[6] वसेश्च : सरन्
[7] वत्सांसाभ्याम्... : लच्
[8] तस्मै हितम् : छ
[9] हनश्च वधः : अप्, वधादेश
[10] हनो वधश्च : क्वुन्, वधादेश
[11] अत इनिठनौ : ठन्

वधूः (ना./स्त्री.) वहति, उह्यते इति *(बोक्छ, लगिन्छ)* वह प्रापणे (भ्वा.) धातु, वह्+ऊ[१] (उणा.), हको ध[१], वध् ऊ= वधू ।

नारी सीमन्तिनी वधूः - इत्यमरः

वधू स्नुषा नवोढा स्त्री भार्या पृक्काङ्गनासु च- इति विश्वः

शब्दार्थ- नवोढा स्त्री, दुलही, बुहारी, पत्नी, बेहुली, नव विवाहिता स्त्री, भार्या ।

वधूजनः (ना./पुं.) वधूरेव जनः *(वधू नै जन)* म.व्य.स. =वधूजन ।

शब्दार्थ- वधूको समाज, वधूजन ।

वधूप्रवेशः (ना./पुं.) वध्वाः प्रवेशः *(वधूको प्रवेश)* ष.त.स. =वधूप्रवेश ।

शब्दार्थ- घरमा नव विवाहिता दुलही भित्र्याउने वा प्रवेश गर्ने काम ।

वध्यः (वि.) हन्तुमर्हः *(मार्न लायक),* हन्यते इति वा *(मारिन्छ)* हन हिंसागत्योः (अदा.) धातु, हन्+यत्[२] (य), धातुको वधादेश[२], वध् य= वध्य ।

अथवा हन्यते, हननमिति *(मारिन्छ)* हन्+अप्[३] (अ), वधादेश[३], वधः । वधमर्हति *(वध गर्न योग्य)* वध+ यत्[४] (य)= वध्य ।

शब्दार्थ- मार्न योग्य वा लायक, मार्न सकिने, प्राणदण्ड दिन योग्य, वध गर्न योग्य ।

वनम् (ना./न.) वनति, वन्यते सेव्यते जनैः वन्यजन्तुभिश्च *(सेवा गर्छ, मानिस वा वन्यजन्तुद्वारा सेवा गरिन्छ)* वन सम्भक्तौ वा वन शब्दे (भ्वा.) वा वनु याचने (तुदा.) धातु, वन्+अच् (पचादि)/घञ् (अ), वृद्धिअभाव = वन ।

वनं प्रस्रवणे गेहे प्रवासेऽम्भसि कानने- इति हैमः

शब्दार्थ- जङ्गल, अरण्य, झाडी, बगैंचा, घनावृक्ष भएको जङ्गल, कानन, विपिन, जल, घर, प्रवास ।

वनदेवता (ना./स्त्री.) वनस्य देवता *(वनका देवता)* ष.त.स.= वनदेवता ।

शब्दार्थ- वनदेवी, वनकी अधिष्ठात्री देवता ।

वनप्रियः (ना./पुं.) वनं प्रियमस्य *(वन प्यारो छ यसको)* ब.स.= वनप्रिय ।

शब्दार्थ-वन प्यारो लाग्ने- कोइली, पिक, कोकिल, मृग ।

वनमहोत्सवः (ना./पुं.) वनस्य महोत्सवः *(वनको संरक्षण र संवर्द्धनको महोत्सव)* ष.त.स.= वनमहोत्सव ।

शब्दार्थ- वृक्षारोपण र संरक्षणसम्बन्धी उत्सव ।

वनमानुषः (ना./पुं.) वने वनस्य वा मानुषः *(वनमा रहने वा वनको मान्छे)* स.त.स./ष.त.स.= वनमानुष ।

शब्दार्थ- वनमान्छे, वनमा रहने मानिस, जङ्गली जाति ।

वनमाला (ना./स्त्री.) वनस्य वन्यपुष्पस्य वन्यलतायाः वा माला *(जङ्गली फूल वा लताको माला)* ष.त.स. =वनमाला अथवा वनेषु उद्भवानां पुष्पाणां माला *(वनमा पैदा भएका फूलको माला)* ष.त.स.= वनमाला ।

शब्दार्थ- वनका फूलको माला, लहरा हुने वनमाला नामक लता, वनमा पैदा हुने एक प्रकारको लहारा हुने वनस्पतिको माला, तुलसी, पारिजात आदि फूलहरूको माला ।

वनमाली (वि.) वनमाला अस्यास्तीति *(वनमाला छ यिनको)* वनमाला+इनि[५] (इन्), वनमालिन्=वनमाली ।

शब्दार्थ- वनको माला पहिरने, वनको माला लगाउने (विष्णु) ।

वनरक्षकः/वनसंरक्षकः (ना./पुं.) वनस्य रक्षकः/वनस्य संरक्षकः *(वनको रक्षक वा संरक्षक)* ष.त.स. =वनरक्षक/वनसंरक्षक ।

शब्दार्थ- वनको रक्षा गर्ने मानिस, वनपाले, वनविनाश हुनबाट जोगाउने व्यक्ति ।

वनराजिः (ना./स्त्री.) वनानां राजिः *(वनको श्रेणी)* ष.त.स.= वनराजि ।

शब्दार्थ- वनको श्रेणी वा पङ्क्ति, वनैवनको लहर ।

वनलक्ष्मीः (ना./स्त्री.) वनस्य लक्ष्मीः *(वनको सौन्दर्य)* ष.त.स.= वनलक्ष्मी ।

शब्दार्थ- वनको शोभा, वनको सौन्दर्य, वनको आकर्षण ।

वनवासः (ना./पुं.) वने वनस्य वा वासः *(वनमा वा वनको वास)* स.त.स./ष.त.स.= वनवास ।

शब्दार्थ- वनमा निवास, वनको वास, वनमा बस्ने काम ।

वनवासी (वि.) वनवासः अस्यास्तीति *(वनमा छ वास यसको)* वनवास+इनि[५] (इन्), अकारलोप, वनवासिन् =वनवासी ।

अथवा वने वसतीति *(वनमा रहन्छ)* वन उपपदमा हुने वस निवासे (भ्वा.) धातु, वन+वस्+णिनि (इन्), वनवासिन्= वनवासी ।

शब्दार्थ- वनमा बस्ने, वनमा निवास गर्ने, जङ्गलवासी ।

वनसम्पदा (ना./स्त्री.) वनस्य सम्पदा *(वनको सम्पदा)* ष.त.स.= वनसम्पदा ।

शब्दार्थ- वनको सम्पदा, वनजङ्गलमा पाइने राष्ट्रको धनसम्पत्ति ।

वनस्थली (ना./स्त्री.) वनस्य स्थली *(वनको स्थली वा भूमि)* ष.त.स.= वनस्थली ।

शब्दार्थ- वनभूमि, वनको जमिन, जङ्गलभित्रको जमिन ।

वनस्पतिः (ना./पुं.) वनस्य पतिः *(वनको पति)* वन+ पति, ष.त.स., सुडागम[६]= वनस्पति ।

शब्दार्थ- वनमा पैदा हुने बोटबिरुवा, झारपात, वनमा हुने पैदावार, जङ्गली लतावृक्ष ।

---

[१] वहो धश्च : ऊ, हको ध

[२] हनो वा यद् वधश्च...(वा.) : यत्, वधादेश

[३] हनश्च वधः : अप्, वधादेश

[४] दण्डादिभ्य... : यत्

[५] अत इनिठनौ : इनि

[६] पारस्करप्रभृतीनि च...: सुडागम

वनान्तः (ना./पुं.) वनस्य अन्तः *(वनको अन्त वा भित्रीभाग)* ष.त.स.= वनान्त ।

शब्दार्थ- वनको भित्रीभाग, वनको छेउ, वनको सीमान्त क्षेत्र ।

वनिता (ना./स्त्री.) वनति भजति असौ *(भक्ति गर्छे यो)* वन सम्भक्तौ (भ्वा.) धातु, वन+इतन् (इत), उणा., बहुलप्रकारले, वनित+टाप् (आ)= वनिता । अथवा वन्यते स्म इति *(सेवा गरिएकी)* वन्+क्त (त), इडागम, वनित+टाप् (आ)= वनिता ।

शब्दार्थ- स्त्री, नारी, अवला, महिला, पति र घरपरिवार-प्रति स्नेह र भक्तिभाव राख्ने स्त्री ।

वनेचरः (ना./पुं.) वने चरतीति *(वनमा विचरण गर्छ)* वने सप्तम्यन्त उपपदपूर्वक चर गतिभक्षणयोः (भ्वा.) धातु, वने+चर्+अच् (पचादि), सप्तमीको अलुक्[1] =वनेचर ।

शब्दार्थ- वनमा विचरण गर्ने प्राणी, वनमा घुम्ने पशु, वनमा रहने जनावर, वनवासी, जन्तु, जङ्गली-मानिस, वनमान्छे, वनमा बस्ने ऋषिमुनि, वनचर ।

वनौषधिः/वनौषधी (ना./स्त्री.) वनस्य औषधिः/वनस्य औषधी *(वनको ओखती वा औषधि)* ष.त.स., वृद्धि =वनौषधि/वनौषधी ।

शब्दार्थ- वनजङ्गलको जडीबुटी, वनको औषधी, वनमा पैदा हुने ओखती ।

वन्दनम् (ना./न.) वन्द्यते अनेन *(नमस्कार गरिन्छ यसबाट)* वदि अभिवादनस्तुत्योः (भ्वा.) धातु, नुम्, वन्द्+ल्युट् (अन), करणमा= वन्दन ।

शब्दार्थ- नमस्कार, प्रणाम, अभिवादन, प्रार्थना, ढोग, वन्दना ।

वन्दना (ना./स्त्री.) वन्द्यते अनेन *(स्तुति वा नमस्कार गरिन्छ यसबाट)* वदि अभिवादनस्तुत्योः (भ्वा.) धातु, नुम्, वन्दन+युच्[2] (अन), उणा., वन्दन+टाप् (आ)=वन्दना ।

शब्दार्थ- स्तुति, नमस्कार, प्रणाम, अभिवादन ।

वन्दनीयः (वि.) वन्दितुं योग्यः, वन्द्यते इति वा *(ढोग्न योग्य, ढोगिन्छ)* वदि अभिवादनस्तुत्योः (भ्वा.) धातु, नुम्, वन्द्+अनीय (र्)= वन्दनीय ।

शब्दार्थ- अभिवादन गर्न योग्य, वन्दना गर्न लायक, प्रणाम गर्न उचित, पूजा वा आदर गर्न योग्य ।

वन्दिजनः (ना./पुं.) वन्दी एव जनः *(वन्दी नै जन)* म.व्य.स.= वन्दिजन ।

शब्दार्थ- भाटहरूको समाज, वन्दी वा स्तुतिपाठक जनसमुदाय ।

वन्दितः (वि.) वन्द्यते स्म इति *(वन्दना गरिएको)* वदि अभिवादनस्तुत्योः (भ्वा.) धातु, नुम्, वन्द+क्त (त), इडागम= वन्दित ।

शब्दार्थ- वन्दना गरिएको, ढोगिएको, प्रार्थना गरिएको ।

वन्दितव्यः (वि.) वन्दितुं योग्यः *(वन्दना गर्न योग्य)* वदि अभिवादनस्तुत्योः (भ्वा.) धातु, नुम्, वन्द्+तव्यत् (तव्य), इडागम= वन्दितव्य ।

शब्दार्थ- वन्दना गर्न योग्य, नमस्कार गर्न लायक, प्रणाम गर्न उचित, ढोग्नुपर्ने ।

वन्दी (ना./पुं.) वन्दते इति *(स्तुतिपाठ गर्छ)* वदि अभिवादनस्तुत्योः (भ्वा.) धातु, नुम्, वन्द्+णिनि (इन्), वन्दिन्= वन्दी ।

शब्दार्थ- स्तुतिपाठ गर्ने व्यक्ति, भाट, चारण ।

वन्द्यः (वि.) वन्दितुं योग्यः, वन्द्यते इति वा *(वन्दना गर्न योग्य, ढोगिन्छ)* वदि अभिवादनस्तुत्योः (भ्वा.) धातु, नुम्, वन्द्+ण्यत्[3] (य)= वन्द्य ।

शब्दार्थ- वन्दना गर्न योग्य, ढोग्न लायक, वन्दनीय, पूजनीय, पूज्य ।

वन्ध्यः/वन्ध्या (वि./ना./स्त्री.) ध्यु.हे. बन्ध्य/बन्ध्या ।

वन्यः (वि.) वने भवः *(वनमा पैदा भएको)* वन+यत्[4] (य), अकारलोप= वन्य ।

शब्दार्थ-वनमा हुने, वनमा पैदा हुने, वनको, वनसम्वन्धी ।

वन्यजन्तुः (ना./पुं.) वन्यश्चासौ जन्तुश्च *(वनमा हुने जन्तु वा जनावर)* क.त.स.= वन्यजन्तु ।

शब्दार्थ-वनमा हुने वन्यजन्तु, जनावर, जङ्गली जीवजन्तु ।

वन्यद्विपः (ना./पुं.) वन्यश्चासौ द्विपश्च *(बनैया हात्ती)* क.त.स.= वन्यद्विप ।

शब्दार्थ- जङ्गली हात्ती, वनमा रहने हात्ती ।

वन्यश्रीः (ना./स्त्री.) वन्या चासौ श्रीश्च *(वन्य श्री)* क.त.स.= वन्यश्री ।

शब्दार्थ- वनस्पतिहरूको शोभा, वनको सौन्दर्य तथा ऐश्वर्य, वनमा भएको लता, वृक्ष, फूल आदिको शोभा ।

वन्या (ना./स्त्री.) वनानां समूहः *(वनको समूह)* वन+य[5], अकारलोप, वन्य+टाप् (आ)= वन्या ।

वन्या वनसमूहे स्यात्- इत्यमरः

वन्यं त्रिषु वनोद्भूते स्त्री वनाम्वुसमूहयोः- इति मेदिनी

शब्दार्थ- वनको समुदाय, वनसमूह, पानीको समूह, पानीको भेल, वनमा उत्पन्न वस्तुको समूह ।

वपनम् (ना./न.) वपनम्, उप्यते इति वा *(छर्ने वा रोप्ने काम गरिन्छ, छेदन गरिन्छ)* डुवप् बीजसन्ताने छेदने च (भ्वा.) धातु, वप्+ल्युट् (अन)= वपन ।

शब्दार्थ- बीउ रोप्ने वा छर्ने काम, मुण्डन, केश काट्ने काम, कपाल काट्ने क्रिया ।

---

[1] तत्पुरुषे कृति बहुलम् : सप्तमीको अलुक्
[2] घट्टिवन्दिविधिभ्य... (वा.) : युच्
[3] ऋहलोर्ण्यत् : ण्यत्
[4] दिगादिभ्यो... : यत्
[5] पासादिभ्य... : य

वपुः (वपुस्) (ना./न.) उप्यन्ते कर्माणि अत्र *(कर्महरू गरिन्छन् वा उनिन्छन् यसमा)* डुवप् बीजसन्ताने छेदने च (भ्वा.) धातु, वप्+उसि[1] (उस्), उणा., वपुस्, रुत्व, विसर्ग, वपुः= वपु ।

गात्रं वपुः संहननं शरीरं वर्ष्म विग्रहः - इत्यमरः

शब्दार्थ- शरीर, देह, तनु, गात्र, तन, विग्रह ।

वपुष्मान् (वि.) वपुरस्ति अस्य *(शरीर छ यसको)* वपुस्+मतुप् (मत्), षत्व, वपुष्मत्= वपुष्मान् ।

शब्दार्थ- देहधारी, शरीर धारण गर्ने, देही ।

वप्रः (ना./पुं.) उप्यते अत्र *(रोपिन्छ यसमा)* डुवप् बीजसन्ताने (भ्वा.) धातु, वप्+रन्[2] (र), उणा.=वप्र ।

शब्दार्थ- माटाको ढिस्को वा थुप्रो, पर्खाल, जनक, पिता ।

वमः (ना./पुं.) वमनम्, वम्यते इति *(छाद्नु)* टुवम् उद्गिरणे (भ्वा.) धातु, वम्+घञ् (अ), वृद्धिनिषेध =वम ।

शब्दार्थ- वमन गर्ने काम, छाद्ने वा उकल्ने काम ।

वमथुः (ना./पुं.) वमनम्, वम्यते इति *(वमन गर्नु)* टुवम् उद्गिरणे (भ्वा.) धातु, वम्+अथुच्[3] (अथु)= वमथु ।

वमथुः पुंसि वमने गजस्य करशीकरे- इति मेदिनी

शब्दार्थ- उल्टी, छाद, वमन गर्ने काम, हात्तीको सुँडबाट खसेको जल ।

वमनम् (ना./न.) वम्यते इति *(छाद्नु)* टुवम् उद्गिरणे (भ्वा.) धातु, वम्+ल्युट् (अन)= वमन ।

शब्दार्थ-छाद, उल्टी, वमन, छाद्ने वा उल्टी हुने काम ।

वमिः (ना./स्त्री.) वमनम्, वम्यते इति वा *(वमन गर्नु)* टुवम् उद्गिरणे (भ्वा.) धातु, वम्+इक्[4] (इ)= वमि ।

प्रच्छर्दिका वमिश्च स्त्री- इत्यमरः

शब्दार्थ- वमन गर्ने काम, छाद्ने वा उल्टी हुने काम ।

वमितः (वि.) वम्यते स्म इति *(छादिएको)* टुवम् उद्गिरणे (भ्वा.) धातु, वम्+क्त (त), इडागम= वमित ।

शब्दार्थ- छादिएको, वमन गरिएको, उकेलिएको, उल्टी गरेको, वान्ता गरेको ।

वयः (वयस्) (ना./न.) वयते इति *(बित्तछ)* वय गतौ (भ्वा.) धातु, वय्+असुन् (अस्), उणा., वयस्= वय । अथवा वेतीति *(बित्तछ)* वी गत्यादौ (अदा.) धातु, वी+असुन् (अस्), उणा., गुण, अयादेश, वयस्=वय । अथवा अजतीति *(व्यतीत हुन्छ)* अज गतिक्षेपणयोः (भ्वा.) धातु, अज्+असुन्[5] (अस्), उणा., अज्को वी आदेश, गुण, अयादेश, वयस्= वय ।

शब्दार्थ- उमेर, जीवन व्यतीत भएको समय वा काल, आयु, जवानी, यौवन, बाल्यादि-अवस्था ।

वयस्कः (वि.) वयः एव *(उमेर नै)* वयसि एव *(उमेरमा नै)* वयस्+कन्[6] (क), स्वार्थमा= वयस्क ।

शब्दार्थ- उमेर पुगेको, वयप्राप्त, बालिग ।

वयस्थः/वयःस्थः (वि.) वयसि तिष्ठतीति *(उमेरमा रहन्छ)* वयस् उपपदपूर्वक ष्ठा गतिनिवृत्तौ (भ्वा.) धातु, वयस्+स्था+क[7] (अ), आकारलोप, वयस् स्थ, रुत्व, विसर्ग, विसर्गको विकल्पले लोप= वयस्थ । विसर्गलोपको अभावमा= वयःस्थ ।

शब्दार्थ- जवान, वयप्राप्त, तन्नेरी, बलवान्, बालिग, उमेर पुगेको ।

वयस्था/वयःस्था (वि./स्त्री.) (ना./स्त्री.) वयसि तिष्ठति असौ *(जवान अवस्थामा रहेकी स्त्री)* वयस् उपपदपूर्वक ष्ठा गतिनिवृत्तौ (भ्वा.) धातु, वयस्+स्था +क (अ), आकारलोप, वयस् स्थ, रुत्व, विसर्ग, विसर्गको विकल्पले लोप, वयस्थः ।

विसर्गलोपको अभावमा, वयःस्थः ।

वयस्थ/वयःस्थ+टाप् (आ)= वयस्था/वयःस्था ।

शब्दार्थ- उमेर पुगेकी स्त्री, जवान स्त्री, सखी, प्रौढा युवती ।

वयस्यः (वि.) वयसा तुल्यः *(समान उमेरको)* वयस्+यत्[8] (य)= वयस्य ।

शब्दार्थ- समान आयुको, समान उमेरको, समवयको, एकै उमेरको ।

वयस्या (वि./स्त्री.) वयसा तुल्या *(उमेरले समान)* वयस्+यत्[8] (य)+टाप् (आ)= वयस्या ।

शब्दार्थ- समान उमेरकी, प्रौढा, समवयस्का, सखी ।

वयोवृद्धः (वि.) वयसा वृद्धः *(उमेरले वृद्ध)* तृ.त.स., रुत्व, उत्व= वयोवृद्ध ।

शब्दार्थ- उमेर पुगेको, बूढो, बूढोपाको, उमेर ढल्केको, उमेरले बूढो, बढी उमेरको, वृद्धावस्थामा भएको ।

वयोहानिः (ना./स्त्री.) वयसः हानिः *(उमेरको ह्रास)* ष.त.स., रुत्व, उत्व= वयोहानि ।

शब्दार्थ- उमेरको ह्रास, जवानीको ह्रास, यौवनको क्षय ।

वरः (ना./पुं./न./वि.) वृणोति, व्रियते इति वा *(वरण गर्छ, गरिन्छ)* वृञ् वरणे (स्वा.) धातु, वृ+अच् (पचादि)/अप्[9] (अ), गुण= वर ।

वरो वृत्तौ- इत्यमरः

वरो जामातरि वृत्तौ देवतादेरभीप्सिते

षिङ्गे पुंसि त्रिषु श्रेष्ठे कुङ्कुमे तु नपुंसकम्- इति मेदिनी

शब्दार्थ- देवतादिबाट दिएको वरदान, गुरुजनबाट पाइने आशीर्वाद, विवाह गर्न वरण गरिएको केटो, दुलहा, वरण, कुमकुम, श्रेष्ठ, उत्तम, ।

वरशब्द- अर्को शब्दको अन्त्यमा जोडिएर आउँदा 'वर शब्दले आदर अर्थ बुझाउँछ- जस्तैः गुरुवर, मान्यवर आदि ।

---

[1] अर्तिपृवपियजि...: उसि

[2] वृधिवपिभ्याम्... : रन्

[3] ट्वितोऽथुच् : अथुच्

[4] इक्कृष्यादिभ्यः : इक्

[5] सर्वधातुभ्य... : असुन्

[6] सर्वप्रादिपदिकेभ्यः स्वार्थे : कन्

[7] सुपि स्थः : क

[8] नौवयोधर्म... : यत्

[9] ग्रहवृदृगमश्च : अप्

वरणम् (ना./न.) व्रियते इति *(वरण गरिन्छ)* वृञ् वरणे (स्वा.) धातु, वृ+ल्युट् (अन), गुण, णत्व= वरण ।

शब्दार्थ- देवपितृकार्यको प्रारम्भमा पुरोहितलाई टीका लगाई वरण गर्ने काम, कन्याले वरलाई रोज्ने काम, छनौट गर्ने काम, वरण गर्ने काम ।

वरणी (ना./स्त्री.) व्रियते अनया *(वरण गरिन्छ)* वृञ् वरणे (स्वा.) धातु, वृ+ल्युट्[१] (अन), गुण, णत्व, वरण+ङीप् (ई)= वरणी ।

शब्दार्थ- विवाहमा वरियातसँग आएका दुलाहालाई विधिपूर्वक पूजासत्कार गर्ने काम, वरणीकर्म, वाग्दानादिकर्म ।

वरणीयः (वि.) व्रियते, वरितुं योग्यः *(वरण गरिन्छ, वरण गर्न योग्य)* वृ+अनीय (र्), गुण, णत्व= वरणीय ।

शब्दार्थ- वरण गर्न योग्य, वरण गर्न लायक, छान्न उपयुक्त, रोज्न उचित ।

वरदः (वि.) वरं ददातीति *(वरदान दिन्छ)* वर उपपदपूर्वक डुदाञ् दाने (जुहो.) धातु, वर+दा+क[२] (अ), आकारलोप = वरद ।

शब्दार्थ- वरदान दिने, आशीर्वाद दिने, शुभकामना दिने, इच्छित वस्तु दिने ।

वरदाता (वि.) वरं ददातीति *(वर दिन्छ)* वर उपपदपूर्वक डुदाञ् दाने (जुहो.) धातु, वर+दा+तृच्[३] (तृ), वरदातृ =वरदाता ।

शब्दार्थ- वर दिने, वरदान दिने, इच्छित वस्तु दिने, वरदायी ।

वरदानम् (ना./न.) वरं दीयते इति *(वरदान दिइन्छ)* वर उपपदपूर्वक डुदाञ् दाने (जुहो.) धातु, वर+दा+ल्युट् (अन), दीर्घ= वरदान ।

शब्दार्थ- इच्छित वस्तु दिने काम, आशीर्वाद, वरदान ।

वरदायकः (वि.) वरं ददातीति *(वर दिन्छ)* वर उपपदपूर्वक डुदाञ् दाने (जुहो.) धातु, वर+दा+ण्वुल् (अक), युगागम[४], वर दाय् अक= वरदायक ।

शब्दार्थ- वर दिने, वरदान दिने, इच्छित वस्तु दिने ।

वरपक्षः (ना./पुं.) वरस्य पक्षः *(वरको पक्ष)* ष.त.स. =वरपक्ष ।

शब्दार्थ- विवाहमा दुलाहापक्षका मानिस, वरियाँत ।

वरप्रदः (वि.) वरं प्रददातीति *(वर दिन्छ)* वर उपपदमा हुने प्रपूर्वक डुदाञ् दाने (जुहो.) धातु, वर+प्र+दा+क (अ), आकारलोप= वरप्रद ।

शब्दार्थ- वर दिने, वरदान दिने, चाहेको वस्तु दिने ।

वरमाला (ना./स्त्री.) वराय माला *(वरको लागि माला)* च.त.स.= वरमाला ।

शब्दार्थ- स्वयम्वर गर्दा वधूले वरलाई लगाइदिने माला ।

वरयात्रा (ना./स्त्री.) वरेण सह यात्रा *(वरसँग जाने व्यक्तिहरूको यात्रा)* तृ.त.स.= वरयात्रा ।

शब्दार्थ- विवाहमा दुलाहालाई लिएर जाने मानिसहरूको ताँती, लर्को, वरियाँत ।

वररुचिः (ना./पुं.) वरा रुचिर्यस्य *(उत्तम छ रुचि जसको)* ब.स.= वररुचि ।

शब्दार्थ- संस्कृत व्याकरणका प्रकाण्ड विद्वान् ।

वरवर्णिनी (ना./स्त्री.) वरश्चासौ वर्णश्च *(उत्कृष्ट वर्ण वा रूप)* क.त.स., वरवर्णः । वरवर्णः अस्ति अस्याः *(उत्कृष्टरूप सौन्दर्य छ यस स्त्रीको)* वरवर्ण+इनि[५] (इन्), अकारलोप, वरवर्णिन्+ङीप् (ई)= वरवर्णिनी ।

शब्दार्थ-शीतकालमा सवै अङ्ग सुखदायी उष्ण हुने र उष्णकालमा सवै अङ्ग सुखदायी शीतल वन्ने नारी, पतिभक्त स्त्री, स्वयंवर गर्न लागेकी कन्या ।

द्रष्टव्य- **शीते सुखोष्णसर्वाङ्गी ग्रीष्मे या सुखशीतला**
भर्तृभक्ता च या नारी सा भवेद् वरवर्णिनी- नीतिवचनम्

वराङ्गम् (ना./न.) वरं च तत् अङ्गञ्च *(सुन्दर वा उत्कृष्ट शरीर)* वर+अङ्ग, क.त.स., दीर्घ= वराङ्ग ।

अथवा अङ्गेषु वरम् *(अङ्गहरूमा श्रेष्ठ)* स.त.स., दीर्घ =वराङ्ग ।

वराङ्गं योनिमातङ्गमस्तकेषु गुडत्वचि- इति मेदिनी

शब्दार्थ- शिर, मस्तक, मूर्द्धा, सुन्दर शरीर, योनि, भग, हात्ती, गुर्जो ।

वराङ्गना (ना./स्त्री.) अङ्गतीति *(कोमल अङ्ग बन्छ)* अगि गतौ (भ्वा.) धातु, नुम्, अङ्ग+युच्[६] (अन), उणा., अङ्गन+टाप् (आ), अङ्गना ।

अथवा कल्याणानि अङ्गानि अस्याः *(कल्याणदायक अङ्ग छ जसका)* अङ्ग+न[७]+टाप् (आ), अङ्गना । वरा उत्तमा चासौ अङ्गना च *(उत्कृष्ट स्त्री)* क.त.स., दीर्घ =वराङ्गना ।

शब्दार्थ- उत्कृष्ट स्त्री, सुन्दर नारी, अति मनोहर रूप भएकी स्त्री ।

वराङ्गी (ना./स्त्री.) वरं अङ्गं यस्याः *(सुन्दर छ अङ्ग जुन स्त्रीको)* ब.स., दीर्घ, वराङ्ग+ङीष्[८] (ई)= वराङ्गी ।

शब्दार्थ-सुन्दर अङ्ग भएकी स्त्री, राम्री स्त्री, रमणीय नारी ।

वरारोहा (ना./स्त्री.) वरः आरोहः नितम्बः अस्याः *(सुन्दर छ नितम्बभाग यस स्त्रीको)* वर+आरोह, ब.स., दीर्घ, वरारोह+टाप् (आ)= वरारोहा ।

शब्दार्थ-कटिप्रदेश राम्रो देखिने उत्तम स्त्री, उत्कृष्ट नारी ।

वराहः (ना./पुं.) वरममीष्टमाहन्तीति *(अभीष्ट कुरा पाउन धक्का दिन्छ)* वर उपपदमा हुने आङ्पूर्वक हन हिंसागत्योः (अदा.) धातु, वर+आ+हन्+ड[९] (अ), टिलोप, दीर्घ, वराह् अ= वराह ।

---

१. करणाधिकरणयोः... : ल्युट्
२. आतोऽनुपसर्गे... : क
३. ण्वुल्तृचौ : तृच्
४. आतो युक् चिण्ण...: युगागम
५. अत इनिठनौ : इनि
६. बहुलमन्यत्रापि : युच्
७. अङ्गात्कल्याणे (ग.) : न
८. स्वाङ्गाच्चोप... : ङीष्
९. अन्येष्वपि दृश्यते : ड

अथवा वराय अभिलषिताय पदार्थलाभाय आहन्तीति *(इच्छित वस्तुको प्राप्तिका लागि आघात गर्छ)* वर+आ+हन्+ड (अ), टिलोप, दीर्घ= वराह । अथवा व्रियते इति *(स्वीकार गरिन्छ)* वृञ् वरणे (स्वा.) धातु, वृ+अप्[1] (अ), गुण, वरः । वरमुदकं माहरतीति *(जल हुँडल्छ)* वर उपपदमा हुने आङ्पूर्वक हृञ् हरणे (भ्वा.) धातु, वर+आ+हृ+ड (अ), टिलोप, दीर्घ= वराह ।

शब्दार्थ- सुँगुर, वनेल, विष्णुका दश अवतारमध्ये एक, वराह अवतार, अठारपुराणमध्ये एक ।

वराहकल्पः (ना./पुं.) वराहस्य कल्पः *(वराह अवतार धारण गरेको कल्प)* ष.त.स.= वराहकल्प ।

शब्दार्थ- विष्णुले वराह अवतार लिएको काल वा कल्प ।

वराहक्षेत्रम् (ना./न.) वराहस्य क्षेत्रम् *(भगवान् वराहको क्षेत्र)* ष.त.स.= वराहक्षेत्र ।

शब्दार्थ- वराह भगवान्को धाम, नेपालको सप्तकोसी र कोकाहा नदीको सङ्गममा अवस्थित वराहक्षेत्र ।

वराहावतारः (ना./पुं.) वराहश्चासौ अवतारश्च *(वराह अवतार)* क.त.स. वा वराहस्य अवतारः *(वराहरूपको अवतार ग्रहण)* ष.त.स., दीर्घ= वराहावतार ।

शब्दार्थ- विष्णुका दश अवतारमध्ये एक, सूकरावतार, वराहरूपको अवतार धारण ।

वरिष्ठः (वि.) अयमेषामतिशयेन वरः, अयमेषामतिशयेन उरु *(यो यिनीहरूमा ज्यादै श्रेष्ठ वा ठूलो)* वर+इष्ठन्[2] (इष्ठ), अकारलोप= वरिष्ठ ।

उरु+इष्ठन् (इष्ठ), उरुको 'वर' आदेश[3]= वरिष्ठ ।

शब्दार्थ- ज्यादै श्रेष्ठ, सर्वोत्तम, धेरै ठूलो, उच्चतहको ।

वरीयता (ना./स्त्री.) वरीयसः भावः *(श्रेष्ठ वा उत्तम हुनाको भाव वा अवस्था)* वरीयस्+तल् (त)+टाप् (आ), सलोप= वरीयता ।

शब्दार्थ- श्रेष्ठता, सर्वोच्चता, उत्तमता, ज्यादै उम्दापन ।

वरीयस्/वरीयान् (वि.) अयमनयोरतिशयेन उरुः वरः वा *(यो यी दुईमा ठूलो वा श्रेष्ठ)* उरु+ईयसुन्[4] (ईयस्), उरुको वरादेश, वरीयस्= वरीयान् ।

वर+ईयसुन् (ईयस्), अकारलोप, वरीयस्= वरीयान् ।

शब्दार्थ- अपेक्षाकृत ठूलो वा श्रेष्ठ, यी दुईमा यो निकै उत्कृष्ट वा ठूलो ।

वरुणः (ना./पुं.) वृणोति, व्रियते इति वा *(वरण गर्छ, गरिन्छ)* वृञ् वरणे (स्वा.) धातु, वृ+उनन्[5] (उन), उणा., गुण, णत्व= वरुण ।

वरुणस्तरुभेदेऽप्सु प्रतीचीपतिसूर्ययोः - इति मेदिनी

शब्दार्थ- जलका देवता, समुद्रका अधिष्ठात्री देवता, पशिचमदिशाका स्वामी, पानी, सूर्य, वृक्षविशेष ।

वरुणालयः (ना./पुं.) वरुणस्य आलयः *(वरुणको निवासस्थान)* ष.त.स., दीर्घ= वरुणालय ।

शब्दार्थ- समुद्र, सागर, वरुणको आवासगृह ।

वरेण्यः (वि.) वृणोति, व्रियते लोकैरिति वा *(लोकले श्रेष्ठ मान्छ, लोकद्वारा वरण गरिन्छ)* वृञ् वरणे (स्वा.) धातु, वृ+एण्य[6], उणा., गुण= वरेण्य ।

शब्दार्थ- वरण गर्न लायक, श्रेष्ठ, प्रमुख, सर्वश्रेष्ठ, प्रधान, मुख्य, उत्तम, सर्वोत्तम ।

वर्गः (ना./पुं.) वृजनम्, वृज्यते समैः उपलक्ष्यते इति वा *(बराबर रूपमा विभाजन गरिन्छ)* वृजी वर्जने (अदा./रुधा.) धातु, वृज्+घञ् (अ), गुण, कुत्व= वर्ग ।

शब्दार्थ- विभाग, समान जाति या वर्ण वा वस्तु आदि, समाज, दल, श्रेणी, समुदाय, जमात, शब्दसमुदाय, सजातीय समुदाय, एउटै स्थान हुने अक्षर समुदाय ।

वर्गविभाजनम् (ना./न.) वर्गेषु विभाजनम् *(वर्गहरूमा बाड्ने काम)* स.त.स.= वर्गविभाजन ।

शब्दार्थ- वर्ग वर्गमा छुट्ट्याउने काम, वर्गमा विभाजन गर्ने काम, वर्गविभाजन ।

वर्गविहीनः (वि.) वर्गैर्विहीनः *(वर्गहरूले रहित)* तृ.त.स. =वर्गविहीन ।

शब्दार्थ- भेदभाव नभएको, वर्गभेद नभएको ।

वर्गसङ्घर्षः (ना./पुं.) वर्गाणां वर्गेषु वा सङ्घर्षः *(वर्गहरूका बीचको सङ्घर्ष)* ष.त.स./स.त.स.= वर्गसङ्घर्ष ।

शब्दार्थ- आ-आफ्नो स्वार्थका लागि वर्गहरूवीच हुने द्वन्द्व

वर्गसमन्वयः (ना./पुं.) वर्गाणां समन्वयः *(वर्गहरूको समन्वय)* ष.त.स.= वर्गसमन्वय ।

शब्दार्थ- वर्गहरूबीचको मेलमिलाप, वर्गहरूवीच समता कायम गर्ने काम ।

वर्गस्वार्थः (ना./पुं.) वर्गाणां स्वार्थः *(वर्गहरूको स्वार्थ)* ष.त.स.= वर्गस्वार्थ ।

शब्दार्थ- वर्गहरूको आपसी स्वार्थ, वर्गीय-स्वार्थ ।

वर्गाकारः (ना./पुं.) वर्गाणामाकारः *(वर्गहरूको आकार)* ष.त.स., दीर्घ= वर्गाकार ।

शब्दार्थ- चार कुना भएको आकार ।

वर्गीकरणम् (ना./न.) अवर्गः वर्गः सम्पद्यते, स क्रियते इति *(वर्ग नभएको वर्ग बन्छ, वर्गीकरण गरिन्छ)* डुकृञ् करणे (तना.) धातु, वर्ग+च्वि[7]+कृ+ल्युट् (अन), कृको गुण, णत्व, वर्गका अकारको ईत्व= वर्गीकरण ।

शब्दार्थ- वर्गवर्गमा विभाजन गर्ने काम, वर्गवर्गमा बाँड्ने काम, वर्गविभाजन ।

वर्गीकृतः (वि.) अवर्गः वर्गः समपद्यत, स कृतः इति वा *(वर्ग नभएको वर्ग बनेको र वर्ग वर्ग बनाइएको)* डुकृञ् करणे (तना.) धातु, वर्ग+च्वि[7]+कृ+क्त (त), वर्गका अकारको ईत्व= वर्गीकृत ।

शब्दार्थ-वर्ग वर्गमा विभाजन गरिएको, वर्ग वर्गमा बाँडिएको

---

[1] ग्रहवृदृनि... : अप्
[2] अतिशायने तमबिष्ठनौ : इष्ठन्
[3] प्रियस्थिरोरुबहुल...: वर आदेश
[4] द्विवचनविभज्योपपदे...: ईयसुन्
[5] कृवृदारिभ्य... : उनन्
[6] वृञ एण्यः : एण्य
[7] कृभ्वस्तियोगो... : च्वि

वर्गीयः (वि.) वर्गे भवः जातादिर्वा *(वर्गमा हुने वा भएको वा पैदा भएको)*, वर्गेभ्यः हितम् *(वर्गहरूका लागि हित हुने)* वर्ग+छ[१] (ईय), अकारलोप= वर्गीय ।

शब्दार्थ- वर्गको, वर्गमा भएको, वर्गसित सम्वन्धित, वर्गका लागि उपयोगी ।

वर्गीयसङ्ठनम् (ना./न.) वर्गीयस्य सङ्गठनम् *(वर्ग-वर्गका बीचको सङ्ठन)* ष.त.स.= वर्गीयसङ्गठन ।

शब्दार्थ- आ-आफ्नो वर्गसित सम्वन्धित सङ्गठन, जाति तथा वर्ण एवम् धर्म र व्यवसाय आदिसित सम्वन्धित सङ्गठन ।

वर्ग्यः (वि.) वर्गे भवः *(वर्गमा हुने वा भएको)* वर्ग+यत्[२] (य), अकारलोप= वर्ग्य ।

शब्दार्थ- एकै श्रेणी वा वर्गसित सम्वन्धित भएको, एउटै वर्गमा भएको ।

वर्चः (ना./पुं./न.) वर्चते इति *(दीप्तिमान् हुन्छ)* वर्च दीप्तौ (भ्वा.) धातु, वर्च्+असुन्[३] (अस्), वर्चस्, रुत्व, विसर्ग, वर्चः= वर्च ।

शब्दार्थ- वुधग्रह, वल, वीर्य, कान्ति, आभा, तेज, रूप, आकृति ।

वर्चस्कः (वि.) वर्चते इति *(प्रकाशित हुन्छ)* वर्च दीप्तौ (भ्वा.) धातु, वर्च्+असुन् (अस्), वर्चस् । वर्चस् एव (तेज नै) वर्चस्+कन् (क), स्वार्थमा= वर्चस्क ।

शब्दार्थ- दीप्तिमान्, प्रकाशमान्, तेजस्वी ।

वर्चस्वान् (वि.) वर्चः अस्ति अस्य *(शक्ति तथा तेज छ यसको)* वर्चस्+मतुप्[४] (मत्), मको व, वर्चस्वत् =वर्चस्वान् ।

शब्दार्थ- वीर्यवान्, पराक्रमी, शक्तिशाली, तेजस्वी, दीप्तिमान् ।

वर्चस्विता (ना./स्त्री.) वर्चः अस्ति अस्य *(तेज वा सामर्थ्य छ यसको)* वर्चस्+विनि[५] (विन्), वर्चस्विन् । वर्चस्विनः भावः *(तेजस्वी हुनाको भाव वा अवस्था)* वर्चस्विन्+तल् (त)+टाप् (आ)= वर्चस्विता ।

शब्दार्थ- तेजस्विता, शक्तिशालीपना, वर्चस्वी हुनाको अवस्था ।

वर्चस्वी (वि.) वर्चः अस्ति अस्य *(तेज वा शक्ति छ यसको)* वर्चस्+विनि[५] (विन्), वर्चस्विन्= वर्चस्वी ।

शब्दार्थ- तेजस्वी, वीर्यवान्, शक्तिशाली, ओजस्वी, दीप्तिमान्, वलशाली ।

वर्जः (ना./पुं.) वर्जनम्, वृज्यते इति *(परित्याग गरिन्छ)* वृजी वर्जने (अदा./रुधा./चुरा.) धातु, वृज्+णिचि, गुण, वर्जि+घञ् (अ), णिलोप= वर्ज ।

शब्दार्थ- परित्याग, त्याग, छाड्ने काम ।

वर्जकः (वि.) वृक्ते, वृणक्ति वर्जयतीति वा *(त्याग गर्छ)* वृजी वर्जने (अदा./रुधा./चुरा.) धातु, वृज्+ण्वुल्[६] (अक), गुण= वर्जक ।

शब्दार्थ- परित्याग गर्ने, छोड्ने, मनाही गर्ने, निषेधक ।

वर्जनम् (ना./न.) वृज्यते इति *(छोडिन्छ, त्यागिन्छ)* वृजी वर्जने (अदा./रुधा./चुरा.) धातु, वृज्+ल्युट् (अन), गुण= वर्जन ।

शब्दार्थ- त्याग्ने काम, निषेध गर्ने काम, परित्याग, छाड्ने काम ।

वर्जनीयः (वि.) वृज्यते, वर्जितुं योग्यः वा *(त्यागिन्छ, त्याग्न योग्य)* वृजी वर्जने (अदा./रुधा./चुरा.) धातु, वृज्+अनीय (र्), गुण= वर्जनीय ।

शब्दार्थ- परित्याग गर्न योग्य वा लायक, परित्याज्य, त्याज्य, छोड्न योग्य, वर्ज्य, निषेध गर्न लायक ।

वर्जितः (वि.) वर्ज्यते स्म इति *(निषेध गरिएको)* वृजी वर्जने (अदा./रुधा./चुरा.) धातु, वृज्+णिचि, गुण, वर्जि+क्त (त), णिलोप, इडागम= वर्जित ।

शब्दार्थ- त्यागिएको, छोडिएको, निषेधित, परित्याग गरिएको, अलग्याइएको, वहिष्कार गरिएको, मनाही गरिएको, परित्यक्त ।

वर्ज्यः (वि.) वृज्यते, वर्जितुं योग्यः वा *(छोडिन्छ, त्याग गर्न योग्य)* वृजी वर्जने (अदा./रुधा./चुरा.) वृज्+ण्यत् (य), गुण= वर्ज्य ।

शब्दार्थ- त्याग गर्न योग्य, निषेध गर्न लायक, वर्जनीय, छाड्न लायक ।

वर्णः (ना./पुं./न.) वर्णयति, वर्ण्यते इति वा *(वर्णन गर्छ, गरिन्छ, रँगाउँछ)* वर्ण वर्णक्रियाविस्तारगुणवचनेषु वा वर्ण प्रेरणे (चुरा.) धातु, वर्ण्+अच् (पचादि)/घञ् (अ) =वर्ण ।

अथवा व्रियते अनेन *(वरण गरिन्छ यसबाट)* वृञ् वरणे (स्वा.) धातु, वृ+न[७] (उणा.), गुण, णत्व= वर्ण ।

वर्णाः स्युर्ब्राह्मणादयः - इत्यमरः

वर्णो द्विजादौ शुक्लादौ स्तुतौ वर्णं तु चाक्षरे- इत्यमरः

वर्णो द्विजादिशुक्लादियशोगुणकथासु च

स्तुतौ ना, न स्त्रियां भेदरूपाक्षरविलेपने- इति मेदिनी

शब्दार्थ- रङ्ग, रूप, सौन्दर्य, आकृति, भेषभूषा, ख्याति, प्रसिद्धि, क्रम, रातो, सेतो र कालो रङ्ग तथा वर्ण, मानिसका व्राह्मण, क्षत्री आदि वर्णहरू, कालो, गोरो आदि वर्णहरू, कुनै कुरा वर्णन गर्ने काम, रँगाउने वस्तु र रङ्गरोगन, रूप, जाति, स्वर तथा व्यञ्जन-अक्षर तथा वर्णहरूको ध्वनि ।

वर्णज्येष्ठः (ना./पुं.) वर्णानां वर्णेषु वा ज्येष्ठः *(वर्णहरूको वा वर्णहरूमा जेठो वा श्रेष्ठ)* ष.त.स./स.त.स. =वर्णज्येष्ठ ।

शब्दार्थ- व्राह्मण, विप्र, सर्वोत्तम वर्ण, उत्कृष्ट रङ्ग ।

---

[१] गहादिभ्यश्च : छ
[२] दिगादिभ्य... : यत्
[३] सर्वधातुभ्य... : असुन्
[४] तदस्यास्त्यस्मिन्... : मतुप्
[५] अस्मायामेधा... : विनि
[६] ण्वुल्तृचौ : ण्वुल्
[७] कृवृजृसिद्रुप... : न

वर्णतः (अव्य.) वर्णेन वर्णादिति वा *(वर्णबाट)* वर्ण+तसि[1] (तस्), वर्णतस्= वर्णत ।

शब्दार्थ- रूपरङ्गवाट, वर्णवाट, अक्षरवाट ।

वर्णधर्मः (ना./पुं.) वर्णानां धर्मः *(वर्णहरूको धर्म)* ष.त.स. = वर्णधर्म ।

शब्दार्थ- व्राह्मण, क्षत्रियादि-वर्णहरूको धर्म, वर्णहरूको कर्तव्यकर्म, आ-आफ्नो वर्णको स्वधर्म ।

वर्णनम् (ना./न.) वर्ण्यते इति *(वर्णन गरिन्छ)* वर्ण वर्णक्रियाविस्तारगुणवचनेषु (चुरा.) धातु, वर्ण्+ल्युट् (अन)= वर्णन ।

शब्दार्थ- कुनै कुराको वर्णन गर्ने काम, वखान, वयान, कुनै कुरा विस्तारपूर्वक भन्ने काम, कथा आदिको वयान ।

वर्णनातीतः (वि.) वर्णनमतीतः *(वर्णनभन्दा परको वा अतीत)* द्वि.त.स., दीर्घ= वर्णनातीत ।

शब्दार्थ- वर्णन गर्न नसकिने, अवर्णनीय, वताउन वा वर्णन गर्न कठिन ।

वर्णनात्मकः (वि.) वर्णनम् आत्मा यस्य *(वर्णन नै मुख्य छ जसको)* वर्णन+आत्मन्, व.स., दीर्घ, वर्णनात्मन्+कप् (क), समासान्त, नलोप= वर्णनात्मक ।

शब्दार्थ- वर्णन ज्यादै भएको, वर्णनले भरिएको, वर्णनमय, वर्णनयुक्त ।

वर्णनीयः (वि.) वर्णितुं योग्यः, वर्ण्यते इति वा *(वर्णन गर्न योग्य, वर्णन गरिन्छ)* वर्ण वर्णक्रियाविस्तार-गुणवचनेषु (चुरा.) धातु, वर्ण्+अनीय (र्)=वर्णनीय ।

शब्दार्थ- वर्णन गर्न योग्य वा लायक, वर्णन गर्न उपयुक्त, वर्णन गर्न सकिने, प्रशंसनीय, वर्णन गर्न सुहाउने ।

वर्णपरिचयः (ना./पुं.) वर्णानां परिचयः *(वर्णहरूको परिचय)* ष.त.स.= वर्णपरिचय ।

शब्दार्थ- वर्णहरूको चिनारी, अक्षरहरूको ज्ञान, विभिन्न वर्णहरूको पहिचान, वर्णमाला ।

वर्णभेदः (ना./पुं.) वर्णानां भेदः *(वर्णहरूको भेद)* ष.त.स. =वर्णभेद ।

शब्दार्थ- व्राह्मणादि-वर्णहरूको विभाजन, कालो, गोरो आदिका दृष्टिले गरिने वर्णहरूको भेदभाव, ठूलो, सानो, उच्च, नीच आदि दृष्टिले गरिने वर्णभेद ।

वर्णमाला (ना./स्त्री.) वर्णानां माला *(वर्ण वा अक्षरहरूको माला वा समूह)* ष.त.स.= वर्णमाला ।

शब्दार्थ- वर्णहरूको परिचय लेखिएको पुस्तक, अक्षरहरू चिनाउने र पढाउने पुस्तक, अक्षरश्रेणी, अक्षरसमूह वा विभेद ।

वर्णलोपः (ना./पुं.) वर्णानां लोपः *(वर्णहरूको लोप)* ष.त.स.= वर्णलोप ।

शब्दार्थ- शव्दमा पाइने कुनै वर्ण वा अक्षरको लोप ।

वर्णविकारः (ना./पुं.) वर्णानां विकारः *(वर्णहरूको विकार)* ष.त.स.= वर्णविकार ।

शब्दार्थ- शव्दको एउटा वर्ण अर्को वर्णमा परिणत हुने काम, शव्दको विकृति, जस्तैः काक- काग ।

वर्णविचारः (ना./पुं.) वर्णानां विचारः *(वर्णहरूको विचार)* ष.त.स.= वर्णविचार ।

शब्दार्थ- वर्णहरूको रूप, उच्चारण आदिको निरूपण र व्याख्या गर्ने पद्धति ।

वर्णविन्यासः (ना./पुं.) वर्णानां विन्यासः *(वर्णहरूको विन्यास)* ष.त.स.= वर्णविन्यास ।

शब्दार्थ- अक्षरहरू विन्यास गर्ने काम, शुद्धरूपमा वर्णहरू राख्ने काम, वर्णहरूको शुद्ध लेखाइ ।

वर्णविपर्ययः (ना./पुं.) वर्णानां विपर्ययः *(वर्णहरूको विपर्यय वा उल्टोपाल्टो)* ष.त.स.= वर्णविपर्यय ।

शब्दार्थ- वर्णहरूको अगाडि पछाडि हुने काम, वर्णहरूको स्थान उल्टोपाल्टो वा साटापाट हुने कार्य, जस्तैः पिशाच= पिचास ।

वर्णविभागः (ना./पुं.) वर्णानां विभागः *(वर्णहरूको विभाग)* ष.त.स.= वर्णविभाग ।

शब्दार्थ- व्राह्मणादि वर्णहरूको विभाजन, जात तथा रङ्ग-आदिका आधारमा गरिने वर्णहरूको विभाजन, रङ्गभेद, व्याकरणमा स्वर-व्यञ्जन आदि वर्णहरूको विभिन्न आधारमा विभाजन गर्ने काम ।

वर्णव्यवस्था (ना./स्त्री.) वर्णानां व्यवस्था *(वर्णहरूको व्यवस्था)* ष.त.स.= वर्णव्यवस्था ।

शब्दार्थ- व्राह्मणादि वर्णहरूको विभाजन र व्यवस्था, उनीहरूको व्यवसाय र आचरणसम्वन्धी व्यवस्था, व्याकरणमा वर्णविन्यास व्यवस्था ।

वर्णसङ्करः (ना./पुं.) सङ्कीर्यते इति *(छयासमिस गरिन्छ)* सम्पूर्वक कॄ विक्षेपे (तुदा.) धातु, सम्+कॄ+अप् (अ), गुण, परसवर्ण, सङ्करः । वर्णयोः सङ्करः *(दुई वर्णहरूको सम्मिश्रण)* वा वर्णतः सङ्करः (वर्णबाट सम्मिश्रण) ष.त.स./प.त.स.= वर्णसङ्कर ।

शब्दार्थ- अन्तर्जातीय विवाहको कारण दुई भिन्नजातिका आमावावुवाट जन्मेको सन्तान, कालो, गोरो आदि वर्णको सम्मिश्रणवाट उत्पन्न सन्तति, मिश्रित जाति, ठिमाहा सन्तति ।

वर्णागमः (ना./पुं.) वर्णानामागमः *(वर्णहरूको आगम)* ष.त.स., दीर्घ= वर्णागम ।

शब्दार्थ- कुनै शव्दको अघि, पछि र माझमा अक्षर थपिने काम, जस्तैः स्नान= अस्नान, गर्म = गरम ।

वर्णानुक्रमः (ना./पुं.) वर्णानामनुक्रमः *(वर्णहरूको क्रम)* ष.त.स., दीर्घ= वर्णानुक्रम ।

शब्दार्थ- अक्षरहरूको क्रमबद्धता, वर्णहरूको सिलसिला, अक्षरहरूको अकारादिक्रम ।

---

[1] आद्यादिभ्य उपसंख्यानम् (वा.) : तसि

वर्णानुक्रमिकः (वि.) वर्णानामनुक्रमः *(वर्णहरूको क्रम)* ष.त.स., दीर्घ, वर्णानुक्रमः । वर्णानुक्रमः अस्यास्तीति *(वर्णानुक्रम छ यसको)* वर्णानुक्रम+ठन्[1] (इक), अकारलोप= वर्णानुक्रमिक ।

शब्दार्थ- वर्णहरूको अनुक्रम वा सिलसिला मिलेको ।

वर्णाश्रमः (ना./पुं./न.) वर्णश्च आश्रमश्च *(वर्ण र आश्रम)* द्व.स.= वर्णाश्रम । अथवा वर्णानामाश्रमः *(वर्णहरूको आश्रम)* ष.त.स., दीर्घ= वर्णाश्रम ।

शब्दार्थ- वर्ण र आश्रम, ब्राह्मण-क्षत्रियादि वर्णहरूका आश्रमहरू, ब्रह्मचर्य, गृहस्थ, वानप्रस्थ र सन्न्यास- यी चार आश्रमहरू ।

वर्णितः (वि.) वर्ण्यते स्म इति *(वर्णन गरिएको)* वर्ण वर्णक्रियाविस्तारगुणवचनेषु (चुरा.) धातु, वर्ण्+क्त (त), इडागम= वर्णित ।

शब्दार्थ- वर्णन गरिएको, बताइएको, बखान गरिएको, स्तुति वा प्रशंसा गरिएको ।

वर्णिनी (ना./स्त्री.) वर्णः अस्ति अस्याः *(कुनै वर्ण छ यस स्त्रीको)* वर्ण+इनि (इन्), वर्णिन्+ङीप् (ई)= वर्णिनी ।

शब्दार्थ- ब्राह्मणादि चारै वर्णमध्ये कुनै एक वर्णकी स्त्री, नारी, महिला, स्त्री ।

वर्णी (वि.) वर्णः अस्ति अस्य *(वर्ण छ यसको)* वर्ण+इनि[2] (इन्), अकारलोप, वर्णिन्= वर्णी ।

वर्णी स्याल्लेखके चित्रकरेऽपि ब्रह्मचारिणी- इति मेदिनी

शब्दार्थ- एकै वर्ण वा जातिको, ब्राह्मणादि चारवर्णहरू-मध्ये कुनै एक, लिपिकार, लेखक, चित्रकार ।

वर्ण्यः (वि.) वर्ण्यते, वर्णितुं योग्यः वा *(वर्णन गरिन्छ, वर्णन गर्न योग्य)* वर्ण वर्णक्रियाविस्तारगुणवचनेषु (चुरा.) धातु, वर्ण्+ण्यत् (य)= वर्ण्य ।

शब्दार्थ- वर्णन गर्न योग्य, वर्णनीय, स्तुत्य, प्रशंसनीय ।

वर्तकः (वि./ना./न.) वर्तते इति *(रहन्छ)* वृतु वर्तने (भ्वा.) धातु, वृत्+ण्वुल्[3] (अक), गुण= वर्तक ।

वर्तकस्तु खुरेऽश्वस्य विहगे वर्तकी द्वयोः- इति मेदिनी

शब्दार्थ- रहनेवाला, विद्यमान, वर्तमान, जीवित, घोडाको खुर, पक्षिविशेष ।

वर्तनम् (ना./न./पुं.) वर्तते जीवति अनेन *(जीविका गर्छ यसबाट)* वृतु वर्तने (भ्वा.) धातु, वृत्+ल्युट्[4] (अन), करणमा, गुण= वर्तन ।

अथवा वर्तते तच्छीलः *(वर्तनशील)* वृत्+युच्[5] (अन), गुण= वर्तन ।

आजीवो जीविका वार्ता वृत्तिर्वर्तनजीवने- इत्यमरः

शब्दार्थ- रहने काम, टिक्ने काम, विद्यमानता, बस्ने काम, वृत्ति, जीविका ।

वर्तनिः/वर्तनी (ना./स्त्री.) वर्तन्ते अनया अस्याम् इति वा *(घुमफिर वा जीविका गर्छन् यसबाट, रहन्छन् यसमा)* वृतु वर्तने (भ्वा.) धातु, वृत्+अनि[6] (उणा.), वर्तनि+ङीष् (ई), विकल्पले= वर्तनी ।

ङीष्को अभावमा= वर्तनि ।

शब्दार्थ- बाटो, मार्ग, रहने काम, विद्यमान अवस्था, जीविका, निवृत्तिभरण ।

वर्तनीयः (वि.) वर्तितुं योग्यः *(रहन लायक, व्यवहार गर्न योग्य)* वृतु वर्तने (भ्वा.) धातु, वृत्+अनीय (र्), गुण =वर्तनीय ।

शब्दार्थ- रहन योग्य, टिक्न लायक, रहन उचित ।

वर्तमानः (वि.) वर्तते इति *(रहन्छ)* वृतु वर्तने (भ्वा.) धातु, वृत्+लट्, लट्को शानच्[7] (आन)+शप् (अ), गुण, वर्त् अ आन, मुगागम= वर्तमान ।

अविद्यायामन्तरे वर्तमाना- कठ.उ.२/५

शब्दार्थ- विद्यमान, रहने, मौजुदा, जीवित रहने, अहिले भइरहेको ।

वर्तमानकालः (ना./पुं.) वर्तमानश्चासौ कालश्च *(वर्तमान काल)* क.त.स.= वर्तमानकाल ।

शब्दार्थ- अहिले भइरहेको समय, वर्तमान कालको समय ।

वर्तिः (ना./पुं.) वर्तते इति *(रहन्छ)* वृतु वर्तने (भ्वा.) धातु, वृत्+इ[8] (प्रत्यय), उणा., गुण= वर्ति ।

शब्दार्थ- विद्यमान, दियो, वत्ती ।

वर्तिका (ना./स्त्री.) वर्तते इति *(रहन्छ)* वृतु वर्तने (भ्वा.) धातु, वृत्+तिकन्[9] (तिक), उणा., गुण, वर्तिक+टाप् (आ)= वर्तिका ।

शब्दार्थ- वत्ती, दियो, रङ्ग, रँगाउने कुची, सलाइ, पक्षिविशेष ।

वर्तितव्यः (वि.) वर्तितुं योग्यः *(रहन योग्य)* वृतु वर्तने (भ्वा.) धातु, वृत्+तव्यत् (तव्य), इडागम, गुण =वर्तितव्य ।

शब्दार्थ- रहन योग्य वा लायक, रहन उचित ।

वर्ती (वि.) वर्तते इति *(रहन्छ)* वृतु वर्तने (भ्वा.) धातु, वृत्+णिनि (इन्), गुण, वर्तिन्= वर्ती ।

शब्दार्थ- रहेको, स्थित, गतिशील । यो शब्द समासको अन्त्यमा पनि प्रयोग हुन्छ, जस्तैः- निकटवर्ती ।

वर्तुलः (वि./ना./पुं.) वर्तते इति *(रहन्छ)* वृतु वर्तने (भ्वा.) धातु, वृत्+उलच् (उल), उणा., बहुलप्रकारले, गुण= वर्तुल ।

शब्दार्थ-बाटुलो, वृत्ताकार, कुण्डलाकार, वृत्ताकार भएको, वृत्त ।

वर्तुलाकारः (वि./ना./पुं.) वर्तुलश्चासौ आकारश्च *(बाटुलो आकार)* क.त.स., दीर्घ= वर्तुलाकार ।

शब्दार्थ- बाटुलो आकारको, वृत्ताकार, गोलाकार, बाटुलो, घेरो, परिधि ।

---

[1] अत इनिठनौ : ठन्

[2] वर्णाद्ब्रह्मचारिणि : इनि

[3] ण्वुल्तृचौ : ण्वुल्

[4] करणाधिकरणयोश्च... : ल्युट्

[5] अनुदात्तेतश्च... : युच्

[6] वृतेश्च : अनि

[7] लटः शतृशान... : शानच्

[8] वृतेश्छन्दसि : इ

[9] वृतेस्तिकन् : तिकन्

वर्तुलाकृतिः (वि./ना./स्त्री.) वर्तुला आकृतिर्यस्य *(बाटुलो छ आकृति जसको)* ब.स.= वर्तुलाकृति ।

अथवा वर्तुला चासौ आकृतिश्च *(बाटुलो आकृति)* वर्तृल+आकृति, क.त.स., दीर्घ= वर्तुलाकृति ।

शब्दार्थ- वर्तुलाकार, बाटुलो आकृतिको, गोलाकार, गोलाकृति, घेरो, परिधि ।

वर्त्म (ना./न.) वर्ततेऽनेन अस्मिन् वा *(यसबाट वा यसमा चल्छ)* वृतु वर्तने (भ्वा.) धातु, वृत्+मनिन्[1] (मन्), उणा.= वर्त्म ।

अयनं वर्त्ममार्गाध्वपन्थानः पदवी सृतिः - इत्यमरः

शब्दार्थ- बाटो, मार्ग, पन्था, पथ, प्रचलन, रीति ।

वर्धः/वर्द्धः (ना./पुं./वि.) वर्द्धनम्, वृद्धयते इति वा *(बढ्नु)* वृधु वृद्धौ (भ्वा.) धातु, वृध्+घञ् (अ), गुण= वर्ध ।

अथवा वर्धयति, वर्ध्यते इति वा *(ताछ्छ, ताछिन्छ)* वर्ध क्षेदनपूरणयोः (चुरा.) धातु, वर्ध्+णिचि, गुण, वर्धि+अच् (पचादि)/घञ् (अ), णिलोप, द्वित्व विकल्पले= वर्द्ध ।

द्वित्वको अभावमा= वर्ध ।

शब्दार्थ- वृद्धि, समृद्धि, पूर्ण गर्ने काम, वढ्ने वा बढाउने काम, छेदन, ताछ्ने क्रिया, ताछ्ने, छेदन गर्ने ।

वर्द्धकः/वर्धकः (वि.) वर्धते इति *(बढ्छ)* वृधु वृद्धौ (भ्वा.) धातु, वृध्+ण्वुल्[2] (अक), गुण, द्वित्व= वर्द्धक ।

द्वित्वको अभावमा= वर्धक ।

अथवा वर्धयतीति *(ताछ्छ)* वर्ध क्षेदनपूरणयोः (चुरा.) धातु, वर्ध+ण्वुल् (अक)= वर्धक ।

शब्दार्थ-वढ्ने, वृद्धि हुने, वढाउने, काट्ने, ताछ्ने, छेदन गर्ने ।

वर्द्धनम्/वर्धनम् (ना./न./वि.) वृध्यते, वर्ध्यते इति वा *(बढ्नु, बढाउनु, ताछ्नु)* वृधु वृद्धौ (भ्वा.) धातु, वृध्+ल्युट् (अन), गुण, वर्धनम् । द्वित्व विकल्पले =वर्द्धन । द्वित्वको अभावमा= वर्धन ।

अथवा वर्धते तच्छीलः *(ताछ्ने वा काट्ने शील)* वर्ध क्षेदनपूरणयोः (चुरा.) धातु, वर्ध्+युच्[3] (अन), द्वित्व =वर्द्धन । द्वित्वको अभावमा= वर्धन ।

शब्दार्थ- वढ्ने काम, वढाउने काम, वृद्धि, समृद्धि, उन्नति, काट्ने काम, ताछ्ने वा काट्ने, छेदन गर्ने ।

वर्द्धमानः/वर्धमानः (वि./ना./पुं.) वर्द्धते इति *(बढ्छ)* वृधु वृद्धौ (भ्वा.) धातु, वृध्+लट्, लट्को शानच्[4] (आन), शप् (अ), गुण, मुगागम, वर्धमानः । द्वित्व विकल्पले =वर्द्धमान । द्वित्वको अभावमा= वर्धमान ।

शब्दार्थ- वढ्ने, विकसित हुने, वढ्ने खालको, जैनधर्मका प्रवर्तक, तीर्थाङ्कर ।

वर्धनीयः (वि.) वर्धितुं योग्यः *(बढ्न लायक)* वृधु वृद्धौ (भ्वा.) धातु, वृध्+अनीय (र्), गुण= वर्धनीय ।

शब्दार्थ- वढ्न योग्य, वढाउन योग्य वा लायक ।

वर्द्धितः/वर्धितः (वि.) वृद्धयते स्म, वर्ध्यते स्म इति वा *(बढेको, बढाएको, ताछेको)* वृधु वृद्धौ (भ्वा.) वा वर्ध क्षेदनपूरणयोः (चुरा.) धातु, वृध्+णिचि, गुण, वर्धि+क्त (त), णिलोप, इडागम, वर्धितः । वर्ध्+क्त (त), इडागम, वर्धितः । द्वित्व (विकल्पले)= वर्द्धित ।

द्वित्वको अभावमा= वर्धित ।

शब्दार्थ- वढेको, वढाइएको, विकसित भएको, वृद्धि भएको, काटिएको, ताछिएको, काटेको, ताछेको ।

वर्म/वर्मा (ना./न./पुं.) वारयति वृणोति अङ्गमिति *(अङ्ग ढाक्तछ)* वृञ् आवरणे (चुरा.) वा वृञ् वरणे (स्वा.) धातु, वृ+मनिन्[5] (मन्), गुण, वर्मन्= वर्म (नपुंसकलिङ्गीरूप)।

वर्मन्= वर्मा (पुलिङ्गीरूप) ।

शब्दार्थ- कवच, रूखको वोक्रा, वल्कल, क्षत्रियहरूलाई जनाउने उपनाम ।

वर्मितः (वि.) वर्म सञ्जातमस्य *(कवच पहिरन छ यसको)* वर्मन्+इतच्[6] (इत), नलोप, अकारलोप=वर्मित ।

शब्दार्थ- कवच लगाएको, कवचले सजिएको, कवचले परिवेष्ठित ।

वर्यम्/वर्या (वि./ना./स्त्री.) वर्यते, वरितुं योग्यः योग्या वा *(उत्तम हुनु वा वरण गर्न लायक)* वर ईप्सायाम् (अदन्त चुरा.) धातु, वर+यत् (य), अकारलोप= वर्य।

स्त्रीत्व वुझाउँदा, वर्य+टाप् (आ)= वर्या ।

अथवा वृणोति इति *(वरण गर्छ)* वृञ् वरणे (स्वा.) धातु, वृ+यत्[7] (य), वहुलप्रकारले, गुण= वर्य ।

स्त्रीत्व वुझाउँदा, वर्य+टाप् (आ)= वर्या ।

शब्दार्थ- प्रमुख, मुख्य, श्रेष्ठ, उत्तम, वरण गर्न योग्य वा लायक, छान्न वा रोज्न लायक स्त्री ।

वर्षम् (ना./न./पुं) वर्षणम्, वृष्यते इति वा *(वृष्टि हुनु, वर्षिन्छ)* वृषु सेचने (भ्वा.) धातु, वृष्+अच्[8] (अ), गुण =वर्ष ।

अथवा व्रियते प्रार्थ्यते जनैरिति *(मानिसहरूद्वारा प्रार्थना गरिन्छ)* वृञ् वरणे (स्वा.) धातु, वृ+स[9] (उणा.), गुण, षत्व= वर्ष ।

वर्षोऽस्त्री भारतादौ च जम्बुद्वीपाब्दवृष्टिषु- इति मेदिनी

शब्दार्थ- वर्षा, वृष्टि, पानी पर्ने काम, पुष्पवृष्टि, वर्ष, साल, द्वीप, महाद्वीप, भारतवर्ष, वाह्र महिनाको समय, वत्सर ।

वर्षणम् (ना./न.) वर्षणम्, वृष्यते इति *(बर्सिन्छ)* वृषु सेचने (भ्वा.) धातु, वृष्+ल्युट् (अन), गुण, णत्व =वर्षण

शब्दार्थ- पानी पर्ने काम, वर्षा ऋतुको समय, वर्षा, वृष्टि, वर्सने कार्य ।

---

[1] सर्वधातुभ्य... : मनिन्

[2] ण्वुल्तृचौ : ण्वुल्

[3] अनुदात्तेतश्च... : युच्

[4] लटः शतृशानचाव... : शानच्

[5] अन्येभ्योऽपि दृश्यन्ते : मनिन्

[6] तदस्य सञ्जातम्... : इतच्

[7] कृत्यल्युटो बहुलम् : यत्

[8] अज्विधौ भयादीनामुप... (वा.) : अच्

[9] वृतवदिहनिकमि... : स

वर्षप्रवेशः (ना./पुं.) वर्षे प्रवेशः *(वर्षमा प्रवेश)* स.त.स. =वर्षप्रवेश ।

शब्दार्थ- वर्ष प्रारम्भ हुने समय, नयाँ वर्ष सुरु हुने दिन, जन्मोत्सवको दिन ।

वर्षफलम् (ना./न.) वर्षस्य फलम् *(वर्षभरको फल)* ष.त.स.= वर्षफल ।

शब्दार्थ- ग्रहहरूको वर्षभरिको शुभाशुभ फल, जन्मकुण्डलीको आधारमा वर्षभरिको ग्रहहरूको फल ।

वर्षवृद्धिः (ना./स्त्री.) वर्षस्य वृद्धिः *(वर्षको वृद्धि)* ष.त.स. =वर्षवृद्धि ।

शब्दार्थ- वर्षप्रवेश, जन्मोत्सव, नयाँ वर्षमा प्रवेश गर्ने दिन, वर्षको अभिवृद्धि, जन्मदिन ।

वर्षा (ना./स्त्री.) वर्षं वर्षणमत्रास्तीति *(वर्षा हुन्छ यहाँ)* वर्ष+अच्[1] (अ), अकारलोप, वर्ष+टाप् (आ)= वर्षा ।

शब्दार्थ- छ ऋतुमध्ये एक, वर्षाऋतु, जो साउन र भदौ महिनामा पर्छ, पानी पर्ने समय, पानी पर्ने काम, वर्षाकाल, वृष्टि, साउन र भदौमा पर्ने ऋतु ।

वर्षाकालः (ना./पुं.) वर्षायाः कालः *(वर्षाको समय)* ष.त.स.= वर्षाकाल ।

शब्दार्थ- वर्सादको समय, वर्षाऋतु, वर्षाऋतुको समय, झरी परेको बेला, पानी पर्ने समय ।

वर्षागमः (ना./पुं.) वर्षायाः आगमः *(वर्षा ऋतुको प्रारम्भ हुने बेला)* ष.त.स., दीर्घ= वर्षागम ।

शब्दार्थ- वर्षाऋतु शुरु हुने समय, वर्षा प्रारम्भ हुने समय, झरी पर्ने याम, वर्षायाम ।

वर्षावसानम् (ना./न.) वर्षायाः अवसानम् *(वर्षाको समाप्ति)* ष.त.स., दीर्घ= वर्षावसान ।

शब्दार्थ- वर्षा ऋतुको समाप्ति हुने बेला, वर्षाकालको समाप्ति, शरद्को आगमन समय, वर्षाकालको अवसान ।

वर्षितः (वि.) वर्ष्यते स्म इति *(वर्षेको)* वृषु सेचने (भ्वा.) धातु, वृष्+णिचि, गुण, वर्षि+क्त (त), णिलोप, इडागम= वर्षित ।

शब्दार्थ- पानी परेको, पानी वर्षेको, वृष्टि वा वर्षा भएको

वर्षीयः (वि.) अयमनयोरतिशयेन वृद्धः *(यी दुईमा यो निकै वृद्ध)* वृद्ध+ईयसुन्[2] (ईयस्), वृद्धको वर्ष आदेश[3], अकारलोप, वर्षीयस्= वर्षीय । अथवा वर्षे भवः, वर्षस्य अयम् *(वर्षमा हुने वा भएको, वर्षको यो)* वर्ष+छ (ईय), अकारलोप= वर्षीय ।

शब्दार्थ- वूढो, वृद्ध, वृद्धावस्थाको, वर्षको, सालको ।

वलयः (ना./पुं.) वलते इति *(धारण गर्छ, सञ्चलन हुन्छ)* वल संवरणे सञ्चलने च (भ्वा.) धातु, वल्+कयन्[4] (अय), उणा.= वलय ।

शब्दार्थ- वालो, चुरो, कटक, मण्डल, कङ्कड ।

वलयितः (वि.) वलयः सञ्जातः अस्य *(घेरो पैदा भएको छ यसको)* वलय+इतच्[1] (इत), अकारलोप=वलयित ।

शब्दार्थ- परिवेष्ठित, घेरिएको, घुमेको ।

वलाहकः (ना./पुं.) वारीणां वाहकः *(पानीको वाहक)* पृषोदरादिवाट 'वारि तथा वा'को वला आदेश=वलाहक अथवा वराह एव *(वराह नै)* वराह+कन् (क), स्वार्थमा, रको ल (र तथा लको अभेदसम्वन्ध हुँदा)= वलाहक ।

शब्दार्थ- मेघ, वादल, वारिवाह ।

वलिः/वली (ना./स्त्री.) वलते इति *(संवरण गर्छ वा सञ्चलन हुन्छ)* वल संवरणे सञ्चलने च (भ्वा.) धातु, वल्+इन्[5] (इ), वलि+ङीष् (ई), विकल्पले= वली । ङीष्को अभावमा= वलि ।

शब्दार्थ- खुम्चिने वा रेखा पर्ने काम, पेटमा परेको मुजा जो नारीहरूको सौन्दर्य चिन्ह मानिन्छ ।

वलितः (वि.) वलते स्म, वल्यते स्म इति वा *(रेखा परेको वा खुम्चिएको)* वल संवरणे सञ्चलने च (भ्वा.) धातु, वल्+क्त (त), कर्तामा, इडागम= वलित ।

शब्दार्थ- गतिशील, घुमेको, मोडिएको, मुजा परेको, हल्लेको, रेखा परेको ।

वल्कम् (ना./न.) वलते इति *(ढाक्छ)* वल संवरणे सञ्चलने च (भ्वा.) धातु, वल्+कन्[6] (क), उणा. =वल्क ।

अथवा वल्कयति खण्डयतीति *(विभाजित गर्छ)* वल्क परिभाषणे (चुरा.) धातु, वल्क्+अच् (पचादि)= वल्क ।

शब्दार्थ- रूखको वोक्रो, वल्कल, भाग, खण्ड ।

वल्कलम् (ना./न.) वलते इति *(संवरण गर्छ)* वल संवरणे सञ्चलने च (भ्वा.) धातु, वल्+कलच् (अल), वहुलप्रकारले, उणा.= वल्कल ।

अथवा वल्कं लातीति *(बोक्रा बन्छ)* वल्क उपपदपूर्वक ला आदाने (अदा.) धातु, वल्क+ला+क (अ), आलोप =वल्कल ।

शब्दार्थ- रूखको वोक्रो, वल्क, रूखको वोक्राले वनेको पोसाक ।

वल्गितः (वि./ना./न.) वल्गति स्म इति *(हल्लेको, चलेको)* वल्ग गत्यर्थे (भ्वा.) धातु, वल्ग्+क्त (त), कर्तामा, इडागम= वल्गित ।

शब्दार्थ- चलेको, हल्लेको, कुँदेको, गतिशील भएको, घोडाको गति वा चाल ।

वल्मीकः (ना./पुं./न.) वलन्ते जीवाः अत्र *(जीवहरू यहाँ रहन्छन्)* वल संवरणे सञ्चलने च (भ्वा.) धातु, वल्+कीकन्[7] (ईक), उणा., मुट्, वल्म् ईक=वल्मीक ।

वल्मीकं पुंनपुंसकम्- इत्यमरः

शब्दार्थ- धमिराले उठाएको गोलो, सर्पको प्वाल वा दुलो, रोगविशेष ।

---

१. वर्षा आदिभ्य..... : अच्
२. द्विवचनविभज्यो... : ईयसुन्
३. प्रियस्थिर... : वृद्धको 'वर्ष' आदेश
४. वलिमलितनिभ्य... : कयन्
५. सर्वधातुभ्य.... : इन्
६. शुकवल्कोल्का...: कन्
७. अलीकादयश्च : कीकन्

वल्लभः (वि./ना./पुं.) वल्लते, वल्ल्यते इति वा *(संवरण तथा सञ्चलन गर्छ वा गरिन्छ)* वल्ल संवरणे सञ्चलने च (भ्वा.) धातु, वल्ल्+अभच्[1] (अभ), उणा.= वल्लभ ।

वल्लभो दयितेऽध्यक्षे सल्लक्षणतुरङ्गमे- इति मेदिनी

अभीष्टेऽभीप्सितं हृद्यं दयितं वल्लभं प्रियम्- इत्यमरः

शब्दार्थ- प्यारो, प्रिय, मनोहर, मनपर्ने, अभीष्ट, अभिलषित, स्वामी, मालिक, पति, राम्रो लक्षण भएको घोडा ।

वल्लरिः (ना./स्त्री.) वल्लते इति *(लहरा हाल्छ)* वल्ल संवरणे सञ्चलने च (भ्वा.) धातु, वल्ल्+क्विप्[2] (सर्वलोप), वल्ल् । ऋच्छति *(चढ्छ, आरोहण गर्छ, जान्छ)* ऋ गतौ (भ्वा.) धातु, ऋ+इ[3] (उणा.), गुण, अरिः । वल्ल् चासौ अरिश्च *(लता र आरोहण गर्ने काम)* क.त.स., वल्ल् अरि= वल्लरि ।

अथवा वल्लं ऋच्छतीति *(मुजुरा हाल्छ)* वल्ल्+ऋ+इ, ऋको गुण, वल्ल् अरि= वल्लरि ।

वल्लरिर्मञ्जरिः स्त्रियौ- इत्यमरः

शब्दार्थ- लता, लहरो, मञ्जरी, मुजुरो ।

वल्लवः (ना./पुं.) वल्लनमिति *(बलवान् हुनु)* वल्ल संवरणे सञ्चलने च (भ्वा.) धातु, वल्ल्+घञ् (अ), वल्लः । वल्लः अस्यास्तीति *(बल वा स्नेह छ यसको)* वल्ल+व[4]= वल्लव । अथवा वल्लं वातीति *(बल पैदा गर्छ)* वल्ल+वा+क[5] (अ), आकारलोप= वल्लव ।

वल्लवः सूपकारे स्याद्भीमसेने च गोदुहि- इति विश्वः

शब्दार्थ-खाना पकाउने मानिस, भान्से, गोठालो, भीमसेन

वल्लिः/वल्ली (ना./स्त्री.) वल्लते इति *(संवरण गर्छ, आरोहण गर्छ)* वल्ल संवरणे सञ्चलने च (भ्वा.) धातु, वल्ल्+इन्[6] (इ), उणा., वल्लि+ङीष् (ई) =वल्ली । ङीष्को अभावमा= वल्लि ।

वल्ली तु व्रततिर्लता- इत्यमरः

शब्दार्थ- लता, लहरो, पृथ्वी, दूबो, दूर्वा ।

वशः (ना./पुं.) उश्यते इति *(इच्छा गरिन्छ)* वश कान्तौ (अदा.) धातु, वश्+अप्[7] (अ)= वश ।

शब्दार्थ- अधीनता, नियन्त्रण गर्ने काम, वशमा राख्ने काम, अभिलाषा, प्रभाव पार्ने क्षमता, इच्छा, 'वश'शब्द अर्को शब्दमा जोडिएर पनि आउँछ, जस्तैः दैववश, विधिवश, परवश आदि ।

वशगः (वि.) वशं गच्छतीति *(वशमा हुन्छ)* वशपूर्वक गम्लृ गतौ (भ्वा.) धातु, वश+गम्+ड[8] (अ), टिलोप =वशग ।

शब्दार्थ-वशमा पर्ने, वशवर्ती, परवश, ऐँचमा रहने काम

वशवर्ती (वि.) वशे वर्तते इति *(वशमा रहन्छ)* वश उपपदपूर्वक वृतु वर्तने (भ्वा.) धातु, वश+वृत्+णिनि[9] (इन्), गुण, वशवर्तिन्= वशवर्ती ।

शब्दार्थ- कसैको वश वा अधीनमा रहने, अर्काको वशमा हुने, अधीनस्थ ।

वशिष्ठः (ना./पुं.) व्यु.हे.= वसिष्ठ ।

प्राणाद् वसिष्ठः सञ्जातः - श्रीमद्भा.३/१२/२३

शब्दार्थ- ब्रह्माका प्राणवाट उत्पन्न दश मानसपुत्रमध्ये एक, व्यास ऋषिका वाजे ।

वशित्वम् (ना./न.) वशः अस्ति अस्य *(यसको वशमा रहन्छ)* वश+इनि (इन्), वशिन् । वशिनः भावः *(वश हुनाको भाव वा अवस्था)* वशिन्+त्व= वशित्व ।

शब्दार्थ- वशमा राख्नाको भाव वा अवस्था, वशवर्ती हुनाको स्थिति, अष्टसिद्धिमध्ये एक ।

वशी (वि.) वशः इन्द्रियोपरि प्रभुत्वमस्यास्तीति *(इन्द्रिय उपर प्रभुत्व छ यसको)* वश+इनि[10] (इन्), वशिन् =वशी ।

शब्दार्थ- इन्द्रिय वश गर्ने, जितेन्द्रिय, इन्द्रियजित् ।

वशीकरणम् (ना./न.) अवशः वशः सम्पद्यते, सः क्रियते इति *(वश नभएकोलाई वशमा पारिन्छ र वश गरिन्छ)* डुकृञ् करणे (तना.) धातु, वश+च्वि[11]+कृ+ल्युट् (अन), कृको गुण, णत्व, वशको ईत्व[12], च्विको लोप=वशीकरण ।

शब्दार्थ- अधीनमा नभएकोलाई अधीनमा ल्याउने वा वश गर्ने काम, मोहनी लगाएर वशमा पार्ने काम ।

वशीकृतः (वि.) अवशः वशः समपद्यत, सः क्रियते स्म इति *(वश नभएकोलाई वशमा पारिएको र वश गरिएको)* वश+च्वि[11]+कृ+क्त (त), वशको ईत्व, च्विको सर्वलोप= वशीकृत ।

शब्दार्थ- वशमा पारिएको, अधीनमा राखिएको, टुनामुना-द्वारा मोहित पारिएको, लठ्याइएको, मुग्ध पारिएको

वशीभूतः (वि.) अवशः वशः समपद्यत, सः भूयते स्म इति *(वश नभएको वशमा परेको र वश भएको)* भू सत्तायाम् (भ्वा.) धातु, वश+च्वि[11]+भू+क्त (त), वशको ईत्व, च्विको लोप= वशीभूत ।

शब्दार्थ- अधीनमा रहेको, वशमा परेको, वशमा भएको ।

वश्यः (वि.) उश्यते वशनमिति *(वश गरिन्छ)* वश कान्तौ (अदा.) धातु, वश्+अप्[7] (अ), वशः । वशमधीनत्वं गतः *(वश वा अधीनत्वमा राखिएको)* वा वशं गतः *(वशमा परेको)* वश+यत्[13] (य), अकारलोप =वश्य ।

शब्दार्थ- परवश भएको, अधीनमा राखिएको, दास, सेवक, वशमा राख्नुपर्ने ।

---

[1] रासिवल्लिभ्याञ्च : अभच्

[2] अन्येभ्योऽपि दृश्यते... : क्विप्

[3] अच इः : इ

[4] अन्येभ्योऽपि दृश्यते : व

[5] आतोऽनुपसर्गे... : क

[6] सर्वधातुभ्य : इन्

[7] वशिरण्यो... (वा.) : अप्

[8] अन्यत्रापि दृश्यते...(वा.) : ड

[9] नन्दिग्रहिपचादि...: णिनि

[10] अत इनिठनौ : इनि

[11] कृभ्वस्तियोगे... : च्वि

[12] अस्य च्वौ : ईत्व

[13] वशङ्गतः : यत्

वश्यता (ना./स्त्री.) वश्यस्य भावः ***(वशमा हुनाको स्थिति वा अवस्था)*** वश्य+तल् (त)+टाप् (आ)= वश्यता ।

शब्दार्थ-परवशत्व, दासत्व, अधीनता, ऐंचमा राख्ने काम,

वश्या (वि.) वशमधिनत्वं गता ***(वश वा अधीनमा रहेकी)*** वश+यत् (य)+टाप् (आ)= वश्या ।

शब्दार्थ- वशमा रहेकी, आज्ञाकारिणी, विनम्र स्वभावकी ।

वषट् (अव्य.) उह्यते अनेन ***(लगिन्छ यसद्वारा)*** वह प्रापणे (भ्वा.) धातु, वह+डषट् (अषट्), टिलोप, व अषट् =वषट् ।

स्वाहा देवहविर्दाने श्रौषट् वौषट् वषट् स्वधा- इत्यमरः

शब्दार्थ- देवतालाई आहुति दिँदा उच्चारण गरिने शब्द, स्वाहाको अर्थमा पितृलाई उच्चारण गरिने शब्द ।

वषट्कारः (ना./पुं.) वषट् इति कारः करणम् यत्र ***(वषट् शब्दको उच्चारण गरिन्छ जहाँ)*** डुकृञ् करणे (तना.) धातु, वषट्+कृ+अण् (अ), वृद्धि= वषट्कार ।

अथवा यज्ञे वषट् इति क्रियते ***(यज्ञमा वषट् उच्चारण गरिन्छ)*** वषट्+कृ+घञ् (अ), वृद्धि =वषट्कार ।

शब्दार्थ- देवयज्ञ, होम, हवन ।

वसतिः/वसती (ना./स्त्री.) वसन्ति अस्याम् ***(यहाँ वस्छन्)*** वस निवासे (भ्वा.) धातु, वस्+अति[1] (उणा.), वसति+ङीष् (ई), विकल्पले= वसती ।

ङीष्को अभावमा= वसति ।

शब्दार्थ-निवासस्थान, आश्रयस्थल, वासस्थान, निकेतन ।

वसनम् (ना./न.) वस्यते आच्छाद्यतेऽनेन ***(ढाकिन्छ यसवाट)*** वस आच्छादने (अदा.) धातु, वस्+ल्युट्[2] (अन), करणमा= वसन ।

वसनं छादने वस्त्रे- इति मेदिनी

शब्दार्थ- वस्त्र, कपडा, ढाक्ने वस्तु, छोप्ने काम ।

वसन्तः (ना./पुं.) वसन्ति अत्र उत्सवा मदनोत्सवा वा ***(उत्सव, मदनोत्सव आदि बस्तछन् यहाँ)*** वस निवासे (भ्वा.) धातु, वस्+झच्[3] (अन्त), उणा., अन्तादेश =वसन्त ।

वसन्ते पुष्पसमयः- इत्यमरः

शब्दार्थ- वसन्तऋतु, चैत्र-वैशाखको समय, उल्लासको समय, ऋतुराज, फूलहरू फुल्ने समय ।

वसन्तकालः (ना./पुं.) वसन्तस्य कालः ***(वसन्त ऋतुको समय)*** ष.त.स.= वसन्तकाल ।

शब्दार्थ- वसन्त ऋतु, वसन्तको समय, चैत-वैशाखको समय ।

वसन्तकुसुमम्/वसन्तपुष्पम् (ना./न.) वसन्तस्य कुसुमम्, वसन्तस्य पुष्पम् ***(वसन्त ऋतुको फूल)*** ष.त.स. =वसन्तकुसुम/वसन्तपुष्प ।

शब्दार्थ- वसन्तऋतुमा फुल्ने फूल, वसन्तकुसुम ।

वसन्तोत्सवः (ना./पुं.) वसन्तस्य उत्सवः ***(वसन्त ऋतुको उत्सव)*** ष.त.स., गुण= वसन्तोत्सव ।

शब्दार्थ- वसन्त ऋतुमा हुने आमोदप्रमोद, मदनोत्सव, वसन्तपञ्चमीका दिन मनाइने उत्सव ।

वसा (ना./स्त्री.) वासयति, वास्यते इति वा ***(पगाल्छ वा पगालिन्छ)*** वस स्नेहच्छेदापहरणेषु (चुरा.) धातु, वस्+अङ् (भिदादि), वस+टाप् (आ)= वसा ।

मेदस्तु वपा वसा- इत्यमरः

शब्दार्थ- वोसो, मेद, प्राणीको शरीरमा पाइने चिल्लो पदार्थ, मज्जा, गिदी ।

वसुः (ना./त्रि.) वसन्ति सर्वभूतानि अत्र, उस्यते इति वा ***(सबै प्राणीहरू यहाँ बस्तछन् वा बसिन्छ)*** वस निवासे (भ्वा.) वा वस स्नेहच्छेदापहरणेषु (चुरा.) धातु, वस्+उ (उणा.)= वसु ।

वसुर्ना देवभेदाग्निभायोक्त्रबकराजसु ।

क्लीवे वृद्धचौषधे श्यामरैरत्ने मधुरे त्रिषु- इति मेदिनी

शब्दार्थ- अष्टवसु, अग्नि, अनल, धन, रत्न, रश्मि, मणि, सुन, द्रव्य, मधुरवस्तु, वर्णदेवता, औषधिविशेष, पानी, दीप्ति, प्रकाश, आठको सङ्ख्या ।

वसुदेवः (ना./पुं.) वसुषु रत्नादिषु दीव्यतीति वा वसुभिः धनैः रत्नैश्च दीव्यतीति ***(धनरत्नहरूमा वा धनरत्नहरूद्वारा क्रीडा गर्छन्)*** वसु उपपदपूर्वक दिवु क्रीडादौ (दिवा.) धातु, वसु+दिव्+अच् (पचादि), गुण =वसुदेव ।

शब्दार्थ- श्रीकृष्ण तथा वलरामका पिता, शूरसेनका पुत्र, देवकीका पति, आनकदुन्दुभि ।

वसुधा (ना./स्त्री.) वसून् हिरण्यादिरत्नानि दधातीति ***(हिरण्यादिरत्न धारण गर्छ)*** वसु उपपदपूर्वक डुधाञ् धारणपोषणयोः (जुहो.) धातु, वसु+धा+क (अ), आकारलोप, वसुध+टाप् (आ)= वसुधा ।

शब्दार्थ- पृथिवी, मेदिनी, वसुन्धरा, भूमि, अवनि ।

वसुधाधिपः (ना./पुं.) वसुधायाः अधिपः ***(पृथिवीका स्वामी)*** ष.त.स., दीर्घ= वसुधाधिप ।

शब्दार्थ- भूपति, राजा, पृथिवीपति, पृथिवीका मालिक वा स्वामी ।

वसुन्धरा (ना./स्त्री.) वसूनि धारयतीति ***(हिरण्यादि रत्नहरू धारण गर्छ)*** वसु उपपदपूर्वक धृञ् धारणे (भ्वा.) धातु, वसु+धृ+णिचि, वृद्धि, वसुधारि+खच् (अ), मुम्, णिलोप, ह्रस्व, वसुन्धर+टाप् (आ)= वसुन्धरा ।

शब्दार्थ- पृथिवी, धरती, वसुधा, मही, मेदिनी ।

वसुप्रदः (ना./पुं.) वसु धनं प्रददातीति ***(धेरै धन दिन्छ)*** वसु उपपदमा हुने डुदाञ् दाने (जुहो.) धातु, वसु+प्र +दा+क (अ), आलोप= वसुप्रद ।

शब्दार्थ- मन फुकाएर धन दिने व्यक्ति, ईश्वर, विष्णु ।

---

[1] वहिवस्यर्तिभ्या... : अति

[2] करणाधिकरणयोश्च : ल्युट

[3] तृभूवहिवसि... : झच्

वसुमती (ना./स्त्री.) वसूनि रत्नादिद्रव्याणि सन्ति अस्याः *(रत्नादि द्रव्य छन् यसका)* वसु+मतुप् (मत्), वसुमत्+ङीप् (ई)= वसुमती ।

शब्दार्थ- पृथिवी, वसुधा, मेदिनी, धरणी, वसुन्धरा ।

वस्तिः (ना./पुं.)/**वस्ती** (ना./स्त्री.) उस्यते अत्र *(बसिन्छ यहाँ)* वस निवासे (भ्वा.) धातु, वस्+ति[१] (उणा)., वस्ति+ङीष् (ई), विकल्पले= वस्ती

ङीष्को अभावमा= वस्ति ।

वस्तिर्द्वयोर्निरूहे नाभ्यधोभूम्नि दशासु च- इति मेदिनी

शब्दार्थ- वसोवास, वस्ने स्थान, वसोवासको थलो, नाभिमुनिको पेटको भाग, मूत्राशय ।

वस्तु (ना./न.) वसति, वस्ति, उस्यते इति वा *(बस्छ, ढाक्छ, बसिन्छ)* वस निवासे (भ्वा.) वा वस आच्छादने (अदा.)धातु, वस्+तुन्[२] (तु), उणा.=वस्तु ।

शब्दार्थ- भौतिक पदार्थ, चीज, पशु, यथार्थ कुरा, सामग्री, द्रव्य, धनदौलत, चीजवीज, सबै पदार्थ ।

वस्तुगतः (वि.) वस्तुनि वा वस्तु गतः *(वस्तुमा गएको)* स.त.स./द्वि.त.स.= वस्तुगत ।

शब्दार्थ- वस्तुपक्षमा गएको, वस्तु मुख्य भएको ।

वस्तुजगत् (ना./न.) वस्तुनः जगत् *(पदार्थयुक्त जगत्)* ष.त.स.= वस्तुजगत् ।

शब्दार्थ- वस्तुसित सम्वन्धित जगत्, विभिन्न पदार्थले युक्त संसार ।

वस्तुज्ञानम् (ना./न.) वस्तुनः ज्ञानम् *(वस्तुको ज्ञान)* ष.त.स.= वस्तुज्ञान ।

शब्दार्थ- पदार्थको ज्ञान, वस्तुको वास्तविक ज्ञान, तत्वको वोध ।

वस्तुतः (अव्य.) वस्तुनः सकासात् *(वस्तुबाट)* वस्तु+तसिल् (तस्), वस्तुतस्= वस्तुतः ।

शब्दार्थ- वास्तवमा, यथार्थरूपमा, वास्तविक रूपमा ।

वस्तुनिष्ठः (वि.) वस्तुनि निष्ठः *(वस्तुमा रहेको)* स.त.स. =वस्तुनिष्ठ ।

शब्दार्थ- भौतिक वस्तुसित सम्बन्धित, भौतिक पदार्थसँग गाँसिएको, वस्तुमा रहेको ।

वस्तुपरकः (वि.) वस्तु परं यत्र *(वस्तु मुख्य छ जहाँ)* व.स., वस्तुपर+कप् (समासान्त)= वस्तुपरक ।

शब्दार्थ- वस्तुजगत्लाई मुख्य ठानेर लेखिएको (रचना), वाह्यवस्तुलाई मात्र मुख्य ठानिएको ।

वस्तुवादः (ना./पुं.) उद्यते इति *(बताइन्छ)* वद व्यक्तायां वाचि (भ्वा.) धातु, वद्+घञ् (अ), वृद्धि, वादः । वस्तुनः वादः *(भौतिक वस्तुको वाद वा सिद्धान्त)* ष.त.स.= वस्तुवाद ।

शब्दार्थ- भौतिक वस्तुजगत्को सत्तालाई मुख्य मान्ने दार्शनिक सिद्धान्त, भौतिक जगत् र वस्तुलाई मुख्य मान्ने मत वा सिद्धान्त ।

वस्तुवादी (वि.) वस्तुवादः अस्यास्तीति *(वस्तुवाद नै मुख्य सिद्धान्त छ यसको)* वस्तुवाद+इनि (इन्), अकारलोप, वस्तुवादिन्= वस्तुवादी ।

शब्दार्थ- वस्तुवादी सिद्धान्तको अनुसरण गर्ने, वस्तुवादको अनुयायी ।

वस्तुविनिमयः (ना./पुं.) विनिमयतीति *(सट्टापट्टा गर्छ)* वि नि उपसर्गद्वयपूर्वक मी गतौ (चुरा.) धातु, वि+नि+मी +अप् (अ), गुण, अयादेश, विनिमयः । वस्तुनः विनिमयः *(वस्तुको विनिमय)* ष.त.स.= वस्तुविनिमय ।

शब्दार्थ- वस्तुहरूको साटपाट, एउटा वस्तु दिएर अर्को वस्तु लिने काम, चीजवीज विनिमय गर्ने क्रिया ।

वस्तुस्थितिः (ना./स्त्री.) वस्तुनः स्थितिः *(कुनै कुराको यथार्थ स्थिति)* ष.त.स.= वस्तुस्थिति ।

शब्दार्थ- कुनै घटना वा विषयको तथ्यस्थिति, कुनै कुराको यथार्थ-अवस्था ।

वस्त्रम् (ना./न.) वस्यते अनेन *(ढाकिन्छ यसद्वारा)* वस आच्छादने (अदा.) धातु, वस्+ष्ट्रन् (त्र), उणा.=वस्त्र ।

वस्त्रमाच्छादनं वासः - इत्यमरः

शब्दार्थ- कपडा, लुगा, पोसाक, वेशभूषा, पहिरन ।

वस्त्रगृहम् (ना./न.) वस्त्राणां गृहम् *(वस्त्रहरूको भण्डार घर)* ष.त.स.= वस्त्रगृह ।

शब्दार्थ- कपडाको घर वा कोठा, पाल, कपडा राख्ने स्थान, वस्त्र भण्डारगृह, वस्त्र थन्क्याउने कोठा ।

वस्त्रपरिधानम् (ना./न.) परिधीयते इति *(पहिरिन्छ)* परिपूर्वक डुधाञ् धारणपोषणयोः (जुहो.) धातु, परि+धा +ल्युट् (अन), परिधानम् । वस्त्राणां परिधानम् *(कपडाको पहिरन)* ष.त.स.= वस्त्रपरिधान ।

शब्दार्थ- कपडा पहिरने काम, वस्त्र धारण गर्ने काम, लुगा लगाउने काम ।

वस्त्रपूतः (वि.) वस्त्रे पूतम् *(कपडामा छानिएको)* स.त.स.= वस्त्रपूत ।

अथवा वस्त्रेण पूतम् *(कपडाले छानेको)* तृ.त.स. =वस्त्रपूत ।

शब्दार्थ- कपडामा छानिएको, कपडाले छानेको ।

वस्त्रागारम् (ना./न.) वस्त्राणामागारम् *(कपडाहरूको कोठा)* ष.त.स., दीर्घ= वस्त्रागार ।

शब्दार्थ- कपडा थन्क्याउने ठाउँ, कपडा राख्ने कोठा, कपडाको पसल, वस्त्रगृह, कपडाको भँडारकोठा ।

वहः (ना./पुं.) वहति अनेन, वहतीति वा *(बोक्छ यसले, बहन्छ यो)* वह प्रापणे (भ्वा.) धातु, वह्+घञ्[३] (अ), वृद्धिको अभाव निपातन= वह ।

वहः स्याद्वृषभस्कन्धे वाहे गन्धवहेऽपि च- इति मेदिनी

शब्दार्थ- बोक्ने काम, वहन गर्ने काम, सवारीसाधन, वाहन, वायु, नदी, पवन, गोरुको काँध ।

---

[१] वसेस्तिः : ति प्रत्यय

[२] वसेस्तुन् : तुन्

[३] गोचरसञ्चरवहव्रज... : घञ्

वहनम् (ना./न.) उह्यते अनेन *(वहन गरिन्छ यसबाट)* वह प्रापणे (भ्वा.) धातु, वह्+ल्युट् (अन), करणमा =वहन ।

शब्दार्थ- कुनै वस्तु एक ठाउँबाट अर्को ठाउँमा लाने काम, वहने वा बग्ने काम, परिवहन, यान, नाउ, बोक्ने काम, पुऱ्याउने काम, प्रापण ।

वहनीयः (वि.) उह्यते, वोढुं योग्यः इति वा *(बोक्न वा बग्न योग्य)* वह प्रापणे (भ्वा.) धातु, वह्+अनीय (र्) =वहनीय ।

शब्दार्थ- बोक्न वा वहन गर्न योग्य, बग्नलायक ।

वहिः (अव्य.) वहतीति *(लैजान्छ)* वह प्रापणे (भ्वा.) धातु, वह्+इस् (उणा.), वहिस्, रुत्व, विसर्ग= वहिः ।

शब्दार्थ- वाहिर, वाहिरतिर ।

वहिरङ्गम् (ना./न./वि.) वहिश्च तदङ्गञ्च *(बाहिरी भाग)* क.त.स., वहिस् अङ्गम्, रुत्व= वहिरङ्ग ।

अथवा वहिरङ्गं यस्य *(बाहिर अङ्ग छ जसको)* व.स. =वहिरङ्ग ।

शब्दार्थ- वाहिरी अङ्ग वा भाग, बाहिरको चीज, वाहिरिया, वाहिरको, वहिरो ।

वहिरिन्द्रियम् (ना./न.) वहिश्च तानि इन्द्रियाणि *(बाहिरी इन्द्रियहरू)* क.त.स., रुत्व= वहिरिन्द्रिय ।

शब्दार्थ- विषय ग्रहणं गर्ने वाहिरी इन्द्रिय, ज्ञानेन्द्रिय ।

वहिर्जगत् (ना./न.) वहिश्च तत् जगच्च *(बाहिरी जगत्)* क.त.स., रुत्व= वहिर्जगत् ।

शब्दार्थ- वाहिरी संसार, भौतिक संसार ।

वहिर्मुखम् (ना./न./वि.) वहिश्च तत् मुखञ्च *(बाहिरी मुख)* क.त.स.= वहिर्मुख ।

अथवा वहिर्मुखं यस्य *(बाहिर छ मुख जसको)* व.स. =वहिर्मुख ।

शब्दार्थ- वाह्य मुख, वाहिरतिर मुख, बाहिरतिर मुख लगाएको, वाहिरतिर मुख भएको, वहिर्मुखी ।

वहिष्कारः (ना./पुं.) वहिष्क्रियते इति *(वहिष्कार गरिन्छ)* वहिस् उपपदपूर्वक डुकृञ् करणे (तना.) धातु, वहिस्+कृ+घञ् (अ), वृद्धि, षत्व= वहिष्कार ।

शब्दार्थ- त्यागने काम, छोड्ने काम, जाति वा समाजवाट हटाउने वा वहिष्कार गर्ने काम, निष्कासन ।

वह्निः (ना./पुं.) वहति हव्यम् यज्ञाहुतिं वा *(हव्य वा यज्ञाहुति लैजान्छ वा बहन गर्छ)* वह प्रापणे (भ्वा.) धातु, वह्+नि[१] (उणा.)= वन्हि ।

शब्दार्थ-अग्नि, आगो, वैश्वानर, ताप, राप, पाचनशक्ति ।

वह्यः (वि.) वहन्ति अनेन *(वहन गर्छन् यसबाट)* वह प्रापणे (भ्वा.) धातु, वह्+यत्[२] (य)= वह्य ।

शब्दार्थ- वहन गर्न योग्य, बोक्न लायक ।

वाः (ना./न.) वारयतीति *(ढाक्छ, व्याप्त गर्छ)* वृञ् आवरणे (चुरा.) धातु, वृ+णिचि, वृद्धि, वारि+क्विप् (सर्वलोप), णिलोप, वार्, वाः= वा ।

शब्दार्थ- पानी, जल, उदक ।

वा (अव्य.) वातीति *(बहन्छ)* वा गतिगन्धनयोः (अदा.) धातु, वा+क्विप्[३] (सर्वलोप)= वा ।

वा स्यात् विकल्पोपमयोर्वितर्के पादपूरणे ।

समुच्चये च- इति मेदिनी

शब्दार्थ- विकल्प, कि, या, अथवा, पादपूरक-शब्द, समुच्चय, सम्भावना, वितर्क ।

वाक् (ना./स्त्री.) उच्यते अनेन *(बोलिन्छ यसबाट)* अथवा वक्तीति *(भन्छ)* वच परिभाषणे (अदा.) धातु, वच्+क्विप्[४] (सर्वलोप), दीर्घ, वाच्, कुत्व= वाक् ।

बाह्मी तु भारती भाषा गीर्वाग्वाणी सरस्वती- इत्यमरः

वाग्वाचे भारत्यां वचने स्त्रियौ- इति मेदिनी

शब्दार्थ- बोली, शब्द, वचन, वाणी, भाषा, वाक्य, लवज, भारती, सरस्वती ।

वाक्कलहः (ना./पुं.) वाग्भिः वाचां वा कलहः *(बोलीले वा वचनको कलह)* तृ.त.स.[५]/ष.त.स.= वाक्कलह ।

शब्दार्थ- बोलीको झैंझगडा, भनाभन, वाभावाज, मुखमुखै लाग्ने क्रिया, भनावैरी ।

वाक्केलिः (ना./स्त्री.) वाचां केलिः *(वचनको क्रीडा)* ष.त.स., कुत्व= वाक्केलि ।

शब्दार्थ- ख्यालठट्टा, हँसीमजाक, ठट्टा ।

वाक्पटुः (वि.) वाचि पटुः *(बोलीवचनमा चलाख)* स.त.स.= वाक्पटु ।

शब्दार्थ- कुरा गर्नमा पोख्त, वोलीवचनमा सिपालु, कुरा गर्न निपुण ।

वाक्पतिः (ना./पुं.) वाचां पतिः *(बोलीका स्वामी)* ष.त.स., कुत्व= वाक्पति ।

शब्दार्थ- बोल्न वा कुरा गर्न सिपालु व्यक्ति, भाषण दिन निपुण पुरुष, देवगुरु वृहस्पति ।

वाक्यम् (ना./न./वि.) उच्यते यत् *(बोलिन्छ जो)* वच परिभाषणे (अदा.) धातु, वच्+ण्यत्[६] (य), वृद्धि, कुत्व =वाक्य ।

तिङ्सुबन्तचयोः वाक्यम्- इत्यमरः

वाक्यं स्यात्योग्यताकाङ्क्षासत्तियुक्तपदोच्चयः - सा.द.२/१

शब्दार्थ- वचन, बोली, उक्ति, कथन, पूर्ण अर्थ दिने क्रिया सहितको शब्दसमूह, योग्यता, आकाङ्क्षा, आसत्ति अर्थयुक्त पदसमूह, पदसमुदाय, क्रिया र कर्ताको समुदाय, बोल्न योग्य वा लायक ।

वाक्यनिर्माणम् (ना./न.) वाक्यस्य निर्माणम् *(वाक्यको निर्माण)* ष.त.स.= वाक्यनिर्माण ।

शब्दार्थ- वाक्यको संरचना, वाक्यको बनोट, वाक्यगठन ।

---

[१] वहिश्रिश्रुयुद्रु... : नि प्रत्यय

[२] वह्यं करणम् : यत्

[३] अन्येभ्योऽपि दृश्यते : क्विप्

[४] क्विप् वचिप्रच्छ्यायतस्तु... : क्विप्, दीर्घ

[५] पूर्वसदृशसमोनार्थ... : तृतीया-तत्पुरुष

[६] ऋहलोर्ण्यत् : ण्यत्

वाक्यरचना (ना./स्त्री.) वाक्यानां रचना *(वाक्यहरूको रचना)* ष.त.स.= वाक्यरचना ।

शब्दार्थ- वाक्य बनाउने काम, वाक्यनिर्माण, वाक्ययोजना

वाक्यविन्यासः (ना./पुं.) वाक्यस्य विन्यासः *(वाक्यको विन्यास)* ष.त.स.= वाक्यविन्यास ।

शब्दार्थ- वाक्य बनाउने काम, वाक्यनिर्माण, वाक्यरचना, वाक्ययोजना ।

वाक्यविस्तारः (ना./पुं.) विस्तरणमिति *(विस्तार गरिन्छ)* विपूर्वक स्तृञ् आच्छादने (स्वा./क्र्या.) धातु, वि+स्तृ+घञ् (अ), वृद्धि, विस्तारः । वाक्यस्य विस्तारः *(वाक्यको विस्तार)* ष.त.स.= वाक्यविस्तार ।

शब्दार्थ- वाक्य विस्तार गर्ने काम, वाक्यको फैलावट, वाक्यको उद्देश्य र विधेय भागमा पदहरू थपेर वाक्य लम्ब्याउने क्रिया ।

वाक्यसङ्कोचः (ना./पुं.) सङ्कोचनमिति *(छोटयाउनु, रोक्नु)* सम्पूर्वक कुच सम्पर्चनकौटिल्यप्रतिष्टम्भविलेखनेषु (भ्वा.) धातु, सम्+कुच्+घञ् (अ), गुण, सङ्कोचः । वाक्यस्य सङ्कोचः *(वाक्यको सङ्कुचन वा छोटयाउने क्रिया))* ष.त.स.= वाक्यसङ्कोच ।

शब्दार्थ- वाक्य छोटयाउने काम, लामो वाक्यलाई छोटो पार्ने काम ।

वाक्यात्मकः (वि.) वाक्यम् आत्मा यत्र *(वाक्य नै मुख्य छ जहाँ)* वाक्य+आत्मन्, ब.स., दीर्घ, वाक्यात्मन्+कप्[1] (समासान्त), नलोप= वाक्यात्मक ।

शब्दार्थ- वाक्य मुख्य भएको, वाक्यको रूप लिएको, वाक्य बनेको, वाक्यमा मिलेको ।

वाक्यांशः (ना./पुं.) वाक्यस्य अंशः *(वाक्यको टुक्रा वा खण्ड)* वाक्य+अंश, ष.त.स., दीर्घ= वाक्यांश ।

शब्दार्थ- भन्न खोजेको कुरा पूरा नबुझाउने वाक्यको टुक्रा, वाक्यखण्ड ।

वाक्युद्धम् (ना./न.) वाचां युद्धम् *(बोलीको युद्ध)* ष.त.स. =वाक्युद्ध ।

शब्दार्थ- वाक्कलह, भनाभन, बोलीबाट हुने झैझगडा ।

वाक्संयमः (ना./पुं.) संयम्यते इति *(संयम गरिन्छ)* सम्पूर्वक यम उपरमे (भ्वा.) धातु, सम्+यम्+अप्[2] (अ), संयमः । वाचां संयमः *(बोलीको संयम)* ष.त.स.= वाक्संयम ।

शब्दार्थ- बोलीको संयम, बोलीको नियन्त्रण ।

वाक्सिद्धिः (ना./स्त्री.) वाचां सिद्धिः *(बोलीको सिद्धि)* ष.त.स., कुत्व= वाक्सिद्धि ।

शब्दार्थ- भनेको कुरा पुग्ने सिद्धि,बोलीवचनको सिद्धि ।

वाक्स्वतन्त्रता (ना./स्त्री.) वाचां स्वतन्त्रता *(बोलीको स्वतन्त्रता)* ष.त.स.= वाक्स्वतन्त्रता ।

शब्दार्थ- कुनै पनि व्यक्तिलाई मर्यादित कुरा बोल्न पाउने स्वतन्त्रता, बोलेर आफ्ना विचार व्यक्त गर्न पाउने स्वतन्त्रता, अभिव्यक्ति स्वतन्त्रता ।

वागीशः (ना./पुं./वि.) वाचामीशः *(वाणीका स्वामी)* ष.त.स.= वागीश ।

शब्दार्थ- वाक्पति, कवि, वागीश्वर, वृहस्पति, ब्रह्मा, बोल्न सिपालु, वाक्पटु ।

वागीशा (ना./स्त्री.) वाचामीशा *(वाणीकी अधिष्ठात्री देवी)* ष.त.स., कुत्व, वागीश+टाप् (आ)= वागीशा ।

शब्दार्थ- सरस्वती, वाणी, बोली ।

वागीश्वरः (ना./पुं./वि.) वाचामीश्वरः *(वाणीका स्वामी)* ष.त.स.= वागीश्वर ।

शब्दार्थ- वाग्पति, वागीश, ब्रह्मा, वृहस्पति, कवि, बोल्न सिपालु, वाक्पटु ।

वागीश्वरी/वाग्देवता (ना./स्त्री.) वाचामीश्वरी, वाचां देवता *(वाणीकी देवी वा देवता)* ष.त.स., जश्त्व =वागीश्वरी/वाग्देवता ।

शब्दार्थ- वाणीकी अधिष्ठात्री देवी, सरस्वती, भारती, कवयित्री ।

वाग्जालम् (ना./न.) वाग्भिर्जालम् *(वचनले झेलिएको)* तृ.त.स.= वाग्जाल ।

शब्दार्थ- शब्दाडम्बरले भरिएको निस्सार कुरा, घुमाउरो भनाइ, अलमल्याउने खालको भनाइ वा बोली।

वाग्दण्डः (ना./पुं.) वाग्भिर्दण्डः *(बोलीले हप्काउने काम)* तृ.त.स., जश्त्व= वाग्दण्ड ।

शब्दार्थ- बोलीले हप्कीदप्की गर्ने काम, भर्त्सना, गाली-गलौज ।

वाग्दत्ता (ना./स्त्री.) वाग्भिर्दत्ता *(वचनले दिइएकी)* तृ.त.स., जश्त्व= वाग्दत्ता ।

शब्दार्थ- विहे गर्न वाग्दान गरिसकिएकी कन्या, विहे गर्न कुरो छिनिएकी कन्या ।

वाग्दानम् (ना./न.) वाग्भिर्दानम् *(वचनले दिने काम)* तृ.त.स.= वाग्दान ।

शब्दार्थ- विहे गर्न केटीको कामकुरो छिन्ने काम, बोलीले कसैलाई कुनै कुरा दिने वा स्वीकृत गर्ने काम।

वाग्देवी (ना./स्त्री.) वाचां देवी *(वाणीकी देवी)* ष.त.स., जश्त्व= वाग्देवी ।

शब्दार्थ- वाणीकी अधिष्ठात्री देवी, माता, सरस्वती, भारती।

वाग्दोषः (ना./पुं.) वाचां दोषः *(बोलीको दोष)* ष.त.स., जश्त्व= वाग्दोष ।

शब्दार्थ- बोलीको दोष, बोल्दा हुने त्रुटि वा भूल, बोल्दा हुने अशुद्धि, निन्दा ।

वाग्द्वारम् (ना./न.) वक्तीति *(बोल्छ)* वच परिभाषणे (अदा.) धातु, वच्+क्विप्, दीर्घ, क्विप्को सर्वलोप, कुत्व, वाग् । वागेव द्वारम् *(वचनरूप द्वार)* म.व्य.स.= वाग्द्वार ।

शब्दार्थ- वाणीरूपद्वार, वाग्मती नदीको उद्गमस्थल, मुहान, मुख ।

---

[1] अनिनस्मन्... : कप्

[2] यमःसमुपनि... : अप्

वाग्भूषणम् (ना./न.) वागेव भूषणम् *(वचनरूप भूषण)* म.व्य.स.= वाग्भूषण ।

शब्दार्थ- वाग्रूप भूषण, वचनरूप अलङ्कार ।

वाग्मती (ना./स्त्री.) वाक् वाक्द्वाः अस्य अस्तीति *(वाग्द्वार छ मूलश्रोत यसको)* वाच्+मतुप् (मत्), कुत्व, जश्त्व, वाग्मत्+ङीप् (ई)= वाग्मती ।

शब्दार्थ- वाग्द्वारबाट प्रवाहित काठमाडौं उपत्यकामा बग्ने एक नदी ।

वाग्मिता (ना./स्त्री.)/**वाग्मित्वम्** (ना./न.) प्रशस्ता वाक् अस्य अस्तीति *(पर्याप्त वाक्पटुता छ यसको)* वाच्+ग्मिनि[1] (ग्मिन्), वाग्मिन् । वाग्मिनः भावः *(वाक्पटु हुनाको भाव वा अवस्था)* वाग्मिन्+तल् (त)+टाप् (आ), नलोप= वाग्मिता ।

वाग्मिन्+त्व, नलोप= वाग्मित्व ।

शब्दार्थ- विद्वत्ता, वाक्पटुता, पाण्डित्य, बोल्नमा निपुणता, वाक्कौशल, भाषणमा कुशलता ।

वाग्मी (वि.) प्रशस्ताः वाचः सन्ति अस्य *(प्रशस्त वाणी छ यसको)* वाक्+ग्मिनि[1] (ग्मिन्), वाग्मिन्= वाग्मी ।

शब्दार्थ- बोल्नमा निपुण, बोल्न सिपालु, वाचाल, खुब बोल्ने, वक्ता, विद्वान् ।

वाङ्मनसम् (ना./न.) वाक्च मनश्च तयोः समाहारः *(वचन र मनको समूह)* द्व.स., अच् (समासान्त) =वाङ्मनस ।

शब्दार्थ- वचन र मन, शब्द र वाणीसमूह ।

वाङ्मयम् (ना./न./वि.) वाचः आगतः *(वाणीबाट आएको)* वा प्रकृता प्राचुर्येण प्रस्तुता वाक् *(प्रचुर मात्रामा प्रस्तुत गरिएको वाणी)* वाच्+मयट्[2] (मय), कुत्व, वाक्मय, परसवर्ण= वाङ्मय ।

शब्दार्थ- गद्य-पद्य रचनाको समूह, वचनले परिपूर्ण, वाक्यसम्वन्धी ।

वाङ्मयी (ना./स्त्री.) वाचः आगता *(वाणीबाट आएको)* वाच्+मयट् (मय), कुत्व, परसवर्ण, वाङ्मय+ङीप् (ई)= वाङ्मयी ।.

शब्दार्थ- भाषाकी अधिष्ठात्री देवी, सरस्वती, भारती ।

वाचकः (वि./ना./पुं.) वक्तीति *(बोल्दछ)* वच परिभाषणे (अदा.) धातु, वच्+ण्वुल् (अक), वृद्धि, णिलोप =वाचक । अथवा वाचयतीति *(वाचन गर्छ)* वच्+णिचि+ण्वुल्[3] (अक), वृद्धि, णिलोप= वाचक ।

शास्त्रे शब्दस्तु वाचकः- इत्यमरः

शब्दार्थ- वाचन गर्ने, वक्ता, बोल्ने, पाठक, निर्देशक, कत्थक, पुराणादिपाठक, कथावाचक, शास्त्रीय शब्द वा ध्वनि, पुराणादि वाचन गर्ने व्यक्ति ।

वाचकी (वि.) वाचकः अत्र अस्तीति *(वाचक छ यहाँ)* वाचक+इनि (इन्), अकारलोप, वाचकिन्= वाचकी ।

शब्दार्थ- वाचन गर्ने, भन्ने, पुराणादि पाठ गर्ने, पण्डित ।

वाचनम् (ना./न.) वाच्यते इति *(वाचन गरिन्छ)* वच परिभाषणे (अदा.) धातु, वच्+णिचि, वृद्धि, वाचि+ल्युट् (अन), णिलोप= वाचन ।

शब्दार्थ- भन्ने वा वाचन गर्ने काम, पाठ गर्ने काम, कथा वाचन, कुनै कुराको आवृत्ति वा पाठ ।

वाचनालयः (ना./पुं.) वाचनाय आलयः *(पढ्नको लागि कोठा वा स्थान)* च.त.स., दीर्घ= वाचनालय ।

शब्दार्थ- पत्रपत्रिका, पुस्तक आदि पढ्ने कक्ष वा स्थान ।

वाचनिकः (वि.) वचनेन निर्वृत्तम्, वचनादागतः इति वा *(वचनले निर्वृत्त भएको, वचनबाट आएको)* वचन+ठक्[4] (इक), आदिवृद्धि, अकारलोप= वाचनिक ।

शब्दार्थ-मौखिक शब्दद्वारा अभिव्यक्त गर्ने, बोलीसम्वन्धी ।

वाचस्पतिः (ना./पुं.) वाचां पतिः *(वाणीका स्वामी)* ष.त.स., विसर्गको सत्व, षष्ठीको अलुक्= वाचस्पति ।

शब्दार्थ- वाणीका स्वामी, राम्ररी बोल्ने व्यक्ति, देवगुरु बृहस्पति ।

वाचा (ना./स्त्री./अव्य.) वक्ति अनया *(बोल्छ वा प्रतिज्ञा गर्छ यसबाट)* वच परिभाषणे (अदा.) धातु, वच्+क्विप्[5] (सर्वलोप), दीर्घ, वाच्को आप् निपातन, भागुरीमतमा= वाचा ।

शब्दार्थ- भाषण, शपथ, प्रतिज्ञा, धार्मिक ग्रन्थको पाठ, वाक्, वचन, वाणी ।

वाचाटः/वाचालः (वि.) बह्वी गर्ह्या वाक् अस्य अस्तीति *(धेरै निन्दित बोली छ यसको)* वा कुत्सितं गर्ह्यं बहु वक्ति भाषते इति *(निन्दनीय कुरा धेरै बोल्छ)* वाच्+आटच्[6] (आट)= वाचाट ।

वाक्+आलच्[6] (आल)= वाचाल ।

शब्दार्थ- फत्फते, धेरै बोलिरहने, बकबक गरेर हिंड्ने, वाक्पटु, बोल्नमा चतुर ।

वाचाबद्धः (वि.) वाचा बद्धः *(वचनले बाँधिएको)* तृ.त.स., तृतीयाको अलुक्= वाचाबद्ध ।

शब्दार्थ- वचनबद्ध, बोलीले बाँधिएको ।

वाचिकः (वि.) सन्दिष्टः अर्थः यया उच्यते इति *(जसद्वारा सन्देशपूर्ण वाणी बोलिन्छ)* वा वाचा कृतम् *(वचनले बोलिएको)* वा वाचः आगतः निस्पन्नः *(वाणीबाट आएको वा निष्पन्न (उत्पन्न)* वाच्+ठक्[7] (इक)= वाचिक ।

शब्दार्थ- मौखिक, मुखबाट निस्कने वा निस्केको, वाणीको, वचनको, वचनसम्बन्धी, मुखबाट व्यक्त गरिएको ।

वाची (वि.) वक्तीति *(भन्छ)* वच परिभाषणे (अदा.) धातु, वच्+णिनि (इन्), वृद्धि, वाचिन्= वाची ।

शब्दार्थ- भन्ने, व्यक्त गर्ने, बोधक ।

---

[1] वाचो ग्मिनि : ग्मिनि

[2] मयट् च/एकाचो नित्यम्/ तत्प्रकृतवचने... : मयट्

[3] ण्वुल्तृचौ : ण्वुल्

[4] तेन निर्वृत्तम्/ठगायस्थानेभ्य... : ठक्

[5] क्विप् वचि... : क्विप्, दीर्घ

[6] आलजाटचौ... : आटच्/आलच्

[7] वचो व्याहृतार्थायाम्/ठगायस्थानेभ्य.. : ठक्

वाच्यः (वि.) उच्यते, वक्तुं योग्यः इति वा *(भनिन्छ वा भन्नलायक)* वच परिभाषणे (अदा.) धातु, वच्+ण्यत्[1] (य), वृद्धि, कुत्वको अभाव= वाच्य ।

शब्दार्थ- वताउन योग्य, भन्नलायक, वोल्नलायक, निन्दा, तिरस्कार, व्याकरणको दृष्टिले कर्ता तथा कर्म र भाव मुख्य हुने क्रियापद, प्रतिपादन ।

वाच्यार्थः (ना./पुं.) वाच्यश्चासौ अर्थश्च *(वाच्य अर्थ)* क.त.स., दीर्घ= वाच्यार्थ ।

शब्दार्थ-अभिधेय अर्थ, अभिधा शक्तिद्वारा बोध हुने अर्थ ।

वाजः (ना./पुं.) वजति, वज्यते गम्यते अनेन *(जान्छ वा गइन्छ यसबाट)* वज गतौ (भ्वा.) धातु, वज्+घञ् (अ), वृद्धि= वाज ।

शब्दार्थ-वाणको प्वाँख, पखेटा, पक्ष, भोज्यसामग्री, वाज चरो

वाजपेयम् (ना./न.) वाजमन्नं पैष्टी सुरा, पेयमत्र *(अन्न र सुरा पेय छ जुन यज्ञमा)* व.स.= वाजपेय ।

शब्दार्थ- यज्ञविशेष, सुख, समृद्धि र उच्च स्थान प्राप्तिका लागि गरिने श्रुतिप्रतिपादित एक यज्ञविशेष ।

वाजसनेयः (ना./पुं.) वाजसनेः सूर्यस्य शिष्यः *(सूर्यका शिष्य)* वाजसनि+ढक्[2] (एय), इकारलोप=वाजसनेय ।

शब्दार्थ- शुक्ल यजुर्वेदको एक शाखा, वाजसनेय संहिताका प्रणेता, याज्ञवल्क्य ।

वाजसनेयी (वि./ना./पुं.) वाजसनेयः अस्यास्तीति *(वाजसनेय शाखा छ यसको)* वाजसनेय+इनि[3] (इन्), अकारलोप, वाजसनेयिन्= वाजसनेयी ।

शब्दार्थ- वाजसनेयसंहिताका अनुयायी, शुक्लयजुर्वेदका प्रणेता तथा प्रवर्तक, याज्ञवल्क्य ।

वाजी (ना./पुं.) वाजाः पक्षाः सन्ति अस्य *(पखेटाहरू छन् यसका)* वाज+इनि[3] (इन्), अकारलोप, वाजिन् =वाजी ।

अथवा अवश्यं वजति गच्छति *(अवश्य नै दौडन्छ)* वज गतौ (भ्वा.) धातु, वज्+णिनि[4] (इन्), वृद्धि, वाजिन्= वाजी ।

अथवा वजति गच्छति वेगेन *(वेगले जान्छ)* वज्+घञ् (अ), वृद्धि, वाजः । वाजः वेगः स अस्ति अस्य *(ठूलो वेग छ यसको)* वाज+इनि (इन्), वाजिन्= वाजी ।

वाजी वाणाश्वपक्षिषु - इति मेदिनी

वाजिनोऽश्वेषु पक्षिणः - इत्यमरः

शब्दार्थ- वाज पक्षी, घोडा, वाण, पन्छी ।

वाजीकरणम् (ना./न.) अवाजी वाजीव क्रियते अनेन *(वाजी क्रिया वा वीर्य-प्रवर्द्धन क्रिया गरिन्छ यसबाट)* डुकृञ् करणे (तना.) धातु, वाजिन्+कृ+ल्युट् (अन), करणमा, कृको गुण, णत्व, च्वि[5], नलोप, वाजिको दीर्घ, च्विको सर्वलोप= वाजीकरण ।

शब्दार्थ- वीर्य वृद्धि गर्ने क्रिया, यौन क्षमता बढाउने क्रियाविशेष, वीर्यवर्द्धक ओखती ।

वाजिशाला (ना./स्त्री.) वाजिनः शाला *(घोडाको तबेला)* ष.त.स.= वाजिशाला ।

शब्दार्थ- घोडा वस्ने तबेला, अश्वगृह ।

वाञ्छकः (वि.) वाञ्छतीति **(चाहन्छ)** वाछि इच्छायाम् (भ्वा.) धातु, नुम्, वाञ्छ्+ण्वुल् (अक)= वाञ्छक ।

शब्दार्थ- इच्छा गर्ने, चाहना गर्ने, अभिलाषा गर्ने, इच्छुक ।

वाञ्छनम् (ना./न.)/**वाञ्छना** (ना./स्त्री.) वाञ्छनम्, वाञ्छ्यते इति वा *(चाहना गरिन्छ)* वाछि इच्छायाम् (भ्वा.) धातु, नुम्, वाञ्छ्+ल्युट् (अन)= वाञ्छन । वाञ्छ्+युच् (अन), उणा., वाञ्छन+टाप् (आ)=वाञ्छना ।

शब्दार्थ- अभिलाषा, इच्छा, चाहना, आकाङ्क्षा, कामना गर्ने काम ।

वाञ्छनीयः/वाञ्छ्यः (वि.) वाञ्छ्यते, वाञ्छितुं योग्यः *(चाहना गरिन्छ, अभिलाषा गर्न योग्य)* वाछि इच्छायाम् (भ्वा.) धातु, नुम्, वाञ्छ्+अनीय (र्)= वाञ्छनीय । वाञ्छ्+ण्यत् (य)= वाञ्छ्य ।

शब्दार्थ- इच्छा गर्न योग्य वा लायक, कामना योग्य, चाहना गर्न उपयुक्त, आवश्यक, चाहिने ।

वाञ्छा (ना./स्त्री.) वाञ्छनम्, वाञ्छ्यते इति *(इच्छा गरिन्छ)* वाछि इच्छायाम् (भ्वा.) धातु, नुम्, वाञ्छ+अ (प्रत्यय)+टाप् (आ)= वाञ्छा ।

इच्छा काङ्क्षा स्पृहेहा तृट् वाञ्छा लिप्सा मनोरथः - इत्यमरः

शब्दार्थ- आकाङ्क्षा, इच्छा, चाहना, अभिलाषा, स्पृहा, लिप्सा ।

वाञ्छितः (वि.) वाञ्छ्यते स्म इति *(चाहना गरिएको)* वाछि इच्छायाम् (भ्वा.) धातु, नुम्, वाञ्छ्+क्त (त), इडागम= वाञ्छित ।

शब्दार्थ- चाहना गरिएको, इच्छा गरिएको, इच्छित, अभिलषित, कामना गरिएको ।

वाटः (ना./पुं.) वाट्यते इति *(वेष्टित गरिन्छ)* वट वेष्टने (भ्वा.) वा वट विभाजने (चुरा.) धातु, वट्+णिचि, वृद्धि, वाटि+घञ् (अ), णिलोप= वाट ।

वाटः पथि वृत्तौ- इति हैमः

शब्दार्थ- वाटो, मार्ग, घेरो, वेर्ने काम, वँगैचा, उद्यान ।

वाटिका (ना./स्त्री.) वाट एव *(बगैंचा नै)* वाट+कन् (क), स्वार्थमा, वाटक+टाप् (आ), ककारपूर्वका अकारको इत्व= वाटिका ।

अथवा वटतीति *(वेष्टन गर्छ)* वट वेष्टने (भ्वा.) धातु, वट्+ण्वुल् (अक), वृद्धि, वाटक+टाप् (आ), ककारपूर्वका अकारको इत्व= वाटिका ।

शब्दार्थ- वगैंचा, उद्यान, ससानो फूलवारी, पुष्पवाटिका, करेसावारी ।

---

[1] ऋहलोर्ण्यत् : ण्यत्

[2] शुभ्रादिभ्यश्च : ढक्

[3] अत इनिठनौ : इनि

[4] अवश्यकाधमर्ण्य... : णिनि

[5] कृभ्वस्तियोगो... : च्वि

वाटी (ना./स्त्री.) वाटचते इति *(वेष्टित गरिन्छ)* वट वेष्टने (भ्वा.) वा वट विभाजने (चुरा.) धातु, वट्+णिचि+घञ् (अ), वृद्धि, णिलोप, वाट+ङीष् (ई) =वाटी ।

वाटी वास्तौ गृहोद्यानकटचो: - इति हैम:

शब्दार्थ- करेसावारी, घर वरिपरिको उद्यान, वस्ने स्थान वा घर ।

वाडव: (ना./पुं.) वडवा अश्वा वा द्विजस्त्री तस्यां जात: *(घोडा वा ब्राह्मण पत्नीमा उत्पन्न भएको)* वडवा+अण् (अ), आदिवृद्धि= वाडव ।

शब्दार्थ- घोडा, अश्व, द्विजाति ।

वाण: (ना./पुं.) वाणयतीति *(शब्द गर्छ)* वण शब्दार्थे (भ्वा.) धातु, वण्+णिचि+अच् (पचादि), वृद्धि=वाण । अथवा वण्यते शब्द्यते इति *(शब्द गर्नु)* वण शब्दार्थे (भ्वा.) धातु, वण्+घञ् (अ), वृद्धि= वाण ।

वाणो बलिसूते सरे- इत्यमर:

शब्दार्थ- वाण, शर, बलिपुत्र वाणासुर दानव ।

वाणिज: (ना./पुं.) पणते इति *(व्यापार वा व्यवहार गर्छ)* पण व्यवहारे स्तुतौ च (भ्वा.) धातु, पण्+इजि[१] (इज्), उणा., धातुका आदि पको वकारादेश[१], वणिज्, कुत्व, वणिक् ।

वणिक् स्त्रियां वणिज्यायाम्- इति विश्व:

वणिगेव *(बनियाँ नै)* वणिज्+अण्[२] (अ), आदिवृद्धि =वाणिज ।

शब्दार्थ- लेनदेन कारोवार गर्ने व्यक्ति, बनियाँ, व्यापारी, क्रय विक्रय गर्ने व्यक्ति ।

वाणिज्यम् (ना./न.) वणिजां भाव: कर्म वा *(व्यापारी हुनाको भाव, कर्म वा अवस्था)* वणिज्+ष्यञ्[३] (य), आदिवृद्धि= वाणिज्य ।

शब्दार्थ- व्यापारसम्वन्धी कारोवार, क्रयविक्रय क्रिया, व्यापार, वेपार, खरिदविक्री-सम्वन्धी काम ।

वाणी/वाणि: (ना./स्त्री.) वण्यते इति *(बोलिन्छ)* वण शब्दार्थे (भ्वा.) धातु, वण्+इञ्[४] (इ), वृद्धि, वाणि+ङीष् (ई), विकल्पले= वाणी ।

ङीष्को अभावमा= वाणि ।

गीर्वाग्वाणी सरस्वती- इत्यमर:

शब्दार्थ- भाषा, वाणी, सरस्वती, वोली, वचन, आवाज ।

वात: (ना./पुं./वि.) वातीति *(बहन्छ)* वा गतिगन्धनयो: (अदा.) धातु, वा+तन्[५] (त), उणा.= वात । अथवा वाति स्म इति *(बहेको)* वा+क्त (त)= वात ।

शब्दार्थ- हावा, वतास, वायु, पवन, शरीरमा रहने वायु, वाथरोग, अनिल, मरुत्, हावा चलेको, बतास लागेको

वातच्छेद्यम् (वि.) वातेन छेद्यम् *(हावाद्वारा छेद्य)* तृ.त.स., वातछेद्य, तुगागम, श्चुत्व= वातच्छेद्य ।

शब्दार्थ- हावाले छेदन गरेको तृण वा रूखको हाँगा, वातरोग ।

वातज्वर: (ना./पुं.) वाताज् ज्वर: *(वायु प्रकोपवाट उत्पन्न जरो)* ष.त.स.= वातज्वर ।

शब्दार्थ- वायुको प्रकोपवाट आएको जरो ।

वातनीत: (वि.) वातेन नीत: *(हावाद्वारा ल्याइएको)* णीञ् प्रापणे (भ्वा.) धातु, वात+नी+क्त (त)= वातनीत ।

शब्दार्थ- हावाले ल्याएको ।

वातरोग: (ना./पुं.) वातजनितश्चासौ रोगश्च *(बाथबाट उत्पन्न रोग)* क.त.स., उ.प.लोप= वातरोग ।

शब्दार्थ- वाथको रोग, वाथको विमारी, वायु-विकारजन्य रोग, वायुजन्य व्याधि ।

वातरोगी (वि.) वातरोग: अस्यास्तीति *(बाथ रोग छ यसको)* वातरोग+इनि[६] (इन्), अकारलोप, वातरोगिन् =वातरोगी ।

शब्दार्थ- वाथको विरामी, वाथवाट रोगिएको ।

वातव्याधि: (ना./पुं.) वातजनितश्चासौ व्याधिश्च *(वायुविकारबाट उत्पन्न रोग)* क.त.स., उ.प.लोप =वातव्याधि ।

शब्दार्थ- वातरोग, वाथरोग, वायुविकारजन्य रोग ।

वातानुकूलित: (वि.) वातेन अनुकूलित: *(चिसो तातो अनुकूल भएको)* तृ.त.स., दीर्घ= वातानुकूलित ।

शब्दार्थ- हावापानी अनुकूल भएको, चिसो तातोलाई उपयुक्त पारिएको ।

वातायनम् (ना./न.) ईयते अनेन *(आउने जाने गरिन्छ यसबाट)* इण् गतौ (अदा.) धातु, इ+ल्युट् (अन), करणमा, गुण, अयादेश, अयनम् । वातस्य अयनम् *(हावाको आउने जाने मार्ग)* ष.त.स., दीर्घ=वातायन ।

वातायनं गवाक्षोऽथ- इत्यमर:

शब्दार्थ- छत, वरण्डा, झ्याल, आँखीझ्याल, हावाको आउने जाने मार्ग ।

वातावरणम् (ना./न.) आव्रियते अनेन *(ढाकिन्छ वा फैलिन्छ यसबाट)* आङ्पूर्वक वृञ् वरणे (स्वा.) धातु, वा वृञ् आवरणे (चुरा.) धातु, आ+वृ+ल्युट् (अन), करणमा, गुण, णत्व, आवरणम् । वातस्य आवरणम् *(हावाको रोकिने तथा फैलिने काम)* ष.त.स. =वातावरण ।

शब्दार्थ-पृथ्वीको चारैतिर फैलिएर रहेको हावा, वरपर व्यापकरूपले प्रभावित पार्ने वातावरणीय स्थिति ।

वातावरणीय: (वि.) वातावरणाय हितम् *(वातावरणको लागि उपयुक्त हुने)*, वातावरणस्य अयम् *(वातावरणको यो)* वातावरण+छ (ईय), अकारलोप= वातावरणीय ।

शब्दार्थ- वातावरण अनुकूल, वातावरणसित सम्वन्धित, वातावरणको ।

---

१. पणेरिज्यादेशश्च व: : इजि, वकारादेश
२. प्रज्ञादिभ्यश्च : अण्
३. चतुर्वर्णादिनाम् : ष्यञ्
४. इञ् वपादिभ्य:...(वा.) : इञ्
५. हसिमृग्रिण्वा... : तन्
६. अत इनिठनौ : इनि

वात्या (ना./स्त्री.) वातानां समूहः *(वायुको समूह)* वात+य[१], वात्य+टाप् (आ)= वात्या ।

शब्दार्थ- हावाको समूह वा समुदाय ।

वात्सल्यम् (ना./न.) वत्सलस्य भावः *(प्रिय हुनाको भाव वा अवस्था)* वत्सल+ष्यञ्[२] (य), आदिवृद्धि, अकारलोप= वात्सल्य ।

अथवा वत्सल एव *(स्नेहभाव नै)* वत्सल+ष्यञ् (य), स्वार्थमा= वात्सल्य ।

शब्दार्थ- मातापिताको आफ्ना वालबच्चाहरूप्रति हुने स्नेह, माया, प्रेम, रसविशेष ।

वात्सल्यरसः (ना./पुं.) वात्सल्यञ्चासौ रसश्च *(वात्सल्य रस)* क.त.स.= वात्सल्यरस ।

शब्दार्थ- स्थायीभाव वात्सल्य हुने रस, जो नवरस पछिको दसौं रस मानिन्छ ।

वात्स्यः (ना./पुं.) वत्सस्य गोत्रापत्यं पुमान् *(वत्सगोत्रको पुरुष सन्तति)* वत्स+यञ्[३] (य), आदिवृद्धि, अकारलोप =वात्स्य ।

शब्दार्थ- वत्सगोत्रीय एक ऋषि, रतिशास्त्रका प्रणेता, कामसूत्रका रचयिता ।

वात्स्यायनः (ना./पुं.) वत्सस्य गोत्रापत्यम्, वात्स्यस्य युवापत्यं पुमान् इति वा *(वत्स्यगोत्रको पुरुष सन्तति, वात्स्यका युवा सन्तति)* वत्स+यञ्[३] (य), आदिवृद्धि, वात्स्यः । वात्स्य+फक्[४] (आयन)= वात्स्यायन ।

शब्दार्थ- न्यायसूत्रका भाष्यकार, कामसूत्रका प्रणेता, मुनिविशेष ।

वादः (ना./पुं.) वदन्ति जनाः अत्र *(बोल्छन्, वादविवाद गर्छन् मानिस यहाँ)* वद व्यक्तायां वाचि (भ्वा.) धातु, वद्+घञ् (अ), वृद्धि= वाद ।

शब्दार्थ- वादविवाद, भाषण, वचन, तत्त्वबोधसम्वन्धी तर्कवितर्क, कुनै विचारधारा-सम्वन्धी सिद्धान्त

वादकः (वि.) वादयति ध्वनयतीति *(बजाउँछ)* वद व्यक्तायां वाचि (भ्वा.) वा वद सन्देशवचने (चुरा.) धातु, वद्+णिचि+ण्वुल्[५] (अक), वृद्धि, णिलोप= वादक ।

शब्दार्थ- वाजा वजाउने, शब्द पैदा गर्ने, वादविवाद गर्ने, वाद्यवादक ।

वादग्रस्तः (वि.) वादेन ग्रस्तः *(वादविवादले भरिएको)* तृ.त.स.= वादग्रस्त ।

शब्दार्थ- विवाद भएको, अनिर्णीत, विवादास्पद, निधो नभएको, निर्क्योल नभएको, मतमतान्तर भएको ।

वादनम् (ना./न.) वाद्यते इति *(बजाइन्छ)* वद व्यक्तायां वाचि (भ्वा.) धातु, वद्+णिचि, वृद्धि, वादि+ल्युट् (अन), णिलोप= वादन ।

शब्दार्थ- वजाउने काम, ध्वनि पैदा गर्ने काम, वाद्य, वाजा, वाद्ययन्त्र ।

वादरायणः (ना./पुं.) वदरायणे वदरिकाश्रमे निवसतीति *(वदरिकाश्रममा रहन्छन्)* वदरायण+अण् (अ), आदिवृद्धि= वादरायण ।

शब्दार्थ- व्यासमुनि, अठारपुराणका रचयिता व्यासऋषि ।

वादविवादः (ना./पुं.) वादश्च विवादश्च *(वाद र विवाद)* द्व.स.= वादविवाद ।

शब्दार्थ- तर्कवितर्क, विचारविमर्श, परामर्श, छलफल ।

वादी (वि.) वदतीति *(बोल्छ, प्रवचन गर्छ)* वद व्यक्तायां वाचि (भ्वा.) वा वद सन्देशवचने (चुरा.) धातु, वद्+णिनि[६] (इन्), वृद्धि, वादिन्= वादी ।

शब्दार्थ- वादविवाद गर्ने, उजुर गर्ने, प्रवचन गर्ने, फिराद गर्ने, भन्ने, वताउने, वाजा वजाउने, वक्ता, विवाद गर्ने, व्याख्याता ।

वाद्यम् (ना./न.) वाद्यते ध्वन्यते, वादितुं योग्यमिति वा *(बजाइन्छ, बजाउन योग्य)* वद व्यक्तायां वाचि (भ्वा.) धातु, वद्+णिचि, वृद्धि, वादि+यत्[७] (य), णिलोप= वाद्य ।

शब्दार्थ- वाजा, वाजाको आवाज वा ध्वनि, मृदङ्ग आदि वाजाको ध्वनि, भाषण, वताउने काम ।

वाद्यवादनम् (ना./न.) वाद्यानां वादनम् *(बाजाहरूको वादन)* ष.त.स.= वाद्यवादन ।

शब्दार्थ- वाजाहरू वजाउने काम ।

वाधः (ना./पुं.) वाधनम्, वाध्यते इति वा *(बाधा गरिन्छ)* वाधृ लोडने (भ्वा.) धातु, धातुका वको व (पृषोदरादिवाट), वाध्+घञ्[८] (अ)= वाध ।

शब्दार्थ- अवरोध, वाधा, प्रतिरोध, प्रतिवन्ध ।

वाधकः (वि.) वाधतीति *(वाधा गर्छ)* वाधृ लोडने (भ्वा.) धातु, वाध्+ण्वुल्[५] (अक)= वाधक ।

शब्दार्थ-वाधा वा पीडा दिने, सताउने, रोक्ने, प्रतिरोध गर्ने,

वाधनम् (ना./न.) वाध्यते इति *(वाधा दिइन्छ)* वाधृ लोडने (भ्वा.) धातु, वाध्+ल्युट् (अन)= वाधन ।

शब्दार्थ-वाधा दिने काम, सताउने काम, दुःख दिने कार्य ।

वाधा (ना./स्त्री.) वाधनम्, वाध्यते इति वा *(वाधा दिइन्छ)* वाधृ लोडने (भ्वा.) धातु, वाध्+अ (प्रत्यय)+ टाप् (आ)= वाधा ।

शब्दार्थ- पीडा, व्यथा, वाधा, दुःख, दुःख दिने काम ।

वाधितः (वि.) वाध्यते स्म इति *(बाधा दिइएको)* वाधृ लोडने (भ्वा.) धातु, वाध्+क्त (त), इडागम= वाधित ।

शब्दार्थ- दुःख दिइएको, सताइएको, पीडा दिइएको, प्रतिरोध गरिएको ।

वाध्यः (वि.) वाध्यते, वाधितुं योग्यः वा *(वाध्य पारिन्छ वा वाधा पार्न योग्य)* वाधृ लोडने (भ्वा.) धातु, वाध्+ण्यत् (य)= वाध्य ।

शब्दार्थ- विवश तुल्याइएको, सताइएको, वाध्य पारिएको, पीडा वा दुःख दिन योग्य वा लायक ।

---

[१] पाशादिभ्यो... : य

[२] गुणवचन... : ष्यञ्

[३] गर्गादिभ्यो... : यञ्

[४] यञिञोश्च : फक्

[५] ण्वुल्तृचौ : ण्वुल्

[६] नन्दिग्रहिपचादि....: णिनि

[७] अचो यत् : यत्

[८] हलश्च : घञ्

[९] ऋहलोर्ण्यत् : ण्यत्

वानप्रस्थः (ना./पुं.) वनस्य प्रस्थः प्रदेशः *(वनको प्रदेश)* ष.त.स., वनप्रस्थः । वनप्रस्थे भवः जातः वा *(वनप्रदेशमा हुने वा भएको वा उत्पन्न)*, वनप्रस्थे निवासः अस्य *(वनप्रदेशमा निवास छ यसको)* वनप्रस्थ+अण्[१] (अ), आदिवृद्धि, अकारलोप= वानप्रस्थ

वानप्रस्थेः मधुकेऽपि स्यात्तृतीयाश्रमे पुमान्- इति मेदिनी

शब्दार्थ- चार आश्रममध्ये एक, तेस्रो आश्रम, वानप्रस्थाश्रममा रहने काम, मधुकनामक वृक्ष, मौवाको रूख ।

वानप्रस्थी (वि.) वानप्रस्थः अस्यास्तीति *(वानप्रस्थ आश्रम छ यसको)* वानप्रस्थ+इनि[२] (इन्), अकारलोप, वानप्रस्थिन्= वानप्रस्थी ।

शब्दार्थ- वानप्रस्थ आश्रममा रहेको, वानप्रस्थ आश्रम ग्रहण गरेको ।

वानरः (ना./पुं.) वने भवम् *(वनमा पैदा भएको)* वन+अण्[१] (अ), आदिवृद्धि, अकारलोप, वानम् । वानं पुष्पफलादिकं राति गृह्णातीति *(वनमा हुने पुष्पफलादि ग्रहण गर्छ)* वान उपपदपूर्वक रा दाने (अदा.) धातु, वान+रा+क[३] (अ), आकारलोप=वानर ।

अथवा वातीति *(विचरण गर्छ)* वा गतिगन्धनयोः (अदा.) धातु, वा+क्विप्[४] (सर्वलोप), वा । नृणातीति *(लैजान्छ)* नृ नये (क्र्या.) धातु, नृ+अच् (पचादि), गुण, नरः । वा किञ्चित् नरः वा *(अलिकति मानिस जस्तो)* वा+नर, म.व्य.स.= वानर ।

कपिप्लवङ्गप्लवगशाखामृगवलीमुखाः ।

मर्कटो वानरः कीशः- इत्यमरः

शब्दार्थ- बांदर, वानर, मर्कट, कपि ।

वानरी (ना./स्त्री.) वानरस्य स्त्री *(वानरकी पत्नी)* वानर+ङीष् (ई)= वानरी ।

शब्दार्थ- वादर्नी, मर्कटी, बाँदरकी पत्नी ।

वानरेन्द्रः (ना./पुं.) वानराणामिन्द्रः *(वानरहरूका स्वामी)* ष.त.स., गुण= वानरेन्द्र ।

शब्दार्थ- वानरका राजा, सुग्रीव, वाली ।

वानस्पतिकः (वि.) वनस्पतिमधीते वेद इति वा *(वनस्पतिशास्त्र पढ्छ वा जान्दछ)* वनस्पति+ठक् (इक), आदिवृद्धि, इकारलोप= वानस्पतिक ।

शब्दार्थ- वनस्पतिशास्त्र पढ्ने र अध्ययन गर्ने, वनस्पतिशास्त्रको विशेषज्ञ ।

वानस्पत्यः (वि./ना./न.) वनस्य पतिः *(वनको स्वामी)* ष.त.स., वनपति, सुट्, वनस्पतिः । वनस्पतौ भवः *(वनस्पतिमा भएको)* वनस्पति+ण्य[५] (य), आदिवृद्धि, इकारलोप= वानस्पत्य ।

अथवा वनस्पतेः भावः *(वनस्पतिको भाव वा अवस्था)* वनस्पति+ष्यञ् (य)= वानस्पत्य ।

वानस्पत्यः फलैः पुष्पात्- इत्यमरः

शब्दार्थ- वनस्पतिसम्वन्धी, वनस्पतिबाट उत्पन्न भएको, फूल फुलेपछि फल लाग्ने जातका बोटबिरुवा, आँप, आरु आदि ।

वान्तः (वि./ना./न.) वमति स्म इति *(वमन गरेको)* वम उद्गिरणे (भ्वा.) धातु, वम्+क्त[६] (त), कर्तामा, दीर्घ[७] =वान्त ।

शब्दार्थ- छादेको, वमन गरेको, उल्टी भएको, उकलेको, बान्ता गरेको, छाद, वमन ।

वापिः/वापी (ना./स्त्री.) उप्यते कमलादिकमस्याम् *(जहाँ कमल आदि लगाइन्छ)* डुवप् बीजसन्ताने (भ्वा.) धातु, वप्+इञ्[८] (इ), उणा., वृद्धि, वापि+ङीष् (ई), विकल्पले =वापी ।

ङीष्को अभावमा= वापि ।

शब्दार्थ- कुवा, जलाशय, तलाउ, पोखरी, इनार, सिंढी वा भऱ्याङ् राखिएको इनार, दीर्घिका ।

वापिका (ना./स्त्री.) वापिरेव *(कुवा नै)* वापि+कन् (क), स्वार्थमा, वापिक+टाप् (आ)= वापिका ।

शब्दार्थ- सानो जलाशय, इनार, कुवा, सानो पोखरी ।

वामः (वि./ना./पुं.) वमति, वम्यते इति वा *(विपरीत वा उल्टो चल्छ, चल्नु)* टुवम् उद्गिरणे (भ्वा.) धातु, वम्+ण[९]/ घञ् (अ), वृद्धि= वाम ।

अथवा वातीति *(बहन्छ)* वा+मन् (म)= वाम ।

अथवा वामयति मर्दयति दुष्टानां मदम् *(दुष्टहरूको मद मर्दन गर्छन्)* टुवम् उद्गिरणे (भ्वा.) धातु, वम्+णिचि, वृद्धि, वामि+अच् (पचादि), णिलोप, वामः ।

वामं धने पुंसि हरे कामदेवे पयोधरे
वल्गुप्रतीपसव्येषु त्रिषु नार्यां स्त्रियामथ- इति मेदिनी

शब्दार्थ- बायाँ, बायाँतिरको, देब्रे, प्रतीप, उल्टो, विपरीत, विरुद्ध, प्रतिकूल, वाङ्गो, टेढो, कुटिल, अतिसुन्दर, मनोहर, कामदेव, धनदौलत, मेघ, स्तन, कठोर ।

वामदेवः (ना./पुं.) वामयति मर्दयति दुष्टानां मदम् *(दुष्टहरूको मद मर्दन गर्छन्)* टुवम् उद्गिरणे (भ्वा.) धातु, वम्+णिचि, वृद्धि, वामि+अच् (पचादि), णिलोप, वामः । वामश्चासौ देवश्च *(वामदेव)* क.त.स. =वामदेव ।

अथवा वामः लोकाचारविपरीतः देवः क्रीडा यस्य सः *(लोकाचार विपरीत क्रीडा छ जसको)* ब.स.=वामदेव ।

शब्दार्थ- शिव, महादेव, शम्भु, महेश्वर, लोकाचार विरुद्ध व्यवहार गर्ने वा क्रीडा गर्ने व्यक्ति, दुष्टहरूको घमण्ड तोड्ने व्यक्ति ।

---

[१] तत्र भवः/तत्र जातः/तस्य निवासः : अण्
[२] अत इनिठनौ : इनि
[३] आतोऽनुपसर्गे... : क
[४] सम्पदादिभ्य... : क्विप्
[५] दित्यदित्यादित्य... : ण्य
[६] गत्यर्थाकर्मक... : क्त
[७] अनुनासिकस्य क्विझलोः... : दीर्घ
[८] वसिवपियजि... : इञ्
[९] ज्वलितिकसन्तेभ्यो...: ण

वामनः (ना./पुं./वि.) वामयति मदम् *(गर्व तोड्दछन्)* टुवम् उद्गिरणे (भ्वा.) धातु, वम्+णिचि, वृद्धि, वामि +ल्यु (अन), णिलोप= वामन ।

वामनोऽप्यतिखर्वे च त्रिषु पुंसि तु दिग्गजे
हरावङ्कोटवृक्षे- इति मेदिनी
खर्वो ह्रस्वश्च वामनः - इत्यमरः

शब्दार्थ- ओखरको वृक्ष, अष्ट दिग्गजमध्ये एक, वामनावतार भगवान् विष्णु, दक्षिण दिशाको हात्ती, वामनपुराण, पुड्को, बाउन्ने, अतिछोटो ।

वामपक्षः (ना./पुं.) वामश्चासौ पक्षश्च *(वामपक्ष)* क.त.स. =वामपक्ष ।

शब्दार्थ- पुरानो परम्परामा परिवर्तन गर्न चाहने मत वा विचार, यथास्थिति विपरीत चल्ने पक्ष, वाममार्ग ।

वामपक्षी (वि.) वामपक्षः अस्यास्तीति *(वामपक्षको विचार छ यसको)* वामपक्ष+इनि[१] (इन्), अकारलोप, वामपक्षिन् = वामपक्षी ।

शब्दार्थ- वामपक्षको अनुयायी, वामपक्षको अनुसरण गर्ने, पुरानो परम्परामा परिवर्तन गर्न चाहने पक्षको अनुयायी, वामपन्थी ।

वामपन्थः (ना./पुं.) वामश्चासौ पन्थाश्च *(वाममार्ग)* क.त.स.= वामपन्थ ।

शब्दार्थ- पुरानो परम्परागत मान्यतामा परिवर्तन चाहने मत वा विचार, वामपक्ष, वाममार्ग ।

वामपन्थी (वि.) वामपन्थाः अस्यास्तीति *(वाममार्ग छ यसको)* वामपन्थ+इनि[१] (इन्), वामपन्थिन्= वामपन्थी

शब्दार्थ- वाममार्गको अनुसरण वा समर्थन गर्ने, परिवर्तनवादी ।

वाममार्गः (ना./पुं.) वामश्चासौ मार्गश्च *(वाममार्ग)* क.त.स.= वाममार्ग ।

शब्दार्थ- वामपन्थ, तान्त्रिक मतमा प्रतिपादित एक धार्मिक मत, पुरानो परम्परामा परिवर्तन चाहने राजनीतिक विचारधारा ।

वाममार्गी (वि.) वाममार्गः अस्यास्तीति *(वाममार्गसम्बन्धी मत वा विचार छ यसको)* वाममार्ग+इनि[१] (इन्), अकारलोप, वाममार्गिन्= वाममार्गी ।

शब्दार्थ- वाममार्गको अनुयायी, वाममार्गको अनुसरण गर्ने, वाममार्गको समर्थक, वामपन्थी ।

वामलोचना (ना./स्त्री.) वामे सुन्दरे लोचने नयने यस्याः सा *(सुन्दर छन् आँखा जसका)* ब.स., टाप् (आ) =वामलोचना ।

अथवा वामः कामः लोचनयोः नयनयोः अस्याः सा *(यसका आँखामा कामोत्तेजना छ)* ब.स., वाम+ लोचन+टाप् (आ)= वामलोचना ।

शब्दार्थ- कान्ता, सुन्दर रमणी, कामिनी, सुन्दर आँखा भएकी स्त्री, सुनयना ।

वामा (ना./स्त्री.) वमति स्नेहं सौन्दर्यं वा असौ *(स्नेह वा सौन्दर्य प्रकट गर्छे यो)* टुवम् उद्गिरणे (भ्वा.) धातु, वम्+ण[२] (अ), वृद्धि, वाम+टाप् (आ)= वामा । अथवा वामः कामः अस्ति अस्याः *(कामभाव छ यसको)* वाम+अच् (अर्शादि), स्वार्थमा, अकारलोप, वाम+टाप् (आ)= वामा ।

वामा वनिता महिला तथा- इत्यमरः

शब्दार्थ- स्त्री, नारी, महिला, राम्री आइमाई, सुन्दरी, देवी, दुर्गा, लक्ष्मी, सरस्वती ।

वामाक्षी (ना./स्त्री.) वामे सुन्दरे अक्षिणि नयने यस्याः सा *(सुन्दर नयन छन् जुन स्त्रीका)* वाम+अक्षि, क.त.स., दीर्घ, वामाक्षि । वामाक्षि+ङीष् (ई), सवर्ण, दीर्घ= वामाक्षी ।

शब्दार्थ- सुन्दर आँखा भएकी स्त्री, सुनयना, वामलोचना ।

वामाङ्गिनी (ना./स्त्री.) वामञ्च तद् अङ्गञ्च *(बायाँ अङ्ग)* क.त.स., दीर्घ, वामाङ्गम् । वामाङ्गमस्याः अस्तीति *(बायाँ अङ्ग वा भाग छ यसको)* वामाङ्ग+इनि[१] (इन्), अकारलोप, वामाङ्गिन्+ङीप् (ई)= वामाङ्गिनी ।

शब्दार्थ- पुरुषको बायाँ अङ्ग मानिएकी स्त्री, पत्नी, भार्या, सहधर्मिणी ।

वामाङ्गी (ना./स्त्री.) वाममङ्गं यस्याः *(बायाँ अङ्ग छ जसको)* ब.स., दीर्घ, वामाङ्ग+ङीष्[३] (ई)= वामाङ्गी ।

शब्दार्थ- पुरुषको बायाँ अङ्ग मानिएकी स्त्री, पत्नी ।

वामावर्तः (वि./ना./पुं.) वामेन वामाद् वा आवर्तः *(बायाँबाट घुमेको)* वाम+आवर्त, तृ.त.स./प.त.स., दीर्घ= वामावर्त ।

शब्दार्थ- देब्रेतिरबाट दाहिनेतिर घुमेको, बायाँतिरबाट घुमेको, बायाँबाट घुमेको, देब्रेतिरबाट दाहिनेतिर घुमेको शङ्ख ।

वामोरूः (ना./स्त्री.) वामौ सुन्दरौ ऊरू यस्याः *(सुन्दर ऊरु छन् जुन स्त्रीका)* वाम+ऊरु[४], ब.स., ऊङ् प्रत्यय, दीर्घ= वामोरू ।

शब्दार्थ- नारीविशेष, सुन्दर ऊरु भएकी स्त्री, वामाङ्गी ।

वायनम् (ना./न.) वायनमिति *(समर्पण गर्नु, चढाउनु)* वेञ् तन्तुसन्ताने (भ्वा.) धातु, वे+णिचि, वृद्धि, आयादेश, वायि+ल्युट् (अन), णिलोप= वायन ।

शब्दार्थ- नैवेद्य, सुनको पात्रमा राखिएको अन्न, वस्त्र, फलफूल सहितको मिष्ठान्न, पक्वान्न ।

वायवीयः (वि.) वायौ भवः जातादिर्वा *(वायुमा हुने वा उत्पन्न)* वायु+छ[५] (ईय), गुण, अवादेश= वायवीय ।

शब्दार्थ- वायुसित सम्बन्धित, हावाको, हावाबाट उत्पन्न ।

वायव्यम् (ना./न./वि.) वायुर्देवता अस्य *(वायु छन् देवता यसका)* वायु+यत्[६] (य), गुण, वायो य, अवादेश= वायव्य ।

---

[१] अत इनिठनौ : इनि
[२] ज्वलितिकसन्तेभ्यो... : ण
[३] षिद्गौरादि... : ङीष्
[४] संहितशफलक्षण... : उरू
[५] वृद्धाच्छः : छ
[६] वाय्वृतुपितृ... : यत्

अथवा वायौ भवः जातादिर्वा *(वायुमा हुने वा भएको)* वायु+यत्[1] (य)= वायव्य ।

शब्दार्थ- दशवटा दिशामध्ये एक, वायव्यकोण, पश्चिम र उत्तरका बीचको कोण, वायुसित सम्वन्धित, हावाको, हावासम्वन्धी ।

वायसः (ना./पुं.) वयते इति *(उड्छ, उफ्रन्छ)* वय गतौ (भ्वा.) धातु, वय्+असच्[2] (अस्), उणा., णित्व, वृद्धि =वायस ।

शब्दार्थ- काग, काक, कौवा ।

वायुः (ना./पुं.) वाति वहति गन्धं करोतीति वा *(बहन्छ, गन्ध पैदा गर्छ)* वा गतिगन्धनयोः (अदा.) धातु, वा+उण्[3] (उ), उणा., युगागम[4]= वायु ।

शब्दार्थ- हावा, वतास, समीर, मरुत्, पवन, पृथिवी आदि पाँच तत्त्वमध्ये एक, शरीरमा रहने प्राण अपानादि पाँच वायु ।

वायुगतिः (ना./स्त्री.) वायोः गतिः *(हावाको गति वा वेग)* वायोर्गतिरिव *(हावाको गतिझैँ)* ष.त.स. =वायुगति ।

शब्दार्थ- हावाको गति, हावाको जस्तो छिटो चाल वा गति, छिटो हिँडाइ, वायुवेग ।

वायुतनयः/वायुनन्दनः/वायुपुत्रः/वायुसुतः/वायुसुनुः (ना./पुं.) वायोः तनयः, नन्दनः, पुत्रः, सुतः, सूनुः *(वायुका पुत्र)* ष.त.स.= वायुतनय/वायुनन्दन/वायुपुत्र /वायुसुत /वायुसुनु ।

शब्दार्थ- वायुका पुत्र, वायुका छोरा, वायुसुत, पवनपुत्र-हनुमान्, भीमसेन ।

वायुनाशकः (ना./पुं.) वायुं नाशयतीति *(वायु शमन गर्छ)* वायु उपपदपूर्वक णश अदर्शने (दिवा.) धातु, वायु+नश्+ण्वुल्[5] (अक), वृद्धि= वायुनाशक ।

शब्दार्थ- वायुविकार हुँदा खाने औषधि, अपच हुँदा सेवन गर्ने औषधि (पाचक आदि), वायु समन गर्ने ओखती ।

वायुभक्षः (ना./पुं.)/**वायुभक्षणम्** (ना./न.) वायुर्भक्ष्यते इति *(हावा पान गरिन्छ)* वायु उपपदपूर्वक भक्ष अदने (भ्वा.) धातु, वायु+भक्ष्+घञ् (अ)= वायुभक्ष । वायु+भक्ष्+ल्युट् (अन), णत्व= वायुभक्षण ।

शब्दार्थ- हावा पिएर बस्ने काम, हावा मात्र भोजन गर्ने काम ।

वायुमण्डलम् (ना./न.) वायोर्मण्डलम् *(हावाको मण्डल)* ष.त.स.= वायुमण्डल ।

शब्दार्थ- आकाश, चारैतिर हावा फैलिने स्थान, हावाले परिपूर्ण वातावरण ।

वायुमार्गः (ना./पुं.) वायोर्मार्गः *(हावाको प्रवाह पथ)* ष.त.स.= वायुमार्ग ।

शब्दार्थ- हावाको प्रवाहपथ, हावा वहने मार्ग, हावा चल्ने बाटो, वायुपथ, वायुमार्ग ।

वायुयानम् (ना./न.) वायौ यानम् *(हावामा उड्ने यान)* ष.त.स.= वायुयान ।

शब्दार्थ- हवाइजहाज, विमान, व्योमयान, हावामा उड्ने परिवहन ।

वायुयानिकः (वि.) वायुयानेन चरति *(वायुयानद्वारा घुम्छ वा उड्छ)* वायुयान+ठक्[6] (इक)= वायुयानिक ।

शब्दार्थ- हवाइजहाजवाट विचरण गर्ने, हवाइजहाजवाट उड्ने, हवाइजहाजवाट घुमफिर गर्ने ।

वायुलोकः (ना./पुं.) वायोर्लोकः *(वायुको लोक)* ष.त.स. =वायुलोक ।

शब्दार्थ- वायुको संसार, वायु रहने र वहने स्थान, आकाशमण्डल ।

वायुविकारः (ना./पुं.) वायोर्विकारः *(वायुको विकार)* ष.त.स.= वायुविकार ।

शब्दार्थ- पेटमा वायुको विकृतिवाट पैदा हुने रोग, ग्याष्टिक रोग ।

वायुवेगः (ना./पुं.) वायोर्वेगः *(हावाको वेग वा गति)* वा वायोर्वेग इव *(हावाको वेगझैँ)* ष.त.स.= वायुवेग ।

शब्दार्थ- हावाको झोक्का, हावाको वेग, हावाको गति, हावाको जस्तो छिटो वेग वा गति ।

वायुसखः (ना./पुं.) वायुः सखा अस्य *(हावा छ साथी वा सहयोगी यसको)* ब.स., वायुसखि+टच्[7] (समासान्त) टिलोप= वायुसख ।

शब्दार्थ- हावाको सहायक अग्नि, आगो, वन्हि, वैश्वानर ।

वारः (ना./पुं.) वार्यते आच्छाद्यते अनेन इति *(ढाकिन्छ यसबाट)* वृञ् आवरणे (चुरा.) धातु, वृ+णिचि, वृद्धि, वारि+अच्/घञ् (अ), णिलोप= वार ।

वारः सूर्यादिवासरे ।

द्वारे हरे कुब्जवृक्षे वृन्दावसरयोः क्षणे- इति मेदिनी

शब्दार्थ- आवरण, पर्दा, पर्खाल, पस्न नहुने गरी लगाइएको छेकवार, ढोका, दिन, दिवस, सूर्यादिवासर, रविवारादि, समूह, थुप्रो, मौका, अवसर, क्षण ।

वारकः (वि.) वारयतीति *(रोक्छ)* वृञ् आवरणे (चुरा.) धातु, वृ+णिचि, वृद्धि, वारि+ण्वुल् (अक), णिलोप =वारक ।

शब्दार्थ- रोक्ने, हटाउने, निवारण गर्ने, विरोध गर्ने ।

वारणम् (ना./न.) वार्यते इति *(रोकिन्छ)* वृञ् आवरणे (चुरा.) धातु, वृ+णिचि, वृद्धि, वारि+ल्युट् (अन), णिलोप= वारण ।

शब्दार्थ- रोक्ने वा हटाउने काम, अवरोध पैदा गर्ने काम ।

---

[1] दिगादिभ्यो... : यत्

[2] वयश्च : असच्, णित्व

[3] कृवापाजि...: उण्

[4] आतो युक् चिण्... : युक्

[5] ण्वुल्तृचौ : ण्वुल्

[6] चरति : ठक्

[7] राजाहः सखिभ्य... : टच्

वारयुवती/वारयोषित्/वारवनिता (ना./स्त्री.) वारस्य जन वृन्दस्य समुदायस्य वा युवती/योषित्/वनिता *(जनसमुदायकी वा सबैकी स्त्री)* ष.त.स.=वारयुवती/वारयोषित्/वारवनिता ।

शब्दार्थ-वेश्या, गणिका, परपुरुषसित सम्पर्क राख्ने नारी ।

वारवधूः (ना./स्त्री.) वाराणां जनसमूहानां वधूः *(जनसमुदायकी वधू वा नारी)* ष.त.स.= वारवधू ।

शब्दार्थ- सबैकी साझा स्त्री, वेश्या, वारमुख्या ।

वारविलासिनी/वारसुन्दरी/वारस्त्री (ना./स्त्री.) वाराणां विलासिनी/वाराणां सुन्दरी/वाराणां स्त्री *(जनसमुदायकी विलासिनी स्त्री/जनसमुदायकी सुन्दरी/जनसमुदायकी साझा स्त्री)* ष.त.स. =वारविलासिनी/वारसुन्दरी/वारस्त्री ।

शब्दार्थ-वेश्या, सबै जनसमुदायकी साझा स्त्री, सुन्दरी ।

वारंवारम् (अव्य.) वारंवारं (भुङ्क्ते) इति *(बारम्बार खान्छ)* वृञ् वरणे (स्वा.) वा वृ आवरणे (चुरा.) धातु, वृ+णमुल्[१] (अम्), वृद्धि, वारम्, द्वित्व[२]= वारंवार ।

शब्दार्थ- लगातार, फेरिफेरि, प्रायःजसो, धेरैजसो, वारम्वार ।

वाराङ्गना (ना./स्त्री.) वाराणां समुदायानां अङ्गना *(सबैकी साझा स्त्री)* ष.त.स., दीर्घ= वाराङ्गना ।

शब्दार्थ- परपुरुषसित सम्पर्क राख्ने स्त्री, वेश्या स्त्री, गणिका, वारस्त्री ।

वाराणसी (ना./स्त्री.) वरणा च असी च तयोः नद्योः अदूरे भवा *(वरणा र असी दुई नदीको नजिकमा भएकी)* वरणा+असी+अण्[३] (अ), ईकारलोप, दीर्घ, वरणास, आदिवृद्धि, पृषोदरादिवाट रको आत्व, णाको आलोप, वाराणस+ङीप् (ई)= वाराणसी ।

शब्दार्थ- वरणा र असी नदीको वीचमा अवस्थित काशी नगरी, वनारस, गङ्गातटमा स्थित एक पवित्र वाराणसी नगरी ।

वाराणसेयः (वि.) वाराणस्यां भवः जातादिर्वा *(वाराणसीमा हुने वा भएको)* वाराणसी+ढक्[४] (एय), ईकारलोप =वाराणसेय ।

शब्दार्थ- काशी वा वनारससित सम्वन्धित, काशीमा भएको, वनारसी ।

वाराहः (वि./ना./पुं.) वरं श्रेष्ठमुत्तमं वा आहन्तीति *(अत्युत्तम आघात गर्छ)* वर उपपदमा हुने आङ्पूर्वक हन हिंसागत्योः (अदा.) धातु, वर+आ+हन्+ड[५] (अ), टिलोप, दीर्घ, वराह् अ, वराहः (सूकर, सुँगुर, बनेल, विष्णुका दश अवतारमध्ये एक) । वराहस्य अयम् *(वराहको यो)* वराह+अण्[६] (अ), आदिवृद्धि, अकारलोप= वाराह ।

शब्दार्थ- वराहसित सम्वन्धित, वराहको, वनेलसम्वन्धी, कल्पभेद, विष्णुका दश अवतारमध्ये एक अवतार ।

वाराहकल्पः (ना./पुं.) वाराहश्चासौ कल्पश्च *(वाराहकल्प)* क.त.स.= वाराहकल्प ।

शब्दार्थ- तीसवटा कल्पहरूमध्ये एक, वर्तमानकल्प, अहिले भइरहेको कल्प ।

वाराही (ना./स्त्री.) वराहस्य इयम् *(वराहको यो)* वराह+अण्[६] (अ), आदिवृद्धि, वाराहः । वाराह+ङीप् (ई) =वाराही ।

शब्दार्थ- भुनी, पोथी वनेल, वाराह अवतारधारी विष्णुको शक्ति, वैष्णवीशक्ति, पृथिवी ।

वारि (ना./न.) वारयतीति *(ढाक्छ)* वृञ् वरणे (स्वा.) वा वृञ् आवरणे (चुरा.) धातु, वृ+इञ्[७] (इ), उणा., वृद्धि, वारि ।

शब्दार्थ- पानी, जल, तरलपदार्थ ।

वारिजः (ना./पुं.) वारिणि जले जायते इति *(जलमा पैदा हुन्छ)* वारि उपपदपूर्वक जनी प्रादुर्भावे (दिवा.) धातु, वारि+जन्+ड[८] (अ), टिलोप= वारिज ।

शब्दार्थ- कमल, पद्म, अरविन्द, वर्षा, मेघ, शङ्ख ।

वारितः (वि.) वार्यते स्म इति *(रोक लगाइएको)* वृञ् आवरणे (चुरा.) धातु, वृ+णिचि, वृद्धि, वारि+क्त (त), इडागम, णिलोप= वारित ।

शब्दार्थ- प्रतिवन्ध लगाइएको, रोकिएको, मनाही गरिएको, प्रतिवन्धित ।

वारिदः (ना./पुं.) वारि जलं ददातीति *(पानी दिन्छ)* वारि उपपदपूर्वक डुदाञ् दाने (जुहो.) धातु, वारि+दा+क[९] (अ), आकारलोप= वारिद ।

शब्दार्थ- पानी वर्साउने मेघ, वादल ।

वारिधिः (ना./पुं.) वारीणि धीयन्ते अत्र *(पानी धारण गरिन्छ)* वारि उपपदपूर्वक डुधाञ् धारणपोषणयोः (जुहो.) धातु, वारि+धा+कि[१०] (इ), आकारलोप=वारिधि

शब्दार्थ- जलनिधि, समुद्र, सागर, उदधि, सिन्धु ।

वारिनिधिः (ना./पुं.) वारीणां निधिः *(जलको निधि)* ष.त.स.= वारिनिधि ।

शब्दार्थ- समुद्र, जलनिधि, सागर, अब्धि, उदधि ।

वारिवाहः (ना./पुं.) वारि जलं वहतीति *(जल धारण गर्छ)* वारि+वह्+अण् (अ), वृद्धि= वारिवाह ।

शब्दार्थ- मेघ, वादल, वारिद ।

---

१. आभीक्ष्ण्ये णमुल्च : णमुल्
२. नित्यवीप्सयोः : द्वित्व
३. तत्र भवः/तत्र जातः : अण्
४. नद्यादिभ्यो... : ढक्
५. उपसर्गे संज्ञा.../अन्येष्वपि दृश्यते : ड
६. तस्येदम् : अण्
७. वसिवपियजि... : इञ्
८. सप्तम्यां जनेर्डः : ड
९. आतोऽनुपसर्गे... : क
१०. कर्मण्यधिकरणे च : कि

वारिवाहनः (ना./पुं.) वारि जलं वाहयतीति *(जल वहन गर्छ)* वह प्रापणे (भ्वा.) धातु, वारि+वह+णिचि+ल्यु (अन), णिलोप= वारिवाहन ।

शब्दार्थ- मेघ, वादल ।

वारुणः (वि./ना./न.) वरुणस्य अयम् *(वरुणको यो)* वरुण+अण्[1] (अ), आदिवृद्धि, अकारलोप= वारुण ।

शब्दार्थ- वरुणसम्वन्धी, वरुणको, पानी, उदक, जल ।

वारुणिः (ना./पुं.) वरुणस्य अपत्यं पुमान् *(वरुणका पुरुष सन्तान)* वरुण+इञ्[2] (इ), आदिवृद्धि, अकारलोप =वारुणि ।

शब्दार्थ- अगस्त्यमुनि, भृगु ।

वारुणी (ना./स्त्री.) वरुणस्य पत्नी, वरुणस्य इयम् *(वरुणकी पत्नी, वरुणको यो)* वरुण+अण् (अ), आदिवृद्धि, वारुण+ङीष्/ङीप् (ई)=वारुणी ।

वारुणी गण्डदूर्वायां प्रतिचीसुरयोः स्त्रियाम्- इति मेदिनी

शब्दार्थ- वरुणकी पत्नी, पश्चिम दिशा, वरुण अधिपति भएको दिशा, मदिरा, सुरा, दूवो, शतभिषानक्षत्र ।

वार्णिकः (वि.) वर्णादागतः, वर्णेन निर्वृत्तः, वर्णं वेत्तीति वा *(वर्णवाट आएको, वर्णले निवृत्त, वर्ण जान्दछ)* वर्ण+ठक्[3]/ठञ् (इक), आदिवृद्धि= वार्णिक ।

शब्दार्थ- वर्णसम्वन्धी, वर्णसित सम्वन्धित, लिपिकार, छन्दशास्त्रवेत्ता, लेखक, छन्दशास्त्रसम्वन्धी ।

वार्ता (ना./स्त्री.) वर्तते अनया *(रहन्छ वा निर्वाह गर्छ यसवाट)* वृतु वर्तने (भ्वा.) धातु, वृत्+क्तिन् (ति), वृत्तिः । वृत्तिर्लोकवृत्तम् अस्ति अस्याम् *(लोकवृत्ति छ यसमा)* वृत्ति+ण[4] (अ), आदिवृद्धि, इकारलोप, वार्त्त+टाप् (आ)= वार्ता ।

वार्ता प्रवृत्तिर्वृत्तान्तः - इत्यमरः

वार्ता तु वर्तने- इति मेदिनी

शब्दार्थ- कुराकानी, वातचित, जीविका, व्यापारसम्वन्धी व्यवसाय, प्रवृत्ति, वृत्ति, वृत्तान्त, हालखबर, वोलचाल ।

वार्तिकः (ना./पुं./वि.) वृत्तिमधीते वेद इति वा *(वृत्तिशास्त्र पढ्छ वा जान्दछ)* वृत्ति+ठक्[5] (इक), आदिवृद्धि, इकारलोप= वार्तिक ।

अथवा वृत्तेरागतः *(वृत्ति वा जीविकाबाट आएको)* वृत्ति+ठक्[6] (इक), आदिवृद्धि, इकारलोप= वार्तिक ।

उक्ताऽनुक्त दुरुक्तानां चिन्ता यत्र प्रवर्तते
तं ग्रन्थं वार्तिकं प्राहुर्वार्तिकज्ञा मनीषिणः ।

शब्दार्थ- उक्त, अनुक्त र दुरुक्त सम्वन्धमा स्पष्ट व्याख्या गर्ने ग्रन्थ, महामुनि कात्यायनले पाणिनिको अष्टाध्यायी व्याकरण ग्रन्थमा उक्त, अनुक्त र दुरुक्त कुरा स्पष्ट गर्न रचना गरेको वार्तिक ग्रन्थ, समाचारसम्वन्धी, कृषक, व्यापारी, किसान ।

वार्द्धकः (वि./ना./न.) वृद्धानां समूहः *(वृद्धहरूको समूह)* वृद्ध+वुञ्[7] (अक), आदिवृद्धि, अकारलोप= वार्द्धक । अथवा वृद्धस्य भावः कर्म वा *(बूढाहरूको भाव वा कर्म)* वृद्ध+वुञ्[8] (अक), वृद्धि, अकारलोप= वार्द्धक ।

वृद्धसङ्घेऽपि वार्द्धकम्- इत्यमरः

शब्दार्थ- वुढयाइँ अवस्थामा पुगेको, वृद्धत्वले गाँजेको, दुर्वलता भएको, वुढयाइँवाट भएको दुर्वलता, वृद्धावस्था, वृद्धहरूको समूह ।

वार्द्धक्यम् (ना./न.) वृद्धस्य भावः *(वृद्ध हुनाको भाव वा अवस्था)* वृद्ध+ष्यञ्[9] (य), वृद्धि= वार्द्धक्य ।

शब्दार्थ- वुढयाइँ, वृद्ध हुनाको अवस्था ।

वार्यः (वि.) व्रियते, वरितुं योग्यः इति वा *(वरण गर्न वा रोक्न लायक)* वृञ् वरणे (स्वा.) वा वृञ् आवरणे (चुरा.) धातु, वृ+ण्यत्[10] (य), वृद्धि= वार्य ।

शब्दार्थ- वरण गर्न योग्य वा लायक, स्वीकार्य, हटाउन वा रोक्न उपयुक्त वा लायक ।

वार्षिकः (वि.) वर्षे भवः जातादिर्वा *(वर्षमा हुने वा भएको)* वा वर्षासु साधुः *(वर्षायाममा साधु)* वा वर्षमधीते वेद इति वा *(वर्षसम्बन्धी कुरा पढ्छ वा जान्दछ)* वर्ष/वर्षा+ठञ्[11]/ठक्[12] (इक), आदिवृद्धि, अकार वा आकारलोप= वार्षिक ।

शब्दार्थ- वर्षासम्वन्धी, वर्षायाममा भएको, वर्षासित सम्वन्धित, वर्षवर्षको, प्रतिसालको ।

वार्षिकी (ना./स्त्री./वि.) वर्षे भवा जातादिर्वा *(वर्षमा हुने वा भएको)* वर्ष+ठञ् (इक), वार्षिक+ङीप् (ई) =वार्षिकी ।

शब्दार्थ- वर्षदिनमा गरिने श्राद्धादि कर्म, वार्षिक उत्सव, वर्षसित सम्वन्धित, वर्षा ऋतुको ।

वार्षिकोत्सवः (ना./पुं.) वार्षिकश्चासौ उत्सवश्च *(वार्षिक उत्सव)* क.त.स., गुण= वार्षिकोत्सव ।

शब्दार्थ- वर्षदिनमा गरिने उत्सव, जन्मेको तिथि मिलाएर प्रतिवर्ष गरिने उत्सव ।

वार्हस्पतः (वि.) वृहस्पतेरयम् *(वृहस्पतिको यो)*, वृहस्पति +अण्[13] (अ), आदिवृद्धि, इकारलोप= वार्हस्पत ।

शब्दार्थ- वृहस्पतिको, वृहस्पतिसम्वन्धी ।

---

[1] तस्येदम् : अण्

[2] अत इञ् : इञ्

[3] ठगायस्थानेभ्य.../तेन निवृर्त्तम्/ऋतूक्थादि... : ठक्/ठञ्

[4] प्रज्ञाश्रद्धा... : ण

[5] ऋतूक्थादि... : ठक्

[6] ठगायस्थानेभ्य... : ठक्

[7] वृद्धाच्चेति वक्तव्यम् (वा.) : वुञ्

[8] द्वन्द्वमनोज्ञादिभ्यश्च : वुञ्

[9] चतुर्वर्णादीनां स्वार्थे...: ष्यञ्

[10] ऋहलोर्ण्यत् : ण्यत्

[11] कालाट्ठञ् : ठञ्

[12] वर्षाभ्यष्ठक्/ऋतूक्थादि...: ठक्

[13] तस्येदम् : अण्

वार्हस्पत्यः (वि./ना./न.) वृहस्पतेर्जातादिः, वृहस्पतेरयम् *(वृहस्पतिबाट भएको, वृहस्पतिको)* वृहस्पति+ण्य[1] (य)= वार्हस्पत्य ।

अथवा वृहस्पतेर्भावः कर्म *(वृहस्पतिको भाव वा कर्म)* वृहस्पति+यक् (य),आदिवृद्धि, अकारलोप =वार्हस्पत्य ।

शब्दार्थ- वृहस्पतिको, वृहस्पतिसम्वन्धी, वृहस्पति देवताको उद्देश्यवाट सम्पन्न गरिने यज्ञविशेष, वृहस्पतिको कर्म, भाव वा अवस्था ।

वालिः (ना./पुं.) वाले केशे जातः *(केशमा उत्पन्न)* (सं.हि.को.-आप्टे), वाल+इञ्[2] (इ), अकारलोप= वालि ।

शब्दार्थ- रामायण प्रसिद्ध वानरराज वालि, सुग्रीवका दाजु, प्राचीन किष्किन्धा प्रदेशका राजा ।

वालुका (ना./स्त्री.) वलते इति *(तितरबितर हुन्छ)* वल संवरणे सञ्चलने च (भ्वा.) धातु, वल्+उ (वहुलप्रकारले), उणा., वृद्धि, वालुः । वालुरेव *(वालुवा नै)* वालु+कन् (क), स्वार्थमा, वालुक+टाप् (आ) =वालुका ।

शब्दार्थ- वालुवा, मसिना कङ्कड, धूलो, गेगर ।

वाल्मीकः/वाल्मीकिः (ना./पुं.) वल्मीके भवः जातादिर्वा *(तपस्या गर्दा धमिराले लगाएको माटोको ढिस्कोबाट निस्केका)* वल्मीक+अण्[3](अ), आदिवृद्धि, अकारलोप =वाल्मीक ।

वल्मीक+इञ्[2] (इ), ·आदिवृद्धि, अकारलोप=वाल्मीकि ।

शब्दार्थ- संस्कृतभाषा र साहित्यका आदिकवि, वाल्मीकि मुनि-विशेष, वाल्मीकि रामायणका प्रणेता, महाकाव्य रामायणका रचयिता ।

वाल्मीकीयः (वि.) वाल्मीकिना प्रोक्तः *(वाल्मीकिले बताएको)* वाल्मीकि+छ[4] (ईय)= वाल्मीकीय ।

शब्दार्थ- वाल्मीकिले लेखेको (वाल्मीकीय रामायण), वाल्मीकिले बताएको, वाल्मीकिको ।

वाशितः (वि.) वाश्यते स्म इति *(वासेको)* वाशृ शव्दे (दिवा.) धातु, वाश्+क्त[5] (त), भावमा, इडागम =वाशित ।

शब्दार्थ- वासेको, चराहरू कराएको, कुखुरा वासेको ।

वाशिष्ठः (वि.) वशिष्ठस्य अयम् *(वशिष्ठ ऋषिको यो)* वशिष्ठ+अण्[6] (अ), आदिवृद्धि, अकारलोप= वाशिष्ठ ।

शब्दार्थ- वशिष्ठ ऋषिसित सम्वन्धित, वशिष्ठको ।

वाशिष्ठी (ना./स्त्री./वि.) वशिष्ठस्य इयम् *(वशिष्ठको यो)* वशिष्ठ+अण् (अ), आदिवृद्धि, वाशिष्ठ+ङीप् (ई) =वाशिष्ठी ।

शब्दार्थ- वशिष्ठ ऋषिद्वारा रचित कर्मकाण्डपद्धति, वशिष्ठको, वशिष्ठसित सम्वन्धित ।

वाष्पः (ना./पुं./न.) वाधते इति *(पीडा दिन्छ)* वाधृ लोडने (भ्वा.) धातु, वाध्को 'व' वमा परिणत, वाध्+प[7] (उणा.), निपातन, धको षत्व= वाष्प ।

शब्दार्थ- वाफ, वाष्प, उष्म भाप, पानीको वाष्पीकरण, आंसु

वाष्पकणः (ना./पुं.) वाष्पस्य कणः *(वाफको कण)* ष.त.स.= वाष्पकण ।

शब्दार्थ- वाष्पविन्दु, वाफका थोपा ।

वाष्पीकरणम् (ना./न.) अवाष्पं वाष्पं संपद्यते, तत्करणमिति *(वाफ नवनेको वाफ वन्छ, वाफ वनाइन्छ)* डुकृञ् करणे (तना.) धातु, वाष्प+च्वि[8]+कृ+ल्युट् (अन), कृको गुण, णत्व, वाष्पको ईत्व, च्विको सर्वलोप= वाष्पीकरण ।

शब्दार्थ- झोलपदार्थलाई वाफमा वदल्ने काम, वाष्पीकरण क्रिया ।

वाष्पीभूतः (वि.) अवाष्पं वाष्पं समपद्यत, तत्भूयते स्म इति वा *(वाफ नभएको वाफ वनेको र वाफै वाफ भएको)* भू सत्तायाम् (भ्वा.) धातु, वाष्प+च्वि[8]+भू+क्त (त), वाष्पको ईत्व, च्विको सर्वलोप= वाष्पीभूत ।

शब्दार्थ- वाफ वनेको, वाफमा परिणत भएको ।

वासः (ना./पुं.) वसन्ति अत्र *(वस्छन् यहाँ)* वस निवासे (भ्वा.) धातु, वस्+घञ्[9] (अ), वृद्धि= वास ।

अथवा वासयन्ति अस्मिन् *(सुगन्ध फैलन्छ यसमा)* वस स्नेहच्छेदापहरणेषु वा वास उपसेवायाम् (चुरा.) धातु, वस्/वास्+घञ् (अ), वृद्धि= वास ।

वासकुटी द्वयोः शाला- इत्यमरः

शब्दार्थ- निवासस्थान, घर, कुटी, गृह, वास्ना, सुगन्ध ।

वासस् **(वासः)** (ना./न.) वस्यते आच्छाद्यते अनेन *(ढाकिन्छ यसबाट)* वस आच्छादने (अदा.) धातु, वस्+असुन्[10] (अस्), णित्व, वृद्धि, वासस्= वास ।

शब्दार्थ- वस्त्र, कपडा, पहिरन ।

उदा. **वासांसि जीर्णानि यथा विहाय- भ.गी. २/२२**

वासकुटी (ना./स्त्री.) वासाय कुटी *(वासका लागि कुटी)* च.त.स.= वासकुटी ।

शब्दार्थ- वस्ने घर, वस्ने छाप्रो, पाल, वस्त्रगृह आदि ।

वासगृहम् (ना./न.) वासाय गृहम् *(वस्नका लागि घर)* च.त.स.= वासगृह ।

शब्दार्थ- निवासस्थान, घर, वासस्थान, सुत्ने कोठा ।

वासना (ना./स्त्री.) वास्यते इति *(चाहना गरिन्छ)* वस निवासे (भ्वा.) वा वस स्नेहच्छेदापहरणेषु (चुरा.) धातु, वस्+णिचि, वृद्धि, वासि+युच्[11] (अन), णिलोप, वासन+टाप् (आ)= वासना ।

विमर्शो भावना चैव वासना च निगद्यते- इत्यमरः

शब्दार्थ- इच्छा, आकाङ्क्षा, चाहना, भोगको लालसा, भोगविलास, भावना, विचार-विमर्श ।

---

१. दित्यदित्यादित्य.. : ण्य

२. अत इञ् : इञ्

३. तत्र भवः/ तत्र जातः : अण्

४. तेन प्रोक्तम् : छ

५. नपुंसके भावे... : क्त

६. तस्येदम् : अण्

७. खष्पशिल्पशाष्प... : प, धको षत्व

८. कृभ्वस्तियोगे... : च्वि

९. हलश्च : घञ्

१०. वसेर्णित् : असुन्, णित्व

११. ण्यासश्रन्थो... : युच्

वासन्तिकः (वि.) वसन्तस्य अयम्, वसन्ते भवः जातादिर्वा, वसन्तादागतः, वसन्तमधीते वेद इति वा *(क्रमशः वसन्तको यो, वसन्तमा भएको, वसन्त ऋतुबाट आएको, वसन्तसम्बन्धी अध्ययन गर्दछ वा जान्दछ)* वसन्त+ठक्[1] (इक), आदिवृद्धि= वासन्तिक ।

शब्दार्थ- वसन्तको, वसन्त ऋतुसँग सम्वन्धित, वासन्ती, वसन्तवेत्ता ।

वासन्तिका (वि./ना./स्त्री.) वसन्तस्य इयम्, वसन्तादागतः इति वा *(वसन्त ऋतुको यो, वसन्त ऋतुबाट आएको)* वसन्त+ठक् (इक), आदिवृद्धि, वासन्तिक+टाप् (आ) =वासन्तिका ।

शब्दार्थ- वसन्त ऋतुसम्वन्धी, वसन्तको, वासन्ती फूल ।

वासन्ती (ना./स्त्री./वि.) वसन्ते पुष्प्यन्ति *(वसन्तमा फुल्दछन्)* वसन्त+अण्[2] (अ), आदिवृद्धि, वासन्त+ङीप् (ई)= वासन्ती ।

अथवा वसन्तस्य इयम् *(वसन्त ऋतुसम्बन्धी यो)* वसन्त+अण् (अ), आदिवृद्धि, वासन्त+ङीप् (ई) =वासन्ती ।

वासन्ती माधवी लता- इत्यमरः

शब्दार्थ- वसन्तमा फुल्ने फूलको बोट, माधवी लता, जाईको फूल, युथी, जुही, वसन्तसम्वन्धी ।

उदा. **राम्रो वन बगैंचाको वासन्ती कान्ति मन्दभो ।**
- ऋ.वि. (ग्रीष्म वि.२)

वासरः (ना./पुं.) वासयतीति *(राख्तछ)* वस निवासे (भ्वा.) धातु, वस्+णिचि, वृद्धि, वासि+अर[3] (उणा.), णिलोप =वासर ।

क्लीवे दिवसवासरौ- इत्यमरः

शब्दार्थ- आश्रयस्थल, निवासस्थान, घर, दिन, दिवस, वार, विशेषदिवस ।

वासवः (ना./पुं./वि.) वसवः देवाः वसूनि रत्नानि वा सन्ति अत्र *(देवता वा रत्नहरू रहन्छन् यहाँ)* वसु+अण्[4] (अ), आदिवृद्धि, गुण, अवादेश, वासव् अ= वासव ।

अथवा वसोरयम् *(वसुको यो)* वसुरेव *(वसु नै)* वसु+अण् (अ), आदिवृद्धि, अवादेश= वासव ।

शब्दार्थ- इन्द्र, स्वर्गका राजा, ज्योतिषशास्त्रमा धनिष्ठा-नक्षत्र, वसुदेवताको, वसुदेवतासित सम्वन्धित ।

वासवी (ना./स्त्री.) वसोरपत्यम् स्त्री *(वसुकी स्त्री सन्तति)* वसु+अण् (अ), आदिवृद्धि, गुण, अवादेश, वासव+ङीप् (ई)= वासवी ।

शब्दार्थ- व्यासमाता, सत्यवती ।

वासवोपमः (वि.) वासव इन्द्र उपमा उपमानं यस्य *(इन्द्र उपमान छन् जसको)* वासव+उपमा, ब.स., ह्रस्व, गुण= वासवोपम ।

शब्दार्थ- इन्द्रतुल्य, इन्द्रसमान, इन्द्र वरावर ।

वासव्यवस्था (ना./स्त्री.) वासस्य व्यवस्था *(बसोवासको व्यवस्था)* ष.त.स.= वासव्यवस्था ।

शब्दार्थ- वासस्थानको प्रवन्ध, वसोवास मिलाउने काम ।

वासस्थानम् (ना./न.) वासाय, वासस्य वा स्थानम् *(वस्नका लागि स्थान, बसेको ठाउँ)* च.त.स./ष.त.स.= वासस्थान ।

शब्दार्थ- वस्नको लागि आवासगृह, निवासस्थान, आफू वसेको थलो, वसोवास गरेको ठाउँ ।

वासितः (वि.) वास्यते स्म इति *(वासना चलेको, ढाकेको)* वस स्नेहच्छेदापहरणेषु (चुरा.) धातु, वा वस आच्छादने (अदा.) धातु, वस्+णिचि, वृद्धि, वासि+क्त (त), इडागम, णिलोप= वासित ।

शब्दार्थ- मगमग वास्ना चलेको, सुगन्धित, सुवासित, कुखुरा वासेको, विख्यात, प्रसिद्ध, कपडाले सुसज्जित, कपडाले वेरेको ।

वासिष्ठः (वि./ना./पुं.) वसिष्ठस्य अयम्, वसिष्ठेन दृष्टम् *(वसिष्ठको यो, वसिष्ठले देखेको)* वसिष्ठ+अण्[5] (अ), आदिवृद्धि, अकारलोप= वासिष्ठ ।

अथवा वसिष्ठस्य अपत्यं पुमान् *(वसिष्ठको पुरुष सन्तति)* वसिष्ठ+अण् (अ)= वासिष्ठ ।

शब्दार्थ- वसिष्ठको, वसिष्ठ ऋषिसित सम्वन्धित, वसिष्ठका सन्तान ।

वासिष्ठी (ना./स्त्री./वि.) वसिष्ठस्य अयम् *(वसिष्ठको यो)* वसिष्ठ+ अण् (अ), आदिवृद्धि, वासिष्ठ+ङीप् (ई) =वासिष्ठी ।

शब्दार्थ- वसिष्ठ ऋषिद्वारा रचित कर्मकाण्ड-पद्धति, वसिष्ठको, वसिष्ठसम्वन्धी ।

वासी (वि.) वासः अस्यास्तीति *(वास छ यसको)* वास+इनि[6] (इन्), अकारलोप, वासिन्= वासी ।

शब्दार्थ- वसोवास गर्ने, निवास गर्ने ।

द्रष्टव्य- 'वासी' शब्द समस्त पदको अन्त्यमा जोडिएर पनि आउँदछ, जस्तै- ग्रामवासी, नगरवासी, देशवासी आदि ।

वासुकिः (ना./पुं.) वसूनि रत्नानि के मूर्ध्निर्यस्य *(मणिरत्नहरू जसको शिरमा छन्)* ब.स., वसुक ।

अथवा वसु मधुरं कायति *(मधुर आवाज निकालेर कराउँछ)* वसु उपपदपूर्वक कै शब्दे (भ्वा.) धातु, वसु+कै+क (अ), आकारलोप, वसुकः । वसुकस्य अपत्यं पुमान् *(वसुकनागको पुरुष सन्तति)* वसुक+इञ्[7] (इ), आदिवृद्धि= वासुकि ।

शब्दार्थ- वासुकि नाग, नागराज, आठवटा प्रसिद्ध नागहरूमध्ये एक, सर्पराज, अहिपति ।

---

१. ठगायस्थानेभ्यः.../वसन्तादिभ्यश्च/ऋतूक्थादि... : ठक्
२. कालात्साधुपुष्प्येत्... : अण्
३. वर्तिकमिषमि... : अर
४. अण् च : अण्
५. तस्येदम्/ऋष्यन्धक... : अण्
६. अत इनिठनौ : इनि
७. अत इञ् : इञ्

वासुदेवः (ना./पुं.) वसुषु रत्नादिषु दीव्यतीति *(रत्नादिमा क्रीडा गर्छन्)* वसु उपपदमा हुने दिवु क्रीडादौ (दिवा.) धातु, वसु+दिव्+अच् (पचादि), गुण, वसुदेवः । वसुदेवस्य अपत्यं पुमान् *(वसुदेवका पुरुष सन्तति)* वसुदेव+अण्[१] (अ), आदिवृद्धि, अकारलोप =वासुदेव ।

अथवा सर्वस्मिन् वसतीति *(सबैमा रहन्छन् वा स्नेह गर्छन्)* वस निवासे (भ्वा.) वा वस स्नेहच्छेदापहरणेषु (चुरा.) धातु, वस्+उण् (उणा.), बहुलप्रकारले, वृद्धि, वासुः । वासुस्तस्य देवः नारायणः *(रत्नादिका देवता वा सर्वात्मा देवता नारायण)* ष.त.स.= वासुदेव ।

अथवा वासुः नारायणश्चासौ देवश्च *(नारायण देवता)* क.त.स.= वासुदेव ।

शब्दार्थ- वसुदेवका पुत्र श्रीकृष्ण, भगवान् नारायण, श्रीविष्णु, सर्वव्यापी वासुदेव ।

वास्तवः (ना./पुं./वि.) वस्तुना ज्ञातः, वस्तुनि भवः, वस्तुनः अयम् *(क्रमश. वस्तुबाट जानिएको, वस्तुमा भएको, वस्तुको यो)* वस्तु+अण्[२] (अ), आदिवृद्धि, गुण, अवादेश= वास्तव ।

शब्दार्थ- तथ्यसङ्गत कुरा, यथार्थ कुरा, सत्य, तथ्य, वास्तविक, साँचो, निश्चित ।

वास्तविकः (वि.) वस्तुना निर्वृत्तः *(वस्तुबाट निर्वृत्त भएको)* वस्तुनः अयम् *(वस्तुको यो)* वस्तु+ठक्[३] (इक), आदिवृद्धि, गुण, अवादेश= वास्तविक ।

शब्दार्थ- यथार्थ, तथ्य, साँचो, सारयुक्त, तथ्यपूर्ण ।

वास्तविकता (ना./स्त्री.) वास्तविकस्य भावः *(वास्तविक हुनाको भाव वा अवस्था)* वास्तविक+तल् (त)+टाप् (आ)= वास्तविकता ।

शब्दार्थ- यथार्थता, सत्यता, यथार्थ हुनाको अवस्था ।

वास्तव्यः (वि./ना./न.) वसतीति *(रहन्छ)* वस निवासे (भ्वा.) धातु, वस्+तव्यत्[४] (तव्य), कर्तामा, णित्व[४], वृद्धि= वास्तव्य ।

शब्दार्थ-वस्नेवाला, रहनेवाला, वसोवास गर्ने, निवासस्थान

वास्तुः (ना./पुं./न.) वसन्ति जनाः अत्र *(रहन्छन् मानिस यहाँ)* वस निवासे (भ्वा.) धातु, वस्+तुन्[५] (तु), उणा., णित्व[५], वृद्धि= वास्तु ।

वेश्मभूर्वास्तुरस्त्रियाम्- इत्यमरः

शब्दार्थ- घर वनाउन राखिएको जमिन, घडेरी, घर, निवासस्थान, गृह, भवन, कुटी, प्रासाद, सदन, घर वा मन्दिर वनाउन वा वनाएको ठाउँमा गरिने वास्तुदेवताको पूजा ।

वास्तुकर्म (ना./न.) वास्तोः कर्म *(वास्तुको कर्म)* ष.त.स.= वास्तुकर्म ।

शब्दार्थ- नयाँ घर वनाउने वा त्यसमा प्रवेश गर्ने सन्दर्भमा गरिने वास्तुदेवताको पूजा अर्चना ।

वास्तुकला (ना./स्त्री.) वास्तोः कला *(वास्तुकर्मको कला)* ष.त.स.= वास्तुकला ।

शब्दार्थ- भवन-निर्माणसम्वन्धी कला, भवन वनाउने सीप वा कालिगडी ।

वास्तुदेवता (ना./स्त्री.) वास्तोर्देवता *(वास्तुका देवता)* ष.त.स.= वास्तुदेवता ।

शब्दार्थ- घरका देवता, वास्तुदेवता, घरका इष्टदेवता ।

वास्तुविज्ञानम् (ना./न.) वास्तोः विज्ञानम् *(भवन निर्माणको विज्ञान)* ष.त.स.= वास्तुविज्ञान ।

शब्दार्थ- भवन-निर्माणसम्वन्धी विज्ञान वा प्रविधि ।

वास्तुविद्या/वास्तुशास्त्रम् (ना./स्त्री./न.) वास्तोर्विद्या/वास्तोः शास्त्रम् *(भवन निर्माणको विद्या वा शास्त्र)* ष.त.स.= वास्तुविद्या/वास्तुशास्त्र ।

शब्दार्थ- गृहनिर्माणको विद्या, गृहनिर्माणसम्वन्धी शास्त्र, वास्तुविज्ञान, वास्तुकला ।

वास्तुशान्तिः (ना./स्त्री.) वास्तोः शान्तिः *(घर प्रवेश गर्दाको शान्ति)* ष.त.स.= वास्तुशान्ति ।

शब्दार्थ- नयाँ घरमा पस्ता गरिने स्वस्तिशान्ति-सम्वन्धी कर्म, गृहप्रवेश गर्दा गरिने माङ्गलिक पूजाअर्चना ।

वास्तोष्पतिः (ना./पुं.) वसन्ति अत्र *(रहन्छन् यहाँ)* वस निवासे (भ्वा.) धातु, वस्+तुन्[५] (तु), णित्व, वृद्धि, वास्तुः । पातीति *(रक्षा गर्छ)* पा+डति (अति), पतिः । वास्तोः गृहक्षेत्रस्य पतिः अधिष्ठाता *(गृहक्षेत्रका अधिष्ठाता)* ष.त.स., सुट्[६], षष्टिको अलुक्=वास्तोष्पति ।

शब्दार्थ- सुरपति, इन्द्र, शचीपति, गृहक्षेत्रका अधिष्ठाता ।

वाहः (ना./पुं.) उह्यते अनेन *(लगिन्छ, वहन गरिन्छ यसबाट)* वह प्रापणे (भ्वा.) धातु, वह्+घञ्[७] (अ), करणमा, वृद्धि= वाह ।

अथवा वाह्यते इति *(बोकिन्छ)* वह्+णिचि, वृद्धि, वाहि+अच् (एरच्)= वाह ।

वाहो भुजे पुमान् मानभेदाश्ववृषवायुषु- इति मेदिनी

वाहो भारचतुष्टयम्- इत्यमरः

शब्दार्थ- वोक्ने वा ओसार्ने साधन, लाने वा पुऱ्याउने काम, घोडा, गोरु, वायु, हावा, रथ, मोटर आदि, चारभारको नाप ।

द्रष्टव्य- 'वाह' यो शब्द अर्को शब्दको अन्त्यमा जोडिएर पनि आउँछ, जस्तैः वारिवाह, भारवाह आदि ।

वाहकः (वि.) वहतीति *(बोकेर लैजान्छ, हाँक्छ)* वह प्रापणे (भ्वा.) धातु, वह्+ण्वुल्[८] (अक), वृद्धि=वाहक ।

शब्दार्थ- वोकेर लैजाने, सवारी हाँक्ने, चालक, परिवहन-कर्ता, भारिवोक्ने भरिया, ड्राइभर आदि ।

---

१. ऋश्यन्धक... : अण्
२. शेषे/तत्र भवः/तस्येदम् : अण्
३. तेन निर्वृत्तम्/तस्येदम् : ठक्
४. वसेस्तव्यत् कर्तरि णिच्च (वा.) : तव्यत्, णित्व
५. वसेस्तुन् : तुन्, णित्व
६. पारस्करप्रवृत्ति... : सुद
७. अर्कतरि च कारके... : घञ्
८. ण्वुल्तृचौ : ण्वुल्

वाहनम् (ना./न.) वहति, उह्यते अनेन *(बोक्छ, बोकिन्छ यसबाट)* वह्+ल्युट्[1] (अन), करणमा, दीर्घनिपातन =वाहन ।

शब्दार्थ- सवारीसाधन, यान, परिवहन गर्ने साधन, हांक्ने तथा वोक्ने काम, ओसार्ने काम ।

वाहिनी (वि./ना./स्त्री.) वाहा: वाहनानि सन्ति अस्याम् *(वाहन छन् यहाँ)* वाह+इनि[2] (इन्), अकारलोप, वाहिन्+ङीप् (ई)= वाहिनी ।

अथवा वाहः प्रवाहः अस्ति अस्याः **(प्रवाह छ यसको)** वाह+इनि (इन्), वाहिन्+ङीप् (ई)= वाहिनी ।

ध्वजिनी वाहिनी सेना पृतनाऽनीकिनी चमूः- इत्यमरः

शब्दार्थ- लाने, वोक्ने, सञ्चारित गर्ने, नदी, सरित्, नद, फौज, सेना, पृतना, चमू, पैदल सिपाही, प्राचीन गणनाअनुसार सेनाको एउटा समूह ।

द्रष्टव्य- वाहिनीमा गजारोही ८१, रथारोही ८१, अश्वारोही २४३ र पैदल सैन्य ४०५ सहितको जम्मा ८१० सैन्यशक्ति रहेका हुन्थे ।

वाहिनीपतिः (ना./पुं.) वाहिन्याः पतिः *(बाहिनीको प्रमुख)* ष.त.स.= वाहिनीपति ।

शब्दार्थ- वाहिनीपति, वाहिनीप्रमुख, सेनापति, वाहिनीको मुख्य व्यक्ति ।

वाही (वि.) अवश्यं वहतीति *(अवश्य बोक्छ, लैजान्छ)* वह प्रापणे (भ्वा.) धातु, वह्+णिनि[3] (इन्), वृद्धि, वाहिन्=वाही ।

शब्दार्थ-ढुवानी गर्ने, वोक्ने, ओसार्ने, वाहक, वहने, वग्ने ।

वाह्यः (वि.) वहिर्भवः जातादिर्वा *(बाहिर भएको वा बाहिर उत्पन्न भएको)* वहिष्+यञ्[4] (य), आदिवृद्धि, टिलोप, वको व (व र वको अभेदसम्बन्ध हुँनाले)= वाह्य ।

अथवा वोढुं योग्यः *(बोक्न योग्य)* वह्+ण्यत् (य), वृद्धि= वाह्य ।

शब्दार्थ- वाहिरको, वाहिरिया, वाहिर भएको, वहन गर्न योग्य ।

वाहीकः (वि.) वहिर्भवः जातादिर्वा *(बाहिर भएको)* बहिष्+ईकक्[5] (ईक), आदिवृद्धि, टिलोप, बको व=वाहीक ।

शब्दार्थ- बाहिरिया, बाहिर तिरको, वाहिरी ।

वाहुः (ना./पुं.) वाधते शत्रून् *(शत्रुलाई पीडा दिन्छ)* बाधृ लोडने (भ्वा.) धातु, वको व (व र वको अभेदसम्बन्ध हुंनाले), वाध्+कु (उ), हकारादेश= वाहु ।

शब्दार्थ- हात, भुजा, भुजवाहु, पाखुरा ।

वि (अव्य.)/**विः** (ना./पुं.) वाति निषेधति *(निषेध गर्छ)* वा वाति गच्छति *(उड्छ, हिड्छ)* वा गतिगन्धनयोः (अदा.)धातु, वा+इण्[6] (इ), उणा., डित्व[6], टिलोप=वि ।

शब्दार्थ- निषेध, प्रतिकूलता, अभाव, तीव्रता आदि अर्थ वुझाउने एक उपसर्ग । पक्षी, चरो, खग, विहग ।

विंशतिः (ना./स्त्री.) द्वौ दशतौ परिणाममस्य *(दुई दश परिमाण छ यसको)* द्वि+शतिच् (शति), प्रकृतिको विन् आदेश= विंशति ।

शब्दार्थ- वीसको सङ्ख्या ।

विंशतितमः (वि.) विंशतेः पूरणः *(बीसको सङ्ख्या पूरा गर्ने)* विंशति+डट्, डट्को तमडादेश=विंशतितम ।

शब्दार्थ- वीसौं, बीसको सङ्ख्या पूरा गर्ने ।

विकचः (वि.) कचतीति *(बाँध्छ)* कच बन्धने (भ्वा.) धातु, कच्+अच् (पचादि), कचः । विगतः कचः यस्मात् *(जसबाट बन्धनमुक्त भएको छ)* प्रा.व.स[7]., उ.प.लोप =विकच ।

शब्दार्थ- फक्रन लागेको, फुल्न लागेको, फुलेको, प्रफुल्ल, फैलिएको ।

विकटः (वि.) विकृतमिति *(विकराल भएको)* वि+कटच्[8] (कट)= विकट ।

अथवा विकटतीति *(विकट बन्छ)* विपूर्वक कटे वर्षावर्षणयोः (भ्वा.) धातु, वि+कट्+अच् (पचादि) =विकट ।

शब्दार्थ- विकराल, कुरूप, भयानक, भीषण, कठिन, अप्ठेरो, विशाल, दुर्गम, अगम्य ।

उदा. **विकट उत्कट उत्सुक भै लडें- आ.रा. ८/३९**

विकम्पः (वि.) कम्पनमिति *(काँप्नु)* कपि चलने (भ्वा.) धातु, नुम्, कम्प+घञ् (अ), कम्पः । विशेषेण कम्पः यस्य *(विशेष कम्प छ यसको)* प्रा.ब.स., उ.प.लोप =विकम्प ।

शब्दार्थ- लामो सास लिने, अस्थिर, चञ्चल, कम्पन ।

विकम्पनम् (ना./न./वि.) विशेषेण कम्पनमिति *(विशेष कम्पन हुनु)* विपूर्वक कपि चलने (भ्वा.) धातु, नुम्, वि+कम्प+ल्युट् (अन)= विकम्पन ।

अथवा विशेषेण कम्पते तच्छीलः *(विशेषरूपले कम्पनशील)* विपूर्वक कपि चलने (भ्वा.) धातु, वि+कम्प्+युच्[9] (अन)= विकम्पन ।

शब्दार्थ- काँप्ने वा हल्लने काम, प्रकम्पन, चलायमान रहने काम, चलिरहने स्थिति, हल्लने, काँप्ने, चल्ने ।

विकरालः (वि.) करेण आलाति *(हातले लिन्छ)* कर उपपदमा हुने आङ्पूर्वक ला आदाने (अदा.) धातु, कर+आ+ला+क (अ), अकारलोप, करालः ।

अथवा करमलतीति *(कराल बन्छ)* करपूर्वक अल भूषणपर्याप्तिवारणेषु (भ्वा.) धातु, कर+अल्+अण् (अ), अल्को दीर्घ, वृद्धि, करालः । वि विशेषेण करालः *(विशेष वा भीषण कराल)* प्रा.त.स.= विकराल ।

शब्दार्थ- विशेष डरलाग्दो, भीषण, अति डरलाग्दो, ज्यादै भयानक, अतिभयङ्कर ।

---

१. करणाधिकरणयोश्च : ल्युट्
२. अत इनिठनौ : इनि
३. आवश्यकाधमर्ण्ययोः... : णिनि
४. बहिषष्टिलोपो यञ्च : यञ्
५. ईकक् च : ईकक्
६. वातेर्डिच्च : इण्, डित्व
७. प्रादिभ्यो धातुजस्य... : प्रा.ब.स.
८. सम्प्रोदश्च : कटच्
९. चलनशब्दार्थादकर्मकात्...: युच्

विकर्तनः (ना./पुं./न./वि.) विशेषेण कर्तयति रोगादिकमनेन *(विशेषरूपले रोगादि हटाउँछन् यिनले)* विपूर्वक कृती क्षेदने (भ्वा.) धातु, वि+कृत्+णिचि, गुण, कर्ति+ल्यु/ल्युट् (अन), णिलोप= विकर्तन। अथवा विशेषेण कर्तनं यस्य *(विशेषरूपले काट्ने काम छ यसको)* प्रा.व.स.= विकर्तन।

शब्दार्थ- सूर्य, रवि, उपासकहरूको रोग हटाउने आदित्य, वावुको राज्य अपहरण गर्ने पुत्र, काट्ने वा कत्रने काम, काट्ने, कत्रने।

विकर्मन् (**विकर्म**) (ना./न./वि.) विरुद्धञ्च तत् कर्म *(विरुद्ध कर्म)* क.त.स., विरुद्धकर्म। विरुद्धं कर्म यस्य *(विपरीत छ कर्म जसको)* प्रा.व.स., उ.प.लोप, विकर्मन्= विकर्म।

शब्दार्थ- निषिद्धकर्म, पापकर्म, अनुचित काम, अधर्म गर्ने, निषिद्धकर्म गर्ने, कुकर्म गर्ने।

विकर्षः (ना./पुं.) विशेषेण कृष्यते, विकर्षणमिति वा *(विशेषरूपले खिचिन्छ)* विपूर्वक कृष विलेखने (तुदा.) धातु, वि+कृष्+घञ् (अ), गुण= विकर्ष।

शब्दार्थ- बलपूर्वक तान्ने वा खिच्ने काम, रेखाङ्न गर्ने काम, वाण, विकर्षण।

विकर्षणम् (ना./न.) विशेषेण कृष्यते, विकर्षणमिति वा *(विशेषरूपले खिचिन्छ)* विपूर्वक कृष विलेखने (तुदा.) धातु, वि+कृष्+ल्युट् (अन), गुण, णत्व= विकर्षण। अथवा विगतः कर्षणं यस्य *(जसको खिच्ने काम हटेको छ)* प्रा.व.स.= विकर्षण।

शब्दार्थ- तान्ने वा खिच्ने काम, छुट्ट्याउने काम।

विकलः (वि.) विगतः कलः यत्र *(जहाँ मधुर तथा अस्फुट ध्वनि, अंश वा भाग हटिसकेको छ)* प्रा.व.स.=विकल।

शब्दार्थ- व्याकुल, वेहोस, अधुरो, विकलाङ्ग भएको, डराएको, विकल, त्रस्त, क्षुब्ध, अङ्गरहित।

उदा. विकल हुंदा सब चेतना हरायो- आ.रा. ४/२७

विकला (ना./स्त्री.) विगतः कलः यस्याः *(जसको अंश वा भाग छैन)* प्रा.व.स., उ.प.लोप, टाप् (आ)=विकला।

शब्दार्थ- चन्द्रमाका षोडशकलाको एक भाग वा अंश, कलाको साठी भागमा एक भाग, कलारहित भाग, परसर्न छाडेकी नारी।

विकलाङ्गः (वि.) विकलमङ्गं यस्य *(विकल वा विकृत छ अङ्ग जसको)* प्रा.व.स., दीर्घ= विकलाङ्ग।

शब्दार्थ- विकृत अङ्ग भएको, अङ्गभङ्ग भएको, शरीरको अङ्ग टुटेको, अपाङ्ग भएको।

विकल्पः (ना./पुं.) विशेषेण कल्प्यते, विरुद्धं कल्पनमिति वा *(विशेषरूपले विकल्पको विचार गर्नु)* विपूर्वक कृपू सामर्थ्ये (भ्वा.) धातु, वि+कृप्+घञ् (अ), कृप्का रेफको लत्व[1], गुण= विकल्प।

शब्दार्थ- पहिले गरेको शोचविचारलाई थाती राखी अर्के नयाँ कुरा सोच्ने काम, विभिन्न विकल्पमध्ये एउटा छान्ने काम, सन्देह वा भ्रम।

विकल्पनम् (ना./न.) विशेषेण कल्प्यते, विकल्पनमिति वा *(दुई वा धेरै विषयहरूमध्ये एउटा छान्ने काम)* विपूर्वक कृपू सामर्थ्ये (भ्वा.) धातु, वि+कृप्+ल्युट् (अन), गुण, रेफको लत्व= विकल्पन।

शब्दार्थ- दुई वा धेरै विकल्पहरूमध्ये एउटा छान्ने काम, विकल्प, सन्देह, अनिश्चय, अनिर्णय, संशय।

विकल्पितः (वि.) विकल्प्यते स्म इति *(विकल्प छानिएको)* विपूर्वक कृपू सामर्थ्ये (भ्वा.) धातु, वि+कृप्+णिचि, गुण, विकल्पि+क्त (त), इडागम, णिलोप= विकल्पित।

शब्दार्थ- धेरै विकल्पहरू भएको, अनिर्णित, अनिश्चित, संदिग्ध, संशयले परिपूर्ण।

विकसनम् (ना./न.) विकस्यते, विकसनमिति वा *(फक्रिन्छ)* विपूर्वक कस गतौ (भ्वा.) धातु, वि+कस्+ल्युट् (अन)= विकसन।

शब्दार्थ- फूल फुलेर फक्रने अवस्था, उत्थान, प्रफुल्ल हुने काम, प्रफुल्ल हुने क्रिया।

विकसितः (वि.) विकसति स्म इति *(विकसित भएको, फुलेको वा फक्रेको)* वि पूर्वक कस गतौ (भ्वा.) धातु, वि+कस्+क्त (त), इडागम= विकसित।

शब्दार्थ- विकसित भएको, फुलेर फक्रेको, प्रफुल्ल भएको, प्रसन्न, उन्नत अवस्थामा पुगेको।

विकस्वरः (वि.) विकसतीति *(फुल्छ, फक्रन्छ)* विपूर्वक कस गतौ (भ्वा.) धातु, वि+कस्+वरच्[2] (वर) =विकस्वर।

शब्दार्थ- फुलेको, फक्रेको, विकसित, उच्च स्वर भएको, टल्कने, तेजिलो।

विकारः (ना./पुं.) विकरणम्, विक्रियते इति वा *(विकृत हुनु)* विपूर्वक डुकृञ् करणे (तना.) धातु, वि+कृ+घञ्[3] (अ), वृद्धि= विकार।

शब्दार्थ- रूपान्तरण, रूप या आकृतिको परिवर्तन, विकार पैदा हुने काम, विग्रेको अवस्था, अदलवदल, प्राकृतिक या वातावरणीय अवस्थामा परिवर्तन।

विकारी (वि.) विकारः अस्यास्तीति *(विकार पैदा भएको छ यसको)* विकार+इनि[4] (इन्), अकारलोप= विकारी।

शब्दार्थ-विकार पैदा भएको, विकारयुक्त, परिवर्तन भएको।

विकाशः (ना./पुं.) विकाश्यते इति *(प्रकाशित हुनु)* विपूर्वक काशृ दीप्तौ (भ्वा.) धातु, वि+काश्+घञ् (अ) =विकाश।

शब्दार्थ- देखाउने वा प्रदर्शन गर्ने काम, प्रकाश, दीप्ति, उज्यालो।

विकाशी (वि.) विकाशः अस्यास्तीति *(विकाश छ यसको)* विकास+इनि[4] (इन्), अकारलोप, विकाशिन्=विकाशी।

शब्दार्थ- देखिने, प्रकट हुने, चहकिलो, दीप्तिमान्, फुल्ने।

---

१. कृपो रो लः : रेफको लत्व

२. स्येशभासपिस... : वरच्

३. भावे : घञ्

४. अत इनिठनौ : इनि

विकासः (ना./पुं.) विकसनम्, विकस्यते इति वा *(फुल्नु, फक्रनु)* कस गतौ (भ्वा.) वा कस गतिशासनयोः (अदा.) धातु, वि+कस्+घञ् (अ)= विकास ।

शब्दार्थ- विकास, फुल्ने काम, समृद्धि, उन्नति ।

विकासयोजना (ना./स्त्री.) विकासाय योजना *(विकासको लागि योजना)* च.त.स.= विकासयोजना ।

शब्दार्थ- विकासका लागि तर्जुमा गरिएको योजना ।

विकासवादः (ना./पुं.) उद्यते इति *(भनिन्छ)* वद व्यक्तायां वाचि (भ्वा.) धातु, वद्+घञ् (अ), वादः । विकासस्य वादः *(विकासको वाद)* ष.त.स.= विकासवाद ।

शब्दार्थ- विकासवादसम्वन्धी मत वा सिद्धान्त, डार्विनको विकासवादी सिद्धान्त ।

विकासवादी (वि.)विकासवादः अस्यास्तीति *(विकासवादको समर्थक छ यो)* विकासवाद+इनि[1] (इन्), अकारलोप, विकासवादिन्= विकासवादी ।

शब्दार्थ- विकासवादको अनुसरण गर्ने, विकासवादको अनुयायी, विकासवादको समर्थक ।

विकासशीलः (वि.) विकासः शीलं यस्य *(विकास नै शील छ जसको)* व.स.= विकासशील ।

शब्दार्थ- निरन्तर विकास भइरहेको, अत्यधिक विकास गरिसकेको, उन्नतशील ।

विकासी (वि.) विकासः अस्यास्तीति *(विकास छ यसको)* विकास+इनि[1] (इन्), अकारलोप, विकासिन्=विकासी

शब्दार्थ- विकास हुने, विकसित, विकासशील, विकासको शृङ्खला वढ्दै गएको, फक्रने ।

विकासोन्मुखः (वि.) उद्गतं मुखं यस्य *(उँभोतिर रहेको वा प्रगतितिर उन्मुख छ जसको)* व.स.,उ.प.लोप, परसवर्ण, उन्मुखः । विकासाय उन्मुखः *(विकासका लागि उन्मुख)* च.त.स., गुण= विकासोन्मुख ।

शब्दार्थ- विकासतिर उन्मुख, विकासको गतिमा लम्केको, विकासको शृङ्खला वढ्दै गएको ।

विकिरः (ना./पुं./वि.) विकिरतीति *(छर्छ)* विपूर्वक कॄ विक्षेपे (तुदा.) धातु, वि+कॄ+क[2]/अप्[3] (अ), धातुको इत्व[4]= विकिर ।

शब्दार्थ- पक्षी, चरो, विहग, छर्ने, फ्याँक्ने ।

विकिरणम् (ना./न.) विकिरति, विकिरणमिति वा *(छर्छ वा विकृति पैदा हुनु)* विपूर्वक कॄ विक्षेपे (तुदा.) धातु, वि+कॄ+क्युन्[5] (अन), उणा., इत्व, णत्व= विकिरण ।

शब्दार्थ- छर्ने काम, हिंसा फैलाउने काम, यताउति फाल्ने काम, विकिरण क्रिया ।

विकीर्णः (वि.) विकीर्यते स्म इति *(छरिएको)* विपूर्वक कॄ विक्षेपे (तुदा.) धातु, वि+कॄ+क्त (त), इत्व, दीर्घ[6], णत्व= विकीर्ण ।

शब्दार्थ-छरिएको, पोखिएको, फिँजिएको, व्याप्त, विक्षिप्त

विकुञ्चनम् (ना./न.) विकुञ्च्यते, विकुञ्चनमिति वा *(खुम्च्याइन्छ)* विपूर्वक कुञ्च गत्यर्थे (भ्वा.) धातु, वि+कुञ्च्+ल्युट् (अन)= विकुञ्चन ।

शब्दार्थ- खुम्च्याउने काम, पसारेकोलाई खुम्च्याएर छोटो पार्ने काम, मुज्याउने काम, पटचाउने काम ।

विकुञ्चितः (वि.) विकुञ्च्यते स्म इति *(खुम्च्याइएको)* विपूर्वक कुञ्च गत्यर्थे (भ्वा.) धातु, वि+कुञ्च्+क्त (त), इडागम= विकुञ्चित ।

शब्दार्थ- खुम्चिएको, खुम्च्याइएको, पटचाएको, पटचाइएको, मुजा परेको, चाउरिएको ।

विकृतः (वि.) विक्रियते स्म इति *(विकृत भएको)* विपूर्वक डुकृञ् करणे (तना.) धातु, वि+कृ+क्त (त)= विकृत ।

शब्दार्थ- विग्रेको, विकार भएको, परिवर्तन भएको, रोगयुक्त, विरूप भएको ।

विकृतिः (ना./स्त्री.) विकिरणम्, विक्रियते इति वा *(विकृति पैदा हुनु)* विपूर्वक डुकृञ् करणे (तना.) धातु, वि+कृ+क्तिन् (ति)= विकृति ।

शब्दार्थ- विकार, स्वाभाविक रूपवाट विकार पैदा हुने काम, कुरूप, परिवर्तन हुने काम ।

विकेन्द्रीकरणम् (ना./न.) अकेन्द्रं केन्द्रं सम्पद्यते तत्करणमिति *(केन्द्रित नभएको केन्द्रीकृत हुन्छ र केन्द्रीकृत गरिन्छ)* डुकृञ् करणे (तना.) धातु, केन्द्र+च्वि[7]+कृ+ल्युट् (अन), गुण, ईत्व[8], च्विको लोप, केन्द्रीकरणम् । विगतं केन्द्रीकरणम् *(केन्द्रीकरण नभएको)* प्रा.त.स.= विकेन्द्रीकरण ।

शब्दार्थ- शासनसत्ता केन्द्रमा मात्र नराखी तल्लो तहसम्म प्रत्यायोजन गर्ने काम, शासनसम्वन्धी अधिकार हस्तान्तरण गर्ने काम ।

विक्रमः (ना./पुं.) विक्रमणम्, विक्रम्यते इति वा *(पराक्रम गरिन्छ)* विपूर्वक क्रमु पादविक्षेपे (भ्वा.) धातु, वि+क्रम्+घञ् (अ), दीर्घाभाव= विक्रम ।

अथवा विना गरुणेन क्रमः गमनम् *(गरुणद्वारा गमन गर्ने वा सवार हुने काम)* तृ.त.स.= विक्रम ।

अथवा विगतः क्रमः यस्मात् *(जसबाट क्रम टुटेको छ)* प्रा.ब.स., उ.प.लोप= विक्रम ।

विक्रमस्त्वतिशक्तिता- इत्यमरः

शब्दार्थ- पराक्रम, अतिशक्ति सम्पन्नता, शौर्य, वीरता, सामर्थ्य, बहादुरी, पाइला चाल्ने काम, विष्णु, विक्रमादित्यले चलाएको संवत् ।

विक्रमसंवत्सरः/विक्रमाब्दः (ना./पुं.) विक्रमेण प्रचालितश्चासौ संवत्सरश्च/अब्दश्च *(विक्रमादित्यद्वारा चलाइएको संवत्सर वा वर्ष)* क.त.स., उ.प.लोप = विक्रमसंवत्सर ।

विक्रम+अब्द, दीर्घ= विक्रमाब्द ।

शब्दार्थ-विक्रमादित्यले चलाएको विक्रमसंवत्, नेपाली संवत्

---

१. अत इनिठनौ : इनि
२. इगुपधज्ञा... : क
३. ॠदोरप् : अप्
४. ॠत इद् धातो : इत्व
५. कृपृवृजि... : क्यु
६. हलि च : दीर्घ
७. कृभ्वस्तियोगो... : च्वि
८. अस्व च्वौ : ईत्व

विक्रमी (वि.) विक्रमः शौर्यम् अस्यास्तीति *(विक्रम वा शूरता छ यसको)* विक्रम+इनि[१] (इन्), अकारलोप, विक्रमिन्= विक्रमी ।

शब्दार्थ- पराक्रमी, शक्तिशाली, शूरवीर, वहादुर ।

विक्रमीयः (वि.) विक्रमस्य अयम् *(पराक्रम या विक्रमसंवत्‌को यो),* विक्रमे भवः *(विक्रमाब्दमा भएको)* विक्रम+छ[२] (ईय)= विक्रमीय ।

शब्दार्थ- पराक्रमसम्वन्धी, वीरतासम्वन्धी, विक्रमसंवत्‌को, विक्रमाब्दसम्वन्धी ।

विक्रयः (ना./पुं.) विक्रयणम्, विक्रीयते इति वा *(बिक्री गरिन्छ)* विपूर्वक डुक्रीञ् द्रव्यविनिमये (क्र्या.) धातु, वि+क्री+अच् (एरच्), गुण= विक्रय ।

शब्दार्थ- बिक्री गर्ने काम, बिक्री, वेच्ने काम ।

विक्रयार्थः (वि.) विक्रयाय अयम् *(बिक्रीका लागि यो)* विक्रय+अर्थम्, च.त.स., अस्वपदविग्रह, दीर्घ =विक्रयार्थ ।

शब्दार्थ- विक्रीका निमित्त राखिएको, वेचिने ।

विक्रयिकः (वि.) विक्रयेण जीवति *(बिक्री गरेर जीविका गर्छ)* विक्रय+ठन्[३] (इक), अकारलोप= विक्रयिक ।

शब्दार्थ- विक्रेता, विक्री गर्ने, वेच्ने, व्यापारी ।

विक्रयी (वि.) विक्रयः अस्यास्तीति *(बिक्री छ यसको)* विक्रय+इनि[१] (इन्), अकारलोप, विक्रयिन्= विक्रयी ।

शब्दार्थ- विक्री गर्ने, विक्रेता, व्यापारी, वेच्ने ।

विक्रान्तः (वि.) विक्राम्यति स्म इति *(पराक्रम देखाएको)* विपूर्वक क्रमु पादविक्षेपे (भ्वा.) धातु, वि+क्रम्+क्त[४] (त), कर्तामा, दीर्घ[५]= विक्रान्त ।

शब्दार्थ- शूरवीर, पराक्रमी, विजेता, साहसी, आँटिलो, जोसिलो ।

विक्री (ना./स्त्री.) विक्रीयते इति *(बिक्री गरिन्छ)* विपूर्वक डुक्रीञ् द्रव्यविनिमये (क्र्या.) धातु, वि+क्री +क्विप्[६] (सर्वलोप)= विक्री ।

शब्दार्थ- वेच्ने काम, वेचविखान, विक्रयक्रिया, व्यापार गर्ने काम, विक्रय, विक्री गर्ने काम ।

विक्रीतः (वि.) विक्रीयते स्म इति *(बेचिएको)* विपूर्वक डुक्रीञ् द्रव्यविनिमये (क्र्या.) धातु, वि+क्री+क्त (त) =विक्रीत ।

शब्दार्थ- वेचिएको, विक्री गरिएको, व्यापार गरिएको ।

विक्रेता (वि.) विक्रीणातीति *(बेच्तछ)* विपूर्वक डुक्रीञ् द्रव्यविनिमये (क्र्या.) धातु, वि+क्री+तृच्[७] (तृ), गुण, विक्रेतृ= विक्रेता ।

विक्रेता स्याद् विक्रयिकः- इत्यमरः

शब्दार्थ- वेच्ने, विक्री गर्ने, व्यापारी, विक्रयकर्ता ।

विक्रेयः (वि.) विक्रेतुं योग्यः, विक्रीयते इति वा *(वेच्न योग्य वा लायक)* विपूर्वक डुक्रीञ् द्रव्यविनिमये (क्र्या.) धातु, वि+क्री+यत्[८] (य), गुण= विक्रेय ।

शब्दार्थ- वेच्न लायक, विक्री गर्न योग्य, वेच्न सकिने, वेच्नुपर्ने ।

विक्लवः (वि.) विक्लवते इति *(डराउँछ)* विपूर्वक क्लुङ् गतौ (भ्वा.) धातु, वि+क्लु+अच् (पचादि), गुण, अवादेश= विक्लव ।

शब्दार्थ-भयभीत, डराएको, त्रस्त, भड्केको, दिग्गार भएको

विक्षतः (वि./ना./न.)विक्षणोति स्म इति *(घायल भएको)* विपूर्वक क्षणु हिंसायाम् (तना.) धातु, वि+ क्षण्+क्त (त), कर्तामा, अनुनासिक णको लोप=विक्षत ।

शब्दार्थ- चोटपटक लागेको, क्षतविक्षत, घायल, घाउ, चोट ।

विक्षरणम् (ना./न.) विक्षरणमिति *(चुहिन्छ)* विपूर्वक क्षर सञ्चलने (भ्वा.) धातु, वि+क्षर्+ल्युट् (अन), णत्व =विक्षरण ।

शब्दार्थ- चुहुने क्रिया, क्षरण क्रिया, प्रस्रवण ।

विक्षिप्तः (वि.) विक्षिप्यते स्म इति *(फ्याँकिएको, विक्षिप्त भएको)* विपूर्वक क्षिप प्रेरणे (दिवा./तुदा.) धातु, वि+ क्षिप्+क्त (त)= विक्षिप्त ।

शब्दार्थ- दिमाग ठीक नरहेको, पागल भएको, वहुलाएको, अतालिएको, परित्यक्त, यताउति छरिएको, यताउति फालिएको, विक्षुब्ध ।

उदा. **कलाकार दार्शनिक कवि पण्डित विक्षिप्त भएको समय थियो- आगो र पानी १३ (अगिको)**

विक्षुब्धः (वि.) विक्षोभते स्म इति *(विक्षोभ पैदा भएको)* विपूर्वक क्षुभ सञ्चलने (भ्वा.) धातु, वि+क्षुभ्+क्त[४] (त), कर्तामा, तको ध[९], भको जश्त्व व= विक्षुब्ध ।

शब्दार्थ- विक्षोभ पैदा भएको, मनमा हलचल पैदा भएको, उद्वेग पैदा भएको ।

विक्षेपः (ना./पुं.) विक्षिप्यते इति *(फालिन्छ)* विपूर्वक क्षिप प्रेरणे (दिवा./तुदा.) धातु, वि+क्षिप्+घञ् (अ), गुण= विक्षेप ।

शब्दार्थ- यताउति फाल्ने काम, प्रक्षेपण, फ्याँक्ने क्रिया, अस्थिरता, विह्वलता, त्याग, प्रेरणा ।

विक्षेपणम् (ना./न.) विक्षिप्यते, विक्षेपणमिति वा *(फ्याँकिन्छ)* विपूर्वक क्षिप प्रेरणे (दिवा./तुदा.) धातु, वि+क्षिप्+ल्युट् (अन), गुण, णत्व= विक्षेपण ।

शब्दार्थ- फाल्ने क्रिया, फ्याँक्ने काम, फिँजाउने काम, हडबडी, व्याकुलता, त्याग ।

---

१. अत इनिठनौ : इनि

२. गहादिभ्यश्च : छ

३. वस्त्रक्रयविक्रयात्... : ठन्

४. गत्यर्थाकर्मक... : क्त

५. अनुनासिकस्य क्विझलो.. : दीर्घ

६. सम्पदादिभ्य... : क्विप्

७. ण्वुल्तृचौ : तृच्

८. अचो यत् : यत्

९. झषस्तथो... : तको ध

विक्षोभः (ना./पुं.) विक्षुभ्यते इति *(विक्षोभ हुनु)* विपूर्वक क्षुभ सञ्चलने (भ्वा.) धातु, वि+क्षुभ्+घञ् (अ), गुण =विक्षोभ ।

शब्दार्थ- हलचल, आन्दोलन, मनको अस्थिरता, त्रास, मानसिक उद्विग्नता, मानसिक अशान्ति वा हुंडलो, द्वन्द्व, खलवली ।

विखण्डनम् (ना./न.) विखण्डनम्, विखण्डयते इति वा *(टुक्रिन्छ वा खण्डन गर्नु)* विपूर्वक खडि भेदने (चुरा.) वा खडि मन्थे (भ्वा.) धातु, नुम्, वि+खण्ड्+ल्युट् (अन)= विखण्डन ।

शब्दार्थ- फुट्ने क्रिया, चर्कने क्रिया, खण्डनमण्डन, तर्क वा वहसको खण्डनमण्डन गर्ने काम ।

विखण्डितः (वि.) विखण्डयते स्म इति *(टुक्रा टुक्रा पारिएको)* विपूर्वक खडि भेदने (चुरा.) वा खडि मन्थे (भ्वा.) धातु, नुम्, वि+खण्ड्+णिचि+क्त (त), णिलोप, इडागम= विखण्डित ।

शब्दार्थ- टुक्रा टुक्रा पारिएको, टुक्र्याइएको, खण्ड खण्डमा विभाजन गरिएको, विभाजित, अङ्गभङ्ग पारिएको, तर्क वा वहसमा खण्डन गरिएको ।

विख्यातः (वि.) विख्यायते स्म इति *(प्रसिद्ध भएको)* विपूर्वक ख्या प्रकथने (अदा.) धातु, वि+ख्या+क्त (त) =विख्यात ।

शब्दार्थ- प्रख्यात, प्रसिद्ध, नाम कमाएको, विश्रुत, नाम चलेको, ख्याति प्राप्त गरेको ।

विगतः (वि.) व्यगमदिति *(गएको)* विपूर्वक गम्लृ गतौ (भ्वा.) धातु, वि+गम्+क्त (त), कर्तामा, अनुनासिक मलोप= विगत ।

शब्दार्थ- वितेको, अतीत, पहिले व्यतीत भएको, प्रयाण गरेको, रहित, गएको ।

विगतभयः (वि.) विगतं भयं यस्मात् *(जसबाट भय हटेको छ)* व.स.= विगतभय ।

शब्दार्थ- डर नभएको, भयरहित ।

विगर्हणम् (ना./न.)/**विगर्हणा** (ना./स्त्री.) विगर्ह्यते इति *(निन्दा गरिन्छ)* विपूर्वक गर्ह कुत्सायाम् (भ्वा.) धातु, वि+गर्ह्+ल्युट् (अन), णत्व= विगर्हण ।
वि+गर्ह्+युच्[1] (अन), उणा., णत्व, विर्गहण+टाप् (आ)= विगर्हणा ।

शब्दार्थ- निन्दा, भर्त्सना, कलङ्क, अपशव्दले गाली गर्ने काम, हेला, घृणा ।

विगर्हितः (वि.) विशेषेण गर्ह्यते स्म इति *(विशेषरूपले निन्दा गरिएको)* विपूर्वक गर्ह कुत्सायाम् (भ्वा.) धातु, वि+गर्ह्+क्त (त), इडागम= विगर्हित ।

शब्दार्थ- निन्दित, भर्त्सना गरिएको, कलङ्कित, तिरस्कृत, दोषी गराइएको ।

विगलनम् (ना./न.) विगलनमिति *(चुहुनु)* विपूर्वक गल स्रवणे (चुरा.) धातु, वि+गल्+ल्युट् (अन)= विगलन ।

शब्दार्थ- पग्लने काम, चुहुने क्रिया, विक्षरण, द्रवीभूत हुने क्रिया, विस्तारै वग्ने काम, प्रस्रवण, गल्ने क्रिया ।

विगलितः (वि.) विगल्यते स्म इति *(पग्लेको, चुहेको)* विपूर्वक गल स्रवणे (चुरा.) धातु, वि+गल्+क्त (त), इडागम= विगलित ।

शब्दार्थ- गलेको, पग्लेको, थोपाथोपा चुहेको, वगेको, पोखिएको, तपतप झरेको ।

विगुणः (वि.) विगतः गुणः यस्य *(जसको गुण शून्य छ)* व.स[2]., उ.प.लोप= विगुण ।

अथवा विपरीतः गुणः यस्य *(विपरीत छ गुण जसको)* व.स., उ.प.लोप= विगुण ।

शब्दार्थ- गुणरहित, गुणहीन, गुणहरू शून्य भएको, विपरीत गुण भएको ।

विगूढः (वि.) विगूहति स्म इति *(लुकेको, छिपेको)* विपूर्वक गुहू संवरणे (भ्वा.) धातु, वि+गुह्+क्त (त), कर्तामा, तको ध, हको ढ[3], धको ढ, ढलोप[4], दीर्घ[5] =विगूढ ।

शब्दार्थ- छिपेको, दवेको, लुकेको, गुप्त, निन्दित ।

विग्रहः (ना./पुं.) विविधं सुख-दुःखादिकं गृह्णातीति *(विभिन्न सुख-दुःख आदि ग्रहण गर्छ)* वा विविधै-र्व्याधिभिर्गृह्यते इति *(विभिन्न व्याधिले पक्रिन्छ)* विपूर्वक ग्रह उपादाने (क्र्या.) धातु, वि+ग्रह्+अप्[6] (अ)/अच् (पचादि)= विग्रह ।

अथवा विगृह्णन्ति शत्रवः यस्मिन् *(शत्रुहरू युद्ध गर्छन् जहाँ)* विपूर्वक ग्रह उपादाने (क्र्या.) धातु, वि+ग्रह+अप्[6] (अ)/अच् (पचादि)= विग्रह ।

गात्रं वपुः संहननं शरीरं वर्ष्म विग्रहः ।
कायो देहः - इत्यमरः
संधिर्ना विग्रहो यानमासनं द्वैधमाश्रयः - इत्यमरः
अस्त्रियां समरानीकरणाः कलहविग्रहौ - इत्यमरः
विग्रहो युधिविस्तारे प्रविभागशरीरयोः - इति हैमः

शब्दार्थ- शरीर, वपु, देह, तनु, काय, राजनीतिमा प्रयोग हुने सन्धिविग्रह आदि छगुणमध्ये शत्रुसँग निउँ खोज्ने दोस्रो गुण, विस्तार, कलह, झगडा, टुक्र्याउने काम, विभाग, अलग गर्ने काम, युद्ध, सङ्ग्राम, समस्त पदलाई छुटयाउने वा विग्रह गर्ने काम ।

---

१. बहुलमन्यत्रापि... : युच्
२. प्रादिभ्यो धातुजस्य... : ब.स., उ.प.लोप
३. हो ढः : हको ढ
४. ढो ढे लोपः : ढलोप
५. ढ्रलोपे पूर्वस्य... : दीर्घ
६. ग्रहवृदृनिश्चि...: अप्

विघटनम् (ना./न.) विघटचते, विघटनमिति वा *(भङ्ग गरिन्छ)* विपूर्वक घट चेष्टायाम् (भ्वा.) वा घट सङ्घाते (चुरा.) धातु, वि+घट्+ल्युट् (अन)= विघटन।

शब्दार्थ- कुनै संस्था आदि भङ्ग वा समाप्त गर्ने काम, विनाश, खारेजी, समाप्ति, छुटचाउने क्रिया, फोर्ने काम, टुक्रचाउने कार्य, अलग अलग गर्ने कार्य।

विघटितः (वि.) विघटचते स्म इति *(विघटन गरिएको)* विपूर्वक घट चेष्टायाम् (भ्वा.) वा घट सङ्घाते (चुरा.) धातु, वि+घट्+क्त (त), इडागम= विघटित।

शब्दार्थ- विघटन गरिएको, अन्त गरिएको, अलग गरिएको, भङ्ग गरिएको, विभक्त, छिन्नभिन्न पारिएको।

विघट्टनम् (ना./न.) विघट्टचते, विघट्टनमिति वा *(रगडिन्छ)* विपूर्वक घट्ट चलने (भ्वा./चुरा.) धातु, वि+घट्ट्+ल्युट् (अन)= विघट्टन।

शब्दार्थ- घर्षण, रगड्ने काम, घोट्ने वा पिस्ने काम, प्रहार गर्ने काम।

विघट्टितः (वि.) विघट्टचते स्म इति *(रगडिएको, भाग लगाइएको)* विपूर्वक घट्ट चलने (भ्वा./चुरा.) धातु, वि+घट्ट्+क्त (त), इडागम= विघट्टित।

शब्दार्थ- छुट्टचाइएको, विभक्त, रगडिएको, हल्लाएको, प्रहार गरिएको।

विघातः (ना./पुं.) विहन्यते, विहननमिति वा *(वध गरिन्छ)* विपूर्वक हन हिंसागत्योः (अदा.) धातु, वि+हन्+घञ् (अ), वृद्धि, हन्का नको तकार[१], हको कुत्व[२] घ =विघात।

शब्दार्थ- विनाश, वध, मारकाट, आघात, प्रहार, हत्या, टुक्रचाउने काम।

विघाती (वि.) विघातः अस्यास्तीति *(हत्या छ यसको)* विघात+इनि (इन्), अकारलोप, विघातिन्= विघाती। अथवा विशेषेण हन्तुं शीलमस्य *(विशेषरूपले वध गर्ने सीप छ यसको)* वि+हन्+णिनि[३] (इन्), वृद्धि, हन्का नको त, कुत्व[२], विघातिन्= विघाती।

शब्दार्थ- हत्या गर्ने, वध गर्ने, मार्ने, काट्ने, घात गर्ने, विनाश गर्ने, घातक, विनाशक, वाधा अवरोध पैदा गर्ने।

विघ्नः (ना./पुं.) विघ्नन्ति अत्र *(वाधा अवरोध गर्दछन्)* विपूर्वक हन हिंसागत्योः (अदा.) धातु, वि+हन्+क[४] (अ), हन्को अकारलोप[५], कुत्व= विघ्न।

अथवा विहन्यते अनेन *(वाधा गरिन्छ यसबाट)* वि+हन्+क[४] (अ), हन्को अकारलोप[५], कुत्व=विघ्न।

शब्दार्थ- वाधा, अवरोध, रोकावट, हस्तक्षेप, कठिनाइ, विथोल्ने काम, वाधा पुऱ्याउने काम।

विघ्नकारी (वि.) विघ्नं करोतीति, विघ्नं कर्तुं शीलमस्येति वा *(विघ्न गर्छ वा विघ्न गर्ने शील छ यसको)* विघ्न उपपदपूर्वक डुकृञ् करणे (तना.) धातु, विघ्न+कृ+णिनि[३] (इन्), विघ्नकारिन्= विघ्नकारी।

शब्दार्थ- वाधा पुऱ्याउने, विथोल्ने, विघ्न गर्ने।

विघ्ननायकः (वि./ना./पुं.) विघ्नानां नायकः *(विघ्नका स्वामी)* ष.त.स.= विघ्ननायक।

शब्दार्थ- विघ्नका नायक वा स्वामी, विघ्नवाधा हटाउने, श्रीगणेश, गणपति।

विघ्ननाशकः (ना./पुं.) विघ्नानां नाशकः *(विघ्नका नाशक)* ष.त.स.= विघ्ननाशक।

अथवा विघ्नं नाशयतीति *(विघ्न हटाउँछन्)* विघ्न उपपदपूर्वक णश अदर्शने (दिवा.) धातु, विघ्न+नश्+ण्वुल्[६] (अक), णिलोप= विघ्ननाशक।

शब्दार्थ- वाधा विरोध हटाउने गणपति, विघ्न नाश गर्ने श्रीगणेश।

विघ्नभयम् (ना./न.) विघ्नेभ्यः भयम् *(विघ्नबाट भय)* प.त.स.= विघ्नभय।

शब्दार्थ- विघ्नवाट पैदा हुने भय, विघ्नवाट हुने डर।

विघ्नराजः (ना./पुं.) विघ्नानां राजा *(विघ्नहरूका स्वामी)* विघ्न+राजन्, ष.त.स., विघ्नराजन्+टच् (समासान्त), टिलोप= विघ्नराज।

शब्दार्थ- वाधा विघ्नका अधिपति श्रीगणेश।

उदा. ती विघ्नराज भइ विघ्नविनाशकारी- आ.रा. १/३

विघ्नविनाशकारी (वि./ना./पुं.) विनाशं कर्तुं शीलमस्य *(विनाश गर्ने शील वा स्वभाव छ यिनको)* डुकृञ् करणे (तना.) धातु, विनाश+कृ+णिनि (इन्), वृद्धि, विनाशकारी। विघ्नानां विनाशकारी *(विघ्नहरूको विनाश गर्ने)* ष.त.स.= विघ्नविनाशकारी।

शब्दार्थ- विघ्नहरू हटाउने, विघ्न नाश गर्ने, विघ्नवाधा हटाउने, गणपति, श्रीगणेश।

विघ्नितः (वि.) विघ्नः सञ्जातः अस्य *(विघ्न पैदा भएको छ यसको)* विघ्न+इतच्[७] (इत), अकारलोप =विघ्नित।

शब्दार्थ- विघ्न पैदा भएको, वाधा अवरोध गरिएको, रोकिएको, अवरुद्ध।

विचक्षणः (ना./पुं.) विशेषेण चष्टे *(विशेषरूपले बताउँछ)* विपूर्वक चक्षिङ् व्यक्तायां वाचि (अदा.) धातु, वि+चक्ष्+युच्[८] (अन), णत्व= विचक्षण।

शब्दार्थ- विशिष्ट विद्वान्, कवि, सुधी, पण्डित, विशेषज्ञ, कुशल, दक्ष, निपुण, चलाख।

---

१. हनस्तोऽचिण्णलोः... : हन्का नको तकार
२. हो हन्ते... : हको कुत्व
३. सुप्यजातौ... : णिनि
४. घनर्थे कविधानम्...: क
५. गमहनजन... : अकारलोप
६. ण्वुल्तृचौ : ण्वुल्
७. तदस्य सञ्जातम्... : इतच्
८. अनुदात्तेतश्च... : युच्

विचक्षुः (वि.) विगतं विनष्टं चक्षुर्यस्य *(जसको आँखा नष्ट भएको छ)* प्रा.ब.स., उ.प.लोप, विचक्षुस्, विचक्षुः =विचक्षु ।

शब्दार्थ- अन्धो, नेत्रहीन, आँखारहित, दृष्टिहीन ।

विचयनम् (ना./न.) विशेषेण चीयते, चयनमिति वा *(विशेषरूपले खोजी वा जम्मा गरिन्छ)* विपूर्वक चिञ् चयने (स्वा.) धातु, वि+चि+ल्युट् (अन), गुण, अयादेश= विचयन ।

शब्दार्थ- जम्मा गर्ने काम, सञ्चयन, एक ठाउँमा थुपार्ने काम, खोजी, अन्वेषण ।

विचरणम् (ना./न.) विचर्यते, विचरणमिति वा *(घुमफिर गरिन्छ)* विपूर्वक चर गतिभक्षणयोः (भ्वा.) धातु, वि+चर्+ल्युट् (अन), णत्व= विचरण ।

शब्दार्थ- हिँड्डुल गर्ने काम, भ्रमण, पर्यटन, गमन, घुमफिर, टहल्ने काम ।

विचरितः (वि.) विचरति स्म इति *(घुमफिर गरेको)* विपूर्वक चर गतिभक्षणयोः (भ्वा.) धातु, वि+चर्+क्त[1] (त), कर्तामा, इडागम= विचरित ।

शब्दार्थ- भ्रमण गरेको, यताउति हिँड्डुल गरेको, घुमफिर गरेको ।

विचलः (वि.) विचलतीति *(हल्लन्छ)* विपूर्वक चल कम्पने (भ्वा.) धातु, वि+चल्+अच् (पचादि)= विचल ।

शब्दार्थ- विचलन हुने, चल्ने, अस्थिर, चञ्चल, हल्लने ।

विचलनम् (ना./न./वि.) विचलनमिति *(चञ्चल वा अस्थिर हुनु)* विपूर्वक चल कम्पने (भ्वा.) धातु, वि+चल्+ल्युट् (अन)= विचलन ।

अथवा विचलति तच्छीलः *(विचलनशील)* वि+चल्+युच्[2] (अन)= विचलन ।

शब्दार्थ- चञ्चलता, अस्थिरता, स्पन्दन, कम्पन, अभिमान, अहङ्कार, विचलन हुने, अस्थिर, चञ्चल, कम्पन गर्ने ।

विचलितः (वि.) विचलति स्म इति *(हल्लेको)* विपूर्वक चल कम्पने (भ्वा.) धातु, वि+चल्+क्त[1] (त), कर्तामा, इडागम= विचलित ।

अथवा विचलः सञ्जातः अस्य *(विचलन पैदा भएको छ यसको)* विचल+इतच्[3] (इत)= विचलित ।

शब्दार्थ- कर्तव्यपथवाट पछि हटेको, हल्लेको, काँपेको, अत्तालिएको, आत्तिएको, चञ्चल, अस्थिर ।

उदा. जेठी रानी विचलित भइन् पाउ ढीलो चलाई ।
-य.श. ४/४

विचारः (ना./पुं.) विचार्यते इति *(विचार गरिन्छ)* विपूर्वक चर संयमे (चुरा.) धातु, वि+चर्+घञ् (अ), वृद्धि =विचार ।

शब्दार्थ- कुनै कुराको शोच-विचार, चिन्तन-मनन, परिशीलन, सोचाइ, विचार-विमर्श ।

विचारकः (वि.) विचारयतीति *(विचार गर्छ)* विपूर्वक चर संयमे (चुरा.) धातु, वि+चर्+णिचि, वृद्धि, विचारि+ण्वुल् (अक), णिलोप= विचारक ।

शब्दार्थ- विचार गर्ने, छानविन गर्ने, न्याय दिने ।

विचारणम् (ना./न.) विचार्यते, विचारणमिति वा *(विचार गरिन्छ)* विपूर्वक चर संयमे (चुरा.) धातु, वि+चर्+णिचि, वृद्धि, विचारि+ल्युट् (अन), णिलोप =विचारण ।

शब्दार्थ- परिचर्चा, विचार-विमर्श, चिन्तन-मनन, सोच्ने काम, तर्क-वितर्क, परीक्षण, जाँच गर्ने काम ।

विचारणा (ना./स्त्री.) विचार्यते इति *(विचार गरिन्छ)* विपूर्वक चर संयमे (चुरा.) धातु, वि+चर्+णिचि, वृद्धि, विचारि+युच्[4] (अन)+टाप् (आ), णिलोप, णत्व =विचारणा ।

शब्दार्थ- विचार-विमर्श, परीक्षण, चिन्तन, शोच-विचार ।

विचारणीयः (वि.) विचारितुं योग्यः, विचार्यते इति वा *(विचार गर्न लायक, विचार गरिन्छ)* विपूर्वक चर संयमे (चुरा.) वा चर गतिभक्षणयोः (भ्वा.) धातु, वि+चर्+णिचि, वृद्धि, विचारि+अनीय (र्), णिलोप, णत्व= विचारणीय ।

शब्दार्थ- मनन गर्नुपर्ने, विचार गर्न योग्य वा लायक, सोच्नुपर्ने, चिन्तनीय, विचार पुऱ्याउन उचित ।

विचारवान् (वि.) विचारः अस्यास्तीति *(राम्रो विचार छ यसको)* विचार+मतुप्[5] (मत्), मको व, विचारवत् =विचारवान् ।

शब्दार्थ- राम्रो विचार भएको, विचार गर्न सक्ने, सद्बुद्धि सम्पन्न, चिन्तन-मनन गर्नसक्ने ।

विचारात्मकः (वि.) विचारः आत्मा यस्य *(विचार नै मुख्य छ जसको)* विचार+आत्मन्, ब.स., दीर्घ, विचारात्मन् +कप् (समासान्त), नलोप= विचारात्मक ।

शब्दार्थ- विचार मुख्य भएको, विचारले परिपूर्ण, शोच-विचार पुऱ्याएर गरिएको ।

विचाराधीनः (वि.) एति, ईयते इति वा *(विचरण गर्छ वा गरिन्छ)* इण् गतौ (अदा.) धातु, इ+नक्[6] (न),उणा., इनः (प्रकाश, सूर्य, स्वामी) । इनमधिगतः *(स्वामित्वमा गएको)* अधि+इन, प्रा.त.स., दीर्घ, अधीनः । विचाराय अधीनः *(विचार गर्नका लागि अधीनमा राखिएको)* च.त.स., दीर्घ= विचाराधीन ।

शब्दार्थ- कुनै कुरा विचार पुऱ्याएर टुङ्ग्याउन बाँकी राखिएको, कुनै कुरा निर्णय गर्न विचाराधीन रहेको ।

---

[1] गत्यर्थाकर्मक... : क्त
[2] चलनशब्दार्थादकर्मका... : युच्
[3] तदस्य सञ्जातम्... : इतच्
[4] ण्यासश्रन्थो... : युच्
[5] तदस्यास्त्यस्मिन्... : मतुप्
[6] इण्सिञ्जिदी... : नक्

विचारितः (वि.) विचार्यते स्म इति *(विचार गरिएको)* विपूर्वक चर गतिभक्षणयोः (भ्वा.) वा चर संयमे (चुरा.) धातु, वि+चर्+णिचि, वृद्धि, विचारि+क्त (त), णिलोप, इडागम= विचारित।

अथवा विचारः सञ्जातः अस्य *(विचार पैदा भएको छ यसको)* विचार+इतच् (इत)= विचारित।

शब्दार्थ- विचार गरिएको, चिन्तन गरिएको, सोचिएको, चिन्तन-मनन गरिएको, विचार-विमर्श गरिएको, परीक्षण गरिएको, निर्धारित।

विचारी (वि.) अवश्यं विचारयतीति *(अवश्य विचार गर्छ)* विपूर्वक चर संयमे (चुरा.) वा चर गतिभक्षणयोः (भ्वा.) धातु, वि+चर्+णिनि[1] (इन्), वृद्धि, विचारिन् =विचारी।

शब्दार्थ- विचार गर्ने, सोच्ने, विचारक, चिन्तक, यताउति घुमफिर गर्ने।

विचालनम् (ना./न.) विचाल्यते इति *(हल्लाइन्छ)* विपूर्वक चल कम्पने (भ्वा.) धातु, वि+चल्+णिचि, वृद्धि, विचालि+ल्युट् (अन), णिलोप= विचालन।

शब्दार्थ- हल्लाउने काम, विचलन पैदा गर्ने काम, कुनै चीज स्थानान्तरण गर्ने काम।

विचित्रः (वि.) चीयते इति *(जम्मा गरिन्छ)* चिञ् चयने (स्वा.) धातु, चि+क्त्र[2] (त्र), उणा., चित्रम्। विशेषेण चित्रम् *(विशेष रङ्गीचङ्गी भएको)* प्रा.त.स.= विचित्र।

शब्दार्थ- चित्र खिचिएको, वहुरङ्गी, धेरै रङ्ग भएको, रङ्गीचङ्गी, सुन्दर, रमणीय, अद्‌भुत, आश्चर्यमय, अनौठो, विलक्षण।

विचित्रता (ना./स्त्री.) विचित्रस्य भावः *(विचित्र हुनाको भाव वा अवस्था)* विचित्र+तल् (त)+टाप् (आ) =विचित्रता।

शब्दार्थ- रङ्गीचङ्गीपना, अनौठोपन, सुन्दरता।

विचित्रितः (वि.) विचित्रं सञ्जातमस्य *(विचित्र अवस्था पैदा भएको छ यसको)* विचित्र+इतच्[3] (इत), अकारलोप= विचित्रित।

शब्दार्थ- रङ्गीविरङ्गी, वहुरङ्गी, विचित्रको, अनेक रङ्गको।

विचिन्तनम् (ना./न.) विशेषेण चिन्त्यते इति *(विशेष चिन्तन गरिन्छ)* विपूर्वक चिति स्मृत्याम् (चुरा.) धातु, नुम्, वि+चिन्त्+ल्युट् (अन)= विचिन्तन।

शब्दार्थ- चिन्तन गर्ने काम, चिन्ता, सोच्ने काम, विचार गर्ने क्रिया, गाढारूपले चिन्तन गर्ने काम।

विचिन्तनीयः (वि.) विचिन्त्यते, विचिन्तितुं योग्यः इति वा *(चिन्तन गरिन्छ, चिन्तन गर्न लायक)* विपूर्वक चिति स्मृत्याम् (चुरा.) धातु, वि+चिन्त्+अनीय (र्) =विचिन्तनीय।

शब्दार्थ- विचार गर्न योग्य, चिन्तन-मनन गर्न लायक, विचारणीय, गहिरिएर शोच-विचार गर्नुपर्ने।

विचिन्त्यः (वि.) विचिन्तितुं योग्यः *(चिन्तन गर्न योग्य)* विपूर्वक चिति स्मृत्याम् (चुरा.) धातु, वि+चिन्त्+ण्यत्[4] (य)= विचिन्त्य।

शब्दार्थ- चिन्ता गर्नुपर्ने, चिन्तनीय, सोच्नुपर्ने, शोचनीय, चिन्तन-मनन योग्य।

विचेतनः (वि.) चेतति, चेतयते इति वा *(चेतना पाउँछ)* चिती संज्ञाने (भ्वा.) वा चित सञ्चेतने (चुरा.) धातु, चित्+ल्यु[5]/युच्[6] (अन), चेतन+टाप् (आ), चेतना। विगता चेतना यस्य *(जसको चेतना हराएको छ)* प्रा.ब.स., उ.प.लोप, विचेतना, ह्रस्व= विचेतन।

शब्दार्थ- सुद्धी हराएको, होस गुमेको, विचेत, वेहोस, विर्सने वानी भएको, चित्त ठेगानमा नभएको।

विचेतस् (**विचेताः**) (वि.) चेततीति *(चेतना प्राप्त गर्छ)* चिती संज्ञाने (भ्वा.) धातु, चित्+असुन्[7] (अस्), उणा., गुण, चेतस्। विगतं चेतः यस्य *(जसको चित्त ठेगानमा छैन)* प्रा.ब.स., उ.प.लोप, विचेतस्=विचेता।

शब्दार्थ- चित्त ठेगानमा नभएको, विकल चित्त भएको, सुद्धी हराएको, होस गुमेको, वेहोस, विचेत भएको, विक्षिप्त, मरेको, विवेकहीन।

विचेष्टः (वि.) विगता चेष्टा यस्य *(जसको चेष्टा हराएको छ)* प्रा.ब.स[8]., उ.प.लोप, ह्रस्व= विचेष्ट।

शब्दार्थ- होस गुमेको, चेष्टा नभएको, चेष्टा र गतिहीन, चेतनारहित, वेहोस, निश्चेष्ट, अचल, निश्चल।

विचेष्टा (ना./स्त्री.) विगता चेष्टा *(विकृत चेष्टा)* प्रा.त.स.= विचेष्टा।

शब्दार्थ- निर्जीव, संज्ञाहीनता, निश्चलता, निश्चेष्टता।

विचेष्टितः (वि.) विशेषेण चेष्टते स्म इति *(विशेष प्रयत्न गरिएको)* विपूर्वक चेष्ट चेष्टायाम् (भ्वा.) धातु, वि+चेष्ट्+क्त (त), इडागम= विचेष्टित।

शब्दार्थ- विशेष प्रयत्न गरिएको, प्रयास गरिएको, खोजी गरिएको, कोसिस गरिएको, विशेष हाउभाउ प्रदर्शन गरिएको।

विच्छन्दः (वि./ना./पुं.) छन्दयति, छन्द्यते इति वा *(सुहाउँछ, सुहाउँनु)* छदि संवरणे (चुरा.) धातु, नुम्, छन्द्+अच् (पचादि)/घञ् (अ)= विच्छन्द।

अथवा विशिष्टः छन्दः अभिप्रायः यस्मिन् वा विगतः छन्दः यस्मिन् *(विशेष अभिप्राय छ जसमा वा छन्द मिलेको छैन जसमा)* प्रा.ब.स., उ.प.लोप= विच्छन्द।

शब्दार्थ- विशेष हाउभाउ प्रदर्शन गरिएको, नखुल्ने, नसुहाउँने, छन्द नमिलेको, अनेकौं छन्द भएको, वेढङ्गको, छन्द न बन्दको, ठूलो भवन, महल, प्रासाद।

---

[1] आवश्यकाधमर्ण्ययो...: णिनि

[2] अमिचिमिदि... : क्त्र

[3] तदस्य सञ्जातम्...: इतच्

[4] ऋहलोर्ण्यत् : ण्यत्

[5] नन्दिग्रहिपचादि... : ल्यु

[6] अनुदात्तेतश्च... : युच्

[7] सर्वधातुभ्य... : असुन्

[8] प्रादिभ्यो धातुजस्य... : प्रा.ब.स.

विच्छित्तिः (ना./स्त्री.) विच्छिद्यते इति *(छुट्ट्याइन्छ)* विपूर्वक छिदिर् द्वैधीकरणे (रुधा.) धातु, वि+छिद्+क्तिन् (ति), तुक्, श्चुत्व= विच्छित्ति ।

शब्दार्थ- छुट्ट्याउने काम, विच्छेद, काट्ने वा टुक्रा पार्ने काम, स्त्रीजातिको हाउभाउ ।

विच्छिन्नः (वि.) विच्छिद्यते स्म इति *(छुट्ट्याइएको)* विपूर्वक छिदिर् द्वैधीकरणे (रुधा.) धातु, वि+छिद्+क्त (त), निष्ठा तको न= विच्छिन्न ।

शब्दार्थ- छुट्ट्याइएको, टुक्र्याइएको, छिन्नभिन्न गरिएको, काटिएको; विभक्त ।

विच्छेदः (ना./पुं.) विच्छिद्यते इति *(टुक्र्याइन्छ)* विपूर्वक छिदिर् द्वैधीकरणे (रुधा.) धातु, वि+छिद्+घञ् (अ), गुण= विच्छेद ।

शब्दार्थ- अलग गर्ने काम, छुट्ट्याउने काम, टुक्र्याउने काम, छिन्नभिन्न पार्ने काम, विछोड, विरह, क्रम तोड्ने काम ।

विच्छेदकः (वि.) विच्छिनत्तीति *(टुक्रा पार्छ)* विपूर्वक छिदिर् द्वैधीकरणे (रुधा.) धातु, वि+छिद्+ण्वुल्[१] (अक), गुण =विच्छेदक ।

शब्दार्थ- अलग्याउने, टुक्र्याउने, छिन्नभिन्न पार्ने, काट्ने, विभाजक ।

विच्छेदनम् (ना./न.) विच्छिद्यते इति *(काटिन्छ, टुक्र्याइन्छ)* विपूर्वक छिदिर् द्वैधीकरणे (रुधा.) धातु, वि+छिद्+ल्युट् (अन), गुण= विच्छेदन ।

शब्दार्थ- टुक्र्याउने काम, छुट्ट्याउने काम, भेदन गर्ने वा छेड्ने काम ।

विच्छेदनीयः/विच्छेद्यः (वि.) विच्छिद्यते, विच्छेत्तुं योग्यः वा *(टुक्रा पारिन्छ, छुट्ट्याउन योग्य)* विपूर्वक छिदिर् द्वैधीकरणे (रुधा.) धातु, वि+छिद्+ अनीय (र्), गुण, तुक्, श्चुत्व= विच्छेदनीय ।
वि+छिद्+ण्यत्[२] (य), गुण= विच्छेद्य ।

शब्दार्थ- टुक्र्याउन योग्य वा लायक, विच्छेद गर्न सकिने, भेदन गर्न सकिने, टुक्रा टुक्रा पार्न योग्य ।

विजनः (वि.) विगतः जनः यस्मात् *(जहाँबाट मानिसहरू हटेका छन्)* ब.स.= विजन ।

शब्दार्थ- कोही नभएको, निर्जन, एकान्त, शान्त, सुनसान ।

विजयः (ना./पुं./वि.) विजीयन्ते रिपवः *(शत्रुहरू जितिन्छन्)* विपूर्वक जि जये (भ्वा.) धातु, वि+जि+अच् (एरच्), गुण, अयादेश= विजय ।
अथवा विजयते शत्रुमिति *(शत्रुहरूलाई जित्छ)* वि+जि+अच् (पचादि)= विजय ।

शब्दार्थ- जित्ने काम, हराउने काम, जय, जितवाजी, युद्धमा शत्रुपक्षलाई जित्ने, विजय गर्ने, जित्ने ।

विजयपताका (ना./स्त्री.) विजयस्य पताका *(विजयको झण्डा)* ष.त.स.= विजयपताका ।

शब्दार्थ- शत्रुलाई जितेपछि फरफराउने झण्डा, विजयको चिन्ह, विजयध्वजा ।

विजययात्रा (ना./स्त्री.) विजयाय यात्रा *(विजयको लागि यात्रा)* च.त.स.= विजययात्रा ।

शब्दार्थ- शत्रुपक्षलाई विजय गर्नका लागि गरिने यात्रा वा प्रस्थान ।

विजयलक्ष्मीः/विजयश्रीः (ना./स्त्री.) विजयस्य लक्ष्मीः/विजयस्य श्रीः *(विजयकी लक्ष्मी, विजयकी श्री)* ष.त.स.= विजयलक्ष्मी/विजयश्री ।

शब्दार्थ- विजयकी लक्ष्मी, विजयश्री, विजय दिलाउने लक्ष्मी वा श्री ।

विजयसिद्धिः (ना./स्त्री.) विजयस्य सिद्धिः *(विजयको सिद्धि वा सफलता)* ष.त.स.= विजयसिद्धि ।

शब्दार्थ- विजयमा प्राप्त सफलता, विजय, जितवाजी ।

विजयस्तम्भः (ना./पुं.) विजयेषु स्तम्भः *(विजयमा खडा गरिएको स्तम्भ वा स्मारक)* स.त.स.= विजयस्तम्भ ।

शब्दार्थ- विजयस्मारक, रणस्तम्भ, विजयोत्सवमा गाडिएको स्तम्भ ।

विजया (ना./स्त्री.) विजीयते अनया *(जितिन्छ यसबाट)* विपूर्वक जि जये (भ्वा.) धातु, वि+जि+अच् (एरच्), गुण, अयादेश, विजय+टाप् (आ)= विजया ।

शब्दार्थ- दुर्गा भगवती, देवी, भवानी, नवदुर्गा, पार्वती, विजयादशमी, विश्वामित्रले रामचन्द्रलाई सिकाएको विद्या ।

विजयार्थी (वि.) विजयमर्थयते इति *(विजय चाहन्छ)* विजय उपपदपूर्वक अर्थ उपयाञ्चायाम् (चुरा.) धातु, विजय+अर्थ्+णिनि[३] (इन्), दीर्घ, विजयार्थिन् =विजयार्थी ।

शब्दार्थ- विजय चाहने, जित्न इच्छा गर्ने, विजयेच्छुक ।

विजयास्त्रम् (ना./न.) अस्यते, अस्यति, असतीति वा *(फालिन्छ, फाल्छ, चम्कन्छ)* असु क्षेपणे (दिवा.) वा अस गति- दीप्त्यादानेषु (भ्वा.) धातु, अस्+ष्ट्रन्[४] (त्र), उणा., अस्त्रम् । विजयाय अस्त्रम् *(विजयका लागि अस्त्र)* च.त.स.= विजयास्त्र ।

शब्दार्थ- युद्धमा विजय गराउने अस्त्र-शस्त्र, हातहतियार ।

विजयी (वि.) विजयः अस्यास्तीति *(विजय छ यसको)* विजय+इनि[५] (इन्), अकारलोप, विजयिन्= विजयी । अथवा विजयते तच्छीलः *(विजयशील छ)* विपूर्वक जि जये वा जि अभिभवे (भ्वा.) धातु, वि+जि+इनि[६] (इन्), गुण, अयादेश, विजयिन्= विजयी ।

शब्दार्थ- विजेता, विजय प्राप्त गर्ने, विजय गर्ने ।

---

[१] ण्वुल्तृचौ : ण्वुल्

[२] ऋहलोर्ण्यत् : ण्यत्

[३] नन्दिग्रहिपचादि... : णिनि

[४] सर्वधातुभ्य... : ष्ट्रन्

[५] अत इनिठनौ : इनि

[६] जिदृक्षिविश्री... : इनि

विजयोत्सवः (ना./पुं.) विजये, विजयस्य वा उत्सवः *(विजयमा गरिने उत्सव वा विजयको उत्सव)* स.त.स./ष.त.स., गुण= विजयोत्सव ।

शब्दार्थ- विजयमा मनाइने उत्सव, विजयको उत्सव, दसैंमा मनाइने उत्सव ।

विजयोपहारः (ना./पुं.) विजये विजयस्य वा उपहारः *(विजयमा दिइने उपहार वा विजयको उपहार)* स.त.स./ष.त.स.= विजयोपहार ।

शब्दार्थ- विजयको उपलक्ष्यमा दिइने उपहार वा पुरस्कार, विजयमा दिइने उपहार ।

विजलः (वि.) विगतं जलं यत्र *(जहाँ जल पाइदैन)* प्रा.व.स., उ.प.लोप= विजल ।

अथवा विगतं जलम् *(जल नभएको)* प्रा.त.स. =विजल ।

शब्दार्थ- जल नभएको, पानी नभएको, पानी सुकिसकेको, निर्जल, सुख्खा ।

विजल्पः (ना./पुं.) विजल्प्यते इति *(फतफताउनु)* विपूर्वक जल्प व्यक्तायां वाचि (भ्वा.) धातु, वि+जल्प्+घञ् (अ)= विजल्प ।

शब्दार्थ- उटपटाङ कुरा बोल्ने काम, द्वेषपूर्ण वार्तालाप, मूर्खतापूर्ण भनाइ, अपमानजनक कुराकानी, वकवाद, फतफताउने काम ।

विजल्पितः (वि.) विजल्प्यते स्म इति *(बकबक गरिएको)* विपूर्वक जल्प व्यक्तायां वाचि (भ्वा.) धातु, वि+जल्प्+क्त (त), इडागम= विजल्पित ।

शब्दार्थ- फतफताएको, बकबक गरेको वा गरिएको, मनपरि भनिएको ।

विजातः (वि./ना./पुं.) जायते स्म इति *(जन्मेको)* जनी प्रादुर्भावे (दिवा.) धातु, जन्+क्त (त), कर्तामा, आत्व, जातम् । विरुद्धं जातं जन्म यस्य *(जसको जन्म विपरीत जातका बाबुआमाबाट भएको छ)* प्रा.व.स.,उ.प.लोप= विजात ।

शब्दार्थ- भिन्न भिन्न जातका आंमाबाबुबाट जन्मेको, उत्पत्ति भएको, भिन्न जातको, वर्णसङ्कर ।

विजातिः (वि./ना./स्त्री.) जायते इति *(जन्मन्छ)* जनी प्रादुर्भावे (भ्वा.) धातु, जन्+क्तिच्[१] (ति), आत्व[२], जातिः । विगता जातिर्यस्य *(जसको जात मिल्दैन)* प्रा.व.स., उ.प.लोप= विजाति ।

अथवा विगता जातिः *(भिन्न जाति)* प्रा.त.स. =विजाति ।

शब्दार्थ- जात नमिल्ने, भिन्न जातको, विजाति, भिन्न जाति, अर्को जाति ।

विजातीयः (वि.) विजातौ भवः जातः वा *(अर्कै जातिमा भएको वा पैदा भएको)* विजाति+छ[३] (ईय), इकारलोप= विजातीय ।

शब्दार्थ- अर्कै जातको, भिन्न जातको, अर्कै जातिमा पैदा भएको, भिन्न जातीय, भिन्न वर्गीय ।

विजिगीषः (वि.) विजेतुमिच्छतीति *(जित्न चाहन्छ)* विपूर्वक जि जये (भ्वा.) धातु, वि+जि+सन्[४] (स), द्वित्व[५], वि जि जि स, अभ्यास परका पछिल्लो जिको कुत्व, दीर्घ, षत्व, विजिगीष (सनन्त धातु) । विजिगीषतीति *(जित्ने इच्छा गर्छ)* विजिगीष+अ[६] (प्रत्यय)+टाप् (आ), विजिगीषा । विजिगीषा अस्ति अस्य *(जित्ने इच्छा छ यसको)* विजिगीषा+अच् (अर्शादि), आकारलोप= विजिगीष ।

शब्दार्थ- विजय चाहने, विजयेच्छुक ।

विजिगीषा (ना./स्त्री.) विजेतुमिच्छतीति *(जित्ने इच्छा गर्छ)* विपूर्वक जि जये (भ्वा.) धातु, वि+जि+सन्[४] (स), द्वित्व[५], वि जि जि स, अभ्यास परका पछिल्लो जिको कुत्व, दीर्घ, षत्व, विजिगीष (सनन्त धातु) । विजिगीषतीति *(जित्न चाहन्छ)* विजिगीष+अ[६] (प्रत्यय) +टाप् (आ), दीर्घ= विजिगीषा ।

शब्दार्थ- जित्ने चाहना, विजय प्राप्त गर्ने इच्छा, विजय गर्ने अभिलाषा ।

विजिगीषुः (वि.) विजेतुमिच्छतीति *(विजय गर्न चाहन्छ)* विपूर्वक जि जये (भ्वा.) धातु, वि+जि+सन्[४] (स), द्वित्व[५], कुत्व, दीर्घ, षत्व, विजिगीष (सनन्त धातु) । विजिगीषतीति *(जित्ने चाहना गर्छ)* विजिगीष+उ[७] (प्रत्यय), अकारलोप= विजिगीषु ।

शब्दार्थ-जित्न इच्छा गर्ने, विजयको चाहना गर्ने, विजय प्राप्त गर्न इच्छुक, महत्त्वाकाङ्क्षा बोकेको, प्रतिस्पर्धी ।

विजितः (वि.) विजीयते स्म इति *(जितिएको)* विपूर्वक जि जये (भ्वा.) धातु, वि+जि+क्त (त)= विजित ।

शब्दार्थ- जितिएको, परास्त गरिएको, हराएको, हारेको ।

विजितात्मा (वि.) विजितः आत्मा मनः येन *(जसले आत्मा वा मन जितेको छ)* विजित+आत्मन्, व.स., दीर्घ, विजितात्मन्= विजितात्मा ।

शब्दार्थ- मन जितेको, मन उपर विजय पाएको, जितेन्द्रीय ।

विजेतव्यः (वि.) विजीयते, विजेतुं योग्यः वा *(जितिन्छ, जित्न लायक)* विपूर्वक जि जये (भ्वा.) धातु, वि+जि+तव्यत् (तव्य), गुण= विजेतव्य ।

शब्दार्थ- जित्न योग्य वा लायक, परास्त गर्न योग्य ।

विजेता (वि.) विजयते इति *(जित्तछ)* विपूर्वक जि जये (भ्वा.) धातु, वि+जि+तृच्[८] (तृ), गुण, विजेतृ=विजेता ।

शब्दार्थ- जित्ने, विजय प्राप्त गर्ने, विजयी ।

---

[१] क्तिच्क्तौ च... : क्तिच्
[२] जनसनखन... : आत्व
[३] वृद्धाच्छः/गहादिभ्यश्च : छ
[४] धातोः कर्मणः समान..: सन्
[५] सन्यङोः : द्वित्व
[६] अ प्रत्ययात् : अ
[७] सनाशंसभिक्ष... : उ
[८] ण्वुल्तृचौ : तृच्

विजेयः (वि.) विजेतुं योग्यः, विजीयते इति वा *(विजय पाउन योग्य, जितिन्छ)* विपूर्वक जि जये (भ्वा.) धातु, वि+जि+यत्[1] (य), गुण= विजेय ।

शब्दार्थ- जित्न योग्य वा लायक, जित्न सकिने ।

विज्ञः (वि.) विशेषेण जानातीति *(विशेषरूपले जान्दछ)* विपूर्वक ज्ञा अववोधने (क्र्या.) धातु, वि+ज्ञा+क[2] (अ), आलोप= विज्ञ ।

शब्दार्थ- विशेष जान्ने, विशेषज्ञ, प्रवीण, निपुण, विद्वान्, पण्डित, वुद्धिमान्, चतुर, कुशल ।

विज्ञता/विज्ञत्वम् (ना./स्त्री./न.) विज्ञस्य भावः *(विज्ञ हुनाको भाव वा अवस्था)* विज्ञ+तल् (त)+टाप् (आ) =विज्ञता ।

विज्ञ+त्व= विज्ञत्व ।

शब्दार्थ- विशेषज्ञता, विद्वता, नैपुण्य, वुद्धिमत्ता, कुशलत्व, चतुऱ्याइँ ।

विज्ञप्तः (वि.) विज्ञप्यते स्म इति *(जानिएको, ज्ञापन गरिएको)* विपूर्वक ज्ञप ज्ञाने ज्ञापने च (चुरा.) धातु, वि+ज्ञप्+क्त (त)= विज्ञप्त ।

शब्दार्थ- वताइएको, सूचना गरिएको, विज्ञापन गरिएको, जानकारी वा जनाउ दिइएको, प्रचारमा ल्याइएको, अनुरोध गरिएको ।

विज्ञप्तिः (ना./स्त्री.) विज्ञप्यते इति *(जनाउ दिइन्छ)* विपूर्वक ज्ञप ज्ञाने ज्ञापने च (चुरा.) धातु, वि+ज्ञप्+क्तिन् (ति)= विज्ञप्ति ।

शब्दार्थ- सूचना गर्ने काम, जनाउ दिने काम, जानकारी दिलाउने काम, विज्ञापन, सूचना, प्रार्थना, अनुरोध

विज्ञातः (वि.) विज्ञायते स्म इति *(जानिएको)* विपूर्वक ज्ञा अववोधने (क्र्या.) धातु, वि+ज्ञा+क्त (त)= विज्ञात । अथवा विजानातीति *(जान्दछ)* वि+ज्ञा+क्त[3] (त), वर्तमानमा= विज्ञात ।

शब्दार्थ- जानिएको, थाह भएको, विदित, ज्ञान गरिएको, ख्याति प्राप्त गरेको, विख्यात, विश्रुत, प्रसिद्ध ।

विज्ञाता (वि.) विशेषेण जानातीति *(विशेषरूपले जान्दछ)* विपूर्वक ज्ञा अववोधने (क्र्या.) धातु, वि+ज्ञा+तृच् (तृ), विज्ञातृ= विज्ञाता ।

शब्दार्थ- राम्ररी जान्ने, विज्ञ, थाह पाउने, जानेवुझेको ।

विज्ञानम् (ना./न.) विशेषेण ज्ञायते इति *(राम्ररी जानिन्छ)* विपूर्वक ज्ञा अववोधने (क्र्या.) धातु, वि+ज्ञा+ल्युट् (अन)= विज्ञान । अथवा ज्ञायते इति *(जानिन्छ)* ज्ञा+ल्युट् (अन), ज्ञानम् । विशिष्टं ज्ञानम् *(विशिष्ट ज्ञान)* प्रा.त.स. =विज्ञान ।

विज्ञानं शिल्पशास्त्रयोः- इत्यमरः
विज्ञानं ब्रह्म इति- तै.उप. ५/१

शब्दार्थ- शिल्पशास्त्रसम्वन्धी ज्ञान, भौतिक पदार्थ र तत्त्वहरूको विवेचना गरिएको शास्त्र, प्रयोगात्मक ज्ञान, आत्माका पाँच कोशहरूमध्ये एउटा विज्ञानमय कोश, प्रज्ञा, परव्रह्म परमात्मा-विषयक ज्ञान, ईश्वर, आत्मा, वुद्धि ।

विज्ञानमयः (वि.) विज्ञानादागतः, विज्ञानस्य विकारः अवयवः वा प्रकृतं प्रचुरं विज्ञानम् *(विज्ञानबाट आएको, विज्ञानको विकार वा अवयव, पर्याप्त विज्ञान)* विज्ञान+मयट्[4] (मय)= विज्ञानमय ।

शब्दार्थ- विज्ञानले युक्त, विज्ञानवाट आएको, विज्ञान-सम्वन्धी, विज्ञानले परिपूर्ण ।

विज्ञानवादः (ना./पुं.) विज्ञानमुद्यते इति *(विज्ञान नै मुख्य हो भन्ने बताइन्छ)* विज्ञान उपपदपूर्वक वद व्यक्तायां वाचि (भ्वा.) धातु, विज्ञान+वद्+घञ् (अ), वृद्धि =विज्ञानवाद ।

शब्दार्थ- भौतिक विज्ञानलाई अत्यधिक महत्त्व दिइएको विचार, सिद्धान्त वा मत, विशिष्ट ज्ञानलाई महत्त्व दिएको शास्त्र ।

विज्ञानवादी (वि.) विज्ञानवादः अस्यास्तीति *(विज्ञानवाद मुख्य छ यसको)* विज्ञानवाद+इनि[5] (इन्), अकारलोप, विज्ञानवादिन्= विज्ञानवादी ।

शब्दार्थ- विज्ञानवादको अनुसरण गर्ने, विज्ञानवादको अनुयायी, विज्ञानवादमा विश्वास गर्ने ।

विज्ञानी (वि.) विज्ञानमस्यास्तीति *(विशिष्ट ज्ञान छ यसको)* विज्ञान+इनि[5] (इन्), अकारलोप, विज्ञानिन् =विज्ञानी ।

शब्दार्थ- विज्ञान जान्ने, विज्ञानवेत्ता, विज्ञानमा प्रवीण, विशिष्ट ज्ञान भएको ।

विज्ञापकः (वि.) विशेषेण ज्ञापयतीति *(विशेषरूपले जनाउ दिन्छ)* विपूर्वक ज्ञा अववोधने (क्र्या.) धातु, वि+ज्ञा+ णिचि, पुगागम[6], विज्ञापि+ण्वुल्[7] (अक), णिलोप=विज्ञापक ।

शब्दार्थ- विज्ञापन गर्ने, जनाउ दिने, सूचित गर्ने, प्रचार गर्ने, प्रचारक ।

विज्ञापनम् (ना./न.) विज्ञाप्यते, विज्ञापनमिति वा *(विज्ञापन गरिन्छ)* विपूवर्क ज्ञा अववोधने (क्र्या.) धातु, वि+ज्ञा+णिचि, पुक्[6], विज्ञापि+ल्युट् (अन), णिलोप= विज्ञापन ।

शब्दार्थ- विज्ञापन गर्ने काम, जनाउ वा सूचना दिने काम, सूचना, प्रचार प्रसारमाध्यमद्वारा जानकारी दिने काम ।

विज्ञापनदाता (वि./ना./पुं.) विज्ञापनं ददातीति *(विज्ञापन दिन्छ)* विज्ञापन उपपदपूर्वक डुदाञ् दाने (जुहो.) धातु, विज्ञापन+दा+तृच्[7] (तृ), विज्ञापनदातृ= विज्ञापनदाता ।

शब्दार्थ-विज्ञापन दिने, जनाउ दिने, विज्ञापन दिने व्यक्ति ।

---

[1] अचो यत् : यत्
[2] आतश्चोपसर्गे... : क
[3] मतिबुद्धिपूजार्थेभ्यश्च... : क्त
[4] मयट् च/तस्य विकारः/तत्प्रकृतवचने... : मयट्
[5] अत इनिठनौ : इनि
[6] अर्तिह्रीव्ली... : पुगागम
[7] ण्वुल्तृचौ : ण्वुल्/तृच्

विज्ञापनीयः (वि.) विज्ञाप्यते, विज्ञापितुं योग्यः वा *(विज्ञापन गरिन्छ, विज्ञापन दिन योग्य)* विपूर्वक ज्ञा अववोधने (क्र्या.) धातु, वि+ज्ञा+णिचि, पुगागम[१], विज्ञापि+अनीय (र्), णिलोप= विज्ञापनीय ।

शब्दार्थ- विज्ञापन गर्न उपयुक्त, जनाउ दिन सकिने, विज्ञाप्य, प्रचार गर्न लायक ।

विज्ञापितः (वि.) विज्ञाप्यते स्म इति *(विज्ञापन गरिएको)* विपूर्वक ज्ञा अववोधने (क्र्या.) धातु, वि+ज्ञा+णिचि, पुगागम[१], विज्ञापि+क्त (त), णिलोप, इडागम =विज्ञापित ।

शब्दार्थ- विज्ञापन गरिएको, जनाउ दिइएको, जानकारी गराइएको, प्रचारप्रसार गरिएको ।

विज्ञाप्यः (वि./ना./न.) विज्ञाप्यते, विज्ञाप्तुं योग्यमिति वा *(विज्ञापन गरिन्छ, विज्ञापन गर्न योग्य)* विपूर्वक ज्ञा अववोधने (क्र्या.) धातु, वि+ज्ञा+णिचि, पुगागम, विज्ञापि+यत्[२] (य), णिलोप= विज्ञाप्य ।

शब्दार्थ- विज्ञापन गर्न योग्य, जनाउ दिन लायक, प्रचार गर्न योग्य, विज्ञापनीय, अनुरोध, प्रार्थना, निवेदन

विज्ञेयः (वि.) विज्ञायते, विज्ञातुं योग्यः इति वा *(जानिन्छ, जान्न योग्य)* विपूर्वक ज्ञा अववोधने (क्र्या.) धातु, वि+ज्ञा+यत् (य), ज्ञाको ईत्व, गुण= विज्ञेय ।

शब्दार्थ- जान्न योग्य वा लायक, विशेषरूपले जान्नुपर्ने ।

विटः (वि./ना./पुं.) वेटति विलसतीति *(विलासी बन्छ)* विट शव्दे/आक्रोशे (भ्वा.) धातु, विट्+क[३] (अ)= विट ।

विटोऽद्रौ लवणे षिङ्गे मूषिके खदिरेऽपि च- इति मेदनी

शब्दार्थ- विलासी, कामुक, कामासक्त, लम्पट, धूर्त, पहाड, नुन, मुसो, खयर, जार, उपपति ।

विटङ्कः (ना./पुं./न.) विशेषेण टङ्क्यते अत्र *(विशेष प्रकारले बनाइन्छ)* विपूर्वक टकि वन्धने (चुरा.) धातु, वि+टङ्क्+घञ्[४] (अ)= विटङ्क ।

विटङ्कं पुंनपुंसकम्- इत्यमरः

शब्दार्थ- परेवा वस्न वनाइएको पिंजडा, परेवा वस्ने घरको गारो वा अन्य भागमा वनाइएको प्वाल, पिंजरा, परेवा वस्न काठ खोपेर वनाइएको प्वाल ।

विटपः (ना./पुं./न.) विटति, विटचते इति वा *(झाँगिन्छ, फैलिनु)* विट शव्दे (भ्वा.) धातु, विट्+कपन्[५] (अप), उणा.= विटप ।

अथवा विटं विस्तारं कामुकं वा पातीति *(आफ्नो विस्तारपनलाई वा कामुक व्यक्तिलाई रक्षा गर्छ)* विट उपपदपूर्वक पा रक्षणे (अदा.) धातु, विट+पा+क (अ), आकारलोप= विटप ।

शब्दार्थ- वृक्षको विस्तार, रूख, हाँगा, वोट, वृक्ष, कामुक व्यक्तिको संरक्षण गर्ने मानिस ।

विटपी (ना./पुं.) विटपः विटपशाखादिविस्तारः अस्यास्तीति *(शाखा विस्तार छ यस वृक्षको)* विटप+इनि[६] (इन्), अकारलोप, विटपिन्= विटपी ।

शब्दार्थ- रूख, वृक्ष, वोट, हाँगा, हाँगा फैलिएको रूख ।

विट्चरः (ना./पुं.) विषं विष्टां चरतीति *(विष्ठा खान्छ)* विट् उपपदपूर्वक चर गतिभक्षणयोः (भ्वा.) धातु, विट्+चर्+अच् (पचादि)= विट्चर ।

विट्चरः सूकरो ग्राम्यो वर्करः- इत्यमरः

शब्दार्थ- विष्ठा खाने गाउँको सुँगुर, ग्रामीण सूकर, विड्वराह ।

विडम्बः (ना/पुं.) विडम्व्यते, विडम्वनमिति वा *(नक्कल वा उपहास गरिन्छ)* विडम्व (चुरा.) धातु, विडम्व्+अ[७] (प्रत्यय)= विडम्व ।

शब्दार्थ- दुःख वा कष्ट दिने काम, उपहास, छद्मवेष, देखासिकी, नक्कल, छलकपट ।

विडम्बनम्/विडम्बना (ना./न./स्त्री.) विडम्व्यते, विडम्वनमिति वा *(नक्कल वा उपहास गरिन्छ)* विडम्व (चुरा.) धातु, विडम्व+ल्युट् (अन)= विडम्वन ।

विडम्व्+णिचि+युच् (अन), विडम्वन+टाप् (आ) =विडम्वना ।

शब्दार्थ- पीडा, उपहास, मजाक, धोका दिने काम, क्लेश, दुःख, वञ्चना, ठगी, अनुकरण, प्रतारण, आडम्वर देखाउने काम ।

विडम्बनीयः (वि.) विडम्व्यते, विडम्वयितुं योग्यः इति वा *(विडम्बना गर्न लायक)* विडम्व (चुरा.) धातु, विडम्व्+अनीय (र्)= विडम्वनीय ।

शब्दार्थ- विडम्वना गर्न योग्य, उपहास गर्न लायक, अनुकरणीय, दुःख दिन योग्य ।

विडम्बितः (वि.) विडम्व्यते स्म इति *(विडम्बना गरिएको)* विडम्व (चुरा.) धातु, विडम्व+क्त (त), इडागम =विडम्वित ।

शब्दार्थ- उपहास गरिएको, नक्कल वा अनुकरण गरिएको, दुःख वा पीडा दिइएको, विडम्वना गरिएको ।

विडम्बी (वि.) विडम्वः अस्यास्तीति *(विडम्बना छ यसको)* विडम्व्+इनि[६] (इन्), विडम्विन्= विडम्वी ।

शब्दार्थ- विडम्वना गर्ने, नक्कल वा अनुकरण गर्ने, देखासिकी गर्ने ।

विडालः (ना./पुं.) वेडति, विडचते इति वा *(आक्रोश गर्छ)* विड आक्रोशे (भ्वा.) धातु, विड्+कालन्[८] (आल), उणा.= विडाल ।

ओतुर्विडालो मार्जारो वृषदंशक आखुभुक्- इत्यमरः

शब्दार्थ- विरालो, मार्जार, ढाडे ।

---

१. अर्तिह्रीव्ली... : पुगागम

२. अचो यत् : यत्

३. इगुपधज्ञा... : क

४. हलश्च : घञ्

५. विटपविष्टप... : कपन्

६. अत इनिठनौ : इनि

७. गुरोश्च हलः : अ

८. तमिविशिविडि... : कालन्

विडौजाः (ना./पुं.) विशतीति *(प्रवेश गर्छ)* विश प्रवेशने (तुदा.) धातु, विश्+क्विप् (सर्वलोप), शको ष, ष्को ट, जश्त्व, विड् । ओजः एव *(तेज वा शक्ति नै)* ओजस्+अण् (अ), आदिवृद्धि, औजः । विडं व्यापकं औजः यस्य सः *(व्यापक तेज छ जसको)* विड्+औजस्, व.स., विडौजस्= विडौजा । अथवा विडतीति *(भेदन गर्छ)* विड भेदने (तुदा.) धातु, विड्+क (अ), विडः । विडं भेदकं ओजः यस्य *(भेदन गर्न सक्ने तेज छ जसको)* विड+ओजस्, व.स., वृद्धि, विडौजस्= विडौजा ।

शब्दार्थ-व्यापक तेज भएका इन्द्र, स्वर्गका राजा, देवेन्द्र ।

वितण्डा (ना./स्त्री.) वितण्डयते परपक्षः अनया *(शत्रुपक्षलाई पीडा दिइन्छ)* विपूर्वक तडि आघाते (भ्वा.) धातु, नुम्, वि+तण्ड्+अ[1] (प्रत्यय)+टाप् (आ) =वितण्डा ।

शब्दार्थ-आक्षेप लगाउने काम, निरर्थक तर्क-वितर्क, विनाकारण झैझगडा, बकवाद, व्यर्थको विवाद ।

विततः (वि.) वितन्यते स्म इति *(फैलिएको)* विपूर्वक तनु विस्तारे (तना.) धातु, वि+तन्+क्त (त), अनुनासिक नलोप= वितत ।

शब्दार्थ- व्यापकरूपले फैलिएको, विस्तीर्ण, विस्तृत, फिँजिएको, आच्छादित, ढाकिएको ।

वितथः (वि.) विगतं तथा सत्यं यस्मात् *(जसबाट तथ्य हटिसकेको छ)* प्रा.व.स., उ.प.लोप, समासान्त अच्[२] =वितथ ।

अथवा वितन्यते इति *(झूटो फैलाइन्छ)* वि+तन्+क्वथन् (अथ), वहुलप्रकारले, नलोप= वितथ ।

शब्दार्थ- झूटो, मिथ्या, असत्य, अतथ्य, तथ्य नभएको, व्यर्थ, निरर्थक ।

वितथवादी (वि.) वितथं वक्तुं शीलमस्येति *(झूटो बोल्ने स्वभाव वा शील भएको)* वितथ उपपदपूर्वक वद व्यक्तायां वाचि (भ्वा.) धातु, वितथ+वद्+णिनि[३] (इन्), वृद्धि, वितथवादिन्= वितथवादी ।

शब्दार्थ- झूटो वोल्ने, असत्यवक्ता, मिथ्यावादी ।

वितथ्यः (वि.) विगतं तथ्यं यस्मात् *(जसबाट तथ्य हटिसकेको छ)* प्रा.व.स., उ.प.लोप= वितथ्य ।

शब्दार्थ- असत्य, झूटो, तथ्य नभएको, तथ्यहीन, तथ्यरहित ।

वितरकः (वि.) वितरतीति *(वितरण गर्छ)* विपूर्वक तॄ प्लवनतरणयोः (भ्वा.) धातु, वि+तॄ+ण्वुल्[४] (अक), गुण= वितरक ।

शब्दार्थ- वितरण गर्ने, दिने, वण्डा गर्ने, बाँडफाँड गर्ने, वितरण व्यवस्था मिलाउने ।

वितरितः (वि.) वितीर्यते स्म इति *(वितरण गरिएको)* विपूर्वक तॄ प्लवनतरणयोः (भ्वा.) धातु, वि+तॄ+णिचि +क्त (त), इडागम, गुण, णिलोप= वितरित ।

शब्दार्थ- वितरण गरिएको, बाँडचुँण गरिएको, प्रदत्त, दिइएको, तारिएको ।

वितर्कः (ना./पुं.) वितर्क्यते इति *(वितर्क गरिन्छ)* विपूर्वक तर्क भाषार्थे (चुरा.) धातु, वि+तर्क्+णिचि+ अच् (एरच्), णिलोप= वितर्क ।

शब्दार्थ- तर्क, अनुमान, कसैले भनेका कुराको खण्डन गर्न दिइएको तर्क, तर्कवितर्क ।

वितर्कितः (वि.) वितर्क्यते स्म इति *(वितर्क गरिएको)* विपूर्वक तर्क भाषार्थे (चुरा.) धातु, वि+तर्क्+क्त (त), इडागम= वितर्कित ।

शब्दार्थ- वितर्क गरिएको, वादविवाद गरिएको, कसैले भनेका कुराको खण्डन गरिएको ।

वितर्क्यः (वि.) वितर्क्यते, वितर्कितुं योग्यः इति वा *(तर्क गर्न योग्य वा उपयुक्त)* विपूर्वक तर्क भाषार्थे (चुरा.) धातु, वि+तर्क्+ण्यत्[५] (य)= वितर्क्य ।

शब्दार्थ- तर्क गर्न योग्य वा लायक, तर्क गर्न सकिने, विचार गर्न उचित, विचार गर्न उपयुक्त ।

वितलम् (ना./न.) तालयति, तलतीति वा *(आधारित हुन्छ)* तल प्रतिष्ठायाम् (चुरा.) धातु, तल्+अच् (पचादि), तलम् । विशेषेण तलम् *(विशेषरूपले पृथ्वीको तल्लो भाग)* प्रा.त.स.= वितल ।

शब्दार्थ- पृथ्वीभन्दा तलका सातलोकमध्ये एक ।

वितस्तिः (ना./स्त्री.) वितस्यतीति *(फैलाउँछ, नाप्छ)* विपूर्वक तसु उपक्षये (दिवा.) धातु, वि+तस्+क्तिन् (ति)= वितस्ति ।

अङ्गुष्ठे सकनिष्ठे स्याद्वितस्तिर्द्वादशाङ्गुलः- इत्यमरः

शब्दार्थ- एक वित्ता, वाह्र अङ्गुलको नापो, बूढी औंलादेखि कान्छी औंलासम्म फैलाइएको नापो ।

वितानः (ना./त्रि./वि.) वितन्यते इति *(फैलिन्छ)* विपूर्वक तनु विस्तारे (तना.) धातु, वि+तन्+घञ् (अ), वृद्धि= वितान ।

वितानो यज्ञ उल्लोचे विस्तारे पुन्नपुंसकम्

क्लीवं वृत्तिविशेषे स्यात् स्त्रीलिङ्गो मन्दतुच्छयोः- इति मेदिनी

शब्दार्थ- विस्तार, फैलावट, प्रसार, पाल, चँदुवा, वटुवा, तुच्छ, उदास, हतोत्साह, खाली, रित्तो ।

वितीर्णः (वि.) वितीर्यते स्म इति *(पार गरिएको)* विपूर्वक तॄ प्लवनतरणयोः (भ्वा.) धातु, वि+तॄ+क्त (त), इत्व[६], दीर्घ[७], वितीर्त, निष्ठा तको न, णत्व= वितीर्ण ।

शब्दार्थ- तरिएको, पार भइएको, अवतरित, दिइएको, समर्पित ।

---

[1] गुरोश्च हलः : अ

[२] अच्प्रत्ययन्ववपूर्वात् : यससूत्रमा अच् योगविभागबाट अच्

[३] सुप्यजातौ...: णिनि

[४] ण्वुल्तृचौ : ण्वुल्

[५] ऋहलोर्ण्यत् : ण्यत्

[६] ऋत इद्धातो... : इत्व

[७] हलश्च : दीर्घ

वितृष्णः (वि.) विगता तृष्णा यस्य *(जसको तृष्णा छुटिसेकेको छ)* प्रा.ब.स., उ.प.लोप, ह्रस्व= वितृष्ण ।

शब्दार्थ- तृष्णा नभएको, इच्छारहित, कामनावाट मुक्त भएको, आसक्तिरहित ।

वितृष्णा (ना./स्त्री.) विगता तृष्णा *(तृष्णारहित)* प्रा.त.स. =वितृष्णा ।

शब्दार्थ- तृष्णारहित अवस्था, कामना वा इच्छारहित स्थिति, निष्कामना, निःस्पृहा, सन्तुष्टि ।

वित्रहा (ना./पुं.) वृत्रं हतवान् इति *(वृत्रासुरलाई मारेका)* वृत्रपूर्वक हन हिंसागत्योः (अदा.) धातु, वृत्र+हन्+क्विप् (सर्वलोप), वृत्रहन्= वित्रहा ।

शब्दार्थ- वृत्रासुरलाई वध गर्ने इन्द्र, देवेन्द्र ।

वित्तम् (ना./न./वि.) विन्दते/अवेदि इति वा *(पाउँछ, पाएको, विचार गरिएको)* विद्लृ लाभे (तुदा.) वा विद विचारणे (रुधा.) धातु, विद्+क्त[१] (त), नत्वाभाव[१] पक्षमा= वित्त ।

वित्तं क्लीवं धने वाच्यं लिङ्गं ख्याति विचारितम्- इति मेदिनी
द्रव्यं वित्तं स्वापतेयं रिक्थमृक्थं धनं वसु- इत्यमरः

शब्दार्थ- धनमाल, सम्पत्ति, द्रव्य, धन, अर्थ, उपलब्ध, पाएको, प्रसिद्ध, विचार गरिएको, ज्ञान पाएको, जानिएको ।

वित्तसाधनम् (ना./न.) वित्तस्य साधनम् *(वित्तको साधन)* ष.त.स.= वित्तसाधन ।

शब्दार्थ- वित्त आर्जन गर्ने साधन, धन कमाउने वस्तु ।

वित्तीयः (वि.) वित्ताय हितम् *(धनको लागि उपयोगी)* वित्त+छ (ईय)= वित्तीय ।

अथवा वित्ते भवः, वित्तस्य अयम् *(द्रव्यमा हुने, द्रव्यको यो)* वित्त+छ[२] (ईय)= वित्तीय ।

शब्दार्थ- वित्तसम्वन्धी, धनसित सम्वन्धित, वित्तको, धनसम्पत्तिको लागि उपयोगी हुने ।

विद् (वि.) वेत्तीति *(जान्दछ)* विद ज्ञाने (अदा.) धातु, विद्+क्विप् (सर्वलोप)= विद् ।

शब्दार्थ- जान्ने, वेत्ता, ज्ञाता, विज्ञ, विद्वान् ।

द्रष्टव्य- 'विद्' शब्द समासको अन्त्यमा पनि प्रयोग हुन्छ, जस्तै- वेदविद्, व्याकरणविद् आदि ।

विदः (वि./ना./पुं.) वेत्तीति *(जान्दछ)* विद ज्ञाने (अदा.) धातु, विद्+क[३] (अ)= विद ।

शब्दार्थ- जान्ने, ज्ञाता, विद्वान्, पण्डितजन, वुध, वुद्धिमान् व्यक्ति, वुधग्रह ।

विदग्धः (वि.) विशेषेण दहति स्म, दह्यते स्म इति *(विशेष किसिमले जलेको)* विपूर्वक दह भष्मीकरणे (भ्वा.) धातु, वि+दह्+क्त (त), कर्ता र भावमा, हको कुत्व घ तको ध, घको जशत्व ग= विदग्ध ।

शब्दार्थ- डढेको, आगोले भस्म भएको, पोलेको, पाकेको, नष्ट भएको, चतुर, निपुण, ज्यादै जान्ने, दक्ष, कुशल ।

विदर्भः (ना./पुं.) विशिष्टा दर्भाः कुशा यत्र *(विशेष प्रकारका कुशहरू छन् यहाँ)* ब.स.= विदर्भ ।

विगता दर्भा कुशा यत्र *(कुश वा झारपातसमेत नभएको)* प्रा.ब.स., उ.प.लोप= विदर्भ ।

शब्दार्थ- प्राचीन भारतको एक देशविशेष, विदर्भनिवासी, सुखा मरुभूमि, वढी कुशकाँस हुने क्षेत्र ।

विदलः (वि.) विदलतीति *(चिर्छ, चर्कन्छ)* विपूर्वक दल विदारणे (भ्वा.) धातु, वि+दल्+अच् (पचादि)=विदल ।

अथवा विगतं दलं यस्य *(जसको पात झरिसकेको छ)* ब.स.= विदल ।

शब्दार्थ- टुक्रा टुक्रा पार्ने, चिर्ने, दुई फ्याक पार्ने, विभक्त गर्ने, चर्किने, झारपात नभएको, पत्ररहित, पात झरेको ।

विदलनम् (ना./न.) विदलनम्, विदल्यते इति वा *(दल्नु, माड्नु)* विपूर्वक दल विदारणे (भ्वा.) धातु, वि+दल्+ल्युट् (अन)= विदलन ।

शब्दार्थ- टुक्रा पार्ने वा चिर्ने वा फोर्ने काम, माड्ने काम, वेसरी दल्ने काम, विभक्त गर्ने काम ।

विदलितः (वि.) विदल्यते स्म इति *(टुक्रा पारिएको)* विपूर्वक दल विदारणे (भ्वा.) धातु, वि+दल्+क्त (त), इडागम= विदलित ।

शब्दार्थ- टुक्रा पारिएको, चिरा चिरा पारिएको, चिरेको, माडिएको, दलिएको ।

विदारकः (वि./ना./पुं.) विदारयतीति इति *(चिराउछ)* विपूर्वक दृ विदारणे (क्र्या.) धातु, वि+दृ+णिचि, वृद्धि, विदारि+ण्वुल्[४] (अक), णिलोप= विदारक ।

शब्दार्थ- काठलाई चिरा पार्ने, काठ चिर्ने, फोर्ने, फल्याँटा पार्ने, चिर्ने आरो, काठ चिर्ने सिकर्मी ।

विदारणम् (ना./न.) विदार्यते इति *(चिरा पारिन्छ)* विपूर्वक दृ विदारणे (क्र्या.) धातु, वि+दृ+णिचि, वृद्धि, विदारि+ल्युट् (अन), णिलोप, णत्व= विदारण ।

शब्दार्थ- चिर्ने वा फोर्ने काम, टुक्र्याउने काम, दुःखकष्ट दिने काम, हत्या, लडाइँ ।

विदारितः (वि.) विदार्यते स्म इति *(फोरिएको)* विपूर्वक दृ विदारणे (क्र्या.) धातु, वि+दृ+णिचि+क्त (त), इडागम, वृद्धि, णिलोप= विदारित ।

शब्दार्थ- फोरिएको, चिरिएको, सताइएको, दुःख दिइएको ।

---

१. वित्तो भोगप्रत्यययो : क्त निपातन/नुदविदोन्द... : नत्वाभाव

२. तस्मै हितम्/गहादिभ्यश्च : छ

३. इगुपधज्ञा... : क

४. ण्वुल्तृचौ : ण्वुल्

विदिक्/विदिशा (ना./स्त्री.) दिग्भ्य: विनिर्गता *(दिशाबाट गएको)* विपूर्वक दिश अतिसर्जने (तुदा.) धातु, वि+दिश्+क्विप् (सर्वलोप), विदिश्, कुत्व= विदिक् । भागुरिमतवाट आप् निपातन हुँदा= विदिशा ।

दिशोर्मध्ये विदिक्स्त्रियाम्- इत्यमरः

शब्दार्थ- दुई दिशाको वीच या माझ, आग्नेय, नैऋत्यादि उपदिशाको कोण, प्राचीन दशार्ण देशको राजधानी ।

विदितः (वि.) विद्यते स्म इति *(जानिएको)* विद ज्ञाने (अदा.) धातु, विद्+क्त (त), इडागम निपातन =विदित ।

अथवा विद्यते इति *(जानिन्छ)* विद्+क्त[१] (त), वर्तमानमा= विदित ।

शब्दार्थ- जानिएको, ज्ञात, थाह पाइएको, सम्झेको, विद्वान्, प्रख्यात, प्रसिद्ध, नाउँ चलेको, ज्ञान भएको ।

विदीर्णः (वि.) विदीर्यते स्म इति *(चिरिएको, फोरिएको)* विपूर्वक दृ विदारणे (क्र्या.) धातु, वि+दृ+क्त (त), इत्व[२], दीर्घ[३], निष्ठा तको न, णत्व= विदीर्ण ।

शब्दार्थ- चिरेको, फोरेको, टुटेको, चिराचिरा पारेको, टुक्र्याइएको, खण्डखण्ड पारेको, चिरफार पारिएको ।

विदुरः (वि./ना./पुं.) वेति तच्छीलः (वेदनशील) *(जान्नमा निपुण)* विद ज्ञाने (अदा.) धातु, विद्+कुरच्[४] (उर) =विदुर ।

ज्ञाता तु विदुरो विन्दुः- इत्यमरः

शब्दार्थ- विद्वान्, वुद्धिमान्, निपुण, सिपालु, चलाख, विज्ञ, महाभारतका ज्ञानी विदुर, पाण्डुका कान्छाभाइ ।

विदुषी (ना./स्त्री.) वेत्ति तच्छीला वेदनशीला *(जान्नमा निपुण स्त्री)* विद ज्ञाने (अदा.) धातु, विद्+लट्, लट्को शतृ, शतृको वसु आदेश[५], विद्वस्+ङीप् (ई), वको उ (सम्प्रसारणवाट), विद् उस् ई, षत्व= विदुषी

शब्दार्थ- शिक्षित आइमाई, पढेलेखेकी नारी, विदुषी स्त्री, मनीषी स्त्री, पण्डिता ।

उदा. चाहन्छन् किन ती अनन्य विदुषी नेपालकी सुन्दरी- भृ.ख.का.३/३१

विदुष्मान् (वि.) विद्वांसः अस्मिन् सन्तीति *(विद्वान्हरू छन् यहाँ)* विद्वस्+मतुप् (मत्), विद्वस्का वको उ (सम्प्रसारणवाट), विद् उष् मत्, षत्व, विदुष्मत् =विदुष्मान् ।

शब्दार्थ- विद्वान्, शिक्षित, निपुण, प्रवीण, पठित, विज्ञ ।

विदूषकः (वि./ना./पुं.) विशेषेण दूषयति स्वं परं वा *(आफू वा अर्कालाई विशेष दोष दिन्छ)* विपूर्वक दुष वैकृत्ये (दिवा.) धातु, वि+दुष्+णिचि, दुषको ऊत्व[६], विदूषि+ण्वुल्[७] (अक), णिलोप= विदूषक ।

शब्दार्थ- दोष दिने, वदनाम गर्ने, ख्यालठट्टा गर्ने, दूषित पार्ने, परिहासक, नाटकको हास्यपात्र, हास्य कलाकार ।

विदूषणम् (ना./न.) विदुष्यते इति *(दोष दिइन्छ)* विपूर्वक दुष वैकृत्ये (दिवा.) धातु, वि+दुष्+णिचि, दुषको ऊत्व, विदूषि+ल्युट् (अन), णिलोप, णत्व = विदूषण ।

शब्दार्थ- दोष दिने काम, वातावरण दूषित पार्ने काम, मलिनीकरण, भ्रष्टाचार, दोषारोपण, खोट लगाउने काम ।

विदूषितः (वि.) विशेषेण दूष्यते स्म इति *(विशेषरूपले प्रदूषित भएको)* विपूर्वक दुष वैकृत्ये (दिवा.) धातु, वि+दुष्+णिचि, दुको ऊत्व, विदूषि+क्त (त), इडागम, णिलोप= विदूषित ।

शब्दार्थ- प्रदूषित भएको, सडिएको, विग्रेको, कुहेको, अपमानित, तिरस्कृत ।

विदेशः (ना./पुं.) विप्रकृष्टः देशः *(टाढाको देश, अर्को देश)* प्रा.त.स.= विदेश ।

शब्दार्थ- परदेश, आफ्नो देशभन्दा भिन्न देश, देशान्तर, अर्काको देश, अर्को देश ।

विदेशी (वि.) विदेशः अस्यास्तीति *(अर्काको देश छ यसको)* विदेश+इनि[८] (इन्), अकारलोप, विदेशिन् =विदेशी ।

शब्दार्थ-अर्काको देशको, परदेश निवासी, विदेशमा वस्ने ।

विदेहः (वि./ना./पुं.) विगतः देहः यस्य *(जसको देह छैन)* प्रा.व.स., उ.प.लोप= विदेह ।

शब्दार्थ- देह नभएको, शरीररहित, अचेत, विचेत, राजा जनक, प्राचीन मिथिलाप्रदेश ।

विदेहजा (ना./स्त्री.) विदेहात्जाता *(विदेह वा राजा जनकबाट पैदा भएकी)* जनी प्रादुर्भावे (दिवा.) धातु, विदेह+जन्+ड (अ), टिलोप, विदेहज+टाप् (आ)=विदेहजा ।

शब्दार्थ- जनकनन्दिनी, जानकी, सीता ।

विद्धः (वि.) विध्यते स्म इति *(छेडिएको)* व्यध ताडने (दिवा.) धातु, व्यध्+क्त (त), यको इ (सम्प्रसारणवाट), तको ध, जश्त्व= विद्ध ।

शब्दार्थ- छेडिएको, प्वाल पारेको, अङ्गभङ्ग भएको, जडेको, जडान गरेको ।

विद्यमानः (वि.) विद्यते इति *(रहन्छ)* वा विद्यमानं पदार्थमवलोकय *(विद्यमान पदार्थ हेर)* विद सत्तायाम् (दिवा.) धातु, विद्+शानच् (आन), शानच्को अगाडि श्यन् (य), विद्य आन, मुक्= विद्यमान ।

शब्दार्थ- वर्तमान, रहेको, अस्तित्व भएको, उपस्थित, स्थित, मौजुद, अवस्थित ।

---

[१] मतिबुद्धिपूजार्थे... : क्त
[२] ऋत इद्धातोः : इत्व
[३] हलश्च : दीर्घ
[४] विदिभिदिच्छिदे... : कुरच्
[५] विदेः शतुर्वसुः : वसु आदेश
[६] दोषो णौ : ऊत्व
[७] ण्वुल्तृचौ : ण्वुल्
[८] अत इनिठनौ : इनि

विद्यमानता (ना./स्त्री.) विद्यमानस्य भावः *(विद्यमान रहनाको विशेष स्थिति वा अवस्था)* विद्यमान+तल् (त)+टाप् (आ)= विद्यमानता ।

शब्दार्थ- वर्तमानता, उपस्थिति, कुनै कुरा अस्तित्वमा रहनाको स्थिति ।

विद्या (ना./स्त्री.) विदन्ति, विद्यते अनया इति *(यसद्वारा जान्दछन्, जानिन्छ)* विद ज्ञाने (अदा.) धातु, विद्+क्यप्[1] (य)+टाप् (आ)= विद्या ।

शब्दार्थ- ज्ञान, विज्ञान, शिक्षा, जान्ने काम, विशिष्ट ज्ञान, वेदादिशास्त्रको ज्ञान, ब्रह्मविद्या, चौसट्ठीकला विद्या, चौध विद्या ।

***द्रष्टव्य-* चौध विद्या निम्न छन्-**

अङ्गानि वेदाश्चत्वारो मीमांसा न्यायविस्तरः
पुराणं धर्मशास्त्रञ्च विद्या ह्येता चतुर्दश ।

विद्याकुशलः (वि.) विद्यायां कुशलः *(विद्यामा कुशल)* स.त.स.= विद्याकुशल ।

शब्दार्थ- विद्यामा निपुण, विद्वान्, विज्ञ, विद्यामा प्रवीण, शिक्षित, शास्त्रवेत्ता ।

विद्यागमः (ना./पुं.) विद्यायाः आगमः *(विद्याको प्राप्ति)* ष.त.स, दीर्घ= विद्यागम ।

शब्दार्थ- विद्याको प्राप्ति, विद्याको आर्जन, विद्याको उपलब्धि, ज्ञानप्राप्ति ।

विद्यागृहम् (ना./न.) विद्यायाः गृहम् *(विद्याको घर)* ष.त.स. = विद्यागृह ।

शब्दार्थ-विद्यामन्दिर, पढाउने स्थान, विद्याभवन, विद्यालय

विद्याचणः/विद्याचुञ्चुः (वि.) विद्यया वित्तः *(विद्याले धनवान्)* विद्या+चणप्[2] (चण)= विद्याचण । विद्या+चुञ्चुप्[2] (चुञ्चु)= विद्याचुञ्चु ।

शब्दार्थ- विद्याले धनवान्, विद्यामा निपुण वा प्रवीण, विद्या जान्ने, शास्त्रवेत्ता ।

विद्यादाता (वि.) ददातीति *(दिन्छ)* डुदाञ् दाने (जुहो.) धातु, दा+तृच्[3] (तृ), दातृ, दाता । विद्यायाः दाता (विद्या दिने गुरु) ष.त.स.= विद्यादाता ।

शब्दार्थ- पढाउने शिक्षक, अध्यापक, विद्या दिने (गुरु) ।

विद्यादानम् (ना./न.) विद्यायाः दानम् *(विद्याको दान)* ष.त.स.= विद्यादान ।

शब्दार्थ- विद्या दिने काम, पढाउने काम, शिक्षा दिने काम, अध्यापन गर्ने काम, शिक्षण कार्य ।

विद्यादेवी (ना./स्त्री.) विद्यायाः देवी *(विद्याकी अधिष्ठात्री देवी)* ष.त.स.= विद्यादेवी ।

शब्दार्थ- सरस्वती, भारती, विद्याकी अधिष्ठात्री देवी ।

विद्याधनम् (ना./न.) विद्या एव धनम् *(विद्या नै धन)* म.व्य.स.= विद्याधन ।

शब्दार्थ- विद्या नै मुख्य धनधौलत, विद्यारूपी धन ।

विद्याधरः (ना./पुं.) विद्यायाः धरः धारकः *(विद्याको धारक)* ष.त.स.= विद्याधर ।

शब्दार्थ- देवयोनिविशेष, विद्याधरजाति, अर्धदेवता ।

विद्यापीठम् (ना./न.) विद्यायाः पीठम् *(विद्याको पीठ वा केन्द्र)* ष.त.स.= विद्यापीठ ।

शब्दार्थ- विद्या प्रदान गर्ने ठूलो केन्द्र, शिक्षा प्रदान गर्ने मुख्य थलो, विश्वविद्यालय, महाविद्यालय, विद्यालय आदि शिक्षणसंस्था ।

विद्याप्राप्तिः (ना./स्त्री.) विद्यायाः प्राप्तिः *(विद्याको प्राप्ति)* ष.त.स.= विद्याप्राप्ति ।

शब्दार्थ- विद्यालाभ, विद्या-आर्जन ।

विद्याभ्यासः (ना./पुं.) विद्यायाः अभ्यासः *(विद्याको अभ्यास)* ष.त.स., दीर्घ= विद्याभ्यास ।

शब्दार्थ- विद्याको अध्ययन गर्ने काम, विद्याध्ययन ।

विद्यामन्दिरम् (ना./न.) विद्यायाः मन्दिरम् *(विद्याको मन्दिर)* ष.त.स.= विद्यामन्दिर ।

शब्दार्थ- पढाउने ठाउँ, पाठशाला, विद्यालय, महाविद्यालय, विश्वविद्यालय आदि ।

विद्यारम्भः (ना./पुं.) विद्यायाः आरम्भः *(विद्याको आरम्भ)* ष.त.स., दीर्घ= विद्यारम्भ ।

शब्दार्थ- विद्याको आरम्भ गर्ने काम, पढाइ प्रारम्भ गर्ने काम, वालकलाई अक्षरारम्भ गराउने संस्कार, पढाइ गर्न थाल्ने काम ।

विद्यार्जनम् (ना./न.) विद्यायाः आर्जनम् *(विद्याको आर्जन)* ष.त.स., दीर्घ= विद्यार्जन ।

शब्दार्थ- पढ्ने काम, विद्या हासिल गर्ने काम, शिक्षा लिने काम, विद्याप्राप्ति ।

विद्यार्थी (ना./पुं./वि.) विद्यामर्थितुं शीलमस्य *(विद्या आर्जन गर्ने शील छ यसको)*, विद्यामर्थयते तच्छीलः *(विद्याध्ययन गर्ने शील छ)* विद्या उपपदपूर्वक अर्थ उपयाञ्चायाम् (चुरा.) धातु, विद्या+अर्थ्+णिनि[4] (इन्), दीर्घ, विद्यार्थिन्= विद्यार्थी ।

शब्दार्थ- अध्ययन वा पढाइ गर्ने व्यक्ति, विद्या आर्जन गर्ने व्यक्ति, अध्ययनरत छात्र, अध्ययन गर्न चाहने व्यक्ति, विद्याको चाहना गर्ने, पढ्न खोज्ने, विद्याको कामना गर्ने ।

विद्यानिपुणः/विद्याप्रवीणः (वि.) विद्यायां निपुणः/विद्यायां प्रवीणः *(विद्यामा निपुण/विद्यामा प्रवीण)* स.त.स. =विद्यानिपुण/विद्याप्रवीण ।

शब्दार्थ- विद्यामा प्रवीण वा निपुण, विद्याकुशल, विद्यामा दक्ष वा विशेषज्ञ, विद्वान्, विचक्षण ।

विद्याप्राप्तः (वि.) विद्यां प्राप्त *(विद्या प्राप्त गरेको)* द्वि.त.स[5].= विद्याप्राप्त ।

शब्दार्थ- पढेको, शिक्षित, विद्या प्राप्त गरेको, विद्वान् ।

---

[1] संज्ञायां समजनिषदनिपत... : क्यप्
[2] तेन वित्तश्चुञ्चुप्चणपौ : चणप्/चुञ्चुप्
[3] ण्वुल्तृचौ : तृच्
[4] सुप्यजातौ... : णिनि
[5] द्वितीयाश्रितातीत... : द्वि.त.स.

विद्यालयः (ना./पुं.) विद्यायाः आलयः (विद्याको घर) ष.त.स., दीर्घ= विद्यालय ।

शब्दार्थ- विद्यागृह, विद्यामन्दिर, पाठशाला, विद्या अध्ययन गर्ने स्थान, पढाउने स्थान, पढाउने शिक्षण संस्था ।

विद्यालयीयः (वि.) विद्यालये भवः, विद्यालयस्य अयम् *(विद्यालयमा हुने वा भएको, विद्यालयको यो)* विद्यालय +छ[1] (ईय)= विद्यालयीय ।

शब्दार्थ-विद्यालयमा भएको, विद्यालयसम्वन्धी, विद्यालयको ।

विद्यालाभः (ना./पुं.) विद्यायाः लाभः *(विद्याको लाभ)* ष.त.स.= विद्यालाभ ।

शब्दार्थ- विद्याप्राप्ति, विद्या आर्जन ।

विद्यावान् (वि.) विद्या अस्ति अस्य *(विद्या छ यसको)* विद्या+मतुप्[2] (मत्), मको व, विद्यावत्= विद्यावान् ।

शब्दार्थ- विद्या जान्ने, विद्या हासिल गरेको, विद्यामा निपुण, शास्त्रज्ञ, पण्डित, विद्वान्, सुधी ।

विद्यावारिधिः (ना./पुं.) विद्यायां वारिधिः *(विद्यामा सागर)* स.त.स.= विद्यावारिधि ।

शब्दार्थ- अगाध विद्या हासिल गर्ने काम, विश्वविद्यालयवाट प्रदान गरिने विशेष उपाधि (पीएच.डी.) हासिल गर्ने काम ।

विद्यावृद्धः (वि.) विद्यया, विद्यायां वृद्धः *(विद्याले वृद्ध वा विद्यामा वृद्ध)* तृ.त.स./स.त.स.= विद्यावृद्ध ।

शब्दार्थ- विद्याले वृद्ध, विद्यामा सवभन्दा वढी जान्ने ।

विद्याश्रमः (ना./पुं.) विद्यायाः आश्रमः *(विद्याको आश्रम)* ष.त.स., दीर्घ= विद्याश्रम ।

शब्दार्थ- विद्या अध्ययन गर्ने स्थान, विद्यालय, गुरुकुल, विद्यामन्दिर, आवासीय विद्यालय ।

विद्याहीनः/विद्याविहीनः (वि) विद्यया हीनः/विद्यया विहीनः *(विद्याले रहित)* तृ.त.स.= विद्याहीन/ विद्याविहीन ।

शब्दार्थ- विद्यारहित, नपढेको, अनपढ, अशिक्षित, शिक्षा हासिल नगरेको, अपठित ।

विद्युत् (ना./स्त्री.) विशेषेण द्योतते विद्योतते तच्छीलः *(विशेष रूपले चम्कन्छ, द्योतनशील छ)* विपूर्वक द्युत दीप्तौ (भ्वा.) धातु, वि+द्युत्+क्विप्[3] (सर्वलोप) =विद्युत् ।

शब्दार्थ- विजुली, विजुलीको लहर, विद्युत् शक्ति, सौदामिनी, चपला, तडित् ।

विद्युच्छक्तिः (ना./स्त्री.) विद्युतः शक्तिः *(बिजुलीबाट प्राप्त शक्ति)* ष.त.स.= विद्युच्छक्ति ।

शब्दार्थ- विजुलीवाट प्राप्त शक्ति, ऊर्जाशक्ति ।

विद्युतीयः (वि.) विद्युतः अयम् *(बिजुलीको यो)* विद्युत्+छ[1] (ईय)= विद्युतीय ।

शब्दार्थ- विद्युत्सम्वन्धी, विद्युत्को ।

विद्युत्वितरकः (ना./पुं.) विद्युतं वितरतीति *(बिजुली वितरण गर्छ)* विद्युत् उपपदमा हुने विपूर्वक तॄ प्लवनतरणयोः (भ्वा.) धातु, वि+तॄ+ण्वुल्[4] (अक), गुण =विद्युत्वितरक ।

शब्दार्थ- विजुली वितरण गर्ने व्यक्ति, विजुली उपलव्ध गराउने साधन ।

विद्युत्स्तम्भः (ना./पुं.) विद्युतः स्तम्भः *(बिजुलीको तार राख्ने स्तम्भ)* ष.त.स.= विद्युत्स्तम्भ ।

शब्दार्थ- विजुलीको तार राख्दै लाने खम्वा, विजुलीको पोल वा लट्ठा ।

विद्युन्मापकः (ना./पुं.) विद्युतं मापयतीति *(बिजुलीको शक्ति नाप्छ)* विद्युत् उपपदपूर्वक माङ् माने शव्दे च (जुहो.) धातु, विद्युत्+मा+णिचि, पुगागम, विद्युत्मापि +ण्वुल्[4] (अक), णिलोप, तको न (अनुनासिकत्व) =विद्युन्मापक ।

शब्दार्थ- विद्युत् शक्ति नाप्ने यन्त्र, विजुलीको खपत वा लागत खर्च नाप्ने यन्त्र वा मिटर ।

विद्युन्माला (ना./स्त्री.) विद्युतः माला *(बिजुलीको मालाकार प्रकाश)* ष.त.स., तको न, अनुनासिकत्व =विद्युन्माला ।

शब्दार्थ- मालाकार रूपमा राखिएको विजुलीको प्रकाश, पङ्क्ति मिलाएर राखिएको विजुलीको लहर, एक वार्णिक छन्द (जसको प्रत्येक पाउमा दुईटा मगण र दुईटा गुरुवर्ण हुन्छन्) ।

विद्योतनम् (ना./न.) विद्योत्यते इति *(प्रकाशित पार्छ, चम्काउँछ)* विपूर्वक द्युत दीप्तौ (भ्वा.) धातु, वि+द्युत्+णिचि, गुण, विद्योति+ल्युट्/युच्[5] (अन), णिलोप= विद्योतन ।

शब्दार्थ- चम्काउने काम, प्रकाश छर्ने काम ।

विद्योपार्जनम् (ना./न.) विद्यायाः उपार्जनम् *(विद्याको आर्जन गर्ने काम)* विद्या+उपार्जन, ष.त.स., गुण =विद्योपार्जन ।

शब्दार्थ-विद्या हासिल गर्ने काम, विद्या आर्जन गर्ने क्रिया ।

विद्योपासनम् (ना./न.) विद्यायाः उपासनम् *(विद्याको उपासना वा अध्ययन)* ष.त.स.= विद्योपासन ।

शब्दार्थ- विद्याको उपासना, विद्याध्ययन, पढ्ने काम, विद्या आर्जन गर्ने काम ।

विद्रुमः (ना./पुं.) विशिष्टः द्रुमः *(विशेष प्रकारको रूख)* प्रा.त.स.= विद्रुम ।

अथवा विशिष्टे द्रौ वृक्षे भवः *(विशेष प्रकारको रूखमा भएको)* वि+द्रु+म[6] (प्रत्यय)= विद्रुम ।

विद्रुमो रत्नवृक्षेऽपि प्रवालेऽपि पुमानयम्- इति मेदिनी

शब्दार्थ- रूखका पालुवा, कोपिला, पिपिरा, मुना, किसलय, मुँगा, प्रवाल, मुँगाको वृक्ष, रत्नजडित रूख ।

---

[1] गहादिभ्यश्च : छ

[2] तदस्यास्त्यस्मिन्... : मतुप्

[3] भ्राजभासधुर्वि... : क्विप्

[4] ण्वुल्तृचौ : ण्वुल्

[5] ण्यासश्रन्थो.. : युच्

[6] द्युद्रुभ्यां मः : म

विद्रोहः (ना./पुं.) विशेषेण द्रुह्यते इति *(विशेषरूपले द्रोह गरिन्छ)* विपूर्वक द्रुह जिघांसायाम् (दिवा.) धातु, वि+द्रुह्+घञ् (अ), गुण= विद्रोह ।

शब्दार्थ- क्रान्ति, राज्यविप्लव, शासनसत्ता पल्टाउने काम, विरोध, विद्वेष ।

विद्रोहात्मकः (वि.) विद्रोहः आत्मा यस्य *(विद्रोह नै मुख्य छ जसको)* विद्रोह+आत्मन्, ब.स., दीर्घ, विद्रोहात्मन् +कप् (समासान्त), नलोप= विद्रोहात्मक ।

शब्दार्थ- विरोध गर्ने, आतङ्क मच्चाउने, विद्रोह गर्ने, शान्तिभङ्ग गर्ने ।

विद्रोही (वि.) विशेषेण द्रुह्यतीति *(विशेषरूपले द्रोह गर्छ)* विपूर्वक द्रुह जिघांसायाम् (दिवा.) धातु, वि+द्रुह्+ णिनि[१] (इन्), गुण, विद्रोहिन्= विद्रोही ।

शब्दार्थ- विद्रोह गर्ने, आतङ्क मच्चाउने, क्रान्ति गर्ने, राज्यद्रोही, विप्लवी, विद्वेष गर्ने ।

विद्वच्छिरोमणिः (ना./पुं.) विद्वत्सु विदुषां वा शिरोमणिः *(विद्वान्हरूमा शिरोमणि)* स.त.स./ष.त.स., सको द, चर्त्व, श्चुत्व= विद्वच्छिरोमणि ।

शब्दार्थ- विद्वान्हरूमा सवभन्दा जान्ने व्यक्ति, विद्वान्हरूमा श्रेष्ठ व्यक्ति, सवभन्दा विद्वान् व्यक्ति ।

विद्वज्जनः (ना./पुं.) विद्वान्नेव जनः *(विद्वान् नै जन)* विद्वस्+जन, म.व्य.स., सको द, श्चुत्व= विद्वज्जन ।

शब्दार्थ- विद्वान्पुरुष, बुद्धिमान् मानिस, ज्ञानी, पण्डित ।

विद्वत् (विद्वस्, विद्वान्) (वि.) वेत्तीति *(जान्दछ)* विद ज्ञाने (अदा.) धातु, विद्+लट्, लट्को शतृ[२], शतृको वसु आदेश[३]= विद्वस् ।

सको द[४], चर्त्वबाट दको त= विद्वत् (नपुं.लि.) ।

विद्वान्= पुं.लि.।

शब्दार्थ- जान्ने, निपुण, ज्ञानवान् ।

विद्वत्तमः (वि.) अयमेषामतिशयेन विद्वान् *(यो यिनीहरूमा ज्यादै विद्वान्)* विद्वस्+तमप्[५] (तम), सको द, चर्त्व =विद्वत्तम ।

शब्दार्थ- ज्यादै ठूलो विद्वान्, सवैभन्दा ठूलो विद्वान्, ख्यातिप्राप्त विद्वान् ।

विद्वत्ता (ना./स्त्री.)/**विद्वत्त्वम्** (ना./न.) विदुषः भावः *(विद्वान् हुनाको भाव वा अवस्था)* विद्वस्+तल् (त), सको द, चर्त्व, विद्वत्त+टाप् (आ)= विद्वत्ता ।

विद्वस्+त्व, सको द, चर्त्व= विद्वत्त्व ।

शब्दार्थ- पाण्डित्य, विद्वान्को अवस्था, ज्ञान, प्राज्ञत्व ।

विद्वत्परिषद्/विद्वत्सभा/विद्वत्समितिः (ना./स्त्री.) विदुषां परिषद्/विदुषां सभा/विदुषां समितिः *(विद्वान्हरूको परिषद्, सभा तथा समिति)* स.त.स., सको द, चर्त्व=विद्वत्परिषद्/विद्वत्सभा/विद्वत्समिति ।

शब्दार्थ- विद्वान्हरूको परिषद्, विद्वान्हरूको समिति, प्राज्ञसभा, पण्डितसमाज ।

विद्वत्वर्गः (ना./पुं.) विदुषां वर्गः *(विद्वान्हरूको समुदाय)* ष.त.स., सको द, चर्त्व त= विद्वत्वर्ग ।

शब्दार्थ- विद्वान्हरूको मण्डली, विद्वान्हरूको समूह वा समुदाय, विद्वत्समाज, विद्वन्मण्डली ।

विद्वत्वृत्तिः (ना./स्त्री.) विद्वद्भ्यः वृत्तिः *(विद्वान्हरूलाई दिइने वृत्ति)* विद्वस्+वृत्ति, सको द, चर्त्व त= विद्वत्वृत्ति

शब्दार्थ- विद्वान्हरूलाई जीवन धान्न दिइने वृत्ति, भत्ता वा आर्थिक अनुदान ।

विद्वस्/विद्वान् (वि.) व्यु.हे. विद्वत् ।

शब्दार्थ- पण्डित, ज्ञानी, जान्ने, विद्वान्, मनीषी, शास्त्रवेत्ता, सुधी, तत्त्वज्ञ, वुद्धिमान् ।

विद्वेषः (ना./पुं.) विद्वेषणम्, विद्विष्यते इति वा *(विरोध गरिन्छ)* विपूर्वक द्विष अप्रीतौ (अदा.) धातु, वि+द्विष् +घञ् (अ), गुण= विद्वेष ।

शब्दार्थ- शत्रुता, वैमनस्यता, घृणा, द्वेष, वैरभाव, द्रोह, विरोध, डाह, झैझगडा ।

विद्वेषकः (वि.) विशेषेण द्वेष्टि इति *(विशेष द्वेष गर्छ)* विपूर्वक द्विष अप्रीतौ (अदा.) धातु, वि+द्विष्+ण्वुल्[६] (अक), गुण= विद्वेषक ।

शब्दार्थ- विरोध गर्ने, द्वेष गर्ने, रिस गर्ने, डाह गर्ने, वैरभाव गर्ने, ईर्ष्यालु ।

विद्वेषी (वि.) विद्वेष्टीति *(विद्वेष गर्छ)* विपूर्वक द्विष अप्रीतौ (अदा.) धातु, वि+द्विष्+णिनि (इन्), गुण= विद्वेषी ।

अथवा विद्वेषः अस्यास्तीति *(विरोध छ यसको)* विद्वेष+इनि[७] (इन्), विद्वेषिन्= विद्वेषी ।

शब्दार्थ- इर्ष्या गर्ने, डाह गर्ने, रिस गर्ने, विरोधी, ईष्यालु, घृणा गर्ने ।

विधः (ना./पुं.) विधत्ते, विधीयते इति वा *(धारण गर्छ वा गरिन्छ)* विपूर्वक डुधाञ् धारणपोषणयोः (जुहो.) धातु, वि+धा+क/अङ्[८] (अ), आकारलोप= विध ।

शब्दार्थ- प्रकार, तरिका, ढङ्ग ।

द्रष्टव्य- 'विध' शब्द समासको अन्त्यमा अर्को शब्दसित जोडिएर पनि आउँछ, जस्तैः- वहुविध, नानाविध आदि ।

विधर्मः (ना./पुं.) विगतः धर्मः *(आफ्नो धर्म नभएको)* प्रा.त.स.= विधर्म ।

शब्दार्थ- अर्काको धर्म, स्वधर्मभन्दा भिन्न धर्म, परधर्म, आफूले नमानेको धर्म ।

विधर्मी (वि.) विधर्मः अस्यास्तीति *(अर्काको धर्म छ यसको)* विधर्म+इनि[७] (इन्), अकारलोप= विधर्मी ।

शब्दार्थ- आफ्नो धर्म नमान्ने, परधर्म अवलम्वन गर्ने, धर्मभ्रष्ट, स्वधर्म विरोधी, धर्मच्युत, अधर्मी ।

---

१. नन्दिग्रहिपचादि... : णिनि

२. लटः शतृशानचाव.. : शतृ

३. विदेः शतुर्वसुः : वसु आदेश

४. वसुस्रंसुध्वंसु... : सको द

५. अतिशायने तमबिष्ठनौ : तमप्

६. ण्वुल्तृचौ : ण्वुल्

७. अत इनिठनौ : इनि

८. आतश्चोपसर्गे : अङ्

विधवा (ना./स्त्री.) विगतः धवः पतिर्यस्याः सा *(जसको पति परलोक भएको छ)* प्रा.ब.स., उ.प.लोप, विधव+टाप् (आ)= विधवा ।

शब्दार्थ- लोग्ने मरेकी आइमाई, पतिहीन नारी ।

विधवाविवाहः (ना./पुं.) विधवायाः विवाहः *(विधवा स्त्रीको विवाह)* ष.त.स.= विधवाविवाह ।

शब्दार्थ- विधवा स्त्रीले फेरि अर्को विहे गर्ने काम, पुनर्विवाह ।

विधवाश्रमः (ना./पुं.) विधवायाः आश्रमः *(विधवाको आश्रम)* ष.त.स., दीर्घ= विधवाश्रम ।

शब्दार्थ- विधवाहरूको वस्ने आश्रम, निःसहाय विधवाहरूलाई आश्रय दिने स्थान ।

विधा (ना./स्त्री.) विधीयन्ते कर्माणि अनया *(यसद्वारा कर्महरू गरिन्छन्)* विपूर्वक डुधाञ् धारणपोषणयोः (जुहो.) धातु, वि+धा+अङ्[1] (अ), आलोप, विध+टाप् (आ)= विधा ।

विधा गजान्ने ऋद्धौ च प्रकारे वेतने विधौ- इति विश्वः
कर्मण्या तु विधा भृत्या भृतयो भर्म वेतनम् ।
विधा समृद्धौ- इत्यमरः

शब्दार्थ- वेतन, तलव, अंश, भाग, समृद्धि, सम्पन्नता, मजदूरी, ज्याला, रचना, सृष्टि, ढङ्ग, तरिका, प्रकार, साहित्यका प्रचलित प्रकारहरू- गद्यविधा, पद्यविधा, नाटचविधा आदि ।

विधाता (वि./ना./पुं.) विधत्ते इति *(रचना गर्छ, धारण गर्छ)* विपूर्वक डुधाञ् धारणपोषणयोः (जुहो.) धातु, वि+धा+तृच्[2] (तृ), विधातृ= विधाता ।

शब्दार्थ- प्रवन्ध गर्ने, व्यवस्थापक, सृष्टिकर्ता, व्रह्मा, ईश्वर, भाग्य, प्रारव्ध, दैव ।

उदा. **विधाताको हाम्रा उपर करूणा गौरव छँदै-**
त.त. १९/७

विधानम् (ना./न.) विधीयते, विधानमिति वा *(आयोजना गरिन्छ, विधिनिर्माण गरिन्छ)* विपूर्वक डुधाञ् धारणपोषणयोः (जुहो.) धातु, वि+धा+ल्युट् (अन) =विधान ।

शब्दार्थ- व्यवस्था गर्ने काम, अनुष्ठान, प्रवन्ध, विधिनिर्माण गर्ने काम, निर्माण, सृष्टि, संरचना, शासनविधि, नियमकानुन ।

विधानपरिषद्/विधानसभा (ना./स्त्री.)/**विधानमण्डलम्** (ना./न.) विधानाय परिषद् वा सभा वा मण्डलम् *(विधान बनाउनको लागि परिषद् वा सभा वा मण्डल)* च.त.स. =विधानपरिषद्/विधानसभा /विधानमण्डल ।

शब्दार्थ- कानुन निर्माणका लागि निर्वाचित वा मनोनित प्रतिनिधिहरूको परिषद् वा सभा वा मण्डल, विधान वनाउने निकाय, तल्लो सदन, व्यवस्थापिका सभा ।

विधायकः (वि./ना./पुं.) विधत्ते इति *(निर्माण गर्छ, धारण गर्छ)* विपूर्वक डुधाञ् धारणपोषणयो (जुहो.) धातु, वि+धा+ ण्वुल् (अक), युक्[3]= विधायक ।

शब्दार्थ- विधान बनाउने, व्यवस्था मिलाउने, कानुन वनाउने, प्रवन्धक, विधिनिर्माता, संसद् वा व्यवस्थापिकाको सदस्य ।

विधायनम् (ना./न.) विधाय्यते, विधायनमिति वा *(विधान बनाइन्छ)* विपूर्वक डुधाञ् धारणपोषणयोः (जुहो.) धातु, वि+धा+णिचि, युक्, विधायि+ल्युट् (अन), णिलोप= विधायन ।

शब्दार्थ- विधान बनाउने काम, व्यवस्थापिकाद्वारा विधान निर्माण गर्ने काम, आश्रय दिने स्थान ।

विधायिका (ना./स्त्री.) विधत्ते इति *(निर्माण गर्छ, धारण गर्छ)* विपूर्वक डुधाञ् धारणपोषणयोः (जुहो.) धातु, वि+धा+ण्वुल् (अक), युक्, विधायकः । विधायक+टाप् (आ), ककारपूर्वका अकारको इत्व= विधायिका ।

शब्दार्थ- विधान निर्माण गर्ने सभा, प्रतिनिधिसभा, व्यवस्थापिका ।

विधिः (ना./पुं.) विधीयते इति *(विधान गरिन्छ)* विपूर्वक डुधाञ् धारणपोषणयोः (जुहो.) धातु, वि+धा+कि[4] (इ), आलोप= विधि ।

शब्दार्थ- तरिका, रीति, ढङ्ग, अनुष्ठान, आदेश, व्यवस्था, धार्मिक विधिविधान, आचरण, व्यवहार, सृष्टि, भाग्य, विधान, कानुन ।

विधिज्ञः (वि.) विधिं जानातीति *(विधि जान्दछ)* विधि उपपदपूर्वक ज्ञा अववोधने (क्र्या.) धातु, विधि+ज्ञा +क (अ), आलोप= विधिज्ञ ।

शब्दार्थ- नियम जान्ने, कानुनवेत्ता, विधिवेत्ता ।

विधिनिषेधः (ना./पुं.) विधिश्च विषेधश्च *(विधि र निषेध)* द्व.स.= विधिनिषेध ।

अथवा विधिना निषेधः *(विधिद्वारा निषेध)* तृ.त.स. =विधिनिषेध ।

शब्दार्थ- विधि र निषेध, गर्न हुने र नहुने काम कुरा, विधिद्वारा निषेध, कानुनले लगाएको प्रतिवन्ध ।

विधिपूर्वकम् (अव्य./वि.) विधेः पूर्वकम् *(विधिकै अनुकूल)* ष.त.स.= विधिपूर्वक ।

शब्दार्थ- विधिअनुसार, विधिवत्, नियम-कानुनको अनुकूल भएको, विधि अनुकूल रहेको ।

विधिभङ्गः (ना./पुं.) विधेर्भङ्गः *(विधिको भङ्ग वा उल्लङ्घन)* ष.त.स.= विधिभङ्ग ।

शब्दार्थ- कानुनको उल्लङ्घन, विधिको अवहेलना, नियम विपरीतको कामकाज, नियम प्रतिकूल हुने कामकुरा ।

---

[1] आतश्चोपसर्गे.. : अङ्

[3] आतो युक् : युक्

[2] ण्वुल्तृचौ : तृच्

[4] उपसर्गे घोः किः : कि

विधिवत् (अव्य.) विधिमर्हतीति *(विधिअनुरूप हुन योग्य)* विधि+वति[1] (वत्)= विधिवत् ।

शब्दार्थ- विधिअनुसार, कानुनअनुसार, विधिपूर्वक, विधि अनुरूप ।

विधिवशात् (अव्य.) विधेर्वशात् *(विधिको वशबाट)* ष.त.स. = विधिवशात् ।

शब्दार्थ-संयोगवश, विधिनियमको कारणवस, भाग्यवश ।

विधिविधानम् (ना./न.) विधेर्विधानम् *(विधिको विधान)* ष.त.स.= विधिविधान ।

अथवा विधिश्च विधानश्च *(विधि र विधान)* द्व.स. =विधिविधान ।

शब्दार्थ- कानुनी व्यवस्था, कानुनद्वारा निर्धारित व्यवस्था, अनुष्ठानसम्वन्धी विधान, कर्मको फल ।

विधिविपरीतः (वि.) विधेः विपरीतः *(विधिको विपरीत)* ष.त.स.= विधिविपरीत ।

शब्दार्थ- नियमविपरीत, नियम मिचेर गरेको ।

विधिशास्त्रम् (ना./न.) विधेः शास्त्रम् *(कानुनसम्वन्धी शास्त्र)* ष.त.स.= विधिशास्त्र ।

शब्दार्थ-कानुनसम्वन्धी शास्त्र, कानुनसम्वन्धी नीतिनियम

विधिहीनः (वि.) विधिना हीनः *(विधिले हीन)* तृ.त.स. =विधिहीन ।

शब्दार्थ- नियम विपरीत, विधिरहित ।

विधुः (ना./पुं.) विध्यति दैत्यान् विरहिणम् वा *(दैत्य वा विरहिजनलाई ताडना गर्छन् वा पीडित बनाउँछन्)* व्यध ताडने (दिवा.) धातु, व्यध्+कु[2] (उ), उणा., यको इ (सम्प्रसारणवाट)= विधु ।

अथवा विशेषेण धयन्ति एनन् *(विशेषरूपले पान गर्छन्)* विपूर्वक धेट् पाने (भ्वा.) धातु, वि+धे+कु (उ), वहुलप्रकारले, उणा., आत्व, आलोप= विधु ।

विधुः शशाङ्के कपूरि हृषीकेशे च राक्षसे- इति विश्वः

शब्दार्थ- चन्द्रमा, राक्षस, कपूर, व्रह्मा, विष्णु, हृषीकेश ।

विधुरः (वि.) विगता धूः भारः यस्मात् *(जसबाट दायित्व वा भार हटिसकेको छ)* प्रा.व.स., उ.प.लोप, समासान्त अच्= विधुर ।

शब्दार्थ- दुःखी, विपद्ग्रस्त, शोकाकुल, स्वास्नी मरेको, राँडो, व्याकुल, विरही, विस्वल ।

विधूतः (वि.) विधूनोति स्म इति *(हल्लेको)* विपूर्वक धूञ् कम्पने (स्वा.) धातु, वि+धू+क्त (त)= विधूत ।

शब्दार्थ- हल्लेको, तरङ्गित, उथुलपुथुल भएको, हटेको ।

विधेयः (वि./ना./न.) विधीयते, विधातुं योग्यः शक्यः वेति वा *(गर्न योग्य वा गर्न सकिने)* विपूर्वक डुधाञ् धारणपोषणयोः (जुहो.) धातु, वि+धा+यत्[3] (य), धाको ईत्व, गुण= विधेय ।

शब्दार्थ- गर्न योग्य वा लायक, गर्नुपर्ने, गर्नसकिने, कर्तव्य, अनुष्ठेय, वाक्य पूरागर्ने क्रिया ।

विधेयकः (ना./पुं.) विधातुं योग्यः *(गर्न योग्य वा गर्न सकिने)* विपूर्वक डुधाञ् धारणपोषणयोः (जुहो.) धातु, वि+धा+यत् (य), ईत्व, गुण, विधेयः । विधेयः एव *(गर्न योग्य नै)* विधेय+कन् (क), स्वार्थमा= विधेयक ।

शब्दार्थ- पारित वा स्वीकृत गर्न प्रस्तावित नियम कानुनको मस्यौदा वा प्रारम्भिक रूपरेखा ।

विध्वंसः (ना./पुं.) विध्वस्यते, विध्वंसनमिति *(विध्वंस गरिन्छ)* विपूर्वक ध्वंसु अवस्रंसने गतौ च (भ्वा.) धातु, वि+ध्वंस्+घञ् (अ)= विध्वंस ।

शब्दार्थ- विनाश, वरवादी, ध्वंस पार्ने काम, अपमान, सर्वनाश ।

विध्वंसकः (वि.) विध्वंसते इति *(विध्वंस गर्छ)* विपूर्वक ध्वंसु अवस्रंसने गतौ च (भ्वा.) धातु, वि+ध्वंस्+ण्वुल्[4] (अक)= विध्वंसक ।

शब्दार्थ- विध्वंस गर्ने, विध्वंस मचाउने, उपद्रो गर्ने, विनाश गर्ने, आतङ्क मचाउने ।

विध्वंसकारी (वि.) विध्वंसं कर्तुं शीलमस्य *(विध्वंस गर्ने शील वा स्वभाव छ यसको)* विध्वंस उपपदपूर्वक डुकृञ् करणे (तना.) धातु, वि+ध्वंस्+कृ+णिनि[5] (इन्), वृद्धि, विध्वंसकारिन्= विध्वंसकारी ।

शब्दार्थ- विध्वंस गर्ने, उत्पात मचाउने, आतङ्क फैलाउने, विनाश गर्ने, विध्वंसक ।

विध्वंसनम् (ना./न.) विध्वस्यते इति *(विध्वंस पार्नु)* विपूर्वक ध्वंसु अवस्रंसने गतौ च (भ्वा.) धातु, वि+ध्वंस्+ल्युट् (अन)= विध्वंसन ।

शब्दार्थ- विध्वंस पार्ने काम, आतङ्क मच्चाउने काम, विनाश, तहसनहस पार्ने काम ।

विध्वंसी (वि.) विध्वंसः अस्यास्तीति *(विध्वंसात्मक कार्य छ यसको)* विध्वंस+इनि[6] (इन्), विध्वंसिन्= विध्वंसी ।

अथवा विशेषेण ध्वंसते इति *(विशेषरूपले ध्वंस पार्छ)* विपूर्वक ध्वंसु अवस्रंसने गतौ च (भ्वा.) धातु, वि+ध्वंस्+णिनि (इन्), विध्वंसिन्= विध्वंसी ।

शब्दार्थ- विध्वंस गर्ने, नाश गर्ने, विध्वंसक, तहसनहस पार्ने, विनाशकारी ।

विध्वस्तः (वि.) विध्वंसते स्म इति *(विध्वंस भएको)* विपूर्वक ध्वंसु अवस्रंसने गतौ च (भ्वा.) धातु, वि+ध्वंस्+क्त (त), कर्तामा, अनुनासिक मलोप =विध्वस्त ।

शब्दार्थ- ध्वस्त भएको, वरवाद भएको, विनष्ट, आतङ्क मच्चाएको, छरिएको ।

---

[1] तदर्हम् : वति

[2] पृभिदिव्यधिगृधि...: कु

[3] अचो यत् : यत्

[4] ण्वुल्तृचौ : ण्वुल्

[5] सुप्यजातौ... : णिनि

[6] अत इनिठनौ : इनि

विनतः (वि.) विशेषेण विनम्यते स्म इति *(विशेष रूपले झुकेको)* विपूर्वक णम प्रह्वत्वे शब्दे च (भ्वा.) धातु, वि+नम्+क्त (त), नलोप= विनत ।

शब्दार्थ- नम्र भएको, झुकेको, लत्रेको, नुहेको, विनयशील, विनीत ।

विनता (ना./स्त्री.) विशेषेण विनम्यते स्म असौ *(विशेष रूपले झुकेकी यो)* विपूर्वक णम प्रह्वत्वे शब्दे च (भ्वा.) धातु, वि+नम्+क्त (त), नलोप, विनतः । विनत+टाप् (आ)= विनता ।

शब्दार्थ- विनम्र स्वभावकी आइमाई, विनयशील नारी, अरुण र गरुडकी आमा, कश्यपकी पत्नी ।

विनतिः (ना./स्त्री.) विनम्यते इति *(नमस्कार गरिन्छ)* विपूर्वक णम प्रह्वत्वे शब्दे च (भ्वा.) धातु, वि+नम् +क्तिन्[1] (ति), नलोप= विनति ।

शब्दार्थ- विनम्र प्रार्थना, अनुरोध, निवेदन, विन्ती, नम्र हुने काम, नम्रता ।

विनम्रः (वि.) विशेषेण नमति *(विशेषरूपले झुक्छ)* विपूर्वक णम प्रह्वत्वे शब्दे च (भ्वा.) धातु, वि+नम् +र (वहुलप्रकारले)= विनम्र ।

शब्दार्थ- ज्यादा झुकेको, विनीत, निहुरेको, नुहेको, ज्यादै नम्र ।

विनम्रता (ना./स्त्री.) विनम्रस्य भावः *(विनम्र हुनाको भाव वा अवस्था)* विनम्र+तल् (त)+टाप् (आ) =विनम्रता ।

शब्दार्थ- विनम्रपना, मृदुता, नरमपना ।

विनयः (ना./पुं.) विनयनमिति *(विनय दर्शाउनु)* विपूर्वक णीञ् प्रापणे (भ्वा.) धातु, वि+नी+अच् (एरच्), गुण, अयादेश= विनय ।

शब्दार्थ- नम्रता, शिष्टता, झुकावट, भद्रपना, नम्रपना ।

विनयशीलः (वि.) विनयः शीलमस्य *(विनय नै शील छ यसको)* व.स.= विनयशील ।

शब्दार्थ- नम्र स्वभावको, शिष्ट, सुशील, विनीत ।

विनयी (वि.) विनयः अस्यास्तीति *(विनय छ यसको)* विनय+इनि[2] (इन्), अकारलोप, विनयिन्= विनयी ।

शब्दार्थ- नम्र स्वभाव भएको, विनयशील, विनम्र ।

विनश्वरः (वि.) विनश्यति तच्छीलः (विनशनशील) *(विनाशशील)* विपूर्वक णश अदर्शने (दिवा.) धातु, वि+नश्+क्वरप्[3] (वर)= विनश्वर ।

शब्दार्थ- विनाश हुने, क्षणिक, नाशशील, नश्वर, टिकाउ नहुने, नाशवान् ।

विनष्टः (वि.) विनश्यति स्म इति *(नाश भएको)* विपूर्वक णश अदर्शने (दिवा.) धातु, वि+नश्+क्त (त), कर्तामा, शको षत्व, ष्टुत्व= विनष्ट ।

शब्दार्थ- नष्ट भएको, ध्वस्त भएको, छिन्नभिन्न भएको, वरवाद भएको, विग्रेको, पतित, भ्रष्ट ।

विना (अव्य.) निषेध अर्थमा 'वि' उपसर्ग शव्दबाट वि+ ना[4] (प्रत्यय)= विना ।

शब्दार्थ- छाडेर, अभाव, रहित ।

विनायकः (ना./पुं.) विनयतीति *(हाँक्तछ, लैजान्छ)* विपूर्वक णीञ् प्रापणे (भ्वा.) धातु, वि+नी+ण्वुल् (अक), वृद्धि, वि नै अक, आयादेश= विनायक ।

अथवा विशिष्टः नायकः *(विशिष्ट नायक)* प्रा.त.स. =विनायक ।

अथवा वीनां पक्षिणां नायकः *(पक्षीहरूका नायक)* ष.त.स.= विनायक ।

विनायकस्तु हेरम्वे तार्क्ष्ये विघ्ने जिने गुरौ- इति मेदिनी

शब्दार्थ- हेरम्व गणेश, विघ्नवाधा हटाउने देवता, पन्छीका नेता गरुड, नायक, नेता, मालिक, वुद्धधर्मका अध्यापक वा गुरु, विघ्न, रुकावट ।

उदा. **जो विश्वनायक विनायक एक रूप- आ.रा. १/३**

विनाशः (ना./पुं.) विनश्यते, विनशनमिति वा *(नासिन्छ)* विपूर्वक णश अदर्शने (दिवा.) धातु, वि+नश्+घञ् (अ), वृद्धि= विनाश ।

शब्दार्थ-नाश, क्षय, हानि, ध्वंस, वरवादी, सत्यानाश, लोप

विनाशकः (वि.) विनाशयतीति *(नाश गर्छ)* विपूर्वक णश अदर्शने (दिवा.) धातु, वि+नश्+णिचि+वुञ्[5] (अक), वृद्धि, णिलोप= विनाशक ।

शब्दार्थ- विनाश गर्ने, विध्वंसक, वरवाद पार्ने, विगार्ने ।

विनाशकारी (वि.) विनाशं कर्तुं शीलमस्येति *(विनाश गर्ने शील छ यसको)* विनाश उपपदपूर्वक डुकृञ् करणे (तना.) धातु, विनाश+कृ+णिनि[6] (इन्), वृद्धि, विनाशकारिन्= विनाशकारी ।

शब्दार्थ- विनाश गर्ने, विध्वंसक, विनाशक, वरवाद पार्ने ।

विनाशी (वि.) विनश्यतीति *(नाश हुन्छ)* विपूर्वक णश अदर्शने (दिवा.) धातु, वि+नश्+णिनि[7] (इन्), वृद्धि, विनाशिन्= विनाशी ।

शब्दार्थ- नश्वर, नाशवान्, विनाशशील, नाश हुने ।

विनाशोन्मुखः (वि.) विनाशाय उन्मुखः *(विनाशका लागि उन्मुख)* च.त.स.= विनाशोन्मुख ।

शब्दार्थ- विनाशतिर लागेको, ओरालो लागेको, पतनको वाटो अपनाएको ।

विनिग्रहः (ना./पुं.) विनिगृह्यते इति *(निग्रह गरिन्छ)* विनि उपसर्गद्वयपूर्वक ग्रह उपादाने (क्र्या.) धातु, वि+नि+ग्रह्+अप्[8] (अ)= विनिग्रह ।

शब्दार्थ- दमन गर्ने काम, नियन्त्रण गर्ने काम, वशमा राख्ने काम, निग्रह ।

---

[1] स्त्रियां क्तिन् : क्तिन्

[2] अत इनिठनौ : इनि

[3] इण्नशिज... : क्वरप्

[4] विनञ्भ्यां ना...: ना

[5] निन्दहिंसक्लिशखाद...: वुञ्

[6] सुप्यजातौ... : णिनि

[7] नन्दिग्रहिपचादि...: णिनि

[8] ग्रहवृदृनिश्चि... : अप्

विनिद्रः (वि.) विगता निद्रा यस्य *(जसको निद्रा हटिसकेको छ)* प्रा.ब.स., उ.प.लोप, ह्रस्व= विनिद्र ।

शब्दार्थ- निद्रा नभएको, निद्रारहित, जागा, फक्रेको, फुलेको, मुकुलित ।

विनिपातः (ना./पुं.) विशेषेण निपतनमिति *(विशेष प्रकारले खस्नु)* वि नि उपसर्गद्वयपूर्वक पत्लृ गतौ (भ्वा.) धातु, वि+नि+पत्+घञ् (अ), वृद्धि, णिलोप =विनिपात ।

शब्दार्थ- अधःपतन, तलतिर खस्ने क्रिया, गिरावट, पतन, सङ्कट, वरवादी, हानि, विनाश, निपात ।

विनिपातकः (वि.) विनिपातयतीति *(खसाउँछ, गिराउँछ)* विनिपूर्वक पत्लृ गतौ (भ्वा.) धातु, वि+नि+पत्+णिचि+ण्वुल् (अक), णिलोप= विनिपातक ।

शब्दार्थ- खसाउने, ध्वंस पार्ने, विनाश गर्ने, विध्वंसक ।

विनिपातनम् (ना./न.) विनिपात्यते इति *(खसाइन्छ)* विनि उपसर्गद्वयपूर्वक पत्लृ गतौ (भ्वा.) धातु, वि+नि+पत् +णिचि+ल्युट् (अन), वृद्धि, णिलोप =विनिपातन ।

शब्दार्थ- अधःपतन गराउने काम, खसाल्ने क्रिया, गर्भपतन गराउने काम, भ्रूण वा गर्भ तुहाउने काम ।

विनिपाती (वि.) अवश्यं विनिपातयतीति *(अवश्य खसाउँछ)* वि नि उपसर्गद्वयपूर्वक पत्लृ गतौ (भ्वा.) धातु, वि+नि+पत्+णिचि+णिनि[1] (इन्), वृद्धि, णिलोप, विनिपातिन्= विनिपाती ।

शब्दार्थ- खसाउने, गिराउने, विनाश गर्ने, विध्वंस गर्ने, विनाशकारी ।

विनिमयः (ना./पुं.) विनिमीयते इति *(विनिमय गरिन्छ)* वि नि उपसर्गद्वयपूर्वक मी गतौ (चुरा.) वा डुमिञ् प्रक्षेपणे (स्वा.) धातु, वि+नि+मी/मि+अच् (एरच्), गुण, अयादेश= विनिमय ।

शब्दार्थ- अदलवदल, हेरफेर, साटापाट, साटफेर, एक वस्तुको वदलामा अर्को वस्तु साट्ने काम, मुद्रासटही, परिवर्तन गर्ने काम ।

विनिमयव्यवस्था (ना./स्त्री.) विनिमयस्य व्यवस्था *(मुद्रा वा अन्य वस्तुको सटही गर्ने व्यवस्था)* ष.त.स.=विनिमयव्यवस्था ।

शब्दार्थ- मुद्रा सटही गर्ने प्रवन्ध, वस्तु विनिमय गर्ने व्यवस्था, वस्तुको साटापाट गर्ने व्यवस्था ।

विनिमेयः (वि.) विनिमीयते, विनिमातुं योग्यः इति वा *(विनिमय गरिन्छ वा विनिमय गर्न योग्य)* वि नि उपसर्गद्वयपूर्वक डुमिञ् प्रक्षेपणे (स्वा.) वा मा माने शव्दे च (जुहो.) धातु, वि+नि+मि+यत्[2] (य), गुण =विनिमेय ।

वि+नि+मा+यत् (य), ईत्व, गुण= विनिमेय ।

शब्दार्थ- विनिमय गर्न योग्य वा लायक, साटापाट गर्न सकिने, अदलवदल गर्न सकिने ।

विनियमः (ना./पुं.) विनियम्यते इति *(नियन्त्रण गरिन्छ)* विनि उपसर्गद्वयपूर्वक यम उपरमे (भ्वा.) धातु, वि+नि+यम्+घञ् (अ), वृद्धिको अभाव= विनियम ।

शब्दार्थ- नियन्त्रण, प्रतिवन्ध, रोक, नियम अन्तर्गतको उपनियम ।

विनियमनम् (ना./न.) विनियम्यते इति *(नियन्त्रण गरिन्छ)* विनि उपसर्गद्वयपूर्वक यम उपरमे (भ्वा.) धातु, वि+नि+यम्+ल्युट् (अन)= विनियमन ।

शब्दार्थ- गति रोक्ने काम, प्रतिवन्ध, नियन्त्रण, नियमित गर्ने प्रक्रिया ।

विनियुक्तः (वि.) विनियुज्यते स्म इति *(लगाइएको)* विनि उपसर्गद्वयपूर्वक युजिर् योगे (रुधा.) धातु, वि+नि+युज्+क्त (त), कुत्व= विनियुक्त ।

शब्दार्थ- नियुक्त गरिएको, काममा लगाइएको, अलग गरिएको, छुट्टयाइएको, विनियोजित ।

विनियोगः (ना./पुं.) विशेषेण नियुज्यते इति *(विशेष ढङ्गले लगाइन्छ)* विनि उपसर्गद्वयपूर्वक युजिर् योगे (रुधा.) धातु, वि+नि+युज्+घञ् (अ), गुण, कुत्व =विनियोग ।

शब्दार्थ- नियुक्त गर्ने काम, कुनै काममा लगाउने क्रिया, उपयोग, नियन्त्रण, प्रयोग, त्याग्ने वा तिलाञ्जलि दिने काम, यज्ञहोमादिकर्ममा गरिने सङ्कल्पविशेष ।

विनियोजकः (वि.) विनियोजयतीति *(काममा लगाउँछ)* विनि उपसर्गद्वयपूर्वक युजिर् योगे (रुधा.) धातु, वि+नि +युज्+णिचि+ण्वुल्[3] (अक), णिलोप, गुण= विनियोजक ।

शब्दार्थ- काममा लगाउने वा खटाउने, उपयोग गर्ने, लगानीकर्ता ।

विनियोजनम् (ना./न.) विनियुज्यते इति *(विनियोजन गरिन्छ, छुट्टयाइन्छ)* विनि उपसर्गद्वयपूर्वक युजिर् योगे (रुधा.) धातु, वि+नि+युज्+ल्युट्[4] (अन), गुण =विनियोजन ।

शब्दार्थ- काममा लगाउने कार्य, प्रयोग, उपयोग, छुट्टयाउने काम, राजस्वको वाँडफाँड र परिचालन ।

विनियोजनीयः/विनियोज्यः (वि.) विनियुज्यते, विनियोक्तुं-योग्यः वा *(नियुक्त गरिन्छ, काममा लगाउन योग्य)* विनि उपसर्गद्वयपूर्वक युजिर् योगे (रुधा.) धातु, वि+नि +युज्+अनीय (र्), गुण= विनियोजनीय ।

वि+नि+युज्+ण्यत् (य), गुण= विनियोज्य ।

शब्दार्थ-काममा लगाउन वा खटाउन योग्य, उपयोग गर्न लायक, छुट्टयाउन सकिने, विनियोजन गर्न योग्य ।

विनियोजितः (वि.) विनियोज्यते स्म इति *(छुट्टयाइएको, काममा लगाइएको)* विनि उपसर्गद्वयपूर्वक युजिर् योगे (रुधा.) धातु, वि+नि+युज्+णिचि, गुण, विनियोजि+क्त (त), णिलोप, इडागम= विनियोजित ।

शब्दार्थ- विनियोजन गरिएको, छुट्टयाइएको, अलग्याइएको, काममा लगाइएको वा खटाइएको, नियुक्त गरिएको, समर्पित, समर्पण गरिएको ।

---

[1] आवश्यकाधमर्ण्ययो...: णिनि

[2] अचो यत् : यत्

[3] ण्वुल्तृचौ : ण्वुल्

[4] ल्युट च : ल्युट

विनिर्गतः (वि.) विशेषेण निर्गच्छति स्म इति *(राम्ररी निस्केको)* विनि उपसर्गद्वयपूर्वक गम्लृ गतौ (भ्वा.) धातु, वि+नि+गम्+क्त (त), कर्तामा, अनुनासिक मलोप= विनिर्गत ।

शब्दार्थ-वाहिर निस्केको, वाहिर गएको, छुटकारा पाएको ।

विनिर्गमः (ना./पुं.) विनिर्गमनम्, विनिर्गम्यते इति वा *(निस्किन्छ)* वि निर् उपसर्गद्वयपूर्वक गम्लृ गतौ (भ्वा.) धातु, वि+निर्+गम्+घञ् (अ), वृद्धिनिषेध=विनिर्गम ।

शब्दार्थ- वाहिर जाने काम, वहिर्गमन ।

विनिर्गमनम् (ना./न.) विनिर्गम्यते इति *(वाहिर गइन्छ)* वि निर् उपसर्गद्वयपूर्वक गम्लृ गतौ (भ्वा.) धातु, वि+निर्+गम्+ल्युट् (अन)= विनिर्गमन ।

शब्दार्थ- वाहिर जाने काम, वहिर्गमन, निष्क्रमण, वाहिर निस्कने काम ।

विनिर्मितः (वि.) विनिर्मिमीते स्म, विनिर्मीयते स्म इति वा *(वनाएको, बनाइएको)* वि निर् उपसर्गद्वयपूर्वक माङ् माने शब्दे च (जुहो.) धातु, वि+निर्+मा+क्त[1] (त), कर्ता र भावमा, माको इत्व= विनिर्मित ।

शब्दार्थ-निर्माण गरेको वा गरिएको, वनाइएको, वनाएको

विनिर्मुक्तः (वि.) विशेषेण निर्मुञ्चते स्म इति *(विशेषरूपले छुटकारा पाएको)* वि निर् उपसर्गद्वयपूर्वक मुच्लृ मोक्षणे (तुदा.) धातु, वि+निर्+मुच्+क्त[1] (त), कर्तामा, कुत्व= विनिर्मुक्त ।

शब्दार्थ- वन्धनवाट छुटेको, मुक्त भएको, निस्केको, छुट्कारा पाएको ।

विनिवारकः (वि.) विनिवारयतीति *(हटाउँछ)* विनि उपसर्गद्वयपूर्वक वृञ् आवरणे (चुरा.) धातु, वि+नि+वृ+णिचि+ण्वुल् (अक), वृद्धि= विनिवारक ।

शब्दार्थ- रोक लगाउने, निषेध गर्ने, प्रतिवन्ध लगाउने ।

विनिवारणम् (ना./न.) विनिवार्यते इति *(रोक लगाइन्छ)* विनि उपसर्गद्वयपूर्वक वृञ् आवरणे (चुरा.) धातु, वि+नि+वृ+णिचि, वृद्धि, विनिवारि+ल्युट् (अन), णत्व, णिलोप= विनिवारण ।

शब्दार्थ- प्रतिवन्ध, रोक्ने काम, निषेध गर्ने कार्य ।

विनिवृत्तः (वि.) विनिवर्तते स्म इति *(मुक्त भएको)* विनि उपसर्गद्वयपूर्वक वृतु वर्तने (भ्वा.) धातु, वि+नि+वृत्+क्त[1] (त), कर्तामा= विनिवृत्त ।

शब्दार्थ- हटेको, मुक्त भएको, फर्केको, रोकिएको, फिर्ता भएको, वापस आएको ।

विनिवृत्तिः (ना./स्त्री.) विनिवृत्यते इति *(रोकिन्छ)* विनि उपसर्गद्वयपूर्वक वृतु वर्तने (भ्वा.) धातु, वि+नि+वृत्+क्तिन् (ति)= विनिवृत्ति ।

शब्दार्थ- रोकावट, विश्रान्ति, मुक्ति, रोकिने काम, अवसान, समाप्ति ।

विनिश्चयः (ना./पुं.) विशेषेण निश्चीयते इति *(विशेषरूपले निश्चय गरिन्छ)* विनिस् उपसर्गद्वयपूर्वक चिञ् चयने (स्वा.) धातु, वि+निस्+चि+अच् (एरच्), गुण, अयादेश= विनिश्चय ।

शब्दार्थ- निश्चय, दृढविश्वास, पक्का निर्णय, फैसला ।

विनिःश्वासः (ना./पुं.) विनिःश्वसनम्, विनिःश्वस्यते इति वा *(कठिनले सास फेरिन्छ)* विनिस् उपसर्गद्वयपूर्वक श्वस प्राणने (अदा.) धातु, वि+निस्+श्वस्+घञ् (अ), वृद्धि, निस्को रुत्व, विसर्ग= विनिःश्वास ।

शब्दार्थ- लामो सास फेर्ने काम, कठिनले सास फेर्ने क्रिया ।

विनिसृतः/विनिःसृतः (वि.) वि नि सरति स्म/वि निः सरति स्म इति *(निस्केको)* विनि विनिस् उपसर्गपूर्वक सृ गतौ (भ्वा.) धातु, वि+नि+सृ+क्त (त), कर्तामा =विनिसृत ।

वि+निस्+सृ+क्त (त), रुत्व, विसर्ग= विनिःसृत ।

शब्दार्थ- वाहिर निस्केको, भागेको, गएको, पलायन भएको

विनिहतः (वि.) विशेषेण निहन्यते स्म इति *(विशेष किसिमले मारिएको, आघात पुऱ्याइएको)* विनि उपसर्गद्वयपूर्वक हन हिंसागत्योः (अदा.) धातु, वि+नि+हन्+क्त (त), नलोप= विनिहत ।

शब्दार्थ- मारिएको, वध गरिएको, आघात वा चोट पुऱ्याइएको, घायल वनाएको, परास्त गरेको ।

विनीतः (वि.) विनीयते स्म इति *(लगिएको, सिकाइएको)* विपूर्वक णीञ् प्रापणे (भ्वा.) धातु, वि+नी+क्त (त) =विनीत ।

विनीतः सुवहाश्वे स्यात् वणिज्यपि पुमांस्त्रिषु
जितेन्द्रियेऽपनीते च निभृते विनयान्विते- इति मेदिनी

शब्दार्थ- विनय वा नम्रताले युक्त, सुशील, ज्यादै झुकेको, विनयी, सौम्य, शिष्ट, सुशिक्षित, पठाइएको, पुऱ्याइएको, लगिएको, सधाइएको (घोडा), जितेन्द्रिय, संयमी, हटाइएको, व्यापारी ।

विनोदः (ना./पुं.) विनुद्यते इति *(क्रीडा गरिन्छ)* विपूर्वक णुद प्रेरणे (तुदा.) धातु, वि+नुद्+घञ् (अ), गुण =विनोद ।

शब्दार्थ- आमोदप्रमोद, मनोरञ्जन, क्रीडा, उत्सुकता, आनन्द, हटाउने काम, मन वहलाउने काम, परिहास, हर्ष ।

विन्दुः (वि./ना./पुं.) वेत्ति तच्छीलः *(जान्न निपुण)* विद ज्ञाने (अदा.) धातु, विद्+उ[२] (प्रत्यय), नुम्= विन्दु ।

ज्ञाता तु विदुरो विन्दुः- इत्यमरः

शब्दार्थ- जान्ने, विद्वान्, ज्ञाता, मनीषी, बुद्धिमान्, जलकण, सानो थोपा, थोप्लो ।

---

[1] गत्यर्थाकर्मक... : क्त

[२] विन्दुरिच्छु : उ, नुम्

विन्ध्यवासिनी (ना./स्त्री.) विन्ध्ये वसति असौ *(विन्ध्याचलमा रहन्छिन् यी)* वस निवासे (भ्वा.) धातु, विन्ध्य+वस्+णिनि (इन्), विन्ध्यवासिन्+ङीप् (ई)=विन्ध्यवासिनी ।

शब्दार्थ- विन्ध्याचलकी प्रसिद्ध विन्ध्यवासिनी भवगती दुर्गा, पश्चिम नेपाल पोखराकी देवी ।

विन्ध्यवासी (वि.) विन्ध्ये वसतीति *(विन्ध्याचलमा बस्छ)* वस निवासे (भ्वा.) धातु, विन्ध्य+वस्+णिनि (इन्), विन्ध्यवासिन्= विन्ध्यवासी ।

शब्दार्थ- विन्ध्याचलमा बस्ने, विन्ध्यनिवासी ।

विन्यस्तः (वि.) विशेषेण न्यस्यते स्म इति *(विशेषरूपले राखिएको)* विनि उपसर्गद्वयपूर्वक असु क्षेपणे (दिवा.) धातु, वि+नि+अस्+क्त[१] (त), नि र अस्को यण् =विन्यस्त ।

शब्दार्थ- राखिएको, जडिएको, जम्मा गरिएको, निक्षिप्त ।

विन्यासः (ना./पुं.) विशेषेण न्यस्यते, विन्यसनमिति वा *(राम्ररी राखिन्छ)* विनि उपसर्गद्वयपूर्वक असु क्षेपणे (दिवा.) धातु, वि+नि+अस्+घञ्[२] (अ), अस्को दीर्घ, यण्= विन्यास ।

शब्दार्थ- राख्ने काम, जड्ने काम, नासो, धरौटी, स्यापना, निक्षेप, सङ्ग्रह, आश्रय ।

विपक्षः (ना./पुं./वि.) विरुद्धः पक्षः *(विपरीत पक्ष)* प्रा.त.स.= विपक्ष ।

अथवा विरुद्धः पक्षः यस्य *(विपरीत पक्ष छ जसको)* प्रा.ब.स., उ.प.लोप= विपक्ष ।

शब्दार्थ- विरोधी पक्ष, शत्रुपक्ष, प्रतिकूल पक्ष, शत्रु, वैरी, वादी, प्रतिवादी, विपरीत, उल्टो ।

विपक्षी (वि.) विपक्षः अस्य अस्ति *(विपरीत पक्ष छ यसको)* विपक्ष+इनि (इन्), विपक्षिन्= विपक्षी ।

शब्दार्थ- शत्रु वा वैरी पक्षको, प्रतिद्वन्द्वीतिरको ।

विपञ्ची (ना./स्त्री.) विपञ्चयति विस्तारयति स्वरम् *(स्वर फैलाउँछ)* विपूर्वक पचि विस्तारे (चुरा.) धातु, नुम्, वि+पञ्च्+णिचि+अच् (पचादि), विपञ्च+ङीष् (ई) =विपञ्ची ।

विपञ्ची केलिवीणयोः- इति मेदिनी

विणा तु वल्लकी ।

विपञ्ची सा तु तन्त्रीभिः सप्तभिः परिवादिनी- इत्यमरः

शब्दार्थ- सातवटा तार जडेको वीणा, विपञ्चिका, गीतार, क्रीडा, मनोरञ्जन, खेल ।

विपणः/विपणनम् (ना./पुं./न.) विपण्यते, विपणनमिति वा *(व्यापार गरिन्छ)* विपूर्वक पण व्यवहारे स्तुतौ च (भ्वा.) धातु, वि+पण्+घञ् (अ), वृद्धिनिषेध= विपण । वि+पण्+ल्युट् (अन)= विपणन ।

शब्दार्थ-विक्री, व्यापार गर्ने काम, वेच्ने काम, वेचविखन ।

विपणिः/विपणी (ना./स्त्री.) विपणन्ते, विपण्यते अत्र *(किनबेच गर्छन् वा गरिन्छ यहाँ)* विपूर्वक पण व्यवहारे स्तुतौ च (भ्वा.) धातु, वि+पण्+इक्[३]/इन्[४] (इ), विपणि+ङीष् (ई), विकल्पले= विपणी । ङीष्को अभावमा= विपणि ।

शब्दार्थ- हाट, वजार, सामयिक हाट वा वजार, विक्रीको लागि राखिएको माल सामान किनवेच गर्ने स्थान, व्यापार, किन्ने-वेच्ने काम ।

विपणी (वि.) विपणः अस्यास्तीति *(पसल वा व्यापार छ यसको)* विपण+इनि[५] (इन्), अकारलोप, विपणिन् =विपणी ।

शब्दार्थ- व्यापारी, किनवेच गर्ने, क्रयविक्रय गर्ने, वेचविखन गर्ने, वणिक्, वनियाँ ।

विपत्/विपद् (ना./स्त्री.) विपद्यते इति *(विपत्ति पर्नु)* विपूर्वक पद गतौ (दिवा.) धातु, वि+पद्+क्विप्[६] (सर्वलोप), चर्त्व (विकल्पले)= विपत्/विपद् ।

शब्दार्थ- आपत्, विपत्ति, आपत्ति, कष्ट, पीडा, दुःख दिने काम ।

विपत्कालः (ना./पुं.) विपदः कालः *(विपत्तिको समय)* ष.त.स.= विपत्काल ।

शब्दार्थ- आपत्काल, सङ्कटको समय, सङ्कटकाल ।

विपद्ग्रस्तः (वि.) विपदा ग्रस्तः *(विपत्तिले छाएको)* तृ.त.स.= विपद्ग्रस्त ।

शब्दार्थ- विपत्तिमा फसेको, सङ्कटग्रस्त, आपत्ग्रस्त

विपत्तिः (ना./स्त्री.) विपद्यते इति *(विपत्ति पर्नु)* विपूर्वक पद गतौ (दिवा.) धातु, वि+पद्+क्तिन्[७] (ति)=विपत्ति ।

शब्दार्थ-विपत्, सङ्कट, आपत्ति, पीडा, कष्ट, दुःख, यातना ।

विपत्तिकालः (ना./पुं.) विपत्तेः कालः *(विपत्तिको समय)* ष.त.स.= विपत्तिकाल ।

शब्दार्थ- विपत्तिको स्थिति, विपत्ति परेको वेला, विपत्तिको समय, सङ्कटको समय ।

विपत्तिजनकः (वि.) विपत्तिं जनयतीति *(विपत्ति पैदा गर्छ)* विपत्ति उपपदपूर्वक जनी प्रादुर्भावे (दिवा.) धातु, विपत्ति+जन्+णिचि+ण्वुल् (अक), वृद्धिनिषेध, णिलोप =विपत्तिजनक ।

शब्दार्थ- विपत्ति पैदा गर्ने, सङ्कट उत्पन्न गर्ने, विपत्कर, कठिनाइ पर्ने ।

विपथः (ना./पुं.) विरुद्धः पन्था *(खराब बाटो)* वि+पथि, प्रा.त.स[८], विपथि+अच् (समासान्त)=विपथ ।

शब्दार्थ- विकट बाटो, हिँड्डुल गर्न कठिन पर्ने बाटो, कुवाटो, कुमार्ग, अलग मार्ग, अलग बाटो ।

---

[१] निष्ठा : क्त

[२] भावे : घञ्

[३] इक्कृष्यादिभ्यः (वा.) : इक्

[४] सर्वधातुभ्य... : इन्

[५] अत इनिठनौ : इनि

[६] सम्पदादिभ्य...(वा.) : क्विप्

[७] क्तिन्नपि इष्यते : क्तिन्

[८] प्रादयो गताद्यर्थे...: प्रा.त.स.

विपथगामी (वि.) विपथं गन्तुं शीलमस्य *(कुबाटोमा हिंड्ने लत छ यसको)* विपथ उपपदपूर्वक गम्लृ गतौ (भ्वा.) धातु, विपथ+गम्+णिनि[१] (इन्), वृद्धि, विपथगामिन्= विपथगामी ।

शब्दार्थ- कुमार्गमा हिँड्ने, खराब लतमा लागेको, खराब बाटोमा हिँड्ने ।

विपदा (ना./स्त्री.) विपद्यते इति *(विपत्ति पर्नु)* विपूर्वक पद गतौ (दिवा.) धातु, वि+पद्+क्विप्[२] (सर्वलोप), विपद्, भागुरीमतमा हलन्त विपद् शब्दको आप् निपातन= विपदा ।

शब्दार्थ- सङ्कट, विपत्ति, आपत्, दुर्भाग्य, कष्ट, पीडा, आपत्ति ।

विपन्नः (वि.) विपद्यते स्म इति *(विपत्तिमा परेको)* विपूर्वक पद गतौ (दिवा.) धातु, वि+पद्+क्त[३] (त), कर्तामा, निष्ठा तको न, परसवर्ण= विपन्न ।

शब्दार्थ- विपत्तिमा परेको, कष्ट भोगिरहेको, पीडित, गरिबीले सताएको, अभागी, दुःखग्रस्त, यातनापीडित, मरेको, मृत ।

विपरीतः (वि.) विपर्येति स्म इति *(उल्टो चलेको)* विपरि उपसर्गद्वयपूर्वक इण् गतौ (अदा.) धातु, वि+परि+इ +क्त (त), कर्तामा, परि तथा इको दीर्घ= विपरीत ।

शब्दार्थ- पूर्णरूपमा उल्टो, अनुकूल नभएको, विरुद्ध, विल्याटो, प्रतिकूल, मिल्दोजुल्दो नभएको ।

विपरीतार्थः (ना./पुं./वि.) विपरीतश्चासौ अर्थश्च *(उल्टो अर्थ)* क.त.स., दीर्घ= विपरीतार्थ ।

अथवा विपरीतः अर्थः यस्य *(उल्टो छ अर्थ यसको)* व.स., दीर्घ= विपरीतार्थ ।

शब्दार्थ- उल्टो अर्थ, विपरीत अर्थ, प्रतिकूल अर्थ, उल्टो अर्थ भएको, प्रतिकूल अर्थ लाग्ने ।

विपरीतार्थकः (वि.) विपरीतार्थ एव *(विपरीत अर्थ नै)* म.व्य.स., विपरीतार्थ+कन् (क), स्वार्थमा=विपरीतार्थक ।

अथवा विपरीतः अर्थः यस्य *(उल्टो छ अर्थ जसको)* विपरीत+अर्थ्+कप् (समासान्त), व.स., दीर्घ =विपरीतार्थक ।

शब्दार्थ- उल्टो अर्थ दिने, प्रतिकूल अर्थ भएको, विपरीत अर्थ बुझाउने ।

विपर्ययः (ना./पुं.) विपरीयते, विपर्यणमिति वा *(क्रम टुट्नु, अतिक्रमण गर्नु)* वि परि उपसर्गद्वयपूर्वक इण् गतौ (अदा.) धातु, वि+परि+इ+अच् (एरच्), गुण, अयादेश, विपरि+अय, यण्= विपर्यय ।

शब्दार्थ- व्यत्यय, उल्टो-पाल्टो, व्यतिक्रम हुने काम, क्रम हटेको अवस्था, अतिक्रमण, उल्टोपना, वैपरीत्य, अदली-बदली ।

विपर्यस्तः (वि.) विपर्यस्यते स्म इति *(परिवर्तन गरिएको)* वि परि उपसर्गद्वयपूर्वक असु क्षेपणे (दिवा.) धातु, वि+परि+अस्+क्त[४] (त), परि तथा अस्मा यण् =विपर्यस्त ।

शब्दार्थ- परिवर्तन भएको, बदलिएको, विपरीत, उल्टिएको, सिलसिला टुटेको, क्रमबद्धता भङ्ग भएको ।

विपर्यायः (ना./पुं.) विपर्यणम्, विपरीयते इति वा *(बदल्नु, विपरीत अर्थ बुझाउनु)* वि परि उपसर्गद्वयपूर्वक इण् गतौ (अदा.) धातु, वि+परि+इ+घञ् (अ), वृद्धि, आयादेश, परि आयको यण्= विपर्याय ।

शब्दार्थ- उल्टोपना, वैपरीत्य, अदलबदल हुने काम, फेरबदल, व्यतिक्रम, उल्टो अर्थ बुझाउने काम, विपरीत अर्थ बुझाउने शब्द समुदाय ।

विपर्यासः (ना./पुं.) विपर्यस्यते, विपर्यसनमिति वा *(हेरफेर गरिन्छ)* वि परि उपसर्गद्वयपूर्वक असु क्षेपणे (दिवा.) धातु, वि+परि+अस्+घञ् (अ), अस्को वृद्धि, वि परि आस्, परि अस्को यण्= विपर्यास ।

शब्दार्थ- व्यत्यय, उल्टोपना, परिवर्तन, वैपरीत्य, व्यतिक्रम, अदलबदल, हेरफेर, विरुद्धता, भ्रान्ति, विपरीतार्थक शब्द समुदाय ।

विपलः (ना./पुं.)/**विपला** (ना./स्त्री.) विभक्तं पलं येन, विभक्ता पला यया वा *(जसबाट पला वा समयको क्षण विभक्त भएको छ)* प्रा.ब.स., उ.प.लोप= विपल । विपल+टाप् (आ)= विपला ।

शब्दार्थ- एकपलाको साठी भागको एक भाग, समयको अतिसूक्ष्म क्षण वा ज्यादै सूक्ष्म एकाइ ।

विपश्चित् (वि.) विशेषेण प्रकृष्टं चिनोति, चेतति चिन्तयतीति वा *(विशेष प्रकारले ज्यादा विचार गर्छ)* वि प्र उपसर्गद्वयपूर्वक चिञ् चयने (स्वा.) वा चिती संज्ञाने (भ्वा.) वा चिति स्मृत्याम् (चुरा.) धातु, वि+ प्र+चि+क्विप्, तुक्, क्विप्को सर्वलोप, विप्रचित् ।

वि+प्र+चित्+क्विप् (सर्वलोप), विप्रचित् ।

वि+प्र+चिन्त्+क्विप् (सर्वलोप), नलोप, विप्रचित् ।

'प्र'का रेफको वर्णनाश, 'श' वर्णागम (पृषोदरादिबाट) =विपश्चित् ।

विद्वान् विपश्चिद्दोषज्ञः सन् सुधीः कोविदो बुधः - इत्यमरः

शब्दार्थ- विद्वान्, सुधी, बुध, मनीषी, पण्डित ।

विपाकः (ना./पुं.) विपच्यते, विपचनमिति वा *(पकाइन्छ)* विपूर्वक डुपचष् पाके (भ्वा.) धातु, वि+पच्+घञ् (अ), वृद्धि, कुत्व= विपाक ।

शब्दार्थ- खाना पकाउने काम, पकाउने क्रिया, पाचनशक्ति, परिपक्वता, पच्ने क्रिया, पाक्ने काम, परिणाम, परिपक्वता ।

---

[१] सुप्यजातौ... : णिनि

[२] सम्पदादिभ्य...: क्विप्

[३] गत्यर्थाकर्मक...: क्त

[४] निष्ठा : क्त

विपिनम् (ना./न.) वेपन्ते जनाः अत्र *(यहाँ मानिसहरू डरले काँप्छन्)* टुवेपृ कम्पने (भ्वा.) धातु, वेप्+इनन्[1] (इन), उणा., 'वे'को ह्रस्व[1]= विपिन ।

अटव्यरण्यं विपिनं गहनं काननं वनम्- इत्यमरः

शब्दार्थ- वन, घनाजङ्गल, अरण्य, कानन, वाटिका, वगैंचा, झाडी ।

विपिननिवासी (वि.) विपिने निवसतीति *(वनमा रहन्छ)* विपिनपूर्वक वस निवासे (भ्वा.) धातु, विपिन+वस्+णिनि (इन्)= विपिननिवासी ।

शब्दार्थ- जङ्गलमा वस्ने, अरण्यनिवासी, जङ्गलवासी ।

उदा. **विपिननिवासी गजमुख आऊ !**
मधुमय कानन हरित बनाऊ- सु.म.का. १/४

विपुलः (वि./ना./पुं.) विशेषेण पोलतीति *(विशेषरूपले ठूलो हुन्छ)* विपूर्वक पुल महत्त्वे (भ्वा.) धातु, वि+पुल्+क[2] (अ)= विपुल ।

विशङ्कटं पृथु बृहद्विशालं पृथुलं महत् । वड्रोरुविपुलम्- इत्यमरः
विपुलः पृथुलेऽगाधे मेरुपश्चिमभूधरे- इति मेदिनी

शब्दार्थ- ज्यादै ठूलो, विशाल, बृहत्, धेरै, प्रशस्त, प्रचुर, व्यापक, महान्, अगाध, गहिरो, चौडा, मेरुपर्वत तथा हिमालय पर्वतभन्दा पश्चिमी पहाड ।

विपुलता/विपुलत्वम् (ना./स्त्री./न.) विपुलस्य भावः *(विपुल वा विशाल हुनाको भाव वा अवस्था)* विपुल+तल् (त)+टाप् (आ)= विपुलता ।
विपुल+त्व= विपुलत्व ।

शब्दार्थ-महत्ता, ठूलोपना, प्रचुरता, विशालता, व्यापकता

विपुला (ना./स्त्री.) विशेषेण पोलति असौ *(विशेष रूपले ठूलो वा व्यापक हुन्छ यो)* विपूर्वक पुल महत्त्वे (भ्वा.) धातु, वि+पुल्+क (अ), विपुलः । विपुल+टाप् (आ)= विपुला ।

शब्दार्थ- पृथिवी, धर्ती, मेदिनी, मही, भूमि ।

विप्रः (ना./पुं.) विशेषेण प्राति पूरयति कर्माणि *(विशेष रूपले कर्महरू पूरा गर्छ)* विपूर्वक प्रा पूरणे (अदा.) धातु, वि+प्रा+क[3] (अ), आलोप= विप्र ।

अथवा उप्यते अत्र *(रोपिन्छ यहाँ)* डुवप् वीजसन्ताने (भ्वा.) धातु, वप्+रन्[4] (र), उणा., उपधाको इत्व[4] =विप्र ।

शब्दार्थ-व्राह्मण, द्विजाति, सुधी, विद्वान् व्यक्ति, प्राज्ञपुरुष

द्रष्टव्य- विप्रका निम्न दश प्रकार छन्-

पञ्चद्रविड- द्रविड, तैलङ्ग, कर्नाट, मध्य, गुर्जर ।

अन्यपाँच- सारस्वत, कान्यकुब्ज, उत्पल, मैथिल, गौढ ।

विप्रकृष्टः (वि.) विप्रकृष्यते स्म इति *(टाढा खिचिएको)* वि प्र उपसर्गद्वयपूर्वक कृष विलेखने (तुदा.) धातु, वि+प्र+कृष्+क्त (त), ष्टुत्व, तको ट= विप्रकृष्ट ।

शब्दार्थ- दूरवर्ती, टाढिँदै गएको, खिचिएको, लामो पारिएको, विस्तारित ।

विप्रकर्षः (ना./पुं.) विप्रकृष्यते इति *(टाढा खिचिन्छ)* वि प्र उपसर्गद्वयपूर्वक कृष विलेखने (तुदा.) धातु, वि+प्र+कृष्+घञ् (अ), गुण= विप्रकर्ष ।

शब्दार्थ- दूरी, टाढा, टाढासम्म, टाढासम्म खिच्ने काम, अपकर्षण, घिसार्ने क्रिया ।

विप्रतिकारः (ना./पुं.) विशेषेण प्रतिक्रियते इति *(विशेषरूपले प्रतिकार गरिन्छ)* वि प्रतिपूर्वक डुकृञ् करणे (तना.) धातु, वि+प्रति+कृ+घञ् (अ), वृद्धि =विप्रतिकार ।

शब्दार्थ- प्रतिकार गर्ने काम, प्रतिकार, विरोध, प्रतिहिंसा ।

विप्रलब्धः (वि.) विप्रलभ्यते स्म इति *(ठगिएको)* वि प्र उपसर्गद्वयपूर्वक डुलभष् प्राप्तौ (भ्वा.) धातु, वि+प्र+लभ्+क्त (त), तको ध, भको व (जश्त्व)= विप्रलब्ध ।

शब्दार्थ- ठगिएको, वञ्चित, धोका खाएको, धक्का वा चोट पुऱ्याइएको, वियोगले व्याकुल, विरही ।

विप्रलब्धा (वि/स्त्री.) विप्रलभ्यते स्म असौ *(ठगिएकी यो स्त्री)* वि प्र उपसर्गद्वयपूर्वक डुलभष् प्राप्तौ (भ्वा.) धातु, वि+प्र+लभ्+क्त (त), तको ध, भको व (जश्त्व), विप्रलब्धः । विप्रलब्ध+टाप् (आ)= विप्रलब्धा ।

शब्दार्थ- ठगिएकी, विरहिणी, वञ्चिता, वियोगले छटपटाएकी (स्त्री) ।

उदा. **सूचना दी पनि प्यारो आउँदैन नगीचमा ।**
विप्रलब्धा भनिन्छे त्यो बहुतै अपमानिता ।
- सा.द. अनु. ३/८३ कोमलनाथ

विप्रलम्भः (ना./पुं.) विशेषेण प्रलम्भनम्, प्रलम्भ्यते इति वा *(विशेषरूपले धोका दिइन्छ)* वि प्र उपसर्गद्वयपूर्वक डुलभष् प्राप्तौ (भ्वा.) धातु, वि+प्र+लभ्+घञ्[5] (अ), नुम्[6]= विप्रलम्भ ।

शब्दार्थ- वियोग, विरह, प्रेमी-प्रेमिकावीच विछोड, छलकपट, कलह, असहमति ।

विप्रलम्भशृङ्गारः (ना./पुं.) विप्रलम्भश्चासौ शृङ्गारश्च (विप्रलम्भ शृङ्गार) क.त.स.= विप्रलम्भशृङ्गार ।

शब्दार्थ- शृङ्गाररसको एउटा भेद, जसमा नायक नायिकाको विछोड र विरहको वर्णन पाइन्छ ।

विप्रलापः (ना./पुं.) प्रलप्यते इति *(प्रलाप गरिन्छ)* प्रपूर्वक लप व्यक्तायां वाचि (भ्वा.) धातु, प्र+लप्+घञ् (अ), वृद्धि, प्रलापः । विरुद्धः प्रलापः *(विरुद्ध भनाइ)* प्रा.त.स. =विप्रलाप ।

विप्रलापो विरोधोक्तिः - इत्यमरः

शब्दार्थ- विरोधी भनाइ, वकवाद, निरर्थक कुरो, सारविनाको भनाइ, विना मतलवको कथन ।

---

[1] वेपितुह्योर्ह्रस्वश्च... : इनन् , ह्रस्व
[2] इगुपधज्ञा...: क
[3] आतश्चोपसर्गे : क
[4] ऋज्रेन्द्राग्र... : रन्, उपधाको इत्व
[5] भावे : घञ्
[6] उपसर्गात्खल्घञोः : नुम्

विप्रुष् (ना./स्त्री.) विप्रुष्यते, विप्रोषनमिति वा *(पसिना तथा पानीको छिटा निस्कनु)* विपूर्वक प्रुष दाहे (भ्वा.) धातु, वि+प्रुष्+क्विप्[1] (सर्वलोप)= विप्रुष् ।

विप्रुषो ब्रह्मविन्दवः - इत्यमरः

शब्दार्थ- पानीको छिटा, पसिनाका थोपा, ब्रह्मविन्दु, जलकणचिन्ह, वेदपढ्दा ब्राह्मणको मुखवाट निस्केको छिटा ।

विप्लवः (ना./पुं.) विप्लवनम्, विप्लूयते इति *(विद्रोह गरिन्छ)* विपूर्वक प्लुङ् गतौ (भ्वा.) धातु, वि+प्लु+अप् (अ), गुण, अवादेश= विप्लव ।

शब्दार्थ- विद्रोह, आन्दोलन, उपद्रव, अशान्ति, हुलदङ्गा, उत्पात, क्रान्ति, सङ्कट, विध्वंस, ठूलो वाढी तथा पैरो र भूकम्प आदिवाट विनाश, लुटपाट आदि ।

विप्लवकारी (वि.) विप्लवं कर्तुं शीलमस्य *(उपद्रो मचाउनमा निपुण छ यो)* विप्लव उपपदपूर्वक डुकृञ् करणे (तना.) धातु, विप्लव+कृ+णिनि[2] (इन्), वृद्धि, विप्लवकारिन्= विप्लवकारी ।

शब्दार्थ- उपद्रो मच्चाउने, क्रान्ति गर्ने, आन्दोलनकारी, सङ्घर्षशील, अशान्ति फैलाउने ।

विप्लवी (वि.) विप्लवः अस्यास्तीति *(विप्लव या विद्रोह छ यसको)* विप्लव+इनि[3] (इन्), अकारलोप, विप्लविन् =विप्लवी ।

शब्दार्थ- उपद्रो मच्चाउने, क्रान्तिकारी, विप्लव फैलाउने, आन्दोलन गर्ने ।

विफलः (वि.) विगतं फलं यस्य *(जसको फल शून्य छ)* प्रा.व.स., उ.प.लोप= विफल ।

शब्दार्थ- फलरहित, निष्फल, फलहीन, फलशून्य, व्यर्थ, निरर्थक, असफल ।

विफलता (ना./स्त्री.) विफलस्य भावः *(विफल हुनाको भाव वा अवस्था)* विफल+तल् (त)+टाप् (आ) =विफलता ।

शब्दार्थ- असफलता, फलहीनता, निष्फलता, शून्यता, विफल हुनाको स्थिति वा अवस्था ।

उदा. **पियो विफलता जहाँ प्रबल साहसी वीरको,**
भयो सफलता त्यहाँ- आ.रा. ३/३१

विबुधः (ना./पुं.) विशेषेण बोधति, बुध्यते इति वा *(विशेष रूपले जान्दछ)* विपूर्वक बुध अवगमने (भ्वा./दिवा.) धातु, वि+बुध्+क[4] (अ)= विबुध ।

शब्दार्थ- विद्वान्, पण्डित, सुधी, बुद्धिमान् व्यक्ति, विद्वान् पुरुष, देवता, देवगण ।

विभक्तः (वि.) विभज्यते स्म इति *(भाग लगाइएको)* विपूर्वक भज सेवायाम् (भ्वा.) धातु, वि+भज्+क्त (त), कुत्व= विभक्त ।

शब्दार्थ- भाग लगाइएको, अंशवण्डा गरिएको, बाँडिएको, विभाजित गरिएको, अलग अलग गरिएको, छुट्ट्याइएको

विभक्तिः (ना./स्त्री.) विभजनम्, विभज्यते इति वा *(विभाजित गरिन्छ)* विपूर्वक भज सेवायाम् (भ्वा.) धातु, वि+भज्+क्तिन् (ति), कुत्व= विभक्ति ।

शब्दार्थ- विभाजन, भागवण्डा, बाँडफाँड, बँटवारा, अंश, भाग, कारकका अन्त्यमा जोडिने प्रत्यय, कारकको विभक्ति चिन्ह ।

विभज्यमानः (वि.) विभज्यते इति *(विभक्त हुन्छ)* विपूर्वक भज सेवायाम् (भ्वा.) धातु, वि+भज्+शानच्[5] (आन), मुक्[6]= विभज्यमान ।

शब्दार्थ- भाग लगाइरहेको, विभाजित गरिरहेको, बँटवारा गरिँदै

विभवः (ना./पुं.) विभवतीति *(समर्थ हुन्छ, सम्पन्न हुन्छ)* विपूर्वक भू सत्तायाम् (भ्वा.) धातु, वि+भू+अच् (पचादि), गुण, अवादेश= विभव ।

शब्दार्थ- सामर्थ्य, महत्ता, शक्ति, पराक्रम, धन-सम्पत्ति, ऐश्वर्य, प्रतिष्ठा, सम्मान, भोगविलासको साधन ।

विभा (ना./स्त्री.) विशेषेण भातीति *(विशेषरूपले प्रकाशमान हुन्छ)* विपूर्वक भा दीप्तौ (अदा.) धातु, वि+भा+क (अ), विभ+टाप् (आ)= विभा ।

अथवा विभानमिति *(प्रकाशित हुनु)* वि+भा+अङ्[7] (अ), आलोप, विभ+टाप् (आ)= विभा ।

अथवा वि+भा+क्विप् (सर्वलोप)= विभा ।

शब्दार्थ- प्रकाश, आभा, प्रभा, किरण, दीप्ति, चमक, सौन्दर्य, शोभा, कान्ति, छवि ।

विभाकरः (ना./पुं.) विभां करोतीति *(कान्ति वा किरण फैलाउँछन्)* विभा उपपदपूर्वक डुकृञ् करणे (तना.) धातु, विभा+कृ+ट[8] (अ), गुण= विभाकर ।

शब्दार्थ- सूर्य, दिवाकर, प्रभाकर, अग्नि, चन्द्रमा ।

विभागः (ना./पुं.) विभाज्यते, विभाजनमिति वा *(विभाजन गरिन्छ)* विपूर्वक भज सेवायाम् (भ्वा.) धातु, वि+भज्+णिचि+घञ् (अ), वृद्धि, णिलोप, कुत्व =विभाग ।

शब्दार्थ- छुट्ट्याउने काम, बाँड्ने काम, विभाजन, भाग, खण्ड, अंश, अध्याय, परिच्छेद, कार्य विभाजनका लागि छुट्ट्याइएको मन्त्रालयभन्दा तल्लो एकाइ ।

विभागाध्यक्षः (ना./पुं.) विभागस्य अध्यक्षः *(विभागको प्रमुख)* ष.त.स., दीर्घ= विभागाध्यक्ष ।

शब्दार्थ- विभागीय प्रमुख, विभागको मुख्य अधिकारी ।

विभागीयः (वि.) विभागे भवः, विभागस्य अयम् *(विभागमा भएको, विभागको यो)* विभाग+छ (ईय), अकारलोप= विभागीय ।

शब्दार्थ- विभागमा भएको, विभागको, विभागसम्बन्धी ।

---

[1] सम्पदादिभ्य... : क्विप्
[2] सुप्यजातौ... : णिनि
[3] अत इनिठनौ : इनि
[4] इगुपधज्ञा... : क
[5] लटः शतृशानचाव...: शानच्
[6] आने मुक् : मुक्
[7] आतश्चोपसर्गे : अङ्
[8] दिवाविभानिशाप्रभा...: ट
[9] गहादिभ्यश्च : छ

विभाजकः (वि.) विभाजयतीति *(भाग लगाउँछ)* विपूर्वक भज सेवायाम् (भ्वा.) धातु, वि+भज्+णिचि+ण्वुल् (अक), वृद्धि= विभाजक ।

शब्दार्थ-भाग लगाउने, विभाजन गर्ने, बाँड्ने, अलग्याउँने

विभाजनम् (ना./न.) विभाज्यते इति *(विभाजन गरिन्छ)* विपूर्वक भज सेवायाम् (भ्वा.) धातु, वि+भज्+णिचि, वृद्धि, विभाजि+ल्युट् (अन), णिलोप= विभाजन ।

शब्दार्थ- भाग लगाउने काम, बाँड्ने काम, बँटवारा ।

विभाजितः (वि.) विभाज्यते स्म इति *(विभाजन गरिएको)* विपूर्वक भज सेवायाम् (भ्वा.) धातु, वि+भज्+णिचि, वृद्धि, विभाजि+क्त (त)= विभाजित ।

शब्दार्थ-बाँडिएको, भाग लगाइएको, विभक्त, छुट्ट्याइएको

विभाजनीयः/विभाज्यः (वि.) विभाजितुं योग्यः, विभाज्यते इति वा *(विभाजन गर्न योग्य)* विपूर्वक भज सेवायाम् (भ्वा.) धातु, वि+भज्+णिचि, वृद्धि, विभाजि+अनीय (र्), णिलोप= विभाजनीय ।

वि+भज्+ण्यत्[1] (य), वृद्धि= विभाज्य ।

शब्दार्थ- विभाजन गर्न योग्य, भाग लगाउन लायक, बाँड्न योग्य, अंशवण्डा गर्न उपयुक्त ।

विभावः (ना./पुं.) विभावनम्, विभाव्यते इति वा *(विचार वा निश्चय गरिन्छ)* विपूर्वक भू सत्तायाम् (भ्वा.) धातु, वि+भू+घञ् (अ), वृद्धि, आवादेश= विभाव ।

शब्दार्थ- प्रत्यक्षज्ञान, विवेक, कारण, निदान, निर्णय, निश्चय, कल्पना, शोचविचार, साहित्यमा रसनिष्पत्तिको लागि स्थायीभावको उद्दीपक तत्त्व

रत्याद्युद्बोधका लोके विभावा काव्यनाटचयोः - सा.दा.३/२९

विभावना (ना./स्त्री.) विभाव्यते इति *(राम्रो विचार गरिन्छ)* विपूर्वक भू सत्तायाम् (भ्वा.) धातु, वि+भू+णिचि, वृद्धि, विभावि+युच्[2] (अन)+टाप् (आ) =विभावना ।

शब्दार्थ- विचारविमर्श, निश्चय, निर्णय, विवेक, कल्पना, सोचाइ, चिन्तन-मनन ।

विभावरी (ना./स्त्री.) विभाति नक्षत्रादिभिः *(नक्षत्रादिले सुशोभित हुन्छ)* विपूर्वक भा दीप्तौ (अदा.) धातु, वि+भा+क्वनिप्[3] (वन्)+ङीप्[4] (ई), 'र' अन्तादेश, विभावर् ई= विभावरी ।

विभावरी निशारात्र्योः कुट्टन्यां वक्रयोषिति- इति मेदिनी

शब्दार्थ- निशा, रात्रि, रात, रजनी, तारा जगमगाएको रात, वेश्या, कुटिल स्त्री, चोथाले आइमाई, मुख लागिरहने नारी, वामाचारिणी स्त्री ।

विभावसुः (ना./पुं.) विभा प्रभा एव वसु धनं समृद्धिर्वा यस्य *(प्रभा वा प्रकाश नै धन छ जसको)* ब.स. =विभावसु ।

विभावसुः: पुमान्सूर्ये हारभेदे च पावके- इति मेदिनी

शब्दार्थ- सूर्य, रवि, अग्नि, वैश्वानर, वन्हि, हारविशेष ।

विभावितः (वि.) विभाव्यते स्म इति *(प्रकट गरिएको)* विपूर्वक भू सत्तायाम् (भ्वा.) धातु, वि+भू+णिचि, वृद्धि, आवादेश, विभावि+क्त (त), इडागम, णिलोप =विभावित ।

शब्दार्थ- स्पष्ट देखाइएको, प्रकटीकृत, व्यक्त गरिएको, निश्चय गरिएको, निर्णीत, थाह पाएको ।

विभाषा (ना./स्त्री.) विभाष्यते इति *(विशेषरूपले भनिन्छ)* विपूर्वक भाष व्यक्तायां वाचि (भ्वा.) धातु, वि+भाष्+अ[5] (प्रत्यय), विभाष+टाप् (आ)= विभाषा ।

शब्दार्थ- परिभाषा, अन्यभाषा, प्राकृतभाषा, विकल्प, ईप्सित वस्तु रोज्ने काम, छनोट, चयन ।

विभाषितः (वि.) विभाष्यते स्म इति *(स्पष्ट गरिएको)* विपूर्वक भाष व्यक्तायां वाचि (भ्वा.) धातु, वि+भाष्+क्त (त), इडागम= विभाषित ।

शब्दार्थ- स्पष्ट गरिएको, विकल्पमध्ये छानिएको, परिभाषित, रोजिएको ।

विभासः/विभासा (ना./पुं./स्त्री.) विभास्यते इति *(प्रकाशित हुन्छ)* विपूर्वक भासृ दीप्तौ (भ्वा.) धातु, वि+भास्+घञ्[6] (अ)= विभास ।

वि+भास्+अ (प्रत्यय)+टाप् (आ)= विभासा ।

शब्दार्थ-प्रकाश, चमक, कान्ति, दीप्ति, ज्योति, आभा, चहक

विभिन्नः (वि.) विभिद्यते स्म इति *(टुक्र्याइएको)* विपूर्वक भिदिर् विदारणे (रुधा.) धातु, वि+भिद्+क्त[7] (त), निष्ठा तको न, परसवर्ण दको न= विभिन्न ।

शब्दार्थ- टुक्रा पारिएको, तोडिएको, अनेक प्रकारको, किसिम किसिमको, भिन्न-भिन्न, पृथक्, मिश्रित, मिलाइएको ।

विभिन्नता (ना./स्त्री.) विभिन्नस्य भावः *(विभिन्न हुनाको भाव वा अवस्था)* विभिन्न+तल् (त)+टाप् (आ) =विभिन्नता ।

शब्दार्थ-अनेकता, पृथक्पना, विभिन्नता, पार्थक्य, भिन्नता ।

विभीषकः (वि.) विशेषेण भीषयते इति *(विशेषरूपले भय पैदा गर्छ)* विपूर्वक ञिभी भये (जुहो.) धातु, वि+भी+णिचि+ण्वुल्[8] (अक), षुक्[9], णिलोप= विभीषक ।

शब्दार्थ- डरलाग्दो, भीषण, भयानक, त्रास पैदा गर्ने ।

विभीषणः (वि./ना./पुं.) विशेषेण भीषयतीति *(विशेषरूपले भय पैदा गर्छ)* विपूर्वक ञिभी भये (जुहो.) धातु, वि+भी+णिचि+ल्यु (अन), षुक्, णिलोप, णत्व= विभीषण ।

शब्दार्थ- भय पैदा गर्ने, डरलाग्दो, भयङ्कर, लङ्काधिपति रावणका कान्छा भाइ ।

---

[1] ऋहलोर्ण्यत् : ण्यत्

[2] ण्यासश्रन्थो... : युच्

[3] आतो मनिन्क्वनिप्...: क्वनिप्

[4] वनो र च : ङीप्, 'र' अन्तादेश

[5] गुरोश्च हलः : अ

[6] भावे : घञ्

[7] निष्ठा : क्त

[8] ण्वुल्तृचौ : ण्वुल्

[9] भियो हेतुभये... : षुक्

विभीषिका (ना./स्त्री.) विशेषेण भीषयते अनया *(विशेषरूपले भय पैदा गर्छ यसले)* विपूर्वक ञिभी भये (जुहो.) धातु, वि+भी+णिचि+ण्वुल् (अक), षुक्[१], णिलोप, विभीषकः । विभीषक+टाप् (आ), ककारपूर्वका अकारको इत्व= विभीषिका ।

शब्दार्थ- भय, त्रास, आतङ्क आदि पैदा गर्ने वस्तु वा साधन, डर, भय, त्रास, आतङ्क ।

विभुः (वि./ना./पुं.) विशेषेण व्यापकं भवतीति *(विशेषरूपले व्यापक हुन्छ)* विपूर्वक भू सत्तायाम् (भ्वा.) धातु, वि+भू+डु[२] (उ), टिलोप, विभ् उ= विभु ।

शब्दार्थ- व्यापक, सर्वव्यापी, सर्वसमर्थ, शक्तिशाली, आकाश, काल, ईश्वर, ब्रह्मा, विष्णु, शिव, स्वामी, प्रभु, परमेश्वर ।

विभूतिः (ना./स्त्री.) विशेषेण भवनम्, भूयते इति वा *(विशेषरूपले सम्पन्न हुनु)* विपूर्वक भू सत्तायाम् (भ्वा.) वा भू प्राप्तौ (चुरा.) धातु, वि+भू+क्तिच्[३] (ति)= विभूति ।

विभूतिर्भूतिरैश्वर्य...- इत्यमरः

शब्दार्थ- ऐश्वर्य, वैभव, श्रीसम्पत्ति, ईश्वरीय शक्ति वा सामर्थ्य, राष्ट्रका लागि योगदान दिने व्यक्ति ।

विभूषणम् (ना./न.) विशेषेण भूष्यतेऽनेन *(विभूषित भइन्छ यसबाट)* विपूर्वक भूष अलङ्कारे (भ्वा.) धातु, वि+भूष्+ल्युट्[४] (अन), करणमा, णिलोप, णत्व =विभूषण ।

शब्दार्थ- आभूषण, अलङ्कार, शृङ्गार, मूल्यवान् गहना, पदक, तक्मा, सौन्दर्य, शोभा ।

विभूषा (ना./स्त्री.) विभूष्यते अनया *(यसबाट विभूषित गरिन्छ)* विपूर्वक भूष अलङ्कारे (भ्वा.) धातु, वि+भूष् +अ[५] (प्रत्यय)+टाप् (आ)= विभूषा ।

शब्दार्थ- अलङ्कार, आभूषण, सजावट, शृङ्गार, सौन्दर्य, गहना, कान्ति, आभा ।

विभूषितः (वि.) विशेषेण भूष्यते स्म इति *(विशेषरूपले सजाइएको)* विपूर्वक भूष अलङ्कारे (भ्वा.) धातु, वि+भूष्+क्त (त), इडागम= विभूषित ।

शब्दार्थ- भव्यरूपले सजाइएको, सिंगारिएको, अलङ्कृत, सुशोभित, विभूषित, शोभायमान भएको ।

विभेदः (ना./पुं.) विभेदनम्, विभिद्यते इति *(विशेषरूपले फरक गरिन्छ)* विपूर्वक भिदिर् विदारणे (रुधा.) धातु, वि+भिद्+घञ् (अ), गुण= विभेद ।

शब्दार्थ- भेदन गर्ने वा टुक्र्याउने काम, विखण्डन, फरक, थरीथरी, अनेक प्रकार, विभेद गर्ने काम ।

विभ्रंशः (ना./पुं.) विभ्रंशनम्, विभ्रश्यते इति वा *(गिर्नु)* विपूर्वक भ्रंशु अवस्रंसने (भ्वा.) वा भ्रंशु अधःपतने (दिवा.) धातु, वि+भ्रंश्+घञ् (अ)= विभ्रंश ।

शब्दार्थ- तल खस्ने काम, अधःपतन, अवनति, क्षय, नाश, वरवाद हुने काम ।

विभ्रंशितः (वि.) विभ्रश्यते स्म इति *(तल खसाइएको)* विपूर्वक भ्रंशु अवस्रंसने (भ्वा.) वा भ्रंशु अधःपतने (दिवा.) धातु, वि+भ्रंश्+णिचि, विभ्रंशि+क्त[६] (त), भाव र कर्तामा, णिलोप, इडागम= विभ्रंशित ।

शब्दार्थ- अधःपतन भएको, तल खसेको, विनष्ट, वञ्चित ।

विभ्रमः (ना./पुं.) विभ्रमणम्, विभ्रम्यते इति वा *(घुमफिर गरिन्छ)* विपूर्वक भ्रमु चलने (भ्वा.) वा भ्रमु अनवस्थाने (दिवा.) धातु, वि+भ्रम्+घञ् (अ), वृद्धिनिषेध= विभ्रम ।

शब्दार्थ- यताउति घुम्ने काम, भ्रमण, भ्रम, भ्रान्ति, सन्देह, दुविधा, चित्तविक्षेप ।

विभ्रष्टः (वि.) विशेषेण भ्रश्यते स्म इति *(विशेषरूपले तल खसेको)* विपूर्वक भ्रंशु अवस्रंसने (भ्वा.) वा भ्रंशु अनवस्थाने (दिवा.) धातु, वि+भ्रंश्+क्त (त), श्को षत्व, अनुनासिक नलोप, ष्टुत्व= विभ्रष्ट ।

शब्दार्थ- तल खसेको, च्युत भएको, गिरेको, भ्रष्ट भएको, पतित, क्षीण, अन्त भएको ।

विभ्राज्/विभ्राट् (वि.) विशेषेण भ्राजते तच्छीलः *(राम्ररी प्रकाशित हुन्छ)* विपूर्वक भाजृ दीप्तौ (भ्वा.) धातु, वि+भ्राज्+क्विप्[७] (सर्वलोप)= विभ्राज् ।

जको षत्व, षको जश्त्व ड, डको चर्त्व ट= विभ्राट् ।

शब्दार्थ-दीप्तिमान्, प्रकाशमान्, चम्किलो, ज्यादै तेजिलो ।

विभ्राणः (वि.) विभर्तीति *(धारण गर्छ)* डुभृञ् धारण-पोषणयोः (जुहो.) धातु, भृ+चानश्[८] (आन), शप्, शप्को लुक्, द्वित्व, विभृ आन, वको इत्व[९], भृको यण्=विभ्राण ।

शब्दार्थ- धारण गरिरहेको, लगाउँदै गरेको, लिँदै, धारण गर्ने, लिने ।

विभ्रान्तः (वि.) विशेषेण भ्राम्यति स्म, भ्रम्यति स्म इति वा *(विशेषरूपले चक्कराएको)* विपूर्वक भ्रमु चलने (भ्वा.) वा भ्रमु अनवस्थाने (दिवा.) धातु, वि+भ्रम्+क्त (त), दीर्घ्[१०]= विभ्रान्त ।

शब्दार्थ- चक्कर खाएको, भ्रममा परेको, व्याकुल, विक्षुब्ध, हडवडाएको, भ्रान्त, विह्वल ।

विभ्रान्तिः (ना./स्त्री.) विभ्रमणम्, विभ्रम्यते इति वा *(भ्रममा पर्नु)* विपूर्वक भ्रमु चलने (भ्वा.) वा भ्रमु अनवस्थाने (दिवा.) धातु, वि+भ्रम्+क्तिन्[११] (ति), दीर्घ[१०]= विभ्रान्ति ।

शब्दार्थ- भ्रम, व्याकुलता, विक्षुब्धता, चक्कर, हडवडी, भ्रान्ति, खिन्नता, भ्रमण, दिक्दारी ।

---

१. मित्रो हेतुभये... : षुक्
२. विप्रसम्भ्यो... : डु
३. क्तिच्क्तौ च... : क्तिच्
४. करणाधिकरणयोश्च : ल्युट्
५. गुरोश्च हलः : अ
६. गत्यर्थाकर्मक... : क्त
७. भ्राजभासधुर्वि... : क्विप्
८. ताच्छील्यवयोवचन...: चानश्
९. भृञामित् : वको इत्व
१०. अनुनासिकस्य... : दीर्घ
११. स्त्रियां क्तिन् : क्तिन्

विमतः (वि./ना./न.) विमन्यते, विमनुते इति वा *(सहमत हुँदैन)* विपूर्वक मन ज्ञाने (दिवा.) वा मनु अवबोधने (तना.) धातु, वि+मन्+क्त[1] (त), वर्तमानमा, अनुनासिक नलोप= विमत ।

शब्दार्थ- असहमत, भिन्नविचार राख्ने, विषम, तिरस्कृत, उल्टो विचार, विपरीत दृष्टिकोण, विरोधी भावना ।

विमतिः (ना./स्त्री.) विमन्यते इति *(सहमति नहुनु)* विपूर्वक मन ज्ञाने (दिवा.) वा मनु अवबोधने (तना.) धातु, वि+मन्+क्तिन् (ति), अनुनासिक नलोप =विमति ।

शब्दार्थ- असहमति, विचारमा भिन्नता, मतभेद, मञ्जुरी नहुने काम, असम्मति, जडता ।

विमत्सरः (वि.) विगतः मत्सरः यस्य *(जसको डाह हटिसकेको छ)* प्रा.ब.स., उ.प.लोप= विमत्सर ।

शब्दार्थ- अर्काको डाह नगर्ने, ईर्ष्यामुक्त, द्वेष वा वैरभाव नगर्ने ।

विमदः (वि.) विगतः मदः यस्य *(जसको मद छैन)* प्रा.ब.स., उ.प.लोप= विमद ।

शब्दार्थ- मदरहित, घमण्ड वा गर्व नगर्ने, हर्षशून्य ।

विमनस्कः/विमनाः (वि.) विरुद्धं मनः यस्य *(जसको मन ठीक छैन)* प्रा.ब.स., उ.प.लोप, विमनस्+कप् (समासान्त), विकल्पले= विमनस्क ।

कप्को अभावमा, विमनस्, विमनाः= विमना ।

शब्दार्थ- मनमा अमन चयन नभएको, मनमा शान्ति नभएको, मन सन्तुलन नभएको, उदास, खिन्न मन भएको, व्याकुल, मन नसमालिएको, वेचैनी भएको ।

विमर्दः (ना./पुं.) विमृद्यते, विमर्दनमिति वा *(रगडिन्छ, घोटिन्छ)* विपूर्वक मृद क्षोदे (क्र्या.) धातु, वि+मृद्+घञ्[2] (अ), गुण= विमर्द ।

शब्दार्थ-चूर्ण वा धूलो पार्ने काम, घोट्ने वा पिस्ने काम ।

विमर्दनम् (ना./न.) विमृद्यते, विमर्दनमिति वा *(रगडिन्छ)* विपूर्वक मृद क्षोदे (क्र्या.) धातु, वि+मृद्+ल्युट् (अन), गुण= विमर्दन ।

शब्दार्थ- दल्ने वा घोट्ने वा रगड्ने काम, मर्दन गर्ने काम, भिडन्त, सङ्घर्ष वा सङ्ग्राम ।

विमर्शः (ना./पुं.) विमृश्यते, विमर्शनमिति वा *(खोजि गरिन्छ, परामर्श लिइन्छ)* विपूर्वक मृश आमर्शने (तुदा.) धातु, वि+मृश्+घञ्[2] (अ), गुण= विमर्श ।

विमर्शो भावना चैव वासना च निगद्यते- इत्यमरः

शब्दार्थ- विचार आदान-प्रदान, परामर्श, सत्यतथ्यको खोजी, सरसल्लाह, समीक्षा, आलोचना, तर्क, वहस, छलफल, भावना, वासना, नाटकमा पाँच सन्धिमध्ये एक ।

विमर्षः (ना./पुं.) विमर्षनम्, विमृष्यते इति वा *(सहन नगर्नु)* विपूर्वक मृष तितिक्षायाम् (भ्वा./चुरा.) धातु, वि+मृष्+घञ्[2] (अ), गुण= विमर्ष ।

शब्दार्थ- असहिष्णुता, असन्तोष, तृप्ति नहुने काम, विचार- विनिमय, विवेचना, समीक्षा, अमर्ष, आक्रोश ।

विमलः (वि.) विगतः मलः यस्मात् *(जसबाट मैला हटिसकेको छ)* प्रा.ब.स[3]., उ.प.लोप= विमल ।

किट्टं मलोऽस्त्रियाम् ।

मलोऽस्त्री पापविट्... : इत्यमरः

शब्दार्थ- निर्मल, पवित्र, शुद्ध, कञ्चन, स्वच्छ, मलरहित सफा, निष्कलङ्क, सुन्दर ।

विमलता (ना./स्त्री.) विमलस्य भावः *(निर्मल हुनाको भाव वा अवस्था)* विमल+तल् (त)+टाप् (आ) =विमलता ।

शब्दार्थ- निर्मलता, स्वच्छता, पवित्रता ।

विमला (ना./स्त्री.) विगतानि मलानि यस्याः *(जसबाट मैला हटिसकेको छ)* प्रा.ब.स., उ.प.लोप, विमल+टाप् (आ)= विमला ।

शब्दार्थ- मनमा मैला वा कलुषित भावना नभएकी स्त्री, पवित्र भावनाकी नारी, सरस्वती ।

विमलात्मा (वि.) विमलः आत्मा यस्य *(निर्मल वा स्वच्छ छ आत्मा जसको)* ब.स., दीर्घ, विमलात्मन् =विमलात्मा ।

शब्दार्थ- पवित्रात्मा, कलुषित भावना नभएको, स्वच्छ दिलको ।

विमाता (ना./स्त्री.)विरुद्धा विशिष्टा वा माता **(जन्म दिने आमाभन्दा भिन्न आमा)** प्रा.त.स., विमातृ = विमाता ।

शब्दार्थ- सौतेनी आमा, ठूली आमा, सानीमा ।

विमानः (ना./पुं./न.) वि मानयन्तीति *(विशेष अनादर गर्छन्)* विपूर्वक मान पूजायाम् (भ्वा./चुरा.) धातु, वि+मान्+घ (अ)= विमान ।

अथवा विशेषेण माति अस्मिन् *(विशेषरूपले नापिन्छ)* मा माने (अदा.) धातु, वि+मा+ल्युट् (अन)= विमान ।

अथवा विगतं मानम् उपमा सम्मानं वा यस्य *(जसको तुलना वा सम्मान छैन)* प्रा.ब.स., उ.प.लोप=विमान ।

शब्दार्थ- अनादर, हेला, अपमान, विमान, हवाईजहाज, वायुयान, व्योमयान, साततले अग्लो भवन, नापो ।

विमानपरिचारिका (ना./स्त्री.) विमानस्य परिचारिका *(विमानकी परिचारिका)* ष.त.स.= विमानपरिचारिका ।

शब्दार्थ- विमानका यात्रीहरूको सेवा गर्ने स्त्री, विमानमा परिचारिकाको काम गर्ने स्त्री, विमान-सेविका ।

विमानभेदी (ना./पुं.) विमानं भेत्तुं शीलमस्य *(विमान भेदन गर्ने शील वा क्षमता छ यसको)* विमान उपपदपूर्वक भिदिर् विदारणे (रुधा.) धातु, विमान+भिद्+ णिनि[4] (इन्), गुण, विमानभेदिन्= विमानभेदी ।

शब्दार्थ- विमान भेदन गर्ने अस्त्रशस्त्र, विमान खसाल्ने उपकरण वा अस्त्र ।

---

१. मतिबुद्धिपूजार्थे... : क्त

२. भावे : घञ्

३. प्रादिभ्यो धातुजस्य... : प्रा.ब.स., उ.प.लोप

४. सुप्यजातौ... : णिनि

विमानस्थलम्/विमानस्थानम् (ना./न.) विमानाय विमानस्य वा स्थलम्/स्थानम् *(विमानका लागि वा विमानको स्थल वा स्थान)* च.त.स./ष.त.स. =विमानस्थल/विमानस्थान ।

शब्दार्थ- हवाईजहाज राख्ने, ओराल्ने र उडाउने ठाउँ, हवाईमैदान, विमानघाट, विमान आवत जावत गर्ने स्थान ।

विमानितः (वि.) विगतं मानं सम्मानं यस्य *(जसको मान सम्मान छैन)* प्रा.ब.स., विमानम् । विमानं सञ्जातम् अस्य *(अपमान भएको छ यसको)* विमान+इतच्[1] (इत), अकारलोप= विमानित । अथवा विमान्यते स्म इति *(अपमानित गरिएको)* विपूर्वक मान पूजायाम् (भ्वा./चुरा.) धातु, वि+मान्+णिचि+क्त (त), णिलोप, इडागम= विमानित ।

शब्दार्थ- अपमानित, अपहेलित, उपेक्षित, मानसम्मान नभएको, मान हानि भएको, अनादर गरिएको ।

विमार्गः (ना./पुं.) विरुद्धः मार्गः *(खराब मार्ग)* प्रा.त.स. =विमार्ग ।

शब्दार्थ- खराब वाटो, कुमार्ग, कुवाटो, खराव आचरण ।

विमार्जनम् (ना./न.) विशेषेण मार्ज्यते, विमार्जनमिति वा *(विशेषरूपले शुद्ध गरिन्छ)* विपूर्वक मृजु शुद्धौ (अदा.) धातु, वि+मृज्+णिचि, वृद्धि, विमार्जि+ल्युट् (अन), णिलोप= विमार्जन ।

शब्दार्थ- धुने काम, पवित्र वनाउने काम, सफा गर्ने वा शुद्धीकरण गर्ने काम, वढार्ने काम ।

विमुक्तः (वि.) विमुच्यते स्म इति *(मुक्त गरिएको)* विपूर्वक मुच्लृ मोक्षणे (तुदा.) धातु, वि+मुच्+क्त (त), कुत्व =विमुक्त ।

शब्दार्थ- मुक्त भएको, छुटकारा पाएको, स्वतन्त्र भएको, त्यागिएको, फ्याँकिएको, स्वतन्त्र, छुटेको, स्वच्छन्द भएको ।

विमुक्तिः (ना./स्त्री.) विमोचनम्, विमुच्यते इति वा *(मुक्त गरिन्छ)* विपूर्वक मुच्लृ मोक्षणे (तुदा.) धातु, वि+मुच्+क्तिन् (ति), कुत्व= विमुक्ति ।

शब्दार्थ- छुटकारा, मुक्त हुने काम, रिहाइ, मोचन, मुक्ति, निर्वाण, वन्धनवाट छुटकारा पाउने काम ।

विमुखः (वि.) विरुद्धं मुखं यस्य *(जसको विपरीत मुख छ)* प्रा.ब.स., उ.प.लोप= विमुख ।

शब्दार्थ- अर्कोतिर मुख फर्काएको, पराङ्मुख, निरास भएको, विरक्त, उदास ।

विमुग्धः (वि.) विशेषेण मुह्यते स्म इति *(विशेषरूपले मोहित भएको)* विपूर्वक मुह वैचित्ये (दिवा.) धातु, वि+मुह्+क्त (त), तको ध[2], हको घ[3], जश्त्व=विमुग्ध ।

शब्दार्थ- ज्यादै मुग्ध भएको, लट्ठ परेको, ज्यादै मोहित भएको, मूढ, भ्रममा परेको, व्याकुल ।

विमुद्रः (वि.) विगता मुद्रा यस्य *(जसको मुद्रा वा छाप छैन)* प्रा.ब.स., ह्रस्व= विमुद्र ।

शब्दार्थ- छाप नलगाएको, मुद्रारहित, मुकुलित, फक्रेको ।

विमुद्रीकरणम् (ना./न.) अमुद्रा मुद्रा सम्पद्यते, सा क्रियते इति *(मुद्रा नभएको मुद्रा बन्छ र त्यो बनाइन्छ)* मुद्रा+च्वि[4]+कृ+ल्युट् (अन), गुण, णत्व, मुद्राको ईत्व[5], च्विको सर्वलोप, मुद्रीकरणम् । विगतं मुद्रीकरणम् *(मुद्राको प्रचलन हटाएको)* प्रा.त.स. =विमुद्रीकरण ।

शब्दार्थ- मुद्राको प्रचलन अवैध गर्ने काम, मुद्राको प्रचलन समाप्त गर्ने वा हटाउने काम, मुद्रा खोटो पार्ने काम

विमूढः (वि.) विमुह्यति स्म इति *(मोहित भएको)* विपूर्वक मुह वैचित्ये (दिवा.) धातु, वि+मुह्+क्त (त), कर्तामा, हको ढ, तको ध, ष्टुत्व, ढलोप, दीर्घ=विमूढ ।

शब्दार्थ- मोहित भएको, मोहजालमा फसेको, जड, मूर्ख, लोभिएको, अज्ञ, ज्यादै लट्ठिएको ।

विमोक्षः (ना./पुं.) विशेषेण मोक्षणम्, मोक्ष्यते इति वा *(मोक्ष पाउनु)* विपूर्वक मोक्ष अवसाने (चुरा.) धातु, वि+मोक्ष+घञ् (अ), गुण= विमोक्ष ।

शब्दार्थ- मोक्ष प्राप्त गर्ने काम, मुक्ति, कैवल्य, निर्वाण, भववन्धनवाट छुटकारा पाउने काम ।

विमोक्षणम् (ना./न.) विशेषेण मोक्षणम्, मोक्ष्यते इति वा *(विशेषरूपले छुटकारा पाउनु)* विपूर्वक मोक्ष अवसाने (चुरा.) धातु, वि+मोक्ष्+ल्युट् (अन), णत्व = विमोक्षण ।

शब्दार्थ- छुटकारा, रिहाइ, मुक्ति, मोक्ष, त्याग, वाण हान्ने काम, विमोचन ।

विमोचनम् (ना./न.) विशेषेण मोचनम्, मुच्यते इति वा *(विशेषरूपले विमोचन गरिन्छ वा छुटकारा पाइन्छ)* विपूर्वक मुच्लृ मोक्षणे (तुदा.) धातु, वि+मुच्+ल्युट् (अन)= विमोचन ।

शब्दार्थ- छुटकारा, मोक्ष, निकाल्ने काम, नयाँ कृति प्रकाशन हुंदा विमोचन गर्ने काम, वन्धनवाट छुटाउने क्रिया ।

विमोचितः (वि.) विमोच्यते स्म इति *(विमोचन गरिएको)* विपूर्वक मुच्लृ मोक्षणे (तुदा.) धातु, वि+मुच्+णिचि, गुण, विमोचि+क्त (त), णिलोप, इडागम = विमोचित ।

शब्दार्थ- विमोचन गरिएको, छुटकारा दिइएको, वन्धन मुक्त गरिएको ।

विमोहकः (वि.) विशेषेण मोहयतीति *(विशेषरूपले मोहित पार्छ)* विपूर्वक मुह वैचित्ये (तुदा.) धातु, वि+मुह्+णिचि+ण्वुल्[6] (अक), गुण= विमोहक ।

शब्दार्थ-मोहित पार्ने, आकर्षित पार्ने, लट्ठ्याउने, लोभ्याउने

---

१. तदस्य सञ्जातम्... : इतच्
२. झषस्तथो... : तको ध
३. वा द्रुहमुह... : हको घ
४. कृभ्वस्तियोगो... : च्वि
५. अस्य च्वौ : ईत्व
६. ण्वुल्तृचौ : ण्वुल्

विमोहनम् (ना./न.) विमोहनम्, विमोह्यते इति वा *(लट्ठ्याइन्छ)* विपूर्वक मुह वैचित्ये (दिवा.) धातु, वि+मुह्+णिचि+ल्युट् (अन), गुण, णिलोप=विमोहन ।

शब्दार्थ- मुग्ध पार्ने काम, लोभ्याउने काम, लट्ठ्याउने क्रिया, मोहिनी लगाउने काम, टुना, भ्रम ।

विमोहितः (वि.) विमोह्यते स्म इति *(मोहित पारिएको)* विपूर्वक मुह वैचित्ये (दिवा.) धातु, वि+मुह्+णिचि +क्त (त), णिलोप, इडागम, गुण= विमोहित ।

शब्दार्थ- ज्यादै मोहित पारिएको, लट्ठ्याइएको, लोभ्याइएको, विमुग्ध, लट्ठिएको ।

उदा. **के चारै स्मृतिमा विमोहित भयौ, भो साधना दुर्वल?- भृ.ख.का ३/२**

विम्वोष्ठः (वि.) विम्ववत् रक्तवर्णौ ओष्ठौ यस्य *(गोलकांक्री जस्तो रातो वर्णको ओठ छ यसको)* विम्व+ओष्ठ, व.स., पररूप= विम्वोष्ठ ।

शब्दार्थ- पाकेको गोलकांक्री जस्तो रातो वर्णको ओठ भएको, विम्वाधर ।

वियुक्तः (वि.) वियुज्यते स्म इति *(छुट्टिएको)* विपूर्वक युजिर् योगे (रुधा.) धातु, वि+युज्+क्त (त), कुत्व =वियुक्त ।

शब्दार्थ- छुट्टिएको, अलग भएको, भिन्न भएको, विछोड भएको, वियोग भएको, रहित ।

वियोगः (ना./पुं.) (तेन तया वा) वियुज्यते इति *(उसद्वारा विछोड भइन्छ)* विपूर्वक युजिर् योगे (रुधा.) धातु, वि+युज्+घञ्[१] (अ), गुण, कुत्व= वियोग ।

अथवा विगतः योगः *(योगरहित)* प्रा.त.स.= वियोग ।

शब्दार्थ-विछोड, छुट्टिने वा अलग हुने काम, विरह, वेदना, विच्छेद, अन्तर, फरक, योगरहित स्थिति ।

वियोगात्मकः (वि.) वियोगः आत्मा यस्य *(वियोग नै आत्मा छ जसको)* वियोग+आत्मन्, दीर्घ, वियोगात्मन्+कप् (समासान्त), नलोप=वियोगात्मक ।

शब्दार्थ-वियोग हुने, छुट्टिने, अलग हुने, जोडिन नसक्ने ।

वियोगान्तः (वि.) वियोगः अन्तः यस्य *(वियोग नै अन्त छ जसको)* व.स., दीर्घ= वियोगान्त ।

शब्दार्थ-दुःखान्त, वियोगमा टुङ्गिने, अन्तमा दुःख हुने ।

वियोगिनी (ना./स्त्री.) वियोगः अस्याः अस्तीति *(विछोड छ यस स्त्रीको)* वियोग+इनि[२] (इन्), अकारलोप, वियोगिन्+ङीप् (ई)= वियोगिनी ।

शब्दार्थ- आफ्नो पति वा प्रेमीको वियोगले दुःखित नायिका, विरहिणी, विछोडले व्याकुल वनेकी स्त्री,

वियोगी (ना./पुं.) वियोगः अस्यास्तीति *(वियोग छ यसको)* वियोग+इनि[२] (इन्), वियोगिन्= वियोगी ।

शब्दार्थ-नायिकासित विछोड भएको नायक, पत्नी वा प्रेमिकासित विछोड भएको पुरुष, चखेवा पक्षी ।

वियोजकः (वि.) वियोजयतीति *(वियोग वा विछोड गराउँछ)* विपूर्वक युजिर् योगे (रुधा.) धातु, वि+युज्+णिचि+ण्वुल्[३] (अक), गुण, णिलोप=वियोजक ।

शब्दार्थ-वियोग वा विछोड गराउने, छुट्ट्याउने, अलग पार्ने

वियोजनम् (ना./न.) वियोजनम्, वियुज्यते इति वा *(छुट्ट्याइन्छ)* विपूर्वक युजिर् योगे (रुधा.) धातु, वि+युज्+णिचि+ल्युट् (अन), गुण, णिलोप= वियोजन ।

शब्दार्थ- छुट्ट्याउने काम, वियोग गराउने क्रिया, अलग पार्ने काम, घटाउने क्रिया ।

वियोजितः (वि.) वियोज्यते स्म इति *(छुट्ट्याइएको)* विपूर्वक युजिर् योगे (रुधा.) धातु, वि+युज्+णिचि, गुण, वियोजि+क्त (त), णिलोप, इडागम= वियोजित ।

शब्दार्थ- विछोड गरिएको, छुट्ट्याइएको, अलग्याइएको, वियोग गरिएको ।

विरक्तः (वि.) विरज्यते स्म इति *(विरक्तिएको)* विपूर्वक रञ्ज रागे (भ्वा./दिवा.) धातु, वि+रञ्ज्+क्त (त), नलोप, कुत्व= विरक्त ।

शब्दार्थ- विरक्त भएको, अनुराग नभएको, स्नेहशून्य, अनासक्त, खिन्न, उदास, ज्यादै रातो, लालिमायुक्त ।

उदा. **मेरा विरक्त स्वरहरू प्रतिध्वनित हुँदैनन् अव -मेरो ढाडमा अहिले मैले कञ्चनजङ्घा वोकेको छैन ईश्वर वल्लव**

विरक्तिः (ना./स्त्री.) विरञ्जनम्, विरज्यते इति *(विरक्तिन्छ)* विपूर्वक रञ्ज रागे (भ्वा./दिवा.) धातु, वि+रञ्ज्+क्तिन्[४] (ति), नलोप, कुत्व= विरक्ति ।

शब्दार्थ- सांसारिक मायामोहवाट अलग रहने काम, वैराग्य, अनुराग नहुने काम, स्नेहशून्यता ।

विरङ्गः (वि.) विविधः रङ्गः यस्य *(अनेक रङ्ग छ यसको)* प्रा.व.स., उ.प.लोप= विरङ्ग ।

अथवा विगतः रङ्गः यस्य *(रङ्ग नै नभएको)* प्रा.व.स., उ.प.लोप= विरङ्ग ।

शब्दार्थ- धेरै रङ्ग भएको, वहुरङ्गी, रङ्गीचङ्गी, अनेक रङ्गी, रङ्गहीन, कुनै रङ्ग नभएको ।

विरङ्गी (वि.) विरङ्गः अस्यास्तीति *(अनेक रङ्ग छ यसको)* विरङ्ग+इनि[२] (इन्), अकारलोप, विरङ्गिन्= विरङ्गी ।

शब्दार्थ- अनेक रङ्गको, वहुरङ्गी, धेरै रङ्ग भएको ।

विरचनम् (ना./न.)/**विरचना** (ना./स्त्री.) विरचनम्, विरच्यते इति वा *(रचना गरिन्छ)* विपूर्वक रच प्रतियत्ने (चुरा.) धातु, वि+रच्+ल्युट् (अन)=विरचन । वि+रच्+युच्[५] (अन), उणा., णिलोप, विरचन+टाप् (आ)= विरचना ।

शब्दार्थ- सृजना वा रचना गर्ने कम, साहित्य सृजना, विशिष्ट किसिमको सजावट, निर्माण ।

---

१. अकर्तरि च कारके...: घञ्

२. अत इनिठनौ : इनि

३. ण्वुल्तृचौ : ण्वुल्

४. स्त्रियां क्तिन् : क्तिन्

५. बहुलमन्यत्रापि...: युच्

विरचितः (वि.) विशेषेण रच्यते स्म इति *(विशेष ढङ्गले रचना गरिएको)* विपूर्वक रच प्रतियत्ने (चुरा.) धातु, वि+रच्+क्त (त), इडागम= विरचित ।

शब्दार्थ- राम्ररी रचना गरिएको, साहित्य सृजना गरिएको, लेखिएको, निर्मित, लिखित, रचित, सजाइएको, क्रमले राखिएको ।

विरिञ्चः/विरिञ्चिः (ना./पुं.) विरचयतीति *(रचना गर्छन्)* विपूर्वक रच प्रतियत्ने (चुरा.) धातु, वि+ रच्+णिचि +इ[1] (प्रत्यय), उणा., णिलोप, नुम्, पृषोदरादिवाट रको इत्व (विकल्पले)= विरिञ्चि ।

इत्वको अभावमा= विरञ्चि ।

शब्दार्थ- सृष्टिकर्ता व्रह्मा, विधाता, स्वयम्भू, प्रजापति ।

विरतः (वि.) विरम्यते स्म इति *(थाकेको, विश्राम लिएको)* विपूर्वक रमु क्रीडायाम् (भ्वा.) धातु, वि+रम्+क्त (त), अनुनासिक मलोप= विरत ।

शब्दार्थ- रोकिएको, विश्रान्ति लिएको, कामवाट हटेको, निवृत्त, विरक्त भएको, मोहजालमा नफसेको ।

विरतिः (ना./स्त्री.) विरमणम्, विरम्यते इति वा *(विश्राम लिनु)* विपूर्वक रमु क्रीडायाम् (भ्वा.) धातु, वि+रम्+क्तिन् (ति), अनुनासिक मलोप= विरति ।

शब्दार्थ- विरक्ति, अनासक्ति, विश्राम, अवसान, रति वा अनुराग नहुने काम, रतिरागवाट विरक्ति, विषयप्रति अनुरक्त नहुने काम ।

विरथः (वि.) विगतः रथात् *(रथवाट रहित)* प्रा.त.स[2]. =विरथ ।

शब्दार्थ- रथहीन, रथमा नचढेको, पैदल हिँड्ने, रथवाट रहित भएको ।

विरथी (वि.) विरथः अस्यास्तीति *(रथहीन अवस्था छ यसको)* विरथ+इनि[3] (इन्), अकारलोप, विरथिन् =विरथी ।

शब्दार्थ- रथमा नभएको, रथहीन, सवारीको साधनमा नचढेको ।

विरमः (ना./पुं.) विरमणम्, विरम्यते इति वा *(विश्राम लिइन्छ)* विपूर्वक रमु क्रीडायाम् (भ्वा.) धातु, वि+ रम्+घञ् (अ), वृद्धिनिषेध= विरम ।

शब्दार्थ- रोकथाम, विश्राम, विश्रान्ति, विरति ।

विरलः (वि.) वातीति *(वहन्छ, हिँड्छ)* वा गतिगन्धनयोः (अदा.) धातु, वा+इण्[4] (इ), उणा., डित्व, टिलोप, विः । विं कृशतां रातीति *(कृशता वा अल्पता ल्याउँछ)* विपूर्वक रा दाने (अदा.) धातु, वि+रा+ कलन् (अल), वहुलप्रकारले, उणा., आलोप= विरल ।

पेलवं विरलं तनुः - इत्यमरः

विरलोऽल्पे कृशे- इति हैमः

शब्दार्थ- दुव्लो, कृश, अल्प, पातलो, तनु, थोरै, विरलै ।

विरलता (ना./स्त्री.) विरलस्य भावः *(विरल वा अल्प हुनाको अवस्था)* विरल+तल् (त)+टाप् (आ)=विरलता

शब्दार्थ- तनुत्व, अल्पता, न्यूनता, कृशत्व, दुर्वलता, पातलोपना ।

विरसः (वि.) विगतः रसः यस्मात् ***(जसबाट रस हटिसकेको छ)*** प्रा.व.स., उ.प.लोप= विरस ।

शब्दार्थ- रस नभएको, नीरस, स्वादरहित, फिक्का, खल्लो, वेस्वादको, विरसिलो, प्यारो नलाग्ने ।

विरहः (ना./पुं.) विशेषेण रहति, रहयति, रह्यते इति वा ***(विशेष रूपले त्याग्छ, त्यागिन्छ)*** विपूर्वक रह त्यागे (भ्वा/चुरा.) धातु, वि+रह्+अच् (पचादि)/घञ् (अ) =विरह ।

शब्दार्थ- वियोग, विछोड, परित्याग, वियोगवाट पैदा हुने वेदना, विरह, व्यथा, पीडा, परिताप, दुःख, छोड्ने वा त्याग्ने काम, उत्सर्ग, सन्ताप ।

विरहितः (वि.) विरहः सञ्जातः अस्य ***(विरह पैदा भएको छ यसको)*** विरह+इतच् (इत)= विरहित ।

शब्दार्थ- विरही वनेको, विरह पैदा भएको, त्यागिएको ।

विरहाग्निः (ना./पुं.) विरहेण जातश्चासौ अग्निश्च ***(विरहले पैदा भएको ताप वा पीडा)*** क.त.स., उ.प.लोप = विरहाग्नि ।

शब्दार्थ- वियोगवाट पैदा भएको पीडा, विरहजन्य वेदना ।

विरहानलः (ना./पुं.) विरहेण सञ्जातश्चासौ अनलश्च ***(विरहले उत्पन्न ताप)*** क.त.स., उ.प.लोप, दीर्घ =विरहानल ।

शब्दार्थ-विरहाग्नि, विरहजन्य ताप, पीडा, वेदना, चिन्ता ।

विरहिणी (ना./स्त्री.) विरहः अस्याः अस्तीति ***(विरह छ यस स्त्रीको)*** विरह+इनि[3] (इन्), अकारलोप, विरहिन्+ ङीप् (ई), णत्व= विरहिणी ।

शब्दार्थ- पति वा प्रेमीवाट विछोड भएकी स्त्री, वियोगले पिल्सिएकी नायिका, वियोगिनी, विरहयुक्त नारी ।

विरहितः (वि.) विरह्यते स्म इति ***(त्यागिएको, छाडिएको)*** विपूर्वक रह त्यागे (भ्वा./चुरा.) धातु, वि+रह्+क्त (त), इडागम= विरहित ।

शब्दार्थ- परित्याग गरिएको, छाडिएको, त्यक्त, रहित, विछोड भएको ।

विरही (वि.) विरहः अस्यास्तीति ***(वियोग छ यसको)*** विरह+इनि[3] (इन्), अकारलोप, विरहिन्= विरही ।

शब्दार्थ- पत्नी वा प्रेमिकावाट विछोड भएको, वियोगी ।

विरागः (ना./पुं.) विरज्यते अनेन ***(विरक्ति पैदा हुन्छ यसबाट)*** रञ्ज रागे (भ्वा./दिवा.) धातु, वि+ रञ्ज्+घञ् (अ), नलोप, वृद्धि, कुत्व= विराग । अथवा विगतः रागः ***(राग नभएको स्थिति)*** प्रा.त.स. =विराग ।

शब्दार्थ- विषयप्रतिको अनुराग हटिसकेको अवस्था, विरक्ति, रागवाट मुक्ति, सांसारिक वासनाप्रति अरुचि, वैराग्य ।

---

१. वच इः : इ

३. अत इनिठनौ : इनि

२. निरादयः क्रान्ताद्यर्थे... : प्रा.त.स.

४. वातेर्डिच्च : इण्, डित्व

विरागी (वि.) विशेषेण रजति, रज्यते इति वा *(विशेषरूपले विरक्त हुन्छ)* विपूर्वक रञ्ज रागे (भ्वा./दिवा.) धातु, वि+रञ्ज्+घिनुण्[१] (इन्), वृद्धि, कुत्व, नलोप, विरागिन्= विरागी । अथवा विरागः अस्यास्तीति *(विरक्तिभाव छ यसको)* विराग+इनि[२] (इन्), अकारलोप, विरागिन्= विरागी ।

शब्दार्थ- विषयवासनाप्रति आसक्त नभएको, वैरागी, विरक्त, विषयभोगप्रति अनासक्त ।

विराजमानः (वि.) विराजते इति *(विराजमान हुन्छ)*, तादृशं पुरुषमवलोकय *(विराजमान भएको पुरुषलाई हेर)* विपूर्वक राजृ दीप्तौ (भ्वा.) धातु, वि+ राज्+ शानच्[३] (आन), शप् (अ), विराज आन, मुगागम[४] =विराजमान ।

शब्दार्थ- शोभायमान, सुशोभित, विराजित, ज्यादै सुहाएको, विद्यमान, दीप्तियुक्त, राज भएको ।

विराजितः (वि.) विराजते स्म इति *(सुशोभित हुन्छ)* विपूर्वक राजृ दीप्तौ (भ्वा.) धातु, वि+राज्+क्त (त), कर्तामा, इडागम= विराजित ।

शब्दार्थ- ज्यादै सुहाएको, विराजमान भएको, आनन्दपूर्वक वसेको, सुशोभित ।

विराज्/विराट् (वि./ना./पुं.) विशेषेण राजति, राजते इति वा *(विशेषरूपले सुशोभित हुन्छ)* विपूर्वक राजृ दीप्तौ (भ्वा.) धातु, वि+राज्+क्विप्[५] (सर्वलोप) =विराज् । जको षत्व, जश्त्व, चर्त्व= विराट् ।

शब्दार्थ- ज्यादै वृहत्, अतिमहान्, विस्तृत, व्यापक, ज्यादै ठूलो, परव्रह्म परमात्मा, विश्वरूप परमेश्वर, सौन्दर्य, ज्योति, दीप्ति, प्रकाश ।

विराधः (ना./पुं.) विराधनम्, विराध्यते इति वा *(विरोध गरिन्छ)* विपूर्वक राध संसिद्धौ (स्वा.) धातु, वि+राध् +घञ् (अ)= विराध ।

शब्दार्थ- विरोध, अपकार, अर्काको कुभलो गर्ने काम, अर्कालाई सताउने काम, अपमान, रामायणमा रामद्वारा मारिएको एक राक्षस ।

विरामः (ना./पुं.) विरमन्ति अत्र *(रोकिन्छन् यहाँ)* विपूर्वक रमु क्रीडायाम् (भ्वा.) धातु, वि+रम्+घञ्[६] (अ), वृद्धि= विराम ।

शब्दार्थ- विश्राम, अवसान, रोकिने काम, विराम चिन्ह ।

विरुतः (वि.)/ना./न. विरौति स्म इति *(रोएको)* विपूर्वक रु शव्दे (अदा.) धातु, वि+रु+क्त[७] (त), कर्तामा =विरुत ।

शब्दार्थ- रोएको, चिच्याएको, चीत्कार गरेको, पक्षीहरू अस्पष्टरूपले वोलेको, कलरव, कोलाहल, क्रन्दन, चीत्कार ।

विरुदम् (ना./न.) विरोदिति *(प्रशस्ति गाउँछ)* विपूर्वक रुदिर् अश्रु विमोचने (अदा.) धातु, वि+रुद्+क[८] (अ) =विरुद ।

शब्दार्थ- प्रशस्ति, गुणगान, स्तुतिगान, कीर्तिगाथा, घोषणा गर्ने काम, कीर्ति, स्तुति, स्तुतिपरक कविता, राजस्तुति वा प्रशंसा ।

गद्यपद्यमयी राजस्तुतिर्विरुदमुच्यते- सा.द.३/३/७

विरुदावली (ना./स्त्री.) विरुदानामावली *(स्तुतिपाठहरूको माला वा लहर)* ष.त.स.= विरुदावली ।

शब्दार्थ- राजस्तुति, कवितावाट गरिने कीर्तिगाथा, स्तुतिपाठवाट गरिने गुणगान वा प्रशंसा, स्तुतिमाला ।

विरुद्धः (वि.) विरुध्यते स्म इति *(विरोध गरिएको, रोकिएको)* विपूर्वक रुधिर् आवरणे (रुधा.) धातु, वि+ रुध्+क्त (त), तको ध, जश्त्व= विरुद्ध ।

शब्दार्थ- विपरीत, नमिलेको, विरोध गरिएको, रोकिएको, प्रतिकूल, उल्टो ।

विरुद्धाचरणम् (ना./न.) विरुद्धं च तत् आचरणम् *(विरुद्ध आचरण)* क.त.स., दीर्घ= विरुद्धाचरण ।

शब्दार्थ- प्रतिकूल आचरण, अमिल्दो व्यवहार, विपरीत आचरण ।

विरूपः (वि.) विकृतं रूपं यस्य सः *(विकृत छ रूप जसको)* व.स.= विरूप ।

शब्दार्थ- विकृत रूप भएको, नराम्रो अनुहारको, कुरूप, सौन्दर्य नभएको, विकराल आकृति भएको, शोभाहीन ।

विरूपाक्षः (वि./ना./पुं.) विविधानि सूर्यचन्द्राग्निरूपाणि अक्षीणि यस्य *(सूर्य, चन्द्र र अग्निरूपी विविध आँखा छन् जसका)* व.स., दीर्घ, समासान्त षच्= विरूपाक्ष । अथवा विरूपाणि विविधरूपाणि अक्षीणि इन्द्रियाणि यस्य *(विविध छन् इन्द्रियहरू जसका)* विरूप+अक्षि, व.स., दीर्घ, समासान्त षच्[९], टिलोप= विरूपाक्ष । अथवा विरूपेषु अपि अक्षि कृपादृष्टिर्यस्य *(विरूपहरूमा पनि कृपादृष्टि भएका)* व.स.= विरूपाक्ष ।

शब्दार्थ- नराम्रा आँखा भएको, डरलाग्दो दृष्टि भएको, कुरूप आँखा भएको, भद्दा आँखा भएको, शिव, महादेव, शम्भु, कुरूपहरूमा पनि दयादृष्टि राख्ने महेश्वर ।

विरूपी (वि.) विरूपः अस्यास्तीति *(भद्दा नराम्रो रूप छ यसको)* विरूप+इनि[२] (इन्), अकारलोप=विरूपी ।

शब्दार्थ- नराम्रो रूप भएको, कुरूप, भद्दा रूप भएको ।

विरेचकः (वि.) विरेचयतीति *(पेट सफा गराउँछ)* विपूर्वक रिचिर् विरेचने (रुधा.) धातु, वि+रिच्+णिच +ण्वुल् (अक), गुण= विरेचक ।

शब्दार्थ- पेट सफा गराउने, दिशा लगाउने, जुलाफ गराउने (औषधिविशेष) ।

---

१. सम्पृचानुरुधा... : घिनुण्
२. अत इनिठनौ : इनि
३. लटः शतृशानचाव... : शानच्
४. आने मुक् : मुमागम
५. सत्सूद्विषद्रुह... : क्विप्
६. हलश्च : घञ्
७. गत्यर्थाकर्मक... : क्त
८. इगुपधज्ञा... : क
९. बहुव्रीहौ सक्थ्यक्ष्णो... : षच्

विरेचनम् (ना./न.) विरेचनम्, विरेच्यते इति वा *(विरेचन गराइन्छ)* विपूर्वक रिचिर् विरेचने (रुधा.) धातु, वि+रिच्+णिचि+ल्युट् (अन), णिलोप, गुण=विरेचन ।

शब्दार्थ- पेट सफा गराउने काम, जुलाफ गराउने काम, पेट सफा गराउने औषधीविशेष ।

विरोचनः (ना./पुं.) विशेषेण रोचते इति *(विशेषरूपले प्रकाशित हुन्छ)* विपूर्वक रुच दीप्तावभिप्रीतौ च (भ्वा.) धातु, वि+रुच्+युच्[1] (अन), गुण= विरोचन ।

शब्दार्थ- सूर्य, चन्द्रमा, अग्नि, दैत्यराज वलिका वावु, प्रल्हादका छोरा ।

विरोधः (ना./पुं.) विरोधनम्, विरुध्यते इति वा *(विरोध गरिन्छ)* विपूर्वक रुधिर् आवरणे (रुधा.) धातु, वि+रुध्+घञ् (अ), गुण= विरोध ।

शब्दार्थ- वैरभाव, विद्वेष, रिस गर्ने काम, शत्रुता, कुनै कुराप्रति विरोध गर्ने काम, प्रतिवाद, अवरोध, कुनै विचारप्रति विपरीत भावना ।

विरोधकः (वि.) विरुणद्धीति *(विरोध गर्छ)* विपूर्वक रुधिर् आवरणे (रुधा.) धातु, वि+रुध्+ण्वुल्[2] (अक), गुण =विरोधक ।

शब्दार्थ- विरोध गर्ने, अवरोध पैदा गर्ने, प्रतिरोध गर्ने, वाधा पुऱ्याउने, विरोधी ।

विरोधकर्ता (वि.) विरोधं करोतीति *(विरोध गर्छ)* विरोध उपपदपूर्वक डुकृञ् करणे (तना.) धातु, विरोध+कृ+तृच्[2] (तृ), गुण, विरोधकर्तृ= विरोधकर्ता ।

शब्दार्थ- विरोध गर्ने, विरोधी, अवरोध पुऱ्याउने ।

विरोधप्रदर्शनम् (ना./न.) विरोधाय प्रदर्शनम् *(विरोधका लागि गरिने प्रदर्शन)* च.त.स.= विरोधप्रदशन ।

शब्दार्थ-कुनै काम कुराको विरोध दर्साउन गरिने प्रदर्शन,

विरोधनम् (ना./न.) विरोधनम्, विरुध्यते इति वा *(विरोध गरिन्छ)* विपूर्वक रुधिर् आवरणे (रुधा.) धातु, वि+रुध्+ल्युट् (अन), भावमा, गुण= विरोधन ।

शब्दार्थ- विरोध, अवरोध गर्ने काम, वाधा पुऱ्याउने काम, वैरभाव, विद्वेष, घेराउ गर्ने काम, प्रतिरोध गर्ने काम ।

विरोधाभासः (ना./पुं.) विरोधस्य आभासः *(विरोधको आभास)* ष.त.स., दीर्घ= विरोधाभास ।

शब्दार्थ- विरोध गरेको आभास, विरोधको भान, दुईथरी वीच पाइने विरोधको भावना ।

विरोधी (वि.) अवश्यं विरुणद्धीति *(अवश्य विरोध गर्छ)* विपूर्वक रुधिर् आवरणे (रुधा.) धातु, वि+रुध्+णिनि[3] (इन्), विरोधिन्= विरोधी ।

अथवा विरोधः अस्यास्तीति *(विरोध छ यसको)* विरोध+इनि[4] (इन्), अकारलोप, विरोधिन्= विरोधी ।

शब्दार्थ- विरोध गर्ने, अवरोध गर्ने, विरोधक, वाधा पुऱ्याउने, वाधा पार्ने, विपक्षी, वैरी ।

विरोधिपक्षः (ना./पुं.) विरोधिनः पक्षः *(विरोधीको पक्ष)* ष.त.स., नलोप= विरोधिपक्ष ।

शब्दार्थ-परपक्ष, शत्रुपक्ष, विपक्ष, आफ्नो विरोध गर्ने पक्ष ।

विरोधोक्तिः (ना./स्त्री.) विरोधस्य विरोधाय वा उक्तिः *(विरोधको भनाइ, विरोधका लागि कथन)* ष.त.स./च.त.स., गुण= विरोधोक्ति ।

शब्दार्थ- विरुद्ध आवाज, विरोधका लागि वोल्ने काम, विरोधको भनाइ, विरोधका कुरा ।

विलम् (ना./न./पुं.) विलतीति *(भेदन गर्छ)* विल भेदने वा विल संवरणे (तुदा.) धातु, विल्+क[5] (अ)= विल ।

विलं छिद्रे गुहायाञ्च पुमानुच्चैःश्रवो हये- इति मेदिनी

शब्दार्थ-छिद्र, प्वाल, विवर, रन्ध्र, गुफा, उच्चैः श्रवा घोडा

विलक्षः (वि.) विलक्षयतीति *(चकित हुन्छ)* विपूर्वक लक्ष आलोचने वा लक्ष दर्शनाङ्कनयोः (चुरा.) धातु, वि+लक्ष्+अच् (पचादि)= विलक्ष ।

अथवा विगतः लक्षः लक्षणं यस्य *(जसको कुनै चिन्ह वा लक्षण छैन)* प्रा.ब.स[6]., उ.प.लोप= विलक्ष ।

शब्दार्थ- आश्चर्यचकित, व्याकुल, विह्वल, कुनै चिन्ह वा लक्षण नभएको, लक्षणहीन ।

विलक्षणः (वि.) लक्षणम्, लक्ष्यते इति वा *(लक्ष लिनु, चिन्हाङ्कित हुनु)* लक्ष्+ल्युट् (अन), लक्षणम् । विगतं लक्षणम् आलोचनं यत्र *(जसमा चिन्ह वा लक्षण आलोक्य छैन)* प्रा.व.स., उ.प.लोप= विलक्षण ।

अथवा विशिष्टं लक्षणं यस्य *(विशिष्ट छ लक्षण जसको)* व.स.= विलक्षण ।

शब्दार्थ- अनौठो, अद्‌भुत, आश्चर्यजनक, असामान्य, कुनै चिन्ह वा लक्षण नभएको, निष्प्रयोजनको स्थितिमा पुगेको, विशेष लक्षणयुक्त ।

उदा. **त्यसरी शिरमा विलक्षण, स्थितिमा अग्नि र सोम धारण- शिवपञ्चाशिका (लालित्य)**

विलक्षितः (वि.) विशेषेण लक्ष्यते स्म इति *(विशेष किसिमले लक्षित गरिएको)* विपूर्वक लक्ष दर्शनाङ्कनयोः वा लक्ष आलोचने (चुरा.) धातु, वि+लक्ष्+क्त (त), इडागम= विलक्षित ।

शब्दार्थ- अनौठो लागेको, अचम्मको, प्रकट भएको, प्रत्यक्षीकृत, हडवडाएको, चिन्हित ।

विलक्ष्यः (वि.) लक्ष्यते, लक्षितुं योग्यः इति वा *(लक्ष्य लिन योग्य)* लक्ष दर्शनाङ्कनयोः (चुरा.) धातु, लक्ष्+ण्यत्[7] (य), लक्ष्यम् । विगतं लक्ष्यं यस्य *(जसको लक्ष्य छैन)* प्रा.व.स., उ.प.लोप= विलक्ष्य ।

शब्दार्थ- लक्ष्य नभएको, लक्ष्यहीन, लक्ष्यरहित, उद्देश्यविहीन, प्रयोजन नभएको ।

---

[1] अनुदात्तेतश्च...: युच्

[5] इगुपधज्ञा... : क

[2] ण्वुल्तृचौ : ण्वुल्/तृच्

[6] प्रादिभ्यो धातुजस्य... : प्रा.ब.स.

[3] आवश्यकाधमर्ण्य... : णिनि

[7] ऋहलोर्ण्यत् : ण्यत्

[4] अत इनिठनौ : इनि

विलग्नः (वि.) विशेषेण लग्यते स्म इति *(विशेषरूपले टाँसिएको)* विपूर्वक लगे सङ्गे (भ्वा.) धातु, वि+लग्+क्त (त), निष्ठा तको न= विलग्न ।

शब्दार्थ- लागेको, टाँसिएको, झुण्डिएको, अवलम्बित, बाँधिएको, गाँसिएको, संलग्न गरिएको ।

विलङ्घनम् (ना./न.) विलङ्घनम्, विलङ्घ्यते इति वा *(अतिक्रमण गरिन्छ)* विपूर्वक लघि गत्यर्थे (भ्वा.) धातु, नुम्, वि+लङ्घ्+ल्युट् (अन)= विलङ्घन ।

शब्दार्थ- अतिक्रमण गर्ने काम, नाघ्ने काम, फड्कने तथा उफ्रने काम, उल्लङ्घन, नियम कानुनको अतिक्रमण, उपवास, निराहार ।

विलङ्घनीयः (वि.) विलङ्घितुं योग्यः, विलङ्घ्यते इति वा *(उल्लङ्घन गरिन्छ)* विपूर्वक लघि गत्यर्थे (भ्वा.) धातु, वि+लङ्घ्+अनीय (र्)= विलङ्घनीय ।

शब्दार्थ- उल्लङ्घन वा अतिक्रमण गर्न योग्य, नाघ्न वा फड्कन लायक ।

विलङ्घितः (वि.) विलङ्घ्यते स्म इति *(उल्लङ्घन गरिएको)* विपूर्वक लघि गत्यर्थे (भ्वा.) धातु, नुम्, वि+लङ्घ्+क्त (त), इडागम= विलङ्घित ।

शब्दार्थ- नाघिएको, फड्किएको, अतिक्रमण गरिएको, पराजित, उल्लङ्घन गरिएको ।

विलज्जः (वि.) विगता लज्जा यस्य *(जसको लज्जा छैन)* प्रा.व.स., ह्रस्व, नलोप= विलज्ज ।

शब्दार्थ- लज्जा नभएको, निर्लज्ज, बेसरम, लज्जाहीन ।

विलज्जितः (वि.) विशेषेण लज्जते स्म इति *(विशेष रूपले लज्जित भएको)* ओलस्जी व्रीडायाम् (तुदा.) धातु, वि+लस्ज्+क्त (त), जश्त्व, इडागम= विलज्जित ।

शब्दार्थ- विशेष लजाएको, ज्यादा लज्जित भएको ।

विलपनम् (ना./न.) विलपनमिति *(विलाप गरिन्छ)* विपूर्वक लप व्यक्तायां वाचि (भ्वा.) धातु, वि+ लप्+ल्युट् (अन)= विलपन ।

शब्दार्थ-विलाप गर्ने काम, गनगन वा गन्थन गर्ने काम ।

विलम्बः (ना./पुं./वि.) विलम्ब्यते, विलम्बनमिति वा *(विलम्ब गरिन्छ)* विपूर्वक लबि शब्दे अवस्रंसने च (भ्वा.) धातु, नुम्, वि+लम्ब्+घञ् (अ)= विलम्ब । अथवा विलम्बते इति *(ढिलो गर्छ)* वि+लम्ब्+अच् (पचादि)= विलम्ब ।

शब्दार्थ-निर्धारित समयभन्दा बढी समय लाग्ने काम, झुण्डिने काम, अबेर, ढिलो गर्ने काम, वियाँलो ।

विलम्बकारी (वि.) विलम्बं कर्तुं शीलमस्य *(विलम्ब गर्न खप्पिस स्वभाव छ यसको)* विलम्ब उपपदमा हुने डुकृञ् करणे (तना.) धातु, वि+लम्ब्+कृ+णिनि[1] (इन्), वृद्धि, विलम्बकारिन्= विलम्बकारी ।

शब्दार्थ- अबेर गर्ने, विलम्ब गर्ने, ढिलो गर्ने ।

विलम्बनम् (ना./न.) विलम्ब्यते, विलम्बनमिति वा *(विलम्ब गरिन्छ)* विपूर्वक लबि शब्दे अवस्रंसने च (भ्वा.) धातु, नुम्, वि+लम्ब्+ल्युट् (अन)= विलम्बन ।

शब्दार्थ- ढिलाइ, अबेरसम्म लाग्ने काम, विलम्ब हुने काम ।

विलम्बितः (वि.) विलम्ब्यते स्म इति *(विलम्ब गरिएको)* विपूर्वक लबि शब्दे अवस्रंसने च (भ्वा.) धातु, वि+लम्ब्+क्त (त), इडागम= विलम्बित ।

शब्दार्थ- अबेर गरिएको, ढिलो गरिएको, तोकिएको समयभन्दा बढी विलम्ब गरिएको ।

विलम्बी (वि.) अवश्यं विलम्बते इति *(अवश्य विलम्ब गर्छ)* विपूर्वक लबि शब्दे अवस्रंसने च (भ्वा.) धातु, नुम्, वि+लम्ब्+णिनि[2] (इन्), विलम्बिन्= विलम्बी ।

शब्दार्थ- विलम्ब गर्ने, ढिलो वा अबेर गर्ने, अलमल गर्ने, झुण्डिने ।

विलयः (ना./पुं.) विशेषेण लीयते, विलयनमिति वा *(विशेषरूपले लीन हुन्छ)* विपूर्वक लीङ् श्लेषणे (दिवा.) वा ली श्लेषणे (क्र्या.) धातु, वि+ली+अच् (एरच्), गुण, अयादेश= विलय ।

शब्दार्थ- लय हुने काम, मिल्ने क्रिया, एकाकार हुने काम, विलीन हुने काम, प्रलय, विनाश ।

विलयकः (वि.) विशेषेण लीयते इति *(विशेष किसिमले लीन हुन्छ)* विपूर्वक लीङ् श्लेषणे (दिवा.) धातु, वि+ली+ण्वुल्[3] (अक), गुण, अयादेश= विलयक ।

शब्दार्थ- विलीन हुने, मिल्ने, लय हुने, प्रलय गराउने ।

विलयनम् (ना./न.) विलयनम्, विलीयते इति वा *(मिल्नु वा लीन हुनु)* विपूर्वक लीङ् श्लेषणे (दिवा.) धातु, वा ली श्लेषणे (क्र्या.) धातु, वि+ली+ल्युट् (अन), गुण, अयादेश= विलयन ।

शब्दार्थ- लय वा लीन हुने क्रिया, घोल, मिल्ने क्रिया, पग्लने काम, विनाश वा अन्त हुने काम, समाप्ति हुने काम ।

विलसितः (वि./ना./न.) विलस्यते स्म इति *(विलास वा क्रीडा गरिएको)* विपूर्वक लस श्लेषणक्रीडनयोः (भ्वा.) धातु, वि+लस्+ क्त (त), इडागम= विलसित ।

शब्दार्थ- विलास वा क्रीडा गरिएको, हाउभाउ देखाइएको, क्रीडाशील, सजाइएको, चमक, विलास-क्रिया, हाउभाउ-प्रदर्शन ।

विलापः (ना./पुं.) विलपनम्, विलप्यते इति वा *(विलाप गरिन्छ)* विपूर्वक लप व्यक्तायां वाचि (भ्वा.) धातु, वि+लप्+घञ् (अ), वृद्धि= विलाप ।

शब्दार्थ-अलाप विलाप गर्ने काम, विलाप, विलौना, रोदन ।

---

[1] सुप्यजातौ... : णिनि

[2] आवश्यकाधमर्ण्ययोः... : णिनि

[3] ण्वुल्तृचौ : ण्वुल्

विलासः (ना./पुं.) विलसनम्, विलस्यते इति वा *(विलास गर्नु)* विपूर्वक लस श्लेषणक्रीडनयोः (भ्वा.) धातु, वि+लस्+घञ् (अ), वृद्धि= विलास ।

स्त्रीणां विलासविब्बोकविभ्रमाललितं तथा- इत्यमरः

विलासो हावभेदे स्याल्लीलायामपि पुंस्ययम्- इति मेदिनी

शब्दार्थ- क्रीडा, मनोरञ्जन, ललित अभिनय, स्त्रियोचित हाउभाउ, ऐस, आराम, मोजमज्जा, प्रेमीप्रति अनुराग वा वासना, नायकप्रति स्नेह पैदा गराउने स्त्रीको चेष्टाविशेष, कामुकभाव, रतिराग पैदा गर्ने हाउभाउ ।

विलासभवनम् (ना./न.) विलासाय भवनम् *(विलासका निम्ति भवन)* च.त.स.= विलासभवन ।

शब्दार्थ- रतिगृह, विलासक्रीडा गर्ने ठाउँ, सुख सयल वा मोजमज्जा गर्ने भवन, केलिगृह ।

विलासमन्दिरम् (ना./न.) विलासाय मन्दिरम् *(विलासका निमित मन्दिर)* च.त.स.= विलासमन्दिर ।

शब्दार्थ- विलास गर्ने ठाउँ, विलासभवन, विलासगृह, रतिगृह, केलिगृह, क्रीडागार ।

विलासिनी (ना./स्त्री.) विलासः अस्याः अस्तीति *(विलास गर्ने स्वभाव छ यस स्त्रीको)* विलास+इनि[1] (इन्), विलासिन्+ङीप् (ई)= विलासिनी ।

शब्दार्थ- विलासमा रम्ने रमाउने स्त्री, भोगवती नारी, कामुक-नायिका, वेश्या ।

विलासी (वि./ना./पुं.) विलासः अस्यास्तीति *(विलास गर्ने स्वभाव छ यसको)* विलास+इनि[1] (इन्), अकारलोप, विलासिन्= विलासी ।

अथवा विलसतीति *(विलास गर्छ)* विपूर्वक लस श्लेषणक्रीडनयोः (भ्वा.) धातु, वि+लस्+घिनुण् (इन्), वृद्धि, विलासिन्= विलासी ।

शब्दार्थ- विलास गर्न मन पराउने, सुखसयल गर्ने, रतिक्रीडामा लम्पट, रसिक पुरुष ।

विलिप्तः (वि.) विलिप्यते स्म इति *(लिपिएको)* विपूर्वक लिप उपदेहे (तुदा.) धातु, वि+लिप्+क्त (त) =विलिप्त ।

शब्दार्थ- लिपिएको, पोतिएको, टाँसिएको, लीन भएको, लिप्त ।

विलीनः (वि.) विलीयते स्म इति *(विलीन भएको)* विपूर्वक ली श्लेषणे (क्र्या.) धातु, वि+ली+क्त[2] (त), कर्तामा, निष्ठा तको न[3]= विलीन ।

शब्दार्थ- लीन भएको, मिलेको, लय भएको, टाँसिएको, एकाकार भएको, संसक्त, घोलिएको, पग्लेको, लोप भएको, लुप्त, हराएको ।

उदा. **भूतका मान्यता भूतमा विलीन हुँदै छन् ।**
-मेरो उडान चन्द्रलोकमा (के. व्यथित)

विलीनीकरणम् (ना./न.) अविलीनं विलीनं सम्पद्यते तत्करणमिति *(लीन नभएको लीन हुन्छ र विलीन गरिन्छ)* डुकृञ् करणे (तना.) धातु, विलीन+च्वि[4]+कृ +ल्युट् (अन), गुण, णत्व, नको ईत्व[5]= विलीनीकरण ।

शब्दार्थ- एक वस्तु अर्को वस्तुमा नछुट्टिने गरी मिलाउने काम, विलयन, एकाकार, लीन हुने क्रिया, विलय हुने काम ।

विलुप्तः (वि.) विलुप्यते स्म इति *(लोप भएको)* विपूर्वक लुप्लृ छेदने (तुदा.) धातु, वि+लुप्+क्त[2] (त), कर्तामा =विलुप्त ।

शब्दार्थ- लोप भएको, गायव भएको, हराएको, तोडिएको, भाँचिएको, लुटिएको, अपहरण गरिएको ।

विलेखः (ना./पुं.) विलेखनम्, विलिख्यते इति वा *(अभिलेख राखिन्छ)* विपूर्वक लिख अक्षरविन्यासे (तुदा.) धातु, वि+लिख्+घञ् (अ), गुण= विलेख ।

शब्दार्थ-सम्झौता आदिको लिखत वा अभिलेख, संलेखन ।

विलेखनम् (ना./न.) विलेखनम्, विलिख्यते इति वा *(लेखिन्छ, ताछिन्छ, उखेलिन्छ)* विपूर्वक लिख अक्षरविन्यासे (तुदा.) धातु, वि+लिख्+ल्युट् (अन), गुण =विलेखन ।

शब्दार्थ- ताछ्ने काम, खनजोत गर्ने काम, उखेल्ने काम, लेख्ने क्रिया ।

विलेपः (ना./पुं.) विलेपनम्, विलिप्यते इति वा (लेप लगाइन्छ) विपूर्वक लिप उपदेहे (तुदा.) धातु, वि+लिप्+घञ् (अ), गुण= विलेप ।

शब्दार्थ- शरीरमा लगाउने सुगन्धित द्रव्य, मलहम, अङ्गराग, वुकुवा घस्ने काम, लिउन, लिप्ने वस्तु ।

विलेपनम् (ना./न.) विलिप्यते अनेन *(विशेषप्रकारले लेप लगाइन्छ यसबाट)* विपूर्वक लिप उपदेहे (तुदा.) धातु, वि+लिप्+ल्युट्[6] (अन), गुण= विलेपन ।

गात्रानुलेपनी वर्तिर्वर्णकं स्याद्विलेपनम्- इत्यमरः

शब्दार्थ- शरीरमा लेप गर्न पिसेर घोटेर बनाइएको सुगन्धित द्रव्य, बुकुवा, मलहम, अङ्गराग, लिउन, लिप्ने वस्तु ।

विलोकनम् (ना./न.) विलोकनम्, विलोक्यते इति वा *(राम्ररी हेरिन्छ)* विपूर्वक लोकृ दर्शने (भ्वा.) धातु, वि+लोक्+ल्युट् (अन)= विलोकन ।

शब्दार्थ- राम्ररी हेर्ने काम, हेराइ, अवलोकन, दृष्टि दिने काम, निरीक्षण, सुदृष्टि, नयन, आँखा ।

---

[1] अत इनिठनौ : इनि
[4] कृभ्वस्तियोगे... : च्वि
[2] गत्यर्थाकर्मक... : क्त
[5] अस्य च्वौ : नको ईत्व
[3] ल्वादिभ्यः : निष्ठा तको न
[6] करणाधिकरणयोश्च : ल्युट्

विलोकनीयः (वि.) विलोक्यते, विलोकितुं योग्यः इति वा *(हेर्न लायक)* विपूर्वक लोकृ दर्शने (भ्वा.) धातु, वि+लोक्+अनीय (र्)= विलोकनीय ।

शब्दार्थ- हेर्न वा देख्न योग्य, दर्शनीय, हेर्न लायक, अवलोकन गर्न योग्य, रमणीय, सुन्दर ।

विलोकितः (वि.) विलोक्यते स्म इति *(हेरिएको)* विपूर्वक लोकृ दर्शने (भ्वा.) धातु, वि+लोक्+क्त (त), इडागम =विलोकित ।

शब्दार्थ- हेरिएको, अवलोकन गरिएको, निरीक्षण गरिएको, देखिएको, नजर लगाइएको, दृष्टिपात गरिएको, जाँचिएको, परीक्षण गरिएको ।

विलोचनम् (ना./न.) विलोच्यते अनेन इति *(यसबाट हेरिन्छ)* विपूर्वक लोचृ दर्शने (भ्वा.) धातु, वि+लोच्+ल्युट्[१] (अन)= विलोचन ।

शब्दार्थ- नेत्र, नयन, आँखा, दृष्टिपात, हेर्ने काम, हेराइ, दर्शन ।

विलोडनम् (ना./न.) विलोडनम्, विलोडयते इति वा *(हुँडलिन्छ)* विपूर्वक लोडृ उन्मादे (भ्वा.) धातु, वि+लोड्+ल्युट् (अन)= विलोडन ।

शब्दार्थ- मथ्ने वा हुँडल्ने काम, मन्थन गर्ने क्रिया, विक्षुब्ध हुने काम, हल्लाउने काम, मन्थन ।

विलोडितः (वि.) विलोडयते स्म इति *(हुँडलिएको)* विपूर्वक लोडृ उन्मादे (भ्वा.) धातु, वि+लोड्+क्त (त), इडागम= विलोडित ।

शब्दार्थ- मथिएको, हल्लाइएको, हुँडलिएको, चलाएको, विलोडन गरिएको ।

विलोपः (ना./पुं.) विलोपनम्, विलुप्यते इति वा *(लोप हुनु, नाशिन्छ)* विपूर्वक लुप्लृ क्षेदने (तुदा.) धातु, वि+लुप्+घञ् (अ), गुण= विलोप ।

शब्दार्थ- नाश, अन्त, अवसान, लोप, लुट्ने वा अपहरण गर्ने काम, कुनै वस्तुको अभाव, वेपत्ता भएको स्थिति ।

विलोपनम् (ना./न.) विलोपनम्, विलुप्यते इति वा *(नष्ट गरिन्छ)* विपूर्वक लुप्लृ क्षेदने (तुदा.) धातु, वि+लुप्+ल्युट् (अन), गुण= विलोपन ।

शब्दार्थ- नाश, बर्बादी, अन्त, अस्तव्यस्त पार्ने काम, भाग्ने काम, लुट्ने तथा अपहरण गर्ने काम, गायब गर्ने काम, लोप गर्ने काम ।

विलोपितः (वि.) विलोप्यते स्म इति *(नष्ट गरिएको)* विपूर्वक लुप्लृ छेदने (तुदा.) धातु, वि+लुप्+णिचि, गुण, विलोपि+क्त (त), इडागम, णिलोप= विलोपित ।

शब्दार्थ- हराएको, लोप गरिएको, नाश गरिएको, चोरिएको, लुटिएको, अपहरण गरिएको ।

विलोलः (वि.) विशेषेण लोलः *(विशेष चञ्चल)* प्रा.त.स. =विलोल ।

शब्दार्थ- अस्थिर, चञ्चल, चपल, काँपेको, हल्लेको ।

विलोलितः (वि.) विलोलः सञ्जातः अस्य *(चञ्चलता पैदा भएको छ यसको)* विलोल+इतच्[२] (इत)= विलोलित ।

शब्दार्थ- चञ्चलभाव पैदा भएको, अस्थिरता पैदा भएको, हल्लाइएको, हल्लिएको, थरथराएको ।

विलोहितः (ना./पुं./वि.) विशेषेण लोहितः *(विशेष रक्त या लोहित वर्ण)* प्रा.त.स.= विलोहित ।

शब्दार्थ- शङ्कर, शिव, रुद्र, विशेष रातो वर्णको ।

विवक्षा (ना./स्त्री.) वक्तुमिच्छतीति *(बोल्ने इच्छा गर्छ)* वच परिभाषणे (अदा.) धातु, वच्+सन्[३] (स), द्वित्व, अभ्यासको एकशेष, इत्व, वि वच् स, कुत्व, षत्व, वि वक् ष, क र षको क्षत्व, विवक्ष (सनन्तधातु) । विवक्ष्यते इति *(चाहना गरिन्छ)* विवक्ष+अ[४] (प्रत्यय)+टाप् (आ)= विवक्षा ।

शब्दार्थ- वोल्ने इच्छा वा चाहना वा अभिलाषा, इरादा, आशय, अभिप्राय ।

विवक्षितः (वि.) विवक्षा सञ्जाता अस्य *(बोल्ने इच्छा पैदा भएको छ यसको)* विवक्षा+इतच् (इत), आकारलोप =विवक्षित ।

शब्दार्थ- विवक्षा गरिएको, वोल्ने इच्छा प्रकट गरिएको, चाहना वा अभिलाषा गरिएको, अभिलषित, इच्छित ।

विवक्षुः (वि.) वक्तुमिच्छतीति *(बोल्ने इच्छा गर्छ)* वच परिभाषणे (अदा.) धातु, वच्+सन्[३] (स), द्वित्व, अभ्यासको एकशेष, इत्व, वि वच् स, चको कुत्व, सको षत्व, वि वक् ष, क र षको क्षत्व, विवक्ष (सनन्तधातु) । विवक्षते इति *(बोल्ने चाहना गर्छ)* विवक्ष+उ[५] (प्रत्यय)= विवक्षु ।

शब्दार्थ- वोल्ने चाहना वा इच्छा गर्ने, कुनै कुरा व्यक्त गर्न इच्छुक, कुनै कुरा प्रकट गर्ने अभिलाषा भएको ।

विवत्सा (ना./स्त्री.) विगतः वत्सः यस्याः *(जसको बाछो भएको छैन वा मरेको छ)* प्रा.ब.स., उ.प.लोप, विवत्स+टाप् (आ)= विवत्सा ।

शब्दार्थ- बाँझो गाई, बाछावाछी नभएको गाई, बाछावाछी मरेको गाई, निःसन्तान गाई ।

विवरम् (ना./न.) विवृणोति, विव्रियते इति वा *(विवर वा छिद्र पैदा हुन्छ वा हुनु)* विपूर्वक वृञ् वरणे (स्वा.) धातु, वि+वृ+अच् (पचादि)/अप् (अ, गुण= विवर ।

विवरं दूषणे गर्ते- इति मेदिनी

शुषिरं विवरं विलम् । छिद्रम्- इत्यमरः

शब्दार्थ- छिद्र, प्वाल, विवर, दुलो, खाडल, सुरुङ्, विल, खाल्टो, ओडार, खोट, दाग, त्रुटि, निर्जन स्थान, एकान्त ।

---

[१] करणाधिकरणयोश्च : ल्युट्

[२] तदस्य सञ्जातम्... : इतच्

[३] धातोः कर्मण... : सन्

[४] अः प्रत्ययात् : अ

[५] सनाशंसभिक्ष... : उ

विवरणम् (ना./न.) विवरणम्, विव्रियते इति वा *(वर्णन गरिन्छ)* विपूर्वक वृञ् वरणे (स्वा.) धातु, वि+वृ +ल्युट् (अन), गुण, णत्व= विवरण ।

शब्दार्थ- कुनै कुराको विशदवर्णन, कुनै घटना आदिको छानविनसम्वन्धी वृत्तान्त, टीका वा व्याख्या, भाष्य, प्रदर्शन ।

विवर्जनम् (ना./न.) विवर्जनम्, विवृज्यते इति वा *(त्यागिन्छ)* विपूर्वक वृजी वर्जने (अदा./रुधा.) धातु, वि+वृज्+ल्युट् (अन), गुण= विवर्जन ।

शब्दार्थ- त्यागने काम, परित्याग, छाड्ने काम, प्रतिवन्ध, रोक, निषेध, उपेक्षा, वास्ता नगर्ने काम ।

विवर्जितः (वि.) विवर्ज्यते स्म इति *(परित्याग गरिएको)* विपूर्वक वृजी वर्जने (चुरा.) धातु, वि+वृज्+णिचि, गुण, विवर्जि+क्त (त), णिलोप, इडागम= विवर्जित ।

शब्दार्थ- त्यागिएको, परित्यक्त, छोडिएको, वर्जित, निषेध गरिएको, प्रतिवन्ध लगाइएको, उपेक्षा गरिएको ।

विवर्णः (वि.) विगतः वर्णः यस्य यस्माद् वा (***जसको वा जसवाट वर्ण हटेको छ***) प्रा.व.स., उ.प.लोप= विवर्ण

विवर्णः पामरो नीचः प्राकृतश्च पृथक्जनः - इत्यमरः

शब्दार्थ- वर्ण विग्रेको, कुरूप, रङ्ग नभएको, तेज वा कान्ति नभएको, नीच, असभ्य, जङ्गली ।

विवर्तः (ना./पुं.) विवर्तनम्, विवृत्यते इति वा *(फर्किन्छ)* विपूर्वक वृतु वर्तने (भ्वा.) धातु, वि+वृत्+घञ् (अ), गुण= विवर्त ।

शब्दार्थ- फर्कने काम, भुँवरी पर्ने काम, जलावर्त, नदीनालामा पानी घुम्ने क्रिया, परावर्तन, भ्रम, भ्रान्ति, माया, मिथ्याज्ञान- जस्तै डोरी सर्पको विवर्त हो र व्रह्माण्ड परव्रह्मको विवर्त हो ।

विवर्तनः (वि./ना./न.) विवर्तते तच्छीलः (वर्तनशीलः) *(घुम्छ, फर्कन्छ)* विपूर्वक वृतु वर्तने (भ्वा.) धातु, वि+वृत्+युच्[1] (अन), गुण= विवर्तन ।

अथवा विवर्तते अनेन *(फर्कन्छ यसबाट)* वि+वृत्+ ल्युट्[2] (अन)= विवर्तन ।

शब्दार्थ- घुम्ने, फर्कने, चक्कराउने, चक्कर, परिवर्तित अवस्था, घुमाइ, घुमावट, परिभ्रमण, नदीमा पानी घुम्ने क्रिया ।

विवर्तितः (वि.) विवर्त्यते स्म इति *(चक्कराएको)* विपूर्वक वृतु वर्तने (भ्वा.) धातु, वि+वृत्+णिचि, गुण, विवर्ति+क्त (त), णिलोप, इडागम= विवर्तित ।

शब्दार्थ- घुमाएको, घुमेको, फर्केको, चक्कराएको, परावर्तन गरिएको, फर्काएको ।

विवर्धनः (वि./ना./न.) विवर्धते तच्छीलः (वर्धनशीलः) *(वढ्न लायक)* विपूर्वक वृधु वृद्धौ (भ्वा.) धातु, वि+वृध्+युच्[1] (अन), गुण= विवर्धन ।

अथवा विवर्धनम्, विवृध्यते इति *(बढ्नु)* वि+वृध्+ ल्युट् (अन), गुण= विवर्धन ।

शब्दार्थ- वढ्ने, उन्नति गर्ने, प्रवर्धन गर्ने, वृद्धि, विस्तार, अभ्युदय, वढ्ने काम, समुन्नति, प्रवर्धन ।

विवर्धितः (वि.) विवर्ध्यते स्म इति *(बढाइएको)* विपूर्वक वृधु वृद्धौ (भ्वा.) धातु, वि+वृध्+णिचि, गुण, विवर्धि+ क्त (त), णिलोप, इडागम= विवर्धित ।

शब्दार्थ- वढाइएको, हुर्काइएको, समुन्नत, विकसित, प्रवर्धित, समृद्ध, अगाडि वढाइएको ।

विवशः (वि.) विरुद्धं वष्टि इति *(अरिष्ठ वा विरुद्ध कुराको आशङ्का गर्छ)* विपूर्वक वश कान्तौ (अदा.) धातु, वि+ वश्+अच् (पचादि)= विवश ।

विवशोऽरिष्टदुष्टधिः - इत्यमरः

शब्दार्थ- लाचार, वाध्य भएको, वशमा नभएको, विवश पारिएको, पराधीन, परतन्त्र, दुष्ट वुद्धि भएको ।

***उदा.* यस्तो टाढा पनि विवश भै रोग लागी गएथे ।**
-य.श. ६/९८

विवशता (ना./स्त्री.) विवशस्य भावः *(विवश हुनाको भाव)* विवश+तल् (त)+टाप् (आ)= विवशता ।

शब्दार्थ- वाध्यता, मजवुरी, लाचारी, वलजफती ।

***उदा.* भावना थाले हृदयमा उम्लन,**
विवशताहरू असीमित उरमा भए- आँसु, भिक्षु

विवसनः (वि.) वस्यते अनेन *(ढाकिन्छ यसबाट)* वस आच्छादने (अदा.) धातु, वस्+ल्युट् (अन), करणमा, वसनम् । विगतं वसनं यस्य *(जसको वस्त्र छैन)* प्रा.व.स.= विवसन ।

शब्दार्थ- कपडा नलगाएको, नाङ्गो, निर्वस्त्र, वस्त्ररहित, विवस्त्र ।

विवस्त्रः (वि.) वस्यते अनेन *(ढाकिन्छ यसबाट)* वस आच्छादने (अदा.) धातु, वस्+ष्ट्रन्[3](त्र), वस्त्रम् । विगतं वस्त्रं यस्य *(जसको वस्त्र छैन)* प्रा.ब.स.= विवस्त्र ।

शब्दार्थ- निर्वस्त्र, वस्त्ररहित, कपडा नलगाएको, नाङ्गो, लुगा नलगाएको, दिगम्वर ।

विवस्वान् (ना./पुं.) विविधं वस्ते आच्छादयतीति *(व्यापकरूपमा ढाक्दछ)* विपूर्वक वस आच्छादने (अदा.) धातु, वि+वस्+क्विप् (सर्वलोप), विवस्, विवः । विवः अस्ति अस्य *(व्यापकता छ यिनको)* विवस्+ मतुप्[4] (मत्), मको व, विवस्वत्= विवस्वान् ।

शब्दार्थ- सूर्य, रवि, भास्कर, आदित्य ।

विवादः (ना./पुं.) उद्यते इति *(बोलिन्छ)* वद व्यक्तायां वाचि (भ्वा.) धातु, वद्+घञ् (अ), वृद्धि, वादः । विरुद्धः वादः *(विपरीत वादविवाद)* प्रा.त.स.= विवाद ।

शब्दार्थ- कलह, झगडा, विचारविमर्श, वादविवाद, सङ्घर्ष, प्रतिवाद, छलफल, भनाभन, वहस ।

---

[1] चलनशब्दार्थादकर्म... : युच्
[3] सर्वधातुभ्य... : ष्ट्रन्
[2] करणाधिकरणयोश्च : ल्युट्
[4] तदस्यास्त्यस्मिन्... : मतुप्

विवादग्रस्तः (वि.) विवादेन ग्रस्तः *(झगडाले परिपूर्ण)* तृ.त.स.= विवादग्रस्त ।

शब्दार्थ- झगडा भएको, वादविवाद भएको, विवादयुक्त, विवादास्पद ।

विवादास्पदम् (ना./न.) विवादस्य आस्पदम् *(विवादको स्थान)* ष.त.स., दीर्घ= विवादास्पद ।

शब्दार्थ- विवादको विषय, झगडाको विषय, विवादग्रस्त विषय ।

विवाहः (ना./पुं.) विशिष्टं वहनम्, विशेषेण उह्यते इति वा *(विशेषरूपले वहन गरिन्छ)* विपूर्वक वह प्रापणे (भ्वा.) धातु, वि+वह्+घञ् (अ), वृद्धि= विवाह ।

शब्दार्थ- हिन्दुहरूको षोडशसंस्कारमध्ये एक, स्त्री र पुरुषलाई पतिपत्नीको रूपमा गाँस्ने धार्मिक संस्कार, उद्‌वाह, परिणय, विहे ।

द्रष्टव्य- विवाह ब्राह्म, दैव आदि आठ प्रकारको मानिएको छ-

ब्राह्मो दैवस्तथैवार्षः प्राजापत्यस्तथासुरः
गान्धर्वो राक्षसश्चैव पैशाचश्चाष्टमोऽधमः- म.स्मृ.३/२१

विवाहविच्छेदः (ना./पुं.) विशेषेण छिद्यते इति *(विशेष प्रकारले विच्छेद गरिन्छ)* विपूर्वक छिदिर् द्वैधीकरणे (रुधा.) धातु, वि+छिद्+घञ् (अ), गुण, तुक्, श्चुत्व, विच्छेदः । विवाहस्य विच्छेदः *(विवाहको विच्छेद)* ष.त.स.= विवाहविच्छेद ।

शब्दार्थ- पतिपत्नीको सम्वन्धविच्छेद, पारपाचुके ।

विवाहितः (वि.) विवाह्यते स्म इति *(विवाह गरिएको)* विपूर्वक वह प्रापणे (भ्वा.) धातु, वि+वह्+णिचि, वृद्धि, विवाहि+क्त (त), णिलोप, इडागम= विवाहित ।

शब्दार्थ- विवाह भएको, विवाह वन्धनमा वाँधिएको, विवाह गरेको (पुरुष) ।

विवाहिता (ना./स्त्री.) विवाह्यते असौ *(विवाह गरिएकी यो)* विपूर्वक वह प्रापणे (भ्वा.) धातु, वि+वह्+णिचि, वृद्धि, विवाहि+क्त (त), इडागम, णिलोप, विवाहित +टाप् (आ)= विवाहिता ।

शब्दार्थ- विहे भएकी स्त्री, विवाह गरिएकी नारी, विवाहिता स्त्री, परिणीता नारी ।

विविक्तः (वि.) विविञ्चन्ति जनाः अत्र *(यहाँ मानिसहरू रहन्नन्)* विपूर्वक विचिर् पृथक्भावे (रुधा.) धातु, वि+विच्+क्त[1] (त), अधिकरणमा, कुत्व= विविक्त ।

विविक्तविजनच्छन्ननिःशालाकास्तथा रह :- इत्यमरः
विविक्तं त्रिष्वसंपृक्ते रहःपूतविवेकिषु- इति मेदिनी

शब्दार्थ- मानिस नभएको, निर्जन, एकान्त, वियुक्त, अलग भएको, विवेकशील, पवित्र, निर्दोष ।

विविधः (वि.) विभिन्ना विचित्रा विधा यस्य *(धेरै छन् प्रकार जसका)* प्रा.व.स., उ.प.लोप, विविधा, ह्रस्व =विविध ।

शब्दार्थ- अनेक प्रकारको, धेरै किसिमको, नानाथरीको, विभिन्नथरीको, वहुरूपी ।

विविधता (ना./स्त्री.) विविधस्य भावः *(विविध हुनाको भाव वा अवस्था)* विविध+तल् (त)+टाप् (आ) =विविधता ।

शब्दार्थ- अनेकता, विभिन्नता, वहुलता ।

विविधीकरणम् (ना./न.) अविविधः विविधः सम्पद्यते, विविधी क्रियते अनेन इति *(विविध नभएको विविध हुन्छ र विविधीकरण गरिन्छ)* डुकृञ् करणे (तना.) धातु, विविध+च्वि[2]+कृ+ल्युट् (अन), गुण, णत्व, धको ईत्व= विविधीकरण ।

शब्दार्थ- विविध वनाउने प्रक्रिया, अनेक थरीको वनाउने क्रिया, नाना किसिमको वनाउने क्रिया ।

विबुधः (ना./पुं.) विशेषेण बोधति, बुध्यते इति वा *(विशेषरूपले जान्दछ)* विपूर्वक बुध अवगमने (भ्वा.) धातु, वि+बुध्+क (अ)= विबुध ।

शब्दार्थ- देवता, विद्वान्, पण्डित, ज्ञानी, सुधी ।

विवृतः (वि.) विव्रियते स्म इति *(खुला गरिएको)* विपूर्वक वृञ् वरणे (स्वा.) धातु, वि+वृ+क्त (त) = विवृत ।

शब्दार्थ- खुलेको, अनावृत्त, प्रकटीकृत, वर्णहरूको उच्चारण गर्दा मुख वढी खुलेको ।

विवृत्तः (वि.) विवर्तते स्म इति *(फर्केको)* विपूर्वक वृतु वर्तने (भ्वा.) धातु, वि+वृत्+क्त (त), कर्तामा=विवृत्त ।

शब्दार्थ- घुमेको, चक्कर लगाएको, प्रत्यावर्तन भएको, फर्केको ।

विवेकः (ना./पुं.) विवेचनम्, विविच्यते अनेन इति *(राम्रो नराम्रो छुट्ट्याउने काम गरिन्छ यसवाट)* विपूर्वक विचिर् पृथक्भावे (रुधा.) धातु, वि+विच्+घञ् (अ), गुण, कुत्व= विवेक ।

शब्दार्थ- राम्रो नराम्रो पर्गेल्ने क्षमता, यथार्थताको ज्ञान, विचारविमर्श, विवेचना ।

विवेकभ्रष्टः (वि.) विवेकात् भ्रष्टः *(विवेकबाट च्युत भएको)* प.त.स.= विवेकभ्रष्ट ।

अथवा भ्रष्टः विवेकः यस्य *(जसको विवेक भ्रष्ट भएको छ)* व.स.= विवेकभ्रष्ट ।

शब्दार्थ- विवेकरहित, विवेकवाट भ्रष्ट, विवेकहीन, विवेक नभएको ।

विवेकवती (ना./स्त्री.) विवेकः अस्याः अस्तीति *(विवेक छ यस स्त्रीको)* विवेक+मतुप्[3] (मत्), मको व, विवेकवत्+ङीप् (ई)= विवेकवती ।

शब्दार्थ- विवेक भएकी स्त्री, विचारवती नारी, विवेकशील नारी ।

विवेकवान् (वि.) विवेकः अस्यास्तीति *(विवेक छ यसको)* विवेक+मतुप्[3] (मत्), मको व, विवेकमत्=विवेकवान् ।

शब्दार्थ- विवेकी, विचारवान्, विवेकशील, विवेक भएको ।

---

[1] क्तोऽधिकरणे ध्रौव्य.... : क्त

[2] कृभ्वस्तियोगो... : च्वि

[3] तदस्यास्त्यस्मिन्... : मतुप्

विवेकी (वि.) विवेकः अस्यास्तीति *(विवेक छ यसको)* विवेक+इनि[1] (इन्), अकारलोप, विवेकिन्= विवेकी । अथवा विविनक्ति इति *(विचार विमर्श गर्छ)* विपूर्वक विचिर् पृथक्भावे (रुधा.) धातु, वि+विच्+घिनुण्[2] (इन्), गुण, विवेकिन्= विवेकी ।

शब्दार्थ- विवेक गर्ने, गुणदोष पर्गेल्ने, विचारवान्, विवेकशील ।

विवेचकः (वि.) विविनक्तीति *(विचार-विमर्श गर्छ)* विपूर्वक विचिर् पृथक्भावे (रुधा.) धातु, वि+विच्+ण्वुल्[3] (अक), गुण= विवेचक ।

शब्दार्थ- विवेचना गर्ने, विचारविमर्श गर्ने, गुणदोष पर्गेल्ने क्षमता भएको, समीक्षक, समालोचक ।

विवेचनम् (ना./न.)/**विवेचना** (ना./स्त्री.) विविच्यते, विवेच्यते अनेन *(विवेचना गरिन्छ वा गराइन्छ)* विपूर्वक विचिर् पृथक्भावे (रुधा.) धातु, वि+विच्+ल्युट् (अन), गुण= विवेचन ।

वि+विच्+णिचि+युच् (अन)+टाप् (आ)= विवेचना ।

शब्दार्थ- राम्रो नराम्रो छुट्ट्याउने काम, विवेचना वा समीक्षा गर्ने वा गराउने काम, समीक्षण, समीक्षा, सत् असत् पर्गेल्ने काम ।

विवेचनात्मकः (वि.) विवेचना आत्मा यस्य *(विवेचना नै मुख्य छ जसको)* विवेचना+आत्मन्, ब.स., दीर्घ, विवेचनात्मन्+कप् (समासान्त), नलोप=विवेचनात्मक ।

शब्दार्थ- विवेचना वा समीक्षा मुख्य भएको, विवेच्य, विवेचना गर्न उपयुक्त, समीक्षात्मक ।

विवेचनीयः/विवेच्यः (वि.) विविच्यते, विवेक्तुं योग्यः इति वा *(विवेचना गर्न योग्य)* विपूर्वक विचिर् पृथक्भावे (रुधा.) धातु, वि+विच्+अनीय (र्), गुण=विवेचनीय । वि+विच्+ण्यत्[4] (य), गुण= विवेच्य ।

शब्दार्थ- विवेचना गर्न योग्य, समीक्षा गर्न लायक, राम्रो नराम्रो पर्गेल्नुपर्ने, गुणदोष छुट्ट्याउन उपयुक्त ।

विशदः (वि.) विशीयते इति *(स्वच्छ हुनु)* शद्लृ शातने (दिवा.) धातु, वि+शद्+अच् (पचादि)= विशद ।

शुक्लशुभ्रशुचिश्वेतविशदश्येतपाण्डराः- इत्यमरः

शब्दार्थ- स्वच्छ, निर्मल, पवित्र,सेतो, सफेद, उज्वल, चहकिलो, सुन्दर, व्यापक, विस्तृत ।

विशाखः/विशाखा (वि./ना./स्त्री.) विशाखतीति *(व्याप्त हुन्छ)* विपूर्वक शाखृ व्याप्तौ (भ्वा.) धातु, वि+शाख्+ अच् (पचादि)= विशाख ।

विशाख+टाप् (आ)= विशाखा ।

अथवा विशिष्टा शाखा यस्य *(विशिष्ट हाँगा वा शाखा छ जसको)* वा विगता शाखा यस्य *(जसको हाँगाबिँगा छैन)* प्रा.ब.स., उ.प.लोप, ह्रस्व=विशाखा ।

शब्दार्थ- विशेष किसिमको हाँगा भएको, हाँगा नै नभएको, सत्ताईस नक्षत्रमध्ये एक ।

विशारदः (वि./ना./पुं.) विशिष्टः शारदः *(विशिष्ट विद्वान्)* प्रा.त.स.= विशारद ।

शब्दार्थ- पण्डित, धृष्ट, विद्वान्, विद्वान्हरूमा ढिटो, कुनै विषयको विशेषज्ञ व्यक्ति ।

विशालः (वि.) विस्तृतमिति *(फैलिएको)* वि उपसर्ग शब्दबाट वि+शालच्[5] (शाल)= विशाल ।

अथवा विशतीति *(फैलिन्छ)* विश प्रवेशने (तुदा.) धातु, विश्+कालन्[6] (आल), उणा.= विशाल ।

विशङ्कटं पृथु बृहद्विशालं पृथुलं महत्- इत्यमरः

शब्दार्थ-ज्यादै ठूलो, महत्, बृहत्, धेरै फैलिएको, व्यापक ।

विशालकायः (ना./पुं./वि.) विशालश्चासौ कायश्च *(ठूलो शरीर)* क.त.स.= विशालकाय ।

अथवा विशालः कायः यस्य *(विशाल छ शरीर जसको)* ब.स.= विशालकाय ।

शब्दार्थ- ठूलो शरीर, बृहत् काय, विशाल देह भएको, ठूलो शरीर भएको ।

विशालता (ना./स्त्री.) विशालस्य भावः *(विशाल हुनाको भाव वा अवस्था)* विशाल+तल् (त)+टाप् (आ) =विशालता ।

शब्दार्थ- व्यापकता, फैलावट, बृहत् हुनाको भाव वा अवस्था, विस्तृतपना ।

उदा. **मलाई पनि लाग्छ कि मभित्र यति विशलता आइसक्यो कि यो सडकको सङ्कीर्णतामा अब नअटाउने भइसकेको छु- मातेको मान्छेको भाषण (वैरागी काईंला)**

विशालाक्षः (ना./पुं.) विशाले अक्षिणी यस्य *(विशाल आँखा छन् जुन पुरुषका)* ब.स., दीर्घ, विशालाक्षि+ अच् (समासान्त), टिलोप= विशालाक्ष ।

शब्दार्थ-ठूला आँखा भएको व्यक्ति, विशाल नेत्र भएको पुरुष

विशालाक्षी (ना./स्त्री.) विशाले अक्षिणी यस्याः *(विशाल नेत्र छन् जुन स्त्रीका)* ब.स., दीर्घ, समासान्त अच्, टिलोप, विशालाक्ष+ङीप् (ई)= विशालाक्षी ।

शब्दार्थ- लामा लामा कोश र आँखा भएकी नारी, ठूल्ठूला आँखा भएकी स्त्री, देवी पार्वती ।

विशिखः (ना./पुं./वि.) विगता शिखा यस्य *(जसको शिखा छैन)* प्रा.ब.स., ह्रस्व, उ.प.लोप= विशिख ।

शब्दार्थ-वाण, शर, शिखा वा टुप्पी नभएको, मुकुट नभएको

विशिष्टः (वि.) विशेषति स्म, विशिनष्टि स्म इति वा *(विशिष्ट भएको)* विपूर्वक शिष हिंसार्थे (भ्वा.) वा शिष्लृ विशेषणे (रुधा.) धातु, वि+शिष्+क्त (त), कर्तामा, ष्टुत्व, तको ट= विशिष्ट ।

शब्दार्थ- विशेष प्रकारको, विशिष्टता भएको, विलक्षण, असामान्य, सर्वोत्तम, उत्कृष्ट ।

---

[1] अत इनिठनौ : इनि
[2] सम्पृचानुरुधा... : घिनुण्
[3] ण्वुल्तृचौ : ण्वुल्
[4] ऋहलोर्ण्यत् : ण्यत्
[5] वेशालच्छङ्कटचौ : शालच्
[6] तमिविशिविडि... : कालन्

विशिष्टता (ना./स्त्री.) विशिष्टस्य भावः ***(विशिष्ट हुनाको भाव वा अवस्था)*** विशिष्ट+तल् (त)+टाप् (आ) =विशिष्टता ।

शब्दार्थ- असाधारणपना, विशिष्ट हुनाको स्थिति वा अवस्था, वैशिष्ट्य ।

विशिष्टाधिकारः (ना./पुं.) विशिष्टश्चासौ अधिकारश्च ***(विशिष्ट किसिमको अधिकार)*** क.त.स., दीर्घ =विशिष्टाधिकार ।

शब्दार्थ- राष्ट्रको प्रमुख व्यक्तिमा रहने विशिष्ट वा सर्वोच्च अधिकार, ओहदा वा दायित्वबाट पैदा हुने विशेष अधिकार ।

विशीर्णः (वि.) विशीर्यते स्म इति ***(थोत्रिएको)*** विपूर्वक शॄ हिंसायाम् (क्र्या.) धातु, वि+शॄ+क्त (त), इत्व, दीर्घ, निष्ठा तको न, णत्व= विशीर्ण ।

शब्दार्थ- थोत्रिएको, फाटेको, जीर्ण भएको, ओइलाएको ।

विशुद्धः (वि.) विशुध्यते स्म इति ***(शुद्ध गरिएको)*** विपूर्वक शुध शौचे (दिवा.) धातु, वि+शुध्+क्त (त), तको ध =विशुद्ध ।

शब्दार्थ- शुद्ध गरिएको, खारिएको, चोखो पारिएको, पाप नभएको, पवित्र, निष्कपट ।

विशुद्धता (ना./स्त्री.) विशुद्धस्य भावः ***(विशुद्ध हुनाको भाव वा अवस्था)*** विशुद्ध+तल् (त)+टाप् (आ) = विशुद्धता ।

शब्दार्थ- निर्मलता, स्वच्छता, पवित्रता, चोखोपना ।

विशुद्धात्मा (वि.) विशुद्धः आत्मा यस्य ***(शुद्ध छ आत्मा जसको)*** व.स., विशुद्धात्मन्= विशुद्धात्मा ।

शब्दार्थ- शुद्ध आत्मा हुने, पवित्र मन भएको, निष्कपट मन भएको ।

विशुद्धिः (ना./स्त्री.) विशोधनम्, विशुद्ध्यते इति वा ***(शुद्ध हुनु)*** विपूर्वक शुध शौचे (दिवा.) धातु, वि+शुध्+क्तिन् (ति), तको ध= विशुद्धि ।

शब्दार्थ- विशुद्धता, शुद्ध हुने काम, पवित्रता, दूषित प्रभाववाट छुटकारा, स्वच्छता ।

विशृङ्खलः (वि.) विगता शृङ्खला यस्य ***(जसको शृङ्खला छैन)*** प्रा.व.स. उ.प.लोप= विशृङ्खल ।

शब्दार्थ- शृङ्खला टुटेको, क्रम नमिलेको, निरङ्कुश, अनियन्त्रित, सिलसिला नमिलेको, छरिएको ।

विशृङ्खलितः (वि.) विशृङ्खलः सञ्जातः अस्य ***(विशृङ्खल अवस्था पैदा भएको छ यसको)*** विशृङ्खल+इतच् (इत), अकारलोप = विशृङ्खलित ।

शब्दार्थ- विशृङ्खल भएको, सिलसिला टुटेको, क्रम नमिलेको, अनियन्त्रित, रोकटोक विनाको ।

विशृङ्खलता (ना./स्त्री.) विशृङ्खलस्य भावः ***(विशृङ्खल हुनाको भाव वा अवस्था)*** विशृङ्खल+तल् (त)+टाप् (आ) =विशृङ्खलता ।

शब्दार्थ- विशृङ्खल हुनाको स्थिति, निरङ्कुशता, अनियन्त्रितता

विशेषः (वि./ना./पुं.) विशिष्यते इति ***(विशेषता देखाइन्छ)*** विपूर्वक शिष्लृ विशेषणे (रुधा.) धातु, वि+ शिष्+घञ् (अ), गुण= विशेष ।

अथवा विगतः शेषः यस्मात् ***(जसबाट शेषरहित भएको छ)*** ब.स., उ.प.लोप= विशेष ।

शब्दार्थ- विशिष्ट प्रकारको, विशेषता देखाउने, असामान्य, असाधारण, न्यायशास्त्रमा सात पदार्थमध्ये एक, सात पदार्थ निम्न छन्-

द्रव्य-गुण-कर्म-सामान्य-विशेष-समवायाभावाः सप्तपदार्थाः - तर्क सं. ।

विशेषकः (वि./ना./न.) विशिनष्टीति ***(विशेषता देखाउँछ)*** विपूर्वक शिष्लृ विशेषणे (रुधा.) धातु, वि+शिष्+ण्वुल् (अक), गुण= विशेषक ।

त्रिभिः श्लोकैर्विशेषकम्- सा.द. ६/३३४को (लक्ष्मी टीका)

शब्दार्थ- विशेषता देखाउने, विवेचक, विभेदक, तीन-श्लोकको समुदाय ।

विशेषज्ञः (वि.) विशेषं जानातीति ***(विशेषरूपले जान्दछ)*** विशेष उपपदपूर्वक ज्ञा अवबोधने (क्र्या.) धातु, विशेष+ज्ञा+क[१] (अ), आकारलोप= विशेषज्ञ ।

शब्दार्थ- कुनै कुरामा विशेष दखल वा क्षमता भएको, कुनै कुरा विशेषरूपले जान्ने, कुनै कुरामा विशेष ज्ञान भएको ।

विशेषणम् (ना./न.) विशिष्यते अनेन इति ***(विशेषता देखाइन्छ यसबाट)*** विपूर्वक शिष्लृ विशेषणे (रुधा.) धातु, वि+शिष्+ल्युट् (अन), करणमा, गुण, णत्व =विशेषण ।

शब्दार्थ- कुनै वस्तुको विशेषता देखाउने काम, विभेदन, विवेचन, नाम, सर्वनाम आदि शब्दको विशेषता देखाउने काम ।

विशेषतः (अव्य.) विशेषात् इति ***(विशेष प्रकारबाट)*** विशेष+तसिल्[२] (तस्), विशेषतस्, विशेषतः=विशेषत ।

शब्दार्थ- विशेषरूपले, विशेष प्रकारले, खास गरेर ।

विशेषता (ना./स्त्री.)/विशेषत्वम् (ना./न.) विशेषस्य भावः ***(विशेष हुनाको भाव वा अवस्था)*** विशेष+तल् (त)+ टाप् (आ)= विशेषता ।

विशेष+त्व= विशेषत्व ।

शब्दार्थ- विशेष स्थिति वा अवस्था, असामान्यता, असाधारणता, विलक्षणता ।

विशेषशोभी (वि.) विशेषेण शोभितुं शीलमस्य ***(विशेष रूपले शोभित हुने शील छ यसको)*** विशेषपूर्वक शुभ दीप्तौ (भ्वा.) धातु, विशेष+शुभ्+णिनि[३] (इन्), विशेषशोभिन्= विशेषशोभी ।

शब्दार्थ- विशेषप्रकारले सुशोभित हुने, विशेष शोभा देखाउने वा दिने ।

---

[१] आतोऽनुपसर्गे... : क [२] पञ्चम्यास्तसिल् : तसिल् [३] सुप्यजातौ... : णिनि

विशेषाङ्गः (ना./पुं.) विशेषश्चासौ अङ्गश्च *(विशेष अङ्ग)* क.त.स., दीर्घ= विशेषाङ्ग ।
शब्दार्थ- कुनै पत्रिकाको विशेषप्रकारको अङ्ग- जो विशेष समय वा अवसरमा प्रकाशन गरिन्छ, अतिरिक्ताङ्ग ।

विशेषाधिकारः (ना./पुं.) विशेषश्चासौ अधिकारश्च *(विशेष अधिकार)* क.त.स., दीर्घ= विशेषाधिकार ।
शब्दार्थ- विशेष परिस्थितिमा प्रयोग गरिने विशेष अधिकार, कुनै व्यक्ति वा संस्थामा रहेको विशेष अधिकार ।

विशेषितः (वि.) विशेषः सञ्जातः अस्य *(विशेषता पैदा भएको छ यसको)* विशेष+इतच्[१] (इत), अकारलोप =विशेषित ।
शब्दार्थ-विशेष किसिमको, विलक्षण, परिभाषित गरिएको ।

विशेषोक्तिः (ना./स्त्री.) विशेषा चासौ उक्तिश्च *(विशेष किसिमको उक्ति वा भनाइ)* क.त.स., गुण =विशेषोक्ति ।
शब्दार्थ- विशेष किसिमको उक्ति, विशेषप्रकारको कथन वा भनाइ, एक अर्थालङ्कार, जसमा कारण भएर पनि कार्योत्पत्ति हुँदैन ।

विशेष्यः (वि.) विशिष्यते, विशेष्टुं योग्यः *(विशेषता देखाइन्छ वा देखाउन योग्य)* विपूर्वक शिष्लृ विशेषणे (रुधा.) धातु, वि+शिष्+ण्यत्[२] (य), गुण = विशेष्य ।
शब्दार्थ- विशेषता देखाउन योग्य वा लायक, विलक्षण हुन उपयुक्त, मुख्य, प्रधान ।

विशोकः (वि.) विगतः शोकः यस्य *(जसको शोक हटिसकेको छ)* प्रा.ब.स., उ.प.लोप= विशोक ।
शब्दार्थ- शोकरहित, शोकमुक्त, प्रसन्न, शोकवाट छुटकारा पाएको ।

विशोधकः (वि.) विशोधयतीति *(शुद्ध पार्छ)* विपूर्वक शुध शौचे (दिवा.) धातु, वि+शुध्+णिचि, गुण, विशोधि+ण्वुल्[३] (अक), णिलोप= विशोधक ।
शब्दार्थ- शुद्ध पार्ने, स्वच्छ पार्ने, सफा गर्ने, संशोधन गर्ने, संशोधक ।

विशोधनम् (ना./न.) विशोधनम्, विशोध्यते इति वा *(शुद्ध पारिन्छ)* विपूर्वक शुध शौचे (दिवा.) धातु, वि+शुध्+णिचि, गुण, विशोधि+ल्युट् (अन), णिलोप =विशोधन ।
शब्दार्थ- शुद्ध वा पवित्र पार्ने काम, संशोधन, दूषित पदार्थ हटाएर शुद्ध पार्ने काम, परिमार्जन ।

विशोधनीयः (वि.) विशोध्यते, विशोधयितुं योग्यः *(शुद्ध गरिन्छ, शुद्ध गर्न योग्य)* विपूर्वक शुध शौचे (दिवा.) धातु, वि+शुध्+णिचि+अनीय (र्), गुण, णिलोप =विशोधनीय ।
शब्दार्थ- शुद्ध गर्न योग्य, पवित्र गर्न लायक ।

विशोधितः (वि.) विशोध्यते स्म इति *(शुद्ध पारिएको)* विपूर्वक शुध शौचे (दिवा.) धातु, वि+शुध्+णिचि, गुण, विशोधि+क्त[४] त), णिलोप, इडागम= विशोधित ।
शब्दार्थ- शुद्ध गरिएको, पवित्र पारिएको, प्रायश्चित गरिएको, संशोधन गरिएको, दूषित पदार्थ फालिएको ।

विशोध्यः (वि.) विशोध्यते, विशोधितुं योग्यः इति वा *(शुद्ध गर्न लायक)* विपूर्वक शुध शौचे (दिवा.) धातु, वि+शुध्+णिचि, गुण, विशोधि+ण्यत्[२] (य), णिलोप= विशोध्य ।
शब्दार्थ-शुद्ध वा पवित्र पार्न योग्य, शुद्धीकरण गर्न लायक ।

विश्रमः (ना./पुं.) विश्रमणम्, विश्रम्यते इति वा *(विश्राम लिनु)* विपूर्वक श्रमु तपसि खेदे च (दिवा.) धातु, वि+श्रम्+घञ् (अ), वृद्धिको अभाव= विश्रम ।
शब्दार्थ- आराम लिने काम, विश्राम गर्ने काम ।

विश्रान्तः (वि.) विश्राम्यति स्म इति *(विश्राम लिएको)* विपूर्वक श्रमु तपसि खेदे च (दिवा.) धातु, वि+श्रम्+क्त[५] (त), कर्तामा, दीर्घ[६], परसवर्ण= विश्रान्त ।
शब्दार्थ- आराम गरेको, विश्राम लिएको, थाकेको, क्लान्त, रोकेको, बन्द गरेको, शान्त, थकाइ मार्ने, आराम गर्ने ।

विश्रान्तिः (ना./स्त्री.) विश्रमणम्, विश्रम्यते इति वा *(विश्राम लिइन्छ)* विपूर्वक श्रमु तपसि खेदे च (दिवा.) धातु, वि+श्रम्+क्तिन् (ति), दीर्घ[६], परसवर्ण=विश्रान्ति ।
शब्दार्थ- आराम, विश्राम, थकाइ मार्ने काम, रोक, प्रतिवन्ध, आराम लिएर वस्ने काम ।

विश्रान्तिधाम (ना./न.) विश्रान्तेर्धाम *(विश्रान्तिको धाम)* ष.त.स.= विश्रान्तिधाम ।
शब्दार्थ- शान्तिको धाम, विश्राम लिने स्थान, आराम दिने थलो, थकाइ मार्ने ठाउँ ।
उदा. **नारी नै हो अखिल नरका निम्ति विश्रान्तिधाम ।**
-भृ.ख.का. ५/२२

विश्रामः (ना./पुं.) विश्रमणम्, विश्रम्यते इति वा *(विश्राम लिनु)* विपूर्वक श्रमु तपसि खेदे च (दिवा.) धातु, वि+श्रम्+घञ् (अ), वृद्धि= विश्राम ।
शब्दार्थ- आराम, थकाइ मार्ने काम, विश्रान्ति, शान्ति, सौम्यता, आराम लिने काम ।

विश्रामगृहम्/विश्रामभवनम् (ना./न.) विश्रामाय गृहम् वा भवनम् *(विश्रामको लागि तयार गरिएको घर वा भवन)* च.त.स.= विश्रामगृह/विश्रामभवन ।
शब्दार्थ- आराम गर्ने घर वा कोठा, विश्रामको लागि निर्मित भवन, धर्मशाला, विश्राम गर्ने ठाउँ, प्रतीक्षालय, विश्रामस्थल ।

विश्रुतः (वि.) व्यश्रौषीदीति *(प्रसिद्ध भएको)* विपूर्वक श्रु श्रवणे (भ्वा.) धातु, वि+श्रु+क्त (त), कर्तामा=विश्रुत ।
शब्दार्थ- प्रसिद्ध भएको, प्रख्यात, ख्यातिप्राप्त, विख्यात, लब्धप्रतिष्ठा, प्रसन्न, पढेलेखेको, आनन्दित ।

---

[१] तदस्य सञ्जातम्... : इतच्
[२] ऋहलोर्ण्यत् : ण्यत्
[३] ण्वुल्तृचौ : ण्वुल्
[४] निष्ठ : क्त
[५] गत्यर्थाकर्मक... : क्त
[६] अनुनासिकस्य क्विझलोः... : दीर्घ

विश्रुतिः (ना./स्त्री.) विश्रूयते इति *(प्रसिद्धि फैलिन्छ)* विपूर्वक श्रु श्रवणे (भ्वा.) धातु, वि+श्रु+क्तिन् (ति) =विश्रुति ।

शब्दार्थ- प्रसिद्धि, ख्याति, कीर्ति, प्रसन्नता, प्रसिद्धि पाउनाको स्थिति वा अवस्था ।

विशिलष्टः (वि.) विशिलष्यते स्म इति *(छुट्टिएको)* शिलष आलिङ्गने (दिवा.) वा शिलष श्लेषणे (चुरा.) धातु, वि+शिलष्+क्त (त), ष्टुत्व= विशिलष्ट ।

शब्दार्थ- छुट्टिएको, भिन्न भएको, विश्लेषण गरेको, केलाएको, वियुक्त, पृथक्कृत ।

विश्लेषः (ना./पुं.) विश्लेषणम्, विशिलष्यते इति वा *(अलग गरिन्छ)* शिलष आलिङ्गने (दिवा.) वा शिलष श्लेषणे (चुरा.) धातु, वि+शिलष्+घञ् (अ), गुण =विश्लेष ।

शब्दार्थ- विछोड, वियोग, वियोजन, छुट्ट्याउने काम, अलग गर्ने काम ।

विश्लेषकः (वि.) विश्लेषयतीति *(विश्लेषण गर्छ)* शिलष आलिङ्गने (दिवा.) वा शिलष श्लेषणे (चुरा.) धातु, वि+शिलष्+णिचि, गुण, विश्लेषि+ण्वुल्[1] (अक), णिलोप= विश्लेषक ।

शब्दार्थ- विश्लेषण गर्ने, छुट्ट्याउने, अलग गर्ने, विवेचना गर्ने, समीक्षक ।

विश्लेषणम् (ना./न.) विश्लेषणम्, विशिलष्यते इति वा *(विश्लेषण गरिन्छ)* शिलष आलिङ्गने (दिवा.) वा शिलष श्लेषणे (चुरा.) धातु, वि+शिलष्+ल्युट् (अन), गुण, णत्व= विश्लेषण ।

शब्दार्थ- छुट्ट्याउने वा अलग गर्ने क्रिया, केलाउने काम, विश्लेषण गर्ने काम ।

उदा. **उसका आँखाभरि थिए अनुसन्धान, संश्लेषण र विश्लेषण- चि.चू. सर्ग.२०**

विश्लेषणात्मकः (वि.) विश्लेषणम् आत्मा यस्य *(विश्लेषण नै मुख्य छ जसको)* विश्लेषण+आत्मन्, ब.स., दीर्घ, विश्लेषणात्मन्+कप् (समासान्त)= विश्लेषणात्मक । अथवा आत्मा एव *(आत्मा नै, मुख्य नै)* आत्मन्+कन् (क), स्वार्थमा, नलोप, आत्मकः । विश्लेषणम् आत्मकः यस्य *(विश्लेषण नै मुख्य छ जसको)* विश्लेषण+आत्मक, ब.स., दीर्घ= विश्लेषणात्मक ।

शब्दार्थ- विश्लेषण नै मुख्य वा प्रमुख भएको, विश्लेषणको आधारमा तयार गरिने, विश्लेषण गर्ने प्रक्रिया मुख्य भएको ।

विश्लेषितः (वि.). विश्लेष्यते स्म इति *(विश्लेषण गरिएको)* विपूर्वक शिलष आलिङ्गने (दिवा.) वा शिलष श्लेषणे (चुरा.) धातु, वि+शिलष्+णिचि, गुण, विश्लेषि+क्त (त), णिलोप, इडागम= विश्लेषित ।

शब्दार्थ- विश्लेषण वा विवेचना गरिएको, छुट्ट्याइएको, अलग गरिएको, केलाइएको, पृथक् गरिएको ।

विश्लेष्यः (वि.) विश्लेष्यते, विश्लेषितुं योग्यः इति वा *(विश्लेषण गर्न योग्य)* विपूर्वक शिलष आलिङ्गने (दिवा.) वा शिलष श्लेषणे (चुरा.) धातु, वि+शिलष्+णिचि, गुण, विश्लेषि+यत्[2] (य), णिलोप= विश्लेष्य ।

शब्दार्थ- विश्लेषण गर्न योग्य वा लायक, छुट्ट्याउन लायक, विवेचना गर्न उपयुक्त ।

विश्वम् (ना./त्रि./वि.) विशन्ति कर्मसु जनाः *(कर्ममा मानिसहरू प्रवेश गर्छन्)* विश प्रवेशने (तुदा.) धातु, विश्[+क्वन्[3] (व), उणा.= विश्व ।

विश्वं कृत्स्ने च भुवने, विश्वे देवेषु, नागरे- इत्यमरः
विश्वाऽप्यतिविषायां स्त्री जगति स्यान्नपुंसकम्- इति विश्वः
न ना शुण्ठ्यां पुंसि देवप्रभेदेष्वखिले स्त्रिषु- इति मेदिनी

शब्दार्थ- जगत्, संसार, सम्पूर्ण ब्रह्माण्ड, भुवन, दश देवताको समूह, ब्रह्मा, विष्णु, शिव, गणदेवता, सम्पूर्ण सृष्टि, समग्र, सबै, ब्रह्म, सुठो ।

द्रष्टव्य- **ब्रह्म वेदं विश्वमिदं वरिष्ठम्- मु.उ. ।**
ॐ विश्वं विष्णुः वि.स.

विश्वकर्मा (वि./ना./पुं.) करोतीति *(रचना गर्छन्)* डुकृञ् करणे (तना.) धातु, कृ+मनिन् (मन्), गुण, कर्मन्, कर्म । विश्वं कर्म यस्य *(विश्व नै कर्म छ जसको)* ब.स., विश्वकर्मन्= विश्वकर्मा ।

विश्वकर्मा सहस्रांशौ मुनिभिद् देवशिल्पिनोः- इति मेदिनी

शब्दार्थ- शिल्पशास्त्रका प्रवर्तक, देवशिल्पी, शिल्पकार, सृष्टिकर्ता ब्रह्मा, परब्रह्म परमेश्वर, सूर्य, कालिगड,।

विश्वकल्याणम् (ना./न.) विश्वस्य कल्याणम् *(विश्वको कल्याण)* ष.त.स.= विश्वकल्याण ।

शब्दार्थ- विश्वको कल्याण हुने काम, संसारकै भलाइ हुने काम, लोकहितसम्बन्धी कार्य ।

विश्वकृत् (वि./ना./पुं.) विश्वं करोतीति *(विश्वको रचना गर्छन्)* विश्व उपपदपूर्वक डुकृञ् करणे (तना.) धातु, विश्व+कृ+क्विप्, तुगागम[4], क्विप्को सर्वलोप=विश्वकृत्

शब्दार्थ- विश्वको संरचना गर्ने, सृष्टिकर्ता ब्रह्मा, विश्वकर्मा, विष्णु ।

विश्वकेतुः (ना./पुं.)विश्वस्मिन् केतुर्यस्य *(समग्र विश्वमा नै ध्वजा फैलिएको छ जसको)* ब.स.= विश्वकेतु ।

शब्दार्थ- कामदेव, मदन, काम, कन्दर्प, अनिरुद्ध ।

विश्वकोशः (ना./पुं.) विश्वस्य कोशः *(विश्वको कोश)* ष.त.स.= विश्वकोश ।

शब्दार्थ- विश्वका प्रमुख घटना र विषयवस्तुहरूको परिचयात्मक विवरण प्रस्तुत गरिएको कोशग्रन्थ ।

विश्वजनीनः (वि.) विश्वजनेभ्यः हितम् *(विश्वकै मानिसलाई हित हुने)* विश्वजन+ख[5] (ईन), अकारलोप =विश्वजनीन ।

शब्दार्थ- समस्त मानिसलाई हित हुने, सर्वत्र व्यापक ।

---

[1] ण्वुल्तृचौ : ण्वुल्
[2] अचो यत् : यत्
[3] अशूप्रुषिलटिक... : क्वन्
[4] ह्रस्वस्य पिति कृति...: तुगागम
[5] आत्मन्विश्वजनभोगो...: ख

विश्वजित् (ना./पुं./वि.) विश्वं जयतीति *(विश्वलाई नै जितछ)* विश्व उपपदपूर्वक जि जये (भ्वा.) धातु, विश्व+जि+क्विप्, तुगागम, क्विप्‌को सर्वलोप =विश्वजित् ।

शब्दार्थ- सर्वश्व दान हुने यज्ञविशेष, वरुणको पाश, विश्वविजयी ।

विश्वतः (अव्य.) विश्वस्मादिति *(सबैतिरबाट)* विश्व+तसिल्[1] (तस्)= विश्वत ।

शब्दार्थ-सबैतिरबाट, वरिपरिबाट, चारैतिरबाट, सबैबाट ।

विश्वदेवः (ना./पुं.) विश्वः देवाः यस्य *(विश्व नै देव छन् जसका)* ब.स.= विश्वदेव ।

शब्दार्थ- विश्वका देवता, गणदेवता, इष्टदेवता ।

विश्वनाथः (ना./पुं.) विश्वस्य नाथः *(संसारका स्वामी)* ष.त.स.= विश्वनाथ ।

शब्दार्थ- संसारकै स्वामी, शिव, महेश्वर, महादेव, काशीका एक प्रसिद्ध शिवलिङ्ग ।

विश्वबन्धुता (ना./स्त्री.)/**विश्वबन्धुत्वम्** (ना./न.) विश्वस्य बन्धुः, तस्य भावः *(विश्वकै बन्धु हुनाको भाव वा अवस्था)* विश्वबन्धु+तल् (त)+टाप् (आ) =विश्वबन्धुता ।

विश्वबन्धु+त्व= विश्वबन्धुत्व ।

शब्दार्थ- विश्वका सबैसँग बन्धुबान्धवको भावना राख्ने विचार वा अवस्था, विश्वबन्धुत्वको भावना ।

विश्वपावनी (ना./स्त्री.) विश्वान् पावयति अनया *(विश्वलाई पवित्र गर्छ यसले)* विश्व उपपदपूर्वक पूञ् पवने (क्र्या.) धातु, विश्व+पू+णिचि, वृद्धि, आवादेश, विश्वपावि+ल्युट्[२] (अन), णिलोप, विश्वपावन ङीप् (ई)= विश्वपावनी ।

शब्दार्थ- विश्वलाई पवित्र गर्ने गङ्गा, तुलसी ।

विश्वम्भरः (वि./ना./पुं.) विश्वं बिभर्तीति *(विश्वलाई पालन पोषण गर्छन्)* विश्व उपपदपूर्वक डुभृञ् धारणपोषणयोः (जुहो.) धातु, विश्व+भृ+खच्[३] (अ), मुमागम[४], गुण= विश्वम्भर ।

विश्वम्भरोऽच्युते शक्रे पुंसि विश्वम्भरा भुवि- इति मेदिनी

शब्दार्थ- विश्वलाई भरणपोषण गर्ने, विष्णु, परमेश्वर, संसारका पालनपोषणकर्ता ईश्वर, इन्द्र, अग्नि ।

विश्वम्भरा (ना./स्त्री.) विश्वं बिभर्ति अनया *(विश्वलाई भरणपोषण गर्छिन् यिनले)* विश्व उपपदपूर्वक डुभृञ् धारणपोषणयोः (जुहो.) धातु, विश्व+भृ+खच् (अ), मुम्, गुण, विश्वम्भरः । विश्वम्भर+टाप् (आ) =विश्वम्भरा ।

शब्दार्थ- पृथ्वी, धरित्री, धरणी, जगदम्वा भगवती, अन्नपूर्णा देवी ।

विश्वभुज् (ना./पुं./वि.) विश्वं भुनक्तीति *(विश्वलाई पालनपोषण गर्छन्, सबै कुरा खान्छ)* विश्व उपपदपूर्वक भुज पालनाभ्यवहारयोः (रुधा.) धातु, विश्व+भुज्+क्विप् (सर्वलोप), कुत्व= विश्वभुज् ।

शब्दार्थ- विश्वको भरणपोषण गर्ने विष्णु, वृष्टिकर्ता इन्द्र, सर्वभक्षी, सबैकुरा खाने ।

विश्वमूर्तिः (ना./पुं./वि.) विश्वं मूर्तिर्यस्य *(विश्व नै मूर्ति छ जसको)* ब.स.= विश्वमूर्ति ।

शब्दार्थ- सबैमा विद्यमान परमात्मा परमेश्वर, विष्णु, सर्वव्यापक, सर्वव्यापी ।

विश्वयोनिः (ना./पुं.) विश्वं योनिर्यस्य *(विश्व नै योनि वा कारण छ जसको)* ब.स.= विश्वयोनि ।

शब्दार्थ- विश्वकै कारणस्वरूप सृष्टिकर्ता ब्रह्मा, विष्णु, महेश्वर ।

विश्वराट्/विश्वाराट् (ना./पुं.) विश्वेषु राजते इति *(विश्वमा प्रकाशित वा विराजमान हुन्छन्)* विश्व उपपदपूर्वक राजृ दीप्तौ (भ्वा.) धातु, विश्व+राज्+क्विप् (सर्वलोप), जको षत्व, विश्वराष्, ष्टुत्व, विश्वराट् । विश्वको दीर्घ[५]= विश्वाराट् ।

शब्दार्थ- परमेश्वर, सर्वव्यापक ईश्वर, विश्वप्रभु ।

विश्वराजः (ना./पुं.) विश्वस्य राजा **(विश्वकै स्वामी)** ष.त.स., विश्वराजन्+टच्[६] (अ), समासान्त, टिलोप =विश्वराज ।

शब्दार्थ- परमेश्वर, महाप्रभु, सर्वव्यापी ईश्वर, विश्वप्रभु ।

विश्वरूपः (ना./पुं.) विश्वमेव रूपं यस्य *(विश्व नै रूप छ जसको)* ब.स.= विश्वरूप ।

शब्दार्थ- विश्वरूपधारी श्रीकृष्ण, विराट्स्वरूप परमेश्वर, सर्वव्यापक प्रभु, महादेव ।

विश्वरूपी (वि./ना./पुं.) विश्वरूपः अस्यास्तीति *(विश्वरूप छ यिनको)* विश्वरूप+इनि् (इन्), विश्वरूपिन्= विश्वरूपी ।

शब्दार्थ-विभिन्न रूपमा प्रकट हुने, विश्वरूपधारी श्रीकृष्ण,

विश्वरेताः (ना./पुं.) विश्वस्य रेतः कारणम् **(विश्वका कारणरूप)** ष.त.स., विश्वरेतस्= विश्वरेता ।

शब्दार्थ- विश्वको कारणरूप परब्रह्म, सृष्टिकर्ता ब्रह्मा, विष्णु ।

विश्वविजयी (वि.) विजयः अस्यास्तीति *(विजय छ यसको)* विजय+इनि (इन्), अकारलोप, विजयी । विश्वस्य विजयी *(विश्वकै विजयी)* ष.त.स.= विश्वविजयी

शब्दार्थ- विश्वभरकै विजेता, संसारविजयी, ज्यादै वीर वा पराक्रमी ।

विश्वविख्यातः (वि.) विश्वेषु विख्यातः *(संसारमै विख्यात)* स.त.स.= विश्वविख्यात ।

शब्दार्थ-संसारमै नाउँ चलेको, विश्वप्रसिद्ध, विश्वविख्यात ।

---

[1] पञ्चम्यास्तसिल् : तसिल्
[२] करणाधिकरणयोश्च : ल्युट्
[३] संज्ञायां भृतवृजि... : खच्
[४] अरुर्द्विषदजन्तस्य... : मुमागम
[५] विश्वस्य वसुराटोः : दीर्घ
[६] राजहःसखिभ्य... : टच्

विश्वविद्यालयः (ना./पुं.) विद्यायाः आलयः *(विद्याको घर)* ष.त.स., दीर्घ, विद्यालयः । विश्वस्मै विश्वस्य वा विद्यालयः *(विश्वकै लागि वा विश्वको विद्यालय)* च.त.स./ष.त.स.= विश्वविद्यालय ।

शब्दार्थ- उच्चस्तरको पठन पाठन र अनुसन्धान गर्ने शिक्षणसंस्था, विश्वस्तरकै अध्ययन-अध्यापन गर्ने शिक्षण संस्था, शिक्षाको सर्वोच्च संस्था ।

विश्वविद्यालयसभा (ना./स्त्री.) विश्वविद्यालयस्य सभा *(विश्वविद्यालयको सभा)* ष.त.स. =विश्वविद्यालयसभा ।

शब्दार्थ- विश्वविद्यालयको नीति र कार्यक्रम निर्धारण गर्ने सर्वोच्च सभा ।

विश्वविद्यालयीयः (वि.) विश्वविद्यालयस्य अयम्, विश्वविद्यालये भवः जातादिर्वा, विश्वविद्यालयाय हितम् *(विश्वविद्यालयको यो, विश्वविद्यालयमा भएको, विश्वविद्यालयका लागि हित हुने)* विश्वविद्यालय+छ[1] (ईय), अकारलोप =विश्वविद्यालयीय ।

शब्दार्थ- विश्वविद्यालयसम्बन्धी, विश्वविद्यालयको, विश्वविद्यालयमा भएको, विश्वविद्यालयको हित अनुकूल हुने ।

विश्वव्यापकः (वि.) विश्वं व्याप्नोतीति *(विश्वलाई नै ढाक्तछ)* विश्व उपपदमा हुने विपूर्वक आप्लृ व्याप्तौ (स्वा.) धातु, विश्व+वि+आप्+ण्वुल्[2] (अक), वि आप्मा यण्= विश्वव्यापक ।

शब्दार्थ- विश्वमै फैलिएर रहेको, विश्वलाई नै ढाकेको, संसारभरी फैलिएको, विश्वव्यापी ।

विश्वव्यापी (वि.) विश्वं व्याप्तुं शीलमस्य *(विश्वलाई नै ढाक्ने शील छ यसको)* विश्व उपपदमा हुने विपूर्वक आप्लृ व्याप्तौ (स्वा.) धातु, विश्व+वि+आप्+णिनि[3] (इन्), वि आप्को यण्, विश्वव्यापिन्= विश्वव्यापी ।

शब्दार्थ- विश्वलाई नै ढाकेर रहेको, विश्वव्यापक, विश्वभरी नै फैलिएको, संसारव्यापी ।

विश्वशान्तिः (ना./स्त्री.) विश्वेषां विश्वेषु वा शान्तिः *(संसारभरकै शान्ति, संसारभरमा नै शान्ति)* ष.त.स. /स.त.स.= विश्वशान्ति ।

शब्दार्थ- विश्वभरमा नै शान्ति छाएको स्थिति, विश्वमा नै शान्ति बहाल रहेको अवस्था ।

विश्वसनीयः (वि.) विश्वस्यते, विश्वसितुं योग्यः इति वा *(विश्वास गरिन्छ, विश्वास गर्न लायक)* विपूर्वक श्वस प्राणने (अदा.) धातु, वि+श्वस्+अनीय (र्) =विश्वसनीय ।

शब्दार्थ- विश्वास गर्न योग्य वा लायक, विश्वास गर्न सकिने, पत्यारिलो, भरपर्दो ।

विश्वसनीयता (ना./स्त्री.) विश्वसनीयस्य भावः *(विश्वसनीय हुनाको भाव वा अवस्था)* विश्वसनीय+तल् (त)+टाप् (आ)= विश्वसनीयता ।

शब्दार्थ- विश्वसनीय हुनाको स्थिति, भरपर्दोपना, पत्यारिलोपन ।

विश्वसृज् (विश्वसृट्) (ना./पुं.) विश्वं सृजतीति *(विश्वको संरचना गर्छन्)* विश्व उपपदपूर्वक सृज विसर्गे (तुदा.) धातु, विश्व+सृज्+क्विप्[4] (सर्वलोप), विश्वसृज्, जको षत्व[5], षको ष्टुत्व= विश्वसृट् ।

शब्दार्थ- विश्वको सृष्टिकर्ता ब्रह्मा, स्वयम्भू, यज्ञविशेष ।

विश्वस्तः (वि.) विश्वसिति स्म अयम् *(विश्वास गरेको छ यसले)* विपूर्वक श्वस प्राणने (अदा.) धातु, वि+श्वस्+क्त (त)= विश्वस्त ।

शब्दार्थ-विश्वास भएको, पत्यारिलो, विश्वास गर्न सकिने ।

विश्वस्ता (ना./स्त्री.) विश्वसिति स्म इयम् *(विश्वास गरेकी छ यस स्त्रीले)* विपूर्वक श्वस प्राणने (अदा.) धातु, वि+श्वस्+क्त (त), विश्वस्तः । विश्वस्त+टाप् (आ)= विश्वस्ता ।

विश्वस्ताविधवे समे- इत्यमरः

शब्दार्थ- विश्वास भएकी स्त्री, पत्यार गर्न सकिने आइमाई, विधवा नारी ।

विश्वहितम् (ना./न.) विश्वेभ्यः हितम् *(संसारकै लागि हित)* च.त.स.= विश्वहित ।

शब्दार्थ-विश्वकै हित वा भलाइ हुने काम, विश्वकल्याण ।

विश्वात्मा (ना./पुं.) विश्वमेव आत्मा यस्य *(विश्व नै आत्मा छ जसको)* विश्व+आत्मन्, ब.स., दीर्घ, विश्वात्मन्= विश्वात्मा ।

अथवा विश्वस्य आत्मा *(विश्वको प्राणस्वरूप)* ष.त.स., दीर्घ= विश्वात्मा ।

शब्दार्थ- विश्व नै आत्मा हुने परमेश्वर, विश्वकै आत्मा वा प्राणस्वरूप परब्रह्म परमात्मा, ब्रह्मा, विष्णु, शिव, चेतनरूप आत्मा ।

विश्वामित्रः (ना./पुं.) विश्वमेव मित्रं यस्य *(विश्व नै मित्र छ जसको)* विश्व+मित्र, ब.स., पूर्वपदको दीर्घ[6] =विश्वामित्र ।

शब्दार्थ- क्षत्रियवंशमा उत्पन्न भएर पनि ठूलो तपस्याद्वारा ब्रह्मर्षि बनेका एक प्रसिद्ध महर्षि, गोत्रप्रवर्तक ऋषि, सप्तर्षिहरूमध्ये एक ऋषि, कौशिक ऋषि ।

विश्वासः (ना./पुं.) विश्वसनम्, विश्वस्यते इति वा *(विश्वास गरिन्छ)* विपूर्वक श्वस प्राणने (अदा.) धातु, वि+श्वस्+घञ् (अ), वृद्धि= विश्वास ।

समौ विश्रम्भविश्वासौ- इत्यमरः

शब्दार्थ- पत्यार, कुनै व्यक्ति वा कामकुराप्रति दृढ आस्था, कसैप्रति गरिने भरोसा, विश्वास गर्ने काम ।

---

[1] गहादिभ्यश्च/तस्मै हितम् : छ

[2] ण्वुल्तृचौ : ण्वुल्

[3] सुप्यजातौ... : णिनि

[4] क्विप् च : क्विप्

[5] व्रश्चभ्रस्जसृज... : षत्व

[6] मित्रे चर्षौ : दीर्घ

विश्वासघातः (ना./पुं.) हन्यते, हननमिति वा *(हत्या गरिन्छ)* हन हिंसागत्योः (अदा.) धातु, हन्+घञ् (अ), वृद्धि, कुत्व, घातः । विश्वासस्य घातः *(विश्वासको घात)* ष.त.स.= विश्वासघात ।

शब्दार्थ- कसैप्रति भरोसा नगर्ने काम, कसैले आफूप्रति गरेको विश्वासको हत्या वा घात गर्ने काम ।

विश्वासघातकः (वि.) विश्वासं हन्ति घातयतीति *(विश्वासघात गर्छ)* विश्वास उपपदपूर्वक हन हिंसागत्योः (अदा.) धातु, विश्वास+हन्+ण्वुल्[१] (अक), वृद्धि, कुत्व, णिलोप, हन्का नको तकारादेश[२] =विश्वासघातक ।

अथवा विश्वास+हन्+णिचि, वृद्धि, हन्का नको तकार, कुत्व[३], विश्वासघाति+ण्वुल् (अक), णिलोप =विश्वासघातक ।

शब्दार्थ- विश्वासघात गर्ने, धोका दिने, आफूप्रति गरेको विश्वासको हत्या गर्ने ।

विश्वासघाती (वि.) विश्वासं हन्तुं घातयितुं शीलमस्य *(विश्वासघात गर्ने शील छ यसको)* विश्वास+हन्+णिनि[४] (इन्), वृद्धि, नको तकार, कुत्व[३], विश्वासघातिन्= विश्वासघाती ।

शब्दार्थ- विश्वासघात गर्ने, धोका दिने, अपत्यारिलो ।

विश्वासपात्रम् (ना./न.) विश्वासस्य पात्रम् *(विश्वासको पात्र)* ष.त.स.= विश्वासपात्र ।

शब्दार्थ- पत्यारिलो व्यक्ति, विश्वास योग्य व्यक्ति, विश्वासिलो मानिस, भरपर्दो मानिस ।

विश्वासप्रदः (वि.) विश्वासं प्रददातीति *(विश्वास दिलाउँछ)* विश्वास उपपदमा हुने प्रपूर्वक डुदाञ् दाने (जुहो.) धातु, विश्वास+प्र+दा+क[५] (अ), आकारलोप = विश्वासप्रद ।

शब्दार्थ- विश्वास पार्ने, विश्वास दिलाउने, पत्यारिलो, भरपर्दो ।

विश्वासी (वि.) विश्वासः अस्यास्तीति *(विश्वास छ यसको)* विश्वास+इनि (इन्), अकारलोप, विश्वासिन् =विश्वासी ।

अथवा विश्वसितीति *(विश्वास गर्छ)* विपूर्वक श्वस प्राणने (अदा.) धातु, वि+श्वस्+णिनि[६] (इन्), वृद्धि, विश्वासिन्= विश्वासी ।

शब्दार्थ- विश्वास गर्ने, पत्याउने, भरपर्दो, पत्यारिलो, विश्वासलाग्दो, विश्वासिलो ।

विश्वेश्वरः (ना./पुं.) विश्वेषामीश्वरः *(समग्र विश्वकै ईश्वर)* विश्व+ईश्वर, ष.त.स., गुण= विश्वेश्वर ।

शब्दार्थ- ब्रह्माण्डकै स्वामी, ईश्वर, परमेश्वर, विश्वनाथ, सर्वेश्वर, महादेव ।

विषम् (ना./न.) वेवेष्टि व्याप्नोति सर्वं कायम् *(सबै शरीरभर फैलिन्छ)* विष्लृ व्याप्तौ (जुहो.) धातु, विष्+क[७] (अ)= विष ।

क्ष्वेडस्तु गरलं विषम्- इत्यमरः

विषं तु गरले तोये- इति विश्वः

शब्दार्थ- गरल, विष, विख, जहर, हलाहल विष, पानी ।

विषकन्या (ना./स्त्री.) विषेण युक्ता, विषयुक्ता चासौ कन्या च *(शरीरभर विष भएकी कन्या)* क.त.स., उ.प.लोप= विषकन्या ।

शब्दार्थ- समग्रशरीर नै विषमय वनाइएकी युवती, शरीरभरी विषैविष भएकी कन्या ।

विषण्णः (वि.) विसीदति स्म इति *(खिन्न भएको)* विपूर्वक षद्लृ विशरणगत्यवसादनेषु (तुदा.) धातु, वि+सद्+क्त (त), कर्तामा, निष्ठा तको न, णत्व = विषण्ण ।

शब्दार्थ- खिन्न भएको, दुःखी भएको, पीडित भएको ।

उदा. **भयो अँध्यारो र विषण्ण चेहरा,**

छाये त्यहाँ बादल आउँदै धुरा- सु.म.का.५/३०

विषधरः (वि./ना./पुं.) विषं धरतीति *(विष धारण गर्छ)* विष उपपदपूर्वक धृञ् धारणे (भ्वा.) धातु, विष+धृ+अच् (पचादि), गुण= विषधर ।

शब्दार्थ- विष धारण गर्ने, विषले भरिएको, विषालु, सर्प, साप, भुजग ।

विषमः (वि.) विगतः विरुद्धः समः *(सम नभएको)* प्रा.त.स., विसम, षत्व= विषम ।

शब्दार्थ- वरावर नभएको, समतल नभएको, असमान, होचो अग्लो ।

विषमज्वरः (ना./पुं.) विषमश्चासौ ज्वरश्च *(विषम जरो)* क.त.स.= विषमज्वर ।

शब्दार्थ- वढी घटी र छिन-छिनमा शरीर चिसो एवम् तातो भइरहने जरो, कामजरो ।

विषमता (ना./स्त्री.) विषयमस्य भावः *(विषम हुनाको भाव वा अवस्था)* विषम+तल् (त)+टाप् (आ) =विषमता ।

शब्दार्थ- वरावर नहुनाको स्थिति, असमानता, विषमत्व ।

विषमयः (वि.) विषादागतः *(विषबाट आएको)* विष+मयट्[८] (मय)= विषमय ।

अथवा प्रकृतं प्रचुरं विषम् *(धेरै विष)* विष+मयट्[८] (मय)= विषमय ।

शब्दार्थ-विषले परिपूर्ण, विषले भरिएको, विषैविष भएको ।

विषमस्थः (वि.) विषमे तिष्ठतीति *(विषम भएर रहन्छ)* विषम+स्था+क (अ), आलोप= विषमस्थ ।

शब्दार्थ-विषम अवस्थामा रहेको, वरावर नभएको, असमान अवस्थाको, तुल्यता वा समानता नभएको ।

---

[१] ण्वुल्तृचौ : ण्वुल्

[२] हनस्तो चिण्णलोः : नको तकार

[३] हो हन्ते... : कुत्व

[४] सुप्यजातौ... : णिनि

[५] आतश्चोपसर्गे... : क

[६] नन्दिग्रहिपचादि... : णिनि

[७] इगुपधज्ञा... : क

[८] मयट् च/तत्प्रकृतवचने... : मयट्

विषयः (ना./पुं) विषिण्वन्ति निबध्नन्ति इन्द्रियाणि विषयिणश्च *(इन्द्रियहरूलाई र विषयभोगीहरूलाई बन्धनमा पार्छन्)* विपूर्वक षिञ् बन्धने (स्वा.) धातु, वि+सि+अच् (पचादि), गुण, अयादेश, षत्व= विषय ।

शब्दार्थ- पाँचवटा ज्ञानेन्द्रियवाट ग्रहण गरिने वस्तु, समस्त भौतिक पदार्थहरू, इन्द्रियहरूवाट प्राप्त हुने सुख वा आनन्द, इन्द्रियग्राह्य रूप-रसादि विषय, कुनै रचनामा राखिएको मुख्य विषय ।

विषयकः (वि.) विषयादागतः *(विषयबाट आएको)* विषय +कन्[1] (क), संज्ञामा= विषयक ।

शब्दार्थ- विषयसित सम्वन्धित, विषयसम्वन्धी ।

विषयगतः (वि.) विषयं गतः *(विषयतिर गएको)* द्वि.त.स. =विषयगत ।

शब्दार्थ- विषयतिर ढल्केको, विषय मुख्य भएको, विषयवस्तु प्रधान भएको ।

विषयतृष्णा (ना./स्त्री.) विषयस्य तृष्णा *(विषयसुखको तृष्णा)* ष.त.स.= विषयतृष्णा ।

शब्दार्थ- विषयसुखको आसक्ति, विषयवासनाको अभिलाषा वा कामना, विषयप्रतिको तृष्णा ।

विषयप्रवेशः (ना./पुं.) विषये प्रवेशः *(विषयमा प्रवेश)* स.त.स.= विषयप्रवेश ।

शब्दार्थ- विषयमा प्रवेश गर्ने काम, विषयको प्रारम्भिक स्थिति ।

विषयवस्तु (ना./न.) विषयस्य वस्तु *(विषयको मुख्य कुरा)* ष.त.स.= विषयवस्तु ।

शब्दार्थ- प्रमुखविषय, विषयको मुख्य मुख्य कुरा ।

विषयसुखम् (ना./न.) विषयात् सुखम् *(विषयवासनाबाट हुने सुख)* प.त.स.= विषयसुख ।

शब्दार्थ- सांसारिक विषयको उपभोगवाट प्राप्त हुने सुख, भोगविलासवाट पैदा हुने सुख, इन्द्रियजन्य सुख वा आनन्द ।

विषयसूची (ना./स्त्री.)·विषयस्य सूची *(विषयको सूची)* ष.त.स.= विषयसूची ।

शब्दार्थ- कुनै विषयको सूची वा अनुक्रमणिका वा तालिका ।

विषयात्मकः (वि.) विषयः आत्मा यस्य *(विषय नै मुख्य छ जसको)* विषय+आत्मन्, ब.स., दीर्घ, विषयात्मन्+कप् (समासान्त), नलोप=विषयात्मक ।

शब्दार्थ- कुनै विषयसित सम्वन्धित, विषय नै मुख्य वा प्रधान भएको ।

विषयान्तरम् (ना./न.) विषये विषयस्य अन्तरम् *(विषयमा परिर्वतन वा विषयको परिवर्तन)* स.त.स./ष.त.स., दीर्घ= विषयान्तर ।

शब्दार्थ- एउटा विषय वा प्रसङ्ग छाडेर वीचैमा अपनाइएको अर्को विषय, चलिरहेको प्रसङ्गभन्दा वाहिरको विषय ।

विषयाभिलाषः (ना./पुं.) विषयेषु विषयाणाम् वा अभिलाषः *(सांसारिक विषयमा वा विषयवासनाको अभिलाषा)* स.त.स./ ष.त.स., दीर्घ= विषयाभिलाष ।

शब्दार्थ- विषयवासनाप्रति अभिलाषा वा आकाङ्क्षा, विषयवासनाप्रति आसक्ति ।

विषयासक्तः (वि.) विषयेषु आसक्तः *(विषयवासनामा आसक्त)* स.त.स., दीर्घ= विषयासक्त ।

शब्दार्थ- सांसारिक विषयवासनामा आसक्त वा लिप्त रहेको ।

विषयासक्तिः (ना./स्त्री.) विषयेषु आसक्तिः *(विषयवासनामा आसक्ति)* स.त.स., दीर्घ= विषयासक्ति ।

शब्दार्थ- सांसारिक विषयवासनामा लिप्त वा आसक्त हुने काम, भोगवासनामा लिप्त हुने काम ।

विषयी (वि.) विषयः अस्यास्तीति *(विषयाशक्ति छ यसको)* विषय+इनि[2] (इन्), अकारलोप= विषयी । अथवा विषिण्वन्ति निबध्नन्तीति *(विषयमा वाँधिन्छन्)* विपूर्वक षिञ् वन्धने (स्वा.) धातु, वि+सि+णिनि[3] (इन्),वृद्धिको अभाव, गुण, अयादेश, विषयिन्=विषयी ।

शब्दार्थ-विषयासक्त, भोगविलासी, विषयवासनामा लिप्त ।

विषयुक्तः (वि.) विषेण युक्तः *(विषले भरिएको)* तृ.त.स. =विषयुक्त ।

शब्दार्थ- विष मिसिएको, विख भएको, विखले परिपूर्ण ।

विषवृक्षः (ना./पुं.) विषस्य वृक्षः *(विषको वृक्ष)* ष.त.स. =विषवृक्ष ।

शब्दार्थ- विखालु रूख, विखले भरिएको वृक्ष- खिर्रो आदि ।

विषवैद्यः (ना./पुं.) विद्यामधीते वेत्तीति वा *(विद्या पढ्छ वा जान्दछ)* विद्या+अण्[4] (अ), आदिवृद्धि, अकारलोप, वैद्यः । विषस्य वैद्यः *(विषको वैद्य)* ष.त.स.= विषवैद्य ।

शब्दार्थ- सर्प आदिले टोकेको विष झार्ने वैद्य, विष-विद्याको विज्ञ, विषको उपचार गर्ने वैद्य ।

विषाक्तः (वि.) अकति स्म इति *(कुटिल गति लिन्छ)* अक कुटिलायां गतौ (भ्वा.) धातु, अक्+क्त[5] (त), कर्तामा, अक्तः । विषेण अक्तः *(विषले व्याप्त)* तृ.त.स., दीर्घ =विषाक्त ।

शब्दार्थ- विषले भरिएको, विषमय, विख भएको, प्रदूषित, कलुषित भावनाले भरिएको, विषाक्त वातावरण भएको ।

विषाणुः (ना./पुं.) विषस्य अणुः *(बिखको सूक्ष्मजीव)* ष.त.स., दीर्घ= विषाणु ।

शब्दार्थ- विषालु सूक्ष्मजीव, सङ्क्रामक रोग सार्ने सूक्ष्मजीव, विषले युक्त कीटाणु ।

विषादः (ना./पुं.) विषदनम्, विषद्यते इति वा *(खिन्न हुनु)* विपूर्वक षद्लृ विशरणगत्यवसादनेषु (भ्वा./तुदा.) धातु, वि+सद्+घञ् (अ), वृद्धि= विषाद ।

शब्दार्थ- खिन्नता, दिक्दारी, उदासीनता, थकान, नैराश्य, खेद, पछितो ।

---

१. संज्ञायाम्... : कन्
२. अत इनिठनौ : इनि
३. नन्दिग्रहिपचादि... : णिनि
४. तदधीते तद्वेद : अण्
५. गत्यर्थाकर्मक... : क्त

विषादितः (वि.) विषादः सञ्जातः अस्य *(विषाद पैदा भएको स्थिति छ यसको)* विषाद+इतच्[1] (इत), अकारलोप= विषादित ।

शब्दार्थ- विषादले भरिएको, खिन्नताले छाएको, निराश भएको, खिन्न, दिक्क लाग्ने ।

विषादी (वि.) विषादः अस्यास्तीति *(विषाद छ यसको)* विषाद+इनि[2] (इन्), अकारलोप, विषादिन्= विषादी । अथवा विषमत्तीति *(विष खान्छ)* अद भक्षणे (अदा.) धातु, विष+अद्+णिनि (इन्), विषादिन्= विषादी ।

शब्दार्थ- विषाद भएको, उदासीन, खिन्न, निराशाले भरिएको, विषयुक्त, विषभक्षी ।

विषालुः (वि.) विषः अस्यास्तीति *(विष छ यसको)* विष+आलुच् (आलु)= विषालु ।

शब्दार्थ- विषले भरिएको, विखै विख भएको, विषमय ।

विषु (अव्य.) वेवेष्टीति *(व्याप्त गर्छ)* विष्लृ व्याप्तौ (जुहो.) धातु, विष्+कु[3] (उ), उणा.= विषु ।

विषु साम्येऽव्ययम् ।

शब्दार्थ- समकाल, साम्य, ढाक्ने काम, आच्छादन गर्ने काम, वरावर, समान ।

विषुवद्/विषुवम् (ना./न.) विषु अस्य अस्तीति *(रात दिन बराबरको समय छ यसको)* विषु+मतुप् (मत्), मको व= विषुवद् ।

विषु+व[4]= विषुव ।

समरात्रिन्दिवे काले विषुवद् विषुवं च तत्- इत्यमरः

शब्दार्थ- रात र दिन वरावर भएको समय, सूर्य विषुवद् रेखामा छँदाको समय ।

विषोपचारः (ना./पुं.) विषस्य उपचारः, विषेण उपचारः *(विषको उपचार, विषबाट गरिने उपचार)* ष.त.स./तृ.त.स., गुण= विषोपचार ।

शब्दार्थ- विषको उपचार गर्ने काम, सर्प आदि विषालु जन्तुले टोकेमा विषकै प्रयोगद्वारा गरिने उपचारविधि ।

विषोत्पादकः (वि.) विषमुत्पादयतीति *(विष पैदा गर्छ)* विष उपपदमा हुने उत्पूर्वक पद गतौ (दिवा.) धातु, विष्+उत्+पद्+णिचि+ण्वुल् (अक), पद्को वृद्धि, णिलोप, विष+उत्पादक, गुण= विषोत्पादक ।

शब्दार्थ- विष पैदा गर्ने, विखको उत्पादक ।

विष्टः (वि.) वेवेष्टि स्म इति *(ढाकेको, फैलिएको)* विष्लृ व्याप्तौ (जुहो.) धातु, विष्+क्त (त), ष्टुत्व= विष्ट ।

शब्दार्थ- पसेको, फैलिएको, घुसेको ।

विष्टरः (ना./पुं.) विस्तीर्यते इति *(आच्छादन गरिन्छ)* स्तॄञ् आच्छादने (क्र्या.) धातु, वि+स्तृ+अप् (अ), षत्व-निपातन, गुण, ष्टुत्व= विष्टर ।

विष्टरो कुशमुष्टौ स्यादासने च महीरुहे- इति मेदिनी

शब्दार्थ- वृक्ष, कुशको आसन, कुशासन, वेरेको कुशको मुठो, पृथिवी ।

विष्ठा (ना./स्त्री.) वितिष्ठते उदरे *(पेटमा रहन्छ)* विपूर्वक ष्ठा गतिनिवृत्तौ (भ्वा.) धातु, वि+स्था+क/अङ्[5] (अ), आकारलोप, षत्व, ष्टुत्व, विष्ठ+टाप् (आ) =विष्ठा ।

शब्दार्थ- दिसा, पेटको मल, गुहु, झाडा ।

विष्ठाहारी (वि.) विष्ठामाहर्तुं शीलमस्य *(विष्ठा आहार गर्ने शील वा आदत छ यसको)* विष्ठा उपपदमा हुने आङ्पूर्वक हृञ् हरणे (भ्वा.) धातु, विष्ठा+आ+हृ+णिनि[6] (इन्), वृद्धि, विष्ठाहारिन्= विष्ठाहारी ।

शब्दार्थ- दिसा खाने, विष्ठा आहार गर्ने (सुँगुर) आदि ।

विष्णुः (ना./पुं.) वेवेष्टि व्याप्नोति विश्वं यः *(विश्वलाई व्याप्त गर्छन् यिनले)* विष्लृ व्याप्तौ (जुहो.) धातु, विष्+नुक्[7] (नु), उणा., णत्व= विष्णु ।

अथवा वेषति सिञ्चति विश्वम् *(विश्वलाई सिञ्चन वा पालनपोषण गर्छन्)* विषु सेचने (भ्वा.) धातु, विष्+नुक् (नु), उणा., णत्व= विष्णु ।

विष्णुर्नारायणः कृष्णः- इत्यमरः

शब्दार्थ- ब्रह्मा, विष्णु, महेश तीन देवतामध्ये पालनपोषण-कर्ता विष्णु, नारायण, गोविन्द, दामोदर ।

द्रष्टव्य- **यस्माद्विष्टमिदं विश्वं तस्य शक्त्या महात्मनः तस्मात्स प्रोच्यते विष्णुर्विषेर्धातोः प्रवेशनात्- वि.पु. ३/१/४५**

विष्णुधर्मः (ना./पुं.) विष्णुप्रधानश्चासौ धर्मश्च *(विष्णु मुख्य हुने धर्म)* क.त.स., उ.प.लोप= विष्णुधर्म ।

शब्दार्थ- विष्णुलाई प्रमुख मान्ने धर्म, वैष्णवधर्म ।

विष्णुमयः (वि.) प्रकृतः प्रचुरः विष्णुः *(जताततै विष्णुले परिपूरित भुवन)* विष्णु+मयट् (मय)= विष्णुमय ।

शब्दार्थ-विष्णुले व्याप्त भएको, विष्णुमय वनेको (जगत्) ।

द्रष्टव्य- **सर्वं विष्णुमयं जगत्- पुराणवचनम्**

विष्णुलोकः (ना./पुं.) विष्णोर्लोकः *(विष्णुको लोक)* विष्णु+लोक, ष.त.स.= विष्णुलोक ।

शब्दार्थ- विष्णुपुरी, वैकुण्ठधाम, विष्णुको निवासस्थान ।

विष्णुवल्लभा (ना./स्त्री.) विष्णोर्वल्लभा प्रिया *(विष्णुकी वल्लभा)* ष.त.स.= विष्णुवल्लभा ।

शब्दार्थ- विष्णुकी प्रिया, लक्ष्मी, तुलसी ।

विसङ्गतः (वि.) सङ्गच्छते स्म इति *(सङ्गति मिलेको)* सम्पूर्वक गम्लृ गतौ (भ्वा.) धातु,सम्+गम् +क्त[8] (त), कर्तामा, परसवर्ण, सङ्गतम् । विगतं सङ्गतं यस्य *(जसको सङ्गति मिलेको छैन)* प्रा.ब.स., उ.प.लोप =विसङ्गत ।

शब्दार्थ- सङ्गति नमिलेको, मेल नभएको, असम्वद्ध ।

---

[1] तदस्य सञ्जातम्.. : इतच्
[2] अत इनिठनौ : इनि
[3] मृगय्वादयश्च : कु
[4] वप्रकरणेऽन्यत्रापि... : व
[5] आतश्चोपसर्गे... : अङ्
[6] सुप्यजातौ... : णिनि
[7] विषेः किच्च : नुक्
[8] गत्यर्थाकर्मक... : क्त

विसङ्गतिः (ना./स्त्री.) विसङ्गमनम्, विसङ्गम्यते इति वा ***(सङ्गति नमिल्नु)*** वि सम् उपसर्गद्वयपूर्वक गम्लृ गतौ (भ्वा.) धातु, वि+सम्+गम्+क्तिन् (ति), परसवर्ण =विसङ्गति ।

शब्दार्थ- सङ्गति नमिल्ने काम, अमिल्दोपना, वेमेल हुने काम, असङ्गति ।

विसर्गः (ना./पुं.) विसर्जनम्, विसृज्यते इति वा ***(त्याग गरिन्छ)*** विपूर्वक सृज विसर्गे (दिवा.) धातु, वि+सृज्+घञ् (अ), गुण, कुत्व= विसर्ग ।

शब्दार्थ- परित्याग, दान, उत्सर्ग, शब्दको अन्त्यमा लाग्ने दुई विन्दु वा विसर्ग, जस्तैः प्रायः, पुनः ।

विसर्जनम् (ना./न.) विसर्जनम्, विसृज्यते इति वा ***(विसर्जन गरिन्छ)*** विपूर्वक सृज विसर्गे (दिवा.) धातु, वि+सृज्+ल्युट् (अन), गुण= विसर्जन ।

शब्दार्थ- त्याग, वलिदान, कुनै पूजा अनुष्ठान आदिको कार्यक्रम टुङ्ग्याउने काम, मलमूत्र त्याग ।

विसर्जनीयः (वि.) विसृज्यते, विस्रष्टुं योग्यः ***(त्याग्न गर्न योग्य वा लायक)*** विपूर्वक सृज विसर्गे (दिवा.) धातु, वि+सृज्+अनीय (र्), गुण= विसर्जनीय ।

शब्दार्थ- विसर्जन गर्न योग्य, छाड्न लायक, त्याग्नुपर्ने ।

विसर्जितः (वि.) विसृज्यते स्म इति ***(विसर्जन गरिएको)*** विपूर्वक सृज विसर्गे (दिवा.) धातु, वि+सृज्+णिचि +क्त (त), गुण, णिलोप, इडागम= विसर्जित ।

शब्दार्थ- विसर्जन गरिएको, समाप्त गरिएको, परित्यक्त, त्यागिएको ।

विसर्पः (ना./पुं.) विसर्पणम्, विसृप्यते इति वा ***(घस्रिनु)*** विपूर्वक सृप्लृ गतौ (भ्वा.) धातु, वि+सृप्+घञ्[1] (अ), गुण= विसर्प ।

शब्दार्थ- घस्रने क्रिया, घस्राइ, प्रसर्पण, यताउति घस्रेर हिंड्ने काम, विस्तार, फैलावट ।

विसर्पणम् (ना./न.) विसर्पणम्, विसृप्यते इति वा ***(घस्रिनु)*** विपूर्वक सृप्लृ गतौ (भ्वा.) धातु, वि+सृप्+ल्युट् (अन), गुण= विसर्पण ।

शब्दार्थ- यताउति घस्रेर हिंड्ने क्रिया, घस्राइ, प्रसरण, विस्तार गर्ने काम ।

विसूचिका (ना./स्त्री.) विसूचयतीति ***(झाडावान्ता गर्छ)*** विपूर्वक सूच पैशून्ये (चुरा.) धातु, वि+सूच्+ण्वुल्[2] (अक), विसूचक+टाप् (आ), ककारपूर्वका अकारको इत्व= विसूचिका ।

शब्दार्थ- पिसाव नहुने रोग, झाडावान्ता हुने सङ्क्रामक रोग, हैजा, पखाला लाग्ने रोग ।

विस्तरः (ना./पुं.) विस्तरणमिति ***(फैलिन्छ)*** विपूर्वक स्तृञ् आच्छादने (क्रया.) धातु, वि+स्तृ+अप्[3] (अ), गुण =विस्तर ।

शब्दार्थ- शव्द आदिको विस्तार, वाक्यविस्तार, आसन, विछ्यौना, विस्तृत वर्णन ।

विस्तारः (ना./पुं.) विस्तरणम्, विस्तीर्यते इति वा ***(कपडा आदि फैलिन्छ)*** विपूर्वक स्तृञ् आच्छादने (क्रया.) धातु, वि+स्तृ+घञ्[4] (अ), वृद्धि= विस्तार ।

शब्दार्थ- कपडा आदिको फैलावट, फैलाउने क्रिया, विस्तार गर्ने क्रिया, व्यापकता ।

विस्तारणम् (ना./न.) विस्तार्यते, विस्तारणमिति वा ***(फैलाइन्छ)*** विपूर्वक स्तृञ् आच्छादने (क्रया.) धातु वि+स्तृ+णिचि+ल्युट् (अन), वृद्धि, णिलोप, णत्व =विस्तारण ।

शब्दार्थ- विस्तार गर्ने काम, फैलाउने काम, फिंजाउने काम।

विस्तारितः (वि.) विस्तार्यते स्म इति ***(फैलाइएको)*** विपूर्वक स्तृञ् आच्छादने (क्रया.) धातु, वि+स्तृ+ णिचि, वृद्धि, विस्तारि+क्त (त), णिलोप, इडागम =विस्तारित ।

शब्दार्थ- विस्तार गरिएको, फैलाइएको, चौडा पारिएको, फराकिलो वनाइएको, फिंजाइएको ।

विस्तीर्णः (वि.) विस्तीर्यते स्म इति ***(फैलिएको)*** विपूर्वक स्तृञ् आच्छादने (क्रया.) धातु, वि+स्तृ+क्त (त), निष्ठा तको न, इत्व[5], दीर्घ[6]= विस्तीर्ण ।

शब्दार्थ- फैलिएको, फिँजिएको, विस्तृत, विशाल, ज्यादै फराकिलो ।

उदा. विस्तीर्ण कर्मपथका सब जीवलाई
विश्रान्तिको प्रबल उत्सुकता दिलाई- सन्ध्या, लालित्य

विस्तृतः (वि.) विस्तीर्यते स्म इति ***(फैलिएको)*** विपूर्वक स्तृञ् आच्छादने (स्वा.) धातु, वि+स्तृ+क्त (त) =विस्तृत ।

शब्दार्थ- फैलिएको, परसम्म फिँजिएको, ठूलो, चौडा, व्यापक, विशाल, विस्तीर्ण ।

विस्तृतिः (ना./स्त्री.) विस्तरणम्, विस्तीर्यते इति वा ***(फैलिन्छ)*** विपूर्वक स्तृञ् आच्छादने (स्वा.) धातु, वि+ स्तृ+क्तिन् (ति)= विस्तृति ।

शब्दार्थ- फैलिने काम, फैलावट, फिँजिने काम, विस्तार।

विस्तृतीकरणम् (ना./न.) अविस्तृतिः विस्तृतिः सम्पद्यते, सा क्रियते इति ***(विस्तृत नभएको विस्तृत हुन्छ र त्यो गरिन्छ)*** डुकृञ् करणे (तना.) धातु, विस्तृति+ च्वि[7]+कृ+ल्युट् (अन), गुण, णत्व, तिको दीर्घ[8], च्विको सर्वलोप= विस्तृतीकरण ।

शब्दार्थ- विस्तृत वनाउने क्रिया, छोटो उक्ति वा कथनलाई लामो पार्ने प्रक्रिया, छोटो कुरालाई वढाएर विस्तृत पार्ने काम, विस्तृतीकरण गर्ने प्रक्रिया ।

---

१. भावे : घञ्
२. ण्वुल्तृचौ : ण्वुल्
३. ॠदोरप् : अप्
४. प्रथने वावशब्दे : घञ्
५. ऋत इत् : इत्व
६. हलश्च : दीर्घ
७. कृभ्वस्तियोगो.. : च्वि
८. च्वौ च : दीर्घ

विस्थापकः (वि.) विस्थापयतीति *(विस्थापन गर्छ, अन्यत्र सार्छ)* विपूर्वक ष्ठा गतिनिवृत्तौ (भ्वा.) धातु, वि+स्था+णिचि, पुगागम[1], विस्थापि+ण्वुल् (अक), णिलोप = विस्थापक ।

शब्दार्थ- विस्थापन गर्ने, अन्यत्र सार्ने, बसेको ठाउँवाट अर्को ठाउँमा हटाउने ।

विस्थापनम् (ना./न.)/**विस्थापना** (ना./स्त्री) विस्थापनम्, विस्थाप्यते इति वा *(विस्थापन गरिन्छ)* विपूर्वक ष्ठा गतिनिवृत्तौ (भ्वा.) धातु, वि+स्था+णिचि, पुगागम[1], विस्थापि+ल्युट् (अन), णिलोप= विस्थापन ।

विस्थापि+युच् (अन)+टाप् (आ)= विस्थापना ।

शब्दार्थ- एक ठाउँवाट अर्को ठाउँमा निष्कासन गर्ने काम, एक ठाउँमा वसेकोलाई अन्यत्र सार्ने काम, कुनै कुराको स्थानान्तरण ।

विस्थापितः (वि.) विस्थाप्यते स्म इति *(विस्थापन गरिएको)* विपूर्वक ष्ठा गतिनिवृत्तौ (भ्वा.) धातु, वि+स्था+णिचि, पुगागम, विस्थापि+क्त (त), णिलोप, इडागम= विस्थापित ।

शब्दार्थ- वसिरहेको ठाउँवाट अन्यत्र हटाइएको वा निष्कासन वा निकाला गरिएको, विस्थापन गरिएको ।

विस्फारणम् (ना./न.) विस्फारणम्, विस्फार्यते इति वा *(फैलाइन्छ)* विपूर्वक स्फर सञ्चलने (स्फुरणे) (तुदा.) धातु, वि+स्फर्+णिचि, वृद्धि, विस्फारि+ल्युट् (अन), णिलोप= विस्फारण ।

शब्दार्थ- फैलाउने वा फिँजाउने काम, फैलावट, धनुको ताँदो, धनु चढाउने काम, धनुष्टङ्कार ।

विस्फारितः (वि.) विस्फार्यते स्म इति *(फैलाइएको, खोलिएको)* विपूर्वक स्फर सञ्चलने (स्फुरणे) (तुदा.) धातु, वि+स्फर्+णिचि, वृद्धि, विस्फारि+क्त (त), इडागम, णिलोप= विस्फारित ।

अथवा विस्फारः सञ्जातः अस्य *(प्रकट भएको अवस्था छ यसको)* विस्फार+इतच् (इत), अकारलोप =विस्फारित ।

शब्दार्थ- उघारिएको, खोलिएको, फैलाइएको, प्रकट गरिएको, प्रदर्शित, फक्रिएको ।

उदा. **हेर्छ विस्फारित नयनले मीम साहेबका उन्नत वक्षस्थललाई - घु.मे.अ. (पोखरा- भू.पि.)**

विस्फुरितः (वि.) विस्फूर्यते स्म इति *(हल्लिएको)* विपूर्वक स्फुर सञ्चलने स्फुरणे च (तुदा.) धातु, वि+स्फुर्+क्त (त), इडागम= विस्फुरित ।

शब्दार्थ- हल्लिएको, थरथराएको, काँपेको, विस्तारित, स्फुरेको ।

विस्फोटः (ना./पुं.) विस्फोटति, विस्फुटति, विस्फोटचते अनेन इति वा *(फुट्छ, चर्किन्छ)* स्फुट विकसने (भ्वा./तुदा.) वा स्फुटिर् विशरणे (भ्वा.) धातु, स्फुट्+ अच् (पचादि)/घञ्[2] (अ), करणमा, गुण = विस्फोट ।

शब्दार्थ- कुनै वस्तु फुट्ने वा चर्कने वा पड्कने काम, विस्फोटन, खटिरो, फक्रने क्रिया ।

विस्फोटकः (वि./ना./पुं.) विस्फोटते इति *(पड्कन्छ)* विपूर्वक स्फुटिर् विशरणे (भ्वा.) धातु, वि+स्फुट् +ण्वुल्[3] (अक), गुण= विस्फोटक ।

शब्दार्थ- फुट्ने, पट्कने, चर्कने (पदार्थ), पीडादायक खटिरो, पिलो ।

विस्फोटनम् (ना./न.) विस्फोटनम्, विस्फुटचते इति वा *(विस्फोटन हुन्छ)* विपूर्वक स्फुटिर् विशरणे (भ्वा.) धातु, वि+स्फुट्+ल्युट् (अन), गुण= विस्फोटन ।

शब्दार्थ- विस्फोट हुने काम, फुट्ने वा पड्कने काम ।

विस्मयः (ना./पुं.) विस्मयनम्, विस्मीयते इति वा *(आश्चर्य हुनु)* विपूर्वक ष्मिङ् ईषद्धसने (भ्वा.) धातु, सत्व, वि+स्मि+अच् (एरच्), गुण, अयादेश= विस्मय ।

शब्दार्थ- आश्चर्य, अचम्म, उदेक, चमत्कार, अद्भुत-रसको स्थायीभाव ।

विस्मयव्याकुलः (वि.) विस्मयेन व्याकुलः *(विस्मयले व्याकुल)* तृ.त.स.= विस्मयव्याकुल ।

शब्दार्थ- आश्चर्यले चकित परेको, आश्चर्ययुक्त, आश्चर्यले व्याकुल भएको ।

विस्मयापन्नः (वि.) विस्मयमापन्नः *(आश्चर्यमा परेको)* द्वि.त.स[4]., दीर्घ= विस्मयापन्न ।

शब्दार्थ- छक्क परेको, आश्चर्यमा परेको, आश्चर्ययुक्त ।

विस्मरणम् (ना./न.) विस्मरणम्, विस्म्रियते इति वा *(बिर्सिन्छ)* विपूर्वक स्मृ चिन्तायाम् (भ्वा.) धातु, वि+स्मृ+ल्युट् (अन), गुण, णत्व= विस्मरण ।

शब्दार्थ- विस्मृति, विर्सने काम, नसम्झने वा भुल्ने काम ।

विस्मरणीयः (वि.) विस्म्रियते, विस्मर्तुं योग्यः इति वा *(बिर्सिन्छ वा बिर्सन योग्य)* विपूर्वक स्मृ चिन्तायाम् (भ्वा.) धातु, वि+स्मृ+अनीय (र), गुण, णत्व =विस्मरणीय ।

शब्दार्थ- सम्झनुनपर्ने, विर्सन लायक वा योग्य, सम्झन अनुपयुक्त, स्मरण गर्न अनुचित, विस्मृति योग्य ।

विस्मापनम् (ना./न.) विस्मापनम्, विस्माप्यते इति वा *(आश्चर्य पैदा गरिन्छ)* विपूर्वक ष्मिङ् ईषद्धसने (भ्वा.) धातु, सत्व, वि+स्मि+णिचि, आत्व[5], पुक्, विस्मापि +ल्युट् (अन)= विस्मापन ।

शब्दार्थ- आश्चर्यमा पर्ने क्रिया, आश्चर्य पैदा गर्ने काम ।

विस्मितः (वि.) विस्मयते स्म इति *(छक्क परेको)* विपूर्वक ष्मिङ् ईषद्धसने (भ्वा.) धातु, सत्व, वि+स्मि+ क्त[6] (त), कर्तामा= विस्मित ।

शब्दार्थ- छक्क वा चकित परेको, आश्चर्ययुक्त, जिल्ल परेको

---

[1] अर्तिह्रीब्ली... : पुगागम

[2] अकर्तरि च कारके... : घञ्

[3] ण्वुल्तृचौ : ण्वुल्

[4] द्वितीयाश्रितातीत... : द्वि.त.स.

[5] नित्यं स्मयतेः : आत्व

[6] गत्यर्थाकर्मक... : क्त

विस्मृतः (वि.) विस्मरति स्म, विस्मियते स्म इति वा *(बिर्सेको, बिर्सिएको)* विपूर्वक स्मृ चिन्तायाम् (भ्वा.) धातु, वि+स्मृ+क्त[1] (त), कर्ता र भावमा= विस्मृत ।

शब्दार्थ- बिर्सेको, बिर्सिएको, भुलेको, नसम्झेको, सम्झना नभएको ।

विस्मृतिः (ना./न.) विस्मरणम्, विस्मियते इति वा *(बिर्सिन्छ)* विपूर्वक स्मृ चिन्तायाम् (भ्वा.) धातु, वि+स्मृ+क्तिन् (ति)= विस्मृति ।

शब्दार्थ- विस्मरण, बिर्सने काम, सम्झना नहुने काम, भुल्ने काम ।

उदा. **म उठ्छु**
न्यायको दिनमा प्रेतात्माहरू उठेझैं
र नपाएर विस्मृतिको लेथे नदी
रक्सीको गिलासमा हाम फाल्छु- घु.मे.अ.

विस्वादः (वि.) विगतः स्वादः यस्य *(जसको स्वाद छैन)* प्रा.ब.स[2]., उ.प.लोप= विस्वाद ।

शब्दार्थ- स्वाद नभएको, वेस्वादिलो ।

विहगः (ना./पुं.) विहायसि गच्छतीति *(आकाशमा उड्छ)* विहायस् उपपदपूर्वक गम्लृ गतौ (भ्वा.) धातु, विहायस्+गम्+ड[3] (अ), विहायस्को विह आदेश, टिलोप= विहग ।

खगे विहङ्गविहगविहङ्गमविहायसः- इत्यमरः

शब्दार्थ- आकाशमा विचरण गर्ने प्राणी, पक्षिगण, चराचुरुङ्गी, राक्षस ।

विहगगणः (ना./पुं.) विहगानां खगानां गणः *(पक्षीहरूको समूह)* ष.त.स.= विहगगण ।

शब्दार्थ- पक्षीगण, चराचुरुङ्गीको समुदाय वा समूह ।

विहङ्गः/विहङ्गमः (ना./पुं.) विहायसि गच्छतीति *(आकाशमा हिंड्छ, उड्छ)* विहायस् उपपदमा हुने गम्लृ गतौ (भ्वा.) धातु, विहायस्+गम्+खच्[4] (अ), डित्व[5] (विकल्पले), विहायस्को विह आदेश[6], मुमागम, टिलोप, परसवर्ण= विहङ्ग ।

डित्वको अभावमा, परसवर्ण= विहङ्गम ।

शब्दार्थ- चरो, पक्षी, आकाशमा उड्ने जीवहरू, सूर्य, चन्द्रमा, राक्षस, नक्षत्रगण ।

विहङ्गमदृष्टिः (ना./स्त्री.) विहङ्गम इव दृष्टिः *(चराले झैं हेर्ने काम)* उप.क.त.स.= विहङ्गमदृष्टि ।

शब्दार्थ- चराले आकाशबाट हेरेझैं सरसरती हेर्ने काम, सामान्य अवलोकन ।

विहरणम् (ना./न.) विहरणमिति *(विहार गरिन्छ)* विपूर्वक हृञ् हरणे (भ्वा.) धातु, वि+हृ+ल्युट् (अन), गुण =विहरण ।

शब्दार्थ- विहार गर्ने काम, घुम्ने काम, परिभ्रमण ।

विहसनम् (ना./न.) विहसनम्, विहस्यते इति वा *(हाँसिन्छ)* विपूर्वक हसे हसने (भ्वा.) धातु, वि+हस् +ल्युट् (अन)= विहसन ।

शब्दार्थ- मुसुक्क हाँस्ने काम, मन्दमुस्कान, मुस्कुराउने क्रिया, मुस्कुराहट ।

विहसितः (वि.) विहस्यते स्म इति *(मुस्कुराएको)* विपूर्वक हसे हसने (भ्वा.) धातु, वि+हस्+क्त (त), कर्तामा, इडागम= विहसित ।

मध्यमः स्यात् विहसितम्- इत्यमरः

शब्दार्थ- मध्यम किसिमले हाँसेको, मुस्कुराएको, मुसुक्क हाँसेको ।

विहायस् (विहायः) (ना./न.) विशेषेण हाययति गमयति *(विशेष- रूपले हिडाउँछ)* विपूर्वक हय गतौ (भ्वा.) धातु, वि+ हय्+णिचि+असुन्[7] (अस्), वृद्धि, उणा., णिलोप, विहायस्= विहाय ।

शब्दार्थ- आकाश, अन्तरीक्ष, अम्वर, पक्षी ।

विहारः (ना./पुं.) विहरणमिति *(विहार गरिन्छ)* विपूर्वक हृञ् हरणे (भ्वा.) धातु, वि+हृ+घञ् (अ), वृद्धि=विहार ।

शब्दार्थ- घुम्ने काम, यताउति टहल्ने काम, भ्रमण, वौद्ध मन्दिर, भिक्षुहरूको मठ, जलक्रीडा, निवासस्थान ।

विहारी (वि.) विहारः अस्यास्तीति *(विहार गर्ने काम छ यसको)* विहार+इनि (इन्), अकारलोप, विहारिन् =विहारी ।

अथवा विहर्तुं शीलमस्य *(विहार गर्ने शील छ यसको)* वि+हृ+णिनि[8] (इन्), वृद्धि, विहारिन्= विहारी ।

शब्दार्थ- विहार गर्ने, घुमफिर गर्ने, क्रीडा गर्ने, भोगविलासी, मनोविनोद गर्ने ।

विहितः (वि.) विधीयते स्म इति *(नियमपूर्वक गरिएको)* विपूर्वक डुधाञ् धारणपोषणयोः (जुहो.) धातु, वि+धा +क्त (त), धातुको हि आदेश[9]= विहित ।

शब्दार्थ- नियमपूर्वक गरिएको, अनुष्ठान गरिएको, शास्त्रानुकूलको, शास्त्रसम्मत ढङ्गले पूरा गरिएको, समुचित, सुव्यवस्थित ।

विहीनः (वि.) विशेषेण हीयते स्म इति *(विशेषरूपले त्यागिएको)* विपूर्वक ओहाक् त्यागे (जुहो.) धातु, वि+ हा+क्त (त), निष्ठा तको न[10], विहान, हाको ईत्व[11] = विहीन ।

शब्दार्थ- रहित, त्यागिएको, शून्य, छोडिएको, परित्यक्त । - यो शब्द नामशब्दको पछाडि आएर रहित अर्थ पनि बुझाउँछ जस्तैः विद्याविहीन, सम्पत्तिविहीन ।

---

१. निष्ठा : क्त
२. प्रादिभ्यो धातुजस्य... : प्रा.ब.स.
३. अन्यत्रापि दृश्यत इति वाच्यम् (वा.)... : ड
४. गमश्च : खच्
५. खच्च डिद्वा : डित्व
६. विहायसो विह... : विह आदेश
७. सर्वधातुभ्यो... : असुन्
८. सुप्यजातौ... : णिनि
९. दधातेर्हिः : हि आदेश
१०. ओदितश्च : निष्ठा तको न
११. घुमास्थागापा... : ईत्व

विह्वल: (वि.) विह्वलयतीति *(विह्वल हुन्छ)* विपूर्वक ह्वल चलने (भ्वा.) धातु, वि+ह्वल्+अच् (पचादि) =विह्वल।

शब्दार्थ- व्याकुल, विक्षुब्ध, चित्त ठेगानमा नभएको, अशान्त, विकल, संत्रस्त, खिन्न।

विह्वलता (ना./स्त्री.) विह्वलस्य भाव: *(विह्वल हुनाको भाव वा अवस्था)* विह्वल+तल् (त)+टाप् (आ) =विह्वलता।

शब्दार्थ- व्याकुलता, विक्षुब्धता, मनको अस्थिरता, अशान्तपना, खिन्नता।

विह्वलित: (वि.) विह्वलयति स्म इति *(विह्वल भएको)* विपूर्वक ह्वल चलने (भ्वा.) धातु, वि+ह्वल्+क्त (त), कर्तामा, इडागम= विह्वलित।

शब्दार्थ- विह्वल भएको, व्याकुल भएको, अशान्त वनेको, विक्षुब्ध भएको।

वीक्षणम् (ना./न.) विशेषेण ईक्षणम्, ईक्ष्यते इति वा *(विशेष प्रकारले हेरिन्छ)* विपूर्वक ईक्ष् दर्शने (भ्वा.) धातु, वि+ईक्ष्+ल्युट् (अन), णत्व, दीर्घ= वीक्षण।

शब्दार्थ- विशेषरूपले हेर्ने काम, अवलोकन, निरीक्षण, दृष्टिपात, चक्षु, नेत्र, आँखा।

वीक्षणीय: (वि.) वीक्ष्यते, वीक्षितुं योग्य: इति वा *(हेरिन्छ, हेर्नलायक)* विपूर्वक ईक्ष् दर्शने (भ्वा.) धातु, वि+ईक्ष्+अनीय (र्), दीर्घ= वीक्षणीय।

शब्दार्थ- विशेष हेर्न योग्य वा लायक, दर्शनीय, अवलोकन गर्न योग्य, निरीक्षण गर्न लायक।

वीक्षित: (वि.) वीक्ष्यते स्म इति *(हेरिएको)* विपूर्वक ईक्ष दर्शने (भ्वा.) धातु, वि+ईक्ष्+क्त (त), इडागम, दीर्घ =वीक्षित।

शब्दार्थ- हेरिएको, अवलोकन गरिएको, निरीक्षण गरिएको, दृष्टि दिइएको।

वीचि: (ना./स्त्री./पुं.) वयति, ऊयते इति वा *(फैलिन्छ)* वेञ् तन्तुसन्ताने (भ्वा.) धातु, वे+ईचि[1], उणा., डित्व, आत्व, आलोप, व् ईचि = वीचि।

महत्स्तरङ्ग ऊर्मिर्वा स्त्रियां वीचि:- इत्यमर:

वीचि: स्वल्पतरङ्गे स्यादवकाशे सुखे द्वयो:- इति मेदिनी

शब्दार्थ- तरङ्ग, छाल, उर्मि, आनन्द, सुख, अवकाश।

वीजम् (ना./न.) व्यु.हे. वीज।

शब्दार्थ- वीज, विउ, वीर्य, अङ्कुरको कारकतत्त्व।

वीजक: (ना./पुं.) वीज एव *(बीज नै)* वीज+कन् (क), स्वार्थमा= वीजक।

शब्दार्थ- अङ्कुर, कारण, विउ, विजन, विजयसाल।

वीटि/वीटिका/वीटी (ना./स्त्री.) विशेषेण एटते इति *(विशेषरूपले विटो पार्छ)* विपूर्वक इट गतौ (भ्वा.) धातु, वि+इट्+इन् (इ), उणा., दीर्घ, वीटि+ङीष् (ई), विकल्पले= वीटी।

ङीष्को अभावमा= वीटि।

वीटिरेव *(पानको बीडा नै)* वीटि+कन् (क), स्वार्थमा+ टाप् (आ)= वीटिका।

शब्दार्थ- पानको वीडा, दाउरा, घाँस, पराल आदिको विटो, गाँठो, वन्धन, ग्रन्थि, तुनु।

वीणा (ना./स्त्री.) वेति जायते स्वर: अस्याम् *(स्वर उत्पन्न हुन्छ यसमा)* वी गतिव्याप्तिप्रजनकान्त्यासनखादनेषु (अदा.) धातु, वी+न[2] (उणा.), णत्व (निपातन), वीण+टाप् (आ)= वीणा।

वीणा तु वल्लकी- इत्यमर:

शब्दार्थ- वाजाविशेष, तारवाजा, सितार, वल्लकी।

वीणावाद:/वीणावादक: (ना./पुं.) वीणां वादयतीति *(वीणा बजाउँछ)* वद व्यक्तायां वाचि (भ्वा.) धातु, वीणा+वद्+अण् (अ), वृद्धि= वीणावाद।

वीणा+वद्+ण्वुल् (अक)= वीणावादक।

शब्दार्थ- वीणा बजाउने व्यक्ति, वीणावादक।

वीत: (वि.) विशेषेण एति स्म इति *(विशेषरूपले गएको)* विपूर्वक इण् गतौ (अदा.) धातु, वि+इ+क्त[3] (त), कर्तामा, दीर्घ= वीत।

अथवा वेति स्म इति *(गएको)* वी गतिव्याप्तादौ (अदा.) धातु, वी+क्त (त)= वीत।

शब्दार्थ- गएको, हटेको, मुक्त भएको, निवृत्त, रहित, विमुक्त।

वीतकल्मष: (वि.) वीत: कल्मष: यस्य *(जसको पाप छुटिसकेको छ)* ब.स.= वीतकल्मष।

शब्दार्थ- जो पापमुक्त छ, पापरहित, मैला हटिसकेको।

वीतनिद्र: (वि.) वीता विगता निद्रा यस्य *(जसको निद्रा छैन)* ब.स., ह्रस्व= वीतनिद्र।

शब्दार्थ- निद्रा हटिसकेको, जागृत, निद्रा नभएको।

वीतभय: (वि.) वीतं विगतं भयं यस्य *(जसको भय हटेको छ)* ब.स.= वीतभय।

शब्दार्थ- निर्भय, भयमुक्त, डर नभएको, भयरहित।

वीतराग: (वि./ना./पुं.) वीत: राग: यस्य *(जसको राग-द्वेष छैन)* ब.स.= वीतराग।

शब्दार्थ- रागद्वेषवाट मुक्त, मोहमाया आदि वन्धनवाट छुटेको, विषयवासनाप्रतिको आसक्ति नभएको, इच्छा वा कामनारहित, विषयवासनारहित, निष्काम, वुद्ध,।

वीथि:/वीथी (ना./स्त्री.) विथ्यते इति *(पङ्क्तिबद्ध हुनु)* विथृ याचने (भ्वा.) धातु, विथ्+इन्[4] (इ), उणा., बहुलप्रकारले विको दीर्घ, वीथि+ङीष् (ई), विकल्पले =वीथी। ङीष्को अभावमा= वीथि।

---

[1] वेञो डिच्च : ईचि

[2] रास्नासास्नास्थूणावीणा : न, णत्व निपातन

[3] गत्यर्थाकर्मक... : क्त

[4] इगुपधात्कित् : इन्

अथवा वीथ्यतेऽनया *(क्रमबद्ध भइन्छ यसबाट)* विथृ याचने (भ्वा.) धातु, विथ्+घञ् (अ), बहुलप्रकारले विको दीर्घ, वीथ+ङीष् (ई)= वीथी ।

वीथ्यालिरावलिः पङ्क्तिः श्रेणी- इत्यमरः

वीथी वर्त्मनि पङ्क्तौ च गृहाङ्गे नाटयरूपके- इति हैमः

शब्दार्थ- पङ्क्ति, श्रेणी, लहर, बाटो, गोरेटो, गल्ली, हाटवजार, पसल, रूपकका दश भेदमध्ये एक, जसमा एक अङ्क मात्र हुन्छ ।

वीथिका (ना./स्त्री.) वीथि एव *(बाटो वा हाटबजार नै)* वीथि+कन् (क), स्वार्थमा+टाप् (आ)= वीथिका ।

शब्दार्थ- बाटो, चित्रशाला, गोरेटो, हाटवजार, पसल ।

वीप्सा (ना./स्त्री.) विशेषेण आप्तुमिच्छति *(विशेषरूपले पाउने इच्छा गर्छ)* विपूर्वक आप्लृ व्याप्तौ (स्वा.) धातु, वि+आप्+सन् (स), द्वित्व, वि आप् आप् स, अभ्यासको लोप[1], आको ईत्व[2], वि ईप्समा सवर्ण दीर्घ, वीप्स (सनन्तधातु) । वीप्स्यते इति *(बारम्बार भनिन्छ)* वीप्स+अ[3] (प्रत्यय)+टाप् (आ)= वीप्सा ।

शब्दार्थ- निरन्तरता व्यक्त गर्न प्रयोग हुने शब्द वा ध्वनिको द्विरुक्ति, पुनरुक्ति, निरन्तरता ।

वीरः (वि./ना./पुं.) वीरयतीति *(पराक्रम गर्छ)* वीर विक्रान्तौ (चुरा.) धातु, वीर्+अच् (पचादि)= वीर । अथवा विशेषेण ईरयति ईर्ते इति वा *(शत्रुहरूलाई हटाउँछ वा राम्ररी अगाडि बढ्छ)* विपूर्वक ईर गतौ कम्पने च (अदा.)धातु, वि+ईर्+क[4] (अ), दीर्घ=वीर । अथवा अजतीति *(अस्त्रादि क्षेपण गर्छ)* अज गतिक्षेपणयोः (भ्वा.) धातु, अज्+रक्[5] (र), उणा., धातुको वी आदेश= वीर ।

वीरो रसविशेषे पुंस्युत्तरे सुभटे स्त्रीषु- इति मेदिनी

शब्दार्थ- शूरवीर, पारक्रमी, श्रेष्ठ, शक्तिशाली, सूरो, बहादुर, आँटिलो, साहसिलो, लडाकु, योद्धा, बलवान्, साहसी, नौवटा साहित्यिक रसहरूमध्ये एक, उत्साह स्थायीभाव हुने रस ।

वीरगतिः (ना./स्त्री.) वीराणां गतिः *(वीरहरूको गति)* ष.त.स.= वीरगति ।

अथवा वीरा चासौ गतिश्च *(वीरगति)* क.त.स. =वीरगति ।

शब्दार्थ- रणक्षेत्रमा वीरपुरुषहरूले प्राप्त गर्ने गति, स्वर्गप्राप्ति ।

वीरगाथा (ना./स्त्री.) वीराणां गाथा *(वीरपुरुषहरूको गाथा)* ष.त.स.= वीरगाथा ।

शब्दार्थ- वीरपुरुषको गुणगान, वीरहरूको वर्णन, वीरपुरुषका वीरताको गाथा, वीरताको वयान गरिएको साहित्य, वीरहरूको स्तुतिगान ।

वीरजननी (ना./स्त्री.) वीराणां जननी *(वीरपुत्रकी जननी)* ष.त.स.= वीरजननी ।

शब्दार्थ- वीरमाता, वीरपुत्रकी आमा, वीरपुरुषकी माता ।

वीरता/वीरत्वम् (ना./स्त्री./न.) वीरस्य भावः *(वीरपुरुषको भाव वा अवस्था)* वीर+तल् (त)+टाप् (आ)= वीरता ।

वीर+त्व= वीरत्व ।

शब्दार्थ- वहादुरी, पराक्रम, सुऱ्याइँ, वहादुरपन, वीरत्व ।

वीरतरः (वि.) अनयोरयम् अतिशयेन वीरः *(यी दुईमा यो ज्यादा वीर)* वीर+तरप्[6] (तर)= वीरतर ।

शब्दार्थ- ज्यादै शूरवीर, महान् पराक्रमी, महान् वीर ।

वीरपत्नी (ना./स्त्री.) वीरस्य पत्नी *(वीरपुरुषकी पत्नी)* ष.त.स.= वीरपत्नी ।

वीरपत्नी वीरभार्या वीरमाता तु वीरसूः - इत्यमरः

शब्दार्थ- वीरपुरुषकी पत्नी, वीरभार्या, वीरस्त्री ।

वीरपुरुषः (ना./पुं.) वीरश्चासौ पुरुषश्च *(वीर पुरुष)* क.त.स.= वीरपुरुष ।

शब्दार्थ- शूरवीर वा पराक्रमी पुरुष, वहादुर पुरुष ।

वीरपुरुषकः (ना./पुं.) वीराः पुरुषाः यस्मिन् *(वीर पुरुषहरू छन् जहाँ)* ब.स., वीरपुरुष+कप् (समासान्त) =वीरपुरुषक ।

शब्दार्थ- वीरपुरुष, वहादुर पुरुष, पराक्रमी मान्छे ।

वीरप्रसूः (ना./स्त्री.) वीरं प्रसूते प्रसूयते इति वा *(वीरपुत्र पैदा गर्छिन्)* वीर उपपदमा हुने प्रपूर्वक षूङ् प्राणिगर्भविमोचने (अदा.) वा षूङ् प्राणिप्रसवे (दिवा.) धातु, वीर+प्र+सू+क्विप्[7] (सर्वलोप)= वीरप्रसू ।

शब्दार्थ- वीरमाता, वीरजननी, वीरपुत्र जन्माउने आमा ।

वीरबाहुः (वि./ना./पुं.) वीराः समर्थाः वाहवः यस्य *(समर्थ छन् हात जसका)* ब.स.= वीरबाहु ।

शब्दार्थ-पराक्रमी, शक्तिशाली हात भएका विष्णु, रामचन्द्र ।

वीरभार्या (ना./स्त्री.) वीरस्य भार्या *(वीरपुरुषकी पत्नी)* ष.त.स.= वीरभार्या ।

शब्दार्थ- वीरपत्नी, पराक्रमी पुरुषकी श्रीमती ।

वीरमाता (ना./स्त्री.) वीरस्य माता *(वीरपुत्रकी आमा)* ष.त.स., वीरमातृ= वीरमाता ।

शब्दार्थ- वीरपुरुषकी आमा, वीरपुत्रकी जननी, वीर छोरा जन्माउने आमा ।

वीररसः (ना./पुं.) वीरश्चासौ रसश्च *(वीर रस)* क.त.स. =वीररस ।

शब्दार्थ- नौवटा साहित्यिक रसहरूमध्ये एक, उत्साह स्थायीभाव हुने रस, साहस वा उत्साह पैदा गर्ने रस ।

---

[1] अत्र लोपोऽभ्यासस्य...: अभ्यासको लोप

[2] आप्ज्ञप्यृधामीत् : ईत्व

[3] अ प्रत्ययात् : अ

[4] इगुपधज्ञा... : क

[5] स्फायितञ्चिवञ्चि... : रक्, वी आदेश

[6] द्विवचनविभज्यो... : तरप्

[7] सत्सूद्विषद्रुह... : क्विप्

वीरलोकः (ना./पुं.) वीराणां लोकः *(वीरपुरुषहरूले प्राप्त गर्ने लोक)* ष.त.स.= वीरलोक ।

शब्दार्थ- वीरपुरुषहरू निवास गर्ने लोक, रणक्षेत्रमा युद्ध गर्दा गर्दै मर्ने शूरवीर पुरुषले प्राप्त गर्ने लोक, वीरगति ।

वीरवरः (वि.) वीराणां वीरेषु वा वरः श्रेष्ठः *(वीरहरूमा श्रेष्ठ)* स.त.स./ष.त.स.= वीरवर ।

शब्दार्थ- वीरहरूमा श्रेष्ठ, वीरोत्तम ।

उदा. **को सुन्ला इतिहास वीरवरको हुङ्कार वा दर्पको-**
भृ.ख.का. २/३१

वीरहा (वि.) वीरान् हन्तीति *(वीरहरूलाई मार्दछ)* वीरपूर्वक हन हिंसागत्योः (अदा.) धातु, वीर+हन्+क्विप् (सर्वलोप), दीर्घ, नलोप, वीरहन्= वीरहा ।

शब्दार्थ-वीर योद्धालाई मार्ने, महान् पराक्रमी, शक्तिशाली

वीरशय्या (ना./स्त्री.) वीरस्य, विराय वा शय्या *(वीरपुरुषको शय्या वा वीरपुरुषलाई उपयुक्त हुने शय्या)* ष.त.स./च.त.स.= वीरशय्या ।

शब्दार्थ- रणक्षेत्र, रणमैदान, युद्धभूमि, रणभूमि, वीर योद्धाको मृत्युशय्या ।

वीराङ्गना (ना./स्त्री.) वीरस्य अङ्गना वा वीरा चासौ अङ्गना *(वीर पुरुषकी पत्नी वा वीर स्त्री)* ष.त.स./क.त.स., दीर्घ= वीराङ्गना ।

शब्दार्थ- वीरपुरुषकी पत्नी, पराक्रमी पुरुषकी भार्या, वीरस्त्री, वीरनारी, शूरवीर स्त्री ।

उदा. **यही छ वेला अब कण्ठ खोल,**
वीराङ्गना ह्वौ यदि आज बोल- सु.म.का. ५/३६

वीरेन्द्रः (वि./ना./पुं.) वीराणां वीरेषु वा इन्द्रः *(वीरहरूका वा वीरहरूमा इन्द्र)* ष.त.स./स.त.स., गुण=वीरेन्द्र ।

शब्दार्थ- वीरहरूमा श्रेष्ठ वा उत्तम, महापराक्रमी, वीरेश्वर, स्व.राजा श्री ५ वीरेन्द्र ।

वीर्यम् (ना./न.) वीरे साधु यत् *(पराक्रममा निपुण छ जो)* वीर+यत्[1] (य)= वीर्य ।

अथवा वीरयतीति *(पराक्रम देखाउँछ)* वीर विक्रान्तौ (चुरा.) धातु, वीर+यक्[2] (य), उणा.= वीर्य ।

अथवा वीर्यते इति *(पराक्रम देखाइन्छ)* वीर+णिचि +यत् (य), णिलोप= वीर्य ।

वीर्यं तेजःप्रभावयोः । शुक्रे शक्तौ च- इति हैमः
शुक्रं तेजो रेतसि च बीजवीर्येन्द्रियाणि च ।
उत्साहोऽध्यवसायः स्यात् स वीर्यमतिशक्तिभाक्- इत्यमरः
वीर्यं प्रभावे शुक्रे च तेजः सामर्थ्ययोरपि- इति मेदिनी

शब्दार्थ- अतिशय शक्ति, सन्तान उत्पन्न गर्ने धातु वा वीर्य, शुक्र, तेज, पराक्रम, प्रभाव, सामर्थ्य, क्षमता, विक्रम, बीज, उत्साह ।

वीर्यवान् (वि.) वीर्यमस्यास्तीति *(वीर्य वा पराक्रम छ यसको)* वीर्य+मतुप्[3] (मत्), मको व, वीर्यवत् =वीर्यवान् ।

शब्दार्थ- वलवान्, पराक्रमी, शक्तिशाली, तेज भएको ।

वीर्यशाली (वि.) वीर्यं शलितुं शीलमस्य *(वीर्य संवरण गर्ने शील छ यसको)* वीर्य उपपदपूर्वक शल चलनसंवरणयोः (भ्वा.) धातु, वीर्य+शल्+णिनि[4] (इन्), वृद्धि, वीर्यशालिन्= वीर्यशाली ।

शब्दार्थ- शक्तिशाली, पराक्रमी, वलवान्, समर्थ, शरीरमा फुर्ती भएको ।

वीर्यस्खलनम् (ना./न.) वीर्यस्य स्खलनम् *(वीर्यको स्खलन)* ष.त.स.= वीर्यस्खलन ।

शब्दार्थ- वीर्यको पतन, धातुस्खलन, वीर्यपतन हुने क्रिया, वीर्यपात ।

वीर्यहीनः (वि.) वीर्येण हीनः *(वीर्यले रहित)* तृ.त.स. =वीर्यहीन ।

शब्दार्थ- शरीरमा वीर्य थोरै भएको, शरीरमा फुर्ती वा सामर्थ्य नभएको, शक्तिहीन, नामर्द ।

वीहारः/विहारः (ना./पुं.) विहरन्ति अत्र *(विहार वा विचरण गर्छन् यहाँ)* विपूर्वक हृञ् हरणे (भ्वा.) धातु, वि+हृ+घञ् (अ), उपसर्गको दीर्घ, विकल्पले= वीहार । दीर्घको अभावमा= विहार ।

शब्दार्थ- मठ, मन्दिर, वुद्धविहार, भ्रमण गर्ने काम ।

वृकः (ना./पुं.) वर्कते इति *(ग्रहण गर्छ)* वृक आदाने (भ्वा.) धातु, वृक्+क[5] (अ)= वृक ।

अथवा वृणोतीति *(लिन्छ, ग्रहण गर्छ)* वृञ् वरणे (स्वा.) धातु, वृ+कक्[6] (क), उणा.= वृक ।

शब्दार्थ- व्वाँसो, एकप्रकारको स्याल ।

वृकोदरः (ना./पुं.) वृकस्य इव उदरं यस्य *(ब्वाँसाको जस्तो ठूलो पेट छ जसको)* वृक+उदर, ब.स., गुण =वृकोदर ।

शब्दार्थ- भीमसेन, पाँच पाण्डवमध्ये एक, भीम ।

वृक्षः (ना./पुं.) वृक्षते संवृणोति रोहति प्रवर्द्धते इति वा *(संवरण गर्छ, उम्रन्छ, बढ्छ)* वृक्ष वरणे (भ्वा.) धातु, वृक्ष्+अच् (पचादि)= वृक्ष ।

शब्दार्थ- रूख, तरु, द्रुम, वोट ।

वृक्षकः (ना./पुं.) वृक्ष एव *(रूख नै)* वृक्ष+कन् (क), स्वार्थमा= वृक्षक ।

शब्दार्थ- रूख, वोट, वृक्ष, तरु ।

वृक्षवाटिका (ना./स्त्री.) वृक्षाणां वाटिका *(वृक्षहरूको बगैंचा)* ष.त.स.= वृक्षवाटिका ।

शब्दार्थ- उद्यान, पुष्पवाटिका, फूलवारी, वनवाटिका ।

वृक्षारोपणम् (ना./न.) आरोपणम्, आरोप्यते इति वा *(रोपिन्छ, सारिन्छ)* रुह बीजजन्मनि प्रादुर्भावे च (भ्वा.) धातु, आ+रुह्+णिचि, हको पकारादेश, आरोपि+ल्युट् (अन), णत्व, आरोपणम् । वृक्षाणामारोपणम् *(वृक्षहरू रोप्ने काम)* ष.त.स.= वृक्षारोपण ।

शब्दार्थ-रूख रोप्ने वा सार्ने काम, बोटविरुवा लगाउने काम ।

---

[१] तत्र साधुः : यत्
[२] अघ्न्यादयश्च : यक्
[३] तदस्यास्त्यस्मिन्... : मतुप्
[४] सुप्यजातौ... : णिनि
[५] इगुपधज्ञा... : क
[६] सृवृभूशुषि... : कक्

वृतः (वि.) व्रियते स्म इति *(वरण गरिएको वा ढाकिएको)* वृञ वरणे (स्वा.) धातु, वा वृञ् आवरणे (चुरा.) धातु, वृ+क्त (त)= वृत ।

शब्दार्थ- वरण गरिएको, छानिएको, चुनिएको, ढाकिएको, छोपिएको, घेरिएको ।

वृतिः (ना./स्त्री.) वरणम्, व्रियते इति वा *(वरण गरिन्छ, ढाकिन्छ)* वृञ् वरणे (स्वा.) वा वृञ् आवरणे (चुरा.) धातु, वृ+क्तिन् (ति)= वृति ।

शब्दार्थ- वरण गर्ने काम, चुन्ने काम, प्रार्थना, ढाक्ने वा छोप्ने काम, लुकाउने काम, पर्खाल घेर्ने क्रिया ।

वृत्तः (वि./ना./न.) वर्तते स्म इति *(रहेको)*, वर्तते इति *(रहन्छ)* वृतु वर्तने (भ्वा.) धातु, वृत्+क्त[1] (त), कर्ता र भावमा= वृत्त ।

शब्दार्थ- रहेको, विद्यमान, घटित, समाप्त, गोलो, वाटुलो घेरो, केन्द्रबाट चारैतिर रेखाले घेरिएको क्षेत्र, वर्तुलाकार वृत्तको परिधि ।

वृत्ताकारः (ना./पुं./वि.) वृत्तवत् आकारः *(वृत्तको जस्तो आकार)* वा वृत्तः आकारः *(वाटुलो आकार)* उप.क.त.स./सह सुपा समास, दीर्घ= वृत्ताकार ।

शब्दार्थ- वृत्तको जस्तै वाटुलो आकार, वृत्तको घेरो, गोलो आकार, वाटुलो घेरो, वृत्ताकार भएको, गोलो ।

वृत्तान्तः (ना./पुं.) वृत्तः वर्णनीयः अन्तः समाप्तिर्यस्य *(वर्णन योग्य समाप्ति छ यसको)* वृत्त+अन्त, ब.स., दीर्घ= वृत्तान्त ।

शब्दार्थ- वार्ता, कुनै कुराको प्रवृत्ति, वर्णन, वयान ।

वृत्तिः (ना./स्त्री.) वर्तन्ते जीवन्ति अनया *(यसद्वारा रहन्छन्, निर्वाह गर्छन्)* वृतु वर्तने (भ्वा.) धातु, वृत्+क्तिन् (ति)= वृत्ति ।

वृत्तिर्वर्तनजीवने- इत्यमरः

शब्दार्थ- जीविका, जीवन धान्न वा निर्वाह गर्न गरिने काम, ज्याला, मजदुरी, पारिश्रमिक, सत्ता, अस्तित्व, आचरण, व्यवहार, व्याख्या ।

वृत्यः (वि.) वरितुं योग्यः *(वरण गर्न योग्य)* वृ+क्यप्[2] (य), तुक्= वृत्य ।

शब्दार्थ- वरण गर्न योग्य, रहन लायक, वर्तनीय ।

वृत्रः (ना./पुं.) वर्तते इति *(रहन्छ)* वृतु वर्तने (भ्वा.) धातु, वृत्+रक् (र), उणा.= वृत्र ।

वृत्रो रिपौ घने ध्वान्ते शैले चक्रे च दानवे- इति मेदिनी

शब्दार्थ- वृत्तासुर नामको एक दानव वा असुर, शत्रु, मेघ, अन्धकार, शैल, चक्र ।

वृत्रहा (ना./पुं.) वृत्रं हतवान्निति *(वृत्रासुर दानवलाई मार्ने)* वृत्र उपपदमा हुने हन हिंसागत्यो (अदा.) धातु, वृत्र+हन्+क्विप् (सर्वलोप), वृत्रहन्= वृत्रहा ।

शब्दार्थ- वृत्तासुर दानवलाई मार्ने इन्द्र, मघवा ।

वृथा (अव्य) वृणोति, वृणीते इति *(निरर्थकता स्वीकार्छ)* वृञ् वरणे (स्वा.) वा वृङ् संभक्तौ (क्रया.) धातु, वृ+थाक् (था), वहुलप्रकारले= वृथा ।

वृथा निरर्थकाविध्योः - इत्यमरः

वृथा वन्ध्ये निष्कारणे- इति मेदिनी

शब्दार्थ- व्यर्थ, निरर्थक, विना कुनै प्रयोजन, अनावश्यक रूपले, विनासित्तै, विना कारण, निष्फल, वेकार ।

वृथाभिमानः (ना./पुं.) वृथा चासौ अभिमानश्च *(व्यर्थ अभिमान)* क.त.स., दीर्घ= वृथाभिमान ।

शब्दार्थ-व्यर्थको अभिमान, नचाहिंदो धाक, व्यर्थको घमण्ड

वृथाभिमानी (वि.) वृथाभिमानः अस्यास्तीति *(व्यर्थ अभिमान छ यसको)* वृथाभिमान+इनि[3] (इन्), अकारलोप, वृथाभिमानिन्= वृथाभिमानी ।

शब्दार्थ- व्यर्थको अभिमान गर्ने, व्यर्थको धाकधक्कु लगाउने ।

वृद्धः (वि./ना./पुं.) वर्धते स्म इति *(बढेको)* वृधु वृद्धौ (भ्वा.) धातु, वृध्+क्त[1] (त), कर्तामा, तको ध, जश्त्व =वृद्ध ।

वृद्धो जीर्णे प्रवृद्धे ज्ञे त्रिषु क्लीबं तु शैलजे- इति मेदिनी

प्रवयाः स्थाविरो वृद्धो जीनो जीर्णो जरन्नपि- इत्यमरः

शब्दार्थ- वूढो, जीर्ण, वढेको, उमेर धेरै पुगिसकेको, विद्यामा परिपक्व, प्राज्ञ, पुरानो, थोत्रिएको, उमेरमा जेठो, प्रवुद्ध, प्राज्ञ, पाको व्यक्ति ।

वृद्धकालः (ना./पुं.) वृद्धश्चासौ कालश्च *(वुढयाइं अवस्था)* क.त.स.= वृद्धकाल ।

शब्दार्थ- वुढेस काल, वृद्धावस्था, वुढं अवस्था ।

वृद्धता/वृद्धत्वम् (ना./स्त्री./न.) वृद्धस्य भावः *(वृद्ध हुनाको भाव वा अवस्था)* वृद्ध+तल् (त)+टाप् (आ) =वृद्धता ।

वृद्ध+त्व= वृद्धत्व ।

शब्दार्थ- वृद्ध हुनाको अवस्था, वुढचाइँ, वृद्धावस्था ।

वृद्धभावः (ना./पुं.) वृद्धस्य भावः *(वृद्ध हुनाको भाव)* ष.त.स.= वृद्धभाव ।

शब्दार्थ- वृद्धता, वुढचाइँ, वृद्ध हुनाको अवस्था, वुढेसकालको अवस्था ।

वृद्धा (ना./स्त्री.) वर्धते स्म असौ इति *(वृद्ध भएकी यो स्त्री)* वृधु वृद्धौ (भ्वा.) धातु, वृध्+क्त (त), तको ध, जश्त्व, वृद्धः । वृद्ध+टाप् (आ)= वृद्धा ।

शब्दार्थ- वूढी आइमाई, केश फुलेकी स्त्री ।

वृद्धावस्था (ना./स्त्री.) वृद्धा चासौ अवस्था च *(वृद्ध अवस्था)* क..त.स., दीर्घ= वृद्धावस्था ।

शब्दार्थ-वुढचाइँ अवस्था, वृद्ध भएको अवस्थिति, वुढचौली

वृद्धात्मा (वि.) वृद्धः पुरातनः आत्मा यस्य *(जीर्ण शरीर वा देह छ जसको)* ब.स.= वृद्धात्मा ।

शब्दार्थ- वूढो, वृद्ध भएको, जीर्ण अवस्थाको, जीर्ण शरीर भएको ।

---

[1] गत्यर्थाकर्मक.../नपुंसके भावे : क्त

[2] ऋदुपधाच्चा... : क्यप्

[3] अत इनिठनौ : इनि

वृद्धि (ना./स्त्री.) वर्धनम्, वृद्धयते इति वा *(बढ्नु)* वृधु वृद्धौ (भ्वा.) धातु, वृध्+क्तिन्[1] (ति), तको ध[2]=वृद्धि ।

शब्दार्थ- प्रवर्धन, संवर्धन, वढ्ने क्रिया, समुन्नति, वस्तुको मूल्य वढ्ने काम, सन्तान वढ्ने काम ।

वृद्धिकरः (वि./ना./पुं.) वृद्धिं कर्तुं तच्छीलः *(वृद्धि गर्ने शील छ)* वृद्धि उपपदमा हुने डुकृञ् करणे (तना.) धातु, वृद्धि+कृ+ट[3] (अ), गुण= वृद्धिकर ।

अथवा वृद्धौ करः *(वृद्धिमा कर)* स.त.स.= वृद्धिकर ।

शब्दार्थ- वढाउने, वृद्धि गर्ने, समुत्थान गर्ने, आम्दानी वा आयआर्जनमा लगाइने कर ।

वृद्धिश्राद्धम् (ना./न.) वृद्धौ श्राद्धम् *(वृद्धि कर्म वा शुभ कार्यमा गरिने श्राद्ध)* स.त.स.= वृद्धिश्राद्ध ।

शब्दार्थ- शुभकार्यको प्रारम्भमा गरिने श्राद्ध, आभ्युदयिक श्राद्ध, नान्दीमुखी श्राद्ध ।

वृन्तम् (ना./न./पुं.) वृणोति, वृणातीति वा *(ग्रहण गर्छ)* वृञ् वरणे (स्वा.) वा वृङ् सम्भक्तौ (क्र्या.) धातु, वृ+क्त (त), उणा., वहुलप्रकारले, नुम्= वृन्त ।

वृन्तं प्रसववन्धेऽस्त्री घटिधारा कुचाग्रयोः- इति मेदिनी

शब्दार्थ- फूल वा पातको वन्धन, भेट्नु, डाँठ, स्तनको अग्रभाग ।

वृन्दम् (ना./न.) वृण्यते इति *(एकत्रित हुनु, तुष्ट हुनु)* वृणु प्रीडने (तुदा.) धातु, वृण्+दन्[4] (द), उणा., परसवर्ण= वृन्द ।

अथवा वृणोतीति *(ग्रहण गर्छ)* वृञ् वरणे (स्वा.) धातु, वृ+दन् (द), उणा., नुम् निपातनवाट= वृन्द ।

शब्दार्थ- समूह, दल, गण, कदम्व, वर्ग, समुच्चय, जमात, झुप्पो ।

वृन्दा (ना./स्त्री.) वृणोतीति *(वरण वा ग्रहण गर्छ)* वृञ् वरणे (स्वा.) धातु, वृ+दन्[4] (द), उणा., नुम् निपातनवाट, वृन्द । वृन्द+टाप् (आ)= वृन्दा ।

शब्दार्थ- तुलसी, राधा, विष्णुद्वारा सतीत्व नष्ट गरिएकी जालन्धरकी पत्नी, गोकुलको निकटवर्ती एउटा स्थान, वृन्दावन ।

वृन्दारण्यम्/वृन्दावनम् (ना./न.) वृन्दा च तत् अरण्यम्, वृन्दा च तत् वनम् *(वृन्दावन)* वा वृन्दायाः अरण्यम्, वृन्दायाः वनम् *(तुलसीको वन वा राधिकाको घुमफिर गर्ने स्थल)* क.त.स., ष.त.स., दीर्घ =वृन्दारण्य/वृन्दावन ।

शब्दार्थ- गोकुलको निकटवर्ती एक जङ्गल, मथुराको उत्तरतिरको एक वन, श्रीकृष्णको क्रीडा गर्ने स्थल, तुलसीको वन, राधिकाको घुमफिर गर्ने वन ।

वृश्चिकः (ना./पुं.) वृश्चतीति *(काट्छ, टोक्छ)* ओव्रश्चू छेदने (तुदा.) धातु, व्रश्च्+किकन्[5] (इक), उणा., सम्प्रसारणवाट व्रका रेफको ऋ= वृश्चिक ।

शब्दार्थ-विच्छी, वाह्र राशिहरूमध्ये एक, आठौं विछो राशि

वृषः (ना./पुं.) वर्षति अभीष्टं धर्मं, पुण्यं, फलं, मधु वा *(अभीष्ट धर्म, पुण्यफल वा मधु वर्षाउँछ)* वृषु सेचने (भ्वा.) धातु, वृष्+क[6] (अ)= वृष ।

वृषो धर्मे बलीवर्दे शृङ्ग्यां पुंराशिभेदयोः

श्रेष्ठे स्यादुत्तरस्थश्च वासामूषिकशुक्रले- इति मेदिनी

शब्दार्थ- गोरु, साँढे, वर्ग, श्रेष्ठ व्यक्ति, शिवजीको वाहन, नन्दी, पुण्यकर्म, धर्म, पुण्य, श्रेय, वाह्र राशिमध्ये एक, दोस्रो राशि, कामशास्त्रमा वर्णित चार प्रकारका पुरुषमध्ये एक ।

वृषकर्मा (वि.) वृष इव कर्म यस्य *(गोरुको झैं जोतिएर गर्ने काम छ यसको)* व.स., वृषकर्मन्= वृषकर्मा ।

शब्दार्थ- गोरुझैं जोतिएर कर्म गर्ने, लगनशील, परिश्रमी, महेश्वर ।

वृषध्वजः (ना./पुं.) वृषः ध्वजः चिन्हं यस्य *(वृष छ चिन्ह जसको)* ब.स.= वृषध्वज ।

शब्दार्थ- महादेव, शिवजी, महेश्वर ।

वृषभः (ना./पुं.) वर्षति अभीष्ठान् *(अभीष्ट कुरा दिन्छ)* वृषु सेचने (भ्वा.) धातु, वृष्+अभच्[7] (अभ), उणा., कित्व= वृषभ ।

वृषभः श्रेष्ठवृषयोः - इति विश्वः

वृषा हि वृषभो विष्णुः - वि.स.ना.४१

शब्दार्थ- वृष, गोरु, साँढे, श्रेष्ठ, उत्तम, शिव, महेश्वर, विष्णु ।

वृषभध्वजः (ना./पुं.) वृषभः ध्वजश्चिन्हं यस्य *(वृषभ छ चिन्ह जसको)* व.स.= वृषभध्वज ।

शब्दार्थ- महादेव, शङ्कर, शिव, शम्भु ।

वृषलः (ना./पुं.) वर्षतीति *(सेचन गर्छ)* वृषु सेचने (भ्वा.) धातु, वृष्+कलच्[8] (अल), उणा.= वृषल ।

अथवा वृषं धर्मं लुनातीति *(धर्म नष्ट गर्छ)* वृष उपपदपूर्वक लूञ् छेदने (क्र्या.) धातु, वृष+लू+ड[9] (अ), टिलोप= वृषल ।

अथवा वृषं धर्मं लातीति *(धर्म ल्याउँछ)* वृष उपपदपूर्वक ला आदाने (अदा.) धातु, वृष+ला+क[10] (अ), आकारलोप= वृषल ।

वृषलो गृञ्जने शूद्रे चन्द्रगुप्ते च राजनि- इति मेदिनी

शब्दार्थ- शूद्र, पापी पुरुष, धर्म नाश गर्ने व्यक्ति, पतित व्यक्ति, दुष्ट व्यक्ति, अधर्मी पुरुष, जातिच्युत व्यक्ति, लसुन, गाजर, घोडा, प्राचीन भारतका मौर्य सम्राट् चन्द्रगुप्त ।

---

[1] स्त्रियां क्तिन् : क्तिन्

[2] झषस्तथो... : तको घ

[3] कृञो हेतुताच्छील्य... : ट

[4] वन्धादयश्च : दन्

[5] व्रश्चिकृष्यो.....: किकन्

[6] इगुपधज्ञा... : क

[7] ऋषिवृषिभ्यां कित् : अभच्

[8] वृषादिभ्यश्च : कलच्

[9] अन्येष्वपि दृश्यते : ड

[10] आतोऽनुपसर्गे... : क

वृषली (ना./स्त्री.) वृषलस्य स्त्री *(शूद्रकी स्त्री वा वृषल जाति स्त्री)* वृषल+ङीष्[1] (ई)= वृषली ।

शब्दार्थ- शूद्रजाति स्त्री, शूद्रकी पत्नी, निःसन्तान आइमाई, वाँझी स्त्री, रजस्वला भएपछि पनि वावुकै घरमा वस्ने कन्या ।

वृषोत्सर्गः (ना./पुं.) वृषस्य उत्सर्गः *(वृष (बाछो) को उत्सर्ग)* ष.त.स., गुण= वृषोत्सर्ग ।

शब्दार्थ- मरेको एघारौं दिनमा वा काम्यकर्ममा डामेर साँढे छोड्ने काम, काम्यकर्ममा वाँछो डामेर साँढे छोड्ने काम ।

वृष्टिः (ना./स्त्री.) वर्षणम्, वृष्यते इति वा *(बर्सिन्छ)* वृषु सेचने (भ्वा.) धातु, वृष्+क्तिन्[2] (ति), ष्टुत्व= वृष्टि ।

शब्दार्थ-वर्षा, पानी पर्ने क्रिया, पानी वर्षने काम, झरी ।

वृष्टिकालः (ना./पुं.) वृष्टेः कालः *(वर्षाको समय)* ष.त.स.= वृष्टिकाल ।

शब्दार्थ- वर्षायाम, वर्षाकाल, वर्षाऋतुको समय ।

वृष्टिमानम् (ना./न.) वृष्टेर्मानम् *(वर्षाको नापो)* ष.त.स.= वृष्टिमान ।

शब्दार्थ- झरी या वर्षाको मापन गर्ने यन्त्र, वर्षामापक यन्त्र ।

वृहत् (वि.) वृहतीति *(बढ्छ, उद्यम गर्छ)* वृहू उद्यमने (तुदा.) धातु, वृह्+अति[3] (अत्), गुणाभाव= वृहत् ।

शब्दार्थ- ज्यादै ठूलो, महान्, विशाल, व्यापक, अजङ्गको ।

वृहती (ना./स्त्री.) वृहतीति *(बढ्छ)* वृहू उद्यमने (तुदा.) धातु, वृह्+अति (अत्), गुणाभाव, वृहत् । वृहत्+ङीष् (ई)= वृहती ।

शब्दार्थ- नारदको वीणा, वाणी, दोपट्टा, आवरण ।

वृहस्पतिः (ना./पुं.) व्यु.हे. वृहस्पति ।

शब्दार्थ- विद्वान् पुरुष, देवगुरु, देवताका पुरोहित ।

वेगः (ना./पुं.) वेजनम्, विज्यते इति वा *(छिटो गति लिनु)* ओविजी भयचलनयोः (तुदा.) धातु, विज्+घञ् (अ), कुत्व, गुण= वेग ।

शब्दार्थ- छिटो गति, शीघ्र चाल, प्रवाह, आवेग, संवेग, विक्षोभ, जोरले चल्ने काम ।

वेगवती (ना./स्त्री.) वेगः अस्याः अस्तीति *(वेग छ यस नदीको)* वेग+मतुप्[4] (मत्), मको व, वेगवत्+ङीप् (ई)= वेगवती ।

शब्दार्थ- अतिवेगले वहने नदी, ज्यादै प्रवाह भएको खोला ।

वेगवान् (वि.) वेगः अस्यास्तीति *(वेग छ यसको)* वेग+मतुप्[4] (मत्), मको व, वेगवत्= वेगवान् ।

शब्दार्थ- ज्यादा प्रवाह भएको, शीघ्र गतिले हिँड्ने, छिटो हिँड्ने ।

वेगी (वि/ना./पुं.) अतिशयितः वेगः अस्यास्तीति *(ज्यादा वेग छ यसको)* वेग+इनि[5] (इन्), वेगिन्= वेगी ।

शब्दार्थ- ज्यादै वेग भएको, छिटो छिटो हिड्ने, हुलाकी, वेगले वहने हावा, वाज पन्छी ।

वेणिः/वेणी (ना./स्त्री.) वेणति/वेणते इति *(वाँध्छ, बहन्छ)* वेणृ गतिज्ञानचिन्तानिशामनवादित्रग्रहणेषु (भ्वा.) धातु, वेण्+इन्[6] (इ), उणा., वेणि+ङीष्[7] (ई), विकल्पले= वेणी ।

ङीष्को अभावमा= वेणि ।

अथवा वेतीति *(बहन्छ)* वी गतिव्याप्तिप्रजनादौ (अदा.) धातु, वी+नि (उणा.), वहुलप्रकारले, णत्व= वेणि ।

शब्दार्थ- वाटेको कपाल, केशपास, चुल्ठो, नदीको सङ्गमस्थल, त्रिवेणी, जलप्रवाह, जलधारा ।

वेणीबन्धः (ना./पुं.) वेण्याः वन्धः *(बाटेको कपालको बन्ध)* ष.त.स.= वेणीवन्ध ।

शब्दार्थ- वाटेको कपाल, चुल्ठो, केशपाश ।

वेणुः (ना./पुं.) वेणति, वेणते इति वा *(बजाउँछ)* वेणृ गतिज्ञाननिशामनवादित्रग्रहणेषु (भ्वा.) धातु, वेण्+उ (वहुलप्रकारले)= वेणु ।

अथवा अजतीति *(गतिशील हुन्छ)* अज गतिक्षेपणयोः (भ्वा.) धातु, अज्+णु[8] (उणा.), अज्को 'वी' आदेश, गुण= वेणु ।

शब्दार्थ- मुरली, वाँसुरी, वाँस, नरकट ।

वेणुकारः (ना./पुं.) वेणुं कारयतीति *(बाँसुरी बनाउँछ)* वेणु उपपदपूर्वक डुकृञ् करणे (तना.) धातु, वेणु+कृ+अण्[9] (अ), वृद्धि= वेणुकार ।

शब्दार्थ- वाँसुरी वनाउने व्यक्ति, मुरली वजाउने मानिस ।

वेणुवादकः (वि.) वेणुं वादयतीति *(बाँसुरी बजाउँछ)* वेणु उपपदपूर्वक वद व्यक्तायां वाचि (भ्वा.) वा वद सन्देहवचने (चुरा.) धातु, वेणु+वद्+णिचि, वृद्धि, वेणुवादि+ण्वुल्[10] (अक), णिलोप= वेणुवादक ।

शब्दार्थ- वाँसुरी वा मुरली वजाउने (व्यक्ति), मुरलीवाला ।

वेणुनादः (ना./पुं.) वेणोर्नादः *(बाँसुरीको आवाज)* ष.त.स.= वेणुनाद ।

शब्दार्थ-वाँसुरीको स्वर, वाँसुरीको मीठो आवाज वा ध्वनि

वेतनम् (ना./न.) वीयते अनेन इति *(निर्वाह गरिन्छ यसबाट)* वी गति व्याप्तिप्रजनकान्त्यसनखादनेषु (अदा.) धातु, वी+तनन्[11] (तन), उणा., गुण= वेतन ।

कर्मण्या तु विधाभृत्याभृतयो भर्म वेतनम्- इत्यमरः

शब्दार्थ- तलव, तनखा, वृत्ति, जीविका, मजदुरी, ज्याला, पारिश्रमिक ।

---

[1] जातेरस्त्री... : ङीष्
[2] स्त्रियां क्तिन् : क्तिन्
[3] वर्तमाने पृषन्महत्वृहत्...: अति
[4] तदस्यास्त्यस्मिन्... : मतुप्
[5] अत इनिठनौ : इनि
[6] सर्वधातुभ्य... : इन्
[7] कृदिकारादक्तिनः : ङीष्
[8] अजिवृरीभ्यो... : णु
[9] कर्मण्यण् : अण्
[10] ण्वुल्तृचौ : ण्वुल्
[11] वीपतिभ्यां... : तनन्

वेतसः (ना./न.) ऊयते इति *(फैलाइन्छ)* वेञ् तन्तु सन्ताने (भ्वा.) धातु, वे+असच्[१] (अस्), उणा., तुडागम= वेतस ।

शब्दार्थ- वेत (लट्ठी, कुर्सी आदि विभिन्न काममा प्रयोग हुने), लहरो जस्तो जङ्गली वनस्पति ।

वेतस्वान् (वि.) वेतसः अस्मिन् सन्तीति *(वेतहरू छन् यहाँ)* वेतस्+ड्मतुप्[२] (मतुप्), मको व= वेतस्वान् ।

शब्दार्थ- धेरै वेत हुने (ठाउँ), वेत लगाउन हुने (स्थल) ।

वेतालः (ना./पुं.) अजतीति *(घुम्छ)* अज गतिक्षेपणयोः (भ्वा.) धातु, अज्+विच्, अज्को वि आदेश, गुण, विच्को सर्वलोप, वेः । तलनम्, तल्यते इति वा *(आधारित हुन्छ)* तल प्रतिष्ठायाम् (चुरा.) धातु, तल्+घञ् (अ), वृद्धि, तालः । वे वायौ तालः प्रतिष्ठा यस्य *(वायुमा स्थान वा आधार छ यसको)* व.स. =वेताल ।

शब्दार्थ- आत्मा प्रवेश गरेको शव, प्रेतात्मा, शिवको एक गण, भूतयोनि, पिशाच, प्रेत, द्वारपाल ।

वेत्ता (वि.) वेत्तीति *(जान्दछ)* विद ज्ञाने (अदा.) धातु, विद्+तृच्[३] (तृ), गुण, वेत्तृ= वेत्ता ।

शब्दार्थ- जान्ने, ज्ञाता, सिपालु, निपुण, जानिफकार ।

द्रष्टव्य- 'वेत्ता' यो पद नामवाचक शव्दको पछिल्तिर पनि प्रयोग हुन्छ, जस्तैः न्यायवेत्ता ।

वेत्रम् (ना./न.) अजति, अज्यते इति वा *(झुक्नु, नुहुँनु)* अज गतिक्षेपणयोः (भ्वा.) धातु, अज्+ष्ट्रन्[४] (त्र), उणा., अज्को वी आदेश, गुण= वेत्र ।

शब्दार्थ- वेत, वेतको लट्ठी, बाँसको प्रकार ।

वेदः (ना./पुं.) विदन्ति अनेन धर्मादिकम् *(यसबाट धर्म आदि कुरा जान्दछन्)* विद ज्ञाने (अदा.) धातु, विद्+अच् (पचादि)/घञ्[५] (अ), गुण= वेद ।
अथवा विदन्ति जानन्ति अनेन पुण्यपापादीन् *(पुण्यपापादि कर्म जान्दछन् यसबाट)*, वेद्यन्ते ज्ञायन्ते प्राप्यन्ते धर्मादिपुरुषार्था इति (निरुक्त) *(धर्म, अर्थ, काम, मोक्ष- यी पुरुषार्थ जसबाट जानिन्छ वा प्राप्त गर्न सकिन्छ)*, विदन्ति लभन्ते (पाउँछन्), विदन्ते विचारयन्ति (विचार गर्छन्) विद ज्ञाने (अदा.) वा विद्लृ लाभे (तुदा.) वा विद विचारणे (रुधा.) धातु, विद्+घञ् (अ), गुण= वेद ।
अथवा वेदयति असौ *(यसले ज्ञान गराउँछ)* विद्+णिचि+ अच् (पचादि), गुण, णिलोप= वेद ।

शब्दार्थ- ज्ञान, श्रुति, आम्नाय, मन्त्रसंहिता र ब्राह्मण-ग्रन्थ, हिन्दुहरूका धार्मिक ग्रन्थ, अव्यक्त ब्रह्मको वोध गराउने शास्त्र- ऋक्, यजु, साम यी वेदत्रयी र अथर्ववेद जान्ने ज्ञाता, वेदवेत्ता पुरुष ।

द्रष्टव्य- न कश्चित्वेदकर्ता स्याद् वेदस्मर्ता चतुर्मुखः अर्थात् वेदकर्ता कोही छैन र वेदस्मर्ता चतुर्मुखी ब्रह्मा हुन्- पारा. स्मृति ।

वेदज्ञः (वि.) वेदं जानातीति *(वेद जान्दछ)* वेद उपपदपूर्वक ज्ञा अववोधने (ऋया.) धातु, वेद+ज्ञा+क[६] (अ), आकारलोप= वेदज्ञ ।

शब्दार्थ- वेद जान्ने, वेदवेत्ता, वेदशास्त्रज्ञाता ।

वेदत्रयः (ना./पुं.)/**वेदत्रयी** (ना./स्त्री.) त्रयः अवयवः अस्य वा अस्याः *(तीन अङ्ग वा अवयव छ यसका)* त्रि+तयप्[७] (तय), तयप्को अयच् आदेश[८], त्रि अय, इकारलोप, त्रयम् । त्रय+ङीप् (ई), त्रयी । वेदानाम् त्रयम् त्रयी वा *(ऋक्, यजु, साम यी तीन वेद)* ष.त.स.= वेदत्रय/ वेदत्रयी ।

शब्दार्थ- ऋग्वेद, यजुर्वेद र सामवेदको समष्टिगत रूप ।

वेदना (ना./स्त्री.) वेदनम्, विद्यते इति वा *(जानिन्छ)* विद चेतनाख्यानविवासनेषु (चुरा.) धातु, विद्+णिचि, गुण, वेदि+युच्[९] (अन), णिलोप, वेदन+टाप् (आ) =वेदना ।

शब्दार्थ-संवेदना, पीडा, व्यथा, कष्ट, गाढा ज्ञान, भावना ।

वेदनीयः (वि.) वेत्तुं वेदितुं वा योग्यः, विद्यते इति वा *(जान्न योग्य, जानिन्छ)* विद ज्ञाने (अदा.) वा विद चेतनाख्यान-निवासेसु (चुरा.) धातु, विद्+अनीय (र्), गुण= वेदनीय ।

शब्दार्थ- जान्न लायक, ज्ञातव्य, पीडा दिने, दुःखदायी ।

वेदमाता (ना./स्त्री.) वेदानां माता *(वेदहरूकी माता)* ष.त.स.= वेदमाता ।

शब्दार्थ- गायत्री माता, गायत्री ।

वेदवचनम्/वेदवाक्यम् (ना./न.) वेदानां वचनम्, वेदानां वाक्यम् *(वेदको वचन/वेदको वाक्य)* ष.त.स. =वेदवचन/वेदवाक्य ।

शब्दार्थ- वेदले बताएको वचन, वेदोक्त वाणी, वेदको वाणी, वेदको मूलपाठ तथा ऋचा ।

वेदविज्ञाता (वि.) वेदं विजानातीति *(वेद जान्दछ)* वेद उपपदमा हुने विपूर्वक ज्ञा अवबोधने (ऋया.) धातु, वेद+वि+ज्ञा+तृच् (तृ), वेदविज्ञातृ= वेदविज्ञाता ।

शब्दार्थ- वेद जान्ने, वेदवेत्ता, वेदशास्त्रमा प्रवीण ।

***उदा.* अधीका वेदविज्ञाता ऋषिको झैं मनोहर-**
ऋ.वि. (वसन्त वि.७४)

वेदविहितः (वि.) वेदैः वेदेषु वा विहितः *(वेदहरूले बताएको वा वेदहरूमा विधान गरिएको)* तृ.त.स./ स.त.स.= वेदविहित ।

शब्दार्थ- वेदमा वताइएको, वेदले निरूपण गरेको, वेदोक्त, वेदमा विधान गरिएको, वेदले भनेको ।

---

[१] वेतस्तुट् च : असच्, तुडागम
[२] कुमुदनडवेतसेभ्य... : ड्मतुप्
[३] ण्वुल्तृचौ : तृच्
[४] सर्वधातुभ्य... : ष्ट्रन्
[५] हलश्च : घञ्
[६] आतोऽनुपसर्गे... : क
[७] संख्याया अवयवे... : तयप्
[८] द्वित्रिभ्यां तयस्यायज्वा : अयच् आदेश
[९] घट्टिवन्दिविदिभ्य... (वा.) : युच्

वेदवेत्ता (वि.) वेदं वेदार्थञ्च वेत्तीति *(वेद तथा वेदार्थ जान्दछ)* वेद उपपदपूर्वक विद ज्ञाने (अदा.) धातु, वेद+विद्+तृच्[१] (तृ), वेदवेत्तृ= वेदवेत्ता ।
अथवा वेत्तीति *(जान्दछ)* विद्+तृच् (तृ), वेत्ता ।
वेदानां वेत्ता *(वेदहरूको ज्ञाता)* ष.त.स.= वेदवेत्ता ।

शब्दार्थ- वेदशास्त्र जान्ने, वेदज्ञ, वेदहरूको ज्ञाता, परमेश्वर ।

वेदव्यासः (ना./पुं.) वेदान्व्यस्यतीति *(वेदहरू विभाजन गर्छन्)* विपूर्वक असु क्षेपणे (दिवा.) धातु, वेद+वि+अस्+अण् (अ), वृद्धि, यण्= वेदव्यास ।

शब्दार्थ- वेदहरूको विभाजन गर्ने वेदव्यास, अठार पुराणका रचयिता व्यास ऋषि, ब्रह्मसूत्र, महाभारत आदि ग्रन्थका निर्माता बादरायण ।

वेदाङ्गम् (ना./न.) वेदानामङ्गम् *(वेदहरूको अङ्ग)* ष.त.स., दीर्घ= वेदाङ्ग ।

शब्दार्थ- वेदका छ अङ्गहरू, वेदको अर्थ बुझ्न र अध्ययनमा सहयोग पुऱ्याउने छवटा अङ्गहरू- शिक्षा, कल्प (कर्मकाण्ड), व्याकरण, छन्दशास्त्र, निरुक्त, ज्योतिष ।

वेदाध्ययनम् (ना./न.) वेदानामध्ययनम् *(वेदहरूको अध्ययन)* ष.त.स., दीर्घ= वेदाध्ययन ।

शब्दार्थ- वेदहरू पढ्ने काम, वेदहरूको अध्ययन गर्ने काम ।

वेदाध्यायी (वि.) वेदमध्येतुं शीलमस्य *(वेद अध्ययन गर्ने शील वा क्षमता छ यसको)* वेद उपपदमा हुने अधिपूर्वक इङ् अध्ययने (अदा.) धातु, वेद+अधि+इ+णिनि[२] (इन्), इको वृद्धि, वेद अधि ऐ इन्, आयादेश, वेद अधिमा दीर्घ, अधि आय्मा यण्, वेदाध्यायिन् =वेदाध्यायी ।

शब्दार्थ- वेद अध्ययन गर्ने, वेद पढ्ने, वेदपाठी ।

वेदान्तः (ना./पुं.) वेदानामन्तः *(वेदको अन्त)* ष.त.स., दीर्घ= वेदान्त ।

शब्दार्थ- वेदको अन्तिम भाग उत्तरमीमांसा, वेदको अन्त्यमा आउने उपनिषद् आदि ब्रह्मविद्या, अद्वैतवादसम्बन्धी सिद्धान्तको प्रतिपादन गर्ने एक दर्शन, षट्दर्शनमध्ये एक- वेदान्तदर्शन, जसमा आत्मा, परमात्मा, ब्रह्मसम्बन्धी सिद्धान्त प्रतिपादन गरिएको छ ।

वेदान्ती (वि.) वेदान्तः अस्यास्तीति *(वेदान्त दर्शनसम्बन्धी सिद्धान्त छ यसको)* वेदान्त+इनि[३] (इन्), अकारलोप, वेदान्तिन्= वेदान्ती ।

वेदान्ती ब्रह्मवादिनः - इत्यमरः

शब्दार्थ- वेदान्त दर्शनको अनुसरण गर्ने, वेदान्त दर्शनको अनुयायी, ब्रह्मवादी, वेदान्तवेत्ता, ब्रह्मतत्त्वको रहस्य जान्ने ।

वेदाभ्यासः (ना./पुं.) वेदस्य वेदानां वा अभ्यासः *(वेद वा वेदहरूको अभ्यास)* वेद+अभ्यास, ष.त.स., दीर्घ =वेदाभ्यास ।

शब्दार्थ- वेद वा सबै वेदको अध्ययन वा मनन, वेदको अभ्यास, वेद पठनपाठन ।

वेदिः/वेदीः (ना./स्त्री.) विद्यते शोधनेन ज्ञायते *(परिष्कृत गरिन्छ)* विद ज्ञाने (अदा.) वा विद विचारणे (रुधा.) धातु, विद्+इन्[४] (इ), गुण, वेदिः । वेदि+ङीष् (ई), विकल्पले= वेदी ।
ङीष्को अभावमा= वेदि ।
अथवा वेदयति, विद्यते इति वा *(जान्दछ, जानिन्छ)* विद चेतनाख्याननिवासेषु (चुरा.) धातु, विद्+णिचि+इ[५], गुण, णिलोप= वेदि ।

वेदिः परिष्कृता भूमिः - इत्यमरः
वेदिः स्यात् पण्डिते पुमान् ।
स्त्रियामङ्गलिमुद्रायां स्यात् परिष्कृतभूतले- इति मेदिनी

शब्दार्थ- शुद्ध गरिएको भूमि, परिष्कृत भूमि, यज्ञादि कार्यका लागि निर्मित भूमि, मुद्रा, मङ्गलसूचक औंठी ।

वेदिका (ना./स्त्री.) विदन्ति अस्याम् *(हवनादि कर्म गर्छन् यसमा)* विद ज्ञाने (अदा.) धातु, विद्+इन्[४] (इ), उणा., गुण, वेदि+ङीष् (ई), वेदी । वेदी एव (वेदी नै) वेदी+कन् (क), स्वार्थमा, वेदीक+टाप् (आ), ह्रस्व=वेदिका ।

शब्दार्थ- यज्ञभूमि, वेदी, चौको, धार्मिक कार्यका लागि निर्मित उच्च समतल भूमि ।

वेदी (वि.) वेत्तीति *(जान्दछ)* विद ज्ञाने (अदा.) धातु, विद्+णिनि[६] (इन्), गुण, वेदिन्= वेदी ।

शब्दार्थ-जान्ने, ज्ञाता, विद्वान्, जानिफकार, वेत्ता, पण्डित ।

वेदोक्तः (वि.) वेदैः वेदेषु वा उक्तः *(वेदहरूले भनेको वा वेदहरूमा भनिएको)* तृ.त.स./स.त.स., गुण=वेदोक्त ।

शब्दार्थ- वेदहरूले बताएको, वेदहरूले भनेको वा निरूपण गरेको, वेदहरूमा प्रतिपादन गरिएको, वेदमा बताइएको ।

वेद्यः (वि.) वेत्तुं योग्यः, विद्यते इति वा *(जान्न लायक)* विद ज्ञाने (अदा.) धातु, विद्+ण्यत् (य), गुण= वेद्य ।

शब्दार्थ- जान्न लायक, शिक्षणीय, ज्ञेय, जान्न योग्य, थाह पाउनुपर्ने, वेदितव्य ।

वेधः (ना./पुं.) वेधनम्, विध्यते इति वा *(छेड्नु)* विध विधाने (तुदा.) धातु, विध्+घञ् (अ), गुण= वेध ।

शब्दार्थ- छेड्ने वा प्वाल पार्ने काम, छेडाइ, घाउ, छिद्र ।

वेधकः (वि.) विधतीति *(विधान गर्छ, प्वाल पार्छ)* विध विधाने (तुदा.) धातु, विध्+ण्वुल्[३] (अक), गुण=वेधक ।

शब्दार्थ- ग्रहको स्थिति निश्चित गर्ने, छेड्ने, प्वाल पार्ने, वेध गर्ने, तारो हान्ने ।

---

१. ण्वुल्तृचौ : तृच्/ण्वुल्
२. सुप्यजातौ... : णिनि
३. अत इनिठनौ : इनि
४. इगुपधात्कित्... wait

वेधनम् (ना./न.) वेधनम्, विध्यते इति वा *(प्वाल पारिन्छ)* विध विधाने (तुदा.) धातु, विध्+ल्युट् (अन), गुण= वेधन ।

शब्दार्थ- छेड्ने क्रिया, प्वाल पार्ने काम, छेदन, छेडाइ, तारो हान्ने क्रिया ।

वेधनिका (ना./स्त्री.) वेधनी एव *(छेड्ने साधन नै)* वेधनी+कन् (क), स्वार्थमा+टाप् (आ), ह्रस्व= वेधनिका ।

शब्दार्थ- मणि तथा हिरा आदि रत्नहरू प्वाल पार्ने उपकरण, छेड्ने वा प्वाल पार्ने साधन ।

वेधनी (ना./स्त्री.) विध्यते अनया *(प्वाल पारिन्छ यसद्वारा)* विध विधाने (तुदा.) धातु, विध्+ल्युट् (अन)+ङीष् (ई) =वेधनी ।

शब्दार्थ- रत्नादि छेड्ने वा प्वाल पार्ने साधन, नाक कान छेड्ने साधन ।

वेधनीयः (वि.) वेधितुं योग्यः, विध्यते इति वा *(छेड्न योग्य)* विध विधाने (तुदा.) धातु, विध्+अनीय (र्), गुण= वेधनीय ।

शब्दार्थ- खोप्न योग्य, छेड्न वा प्वाल पार्न लायक, छेड्नुपर्ने, वेधन गर्नुपर्ने ।

वेधशाला (ना./स्त्री.) वेधस्य शाला *(वेधको गृह)* ष.त.स. = वेधशाला ।

शब्दार्थ- छेड्ने उपकरण राखिएको स्थान, ग्रह नक्षत्रादि हेर्ने यन्त्रहरू राखिएको ठाउँ, वेधगृह।

वेधस्/वेधाः (ना./पुं.) विदधातीति *(धारण गर्छन्)* विपूर्वक डुधाञ् धारणपोषणयोः (जुहो.) धातु, वि+धा+असि[1] (अस्), विधाको वेध आदेश[1], उणा., वेधस् =वेधा ।

शब्दार्थ- स्रष्टा, सृष्टिकर्ता व्रह्मा, प्रजापति, विष्णु ।

वेध्यः (वि./ना./न.) वेधितुं योग्यः *(छेड्न योग्य)* विध विधाने (तुदा.) धातु, विध्+ण्यत्[2] (य), गुण= वेध्य ।

शब्दार्थ- छेड्न योग्य, प्वाल पार्न लायक, खोप्नुपर्ने, छेड्नुपर्ने, लक्ष, तारो, निसाना ।

वेपथुः (ना./पुं.) वेपनम्, वेप्यते इति वा *(काँप्नु)* टुवेपृ कम्पने (भ्वा.) धातु, वेप्+अथुच्[3] (अथु)= वेपथु ।

शब्दार्थ- कम्पन, काँप्ने काम, हल्लने क्रिया ।

वेला (ना./स्त्री.) वेलतीति *(बित्तछ, चल्छ)* वेलृ चलने (भ्वा.) धातु, वेल्+अच् (पचादि), वेल+टाप् (आ) =वेला ।

अथवा वेल्यते अनया *(समय व्यतीत हुन्छ यसबाट)* वेल कालोपदेशे (चुरा.) धातु, वेल्+अङ् (अ)+टाप् (आ)= वेला ।

वेला काले च सीमायामब्धेः कूलविकारयोः
वक्लिष्टमरणे रोगे ईश्वरस्य च भोजने- इति मेदिनी

शब्दार्थ- समयको मान- घडी, पला, विपला, क्षण, काष्ठा, निमेष आदि, समय, काल, समुद्रतट, समुद्रकिनार, सीमा, हदवन्दी, सहज मरण या मृत्यु, रोग, प्रलयकालीन ईश्वरीय सर्वसंहार ।

वेशः (ना./पुं.) विशन्ति अत्र *(प्रवेश गर्छन् यहाँ)* विश प्रवेशने (तुदा.) धातु, विश्+घञ्[4] (अ), गुण= वेश ।

वेशो वेश्याजनाश्रयः- इत्यमरः

वेशो वेश्यागृहे गृहे । नेपथ्ये च... - इति मेदिनी

शब्दार्थ- वेश्याहरूको वासस्थान, वेश्यालय, घर, गृह, वेशभूषा पहिरने स्थान, नेपथ्य, पोसाक, शृङ्गारपटार ।

वेशधारी (वि.) वेशं धर्तुं शीलमस्य *(वेश धारण गर्ने शील छ यसको)* वेश उपपदपूर्वक धृञ् धारणे (भ्वा.) धातु, वेश+धृ+णिनि[5] (इन्), वृद्धि, वेशधारिन्= वेशधारी ।

शब्दार्थ- अर्काको नक्कली वेश धारण गर्ने, नक्कली पहिरन लगाउने, रूप बदल्ने ।

वेशभूषा (ना./स्त्री.) वेशश्च भूषा च *(वेश र भूषा)* द्व.स.= वेशभूषा ।

शब्दार्थ- शरीरमा लगाइने वस्त्र र अलङ्कार, शृङ्गार आदि पहिरन, पोसाक र आभूषण ।

वेश्म (ना./न.) विशन्ति अत्र *(प्रवेश गर्छन् यहाँ)* विश प्रवेशने (तुदा.)धातु, विश्+मनिन्[6] (मन्), गुण=वेश्म ।

गृहं गेहोदवसिते वेश्म सद्म निकेतनम्- इत्यमरः

शब्दार्थ- घर, गृह, निकेतन, भवन, महल, निवासस्थान ।

वेश्यम् (ना./न.) वेशेन शोभते *(वेशभूषाद्वारा शोभित हुन्छ)* विश प्रवेशने (तुदा.) धातु, विश्+यत्[7] (य) =वेश्य ।

वेश्यं वेश्यागृहे क्लीवं गणिकायां तु योषिति- इति मेदिनी

शब्दार्थ- वेश्यालय, वेश्यागृह, रण्डीखाना, नाटकमा वेशभूषा वदल्ने स्थान ।

वेश्या (ना./स्त्री.) वेशेन पण्ययोगेन जीवति असौ *(यौन बेचेर जीविका गर्छे यो)* विश प्रवेशने (तुदा.) धातु, विश्+यत् (य), वेश्य । वेश्य+टाप् (आ)= वेश्या ।

अथवा वेशे वेश्यावाटे भवा *(वेश्यालयमा हुने वा भएको)* वेश+यत्[8] (य), अकारलोप, वेश्य+टाप् (आ) =वेश्या ।

शब्दार्थ- वेश्यावृत्तिवाट जीविका गर्ने स्त्री, रण्डी, गणिका, रखौटे स्त्री, वेश्या आइमाई, व्यभिचारिणी स्त्री ।

वेश्यागमनम् (ना./न.) वेश्यायां गमनम् *(वेश्या स्त्रीमा गमन गर्ने काम)* स.त.स.= वेश्यागमन ।

शब्दार्थ- वेश्यास्त्रीसित सहवास गर्ने क्रिया, वेश्या नारीसित यौनसम्वन्ध राख्ने काम, व्यभिचार, रण्डीवाजी ।

---

[1] विधाञो वेध च : असि, वेध आदेश
[2] ऋहलोर्ण्यत् : ण्यत्
[3] द्वितोऽथुच् : अथुच्
[4] पदरुजविस... : घञ्
[5] सुप्यजातौ... : णिनि
[6] सर्वधातुभ्यो... : मनिन्
[7] कर्मवेशाद्यत् : यत्
[8] दिगादिभ्यो... : यत्

वेश्यागामी (वि.) वेश्यायां गन्तुं शीलमस्य *(वेश्यासित गमन गर्ने शील वा आदत छ यसको)* वेश्या उपपदपूर्वक गम्लृ गतौ (भ्वा.) धातु, वेश्या+गम्+णिनि[१] (इन्), वृद्धि, वेश्यागामिन्= वेश्यागामी ।

शब्दार्थ- वेश्यास्त्रीसँग यौन सम्वन्ध राख्ने, वेश्यासित सहवास गर्ने, वेश्यासित गमन गर्ने ।

वेश्यालयः (ना./पुं.) वेश्यानामालयः *(वेश्याहरूको बस्ने घर वा आलय)* ष.त.स.= वेश्यालय ।

शब्दार्थ- वेश्याहरू बस्ने ठाउँ, वेश्याहरूको निवासस्थान, रण्डीकोठी, रण्डीखाना ।

वेश्यावृत्तिः (ना./स्त्री.) वेश्यायाः वृत्तिः *(वेश्याको वृत्ति)* ष.त.स.= वेश्यावृत्ति ।

शब्दार्थ- परपुरुषसँग यौनसम्बन्ध राखेर आयआर्जन गर्ने वृत्ति वा पेसा, यौन बेचेर जीविका गर्ने व्यवसाय ।

वेषः (ना./पुं.) वेवेष्टि, वेषणम्, विष्यते इति वा *(ढाक्छ वा ढाकिन्छ)* विष्लृ व्याप्तौ (जुहो.) धातु, विष्+अच् (पचादि)/घञ् (अ), गुण= वेष ।

शब्दार्थ- वेशभूषा, नेपथ्य, वेशभूषा लगाउने काम, पहिरन, वेश ।

वेष्टः (ना./पुं.) वेष्टनम्, वेष्टचते इति वा *(घेरिन्छ)* वेष्ट वेष्टने (भ्वा.) धातु, वेष्ट+घञ् (अ)= वेष्ट ।

शब्दार्थ- घेरा, वेर्ने काम, लपेट्ने क्रिया ।

वेष्टकः (वि./ना./पुं.) वेष्टते इति *(बेर्छ)* वेष्ट वेष्टने (भ्वा.) धातु, वेष्ट्+ण्वुल्[२] (अक)= वेष्टक ।

शब्दार्थ- वेर्ने, लपेट्ने, घेर्ने, गुत्ने, पगरी, पछ्यौरा, ओढ्ने साधन ।

वेष्टनम् (ना./न.) वेष्टचते इति *(घेरिन्छ, लपेटिन्छ)* वेष्ट वेष्टने (भ्वा.) धातु, वेष्ट्+ल्युट् (अन)= वेष्टन ।

शब्दार्थ-चारैतिरवाट घेर्ने काम, गुत्ने काम, लपेट्ने क्रिया, वेर्ने वस्तु- पगरी, पछ्यौरा, पटुका, डोरी, पेटी ।

वेष्टितः (वि.) वेष्टते स्म, वेष्टचते स्म इति वा *(बेरेको, बेरिएको)* वेष्ट वेष्टने (भ्वा.) धातु, वेष्ट+क्त (त), कर्ता र कर्ममा, इडागम= वेष्टित ।

शब्दार्थ- घेरेको, घेरिएको, वेरेको, वेरिएको, लपेटेको, लपेटिएको, गुतेको, गुतिएको ।

वेसनम् (ना./न.) वेसनमिति *(प्रेरणा दिनु)* विस प्रेरणे (दिवा.) धातु, विस्+ल्युट् (अन), गुण= वेसन ।

शब्दार्थ- प्रेरणा दिने काम, चना आदिको पहेंलो पीठो, वेसनको पीठो, वेसन ।

वेसवारः (ना./पुं.) वेसं वृणोतीति *(सुगन्ध प्रदान गर्छ)* वेस उपपदपूर्वक वृञ् वरणे (स्वा.) धातु, वेस+वृ+अण्[३] (अ), वृद्धि= वेसवार ।

शब्दार्थ- हिङ्, मरिच, धनियाँ, सुठो, जीरा आदि सम्मिश्रण गरेर वनाइएको सुगन्धित मसला, वेसार ।

वैकल्पिकः (वि.) विकल्पादागतः *(विकल्पवाट आएको),* विकल्पाय हितम् *(विकल्पको लागि उपयोगी हुने)* विकल्प+ठक्[४]/ठञ् (इक), आदिवृद्धि, अकारलोप =वैकल्पिक ।

शब्दार्थ- विकल्पवाट आएको, विकल्पमा राखिएको, इच्छाधीन, ऐच्छिक, सन्दिग्ध, अनिश्चित ।

वैकल्यम् (ना./न.) विकलस्य भावः *(विकल वा अङ्गहीन हुनाको भाव वा अवस्था)* विकल+ष्यञ्[५] (य), आदिवृद्धि, अकारलोप= वैकल्य ।

शब्दार्थ- विकलता, अङ्गभङ्ग भएको अवस्था, विकलाङ्गता, कुनै कुराको त्रुटि वा कमी, अपूर्णता, असामान्य अवस्था ।

वैकल्या (ना./स्त्री.) विकलस्य भावः *(विकलताको भाव वा अवस्था)* विकल+ष्यञ् (य)+टाप् (आ)= वैकल्या ।

शब्दार्थ- अङ्गभङ्ग भएकी स्त्री, उमेर पुगेपछि पनि विवाह हुन नसकेकी आइमाई, वाक्दानादि कर्म भएर पनि विवाह हुन नसकेकी स्त्री ।

वैकारिकः (वि.) विकारादागतः *(विकारवाट पैदा आएको),* विकारस्य अयम् *(विकारको यो)* विकार+ठक् (इक), आदिवृद्धि, अकारलोप= वैकारिक ।

शब्दार्थ- विकारवाट पैदा भएको, विकारसम्वन्धी ।

वैकुण्ठः (ना./पुं.) विगता कुण्ठा चिन्ता यस्य *(जसको कुण्ठा छैन)* प्रा.ब.स., ह्रस्व, विकुण्ठम् । विकुण्ठं ज्ञानं स्थानं वा अस्यास्तीति *(ज्ञान वा स्थान छ यिनको)* विकुण्ठ+अण्[६] (अ), आदिवृद्धि, अकारलोप= वैकुण्ठ ।

अथवा विकुण्ठानां जीवानां नियन्ता *(जीवहरूको नियन्ता)* विकुण्ठ+अण्[७] (अ), आदिवृद्धि, अकारलोप =वैकुण्ठ ।

अथवा विगता कुण्ठा यस्मात् *(जसबाट भय, चिन्तादि कुण्ठा हटिसकेको छ)* प्रा.ब.स., उ.प.लोप, विकुण्ठ । विकुण्ठ एव *(कुण्ठारहित नै)* विकुण्ठ+अण्[८] (अ), आदिवृद्धि= वैकुण्ठ ।

अथवा विकुण्ठायां मायायां भवः *(मायामा हुने वा भएको)* विकुण्ठ+अण्[९] (अ), आदिवृद्धि= वैकुण्ठ ।

वैकुण्ठो वासवे विष्णौ ।

वैकुण्ठः कृष्णशक्रयोः - इति मेदिनी

विष्णुर्नारायणः कृष्णो वैकुण्ठो विष्टरश्रवाः- इत्यमरः

शब्दार्थ- विष्णु, नारायण, कृष्ण, इन्द्र, शक्र, वासव, भय वा चिन्ता या शोक-रोगादि नभएको स्थान, विष्णुलोक ।

उदा. **कहाँ छ वैकुण्ठ, कहाँ छ रौरव,**
विचार को गर्दछ कर्मको सब- बु.वि.३३

---

१. सुप्यजातौ... : णिनि
२. ण्वुल्तृचौ : ण्वुल्
३. कर्मण्यण् : अण्
४. ठगायस्थानेभ्यः.../तस्मैहितम् : ठक्/ठञ्
५. गुणवचन... : ष्यञ्
६. ज्योत्स्नादिभ्य उपसङ्ख्यानम् (वा.) : अण्
७. शेषे : अण्
८. प्रज्ञादिभ्यश्च : अण्
९. तत्र भवः : अण्

वैकुण्ठलोकः (ना./पुं.) वैकुण्ठश्चासौ लोकश्च *(वैकुण्ठ लोक)* क.त.स.= वैकुण्ठलोक । अथवा वैकुण्ठस्य विष्णोः लोकः *(विष्णुको लोक)* ष.त.स.= वैकुण्ठलोक ।

शब्दार्थ- विष्णुलोक, विष्णुको रहने स्थान, वैकुण्ठधाम ।

वैक्रमः (वि.) विक्रमादागतः, विक्रमस्य अयम् इति वा *(विक्रमादित्यबाट आएको वा चलेको, विक्रमादित्यको यो)* विक्रम+अण्[१] (अ), आदिवृद्धि, अकारलोप=वैक्रम ।

शब्दार्थ- विक्रामादित्यले चलाएको विक्रमसंवत्सित सम्वन्धित, विक्रमसंवत्सम्वन्धी ।

वैखरी (ना./स्त्री.) विशेषेण खं रातीति *(विशेषरूपले अव्यक्तध्वनि पैदा गर्छ)* विपूर्वक ख उपपदमा हुने रा दाने (अदा.) धातु, वि+ख+रा+क (अ), आकारलोप, विखरः । विखरादागतः *(अव्यक्त ध्वनिबाट आएको)* विखर+अण्[१] (अ), आदिवृद्धि, अकारलोप, वैखर+ङीप् (ई)= वैखरी ।

शब्दार्थ-अव्यक्तरूपमा रहेको नाद वा ध्वनि, अव्यक्तवाट व्यक्त रूप लिएको वाणी, व्यक्तध्वनि, घाँटीवाट वाहिर आएको प्रकटरूप वाणी- यस्तो वाणी शरीरको परा (अव्यक्त), पश्यन्ती र मध्यमा- यी तीनवटा स्थान पार गरेर आएपछि घाँटीवाट वैखरीरूपमा वाहिर प्रकट हुन्छ ।

द्रष्टव्य- परावाङ् मूलचक्रस्था पश्यन्ती नाभिसंस्थिता
हृदिस्था मध्यमा ज्ञेया वैखरी कण्ठदेशगा-वाक्यपर्दायाम् ।

अर्थात् मूलाधारमा रहेको परा वाक्, नाभिमा रहेको पश्यन्ती वाक्, हृदयमा रहेको मद्यमा वाक् र घाँटीवाट वाहिर प्रकट हुने वैखरी वाणी हो ।

वैगुण्यम् (ना./न.) विगुणस्य भावः *(गुणरहित हुनाको भाव वा अवस्था)* विगुण+ष्यञ्[२] (य), आदिवृद्धि, अकारलोप= वैगुण्य ।

शब्दार्थ- गुणहीनता, गुण नहुनाको अवस्था, विगुणत्व ।

वैचारिकः (वि.) विचारादागतः, विचारस्य अयम् *(विचारवाट पैदा भएको, विचारको यो)* विचार+ठक्[३] (इक), आदिवृद्धि, अकारलोप= वैचारिक ।

शब्दार्थ- विचारवाट निस्केको, विचारसँग सम्वन्धित, विचारको ।

वैचित्र्यम् (ना./न.) विचित्रस्य भावः *(विचित्र हुनाको भाव वा अवस्था)* विचित्र+ष्यञ्[४] (य), आदिवृद्धि, अकारलोप= वैचित्र्य ।

शब्दार्थ- विचित्रता, अनौठो स्थिति, विचित्र हुनाको अवस्था ।

उदा. **वहाड, वैचित्र्य, विनोद, वाद**
सबै कुरा हो धनको प्रसाद- धनमहिमा १६ (लालित्य)

वैजयन्तः (ना./पुं.) वैजयन्त्यः पताकाः सन्ति अस्य *(वैजयन्ती ध्वजाहरू छन् यसका)* वैजयन्ती+अच् (अर्शादि), इकारलोप= वैजयन्त ।

वैजयन्तो महेन्द्रस्य ध्वजप्रसादयोः पुमान्
वैजयन्ती पताकायां जयन्ती पादपे स्त्रियाम्- इति मेदिनी

शब्दार्थ- इन्द्रको दरवार वा प्रासाद, इन्द्रको ध्वजा वा झण्डा ।

वैजयन्तिकः (वि.) वैजयन्ती अस्यास्तीति *(पताका वा ध्वजा छ यसको)* वैजयन्ती+ठन्[५] (इक), ईकारलोप =वैजयन्तिक ।

अथवा वैजयन्त्या चरतीति *(वैजयन्ती ध्वजा वा झण्डा लिएर विचरण गर्छ)* वैजयन्ती+ठक्[६] (इक), ईकारलोप =वैजयन्तिक ।

शब्दार्थ- वैजयन्ती ध्वजा भएको, झण्डा लिएर अघि वढ्ने, झण्डा लिने (व्यक्ति) ।

वैजयन्तिका (ना./स्त्री.) वैजयन्ती एव *(वैजयन्ती ध्वजा नै)* वैजयन्ती+कन् (क), स्वार्थमा, ह्रस्व, वैजयन्तिक +टाप् (आ)= वैजयन्तिका ।

शब्दार्थ- वैजयन्ती ध्वजा, पताका, ध्वजा, झण्डा, मोतीको माला वा हार ।

वैजयन्ती (ना./स्त्री.) विजयते इति *(विजय गर्छ, दबाउँछ)* विपूर्वक जि अभिभवे वा जि जये (भ्वा.) धातु, वि+जि+झच्[७] (अन्त), उणा., गुण, अयादेश, विजयन्तः । विजयन्तस्य इयम् *(विजय गर्नेको चिन्ह यो)* विजयन्त+अण् (अ)+ङीप् (ई)= वैजयन्ती ।

पताका वैजयन्ती स्यात्केतनं ध्वजमस्त्रियाम्- इत्यमरः

शब्दार्थ- पताका, ध्वजा, झण्डा, चिन्ह, विष्णुले पहिरने हार, वनमाला, लामो घुँडासम्म आउने माला ।

वैजात्यम् (ना./न.) विजातेर्भावः *(विजाति हुनाको भाव वा अवस्था)* विजाति+ष्यञ्[४] (य), आदिवृद्धि, अकारलोप =वैजात्य ।

शब्दार्थ- विजातीयता, भिन्न जातित्व, विजात हुनाको अवस्था, भिन्न जातीयता ।

वैज्ञानिकः (वि.) विज्ञाने नियुक्तः, विज्ञानेन जयति, विज्ञानादागतः, विज्ञानमधीते वेत्तीति, विज्ञानस्य अयम्, विज्ञाने भवः वा *(क्रमशः- विज्ञानमा नियुक्त भएको, विज्ञानद्वारा विजय गर्छ, विज्ञानबाट आएको, विज्ञान अध्ययन गर्छ वा जान्दछ, विज्ञानको यो, विज्ञानमा हुने वा भएको)* विज्ञान+ठक्[८] (इक), आदिवृद्धि, अकारलोप =वैज्ञानिक ।

---

१. तत आगतः/तस्येदम् : अण्
२. गुणवचन... : ष्यञ्
३. ठगायस्थानेभ्यः...: ठक्
४. वर्णदृढादिभ्यः... : ष्यञ्
५. वृह्यादिभ्यश्च : ठन्
६. चरति : ठक्
७. तृभूवहिवसि... : झच्
८. तत्र नियुक्तः/तेन दीव्यतिजयति.../क्रतूक्थादि.../तस्येदम् : ठक्

प्रवीणे निपुणाभिज्ञविज्ञनिष्णातशिक्षिताः-
वैज्ञानिकः कृतमुखः कृती कुशल इत्यपि- इत्यमरः

शब्दार्थ- प्रवीण, निपुण, चतुर, कुशल, विज्ञ, विज्ञान-सम्वन्धी, विज्ञानको, विज्ञानवाट उत्पन्न वा आविष्कार भएको, विज्ञान पढ्ने वा जान्ने, विज्ञानवाट आएको, विज्ञानमा हुने, विज्ञानमा काम गर्ने, विज्ञानमा दक्ष वा कुशल ।

वैज्ञानिकता (ना./त्री.) वैज्ञानिकस्य भावः *(वैज्ञानिक हुनाको भाव वा अवस्था)* वैज्ञानिक+तल् (त)+टाप् (आ)= वैज्ञानिकता ।

शब्दार्थ- विज्ञानसम्वन्धी विषयको स्थिति वा अवस्था, वैज्ञानिकपना, वैज्ञानिकत्व ।

वैज्ञानिकीकरणम् (ना./न.) अवैज्ञानिकं वैज्ञानिकं सम्पद्यते, तत्करणमिति *(अवैज्ञानिक कुरा वैज्ञानिक हुन्छ र त्यो गरिन्छ)* डुकृञ् करणे (तना.) धातु, वैज्ञानिक+च्वि[१] +कृ+ल्युट् (अन), कृको गुण, णत्व, ईत्व, च्विको सर्वलोप= वैज्ञानिकीकरण ।

शब्दार्थ- कुनै पनि कुरालाई वैज्ञानिक ढङ्गले व्यवस्था गर्ने काम, विज्ञानसङ्गत नभएको कामकुरालाई विज्ञानसङ्गत वा सुहाउँदो वनाउने काम ।

वैणविकः/वैणिकः (वि.) वेणुवादनं शिल्पमस्य *(वेणु वा बाँसुरी बजाउने सीप छ यसको)* वेणु+ठक्[२] (इक), आदिवृद्धि, गुण, अवादेश= वैणविक ।

वीणावादनं शिल्पमस्य *(वीणा बजाउने सीप छ यसको)* वीणा+ठक्[२] (इक)= वैणिक ।

शब्दार्थ- वाँसुरी वजाउन सिपालु, मुरली वजाउन निपुण, वीणा वजाउन सिपालु, वीणा वजाउन दक्ष वा निपुण ।

वैतनिकः (वि.) वेतनेन जीवति *(वेतन लिएर निर्वाह गर्छ)* वेतन+ठक्[३] (इक), आदिवृद्धि, अकारलोप=वैतनिक ।

शब्दार्थ- वेतन लिएर निर्वाह गर्ने, तलव वा पारिश्रमिक लिएर काम गर्ने, वेतनभोगी, तलवी, ज्यालादारी, श्रमिक ।

वैतरणिः/वैतरणी (ना./स्त्री.) तरन्ति अनेन संसारम् *(यसबाट संसार पार हुन्छन्)* तृ प्लवनतरणयोः (भ्वा.) धातु, तृ+अनि (उणा.), गुण, णत्व, तरणिः (सूर्यः) । तरन्ति अनया जनाः *(यसबाट मानिसहरू नदी पार तर्छन्)* तृ+अनि[४], गुण, णत्व, तरणि (ढुङ्गा, नौका, घिउकुमारी) ।

तरणिर्द्युमणौ पुंसि कुमारीनौकयोः स्त्रियाम्- इति मेदिनी

विगतः तरणिः सूर्यः यत्र *(जहाँ सूर्य नलाग्ने अन्धकार छ)* प्रा.व.स., उ.प.लोप, वितरणिः । तत्र भवा *(सूर्य नलाग्ने अन्धकारमा भएको)* वितरणि+अण् (अ), आदिवृद्धि, वैतरण+ङीप् (ई), वैतरणी । अथवा विगता तरणिः नौर्यत्र, वा वितरणेन दानेन लङ्घ्यते या *(जहाँ नाउँ हुँदैन, जो दानवाट तर्न सकिन्छ)* वितरण+अण् (अ)+ङीप् (ई), आदिवृद्धि, वैतरणी । पृषोदरादिवाट वैतरणीको ह्रस्व विकल्पले =वैतरणि ।

ह्रस्वको अभावमा= वैतरणी ।

शब्दार्थ- नरकको नदीको नाम, यमलोकको मार्गमा प्रेतहरूले तर्नुपर्ने नदी, सूर्य नलाग्ने अन्धकारमय नरकको नदी, जहाज, डुङ्गा आदिवाट तर्न नपाइने नरकको नदी, वैतरणी नदी ।

द्रष्टव्य- **नारका जन्तवः प्रेता नदी वैतरणी स्मृता- पुराणवचनम्**

वैतालिकः (ना./पुं.) विविधस्तालः शव्दस्तेन चरति व्यवहरतीति वा *(विविध शव्दद्वारा स्तुतिपाठ गर्छ)* विताल+ठक्[५] (इक), आदिवृद्धि, अकारलोप=वैतालिक ।

शब्दार्थ- स्तुतिपाठक, चारण, भाट, प्राचीन समयमा स्तुतिपाठ गरेर राजालाई विउँझाउने व्यक्ति, वन्दी, वेतालको साधना गर्ने, वेतालभक्त ।

वैदर्भी (ना./स्त्री.) विदर्भस्य राज्ञः अपत्यम् स्त्री, विदर्भे भवा जाता इति वा विदर्भस्य इयम् *(विदर्भ राजाकी स्त्री सन्तति, विदर्भमा भएको वा उत्पन्न, विदर्भको यो)* विदर्भ+अण् (अ)+ङीप् (ई), आदिवृद्धि= वैदर्भी ।

शब्दार्थ- विदर्भदेशकी राजकुमारी दमयन्ती, रुक्मिणी, साहित्यिक रीतिको एउटा प्रकार, रचनाशैली-जसमा माधुर्य व्यञ्जकवर्ण र समास नभएका वा छोटो समास भएका पदको सुन्दर एवं ललित पदावली भएको रचनाशैली हुन्छ ।

वैदः (ना./पुं.) वेदमधीते वेत्तीति वा *(वेद पढ्छ वा जान्दछ)* वेद+अण् (अ), आदिवृद्धि= वैद ।

शब्दार्थ- वेद पढ्ने र जान्ने व्यक्ति, विद्वान् पुरुष ।

वैदान्तिकः (वि.) वेदान्तमधीते वेद इति वा *(वेदान्त पढ्दछ वा जान्दछ)* वेदान्त+ठक् (इक), आदिवृद्धि =वैदान्तिक ।

शब्दार्थ- वेदान्तवेत्ता, वेदान्त अध्ययन गर्ने, वेदान्त विशेषज्ञ ।

वैदिकः (ना./पुं./वि.) वेदमधीते वेद इति वा *(वेद पढ्छ वा जान्दछ)*, वेदे भवः *(वेदमा हुने वा भएको)*, वेदस्य अयम् *(वेदको यो)* वेद+ठक्[६] (इक), आदिवृद्धि, अकारलोप= वैदिक ।

अथवा वेदेषु विहितः, वेदेभ्यः आगतः *(वेदमा विधान गरिएको, वेदबाट आएको)* वेद+ठक्/ठञ् (इक), आदिवृद्धि= वैदिक ।

शब्दार्थ- वेद पढ्ने वा जान्ने व्यक्ति, विद्वान् पुरुष, वेदाध्यायी, वेदवेत्ता, वेदहरूवाट उत्पन्न भएको, वेदविहित, वेदविषयक, वेदसम्वन्धी ।

---

[१] कृभ्वस्तियोगो... : च्वि
[२] शिल्पम् : ठक्
[३] वेतनादिभ्यो जीवति... : ठक्
[४] अर्तिसृधृधम्य... : अनि
[५] चरति : ठक्
[६] कतूक्थादि.../तत्र भवः/तस्येदम् : ठक्

वैदिकधर्मः (ना./पुं.) वेदेषु विहितः *(वेदमा विधान गरिएको)* वेद+ठञ् (इक), आदिवृद्धि, वैदिकः । वैदिकश्चासौ धर्मश्च *(वैदिक धर्म)* क.त.स.= वैदिकधर्म ।

शब्दार्थ- वेदविहित धर्म, वेदमा विधान गरिएको धर्म ।

वैदिकसंस्कृतम् (ना./न.) वैदिकञ्च तत् संस्कृतम् *(वेदमा भएको वा वेदहरूबाट आएको संस्कृत)* क.त.स. =वैदिकसंस्कृत ।

शब्दार्थ- वेदमा प्रयुक्त संस्कृत भाषा, वैदिककालको संस्कृतभाषा ।

वैदिकी (ना./स्त्री.) वेदे भवा *(वेदमा भएको)* वेदस्य इयम् (वेदको यो) वेद+ठञ्[1] (इक), आदिवृद्धि, वैदिकः । वैदिक+ङीप् (ई)= वैदिकी ।

शब्दार्थ- वेदमा भएको, वेदको, वेदसम्वन्धी, वेदवाट उत्पन्न भएको ।

वैदुष्यम् (ना./न.) विदुषः भावः *(विद्वान् हुनाको भाव वा अवस्था)* विद्वस्+ष्यञ्[2] (य), वको सम्प्रसारणवाट उ, आदिवृद्धि= वैदुष्य ।

शब्दार्थ- विद्वान्मा पाइने गुण वा अवस्था, विद्वत्ता, वुद्धिमत्ता, पाण्डित्य ।

वैदूर्यम् (ना./न.) विदूरात् प्रभवति *(विदूरक्षेत्रबाट पैदा भएको)* विदूर+ञ्य्[3] (य), आदिवृद्धि, अकारलोप=वैदूर्य ।

शब्दार्थ- वहुमूल्य मणिको एउटा प्रकार, वैदूर्यमणि, नीलम, विदूरक्षेत्रमा उत्पन्न भएको ।

वैदूर्यमयम्/वैदूर्यमयी (ना./न./वि.) वैदूर्याणां विकारः *(वैदूर्य मणिको विकार)* वा प्रकृतं प्रचुरं वैदूर्यम् *(पर्याप्त वैदूर्यमणि भएको)* विदूर+मयट्[4] (मय) =वैदूर्यमय । वैदूर्यमय+ङीप् (ई)= वैदूर्यमयी ।

शब्दार्थ- मणि नै मणिले छापिएको स्थान वा क्षेत्र, पर्याप्त मात्रामा वैदूर्यमणि भएको ।

वैदेशिकः (वि.)विदेशादागतः, विदेशे भवः, विदेशस्य अयम् इति वा *(विदेशबाट आएको, विदेशमा भएको, विदेशको यो)* विदेश+ठक्[5] (इक), आदिवृद्धि= वैदेशिक ।

शब्दार्थ- विदेशवाट आएको, विदेशको, विदेशसम्वन्धी, विदेशमा भएको, विदेशी, परदेशी ।

वैदेहकः (ना./पुं./वि.) विगतः देहः यस्य *(जसको शरीर छैन)* प्रा.व.स., उ.प.लोप, विदेहः । विदेहे भवः *(विदेहमा भएको)* विदेह+वुञ्[6] (अक), आदिवृद्धि=वैदेहक

वैदेहकः सार्थवाहो नैगमो वाणिजो वणिक्- इत्यमरः

शब्दार्थ- वनियाँ, किनवेच गर्ने व्यक्ति, वणिक्, व्यापारी ।

वैदेहः (ना./पुं.) विगतः देहः यस्य *(जसको देह छैन)* प्रा.व.स., उ.प.लोप, विदेहः । विदेहे भवः, विदेहे जातः, विदेहे निवासः अस्य इति वा *(विदेहमा भएको, विदेहमा जन्मेको, विदेहमा निवास छ यसको)* विदेह +अण्[7] (अ), आदिवृद्धि= वैदेह ।

शब्दार्थ- विदेहका राजा जनक, विदेहमा वस्ने, विदेह निवासी, विदेहका मानिसहरू, विदेहमा भएको ।

वैदेही (ना./स्त्री.) विदेहानां राजा *(विदेहका राजा)* विदेह+अण् (अ), आदिवृद्धि, वैदेहः । वैदेहस्य अपत्यम् स्त्री *(विदेहका राजाकी स्त्री सन्तति)* वैदेह+ङीप् (ई) =वैदेही । अथवा विदेहे भवा जाता वा *(विदेह या मिथिला प्रदेशमा भएकी वा जन्मेकी)* विदेह+अण् (अ), आदिवृद्धि, वैदह+ङीप् (ई)= वैदेही ।

वैदेही रोचना सीता वणिक्स्त्री पिप्पलीषु च- इति मेदिनी

शब्दार्थ- सीता, जनकनन्दिनी, वनियाँकी स्त्री, पिप्ला ।

वैद्यः (ना./पुं.) विद्यामधीते वेद इति वा *(विद्या पढ्छ वा जान्दछ)* विद्या+अण्[8] (अ), आदिवृद्धि= वैद्य । अथवा विद्या अस्ति अस्य *(विद्या छ यसको)* विद्या+ अण् (अ), आदिवृद्धि= वैद्य ।

शब्दार्थ- आयुर्वेदीय प्रक्रियावाट चिकित्सा अपचार गर्ने व्यक्ति, वैद्य, भिषक्, कविराज, चिकित्सक ।

वैद्यकः (ना./पुं./वि.) वैद्य एव *(वैद्य नै)* वैद्य+कन् (क), स्वार्थमा= वैद्यक ।

शब्दार्थ- कविराज, वैद्य, आयुर्वेदिक प्रक्रियावाट उपचार गर्ने पद्धति, आयुर्वेदसम्वन्धी, आयुर्वेदको ।

वैद्यराजः (ना./पुं.) वैद्यानां वैद्येषु वा राजा *(वैद्यहरूका राजा, वैद्यहरूमा श्रेष्ठ)* ष.त.स./स.त.स., वैद्यराजन्+ टच्[9] (समासान्त), टिलोप= वैद्यराज ।

शब्दार्थ-वैद्यहरूमा सर्वश्रेष्ठ, आयुर्वेदीय विद्वान्, कविराज ।

वैद्यविद्या (ना./स्त्री.) वैद्यानां विद्या *(वैद्यहरूको विद्या)* ष.त.स.= वैद्यविद्या ।

शब्दार्थ- वैद्यहरूको विद्या वा शास्त्र, आयुर्वेदशास्त्र, कविराज वन्न पढ्नुपर्ने विद्या ।

वैधः (वि.) विधेरयम् *(विधिको यो)* विधि+अण् (अ), आदिवृद्धि, अकारलोप= वैध ।

शब्दार्थ- नियमसङ्गत, विधिअनुसारको, विधिअनुरूपको ।

वैधर्मिकः (वि.) विगतः धर्मः *(आफ्नो धर्मरहित)* प्रा.त.स., वा विरुद्धः धर्मः अस्य *(विपरीत धर्म छ यसको)* प्रा.ब.स., उ.प.लोप, विधर्मः । विधर्मादागतः *(परधर्मबाट आएको)* विधर्म+ठक्[5] (इक), आदिवृद्धि, अकारलोप= वैधर्मिक ।

शब्दार्थ- परधर्मको, आफ्नो धर्मभन्दा भिन्न धर्मको, धर्मसङ्गत नभएको, धर्म नमान्ने, नास्तिक ।

वैधर्म्यम् (ना./न.) विधर्मस्य भावः *(विधर्म हुनाको भाव वा अवस्था)* विधर्म+ष्यञ्[2] (य), आदिवृद्धि, अकारलोप =वैधर्म्य ।

शब्दार्थ-भिन्नधर्मिता, परधर्मिता, अनौचित्य, नास्तिक भाव ।

---

१. काश्यादिभ्यष्ठञिठौ : ठञ्
२. गुणवचन... : ष्यञ्
३. विदूराञ्ञ्यः : ञ्य
४. तत्प्रकृतवचने... : मयट्
५. ठगायस्थानेभ्यः... : ठक्
६. धूमादिभ्यश्च : वुञ्
७. तत्र भवः/तत्र जातः/तस्य निवासः : अण्
८. तदधीते तद्वेद... : अण्
९. रजाहः सखि... : टच्

वैधवेयः (ना./पुं.) विधवायाः अपत्यम् पुमान् *(विधवाको पुरुष सन्तति)* विधवा+ढक्[१] (एय), आदिवृद्धि, आकारलोप=वैधवेय ।

शब्दार्थ- विधवाको पुत्र, विधवाको सन्तान ।

वैधव्यम् (ना./न.) विधवाया भावः *(विधवा हुनाको भाव वा अवस्था)* विधवा+ष्यञ्[२] (य), आदिवृद्धि= वैधव्य ।

शब्दार्थ- विधवाको गुण वा अवस्था, विधवापन, विधवाको धर्म ।

वैधानिकः (वि.) विधानादागतः *(विधानबाट आएको)* विधान+ठक्[३](इक), आदिवृद्धि, अकारलोप=वैधानिक ।

शब्दार्थ- कानुनवमोजिमको, विधानसम्मत, विधान अनुकूलको, नियमअनुसारको, नियमसम्वन्धी ।

वैधीकरणम् (ना./न.) विधेरयम् *(विधिको यो)* विधि+अण् (अ), आदिवृद्धि, वैधः । अवैधः वैधः सम्पद्यते स क्रियते अनेन इति वा *(अवैध वैध हुन्छ, वैध गरिन्छ यसबाट)* वैध+च्वि[४]+कृ+ल्युट् (अन), कृको गुण, णत्व, वैधका अवर्णको ईत्व, च्विको लोप=वैधीकरण ।

शब्दार्थ- वैध नभएकोलाई वैध बनाउने काम, अवैधानिकलाई वैधानिक वा नियमसङ्गत बनाउने काम ।

वैधीकृतः (वि.) अवैधः वैधः समपद्यत, स क्रियते स्म इति वा *(अवैध वैध भएको र वैध गरिएको)* डुकृञ् करणे (तना.) धातु, वैध+च्वि[४]+कृ+क्त (त), वैधको ईत्व, च्विको सर्वलोप= वैधीकृत ।

शब्दार्थ- अवैध भएकोलाई वैध बनाइएको, नियम प्रतिकूल भएकोलाई नियम अनुकूल बनाइएको, अनियमित कुरालाई नियमसङ्गत पारिएको ।

वैधुर्यम् (ना./न.) विधुरस्य भावः *(विधुर हुनाको भाव वा अवस्था)* विधुर+ष्यञ्[२] (य), आदिवृद्धि, अकारलोप =वैधुर्य ।

शब्दार्थ- पत्नी मरेको अवस्था, राँडोपन, पत्नी-वियोगको अवस्था ।

वैधेयः (वि.) विधातुं योग्यः, विधीयते इति वा *(गर्न लायक)* विपूर्वक डुधाञ् धारणपोषणयोः (जुहो.) धातु, वि+धा+यत्[५] (य), ईत्व[६], गुण, विधेयः । विधेयस्य अयम् *(विधेयको यो)* विधेय+अण्[७] (अ), आदिवृद्धि =वैधेय ।

अथवा विधि+ढक्[७] (एय), आदिवृद्धि, इकारलोप=वैधेय ।

मूर्खवैधेयवालिशाः- इत्यमरः

शब्दार्थ- नियमसङ्गत, नियमकानुन-अनुरूपको, विहित, मूर्ख, जड, अज्ञ ।

वैनतेयः (ना./पुं.) विनतायाः अपत्यं पुमान् *(विनताको सन्तति)* विनता+ढक्[१] (एय), आदिवृद्धि, अकारलोप =वैनतेय ।

शब्दार्थ- विनतापुत्र गरुड, विष्णुको वाहन ।

वैपरीत्यम् (ना./न.) विपरीतस्य भावः *(विपरीत हुनाको भाव वा अवस्था)* विपरीत+ष्यञ् (य), आदिवृद्धि, अकारलोप= वैपरीत्य ।

शब्दार्थ- विपरीत हुनाको अवस्था, उल्टोपना, असङ्गति, एउटा कुरा हुनुपर्नेमा त्यसको विपरीत हुने काम ।

वैभवः (ना./पुं.) विभोर्भावः *(विभु हुनाको भाव वा अवस्था)* विभु+अण्[८] (अ), आदिवृद्धि, गुण, अवादेश =वैभव ।

शब्दार्थ-धनदौलत, ऐश्वर्यशक्ति, क्षमता, सामर्थ्य, महिमा ।

उदा. नाना वैभव चारुता मधुरता उल्लासले हास्ले- भृ.ख.का. २/३

वैभवशाली (वि.) वैभवेन शलितुं शीलमस्य *(वैभवले चम्कन सक्ने शील छ यसको)* शलं चलनसंवरणयोः (भ्वा.) धातु, वैभव+शल्+णिनि[९] (इन्), वृद्धि, वैभवशालिन्= वैभवशाली ।

शब्दार्थ- धनदौलतले परिपूर्ण भएको, ऐश्वर्य तथा शक्ति सम्पन्न, क्षमता वा सामर्थ्यले युक्त ।

वैमनस्यम् (ना./न.) विगतं मनः *(मन ठेगान नभएको)* प्रा.त.स., विमनस् ।

अथवा विगतं मनः यस्य *(जसको मन उदास छ जसको मन ठेगानमा छैन)* प्रा.व.स., उ.प.लोप, विमनस् । विमनसः भावः *(मन उदास हुनाको भाव वा अवस्था)* विमनस्+ष्यञ्[२] (य), आदिवृद्धि= वैमनस्य ।

शब्दार्थ- मनोमालिन्य, मनको उदासपना, चित्तको अस्थिरता, दुस्मनी, वैरभाव, खिन्नता, मानसिक तनाव ।

उदा. यिनका वैमनस्य र बाझा-बाझ सङ्घर्षण, लुछाचुडी, जुद्ध, च्याताच्यात- आगो र पानी १/१

वैमात्रेयः (ना./पुं.) विमातुरपत्यं पुमान् *(सौतेनी आमाको छोरो)* विमातृ+ढक्[१] (एय), आदिवृद्धि, यण् =वैमात्रेय ।

शब्दार्थ- सौतेनी आमाको पुत्र, सौतेलो छोरा ।

वैमानिकः (वि.) विमानेन चरति, विमाने चरति *(विमानद्वारा वा विमानमा विचरण गर्छ)* विमान+ठक्[१०] (इक), आदिवृद्धि= वैमानिक ।

शब्दार्थ- विमानमा घुमफिर गर्ने, विमानारोही, विमानबाट विचरण गर्ने ।

---

१. स्त्रीभ्यो ढक् : ढक्
२. गुणवचन... : ष्यञ्
३. ठगायस्थानेभ्यः... : ठक्
४. कृभ्वस्तियोगो... : च्वि
५. अचो यत् : यत्
६. ईद्यति : ईत्व
७. तस्येदम्/द्व्यचः... : अण्/ढक्
८. इगन्ताच्च लघुपूर्वात् : अण्
९. सुप्यजातौ... : णिनि
१०. चरति : ठक्

वैयक्तिकः (वि.) व्यक्तेरागतः, व्यक्तेरयमिति वा *(व्यक्तिबाट आएको, व्यक्तिको यो)* व्यक्ति+ठक्[1] (इक), वपछि ऐजागम[2], इकारलोप= वैयक्तिक ।

शब्दार्थ- व्यक्तिगत, व्यक्तिसँग सम्वन्धित, व्यक्तिको ।

वैयाकरणः (वि./ना./पुं.) व्याक्रियन्ते विशेषेण उत्पाद्यन्ते शब्दा अनेनेति *(यसबाट विशेषरूपले शब्दहरू व्युत्पन्न गरिन्छन् र शब्दहरूको राम्रो ज्ञान हुन्छ)* वि आङ् उपसर्गद्वयपूर्वक डुकृञ् करणे (तना.) धातु, वि+आ+कृ+ल्युट्[3] (अन), वि आ मा, यण्, कृ अनमा गुण, णत्व, व्याकरणम् । तदधीते वेद इति वा *(व्याकरण पढ्छ, जान्दछ)* व्याकरण+अण्[4] (अ), वपछि ऐजागम[2]= वैयाकरण ।

शब्दार्थ- व्याकरणवेत्ता, व्याकरण जान्ने, व्याकरण-शास्त्रको विद्वान्, शब्दहरूको व्युत्पादन र अर्थको राम्रो ज्ञान गराउने शास्त्र ।

वैयाकरणी (ना./स्त्री.) व्याकरणमधीते वेद असौ *(व्याकरण पढ्छे वा जान्दछे यो)* व्याकरण+अण् (अ), वपछि ऐजागम, वैयाकरण+ङीप् (ई)= वैयाकरणी ।

शब्दार्थ- व्याकरणविज्ञ स्त्री, व्याकरणशास्त्रकी विदुषी, व्याकरण अध्ययन गर्ने वा गरेकी स्त्री ।

वैरम् (ना./न.) वीरस्य कर्म भावः वा *(वीरको कर्म वा भाव)* वीर+अण्[5] (अ), आदिवृद्धि, अकारलोप= वैर ।

शब्दार्थ-विरोध, विद्वेष, वैरभाव, शत्रुता, दुस्मनी, वैमनस्य ।

वैरता (ना./स्त्री.) वैरस्य भावः *(वैरभाव हुनाको अवस्था)* वैर+तल् (त)+टाप् (आ)= वैरता ।

शब्दार्थ- वैरभाव, शत्रुता, दुस्मनी ।

वैरभावः (ना./पुं.) वैरस्य भावः *(विरोधको भाव)* ष.त.स.= वैरभाव ।

शब्दार्थ- शत्रुताको भाव, शत्रुता, विरोधको भाव, दुस्मनीपूर्ण व्यवहार ।

वैराग्यम् (ना./न.) विरागस्य भावः *(वासना वा स्नेहरहित हुनाको भाव वा अवस्था)* विराग+ष्यञ् (य), आदिवृद्धि, अकारलोप= वैराग्य ।

शब्दार्थ- इच्छाको अभाव, विरक्ति, दिग्दारी, सांसारिक विषयवासना र मायामोहप्रति उदासीनता ।

वैरी (ना./पुं.) वीरस्य कर्म भावः वा *(वीरको कर्म वा भाव)* वीर+अण् (अ), आदिवृद्धि, अकारलोप, वैरम् । वैरमस्यास्तीति *(वैरभाव छ यसको)* वैर+इनि (इन्), वैरिन्= वैरी ।

शब्दार्थ- आफूसित वैरभाव गर्ने शत्रु, रिपु, अरि, आफ्नो कुभलो चिताउने दुस्मन ।

वैरोचनः/वैरोचनिः (ना./पुं.) विरोचनस्य अपत्यं पुमान् *(विरोचनका सन्तान)* विरोचन+अण्[6] (अ), आदिवृद्धि, अकारलोप= वैरोचन ।

विरोचन+इञ्[7] (इ)= वैरोचनि ।

शब्दार्थ- विरोचनका पुत्र, राजा वलि, दानशील दैत्यराज ।

वैलक्षण्यम् (ना./न.) विलक्षणस्य भावः *(विलक्षण हुनाको भाव वा अवस्था)* विलक्षण+ष्यञ् (य), आदिवृद्धि, अकारलोप= वैलक्षण्य ।

शब्दार्थ-विलक्षण हुनाको भाव, विलक्षणता, विलक्षणपना ।

वैवस्वतः (ना./पुं.) विवस्वतः सूर्यस्य अपत्यं पुमान् *(सूर्यका पुरुष सन्तति वा पुत्र)* विवस्वत्+अण्[6] (अ), आदिवृद्धि= वैवस्वत ।

शब्दार्थ- सूर्यका पुत्र, सूर्यपुत्र, चौधौं मनुमध्ये सातौं मनु, वर्तमान मनु, सूर्यपुत्र शनि, शनैश्चर, यमराज ।

वैवाहिकः (वि.) विवाहादागतः, विवाहस्य अयम् *(विवाहबाट आएको, विवाहको यो)* विवाह+ठक्[8] (इक) =वैवाहिक ।

शब्दार्थ- विवाहवाट आएको, विवाहसम्वन्धी, विवाहसित सम्वन्धित, विवाहको ।

वैशाखः (ना./पुं.) विशाखया युक्ता पूर्णिमा *(विशाखा नक्षत्रले युक्त पूर्णिमा)* विशाखा+अण्[9] (अ), आदिवृद्धि, वैशाख+ङीप् (ई), वैशाखी । वैशाखी पौर्णमासी अस्मिन्नस्तीति *(वैशाखी पूर्णिमा छ यसमा)* वैशाखी+अण्[10] (अ), आदिवृद्धि, ईकारलोप= वैशाख ।

अथवा विशाखा प्रयोजनमस्य *(विशाखा प्रयोजन छ यसको)* विशाखा+अण्[11] (अ), आदिवृद्धि= वैशाख ।

शब्दार्थ- वर्षको पहिलो महिना, सूर्य मेष राशिमा सर्ने महिना, वाह्र महिनामध्ये प्रथम महिना, विशाखा नक्षत्रमा पूर्णिमा हुने महिना ।

वैशाखी (ना./स्त्री.) विशाखया युक्ता पूर्णिमा *(विशाखा नक्षत्रले युक्त पूर्णिमा)* विशाखा+अण्[10] (अ)+ङीप् (ई), आदिवृद्धि= वैशाखी ।

शब्दार्थ- विशाखा नक्षत्रयुक्त पूर्णिमा, विशाखा नक्षत्रमा पर्ने वैशाखको पूर्णिमा ।

वैशिष्टयम् (ना./न.) विशिष्टस्य भावः *(विशिष्ट हुनाको भाव वा अवस्था)* विशिष्ट+ष्यञ्[12] (य), आदिवृद्धि, अकारलोप= वैशिष्टय ।

शब्दार्थ- विशिष्टता, विशिष्टपना, अरूभन्दा भिन्नता ।

---

[1] ठगायस्थानेभ्यः... : ठक्

[2] न य्वाभ्याम्... : ऐजागम

[3] करणाधिकरणयोश्च : ल्युट्

[4] तदधीते तद्वेद : अण्

[5] हायनान्तयुवादिभ्यो...: अण् कक

[6] शिवादिभ्यो... : अण्

[7] अत इञ् : इञ्

[8] ठगायस्थानेभ्यः.../तस्येदम् : ठक्

[9] नक्षत्रेण युक्तःकालः : अण्

[10] सास्मिन् पौर्णमासीति...: अण्

[11] विशाखाषाढा... : अण्

[12] गुणवचन.. : ष्यञ्

वैशेषिकः (ना./पुं.) विशेषपदार्थमधीकृत्य कृतः ग्रन्थः *(विशेष पदार्थलाई लिएर लेखिएको ग्रन्थ)* विशेष+ठञ्[1] (इक), आदिवृद्धि, अकारलोप=वैशेषिक ।

शब्दार्थ- विशेष पदार्थ वा तत्त्वको विश्लेषण गरेर लेखिएको ग्रन्थ, वैशेषिक दर्शन ।

वैश्यः (ना./पुं.) विशन्ति जनाः यत्र *(मानिस जहाँ प्रवेश गर्छन्)* विश प्रवेशने (तुदा.) धातु, विश्+क्विप् (सर्वलोप), विश्, (विट्) । विशः भावः कर्म वा *(वैश्य जातिको भाव वा कर्म)* विश्+ष्यञ्[2] (य), स्वार्थमा, आदिवृद्धि= वैश्य ।

शब्दार्थ- हिन्दु वर्णव्यवस्थाअनुसार चारवर्णमध्ये एक, तेस्रो वर्ण, कृषि, गोरक्षा, पशुपालन र व्यापारसम्वन्धी कर्म गर्न निर्धारण गरिएको जाति ।

वैश्यकर्म (ना./न.) वैश्यस्य कर्म *(वैश्य जातिको कर्म)* ष.त.स.= वैश्यकर्म ।

शब्दार्थ- वैश्य जातिले गर्ने कृषि तथा व्यापार, गोरक्षा र अन्य पशुपालन आदि कर्म, वैश्यवृत्ति ।

द्रष्टव्य- **कृषिगोरक्षवाणिज्यं वैश्यकर्म स्वभावजम्- भ.गी. १८/४४**

वैश्रवणः/वैश्रवसः (ना./पुं.) विश्रवसः अपत्यं पुमान् *(विश्रवा ऋषिका पुरुष सन्तान)* विश्रवस्+अण्[3] (अ), विश्रवस्‌को विश्रवण निपातन, शिवादिमा 'विश्रवण' पाठ हुनाले आदिवृद्धि= वैश्रवण ।

निपातनको अभावमा= वैश्रवस ।

शब्दार्थ- कुवेर, धनका स्वामी, रावण ।

वैश्वजनीनः (वि.) विश्वजनेषु साधुः *(विश्वजनसुदायमा उपयुक्त)* विश्वजन+खञ्[4] (ईन), आदिवृद्धि=वैश्वजनीन

शब्दार्थ- विश्वकै जनसुदायका लागि उपयोगी हुने, विश्वकल्याणकारी ।

वैश्वदेवः (ना./पुं.) विश्वदेवस्य अयम् *(विश्वदेवको यो)* विश्वदेव+अण् (अ), आदिवृद्धि, अकारलोप=वैश्वदेव ।

शब्दार्थ- नित्य गरिने पञ्चमहायज्ञमध्ये एक, विश्वदेवसित सम्वन्धित यज्ञ, पञ्चमहायज्ञमध्ये भूतयज्ञ ।

वैश्वानरः (ना./पुं.) विश्वे नराः अस्य *(विश्व नै नर वा प्राणीहरू छन् यसका)* विश्व+नर, ब.स., विश्वको दीर्घ, विश्वानरः । विश्वानरस्य अपत्यम् *(विश्वानरका सन्तान)* विश्वानर+अण् (अ), आदिवृद्धि, अकारलोप= वैश्वानर ।

शब्दार्थ- आगो, अग्नि, जठराग्नि, प्राणीको देहमा रहने वैश्वानर नामको अग्नि, जसले प्राण अपानादि वायुसित युक्त भई खाएका चारै प्रकारका भोज्यपदार्थ पचाउँछ ।

द्रष्टव्य- अहं वैश्वानरो भूत्वा प्राणिनां देहमाश्रितः ।
प्राणापानसमायुक्तो पचाम्यन्नं चतुर्विधम् ॥-भ.गी. १५/१४

वैषम्यम् (ना./न.) विषमस्य भावः *(विषम हुनाको भाव वा अवस्था)* विषम+ष्यञ्[6] (य), आदिवृद्धि, अकारलोप =वैषम्य ।

शब्दार्थ- विषम हुनाको अवस्था, विषमता, असमानता ।

वैषयिकः (वि.) विषयादागतः *(विषयबाट आएको)*, विषयस्य अयम् *(विषयको यो)* विषय+ठक्[7] (इक), आदिवृद्धि, अकारलोप= वैषयिक ।

शब्दार्थ-विषयसित सम्वन्धित, विषयको, विषयी, वासनायुक्त, पदार्थसम्वन्धी, कामुक, विषयासक्त ।

वैष्णवः (वि./ना./पुं.) वेवेष्टीति *(ढाक्छन्, व्याप्त हुन्छन्)* विष्लृ व्याप्तौ (जुहो.) धातु, विष्+णु[8] (उणा.), कित्व, विष्णुः । विष्णुर्देवता अस्य *(विष्णु छन् देवता यसका)* विष्णु+अण्[9] (अ), आदिवृद्धि, अवादेश= वैष्णव ।

अथवा विष्णोरयम् *(विष्णुको यो)* विष्णु+अण्[10] (अ), आदिवृद्धि, गुण, अवादेश= वैष्णव ।

शब्दार्थ- विष्णुसम्वन्धी, विष्णुसित सम्वन्धित, विष्णुका उपासक, विष्णुका भक्त, वैष्णवधर्म ग्रहण गरेको वा वैष्णवधर्ममा दीक्षा पाएको व्यक्ति ।

वैष्णवी (ना./स्त्री./वि.) विष्णोरियम् *(विष्णुको यो)* विष्णु+अण्[10] (अ), आदिवृद्धि, गुण, अवादेश, वैष्णव+ङीप् (ई)= वैष्णवी ।

अथवा वैष्णवः अस्य अस्तीति *(वैष्णव धर्म छ यसको)* वैष्णव+इनि (इन्), वैष्णविन्= वैष्णवी ।

शब्दार्थ- विष्णुकी उपासिका, वैष्णव धर्ममा दीक्षा पाएकी स्त्री, लक्ष्मी, विष्णुको भक्त, विष्णुको आराधना गर्ने, वैष्णवं धर्म ग्रहण गर्ने ।

व्यक्तः (वि.) व्यज्यते स्म इति *(व्यक्त गरिएको)* विपूर्वक अञ्जू व्यक्तिम्रक्षणकान्तिगतिषु (रुधा.) धातु, वि+अञ्ज्+क्त (त), नलोप, यण्, कुत्व= व्यक्त ।

शब्दार्थ- प्रकट गरिएको, स्पष्ट गरिएको, प्रकटीकृत, प्रदर्शित, प्रत्यक्ष गर्न सकिएको ।

व्यक्तता (ना./स्त्री.) व्यक्तस्य भावः *(व्यक्त हुनाको भाव वा अवस्था)* व्यक्त+तल् (त)+टाप् (आ)= व्यक्तता ।

शब्दार्थ- स्पष्टता, व्यक्त हुनाको अवस्था, प्राकट्य ।

व्यक्तिः (ना./स्त्री.) व्यज्यतेऽनया, व्यनक्तीति *(यसबाट व्यक्त गरिन्छ, व्यक्त हुन्छ)* विपूर्वक अञ्जू व्यक्तिम्रक्षणकान्तिगतिषु (रुधा.) धातु, वि+अञ्ज्+क्तिन्[11] /क्तिच्[12] (ति)= व्यक्ति ।

व्यक्तिस्तु पृथगात्मतां- इत्यमरः

शब्दार्थ- मनुष्य, पृथक् अस्तित्व भएको आत्मसत्ता, छुट्टै अस्तित्व भएको प्राणी, प्रकट वा व्यक्त गर्ने काम ।

---

[1] अधिकृत्य कृते ग्रन्थे.. : ठञ्

[2] चतुर्वर्णादिनाम्... : ष्यञ्

[3] शिवादिभ्योऽण् : अण्

[4] प्रतिजनादिभ्य... : खञ्

[5] ऋष्यन्धक... : अण्

[6] गुणवचन... : ष्यञ्

[7] ठगायस्थानेभ्यः... : ठक्

[8] विषेः किच्च : णु, कित्व

[9] साऽस्य देवता...: अण्

[10] तस्येदम् : अण्

[11] स्त्रियाम्... : क्तिन्

[12] क्तिच्क्तौ च... : क्तिच्

व्यक्तिगतः (वि.) व्यक्तिं गतः *(व्यक्तिमा गएको)* द्वि.त.स[1]. =व्यक्तिगत ।

शब्दार्थ- व्यक्तिको, व्यक्तिसित सम्वन्धित, वैयक्तिक ।

व्यक्तिचित्रम् (ना./न.) व्यक्तेः चित्रम् *(व्यक्तिको चित्र)* ष.त.स.= व्यक्तिचित्र ।

अथवा व्यक्त्या निर्मितं चित्रम् *(व्यक्तिले बनाएको चित्र)* तृ.त.स.= व्यक्तिचित्र ।

शब्दार्थ- कुनै व्यक्तिविशेषको चित्र, कुनै एक व्यक्तिले बनाएको चित्र, कुनै व्यक्ति विशेषको विशेषता देखाउने चित्र ।

व्यक्तित्वम् (ना./न.) व्यक्तेर्भावः *(कुनै व्यक्तिको भाव वा अवस्था)* व्यक्ति+त्व= व्यक्तित्व ।

शब्दार्थ- कुनै व्यक्तिको व्यक्तिगत विशेषता प्रकट गर्ने अवस्था वा गुण, व्यक्तिको निजी विशेषता वा आफ्नोपना ।

व्यक्तित्वबोधः (ना./पुं.) व्यक्तित्वस्य बोधः *(व्यक्तित्वको बोध)* ष.त.स.= व्यक्तित्वबोध ।

शब्दार्थ- व्यक्तिको निजी विशेषताको बोध वा ज्ञान ।

व्यक्तित्वविकासः (ना./पुं.) व्यक्तित्वस्य विकासः *(व्यक्तित्वको विकास)* ष.त.स.= व्यक्तित्वविकास ।

शब्दार्थ- कुनै व्यक्तिको विशेषताको विकास गर्ने काम, व्यक्तित्वको विकास गर्ने क्रिया ।

व्यक्तिपूजा (ना./स्त्री.) व्यक्तेः पूजा *(व्यक्तिको पूजा वा महत्व)* ष.त.स.= व्यक्तिपूजा ।

शब्दार्थ- कुनै एक व्यक्तिलाई महत्त्व दिने काम, कुनै एक व्यक्तिविशेषको मात्र प्रशंसा गर्ने काम ।

व्यक्तिप्रधानः (वि.) व्यक्तिः प्रधानं यत्र *(व्यक्ति मुख्य छ जहाँ)* व.स.= व्यक्तिप्रधान ।

शब्दार्थ- व्यक्ति प्रमुख भएको, व्यक्तिलाई महत्त्व दिएको, व्यक्तिको निजी विशेषता मुख्य भएको ।

व्यक्तिवादः (ना./पुं.) व्यक्तेर्वादः *(व्यक्तिविशेषको वाद वा सिद्धान्त)* ष.त.स.= व्यक्तिवाद ।

शब्दार्थ- व्यक्तिगत स्वार्थलाई महत्त्व दिइएको विचार वा सिद्धान्त, हस्तक्षेप विना व्यक्तिका स्वतन्त्रतालाई महत्त्व दिइएको मत वा सिद्धान्त ।

व्यक्तिवादी (वि.) व्यक्तिवादः अस्यास्तीति *(व्यक्तिवादको सिद्धान्त छ यसको)* व्यक्तिवाद+इनि[2] (इन्), अकारलोप, व्यक्तिवादिन्= व्यक्तिवादी ।

शब्दार्थ- व्यक्तिवादको अनुसरण गर्ने, व्यक्तिवादको समर्थक, व्यक्तिवादको अनुयायी, व्यक्तिवाद-सम्वन्धी ।

व्यग्रः (वि.) विविधे अग्रमस्य *(विविध कुरामा व्यग्रता छ यसको)* विविध+अग्र, प्रा.व.स., विध उ.प.लोप, विको यण्= व्यग्र ।

व्यग्रो व्यासक्त आकुले- इत्यमरः

अथवा विरुद्धं अगतीति *(विरुद्धमा चल्छ)* विपूर्वक अग कुटिलायां गतौ (भ्वा.) धातु, वि+अग्+रन्[3] (र), उणा., यण्= व्यग्र ।

शब्दार्थ- आकुल, व्याकुल, विह्वल, कुनै कुरामा ज्यादा आसक्त ।

व्यग्रता (ना./स्त्री.) व्यग्रस्य *भावः (व्यग्र हुनाको भाव वा अवस्था)* व्यग्र+तल् (त)+टाप् (आ)= व्यग्रता ।

शब्दार्थ- व्याकुलता, विह्वलता, व्यग्रपना, हडवडाहट ।

व्यङ्गः (वि.) विगतमङ्गमस्य *(जसको अङ्गभङ्ग भएको छ)* प्रा.व.स., उ.प.लोप, विको यण्= व्यङ्ग ।

शब्दार्थ- शरीरमा कुनै अङ्ग नभएको, अङ्गहीन, विरूप, विकलाङ्ग, अपाङ्ग ।

व्यङ्ग्यः (वि.) व्यञ्जितुं योग्यः, व्यज्यते इति वा *(व्यञ्जनावृत्तिद्वारा व्यक्त गर्न योग्य)* विपूर्वक अञ्जू व्यक्तिम्रक्षणकान्तिगतिषु (रुधा.) धातु, वि+अञ्ज्+ण्यत्[4] (य), कुत्व, विको यण्= व्यङ्ग्य ।

शब्दार्थ- व्यङ्ग्य अर्थ बुझाउन योग्य, व्यञ्जनावृत्तिद्वारा बोध हुने, व्यञ्जना शक्तिद्वारा ध्वनित हुने, व्यङ्ग्य गरेर भनिएको, छेड हानिएको ।

व्यङ्ग्यात्मकः (वि.) व्यङ्ग्यः आत्मा यस्य *(व्यङ्ग्य मुख्य छ जसको)* व्यङ्ग्य+आत्मन्, ब.स., दीर्घ, व्यङ्ग्यात्मन्+कप् (क), समासान्त, नलोप= व्यङ्ग्यात्मक ।

शब्दार्थ- कसैप्रति व्यङ्ग्य गरिएको, व्यङ्ग्यपूर्ण छेड हानिएको, व्यङ्ग्यले भरिएको ।

व्यङ्ग्यार्थः (ना./पुं.) व्यङ्ग्यश्चासौ अर्थश्च *(व्यङ्ग्य अर्थ)* क.त.स., दीर्घ= व्यङ्ग्यार्थ ।

शब्दार्थ- व्यञ्जनावृत्तिद्वारा ध्वनित हुने अर्थ, वाच्यार्थ र लक्ष्यार्थभन्दा भिन्न अर्के चमत्कारपूर्ण व्यङ्ग्यअर्थ ।

व्यङ्ग्योक्तिः (ना./स्त्री.) व्यङ्ग्या चासौ उक्तिश्च *(व्यङ्ग्य अर्थ बुझाउने उक्ति)* क.त.स., गुण= व्यङ्ग्योक्ति ।

शब्दार्थ- व्यङ्ग्यले भरिएको भनाइ, व्यङ्ग्यपूर्ण उक्ति ।

व्यजः (ना./पुं.)/**व्यजनम्** (ना./न.) व्यजति अनेन *(हाकिन्छ यसबाट)* विपूर्वक अज गतिक्षेपणयोः (भ्वा.) धातु, वि+अज्+घ[5] (अ), विको यण्= व्यज ।

वि+अज्+ल्युट् (अन), विको यण्= व्यजन ।

शब्दार्थ- पङ्खा चलाउने वा पङ्खाले हम्कने काम, पङ्खा, तालवृन्त, चमर ।

व्यञ्जकः (वि.) व्यनक्तीति *(व्यङ्ग्य अर्थ प्रकट गर्छ)* अञ्जू व्यक्तिम्रक्षणकान्तिगतिषु (रुधा.) धातु, वि+अञ्ज् +ण्वुल्[6] (अक), विको यण्= व्यञ्जक ।

शब्दार्थ- मानसिक भाव प्रकट गर्ने, व्यञ्जनावृत्तिबाट अर्थ बोध गराउने, व्यङ्ग्य अर्थ बुझाउने वा ध्वनित गर्ने ।

---

[1] द्वितीयाश्रितातीत... : द्वि.त.स.

[2] अत इनिठनौ : इनि

[3] ऋज्रेन्द्राग्र... : रन्

[4] ऋहलोर्ण्यत् : ण्यत्

[5] गोचरसञ्चर... : घ

[6] ण्वुल्तृचौ : ण्वुल्

व्यञ्जनम् (ना./न.) व्यज्यते संयोज्यते अनेन इति *(संयोजन वा सङ्केत गरिन्छ यसबाट)* विपूर्वक अञ्जू व्यक्तिम्रक्षणकान्तिगतिषु (रुधा.) धातु, वि+अञ्ज्+ल्युट् (अन), विको यण्= व्यञ्जन ।

शब्दार्थ- सङ्केत गर्ने काम, चिन्ह, सङ्केत, कुनै कुरा व्यक्त गर्ने काम, छद्मवेश, कदेखि हसम्मका सबै व्यञ्जनवर्णहरू, स्वरवर्णको सहयोगबाट उच्चारित हुने वर्णहरू, तरकारी, सागपात ।

व्यञ्जना (ना./स्त्री.) व्यज्यते अनया *(ध्वनित हुन्छ यसबाट)* विपूर्वक अञ्जू व्यक्तिम्रक्षणकान्तिगतिषु (रुधा.) धातु, वि+अञ्ज्+युच् (अन), उणा., विको यण्, व्यञ्जनः । व्यञ्जन+टाप् (आ)= व्यञ्जना ।

शब्दार्थ- शब्दका अभिधा, लक्षणा र व्यञ्जना- यी तीन शक्तिमध्ये एक, चमत्कारपूर्ण व्यङ्ग्यार्थ बुझाउने व्यञ्जनाशक्ति ।

व्यञ्जनावृत्तिः (ना./स्त्री.) व्यञ्जना चासौ वृत्तिश्च *(व्यञ्जना वृत्ति)* क.त.स.= व्यञ्जनावृत्ति ।

शब्दार्थ- व्यङ्ग्यात्मक अर्थ ध्वनित गर्ने वृत्ति, व्यङ्ग्यार्थ बुझाउने व्यञ्जना शक्ति ।

व्यञ्जितः (वि.) व्यज्यते स्म इति *(व्यक्त गरिएको)* विपूर्वक अञ्जू व्यक्तिम्रक्षणकान्तिगतिषु (रुधा.) धातु, वि+अञ्ज्+क्त (त), इडागम, विको यण्= व्यञ्जित ।

शब्दार्थ- व्यक्त गरिएको, व्यञ्जनावृत्तिद्वारा व्यङ्ग्य अर्थ वोध गराइएको, अभिव्यक्त, ध्वनित, प्रकट गरिएको ।

व्यतिक्रमः (ना./पुं.) व्यतिक्रमणम्, व्यतिक्रम्यते इति वा *(अतिक्रमण गरिन्छ)* वि अति उपसर्गद्वयपूर्वक क्रमु पादविक्षेपे (भ्वा.) धातु, वि+अति+क्रम्+घञ् (अ), वृद्धिनिषेध, विको यण्= व्यतिक्रम ।

शब्दार्थ- अतिक्रमण, क्रम टुट्ने काम, विचलन, उल्लङ्घन, अवरोध, रोकावट, उल्टोपाल्टो हुने काम ।

व्यतिक्रमणम् (ना./न.) व्यतिक्रमणम्, व्यतिक्रम्यते इति वा *(क्रमभङ्ग गरिन्छ)* वि अति उपसर्गद्वयपूर्वक क्रमु पादविक्षेपे (भ्वा.) धातु, वि+अति+क्रम्+ल्युट् (अन), विको यण्, णत्व= व्यतिक्रमण ।

शब्दार्थ- क्रमभङ्ग, सिलसिला टुट्ने काम, व्यतिक्रम, क्रमको उल्लङ्घन वा अतिक्रमण ।

व्यतिक्रान्तः (वि.) व्यतिक्रम्यते स्म इति *(क्रमभङ्ग गरिएको)* वि अतिपूर्वक क्रमु पादविक्षेपे (भ्वा.) धातु, वि+अति+क्रम्+क्त (त), दीर्घ, विको यण् =व्यतिक्रान्त ।

शब्दार्थ- अतिक्रमण गरिएको, उल्लङ्घन गरिएको, क्रम टुटेको, सिलसिला नमिलेको, वितेको ।

व्यतिरिक्तः (वि.) व्यतिरिच्यते स्म इति *(छुट्टिएको)* वि अतिपूर्वक रिचिर् विरेचने (रुधा.) धातु, वि+अति+रिच्+क्त (त), विको यण्, कुत्व= व्यतिरिक्त ।

शब्दार्थ- वियुक्त, भिन्न, अलग्गिएको, फरक परेको, परस्पर नमिलेको ।

व्यतिरेकः (ना./पुं.) व्यतिरेचनम्, व्यतिरिच्यते इति वा *(छुट्टिन्छ)* वि अतिपूर्वक रिचिर् विरेचने (रुधा.) धातु, वि+अति+रिच्+घञ्[1] (अ), गुण, कुत्व, विको यण् =व्यतिरेक ।

शब्दार्थ- भेद, अन्तर, परस्पर नमिल्ने कुरा, वैषम्य, अतिक्रमण, अन्वय नहुने क्रिया, अनन्वय, अर्थालङ्कारको एउटा प्रकार, उपमानभन्दा उपमेयको उत्कृष्टता वा हीनता वर्णन गर्दा हुने अलङ्कार ।

व्यतीतः (वि.) व्यतीयते स्म इति *(वितेको)* वि अतिपूर्वक इण् गतौ (अदा.) धातु, वि+अति+इ+क्त (त), विको यण्, दीर्घ= व्यतीत ।

शब्दार्थ- वितेको, पहिले नै भएको, विगत, गएको, छोडेको, मरेको, प्रस्थान गरेको ।

व्यत्ययः (ना./पुं.) व्यत्ययनम्, व्यतीयते इति वा *(फेरबदल गरिन्छ)* वि अतिपूर्वक इण् गतौ (अदा.) धातु, वि+अति+इ+अच् (एरच्), इको गुण, अयादेश, वि तथा अति र व्यति अय्को यण्= व्यत्यय ।

शब्दार्थ- उल्टोपाल्टो, क्रमभङ्ग, वैपरीत्य, विपर्यय, व्यतिक्रम, परिवर्तन, रूपान्तरण, व्युत्क्रमण ।

व्यथा (ना./स्त्री.) व्यथनम्, व्यथ्यते इति वा *(दुःख दिइन्छ)* व्यथ भयसञ्चलनयोः (भ्वा.) धातु, पित्व[2], व्यथ्+अङ्[3] (अ)+टाप् (आ)= व्यथा ।

पीडा-बाधा-व्यथा-दुःखमामनस्यं प्रसूतिजम्- इत्यमरः

शब्दार्थ- पीडा, दुःख, कष्ट, वेदना, वाधा, पीर, चिन्ता, प्रसूतिजन्य-वेदना, मानसिक पीडा ।

व्यथितः (वि.) व्यथते स्म इति *(दुःखी भएको)* व्यथ भयसञ्चलनयोः (भ्वा.) धातु, व्यथ्+क्त (त), कर्तामा, इडागम= व्यथित ।

शब्दार्थ- दुःख पाएको, भयग्रस्त, पीडित, भयभीत, चिन्ताग्रस्त, पिरिएको, चिन्तित ।

उदा. **ठूलो व्याधि व्यथित जनको, हो मनस्ताप खास ।**
- य.श. ३/२१

व्यधः (ना./पुं.) विध्यते इति *(वध गर्नु)* व्यध ताडने (दिवा.) धातु, व्यध्+अप् (अ)= व्यध ।

शब्दार्थ- सिकार गर्ने काम, जङ्गली जनावर मार्ने काम ।

व्यभिचारः (ना./पुं.) व्यभिचरणम्, व्यभिचर्यते इति वा *(व्यभिचार गर्नु)* वि अभिपूर्वक चर गतिभक्षणयोः (भ्वा.) धातु, वि+अभि+चर्+घञ् (अ), वृद्धि, विको यण्= व्यभिचार ।

शब्दार्थ- नराम्रो काममा संलग्नता, अनुचित कार्यमा लाग्ने प्रवृत्ति, खराब आचरण, कुमार्गको अनुसरण गर्ने काम, दुराचार, दुश्चरित्रत्व ।

---

१. भावे : घञ्

२. घटादयः षितः : षित्व

३. षिद्भिदादिभ्यो... : अङ्

व्यभिचारिणी (ना./स्त्री.) व्यभिचारः अस्याः अस्तीति *(व्यभिचार गर्छे यो स्त्री)* व्यभिचार+इनि[1] (इन्), अकारलोप, व्यभिचारिन्+ङीप् (ई), णत्व =व्यभिचारिणी ।

शब्दार्थ- व्यभिचारमा संलग्न स्त्री, खराव आचरण भएकी स्त्री, चरित्र भ्रष्ट भएकी नारी, परपुरुषसँग यौनसम्पर्क गर्ने स्त्री ।

व्यभिचारी (वि.) व्यभिचारः अस्यास्तीति *(व्यभिचार गर्छ यो)* व्यभिचार+इनि[1] इन्), अकारलोप, व्यभिचारिन् =व्यभिचारी ।

अथवा व्यभिचरतीति *(व्यभिचार गर्छ)* वि+अभि+चर +णिनि (इन्), व्यभिचारिन्= व्यभिचारी ।

शब्दार्थ- व्यभिचार गर्ने, चरित्रहीन, भ्रष्टचरित्र भएको, कुमार्गमा लागेको, परस्त्रीसँग यौनसम्पर्क गर्ने, दुर्व्यसनी ।

व्यभिचारिभावः (ना./पुं.) व्यभिचारी चासौ भावश्च *(व्यभिचारी भाव)* क.त.स.= व्यभिचारिभाव ।

शब्दार्थ- सवै रसहरूमा सञ्चरण गर्ने र रस निष्पत्तिमा सहायक हुने सञ्चारी भाव, सहचारी भाव ।

व्ययः (ना./पुं.) व्ययनम्, वीयते इति वा *(खर्च गरिन्छ)* अदन्त व्यय वित्तसमुत्सर्गे (चुरा.) वा विपूर्वक इण् गतौ (अदा.) धातु, व्यय+घञ् (अ), पररूप, व्यय ।

अथवा वि+इ+अच् (एरच्), गुण, अयादेश, विको यण्= व्यय ।

अर्थस्यापगमे व्ययः- इत्यमरः

शब्दार्थ- अर्थको क्षय, खर्च, धनादिको विनाश वा ह्रास, घाटा, खर्च गर्ने काम, धनक्षय, वित्तविनाश, लग्नकुण्डलीमा लग्नदेखि वाह्रौं स्थान ।

व्ययकारकः (वि.) व्ययं करोतीति *(व्यय गर्छ)* व्यय उपपदपूर्वक डुकञ् करणे (तना.) धातु, व्यय+कृ+ ण्वुल्[2] (अक), वृद्धि= व्ययकारक ।

शब्दार्थ- व्यय गर्ने गराउने, खर्च गर्ने गराउने, खर्चिलो ।

व्ययकारी (वि.) व्ययं कर्तुं शीलमस्य *(व्यय गर्ने शील वा आदत छ यसको)* डुकृञ् करणे (तना.) धातु, व्यय+कृ+णिनि[3] (इन्), व्ययकारिन्= व्ययकारी ।

शब्दार्थ- खर्च गर्ने गराउने, हानि पुऱ्याउने, व्यय गर्ने, खर्चिलो ।

व्ययी (वि.) व्ययः अस्यास्तीति *(खर्च गर्ने प्रवृत्ति छ यसको)* व्यय+इनि[1] (इन्), अकारलोप= व्ययी ।

शब्दार्थ-ज्यादा खर्च गर्ने, खर्चालु स्वभावको, व्ययकारी ।

व्यर्थः (वि.) विगतः अर्थः यस्मात् *(जसबाट कुनै प्रयोजन छैन)* प्रा.व.स., उ.प.लोप, विको यण्= व्यर्थ ।

शब्दार्थ- निरर्थक, विना प्रयोजनको, विना कामको ।

व्यवधानम् (ना./न.) व्यवधानम्, व्यवधीयते इति वा *(छेकिन्छ)* वि अवपूर्वक डुधाञ् धारणपोषणयोः (जुहो.) धातु, वि+अव+धा+ल्युट् (अन), विको यण्=व्यवधान ।

शब्दार्थ- वाधा अड्चन, छेकावट, आवरण, पर्दा, छेकवार, छेक्नेवस्तु ।

व्यवसायः (ना./पुं.) व्यवसानम्, व्यवसीयते इति वा *(उद्यम गरिन्छ)* वि अवपूर्वक षो अन्तकर्मणि (दिवा.) धातु, षो को सत्व, आत्व, वि+अव+सा+घञ् (अ), युगागम, विको यण्= व्यवसाय ।

शब्दार्थ- उद्यम, इलम, जीवन निर्वाहको लागि गरिने काम, पेसा, वृत्ति, जीविकाको साधन, प्रयास, चेष्टा ।

व्यवसायिकः (वि.) व्यवसायः अस्यास्तीति *(व्यवसाय छ यसको)* व्यववास+ठन् (इक)= व्यवसायिक ।

शब्दार्थ- व्यवसाय गर्ने, इलम गर्ने, व्यापारादि काम गर्ने ।

व्यवसायिनी (ना./स्त्री.) व्यवसायः अस्याः अस्तीति *(व्यवसाय छ यस स्त्रीको)* व्यवसाय+इनि (इन्), अकारलोप, व्यवसायिन्+ङीप् (ई)= व्यवसायिनी ।

शब्दार्थ- उद्योग तथा व्यापार आदि गर्ने स्त्री, कुनै व्यवसाय गरेर जीवनयापन गर्ने नारी, कुनै व्यवसायमा संलग्न महिला ।

व्यवसायी (वि.) व्यवसायः अस्यास्तीति *(व्यवसाय छ यसको)* व्यवसाय+इनि[1] (इन्), अकारलोप, व्यवसायिन् =व्यवसायी ।

शब्दार्थ- उद्योग तथा व्यापार आदि कुनै व्यवसाय गर्ने, इलम गर्ने, जीवन निर्वाहको लागि काम गर्ने, व्यवसायमा संलग्न हुने ।

व्यवस्था (ना./स्त्री.) व्यवस्थानम्, व्यवस्थीयते इति वा *(व्यवस्था गरिन्छ)* वि अवपूर्वक ष्ठा गतिनिवृत्तौ (भ्वा.) धातु, वि+अव+स्था+अङ्[4] (अ)+टाप् (आ), विको यण् = व्यवस्था ।

शब्दार्थ- राम्रो व्यवस्था मिलाउने काम, राम्रो प्रवन्ध गर्ने काम, राम्रो व्यवस्थापन, सुव्यवस्थित नियम-कानुन, उपयुक्त उपाय ।

उदा. **व्यवस्था छ दैवी, न तिम्रो न हाम्रो- आ.रा. १४/२६**

व्यवस्थापकः (वि.) व्यवस्थापयतीति *(व्यवस्था गर्छ)* वि अवपूर्वक ष्ठा गतिनिवृत्तौ (भ्वा.) धातु, वि+अव+स्था +णिचि, पुगागम, विको यण्, व्यवस्थापि+ण्वुल्[2] (अक), णिलोप= व्यवस्थापक ।

शब्दार्थ- व्यवस्था मिलाउने, प्रबन्ध गर्ने, प्रवन्धक, उपयुक्त क्रममा राख्ने, कुनै कुरा मिलाएर राख्ने ।

व्यवस्थापनम् (ना./न.) व्यवस्थापनम्, व्यवस्थाप्यते इति वा *(व्यवस्था गरिन्छ)* वि अवपूर्वक ष्ठा गतिनिवृत्तौ (भ्वा.) धातु, वि+अव+स्था+णिचि, पुगागम, व्यवस्थापि +ल्युट् (अन), णिलोप= व्यवस्थापन ।

शब्दार्थ- कुनै कुराको राम्रो व्यवस्था मिलाउने वा सुप्रवन्ध गर्ने काम, कुनै कुराको निर्णय वा निश्चय गर्ने काम, कुनै समस्याको निराकरण गर्ने काम ।

---

१. अत इनिठनौ : इनि २. ण्वुल्तृचौ : ण्वुल् ३. सुप्यजातौ... : णिनि ४. आतश्चोपसर्गे... : अङ्

व्यवस्थापनीयः (वि.) व्यवस्थापितुं योग्यः, व्यवस्थाप्यते इति वा *(व्यवस्था गर्न उपयुक्त)* वि अवपूर्वक ष्ठा गतिनिवृत्तौ (भ्वा.) धातु, वि+अव+स्था+णिचि, पुगागम, व्यवस्थापि+अनीय (र्), विको यण् =व्यवस्थापनीय ।

शब्दार्थ- प्रवन्ध मिलाउन उपयुक्त वा लायक, व्यवस्था गर्न उचित, व्यवस्था गर्न योग्य ।

व्यवस्थापिका (ना./स्त्री.) व्यवस्थापयति असौ *(व्यवस्था गर्छे यो)* वि अवपूर्वक ष्ठा गतिनिवृत्तौ (भ्वा.) धातु, वि+अव+स्था+णिचि+ण्वुल्[1] (अक), णिलोप, व्यवस्थापक +टाप् (आ), ककारपूर्वका अकारको इत्व = व्यवस्थापिका ।

शब्दार्थ- कुनै कुराको व्यवस्था मिलाउने स्त्री, राम्रो प्रवन्ध गर्ने आइमाई, सरकारका तीन अङ्गहरूमध्ये एक- विधायिका ।

व्यवस्थापितः (वि.) व्यवस्थाप्यते स्म इति *(व्यवस्था गरिएको)* वि अवपूर्वक ष्ठा गतिनिवृत्तौ (भ्वा.) धातु, वि+अव+स्था+णिचि+क्त (त), पुगागम, णिलोप, इडागम, विको यण्= व्यवस्थापित ।

शब्दार्थ- व्यवस्था मिलाइएको, प्रवन्ध गरिएको, क्रमवद्ध रूपमा राखिएको, नियमसङ्गत ढङ्गले व्यवस्थापन गरिएको, निश्चित, निर्धारित ।

उदा. शान्ति, व्यवस्था, श्रम, दास्यकर्म हुन् ।

पूर्व व्यवस्थापित वर्णधर्म हुन्- आ.रा. २/३

व्यवस्थाप्यः (वि.) व्यवस्थापितुं योग्यः, व्यवस्थाप्यते इति वा *(व्यवस्था गर्न लायक)* वि अवपूर्वक ष्ठा गतिनिवृत्तौ (भ्वा.) धातु, वि+अव+स्था+णिचि, पुगागम, व्यवस्थापि +यत् (य), णिलोप, विको यण् =व्यवस्थाप्य ।

शब्दार्थ- व्यवस्था मिलाउन योग्य वा लायक, व्यवस्था गर्नुपर्ने, प्रवन्ध गर्न उचित ।

व्यवस्थामुखी (वि.) व्यवस्था एव मुखम् *(व्यवस्था नै प्रमुख)* म.व्य.स., व्यवस्थामुखम् । व्यवस्थामुखम् अस्मिन्निति *(व्यवस्था नै मुख्य छ यसमा)* व्यवस्थामुख+इनि[2] (इन्), अकारलोप, व्यवस्थामुखिन् =व्यवस्थामुखी । ।

शब्दार्थ- व्यवस्थातिर उन्मुख भएको, व्यवस्थालाई प्रमुख ठान्ने, व्यवस्थाको अनुयायी, व्यवस्थाको समर्थक ।

व्यवस्थावादी (वि.) व्यवस्थां वदितुं शीलमस्य *(व्यवस्थाको पक्षप्रति बोल्ने शील छ यसको)* व्यवस्था उपपदपूर्वक वद व्यक्तायां वाचि (भ्वा.) धातु, व्यवस्था+वद्+णिनि[3] (इन्), वृद्धि, व्यवस्थावादिन् =व्यवस्थावादी ।

शब्दार्थ- व्यवस्थाको पक्षमा सशक्त ढङ्गले वोल्ने, व्यवस्थाको दृढ समर्थन गर्ने, व्यवस्थाको पूर्ण अनुसरण गर्ने ।

व्यवस्थितः (वि.) व्यवस्थीयते स्म, व्यवस्थितवान् इति वा *(व्यवस्था गरिएको वा गरेको)* वि अवपूर्वक ष्ठा गतिनिवृत्तौ (भ्वा.) धातु, वि+अव+स्था+क्त[4] (त), भाव र कर्तामा, इत्व[5], विको यण्= व्यवस्थित ।

अथवा व्यवस्था सञ्जाता अस्य *(व्यवस्था भएको छ यसको)* व्यवस्था+इतच् (इत)= व्यवस्थित ।

शब्दार्थ- व्यवस्था मिलेको वा मिलाइएको, राम्रो प्रवन्ध गरिएको, निश्चित, निर्धारित ।

व्यवहारः (ना./पुं.) व्यवहरणम्, व्यवह्रियते इति वा *(व्यवहार गरिन्छ)* वि अवपूर्वक हृञ् हरणे (भ्वा.) धातु, वि+अव+हृ+घञ् (अ), वृद्धि, विको यण्= व्यवहार ।

शब्दार्थ- एकले अर्कोसित गर्ने आदरभाव, सद्व्यवहार, राम्रो आचरण, चालचलन, कामकाज, लेनदेन ।

व्यवहारकः (वि.) व्यवहरतीति *(राम्रो व्यवहार गर्छ)* वि अवपूर्वक हृञ् हरणे (भ्वा.) धातु, वि+अव+हृ+ण्वुल्[1] (अक), वृद्धि= व्यवहारक ।

शब्दार्थ- राम्रो व्यवहार गर्ने, राम्रो आचरण देखाउने, सद्व्यवहार गर्ने, राम्रो विचारले लेनदेन गर्ने ।

व्यवहारिकः (वि.) व्यवहारः अस्यास्तीति *(राम्रो व्यवहार छ यसको)* व्यवहार+ठन्[2] (इक), अकारलोप =व्यवहारिक ।

शब्दार्थ- असल चालचलन देखाउने, सद्भावपूर्ण व्यवहार गर्ने, राम्रो व्यवहार जानेको ।

व्यवहारी (वि.) व्यवहर्तुं शीलमस्य *(राम्रो व्यवहार गर्ने स्वभाव छ यसको)* वि अवपूर्वक हृञ् हरणे (भ्वा.) धातु, वि+अव+हृ+णिनि[3] (इन्), वृद्धि, विको यण्, व्यवहारिन्= व्यवहारी ।

अथवा व्यवहारः अस्यास्तीति *(राम्रो व्यवहार छ यसको)* व्यवहार+इनि (इन्),अकारलोप, व्यवहारिन्=व्यवहारी ।

शब्दार्थ- व्यवहार गर्न सिपालु, राम्रो व्यवहार गर्ने, असल आचरण देखाउने, कर्मशील, व्यवहारिक, व्यवहार गर्न जान्ने ।

व्यवहार्यः (वि.) व्यवहर्तुं योग्यः, व्यवह्रियते इति वा *(व्यवहार गर्न योग्य, व्यवहार गरिन्छ)* वि अवपूर्वक हृञ् हरणे (भ्वा.) धातु, वि+अव+हृ+ण्यत्[6] (य), वृद्धि, विको यण्= व्यवहार्य ।

शब्दार्थ- व्यवहार गर्न योग्य वा लायक, व्यवहार गर्न सकिने, व्यवहारमा उतार्न उपयुक्त ।

व्यवहृतः (वि.) व्यवह्रियते स्म इति *(व्यवहार गरिएको)* वि अवपूर्वक हृञ् हरणे (भ्वा.) धातु, वि+अव+हृ+क्त (त), विको यण्= व्यवहृत ।

शब्दार्थ- व्यवहारमा ल्याइएको, व्यवहारमा प्रयोग गरिएको, लेनदेन तथा अन्य व्यवसायमा प्रयोग गरिएको ।

---

[1] ण्वुल्तृचौ : ण्वुल्

[2] अत इनिठनौ : इनि/ठन्

[3] सुप्यजातौ... : णिनि

[4] गत्यर्थाकर्मक... : क्त

[5] द्यतिस्यतिमास्था... : इत्व

[6] ऋहलोर्ण्यत् : ण्यत्

व्यवायः (ना./पुं.) विशेषेण अवायनम् संश्लेषणमिति *(विशेष प्रकारले संश्लेषण वा मैथुनादि क्रिया गर्नु)* वि अव उपसर्गद्वयपूर्वक इण् गतौ (अदा.) धातु, वि+अव+इ+अच् (एरच्), इको गुण, अयादेश, विको यण्, दीर्घ= व्यवाय ।

अथवा वि अवपूर्वक अय गतौ (भ्वा.) धातु, वि+अव +अय्+घञ् (अ), वृद्धि, विको यण्, दीर्घ= व्यवाय ।

व्यवायो ग्राम्यधर्मो मैथुनं निधुवनं रतम्- इत्यमरः

शब्दार्थ- रतिक्रीडा, मैथुनकर्म, सम्भोग, वाधा, अवरोध ।

व्यष्टिः (ना./स्त्री.) व्यशनम्, व्यश्यते इति वा *(वैयक्तिक हुनु)* विपूर्वक अशू व्याप्तौ सङ्घाते च (स्वा.) धातु, वि+अश्+क्तिन् (ति), षत्व, ष्टुत्व, विको यण् =व्यष्टि ।

शब्दार्थ- वैयक्तिकता, समष्टिकै पृथक् पृथक् अंश, व्यक्तिगत हुनाको अवस्था, एक्लोपन ।

व्यसनम् (ना./न.) व्यसनम्, व्यस्यते इति वा *(दुर्व्यसनमा लाग्नु)* विपूर्वक असु क्षेपणे (दिवा.) धातु, वि+अस् +ल्युट् (अन), विको यण्= व्यसन ।

व्यसनं त्वशुभे सक्तौ पानस्त्रीमृगयादिषु
दैवानिष्टफले पापे विपत्तौ निष्फलोद्यमे- इति मेदिनी

शब्दार्थ- खराव कर्ममा लाग्ने काम, पापकर्ममा संलग्न हुने काम, विपत्ति, दुर्भाग्य, अनिष्ट, दुर्व्यसन, खराव आदत, धूम्रपान तथा मद्यपान र परस्त्रीगमन आदि दुर्व्यसनमा लाग्ने काम, निष्फल प्रयत्न ।

व्यसनी (वि.) व्यसनमस्यास्तीति *(दुर्व्यसन छ यसको)* व्यसन+इनि[1] (इन्), अकारलोप, व्यसनिन्= व्यसनी ।

शब्दार्थ- नराम्रो कुलतमा लागेको, धूम्रपान, मदिरापान, परस्त्रीगमन आदि नराम्रो आदतमा फसेको, खरावकर्ममा आसक्त रहेको ।

व्यस्तः (वि.) व्यस्यते स्म इति *(व्यस्त रहेको, फालिएको)* विपूर्वक असु क्षेपणे (दिवा.) धातु, वि+अस्+क्त (त), विको यण्= व्यस्त ।

व्यस्तं तु व्याकुले व्याप्ते- इति विश्वः

शब्दार्थ- फ्याँकेको, यताउति छरिएको, कुनै कार्यमा संलग्न रहेको, व्याकुल भएको, व्यस्त, व्याप्त ।

व्यस्तता (ना./स्त्री.) व्यस्तस्य भावः *(व्यस्त हुनाको भाव वा अवस्था)* व्यस्त+तल् (त)+टाप् (आ)= व्यस्तता ।

शब्दार्थ- व्यस्त हुनाको अवस्था, कुनै काममा संलग्नता, वेफुर्सदी ।

व्याकरणम् (ना./न.) व्याक्रियन्ते विशेषेण उत्पाद्यन्ते शब्दाः अनेन इति *(विशेषरूपले शब्दहरू व्युत्पादन गरिन्छन् यसबाट)* वि आङ्पूर्वक डुकृञ् करणे (तना.) धातु, वि+आ+कृ+ल्युट् (अन), गुण, विको यण् =व्याकरण । अथवा व्याक्रियन्ते अर्थाः अनेन *(अर्थहरू छुट्ट्याइन्छन् यसबाट)* वि+आ+कृ+ल्युट् (अन), गुण, णत्व =व्याकरण ।

शब्दार्थ- शव्द र वाक्यको संरचना विधि र प्रयोगविधिको निरूपण गर्ने शास्त्र, शव्दहरू निरूपण गर्ने शास्त्र, शव्दहरूको विग्रह तथा विश्लेषण र व्युत्पादन गर्ने शास्त्र, वेदका छ अङ्गमध्ये एक, व्याकरणशास्त्र ।

व्याकरणकारः (वि.) व्याकरणं करोतीति *(व्याकरण निर्माण गर्छ)* व्याकरण उपपदमा हुने डुकृञ् करणे (तना.) धातु, व्याकरण+कृ+अण्[2] (अ), वृद्धि =व्याकरणकार ।

शब्दार्थ- व्याकरण वनाउने, व्याकरणशास्त्रको रचना गर्ने, व्याकरणशास्त्रका रचयिता ।

द्रष्टव्य- पाणिनिले आफ्ना सूत्रहरूमा उल्लेख गरेका आफूभन्दा पूर्वका संस्कृतभाषाका व्याकरणकार निम्न थिए- शाकल्य, शाकटायन, भारद्वाज, स्फोटायन, चार्क्रवर्मण, आपिशलि, भागुरि, इन्द्र, चन्द्र, अमर आदि ।

व्याकरणशास्त्रम् (ना./न.) व्याकरणस्य शास्त्रम् *(व्याकरण विषयको शास्त्र)* ष.त.स.= व्याकरणशास्त्र ।

शब्दार्थ-व्याकरणको ग्रन्थ, व्याकरणशास्त्र, व्याकरण विद्या

व्याकरणात्मकः (वि.) व्याकरणम् आत्मा यस्य *(व्याकरण नै मुख्य छ जसको)* व्याकरण+आत्मन्, ब.स., दीर्घ, व्याकरणात्मन्+कप् (क), समासान्त, नलोप =व्याकरणात्मक ।

शब्दार्थ- व्याकरणसम्वन्धी, व्याकरणका नियमहरू मुख्य हुने ।

व्याकरणी (वि.) व्याकरणमस्यास्तीति *(व्याकरणशास्त्र मुख्य छ यसको)* व्याकरण+इनि[1] (इन्), अकारलोप, व्याकरणिन् =व्याकरणी ।

शब्दार्थ- व्याकरण जान्ने, व्याकरणवेत्ता, व्याकरणशास्त्रको विशेषज्ञ, व्याकरणको विद्वान्, वैयाकरणी ।

व्याकुलः (वि.) व्याकोलतीति *(व्याकुल हुन्छ)* वि आङ्पूर्वक कुल संस्त्याने वन्धुषु च (भ्वा.) धातु, वि+आ+कुल्+क[3] (अ), यण्= व्याकुल ।

अथवा आकोलतीति *(आकुल हुन्छ)* आ+कुल्+क (अ), आकुलः । विशेषेण आकुलः (विशेषरूपले आकुल भएको) प्रा.त.स., यण्= व्याकुल ।

शब्दार्थ- आकुल, कर्तव्यकर्मवाट विमुख रहेको, विक्षुब्ध, मानसिक शान्ति नभएको, विह्वल ।

व्याकुलता (ना./स्त्री.) व्याकुलस्य भावः *(व्याकुल हुनाको भाव वा अवस्था)* व्याकुल+तल् (त)+टाप् (आ) =व्याकुलता ।

शब्दार्थ- व्याकुल हुनाको स्थिति, विकलता, विक्षुब्धता ।

उदा. **भित्री व्याकुलता र दाह उसको छुट्दैन कत्ति पनि- पिंजराको प्यासा मैना (लालित्य)**

---

[1] अत इनिठनौ : इनि

[2] कर्मण्यण् : अण्

[3] इगुपधज्ञा... : क

व्याकुलितः (वि.) व्याकुलः सञ्जातः अस्य *(व्याकुल अवस्था पैदा भएको छ यसको)* व्याकुल+इतच् (इत) =व्याकुलित ।

अथवा व्याकोलति स्म इति *(व्याकुल भएको)* वि आङ्पूर्वक कुल संस्त्याने बन्धुषु च (भ्वा.) धातु, वि+आ+कुल्+क्त (त), कर्तामा, इडागम, विको यण्= व्याकुलित ।

शब्दार्थ- व्याकुल भएको, हडवढाएको, विक्षुब्ध भएको, मनस्थिति स्थिर नभएको, आत्तिएको, उद्विग्न, व्यग्र ।

व्याख्या (ना./स्त्री.) व्याख्यायते इति *(व्याख्यान गरिन्छ)* वि आङ्पूर्वक ख्या प्रकथने वा चक्षिङ् व्यक्तायां वाचि (अदा.) धातु, ख्याञादेश, वि+आ+ख्या+अङ्[१] (अ), आकारलोप, विको यण्, व्याख्य+टाप् (आ) =व्याख्या ।

अथवा वि+आ+चक्ष्+अ[२] (प्रत्यय), धातुको ख्याआदेश, आकारलोप, विको यण्, व्याख्य+टाप् (आ)=व्याख्या ।

शब्दार्थ- कुनै कुरा खुलस्त पारेर गरिएको वर्णन, कुनै ग्रन्थको अर्थ स्पष्ट हुने गरी लेखिएको टीका वा भाष्य, कुनै पद वा वाक्य वा कविता वा गद्य आदिको अर्थ स्पष्ट गर्ने काम ।

व्याख्याकारः (ना./पुं.) व्याख्यां करोतीति *(व्याख्या गर्छ)* व्याख्या उपपदपूर्वक डुकृञ् करणे (तना.) धातु, व्याख्या+कृ+अण्[३] (अ)= व्याख्याकार ।

शब्दार्थ- व्याख्या गर्ने व्यक्ति, अर्थ स्पष्ट हुने गरी टीका लेख्ने र भाष्य गर्ने व्यक्ति ।

व्याख्याक्रमः (ना./पुं.) व्याख्यायाः क्रमः *(व्याख्याको क्रम)* ष.त.स.= व्याख्याक्रम ।

शब्दार्थ- कुनै अपठचारा कविता वा अन्य गद्यपद्य आदिको व्याख्या गर्ने क्रम, अर्थस्पष्ट गर्ने काम ।

व्याख्यातः (वि.) व्याख्यायते स्म इति *(व्याख्या गरिएको)* वि आङ्पूर्वक ख्या प्रकथने वा चक्षिङ् व्यक्तायां वाचि (अदा.) धातु, वि+आ+ख्या+चक्ष्+क्त (त), चक्ष्को ख्याञादेश, विको यण्= व्याख्यात ।

शब्दार्थ- व्याख्या गरिएको, कथित, वर्णन गरिएको, वर्णित, स्पष्टीकृत, टीका लेखिएको ।

व्याख्याता (वि.) व्याख्याति, व्याचष्टे इति वा *(व्याख्या गर्छ)* वि आङ्पूर्वक ख्या प्रकथने वा चक्षिङ् व्यक्तायां वाचि (अदा.) धातु, वि+आ+ख्या/चक्ष्+तृच्[४] (तृ), चक्ष्को ख्याञादेश, विको यण्, व्याख्यातृ=व्याख्याता ।

शब्दार्थ- व्याख्या गर्ने, वर्णन गर्ने, टीका लेख्ने, भाष्यकार, व्याख्याकार ।

व्याख्यात्मकः (वि.) व्याख्या एव आत्मा यस्य *(व्याख्या नै मुख्य छ जसको)* व्याख्या+आत्मन्+कप् (क), समासान्त, ब.स., दीर्घ, नलोप= व्याख्यात्मक ।

शब्दार्थ- व्याख्याले परिपूर्ण, व्याख्या नै मुख्य भएको ।

व्याख्यानम् (ना./न.) व्याख्यानम्, व्याख्यायते इति वा *(व्याख्या गरिन्छ)* वि आङ्पूर्वक ख्या प्रकथने (अदा.) धातु, वि+आ+ख्या+ल्युट् (अन), दीर्घ= व्याख्यान ।

शब्दार्थ- व्याख्या गर्ने काम, व्याख्यान गर्ने वा वर्णन गर्ने काम, अभिभाषण, कुनै गद्य तथा पद्यादिको व्याख्या ।

व्याख्यानमाला (ना./स्त्री.) व्याख्यानस्य माला *(व्याख्यानको माला)* ष.त.स.= व्याख्यानमाला ।

शब्दार्थ- व्याख्यानको क्रम, व्याख्यान गर्ने क्रमवद्धता, प्रवचन गर्ने शृङ्खलावद्धता ।

व्याख्यानविधिः (ना./पुं.) व्याख्यानस्य *विधिः (व्याख्यानको विधि)* ष.त.स.= व्याख्यानविधि ।

शब्दार्थ- प्रवचनको तरिका वा ढङ्ग, व्याख्यान दिने पद्धति ।

व्याख्येयः (वि.) व्याख्यातुं योग्यः, व्याख्यायते इति वा *(व्याख्या गर्न योग्य)* वि आङ्पूर्वक ख्या प्रकथने (अदा.) धातु, वि+आ+ख्या+यत्[५] (य), ख्याको ईत्व, गुण, विको यण्= व्याख्येय ।

शब्दार्थ- व्याख्या गर्न योग्य वा लायक, व्याख्या गर्नुपर्ने, भाषण गर्न लायक वा योग्य ।

व्याघातः (ना./पुं.) व्याहननम्, व्याहन्यते इति वा *(प्रहार गरिन्छ)* वि आङ्पूर्वक हन हिंसागत्योः (अदा.) धातु, वि+आ+हन्+घञ् (अ), हन्का नको त[६], वृद्धि, हको कुत्व, विको यण्= व्याघात ।

शब्दार्थ- प्रहार, थप्पड, चोट, आघात, विघ्न, अवरोध, ज्योतिषशास्त्रमा एउटा अशुभयोग ।

व्याघ्रः (ना./पुं./स्त्री.) व्याजिघ्रतीति *(सुँघ्छ)* वि आङ्पूर्वक घ्रा गन्धोपादाने (भ्वा.) धातु, वि+आ+घ्रा+क[७] (अ), उणा., आकारलोप, विको यण्= व्याघ्र ।

व्याघ्रः स्यात् पुंसि शार्दूले रक्तैरण्डकरञ्जयोः
श्रेष्ठे नराद्युत्तरस्थः कण्टकार्यान्तु योषिति- इति मेदिनी

शब्दार्थ- बाघ, चितुवा, शार्दूल, रातो अडिर, कण्टकारी ।

द्रष्टव्य- समासको अन्त्यमा प्रयोग हुँदा 'व्याघ्र' शब्दले श्रेष्ठ, सर्वोत्तम आदि अर्थ बुझाउँछ, जस्तै नरश्रेष्ठ ।

व्याघ्रचर्म (ना./न.) व्याघ्रस्य चर्म *(बाघको चर्म)* ष.त.स.= व्याघ्रचर्म ।

शब्दार्थ- बाघको छाला, बाघाम्बर ।

व्याघ्रनखः (ना./पुं.) व्याघ्रस्य नखः *(बाघको नङ)* ष.त.स.= व्याघ्रनख ।

शब्दार्थ- बाघको नङ, बाघको नङ्ग्रा ।

व्याघ्रपाद्/व्याघ्रपात् (ना./पुं./वि.) व्याघ्रस्य पादः/ व्याघ्रस्येव पादावस्य *(बाघको पाउ/बाघका जस्ता पाउ छन् यसका)* ष.त.स./ब.स., 'पाद्' शब्दको अकारलोप, चर्त्व (विकल्पले)= व्याघ्रपाद्/व्याघ्रपात् ।

शब्दार्थ-बाघको खुट्टा वा पाउ, बाघको जस्तो खुट्टा भएको

---

[१] आतश्चोपसर्गे... : अङ्

[२] गुरोश्च हलः : अ

[३] कर्मण्यण् : अण्

[४] ण्वुल्तृचौ : तृच्

[५] अचो यत् : यत्

[६] हनस्तो चिण्णलो...: नको त

[७] व्याङि घ्रातेश्च.../आतश्चोपसर्गे... : क

व्याघ्रपादः (ना./पुं.) व्याघ्रस्य पादः *(बाघको खुट्टा)* ष.त.स.= व्याघ्रपाद ।

शब्दार्थ- बाघका खुट्टा, बाघका पाउ, बाघका पञ्जा ।

व्याघ्रपुच्छः (वि./ना./न.) व्याघ्रस्य पुच्छमिव पुच्छं यस्य *(बाघको पुच्छर जस्तै पुच्छर छ जसको)* ब.स. =व्याघ्रपुच्छ ।

अथवा व्याघ्रस्य पुच्छम् *(बाघको पुच्छर)* ष.त.स. = व्याघ्रपुच्छ ।

शब्दार्थ- बाघको जस्तो पुच्छर भएको, बाघको पुच्छर ।

व्याघ्रभयम् (ना./न.) व्याघ्राद् भयम् *(बाघबाट भय)* प.त.स.= व्याघ्रभय ।

शब्दार्थ- बाघदेखि भय, बाघबाट डराउने काम, बाघबाट भय उत्पन्न हुने काम ।

व्याघ्री (ना./स्त्री.) व्याघ्रस्य स्त्री *(बाघकी स्त्री)* ष.त.स., व्याघ्र+ङीष् (ई)= व्याघ्री ।

शब्दार्थ- बाघकी स्त्री, बघिनी, पोथी बाघ ।

व्याजः (ना./पुं.) व्यजन्ति छिपन्ति अनेन वा व्यजन्ति यथार्थव्यवहारात् अपगच्छन्तीति *(यसबाट धोका बान्छन् वा यथार्थ व्यवहारबाट विचलन हुन्छन्)* विपूर्वक अज गतिक्षेपणयोः (भ्वा.) धातु, वि+अज्+घञ्[1] (अ), अज्को वृद्धि, विको यण्= व्याज ।

कपटोऽस्त्री व्याजदम्भोपधयश्छद्मकैतवे- इत्यमरः

शब्दार्थ- छलकपट, धोका, देखावटीपना, बहाना, दम्भ, छद्म, शाठ्य, जालझेल ।

व्याजनिन्दा (ना./स्त्री.) व्याजेन निन्दा *(देखावटीपनको स्तुतिबाट निन्दा बुझिने)* तृ.त.स.= व्याजनिन्दा ।

शब्दार्थ- एक अर्थालङ्कार, जसमा वाच्यार्थद्वारा निन्दा र व्यङ्ग्यार्थद्वारा प्रशंसा गरिएको हुन्छ, व्यङ्ग्योक्ति ।

व्याजस्तुतिः (ना./स्त्री.) व्याजेन स्तुतिः *(निन्दाद्वारा स्तुति बुझिने)* तृ.त.स.= व्याजस्तुति ।

शब्दार्थ- एक अर्थालङ्कार जसमा वाच्यार्थले प्रशंसा र व्यङ्ग्यार्थले निन्दा अर्थ बुझाएको हुन्छ, व्यङ्ग्योक्ति ।

व्याजोक्तिः (ना./स्त्री.) व्याजेन उक्तिः *(कपटद्वारा उक्ति)* तृ.त.स., गुण= व्याजोक्ति ।

शब्दार्थ- एक अर्थालङ्कार, जसमा प्रकट भइसकेको कुरालाई छलकपटद्वारा लुकाइन्छ, जालझेलको कुरा ।

व्याधः (ना./पुं.) विध्यतीति *(ताडना गर्छ, वध गर्छ)* व्यध ताडने (दिवा.) धातु, व्यध्+ण[2] (अ), वृद्धि= व्याध ।

शब्दार्थ- सिकारी, जङ्गली जनावरहरूलाई मार्ने व्यक्ति ।

व्याधिः (ना./पुं.) विविधा आधयः अस्मात् *(यसबाट धेरै रोगहरू हुन्छन्)* वि आङ्पूर्वक डुधाञ् धारणपोषणयोः (जुहो.) धातु, वि+आ+धा+कि[3] (इ), आलोप, गुण, विको यण्= व्याधि ।

स्त्री रुग्रुजा चोपतापरोगव्याधिगदामयः- इत्यमरः

व्याधिः कुष्ठे च रोगे च- इति मेदिनी

शब्दार्थ- रोग, व्याधि, आमय, कुष्टरोग, व्यथा, वेदना, पीडा, ताप, सङ्कट ।

व्याधितः (वि.) व्याधिः सञ्जातः अस्य *(रोग उत्पन्न भएको छ यसको)* व्याधि+इतच्[4] (इत), इकारलोप =व्याधित ।

शब्दार्थ- रोगले पीडित, रोगले सताएको, रोगाएको, रोगग्रस्त, व्याधिपीडित, बिरामी, रोगी ।

व्यानः (ना./पुं.) व्यनिति सर्वशरीरं व्याप्नोति अनेन इति *(सबै शरीर ढाक्छ यसले)* विपूर्वक अन प्राणने (अदा.) धातु, वि+अन्+घञ्[5] (अ), वृद्धि, विको यण् =व्यान ।

व्यानः सर्वशरीरगः - इत्यमरः

शब्दार्थ- शरीरमा रहने पाँच प्राणादि वायुहरूमध्ये एक, जो सबै शरीरमा व्याप्त भएर रहन्छ ।

व्यापकः (वि.) व्याप्नोतीति *(ढाक्तछ)* विपूर्वक आप्लृ व्याप्तौ (स्वा.) धातु, वि+आप्+ण्वुल्[6] (अक), यण् =व्यापक ।

शब्दार्थ- सबैतिर फैलिएको, सर्वत्र ढाकेको, व्याप्त भएको, विस्तृत, विशाल ।

व्यापकता (ना./स्त्री.) व्यापकस्य भावः *(व्यापक हुनाको भाव वा अवस्था)* व्यापक+तल् (त)+टाप् (आ) =व्यापकता ।

शब्दार्थ- फैलावट, विस्तृति, व्यापकपना ।

व्यापारः (ना./पुं.) व्याप्रियते अनेन *(व्यापार वा व्यवसाय गरिन्छ यसबाट)* वि आङ्पूर्वक पृङ् व्यायामे (तुदा.) धातु, वि+आ+पृ+घञ् (अ), वृद्धि, विको यण् = व्यापार ।

शब्दार्थ- मालसामान खरिदबिक्री गर्ने काम, वाणिज्य, बेपार, कुनै काममा संलग्नता, व्यवसाय, कार्यपद्धति, उद्योग ।

व्यापारिकः (वि.) व्यापारादागतः, व्यापारेण निर्वृत्तः, व्यापारेण चरति, व्यापारस्य अयम् (*क्रमशः- व्यापारबाट आएको, व्यापारद्वारा परिपूर्ण भएको, व्यापारद्वारा निर्वाह गर्छ, व्यापारको यो)* व्यापार+ ठक्[7]/ठञ् (इक)= व्यापारिक ।

शब्दार्थ- व्यापार गर्ने, किनबेच गर्ने, व्यापारको कारोबार गर्ने, व्यापार गरेर जीविका चलाउने, व्यापार-सम्बन्धी, व्यापारसित सम्बन्धित ।

व्यापारी (वि.) व्यापारः अस्यास्तीति *(व्यापार व्यवसाय छ यसको)* व्यापार+इनि[8] (इन्), अकारलोप, व्यापारिन् =व्यापारी ।

शब्दार्थ-व्यापार गर्ने, किनबेच गर्ने, बेपारी, क्रेताविक्रेता ।

---

१. हलश्च : घञ्
२. स्यास्नुव्यधाश्रु... : ण
३. उपसर्गे घोः किः : कि
४. तदस्य सञ्जातम्... : इतच्
५. अकर्तरि च कारके.. : घञ्
६. ण्वुल्तृचौ : ण्वुल्
७. ठगायस्थानेभ्यः/तेन निर्वृत्तम्/तदर्हतीति : ठक्/ठञ्
८. अत इनिठनौ : इनि

व्यापी (वि.) व्याप्नोतीति *(ढाक्छ)* विपूर्वक आप्लृ व्याप्तौ (स्वा.) धातु, वि+आप्+णिनि[1] (इन्), विको यण्, व्यापिन्= व्यापी ।

शब्दार्थ- सबैतिर ढाक्ने, सर्वत्र फैलिने, व्यापक, व्याप्त हुने ।

द्रष्टव्य- यो शब्द नामवाचक शब्दको पछाडि जोडिएर पनि आउँछ, जस्तैः विश्वव्यापी ।

व्याप्तः (वि.) व्याप्यते स्म इति *(ढाकिएको)* विपूर्वक आप्लृ व्याप्तौ (स्वा.) धातु, वि+आप्+क्त (त), विको यण् =व्याप्त ।

शब्दार्थ- चारैतिर ढाकिएको, व्याप्त भएको, फैलिएको, फिँजिएको, विस्तार गरिएको ।

व्याप्तिः (ना./स्त्री.) व्यापनम्, व्याप्यते इति वा *(फैलिन्छ)* विपूर्वक आप्लृ व्याप्तौ (स्वा.) धातु, वि+आप्+क्तिन्[2] (ति), यण्= व्याप्ति ।

शब्दार्थ- व्यापकता, सर्वत्र फैलिएर रहने क्रिया, प्रसार, विस्तार, फैलावट, न्यायशास्त्र-अनुसार एक पदार्थको अस्तित्वमा अर्को पदार्थको पनि अस्तित्व हुने क्रिया, पूर्ण मिलन, पूर्णता ।

व्याप्यः (वि.) व्याप्यते, व्याप्तुं योग्यः वा *(ढाकिन्छ, ढाक्न योग्य)* विपूर्वक आप्लृ व्याप्तौ (स्वा.) धातु, वि+आप्+ण्यत्[3] (य), विको यण्= व्याप्य ।

शब्दार्थ-व्यापक हुन योग्य, परिपूर्ण हुन लायक, फैलिने ।

व्यामोहः (ना./पुं.) व्यामुह्यति अत्र संसारे *(सांसारिक विषयवासनामा लट्पटिन्छ)* वि आङ्पूर्वक मुह वैचित्ये (दिवा.) धातु, वि+आ+मुह्+घञ्[4] (अ), गुण, विको यण्= व्यामोह ।

शब्दार्थ- अज्ञान, उन्माद, अविद्या, व्याकुलता, सम्मोह, सांसारिक विषय वन्धनमा फस्ने काम ।

उदा. **घन्कन्छ आँखिर व्यामोहको नै खालि गगनमा बाँसुरी- जीवन ज्योति ३ (लालित्य)**

व्यायामः (ना./पुं.) व्यायमनम्, व्यायम्यते इति वा *(कसरत गरिन्छ)* वि आङ्पूर्वक यम परिवेषणे (चुरा.) वा यम उपरमे (भ्वा.) धातु, वि+आ+यम्+ घञ् (अ), विको यण्, वृद्धि= व्यायाम ।

शब्दार्थ- शारीरिक अभ्यास, कसरत, परिश्रम, प्रयत्न, प्रयास, फैलाउने क्रिया ।

व्यायामभूमिः (ना./स्त्री.) व्यायामाय भूमिः *(व्यायामको लागि भूमि)* च.त.स.= व्यायामभूमि ।

शब्दार्थ- व्यायाम गर्नको लागि ठाउँ, व्यायामशाला, व्यायामस्थल ।

व्यायामशाला (ना./स्त्री.) व्यायामाय शाला *(व्यायाम गर्नको लागि शाला वा घर)*च.त.स.=व्यायामशाला ।

शब्दार्थ- व्यायाम गर्ने घर, व्यायामभूमि, व्यायामस्थल, कसरत गर्ने ठाउँ ।

व्यायामी (वि.) व्यायामः अस्यास्तीति *(व्यायाम छ यसको)* व्यायाम+इनि[5] (इन्), अकारलोप, व्यायामिन् =व्यायामी ।

अथवा व्यायन्तुं शीलमस्य *(व्यायाम गर्ने शील छ यसको)* वि आङ्पूर्वक यम उपरमे (भ्वा.) धातु, वि+आ+यम्+णिनि[6] (इन्), वृद्धि, विको यण्, व्यायामिन् = व्यायामी ।

शब्दार्थ- व्यायाम गर्ने, शारीरिक कसरत गर्ने, नियमित रूपमा शारीरिक परिश्रम गर्ने ।

व्यावसायिकः (वि.) व्यवसायेन चरति, व्यवसायादागतः, व्यवसायमर्हतीति वा *(व्यवसायद्वारा निर्वाह गर्छ, व्यवसायबाट आएको, व्यवसाय गर्न योग्य हुन्छ)* व्यवसाय+ठक्[7]/ठञ् (इक), आदिवृद्धि= व्यावसायिक ।

शब्दार्थ- व्यवसायवाट निर्वाह गर्ने, व्यवसायसम्वन्धी, व्यवसाय गर्न योग्य, व्यवसाय गर्ने ।

व्यावहारिकः (वि.) व्यवहारादागतः, व्यवहारेण चरति, व्यवहारमर्हतीति वा *(व्यवहारबाट आएको, व्यवहारद्वारा निर्वाह गर्छ, व्यवहार गर्न योग्य)* व्यवहार+ठक्[7]/ठञ् (इक), आदिवृद्धि, अकारलोप= व्यावहारिक ।

शब्दार्थ- व्यवहारवाट निर्वाह गर्ने, व्यवहार गर्नमा निपुण, व्यवहारसित सम्वन्धित, व्यवहारसम्वन्धी ।

व्यावहारिकता (ना./स्त्री.) व्यवहारिकस्य भावः *(व्यवहारिक हुनाको भाव वा अवस्था)* व्यवहारिक+ तल् (त)+टाप् (आ)= व्यावहारिकता ।

शब्दार्थ- व्यावहारिकपना, व्यावहारिक हुनाको स्थिति वा अवस्था ।

व्यासः (ना./पुं.) व्यसनम्, व्यस्यते इति वा *(विस्तार वा विभाजन गरिन्छ)* विपूर्वक अस गतिक्षेपणयोः (भ्वा.) वा असु क्षेपणे (दिवा.) धातु, वि+अस्+घञ् (अ), वृद्धि, विको यण्= व्यास ।

शब्दार्थ- विस्तार, प्रसार, फैलावट, अठारपुराण र महाभारतका रचयिता व्यास ऋषि, वेदलाई विभाजन गर्ने वेदव्यास, कृष्णद्वैपायन, पुराणवाचक विद्वान्, वृत्तको व्यास ।

व्यासप्रसादः (ना./पुं.) व्यासस्य प्रसादः *(व्यासको अनुग्रह)* ष.त.स.= व्यासप्रसाद ।

शब्दार्थ- महर्षि व्यासजीको अनुग्रह वा कृपा ।

व्यासार्धः (ना./पुं./न.) व्यासस्य अर्धः *(व्यासको आधा भाग)* ष.त.स.= व्यासार्ध ।

शब्दार्थ- व्यासको आधा भाग, वृत्तको आधा भाग ।

---

[1] नन्दिग्रहिपचादि... : णिनि

[2] स्त्रियां क्तिन् : क्तिन्

[3] ऋहलोर्ण्यत् : ण्यत्

[4] हलश्च : घञ्

[5] अत इनिठनौ : इनि

[6] सुप्यजातौ... : णिनि

[7] ठगायस्थानेभ्यः.../तदर्हति/चरति : ठक्/ठञ्

व्याहत: (वि.) विशेषेण आहन्यते स्म इति *(विशेषरूपले धक्का दिइएको)* वि आङ्पूर्वक हन हिंसागत्यो: (अदा.) धातु, वि+आ+हन्+क्त (त), नलोप, विको यण्= व्याहत ।

शब्दार्थ- ज्यादै धकेलिएको, व्याकुल, हडवडाएको, आघात पुऱ्याइएको, निषिद्ध, अवरूद्ध, रोकिएको ।

व्याहार: (ना./पुं.) व्याहरणम्, व्याह्रियते इति वा *(व्यक्त गरिन्छ)* वि आङ्पूर्वक हृञ् हरणे (भ्वा.) धातु, वि+आ+हृ+घञ् (अ), वृद्धि, विको यण्= व्याहार ।

व्याहार उक्तिर्लपितं भाषितं वचनं वच: - इत्यमर:

शब्दार्थ- वचन, वोली, भाषण, उक्ति, आवाज, ध्वनि ।

व्याहृत: (वि.) व्याह्रियते स्म इति *(वताइएको)* वि आङ्पूर्वक हृञ् हरणे (भ्वा.) धातु, वि+आ+हृ+क्त (त), विको यण्= व्याहृत ।

शब्दार्थ- उच्चारण गरिएको, वताइएको, भनिएको, वोलिएको ।

व्याहृति: (ना./स्त्री.) व्याहरणम्, व्याह्रियते इति वा *(उच्चारण गरिन्छ)* वि आङ्पूर्वक हृञ् हरणे (भ्वा.) धातु, वि+आ+हृ+क्तिन्[1] (ति), यण्= व्याहृति ।

शब्दार्थ- वचन, भाषण, उच्चारण, वक्तव्य, अभिव्यक्ति, गायत्रीमन्त्रको अगाडि आउने तीन र चार शब्दहरू वा व्याहृति, दुवै जोड्दा हुने सात शब्दहरू वा व्याहृति ।

द्रष्टव्य- तीन र सात शब्दहरू वा व्याहृति निम्न छन्-
भू- भूलोक, **भूव:** -अन्तरीक्षलोक,
स्व: -द्युलोक (स्वर्गलोक)- यी तीन व्याहृति ।
मह: -प्रकाश वा ज्योति वा महर्लोक,
जन: -जनलोक, **तप:** -तपलोक,
सत्यम्- सत्यलोक- यी चार व्याहृति । जम्मा सात व्याहृतिहरू ।

व्युत्क्रम: (ना./पुं.) व्युत्क्रमणम्, व्युत्क्रम्यते इति वा *(अतिक्रमण गरिन्छ)* वि उत्पूर्वक क्रमु पादविक्षेपे (भ्वा.) धातु, वि+उत्+क्रम्+घञ् (अ), वृद्धिनिषेध, विको यण्= व्युत्क्रम ।

शब्दार्थ- अतिक्रमण, उल्लङ्घन, विचलन, उल्टोक्रम, वैपरीत्य, सिलसिला भङ्ग ।

व्युत्पत्ति: (ना./स्त्री.) व्युत्पद्यते इति *(व्युत्पत्ति गरिन्छ)* वि उत्पूर्वक पद गतौ (चुरा.) धातु, वि+उत्+पद्+क्तिन्[1] (ति), विको यण्= व्युत्पत्ति ।

शब्दार्थ- शब्दहरूको निर्वचन गर्ने काम, शब्दहरूको प्रकृतिप्रत्यय छुट्ट्याउने काम, शब्दहरूको व्युत्पत्ति देखाउने वा विग्रह गर्ने काम ।

व्युत्पन्न: (वि.) व्युत्पद्यते स्म इति *(व्युत्पक्ति गरिएको)* वि उत्पूर्वक पद गतौ (दिवा.) धातु, वि+उत्+पद् +क्त (त), कर्ता र भावमा, निष्ठा तको न[2], परसवर्ण, विको यण्= व्युत्पन्न ।

शब्दार्थ- उत्पत्ति गरिएको, निर्वचन गरिएको, शव्दहरूको प्रकृति-प्रत्यय छुट्ट्याइएको, पढेलेखेको विद्वान्, राम्रो नराम्रो छुट्ट्याउन सक्ने उपसर्ग वा प्रत्यय जोडेर विशेष प्रक्रियावाट वनेका (शव्द) ।

व्युत्पादक: (वि.) व्युत्पदयते *(व्युत्पत्ति देखाउँछ)* वि उत्पूर्वक पद गतौ (चुरा.) धातु, वि+उत्+पद्+ण्वुल्[3] (अक), पद्को वृद्धि, विको यण्= व्युत्पादक ।

शब्दार्थ- व्युत्पत्ति देखाउने, शव्दहरूको निर्वचन देखाउने, व्युत्पादन गर्ने ।

व्युत्पादनम् (ना./न.) व्युत्पादनम्, व्युत्पाद्यते इति वा *(व्युत्पादन गरिन्छ)* वि उत्पूर्वक पद गतौ (चुरा.) धातु, वि+उत्+पद्+णिचि+ल्युट् (अन), वृद्धि, णिलोप, विको यण्= व्युत्पादन ।

शब्दार्थ- व्युत्पादन गर्ने वा शव्दहरूको मूलरूप र प्रकृति प्रत्यय छुट्ट्याएर देखाउने प्रक्रिया, शव्दहरूको व्युत्पत्ति वा विग्रह देखाउने काम ।

व्यूढ: (वि.) विशेषेण उह्यते स्म इति *(विशेष रूपले फुकेको वा फैलिएको)* विपूर्वक वह प्रापणे (भ्वा.) धातु, वि+वह्+क्त (त), वको उ[4] (सम्प्रसारणवाट), तको ध[5], हको ढत्व, ष्टुत्व, ढलोप[6], दीर्घ[7], विको यण्= व्यूढ ।

व्यूढ: संहतविन्यस्तपृथुलेष्वभिधेयवत्- इति मेदिनी

शब्दार्थ- फुकेको, विशाल, ठूलो, फुलेको, विकसित, क्रमवद्ध, सिलसिला मिलेको, संरक्षित, राखेको ।

व्यूह: (ना./पुं.) व्यूहते, व्यूह्यते इति वा *(सैनिक संरचना गर्छ वा गरिन्छ)* विपूर्वक ऊह वितर्के (भ्वा.) धातु, वि+ऊह्+क/घञ् (अ), यण्= व्यूह ।

शब्दार्थ- समूह, सैनिक-विन्यास, सैनिक-संरचना, युद्धमा सैन्यहरूलाई राम्ररी मिलाएर राख्ने काम, ज्यादा तर्कवितर्क गर्ने क्रिया ।

व्यूहनिर्माणम् (ना./न.) व्यूहस्य निर्माणम् *(व्यूहको निर्माण)* ष.त.स.= व्यूहनिर्माण ।

शब्दार्थ- व्यूहरचना, सैन्यसमूहको निर्माण, सैन्यशक्तिलाई मिलाएर राख्ने काम ।

व्यूहभङ्ग: (ना./पुं.) व्यूहस्य भङ्ग: *(व्यूहको भङ्ग)* ष.त.स. =व्यूहभङ्ग ।

शब्दार्थ- युद्धमा सैन्यसंरचना तोड्ने काम, सेनाको समूहलाई भङ्ग गर्ने वा तितरवितर गर्ने काम ।

व्यूहरचना (ना./स्त्री.) व्यूहस्य रचना *(व्यूहको निर्माण)* ष.त.स.= व्यूहरचना ।

शब्दार्थ- युद्धमा सेनाको समूहलाई मिलाएर राख्ने काम, व्यूहनिर्माण, फौजी सङ्गठनको संरचना गर्ने काम ।

---

[1] स्त्रियां क्तिन् : क्तिन्
[2] रदाभ्यां... : निष्ठा तको न
[3] ण्वुल्तृचौ : ण्वुल्
[4] ग्रहिज्यावहि...: वको उ
[5] झषस्तथो... : तको ध
[6] ढो ढे लोप: : ढलोप
[7] ढ्रलोपे पूर्वस्य : दीर्घ

व्योम (ना./न.) व्ययतीति *(संवरण गर्छ, व्याप्त हुन्छ)* व्येञ् संवरणे (भ्वा.) धातु, व्ये+मनिन्[1] (मन्), उणा., व्येको उत्व निपातन, गुण, व्योमन्= व्योम ।

व्योम-वारिणि चाकाशे भास्करस्यार्चनाश्रये- इति मेदिनी

शब्दार्थ- आकाश, नभोमण्डल, गगन, अन्तरीक्ष, अम्वर, सूर्यमन्दिर, सूर्यको पूजा गर्ने स्थान, पानी, जल ।

व्योमचरः (वि.) व्योम्नि चरतीति *(आकाशमा विचरण गर्छ)* व्योमपूर्वक चर गतिभक्षणयोः (भ्वा.) धातु, व्योम+चर्+ट (अ)= व्योमचर ।

शब्दार्थ- आकाशचारी, गगनविहारी (चरा, हवाईजहाज, देवता, सूर्य, चन्द्रमा, राक्षस) ।

व्योमचारी (वि./ना./पुं.) व्योम्नि चरितुं शीलमस्य *(आकाशमा घुम्ने शील छ यसको)* व्योमन् उपपदपूर्वक चर गतिभक्षणयोः (भ्वा.) धातु, व्योमन्+चर्+णिनि[2] (इन्), वृद्धि, व्योमचारिन् =व्योमचारी ।

शब्दार्थ- आकाशगामी, आकाशमा विचरण गर्ने- देवता, पन्छी, ग्रहनक्षत्र, राक्षस, सूर्य, चन्द्रमा ।

व्योममण्डलम् (ना./न.) व्योम्नि (दृश्यमानम्) मण्डलम् *(आकाशमा (देखिने) मण्डल)* स.त.स., नलोप =व्योममण्डल ।

शब्दार्थ- नभोमण्डल, आकाशमण्डल, झण्डा, पताका ।

व्योमयानम् (ना./न.) व्योम्नि यान्ति अनेन *(आकाशमा हिड्छन् यसबाट)* वा योम्नि यातीति *(आकाशमा विचरण गर्छ)* व्योमन् उपपदपूर्वक या गतिप्रापणयोः (अदा.) धातु, व्योम+या+ल्युट् (अनं)= व्योमयान ।

शब्दार्थ- विमांन, आकाशमा उड्ने- हवाईजहाज, चरा, आदि ।

व्रजः (ना./पुं.) व्रजति, व्रजन्ति अस्मिन् इति वा *(जान्छ, घुम्छन् यसमा)* व्रज गतौ (भ्वा.) धातु, व्रज्+अच् (पचादि)/घ[3] (अ)= व्रज ।

गोष्ठाध्वनिवहाव्रजाः - इत्यमरः

शब्दार्थ- गोठ, गौशाला, वाटो, समूह, समुदाय, समुच्चय, मथुरा र वृन्दावनको नजिक पर्ने एक क्षेत्र ।

व्रजभाषा (ना./स्त्री.) व्रजस्य भाषा *(व्रज अर्थात् मथुराको आसपासको भाषा)* ष.त.स.= व्रजभाषा ।

शब्दार्थ- मथुराको यताउति क्षेत्रमा वोलिने स्थानीय भाषा, रीतिकालीन हिन्दी साहित्यको मुख्यभाषा ।

व्रजवधूः (ना./स्त्री.) व्रजस्य वधूः *(व्रजका वधूहरू)* ष.त.स. = व्रजवधू ।

शब्दार्थ- व्रजका युवतीजन, व्रजनारी, व्रजका स्त्रीहरू, व्रजमा वस्ने आइमाई, गोपिनीहरू ।

व्रजाङ्गना (ना./स्त्री.) व्रजस्य अङ्गना *(व्रजका स्त्रीजन)* ष.त.स.= व्रजाङ्गना ।

शब्दार्थ- व्रजनारी, व्रजस्त्री, गोपिनीहरू, व्रजमा वस्ने आइमाई, व्रजवधू ।

व्रजेशः (ना./पुं.) व्रजस्य ईशः *(व्रजका ईश)* ष.त.स., गुण= व्रजेश ।

शब्दार्थ- व्रजका स्वामी, श्रीकृष्ण, व्रजका मालिक ।

व्रणः (ना./पुं./न.) व्रणति, व्रणयतीति वा *(शब्द गर्छ, चोट लाग्छ)* व्रण शव्दे (भ्वा.) वा व्रण गात्रविचूर्णने (चुरा.) धातु, व्रण्+अच् (पचादि)= व्रण ।

व्रणोऽस्त्रियामीर्ममरुः- इत्यमरः

शब्दार्थ- घाउ, चोट, खत, क्षतविक्षत हुने काम ।

व्रणकारी/व्रणकृत् (वि.) व्रणं कर्तु शीलमस्य *(चोट लगाउने शील छ यसको)* वा व्रणं करोतीति *(घाउ पार्छ, घाउ बनाउँछ)* व्रण उपपदपूर्वक डकृञ् करणे (तना.) धातु, व्रण+कृ+णिनि[2] (इन्), वृद्धि, व्रणकारिन् =व्रणकारी ।

व्रण+कृ+क्विप्, तुगागम, क्विप्को सर्वलोप= व्रणकृत् ।

शब्दार्थ- घाउ लगाउने, चोट लगाउने, घाउ पार्ने ।

व्रणितः (वि.) व्रणः सञ्जातः अस्य *(घाउ लागेको छ यसको)* व्रण+इतच्[4] (इत)= व्रणित ।

शब्दार्थ- घाउ लागेको, चोट लागेको, घाउ भएको ।

व्रतम् (ना./न.) वृणाति, व्रियते इति वा *(नियममा आवद्ध रहन्छ)* वृञ् वरणे (स्वा.) वा वृङ् सम्भक्तौ (क्र्या.) धातु, वृ+अतच्[5] (अत), उणा., वहुलप्रकारले, कित्व, विको यण्= व्रत ।

नियमो यन्त्रणायां च प्रतिज्ञानिश्चये व्रते- इति मेदिनी

शब्दार्थ- उपवास, नियमको पालना, अनुष्ठान, प्रतिज्ञाद्वारा सङ्कल्प गरेर लिइने व्रत, कुनै कुरा मात्र खाने व्रत, प्रतिज्ञाको परिपालना, शारीरिक कष्ट सहेर गरिने उपवास ।

व्रतचर्या (ना./स्त्री.) व्रतस्य चर्या *(व्रतको पालना)* ष.त.स.= व्रतचर्या ।

शब्दार्थ- व्रतको अनुष्ठान, व्रत लिने वा व्रत वस्ने काम ।

व्रतपारायणम् (ना./न.) व्रतस्य पारायणम् *(व्रतको पारायण)* ष.त.स.= व्रतपारायण ।

शब्दार्थ- व्रतसमाप्तिका लागि गरिने धार्मिक विधिविधान, व्रतसमाप्ति पछिको भोजन, व्रतान्नभोजन ।

व्रतबन्धः (ना./पुं.) व्रतेषु वन्धः *(व्रत वा नियम वा आचरणमा बाँधिन्छ)* स.त.स.= व्रतवन्ध ।

शब्दार्थ- हिन्दुधर्मअनुसार द्विजातिको सोह्र संस्कारमध्ये एक, उपनयन संस्कार, नियम वा आचरणमा वद्ध हुनुपर्ने संस्कार ।

व्रतानुष्ठानम् (ना./न.) व्रतस्य अनुष्ठानम् *(व्रतको अनुष्ठान)* ष.त.स., दीर्घ= व्रतानुष्ठान ।

शब्दार्थ- व्रत वस्ने काम, व्रतचर्या ।

---

१. नामन्सीमन्व्योमन्... : मनिन्
२. सुप्यजातौ... : णिनि
३. गोचरसञ्चरवहव्रज... : घ
४. तदस्य सञ्जातम्... : इतच्
५. पृषिरञ्जिभ्यां किच्च : अतच्, बहुलप्रकारले

श

श: (ना./पुं./वि.) श्यतीति *(काट्छ, पातलो पार्छ)* शो तनूकरणे (दिवा.) धातु, शो+ड[1] (अ) , टिलोप= श । अथवा शाम्यतीति *(शान्त हुन्छ)* शमु उपशमे (दिवा.) धातु, शम्+ड (अ), टिलोप= श ।

परिचय- देवनागरी वर्णमालाको तीसौं व्यञ्जन वर्ण, तालुस्थानीय उष्मसंज्ञक अघोष महाप्राणध्वनि ।

शं वदन्ति बुधा: श्रेय: शश्च शस्त्रं निगद्यते- इति मेदिनी

शब्दार्थ- कल्याण, शस्त्र, शङ्कर, शिव, काट्ने, विनाश गर्ने

शंसित: (वि.) शस्यते स्म इति *(स्तुति गरिएको)* शंसु स्तुतौ (भ्वा.) धातु, शंस्+क्त[2] (त), इडागम, शंसित ।

शब्दार्थ- स्तुति गरिएको, प्रशंसा गरिएको, भनिएको, घोषित, निश्चय गरिएको, हिंसित ।

शक: (ना./पुं.) शक्यतीति *(सहन गर्दैन)* शक विभाषितो ऽमर्षणे (दिवा.) धातु, वा शक्नोतीति *(समर्थ हुन्छ)* शक्लृ शक्तौ (स्वा.) धातु, शक्+अच् (पचादि)= शक

शब्दार्थ- एक प्राचीन राजा : शालिवाहन, प्राचीन शक कहलिने एक आर्यजाति, काल, शकसंवत् ।

शकट: (ना./पुं./न.) शक्नोति भारं वोढुम् *(भार वहन गर्न सक्छ)* शक्लृ शक्तौ (स्वा.) धातु, शक्+अटन्[3] (अट), उणा.= शकट ।

क्लीबेऽन: शकटोऽस्त्री स्यात्- इत्यमर:

शब्दार्थ- भार वहन गर्ने गाडा, यान, एक विशेष प्रकारको प्राचीन तौल (२ हजार पलको), शकटासुर दानव, आकाशमा घुम्ने- देवता, पक्षी, दानव ।

शकटिका (ना./स्त्री) ह्रस्व: शकट: *(सानो गाडा)* शकट+कन्[4] (क)+टाप् (आ), ककारपूर्वका अकारको इत्व = शकटिका ।

शब्दार्थ- सानो गाडा, खेलौना गाडा ।

शकलम् (ना./न.) शक्नोति, शक्यते इति वा *(सक्छ, समर्थ हुनु)* शक्लृ शक्तौ (स्वा.) धातु, शक्+कलच्[5] (अल), उणा.= शकल ।

शकलं त्वचि खण्डे स्याद् रागवस्तुनि वल्कले- मेदिनी

भित्तं शकलखण्डे वा पुंस्यर्ध:- इत्यमर

शब्दार्थ- बोक्रो, वल्कल, खण्ड, भाग, अंश, टुक्रो ।

शकाब्द: (ना./पुं.) शकस्य अब्द: *(शकसंवत्को वर्ष)* प.त.स., शक+अब्द, दीर्घ= शकाब्द ।

शब्दार्थ- शकसंवत्, शालिवाहनको नामवाट प्रचलित संवत्, शकसंवत्को वर्ष ।

द्रष्टव्य- शकसंवत् विक्रम संवत्भन्दा १३५ वर्ष पछि प्रचलनमा आएको थियो ।

शकार: (ना./पुं.) 'श' यस्तो वर्णनिर्देशनमा 'श' प्रातिपदिकवाट श+कार[6]= शकार ।

शब्दार्थ- शअक्षर, ऊष्मसंज्ञक वर्णहरूमध्ये प्रथम वर्ण ।

शकुन: (ना./पुं./न.) शक्नोति विहायसि उड्डयितुम् *(आकाशमा उड्न समर्थ हुन्छ)* वा शक्नोति शुभाशुभं विज्ञातुमनेन *(शुभ-अशुभ जान्न सकिन्छ यसबाट)* शक्लृ शक्तौ (स्वा.) धातु, शक्+उन[7] (उणा.)=शकुन ।

शकुन्तिपक्षिशकुनिशकुन्तशकुनद्विजा:- इत्यमर:

शुभशंसिनिमित्ते च शकुनं स्यान्नपुंसकम्- इति मेदिनी

शब्दार्थ-चरो, पक्षी, विहग, शुभशकुन, शुभाशुभ वताउने चिन्ह

शकुनि: (ना./पुं.) शक्नोति शुभाशुभं विज्ञातुमनेन *(शुभ-अशुभ जान्न सकिन्छ यसबाट)* वा शक्नोतीति *(सक्छ, समर्थ हुन्छ)* शक्लृ शक्तौ (स्वा.) धातु, शक्+उनि (उणा)= शकुनि ।

शब्दार्थ- चरो, पक्षी, विहग, कुनै कामको प्रारम्भमा देखिने शुभ-अशुभ लक्षण, शुभ साइत, सगुन, शुभ वा अशुभ कुरा वताउने लक्षण ।

शकुन्त:/शकुन्ति: (ना./पुं.) शक्नोति विहायसि उड्डयितुम् *(आकाशमा उड्न समर्थ हुन्छ)* शक्लृ शक्तौ (स्वा.) धातु, शक्+उन्त[7] (उणा.)= शकुन्त ।

शक्+उन्ति[7] = शकुन्ति ।

शब्दार्थ- चरो, पक्षी, वाज, चील, नीलकण्ठपक्षी ।

शकुन्तक: (ना./पुं.) शक्नोतीति *(सक्छ, समर्थ हुन्छ)* शक्लृ शक्तौ (स्वा.) धातु, शक्+उन्त (उणा.),शकुन्त । शकुन्त एव *(पक्षी नै)* शकुन्त+कन् (क), स्वार्थमा =शकुन्तक ।

शब्दार्थ- पक्षिविशेष, चरो, खग, पन्छी ।

शकुन्तला (ना./स्त्री.) शकुन्तै: पक्षिभि: लायते संरक्ष्यते इति *(पक्षीहरूद्वारा संरक्षण र पालन गरिएकी)* शकुन्त उपपदपूर्वक ला आदाने (अदा.) धातु, शकुन्त+ला+क[8] (अ), आकारलोप, शकुन्तल+टाप् (आ)= शकुन्तला ।

शब्दार्थ- मेनका अप्सरावाट जन्मेकी विश्वामित्रकी पुत्री, कण्वकी पालिता पुत्री, राजा दुष्यन्तकी रानी, भरतकी माता ।

द्रष्टव्य- शकुन्तलालाई आमा मेनकाले छोडेर गएकीले पक्षीहरूद्वारा रक्षा गरिएको थियो ।

शकुल: (ना./पुं.) शक्नोति गन्तुं वेगेन *(वेगले जान सक्छ)* शक्लृ शक्तौ (स्वा.) धातु, शक्+उलच् (उल), वहुलप्रकारले, उणा.= शकुल ।

रोहितो मद्गुर: शालो राजीव: शकुलस्तिमि:- इत्यमर:

शब्दार्थ- मत्स्यविशेष, एकप्रकारको माछो ।

शकृत् (ना./न.) शक्नोति नि:सर्तुं नि:सारयितुम् वा *(बाहिर फाल्न सक्षम हुन्छ)* शक्लृ शक्तौ (स्वा.) धातु, शक्+ऋतिन्[9] (ऋत्), उणा.)= शकृत् ।

शब्दार्थ- मल, विष्ठा, गोवर, एकपल्ट, एकबार ।

---

[1] अन्येष्वपि दृश्यते : ड

[2] निष्ठा : क्त

[3] शकटादिभ्योऽटन् : अटन्

[4] ह्रस्वे : कन्

[5] शकिशम्योर्नित् : कलच्

[6] वर्णात्कार: : कार

[7] शके रुनोन्तो...: उन, उनि, उन्त, उन्ति

[8] आतोऽनुपसर्गे... : क

[9] शकेर्ऋतिन् : ऋतिन्

शक्तः (वि.) शक्नोति स्म इति *(समर्थ भएको)* शक्लृ शक्तौ (स्वा.) धातु, शक्+क्त[1] (त), कर्तामा कुत्व= शक्त ।

शब्दार्थ- शक्ति भएको, सामर्थ्ययुक्त, सक्षम, वलवान्, समर्थ, योग्य, शक्तिशाली, वलियो ।

शक्तिः (ना./स्त्री.) शक्यते इति *(समर्थ हुनु)* शक्लृ शक्तौ (स्वा.) धातु, शक्+क्तिन्[2] (ति)= शक्ति ।

शक्तिः पराक्रमः प्राणः - इत्यमरः

शक्तिरस्त्रान्तरे गौर्यामुत्साहादौ बले स्त्रियाम्- इति मेदिनी

शब्दार्थ- सामर्थ्य, क्षमता, योग्यता, वल, पराक्रम, उत्साह, वलशालिता, ऊर्जा, शक्तिस्वरूपा स्त्रीदेवता- गौरी, इन्द्राणी, वैष्णवी आदि, अस्त्रविशेष, भाला, ऊर्जावाट प्राप्त हुने शक्ति ।

द्रष्टव्य- **ऐश्वर्यवचनः शश्च क्तिः पराक्रम एव च ।**

तत्स्वरूपा तयोर्दात्री सा शक्तिः परिकीर्तिता- दे.भा.९/२/१०

अर्थात् शक्तिको 'श'ले ऐश्वर्य र समृद्धिको बोध हुन्छ, 'क्ति'ले पराक्रम र सामर्थ्यको बोध गराउँछ । भगवती दुर्गा शक्तिस्वरूपा हुनुहुन्छ र उहाँ ऐश्वर्य एवं पराक्रम दुवै दिन सक्ने हुँदा उहाँलाई शक्तिस्वरूपा भनिएको हो ।

शक्तितः (अव्य.) शक्तेरिति *(शक्तिबाट, शक्तिअनुसार)* शक्ति+तसिल्[3] (तस्), शक्तितस्, शक्तितः= शक्तित ।

शब्दार्थ-शक्तिअनुसार, शक्तिवाट भ्याएसम्म, यथाशक्ति ।

शक्तित्रयम् (ना./न.) शक्तेस्त्रयम् *(शक्तिका तीनप्रकार)* ष.त.स.= शक्तित्रय ।

शक्तयस्तिस्रः प्रभावोत्साहमन्त्रजाः - इत्यमरः

शब्दार्थ- राज्य शक्तिका तीन प्रकार- प्रभुशक्ति, मन्त्रशक्ति, उत्साहशक्ति, शव्दका तीन अर्थ वुझाउने शक्ति- अभिधा, लक्षणा, व्यञ्जना, क्रियाशक्ति, इच्छाशक्ति र ज्ञानशक्ति ।

शक्तिधरः (ना./पुं.) शक्तिं धरतीति *(शक्ति धारण गर्छन्)* शक्ति उपपदपूर्वक धृञ् धारणे (भ्वा.) धातु, शक्ति+धृ+अच् (पचादि), गुण= शक्तिधर ।

शब्दार्थ- शक्ति धारण गर्ने कार्तिकेय, स्कन्दकुमार ।

शक्तिमती (वि./ना./स्त्री) प्रशस्ता शक्तिः अस्याः अस्तीति *(प्रशस्त शक्ति छ यस स्त्रीको)* शक्ति+मतुप्[4] (मत्), शक्तिमत्+ङीप् (ई)= शक्तिमती ।

शब्दार्थ- शक्ति वा क्षमता भएकी, वलशालिनी, सामर्थ्य वा शक्ति भएकी स्त्री, ज्यादै वलवती स्त्री, सामर्थ्ययुक्त नारी ।

शक्तिमत्ता (ना./स्त्री.) शक्तिरस्यास्तीति *(शक्ति छ यसको)* शक्ति+मतुप् (मत्), शक्तिमत् । तस्य भावः *(शक्तिमान् हुनाको भाव वा अवस्था)* शक्तिमत्+तल् (त)+टाप् (आ)= शक्तिमत्ता ।

शब्दार्थ-शक्तिमान् हुनाको अवस्था, सामर्थ्य, शक्तिशालिता ।

शक्तिमान् (वि.) प्रशस्ता शक्तिः अस्य अस्तीति *(पर्याप्त शक्ति छ यसको)* शक्ति+मतुप्[4] (मत्), शक्तिमत् =शक्तिमान् ।

शब्दार्थ- शक्तिशाली, शक्ति वा क्षमता भएको, वलशाली, सामर्थ्ययुक्त, ज्यादै तागत भएको ।

शक्तिशाली (वि.) शक्त्या शलितुं योग्यः *(शक्तिले युक्त हुन योग्य)* शक्ति उपपदपूर्वक शल गतौ वा शल चलनसंवरणयोः (भ्वा.) धातु, शक्ति+शल्+णिनि (इन्), वृद्धि, शक्तिशालिन्= शक्तिशाली ।

शब्दार्थ- शक्ति भएको, शक्तिमान्, सामर्थ्यले युक्त भएको, वलवान् ।

शक्तिसम्पन्नः (वि.) शक्त्या सम्पन्नः *(शक्तिले परिपूर्ण)* शक्ति+सम्पन्न, तृ.त.स.= शक्तिसम्पन्न ।

शब्दार्थ- शक्तिले परिपूर्ण, वलशाली, सामर्थ्ययुक्त, साहसिलो ।

शक्तिहीनः (वि.) शक्त्या हीनः *(शक्तिले रहित)* तृ.त.स. =शक्तिहीन ।

शब्दार्थ- सामर्थ्य नभएको, क्षमतारहित, वल नभएको ।

शक्यः (वि.) शक्यते, शक्तुमर्हः इति वा *(गर्न योग्य)* शक्लृ शक्तौ (स्वा.) धातु, शक्+यत्[5] (य)= शक्य

शब्दार्थ- गर्न सकिने, गर्न लायक वा योग्य ।

शक्रः (ना./पुं) शक्नोति अरिं नाशयितुम् *(शत्रु विनाश गर्न समर्थ हुन्छन्)* शक्लृ शक्तौ (स्वा.) धातु, शक्+रक्[6] (र), उणा.= शक्र ।

शक्रः पुमान् देवराजे कुटजार्जुनभूरुहोः - इति मेदिनी

शब्दार्थ- देवराज इन्द्र, मघवा, अर्जुनवृक्ष, कुटजवृक्ष, खरीको रूख ।

शङ्कः (वि.) शङ्कते इति *(शङ्का गर्छ)* शकि शङ्कायाम् (भ्वा.) धातु, नुम्, शङ्क्+अच् (पचादि)= शङ्क ।

शब्दार्थ- सन्देह गर्ने, शङ्का गर्ने, शङ्कालु, संशय लिने ।

शङ्करः (वि./ना./पुं.) शं सुखं कल्याणं वा करोतीति *(सुख वा कल्याण गर्छन्)* शम् उपपदपूर्वक डुकृञ् करणे (तना.) धातु, शम्+कृ+अच् (पचादि), गुण, परसवर्ण= शङ्कर ।

शब्दार्थ- कल्याण गर्ने, मङ्गलदायक, सुख वा आनन्द दिने, शिव, महेश्वर, शम्भु ।

शङ्कराचार्यः (ना./पुं.) शङ्कराख्यश्चासौ आचार्यश्च *(शङ्कर नामका आचार्य)* क.त.स., उ.प.लोप= शङ्कराचार्य ।

शब्दार्थ- अद्वैत वेदान्तदर्शनका व्याख्याता एक महान् दार्शनिक आचार्य ।

शङ्का (ना./स्त्री.) शङ्क्यते इति *(शङ्का गरिन्छ)* शकि शङ्कायाम् (भ्वा.) धातु, नुम्, शङ्क+अ[7]+टाप् (आ)=शङ्का

शङ्का त्रासे वितर्के च- इति मेदिनी

शब्दार्थ- कुनै कुरा हुने वा घट्ने आशङ्का, सन्देह, अनिश्चितता, दुविधा, दोधार, अनिष्ट कुराको आशङ्का, तर्कवितर्क, त्रास, संशय, वितर्क ।

---

[1] गत्यार्थाकर्मक...: क्त
[2] स्त्रियां क्तिन् : क्तिन्
[3] पञ्चम्यास्तसिल् : तसिल्
[4] तदस्यास्त्यस्मिन्निति...: मतुप्
[5] शकिसहोश्च : यत्
[6] स्फायितञ्चि... : रक्
[7] गुरोश्च हलः : अ

शङ्काजनकः (वि.) शङ्कां जनयतीति *(शङ्का पैदा गर्छ)* शङ्का+ उपपदपूर्वक जनी प्रादुर्भावे (दिवा.) धातु, शङ्का+ जन्+णिचि+ण्वुल् (अक), वृद्धिनिषेध[1], णिलोप =शङ्काजनक ।

शब्दार्थ- शङ्का पैदा गर्ने, सन्देहमा पार्ने, शङ्कास्पद, संशय उत्पन्न गर्ने ।

शङ्कालुः (वि.) शङ्कते इति *(शङ्का गर्छ)* शकि शङ्कायाम् (भ्वा.) धातु, शङ्क्+आलुच् (आलु), वहुलप्रकारले, उणा.= शङ्कालु ।

शब्दार्थ-शङ्का गर्ने, सन्देह गर्ने, शङ्काधारी, शङ्का गरिरहने ।

शङ्कास्पदः (वि.) शङ्का आस्पदं यस्य *(शङ्का गर्ने ठाउँ छ यसको)* व.स., दीर्घ= शङ्कास्पद ।

शब्दार्थ- शङ्कास्पद, सन्देह मान्नुपर्ने, संशय गर्नुपर्ने ।

शङ्कितः (वि.) शङ्क्यते स्म इति *(शङ्का गरिएको)* शकि शङ्कायाम् (भ्वा.) धातु, नुम्, शङ्क्+क्त (त), इडागम =शङ्कित ।

अथवा शङ्का सञ्जाता अस्य **(शङ्का पैदा भएको छ यसको)** शङ्का+इतच्[2] (इत)= शङ्कित ।

शब्दार्थ- शङ्का गरिएको, सन्देह पैदा भएको, संशययुक्त ।

शङ्कितव्यः (वि.) शङ्कितुं योग्यः *(शङ्का गर्न लायक)* शकि शङ्कायाम् (भ्वा.) धातु, नुम्, शङ्क्+तव्यत् (तव्य), इडागम= शङ्कितव्य ।

शब्दार्थ- शङ्का गर्न योग्य वा लायक, शङ्का गर्नुपर्ने ।

शङ्की (वि.) शङ्का अस्यास्तीति *(शङ्का छ यसको)* शङ्का+ इनि[3] (इन्), अकारलोप, शङ्किन्= शङ्की ।

शब्दार्थ- आशङ्का गर्ने, सन्देह गर्ने, संशय गर्ने ।

शङ्कुः (ना./पुं.) शङ्कतेऽस्मात् *(रोप्छ वा शङ्का गर्छ यसबाट)* शकि शङ्कायाम् (भ्वा.) धातु, नुम्, शङ्क्+ कु[4] (उ), उणा.= शङ्कु ।

शङ्कुः पत्रीशिराजाले सङ्ख्याकीलकशम्भुषु ।
यादोऽस्त्रभेदयोर्मेढ्रे- इति हैमः

शब्दार्थ-तीखो रोप्ने हतियार, भाला, सुइरो, भ्हीर, गाड्ने कीलो, शक्ति, काँटी, पातको डाँठ, नसाको जालो, वाह्र अङ्गुलको नापो, शिव, शम्भु, पुरुषको जननेन्द्रिय, जलचर, पातलो नङ्ग्रा ।

शङ्खः (ना./पुं.) शाम्यति दुःखं अशुभं वा अस्मात् *(दुःख वा अशुभ नाश हुन्छ यसबाट)* शमु उपशमे (दिवा.) धातु, शम्+ख[5] (उणा.), परसवर्ण= शङ्ख ।

शब्दार्थ- शङ्ख, कम्बु, मस्तकको हड्डी, नौवटा निधिहरू-मध्ये एक, सय पद्मको सङ्ख्या, नङ्, सिपी, समुद्रमा पैदा हुने शङ्खे कीरो ।

शङ्खचक्रम् (ना./न.) शङ्खश्च चक्रञ्च तयोः समाहारः *(शङ्ख र चक्रको समुदाय)* द्व.स.= शङ्खचक्र ।

शब्दार्थ- शङ्ख र चक्र, विष्णुले प्रयोग गर्ने वाजा र अस्त्र, हातमा हुने शङ्खचक्रको चिन्ह ।

शङ्खाकृतिः (ना./स्त्री.) शङ्खस्य आकृतिः *(शङ्खको आकृति)* ष.त.स., दीर्घ= शङ्खाकृति ।

शब्दार्थ- शङ्खचक्रको चिन्ह, शङ्खको जस्तो आकार भएको वस्तु, लामो गोलाकार वस्तु ।

शङ्खिनी (ना./स्त्री.) शङ्खवत्रेखा सौन्दर्यं वा अस्ति अस्याः *(शङ्खको जस्तो रेखा वा सौन्दर्य छ यसको)* शङ्ख+इनि (इन्), शङ्खिन्+ङीप्[6] (ई)= शङ्खिनी ।

शङ्खिनी चोरपुष्पी स्यात् केशिनी- इत्यमरः

शङ्खिनी श्वेतवृन्दायां चौरपुष्प्यां वधूभिदि- इति मेदिनी

शब्दार्थ- सिन्काउली (तेजपात), कामशास्त्रअनुसार स्त्री जातिका चार भेदमध्ये एक ।

शङ्खिनी स्त्रीको लक्षण निम्न छ-

दीर्घातिदीर्घनयना वरसुन्दरी या
कामोपभोगरसिका गुणशीलयुक्ता
रेखात्रयेण च विभूषित-कण्ठदेशा
संभोगकेलिरसिका किल शङ्खिनी सा- रतिमञ्जरी

अर्थात् जुन नारीको अनुहार अत्यन्त सुन्दर छ, लामा आँखा छन्, जो कामक्रीडाको विलासमा अत्यन्त रसिक छ, जसको शीलस्वभाव राम्रो छ, विभिन्न गुणले सम्पन्न छ, जसको कण्ठप्रदेश तीन रेखाले सुशोभित छ, जो रतिक्रीडामा अत्यन्त निपुण छ, त्यो शङ्खिनी स्त्री हो ।

शचिः/शची (ना./स्त्री.) शचते स्पष्टं वदतीति *(स्पष्ट बोल्छिन्)* शच व्यक्तायां वाचि (भ्वा.) धातु, शच्+ इन्[7] (इ), उणा., शचि+ङीष्[8] (ई)= शची ।

ङीष्को अभावमा= शचि ।

पुलमजा शचीन्द्राणी- इत्यमरः

शचीन्द्राण्यां शतावर्याम्- इति मेदिनी

शब्दार्थ- इन्द्राणी, इन्द्रकी पत्नी, पुलोमजा, शतावरी, कुरिलो ।

शचीपतिः (ना./पुं.) शच्याः पतिः *(शचीका पति)* ष.त.स.= शचीपति ।

शब्दार्थ- स्वर्गका राजा इन्द्र, सुरपति, इन्द्राणीका पति ।

शटा (ना./स्त्री.) शटतीति *(जोडिन्छ)* शट रुजाविशरण-गत्यवसादनेषु (भ्वा.) धातु, शट्+अच् (पचादि)+टाप् (आ)= शटा ।

शब्दार्थ- लट्टा परेको वा गुँजुल्टिएको कपाल, जटा, रूखको जरा, सिंहको केसर, घोडाको घाँटी माथिको याल ।

शठः (वि.) शठतीति **(छुल्याइँ गर्छ)** शठ कैतवे च (भ्वा.) धातु, शठ्+अच् (पचादि)= शठ ।

शठो मध्यस्थपुरुषे धूर्तधत्तूरयोरपि- इति मेदिनी

शब्दार्थ-स्वाँठ, मूर्ख, धूर्त, अज्ञ, छुल्याहा, कपटी, दुष्ट, धोकेवाज, ठग, वुद्धिहीन, मायावी, मध्यस्थपुरुष ।

---

[1] जनिवध्योश्च : वृद्धिनिषेध
[2] तदस्य सञ्जातम्... : इतच्
[3] अत इनिठनौ : इनि
[4] खरु शङ्कुपीयु...: कु निपातन
[5] शमेः खः : ख प्रत्यय
[6] ऋन्नेभ्यो ङीप् : ङीप्
[7] सर्वधातुभ्य... : इन्
[8] कृदिकारादक्तिनः (वा.) : ङीष्

शठता (ना./स्त्री.) शठस्य भावः *(मूर्ख हुनाको भाव वा अवस्था)* शठ+तल् (त) +टाप् (आ)= शठता ।

शब्दार्थ- मूर्खता, अज्ञानता, धुर्त्याइँ, कपटीपन ।

शणम् (ना./न.) शणतीति *(प्रदान गर्छ)* शण गतौ दाने च (भ्वा.) धातु, शण्+अच् (पचादि)= शण ।

शब्दार्थ- पटुवा, सनपाट, सन ।

शणसूत्रम् (ना./न.) शणस्य सूत्रम् *(सनपाटको सूत्र)* ष.त.स.= शणसूत्र ।

शब्दार्थ- सनपाटको सूत्र, सनपाटको धागो वा डोरी, सनपाटको सूत्रबाट वनेको जाल ।

शण्डः (ना./पुं.) शण्डते इति *(पीडा दिन्छ)* शडि रजायां सङ्घाते च (भ्वा.) धातु, नुम्, शण्ड्+अच् (पचादि) =शण्ड ।

शब्दार्थ- नपुंसक, गोरु, साँढे, शण्ढ ।

शण्ढः (ना./पुं.) शाम्यति नपुंसकत्वात् *(नपुंसक हुनाले रतिकर्मबाट निवृत्त रहन्छ)* शमु उपशमे (दिवा.) धातु, शम्+ढ[१] (उणा.), परसवर्ण= शण्ढ ।

शण्ढः स्यात् पुंसि गोपतौ ।
शण्डो वर्षवरस्तुल्यौ- इत्यमरः
आकृष्टाण्डे वर्षवरे तृतीयप्रकृतावपि ॥

शब्दार्थ- नपुंसक, अन्तःपुरमा रहने सेवक वा वर्षवर, साँढे, छाडा छोडेको साँढे, वैल, अण्डकोशको नसा काटिएको मानिस ।

शतम् (ना./न./वि.) दश दशतः परिमाणमस्य *(दशवटा दशको परिणाम छ यसको)* दशन्+त[२], प्रकृतिको श निपातन= शत ।

शब्दार्थ- सयको सङ्ख्या, एकसय, असङ्ख्य ।

शतकः (वि./ना./न.) शतमेव *(सय नै)* शत+कन् (क), स्वार्थमा= शतक ।

शब्दार्थ- सय, सय सङ्ख्याको, सयको सङ्ग्रह, सय वर्षको समय ।

शतक्रतुः (ना./पुं.) शतं क्रतवः यस्य *(सयवटा यज्ञ छन् जसका)* व.स.= शतक्रतु ।

शब्दार्थ- सयवटा यज्ञ गर्ने देवता, इन्द्र ।

शततमः (वि.) शतानां पूरणः *(सयको सङ्ख्या पूर्ण गर्ने)* शत+डट्[३], डट्को तमड्[४] (तम)= शततम ।

शब्दार्थ- सयौं (भाग), सयको सङ्ख्या पूर्ण गर्ने ।

शतधा (अव्य./वि.) शतप्रकाराः इति *(सय किसिमको)* शत+धा[५]= शतधा ।

शब्दार्थ- सयौं प्रकारले, सयौं किसिमले, सयगुना, एकसय प्रकारको ।

शतपत्रम् (ना./न.) शतं पत्राणि यस्य *(सय पात छन् जसका)* व.स.= शतपत्र ।

शब्दार्थ- कमलको फूल, सयवटा पात हुने फूलविशेष ।

शतपत्री (ना./स्त्री./वि.) शतं पत्राणि अस्याः *(सयवटा पात छन् यसका)* ब.स., शतपत्र+ङीष् (ई)=शतपत्री ।

शब्दार्थ- सयपत्री फूल, सयवटा पातहुने, धेरै पात हुने ।

शतपथः (वि./ना./पुं.) शतं पन्थानः यस्य *(सयवटा मार्ग छन् जसका)* ब.स., शतपथिन्+अ (समासान्त), टिलोप =शतपथ ।

शब्दार्थ- धेरै मार्ग भएको, धेरै शाखाहरू भएको, यजुर्वेदको एक शाखा- शतपथ ब्राह्मण ।

शतपथिकः (वि.) शतपथमधीते वेद इति *(वेदको एक शाखा अध्ययन गर्दछ वा जान्दछ)* शतपथ+इकन्[६] (इक), अकारलोप= शतपथिक ।

शब्दार्थ- वेदको शतपथ शाखा अध्ययन गर्ने, शतपथ ब्राह्मणको अनुसरण गर्ने, शतपथ ब्राह्मणको समर्थक ।

शतपर्वन् **(शतपर्वा)** (ना./पुं.) शतं पर्वाणि यस्याः *(सयवटा वा धेरै आँख्लाहरू छन् जसका)* व.स., शतपर्वन्= शतपर्वा ।

शब्दार्थ- बाँस, वेणु, वंश ।

शतमुखः (वि.) शतं मुखानि यस्य *(सयौं मुख छन् यसका)* ब.स.= शतमुख ।

शब्दार्थ- सयौं मुख भएको, अनेकमुखी ।

शतरुद्री (ना./स्त्री.) शतं रुद्राः देवताः अस्याः *(सय रुद्र देवता छन् यसका)* शतरुद्र+अच् (अर्शादि)+ङीष् (ई) =शतरुद्री ।

शब्दार्थ- एकसय जना ब्राह्मणले एक एक रुद्री अर्थात् प्रत्येकले एघार एघार आवृत्तिको दरले गरिने रुद्रीपाठ र रुद्राभिषेक कर्म ।

शतरुद्रियः/शतरुद्रीयः (ना./पुं.) शतं रुद्राः देवताः अत्र *(सयकडौं रुद्र देवता छन् यसमा)* शतरुद्र+घ[७] (ईय) =शतरुद्रिय ।

शतरुद्र+छ[७] (ईय)= शतरुद्रीय ।

शब्दार्थ- यजुर्वेदको एउटा भाग, जसमा रुद्र देवताका सयकडौं नाम उल्लेख गरिएको छ र रुद्रदेवताका अनेकौं पक्षको आराधना गरिएको छ ।

शतवार्षिकः/शतवार्षिकी (वि.) वर्षेषु भवः *(वर्षहरूमा हुने वा भएको)* वर्ष+ठञ्[८] (इक), आदिवृद्धि, वार्षिकः । शतं वार्षिकाः यत्र *(सयवर्ष छन् जहाँ)* व.स.= शतवार्षिक । अथवा शतञ्च तानि वर्षाणि *(सय वर्ष)* क.त.स., शतवर्षाणि । शतवर्षेषु भवः *(सयवर्षमा भएको)* शतवर्ष+ठञ् (इक),आदिवृद्धि, अकारलोप=शतवार्षिक ।

शतवार्षिक+ङीप् (ई)= शतवार्षिकी ।

शब्दार्थ- सयवर्षसम्मको, सयवर्षमा हुने, सयवर्षको उपलक्ष्यमा मनाइने (समारोह आदि) ।

शतशः (अव्य.) शतं शतं दधातीति *(सय सय दिन्छ)* शत+शस्[९], शतशस्, शतशः= शतश ।

शब्दार्थ-सय सय गरेर, सयौं गुना, सयौं किसिमको, सयकडौं

---

[१] शमेर्ढः : ढ
[२] पङ्क्ति विंशतित्रिंशत्... : त प्रत्यय, प्रकृतिको श निपातन
[३] तस्य पूरणे डट् : डट्
[४] नित्यं शतादिमासार्धमास...: डट्को तमड्
[५] संख्याया विधार्थे धा : धा
[६] इकन्पदोत्तरपदाच्छत... (वा.) : इकन्
[७] शतरुद्राद्घश्च : घ/छ
[८] कालाट्ठञ् : ठञ्
[९] संख्यैकवचनाच्च वीप्सायाम् : शस्

शतसहस्रम् (ना./न.) शतगुणितञ्च तत् सहस्रम् *(सयगुना हजार)* क.त.स., उ.प.लोप= शतसहस्र ।

शब्दार्थ- एकसय हजार वा एक लाख ।

शतांश: (ना./पुं.) शतस्य अंश: *(शय खण्डको एक खण्ड)* ष.त.स., शत+अंश, दीर्घ= शतांश ।

शब्दार्थ- सय भागको एकभाग, सय अंशको एक अंश, सय खण्डको एक खण्ड ।

शताब्द: (ना./पुं.) शतञ्च ते अब्दाश्च *(सय वर्ष)* क.त.स., दीर्घ= शताब्द ।

शब्दार्थ- सयवर्षको समय, सयवर्षको अवधि ।

शतायु: (वि.) शतमायूंषि यस्य *(सयवर्षको आयु छ जसको)* ब.स., दीर्घ, शतायुस्, शतायु:= शतायु ।

शब्दार्थ- सयवर्ष आयु भएको, दीर्घजीवी, चिरञ्जीवी ।

शतिक: (वि.) शतमत्र अस्तीति *(सय संख्या छ यसमा)* शत+ठन्[1] (इक)= शतिक ।

अथवा शतेन कृतम् *(सयले किनिएको)* शत+ठन् (इक)= शतिक ।

शब्दार्थ-सय सङ्ख्या भएको, एकसय पर्ने, सयले किनेको

शती (वि./ना./न.) शतमस्यास्तीति *(सय सङ्ख्या छ यसको)* शत+इनि[1] (इन्), शतिन्= शती ।

शब्दार्थ- सयको स्वामी, सयको मालिक, सयको अधिपति, सय वस्तुको समूह ।

शत्रु: (ना./पुं.) शातयतीति *(दु:ख दिन्छ)* शद्लृ शातने (तुदा.) धातु, शद्+णिचि+क्रुन्[2] (रु), उणा., शद्का दको त[3], णिलोप= शत्रु ।

शब्दार्थ- रिपु, वैरी, प्रतिपक्षी, अरि ।

शत्रुघ्न: (वि./ना./पुं.) शत्रून् हन्तीति *(शत्रुको विनाश गर्छ)* शत्रु उपपदमा हुने हन हिंसागत्यो: (अदा.) धातु, शत्रु+हन्+टक्[4], हन्को अकारलोप, कुत्व =शत्रुघ्न ।

शब्दार्थ- शत्रुलाई नाश गर्ने, शत्रुलाई ध्वंस गर्ने, रामचन्द्रका भाइ ।

शत्रुञ्जय:/शत्रुजित् (वि.) शत्रुञ्जयतीति *(शत्रुउपर विजय गर्छ)* शत्रु उपपदमा हुने जि जये (भ्वा.) धातु, शत्रु+जि+खच् (अ), गुण, अयादेश, नुमागम, परसवर्ण = शत्रुञ्जय ।

शत्रु+जि+क्विप्, तुगागम, क्विप्को सर्वलोप=शत्रुजित् ।

शब्दार्थ- शत्रुलाई जित्ने, शत्रुउपर विजय प्राप्त गर्ने ।

शत्रुवल: (वि.) शत्रु: अस्य अस्तीति *(शत्रु छ यसको)* शत्रु+वलच् (वल)= शत्रुवल ।

शब्दार्थ- शत्रु हुने, वैरी लाग्ने ।

शनि: (ना./पुं.) शणतीति *(मन्दमन्द हिँड्छ, सुखदु:खादि दिन्छ)* शण गतौ दाने च (भ्वा.) धातु, शण्+इन्[5] (इ), उणा., पृषोदरादिबाट णको न= शनि ।

शब्दार्थ- शनिग्रह, शनैश्चर, सूर्यपुत्र, सौरि, नवग्रहहरूमध्ये एक, अशुभ ग्रह ।

शनैश्चर: (ना./पुं.) शनै: चरतीति *(मन्दगतिले हिँड्छ)* शनैस् उपपदमा हुने चर गतिभक्षणयो: (भ्वा.) धातु, शनैस्+चर्+ट[6] (अ), जश्त्व= शनैश्चर ।

शब्दार्थ-शनिग्रह, शनैश्चर, सूर्यपुत्र, मन्दगतिले हिँड्ने ग्रह

शनैस् (शनै:) (अव्य.) शणतीति *(मन्दगतिले हिड्छ)* शण गतौ दाने च (भ्वा.) धातु, शण+ऐस्, पृषोदरादिबाट णको न, शनैस्, शनै:= शनै ।

अथवा शानयतीति *(तेजिलो पार्छ)* शान तेजने (भ्वा.) धातु, शान्+ऐस्, पृषोदरादिबाट शान्को ह्रस्व, शनैस् =शनै: ।

शब्दार्थ- विस्तारै, मन्दगतिले, चाँडो नहुने गरी, सुस्त गतिले ।

शन्तनु: (ना./पुं.) शं शुभात्मिका तनुर्यस्य *(शुभ चिन्हहरू भएको शरीर छ जसको)* ब.स., परसवर्ण =शन्तनु ।

शब्दार्थ- चन्द्रवंशी एक राजा, भीष्मपितामहका बाबु, सत्यवतीका पति ।

शप: (ना./पुं.) शपनम्, शप्यते इति *(सराप्नु, शपथ लिनु)* शप आक्रोशे (भ्वा./दिवा.) धातु, शप्+क[7] (अ) =शप ।

अथवा शपतीति *(सराप्छ)* शप्+अच् (पचादि)= शप ।

शब्दार्थ- सराप्ने काम, सराप, श्राप, अभिशाप, किरिया, शपथ, शपथ खाने व्यक्ति, शपथ लिने मानिस ।

शपथ: (ना./पुं.) शप्यते इति *(शपथ लिनु)* शप आक्रोशे (भ्वा./दिवा.) धातु, शप्+अथ[8] (उणा.)= शपथ ।

शब्दार्थ- प्रतिज्ञा, अभिशाप, आक्रोश, किरिया हाल्ने काम, शपथ लिने काम ।

शपथग्रहणम् (ना./न.) गृह्यते इति *(ग्रहण गरिन्छ)* ग्रह+ल्युट् (अन), ग्रहणम् । शपथस्य ग्रहणम् *(शपथ ग्रहण)* ष.त.स.= शपथग्रहण ।

शब्दार्थ- शपथ खाने काम, प्रतिज्ञा, पदभार ग्रहण गर्दा प्रतिज्ञा गर्ने कार्य ।

शपनम् (ना./न.) शप्यते इति *(प्रतिज्ञा गरिन्छ)* शप आक्रोशे (भ्वा./दिवा.) धातु, शप्+ल्युट्[9] (अन)=शपन

शब्दार्थ- शपथ, प्रतिज्ञा, अभिशाप, किरिया हाल्ने काम ।

शप्य: (वि.) शप्तुं योग्य:, शप्यते इति वा *(प्रतिज्ञा गर्न योग्य)* शप आक्रोशे (भ्वा./दिवा.) धातु, शप्+यत् (य) =शप्य ।

शब्दार्थ-शपथ ग्रहण गर्न उचित वा योग्य, शपथ लिनुपर्ने

---

१. शत इनिठनौ : ठन्/इनि
२. रुशातिभ्यां क्रुन् : क्रुन्
३. शदेरगतौ त: : दको त
४. अमनुष्यकर्तृके च : टक्
५. सर्वधातुभ्य... : इन्
६. चरेष्ट: : ट
७. घञर्थे कविधानम् (वा.) : क
८. शीङ्शपिरुगमिवञ्चि... : अथ
९. ल्युट् च : ल्युट्

शप्तः (वि.) शप्यते स्म इति *(शपथ लिइएको, श्राप दिइएको)* शप आक्रोशे (भ्वा./दिवा.) धातु, शप्+क्त (त)= शप्त ।

शब्दार्थ- श्राप दिइएको, सरापिएको, अभिशप्त, दुर्वाच्य वोलेको, कवोल गरिएको, प्रतिज्ञा गरिएको ।

शफम् (ना./न.) शपति, शप्यतीति *(ध्वनि निस्कन्छ)* शप आक्रोशे (भ्वा./दिवा.) धातु, शप्+अच् (पचादि), शपम् । पृषोदरादिवाट शप्को प 'फ' ध्वनिमा परिणत= शफ ।

अथवा शं फणतीति *(राम्ररी हिड्छ)* शम्पूर्वक फण गतौ (भ्वा.) धातु, शम्+फण्+ड[1] (अ), टिलोप, शंफ । पृषोदरादिवाट म ध्वनिको लोप= शफ ।

शफं मूले तरूणां स्यात् गवादीनां खुरेऽपि च- मेदिनी

शब्दार्थ- रूखको जरा, फेद, गाई गोरुको खुर ।

शफरः (ना./पुं.) शफं रातीति *(फ्याँगिन्छ, वृक्षको जराफैं धेरै सङ्ख्यामा फैलन्छ)* शफपूर्वक रा दाने (अदा.) धातु, शफ+रा+क[2] (अ), आलोप= शफर ।

शब्दार्थ- एक प्रकारको माछो, जो सानो तर चम्किलो हुन्छ, मत्स्यविशेष, सफर जातिको माछो, सहर माछो ।

शबरः/शवरः (ना./पुं.) शवतीति *(विचरण गर्छ)* शव गतौ (भ्वा.) धातु, शव्+अर (उणा.), वहुलप्रकारले =शवर ।

व तथा बको अभेदसम्वन्ध हुँदा (वध्वनि बमा परिणत हुँदा)= शबर । बमा परिणत नहुँदा= शवर ।

भेदाः किरातशवरपुलिन्दाम्लेच्छजातयः- इत्यमरः

शवरो म्लेच्छभेदे च पानीये शङ्करेऽपि च- इति मेदिनी

शब्दार्थ- असभ्य जङ्गलिजाति, भिल्ल, म्लेच्छजाति, शवर जातिको एक भेद, शङ्कर, शिव, पानी, जल ।

शबरी (ना./स्त्री.) शवति असौ *(घुमफिर गर्छे यो)* शव गतौ (भ्वा.) धातु, शव्+अर (उणा.), शवर+ङीष्[3] (ई), शवरी ।

व तथा बको अभेदसम्वन्ध हुँदा व ध्वनि बमा परिणत= शबरी ।

शब्दार्थ- भिल्ल जातिकी आइमाई, भिल्लिनी, रामभक्त एक भिल्लिनीको नाम ।

शबलः (ना./पुं.) शपति, आक्रोशति वर्णान् *(अरू वर्ण वा रङहरूलाई खल्वल्याउँछ)* शप आक्रोशे (भ्वा.) धातु, शप्+कल (अल), उणा., पृषोदरादिवाट पको व =शवल ।

शब्दार्थ- छिरविरे रङ, चित्रविचित्रको रङ, रङ्गिचङ्गी देखिने रङ्ग, कर्वुर ।

शब्दः (ना./पुं.) शप्यते, आक्रुस्यते इति *(ध्वनि निकालिन्छ, मुखरित हुनु)* शप आक्रोशे (भ्वा./दिवा.) धातु, शप्+दन्[4] (द), उणा., शप्को जशत्व व= शव्द ।

अथवा शब्दनम्, शब्यते इति *(शब्द गर्नु)* शब्द भाषणे (चुरा.) धातु, शब्द+घञ् (अ)= शब्द ।

रूपं शब्दो गन्धरसः स्पर्शाश्च विषया अमी- इत्यमरः

शब्दे निनाद-निनद-ध्वनि-ध्वान-रव-स्वनाः- इत्यमरः

शब्दो ध्वनिश्च वर्णश्च मृदङ्गादिभवो ध्वनिः- श.क.द्रुवाट

शब्दार्थ- आकाशको गुण, आकाश, रूप, रस आदि पांच विषयहरूमध्ये एक, व्याकरणादि शास्त्रमा वाचक शब्द, ध्वनि, वर्ण, अक्षर, आवाज, कोलाहल, सङ्गीत, श्रवण, कलरव, मृदङ्गादिवाट उत्पन्न चर्को आवाज, पद ।

शब्दकोशः/शब्दकोषः (ना./पुं.) शब्दानां कोशः/कोषः *(शब्दहरूको सङ्कलन)* ष.त.स.= शब्दकोश/शब्दकोष ।

शब्दार्थ- शब्दसङ्ग्रह, शब्दसमूह, शब्दहरूको सङ्कलन गरिएको ग्रन्थ ।

शब्दग्रहः (ना./पुं.) शब्दं गृह्णाति अनेन *(शब्द ग्रहण गर्छ यसले)* शब्द उपपदमा हुने ग्रह उपादाने (क्र्या.) धातु, शब्द+ग्रह+अप्[5] (अ)= शब्दग्रह ।

शब्दार्थ- शब्द ग्रहण गर्ने- कान, श्रोत्र, श्रवणेन्द्रिय ।

शब्दजालम् (ना./न.) शब्दानां जालम् *(शब्दहरूको जाल)* ष.त.स.= शब्दजाल ।

शब्दार्थ- शब्दाडम्बर, वाक्जाल, शब्दहरू थुपारेर कठिन पार्ने काम, वाक्प्रपञ्च ।

शब्दनः (वि.) शब्दयतीति *(शब्द गर्छ)* शब्द भाषणे (चुरा.) धातु, शब्द+युच्[6] (अन)= शब्दन ।

शब्दार्थ- शब्द गर्ने, आवाज निकाल्ने ।

शब्दप्रमाणम् (ना./न.) शब्दानां प्रमाणम् *(शब्दहरूको प्रमाण)* ष.त.स.= शब्दप्रमाण ।

शब्दार्थ- शब्दहरूको आधारमा लिइएको प्रमाण, शब्दहरूको लिखित वा मौखिक प्रमाण ।

शब्दबोधः (ना./पुं.) शब्दानां वोधः *(शब्दहरूको वोध)* ष.त.स.= शब्दबोध ।

शब्दार्थ- शब्दज्ञान, शब्दहरूको जानकारी, लिखित वा मौखिक रूपमा शब्दहरूको ज्ञान ।

शब्दब्रह्म (ना./न.) शब्दे ब्रह्म *(शब्दमा रहने ब्रह्म)* ष.त.स.= शब्दब्रह्म । अथवा शब्द एव ब्रह्म *(शब्द नै ब्रह्म)* म.व्य.स.= शब्दब्रह्म ।

शब्दार्थ- शब्दमा चित्रित आत्मा वा परमात्मासम्वन्धी ज्ञान, आध्यात्मिक ज्ञान, वेद, शब्दरूप ब्रह्म ।

***उदा.* झम झम झम झम**

शब्द-ब्रह्मले आँखा चिम्ली राग अलाप्यो- चि.चू. १

शब्दभेदः (ना./पुं.) शब्दानां भेदः *(शब्दहरूको भेद वा प्रकार)* ष.त.स.= शब्दभेद ।

शब्दार्थ- ध्वन्यात्मक, वर्णात्मक आदि शब्दहरूको प्रकार, शब्दको किसिम, शब्दको भेद ।

***द्रष्टव्य-* शब्दो द्विधा ध्वन्यात्मको वर्णात्मकश्च- त.सं.**

---

[1] अन्येष्वपि दृश्यते : ड

[2] आतोऽनुपसर्गे... : क

[3] जातेरस्त्री... : ङीष्

[4] शाशपिभ्यां ददनौ : दन्

[5] ग्रहवृदृनिश्चिगमश्च : अप्

[6] चलनशब्दार्था... : युच्

शब्दभेदी (वि.) शब्दमनुसृत्य भेत्तुं शीलमस्य *(शब्दको अनुसरण गरेर भेदन गर्ने क्षमता वा शील छ यसको)* शब्द उपपदपूर्वक भिदिर् विदारणे (रुधा.) धातु, शब्द+भिद्+णिनि (इन्), गुण, शब्दभेदिन् =शब्दभेदी ।

शब्दार्थ- शब्दकै आधारमा निशाना लगाउने शब्दवेधी (वाण), शब्दकै आधारमा वाण हान्न सक्ने (अर्जुन, धनञ्जय, दशरथ) ।

शब्दयोजना (ना./स्त्री.) शब्दानां योजना *(शब्दहरूको राम्रो संयोजन)* ष.त.स.= शब्दयोजना ।

शब्दार्थ- कुनै वाक्य वा संरचनामा उपयुक्त शब्दहरू चुनेर राख्ने काम, शब्दसंयोजन ।

शब्दवान् (वि.) शब्दः अस्यास्तीति *(शब्द छ यसको)* शब्द+मतुप्[1] मत्), मको व, शब्दवत्= शब्दवान् ।

शब्दार्थ- शब्द गर्ने, ध्वनियुक्त ।

शब्दविद्या (ना./स्त्री.) शब्दानां विद्या *(शब्दहरूको उत्पत्ति, रचना आदि कुराको बोध गराउने विद्या)* ष.त.स. =शब्दविद्या ।

शब्दार्थ- शब्दशास्त्र, शब्दानुशासन शास्त्र, व्याकरण, शब्दहरूको व्युत्पत्ति र रूप आदिको वोध गराउने विद्या ।

शब्दवेधी (वि.) शब्दमनुसृत्य वेद्धुं शीलमस्य *(शब्दको अनुसरण गरेर भेदन गर्ने शील छ यसको)* शब्दपूर्वक विध विधाने (तुदा.) धातु, शब्द+विध्+णिनि (इन्), गुण, शब्दवेधिन्= शब्दवेधी ।

शब्दार्थ- शब्दभेदी (वाण), शब्दको अनुसरण गरेर वाण हान्न सक्ने (अर्जुन, दशरथ) ।

शब्दशास्त्रम् (ना./न.) शब्दानां शास्त्रम् *(शब्दहरूको शास्त्र)* ष.त.स.= शब्दशास्त्र ।

शब्दार्थ- शब्दहरूको उत्पत्ति र संरचना आदि कुरा वोध गराउने शास्त्र, शब्दविद्या, व्याकरणशास्त्र ।

शब्दशुद्धिः (ना./स्त्री.) शब्दानां शुद्धिः *(शब्दहरूको शुद्धता)* ष.त.स.= शब्दशुद्धि ।

शब्दार्थ- शब्दहरूको शुद्धता, शब्दहरू शुद्ध रूपमा प्रयोग गर्ने काम ।

शब्दसङ्ग्रहः (ना./पुं.) शब्दानां सङ्ग्रहः *(शब्दहरूको सङ्ग्रह)* ष.त.स.= शब्दसङ्ग्रह ।

शब्दार्थ- शब्दकोश, शब्दावली ।

शब्दाडम्बरः (ना./पुं.) शब्दानामाडम्बरः *(शब्दहरूको आडम्बर)* ष.त.स., दीर्घ= शब्दाडम्बर ।

शब्दार्थ- शब्दहरूको आडम्वर, शब्दजाल, वाक्प्रपञ्च, शब्दहरू थुपार्ने काम ।

शब्दातीतः (वि.) शब्दान् अतीतः *(शब्दहरू अतिक्रमण गरेको)* द्वि.त.स., दीर्घ= शब्दातीत ।
अथवा शब्दः अति ईयते स्म इति *(शब्द अतिक्रमण गरेको)* शब्द उपपदमा हुने अतिपूर्वक इण् गतौ (अदा.) धातु, शब्द+अति+इ+क्त (त), शब्द अति/अति इ, यी दुवैको दीर्घ= शब्दातीत ।

शब्दार्थ- शब्दले ग्रहण गर्न नसकिने, शब्दशक्ति अतिक्रमण गरेको, अनिर्वचनीय, वर्णनातीत ।

शब्दानुशासनम् (ना./न.) शब्दानामनुशासनम् *(शब्दहरूको अनुशासन)* ष.त.स., दीर्घ शब्दानुशासन ।
अथवा शब्दाः अनुशिष्यन्ते व्युत्पाद्य संस्क्रियन्ते इति *(शब्दहरू व्युत्पादन गरेर परिष्कृत गरिन्छन्)* शासु अनुशिष्टौ (अदा.) धातु, शब्द+अनु+शास्+ल्युट् (अन), दीर्घ= शब्दानुशासन ।

शब्दार्थ- शब्दहरूको अनुशासन, शब्दहरूको भेद, व्युत्पत्ति, रचना आदि कुराको बोध गराउने शास्त्र, व्याकरण, शब्दशास्त्र ।

शब्दार्थः (ना./पुं.) शब्दानामर्थः *(शब्दहरूको अर्थ)* ष.त.स., दीर्घ= शब्दार्थ ।
अथवा शब्दश्च अर्थश्च *(शब्द र अर्थ)* द्व.स., शब्दार्थौ =शब्दार्थ ।

शब्दार्थ- शब्दको अर्थ, शब्दको सामान्य तथा विशेष अर्थ, शब्द र अर्थ दुवै ।

शब्दार्थतत्त्वम् (ना./न.) शब्दश्च अर्थश्च *(शब्द र अर्थ)* द्व.स., शब्दार्थौ । तयोस्तत्त्वम् *(शब्द र अर्थको तत्त्व)* ष.त.स.= शब्दार्थतत्त्व ।

शब्दार्थ- शब्द र अर्थको मुख्य आशय वा अभिप्राय, शब्दार्थको तात्पर्य ।

शब्दावली (ना./स्त्री.) शब्दानामावली *(शब्दहरूको सङ्ग्रह)* ष.त.स., दीर्घ= शब्दावली ।

शब्दार्थ- शब्दहरूको सूचि, शब्दकोश, शब्दसङ्ग्रह, शब्दक्रम, शब्दहरूको श्रेणी वा लहर ।

शब्दाश्रितः (वि.) शब्दम् आश्रितः *(शब्दमा आधारित)* द्वि.त.स., दीर्घ= शब्दाश्रित ।

शब्दार्थ- शब्दमा आधारित हुने, शब्दमा आश्रित रहने (अनुप्रास, यमक, श्लेष आदि अलङ्कार) ।

शब्दितः (वि.) शब्दः सञ्जातः अस्य *(शब्द पैदा भएको छ यसको)* शब्द+इतच् (इत), अकारलोप= शब्दित ।
अथवा शब्द्यते स्म इति *(शब्द गरेको)* शब्द भाषणे (चुरा.) धातु, शब्द्+क्त (त), इडागम= शब्दित ।

शब्दार्थ- शब्द पैदा भएको, उच्चारण गरिएको, ध्वनित, आवाज निकालिएको, शब्द गरेको, शब्द निस्केको ।

शमः (ना./पुं.) शमनम्, शम्यते इति *(शान्त हुनु)* शमु उपशमे (दिवा.) धातु, शम्+घञ्[2] (अ), वृद्धिनिषेध =शम ।

शब्दार्थ- शान्ति, आनन्दानुभूति, मनको स्थिरता, धैर्य, चित्तमा विक्षोभ पैदा नहुने काम, शमन, विश्रान्ति, इन्द्रिय-संयम ।

---

[1] रसादिभ्यश्च : मतुप्

[2] भावे : घञ्

शमता (ना./स्त्री.) शमस्य भावः *(शम हुनाको भाव वा अवस्था)* शम+तल् (त)+टाप् (आ)= शमता ।

शब्दार्थ- शान्त हुनाको स्थिति, स्थैर्य, शमभाव ।

शमनः (वि/ना./पुं./न.) शमयति विवेचयति दण्डयतीति वा पापिनां कर्म *(पापीहरूको कामकुराको मूल्याङ्कन गर्छन्, दण्ड दिन्छन्)* शमु उपशमे (दिवा.) धातु, शम्+णिचि+ल्यु[1] (अन), णिलोप= शमन ।

अथवा शमनमिति *(दमन गर्नु, दण्ड दिनु, शान्त पार्नु)* शम्+ल्युट् (अन)= शमन ।

शमनो यमराडयमः । शमनं शान्तिवधयोः- इत्यमरः

शब्दार्थ- शमन गर्ने, दण्ड दिने, चित्तवृत्ति शान्त पार्ने, यम, यमराज, शान्ति, वध, निग्रह, दण्ड ।

शमनीयः (वि.) शमितुं योग्यः *(शमन गर्न लायक)* शमु उपशमे (दिवा.) धातु, शम्+अनीय (र्)= शमनीय ।

शब्दार्थ- शमन गर्न योग्य वा लायक, शमन गर्न सकिने, दमन गर्न उचित ।

शमितः (वि.) शम्यते स्म इति *(शमन गरिएको)* शमु उपशमे (दिवा.) धातु, शम्+क्त (त), इडागम, णिलोप= शमित ।

शब्दार्थ- शमन गरिएको, निराकरण गरिएको, दबाइएको, वशीभूत पारिएको, शान्त ।

शमी (वि./ना./स्त्री.) शमः अस्य अस्तीति *(शान्तभाव छ यसको)* शम+इनि[2] (इन्), अकारलोप, शमिन् =शमी ।

अथवा शाम्यति तच्छीलः *(शान्त हुने शील स्वभाव भएको)* शमु उपशमे (दिवा.) धातु, शम्+घिनुण्[3] (इन्), वृद्धिनिशेध, शमिन्= शमी ।

अथवा शमयतीति *(तापादि शमन गर्छ)* शम्+णिचि +अच् (पचादि), णिलोप, शम+ङीप् (ई)= शमी ।

शब्दार्थ- इन्द्रियनिग्रह गर्ने, आत्मनियन्त्रण गर्ने, सौम्य, शान्त, एक प्रकारको वृक्ष, अग्निगर्भमा हुने शमीवृक्ष ।

द्रष्टव्य- **अग्निगर्भां शमीमिव ।**

शम्वः (ना./पुं.) शम्वयति बध्नाति शत्रून् *(शत्रुलाई बन्धनमा पार्छ)* शम्ब सम्बन्धने (चुरा.) धातु, शम्व् +अच् (पचादि)= शम्व ।

अथवा शं शुभं अस्यास्तीति *(शुभ छ यसको)* शं+व =शम्व ।

शतकोटिः स्वरुः शम्बो दम्भोलिरसनिर्द्वयोः- इत्यमरः

शब्दार्थ- इन्द्रको वज्र, कुलिश, मुसलको अग्रभागमा ठोकेको लोहमण्डल, प्रसन्न ।

शम्वरः (ना./पुं./न.) शं वृणोतीति *(कल्याण प्रदान गर्छ)* शम्पूर्वक वृञ् वरणे (स्वा.) धातु, शम्+वृ+अच् (पचादि), गुण, शम्वरः । व र बको अभेदसम्वन्ध हुँदा वध्वनि बमा परिणत= शम्वर ।

अथवा शम्बयतीति *(दमन गर्छ)* शम्ब सम्बन्धने (चुरा.) धातु, शम्ब्+अरन् (अर), उणा., बहुलप्रकारले =शम्बर ।

शम्बरं सलिले पुंसि मृगदैत्यविशेषयोः - इति विश्वः

शब्दार्थ- पानी, जल, वादल, प्रद्युम्नद्वारा वध गरिएको एक राक्षस, मृगविशेष, औषधिविशेष, माछो ।

शम्बलः (ना./पुं./न.) शम्बयति अनेन *(सम्बन्ध गर्छ यसले)* शम्ब सम्बन्धने (चुरा.) धातु, शम्ब्+अलच्[4] (अल), उणा., बहुलप्रकारले= शम्बल ।

शम्बलोऽस्त्री शम्बलवत् कुलपाथेयमत्सरे- इति मेदिनी

शब्दार्थ- तट, किनार, वाटो खर्च, पाथेय, सामल, ईर्ष्या ।

शम्बूकः (ना./पुं.) शाम्यतीति *(शान्त हुन्छ)* शमु उपशमे (दिवा.) धातु, शम्+ऊक[5] (उणा.), बुगागम=शम्बूक ।

शम्बूको गजकुम्भान्ते घोङ्घे च शूद्रतापसे ।

जलजन्तुविशेषे च- इति मेदिनी

शब्दार्थ- जलशुक्ति, शङ्ख, घुँगीकीरो, शूद्रतपस्वी, हात्तीको सुँडको छेउ वा टुप्पो, जलजन्तु ।

शम्मली (ना./स्त्री.) शं सुखं मलते असौ *(आनन्ददायी कुरा भन्छे यो)* शम्पूर्वक मल परिभाषणे (भ्वा.) धातु, शम्+मल्+अच् (पचादि), शम्मल+ङीष्[6] (ई)=शम्मली

शब्दार्थ- कुट्टनी, कुटुनी, युवतीहरूलाई फकाएर परपुरुषसित लगाइदिने गाउँचाहारा आइमाई ।

शम्भुः (ना./पुं./वि.) शं सुखं मङ्गलं भवति अस्मात्, भावयति अनेन इति वा (णिको अर्थमा) *(सुख वा मङ्गल हुन्छ यिनबाट वा सुख पैदा गर्छन् यिनले)* शम्उपपदमा हुने भू सत्तायाम् (भ्वा.) धातु, शम्+भू +डु[7] (उ), टिलोप= शम्भु ।

शब्दार्थ- शिव, शङ्कर, महेश्वर, महादेव, समृद्धि प्रदान गर्ने, कल्याण गर्ने ।

शयः (वि./ना./पुं.) शेते इति *(सुत्तछ)* शीङ् स्वप्ने (अदा.) धातु, शी+अच् (पचादि), गुण, अयादेश=शय ।

अथवा शेते सर्वं अस्मिन् *(सबै यसमा सुत्छन्)* शी+घ (अ), गुण, अयादेश= शय ।

शब्दार्थ- सुत्नेवाला, लेट्ने, पल्टने, निद्रा, सर्प, शय्या ।

द्रष्टव्य- **यो शब्द अर्को शब्दको अन्त्यमा पनि प्रयोग हुन्छ, जस्तै- उत्तानशय, दिवाशय आदि ।**

शयनम् (ना./न.) शेते सर्वमस्मिन् *(सबै यसमा सुत्तछन्)* शीङ् स्वप्ने (अदा.) धातु, शी+ल्युट्[8] (अन), गुण, अयादेश= शयन ।

स्यान्निद्रा शयनं स्वापः स्वप्नः संवेश इत्यपि- इत्यमरः

शयनं सुरते निद्रा शय्ययोश्च नपुंसकम्- इति मेदिनी ।

शब्दार्थ- ओछ्यान, शय्या, विस्तरा, सुत्ने काम, निद्रा, सुताइ, पल्टने वा लेट्ने काम, मैथुन, सम्भोग ।

---

१. नन्दिग्रहि... : ल्यु

२. अत इनिठनौ : इनि

३. शमित्यष्टाभ्यो... : घिनुण्

४. उणादयो बहुलम् : अलच्

५. उलुकादयश्च : ऊक, बुक्

६. षिद्गौरादिभ्यश्च : ङीष्

७. मितद्रवादिभ्य उपसंख्यानम् (वा.) : डु

८. करणाधिकरणयोश्च : ल्युट्

शयनकक्षः (ना./पुं.)/शयनगृहम्/शयनस्थानम् (ना./न.) शयनाय कक्षः, शयनाय गृहम्, शयनाय स्थानम् *(सुत्नको लागि कोठा, सुत्नको लागि घर, सुत्नका लागि ठाउँ)* च.त.स.= शयनकक्ष/शयनगृह/ शयनस्थान ।

शब्दार्थ- सुत्ने कोठा वा ठाउँ, सुत्ने घर, शयनगृह, सुत्ने ओछ्यान, शयनागार ।

शयनशय्या (ना./स्त्री.) शयनाय शय्या *(सुत्नको लागि ओछ्यान)* च.त.स.= शयनशय्या ।

शब्दार्थ- सुत्ने ओछ्यान, शयनकक्ष ।

शयनागारः (ना./पुं.) शयनाय आगारः *(सुत्नका लागि घर)* च.त.स.= शयनागार ।

शब्दार्थ- सुत्ने कोठा, शयनगृह, सुत्ने घर ।

शयनीयः (वि./ना./न.) शेते अस्याम् वा शेतुं योग्यः *(सुत्छ यसमा, सुत्न लायक)* शीङ् स्वप्ने (अदा.) धातु, शी+अनीय (र्), अधिकरणमा, गुण, अयादेश=शयनीय ।

शब्दार्थ-सुत्न योग्य वा लायक, सुत्नुपर्ने, विस्तरा, शय्या

शयालुः (वि./ना./पुं.) शेते तच्छीलः शयनशीलः *(शयनशील हुन्छ)* शीङ् स्वप्ने (अदा.) धातु, शी+आलुच्[1] (आलु), गुण, अयादेश= शयालु ।

स्वप्नक् शयालुर्निद्रालुः- इत्यमरः

शयालुः स्यादजगरे निद्राशीले च कुक्कुरे- इति मेदिनी

शब्दार्थ- निद्रालु, निदाउनमा निपुण, तन्द्रालु, सुताहा, अल्छी, अजिङ्गर, सुतिरहने कुकुर ।

शयितः (वि.) शेते स्म इति *(सुतेको)* शीङ् स्वप्ने (अदा.) धातु, शी+क्त (त), कर्तामा, कित्वाभाव[2], इडागम, गुण, अयादेश= शयित ।

शब्दार्थ- सुतेको, पल्टेको, लेटेको, विश्रान्त, निदाएको ।

शय्या (ना./स्त्री.) शेते शीयते अत्र *(सुत्छ, सुतिन्छ यहाँ)* शीङ् स्वप्ने (अदा.) धातु, शी+क्यप्[3] (य), अयङ्[4], शय्य+टाप् (आ)= शय्या ।

शय्या स्यात् शयनीये च गुम्फनेऽपि च योषिति- मेदिनी

शब्दार्थ- ओछ्यान, शयन, तल्प, स्त्री ।

शय्यादानम् (ना./न.) शय्यायाः दानम् *(शय्याको दान)* ष.त.स.= शय्यादान ।

शब्दार्थ- मरेको एघारौं दिनमा वा अन्य शुभकर्मको समाप्तिको अवसरमा दिइने शय्यादान ।

द्रष्टव्य- शय्यादानमा पलङ्ग, विस्तरा, भाँडावर्तन, पहिरन, आभूषण र अन्य खाद्यसामग्री आदि पदार्थ रहेको हुन्छ ।

शरः (ना./पुं./न.) शृणातीति *(चोट पुऱ्याउँछ)* शॄ हिंसायाम् (क्र्या.) धातु, शॄ+अच् (पचादि)/अप्[5] (अ), गुण= शर ।

शरस्तेजनके बाणे दध्यग्रे ना शरं जले- इति मेदिनी

शब्दार्थ- बाण, तीर, नर्कट, निगालो आदिको डाँठ, घाउ, चोट, दूधमलाई, दूधको तर, पानी, जल ।

शरच्चन्द्रः (ना./पुं.) शरदः चन्द्रः वा शरदि चन्द्रः *(शरद्कालका चन्द्रमा, शरद्ऋतुमा देखिने स्वच्छ चन्द्रमा)* ष.त.स./स.त.स., शरद्चन्द्र, चर्त्व, श्चुत्व =शरच्चन्द्र ।

शब्दार्थ- शरत्कालीन चन्द्रमा, शारदी चन्द्रमा, शरद्ऋतुका निर्मल चन्द्रमा ।

शरच्चन्द्रिका (ना./स्त्री.) शरदि चन्द्रिका *(शरद्ऋतुमा देखिने निर्मल चन्द्रकिरण)* स.त.स., चर्त्व, श्चुत्व =शरच्चन्द्रिका ।

शब्दार्थ- शरत्कालीन चन्द्रकिरण, शरत्कालमा निर्मल देखिने चन्द्रमाको ज्योत्स्ना ।

शरजन्मा (ना./पुं.) शरेषु जन्म यस्य *(नर्कट आदिमा जन्म छ जसको)* ब.स., शरजन्मन्= शरजन्मा ।

शब्दार्थ- स्कन्दकुमार, स्वामी कार्तिकेय ।

शरशय्या (ना./स्त्री.) शराणां शरेषु वा शय्या *(बाणमा वा बाणको शय्या)* स.त.स.= शरशय्या ।

शब्दार्थ- वाणमा शय्या, वाणमा ओछ्यान, वाणैवाणमा सुत्ने काम ।

शरणः (ना./पुं./न.) शृणाति दुःखमनेन *(यसबाट दुःखकष्ट निवारण हुन्छ)* शॄ हिंसायाम् (क्र्या.) धातु, शॄ+युच्[6] (अन),उणा., गुण= शरण । अथवा शरणमिति *(शरण दिइन्छ)* शॄ+ल्युट्[7] (अन), गुण, णत्व= शरण ।

शब्दार्थ- दुःखीको रक्षा गर्ने ईश्वर, आश्रय, संरक्षण पाउने काम, रक्षा गर्ने काम ।

शरणागतः (वि.) शरणमागतः *(शरणमा आएको)* द्वि.त.स., दीर्घ= शरणागत ।

शब्दार्थ- शरणमा परेको, शरणमा आश्रित भएर रहेको ।

शरणागतिः (ना./स्त्री.) शरणे आगतिः *(शरणमा आउने काम)* स.त.स., दीर्घ= शरणागति ।

शब्दार्थ- शरण पर्ने काम, शरणागत हुने क्रिया, शरणमा आउने काम ।

शरणापन्नः (वि.) शरणमापन्नः *(शरणमा परेको)* द्वि.त.स., दीर्घ= शरणापन्न ।

शब्दार्थ- शरणमा परेको, शरणागत, शरणमा आएको ।

शरणार्थी (वि.) शरणमर्थयते इति *(शरण माग्दछ)* शरण उपपदपूर्वक अर्थ उपयाञ्चायाम् (चुरा.) धातु, शरण+अर्थ्+णिनि[8] (इन्), दीर्घ, शरणार्थिन्=शरणार्थी ।

शब्दार्थ- शरण पर्ने, अर्काको शरण माग्ने, कसैको आश्रय लिएर बस्न इच्छा गर्ने, आफ्नो देश छाडेर अर्को देशमा आश्रित भएर रहने, अर्को मुलुकमा शरण लिएर बस्न चाहने ।

---

[1] शीङो वाच्यः (वा.) : आलुच्
[2] निष्ठा शीङ्स्विदिमिदि...: कित्वनिषेध
[3] संज्ञायां समजनि...: क्यप्
[4] अयङ् यि... : अयङ्
[5] ऋदोरप् : अप्
[6] बहुलमन्यत्रापि : युच्
[7] ल्युट् च : ल्युट्
[8] आवश्यकाधमर्ण्ययो... : णिनि

शरण्यः (वि.) शरणे साधुः, शरणे मुख्यः इति वा *(शरण दिन निपुण, शरण दिन अग्रगण्य)* शरण+यत्[१] (य), अकारलोप= शरण्य ।

शब्दार्थ- शरण दिने, शरण दिनमा कुशल, शरण दिन योग्य, आश्रय दिने, रक्षा गर्ने, शरण दिन अग्रगण्य ।

शरत् (द्) (ना./पुं.) शीर्यन्ते अस्याम् ओषधयः *(धान्यादि ओषधिहरू पाकेर सुक्न लाग्छन् यस ऋतुमा)* शॄ हिंसायाम् (क्र्या.) धातु, शॄ+अदि[२] (अद्), उणा., गुण, शरद् । चर्त्व विकल्पले= शरत् । चर्त्वको अभावमा= शरद् ।

शब्दार्थ- छवटा ऋतुहरूमध्ये एक, असोज र कार्तिक महिनामा पर्ने ऋतु ।

शरत्कालः (ना./पुं.) शरदः कालः *(शरद् ऋतुको काल)* ष.त.स., चर्त्व= शरत्काल ।

शब्दार्थ- शरद् ऋतुको समय, शरद् ऋतुको वेला ।

शरमयः (वि.) शरस्य विकारः *(बाणको विकार)* वा प्रकृतः प्रचुरः शरः *(पर्याप्त बाण)* शर+मयट् (मय)=शरमय

शब्दार्थ- वाणैवाणले छ्यापिएको, वाणैवाणले भरिएको ।

शरीरम् (ना./न.) शीर्यते जीर्यते यत् *(रोगादिले नासिन्छ जो)* शॄ हिंसायाम् (क्र्या.) धातु, शॄ+ईरन्[३] (ईर), उणा., गुण= शरीर ।

गात्रं वपु संहननम् शरीरं वर्ष्म विग्रहः । कायो देहः- इत्यमरः

शब्दार्थ- वपु, देह, तनु, गात्र, कलेवर, मूर्ति, विग्रह, काय, सुख, दुःख, इच्छा, द्वेष आदिको आधाररूप देह, क्षेत्र, हाड, छाला, रगत, मासु आदिले बनेको स्थूल तथा प्रकृतिका तेईसवटा सूक्ष्मतत्त्व सम्मिलित शरीर ।

द्रष्टव्य- **इदं शरीरं कौन्तेय क्षेत्रमित्यभिधीयते- भ.गी. १३/१**

शरीरधारी (वि.) शरीरं धर्तुं शीलमस्य *(शरीर धारण गर्ने शील वा स्वभाव छ यसको)* शरीर उपपदपूर्वक डुधाञ् धारणपोषणयोः (जुहो.) धातु, शरीर+धृ+णिनि (इन्), वृद्धि, शरीरधारिन्= शरीरधारी ।

शब्दार्थ- शरीर धारण गर्ने, मूर्तिमान्, शरीरी, विग्रहवान् प्राणी, देहधारी ।

शरीररक्षकः (वि.) शरीरं रक्षतीति *(शरीरको रक्षा गर्छ)* शरीर उपपदपूर्वक रक्ष पालने (भ्वा.) धातु, शरीर+रक्ष्+ण्वुल्[४] (अक)= शरीररक्षक ।

शब्दार्थ- शरीर रक्षा गर्ने, अङ्गरक्षक ।

शरीररक्षा (ना./स्त्री.) शरीरस्य रक्षा *(शरीरको रक्षा)* ष.त.स.= शरीररक्षा ।

शब्दार्थ- शरीरको संरक्षण, शरीरको रक्षा गर्ने काम ।

शरीरवान् (वि.) शरीरम् अस्य अस्तीति *(शरीर छ यसको)* शरीर+मतुप् (मत्), मको व, शरीरवत्= शरीरवान्

शब्दार्थ- शरीरधारी, मूर्तिमान्, विग्रहवान्, देहधारी ।

शरीरावयवः (ना./पुं.) शरीरस्य अवयवः *(शरीरको अवयव)* ष.त.स., दीर्घ= शरीरावयव ।

शब्दार्थ- शरीरको अङ्ग, शरीरको अवयव- हात, खुट्टा, नाक, मुख, पाउ आदि ।

शरीरी (वि.) शरीरमस्यास्तीति *(शरीर छ यसको)* शरीर+इनि[५] (इन्), अकारलोप, शरीरिन्= शरीरी ।

शब्दार्थ- शरीर भएको, देह धारण गर्ने, मूर्तिमान्, शरीरधारी (जीव) ।

शर्करा (ना./स्त्री.) शर्करा अस्ति अत्र *(गेगर माटो छ यहाँ)* शर्करा+मतुप् (मत्), मतुप्‌को लुप्[६]= शर्करा । अथवा शृणाति पित्तम् *(पित्त नाश गर्छ)* शॄ हिंसायाम् (क्र्या.) धातु, शॄ+करन्[७] (कर), उणा., गुण, शर्कर+टाप् (आ)= शर्करा ।

शब्दार्थ- गेगर भएको ठाउँ, बलौटे माटो भएको स्थान, गेगर, बलौटो, ऊखु, सखर, चिनी ।

शर्मन् (शर्मा) (ना./पुं./न.) शृणाति अमङ्गलमशुभं वा *(अमङ्गल वा अशुभ नाश गर्छ)* शॄ हिंसायाम् (क्र्या.) धातु, शॄ+मनिन्[८] (मन्), उणा., गुण, शर्मन्= शर्मा ।

स्यादानन्दथुरानन्दशर्मशातसुखानि च- इत्यमरः

शब्दार्थ- प्रसन्नता, आनन्द, सुख, आशीर्वाद, आधार, ब्राह्मणको नामको पछाडि जोडिएर आउने उपाधि ।

शर्वः (ना./पुं.) शृणाति संहरति प्रलयकाले सर्वान्जनान् *(प्रलयकालमा समग्र मानिसहरूको संहार गर्छन्)* अथवा शृणाति दुःखम् अकल्याणं पापम् वा *(दुःख, अमङ्गल र पापको नाश गर्छन्)* शॄ हिंसायाम् (क्र्या.) धातु, शॄ+व[९], उणा., गुण= शर्व ।

सर्वः शर्वः शिवः स्थाणुर्भूतादिर्निधिरव्ययः- वि.स.ना. १७

शब्दार्थ- शिव, महेश्वर, महादेव, विष्णु, नारायण ।

शर्वरी (ना./स्त्री.) शृणाति जनानां विविधाः चेष्टाः *(मानिसहरूका विविध चेष्टा र व्यापारको समाप्त गर्छ)* शॄ हिंसायाम् (क्र्या.) धातु, शॄ+ष्वरच्[१०] (वर), उणा., गुण, शर्वर+ङीष्[११] (ई)= शर्वरी ।

शर्वरी यामिनीस्त्रियोः- इति मेदिनी

अथ शर्वरी । निशा निशीथिनी रात्रिः- इत्यमरः

शब्दार्थ- रात, निशा, क्षपा, रात्रि, रजनी, स्त्रीजाति, ज्योतिषशास्त्रमा साठीवटा संवत्सरहरूमध्ये एक ।

शर्वाणी (ना./स्त्री.) शर्वस्य शिवस्य पत्नी *(शिवकी पत्नी)* शर्व+ङीष्[१२] (ई), आनुगागम, दीर्घ, णत्व =शर्वाणी ।

शब्दार्थ- भवानी, पार्वती, दुर्गा, गौरी, शिवा ।

---

१. तत्र साधुः/शाखादिभ्यो... : यत्

२. शृदृभसोऽदिः : अदि

३. कृशृपृकटि : ईरन्

४. ण्वुल्तृचौ : ण्वुल्

५. अत इनिठनौ : इनि

६. देशे लुबिलचौ च : मतुप्‌को लुप्

७. श्रः करन् : करन्

८. सर्वधातुभ्यो.... : मनिन्

९. कृगृशृदृभ्यो वः : व

१०. कृगृशवृन् चतिभ्य... : ष्वरच्

११. षिद्गौरादिभ्यश्च : ङीष्

१२. इन्द्रवरुणभवशर्व... : ङीष्, आनुक्

शलभः (ना./पुं.) शलतीति *(घुमफिर गर्छ, समूहमा विचरण गर्छ)* शल चलनसंवरणयोः वा शल गतौ (भ्वा.) धातु, शल्+अभच्[१] (अभ), उणा.= शलभ ।

शब्दार्थ- पुतली, फटचाङ्ग्रो, पतङ्ग, सलह कीरो ।

द्रष्टव्य- सलह कीरो वथान भएर उड्छ, एक ठाउँमा बसेर वालीनाली सबै नष्ट गर्छ र महामारी फैलाउँछ ।

शलाका (ना./स्त्री.) शलतीति *(संवरण गर्छ)* शल चलनसंवरणयोः (भ्वा.) धातु, शल्+आक[२], शलाक+टाप् (आ)= शलाका ।

शलाका शारिका शल्यः श्वाविदालेख्यकूर्चिका- इति हैमः

शलाका शल्यमदनस्मारिकाशल्लकीषु च- इति मेदिनी

शब्दार्थ- डण्डी, छडी, छेस्को, टुक्रो, कीलो, गाजल लगाउने पेन्सिल, रङ्ग भर्ने कुची, दुंसी, भाला ।

शल्यः (ना./पुं.) शलतीति *(पीडा दिन्छ)* शल गतौ (भ्वा.) धातु, शल्+यक्[३] (य), उणा.= शल्य ।

श्वावित्तु शल्यः- इत्यमरः

शब्दार्थ- कांडो, कण्टक, वाण, व्रण, घाउ चिर्ने हतियार, चिरफार गर्ने साधन, छुरा, सुइरो, दुंसी, महाभारतकालीन मद्रदेशका नरेश ।

शल्यक्रिया (ना./स्त्री.) शल्येन क्रिया *(चिरफारद्वारा गरिने उपचार विधि)* तृ.त.स.= शल्यक्रिया ।

शब्दार्थ- चिरफारद्वारा उपचार गर्ने पद्धति, अपरेसन क्रिया, शल्यचिकित्सा, चिरफार गर्ने काम ।

शल्यचिकित्सकः (ना./पुं.) केतुमिच्छति *(रोग हटाउन चाहन्छ)* कित निवासरोगापनयने (भ्वा.) धातु, कित्+सन् (स), द्वित्व, चर्त्व, चिकित्स (सनन्त धातु) । शल्येन चिकित्सतीति *(चिरफारद्वारा उपचार गर्न चाहन्छ)* शल्य उपपदपूर्वक चिकित्स सनन्त (धातु), शल्य+चिकित्स+ण्वुल्[४] (अक)= शल्यचिकित्सक ।

शब्दार्थ- चिरफार गर्ने चिकित्सक, डाक्टर, चिरफार ग़रेर उपचार गर्ने डाक्टर, चिरफार गर्ने वैद्य ।

शल्यचिकित्सा (ना./स्त्री.) शल्येन चिकित्सा *(चिरफारद्वारा गरिने उपचार विधि)* तृ.त.स. =शल्यचिकित्सा ।

शब्दार्थ- चिरफार गरेर उपचार गर्ने पद्धति, अपरेसन क्रिया, शल्यचिकित्सा विधि ।

शल्योपचारः (ना./पुं.) शल्येन उपचारः *(शल्यक्रियाद्वारा गरिने उपचार)* तृ.त.स., गुण= शल्योपचार ।

शब्दार्थ- शल्यक्रियाद्वारा गरिने उपचार, चिरफारद्वारा गरिने उपचार ।

शवः (ना./पुं./न.) शवति गच्छति प्रेतत्त्वम् *(प्रेतत्त्वमा पुग्छ)* वा शवति चित्तं विकरोतीति *(चित्तमा विकृति पैदा गर्छ)* शव गतौ (भ्वा.) धातु, शव्+अच् (पचादि)= शव ।

अथवा श्वति गच्छति प्राणम् *(प्राण जान्छ)* टुओश्वि गतिवृद्धयोः (भ्वा.) धातु, श्वि+असुन्[५] (अस्), सम्प्रसारणबाट श्विका वको उकार, शु अस्, गुण, अवादेश, शवस्= शव ।

कुणपः शवमस्त्रियाम्- इत्यमरः

शब्दार्थ- मूर्दा, लास, मृतशरीर, मृतदेह, प्राण नभएको देह, प्रेतत्त्वमा पुगेको शरीर ।

शवपरीक्षा (ना./स्त्री.) शवस्य परीक्षा *(शवको परीक्षण)* ष.त.स.= शवपरीक्षा ।

शब्दार्थ- लास जाँच, मृत्युको कारण पत्ता लगाउन गरिने शव परीक्षण, पोस्टमार्टम ।

शवयात्रा (ना./स्त्री.) शवाय यात्रा *(शव लैजानका लागि यात्रा)* ष.त.स.= शवयात्रा ।

शब्दार्थ- अन्तिम मृत्युसंस्कारका लागि शवलाई जलाउन वा चिहानमा गाड्न लाने संस्कार, मलाम जाने यात्रा ।

शवयात्री (ना./पुं.) शवयात्रा अस्य अस्तीति *(शवयात्रा छ यसको)* शवयात्रा+इनि[६] (इन्), आकारलोप, शवयात्रिन् =शवयात्री ।

शब्दार्थ- शवयात्रामा जाने व्यक्ति, शवयात्रामा सम्मिलित मानिस, मलामी ।

शवयानम् (ना./न.) शवाय यानम् *(मुर्दा लानका लागि यान वा परिवहन साधन)* च.त.स.= शवयान ।

शब्दार्थ- मृत्युसंस्कारका लागि मृतकलाई लैजाँदा शव राख्ने खट, बाँसको घारो, शववाहन आदि ।

शशः (ना./पुं.) शशति प्लवेन गच्छति *(वेगले दगुर्छ)* शश प्लुतगतौ (भ्वा.)धातु, शश्+अच् (पचादि)=शश ।

शशो वोले लोध्रे नृपशुभेदयोः- इति मेदिनी

शब्दार्थ- खरायो, मृगविशेष, लोध्रवृक्ष, चन्द्रकलङ्क, कामशास्त्रमा वर्णित चारथरी पुरुषका भेदहरूमध्ये एक ।

द्रष्टव्य- **मृदुवचनसुशीलः कोमलाङ्गः सुकेशः**
शकलगुणनिधानः सत्यवादी शशोऽयम्- रतिमञ्जरी ३५
अर्थात् शश पुरुष मृदुभाषी, कोमल अङ्ग भएको, सुन्दर केश भएको, सुशील, सत्यवादी एवम् सकलगुणग्राही हुन्छ

शशकः (ना./पुं.) शश एव *(कलङ्क नै)* शश+कन् (क), स्वार्थमा= शशक ।

शब्दार्थ- मृगविशेष, खरायो, चन्द्रमाको कलङ्क ।

शशधरः (ना./पुं.) शशं कलङ्कं धरतीति *(कलङ्क धारण गर्छन्)* शश उपपदपूर्वक धृञ् धारणे (भ्वा.) धातु, शश+धृ+अच् (पचादि), गुण= शशधर ।

शब्दार्थ- चन्द्रमा, इन्दु, मृगाङ्क, सोम, चन्द्र ।

---

१. कृशृशलिकलि... : अभच्

२. बलाकादयश्च : आक

३. अघ्नादयश्च : यक्

४. ण्वुल्तृचौ : ण्वुल्

५. श्वेः सम्प्रसारणञ्च : असुन्, सम्प्रसारण

६. अत इनिठनौ : इनि

शशलाञ्छनः (ना./पुं.) शशः लाञ्छनम् यस्य *(कलङ्क नै चिन्ह छ जसको)* ब.स.= शशलाञ्छन ।

शब्दार्थ- चन्द्रमा, शशाङ्क, चन्द्र, विधु ।

शशशृङ्गम् (ना./न.) शशस्य शृङ्गमिव *(खरायोको सिङ् जस्तै असम्भव)* सह सुपा समास= शशशृङ्ग ।

शब्दार्थ- खरायोको सिङ्जस्तै सम्भव नहुने कामकुरो, काल्पनिक कुरो, असम्भव कामकुरो ।

शशाङ्कः (ना./पुं) शशः अङ्कः यस्य *(कलङ्क नै चिन्ह छ जसको)* ब.स., दीर्घ= शशाङ्क ।

शब्दार्थ- चन्द्रमा, शशी, इन्दु, चन्द्र, सोम ।

शशाङ्कमौलिः (ना./पुं.) शशाङ्कः मौलौ चूडायां यस्य *(चन्द्रमा छन् भालमा जसका)* ब.स.= शशाङ्कमौलि ।

शब्दार्थ- शिव, शशिशेखर, महादेव, महेश्वर ।

शशाङ्कशेखरः (ना./पुं.) शशाङ्कः शेखरे यस्य *(चन्द्रमा छन् ललाटमा जसका)* ब.स.= शशाङ्कशेखर ।

शब्दार्थ- महादेव, शशिशेखर, शशाङ्कमौलि, शिव, महेश्वर, चन्द्रशेखर ।

शशिन् (शशी) (ना./पुं.) शशः कलङ्कः अस्यास्तीति *(कलङ्क या चिन्ह छ यिनको)* शश+इनि[1] (इन्), अकारलोप, शशिन्= शशी ।

शब्दार्थ- चन्द्रमा, शशाङ्क, इन्दु, सोम ।

शशिकला (ना./स्त्री.) शशिनः कला *(चन्द्रमाको कला)* ष.त.स., नलोप= शशिकला ।

शब्दार्थ- चन्द्रमाको कला, चन्द्रकला, चन्द्रमाको घटबढ हुने कला ।

शशिकान्तः (ना./पुं.) शशिना कान्तः *(चन्द्रमाद्वारा प्रकाशित हुने)* तृ.त.स.= शशिकान्त ।

शब्दार्थ- चन्द्रकान्तमणि, चन्द्रमाको कान्तिवाट टल्कने मणिविशेष, चन्द्रकमल, कुमुद ।

शशिदिवाकरः (ना./पुं.) शशी च दिवाकरश्च *(चन्द्रमा र सूर्य)* द्व.स., शशिदिवाकरौ= शशिदिवाकर ।

शब्दार्थ- चन्द्रमा र सूर्य ।

शशिप्रभः (वि.) शशिनः प्रभा इव प्रभा यस्य *(चन्द्रमाको प्रभाझैं छ प्रभा जसको)* ब.स., प्रभाको ह्रस्व =शशिप्रभ ।

शब्दार्थ- चन्द्रमाको जस्तो प्रभा वा कान्ति भएको, चन्द्रमाको जस्तै उज्ज्वल ज्योति भएको ।

शशिप्रभा (ना./स्त्री.) शशिनः प्रभा *(चन्द्रमाको प्रभा)* ष.त.स.= शशिप्रभा ।

शब्दार्थ- चन्द्रमाको कान्ति, चन्द्रकिरण, चन्द्रमाको ज्योत्स्ना ।

शशिमण्डलम् (ना./न.) शशिनः मण्डलम् *(चन्द्रमाको मण्डल)* ष.त.स.= शशिमण्डल ।

शब्दार्थ- चन्द्रमण्डल, चन्द्रमाको वरिपरि देखिने मण्डलाकार घेरो, चन्द्रमाको परिवृत्त ।

शशिमुखः (ना./पुं.) शशी इव मुखं अस्य *(चन्द्रमाको जस्तो सुन्दर छ मुख यसको)* ब.स.= शशिमुख ।

शब्दार्थ- चन्द्रमाको जस्तो सुन्दर अनुहार भएको मानिस, चन्द्रमाको जस्तो स्वच्छ आकृति भएको व्यक्ति ।

शशिमुखी (ना./स्त्री.) शशी इव मुखं अस्याः *(चन्द्रमाको जस्तो सुन्दर मुख छ यस स्त्रीको)* ब.स., ङीष् (ई) =शशिमुखी ।

शब्दार्थ- चन्द्रमाको जस्तो रमणीय मुख भएकी स्त्री, शशिवदना, चन्द्रमुखी, चन्द्रमाको जस्तो सुन्दर आकृति भएकी नारी ।

शशिवदनः (ना./पुं.) शशी इव वदनं मुखं यस्य *(चन्द्रमाको जस्तो वदन छ जसको)* ब.स.=शशिवदन

शब्दार्थ- चन्द्रमाको जस्तो उज्यालो वदन भएको पुरुष, चन्द्रमाकै जस्तो सुन्दर अनुहार भएको व्यक्ति ।

शशिवदना (ना./स्त्री.) शशी इव वदनमस्याः *(चन्द्रमाको जस्तो वदन छ यस स्त्रीको)* ब.स., शशिवदन+टाप् (आ)= शशिवदना ।

शब्दार्थ- चन्द्रमाको जस्तो उज्वल मुहार भएकी स्त्री, शशिमुखी, सुन्दर अनुहार भएकी नारी ।

शशिशेखरः (ना./पुं.) शशी शेखरे यस्य *(चन्द्रमा नै शिरको माला छन् जसका)* शशिन्+शेखर, ब.स., नलोप= शशिशेखर ।

शब्दार्थ- चन्द्रमा शिरमा धारण गर्ने महादेव, महेश्वर, चन्द्रशेखर, शिव, शङ्कर ।

शशी (ना./पुं.) व्यु.हे. शशिन्

शश्वत् (अव्य.) शशतीति *(द्रुतगतिले चल्छ)* शश प्लुतगतौ (भ्वा.) धातु, शश्+वत्[2] (उणा.), वहुलप्रकारले = शश्वत् ।

पुनः सहार्थयोः शश्वत्

मुहुः पुनः पुनः शश्वदभीक्ष्णमसकृत् समाः- इत्यमरः

शब्दार्थ- वारम्वार, सँगसँगै, लगातार, अनादिकालदेखि सदाको निमित्त, पुनः पुनः, नित्य, निरन्तर ।

द्रष्टव्य- **क्षिप्रं भवति धर्मात्मा शश्वच्छान्तिं निगच्छति- भ.गी. ९/३१**

शष्पम् (ना./न.) शश्यते इति *(विनाश हुनु)* शसु हिंसायाम् (भ्वा.) वा शुष्यतीति *(सुक्तछ)* शुष शोषणे (दिवा.) धातु, शस्/शुष्+प[3] (उणा.), शस्का सको ष निपातन, शुको 'श' निपातन= शष्प ।

शष्पं बालतृणं घासः- इत्यमरः

शब्दार्थ- घाँस, पिपिरा घाँस, बालतृण, नवतृण ।

---

[1] अत इनिठनौ : इनि [2] उणादयो बहुलम् : वत् [3] खष्पशिल्पशष्पवाष्प... : प प्रत्यय, षत्वनिपातन, शुको श

शस्तम् (ना./न./वि.) शस्यते, शस्यते स्म इति वा *(कल्याण हुनु, प्रशंसा वा स्तुति गरिएको)* शंसु स्तुतौ (भ्वा.) धातु, शंस्+क्त[1] (त), भाव र कर्ममा, नलोप=शस्त ।

शस्तं क्षेमे प्रशस्ते च- इति मेदिनी

शब्दार्थ- कल्याण, मङ्गल, क्षेम, कुशल, शुभ, आनन्दप्रद, स्तुति गरिएको, प्रशंसा गरिएको ।

शस्त्रम् (ना./न.) शस्यते हिंस्यते अनेन *(हिंसा वा वध गरिन्छ यसबाट)* शसु हिंसायाम् (भ्वा.) धातु, शस्+ष्ट्रन्[2] (त्र), इण्निषेध[3]= शस्त्र ।

शब्दार्थ- अस्त्रशस्त्र, हातहतियार, उपकरण, खुकुरी, तरवार, खड्ग आदि हातहतियार ।

शस्त्रकम् (ना./न.) शस्त्रमेव *(हातहतियार नै)* शस्त्र+कन् (क), स्वार्थमा= शस्त्रक ।

शब्दार्थ- अस्त्रशस्त्र, हातहतियार, औजार, उपकरण ।

शस्त्रकारः (वि.) शस्त्रं करोतीति *(हातहतियार बनाउँछ)* शस्त्र उपपदपूर्वक डुकृञ् करणे (तना.) धातु, शस्त्र+कृ+अण्[4] (अ), वृद्धि= शस्त्रकार ।

शब्दार्थ- शस्त्र निर्माण गर्ने, हातहतियार वनाउने, शस्त्रकृत् ।

शस्त्रकोषः (ना./पुं.) शस्त्रस्य कोषः *(हतियार राख्ने भण्डार वा खोल)* ष.त.स.= शस्त्रकोष ।

शब्दार्थ- अस्त्रशस्त्रको भण्डार, अस्त्रशस्त्र राख्ने खोल, आवरण, म्यान, दाप आदि ।

शस्त्रगृहम् (ना./न.) शस्त्राणां गृहम् *(शस्त्रहरूको घर)* ष.त.स.= शस्त्रगृह ।

शब्दार्थ- अस्त्रशस्त्र राख्ने कोठा, अस्त्रगृह, शस्त्रागार, हात हतियार राख्ने ठाउँ ।

शस्त्रग्राही (वि.) शस्त्रं ग्रहीतुं शीलमस्य *(शस्त्र ग्रहण गर्ने शील वा क्षमता छ यसको)* शस्त्र उपपदपूर्वक ग्रह उपादाने (क्र्या.) धातु, शस्त्र+ग्रह्+णिनि[5] (इन्), दीर्घ, शस्त्रग्राहिन्= शस्त्रग्राही ।

शब्दार्थ- युद्धको लागि शस्त्रअस्त्र ग्रहण गर्ने, शस्त्रधारी, हतियार लिएर लड्ने ।

शस्त्रजीवी (ना./पुं./वि.) शस्त्रेण जीवतीति *(हतियार प्रयोग गरेर जीविका गर्छ)* शस्त्र उपपदपूर्वक जीव प्राणधारणे (भ्वा.) धातु, शस्त्र+जीव्+णिनि (इन्), शस्त्रजीविन्= शस्त्रजीवी ।

शब्दार्थ- अस्त्रशस्त्रको प्रयोग गरेर जीविका चलाउने व्यक्ति, सैनिक जवान, सशस्त्र प्रहरी, हातहतियार चलाएर निर्वाह गर्ने ।

शस्त्रधरः (वि) शस्त्रं धरतीति *(शस्त्र धारण गर्छ)* शस्त्र उपपदपूर्वक धृञ् धारणे (भ्वा.) धातु, शस्त्र+धृ+अच् (पचादि), गुण= शस्त्रधर ।

शब्दार्थ- शस्त्र धारण गर्ने, अस्त्र लिने, हातहतियारले सुसज्जित ।

शस्त्रधारी (वि./ना./पुं.) शस्त्रं धर्तुं शीलमस्य *(शस्त्र धारण गर्ने शील वा स्वभाव छ यसको)* शस्त्र उपपदमा हुने धृञ् धारणे (भ्वा.) धातु, शस्त्र+धृ+णिनि[5] (इन्), वृद्धि, शस्त्रधारिन्= शस्त्रधारी ।

शब्दार्थ- शस्त्र धारण गर्ने, हातहतियार लिने, हातहतियारले सुसज्जित व्यक्ति, सैनिक जवान ।

शस्त्रन्यासः (ना./पुं.) शस्त्राणां न्यासः *(शस्त्रअस्त्रहरूको परित्याग)* ष.त.स.= शस्त्रन्यास ।

शब्दार्थ- अस्त्रशस्त्रको परित्याग, हातहतियार नउठाउने काम, हातहतियार नलिने प्रण ।

शस्त्रपाणिः (ना./पुं.) शस्त्रं पाणौ यस्य *(अस्त्र छ हातमा जसको)* ब.स.= शस्त्रपाणि ।

शब्दार्थ- अस्त्र हातमा लिने व्यक्ति, सैनिक जवान, शस्त्रले सुसज्जित व्यक्ति, सशस्त्र योद्धा ।

शस्त्रपूतः (वि.) शस्त्रेणः पूतः *(शस्त्रद्वारा शुद्धीकृत भएको)* तृ.त.स.= शस्त्रपूत ।

शब्दार्थ-रणभूमिमा शस्त्रद्वारा मारिनाले पाप मुक्त भएको ।

शस्त्रप्रहारः (ना./पुं.) शस्त्रैः प्रहारः *(अस्त्रहरूद्वारा गरिएको प्रहार)* वा शस्त्राणां प्रहारः *(शस्त्रहरूको प्रहार)* तृ.त.स./ष.त.स.= शस्त्रप्रहार ।

शब्दार्थ- हातहतियारहरूद्वारा गरिएको प्रहार, अस्त्रहरूको आघात ।

शस्त्रभृत् (ना./पुं.) शस्त्रं बिभर्तीति *(शस्त्र धारण गर्छ)* शस्त्र उपपदमा हुने डुभृञ् धारणपोषणयोः (जुहो.) धातु, शस्त्र+भृ+क्विप्, तुगागम, क्विप्को सर्वलोप =शस्त्रभृत् ।

शब्दार्थ- शस्त्र धारण गर्ने व्यक्ति, शस्त्रधारी, शस्त्र लिने मानिस, सैनिक जवान, सशस्त्र प्रहरी, शस्त्र धारण गरेर युद्ध गर्ने व्यक्ति, हातहतियार लिएर उद्दण्ड मच्चाउने व्यक्ति ।

शस्त्रविद्या (ना./स्त्री.)/**शस्त्रशास्त्रम्** (ना./न.) शस्त्राणां विद्या/शस्त्राणां शास्त्रम् *(शस्त्रहरूको विद्या वा शास्त्र)* ष.त.स.= शस्त्रविद्या/शस्त्रशास्त्र ।

शब्दार्थ- अस्त्रशस्त्र प्रयोग गर्न सिकाउने विद्या, शस्त्रविज्ञान, धनुर्विद्या ।

शस्त्रहतः (वि.) शस्त्रेण हतः *(शस्त्रद्वारा वध गरिएको)* तृ.त.स.= शस्त्रहत ।

शब्दार्थ-हतियारले मारिएको, शस्त्रद्वारा आघात पुऱ्याइएको ।

---

[1] नपुंसके भावे.../निष्ठा : क्त

[2] दाम्नीशसयुयुज... : ष्ट्रन्

[3] तितुत्रतथ : इण्निषेध

[4] कर्मण्यण् : अण्

[5] सुप्यजातौ.... : णिनि

शस्त्रहस्तः (ना./पुं.) शस्त्रं हस्ते यस्य *(शस्त्र हातमा छ जसको)* ब.स.= शस्त्रहस्त ।

शब्दार्थ- शस्त्रअस्त्र हातमा लिएको व्यक्ति, शस्त्रधारी मानिस, शस्त्रपाणि, शस्त्रधर ।

शस्त्रागारः (ना./पुं.) शस्त्राणामागारः *(शस्त्रहरूको घर)* ष.त.स., दीर्घ= शस्त्रागार ।

शब्दार्थ-हातहतियार राख्ने ठाउँ, शस्त्रगृह, शस्त्रभण्डार ।

शस्त्राभ्यासः (ना./पुं.) शस्त्राणामभ्यासः *(शस्त्रहरूको प्रयोग गर्ने अभ्यास)* ष.त.स., दीर्घ= शस्त्राभ्यास ।

शब्दार्थ- शस्त्र चलाउने अभ्यास, हातहतियार प्रयोग गर्न सिक्ने अभ्यास, सैनिक व्यायाम, सैनिकशिक्षा ।

शस्त्रास्त्रम् (ना./न.) शस्त्रञ्च अस्त्रञ्च *(शस्त्र र अस्त्र)* द्व.स., दीर्घ= शस्त्रास्त्र ।

शब्दार्थ- शस्त्र-अस्त्र, हातहतियार, तरवार, भाला, वन्दुक, हातले तान्ने र फ्याँकेर प्रहार गर्ने हातहतियार, शस्त्रास्त्र ।

शस्त्रिन् (शस्त्री) (वि.) शस्त्रमस्यास्तीति *(शस्त्र छ यसको)* शस्त्र+इनि[1] (इन्), शस्त्रिन्= शस्त्री ।

शब्दार्थ- शस्त्रधारी, शस्त्रले युक्त, शस्त्रधारण गर्ने, हातहतियार हुने ।

शस्त्री (ना./स्त्री.) शस्यते अनया *(हिंसा गरिन्छ, वध गरिन्छ यसबाट)* शसु हिंसायाम् (भ्वा.) धातु, शस्+ष्ट्रन्[2] (त्र), शस्त्र+ङीष्[3] (ई)= शस्त्री ।

स्याच्छस्त्री चाशिपुत्री च छुरिका- इत्यमरः

शब्दार्थ- छुरा, भाला, छुरिका, छुरी, खुकुरी, कर्द ।

शस्यम् (ना./न.) शस्यते इति *(काट्नु, उखेल्नु)* शसु हिंसायाम् (भ्वा.) धातु, शस्+यत्[4]/क्यप्[4] (य) =शस्य

शब्दार्थ- घाँसपात, अन्न, धान्य, वृक्षको फलफूल, वालीनाली, कलिलो घाँस ।

शस्यक्षेत्रम् (ना./न.) शस्यानां क्षेत्रम् *(अन्नको क्षेत्र)* ष.त.स.= शस्यक्षेत्र ।

शब्दार्थ-अन्न लगाउने जमिन, उब्जाउ भूमि, खेत, वारी

शस्यमञ्जरी (ना./स्त्री.) शस्यानां मञ्जरी *(अन्नको भर्खरै उम्रेको बिरुवा)* ष.त.स.= शस्यमञ्जरी ।

शब्दार्थ- भर्खरै उम्रेको बिरुवा, धान्यमञ्जरी ।

शस्यशाली (वि.) शस्येन शाडितुं शलितुं वा शीलमस्य *(धान्यादिले सुशोभित वा समृद्ध हुने शील वा स्वभाव छ यसको)* शस्य उपपदपूर्वक शाडृ श्लाघायाम् (भ्वा.) वा शल चलसंवरणयोः (भ्वा.) धातु, शस्य+शाड्/शल्+णिनि[5] (इन्), वृद्धि, शाड्का डको ल (ड र लको अभेदसम्बन्ध हुँदा) शस्यशालिन् =शस्यशाली ।

शब्दार्थ- अन्नवालीले परिपूर्ण, धान्यादिले भरिभराउ भएको, अन्नसम्पन्न ।

शाकः (ना./पुं./न.) शक्यते खादितुम् *(खान सकिन्छ)* शक्लृ शक्तौ (स्वा.) धातु, शक्+घञ्[6] (अ), वृद्धि=शाक

मूलपत्रकरीराग्रफलकाण्डाधिरूढकम्-
त्वक्पुष्पं कवचं चैव शाकं दशविधं स्मृतम्
शाकाख्यं पत्रपुष्पादि- इत्यमरः
शाको द्वीपान्तरेऽपि च ।
शक्तौ द्रुमविशेषे च पुमान् हरितकेऽस्त्रियाम्- इति मेदिनी

शब्दार्थ- खाने तरकारीको हरियो पात, फूल, सागपात, वोक्रा, डाँठ, कन्द, टुसा, मुण्टा, जरा, गानु, पुष्प आदि सागपात, हर्रो, वृक्षविशेष, शाकद्वीप ।

शाकटः (वि./ना./पुं.) शकटस्य अयम् *(गाडाको यो)* शकट+अण् (अ), आदिवृद्धि, अकारलोप= शाकट ।

अथवा शकटेन उह्यते *(गाडाबाट वोकिन्छ)* शकट+अण् (अ), आदिवृद्धि, अकारलोप= शाकट ।

शब्दार्थ- गाडासम्वन्धी, गाडीको, गाडामा वस्ने, गाडी तान्ने गोरु, गाडामा वोक्न सकिने भारी ।

शाकटायनः (ना./पुं.) शकटस्य अपत्यं पुमान् *(शकटका पुरुष सन्तान)* शकट+फक्[7] (आयन), आदिवृद्धि, अकारलोप= शाकटायन ।

शब्दार्थ- भाषाविज्ञान तथा व्याकरणका विद्वान्, यास्क तथा पाणिनिभन्दा पूर्ववर्ती व्याकरणविद् मुनि ।

शाकटिकः (वि.) शकटेन चरति, शकटादागतः *(गाडाबाट जान्छ, गाडाबाट आएको)* शकट+ठक् (इक), आदिवृद्धि, अकारलोप= शाकटिक ।

शब्दार्थ- गाडावाट वसेर हिँड्ने, गाडाको, गाडासम्वन्धी ।

शाकलः (वि.) शकलस्य अयम् *(टुक्राको यो)* शकल+अण् (अ), आदिवृद्धि= शाकल ।

शब्दार्थ- टुक्रासम्वन्धी, खण्डखण्डको, टुक्राको ।

शाकल्यः (ना./पुं.) शकलस्य अपत्यं पुमान् *(शकलका पुरुष सन्तान)* शकल+यञ्[8] (य), आदिवृद्धि, अकारलोप =शाकल्य ।

शब्दार्थ- प्राचीन एक ऋषि, प्राचीन व्याकरणकार, पाणिनिभन्दा पूर्वका व्याकरणविद् ।

शाकाहारः (ना./पुं.) शाकानामाहारः *(सागपात आदिको आहार)* ष.त.स., दीर्घ= शाकाहार ।

अथवा शाकः आहारः यस्य *(सागपात छ आहार जसको)* ब.स., दीर्घ= शाकाहार ।

शब्दार्थ- सागपात, फलफूल आदिको मात्र भोजन, मासु विनाको भोजन, मांसरहित खाना खाने काम ।

---

[1] अत इनिठनौ : इनि
[2] दाम्नीशसयुयुज.. : ष्ट्रन्
[3] षिद्गौरादिभ्य... : ङीष्
[4] तकिशसिचति.../ शसिदुहिगुहि... : यत्/क्यप्
[5] सुप्यजातौ... : णिनि
[6] अकर्तरि च कारके.../हलश्च : घञ्
[7] नडादिभ्यः...: फक्
[8] गर्गादिभ्य यञ् : यञ्

शाकाहारी (वि.) शाकाहारः अस्यास्तीति *(सागपातको आहार छ यसको)* शाकाहार+इनि[1] (इन्), शाकाहारिन् = शाकाहारी ।

शब्दार्थ- मांसरहित खाना खाने, सागपात, फलफूल, दूधदही, अन्न, जल आदि मात्र आहार गर्ने, आयु, वल, वुद्धि, आरोग्य आदि वढाउने रसिलो वस्तु भोजन गर्ने ।

शाकिनी (ना./स्त्री.) शाकाः सन्ति अत्र *(सागपातहरू छन् यहाँ)* शाक+इनि[2] (इन्), अकारलोप, शाकिन्+ङीप् (ई)= शाकिनी ।

शब्दार्थ- सागपात लगाउने भूमि, देवी दुर्गाकी एक परिचारिका, पिशाचिनी, वोक्सी ।

शाकुनिकः (वि.) शकुनान् पक्षिणः हन्तीति *(पक्षीहरूलाई मार्छ)* वा शकुनेन जीवति *(सिकार गरेर वा साइत तथा शुभ शकुन हेरेर जीविका गर्छ)* शकुन+ठक्[3] (इक), आदिवृद्धि, अकारलोप= शाकुनिक ।

शब्दार्थ- चराहरू मारेर जीविका गर्ने, साइत वा शकुन हेरेर जीवन धान्ने, शुभ-अशुभ फल हेरेर जीवन निर्वाह गर्ने ।

शाकुन्तलः (ना./पुं./वि.) शकुन्तलायाः अपत्यं पुमान्, शकुन्तलायाः अयम्, शकुन्तलामधीकृत्य कृतः ग्रन्थः इति वा *(शकुन्तलाको पुरष सन्तान, शकुन्तलाको यो, शकुन्तलालाई लिएर लेखिएको ग्रन्थ)* शकुन्तला +अण्[4] (अ), आदिवृद्धि= शाकुन्तल ।

शब्दार्थ- शकुन्तलाका पुत्र भरत, शकुन्तलालाई आधार मानेर लेखिएको साहित्यिक ग्रन्थ, शकुन्तलाको, शकुन्तलासम्वन्धी

शाकुन्तलम् (ना./न.) शकुन्तलामधिकृत्य कृतं नाटकं महाकाव्यं वा *(शकुन्तलालाई लिएर लेखिएको नाटक वा महाकाव्य)* शकुन्तला+अण् (अ), आदिवृद्धि = शाकुन्तल ।

शब्दार्थ- शकुन्तलालाई मुख्य आधार मानेर लेखिएको नाटक, अभिज्ञानशाकुन्तल नाटक, शाकुन्तल महाकाव्य ।

शाक्तः (वि.) शक्तिर्देवता अस्य *(शक्ति छन् देवता जसका)* वा शक्तेरयम् *(शक्तिको यो)* शक्ति+अण्[5] (अ), आदिवृद्धि= शाक्त ।

शब्दार्थ- शक्तिका उपासक, शक्तिको पूजा आराधना गर्ने, शक्तिका प्रतीक, शक्तिसम्वन्धी, शक्तिको ।

द्रष्टव्य- **सर्वे शाक्ता द्विजाः प्रोक्ता न शैवा न च वैष्णवाः उपासते यतो देवीं गायत्रीं वेदमातरम्- दे.भा.११/२१/६**

शाक्तिकः (वि.) शक्तेरागतः, शक्ते रयम् *(शक्तिबाट आएको, शक्तिको यो)* शक्ति+ठक्[6] (इक), आदिवृद्धि, इकारलोप= शाक्तिक ।

शब्दार्थ- शक्तिसम्वन्धी, शक्तिवाट आएको, शक्तिको उपासक

शाक्तीकः (वि.) शक्त्या जीवति *(शक्ति प्रहारबाट निर्वाह गर्छ)* अथवा शक्ति प्रहरणमस्य *(शक्ति छ प्रहार गर्ने अस्त्र जसको)* शक्ति+ईकक्[7] (ईक), आदिवृद्धि, इकारलोप= शाक्तीक ।

शब्दार्थ- शक्ति प्रहार गर्ने, भाला प्रहार गर्ने, भालाधारी ।

शाक्तेयः (वि.) शक्तिर्देवता अस्य *(शक्ति छन् देवता जसका)* शक्ति+ढक्[8] (एय), आदिवृद्धि, इकारलोप =शाक्तेय ।

शब्दार्थ- शक्तिका उपासक, शक्तिको पूजा गर्ने, शक्तिका भक्त ।

शाक्यः (ना./पुं.) शक्नोति, शक्यते इति वा *(समर्थ हुन्छ, सहन गर्न असमर्थ हुनु)* शक्लृ शक्तौ (स्वा.) वा शक विभाषितोऽमर्षणे (दिवा.) धातु, शक्+घञ् (अ), वृद्धि, शाकः । शाकस्य अपत्यं पुमान् *शाकका पुरष सन्तति)* शाक+यञ्[9] (य), आदिवृद्धि, अकारलोप= शाक्य ।

अथवा शाके भवः *(शाक वंशमा हुने वा भएको)* शाक् +यत् (य), अकारलोप= शाक्य ।

अथवा शाके साधुः *(शाक वंशमा निपुण)* शाक्+यत् (य)= शाक्य ।

अथवा शकः अभिजनः अभिधानं वा अस्य *(शक नै इष्टमित्र वा शक नै नाम छ जसको)* शक+ञ्य[10] (य), आदिवृद्धि, अकारलोप= शाक्य ।

शब्दार्थ- कर्म गर्न समर्थ, शकका सन्तान, शाक्यमुनि, वुद्ध, वुद्धका कुलकुटुम्व तथा इष्टमित्र ।

शाक्यमुनिः (ना./पुं.) शाक्यश्चासौ मुनिश्च *(शाक्यमुनि)* क.त.स.= शाक्यमुनि ।

शब्दार्थ- गौतमवुद्ध, शौद्धोदनि, सर्वार्थ ।

शाखा (ना./स्त्री.) शाखति गगनं व्याप्नोतीति *(आकाश ढाक्छ, फैलिन्छ)* शाखृ व्याप्तौ (भ्वा.) धातु, शाख्+ अच् (पचादि)+टाप् (आ)= शाखा ।

शाखा द्रुमांशे वेदांशे भुजे पक्षान्तरेऽन्तिके- इति हैमः

शाखा पक्षान्तरे वाहौ वेदभागद्रुमाङ्गयोः- इति मेदिनी

शब्दार्थ- रूखको हाँगो, काण्ड, अङ्ग, अवयव, वेदको शाखा-प्रशाखा, भुजा, वाहुदण्ड, सम्प्रदाय ।

शाखाप्रशाखा (ना./स्त्री.) शाखा च प्रशाखा च *(शाखा र प्रशाखा)* द्व.स.= शाखाप्रशाखा ।

शब्दार्थ- ठूलो हाँगो र साना हाँगाविंगा, कार्यालयका शाखा-उपशाखा, उपशाखाका साना शाखा, मुख्य अङ्ग तथा उपाङ्ग (अवयव) ।

शाखी (वि.) शाखाः सन्ति अस्याम् *(शाखा छन् यसका)* शाखा+इनि (इन्), अकारलोप, शाखिन्= शाखी ।

शब्दार्थ- हाँगा भएको (वृक्ष), वेदको विभागसित सम्वन्धित, शाखायुक्त ।

---

[1] अत इनिठनौ : इनि
[2] खलादिभ्य... (वा.) : इनि
[3] पक्षिमत्स्यमृगान्/वेतनादिभ्य...: ठक्
[4] तस्यापत्यम्/तस्येदम्/अधिकृत्य कृते...: अण्
[5] साऽस्य देवता/तस्येदम् : अण्
[6] तस्येदम् /ठगायस्थानेभ्यः... : ठक्
[7] शक्तियष्ट्यो... : ईकक्
[8] स्त्रीभ्यो ढक् : ढक्
[9] गर्गादिभ्यो... : यञ्
[10] शण्डिकादिभ्यो...: ञ्य

शाखोच्चारणम् (ना./न.) शाखायाः उच्चारणम् ***(शाखाहरूको उच्चारण)*** ष.त.स., गुण =शाखोच्चारण ।

शब्दार्थ- विवाहमा वरवधूका वंशको नाम, गोत्र, प्रवर आदिको नाम उच्चारण गर्ने काम ।

शाख्यः (ना./पुं.) शाखा एव ***(शाखा नै)*** शाखा+य[1], आकारलोप= शाख्य ।

शब्दार्थ- मुख्यशाखा, मूल हाँगो ।

शाङ्करः (वि./ना./पुं.) शङ्करस्य अयम् ***(शङ्करको यो)*** शङ्कर +अण् (अ), आदिवृद्धि, अकारलोप= शाङ्कर ।

अथवा शङ्करमधिकृत्य कृतः ग्रन्थः ***(शङ्करलाई मुख्य आधार मानेर रचिएको ग्रन्थ)*** शङ्कर+अण्[2] (अ), आदिवृद्धि, अकारलोप= शाङ्कर ।

शब्दार्थ- शङ्करको, शङ्करसित सम्वन्धित, शङ्कराचार्यले रचना गरेको ग्रन्थ, शङ्कराचार्यसित सम्वन्धित रचना ।

शाटः (ना./पुं.) शटनम्, शटचते इति वा ***(सद्नु, चलायमान हुनु)*** शट रुजाविशरणगत्यवसादनेषु (भ्वा.) धातु, शट्+घञ्[3] (अ), वृद्धि= शाट ।

शब्दार्थ- वस्त्र, पहिरन, कपडाको टुक्रो, धोती, सारी, पेटीकोट, अधोवस्त्र ।

शाटकः (ना./पुं.) शाट एव ***(अधोवस्त्र नै)*** शाट+कन् (क), स्वार्थमा= शाटक ।

शब्दार्थ- वस्त्र, पहिरन, धोती, सारी, अधोवस्त्र ।

शाटी (ना./स्त्री.) शटचते इति ***(पहिरनु, सद्नु)*** शट रुजाविशरणगत्यवसादनेषु (भ्वा.) धातु, शट्+घञ् (अ), वृद्धि, शाट+ङीप् (ई)= शाटी ।

शब्दार्थ- सारी, फरिया, धोती, पेटीकोट ।

शाठचम् (ना./न.) शठतीति ***(छुल्याइँ गर्छ)*** शठ कैतवे (भ्वा.) धातु, शठ्+अच् (पचादि), शठः । शठस्य भावः कर्म वा ***(शठ हुनाको भाव वा अवस्था)*** शठ+ ष्यञ् (य), आदिवृद्धि, अकारलोप= शाठच ।

शब्दार्थ- वेइमानी, छुल्याइँ, शठता, मूर्खता, स्वाँठपना, छलकपटपना ।

***उदा.* जताततै छ क्रूरता जताततै छ शाठच रे-**
भा.गा. श्रीभगवान् बुद्ध ३७

शाणः (ना./पुं.) शणनमिति ***(उध्याउनु, कसी लगाउनु)*** शण दाने गतौ च (भ्वा.) धातु, शण्+घञ् (अ), वृद्धि= शाण ।

शाणस्तु निकषः कषः- इत्यमरः

शब्दार्थ- हतियार उध्याउने ढुङ्गो, कसी लगाउने ढुङ्गो, साँध लगाउने काम, कसी लगाउने क्रिया ।

शाणितः (वि.) शाण्यते स्म इति ***(साँध लगाइएको)*** शण दाने गतौ च (भ्वा.) धातु, शण्+णिचि, वृद्धि, शाणि+ क्त (त), इडागम, णिलोप= शाणित ।

शब्दार्थ- कसी लगाइएको, साँध लगाइएको, हतियार उध्याइएको ।

शाण्डिल्यः (ना./पुं.) शण्डिलस्य गोत्रापत्यं पुमान् ***(शण्डिलका पुरुष सन्तान)*** शण्डिल+यञ्[4] (य), आदिवृद्धि, अकारलोप= शाण्डिल्य ।

विल्वे शाण्डिल्यशैलूषौ मालुरश्रीफलावपि- इत्यमरः

शब्दार्थ- शण्डिल ऋषिका पुत्र, एक गोत्रप्रवर्तक ऋषि, विधिशास्त्रका निर्माता ऋषि, वेलको वृक्ष, श्रीफल ।

शातम् (ना./न./वि.) श्यति दुःखम् ***(दुःख हटाउँछ)*** शो तनूकरणे (दिवा.) धातु, शो+तन् (त), उणा., वहुलप्रकारले, आत्व= शात ।

अथवा शायते स्म इति ***(साँध लगाइएको)*** शो+क्त (त), आत्व= शात ।

शर्मशातसुखानि च- इत्यमरः

शब्दार्थ- कल्याण, सुख, आनन्द, हातहतियारमा साँध लगाइएको, हतियार उध्याइएको, उजिल्याइएको

शादः (ना./पुं.) शीयन्ते अनेन ***(शोभित हुन्छ यसबाट)*** शद्लृ शातने (भ्वा.) धातु, शद्+घञ् (अ), वृद्धि=शाद ।

अथवा श्यति व्याप्नोतीति ***(ढाक्तछ)*** शो तनूकरणे (दिवा.) धातु, शो+द/दन्[5] (उणा.), आत्व= शाद ।

शादः कर्दमशष्पयोः- इति हैमः

पङ्कोऽस्त्री शादकर्दमौ- इत्यमरः

शब्दार्थ- हिलो, पङ्क, हरियो घाँसपात, वालतृण ।

शाद्वलः (ना./पुं.) शादः वालतृणम् अस्ति अस्मिन् ***(हरियो घाँसपात छ यहाँ)*** शाद+ड्वलच्[6] (वल), अकारलोप= शाद्वल ।

शाद्वलः शादहरिते- इत्यमरः

शब्दार्थ- घाँसपातले हरियो भएको ठाउँ, नयाँ वालतृण प्रशस्त भएको ठाउँ ।

उदा. फष्टाइ वढ्छ मृदु शाद्वल सल्वलाई- व.कु.म.का.१/७५

शानः (ना./पुं.) शानयतीति ***(हतियार उध्याउँछ)*** शान तेजने (भ्वा.) धातु, शान्+अच् (पचादि)= शान ।

शब्दार्थ- हतियार उध्याउँने पत्थर, कसी लगाउने ढुङ्गो, साँध लगाउने ढुङ्गो ।

शान्तः (वि./ना./पुं.) शाम्यति स्म इति ***(शान्त भएको)*** शमु उपशमे (दिवा.) धातु, शम्+क्त[7] (त), दीर्घ, परसवर्ण= शान्त ।

शब्दार्थ- शान्त भएको, विनम्र, शान्तप्रकृतिको, शमभावले परिपूर्ण, प्रसन्न पारिएको, दमन गरिएको, दवाइएको, निर्जन, एकान्त, शान्तरस ।

---

१. शाखादिभ्यः... : य
२. तस्येदम्/अधिकृत्य कृते... : अण्
३. भावे/अकर्तरि च....: घञ्
४. गर्गादिभ्यो... : यञ्
५. शाशपिभ्याम्.... : द/दन्
६. नडशाडाड्वलच् : ड्वलच्
७. दान्तशान्त... : क्तनिपातन

शान्तमनस् (शान्तमना:) (वि.) शान्तं मन: यस्य *(शान्त छ मन जसको)* ब.स., शान्तमनस्, शान्तमना: =शान्तमन ।

शब्दार्थ- शान्त मन भएको, नहडबढाउने, स्थिर प्रकृतिको, निश्चिन्त ।

शान्तरस: (ना./पुं.) शान्तश्चासौ रसश्च *(शान्त रस)* क.त.स.= शान्तरस ।

शब्दार्थ- नौवटा रसहरूमध्ये 'शम' स्थायीभाव भएको रस, सांसारिक निस्सारता र परमात्मस्वरूप आलम्बन हुने रस ।

शान्ता (ना./स्त्री.) शाम्यति असौ *(शान्त स्वभावकी छ यो)* शमु उपशमे (दिवा.) धातु, शम्+क्त (त), संज्ञामा, दीर्घ, शान्त+टाप् (आ)= शान्ता ।

शब्दार्थ- शान्त स्वभावकी स्त्री, शान्त प्रकृतिकी नारी, राजा दशरथकी छोरी, ऋष्यशृङ्ग ऋषिकी धर्मपत्नी ।

शान्ति: (ना./स्त्री.) शमनम्, शम्यते इति वा *(शान्त हुनु)* शमु उपशमे (दिवा.) धातु, शम्+क्तिन् (ति), दीर्घ[2], इण्निषेध[1]= शान्ति ।

शान्ति: स्त्री मङ्गले शमे- इति मेदिनी

शब्दार्थ- सबै दु:खको निवृत्ति अवस्था, अन्त:करणको उपशम, मनोविकार नभएको अवस्था, मनमा विक्षोभ पैदा नभएको स्थिति, चित्त स्थिर हुने काम, प्रशमन, मङ्गलप्रद स्थिति, मनमा अशान्तपना नहुने काम, शमभाव, कामक्रोधादिरहित अवस्था ।

शान्तिकर: (वि.) शान्तिं करोतीति *(शान्ति पैदा गर्छ)* शान्ति उपपदपूर्वक डुकृञ् करणे (तना.) धातु, शान्ति+कृ+ट[3] (अ), गुण= शान्तिकर ।

शब्दार्थ- शान्ति दिने, शान्ति गर्ने, मनोविकार हटाउने, आनन्ददायक ।

शान्तिकर्म (ना./न.) शान्तये कर्म *(शान्तिका लागि गरिने कर्म)* च.त.स.= शान्तिकर्म ।

शब्दार्थ- अनिष्ट कुराको निवारणका लागि गरिने शान्तिकर्म, पूजापाठ, जाप आदि शान्तिस्वस्ति, ग्रहशान्ति ।

शान्तिकाम: (वि.) शान्तिं कामयति इति *(शान्तिको कामना गर्छ)* कमु कान्तौ (भ्वा.) धातु, शान्ति+कम्+णिङ् (इ)+अच् (पचादि), वृद्धि, णिलोप=शान्तिकाम ।

शब्दार्थ- शान्ति चाहने, शान्तिको कामना गर्ने, शान्तिको अभिलाषा भएको, शान्तिको आकाङ्क्षा गर्ने ।

शान्तिक्षेत्रम् (ना./न.) शान्तये क्षेत्रम्, शान्ते: क्षेत्रम् *(शान्तिका लागि तोकिएको क्षेत्र, शान्तिको क्षेत्र)* च.त.स./ष.त.स.= शान्तिक्षेत्र ।

शब्दार्थ- शान्तिका लागि निर्धारित क्षेत्र, शान्तिको प्रदेश, शान्तिमय भूमि ।

शान्तिदाता/शान्तिदायक: (वि.) शान्तिं ददातीति *(शान्ति दिन्छ)* शान्ति उपपदपूर्वक डुदाञ् दाने (जुहो.) धातु, शान्ति+दा+तृच्[4] (तृ), शान्तिदातृ= शान्तिदाता । शान्ति+दा+ण्वुल्[4] (अक), युगागम[5]= शान्तिदायक ।

शब्दार्थ- शान्ति दिने, शान्तिप्रद, शान्तिप्रदायक ।

शान्तिदूत: (ना./पुं.) दवति गच्छतीति *(जान्छ)* दु गतौ (भ्वा.) धातु, दु+क्त[6] (त), दीर्घ, उणा., दूत: । अथवा दूयते इति *(पीडा दिन्छ)* दूङ् परितापे (दिवा.) धातु, दू+क्त[7] (त), दूत: । शान्तये दूत: *(शान्ति-वार्ताका लागि पठाइने दूत)* च.त.स.= शान्तिदूत ।

शब्दार्थ- शान्ति सन्देश लिएर जाने व्यक्ति, शान्ति प्रस्तावका लागि अर्को मुलुक वा संस्था वा व्यक्ति समक्ष पठाइने दूत ।

शान्तिपाठ: (ना./पुं.) शान्तये पाठ: *(शान्तिका लागि पाठ)* च.त.स.= शान्तिपाठ ।

शब्दार्थ- कुनै विघ्नवाधा वा अनिष्ट कुराको निवारणका लागि गरिने पाठपूजा आदि ।

शान्तिपूर्ण: (वि.) शान्त्या पूर्ण: *(शान्तिले पूर्ण)* तृ.त.स. =शान्तिपूर्ण ।

शब्दार्थ- शान्तिले छाएको, शान्तिले परिपूर्ण ।

शान्तिप्रद: (वि.) शान्तिं प्रददातीति *(शान्ति दिन्छ)* शान्ति उपपदमा हुने प्रपूर्वक डुदाञ् दाने (जुहो.) धातु, शान्ति +प्र+दा+क[8] (अ), आकारलोप= शान्तिप्रद ।

शब्दार्थ- शान्ति दिने, शान्तिदाता, शान्ति-प्रदायक ।

शान्तिप्रिय: (वि.) शान्ति: प्रिय: अस्य *(शान्ति प्रिय छ यसको)* ब.स.=शान्तिप्रिय ।

शब्दार्थ- शान्ति मनपर्ने, शान्ति प्यारो लाग्ने, शान्तिप्रेमी, शान्तिको चाहना गर्ने ।

शान्तिमय: (वि.) प्राचुर्येण प्रकृता प्रस्तुता शान्ति: *(धेरै मात्रामा छाएको शान्ति)* शान्ति+मयट्[9] (मय) =शान्तिमय ।

शब्दार्थ- शान्तिले परिपूर्ण, जताततै शान्तिले छाएको ।

शान्तिवाद: (ना./पुं.) उद्यते इति *(बताइन्छ)* वद व्यक्तायां वाचि (भ्वा.)धातु, वद्+घञ्[10] (अ),वृद्धि, वाद: । शान्तये शान्तेर्वा वाद: *(शान्तिका लागि वा शान्तिको वाद वा सिद्धान्त)* च.त.स./ष.त.स.= शान्तिवाद ।

शब्दार्थ- युद्ध, आक्रमण आदि नगरी शान्तिपूर्वक रहनुपर्छ भन्ने एक सिद्धान्त, शान्तिको सिद्धान्त ।

---

१. ग्रुक: किति Öइण्निषेध

२. अनुनासिकस्य क्वि... : दीर्घ

३. कृञो हेतुताच्छील्या... : ट

४. ण्वुल्तृचौ : तृच्/ण्वुल्

५. आतो युक् : युगागम

६. दुतनिभ्यां दीर्घश्च : क्त, दीर्घ

७. गत्यर्थाकर्मक... : क्त

८. आतोश्चोपसर्गे... : क

९. तत्प्रकृतवचने... : मयट्

१०. अकर्तरि च कारके...: घञ्

शान्तिवादी (वि.) शान्तिवादः अस्यास्तीति *(शान्तिवादको सिद्धान्त छ यसको)* शान्तिवाद+इनि[1] (इन्), अकारलोप, शान्तिवादिन्= शान्तिवादी ।

शब्दार्थ- शान्तिवादको अनुसरण गर्ने, शान्तिवादको अनुयायी, शान्तिवादसित सम्वन्धित ।

शान्तिवार्ता (ना./स्त्री.) शान्तये वार्ता *(शान्ति स्थापनाका लागि वार्ता)* च.त.स.= शान्तिवार्ता ।

शब्दार्थ- शान्ति स्थापनाका निमित्त गरिने द्विपक्षीय या वहुपक्षीय वार्ता ।

शान्तिसन्धिः (ना./स्त्री.) शान्तये सन्धिः *(शान्तिपूर्वक रहनाका निमित्त गरिने सन्धि)* च.त.स.= शान्तिसन्धि

शब्दार्थ- शान्तिपूर्वक वस्नका लागि परस्परमा गरिने सन्धि वा सम्झौता, युद्धमा होमिएका मुलुकहरूले आपसमा शान्ति स्थापनार्थ गरिने शान्ति सम्झौता ।

शान्तिसेना (ना./स्त्री.) शान्तये सेना *(शान्ति स्थापना गर्नका लागि पठाइएको सेना)* च.त.स.=शान्तिसेना ।

शब्दार्थ- अशान्त मुलुकमा शान्ति स्थापनार्थ तटस्थ राष्ट्रहरूवाट पठाइने सैनिक टोली ।

शान्तिस्वस्तिः (ना./स्त्री.) स्वसतीति *(उज्ज्वल हुनु)* अस गतिदीप्त्यादानेषु (भ्वा.) धातु, सु+अस्+क्तिच् (ति), स्वस्तिः । शान्तये स्वस्तिः *(अनिष्ट निवारणका लागि गरिने पूजापाठ आदि)* च.त.स.= शान्तिस्वस्ति ।

शब्दार्थ- ग्रह आदिको दोष निवारणका लागि गरिने पूजापाठ, देवीदेवताको आराधना, जप आदि शान्तिकर्म, अर्चना, कल्याणका लागि गरिने शान्तिपाठ ।

शापः (ना./पुं.) शपनम्, शप्यते इति वा *(दुर्वाच्य बोल्नु)* शप आक्रोशे (भ्वा./दिवा.) धातु, शप्+घञ्[2] (अ), वृद्धि= शाप ।

शब्दार्थ- श्राप, सराप, दुर्वाच्य वचन, अभिशाप, हप्काउने काम, शपथ, आक्रोश ।

शापनिवृत्तिः (ना./स्त्री.) शापात् शापस्य वा निवृत्तिः *(शापबाट छुटकारा, शापको समाप्ति)* प.त.स./ ष.त.स.= शापनिवृत्ति ।

शब्दार्थ- शापवाट छुटकारा, शापको समाप्ति, शापावसान ।

शापनिर्मुक्तः/शापमुक्तः (वि.) शापात् निर्मुक्तः मुक्तः वा *(शापबाट छुटेको)* प.त.स.= शापनिर्मुक्त/शापमुक्त ।

शब्दार्थ- शापवाट छुटेको, शापवाट मुक्त भएको ।

उदा. **उक्लीहाल्यो परमपदमा शापनिर्मुक्त-आत्मा ।**

-आ.रा. ७/४९

शापमुक्तिः (ना./स्त्री.) शापात् मुक्तिः *(शापबाट छुट्ने काम)* प.त.स.= शापमुक्ति ।

शब्दार्थ- शापवाट छुटकारा पाउने काम, शापवाट मुक्त हुने क्रिया ।

शापमोक्षः (ना./पुं.) शापात् मोक्षः *(शापबाट मोक्ष हुने काम)* प.त.स.= शापमोक्ष ।

शब्दार्थ- शापवाट छुटकारा पाउने क्रिया, शापवाट मोचन, शापमुक्ति ।

शापमोचनम् (ना./न.) शापात् मोचनम् *(शापबाट मोचन)* प.त.स.= शापमोचन ।

शब्दार्थ- शापवाट छुटकारा, शापवाट मुक्ति, शापवाट मोचन ।

शापान्तः (ना./पुं.) शापस्य अन्तः *(शापको समाप्ति)* ष.त.स., दीर्घ= शापान्त ।

शब्दार्थ- श्रापको अन्त, शापको समाप्ति ।

शापितः (वि.) शाप्यते स्म इति *(सराप दिइएको)* शप आक्रोशे (भ्वा./दिवा.) धातु, शप्+णिचि, वृद्धि, शापि+क्त (त), णिलोप, इडागम= शापित ।

शब्दार्थ- शाप दिइएको, शपथ लिइएको, श्राप दिइएको, सरापिएको ।

शाब्दः (वि.) शब्दस्य अयम् *(शब्दको यो)* शब्द+अण् (अ), आदिवृद्धि, अकारलोप= शाब्द ।

शब्दार्थ- शब्दसम्वन्धी, शब्दको, शब्द वा ध्वनिसित सम्वन्धित ।

शाब्दबोधः (ना./पुं.) शाब्दस्य बोधः *(शब्दार्थको बोध)* ष.त.स.= शाब्दवोध ।

शब्दार्थ- शब्दका अर्थको ज्ञान, व्याकरणशास्त्रको वोध ।

शाब्दिकः (वि.) शब्दादागतः, शब्दस्य अयम् *(शब्दबाट आएको, शब्दको यो)* शब्द+ठक्[3] (इक), आदिवृद्धि, अकारलोप= शाब्दिक ।

अथवा शब्दं करोतीति *(शब्द गर्छ)* शब्द+ठक् (इक) =शाब्दिक ।

शब्दार्थ- शब्दवाट उत्पन्न भएको, शब्दद्वारा व्यक्त गरिएको, शब्दको, शब्दसम्वन्धी ।

शाब्दी (वि.) शब्दस्य इयम् *(शब्दको यो)* शब्द+अण् (अ), आदिवृद्धि, अकारलोप, शाब्द+ङीप् (ई)=शाब्दी ।

शब्दार्थ- शब्दसम्वन्धी, शब्दको, ध्वनिसम्वन्धी ।

शाम्बरी (ना./स्त्री.) शम्बरस्य इयम् *(शम्बरनामक दैत्यको यो)* शम्बर+अण्[4] (अ), आदिवृद्धि, अकारलोप, शाम्बर+ङीप् (ई)= शाम्बरी ।

शब्दार्थ- इन्द्रजालसम्वन्धी माया, शाम्बरीमाया, छलकपट, जादुगरी, मायाजाल ।

---

[1] **अत इनिठनौ : इनि**

[2] **भावे/अकर्तरि च कारके...: घञ्**

[3] **ठगायस्थानेभ्य... : ठक्**

[4] **तस्येदम् : अण्**

शाम्भवः (वि./ना./पुं.) शम्भोरयम्, शम्भोरपत्यम्, शम्भुर्देवता अस्य इति वा *(शम्भुको यो, शम्भुका सन्तान, शम्भु छन् देवता जसका)* शम्भु+अण्[१] (अ), आदिवृद्धि, गुण[२], अवादेश= शाम्भव ।

शब्दार्थ- शम्भुसम्वन्धी, शम्भुको, शम्भुवाट उत्पन्न, शम्भुका पुत्र, शम्भुका उपासक, शिवका भक्त ।

शाम्भवी (ना./स्त्री.) शम्भोरियम् *(शम्भुकी यी)* शम्भु+अण् (अ), आदिवृद्धि, गुण, अवादेश, शाम्भव+ ङीप् (ई) = शाम्भवी ।

शब्दार्थ- शिवकी शक्ति, पार्वती, दुर्गा, महादेवी ।

शायकः (ना./पुं.) श्यतीति *(तीखो पार्छ)* शो तनूकरणे (दिवा.) धातु, शो+ण्वुल्[३] (अक), आत्व, युगागम[४] =शायक ।

शब्दार्थ- वाण, शायक, खड्ग ।

शायी (वि.) अवश्यं शेते *(अवश्य सुत्छ)* शीङ् स्वप्ने (अदा.) धातु, शी+णिनि[५] (इन्), वृद्धि, आयादेश, शायिन्= शायी । अथवा शेते तच्छीलः *(शयनशील)* शी+घिनुण् (इन्), वृद्धि, शायिन्= शायी ।

शब्दार्थ- शयालु, निद्रालु, शयनशील ।

द्रष्टव्य- **यो शब्द समासको अन्तमा पनि आउँछ, जस्तै- शेषशायी, तृणशायी ।**

शारः (ना./पुं./वि.) शृणाति अनेन *(पीडा दिन्छ यसले)* शॄ हिंसायाम् (क्रया.) धातु, शॄ+घञ्[६] (अ), करणमा, वृद्धि= शार ।

शारः स्याच्छवले वाच्यलिङ्गः पुंसि समीरणे- इति मेदिनी

शब्दार्थ- वायु, समीर, चित्र-विचित्रको, शवलवर्णको ।

शारङ्गः (ना./पुं.) शारयति, शार्यते इति वा *(पीडा दिन्छ वा दिइन्छ)* शॄ हिंसायाम् (क्रया.) धातु, शॄ+णिचि, वृद्धि, शारि+अङ्गच्[७] (अङ्ग), उणा., णिलोप= शारङ्ग । अथवा शारमङ्गं अस्य *(शवल वा चित्रविचित्रको अङ्ग छ यसको)* व.स., दीर्घ= शारङ्ग ।

शारङ्गः स्तोककश्चातकः समाः- इत्यमरः
शारङ्गः पुंसि हरिणे चातके च मतङ्गजे ।
शवले त्रिषु- इति मेदिनी

शब्दार्थ- काकाकुल पक्षी, चातक, हरिण, शवल वर्ण, हात्ती, जङ्गली जनावर, मयूर, भमरो, छिरविरे मृग, हरिण ।

शारङ्गी (ना./स्त्री.) शार्यते इति *(रेटेर बजाइन्छ)* शॄ हिंसायाम् (क्रया.) धातु, शॄ+णिचि, वृद्धि, शारि+अङ्गच् (अङ्ग), णिलोप, शारङ्ग+ङिष्[८] (ई) =शारङ्गी ।

शब्दार्थ- रेटेर वजाइने वाद्यविशेष, सारङ्गी, गाइनेले वजाउने वाद्य ।

शारदः (वि./ना./पुं.) शरदि भवः *(शरद् ऋतुमा हुने)* शरद्+अण्[९] (अ), आदिवृद्धि= शारद । अथवा शरदि पुष्प्यन्ति पच्यन्ते इति वा *(शरद् ऋतुमा फुल्छन् वा पाक्छन्)* शरद्+अण्[१०] (अ), आदिवृद्धि =शारद ।

शारदोऽब्दे स्त्रियां तोयपिप्पलीसप्तपर्णयोः
सस्ये क्लीवं शरज्जातः नूतनाप्रतिभे त्रिषु- इति मेदिनी

शब्दार्थ- शरद् ऋतुमा हुने, शरद् ऋतुसम्वन्धी, शरद्मा फुल्ने फूल, सप्तपर्ण (छतीवन), सम्वत्सर, वर्ष, शरद् ऋतुमा पाक्ने धान र अन्य अन्नवाली, नयाँ, नूतन ।

शारदशोभा ना./स्त्री.) शारदस्य शोभा *(शरद् ऋतुको शोभा)* ष.त.स.= शारदशोभा ।

शब्दार्थ- शरद्ऋतुमा हुने सौन्दर्य, शारदीशोभा ।

उदा. **जोत्स्ना छर्के शारदशोभा लिइ धेर- आ.रा. १२/३७**

शारदा (ना./स्त्री.) शरदि दीयते *(शरद्ऋतुमा प्रदान गरिन्छ)* शरद्+अण् (अ), आदिवृद्धि, शारद+टाप् (आ) =शारदा ।

अथवा शरदि भवा *(शरद्ऋतुमा हुने)* शरद्+अण् (अ), आदिवृद्धि, शारद+टाप् (आ)= शारदा ।

शब्दार्थ- वीणा, वीणावादिनी सरस्वती, दुर्गा, नदीविशेष ।

शारदिकः (वि./ना./न.) शरदि जातः भवः वा *(शरद्मा पैदा भएको)* शरद्+ठञ्[११] (इक), आदिवृद्धि= शारदिक ।

शब्दार्थ- शरद्कालीन, शरद्ऋतुमा हुने, शरद्सम्वन्धी, शरद्कालीन वस्तुविशेष, शरद्कालीन वार्षिकी श्राद्ध ।

शारदी (वि./ना./स्त्री.) शरदः इयम्, शरदि जाता भवा वा *(शरद्को यो, शरद्मा भएको)* शरद्+अण् (अ), आदिवृद्धि, शारद+ङीप् (ई)= शारदी ।

शब्दार्थ- शरद्-ऋतुको, शरद्ऋतुसित सम्वन्धित, शारदीपूर्णिमा, कार्तिक-शुक्लपूर्णिमा ।

शारदीयः (वि.) शरदि भवः जातः वा *(शरद्मा हुने वा पैदा भएको)* शरद्+छण्[१२] (ईय), आदिवृद्धि= शारदीय ।

शब्दार्थ- शरद्कालीन, शरद्मा उत्पन्न, शरद्सम्वन्धी ।

शारिः (ना./पुं./स्त्री.) शृणातीति *(विनाश गर्छ)* शॄ हिंसायाम् (क्रया.) धातु, शॄ+इञ्[१३] (उणा.), वृद्धि=शारि

शारिर्नाऽक्षोपकरणे स्त्रियां शकुनिकान्तरे- इति मेदिनी

शब्दार्थ-मैना चरो, सारौं पक्षी, पासा, गोटी, जुवाको खेल ।

शारिका (ना./स्त्री.) शारिरेव *(मैनाचरी वा पासा नै)* शारि+कन् (क), स्वार्थमा, शारिक+टाप् (आ) =शारिका ।

शब्दार्थ- मैना चरो, सारौं पक्षी, पासा खेलमा चालिने गोटी ।

---

[१] तस्येदम्/शिवादिभ्योऽण्/साऽस्य देवता : अण्
[२] ओर्गुणः : गुण
[३] ण्वुल्तृचौ : ण्वुल्
[४] आतो युक्... : युक्
[५] आवश्यकाधमर्ण्ययोः... : णिनि
[६] शॄ वायुवर्णनिवृतेषु (वा.) : घञ्
[७] तरत्यादिभ्यश्च : अङ्गच्
[८] जातेरस्त्री... : ङीष्
[९] सन्धिवेला... : अण्
[१०] कालात्साधु पुष्प्यत्...: अण्
[११] कालाट्ठञ्/श्राद्धेशरद : ठञ्
[१२] वेणुकादिभ्यश्छण् : छण्
[१३] श्रः शकुनौ : इञ्

शारिफलम् (ना./न.) शारीणां फलम् *(पासाको थर्की)* ष.त.स.= शारिफल ।

शब्दार्थ- पासा राख्ने थर्की, पासा खेल्ने थर्की, पच्चीस खेल्ने थर्की ।

शारीरः (वि.) शरीरस्य अयम् *(शरीरको यो)* शरीर+अण्[1] (अ), आदिवृद्धि= शारीर ।

शब्दार्थ- शरीरसम्वन्धी, शरीरको, देहसम्वन्धी ।

शारीरकीयः (ना./पुं.) शारीरकमधीकृत्य कृतः ग्रन्थः *(शरीरसम्बन्धी विषयलाई आधार मानेर रचिएको ग्रन्थ)* शारिरक+छ[2] (ईय)= शारीरकीय ।

शब्दार्थ-शरीरसम्वन्धी विषयलाई लिएर लेखिएको ग्रन्थ ।

शारीरिकः (वि.) शरीरस्य अयम् *(शरीरको यो)* शरीरा दागतः *(शरीरबाट पैदा भएको)* शरीर+ठक्[3] (इक), आदिवृद्धि, अकारलोप= शारीरिक ।

शब्दार्थ- शरीरसम्वन्धी, शरीरवाट पैदा भएको, दैहिक, कायिक, देहसम्वन्धी ।

शार्ङ्गम् (ना./न./वि.) शृङ्गस्य इदम्, शृङ्गस्य विकारः *(सिङको यो, सिङको विकार)* शृङ्ग+अञ्[4]/अण् (अ), आदिवृद्धि= शार्ङ्ग ।

शब्दार्थ- विष्णुको धनु, चाप, धनु, सिङवाट वनेको, सिङको, सिङसम्वन्धी ।

शार्ङ्गधन्वा (ना./पुं.) शार्ङ्गं धनुर्यस्य *(शार्ङ्गधनु छ जसको)* ब.स., अनङ् आदेश[5], शार्ङ्गधन्वन्= शार्ङ्गधन्वा ।

शब्दार्थ- शार्ङ्गधनु धारण गर्ने विष्णु ।

शार्ङ्गधरः (ना./पुं.) शार्ङ्गं धरतीति *(शार्ङ्गधनु धारण गर्छन्)* शार्ङ्ग उपपदपूर्वक धृञ् धारणे (भ्वा.) धातु, शार्ङ्ग+धृ +अच् (पचादि), गुण= शार्ङ्गधर ।

शब्दार्थ- शार्ङ्गधनु धारण गर्ने विष्णु, धनुले सुसज्जित व्यक्ति ।

शार्ङ्गधारी (ना./पुं.) शार्ङ्गं धर्तुं शीलमस्य *(शार्ङ्गधनु धारण गर्ने शील छ यिनको)* शार्ङ्ग उपपदमा हुने धृञ् धारणे (भ्वा.) धातु, शार्ङ्ग+धृ+णिनि (इन्), वृद्धि, शार्ङ्गधारिन् = शार्ङ्गधारी ।

शब्दार्थ- शार्ङ्गधनु धारण गर्ने विष्णु, कृष्ण ।

शार्ङ्गपाणिः (ना./पुं.) शार्ङ्गं पाणौ यस्य *(शार्ङ्गधनु छ हातमा जसको)* ब.स.= शार्ङ्गपाणि ।

शब्दार्थ- शार्ङ्गधनु हातमा लिने विष्णु, कृष्ण ।

शार्ङ्गी (ना./पुं.) शृङ्गस्य विकारः, शृङ्गस्य अयम् *(सिङको विकार, सिङको यो)* शृङ्ग+अञ्/अण् (अ), आदिवृद्धि, शार्ङ्गम् (धनुः) । तद् अस्य अस्तीति *(शार्ङ्गधनु छ यिनको)* शार्ङ्ग+इनि[6] (इन्), अकारलोप, शार्ङ्गिन् =शार्ङ्गी ।

शब्दार्थ- विष्णु, नारायण, शार्ङ्गधनुर्धारी विष्णु, कृष्ण ।

शार्दूलः (ना./पुं./वि.) शृणाति हिनस्तीति *(हिंसा गर्छ)* शॄ हिंसायाम् (क्र्या.) धातु, शॄ+ऊलच्[7] (ऊल), उणा., दुगागम-निपातन, वृद्धि= शार्दूल ।

शार्दूलदीपिनौ व्याघ्रे ।

सिंहशार्दूलनागाद्याः पुंसि श्रेष्ठार्थगोचराः- इत्यमरः

शब्दार्थ- वाघ, सिंह, तरक्षु, हिंस्रक जन्तु, चितुवा, श्रेष्ठ, उत्तम ।

शार्वरः (वि.) शर्वर्यां भवः *(रातमा हुने)* शर्वरी+अण् (अ), आदिवृद्धि, इकारलोप= शार्वर ।

शब्दार्थ-रातसम्वन्धी, रातमा हुने वा भएको, रात्रिकालीन ।

शार्वरी (वि./ना./स्त्री.) शर्वर्यां भवः *(रातमा हुने)* शर्वरी +अण् (अ), आदिवृद्धि, इकारलोप, शार्वर+ङीप् (ई)= शार्वरी ।

शब्दार्थ- रात्रिसम्वन्धी, रातसित सम्वन्धित, अँध्यारो, अँध्यारो रातमा भएको, अन्धकारमय रात, साठी संवत्सरमध्ये एक ।

शालः (ना./पुं.) शाडयते इति *(प्रशंसा गरिन्छ)* शाडृ श्लाघायाम् (भ्वा.) धातु, शाड्+घञ्[8] (अ), ड र लको ऐक्यभाव हुनाले डको ल= शाल ।

अथवा शलते शलतीति वा *(बड्छ, घुम्छ)* शल चलनसंवरणयोः वा शल गतौ (भ्वा.) धातु, शल्+ घञ्[9] (अ), वृद्धि= शाल ।

शब्दार्थ- शालको वृक्ष वा रूख, सखुवा, प्राचीन एक राजा, एउटा स्थान, एउटा नदी, मत्स्यविशेष ।

शालग्रामः (ना./पुं.) शालस्य ग्रामः *(शालनामक स्थान वा गण्डकी नदीको पत्थर)* ष.त.स.= शालग्राम ।

शालग्रामस्तु गण्डक्यां नर्मदायां महेश्वरः ।

शब्दार्थ- शालिग्रामको पत्थर, शालिग्राम, गण्डकीनदीको शिला ।

शाला (ना./स्त्री.) शलन्ति अत्र *(आउने जाने गर्छन् वा बस्छन् यहाँ)* शल गतौ वा शल चलनसंवरणयोः (भ्वा.) धातु, शल्+अच् (पचादि)/घञ् (अ), वृद्धि, शाल+टाप् (आ)= शाला ।

वासकुटी द्वयोः शाला- इत्यमरः

शब्दार्थ- निवासस्थान, घर, गृह, आवास, वासस्थान, कुटी, काम गर्ने कक्ष वा कोठा ।

***द्रष्टव्य*-यो शब्द अर्को शब्दको अन्त्यमा पनि प्रयोग हुन्छ, जस्तै- कार्यशाला, रङ्गशाला, प्रयोगशाला आदि ।**

शालिः (ना./पुं.) शाडयते इति *(प्रशंसा गरिन्छ)* शाडृ श्लाघायाम् (भ्वा.) धातु, शाड्+इन्[10] (इ), उणा., ड र लको ऐक्य हुनाले डध्वनि लमा परिणत= शालि ।

शालयः कलमाद्याश्च- इत्यमरः

शब्दार्थ- मार्सीधान, धान्यविशेष, शालिधान, चामल ।

---

[1] तस्येदम् : अण्

[2] अधिकृत्य कृते... : छ

[3] ठगायस्थानेभ्य... : ठक्

[4] अनुदात्तादेश्च : अञ्

[5] धनुषश्च : अनङ् आदेश

[6] अत इनिठनौ : इनि

[7] खर्जिपिञ्जादिभ्य.../शृणातेर्दुग्वृद्धिश्च : ऊलच्, दुग्, वृद्धि

[8] अकर्तरि च कारके...: घञ्

[9] हलश्च : घञ्

[10] सर्वधातुभ्य... : इन्

शालिन् (शाली) (वि.) शलते इति *(सम्पन्न हुन्छ)* शल चलनसंवरणयोः (भ्वा.) धातु, शल्+णिनि (इन्), वृद्धि, शालिन्= शाली ।

शब्दार्थ- युक्त, सम्पन्न, चम्किलो, शक्तिशाली ।

द्रष्टव्य-यो शब्द प्रायः समासको अन्त्यमा प्रयोग हुन्छ- जस्तै- भाग्यशाली, शक्तिशाली ।

शालिनी (वि./ना./स्त्री.) शाला अस्ति अत्र *(निवास छ यहाँ)* शाला+इनि[1] (इन्), आकारलोप, शालिन्+ङीप्[2] (ई)= शालिनी ।

शब्दार्थ- सम्पन्न, युक्त, शक्तिशालिनी, घरकी मालिक्नी, गृहिणी ।

शालीनः (वि.) शालाप्रवेशनमर्हतीति *(घर प्रवेश गर्न वा शिष्टता देखाउन योग्य छ)* शाला+खञ्[3] (ईन), आकारलोप= शालीन ।

शब्दार्थ- विनीत, नम्र, शिष्टता भएको, भद्र, लज्जाशील, निपुण, कुशल, सक्षम, सौम्य ।

शालीनता (ना./स्त्री.) शालीनस्य भावः *(विनम्र हुनाको भाव वा अवस्था)* शालीन+तल् (त)+टाप् (आ) =शालीनता ।

शब्दार्थ- विनम्रता, शिष्टता, भद्रपना ।

शालेयम् (ना./न.) शालीनां भवनं क्षेत्रं *(मार्सीधान हुने खेत)* शाली+ढक्[4] (एय), इकारलोप= शालेय ।

शब्दार्थ- शालीधान लगाउन उपयुक्त खेत, मार्सीधान फल्ने खेत, मसिनो धान फल्ने खेत ।

शाल्मलिः/शाल्मली (ना./स्त्री.) शालयति व्याप्नोति *(ढाक्छ)* शल चलनसंवरणयोः (भ्वा.) धातु, शल्+णिचि, वृद्धि, शालि+क्विप् (सर्वलोप), णिलोप, शाल् । मलते इति *(धारण गर्छ)* मल धारणे (भ्वा.) धातु, मल्+इन् (इ), उणा., मलिः । शाल्चासौ मलिश्च द्व.स., शाल्मलि+ङीष्[5] (ई), विकल्पल =शाल्मली । ङीप्को अभावमा= शाल्मलि ।

शब्दार्थ- सिमलको रूख, शाल्मली वृक्ष, नरकको एक भेद, प्राचीन सातवटा द्वीपहरूमध्ये एक ।

शावः (ना./पुं./वि.) शव्यते इति *(घुम्नु, चल्मलाउनु)* शव गतौ (भ्वा.) धातु, शव्+घञ्[6] (अ), वृद्धि= शाव । अथवा शवतीति *(विनष्ट हुन्छ, मर्छ)* शव गतौ (भ्वा.)धातु, शव्+अच् (पचादि), शवः (प्रेत, मृतक) । शवस्य अयम् *(शवको यो)* शव+अण्[7] (अ), आदिवृद्धि =शाव ।

शब्दार्थ- पशुपक्षीको वच्चो, वन्यजन्तुको छाउरो, शवसम्वन्धी, लासको, मृतकसित सम्वन्धित, मृत्युसम्वन्धी ।

शावकः (ना./पुं.) शाव एव *(बच्चो नै)* शाव+कन् (क), स्वार्थमा= शावक ।

शब्दार्थ- शिशु, पशुपन्छीको वचेरो, वन्यजन्तुको वच्चो, छाउरो, मृगको वच्चो ।

शार्वः (वि.) शर्वः शिवः तस्य अयम् *(शिवको यो)* शिव +अण् (अ), आदिवृद्धि= शार्व ।

शब्दार्थ- शिवजीसम्वन्धी, शिवको ।

शाश्वतः (वि./ना./पुं.) शश्वत् (सर्वेषु कालेषु) भवः *(लगातार भएको, सबै कालमा हुने)* शश्वत्+अण्[8] (अ), आदिवृद्धि= शाश्वत ।

शाश्वतस्तु ध्रुवो नित्यसदातनसनातनाः - इत्यमरः

शब्दार्थ- नित्य, सनातन, चिरस्थायी, सदाकाल रहिरहने, परमेश्वर, विष्णु, शिव ।

शाश्वतिकः (वि.) शश्वतः आगतः *(नित्यबाट आएको)* शश्वत्+ठक्[9] (इक), आदिवृद्धि= शाश्वतिक ।

शब्दार्थ- नित्य रहिरहने, चिरस्थायी, सनातन, सदा रहिरहने ।

शाश्वती (वि./ना./स्त्री.) शश्वत् भवः *(निरन्तर हुने वा रहने)* शश्वत्+अण्[8] (अ), आदिवृद्धि, शाश्वत+ङीप् (ई) =शाश्वती ।

शब्दार्थ- नित्य रहिरहने, सदाको लागि रहने, धेरै समयसम्म टिक्ने, सदाकाल, पृथिवी, वसुन्धरा ।

शासकः (ना./पुं./वि.) शास्तीति *(शासन गर्छ)* शासु अनुशिष्टौ (अदा.)धातु, शास्+ण्वुल्[10] (अक)=शासक ।

शब्दार्थ- शासन गर्ने व्यक्ति, अनुशासनमा राख्ने मानिस, प्रशासक, शासन चलाउने, शासनकर्ता ।

शासकीयः (वि.) शासकस्य अयम् *(शासकको यो)* शासक+छ[11] (ईय), अकारलोप= शासकीय ।

शब्दार्थ- शासकसित सम्वन्धित, प्रशासनसम्वन्धी, शासकको ।

शासनम् (ना./न.) शासनमिति *(शासन गर्नु)* शासु अनुशिष्टौ (अदा.) धातु, शास्+ल्युट्[12] (अन)= शासन ।

अववादस्तु निर्देशो निदेशः शासनं च सः ।

शिष्टिश्चाज्ञा च- इत्यमरः

शब्दार्थ- शासन गर्ने काम, प्रशासन चलाउने क्रिया, अनुशासन कायम गराउने काम, नियन्त्रण गर्ने काम, निर्देशन, आज्ञा, हुकुम, आदेश ।

शासनकर्ता (ना./पुं.) शासनम् करोतीति *(शासन गर्छ)* शासन उपपदपूर्वक डुकृञ् करणे (तना.) धातु, शासन +कृ+तृच् (तृ), गुण, शासनकर्तृ= शासनकर्ता ।

शब्दार्थ- शासन गर्ने व्यक्ति, आदेश दिने प्रशासक, राज्य सञ्चालनको व्यवस्था गर्ने मानिस ।

---

[1] अत इनिठनौ : इनि

[2] ऋन्नेभ्यो... : ङीप्

[3] शालीनकौपीने...: : खञ्

[4] ब्रीहिशाल्योर्ढक् : ढक्

[5] षिद्गौरादिभ्यश्च... : ङीष्

[6] अकर्तरि च कारके...: घञ्

[7] तस्येदम् : अण्

[8] तत्र भवः : अण्

[9] ठगायस्थानेभ्यः...: ठक्

[10] ण्वुल्तृचौ : ण्वुल्

[11] वृद्धाच्छः : छ

[12] ल्युट् च : ल्युट्

शासनपद्धतिः/शासनप्रणाली (ना./स्त्री.) शासनाय पद्धतिः/प्रणाली/शासनस्य पद्धति/प्रणाली *(शासन गर्नका लागि अपनाइने पद्धति वा प्रणाली, शासनको पद्धति वा प्रणाली)* च.त.स./ष.त.स.= शासनपद्धति /शासनप्रणाली ।

शब्दार्थ- शासन गर्नका लागि अपनाइने पद्धति वा प्रणाली, शासन सञ्चालनको तरिका, राज्य सञ्चालनका लागि अपनाइने शासनविधि ।

शासनव्यवस्था (ना./स्त्री.) शासनाय, शासनस्य वा व्यवस्था *(शासन गर्नको लागि वा शासन सञ्चालनको व्यवस्था)* च.त.स./ष.त.स. =शासनव्यवस्था ।

शब्दार्थ- राज्य सञ्चालनका लागि गरिने व्यवस्था वा वन्दोवस्त, राज्यको शासन व्यवस्था वा प्रवन्ध ।

शासनाधिकारः (ना./पुं.) शासनाय अधिकारः *(शासन गर्नका लागि अधिकार)* च.त.स., दीर्घ=शासनाधिकार ।

शब्दार्थ- शासन चलाउनका लागि लिइएको अधिकार, शासन सञ्चालन गर्न प्रदान गरिएको जिम्मेवारी ।

शासनाधिकारी (वि.) शासनाय अधिकारः *(शासन गर्नका लागि अधिकार)* च.त.स., दीर्घ, शासनाधिकारः । स अस्यास्तीति *(शासन गर्नको लागि अधिकार छ यसको)* शासनाधिकार+इनि[1] (इन्), अकारलोप, शासनाधिकारिन्= शासनाधिकारी ।

शब्दार्थ- शासन चलाउनका लागि अधिकार पाएको, प्रशासन गर्न अधिकार दिइएको (व्यक्ति) ।

शासनारूढः (वि.) आरुह्यते स्म इति *(आरोहण गरिएको)* रुह वीवजन्मनिप्रादुर्भावे च (भ्वा.) धातु, आ+रुह्+क्त (त), कर्तामा, हको ढ, तको ध, कुत्व, ढलोप, दीर्घ, आरूढः । शासने आरूढः *(शासनमा आरूढ भएको)* द्वि.त.स., दीर्घ= शासनारूढ ।

शब्दार्थ- शासन प्राप्त गरेको, शासन समालेको ।

शासनिकः (वि.) शासनादागतः *(शासनबाट आएको)* शासनस्य इदम् *(शासनको यो)* शासन+ठक्[2] (इक) =शासनिक ।

शब्दार्थ- शासनसम्वन्धी, शासनको, शासन व्यवस्थासित सम्वन्धित, प्रशासनबाट आएको ।

शासनीयः (वि.) शासितुं योग्यः, शास्यते इति वा *(शासन गर्न योग्य वा शासन गर्नु)* शासु अनुशिष्टौ (अदा.) धातु, शास्+अनीय[3] (र्)= शासनीय ।

शब्दार्थ-शासन गर्न योग्य, दण्ड दिन लायक, दण्डनीय ।

शासितः (वि.) शास्यते स्म इति *(शासन गरिएको)* शासु अनुशिष्टौ (अदा.) धातु, शास्+क्त (त), इडागम =शासित ।

शब्दार्थ- शासन गरिएको, नियन्त्रण गरिएको, अनुशासित वनाइएको, दण्ड दिइएको, सजाय गरिएको ।

शासिता (वि.) शास्ते इति *(शासन गर्छ)* शासु अनुशिष्टौ (अदा.) धातु, शास्+तृच्[4] (तृ), इडागम, शासितृ=शासिता ।

शब्दार्थ- शासन गर्ने, राज्य सञ्चालन गर्ने, दण्ड दिने, शासक ।

शास्ता (वि./ना./पुं.) शास्तीति *(शासन गर्छ, उपदेश दिन्छ)* शासु अनुशिष्टौ (अदा.) धातु, शास्+तृन्[5] (तृ), इडागम निषेध, उणा., शास्तृ= शास्ता ।

शब्दार्थ- शासक, शासन गर्ने, शासनकर्ता, दण्ड दिने, उपदेश दिने, गुरु, पिता, शाक्यमुनि वुद्ध ।

शास्तिः (ना./स्त्री.) शासनम्, शास्यते इति *(शासन गर्नु)* शासु अनुशिष्टौ (अदा.) धातु, शास्+क्तिन् (ति) =शास्ति ।

शब्दार्थ- शासन, निर्देशन, आज्ञा, दण्ड ।

शास्त्रम् (ना./न.) शास्ते इति *(आज्ञा वा शिक्षा दिन्छ)* शासु अनुशिष्टौ (अदा.) धातु, शास्+ष्ट्रन्[6] (त्र), उणा. = शास्त्र ।

निदेशग्रन्थयोः शास्त्रम्- इत्यमरः

शब्दार्थ- आज्ञा, आदेश, आगम, स्मृतिग्रन्थ, विद्या, वेदादिशास्त्र, वेदाङ्गशास्त्र, ज्ञान, विज्ञान र चौसट्ठीकला-सम्वन्धी सवै शास्त्र ।

शास्त्रकारः (वि.) शास्त्रं करोतीति *(शास्त्र निर्माण गर्छ)* शास्त्र उपपदमा हुने डुकृञ् करणे (तना.) धातु, शास्त्र+कृ+अण्[7] (अ), वृद्धि= शास्त्रकार ।

शब्दार्थ- शास्त्र निर्माण गर्ने, शास्त्र रचना गर्ने, ग्रन्थ तयार गर्ने, धर्मशास्त्रको प्रणेता ।

शास्त्रकृत् (वि.) शास्त्रं करोतीति *(शास्त्र रचना गर्छ)* शास्त्र उपपदमा हुने डुकृञ् करणे (तना.) धातु, शास्त्र+कृ+क्विप्, तुगागम[8], क्विप्को सर्वलोप =शास्त्रकृत् ।

शब्दार्थ- शास्त्र निर्माण गर्ने, ग्रन्थ तयार गर्ने, शास्त्रकार, शास्त्रप्रणेता ।

शास्त्रज्ञः (वि.) शास्त्रं जानातीति *(शास्त्र जान्दछ)* शास्त्र उपपदपूर्वक ज्ञा अववोधने (क्र्या.) धातु, शास्त्र+ज्ञा+क[9] (अ), आकारलोप= शास्त्रज्ञ ।

शब्दार्थ- शास्त्रविद्, शास्त्रज्ञाता, शास्त्र जान्ने, शास्त्रको रहस्यवेत्ता ।

शास्त्रविद् (वि.) शास्त्रं वेत्तीति *(शास्त्र जान्दछ)* शास्त्र उपपदपूर्वक विद ज्ञाने (अदा.) धातु, शास्त्र+विद्+क्विप् (सर्वलोप)= शास्त्रविद् ।

शब्दार्थ- शास्त्र जान्ने, शास्त्रवेत्ता, शास्त्रज्ञाता, शास्त्रज्ञ ।

---

१. अत इनिठनौ : इनि

२. ठगायस्थानेभ्य... : ठक्

३. तव्यत्तव्यानीयरः : अनीयर्

४. ण्वुल्तृचौ : तृच्

५. तृन्तृचौ शंसिक्षदादिभ्य... : तृन्

६. सर्वधातुभ्य... : ष्ट्रन्

७. कर्मण्यण् : अण्

८. ह्रस्वस्य पिति कृति... : तुक्

९. आतोऽनुपसर्गे... : क

शास्त्रविधानम् (ना./न.) विधीयते इति *(विधान गरिन्छ)* विपूर्वक डुधाञ् धारणपोषणयोः (जुहो.) धातु, वि+धा+ल्युट् (अन), विधानम् । शास्त्राणां विधानम् *(शास्त्रहरूको विधान)* ष.त.स.= शास्त्रविधान ।

शब्दार्थ- शास्त्रले वताएको विधि वा पद्धति, शास्त्रीय विधान, शास्त्रद्वारा प्रतिपादित सिद्धान्त, शास्त्रको नियम वा विधि ।

शास्त्रविधिः (ना./पुं.) विधीयते इति *(विधान गरिन्छ)* विपूर्वक डुधाञ् धारणपोषणयोः (जुहो.) धातु, वि+धा+कि[1] (इ), आकारलोप, विधिः । शास्त्रस्य विधिः *(शास्त्रको विधान)* ष.त.स.= शास्त्रविधि ।

शब्दार्थ- शास्त्रको नियम वा पद्धति, शास्त्रीय विधिविधान, शास्त्रद्वारा निर्धारित पद्धति ।

शास्त्रविमुखः (वि.) शास्त्रेण, शास्त्रे वा विमुखः *(शास्त्रद्वारा वा शास्त्रमा विमुख)* तृ.त.स./स.त.स. =शास्त्रविमुख ।

शब्दार्थ- शास्त्रसम्वन्धी ज्ञान नभएको, शास्त्रको अध्ययन नगरेको, अशिक्षित, अनपढ, मूर्ख, अज्ञानी ।

शास्त्रविरुद्धः (वि.) शास्त्रस्य विरुद्धः *(शास्त्रको विरुद्ध)* ष.त.स.= शास्त्रविरुद्ध ।

शब्दार्थ- शास्त्रको विपरीत, शास्त्रीय नीतिनियम विरुद्ध, शास्त्रसङ्गत नभएको, गैरकानुनी ।

शास्त्रविहितः (वि.) शास्त्रे शास्त्रेण वा विहितः *(शास्त्रमा विहित वा शास्त्रले तोकेको)* स.त.स./तृ.त.स. =शास्त्रविहित ।

शब्दार्थ- शास्त्रमा निर्धारित, शास्त्रद्वारा प्रमाणित, शास्त्रले तोकेको, शास्त्रले निर्धारण गरेको ।

शास्त्रसङ्गतः (वि.) शास्त्रे शास्त्रस्य वा सङ्गतः **(शास्त्रमा वा शास्त्रको सङ्गत)** स.त.स./ष.त.स.=शास्त्रसङ्गत ।

शब्दार्थ- शास्त्रमा मिल्ने, शास्त्रको अनुकूल हुने, शास्त्रसम्मत ।

शास्त्रसिद्धः (वि.) शास्त्रेण सिद्धः *(शास्त्रद्वारा सिद्ध)* तृ.त.स.= शास्त्रसिद्ध ।

शब्दार्थ- शास्त्रद्वारा सिद्ध गरिएको, शास्त्रद्वारा प्रमाणित, शास्त्रद्वारा निर्धारित, शास्त्र-विहित ।

शास्त्रार्थः (ना./पुं./न.) शास्त्रस्य अर्थः *(शास्त्रको अर्थ वा रहस्य)* ष.त.स., दीर्घ= शास्त्रार्थ ।

अथवा शास्त्राय इदम् *(शास्त्रको लागि यो)* शास्त्र+अर्थ (अस्वपदविग्रह), च.त.स., दीर्घ =शास्त्रार्थ ।

शब्दार्थ- कुनै शास्त्रीय ग्रन्थको अर्थ, कुनै ग्रन्थको व्याख्या, शास्त्रीय विषयको निमित्त हुने छलफल वा वादविवाद ।

शास्त्री (वि./ना./पुं.) शास्त्रमस्ति अस्य *(शास्त्रसम्बन्धी कुराको ज्ञान छ यसको)* शास्त्र+इनि[2] (इन्), शास्त्रिन् =शास्त्री ।

शब्दार्थ- शास्त्र जान्ने, शास्त्रमा निपुण, शास्त्रविज्ञ, शास्त्रवेत्ता, स्नातक तहको एक उपाधि ।

शास्त्रीयः (वि.) शास्त्रस्य अयम् *(शास्त्रको यो),* शास्त्रे भवः *(शास्त्रमा हुने),* शास्त्रेण प्रोक्तः *(शास्त्रले वताएको)* शास्त्र+छ[3] (ईय), अकारलोप= शास्त्रीय ।

शब्दार्थ- शास्त्रको, शास्त्रसम्वन्धी, शास्त्रले वताएको, शास्त्रसित सम्वन्धित ।

शास्त्रीयता (ना./स्त्री.) शास्त्रीयस्य भावः *(शास्त्रीय हुनाको भाव वा अवस्था)* शास्त्रीय+तल् (त)+टाप् (आ)= आस्त्रीयता ।

शब्दार्थ- शास्त्रमा भएको विशेष व्यवस्था, शास्त्रीय हुनाको स्थिति वा अवस्था ।

शास्त्रोक्तः (वि.) शास्त्रेण उक्तः *(शास्त्रले बताएको)* तृ.त.स., गुण= शास्त्रोक्त ।

शब्दार्थ- शास्त्रले वताएको, शास्त्रविहित, शास्त्रले निर्धारण गरेको ।

शिक्षकः (ना./पुं.) शिक्षयतीति *(सिकाउँछ)* शिक्ष विद्योपादाने (भ्वा.) धातु, शिक्ष्+णिचि+ण्वुल्[4] (अक), णिलोप= शिक्षक ।

अथवा शिक्षाम् अधीते वेद इति वा *(शिक्षाशास्त्र पढ्छ वा जान्दछ)* शिक्षा+वुन्[5] (अक)= शिक्षक ।

शब्दार्थ- सिकाउने वा पढाउने व्यक्ति, अध्यापक, शिक्षक, शिक्षा दिने गुरु, शिक्षाशास्त्र पढ्ने र पढाउने व्यक्ति ।

शिक्षणम् (ना./न.) शिक्षणम्, शिक्ष्यते इति *(सिकाइन्छ)* शिक्ष विद्योपादाने (भ्वा.) धातु, शिक्ष्+णिचि+ल्युट् (अन), णिलोप, णत्व= शिक्षण ।

शब्दार्थ- सिकाउने वा पढाउने काम, अध्यापन, शिक्षा दिने काम, ज्ञान दिने क्रिया, प्रशिक्षण, तालिम दिने काम ।

शिक्षणविधिः (ना./पुं.) शिक्षणाय विधिः *(सिकाउनको लागि विधि)* च.त.स.= शिक्षणविधि ।

शब्दार्थ- सिकाउने तरिका, सिकाउने प्रणाली वा पद्धति, शिक्षा दिने परिपाटी वा ढङ्ग ।

शिक्षणसंस्था (ना./स्त्री.) शिक्षणाय संस्था *(शिक्षा दिनको लागि संस्था)* च.त.स.= शिक्षणसंस्था ।

शब्दार्थ- छात्र-छात्रालाई सिकाउने तथा शिक्षा दिने संस्था, पठनपाठन गराउने विद्यालय, महाविद्यालय आदि ।

---

[1] उपसर्गे घोः किः : कि

[2] अत इनिठनौ : इनि

[3] वृद्धाच्छः : छ

[4] ण्वुल्तृचौ : ण्वुल्

[5] क्रमादिभ्यो.... : वुन्

शिक्षणीयः (वि.) शिक्षयितुं योग्यः, शिक्ष्यते इति वा *(सिकाउन योग्य, शिक्षा दिइन्छ)* शिक्ष विद्योपादाने (भ्वा.) धातु, शिक्ष्+णिचि+अनीय (र्), णिलोप, णत्व= शिक्षणीय ।

शब्दार्थ- सिकाउन योग्य वा लायक, शिक्षा दिन उपयुक्त, शिक्षा दिनुपर्ने ।

शिक्षा (ना./स्त्री.) शिक्ष्यते विद्या उपादीयते अनया *(शिक्षा दिइन्छ वा विद्या प्रदान गरिन्छ यसबाट)* शिक्ष विद्योपादाने (भ्वा.) धातु, शिक्ष्+अ[1] (प्रत्यय), शिक्ष+टाप् (आ)= शिक्षा ।

शब्दार्थ- शिक्षा दिने काम, सिकाउने काम, ज्ञान आर्जन गर्ने काम, ज्ञान दिने लिने काम, जान्ने जिज्ञासा, वेदका छ अङ्गमध्ये एक ।

शिक्षा-दीक्षा (ना./स्त्री.) शिक्षा च दीक्षा च *(शिक्षा र दीक्षा)* द्व.स.= शिक्षा-दीक्षा ।

शब्दार्थ- अर्ती-उपदेश, शिक्षा र तालिम, शिक्षा प्रदान गर्ने काम ।

शिक्षापद्धतिः/शिक्षाप्रणाली (ना./स्त्री.) शिक्षायै पद्धतिः/प्रणाली *(शिक्षा दिनको लागि अपनाइने तरिका)* च.त.स.= शिक्षापद्धति/शिक्षाप्रणाली ।

शब्दार्थ- शिक्षा दिने तरिका, सिकाइने ढाँचा वा पद्धति, शिक्षा प्रणाली, शिक्षा दिने ढङ्ग वा परिपाटी ।

शिक्षार्थी (ना./पुं.) शिक्षामर्थयितुं शीलमस्य *(शिक्षा ग्रहण गर्ने शील छ यसको)* शिक्षा उपपदपूर्वक अर्थ उपयाञ्चायाम् (चुरा.) धातु, शिक्षा+अर्थ्+णिनि (इन्), दीर्घ, शिक्षार्थिन्= शिक्षार्थी ।

शब्दार्थ- शिक्षा प्राप्त गर्न चाहने व्यक्ति, शिक्षा लिने विद्यार्थी, पढ्ने छात्रछात्रा, सिक्न चाहने विद्यार्थी ।

शिक्षालयः (ना./पुं.) शिक्षायै शिक्षायाः वा आलयः *(शिक्षा दिनको लागि वा शिक्षाको घर)* ष.त.स., दीर्घ =शिक्षालय ।

शब्दार्थ- पढ्ने र पढाउने स्थान, शिक्षणसंस्था, पाठशाला, विद्यागृह, विद्यामन्दिर, विद्यालय, महाविद्यालय ।

शिक्षाविद् (वि.) शिक्षां वेत्तीति *(शिक्षासम्बन्धी विषय जान्दछ)* शिक्षा उपपदमा हुने विद ज्ञाने (अदा.) धातु, शिक्षा+विद्+क्विप् (सर्वलोप)= शिक्षाविद् ।

शब्दार्थ- शिक्षासम्वन्धी विषयको ज्ञाता, शिक्षा विषयको विद्वान्, शिक्षाविज्ञ ।

शिक्षिका (ना./स्त्री.) शिक्षयति असौ *(सिकाउँछे यो)* शिक्ष विद्योपादाने (भ्वा.) धातु, शिक्ष्+णिचि+ण्वुल् (अक), णिलोप, शिक्षक+टाप् (आ), ककारपूर्वका अकारको इत्व= शिक्षिका ।

शब्दार्थ- पढाउने तथा सिकाउने स्त्री, अध्यापिका, प्रशिक्षण दिने महिला, गुरुआमा ।

शिक्षितः (वि.) शिक्षते स्म इति *(शिक्षा प्राप्त गरेको)* शिक्ष विद्योपादाने (भ्वा.) धातु, शिक्ष्+क्त[2] (त), कर्तामा, इडागम= शिक्षित ।

अथवा शिक्षा सञ्जाता अस्य *(शिक्षादीक्षा भइसकेको छ यसको)* शिक्षा+इतच् (इत)= शिक्षित ।

शब्दार्थ- शिक्षा प्राप्त गरेको, पढेलेखेको, विद्या आर्जन गरेको, पठित, सुशिक्षित, सभ्य ।

शिखण्डः (ना./पुं.) शिखिना अम्यते इति *(प्वांख हल्लाउँदै हिड्नु)* शिखिन् उपपदपूर्वक अम गत्यादिषु (भ्वा.) धातु, शिखिन्+अम्+ड[4] (उणा.), शिखिन् अम्को पररूप[5]= शिखण्ड ।

अथवा शिखाममतीति *(शिखा हल्लाउँछ)* शिखा+अम्+ड, पररूप= शिखण्ड ।

शिखण्डो बर्हचूडयोः- इति मेदिनी

शब्दार्थ- मुजुरको प्वाँख, मयूरको पुच्छर, कल्की, शिखा, चूडा, टुपी ।

शिखण्डी (ना./पुं./वि.) शिखण्डः अस्यास्तीति *(प्वांख वा शिखा छ यसको)* शिखण्ड+इनि[6] (इन्), अकारलोप, शिखण्डिन्= शिखण्डी ।

शब्दार्थ- मुजुरको कल्की, पुच्छर, कुखुरोको सिउर, वाण, भीष्मपितामहको मृत्युको कारक द्रुपदपुत्र धृष्टद्युम्नको भाइ, शिखाधारी, कल्की भएको, टुपी हुने ।

शिखरः (ना./पुं.) शिखा अस्यास्तीति *(शिखा वा चुचुरो छ यसको)* शिखा+र[7], ह्रस्व= शिखर ।

कूटोऽस्त्री शिखरं शृङ्गम्- इत्यमरः

अथवा शिखां रातीति *(शिखा वा अग्लो टुप्पो प्रदान गर्छ)* शिखा उपपदमा हुने रा दाने (अदा.) धातु, शिखा+रा+क[8] (अ), आलोप, शिखाको ह्रस्व= शिखर ।

शब्दार्थ- टुप्पो, चुचुरो, टाकुरो, चुली, गजुर ।

शिखरी (ना./पुं./वि.) शिखरं अस्ति अस्य *(शिखर वा चुचुरो छ यसको)* शिखर+इनि (इन्), शिखरिन् =शिखरी ।

शिखरी स्यादपामार्गे शैलपादपयोः पुमान्- इति मेदिनी

शब्दार्थ- अपामार्ग, पहाड, पर्वत, गिरि, शैल, रूखको टुप्पो, चुचुरो, शिखर भएको, चुचुरो युक्त ।

शिखा (ना./स्त्री.) शेते इति *(रहन्छ)* शीङ् स्वप्ने (अदा.) धातु, शी+ख[9] (उणा.), शीको ह्रस्व, शिख+टाप् (आ) =शिखा ।

अर्चिर्हेतिः शिखा स्त्रियाम् । शिखा चूडा- इत्यमरः

शब्दार्थ- टुपी, चूडा, मुजुर, डाँफे आदिको सिउर, आगोको ज्वाला, अर्चि ।

---

[1] गुरोश्च हलः : अ प्रत्यय
[2] गत्यर्थाकर्मक... : क्त
[3] तदस्य सञ्जातम्...: इतच्
[4] ञमन्ताड्डः : ड
[5] शकन्ध्वादिषु... : पररूप
[6] अत इनिठनौ : इनि
[7] शिखाया ह्रस्वश्च : र, ह्रस्व
[8] आतोऽनुपसर्गे... : क
[9] शीङो ह्रस्वश्च... : ख, ह्रस्व

शिखाधरः (वि.) शिखां धरतीति *(शिखा धारण गर्छ)* शिखा उपपदपूर्वक धृञ् धारणे (भ्वा.) धातु, शिखा+धृ+अच् (पचादि), गुण= शिखाधर ।

शब्दार्थ- शिखा धारण गर्ने, शिखाधारी, चूडा वा टुप्पी भएको ।

शिखावलः/शिखावान् (ना./पुं./वि.) शिखा अस्ति अस्य *(शिखा छ यसको)* शिखा+वलच्[१] (वल)= शिखावल । शिखा+मतुप्[२] (मत्), मको व[३], शिखावत्= शिखावान्

शब्दार्थ- मयूर, मुजुर, अग्नि, शिखा भएको, शिखाधर ।

शिखी (वि./ना./पुं.) शिखा अस्ति अस्य *(शिखा वा टाकुरो छ यसको)* शिखा+इनि[४] (इन्), आकारलोप, शिखिन्= शिखी ।

शिखी वन्हौ बलीवर्दे शरे केतुग्रहे द्रुमे
मयूरे कुक्कुटे पुंसि शिखावत्यन्यलिङ्गकः- इति मेदिनी

शब्दार्थ- शिखा भएको, शिखाधारी, चुचुरो भएको, अग्नि, वाण, वृक्षको टुप्पो, केतुग्रह, मुजुर, कुखुरो, जुरो भएको वहरगोरु ।

शिङ्घाणम् (ना./न.) शिङ्घ्यते इति *(सुँघ्नु, मल फाल्नु)* शिघि आघ्राणे (भ्वा.) धातु, नुम्, शिङ्घ्+आणक[५] (उणा.)= शिङ्घाण ।

शिङ्घाणं काचपात्रे च लोहनासिकयोर्मले- इति मेदिनी

शब्दार्थ- नाकको मल, सिंघान, फलामको कीट, काँचको भाँडो ।

शिञ्जः (ना./पुं.) शिञ्ज्यते इति *(अव्यक्त शब्द गर्नु)* शिजि अव्यक्ते शव्दे (अदा.) धातु, नुम्, शिञ्ज्+घञ् (अ)= शिञ्ज ।

शब्दार्थ- अस्पष्ट आवाज, अव्यक्त ध्वनि, झङ्कार, टङ्कार ।

शिञ्जा (ना./स्त्री.) शिङ्क्ते इति *(झङ्कार गर्छ)* शिजि अव्यक्ते शव्दे (अदा.) धातु, शिञ्ज्+अच् (पचादि), शिञ्ज+टाप् (आ)= शिञ्जा ।

शब्दार्थ-टङ्कार, झङ्कार, गहनाको आवाज, धनुको ताँदो ।

शिञ्जितः (ना./न./वि.) शिङ्क्ते स्म इति *(झङ्कार गरेको)* शिजि अव्यक्ते शव्दे (अदा.) धातु, नुम्, शिञ्ज्+क्त[६] (त), कर्तामा, इडागम= शिञ्जित ।

भूषणानां तु शिञ्जितम्- इत्यमरः

शब्दार्थ- गहनाको आवाज वा झङ्कार, गुञ्जन, गुञ्जित, झङ्कार भएको, झङ्कृत ।

शिञ्जिनी (ना./स्त्री.) शिञ्जा अस्य अस्तीति *(झङ्कार छ यसको)* शिञ्जा+इनि[७] (इन्), आकारलोप, शिञ्जिन्+ङीप् (ई)= शिञ्जिनी ।

शब्दार्थ- झङ्कार दिने गहना, आवाज आउने आभूषण, धनुको ताँदो, पाउजेव, नूपुर ।

शितिः (ना./स्त्री./वि.) शीयते इति *(तिखारिन्छ)* शिञ् निशाने (स्वा.) धातु, शि+क्तिन्/क्तिच् (ति)= शिति ।

निशितेऽपि शितिर्भूर्जे ना सितासितयोस्त्रिषु- इति मेदिनी

शब्दार्थ- भोजवृक्ष, भोजपत्र, तीखो, सेतो, कालो, नीलो ।

शितिकण्ठः (ना./पुं.) शितिः असितः कण्ठः यस्य *(नीलो छ कण्ठ जसको)* ब.स.= शितिकण्ठ ।

शब्दार्थ- शिव, महादेव, महेश्वर, नीलकण्ठ, शङ्कर ।

शिथिलः (वि.) श्रथयतीति *(खुकुलो वा शिथिल हुन्छ)* श्रथ मोक्षणे (चुरा.) धातु, श्रथ्+किरच्[८] (इर), उणा., उपधाको इत्व, रलोप, शिथ् इर, इरका रेफको लत्व =शिथिल ।

शब्दार्थ- खुला, खुकुलो, नकसिएको, ज्यादै थाकेको, दुर्वल, गलित, नियमकानुन पालना नगरिएको ।

शिथिलता (ना./स्त्री.) शिथिलस्य भावः *(शिथिल हुनाको भाव वा अवस्था)* शिथिल+तल् (त)+टाप् (आ) =शिथिलता ।

शब्दार्थ- खुकुलोपना, दुर्वलता, सुस्तता, शिथिल अवस्था ।

शिथिलितः (वि.) शिथिलः सञ्जातः अस्य *(कमजोर अवस्था छ यसको)* शिथिल+इतच् (इत), अकारलोप =शिथिलित ।

शब्दार्थ- खुकुलो पारिएको, नर्कसिएको, खोलेको, थाकेको, कमजोर वनेको, विश्रान्त ।

शिबिका (ना./स्त्री.) शिवं करोति *(कल्याण गर्छ)* तत् करोति अर्थमा शिववाट शिव+ण्वुल् (अक), शिवक+टाप् (आ), ककारपूर्वका अकारको इत्व, वको पृषोदरादिवाट व= शिविका ।

शब्दार्थ- यान, पाल्की, डोली ।

शिबिरम् (ना./न.) शवन्ति अत्र *(रहन्छन् यहाँ)* शव गतौ (भ्वा.) धातु, शव्+किरच्[८] (इर), उणा., वहुलप्रकाले, शको इत्व-निपातन, वको पृषोदरादिवाट व= शिविर ।

अथवा शेते अत्र *(बस्छन् यहाँ)* शीङ् स्वप्ने (अदा.) धातु, शी+किरच् (इर), शीको ह्रस्व, वुगागम, वहुलप्रकारले= शिविर ।

शब्दार्थ- सेना वस्ने ठाउँ, छाउनी, सेनाको सुरक्षार्थ वनाएको निवेश, पाल टाँगेर बनाइएको अस्थायी वासस्थान, छाप्रो ।

शिरस् (शिरः) (ना./न.) श्रीयते वेष्टचते मुकुटादिना *(मुकुट आदिले वेष्टित गरिन्छ)* श्रिञ् सेवायाम् (भ्वा.) धातु, श्रि+असुन्[९] (अस्), उणा., श्रिको शिर् आदेश, शिरस्= शिर ।

शिरः प्रधाने सेनाग्रे शिखरे मस्तकेऽपि च- इति मेदिनी

शब्दार्थ- शिर, टाउको, मस्तक, मुख्य, अग्रभाग, शिखर, टुप्पो ।

---

[१] दन्तशिखात् संज्ञायाम् : वलच्
[२] बलादिभ्यामतुप् : मतुप्
[३] मादुपधाया... : मको व
[४] शीखामालासंज्ञादिभ्य... : इनि
[५] आणको लूघूशिङ्घि... : आणक
[६] गत्यर्थाकर्मक...: क्त
[७] व्रत इनिठनौ : इनि
[८] अजिरशिशिरशिथिल...: किरच्
[९] श्रयतेः स्वाङ्गे शिरः...: असुन्, शिर आदेश

शिरस्त्रम् (ना./न.) शिरः त्रायते इति *(शिरको रक्षा गर्छ)* शिरस् उपपदमा हुने त्रैङ् पालने (भ्वा.) धातु, शिरस्+त्रै+क[१] (अ), आत्व, आलोप= शिरस्त्र ।

शब्दार्थ- टोपी, फलामे टोप, पगरी, फेटा, शिरको सुरक्षाका लागि लगाइने अन्य वस्तु ।

शिरस्त्राणम् (ना./न.) शिरः त्रायते अनेन *(शिरको रक्षा गर्छ यसले)* शिरस् उपपदपूर्वक त्रैङ् पालने (भ्वा.) धातु, शिरस्+त्रै+ल्युट्[२] (अन), करणमा, आत्व, णत्व =शिरस्त्राण ।

शब्दार्थ- शिरको सुरक्षा गर्ने वस्तु, टोपी, फेटा, पगरी, मुकुट, टोप ।

शिरःशूलम् (ना./न.) शिरसि शूलम् *(कपालमा हुने पीडा)* स.त.स.= शिरःशूल ।

शब्दार्थ-कपाल दुख्ने व्यथा, शिरदर्द, टाउकोमा हुने पीडा ।

शिरोधार्यः (वि.) शिरसि ध्रियते इति *(शिरमा धारण गरिन्छ)* शिरस् उपपदमा हुने धृञ् धारणे (भ्वा.) धातु, शिरस्+धृ+ण्यत्[३] (य), वृद्धि, रुत्व, उत्व =शिरोधार्य ।

शब्दार्थ- स्वीकार गर्न योग्य वा लायक, शिरमा धारण गर्न योग्य, आज्ञा पालन गर्न लायक, स्विकार्न उचित ।

शिरोभूषणम् (ना./न.) शिरसि शिरसः वा भूषणम् *(शिरमा लगाइने वा शिरको आभूषण)* शिरस्+भूषणम्, स.त.स./ष.त.स., सको रुत्व, उत्व =शिरोभूषण ।

शब्दार्थ- शिरमा लगाउने गहना, कपालमा लगाउने फूल, विन्दी, मुकुट, श्रीपेच, सम्मान गर्न योग्य व्यक्ति, शिरको गहना ।

शिरोमणिः (ना./पुं./वि.) शिरसि शिरसः वा मणिः *(शिरमा लगाउने वा शिरको मणि)* स.त.स./ष.त.स., सको रुत्व, उत्व= शिरोमणि ।

शब्दार्थ- शिरमा लगाउने मणि, शिरको मणि, गण्यमान्य व्यक्ति, उपाधि, श्रेष्ठ, सर्वोत्तम ।

_उदा._ विधुका कुलमा शिरोमणि
नृप छन् फेरि प्रभा समुज्ज्वल- शा.म.का. १५/१२

शिरोरत्नम् (ना./न.) शिरसि शिरसः वा रत्नम् *(शिरमा लगाउने वा शिरको रत्न)* स.त.स./ष.त.स., सको रुत्व, उत्व= शिरोरत्न ।

शब्दार्थ- मुख्य वा प्रमुखरूपमा रहने व्यक्ति, शिरोमणि, शिरोभूषण, शिरमा लगाउने रत्न ।

शिरोरुहः (ना./पुं.) शिरसि रोहते इति *(शिरमा पैदा हुन्छ)* शिरस् उपपदमा हुने रुह बीजजन्मनि प्रादुर्भावे च (भ्वा.) धातु, शिरस्+रुह्+क[४] (अ), सको रुत्व, उत्व =शिरोरुह ।

बालः कचः केशः शिरोरुहः- इत्यमरः

शब्दार्थ- शिरमा हुने कपाल, वाल, केश, टाउकाको रौं ।

शिरोवेष्टः/शिरोवेष्टनम् (ना./पुं./न.) वेष्टनम् वेष्ट्यते इति *(बेरिन्छ, गुतिन्छ)* वेष्ट वेष्टने (भ्वा.) धातु, वेष्ट्+घञ्[५] (अ), वेष्टः ।

वेष्ट्+ल्युट् (अन), वेष्टनम् ।

शिरसि शिरसः वा वेष्टः/वेष्टनम् *(शिरमा गुत्ने फेटा, शिरको फेटा)* स.त.स./ष.त.स., सको रुत्व, उत्व =शिरोवेष्ट/शिरोवेष्टन ।

शब्दार्थ- शिरमा गुत्ने वस्त्र, पगरी, फेटा, कपालमा गुत्ने साधन, शिरको टोपी वा फेटा ।

शिलः (ना./पुं./न.) शिलति, शिलनमिति वा *(सिला खोज्छ वा खोजिन्छ)* शिल उञ्छे (तुदा.) धातु, शिल्+क[४]/घञ् (अ), गुणाभाव= शिल ।

उञ्छशिलं त्वृतम्- इत्यमरः

ऋतमुच्छशिलं स्मृतम्- म.स्मृ.

शब्दार्थ- वालीनाली उखेलेर छोडिएको धान्यादि, सिला खोज्ने काम, उञ्छशिल ।

शिला (ना./स्त्री.) शिलतीति *(सिला खोज्छ, कठोर बन्छ)* शिल उञ्छे (तुदा.) धातु, शिल्+क (अ), शिल+टाप् (आ)= शिला ।

शब्दार्थ- शिलावृत्ति, सिला खोजेर निर्वाह गर्ने काम, ढुङ्गो, जाँतो, पत्थर, शिला, ढोकाको चौकोसको तलको काठ, सँगारको ठेलो ।

शिलाखण्डः (ना./पुं./न.) शिलायाः खण्डः *(ढुङ्गाको टुक्रा)* ष.त..स.= शिलाखण्ड ।

शब्दार्थ- ढुङ्गाको टुक्रा, गिट्टी, ढुङ्गाको साना साना खण्ड ।

शिलान्यासः (ना./पुं.) शिलायाः न्यासः *(ढुङ्गा वा ईंटको विन्यास)* ष.त.स.= शिलान्यास ।

शब्दार्थ- विधिपूर्वक ढुङ्गा वा इँट विछ्याएर जग राख्ने काम, ढुङ्गा वा इँटाको जग, घर, सांघु आदि निर्माण गर्न जग राख्ने काम ।

शिलापत्रम् (ना./न.) शिलायां पत्रम् *(ढुङ्गामा लेखिएको पत्र)* स.त.स.= शिलापत्र ।

शब्दार्थ- ढुङ्गामा लेखिएको लेख वा पत्र, शिलालेख ।

शिलालेखः (ना./पुं.) शिलायां लेखः *(शिलामा लेखिएको लेख)* स.त.स.= शिलालेख ।

शब्दार्थ- शिलापत्र, ढुङ्गामा लेखिएको लेख ।

शिलावृत्तिः (ना./स्त्री.) शिलया वृत्तिः *(शिला खोज्ने क्रियाद्वारा वृत्ति)* तृ.त.स.= शिलावृत्ति ।

शब्दार्थ- शिला खोजेर जीविका चलाउने काम, उञ्छवृत्ति ।

---

१. आतोऽनुपसर्गे... : क
२. करणाधिकरणयोश्च : ल्युद्
३. ऋहलोर्ण्यत् : ण्यत्
४. इगुपधज्ञा... : क
५. भावे : घन्

शिलासङ्घातः (ना./पुं.) शिलानां सङ्घातः *(ढुङ्गाको प्रहार)* ष.त.स.= शिलासङ्घात ।

शब्दार्थ- ढुङ्गा प्रहार गर्ने काम, ढुङ्गा प्रहारबाट चोट पुऱ्याउने काम, ढुङ्गा हान्ने काम ।

शिलास्तम्भः (ना./पुं.) शिलायाः स्तम्भः *(ढुङ्गाको खम्बा)* ष.त.स.= शिलास्तम्भ ।

शब्दार्थ- ढुङ्गाको खाँवो, ढुङ्गामा अक्षर कुँदेर राखिएको खम्बा ।

शिल्पम् (ना./न.) शीलति, शील्यते इति वा *(सीप देखाउँछ, देखाइन्छ)* शील समाधौ (भ्वा.) वा शील उपधारणे (चुरा.) धातु, शील्+प[१], धातुका शीको ह्रस्व निपातन, उणा.= शिल्प ।

शब्दार्थ- कलाकौशलसम्वन्धी काम, ललितकला, कलात्मक वस्तु वनाउने सीप, कारिगरी, कालिगडी, हस्तकलासम्वन्धी सीप ।

शिल्पकला (ना./स्त्री.) शिल्पस्य कला *(सीपको कला)* ष.त.स.= शिल्पकला ।

शब्दार्थ- शिल्पसम्वन्धी कला, हस्तकला, ललितकला, वास्तुकला, मूर्तिकला र चित्रकलासम्वन्धी सीप, कारिगरी ।

शिल्पकर्म (ना./न.) शिल्पस्य कर्म *(शिल्पकलाको काम)* ष.त.स.= शिल्पकर्म ।

शब्दार्थ- शिल्पकलासम्वन्धी काम, सीपसम्वन्धी शारीरिक श्रम, कालिगडी, शिल्पसम्वन्धी काम ।

शिल्पकारः (ना./पुं.) शिल्पं करोतीति *(शिल्पकलाको काम गर्छ)* शिल्प उपपदपूर्वक डुकृञ् करणे (तना.) धातु, शिल्प+कृ+अण्[२] (अ), वृद्धि= शिल्पकार ।

शब्दार्थ- शिल्पकलासम्वन्धी काम गर्ने व्यक्ति, शिल्प विद्याको व्यवसाय गर्ने मानिस, कालिगड, हस्तकलासम्वन्धी सीपको काम गर्ने व्यक्ति ।

शिल्पकारिका (ना./स्त्री.) शिल्पं करोति असौ *(शिल्पसम्वन्धी काम गर्छे यो स्त्री)* शिल्पपूर्वक डुकृञ् करणे (तना.) धातु, शिल्प+कृ+ण्वुल्[३] अक), वृद्धि, शिल्पकारक+टाप् (आ), ककारपूर्वका अकारको इत्व =शिल्पकारिका ।

शब्दार्थ- कलाकारिताको काम गर्ने स्त्री, हस्तकलासम्वन्धी काम गर्ने आइमाई ।

शिल्पकारिता (ना./स्त्री.) शिल्पकारिणः भावः *(शिल्पकारी हुनाको भाव वा अवस्था)* शिल्पकारिन्+तल् (त) +टाप् (आ)= शिल्पकारिता ।

शब्दार्थ- कालिगडी, सीपको काम गर्ने दक्षता ।

शिल्पकारी (वि.) शिल्पं कर्तुं शीलमस्य *(शिल्पसम्बन्धी काम गर्ने शील वा सीप छ यसको)* शिल्पपूर्वक डुकृञ् करणे (तना.) धातु, शिल्प+कृ+णिनि[४] (इन्), वृद्धि, शिल्पकारिन्= शिल्पकारी ।

शब्दार्थ- शिल्पकलासम्वन्धी काम गर्ने, शिल्पी, सीपसम्वन्धी काम गर्ने, कारिगर ।

शिल्पगृहम् (ना./न.) शिल्पाय गृहम्/शिल्पस्य गृहम् *(शिल्पकलाको लागि घर, शिल्पकलाको घर)* च.त.स./ष.त.स.= शिल्पगृह ।

शब्दार्थ- शिल्पकलासम्वन्धी काम गर्ने भवन, शिल्पशाला, शिल्पकलाको भवन, शिल्पकलाको लागि बनाइएको गृह ।

शिल्पजीवी (ना./पुं.) शिल्पेन जीवितुं शीलमस्य *(शील्पकलाको कामद्वारा जीविका गर्ने शील छ यसको)* शिल्प उपपदपूर्वक जीव प्राणधारणे (भ्वा.) धातु, शिल्प+जीव्+णिनि[४] (इन्), शिल्पजीविन्= शिल्पजीवी ।

शब्दार्थ- शिल्पकलाको काम गरेर जीवनयापन गर्ने व्यक्ति, कालिगडको काम गर्ने मानिस, शिल्पकार, कालिगड ।

शिल्पता/शिल्पत्वम् (ना./स्त्री./न.) शिल्पस्य भावः *(शिल्पकलाको भाव वा अवस्था)* शिल्प+तल्[५] (त)+टाप् (आ)= शिल्पता । शिल्प+त्व= शिल्पत्व ।

शब्दार्थ- शिल्पकलासम्वन्धी स्थिति वा अवस्था ।

शिल्पवती (ना./स्त्री.) प्रशस्तं शिल्पं अस्याः अस्तीति *(पर्याप्त सीप छ यस स्त्रीको)* शिल्प+मतुप् (मत्), मको व, शिल्पवत्+ङीप् (ई)= शिल्पवती ।

शब्दार्थ- धेरै सीप भएकी आइमाई, शिल्पकलासम्वन्धी काममा दक्ष नारी ।

शिल्पवान् (वि.) प्रशस्तं शिल्पं अस्य अस्तीति *(पर्याप्त सीप छ यसको)* शिल्प+मतुप् (मत्), मको व, शिल्पवत्= शिल्पवान् ।

शब्दार्थ- शिल्पकलामा निपुण, शिल्पकार, शिल्पकलामा दक्ष, शिल्पकला जान्ने ।

शिल्पविद्या (ना./स्त्री.) शिल्पस्य विद्या *(शिल्पकलाको विद्या)* ष.त.स.= शिल्पविद्या ।

शब्दार्थ- शिल्पशास्त्रसम्वन्धी विद्या, चौसट्ठीकलासम्वन्धी शास्त्रको ज्ञान ।

शिल्पविधानम् (ना./न.) शिल्पस्य विधानम् *(शिल्पकलाको विधान)* ष.त.स.= शिल्पविधान ।

शब्दार्थ- शिल्पकलाको कलात्मक ढाँचा वा पद्धति, शिल्पकलाको कलात्मकता प्रस्तुत गर्ने विधि वा ढाँचा वा तरिका ।

शिल्पशाला (ना./स्त्री.) शिल्पस्य शाला *(शिल्पकलाको प्रयोगशाला)* ष.त.स.= शिल्पशाला ।

शब्दार्थ- शिल्पकलासम्वन्धी काम गर्ने प्रयोगशाला, ज्यासल, शिल्पकलाको विद्यालय ।

---

[१] खष्पशिल्प... : प

[४] सुप्यजातौ... : णिनि

[२] कर्मण्यण् : अण्

[३] ण्वुल्तृचौ : ण्वुल्

[५] तस्य भावस्त्वतलौ : त्व, तल्

शिल्पशास्त्रम् (ना./न.) शिल्पस्य शास्त्रम् *(शिल्पकलाको शास्त्र)* ष.त.स.= शिल्पशास्त्र।

शब्दार्थ- शिल्पकलासम्बन्धी शास्त्र, शिल्पकलाको विवेचना गरिएको शास्त्र, शिल्पविद्या, चौसट्ठीकलासम्बन्धी शास्त्र, शिल्पविज्ञान।

शिल्पशास्त्री (वि.) शास्त्रमस्यास्तीति *(शास्त्रसम्बन्धी ज्ञान छ यसको)* शास्त्र+इनि[1] (इन्), अकारलोप, शास्त्रिन्, शास्त्री। शिल्पस्य शास्त्री *(शिल्पकलाको शास्त्री)* ष.त.स.= शिल्पशास्त्री।

शब्दार्थ- शिल्पशास्त्रको ज्ञाता, शिल्पशास्त्रको विद्वान्, शिल्पशास्त्रको प्रयोगमा निपुण, शिल्पकलासम्बन्धी विशेषज्ञ।

शिल्पसज्जा (ना./स्त्री.) शिल्पस्य सज्जा *(शिल्पकलाको सजावट)* ष.त.स.= शिल्पसज्जा।

शब्दार्थ- शिल्पविधाको कलात्मक सजावट, शिल्पकलाबाट निर्मित वस्तुहरूको सजावट।

शिल्पिकः/शिल्पी (वि.) शिल्पमस्यास्तीति *(सीप छ यसको)* शिल्प+ठन्[1] (इक)= शिल्पिक।

शिल्प+इनि[1] (इन्), शिल्पिन्= शिल्पी।

शब्दार्थ- शिल्पसम्बन्धी सीप भएको, कालिगड, शिल्पकलामा दक्ष वा निपुण, शिल्पकार।

शिल्पिजनः (ना./पुं.) शिल्पी एव जनः *(शिल्पी नै जन)* म.व्य.स.= शिल्पिजन।

शब्दार्थ- शिल्पकलामा निपुण मानिस, शिल्पकला जान्ने व्यक्ति।

शिवः (ना./पुं./न.) शेते अस्मिन् सर्वम् *(सबै यिनमा विलय हुन्छन्)* वा शेरते प्राणिनः यत्र *(जहाँ प्राणिजन विलय हुन्छन्)* शीङ् स्वप्ने (अदा.) धातु, शी+वन्[2] (व), उणा., शीको ह्रस्व निपातन= शिव। अथवा श्यति पापम् अमङ्गलम् वा *(पाप वा अमङ्गल नाश गर्छन्)* शो तनूकरणे (दिवा.) धातु, शो+वन् (व), शोको इत्व= शिव।

शिवो मोक्षे महादेवे कीलकग्रहयोगयोः।
वालुके गुग्गुलौ वेदे पुण्डरीकद्रुमे पुमान्।
सुखक्षेमजले क्लीवम्- इति मेदिनी

शब्दार्थ- शङ्कर, रुद्र, महेश्वर, महादेव, मङ्गल, शुभ, कल्याण, क्षेम, मोक्ष, मुक्ति, पानी, वेदशास्त्र, गुग्गुल, कालो धत्तुरो, बाँध्ने कीलो, शुभग्रहरूको योग, ज्योतिषशास्त्रअनुसार सत्ताईस योगहरूमध्ये एक।

द्रष्टव्य- **शान्तं शिवं चतुर्थमद्वैतं मन्यन्ते- माण्डु. उप. ७**

शं नित्यसुखमानन्दमिकारः पुरुषः स्मृतः
वकारः शक्तिरमृतं मेलनं शिव उच्यते।
-शि.पु. विद्येश्वर सं १८/७६-७७

अर्थात् 'शिव' शब्दमा रहेको श इ व- यी तीन अक्षरमध्ये 'श'ले नित्य स्थायी सुख र परम आनन्दको बोध गर्दछ, 'इ'ले परब्रह्म परमेश्वरको बोध हुन्छ र 'व' अक्षरले अमृतत्त्वले परिपूर्ण शिवशक्तिको बोध हुन्छ। यी सबैको मेललाई नै 'शिव' भनिन्छ।

शिवता/शिवत्वम् (ना./स्त्री./न.) शिवस्य भावः *(शिव वा शुभ हुनाको भाव वा अवस्था)* शिव+तल् (त) +टाप् (आ)= शिवता।

शिव+त्व= शिवत्व।

शब्दार्थ- मङ्गल वा कल्याण हुनाको भाव, कल्याण वा शुभत्वको स्थिति, अमरत्व, अमृतत्व।

शिवपुरी (ना./स्त्री.) शिवस्य पुरी *(शिवको नगरी)* ष.त.स.= शिवपुरी।

शब्दार्थ- शिवलोक, शिवधाम, कैलाश, काशीनगरी, वाराणसी, काठमाडौं उपत्यकाको उत्तरतिर अवस्थित एक पर्वत।

शिवभक्तः (ना./पुं.) शिवस्य भक्तः *(शिवजीको भक्त)* ष.त.स.= शिवभक्त।

शब्दार्थ- महादेवको भक्त, शिवजीप्रति पूजा, अर्चना वा भक्तिभाव दर्शाउने व्यक्ति।

शिवरात्री (ना./स्त्री.) शिवप्रिया चासौ रात्री च *(शिवजीको प्रिय रात्री)* क.त.स., उ.प.लोप=शिवरात्री।

शब्दार्थ- फाल्गुनकृष्ण चतुर्दशीको रात्री, जसमा शिवजीको पूजा-अर्चना, उपासना, व्रत, उपवास, उत्सव आदि मनाउने गरिन्छ।

शिवलिङ्गम् (ना./न.) शिवस्य लिङ्गम् *(शिवजीको लिङ्गाकृतिरूप)* ष.त.स.= शिवलिङ्ग।

शब्दार्थ- शिवजीको प्रतीक मानिने लिङ्गाकाररूप, शिवजीको प्रतीक मानेर पूजा-अर्चना गरिने लिङ्गाकृतिरूप चिन्ह।

शिवलोकः (ना./पुं.) शिवस्य लोकः *(शिवजीको लोक)* ष.त.स.= शिवलोक।

शब्दार्थ- शिवजीको धाम, कैलाश, वाराणसी, काशीनगरी।

शिववाहनः (ना./पुं.) शिवस्य वाहनः *(शिवजीको वाहन)* ष.त.स.= शिववाहन।

शब्दार्थ- शिवजी सवार हुने वाहन, नन्दी, नन्दिकेश्वर, वृषभ।

शिवा (ना./स्त्री.) शिवं भद्रमस्ति अस्याः *(शिव या कल्याण छ यिनको)* शिव+अच् (अर्शादि), पररूप, शिव+टाप् (आ)= शिवा।

अथवा शिवः शम्भुः अस्ति भर्तृत्वेन अस्याः *(भर्तृत्वको रूपमा शिव छन् यिनका)* शिव+अच् (अर्शादि)+टाप् (आ)= शिवा।

अथवा शिवः देवता अस्ति अस्याः *(शिव छन् देवता यिनका)* शिव+अच् (अर्शादि)+टाप् (आ)= शिवा।

---

[1] अत इनिठनौ : ठन्/इनि

[2] सर्वनिघृष्वरि... : वन्, शीको ह्रस्व

- शिवा भवानी रुद्राणी, सर्वाणी सर्वमङ्गला- इत्यमरः
- हरीतकी हैमवती चेतकी श्रेयसी शिवा- इत्यमरः
- स्त्रियां शिवा भूरिमाय-गोमायु-मृग-धूर्तका- इत्यमरः
- शिवाभ्काटामलौषधौ ।
- अभयामलकी-गौरी-फेरु-शक्तुफलास्वपि- इति मेदिनी

शब्दार्थ- पार्वती, भवानी, रुद्राणी, हर्रो, स्याल, अमला ।

द्रष्टव्य- जहासि निद्रामशिवैः शिवारुतैः- कि.रा.१/३८

शिवालयः (ना./पुं.) शिवः शिवा वा आलीयते अत्र *(शिव वा दुर्गा रहन्छन् यहाँ)* लीङ् श्लेषणे (दिवा.) धातु, शिव+आ+ली+अच् (एरच्), गुण, अयादेश, दीर्घ =शिवालय ।

अथवा शिवस्य शिवायाः वा आलयः *(शिव वा पार्वतीको वासस्थान)* ष.त.स., दीर्घ= शिवालय ।

शब्दार्थ- शिवपार्वतीको मन्दिर, शिवजीको मूर्ति वा शिवलिङ्ग स्थापना भएको स्थान वा सत्तल, कैलाश, शिवगृह, मसानभूमि, पाटी ।

शिविरम् (ना./न.) व्यु.हे. शिविर ।

शिशिरः (ना./पुं./वि.) शशतीति *(द्रुतगतिले घुमिरहन्छ)* शश प्लुतगतौ (भ्वा.) धातु, शश्+किरच्[1] (इर), उणा., उपधाको इत्व= शिशिर ।

शिशिरः स्यादृतोर्भेदे तुषारे शीतलेऽन्यवत्- इति विश्वः

सुषीमः शिशिरो जडः । तुषारः शीतलः शीतः- इत्यमरः

शब्दार्थ- छवटा ऋतुहरूमध्ये एक, हेमन्तभन्दा पछाडि वसन्तभन्दा अगाडि आउने ऋतु, जाडोको ऋतु, माघ र फागुन महिनामा आउने ऋतु, तुसारो, शीतल, शीत, चिसो ।

शिशिरकालः (ना./पुं.) शिशिरस्य कालः *(शिशिर ऋतुको समय)* ष.त.स.= शिशिरकाल ।

शब्दार्थ- जाडोको मौसम, माघ र फागुनको समय, शिशिरऋतुको काल ।

शिशुः (ना./पुं.) श्यति, शायते इति वा *(सानो आकृतिको हुन्छ, हुनु)* शो तनूकरणे (दिवा.) धातु, शो+उ[2] (उणा.), कित्व, सन्वद्भाव, आत्व, शाको द्वित्व, शा शा उ, अभ्यासको ह्रस्व, इत्व[3], शि शा उ, आलोप =शिशु ।

पोतः पाकोऽर्भको डिम्भः पृथुकः शावकः शिशुः- इत्यमरः

शब्दार्थ- वालक, वच्चो, अर्भक, शावक, केटाकेटी, पशुपन्छीको वचेरो, चल्लो ।

शिशुता/शिशुत्वम् (ना./स्त्री./न.) शिशोर्भावः *(शिशु हुनाको भाव वा अवस्था)* शिशु+तल् (त)+टाप् (आ) =शिशुता । शिशु+त्व= शिशुत्व ।

शब्दार्थ- वालकपना, शैशव अवस्था, शिशुत्वभाव ।

शिशुकः (ना./पुं.) शिशोरिव प्रतिकृतिः *(शिशु वा शिशुमारको आकृतिभ्कैं)* शिशु+कन्[4] (क), इवार्थमा =शिशुक ।

शिशुकः शिशुमारे स्याद्बालको लूपिनोरपि- इति मेदिनी

शब्दार्थ- सोस जातिको माछो, शिशुमार जातको माछाको प्रकार, वालक, शिशु, जलजन्तुविशेष ।

शिश्नः (ना./पुं.) शशतीति *(क्रियाशीले रहन्छ)* शश प्लुतगतौ (भ्वा.) धातु, शश्+नक् (न), वहुलप्रकारले, पृषोदरादिवाट धातुको इकारागम= शिश्न ।

अथवा शिनोतीति *(चिन्हित हुन्छ)* शिञ् निशाने (स्वा.) धातु, शि+नक् (न), वहुलप्रकारले, पृषोदरादिवाट श वर्णागम= शिश्न ।

शिश्नो मेढ्रं मेहनशेफसी- इत्यमरः

शब्दार्थ- पुरुषको जननेन्द्रिय, लिङ्ग, मेढ्र, पुरुषजाति जनाउने चिन्ह ।

शिष्टः (वि.) शिष्यते स्म इति *(शिष्ट बनेको)* शासु अनुशिष्टौ (अदा.) वा शिष्लृ विशेषणे (रुधा.) धातु, शास्+क्त (त), इत्व, षत्व, ष्टुत्व= शिष्ट ।

अथवा शिष्+क्त (त), ष्टुत्व= शिष्ट ।

शब्दार्थ- सभ्य, शिक्षित, प्रशिक्षित, नम्र स्वभावको, शीलस्वभाव राम्रो भएको, अवशिष्ट, शेष रहेको, प्रतिष्ठित, आदिष्ट ।

शिष्टता (ना./स्त्री.) शिष्टस्य भावः *(शिष्ट हुनाको भाव वा अवस्था)* शिष्ट+तल् (त)+टाप् (आ)= शिष्टता ।

शब्दार्थ- सभ्यपना, विनम्रता, शिष्ट हुनाको भाव वा अवस्था ।

शिष्टमण्डलम् (ना./न.) शिष्टानां मण्डलम् *(शिष्टहरूको समुदाय)* ष.त.स.= शिष्टमण्डल ।

शब्दार्थ- भद्रभलाद्मीहरूको समुदाय, सभ्य व्यक्तिहरूको समाज ।

शिष्टसमाजः (ना./पुं.) शिष्टानां समाजः *(शिष्टहरूको समाज)* ष.त.स.= शिष्टसमाज ।

शब्दार्थ- सभ्य व्यक्तिहरूको समाज, शिष्टमानिसहरू भएको समाज ।

शिष्टसम्मतः (वि.) शिष्टैः शिष्टानां वा सम्मतः *(शिष्टव्यक्तिहरूबाट सम्मत वा शिष्टहरूको सम्मत)* तृ.त.स./ष.त.स.= शिष्टसम्मत ।

शब्दार्थ- सभ्य व्यक्तिहरूबाट स्वीकार गरिएको, शिष्ट व्यक्तिहरूको सहमति भएको ।

शिष्टाचारः (ना./पुं.) शिष्टानामाचारः *(सभ्य मानिसहरूको आचार)* ष.त.स., दीर्घ= शिष्टाचार ।

शब्दार्थ- शिष्टहरूको आचरण वा सद्व्यवहार, अतिथिहरूको स्वागत-सत्कार, राम्रो आतिथ्य, अरू व्यक्तिहरूप्रति गरिने सद्भावनाको व्यवहार ।

उदा. **शिष्टाचार छ हाँसनू रुनु भने हिच्का दिई बाढिमा- बालककाल (देवकोटा)**

---

[1] बाजिरशिशिरशिथिल... : किरच्, इत्व

[3] सन्यतः : इत्व

[2] शः कित्सन्वच्च : उ, कित्व, सन्वद्भाव

[4] इवे प्रतिकृतौ : कन्

शिष्टाचारी (वि.) शिष्टमाचरितुं शीलमस्य *(शिष्ट व्यवहार गर्ने शील छ यसको)* शिष्ट उपपदमा हुने आङ्पूर्वक चर गतिभक्षणयोः (भ्वा.)धातु, शिष्ट+आ+चर्+णिनि[1] (इन्), वृद्धि, दीर्घ, शिष्टाचारिन् = शिष्टाचारी ।

शब्दार्थ- शिष्ट व्यवहार गर्ने, राम्रो आचरण देखाउने, सदाचारी, नम्र स्वभाव प्रदर्शन गर्ने, सभ्यता वा शिष्टाचारको पालना गर्ने, शिष्टता भएको ।

शिष्टिः (ना./स्त्री.) शिष्यते शासनमिति वा *(आदेश दिइन्छ)* शासु अनुशिष्टौ (अदा.) धातु, शास्+क्तिन् (ति), इत्व, षत्व, ष्टुत्व= शिष्टि ।

शिष्टिश्चाज्ञा च संस्था तु मर्यादा धारणा स्थितिः- इत्यमरः

शब्दार्थ- शासन, आज्ञा, मर्यादा, निर्देशन, सजाय, दण्ड ।

शिष्यः (ना./पुं./वि.) शिष्यते, शासितुमर्हः योग्यः वा *(सिकाइन्छ, सिकाउन योग्य)* शासु अनुशिष्टौ (अदा.) धातु, शास्+क्यप्[2] (य), इत्व[3]= शिष्य ।

शब्दार्थ- सिकाइएको व्यक्ति, चेलो, छात्र, विद्यार्थी, शिक्षार्थी, सिकाउन लायक वा योग्य ।

शीकरः (ना./पुं./न.) शीक्यते इति *(जलकण यताउति छरिन्छ)* शीकृ सेचने (भ्वा.) धातु, शीक्+अर[4] (उणा.), बहुलप्रकारले (अ.को.रामाश्रमी) = शीकर ।

शीकरोऽम्बुकणाः स्मृताः - इत्यमरः

शीकरं सरले वातसृताम्बुकणयोः पुमान्- इति मेदिनी

शब्दार्थ- जलकण, पानीका थोपा, हावाले उताउति छरेको छिटा, शीतका विन्दु, सिमसिमे झरी, सल्लाको रूख ।

शीघ्रम् (अव्य./वि.) शिङ्घति व्याप्नोतीति *(व्याप्त गर्छ)* शिघि आघ्राणे (भ्वा.) धातु, नुम्, शिङ्घ+रक् (र), वहुलप्रकारले, नलोप, दीर्घ-निपातन= शीघ्र ।

शीघ्रं त्वरितं लघु छिप्रमरं द्रुतम्- इत्यमरः

शब्दार्थ- चाँडै, द्रुत, चाँडो, झट्ट, तुरुन्त, छिट्टै, फुर्तिलो, शीघ्रगति भएको ।

शीघ्रगामी (वि.) शीघ्रं गन्तुं शीलमस्य *(चाँडो हिड्ने शील वा स्वभाव छ यसको)* गम्लृ गतौ (भ्वा.) धातु, शीघ्र+गम्+णिनि (इन्), शीघ्रगामिन्= शीघ्रगामी ।

शब्दार्थ- चाँडो हिड्ने, छिटो हिड्ने, द्रुतगतिले हिड्ने ।

शीतः (वि./ना./पुं.) श्यायते इति *(चिसो भएको)* श्यैङ् गतौ (भ्वा.) धातु, श्यै+क्त[5] (त), कर्ता र भावमा, आत्व, सम्प्रसारणबाट[6] यको इ, दीर्घ[7]= शीत । अथवा शीतः गुणः अस्यास्तीति *(चिसो गुण छ यसको)* शीत+अच् (अर्शादि)= शीत ।

तुषारः शीतलः शीतः हिमः सप्तान्यलिङ्गकाः- इत्यमरः

शीतं हिमगुणे क्लीवं शीतलालसयोस्त्रिषु ।

वानीरे बहुवारे ना- इति मेदिनी

शब्दार्थ- तुसारो, चिसो, जाडो, ठण्डा, ओस, शीतल, अल्छी बेत, वोधिवृक्ष ।

शीतकः (वि.) शीत एव *(चिसो नै, अल्छी नै)* शीत+कन् (क), स्वार्थमा= शीतक ।

आलस्यः शीतकोऽलसोऽनुष्णः- इत्यमरः

शब्दार्थ- ठण्डा, चिसो, जाडो, अल्छी, दीर्घसूत्री, लोसे ।

शीतकणः (ना./पुं.) शीतस्य कणः *(तुसारोको कण)* ष.त.स.= शीतकण ।

शब्दार्थ- पानीको थोपा, जलविन्दु, तुसारोको थोपा, ओस, शीत ।

शीतकरः (वि./ना./पुं.) शीतं करोतीति *(ठण्डा गर्छ)* शीतपूर्वक डुकृञ् करणे (तना.) धातु, शीत+कृ+ट[8] (अ), गुण= शीतकर ।

शब्दार्थ- चिसो गर्ने, ठण्डा गर्ने, चन्द्रमा, कपूर ।

शीतकालः (ना./पुं.) शीतस्य कालः *(जाडोको समय)* ष.त.स.= शीतकाल ।

शब्दार्थ-जाडोको समय, पुस माघ महिनाको जाडो याम ।

शीतकालीनः (वि.) शीतकाले भवः *(जाडोको समयमा हुने वा भएको)* शीतकाल+ख (ईन), अपभ्रंशमा=शीतकालीन ।

शब्दार्थ- जाडो समयको, शीतकालसम्बन्धी, जाडोको यामसित सम्वन्धित, जाडोमा हुने ।

शीतज्वरः (ना./पुं.) शीतश्चासौ ज्वरश्च *(ठण्डा भएर बढ्ने जरो)* क.त.स.= शीतज्वर ।

शब्दार्थ- जिउ शीताङ्ग भएर आउने जरो, जाडो भएर आउने जरो, कामजरो ।

शीतभोजी (वि.) शीतं भोक्तुं तच्छीलः *(चिसो खाने शील छ यसको)* भुज पालनाभ्यवहारयोः (रुधा.) धातु, शीत+भुज्+णिनि (इन्), शीतभोजिन्= शीतभोजी ।

शब्दार्थ- चिसो खाने, ठण्डा खाना खान रुचाउने ।

शीतलः (वि.) शीतगुणः अस्ति अस्य *(चिसो गुण छ यसको)* शीत+लच्[9] (ल)= शीतल ।

तुषारः शीतलः शीतो हिमः सप्तान्यलिङ्गकाः- इत्यमरः

शब्दार्थ- तुसारो, शीत, चिसो, ठण्डा, चिसो गुण भएको, ठिक्क खाले चिसो ।

शीतलता (ना./स्त्री.) शीतलस्य भावः *(शीतल हुनाको भाव वा अवस्था)* शीतल+तल् (त)+टाप् (आ) =शीतलता ।

शब्दार्थ- चिसोपना, ठण्डापन, शीतलता ।

शीतला (ना./स्त्री.) शीतं लातीति *(शीतला (बिफर) रोग पैदा गर्छ)* शीत उपपदपूर्वक ला आदाने (अदा.) धातु, शीत+ला+क (अ), आलोप= शीतला ।

शब्दार्थ- माई तथा विफर रोग, शरीरमा खटिरा आउने रोग, माई रोगकी अधिष्ठात्री देवी ।

---

[1] सुप्यजातौ... : णिनि

[2] एतिस्तुशास्वृदृ.... : क्यप्

[3] शास इदङ्हलोः : इत्व

[4] ऋच्छेररः : अर, बहुलप्रकारले

[5] गत्यर्थाकर्मक... : क्त

[6] द्रवमूर्तिस्पर्शयो... : सम्प्रसारण

[7] हलः : दीर्घ

[8] कृञो हेतुताच्छील्य... : ट

[9] सिध्मादिभ्यश्च : लच्

शीताङ्गम् (ना./न.) शीतं च तदङ्गम् *(चिसो अङ्ग)* क.त.स., दीर्घ= शीताङ्ग ।

शब्दार्थ- हातखुट्टा शीताङ्ग वा चिसो हुने रोग, हात खुट्टा चिसिएर आउने जरो, सन्निपात ।

शीताद्रिः (ना./पुं.) शीतश्चासौ अद्रिश्च *(चिसो पहाड)* क.त.स., दीर्घ= शीताद्रि ।

शब्दार्थ-सधैं ठण्डा हुने पर्वत, हिमालय, हिमपर्वतमाला ।

शीतार्द्रः (वि.) अर्द्यते स्म इति *(भिजेको)* अर्द गतौ याचने च (भ्वा.) धातु, अर्द्+रक्[1] (र), दीर्घ, उणा., आर्द्रः । शीतेन आर्द्रः *(शीतले भिजेको)* तृ.त.स., दीर्घ, शीत+आर्द्र= शीतार्द्र ।

शब्दार्थ- ओसले भिजेको, शीतले ठण्डा भएको ।

शीतोपचारः (ना./पुं.) शीतेन उपचारः *(चिसोको प्रयोगद्वारा गरिने उपचार)* तृ.त.स., गुण =शीतोपचार ।

शब्दार्थ-चिसो वस्तुको प्रयोगद्वारा रोगको उपचार गर्ने विधि ।

शीतोष्णम् (ना./न.) शीतञ्च उष्णञ्च *(चिसो र तातो)* द्व.स., गुण= शीतोष्ण ।

शब्दार्थ- चिसो र तातो, ठण्डी र उष्ण ।

शीर्णः (वि.) शीर्यते स्म इति *(सुकेको)* शॄ हिंसायाम् (क्र्या.) धातु, शॄ+क्त (त), निष्ठा तको न[2], इत्व[3], दीर्घ, णत्व= शीर्ण ।

शब्दार्थ- थोत्रिएको, मकाएको, ओइलाएको, सुकेको, सडिएको, सुस्क, पाकेको, मासिएको, नष्ट भएको ।

शीर्षम् (ना./न.) श्रीयते इति *(अग्रस्थानमा रहन्छ, श्रुक्तछ)* श्रिञ् सेवायाम् (भ्वा.) धातु, श्रि+असुन्[4] (अस्), उणा., श्रिको 'शिर्' आदेश, शिरस्, शिरस्को शीर्षादेश[5]= शीर्ष ।

उत्तमाङ्गं शिरः शीर्षं मूर्धा ना मस्तको ऽस्त्रियाम्- इत्यमरः

शब्दार्थ- शिर, शिखर, टाउको, कुनै वस्तुको माथिल्लो भाग, मस्तक ।

शीर्षकः (ना./पुं.) शीर्षस्य प्रतिकृतिः *(शिरको प्रतिकृति)* शीर्ष+कन्[6] (क)= शीर्षक ।

शब्दार्थ- टाउको, शिर, मस्तक, कुनै लेख रचना आदिको प्रारम्भमा राखिने नाम ।

शीर्षवेदना (ना./स्त्री.) शीर्षस्य वेदना *(शिरको पीडा)* ष.त.स.= शीर्षवेदना ।

शब्दार्थ- टाउको दुख्ने रोग, शिरोवेदना, शिरमा पीडा हुने रोग ।

शीर्षस्थः (वि.) शीर्षे तिष्ठतीति *(शिरमा रहन्छ)* शीर्ष उपपदपूर्वक ष्ठा गतिनिवृत्तौ (भ्वा.) धातु, शीर्ष+स्था+क[7] (अ), आलोप= शीर्षस्थ ।

शब्दार्थ- शिरमा रहने, माथिल्लो तहको, उच्चस्तरको, मुख्य (व्यक्ति), उच्चस्तरीय (व्यक्ति) ।

शीर्षस्थानम् (ना./न.) शीर्षञ्च तत् स्थानम् *(शीर्ष स्थान)* क.त.स.= शीर्षस्थान ।

शब्दार्थ- माथिल्लो ठाउँ, उच्चस्थान, उच्चतह ।

शीर्षण्यम् (ना./न.) शिरसे हितम्, शिरसि भवः इति वा *(शिरका लागि हित हुने, शिरमा भएको)* शिरस्+यत्[8] (य), शिरस्को शीर्षन् आदेश[9], णत्व= शीर्षण्य ।

शीर्षण्यं च शिरस्त्रेऽथ- इत्यमरः

शीर्षण्यशिरस्यौ विशदे कचे- इत्यमरः

शब्दार्थ- शिरको रक्षा गर्ने साधन, फलामको टोप, टोपी, फेटा, सुन्दर केश, आकर्षक केश, कवच ।

शीलम् (ना./न.) शील्यते अनेन, शीलयतीति वा *(शीलस्वभाव राम्रो हुनु, परिशीलन गर्छ)* शील समाधौ (भ्वा.) वा शील उपधारणे (चुरा.) धातु, शील्+क[10] (अ)= शील ।

अथवा शेते इति *(शान्त रहन्छ)* शीङ् स्वप्ने (अदा.) धातु, शी+लक्[11] (ल), उणा.= शील ।

अथवा शीलयतीति *(राम्रो व्यवहार गर्छ)* शील अतिशायने धातु, श.क.द्रुवाट, शील्+अच् (पचादि)=शील ।

शुचौ तु चरिते शीलम्- इत्यमरः

शीलं स्वभावे सद्वृत्ते- इति मेदिनी

शब्दार्थ- राम्रो चालचलन, राम्रो चरित्र, असल स्वभाव, असल वानीवेहोरा, सद्व्यवहार, अहिंसा, सत्य, ब्रह्मचर्य आदि व्रतको परिपालन, निन्दित आचरणको परित्याग ।

शीलनम् (ना./न.) शीलनम्, शील्यते अनेन इति वा *(परिशीलन गर्नु वा परिशीलन गरिन्छ यसबाट)* शील समाधौ (भ्वा.) वा शील उपधारणे (चुरा.) धातु, शील्+ल्युट्[12] (अन)= शीलन ।

शब्दार्थ- निरन्तर प्रयोग, वारम्वार अभ्यास, परिशीलन, अनुशीलन, निरन्तर अध्ययन वा मनन ।

शीलवती (ना./स्त्री.) प्रशस्तं शीलम् अस्याः अस्तीति *(पर्याप्त शील स्वभाव छ यस स्त्रीको)* शील+मतुप् (मत्), मको व शीलवत्+ङीप् (ई)= शीलवती ।

शब्दार्थ- सच्चरित्र भएकी स्त्री, शीलस्वभाव राम्रो भएकी स्त्री, राम्रो वानी-वेहोरा भएकी नारी ।

शीलवान् (वि.) प्रशस्तं शीलं अस्य अस्तीति *(राम्रो शील स्वभाव छ यसको)* शील+मतुप् (मत्), मको व, शीलवत्= शीलवान् ।

शब्दार्थ- राम्रो शीलस्वभाव भएको, असल चालचलन भएको, सच्चरित्रवान् ।

---

१. अर्देर्दीर्घश्च : रक्, दीर्घ
२. रदाभ्यां निष्ठातो... : न
३. ऋत इत् : इत्
४. स्वाङ्गे शिरः... : असुन्/शिर् आदेश
५. कुमारशीर्षयो...यस पा.सू.मा शीर्षविधान गरिएकोले : शीर्षादेश
६. इवे प्रतिकृतौ : कन्
७. आतोऽनुपसर्गे... : क
८. शरीरावयवश्च : यत्
९. ये च तद्धीते : शीर्षन्
१०. इगुपधज्ञा... : क
११. शीङो धुक्लक्वलञ...: : लक्
१२. ल्युट् च/करणाधिकरणयोश्च : ल्युट्

शीलितः (वि.) शील्यते स्म इति *(अभ्यास गरिएको)* शील समाधौ (भ्वा.) धातु, शील्+क्त (त), इडागम =शीलित ।

शब्दार्थ- अभ्यास गरिएको, अभ्यस्त, परिशीलन गरिएको, प्रयुक्त ।

शुकः (ना./पुं./न.) शोभते इति *(सुशोभित हुन्छ)* शुभ दीप्तौ (भ्वा.) धातु, शुभ्+कक्[1] (क), उणा., धातुका अन्त्यका भको लोप= शुक ।

शुको व्याससुते कीरे रावणस्य च मन्त्रिणि
शिरीषपादपे पुंसि ग्रन्थिपर्णे नपुंसकम्- इति मेदिनी

शब्दार्थ- व्यासपुत्र शुकदेव स्वामी, सुगा चरो, रावणको मन्त्री, शिरीष जातको रूख, कुह्रो जातको झारपात वा घाँस ।

शुक्तः (वि.) शुच्यते स्म इति *(पवित्र भएको)* ईशुचिर् पूतीभावे (दिवा.) वा शुच शोके (भ्वा.) धातु, शुच्+क्त (त), इण्निषेध, कुत्व= शुक्त ।

शुक्तं पूताम्लनिष्ठुरे- इति मेदिनी

शब्दार्थ- उज्ज्वल, पवित्र, स्वच्छ, शुद्ध, कठोर, निष्ठुर, निठुरी, अमिलो ।

शुक्तिः (ना./स्त्री.) शुच्यति, शुच्यते इति वा *(स्वच्छ हुन्छ वा हुनु)* ईशुचिर् पूतिभावे (दिवा.) धातु, शुच्+क्तिच्[2] (ति), कुत्व= शुक्ति ।

मुक्तास्फोटः स्त्रियां शुक्तिः- इत्यमरः
शुक्तिः कपालशकले शङ्खे शङ्खनखेऽपि च- इति मेदिनी

शब्दार्थ- मोती हुने सिपी, शङ्ख, खप्पर, सिपीको वाहिरी खोल ।

शुक्तिका (ना./स्त्री.) शुक्तिरेव *(सिपी नै)* शुक्ति+कन् (क), स्वार्थमा, शुक्तिक+टाप् (आ)= शुक्तिका ।

शब्दार्थ- सिपी, मोती हुने सिपी, सिपीको खोल वा खोक्रो भाग ।

शुक्रः (ना./पुं./न) शुच्यति, शुच्यते इति वा *(स्वच्छ हुन्छ वा हुनु)* ईशुचिर् पूतीभावे (दिवा.) धातु, शुच्+रन्[3] (र), उणा., गुणाभाव निपातन, कुत्व= शुक्र । अथवा शुच शोके (भ्वा.) धातु, शुच्+रन् (र), कुत्व =शुक्र ।

शुक्रो दैत्यगुरुः काव्य उशना भार्गवः कविः - इत्यमरः
शुक्रः स्यात् भार्गवे ज्येष्ठमासे वैश्वानरे पुमान् ।
रेतोऽक्षिरुग्भिदो क्लीवं- मेदिनी

शब्दार्थ- दैत्यगुरु शुक्राचार्य, भार्गव, जेठमहिना, नवग्रह-मध्ये एक, अग्नि, पुरुषको वीर्य, बल, विष्कम्भादि योगहरूमध्ये एक, हड्डी भित्रको मासी, मज्जा, आँखासम्वन्धी रोग, शुक्रवार ।

शुक्रकीटः (ना./पुं.) शुक्रस्य कीटः *(वीर्यको कीटाणु)* ष.त.स.= शुक्रकीट ।

शब्दार्थ- वीर्यको कीटाणु, वीर्यमा पाइने सूक्ष्मजीव ।

शुक्रवारः (ना./पुं.) शुक्रस्य वारः *(शुक्रग्रहको उपयुक्त दिन)* ष.त.स.= शुक्रवार ।

शब्दार्थ- शुक्रवारको दिन ।

शुक्रवाहिनी (ना./स्त्री.) शुक्रं वहतीति *(वीर्य वग्छ)* शुक्र उपपदपूर्वक वह प्रापणे (भ्वा.) धातु, शुक्र+वह्+णिनि[4] (इन्), वृद्धि, शुक्रवाहिन्+ङीप्[5] (ई) = शुक्रवाहिनी ।

शब्दार्थ- वीर्य वहने नली, वीर्य वग्ने नसा, वीर्यवाहिनी नाडी ।

शुक्राचार्यः (ना./पुं.) शुक्राख्यश्चासौ आचार्यश्च *(शुक्रनामक आचार्य)* क.त.स., उ.प.लोप, दीर्घ =शुक्राचार्य ।

शब्दार्थ- शुक्र, दैत्यगुरु, भृगुपुत्र, भार्गव ।

शुक्राणुः (ना./पुं.) शुक्रस्य अणुः *(वीर्यको शुक्रकीट)* ष.त.स., दीर्घ= शुक्राणु ।

शब्दार्थ- वीर्यको कीटाणु, शुक्रकीट ।

शुक्रियः (वि.) शुक्रः देवताऽस्य *(शुक्र छन् देवता जसका)* शुक्र+घन्[6] (इय)= शुक्रिय ।

शब्दार्थ- शुक्रलाई देवता मान्ने, शुक्रको उपासना गर्ने ।

शुक्लः (वि./ना./न.) शुच्यतीति *(स्वच्छ हुनु, उज्यालो हुनु)* ईशुचिर् पूतीभावे (दिवा.) धातु, शुच्+ल (उणा.), कुत्व= शुक्ल ।

शुक्लो योगान्तरे सिते- इति मेदिनी
शुक्लशुभ्रशुचिश्वेत...- इत्यमरः

शब्दार्थ-सेतो, श्वेत, सित, उज्यालो, शुभ्र, चाँदी, रजत ।

शुक्लता (ना./स्त्री.)/शुक्लत्वम् (ना./न.) शुक्लस्य भावः *(सेतो हुनाको भाव वा अवस्था)* शुक्ल+तल् (त) +टाप् (आ)= शुक्लता ।
शुक्ल+त्व= शुक्लत्व ।

शब्दार्थ- सेतोपना, स्वच्छता, शुभ्रत्व ।

शुक्लपक्षः (ना./पुं.) शुक्लः पक्षः *(उज्यालो पक्ष)* सह सुपा समास= शुक्लपक्ष ।

शब्दार्थ- चन्द्रमाका कला वढ्दै जाने पक्ष, पूर्णिमा पक्ष ।

शुक्लिमा (ना./पुं.) शुक्लस्य भावः *(सेतो हुनाको भाव वा अवस्था)* शुक्ल+इमनिच्[7] (इमन्)= शुक्लिमा ।

शब्दार्थ- सेतोपना, स्वच्छपना, उज्यलोपना ।

शुचिः (ना./पुं/वि.) शोचतीति *(सुक्छ वा सुकाउँछ)* शुच शोके (भ्वा.) धातु, शुच्+इक्[8] (इ) वा अन्तर्भावित णिको अर्थमा इन्[9] (इ), उणा.= शुचि ।

शुचिग्रीष्माग्निशृङ्गारेष्वाषाढे शुद्धमन्त्रिणि ।
जेष्ठे च पुंसि धवले शुद्धेऽनुपहते त्रिषु- इति मेदिनी

शब्दार्थ- अग्नि, आगो, ग्रीष्मऋतु, जेठ र असार महिना, सेतो, शुक्ल, शुद्ध, चोखो, पवित्र ।

---

[1] शुकवल्कोल्का... : कक्, भलोप
[2] क्तिच्क्तौ च : क्तिच्
[3] ऋज्रेन्द्राग्र वज्र... : र
[4] सुप्यजातौ... : णिनि
[5] ऋन्नेभ्यो... : ङीप्
[6] शुक्राद्घन् : घन्
[7] वर्णदृढादिभ्यः.... : इमनिच्
[8] इक्स्तिपौ धातुनिर्देशे : इक्
[9] इगुपधात् : इन्

शुण्डः (ना./पुं.) शुनतीति *(बहन्छ)* शुन गतौ (तुदा.) धातु, शुन्+ड[1] (उणा.)= शुण्ड ।

शुण्डस्तु मदनिर्भरे- इति विश्वः

शब्दार्थ- हात्तीको गण्डस्थलवाट चुहिने मदरस वा मदनिर्भर, हात्तीको सुँड ।

शुण्डा (ना./स्त्री.) शुनतीति *(बहन्छ)* शुन गतौ (तुदा.) धातु, शुन्+ड (उणा.), शुण्डः । स्त्रीत्व बुझाउँदा शुण्ड+टाप् (आ)= शुण्डा ।

शुण्डापानं मदस्थानम्- इत्यमरः

शुण्डा पानगृहे मता- इति मेदिनी

शब्दार्थ- मदिरा पिउने ठाउँ, मदस्थान, मद्यगृह, भट्टीपसल ।

शुद्धः (वि.) शुद्ध्यति स्म इति *(शुद्ध भएको)* शुध शौचे (दिवा.) धातु, शुध्+क्त (त), तको ध[2], जश्त्व, धको द= शुद्ध ।

शब्दार्थ- सफा दिलको, उदारमना, विशाल हृदय भएको, मैलो नभएको, चोखो, पवित्र, विशुद्ध, निर्दोष, निष्कलङ्क, कलुषित नभएको ।

शुद्धचित्तः (वि.) शुद्धं चित्तं यस्य *(शुद्ध छ चित्त जसको)* व.स.= शुद्धचित्त ।

शब्दार्थ- सफा दिलको, उदार मन भएको, विशाल हृदय भएको ।

शुद्धता (ना./स्त्री.) शुद्धस्य भावः *(शुद्ध हुनाको भाव वा अवस्था)* शुद्ध+तल् (त)+टाप् (आ)= शुद्धता ।

शब्दार्थ- पवित्रता, चोखोपन, शुद्धभाव, स्वच्छता ।

शुद्धात्मा (वि.) शुद्धः आत्मा यस्य *(शुद्ध छ आत्मा जसको)* व.स., दीर्घ, शुद्धात्मन्= शुद्धात्मा ।

शब्दार्थ- पवित्र दिल भएको, शुद्ध आत्मा भएको, चोखो हृदय भएको, उदार दिलको, कपटभाव नभएको ।

शुद्धिः (ना./स्त्री.) शोधनम्, शुद्ध्यते इति वा *(शुद्ध गरिन्छ)* शुध शौचे (दिवा.) धातु, शुध्+क्तिन्[3] (ति), तको ध, धको द= शुद्धि ।

शब्दार्थ- शुद्ध पार्ने काम, पवित्रता, शुद्धता, स्वच्छता, परिशोधन, शुचिता ।

शुद्धीकरणम् (ना./न.) अशुद्धं शुद्धं सम्पद्यते, तत्करणमिति *(अशुद्धलाई शुद्ध पारिन्छ र शुद्ध गरिन्छ)* डुकृञ् करणे (तना.) धातु, शुद्ध+च्वि+कृ+ल्युट् (अन), कृको गुण, णत्व, शुद्धको ईत्व, च्विको लोप= शुद्धीकरण ।

शब्दार्थ- अशुद्ध वस्तुलाई शुद्ध पार्ने काम, पवित्रीकरण, संशोधन ।

शुनःशेपः/शुनःशेफः (ना./पुं.) शुनः शेपः इव शेपः/शुनः शेफः इव शेफः यस्य *(कुकुरको जस्तै शिश्न छ जसको)* व.स., विभक्तिको अलुक्=शुनःशेप/शुनःशेफ

शब्दार्थ- वैदिकऋषि, अजीगर्तका माहिला छोरा, जसलाई वरुणदेवतालाई वलि दिन राजा हरिश्चन्द्रले किनेका थिए ।

शुनकः (ना./पुं.) शुनतीति *(घुमफिर गर्छ, पहरा दिन्छ)* शुन गतौ (तुदा.) धातु, शुन्+क[4] (अ), शुनः । शुन एव *(कुकुर नै)* शुन+कन् (क), स्वार्थमा= शुनक । अथवा शुन्+क्वुन्[5] (अक), उणा.= शुनक ।

शुनको भषकः श्वा स्यात्- इत्यमरः

शब्दार्थ- एक भृगुवंशीय ऋषि, कुकुर, कुक्कुट, शुन ।

शुनिः (ना./पुं.) शुनतीति *(घुमफिर गर्छ)* शुन गतौ (तुदा.) धातु, शुन्+इन्[6] (इ)= शुनि ।

शब्दार्थ- कुकुर, श्वा, कुत्ता ।

शुनी (ना./स्त्री.) शुनः स्त्री *(कुकुरकी स्त्री)* श्वन्+ङीष्[7] (ई), वको सम्प्रसारणवाट उ= शुनी ।

शब्दार्थ- कुकुर्नी, कुकुरकी स्त्री ।

शुभः (वि./ना./न.) शोभते दीप्यते शुभतीति वा *(सुशोभित हुन्छ, कल्याण गर्छ)* शुभ दीप्तौ (भ्वा.) वा शुभ शोभार्थे (तुदा.) धातु, शुभ्+क (अ)= शुभ ।

कल्याणं मङ्गलं शुभम्- इत्यमरः

शब्दार्थ- कल्याणकारक, मङ्गलमय, असल, मङ्गल, कल्याण, समृद्धि, सत्ताईस योगमध्ये एक (शुभयोग) ।

शुभकर्म (ना./न.) शुभञ्च तत् कर्म *(शुभ कर्म)* क.त.स.= शुभकर्म ।

शब्दार्थ- असल काम, पुण्यकर्म, भलाइ हुने काम, लाभदायक कर्म ।

शुभाकाङ्क्षा (ना./स्त्री.) शुभस्य आकाङ्क्षा *(असल कुराको आकाङ्क्षा)* ष.त.स., दीर्घ= शुभाकाङ्क्षा ।

शब्दार्थ- असल कुराको आकाङ्क्षा, शुभ वा हित हुने कुराको कामना, शुभेच्छा, कल्याण कामना, शुभकामना ।

शुभाकाङ्क्षी (वि.) शुभाकाङ्क्षा अस्यास्तीति *(शुभ कुराको आकाङ्क्षा छ यसको)* शुभाकाङ्क्षा+इनि[8] (इन्), आलोप, शुभाकाङ्क्षिन्= शुभाकाङ्क्षी । अथवा शुभमाकाङ्क्षितुं शीलमस्य *(शुभकुराको आकाङ्क्षा गर्ने स्वभाव छ यसको)* शुभ उपपदमा हुने आङ्पूर्वक काक्षि काञ्छायाम् (भ्वा.) धातु, नुम्, शुभ+आ+काङ्क्ष्+णिनि (इन्), दीर्घ, शुभाकाङ्क्षिन् =शुभाकाङ्क्षी ।

शब्दार्थ- शुभ कुराको आकाङ्क्षा गर्ने, भलाइ चाहने, कल्याणको कामना गर्ने ।

शुभकामना (ना./स्त्री.) शुभस्य कल्याणस्य कामना *(शुभ वा कल्याणको कामना)* ष.त.स.= शुभकामना ।

शब्दार्थ- भलाइ चाहना गर्ने काम, कल्याणको कामना, शुभाकाङ्क्षा, शुभेच्छा ।

---

[1] ञमन्ताड्डः : ड

[2] झषस्तथोर्धोऽधः : ध

[3] स्त्रियां क्तिन् : क्तिन्

[4] इगुपधज्ञा... : क

[5] क्वुन् शिल्पिसंज्ञयो...: क्वुन्

[6] इगुपधात् कित् : इन्, कित्त्व

[7] पुंयोगादाख्यायाम्/षिद्गौरादिभ्यश्च : ङीष्

[8] अत इनिठनौ : इनि

शुभग्रहः (ना./पुं.) शुभफलप्रदश्चासौ ग्रहश्च *(शुभफल दिने ग्रह)* क.त.स., उ.प.लोप= शुभग्रह ।

शब्दार्थ- सौम्यग्रह, शुभफल दिने ग्रह (वृहस्पति, शुक्र, चन्द्रमा, शुभग्रहयुक्त वुध) ।

शुभचिन्तकः (वि.) शुभं चिन्तयतीति *(शुभकुराको विचार गर्छ)* शुभ उपपदपूर्वक चिति स्मृत्याम् (चुरा.) धातु, नुम्, शुभ्+चिन्त्+ण्वुल् (अक)= शुभचिन्तक । अथवा शुभस्य चिन्तकः *(शुभकुराको कामना गर्ने)* ष.त.स.= शुभचिन्तक ।

शब्दार्थ- हितैषी, भलाइ चिताउने, कल्याण चाहने, शुभेच्छुक, भलो चाहने ।

शुभचिन्तनम् (ना./न.) शुभस्य चिन्तनम् *(शुभकुराको कामना)* ष.त.स.= शुभचिन्तन ।

शब्दार्थ- कल्याणको कामना, भलाइ हुने कुराको इच्छा वा चाहना ।

शुभदृष्टिः (ना./स्त्री.) शुभा चासौ दृष्टिश्च *(राम्रो हेराइ)* क.त.स.= शुभदृष्टि । अथवा शुभस्य दृष्टिः *(शुभग्रहको दृष्टि)* ष.त.स.= शुभदृष्टि ।

शब्दार्थ- राम्रो हेराइ, सुदृष्टि, राम्रो चिताउने काम, राम्रो दृष्टि, ठूलावडाको दृष्टि पर्ने काम, ज्योतिषमा शुभग्रहको राम्रो दृष्टि ।

शुभागमनम् (ना./न.) शुभञ्च तदागमनञ्च *(शुभ आगमन)* क.त.स., दीर्घ= शुभागमन ।

शब्दार्थ- कल्याणदायी आगमन, भलो हुने आगमन ।

शुभाङ्गः (वि.) शुभमङ्गं यस्य *(राम्रो छ अङ्ग जसको)* ब.स., दीर्घ= शुभाङ्ग ।

शब्दार्थ- राम्रो अङ्ग हुने, सुन्दर शरीर भएको ।

शुभारम्भः (ना./पुं.) शुभस्य आरम्भः *(शुभकामको प्रारम्भ)* ष.त.स., दीर्घ= शुभारम्भ ।

शब्दार्थ- शुभकार्यको आरम्भ, शुभकामको थालनी ।

शुभाशिष् (शुभाशीः) (ना./स्त्री) /**शुभाशिर्वादः** (ना./पुं.) शुभा चासौ आशीः *(शुभ आशिष)* क.त.स., शुभाशिष्=शुभाशी ।

शुभश्चासौ आशिर्वादश्च *(शुभ आशीर्वाद)* क.त.स., दीर्घ= शुभाशिर्वाद ।

शब्दार्थ- शुभ आशिष दिने काम, भलाइको कामना गरेर दिइने आशीर्वाद, शुभेच्छा, शुभ आसिक ।

शुभाशुभम् (ना./न.) शुभञ्च अशुभञ्च *(शुभ र अशुभ)* द्व.स., दीर्घ= शुभाशुभ ।

शब्दार्थ- राम्रो र नराम्रो काम कुरा, असल र खराव, शुभ र अशुभ ।

शुभेच्छा (ना./स्त्री.) शुभस्य इच्छा *(शुभकुराको इच्छा)* ष.त.स., गुण= शुभेच्छा ।

शब्दार्थ- शुभकामना, भलाइको चाहना, कल्याणको कामना

शुभेच्छु/शुभेच्छुकः (वि.) शुभस्य इच्छुः/शुभस्य इच्छुकः *(शुभकुराको इच्छुक)* ष.त.स., गुण=शुभेच्छु/शुभेच्छुक

शब्दार्थ- शुभकामना गर्ने, भलो चिताउने, हितैषी, शुभकुराको चाहना गर्ने, शुभचिन्तक ।

शुभ्रः (वि.) शोभते इति *(प्रकाशित हुन्छ)* शुभ दीप्तौ (भ्वा.) धातु, शुभ्+रक्[१] (र), उणा.= शुभ्र ।

शब्दार्थ- शुक्ल, सेतो, चहकिलो, उज्ज्वल, चम्किलो ।

शुभ्रता (ना./स्त्री.) शुभ्रस्य भावः *(सेतो हुनाको भाव वा अवस्था)* शुभ्र+तल् (त)+टाप् (आ)= शुभ्रता ।

शब्दार्थ- उज्ज्वलता, सेतोपना, उज्यालोपन, शुभ्र हुनाको अवस्था ।

शुम्भः (ना./पुं.) शुम्भतीति *(लल्कार्छ)* शुम्भ भाषणे (भ्वा.) धातु, शुम्भ्+अच् (पचादि)= शुम्भ ।

शब्दार्थ- दुर्गा शप्तशती, देवीभागवत् आदिमा वर्णित एउटा राक्षस, जसको वध महासरस्वती रूपधारिणी दुर्गाले गर्नुभयो ।

शुल्कः (ना./पुं.) शुल्क्यते इति *(शुल्क दिनु वा लिनु)* शुल्क अतिस्पर्शने (चुरा.) धातु, शुल्क्+घञ्[२] (अ) =शुल्क ।

शब्दार्थ- घाटमा लाग्ने कर, सवारीकर, महसुल, मालपोत, मालसामान, आयात-निर्यातमा लाग्ने कर, अन्तः शुल्कसम्वन्धी कर ।

शुश्रूषकः (वि.) श्रोतुमिच्छति *(सुन्ने इच्छा गर्छ)* श्रु श्रवणे (भ्वा.) धातु, श्रु+सन्[३] (स), द्वित्व[४], एकशेष, श्रुको दीर्घ[५], षत्व, शुश्रूष (सनन्त धातु) । शुश्रूषतीति *(सेवा गर्ने इच्छा गर्छ)* शुश्रूष+ण्वुल्[६] (अक)= शुश्रूषक ।

शब्दार्थ- सेवा गर्न चाहने, आज्ञाकारी, सेवक, परिचारक, शुश्रूषा गर्ने, सुन्ने इच्छा गर्ने, स्याहार-सुसार गर्न इच्छुक ।

शुश्रूषा (ना./स्त्री.) शुश्रूषणम्, शुश्रूष्यते अनेन इति वा *(सेवा गरिन्छ यसबाट)* शुश्रूष सनन्त धातु, शुश्रूष+अ[७]+टाप् (आ)= शुश्रूषा ।

शब्दार्थ- सेवा, सेवा गर्ने काम, सुन्ने इच्छा, स्याहार-सुसार, टहल, आज्ञाकारिता ।

शुश्रूषुः (वि.) श्रोतुमिच्छति *(सुन्ने इच्छा गर्छ)* श्रु श्रवणे (भ्वा.) धातु, श्रु+सन्[३] (स), द्वित्व[४], एकशेष, श्रुको दीर्घ[५], षत्व, शुश्रूष (सनन्त धातु) । शुश्रूषतीति *(सुन्ने वा सेवा गर्ने इच्छा गर्छ)* शुश्रूष सनन्त धातु, शुश्रूष+उ[८]= शुश्रूषु ।

शब्दार्थ- सेवा गर्न चाहने, सुन्ने इच्छा गर्ने, आज्ञाकारी, सेवक ।

शुषिः (ना./पुं./न.) शुष्यति अत्र *(सुक्छ वा छिद्र बन्छ यहाँ)* शुष शोषणे (दिवा.) धातु, शुष्+इन्[९] (इ)=शुषि ।

शुषि शोषे बिलेऽस्त्री स्यात्- इति मेदिनी

शब्दार्थ- प्वाल, छिद्र, रन्ध्र, विवर, दुलो, शोषण, सुकाउने काम ।

---

[१] स्फायितञ्चिवञ्चि... : रक्

[२] अकर्तरि च कारके... : घञ्

[३] धातोः कर्मण... : सन्

[४] सन्यङोः : द्वित्व

[५] अज्झनगमां सनि... : दीर्घ

[६] ण्वुल्तृचौ : ण्वुल्

[७] अ प्रत्ययात् : अ प्रत्यय

[८] सनाशंसभिक्ष... : उ

[९] इगुपधात् कित् : इन्

शुषिरः (ना./पुं./न.) शुषिरम् अत्रास्तीति *(छिद्र छ यसमा)* शुषि+र[1]= शुषिर । अथवा शुष्यतीति *(सुक्छ)* शुष शोषणे (दिवा.) धातु, शुष्+किरच्[2] (इर), उणा.= शुषिर ।

शुषिरो न स्त्रियां गर्ते वन्हौ रन्ध्रान्विते त्रिषु-
शुषिरं वंशादिवाद्यं विवरेऽपि नपुंसकम्- इति मेदिनी

शब्दार्थ- प्वाल, छिद्र, रन्ध्र, दुलो, विवर, बाँसुरी, खाडल, अग्नि, पृथिवीको विवर ।

शुष्कः (वि.) शुष्यति स्म इति *(सुकेको)* शुष शोषणे (दिवा.) धातु, शुष्+क्त (त), निष्ठा तको क[3]=शुष्क ।

शब्दार्थ- सुकेको, ओइलाएको, रस नभएको, नीरस ।

उदा. शुष्क छ घाँटी बन्धन चर्को बोलन परने झर्को
झर्को- लालित्य (पिंजराको सुगा १६)

शुष्कता (ना./स्त्री.) शुष्कस्य भावः *(शुष्क हुनाको भाव वा अवस्था)* शुष्क+तल् (त)+टाप् (आ)= शुष्कता ।

शब्दार्थ- सुख्खापना, रसविहीनता, नीरसता ।

शुष्मम् (ना./न./पुं.) शुष्यति अनेन रिपुः *(यसद्वारा शत्रु नाश हुन्छ)* शुष शोषणे (दिवा.) धातु, शुष्+मन् (म), उणा.= शुष्म ।

शुष्मं तेजसि सूर्ये ना- इति मेदिनी

शब्दार्थ- तेज, बल, वीर्य, शक्ति, पराक्रम, सूर्य ।

शुष्मन् (शुष्मा) (ना./पुं.) शुष्यति जलादिकमनेन *(यसबाट जल आदि सुक्छ)* शुष शोषणे (दिवा.) धातु, शुष्+मन् (म), कित्व[4], शुष्मन्= शुष्मा ।

शब्दार्थ- अग्नि, आगो, प्रकाश, कान्ति, पराक्रम ।

शूकः (ना./पुं./न.) श्यति, श्यते इति वा *(तिखार्छ, तिखारिन्छ)* शो तनूकरणे (दिवा.) धातु, शो+ऊक (उणा.), आत्व, आलोप निपातन= शूक ।

शूकोऽस्त्री श्लक्ष्णतीक्ष्णाग्रे- इत्यमरः

शब्दार्थ- तिखारिएको चुच्चो, धान, जौ, गहुँ आदि अन्नका दानाको चुच्चो, टुँडो ।

शूकधान्यम् (ना./न.) शूकेन युक्तं धान्यम् *(तिखारिएको चुच्चो भएको धान्य)* तृ.त.स.= शूकधान्य ।

शब्दार्थ-तिखारिएको टुँडो हुने धान्य- धान, गहूँ, जौ आदि ।

शूकरः (ना./पुं.) 'शू' इति अव्यक्तं शब्दं कर्तुं तच्छीलः *(शू शू यो अष्पष्ट शब्द गर्ने शील भएको)* शू उपपदपूर्वक डुकृञ् करणे (तना.) धातु, शू+कृ+ट्[5] (अ), गुण= शूकर ।

वराहः सूकरो घृष्टिः कोलः- इत्यमरः

शब्दार्थ- बँदेल, वराह, सुँगुर, बंगुर ।

शूद्रः (ना./पुं.) शोचतीति *(अपशोच गर्छ)* शुच शोके (भ्वा.) धातु, शुच्+रक्[6] (र), दीर्घ, धातुको 'द' अन्तादेश, उणा.= शूद्र ।

शूद्राश्चावरवर्णाश्च वृषलाश्च जघन्यजा- इत्यमरः

शब्दार्थ- आर्यहरूको ब्राह्मणादि चारवटा वर्णहरूमध्ये चौथो वर्ण, अन्तिम अवरवर्ण, वृषल, धर्मप्रति त्यति आस्था नभएको जाति ।

शूद्रता (ना./स्त्री.) शूद्रस्य भावः *(शूद्र हुनाको भाव वा अवस्था)* शूद्र+तल् (त)+टाप् (आ)= शूद्रता ।

शब्दार्थ- शूद्रको गुण वा अवस्था, शूद्रत्व ।

शूद्रा (ना./स्त्री.) शूद्रा स्त्री *(शुद्रवर्ण वा जाति स्त्री)* शुद्र +टाप्[7] (आ)= शूद्रा ।

शब्दार्थ- शूद्रवर्णकी स्त्री, शूद्रजाति स्त्री, अवर वर्णकी स्त्री, शूद्रनारी ।

शूद्राभार्यः (ना./पुं.) शुद्रा भार्या यस्य *(शूद्रवर्णकी पत्नी छ जसको)* ब.स., ह्रस्व= शूद्राभार्य ।

शब्दार्थ- शूद्रजातिकी स्त्री हुने पुरुष, शूद्रजातकी पत्नी हुने मानिस ।

शूद्री (ना./स्त्री.) शूद्रस्य स्त्री *(शूद्रकी स्त्री)* शूद्र+ङीप् (ई)= शूद्री ।

शब्दार्थ- शूद्रकी पत्नी, शूद्रकी स्त्री ।

शून्यम्/शुन्यम् (ना./न./वि.) शूने हितम् *(शून्यत्वलाई उपयुक्त हुने, कुकुरलाई हित हुने)* श्वन् शब्दबाट श्वन्+यत् (य), सम्प्रसारणबाट[8] यको उ, दीर्घ, विकल्पले= शून्य । दीर्घको अभावमा= शुन्य ।

शून्यं विन्दौ च निर्जने- इति हैमः

शब्दार्थ- जिरो, विन्दु, गोलो चिन्ह, निर्जन, रित्तो, रिक्त, तुच्छ, कुकुरको लागि उपयोगी हुने, एकान्त स्थल, आकाश, अन्तरीक्ष, परब्रह्म ।

शून्यता (ना./स्त्री.) शून्यस्य भावः *(शून्य हुनाको भाव वा अवस्था)* शून्य+तल् (त)+टाप् (आ)= शून्यता ।

शब्दार्थ-रित्तोपना, शूत्यत्व, निर्जनता, सन्नाटा, खालिपना ।

उदा. **जान्छौ बाबा जब पर तिमी शून्यताले भरेर**
जाला मेरो सकल रजनी आँसुमा नै डुबेर- भृ.ख.का. ६/२९

शून्यवादः (ना./पुं.) शून्यश्चासौ वादश्च *(शून्यवाद)* क.त.स.= शून्यवाद । अथवा शून्यस्य वादः {*शून्य (जीरो) को सिद्धान्त*} वा शून्यमुद्यते इति *(शून्यमात्र छ भनिन्छ)* वद व्यक्तायां वाचि (भ्वा.) धातु, शून्य+वद्+ घञ् (अ), वृद्धि= शून्यवाद ।

शब्दार्थ- विश्वलाई नै 'शून्य' ठान्ने दार्शनिक मत, माध्यमिक बौद्ध दर्शनको सिद्धान्त, जीव ईश्वर आदिको सत्ता स्वीकार नगर्ने दार्शनिक सिद्धान्त ।

द्रष्टव्य- शून्य अर्थात् सत् छ, असत् छ, सत् र असत् दुवै छ, न सत् छ, न असत् छ- यी चारवटाको विलक्षण तत्त्व नै शून्यवाद या माध्यमिक बौद्धदर्शनको मुख्य सिद्धान्त हो ।

---

१. ऊषशुषिमुष्क... : र
२. इषिमदिमुदि... : किरच्
३. शुषः कः : निष्ठा तको क
४. बविसिविसि... : मन्/कित्व
५. कृञो हेतुताच्छील्या... : ट
६. शुचेर्दश्च : रक्, दीर्घ, द आदेश
७. शूद्रा चामहत्पूर्वा... (वा.) : टाप्
८. शुनः सम्प्रसारणम्... (वा.) : सम्प्रसारण, दीर्घ

शून्यवादी (वि.) शून्यवादः अस्यास्तीति *(शून्यवादसम्बन्धी मत छ यसको)* शून्यवाद+इनि[1] (इन्), शून्यवादिन् =शून्यवादी ।

अथवा शून्यं वदितुं शीलमस्य *(सबै कुरा शून्य छ भन्ने शील वा विचार छ यसको)* शून्य उपपदपूर्वक वद व्यक्तायां वाचि (भ्वा.) धातु, शून्य+वद्+णिनि[2] (इन्), वृद्धि, शून्यवादिन्= शून्यवादी ।

शब्दार्थ- शून्यवादको समर्थक, शून्यवादको अनुयायी, विश्व नै शून्य छ भन्ने बताउने, शून्यवादको पछि लाग्ने, नास्तिक, बौद्ध ।

शून्यहृदयः (वि.) शून्यं हृदयं यस्य *(शून्य छ हृदय जसको)* ब.स.= शून्यहृदय ।

शब्दार्थ- चित्त ठेगान नभएको, होस हराएको, चित्त अर्कोतिर लगाएको ।

शूरः (वि.) शूरयति विक्रामतीति *(पराक्रम गर्छ, देखाउँछ)* शूर विक्रान्तौ (चुरा.) धातु, शूर+अच् (पचादि)=शूर । अथवा शु सौत्र धातु, शु+क्रन्[3] (र), उणा., दीर्घ निपातन= शूर ।

शूरो वीरश्च विक्रान्तः- इत्यमरः

शब्दार्थ-वीर, पराक्रमी, सूरो, आँटिलो, साहसिलो, योद्धा ।

शूरता (ना./स्त्री.)/**शूरत्वम्** (ना./न.) शूरस्य भावः *(सूरो हुनाको भाव वा अवस्था)* शूर+तल् (त)+टाप् (आ) =शूरता ।

शूर+त्व= शूरत्व ।

शब्दार्थ- सूरोपना, वीरता, आँटिलोपना, सूरो हुनाको अवस्था ।

शूरवीरः (वि.) शूरश्चासौ वीरश्च *(शूरवीर)* क.त.स. =शूरवीर ।

अथवा शूरश्चं वीरश्च *(शूर र वीर)* द्व.स.= शूरवीर ।

शब्दार्थ- सूरो योद्धा, साहसिलो लडाका, ज्यादै पराक्रमी, अतिसूरो, सूरो पनि वीर पनि ।

शूर्पः (ना./पुं./न.) शूर्पयति धान्यादिकम् *(धान आदि निफन्छ)* शूर्प माने (चुरा.) धातु, शूर्प+अच् (पचादि)/घ[4] (अ)= शूर्प ।

प्रस्फोटनं शूर्पमस्त्री- इत्यमरः

शब्दार्थ- नाङ्लो, सूपो, निफन्ने साधन, परिमाण वा नापविशेष ।

शूर्पणखा (ना./स्त्री.) शूर्पा इव नखाः यस्याः *(नाङ्ला जस्ता छन् नङ जसका)* शूर्प+नख, ब.स., णत्व, शूर्पनख+टाप् (आ), णत्व= शूर्पणखा ।

शब्दार्थ- नाङ्ला जस्ता नङ भएकी रावणकी बहिनी (जसका नाक, कान, लक्ष्मणद्वारा काटिए), ठूल्ठूला नङ हुने स्त्री, शूर्पनखा ।

शूलः (ना./पुं.) शूलतीति *(रोप्छ, रोगाउँछ)* शूल रुजायाम् (भ्वा.) धातु, शूल्+क[5] (अ)= शूल ।

अस्त्री शूलं रुगायुधम्- इत्यमरः

शब्दार्थ- भाला जस्तो तीखो हतियार, अस्त्रविशेष, रोप्ने सुइरो, भीर, पेट दुख्ने रोग, वायुगोला, पीडा, व्यथा ।

शूलधारिणी (ना./स्त्री.) शूलं धर्तुं शीलमस्याः *(त्रिशूल धारण गर्ने शील स्वभाव छ यिनको)* धृञ् धारणे (भ्वा.) धातु, शूल+धृ+णिनि (इन्), शूलधारिन्+ङीप् (ई), णत्व= शूलधारिणी ।

शब्दार्थ- त्रिशूल हातमा लिने भगवती दुर्गा, पार्वती, अम्बिका ।

शूलपाणिः (ना./पुं.) शूलं पाणौ यस्य *(त्रिशूल छ हातमा जसको)* ब.स.= शूलपाणि ।

शब्दार्थ- त्रिशूल हातमा लिने व्यक्ति, महादेव, महेश्वर, शिव ।

शूलिनी (ना./स्त्री.) शूलं अस्याः अस्तीति *(त्रिशूल छ यिनको)* शूल+इनि (इन्), शूलिन्+ङीप् (ई)= शूलिनी ।

शब्दार्थ- भगवती दुर्गा, अम्बिका ।

शूली (वि./ना./पुं.) शूलमस्यास्तीति *(शूलरोग छ यसको वा त्रिशूल छ यिनको)* शूल+इनि (इन्), अकारलोप, शूलिन्= शूली ।

शब्दार्थ- शूलको रोग भएको, फलामे सुइरो लिने, महादेव, त्रिशूलधारी शिव ।

शूल्यः (वि.) शूले संस्कृतम् *(सुइरोमा पोलिएको)* शूल+यत्[6] (य), अकारलोप= शूल्य ।

शब्दार्थ- फलामे सुइरो वा भीर आदिमा पोलेको मासु ।

शृगालः/सृगाल (ना./पुं.) सृजति मायाम् *(धुर्त्याइँ गर्छ, माया फैलाउँछ)* सृज विसर्गे (तुदा.) धातु, सृज्+कालन् (आल), बहुलप्रकारले, उणा., कुत्व[7], सको श (पृषोदरादिबाट)= शृगाल ।

सको श नभएको पक्षमा= सृगाल ।

शब्दार्थ- स्याल, जम्बुक, धूर्त, ठग ।

शृङ्खलम् (ना./न.) शृङ्गैः खलति वा शृङ्गात् प्राधान्यात् स्खलति *(मुख्य स्थानबाट गिर्छ)* खल सञ्चये वा स्खल सञ्चलने (भ्वा.) धातु, शृङ्ग+खल्/स्खल्+अच् (पचादि), पृषोदरादिबाट शृङ्गका गवर्णको लोप, स्खलको सलोप= शृङ्खल ।

पुंस्कट्यां शृङ्खलं त्रिषु- इत्यमरः

शब्दार्थ- पुरुषको कटीमा लगाउने मेखला, फलामे जन्जिर, हतकडी ।

---

१. अत इनिठनौ : इनि
२. सुप्यजातौ... : णिनि
३. शुसिचिमीनां दीर्घश्च : क्रन्, दीर्घ
४. पुंसि संज्ञायाम्...: घ
५. इगुपधात्... : क
६. शूलोखाद्यत् : यत्
७. न्यङ्क्वादि.... : कुत्व

शृङ्खला (ना./स्त्री.) शृङ्गात् प्राधान्यात् स्खलति *(मुख्य स्थानबाट गिर्छ)* स्खल सञ्चलने (भ्वा.) धातु, शृङ्ग+स्खल्+घ/अच् (पचादि), पृषोदरादिबाट शृङ्गका गवर्णको लोप, धातुको सलोप, शृङ्खल+टाप् (आ) =शृङ्खला ।

वय शृङ्खला । अन्दुको निगडोऽस्त्री स्यात्- इत्यमरः

शब्दार्थ- क्रम वा सिलसिला, साङ्लो, सिक्री, हात्तीको खुट्टामा बाँध्ने फलामे जन्जिर ।

शृङ्खलाबद्धः (वि.) शृङ्खलया बद्धः *(साङ्लो वा क्रमले बाँधिएको)* तृ.त.स.= शृङ्खलाबद्ध ।

शब्दार्थ-जन्जिरले बाँधिएको, सिलसिला मिलेको, क्रमबद्ध ।

शृङ्खलितः (वि.) शृङ्खला सञ्जाता अस्य *(क्रम मिलेको छ यसको)* शृङ्खला+इतच्[1] (इत), आकारलोप=शृङ्खलित ।

शब्दार्थ- क्रम मिलेको, सिक्रीले बाँधिएको, जकडिएको, बाँधिएको, साङ्लोले कसिएको, शृङ्खलाबद्ध ।

शृङ्गम् (ना./न.) शृणाति अनेन *(दुःख दिन्छ यसले)* शृ हिंसायाम् (क्र्या.) धातु, शृ+गन्[2] (ग), उणा., नुट्, ह्रस्व= शृङ्ग ।

शृङ्गं प्रभुत्वे शिखरे चिन्हे क्रीडाम्बुयन्त्रके ।
विषाणोत्कर्षयोश्चाथ शृङ्गः स्यात् कूर्चशीर्षके- मेदिनी

शब्दार्थ- सिङ, पहाडको टुप्पो वा चुचुरो, मन्दिरको गजुर, घरको उचाइ, प्रभुत्व, स्वामित्व, चिन्ह, वारुणयन्त्र, फुकेर बजाइने बाजा ।

शृङ्गारः (ना./पुं.) शृङ्गं प्राधान्यं कामोद्रेकं वा ऋच्छति *(उत्कर्षता वा कामौत्सुक्य पैदा गर्छ)* शृङ्ग उपपदपूर्वक ऋ गतिप्रापणयोः (भ्वा.) धातु, शृङ्ग+ऋ+अण्[3] (अ), वृद्धि, दीर्घ= शृङ्गार ।

अथवा शृणाति विरहिणं सन्तापयति *(विरहिजनलाई ताप दिन्छ)* शृ हिंसायाम् (क्र्या.) धातु, शृ+आरन्[4] (आर), उणा., नुट्, गन्, धातुको ह्रस्व, परसवर्ण =शृङ्गार ।

शृङ्गारः सुरते नाट्यरसे च गजमण्डने ।
नपुंसकं लवङ्गेऽपि नागसम्भवचूर्णयोः- इति मेदिनी

शब्दार्थ- शरीर सिंगार्ने काम, सजावट, प्रणयरस, कामेच्छा, रतिप्रेम, साहित्यिक नवरस मध्ये प्रथम रस, रति स्थायीभाव भएको रस, रतिक्रीडा वा सम्भोगको कामना ।

शृङ्गारकः (ना./पुं.) शृङ्गार एव *(शृङ्गार वा रति नै)* शृङ्गार+कन् (क), स्वार्थमा= शृङ्गारक ।

शब्दार्थ- रति, प्रेम, सिंगार्ने साधन, सिन्दूर ।

शृङ्गाररसः (ना./पुं.) शृङ्गारश्चासौ रसश्च *(शृङ्गार रस)* क.त.स.= शृङ्गाररस ।

शब्दार्थ- साहित्यिक नवरसमध्ये एक, रति स्थायीभाव हुने रस ।

शृङ्गारिकः (वि.) शृङ्गारादागतः, शृङ्गारमर्हतीति वा *(शृङ्गारबाट उत्पन्न, शृङ्गार गर्न योग्य)* शृङ्गार+ठक्[5]/ठञ्[6] (इक), आकारलोप= शृङ्गारिक ।

शब्दार्थ- शृङ्गारसम्बन्धी, शृङ्गाररसमा रसिक, प्रणयोन्मत्त, प्रेमासक्त, शृङ्गाररसबाट पैदा भएको ।

शृङ्गारितः (वि.) शृङ्गारः सञ्जातः अस्य *(शृङ्गारपटार भएको छ यसको)* शृङ्गार+इतच् (इत), अकारलोप =शृङ्गारित ।

शब्दार्थ- सजिएको, सिंगारिएको, प्रेमासक्त, प्रणयोन्मत्त ।

शृङ्गारी (वि.) शृङ्गारः अस्ति अस्य *(सिंगारपटार छ यसको)* शृङ्गार+इनि[7] (इन्), अकारलोप, शृङ्गारिन्= शृङ्गारी ।

शब्दार्थ- सिंगारिएको, प्रेममा आसक्त, प्रणयमा बाँधिएको, रसिक, कामेच्छुक (व्यक्ति), सिंगारपटार गर्ने ।

शृङ्गिणी/शृङ्गी (ना./स्त्री./वि.) शृङ्गमस्ति अस्याः *(सिङ छ यस स्त्री पशुको)* शृङ्ग+इनि (इन्), अकारलोप, शृङ्गिन्+ङीप्[8] (ई), णत्व= शृङ्गिणी ।

शृङ्गमस्ति अस्य *(सिङ् छ यसको)* शृङ्ग+इनि (इन्), शृङ्ग+ङीप् (ई), शृङ्गिन्= शृङ्गी ।

शब्दार्थ- सिङ् हुने स्त्री चौपाया, पशु, गाई, नन्दी, मद्‌गुर जातको माछाकी स्त्री, सिङ् हुने (पशु), सिङ् भएको, अग्लो चुचुरो भएको (पहाड) ।

शृतम् (ना./न.) श्रायते इति *(पकाइन्छ)* श्रा पाके (अदा.) धातु, श्रा+क्त[9] (त), श्राको शृ भावनिपातन[10] =शृत ।

पाके क्षीराज्यपयसां शृतम्- इत्यमरः

शब्दार्थ- उत्तीस जातको वृक्ष, एक प्रकारको विष, उमालेको दूध, घिउ र पानीको पाकद्रव्य ।

शेखरः (ना./पुं.) शिङ्खतीति *(लट्कन्छ)* शिखि गतौ (भ्वा.) धातु, नुमाभाव, शिख्+अर (बहुलप्रकारले), गुण=शेखर ।

शिखा स्वापीडशेखरौ- इत्यमरः

शब्दार्थ- शिरदेखि लडकाएको माला, मुकुट, किरीट, फेटा, पगरी, चोटि, शिखर, चुचुरो, सर्वोत्तम ।

शेपः (शेपस्)/शेफः (शेफस्) (ना./न.) शेते इति *(पल्टन्छ)* शीङ् स्वप्ने (अदा.) धातु, शी+असुन[11],(अस्) पुट्, गुण शेपM, । शी+असुन् (अस्), फुट्, शेफस्, गुण, शेफस्, शेफ := शेफ ।

शी+फन्, गुण, शेफ । शी+असुन्, शेफस्= शेफ ।

शब्दार्थ- पुरुष जातिको जननेन्द्रिय, अण्डकोश, लिङ्ग ।

---

[1] तदस्य सञ्जातम्... : इतच्
[2] शृणाते ह्रस्वश्च : गन्, नुट्, ह्रस्व
[3] कर्मण्यण् : अण्
[4] शृङ्गारभृङ्गारौ : आरन्, गन
[5] ठगायस्थानेभ्य... : ठक्
[6] तदर्हति : ठञ्
[7] व्रत इनिठनौ : इनि
[8] ऋन्नेभ्यो... : ङीप्
[9] नपुंसके भावे... : क्त
[10] शृतं पाके : शृभाव-निपातन
[11] वृशीङ्भ्याम्.....असुन्, पुट्/फुट्

शेषः (ना./पुं./वि.) शिष्यते अवशिष्यते/शिनस्ति यः *(शेष रहनु वा शेष रहन्छ जो)* शिष्लृ विशेषणे (रुधा.) वा शिष असर्वोपयोगे (चुरा.) धातु, शिष्+घञ् (अ)/अच् (पचादि) गुण= शेष ।

शेषोऽनन्तः - इत्यमरः

शब्दार्थ- वाँकिरहेको भाग, अवशिष्ट अंश, नागविशेष, शेष वा अनन्त नाग, अनन्त फँणा भएको नाग, शेषावतार वलराम, लक्ष्मण, वँचेको, अवशेष रहेको ।

शेषशायी (ना./पुं.) शेषे शेतुं शीलमस्य *(शेषनागमा शयन गर्ने शील छ यिनको)* शेष उपपदपूर्वक शीङ् स्वप्ने (अदा.) धातु, शेष+शी+णिनि[१] (इन्), वृद्धि, आयादेश, शेषशायिन्= शेषशायी ।

शब्दार्थ- विष्णु, नारायण ।

शैक्षिकः (वि.) शिक्षायाः आगतः, शिक्षायाः अयम्, शिक्षां वेत्तीति वा *(शिक्षाबाट आएको, शिक्षाको यो, शिक्षाशास्त्र जान्दछ)* शिक्षा+ठक्[२] (इक), आदिवृद्धि, अकारलोप= शैक्षिक ।

शब्दार्थ- शिक्षाको, शिक्षासित सम्वन्धित, शिक्षासम्वन्धी, शिक्षासम्वन्धी विषय जान्ने, शिक्षाशास्त्रको ज्ञाता ।

शैक्षिकसत्रम् (ना./न.) शैक्षिकञ्च तत् सत्रम् *(शैक्षिक सत्र)* क.त.स.= शैक्षिकसत्र ।

शब्दार्थ- शैक्षिक कार्यक्रम प्रारम्भ हुने र समाप्त हुने समयावधि ।

शैक्षः (वि.) शिक्षामधीते वेद इति, शिक्षां लभते इति, शिक्षायां भवः *(शिक्षा पढ्छ वा जान्दछ, शिक्षा प्राप्त गर्छ, शिक्षामा भएको)* शिक्षा+अण्[३] (अ), आदिवृद्धि, अकारलोप= शैक्ष ।

शब्दार्थ- शिक्षाशास्त्र अध्ययन गर्ने र शिक्षाशास्त्र जान्ने (व्यक्ति), शिक्षा आर्जन गर्ने (छात्रछात्रा), शिक्षासम्वन्धी, शिक्षामा हुने वा भएको ।

शैत्यम् (ना./न.) शीतस्य भावः *(चिसो वा ठण्डा हुनाको भाव वा अवस्था)* शीत+ष्यञ्[४] (य), आदिवृद्धि, अकारलोप= शैत्य ।

शब्दार्थ- चिसोपना, शीतलता, ठण्डापन ।

शैथिल्यम् (ना./न.) शिथिलस्य भावः *(शिथिल हुनाको भाव वा अवस्था)* शिथिल+ष्यञ्[४] (य), आदिवृद्धि, अकारलोप= शैथिल्य ।

शब्दार्थ- शिथिलता, शिथिल हुनाको अवस्था, कमजोरी, खुकुलोपना, लोसेपना, ढिलाइ ।

शैलः (ना./पुं./वि.) प्रचुराः शिलाः सन्ति अत्र *(पर्याप्त शिलाहरू छन् यहाँ)* शिला+अण्[५] (अ), आदिवृद्धि =शैल । अथवा शिलायां भवः जातः वा *(ढुङ्गाबाट उत्पन्न भएको)* शिला+अण् (अ), आदिवृद्धि, अकारलोप= शैल ।

शब्दार्थ-पहाड, पर्वत, अद्रि, गिरि, अचल, शिलावाट पैदा भएको, ढुङ्गावाट वनेको, शिलासम्वन्धी, शिलाजित्

शैलकन्या/शैलकुमारी (ना./स्त्री.) शैलस्य कन्या वा कुमारी *(पर्वतकी कन्या वा कुमारी)* ष.त.स. =शैलकन्या/ शैलकुमारी ।

शब्दार्थ- पर्वतराज हिमालयकी पुत्री, पार्वती, हैमवती ।

शैलकूटः (ना./पुं./न.) शैलस्य कूटः *(पहाडको शिखर)* ष.त.स.= शैलकूट ।

कूटोऽस्त्री शिखरं शृङ्गम्- इत्यमरः

शब्दार्थ- पहाडको चुचुरो वा टाकुरो, शिखर ।

शैलजः (वि.) शैलाज्जातः इति *(पहाडवाट उत्पन्न भएको)* शैल उपपदपूर्वक जनी प्रादुर्भावे (दिवा.) धातु, शैल+जन्+ड[६] (अ), टिलोप= शैलज ।

शब्दार्थ- पहाडवाट पैदा भएको, पर्वतवाट उत्पन्न भएको (वस्तु) ।

शैलजा (ना./स्त्री.) शैलाज्जाता इति *(पहाडवाट उत्पन्न भएकी)* शैल उपपदपूर्वक जनी प्रादुर्भावे (दिवा.) धातु, शैल+जन्+ड (अ),टिलोप, शैलज+टाप् (आ)=शैलजा ।

शब्दार्थ- पहाडवाट जन्मेकी, पार्वती, हिमालयकी पुत्री ।

शैलतनया/शैलपुत्री/शैलसुता (ना./स्त्री.) शैलस्य तनया/शैलस्य पुत्री/शैलस्य सुता *(पहाडकी तनया, पुत्री, सुता)* ष.त.स.= शैलतनया/शैलपुत्री/शैलसुता ।

शब्दार्थ- हिमालयकी छोरी, पार्वती, दुर्गा ।

शैलराजः (ना./पुं.) शैलानां राजा *(पहाडका राजा)* ष.त.स., समासान्त टच्= शैलराज ।

शब्दार्थ- नगाधिराज हिमालय, हिमाल ।

शैलाधिपः/शैलाधिराजः (ना./पुं.) शैलस्य अधिपः, शैलस्य अधिराजः *(पहाडका अधिपति)* ष.त.स.= शैलाधिप/ शैलाधिराज ।

शब्दार्थ- पर्वतका अधिराज, हिमालय पहाडका अधिपति, हिमाल ।

शैलालिन् (शैलाली) (ना./पुं.) शिलालिना प्रोक्तं नटसूत्रमधीयते इति *(शिलालिद्वारा बताइएको नटसूत्र पढिन्छ)* शिलालि+णिनि[७] (इन्), इकारलोप, आदिवृद्धि, शैलालिन् =शैलाली ।

शब्दार्थ- नर्तक, अभिनेता, नट, शैलूष, नटसूत्र अध्ययन गर्ने व्यक्ति ।

शैली (ना./स्त्री.) शीलमेव *(शील नै)* शील+ष्यञ् (य), स्वार्थमा, आदिवृद्धि, शैल्य+ङीष्[८] (ई), यलोप[९]= शैली । अथवा शीलमेव *(शील नै)* शील+अण् (अ), स्वार्थमा, आदिवृद्धि, शैल+ङीप् (ई)= शैली ।

शब्दार्थ- काम गर्ने ढङ्ग वा तरिका वा परिपाटी, साहित्यिक सृजना वा रचनामा लेखकको विशेष व्यक्तित्व झल्काउने ढाँचा वा छाँट वा शिल्पविन्यासकला ।

---

१. सुप्यजातौ... : णिनि
२. ठगायस्थानेभ्य/ऋतूक्थादि... : ठक्
३. तदधीते तद्वेद/शेषे/तत्र भवः : अण्
४. गुणवचन... : ष्यञ्
५. ज्योत्स्नादिभ्य.../तदधीते (वा.) : अण्
६. पञ्चम्यामजातौ : ड
७. पाराशर्यशिलालिभ्यां...: णिनि
८. षिद्गौरादिभ्य.. : ङीष्
९. हलस्तद्धितस्य... : यलोप

शैलूषः (ना./पुं.) शिलूषस्य ऋषेरपत्यम् *(शिलूष ऋषिका सन्तति)* शिलूष+अण्[१] (अ), आदिवृद्धि= शैलूष ।

शब्दार्थ-नट, नर्तक, अभिनेता, गाउन वजाउन सिपालु ।

शैलेन्द्रः (ना./पुं.) शैलानामिन्द्रः *(पहाडहरूका इन्द्र वा स्वामी)* ष.त..स., शैल+इन्द्र, गुण= शैलेन्द्र ।

शब्दार्थ- पहाडका अधिपति, हिमालय पर्वत ।

शैलेयम् (ना./न.) शिलायां भवम् *(शिलामा पैदा भएको)* शिला+ढक्[२] (एय), आदिवृद्धि, आकारलोप= शैलेय ।

शैलेयं तालपर्ण्यां च सैन्धवो ।

शैलजे ना तु मधुपे शिलातुल्येऽन्यलिङ्गवत्- इति मेदिनी

शब्दार्थ- शिलाजित्, सिधेनुन, ढुङ्गावाट उत्पन्न वस्तु, पर्वतवाट उत्पन्न सुगन्धित द्रव्य, कालो जटामसी ।

शैल्यम् (ना./न.) शिलायाः भावः *(शिलाको भाव वा अवस्था)* शिला+ष्यञ् (य), आदिवृद्धि, आलोप=शैल्य ।

शब्दार्थ- पथरिलोपना, कडापन ।

शैल्पिकः (वि.) शिल्पादागतः *(शिल्पबाट पैदा भएको)* शिल्प+ठक्[३] (इक), आदिवृद्धि= शैल्पिक ।

शब्दार्थ-शिल्पकलाको, शिल्पसम्वन्धी, शिल्पवाट आएको ।

शैवः (वि./ना./पुं.) शिवस्य अयम्, शिवः देवता अस्य, शिवस्य अपत्यं पुमान् इति वा *(शिवको यो, शिव छन् देवता यसका, शिवका सन्तति)* शिव+अण्[४] (अ), आदिवृद्धि, अकारलोप= शैव ।

शब्दार्थ- शिवको, शिवसम्वन्धी, शिवसित सम्वन्धित, शिवपूजक, शिवको उपासक, शिवलाई मान्ने, शिवभक्त, शिवका सन्तान ।

शैवलः (ना./पुं.) जले शेते तिष्ठतीति *(जलमा रहन्छ)* शीङ् स्वप्ने (अदा.) धातु, शी+वलञ्[५] (वल), उणा., वृद्धि= शैवल ।

जलनीली तु शैवालं शैवलः - इत्यमरः

शब्दार्थ-पानीको काई, लेउ, भ्याउ, पानीमा हुने सिंवाली

शैवलिनी (ना./स्त्री.) शैवलः अस्ति अस्याम् *(शैवल छ यसमा)* शैवल+इनि[६] (इन्)+ङीप् (ई)= शैवलिनी ।

शब्दार्थ- तरङ्गहरू उठेर वहने नदी, खोलो, सरित्, लेउ जमेको नदी वा खोलो ।

शैवालम् (ना./न.) जले शेते तिष्ठतीति *(जलमा रहन्छ)* शीङ् स्वप्ने (अदा.) धातु, शी+वलञ[५]/ उणा,वृद्धि, Öशैवाल। शी+वालन्[५] (वाल), गुण, शेवालः । शेवाल एव *(लेउ नै)* शेवाल+अण्[७] (अ), आदिवृद्धि= शैवाल ।

शब्दार्थ- पानीको काई, भ्याउ, लेउ, सिंवाली ।

शैशवम् (ना./न./वि.) शिशोर्भावः *(शिशु हुनाको भाव वा अवस्था)* शिशु+अण्[८] (अ), आदिवृद्धि, गुण, अवादेश =शैशव ।

अथवा शिशोरयम् *(शिशुको यो)* शिशु+अण्[९] (अ), आदिवृद्धि, गुण, अवादेश= शैशव ।

शब्दार्थ- वाल्यावस्था, शैशव अवस्था, वालकपना, शिशुत्व, शिशुसम्वन्धी, वालकको, शिशुको ।

उदा. **तिम्रै शीतल वक्षस्थलमा यो कविको शैशव-काल वित्यो- वखलढुङ्गा सिद्धिचरण श्रेष्ठ**

शैशवकल्पना (ना./स्त्री.) शैशवस्य कल्पना *(शिशुत्व कालको कल्पना)* ष.त.स.= शैशवकल्पना ।

शब्दार्थ- वाल्यपनको कल्पना वा विचार ।

शैशिरः (वि.) शिशिरस्य अयम्, शिशिरे भवः इति वा *(शिशिरऋतुको यो, शिशिरऋतुमा हुने)* शिशिर+अण्[१०] (अ), आदिवृद्धि, अकारलोप= शैशिर ।

शब्दार्थ- शिशिरसम्वन्धी, शिशिरऋतुको, शिशिर ऋतुसित सम्वन्धित, शिशिर ऋतुमा हुने वा भएको ।

शैशिरिकः (वि.) शिशिरस्य अयम्, शिशिरमधीते वेद इति वा *(शिशिरको यो, शिशिरसम्वन्धी विषय पढ्छ वा जान्दछ)* शिशिर+ठक्[११] (इक), आदिवृद्धि= शैशिरिक ।

शब्दार्थ- शिशिरसम्वन्धी, शिशिरऋतुको, शिशिरऋतु-सम्वन्धी विषय अध्ययन गर्ने ।

शोकः (ना./पुं.) शोचनम्, शुच्यते इति वा *(शोक गरिन्छ)* शुच शोके (भ्वा.) धातु, शुच्+घञ् (अ), कुत्व= शोक ।

मन्युशोकौ तु शुक् स्त्रियाम् ।

शब्दार्थ- विलाप, पीर, आफ्ना स्वजनहरूको विछोड वा निधनमा हुने चिन्ता, पीडा, कष्ट, सुर्ता, दुःखको संयोगवाट उत्पन्न अन्तःकरणको विकार, साहित्यिक करुणरसको स्थायीभाव ।

शोकविकलः/शोकविह्वलः (वि.) शोकेन विकलः/शोकेन विह्वलः *(शोकले विकल भएको, शोकले व्याकुल भएको)* तृ.त.स.= शोकविकल/शोकविह्वल ।

शब्दार्थ- शोकले विह्वल भएको, शोकाकुल, शोकले व्याकुल भएको ।

शोकसन्तप्तः (वि.) शोकेन सन्तप्तः वा शोके सन्तप्तः *(शोकले ग्रस्त वा शोकमा डुबेको)* तृ.त.स./स.त.स. =शोकसन्तप्त ।

शब्दार्थ- शोकले ग्रस्त भएको, शोकमा डुवेको, शोकले व्याकुल भएको, शोकाकुल ।

शोकसन्देशः (ना./पुं.) शोकस्य सन्देशः *(शोकको सन्देश)* ष.त.स.= शोकसन्देश ।

शब्दार्थ- समवेदनाको सन्देश, शोकसन्देश ।

शोकसमाचारः (ना./पुं.) शोकस्य समाचारः *(शोकको समाचार)* ष.त.स.= शोकसमाचार ।

शब्दार्थ- शोकसम्वन्धी खवर, मृत्यु आदिको समाचार ।

शोकाकुलः (वि.) शोकेन आकुलः *(शोकले आकुल)* तृ.त.स.= शोकाकुल ।

शब्दार्थ- शोकले व्याकुल भएको, शोकले छटपटाएको, शोकग्रस्त, शोकसन्तप्त ।

---

[१] ऋष्यन्धक....: अण्
[२] नद्यादिभ्यो ढक् : ढक्
[३] ठगायस्थानेभ्य... : ठक्
[४] तस्येदम्/साऽस्य देवता/शिवादि...: अण्
[५] शीङो धुक्लुक्...Ö वलञ्/ वालन्
[६] अत इनिठनौ : इनि
[७] प्रज्ञादिभ्यश्च : अण्
[८] इगन्ताच्च लघुपूर्वात् : अण्
[९] तस्येदम् : अण्
[१०] तस्येदम्/तत्रभवः : अण्
[११] ऋतूक्यादि... : ठक्

शोकाग्निः/शोकानलः (ना./पुं.) शोकः एव अग्निः/शोकः एव अनलः *(शोकरूपी अग्नि, शोकरूपी अनल)* म.व्य.स., दीर्घ= शोकाग्नि/शोकानल ।

शब्दार्थ- शोकरूपी आगो, शोकरूपी अनल वा वन्हि ।

शोकातुरः/शोकार्तः (वि.) शोकेन आतुरः/शोकेन आर्तः *(शोकले आतुर/शोकले आर्त)* तृ.त.स., दीर्घ =शोकातुर/शोकार्त ।

शब्दार्थ- शोकले पीडित, शोकले ग्रस्त, शोकले विह्वल भएको, वेदनाले परिपीडित ।

शोकाविष्टः (वि.) शोकेन आविष्टः *(शोकले ग्रस्त)* तृ.त.स., दीर्घ= शोकाविष्ट ।

शब्दार्थ- शोकविह्वल, शोकाकुल, शोकग्रस्त, वेदना-पीडित ।

शोचः (ना./पुं.) शोचनमिति *(विचार गरिन्छ)* शुच शोके (भ्वा.) धातु, शुच्+घञ् (अ), गुण= शोच ।

शब्दार्थ- शोचविचार, विलाप, अफसोस ।

शोचनम् (ना./न.) शोचनम्, शुच्यते इति वा *(सोच्नु)* शुच शोके (भ्वा.) धातु, शुच्+ल्युट्[1] (अन), गुण =शोचन ।

शब्दार्थ- सोच्ने काम, विलाप, चिन्ता, अफसोस, विचार गर्ने काम ।

शोचनीयः/शोच्यः (वि.) शोचितुं योग्यः, शुच्यते इति वा *(सोच्न योग्य)* शुच शोके (भ्वा.) धातु, शुच्+अनीय[2] (र्), गुण= शोचनीय ।

शुच्+ण्यत्[3] (य), गुण= शोच्य ।

शब्दार्थ- सोच्नुपर्ने, विचार गर्न लायक, चिन्तनीय, विचार गर्नुपर्ने, सोच्न योग्य, चिन्ता गर्नुपर्ने ।

शोचिस् (शोचिः) (ना./न.) शुच्यति पवित्रीभवति अनेनेति *(यसद्वारा पवित्र बन्छ, प्रकाशित हुन्छ)* ईशिचुर् पूतीभावे (दिवा.) धातु, शुच्+इसि[4] (इस्), उणा., गुण, शोचिस्= शोचि ।

भाश्छवि द्युतिदीप्तयः । रोचिः शोचिरुभे क्लीवे- इत्यमरः

शब्दार्थ- दीप्ति, प्रकाश, छवि, कान्ति, प्रभा, चमक, ज्वाला ।

शोणः (वि./ना./पुं.) शोणति, शोणयतीति वा *(रातो हुन्छ, घुम्छ)* शोणृ वर्णगत्योः (भ्वा.) धातु, शोण्+अच् (पचादि)= शोण ।

अथवा शोणः वर्णः अस्ति अस्य *(रातो वर्ण छ यसको)* शोण+अच् (अर्शादि)= शोण ।

रोहितो लोहितो रक्तः शोणः कोकनदच्छविः - इत्यमरः

शोणो हिरण्यवाहः स्यात्- इत्यमरः

शोणः कृशानौ श्योनाके लोहिताश्वे नदे पुमान्
त्रिषु कोकनदच्छाये- इति मेदिनी

शब्दार्थ-रातो, रातो वर्णको, रातो रङ, रक्तवर्ण, लालवर्ण, सिन्दूर, अग्नि, रातो घोडा, टटेला जातको वृक्ष, भारतको विहारमा बग्ने शोण नामक एक नद, जसलाई हिरण्यवाह पनि भनिन्छ, जो गङ्गामा मिल्दछ,।

शोणरत्नम् (ना./न.) शोणञ्च तद्रत्नम् *(रातो वर्णको रत्न)* क.त.स.= शोणरत्न ।

शब्दार्थ- रातो वर्णको रत्न, पद्मरागमणि ।

शोणितः (वि./ना./न.) शोणः सञ्जातः अस्य *(रक्त वर्ण भएको छ यसको)* शोण+इतच् (इत), अकारलोप =शोणित ।

अथवा शोणति स्म इति *(रातो भएको)* शोणृ वर्णगत्योः (भ्वा.) धातु, शोण्+क्त (त), इडागम = शोणित ।

शब्दार्थ- रातो वर्णको, रातो रङ्को, रक्तरञ्जित, रातो वर्णले रँगिएको, लोहित, रगत, रक्त ।

शोणितचन्दनम् (ना./न.) शोणितञ्च तच्चन्दनम् *(रक्त चन्दन)* क.त.स.= शोणितचन्दन ।

शब्दार्थ- रक्तचन्दन, रातो चन्दन ।

शोणितपुरम् (ना./न.) शोणितञ्च तत्पुरम् *(शोणित पुर)* क.त.स.= शोणितपुर ।

शब्दार्थ- पुराणप्रसिद्ध बाणासुरको नगरी ।

द्रष्टव्य- **शोणितपुरकै बाणासुरकी पुत्री उषासित श्रीकृष्णका नाति प्रद्युम्नपुत्र अनिरुद्धको विवाह भएको थियो।**

शोणिमा (ना./पुं.) शोणस्य भावः *(रातो हुनाको भाव वा अवस्था)* शोण+इमनिच्[5] (इमन्), अकारलोप, शोणिमन्= शोणिमा ।

शब्दार्थ- लालिमा, लाली, रातोपन, रक्तिमा ।

शोथः (ना./पुं.) शु गतौ सौत्र धातु, शु+थन्[6] (थ), उणा., गुण= शोथ ।

शोफस्तु श्वयथुः शोथः- इत्यमरः

शब्दार्थ- सुनिने रोग, सुज, शरीरको अङ्ग सुनिएर बढ्ने रोग, श्वयथु ।

शोथरोगः (ना./पुं.) शोथस्य रोगः *(शरीरको कुनै अङ्ग सुनिने रोग)* ष.त.स.= शोथरोग ।

शब्दार्थ-सुनिने रोग, शरीरको कुनै अङ्ग सुनिएर बढ्ने रोग

शोथहरः (ना./पुं.) शोथं हरतीति *(सुनिने रोग हरण गर्छ)* शोथ उपपदपूर्वक हृञ् हरणे (भ्वा.) धातु, शोथ+हृ+अच्[7] (अ), गुण= शोथहर ।

शब्दार्थ- सुनिने रोग निको हुने औषधि वा दवाइ ।

शोधः (ना./पुं.) शुद्ध्यते, शोध्यते इति वा *(चोखिन्छ, चोख्याइन्छ)* शुध शौचे (दिवा.) धातु, शुध्+घञ् (अ), गुण= शोध ।

अथवा शुध्+णिच्+घञ् (अ), गुण= शोध ।

शब्दार्थ- चोखिने वा पवित्र हुने काम, शुद्ध हुने काम, चोख्याउने वा शुद्ध पार्ने काम, बदला लिने काम । खोजी, अन्वेषण, अनुसन्धान,

---

[1] ल्युट् च : ल्युट्
[2] तव्यत्तव्यानीयरः : अनीयर्
[3] ऋहलोर्ण्यत् : ण्यत्
[4] अर्चिशुचिहुसृपि... : इसि
[5] वर्णदृढादिभ्यः....: इमनिच्
[6] उषिकुषिगर्तिभ्य...: थन्
[7] हरतेरनुद्यमनेऽच् : अच्

शोधक: (वि.) शोधयतीति *(शुद्ध पार्छ)* शुध शौचे (दिवा.) धातु, शुध्+णिचि, गुण, शोधि+ण्वुल्[1] (अक)=शोधक

शब्दार्थ- शुद्ध पार्ने, पवित्र बनाउने, चोख्याउने, ऋण चुक्ता गर्ने, संशोधन गर्ने, अनुसन्धान गर्ने, अन्वेषक ।

शोधकर्ता/शोधकार: (वि.) शोधं करोतीति *(संशोधन गर्छ, अनुसन्धान गर्छ)* शोध उपपदपूर्वक डुकृञ् करणे (तना.) धातु, शोध+कृ+तृच्[1] (तृ), गुण, शोधकर्तृ =शोधकर्ता ।

शोध+कृ+अण्[2] (अ), वृद्धि= शोधकार ।

शब्दार्थ- शोध गर्ने, अनुसन्धानकर्ता, शुद्ध गर्ने, शोधकर्ता, अनुसन्धान गर्ने, संशोधन गर्ने, शोध-प्रवन्ध तयार गर्ने ।

शोधकार्यम् (ना./न.) कर्तुं योग्यम्, क्रियते इति वा *(गर्न योग्य वा लायक)* डुकृञ् करणे (तना.) धातु, कृ+ण्यत् (य), वृद्धि, कार्यम् । शोधस्य कार्यम् *(अनुसन्धानको कार्य)* ष.त.स.= शोधकार्य ।

शब्दार्थ- अनुसन्धानसम्वन्धी कार्य, शोधग्रन्थको तयार गर्ने काम ।

शोधनम् (ना./न./वि.) शुध्यते इति *(शुद्ध गरिन्छ)* शुध शौचे (दिवा.) धातु, शुध्+ल्युट् (अन), गुण=शोधन । अथवा शोधयतीति *(शुद्ध पार्छ)* शुध्+णिचि+ल्यु (अन), णिलोप= शोधन ।

शब्दार्थ- शुद्ध गर्ने वा संशोधन गर्ने काम, संशोधन, पवित्रीकरण, अनुसन्धान, शुद्धकारक, शुद्ध पार्ने, संशोधन गर्ने ।

शोधनी (ना./स्त्री.) शोध्यते अनया *(शुद्ध गरिन्छ यसबाट)* शुध शौचे (दिवा.) धातु, शुध्+णिचि+ ल्युट्[3] (अन), करणमा, णिलोप, गुण, शोधन+ङीप् (ई) = शोधनी ।

शब्दार्थ- शुद्ध पार्ने वा वढार्ने कुचो, खरेटो, सम्मार्जनी, आदि ।

शोधनीय: (वि.) शुध्यते, शोधितुं योग्य: वा *(शुद्ध गरिन्छ वा शुद्ध गर्न योग्य)* शुध शौचे (दिवा.) धातु, शुध्+अनीय (र्), गुण, णिलोप= शोधनीय ।

शब्दार्थ- शुद्ध गर्न योग्य, शुद्ध गर्नुपर्ने, अनुसन्धान गर्न लायक, सफा गर्न उचित ।

शोधपत्रम् (ना./न.) शोधस्य पत्रम् *(शोधकार्यको लेख वा पत्र)* ष.त.स.= शोधपत्र ।

शब्दार्थ- शोधार्थीले शोधकार्य पूरा गरी तयार गरेको लेख वा अनुसन्धानात्मक रचना ।

शोधपरक: (वि.) पिपर्तीति *(पूरा गर्छ)* पृ पालनपूरणयो: (जुहो.) धातु, पृ+अच् (पचादि), गुण, पर: । पर+कन् (क), स्वार्थमा, परक: ।

शोधाय परक: *(शोधका लागि जोड दिइएको)* च.त.स. =शोधपरक ।

शब्दार्थ- शोधकार्यका लागि विशेष जोड दिइएको, अनुसन्धानलाई मुख्य ठानिएको ।

शोधप्रबन्ध: (ना./पुं.) शोधस्य प्रवन्ध: *(शोधकार्यको प्रबन्ध वा लेखरचना)* ष.त.स.= शोधप्रबन्ध ।

शब्दार्थ- शोधकार्यको प्रबन्ध वा रचना, शोधग्रन्थ ।

शोधार्थी (ना./पुं.) शोधमर्थितुं शीलमस्य *(शोध प्रबन्ध तयार गर्ने शील छ यसको)* शोध उपपदपूर्वक अर्थ उपयाञ्चायाम् (चुरा.) धातु, शोध्+अर्थ्+णिनि (इन्), दीर्घ, शोधार्थिन्= शोधार्थी ।

शब्दार्थ- शोधग्रन्थ तयार गर्न चाहने व्यक्ति, शोध प्रवन्ध लेख्ने व्यक्ति, अनुसन्धान गर्न चाहने व्यक्ति ।

शोधिका (ना./स्त्री.) शोधयति असौ *(शुद्ध गर्छे वा अनुसन्धान गर्छे यो)* शुध शौचे (दिवा.) धातु, शुध्+णिचि, गुण, शोधि+ण्वुल् (अक), णिलोप, शोधक+टाप् (आ), ककारपूर्वका अकारको इत्व =शोधिका ।

शब्दार्थ- अनुसन्धानकर्त्री, अन्वेषिका, चोख्याउने स्त्री, संशोधिका, संशोधन गर्ने स्त्री ।

शोधित: (वि.) शोध्यते स्म इति *(शुद्ध गरिएको)* शुध शौचे (दिवा.) धातु, शुध्+णिचि, गुण, शोधि+क्त (त), णिलोप, इडागम= शोधित ।

शब्दार्थ- शुद्ध गरिएको, पवित्र वा स्वच्छ पारिएको, परिमार्जित, संशोधन गरिएको ।

शोध्य: (वि.) शुध्यते, शोधितुं योग्य: वा *(शुद्ध गर्न योग्य)* शुध शौचे (दिवा.) धातु, शुध्+ण्यत्[4] (य), गुण =शोध्य ।

शब्दार्थ- संशोधन गर्न योग्य वा लायक, अनुसन्धान गर्नुपर्ने, शुद्ध पार्नुपर्ने, परिष्कृत गर्न योग्य ।

शोभन: (वि./ना./न.) शोभते, शुभ्यते इति वा *(सुशोभित हुन्छ, सुशोभित हुनु)* शुभ दीप्तौ (भ्वा.) धातु, शुभ्+ल्यु[5] (अन), गुण= शोभन ।

शुभ्+ल्युट् (अन), गुण= शोभन ।

सुन्दरं रुचिरं चारु सुषमं साधु शोभनम्- इत्यमर:

शब्दार्थ- सुन्दर, राम्रो, मनोहर, चारु, मनोरम, चम्किलो, मञ्जु, शुभ, शोभा, सौन्दर्य, कान्ति, मनोहारिका ।

शोभनीय:/शोभ्य: (वि.) शोभितुं योग्य: *(शोभा दिन योग्य वा लायक)* शुभ दीप्तौ (भ्वा.) धातु, शुभ्+अनीय (र्), गुण= शोभनीय ।

शुभ्+यत्[6] (य), गुण= शोभ्य ।

शब्दार्थ- शोभा दिने, सुहाउँने, सुन्दर, मनोरम ।

---

[1] ण्वुल्तृचौ : ण्वुल्/तृच्

[2] कर्मण्यण् : अण्

[3] करणाधिकरणयोश्च : ल्युट्

[4] ऋहलोर्ण्यत् : ण्यत्

[5] नन्दिग्रहिपचादि...: ल्यु

[6] पोरदुपधात् : यत्

शोभा (ना./स्त्री.) शोभते, शुभति अनया *(शोभा दिन्छ यसले)* शुभ दीप्तौ (भ्वा.) वा शुभ शोभार्थे (तुदा.) धातु, शुभ्+अच् (पचादि), गुण, शोभ+टाप् (आ) =शोभा ।

शुषमा परमा शोभा शोभा कान्तिर्द्युतिश्छविः - इत्यमरः

शब्दार्थ- कान्ति, दीप्ति, चमक, प्रकाश, छवि, सौन्दर्य, लावण्य, मनोहारिता ।

शोभान्वितः (वि.) शोभया अन्वितः *(शोभाले युक्त)* तृ.त.स., दीर्घ= शोभान्वित ।

शब्दार्थ- शोभाले परिपूर्ण, शोभाले युक्त भएको ।

शोभायमानः (वि.) शोभामिच्छतीति *(शोभा चाहन्छ)* शोभा +क्यप् (य), शोभाय (ना.धा.) । शोभायतीति *(शोभा दिन्छ)* शोभाय+शानच्[१] (आन), मुक्[२]= शोभायमान ।

शब्दार्थ- ज्यादै सुहाएको, शोभा वढाएको, ज्यादै उग्रेको, खुव खुलेको, अतिशोभा दिइरहेको ।

शोभायात्रा (ना./स्त्री.) शोभायै यात्रा *(शोभाका लागि जाने यात्रा)* च.त.स.= शोभायात्रा ।

शब्दार्थ- कुनै उत्सव, पर्व आदिमा जाने जुलुस, जन्ती, वरयात्रा, वरियाँत ।

शोभितः (वि.) शोभ्यते स्म इति *(सुहाएको)* शुभ शोभार्थे (तुदा.) धातु, शुभ्+णिचि, गुण, शोभि+क्त (त), णिलोप, इडागम= शोभित ।

शब्दार्थ- सुहाएको, सजाएको, अलङ्कृत, विभूषित, शोभायुक्त, सुशोभित, शोभायमान भएको ।

शोषः (ना./पुं.) शुष्यते इति *(सुकाइन्छ)* शुष शोषणे (दिवा.) धातु, शुष्+घञ्[३] (अ), गुण= शोष ।

शब्दार्थ- सुक्ने काम, सुकाउने काम, सोस्ने काम, शोषण, सुख्खापन ।

शोषकः (वि.) शोषयतीति *(सोस्छ, शोषण गर्छ)* शुष शोषणे (दिवा.) धातु, शुष्+णिचि+ण्वुल्[४] (अक), गुण, णिलोप= शोषक ।

शब्दार्थ- शोषण गर्ने, सोस्ने, सुख्खा पार्ने, सुकाउने, शोषणकारी ।

शोषणम् (ना./न./पुं.) शोषणम्, शुष्यते, शोष्यते, शोषयति वा अनेन *(सोसिन्छ, सुकाइन्छ, शोषण गर्छ यसले)* शुष शोषणे (दिवा.) धातु, शुष्+ल्युट्[५] (अन), गुण= शोषण ।

अथवा शुष्+णिचि+ल्यु (अन), गुण, णत्व= शोषण ।

उन्मादनश्तापनश्च शोषणस्तम्भनस्तथा
सम्मोहनश्च कामस्य पञ्चवाणाः प्रकीर्तिताः - इत्यमरः

शब्दार्थ- सुक्ने काम, सुकाउने क्रिया, अर्काको धन सम्पत्ति आदि चुस्ने वा शोषण गर्ने काम, चुसाइ, कामदेवका पाँच वाणमध्ये एक ।

शोषणरहितः (वि.) शोषणेन रहितः *(शोषण नभएको)* तृ.त.स.= शोषणरहित ।

शब्दार्थ- शोषण वा थिचोमिचो नभएको, अर्कालाई दुःख पीडा दिने काम नभएको ।

शोषणी (ना./स्त्री.) शोष्यते अनेन *(शोषण गरिन्छ यसबाट)* शुष शोषणे (दिवा.) धातु, शुष्+णिचि+ल्युट्[५] (अन), गुण, णिलोप, णत्व, शोषण+ङीप् (ई) =शोषणी ।

शब्दार्थ- लेखेको मसी आदि सोस्ने कागत, शोषकपत्र ।

शोषणीयः (वि.) शोष्टुं, शोषितुं वा योग्यः *(सुक्न वा सुकाउन लायक)* शुष शोषणे (दिवा.) धातु, शुष्+अनीय (र्), गुण, णत्व= शोषणीय ।

शुष्+णिचि+अनीय (र्), णत्व, णिलोप= शोषणीय ।

शब्दार्थ- सुक्न वा चुस्न लायक, सुकाउन योग्य, शोषण गर्न योग्य वा लायक ।

शोषितः (वि.) शोष्यते स्म इति *(शोषण गरिएको)* शुष शोषणे (दिवा.) धातु, शुष्+णिचि, गुण, शोषि+क्त (त), णिलोप, इडागम= शोषित ।

शब्दार्थ- शोषण गरिएको, सुख्खा पारिएको, चुसिएको, सुकाइएको ।

शोष्यः (वि.) शोष्टुं शोषितुं योग्यः *(सुक्न वा सुकाउन लायक)* शुष शोषणे (दिवा.) धातु, शुष्+ण्यत्[६] (य), गुण= शोष्य ।

अथवा शुष्+णिचि, गुण, शोषि+यत्[७] (य), णिलोप =शोष्य ।

शब्दार्थ- शोषण गर्न लायक, सुक्न सुकाउन लायक, शोषण गरिने, चुसिने ।

शौकम् (ना./न./वि.) शुकानां गणः/समूहः वा, शुकस्य इदम् *(सुगाको समूह वा बथान, सुगाको यो)* शुक+अण्[८] (अ), आदिवृद्धि, अकारलोप= शौक ।

शब्दार्थ- सुगाको वथान वा समूह, सुगाको यो, सुगासम्वन्धी ।

शौक्ल्यम् (ना./न.) शुक्लस्य भावः *(सेतो हुनाको भाव वा अवस्था)* शुक्ल+ष्यञ्[९] (य), आदिवृद्धि, अकारलोप =शौक्ल्य ।

शब्दार्थ- सेतोपना, वुढचाइँले कपाल आदि फुल्ने क्रिया, श्वेतता, शुक्लता, सफेदपना ।

शौचम् (ना./न.) शुचेर्भावः *(पवित्र हुनाको भाव वा अवस्था)* शुचि+अण्[१०] (अ), आदिवृद्धि, इकारलोप=शौच

शब्दार्थ- पवित्रता, शुचिता, शुद्धता, स्वच्छता, शुद्ध हुने काम।

शौचकर्म (ना./न.) शौचञ्च तत्कर्म *(शुद्धि कर्म)* वा शौचस्य कर्म *(शुद्ध हुनाको कर्म)* ष.त.स.= शौचकर्म।

शब्दार्थ- शुद्धिसंस्कार, शुद्ध हुने कर्म, स्वच्छ हुने काम।

---

[१] लटः शतृशान... : शानच्
[२] आने मुक् : मुक्
[३] अकर्तरि च कारके...: घञ्
[४] ण्वुल्तृचौ : ण्वुल्
[५] करणाधिकरणयोश्च : ल्युट्
[६] ऋहलोर्ण्यत् : ण्यत्
[७] अचो यत् : यत्
[८] तस्य समूहः/तस्येदम् : अण्
[९] वर्णदृढादिभ्य...: ष्यञ्
[१०] इगन्ताच्च... : अण्

शौचागार:/शौचालय: (ना./पुं.) शौचाय आगार:/शौचाय आलय: *(दिसा पिसाबका लागि घर वा कोठा)* च.त.स., दीर्घ= शौचागार/शौचालय ।

शब्दार्थ- दिसा पिसाव गर्ने ठाउँ, चर्पी, शौचालय ।

शौद्र: (वि./ना./पुं.) शूद्रस्य अयम्, शूद्रायां जात:, शूद्राया: अपत्यम् इति वा *(शूद्रको यो, शूद्रा स्त्रीमा जन्मेको वा शूद्रा स्त्रीको सन्तान)* शूद्र+अण्[१] (अ), आदिवृद्धि, अकारलोप= शौद्र ।

शब्दार्थ- शूद्रको, शूद्रसम्वन्धी, शूद्रा स्त्रीमा पैदा भएको, शूद्राको पुत्र, शूद्रा स्त्रीको सन्तान ।

शौनक: (ना./पुं.) शुनकस्य अपत्यम् पुमान् *(शुनक ऋषिका सन्तति)* शुनक+अण्[२] (अ), आदिवृद्धि, अकारलोप= शौनक ।

शब्दार्थ- ऋग्वेदको प्रातिशाख्य र अथर्ववेदको शौनकशाखा र अरू अनेकौं वैदिक रचनाका प्रणेता, मुनि, प्राचीन भारतको नैमिषारण्य निवासी ऋषिहरूमध्ये प्रसिद्ध एक ऋषि, पौराणिक प्रख्यात महर्षि ।

शौरसेनी (ना./स्त्री./वि.) शूरसेने जाता *(शूरसेन प्रदेशमा पैदा भएको)* शूरसेनस्य इयम् *(शूरसेनको यो)* शूरसेन+अण्(अ), आदिवृद्धि, अकारलोप= शौरसेनी ।

शब्दार्थ-प्राचीन शूरसेन प्रदेशमा वोलिने प्राकृत भाषा, शूरसेन प्रदेशको, शूरसेन प्रदेशसित सम्वन्धित ।

शौरि: (ना./पुं.) शूरस्य अपत्यम् *(शूरसेनका सन्तान)* शूर+इञ्[३] (इ), आदिवृद्धि, अकारलोप= शौरि ।

शब्दार्थ- शूरसेनका सन्तति, कृष्ण, वलराम ।

शौर्यम् (ना./न.) शूरस्य भाव: कर्म वा *(सूरो हुनाको भाव, कर्म वा अवस्था)* शूर+ष्यञ्[४] (य), आदिवृद्धि, अकारलोप= शौर्य ।

शब्दार्थ- पराक्रम, शक्ति, वलशालिता, सूरोपना, वीरता ।

शौल्किक: (ना./पुं.) शुल्के नियुक्त: *(शुल्क असुल गर्ने काममा नियुक्त गरिएको)* शुल्क+ठक्[५] (इक), आदिवृद्धि= शौल्किक ।

शब्दार्थ-शुल्क असुल गर्ने अधिकारी, शुल्क लिने व्यक्ति ।

श्मशानम् (ना./न.) शवा: शेरते अत्र *(शव पल्टेका हुन्छन् यहाँ)* शवपूर्वक शीङ् स्वप्ने (अदा.) धातु, शव+शी+ल्युट् (अन), अधिकरणमा, पृषोदारदिबाट शवका शको अलोप, शीको आत्व-निपातन, व ध्वनि ममा परिणत, श्म शा अन= श्मशान ।

शब्दार्थ- मसानभूमि, मरणघाट, मुर्दा पोल्ने वा गाड्ने ठाउँ

श्मश्रु (ना./न.) श्म मुखं श्रयति *(मुखको सेवा गर्छ)* श्मे मुखे श्रूयते लक्ष्यते अनेनेति *(मुखमा लक्षित हुन्छ यसबाट)* श्म उपपदपूर्वक श्रिञ् सेवायाम् वा श्रु श्रवणे (भ्वा.) धातु, श्म+श्रि/श्रु+डु[६] (उ), टिलोप= श्मश्रु ।

शब्दार्थ- पुरुषको मुखमा हुने दाढी, दाह्री, जुंघा ।

श्मश्रुल: (वि.) श्मश्रु अस्यास्तीति *(दाढी छ यसको)* श्मश्रु+लच्[७] (ल)= श्मश्रुल ।

शब्दार्थ- दाह्रीवाला, दाह्री भएको, दाढी हुने ।

श्यान: (वि.) श्यायते स्म इति *(गएको)* श्यैङ् गतौ (भ्वा.) धातु, श्यै+क्त (त), कर्तामा, आत्व, निष्ठा तको न= श्यान ।

शब्दार्थ-गएको, जमेको, डल्लो भएको, खुम्चिएको, सानो ।

श्याम: (ना./पुं.) श्यायते मन: यस्मात् *(जसबाट मन खिचिन्छ)* श्यैङ् गतौ (भ्वा.) धातु, श्यै+मक्[८] (म), उणा., आत्व= श्याम ।

शब्दार्थ- कालो र नीलो मिश्रित रङ, कालो रङ, वादल, मेघ, गाढा हरियो रङ, कृष्ण वर्ण, कोइली, मरीच, समुद्रको नुन ।

श्यामकर्ण: (ना./पुं.) श्यामौ कर्णौ यस्य *(श्याम वर्णका कान छन् जसका)* व.स.= श्यामकर्ण ।

शब्दार्थ- दुवै कान काला र अरू शरीर सेतो भएको घोडा, अश्वमेघ यज्ञका लागि उत्तम मानिएको घोडा ।

श्यामल: (वि.) श्याम: श्यामवर्ण: अस्ति अस्य *(कृष्णवर्ण छ यसको)* श्याम+लच्[७] (ल)= श्यामल ।

शब्दार्थ-हल्का कालो वर्णको, साँवलो, फिक्का श्याम वर्णको

श्यामलता (ना./स्त्री.) श्यामलस्य भाव: *(हल्का कालो वर्ण हुनाको भाव वा अवस्था)* श्यामल+तल् (त)+टाप् (आ)= श्यामलता ।

शब्दार्थ- फिक्का कालोपना, साँवलोपन ।

श्यामलिमा (ना./पुं.) श्यामलस्य भाव: *(फिक्का श्यामवर्ण हुनाको भाव वा अवस्था)* श्यामल+इमनिच्[९] (इमन्), अकारलोप, श्यामलिमन्= श्यामलिमा ।

शब्दार्थ-हल्का कालोपना, श्यामलता, साँवलोपन, कालिमा ।

श्यामा (ना./स्त्री.) श्यायते मन: यस्मात् इति *(जसबाट मन खिचिन्छ)* श्यैङ् गतौ (भ्वा.) धातु, आत्व, श्या+मक् (म), उणा., श्याम: । श्याम: वर्ण: अस्ति अस्या: *(श्यामवर्ण छ यस स्त्रीको)* श्याम+अच् (अर्शादि), श्याम+टाप् (आ)= श्यामा ।

शब्दार्थ- वच्चा नपाएकी वाला युवती, काली आइमाई, राधा, कालिका, श्यामवर्णकी स्त्री, जाडोमा सबै अङ्ग तातो र गर्मीमा सबै अङ्ग चीसो हुने फिक्का श्यामवर्णकी स्त्री, यमुना नदी, नीलिमा, अँध्यारोरात, कालो गाई, कोइली चरो, दहीगुह्याँलो ।

शीते सुखोष्णसर्वाङ्गी ग्रीष्मे या सुखशीतला
तप्तकाञ्चनवर्णाभा सा स्त्री श्यामेति कथ्यते-

श्यामित: (वि.) श्याम: सञ्जात: अस्य *(श्यामवर्ण भएको छ यसको)* श्याम+इतच्[१०] (इत), अकारलोप =श्यामित ।

शब्दार्थ- कालो पारिएको, कृष्णवर्ण बनाइएको ।

---

[१] तस्येदम्/तत्र जात:/तस्यापत्यम् : अण्
[२] ऋष्यन्धकवृष्णि... : अण्
[३] अत इञ् : इञ्
[४] गुणवचन... : ष्यञ्
[५] तत्र नियुक्तः : ठक्
[६] भितद्रवादिभ्य... (वा.) : डु
[७] सिध्मादिभ्यश्च : लच्
[८] इषियुधीन्धि... : मक्
[९] पृथ्वादिभ्य...: इमनिच्
[१०] तदस्य सञ्जातम्.. : इतच्

श्यालः (ना./पुं.) श्यायते इति *(विचरण गर्छ)* श्यैङ् गतौ (भ्वा.) धातु, श्यै+कालन्[१] (आल), बहुलप्रकारले उणा., आत्व, दीर्घ= श्याल ।

अथवा श्यामयतीति *(तर्क गर्छ)* श्यम वितर्के (चुरा.) धातु, श्यम्+णिचि, वृद्धि, श्यामि+अच् (पचादि), णिलोप, पृषोदरादिबाट मको ल= श्याल ।

शब्दार्थ- पत्नीको भाइ, सालो ।

श्यालकः (ना./पुं.) श्याल एव *(सालो नै)* श्याल+कन् (क), स्वार्थमा= श्यालक ।

शब्दार्थ- पत्नीको भाइ, सालो ।

श्यालिका/श्याली (ना./स्त्री.) श्यायते असौ *(विचरण गर्छे यो)* श्यैङ गतौ (भ्वा.) धातु, श्यै+कालन् (आल), आत्व, दीर्घ, श्याल+टाप् (आ), श्याला । श्याला एव *(साली नै)* श्याला+कन् (क), स्वार्थमा, ह्रस्व, श्यालक+टाप् (आ), ककारपूर्वका अकारको इत्व=श्यालिका ।

श्यामति असौ *(तर्कना गर्छे यो)* श्यम वितर्के (चुरा.) धातु, श्यम्+अच् (पचादि), दीर्घ, श्याम, पृषोदरादिबाट मको ल, श्याल+ङीप् (ई)= श्याली ।

शब्दार्थ- साली; पत्नीकी बहिनी ।

श्यावः (वि.) श्यायते इति *(फुङ्ग उड्छ)* श्यैङ् गतौ (भ्वा.) धातु, श्यै+व (उणा.), बहुलप्रकारले, आत्व= श्याव ।

श्यावः स्यात् कपिशः - इत्यमरः

शब्दार्थ-कपिशवर्णको, कालो पहेंलो रङ्को, ध्वाँसे वर्णको

श्येतः (वि.) श्यायते इति *(स्वच्छ बन्छ)* श्यैङ् गतौ (भ्वा.) धातु, श्यै+इतन्[२] (इत), उणा., आत्व, श्या इत, गुण= श्येत ।

शुक्ल-शुभ्र-शुचिश्वेत-विशद-श्येत-पाण्डरा- इत्यमरः

शब्दार्थ- सेतो वर्णको, शुक्लवर्णको, सेतो रङ्को, शुभ्र ।

श्येता (ना./स्त्री.) श्यायते असौ *(गोरो वर्णकी छ यो)* श्यैङ् गतौ (भ्वा.) धातु, श्यै+इतन् (इत), आत्व, गुण, श्येत+टाप् (आ)= श्येता ।

शब्दार्थ- सेतो वर्णकी स्त्री, गौराङ्गना, गोरी आइमाई ।

श्येनः (ना./पुं.) श्यायते वेगेन *(वेगले उड्छ)* श्यैङ् गतौ (भ्वा.) धातु, श्यै+इनच्[३] (इन), उणा., आत्व, श्या इनको गुण= श्येन ।

श्येनः पक्षिणि पाण्डुरे- इति मेदिनी

शब्दार्थ- बाज चरो, सिकारी चरो, सेतो पहेंलो मिश्रित वर्ण ।

श्रद्धा (ना./स्त्री.) श्रद्धानमिति *(श्रद्धा गरिन्छ)* उपसर्गको रूपमा प्रयोग हुने 'श्रत्' अव्ययपूर्वक डुधाञ् धारणपोषणयोः (जुहो.) धातु, श्रत्+धा+अङ्[४] (अ)+ टाप् (आ), आलोप, जश्त्व= श्रद्धा ।

श्रद्धाऽऽदरे च काङ्क्षायाम्- इति मेदिनी

शब्दार्थ- आदर, सद्भाव, सम्मान, आस्था, निष्ठा, भक्तिभाव, आकाङ्क्षा, उत्कण्ठा, इच्छा, विश्वास ।

श्रद्धामयः (वि.) प्रकृता प्राचुर्येण प्रस्तुता श्रद्धा *(धेरै मात्रामा गरिएको श्रद्धा)* श्रद्धा+मयट्[५] (मय)=श्रद्धामय ।

शब्दार्थ- श्रद्धाले परिपूर्ण, श्रद्धाले युक्त ।

श्रद्धालुः (वि./ना./स्त्री.) श्रद्धत्ते, श्रद्दधाति तच्छीलः *(श्रद्धाशील वा श्रद्धा गर्ने शील भएको, श्रद्धायुक्त)* श्रत्पूर्वक डुधाञ् धारणपोषणयोः (जुहो.) धातु, श्रद्+धा+आलुच्[६] (आलु)= श्रद्धालु ।

श्रद्धालुः श्रद्धया युक्ते- इत्यमरः

श्रद्धालुर्दोहदवती- इत्यमरः

शब्दार्थ- श्रद्धा भएको, श्रद्धा गर्ने, कुनै कुरा इच्छा गर्ने, श्रद्धायुक्त, गर्भवती स्त्री, कुनै चीज कामना गर्ने, गर्भिणी स्त्री ।

श्रद्धावती (ना./स्त्री.) प्रशस्ता श्रद्धा अस्याः अस्तीति *(पर्याप्त श्रद्धा छ यस स्त्रीको)* श्रद्धा+मतुप् मत्), मको व, श्रद्धावत्+ङीप् (ई)= श्रद्धावती ।

शब्दार्थ- धेरै श्रद्धा गर्ने स्त्री, श्रद्धा भएकी नारी ।

श्रद्धावान् (वि.) श्रद्धा अस्य अस्तीति *(श्रद्धा छ यसको)* श्रद्धा+मतुप् (मत्), मको व, श्रद्धावत्= श्रद्धावान् ।

शब्दार्थ- श्रद्धा भएको, आस्था वा निष्ठा भएको, श्रद्धालु ।

श्रद्धास्पदः (वि./ना./न.) श्रद्धा आस्पदम् यस्य *(श्रद्धा नै स्थान वा निष्ठा छ जसको)* ब.स., दीर्घ= श्रद्धास्पद ।

अथवा श्रद्धायाः आस्पदम् *(श्रद्धाको पात्र)* ष.त.स., दीर्घ =श्रद्धास्पद ।

शब्दार्थ- श्रद्धा गर्न योग्य वा लायक, श्रद्धेय, आदरणीय, श्रद्धाको पात्र ।

श्रद्धेयः (वि.) श्रद्धातुं योग्यः *(श्रद्धा गर्न योग्य)* श्रद्पूर्वक डुधाञ् धारणपोषणयोः (जुहो.) धातु, श्रद्+धा+यत्[७] (य), ईत्व[८], गुण= श्रद्धेय ।

शब्दार्थ- श्रद्धा गर्नुपर्ने, श्रद्धा वा आदर गर्न उपयुक्त, आदरणीय ।

श्रमः (ना./पुं.) श्रम्यति, श्रम्यते अनेनेति *(परिश्रम गर्छ वा गरिन्छ यसबाट)* श्रमु तपसि खेदे च (दिवा.) धातु, श्रम्+घञ्[९] (अ), वृद्धिनिषेध= श्रम ।

शब्दार्थ- मिहिनेत, परिश्रम, प्रयत्न, प्रयास, ग्लानि, व्यायाम, कसरत ।

श्रमकणः (ना./पुं.) श्रमस्य कणः *(पसिनाको थोपा)* ष.त.स.= श्रमकण ।

शब्दार्थ- श्रम गरेर पैदा हुने पसिना, पसिनाको बिन्दु, पसिनाको थोपा ।

---

१. उणादयो बहुलम् : कालन्
२. हृश्याभ्यामितन् : इतन्
३. श्यास्त्याहृञ्विभ्य... : इनच्
४. आतश्चोपसर्गे... : अङ्
५. तत्प्रकृतवचने मयट् : मयट्
६. स्पृहिगृहिपतिदयि... : आलुच्
७. अचो यत् : यत्
८. ईद्यति : ईत्व
९. अकर्तरि च कारके.../ हलश्च : घञ्

श्रमजीवी (वि.) श्रमेण जीवितुं शीलमस्य *(श्रमद्वारा जीवन निर्वाह गर्ने शील छ यसको)* श्रम उपपदपूर्वक जीव प्राणधारणे (भ्वा.) धातु, श्रम+जीव्+णिनि[१] (इन्), श्रमजीविन्= श्रमजीवी ।

शब्दार्थ- परिश्रम गरेर जीवन निर्वाह गर्ने, श्रमद्वारा जीविका चलाउने, कृषक, मजदुर, श्रमिक ।

श्रमदानम् (ना./न.) श्रमस्य दानम् *(श्रमको दान)* ष.त.स. =श्रमदान ।

शब्दार्थ- सार्वजनिक काममा श्रम लगाएर सहयोग गर्ने काम ।

श्रमरहितः (वि.) श्रमेण रहितः *(श्रमरहित)* तृ.त.स. =श्रमरहित ।

शब्दार्थ- श्रमहीन, परिश्रमरहित ।

श्रमिकः (वि.) श्रमः अस्यास्तीति *(श्रम छ यसको)* श्रम+ठन्[२] (इक), अकारलोप= श्रमिक ।

शब्दार्थ- श्रम गर्ने, परिश्रमी, ज्यामी, मजदुरी गर्ने, ज्यालादारी, परिश्रम गरेर जीवनयापन गर्ने ।

श्रवः (ना./पुं.) श्रवणम्, श्रूयते अनेन इति वा *(सुनिन्छ यसबाट)* श्रु श्रवणे (भ्वा.) धातु, श्रु+अप्[३] (अ), गुण, अवादेश= श्रव ।

शब्दार्थ- सुन्ने काम, शव्दग्रहण गर्ने श्रोत्रेन्द्रिय, कान, श्रोत्र, श्रुति, कर्ण ।

श्रवणम् (ना./न.) श्रूयते अनेन *(सुनिन्छ यसबाट)* श्रु श्रवणे (भ्वा.) धातु, श्रु+ल्युट्[४] (अन), करणमा, गुण, अवादेश= श्रवण ।

कर्णशब्दग्रहौ श्रोत्रं श्रुतिः स्त्री श्रवणं श्रवः- इति अमरः

शब्दार्थ- सुन्ने काम, शव्द ग्रहण गर्ने श्रोत्रेन्द्रिय, कान, श्रोत्र, श्रुति, कर्ण, सत्ताईस नक्षत्रमध्ये एक ।

श्रवणगोचरः (वि.) श्रवणस्य गोचरः *(कानको विषयभित्रको)* ष.त.स.= श्रवणगोचर ।

शब्दार्थ- कर्णगोचर, कानको विषयभित्र पर्ने, सुन्न सकिने सीमा वा हदतकको ।

श्रवणीयः (वि.) श्रोतुं योग्यः, श्रूयते इति वा *(सुन्नलायक)* श्रु श्रवणे (भ्वा.) धातु, श्रु+अनीय (र्), गुण, अवादेश = श्रवणीय ।

शब्दार्थ- सुन्नयोग्य, सुन्नलायक, सुन्न उपयुक्त हुने, सुन्नुपर्ने, श्रव्य ।

श्रवणेन्द्रियम् (ना./न.) श्रवणं च तत् इन्द्रियञ्च *(शब्द ग्रहण गर्ने इन्द्रिय)* क.त.स., गुण= श्रवणेन्द्रिय ।

शब्दार्थ- शव्द ग्रहण गर्ने इन्द्रिय, श्रोत्रेन्द्रिय, ज्ञानेन्द्रियका पांच विषयमध्ये एक, सुन्ने इन्द्रिय, कान, कर्ण ।

श्रव्यः (वि.) श्रोतुं योग्यः, श्रूयते इति वा *(सुन्न लायक)* श्रु श्रवणे (भ्वा.) धातु, श्रु+यत्[५] (य), गुण, अवादेश =श्रव्य ।

शब्दार्थ- सुन्न योग्य वा लायक, सुन्न उपयुक्त, श्रवणीय, सुन्नुपर्ने, सुन्नसकिने ।

श्रव्यकाव्यम् (ना./न.) श्रव्यञ्च तत्काव्यम् *(श्रव्यकाव्य)* क.त.स.= श्रव्यकाव्य ।

शब्दार्थ- सुनेर, पढेर अनुभूति हुने काव्य, कविता, कथा, निवन्ध, उपन्यास, महाकाव्य आदि श्रव्यकाव्य विधा ।

श्राणः (वि.) श्रायते स्म इति *(पकाइएको)* श्रा पाके (अदा.) धातु, श्रा+क्त (त), निष्ठा तको न[६], णत्व =श्राण ।

शब्दार्थ- पकाइएको, उमालिएको, तताएको, पकाएको (भाँडो) ।

श्राद्धम् (ना./न./वि.) श्रद्धा अस्य अत्रास्तीति वा *(श्रद्धा छ यसको वा यसमा)* श्रद्धा+ण[७] (अ), आदिवृद्धि, अकारलोप= श्राद्ध ।

अथवा श्रद्धा प्रयोजनमस्य *(श्रद्धा प्रयोजन छ यसको)* श्रद्धा+अण् (अ), आदिवृद्धि= श्राद्ध ।

श्राद्धं तत्कर्म शास्त्रतः - इत्यमरः

श्रद्धया दीयते यस्मात्तस्माच्छ्राद्धं निगद्यते ।

शब्दार्थ- पितृकर्म, शास्त्रीय विधिपूर्वक श्रद्धा गरेर पितृलाई अर्पण गरिने पिण्डदानादि कर्म, श्रद्धा गर्ने, निष्ठा गर्ने, विश्वास गर्ने ।

श्राद्धकरः (वि.) श्राद्धं करोति तच्छीलः *(श्राद्ध गर्न कुशल)* डुकृञ् करणे (तना.) धातु, श्राद्ध+कृ+ट[८] (अ), गुण =श्राद्धकर ।

शब्दार्थ-श्राद्ध गर्न निपुण, श्राद्ध गर्ने शीलस्वभाव भएको ।

श्राद्धकर्ता/श्राद्धकृत् (वि.) श्राद्धं करोतीति *(श्राद्ध कर्म गर्छ)* श्राद्ध उपपदपूर्वक डुकृञ् करणे (तना.) धातु, श्राद्ध+कृ+तृच्[९] (तृ), गुण, श्राद्धकर्तृ= श्राद्धकर्ता ।

श्राद्ध+कृ+क्विप्[१०], तुगागम[११], क्विप्को सर्वलोप =श्राद्धकृत् ।

शब्दार्थ- श्राद्धकर्म गर्ने, श्रद्धापूर्वक पितृका लागि पिण्डदानादि कर्म गर्ने (व्यक्ति) ।

श्राद्धकर्म (ना./न.) श्राद्धञ्च तत्कर्म *(श्राद्धसम्बन्धी कर्म)* क.त.स.= श्राद्धकर्म ।

अथवा श्राद्धस्य कर्म *(श्राद्धको कर्म)*ष.त.स.=श्राद्धकर्म ।

शब्दार्थ- श्रद्धापूर्वक पितृलाई अर्पण गरिने पिण्डदानादि कर्म, श्राद्धको काम, श्राद्धसम्वन्धी कर्म ।

---

१. सुप्यजातौ... : णिनि
२. अत इनिठनौ : ठन्/इनि
३. ऋदोरप् : अप्
४. करणाधिकरणयोश्च : ल्युट्
५. अचो यत् : यत्
६. संयोगादे रातोधातो... : निष्ठा तको न
७. प्रज्ञाश्रद्धार्चाभ्यो णः : ण
८. कृञो हेतु.... : ट
९. ण्वुल्तृचौ : तृच्
१०. क्विप् च : क्विप्
११. ह्रस्वस्य पिति कृति... : तुक्

श्राद्धदेवः (ना./पुं.) श्राद्धस्य देवः *(श्राद्धका देवता)* ष.त.स. =श्राद्धदेव ।

शब्दार्थ- श्राद्धका अधिष्ठात्री देवता, धर्मराज, यमराज, पितृका पति वा स्वामी, श्राद्धकर्ममा निमन्त्रणा गरिएका ब्राह्मण ।

श्राद्धभोक्तृ (क्ता) (ना./पुं.) श्राद्धं भुनक्तीति *(श्राद्धको उपभोग गर्छन्)* श्राद्ध उपपदपूर्वक भुज पालनाभ्यवहारयोः (रुधा.) धातु, श्राद्ध+भुज्+तृच्[१] (तृ), श्राद्धभोक्तृ= श्राद्धभोक्ता ।

शब्दार्थ- श्राद्धको उपभोग गर्ने पितृदेव, दिवङ्गत पूर्वज, श्राद्धमा भोजन गर्ने ब्राह्मण ।

श्राद्धिकः/श्राद्धी (वि.) श्राद्धं तत्साधनं द्रव्यं भुक्तमनेन *(श्राद्धसम्बन्धी द्रव्य वा सामग्री उपभोग गरेको छ यसले)* वा श्राद्धादागतः *(श्राद्धबाट आएको)* श्राद्ध+ठन्[२]/ठक् (इक), अकारलोप= श्राद्धिक ।

श्राद्ध+इनि (इन्), अकारलोप, श्राद्धिन्= श्राद्धी ।

शब्दार्थ- श्राद्ध र श्राद्धसम्बन्धी सामग्री उपभोग गर्ने, श्राद्धको भोग गर्ने (पूर्वपुरुष), श्राद्धभोजी (विप्र वा ब्राह्मण), श्राद्धको, श्राद्धकर्मसम्बन्धी, श्राद्धसित सम्बन्धित ।

श्राद्धीयः (वि.) श्राद्धे भवः, श्राद्धस्य अयम् *(श्राद्धमा हुने वा भएको, श्राद्धको यो)* श्राद्ध+छ[३] (ईय), अकारलोप =श्राद्धीय ।

शब्दार्थ- श्राद्धमा हुने, श्राद्धको, श्राद्धकर्मसम्बन्धी ।

श्रान्तः (वि.) श्राम्यति स्म इति *(थाकेको)* श्रमु तपसि खेदे च (दिवा.) धातु, श्रम्+क्त[४] (त), कर्तामा, दीर्घ[५], परसवर्ण= श्रान्त ।

शब्दार्थ- थाकेको, थकित भएको, गलित, सांसारिक विषयभोगवाट विश्राम लिएको, जितेन्द्रिय, सन्न्यासी ।

श्रान्तिः (ना./स्त्री.) श्रमणम्, श्राम्यते इति वा *(थाकिन्छ)* श्रमु तपसि खेदे च (दिवा.) धातु, श्रम्+क्तिन्[६] (ति), दीर्घ, परसवर्ण= श्रान्ति ।

शब्दार्थ- थकाइ, थकावट, विश्रान्ति, क्लान्ति, विश्राम ।

श्रावकः (वि.) शृणोतीति *(सुन्छ)* श्रु श्रवणे (भ्वा.) धातु, श्रु+ण्वुल् (अक), वृद्धि, अवादेश= श्रावक ।

शब्दार्थ- श्रोता, सुन्ने, श्रवण गर्ने, वौद्धभिक्षु, जैनमतको समर्थक वा अनुयायी ।

श्रावणः (ना./पुं.) श्रवणेन युक्तः मासः *(श्रवणनक्षत्रले युक्त पूर्णिमा भएको महिना)* वा श्रवणेन गृह्यते इति *(कानले ग्रहण गर्छ)* श्रवण+अण्[७] (अ), आदिवृद्धि, अकारलोप= श्रावण ।

शब्दार्थ- विक्रमसंवत्-अनुसार चौथो महिना, असार र भदौको वीचमा पर्ने महिना, श्रवण नक्षत्रले युक्त पूर्णिमा भएको महिना, शव्द, कानले सुनेर थाह पाउने ध्वनि वा आवाज ।

श्रावणिकः (ना./पुं./वि.) श्रावणी पौर्णमासी *(श्रवणले युक्त पूर्णिमा)* वा श्रावणी पौर्णमासी अस्मिन् *(श्रवणले युक्त पूर्णिमा छ यसमा)* श्रावणी+ठक्[८] (इक), आदिवृद्धि= श्रावणिक ।

अथवा श्रावणादागतः *(श्रावणबाट आएको)* श्रावण+ठक्[९] (इक), आदिवृद्धि= श्रावणिक ।

शब्दार्थ- श्रवण नक्षत्रले युक्त पूर्णिमा भएको महिना, श्रावण महिनासम्वन्धी, श्रावण महिनाको ।

श्रावणी (ना./स्त्री.) श्रवणेन नक्षत्रेण युक्ता पौर्णमासी *(श्रवण नक्षत्रले युक्त पूर्णिमा)* श्रवण+अण्[१०] (अ)+ङीप् (ई)= श्रावणी ।

शब्दार्थ- श्रावणशुक्ल पूर्णिमा, ऋषितर्पणी पूर्णिमा, जनैपूर्णिमा, जसमा नयाँ जनै लगाइने गरिन्छ ।

श्रावितः (वि.) श्राव्यते स्म इति *(सुनाइएको)* श्रु श्रवणे (भ्वा.) धातु, श्रु+णिचि, वृद्धि, श्रावि+क्त (त), णिलोप, इडागम= श्रावित ।

शब्दार्थ- सुनाइएको, वर्णन गरिएको ।

श्राव्यः (वि.) श्रावितुं योग्यः *(सुनाउन योग्य वा लायक)* श्रु श्रवणे (भ्वा.) धातु, श्रु+णिचि, वृद्धि, श्रावि+यत् (य), णिलोप= श्राव्य ।

शब्दार्थ- सुनाउन लायक, सुनाउनुपर्ने, सुनाउन उचित ।

श्रितः (वि.) श्रीयते स्म इति *(सहारा दिइएको)* श्रिञ् सेवायाम् (भ्वा.) धातु, श्रि+क्त (त)= श्रित ।

शब्दार्थ- आश्रित, आश्रय लिएको, सहारा पाएको ।

श्रीः (ना./स्त्री.) श्रयति हरिम् *(हरिको सेवा गर्छिन्)* श्रिञ् सेवायाम् (भ्वा.) धातु, श्री+क्विप्[११], दीर्घ, क्विप्को सर्वलोप= श्री ।

अथवा श्रीयते सेव्यते सर्वैः *(सबैद्वारा सेवा गरिन्छिन्)* श्री+क्विप्, दीर्घ, उणा., क्विप्को सर्वलोप= श्री ।

श्रीर्वेशरचना-शोभा-भारती-सरलद्रुमे ।
लक्ष्म्यां त्रिवर्गसम्पत्तिविधोपकरणेषु च ॥
विभूतौ च मतौ च स्त्री- इति मेदिनी
लक्ष्मीः श्री शोभा सम्पत्प्रियंगुषु- इति हैमः
सम्पत्तिः श्रीश्च लक्ष्मीश्च- इत्यमरः
लक्ष्मी पद्मालया पद्मा कमला श्रीर्हरिप्रिया- इत्यमरः

शब्दार्थ- धनकी अधिष्ठात्री देवी लक्ष्मी, विष्णुपत्नी, हरिप्रिया, इन्दिरा, रमा, विद्याकी देवी सरस्वती, भारती, शोभा, कान्ति, दीप्ति, सम्पत्ति, समृद्धि, ऐश्वर्य, विभूति, सौभाग्यलक्ष्मी, प्रतिष्ठा, कीर्ति, ऐश्वर्य, विभूति, सौभाग्यलक्ष्मी, प्रतिष्ठा, कीर्ति, कामरूप, समृद्धि, वुद्धि, त्रिवर्ग- धर्म, अर्थ, कामरूप, समृद्धि, सल्लोको रूख, सम्मान तथा आदरसूचक शब्दको रूपमा प्रयोग हुने शव्द ।

---

[१] ण्वुलतृचौ : तृच्

[२] श्राद्धमनेन भुक्त... : ठन्

[३] वृद्धाच्छः : छ

[४] गत्यर्थाकर्मक..: क्त

[५] अनुनासिकस्य... : दीर्घ

[६] स्त्रियां क्तिन् : क्तिन्

[७] नक्षत्रेण युक्तः कालः/शेषे : अण्

[८] विभाषा फाल्गुनीश्रवणा...: ठक्

[९] ठगायस्थानेभ्य..: ठक्

[१०] साऽस्मिन्पौर्णमासीति च : अण्

[११] क्विप्वचि : क्विप्, दीर्घ

श्रीकण्ठः (ना./पुं.) श्रीः शोभा कण्ठे यस्य *(शोभा छ कण्ठमा जसको)* ब.स.= श्रीकण्ठ ।

शब्दार्थ- शिव, महादेव, शङ्कर, शम्भु ।

श्रीकरः (ना./पुं.) श्रियं श्रीयुक्तं कर्तुं तच्छीलः *(शोभा तथा ऐश्वर्ययुक्त बनाउने शील हुने)* श्री उपपदपूर्वक डुकृञ् करणे (तना.) धातु, श्री+कृ+ट[1] (अ)=श्रीकर ।

अथवा श्रियं श्रीयुक्तं करोतीति *(शोभायुक्त बनाउँछन्)* श्री+कृ+अच् (पचादि), गुण= श्रीकर ।

शब्दार्थ- विष्णु, नारायण, दामोदर, केशव, शोभा तथा ऐश्वर्यले परिपूर्ण वनाउन समर्थ माधव ।

श्रीकान्तः (ना./पुं.) श्रियः कान्तः *(लक्ष्मी तथा समृद्धिका पति)* ष.त.स.= श्रीकान्त ।

शब्दार्थ- लक्ष्मीपति विष्णु, माधव, लक्ष्मीकान्त ।

श्रीकृष्णः (ना./पुं.) श्रिया युक्तश्चासौ कृष्णश्च *(शोभा वा ऐश्वर्यले युक्त कृष्ण)* क.त.स., उ.प.लोप= श्रीकृष्ण ।

शब्दार्थ- वसुदेव पुत्र श्रीकृष्ण, वासुदेव, देवकीनन्दन ।

श्रीखण्डम् (ना./न.) श्रिया शोभया सुगन्धेन च युक्तञ्च तत् खण्डम् *(शोभा तथा सुगन्धले युक्त खण्ड)* क.त.स., उ.प.लोप= श्रीखण्ड ।

शब्दार्थ- मगमग वास्ना चल्ने श्रीखण्डचन्दन ।

श्रीगणेशः (ना./पुं.) श्रिया युक्तश्चासौ गणेशश्च (शोभाले युक्त गणेश) क.त.स., उ.प.लोप= श्रीगणेश ।

शब्दार्थ- गणपति, गणेश, लम्वोदर, गणाध्यक्ष, कुनै कुराको शुभारम्भ, कामको थालनी ।

श्रीदः (ना./पुं.) श्रियं ददातीति *(धन वा ऐश्वर्य दिन्छन्)* श्री उपपदपूर्वक डुदाञ् दाने (जुहो) धातु, श्री+दा+क (अ), आलोप= श्रीद ।

शब्दार्थ- धनसम्पत्तिदाता, कुवेर, धनद, विष्णु ।

श्रीधरः (ना./पुं.) श्रियं लक्ष्मीं (वक्षसि) धरतीति *(लक्ष्मीलाई वक्षस्थलमा धारण गर्दछन्)* श्री उपपदपूर्वक धृञ् धारणे (भ्वा.) धातु, श्री+धृ+अच् (पचादि), गुण= श्रीधर ।

शब्दार्थ- नारायण, लक्ष्मीपति विष्णु, माधव ।

श्रीनिवासः (ना./पुं.) श्रीषु श्रीमत्सु नि नित्यं निवसतीति *(श्रीमान्हरूमा नित्य निवास गर्दछन्)* श्री उपपदमा हुने निपूर्वक वस निवासे (भ्वा.) धातु, श्री+नि+वस्+घञ्[2] (अ), वृद्धि= श्रीनिवास ।

अथवा श्रियः लक्ष्म्याः निवासः *(लक्ष्मीका निवासस्थान)* ष.त.स.= श्रीनिवास ।

शब्दार्थ- विष्णु, कृष्ण, वासुदेव, लक्ष्मीका अधिपति, धनका भण्डार, ऐश्वर्याधिपति ।

श्रीपतिः (ना./पुं.) श्रियः पतिः *(लक्ष्मीका पति)* ष.त.स. =श्रीपति ।

शब्दार्थ- विष्णु, नारायण, लक्ष्मीका पति, भूपति ।

श्रीपदम् (ना./न.) श्रिया शोभया युक्तञ्च तत् पदम् *(शोभायुक्त पाउ)* क.त.स., उ.प.लोप= श्रीपद ।

अथवा श्रियः लक्ष्म्याः देवतायाः वा पदम् *(लक्ष्मी वा देवताहरूको चरण)* ष.त.स.= श्रीपद ।

शब्दार्थ- शोभायुक्त पद वा पाउ, पादुका, लक्ष्मी वा देवताहरूको चरणपद, पूज्य व्यक्तिको चरणकमल, पूजनीय चरणपद ।

श्रीपञ्चमी (ना./स्त्री.) श्रियः सरस्वत्याः पञ्चमी *(सरस्वती देवीको महिमा भएको पञ्चमी)* ष.त.स. =श्रीपञ्चमी ।

शब्दार्थ- सरस्वतीको महिमा भएको पञ्चमी, सरस्वतीको पूजाआजा र आराधना गरिने पञ्चमीतिथि, माघशुक्ल पञ्चमी तिथि, वसन्त पञ्चमी ।

श्रीफलः (ना./पुं.) श्रिया युक्तं फलं यस्य *(श्रीयुक्त फल छ जसको)* ब.स., उ.प.लोप= श्रीफल ।

विल्वे शाण्डिल्यशैलूषौ मालूरश्रीफलावपि- इत्यमरः

शब्दार्थ- वेल, विल्व, नरिवल, श्रीफल ।

श्रीमती (ना./स्त्री.) श्रीर्कान्तिः विद्यते अस्याः *(शोभा वा ऐश्वर्य छ यसको)* श्री+मतुप्[3] (मत्), श्रीमत्+ङीप्[4] (ई)= श्रीमती ।

शब्दार्थ- शोभा वा ऐश्वर्ययुक्त स्त्री, श्रीमान्को स्त्रीलिङ्गीरूप आदरवाची शब्द ।

श्रीमद्भागवतम् (ना./न.) श्रीरस्ति अस्य *(शोभा वा सुन्दरता छ यसको)* श्री+मतुप् (मत्), श्रीमत् । भगः षडैश्वर्यादिकमस्ति यस्य *(षद् ऐश्वर्यादि- समग्र ऐश्वर्य, धर्म, यश, श्री, शोभा, ज्ञान, वैराग्य छ जसको)* भग+मतुप् (मत्), मको व[5], भगवत् । भगवतः इदम् *(भगवान्को यो)* भगवत्+अण्[6] (अ), आदिवृद्धि, भागवतम् । श्रीमत् परमं सुन्दरं च तद् भागवतम् *(अत्यन्त सुन्दर भागवत)* क.त.स.= श्रीमद्भागवत ।

शब्दार्थ- अठारपुराणहरूमध्ये अत्यन्त प्रसिद्ध एक पुराणग्रन्थ, महामुनि व्यासरचित श्रीमद्भागवतग्रन्थ, भगवद्तत्त्व-निरूपण गरिएको अठारहजार श्लोकको पुराणग्रन्थ ।

द्रष्टव्य- उत्पत्तिं प्रलयं चैव भूतानामागतिं गतिम् ।
वेत्ति विद्यामविद्यां च सवाच्यो भगवान्निति ।
- वि.पु. ६/५/७८

श्रीमान् (ना./पुं.) श्रीर्कान्तिः विद्यते अस्य *(शोभा वा ऐश्वर्य छ यसको)* श्री+मतुप् (मत्), श्रीमत् =श्रीमान् ।

शब्दार्थ-शोभा वा ऐश्वर्यले युक्त पुरुष, आदरसूचक शब्द ।

श्रीमुखम् (ना./न.) श्रिया शोभया युक्तञ्च तत् मुखम् *(शोभाले युक्त मुख)* क.त.स., उ.प.लोप= श्रीमुख ।

शब्दार्थ- शोभायुक्त मुख, कान्तिले परिपूर्ण अनुहार, उज्यालो मुख ।

---

[1] कृञो हेतुताच्छील्य...: ट
[2] हलश्च : घञ्
[3] तदस्यास्त्यस्मिन्... : मतुप्
[4] उगितश्च : ङीप्
[5] मादुपधायाश्च... : मको व
[6] तस्येदम् : अण्

श्रीयन्त्रम् (ना./न.) श्रियः लक्ष्म्याः यन्त्रम् *(लक्ष्मीको यन्त्र)* ष.त.स.= श्रीयन्त्र ।

शब्दार्थ- शिवतन्त्रसम्वन्धी यन्त्र, लक्ष्मीको यन्त्र, महादेवीको यन्त्र, ललित त्रिपुरासुन्दरी नामक तान्त्रिक देवताको प्रतीकात्मक शोभा वा सौन्दर्यले युक्त चिन्ह ।

चतुर्भिः श्रीकण्ठैः शिवयुवतिभिः पञ्चभिरपि ।
प्रभिन्नाभिः शम्भोर्नवभिरपि मूलप्रकृतिभिः ॥
त्रयश्चत्वारिंशत्वसुदलकलाब्जस्त्रीवलय ।
स्त्रिरेखाभिः सार्द्धं तव चरणकोणाः परिणताः - आनन्द-लहरी

श्रीयुक्तः/श्रीयुतः (वि.) श्रिया युक्तः/श्रिया युतः *(शोभाले युक्त)* तृ.त.स.= श्रीयुक्त/श्रीयुत ।

शब्दार्थ- शोभा वा सौन्दर्यले परिपूर्ण, ऐश्वर्यवान्, गौरवशाली, धनाढय ।

श्रीलः (वि.) श्रीरस्यास्तीति *(शोभा छ यसको)* श्री+लच् (ल) = श्रील ।

शब्दार्थ- शोभाले युक्त, सौन्दर्यले परिपूर्ण ।

श्रीवत्सः (ना./पुं./न.) वदति महत्त्वम् *(महत्त्व बताउँछ)* वद व्यक्तायां वाचि (भ्वा.) धातु, वद्+स[1] (उणा.), चर्त्व, वत्सः । श्रिया युक्तः वत्सः वक्षः यस्य *(शोभा वा सौन्दर्यले युक्त छाती वा चिन्हविशेष छ जसको)* व.स.= श्रीवत्स ।

श्रीवत्सो लाञ्छनं स्मृतम् । उरो वत्सञ्च वक्षश्च- इत्यमरः

शब्दार्थ- विष्णुको वक्षस्थलमा अङ्कित भएर रहेको भृगुऋषिको पाउको चिन्ह, विष्णुको छातीमा घुमेको रौंको चिन्हविशेष, पुरुषको छातीमा दाहिने तिरवाट भुमरी परेर घुमेको रौंको चिन्ह, रोमावर्तरूप चिन्ह ।

श्रीवल्लभः (ना./पुं.) श्रियः लक्ष्म्याः वल्लभः *(लक्ष्मीका प्रिय)* ष.त.स.= श्रीवल्लभ ।

अथवा श्रिया समृद्ध्या युक्तः, श्रीयुक्तः । श्रीयुक्तश्चासौ वल्लभः *(समृद्धियुक्त पुरुष)* क.त.स., उ.प.लोप= श्रीवल्लभ ।

शब्दार्थ- लक्ष्मीपति विष्णु, समृद्धि वा सौभ्याग्यले परिपूर्ण व्यक्ति ।

श्रीविद्या (ना./स्त्री.) श्रियै विद्या *(लक्ष्मी वा ऐश्वर्यको लागि विद्या)* च.त.स.= श्रीविद्या ।

शब्दार्थ- ऐश्वर्य वा समृद्धिको लागि आराधना वा आर्जन गरिने विद्या ।

श्रीवृक्षः (ना./पुं.) श्रिया शोभया सौन्दर्येण च युक्तः, श्रीयुक्तः । स चासौ वृक्षश्च *(शोभा वा सौन्दर्यले युक्त वृक्ष)* क.त.स., उ.प.लोप, =श्रीवृक्ष ।

शब्दार्थ- वेलको रूख, पीपलको वृक्ष, नरिवल तथा सुपारीको वोट ।

श्रीवत्सलाञ्छनः (ना./पुं.) श्रीवत्सं लाञ्छनं चिन्हं यस्य *(श्रीवत्स चिन्ह छ जसको)* व.स.= श्रीवत्सलाञ्छन ।

शब्दार्थ- छातीमा श्रीवत्स चिन्ह अङ्कित हुने भगवान् श्रीविष्णु ।

श्रीशः (ना./पुं.) श्रियः लक्ष्म्याः ईशः *(लक्ष्मीका स्वामी)* ष.त.स., दीर्घ= श्रीश ।

शब्दार्थ- लक्ष्मीपति विष्णु, नारायण ।

श्रीशैलः (ना./पुं.) श्रिया शोभया सौन्दर्येण ऐश्वर्येण च युक्तः, श्रीयुक्तः । स चासौ शैलश्च *(शोभा, सौन्दर्य वा ऐश्वर्यले परिपूर्ण पर्वत)* क.त.स., उ.प.लोप =श्रीशैल ।

सौराष्ट्रे सोमनाथश्च श्रीशैले मल्लिकार्जुनः- शि.म.पु३/४२/३

शब्दार्थ-मल्लिकार्जुन महादेवको ज्योतिर्लिङ्ग भएको पर्वत ।

द्रष्टव्य- यो पर्वत दक्षिण भारतको कृष्णा नदीको तटमा रहेको छ, मल्लिकार्जुन शिवजीको द्वादश ज्योतिर्लिङ्गमध्ये एक हो ।

श्रीसम्पत्तिः (ना./स्त्री) श्रीश्च सम्पत्तिश्च *(सम्पति नै सम्पत्ति, सम्पूर्ण सम्पत्ति)* द्व.स.= श्रीसम्पत्ति ।

शब्दार्थ- सवै सम्पत्ति, सर्वस्व, सवै जायजेथा ।

श्रीसूक्तम् (ना./न.) श्रियः सूक्तम् *(लक्ष्मीको महत्व दर्शाइएको सूक्त)* ष.त.स.= श्रीसूक्त ।

शब्दार्थ-लक्ष्मीको महिमा गाइएको वैदिक मन्त्रहरूको सूक्त

श्रीहरिः (ना./पुं.) श्रिया लक्ष्म्या शोभया ऐश्वर्येण च युक्तश्चासौ हरिश्च *(लक्ष्मी, शोभा र ऐश्वर्यले परिपूर्ण हरि)* क.त.स., उ.प.लोप= श्रीहरि ।

शब्दार्थ- श्रीविष्णु, नारायण, दामोदर ।

श्रुतः (वि.) श्रूयते स्म इति *(सुनिएको)* श्रु श्रवणे (भ्वा.) धातु, श्रु+क्त[2] (त)= श्रुत ।

शब्दार्थ- सुनिएको, श्रवण गरिदै आएको, विख्यात, प्रसिद्ध, ज्यादै कहलाएको ।

श्रुतपूर्वः (वि.) पूर्वं श्रुतः *(पहिले सुनेको)* सह सुपा समास= श्रुतपूर्व ।

शब्दार्थ- पहिले सुनेको, पहिले नै थाह भएको ।

श्रुतानुश्रुतः (वि.) श्रुतश्च अनुश्रुतश्च *(सुनिदै सुनिदै आएको)* द्व.स., दीर्घ= श्रुतानुश्रुत ।

शब्दार्थ- धेरैवाट सुनिदै आएको, एकपछि अर्कोवाट र पुनः अर्को अर्कोवाट सुनिदै आएको, जनश्रुतिको रूपमा ज्यादै चर्चामा आएको ।

श्रुतिः (ना./स्त्री.) श्रूयते अनया *(सुनिन्छ यसवाट)* वा श्रूयते धर्मानुशासनशब्दः यत्र *(जहाँ धर्मकर्मको अनुशासनसम्बन्धी कुरा सुनिन्छ)* श्रु श्रवणे (भ्वा.) धातु, श्रु+क्तिन्[3] (ति), करण र अधिकरणमा =श्रुति ।

वेदे श्रवसि च श्रुतिः । श्रुतिः स्त्री श्रवणं श्रवः- इत्यमरः
श्रुतिः स्त्री वेद आम्नायस्त्रयी- इत्यमरः

---

१. वृतृवदिहनि... : स प्रत्यय

२. निष्ठा : क्त

३. करणाधिकरणयोश्च : क्तिन्

श्रुतिः श्रोत्रे तथाम्नाये वार्तायां श्रोत्रकर्मणि- इति विश्वः
श्रुतिः श्रोत्रे च तत्कर्मण्याम्नायवार्तयोः स्त्रियाम्- मेदिनी

शब्दार्थ- कान, श्रवणेन्द्रिय, वेद, वेदत्रय, कर्णवेधन आदि कर्म, वृत्तान्त, खवर, श्रवण गर्ने वा सुन्ने काम, आगमशास्त्र, धर्मकर्मसम्वन्धी अनुशासनका कुरा वताउने श्रुति वा वेदग्रन्थ ।

श्रुतिकटुः (वि.) श्रुतौ कटुः *(सुन्नमा कठोर)* स.त.स. =श्रुतिकटु ।

शब्दार्थ- सुन्दा नमीठो लाग्ने, सुन्नमा कटु वा कठिन (वोलीवचन), कर्णकटु, सुन्न नमीठो लाग्ने, सुन्दै ननीको लाग्ने ।

श्रुतिगम्यः (वि.) श्रुत्या गम्यः *(कानले सुन्न सकिने)* तृ.त.स.= श्रुतिगम्य ।

शब्दार्थ- कानले ग्रहण गर्न सकिने, कानले सुन्न योग्य वा लायक ।

श्रुतिगोचरः (वि.) श्रुत्या गोचरः *(कानले ग्रहण गर्न सकिने)* तृ.त.स.= श्रुतिगोचर ।

अथवा श्रुतेः गोचरः *(कानको विषय क्षेत्रको)* ष.त.स. =श्रुतिगोचर ।

शब्दार्थ- कानको विषय क्षेत्रको, कानले सुन्न वा ग्रहण गर्न योग्य वा लायक, कानले सुनेर थाह पाएको ।

श्रुतिपरम्परा (ना./स्त्री.) श्रुतेः परम्परा *(सुन्दै आएको परम्परा)* ष.त.स.= श्रुतिपरम्परा ।

शब्दार्थ- एकवाट अर्कोले अर्कोवाट अर्कोले सुन्दै आएको परम्परा, कर्णपरम्परा ।

श्रुतिप्रमाणम् (ना./न.) श्रुतेः प्रमाणम् *(वेदको प्रमाण)* ष.त.स.= श्रुतिप्रमाण ।

अथवा श्रुत्या उक्तं विहितं वा प्रमाणम् *(वेदद्वारा वताइएको वा विधान गरिएका कुराको प्रमाण)* क.त.स., उ.प.लोप= श्रुतिप्रमाण ।

शब्दार्थ- वेदद्वारा वताइएका कुराको प्रमाण, वेदले विधान गरेको वा स्वीकृत गरेका कुराको प्रमाण, वेदको प्रमाण ।

श्रुतिमधुरः (वि.) श्रुतये श्रुतौ वा मधुरः *(कानलाई मीठो लाग्ने, सुन्नमा मीठो लाग्ने)* च.त.स./स.त.स. =श्रुतिमधुर ।

शब्दार्थ- कर्णप्रिय, श्रोत्रमधुर, सुन्नमा मीठो, कानलाई मीठो लाग्ने ।

श्रुतिमूलम् (ना./न.) श्रुतेः मूलम् *(कानको फेद)* वा श्रुतौ मूलम् *(वेदमा आधारित)* ष.त.स./स.त.स. =श्रुतिमूल ।

शब्दार्थ- कानको जरो, वेदमा आधारित, वेदको संहिता भाग ।

श्रुतिलेखः (ना./पुं.)/**श्रुतिलेखनम्** (ना./न.) श्रुतेः, श्रुतौ वा लेखः *(वेदको लेखन, वेदमा आधारित लेख वा सुनेको लेख्ने काम)* ष.त.स./स.त.स.= श्रुतिलेख/श्रुतिलेखन ।

शब्दार्थ- वेदको आधारमा लेखन, वेदमा लेख्ने काम, सुनेर लेख्ने काम ।

श्रुतिवेधः (ना./पुं.) श्रुतौ वेधः *(कानमा छेड्ने काम)* स.त.स.= श्रुतिवेध ।

शब्दार्थ- कान छेड्ने काम, कर्णवेधन ।

श्रुतिविषयः (ना./पुं.) श्रुतेः विषयः *(वेदको विषय, कानसम्बन्धी विषय)* ष.त.स.= श्रुतिविषय ।

शब्दार्थ- सुन्ने विषय, ध्वनि, वेदको विषय ।

श्रुतिस्मृतिः (ना./स्त्री.) श्रुतिश्च स्मृतिश्च *(श्रुति र स्मृति)* द्व.स.= श्रुतिस्मृति ।

शब्दार्थ- वेद र धर्मशास्त्र, वेद र स्मृतिग्रन्थ ।

श्रुवः/श्रुवा (ना./पुं./स्त्री.) श्रूयते सुयते हूयते अनेन अनया इति *(हवन गरिन्छ यसबाट)* श्रु श्रवणे वा सु गतौ (भ्वा.) धातु, सु+अप्[1] (अ), उवङादेश, सुको स शमा परिणत= श्रुव ।

श्रु+अप् (अ), उवङादेश, श्रुव+टाप् (आ)= श्रुवा ।

शब्दार्थ- यज्ञमा घिउ होम्ने सुरो, होम ।

श्रेणिः/श्रेणी (ना./स्त्री.) श्रीयते इति *(क्रमबद्ध हुनु)* श्रिञ् सेवायाम् (भ्वा.) धातु, श्रि+नि[2] (उणा.), गुण, णत्व, श्रेणि+ङीष्[3] (ई), विकल्पले= श्रेणी ।

ङीष्को अभावमा= श्रेणि ।

वीथ्यालिरावलिः पङ्क्तिः श्रेणी लेखास्तु राजयः- इत्यमरः

शब्दार्थ- पङ्क्ति, क्रम, रेखा, तह, स्तर, खुड्किला, शृङ्खला, लहर, समूह, दल, आवलि, विभाजन ।

श्रेणीकरणम् (ना./न.) अश्रेणिः श्रेणिः सम्पद्यते, सा क्रियते इति *(क्रम नमिलेको क्रम मिल्छ र क्रम मिलाउने काम गरिन्छ)* डुकृञ् करणे (तना.) धातु, श्रेणि+च्वि[4]+कृ+ल्युट् (अन), दीर्घ[5], गुण, णत्व =श्रेणीकरण ।

शब्दार्थ- उच्च, मध्यम, निम्न श्रेणीको क्रम मिलाउने काम, विभिन्न दृष्टिवाट क्रम मिलाउने काम, वर्गीकरण, श्रेणी वा तह मिलाउने काम, श्रेणी विभाजन ।

श्रेणीकृतः (वि.) अश्रेणिः श्रेणिः सम्पद्यते स्म, सा क्रियते स्म इति *(श्रेणी वा क्रम नमिलेको क्रम मिलाइएको र क्रम मिलाउने काम गरिएको)* डुकृञ् करणे (तना.) धातु, श्रेणि+च्वि+कृ+क्त (त), श्रेणिको दीर्घ=श्रेणीकृत ।

शब्दार्थ- क्रम वा श्रेणी मिलाइएको, राम्ररी वर्गीकरण गरिएको ।

---

[1] ऋदोरप् : अप्

[2] वहि श्रि श्रु युद्रु...: नि

[3] कृदिकारा... (वा.) : ङीष्

[4] कृभ्वस्तियोगे... : च्वि

[5] च्वौ च : दीर्घ

श्रेणीबद्धः (वि.) श्रेण्या बद्धः *(श्रेणीद्वारा बाँधिएको, क्रम मिलेको)* तृ.त.स.= श्रेणीबद्ध ।

शब्दार्थ- श्रेणी वा क्रम मिलेको, पङ्क्तिवद्ध ।

श्रेणीमूलकः (वि.) मूलमेव *(मूल नै, मुख्य नै)* मूल+कन् (क), स्वार्थमा, मूलकम् । श्रेणी मूलकं यस्य *(श्रेणी नै मुख्य छ जसको)* ब.स.= श्रेणीमूलक ।

शब्दार्थ- श्रेणी वा क्रम मूलरूपमा रहेको, अपेक्षाकृत असल वा वढिया ।

श्रेयः/श्रेयान्/श्रेयसी (वि./ना./न.) अनयोरतिशयेन प्रशस्यम्/अनयोरतिशयेन प्रशस्यः/अनयोरतिशयेन प्रशस्या *(यी दुईमा यो ज्यादै प्रशंसनीय)* प्रशस्य+ ईयसुन्[१] (ईयस्), प्रशस्यको श्र आदेश[२], श्र+ईयस्, गुण, श्रेयस्, रुत्व, विसर्ग= श्रेयः (न.पुं.लि.रूप) ।
श्रेयस्= श्रेयान् (पुं.लि.रूप) ।
श्रेयस्+ङीप्[३] (ई)= श्रेयसी (स्त्री.लि.रूप) ।

शब्दार्थ- श्रेष्ठतर, मोक्ष, कल्याण गर्ने, हितकारक, कल्याण गर्ने (स्त्री), हितकारक (नारी), हितकामिनी, श्रेय, कल्याण, शुभ, मङ्गल, भलाइ ।

श्रेयस्करः (वि.) श्रेयः करोतीति *(कल्याण गर्छ)* श्रेयस् उपपदमा हुने डुकृञ् करणे (तना.) धातु, श्रेयस्+ कृ+अच् (पचादि), गुण= श्रेयस्कर ।
अथवा श्रेयस्कर्तुं तच्छीलः *(कल्याण गर्ने शील छ यसको)* श्रेयस्+कृ+ट[४] (अ), गुण= श्रेयस्कर ।

शब्दार्थ- कल्याण गर्ने, श्रेय गर्ने, हितकारक, हित गर्ने स्वभावको ।

श्रेष्ठः (वि./ना./पुं.) अयमेतेषामतिशयेन प्रशस्यः *(यो यिनीहरूमा ज्यादै असल)* प्रशस्य+इष्ठन्[५] (इष्ठ), प्रशस्यको श्र आदेश, गुण= श्रेष्ठ ।

शब्दार्थ- उत्तम, अतिउत्तम, ज्यादै असल, अत्यन्त शोभनीय, सवैभन्दा ठूलो, परमेश्वर ।

श्रेष्ठतरः (वि.) अयमनयोरतिशयेन श्रेष्ठः *(यी दुईमा यो बढी श्रेष्ठ)* श्रेष्ठ+तरप् (तर)= श्रेष्ठतर ।

शब्दार्थ- वढी उत्तम, अपेक्षाकृत श्रेष्ठ वा असल ।

श्रेष्ठतमः (वि.) अयमेषामतिशयेन श्रेष्ठः *(यो यिनीहरूमा अतिश्रेष्ठ)* श्रेष्ठ+तमप्[५] (तम)= श्रेष्ठतम ।

शब्दार्थ- सवैभन्दा उत्तम, सवैभन्दा वढिया, सर्वश्रेष्ठ ।

श्रेष्ठता (ना./स्त्री.) श्रेष्ठस्य भावः *(श्रेष्ठ हुनाको भाव वा अवस्था)* श्रेष्ठ+तल् (त)+टाप् (आ)= श्रेष्ठता ।

शब्दार्थ- श्रेष्ठत्व, वढियापन, सर्वोत्तमता ।

श्रेष्ठताभासः (ना./पुं.) श्रेष्ठतायाः आभासः *(श्रेष्ठताको आभास)* ष.त.स., दीर्घ= श्रेष्ठताभास ।

शब्दार्थ- श्रेष्ठ वा उत्तमपनाको आभास, आफू नै सर्वश्रेष्ठ हुँ भन्ने मनोगत भावना ।

श्रेष्ठी (ना./पुं.) श्रेष्ठं धनैश्वर्यादिकमस्ति अस्य *(धन ऐश्वर्यादि छ यसको)* श्रेष्ठ+इनि[६] (इन्), अकारलोप, श्रेष्ठिन्= श्रेष्ठी ।

शब्दार्थ- धनपति, समृद्धिशाली व्यक्ति, साहू, महाजन ।

श्रोणिः/श्रोणी (ना./स्त्री.) श्रोणतीति *(बढी भार हुन्छ)* श्रोणृ सङ्घाते (भ्वा.) धातु, श्रोण्+इन्[७] (इ), उणा., श्रोणि+ङीष्[८] (ई), विकल्पले= श्रोणी ।
ङीष्को अभावमा= श्रोणि ।

शब्दार्थ- कटि, नितम्ब, मार्ग, कम्वर ।

श्रोतः/स्रोतः (ना./पुं.) शृणोतीति *(सुन्दछ)*, स्रवतीति *(वहन्छ)* श्रु श्रवणे वा स्रु गतौ (भ्वा.) धातु, श्रु/स्रु+असुन्[९] (अस्), तुट्, गुण, श्रोतस्=श्रोत/स्रोत ।

शब्दार्थ- जलप्रवाह, पानीको वेग, पानीको मुहान, पानीको स्रोत, हात्तीको सुँड ।

श्रोतव्यः (वि.) श्रोतुं योग्यः, श्रूयते इति वा *(सुन्नलायक)* श्रु श्रवणे (भ्वा.) धातु, श्रु+तव्यत् (तव्य), गुण =श्रोतव्य ।

शब्दार्थ- सुन्न योग्य, सुन्नुपर्ने, श्रवण गर्न उचित ।

श्रोतृ (श्रोता) (ना./पुं.) शृणोतीति *(सुन्दछ)* श्रु श्रवणे (भ्वा.) धातु, श्रु+तृच्[१०] (तृ), गुण, श्रोतृ= श्रोता ।

शब्दार्थ- श्रवण गर्ने व्यक्ति, सुन्ने मानिस, श्रोतृगण ।

श्रोतृगणः (ना./पुं.) श्रोतृणां गणः *(श्रोताहरूको समूह वा गण)* ष.त.स.= श्रोतृगण ।

शब्दार्थ- श्रोताहरूको समूह, सुन्नेहरूको भीड, श्रोतागण ।

श्रोत्रम् (ना./न.) श्रूयते अनेन (सुनिन्छ यसवाट) श्रु श्रवणे (भ्वा.) धातु, श्रु+ष्ट्रन्[११] (त्र), गुण= श्रोत्र ।

शब्दार्थ- कान, कर्ण, शव्दग्रहण गर्ने इन्द्रिय, श्रवणेन्द्रिय, सुन्ने इन्द्रिय ।

श्रोत्रियः (वि.) छन्दः वेदमधीते वेत्तीति वा *(वेद पढ्छ वा जान्दछ)* छन्दस्+घन्[१२] (इय), प्रकृतिको श्रोत्र आदेश, अकारलोप= श्रोत्रिय ।

शब्दार्थ- वेद पढ्ने, वेदाध्यायी तथा अध्यात्मज्ञान सम्पन्न विद्वान्, वेदवेत्ता, वेदमा प्रवीण वा निपुण, वेदशास्त्रको विशिष्ट विद्वान् ।

श्रौत्रः (वि./ना./न.) श्रुतौ विहितः, श्रुतौ भवः, श्रुतेरयम् इति वा *(वेदमा विहित, वेदमा भएको, वेदको यो)* श्रुति+ अण्[१३] (अ), आदिवृद्धि, अकारलोप= श्रौत्र ।
अथवा श्रोत्रियस्य भावः कर्म वेति *(वेदवेत्ता हुनाको भाव, कर्म वा अवस्था)* श्रोत्रिय+अण्[१४] (अ), यलोप, आदिवृद्धि= श्रौत्र ।
अथवा श्रोत्रमेव *(कान नै)* श्रोत्र+अण्[१५] (अ), स्वार्थमा, आदिवृद्धि, अकारलोप= श्रौत्र ।

---

१. द्विवचनविभज्योपपदे...: ईयसुन्/तरप् २. प्रशस्यस्य श्रः : श्र ३. उगितश्च... : ङीप् ४. कृञो हेतुताच्छील्या...: ट
५. अतिशायने... : इष्ठन्/तमप् ६. अत इनिठनौ : इनि ७. सर्वधातुभ्य इन् : इन् ८. कृदिकारा... : ङीष्
९. सुरिभ्यां तुट् च : असुन्, तुट् १०. ण्वुल्तृचौ : तृच् ११. सर्वधातुभ्य... : ष्ट्रन् १२. श्रोत्रियं छन्दोऽधीते : घन्, श्रोत्रादेश
१३. शेषे/तत्र भवः/तस्येदम् : अण् १४. श्रोतियस्य यलोपश्च : अण्, यलोप १५. प्रज्ञादिभ्यश्च : अण्

शब्दार्थ- वेदोक्त, वेदमा आधारित, वेदविहित, कानको, कानसित सम्वन्धित, वेदसम्वन्धी, श्रोत्रिय हुनाको भाव वा अवस्था, मनोगत भावना, कान, कर्ण, श्रोत्रेन्द्रिय, सुन्ने इन्द्रिय, कानको समूह, वेदमा निपुणता ।

श्रौत्रकर्म (ना./न.) श्रौत्रं च तत् कर्म ***(श्रौत्र-कर्म)*** क.त.स.= श्रौत्रकर्म ।

शब्दार्थ- वेदले वताएको कर्म, वेदविहित कर्म, वैदिक कृत्य, यज्ञकर्म ।

श्रौत्रशिक्षा (ना./स्त्री.) श्रौत्रस्य शिक्षा ***(श्रुतिसम्बन्धी शिक्षा)*** क.त.स.= श्रौत्रशिक्षा ।

शब्दार्थ- वैदिक शिक्षा, श्रुतिसम्वन्धी शिक्षा, कानसम्वन्धी शिक्षा ।

उदा. त्यो शुद्ध श्रौतशिक्षा क्रमगुरुकुलको,
त्यो विचार प्रणाली- पूर्वस्मृति (लालित्य)

श्रौत्रसूत्रम् (ना./न.) श्रौतं च तत् सूत्रम् ***(श्रुतिसम्वन्धी सूत्र)*** क.त.स.= श्रौत्रसूत्र ।

शब्दार्थ- वेदमा आधारित सूत्रग्रन्थ, श्रौत सूत्रग्रन्थ ।

श्रौषट् (अव्य.) श्रूयते अनेनेति ***(सुनिन्छ यसबाट)*** श्रु श्रवणे (भ्वा.) धातु, श्रु+डौषट्[१] (औषट्), वहुलप्रकारले, टिलोप= श्रौषट् ।

स्वाहा देवहविर्दाने श्रौषट् वौषट् वषट्- इत्यमरः

शब्दार्थ- देवतालाई आहुति चढाउँदा भनिने शव्द ।

श्लक्ष्णः (वि.) श्लिष्यते इति ***(टाँसिन्छ)*** श्लिष आलिङ्गने (दिवा.) धातु, श्लिष्+क्स्न[२] (स्न), उणा., उपधाको अत्व, श्लिष्का षको क, स्नका सको ष, क र षको क्षत्व, णत्व= श्लक्ष्ण ।

स्तोकाल्पक्षुल्लकाः श्लक्ष्णं सूक्ष्मं दभ्रं कृशं तनु- इत्यमरः

शब्दार्थ- अल्प, सूक्ष्म, तनु, पातलो, सुन्दर, कोमल, मधुर, स्निग्ध, लावण्यमय ।

श्लाघनीयः (वि.) श्लाघितुं योग्यः, श्लाघ्यते इति वा ***(प्रशंसा गर्न लायक)*** श्लाघृ कत्थने (भ्वा.) धातु, श्लाघ्+अनीय (र्)= श्लाघनीय ।

शब्दार्थ- प्रशंसा गर्न योग्य वा लायक, सराहना गर्न योग्य, सह्रनी गर्नुपर्ने ।

श्लाघा (ना./स्त्री.) श्लाघ्यते इति ***(प्रशंसा गरिन्छ)*** श्लाघृ कत्थने (भ्वा.) धातु, श्लाघ्+अ[३]+टाप् (आ) =श्लाघा ।

शब्दार्थ- प्रशंसा, स्तुतिगान, गुणगान, सराहना, सह्रनी गर्ने काम, प्रशस्ति ।

श्लाघितः (वि.) श्लाघ्यते स्म इति ***(प्रशंसा गरिएको)*** श्लाघृ कत्थने (भ्वा.) धातु, श्लाघ्+क्त (त), इडागम = श्लाघित ।

शब्दार्थ- प्रशंसा गरिएको, स्तुति गरिएको, सराहना गरिएको, गुणगान गरिएको ।

श्लाघ्यः (वि.) श्लाघितुं योग्यः, श्लाघ्यते इति वा ***(प्रशंसा गर्न योग्य)*** श्लाघृ कत्थने (भ्वा.) धातु, श्लाघ्+ण्यत्[४] (य)= श्लाघ्य ।

शब्दार्थ- प्रशंसा वा सराहना गर्न योग्य, सराहनीय, स्तुतिगान गर्न लायक ।

श्लिष्टः (वि.) श्लिष्यते स्म इति ***(टाँसिएको, मिलेको)*** श्लिष आलिङ्गने (दिवा.) धातु, श्लिष्+क्त[५] (त), कर्तामा, ष्टुत्व= श्लिष्ट ।

शब्दार्थ- टाँसिएको, जोडिएको, मिलित, आलिङ्गित, झुकेको, श्लेषयुक्त, दुई वा धेरै अर्थ भएको ।

श्लिष्टोक्तिः (ना./स्त्री.) श्लिष्टा चासौ उक्तिश्च ***(दुई वा धेरै अर्थ लाग्ने उक्ति)*** क.त.स., गुण= श्लिष्टोक्ति ।

शब्दार्थ- दुई वा त्यसभन्दा वढी अर्थ लाग्ने भनाइ, श्लेषयुक्त उक्ति ।

श्लीलः (वि.) श्रीरस्ति अस्य ***(सौभाग्य वा समृद्धि छ यसको)*** श्री+लच् (ल), र तथा लको अभेदसम्वन्ध हुँदा श्रीका रको ल= श्लील ।

अथवा श्रियं लातीति ***(ऐश्वर्य वा समृद्धि ल्याउँछ)*** श्री उपपदपूर्वक ला आदाने (अदा.) धातु, श्री+ला+क[६] (अ), आलोप, श्रील, र तथा लको अभेदसम्वन्ध हुँदा श्रीका रको ल= श्लील ।

शब्दार्थ- शिष्ट, सभ्य, समृद्ध, भाग्यशाली, समाजोपयोगी, राम्रो प्रभाव पार्ने, अश्लीलता वा लाजभाँड नभएको ।

श्लेषः (ना./पुं.) श्लिष्यति, श्लेषणमिति वा ***(आलिङ्गन गर्छ, टाँसिन्छ)*** श्लिष आलिङ्गने (दिवा.) धातु, श्लिष्+ण/घञ् (अ), गुण= श्लेष ।

शब्दार्थ- मिल्ने वा जोडिने काम, संयोग, आलिङ्गन, सङ्गम, सम्पर्क, टाँसिने वा आलिङ्गन गर्ने वा जोल्टिने क्रिया, द्व्यर्थक वा अनेकार्थक भनाइ ।

श्लेषोक्तिः (ना./स्त्री.) श्लेषा चासौ उक्तिश्च ***(द्व्यर्थक वा अनेकार्थक भनाइ)*** क.त.स., गुण= श्लेषोक्ति ।

शब्दार्थ- दुई वा अनेक अर्थ लाग्ने भनाइ, श्लेषयुक्त कथन ।

श्लेष्मन् (श्लेष्मा) (ना./पुं.) श्लिष्यतीति ***(सट्छ, टाँसिन्छ)*** श्लिष आलिङ्गने (दिवा.) धातु, श्लिष्+मनिन्[७] (मन्), गुण, श्लेष्मन्= श्लेष्मा ।

कफः श्लेष्मा- इत्यमरः

शब्दार्थ- कफ, कफको प्रकृति, गम, लप्सी ।

श्लेष्मकः (ना./पुं.) श्लेष्मन्नेव ***(कफ नै)*** श्लेष्मन्+कन् (क), स्वार्थमा= श्लेष्मक ।

शब्दार्थ- कफ, कफको प्रकृति, गम, लप्सी ।

---

[१] उणादयो बहुलम् : डौषट्
[२] श्लिषेरच्चोपधाया : क्स्न, उपधाको अत्व
[३] गुरोश्च हल : अ प्रत्यय
[४] ऋहलोर्ण्यत् : ण्यत्
[५] गत्यर्थाकर्मक... : क्त
[६] आतोऽनुपसर्गे...: क
[७] अन्येभ्योऽपि दृश्यन्ते : मनिन्

श्लोकः (ना./पुं.) श्लोक्यते इति *(श्लोक वा पद्यरचना गरिन्छ)* श्लोकृ सङ्घाते (भ्वा.) धातु, श्लोक्+घञ्/घ[1] (अ)= श्लोक ।

पद्ये यशसि च श्लोकः- इत्यमरः

शब्दार्थ- पद्यरचना, पद्यग्रन्थ, सिलोक, कीर्ति, यश, प्रशंसा, स्तुति ।

श्लोकबद्धः (वि.) श्लोके बद्धः *(श्लोकमा बाँधिएको, लेखिएको)* स.त.स.= श्लोकवद्ध ।

शब्दार्थ- पद्य वा श्लोकमा रचना गरिएको, छन्दोवद्ध (रचना) ।

श्वन् (श्वा) (ना./पुं.) श्वयति भ्रमतीति *(यताउति घुम्छ)* टुओश्वि गतिवृद्धचोः (भ्वा.)धातु, श्वि+कनिन्[2] (अन्), उणा., श्विको इकारलोप-निपातन, श्वन्= श्वा ।

शुनको भषकः श्वा स्यात्- इत्यमरः

शब्दार्थ- कुकुर, शुन, कुत्ता ।

श्ववृत्तिः (ना./स्त्री.) शुनः वृत्तिः, शुनः वृत्तिरिव *(कुकुरको वृत्ति, कुकुरको वृत्तिझैँ)* ष.त.स.= श्ववृत्ति ।

शब्दार्थ- कुकुरको वृत्ति, कुकुरलेझैँ मालिक रिझाएर वस्ने प्रवृत्ति, मालिकले भनेवमोजिम गर्ने प्रवृत्ति, आफ्नो स्वाभिमान त्यागेर अरूको इसारामा नाच्ने प्रवृत्ति, सेवावृत्ति, नोकरीवृत्ति, पराधीन मनोवृत्ति ।

श्वसनः (ना./पुं./न.) श्वसिति अनेन (*यसबाट श्वास लिन्छ)* श्वस प्राणने (अदा.) धातु, श्वस्+ल्यु/ल्युट्[3] (अन), करणमा= श्वसन ।

शब्दार्थ- वायु, वतास, हावा, श्वास, सास लिने काम, सास फेर्ने क्रिया ।

श्वश्रूः (ना./स्त्री.) श्वशुरस्य स्त्री *(ससुराकी पत्नी)* श्वशुर+ऊङ्[4] (ऊ), शुको उकार, रका अकारको लोप, श्वस् र् ऊ= श्वश्रू ।

शब्दार्थ- पतिकी आमा, पत्नीकी सासू, पत्नीकी आमा, पतिकी सासू ।

श्वसितः (वि.) श्वसिति स्म इति *(सास फेरेको)* श्वस प्राणने (अदा.) धातु, श्वस्+क्त (त), इडागम =श्वसित ।

शब्दार्थ- श्वास लिएको, श्वास छाडेको, सास फेरेको ।

श्वाकर्णः (ना./पुं.) शुनः कर्णः *(कुकुरको कान)* ष.त.स., नलोप, श्वको दीर्घ= श्वाकर्ण ।

शब्दार्थ- कुकुरको कान, कुकुरको श्रवणेन्द्रिय ।

श्वागणिकः (वि.) शूनां गणः *(कुकुरहरूको गण)* ष.त..स., श्वगणः । श्वगणेन चरति *(कुकुरको व्यवसायबाट जीविका गर्छ)* वा श्वगणं रक्षति *(कुकुरको रक्षा गर्छ)* श्वगण+ठक्[5] (इक), आदिवृद्धि= श्वागणिक ।

शब्दार्थ- कुकुर पालेर जीविका गर्ने, कुकुर पाल्ने, कुकुरको संरक्षण गर्ने ।

श्वादन्तः (ना./पुं.) शुनः दन्तः *(कुकुरको दाँत)* ष.त.स., दीर्घ[6]= श्वादन्त ।

शब्दार्थ- कुकुरको दाँत, वँगारा ।

श्वानः (ना./पुं.) श्वा एव *(कुकुर नै)* श्वन्+अण् (अ), आदिवृद्धि, नलोपाभाव= श्वान ।

शब्दार्थ- कुकुर, शुनक ।

श्वापदम् (ना./न.) शुनः पदम् *(कुकुरको पाउ)* ष.त.स., दीर्घ= श्वापद ।

अथवा शुनः इव आपत् अस्मात् *(कुकुरको झैँ आपत्ति छ यसबाट)* श्वन्+आपत्+अच् (अर्शादि), नलोप, जश्त्व, दीर्घ= श्वापद ।

शब्दार्थ- कुकुरको पाउ, कुकुरका खुट्टा, हिंस्रक जन्तु, जङ्गली जनावर, शिकारी जन्तु- वाघ आदि ।

श्वापुच्छः (ना./पुं.) शुनः पुच्छः *(कुकुरको पुच्छर)* ष.त.स., दीर्घ= श्वापुच्छ ।

शब्दार्थ- कुकुरको पुच्छर ।

श्वासः (ना./पुं.) श्वसिति अनेन *(श्वास लिन्छ यसबाट)* श्वस प्राणने (अदा.) धातु, श्वस्+ण[7]/घञ् (अ), वृद्धि =श्वास ।

शब्दार्थ- श्वास लिने र छाड्ने क्रिया, श्वासप्रश्वास, सास फेर्ने क्रिया, दमको रोग, प्राणवायु ।

श्वासकाशः (ना.)/पुं. श्वासयुक्तश्चासौ काशश्च *(दमसहितको खोकी)* क.त.स., उ.प.लोप=श्वासकाश ।

शब्दार्थ- दम र खोकीसम्वन्धी रोग, दमयुक्त खोकी ।

श्वासप्रश्वासः (ना./पुं.) श्वासश्च प्रश्वासश्च *(श्वास र प्रश्वास)* द्व.स.= श्वासप्रश्वास ।

शब्दार्थ- नाकवाट सासभित्र तान्ने र वाहिर फाल्ने काम ।

श्वासी (वि.) श्वासः अस्यास्तीति *(श्वासक्रिया छ यसको)* श्वास+इनि[8] (इन्), अकारलोप, श्वासिन् =श्वासी ।

शब्दार्थ- सास लिने र सास छोड्ने, सास फेर्ने ।

श्वेतः (वि./ना./पुं.) श्वेतते, श्वेतीभवनम्, श्वित्यते इति वा *(सेतो हुन्छ, सेतो हुने क्रिया, सेतो हुनु)* श्विता वर्णे (भ्वा.) धातु, श्वित्+अच् (पचादि)/घञ् (अ), गुण= श्वेत ।

***द्रष्टव्य-*ततः श्वेतैर्हयैर्युक्ते महति स्यन्दने स्थितौ-** भ.गी. १/१४

शब्दार्थ- सेतो, सेतो वर्णको, शुभ्र, सेतो रङ, चाँदी, शुक्लवर्ण, सेतोपना, शुक्लता ।

श्वेतकुष्ठम् (ना./न.) श्वेतं च तत् कुष्ठम् *(सेतो कुष्ठ)* क.त.स.= श्वेतकुष्ठ ।

शब्दार्थ- सेतो कुष्ठरोग, पाण्डुरोग ।

---

[1] **पुंसि संज्ञायाम्... : घ**
[2] **श्वन्नूक्षन्पूषन्... : कनिन्, इकारलोप**
[3] **करणाधिकरणयोश्च : ल्युट्**
[4] **श्वशुरस्योकारका... (वा.) : ऊङ्, उकार, अकारलोप**
[5] **चरति/रक्षति : ठक्**
[6] **शुनो दन्तदंष्ट्रा... (वा.) : दीर्घ**
[7] **स्याद्व्यधास्रु... : ण**
[8] **अत इनिठनौ : इनि**

श्वेतप्रदरः (ना./पुं.) श्वेतश्चासौ प्रदरश्च *(सेतो प्रदररोग)* क.त.स.= श्वेतप्रदर ।

शब्दार्थ-स्त्रीहरूको योनिवाट सेतो पानी वहने रोगविशेष ।

श्वेताङ्गः (ना./पुं./न.) श्वेतञ्च तदङ्गं च *(सेतो अङ्ग)* क.त.स., दीर्घ= श्वेताङ्ग ।

अथवा श्वेतमङ्गं यस्य *(सेतो अङ्ग छ जसको)* व.स., दीर्घ= श्वेताङ्ग ।

शब्दार्थ- सेतो शरीर हुने जीव वा प्राणी, सेतो शरीर, सेतो अङ्ग हुने गोराजाति ।

श्वेताम्बरः (ना./पुं./वि.) श्वेतमम्वरं यस्य *(सेतो छ वस्त्र जसको)* ब.स., दीर्घ= श्वेताम्वर ।

शब्दार्थ- श्वेतवस्त्रधारी जैनधर्मको एक सम्प्रदाय, सेतो वस्त्र पहिरने सन्न्यासी, श्वेतवस्त्रधारी योगी ।

ष

षः (ना./पुं./वि.) स्यतीति *(विनाश हुन्छ)* षो अन्तकर्मणि (दिवा.) धातु, षो+ड[1] (अ), सत्व, टिलोप, पृषोदरादिवाट षत्व= ष ।

षः कचे पुंसि विज्ञेयः श्रेष्ठे स्यादभिधेयवत् ।
क्षेत्रे नाशे क्षेत्रपाले- इति मेदिनी

परिचय- देवनागरी वर्णमालाको एकतीसौं उष्मसंज्ञक मूर्द्धस्थानीय अघोष महाप्राण ध्वनि वा वर्ण ।

शब्दार्थ- विनाश, अन्त, हानि, शेष, केश, क्षेत्र, क्षेत्रपाल, श्रेष्ठ, सर्वोत्तम ।

षकारः (ना./पुं.) 'ष' यस्तो वर्णनिर्देशनमा ष प्रातिपदिकवाट ष+कार= षकार ।

शब्दार्थ- षअक्षर, षध्वनि ।

षट् (षष्) (ना./त्रि./वि.) स्यतीति *(फैलन्छ)* षो अन्तकर्मणि (दिवा.) धातु, षो+क्विप्, सत्व, आत्व, क्विप्को सर्वलोप, आलोप, पृषोदरादिवाट षत्व तथा ष वर्णागम= षष् ।

जश्त्व, षड्, चर्त्व= षट् ।

शब्दार्थ- छको सङ्ख्या, छको अङ्क, छवटा वुझाउने सङ्ख्या, छवटा, छ ।

षट्कर्म (ना./न.) षट्प्रकारञ्च तत् कर्म *(छप्रकारको कर्म)* क.त.स., उ.प.लोप= षट्कर्म ।

शब्दार्थ- व्राह्मणले गर्नुपर्ने छवटा कर्महरू- अध्ययन, अध्यापन, यज्ञ गर्ने र गराउने काम, दान दिने र लिने क्रिया, गृहस्थले नित्य गर्ने षट्कर्म- स्नान, सन्ध्या, पूजा, जप, तर्पण, होम, तान्त्रिक व्यक्तिले गर्ने षट्कर्म, मारण, मोहन, वशीकरण आदि ।

द्रष्टव्य- **अध्यापनमध्ययनं यजनं याजनं तथा ।**
दानं प्रतिग्रहश्चैव षट्कर्माण्यग्रजन्मनः - म.स्मृ. १०/७५

षट्कर्मन् (षट्कर्मा) (ना./पुं.) षट् कर्माणि अस्य *(छवटा कर्महरू छन् यसका)* व.स., षट्कर्मन्= षट्कर्मा ।

शब्दार्थ- सन्ध्या, स्नान, जप, होम, स्वाध्याय, देवपूजन, वलि वैश्वदेव, अतिथिसत्कार आदि छवटा कर्महरू गर्ने विप्र वा गृहस्थ व्यक्ति ।

सन्ध्या स्नानं जपो होमः स्वाध्यायो देवतार्चनम् ।
वैश्वदेवाऽतिथेयश्च षट् कर्माणि दिने दिने- आ.सू.

षट्कोणः (वि./ना./पुं.) षट् कोणाः यस्य *(छ कोणहरू छन् जसका)* व.स.= षट्कोण ।

अथवा षट् सङ्ख्यकाश्च ते कोणाश्च *(छवटा कोणहरू)* क.त.स.= षट्कोण ।

शब्दार्थ- छवटा कोण भएको, छकुने, छवटा कोणहरू, छकुना ।

षट्चक्रम् (ना./न.) षण्णां चक्राणां समाहारः *(छ चक्रको समुदाय)* द्वि.त.स.= षट्चक्र ।

शब्दार्थ- मानिसको शरीरमा रहेका छवटा चक्रहरू- पृथिवीतत्त्वयुक्त मूलाधार, जलतत्त्वयुक्त मणिपुर, तेजतत्त्वयुक्त स्वाधिष्ठान, वायुतत्त्वयुक्त अनाहत, आकाशतत्त्वयुक्त विशुद्ध र मनसहितको आज्ञाचक्र ।

द्रष्टव्य- **महीं मूलाधारे कमपि मणिपूरे हुतवहम् ।**
स्थितं स्वाधिष्ठाने हृदि मरुतमाकाशमुपरि ।
मनोऽपि भ्रूमध्ये.......- आनन्दलहरी

षट्चरणः (ना./पुं.) षट् चरणाः यस्य (*छवटा चरण छन् जसका)* व.स.= षट्चरण ।

शब्दार्थ- छखुट्टे भ्रमर, भँवरो ।

षट्त्रिंशः/षट्त्रिंशत् (वि./ना./स्त्री.) षट् अधिकश्चासौ त्रिंशश्च/षट् अधिकश्चासौ त्रिंशतश्च *(छले अधिक तीस)* क.त.स., उ.प.लोप= षट्त्रिंश/षट्त्रिंशत् ।

शब्दार्थ- छत्तीस, छ र तीस जोड्दा हुने संख्या ।

षट्दर्शनम् (ना./न.) षट् च तानि दर्शनानि *(छवटा आस्तिक दर्शनहरू)* क.त.स.= षट्दर्शन ।

शब्दार्थ- छवटा आस्तिक दर्शनहरू- साङ्ख्य, न्याय, योग, मीमांसा, वैशेषिक र वेदान्तदर्शन ।

---

[1] अन्येष्वपि दृश्यते : ड

षट्पदः (ना./पुं.) षट् पादाः अस्य *(छवटा खुट्टाहरू छन् यसका)* ब.स.= षट्पद ।

षट्पदभ्रमरालयः- इत्यमरः

शब्दार्थ- छखुट्टे जीव, भ्रमर, भमरो, भँवरो ।

उदा. गाना षट्पदको छ श्रेष्ठ कविको यो कल्पनोद्यानमा- शा.म.का. १/८

षट्शास्त्रम् (ना./न.) षण्णां शास्त्राणां समूहः *(छवटा शास्त्रहरूको समूह)* द्वि.त.स.= षट्शास्त्र ।

शिक्षा कल्पो व्याकरणं निरुक्तं ज्योतिषां गतिः ।
छन्दोऽविचितिरित्येषः षडङ्गो वेद उच्यते ।

शब्दार्थ- वेदका अङ्गरूप छवटा शास्त्रहरू- शिक्षा, कल्प, व्याकरण, निरुक्त, ज्योतिष, छन्दशास्त्र ।

षट्शास्त्री (वि.) षट्शास्त्रमत्रास्तीति *(वेदाङ्गरूप छवटै शास्त्रहरूको ज्ञान छ यसमा)* षट्शास्त्र+इनि[1] (इन्), अकारलोप, षट्शास्त्रिन्= षट्शास्त्री ।

शब्दार्थ- वेदका अङ्गरूप छवटै शास्त्रको ज्ञाता, छवटै शास्त्रमा निपुण ।

षडङ्गम् (ना./न.) षण्णामङ्गानां समूहः *(छवटा अङ्गको समुदाय)* द्वि.त.स.= षडङ्ग ।

शब्दार्थ- शिक्षा, कल्प आदि वेदका छ अङ्ग, शरीरका हात, खुट्टा, टाउको आदि छ अवयव, राजनीतिका सन्धि, विग्रह, यान, आसन, द्वैध, आश्रय- यी छवटा अङ्ग ।

षडभिज्ञः (ना./पुं.) षट्सु दानशीलादिषु अभिज्ञा ज्ञानं यस्य सः *(दानशीलादि छवटा विषयमा ज्ञान छ जसको)* व.स., अभिज्ञाको ह्रस्व, जश्त्व =षडभिज्ञ ।

दानं शीलं क्षमा वीर्यं ध्यानप्रज्ञाबलानि च-

शब्दार्थ- दान, शील, क्षमा, वीर्य वा वल, ध्यान, प्रज्ञा- यी छवटा विषयका अभिज्ञ गौतमवुद्ध ।

षडाननः (ना./पुं.) षट् आननानि अस्य सः *(छवटा मुखहरू छन् यिनका)* व.स., जश्त्व= षडानन ।

शब्दार्थ- स्वामी कार्तिकेय, स्कन्दकुमार, पार्वतीकुमार ।

षड्ऋतुः (ना./पुं.) षट् सङ्ख्यकाश्च ते ऋतवः *(छवटा ऋतुहरू)* क.त.स., संज्ञामा, उ.प.लोप, जश्त्व =षड्ऋतु ।

हेम-शिशिर-वसन्त-ग्रीष्म-वर्षा-शरच्च ।

शब्दार्थ- हेमन्त, शिशिर, वसन्त, ग्रीष्म, वर्षा र शरद् ऋतुसमेत छवटा ऋतुहरू ।

षड्गुणः (ना./पुं.) षट् च ते गुणाश्च *(छवटा मुख्य गुण वा नीतिहरू)* क.त.स., संज्ञामा, जश्त्व= षड्गुण ।

सन्धिर्ना विग्रहो यानमासनं द्वैधमाश्रयः । षड्गुणाः- इत्यमरः

शब्दार्थ- एक राष्ट्रले अर्को राष्ट्रसित अवलम्वन गर्ने छवटा मुख्य नीतिहरू- **सन्धि** (मेल), **विग्रह** (निहुँ खोज्नु), **यान** (आक्रमण), **आसन** (अड्नु, वँच्नु), **द्वैध** (भित्र खेदो खन्दै वाहिर वनावटी मेल गर्नु), **आश्रय** (शत्रुराष्ट्रभन्दा वलवान् अर्को राष्ट्रको शरणमा पर्नु)

षड्ग्रन्थः (वि./ना./पुं.) षट् ग्रन्थाः यस्य *(छवटा गाँठा छन् जसका)* व.स., जश्त्व= षड्ग्रन्थ ।

अथवा षट् च ते ग्रन्थाश्च *(छवटा गाँठाहरू)* क.त.स., संज्ञामा= षड्ग्रन्थ ।

शब्दार्थ- छवटा ग्रन्थि वा गाँठो भएको, छवटा ग्रन्थि, छवटा गाँठा ।

षड्ग्रन्थी (वि.) षड्ग्रन्थः अस्यास्तीति *(छवटा गाँठा छन् यसका)* षड्ग्रन्थ+इनि (इन्), अकारलोप, षड्ग्रन्थिन् =षड्ग्रन्थी ।

शब्दार्थ- छवटा ग्रन्थि हुने, छवटा गाँठा भएको ।

षड्जः (ना./पुं.) षड्भ्यः जातः *(छवटा स्थानवाट पैदा भएको)* षट् उपपदपूर्वक जनी प्रादुर्भावे (दिवा.) धातु, षट्+जन्+ड[2] (अ), टिलोप, जश्त्व= षड्ज ।

नासां कण्ठमुरस्तालु जिह्वां दन्तांश्च संस्पृशन् ।
षड्भ्यः संजायते यस्मात् तस्मात्षड्ज- इति स्मृतः

शब्दार्थ- सङ्गीतशास्त्रमा प्रयोग हुने सप्तस्वरहरूमध्ये एक, छाती, घाँटी, जिभ्रो, तालु, दाँत र नाक, छ ठाउँमा स्पर्श गर्दै उत्पन्न हुने स्वरविशेष ।

षड्दर्शनम् (ना./न.) षण्णां दर्शनानां समूहः *(छवटा दर्शनको समुदाय)* द्वि.त.स., जश्त्व= षड्दर्शन ।

शब्दार्थ- छवटा आस्तिक दर्शनहरूको समूह- सांख्य, न्याय, योग, मीमांसा, वैशेषिक र वेदान्त ।

षड्यन्त्रम् (ना./न.) षणां यन्त्राणां समूहः *(छवटा यन्त्र वा छलकपटको समुदाय)* द्वि.त.स., जश्त्व= षड्यन्त्र ।

शब्दार्थ- मारण, मोहन, वशीकरण आदि छ प्रकारका टुनामुना वा तन्त्रमन्त्रको समुदाय, छलकपट वा जालझेलसम्वन्धी व्यवहार ।

षड्यन्त्रकारी (वि.) षड्यन्त्रं कर्तुं शीलमस्य *(षड्यन्त्र गर्ने शील छ यसको)* षड्यन्त्र उपपदपूर्वक डुकृञ् करणे (तना.) धातु, षड्यन्त्र+कृ+णिनि[3] (इन्), वृद्धि, षड्यन्त्रकारिन्= षड्यन्त्रकारी ।

शब्दार्थ- षड्यन्त्र गर्ने, छलकपटपूर्ण व्यवहार गर्ने, जालझेल गर्ने ।

षड्रसः (ना./पुं.) षट्संज्ञकाश्च ते रसाश्च *(छवटा रसहरू)* क.त.स., संज्ञामा, जश्त्व= षड्रस ।

तुवरस्तु कषायोऽस्त्री मधुरो लवणः कटुः
तिक्तोऽम्लश्च रसाः पुंसि तद्वत्सु षडमी स्त्रिषु- इत्यमरः

शब्दार्थ- टर्रो, गुलियो, नुनिलो, पीरो, तीतो र अमिलो- यी छवटा रसहरू ।

---

[1] अत इनिठनौ : इनि

[2] पञ्चम्यामजातौ : ड

[3] सुप्यजातौ......: णिनि

षड्रिपुः (ना./पुं.) षट्संज्ञकाश्च ते रिपवश्च *(छवटा शत्रुहरू)* क.त.स., संज्ञामा, जश्त्व= षड्रिपु ।

कामः क्रोधस्तथा लोभो मदमोहौ च मत्सरः- इति स्मृतिः

शब्दार्थ- मानिसको अन्तरात्माभित्र रहेका- काम, क्रोध, लोभ, मद, मोह र मात्सर्य- यी छवटा शत्रुहरू ।

षड्वर्गः (ना./पुं.) षण्णां रिपूणां वस्तूनां वा वर्गाः *(छवटा रिपु वा वस्तुहरूको वर्ग)* ष.त.स., जश्त्व= षड्वर्ग ।

शब्दार्थ- छवटा रिपुवर्ग, षड्रिपु, छवटा वस्तुको समूह ।

षड्विकारः (ना./पुं.) षट्संज्ञकाश्च ते विकाराश्च *(प्राणीहरूमा पाइने छवटा विकारहरू)* क.त.स., संज्ञामा, जश्त्व= षड्विकार ।

शब्दार्थ- प्राणीहरूमा पाइने जन्म, वृद्धि, वाल्य, यौवन, वार्द्धक्य र मरण- यी छवटा विकार ।

षड्विंशतिः (ना./स्त्री./वि.) षडधिका विंशतिश्च *(छले अधिक बीस)* क.त.स., उ.प.लोप, जश्त्व =षड्विंशति ।

शब्दार्थ- छ र वीसको जोड बुझाउने सङ्ख्या, छब्बीस ।

षड्विधः (वि./ना./पुं.) षट् विधाः यस्य *(छवटा प्रकार छन् जसका)* ब.स./षट् च ते विधाश्च *(छप्रकार)* क.त.स., विधाको ह्रस्व= षड्विध ।

शब्दार्थ- छवटा प्रकारहरू भएको, छगुना, छवटा भेदहरू, छप्रकार ।

षण्डः/षण्ढः (ना./पुं./न.) सनोतीति *(प्रदान गर्छ)* षणु दाने (तना.) धातु, सत्वाभाव, षण्+ड[1]/ढ[2] (उणा.), बहुलप्रकारले= षण्ड/षण्ढ ।

अथवा शणतीति *(प्रदान गर्छ)* शण दाने गतौ च (भ्वा.) धातु, शण्+ड/ढ (उणा.), शण्ड/शण्ढ ।

शण्डतीति *(आघात पुऱ्याउँछ)* शडि रुजायां सङ्घाते च (भ्वा.) धातु, नुम्, शण्ड+घञ् (अ), शण्डः, पृषोदरादिबाट शको षत्व= षण्ड ।

षण्डं पद्मादिसंघाते न स्त्री स्याद् गोपतौ पुमान् ।
आकृष्टाण्डे वर्षवरे तृतीयप्रकृतावपि ॥ इति मेदिनी ॥
अब्जादिकदम्बे षण्डमस्त्रियाम् ।
षण्ढो गोपतिरित्वरः - इत्यमरः
तृतीयाप्रकृतिः षण्ढः क्लीवः पण्डो नपुंसके- इत्यमरः

'शण्ढः' यस्तो पाठमा शाम्यति शिश्नस्य अभावात् *(लिङ्गको अभावले शान्त रहन्छ)* शमु उपशमे (दिवा.) धातु, शम्+ढ[2] (उणा.)= शण्ढ ।

शब्दार्थ- साँढे, गोरु, नपुंसक, कमलको समूह ।

षण्मासः (ना./पुं./न.) षट् च ते मासाश्च *(छमहिना)* क.त.स., संज्ञामा= षण्मास ।

अथवा षण्णां मासानां समूहः *(छ महिनाको समुदाय)* द्वि.त.स.= षण्मास ।

शब्दार्थ- छमहिना, छमहिनाको अवधि, छमहिनाको समूह ।

षण्मुखः (ना./पुं.) षट् मुखानि अस्य *(छवटा मुखहरू छन् यिनका)* ब.स., परसवर्ण= षण्मुख ।

शब्दार्थ- स्वामी कार्तिकेय, षडानन, स्कन्दकुमार ।

षष्टिः (ना./स्त्री.) षट् दशतः परिमाणमस्येति, षण्णां दशतां परिमाणमिति वा *(छवटा दशको परिमाण छ यसको)* षट्+ति[3], प्रकृतिको षष्भाव, जश्त्वाभाव, निपातन, तिको ष्टुत्व= षष्टि ।

शब्दार्थ- साठीको सङ्ख्या वा अङ्क ।

षष्टितमः (वि./ना./पुं.) षष्टीनां पूरणः *(साठीको पूरक)* षष्टि+डट्[4] (अ), डट्को तमडादेश[5]= षष्टितम ।

शब्दार्थ- साठीऔं, साठीऔं भाग वा अंश, साठी भागमध्ये एक ।

षष्ठः (वि.) षण्णां पूरणः *(छको सङ्ख्या पूर्ण गर्ने)* षष्+डट् (अ), थुगागम[6], थको ष्टुत्व ठ= षष्ठ ।

शब्दार्थ- छैटौं, छको पूरक, छको सङ्ख्या पूरा गर्ने ।

षष्ठांशः (ना./पुं.) षष्ठश्चासौ अंशश्च *(छैटौं अंश)* क.त.स., दीर्घ= षष्ठांश ।

शब्दार्थ- छैटौं भाग, छभागमध्ये एक भाग ।

षष्ठी (ना./स्त्री.) षण्णां पूरणी *(छको पूरक)* षष्+डट् (अ), थुक्[6], ष्टुत्व थको ठ, षष्ठ+ङीप् (ई)= षष्ठी ।

शब्दार्थ- पञ्चमी र सप्तमीको बीचमा पर्ने तिथि, शुक्ल र कृष्ण दुवै पक्षको छैटौं तिथि, षष्ठी तिथि ।

षाड्गुण्यम् (ना./न.) षण्णां गुणानां समूहः *(छ गुणको समुदाय)* द्वि.त.स., षट्गुणम् । षट्गुणस्य भावः कर्म वेति *(छ गुणको भाव वा कर्म)* षड्गुण+ष्यञ्[7] (य), आदिवृद्धि= षाड्गुण्य ।

शब्दार्थ- सन्धि, विग्रह, यान आदि छ गुणहरूको समष्टि, राजनीतिका यी छवटा उपायहरूको स्थिति ।

षाड्मातुरः (ना./पुं.) षण्णां मातृणामपत्यम् *(छवटी आमाहरूका सन्तान)* षट्मातृ+अण्[8] (अ), मातृको उदादेश, आदिवृद्धि, जश्त्व= षाड्मातुर ।

षाण्मातुरः शक्तिधरः कुमारः क्रौञ्चदारुणः- इत्यमरः

शब्दार्थ- स्वामी कार्तिकेय, कुमार, स्कन्द ।

---

[1] ञमन्ताड्डः : ड
[2] शमेर्ढः : ढ
[3] पङ्क्तिविंशति त्रिंशत्... : ति, षष्भाव-निपातन
[4] तस्य पूरणे डट् : डट्
[5] विंशत्यादिभ्यस्तमड्...: तमड्
[6] षट्कतिपय... : थुक्
[7] चतुर्वर्णादीनाम्... : ष्यञ्
[8] मातुरुत्संख्या... : अण्

षाण्मासिकः (वि.) षण्मासे भवः जातादिर्वा/षण्मासस्य अयम् *(छ महिनामा हुने, छ महिनाको यो)* षण्मास +ठञ्[1] (इक), आदिवृद्धि, अकारलोप= षाण्मासिक ।

शब्दार्थ- छ महिनामा हुने, छ महिनाको, अर्द्धवार्षिक, छ महिने, छ महिनासम्वन्धी ।

षोडन् (वि.) षट् दन्ताः अस्य *(छवटा दाँत छन् यसका)* ब.स., षष्+दन्त, दन्तको दतृ (दत्) आदेश[2], षष्को उत्व[3], गुण, ष्टुत्व= षोडन् ।

शब्दार्थ- छवटा दाँत हुने, छवटा दाँत भएको ।

षोडशः (ना./पुं./वि.) षट् च दश च *(छ र दश)* द्व.स., षष् दश, अन्त्य षको उत्व, ष उ दश, गुण, दको ष्टुत्व= षोडश ।

अथवा षोडशानां पूरणः *(सोह्रको पूरक)* षोडश+डट् (अ), टिलोप= षोडश ।

शब्दार्थ-पन्ध्र र सत्रका वीचको सङ्ख्या, सोह्रौं भाग, सोह्र

षोडशकला (ना./स्त्री.) षोडशसंख्यायुक्ताश्च ताः कलाश्च *(सोह्रवटा कला)* क.त.स., उ.प.लोप =षोडशकला ।

अमृता मानदा पूषा तुष्टिपुष्टी रतिर्धृतिः ।
शशिनी चन्द्रिका कान्तिर्ज्योत्स्ना श्रीः प्रीतिरेव च ।
अङ्गदा च तथा पूर्णामृता षोडश वै कलाः ।

शब्दार्थ- चन्द्रमाको अमृता आदि उपर्युक्त सोह्र कला ।

षोडशमातृका (ना./स्त्री.) षोडशसंख्यकाश्च ताः मातृकाश्च *(सोह्रवटा संख्या भएका मातृकाहरू)* क.त.स., उ.प.लोप= षोडशमातृका ।

गौरी पद्मा शची मेधा सावित्री विजया जया ।
देवसेना स्वधा स्वाहा मातरो लोकमातरः ।
शान्तिः पुष्टिर्धृतिस्तुष्टिः कुलदेवात्मदेवता ॥

शब्दार्थ- गौरी, पद्मा, शची, मेधा आदि सोह्रवटा मातृकाहरू, षोडश मातृकाहरू ।

षोडशशृङ्गारः (ना./पुं.) षोडशप्रकारा च ते शृङ्गाराश्च *(सोह्र प्रकारका शृङ्गारहरू)* क.त.स., उ.प.लोप =षोडशशृङ्गार ।

शब्दार्थ- स्त्रीहरूले शरीर सजाउन अपनाउने स्नान, वस्त्रधारण, केश सजावट, गाजल, सिन्दूर, टीका, आभूषण आदि सोह्रथरी शृङ्गारहरू ।

षोडशसंस्कारः (ना./पुं.) षोडश संख्यकाश्च ते संस्काराश्च *(सोह्रवटा संस्कारहरू)* क.त.स., उ.प.लोप = षोडशसंस्कार ।

गर्भाधानमतश्च पुंसवनकं सीमन्तजाताभिधे ।
नामाख्यं सह निष्क्रमेण च तथाऽन्नप्राशनं कर्म च ।
चूडाख्यं व्रतवन्धकोऽप्यथ चतुर्वेदव्रतानां पूरः ।
केशान्तः सविसर्गकः परिणयः स्यात्षोडशी कर्मणाम्-
आ.सू.- २९

अर्थात् गर्भाधान, पुंसवन, सीमन्त, जातकर्म, नामकरण (न्वारन), निष्क्रमण (वाहिर निकाल्ने), अन्नप्राशन, कर्णवेद (कान छेड्ने), चूडाकर्म (क्षौर), उपनयन (व्रतवन्ध), वेदाध्ययन, केशान्त, समावर्तन, विवाह, अन्त्येष्टि- यी सोह्र संस्कारहरू ।

शब्दार्थ- द्विजातिले गर्नुपर्ने गर्भाधानदेखि मृत्युसम्मको उपर्युक्त सोह्रवटा संस्कारहरू ।

षोडशा (ना./स्त्री.) षोडशानां पूरणी *(सोह्रको पूरक)* षोडश+डट् (अ), टिलोप, षोडश+टाप् (आ) =षोडशा ।

शब्दार्थ- सोह्र वर्षकी युवती, सोह्रवर्षे तरुणी ।

षोडशी (ना./स्त्री.) षोडशानां पूरणी *(सोह्रको पूरक)* षोडश+डट् (अ)+ङीप् (ई)= षोडशी ।

शब्दार्थ- सोह्रवर्षकी युवती, सोह्रवर्षे तरुणी, दश महाविद्यामध्ये एक ।

षोडशोपचारः (ना./पुं.) षोडशप्रकाराश्च ते उपचाराश्च *(सोह्रप्रकारका पूजासामग्री)* क.त.स., उ.प.लोप, गुण =षोडशोपचार ।

आवाहनासने पाद्यमर्घ्यमाचमनीयमकम् ।
स्नानं वस्त्रोपवीते च गन्धमाल्यादिभिः क्रमात् ॥
धूपं दीपं च नैवेद्यं नमस्कारं प्रदक्षणम् ॥
उद्वासनं षोडशकमेवं देवार्चने विधिः- आ.सू.१/७४

शब्दार्थ- पूजा गर्दा अपनाइने उल्लिखित सोह्रथरी विधि वा रीति, देवी-देवताहरूप्रति भक्तिभाव, सोह्र प्रकारका पूजाविधि ।

---

[1] कालाट्ठञ् : ठञ्

[2] वयसि दन्तस्य... : दतृ आदेश

[3] षष उत्वं दतृदश... : उत्व

स

सः (ना./पुं.) स्यतीति *(विनाश गर्छ)* षो अन्तकर्मणि (दिवा.) धातु, सत्त्व, सो+ड[१] (अ), आत्व, टिलोप=स ।

स जीवेच्छे पञ्चवक्त्रे भृगौ भसि निशापतौ- इति मेदिनी
सः स्याद् विष्णौ हरे सर्पे ।

परिचय- देवनागरी वर्णमालाको वत्तीसौं व्यञ्जनवर्ण, दन्तस्थानीय उष्मसंज्ञक अघोष महाप्राणध्वनि, 'स' यो वर्ण- समान, सदृश अर्थ वुझाउँदा शब्दको अगाडि जोडिएर आउँछ, जस्तै- सवर्ण, सजाति, सगोत्र ।

शब्दार्थ- शिव, विष्णु, भृगु, नक्षत्र, चन्द्रमा, सर्प, वायु, पक्षी ।

संक्षयः (ना./पुं.) संक्षीयते इति *(नासिन्छ)* सम्पूर्वक क्षि क्षये (भ्वा.) धातु, सम्+क्षि+अच् (एरच्), गुण, अयादेश= संक्षय ।

शब्दार्थ- विनाश, नाश, क्षय ।

संक्षिप्तः (वि.) संक्षिप्यति स्म, संक्षिपति स्म इति *(संक्षेप गरिएको)* सम्पूर्वक क्षिप प्रेरणे (दिवा./तुदा.) धातु, सम्+क्षिप् +क्त (त)= संक्षिप्त ।

शब्दार्थ- संक्षेप गरिएको, छोटो पारिएको ।

संक्षेपः (ना./पुं.) संक्षिप्यते इति *(संक्षेप गरिन्छ)* सम्पूर्वक क्षिप प्रेरणे (दिवा./तुदा.) धातु, सम्+क्षिप् +घञ् (अ), गुण= संक्षेप ।

शब्दार्थ- संक्षिप्त पार्ने काम, छोटकरी वनाउने काम, छोटो रूप, संक्षेप ।

संक्षेपणम् (ना./न.) संक्षिप्यते इति *(संक्षेप गरिन्छ)* सम्पूर्वक क्षिप प्रेरणे (दिवा./तुदा.) धातु, सम्+क्षिप्+ल्युट् (अन), गुण= संक्षेपण ।

शब्दार्थ- समाहार, संक्षिप्त पार्ने क्रिया, छोटो पार्ने काम, संक्षेप ।

संज्ञा (ना./स्त्री.) संज्ञायते इति *(राम्ररी जानिन्छ, अनुभूति गरिन्छ)* सम्पूर्वक ज्ञा अववोधने (क्र्या.) धातु, सम्+ज्ञा+अङ्[२] (अ), आकारलोप, संज्ञ+टाप् (आ) =संज्ञा ।

संज्ञानामनि गायत्र्यां चेतना रवियोषितोः- इति मेदिनी

शब्दार्थ- व्याकरणमा व्यक्ति, जाति, द्रव्य, समुदाय, भाव आदि वुझाउने नाम, राम्रो ज्ञान हुने वा अनुभूति हुने काम, चेतनाशक्ति, चेतना, वुद्धि, नाम, ज्ञान, जानकारी, अववोध, गायत्री, सूर्यपत्नी, संज्ञाकै कल्पितरूप छाया ।

संज्ञावान् (वि.) संज्ञा अस्यास्तीति *(संज्ञा वा चेतना छ यसको)* संज्ञा+मतुप्[३] (मत्), मको व, संज्ञावत् =संज्ञावान् ।

शब्दार्थ- नामधारी, चेतना भएको, प्रज्ञा भएको ।

संज्ञासुतः (ना./पुं.) संज्ञायाः सुतः *(संज्ञाको पुत्र)* ष.त.स. =संज्ञासुत ।

शब्दार्थ-संज्ञाको पुत्र, संज्ञातनय, शनैश्चर, अश्विनीकुमार

संज्ञाहीनः (वि.) संज्ञया हीनः *(चेतनाले रहित)* तृ.त.स. =संज्ञाहीन ।

शब्दार्थ- चेतना नभएको, चेतनाहीन, वेहोसी, अचेत ।

संन्यस्तः (वि.) संन्यस्यति स्म इति *(सन्न्यस्त भएको)* सम् नि उपसर्गद्वयपूर्वक असु क्षेपणे (दिवा.) धातु, सम्+नि+अस्+क्त[४], इण्निषेध[५], यण्= संन्यस्त ।

शब्दार्थ-सन्न्यस्त भएको, सन्न्यास लिएको, कर्म त्यागेको ।

संन्यासः (ना./पुं.) संन्यसनम्, संन्यस्यते इति वा *(त्याग गरिन्छ)* सम् नि उपसर्गद्वयपूर्वक असु क्षेपणे (दिवा.) धातु, सम्+नि+अस्+घञ् (अ), वृद्धि, नि अस्‌मा यण्, अनुस्वार= संन्यास ।

काम्यानां कर्मणां न्यासं सन्न्यासं कवयो विदुः - भ.गी.१८/२

शब्दार्थ- शास्त्रविहित सकाम काम्यकर्मको परित्याग गर्ने काम, कर्मफलको त्याग, सन्न्यास, चार आश्रमहरूमध्ये अन्तिम आश्रम ।

संन्यासी (वि.) संन्यासः संन्यासाश्रमः धर्मश्च अस्यास्तीति *(सन्न्यास आश्रम र धर्म छ यसको)* संन्यास+ इनि[६] (इन्), अकारलोप, संन्यासिन्= संन्यासी ।

शब्दार्थ- सन्न्यास आश्रममा रहने र सन्न्यास धर्म ग्रहण गर्ने, घरपरिवार र अन्य लौकिक समस्त कामना परित्याग गर्ने, काम्यकर्महरू परित्याग गर्ने ।

संयत् (ना./स्त्री.) संयतनम्, संयमनमिति वा *(संयम गर्नु)* सम्पूर्वक यती प्रयत्ने वा यम उपरमे (भ्वा.) धातु, सम्+यत्+क्विप्[७] (सर्वलोप)= संयत् ।

सम्+यम्+क्विप् (सर्वलोप), मलोप[८], तुक्= संयत् ।

शब्दार्थ-युद्ध, आक्रमण, सङ्ग्राम, लडाइँ, संयम, नियन्त्रण ।

संयतः (वि.) संयतः (आत्मा) यस्य *(संयत छ (आत्मा) जसको)* ब.स.= संयत ।

अथवा संयम्यते स्म इति *(बाँधिएको, रोकिएको)* सम्पूर्वक यम उपरमे (भ्वा.) धातु, सम्+यम्+क्त (त), अनुनासिक मलोप, अनुस्वारागम= संयत ।

शब्दार्थ- बाँधिएको, वशमा रहेको, इन्द्रियनिग्रह गरेको, संयत आत्मा भएको ।

संयतात्मा (वि.) संयतः आत्मा यस्य *(संयमित छ आत्मा वा इन्द्रिय जसको)* ब.स., दीर्घ= संयतात्मा ।

शब्दार्थ- इन्द्रियनिग्रह गरेको, संयमी, मर्यादित ।

---

[१] अन्येष्वपि दृश्यते : ड
[२] आतश्चोपसर्गे....: अङ्
[३] तदस्यास्त्यस्मिन् : मतुप्
[४] गत्यर्थाकर्मक... : क्त
[५] यस्य विभाषा : इण्निषेध
[६] अत इनिठनौ : इनि
[७] संपदादिभ्य... : क्विप्
[८] गमादीनामिति वक्तव्यम् (वा.) : मलोप

संयन्त्रः (ना./पुं./न.) संयच्छतीति *(नियन्त्रण गर्छ)* सम्पूर्वक यम उपरमे (भ्वा.) धातु, सम्+यम्+ष्ट्रन्[1] (त्र), उणा., परसवर्ण= संयन्त्र ।

शब्दार्थ- ठूलो काम सञ्चालन गर्ने यन्त्र, मेसिन, नियन्त्रण गर्ने काम ।

संयमः (ना./पुं.) संयमनम्, संयम्यते इति वा *(रोकिन्छ, बाँधिन्छ)* सम्पूर्वक यम उपरमे (भ्वा.) धातु, सम्+यम्+अप्[2] (अ), अनुस्वार= संयम ।

शब्दार्थ- वशमा राख्ने काम, प्रतिबन्ध, नियन्त्रण गर्ने काम, रोक्ने काम, इन्द्रियनिग्रह गर्ने काम, योगशास्त्रमा धारणा, ध्यान र समाधि- यी तीनवटैको एकत्र साधना गर्ने काम ।

***द्रष्टव्य-* त्रयमेकत्र संयमः - पा.यो.द. ३/४**

संयमनम् (ना./न.) संयमनम्, संयम्यते इति वा *(वश गरिन्छ)* सम्पूर्वक यम उपरमे (भ्वा.) धातु, सम्+यम्+ल्युट्[3] (अन)= संयमन ।

शब्दार्थ- नियन्त्रण, रोक, प्रतिबन्ध, वशमा राख्ने काम, इन्द्रियनिग्रह, मनलाई वशमा राख्ने क्रिया ।

संयमाग्निः (ना./पुं.) संयम एव अग्निः *(संयमरूप अग्नि)* म.व्य.स., दीर्घ= संयमाग्नि ।

शब्दार्थ- संयमरूपी अग्नि ।

संयमितः (वि.) संयम्यते स्म इति *(रोकिएको, नियन्त्रण गरिएको)* सम्पूर्वक यम उपरमे (भ्वा.) धातु, सम्+यम्+णिचि+क्त (त), इडागम, णिलोप =संयमित ।

शब्दार्थ- वशमा राखिएको, नियन्त्रण गरिएको, मर्यादित, रोकिएको, बाँधिएको, दमन गरिएको, संयम अपनाइएको ।

संयमी (वि.) संयमः अस्यास्तीति *(संयम छ यसको)* संयम+इनि[4] (इन्), अकारलोप, संयमिन्= संयमी ।

शब्दार्थ- संयम गर्ने, मनलाई वशमा राख्ने, संयममा रहने, आत्मनिग्रह गर्ने (ऋषिमुनि) ।

संयुक्तः (वि.) संयुज्यते स्म इति *(जोडिएको)* सम्पूर्वक युजिर् योगे (रुधा.) धातु, सम्+युज्+क्त (त), कुत्व =संयुक्त ।

शब्दार्थ- जोडिएको, गाँसिएको, मिसिएको, सम्मिलित, संयुक्त भएको ।

संयुक्तकुटुम्बम् (ना./न.) संयुक्तञ्च तत् कुटुम्बम् *(संयुक्त कुटुम्ब)* क.त.स.= संयुक्तकुटुम्ब ।

शब्दार्थ- संयुक्त परिवार, अविभाजित परिवार ।

संयुक्तपरिवारः (ना./पुं.) परितः व्रियते इति *(चारैतिरबाट घेरिन्छ)* परिपूर्वक वृञ् वरणे (स्वा.) धातु, परि+वृ+घञ् (अ), वृद्धि, परिवारः । संयुक्तश्चासौ परिवारश्च *(संयुक्त परिवार)* क.त.स.=संयुक्तपरिवार ।

शब्दार्थ- अविभाजित परिवार, नछुट्टिई एउटै घरमा रहेको परिवार, भिन्न नभएको परिवार ।

संयुक्तराष्ट्रसङ्घः (ना./पुं.) राष्ट्रानां सङ्घः *(राष्ट्रहरूको सङ्घ वा समूह)* ष.त.स., राष्ट्रसङ्घः । संयुक्तश्चासौ राष्ट्रसङ्घश्च *(संयुक्तरूपमा एकत्रित भएको राष्ट्रहरूको समुदाय)* क.त.स.= संयुक्तराष्ट्रसङ्घ ।

शब्दार्थ- एउटै उद्देश्य लिएर एकत्रित भएका विश्वका अनेकौं राष्ट्रहरूको सङ्गठन वा सङ्घ ।

संयुक्तरूपम् (ना./न.) संयुक्तञ्च तत् रूपञ्च *(संयुक्त रूप)* क.त.स.= संयुक्तरूप ।

शब्दार्थ- अनेक वस्तु वा पदार्थहरूको एकत्रित रूप ।

संयुक्तवाक्यम् (ना./न.) संयुक्तञ्च तत् वाक्यञ्च *(संयुक्त वाक्य)* क.त.स.= संयुक्तवाक्य ।

शब्दार्थ- दुई वा दुईभन्दा वढी सरल वाक्यहरू मिलेर वनेको वाक्य, वाक्यका सरल, संयुक्त र मिश्र तीनवटा भेदहरूमध्ये एक ।

संयुक्तविज्ञप्तिः (ना./स्त्री.) संयुक्ता चासौ विज्ञप्तिश्च *(संयुक्त विज्ञप्ति)* क.त.स.= संयुक्तविज्ञप्ति ।

शब्दार्थ- दुई वा दुईभन्दा वढी व्यक्तिहरू वा संस्थाहरू वा राष्ट्रहरू मिलेर गरिएको निर्णय वा सहमति पश्चात् प्रकाशित विज्ञप्ति वा सूचना ।

संयुक्तव्यञ्जनम् (ना./न.) संयुक्तञ्च तत् व्यञ्जनञ्च *(संयुक्त व्यञ्जनवर्ण)* क.त.स.= संयुक्तव्यञ्जन ।

शब्दार्थ- दुई वा दुईभन्दा वढी व्यञ्जनवर्णहरू मिलेर वनेको संयुक्त अक्षर, जस्तै त्+र्+अ= त्र ।

संयुक्तस्वरः (ना./पुं.) संयुक्तश्चासौ स्वरश्च *(संयुक्त स्वरवर्ण)* क.त.स.= संयुक्तस्वर ।

शब्दार्थ- एउटाभन्दा वढी स्वरवर्णहरू मिलेर वनेको स्वरवर्ण, जस्तैः इ+इ= ई, अ+इ= ए ।

संयुगः (ना./पुं.) संयोजनम्, संयुज्यते इति *(योग हुनु, जोडिनु)* सम्पूर्वक युजिर् योगे (रुधा.) धातु, सम्+युज्+घञ् (अ), कुत्व= संयुग ।

शब्दार्थ- जोडिने काम, मिल्ने काम, मिसिने क्रिया ।

संयुतः (वि.) संयूयते स्म इति *(जोडिएको)* सम्पूर्वक यु मिश्रणाऽमिश्रणयोः (अदा.) धातु, सम्+यु+क्त (त) =संयुत ।

शब्दार्थ- जोडिएको, मिसिएको, मिलाइएको, मिलेको, संयुक्त, अविभाजित ।

संयुतिः (ना./स्त्री.) संयूयते इति *(जोडिन्छ, मिसिन्छ)* सम्पूर्वक यु मिश्रणाऽमिश्रणयोः (अदा.) धातु, सम्+यु+क्तिन्[5] (ति)= संयुति ।

शब्दार्थ- दुई वा दुईभन्दा वढी वस्तु वा पदार्थहरू मिसिने वा जोडिने काम ।

---

[1] सर्वधातुभ्यः ष्ट्रन् : ष्ट्रन्

[2] यमःसमुपनिविषु च : अप्

[3] ल्युट् च : ल्युट्

[4] अत इनिठनौ : इनि

[5] स्त्रियां क्तिन् : क्तिन्

संयोग: (ना./पुं.) संयुज्यते इति *(जोडिन्छ)* युजिर् योगे (रुधा.) धातु, सम्+युज्+घञ् (अ), गुण, कुत्व =संयोग ।

शब्दार्थ- दुई वा सोभन्दा वढी वस्तुहरू मिल्ने काम, सम्मिश्रण, मेल, मिलन, सम्वन्ध राख्ने काम, दुई वा त्यसभन्दा वढी तत्त्वहरूको सम्मिलन ।

संयोगजन्यः (वि.) संयोगात् जन्यः *(संयोग वा सम्पर्कबाट पैदा हुने)* प.त.स.= संयोगजन्य ।

शब्दार्थ- संयोगवाट पैदा हुने, संयोगवाट उत्पन्न, संसर्गजन्य ।

संयोगात्मकः (वि.) संयोगः आत्मा यस्य *(संयोग नै मुख्य आत्मस्वरूप भएको)* व.स., दीर्घ, संयोगात्मन्+कप्[१] (क), समासान्त= संयोगात्मक ।

शब्दार्थ- संयोग हुने किसिमको, मिल्ने ढङ्गको, संयोग हुन सक्ने प्रकारको, मिलन हुने किसिमको ।

संयोगान्तः (वि.) संयोगः अन्तः यस्य *(जसको अन्त्यमा संयोग छ)* व.स., दीर्घ= संयोगान्त ।

शब्दार्थ- अन्तमा संयोग वा मिलन हुने वा भएको, सुखान्त, नायक नायिकाको अन्तमा मिलन हुने (नाटक, उपन्यास, कथा, चलचित्र आदि) ।

संयोगी (वि.) संयोगः अस्यास्तीति *(संयोग छ यसको)* संयोग+इनि[२] (इन्), अकारलोप, संयोगिन्= संयोगी ।

शब्दार्थ-मिलेको, जोडिएको, मिल्ने, जोडिने, सम्मिलित ।

संयोजकः (वि.) संयोजयतीति *(जोड्छ, मिलाउँछ)* सम्पूर्वक युजिर् योगे (रुधा.) धातु, सम्+युज्+णिचि +ण्वुल्[३] (अक), गुण, णिलोप= संयोजक ।

शब्दार्थ- दुई वा दुईभन्दा वढी तत्त्वहरूलाई मिलाउने वा जोड्ने, वाक्यलाई जोड्ने, संयोजक, विभिन्न विषयलाई एकसाथ संयोजन गर्ने ।

संयोजकत्वम् (ना./न.) संयोजकस्य भावः *(संयोजकको भाव वा अवस्था)* संयोजक+त्व= संयोजकत्व ।

शब्दार्थ- संयोजकको अवस्था, दुई वा दुईभन्दा वढी वस्तुहरूको संयोजकता ।

संयोजनम् (ना./न.) संयोजनम्, संयुज्यते इति वा (जोडिन्छ, मिसिन्छ) सम्पूर्वक युजिर् योगे (रुधा.) धातु, सम्+युज्+ल्युट् (अन), गुण= संयोजन ।

शब्दार्थ-दुई वा दुईभन्दा वढी वस्तुहरू वा पदार्थहरू वा तत्त्वहरू मिल्ने वा जोडिने काम, संयोग, संभोग, मिलन, जोड्ने काम, जोडाइ गर्ने काम ।

संयोजनीयः (वि.) संयोक्तुं योग्यः, संयुज्यते इति वा *(जोड्न लायक)* सम्पूर्वक युजिर् योगे (रुधा.) धातु, सम्+युज्+अनीय (र्), गुण= संयोजनीय ।

शब्दार्थ- मिलाउन योग्य वा लायक, जोड्न सकिने, संयोग हुन उचित, मिलाइएको, जोड्न ठीक गरिएको, मिसाइएको ।

संयोजितः (वि.) संयोज्यते स्म इति *(मिलाइएको)* सम्पूर्वक युजिर् योगे (रुधा.) धातु, सम्+युज्+णिचि +क्त (त), इडागम, णिलोप= संयोजित ।

शब्दार्थ- मिलाइएको, जोडिएको, ठीक पारिएको, मिसाइएको ।

संयोज्यः (वि.) संयोक्तुं योग्यः *(जोड्न लायक)* सम्पूर्वक युजिर् योगे (रुधा.) धातु, सम्+युज्+ण्यत्[४] (य), गुण =संयोज्य ।

शब्दार्थ- जोड्न वा मिलाउन योग्य वा लायक, जोड्न सकिने, संयोजन गर्न योग्य ।

संरक्षः (ना./पुं.) संरक्ष्यते इति *(संरक्षण गरिन्छ)* सम्पूर्वक रक्ष पालने (भ्वा.) धातु, सम्+रक्ष्+घञ्[५] (अ)= संरक्ष ।

शब्दार्थ- रेखदेख, संरक्षण, रक्षा गर्ने काम, पालनपोषण ।

संरक्षकः (वि.) संरक्षतीति *(रक्षा गर्छ)* सम्पूर्वक रक्ष पालने (भ्वा.) धातु, सम्+रक्ष्+ण्वुल् (अक)= संरक्षक ।

शब्दार्थ- रेखदेख गर्ने, सुरक्षा गर्ने, वचाउ गर्ने, पालनपोषण गर्ने, हेरचाह गर्ने, अभिभावक ।

संरक्षकता (ना./स्त्री.) संरक्षकस्य भावः *(संरक्षक हुनाको भाव वा अवस्था)* संरक्षक+तल्[६] (त)+टाप् (आ) =संरक्षकता ।

शब्दार्थ- संरक्षकको दायित्व, अभिभावकत्व, संरक्षक हुनाको अवस्था ।

संरक्षणम् (ना./न.) संरक्षणम्, संरक्ष्यते अनेन इति वा *(संरक्षण गरिन्छ)* सम्पूर्वक रक्ष पालने (भ्वा.) धातु, सम्+रक्ष्+ल्युट्[७] (अन), णत्व= संरक्षण ।

शब्दार्थ- सुरक्षा गर्ने काम, हेरचाह गर्ने काम, संरक्षण गर्ने क्रिया, पालनपोषण गर्ने काम ।

संरक्षणीयः/संरक्ष्यः (वि.) संरक्षितुं योग्यः *(संरक्षण गर्न योग्य)* सम्पूर्वक रक्ष पालने (भ्वा.) धातु, सम्+रक्ष्+ अनीय (र्), णत्व= संरक्षणीय ।

सम्+रक्ष्+ण्यत् (य)= संरक्ष्य ।

शब्दार्थ- संरक्षण गर्न योग्य वा लायक, हेरचाह गर्नुपर्ने, पालनपोषण गर्न लायक, रेखदेख गर्नुपर्ने, जोगाउन लायक ।

संरक्षितः (वि.) संरक्ष्यते स्म इति *(सुरक्षा गरिएको)* सम्पूर्वक रक्ष पालने (भ्वा.) धातु, सम्+रक्ष्+क्त (त), इडागम= संरक्षित ।

शब्दार्थ- संरक्षण गरिएको, हेरचाह गरिएको, सुरक्षित, रक्षा गरिएको, संरक्षित, सुरक्षा गरिएको ।

---

[१] अनिनस्मन्ग्रहण...: कप् (समासान्त)
[२] अत इनिठनौ : इनि
[३] ण्वुल्तृचौ : ण्वुल्
[४] ऋहलोर्ण्यत् : ण्यत्
[५] अकर्तरि च कारके...: घञ्
[६] तस्य भावः... : तल्
[७] करणाधिकरणयोश्च : ल्युट्

संरचना (ना./स्त्री.) संरच्यते इति *(संरचना गरिन्छ)* सम्पूर्वक रच प्रतियत्ने (चुरा.) धातु, सम्+रच्+णिचि+युच्[1] (अन), णिलोप, संरचन+टाप् (आ), वृद्धिनिषेध= संरचना ।

शब्दार्थ- वनावट, वनोट, रचना गरिने कुराको ढाँचा, निर्माण ।

संरचयिता (वि.) संरचयतीति *(संरचना गर्छ)* सम्पूर्वक रच प्रतियत्ने (चुरा.) धातु, सम्+रच्+णिचि+तृच् (तृ), इडागम, संरचि इतृ, गुण, अयादेश, संरचयितृ =संरचयिता ।

शब्दार्थ- संरचना गर्ने, वनाउने, निर्माण गर्ने ।

संरम्भः (ना./पुं.) संरम्भ्यते इति *(आरम्भ गरिन्छ)* सम्पूर्वक रभी शब्दे (भ्वा.) धातु, नुम्, सम्+रम्भ्+घञ् (अ)= संरम्भ ।

शब्दार्थ- प्रारम्भ, हडवढी, विक्षोभ, प्रचण्डता, उत्कण्ठा ।

संरुद्धः (वि.) संरुध्यते स्म इति *(रोकिएको)* सम्पूर्वक रुधिर् आवरणे (रुधा.) धातु, सम्+रुध्+क्त (त), निष्ठा तको ध, जश्त्ववाट धको द= संरुद्ध ।

शब्दार्थ- रोकिएको, वाधा पुऱ्याइएको, अवरुद्ध, घेरिएको ।

संरूढः (वि.) संरोहति स्म इति *(उम्रेको)* सम्पूर्वक रुह बीजजन्मनि प्रादुर्भावे च (भ्वा.) धातु, सम्+रुह+क्त (त), कर्तामा, हको ढ[2], तको ध[3], ष्टुत्ववाट धको ढ, संरुढ्ढ, ढलोप[4], दीर्घ= संरूढ ।

शब्दार्थ- रोपेको, आँकुरा हालेको, उम्रेको, मुकुलित ।

संरोधः (ना./पुं.) संरुध्यते इति *(रोकिनु)* सम्पूर्वक रुधिर् आवरणे (रुधा.) धातु, सम्+रुध्+घञ् (अ), गुण =संरोध ।

शब्दार्थ- रोकावट, अवरोध, रोक, वाधा, अड्चन, घेरावन्दी ।

संरोधनम् (ना./न.) संरोधनम्, संरुध्यते इति वा *(रोकिन्छ)* सम्पूर्वक रुधिर् आवरणे (रुधा.) धातु, सम्+रुध्+ल्युट् (अन), गुण= संरोधन ।

शब्दार्थ- रोकावट, रोक, रोक्ने काम, वाधा, अवरोध ।

संलक्षणम् (ना./न.) संलक्ष्यते इति *(लक्ष्य गर्नु)* सम्पूर्वक लक्ष दर्शनाङ्कनयोः (चुरा.) धातु, सम्+लक्ष्+ल्युट् (अन), णत्व= संलक्षण ।

शब्दार्थ- लक्ष ताक्ने काम, निशाना लगाउने काम, राम्रो लक्षण, निशाना ।

संलग्नः (वि.) संलगति स्म इति *(संलग्न भएको)* सम्पूर्वक लगे सङ्गे (भ्वा.) धातु, सम्+लग्+क्त (त), निष्ठा तको न निपातन[5], इडाभाव= संलग्न ।

शब्दार्थ- काममा लागेको, तल्लीन भएको, टाँसिएको, जोरिएको, आसक्त भएको, नत्थी गरिएको, संयुक्त, लागेको, निरत रहेको ।

संलग्नता (ना./स्त्री.) संलग्नस्य भावः *(संलग्न हुनाको भाव वा अवस्था)* संलग्न+तल् (त)+टाप् (आ) =संलग्नता ।

शब्दार्थ- तल्लीनता, तन्मयता, एकाग्रता, संलग्न हुनाको स्थिति वा अवस्था ।

संलयः (ना./पुं.)/**संलयनम्** (ना./न.) संलीयते, संलयनमिति वा *(लीन हुनु)* सम्पूर्वक ली श्लेषणे (क्र्या.) वा लीङ् श्लेषणे (दिवा.) धातु, सम्+ली+अच् (एरच्), गुण, अयादेश= संलय ।

सम्+ली+ल्युट् (अन), गुण, अयादेश= संलयन ।

शब्दार्थ- सुत्ने काम, टाँसिने क्रिया, घुलमिल, जोल्टिने काम, निद्रा ।

संललितः (वि.) संलल्यते स्म इति *(प्यारो गरिएको)* सम्पूर्वक लल ईप्सायाम् (चुरा.) धातु, सम्+लल्+क्त (त), इडागम= संललित ।

शब्दार्थ- प्यारो गरिएको, माया गरिएको ।

संलापः (ना./पुं.) संलपनम्, संलप्यते इति वा *(परस्परमा कुराकानी गरिन्छ)* सम्पूर्वक लप व्यक्तायां वाचि (भ्वा.) धातु, सम्+लप्+घञ् (अ), वृद्धि= संलाप ।

संलापो भाषणं मिथः- इत्यमरः

शब्दार्थ- परस्परमा वातचित वा कुराकानी, वार्तालाप, गोप्यकुरा, प्रवचन ।

संलापकः (वि.) संलपतीति *(वातचित गर्छ)* सम्पूर्वक लप व्यक्तायां वाचि (भ्वा.) धातु, सम्+लप्+ण्वुल् (अक), वृद्धि= संलापक ।

शब्दार्थ- कुराकानी गर्ने, वात मार्ने, वार्तालाप गर्ने ।

संलापितः (वि.) संलाप्यते स्म इति *(कुराकानी गरिएको)* सम्पूर्वक लप व्यक्तायां वाचि (भ्वा.) धातु, सम्+लप्+णिचि, वृद्धि, संलापि+क्त (त), इडागम, णिलोप =संलापित ।

शब्दार्थ- संलाप गरिएको, कुराकानी वा वार्तालाप गरिएको ।

संलापी (वि.) संलापः अस्यास्तीति *(राम्रो कुराकानी छ यसको)* संलाप+इनि[6] (इन्), अकारलोप, संलापिन् =संलापी ।

शब्दार्थ- संलाप गर्ने, कुराकानी गर्ने, वार्तालाप गर्ने, संलापक ।

संलाप्यः (वि.) संलपितुं योग्यः, संलप्यते इति वा *(संलाप गर्न योग्य वा गरिन्छ)* सम्पूर्वक लप व्यक्तायां वाचि (भ्वा.) धातु, सम्+लप्+ण्यत्[7] (य), वृद्धि= संलाप्य ।

शब्दार्थ- वार्तालाप गर्न योग्य वा लायक, कुराकानी गर्न उचित ।

---

[1] ण्यासश्रन्थो... : युच्

[2] होः ढः : ढ

[3] झषस्तथो... : तको ध

[4] ढो ढे लोप : ढलोप

[5] छुब्धस्वान्तध्वान्त... : न निपातन

[6] अत इनिठनौ : इनि

[7] ऋहलोर्ण्यत् : ण्यत्

संलीढः (वि.) संलेढि स्म इति *(स्वाद लिइएको)* सम्पूर्वक लिह आस्वादने (अदा.) धातु, सम्+लिह्+क्त[1] (त), कर्तामा, हको ढ, तको ध, ष्टुत्वबाट धको ढ, संलिढ्ढ, ढलोप, दीर्घ= संलीढ ।

शब्दार्थ- चाटेको, स्वाद लिएको, आस्वादन गरेको ।

संलीनः (वि.) संलीयते स्म इति *(टाँसिएको)* सम्पूर्वक ली श्लेषणे (क्र्या.) धातु, सम्+ली+क्त (त), निष्ठा तको न[2]= संलीन ।

शब्दार्थ- सटेको, खुम्चिएको, तन्मय भएको, टाँसिएको, लीन भएको ।

संलेखः (ना./पुं.) संलिख्यते इति *(राम्ररी लेखिन्छ)* सम्पूर्वक लिख अक्षरविन्यासे (तुदा.) धातु, सम्+लिख्+घञ् (अ), गुण= संलेख ।

शब्दार्थ-प्रामाणिक विवरण लेखिएको कागत, लिखतपत्र ।

संवत् (ना./पुं.) संवयते इति *(राम्ररी बित्तछ)* सम्पूर्वक वय गतौ (भ्वा.) धातु, सम्+वय्+क्विप्[3], यलोप[4], तुगागम[5], क्विप्को सर्वलोप= संवत् ।

अथवा संवदतीति *(बताउँछ)* सम्पूर्वक वद व्यक्तायां वाचि (भ्वा.) धातु, सम्+वद्+विच्[6] (सर्वलोप), चर्त्व =संवत् ।

शब्दार्थ- वर्ष, साल, संवत्सर, विक्रमसंवत् ।

संवत्सरः (ना./पुं.) संवसन्ति मासाः ऋतवश्चात्र इति *(यसमा महिनाहरू र ऋतुहरू बस्छन्)* वा संवसन्ति भूतानि अस्मिन् *(प्राणीहरू रहन्छन् यसमा)* सम्पूर्वक वस निवासे (भ्वा.) धातु, सम्+वस्+सर[7] (उणा.), वस्का सको त[8], अनुस्वार= संवत्सर ।

संवत्सरो वत्सरोऽब्दो हायनोऽस्त्री शरत्समाः - इत्यमरः

शब्दार्थ- छवटा ऋतुहरू मिलेर बनेको वर्ष, बाह्र महिनाको वर्ष, साल, संवत्, वत्सर, अब्द, हायन ।

संवरः (ना./पुं.) संवृणोति, संव्रियते इति वा *(ढाक्छ, ढाकिन्छ)* सम्पूर्वक वृञ् वरणे (स्वा.) धातु, वा वृञ् आवरणे (चुरा.) धातु, सम्+वृ+अच् (पचादि)/अप् (अ), गुण= संवर ।

शब्दार्थ- ढाक्ने वा छोप्ने साधन, विर्को, आच्छादन, पानी, जल, साँघु, पुल, छान्ने वा रोज्ने काम, दैत्यविशेष, मृगविशेष ।

संवरणम् (ना./न.) संवरणम्, संव्रियते इति वा *(वरण गरिन्छ)* सम्पूर्वक वृञ् वरणे (स्वा.) वा वृञ् आवरणे (चुरा.) धातु, सम्+वृ+ल्युट् (अन), गुण, णत्व =संवरण ।

शब्दार्थ- रोज्ने वा छान्ने काम, छनोट, रोजाइ, वरण गर्ने काम, ढाक्ने काम, आच्छादन, आवरण ।

संवरणीयः (वि.) संवरितुं योग्यः, संव्रियते इति वा *(वरण गर्न योग्य)* सम्पूर्वक वृञ् वरणे (स्वा.) वा वृञ् आवरणे (चुरा.) धातु, सम्+वृ+अनीय (र्), गुण, णत्व= संवरणीय ।

शब्दार्थ- वरण गर्न योग्य वा लायक, छान्न वा रोज्न लायक ।

संवर्तः (ना./पुं.) संवर्तते जगत् अत्र *(जगत् यसभित्र छ)* सम्पूर्वक वृतु वर्तने (भ्वा.) धातु, सम्+वृत्+घञ् (अ), गुण= संवर्त ।

संवर्तः प्रलयः कल्पः क्षयः कल्यान्त इत्यपि- इत्यमरः

शब्दार्थ- प्रलय, क्षय, विनाश, प्रलयकाल ।

संवर्तकः (वि.) संवर्तयतीति *(ढाक्तछ, संहार गर्छ)* सम्पूर्वक वृतु वर्तने (भ्वा.) धातु, सम्+वृत्+णिचि+ ण्वुल् (अक), गुण, णिलोप= संवर्तक ।

शब्दार्थ- बादल, प्रलयाग्नि, वडवानल ।

संवर्धकः/संवर्द्धकः (वि.) संवर्धयतीति *(बढाउँछ)* सम्पूर्वक वृधु वृद्धौ (भ्वा.) धातु, सम्+वृध्+णिचि+ ण्वुल् (अक), गुण, णिलोप, धको द्वित्व, जश्त्व =संवर्द्धक ।

द्वित्वको अभावमा= संवर्धक ।

शब्दार्थ- वढाउने, हुर्काउने, वृद्धि गराउने, विकसित पार्ने, लालनपालन गर्ने ।

संवर्धनम्/संवर्द्धनम् (ना./न.) संवर्ध्यते इति *(बढाइन्छ)* सम्पूर्वक वृधु वृद्धौ (भ्वा.) धातु, सम्+वृध्+णिचि, गुण, संवर्धि+ल्युट् (अन), णिलोप, धको द्वित्व विकल्पले, जश्त्व= संवर्द्धन ।

द्वित्वको अभावमा= संवर्धन ।

शब्दार्थ- वढाउने वा हुर्काउने काम, पालनपोषण, वृद्धि गराउने काम ।

संवर्धनीयः/संवर्द्धनीयः (वि.) संवर्द्धितुं योग्यः, संवर्द्ध्यते इति वा *(बढाउन योग्य)* सम्पूर्वक वृधु वृद्धौ (भ्वा.) धातु, सम्+वृध्+णिचि+अनीय (र्), गुण, णिलोप, धको द्वित्व विकल्पले, जश्त्व= संवर्द्धनीय ।

द्वित्वको अभावमा= संवर्धनीय ।

शब्दार्थ- संवर्धन गर्न योग्य वा लायक, वढाउन योग्य, बढाउनुपर्ने ।

संवर्धितः/संवर्द्धितः (वि.) संवर्ध्यते स्म इति *(बढाइएको)* सम्पूर्वक वृधु वृद्धौ (भ्वा.) धातु, सम्+वृध्+णिचि, वृद्धि, संवर्धि+क्त[9] (त), इडागम, णिलोप, धको द्वित्व विकल्पले, जश्त्व= संवर्द्धित ।

द्वित्वको अभावमा= संवर्धित ।

शब्दार्थ- वढाइएको, संवर्द्धन गरिएको, पालनपोषण गरिएको, हुर्काइएको ।

---

[1] गत्यर्थाकर्मक... : क्त

[2] ल्वादिभ्यः : निष्ठा तको न

[3] क्विप् च : क्विप्

[4] लोपो व्योर्वलि : यलोप

[5] ह्रस्वस्य पिति कृति... : तुक्

[6] अन्येभ्योऽपि... : विच्

[7] वसेश्च/संपूर्वाच्चित् : सर प्रत्यय

[8] सः स्यार्धधातुके : सको त

[9] निष्ठा : क्त

संवहनम् (ना./न.) संवहनम्, समुह्यते इति वा *(वहन गरिन्छ)* सम्पूर्वक वह प्रापणे (भ्वा.) धातु, सम्+वह्+ल्युट् (अन)= संवहन ।

शब्दार्थ- जिम्मेवारी लिने काम, अभिभारा वा उत्तरदायित्व वहन गर्ने काम ।

संवादः (ना./पुं.) समुद्यते इति *(कुराकानी गरिन्छ)* सम्पूर्वक वद व्यक्तायां वाचि (भ्वा.) धातु, सम्+वद्+घञ्[1] (अ), वृद्धि= संवाद ।

शब्दार्थ- वार्तालाप, कुराकानी गर्ने काम, संवाद क्रिया, बातचित, विवाद, तर्क, परिचर्चा, परिवाद, खबर, सन्देश ।

संवाददाता (ना./पुं.) संवादं ददातीति *(समाचार दिन्छ)* संवाद उपपदपूर्वक डुदाञ् दाने (जुहो.) धातु, संवाद+दा+तृच् (तृ), संवाददातृ= संवाददाता ।

शब्दार्थ- समाचार सङ्ग्रह गरेर पठाउने व्यक्ति, समाचारदाता ।

संवादात्मकः (वि.) संवादः आत्मा यस्य *(संवाद नै मुख्य छ जसको)* संवाद+आत्मन्, ब.स., कप्[2] (समासान्त), नलोप, दीर्घ= संवादात्मक ।

शब्दार्थ- संवादका ढाँचाको, कथोपकथनका तरिकाको, कुराकानीका शैलीको ।

संवादी (वि.) संवादः अस्यास्तीति *(संवाद छ यसको)* संवाद+इनि[3] (इन्), अकारलोप, संवादिन्= संवादी ।

शब्दार्थ- संवाद गर्ने, बातचित गर्ने, कुराकानी गर्ने, अनुरूप, सदृश ।

संवारः (ना./पुं.) संवरणम्, संव्रियते इति वा *(ढाकिन्छ)* सम्पूर्वक वृञ् आवरणे (चुरा.) धातु, सम्+वृ+णिचि+घञ् (अ), वृद्धि, णिलोप= संवार ।

शब्दार्थ- आवरण, आच्छादन, ढाक्ने काम, ढाकछोप, मन्दमन्द गतिले उच्चारण हुने प्रयत्न ।

संवारणम् (ना./न.) संवारणम्, संवार्यते इति वा *(रोकिन्छ)* सम्पूर्वक वृञ् आवरणे (चुरा.) धातु, सम्+वृ+णिचि+ल्युट् (अन), वृद्धि, णत्व= संवारण ।

शब्दार्थ- रोकावट, रोक्ने काम, आच्छादन गर्ने काम, ढाकछोप गर्ने क्रिया, छोपछाप पार्ने काम ।

संवासः (ना./पुं.) संवसनम्, समुस्यते इति वा *(सँगै बस्नु)* सम्पूर्वक वस निवासे (भ्वा. धातु, सम्+वस्+घञ् (अ), वृद्धि= संवास ।

शब्दार्थ- सँगै बस्ने काम, सँगसँगैको बसाइ, निवासस्थान, घर, गृह, निकेतन, आवासगृह, धर्मशाला, पाटी, सहवास, सम्भोग, बास्ना, सुगन्ध ।

संवासितः (वि.) संवास्यते स्म इति *(बास्नादार पारिएको)* सम्पूर्वक वस निवासे (भ्वा.) धातु, सम्+वस्+णिचि, वृद्धि, संवासि+क्त (त), णिलोप, इडागम= संवासित ।

शब्दार्थ- बास्नादार बनाइएको, बास्ना आउने तुल्याइएको, सुगन्ध फैलिने पारिएको ।

संवाहकः (वि.) संवाहयतीति *(संवाहन गर्छ, लैजान्छ)* सम्पूर्वक वह प्रापणे (भ्वा.) धातु, सम्+वह्+णिचि+ण्वुल् (अक), णिलोप, वृद्धि= संवाहक ।

शब्दार्थ- सङ्केत गर्ने, वहन गर्ने, लैजाने, संवाहन गर्ने ।

संवाहनम् (ना./न.) संवाह्यते इति *(राम्ररी वहन गर्नु)* सम्पूर्वक वह प्रापणे (भ्वा.) धातु, सम्+वह्+णिचि+ल्युट् (अन), वृद्धि, णिलोप= संवाहन ।

शब्दार्थ- परिवहन गर्ने गराउने साधन, भारी बोक्ने वा ढुवानी गर्ने गराउने काम, सेवा गर्ने काम, वाष्पीकरण हुने क्रिया, फैलिने वा सञ्चार हुने काम ।

संवाहनिकः (वि.) संवाहनमस्यास्तीति *(संवाहन वा सञ्चार छ यसको)* संवाहन+ठन् (इक), अकारलोप =संवाहनिक ।

अथवा संवाहनादागतः *(संवाहनबाट आएको)* संवाहन+ठक् (इक), अकारलोप= संवाहनिक ।

शब्दार्थ- संवाहन वा सञ्चार हुने, फैलिने, संवाहन वा परवहनसम्बन्धी ।

संविज्ञातः (वि.) संविज्ञायते स्म इति *(राम्ररी जानिएको)* सम् वि उपसर्गद्वयपूर्वक ज्ञा अवबोधने (क्र्या.) धातु, सम्+वि+ज्ञा+क्त (त)= संविज्ञात ।

शब्दार्थ- राम्ररी जानिएको, सबैले जानेको, सर्वविदित ।

संविद् (ना./स्त्री.) संवेदनम्, संविद्यते अनया इति वा *(राम्ररी जानिन्छ, बोध गरिन्छ यसबाट)* सम्पूर्वक विद ज्ञाने (अदा.) धातु, सम्+विद्+क्विप्[4] (सर्वलोप), मको अनुस्वार= संविद् ।

प्रेक्षोपलब्धिश्चित् संवित्प्रतिपज्ज्ञप्तिचेतना- इत्यमरः

संविदागूः प्रतिज्ञानं नियमः - इत्यमरः

संविद् स्त्रियां प्रतिज्ञायामाचारज्ञानसङ्गरे ।

सम्भाषणे क्रियाकारे सङ्केते नाम्नि तोषणे- इति मेदिनी

शब्दार्थ- ज्ञान, बुद्धि, चित्शक्ति, चेतनाशक्ति, संविदा, प्रतिज्ञा, सहमति, स्वीकृति, अनुभूति, सम्भाषण, सङ्केत, सन्तोषण, सन्तुष्टि, कुनै कार्यको नियम, बातचित !

संविदा (ना./स्त्री.) संविद्यते अनया *(राम्ररी जानिन्छ यसबाट)* सम्पूर्वक विद ज्ञाने (अदा.) धातु, सम्+विद्+क्विप्[4] (सर्वलोप), अनुस्वार, संविद्+आप् (आ), भागुरिमतमा= संविदा ।

शब्दार्थ- सम्झौता, सन्धि, मेलमिलाप, करार, प्रतिज्ञा ।

---

[1] **अकर्तरिच च कारके : घञ्**

[2] **अनिनस्मन्...(वा.) : कप्**

[3] **अत इनिठनौ : ठन्**

[4] **सम्पदादिभ्यः... : क्विप्**

संविदितः (वि.) संविद्यते स्म इति *(राम्ररी जानिएको)* सम्पूर्वक विद ज्ञाने (अदा.) धातु, सम्+विद्+क्त (त), इडागम= संविदित ।

शब्दार्थ- राम्ररी जानिएको, वुझिएको, सम्झिएको, सुविदित, पहिचानिएको, वुझाएको ।

संविधा (ना./स्त्री.) संविधीयते इति *(राम्ररी विधान वा प्रवन्ध गरिन्छ)* सम्पूर्वक डुधाञ् धारणपोषणयोः (जुहो.) धातु, सम्+वि+धा+अङ् (अ)+टाप् (आ), आलोप = संविधा ।

शब्दार्थ- राम्ररी विधान गरिएको सुव्यवस्था, राम्रो प्रवन्ध, जीवनपद्धति या जीवनयापनको तरिका वा ढङ्ग ।

संविधानम् (ना./न.) संविधानम्, संविधीयते अनेन इति वा *(विधान वा व्यवस्था गरिन्छ यसबाट)* सम्पूर्वक डुधाञ् धारणपोषणयोः (जुहो.) धातु, सम्+वि+धा+ल्युट्[1] (अन)= संविधान ।

शब्दार्थ- देशको मूलकानुन, राष्ट्रको मुख्यविधान, व्यवस्था, प्रवन्ध, अनुष्ठान, आयोजना ।

संविधानप्रदत्तः (वि.) संविधानेन प्रदत्तः *(संविधानले दिएको)* तृ.त.स.= संविधानप्रदत्त ।

शब्दार्थ- संविधानले दिएको, संविधानद्वारा प्रदान गरिएको ।

संविधानपरिषद्/संविधानसभा (ना./स्त्री.) संविधान (निर्माणाय) परिषद् वा सभा *(संविधान निर्माण गर्नको लागि परिषद् वा सभा)* च.त.स.=संविधानपरिषद् /संविधानसभा ।

शब्दार्थ- संविधान वनाउन गठन गरिएको परिषद्, संविधान वनाउन निर्वाचन गरिएको प्रतिनिधि सभा ।

संविभागः (ना./पुं.) संविभाजनम्, संविभाज्यते इति वा *(भाग लगाइन्छ)* सम् वि उपसर्गद्वयपूर्वक भाज पृथक्कर्मणि (चुरा.) धातु, सम्+वि+भाज्+घञ् (अ), कुत्व= संविभाग ।

शब्दार्थ- भाग लगाउने काम, छुट्ट्याउने काम, भाग, अंश, वण्डा गर्ने वा वाँडफाँड गर्ने काम ।

संविभाजनम् (ना./न.) संविभाजनम्, संविभाज्यते इति वा *(भाग लगाइन्छ)* सम् वि उपसर्गद्वयपूर्वक भाज पृथक्कर्मणि (चुरा.) धातु, सम्+वि+भाज्+ल्युट् (अन) =संविभाजन ।

शब्दार्थ- भाग लगाउने काम, वण्डा गर्ने वा वाँडफाँड गर्ने काम, विभाजन गर्ने काम ।

संविलयनम् (ना./न.) संविलीयते इति *(विलीन हुनु)* सम्पूर्वक लीङ् श्लेषणे (दिवा.) धातु, सम्+वि+ली+ल्युट् (अन), गुण, अयादेश= संविलयन ।

शब्दार्थ- लीन हुने काम, विलय हुने क्रिया, निःशेष हुने काम ।

संवीक्षणम् (ना./न.) संवीक्षणम्, संवीक्ष्यते इति वा *(हेरिन्छ)* सम् विपूर्वक ईक्ष दर्शने (भ्वा.) धातु, सम्+वि+ईक्ष्+ल्युट् (अन), णत्व, दीर्घ= संवीक्षण ।

संवीक्षणं विचयनं मार्गणं मृगणा मृगः- इत्यमरः

शब्दार्थ- सवैतिर हेर्ने काम, राम्ररी हेर्ने काम, खोज्ने काम, अन्वेषण गर्ने काम ।

संवृतः (वि.) संव्रियते स्म इति *(ढाकिएको)* सम्पूर्वक वृञ् आवरणे (चुरा.) धातु, सम्+वृ+क्त[2] (त)= संवृत ।

शब्दार्थ- अविद्याले आच्छादित, ढाकिएको, छोपिएको, वन्द गरिएको, ध्वनि उच्चारण हुने (प्रयत्न) ।

संवृतिः (ना./स्त्री.) संवरणम्, संव्रियते इति वा *(छोपिन्छ)* सम्पूर्वक वृञ् आवरणे (चुरा.) धातु, सम्+वृ+क्तिन्[3] (ति)= संवृति ।

शब्दार्थ- ढाक्ने वा छोप्ने काम, आच्छादन, आवरण लुकाउने वा दवाउने काम ।

संवृत्तः (वि.) संवर्तते स्म, संवृत्यते स्म इति वा *(घटेको, ढाकिएको)* सम्पूर्वक वृतु वर्तने (भ्वा.) धातु, सम्+वृत्+क्त (त), कर्तामा= संवृत्त ।

शब्दार्थ- कुनै घटना भएको, ढाकेको, ढाकिएको, संरक्षण गरिएको, सञ्चित, एक ठाउँमा राखिएको ।

संवृद्धः (वि.) संवर्धते स्म इति *(बढेको)* सम्पूर्वक वृधु वृद्धौ (भ्वा.) धातु, सम्+वृध्+क्त (त), कर्तामा, तको ध[4], जश्त्व= संवृद्ध ।

शब्दार्थ- बढेको, संवृद्धि प्राप्त गरेको, फस्टाएको, पूर्ण विकसित भएको ।

संवृद्धिः (ना./स्त्री.) संवर्धनम्, संवृध्यते इति वा *(बढ्नु)* सम्पूर्वक वृधु वृद्धौ (भ्वा.) धातु, सम्+वृध्+क्तिन् (ति), तको ध, जश्त्व, धको द= संवृद्धि ।

शब्दार्थ- पूर्ण विकसित हुने काम, बढ्ने काम, समृद्ध हुने क्रिया, फल्नेफुल्ने काम, संवर्द्धन ।

संवेगः (ना./पुं.) संविज्यते इति *(उत्तेजना हुनु)* सम्पूर्वक ओविजी भयसञ्चलनयोः (रुधा./तुदा.) धातु, सम्+विज्+घञ् (अ), कुत्व, गुण= संवेग ।

शब्दार्थ- उत्तेजना, उद्वेग, आवेग, विक्षोभ, हडवढी, प्रचण्डगति, भयादिवाट पैदा हुने हडवढ ।

संवेगात्मकः (वि.) संवेगः आत्मा यस्य *(संवेग छ आत्मा जसको)* ब.स., दीर्घ, संवेगात्मन्+कप्[5] (क), समासान्त, नलोप= संवेगात्मक ।

शब्दार्थ- संवेग मुख्य भएको, उत्तेजनात्मक, आवेगपरक ।

संवेदः (ना./पुं.) संविद्यते इति *(जानिन्छ)* विद ज्ञाने (अदा.) धातु, सम्+विद्+घञ् (अ), गुण= संवेद ।

शब्दार्थ- प्रत्यक्षज्ञान, चेतना, जानकारी, अनुभूति ।

---

[1] ल्युट् च : ल्युट्

[2] निष्ठा : क्त

[3] स्त्रियां क्तिन् : क्तिन्

[4] झषस्तथो... : तको ध

[5] अनिनस्मन्.... : कप् (समासान्त)

संवेदनम् (ना./न.)/**संवेदना** (ना./स्त्री.) संविद्यते इति *(जानिन्छ)* सम्पूर्वक विद ज्ञाने (अदा.) धातु, सम्+विद्+ल्युट् (अन)= संवेदन।

अथवा संवेदयते इति *(संवेदना हुनु)* सम्पूर्वक विद चेतनाख्यानविवासेषु (चुरा.) धातु, सम्+विद्+णिचि +युच्[१] (अन), णिलोप, गुण= संवेदन।

संवेदन+टाप् (आ)= संवेदना।

शब्दार्थ- प्रत्यक्ष ज्ञान, जानकारी, तीव्र अनुभूति, ज्ञान, वोध, सचेतता।

संवेदनीय: (वि.) संवेदितुं योग्य:, संविद्यते इति वा *(अनुभूति गर्न योग्य)* सम्पूर्वक विद चेतनाख्यान-विवासेषु (चुरा.) धातु, सम्+विद्+अनीय (र्), गुण =संवेदनीय।

शब्दार्थ- संवेद्य, जान्न योग्य वा लायक, अनुभूति गर्न योग्य, संवेदजन्य, जान्नुपर्ने, वोधगम्य।

संवेद्य: (वि.) संवेदितुं योग्य:, संविद्यते इति वा *(अनुभूति गर्न योग्य)* सम्पूर्वक विद चेतनाख्यान-विवासेषु (चुरा.) धातु, सम्+विद्+ण्यत्[२] (य), गुण =संवेद्य।

शब्दार्थ-संवेदनीय, अनुभूति गर्न योग्य, जान्नुपर्ने, वोधगम्य

संवेश: (ना./पुं.) संवेशनम्, संविश्यते इति वा *(प्रवेश वा शयन गरिन्छ)* सम्पूर्वक विश प्रवेशने (तुदा.) धातु, सम्+विश्+घञ् (अ), गुण= संवेश।

संवेश: स्वापस्त्रीरतवन्धयो: - इति मेदिनी

स्यान्निद्रा शयनं स्वाप: स्वप्न: संवेश इत्यपि- इत्यमर:

शब्दार्थ- स्वप्न, निद्रा, विश्राम, सम्भोग, रतिवन्धविशेष, शयन, आसन।

संवेशनम् (ना./न.) संवेशनम्, संविश्यते इति वा *(प्रवेश वा शयन गरिन्छ)* सम्पूर्वक विश प्रवेशने (तुदा.) धातु, सम्+विश्+ल्युट् (अन), गुण= संवेशन।

शब्दार्थ- निद्रा, स्वप्न, सम्भोग, मैथुन।

संवैधानिक: (वि.) संविधानादागत:, संविधानेन चरति, संविधानमर्हति, संविधानस्य अयम् वा *(संविधानबाट आएको, संविधान-अनुरूप आचरण गर्छ, संविधानका लागि योग्य, संविधानको)* संविधान+ठक्/ठञ्[३] (इक), आदिवृद्धि= संवैधानिक।

शब्दार्थ- संविधान अनुकूलको, संविधानबाट निष्पन्न, संविधानसम्वन्धी, संविधानद्वारा सुरक्षित।

संशय: (ना./पुं.) संशयनमिति *(संशय गरिन्छ)* सम्पूर्वक शीङ् स्वप्ने (अदा.) धातु, सम्+शी+अच् (एरच्), गुण, अयादेश= संशय।

शब्दार्थ- सन्देह, शङ्का, दुविधा, अनिश्चय, निर्णयमा पुग्न नसक्ने स्थिति।

संशयात्मक: (वि.) संशय: आत्मा यस्य *(संशय मुख्य छ जसको)* संशय+आत्मन्, ब.स., दीर्घ, संशयात्मन्+कप् (क), समासान्त, नलोप= संशयात्मक।

अथवा संशयात्मा एव *(संशय गर्ने नै)* संशयात्मन्+कप् (क), स्वार्थमा= संशयात्मक।

शब्दार्थ- संशय गर्ने, शङ्का गरिरहने, शङ्कालु, सन्दिग्ध।

संशयात्मा (वि.) संशय: आत्मा यस्य *(सन्देहयुक्त आत्मा छ जसको)* ब.स., दीर्घ, संशयात्मन्+कप्=संशयात्मक।

अथवा संशय: आत्मनि यस्य *(सन्देह छ आत्मामा जसको)* ब.स.,दीर्घ, संशयात्मन्, कप् (क)=संशयात्मक।

शब्दार्थ-शङ्का गरिरहने, शङ्कालु प्रकृतिको, सन्देह लिइरहने।

संशयापन्न: (वि.) संशयमापन्न: *(संशय प्राप्त भएको)* द्वि.त.स., दीर्घ= संशयापन्न।

शब्दार्थ- संशयमा परेको, शङ्कामा रुमलिएको, संशययुक्त।

संशयालु: (वि.) संशेते तच्छील: (संशयशील:) *(शङ्का गर्ने)* सम्पूर्वक शीङ् स्वप्ने (अदा.) धातु, सम्+शी+आलुच्[४] (आलु)= संशयालु।

शब्दार्थ- शङ्का मान्ने, संशययुक्त, संशय गर्ने, संशयशील, सन्देह मान्ने।

संशयी (वि.) संशय: अस्यास्तीति *(संशय गर्ने प्रकृति छ यसको)* संशय+इनि (इन्), संशयिन्= संशयी।

शब्दार्थ- शङ्का गर्ने, सन्देह गर्ने, संशय गर्ने, संशयात्मा।

संशित: (वि.) संश्यति स्म, संशीयते स्म इति वा *(तिखारेको, तिखारिएको)* सम्पूर्वक शो तनूकरणे (दिवा.) धातु, सम्+शो+क्त[५] (त), कर्तामा, इडाभाव, आत्व, इत्व[६]= संशित।

शब्दार्थ- तिखारेको, तिखारिएको, तेजिलो पारिएको, धारिलो वनाइएको, निष्पन्न, निर्णीत।

संशुद्ध: (वि.) संशुध्यते स्म इति *(शुद्ध गरिएको)* सम्पूर्वक शुध शौचे (दिवा.) धातु, सम्+शुध्+क्त (त), तको ध[७], धको जश्त्व द= संशुद्ध।

शब्दार्थ- शुद्ध गरिएको, संशोधन गरिएको, सफा पारिएको, संशोधित, पवित्र वनाइएको।

संशुद्धि: (ना./स्त्री.) संशोधनम्, संशुध्यते इति वा *(शुद्ध गरिन्छ)* सम्पूर्वक शुध शौचे (दिवा.) धातु, सम्+शुध्+क्तिन्[८] (ति), तको ध, जश्त्व= संशुद्धि।

शब्दार्थ- शुद्ध वा पवित्र पार्ने काम, चोख्याउने काम, पवित्रीकरण, संशोधन, सफाइ, परिमार्जन।

संशोधक: (वि.) संशोधयतीति *(शुद्ध पार्छ)* सम्पूर्वक शुध शौचे (दिवा.) धातु, सम्+शुध्+णिचि+ण्वुल् (अक), णिलोप, गुण= संशोधक।

शब्दार्थ- शुद्ध पार्ने, सच्याउने, संशोधन गर्ने, पवित्र वनाउने, शुद्धीकरण गर्ने, संस्कार गर्ने।

---

१. घट्टिवन्दिविदिभ्यश्च (वा.) : युच्

२. ऋहलोर्ण्यत् : ण्यत्

३. ठगायस्थानेभ्य:/चरति/तदर्हति : ठक्/ठञ्

४. स्पृहिगृहिपति.../शीङो वाच्य: (वा.) : आलुच्

५. गत्यर्थाकर्मक... : क्त, कर्तामा

६. द्यतिस्यतिमास्था... : इत्व

७. झषस्तथो... : तको ध

८. स्त्रियां क्तिन् : क्तिन्

संशोधनम् (ना./न.) संशोधनम्, संशोध्यते इति वा *(संशोधन गरिन्छ)* सम्पूर्वक शुध शौचे (दिवा.) धातु, सम्+शुध्+णिचि+ल्युट् (अन), गुण= संशोधन ।

शब्दार्थ- अशुद्धिलाई सच्याउने काम, शुद्ध पार्ने काम, परिष्कृत वनाउने काम, शुद्धीकरण, परिमार्जन, पवित्र पार्ने काम ।

संशोधनवादः (ना./पुं./वि.) उद्यते इति *(बताइन्छ)* वद व्यक्तायां वाचि (भ्वा.) धातु, वद्+घञ् (अ), वृद्धि, वादः । संशोधनस्य वादः *(संशोधनको वाद वा सिद्धान्त)* ष.त.स.= संशोधनवाद । अथवा संशोधनं वदतीति *(संशोधन गर्ने कुरा भन्छ)* संशोधन+वद्+अण्[1] (अ), वृद्धि= संशोधनवाद ।

शब्दार्थ- मुख्य सिद्धान्तको फेरवदल गर्ने नीति वा सिद्धान्त, मौलिक कुराहरूमा नै परिवर्तन गर्ने विचारधारा, संशोधनको आवाज उठाउने, संशोधन गर्न चाहने र संशोधनको पक्षमा वोल्ने ।

संशोधनवादी (वि.) संशोधनवादः अस्यास्तीति *(संशोधनवादको समर्थन छ यसको)* संशोधनवाद+इनि (इन्), अकारलोप, संशोधनवादिन्= संशोधनवादी ।

शब्दार्थ- संशोधनवादको अनुयायी वा समर्थक, संशोधनवादका सिद्धान्तको अनुसरण गर्ने ।

संशोधनीयः (वि.) संशोधितुं योग्यः, संशुध्यते इति वा *(संशोधन गर्न योग्य वा लायक)* सम्पूर्वक शुध शौचे (दिवा.) धातु, सम्+शुध्+अनीय (र्), गुण =संशोधनीय ।

शब्दार्थ- संशोधन गर्न योग्य वा लायक, परिमार्जन गर्नुपर्ने, सच्याउन उपयुक्त, शुद्धीकरण गर्नुपर्ने ।

संशोधितः (वि.) संशोध्यते स्म इति *(शुद्ध पारिएको)* सम्पूर्वक शुध शौचे (दिवा.) धातु, सम्+शुध्+णिचि, गुण, संशोधि+क्त[2] (त), णिलोप, इडागम=संशोधित ।

शब्दार्थ- संशोधन गरिएको, शुद्ध पारिएको, परिमार्जित, सच्याइएको, परिष्कृत, शुद्धीकरण गरिएको ।

संश्रयः (ना./पुं.) संश्रयणम्, संश्रीयते इति वा *(आश्रय लिनु)* सम्पूर्वक श्रिञ् सेवायाम् (भ्वा.) धातु, सम्+श्रि+अच् (एरच्), गुण, अयादेश= संश्रय ।

शब्दार्थ- आश्रय, सहारा, आड, निवासस्थान, विश्रामस्थल, सम्पर्क ।

संश्रवः (ना./पुं.) संश्रूयते इति *(कबोल गरिन्छ)* सम्पूर्वक श्रु श्रवणे (भ्वा.) धातु, सम्+श्रु+अप्[3] (अ), गुण, अवादेश= संश्रव ।

शब्दार्थ- प्रतिज्ञा, स्वीकृति, नियम, सम्झौता ।

संश्लिष्ट (वि.) संश्लिष्यते स्म इति *(जोडिएको)* सम्पूर्वक श्लिष आलिङ्गने (दिवा.) धातु, सम्+श्लिष्+क्त (त), ष्टुत्व, तको ट= संश्लिष्ट ।

शब्दार्थ- जोडिएको, जोडेको, टाँसिएको, टाँसेको, आलिङ्गित, आलिङ्गन गरिएको, अङ्कमाल गरेको, नजिकको ।

संश्लेषः (ना./पुं.) संश्लेषणम्, संश्लिष्यते इति वा *(टाँसिनु)* सम्पूर्वक श्लिष आलिङ्गने (दिवा.) धातु, सम्+श्लिष्+घञ् (अ), गुण= संश्लेष ।

शब्दार्थ- टाँसिने क्रिया, मेल, जोड्ने काम, आलिङ्गन, मिलन, संयोग, सम्पर्क, मिलाप ।

संश्लेषणम् (ना./न.) संश्लेषणम्, संश्लिष्यते इति वा *(जोड्नु)* सम्पूर्वक श्लिष आलिङ्गने (दिवा.) धातु, सम्+श्लिष्+ल्युट्[4] (अन), गुण, णत्व= संश्लेषण ।

शब्दार्थ- टाँस्ने काम, जोडाइ, जोर्ने काम, सम्पर्क, संयोग, मिलन, जोड्ने क्रिया ।

संसक्तः (वि.) संसज्यते स्म इति *(टाँसिएको)* सम्पूर्वक षञ्ज सङ्गे (भ्वा.) धातु, सम्+सञ्ज्+क्त (त), नलोप, कुत्व= संशक्त ।

शब्दार्थ- टाँसिएको, जोडिएको, जमेको, सटेको, संलग्न, आसक्त, मिलाएको ।

संसक्तिः (ना./स्त्री.) संसज्यते इति *(जोड्नु)* सम्पूर्वक षञ्ज सङ्गे (भ्वा.) धातु, सम्+सञ्ज्+क्तिन् (ति), नलोप, कुत्व= संसक्ति ।

शब्दार्थ- मिलन, सङ्गम, जोडिने वा टाँसिने क्रिया, सम्पर्क, आसक्ति ।

संसद् (ना./स्त्री.) संसीदन्ति अस्याम् *(यसमा रहन्छन्)* षद्लृ विशरणगत्यवसादनेषु (भ्वा./तुदा.) धातु, सम्+सद्+क्विप्[5] (सर्वलोप)= संसद् ।

समज्या-परिषद्-गोष्ठी-सभा-समिति-संसदः- इत्यमरः

शब्दार्थ- सभा, समिति, गोष्ठी, परिषद्, व्यवस्थापिका, प्रजातान्त्रिक मुलुकका निर्वाचित तथा मनोनित प्रतिनिधिहरूको सभा ।

संसदीयः (वि.) संसदि भवः जातः वेति *(संसद्मा भएको)* संसद्+छ[6] (ईय)= संसदीय ।

शब्दार्थ- संसद्को, संसद्मा भएको, संसद्सम्वन्धी ।

संसरणम् (ना./न.) संसरन्ति अत्र, अनेन इति वा *(यहाँ वा यसबाट आवतजावत गर्छन्)* सम्पूर्वक सृ गतौ (भ्वा.) धातु, सम्+सृ+ल्युट्[7] (अन), गुण, णत्व =संसरण ।

शब्दार्थ- राजमार्ग, जमात भएर हिंड्ने फराकिलो सडक, संसार भ्रमण गर्ने काम ।

---

[1] कर्मण्यण् : अण्
[2] निष्ठा : क्त
[3] ऋदोरप् : अप्
[4] ल्युट् च : ल्युट्
[5] सम्पदादिभ्यः...: क्विप्
[6] गहादिभ्यश्च : छ
[7] करणाधिकरणयोश्च : ल्युट्

संसर्गः (ना./पुं.) सम् सृज्यते इति *(सम्पर्क गरिन्छ)* सम्पूर्वक सृज विसर्गे (दिवा./तुदा.) धातु, सम्+सृज्+घञ् (अ), गुण, कुत्व= संसर्ग ।

शब्दार्थ- सम्पर्क, सँगसँगै रहने वा बस्ने काम, वसउठ, सहवास, सङ्गम, सम्भोग, मैथुन, लसपस, मेलमिलाप, सम्वन्ध जोड्ने काम ।

संसर्गी (वि.) संसर्गः अस्यास्तीति *(सम्पर्क छ यसको)* संसर्ग+इनि[1] (इन्), अकारलोप, संसर्गिन्= संसर्गी ।

शब्दार्थ- सम्पर्क गर्ने, लसपस गर्ने, सम्वन्ध भएको, संयुक्त, जोडा, समीपमा रहेको ।

संसाधनम् (ना./न.) संसाधनम्, संसाध्यते अनेन इति वा *(कार्य सम्पन्न गरिन्छ यसबाट)* सम्पूर्वक षाध संसिद्धौ (स्वा.) धातु, साध्+ल्युट्[2] (अन)= संसाधन ।

शब्दार्थ- उपकरण, सामग्री, साधन, यन्त्र, पुस्तक आदि ।

संसारः (ना./पुं.) संसरति अस्मात् *(विचरण गर्छ यसबाट)* सम्पूर्वक सृ गतौ (भ्वा.) धातु, सम्+सृ+घञ्[3] (अ), वृद्धि= संसार ।

शब्दार्थ- लोक, भुवन, विश्व-व्रह्माण्ड, समग्र भौतिक जगत्, मार्ग, दुनियाँ, जीवनचक्र, भव, संसार, मिथ्याज्ञानवाट उत्पन्न वासना, आवागमन ।

संसारसागरः (ना./पुं.) संसार एव सागरः *(संसार नै सागर)* म.व्य.स.= संसारसागर ।

शब्दार्थ- संसाररूपी समुद्र, भवसागर ।

संसारी (वि.) संसारः अस्यास्तीति *(संसार छ यसको)* संसार+इनि (इन्), अकारलोप, संसारिन्= संसारी ।

शब्दार्थ- संसारमा परिभ्रमण गर्ने, विषयवासनामा निर्लिप्त, जन्ममरणरूप चक्रमा घुमिरहने, शरीरी, प्राणी, जीवात्मा ।

संसिद्धः (वि.) संसिध्यते स्म इति *(पूरा गरिएको)* सम्पूर्वक षिध गत्याम् (भ्वा.) वा षिधु संराद्धौ (दिवा.) धातु, सम्+सिध्+क्त (त), तको ध[4], जश्त्व=संसिद्ध ।

शब्दार्थ- पूर्ण गरिएको, मुक्त, मोक्ष भएको, सिद्धि पाएको, निष्पन्न ।

संसिद्धिः (ना./स्त्री.) संसिध्यते इति *(सिद्ध गरिन्छ)* सम्पूर्वक षिधु संराद्धौ (दिवा.) धातु, सम्+सिध्+क्तिन् (ति), तको ध, जश्त्व= संसिद्धि ।

संसिद्धिं परमां गताः - भ.गी. ८/१५

संसिद्धिप्रकृती त्विमे- इत्यमरः

शब्दार्थ- पूर्णता, निष्पन्नता, सिद्धि प्राप्त अवस्था, मोक्ष, कैवल्य, स्वभाव, प्रकृति, परमसिद्धि, नैसर्गिक गुण वा अवस्था ।

संसृतः (वि.) संसरति स्म इति *(घुमिरहेको)* सम्पूर्वक सृ गतौ (भ्वा.) धातु, सम्+सृ+क्त[5] (त), कर्तामा=संसृत ।

शब्दार्थ- जन्ममृत्युरूप भवचक्रमा घुमिरहेको, जन्ममरणमा फसेको, संसृति प्राप्त ।

संसृतिः (ना./स्त्री.) संसरणम्, संस्रियते इति वा *(विचरण गर्नु)* सम्पूर्वक सृ गतौ (भ्वा.) धातु, सम्+सृ+क्तिन् (ति)= संसृति ।

शब्दार्थ- लौकिक जीवन, जन्ममरणमा घुमिरहने काम, जन्म र मृत्यु, मार्ग, संसार, प्रवाह ।

संसृष्टः (वि.) संसृज्यते स्म इति *(जोरिएको)* सम्पूर्वक सृज विसर्गे (दिवा.) धातु, सम्+सृज्+क्त (त), षत्व[6], ष्टुत्व= संसृष्ट ।

शब्दार्थ- जोल्टिएको, मिलेको, संयुक्त, सँगै उत्पन्न, सहजात, संसर्गवाट पैदा भएको ।

संसृष्टिः (ना./स्त्री.) संसृज्यते इति *(मिसाइन्छ, रचना गरिन्छ)* सम्पूर्वक सृज विसर्गे (दिवा.) धातु, सम्+सृज्+क्तिन् (ति), षत्व, ष्टुत्व= संसृष्टि ।

शब्दार्थ- संरचना, निर्माण, सृष्टि, सम्मिश्रण, मिसावट, संयोग, मेलमिलाप, सहभागिता ।

संसेवनम् (ना./न.) संसेव्यते इति *(सेवा गरिन्छ)* सम्पूर्वक षेवृ सेवने (भ्वा.) धातु,सत्त्व,सम्+सेव्+ल्युट् (अन)= संसेवन ।

शब्दार्थ- राम्ररी सेवा गर्ने काम, शुश्रूषा, राम्ररी उपयोग गर्ने काम, गाढा-सम्वन्ध ।

संसेवितः (वि.) संसेव्यते स्म इति *(राम्ररी सेवा गरिएको)* सम्पूर्वक षेवृ सेवने (भ्वा.) धातु, सत्त्व, सम्+सेव्+क्त (त), इडागम= संसेवित ।

शब्दार्थ- राम्ररी सेवा गरिएको, सुसेवन वा परिचर्या गरिएको, शुश्रूषा गरिएको ।

संस्करणम् (ना./न.) संस्करणम्, संस्क्रियते इति वा *(परिष्कार गरिन्छ)* सम्पूर्वक डुकृञ् करणे (तना.) धातु, सम्+कृ+ल्युट् (अन), सुडागम[7], अनुस्वारागम, गुण, णत्व= संस्करण ।

शब्दार्थ- परिष्कार गर्ने काम, परिष्कृति, माझ्ने काम, मुद्रण, प्रकाशन, पटकैपिच्छेको नयाँ प्रकाशन, परिमार्जन ।

संस्कर्ता (वि.) संस्करोतीति *(संस्कार गर्छ)* सम्पूर्वक डुकृञ् करणे (तना.) धातु, सम्+कृ+तृच् (तृ), सुट्, गुण, अनुस्वार, संस्कर्तृ= संस्कर्ता ।

शब्दार्थ-संस्कार वा परिष्कार गर्ने, खार्ने, माझ्ने, पकाउने ।

संस्कारः (ना./पुं.) संस्क्रियते अनेन इति *(संस्कार वा परिष्कार गरिन्छ)* सम्पूर्वक डुकृञ् करणे (तना.) धातु, सम्+कृ+घञ् (अ), सुडागम, वृद्धि= संस्कार ।

शब्दार्थ- परिष्कार गर्ने वा खार्ने वा माझ्ने काम, संशुद्धि, शुद्धता, द्विजातिका सोह्र संस्कार, सरसफाइ ।

---

[1] अत इनिठनौ : इनि

[2] करणाधिकरणयोश्च : ल्युट्

[3] अकर्तरि च कारके... : घञ्

[4] झषस्तथो... : तको ध

[5] गत्यर्थाकर्मक... : क्त, कर्तामा

[6] व्रश्चभ्रस्जसृजमृज... : षत्व

[7] सम्परिभ्यां करतौ... : सुट्

संस्कारक: (वि.) संस्करोतीति *(संस्कार गर्छ)* सम्पूर्वक डुकृञ् करणे (तना.) धातु, सम्+कृ+ण्वुल् (अक), सुडागम, वृद्धि, अनुस्वार= संस्कारक ।

शब्दार्थ- संस्कार गर्ने, संशोधन गर्ने, शुद्ध गर्ने, परिमार्जक, संस्कर्ता ।

संस्कारवर्जित: (वि.) संस्कारेण वर्जित: *(संस्काररहित)* तृ.त.स. = संस्कारवर्जित ।

शब्दार्थ- उपनयन संस्कार नभएको, संस्कारहीन, व्रात्य ।

संस्कारहीन: (वि.) संस्कारेण हीन: *(गर्भाधानादि संस्कारबाट रहित)* तृ.त.स.= संस्कारहीन ।

शब्दार्थ- षोडशसंस्काररहित, संस्कार नभएको ।

संस्कारित: (वि.) संस्कार्यते स्म इति *(संस्कार गरिएको)* सम्पूर्वक डुकृञ् करणे (तना.) धातु, सम्+कृ, सुट्, णिचि, वृद्धि, संस्कारि+क्त (त), इडागम, णिलोप =संस्कारित ।

शब्दार्थ- संस्कार गरिएको, परिमार्जित, खारिएको, माझिएको, संशोधित, परिष्कार गरिएको ।

संस्कृत: (वि./ना./न.) संस्क्रियते स्म इति *(संस्कार गरिएको, परिष्कृत गरिएको)* सम्पूर्वक डुकृञ् करणे (तना.) धातु, सम्+कृ+क्त (त), सुट्, अनुस्वारागम =संस्कृत ।

शब्दार्थ- संस्कार गरिएको, खारिएको, परिमार्जित, परिष्कृत, शुद्ध पारिएको, संशोधित, माझिएको, देववाणी, संस्कृत वाङ्मय ।

द्रष्टव्य-वाल्मीकि रामायणकालमा संस्कृतभाषा दुई भागमा विभक्त भइसकेको थियो । एउटा जनसाधारणले बोल्ने संस्कृत र अर्को द्विजातिले बोल्ने परिष्कृत संस्कृत । सीताजीको खोजखबरका लागि लङ्का पुगेका हनुमान्जीले सीताजीसितको भेट भएको प्रसङ्गमा द्विजातिले बोल्ने परिष्कृत संस्कृतभाषा बोलें भने सीताले मलाई रावण हो भन्ने ठान्ने छिन् भन्ने विचार गरी जनसाधारणले बोल्ने मानुषी संस्कृत भाषा बोलेका छन्, जुन कुरा वाल्मीकि रामायण सुन्दरकाण्डको निम्न पद्यांशबाट स्पष्ट हुन्छ-

वाचं चोदाहरिष्यामि मानुषीमिह संस्कृताम् ।
यदि वाचं प्रदास्यामि द्विजातिरिव संस्कृताम् ।
रावणं मन्यमाना मां सीता भीता भविष्यति ।
-वा.रा. (सु.का.) ३०/१७-१८ ।

यस प्रसङ्गबाट त्यसताक लङ्का र लङ्केश्वर रावणको मुख्य भाषा परिष्कृत संस्कृत नै थियो भन्ने पनि स्पष्ट हुन्छ ।

संस्कृतभाषा (ना./स्त्री.) संस्कृता चासौ भाषा च *(संस्कृत भाषा)* क.त.स.= संस्कृतभाषा ।

शब्दार्थ- देववाणी, वेदपुराणादिमा प्रयुक्त आर्यभाषा, खारिएको भाषा, परिमार्जित भाषा, संस्कृत-वाङ्मय ।

संस्कृति: (ना./स्त्री.) संस्करणम्, संस्क्रियते इति वा *(संस्कार गरिन्छ)* सम्पूर्वक डुकृञ् करणे (तना.) धातु, सम्+कृ+क्तिन् (ति), सुट्, अनुस्वार= संस्कृति ।

शब्दार्थ- परिष्कृत या परिमार्जन गर्ने काम, संस्कार, परिष्कार, कुनै राष्ट्र, समाज वा जातजातिको परम्परागत मान्यता, चालचलन, रहनसहन ।

संस्तर: (ना./पुं.) संस्तरणम्, संस्तीर्यते इति वा *(आच्छादन गरिन्छ)* सम्पूर्वक स्तृञ् आच्छादने (स्वा.) वा स्तॄञ् आच्छादने (क्र्या.) धातु, सम्+स्तृ/स्तॄ+अप्[3] (अ), गुण, अनुस्वार= संस्तर ।

शब्दार्थ- शय्या, पलङ, बिस्तरा, ओछ्यान ।

संस्तव: (ना./पुं.) संस्तवनम्, संस्तूयते इति *(स्तुति गरिन्छ)* सम्पूर्वक ष्टुञ् स्तुतौ (अदा.) धातु, सम्+स्तु +अप् (अ), गुण, अवादेश= संस्तव ।

शब्दार्थ- स्तुति, प्रशंसा, परिचय, कीर्तिगान ।

संस्तवनम् (ना./न.) संस्तवनम्, संस्तूयते इति वा *(स्तुति गरिन्छ)* सम्पूर्वक ष्टुञ् स्तुतौ (अदा.) धातु, सम्+स्तु+ल्युट् (अन), गुण, अवादेश, सम्को अनुस्वार = संस्तवन ।

शब्दार्थ- प्रशंसा, यशोगान, स्तुति, कसैको क्षमता वा दक्षता देखाउन गरिने वखान ।

संस्तुत: (वि.) संस्तूयते स्म इति *(स्तुति गरिएको)* सम्पूर्वक ष्टुञ् स्तुतौ (अदा.) धातु, सम्+स्तु+क्त[4] (त)= संस्तुत ।

शब्दार्थ- स्तुति वा प्रशंसा गरिएको, कीर्तिगाथा गाइएको, प्रशस्त वर्णन गरिएको ।

संस्तुति: (ना./स्त्री.) संस्तवनम्, संस्तूयते इति वा *(प्रशंसा वा स्तुति गरिन्छ)* सम्पूर्वक ष्टुञ् स्तुतौ (अदा.) धातु, सम्+स्तु+क्तिन्[5] (ति)= संस्तुति ।

शब्दार्थ- स्तुति, प्रशंसा, कीर्तिगान, सिफारिस गर्ने काम, प्रशस्ति, अनुमोदन ।

संस्थ: (वि.) संतिष्ठतीति *(रहन्छ)* सम्पूर्वक ष्ठा गतिनिवृत्तौ (भ्वा.) धातु, सम्+स्था+क[6] (अ), आकारलोप = संस्थ ।

शब्दार्थ- रहने, टिकाउ हुने, विद्यमान, वस्ने, भइरहेको, रहेको, बसेको ।

संस्था (ना./स्त्री.) संस्थानम्, सम्यक् स्थीयते इति वा *(राम्ररी रहनु)* सम्पूर्वक ष्ठा गतिनिवृत्तौ (भ्वा.) धातु, सम्+स्था+अङ्[7] (अ)+टाप् (आ)= संस्था ।

शब्दार्थ- राम्ररी रहने वा ठहर्ने काम, वसाइ, कुनै उद्देश्य लिएर गठन गरिने सङ्गठन, सङ्गठित संस्थान, स्थिति, अवस्था, सभा, न्यायमार्गको अवस्थिति ।

---

[1] पञ्चम्यामजातौ : ड
[2] ऋहलोर्ण्यत् : ण्यत्
[3] ऋदोरप् : अप्
[4] निष्ठा : क्त
[5] स्त्रियां क्तिन् : क्तिन्
[6] आतश्चोपसर्गे : क
[7] आतश्चोपसर्गे : अङ् (३/३/१०६)

संस्थागतः (वि.) संस्थां गतः *(संस्थाको रूपमा रहेको)* द्वि.त.स[1].= संस्थागत ।

शब्दार्थ- संस्थागत रूप लिएको, संस्थाका रूपमा रहेको, संस्थासित सम्वन्धित ।

संस्थानम् (ना./न.) संस्थानम्, सम्यक् स्थीयते इति वा *(राम्ररी रहनु)* सम्पूर्वक ष्ठा गतिनिवृत्तौ (भ्वा.) धातु, सम्+स्था+ल्युट् (अन), अनुस्वार= संस्थान ।

शब्दार्थ- रहने वा ठहर्ने काम, वसाइ, स्थापना, अवस्थिति, संरचना, सन्निवेश, निवासस्थल, सरकारी वा गैरसरकारी क्षेत्रमा कुनै उद्देश्यको परिपूर्ति गर्न गठन गरिने संस्था वा निगम, सार्वजनिक संस्थान ।

संस्थापकः (ना./पुं.) सम्यक् स्थापयतीति *(राम्ररी स्थापना गर्छ)* सम्पूर्वक ष्ठा गतिनिवृत्तौ (भ्वा.) धातु, सम्+स्था+णिचि, पुगागम, संस्थापि+ण्वुल् (अक), णिलोप= संस्थापक ।

शब्दार्थ- कुनै मठ, मन्दिर, देवालय, शिक्षण संस्था, संगठन आदिको पहिलो स्थापना गर्ने व्यक्ति, कुनै मत वा सिद्धान्तको प्रथम प्रवर्तक ।

संस्थापनम् (ना./न.)/**संस्थापना** (ना./स्त्री.) संस्थापनम्, संस्थाप्यते इति वा *(राम्ररी स्थापना गरिन्छ)* सम्पूर्वक ष्ठा गतिनिवृत्तौ (भ्वा.) धातु, सम्+स्था+णिचि, पुगागम, संस्थापि+ल्युट् (अन), णिलोप =संस्थापन ।

संस्थापि+युच्[2] (अन), णिलोप, संस्थापन+टाप् (आ) =संस्थापना ।

शब्दार्थ- राम्ररी स्थापना गर्ने काम, संस्थापन गराउने क्रिया, कुनै ठाउँमा राम्ररी राख्ने काम, उद्योग आदि स्थापना गर्ने काम, यन्त्रादि जडान गर्ने क्रिया ।

संस्थापनीयः/संस्थाप्यः (वि.) संस्थापितुं योग्यः, संस्थाप्यते इति वा *(राम्ररी स्थापना गर्न योग्य वा लायक)* सम्पूर्वक ष्ठा गतिनिवृत्तौ (भ्वा.) धातु, सम्+स्था+णिचि, पुगागम, संस्थापि+अनीय (र्), णिलोप= संस्थापनीय ।

संस्थापि+यत्[3] (य), णिलोप= संस्थाप्य ।

शब्दार्थ- स्थापन गर्न योग्य वा लायक, स्थापना गर्नुपर्ने, स्थापना गर्न उपयुक्त वा उचित ।

संस्थापितः (वि.) सम्यक् स्थाप्यते स्म इति *(राम्ररी स्थापित गरिएको)* सम्पूर्वक ष्ठा गतिनिवृत्तौ (भ्वा.) धातु, सम्+स्था+णिचि, पुगागम, संस्थापि+क्त (त), इडागम, णिलोप= संस्थापित ।

शब्दार्थ- राम्ररी स्थापना गरिएको, राम्ररी जडान गरिएको, राम्रो प्रवन्ध मिलाएर राखिएको, स्थापना गरिएको ।

संस्थितः (वि.) संतिष्ठते स्म इति *(वसेको, रहेको)* सम्पूर्वक ष्ठा गतिनिवृत्तौ (भ्वा.) धातु, सम्+स्था+क्त[4] (त), कर्तामा, इत्व[5]= संस्थित ।

शब्दार्थ- रहेको, टिकेको, अडेको, खडा भएको, वसेको, मरेको ।

संस्थितिः (ना./स्त्री.) संस्थानम्, संस्थीयते इति वा *(राम्ररी रहनु वा बस्नु)* सम्पूर्वक ष्ठा गतिनिवृत्तौ (भ्वा.) धातु, सम्+स्था+क्तिन् (ति), इत्व= संस्थिति ।

शब्दार्थ- स्थिर भएर रहने काम, अडिग भएर ठहर्ने काम, स्थिरता, राम्ररी रहने क्रिया ।

संस्पर्शः (ना./पुं.) संस्पृश्यते इति *(राम्ररी स्पर्श गर्नु)* सम्पूर्वक स्पृश स्पर्शने (तुदा.) धातु, सम्+स्पृश्+घञ्[6] (अ), गुण= संस्पर्श ।

शब्दार्थ- राम्ररी स्पर्श गर्ने काम, पूरै छुने क्रिया ।

संस्पर्शजः (वि.) संस्पर्शेभ्यः जातः इति *(विषय तथा इन्द्रियको सम्पर्कबाट पैदा भएको)* संस्पर्श उपपदमा हुने जनी प्रादुर्भावे (दिवा.) धातु, संस्पर्श+जन्+ड (अ), टिलोप= संस्पर्शज ।

शब्दार्थ- संस्पर्शवाट पैदा भएको, सम्पर्कवाट आएको ।

संस्पर्शी (वि.) स्पृशतीति *(राम्ररी स्पर्श गर्छ)* सम्पूर्वक स्पृश स्पर्शने (तुदा.) धातु, सम्+स्पृश्+णिनि (इन्), गुण, संस्पर्शिन्= संस्पर्शी ।

अथवा संस्पर्शः अस्यास्तीति *(संस्पर्श छ यसको)* संस्पर्श+इनि[7] (इन्), संस्पर्शिन्= संस्पर्शी ।

शब्दार्थ- राम्ररी स्पर्श गर्ने, पूरै छुने ।

संस्मरणम् (ना./न.) संस्मरणम्, संस्म्रियते इति वा *(स्मरण गरिन्छ)* सम्पूर्वक स्मृ चिन्तायाम् वा स्मृ आद्ध्याने (भ्वा.) धातु, सम्+स्मृ+ल्युट् (अन), गुण, अनुस्वार, गुण, णत्व= संस्मरण ।

शब्दार्थ- सम्झना, स्मृति वा स्मरण, सम्झिरहने काम, सम्झने क्रिया ।

संस्मरणात्मकः (वि.) संस्मरणम् आत्मा यस्य *(संस्मरण नै आत्मा छ यसको)* संस्मरण+आत्मन्, व.स., कप् (समासान्त), दीर्घ, नलोप= संस्मरणात्मक ।

शब्दार्थ-संस्मरण नै मुख्य भएको, सम्झना प्रमुख भएको ।

संस्मरणीयः (वि.) संस्मर्तुं योग्यः, संस्म्रियते इति वा *(सम्झन योग्य)* सम्पूर्वक स्मृ चिन्तायाम् वा स्मृ आद्ध्याने (भ्वा.) धातु, सम्+स्मृ+अनीय (र्), गुण, णत्व= संस्मरणीय ।

शब्दार्थ- राम्ररी स्मरण गर्न योग्य वा लायक, सम्झिरहन उपयुक्त ।

---

[1] द्वितीयाश्रितातीत... : द्वि.त.स.
[2] ण्यासश्रन्थो... : युच्
[3] अचो यत् : यत्
[4] गत्यर्थाकर्मक... : क्त
[5] द्यतिस्यतिमास्था... : इत्व
[6] पदरुजविश... : घञ्
[7] अत इनिठनौ : इनि

संस्मृतिः (ना./स्त्री.) संस्मरणम्, संस्मर्यते इति वा *(स्मरण गरिन्छ)* सम्पूर्वक स्मृ चिन्तायाम् वा स्मृ आध्याने (भ्वा.) धातु, सम्+स्मृ+क्तिन् (ति) =संस्मृति ।

शब्दार्थ- सम्झने या स्मरण गर्ने काम, संस्मरण, स्मृति ।

संहतः (वि.) संहन्यते स्म इति *(आघात पुऱ्याइएको)* सम्पूर्वक हन हिंसागत्योः (अदा.) धातु, सम्+हन्+क्त[1] (त), अनुनासिक नलोप[2]= संहत ।

शब्दार्थ- खिचिएको, सङ्कुचित पारिएको, बाँधिएको, अवरुद्ध, आघात वा चोट पुऱ्याइएको ।

संहतिः (ना./स्त्री.) संहननम्, संहन्यते इति वा *(आघात पुऱ्याउनु, एकत्रित हुनु)* सम्पूर्वक हन हिंसागत्योः (अदा.) धातु, सम्+हन्+क्तिन् (ति), नलोप= संहति ।

शब्दार्थ- दृढमेल, एकत्रित पार्ने काम, आघात पुऱ्याउने क्रिया, जम्मा गर्ने क्रिया, गाढा सम्वन्ध, युद्ध, आक्रमण, समूह, वृन्द ।

संहननम् (ना./न.) संहन्ति, संहन्यते इति वा *(सुदृढ हुन्छ वा हुनु)* सम्पूर्वक हन हिंसागत्योः (अदा.) धातु, सम्+हन्+ल्युट्[3] (अन)= संहनन ।

अथवा संहन्यते अस्मिन् भूतानि *(सबै प्राणी यसैमा घनीभूत हुन्छन्)* सम्+हन्+ल्युट्[4] (अन)= संहनन ।

गात्रं वपुः संहननं शरीरं वर्ष्म विग्रहः- इत्यमरः

शब्दार्थ- गात्र, शरीर, विग्रह, वपु, देह, तनु, दृढता, घनीभूत हुने काम, सामर्थ्य ।

संहरणम् (ना./न.) संहरणम्, संह्रियते इति वा *(संहार गरिन्छ)* सम्पूर्वक हृञ् हरणे (भ्वा.) धातु, सम्+हृ+ल्युट् (अन), गुण= संहरण ।

शब्दार्थ- संहार वा विनाश हुने काम, नष्ट गर्ने काम, एकत्र गर्ने क्रिया, एकै ठाउँमा मिलाउने काम ।

संहर्ता (वि.) संहरतीति *(संहार गर्छ)* सम्पूर्वक हृञ् हरणे (भ्वा.) धातु, सम्+हृ+तृच् (तृ), गुण, संहर्तृ=संहर्ता ।

शब्दार्थ- संहार गर्ने, विनाश गर्ने, संहारक, नष्ट गर्ने ।

संहर्षः (ना./पुं.) संहृष्यतीति *(रोमाञ्चित हुन्छ)* सम्पूर्वक हृष तुष्टौ (दिवा.) धातु, सम्+हृष्+घञ्[5] (अ), गुण =संहर्ष ।

शब्दार्थ- रोमाञ्च, भय वा हर्षले रोमाञ्चित हुने क्रिया, आनन्द, हर्ष ।

संहारः (ना./पुं.) संहरणम्, संह्रियते इति वा *(संहार गरिन्छ)* सम्पूर्वक हृञ् हरणे (भ्वा.) धातु, सम्+हृ+घञ्[6] (अ), वृद्धि= संहार ।

शब्दार्थ- विग्रने वा नाश हुने क्रिया, विनाश, ध्वंस, काटमार, हत्या, प्रलय, संहार गर्ने काम ।

संहारकः (वि.) संहरतीति *(संहार गर्छ)* सम्पूर्वक हृञ् हरणे (भ्वा.) धातु, सम्+हृ+ण्वुल् (अक), वृद्धि =संहारक ।

शब्दार्थ- संहार गर्ने, विनाश गर्ने, विध्वंस गर्ने, संहर्ता, संहारकर्ता, विध्वंसकारी ।

संहारकर्ता (वि.) संहारं करोतीति *(संहार गर्छ)* संहार उपपदपूर्वक डुकृञ् करणे (तना.) धातु, संहार+कृ+तृच् (तृ), संहारकर्तृ= संहारकर्ता ।

शब्दार्थ- संहार गर्ने, विध्वंसकारी, विनाशक, संहारक, विनाशकारी, संहारकर्ता ।

संहारकारी (वि.) संहारं कर्तुं शीलमस्य *(संहार गर्ने शील वा सामर्थ्य छ यसको)* संहार उपपदपूर्वक डुकृञ् करणे (तना.) धातु, संहार+कृ+णिनि (इन्), वृद्धि, संहारकारिन्= संहारकारी ।

शब्दार्थ- संहार गर्ने, विनाशक, विनाशकारी, संहारकर्ता ।

संहितः (वि.) सन्धीयते स्म इति *(मिलाइएको)* सम्पूर्वक डुधाञ् धारणपोषणयोः (जुहो.) धातु, सम्+धा+क्त (त), धाको हि, आदेश= संहित ।

शब्दार्थ- सम्मिश्रण गरिएको, जम्मा गरिएको, भेला पारिएको, संयुक्त, मिश्रित, सञ्चित ।

संहिता (ना./स्त्री.) सम्यक् धीयते स्म इति *(राम्ररी धारण गरिएको)* डुधाञ् धारणपोषणयोः (जुहो.) धातु, सम्+धा+क्त (त), धाको हि आदेश, संहित+टाप् (आ) =संहिता ।

शब्दार्थ- सञ्चय, सङ्कलन, वेदको मन्त्रपाठ, नियम, आचरण, सम्मिश्रण, संयोग, मेल, आचारसंहिता, नियम, व्याकरणमा वर्णहरूको अतिनिकटतम सन्निधि, धर्मसंहिता, स्मृतिशास्त्र ।

संहृतः (वि.) संह्रियते स्म इति *(संहार गरिएको)* सम्पूर्वक हृञ् हरणे (भ्वा.) धातु, सम्+हृ+क्त (त) = संहृत ।

शब्दार्थ- संहार गरिएको, नष्ट गरिएको, अन्त गरिएको, पछिल्तिर खिचिएको ।

संहृतिः (ना./स्त्री.) संह्रियते इति *(संहार गरिन्छ)* सम्पूर्वक हृञ् हरणे (भ्वा.) धातु, सम्+हृ+क्तिन्[7] (ति)= संहृति ।

शब्दार्थ- संहार गर्ने काम, क्षय, विनाश, अन्त, खिच्ने काम, खुम्चिने क्रिया ।

संहृष्टः (वि.) संहृष्यते स्म इति *(सन्तुष्ट भएको)* सम्पूर्वक हृष तुष्टौ (दिवा.) धातु, सम्+हृष्+क्त (त), ष्टुत्व, तको ट= संहृष्ट ।

शब्दार्थ- सन्तुष्ट, प्रसन्न, खुसी भएको, हर्षले पुलकित भएको, रोमाञ्चित ।

---

१. निष्ठा : क्त

२. अनुदात्तोपदेश...: नलोप

३. कृत्यल्युटो बहुलम् : ल्युट्

४. करणाधिकरणयोश्च : ल्युट्, अधिकरणमा

५. हलश्च : घञ्

६. अध्यायन्यायोद्याव...: घञ्

७. स्त्रियां क्तिन् : क्तिन्

सकण्टकः (ना./पुं./वि.) कण्टतीति *(दुःख दिन्छ)* कटि गतौ (भ्वा.) धातु, नुम्, कण्ट्+ण्वुल्[1] (अक), कण्टक । कण्टकेन सह विद्यमानः *(काँडो बनेर रहेको)* सह+कण्टक, ब.स., सहको सभाव= सकण्टक ।

शब्दार्थ- काँडो, क्षुद्रशत्रु, काँटा, दुःख दिने वा सताउने व्यक्ति, काँडो भएको, कष्टप्रद, भयानक, काँडोसहित, कष्टयुक्त ।

सकम्पः (वि.) कम्पनम्, कम्प्यते इति वा *(काँप्नु)* कपि चलने (भ्वा.) धातु, कम्प्+घञ् (अ), कम्पः । कम्पेन सह *(कम्पले सहित)* व.स., सहको स आदेश=सकम्प ।

शब्दार्थ- कामेको, कम्पनयुक्त, थरथराएको, हल्लेको ।

सकम्पनः (वि.) कम्पनम्, कम्प्यते इति वा *(काँप्नु)* कपि चलने (भ्वा.) धातु, कम्प+ल्युट् (अन), कम्पनम् । कम्पनेन सह *(कम्पनले सहित)* सह+कम्पन, व.स., सहको सभाव= सकम्पन ।

शब्दार्थ- कम्पन भएको, काँपेको, थरथराएको, हल्लेको, कम्प भएको ।

सकरुणः (वि.) करुणया सह *(करुणाले सहित)* सह+करुणा, व.स[2]., सहको सभाव[3], ह्रस्व[4]= सकरुण ।

शब्दार्थ- करुणा भएको, दयालु, कृपा गर्ने, करुणायुक्त, कोमल हृदय भएको ।

सकर्णः (वि.) कर्णाभ्यां सह विद्यमानः *(कानले सहित)* सह+कर्ण, व.स., सहको सभाव= सकर्ण ।

शब्दार्थ- कान भएको, कानवाला, श्रवणेन्द्रिय भएको, सतर्क भएर सुन्ने, श्रवणशील, कर्णयुक्त ।

सकर्मकः (वि.) कर्मणा सह विद्यमानः *(कर्मले सहित)* सह+कर्मन्, व.स., सहको सभाव, सकर्मन्+कप् (क), समासान्त= सकर्मक ।

शब्दार्थ- कर्म लिने (क्रिया), कर्मले युक्त (क्रिया), कर्मशील ।

सकर्मकक्रिया (ना./स्त्री.) सकर्मिका चासौ क्रिया च *(सकर्मक क्रिया)* क.त.स., पुंवद्भाव=सकर्मकक्रिया ।

शब्दार्थ- कर्म लिने क्रिया, कर्मयुक्त क्रिया ।

सकलः (वि.) कलया कलेन वा सह *(कलासहित)* ब.स., सहको सभाव, कलाको ह्रस्व= सकल ।

शब्दार्थ- सम्पूर्ण, सबै, समग्र, समस्तकलाले युक्त, मधुरध्वनियुक्त, समस्त, अखण्ड, निःशेष, सबै अवयवले परिपूर्ण ।

सकामः (वि.) कामेन सह विद्यमानः *(कामनाले सहित)* काम+सह, ब.स., सहको सभाव= सकाम ।

शब्दार्थ- कुनै कुराको इच्छा वा चाहना भएको, कामनायुक्त, विषयाकाङ्क्षी, फलको आशा गर्ने ।

सकारः (ना./पुं.) 'स' यस्तो वर्णनिर्देशनमा 'स' प्रातिपदिकबाट स+कार= सकार ।

शब्दार्थ- सअक्षर, सवर्ण, उष्मसंज्ञक ध्वनि, स्वीकार ।

सकारात्मकः (वि.) सकारः स्वीकारः आत्मा यस्य *(स्वीकृति नै मुख्य छ जसको)* व.स., सकार+आत्मन्, कप् (क), समासान्त, दीर्घ= सकारात्मक ।

शब्दार्थ-स्वीकृति जनाउने, सहमति भएको, समर्थन गर्ने ।

सकालः (वि.) कालेन सह *(कालले सहित)* व.स., सहको सभाव= सकाल ।

शब्दार्थ- कालको अनुकूल, समयोचित, समयसुहाउंदो, समय-अनुरूप ।

सकाशः (वि./अव्य.) काशन्ते इति *(प्रकाशित हुन्छन्)* काशृ दीप्तौ (भ्वा.) धातु, काश्+अच् (पचादि), काशः । काशः समीपस्थः तेन सह वर्तते इति *(समीपमा रहन्छ)* ब.स., सहको सभाव= सकाश ।

शब्दार्थ- निकटवर्ती, समीपमा रहेको, नजिक, निकटवाट ।

सकुलः (वि.) कुलेन सह *(वंश-परम्पराले सहित)* व.स., सहको सभाव= सकुल ।

शब्दार्थ- एउटै कुलमा उत्पन्न, सगोत्र, वंशसहित, उच्च वंशसित सम्वन्धित, कुलोचित, कुलसहित ।

सकुल्यः (वि.) समाने कुले भवः *(एउटै कुलमा भएको)* समानकुल+यत्[5] (य), समानको सभाव[6]= सकुल्य ।

शब्दार्थ- एउटै कुल वा वंशको, एउटै परिवारको, एउटै घरवाट फुटेर अलग भएको ।

सकृत् (अव्य.) एकवारमिति *(एकपल्ट)* एक+सुच्, एकको सकृत् आदेश[7], सलोप= सकृत् ।

शब्दार्थ- एकपटक, एकवार, एकपल्ट, एकसमय ।

सकैतवः (वि.) कितवस्य कर्म *(धूर्त हुनाको कर्म)* कितव+अण् (अ), आदिवृद्धि, कैतवः । कैतवेन सह *(जालझेलले सहित)* ब.स. सहको सभाव= सकैतव ।

शब्दार्थ- धोका दिने, जालसाज गर्ने, ठगी गर्ने, धूर्त, ठग, जाली ।

सकोपः (वि.) कोपेन सह *(क्रोधले युक्त)* व.स., सहको सभाव = सकोप ।

शब्दार्थ- क्रुद्ध, क्रोधले परिपूर्ण, रिसाएको, कुपित ।

सक्तः (वि.) सजति स्म, सज्यते स्म इति *(लागेको, टाँसिएको)* षञ्ज सङ्गे (भ्वा.) धातु, सञ्ज्+क्त (त), कर्ता र भावमा, नलोप, कुत्व= सक्त ।

शब्दार्थ- लागेको, टाँसिएको, जमेको, जडेको, संलग्न, अनुरक्त, आसक्त, अभिरत, प्रवृत्त भएको ।

सक्तिः (ना./स्त्री.) सज्यते इति *(आसक्त हुनु, टाँसिनु)* षञ्ज सङ्गे (भ्वा.) धातु, सञ्ज्+क्तिन् (ति), नलोप, कुत्व= सक्ति ।

शब्दार्थ- अनुराग, आसक्ति, सङ्ग, मेल, सम्पर्क, स्पर्श, टाँसिने काम, जम्ने काम ।

---

१. ण्वुल्तृचौ : ण्वुल्
२. तेन सहेति... : ब.स.
३. वोपसर्जनस्य : सहको सभाव
४. गोस्त्रियोरुपसर्जनस्य : ह्रस्व
५. दिगादिभ्यो... : यत्
६. समानस्यच्छन्दस्य... : समानको सभाव
७. एकस्य सकृच्च : सुच्/सकृत् आदेश

सक्तुः (ना./पुं.) सच्यते इति *(टाँसिन्छ)* षच सेचने सेवने च वा षच समवाये (भ्वा.) धातु, सच्+तुन्[1] (तु), उणा., कुत्व= सक्तु ।

शब्दार्थ- सातु, मकै, जौ, चना, आदि भुटेर पिंधेको धूलोपदार्थ, सतुवा ।

सक्थि (ना./न.) सजति सज्यते इति *(जोर्छ, टाँसिन्छ)* षञ्ज सङ्गे (भ्वा.) धातु, सञ्ज्+क्थिन्[2] (उणा.), नलोप= सक्थि ।

शब्दार्थ- घुँडाको हड्डी, जाँघ, तिघ्रो, जङ्घा ।

सक्रियः (वि.) क्रियया सह *(कर्मले सहित)* ब.स[3]., सहको सभाव[4]= सक्रिय ।

शब्दार्थ- कर्मठ, गतिशील, चित्त लगाएर काम गर्ने, क्रियाशील ।

सक्रियता (ना./स्त्री.) सक्रियस्य भावः *(सक्रिय हुनाको भाव वा अवस्था)* सक्रिय+तल् (त)+टाप् (आ) =सक्रियता ।

शब्दार्थ- फुर्तिलोपना, गतिशीलता, क्रियाशीलता ।

सक्रियनेतृत्वम् (ना./न.) सक्रियञ्च तत् नेतृत्वम् *(सक्रियरूपमा नेतृत्व दिने काम)* क.त.स. =सक्रियनेतृत्व ।

शब्दार्थ- सक्रियरूपमा दिइने नेतृत्व, प्रभावकारी नेतृत्व, सक्षम वा कुशल नेतृत्व ।

सक्रियभूमिका (ना./स्त्री.) सक्रिया चासौ भूमिका च *(सक्रिय भूमिका)* क.त.स.= सक्रियभूमिका ।

शब्दार्थ- कर्मठ भई निभाउनुपर्ने दायित्व वा भूमिका ।

सक्षमः (वि.) क्षमते, क्षम्यते इति वा *(सहन्छ, सहनु)* क्षमूष् सहने (भ्वा.) धातु, क्षम्+अच् (पचादि)/घञ् (अ), क्षमः । क्षमेन सह विद्यमानः *(क्षमतासहित रहेको)* ब.स., सहको सभाव= सक्षम ।

शब्दार्थ- योग्य, समर्थवान्, क्षमता भएको, क्षमतावान्, क्षमतायुक्त, समर्थ ।

सखिः (सखा) (ना./पुं.) समानः ख्यायते जनैः इति *(समान ठानिन्छ वा भनिन्छ)* समानपूर्वक ख्या प्रकथने (अदा.) धातु, समान+ख्या+इण् (इ), डित्व, उणा., टिलोप, यलोप, समानको सभाव= सखि ।

सखिको प्रथमा विभक्तिको एकवचनरूप= सखा ।

सखा मित्रे सहाये ना- इति मेदिनी

वयस्यः स्निग्धः सवयाः अथ मित्रं सखा सुहृद्- इत्यमरः

शब्दार्थ- साथी, मित्र, सँगी, समान उमेरको सहयोगी, सुहृद्, वयस्य, सहचारी ।

सखित्वम् (ना./न.) सख्युर्भावः (साथी हुनाको भाव वा अवस्था) सखि+त्व= सखित्व ।

शब्दार्थ- सख्यभाव, साथी हुनाको स्थिति वा अवस्था, मित्रता, दोस्ती ।

सखी (ना./स्त्री.) समाना ख्यायते असौ *(समान ठानिन्छे यो)* समानपूर्वक ख्या प्रकथने (अदा.) धातु, समान+ख्या+इण्[5] (इ), डित्व[5], उणा., टिलोप, यलोप, समानको सभाव[6]= सखि ।

सखि+ङीष्[7] (ई)= सखी ।

वयस्यायां सखी मता- इति मेदिनी

आलिः सखी वयस्याऽथ - इत्यमरः

शब्दार्थ- स्त्री साथी, सँगिनी, सहयोगिनी स्त्री, सहचरी, सहेली, वयस्या ।

सखीजनः (ना./पुं.) सखी एव जनः *(सखी (साथी) नै जन)* म.व्य.स.= सखीजन ।

शब्दार्थ- सँगिनी, साथी, समुदाय ।

सख्यम् (ना./न.) सख्युर्भावः कर्म इति वा *(सखाको भाव वा कर्म)* सखि+य[8], इकारलोप= सख्य ।

शब्दार्थ- सखाको धर्म, कर्म, भाव वा अवस्था, मित्रता, सखित्व, मैत्रीभाव, दोस्ती ।

सख्यभावः (ना./पुं.) सख्यस्य भावः *(सखित्वको भाव)* ष.त.स.= सख्यभाव ।

शब्दार्थ- उपसना गर्ने देवतालाई साथी ठान्ने भक्तिभाव, ठूलो वा सानो भन्ने भेद नगरी साथी ठान्ने काम, साथीको भाव ।

सगणः (वि./ना./पुं.) गणेन सह *(गणसहित)* ब.स., सहको सभाव= सगण ।

शब्दार्थ- गण वा समुदायसहित, दलबलसहित, छन्दशास्त्रमा गणको एकप्रकार ।

सगरः (वि./ना./पुं.) गरेण सह *(विषसहित)* ब.स., सहको सभाव= सगर ।

अथवा सह गिरन्ति अस्मिन् किरणादयः *(किरणादि विलीन हुन्छन् यहाँ)* सहपूर्वक गॄ निगरणे (दिवा.) धातु, सह+गॄ+अप् (अ), गुण= सगर ।

शब्दार्थ- विषसहित, विषले युक्त, आकाश, अन्तरीक्ष, पौराणिक कालका एक राजा ।

सगर्भः (ना./पुं.) समानः गर्भः यस्य सः *(समान गर्भ छ जसको)* ब.स., समानको सभाव= सगर्भ ।

शब्दार्थ- एउटै उदरबाट जन्मेका दाजुभाइ, सहोदर ।

सगर्भा (ना./स्त्री.) गर्भेण सह वर्तमाना *(गर्भसहित रहेकी)* ब.स., सहको सभाव, सगर्भ+टाप् (आ) =सगर्भा ।

अथवा समानः गर्भः यस्याः *(समान गर्भ छ जसको)* ब.स., समानको सभाव, सगर्भ+टाप् (आ)= सगर्भा ।

शब्दार्थ- गर्भधारण गरेकी स्त्री, गर्भवती आइमाई, एउटै गर्भबाट जन्मेकी सहोदरा स्त्री ।

---

१. सितनिगमिमसि... : तुन्

२. असिसञ्जिभ्यां... : क्थिन्

३. तेन सहेति : ब.स.

४. वोपसर्जनस्य : सहको सभाव

५. समाने ख्यः स चोदात्तः : इण्/डित्व

६. समानस्यच्छन्दस्य... : समानको सभाव

७. सख्यशिश्वीति... : ङीष्

८. सख्युर्यः : य

सगर्भ्यः (वि.) समाने गर्भे भवः *(एउटै गर्भमा भएको)* सगर्भ+यत्[1] (य), समानको सभाव= सगर्भ्य ।

शब्दार्थ- एउटै उदरबाट जन्मेको (दाजु वा भाइ), एउटै गर्भको, सहोदर ।

सगुणः (वि.) गुणेन सह *(गुणले सहित)* ब.स[2]., सहको सभाव[3]= सगुण ।

शब्दार्थ- सद्‌गुणले युक्त, राम्रो गुण भएको, गुणवान्, गुणशाली, प्रसाद, माधुर्य आदि साहित्यिक गुणले युक्त, सद्‌गुणी, सत्त्व रज र तमोगुणले युक्त ।

सगोत्रः (ना./पुं.) समानं गोत्रं कुलमस्य *(समान गोत्र वा कुल छ यसको)* ब.स., समानको सभाव[4]= सगोत्र ।

सगोत्र-बान्धव-ज्ञाति-बन्धु-स्व-स्वजनाः समाः - इत्यमरः

शब्दार्थ- एउटै वंश वा गोत्रको ज्ञाति, स्वजन, समान गोत्रको बन्धु, एउटै कुलको बन्धुबान्धव, दाजुभाइ ।

सगोत्री (वि.) सगोत्रः (समानः गोत्रः) अस्यास्तीति *(समान गोत्र छ यसको)* सगोत्र+इनि (इन्), अकारलोप, सगोत्रिन्= सगोत्री ।

शब्दार्थ- एउटै गोत्र भएको, एउटै कुल वा वंशको, समान गोत्रको ।

सगोत्रीयः (वि.) समानं गोत्रं कुलमस्य *(समान गोत्र वा कुल छ यसको)* ब.स., समानको सभाव, सगोत्रः । समाने गोत्रे भवः जातादिर्वा *(एउटै गोत्रमा पैदा भएको)* समानगोत्र+छ[5] (ईय), अकारलोप, समानको सभाव= सगोत्रीय ।

शब्दार्थ- सगोत्री, एउटै गोत्रमा पैदा भएको, समान गोत्रको ।

सगोलः (वि.) गुडचते रक्ष्यते इति *(रक्षा गरिन्छ)* गुड रक्षायाम् (तुदा.) धातु, गुड्+घञ् (अ), डको ल, गुण, गोलः । गोलेन सह *(समुदायसँगै)* सह+गोल, ब.स., सहको सभाव= सगोल ।

शब्दार्थ- नछुट्टिएको, भिन्न नभएको, एउटै समूह वा परिवारमा बसेको, साझा, गोश्वारा ।

सघनः (वि.) घनेन सह *(ठोससहित)* ब.स., सभाव=सघन ।

शब्दार्थ- खँदिलो, बाक्लो वा घना, ठोसयुक्त ।

सङ्कटम् (ना./न./वि.) सङ्कटतीति *(सङ्कट आइपर्छ)* सम्पूर्वक कटे वर्षावरणयोः (भ्वा.) धातु, सम्+कट्+अच् (पचादि), परसवर्ण= सङ्कट ।

अथवा संहतमिति *(बाधा परेको)* सम् शब्दबाट सम्+कटच्[6] (कट), परसवर्ण= सङ्कट ।

शब्दार्थ- कुनै संकष्ट वा आपत्‌विपत्‌को अवस्था, ज्यादै कष्ट, अति नै कठिनाइ, दुर्दशा, सङ्कीर्ण, अगम्य, सङ्कटग्रस्त ।

सङ्कटकालः (ना./पुं.) सङ्कटस्य कालः *(सङ्कट वा आपत् विपत्‌को समय)* ष.त.स.= सङ्कटकाल ।

शब्दार्थ- सङ्कटको समयमा घोषित गरिने समयावधि, आपत्तिको स्थिति वा अवस्था ।

सङ्कटकालीनः (वि.) सङ्कटकाले भवः, सङ्कटकालस्य अयम् *(सङ्कटकालमा भएको, सङ्कटकालको यो)* सङ्कटकाल+छ (ईन), अपभ्रंशमा= सङ्कटकालीन ।

शब्दार्थ- सङ्कटकालको, सङ्कटकालसम्बन्धी, सङ्कटकालमा हुने वा भएको ।

सङ्कटग्रस्तः (वि.) सङ्कटेन ग्रस्तः *(सङ्कटले ग्रस्त भएको)* तृ.त.स.= सङ्कटग्रस्त ।

शब्दार्थ- सङ्कटले घेरेको, सङ्कटले परिपूर्ण, सङ्कटले व्याप्त ।

सङ्कटमयः (वि.) प्रकृतः प्रचुरः सङ्कटः *(ज्यादै सङ्कष्ट)* सङ्कट+मयट्[7] (मय)= सङ्कटमय ।

शब्दार्थ- सङ्कटले घेरिएको, सङ्कटग्रस्त, आतङ्कले परिपूर्ण ।

सङ्कटा (ना./स्त्री.) सम्यक् कटति आवृणोति असौ *(राम्ररी आपत्ति टार्छिन्)* सम्पूर्वक कटे वर्षावरणयोः (भ्वा.) धातु, सम्+कट्+अच् (पचादि)+टाप् (आ)= सङ्कटा । अथवा संहतमिति *(बाधा परेको)* सम्+कटच् (कट), संकट+टाप् (आ)= सङ्कटा ।

शब्दार्थ- सङ्कटबाट संरक्षण गर्ने देवी, दुष्टलाई सङ्कष्ट पार्ने देवी, ज्योतिषशास्त्र-अनुसार आठवटा योगिनी दशामध्ये एक ।

सङ्कटापन्नः (वि.) सङ्कटमापन्नः *(आपत्ति वा सङ्कष्टमा परेको)* द्वि.त.स[8]., दीर्घ= सङ्कटापन्न ।

शब्दार्थ- सङ्कष्टले छाएको, आपत्‌विपत्‌ले घेरिएको, सङ्कटको स्थिति आइपरेको ।

सङ्कटास्पदः (वि.) सङ्कटस्य आस्पदम् *(सङ्कटको स्थिति वा स्थान)* ष.त.स., दीर्घ= सङ्कटास्पद ।

अथवा सङ्कटमास्पदं यत्र *(सङ्कटको स्थिति छ जहाँ)* ब.स.= सङ्कटास्पद ।

शब्दार्थ- सङ्कटको स्थिति वा अवस्थाले परिपूर्ण, सङ्कटपूर्ण अवस्थाको, विपत्तिले घेरिएको ।

सङ्करः (ना./पुं.) सङ्कीर्यते इति *(छरिन्छ, मिसिन्छ)* सम्पूर्वक कॄ विक्षेपे (तुदा.) वा कॄञ् हिंसायाम् (क्र्या.) धातु, सम्+कॄ+अप् (अ), गुण, परसवर्ण= सङ्कर ।

शब्दार्थ- सम्मिश्रण, मिसावट, मिलावट, छ्यासमिस, कसिङ्गर, वर्णसङ्कर, भिन्न-भिन्न जातिका बाबुआमाबाट पैदा भएको सन्तान ।

सङ्कर्षणः (ना./पुं./न.) सम्यक् कर्षति, कृषति, कृष्यते अनेन इति वा *(राम्ररी खिच्छ, खिचिन्छ)* सम्पूर्वक कृष विलेखने (भ्वा./तुदा.) धातु, सम्+कृष्+ल्यु (अन), गुण, णत्व= सङ्कर्षण । सम्+कृष्+ल्युट्[9](अन), करणमा, गुण, णत्व=सङ्कर्षण ।

---

[1] सगर्भसयूथ... : यत्

[2] तेन सहेति... : ब.स.

[3] वोपसर्जनस्य : सहको सभाव

[4] ज्योतिर्जनपद... : समानको सभाव

[5] गहादिभ्यश्च : छ

[6] सम्प्रोदश्च... : कटच्

[7] तत्प्रकृतवचने... : मयट्

[8] द्वितीयाश्रितातीत... : द्वि.त.स.

[9] करणाधिकरण...: ल्युट्

शब्दार्थ- तान्ने वा घिच्याउने काम, जोत्ने क्रिया, आकर्षण, श्रीकृष्णका दाजु वलराम, वलभद्र, वलदेव ।

द्रष्टव्य- गर्भसङ्कर्षणात्तं वै प्राहुः सङ्कर्षणं भुवि- श्रीमद्भा. १०/२/१३

सङ्कल: (ना./पुं.) सङ्कलनम्, सङ्कल्यते इति वा *(सङ्कलन गरिन्छ)* सम्पूर्वक कल शब्दसंख्यानयो: (भ्वा.) वा कल गतौ संख्याने च (चुरा.) धातु, सम्+कल्+णिचि, सङ्कलि+अच् (एरच्), णिलोप= सङ्कल ।

शब्दार्थ- सङ्कलन गर्ने काम, सङ्ग्रह, सञ्चय, सङ्कलन, जोड्ने काम ।

सङ्कलक: (वि./ना./पुं.) सङ्कलते, सङ्कलयतीति वा *(सङ्कलन गर्छ)* सम्पूर्वक कल शब्दसंख्यानयो: (भ्वा.) वा कल गतौ संख्याने च (चुरा.) धातु, सम्+कल्+ण्वुल्[1] (अक), परसवर्ण= सङ्कलक ।

शब्दार्थ- सङ्कलन वा सङ्ग्रह गर्ने, जम्मा गर्ने, सङ्ग्रहकर्ता, सङ्ग्रह गर्ने व्यक्ति, सङ्कलन गर्ने मानिस ।

सङ्कलनम् (ना./न.) सङ्कलनम्, सङ्कल्यते इति वा *(सङ्कलन गरिन्छ)* सम्पूर्वक कल शब्दसंख्यानयो: (भ्वा.) वा कल गतौ संख्याने च (चुरा.) धातु, सम्+कल्+ल्युट् (अन), परसवर्ण= सङ्कलन ।

शब्दार्थ- सङ्ग्रह वा सञ्चय गर्ने काम, जम्मा गर्ने क्रिया, कुनै कुरा थन्क्याएर राख्ने काम, एकत्रीकरण ।

सङ्कलित: (वि.) सङ्कल्यते स्म इति *(सङ्ग्रह गरिएको)* सम्पूर्वक कल शब्दसंख्यानयो: (भ्वा.) वा कल गतौ संख्याने च (चुरा.) धातु, सम्+कल्+क्त (त), इडागम= सङ्कलित ।

शब्दार्थ- जम्मा गरिएको, सञ्चय गरिएको, सङ्कलन गरिएको, थुप्र्याइएको, सँगालिएको ।

सङ्कल्प: (ना./पुं.) सङ्कल्पनम्, सङ्कल्प्यते इति वा *(सङ्कल्प वा प्रतिज्ञा गरिन्छ)* सम्पूर्वक कृपू सामर्थ्ये (भ्वा.) धातु, सम्+कृप्+घञ् (अ), गुण, रेफको लत्व, परसवर्ण = सङ्कल्प ।

संकल्प: कर्म मानसम्- इत्यमर:

शब्दार्थ- 'यो यो गर्छु' भन्ने मनको कार्यव्यापार, इच्छा वा कामना शक्ति, कुनै काम गर्ने अठोट वा दृढ निश्चय, दान दिने वेलामा पुरोहितवाट पढिने प्रतिज्ञावाक्य, मानसकर्म, मनले सङ्कल्प वा अठोट गर्ने काम ।

सङ्कल्पित: (वि.) सङ्कल्प्यते स्म इति *(प्रतिज्ञा गरिएको)* सम्पूर्वक कृपू सामर्थ्ये (भ्वा.) धातु, सम्+कृप्+क्त (त), इडागम, गुण, रको लत्व= सङ्कल्पित ।

शब्दार्थ- मनले अठोट गरिएको, मानसिक प्रतिज्ञा गरिएको, सङ्कल्प गरिएको ।

सङ्कष्टम् (ना./न./वि.) सङ्कषति, सङ्कष्यते स्म इति वा *(कठिनाइ पर्छ वा सङ्कट परेको)* समपूर्वक कष हिंसार्थे (भ्वा.) धातु, सम्+कष्+क्त[२] (त), ष्टुत्व= सङ्कष्ट ।

शब्दार्थ- कष्ट, कठिनाइ, विपत्तिको स्थिति, भय, आपत्ति परेको, कठिनाइ आइपरेको ।

सङ्काय: (ना./पुं.) सञ्चीयते इति *(जम्मा गरिन्छ)* सम्पूर्वक चिञ् चयने (स्वा.) धातु, सम्+चि+घञ्[३] (अ), वृद्धि, आयादेश, कुत्व= सङ्काय ।

शब्दार्थ- अङ्ग, विभाग, शाखा, विश्वविद्यालय अन्तर्गत उच्चस्तरीय अध्ययनको लागि व्यवस्था गरिएको कुनै निकाय जस्तै: विज्ञानसङ्काय आदि ।

सङ्काश: (वि.) सङ्काशते इति *(प्रकाशित हुन्छ, समीपमा रहन्छ)* सम्पूर्वक काशृ दीप्तौ (भ्वा.) धातु, सम्+काश्+अच् (पचादि)= सङ्काश ।

निभसङ्काशनीकाशप्रतीकाशोपमादय: - इत्यमर:

सङ्काश: सदृशेऽन्तिके- इति हैम:

शब्दार्थ- तुल्य, सदृश, समान, मिल्दोजुल्दो, प्रकाशित हुने, समासको अन्त्यमा प्रयुक्त हुँदा- निकट, नजिक, समीप ।

सङ्कीर्ण: (वि.) सङ्कीर्यते स्म इति *(मिसिएको)* सम्पूर्वक कॄ विक्षेपे (तुदा.) धातु, सम्+कॄ+क्त[४] (त), इत्व[५], दीर्घ[६], निष्ठा तको न= सङ्कीर्ण ।

शब्दार्थ- मिलाएको, अन्तर्मिश्रित, छ्यासमिस भएको, छोटो वा सानो चित्तको, सङ्कुचित विचार भएको, छरिएको, वर्णसङ्करजातिको, नाना जाति मिसिएको, सम्मिलित ।

सङ्कीर्णता (ना./स्त्री.) सङ्कीर्णस्य भाव: *(सङ्कीर्ण हुनाको भाव वा अवस्था)* सङ्कीर्ण+तल् (त)+टाप् (आ) =सङ्कीर्णता ।

शब्दार्थ- छोटो विचार, सङ्कीर्ण विचार ।

उदा. **कि यो सडकको सङ्कीर्णतामा अव नअटाउने भैसकेको छु । -मातेको मान्छेको भाषण मध्यरातपछिको सडकसित (वैरागी काइँला)**

सङ्कीर्तनम् (ना./न.) सङ्कीर्त्यते इति *(कीर्तन गरिन्छ)* सम्पूर्वक कॄत संशब्दने (चुरा.) धातु, सम्+कॄत्+ल्युट् (अन), इत्व[७], दीर्घ[८], परसवर्ण= सङ्कीर्तन ।

शब्दार्थ- कसैको स्तुति वा प्रशंसा गर्ने काम, देवताको भजनकीर्तन गर्ने काम, देवताको स्तुति वा कीर्तिगायन ।

सङ्कुचनम् (ना./न.) सङ्कुच्यते इति *(छोटो विचार लिनु)* सम्पूर्वक कुच सम्पर्चनकौटिल्यप्रतिष्टम्भविलेखनेषु (भ्वा.) धातु, सम्+कुच्+ल्युट् (अन)= सङ्कुचन ।

शब्दार्थ- छोटो विचार लिने वा चित्त सङ्कुचित पार्ने क्रिया, सङ्कीर्ण विचारधारा, साँगुरिएको मनस्थिति ।

---

१. ण्वुल्तृचौ : ण्वुल्
२. क्तिक्तौ च... : क्त, संज्ञामा
३. निवासचिति... : घञ्
४. निष्ठा : क्त
५. ऋत इद्धातो : इत्व
६. हलश्च : दीर्घ
७. उपधायाश्च : इत्व
८. उपधायाञ्च : दीर्घ

सङ्कुचितः (वि.) सङ्कुच्यते स्म इति *(साँगुरिएको)* सम्पूर्वक कुच सम्पर्चनकौटिल्यप्रतिष्टम्भविलेखनेषु (भ्वा.) धातु, सम्+कुच्+क्त (त), इडागम, परसवर्ण= सङ्कुचित ।

शब्दार्थ- छोटो वा सानो चित्तको, सङ्कीर्ण, खुम्चिएको, साँगुरिएको, मुजा परेको, ढाकेको ।

सङ्कुलम् (ना./त्रि.) सङ्कोलतीति *(खचाखच हुन्छ)* सम्पूर्वक कुल संस्त्याने बन्धुषु च (भ्वा.) धातु, सम्+कुल्+क[1] (अ), परसवर्ण= सङ्कुल ।

सङ्कुलं त्रिषु विस्पष्टवाचि व्याप्तेऽथ- इति मेदिनी

अथ सङ्कुलः क्लिष्टे परस्परपराहते- इत्यमरः

शब्दार्थ- परस्पर अमिल्दो कुरा, खचाखच भरिएको अवस्था, भरिभराउ, व्याप्त हुने क्रिया, जमघट, परस्परविरोधी वक्तव्य ।

सङ्केतः (ना./पुं.) सङ्केतयति, सङ्कित्यते उच्यते इति वा *(सङ्केत गर्छ, गरिन्छ)* सम्पूर्वक कित निवासे रोगापनयने च (भ्वा.) धातु, सम्+कित्+अच् (पचादि)/घञ् (अ), गुण, परसवर्ण= सङ्केत ।

शब्दार्थ- हातका औंला, आँखा आदिले इसारा गर्ने काम, आफ्नो अभिप्राय व्यक्त गर्ने चेष्टाविशेष वा शैली, प्रज्ञप्ति, चिन्ह ।

सङ्केतकः (वि.) सङ्केतयतीति *(सूचना दिन्छ, सङ्केत गर्छ)* सम्पूर्वक कित निवासे रोगापनयने च (भ्वा.) धातु, सम्+कित्+ण्वुल् (अक), गुण= सङ्केतक ।

शब्दार्थ- सङ्केत वा इसारा गर्ने, सान गर्ने ।

सङ्केतनिकेतनम् (नाः/न.) सङ्केताय निकेतनम् *(सङ्केतका लागि घर)* ष.त.स.= सङ्केतनिकेतन ।

शब्दार्थ- प्रिय मिलनको लागि सङ्केत गरिएको निश्चित स्थान वा घर, सङ्केतगृह ।

सङ्केतितः (वि.) सङ्कित्यते स्म इति **(सङ्केत गरिएको)** सम्पूर्वक कित निवासे रोगापनयने च (भ्वा.) धातु, सम्+कित्+णिचि+क्त (त), गुण, इडागम, णिलोप =सङ्केतित ।

शब्दार्थ- सङ्केत वा इसारा गरिएको, आमन्त्रित गरिएको, सूचित गरिएको, औंल्याइएको ।

सङ्कोचः (ना./पुं.) सङ्कुच्यते इति *(धक मान्नु)* सम्पूर्वक कुच सम्पर्चनकौटिल्यप्रतिष्टम्भविलेखनेषु (भ्वा.) धातु, सम्+कुच्+घञ् (अ), गुण, परसवर्ण= सङ्कोच ।

शब्दार्थ- सङ्कोच, धक, कुनै कुरा भन्न हिचकिचाउने वानी, लाज मान्ने काम ।

सङ्कोचनम् (ना./न.) सङ्कोचनमिति *(धक मान्नु)* सम्पूर्वक कुच सम्पर्चनादौ (भ्वा.) धातु, सम्+कुच्+ल्युट् (अन), गुण, परसवर्ण= सङ्कोचन ।

शब्दार्थ- धक मान्ने काम, सङ्कोच, लाज मान्ने क्रिया, हिचकिचाउने वानी ।

सङ्कोचनीयः (वि.) सङ्कुच्यते, सङ्कोचितुं योग्यः वा *(सङ्कोच मान्न योग्य)* सम्पूर्वक कुच सम्पर्चनकौटिल्यप्रतिष्टम्भविलेखनेषु (भ्वा.) धातु, सम्+कुच्+अनीय (र्), गुण= सङ्कोचनीय ।

शब्दार्थ- सङ्कोच मान्नुपर्ने, सङ्कोच मान्नलायक, धक मान्नुपर्ने ।

सङ्कोची (वि.) सङ्कोचः अस्यास्तीति *(सङ्कोच छ यसको)* सङ्कोच+इनि (इन्), अकारलोप, सङ्कोचिन्= सङ्कोची ।

शब्दार्थ- सङ्कोच मान्ने, धक मान्ने, लजाउने ।

सङ्क्रमणम् (ना./न.) सङ्क्रमणम्, सङ्क्रम्यते इति वा *(सङ्क्रमण वा स्थानान्तरण हुनु)* सम्पूर्वक क्रमु पादविक्षेपे (भ्वा.) धातु, सम्+क्रम्+ल्युट् (अन), परसवर्ण, णत्व= सङ्क्रमण ।

शब्दार्थ- एक ठाउँवाट अर्को ठाउँमा जाने वा सर्ने काम, रोगादि फैलिने काम, ठाउँसराइ, गमन, सूर्य एक राशिवाट अर्को राशिमा सर्ने क्रम ।

सङ्क्रमणकारी (वि.) सङ्क्रमणं कर्तुं शीलमस्य *(सङ्क्रमण पैदा गर्ने शील छ यसको)* सङ्क्रमण उपपदपूर्वक डुकृञ् करणे (तना.) धातु, सङ्क्रमण+कृ+णिनि (इन्), वृद्धि, सङ्क्रमणकारिन् =सङ्क्रमणकारी ।

शब्दार्थ- सङ्क्रमण फैलाउने, महामारी पैदा गर्ने, सङ्क्रामक रोग फैलाउने ।

सङ्क्रमितः (वि.) सङ्क्राम्यति स्म इति *(सङ्क्रमण भएको)* सम्पूर्वक क्रमु पादविक्षेपे (भ्वा.) धातु, सम्+क्रम्+क्त (त), कर्तामा, इडागम= सङ्क्रमित ।

शब्दार्थ- सङ्क्रमण भएको, सङ्क्रमणको अवस्था प्राप्त भएको, महामारी फैलिएको ।

सङ्क्रान्तः (वि.) सङ्क्रम्यते स्म इति **(संक्रमण गरिएको वा भएको)** सम्पूर्वक क्रमु पादविक्षपे (भ्वा.) धातु, सम्+क्रम्+क्त (त), दीर्घ, परसवर्ण= सङ्क्रान्त ।

शब्दार्थ- गएको, अर्को राशिमा सरेको, प्राप्त भएको, स्थानान्तरण भएको ।

सङ्क्रान्तिः (ना./स्त्री.) सङ्क्रम्यते इति *(सङ्क्रमण हुनु)* सम्पूर्वक क्रमु पादविक्षेपे (भ्वा.) धातु, सम्+क्रम्+क्तिच्[2] (ति), परसवर्ण, दीर्घ[3]= सङ्क्रान्ति ।

शब्दार्थ- सूर्य एक राशिवाट अर्को राशिमा सर्ने समय, सङ्क्रमन, स्थानान्तरण ।

सङ्क्रामकः (वि.) सङ्क्राम्यतीति *(फैलन्छ वा सर्छ)* सम्पूर्वक क्रमु पादविक्षेपे (भ्वा.) धातु, सम्+क्रम्+ण्वुल्[4] (अक), वृद्धि= सङ्क्रामक ।

शब्दार्थ- एक ठाउँवाट अर्को ठाउँमा सर्ने, फैलिने, एकवाट अर्कोमा सर्दै जाने (रोग) ।

उदा. **त्यै सङ्क्रामक वायु भित्र जसले**
ढुङ्गो किचि फुत्कथ्यो- चि.चू. १०

---

[1] इगुपधज्ञा... : क

[2] क्तिच्क्तौ च : क्तिच्

[3] अनुनासिकस्य क्विझलो... : दीर्घ

[4] ण्वुल्तृचौ : ण्वुल्

सङ्क्षिप्तः (वि.) सङ्क्षिप्यते स्म इति *(छोटो पारिएको)* सम्पूर्वक क्षिप प्रेरणे (भ्वा./तुदा.) धातु, सम्+क्षिप्+क्त (त)= सङ्क्षिप्त ।

शब्दार्थ- सङ्क्षिप्त पारिएको, छोटचाइएको, सङ्क्षेपमा भनिएको वा लेखिएको, छोटो पारिएको ।

सङ्क्षिप्तता (ना./स्त्री.) सङ्क्षिप्तस्य भावः *(सङ्क्षिप्त हुनाको भाव वा अवस्था)* सङ्क्षिप्त+तल् (त)+टाप् (आ)= सङ्क्षिप्तता ।

शब्दार्थ- छोटकरीपना, सङ्क्षिप्त पार्ने काम ।

सङ्क्षेपः (ना./पुं.) सङ्क्षेपणम्, सङ्क्षिप्यते इति वा *(छोटो पारिन्छ)* सम्पूर्वक क्षिप प्रेरणे (दिवा./तुदा.) धातु, सम्+क्षिप्+घञ् (अ), गुण= सङ्क्षेप ।

शब्दार्थ- छोटो पार्ने काम, सारांश, निचोड, मजवुन, सार कुरा मात्र भन्ने वा लेख्ने काम, सङ्क्षेपमा भन्ने काम ।

सङ्क्षेपकः (वि.) सङ्क्षिप्यति, सङ्क्षिपतीति वा *(सङ्क्षिप्त पार्ने)* सम्पूर्वक क्षिप प्रेरणे (दिवा./तुदा.) धातु, सम्+क्षिप्+ण्वुल्[१] (अक), गुण= सङ्क्षेपक ।

शब्दार्थ- संक्षिप्त पार्ने, छोटो पार्ने, छोटचाउने, छोटोरूपमा लेख्ने वा भन्ने ।

सङ्क्षेपणम् (ना./न.) सङ्क्षेपणम्, सङ्क्षिप्यते इति *(छोटो गरिन्छ)* सम्पूर्वक क्षिप प्रेरणे (दिवा./तुदा.) धातु, सम्+क्षिप्+ल्युट् (अन), गुण, णत्व= सङ्क्षेपण ।

शब्दार्थ- छोटो पार्ने वा छोट्ट्याउने काम, सङ्क्षिप्त पार्ने क्रिया, सारांश लेख्ने काम ।

सङ्क्षेपतः (अव्य.) सङ्क्षेपादिति *(सङ्क्षेपबाट)* सङ्क्षेप+तसिल्[२] (तस्), सङ्क्षेपतस्, रुत्व, विसर्ग =सङ्क्षेपत ।

शब्दार्थ- सङ्क्षिप्तरूपवाट, सङ्क्षेपमा ।

सङ्क्षेपीकरणम् (ना./न.) असङ्क्षेपः सङ्क्षेपः सम्पद्यते, सः क्रियते इति *(सङ्क्षिप्त नभएको सङ्क्षिप्त हुन्छ र सङ्क्षिप्त पारिन्छ)* डुकृञ् करणे (तना.) धातु, सङ्क्षेप+च्वि[३]+ल्युट्(अन), सङ्क्षेपका अवर्णको ईत्व[४], च्विको लोप, कृको गुण, णत्व= सङ्क्षेपीकरण ।

शब्दार्थ- लामो कुरा छोट्ट्याएर लेख्ने काम, सङ्क्षिप्त नभएकोलाई छोटो पार्ने काम ।

सङ्क्षेपीकृतः (वि.) असङ्क्षेपः सङ्क्षेपः समपद्यत, सः क्रियते स्म इति *(छोटो नभएकोलाई छोटचाइएको र छोटो पारिएको)* डुकृञ् करणे (तना.) धातु, सङ्क्षेप+च्वि+कृ+क्त (त), ईत्व, च्विको लोप =सङ्क्षेपीकृत ।

शब्दार्थ- छोटो वनाइएको, सङ्क्षेपीकरण गरिएको, सङ्क्षिप्त वनाइएको, छोटचाइएको ।

सङ्ख्यम् (ना./न.) सङ्ख्यायते, सङ्ख्यानमिति *(गणना गरिन्छ)* सम्पूर्वक ख्या प्रकथने वा चक्षिङ् व्यक्तायां वाचि (ख्याञादेश) (अदा.) धातु, सम्+ख्या+क[५] (अ), आलोप= सङ्ख्य ।

शब्दार्थ- गणना गर्ने काम, सङ्ख्या निकाल्ने कार्य, युद्ध, आक्रमण, लडाइ, सङ्ग्राम ।

सङ्ख्या (ना./स्त्री.) सङ्ख्यायते इति *(गणना गरिन्छ)* सम्पूर्वक ख्या प्रकथने वा चक्षिङ् व्यक्तायां वाचि (ख्याञादेश) (अदा.) धातु, सम्+ख्या+अङ् (अ)+टाप् (आ)= सङ्ख्या ।

शब्दार्थ- हिसाव, गणना, अङ्क, गोटा, परिमाण ।

सङ्ख्यातीतः (वि.) सङ्ख्यामतीतः *(गणनाभन्दा परको, सङ्ख्या नाघेको)* द्वि.त.स., दीर्घ= सङ्ख्यातीत ।

शब्दार्थ- गणना गर्न नसकिने, असङ्ख्य, अगणित, अनगिन्ती ।

सङ्ख्येयः (वि.) सङ्ख्यातुं योग्यः *(गणना गर्न योग्य)* सम्पूर्वक ख्या प्रकथने वा चक्षिङ् व्यक्तायां वाचि (ख्याञादेश) (अदा.) धातु, सम्+ख्या+यत् (य), ईत्व, गुण= सङ्ख्येय ।

शब्दार्थ- गणना गर्न योग्य वा लायक, गन्न सकिने सङ्ख्या भएको ।

सङ्गः (ना./पुं.) सञ्जनम्, सज्यते इति वा *(सम्पर्कमा रहनु)* षञ्ज सङ्गे (भ्वा.) धातु, सञ्ज्+घञ् (अ), भावमा, कुत्व, परसवर्ण= सङ्ग ।

शब्दार्थ- सँगै रहने काम, मेल, मिलन, संयोग, सहवास, सङ्गम, मैत्री, अनुराग, आसक्ति, रतिराग ।

सङ्गतः (वि./ना./पुं.) सङ्गच्छति स्म इति *(सँगै गएको)* सम्पूर्वक गम्लृ गतौ (भ्वा.) धातु, सम्+गम्+क्त[६] (त), कर्तामा, अनुनासिक मलोप, परसवर्ण= सङ्गत ।

शब्दार्थ- मिलेको, जोरेको, जोरिएको, समायोजित, सम्मिलित, समुचित, सहवास, सत्सङ्ग ।

सङ्गतिः (ना./स्त्री.) सङ्गमनम्, सङ्गम्यते इति वा *(जोरिन्छ)* सम्पूर्वक गम्लृ गतौ (भ्वा.) धातु, सम्+गम्+क्तिन्[७] (ति)= सङ्गति ।

शब्दार्थ- मेल, सङ्गम, जोरिने क्रिया, सहवास, समागम, मेलमिलाप, संसर्ग, व्याकरणमा लिङ्ग, वचन, पुरुष, क्रिया आदिको मेल ।

सङ्गमः (ना./पुं.) सङ्गमनम्, सङ्गम्यते इति वा *(परस्परमा जोरिनु)* सम्पूर्वक गम्लृ गतौ (भ्वा.) धातु, सम्+गम्+अप्[८] (अ), परसवर्ण= सङ्गम ।

शब्दार्थ- मेल, सङ्गति, सहवास, सम्पर्क, रतिक्रिया, भेटघाट, दोभान, संयोग, समागम, सङ्ग, स्त्री र पुरुषको मिथुनीभाव, स्त्री-संयोग, ठट्टा गर्ने काम ।

---

१. ण्वुल्तृचौ : ण्वुल्
२. पञ्चम्यास्तसिल् : तसिल्
३. कृभ्वस्तियोगे... : च्वि
४. अस्य च्वौ : ईत्व
५. घञर्थे कविधानम् (वा.) : क
६. गत्यर्थाकर्मक... : क्त
७. स्त्रियां क्तिन् : क्तिन्
८. ग्रहवृदृनिश्चिगमश्च : अप्

सङ्गमनम् (ना./न.) सङ्गमनम्, सङ्गम्यते इति वा *(सम्पर्क हुनु, मेल हुनु)* सम्पूर्वक गम्लृ गतौ (भ्वा.) धातु, सम्+गम्+ल्युट् (अन)= सङ्गमन ।

शब्दार्थ- मेल, सङ्गम, सहवास, सम्पर्क, समागम, संयोग, भेटघाट ।

सङ्गी (वि.) सङ्गः अस्यास्तीति *(मेल वा आसक्ति छ यसको)* सङ्ग+इनि[१] (इन्), अकारलोप, सङ्गिन्= सङ्गी । अथवा सजति तच्छीलः *(स्नेहशील बन्छ)* षञ्ज सङ्गे (भ्वा.) धातु, सञ्ज्+घिनुण्[२], बहुलप्रकारले, कुत्व, सङ्गिन्= सङ्गी ।

शब्दार्थ- सँगै रहने, आसक्त हुने, सम्पर्कमा आउने, स्नेही, अनुरक्त, मिलेको, सहचर ।

सङ्गीतः (वि./ना./न.) सङ्गीयते स्म इति *(सँग-सँगै गाइएको)* सम्पूर्वक गै शब्दे (भ्वा.) धातु, सम्+गै+क्त (त), आत्व, परसवर्ण= सङ्गीत ।

गीतं वाद्यं नर्तनं च त्रयं सङ्गीतमुच्यते ।

शब्दार्थ- मिलेर गाइएको, एकै स्वरले गाइएको, सामूहिक गायन, गीत, नृत्य र वाद्यवादनको मेल ।

सङ्गीतज्ञः (वि.) सङ्गीतं जानातीति *(सङ्गीत जान्दछ)* सङ्गीत उपपदमा हुने ज्ञा अवबोधने (क्र्या.) धातु, सङ्गीत+ज्ञा+क (अ), आकारलोप= सङ्गीतज्ञ ।

शब्दार्थ- सङ्गीत जान्ने, सङ्गीत विशेषज्ञ ।

सङ्गीतशाला (ना./स्त्री.) सङ्गीतस्य शाला, सङ्गीताय शाला *(संगीतकलाको घर, सङ्गीत सिकाउको लागि घर)* ष.त.स./च.त.स.= सङ्गीतशाला ।

शब्दार्थ- सङ्गीत प्रशिक्षण गृह, सङ्गीतालय, गायन-वादनगृह ।

सङ्गीतशास्त्रम् (ना./न.) सङ्गीतस्य शास्त्रम् *(सङ्गीतको शास्त्र)* ष.त.स.= सङ्गीतशास्त्र ।

शब्दार्थ- सङ्गीतविद्या, गानवजानसम्वन्धी विद्या ।

सङ्गीतालयः (ना./पुं.) सङ्गीताय आलयः *(सङ्गीत-प्रशिक्षणका लागि घर)* च.त.स.= सङ्गीतालय ।

शब्दार्थ- सङ्गीतशाला, गानवजानको लागि घर, नृत्यशाला ।

सङ्गीतिः (ना./स्त्री.) सङ्गीयते इति *(गान गरिन्छ)* सम्पूर्वक गै शब्दे (भ्वा.) धातु, सम्+गै+क्तिन्[३] (ति), आत्व, ईत्व= सङ्गीति ।

शब्दार्थ- सङ्गीत, गायनवादन कला ।

सङ्गृहीतः (वि.) सम् गृह्यते स्म इति *(सङ्ग्रह गरिएको)* सम्पूर्वक ग्रह उपदाने (क्र्या.) धातु, सम्+ग्रह+क्त (त), सम्प्रसारणवाट ग्रको गृ, इडागम, दीर्घ[४] =सङ्गृहीत ।

शब्दार्थ- ग्रहण गरिएको, सङ्ग्रह गरिएको, एकट्ठा गरिएको, सङ्कलन गरिएको, वटुलिएको ।

सङ्ग्रहः (ना./पुं.) सङ्ग्रहणम्, सङ्गृह्यते इति वा *(सङ्ग्रह गरिन्छ)* सम्पूर्वक ग्रह उपदाने (क्र्या.) धातु, सम्+ग्रह+अप्[५] (अ), परसवर्ण= सङ्ग्रह ।

शब्दार्थ- ग्रहण गर्ने काम, पक्रने क्रिया, जम्मा गर्ने वा सञ्चय गर्ने काम, सङ्कलन ।

सङ्ग्रहकर्ता (वि.) सङग्रहं करोतीति *(सङ्ग्रह गर्छ)* सङ्ग्रह उपपदपूर्वक डुकृञ् करणे (तना.) धातु, सङ्गह+कृ+तृच् (तृ), गुण, सङ्ग्रहकर्तृ= सङ्ग्रहकर्ता ।

शब्दार्थ- सङ्ग्रह गर्ने, जम्मा गर्ने, सङ्कलन गर्ने, भेला पार्ने, सङ्कलक ।

सङ्ग्रहणम् (ना./न.) सङ्ग्रहणम्, सङ्गृह्यते इति *(जम्मा गरिन्छ)* सम्पूर्वक ग्रह उपदाने (क्र्या.) धातु, सम्+ग्रह्+ल्युट् (अन), परसवर्ण= सङ्ग्रहण ।

शब्दार्थ- ग्रहण गर्ने काम, सञ्चय गर्ने क्रिया, सङ्कलन, एकत्रीकरण, लिने काम, सङ्कलन गर्ने क्रिया ।

सङ्ग्रहणीयः (वि.) सङ्ग्रहीतुं योग्यः, सङ्गृह्यते इति वा *(सङ्ग्रह गर्न योग्य)* सम्पूर्वक ग्रह उपदाने (क्र्या.) धातु, सम्+ग्रह्+अनीय (र्), णत्व= सङ्ग्रहणीय ।

शब्दार्थ- सङ्ग्रह वा सङ्कलन गर्न योग्य, जम्मा गर्न उचित, ग्रहण गर्नुपर्ने, विवाह योग्य ।

सङ्ग्रहालयः (ना./पुं.) सङ्ग्रहाय आलयः *(सङ्ग्रह गरिएका वस्तुहरूको लागि घर)* ष.त.स., दीर्घ =सङ्ग्रहालय ।

शब्दार्थ- सङ्कलन गरिएका वस्तुहरू राख्ने घर, पुरातात्त्विक वस्तुहरू राख्ने ठाउँ ।

सङ्ग्रही (वि.) सङ्ग्रहः अस्यास्तीति *(सङ्ग्रह छ यसको)* सङ्गह+इनि[१] (इन्), सङ्ग्रहिन्= सङ्ग्रही ।

शब्दार्थ- सङ्ग्रह गर्ने, सङ्कलन गर्ने, जम्मा गर्ने, वटुल्ने ।

सङ्ग्रहीता (वि.) सम् गृह्णातीति *(राम्ररी पक्रन्छ)* सम्पूर्वक ग्रह उपदाने (क्र्या.) धातु, सम्+ग्रह+तृच् (तृ), इडागम, दीर्घ, सङ्ग्रहीतृ= सङ्ग्रहीता ।

शब्दार्थ- सङ्ग्रह गर्ने, जम्मा गर्ने, एकट्ठा पार्ने, सङ्कलन गर्ने, ग्रहण गर्ने, लिने ।

सङ्ग्रामः (ना./पुं.) सङ्ग्राम्यते इति *(सङ्ग्राम वा युद्ध गर्नु)* सम्पूर्वक ग्राम चामन्त्रणे कूटे च (चुरा.) धातु, सम्+ग्राम्+णिचि+अच् (एरच्), णिलोप= सङग्राम ।

शब्दार्थ- युद्ध, लडाइँ, आक्रमण, सङ्ग्राम, रण ।

सङ्ग्राहकः (वि.) सम् गृह्णातीति *(राम्ररी ग्रहण गर्छ)* सम्पूर्वक ग्रह उपादाने (क्र्या.) धातु, सम्+ग्रह्+ण्वुल्[६] (अक), वृद्धि, परसवर्ण= सङ्ग्राहक ।

शब्दार्थ- सङ्ग्रह गर्ने, सङ्कलन गर्ने, ग्रहण गर्ने, वटुल्ने, सँगाल्ने ।

---

१. अत इनिठनौ : इनि
२. उणादयो बहुलम् : घिनुण्
३. स्यागापापचो भावे : क्तिन्
४. ग्रहोऽलिटि... : दीर्घ
५. ग्रहवृदृनिश्चिगमश्च : अप्
६. ण्वुल्तृचौ : ण्वुल्

सङ्ग्राह्यः (वि.) सङ्ग्रहीतुं योग्यः, सङ्गृह्यते इति वा *(सङ्ग्रह गर्न योग्य वा लायक)* सम्पूर्वक ग्रह उपादाने (क्र्या.) धातु, सम्+ग्रह+ण्यत् (य), वृद्धि =सङ्ग्राह्य ।

शब्दार्थ- सङ्ग्रह वा जम्मा गर्न लायक, सङ्कलन गर्नुपर्ने, जम्मा गर्न उचित, सङ्ग्रहणीय ।

सङ्घः (ना./पुं.) संहननम्, संहन्यते इति वा *(जम्मा हुनु)* सम्पूर्वक हन हिंसागत्योः (अदा.) धातु, सम्+हन्+अप्[1] (अ), टिलोप, घत्वनिपातन= सङ्घ ।

शब्दार्थ- प्राणीहरूको समूह, समुदाय, मण्डली, कुनै उद्देश्य पूर्तिका लागि बनेको व्यक्ति वा संस्थाको समूह, वृन्द, समुदाय, सङ्गठन ।

सङ्घटनम् (ना./न.) सङ्घटनम्, सङ्घट्यते इति वा *(सङ्गठित हुनु)* सम्पूर्वक घट चेष्टायाम् (भ्वा.) वा घट सङ्घाते (चुरा.) धातु, सम्+घट्+ल्युट् (अन), परसवर्ण =सङ्घटन ।

शब्दार्थ- सङ्गठन, कुनै उद्देश्यपूर्तिका लागि गठित सङ्घ संस्था आदि, पारस्परिक मेल, जमात ।

सङ्घटितः (वि.) सङ्घटयते स्म इति *(सङ्गठित गरिएको)* सम्पूर्वक घट चेष्टायाम् (भ्वा.) वा घट सङ्घाते (चुरा.) धातु, सम्+घट्+क्त (त), इडागम= सङ्घटित ।

शब्दार्थ- सङ्गठित, सङ्गठन गरिएको, एकत्रित पारिएको ।

सङ्घट्टः/सङ्घट्टनम् (ना./पुं./न.) सङ्घट्टनम्, सङ्घट्टयते इति वा *(रगड्नु)* सम्पूर्वक घट्ट चलने (भ्वा./चुरा.) धातु, सम्+घट्ट+णिचि+अच् (एरच्), णिलोप= सङ्घट्ट । सम्+घट्ट+ल्युट् (अन)= सङ्घट्टन ।

शब्दार्थ- पिंध्ने काम, रगड्ने काम, घर्षण गर्ने क्रिया, भिडन्त, संघर्ष, मुठभेद, ठक्कर दिने काम ।

सङ्घर्षः (ना./पुं.) सङ्घर्षणम्, सङ्घृष्यते इति वा *(रगडिन्छ, घोटिन्छ)* सम्पूर्वक घृषु सङ्घर्षे (घर्षणे) (भ्वा.) धातु, सम्+घृष्+घञ् (अ), गुण= सङ्घर्ष ।

शब्दार्थ- मुठभेड, ठक्कर, दुई वा दुईभन्दा बढी व्यक्ति वा दलहरूबीच हुने प्रतिस्पर्धा वा सङ्घर्ष, भिडन्त, रगड्ने वा घोट्ने काम ।

सङ्घर्षणम् (ना./न.) सङ्घर्षणम्, सङ्घृष्यते इति वा *(रगडिन्छ)* सम्पूर्वक घृषु सङ्घर्षे (घर्षणे) (भ्वा.) धातु, सम्+घृष्+ल्युट् (अन), गुण, णत्व= सङ्घर्षण ।

शब्दार्थ- घोट्ने वा रगड्ने काम, घर्षण क्रिया, सङ्घर्ष, मुठभेड, ठक्कर ।

सङ्घर्षमयः (वि.) प्रकृतः प्रचुरः सङ्घर्षः *(प्रचुरमात्रामा भएको सङ्घर्ष)* सङ्घर्ष+मयट्[2] (मय)= सङ्घर्षमय ।

शब्दार्थ- ज्यादै सङ्घर्षले भरिएको, सङ्घर्षै सङ्घर्षले परिपूर्ण ।

सङ्घर्षरतः (वि.) सङ्घर्षे रतः *(सङ्घर्षमा संलग्न)* स.त.स. =सङ्घर्षरत ।

शब्दार्थ- सङ्घर्षशील, सङ्घर्षमा लागेको, सङ्घर्षमा संलग्न भएको, सङ्घर्ष गरिरहने ।

सङ्घर्षशीलः (वि.) सङ्घर्षे शीलः *(सङ्घर्षमा शील वा तल्लीन)* स.त.स.= सङ्घर्षशील ।

शब्दार्थ- सङ्घर्षमा लागेको, सङ्घर्ष गरिरहने, सङ्घर्षरत ।

सङ्घर्षी (वि.) सङ्घर्षतीति *(सङ्घर्षरत रहन्छ)* सम्पूर्वक घृषु सङ्घर्षे (घर्षणे) (भ्वा.) धातु, सम्+घृष्+णिनि[3] (इन्), गुण, सङ्घर्षिन्= सङ्घर्षी ।

अथवा सङ्घर्षः अस्यास्तीति *(सङ्घर्ष छ यसको)* सङ्घर्ष+इनि (इन्), सङ्घर्षिन्= सङ्घर्षी ।

शब्दार्थ- सङ्घर्ष गर्ने, सङ्घर्षमा संलग्न, सङ्घर्षशील ।

सङ्घातः (ना./पुं.) संहन्यते इति *(हमला गर्नु, एकत्रित हुनु)* सम्पूर्वक हन हिंसागत्योः (अदा.) धातु, सम्+हन्+घञ् (अ), वृद्धि, नको त[4], कुत्व[5], हको घ= सङ्घात ।

सङ्घातः पुंसि. घाते च संहतौ नरकान्तरे- इति मेदिनी

शब्दार्थ- समूह, जम्मा हुने वा एकट्ठा हुने काम, घात-प्रतिघात, हनन, आघात, नरकका प्रकारहरू ।

सङ्घात्मकः (वि.) सङ्घः आत्मा यस्य *(सङ्घ नै मुख्य छ जसको)* ब.स., दीर्घ, सङ्घात्मन्+कप्[6] (क), नलोप =सङ्घात्मक ।

शब्दार्थ- सङ्घको प्रधानता वा मुख्यता रहेको, सङ्घात्मक बनाइएको, सङ्घीय ।

सङ्घीयः (वि.) सङ्घे भवः जातः वा *(सङ्घमा भएको),* सङ्घाय हितम् *(सङ्घको लागि हित हुने),* सङ्घस्य अयम् *(सङ्घको यो)* सङ्घ+छ[7] (ईय), अकारलोप= सङ्घीय ।

शब्दार्थ- सङ्घात्मक, सङ्घको लागि उपयोगी हुने, सङ्घ भएको, सङ्घसम्बन्धी ।

सचराचरः (वि.) चराचरेण सह *(चराचर-सहित)* ब.स[8]., सहको सभाव= सचराचर ।

शब्दार्थ- चर-अचरसहित, स्थावर तथा जङ्गमसहित, समस्त विश्वसहित ।

सचलः (वि./ना./न.) चलेन सह *(चलले सहित)* ब.स., सहको सभाव= सचल ।

शब्दार्थ- चलसहित, चलले परिपूर्ण, जङ्गम, चलवस्तु ।

सचित्रः (वि.) चित्रैः सह वर्तते *(चित्रले सहित रहन्छ)* ब.स., सहको सभाव= सचित्र ।

शब्दार्थ- चित्रसहित, चित्र सजाइएको, चित्रले परिपूर्ण, चित्रहरू समावेश भएको ।

सचिः (ना./पुं.) सचनम्, सच्यते इति वा *(जम्मा गरिन्छ)* षच समवाये वा षच सेचने सेवने च (भ्वा.) धातु, सच्+इन्[9] (इ), उणा.= सचि ।

शब्दार्थ- मैत्री, मैत्रीभाव, घनिष्ठता ।

---

[1] सङ्घोद्घौ गण...: : अप्/घत्व निपातन

[2] तत्प्रकृतवचने...: मयट्

[3] सुप्यजातौ... : णिनि

[4] हनस्तोऽचिण्णलोः.. : नको त

[5] हो हन्ते... : कुत्व

[6] अनिनस्मन्... : कप् समासान्त

[7] गहादिभ्यश्च/तस्मै हितम् : छ

[8] तेन सहेति... : ब.स.

[9] सर्वधातुभ्य... : इन्

सचिवः (ना./पुं.) सचते इति *(जम्मा गर्छ, सेवा गर्छ)* षच समवाये वा षच सेचने सेवने च (भ्वा.) धातु, सच्+इन् (इ), सचिः । सचिं मैत्रीभावं वातीति *(मैत्रीभाव प्रदान गर्छ वा लैजान्छ)* सचि उपपदमा हुने वा गतिगन्धनयोः (अदा.)धातु, सचि+वा+क (अ), आकारलोप=सचिव ।

शब्दार्थ- मित्र, सहचर, परामर्शदाता, मन्त्रीको सल्लाहकार वा परामर्शदाता, विशिष्ट श्रेणीको कर्मचारी, मन्त्रिमण्डलको निर्णय कार्यान्वयन गर्ने कार्यसहायक ।

सचिवालयः (ना./पुं.) सचिवानामालयः *(सचिवहरूको कार्यकक्ष)* ष.त.स., दीर्घ= सचिवालय ।

शब्दार्थ- सचिवहरूको कार्यालय, मन्त्रालय ।

सचेतः (वि.) चेततीति *(सचेत हुन्छ)* चिती संज्ञाने (भ्वा.) धातु, चित्+असुन्[1] (अस्), गुण, चेतस् । चेतसा सह *(चित्तसँगै)* व.स., सहको सभाव, सचेतस्, रुत्व, विसर्ग, सचेतः= सचेत ।

शब्दार्थ- चेतना भएको, होस आएको, होसियार रहेको, भावुक, सचेत भएको, सतर्क, होसियार ।

सचेतकः (वि.) चेतयतीति *(सचेत गराउँछ)* चिती संज्ञाने (भ्वा.) धातु, चित्+णिचि+ण्वुल्[2] (अक), गुण, णिलोप, चेतकः । चेतकेन सह *(चेतना गराउनेसँगै)* व.स., सहको सभाव= सचेतक ।

शब्दार्थ- सचेत गराउने, सावधान गराउने, होसियार रहन प्रेरणा दिने (व्यक्ति) ।

सचेतनः (वि.) चेततीति *(सचेत रहन्छ)* चिती संज्ञाने (भ्वा.) धातु, चित्+ल्यु[3] (अन), गुण, चेतनः । चेतनेन सह *(चेतनासँगै)* व.स., सहको सभाव= सचेतन ।

शब्दार्थ-चेतना भएको, सतर्क, सचेत, होसियार, जीवित ।

सचेष्टः (वि.) चेष्टया सह *(चेष्टासहित)* व.स[4]., सहको सभाव[5]= सचेष्ट ।

शब्दार्थ- चेष्टा भएको, सक्रिय, प्रयासरत, प्रयत्न गर्ने ।

सच्चरित्रः (वि.) सत् चरित्रं यस्य *(राम्रो छ चरित्र जसको)* व.स., श्चुत्व= सच्चरित्र ।

शब्दार्थ- असल वा राम्रो चरित्र भएको, राम्रो व्यवहार गर्ने, असल चालचलन भएको ।

सच्चरित्रता (ना./स्त्री.) सच्च तच्चरित्रञ्च *(असल-चरित्र)* क.त.स., श्चुत्व, सच्चरित्रम् । सच्चरित्रस्य भावः *(असल चरित्र हुनाको भाव वा अवस्था)* सच्चरित्र+तल् (त)+टाप् (आ)= सच्चरित्रता ।

शब्दार्थ- राम्रो व्यवहार हुनाको स्थिति वा अवस्था, असल चालचलन, सदाचारिता ।

सच्चित् (ना./न.) सच्च चिच्च *(सत् र चित्)* व.स. =सच्चित् ।

शब्दार्थ- ब्रह्म, सच्चित्-स्वरूप परब्रह्म ।

सच्चिदानन्दः (ना./पुं.) सच्च चिच्च आनन्दश्च *(सत्, चित् र आनन्द स्वरूप)* द्व.स.= सच्चिदानन्द ।

शब्दार्थ- सत्, चित् र आनन्द-स्वरूप परब्रह्म परमात्मा, नित्यज्ञानस्वरूप तथा आनन्दस्वरूप परमेश्वर ।

सजनः (वि.) जनेन सह *(मानिससँगै)* व.स., सहको सभाव = सजन ।

शब्दार्थ- परिजनसहित, मानिससहित ।

सजलः (वि.) जलेन सह *(पानीसहित)* व.स., सहको सभाव= सजल ।

शब्दार्थ- पानीले भरिएको, अश्रुपूर्ण, जलयुक्त, आर्द्र ।

सजातः (वि.) जातेन सह *(जन्मले सँगै)* व.स., सहको सभाव= सजात ।

शब्दार्थ- सँगसँगै जन्मेको, जन्मले साथै ।

सजातिः (वि./ना./पुं.) जात्या सह *(जातिले साथै वा समान)* सह+जाति, व.स., सहको सभाव= सजाति । अथवा समाना जातिरस्य *(एउटै जाति छ यसको)* व.स., समानको सभाव= सजाति ।

शब्दार्थ- एउटै जातको, समान जाति वा वर्गको, समान जातिका स्त्री र पुरुष, समान जातका सन्तति, सवर्ण स्त्री-पुरुषबाट जन्मेका सन्तान ।

सजातीयः (वि.) सजातौ भवः *(एउटै जातमा भएको)* सजाति+छ[6] (ईय), इकारलोप= सजातीय ।

शब्दार्थ- एउटै जाति वा वर्गको, समान जाति वा धर्मको, समान जातमा भएको ।

सजीवः (वि.) जीवेन सह *(प्राणसहित)* व.स., सहको सभाव= सजीव ।

शब्दार्थ- जीव वा प्राण भएको, प्राणवान्, प्राणयुक्त ।

उदा. सजीव अङ्ग सर्सरि झसङ्ग बन्छ त्रासले-
शा.म.का. ११/६

सज्जः (वि.) सज्जतीति *(सुसज्जित हुन्छ)* षस्ज गतौ (भ्वा.) धातु, षको स, सस्ज्+अच् (पचादि), श्चुत्व, जश्त्व= सज्ज ।

संनद्धो वर्मितः सज्जः- इत्यमरः

शब्दार्थ- वस्त्रले सुसज्जित, कवच पहिरेको, तयार भएको, सजिसजाउ भएको ।

सज्जनः (ना./पुं.) संश्चासौ जनश्च *(असल जन)* क.त.स., श्चुत्व= सज्जन ।

शब्दार्थ- असल व्यक्ति, सुजन, भलाद्मी, ज्ञानी मानिस, साधु व्यक्ति, राम्रो कुलमा उत्पन्न सभ्यपुरुष, साधु, कुलीन व्यक्ति ।

सज्जनता (ना./स्त्री.) सज्जनस्य भावः *(सज्जन हुनाको भाव वा अवस्था)* सज्जन+तल् (त)+टाप् (आ) =सज्जनता ।

---

[1] सर्वधातुभ्योऽसुन् : असुन्

[2] ण्वुल्तृचौ : ण्वुल्

[3] नन्दिग्रहि... : ल्यु

[4] तेन सहेति... : ब.स.

[5] वोपसर्जनस्य : सहको सभाव

[6] गहादिभ्यश्च : छ

शब्दार्थ- भलाद्मीपन, सौजन्य, शिष्टता, सज्जनको अवस्था, असलपना ।

सज्जा (ना./स्त्री.) सज्ज्यते इति *(सजाइन्छ)* षस्ज गतौ (भ्वा.) धातु, षको स, सस्ज्+अ[१]+टाप् (आ), जश्त्व =सज्जा ।

शब्दार्थ- वेशभूषा, सजावट, राम्ररी सजाउने काम, सजाउने चीजवीज, सजावट गर्ने साधन वा सामग्री ।

सज्जात्मकः (वि.) सज्जा आत्मा यस्य *(सजावट नै मुख्य छ जसको)* सज्जा+आत्मन्, व.स., कप्[२] (समासान्त), नलोप, दीर्घ= सज्जात्मक ।

शब्दार्थ- सजावट प्रमुख भएको, सजाउने, आकर्षक पार्ने, सौन्दर्य वढाउने ।

सज्जितः (वि.) सज्जा सञ्जाता अस्य *(सजावट भएको छ यसको)* सज्जा+इतच्[३] (इत), आकारलोप=सज्जित ।

शब्दार्थ- सजाइएको, सिँगारिएको, आकर्षक वनाइएको, सजिसजाउ पारिएको ।

सज्ज्योतिः (वि.) समानं ज्योतिर्यस्य *(समान ज्योति छ जसको)* व.स., समानको सभाव= सज्ज्योति ।

शब्दार्थ- समान ज्योति भएको, ज्यादा तेज भएको ।

सञ्चयः (ना./पुं.) सञ्चीयते इति *(सञ्चय गरिन्छ)* सम्पूर्वक चिञ् चयने (स्वा.) धातु, सम्+चि+अच् (एरच्), गुण, अयादेश, परसवर्ण= सञ्चय ।

शब्दार्थ- थुप्र्याउने काम, सङ्ग्रह, सञ्चयन, जोरजाम, राशि, थुप्रो ।

सञ्चयनम् (ना./न.) सञ्चीयते इति *(सञ्चय गरिन्छ)* सम्पूर्वक चिञ् चयने (स्वा.) धातु, सम्+चि+ल्युट् (अन), गुण, अयादेश, परसवर्ण= सञ्चयन ।

शब्दार्थ- सञ्चय गर्ने वा सङ्ग्रह गर्ने काम, थुप्रो पार्ने काम, जोरजाम, छाम्ने काम ।

सञ्चयी (वि.) सञ्चयः अस्यास्तीति *(सञ्चय छ यसको)* सञ्चय+इनि (इन्), अकारलोप, सञ्चयिन्=सञ्चयी ।

शब्दार्थ- सञ्चय वा सङ्ग्रह गर्ने, वटुल्ने, थुपार्ने, लोभ गर्ने ।

सञ्चरः (ना./पुं.) सञ्चरति अनेन *(स्थानान्तरण हुन्छ यसवाट)* सम्पूर्वक चर गतिभक्षणयोः (भ्वा.) धातु, सम्+चर्+अच् (पचादि)/घ[४] (अ)= सञ्चर ।

शब्दार्थ- मार्ग, वाटो, पथ, ग्रहनक्षत्रादि एक राशिवाट अर्को राशिमा स्थानान्तरण हुने क्रिया, प्रवेशद्वार ।

सञ्चरणम् (ना./न.) सञ्चरणम्, सञ्चर्यते इति वा *(गइन्छ)* चर गतिभक्षणयोः (भ्वा.) धातु, सम्+चर्+ल्युट् (अन), णत्व= सञ्चरण ।

शब्दार्थ- यात्रा वा भ्रमण गर्ने काम, गमन, घुमफिर गर्ने क्रिया, हिँडाइ, फैलाउने काम ।

सञ्चरितः (वि.) सञ्चरति स्म इति *(फैलिएको)* सम्पूर्वक चर गतिभक्षणयोः (भ्वा.) धातु, सम्+चर्+क्त (त), इडागम, परसवर्ण= सञ्चरित ।

शब्दार्थ- सञ्चार भएको, विचरण गरेको, चारैतिर पुगेको, फैलिएको, घुमफिर गरेको ।

सञ्चलः (वि.) सञ्चलतीति *(हल्लन्छ)* सम्पूर्वक चल कम्पने (भ्वा.) धातु, सम्+चल्+अच् (पचादि) परसवर्ण = सञ्चल ।

शब्दार्थ- हल्लने, काँप्ने, थर्कने, थरथराउने ।

सञ्चलनम् (ना./न.) सञ्चलनम्, सञ्चल्यते इति वा *(हल्लिन्छ)* सम्पूर्वक चल कम्पने (भ्वा.) धातु, सम्+चल्+अनट् (उणा.)/ल्युट् (अन), परसवर्ण=सञ्चलन ।

शब्दार्थ- हल्लने वा थर्कने क्रिया, विक्षोभ, कम्प, कम्पन, चलन, हल्लाइ, घुमफिर गर्ने क्रिया ।

सञ्चारः (ना./पुं.) सञ्चरणम्, सञ्चर्यते इति वा *(गमन गर्नु)* सम्पूर्वक चर गतिभक्षणयोः (भ्वा.) धातु, सम्+चर्+घञ् (अ), वृद्धि= सञ्चार ।

शब्दार्थ- गमन, घुमाइ, घुमफिर, भ्रमण, यात्रा, गति, पर्यटन, मार्ग, ग्रहनक्षत्रादि एक राशिवाट अर्को राशिमा सङ्क्रमण ।

उदा. **सीधा र साधा छ विचार लोकको**
देखिन्न सञ्चार विषाद शोकको- आ.रा.२/५६

सञ्चारकः (वि.) सञ्चरति, सञ्चारयतीति वा *(घुम्छ, खबर आदि फैलाउँछ)* सम्पूर्वक चर गतिभक्षणयोः (भ्वा.) धातु, सम्+चर्+ण्वुल्[६] (अक)= सञ्चारक । अथवा सम्+चर्+णिचि+ण्वुल् (अक), वृद्धि, णिलोप =सञ्चारक ।

शब्दार्थ- सञ्चार गर्ने, घुम्ने, खबर फैलाउने, वाटो देखाउने, मार्गदर्शक ।

सञ्चारणम् (ना./न.) सञ्चार्यते इति *(सञ्चार गराइन्छ)* सम्पूर्वक चर गतिभक्षणयोः (भ्वा.) धातु, सम्+चर्+णिचि+ल्युट् (अन), परसवर्ण, णत्व= सञ्चारण ।

शब्दार्थ- सञ्चार गर्ने वा खबर सूचना आदि पठाउने काम, सम्प्रेषण गर्ने वा गराउने काम ।

सञ्चारसाधनम् (ना./न.) सञ्चारस्य साधनम् *(सञ्चारको साधन)* ष.त.स.= सञ्चारसाधन ।

शब्दार्थ- कसैसित सम्बन्ध तथा सम्पर्क गराउने साधन, रेडियो, टेलिफोन, टेलिभिजन आदि ।

सञ्चारिका (ना./स्त्री.) सञ्चरति, सञ्चारयति असौ *(खबर दिन्छे वा पठाउँछे यो)* सम्पूर्वक चर गतिभक्षणयोः (भ्वा.) धातु, सम्+चर्+ण्वुल्[६] (अक)+टाप् (आ), ककारपूर्वका अकारको इत्व=सञ्चारिका ।

---

[१] गुरोश्च हलः : अ प्रत्यय

[२] अनिनस्मन्... (वा.) : कप् (समासान्त)

[३] तदस्य सञ्जातम्... : इतच्

[४] गोचरसञ्चरवहव्रज...: घ

[६] ण्वुल्तृचौ : ण्वुल्

अथवा सम्+चर्+णिचि+ण्वुल् (अक), वृद्धि, सञ्चारक +टाप् (आ),ककारपूर्वका अकारको इत्व= सञ्चारिका ।

शब्दार्थ- खबर दिने वा फैलाउने स्त्री, दूती, कुटुनी, कुट्टनी, प्रेमी र प्रेमिकाको सन्देशवाहिका ।

सञ्चारिणी (ना./स्त्री.) सञ्चरितुं शीलमस्याः *(सञ्चार गर्ने वा गराउने शील छ यस स्त्रीको)* सम्पूर्वक चर गतिभक्षणयोः (भ्वा.) धातु, सम्+चर्+णिनि[1] (इन्), वृद्धि, परसवर्ण, सञ्चारिन् । सञ्चारिन्+ङीप्[2] (ई), णत्व= सञ्चारिणी ।

शब्दार्थ- सञ्चार गर्ने वा फैलाउने स्त्री, सञ्चारिणी नारी ।

सञ्चारिभावः (ना./पुं.) सञ्चारिणश्चासौ भावाश्च *(सञ्चारी भावहरू)* ष.त.स., नलोप= सञ्चारिभाव ।

शब्दार्थ- स्थायी भावमा प्रकट हुने निर्वेद आदि तेत्तीसवटा सञ्चारिभाव, व्यभिचारिभाव ।

सञ्चारी (वि.) सञ्चरितुं शीलमस्य *(सञ्चार गर्ने वा गराउने शील छ यसको)* सम्पूर्वक चर गतिभक्षणयोः (भ्वा.) धातु, सम्+चर्+णिनि[1] (इन्), वृद्धि, परसवर्ण, सञ्चारिन्= सञ्चारी ।

शब्दार्थ-सञ्चार गर्ने, फैलाउने, गतिशील, घुमफिर गर्ने ।

सञ्चालकः (ना./पुं.) सञ्चालयतीति *(सञ्चालन गर्छ वा गराउँछ)* सम्पूर्वक चल कम्पने (भ्वा.) धातु, सम्+चल्+णिचि+ण्वुल् (अक), वृद्धि, णिलोप, परसवर्ण =सञ्चालक ।

शब्दार्थ- कुनै काम राम्ररी चलाउने वा सञ्चालन गर्ने, गतिशील पार्ने व्यक्ति ।

सञ्चालनम् (ना./न.) सञ्चालनम्, सञ्चाल्यते इति वा *(कुनै कुरा राम्ररी चलाइन्छ)* सम्पूर्वक चल कम्पने (भ्वा.) धातु, सम्+चल्+णिचि+ल्युट् (अन), वृद्धि, परसवर्ण= सञ्चालन ।

शब्दार्थ- कुनै कामकुरा राम्ररी चलाउने वा सञ्चालन गर्ने काम, कुनै कुराको राम्रो व्यवस्थापन ।

सञ्चालितः (वि.) सञ्चाल्यते स्म इति *(राम्ररी सञ्चालन गरिएको)* सम्पूर्वक चल कम्पने (भ्वा.) धातु, सम्+चल्+णिचि+क्त (त), इडागम, वृद्धि, णिलोप, परसवर्ण= सञ्चालित ।

शब्दार्थ- राम्ररी सञ्चालन गरिएको, व्यवस्थित वनाइएको ।

सञ्चितः (वि.) सञ्चीयते स्म इति *(सञ्चय गरिएको)* सम्पूर्वक चिञ् चयने (स्वा.) धातु, सम्+चि+क्त (त), परसवर्ण= सञ्चित ।

शब्दार्थ- सञ्चय गरिएको, थुप्र्याइएको, साँचेर राखिएको, वटुलिएको ।

सञ्चितिः (ना./स्त्री.) सञ्चयनम्, सञ्चीयते इति वा *(सञ्चय गरिन्छ)* सम्पूर्वक चिञ् चयने (स्वा.) धातु, सम्+चि+क्तिन् (ति), परसवर्ण= सञ्चिति ।

शब्दार्थ- सञ्चय वा सङ्ग्रह गर्ने काम, वटुल्ने काम ।

सञ्जयः (ना./पुं.) सम्यक् जयति *(राम्ररी जित्छ)* सम्पूर्वक जि जये (भ्वा.) धातु, सम्+जि+अच् (पचादि), गुण, अयादेश= सञ्जय ।

शब्दार्थ- राम्ररी विजय गर्ने व्यक्ति, धृतराष्ट्रका सारथि ।

द्रष्टव्य- यिनले महाभारत युद्धका घटना र विवरण धृतराष्ट्रलाई प्रत्यक्षरूपमा सुनाएका थिए ।

सञ्जल्पः (ना./पुं.) सम्यक् जल्पते इति *(राम्ररी कुराकानी गर्छ)* सम्पूर्वक जल्प व्यक्तायां वाचि (भ्वा.) धातु, सम्+जल्प्+घञ् (अ)= सञ्जल्प ।

शब्दार्थ- राम्ररी कुराकानी गर्ने काम, वार्तालाप, वकवक गर्ने काम ।

सञ्जातः (वि.) सञ्जायते स्म इति *(राम्ररी पैदा भएको)* सम्पूर्वक जनी प्रादुर्भावे (दिवा.) धातु, सम्+जन्+क्त (त), आत्व[3], परसवर्ण= सञ्जात ।

शब्दार्थ- राम्ररी जन्मेको, राम्ररी पैदा भएको, उत्पन्न भएको, प्रकट भएको ।

सञ्जीवनम् (ना./न.) सञ्जीवनम्, सञ्जीव्यते इति वा *(राम्ररी जीवित रहनु)* सम्पूर्वक जीव प्राणधारणे (भ्वा.) धातु, सम्+जीव्+ल्युट् (अन), परसवर्ण =सञ्जीवन ।

शब्दार्थ- जीवित रहने काम, साथै रहने काम, राम्रो जीवन, पुनर्जीवन, एक नरकविशेष ।

सञ्जीवनी (ना./स्त्री.) सञ्जीव्यते अनया *(पुनर्जीवन पाइन्छ यसबाट)* सम्पूर्वक जीव प्राणधारणे (भ्वा.) धातु, सम्+जीव्+ल्युट् (अन)+ङीप् (ई)= सञ्जीवनी ।

शब्दार्थ- पुनर्जीवन प्रदान गर्न सक्ने एकप्रकारको अमृत, मरेको मानिसलाई पुनर्जीवित पार्ने वुटीविशेष ।

सञ्ज्ञः (वि.) सम्यक् जानातीति *(राम्ररी ज्ञान प्राप्त गर्छ)* सम्पूर्वक ज्ञा अवबोधने (क्र्या.) धातु, सम्+ज्ञा+क[4] (अ), अकारलोप= सञ्ज्ञ ।

शब्दार्थ- चेतना प्राप्त गरेको, होस भएको, कुनै नाम वा अभिधान भएको ।

सञ्ज्ञा (ना./स्त्री.) सम्यक् ज्ञायते इति *(राम्ररी जानिन्छ)* सम्पूर्वक ज्ञा अवबोधने (क्र्या.) धातु, सम्+ज्ञा+अङ्[5] (अ)+टाप् (आ), परसवर्ण= सञ्ज्ञा ।

संज्ञा नामनि गायत्र्यां चेतनारवियोषितोः
अर्थस्य सूचनायाञ्च हस्ताद्यैरपि योषिति- इति मेदिनी

शब्दार्थ- नाम, चेतनाप्राप्त गर्ने काम, होसमा आउने काम, चेतना, गायत्री, वुद्धि, सङ्केत, इसारा, हाउभाउ, सूर्यकी पत्नी, अश्विनी कुमारकी माता ।

---

१. सुप्यजातौ... : णिनि
२. ऋन्नेभ्यो... : ङीप्
३. जनसनखनां... : आत्व
४. आतश्चोपसर्गे...: क
५. आतश्चोपसर्गे : अङ् (३/३/१०६)

सटा (ना./स्त्री.) सटतीति *(जोडिन्छ)* षट अवयवे (भ्वा.) धातु, षको सत्त्व, सट्+अच् (पचादि)+टाप् (आ)= सटा ।

शब्दार्थ-तपस्वीहरूको जटा, सिंहको केशर, सुँगुरको जगर ।

सटीकः (वि.) टीकया सह *(टीकासहित)* ब.स[1]., सहको सभाव[2], ह्रस्व= सटीक ।

शब्दार्थ- टीकाद्वारा अर्थ खुलाइएको, टीका सहितको, राम्ररी व्याख्या गरिएको ।

सट्टकम् (ना./न.) सट्टयतीति *(जोड्छ)* षट्ट हिंसायाम् (चुरा.) धातु, सट्ट्+ण्वुल्[3] (अक)= सट्टक ।

शब्दार्थ- अठार उपरूपकमध्ये एक, प्राकृतभाषाको उपरूपक ।

सत्/सन् (वि./ना./पुं.) अस्तीति *(हुन्छ)* अस भुवि (अदा.) धातु, अस्+शतृ[4] (अत्), अकारलोप[5]= सत् । पुलिङ्गी एकवचनरूप= सन् ।

सत्ये साधौ विद्यमाने प्रशस्तेऽभ्यर्हिते च सत्- इत्यमरः

सन् सुधीः कोविदो बुधः - इत्यमरः

शब्दार्थ- वर्तमान, विद्यमान, मौजुद, सत्ता या अस्तित्वयुक्त, वास्तविक, यथार्थ, सज्जन, विद्वान्, नित्य, स्थायी, शाश्वत, धर्मात्मा, उच्च, श्रेष्ठ, धीर, असल, ईश्वर, ब्रह्म, परमात्मा, वुद्धि, राम्रो सद्भाव, साधुभाव ।

सततम् (अव्य./वि.) सन्तन्यते स्म इति *(निरन्तर फैलाइएको)* सम्पूर्वक तनु विस्तारे (तना.) धातु, सम्+तन्+क्त (त), अनुनासिक तन्को नलोप, समको मलोप[6]= सतत ।

शब्दार्थ- निरन्तर क्रिया, लगातार, अविछिन्नरूपमा, नित्यनिरन्तर, अटुटरूपमा, नित्य, शाश्वत, सदा रहिरहने ।

सतर्कः (वि.) तर्केण सह *(तर्कसहित)* ब.स., सहको सभाव = सतर्क ।

शब्दार्थ-तर्कपूर्वक, तर्कयुक्त, तर्कसङ्गत, सचेत, सावधान,

सतर्कता (ना./स्त्री.) सतर्कस्य भावः *(सतर्क रहनाको भाव वा अवस्था)* सतर्क+तल् (त)+टाप् (आ)=सतर्कता ।

शब्दार्थ- सावधानी, सचेतता, होसियारी ।

सती (ना./स्त्री) अस्ति एकस्मिन् भर्तरि *(एउटै पतिमा रहन्छे)* अस भुवि (अदा.) धातु, अस्+शतृ (अत्), अस्का अको लोप, सत्+ङीप् (ई) =सती ।

सुचरित्रा तु सती साध्वी पतिव्रता- इत्यमरः

शब्दार्थ- एउटै पतिको सतीत्वमा रहने स्त्री, साध्वी, पतिव्रता, दक्षपुत्री, सतीदेवी, शिवपत्नी ।

सतीत्वम् (ना./न.) सत्याः भावः *(सती वा पतिव्रता नारीको भाव वा अवस्था)* सती+त्व= सतीत्व ।

शब्दार्थ-सतीत्वपना, पतिव्रता नारीको भाव, पातिव्रत्य-धर्म

सतीत्वहरणम् (ना./न.) सतीत्वस्य हरणम् *(सतीत्व नष्ट गर्ने काम)* ष.त.स.= सतीत्वहरण ।

शब्दार्थ- परस्त्रीसित जबर्जस्ती करणी गरी सतीत्व नष्ट गर्ने काम, सतीत्वहरण ।

सतीर्थः (वि.) समानः तीर्थः गुरुर्यस्य *(एउटै गुरु छन् जसका)* ब.स., समानको सभाव[8]= सतीर्थ ।

निपानागमयोस्तीर्थ मृषि जुष्टे जले गुरौ- इत्यमरः

शब्दार्थ- एउटै गुरुसँग रहने र पढ्ने ।

सतीर्थ्यः (वि.) समाने तीर्थे गुरौ वसतीति *(एउटै गुरुकुलमा वस्तछ)* समान+तीर्थ+यत्[7] (य), अकारलोप, समानको सभाव= सतीर्थ्य ।

सतीर्थ्यस्त्वेकगुरवः - इत्यमरः

शब्दार्थ- एउटै गुरुकुलमा रहने, सहपाठी, एउटै गुरुसित पढ्ने ।

सतृष्णः (वि.) तृष्णया सह *(तृष्णासहित)* ब.स., सहको सभाव= सतृष्ण ।

शब्दार्थ- तृष्णाले युक्त, ज्यादा आकाङ्क्षा भएको, तिर्खाएको, लुब्ध ।

सतृणः (वि./अव्य.) तृणेन सह *(तृणसहित)* ब.स., सहको सभाव= सतृण ।

अथवा तृणमपि अपरित्यज्य अत्ति *(अलिकति पनि बाँकी नराखी खान्छ)* सह+तृण, अव्य.स.= सतृण ।

शब्दार्थ- सबै खाने, लुब्ध, लोभी, अलिकति पनि बाँकी नराखी (खाने) ।

सत्ता (ना./स्त्री.) सतः भावः *(विद्यमानता वा अस्तित्वको भाव वा अवस्था)* सत्+तल् (त)+टाप् (आ) = सत्ता ।

शब्दार्थ- कुनै कुरा हुनाको भाव, अस्तित्व, विद्यमानता, वास्तविकता, श्रेष्ठता ।

सत्कर्ता (वि.) सत्करोतीति *(राम्रो गर्छ)* सत्पूर्वक डुकृञ् करणे (तना.) धातु, सत्+कृ+तृच् (तृ), गुण, सत्कर्तृ =सत्कर्ता ।

शब्दार्थ- सत्कर्म वा राम्रो काम गर्ने, सत्कार गर्ने, मानमनितो गर्ने ।

सत्कर्म (ना./न.) सत् च तत् कर्म च *(राम्रो कर्म)* क.त.स.= सत्कर्म ।

शब्दार्थ- असल काम, राम्रो काम, सुकृति, पुण्यकर्म, धर्मकर्म, वेदविहित कर्म, सदाचरण ।

सत्कारः (ना./पुं.) सत्क्रियते इति *(सत्कार गरिन्छ)* सत्पूर्वक डुकृञ् करणे (तना.) धातु, सत्+कृ+घञ् (अ), वृद्धि= सत्कार ।

शब्दार्थ- सत्कार वा आदर, सम्मान गर्ने काम, मानमनितो गर्ने काम, आदरभाउ, अतिथि-सत्कार ।

---

[1] तेन सहेति... : ब.स.
[2] वोपसर्जनस्य : सहको सभाव
[3] ण्वुल्तृचौ : ण्वुल्
[4] लट शतृशानचा... : शतृ
[5] श्नसोरल्लोपः : धातुका अको लोप
[6] समो वा हिततततयो... : सम्को मलोप
[7] समानतीर्थे वासी : यत्
[8] तीर्थे ये : समानको सभाव

सत्कार्यम् (ना./न./वि) कर्तु योग्यम् *(गर्न लायक)* डुकृञ् करणे (तना.) धातु, कृ+ण्यत् (य), वृद्धि, कार्यम् । सच्च तत् कार्यञ्च *(राम्रो कार्य)* क.त.स. = सत्कार्य ।

शब्दार्थ- असल वा राम्रो काम, सत्कार गर्न योग्य वा लायक, सत्कार गर्नुपर्ने ।

सत्कीर्तिः (ना./स्त्री.) सती चासौ कीर्तिश्च *(राम्रो कीर्ति)* क.त.स.= सत्कीर्ति ।

शब्दार्थ- राम्रो कीर्ति वा प्रशंसा, सुयश, राम्रो प्रसिद्धि वा ख्याति ।

सत्कुलम् (ना./न.) सच्च तत् कुलञ्च *(राम्रो कुल)* क.त.स.= सत्कुल ।

शब्दार्थ- राम्रो कुल, उच्च कुल, ठूलो कुलघराना ।

सत्कुलीनः (वि.) सत्कुले जातः (असल कुलमा पैदा भएको) सत्कुल+ख (ईन)= सत्कुलीन ।

शब्दार्थ- असल कुलमा उत्पन्न (व्यक्ति), राम्रो कुलमा पैदा भएको (मानिस) ।

सत्कृतः (वि.) सच्च तत् कृतञ्च *(राम्रो गरिएको)* क.त.स.= सत्कृत ।

शब्दार्थ- सत्कार गरिएको, सम्मान वा आदर गरिएको ।

सत्कृतिः (ना./स्त्री.) सती चासौ कृतिश्च *(राम्रो सत्कार)* क.त.स.= सत्कृति ।

शब्दार्थ- राम्रो स्वागतसत्कार गर्ने काम, राम्रो कार्य, सदाचार, राम्रो रचना वा कीर्ति ।

सत्तमः (वि.) अयमेषामतिशयेन सत्तमः *(यो यिनीहरूमा ज्यादा असल वा श्रेष्ठ)* सत्+तमप्[1] (तम)= सत्तम ।

सत्तमः स्यात्पूज्यतमे साधीयस्युत्तमे स्त्रीषु- इति मेदिनी

शब्दार्थ- सवैभन्दा उत्तम वा श्रेष्ठ, पूज्यतम, परम आदरणीय, सर्वोत्तम ।

सत्सङ्गः (ना./पुं.) सञ्जनमिति *(सङ्गम हुनु)* षञ्ज सङ्गे (भ्वा.) धातु, सत्त्व, सञ्ज्+घञ् (अ), सङ्गः,कुत्व सतां सङ्गः *(सज्जनहरूको सङ्गत)* ष.त.स.= सत्सङ्ग ।

शब्दार्थ- सज्जनहरूको सङ्गत, असल मानिसहरूसँगको सहवास, सत्सङ्गति ।

सत्सङ्गतिः (ना./स्त्री.) सङ्गमनमिति *(सङ्गत हुनु)* सम्पूर्वक गम्लृ गतौ (भ्वा.) धातु, सम्+गम्+क्तिन् (ति), मलोप, सङ्गतिः । सतां सङ्गतिः *(सज्जनहरूको सङ्गत)* ष.त.स. =सत्सङ्गति ।

शब्दार्थ- असल मानिसहरूको सङ्गति, सज्जनहरूसँगको सङ्गति, सत्सङ्ग ।

सत्ता (ना./स्त्री.) सतः भावः *(कुनै कुरा हुनाको भाव वा अवस्था)* सत्+तल्[2] (त)+टाप् (आ)= सत्ता ।

शब्दार्थ- अस्तित्व, विद्यमानता, कुनै कुरा हुनाको भाव वा स्थिति, कुनै वस्तुको अस्तित्व वा अवस्थिति ।

सत्ताधारी (ना./पुं.) सत्तां धर्तुं शीलमस्य *(सत्ता धारण गर्ने शील वा क्षमता छ यसको)* सत्ता उपपदपूर्वक धृञ् धारणे (भ्वा.) धातु, सत्ता+धृ+णिनि[3] (इन्), वृद्धि, सत्ताधारिन्= सत्ताधारी ।

शब्दार्थ- देशको शासन भार समाल्ने व्यक्ति, कुनै कुराको अधिकार पाएको व्यक्ति ।

सत्तामुखी (वि.) सत्तायाः मुखम् *(सत्ताको मुख)* ष.त.स., सत्तामुखम् । सत्तामुखमस्यास्तीति *(सत्ताको मुख ताक्ने बानी छ यसको)* सत्तामुख+इनि[4] (इन्), सत्तामुखिन् =सत्तामुखी ।

शब्दार्थ-सत्ताको मुख ताक्ने, सत्ताको मात्रै भर परेर वस्ने ।

सत्तारूढः (वि.) सत्तायामारूढः *(सत्तामा आरूढ)* स.त.स., दीर्घ= सत्तारूढ ।

शब्दार्थ- सत्तामा अवस्थित, सत्तासीन, सत्तामा रहेको ।

सत्तासीनः (वि.) सत्तायामासीनः *(सत्तामा बसेको)* स.त.स., दीर्घ= सत्तासीन ।

शब्दार्थ- सत्तामा रहेको, सत्तामा आसीन, सत्तारूढ ।

सत्वरम् (अव्य./वि.) त्वरया सह वर्तमानम् *(हडबढसहित रहेको)* ब.स., सहको सभाव= सत्वर ।

शब्दार्थ- हडवढी, शीघ्रता-सहित, शीघ्रतापूर्वक, छिटोछिटो गर्ने ।

सत्त्वम् (ना./न.) सतः भावः *(हुनाको वा रहनाको भाव)* सत्+त्व= सत्त्व ।

सत्त्वं गुणे पिशाचादौ बले द्रव्यस्वभावयोः
आत्मत्वे व्यवसायाऽसुवित्तेष्वस्त्री तु जन्तुषु- इति मेदिनी

शब्दार्थ- सत्त्व, रज, तम तीन गुणहरूमध्ये एक, वल, द्रव्य, स्वभाव, प्राण, वित्त, प्राणी, आत्मतत्त्व ।

सत्त्वगुणः (ना./पुं.) सत्त्वं चासौ गुणश्च *(सत्त्वगुण)* क.त.स.= सत्त्वगुण ।

शब्दार्थ- प्रकृतिका तीनगुणमध्ये एक, असलकार्यमा प्रवृत्त गराउने गुण, सर्वोत्तम गुण, सत्त्वगुणयुक्त व्यक्ति ।

सत्त्ववान् (वि.) सत्त्वमस्यास्तीति *(बल वा सामर्थ्य छ यसको)* सत्त्व+मतुप् (मत्), मको व, सत्त्ववत् =सत्त्ववान् ।

शब्दार्थ- शूरवीर, तेजस्वी, बलवान्, शक्तिशाली ।

सत्पथः (ना./पुं.) संश्चासौ पन्थाश्च *(राम्रो बाटो)* सत्+पथिन्, क.त.स., अच् (समासान्त) टिलोप =सत्पथ ।

शब्दार्थ- राम्रो वा असल वाटो, शोभन मार्ग, सदाचार, असल मार्ग, सुपन्था ।

सत्पात्रम् (ना./न.) सच्च तत् पात्रञ्च *(राम्रो पात्र)* क.त.स.= सत्पात्र ।

शब्दार्थ-असल पात्र, योग्य व्यक्ति, सज्जन, उपयुक्त व्यक्ति ।

---

[1] अतिशायने तमबिष्ठनौ : तमप्

[2] तस्य भाव... : तल्

[3] सुप्यजातौ... : णिनि

[4] अत इनिठनौ : इनि

सत्पुत्रः (ना./पुं.) संश्चासौ पुत्रश्च *(असल पुत्र)* क.त.स. = सत्पुत्र ।

शब्दार्थ- उत्तम पुत्र, राम्रो पुत्र, असल सन्तान ।

सत्पुरुषः (ना./पुं.) संश्चासौ पुरुषश्च *(असल पुरुष)* सत्+पुरुष, क.त.स.= सत्पुरुष ।

शब्दार्थ- असल व्यक्ति, सत्पात्र, सज्जन, पूज्यपुरुष ।

सत्यम् (ना./न./वि.) सत्सु साधु *(असल कुरामा साधु)* सत्+यत्[1] (य)= सत्य ।

अथवा सत्सु भवम् *(सत्यमा हुने वा भएको)* सत्+यत्[2] (य)= सत्य ।

सत्ये कृते च शपथे तथ्ये त्रिषु तु तद्वति- इति मेदिनी

सत्यं तथ्यमृतं सम्यग्- इत्यमरः

शब्दार्थ- सत्य, त्रेता, द्वापर, कलि चारयुगमध्ये पहिलो युग, सत्यलोकादिमध्ये एक, शपथ, प्रतिज्ञा, सत्यस्वरूप ब्रह्म, राम्रो, तथ्य, साँचो, वास्तविक, यथार्थ, इमान्दार ।

द्रष्टव्य- सत्यं ज्ञानमनन्तं ब्रह्म- तै.उ.२/१/१

सत्यकामः (वि.) सत्यं कामः यस्य *(सत्य छ कामना जसको)* ब.स.= सत्यकाम ।

शब्दार्थ- सत्य र तथ्य कुराको कामना गर्ने, सत्यको खोजी गर्ने, सत्यको अभिलाषी, सत्यप्रेमी ।

सत्यता (ना./स्त्री.) सत्यस्य भावः *(साँचो हुनाको भाव वा अवस्था)* सत्य+तल् (त)+टाप् (आ)= सत्यता ।

शब्दार्थ- साँचोपना, यथार्थता, वास्तविकता, सच्चाइ, इमान्दारिता ।

सत्यदर्शी (वि.) सत्यं द्रष्टुं शीलमस्य, सत्यं पश्यतीति वा *(सत्य देख्ने शील छ यसको, सत्यकुरा देख्तछ)* सत्य उपपदपूर्वक दृशिर् प्रेक्षणे (भ्वा.) धातु, सत्य+दृश्+णिनि[3] (इन्), गुण, सत्यदर्शिन्= सत्यदर्शी ।

शब्दार्थ- साँचो कुरा देख्ने, तथ्य पत्ता लगाउने ।

सत्यनारायणः (ना./पुं.) सत्यश्चासौ नारायणश्च *(सत्य नारायण)* क.त.स.= सत्यनारायण ।

अथवा सत्यमेव नारायणः *(सत्यस्वरूप नारायण)* म.व्य.स.= सत्यनारायण ।

शब्दार्थ- सत्यबाट प्रसन्न रहने विष्णु, सत्यस्वरूप नारायण ।

सत्यप्रतिज्ञः (वि.) सत्या प्रतिज्ञा यस्य *(साँचो छ प्रतिज्ञा जसको)* ब.स., ह्रस्व= सत्यप्रतिज्ञ ।

शब्दार्थ- साँचो प्रतिज्ञा गर्ने, भनेको कुरा पुऱ्याउने, बोलीवचनमा पक्का, सत्यमा अडिग रहने ।

सत्यप्रतिज्ञा (ना./स्त्री.) सत्या चासौ प्रतिज्ञा च *(साँचो प्रतिज्ञा)* क.त.स.= सत्यप्रतिज्ञ ।

शब्दार्थ- सत्यवचन, साँचो प्रतिज्ञा ।

सत्ययुगम् (ना./न.) सत्यञ्च तत् युगञ्च *(सत्य-युग)* क.त.स.= सत्ययुग ।

शब्दार्थ- सत्यत्रेतादि चारयुगमध्ये पहिलो युग, कृतयुग ।

सत्यलोकः (ना./पुं.) सत्यश्चासौ लोकश्च *(सत्य-लोक)* क.त.स.= सत्यलोक ।

शब्दार्थ- पृथिवीभन्दा माथिका सातलोकहरूमध्ये सबभन्दा माथिल्लो लोक, ब्रह्मलोक ।

सत्यवक्ता (वि.) सत्यं वक्तीति *(साँचो बोल्छ)* सत्य उपपदपूर्वक वच परिभाषणे (अदा.) धातु, सत्य+वच्+तृच्[4] (तृ), सत्यवक्तृ= सत्यवक्ता ।

शब्दार्थ- साँचो बोल्ने, तथ्यवक्ता, सत्यवादी ।

सत्यवचः (वि./ना./न.) सत्यं वचः यस्य *(साँचो छ वाणी जसको)* ब.स., सत्यवचस्= सत्यवच ।

अथवा सत्यञ्च तद् वचश्च *(साँचो वचन)* क.त.स., सत्यवचस्= सत्यवच ।

शब्दार्थ- साँचो बोल्ने, सत्यवादी, सत्यवक्ता, सत्यवचन ।

सत्यवचनम् (ना./न.) सत्यञ्च तत् वचनञ्च *(साँचो वचन)* क.त.स.= सत्यवचन ।

शब्दार्थ- साँचो कुरा, तथ्यपूर्ण वचन, साँचो वाणी ।

सत्यवती (ना./स्त्री.) सत्यमस्ति अस्याः *(साँचो वा तथ्य नै छ आधार यिनको)* सत्य+मतुप्[5] (मत्), मको व[6], सत्यवत्+ङीप् (ई)= सत्यवती ।

शब्दार्थ- सत्यमा अडिग रहने आइमाई, व्यास ऋषिकी आमा, मत्स्यगन्धा ।

सत्यवाक् (ना./पुं.) सत्या वाक् यस्य *(साँचो बोली छ यसको)* ब.स.= सत्यवाक् ।

शब्दार्थ-साँचो बोल्ने मानिस, साँचोबोल्ने व्यक्ति, सत्यवक्ता ।

सत्यवादिनी (ना./स्त्री.) सत्यं वदितुं शीलमस्याः *(साँचो बोल्ने शील छ यस स्त्रीको)* सत्य उपपदपूर्वक वद व्यक्तायां वाचि (भ्वा.) धातु, सत्य+वद्+णिनि[3] (इन्), वृद्धि, सत्यवादिन्+ङीप् (ई)= सत्यवादिनी ।

शब्दार्थ- साँचो बोल्ने आइमाई, साँचो बताउने स्त्री, सत्यभाषिणी ।

सत्यवादी (वि.) सत्यं वदितुं शीलमस्य *(साँचो बोल्ने शील छ यसको)* सत्य उपपदपूर्वक वद व्यक्तायां वाचि (भ्वा.) धातु, सत्य+वद्+णिनि[3] (इन्), वृद्धि, सत्यवादिन्= सत्यवादी ।

शब्दार्थ- सत्यवक्ता, यथार्थवादी, तथ्यभाषी, साँचो बोल्ने ।

सत्यवान् (वि./ना./पुं) सत्यमस्य अस्तीति *(सत्य छ यसको)* सत्य+मतुप् (मत्), मको व= सत्यवान् ।

शब्दार्थ- सत्यव्रती, सत्यमा दृढ रहने, सत्यको परिपालना गर्ने, पुराण प्रसिद्ध सावित्रीका पति ।

सत्यव्रतम् (ना./न./पुं.) सत्यञ्च तत् व्रतञ्च *(सत्य व्रत)* क.त.स. वा सत्यस्य व्रतम् *(सत्यको व्रत)* ष.त.स. वा सत्यं व्रतं यस्य *(सत्य नै व्रत छ जसको)* ब.स.= सत्यव्रत ।

शब्दार्थ- सत्य नै व्रत, साँचो बोल्ने व्रत, सत्यको परिपालन गर्ने व्रत, पुराणमा वर्णित एक राजा ।

---

[1] तत्र साधुः : यत्
[4] ण्वुल्तृचौ : तृच्
[2] भवे छन्दसि : यत्
[5] तदस्यास्त्यस्मिन्.. : मतुप्
[3] सुप्यजातौ... : णिनि
[6] मादुपधायाश्च... : मको व

सत्यव्रती (वि.) सत्यव्रतमस्यास्तीति *(सत्यव्रत छ यसको)* सत्यव्रत+इनि (इन्), अकारलोप, सत्यव्रतिन्=सत्यव्रती ।

शब्दार्थ- सत्यको आचरण गर्ने, सत्यमा दृढ रहने, सत्यव्रतमा रहने, सत्यनिष्ठ ।

सत्याग्रहः (ना./पुं.) सत्याय आग्रहः *(सत्यको पालनाका लागि गरिने आग्रह)* च.त.स., दीर्घ= सत्याग्रह ।

शब्दार्थ- तथ्यपूर्ण कुराका लागि अनुरोध वा आग्रह गर्ने काम, सत्यको संरक्षणका लागि गरिने आग्रह ।

सत्याग्रही (वि.) सत्याग्रहः अस्यास्तीति *(सत्याग्रह छ यसको)* सत्याग्रह+इनि (इन्), अकारलोप, सत्याग्रहिन् =सत्याग्रही ।

अथवा सत्यमाग्रहीतुं शीलमस्य *(सत्यको लागि आग्रह गर्ने शील छ जसको)* सत्य उपपदमा हुने आङ्पूर्वक ग्रह उपादाने (क्र्या.) धातु, सत्य+आ+ग्रह+णिनि (इन्), वृद्धि, सत्याग्रहिन्= सत्याग्रही ।

शब्दार्थ- सत्याग्रह गर्ने, सत्यमा अडिग रहने, यज्ञीय अवधिको ।

सत्रम् (ना./न.) सीदन्ति अत्र अनेनेति *(यसमा वा यसबाट सत्र प्रारम्भ हुन्छ)* षदलृ विशरणगत्यवसादनेषु (भ्वा./तुदा.) धातु, सत्त्व, सद्+ष्ट्रन्[1] (त्र), उणा., सत्र= सत्र ।

सत्रमाच्छादने यज्ञे सदा दाने वनेऽपि च- इत्यमरः

शब्दार्थ- यज्ञीय अवधि, शैक्षिक वर्ष, अधिवेशनको प्रारम्भ, पढाइको समयावधि, वन, आवरण ।

सत्रान्तः (ना./पुं.) सत्रस्य अन्तः *(सत्रको समाप्ति)* ष.त.स., दीर्घ= सत्रान्त ।

शब्दार्थ- शैक्षिकवर्षको अन्तिम समय, सत्रको समाप्ति, सत्रान्त, यज्ञावधिको समाप्ति ।

सत्रावसानम् (ना./न.) सत्रस्य अवसानम् *(सत्रको अवसान)* ष.त.स., दीर्घ= सत्रावसान ।

शब्दार्थ- सत्रान्त, अधिवेशनको अन्त्य वा समाप्ति, यज्ञका अवधिको समाप्ति ।

सत्सङ्गः (ना./पुं.) सतां सङ्गः *(सज्जनहरूको सङ्ग)* ष.त.स. = सत्सङ्ग ।

शब्दार्थ- सज्जनहरूको सङ्गत, पुण्यात्मा व्यक्तिहरूसँगको सहवास ।

सत्सङ्गी (वि.) सत्सङ्गः अस्यास्तीति *(सत्सङ्ग छ यसको)* सत्सङ्ग+इनि (इन्), अकारलोप, सत्सङ्गिन्= सत्सङ्गी ।

शब्दार्थ- सज्जनको सङ्गत गर्ने, साधु-महात्माहरूको सङ्गतमा संलग्न रहने ।

सदनम् (ना./न.) सीदन्ति अत्र *(बस्छन् वा रहन्छन् यहाँ)* षद्लृ विशरणगत्यवसादनेषु (भ्वा./तुदा.) धातु, सत्त्व, सद्+युच्[२] (अन), उणा.= सदन ।

सद्+ल्युट्[३] (अन), अधिकरणमा= सदन ।

सदनं भवनागारमन्दिरम्- इत्यमरः

सदनं मन्दिरे तोये- इति मेदिनी

शब्दार्थ- भवन, घर, गृह, मन्दिर, यज्ञमण्डप, जल, निवासस्थान, विश्रामगृह, आश्रयस्थल ।

सदः (ना./स्त्री./न.) सीदन्ति अस्याम् *(रहन्छन् यहाँ)* सद्+असुन्[४] (अस्), उणा., सदस्= सद ।

शब्दार्थ- सभा, बैठक, गोष्ठी, पद ।

सदयः (वि.) दयया सह *(दयाले सहित)* व.स., सहको सभाव, ह्रस्व= सदय ।

शब्दार्थ- कृपालु, दयाले परिपूर्ण, दयायुक्त, दयालु ।

सदस्यः (ना./पुं.) सदसि साधुः *(सभामा साधु)* सदस्+यत्[५] (य)= सदस्य ।

शब्दार्थ- कुनै संघ संस्था आदिमा सदस्य रहेको व्यक्ति, सभासद् ।

सदस्यता (ना./स्त्री.) सदस्यस्य भावः *(सदस्य हुनाको भाव वा अवस्था)* सदस्य+तल् (त)+टाप् (आ) =सदस्यता ।

शब्दार्थ- सदस्य हुनाको स्थिति वा अवस्था ।

सदसत् (वि./ना./न.) सच्च असच्च *(सत् र असत्)* द्व.स., जश्त्व= सदसत् ।

शब्दार्थ- सत्य र मिथ्या, विद्यमान तथा अविद्यमान, ब्रह्म तथा जगत् ।

सदा/सर्वदा (अव्य.) सर्वस्मिन् काले *(सबै समयमा)* सर्व+दा[६], सर्वको स आदेश[७]= सदा ।

स आदेशको अभावमा= सर्वदा ।

शब्दार्थ- सबै समयमा, सधैं, सधैंभरि, सबै समय, नित्य निरन्तर, जहिलेसुकै, सबै दिन ।

सदाकालम् (अव्य./ना./पुं.) सदा कालः *(सदा काल)* अव्य.स. वा सदा चासौ कालश्च *(सबै समय)* क.त.स.= सदाकाल ।

शब्दार्थ- सधैंभरि, सबै समय, नित्यनिरन्तर, सदाकाल ।

सदागतिः (ना./पुं.) सदा गतिरस्य *(सदा गति छ यसको)* ब.स.= सदागति ।

सदागतिर्नाकवातनिर्वाणेषु सदीश्वरे- इति मेदिनी

शब्दार्थ- वायु, पवन, निरन्तर चलिरहने हावा, निर्वाण ।

सदाचरणम् (ना./न.) सच्च तद् आचरणञ्च *(असल आचरण)* क.त.स., जश्त्व= सदाचरण ।

शब्दार्थ-असल आचरण, राम्रो व्यवहार, असल चालचलन

सदाचारः (ना./पुं.) संश्चासौ आचारश्च *(राम्रो आचार)* सत्+आचार, क.त.स., जश्त्व= सदाचार ।

अथवा सतां साधूनामाचारः *(सज्जन साधुहरूको आचरण)* ष.त.स.= सदाचार ।

शब्दार्थ- असल आचार वा आचरण, राम्रो व्यवहार, राम्रो चालचलन, सज्जन वा साधुहरूको आचरण ।

---

१. सर्वधातुभ्य... : ष्ट्रन्
२. बहुलमन्यत्रापि : युच्
३. करणाधिकरणयोश्च : ल्युट्
४. सर्वधातुभ्य...: असुन्
५. तत्र साधुः : यत्
६. सर्वैकान्यकिंं यत्... : दा
७. सर्वस्य सोऽन्यतरस्याम्... : सर्वको स आदेश

सदाचारिता (ना./स्त्री.) सदाचारः अस्यास्तीति *(सदाचार छ यसको)* सदाचार+इनि[1] (इन्), अकारलोप, सदाचारिन् । सदाचारिणः भावः *(सदाचारी हुनाको भाव वा अवस्था)* सदाचारिन्+तल् (त)+टाप् (आ) =सदाचारिता ।

शब्दार्थ- सदाचारी हुनाको गुण वा अवस्था, सदाचारीको धर्म, सदाचारीको व्यवहार ।

सदाचारी (वि.) सदाचारः अस्यास्तीति *(सदाचार छ यसको)* सदाचार+इनि[1] (इन्), अकारलोप, सदाचारिन् =सदाचारी ।

शब्दार्थ- राम्रो चालचलन भएको, असल आचरण भएको, सदाचारमा रहने ।

सदानन्दः (ना./पुं.) सदा आनन्दः यस्य *(सधैं आनन्द छ जसको)* व.स., दीर्घ= सदानन्द ।

शब्दार्थ- सदाशिव, शङ्कर, महादेव, सधैं आनन्द भएर रहने व्यक्ति, ब्रह्मा ।

सदारः (वि.) दारैः सह *(पत्नीसहित)* ब.स., सहको सभाव =सदार ।

शब्दार्थ- पत्नीसहितको, भार्यासहितको, सपरिवार ।

सदाशयः (वि./ना./पुं.) सन् आशयः यस्य *(राम्रो छ आशय जसको)* व.स., जश्त्व= सदाशय ।

अथवा संश्चासौ आशयश्च *(राम्रो आशय)* क.त.स. =सदाशय ।

शब्दार्थ- राम्रो विचार भएको, भलो चिताउने, सद्भावना भएको, राम्रो आशय, असल विचार, सद्भाव ।

सदाशिवः (ना./पुं.) सदा शिवं मङ्गलं कल्याणञ्च अस्ति अस्य *(सदा मङ्गलदायक र कल्याणप्रद कर्म छ यिनको)* सदाशिव+अच् (अर्शादि)= सदाशिव ।

शब्दार्थ- समग्र जगत्को मङ्गल र भलाइ गर्ने भगवान् शङ्कर, शिव, महादेव ।

सदासर्वदा (अव्य.) सदा च सर्वदा च *(सदा-सर्वदा)* अव्य.स.= सदासर्वदा ।

शब्दार्थ- सधैं, नित्यनिरन्तर, सदाकाल, सधैंभरि ।

सदिच्छा (ना./स्त्री.) सती चासौ इच्छा च *(असल इच्छा)* क.त.स, जश्त्व= सदिच्छा ।

अथवा सतः इच्छा *(राम्रो कुराको इच्छा)* ष.त.स., जश्त्व= सदिच्छा ।

शब्दार्थ- राम्रो इच्छा, शुभेच्छा, असल कुराको कामना, हितकारी इच्छा, राम्रो कुराको चाहना ।

सदुपदेशः (ना./पुं.) संश्चासौ उपदेशश्च *(राम्रो उपदेश)* क.त.स., जश्त्व= सदुपदेश ।

शब्दार्थ-राम्रो उपदेश, असल शिक्षादीक्षा, राम्रो परामर्श ।

सदुपयोगः (ना./पुं.) संश्चासौ उपयोगश्च *(राम्रो उपयोग)* सत्+उपयोग, क.त.स., जश्त्व=सदुपयोग ।

शब्दार्थ- राम्रो उपयोग, ठीकसँग उपयोग गर्ने काम, उचित प्रयोग ।

सदुपयोगी (वि.) सदुपयोगः अस्यास्तीति *(राम्रो उपयोग छ यसको)* सदुपयोग+इनि[1] (इन्), सदुपयोगिन्=सदुपयोगी ।

शब्दार्थ- राम्रो उपयोग हुने, उपयुक्त ढङ्गले उपयोगमा आउने ।

सदृक्/सदृक्षः/सदृशः (वि.) समान इव पश्यति *(बराबर झैं हेर्छ)* वा समानं दर्शनमस्य *(समानरूपले हेर्ने काम छ यसको)* समान उपपदमा हुने दृशिर् प्रेक्षणे (भ्वा.) धातु, समान+दृश्+क्विन्[2], शको कुत्व[3], समानको सभाव[4], क्विन्को सर्वलोप= सदृक् ।

समान+दृश्+क्स, समानको सभाव, कुत्व, षत्व, क्षत्व = सदृक्ष ।

समान+दृश्+कञ्[2] (अ), समानको सभाव= सदृश ।

शब्दार्थ- समान, तुल्य, बराबर, सम, एकैखाले, एकैनासे, उस्तै खाले, अनुरूप, मिल्दोजुल्दो ।

सदेहः (वि.) देहेन सह *(देहसहित)* व.स[5]., सहको सभाव[6] = सदेह ।

शब्दार्थ-देहयुक्त, देह भएको, शरीरधारी, देहधारी, सशरीर

सद्गतिः (ना./स्त्री.) सती चासौ गतिश्च *(राम्रो गति)* क.त.स., पुंवद्भाव, जश्त्व= सद्गति ।

शब्दार्थ- उत्तमगति, मुक्ति, मृत्युपछि सर्वोत्तम लोकमा पुग्ने काम, मोक्ष ।

सद्गुणः (ना./पुं./वि.) संश्चासौ गुणश्च *(राम्रो गुण)* क.त.स., जश्त्व= सद्गुण ।

अथवा सन् गुणः यस्य *(राम्रो गुण छ यसको)* व.स. =सद्गुण ।

शब्दार्थ- राम्रो वा असल गुण, उपयुक्त गुण, सद्गुणी, राम्रो गुण भएको, गुणवान् ।

सद्गुणी (वि.) सद्गुणः अस्यास्तीति *(असल गुण छ यसको)* सद्गुण+इनि (इन्), अकारलोप, सद्गुणिन् =सद्गुणी ।

शब्दार्थ- राम्रो गुण भएको, असल गुणले युक्त, गुणशाली ।

सद्गुरुः (ना./पुं.) संश्चासौ गुरुश्च *(असल गुरु)* क.त.स., जश्त्व= सद्गुरु ।

शब्दार्थ- असल वा राम्रा गुरु, राम्रो ज्ञान सिकाउने गुरु, राम्रो व्यवहार वा आचरण भएका गुरु ।

सद्धर्मः (ना./पुं.) संश्चासौ धर्मश्च *(राम्रो धर्म)* क.त.स., जश्त्व= सद्धर्म ।

अथवा सतां धर्मः *(सज्जनहरूको धर्म)* ष.त.स. =सद्धर्म ।

शब्दार्थ- असल वा राम्रो धर्म, कल्याणकारी धर्म, सज्जनहरूको धर्म, सत्कर्म, पुण्यकर्म ।

---

[1] अत इनिठनौ : इनि

[2] त्यदादिषु दृशो... : क्विन्/कञ्

[3] क्विन्प्रत्ययस्य... : कुत्व

[4] दृग्दृशवतुषु : समानको सभाव

[5] तेन सहेति... : ब.स.

[6] वोपसर्जनस्य : सहको सभाव

सद्धर्मी (वि.) सद्धर्मः अस्यास्तीति *(असल धर्म छ यसको)* सद्धर्म+इनि[१] (इन्), अकारलोप, सद्धर्मिन्= सद्धर्मी ।

शब्दार्थ- सद्धर्म भएको, सद्धर्म अवलम्वन गर्ने, राम्रो कल्याणकारी धर्म अँगालेको ।

सद्बुद्धिः (ना./स्त्री.) सती चासौ बुद्धिश्च *(राम्रो बुद्धि)* क.त.स., पुंवद्भाव, जश्त्व= सद्बुद्धि ।

शब्दार्थ- राम्रो वा असल वुद्धि, सुमति, सदाचार वा सत्कर्ममा लाग्ने वुद्धि ।

सद्भावः (ना./पुं.) संश्चासौ भावश्च *(राम्रो भाव)* सत्+भाव, क.त.स., जश्त्व= सद्भाव ।

शब्दार्थ- राम्रो भाव, असल विचार, सद्भावना, राम्रो व्यवहार ।

सद्भावना (ना./स्त्री.) सती चासौ भावना च *(राम्रो भावना)* क.त.स., पुंवद्भाव, जश्त्व= सद्भावना ।

शब्दार्थ- राम्रो विचार, सद्भाव, असल भावना, कल्याणकारी भावना ।

सद्म (ना./न.) सीदन्ति अत्र *(बस्छन् यहाँ)* षद्लृ विशरणगत्यवसादनेषु (भ्वा./तुदा.) धातु, सद्+मनिन् (मन्), उणा., सद्मन्= सद्म ।

गृहं गेहोदवसिते वेश्म सद्म निकेतनम्- इत्यमरः

सद्म स्यान्मन्दिरे नीरे- इति मेदिनी

शब्दार्थ- गृह, घर, निकेतन, भवन, सदन, निवासस्थान, आवासगृह, मन्दिर, जल ।

सद्यस् (**सद्यः**) (अव्य.) समाने अह्नि इति *(उसै दिनमा)* समान+अहन्, समानको सभाव, अहन्को द्यस् आदेश, सद्यस्= सद्य ।

शब्दार्थ- तुरुन्त, उत्तिखेरै, तत्काल, तत्क्षण, हालै मात्र, भर्खरै ।

सधर्मः (ना./पुं.) समानश्चासौ धर्मश्च *(समान धर्म)* क.त.स.= सधर्म ।

शब्दार्थ- एउटै धर्म, मिल्दोजुल्दो धर्म, समान धर्म ।

सधर्मन् (**सधर्मा**) (वि.) समानः धर्मः अस्य *(समान धर्म छ यसको)* व.स., समानधर्म+अनिच्[२] (अन्), समासान्त, समानको सभाव[३], सधर्मन्= सधर्मा ।

शब्दार्थ- उही जाति वा सम्प्रदायको धर्म मान्ने, एउटै समान धर्म भएको ।

सधर्मिणी (ना./स्त्री.) धर्मेण सह *(धर्मसहित)* ब.स., सधर्म+अनिच्[२], सहको सभाव[३], सधर्मन् । सधर्मन् अस्याः अस्तीति *(एउटै धर्म छ यस स्त्रीको)* सधर्मन्+इनि (इन्), सधर्मिन् । सधर्मिन्+ङीप् (ई), णत्व= सधर्मिणी ।

शब्दार्थ- पत्नी, भार्या, समान धर्म भएकी पत्नी ।

सधर्मी (वि.) धर्मेण सह *(धर्मसहित)* ब.स., सहको सभाव, सधर्म+अनिच्, सधर्मन् । सधर्मन् अस्ति अस्य *(एउटै धर्म छ यसको)* सधर्मन्+इनि (इन्), नलोप, सधर्मिन्= सधर्मी ।

शब्दार्थ- एउटै धर्म मान्ने, समान धर्म भएको ।

सद्वैद्यः (ना./पुं.) संश्चासौ वैद्यश्च *(असल वैद्य)* क.त.स., जश्त्व= सद्वैद्य ।

शब्दार्थ- राम्रो वैद्य, असल वैद्य ।

सद्वृत्तिः (ना./स्त्री.) सती चासौ वृत्तिश्च *(राम्रो व्यवहार)* क.त.स., जश्त्व= सद्वृत्ति ।

शब्दार्थ- असल व्यवहार, राम्रो चालचलन, सद्व्यवहार ।

सद्व्रतम् (ना./न.) सच्च तत् व्रतञ्च *(असल व्रत)* क.त.स., जश्त्व= सद्व्रत ।

शब्दार्थ- असल व्रत, राम्रो व्रत ।

सधवा (ना./स्त्री.) सह धवेन पत्या वर्तमाना *(पतिसहित रहेकी स्त्री)* ब.स[४]., सहको सभाव[५], सधव+टाप् (आ) =सधवा ।

शब्दार्थ- पति जीवित भएकी स्त्री, पति सहितकी नारी, सधुवा स्त्री ।

सधूमः (वि.) धूमेन सह *(धुँवासहित)* व.स., सहको सभाव = सधूम ।

शब्दार्थ- धुँवाले भरिएको, धुँवाले परिपूर्ण, धुँवासहितको ।

सनत्कुमारः (ना./पुं.) सनतः ब्रह्मणः कुमारः पुत्रः *(ब्रह्माका छोरा)* ष.त.स.= सनत्कुमार ।

शब्दार्थ- ब्रह्मपुत्र, सनकादि चार मुनिहरूमध्ये एक ।

सनातनः (वि./ना./पुं.) सनतीति *(निरन्तर रहन्छ)* षण संभक्तौ (भ्वा.) धातु, सन्+आ, वहुलप्रकारले उणा, सना । सना नित्यं भवः (नित्य भएको) सना+ ट्यु/ट्युल्[६] (अन), तुडागम[६]= सनातन ।

शाश्वतस्तु ध्रुवो नित्य-सदातन-सनातनाः - इत्यमरः

सनातनोऽच्युते ।

पितृणामतिथौ रुद्रवेधसोः शाश्वते स्थिरे- इति हैमः

शब्दार्थ- नित्य, स्थिर, शाश्वत, निरन्तर रहिरहने, अटल, ध्रुव, अच्युत, कहिल्यै नाश नहुने, अतिप्राचीन, पुरातन, पुराणपुरुष, शिव, व्रह्मपुत्र, व्रह्मा, विष्णु ।

सनातनता (ना./स्त्री.) सनातनस्य भावः *(स्थिर हुनाको भाव वा अवस्था)* सनातन+तल् (त)+टाप् (आ) =सनातनता ।

शब्दार्थ- नित्यता, चिरन्तनता, स्थिरता, पुरातनता ।

उदा. **तर हिमालय खडा छ, दृढ, अविचल, संसार**
यस्तै छ यहाँको सनातनता.....- विजय मल्ल

सनातनधर्मः (ना./पुं.) सनातनश्चासौ धर्मश्च *(सनातन धर्म)* क.त.स.= सनातनधर्म ।

शब्दार्थ- प्राचीन समयदेखि चलिआएको धर्म, वैदिककालदेखि चालिएको आर्यधर्म, हिन्दुधर्म ।

---

१. अत इनिठनौ : इनि
२. धर्मादनिच्... : अनिच्
३. समानस्यच्छन्दस्य... : सभाव
४. तेन सहेति... : ब.स.
५. वोपसर्जनस्य : सहको सभाव
६. सायंचिरंप्राह्णे... : ट्यु/ट्युल्, तुडागम

सनातनी (वि./ना./स्त्री) सनातनः अस्यास्तीति *(नित्य स्थिरभाव र सनातन धर्म छ यसको)* सनातन+इनि[1] (इन्), सनातनिन्= सनातनी ।

स्त्रीत्व बुझाउँदा, सनातन+ङीप् (ई)= सनातनी ।

शब्दार्थ- सनातन धर्म मान्ने, सनातन धर्मको समर्थक, सनातन धर्मसम्बन्धी, प्राचीनकालबाट चलि आएको धर्म मान्ने, लक्ष्मी, दुर्गा, भवानी, सरस्वती, पार्वती ।

सनाथः (वि.) नाथेन सह *(स्वामी सहित)* ब.स., सहको सभाव= सनाथ ।

शब्दार्थ- स्वामीसहितको, मालिकसँगै रहेको, संरक्षक-सहितको ।

सनाथा (ना./स्त्री.) नाथेन सह विद्यमाना *(पतिसहित रहेकी)* ब.स., सहको सभाव, सनाथ+टाप् (आ) =सनाथा ।

शब्दार्थ- पतिसहितकी स्त्री, सधवा नारी, पति जीवित भएकी स्त्री ।

सनाभिः (वि./ना./पुं.) समानः नाभिः उदरः मूलपुरुषः वा यस्य *(समान पेट वा, एउटै मूलपुरुष छ जसको)* ब.स., समानको सभाव[2]= सनाभि ।

शब्दार्थ- सहोदर, एउटै उदरको, बन्धुबान्धव, सपिण्डी दाजुभाइ ।

सन्तः (ना./पुं.) सनुते इति *(दिन्छ, उदार हुन्छ)* षणु दाने (तना.) धातु, सन्+तन् (त), उणा., बहुलप्रकारले= सन्त ।

शब्दार्थ- साधु, सज्जन, महात्मा, पुण्यकर्ममा संलग्न पुरुष, हात जोड्ने काम, असल मानिस, अञ्जलि, अँजुली ।

सन्ततः (वि.) सम् तन्यते स्म इति *(धेरै फैलिएको)* सम्पूर्वक तनु विस्तारे (तना.) धातु, सम्+तन्+क्त (त), अनुनासिक नलोप, परसवर्ण= सन्तत ।

शब्दार्थ- फैलिएको, विस्तारित, अनवरत, नित्य, लगातार, निरन्तर ।

सन्ततिः (ना./स्त्री.) सन्तन्यते इति *(फैलिन्छ)* सम्पूर्वक तनु विस्तारे (तना.) धातु, सम्+तन्+क्तिन्[3] (ति) =सन्तति ।

शब्दार्थ- सन्तान, छोराछोरी, कुल, गोत्र तथा कुल, परम्परा, वंश फैलाउने वा विस्तार गर्ने काम, निरन्तरता ।

सन्तप्तः (वि.) संतप्यते स्म इति *(धेरै तातेको)* सम्पूर्वक तप संतापे (भ्वा.) धातु, सम्+तप्+क्त[4] (त), कर्तामा, परसवर्ण= सन्तप्त ।

शब्दार्थ- धेरै तातेको, धेरै गर्मी भएको, खूब पीर परेको, चिन्ताग्रस्त ।

सन्तानः (ना./पुं.) सन्तनोति विस्तारयति शाखा-पुष्पादीन् *(शाखा, फूल आदि फैलाउँछ)* वा सन्तन्यते विस्तार्यते वंशादिः *(वंशादि फैलाउँछ)* सम्पूर्वक तनु विस्तारे (तना.) धातु, सम्+तन्+ण/घञ् (अ), वृद्धि =सन्तान ।

वंशोऽन्ववायः सन्तानः- इत्यमरः

सन्तानः सन्ततौ गोत्रे स्यादपत्ये सरद्रुमे- इति मेदिनी

शब्दार्थ- छोराछोरी, सन्तति, कुल, तनय, पुत्र, वंश, परिवार, गोत्र, अभिजन, कल्पवृक्ष, अनवच्छिन्न पङ्क्ति, विस्तार ।

सन्तानार्थः (वि.) सन्तानः अर्थः प्रयोजनं यस्य *(सन्तान नै मुख्य प्रयोजन छ यसको)* ब.स., दीर्घ= सन्तानार्थ ।

शब्दार्थ- सन्तान नै मुख्य प्रयोजन भएको, वंश प्रयोजन भएको ।

सन्तानोत्पादकः (वि.) सन्तानमुत्पादयतीति *(सन्तान पैदा गर्छ)* सन्तान उपपदमा हुने उत्पूर्वक पद गतौ (दिवा.) धातु, सन्तान+उत्+पद्+ण्वुल् (अक), णिलोप, वृद्धि, गुण= सन्तानोत्पादक ।

शब्दार्थ- सन्तान जन्माउने, सन्तान पैदा गर्ने ।

सन्तानोत्पादनम् (ना./न.) सन्तानस्य उत्पादनम् *(सन्तानको उत्पादन)* ष.त.स., गुण= सन्तानोत्पादन ।

शब्दार्थ- सन्तान जन्माउने क्रिया, वंश बढाउने काम, सन्तान पैदा गर्ने काम ।

सन्तापः (ना./पुं.) सन्तप्यते इति *(ताप वा पीडा हुनु)* सम्पूर्वक तप सन्तापे (भ्वा.) धातु, सम्+तप्+घञ् (अ), णिलोप, वृद्धि, परसवर्ण= सन्ताप ।

शब्दार्थ- ताप, पीडा, जलन, दाह, छटपटी, उत्पीडन, मानसिक पीर, प्रकाश, राप, उष्णता, परिपीडन, पीडा दिने काम, अग्निजन्य ताप, दाह, जलन ।

सन्तापनम् (ना./न.) सन्ताप्यते इति *(जलाइन्छ, पीडा दिइन्छ)* सम्पूर्वक तप सन्तापे (भ्वा.) धातु, सम्+तप्+णिचि+ल्युट् (अन), वृद्धि, णिलोप= सन्तापन ।

शब्दार्थ- धेरै दुःख वा पीडा दिने काम, जलन वा दाह पैदा गर्ने काम ।

सन्तापितः (वि.) सन्ताप्यते स्म इति *(धेरै पीडा दिइएको)* सम्पूर्वक तप सन्तापे (भ्वा.) धातु, सम्+तप्+णिचि +क्त (त), वृद्धि, इडागम, णिलोप= सन्तापित ।

शब्दार्थ- ताप दिइएको, जलन पैदा गरिएको, धेरै तताइएको, उत्पीडित ।

सन्तापी (वि.) सम् सम्यक् तपतीति *(ताप वा पीडा दिन्छ)* सम्पूर्वक तप सन्तापे (भ्वा.) धातु, सम्+तप् +णिनि[5] (इन्), वृद्धि, सन्तापिन्= सन्तापी ।

शब्दार्थ- धेरै ताप तथा राप दिने, पोल्ने, डाह दिने, जलन पैदा गर्ने, उत्पीडित ।

---

[1] अत इनिठनौ : इनि

[2] ज्योतिर्जनपद...: समानको सभाव

[3] स्त्रियां क्तिन् : क्तिन्

[4] गत्यर्थाकर्मक...: क्त, कर्तामा

[5] सुप्यजातौ... : णिनि

सन्तुलकः (वि.) सन्तोलयतीति *(सन्तुलन राख्छ)* सम्पूर्वक तुल उन्माने (चुरा.) धातु, सम्+तुल्+ण्वुल्[१] (अक), गुणाभाव[२]= सन्तुलक ।

शब्दार्थ- सन्तुलन राख्ने, घटी वा बढी हुन नदिने, बरावर राख्ने, सन्तुलनकारी ।

सन्तुलनम् (ना./न.) सन्तुल्यते इति *(सन्तुलन हुनु)* सम्पूर्वक तुल उन्माने (चुरा.) धातु, सम्+तुल्+ल्युट् (अन), गुणाभाव= सन्तुलन ।

शब्दार्थ- समानरूपमा राख्ने काम, बरावरीमा राख्ने काम, समानस्थितिमा राख्ने काम, मिलाएर राख्ने काम ।

सन्तुलनकर्ता (वि. सन्तुलनं करोतीति *(सन्तुलन गर्छ)* सन्तुलन उपपदपूर्वक डुकृञ् करणे (तना.) धातु, सन्तुलन+कृ+तृच् (तृ), गुण, सन्तुलनकर्तृ =सन्तुलनकर्ता ।

शब्दार्थ- सन्तुलन गर्ने, समानरूपमा राख्ने (व्यक्ति), समानस्थितिमा राख्ने ।

सन्तुलिका (ना./स्त्री.) सन्तोलयतीति *(सन्तुलनमा राख्छ)* सम्पूर्वक तुल उन्माने (चुरा.) धातु, सम्+तुल+ण्वुल् (अक), सन्तुलक+टाप् (आ), ककारपूर्वका अकारको इत्व= सन्तुलिका ।

शब्दार्थ- दुवैलाई बरावरी पार्ने वस्तु, बरावर पार्ने रेखा, मापदण्ड, सन्तुलन, सन्तुलनमा राख्ने स्त्री ।

सन्तुलितः (वि.) सन्तुल्यते स्म इति *(सन्तुलन राखिएको)* सम्पूर्वक तुल उन्माने (चुरा.) धातु, सम्+तुल्+क्त (त), इडागम= सन्तुलित ।

शब्दार्थ- सन्तुलन राखिएको, बरावरी पारिएको, समानरूपमा राखिएको ।

सन्तुलित-आहारः (ना./पुं.) सन्तुलितश्चासौ आहारश्च *(सन्तुलित-आहार)* क.त.स.= सन्तुलित-आहार ।

शब्दार्थ- सन्तुलित खाना वा भोजन, पौष्टिक आहार ।

सन्तुलित-भोजनम् (ना./न.) सन्तुलितञ्च तद् भोजनम् *(सन्तुलित-भोजन)* क.त.स.= सन्तुलित-भोजन ।

शब्दार्थ- सन्तुलित खाना वा आहार, सबै कुराको अनुपात मिलाएर भोजन गर्ने काम, पौष्टिक आहार ।

सन्तुष्टः (वि.) सन्तुष्यति स्म इति *(सन्तुष्ट भएको)* सम्पूर्वक तुष तुष्टौ (दिवा.) धातु, सम्+तुष्+क्त[३] (त), कर्तामा, ष्टुत्व= सन्तुष्ट ।

शब्दार्थ- सन्तोष मानेको, प्रसन्न भएको, तृप्त भएको ।

सन्तुष्टिः (ना./स्त्री.) सन्तोषणम्, सन्तुष्यते इति वा *(सन्तोष लिनु)* तुष तुष्टौ (दिवा.) धातु, सम्+तुष्+क्तिन् (ति), ष्टुत्व= सन्तुष्टि ।

शब्दार्थ- सन्तोष मान्ने काम, प्रसन्नता, तृप्ति ।

सन्तृप्तः (वि.) सन्तृप्यति स्म इति *(तृप्त भएको)* सम्पूर्वक तृप प्रीडने (तृप्तौ) (दिवा.) धातु, सम्+तृप्+क्त (त), कर्तामा, परसवर्ण= सन्तृप्त ।

शब्दार्थ- अघाएको, तृप्त भएको, परिपूर्ण भएको, सन्तुष्ट भएको, लिएको, ग्रहण गरेको ।

सन्तोषः (ना./पुं.) सन्तोषणम्, सन्तुष्यते इति *(सन्तुष्ट हुनु)* तुष तुष्टौ (दिवा.) धातु, सम्+तुष्+घञ् (अ), गुण, परसवर्ण= सन्तोष ।

शब्दार्थ- सन्तुष्ट हुने काम, जे जति छ, त्यसैवाट सन्तोक मान्ने काम, सन्तुष्टि, प्रसन्न, आनन्द ।

सन्तोषणम् (ना./न.) सन्तोष्यते इति *(सन्तोष गराइन्छ)* तुष तुष्टौ (दिवा.) धातु, सम्+तुष्+णिचि+ल्युट् (अन), गुण, णत्व= सन्तोषण ।

शब्दार्थ- प्रसन्न वा सन्तुष्ट राख्ने काम, सन्तोक, सन्तोष गराउने काम, तृप्त गराउने क्रिया ।

सन्तोषी (वि.) सन्तोषः अस्यास्तीति *(सन्तोषी स्वभाव छ यसको)* सन्तोष+इनि[४] (इन्), सन्तोषिन्= सन्तोषी ।

शब्दार्थ- सन्तोक मान्ने, खुसी हुने, भइरहेको कुरामा चित्त वुझाउने, सन्तोष मान्ने स्वभावको, शान्त प्रकृतिको ।

सन्त्रस्तः (वि.) सन्त्रस्यति स्म इति *(ज्यादै डराएको)* सम्पूर्वक त्रसी उद्वेगे (दिवा.) धातु, सम्+त्रस्+क्त (त), इण्निषेध[५], परसवर्ण= सन्त्रस्त ।

शब्दार्थ- ज्यादा डराएको, ज्यादै हडवडाएको, ज्यादै त्रस्त भएको, खुव तर्सेको ।

उदा. **मान्छेकै डरले समस्त युगमा सन्त्रस्त भो मानिस-**
भृ.ख.का. ३/५

सन्त्रासः (ना./पुं.) सन्त्रस्यते इति *(आतिन्छ)* सम्पूर्वक त्रसी उद्वेगे (दिवा.) धातु, सम्+त्रस्+घञ् (अ), वृद्धि =सन्त्रास ।

शब्दार्थ- आत्तिने वा हडवडाउने काम, भय, डर, व्यग्रता, छटपटी ।

सन्दर्भः (ना./पुं.) सन्दृभ्यते इति *(गाँसिन्छ, मिलाएर राखिन्छ)* सम्पूर्वक दृभी ग्रन्थे (तुदा.) वा दृभ सन्दर्भे (चुरा.) धातु, सम्+दृभ्+घञ् (अ), गुण, परसवर्ण =सन्दर्भ ।

शब्दार्थ- क्रममा मिलाएर राख्ने काम, मिलाएर गाँस्ने वा जोड्ने काम, सङ्गति, कुनै कुराको विषय वा प्रसङ्ग, साहित्यिक लेख रचना आदिको सङ्ग्रह, रचना, ग्रन्थ ।

सन्दर्भकृतिः/सन्दर्भग्रन्थः (ना./पुं.) सन्दर्भाय कृतिः ग्रन्थः वा *(सन्दर्भको लागि उपयोग गरिएको कुनै कृति वा ग्रन्थ)* च.त.स.= सन्दर्भकृति/सन्दर्भग्रन्थ ।

शब्दार्थ- कुनै लेख, रचना, पुस्तक आदि तयार पार्दा उपयोग गरिएको पुस्तक वा ग्रन्थ ।

---

[१] ण्वुल्तृचौ : ण्वुल्

[२] 'अतुलोपमाभ्याम्' यो सूत्र निर्देशनले : गुणाभाव

[३] गत्यर्थाकर्मक... : क्त

[४] अत इनिठनौ : इनि

[५] स्वीदितो निष्ठायां... : इण्निषेध

सन्दर्भसूची (ना./स्त्री.) सन्दर्भस्य सूची *(सन्दर्भसामग्रीको सूची)* ष.त.स.= सन्दर्भसूची ।

शब्दार्थ- सन्दर्भका लागि प्रयुक्त ग्रन्थ वा अन्य विवरणको सूची ।

सन्दर्शनम् (ना./न.) सन्दर्शनम्, सन्दृश्यते इति वा *(देखिन्छ)* सम्पूर्वक दृशिर् प्रेक्षणे (भ्वा.) धातु, सम्+दृश्+ल्युट् (अन), गुण, परसवर्ण= सन्दर्शन ।

शब्दार्थ- राम्ररी हेर्ने वा दर्शन गर्ने काम, निरीक्षण, अवलोकन, हेराइ, एकटकले हेर्ने वा नजर लगाउने काम ।

सन्दिग्धः (वि.) सन्देग्धि स्म इति *(शङ्का लागेको)* सम्पूर्वक दिह उपचये (अदा.) धातु, सम्+दिह्+क्त[1] (त), कर्तामा, तको ध[2], हको घ[3], जश्त्व, परसवर्ण =सन्दिग्ध ।

शब्दार्थ- शङ्का लागेको, सन्देहयुक्त, अनिश्चित, शङ्कास्पद, भ्रामक, सन्देहात्मक ।

सन्दिग्धता (ना./स्त्री.) सन्दिग्धस्य भावः *(सदिग्ध हुनाको भाव वा अवस्था)* सन्दिग्ध+तल् (त)+टाप् (आ) =सन्दिग्धता ।

शब्दार्थ- सन्देहात्मकता, शङ्कास्पद हुनाको अवस्था, अस्पष्टता, अनिश्चितता ।

सन्दीपकः (वि.) सन्दीपयतीति *(उत्तेजित पार्छ)* सम्पूर्वक दीपी दीप्तौ (दिवा.) धातु, सम्+दीप्+णिचि+ण्वुल् (अक), णिलोप= सन्दीपक ।

शब्दार्थ-उत्तेजना पैदा गर्ने, उद्दीप्त गराउने, प्रज्वलित पार्ने

सन्दीपनः (वि./ना./न.) सन्दीपयति अनेन *(प्रज्वलित पार्दछ यसले)* सम्पूर्वक दीपी दीप्तौ (दिवा.) धातु, सम्+दीप्+णिचि+ल्यु[4] /ल्युट्[5] (अन), णिलोप =सन्दीपन ।

शब्दार्थ- उद्दीपक, प्रज्वलित पार्ने, उद्दीप्त पार्ने, ताप पैदा गर्ने, उत्तेजित पार्ने, प्रज्वलित पार्ने काम, ताप पैदा गर्ने क्रिया ।

सन्दीप्तः (वि.) सन्दीप्यते स्म इति *(उद्दीप्त पारिएको)* सम्पूर्वक दीपी दीप्तौ (दिवा.) धातु, सम्+दीप्+क्त (त), कर्ता र भावमा, परसवर्ण= सन्दीप्त ।

शब्दार्थ- उद्दीप्त, उत्तेजित भएको, प्रज्वलित भएको, वलेको, वालिएको, प्रज्वलित पारिएको ।

सन्दुष्टः (वि.) सन्दुष्यते स्म इति *(कलुषित पारिएको)* सम्पूर्वक दुष वैकृत्ये (दिवा.) धातु, सम्+दुष्+क्त (त), ष्टुत्व, तको ट= सन्दुष्ट ।

शब्दार्थ- कलुषित भएको, प्रदूषित, दुष्ट, भ्रष्ट ।

सन्दूषणम् (ना./न.) सन्दूषणम्, सन्दूष्यते इति वा *(दूषित पारिन्छ)* सम्पूर्वक दुष वैकृत्ये (दिवा.) धातु, सम्+दुष्+णिचि+ल्युट् (अन), धातुको ऊत्व, णिलोप, परसवर्ण= सन्दूषण ।

शब्दार्थ- दूषित वा कलुषित पार्ने काम, भ्रष्ट पार्ने क्रिया, विषाक्त वातावरण पार्ने काम ।

सन्देशः (ना./पुं.) सन्दिश्यते इति *(सन्देश पठाइन्छ)* सम्पूर्वक दिश अतिसर्जने (तुदा.) धातु, सम्+दिश्+घञ् (अ), गुण= सन्देश ।

शब्दार्थ- सूचना, समाचार, खबर, आदेश, संवाद, लिखित वा मौखिक खबर पठाउने काम ।

सन्देशप्रेषकः (ना./पुं.) सन्देशं प्रेषयतीति *(सन्देश पठाउँछ)* सन्देश उपपदमा हुने प्रपूर्वक ईष गति-हिंसादर्शनेषु (भ्वा.) धातु, सन्देश+प्र+ईष्+णिचि+ण्वुल् (अक), णिलोप, गुण= सन्देशप्रेषक ।

शब्दार्थ- सन्देश वा खबर पठाउने व्यक्ति, सन्देश पठाउने ध्वनियन्त्र, तार तथा अन्य यन्त्र ।

सन्देशप्रेषणम् (ना./न.) सन्देशस्य प्रेषणम् *(खबर पठाउने काम)* ष.त.स.= सन्देशप्रेषण ।

अथवा सन्देशः प्रेष्यते इति *(सन्देश पठाइन्छ)* सन्देश उपपदमा हुने प्रपूर्वक ईष गतिहिंसादर्शनेषु (भ्वा.) धातु, सन्देश+प्र+ईष्+ल्युट् (अन)= सन्देशप्रेषण ।

शब्दार्थ- चिट्ठी, तार, इमेल आदिद्वारा खबर वा सन्देश पठाउने काम ।

सन्देशवाहकः (ना./पुं.) सन्देशं वहतीति *(सन्देश लैजान्छ)* सन्देश उपपदपूर्वक वह प्रापणे (भ्वा.) धातु, सन्देश+वह+ण्वुल् (अक), वृद्धि= सन्देशवाहक ।

शब्दार्थ- सन्देश लैजाने मानिस, सन्देश पुऱ्याउने व्यक्ति, हुलाकी तथा हल्कारा ।

सन्देशहरः (ना./पुं.) सन्देशं हरतीति *(सन्देश लैजान्छ)* सन्देश उपपदमा हुने हृञ् हरणे (भ्वा.) धातु, सन्देश+हृ+अच् (पचादि), गुण= सन्देशहर ।

शब्दार्थ- समाचार लाने व्यक्ति, सन्देश लैजाने मानिस ।

सन्देहः (ना./पुं) सन्देहनम्, सन्दिह्यते इति वा *(शङ्का गरिन्छ)* सम्पूर्वक दिह उपचये (अदा.) धातु, सम्+दिह्+घञ् (अ), गुण= सन्देह ।

शब्दार्थ- संशय, शङ्का, दोधार, हुने नहुने कुराको टुङ्गो नलाग्ने काम, भ्रम, अर्थालङ्कारको एक प्रकार ।

सन्देहात्मकः (वि.) सन्देहः आत्मा यस्य *(सन्देह मुख्य छ जसको)* ब.स., दीर्घ, सन्देहात्मन्+कप्[6] (क), समासान्त नलोप= सन्देहात्मक ।

शब्दार्थ- शङ्का लाग्ने, संशयले भरिएको, शङ्कापूर्ण, सन्दिग्ध, सन्देहास्पद ।

सन्देहास्पदः (वि.) सन्देहः आस्पदं यस्य *(सन्देह नै स्थान छ जसको)* दीर्घ= सन्देहास्पद ।

शब्दार्थ- सन्देहले भरिएको, शङ्का लाग्ने, शङ्कास्पद, सन्दिग्ध, संशयात्मक ।

---

१. गत्यर्थाकर्मक... : क्त
२. झषस्तथो... : ध
३. दादेर्घातो... : घ
४. नन्दिग्रहि... : ल्यु
५. करणाधिकरणयोश्च : ल्युट्
६. अनिनस्मन्... (वा.) : कप्

सन्दोहः (ना./पुं.) सन्दोहनम्, सन्दुह्यते इति वा *(जम्मा गरिन्छ)* सम्पूर्वक दुह प्रपूरणे (अदा.) धातु, सम्+दुह+घञ्[1] (अ), गुण, परसवर्ण= सन्दोह ।

समूहे निवहव्यूहसन्दोहविसरव्रजाः - इत्यमरः

शब्दार्थ- समूह, समुच्चय, थुप्रो, रास, सङ्घात, सञ्चय, सङ्ग्रह ।

सन्धा (ना./स्त्री.) सन्धानम्, सन्धीयते अत्र इति वा *(जोडिन्छ)* सम्पूर्वक डुधाञ् धारणपोषणयोः (जुहो) धातु, सम्+धा+अङ्[2] (अ), अकारलोप, सन्ध+टाप् (आ)= सन्धा ।

सन्धा स्थितिप्रतिज्ञयोः- इति मेदिनी

शब्दार्थ- मिलाउने वा जोड्ने काम, मिलाप, मेल, गाढा सम्वन्ध, प्रतिज्ञा, मर्यादा, अवस्थिति ।

सन्धानम् (ना./न.) सन्धीयते इति *(जोडिन्छ)* सम्पूर्वक डुधाञ् धारणपोषणयोः (जुहो.) धातु, सम्+धा+ल्युट् (अन), परसवर्ण= सन्धान ।

सन्धानं स्यादभिषवः- इत्यमरः

शब्दार्थ- मिलाउने वा जोड्ने काम, मेल, जोर्नी, सङ्गम, मदिरा वनाउन अन्न कुहाउने काम, सम्मिश्रण ।

सन्धानितः (वि.) सन्धानं सञ्जातमस्य *(मैत्रीभाव पैदा भएको छ यसको)* सन्धान+इतच्[3] (इत), अकारलोप =सन्धानित ।

शब्दार्थ- मिलाइएको, जोडेको, मैत्रीभाव वढाएको ।

सन्धिः (ना./पुं.) सन्धानम्, सन्धीयते इति वा *(जोडिन्छ)* सम्पूर्वक डुधाञ् धारणपोषणयोः (जुहो.) धातु, सम्+धा+कि[4] (इ), आलोप= सन्धि ।

शब्दार्थ- व्याकरणअनुसार जोड्ने काम, जोर्नी, सम्मिश्रण, मेलमिलाप, मित्रता, दुई राष्ट्रहरूका वीचको सम्झौता, द्विपक्षीय राजनीतिक सम्झौता ।

सन्धिभङ्गः (ना./पुं.) सन्धेर्भङ्गः *(सन्धि भङ्ग गर्ने वा टुटाउने काम)* ष.त.स.= सन्धिभङ्ग ।

शब्दार्थ- सन्धिपत्रको उल्लङ्घन, सन्धिमा उल्लिखित शर्तहरू नमान्ने काम, जोडिएको ठाउँमा भङ्ग हुने काम, जोर्नीका हड्डी टुट्ने काम, जोडेको सम्वन्ध टुट्ने काम ।

सन्धिविच्छेदः (ना./पुं.) सन्धेर्विच्छेदः *(सन्धिको विच्छेद)* ष.त.स.= सन्धिविच्छेद ।

शब्दार्थ- सन्धि वा सम्झौता नमान्ने काम, सन्धिभङ्ग, सन्धिपत्रको उल्लङ्घन, व्याकरणको नियम-अनुसार सन्धि छुट्टयाउने काम ।

सन्धिविग्रहः (ना./पुं.) सन्धिश्च विग्रहश्च *(सन्धि र विग्रह)* द्व.स.= सन्धिविग्रह ।

शब्दार्थ- शान्ति र युद्ध, शान्ति र झैझगडा, मेल तथा वेमेल ।

सन्धिविद् (वि.) सन्धिं वेत्तीति *(सन्धीसम्वन्धी नीति जान्दछ)* सन्धि उपपदपूर्वक विद ज्ञाने (अदा.) धातु, सन्धि+विद्+क्विप् (सर्वलोप)= सन्धिविद् ।

शब्दार्थ- सन्धिसम्वन्धी कुराकानी गर्न सिपालु, सन्धिसम्वन्धी कामकुरामा प्रवीण ।

सन्धितः (वि.) सन्धा सञ्जाता अस्य *(जोड्ने काम भएको छ यसको)* सन्धा+इतच् (इत), आकारलोप = सन्धित ।

शब्दार्थ- मिलाइएको, जोडिएको, मित्रतामा वाँधिएको, स्थिर गरिएको ।

सन्धिस्थलम् (ना./न.) सन्धेः स्थलम् **(सन्धिको स्थल)** ष.त.स.= सन्धिस्थल ।

शब्दार्थ- जोर्नी भएको ठाउँ, मर्मस्थल, मध्यस्थल ।

सन्धेयः (वि.) सन्धातुं योग्यः, सन्धीयते इति वा **(जोड्न योग्य)** सम्पूर्वक डुधाञ् धारणपोषणयोः (जुहो.) धातु, सम्+धा+यत्[5] (य), ईत्व[6], गुण= सन्धेय ।

शब्दार्थ- जोड्न योग्य वा लायक, मिलाउन सकिने, सन्धि वा सम्झौता गर्न योग्य, खोज्न लायक ।

सन्ध्या (ना./स्त्री.) सम्यक् ध्यायति अस्याम् (राम्ररी **ध्यान गर्दछन् यसमा)** सम्पूर्वक ध्यै चिन्तायाम् (भ्वा.) धातु, आत्व, सम्+ध्या+अङ् (अ), परसवर्ण, आलोप, सन्ध्य+टाप् (आ)= सन्ध्या ।

अथवा संदधातीति *(धारण गर्छ)* सम्पूर्वक डुधाञ् धारणपोषणयोः (जुहो.) धातु, सम्+धा+यक्[7] (य), उणा., आकारलोप, सन्ध्य+टाप् (आ)= सन्ध्या ।

अथवा सन्धीयते अस्याम्, सन्धातुं योग्यमिति वा *(उपासना गरिन्छ यसमा, उपासना गर्न योग्य)* सम्पूर्वक डुधाञ् धारणपोषणयोः (जुहो.) धातु, सम्+ धा+अङ् (अ), सन्धा । तस्यां भवः **(सन्ध्याकालमा भएको)** सन्धा+यत् (य), आकारलोप, सन्ध्य+टाप् (आ) =सन्ध्या ।

शब्दार्थ- गायत्रीको उपासना गरिने सन्ध्याकाल, दिन र रातका वीचको समय, सन्ध्यावन्दनको समय, दिन र रातका वीचको वेला, साँझ, सायङ्काल ।

सन्ध्याकालः (ना./पुं.) सन्ध्यायाः कालः (सन्ध्याको **समय)** ष.त.स.= सन्ध्याकाल ।

शब्दार्थ- साँझ, सन्ध्याको समय, साँझको समय, गायत्री उपासना गर्ने समय, साँझको वेला ।

सन्ध्याकालीनः (वि.) सन्ध्याकाले भवः *(सन्ध्याकालमा हुने)* सन्ध्याकाल+ख (ईन), अपभ्रंशमा=सन्ध्याकालीन ।

शब्दार्थ- सन्ध्याकालमा हुने, साँझमा गरिने ।

---

[1] अकर्तरि च कारके...: घञ्

[2] आतश्चोपसर्गे..: अङ्

[3] तदस्य सञ्जातम्...: इतच्

[4] उपसर्गे घोः किः : कि

[5] अचो यत् : यत्

[6] ईद्यति : ईत्व

[7] अघ्न्यादयश्च : यक्

सन्ध्यावन्दनम् (ना./न.) सन्ध्यायाः वन्दनम् *(प्रातःकाल र सायङ्कालको वन्दना)* ष.त.स.= सन्ध्यावन्दन ।

शब्दार्थ- विहान र वेलुका (साँझ)को समयमा गरिने गायत्रीको उपासना, सन्ध्याकालीन प्रार्थना ।

सन्ध्योपासना (ना./स्त्री.) सन्ध्यायाः उपासना *(साँझका वेलाको उपासना)* ष.त.स., गुण= सन्ध्योपासना ।

शब्दार्थ- साँझको समयमा गरिने उपासना, गायत्रीजप, सन्ध्यावन्दन, सन्ध्याकालीन प्रार्थना र पाठपूजा ।

सन्नः (वि.) सीदति स्म इति *(बसेको, खिन्न भएको)* षद्लृ[1] विशरणगत्यवसादनेषु (भ्वा./तुदा.) धातु, सद्+क्त (त), कर्तामा, निष्ठा तको न, परसवर्ण= सन्न ।

शब्दार्थ- वसेको, लेटेको, आसीन, खिन्न, उदास, दुर्वल, क्षीण, रिसाएको, तातेको, गजक्क फुलेको, दुःख पाएको ।

सन्नतः (वि.) सन्नम्यते स्म इति *(झुकेको, नमस्कार गरेको)* सम्पूर्वक णम प्रह्वत्वे शब्दे च (भ्वा.) धातु, सम्+नम्+क्त (त), परसवर्ण, अनुनासिक मलोप =सन्नत ।

शब्दार्थ- नुहेको, झुकेको, खुम्चिएको, ढोगेको ।

सन्नतिः (ना./स्त्री.) सन्नम्यते इति **(नमस्कार गरिन्छ)** सम्पूर्वक णम प्रह्वत्वे शब्दे च (भ्वा.) धातु, सम्+नम्+क्तिन्[2] (ति), परसवर्ण= सन्नति ।

शब्दार्थ- अभिवादन, नमस्कार, प्रणाम, झुकाउ, नम्रता, झुक्ने वा मोडिने काम ।

सन्नद्धः (वि.) सन्नह्यति, सन्नह्यते स्म इति वा *(तयार हुन्छ, सुसज्जित भएको)* सम्पूर्वक णह वन्धने (दिवा.) धातु, सम्+नह्+क्त (त), कर्तामा, तको ध[3], हको ध[4], जश्त्व= सन्नद्ध ।

संनद्धो वर्मितो सज्जो दंशितो व्यूढकर्कटः - इत्यमरः

शब्दार्थ- सुसज्जित, तमतयार, कटिवद्ध, ठीक परेको, कसेर वाँधेको, वेसरी कसेको, हातहतियारले सुसज्जित, युद्धका लागि तयार भएको ।

सन्नयः (ना./पुं.) सन्नीयते इति *(जम्मा गरिन्छ)* सम्पूर्वक णीञ् प्रापणे (भ्वा.) धातु, सम्+नी+अच् (एरच्), गुण, अयादेश= सन्नय ।

शब्दार्थ- सञ्चय, समुच्चय, समूह, एकट्ठा हुने काम ।

सन्निकटः (वि.) सन्निकटतीति *(समीपमा रहन्छ)* सम् निपूर्वक कटे वर्षावरणयोः (भ्वा.) धातु, सम्+नि+कट्+अच् (पचादि), परसवर्ण= सन्निकट ।

अथवा सन्निकटे समीपे अस्ति *(समीपमा रहन्छ)* सम् उपपदमा हुने 'नि' अव्यय शव्दबाट सम्+नि+कटच्[5] (कट), परसवर्ण= सन्निकट ।

शब्दार्थ- ज्यादै नजिकको, अतिआसन्न, सन्निकृष्ट, अत्यन्त समीपको ।

सन्निकर्षः (ना./पुं.) सन्निकृष्यते इति **(नजिकमा तानिन्छ)** सम् नि उपसर्गद्वयपूर्वक कृष विलखने (तुदा.) धातु, सम्+नि+कृष्+घञ् (अ), गुण=सन्निकर्ष

शब्दार्थ- निकटमा तान्ने वा खिच्ने काम, सामीप्य, इन्द्रियको विषयप्रति आकर्षण ।

सन्निकर्षणम् (ना./न.) सन्निकृष्यते, सन्निकर्षणमिति *(खिचिन्छ)* सम् नि उपसर्गद्वयपूर्वक कृष विलेखने (तुदा.) धातु, सम्+नि+कृष्+ल्युट् (अन), गुण, सम्का मको परसवर्ण= सन्निकर्षण ।

शब्दार्थ- समीपमा ल्याउने काम, निकटमा तान्ने वा खिच्ने काम, सामीप्य, कुनै इन्द्रियको विषयप्रति आकर्षण ।

सन्निकृष्टः (वि.) सन्निकृषति स्म इति *(नजिकमा रहेको)* सम् निपूर्वक कृष विलेखने (तुदा.) धातु, सम्+नि+कृष्+क्त (त), कर्तामा, ष्टुत्व= सन्निकृष्ट ।

शब्दार्थ- समीपमा आएको, निकटवर्ती, सटेको, निकटस्थ ।

सन्निधिः (ना./पुं.) सन्निधानम्, सन्निधीयते इति वा *(समीपमा राखिन्छ)* सम् नि उपसर्गद्वयपूर्वक डुधाञ् धारणपोषणयोः (जुहो.) धातु, सम्+नि+धा+कि[6] (इ), आकारलोप, परसवर्ण= सन्निधि ।

शब्दार्थ- समीपमा ल्याउने काम, समीपमा राख्ने काम, सन्निकर्षण, निकटमा रहने काम, एकसाथ मिलाएर राख्ने काम, सामीप्य ।

सन्निपातः (ना./पुं.) सम् सम्यक् निपातः यस्मात् *(पतन वा मिश्रण वा ज्यादा विकार पैदा हुन्छ जसवाट)* ब.स., परसवर्ण= सन्निपात ।

अथवा सन्निपतनम्, सन्निपत्यते इति वा *(तल खस्नु)* सम् नि उपसर्गद्वयपूर्वक पत्लृ गतौ (भ्वा.) धातु, सम्+नि+पत्+घञ् (अ), वृद्धि= सन्निपात ।

शब्दार्थ- तल खस्ने वा गिर्ने काम, सम्मिश्रण, सङ्घात, वात, पित्त र कफ त्रिदोष विग्रदा पैदा हुने विषमज्वर, डरलाग्दो जरो ।

द्रष्टव्य- **आयुर्वेदले बताएअनुसार सन्निपात हुँदा- मद, मोह, भ्रम, सन्ताप, प्रलाप, पीडा, चित्तविभ्रम आदि विकृति पैदा हुन्छन् ।**

द्रष्टव्य- **मदो मोहो भ्रमस्तापो आस्यशीतप्रलापनम्**
नित्यं वैकल्पिता-पीडा-विकटाक्ष-निरीक्षणम्
लक्षणैः सन्निपातोऽयं ज्ञातव्यश्चित्तविभ्रमः ।
धूमज्योतिःसलिलमरुतां सन्निपातः क्व मेघः- मे.दू.५

सन्निबन्धः (ना./पुं.) सम् निवध्यते इति *(कसेर बाँधिन्छ)* सम् नि उपसर्गद्वयपूर्वक वन्ध वन्धने (क्र्या.) धातु, सम्+नि+वन्ध्+घञ् (अ), परसवर्ण= सन्निवन्ध ।

शब्दार्थ- एकसाथ राम्ररी कसेर बाँध्ने वा गाँस्ने काम, संरचना गर्ने काम, आसक्ति ।

---

[1] गत्यर्थाकर्मक... : क्त, कर्तामा
[2] स्त्रियां क्तिन् : क्तिन्
[3] झषस्तथो... : तको ध
[4] नहो धः : हको ध
[5] सम्प्रोदश्च... : कटच्
[6] उपसर्गे घोः किः : कि

सन्निविष्टः (वि.) सन्निविश्यते स्म इति *(राम्ररी प्रवेश भएको)* सम् नि उपसर्गद्वयपूर्वक विश प्रवेशने (तुदा.) धातु, सम्+नि+विश्+क्त (त), शको ष[1], ष्टुत्वबाट तको ट= सन्निविष्ट ।

शब्दार्थ- राम्ररी प्रवेश भएको, वसेको, नयाँ प्रवेश पाएको, पुनः प्रवेश भएको, गाभिएको, मिलेको ।

सन्निवेशः (ना./पुं.) सन्निविशन्तेऽत्र *(प्रवेश गर्छन् यहाँ)* सम् नि उपसर्गद्वयपूर्वक विश प्रवेशने (तुदा.) धातु, सम्+नि+विश्+घञ्[2] (अ), गुण= सन्निवेश ।

सन्निवेशो निकर्षणम्- इत्यमरः

शब्दार्थ- पस्ने वा प्रवेश गर्ने काम, प्रवेश, समीपमा ल्याइने काम, एकसाथ रहने काम, वस्ने स्थान, सामीप्य, अनुराग, संलग्नता, मेलमिलाप ।

सन्निहितः (वि.) सन्निधीयते स्म इति *(समीपमा रहेको)* सम् निपूर्वक डुधाञ् धारणपोषणयोः (जुहो) धातु, सम्+नि+धा+क्त (त), धाको हि आदेश[3]=सन्निहित ।

शब्दार्थ- समीपमा रहेको, निकटस्थ, सटेको, मिलेको, सम्मिश्रित, एकै ठाउँमा गाभिएको ।

सन्न्यसनम् (ना./न.) सन्न्यसनम्, सन्न्यस्यते इति वा *(परित्याग गरिन्छ)* सम्पूर्वक असु क्षेपणे (दिवा.) धातु, सम्+नि+अस्+ल्युट् (अन)= सन्न्यसन ।

शब्दार्थ- परित्याग, हतियार विसाउने काम, सुम्पने काम, सन्न्यास लिने काम, विरक्ति ।

सन्न्यस्तः (वि.) सन्न्यस्यते स्म इति *(राखिएको, त्यागिएको)* सम् निपूर्वक असु क्षेपणे (दिवा.) धातु, सम्+नि+अस्+क्त (त), निको यण्, परसवर्ण =सन्न्यस्त ।

शब्दार्थ- सन्न्यास ग्रहण गरिएको, राखिएको, खुम्चिएको, त्यागिएको, सन्न्यास लिइएको, सवै कुरा राम्ररी त्यागिएको ।

सन्न्यासः (ना./पुं.) सम् सम्यक् न्यस्यते इति *(रामरी परित्याग गरिन्छ)* सम् निपूर्वक असु क्षेपणे (दिवा.) धातु, सम्+नि+अस्+घञ् (अ), वृद्धि= सन्न्यास ।

शब्दार्थ- सांसारिक विषयहरूको परित्याग, विषयवासनाप्रति विरक्ति वा वैराग्य, सन्न्यास ग्रहण गर्ने काम, काम्यकर्महरूको परित्याग, सन्न्यास धर्म ग्रहण गर्ने काम, चौथो आश्रममा रहने काम, सवै कुरा छोड्ने काम ।

द्रष्टव्य- **काम्यानां कर्मणां न्यासं सन्न्यासं कवयो विदुः - भ.गी. १८/२**

सन्न्यासी (वि.) सन्न्यासः अस्यास्तीति *(सन्न्यास धर्म छ यसको)* सन्न्यास+इनि[4] (इन्), अकारलोप=सन्न्यासी अथवा सन्न्यस्यति, सन्न्यसतीति वा *(सन्न्यास लिन्छ)* सम् निपूर्वक असु क्षेपणे (दिवा.) वा अस गतिक्षेपणयोः (भ्वा.) धातु, सम्+नि+अस्+णिनि[5] (इन्), वृद्धि, सन्न्यासिन्= सन्न्यासी ।

शब्दार्थ- सन्न्यास लिने, योगी, सन्न्यास धर्म ग्रहण गर्ने, सांसारिक आसक्ति र विषयवासना परित्याग गर्ने, भिक्षु, चारौं आश्रमवासी, परिव्राजक, घरवार त्याग्ने ।

सन्मार्गः (ना./पुं.) संश्चासौ मार्गश्च *(राम्रो मार्ग)* क.त.स. = सन्मार्ग ।

शब्दार्थ- असल वाटो, असल मार्गमा लाग्ने काम, कर्तव्य कर्मका लागि राम्रो वाटो अपनाउने काम ।

सन्मित्रम् (ना./न.) सञ्च तन्मित्रञ्च *(असल मित्र)* क.त.स., परसवर्ण= सन्मित्र ।

शब्दार्थ- असल मित्र, राम्रो मित्र, सच्चा मित्र ।

सपक्षः (वि.) पक्षेण सह *(पखेटासहित, पक्षसहित)* व.स[6]., सहको सभाव= सपक्ष ।

शब्दार्थ- प्वाँखसहित, पखेटासहित, एकै पक्षसित, एउटै पक्षको, पक्षपातसहित ।

सपत्नः (वि./ना./पुं.) सह एकार्थे पततीति *(एउटै प्रयोजनका लागि हिड्छन् वा लड्छन्)* पत्लृ गतौ (भ्वा.) धातु, पत्+न, वहुलप्रकारले, पत्नः । पत्नेन सह *(लडभीड सहित)* व.स., सहको सभाव= सपत्न। अथवा समानः पतिर्यस्याः सा *(समान पति छ जसको)* ब.स., समानको सभाव, नत्व[7], ङीप् (ई), सपप्नी । सा इव *(सपत्नीझैं)* 'व्यन्सपत्ने' यस सूत्रनिर्देशनबाट ईको अकार= सपत्न ।

रिपौ वैरिसपत्नारि- इत्यमरः

शब्दार्थ- शत्रु, वैरी, अरि, रिपु, विरोधी, प्रतिपक्षी, शत्रुपक्षमा रहेको व्यक्ति ।

सपत्नी (ना./स्त्री.) समानः एकः पतिर्यस्याः सा *(समान छ पति जसको)* ब.स., समानको सभाव, नत्व[8], सपत्न+ङीप् (ई)= सपत्नी ।

शब्दार्थ- सौता, दुवैको एउटै पति हुने स्त्री ।

सपत्नीकः (ना./पुं.) पत्न्या सह वर्तते यः *(पत्नीसहित रहन्छ जो)* ब.स., सहको सभाव, कप्[9] (समासान्त) =सपत्नीक ।

शब्दार्थ- पत्नीसहित रहेको व्यक्ति, श्रीमतीसहित भएको पुरुष ।

सपत्नीजनः (ना./पुं.) सपत्नी एव जनः *(सपत्नी नै परिजन)* म.व्य.स.= सपत्नीजन ।

शब्दार्थ- सौता नै परिजन, सपत्नीरूप परिजन ।

सपदि (अव्य.) सम्पद्यते इति *(शीघ्र सम्पन्न हुन्छ)* सम्पूर्वक पद गतौ (दिवा.) धातु, सम्+पद्+इन् (इ), उणा., पृषोदरादिबाट, सम्को मलोप= सपदि ।

शब्दार्थ- चाँडै, तुरुन्त, तत्काल, उत्तिखेरै, द्रुत, अतिशीघ्र ।

---

[1] **व्रश्चभ्रस्जसृज... : शको ष**
[2] **हलश्च : घञ्**
[3] **ददातेर्हिः : हि आदेश**
[4] **अत इनिठनौ : इनि**
[5] **सुप्यजातौ... : णिनि**
[6] **तेन सहेति... : ब.स.**
[7] **नित्यं सपत्न्यादिषु : नत्व**
[8] **विभाषा सपूर्वस्य : नत्व**
[9] **शेषाद्विभाषा : कप्** (विकल्पले)

सपरिवारः (वि.) परितः व्रियते इति *(सबैबाट ढाकिन्छ)* परिपूर्वमा हुने वृञ् वरणे (स्वा.) धातु, परि+वृ+घञ् (अ), वृद्धि, परिवारः । परिवारैः सह *(परिवारसहित)* ब.स.[१], सहको सभाव[२]= सपरिवार ।

शब्दार्थ- परिवारसहितको, बाबुआमा छोराछोरी र श्रीमतीसहित भएको, परिजन सहितको ।

सपरिश्रमः (वि.) परिश्रमेण सह *(परिश्रम सहित)* ब.स., सहको सभाव= सपरिश्रम ।

शब्दार्थ- परिश्रमपूर्वकको, परिश्रमसहितको ।

सपर्या (ना./स्त्री.) सपर्यते इति *(पूजा गरिन्छ)* सपर पूजायाम् (कण्वा.) धातुबाट, सपर्+यक्[३] (य), सपर्य +अ[४] (प्रत्यय)+टाप् (आ)= सपर्या ।

पूजा नमस्याऽपचितिः सपर्यार्चार्हणाः समाः- इत्यमरः

शब्दार्थ- पूजा, नमस्कार, अर्चा, अर्हणा, अर्चना, वन्दना, सेवा, परिचर्या ।

सपलाशः (वि.) पलाशेन सह *(पलाशसहित)* ब.स., सहको सभाव= सपलाश ।

शब्दार्थ- पलाशसहितको, पलाश भएको ।

सपादः (वि.) पादेन सह *(पाउसहित)* ब.स., सहको सभाव = सपाद ।

शब्दार्थ- एक पाउ वा चरणसहितको, एक पाउ बढी भएको, एक चौथाइसहितको ।

सपिण्डः (ना.)/पुं.) समानः पिण्डः देहः मूलपुरुषः निवापः वा अस्य *(समान पिण्ड वा मूलपुरुष छ यसको)* ब.स., समानको सभाव= सपिण्ड ।

शब्दार्थ- समान पितृलाई पिण्डदान दिने व्यक्ति, सपिण्डी दाजुभाइ, सातपुस्तासम्मका बन्धुबान्धव, मरेको बाह्रौं दिनमा गरिने मृतकको सपिण्ड जोडिने श्राद्ध ।

द्रष्टव्य- **पञ्चमात् सप्तमादूर्द्ध मातृतः पितृतः क्रमात् ।**
सपिण्डता निवर्तेत सर्ववर्णेष्वयं विधिः- नारदवचनम्

सपिण्डीकरणम् (ना./न.) असपिण्डः सपिण्डः सम्पद्यते, स क्रियते इति *(पिण्डदानादि कर्म नभएकोलाई सपिण्ड (पिण्डदानादि) कर्म सपन्न गरिन्छ)* डुकृञ् करणे (तना.) धातु, सपिण्ड+च्वि[५]+कृ+ ल्युट् (अन), ईत्व[६], गुण, णत्व= सपिण्डीकरण ।

शब्दार्थ- मरेको प्रेतलाई तीनपुस्ताको पितृसँग जोड्न मरेको बाह्रौं दिनमा गरिने विशेष श्राद्ध, समान पितृको सम्मानार्थ गरिने विशेष श्राद्धको अनुष्ठान ।

सपुच्छः (वि.) पुच्छेन सह *(पुच्छरसहित)* ब.स., सहको सभाव= सपुच्छ ।

शब्दार्थ- पुच्छर भएको, पुच्छर सहितको (वानर) ।

सप्त (ना./न./वि.) सपतीति *(जम्मा हुन्छ)* षप समवाये (भ्वा.) धातु, सत्त्व, सप्+कनिन्[७] (अन्), उणा., तुडागम, सप्तन्= सप्त ।

शब्दार्थ- सातको संख्या, सातवटा, सात ।

सप्तकम् (ना./न.) सप्तानां समूहः *(सातको समूह)* सप्तन्+कन् (क)= सप्तक ।

शब्दार्थ- सातवटा वस्तु सम्मिलित समूह, सङ्गीतमा सातवटा स्वरको समुदाय ।

सप्तगङ्गम् (ना./न.) सप्तानां गङ्गानां समाहारः *(सातवटा गङ्गाको समुदाय)* द्वि.त.स., नपुंसकत्व= सप्तगङ्ग ।

शब्दार्थ- सातवटा गङ्गाको समूह वा समुदाय ।

सप्तगण्डकम् (ना./न.) सप्तानां गण्डकीनां समाहारः *(सातवटा गण्डकीको समूह)* द्वि.त.स., नपुंसकत्व =सप्तगण्डक ।

शब्दार्थ- सातवटा गण्डकको समुदाय, सप्तगण्डकी नदीको समूह, तादी, मादी, त्रिशुली, मर्स्याङ्दी, बुढीगण्डकी, सेतीगण्डकी, कालीगण्डकी नदीको समुदाय ।

सप्तजिह्वः (ना./पुं.) सप्त जिह्वाः सन्ति यस्य *(सातवटा जिब्रा छन् जसका)* ब.स., ह्रस्व= सप्तजिह्व ।

शब्दार्थ- वह्नि, सातवटा जिब्रा हुने अग्निरूप परमेश्वर ।

सप्ततन्तुः (ना./पुं.) सप्तभिश्छन्दोभिस्तन्यते इति *(सातवटा छन्दहरूद्वारा विस्तार गरिन्छ)* सप्त उपपदपूर्वक तनु विस्तारे (तना.) धातु, सप्त+तन्+ तुन्[८] (तु), उणा.= सप्ततन्तु ।

यज्ञः सवोऽध्वरो यागः सप्ततन्तुर्मखः क्रतुः - इत्यमरः

शब्दार्थ- यज्ञ, क्रतु, अध्वर, मख ।

सप्ततिः (ना./स्त्री.) सप्त दशतः परिमाणमस्येति *(सातवटा दश परिणाम छ जसको)* वा सप्तानां दशानां परिमाणमिति *(सातवटा दशको परिणाम)* सप्तन्+ति[९], प्रकृतिको सप्त आदेश[९]= सप्तति ।

शब्दार्थ- सत्तरी, सातवटा दश जोड्दा हुने परिमाण ।

सप्तदशः (वि.) सप्तदशानां पूरणः *(सत्रको सङ्ख्या पूरा गर्ने)* सप्तदशन्+डट्[१०] (अ), टिलोप= सप्तदश ।

शब्दार्थ- सत्रौं, सत्रको सङ्ख्या पूरा गर्ने ।

सप्तद्वीपा (ना./स्त्री.) सप्त द्वीपाः यस्याम् *(सातवटा द्वीप छन् यसमा)* ब.स., सप्तद्वीप+टाप् (आ)= सप्तद्वीपा ।

शब्दार्थ- पृथिवी, धरणी ।

सप्तधा (अव्य.) सप्तविधः इति *(सात प्रकारको)* सप्तन् +धा[११], नलोप= सप्तधा ।

शब्दार्थ- सातप्रकारले, सात किसिमले ।

सप्तधान्यम् (ना./न.) सप्तानां धान्यानां समूहः *(सातवटा धान्यको समुदाय)* द्वि.त.स.= सप्तधान्य ।

शब्दार्थ- सातवटा धान्यको समूह, सातवटा औषधिको समूह ।

---

[१] तेन सहेति... : ब.स.
[२] वोपसर्जनस्य : सहको सभाव
[३] कण्वादिभ्य... : यक्
[४] अ प्रत्ययात् : अ (प्रत्यय)
[५] कृभ्वस्तियोगे... : च्वि
[६] अस्य च्वौ : ईत्व
[७] सप्पशूभ्यां तुट् च : कनिन्/तुट्
[८] सितनिगमि... : तुन्
[९] पङ्क्ति-विंशति-त्रिंशत्... : ति/प्रकृतिको सप्त आदेश
[१०] तस्य पूरणे : डट्
[११] संख्याया विधार्थे...: धा

सप्तपदी (ना./स्त्री.) सप्तानां पदानां समाहारः *(सात पाउको समुदाय)* द्वि.त.स., सप्तपद+ङीप् (ई) =सप्तपदी ।

शब्दार्थ- विवाहको समयमा वरवधू दुवैले गरिने सप्तकुल पर्वतको पूजा-अर्चना, विवाहको अङ्गरूप सप्तपदी पूजा ।

सप्तमः (वि./ना./पुं.) सप्तानां पूरणः *(सातको पूरक)* सप्तन्+डट्[1], डट्को मट्[2]= सप्तम ।

शब्दार्थ- सातौं, सातौं दिन, शुक्ल र कृष्ण दुवै पक्षको सातौं तिथि ।

सप्तमातृका (ना./स्त्री.) सप्त च ताः मातृकाश्च *(सातवटी मातृकाहरू)* संज्ञामा, क.त.स.=सप्तमातृका ।

ब्राह्मी माहेश्वरी चैव कौमारी वैष्णवी तथा
बाराही च तथेन्द्राणी चामुण्डा सप्तमातरः ।

शब्दार्थ- सातवटी मातृका देवीहरू, शुभकार्यमा अग्रिम पूजा गरिने सप्त मातृकाहरू ।

सप्तमी (ना./स्त्री.) सप्तानां पूरणी *(सातको सङ्ख्या पूरा गर्ने)* सप्तन्+डट्[1], डट्को मडागम[2], ङीप् (ई) =सप्तमी ।

शब्दार्थ- सातौं तिथि, शुक्ल र कृष्ण दुवै पक्षको सप्तमी तिथिविशेष ।

सप्तमृत्तिका (ना./स्त्री.) सप्त च ताः मृत्तिकाश्च *(सात ठाउँको मृत्तिका)* क.त.स[3]., संज्ञामा= सप्तमृत्तिका ।

शब्दार्थ- शुभकार्यमा कलश आदि पूजा गर्दा प्रयोग हुने सातठाउँको सातथरी माटो ।

सप्तरत्नम् (ना./न.) सप्तानां रत्नानां समाहारः *(सात रत्नको समुदाय)* द्वि.त.स.= सप्तरत्न ।

शब्दार्थ- सातवटा रत्नजडित वस्तु ।

सप्तविंशतिः (ना./स्त्री.) सप्त च विंशतिश्च *(सात र बीसको जोड)* क.त.स.= सप्तविंशति ।

शब्दार्थ- सत्ताईसको संख्या, सात र वीस जोड्दा हुने संख्या ।

सप्तर्षिः (ना./पुं.) सप्त सप्तसंख्यकाश्च ते ऋषयश्च *(सातवटा ऋषिहरू)* क.त.स., संज्ञामा, गुण= सप्तर्षि

गौतमोऽत्रिर्भरद्वाजो विश्वामित्रोऽथ कश्यपः
जमदग्निर्वसिष्ठश्च सप्तर्षय इमे स्मृताः- इत्यमरः
मरीचिरत्रचङ्गिरसौ पुलस्त्यः पुलहः ऋतुः
ऋषयोऽमी वसिष्ठाश्च ।

शब्दार्थ- गौतम, अत्रि आदि सप्तर्षिहरू, मरीचि आदि अन्य सात ऋषिहरू, आकाशमा देखिने सात ताराहरूको समूह ।

सप्तशती (ना./स्त्री.) शतानां पूरणः *(सयको पूरक)* शतन्+ड[4] (अ), शतः । सप्तानां शतानां (श्लोकानां) समाहारः *(सातसय श्लोकको समुदाय)* द्वि.त.स[5]., ङीप् (ई)= सप्तशती ।

शब्दार्थ-सातसय श्लोकको देवी महात्म्य, सप्तशती चण्डी

सप्तसिन्धुः (ना./पुं.) सप्त च ते सिन्धवश्च *(सातवटा नदीहरू)* क.त.स., संज्ञामा= सप्तसिन्धु ।

शब्दार्थ- भारतको पञ्जाव क्षेत्रमा पर्ने व्यास, सरस्वती, झेलम आदि सातवटा नदी ।

सप्तार्चिः (ना./पुं.) सप्त अर्चिषः यस्य *(अग्निका सातवटा अर्चि वा जिह्वाहरू छन् जसका)* व.स., दीर्घ= सप्तार्चि ।

शब्दार्थ- अग्निका काली, कराली आदि सातवटा जिह्वाहरू, सातवटा ज्वाला हुने अग्नि ।

सप्ताहम् (ना./न.) सप्तानामह्नां समूहः *(सात दिनको समूह)* द्वि.त.स[5]., समासान्त टच्[6], टिलोप, दीर्घ= सप्ताह

शब्दार्थ- सात दिनको समूह, एक हप्ता, एक साता, सात दिनसम्म लगाइने पुराणादिको अनुष्ठान कर्म ।

सप्रणयः (वि.) प्रणयेन सह *(प्रणयसहित)* व.स., सहको सभाव= सप्रणय ।

शब्दार्थ- प्रणय वा स्नेह सहितको, स्नेहयुक्त, प्रेमपूर्ण ।

सप्रमाणः (वि.) प्रमाणेन सह *(प्रमाण सहित)* व.स., सहको सभाव= सप्रमाण ।

शब्दार्थ-प्रमाणसहितको, प्रमाणले पूर्ण भएको, प्रमाणयुक्त ।

सप्रत्ययः (वि.) प्रत्ययेन सह *(प्रत्ययसहित)* व.स., सहको सभाव= सप्रत्यय ।

शब्दार्थ- प्रत्ययसहितको, विश्वास भएको, विश्वासयुक्त ।

सफलः (वि.) फलेन सह *(फलसहित)* व.स., सहको सभाव= सफल ।

शब्दार्थ- फलसहितको, फलले भरिपूर्ण, फल दिने, सफल भएको, काम पूरा भएको, निष्फल नहुने, व्यर्थ नहुने, अमोघ ।

सवन्धुः (वि.) वन्धुना सह *(वन्धुसहित)* व.स., सहको सभाव= सवन्धु ।

अथवा समानः वन्धुर्यस्य *(समान वन्धुबान्धव छन् जसका)* व.स., समानको सभाव= सवन्धु ।

शब्दार्थ- वन्धुसहितको, वन्धुवान्धवले परिपूर्ण, समान वन्धु भएको ।

सब्रह्मचारी (वि.) ब्रह्म वेदः, तदध्यनार्थं व्रतमपि ब्रह्म, तत् चरतीति *(ब्रह्म वेद हो, वेदाध्ययनको व्रत पनि ब्रह्म हो, वेद र वेदाध्ययनसम्बन्धी व्रतको परिपालन गर्छ)* ब्रह्म उपपदपूर्वक चर गतिभक्षणयोः (भ्वा.) धातु, ब्रह्म+चर्+णिनि[7] (इन्), वृद्धि, ब्रह्मचारिन्, ब्रह्मचारी । समानः ब्रह्मचारी *(समान ब्रह्मचारी)* ब.स., समानको सभाव[8], सब्रह्मचारिन्=सब्रह्मचारी ।

शब्दार्थ- वेदको एउटै शाखा अध्ययन गर्ने सहपाठी, सहयोगी, समान दुःखसुखको अनुभूति गर्ने, एउटै गुरुवाट वेदाध्ययनका लागि ब्रह्मचर्य व्रत धारण गर्ने सहपाठी ।

---

१. तस्य पूरणे... : डट्
२. नान्तादसंख्यादेर्मट् : मट्
३. दिक्संख्ये... : क.त.स., संज्ञामा
४. तोमे ड विधिः : ड
५. संख्यापूर्वो... : द्वि.त.स
६. राजाहः सखिभ्य... : टच्
७. व्रते : णिनि
८. चरणे ब्रह्मचारिणि : समानको सभाव

सवल: (वि.) वलेन सह *(वलसहित)* व.स[1]., सहको सभाव = सवल ।

शब्दार्थ- वलसहितको, पराक्रमी, शक्तिशाली, शक्तिले परिपूर्ण, सेनाले सुसज्जित ।

सभर्तृका (ना./स्त्री.) भर्त्रा सह वर्तमाना (पतिसहित रहेकी स्त्री) व.स., सहको सभाव, कप् (समासान्त), टाप् (आ)= सभर्तृका ।

शब्दार्थ- सधवा स्त्री, पति जीवित रहेकी नारी ।

सभा (ना./स्त्री.) सह भान्ति शोभन्ते अस्याम् *(सँगै सुशोभित हुन्छन् यहाँ)* सहपूर्वक भा दीप्तौ (अदा.) धातु, सह+भा+ड[2] (अ), टिलोप, वा सह+भा+क (अ), आलोप, सभ+टाप् (आ), सहको सभाव[3]=सभा ।

सभा सामाजिके गोष्ठ्यां द्यूतमन्दिरयोरपि- इति मेदिनी

समज्यापरिषद्गोष्ठीसभासमितिसंसदः - इत्यमरः

शब्दार्थ- एक ठाउँमा भेला भएको जनसमुदाय, सभागृह, सभाकक्ष, वैठक, सभाभवन, सामाजिक भेला, सार्वजनिक गोष्ठी, परिषद्, संसद् ।

सभाकक्षः (ना./पुं.) सभायाः कक्षः *(सभा गर्नका लागि निर्मित कक्ष)* ष.त.स.= सभाकक्ष ।

शब्दार्थ- सभा गर्ने कोठा वा कक्ष, सभाका लागि निर्मित कक्ष, सभा-भवन ।

सभागृहम् (ना./न.) सभायै सभायाः वा गृहम् *(सभाको लागि निर्मित घर)* च.त.स.= सभागृह ।

शब्दार्थ- सभा गर्ने घर वा ठाउँ, सभाभवन ।

सभापतिः (ना./पुं.) सभायाः पतिः *(सभाका स्वामी)* ष.त.स.= सभापति ।

शब्दार्थ- सभाको अध्यक्ष, सभाको प्रमुख व्यक्ति, सभाको मुख्य अधिकारी ।

सभामण्डपः (ना./पुं.) सभायै मण्डपः *(सभाका लागि निर्मित मण्डप)* च.त.स.= सभामण्डप ।

शब्दार्थ- सभा सञ्चालन गर्नका लागि निर्मित मञ्च, सभाकक्ष, विशेष कार्यक्रम सञ्चालन गर्न तयार गरिएको मञ्च ।

सभामुखम् (ना./न.) सभायाः मुखम् *(सभाको प्रमुख)* ष.त.स.= सभामुख ।

शब्दार्थ- सभाको प्रमुख व्यक्ति, सभाको अध्यक्ष ।

सभासद् (ना./पुं./वि.) सभायां सीदति उपविशति यः *(सभामा वस्छ जो)* षद्लृ विशरणगत्यवसादनेषु (भ्वा./तुदा.) धातु, सभा+सद्+क्विप्[4] (सर्वलोप) =सभासद् ।

शब्दार्थ- सभाको सदस्य, सभाको अधिकारी, सभामा भाग लिने व्यक्ति, सभाको अधिकृत, सभाको पदाधिकारी, सभ्य, सामाजिक ।

सभ्यः (वि.) सभायां साधुः *(सभामा योग्य वा लायक)* सभा+यत्[5] (य), आलोप= सभ्य ।

सभ्यसज्जनसाधवः - इत्यमरः

सभासदः सभास्ताराः सभ्याः सामाजिकाश्च ते- इत्यमरः

शब्दार्थ- सभामा योग्य वा लायक, शिष्ट, भद्र, सभाको सदस्य, सभासद्, सज्जन, साधु, भलाद्मी ।

सभ्यता (ना./स्त्री.) सभ्यस्य भावः *(सभ्य हुनाको भाव वा अवस्था)* सभ्य+तल् (त)+टाप् (आ)= सभ्यता ।

शब्दार्थ- उत्थान र प्रगतिको मापन, कुनै जातिको उच्चता वा विशिष्टता, सभ्य हुनाको अवस्था, शिष्टता, भद्रता, साधुभाव, विनय वा नम्रता ।

समः (वि./ना./पुं.) समतीति *(बराबर हुन्छ)* षम अवैकल्ये (भ्वा.) धातु, सत्त्व, सम्+अच् (पचादि) =सम ।

अथवा मया लक्ष्म्या सह विराजमानः *(लक्ष्मीका साथ विराजमान)* व.स., सहको सभाव, माको ह्रस्व =सम ।

वाच्यलिङ्गाः समस्तुल्यः सदृक्षः सदृशः सदृक्

साधारणः समानश्च- इत्यमरः

शब्दार्थ- वरावर, समान, तुल्य, सदृश, पक्षपातरहित, लक्ष्मीसहित विराजमान विष्णु, नारायण ।

समकक्षः (वि.) समा कक्षा यस्य *(समान छ कक्षा वा श्रेणी जसको)* व.स., समाको पुंवद्भाव, ह्रस्व=समकक्ष ।

शब्दार्थ- एकाम्मे, वरावरीको, समान कक्षा वा तहको ।

समकक्षी (वि.) समा कक्षा यस्य *(समान कक्षा छ जसको)* व.स., समाको पुंवद्भाव, ह्रस्व, समकक्षः । समकक्षः अस्यास्तीति *(समकक्ष छ यसको)* समकक्ष+इनि (इन्), अकारलोप, समकक्षिन्= समकक्षी ।

शब्दार्थ- समान तहमा रहेको (व्यक्ति), समान श्रेणीमा पढ्ने विद्यार्थी ।

समकालः (ना./पुं.) समश्चासौ कालश्च *(समान काल)* क.त.स.= समकाल ।

शब्दार्थ- उही समय वा क्षण, एउटै समय ।

समकालीनः (वि.) समकाले भवः *(समान कालमा भएको)* समकाल+ख (इन), अपभ्रंशमा= समकालीन ।

शब्दार्थ- एउटै समय वा कालमा भएको, समान कालको, उही समयको, समसामयिक ।

समकोणः (ना./पुं.) समश्चासौ कोणश्च *(समकोण)* क.त.स.= समकोण ।

शब्दार्थ- नव्वे डिग्री अंश भएको कोण ।

समक्षम् (अव्य.) अक्ष्णः समीपम् वा अक्ष्णः योग्यम् *(आँखाको सामुन्ने)* सम+अक्षि, अव्य.स[6]., टच्[7] (समासान्त), इकारलोप= समक्ष ।

शब्दार्थ- आँखाको सामुन्ने, आँखा अगाडि ।

---

१. तेन सहेति... : ब.स.
२. अन्येष्वपि दृश्यते : ड
३. सहस्य सः संज्ञायाम् : सभाव
४. सत्सूद्विष...: क्विप्
५. सभायाः यः : यत्
६. अव्ययं विभक्ति... : अव्य.स.
७. प्रतिपरिसमनु...: टच्

समग्रः (वि.) सङ्गतमग्रं यस्य *(समग्र छ जसको)* प्रा.ब.स[1]., उ.प.लोप= समग्र । अथवा समं समकालमेव गृह्णातीति *(समान समयमा नै ग्रहण गर्छ)* सम उपपदपूर्वक ग्रह उपादाने (क्र्या.) वा ग्रस अदने (भ्वा.) धातु, सम+ग्रह्/ग्रस्+ड[2] (अ), ग्रहको 'अह्' र 'ग्रस'का अस्भागको टिलोप= समग्र ।

समग्रं सकलं पूर्णमखण्डं स्यादनूनके- इत्यमरः

शब्दार्थ- सवै, समस्त, सम्पूर्ण, अखिल, निखिल, न्यून नभएको, सवै, परिपूर्ण, पूरा ।

समचित्तः (वि.) समं तुल्यं चित्तं यस्य *(एकचित्त छ यसको)* ब.स.= समचित्त ।

शब्दार्थ- स्थिरमना, स्थिर चित्त भएको, एकचित्त वा अन्तःकरण भएको, एउटै विषयमा लाग्ने ।

समजः (ना./पुं./न.) संवीयते समज्यते अत्र *(जम्मा हुनु)* सम्पूर्वक अज गतिक्षेपणयोः (भ्वा.) धातु, सम्+अज्+अप्[3] (अ)= समज ।

समजः पशुवृन्दे ना विपिने तु नपुंसकम्- इति मेदिनी

शब्दार्थ-पशुहरूको समूह वा हुल, पशुवृन्द, वन, विपिन ।

समजातिः (वि.) समा जातिर्यस्य *(समान छ जाति जसको)* ब.स., समाको पुंवद्भाव= समजाति ।

शब्दार्थ- उही जाति वा वर्गको, समान जातको ।

समजातीयः (वि.) समजातौ भवः, समजातेरयम् *(एउटै जातमा भएको, एउटै जातको)* समजात+छ[4] (ईय), अकारलोप= समजातीय ।

शब्दार्थ- एउटै जातको, एउटै वर्गसित सम्वन्धित, समानजातको, एउटा जात वा वर्गमा हुने ।

समतलः (वि.) समं तलं यत्र *(समान छ सतह जहाँ)* सम+तल, ब.स.= समतल ।

शब्दार्थ- होचो र अग्लो नभएको, समथर, सम्म मैदान भएको ।

समता (ना./स्त्री.) समस्य भावः *(बराबर हुनाको भाव वा अवस्था)* सम+तल् (त)+टाप् (आ)= समता ।

शब्दार्थ- समानता, वरावरी, समत्व, एकाम्येपन, निष्पक्षता ।

समतापः (ना./पुं.) समश्चासौ तापश्च *(समान ताप)* क.त.स.= समताप ।

शब्दार्थ- एकनासको तातोपना, वरावर ताप, समान ताप ।

समतीतः (वि.) समत्येति स्म इति *(पहिले व्यतीत भएको)* सम् अति उपसर्गद्वयपूर्वक इण् गतौ (अदा.) धातु, सम्+अति+इ+क्त[5] (त), कर्तामा, अति इमा दीर्घ =समतीत ।

शब्दार्थ- पहिले वितिसकेको, वितेको समयको, व्यतीत ।

समतुल्यः (वि.) समः तुलया यत्र *(वरावर छ तुलाले जहाँ)* ब.स.= समतुल्य ।

शब्दार्थ- वरावरीको, एकनासको, समानरूपको, एकछत्तको

समत्वम् (ना./न.) समस्य भावः *(सम हुनाको भाव वा अवस्था)* सम+त्व= समत्व ।

शब्दार्थ-एकरूपता, समानता, समता, वरावरी, निष्पक्षता ।

समदः (वि.) मदेन सह *(मदसहित)* ब.स., सहको सभाव= समद ।

शब्दार्थ- मदसहितको, गर्वपूर्ण, घमण्डले युक्त ।

समदर्शी (वि.) समं द्रष्टुं शीलमस्य *(समान रूपले हेर्ने शील छ यसको)* समपूर्वक दृशिर् प्रेक्षणे (भ्वा.) धातु, सम+दृश्+णिनि[6] (इन्), गुण, समदर्शिन्= समदर्शी ।

शब्दार्थ-समान दृष्टिले हेर्ने, पक्षपात नगर्ने, समभाव राख्ने, निष्पक्ष, सवैलाई वरावरी ठान्ने, समभावले हेर्ने ।

उदा. **समदर्शी महात्माको पक्षपात कहाँ थियो-**
ऋ.वि. (वर्षा.वि.१)

द्रष्टव्य- **विद्याविनयसम्पन्ने ब्राह्मणे गवि हस्तिनि**
शुनि चैव श्वपाके च पण्डिताः समदर्शिनः-
भ.गी.५/१८

समदृष्टिः (ना./स्त्री./वि.) समा चासौ दृष्टिश्च *(समान दृष्टि)* क.त.स., समाको पुंवद्भाव= समदृष्टि ।

अथवा समा दृष्टिर्यस्य *(समान दृष्टि छ जसको)* ब.स., समाको पुंवद्भाव= समदृष्टि ।

शब्दार्थ- समानरूपले हेर्ने काम, समान दृष्टिकोण, तुल्य दृष्टि, वरावरी रूपमा हेर्ने काम, समान दृष्टि राख्ने, पक्षपातरहित ।

समन्वयः (ना./पुं.) समन्वयनम्, समन्वीयते इति वा *(समन्वय गरिन्छ)* सम् अनु उपसर्गद्वयपूर्वक इण् गतौ (अदा.) धातु, सम्+अनु+इ+अच् (एरच्), इको गुण, अयादेश, यण्= समन्वय ।

शब्दार्थ- दुई वा सोभन्दा वढी कुराको समन्वय वा मेल, विभिन्न कुराको पारस्परिक सम्वन्ध, अनेक कुरालाई परस्परमा मिलाउने काम, सङ्गति ।

समन्वयात्मकः (वि.) समन्वयः आत्मा यस्य *(समन्वय नै प्रमुख छ जसको)* ब.स., समन्वय+आत्मन्+कप्[7] (क), समासान्त, दीर्घ= समन्वयात्मक ।

शब्दार्थ- समन्वय गर्ने खालको, मिलाउने खालको, परस्परमा मिलाउने किसिमको, सामञ्जस्य ल्याउने खालको ।

---

[1] प्रादिभ्यो धातुजस्य...: प्रा.ब.स., उ.प.लोप

[2] अन्येष्वपि दृश्यते...: ड

[3] समुदोरजः... : अप्

[4] गहादिभ्यश्च : छ

[5] गत्यर्थाकर्मक... : क्त

[6] सुप्यजातौ... : णिनि

[7] अनिनस्मन्... : कप्

समन्वितः (वि.) समन्वेति स्म इति *(समन्वय भएको)* सम् अनुपूर्वक इण् गतौ (अदा.) धातु, सम्+अनु+क्त[1] (त), कर्तामा, यण्= समन्वित ।

समन्वितः लयस्त्वेकतालः - इत्यमरः

शब्दार्थ- समन्वय भएको, परस्परमा मिलेको, ताल र स्वर मिलेको, एक अर्कोमा गाभिएको, संयुक्त भएको ।

समन्वेषणम् (ना./न.) समन्वेषणम्, समन्वीष्यते इति वा *(राम्ररी अन्वेषण गरिन्छ)* सम् अनु उपसर्गद्वयपूर्वक इषु इच्छायाम् (तुदा.) धातु, सम्+अनु+इष्+ल्युट् (अन), इको गुण, यण्, णत्व= समन्वेषण ।

शब्दार्थ- अनुसन्धान गर्ने काम, खोजी गर्ने वा पत्ता लगाउने काम, अन्वेषण गर्ने क्रिया ।

सममयः (वि.) समादागतः *(वरावरवाट आएको)* सम+मयट्[2] (मय)= सममय ।

शब्दार्थ- वरावर तुल्याइएको, समान पारिएको ।

समयः (ना./पुं.) सम्यक् अयति एतीति वा *(राम्ररी वित्छ)* सम्पूर्वक ई गतौ (भ्वा.) वा इण् गतौ (अदा.) धातु, सम्+ई/इ+अच् (पचादि), गुण, अयादेश =समय ।

शब्दार्थ- काल, वेला, वखत, मौका, अवसर ।

समयसारिणी (ना./स्त्री.) समयस्य सारिणी *(समयको तालिका)* ष.त.स.= समयसारिणी ।

शब्दार्थ- समयसूची, समयको विवरण दिइएको सूची, समयतालिका ।

समयसूची (ना./स्त्री.) समंयस्य सूची *(समयको सूची)* ष.त.स.= समयसूची ।

शब्दार्थ- समयको विवरणसहितको सूची, समयसारिणी, समयतालिका ।

समयानुकूलः (वि.) समयस्य अनुकूलः *(समयको अनुकूल)* ष.त.स., दीर्घ= समयानुकूल ।

शब्दार्थ- समय सुहाउँदो, समय अनुकूलको ।

समयावधिः (ना./पुं.) समयस्य अवधिः *(समयको हद)* ष.त.स., दीर्घ= समयावधि ।

अवधिस्त्ववधाने स्यात् सीम्निकाले विले पुमान्- मेदिनी

शब्दार्थ- कुनै कुरा सम्पन्न गर्न निर्धारित समयको सीमा वा हद, समयको अवधि ।

समयावसानम् (ना./न.) समयस्य अवसानम् *(समयको अवसान)* ष.त.स., दीर्घ= समयावसान ।

शब्दार्थ- समय समाप्तिको वेला, समयको आखिरी अवस्था, समयको अवसान ।

समरः (ना./पुं.) सम्यक् अरणं प्रापणम् *(राम्ररी पुग्नु)* वा सम्यक् ऋच्छति अत्र *(राम्ररी पुग्छ यहाँ)* सम्पूर्वक ऋ गतिप्रापणयोः (भ्वा.) धातु, सम्+ऋ+अप्[3] (अ)/अर , वहुलप्रकारले, गुण= समर ।

अस्त्रियां समरानीकरणाः- इत्यमरः

शब्दार्थ- युद्ध, आक्रमण, लडाइँ, सङ्ग्राम, कलह, विग्रह ।

समरसः (वि.) समः रसः अस्य *(समान रस छ यसको)* व.स.= समरस ।

शब्दार्थ- समानरूपले रसास्वादन हुने, समानरूपले शान्तिको अनुभूति हुने ।

समराङ्गणम् (ना./न.) समरस्य अङ्गणम् *(युद्धको मैदान)* ष.त.स., दीर्घ= समराङ्गण ।

शब्दार्थ- युद्धभूमि, युद्धको मैदान, रणभूमि, लडाइँको स्थल, रणभूमि ।

समरूपम् (ना./न.) समञ्च तद्रूपञ्च *(समान रूप)* क.त.स.= समरूप ।

शब्दार्थ- समानरूप वा उस्तै अनुहार, समान आकृति ।

समरूप्यः (वि.) समादागतः *(समानरूपवाट आएको)* सम+रूप्य[4]= समरूप्य ।

शब्दार्थ-समानरूपको, उस्तै आकृतिको, उस्तै अनुहारको ।

समर्चनम् (ना./न.)/**समर्चना** (ना./स्त्री.) सम्यक्, अर्च्यते, अर्चनमिति वा *(राम्ररी पूजा गरिन्छ)* सम्पूर्वक अर्च पूजायाम् (भ्वा.) धातु, सम्+अर्च्+ल्युट् (अन) =समर्चन ।

सम्+अर्च्+युच्[5] (अन), उणा., समर्चन+टाप् (आ) =समर्चना ।

शब्दार्थ- राम्रोसँग गरिएको पूजा-अर्चना, स्वागत-सत्कार, आराधना, उपासना ।

समर्थः (वि.) समर्थयते इति *(समर्थ हुन्छ)* सम्पूर्वक अर्थ उपयाञ्चायाम् (चुरा.) धातु, सम्+अर्थ्+अच् (पचादि) =समर्थ ।

शब्दार्थ- शक्तिशाली, क्षमतावान्, योग्य, सक्षम, लायक, कुनै कुरा गर्न सक्ने सामर्थ्य भएको ।

समर्थकः (वि.) समर्थयते इति *(समर्थन गर्छ)* सम्पूर्वक अर्थ उपयाञ्चायाम् (चुरा.) धातु, सम्+अर्थ्+ण्वुल् (अक)= समर्थक ।

शब्दार्थ- समर्थन गर्ने, अनुमोदन गर्ने, कसैले भनेका कुराको सही थाप्ने, सहमति जनाउने, समर्थनकर्ता

समर्थता (ना./स्त्री.) समर्थस्य भावः *(समर्थ हुनाको भाव वा अवस्था)* समर्थ+तल् (त)+टाप् (आ)= समर्थता ।

शब्दार्थ- क्षमता, शक्तिशालिता, सामर्थ्य, समर्थ हुनाको अवस्था ।

समर्थनम् (ना./न.) समर्थनम्, समर्थ्यते इति वा *(समर्थन गरिन्छ)* सम्पूर्वक अर्थ उपयाञ्चायाम् (चुरा.) धातु, सम्+अर्थ्+ल्युट् (अन)= समर्थन ।

शब्दार्थ- पुष्टि गर्ने क्रिया, समर्थन गर्ने काम, अनुमोदन, सही थाप्ने काम, सहमति ।

---

[1] गत्यर्थाकर्मक... : क्त
[2] मयट् च : मयट्
[3] ऋदोरप् : अप्
[4] हेतुमनुष्येभ्य... : रूप्य
[5] बहुलमन्यत्रापि : युच्

समर्थनकर्ता (वि.) समर्थनं करोतीति *(समर्थन गर्दछ)* समर्थनउपपदपूर्वक डुकृञ् करणे (तना.) धातु, समर्थन+कृ+तृच् (तृ), गुण, समर्थनकर्तृ= समर्थनकर्ता ।

शब्दार्थ- समर्थन गर्ने, समर्थक, अनुमोदक, अनुमोदनकर्ता, सही थाप्ने, सहमति जनाउने ।

समर्थनीयः (वि.) समर्थितुं योग्यः *(समर्थन गर्न योग्य)* सम्पूर्वक अर्थ उपयाञ्चायाम् (चुरा.) धातु, सम्+अर्थ्+अनीय (र्)= समर्थनीय ।

शब्दार्थ- समर्थन गर्न योग्य, सहमति दिन लायक, सही थाप्न उपयुक्त वा उचित ।

समर्थितः (वि.) समर्थ्यते स्म इति *(समर्थन गरिएको)* सम्पूर्वक अर्थ उपयाञ्चायाम् (चुरा.) धातु, सम्+अर्थ्+क्त[1] (त), इडागम= समर्थित ।

शब्दार्थ- समर्थन वा अनुमोदन गरिएको, पुष्टि गरिएको, सही थापिएको, अनुमोदित ।

समर्पकः (वि.) समर्पयतीति *(समर्पण गर्छ)* सम्पूर्वक ऋ गतिप्रापणयोः (भ्वा.) धातु, सम्+ऋ+णिचि, पुक्, समर्पि+ण्वुल् (अक), णिलोप= समर्पक ।

शब्दार्थ- समर्पण गर्ने, चढाउने, आदरसत्कार गरेर दिने वा टक्र्याउने, सुम्पने ।

समर्पणम् (ना./न.) समर्प्यते अनेन इति *(समर्पण गरिन्छ यसबाट)* सम्पूर्वक ऋ गतिप्रापणयोः (भ्वा.) धातु, सम्+ऋ +णिचि, पुक्, समर्पि+ल्युट्[2] (अन), णिलोप, णत्व= समर्पण ।

शब्दार्थ- सुम्पिने काम, समर्पण गर्ने काम, अर्पण गर्ने वा सत्कार गरेर दिने काम ।

उदा.* त्यो रूपको यौवनमा छाल उर्लेझैं समर्पण- *एउटी अधवैंसेलाई देखेर (विजय मल्ल)

समर्पितः (वि.) समर्प्यते स्म इति *(समर्पण गरिएको)* सम्पूर्वक ऋ गतिप्रापणयोः (भ्वा.) धातु, सम्+ऋ+णिचि, पुक्, समर्पि+क्त (त), इडागम, णिलोप =समर्पित ।

शब्दार्थ- समर्पण गरिएको, अर्पण गरिएको, श्रद्धापूर्वक दिइएको, चढाइएको ।

समवयस्कः (वि.) समं वयः यस्य *(समान वय छ यसको)* व.स., कप् (समासान्त)= समवयस्क ।

शब्दार्थ- समान वयको, एउटै उमेरको, बराबरी उमेरको, दौंतरी ।

समवर्ती (वि./ना./पुं.) समं वर्तितुं शीलमस्य *(समानरूपमा रहने शील छ यसको)* सम उपपदपूर्वक वृतु वर्तने (भ्वा.) धातु, सम+वृत्+णिनि[3] (इन्), गुण, समवर्तिन्= समवर्ती ।

शब्दार्थ- सँगसँगै रहने, वरावररूपमा रहने, एकछत्र गर्ने, निकटमा रहने, यमराज, धर्मराज ।

समवस्था (ना./स्त्री.) समा तुल्या चासौ अवस्था च *(समान अवस्था)* क.त.स., समाको पुंवद्भाव, पररूप =समवस्था ।

अथवा समवस्थानमिति *(समान अवस्था हुनु)* सम् अव उपसर्गद्वयपूर्वक स्था गतिनिवृत्तौ (भ्वा.) धातु, सम्+अव+स्था+अङ् (अ)+टाप् (आ)= समवस्था ।

शब्दार्थ- समान अवस्था वा स्थिति, समान दशा, उस्तै अवस्था ।

समवस्थितः (वि.) समवतिष्ठति स्म इति *(स्थिर रहेको)* सम् अव उपसर्गद्वयपूर्वक ष्ठा गतिनिवृत्तौ (भ्वा.) धातु, सम्+अव+स्था+क्त[4] (त), कर्तामा, स्थाको इत्व[5] =समवस्थित ।

शब्दार्थ- स्थिर भएर रहेको, राम्ररी स्थित भएको, निश्चित अवस्थामा रहेको ।

समवायः (ना./पुं.) समवाय्यते इति *(जम्मा हुनु, नित्य-सम्बन्ध रहनु)* सम् अवपूर्वक अय गतौ (भ्वा.) धातु, सम्+अव+अय्+घञ् (अ), दीर्घ= समवाय ।

शब्दार्थ- समूह, समुदाय, संहति, सम्मिश्रण, सम्वन्धविशेष, अवयव र अवयवीको सम्वन्ध, समवाय (नित्य) सम्वन्ध, समष्टि ।

समवेतः (वि.) समवेति स्म इति *(एकत्रित भएको)* सम् अवपूर्वक इण् गतौ (अदा.) धातु, सम्+अव+इ+क्त (त), अव इको गुण= समवेत ।

शब्दार्थ- एक ठाउँमा जम्मा भएको, एकट्ठा भएको, जुटेको, सम्मिलित, पुञ्जीकृत ।

समवेदना (ना./स्त्री.) समा चासौ वेदना च *(समान वेदना)* क.त.स.= समवेदना ।

शब्दार्थ- कसैलाई दुःख, विपद् आदि पर्दा हुने दुःखको उस्तै अनुभूति, सहानुभूति, समान वेदनाको अनुभूति ।

समशीतोष्णः (वि.) शीतञ्च उष्णञ्च *(चिसो र तातो)* द्व.स., गुण, शीतोष्णे । समे शीतोष्णे यत्र *(समान चिसो र तातो छ जहाँ)* व.स.= समशीतोष्ण ।

शब्दार्थ- जाडो र गर्मी उस्तै भएको, शीत र उष्ण सम भएको, न ज्यादा तातो न ज्यादा ठण्डा भएको ।

समष्टिः (ना./स्त्री.) समशनम्, समश्यते इति वा *(एकत्रित हुनु)* सम्पूर्वक अशू व्याप्तौ सङ्घाते च (स्वा.) धातु, सम्+अश्+क्तिन्[6] (ति), शको षत्व[7], ष्टुत्व= समष्टि ।

शब्दार्थ- समूह, समुदाय, जमात, समुच्चय, उस्तै किसिमका वस्तुहरूको मेल, मिल्ने काम, समूहगत रूपमा रहने क्रिया ।

---

[1] निष्ठा : क्त
[2] करणाधिकरणयोश्च : ल्युट्
[3] सुप्यजातौ... : णिनि
[4] गत्यर्थाकर्मक... : क्त
[5] द्यतिस्यतिमास्था...: इत्व
[6] स्त्रियां क्तिन् : क्तिन्
[7] व्रश्जभ्रश्जसृज... : शको ष

समसामयिक: (वि.) समयादागतः *(समयबाट आएको)* समये भवः *(समयमा हुने)* समय+ठक्[1]/ठञ्[2] (इक), आदिवृद्धि, सामयिक: । समश्चासौ सामयिकश्च *(एउटै समयको)* क.त.स.= समसामयिक ।

शब्दार्थ- एउटै काल वा समयको, एउटै समयसित सम्बन्धित, उसै वेला वा वखतको ।

समस्त: (वि.) समस्यते स्म इति *(समग्ररूपमा रहेको)* सम्पूर्वक असु क्षेपणे (दिवा.) धातु, सम्+अस्+क्त (त)= समस्त ।

समस्तनिखिलाखिलानि नि:शेषम्- इत्यमरः

शब्दार्थ- समस्त, समग्र, निखिल, सवै, नि:शेष, अखिल, सम्पूर्ण, सारा ।

समस्तर: (ना./पुं.) समश्चासौ स्तरश्च *(समान स्तर)* क.त.स.= समस्तर ।

शब्दार्थ- समानस्तर, एउटै खाले स्तर, समान तह, वरावर स्तर ।

समस्थ: (वि.) समे तिष्ठतीति *(वरावरीमा रहन्छ)* सम उपपदमा हुने ष्ठा गतिनिवृत्तौ (भ्वा.) धातु, सम+स्था+क[3] (अ), आकारलोप= समस्थ ।

शब्दार्थ- समभाव राख्ने, वरावरीमा रहने ।

समस्थलम् (ना./न./वि.) समं स्थलं यत्र *(सम्म-थलो छ जहाँ)* व.स.= समस्थल ।

अथवा समं च तत् स्थलम् *(सम्म-स्थल)* क.त.स. =समस्थल ।

शब्दार्थ- सम्मठाउँ, सम्मस्थान, समथल, समथर, सम्म परेको, खाल्टाखुल्टी र होचो अग्लो नभएको ।

समस्या (ना./स्त्री.) समसनम्, सङ्क्षेपणमिति *(सङ्क्षिप्त गर्नु)* सम्पूर्वक असु क्षेपणे (दिवा.) धातु, सम्+अस् +ण्यत् (य), संज्ञापूर्वको वृद्धि अभाव, समस्य+टाप् (आ) = समस्या ।

अथवा समस्यते सङ्क्षिप्यते अनया *(सङ्क्षिप्त पारिन्छ यसवाट)* सम्+अस्+क्यप् (य)+टाप् (आ)= समस्या ।

शब्दार्थ- कुनै कुराको कठिन अवस्था, समाधान गर्न अप्ठेरो पर्ने कुरा, समस्या, अड्को, जटिल विषय, कठिन अवस्था ।

समाकलनम् (ना./न.) समाकलनम्, समाकल्यते इति वा *(गणना गरिन्छ)* सम् आङ्पूर्वक कल शब्दसङ्ख्यानयोः (भ्वा.) वा कल गतौ सङ्ख्याने च (चुरा.) धातु, सम्+आ+कल्+ल्युट् (अन)= समाकलन ।

शब्दार्थ- राम्ररी गणना गर्ने काम, तथ्याङ्क लिने र मिलाउने काम, राम्रो परिगणना ।

समाकुल: (वि.) समाकोलतीति *(व्याकुल हुन्छ)* सम् आङ्पूर्वक कुल संस्त्याने वन्धुषु च (भ्वा.) धातु, सम् +आ+कुल्+क[4] (अ)= समाकुल ।

शब्दार्थ- अत्यन्तै व्याकुल भएको, अति नै हडवढाएको, ज्यादै विह्वल भएको, अतिक्षुब्ध, भरिभराउ भएको ।

समाख्यात: (वि.) समाख्यायते स्म इति *(व्याख्यान गरिएको)* सम् आङ्पूर्वक ख्या प्रकथने वा चक्षिङ् व्यक्तायां वाचि (ख्याञादेश) (अदा.) धातु, सम्+आ+ख्या+क्त (त)= समाख्यात ।

शब्दार्थ- वर्णित, उद्घोषित, विख्यात, वर्णन गरिएको, व्याख्या गरिएको, वयान गरिएको, राम्ररी वताइएको ।

समाख्याता (वि.) समाख्याति, समाचष्टे इति वा *(व्याख्या गर्छ)* सम् आङ्पूर्वक ख्या प्रकथने वा चक्षिङ् व्यक्तायां वाचि (ख्याञादेश) (अदा.) धातु, सम्+आ+ख्या+तृच्[5] (तृ), समाख्यातृ= समाख्याता ।

शब्दार्थ- व्याख्या गर्ने, वर्णन गर्ने, वखान गर्ने, उद्घोषण गर्ने, प्रवचन दिने ।

समाख्यानम् (ना./न.) समाख्यानम्, समाख्यायते इति वा *(व्याख्यान गरिन्छ)* सम् आङ्पूर्वक ख्या प्रकथने वा चक्षिङ् व्यक्तायां वाचि (ख्याञादेश) (अदा.) धातु, सम्+आ+ख्या+ल्युट् (अन)= समाख्यान ।

शब्दार्थ- वर्णन, व्याख्यान, प्रकथन, वयान, उद्घोषण, राम्ररी व्याख्या गर्ने काम ।

समागत: (वि.) समागच्छति स्म इति *(राम्ररी आएको)* सम् आङ् उपसर्गद्वयपूर्वक गम्लृ गतौ (भ्वा.) धातु, सम्+आ+गम्+क्त[6] (त), कर्तामा, अनुनासिक मलोप =समागत ।

शब्दार्थ- राम्ररी आएको, साथै आएको, सुविस्तासँग आइपुगेको, सम्मिलित ।

समागम: (ना./पुं.) समागमनम्, समागम्यते इति वा *(जमघट हुनु, मिलन हुनु)* सम् आङ् उपसर्गद्वयपूर्वक गम्लृ गतौ (भ्वा.) धातु, सम्+आ+गम्+घञ् (अ), वृद्धिनिषेध= समागम ।

शब्दार्थ- सामुन्नेमा आउने काम, भेटघाट, मेल, मिलन, समागम, सम्प्राप्ति, जमघट, सङ्गम, सम्भोग ।

समागमनम् (ना./न.) समागमनम्, समागम्यते इति वा *(भेटघाट हुनु)* सम् आङ् उपसर्गद्वयपूर्वक गम्लृ गतौ (भ्वा.) धातु, सम्+आ+गम्+ल्युट् (अन)= समागमन ।

शब्दार्थ- राम्ररी आउने काम, भेटघाट, मिलन, समागम, जमघट ।

समाचार: (ना./पुं.) समाचरणम्, समाचर्यते इति वा *(सदाचार वा मर्यादापूर्वक सन्देश दिइन्छ)* सम् आङ्पूर्वक चर गतिभक्षणयोः (भ्वा.) धातु, सम्+आ+चर्+घञ् (अ), वृद्धि= समाचार ।

शब्दार्थ- राम्रो आचरण, सन्देश, हालखवर, समाचार, राम्रो व्यवहार वा चालचलन, राम्रो संवाद ।

---

[1] ठगायस्थानेभ्यः...: ठक्
[2] कालाट्ठञ् : ठञ्
[3] सुपि स्थः : क
[4] इगुपधज्ञा... : क
[5] ण्वुल्तृचौ : तृच्
[6] गत्यर्थाकर्मक..: क्त

समाचारदाता (ना./पुं.) समाचारं ददातीति *(समाचार दिन्छ)* समाचार उपपदपूर्वक डुदाञ् दाने (जुहो.) धातु, समाचार+दा+तृच् (तृ), समाचारदातृ=समाचारदाता।

शब्दार्थ- समाचार दिने व्यक्ति, संवाददाता, खवर पठाउने व्यक्ति, सन्देश दिने व्यक्ति।

समाचारपत्रम् (ना./न.)/**समाचारपत्रिका** (ना./स्त्री.) समाचारस्य पत्रम्/पत्रिका *(समाचारको पत्र वा पत्रिका)* ष.त.स.= समाचारपत्र/समाचारपत्रिका।

शब्दार्थ- समाचारहरू छापिएको पत्र, खवरहरू प्रकाशन गरिएको पत्रिका, अखवार।

समाचारस्रोतः (ना./पुं.) स्रवतीति *(प्रवाहित हुन्छ)* स्रु गतौ (भ्वा.) धातु, स्रु+असुन्[१] (अस्), तुडागम[१], गुण, स्रोतस्, स्रोतः। समाचारस्य स्रोतः *(समाचारको स्रोत)* ष.त.स.= समाचारस्रोत।

शब्दार्थ- समाचार उपलब्ध हुने या गराउने साधन वा स्रोत, व्यक्ति, संस्था आदि, समाचार प्रवाहित हुने स्रोत।

समाजः (ना./पुं.) संवीयते अत्र *(जम्मा भइन्छ यहाँ)* सम्पूर्वक अज गतिक्षेपणयोः (भ्वा.) धातु, सम्+अज्+घञ्[२] (अ), वृद्धि= समाज।

समाजोऽथ सधर्मिणाम्- इत्यमरः

शब्दार्थ- मानिसहरूको समूह, एउटै धर्म वा सम्प्रदाय भएका मानिसको समुदाय, विद्वत्मण्डली, सङ्घसंस्था, गोष्ठी, परिषद्।

समादरः (ना./पुं.) समाद्रियते इति *(राम्रो आदर गरिन्छ)* सम् आङ्पूर्वक दृङ् आदरे (तुदा.) धातु, सम्+आ+दृ+अप्[३] (अ), गुण= समादर।

शब्दार्थ- आदर, सम्मान, सत्कार, पूज्यभाव, प्रतिष्ठा।

समादरणीयः (वि.) समादर्तुं योग्यः *(आदर गर्न योग्य)* सम् आङ्पूर्वक दृङ् आदरे (तुदा.) धातु, सम्+आ+दृ+अनीय (ऱ्), गुण, णत्व= समादरणीय।

शब्दार्थ- आदर-सम्मान गर्न योग्य वा लायक, विशेष आदर गर्नुपर्ने।

समादृतः (वि.) समाद्रियते स्म इति **(विशेष आदर गरिएको)** सम्पूर्वक दृङ् आदरे (तुदा.) धातु, सम्+आ+दृ+क्त (त)= समादृत।

शब्दार्थ- विशेष आदर गरिएको, राम्ररी सम्मान गरिएको, प्रतिष्ठित, सम्मानित।

समादेशः (ना./पुं.) सम्यक् आदिश्यते अनेन इति **(विशेष आदेश दिइन्छ)** सम् आङ्पूर्वक दिश अतिसर्जने (तुदा.) धातु, सम्+आ+दिश्+घञ् (अ), गुण=समादेश।

शब्दार्थ- विशेष किसिमको आज्ञा वा आदेश, हुकुम, निर्देश, परमादेश।

समादेशकः (वि.) समादिशतीति *(विशेष आदेश दिन्छ)* सम् आङ्पूर्वक दिश अतिसर्जने (तुदा.) धातु, सम्+आ+दिश्+ण्वुल्[४] (अक), गुण= समादेशक।

शब्दार्थ- विशेष आदेश वा आज्ञा दिने, हुकुम दिने, हैकम चलाउने।

समाधानम् (ना./न.) समाधानम्, समाधीयते इति वा *(समाधान गर्नु, चित्त एकाग्र पार्नु)* सम् आङ्पूर्वक डुधाञ् धारणपोषणयोः (जुहो.) धातु, सम्+आ+धा+ल्युट् (अन)= समाधान।

शब्दार्थ- कुनै समस्याको निराकरण गर्ने काम, शङ्का हटाउने काम, मतभेद हटाउने वा निवारण गर्ने काम, मानसिक एकाग्रता, समाधि, गहनविचार, चित्त एकाग्र पार्ने काम, मन स्थिर गर्ने काम।

समाधिः (ना./पुं.) समाधानम्, समाधीयते इति वा *(ध्यानमा निमग्न हुनु)* सम् आङ्पूर्वक डुधाञ् धारणपोषणयोः (जुहो.) धातु, सम्+आ+धा+कि[५] (इ), आलोप= समाधि।

शब्दार्थ- अष्टाङ्ग योगमध्ये एक, योगसाधनको अन्तिम अवस्था, चित्तको एकाग्रता, ध्यान, पूर्ण इन्द्रियनिग्रह, आफूलाई पनि विर्सेर ध्येयवस्तुमा मात्र ध्यान केंद्रित गर्ने काम।

द्रष्टव्य- **तदेवार्थमात्रनिर्भासं स्वरूपशून्यमिव समाधिः-** अर्थात् ध्यान गर्दा-गर्दै चित्त ध्येयकै आकृतिमा समाहित हुन्छ र ध्यान गर्नेले आफ्नो स्वरूपलाई पनि विर्सन्छ, यही अवस्था समाधि हो- *पा.यो.द. ३/३*

समाधिस्थः (वि.) समाधौ तिष्ठतीति *(समाधिमा रहन्छ)* समाधि उपपदमा हुने ष्ठा गतिनिवृत्तौ (भ्वा.) धातु, समाधि+स्था+क (अ), आलोप= समाधिस्थ।

शब्दार्थ- समाधिमा रहेको, ध्यानमा निमग्न भएको।

समाधेयः (वि.) समाधातुं योग्यः *(समाधान गर्न योग्य)* सम् आङ्पूर्वक डुधाञ् धारणपोषणयोः (जुहो.) धातु, सम्+आ+धा+यत्[६] (य), ईत्व[७], गुण= समाधेय।

शब्दार्थ- समाधान गर्न योग्य वा लायक, समाधान गर्न सकिने, निराकरण गर्नुपर्ने।

समानः (वि./ना./पुं.) समन्तात् अनिति प्राणीति अनेन *(चारैतिर सास फैलाउँछ यसले)* सम्पूर्वक अन प्राणने (अदा.) धातु, सम्+अन्+घञ्[८] (अ), वृद्धि= समान। अथवा समन्तादानयति *(चारैतिर लैजान्छ)* सम्+अन्+ णिचि+अच् (पचादि), वृद्धि, णिलोप= समान। अथवा समानं मानमस्य *(समान मान छ यसको)* व.स., समानको सभाव[९]= समान।

---

[१] सुपरीभ्यां तुद् च : असुन्/तुद्

[२] अकर्तरि च कारके...: घञ्

[३] ग्रहवृदृनिश्चि...: अप्

[४] ण्वुल्तृचौ : ण्वुल्

[५] उपसर्गे घोः किः : कि

[६] अचो यत् : यत्

[७] ईद्यति : ईत्व

[८] हलश्च : घञ्

[९] समानस्यच्छन्द...: समानको सभाव

अथवा मानेन सह वर्तमानम् *(मानसहित)* व.स., सहको सभाव= समान ।

अथवा समतीति *(सम रहन्छ)* षम अवैकल्ये (भ्वा.) धातु, सम्+चानश्[१] (आन)= समान ।

समानः सत्समैकेषु त्रिषु ना नाभिमारुते- इति मेदिनी

हृदि प्राणो गुदेऽपानः समानो नाभिमण्डले- इत्यमरः

वाच्यलिङ्गाः समस्तुल्यः सदृक्षः सदृशः सदृक् ।

साधारणः समानश्च- इत्यमरः

शब्दार्थ- वरावर, सम, तुल्य, गर्वयुक्त, गर्वसहित, सदृश, साधारण, एकरूप, शरीरमा रहने पाँच वायुहरूमध्ये नाभिमण्डलमा रहने एउटा वायु ।

समानाधिकरणः (वि./ना./न.) समानम् अधिकरणं यस्य *(समान अधिकरण छ जसको)* व.स., दीर्घ =समानाधिकरण ।

अथवा समानञ्च तदधीकरणञ्च *(समान अधिकरण)* क.त.स.= समानाधिकरण ।

शब्दार्थ- समान आधार भएको, व्याकरणमा समान कारक विभक्ति भएको, समान आधार, समान विषय ।

समानान्तरः (वि.) समानमन्तरं यस्य *(समान अन्तर वा फरक छ जसको)* व.स., दीर्घ= समानान्तर ।

शब्दार्थ- वरावरी अन्तरमा रहेको, कोणहरू समान अन्तरमा रहेका ।

समानार्थकः (वि.) समानमर्थं यस्य *(समान अर्थ छ जसको)* दीर्घ, समासान्त कप्= समानार्थक ।

शब्दार्थ- समान अर्थ भएको, उस्तै अर्थ भएको, उस्तै अर्थ वोध हुने, समानार्थी, पर्याय अर्थको वोध हुने ।

समानार्थी (वि.) समानश्चासौ अर्थश्च *(समान अर्थ)* क.त.स., दीर्घ, समानार्थः । स यस्यास्तीति *(समान अर्थ छ यसको)* समानार्थ+इनि (इन्), समानार्थिन् =समानार्थी ।

शब्दार्थ- समान अर्थ वोध हुने, उही अर्थ दिने, समान अर्थ भएको, समानार्थक ।

समानुपातः (ना./पुं.) अनुपातनम्, अनुपात्यते इति वा *(अनुपात मिल्नु)* अनुपूर्वक पत्लृ गतौ (भ्वा.) धातु, अनु+पत्+णिचि+घञ् (अ), वृद्धि, अनुपातः । समः समानः अनुपात क.त.स., दीर्घ= समानुपात ।

शब्दार्थ- वरावरीको मात्रा, समान परिमाण, एकैनासको अनुपात ।

समानुपातिकः (वि.) समानुपातादागतः, समानुपातेन निर्वृत्तः, समानुपातमर्हति, समानुपातस्यायम् इति वा *(समानुपातको धारणावाट आएको, समानुपातद्वारा निर्वृत्त भएको, समानुपातको लागि योग्य, समानुपातको यो)* समानुपात+ठक्[२]/ठञ् (इक) =समानुपातिक ।

शब्दार्थ- समानुपातसम्वन्धी, समानुपातको आधारवाट आएको, समानुपाती, वरावरीको आधारमा आएको, समानुपातको ।

समानुपाती (वि.) समानुपातः अस्यास्तीति *(समानुपातको आधार छ यसको)* समानुपात+इनि[३] (इन्), अकारलोप, समानुपातिन्= समानुपाती ।

शब्दार्थ- समानुपातमा हुने, वरावरीको,

समापकः (वि.) समापयतीति *(समाप्त गर्छ)* सम्पूर्वक आप्लृ व्याप्तौ (स्वा.) धातु, सम्+आप्+णिचि+ण्वुल्[४] (अक), णिलोप= समापक ।

शब्दार्थ- समाप्त गर्ने, पूरा गर्ने, थालेको काम टुङ्ग्याउने ।

समापनम् (ना./न.) समापनम्, समाप्यते इति वा *(समाप्त गरिन्छ)* सम्पूर्वक आप्लृ व्याप्तौ (स्वा.) धातु, सम्+आप्+णिचि+ल्युट् (अन), णिलोप= समापन ।

शब्दार्थ- कुनै कार्य पूरा गर्ने काम, सम्पन्न गर्ने काम, समाप्ति, टुङ्गो लगाउने काम ।

समापनीयः (वि.) समाप्तुं योग्यः *(समाप्त गर्न योग्य)* सम्पूर्वक आप्लृ व्याप्तौ (स्वा.) धातु, सम्+आप्+ अनीय[५] (र्)= समापनीय ।

अथवा समापनं प्रयोजनमस्य *(समापन प्रयोजन छ यसको)* समापन+छ[६] (ईय)= समापनीय ।

शब्दार्थ- समाप्त गर्न योग्य वा लायक, समापन गर्नुपर्ने ।

समापन्नः (वि.) समापद्यते स्म इति *(सम्पन्न गरिएको)* सम् आङ्पूर्वक पद गतौ (दिवा.) धातु, सम्+आ+पद् +क्त (त), निष्ठा तको न, परसवर्ण= समापन्न ।

शब्दार्थ- सम्पन्न भएको, समाप्त भएको, पूरा भएको, सिद्धिएको, घटित ।

समापिका (ना./स्त्री./वि.) समापयतीति *(समाप्त गर्छ)* सम्पूर्वक आप्लृ व्याप्तौ (स्वा.) धातु, सम्+आप्+ णिचि+ण्वुल् (अक, समापक+टाप् (आ), ककारपूर्वका अकारको इत्व= समापिका ।

शब्दार्थ- वाक्य समाप्त गर्ने क्रिया, समापिका क्रिया, पूरा गर्ने, समाप्त गर्ने, पूर्णता दिने ।

समापितः (वि.) समाप्यते स्म इति *(समापन गरिएको)* सम्पूर्वक आप्लृ व्याप्तौ (स्वा.) धातु, सम्+आप्+ णिचि+क्त (त), णिलोप, इडागम= समापित ।

शब्दार्थ- समापन गरिएको, पूरा गरिएको, समाप्त पारिएको, सिध्याइएको ।

समाप्तः (वि.) समाप्यते स्म इति *(सिद्धिएको)* सम्पूर्वक आप्लृ व्याप्तौ (स्वा.) धातु, सम्+आप्+क्त (त) =समाप्त ।

शब्दार्थ-सिद्धिएको, समाप्त भएको, पूरा भएको, टुङ्गिएको ।

---

[१] ताच्छील्यवयोवचन... : चानश्

[२] ठगायस्थानेभ्यः../तेन निर्वृत्तम्/तदर्हति : ठक्/ठञ्

[३] अत इनिठनौ : इनि

[४] ण्वुल्तृचौ : ण्वुल्

[५] तव्यत्तव्यानीयरः : अनीय (र्)

[६] समानात् सपूर्वात्...: छ

समाप्तविद्यः (वि.) समाप्ता विद्या येन सः *(समाप्त गरेको छ विद्या जसले)* ब.स., विद्याको ह्रस्व= समाप्तविद्य ।

शब्दार्थ- विद्या समाप्त गरेको, पढाइ टुङ्ग्याएको ।

समाप्तिः (ना./स्त्री.) समाप्यते इति *(समाप्त गरिन्छ)* सम्पूर्वक आप्लृ व्याप्तौ (स्वा.) धातु, सम्+आप्+क्तिन्[1] (ति)= समाप्ति ।

शब्दार्थ- समापन, टुङ्गो लगाउने काम, पूरा गर्ने काम, भइरहेको कामको अन्त ।

समाप्यः (वि.) समाप्तुं योग्यः *(समाप्त गर्न योग्य)* सम्पूर्वक आप्लृ व्याप्तौ (स्वा.) धातु, सम्+आप्+यत्[2] (य)= समाप्य ।

शब्दार्थ- समाप्त गर्न योग्य वा लायक, टुङ्ग्याउनुपर्ने, पूरा गर्न लायक ।

समायुक्तः (वि.) समायुज्यते स्म इति *(जोडिएको)* सम् आङ्पूर्वक युजिर् योगे (रुधा.) धातु, सम्+आ+युज्+क्त (त), कुत्व= समायुक्त ।

शब्दार्थ- जोडिएको, सम्बद्ध ।

समायोगः (ना./पुं.) समायुज्यते इति *(सम्बन्ध जोडिन्छ)* सम् आङ्पूर्वक युजिर् योगे (रुधा.) धातु, सम्+आ+युज्+घञ् (अ), गुण, कुत्व= समायोग ।

शब्दार्थ-मेल, सम्बन्ध, तयारी, संयोग, सङ्ग्रह, भेटघाट ।

समायोजकः (वि.) समायुनक्तीति *(जोड्छ)* सम् आङ्पूर्वक युजिर् योगे (रुधा.) धातु, सम्+आ+युज्+ण्वुल्[3] (अक), गुण= समायोजक ।

शब्दार्थ- समायोजन गर्ने, सन्तुलनमा ल्याउने ।

समायोजनम् (ना./न.) समायोजनम्, समायुज्यते इति वा *(समायोजन गरिन्छ)* सम्पूर्वक युजिर् योगे (रुधा.) धातु, सम्+आ+युज्+ल्युट् (अन), गुण= समायोजन ।

शब्दार्थ- समायोजन गर्ने काम, सन्तुलन, संयोजन, समायोजन, सन्तुलन कायम गर्ने क्रिया ।

समायोजितः (वि.) समायोज्यते स्म इति *(समायोजन गरिएको)* सम्पूर्वक युजिर् योगे (रुधा.) धातु, सम्+युज्+णिचि, गुण, समायोजि+क्त (त), इडागम, णिलोप= समायोजित ।

शब्दार्थ- समायोजन गरिएको, सन्तुलन मिलाइएको ।

समारम्भः (ना./पुं.) समारभ्यते इति *(आरम्भ गरिन्छ)* सम् आङ्पूर्वक रभी शब्दे (भ्वा.) धातु, सम्+आ+रभ्+घञ्[4] (अ), नुम्[5], परसवर्ण= समारम्भ ।

शब्दार्थ- कुनै कामको राम्ररी थालनी गर्ने काम, शुभारम्भ, आरम्भ, शुरुवात ।

समाराधनम् (ना./न.) समाराधनम्, समाराध्यते इति वा *(राम्ररी आराधना गरिन्छ)* सम् आङ्पूर्वक राध संसिद्धौ (स्वा.) धातु, सम्+आ+राध्+ल्युट् (अन) =समाराधन ।

शब्दार्थ- राम्ररी आराधना गर्ने काम, राम्रो उपासना, प्रसन्न पार्ने काम, सेवा-शुश्रूषा ।

समारोपणम् (ना./न.) समारोप्यते इति *(रोप्नु, सुम्पनु)* सम् आङ्पूर्वक रुह बीजजन्मनि प्रादुर्भावे च (भ्वा.) धातु, सम्+आ+रुह्+णिचि+ल्युट् (अन), रुह्का हको प[6], गुण, णत्व =समारोपण ।

शब्दार्थ- सुम्पने काम, आरोपण गर्ने काम, राम्ररी रोप्ने काम, राख्ने काम ।

समारोपितः (वि.) समारोप्यते स्म इति *(आरोपण गरिएको)* सम् आङ्पूर्वक रुह बीजजन्मनि प्रादुर्भावे च (भ्वा.) धातु, सम्+आ+रुह्+णिचि, गुण, हको प, समारोपि+क्त (त), इडागम, णिलोप= समारोपित ।

शब्दार्थ- आरोपित गरिएको, आरोपण गरिएको, चढाइएको, धनुमा ताँदो राखिएको, सुम्पिएको ।

समारोहः (ना./पुं.) समारुह्यते इति *(उत्सव मनाउनु, राम्ररी चढ्नु)* सम् आङ्पूर्वक रुह बीजजन्मनि प्रादुर्भावे च (भ्वा.) धातु, सम्+आ+रुह्+घञ् (अ), गुण =समारोह ।

शब्दार्थ- महोत्सव, विशेष अवसरमा मनाइने उत्सव, राम्ररी चढ्ने वा माथितिर जाने काम, उक्लने काम ।

समालोचकः (वि.) समालोचते इति *(समीक्षा गर्छ)* सम् आङ्पूर्वक लोचृ दर्शने (भ्वा.) धातु, सम्+आ+लोच्+ण्वुल् (अक)= समालोचक ।

शब्दार्थ- समालोचना गर्ने, समीक्षक, कुनै रचनाको गुणदोष छुट्ट्याउने, टीकाटिप्पणी गर्ने, चर्चा परिचर्चा गर्ने, समीक्षा गर्ने ।

समालोचनम्/समालोचना (ना./न./स्त्री.) समालोच्यते इति *(समालोचना गरिन्छ)* सम् आङ्पूर्वक लोचृ दर्शने (भ्वा.)धातु, सम्+आ+लोच्+ल्युट् (अन)=समालोचन । सम्+आ+लोच्+युच् (अन, उणा., बहुलप्रकारले, समालोचन+टाप् (आ)= समालोचना ।

शब्दार्थ- विवेचना, समीक्षा, साहित्यिक रचनाको गुण दोष छुट्ट्याउने काम, आलोचना, राम्रो नराम्रो कुराको परीक्षण ।

समालोचितः (वि.) समालोच्यते स्म इति *(समीक्षा गरिएको)* सम् आङ्पूर्वक लोचृ दर्शने (भ्वा.) धातु, सम्+आ+लोच्+क्त (त), इडागम= समालोचित ।

शब्दार्थ- समालोचना वा समीक्षा गरिएको, विवेचना गरिएको, साहित्यिक कृतिको मूल्याङ्कन गरिएको ।

समालोच्यः (वि.) समालोचितुं योग्यः *(समीक्षा गर्न योग्य)* सम् आङ्पूर्वक लोचृ दर्शने (भ्वा.) धातु, सम्+आ+लोच्+ण्यत् (य)= समालोच्य ।

शब्दार्थ- समीक्षा वा समालोचना गर्न योग्य, विवेचना गर्नुपर्ने, आलोच्य ।

---

१. स्त्रियां क्तिन् : क्तिन्
२. पोरदुपधात् : यत्
३. ण्वुल्तृचौ : ण्वुल्
४. अकर्तरि च कारके...: घञ्
५. रभेरशब्लिटोः : नुम्
६. रुह पोऽन्यतरस्याम् : हको प

समावर्तनम् (ना./न.) समावृत्यते इति *(फर्किनु)* सम् आङ्पूर्वक वृतु वर्तने (भ्वा.) धातु, सम्+आ+वृत्+ल्युट् (अन), गुण= समावर्तन ।

शब्दार्थ- गुरुकुलमा वेदाध्ययन सकेर घर आउने काम, विद्याध्ययन पछि दीक्षित बनेर फर्कने कार्य, थालेको काम समाप्त पार्ने क्रिया, अध्ययन समाप्ति पछि गृहस्थाश्रम तथा अन्य कार्यक्षेत्रमा प्रवेश गर्ने काम ।

समाविष्टः (वि.) समाविश्यते स्म इति *(प्रवेश गरिएको)* सम् आङ्पूर्वक विश प्रवेशने (तुदा.) धातु, सम्+आ+विश्+क्त[1] (त), शको ष[2], विष् त, ष्टुत्व =समाविष्ट ।

शब्दार्थ- समावेश भएको, प्रवेश भएको, प्रतिष्ठित रहेको, सम्मिलित गरिएको ।

समावृतः (वि.) सम्यक् आव्रियते स्म इति *(राम्ररी घेरिएको)* सम् आङ् उपसर्गपूर्वक वृञ् वरणे (स्वा.) धातु, सम्+आ+वृ+क्त (त)= समावृत ।

शब्दार्थ- राम्ररी घेरिएको, छोपिएको, आवृत, गुप्त राखिएको, घेरा हालिएको, आच्छादित, ढाकिएको ।

समावृत्तः (वि.) समावृत्यते स्म इति *(समावर्तन गरिएको)* सम् आङ्पूर्वक वृतु वर्तने (भ्वा.) धातु, सम्+आ+वृत्+क्त (त)= समावृत्त ।

शब्दार्थ- वेदाध्ययन पश्चात् घर फर्केको, अध्ययनपछि स्नातक भई फर्केको, दीक्षित बनेको, अध्ययनपश्चात् कार्यक्षेत्रमा प्रवेश गरेको ।

समावेदनम् (ना./न.) समाविद्यते इति *(आवेदन गरिन्छ)* सम् आङ्पूर्वक विद ज्ञाने (अदा.) वा विद विचारणे (रुधा.) धातु, सम्+आ+विद्+ल्युट्[3] (अन), गुण =समावेदन ।

शब्दार्थ- विशेष किसिमको आवेदन, निवेदन, विन्तीपत्र ।

समावेशः (ना./पुं.) समाविश्यते, समावेश्यते इति वा *(प्रवेश गरिन्छ वा गराइन्छ)* सम् आङ्पूर्वक विश प्रवेशने (तुदा.) धातु, सम्+आ+विश्+घञ् (अ), गुण= समावेश ।

सम्+आ+विश्+णिचि+घञ् (अ), णिलोप, गुण =समावेश ।

शब्दार्थ- प्रवेश, भित्र पस्ने काम, सामेल हुने वा गर्ने काम, सम्मिलित हुने काम, प्रवेश गराउने कार्य, सामेल गराउने काम, गाभ्ने काम ।

समावेशितः (वि.) समावेश्यते स्म इति *(प्रवेश गराइएको)* सम् आङ्पूर्वक विश प्रवेशने (तुदा.) धातु, सम्+आ+विश्+णिचि, गुण, समावेशि+क्त (त), इडागम, णिलोप= समावेशित ।

शब्दार्थ- भित्र प्रवेश गराइएको, भित्र घुसाइएको, सामेल गराइएको ।

समाश्रयः (ना./पुं.) समाश्रयणम्, समाश्रीयते इति वा *(राम्रो आश्रय दिइन्छ)* सम् आङ्पूर्वक श्रिञ् सेवायाम् (भ्वा.) धातु, सम्+आ+श्रि+अच् (एरच्), गुण, अयादेश= समाश्रय ।

शब्दार्थ- राम्ररी आश्रय वा सहारा दिने काम, शरण, आडभरोसा, संरक्षण, वासस्थानको सहारा ।

समाश्रितः (वि.) समाश्रीयते स्म इति *(सहारा लिइएको)* सम् आङ्पूर्वक श्रिञ् सेवायाम् (भ्वा.) धातु, सम्+आ+श्रि+क्त (त)= समाश्रित ।

शब्दार्थ- आश्रय वा सहारामा रहेको, आश्रित, संरक्षित, कसैको शरणमा वसेको ।

समाश्लेषः (ना./पुं.) समाश्लिष्यते, समाश्लेषणमिति वा *(राम्ररी टाँसिन्छ)* सम् आङ्पूर्वक श्लिष आलिङ्गने (दिवा.) धातु, सम्+श्लिष्+घञ् (अ), गुण=समाश्लेष ।

शब्दार्थ- राम्ररी आलिङ्गन गर्ने काम, गाढा आलिङ्गन, राम्ररी अङ्कमाल गर्ने काम ।

समाश्वासः (ना./पुं.) समाश्वसनम्, समाश्वस्यते इति वा *(राम्ररी आश्वासन दिइन्छ)* सम् आङ्पूर्वक श्वस प्राणने (अदा.) धातु, सम्+आ+श्वस्+घञ् (अ), वृद्धि =समाश्वास ।

शब्दार्थ- सन्तोषको सास फेर्ने काम, राम्रो आश्वासन, विश्वास, आश्वस्त पार्ने काम, पूर्ण आश्वासन, भरोसा दिने काम ।

समाश्वासनम् (ना./न.) समाश्वास्यते इति *(आश्वस्त पारिन्छ)* सम् आङ्पूर्वक श्वस प्राणने (अदा.) धातु, सम्+आ+श्वस्+णिचि+ल्युट् (अन), वृद्धि, णिलोप =समाश्वासन ।

शब्दार्थ- आश्वासन, भरोसा दिने काम, विश्वस्त पार्ने काम, आश्वासन दिने कार्य, प्रोत्साहन, विश्वास दिलाउने क्रिया ।

समासः (ना./पुं.) समसनम्, समस्यते इति वा *(छोट्याइन्छ)* सम्पूर्वक असु क्षेपणे (दिवा.) वा अस गतिदीप्त्यादानेषु (भ्वा.) धातु, सम्+अस्+घञ् (अ), वृद्धि= समास ।

स्यात् समासस्तु पुंलिङ्गः सङ्क्षेपे च समर्थने- इति मेदिनी

शब्दार्थ- व्याकरणअनुसार दुई वा दुईभन्दा बढी शब्दहरू मिलेर एउटै शब्द बन्ने काम, शब्दहरूको समास हुने प्रक्रिया, शब्द-शब्दको मेल, शब्दहरू छोटचाउने र मिलाउने क्रिया ।

समासतः (अव्य.) समासेन समासादिति वा *(सङ्क्षिप्त रूपबाट)* समास+तसिल् (तस्), समासतस्, रुत्व, विसर्ग, समासतः= समासत ।

शब्दार्थ- सङ्क्षिप्त रूपले, छोटकरी रूपबाट ।

---

[1] निष्ठा : क्त

[2] व्रश्चभ्रश्जसृजमृज... : शको ष

[3] ल्युट् च : ल्युट्

समासितः (वि.) सम्यक् आस्यते स्म इति *(राम्ररी मिलेर रहेको)* सम्पूर्वक आस उपवेशने (अदा.) धातु, सम्+आस्+क्त[1] (त), कर्तामा, इडागम= समासित ।

शब्दार्थ- समास भएको, मिलेको, जुटेको, समस्त, राम्ररी वसेको, राम्रो आसनमा वसेको ।

समासीनः (वि.) सम्यक् आस्ते *(राम्ररी बस्छ)* सम्पूर्वक आस उपवेशने (अदा.) धातु, सम्+आस्+शानच्[2] (आन), आनका आको ईत्व= समासीन ।

शब्दार्थ- राम्ररी वसेको, आसनमा रहेको, उच्च आसनमा आसीन ।

समाहरणम् (ना./न.) समाहरणम्, समाह्रियते इति *(जम्मा गरिन्छ)* सम् आङ्पूर्वक हृञ् हरणे (भ्वा.) धातु, सम्+आ+हृ+ल्युट् (अन), गुण, णत्व= समाहरण ।

शब्दार्थ- जम्मा गर्ने काम, सङ्कलन, सङ्ग्रह, सञ्चय, सम्मिश्रण, राश, थुप्रो ।

समाहर्ता (ना./पुं./वि.) समाहरतीति *(जम्मा गर्छ)* सम् आङ्पूर्वक हृञ् हरणे (भ्वा.) धातु, सम्+आ+हृ+तृच्[3] (तृ), गुण, समाहर्तृ= समाहर्ता ।

शब्दार्थ- एक ठाउँमा जम्मा गर्ने व्यक्ति, सञ्चय गर्ने मानिस, कर वा शुल्क उठाउने व्यक्ति, सङ्ग्रह गर्ने, थुप्रो पार्ने, जम्मा गर्ने ।

समाहारः (ना./पुं.) समाहरणम्, समाह्रियते इति वा *(जम्मा गरिन्छ)* सम् आङ्पूर्वक हृञ् हरणे (भ्वा.) धातु, सम्+आ+हृ+घञ् (अ), वृद्धि= समाहार ।

शब्दार्थ- जम्मा गर्ने क्रिया, एक ठाउँमा थुप्रचाउने काम, एकत्रित पार्ने काम, समूह, समुच्चय ।

समाहितः (वि.) समाधीयते स्म इति *(समाधिमा रहेको)* सम् आङ्पूर्वक डुधाञ् धारणपोषणयोः (जुहो.) धातु, सम्+आ+धा+क्त (त), धाको हि आदेश[4]=समाहित ।

समाहितः समाधिस्थेऽप्युक्तसिद्धान्त आहिते
निर्विवादीकृतेऽपि स्यात् प्रतिज्ञाते च वाच्यवत्- मेदिनी

शब्दार्थ- ध्यानमा निमग्न भएको, समाधिस्थ, लीन भएको, मन, वुद्धि, अहङ्कार र अन्य इन्द्रियहरूलाई वशमा राखेको, संयमित, चित्त एकत्रित गरेको, शान्त, समाधान गरेको, विवादरहित पारेको, प्रतिज्ञा गरेको ।

समाहृतः (वि.) समाह्रियते स्म इति *(जम्मा गरिएको)* सम् आङ्पूर्वक हृञ् हरणे (भ्वा.) धातु, सम्+आ+हृ +क्त (त)= समाहृत ।

शब्दार्थ-मिलाइएको, जम्मा गरिएको, एकत्रित, सङ्ग्रहित

समाह्वानम् (ना./न.) समाह्वानम्, समाहूयते इति वा *(वोलाइन्छ)* सम् आङ्पूर्वक ह्वेञ् स्पर्धायां शब्दे च (भ्वा.) धातु, सम्+आ+ह्वे+ल्युट् (अन), आत्व =समाह्वान ।

शब्दार्थ- वोलाउने काम, आदेश, पुर्जी, समन ।

समितिः (ना./स्त्री.) समयनम्, समीयते संयन्ति अस्यामिति वा *(भेला हुनु वा हुन्छ)* सम्पूर्वक इ गतौ (भ्वा.) वा इण् गतौ (अदा.) धातु, सम्+इ+क्तिन् (ति) =समिति ।

समज्या परिषद्-गोष्ठी-सभा-समिति-संसदः - इत्यमरः
समत्याजिसमिद्युधः - इत्यमरः
समितिः सम्पराये स्यात्सभायां सङ्गमेऽपि च - इति मेदिनी

शब्दार्थ- सभा, 'गोष्ठी, परिषद्, सङ्गम, कचहरी, कुनै कामकुराको लागि जम्मा भएको भेला ।

समीकरणम् (ना./न.) असमः समः सम्पद्यते, स क्रियते इति *(सम (बरावर) नभएको सम हुन्छ र वरावर गरिन्छ)* डुकृञ् करणे (तना.) धातु, सम+च्वि[5]+कृ+ल्युट् (अन), कृको गुण, समका अकारको ईत्व[6] =समीकरण ।

शब्दार्थ- समान वा वरावर पार्ने काम, साधारण वनाउने काम, एकछत्त पार्ने काम ।

समीक्षकः (वि.) समीक्षते इति *(समीक्षा गर्छ)* समपूर्वक ईक्ष दर्शने (भ्वा.) धातु, सम्+ईक्ष्+ण्वुल्[3] (अक) =समीक्षक ।

शब्दार्थ- समीक्षा गर्ने, आलोचक, समालोचक, विवेचना गर्ने, गुण दोष छुट्टयाउने ।

समीक्षणम् (ना./न.) समीक्ष्यते इति *(समीक्षा गरिन्छ)* सम्पूर्वक ईक्ष दर्शने (भ्वा.) धातु, सम्+ईक्ष्+ल्युट (अन)= समीक्षण ।

शब्दार्थ- समालोचना, समीक्षा, राम्ररी हेर्ने काम, कुनै साहित्यिक रचनाको गुणदोष केलाएर हेर्ने काम।

समीक्षा (ना./स्त्री.) समीक्ष्यते इति *(समीक्षा गरिन्छ)* सम्पूर्वक ईक्ष दर्शने (भ्वा.) धातु, सम्+ईक्ष्+अ[7]+टाप् (आ)= समीक्षा ।

शब्दार्थ- कुनै रचनाको गुण दोष छुट्टयाएर विवेचना गर्ने काम, समालोचना, राम्रो नराम्रो पर्गेल्ने काम।

समीक्षालयः (ना./पुं.) समीक्षायै आलयः *(समीक्षाका लागि निर्मित कोठा वा भवन)* च.त.स., दीर्घ =समीक्षालय ।

शब्दार्थ- कुनै कार्यका प्रगतिको मूल्याङ्कन गर्ने कक्ष, विकास योजनाको समीक्षा गर्ने स्थान।

समीक्षितः (वि.) समीक्ष्यते स्म इति *(राम्ररी हेरिएको, समीक्षा गरिएको)* सम्पूर्वक ईक्ष दर्शने (भ्वा.) धातु, सम्+ईक्ष्+क्त (त), इडागम= समीक्षित ।

शब्दार्थ- समीक्षा गरिएको, विवेचना गरिएको, गुणदोष केलाएर हेरिएको ।

समीक्ष्यः (वि.) समीक्षितुं योग्यः *(समीक्षा गर्न योग्य)* सम्पूर्वक ईक्ष दर्शने (भ्वा.) धातु, सम्+ईक्ष्+ण्यत् (य) =समीक्ष्य ।

शब्दार्थ- समीक्षा गर्न योग्य वा लायक, समीक्षा गर्नुपर्ने।

---

१. गत्यर्थाकर्मक...: क्त
२. लटः शतृशानचाव... : शानच्
३. ण्वुल्तृचौ : ण्वुल्/तृच्
४. दधातेर्हिः : हि आदेश
५. कृभ्वस्तियोगो.. : च्वि
६. अस्य च्वौ : ईत्व
७. गुरोश्च हलः : अ प्रत्यय

समीचीनः (वि.) समञ्चतीति *(राम्ररी पूजा गर्छ, जान्छ)* सम्पूर्वक अञ्चु गतिपूजनयोः (भ्वा.) धातु, सम्+अञ्च्+क्विन्[1] (सर्वलोप),सम्को समि आदेश[2], नलोप, समि+अच्+ख[3] (ईन), अलोप[4], दीर्घ[5]= समीचीन । अथवा सम्यगेव *(राम्ररी नै)* समि+अच्+ख[3] (ईन), अलोप, दीर्घ= समीचीन ।

शब्दार्थ- राम्रो, ठीक, समुचित, उचित, उपयुक्त, सही, वास्तविक, यथार्थ, तथ्य, सत्य ।

समीचीनता (ना./स्त्री.) समीचीनस्य भावः *(समीचीन हुनाको भाव वा अवस्था)* समीचीन+तल् (त)+टाप् (आ)= समीचीनता ।

शब्दार्थ- राम्रो हुनाको स्थिति वा अवस्था, उपयुक्तता, औचित्य ।

समीपम् (अव्य./ना./न.) सङ्गताः आपः अत्र *(समीपमा रहन्छ जहाँ)* प्रा.व.स., अ (समासान्त), ईत्व[6]= समीप ।

शब्दार्थ- निकट, नजिक, नेर, वर, सामीप्य, समीपमा रहने काम ।

समीभवनम् (ना./न.) असमः समः सम्पद्यते, तद्भवनमिति *(विषमवर्ण सम बन्ने प्रक्रिया हुन्छ)* भू सत्तायाम् (भ्वा.) धातु, सम+च्वि+भू+ल्युट् (अन), समको दीर्घ, च्विलोप, गुण, अवादेश= समीभवन ।

शब्दार्थ- संयुक्त व्यञ्जनवर्णहरू ष्टुत्व, श्चुत्व, पूर्वसवर्ण, परसवर्ण आदि प्रक्रियाद्वारा पूर्ववर्ती वा परवर्ती व्यञ्जनवर्ण वन्ने प्रक्रिया, व्यञ्जनसन्धि, संयुक्त व्यञ्जन एक अर्काको प्रभाववाट परिवर्तन हुने एक भाषा वैज्ञानिक प्रक्रिया जस्तैः कर्म- कम्म- काम ।

समीयः (वि.) समे भवः *(सम (बराबर)मा हुने)* सम+छ (ईय)= समीय ।

शब्दार्थ- सम (वरावर) हुने, एकनास हुने ।

समीरः (ना./पुं.) सम्यक् ईर्ते गच्छतीति *(राम्ररी हिँड्छ)* सम्पूर्वक ईर गतौ कम्पने च (अदा.) धातु, सम्+ईर्+क (अ)= समीर ।

शब्दार्थ- हावा, वतास, वायु, मरुत्, पवन ।

समीरणः (ना./पुं./वि.) सम्यक् ईरयति, कम्पयति, प्रेरयतीति वा *(राम्ररी हल्लाउँछ)* सम्पूर्वक ईर गतौ कम्पने च (अदा.) धातु, सम्+ईर्+णिचि+ल्यु/युच्[7] (अन), णिलोप, णत्व= समीरण ।

शब्दार्थ- वतास, हावा, वायु, समीर, वात, पवन, प्राणवायु, चलायमान, गतिशील ।

समीहितः (वि.) समीहते स्म इति *(चेष्टा गरिएको)* सम्पूर्वक ईह चेष्टायाम् (भ्वा.) धातु, सम्+ईह्+क्त (त), कर्तामा, इडागम= समीहित ।

शब्दार्थ- अभीष्ट, इच्छित, वाञ्छित, अभिलाषा गरिएको, चाहेको, अभिलषित ।

समुचितः (वि.) समुच्यति स्म इति *(उपयुक्त भएको)* सम्पूर्वक उच समवाये (दिवा.) धातु, सम्+उच्+क्त (त), कर्तामा, इडागम= समुचित ।

शब्दार्थ- उचित, उपयुक्त, सुहाउँदो, प्रशस्त, यथेष्ट ।

समुच्चयः (ना./पुं.) समुच्चयनम्, समुच्चीयते इति वा **(जम्मा गरिन्छ)** सम् उत्पूर्वक चिञ् चयने (स्वा.) धातु, सम्+उत्+चि+अच् (एरच्), गुण, अयादेश, श्चुत्व= समुच्चय ।

शब्दार्थ- जम्मा गर्ने काम, एकत्रित पार्ने क्रिया, थुप्रो, समाहार, सङ्ग्रह ।

समुज्ज्वलः (वि.) समुज्ज्वलतीति *(उज्ज्वल हुन्छ)* सम् उत्पूर्वक ज्वल दीप्तौ (भ्वा.) धातु, सम्+उत्+ज्वल्+अच् (पचादि), श्चुत्ववाट तको ज=समुज्ज्वल ।

शब्दार्थ- ज्यादै उज्वल, खुब उज्यालो, ज्यादै चम्किलो, प्रकाशमान, चहकिलो ।

समुत्तीर्णः (वि.) समुत्तरति स्म इति *(समुत्तीर्ण भएको)* सम् उत्पूर्वक तृ प्लवनतरणयोः (भ्वा.) धातु, सम्+उत्+तृ+क्त (त), ॠको इत्व[8], समुद्दित्तर्त, निष्ठा तको न, दीर्घ[9], णत्व= समुत्तीर्ण ।

शब्दार्थ- राम्ररी उत्तीर्ण भएको, परीक्षा आदिमा राम्रो सफलता प्राप्त गरेको ।

समुत्थानम् (ना./न.) समुत्थानम्, समुत्थीयते इति वा **(राम्रो उत्थान हुनु)** सम् उत्पूर्वक ष्ठा गतिनिवृत्तौ (भ्वा.) धातु, सम्+उत्+स्था+ल्युट् (अन), स्थाका सको थ, थको लोप, दको चर्त्व त= समुत्थान ।

शब्दार्थ- उत्थान हुने क्रिया, राम्ररी माथि उठ्ने काम, पुनर्जागरण, समुन्नति ।

समुत्थितः (वि.) समुत्तिष्ठति स्म इति *(उत्थान भएको)* सम् उत्पूर्वक ष्ठा गतिनिवृत्तौ (भ्वा.) धातु, सम्+उत्+स्था+क्त (त), कर्तामा, स्थाका सको थ, थको लोप, दको चर्त्व त, इत्व= समुत्थित ।

शब्दार्थ- उत्थान भएको, प्रगति भएको, उन्नति भएको ।

समुत्पत्तिः (ना./स्त्री.) समुत्पद्यते इति *(उत्पत्ति हुनु)* सम् उत्पूर्वक पद गतौ (दिवा.) धातु, सम्+उत्+पद्+क्तिन् (ति), दको चर्त्व त= समुपत्ति ।

शब्दार्थ- राम्रोसित उत्पत्ति हुने काम, राम्ररी पैदा हुने काम, जन्म, उत्पत्ति ।

समुत्पन्नः (वि.) समुत्पद्यते स्म इति *(उत्पत्ति भएको)* सम् उत्पूर्वक पद गतौ (दिवा.) धातु, सम्+उत्+पद्+क्त (त), निष्ठा तको न, परसवर्ण= समुत्पन्न ।

शब्दार्थ- राम्ररी उत्पन्न भएको, पैदा भएको, जन्म लिएको

---

[1] ऋत्विग्दधृक्स्रग्दि... : क्विन्

[2] समः समिः : समि आदेश

[3] विभाषाञ्चेरदिक्...: ख

[4] अचः : अलोप

[5] चौ : दीर्घ

[6] द्व्यन्तरुपसर्गेभ्य... : ईत्व

[7] चलनशब्दार्थादकर्म... : युच्

[8] ऋत इद्धातोः : इत्व

[9] वृतो (वा.) : दीर्घ

समुत्सुकः (वि.) सम् सम्यक् उत्सुकः *(ज्यादै उत्सुक)* प्रा.ब.स.= समुत्सक ।

शब्दार्थ- ज्यादै उत्सुक, ज्यादै आतुर, ज्यादै उत्कण्ठायुक्त ।

समुदयः (ना./पुं.) समुदीयते इति *(राम्ररी उदय हुनु)* सम् उद्पूर्वक इण् गतौ (अदा.) धातु, वा ई गतौ (भ्वा.) धातु, सम्+उद्+इ/ई+अच् (एरच्), गुण, अयादेश=समुदय ।

भवेत्समुदयः सङ्घे संयुगे च समुद्गमे- इति मेदिनी

शब्दार्थ- समूह, समुदाय, समुच्चय, सङ्घ, सङ्ग्रह, समुद्गम, सूर्योदय हुने काम ।

समुदायः (ना./पुं.) समुदायनमिति *(एकीकृत हुनु)* सम् उत् आङ्पूर्वक अय गतौ (भ्वा.) धातु, सम्+उद्+आ+अय्+घञ् (अ), दीर्घ= समुदाय ।

शब्दार्थ- समूह, चय, थुप्रो, जमात, कुनै उद्देश्यले स्थापित सङ्घ, संस्था आदि ।

समुदाहरणम् (ना./न.) समुदाह्रियते इति *(राम्रो उदाहरण दिइन्छ)* सम् उत् आङ्पूर्वक हृञ् हरणे (भ्वा.) धातु, सम्+उद्+आ+हृ+ल्युट् (अन), गुण, णत्व =समुदाहरण ।

शब्दार्थ- राम्रो उदाहरण, अनुकरणीय उदाहरण, राम्ररी उच्चारण गर्ने काम, उद्घोषण ।

समुदितः (वि.) समुदयति स्म, समुदेति स्म इति वा *(राम्ररी उठेको, उदाएको)* सम् उद्पूर्वक इ गतौ (भ्वा.) वा इण् गतौ (अदा.) धातु, सम्+उद्+इ+क्त[1] (त), कर्तामा= समुदित ।

शब्दार्थ- उदाएको, माथि उठेको, उन्नति भएको, पैदा भएको, उन्नत, समृद्ध, उत्पन्न, चम्केको ।

समुद्भवः (ना./पुं.) समुद्भवति अस्मादिति *(उत्पत्ति हुन्छ यसबाट)* सम् उत्पूर्वक भू सत्तायाम् (भ्वा.) धातु, सम्+उद्+भू+अप्[2] (अ), गुण, अवादेश = समुद्भव ।

शब्दार्थ- उत्पत्ति, जन्म, प्रादुर्भाव, प्रकट हुने काम ।

समुद्यतः (वि.) समुद्यच्छति स्म इति *(उद्यत भएको)* सम् उत्पूर्वक यम उपरमे (भ्वा.) धातु, सम्+उद्+यम्+क्त (त), अनुनासिक मलोप= समुद्यत ।

शब्दार्थ- उद्यत, तयार भएको, संलग्न भएको, लागेको, तत्पर भएको ।

समुद्यमः (ना./पुं.) समुद्यम्यते इति *(राम्ररी उद्यम गरिन्छ)* सम् उद्पूर्वक यम उपरमे (भ्वा.) धातु, सम्+उद्+यम्+घञ् (अ), वृद्धिको अभाव= समुद्यम ।

शब्दार्थ- ठूलो प्रयत्न, धेरै प्रयास गर्ने काम, उद्यम गर्ने काम, माथि उठ्ने काम ।

समुद्योगः (ना./पुं.) समुद्योजनम्, समुद्युज्यते इति *(उद्यम गरिन्छ)* सम् उद्पूर्वक युजिर् योगे (रुधा.) धातु, सम्+उद्+युज्+घञ् (अ), गुण, कुत्व= समुद्योग ।

शब्दार्थ- राम्ररी उद्योग गर्ने काम, ठूलो प्रयत्न, सक्रिय चेष्टा, क्रियाशील भएर उद्यम गर्ने काम, ठूलो प्रयास ।

समुद्रः (ना./पुं.) मोदते अनया *(खुसी हुन्छ यसबाट)* मुद हर्षे (भ्वा.) धातु, मुद्+रक्[3] (र), उणा., मुद्र+टाप् (आ), मुद्रा । सह मुद्रया मर्यादया वर्तते *(मर्यादापूर्वक रहन्छ)* ब.स[4]., सहको सभाव[5]= समुद्र ।

अथवा समुनत्ति *(तरङ्गित हुन्छ)* सम्पूर्वक उन्दी क्लेदने (रुधा.) धातु, सम्+उन्द्+रक् (र), नलोप= समुद्र ।

अथवा समुद्रवन्ति रश्मिभिः आकृष्यमाणाः आपः उद्ध्वं गच्छन्ति *(किरणले सोसिएको जल उँभो जान्छ)* सम् उद्पूर्वक द्रु गतौ (भ्वा.) धातु, सम्+उद्+द्रु+ड (अ), टिलोप= समुद्र ।

शब्दार्थ- उदधि, समुद्र, सागर, अर्णव, सिन्धु ।

समुद्रमथनम्/समुद्रमन्थनम् (ना./न.) मथनम्, मन्थनम् मथ्यते इति वा *(हुँडलिन्छ)* मथे विलोडने, मन्थ विलोडने (भ्वा.) धातु, मथ्+ल्युट् (अन), मथनम् । मन्थ्+ल्युट् (अन), मन्थनम् । समुद्रस्य मथनम्, मन्थनम् इति वा *(समुद्रको मथन)* ष.त.स. =समुद्रमथन/समुद्रमन्थन ।

शब्दार्थ- समुद्रलाई मन्थन गर्ने काम, पौराणिक कथानुसार देवता र दानव मिलेर गरेको समुद्रको मन्थन, जसमा साक्षात् लक्ष्मी तथा अमृत सहितका विभिन्न रत्नहरू प्राप्त भएका थिए ।

समुद्रगामी (वि.) समुद्रं गन्तुं शीलमस्य *(समुद्रतक जाने शील छ यसको)* समुद्र उपपदपूर्वक गम्लृ गतौ (भ्वा.) धातु, समुद्र+गम्+णिनि[6] (इन्), वृद्धि, समुद्रगामिन् =समुद्रगामी ।

शब्दार्थ- समुद्रसम्म पुग्ने पहुँच भएको, सागरपर्यन्त पुग्न सक्ने ।

समुन्नतः (वि.) समुन्नमति स्म इति *(माथि उठेको)* सम्+उत्पूर्वक णम प्रहत्वे शव्दे च (भ्वा.) धातु, सम्+उत्+नम्+क्त (त), कर्तामा, मको अनुनासिक लोप, परसवर्ण= समुन्नत ।

शब्दार्थ- माथि उठेको, ज्यादै उन्नति गरेको, अग्लो भएको, उचाइमा पुगेको, समृद्ध, सम्पन्न ।

समुन्नतिः (ना./स्त्री.) समुन्नयनम्, समुन्नम्यते इति वा *(उत्थान हुनु)* सम् उत्पूर्वक णम प्रहत्वे शव्दे च (भ्वा.) धातु, सम्+उत्+नम्+क्तिन् (ति), मलोप, तको परसवर्ण= समुन्नति ।

शब्दार्थ- उन्नति, समृद्धि, सम्पन्नता, उन्नति गर्ने काम, माथि उठ्ने काम, अभ्युदय, उत्थान ।

---

१. गत्यर्थाकर्मक... : क्त
२. ऋदोरप् : अप्
३. स्फायितञ्चि... : रक्
४. तेन सहेति... : ब.स.
५. वोपसर्जनस्य : सहको सभाव
६. सुप्यजातौ... : णिनि

समुन्नयः (ना./पुं.) समुन्नयनम्, समुन्नीयते इति वा *(उन्नति गर्नु)* सम् उत्पूर्वक णीञ् प्रापणे (भ्वा.) धातु, सम्+उत्+नी+अच् (एरच्), गुण, अयादेश =समुन्नय ।

शब्दार्थ- माथि उठ्ने काम, उन्नति गर्ने काम, प्राप्त गर्ने क्रिया ।

समुपभोगः (ना./पुं.) समुपभुज्यते इति *(उपभोग गरिन्छ)* सम् उपपूर्वक भुज पालनाभ्यवहारयोः (रुधा.) धातु, सम्+उप+भुज्+घञ् (अ), गुण, कुत्व= समुपभोग ।

शब्दार्थ- राम्ररी उपभोग गर्ने काम, उपभोग, मैथुन, सम्भोग क्रिया, रतिक्रिया ।

समुपस्थितः (वि.) समुपतिष्ठति स्म इति *(राम्ररी उपस्थित भएको)* सम् उपपूर्वक ष्ठा गतिनिवृत्तौ (भ्वा.) धातु, सम्+उप+क्त[1] (त), कर्तामा, स्थाको इत्व[2]=समुपस्थित ।

शब्दार्थ- राम्रोसित उपस्थित भएको, नियमित हाजिर रहेको ।

समुपस्थितिः (ना./स्त्री.) समुपस्थानम्, समुपस्थीयते इति वा *(उपस्थित हुनु)* सम् उत्पूर्वक ष्ठा गतिनिवृत्तौ (भ्वा.) धातु, सम्+उत्+स्था+क्तिन् (ति), स्थाको इत्व= समुपस्थिति ।

शब्दार्थ- राम्रोसित उपस्थित हुने काम, रुजु हाजिर हुने काम ।

समुपार्जनम् (ना./न.) समुपार्जनम्, समुपार्ज्यते इति वा *(आर्जन गर्नु वा गरिन्छ)* सम् उपपूर्वक अर्ज अर्जने (भ्वा.) वा अर्ज प्रतियत्ने (चुरा.) धातु, सम्+उप+अर्ज्+ल्युट् (अन), दीर्घ= समुपार्जन ।

शब्दार्थ- राम्ररी आर्जन गर्ने काम, एकैसाथ प्राप्त गर्ने क्रिया, उपार्जन ।

समुपेतः (वि.) समुपैति स्म इति *(राम्ररी पुगेको)* सम् उपपूर्वक इण् गतौ (अदा.) धातु, सम्+उप+इ+क्त (त), कर्तामा, उप इको गुण= समुपेत ।

शब्दार्थ- राम्रोसित पुगेको, प्राप्त भएको, एकत्रित, जम्मा भएको, सुसज्जित ।

समुल्लासः (ना./पुं.) समुल्लसति अस्मात् *(यसबाट खुसी हुन्छ)* सम् उत्पूर्वक लस श्लेषणक्रीडनयोः (भ्वा.) धातु, सम्+उत्+लस्+घञ्[3] (अ), वृद्धि, परसवर्ण =समुल्लास ।

शब्दार्थ- ज्यादै आनन्द, ज्यादै हर्क, अत्यन्त हर्ष, खुवै खुसियाली, ठूलो उमङ्ग ।

समूलः (वि.) मूलेन सह वर्तमानः *(मूलसहित)* ब.स[4]., सहको सभाव[5]= समूल ।

शब्दार्थ- मूलसहितको, जरासहितको, सकारण, हेतुयुक्त ।

समूहः (ना./पुं.) समूह्यते इति *(एकत्रित गरिन्छ)* सम्पूर्वक ऊह वितर्के (भ्वा.) धातु, सम्+ऊह्+घञ्[6] (अ)= समूह ।

शब्दार्थ- राशि, थुप्रो, समुदाय, एक ठाउँमा जम्मा हुने काम, समुच्चय, धेरै जनाको जमात, हुल, गण, समष्टि ।

समूहगानम् (ना./न.) समूहे गानम् *(समूहमा गाउने काम)* स.त.स.= समूहगान ।

शब्दार्थ- समूहगायन, समूहमा गाउने क्रिया, सामूहिक रूपमा गाइने गान ।

समूहविभाजनम् (ना./न.) समूहे विभाजनम् *(समूहमा बाँड्ने काम)* स.त.स.= समूहविभाजन ।

शब्दार्थ- समूह-समूहमा विभाजन गर्ने क्रिया, स-साना समूहमा बाँड्ने काम ।

समूहीकरणम् (ना./न.) असमूहः समूहः सम्पद्यते तत्करणमिति *(समूह नभएको समूह बन्छ र त्यो बनाइन्छ)* डुकृञ् करणे (तना.) धातु, समूह+च्वि[7]+कृ+ल्युट् (अन), समूहका अकारको ईत्व[8], च्विलोप, गुण, णत्व= समूहीकरण ।

शब्दार्थ- समूह-समूह बनाउने काम, समूहबद्ध गर्ने काम, एक ठाउँमा थुप्र्याउने काम, समूह-समूहमा विभाजन गर्ने काम ।

समूहीकृतः (वि.) असमूहः समूहः समपद्यत, सः क्रियते स्म इति *(समूह नभएको समूह बन्यो र त्यो बनाइयो)* डुकृञ् करणे (तना.) धातु, समूह+च्वि[7]+कृ+क्त (त), ईत्व[8], च्विलोप= समूहीकृत ।

शब्दार्थ- समूह-समूह बनाइएको, एक ठाउँमा जम्मा पारिएको, एकट्ठा गरिएको, थुप्रो लगाइएको ।

समृद्धः (वि.) समृद्ध्यते स्म इति *(समृद्ध भएको)* सम्पूर्वक ऋधु वृद्धौ (दिवा.) धातु, सम्+ऋध्+क्त (त), कर्तामा, तको ध, जश्त्व= समृद्ध ।

शब्दार्थ- सम्पन्न भएको, समृद्ध भएको, समृद्धिशाली, सम्पन्नताले परिपूर्ण, समुन्नत ।

समृद्धिः (ना./स्त्री.) समर्धनम्, समृद्ध्यते इति *(समृद्ध हुनु)* सम्पूर्वक ऋधु वृद्धौ (दिवा.) धातु, सम्+ऋध्+क्तिन् (ति), तको ध, जश्त्व= समृद्धि ।

शब्दार्थ- समुन्नति, सम्पन्नता, धनधान्यादिले परिपूर्ण हुने काम, अभ्युत्थान ।

समेतः (वि.) समेति स्म इति *(सँगै गएको)* सम् आङ्पूर्वक इण् गतौ (अदा.) धातु, सम्+आ+इ+क्त (त), कर्तामा, आ इमा गुण= समेत ।

शब्दार्थ- सँगै गएको, मिलेको, संयुक्त, पुगेको ।

---

[1] गत्यार्थकर्मक... : क्त

[2] द्यतिस्यतिमास्था...: इत्व

[3] अकर्तरि च कारके... : घञ्

[4] तेन सहेति... : ब.स.

[5] वोपसर्जनस्य : सहको सभाव

[6] हलश्च : घञ्

[7] कृभ्वस्तियोगो... : च्वि

[8] अस्य च्वौ : ईत्व

सम्पत्/सम्पद् (ना./स्त्री.) सम्पत्यते, सम्पद्यते अनया इति वा ***(सम्पन्न भइन्छ यसबाट)*** सम्पूर्वक पत ऐश्वर्ये वा पद गतौ (दिवा.) धातु, सम्+पत्/पद्+क्विप्[1] (सर्वलोप)= सम्पत्/सम्पद् ।

शब्दार्थ- सम्पत्ति, समृद्धि, धनदौलत, ऐश्वर्य, वैभव, फुल्ने फल्ने काम, परिपूर्णता ।

सम्पत्तिः (ना./स्त्री.) सम्पत्यते अनया इति ***(समृद्ध भइन्छ यसबाट)*** सम्पूर्वक पत ऐश्वर्ये (दिवा.) धातु, सम्+पत्+क्तिन्[2] (ति), करणमा= सम्पत्ति ।

सम्पत्तिः श्रीश्च लक्ष्मीश्च- इत्यमरः

शब्दार्थ- श्री, लक्ष्मी, सम्पत्ति, वैभव, समृद्धि, ऐश्वर्य ।

सम्पत्तिमूल्याङ्कनम् (ना./न.) सम्पत्तेः मूल्याङ्कनम् ***(सम्पत्तिको मूल्याङ्कन गर्ने काम)*** ष.त.स. =सम्पत्तिमूल्याङ्कन ।

शब्दार्थ- सम्पत्तिको मूल्य तोक्ने काम, सम्पत्तिको मूल्याङ्कन गर्ने काम ।

सम्पदा (ना./स्त्री.) सम्पद्यते अनया ***(सम्पन्न भइन्छ यसबाट)*** सम्पूर्वक पद गतौ (दिवा.) धातु, सम्+पद्+क्विप् (सर्वलोप), सम्पद् । सम्पद्+आप् निपातन (भागुरीमतमा)= सम्पदा ।

शब्दार्थ- प्राकृतिक सम्पदा, अचल सम्पदा, वैभव ।

सम्पन्नः (वि.) सम्पद्यते स्म इति ***(सम्पन्न भएको)*** सम्पूर्वक पद गतौ (दिवा.) धातु, सम्+पद्+क्त (त), निष्ठा तको न, पद्का दको न= सम्पन्न ।

शब्दार्थ- धनदौलतले परिपूर्ण, समृद्ध, ऐश्वर्यशाली, धनवान्, धनाढ्य, कुनै कार्य पूरा गरेको ।

सम्परीक्षकः (वि./ना./पुं.) सम्परीक्षते इति ***(सम्परीक्षण गर्छ)*** सम् परिपूर्वक ईक्ष दर्शने (भ्वा.) धातु, सम्+परि+ईक्ष्+ण्वुल् (अक), परि ईक्षको दीर्घ =सम्परीक्षक ।

शब्दार्थ- सम्परीक्षण गर्ने, जाँचवुझ गर्ने, राम्ररी परीक्षण गर्ने, पुनः परीक्षण गर्ने व्यक्ति, जाँच वा पुनर्मूल्याङ्कन गर्ने व्यक्ति ।

सम्परीक्षणम् (ना./न.) सम्परीक्ष्यते इति ***(सम्परीक्षण गरिन्छ)*** सम् परिपूर्वक ईक्ष दर्शने (भ्वा.) धातु, सम्+परि+ईक्ष्+ल्युट् (अन), णत्व, दीर्घ=सम्परीक्षण ।

शब्दार्थ- पुनः परीक्षण गर्ने काम, पुनर्मूल्याङ्कन गर्ने क्रिया, फेरि जाँच गर्ने काम, राम्ररी परीक्षण गर्ने क्रिया, जाँच गर्ने क्रिया ।

सम्पर्कः (ना./पुं.) सम्पर्चनम्, सम्पृच्यते इति वा ***(सम्पर्क गर्नु)*** सम्पूर्वक पृची सम्पर्चने (अदा.) धातु, सम्+पृच्+घञ्[3] (अ), गुण, कुत्व= सम्पर्क ।

शब्दार्थ- भेटघाट, घुलमिल, मेल, सम्वन्ध राख्ने काम, सम्भोग, सम्मिश्रण, संयोग, संसर्ग, संस्पर्श ।

सम्पातः (ना./पुं.) सम्पतनमिति ***(खस्नु)*** सम्पूर्वक पत्लृ गतौ (भ्वा.) धातु, सम्+पत्+घञ् (अ), वृद्धि=सम्पात ।

शब्दार्थ- सिधै तल खस्ने काम, अधःपतन, दिन र रात वरावर हुने समय वा दिन ।

सम्पातिः (ना./पुं.) सम्पातयतीति ***(तल खसाउँछ)*** सम्पूर्वक पत्लृ गतौ (भ्वा.) धातु, सम्+पत्+णिचि+इन्[4] (इ), वृद्धि, णिलोप= सम्पाति ।

अथवा सम्यक् पातीति ***(राम्ररी संरक्षण गर्छ)*** सम्पूर्वक पा रक्षणे (अदा.) धातु, सम्+पा+अति[5], दीर्घ=सम्पाति ।

शब्दार्थ- रामायणकालीन गृद्धराज पक्षी, जटायुको दाजु ।

सम्पादः (ना./पुं.) सम्पादनम्, सम्पाद्यते इति वा **(सम्पादन गरिन्छ)** सम्पूर्वक पद गतौ (दिवा.) धातु, सम्+पद्+णिचि+घञ् (अ), वृद्धि, णिलोप= सम्पाद ।

शब्दार्थ- सम्पन्न गर्ने काम, सम्पादन गर्ने कार्य, कार्य पूरा गर्ने गराउने काम ।

सम्पादकः (वि.) सम्पादयतीति ***(सम्पादन गर्छ)*** सम्पूर्वक पद गतौ (दिवा.) धातु, सम्+पद्+णिचि+ण्वुल् (अक), वृद्धि, णिलोप= सम्पादक ।

शब्दार्थ- सम्पादन गर्ने, कुनै कार्य सम्पन्न गर्ने, कुनै कार्य पूरा गर्ने, लेखरचना आदि सम्पादन गर्ने ।

सम्पादकीयः (वि.) सम्पादके भवः जातादिर्वा, सम्पादकस्य अयम्, सम्पादकाय हितम् ***(सम्पादकमा पैदा हुने वा भएको, सम्पादकको यो, सम्पादकलाई हित हुने)*** सम्पादक+छ[6] (ईय), अकारलोप =सम्पादकीय ।

शब्दार्थ- कुनै पुस्तक पत्र-पत्रिका आदिमा सम्पादकवाट लेखिएको (लेख वा टिप्पणी), सम्पादकसित सम्वन्धित, सम्पादकलाई उपयुक्त हुने, सम्पादकको ।

सम्पादनम् (ना./न.) सम्पादनम्, सम्पाद्यते इति वा ***(सम्पादन गरिन्छ)*** सम्पूर्वक पद गतौ (दिवा.) धातु, सम्+पद्+णिचि+ल्युट् (अन), वृद्धि, णिलोप=सम्पादन ।

शब्दार्थ- सम्पादन गर्ने काम, सम्पादकको तर्फवाट सम्पन्न गरिने काम, समाचार, रचना आदि सम्पादन गर्ने काम ।

सम्पादनीयः (वि.) सम्पादितुं योग्यः ***(सम्पादन गर्न योग्य)*** सम्पूर्वक पद गतौ (दिवा.) धातु, सम्+पद्+णिचि+अनीय[7] (र), वृद्धि, णिलोप= सम्पादनीय ।

शब्दार्थ- सम्पादन गर्न लायक, सम्पादन गर्न उचित, सम्पाद्य, सम्पादन गर्नुपर्ने ।

---

[1] सम्पदादिभ्य... : क्विप्
[2] क्तिन्नपि इष्यते : क्तिन्
[3] अकर्तरि च कारके.. : घञ्
[4] सर्वधातुभ्य... : इन्
[5] पतेरतिः : अति
[6] गहादिभ्यश्च/तस्मै हितम् : छ
[7] तव्यत्तव्या... : अनीय (र)

सम्पादिका (ना./स्त्री.) सम्पादयति असौ (स्त्री) *(सम्पादन गर्ने यो स्त्री)* सम्पूर्वक पद गतौ (दिवा.) धातु, सम्+पद्+णिचि+ण्वुल्[1] (अक), वृद्धि, णिलोप, सम्पादक +टाप् (आ), सम्पादकका ककारपूर्वका अकारको ईत्व= सम्पादिका ।

शब्दार्थ- सम्पादनको काम गर्ने आइमाई, पत्र-पत्रिका आदि सम्पादन गर्ने स्त्री, सम्पादन गर्ने महिला ।

सम्पादितः (वि.) सम्पाद्यते स्म इति *(सम्पादन गरिएको)* सम्पूर्वक पद गतौ (दिवा.) धातु, सम्+पद्+णिचि, वृद्धि, सम्पादि+क्त (त), इडागम, णिलोप=सम्पादित ।

शब्दार्थ- सम्पादन गरिएको, निष्पन्न गरिएको, लेखरचना आदिको सम्पादनसम्वन्धी कार्य गरिएको ।

सम्पाद्यः (वि.) सम्पादितुं योग्यः *(सम्पादन गर्न योग्य)* सम्पूर्वक पद गतौ (दिवा.) धातु, सम्+पद्+णिचि, वृद्धि, सम्पादि+यत्[2] (य), णिलोप= सम्पाद्य ।

शब्दार्थ- सम्पादन गर्न योग्य वा लायक, सम्पादन-सम्वन्धी कार्य गर्नुपर्ने, सम्पादनीय ।

सम्पुटः (ना./पुं.) सम्पुटचते इति *(जोड्नु)* सम्पूर्वक पुट संश्लेषणे (तुदा.) धातु, सम्+पुट्+क[3] (अ), घञर्थमा =सम्पुट ।

शब्दार्थ- हातको अञ्जलि जोड्ने काम, छोप्ने वा ढाक्ने क्रिया, पातको दुनो, वोहोतो ।

सम्पुटकः/सम्पुटिका (ना./पुं./स्त्री.) सम्पुट एव *(छोप्ने वा ढाक्ने नै)* सम्पुट+कन् (क), स्वार्थमा= सम्पुटक ।

अथवा सम्पुटतीति *(जोड्छ)* सम्पूर्वक पुट संश्लेषणे (तुदा.) धातु, सम्+पुट्+क्वुन्[4] (अक), उणा.=सम्पुटक ।

सम्पुटक+टाप् (आ), ककारपूर्वका अकारको इत्व =सम्पुटिका ।

शब्दार्थ- सुन चाँदी र अन्य रत्नहरू राख्ने वट्टा, रत्नपेटिका, दुनो, वोहोतो, विर्को भएको वस्तु वा वट्टा ।

सम्पुटितः (वि.) सम्पुटचते स्म इति *(ढाकिन्छ)* सम्पूर्वक पुट संश्लेषणे (तुदा.) धातु, सम्+पुट्+क्त (त), इडागम= सम्पुटित ।

शब्दार्थ- दुवैतिर छेकिएको वा ढाकिएको, सम्पुट गरिएको, प्रत्येक श्लोकको अगाडि र पछाडि 'इष्ट' मन्त्रले छेकेर पाठ गरिएको (चण्डीपाठ आदि) ।

सम्पुष्टिः (ना./स्त्री.) सम्पोषणम्, सम्पुष्यते इति वा *(पुष्टि गर्नु, पोषण गर्नु)* सम्पूर्वक पुष पुष्टौ (दिवा.) धातु, सम्+पुष्+क्तिन् (ति), ष्टुत्व= सम्पुष्टि ।

शब्दार्थ- राम्ररी पुष्टि गर्ने काम, कसैको भनाइलाई समर्थन गर्ने कार्य ।

सम्पूर्णः (वि.) सम्पूर्यते स्म इति *(पूरा गरिएको)* सम्पूर्वक पृ पालनपूरणयोः (जुहो.) धातु, सम्+पृ+क्त (त), उत्व[5], दीर्घ[6], निष्ठा तको न[7], णत्व= सम्पूर्ण ।

शब्दार्थ- पुरै भरिएको, पूर्ण भएको, परिपूर्ण, सम्पन्न भएको, पूरा, सवै, समग्र, सारा ।

सम्पूर्णता (ना./स्त्री.) सम्पूर्णस्य भावः *(सम्पूर्ण हुनाको स्थिति वा अवस्था)* सम्पूर्ण+तल् (त)+टाप् (आ) =सम्पूर्णता ।

शब्दार्थ- परिपूर्णता, पूर्णताको भाव, परिसमाप्ति, परिपूर्ण अवस्था ।

सम्पृक्तः (वि.) सम्पृच्यते स्म इति *(मिसिएको)* सम्पूर्वक पृची सम्पर्चने (अदा.) धातु, सम्+पृच्+क्त (त), कुत्व =सम्पृक्त ।

शब्दार्थ- मिसिएको, मिश्रित, संयुक्त, सम्वद्ध, संलग्न ।

सम्पोषणम् (ना./न.) सम्पुष्यते इति *(राम्ररी पालनपोषण गरिन्छ)* सम्पूर्वक पुष पुष्टौ (दिवा.) धातु, सम्+पुष्+ल्युट् (अन), णत्व= सम्पोषण ।

शब्दार्थ- राम्ररी भरणपोषण गर्ने काम, हृष्टपुष्ट पार्ने काम, पोसिलो पार्ने खाद्यपदार्थ आदि ।

सम्प्रति (अव्य.) सम् च प्रति च, तयोः समाहारः, द्व.स. =सम्प्रति ।

शब्दार्थ- अहिले, हालै, यसै समयमा, यसै वखत ।

सम्प्रदानम् (ना./न.) सम्प्रदानम्, सम्प्रदीयते इति *(राम्ररी दिइन्छ)* सम् प्रपूर्वक डुदाञ् दाने (जुहो.) धातु, सम्+प्र+दा+ल्युट् (अन)= सम्प्रदान ।

शब्दार्थ- राम्ररी कुनै वस्तु दिने काम, उपहार दिने काम, चतुर्थी-विभक्ति प्रयोग हुने कारक ।

सम्प्रदायः (ना./पुं.) सम्प्रदानम्, सम्प्रदीयते इति वा *(दिनु, विचार प्रकट गर्नु)* सम्पूर्वक डुदाञ् दाने (जुहो.) धातु, सम्+प्र+दा+घञ् (अ), युगागम= सम्प्रदाय ।

शब्दार्थ- कुनै धार्मिक सिद्धान्त वा मत, प्रचलित प्रथा, प्रचलन, परम्परा, रीति, कुनै धार्मिक मतावलम्वीहरूको सम्प्रदाय ।

सम्प्रसारणम् (ना./न.) सम्प्रसार्यते इति *(सम्प्रसारण गरिन्छ)* सम् प्रपूर्वक सृ गतौ (भ्वा.) धातु, सम्+प्र+सृ+णिचि+ल्युट् (अन), सृको वृद्धि, णत्व =सम्प्रसारण ।

शब्दार्थ- राम्रोसित प्रसारण गर्ने काम, विस्तार गर्ने काम, व्याकरणमा य व र लको स्थानमा क्रमशः इ उ ऋ लृ हुने प्रक्रिया ।

सम्प्राप्तः (वि.) सम्प्राप्यते स्म इति *(राम्ररी पाइएको)* सम्पूर्वक आप्लृ व्याप्तौ (स्वा.) धातु, सम्+प्र+आप्+क्त (त)= सम्प्राप्त ।

शब्दार्थ- राम्ररी पाइएको, विशेषरूपले उपलब्ध भएको ।

---

[1] ण्वुल्तृचौ : ण्वुल्
[2] अचो यत् : यत्
[3] घञर्थे कविधानम्...: क
[4] क्वुन् शिल्पिनिसंज्ञयोः : क्वुन्
[5] उदोष्ठ्यपूर्वस्य : उत्
[6] हलि च : दीर्घ
[7] रदाभ्यां... : निष्ठा तको न

सम्प्राप्तिः (ना./स्त्री.) सम्प्राप्यते इति *(राम्ररी प्राप्त गरिन्छ)* सम् प्रपूर्वक आप्लृ व्याप्तौ (स्वा.) धातु, सम्+प्र+आप्+क्तिन् (ति)= सम्प्राप्ति ।

शब्दार्थ- राम्ररी प्राप्त हुने क्रिया, लाभ, राम्ररी ग्रहण गर्ने काम, उपलब्धि ।

सम्प्रेक्षणम् (ना./न.) सम्प्रेक्ष्यते इति *(राम्ररी अवलोकन गरिन्छ)* सम् प्रपूर्वक ईक्ष दर्शने (भ्वा.) धतु, सम्+प्र+ईक्ष्+ल्युट् (अन), गुण, णत्व= सम्प्रेक्षण ।

शब्दार्थ- अवलोकन, राम्ररी निरीक्षण गर्ने काम, सम्यक् ईक्षण, राम्ररी हेर्ने वा जाँच्ने क्रिया ।

सम्प्रेषणम् (ना./न.) सम्प्रेषणम्, सम्प्रेष्यते इति वा *(राम्ररी पठाइन्छ)* सम् प्रपूर्वक ईष गतिहिंसादर्शनेषु (भ्वा.) धातु, सम्+प्र+ईष्+ल्युट् (अन), प्र ईष्को गुण, णत्व= सम्प्रेषण ।

शब्दार्थ- कुनै कुरा एक ठाउँवाट अर्को ठाउँमा राम्ररी पठाउने काम, स्थानान्तरण गर्ने क्रिया, कसैको सिद्धान्त, अभिमत, भाव वा विचार अर्कालाई सम्प्रेषण गर्ने काम ।

सम्प्रेषणीयः (वि.) सम्प्रेषितुं योग्यः *(सम्प्रेषण गर्न योग्य)* सम् प्रपूर्वक ईष गतिहिंसादर्शनेषु (भ्वा.) धातु, सम्+प्र+ईष्+अनीय (र्), गुण, णत्व= सम्प्रेषणीय ।

शब्दार्थ- सम्प्रेषण गर्न योग्य वा लायक, सम्प्रेषण हुने ।

सम्प्रेषितः (वि.) सम्प्रेष्यते स्म इति *(राम्ररी पठाइएको)* सम् प्रपूर्वक ईष गतिहिंसादर्शनेषु (भ्वा.) धातु, सम्+प्र+ईष्+क्त (त), इडागम, गुण= सम्प्रेषित ।

शब्दार्थ- सम्प्रेषण गरिएको, राम्ररी पठाइएको ।

सम्वद्धः (वि.) सम्वध्यते स्म इति *(राम्ररी बाँधिएको)* सम्पूर्वक वन्ध वन्धने (क्र्या.) धातु, सम्+वन्ध्+क्त (त), निष्ठा तको ध[1], अनुनासिक नलोप, जश्त्व =सम्वद्ध ।

शब्दार्थ- राम्ररी वाँधिएको, सङ्ग्रथित, गाँथिएको, संयुक्त, राम्ररी जोडिएको, खुब कसिएको ।

सम्वद्धता (ना./स्त्री.) सम्वद्धस्य भावः *(सम्वद्ध हुनाको भाव वा स्थिति)* सम्वद्ध+तल्[2] (त)+टाप् (आ) =सम्वद्धता ।

शब्दार्थ- सम्वद्ध हुनाको भाव वा अवस्था, संयुक्तता ।

सम्वन्धः (ना./पुं.) सम्वन्धनम्, सम्वद्धयते इति वा *(सम्वन्ध राख्नु)* सम्पूर्वक वन्ध वन्धने (क्र्या.) धातु, सम्+बन्ध्+घञ् (अ)= सम्वन्ध ।

शब्दार्थ- राम्ररी जोरिने क्रिया, संयुक्त हुने काम, योग, संयोग, सम्पर्क, समृद्धि, नाता जोड्ने काम, नाता, साइनो, सम्वन्ध हुने क्रिया ।

सम्बन्धकः (वि.) सम्वध्नातीति *(राम्रो सम्वन्ध राख्छ)* सम्पूर्वक वन्ध वन्धने (क्र्या.) धातु, सम्+वन्ध्+ण्वुल्[3] (अक)= सम्बन्धक ।

शब्दार्थ- नाता जोड्ने, सम्वन्ध गराउने, संयुक्त हुने, साइनो लगाउने ।

सम्बन्धनम् (ना./न.) सम्वन्धनम्, सम्वद्धयते इति *(सम्बन्ध राख्नु)* सम्पूर्वक बन्ध वन्धने (क्र्या.) धातु, सम्+बन्ध्+ल्युट् (अन)= सम्वन्धन ।

शब्दार्थ- सम्वन्ध हुने काम, संयुक्त हुने क्रिया, जोडिने वा गाँसिने क्रिया, कुनै शिक्षण संस्था आदिलाई मान्यता प्रदान गर्ने काम ।

सम्बन्धविच्छेदः (ना./पुं.) सम्वन्धस्य विच्छेदः *(सम्वन्धको विच्छेद)* ष.त.स.= सम्बन्धविच्छेद ।

शब्दार्थ- वैवाहिक सम्वन्ध तोड्ने काम, कुनै कारणले अर्कोसित भएको सम्वन्ध विच्छेद गर्ने काम ।

सम्बन्धितः (वि.) सम्वन्धः सञ्जातः अस्य *(सम्वन्ध जोडिएको छ यसको)* सम्वन्ध+इतच् (इत), अकारलोप =सम्वन्धित ।

शब्दार्थ- सम्वन्ध जोडिएको, नाता जोडिएको, संयुक्त भएको, सम्वद्ध, गाँसिएको ।

सम्बन्धी (वि.) सम्वध्यते इति *(सम्बन्ध जोडिन्छ)* सम्पूर्वक वन्ध बन्धने (क्र्या.) धातु, सम्+वन्ध्+घञ् (अ), सम्वन्धः । सम्वन्धः अस्यास्तीति *(सम्वन्ध छ यसको)* सम्वन्ध+इनि[4] (इन्), सम्वन्धिन्= सम्वन्धी ।

शब्दार्थ- सम्वन्ध पर्ने, नाता सम्वन्ध जोडिएको, साइनो लाग्ने, सम्धी ।

सम्बलः (ना./पुं.) सम्वयतीति *(सहारा लिन्छ)* पम्ब सम्बन्धने (चुरा.) धातु, सम्व्+कलच् (अल)= सम्वल । अथवा सम्वलतीति *(जगेडा गर्छ)* सम्पूर्वक वल प्राणने (भ्वा.) धातु, सम्+वल्+णिचि+अच् (पचादि) =सम्बल ।

शब्दार्थ- आश्रय, सहारा, आधार, यात्राका लागि सामग्री, वाटोखर्च, साँवल, सामल ।

सम्बुद्धः (वि.) सम् वुध्यते स्म इति *(राम्ररी बुझिएको)* सम्पूर्वक वुध अवगमने (भ्वा.) धातु, सम्+वुध्+क्त (त), निष्ठा तको ध= सम्वुद्ध ।

शब्दार्थ- राम्ररी वुझेको, राम्रो ज्ञान भएको, राम्ररी जागृत भएको, प्रवुद्ध, सचेत भएको ।

सम्बोधः (ना./पुं.) सम्वोधनम्, सम्वुद्धयते इति वा *(राम्ररी जानिन्छ)* सम्पूर्वक वुध अवगमने (भ्वा.) धातु, सम्+वुध्+घञ् (अ), गुण= सम्वोध ।

शब्दार्थ- राम्ररी जान्ने काम, बोध, राम्ररी वुझ्ने काम, पूर्णज्ञान, यथार्थवोध, सम्झाउने क्रिया ।

---

१. झषस्तथो... : ध

२. तस्य भाव... : तल्

३. ण्वुल्तृचौ : ण्वुल्

४. अत इनिठनौ : इनि

सम्बोधनम् (ना./न.) सम्वोधनम्, सम्बुध्यते इति वा *(सम्बोधन गर्नु, राम्ररी बुझ्नु)* सम्पूर्वक वुध अवगमने (भ्वा.) धातु, सम्+वुध्+ल्युट् (अन), गुण, णिलोप= सम्वोधन ।

शब्दार्थ- राम्ररी वुझ्ने काम, कसैलाई वोलाउने क्रिया, भाषण आदिवाट सम्वोधन गर्ने काम, व्याकरणमा कसैलाई वोलाउँदा प्रयोग हुने सम्वोधन-विभक्ति ।

सम्बोधनीयः (वि.) सम्वोधितुं योग्यः *(सम्वोधन गर्न योग्य)* सम्पूर्वक वुध अवगमने (भ्वा./दिवा.) धातु, सम्+वुध्+णिचि+अनीय (र्), गुण, णिलोप= सम्वोधनीय ।

शब्दार्थ- सम्वोधन गर्न योग्य वा लायक, वुझाउनुपर्ने, वोध वा जानकारी गराउनुपर्ने ।

सम्बोधितः (वि.) सम्वोध्यते स्म इति *(वोध गराइएको)* सम्पूर्वक वुध अवगमने (भ्वा./दिवा.) धातु, सम्+वुध्+णिचि, गुण, सम्वोधि+क्त (त), इडागम, णिलोप= सम्वोधित ।

शब्दार्थ- राम्ररी वुझाइएको, ज्ञान गराइएको, वोध गराइएको, सम्वोधन गरिएको, वोलाइएको ।

सम्बोध्यः (वि.) सम्वोधितुं योग्यः *(बुझाउन योग्य)* सम्पूर्वक वुध अवगमने (भ्वा./दिवा.) धातु, सम्+वुध्+णिचि, गुण, सम्वोधि+यत्[1] (य), णिलोप =सम्वोध्य ।

शब्दार्थ- वुझाउन योग्य वा लायक, वुझाउनुपर्ने, सम्वोधन गर्नुपर्ने, सम्वोधन गर्न लायक ।

सम्भरणम् (ना./न.)सम्भ्रियते अनेन इति *(भरणपोषण गरिन्छ यसबाट)* सम्पूर्वक भृञ् भरणे (भ्वा.) वा डुभृञ् धारणपोषणयोः (जुहो.) धातु, सम्+भृ+ल्युट्[2] (अन), गुण= सम्भरण ।

शब्दार्थ- पालनपोषण गर्ने काम, भरणपोषण, लालनपालन ।

सम्भवः (वि./ना./पुं.) सम्भवति, सम्भवनमिति वा *(पैदा हुन्छ, प्रकट हुन्छ, सम्भव हुनु)* सम्पूर्वक भू सत्तायाम् (भ्वा.) धातु, सम्+भू+अप्[3] (अ), गुण =सम्भव ।

शब्दार्थ- सम्भावना भएको, कुनै कुरा हुने सम्भाव्यता भएको, कुनै कुरा हुन सक्ने, जन्म, उत्पत्ति, पैदा हुने काम, कारण ।

द्रष्टव्य- **धर्मसंस्थापनार्थाय सम्भवामि युगे युगे- भ.गी. ४/८**

सम्भारः (ना./पुं.) सम्भरणम्, सम्भ्रियते इति वा *(समालेर राखिन्छ)* सम्पूर्वक डुभृञ् धारणपोषणयोः (जुहो.) धातु, सम्+भृ+घञ् (अ), वृद्धि= सम्भार ।

शब्दार्थ- स्याहार-सुसार गरेर राख्ने काम, कुनै वस्तु राम्ररी समालेर राख्ने काम, हिफाजतसँग राख्ने काम ।

सम्भावना (ना./स्त्री.) सम्भावनम्, सम्भाव्यते इति वा *(सम्भावना हुनु)* सम्पूर्वक भू सत्तायाम् (भ्वा.) धातु, सम्+भू+णिचि+युच् (अन), वृद्धि, णिलोप, सम्भावन+टाप् (आ)= सम्भावना ।

शब्दार्थ- कुनै कुरा हुन सक्ने सम्भावना, कुनै घटना घट्न सक्ने स्थिति वा अवस्था, परिकल्पना, उत्प्रेक्षा ।

सम्भावनीयः (वि.) सम्भावितुं योग्यः, सम्भाव्यते इति वा *(सम्भावना गर्न सकिने)* सम्पूर्वक भू सत्तायाम् (भ्वा.) धातु, सम्+भू+णिचि, वृद्धि, आयादेश, सम्भावि +अनीय (र्), णिलोप= सम्भावनीय ।

शब्दार्थ-सम्भावना भएको, सम्भाव्य, परिकल्पना गर्न सकिने

सम्भावितः (वि.) सम्भाव्यते स्म इति *(सम्भावना ठानिएको)* सम्पूर्वक भू सत्तायाम् (भ्वा.) धातु, सम्+भू+णिचि, वृद्धि, सम्भावि+क्त[4] (त), इडागम, णिलोप= सम्भावित ।

शब्दार्थ- सम्भावना भएको वा रहेको, अनुमान गरिएको, परिकल्पित, सम्मानित, प्रतिष्ठित, मर्यादित ।

सम्भाव्यः (वि.) सम्भावितुं योग्यः *(सम्भावना हुन लायक)* सम्पूर्वक भू सत्तायाम् (भ्वा.) धातु, सम्+भू+णिचि, वृद्धि, सम्भावि+यत् (य), णिलोप= सम्भाव्य ।

शब्दार्थ- सम्भावना भएको वा हुनसक्ने, आशा गर्न सकिने, कल्पना गर्न सकिने, कुनै घटना घट्न सक्ने सम्भाव्यता भएको ।

सम्भाषणम् (ना./न.) सम्भाषणम्, सम्भाष्यते इति *(कुराकानी गरिन्छ)* सम्पूर्वक भाष व्यक्तायां वाचि (भ्वा.) धातु, सम्+भाष्+ल्युट् (अन), णत्व=सम्भाषण ।

शब्दार्थ- वातचित, कुराकानी, प्रवचन, वार्तालाप, छलफल, परिसम्वाद ।

सम्भाषितः (वि.) सम्भाष्यते स्म इति *(कुराकानी गरिएको)* सम्पूर्वक भाष व्यक्तायां वाचि (भ्वा.) धातु, सम्+भाष्+क्त (त), इडागम= सम्भाषित ।

शब्दार्थ- राम्ररी व्यक्त गरिएको, वातचित गरिएको, वार्तालाप गरिएको, प्रवचन गरिएको ।

सम्भाष्यः (वि.) सम्भाषितुं योग्यः *(बातचित गर्न योग्य वा लायक)* सम्पूर्वक भाष व्यक्तायां वाचि (भ्वा.) धातु, सम्+भाष्+ण्यत्[5] (य)= सम्भाष्य ।

शब्दार्थ- कुराकानी गर्न योग्य वा लायक, बातचित गर्न उचित, छलफल गर्न उपयुक्त ।

सम्भूतिः (ना./स्त्री.) सम्भवनम्, सम्भूयते इति *(उत्पत्ति हुनु)* सम्पूर्वक भू सत्तायाम् (भ्वा.) धातु, सम्+भू+क्तिन् (ति)= सम्भूति ।

शब्दार्थ- ऐश्वर्य, जन्म, उत्पत्ति, उद्भव, सामर्थ्य ।

---

[1] अचो यत् : यत्

[2] करणाधिकरणयोश्च : ल्युट्

[3] ऋदोरप् : अप्

[4] निष्ठा : क्त

[5] ऋहलोर्ण्यत् : ण्यत्

सम्भोगः (ना./पुं.) सम्भुज्यते इति *(भोग गरिन्छ)* सम्पूर्वक भुज पालनाभ्यवहारयोः (रुधा.) धातु, सम्+भुज्+घञ्[1] (अ), गुण, कुत्व= सम्भोग ।

शब्दार्थ- आनन्द वा मजा लिने काम, उपभोग, स्त्री र पुरुषको सहवास, सम्पर्क, मैथुन, यौनक्रीडा, उपभोग गर्ने काम ।

सम्भोगशृङ्गारः (ना./पुं.) सम्भोगश्चासौ शृङ्गारश्च *(सम्भोग शृङ्गार)* क.त.स.= सम्भोगशृङ्गार ।

शब्दार्थ- नायक नायिकाको दर्शन, स्पर्श आदिबाट उत्पन्न हुने शृङ्गाररस, शृङ्गाररसका दुई भेदमध्ये एक ।

सम्भोग्यः (वि.) सम्भोक्तुं योग्यः *(उपभोग गर्न लायक)* सम्पूर्वक भुज पालनाभ्यवहारयोः (रुधा.) धातु, सम्+भुज्+ण्यत् (य), गुण, कुत्व= सम्भोग्य ।

शब्दार्थ- सम्भोग गर्न योग्य वा लायक, उपभोग्य ।

सम्भ्रमः (ना./पुं.) सम्भ्रमणम्, सम्भ्रम्यते इति वा *(हडबढी गर्नु)* सम्पूर्वक भ्रमु चलने (भ्वा.) वा भ्रमु अनवस्थाने (दिवा.) धातु, सम्+भ्रम्+घञ् (अ), वृद्धिनिषेध= सम्भ्रम ।

संभ्रमः साध्वसेऽपि स्यात् संवेगादरयोरपि- इति मेदिनी
समौ संवेगसंभ्रमौ- इत्यमरः

शब्दार्थ- हडबडी, संवेग, चित्तविकृति, व्याकुलता, सन्देह, संशय, भ्रम, भय, डर, परिभ्रमण, सम्मान, आदर, प्रतिष्ठा ।

सम्भ्रान्तः (वि.) सम्भ्रम्यते स्म इति *(आत्तिएको)* सम्पूर्वक भ्रमु अनवस्थाने (दिवा.) धातु, सम्+भ्रम्+ क्त (त), दीर्घ[2]= सम्भ्रान्त ।

शब्दार्थ- आत्तिएको, हडबडाएको, व्याकुल भएको, घुमेको, भ्रमित, विक्षुब्ध, सम्मानित, प्रतिष्ठित ।

सम्मतः (वि.) सम्मन्यते स्म इति *(सम्मति दिइएको)* सम्पूर्वक मनु अवबोधने (तना.) धातु, सम्+मन्+क्त (त), अनुनासिकलोप= सम्मत ।

शब्दार्थ- एउटै मत भएको, सहमत, स्वीकृत, रुचाएको, मानिएको, प्रिय, सम्मानित, आदर गरिएको ।

सम्मतिः (ना./स्त्री.) सम्मन्यते इति *(सहमति दिइन्छ)* सम्पूर्वक मनु अवबोधने (तना.) धातु, सम्+मन्+क्तिन्[3] (त), अनुनासिक मलोप= सम्मति ।

शब्दार्थ- सहमति, स्वीकृति, अनुमोदन, समर्थन, एउटै मत वा राय हुने काम ।

सम्मानः (ना./पुं.) सम्मन्यते इति *(सम्मान गरिन्छ)* सम्पूर्वक मनु अवबोधने (तना.) धातु, सम्+मन्+घञ् (अ), वृद्धि= सम्मान ।

शब्दार्थ- राम्रो आदर, सत्कार, प्रतिष्ठा, इज्जत ।

सम्माननीयः (वि.) सम्मानितुं योग्यः *(सम्मान गर्न योग्य वा लायक)* सम्पूर्वक मनु अवबोधने (तना.) धातु, सम्+मन्+णिचि+अनीय (र्), वृद्धि= सम्माननीय ।

शब्दार्थ- आदर गर्न योग्य, सम्मान गर्न लायक, आदर वा सम्मान गर्नुपर्ने, सम्मान्य ।

सम्मानार्थम् (अव्य.) सम्मानाय इदम् *(सम्मानका लागि यो)* अस्वपदविग्रह, समान+अर्थ, च.त.स[4]., दीर्घ =सम्मानार्थ ।

शब्दार्थ- सम्मान वा आदर गर्नका लागि, मानसम्मानका लागि, प्रतिष्ठाका लागि ।

सम्मानितः (वि.) सम्मान्यते स्म इति *(सम्मान गरिएको)* सम्पूर्वक मनु अवबोधने (तना.) धातु, सम्+मन्+ णिचि, वृद्धि, सम्मानि+क्त (त), इडागम, णिलोप =सम्मानित । अथवा सम्मानः सञ्जातः अस्य *(सम्मान भएको छ यसको)* सम्मान+इतच् (इत)= सम्मानित ।

शब्दार्थ- सम्मान वा आदर गरिएको, प्रतिष्ठित, सम्मानित, गौरवान्वित ।

सम्मान्यः (वि.) सम्मानितुं योग्यः *(सम्मान वा आदर गर्न लायक)* सम्पूर्वक मनु अवबोधने (तना.) धातु, सम्+मन्+णिचि, वृद्धि, सम्मानि+यत्[5] (य), णिलोप =सम्मान्य ।

शब्दार्थ- आदर वा सम्मान गर्न योग्य वा लायक, सम्माननीय, आदरणीय ।

सम्मार्जनम् (ना./न.) सम्मार्ज्यते इति *(सफा गरिन्छ)* सम्पूर्वक मृजु शुद्धौ (अदा.) धातु, सम्+मृज्+ल्युट (अन), वृद्धि[6]= सम्मार्जन ।

शब्दार्थ- सफा गर्ने वा बढार्ने काम, शुद्ध पार्ने काम, संशोधन गर्ने काम ।

सम्मार्जनी (ना./स्त्री.) सम्मृज्यते अनया *(सफा गरिन्छ यसबाट)* सम्पूर्वक मृजु शुद्धौ (अदा.) धातु, सम्+मृज्+ल्युट्[7] (अन), करणमा, वृद्धि, सम्मार्जन+ ङीप् (ई)= सम्मार्जनी ।

शब्दार्थ- कुचो, बढार्ने साधन, खरेटो, शोधनी, शुद्ध गर्ने क्रिया ।

सम्मार्जनीयः (वि.) सम्मार्जितुं योग्यः *(सफा गर्न योग्य)* सम्पूर्वक मृजु शुद्धौ (अदा.) धातु, सम्+मृज्+अनीय (र्), वृद्धि= सम्मार्जनीय ।

शब्दार्थ- सफा गर्न योग्य वा लायक, बढार्नुपर्ने, परिमार्जन गर्न योग्य ।

सम्मिलनम् (ना./न.) सम्मिलनमिति *(मिल्ने क्रिया)* सम्पूर्वक मिल सङ्गमे (तुदा.) धातु, सम्+मिल्+ल्युद (अन)= सम्मिलन ।

शब्दार्थ- मिल्ने क्रिया, जोड्ने काम, दुईथरीको भेटघाट, ग्रहण लाग्दा पूरै ढाकेको अवस्था, खग्रास ।

---

[1] अकर्तरि च कारके... : घञ्
[2] अनुनासिकस्य क्विझलो...: दीर्घ
[3] स्त्रियां क्तिन् : क्तिन्
[4] अर्थेन नित्यसमास...: च.त.स.
[5] अचो यत् : यत्
[6] मृजेर्वृद्धिः : वृद्धि
[7] करणाधिकरणयोश्च : ल्युट

सम्मिलितः (वि.) सम्मिलति स्म इति *(मिसिएको)* सम्पूर्वक मिल सङ्गमे (तुदा.) धातु, सम्+मिल्+क्त (त), कर्तामा, इडागम= सम्मिलित ।

शब्दार्थ-मिलेको, मिश्रित, मिसिएको, सम्मिलित भएको ।

सम्मिश्रः (ना./पुं.) सम्मिश्रणमिति *(मिसिन्छ)* सम्पूर्वक मिश्र सम्पर्के (चुरा.) धातु, सम्+मिश्र्+घञ् (अ) =सम्मिश्र ।

शब्दार्थ- एकथरी वस्तु अर्कोथरी वस्तुसित मिसिने काम, मिसावट, सम्मिश्रण, मिल्ने क्रिया ।

सम्मिश्रणम् (ना./न.) सम्मिश्रचते इति *(मिसिन्छ, मिसाइन्छ)* सम्पूर्वक मिश्र सम्पर्के (चुरा.) धातु, सम्+मिश्र्+ल्युट् (अन)= सम्मिश्रण ।

शब्दार्थ- दुई वा धेरैथरी वस्तु मिसिने क्रिया, मिलावट, मिसावट ।

सम्मिश्रितः (वि.) सम्मिश्रचते स्म इति *(मिसिएको)* सम्पूर्वक मिश्र सम्पर्के (चुरा.) धातु, सम्+मिश्र्+क्त (त), इडागम= सम्मिश्रित ।

शब्दार्थ- परस्परमा मिलेको, मिसिएको, सम्मिलित ।

सम्मीलनम् (ना./न.) सम्मील्यते इति *(आँखा चिम्लिन्छ)* सम्पूर्वक मील निमेषणे (भ्वा.) धातु, सम्+मील्+ल्युट् (अन)= सम्मीलन ।

सम्मीलने नयनयोर्न हि किञ्चिदस्ति ।

शब्दार्थ- आंखा चिम्लने क्रिया, परेला जोरिने काम, ग्रहण लाग्ने काम, ग्रहण लागेर खग्रास भएको अवस्था, सदाका लागि आँखा चिम्लिने क्रिया ।

सम्मीलितः (वि.) सम्मीलति स्म, सम्मील्यते स्म इति वा *(चिम्लेको, चिम्लिएको)* सम्पूर्वक मील निमेषणे (भ्वा.) धातु, सम्+मील्+क्त[1] (त), कर्ता र भावमा, इडागम= सम्मीलित ।

शब्दार्थ- चिम्लेको, चिम्लिएको, परेला जोडेको, जोडिएको, आँखा वन्द गरेको, सदाको लागि आंखा चिम्लेको, ग्रहण लागेर खग्रास भएको ।

सम्मुखः (वि.) सङ्गतं मुखं यस्य *(सामुन्ने छ मुख जसको)* प्रा.व.स[2]., उ.प.लोप= सम्मुख ।

शब्दार्थ- अगाडिको, सामुन्नेको, सम्मुखमा रहेको, सम्मुख परेको ।

सम्मुखीनः (वि.) समं सर्वं च तत् मुखम् *(सम्मुख)* क.त.स., सम्मुखम् । सम्मुखस्य दर्शनम् *(अगाडि सामु परेको)* सम्मुख+ख[3] (ईन)= सम्मुखीन ।

शब्दार्थ-सम्मुख परेको, सवैको मुख देखिने (ऐना, दर्पण),

सम्मेलनम् (ना./न.) सम्मिलति अत्र *(भेटघाट हुन्छ यहाँ)* सम्पूर्वक मिल सङ्गमे (तुदा.) धातु, सम्+मिल्+ल्युट्[4] (अन), अधिकरणमा, गुण= सम्मेलन ।

शब्दार्थ- निश्चित उद्देश्यका लागि कुनै वर्गका व्यक्तिहरू भेला हुने काम, मिसावट, मिसाउने काम, सम्मिश्रण ।

सम्मोहः (ना./पुं.) सम्मोहनम्, सम्मुह्यते इति वा *(लोभिन्छ)* सम्पूर्वक मुह वैचित्ये (दिवा.) धातु, सम्+मुह्+घञ् (अ), गुण= सम्मोह ।

शब्दार्थ- व्यामोह, भ्रम, अविवेक, मूर्च्छा, वेहोसपना, अज्ञानता, वुद्धि-विवेक हरण हुने अवस्था ।

सम्मोहकः (वि.) सम्मुह्यतीति *(सम्मोहित हुन्छ)* सम्पूर्वक मुह वैचित्ये (दिवा.) धातु, सम्+मुह्+ण्वुल् (अक), गुण= सम्मोहक ।

शब्दार्थ- मोहित हुने, मोहमा पर्ने वा परेको, दिग्भ्रमित भएको, किङ्कर्तव्य-विमूढ ।

सम्मोहनम् (ना./न.) सम्मुह्यते इति *(लोभिन्छ, मोहित पार्छ)* सम्पूर्वक मुह वैचित्ये (दिवा.) धातु, सम्+मुह्+ल्युट् (अन), गुण= सम्मोहन ।

अथवा सम्मोहयतीति *(मोहित पार्छ, लट्ठयाउँछ)* सम्+मुह्+णिचि+ल्यु/युच्[5] (अन), गुण, णिलोप=सम्मोहन ।

उन्मादनस्तापनश्च शोषणस्तम्भनस्तथा ।
सम्मोहनश्च कामस्य पञ्च वाणाः प्रकीर्तिताः- इत्यमरः

शब्दार्थ- लोभिने र लोभ्याउने काम, मोहित हुने वा मोहमा पार्ने काम, मोहनी लगाउने क्रिया, कामदेवका पाँचवाणमध्ये अन्तिम पाँचौ वाण ।

सम्मोहितः (वि.) सम्मोह्यते स्म इति *(मोहित पारिएको)* सम्पूर्वक मुह वैचित्ये (दिवा.) धातु, सम्+मुह्+णिचि, गुण, सम्मोहि+क्त (त), इडागम, णिलोप= सम्मोहित ।

शब्दार्थ- मोहित पारिएको, लट्ठ तुल्याएको, मोहमा फसाइएको, मोहनी लगाइएको, वशमा पारिएको, मुग्ध पारिएको ।

***उदा.* यसले विस्तारै बेर्दछ, सम्मोहित पार्छ**
-उराठ लाग्दो दिनमा (विजय मल्ल)

सम्यक् (वि.) समञ्चतीति **(राम्रो हुन्छ)** सम्पूर्वक अञ्चु गतिपूजनयोः (भ्वा.) धातु, सम्+अञ्च्+क्विन्, सम्को समि आदेश, नलोप, कुत्व, यण्= सम्यक् ।

शब्दार्थ- ठीक, सही, उचित, सत्य, तथ्य, यथार्थ, उपयुक्त, सुहाउँदो, सम्पूर्ण, सवै ।

सम्राज्ञी (ना./स्त्री.) सम्राज्ञः पत्नी *(सम्राटकी पत्नी)* सम्+राजन्+ङीष् (ई),अल्लोप, श्चुत्व, ज्ञत्व=सम्राज्ञी ।

शब्दार्थ- पटरानी, महारानी, सम्राटकी रानी वा पत्नी ।

सम्राट् (ना./पुं.) सम्यक् प्रकारेण राजते शोभते इति *(राम्ररी सुशोभित हुन्छ)* सम्पूर्वक राजृ दीप्तौ (भ्वा.) धातु, सम्+राज्+क्विप्[6] (सर्वलोप), जको ष, जश्त्व, षको ट, चर्त्व= सम्राट् ।

शब्दार्थ- राजसूय यज्ञकर्ता र सवै राजाहरूको शासक, मण्डलेश्वर, ठूलो राजा, राजाहरूलाई पनि शासन गर्ने चक्रवर्ती सम्राट् ।

---

[1] गत्यर्थाकर्मक... : क्त
[2] प्रादिभ्यो धातुजस्य... : ब.स., उ.प.लोप
[3] यथामुख सम्मुखस्य... : ख
[4] करणाधिकरणयोश्च : ल्युट्
[5] अनुदात्तेतश्च... : युच्
[6] सत्सूद्विष... : क्विप्

सरः (वि./ना./पुं.) सरतीति *(गति लिन्छ)* सृ गतौ (भ्वा.) धातु, सृ+अच् (पचादि), गुण= सर ।

शब्दार्थ- जाने, गति लिने, वाण, तलाउ, छहरो ।

सरकः (ना./पुं.) सरति, स्रियते अनेन इति *(गति लिन्छ, गइन्छ यसबाट)* सृ गतौ (भ्वा.) धातु, सृ+वुन् (अक), उणा.= सरक ।

सरकोऽप्यनुतर्षणम्- इत्यमरः

शब्दार्थ-सडक, राजमार्ग, मदिरापान, मदिरा पिउने प्याला ।

सरणः (वि.) सरति गच्छति तच्छीलः *(गमनशील)* सृ गतौ (भ्वा.) धातु, सृ+युच्[१] (अन), गुण, णत्व= सरण ।

शब्दार्थ- जाने, अगाडि वढ्ने, सर्ने ।

सरणिः/सरणी (ना./स्त्री.) सरति, स्रियते इति वा *(अगाडि बढ्छ वा बढ्नु)* सृ गतौ (भ्वा.) धातु, सृ+अनि[२] (उणा.), गुण, णत्व, सरणि+ङीष् (ई), विकल्पले =सरणी । ङीष्को अभावमा= सरणि ।

सरणिः श्रेणिवर्त्मनोः - इति मेदिनी

शब्दार्थ- वाटो, मार्ग, सडक, वर्त्म, पन्था, श्रेणी, पङ्क्ति, परिपाटी, प्रचलित रीतिरिवाज ।

सरलः (वि./ना./पुं.) सरतीति *(सरल बन्छ)* सृ गतौ (भ्वा.) धातु, सृ+कलच् (अल), गुण= सरल ।

सरलः पूतिकाष्ठे नाऽथोदारावक्रयोस्त्रिषु- इति मेदिनी

दक्षिणे सरलोदारौ- इत्यमरः

शब्दार्थ- सरल, सोझो, उदार विचारको, उदार प्रकृतिको, सीधा, छलकपट नगर्ने, सजिलो, सल्लाको रूख, वृक्षविशेष ।

सरलता (ना./स्त्री.) सरलस्य भावः *(सरल हुनाको भाव वा अवस्था)* सरल+तल् (त)+टाप् (आ)= सरलता ।

शब्दार्थ- सोझोपना, सजिलोपन, सरल हुनाको अवस्था, सुगमता ।

सरलत्वम् (ना./न.) सरलस्य भावः *(सरल हुनाको भाव वा अवस्था)* सरल+त्व= सरलत्व ।

शब्दार्थ- सरलता, सजिलोपन, सोझोपना ।

सरलीकरणम् (ना./न.) असरलः सरलः सम्पद्यते, सरलः क्रियते इति वा *(सरल नभएको सरल बन्छ र सरल बनाइन्छ)* डुकृञ् करणे (तना.) धातु, सरल+कृ+ल्युट् (अन), कृको गुण, णत्व, सरलका अको ईत्व, च्विको सर्वलोप= सरलीकरण ।

शब्दार्थ- अप्ठेरोलाई सजिलो र वाङ्गोलाई सोझो पार्ने काम, सरल पार्ने क्रिया, सजिलो पार्ने काम ।

सरलीकृतः (वि.) असरलः सरलः समपद्यत, सः कृतः इति *(असजिलोलाई सजिलो बनाइएको र सजिलो पारिएको)* डुकृञ् करणे (तना.) धातु, सरल+च्वि+कृ+क्त (त), ईत्व, च्विलोप= सरलीकृत ।

शब्दार्थ- सरल पारिएको, सजिलो वा सुगम वनाइएको ।

सरसः (वि.) रसेन सह *(रसले परिपूर्ण)* व.स., सहको सभाव= सरस ।

शब्दार्थ- रसिलो, रसले परिपूर्ण, रसयुक्त, रसिक (व्यक्ति) ।

सरस् (सरः) (ना./न.) सरति, स्रियते इति वा *(चञ्चल हुन्छ वा हुनु)* सृ गतौ (भ्वा.) धातु, सृ+असुन्[३] (अस्), गुण, सरस्, रुत्व, विसर्ग, सरः= सर ।

सरो नीरतडागयोः - इति मेदिनी

कासारः सरसी सरः - इत्यमरः

शब्दार्थ- सरोवर, तलाउ, पोखरी, पानी, जलाशय ।

***द्रष्टव्य*- सरसामस्मि सागरः- भ.गी. १०**

सरसिजम् (ना./न.) सरसि जायते, जातमिति वा *(तलाउमा पैदा हुने वा भएको)* सरसि सप्तम्यन्त पदपूर्वमा हुने जनी प्रादुर्भावे (दिवा.) धातु, सरसि+जन्+ड[४] (अ), टिलोप, वहुलप्रकारले सप्तमी विभक्तिको अलुक्= सरसिज ।

शब्दार्थ- कमल, पद्म, नलिन, सरोज, अरविन्द ।

सरसी (ना./स्त्री.) स्रियते पूर्यते जलम् *(जल पूर्ण रहनु)* सृ गतौ (भ्वा.) धातु, सृ+असुन् (अस्), सरस्+ङीष् (ई) =सरसी ।

शब्दार्थ- सरोवर, सानो तलाउ, पोखरी, जलाशय, कुण्ड ।

सरस्वत् (सरस्वान्) (ना./न./पुं./वि.) सरः निरम् अस्ति अस्य *(जल तथा जलाशय छ यसको)* सरस्+मतुप्[५] (मत्), मको व= सरस्वत् (न.पुं.रूप) ।

सरस्वत्‌को पुंलिङ्गीरूप= सरस्वान् ।

शब्दार्थ- समुद्र, सरोवर, सागर, अर्णव, तलाउ, जलपूर्ण, जलयुक्त ।

सरस्वती (ना./स्त्री.) सरतीति *(प्रवाहित हुन्छ)* सृ गतौ (भ्वा.) धातु, सृ+असुन् (अस्), गुण, सरस्, रुत्व, विसर्ग, सरः । सरः नीरम् तद्वत् रसः वा अस्ति अस्याः *(पानी वा रस छ यिनको)* सरस्+मतुप् (मत्), मको व, सरस्वत्+ङीप् (ई)= सरस्वती ।

शब्दार्थ- वाणी तथा ज्ञानकी अधिष्ठात्री देवी, भारती, भाषा, सरस्वती माता, विद्या, वाणी, वचन, गाई, उत्तम स्त्री, गङ्गा र यमुनाको सङ्गम प्रयागमा लुप्तावस्थामा मिल्ने एक नदी ।

सरस्वतीपूजा (ना./स्त्री.) सरस्वत्याः पूजा *(विद्याकी देवी सरस्वती माताको पूजा)* ष.त.स.= सरस्वतीपूजा ।

शब्दार्थ- विद्या तथा ज्ञानकी देवी सरस्वतीको पूजा, जो श्रीपञ्चमीको दिन सम्पन्न गरिन्छ ।

सरागः (वि.) रागेण सह *(रागसहित)* व.स., सहको सभाव = सराग ।

शब्दार्थ- रागयुक्त, प्रेमले परिपूर्ण, प्रणयले उन्मत्त, विषयासक्त, रङ्गीन ।

---

[१] बहुलमन्यत्रापि../जुचङ्क्रम्य... : युच्

[२] अर्तिसृधृ... : अनि

[३] सर्वधातुभ्य.../सर्तेरसुन् : असुन्

[४] सप्तम्यां जने... : ड

[५] तदस्यास्त्यस्मिन्...: मतुप्

सरित् (ना./स्त्री.) सरतीति *(बहन्छ)* सृ गतौ (भ्वा.) धातु, सृ+इति[1] (इत्), उणा., गुण= सरित् ।

शब्दार्थ- नदी, ठूलो खोलो ।

सरित्पतिः (ना./पुं.) सरितां पतिः *(नदीहरूको पति)* ष.त.स.= सरित्पति ।

शब्दार्थ- समुद्र, सागर, अर्णव, उदधि ।

सरीसृपः (ना./पुं.) कुटिलं सर्पति *(टेढो गरेर हिँड्छ)* सृप्लृ गतौ (भ्वा.) धातु, सृप्+यङ्[2] (य), द्वित्व, एकशेष, सृ सृप् य, अभ्यासका सृको गुण[3], सर् सृप् य, ईडागम[4], यको लुक्, सरीसृप्, (यङन्त धातु), सरीसृप्+अच् (पचादि)= सरीसृप ।

आशीविषो विषधरश्चक्री व्यालः सरीसृपः- इत्यमरः

शब्दार्थ- घस्रेर हिंड्ने सर्पजाति, उरग, विषधर, भुजङ्ग, घस्रने गँडचौलो, छेपारो, गोहोरो आदि ।

सरूपः (वि.) समानं रूपमस्य *(समान रूप छ यसको)* ब.स., समानको सभाव[5]= सरूप ।

शब्दार्थ- समानरूप भएको, उस्तै रूपको, समरूपको, समान वर्ण वा आकृति भएको ।

सरोजम् (ना./न.) सरसि जातमिति *(तलाउमा पैदा हुने)* सरस् उपपदपूर्वक जनी प्रादुर्भावे (दिवा.) धातु, सरस्+जन्+ड (अ), टिलोप, रुत्व, उत्व= सरोज ।

शब्दार्थ- कमल, पद्म, पङ्कज, अरविन्द ।

सरोजिनी (ना./स्त्री.) सरोजानि सन्ति यत्र *(कमलहरू छन् यहाँ)* सरोज+इनि (इन्), अकारलोप, सरोजिन्+ङीप् (ई)= सरोजिनी ।

शब्दार्थ- कमलहरू भएको तलाउ, कमल फुल्ने पोखरी, कमलिनी ।

सरोवरम् (ना./न.) सरसां वरम् *(तलाउहरूमा उत्तम वा श्रेष्ठ)* ष.त.स., रुत्व, उत्व= सरोवर ।

शब्दार्थ-ठूलो तलाउ वा ताल, मानसरोवर, इन्द्रसरोवर ।

सर्गः (ना./पुं.) सृज्यते इति *(सृजना वा सृष्टि गरिन्छ)* सृज विसर्गे (दिवा.) धातु, सृज्+घञ् (अ), गुण, कुत्व= सर्ग ।

सर्गः स्वभाव-निर्मोक्ष-निश्चयाध्याय-सृष्टिषु- इत्यमरः

शब्दार्थ- सृष्टि, सृजना, रचना, अध्याय, परिच्छेद, स्वभाव, निश्चय, प्रकृति, प्रवृत्ति, परित्याग ।

सर्गवन्धः (ना./पुं.) सर्गैरध्यायैर्बन्धः *(सर्गले बाँधिएको)* तृ.त.स.= सर्गवन्ध ।

शब्दार्थ- सर्गमा विभाजित महाकाव्य, खण्डकाव्य, काव्यको एक प्रकार ।

सर्जः (ना./पुं.) सर्ज्यते इति *(सृजना गरिन्छ)* षर्ज अर्जने (भ्वा.) धातु, सत्त्व, सर्ज्+घञ् (अ)= सर्ज ।

शब्दार्थ- सृष्टि, संरचना, सालको वृक्ष, साजको रूख, ।

सर्जकः (ना./पुं.) सृजतीति *(सृजना गर्छ)* सृज विसर्गे (तुदा.) धातु, सृज्+ण्वुल् (अक), गुण= सर्जक ।

शब्दार्थ- सृष्टिकर्ता, रचनाकार, विजयसाल, सतीसालको वृक्ष ।

सर्जनम् (ना./न.) सर्जनम्, सृज्यते इति वा *(रचना गरिन्छ, परित्याग गरिन्छ)* सृज विसर्गे (दिवा./तुदा.) धातु, सृज्+ल्युट् (अन), गुण= सर्जन ।

शब्दार्थ- परित्याग, त्याग, छोड्ने काम, मलमूत्र त्याग गर्ने काम, संरचना, निर्माण, सृजना ।

सर्पः (ना./पुं.) सर्पति गच्छति, सर्पणमिति वा *(घस्रन्छ, घस्रनु)* सृप्लृ गतौ (भ्वा.) धातु, सृप्+अच् (पचादि)/ घञ् (अ), गुण= सर्प ।

शब्दार्थ- गमन, घस्रेर हिंड्ने काम, साप, नाग, भुजग, उरग ।

सर्पणम् (ना./न.) सर्पणमिति *(घस्रिन्छ)* सृप्लृ गतौ (भ्वा.) धातु, सृप्+ल्युट् (अन), गुण, णत्व= सर्पण ।

शब्दार्थ- घस्रेर हिंड्ने काम, वक्रगति, सर्प या गँडचौला आदिको हिँडाइ ।

सर्पयज्ञः (ना./पुं.) सर्पाणां यज्ञः, सर्पाणां यागः *(सर्पहरूको यज्ञ)* ष.त.स.= सर्पयज्ञ ।

शब्दार्थ- सर्पहरूको हवन गर्ने काम, सर्पहरूको होम, नागयज्ञ, सर्पहरूको विनाशका लागि जनमेजयद्वारा गरिएको एक यज्ञ ।

सर्पविद्या (ना./स्त्री.) सर्पाणां विद्या *(सर्पहरूको विद्या)* ष.त.स.= सर्पविद्या ।

शब्दार्थ-सर्प समात्ने, लट्ठ्याउने आदि विद्या, गारुडीविद्या ।

सर्पिणी (ना./स्त्री.) सर्पति गच्छति असौ *(यताउति घस्रन्छ यो)* सृप्लृ गतौ (भ्वा.) धातु, सृप्+णिनि[6] (इन्), गुण, सर्पिन्+ङीप् (ई), णत्व= सर्पिणी ।

शब्दार्थ- सर्प जातकी स्त्री, नागिनी, घस्रने जातका किराकी स्त्री, सर्पपत्नी ।

सर्पिस् (सर्पिः) (ना./न.) सर्पतीति *(पग्लेर बहन्छ, चुहुन्छ)* सृप्लृ गतौ (भ्वा.) धातु, सृप्+इसि[7] (इस्), उणा., गुण, सर्पिस्, रुत्व, विसर्ग, सर्पिः= सर्पि ।

शब्दार्थ- पग्लेको घिउ, घृत, हवि, आज्य ।

सर्वः (वि./ना./पुं.) सृतमनेन विश्वमिति *(यिनैद्वारा विश्व फैलिएको)* सृ गतौ (भ्वा.) धातु, सृ+वन्[8] (व), उणा., गुण= सर्व ।

अथवा सर्वस्मिन् सर्वतीति *(सबैतिर पुग्छ)* सर्व गतौ (भ्वा.) धातु, सर्व+अच् (पचादि)= सर्व ।

अथवा सर्वति सर्वम् *(सबै संहार गर्छन्)* षर्व हिंसायाम् (भ्वा.) धातु, सत्त्व, सर्व+अच् (पचादि)= सर्व ।

---

[1] दृसृरुहि... : इति
[2] नित्यं कौटिल्ये... : यङ्
[3] गुणो यङ्लुकोः : गुण
[4] यङो वा : ईडागम
[5] ज्योतिर्जनपद...: समानको सभाव
[6] आवश्यकाधमर्ण्ययो.. : णिनि
[7] अर्चिशुचिहु... : इसि
[8] सर्वनिघृष्व...: वन्

शब्दार्थ- समग्र, समस्त, अखिल, सबै, जम्मै, पूर्ण, सदा सबैलाई जान्ने विष्णु, संहारकर्ता शिव, सबैलाई बुझाउने सर्वनाम शब्द ।

द्रष्टव्य- सर्वः सर्वः शिवः स्थाणुः - विष्णु स.ना. १७

सर्वस्य सर्वदा ज्ञानात् सर्वमेनं प्रचक्षते-म.भा. (उ.प. ७०/११)

सर्वकर्मीणः (वि.) सर्वाणि च तानि कर्माणि *(सबै कर्महरू)* क.त.स., सर्वकर्माणि । तानि व्याप्नोतीति *(सबै कर्म व्याप्त गर्छ)* सर्व+कर्मन्+ख[1] (ईन), णत्व=सर्वकर्मीण

शब्दार्थ- सबै कर्म गर्ने, सबै कर्म व्याप्त गर्ने ।

सर्वजनीनः (वि.) सर्वश्चासौ जनश्च *(सबै जन)* क.त.स., सर्वजनः । तस्मै हितम् *(सबैलाई हित हुने)* सर्वजन+ख[2] (ईन)= सर्वजनीन ।

शब्दार्थ- सबैजनालाई हित हुने, सार्वजनिक, सबैलाई कल्याण हुने ।

सर्वजातः (ना./पुं.) सर्वश्चासौ जातश्च *(सबै जात)* क.त.स.= सर्वजात ।

शब्दार्थ- सबै जात, विभिन्न जात, सम्पूर्ण जातजाति ।

सर्वजित् (वि.). सर्वं जयतीति *(सबैलाई जित्छ)* सर्व उपपदर्पूक जि जये (भ्वा.) धातु, सर्व+जि+क्विप्, तुक्, क्विप्को सर्वलोप= सर्वजित् ।

शब्दार्थ- सबैलाई जित्ने, सर्वविजयी, महापराक्रमी सर्वोत्तम वीर, सर्वविजेता ।

सर्वज्ञः (वि./ना./पुं.) सर्वं जानातीति *(सबै जान्दछ)* सर्व उपपदपूर्वक ज्ञा अवबोधने (क्र्या.) धातु, सर्व+ज्ञा+क (अ), आकारलोप= सर्वज्ञ ।

सर्वज्ञस्तु जिनेन्द्रः स्यात् सुगते शङ्करेऽपि च- ....

सर्वज्ञः शिवबुद्धयोः - इति मेदिनी

शब्दार्थ- सबै कुरा जान्ने, सर्वविद्, वेदार्थज्ञाता, विष्णु, शिव, परमेश्वर, बुद्ध, जैनधर्मका तीर्थाङ्कर ।

सर्वज्ञता (ना./स्त्री.) सर्वज्ञस्य भावः *(सर्वज्ञ हुनाको भाव वा अवस्था)* सर्वज्ञ+तल् (त)+टाप् (आ)= सर्वज्ञता ।

शब्दार्थ- सर्वज्ञ हुनाको भाव वा स्थिति, सर्वज्ञपना ।

सर्वतः (अव्य.) सर्वस्मादिति *(सबैबाट)* सर्व+तसिल्[3] (तस्), सर्वतस्, रुत्व, विसर्ग, सर्वतः= सर्वत ।

शब्दार्थ-सबैतिरबाट, वरिपरि, सबै किसिमले, पूर्णरूपले ।

सर्वतन्त्रम् (ना./न.) तन्यन्ते अनेन इति *(फैलिन्छन् यसबाट)* तनु विस्तारे (तना.) धातु, तन्+ष्ट्रन्[4] (त्र), उणा., तन्त्राणि । सर्वाणि च तानि तन्त्राणि *(सबै तन्त्रशास्त्रहरू)* क.त.स.= सर्वतन्त्र ।

शब्दार्थ- सबै प्रकारका तन्त्रशास्त्र, सबै तन्त्रविद्या ।

सर्वतोभद्रः (वि./ना./पुं.) सर्वतः भद्रम् अत्र/अस्मात् *(सबै प्रकारले कल्याण छ यहाँ/यसबाट)* सर्वतस्+भद्रम्, ब.स., रुत्व, उत्व= सर्वतोभद्र । अथवा सर्वतः भद्राणि सुखानि अस्य *(सर्वत्र सुख छ यसको)* ब.स., रुत्व, उत्व= सर्वतोभद्र । अथवा सर्वतश्च तत् भद्रम् *(सबैतिरबाट कल्याणदायक)* क.त.स.= सर्वतोभद्र ।

शब्दार्थ- सबै प्रकारले भलाइ वा कल्याण हुने, स्वस्तिक, सर्वत्र कल्याण हुने, सर्वत्र भलाइ वा हित ।

सर्वतोमुखः (वि./ना./न.) सर्वतः मुखानि यस्य *(सबैतिर मुख छन् जसका)* ब.स., रुत्व, उत्व= सर्वतोमुख ।

कबन्धमुदकं पाथः पुष्करं सर्वतोमुखम्- इत्यमरः

शब्दार्थ- सबैतिर मुख भएको, सबैतिर मुख फर्केको, सबैतिर गति भएको, सबै कुरा जान्न सक्ने क्षमता भएको, पानी, जल, उदक, ब्रह्मा, शिव ।

सर्वतोमुखी (वि.) सर्वतः मुखानि यस्य *(सबैतिर मुख छन् यसका)* ब.स., रुत्व, ऊत्व, सर्वतोमुखः । सर्वतोमुखः अस्यास्तीति *(सबैतिर मुख छ यसको)* सर्वतोमुख+इनि (इन्), सर्वतोमुखिन्= सर्वतोमुखी ।

शब्दार्थ- बहुमुखी ज्ञान वा प्रतिभा भएको, सबैतिर समग्र कुरामा गति भएको, अग्रणी ।

सर्वत्र (अव्य.) सर्वस्मिन् स्थले *(सबै ठाउँमा)* सर्व+त्रल्[5] (त्र)= सर्वत्र ।

शब्दार्थ- सबै स्थानमा, सबैतिर, जताततै ।

सर्वत्रगः (वि.) सर्वत्र गच्छतीति *(सबैतिर जान्छ)* सर्वत्र उपपदमा हुने गम्लृ गतौ (भ्वा.) धातु, सर्वत्र+ गम्+ड[6] (अ)= सर्वत्रग ।

शब्दार्थ- सबै ठाउँमा गति वा पहुँच भएको, जताततै जानसक्ने ।

सर्वथा (अव्य.) सर्वप्रकारेण इति *(सबै प्रकारले)* सर्व+थाल्[7] (था)= सर्वथा ।

शब्दार्थ- सबै प्रकारबाट, सबै तरिकाले ।

सर्वदलम् (ना./न.) दलति दालयतीति वा *(पिस्छ, कुटाउँछ)* दल विशरणे (भ्वा.) धातु, वा दल विदारणे (चुरा.) धातु, दल्+अच् (पचादि), दलम् । सर्वञ्च तत् दलम् **(सबै दल)** क.त.स.= सर्वदल ।

शब्दार्थ- विभिन्न विषयसित सम्बन्धित भिन्नभिन्न विचार वा सिद्धान्त अँगाल्ने व्यक्तिहरूको समुदाय वा दल, धान्यादि अन्न र अन्य प्रकारका बोटबिरुवाका बीजको दल ।

सर्वदलीयः (वि.) सर्वदले जातः, सर्वदलाय हितम्, सर्वदल स्येदम् *(सबै दलमा पैदा भएको, सबै दलको लागि हित हुने, सबै दलको)* सर्वदल+छ[8] (ईय) =सर्वदलीय ।

शब्दार्थ- सबै दलबाट पैदा भएको, सबै दलसित सम्बन्धित, सबै दलका लागि उपयोगी हुने, सबै दल सम्मिलित, सबै दलको ।

---

[1] तत्सर्वादेःपत्थ्यङ्ग...: ख

[2] सर्वजनाट्ठञ् खश्च (वा.) : ख

[3] पञ्चम्यास्तसिल् : तसिल्

[4] सर्वधातुभ्य... : ष्ट्रन्

[5] सप्तम्यास्त्रल् : त्रल्

[6] सर्वत्रपन्नयो... : ड

[7] प्रकारवचने... : थाल्

[8] गहादिभ्यश्च/तस्मैहितम् : छ

सर्वदर्शिता (ना./स्त्री.) सर्वं द्रष्टुं शीलमस्य *(सबै देख्नसक्ने शील छ यसको)* दृशिर् प्रेक्षणे (भ्वा.) धातु, सर्व+दृश्+णिनि (इन्), गुण, सर्वदर्शिन् । सर्वदर्शिनः भाव: *(सर्वदर्शी हुनाको भाव वा अवस्था)* सर्वदर्शिन् +तल् (त)+टाप् (आ), नलोप= सर्वदर्शिता

शब्दार्थ- सर्वदर्शी हुनाको भाव वा अवस्था, सर्वज्ञता ।

सर्वदर्शी (वि./ना./पुं.) सर्वं द्रष्टुं शीलमस्य *(सबै देख्नसक्ने शील छ यसको)* सर्व उपपदपूर्वक दृशिर् प्रेक्षणे (भ्वा.) धातु, सर्व+दृश्+णिनि[१] (इन्), दृश्को गुण, सर्वदर्शिन्= सर्वदर्शी ।

शब्दार्थ- सबै कुरा देख्नसक्ने, दूरदर्शी, सबैतिर दृष्टि दिन सक्ने, सबै कुरा थाह पाउने परमेश्वर ।

सर्वदा (अव्य.) सर्वस्मिन् काले इति *(सबै समयमा)* सर्व+दा[२]= सर्वदा ।

शब्दार्थ- सधैं, सदाकाल ।

सर्वधूरीण: (वि./ना./पुं.) सर्वधुरं वहतीति *(समग्र भारी बोक्छ)* सर्वधुर+ख[३] (ईन), णत्व= सर्वधूरीण ।

शब्दार्थ- सबै दायित्व वहन गर्ने, समग्र भारी बोक्नसक्ने, परमेश्वर ।

सर्वनामन् (ना./न.) सर्वेषां नाम *(सबैको नाम)* ष.त.स., सर्वनामन्= सर्वनाम ।

शब्दार्थ- सबैको नाम, सबै व्यक्ति वा वस्तुलाई बुझाउने नाम, नामको सट्टामा प्रयुक्त सर्वनाम शब्द ।

सर्वनाश: (ना./पुं.) नश्यतीति *(नाश हुन्छ)* णश अदर्शने (दिवा.) धातु, नश्+घञ् (अ), वृद्धि, नाशः । सर्वस्य नाश: *(सबै कुराको विनाश)* ष.त.स.= सर्वनाश ।

शब्दार्थ- सबै वस्तु वा व्यक्तिको विनाश, सबैथोकको नाश, सत्यानाश ।

सर्वनाशक: (वि.) सर्वं नाशयतीति *(सबैलाई नाश गर्छ)* सर्व उपपदपूर्वक णश अदर्शने (दिवा.) धातु, नश्+णिचि+ण्वुल् (अक), वृद्धि, णिलोप= सर्वनाशक ।

शब्दार्थ- सबै कुरा सखाप पार्ने, सबैको विनाश गर्ने, सत्यानाश पार्ने ।

सर्वपथीन: (वि.) सर्वे च पन्थानश्च *(सबै मार्ग)* क.त.स., सर्वपथिन्, टच्, टिलोप, सर्वपथा: । तान् व्याप्नोतीति *(सबै मार्ग ढाक्तछ)* सर्वपथ+ख[४] (ईन)= सर्वपथीन ।

शब्दार्थ- सबै मार्ग ढाक्ने, सर्वत्र व्याप्त गर्ने ।

सर्वप्रथम: (वि.) प्रथते इति *(विख्यात हुन्छ)* प्रथ प्रख्याने (भ्वा.) धातु, प्रथ्+अमच्[५] (अम), उणा., प्रथम । प्रथमस्तु भवेदादौ प्रधानेऽपि च वाच्यवत्- इति मेदिनी सर्वेषां प्रथमः *(सबैमा प्रथम वा मुख्य)* स.त.स. =सर्वप्रथम ।

शब्दार्थ- पहिलो, मुख्य, प्रधान, सबैभन्दा पहिलो, सबैमा मुख्य, अग्रणी, अगुवा, सबभन्दा पहिले ।

सर्वप्रद: (वि.) सर्वं प्रददातीति *(सबै दिन्छ)* सर्व उपपदमा हुने प्रपूर्वक डुदाञ् दाने (जुहो.) धातु, सर्व+प्र+दा+क[६] (अ), अकारलोप= सर्वप्रद ।

शब्दार्थ- सबै कुरा प्रदान गर्ने, सबै थोक दिने ।

सर्वप्रिय: (वि.) सर्वेषां जनानां सर्वेषु वा प्रियः *(सबैको वा सबैमा प्यारो)* ष.त.स. /स.त.स.= सर्वप्रिय ।

शब्दार्थ-सबैको प्यारो, सबैको मनपर्ने, जनप्रिय, लोकप्रिय ।

सर्वभक्षी (वि./ना./पुं.) सर्वं भक्षितुं शीलमस्य *(सबै कुरा खान सक्ने शील छ यसको)* सर्व उपपदपूर्वक भक्ष अदने (भ्वा./चुरा.) धातु, सर्व+भक्ष्+णिनि (इन्), सर्वभक्षिन् =सर्वभक्षी ।

शब्दार्थ- भक्ष्य अभक्ष्य केही नभनी सबै कुरा खाने, खानु हुने र नहुने नछुट्टयाई सबै कुरा खाने, सर्वभोगी, अग्नि, आगो, वैश्वानर ।

सर्वभोगी (वि.) सर्वं भोक्तुं शीलमस्य *(सबै कुरा भोग गर्ने शील छ यसको)* सर्व उपपदपूर्वक भुज पालनाभ्यवहारयो: (रुधा.) धातु, सर्व+भुज्+णिनि (इन्), गुण, कुत्व, सर्वभोगिन्= सर्वभोगी ।

शब्दार्थ- राम्रो नराम्रो नछुट्टयाइ सबै कुरा उपभोग गर्ने, भोज्य अभोज्य नछुट्टयाई सबै कुरा खाने, सर्वभक्षी ।

सर्वमङ्गला (ना./स्त्री.) मङ्गति, मङ्गयते अनया इति वा *(भलाइ गर्छ वा गरिन्छ)* मगि गत्यर्थे (सर्पणे) (भ्वा.) धातु, नुम्, मङ्ग्+अलच्[७] (अल), उणा., मङ्गलम् । सर्वाणि मङ्गलानि यस्याः *(सबै मङ्गल छन् जसका)* सर्वमङ्गल+टाप् (आ)= सर्वमङ्गला ।

शब्दार्थ- सबैको मङ्गल गर्ने स्त्री, सबैको कल्याण गर्ने देवी, दुर्गा, भगवती, लक्ष्मी, सरस्वती ।

सर्वमय: (वि.) प्रकृतः प्रचुरः सर्वः *(पर्याप्त मात्रामा फैलिएको)* सर्व+मयट् (मय)= सर्वमय ।

शब्दार्थ- सबैतिर व्यापकरूपले रहेको, सर्वव्यापी ।

सर्वमान्य: (वि.) मानितुं योग्यः *(सम्मान गर्न योग्य वा लायक)* मनु अवबोधने (तना.) धातु, मन्+णिचि, वृद्धि, मानि+यत्[८] (य), णिलोप, मान्यः । सर्वैर्मान्यः *(सबैद्वारा सम्मानित)* तृ.त.स.= सर्वमान्य ।

शब्दार्थ- सबैले सम्मान गर्न योग्य वा लायक, सबैले आदरसम्मान गर्नुपर्ने, सबैबाट सम्मानित ।

सर्वविद् (वि.) सर्वं वेत्ति विन्ते इति वा *(सबै जान्दछ वा विचार गर्दछ)* सर्व उपपदमा हुने विद ज्ञाने (अदा.) वा विद विचारणे (रुधा.) धातु, सर्व+विद्+क्विप् (सर्वलोप) =सर्वविद् ।

शब्दार्थ- सबै कुरा जान्ने, सबै थोक विचार गर्ने, सर्वज्ञ, सर्ववेत्ता ।

---

[१] सुप्यजातौ... : णिनि
[२] सर्वैकान्यत्... : दा
[३] खः सर्वधुरात् : ख
[४] तत्सर्वादेर्पथ्यङ्ग...: ख
[५] प्रथेरमच् : अमच्
[६] प्रे दाज्ञः : क
[७] मङ्गेरलच् : अलच्
[८] अचो यत् : यत्

सर्वव्यापकः (वि./ना./पुं.) सर्वं व्याप्नोतीति *(सबैमा व्याप्त हुन्छ)* सर्व उपपदमा हुने विपूर्वक आप्लृ व्याप्तौ (स्वा.) धातु, सर्व+वि+आप्+ण्वुल् (अक), वि आको यण्= सर्वव्यापक ।

शब्दार्थ- सबैमा व्याप्त, सर्वत्र फैलिएको, सबै ठाउँमा ढाकेको, परमात्मा परमेश्वर ।

सर्वव्यापी (वि./ना./पुं.) सर्वं व्याप्नोतीति *(सबैमा व्याप्त हुन्छ)* सर्व उपपदमा हुने विपूर्वक आप्लृ व्याप्तौ (स्वा.) धातु, सर्व+वि+आप्+णिनि (इन्), वि आको यण्, सर्वव्यापिन्= सर्वव्यापी ।

शब्दार्थ- सबैमा व्याप्त, सर्वत्र ढाकेको, परमेश्वर, ईश्वर, परमात्मा ।

सर्वशक्तिमान् (वि./ना./पुं.) सर्वा चासौ शक्तिश्च *(सबै शक्ति)* क.त.स., सर्वशक्तिः । सर्वशक्तिरस्यास्तीति *(सर्वशक्ति छ यसको)* सर्वशक्ति+मतुप् (मत्), मको व, सर्वशक्तिमत्= सर्वशक्तिमान् ।

शब्दार्थ- सबै प्रकारको शक्तिले परिपूर्ण, ज्यादै ठूलो सामर्थ्य भएको, ईश्वर, परमेश्वर, परमात्मा ।

सर्वश्रीः (ना./स्त्री.) सर्वा चासौ श्रीश्च *(सबै ऐश्वर्य)* क.त.स.= सर्वश्री ।

शब्दार्थ- सबै श्रीसम्पत्ति, समग्र वैभव, सामूहिक आदर वा सम्मान जनाउन प्रयोग हुने शब्द ।

सर्वश्रेष्ठः (वि.) अयमेषामतिशयेन प्रशस्यः *(यो यिनीहरूमा ज्यादै प्रशंसनीय)* प्रशस्य+इष्ठन्[1] (इष्ठ), प्रशस्यको श्र आदेश[2], गुण, श्रेष्ठः । सर्वेषां सर्वेषु वा श्रेष्ठः *(सबैमा श्रेष्ठ)* स.त.स.= सर्वश्रेष्ठ ।

शब्दार्थ- सबैभन्दा श्रेष्ठ वा ठूलो, सर्वोत्तम ।

सर्वश्रेष्ठता (ना./स्त्री.) सर्वश्रेष्ठस्य भावः *(सर्वश्रेष्ठ हुनाको भाव वा अवस्था)* सर्वश्रेष्ठ+तल् (त)+टाप् (आ)= सर्वश्रेष्ठता ।

शब्दार्थ- सबैभन्दा उम्दापना, सर्वोत्तमता, सबैभन्दा श्रेष्ठ हुनाको स्थिति वा अवस्था ।

सर्वसंहारः (ना./पुं.) संहरणम्, संह्रियते इति वा *(संहार गरिन्छ)* सम्पूर्वक हृञ् हरणे (भ्वा.) धातु, सम्+हृ+घञ् (अ), वृद्धि, संहारः । सर्वेषां संहारः *(सबैको संहार)* ष.त.स.= सर्वसंहार ।

शब्दार्थ- सबैको विनाश हुने काम, सर्वनाश, सत्यानाश ।

सर्वसंहारकः (वि.) सर्वं संहरतीति *(सबै संहार गर्छ)* सर्व उपपदमा हुने सम्पूर्वक हृञ् हरणे (भ्वा.) धातु, सर्व+सम्+हृ+ण्वुल् (अक), वृद्धि= सर्वसंहारक ।

शब्दार्थ- सबैलाई संहार गर्ने, सबैको विनाश गर्ने, सर्वविनाशकारी ।

सर्वसंहारकारी (वि.) सर्वसहारं कर्तुं शीलमस्य *(सबै संहार गर्ने शील वा क्षमता छ यसको)* डुकृञ् करणे (तना.) धातु, सर्वसंहार+कृ+णिनि[3] (इन्)= सर्वसंहारकारी ।

शब्दार्थ- सबैको संहार गर्ने, सर्वविनाशकारी, सर्वसंहारक ।

सर्वसंहारी (वि.) सर्वं संहर्तुं शीलमस्येति *(सबैलाई हरण गर्ने शील वा सामर्थ्य छ यसको)* हृञ् करणे (भ्वा.) धातु, सर्व+सम्+हृ+णिनि[3] (इन्), वृद्धि, सर्वसंहारिन् =सर्वसंहारी ।

शब्दार्थ- सबैलाई संहार गर्ने, सर्वसंहारक, सर्वनाशी ।

सर्वसत्ता (ना./स्त्री.) सतः भावः *(विद्यमानता वा अस्तित्वको भाव वा अवस्था)* सत्+तल् (त)+टाप् (आ), सत्ता । सर्वस्य सत्ता *(सबैको अस्तित्व)* ष.त.स. =सर्वसत्ता ।

शब्दार्थ-सबैको अस्तित्व, समग्र अधिकारले परिपूर्ण सत्ता ।

सर्वसत्तासम्पन्नः (वि.) सर्वसत्तया सम्पन्नः *(सर्वसत्ताले परिपूर्ण)* तृ.त.स.= सर्वसत्तासम्पन्न ।

शब्दार्थ- सबै अधिकारले युक्त, सबै प्रकारको सम्प्रभुताले परिपूर्ण ।

सर्वसम्मतः (वि.) सर्वेषां सम्मतः *(सबैको सहमत)* ष.त.स.= सर्वसम्मत ।

शब्दार्थ- सबैको सहमत, सबैको स्वीकृति भएको, सबैले स्विकारेको ।

सर्वसम्मतिः (ना./स्त्री.) सर्वेषां सम्मतिः *(सबैको सम्मति)* ष.त.स.= सर्वसम्मति ।

शब्दार्थ- सबैको सहमति वा स्वीकृति, सबैवाट मान्य हुने काम ।

सर्वसाक्षी (वि./ना./पुं.) सर्वेषां साक्षी *(सबैका साक्षी)* ष.त.स.= सर्वसाक्षी ।

शब्दार्थ- सबैका साक्षी, सबैकुरा देख्ने, सर्वद्रष्टा, ईश्वर, परमात्मा परमेश्वर ।

सर्वसाधारणः (ना./पुं.) सर्वश्चासौ साधारणश्च *(सबै सामान्य जन)* क.त.स.= सर्वसाधारण ।

शब्दार्थ- सबै साधारण मानिसको समुदाय, लोक, जनसाधारण ।

सर्वसिद्धिः (ना./स्त्री.) सर्वस्य सिद्धिः *(सबैथोकको सिद्धि)* ष.त.स.= सर्वसिद्धि ।

शब्दार्थ- सबै कुराको सिद्धि, सम्पूर्ण मनोकामना पूर्ण हुने काम ।

सर्वस्वः (ना./पुं./न.) सर्वश्चासौ स्वश्च *(सबै धनसम्पति)* क.त.स.= सर्वस्व ।

स्वोऽस्त्रियां धने- इत्यमरः

शब्दार्थ- सबै धनसम्पत्ति, भएभरको पूरै जायजेथा, सिरीखुरी सबै सम्पत्ति ।

सर्वस्वहरणम् (ना./न.) सर्वस्वस्य हरणम् *(सम्पूर्ण सम्पत्तिको अपहरण)* क.त.स.= सर्वस्वहरण ।

शब्दार्थ- सम्पूर्ण सम्पत्ति हरण गर्ने काम, सारा सम्पतिको अपहरण ।

---

[1] अतिशायने तमबिष्ठनौ : इष्ठन्

[2] प्रशस्यस्य श्रः : श्र आदेश.

[3] सुप्यजातौ... : णिनि

सर्वाङ्गम् (ना./न.) सर्वं च तदङ्गम् *(सबै अङ्ग)* सर्व+अङ्ग, क.त.स., दीर्घ= सर्वाङ्ग ।

शब्दार्थ- समग्र शरीर, शरीरका सबै अङ्ग र अवयव, सबै देह, सबै जीउ ।

सर्वाङ्गपूर्णः (वि.) सर्वाङ्गेण पूर्णः *(सारा अङ्गले परिपूर्ण)* तृ.त.स.= सर्वाङ्गपूर्ण ।

शब्दार्थ- सबै अङ्गले युक्त, समग्र अङ्गले परिपूर्ण ।

सर्वाङ्गसुन्दरः (वि.) सर्वाङ्गं सुन्दरं यस्य *(सबै अङ्ग सुन्दर छ जसको)* व.स.= सर्वाङ्गसुन्दर ।

शब्दार्थ- सबै अङ्ग सुन्दर भएको, सबै अङ्गप्रत्यङ्ग मनोहर भएको, सबै शरीर राम्रो भएको ।

सर्वाङ्गसुन्दरी (ना./स्त्री.) सर्वाङ्गं सुन्दरं यस्याः *(सबै अङ्ग सुन्दर छ यस स्त्रीको)* व.स., सर्वाङ्गसुन्दर+ङीष् (ई) =सर्वाङ्गसुन्दरी ।

शब्दार्थ-सबै अङ्ग राम्रो भएकी स्त्री, ज्यादै राम्री आइमाई

सर्वाङ्गीणः (वि.) सर्वाणि च अङ्गानि च *(सबै अङ्ग)* क.त.स., सर्वाङ्गम् । तत् व्याप्नोतीति *(सबै अङ्ग ढाक्छ)* सर्वाङ्ग+ख[१] (ईन), णत्व= सर्वाङ्गीण ।

शब्दार्थ- सबै अङ्गको, सबै अङ्ग ढाकेको, सबै पक्षको, सबै पक्षसम्वन्धी ।

सर्वाणी (शर्वाणी) (ना./स्त्री.) शर्वस्य पत्नी *(शिवकी पत्नी)* शर्व+ङीष् (ई), आनुक्, शर्वाणी, पृषोदरादिबाट शको स= सर्वाणी ।

शब्दार्थ- दुर्गा, पार्वती, शिवपत्नी ।

सर्वाधिकारः (ना./पुं.) सर्वश्चासौ अधिकारश्च *(समस्त अधिकार)* क.त.स., दीर्घ= सर्वाधिकार ।

शब्दार्थ-सम्पूर्ण अधिकार, सबै कुरा गर्न सक्ने अधिकार ।

सर्वेशः/सर्वेश्वरः (ना./पुं.) सर्वेषामीशः *(सबैका स्वामी वा ईश)* सर्वेषामीश्वरः *(सबैका स्वामी वा ईश्वर)* ष.त.स., गुण= सर्वेश/सर्वेश्वर ।

शब्दार्थ- सबैका स्वामी, सबैका मालिक, सबैका ईश्वर, विष्णु, शिव, महेश्वर ।

सर्वोच्चः (वि.) सर्वेषां सर्वेषु वा उच्चः *(सबैको वा सबैमा उच्च)* ष.त.स./स.त.स.= सर्वोच्च ।

शब्दार्थ- सबैमा उच्च, सबैभन्दा उँचो वा अग्लो, सर्वश्रेष्ठ, सर्वोत्तम ।

सर्वोत्कृष्टः (वि.) सर्वेषां सर्वेषु वा उत्कृष्टः *(सबैमा उत्कृष्ट)* ष.त.स./स.त.स.= सर्वोत्कृष्ट ।

शब्दार्थ- सर्वश्रेष्ठ, सर्वोत्तम, सबैभन्दा उत्कृष्ट, सबैभन्दा उम्दा, उत्तम वा श्रेष्ठ ।

सर्वोत्तमः (वि.) सर्वेषां सर्वेषु वा उत्तमः *(सबैमा उत्तम)* ष.त.स./स.त.स., गुण= सर्वोत्तम ।

शब्दार्थ-सबैभन्दा उत्तम वा उत्कृष्ट, सर्वोत्कृष्ट, सर्वश्रेष्ठ ।

सर्वोपरि (अव्य.) सर्वमुपरि *(सबैभन्दा माथि)* ष.त.स., गुण= सर्वोपरि ।

शब्दार्थ- सबैभन्दा माथिको, सबैभन्दा उच्चतहको ।

सर्वौषधिः (ना./स्त्री.) सर्वा चासौ ओषधिश्च *(सबै औषधि)* क.त.स., वृद्धि= सर्वौषधि ।

शब्दार्थ- सबै प्रकारका औषधिहरू, सबै प्रकारका जडीवुटीहरू, जटामसी, वोझो आदि दश प्रकारका औषधिहरूको समूह ।

सर्षपः (ना./पुं.) सरति स्नेहः अस्मात् *(यसबाट तेल पैदा हुन्छ)* सृ गतौ (भ्वा.) धातु, सृ+अप् (अ), सुगागम, गुण, षत्व= सर्षप ।

शब्दार्थ- सस्यौं, सर्स्यूंको तेल ।

सलज्जः (वि.) लज्जया सह *(लाजले सहित)* व.स., सहको सभाव, ह्रस्व= सलज्ज ।

शब्दार्थ- लज्जायुक्त भएको, लाज मान्ने, लज्जालु, लजाउने स्वभावको ।

सलिलम् (ना./न.) सलति गच्छति निम्नं स्थलम् *(तलतिर लाग्छ)* षल गतौ (भ्वा.) धातु, सत्त्व, सल्+इलच्[२] (इल), उणा.= सलिल ।

शब्दार्थ- पानी, जल, नीर ।

सलीलः (वि./अव्य.) लीलया सह *-लीला-सहित)* व.स[३]./अव्य.स., सहको सभाव[४], ह्रस्व= सलील ।

शब्दार्थ- लीला गर्ने, क्रीडारत, लीलाले युक्त, लीलामा मग्न, लीलारत, क्रीडा गर्ने, लीलापूर्वक, लीलासहित ।

सलोकः (वि.) समानः लोकः यस्य *(समान छ लोक जसको)* व.स., समानको सभाव[५]= सलोक ।

शब्दार्थ- एउटै लोकमा वस्ने, समानलोकवासी, देवतादिकै लोकमा रहने ।

सलोकता (ना./स्त्री.) सलोकस्य भावः *(एउटै लोकमा रहनुको भाव वा अवस्था)* सलोक+तल् (त)+टाप् (आ) =सलोकता ।

शब्दार्थ- एउटै लोकमा रहनाको स्थिति, मुक्तिका चार अवस्थामध्ये सालोक्य अवस्था ।

सवयस् (सवयाः) (वि./ना./पुं.) समानं वयः यस्य *(समान उमेर छ जसको)* ब.स., समानको सभाव[५], सवयस्= सवया ।

शब्दार्थ- समान उमेरको (साथी), एकै उमेको (दौंतरी), सखा, मित्र ।

सवयस्कः (वि./ना./पुं.) समानं वयः यस्य *(समान उमेर छ जसको)* ब.स., समानको सभाव, सवयस्+कप्[६] (क), समासान्त= सवयस्क ।

शब्दार्थ- एकै उमेरको, समवयस्क, समान उमेरको साथी, सखा, मित्र ।

---

[१] तत्सर्वादिपत्यङ्ग... : ख प्रत्यय
[२] सलिकल्यनि... : इलच्
[३] तेन सहेति... : ब.स.
[४] वोपसर्जनस्य : सहको सभाव
[५] ज्योतिर्जनपद...: समानको सभाव
[६] शेषाद्विभाषा : कप् (समासान्त)

सवर्गः (वि.) समानः वर्गः यस्य *(समान छ वर्ग जसको)* ब.स., समानको सभाव= सवर्ग ।

शब्दार्थ- एउटै वर्गको, समान वर्ग भएको, समान वर्गीय

सवर्गीयः (वि.) सवर्गे भवः, सवर्गस्यायम् *(एउटै वर्गमा भएको, एउटै वर्गको यो)* सवर्ग+छ[1] (ईय)=सवर्गीय ।

शब्दार्थ- एउटै वर्गको, एउटै वर्गसित सम्बन्धित, एउटै वर्गसम्बन्धी, समान जातिसम्बन्धी ।

सवर्णः (वि./ना./पुं.) समानः वर्णः यस्य *(एउटै वर्ण छ जसको)* ब.स., समानको सभाव= सवर्ण ।

अथवा समानश्चासौ वर्णश्च *(समान वर्ण)* क.त.स., समानको सभाव= सवर्ण ।

शब्दार्थ- समान वर्णको, एउटै वर्ग वा जातको, समान वर्ण, एउटै स्थान र प्रयत्नबाट उच्चारण हुने वर्ण ।

सविकल्पः/सविकल्पकः (वि./ना./पुं.) विकल्पेन सह *(विकल्पले सहित)* ब.स[2]., सहको सभाव[3], सविकल्प+कप्[4] (क), समासान्त, विकल्पले= सविकल्पक ।

कप्को अभावमा= सविकल्प ।

शब्दार्थ- ऐच्छिक, अर्को विकल्प भएको, सन्दिग्ध अवस्थाको, समाधिको एकप्रकार, समाधि विशेष ।

सविग्रहः (वि.) विग्रहेण सह *(विग्रह सहित)* ब.स., सहको सभाव= सविग्रह ।

शब्दार्थ- शरीर वा देह धारण गर्ने, देहधारी, मूर्तिमान्, सङ्घर्षशील, शत्रुसित निउँ खोज्ने क्रियाकलाप सहितको

सवितर्कः (वि.) वितर्केण सह *(तर्कले सहित)* ब.स[2]., सहको सभाव[3]= सवितर्क ।

शब्दार्थ- तर्कसहितको, अनुमानसहितको, वादविवाद गर्ने, विचारवान् ।

सविभ्रमः (अव्य.) विभ्रमेण सह *(विलासपूर्वक)* ब.स., सहको सभाव= सविभ्रम ।

शब्दार्थ- विलाससहित, विलासपूर्वक ।

सविमर्शः (वि.) विमर्शेण सह *(विमर्शसहित)* ब.स., सहको सभाव= सविमर्श ।

शब्दार्थ- परामर्शसहितको, तर्क वा बहससहितको, विचार-विमर्श गर्ने ।

सवितृ (सविता) (वि./ना./पुं.) सूते लोकादीन् *(लोकको संरचना गर्छन् प्रकाश दिन्छन्)* षूङ् प्राणिगर्भ-विमोचने (अदा.) वा सुवति प्रेरयतीति *(प्राणीहरूलाई प्रेरित गर्छन्)* षू प्रेरणे (तुदा.) धातु, सू+तृच् (तृ), इडागम, गुण, अवादेश, सवितृ= सविता ।

शब्दार्थ- उत्पन्न गर्ने, पैदा गर्ने, सृष्टि वा निर्माण गर्ने, सूर्य, आदित्य, ब्रह्मा ।

द्रष्टव्य- **प्रजानां तु प्रसवनात् सवितेति निगद्यते ।**

सविधः (वि./अव्य.) समाना विधा अस्य *(समान प्रकार छ यसको)* ब.स., समानको सभाव, ह्रस्व= सविध । अथवा विधया सह *(विधासहित)* अव्य.स., सहको सभाव, ह्रस्व= सविध ।

समीपे निकटासन्नसन्निकृष्टसनीडवत् ।
सदेशाभ्याससविधः - इत्यमरः

शब्दार्थ- कुनै प्रकारसहितको, एउटै तरिका वा ढङ्गको, सटेको, निकटवर्ती, समीप, निकट, नजिक ।

सविनयः (वि./अव्य.) विनयेन सह *(विनयसहित)* ब.स./अव्य.स., सहको सभाव= सविनय ।

शब्दार्थ- विनय वा नम्रतायुक्त, विनीत, विनम्र, नम्रभाव भएको, शिष्ट, विनयपूर्वक, नम्र हुँदै, नम्रतासहित ।

सविशेषः (वि./अव्य.) विशेषेण सह *(विशेषता-सहित)* ब.स./अव्य.स., सहको सभाव= सविशेष ।

शब्दार्थ- विशिष्ट गुणले युक्त, असाधारण, विशेषरूपले, विशेषप्रकारले ।

सविस्तरः (वि./अव्य.) विस्तरेण सह *(विस्तृत विवरण सहित)* ब.स./अव्य.स., सहको सभाव= सविस्तर ।

शब्दार्थ- पूर्ण विवरणसहितको, विस्तृत विवरणयुक्त, विस्तारपूर्वक, विवरणसँगै ।

सविस्तारः (वि./अव्य.) विस्तारेण सह *(विस्तारसहित)* ब.स./अव्य.स., सहको सभाव= सविस्तार ।

शब्दार्थ- विस्तारसहितको, विस्तृत विवरणसहितको, स्पष्टरूपले, विस्तारपूर्वक, खुलस्तसँग ।

सविस्मयः (वि./अव्य.) विस्मयेन सह *(विस्मयसहित)* ब.स./अव्य.स., सहको सभाव= सविस्मय ।

शब्दार्थ- विस्मयान्वित, आश्चर्ययुक्त, चकित परेको, विस्मयले युक्त, विस्मयपूर्वक, आश्चर्यपूर्वक, चकित हुँदै, छक्क पर्दै ।

सव्यम् (ना./न./वि.) सूयते इति *(प्रेरणा दिन्छ)* षू प्रेरणे (तुदा.) धातु, सू+यत् (य), गुण, अवादेश= सव्य ।

वामं शरीरं सव्यं स्यादपसव्यं तु दक्षिणे- इत्यमरः

शब्दार्थ- शरीरको दायाँभाग, दाहिने, अनुकूल, वायाँभाग, देब्रे, प्रतिकूल, उल्टो ।

सव्यसाची (ना./पुं.) सव्येन वामेन हस्तेनापि सचति सन्दधाति बाणम् *(बायाँ हातले पनि धनुर्बाण चलाउन सक्ने अनुकूल सीप छ यिनको)* सव्य उपपदपूर्वक षच सेचने सेवने च वा षच समवाये (सन्धाने) (भ्वा.) धातु, सव्य+सच्+णिनि (इन्), वृद्धि, सव्यसाचिन् =सव्यसाची ।

शब्दार्थ- अर्जुन, धनञ्जय, वायाँ हातले पनि धनु चलाउन समर्थ पाण्डुपुत्र ।

द्रष्टव्य- **निमित्तमात्रं भव सव्यसाचिन्- भ.गी. ११/३३**
उभौ मे दक्षिणौ पाणी गाण्डीवस्य विकर्षणे ।
तेन देव मनुष्येषु सव्यसाचीति मां विदुः - महा.भा.

अर्थात् गाण्डीव धनु खिच्दा अर्जुनका बायाँ हात पनि अनुकूल रहने हुँदा उनलाई सव्यसाची भनिएको हो ।

---

[1] वर्गान्ताच्च : छ

[2] तेन सहेति... : ब.स.

[3] वोपसर्जनस्य : सहको सभाव

[4] शेषाद्विभाषा : कप्

सव्याजः (वि./अव्य.) व्याजेन सह *(छलकपट सहित)* व.स[1]./अव्य.स., सहको सभाव[2]= सव्याज ।

शब्दार्थ- छलकपटयुक्त, धूर्त, धोकेवाज, कपटभावसहित, चलाकी, छलकपटपूर्वक ।

सव्रीडः (वि.) व्रीडया सह *(लज्जासहित)* ब.स[1]., सहको सभाव[2], ह्रस्व= सव्रीड ।

शब्दार्थ- लज्जायुक्त, लज्जाशील, लज्जालु, शर्म मान्ने ।

सशक्तः (वि.) शक्त्या सह *(शक्तिले सहित)* ब.स., सहको सभाव= सशक्त ।

शब्दार्थ- शक्ति भएको, सामर्थ्यले युक्त, शक्तिशाली, समर्थवान् ।

सशक्तता (ना./स्त्री.) सशक्तस्य भावः *(सशक्त हुनाको भाव वा अवस्था)* सशक्त+तल् (त)+टाप् (आ) =सशक्तता ।

शब्दार्थ- सशक्त हुनाको स्थिति, शक्तिमत्ता ।

सशङ्कः (वि.) शङ्कया सह *(शङ्का-सहित)* सह+शङ्का, व.स., सहको सभाव, ह्रस्व= सशङ्क ।

शब्दार्थ- शङ्कायुक्त, शङ्का भएको, शङ्कास्पद, सन्देहयुक्त ।

सशल्यः (वि.) शल्यैः सह वर्तमानमिति *(शल्यले युक्त)* व.स., सहको सभाव= सशल्य ।

शब्दार्थ- काँडो भएको, कण्टकयुक्त, व्रणयुक्त ।

सशस्यः (वि.) सह शस्येन *(शस्यले युक्त)* ब.स., सहको सभाव= सशस्य ।

शब्दार्थ- अन्नसहितको, शस्ययुक्त, अन्नोत्पादक, वालीनालीले युक्त ।

सशस्त्रः (वि.) शस्त्रेण सह *(शस्त्र-सहित)* ब.स., सहको सभाव= सशस्त्र ।

शब्दार्थ- अस्त्रशस्त्र भएको, हतियार भएको, शस्त्रास्त्रले सुसज्जित, अस्त्रशस्त्रसहितको ।

सश्रीकः (वि.) श्रिया सह *(समृद्धिले युक्त)* ब.स., सहको सभाव, सश्री+कप् (क)= सश्रीक ।

शब्दार्थ- समृद्धिशाली, ऐश्वर्यले युक्त, सौभाग्यशाली, सुन्दर, भव्य ।

ससत्त्वः (वि.) सत्त्वेन सह (सत्त्व *वा प्राण तथा बलले युक्त)* व.स., सहको सभाव= **ससत्त्व** ।

शब्दार्थ- शक्तियुक्त, वलवान्, साहसी, शक्तिशाली ।

ससन्देहः (वि.) सन्देहेन सह *(सन्देहसहित)* ब.स., सहको सभाव= ससन्देह ।

शब्दार्थ- सन्देहयुक्त, शङ्कास्पद, सन्दिग्ध ।

सस्त्रीकः (वि.) स्त्रिया सह *(स्त्रीसहित)* ब.स., सहको सभाव, सस्त्री+कप् (क)= सस्त्रीक ।

शब्दार्थ- पत्नीसहितको, सभार्य, पत्नीले युक्त, स्त्रीसहित भएको ।

सस्नेहः (वि.) स्नेहेन सह *(स्नेहसहित)* ब.स., सहको सभाव= सस्नेह ।

शब्दार्थ- स्नेहले युक्त, मायालु, स्नेहले भरिएको, स्नेहपूर्ण ।

सस्मितः (वि.) स्मितेन सह *(मन्द हाँसोले युक्त)* व.स., सहको सभाव= सस्मित ।

शब्दार्थ- मन्दहाँसो भएको, मुस्कुराएको, मन्द मन्द हाँसोयुक्त ।

ससाध्वसः (वि./अव्य.) साध्वसेन युक्तः *(डरसहित)* व.स./अव्य.स., सहको सभाव= ससाध्वस ।

भीतिर्भीः साध्वसं भयम्- इत्यमरः

शब्दार्थ- डर भएको, भयभीत, आतङ्कित, भीरु, भययुक्त, डराउँदै, भयभीत भएर ।

सस्यम् (ना./न.) सस्तीति *(पैदा हुन्छ)* षस स्वप्ने (अदा.) धातु, सस्+य[3] (उणा.)= सस्य ।

अथवा शस्यते इति *(छेदन गरिन्छ)* शसु हिंसायाम् (भ्वा.) धातु, शस्+यत्[4] (य), पृषोदरादिबाट शको स =सस्य ।

वृक्षादीनां फलं शस्यम्- इत्यमरः

शब्दार्थ- फलफूल, अन्नवाली, धान, वालीनाली ।

सस्वरः (वि.) स्वरेण सह *(स्वर-सहित)* ब.स., सहको सभाव= सस्वर ।

शब्दार्थ- स्वरयुक्त, आवाज निकालिएको, स्वर समेतको, स्पष्टरूपले उच्चारण गरिएको ।

सस्वरपाठः (ना./पुं.) स्वरेण सह *(स्वरसहित)* ब.स., सहको सभाव, सस्वरः । सस्वरेण पाठः *(स्वरसहित गरिएको पाठ)* तृ.त.स.= सस्वरपाठ ।

शब्दार्थ- स्वरसहितको पाठ, अरूले स्पष्ट सुन्नेगरी आवाज निकालेर पाठ गर्ने क्रिया ।

सस्वरवाचनम् (ना./न.) सस्वरेण वाचनम् *(स्वरसहित वाचन)* तृ.त.स.= सस्वरवाचन ।

शब्दार्थ- सस्वर पाठ गर्ने क्रिया, स्वर निकालेर जोरले वाचन गर्ने काम ।

सहः/सहाः (वि./ना./पुं./अव्य.) सहते इति *(सहन्छ)* सह मर्षणे (भ्वा.) धातु, सह+अच् (पचादि)= सह ।

सह+असुन् (अस्), सहस्= सहाः/सह ।

अथवा सह बलम् तदस्यास्तीति *(बल छ यसको)* सह+मतुप् (मत्), मतुप्को लुक्= सह ।

सहो बले ज्योतिषि च सहा हेमन्तमार्गयोः - इति मेदिनी

शब्दार्थ- सहने, सहनशक्ति भएको, शक्ति, सामर्थ्य, बल, ज्योति, समृद्धि, मार्ग, सादृश्य, तुल्यता, हेमन्त ऋतु, सहित, साथ, सँग, सँगसँगै, साथसाथै, सित ।

---

[1] तेन सहेति... : ब.स.

[3] माछाससिभ्यो यः : य

[2] वोपसर्जनस्य : सहको सभाव

[4] तकिशसिचति... : यत्

सहकारः (वि./ना./पुं.) सह करोति क्रियते *(सँगै गर्छ वा गरिन्छ)* सहर्पूक डुकृञ् करणे (तना.) धातु, सह+कृ+अण्[1]/घञ्[2] (अ), वृद्धि= सहकार । अथवा सह कारयति मेलयति द्वन्द्वम् *(द्वन्द्वको मेल गराउँछ)* सह+कृ+णिचि, वृद्धि, सहकारि+अच् (पचादि), णिलोप= सहकार ।

शब्दार्थ- सँगै काम गर्ने, सहयोग गर्ने, सहकर्मी, सहकारी, सँगसँगै काम गर्ने प्रक्रिया, सहयोग, ज्यादै वास्नादार आँपको रूख, आम्रवृक्ष ।

सहकारिता (ना./स्त्री.) सहकारिणः भावः *(सहकारी हुनाको भाव वा अवस्था)* सहकारिन्+तल् (त)+टाप् (आ), नलोप= सहकारिता ।

शब्दार्थ- एकसाथ मिलेर काम गर्ने प्रवृत्ति, सहायता, सामूहिक भावना, सामूहिकरूपले मालसमान वनाउने र वेच्ने प्रक्रिया ।

सहकारी (वि./ना./पुं.) सह कर्तुं शीलमस्य *(सँगसँगै गर्ने शील छ यसको)* सहपूर्वक डुकृञ् करणे (तना.) धातु, सह+कृ+णिनि[3] (इन्), वृद्धि, सहकारिन् =सहकारी ।

शब्दार्थ- सँगसँगै काम गर्ने, सहकर्मी, एकसाथ मिलेर काम गर्ने, सहयोगी, साथी, सहयोग गर्ने व्यक्ति ।

सहकुलपतिः (ना./पुं.) कुलानां छात्रपरम्पराणां वंशपरम्परायाः वा पतिः स्वामी *(छात्र-परम्परा वा वंश-परम्पराको स्वामी)* ष.त.स., कुलपतिः । सह कुलपतिः *(कुलपतिको समीप)* सह सुपा समास =सहकुलपति ।

शब्दार्थ- विश्वविद्यालय आदि संस्थाका कुलपतिभन्दा तल्लोतहको र उपकुलपतिभन्दा माथिल्लो-तहको पदाधिकारी, कुलपतिमुनिको पदाधिकारी ।

सहगमनम् (ना./न.) गम्यते इति *(गइन्छ)* गम्लृ गतौ (भ्वा.) धातु, गम्+ल्युट् (अन), गमनम् । सह गमनम् *(सँगै जाने काम)* सह सुपा समास= सहगमन ।

शब्दार्थ- सँगै जाने काम, साथ-साथै जाने काम, पहिले-पहिले मृतपतिका साथ सँगसँगै सती जाने प्रक्रिया ।

सहगानम् (ना./न.) सह गीयते इति *(एकैसाथ गाइन्छ)* सहपूर्वक गै शब्दे (भ्वा.) धातु, सह+गा+ल्युट् (अन) =सहगान ।

शब्दार्थ- सवै जना एकसाथ मिलेर गाउने काम, समूह गान, समूह गायन क्रिया ।

सहगामिनी (ना./स्त्री.) सह गन्तुं शीलमस्याः *(सँगसँगै जाने शील छ यस स्त्रीको)* सहपूर्वक गम्लृ गतौ (भ्वा.) धातु, सह+गम्+णिनि (इन्), वृद्धि, सहगामिन्+ ङीप् (ई)= सहगामिनी ।

शब्दार्थ- सँगसँगै जाने स्त्री, पत्नी, भार्या, मृतपतिसितै चितामा जल्ने स्त्री, सँगिनी, गृहिणी ।

सहगामी (वि./ना./पुं.) सह गन्तुं शीलमस्य *(सँगै जाने शील छ यसको)* सहपूर्वक गम्लृ गतौ (भ्वा.) धातु, सह+गम्+णिनि (इन्), वृद्धि, सहगामिन्= सहगामी ।

शब्दार्थ- सँगसँगै जाने, सँगै साथमा हिँड्ने, साथी, सखा, दौंतरी, अनुचर, सेवक ।

सहचरः (वि./ना./पुं.) सह चरतीति *(सँगसँगै हिँड्छ)* सहपूर्वक चर गतिभक्षणयोः (भ्वा.) धातु, सह+चर्+ अच् (पचादि)= सहचर ।

शब्दार्थ- सँगसँगै हिँड्ने, साथसाथै गमन गर्ने, सहगामी, साथी, अनुचर, सेवक, वयस्य ।

सहचरी (ना./स्त्री.) सह चरति असौ स्त्री *(सँगै हिड्छे यो स्त्री)* सहपूर्वक चर गतिभक्षणयोः (भ्वा.) धातु, सह+चर्+अच् (पचादि), सहचरः । सहचर+ङीप् (ई), (पचादि पाठमा चरट् टित्व निपातन हुनाले)=सहचरी ।

शब्दार्थ- सँगसँगै रहने स्त्री, पत्नी, भार्या, सहेली, सहधर्मिणी ।

सहचारिणी (ना./स्त्री.) सह चरितुं शीलमस्याः *(सँगसँगै गमन गर्ने शील छ यस स्त्रीको)* सहपूर्वक चर गतिभक्षणयोः (भ्वा.) धातु, सह+चर्+णिनि (इन्), वृद्धि, सहचारिन्+ङीप् (ई), णत्व= सहचारिणी ।

शब्दार्थ- सँगसँगै हिँड्ने स्त्री, सहचरी, पत्नी, भार्या, सहेली, सेविका ।

सहचारिता (ना./स्त्री.)/**सहचारित्वम्** (ना./न.) सहचारिणः भावः *(सहचरी हुनाको भाव वा अवस्था)* सहचारिन्+तल् (त)+टाप् (आ)= सहचारिता । सहचारिन्+त्व= सहचारित्व ।

शब्दार्थ- सँगसँगै हिँड्नाको भाव वा अवस्था, सहचारी हुनाको अवस्था ।

सहचारी (वि.) सह चरितुं शीलमस्य *(सँगसँगै हिड्ने शील छ यसको)* सहपूर्वक चर गतिभक्षणयोः (भ्वा.) धातु, सह+चर्+णिनि (इन्), वृद्धि, सहचारिन् =सहचारी ।

शब्दार्थ- सँगसँगै हिँड्ने, सहगामी, सहचर, साथी ।

सहचालकः (ना./पुं.) सह चालयतीति *(सँगै परिचालन गर्छ)* सहपूर्वक चल कम्पने (भ्वा.) धातु, सह+चल्+ णिचि+ण्वुल् (अक), वृद्धि, णिलोप= सहचालक ।

शब्दार्थ- मुख्य चालकको सहयोगी भई काम गर्ने व्यक्ति, सहायक चालक, सहचालक, ठूलो पदाधिकारीसित रही काम गर्ने व्यक्ति ।

सहजः (वि.) सह जायते इति *(साथै जन्मेको)* सहपूर्वक जनी प्रादुर्भावे (दिवा.) धातु, सह+जन्+ड[4] (अ), टिलोप =सहज ।

शब्दार्थ- सँगै जन्मेको, एउटै उदरवाट जन्मेको, जुम्ल्याहा, साधारण, सहोदर, सरल, सुगम, सजिलो ।

---

[1] कर्मण्यण् : अण्

[2] अकर्तरि च कारके...: घञ्

[3] सुप्यजातौ.. : णिनि

[4] अन्येष्वपि दृश्यते : ड

सहजज्ञानम् (ना./न.) सहजं च तज्ज्ञानञ्च *(आफैं उत्पन्न भएको ज्ञान)* क.त.स.= सहजज्ञान ।

शब्दार्थ- स्वतः स्फुरण भएको ज्ञान, स्वाभाविक ज्ञान, प्राकृत ज्ञान, सहज विवेक वा बुद्धि ।

सहजातः (वि.) सह जायते स्म इति *(सँगै जन्मेको)* सहपूर्वक जनी प्रादुर्भावे (दिवा.) धातु, सह+जन्+क्त (त), जन्को आत्व[1]= सहजात ।

शब्दार्थ- सँगै जन्मेको, सहज, एकैसाथ जन्मेको ।

सहजानुभूतिः (ना./स्त्री.) सहजा चासौ अनुभूतिश्च *(सहज अनुभूति)* क.त.स., दीर्घ= सहजानुभूति ।

शब्दार्थ- सहजरूपमा उत्पन्न अनुभूति, स्वतः स्फुरित अनुभव, प्रतिभाजन्य ज्ञान ।

सहता/सहत्वम् (ना./स्त्री./न.) सहते इति *(सहन्छ)* षह मर्षणे (भ्वा.) धातु, सत्त्व, सह्+अच् (पचादि), सहः, तस्य भावः *(सहज हुनाको भाव वा अवस्था)* सह+तल् (त)+टाप् (आ)= सहता ।

सह+त्व= सहत्व ।

शब्दार्थ- साथै हुनाको भाव वा अवस्था, सहनशीलता, सँगसँगै रहनाको स्थिति, मिलाप, साहचर्य ।

सहधर्मिणी (ना./स्त्री.) सहधर्मः अस्ति अस्याः *(सहधर्म छ यस स्त्रीको (पत्नीको पनि कर्ममा अधिकार हुनाले)* सहधर्म+इनि[2] (इन्), सहधर्मिन्+ङीप् (ई)=सहधर्मिणी ।

पत्नी पाणिगृहीती च द्वितीया सहधर्मिणी
भार्या जायाऽथ पुं भूम्नि दाराः - इत्यमरः

शब्दार्थ- पत्नी, भार्या, जाया, दारा, पतिसित सहधर्मको अधिकार भएकी पत्नी ।

सहधर्मी (वि./ना./पुं.) सहधर्मः अस्ति अस्य *(सहधर्म छ यसको)* सहधर्म+इनि (इन्), सहधर्मिन्= सहधर्मी ।

शब्दार्थ- एउटै धर्म मान्ने, एउटै धर्मको अनुसरण गर्ने, समान धर्मको अनुयायी, पति, लोग्ने ।

सहनः (वि./ना./न.) सहते तच्छीलः *(सहनशील)* षह मर्षणे (भ्वा.) धातु, सत्त्व, सह+युच्[3]/ल्यु (अन) =सहन ।

अथवा सह्यते इति *(सहन गरिन्छ)* सह+ल्युट् (अन) =सहन ।

शब्दार्थ- सहन सक्ने, सहनशील, सहिष्णु, तितिक्षु, सहने काम, सहिष्णुता, सहनशीलता, क्षमा ।

सहनशीलः (वि.) सहनं शीलं यस्य *(सहन सक्ने शील छ जसको)* ब.स.= सहनशील ।

शब्दार्थ- सहनशील प्रकृतिको, सहिष्णु, क्षमाशील, धैर्य लिन सक्ने स्वभावको ।

सहनशीलता (ना./स्त्री.) सहनशीलस्य भावः *(सहनशील हुनाको भाव वा अवस्था)* सहनशील+तल् (त)+टाप् (आ)= सहनशीलता ।

शब्दार्थ- सहनशील हुनाको अवस्था, सहिष्णुता, क्षमाशीलता ।

सहनायकः (ना./पुं.) सह नयतीति *(साथै लैजान्छ)* सहपूर्वक णीञ् प्रापणे (भ्वा.) धातु, सह+नी+ण्वुल् (अक), वृद्धि, आयादेश= सहनायक ।

शब्दार्थ- मुख्य नायकको प्रमुख सहयोगी पुरुषपात्र ।

सहनायिका (ना./स्त्री.) सह नयति असौ *(सँगै लैजान्छे यो)* सहपूर्वक णीञ् प्रापणे (भ्वा.) धातु, सह+ नी+ ण्वुल् (अक), वृद्धि, आयादेश, सहनायक+टाप् (आ), ककारपूर्वका अकारको इत्व= सहनायिका ।

शब्दार्थ- मुख्य नायिकाको प्रमुख सहयोगी स्त्रीपात्र ।

सहनीयः (वि.) सहितुं योग्यः *(सहन योग्य)* षह मर्षणे (भ्वा.) धातु, सत्त्व, सह+अनीय (र्)= सहनीय ।

शब्दार्थ- सहन योग्य वा लायक, सहन उचित ।

सहपाठी (वि.) सह पठितुं शीलमस्य *(सँगै पढ्ने शील छ यसको)* सहपूर्वक पठ व्यक्तायां वाचि (भ्वा.) धातु, सह+पठ्+णिनि (इन्), वृद्धि, सहपाठिन्= सहपाठी ।

शब्दार्थ- सँगसँगै पढ्ने, एउटै कक्षामा पढ्ने साथी, सहाध्यायी, सह अध्येता ।

सहप्रशासकः (ना./पुं.) प्रशास्ते इति *(प्रशासन गर्छ)* प्रपूर्वक शासु अनुशिष्टौ (अदा.) धातु, प्र+शास्+ण्वुल् (अक), प्रशासकः । सह प्रशासकः *(प्रशासकको समीप)* सह सुपा समास= सहप्रशासक ।

शब्दार्थ- मुख्य प्रशासक र उपप्रशासकका बीचको प्रशासनिक अधिकारी, मुख्य प्रशासकको सहायक ।

सहप्राध्यापकः (ना./पुं.) प्रकर्षेण अध्यापयतीति *(राम्ररी अध्ययन गर्छ)* प्र अधिपूर्वक इङ् अध्ययने (अदा.) धातु, प्र+अधि+इ+णिचि+ण्वुल् (अक), ईको आत्व[4], पुगागम[5], दीर्घ, यण्, प्राध्यापकः । सह प्राध्यापकः *(प्राध्यापकको समीप)* सह सुपा समास=सहप्राध्यापक ।

शब्दार्थ- प्राध्यापकभन्दा एक तह मुनिको शिक्षक, अध्यापन कलामा निपुण व्यक्ति, रिडर, एसोसिएट प्रोफेसर ।

सहभागिता (ना./स्त्री.) सहभागिनः भावः *(सहभागी हुनाको भाव वा अवस्था)* सहभागिन्+तल् (त)+टाप् (आ)= सहभागिता ।

शब्दार्थ-सहभागी हुनाको अवस्था, कुनै काममा संलग्नता ।

सहभागी (वि.) सह भक्तुं शीलमस्य *(सँगै भाग लिने शील छ यसको)* वा सह भाजयतीति *(सँगै भाग लिन्छ)* सहपूर्वक भज सेवायम् (भ्वा.) वा भज विश्राणने (चुरा.) धातु, सह+भज्+णिनि[6] (इन्), वृद्धि, सह भाज् इन्, कुत्व, सहभागिन्= सहभागी ।

शब्दार्थ-कुनै काममा भाग लिने, कुनै कार्यमा सहभागी हुने ।

---

[1] जनसनखनाम्...: आत्व
[2] अत इनिठनौ : इनि
[3] अनुदात्तेश्च हलादेः/नन्दिग्रहि...: युच्/ल्यु
[4] क्रीङ्जीनां णौ : आत्व
[5] अर्त्तिह्री... : पुक्
[6] सुप्यजातौ... : णिनि

सहभोजः (ना./पुं.) भुङ्क्ते, भुज्यते इति वा *(खान्छ, खाइन्छ)* भुज पालनाभ्यवहारयोः (रुधा.) धातु, भुज्+अच् (पचादि)/घञ् (अ), गुण, भोजः । सह भोजः *(सँगै खाने काम हुन्छ)* सह सुपा समास =सहभोज ।

शब्दार्थ- सँगै वा एकसाथ खाने काम, सबै मिलेर सँगसँगै गरिने भोजन ।

सहभोजनम् (ना./न.) भुज्यते इति *(खाइन्छ)* भुज पालनाभ्यवहारयोः (रुधा.) धातु, भुज्+ल्युट् (अन), गुण, भोजनम् । सह (मिलित्वा) भोजनम् *(सबै मिलेर एकसाथ भोजन गर्ने काम)* सह सुपा समास =सहभोजन ।

शब्दार्थ- सबै मिलेर एकसाथ खाने काम, धेरैजना मिलेर सँगसँगै भोजन गर्ने काम ।

सहभोजी (वि.) सहभोजः अस्यास्तीति *(एकसाथ भोजन छ यसको)* सहभोज+इनि[1](इन्), सहभोजिन् = सहभोजी ।

शब्दार्थ- एकसाथ भोजन गर्ने, सँगै वसेर खाना खाने ।

सहमतः (वि.) सह मतः यस्य *(एउटै मत छ जसको)* व.स.= सहमत ।

शब्दार्थ- एउटै मत वा विचार भएको, समानरूपले स्वीकृति भएको, मत मिलेको, सहमत भएको ।

सहमतिः (ना./स्त्री.) सह मतिः *(एउटै विचार)* सह सुपा समास= सहमति ।

शब्दार्थ- एउटै विचार वा राय हुने काम, एकमतले स्वीकृति, ऐक्यमत, सहमति दिने काम ।

सहयोगः (ना./पुं.) सह योगः *(एकले अर्कोलाई मद्दत गर्ने काम)* सह सुपा समास= सहयोग ।

शब्दार्थ- पारस्परिक सहायता, एक अर्कामा गरिने सहयोग वा मद्दत ।

सहयोगी (वि.) सहयोगः अस्यास्तीति *(सहयोग छ यसको)* सहयोग+इनि (इन्), सहयोगिन्= सहयोगी ।

शब्दार्थ- सहयोग गर्ने, परस्परमा मद्दत गर्ने, सहायता गर्ने ।

सहवासः (ना./पुं.) सह वासः *(एकै ठाउँमा बस्ने काम)* सह सुपा समास= सहवास ।

शब्दार्थ- दुई वा सोभन्दा वढी मानिस सँगसँगै वस्ने काम, एकसाथ रहने काम, समागम, सम्भोग, सहवास ।

सहवासी (वि./ना./पुं.) सहवासः अस्यास्तीति *(एकसाथ बस्ने काम छ यसको)* सहवास+इनि (इन्), सहवासिन्= सहवासी ।

शब्दार्थ- सँगसँगै वस्ने, एकै ठाउँमा रहने, सँगै वस्ने, सखा, साथी, मित्र ।

सहशिक्षा (ना./स्त्री.) सह शिक्षा *(सँगै दिइने शिक्षा)* सह सुपा समास= सहशिक्षा ।

शब्दार्थ- बालक-वालिका र युवा-युवतीलाई एकै साथ राखेर दिइने शिक्षा, केटाकेटीमा भेदभाव नगरी सँगसँगै राखेर दिइने शिक्षा ।

सहशिक्षालयः (ना./पुं.) सह शिक्षा *(सँगै दिइने शिक्षा)* सह सुपा समास, सहशिक्षा । सहशिक्षायाः आलयः *(सह शिक्षाको विद्यागृह)* ष.त.स., दीर्घ=सहशिक्षालय ।

शब्दार्थ- वालवालिकालाई सँगै राखेर शिक्षा दिने शिक्षण संस्था, सहशिक्षा दिने विद्यालय ।

सहसचिवः (ना./पुं.) सह सचिवः *(सचिव सँगै)* सह सुपा समास= सहसचिव ।

शब्दार्थ- सचिवको सहयोगी कर्मचारी, जो सचिवभन्दा एकतह मुनिको हुन्छ ।

सहसा (अव्य.) सहते इति *(सहन्छ)* षह मर्षणे (भ्वा.) धातु, सह्+असा (वहुलप्रकारले)= सहसा । अथवा सह स्यतीति सहपूर्वक षो अन्तकर्मणि (दिवा.) धातु, सत्त्व, आत्व, सह+सा+डा (आ), टिलोप=सहसा

अतर्किते तु सहसा- इत्यमरः

शब्दार्थ- तुरुन्त, उत्तिखेरै, अचानक, अकस्मात्, शोचविचार केही नगरिकन, वलपूर्वक, जबरजस्ती ।

द्रष्टव्य- **सहसा विदधीत न क्रियामविवेकः परमापदां पदम् । अर्थात् बुद्धि र विवेक नपुऱ्याई हडबड गरेर तुरुन्त कुनै पनि काम गर्न उचित हुँदैन, यदि गरियो भने परम आपत्तिको स्थान बन्दछ- कि. २/३०**

सहसेनानी (ना./पुं.) सह सेनानी *(सेनानीको समीप)* सह सुपा समास= सहसेनानी ।

शब्दार्थ- सेनानीभन्दा एक तह मुनिको दर्जा, कप्तान ।

सहस्यः (ना./पुं.) सहसि बले साधुः *(सामर्थ्यमा निपुण)* सहस्+यत्[2] (य)= सहस्य ।

पौषे तैषसहस्यौ द्वौ ।

शब्दार्थ- पुस महिना, पौषमास ।

सहस्रम् (ना./न./वि.) समानं हसति *(समान रूपमा प्रफुल्ल हुन्छ)* हसे हसने (भ्वा.) धातु, समान+हस्+र, समानको सभाव= सहस्र ।

शब्दार्थ- हजारको सङ्ख्या, दशसय, असङ्ख्य, धेरै ।

सहस्रधा (अव्य.) सहस्रं प्रकाराः इति *(हजारौं प्रकार)* सहस्र+धा[3]= सहस्रधा ।

शब्दार्थ- हजारौं प्रकारले, हजारौं भागमा ।

सहस्रपत्रम् (ना./न.) सहस्राणि पत्राणि यस्य *(हजारौं पत्र छन् जसका)* ब.स.= सहस्रपत्र ।

शब्दार्थ- हजारौं पात हुने कमल, पद्म, अरविन्द ।

सहस्रपादः (ना./पुं.) सहस्रं पादाः यस्य *(हजार पाउ छन् जसका)* ब.स.= सहस्रपाद ।

शब्दार्थ- हजार पाउ हुने विराट्स्वरूप विष्णु, विश्वरूप परमेश्वर, सूर्य ।

---

[1] अत इनिठनौ : इनि

[2] तत्र साधुः : यत्

[3] संख्याया विधार्थे... : धा

सहस्रबाहुः (ना./पुं.) सहस्रं बाहवः यस्य *(हजार हात छन् जसका)* व.स.= सहस्रबाहु ।

शब्दार्थ- हजार हात हुने सहस्रार्जुन, विराट्स्वरूप विष्णु, शिव, अग्नि ।

सहस्रमूर्धा (ना./पुं.) सहस्रं मूर्धानः अस्य *(हजारौं शिर छन् जसका)* व.स.= सहस्रमूर्धा ।

शब्दार्थ- हजार शिर भएका विश्वरूप परमेश्वर, विराट् स्वरूप विष्णु ।

सहस्रलोचनः (ना./पुं.) सहस्रं लोचनानि यस्य *(हजार नेत्र छन् जसका)* व.स.= सहस्रलोचन ।

शब्दार्थ- हजार नेत्र हुने विराट्रूप विष्णु, विश्वरूप भगवान्, इन्द्र, सहस्राक्ष ।

सहस्रांशुः (ना./पुं.) सहस्रम् अंशवः यस्य *(हजारौं किरणहरू छन् जसका)* ब.स., दीर्घ= सहस्रांशु ।

भानुर्हंसः सहस्रांशुस्तपनः सविता रविः - इत्यमरः

शब्दार्थ- सूर्य, आदित्य, दिवाकर, भानु, सविता, रवि ।

सहस्राक्षः (वि./ना./पुं.) सहस्रम् अक्षीणि यस्य *(हजार आँखा छन् जसका)* ब.स., दीर्घ, सहस्राक्षि+अच् (अ), समासान्त= सहस्राक्ष ।

शब्दार्थ- हजार आँखा हुने, इन्द्र, विराट्रूप विष्णु, विश्वरूप भगवान् ।

सहस्री (वि.) सहस्रं वलानि यस्य *(हजार सङ्ख्यक गज अश्वादि वल छन् जसका)* सहस्र+इनि (इन्), सहस्रिन्= सहस्री ।

शब्दार्थ- हजारौं गज अश्व आदि वलले युक्त, हजारिया ।

सहाः (सहस्) (ना./पुं.) सहते इति *(सहन्छ)* षह मर्षणे (भ्वा.) धातु, सत्त्व, सह्+असुन् (अस्), उणा., सहस्, रुत्व, विसर्ग, सहाः= सह ।

मार्गशीर्षे सहा मार्गः- इत्यमरः

सहो वले ज्योतिषि च पुंसि हेमन्तमार्गयोः - इति मेदिनी

शब्दार्थ-मुङ्सिर, मार्ग, मार्गशीर्ष, वल, सामर्थ्य, हेमन्त ।

सहा (ना./स्त्री.) सहते इति *(सहन्छ)* षह मर्षणे (भ्वा.) धातु, सत्त्व, सह्+अच् (पचादि)+टाप् (आ)= सहा ।

सहा कुमारी तरणी ।

मुद्गपर्णी तु काकमुद्गा सहेत्यपि- इत्यमरः

शब्दार्थ- वनमा हुने मुगी, मुद्गपर्णी, घिउकुमारी, पृथिवी ।

सहाध्यायी (वि.) सह अध्येतुं शीलमस्य *(सँगै अध्ययन गर्ने शील छ यसको)* सहपूर्वमा हुने अधिपूर्वक इङ् अध्ययने (अदा.) धातु, सह+अधि+इ+णिनि (इन्), इको वृद्धि, आयादेश, सह अधि आय् इन्, दीर्घ, यण्, सहाध्याय् इन्, सहाध्यायिन्= सहाध्यायी ।

शब्दार्थ- सँगै पठन-पाठन गर्ने, सहपाठी, सँगै एउटै कक्षामा पढ्ने साथी ।

सहानुभूतिः (ना./स्त्री.) सह अनुभूतिः *(सँगै अनुभूति)* सह सुपा समास, दीर्घ= सहानुभूति ।

शब्दार्थ- अरूलाई परेको दुःख-सुखको समान अनुभूति, समान पीडा वा वेदना, हर्ष वा शोकको एकसाथ अनुभूति ।

सहायः (वि./ना./पुं.) सह अयते एति इति वा *(सँगै जान्छ)* सहपूर्वक अय गतौ (भ्वा.) वा इण् गतौ (अदा.) धातु, सह+अय्+अच् (पचादि), दीर्घ= सहाय ।

सह+इ+अच् (पचादि), गुण, अयादेश= सहाय ।

अनुप्लवो सहायश्चानुचरोऽभिसरः समाः- इत्यमरः

शब्दार्थ- अनुचर, पछि लाग्ने, सँगसँगै हिँड्ने, सहायक, मित्र, साथी, सहायता, मद्दत ।

सहायकः (ना./पुं.) सह अयते इति *(सँगै जान्छ)* सहपूर्वक अय गतौ (भ्वा.) वा इण् गतौ (अदा.) धातु, सह+अय्+ण्वुल् (अक), दीर्घ= सहायक ।

सह+इ+ण्वुल् (अक), इको वृद्धि, आयादेश= सहायक ।

शब्दार्थ- सहायता गर्ने व्यक्ति, सहयोग गर्ने मानिस, अनुचर, मित्र, सहयोगी व्यक्ति ।

सहाय्यम् (ना./न.) सहायस्य भावः कर्म वेति *(सहयोगी हुनाको भाव, कर्म वा अवस्था)* सहाय+ष्यञ् (य), अकारलोप= सहाय्य ।

शब्दार्थ- सहाय गर्नेको भाव, कर्म वा अवस्था, सहयोगीपना ।

सहायकनदी (ना./स्त्री.) सहायिका चासौ नदी च *(सहायक नदी)* क.त.स., ह्रस्व= सहायकनदी ।

शब्दार्थ- ठूलो नदीमा पुगेर मिसिने सानो नदी, ठूलो नदीको सहायक नदी ।

सहायकप्रशासकः (ना./पुं.) सहायकश्चासौ प्रशासकश्च *(सहायक प्रशासक)* क.त.स.= सहायकप्रशासक ।

शब्दार्थ- मुख्य प्रशासकको काममा सहयोग गर्ने कर्मचारी, प्रशासनिक काममा सहयोग गर्ने सहयोगी व्यक्ति ।

सहायकमन्त्री (ना./पुं.) सहायकश्चासौ मन्त्री च *(सहायक मन्त्री)* क.त.स.= सहायकमन्त्री ।

शब्दार्थ- मन्त्री वा राज्यमन्त्रीको काममा सहायता पुऱ्याउने मन्त्री ।

सहायकमार्गः (ना./पुं.) सहायकश्चासौ मार्गश्च *(सहायक मार्ग)* क.त.स.= सहायकमार्ग ।

शब्दार्थ- राजमार्ग वा अन्य मूल सडकमा जोडिने शाखामार्ग, ठूलो बाटोमा जोडिने सानो बाटो ।

सहायकविषयः (ना./पुं.) सहायकश्चासौ विषयश्च *(सहायक विषय)* क.त.स.= सहायकविषय ।

शब्दार्थ- पढाइ हुने मुख्य र अनिवार्य विषयबाहेकका अन्य विषयहरू, ऐच्छिक विषय, अतिरिक्त विषय ।

---

1. तपःसहस्राभ्यां... : इन्
२. सर्वधातुभ्यः... : असुन्
३. सुप्यजातौ... : णिनि

सहायता (ना./स्त्री.) सहायस्य भावः *(सहायक हुनाको भाव वा अवस्था)* सहाय+तल् (त)+टाप् (आ) =सहायता ।

अथवा सहायानां समूहः *(सहाय गर्नेको समूह)* सहाय+तल्[१] (त)+टाप् (आ)= सहायता ।

शब्दार्थ- सहायक हुनाको अवस्था, सहायकको समूह, सहयोग, भरथेग, आर्थिक, प्राविधिक आदि सहयोग ।

सहितः (वि./अव्य.) सह सञ्जातः अस्य *(साथ-साथै पैदा भएको)* सह+इतच्[२] (इत), अकारलोप= सहित ।

अथवा हितेन सह वर्तमानम् *(हितपूर्वक)* अव्य.स., सहको सभाव= सहित ।

अथवा सहते स्म इति *(सहन गरेको)* षह मर्षणे (भ्वा.) धातु, सह+क्त (त), इडागम= सहित ।

शब्दार्थ- युक्त, संयुक्त, संलग्न, मिलित, सहगत, साथ-साथै, सँगै, हितसहित, हितपूर्वक ।

सहिष्णुः (वि.) सहते तच्छीलः (सहनशील) *(सहन गर्छ)* षह मर्षणे (भ्वा.)धातु, सह्+इष्णुच्[३] (इष्णु)=सहिष्णु ।

शब्दार्थ- सहनशील, क्षमावान्, दुःख वा कष्ट सहन सक्ने, तितिक्षु, क्षमाशील ।

सहिष्णुता/सहिष्णुत्वम् (ना./स्त्री./न.) सहिष्णोर्भावः *(सहनशील हुनाको भाव वा अवस्था)* सहिष्णु+तल् (त)+टाप् (आ)= सहिष्णुता ।

सहिष्णु+त्व= सहिष्णुत्व ।

शब्दार्थ- सहनशीलता, तितिक्षा, सहनसक्ने सामर्थ्य वा शक्ति, सहिष्णु हुनाको स्थिति ।

सहृदयः (वि.) हृदयेन सह *(हृदयका साथ)* ब.स., सहको सभाव= सहृदय ।

शब्दार्थ- कोमल हृदय भएको, कृपालु, दयाशील, करुणाशील, सज्जन, रसिक, अर्काको दुःख-सुखमा समान रूपले दुःख-सुखको अनुभूति गर्ने ।

सहोक्तिः (ना./स्त्री.) सह उक्तिः *(सँगै बोल्ने काम)* सह सुपा समास, गुण= सहोक्ति ।

शब्दार्थ- दुई वा दुईभन्दा बढी व्यक्ति एकैसाथ बोल्ने काम, सँगसँगै बोल्ने काम ।

सहोदरः (वि.) सह समानम् उदरं यस्य *(समान उदर छ जसको)* ब.स., सह उदर, गुण= सहोदर ।

शब्दार्थ- एउटै आमाको गर्भबाट जन्मेको, एउटै उदरबाट पैदा भएका (दाजु वा भाइ) ।

सह्यः (वि./ना./पुं.) सोढुं शक्यः *(सहन लायक)* षह मर्षणे (भ्वा.) धातु, सह+ यत्[४] (य)= सह्य ।

शब्दार्थ- सहन योग्य वा लायक, सहन गर्नुपर्ने, सहन सहिने, मलायाचल नजिकै पर्ने एक पर्वत, सह्याद्रि ।

सांयात्रिकः (वि.) संयात्रा सम्यक् गमनं प्रयोजनं यस्य *(राम्रो यात्रा नै प्रयोजन छ यसको)* संयात्रा+ठञ्[५] (इक), आकारलोप, आदिवृद्धि= सांयात्रिक ।

सांयात्रिकः पोतवणिक्- इत्यमरः

शब्दार्थ- समुद्री व्यापारी, पोतवणिक्, समुद्री जहाजमा व्यापार गर्ने ।

सांयुगीनः (वि.) संयोजनमिति *(युद्ध गर्नु)* सम्पूर्वक युजिर् योगे (रुधा.) धातु, सम्+युज्+घञ् (अ), गुणाभाव, कुत्व, मको अनुस्वार, संयुगः रणः । तस्मिन् साधुः *(युद्धमा निपुण)* संयुग+खञ्[६] (ईन), आदिवृद्धि, अकारलोप= सांयुगीन ।

शब्दार्थ- रणकुशल, युद्धकलामा निपुण, ठूलो योद्धा ।

सांवत्सरः (वि.) संवत्सरं वेत्ति तदुपयोगी शास्त्रमधीते *(संवत्सर र त्यसको उपयोगी शास्त्र पढ्छ वा जान्दछ, वर्ष गणना गर्छ)* . संवत्सर+अण्[७] (अ), आदिवृद्धि =सांवत्सर ।

सांवत्सरो ज्यौतिषिको दैवज्ञगणकावपि- इत्यमरः

शब्दार्थ- वार्षिक, ज्योतिषी, दैवज्ञ, गणक, संवत्सरसम्वन्धी विद्यामा प्रवीण ।

सांवत्सरिकः (वि./ना./पुं.) संवत्सरादागतः, संवत्सरे भवः जातादिर्वा, संवत्सरमर्हति, संवत्सरस्य इदम्, संवत्सरमधीते वेद इति वा *(संवत्सरबाट आएको, संवत्सरमा हुने, संवत्सरको, संवत्सरसम्बन्धी विषय पढ्छ वा जान्दछ)* संवत्सर+ठक्/ठञ्[८] (इक), आदिवृद्धि, अकारलोप= सांवत्सरिक ।

शब्दार्थ- वार्षिक, वर्षसम्वन्धी, संवत्सरसम्वन्धी विषय पढ्ने वा जान्ने, सालबसाली, ज्योतिषी, दैवज्ञ ।

सांवादिकः (वि.) संवादादागतः, संवादमर्हति, संवादस्य अयम् *(संवादबाट आएको, संवाद गर्न योग्य, संवादको यो)* संवाद+ठक्/ठञ् (इक), आदिवृद्धि= सांवादिक ।

शब्दार्थ- संवादसम्वन्धी, संवाद गर्न उपयुक्त, बोलचालसम्वन्धी, विवादास्पद, विवादग्रस्त, समाचार सम्प्रेषण गर्ने, संवाददाता ।

सांशयिकः (वि.) संशयमापन्नः *(संशय प्राप्त गरेको)* संशय+ठक्[९] (इक), आदिवृद्धि, अकारलोप=सांशयिक ।

सांशयिकः संशयापन्नमानसः - इत्यमरः

शब्दार्थ- संशय वा सन्देह प्राप्त गरेको, संशयमा परेको, सन्दिग्ध, अनिश्चित ।

सांसर्गिकः (वि.) संसर्गादागतः *(संसर्गबाट पैदा भएको)* संसर्ग+ठक् (इक),आदिवृद्धि, अकारलोप=सांसर्गिक ।

शब्दार्थ- संसर्गबाट उत्पन्न हुने, छुवाछुत वा लसपस आदिबाट पैदा भएको ।

---

१. गजसहायाभ्यां चेति... (वा.) : तल्
२. तदस्य सञ्जातम्... : इतच्
३. अलङ्कृञ्-निराकृञ प्रजन...: इष्णुच्
४. शकिसहोश्च : यत्
५. प्रयोजनम्... : ठञ्
६. प्रतिजनादिभ्य... : खञ्
७. तदधीते तद्वेद : अण्
८. ठगायस्थानेभ्य.../कालाट्ठञ्/ऋतूत्यादि...: ठक्/ठञ्
९. संशयमापन्नः : ठक्

सांसारिकः (वि.) संसारादागतः, संसारस्यायम् इति वा *(संसारबाट पैदा भएको, संसारको यो)* संसार+ठक् (इक), आदिवृद्धि, अकारलोप= सांसारिक ।

शब्दार्थ-संसारसम्बन्धी, संसारबाट पैदा भएको, लौकिक ।

सांस्कारिकः (वि.) संस्कारादागतः, संस्कारस्यायम् इति वा *(संस्कारबाट उत्पन्न भएको, संस्कारको यो)* संस्कार+ठक् (इक), आदिवृद्धि, अकारलोप= सांस्कारिक

शब्दार्थ- संस्कारवाट पैदा भएको, संस्कारवाट उत्पन्न हुने, संस्कारसित सम्वन्धित ।

सांस्कृतिकः (वि.) संस्कृतेरागतः, संस्कृतेरयम्, संस्कृत्या निर्वृत्तः इति वा *(संस्कृतिबाट आएको, संस्कृतिको यो, संस्कृतिबाट निर्वृत्त भएको)* संस्कृति+ठक् (इक), आदिवृद्धि= सांस्कृतिक ।

शब्दार्थ- संस्कृतिवाट उत्पन्न भएको, संस्कृतिसम्वन्धी, संस्कृतिवाट निर्वृत्त ।

साकल्यम् (ना./न.) सकलस्य भावः *(सम्पूर्णताको भाव वा अवस्था)* सकल+ष्यञ्[1] (य, आदिवृद्धि= साकल्य ।

शब्दार्थ- सम्पूर्णता, सम्पूर्ण-भाग, समष्टि, समग्रता ।

साकारः (वि.) आकरणम्, आक्रियते इति वा *(आकारयुक्त हुनु)* आङ्पूर्वक डुकृञ् करणे (तना.) धातु, आ+कृ+घञ् (अ), वृद्धि, आकारः । आकारेण सह *(आकारले युक्त)* सह+आकार, व.स., सहको सभाव, दीर्घ= साकार ।

शब्दार्थ- आकार भएको, मूर्तिमान्, आकृतियुक्त, मूर्त स्वरूप भएको, साकाररूप लिएको ।

साकारितः (वि.) साकारः सञ्जातः अस्य *(साकार रूप पैदा भएको छ यसको)* साकार+इतच् (इत) = साकारित ।

शब्दार्थ- साकार रूप लिएको, मूर्तिमान् वनेको, मूर्तरूप लिएको ।

साकेतम् (ना./न.) आकित्यते अस्मिन् *(निवास गरिन्छ यहाँ)* आङ्पूर्वक कित निवासे (भ्वा.) धातु, आ+कित्+घञ्[2] (अ), उणा., आकेतः । आकेतैः सह *(भव्य महलले युक्त)*, व.स., सहको सभाव, दीर्घ = साकेत ।

शब्दार्थ- प्राचीन अयोध्या नगरी, साकेतपुरी ।

साक्षरः (वि.) न क्षरतीति *(चुक्तैन)* क्षर सञ्चलने (भ्वा.) धातु, न+क्षर्+अच् (पचादि), न.त.स., अक्षरः । अक्षरेण सह *(अक्षरसहित)* व.स., सहको सभाव =साक्षर ।

शब्दार्थ- अक्षर चिनेको, थोरै पढेलेखेको, अलि-अलि शिक्षा प्राप्त गरेको, थोरवहुत पढ्न लेख्न सक्ने ।

साक्षरता (ना./स्त्री.) साक्षरस्य भावः *(साक्षर हुनाको भाव)* साक्षर+तल् (त)+टाप् (आ)= साक्षरता ।

शब्दार्थ- साक्षर हुनाको स्थिति वा अवस्था, शिक्षित हुनाको स्थिति ।

साक्षात् (अव्य.) अक्षतीति *(व्याप्त हुन्छ)* अक्षू व्याप्तौ (भ्वा.) धातु, अक्ष्+अच् (पचादि), अक्षः । सह अक्षेण *(प्रत्यक्ष भावसहित)* व.स., सहको सभाव, साक्षम् । साक्षमततीति *(प्रत्यक्षभाव प्राप्त गर्छ)* साक्षपूर्वक अत सातत्यगमने (भ्वा.) धातु, साक्ष+अत्+क्विप् (सर्वलोप), दीर्घ= साक्षात् ।

साक्षात् प्रत्यक्षतुल्ययोः- इत्यमरः

शब्दार्थ- प्रत्यक्ष, आँखाअगाडि, सम्मुख, सामुन्ने, समान, वरावरी ।

साक्षात्कारः (ना./पुं.) साक्षात्करणमिति *(साक्षात्कार गर्नु)* डुकृञ् करणे (तना.) धातु, साक्षात्+कृ+घञ् (अ), वृद्धि= साक्षात्कार ।

शब्दार्थ- प्रत्यक्ष मुलाकात, भेटघाट, इन्द्रियजन्य-ज्ञान, प्रत्यक्षानुभव, प्रत्यक्षानुभूति ।

साक्षी (ना./पुं.) अक्षेण इन्द्रियेण सह वर्तमानम् *(इन्द्रियसहित रहेको)* व.स[3]., सहको सभाव[4], साक्षम् । साक्षं प्रत्यक्षज्ञानं तद् अस्ति अस्य *(प्रत्यक्ष ज्ञान छ यसको)* साक्षात्+इनि[5] (इन्), टिलोप[6], साक्षिन्=साक्षी ।

साक्षी चेता केवलो निर्गुणश्च- उपनिषद्

शब्दार्थ- कुनै झैझगडामा देखे सुनेका कुरा वयान दिने व्यक्ति, प्रत्यक्ष देख्ने मानिस, गवाह, निर्गुण तथा चेतनस्वरूप परव्रह्म, परमात्मा ।

साक्षेपः (वि.) आक्षेपेण सह *(आक्षेप सहित)* व.स., सहको सभाव, दीर्घ= साक्षेप ।

शब्दार्थ- आक्षेपयुक्त, दुर्वाच्ययुक्त ।

साक्ष्यम् (ना./न.) साक्षिणः भावः *(साक्षी हुनाको भाव वा अवस्था)* साक्षिन्+ष्यञ् (य), इकारलोप= साक्ष्य ।

शब्दार्थ- साक्षी वस्ने काम, साक्षीभाव, गवाह दिने काम ।

साखेयः (वि.) सख्या निर्वृत्तः *(मित्रभावले निर्वृत्त)* सखि+ढञ्[7] (एय), आदिवृद्धि, इकारलोप= साखेय ।

शब्दार्थ- मित्रसम्वन्धी, मैत्रीपूर्ण, सौहार्दताले परिपूर्ण ।

साख्यम् (ना./न.) सख्युर्भावः कर्म वा *(मित्रताको भाव वा कर्म)* सखि+ष्यञ् (य), आदिवृद्धि, इकारलोप =साख्य ।

शब्दार्थ- मित्रता, सख्यभाव, सौहार्दता, मैत्रीभाव ।

सागरः (ना./पुं./वि.) गरेण सह *(विषसहित पैदा भएका)* व.स., सहको सभाव, सगरः (सगरनामका राजा) । सगरस्य अयम् *(सगरको यो)* सगर+अण् (अ), आदिवृद्धि= सागर ।

शब्दार्थ- समुद्र, अर्णव, सिन्धु, सागर, प्राचीन सगर राजासम्वन्धी, सगर राजाको ।

---

[1] गुणवचन... : ष्यञ्
[2] हलश्च : घञ्
[3] तेन सहेति... : ब.स.
[4] वोपसर्जनस्य : सहको सभाव
[5] साक्षाद्द्रष्टरि...: इनि
[6] अव्ययानां भमात्रे...: टिलोप
[7] वुञ्छण् कठजिल...: ढञ्

साग्रहम् (अव्य.) आग्रहेण सह *(आग्रहसहित)* अव्य.स., सहको सभाव, दीर्घ= साग्रह ।

शब्दार्थ- आग्रहपूर्वक, अनुरोधसहित, अनुरोधपूर्वक ।

साङ्कर्यम् (ना./न.) सङ्करस्य भावः *(छ्यासमिस हुनाको भाव वा अवस्था)* सङ्कर+ष्यञ् (य), आदिवृद्धि, अकारलोप= साङ्कर्य ।

शब्दार्थ- सम्मिश्रण हुनाको भाव वा अवस्था, मिसावट, मिलावट, छ्यासमिस हुनाको अवस्था ।

साङ्केतिकः (वि.) सङ्केतादागतः *(सङ्केतबाट आएको)* सङ्केत +ठक्[1] (इक), आदिवृद्धि, अकारलोप=साङ्केतिक ।

शब्दार्थ- सङ्केतसम्वन्धी, सङ्केत वा इसाराको रूपमा व्यक्त गरिएको, प्रतीकात्मक, सङ्केतपरक ।

उदा. **भावना नित्य गाढा भै झन् झन् भाषा विचित्र भो के भने झैं के भने झैं साङ्केतिक मिठासको-** सु.म.का. १४/२९

साङ्क्षेपिकः (वि.) सङ्क्षेपादागतः, सङ्क्षेपेण निर्वृत्तः *(सङ्क्षेपबाट आएको, सङ्क्षेपले निर्वृत्त)* सङ्क्षेप+ठक्[1]/ठञ्[2] (इक), आदिवृद्धि, अकारलोप=साङ्क्षेपिक ।

शब्दार्थ- छोटो पारिएको, सङ्क्षिप्त, सङ्कुचित, छोटो वनाइएको ।

साङ्ख्यम् (ना./न./वि.) सङ्ख्या सम्यक् ज्ञानं सा अस्ति अत्र *(राम्रो ज्ञान छ यहाँ)* सङ्ख्य+अण् (अ), आदिवृद्धि= साङ्ख्य ।

अथवा सम्यक् ख्यायते प्रकथ्यते तत्त्वम् अनया *(तत्त्वं बताइन्छ यसबाट)* सम्पूर्वक ख्या प्रकथने (अदा.) धातु, सम्+ख्या+क (अ), आलोप, सङ्ख्य+टाप् (आ), सङ्ख्या । सङ्ख्यायाः सम्यक् ज्ञानस्य इदम् *(राम्रो ज्ञानको यो)* सङ्ख्या+अण् (अ), आदिवृद्धि= साङ्ख्य । अथवा सङ्ख्यायाः इदम् *(सङ्ख्याको यो),* सङ्ख्यां वेत्तीति *(सङ्ख्याशास्त्र जान्दछ)* सङ्ख्या+अण्[3] (अ), आदिवृद्धि, आकारलोप= साङ्ख्य ।

शब्दार्थ- छवटा आस्तिक दर्शनमध्ये एक, कपिलमुनिले वताएको पच्चीसतत्त्वको विश्लेषण गरिएको साङ्ख्यदर्शन, सङ्ख्यासम्वन्धी, गणनासित सम्वन्धित, सङ्ख्याशास्त्र जान्ने, गणक, तार्किक ।

साङ्ख्ययोगः (ना./पुं.) साङ्ख्यञ्च योगश्च *(ज्ञान र कर्मयोग)* द्व.स.= साङ्ख्ययोग ।

शब्दार्थ- भगवद्गीताले वताएको ज्ञान र कर्मयोग ।

साङ्ख्यिकः (वि.) सङ्ख्यां सङ्ख्याशास्त्रमधीते वेत्तीति वा *(सङ्ख्याशास्त्र पढ्छ वा जान्दछ)* वा साङ्ख्यमधीते वेत्तीति वा *(साङ्ख्यदर्शन पढ्छ वा जान्दछ)* साङ्ख्य+ठक्[4] (इक), आदिवृद्धि, आकारलोप/ अकारलोप सङ्ख्या/ = साङ्ख्यिक ।

शब्दार्थ- सङ्ख्याशास्त्र पढ्ने र जान्ने, गणितविज्ञ, तथ्याङ्कशास्त्रको विश्लेषण गर्ने, साङ्ख्यदर्शन विज्ञ ।

साङ्ख्यिकी (ना./स्त्री.) साङ्ख्यम् सङ्ख्यामधीते वेद इति वा *(साङ्ख्यदर्शन वा सङ्ख्याशास्त्र पढ्छ वा जान्दछ)* साङ्ख्य/सङ्ख्या+ठक्[4] (इक), आदिवृद्धि, साङ्ख्यिक (स्त्रीत्व विवक्षमा) साङ्ख्यिक+ङीप् (ई) = साङ्ख्यिकी ।

शब्दार्थ- छवटा आस्तिक दर्शनशास्त्रहरूमध्ये एक, तथ्याङ्कसम्वन्धी शास्त्रको विश्लेषण गर्ने वैज्ञानिक पद्धति, तथ्याङ्क-सङ्कलन ।

साङ्गः (वि.) अङ्गैः सह *(अङ्गहरू-सहित)* सह+अङ्ग, व.स[5]., सहको सभाव[6], दीर्घ= साङ्ग ।

शब्दार्थ- सवै अङ्गहरूले परिपूर्ण, अङ्गसहितको ।

साङ्गतिकः (वि.) सङ्गतेरागतः, सङ्गत्या निर्वृत्तः, सङ्गतिमर्हतीति *(सङ्गतिबाट आएको, सङ्गतिवाट निर्वृत्त, सङ्गति मिल्न उपयुक्त)* सङ्गति+ठक्/ठञ् (इक), आदिवृद्धि, इकारलोप= साङ्गतिक ।

शब्दार्थ- सङ्गतियुक्त, सङ्गति मिलेको, सङ्गतिसम्वन्धी, सङ्गति मिल्न योग्य ।

साङ्गीतिकः (वि.) सङ्गीतादागतः, सङ्गीतेन निर्वृत्तः *(सङ्गीतबाट आएको, सङ्गीतले परिपूर्ण)* सङ्गीत+ठक् /ठञ् (इक), आदिवृद्धि= साङ्गीतिक ।

शब्दार्थ- सङ्गीतसम्वन्धी, सङ्गीतले परिपूर्ण, सङ्गीतमय, सङ्गीतले भरिएको ।

साङ्गोपाङ्गः (वि.) अङ्गञ्च उपाङ्गञ्च ताभ्यां सह *(अङ्ग र उपाङ्गसहित)* सह+अङ्गोपाङ्ग ब.स., सहको सभाव, दीर्घ= साङ्गोपाङ्ग ।

शब्दार्थ-अङ्ग उपाङ्गहरूले युक्त, सवै अङ्ग उपाङ्गले परिपूर्ण ।

साङ्ग्रामिकः (वि.) सङ्ग्रामादागतः, सङ्ग्राममर्हति इति *(सङ्ग्रामबाट आएको, सङ्ग्रामलाई योग्य)* सङ्ग्राम+ठक्/ठञ् (इक), आदिवृद्धि= साङ्ग्रामिक ।

शब्दार्थ- सङ्ग्रामसम्वन्धी, सङ्ग्रामका लागि योग्य वा लायक, सङ्ग्रामको लागि सुसज्जित, योद्धा ।

साङ्घातिकः (वि.) सङ्घाताय प्रभवति *(सामूहिक रूपले आघात पुऱ्याउन समर्थ हुन्छ)* सङ्घात+ठञ्[7] (इक), आदिवृद्धि= साङ्घातिक ।

शब्दार्थ- मर्माहत हुने गरी चोट पुऱ्याउने, ज्यादै ठूलो आघात पार्ने, सामूहिक आघात गर्ने ।

---

[1] ठगायस्थानेभ्य... : ठक्
[2] तेन निर्वृत्तम्/तदर्हति : ठक्/ठञ्
[3] तस्येदम्/तदधीते...: अण्
[4] क्रतूक्थ्यादि... : ठक्
[5] तेन सहेति... : ब.स
[6] वोपसर्जनस्य : सहको सभाव
[7] तस्मै प्रभवति सन्तापा...: ठञ्

साङ्गिक: (वि.) सङ्गादागत:, सङ्गस्यायम् *(सङ्गबाट आएको, सङ्गको यो)* सङ्ग+ठक् (इक), आदिवृद्धि= साङ्गिक ।

शब्दार्थ- सङ्गसम्वन्धी, सङ्गवाट पैदा भएको, सङ्गीय ।

साजात्यम् (ना./न.) सजातेर्भाव: *(समान जाति हुनाको भाव वा अवस्था)* सजाति+ष्यञ् (य), आदिवृद्धि, इकारलोप= साजात्य ।

शब्दार्थ- जातिको समानता, समान जातित्वको अवस्था, समजातीयता ।

सातत्यम् (ना./न.) सततं नित्यम्, तस्य भाव: *(नित्य निरन्तर हुनाको भाव वा अवस्था)* सतत+ष्यञ् (य), आदिवृद्धि= सातत्य ।

शब्दार्थ- निरन्तरता, अविच्छिन्नता, स्थायित्व ।

सात्त्विक: (वि.) सत्त्वेन निर्वृत्त: (सत्त्व गुणात्मक मनोवृत्तिको भावले निर्वृत्त) सत्त्व+ठक्[१]/ठञ्[२] (इक), आदिवृद्धि= सात्त्विक ।

शब्दार्थ- सत्त्वगुणले युक्त, सत्त्वगुणले परिपूर्ण, सत्त्वगुणवाट निष्पादित, स्तम्भ स्वेदादि सात्त्विक भावले भरिएको ।

सत्त्वं रजस्तम इति गुणा: प्रकृतिसम्भवा: - भ.गी.१४/५

स्तम्भ: स्वेदोऽथ रोमाञ्च: स्वरभङ्गोऽथ वेपथु:

वैवर्ण्यमश्रुप्रलय इत्यष्टौ सात्त्विका: स्मृता:-सा.द. ३/१३५

सात्त्विकी (वि.) सत्त्वेन निर्वृत्त: (सत्त्विक मनोवृत्तिको भावले निर्वृत्त) सत्त्व+ठञ्[२] (इक), आदिवृद्धि, सात्त्विक+ङीप् (ई)= सात्त्विकी ।

शब्दार्थ- सत्त्वगुण-सम्पन्न, सत्त्वगुणले परिपूर्ण ।

सात्यकि: (ना./पुं.) सत्यकस्य अपत्यम् पुमान् *(यदुवंशी सत्यकका पुत्र)* सत्यक+इञ्[३] (इ), आदिवृद्धि=सात्यकि ।

शब्दार्थ- यदुवंशी, महाभारत युद्धका योद्धा, जो श्रीकृष्णका सारथि वनेका थिए ।

सादृश्यम् (ना./न.) सदृशस्य भाव: *(सदृश वा तुल्य हुनाको भाव वा अवस्था)* सदृश+ष्यञ् (य), आदिवृद्धि= सादृश्य ।

शब्दार्थ- मिल्दोजुल्दोपना, समानता, तुल्यता, समरूपता, एकरूपता ।

साधक: (वि.) साध्नोतीति *(सिद्ध गर्छ, साधना गर्छ)* साध संसिद्धौ (स्वा.) धातु, साध्+ण्वुल् (अक)= साधक ।

शब्दार्थ- कुनै कुराको साधना गर्ने, जप, तप आदि साधना गर्ने, निरन्तरको साधनावाट कुनै कुरा सिद्ध गर्ने, कुनै काम सम्पन्न गर्ने, तपस्वी, योगी ।

साधनम् (ना./न.) साध्यते अनेन इति *(सिद्ध गरिन्छ यसवाट)* साध संसिद्धौ (स्वा.) धातु, साध्+ल्युट्[४] (अन), करणमा= साधन ।

शब्दार्थ- उपकरण, औजार, यन्त्र, कुनै कार्य सम्पन्न वा सिद्ध गर्ने काम, कारण, हेतु ।

साधना (ना./स्त्री.) साध्यते अनया इति *(साधना गरिन्छ यसबाट)* साध संसिद्धौ (स्वा.) धातु, साध्+णिचि+युच्[५] (अन), उणा., साधन+टाप् (आ)= साधना ।

शब्दार्थ- देवी-देवताको आराधना, पूजा, अर्चना र उपासना, सिद्धि, योगसाधना, योगसिद्धिका लागि गरिने प्रयत्न वा अभ्यास ।

साधनास्थलम् (ना./न.)/**साधनाभूमि:** (ना./स्त्री.) साधनायै स्थलम्, साधनायै भूमि: *(कुनै सिद्धि प्राप्तिका लागि साधना गरिने ठाउँ)* च.त.स. =साधनास्थल/साधनाभूमि ।

शब्दार्थ- सिद्धि प्राप्तिका लागि साधना गरिने स्थल वा भूमि, तपोभूमि ।

साधर्म्यम् (ना./न.) सधर्मण: भाव: *(समानधर्म हुनाको भाव वा अवस्था)* सधर्मन्+ष्यञ्[६] (य), आदिवृद्धि, नलोप =साधर्म्य ।

शब्दार्थ- एउटै धर्म हुनाको अवस्था वा स्थिति, धार्मिक समानता, समान-धर्मिता, सहधर्मिता ।

साधारण: (वि.) आसमान्ताद् धार्यते इति *(सबैतिरबाट धारण गरिन्छ)* आङ्पूर्वक धृञ् धारणे (भ्वा.) धातु, आ+धृ+णिचि, ल्युट् (अन), वृद्धि, णिलोप, आधारणम् । सह आधारणेन वर्तते इति *(आधारसहित रहन्छ)* ब.स[७]., सहको सभाव[८], दीर्घ= साधारण ।

शब्दार्थ-समान, सदृश, सामान्य, सजिलो, सरल, मिल्दोजुल्दो

साधारणत: (अव्य.) साधारणादिति *(सामान्यरूपबाट)* साधारण+तसिल्[९] (तस्), रुत्व, विसर्ग= साधारणत: ।

शब्दार्थ- साधारणरूपबाट, सामान्यत: ।

साधारणता (ना./स्त्री.)/**साधारणत्वम्** (ना./न.) साधारणस्य भाव: *(साधारण हुनाको भाव वा अवस्था)* साधारण+तल् (त) +टाप् (आ)= साधारणता । साधारण+त्व= साधारणत्व ।

शब्दार्थ- सामान्य हुनाको स्थिति वा अवस्था, मामुलीपन, सरलता, सामान्यपन ।

साधारणधर्म: (ना./पुं.) साधारणश्चासौ धर्मश्च (सामान्य धर्म) क.त.स.= साधारणधर्म ।

शब्दार्थ- चारै वर्णको कर्तव्यकर्म, सामान्य धर्म ।

साधारणी (ना./स्त्री.) आसमान्ताद् धार्यते इति *(सबैतिरबाट धारण गरिन्छ)* आङ्पूर्वक धृञ् धारणे (भ्वा.) धातु, आ+धृ+णिचि, ल्युट् (अन), वृद्धि, णिलोप, आधारणम् । सह आधारणेन वर्तते इति *(आधारसहित रहन्छ)* ब.स[७]., सहको सभाव[८], दीर्घ, साधरण+ङीप् (ई) = साधारणी ।

शब्दार्थ- साधारण स्थिति वा अवस्था, सामान्य-स्थिति ।

---

[१] निर्वृत्तेऽक्षद्यूता.. : ठक्

[२] तेन निर्वृत्तम् : ठञ्

[३] अत इञ् : इञ्

[४] करणाधिकरणयोश्च : ल्युट्

[५] बहुलमन्त्रापि... : युच्

[६] गुणवचन... : ष्यञ्

[७] तेन सहेति... : ब.स.

[८] वोपसर्जनस्य : सहको सभाव

[९] पञ्चम्यास्तसिल् : तसिल्

साधारणीकरणम् (ना./न.) असाधारणः साधारणः सम्पद्यते, तत्करणमिति *(असाधारण साधारण हुन्छ र साधारण बन्दछ)* डुकृञ् करणे (तना.) धातु, साधारण+च्वि+कृ+ल्युट् (अन), कृको गुण, णत्व, साधारणको ईत्व, च्विको सर्वलोप= साधारणीकरण ।

शब्दार्थ- असामान्यलाई सामान्य पार्ने काम, असाधारणलाई साधारण बनाउने क्रिया, साहित्यिक व्यक्तिविशेषमा रहेको सुख-दुःखादिलाई सामान्य पार्ने क्रिया ।

साधिका (ना./स्त्री.) साध्नोति असौ स्त्री *(साधना गर्छे यो स्त्री)* साध संसिद्धौ (स्वा.) धातु, साध्+ण्वुल् (अक), साधक+टाप् (आ), ककारपूर्वका अकारको इत्व =साधिका ।

अथवा साधयति असौ *(आराधना गर्छे यो)* षिधु संराद्धौ (दिवा.) धातु, सिध्+णिचि+ण्वुल् (अक), सिध्का सिको आत्व[१], साधक+टाप् (आ), ककारपूर्वका अकारको इत्व= साधिका ।

शब्दार्थ- कुनै कुराको साधना गर्ने वा सिद्ध गर्ने स्त्री, साधना गर्ने आइमाई, पूजाआजा गर्ने स्त्री ।

साधिकारः (वि.) अधिक्रियते इति *(अधिकार प्रदान गरिन्छ)* डुकृञ् करणे (तना.) धातु, अधि+कृ+घञ् (अ), वृद्धि, अधिकारः । अधिकारेण सह *(अधिकार सहित)* व.स[२]., सहको सभाव[३], दीर्घ= साधिकार ।

शब्दार्थ- अधिकारयुक्त, अधिकार-सम्पन्न, अधिकार पाएको ।

साधितः (वि.) साध्यते स्म इति *(सिद्ध गरिएको)* साध संसिद्धौ (स्वा.) धातु, साध्+क्त (त), इडागम =साधित ।

शब्दार्थ- साधना गरिएको, कुनै कुरा कार्यान्वयन गरिएको, पूर्ण गरिएको ।

साधुः (ना./पुं./वि.) साध्नोति धर्मादिकम्, परकार्यञ्च *(धर्मादि साधना गर्छ, अर्काको कार्य सिद्ध गर्छ)* साध संसिद्धौ (स्वा.) धातु, साध्+उण्[४] (उ), उणा.=साधु ।

सुन्दरं रुचिरं चारु सुषमं साधु शोभनम्

महाकुल-कुलीनार्य-सभ्य-सज्जन-साधवः - इत्यमरः

शब्दार्थ- सज्जन, सन्त, महात्मा, तपस्वी, वृद्ध, साधुजन, सीधा, सरल स्वभावको व्यक्ति, सुन्दर, शोभन, चारु ।

साधुजनः (ना./पुं.) साधुरेव जनः *(साधुरूप जन)* म.व्य.स.= साधुजन ।

शब्दार्थ- साधुसमुदाय, सज्जन पुरुष, तपस्विजन ।

साधुपदवी (ना./स्त्री.) साधूनां पदवी *(साधुहरूको पदवी)* ष.त.स.= साधुपदवी ।

शब्दार्थ- तपस्वी, सिद्ध महात्मा, वृद्ध ।

साधुता (ना./स्त्री./साधुत्वम् (ना./न.) साधोर्भावः *(साधु हुनाको भाव वा अवस्था)* साधु+तल् (त)+टाप् (आ) =साधुता ।

साधु+त्व= साधुत्व ।

शब्दार्थ- सरलभाव, सोझोपना, सज्जनता, सौजन्य, शिष्टता ।

साधुवादः (ना./पुं.) साधुश्चासौ वादश्च *(साधुवाद)* क.त.स.= साधुवाद ।

शब्दार्थ- धन्यवाद, स्यावास दिने काम ।

साधुसन्तः (ना./पुं.) साधुश्च सन्तश्च *(साधु तथा सन्त)* द्व.स.= साधुसन्त ।

शब्दार्थ- साधु महात्मा, तपस्वी, सिद्धयोगी ।

साध्यः (वि./ना./पुं.) साध्यते, साद्धुं योग्यः *(सिद्ध गर्न योग्य)* साध संसिद्धौ (स्वा.) धातु, साध्+ण्यत् (य) =साध्य ।

शब्दार्थ- साधना गर्न योग्य, सिद्ध गर्न लायक, निको पार्न सकिने, सम्भव हुने साध्यरोग, गणदेवता, साध्यगण, देवताविशेष, देवयोनिविशेष ।

साध्वी (ना./स्त्री.) साध्नोति स्वकार्यं, परकार्यं, परमार्थम् वा असौ *(स्वकार्य, परकार्य र परमार्थ सिद्ध गर्छे यो स्त्री)* साध संसिद्धौ (स्वा.) धातु, साध्+उण् (उ), उणा., साधुः । साधु+ङीष्[५] (ई), यण्= साध्वी ।

सुचरित्रा तु सती साध्वी पतिव्रता- इत्यमरः

शब्दार्थ- राम्रो चरित्र भएकी आइमाई, पतिव्रता स्त्री, सती नारी, देवी ।

सानन्दः (वि./अव्य.) आनन्देन सह *(आनन्दले युक्त)* सह+आनन्द, व.स./अव्य.स., सहको सभाव, दीर्घ =सानन्द ।

शब्दार्थ- आनन्दले युक्त, प्रसन्न, आनन्दले परिपूर्ण, आनन्दपूर्वक, प्रसन्नतापूर्वक, आनन्दसंग ।

सानुः (ना./पुं./न.) सनोति उच्चताम् *(उच्चता प्रदान गर्छ)* षणु दाने (तना.) धातु, सन्+ञुण्[६] (उ), उणा., वृद्धि= सानु ।

स्नुः प्रस्थः सानुरस्त्रियौ- इत्यमरः

शब्दार्थ- थुम्को, शिखर, चोटी, चुचुरो ।

सानुनयः (वि./अव्य.) अनुनयेन सह *(विनय-सहित)* व.स./अव्य.स., सहको सभाव, दीर्घ= सानुनय ।

शब्दार्थ- विनयले युक्त, नम्रताले परिपूर्ण, विनयशील, नम्रतापूर्वक, विनयपूर्वक ।

सानुबन्धः (वि.) अनुबन्धेन सह *(अनुबन्धसहित)* व.स., सहको सभाव, दीर्घ= सानुबन्ध ।

शब्दार्थ- अनुबन्ध भएको, बन्धनयुक्त, सन्दर्भयुक्त, क्रम नटुटेको, क्रमबद्ध, अविच्छिन्न ।

---

[१] सिद्धयतेरपारलौकिके : सिको आत्व

[२] तेन सहेति... : ब.स.

[३] वोपसर्जनस्य/अव्ययीभावे चाका...: सहको सभाव

[४] कृपावाजिमि... : उण्

[५] वोतो गुणवचनात् : ङीष्

[६] दृसनिजनिचरि... : ञुण्

सानुमान् (ना./पुं.) सानुरस्ति अस्मिन् *(यसमा चुचुरो छ)* सानु+मतुप्[१] (मत्), सानुमत्= सानुमान् ।

शब्दार्थ- थुम्को भएको पहाड, चुचुरो भएको पर्वत, पहाड जस्तै भूभाग ।

सानुरागः (वि.) अनुरागेण सह *(अनुराग सहित)* ब.स[२]., सहको सभाव[३], दीर्घ= सानुराग ।

शब्दार्थ- अनुरागयुक्त, आसक्त, स्नेहले भरिएको ।

सानुरोधम् (अव्य.) अनुरोधेन सह *(अनुरोधसहित)* अव्य.स., सहको सभाव, दीर्घ= सानुरोध ।

शब्दार्थ- विनयपूर्वक, प्रार्थनासहित, नम्रतापूर्वक ।

सान्त्वः (ना./पुं./वि.) सान्त्वयतीति *(सान्त्वना दिन्छ)* षान्त्व सामप्रयोगे (चुरा.) धातु, सत्त्व, सान्त्व+अच् (पचादि)/घञ्[४] (अ)= सान्त्व ।

शब्दार्थ- सान्त्वना दिने काम, शान्त पार्ने क्रिया, सम्झाउने वुझाउने, सान्त्वना दिने, शान्त पार्ने ।

सान्त्वनम्/सान्त्वना (ना./न./स्त्री.) सान्त्वनमिति *(सान्त्वना दिइन्छ)* षान्त्व सामप्रयोगे (चुरा.) धातु, सत्व, सान्त्व+ल्युट् (अन)= सान्त्वन ।

सान्त्व+णिचि+युच् (अन)+टाप् (आ)= सान्त्वना ।

शब्दार्थ- दुःखित व्यक्तिलाई सम्झाउने वुझाउने काम, शान्त पार्ने क्रिया, मानसिक शान्ति दिने काम ।

सान्द्रः (वि.) अन्द्रेण निविड-वन्धनेन सह वर्तते इति (*गाढा वन्धनले रहन्छ)* सह+अन्द्र, व.स., सहको सभाव, दीर्घ= सान्द्र ।

शब्दार्थ- घना, गाढा, स्निग्ध, अतिगहकिलो ।

सान्ध्यः (वि.) सन्ध्यायां भवः *(साँझमा भएको)* सन्ध्या+अण् (अ), आदिवृद्धि, आलोप= सान्ध्य ।

अथवा सन्ध्यायाः अयम् *(साँझको यो)* सन्ध्या+अण् (अ), आदिवृद्धि= सान्ध्य ।

शब्दार्थ- सन्ध्याको समयमा हुने, सन्ध्या कालको, साँझको, सन्ध्याकालमा हुने, सन्ध्याकालसम्वन्धी

सान्निध्यम् (ना./न.) सन्निधिः सन्निकटता, तस्य भावः कर्म वा *(सामीप्य हुनाको भाव वा अवस्था)* सन्निधि+ष्यञ् (य), स्वार्थमा, आदिवृद्धि, इकारलोप = सान्निध्य ।

शब्दार्थ- सामीप्य, सन्निकटता, उपस्थिति ।

सान्वयः (वि.) अन्वयेन सह *(अन्वय वा वंशसहित)* व.स., सहको सभाव, दीर्घ= सान्वय ।

शब्दार्थ- वंशसहितको, कुलपरम्पराले युक्त, अभिजनसहितको ।

सापत्नः (ना./पुं.) सपत्न्याः/सपत्नस्य अपत्यं पुमान् *(सौतावाट वा शत्रुबाट उत्पन्न सन्तति)* सपत्नी/सपत्न+अण्[५] (अ), इकारलोप/अकारलोप= सापत्न ।

शब्दार्थ- सौतेनी पुत्र, सौतावाट उत्पन्न सन्तान, शत्रुको पुत्र, रिपुपुत्र ।

सापत्न्यम् (ना./न.) सपत्न्याः भावः *(सौताको भाव वा अवस्था)* सपत्नी+ष्यञ्[६] (य), आदिवृद्धि= सापत्न्य ।

शब्दार्थ- सौताको भाव वा अवस्था, सौतेनी आमाको अवस्था, सौतेनी आचरण वा व्यवहार ।

सापराधः (वि.) अपराधेन सह *(अपराधले युक्त)* ब.स., सहको सभाव, दीर्घ= सापराध ।

शब्दार्थ- अपराधले युक्त भएको, अपराधले परिपूर्ण, अपराधी, अपराध गर्ने ।

सापिण्डचम् (ना./न.) सपिण्डस्य भावः *(सपिण्ड हुनाको भाव वा अवस्था)* सपिण्ड+ष्यञ् (य), आदिवृद्धि =सापिण्डच ।

शब्दार्थ- समान पितृलाई पिण्डदान दिनेको अवस्था वा स्थिति, वन्धुत्व ।

सापेक्षः (वि.) अपेक्षया सह *(पारस्परिक अपेक्षाले युक्त)* व.स., सहको सभाव, ह्रस्व, दीर्घ= सापेक्ष ।

शब्दार्थ- अपेक्षा गर्ने, अर्कोसित आशा राख्ने, अर्कोसित निर्भर रहने ।

सापेक्षवादः (ना./पुं.) सापेक्षश्चासौ वादश्च, सापेक्षस्य वादः *(सापेक्षवाद, सापेक्षताको वाद वा सिद्धान्त)* क.त.स./ष.त.स.= सापेक्षवाद ।

शब्दार्थ- कुनै पनि वस्तु एक अर्कासित निर्भर हुन्छ वा अपेक्षित रहन्छ भन्ने एक सिद्धान्त वा मत ।

सापेक्षिकः (वि.) सापेक्षादागतः *(सापेक्षबाट आएको)* सापेक्ष+ठक्[७] (इक), अकारलोप= सापेक्षिक ।

शब्दार्थ- पारस्परिक अपेक्षासम्वन्धी, सापेक्षसित सम्वन्धित, सापेक्ष रहेको, अन्योन्याश्रित ।

साप्तपदीनम् (ना./न.) सप्तभिः पदैः अवाप्यते इति *(सात पाउबाट प्राप्त गर्न सकिन्छ)* सप्तपद+खञ्[८] (ईन), आदिवृद्धि= साप्तपदीन ।

शब्दार्थ- सात सात पाउँ साथसाथै हिँडेर वनेको मैत्री सम्वन्ध, विवाहमा वरवधू सँगसँगै सात पटक यज्ञाग्नि प्रदक्षिणा गरेर स्थापित प्रगाढ-सम्वन्ध ।

साप्ताहिकः (वि.) सप्ताहे भवः *(प्रत्येक हप्तामा हुने),* सप्ताहस्यायम् *(सप्ताहको यो)* सप्ताह+ठञ्[९] (इक), आदिवृद्धि= साप्ताहिक ।

शब्दार्थ- प्रत्येक सप्ताहमा हुने, प्रत्येक हप्ताको, सप्ताहको, सात दिनको ।

साफल्यम् (ना./न.) सफलस्य भावः *(सफल हुनाको भाव वा अवस्था)* सफल+ष्यञ् (य), आदिवृद्धि =साफल्य ।

शब्दार्थ- सफल हुनाको स्थिति, सफलता, उपयोगिता ।

---

[१] तदस्यास्त्यस्मिन्... : मतुप्

[२] तेन सहेति... : ब.स.

[३] वोपसर्जनस्य : सहको सभाव

[४] हलश्च : घञ्

[५] शिवादिभ्योऽण् : अण्

[६] चतुर्वर्णादिनाम्... (वा.) : ष्यञ् (स्वार्थमा)

[७] ठगायस्थानेभ्यः... : ठक्

[८] साप्तपदीनं सख्यम् : खञ्

[९] कालाट्ठञ् : ठञ्

साभारः (वि./अव्य.) आभ्रियते, आभरणम् इति वा *(आभार प्रकट गरिन्छ)* आङ्पूर्वक डुभृञ् धारण-पोषणयोः (जुहो.) धातु, आ+भृ+घञ् (अ), वृद्धि, आभारः । आभारेण सह *(आभारसहित)* ब.स.[1]/अव्य.स., सहको सभाव[2], दीर्घ= साभार ।

शब्दार्थ- आभार प्रकट गर्ने, कृतज्ञता-ज्ञापन गर्ने, कुनै लेख, रचना, ग्रन्थ आदिबाट उद्धृत गर्ने, विनयपूर्वक आभार व्यक्त गर्दै, कृतज्ञता-ज्ञापन गर्दै ।

साभिलाषः (वि./अव्य.) अभिलाषया सह *(कामना-सहित)* ब.स./अव्य.स., सहको सभाव, ह्रस्व, दीर्घ=साभिलाष ।

शब्दार्थ- अभिलाषा गरिएको, कामनायुक्त, इच्छाअनुसार, कामनासहित ।

साम (ना./न.) स्यति छिनत्ति दुःखादिकं पापं वा *(दुःखादि र पाप नाश गर्छ यसले)* षो अन्तकर्मणि (दिवा.) धातु, सत्त्व, आत्व, सा+मनिन्[3] (मन्), सामन्=साम ।

शब्दार्थ- चारवेदमध्ये एक, गायनकलासम्वन्धी विद्या, गायनकला भएको सामवेदीय मन्त्र, पाप नष्ट गर्ने सामवेदका कण्डिका, साम, दाम, दण्ड, भेद- यी चारवटा उपायमध्ये एक ।

सामकालिकः (वि.) समकाले भवः *(समकालमा हुने)* समकाल+ठञ्[4] (इक), आदिवृद्धि= सामकालिक ।

शब्दार्थ-समान कालमा हुने, समकालको, उही समयको ।

सामगः/सामगायनः (ना./पुं.) साम गायतीति **(सामवेद गाउँछ)** साम उपपदमा हुने गै शब्दे (भ्वा.) धातु, साम+गा+क (अ), आलोप= सामग ।

साम+गै+ण्युट् (अन), आत्व, युक्= सामगायन ।

शब्दार्थ- सामवेद गायन गर्ने व्यक्ति, सामवेदी पुरुष ।

सामग्री (ना./स्त्री.) समग्रस्य भावः *(समग्र हुनाको भाव वा अवस्था)* समग्र+ष्यञ् (य), आदिवृद्धि, सामग्र्य+ङीष् (ई), यलोप= सामग्री ।

शब्दार्थ- कुनै पदार्थ, वस्तुविशेष, द्रव्यादि सरसामान, उपकरण, साधन ।

सामञ्जस्यम् (ना./न.) समञ्जसस्य भावः *(सङ्गति मिल्नाको भाव वा अवस्था)* समञ्जस+ष्यञ् (य), आदिवृद्धि, अकारलोप= सामञ्जस्य ।

शब्दार्थ- योग्यता, सङ्गति, रूपगुणादिमा एकरूपता, समरूपत्व, औचित्य, समता, मेलमिलाप ।

सामन्तः (ना./पुं.) संलग्नः अन्तः एकदेशः अस्य *(एउटा देशसित सम्बन्ध छ यसको)* प्रा.ब.स., उ.प.लोप, समन्तः, तस्य अयम् *(त्यसको यो)* समन्त+अण् (अ), आदिवृद्धि= सामन्त ।

शब्दार्थ- शक्तिशाली राजाको अधीनमा रहेको सानो राजा, रजौटो, सीमावर्ती राजा, छिमेकी राजा, शक्तिशाली राजाको आडमा जनसाधारणलाई दुःखकष्ट दिने व्यक्ति ।

सामयिकः (वि.) समयः प्राप्तः अस्य **(समय प्राप्त भएको छ यसको)** समयादागतः, समयस्य अयम् *(समयबाट आएको, समयको यो)* समय+ठक्[5] (इक), आदिवृद्धि =सामयिक ।

शब्दार्थ- समयसम्वन्धी, समयोचित, समसामयिक, समय सुहाउँदो, समयानुरूप, समयानुकूलको ।

सामरिकः (वि.) समरेण निर्वृत्तः, समरादागतः, समरस्य अयम् *(युद्धद्वारा निर्वृत्त, युद्धबाट आएको, युद्धको)* समर+ठ[6]ञ्/ठक् (इक), आदिवृद्धि= सामरिक ।

शब्दार्थ- युद्धसित सम्वन्धित, युद्धसम्वन्धी, सङ्ग्रामद्वारा निर्वृत्त भएको ।

सामवायिकः (वि.) समवायान् समवैति *(एकट्ठा हुन्छ)* समवाय+ठक्[7] (इक)= सामवायिक ।

शब्दार्थ- जम्मा हुने, एकट्ठा हुने, नित्यसम्वन्धले रहने ।

सामर्थ्यम् (ना./न.) समर्थस्य भावः *(समर्थ हुनाको भाव वा अवस्था)* समर्थ+ष्यञ् (य), आदिवृद्धि= सामर्थ्य ।

शब्दार्थ- समर्थ हुनाको स्थिति वा अवस्था, क्षमता, योग्यता, बलशालिता, समर्थता ।

सामवेदः (ना./पुं.) साम चासौ वेदश्च *(सामवेद)* क.त.स.= सामवेद ।

शब्दार्थ-चारवेदमध्ये एक, गायनकलासित सम्वन्धित वेद ।

सामवेदी (वि.) सामवेदः अस्यास्तीति *(सामवेद छ यसको)* सामवेद+इनि (इन्), सामवेदिन्= सामवेदी ।

शब्दार्थ- सामवेदवेत्ता, सामवेदमा प्रवीण, सामवेदको अनुयायी, सामवेदको अध्ययन गर्ने ।

सामाजिकः (वि.) समाजं समवैति, समाजं रक्षति, समाजः प्रयोजनमस्य, समाजादागतः इति वा *(समाजमा सम्मिलित हुन्छ, समाजको रक्षा गर्छ, समाजबाट आएको, समाज प्रयोजन छ यसको)* समाज+ठक्[8] (इक), आदिवृद्धि =सामाजिक ।

सभासदः सभास्तारा: सभ्याः सामाजिकाश्च ते- इत्यमरः

शब्दार्थ- समाजमा रहने, समाजको रक्षा गर्ने, समाजको, समाजसित सम्वन्धित, समाज नै प्रयोजन भएको, सभासद्, सभ्य ।

सामान्यम् (ना./न./वि.) समान एव *(समान नै)* समान+ष्यञ् (य), स्वार्थमा, आदिवृद्धि= सामान्य ।

शब्दार्थ- सामान्यपना, सरलता, साधारण ।

सामान्यतः (अव्य.) सामान्यादिति *(सामान्य किसिमबाट)* समान्य+तसिल् (तस्), रुत्व, विसर्ग= सामान्यतः ।

शब्दार्थ- समान्य किसिमबाट, समान्य-ढङ्गले, साधारण तरिकाले ।

---

[1] तेन सहेति... : ब.स.
[2] वोपसर्जनस्य : सहको सभाव
[3] अन्येभ्योऽपि.../सातिभ्यां मनिन्मनिणौ : मनिन्
[4] कालाट्ठञ् : ठञ्
[5] विनयादिभ्य... : ठक्
[6] तेन निर्वृत्तम्/ठगायस्थानेभ्य... : ठक्
[7] समवायान्समवैति : ठक्
[8] समवायान्समवैति/रक्षति/प्रयोजनम् : ठक्

सामान्यीकरणम् (ना./न.) असामान्यं सामान्यं सम्पद्यते, तत्करणमिति *(असमान्य सामान्य बन्छ र त्यो गरिन्छ)* डुकृञ् करणे (तना.)धातु, सामान्य+च्वि[१]+कृ +ल्युट् (अन), गुण, णत्व, समान्यका अको ईत्व[२], च्विको सर्वलोप= सामान्यीकरण ।

शब्दार्थ- असामान्यलाई सामान्य रूपमा हेर्ने काम, साधारणीकरण, अनेकतामा एकरूपता कायम गर्ने काम ।

सामासिकः (वि.) समासादागतः, समासेन निर्वृत्तः *(समासबाट आएको, समासबाट निर्वृत्त)* समास+ठक्[३]/ठञ्[४] (इक), आदिवृद्धि= सामासिक ।

शब्दार्थ- समासको, समाससित सम्वन्धित, समासबाट निर्वृत्त, सामूहिक, सङ्क्षिप्त, समुच्चयात्मक ।

सामीप्यम् (ना./न.) समीपस्य भावः कर्म वा *(समीपमा हुनाको भाव वा अवस्था)* समीप+ष्यञ्[५] (य), आदिवृद्धि = सामीप्य ।

शब्दार्थ- समीपवर्ती हुने काम, सन्निकटता, सन्निधि, आसन्नता ।

सामुदायिकः (वि.) समुदायं समवैति, समुदायादागतः, समुदायस्यायम्, समुदायं रक्षति *(समुदायमा सम्मिलित हुन्छ, समुदायबाट आएको, समुदायको यो, समुदायको रक्षा गर्छ)* समुदाय+ठक्[६] (इक), आदिवृद्धि= सामुदायिक ।

शब्दार्थ- समुदायको, समुदायसित सम्वन्धित, सामूहिक, समुदायको संरक्षण गर्ने ।

सामुद्रः (वि./ना./पुं.) समुद्रे भवः *(समुद्रमा हुने)* समुद्र+अण् (अ), आदिवृद्धि= सामुद्र ।

शब्दार्थ- समुद्रमा हुने, समुद्रसम्वन्धी पदार्थ, नून ।

सामुद्रिकः (वि.) समुद्रादागतः, समुद्रे भवः, समुद्रस्यायम् *(समुद्रबाट उत्पन्न भएको, समुद्रमा हुने, समुद्रको यो)* समुद्रं शास्त्रमधीते वेत्तीति वा *(हस्तरेखासम्बन्धी शास्त्र पढ्छ वा जान्दछ)* समुद्र+ठक् (इक), आदिवृद्धि= सामुद्रिक ।

शब्दार्थ- समुद्रवाट आएको वा उत्पन्न, समुद्रको, समुद्रसम्वन्धी, हातखुट्टाका रेखा र चिन्हसम्वन्धी ।

सामूहिकः (वि.) समूहादागतः, समूहं समवैति *(समूहबाट आएको, समूहमा जान्छ)* समूह+ठक् (इक), आदिवृद्धि =सामूहिक ।

शब्दार्थ- समूहगत, समूहसम्वन्धी, समूहबाट आएको, समूहको, सामुदायिक ।

साम्पत्तिकः (वि.) सम्पत्तेरागतः सम्पत्त्याः अयम् इति वा *(सम्पत्तिबाट आएको, सम्पत्तिको यो)* सम्पत्ति+ठक् (इक), आदिवृद्धि= साम्पत्तिक ।

शब्दार्थ- सम्पत्तिसम्वन्धी, सम्पत्तिको, सम्पत्तिबाट प्राप्त ।

साम्परायः (वि.) सम्परायनमिति *(युद्ध गर्नु)* सम् परापूर्वक अय गतौ (भ्वा.) वा इण् गतौ (अदा.) धातु, सम्+परा+अय्+घञ् (अ), दीर्घ, सम्परायः ।

अथवा सम्+परा+इ+घञ् (अ), वृद्धि, आयादेश, दीर्घ, सम्परायः । (युद्ध, झगडा, कलह, विद्रोह)

सम्परायस्य अयम् *(युद्धको यो)* सम्पराय+अण्[७] (अ), आदिवृद्धि= साम्पराय ।

शब्दार्थ- युद्धसम्वन्धी, सामरिक, युद्धको, सङ्घर्षको ।

साम्परायिकः (वि.) सम्परायादागतः, सम्परायस्य अयम् *(युद्धबाट आएको, युद्धको यो)* सम्पराय+ठक् (इक), आदिवृद्धि= साम्परायिक ।

शब्दार्थ-युद्धको, युद्धसित सम्वन्धित, सङ्घर्षसम्वन्धी, सामरिक

साम्प्रतम् (अव्य./वि.) सम्प्रतनमिति *(विस्तार गरिन्छ)* सम् प्रपूर्वक तनु विस्तारे (तना.) धातु, सम्+प्र+तन्+डम् (अ), टिलोप, पृषोदरादिवाट, सम्को दीर्घ = साम्प्रत ।

अथवा संश्च प्रति च तयोः समाहारः, द्व.स., सम्प्रति । तस्य इदम् सम्प्रति+अण् (अ), आदिवृद्धि= साम्प्रत ।

अधुना साम्प्रतं तथा । युक्ते द्वे साम्प्रतं स्थानम्- इत्यमरः

शब्दार्थ- तत्काल, उसै समय, उपयुक्त तरिकाले, अहिले, योग्य, उचित, उपयुक्त ।

साम्प्रतिकः (वि.) संश्च प्रतिश्च तयोः समाहार, द्व.स., सम्प्रति । तत्र भवः *(अहिले हुने)* सम्प्रति+ठञ्[८] (इक), आदिवृद्धि= साम्प्रतिक ।

शब्दार्थ- अहिलेको, वर्तमानकालसम्वन्धी, तत्कालको, हालचालैको ।

साम्प्रदायिकः (वि.) सम्प्रदायादागतः *(सम्प्रदायबाट आएको)* सम्प्रदाय+ठक्[३] (इक), आदिवृद्धि= साम्प्रदायिक ।

शब्दार्थ- सम्प्रदायको, सम्प्रदायसित सम्वन्धित, कुनै धर्म, वर्ग, जाति आदिसित सम्वन्धित ।

साम्प्रदायिकता (ना./स्त्री.) साम्प्रदायिकस्य भावः *(साम्प्रदायिक हुनाको भाव वा स्थिति)* साम्प्रदायिक+तल् (त)+टाप् (आ)= साम्प्रदायिकता ।

शब्दार्थ- सम्प्रदाय वा कुनै वर्गको भलाइ हुने स्थिति ।

साम्बः (ना./पुं.) अम्बया सह *(अम्बिका सहित)* ब.स., सहको सभाव, दीर्घ, ह्रस्व= साम्ब ।

शब्दार्थ- शिव, माता अम्वासहित शङ्कर, महादेव, गौरीसहित शङ्कर ।

साम्यम् (ना./न.) समस्य भावः *(सम हुनाको भाव)* सम+ष्यञ्[९] (य), आदिवृद्धि= साम्य ।

शब्दार्थ- बराबरी, समता, सादृश्य, समानता, तुल्यता, समत्वभाव, सामाञ्जस्य, शान्ति, शान्तस्थिति ।

---

[१] कृभ्वस्तियोगे... : च्वि

[२] अस्य च्वौ : ईत्व

[३] ठगायस्थानेभ्य... : ठक्

[४] तेन निर्वृत्तम् : ठञ्

[५] चतुर्वर्णादिनाम्...: ष्यञ्

[६] समवायान् समवैति/रक्षति : ठक्

[७] तस्येदम् : अण्

[८] कालाट्ठञ् : ठञ्

[९] गुणवचन... : ष्यञ्

साम्यवादः (ना./पुं.) उद्यते इति *(भनिन्छ)* वद व्यक्तायां वाचि (भ्वा.) धातु, वद्+घञ् (अ), वृद्धि, वादः । साम्यश्चासौ वादश्च *(साम्यवाद)* ष.त.स.= साम्यवाद

शब्दार्थ- समताको वाद वा सिद्धान्त, समाज वा समुदायको अधीनमा रहनु पर्छ भन्ने राजनीतिक सिद्धान्त ।

साम्यवादी (वि.) साम्यवादः अस्यास्तीति *(साम्यवाद-सम्बन्धी सिद्धान्त छ यसको)* साम्यवाद+इनि[1] (इन्), साम्यवादिन्= साम्यवादी ।

शब्दार्थ-साम्यवादको अनुसरण गर्ने, साम्यवादको अनुयायी, साम्यवादको विचारधारामा विश्वास गर्ने ।

साम्यावस्था (ना./स्त्री.) साम्या चासौ अवस्था च *(प्रकृति विकृति नभएको अवस्था)* क.त.स., दीर्घ=साम्यावस्था ।

शब्दार्थ- प्रकृतिका सत्त्व, रज र तम- यी तीन गुणमा विक्षोभ वा हलचल पैदा नभएको अवस्था, शान्तस्थिति ।

साम्वत्सरिकः (वि.) सम्वत्सरे भवः जातादिर्वा *(सम्वत्सरमा हुने वा भएको)* सम्वत्सर+ठञ् (इक)=साम्वत्सरिक ।

शब्दार्थ- सम्वत्सरसम्वन्धी, सम्वत्सरको ।

साम्राज्यम् (ना./न.) सम्राजः भावः *(सम्प्रभुत्वको भाव वा स्थिति)* सम्राज्+ष्यञ् (य) वा सम्राजः जातादि सम्राज्+ण्य[2] (य), आदिवृद्धि= साम्राज्य ।

शब्दार्थ- सम्प्रभुत्व, सार्वभौकिता, विशाल राज्य, राज्यको सर्वोच्च शक्ति, साम्राज्य ।

साम्राज्यवादः (ना./पुं.) साम्राज्यस्य वादः *(साम्राज्यको वाद वा राज्यविस्तार गर्ने सिद्धान्त)* ष.त.स. =साम्राज्यवाद ।

शब्दार्थ- साना साना राज्यहरूलाई नियन्त्रणमा राखेर विशाल राज्य खडा गर्ने सिद्धान्त ।

सायः (ना./पुं./अव्य.) स्यति समापयतीति दिनम् *(दिन समाप्त गर्छ)* षो अन्तकर्मणि (दिवा.) धातु, सो+ण[3] (अ), आत्व, युगागम[4]= साय ।

सायः काण्डे दिनान्ते च- इति मेदिनी

शब्दार्थ- दिनको अन्त्य, दिनान्त, दिनको अवसान, साँझ, सायङ्काल, सन्ध्या, वाण, सायक ।

सायकः (ना./पुं.) स्यति खण्डयतीति *(समाप्त गर्छ)* षो अन्तकर्मणि (दिवा.) धातु, सो+ण्वुल् (अक), आत्व, युक्= सायक ।

शरे खड्गे च सायकः - इत्यमरः

शब्दार्थ- वाण, शर, खड्ग, तरवार ।

सायङ्कालः (ना./पुं.) सायञ्चासौ कालश्च *(साँझको समय)* क.त.स.= सायङ्काल ।

शब्दार्थ- साँझको वेला, सन्ध्याकाल, साँझको समय ।

सायङ्कालिकः/सायङ्कालीनः (वि.) सायङ्कालादागतः, सायङ्काले भवः, सायङ्कालस्य अयम् *(सायङ्कालबाट आएको, सायङ्कालमा हुने, सायङ्कालको)* सायङ्काल+ठक्/ठञ्[5] (इक)= सायङ्कालिक ।

सायङ्काल+ख (ईन), अपभ्रंशमा= सायङ्कालीन ।

शब्दार्थ- साँझको समयसम्वन्धी, सन्ध्याकालीन, सायङ्कालको, साँझको वेलाको ।

सायन्तनम् (अव्य.) सायङ्काले भवः *(सायङ्कालमा हुने)* सायम्+टच्यु/टच्युल्[6] (अन), परसवर्ण= सायन्तन ।

शब्दार्थ- साँझमा, सन्ध्याकालमा, साँझपख ।

सायन्हः (ना./न.) अह्नः सायम् *(दिनको अवसान सायङ्काल)* सायम्+अहन्, ष.त.स[7]., अहन्‌को अन्तादेश =सायन्ह ।

शब्दार्थ- सायङ्काल, साँझको समय, सन्ध्याकाल ।

सायुज्यम् (ना./न.) सयुजः सम्मिलनस्य भावः *(मेल वा सहयोगको स्थिति)* सयुज+ष्यञ् (य), आदिवृद्धि =सायुज्य ।

शब्दार्थ- मेल, मिल्ने काम, लीन हुने क्रिया, समरूपता, एकत्व, आत्मा परमात्मामा लीन भई एकरूप हुने काम, सहयोग, मोक्षका चार अवस्थामध्ये एक वा अन्तिम अवस्था ।

सायुधः (वि.) आयुधेन सह *(हतियार-सहित)* व.स., सहको सभाव, दीर्घ= सायुध ।

शब्दार्थ-आयुधयुक्त, हतियारसहित, शस्त्र लिएको, सशस्त्र ।

सारः (ना./पुं./वि.) सरति सामर्थ्यं, सारतत्त्वम् अङ्गं वा गच्छति *(सामर्थ्य, बल, सारतत्त्व वा अङ्गत्व प्राप्त गर्छ)* सृ गतौ (भ्वा.) धातु, सृ+घञ्[8] (अ), वृद्धि= सार ।

सारो बले स्थिरांशे च मज्जि पुंसि जले धने,
न्याय्ये क्लीवं त्रिषु वरे- इति मेदिनी

शब्दार्थ- कुनै वस्तुको सारतत्त्व, मुख्य-अंश, वल, सामर्थ्य, चुरो, गुदी, मजवुन, अभिप्राय, सारांश, सङ्क्षेप, निचोड, रस, धनसम्पत्ति, जल, श्रेष्ठ, सर्वोत्तम ।

सारगर्भितः (वि.) सारेण गर्भितः *(सारतत्त्वले भरिएको)* तृ.त.स.= सारगर्भित ।

शब्दार्थ- खँदिलो, गहकिलो, सारतत्त्व भएको, विद्वत्ताले भरिएको ।

सारग्राही (वि.) सारं ग्रहीतुं शीलमस्य *(सारतत्त्व ग्रहण गर्ने शील छ यसको)* सारपूर्वक ग्रह उपादाने (क्र्या.) धातु, सार+ग्रह+णिनि[9] (इन्), वृद्धि, सारग्राहिन् =सारग्राही ।

शब्दार्थ- कुनै वस्तुको सारतत्त्व मात्र ग्रहण गर्ने, मुख्य अंश मात्र लिने ।

---

[1] अत इनिठनौ : इनि

[2] संम्राजः क्षत्रिये... (ग.) : ण्य

[3] स्याद्व्यधासु... : ण

[4] आतो युक्... : युगागम

[5] ठगायस्या.../कालाट्ठञ् : ठक्/ठञ्

[6] सायंचिरंप्राह्णे... : टच्यु/टच्युल्

[7] सर्वोऽप्येकदेश...: ष.त.स.

[8] सृ स्थिरे : घञ्

[9] सुप्यजातौ... : णिनि

सारङ्ग:/सारङ्गम: (ना./पुं./वि.) सारमङ्गम् सामर्थ्यं वा अस्य *(मजवुत वा बलियो छ अङ्ग जसको)* सार+अङ्ग, व.स., पररूप[1]= सारङ्ग ।

अथवा सारं सारतत्त्वं सामर्थ्यं वा गच्छति *(सारतत्त्व वा सामर्थ्य प्राप्त गर्छ)* सार उपपदमा हुने गम्लृ गतौ (भ्वा.) धातु, सार+गम्+खच्[2] (अ), डित्व, टिलोप, मुमागम= सारङ्ग ।

डित्वको अभावमा= सारङ्गम ।

सारङ्गे पुंसि हरिणे चातके च मतङ्गजे ।
शबले त्रिषु- इति मेदिनी

चातके हरिणे पुंसि सारङ्ग: शबले त्रिषु- इत्यमर:

शब्दार्थ- मृगविशेष, चित्रविचित्रको मृग, सिंह, हात्ती, घोडा आदि जनावर, भमरो, काकाकुल, कोइली, सारस, रजहाँस, कामदेव, धनु, चन्द्रमा, कमल, शङ्ख, बलियो अङ्ग भएको, रङ्गीन ।

सारङ्गी (ना./स्त्री.) सरति गच्छति कालान्तरम् *(कालान्तरसम्म जान्छ)* सृ गतौ (भ्वा.) धातु, सृ+अण् (अ), वृद्धि, सारम् । सारमङ्गं यस्य *(मजवुत छ अङ्ग जसको)* व.स., पररूप, सारङ्ग ।

अथवा सारं वाद्यसरसतां सामर्थ्यं वा गच्छति *(वाद्यवादनको सरसता वा सामर्थ्य प्राप्त गर्छ)* गम्लृ गतौ (भ्वा.) धातु, सार+गम्+खच् (अ), डित्व, टिलोप, मुमागम, परसवर्ण, सारङ्ग ।

सारङ्ग+ङीप् (ई)= सारङ्गी ।

शब्दार्थ- वाद्ययन्त्र, सितार, गाइनेले रेटेर वजाउने वाजाविशेष ।

सारणि:/सारणी (ना./स्त्री.) सारयति गमयतीति *(गतिशील बनाउँछ)* सृ गतौ (भ्वा.) धातु, सृ+णिचि+अनि, वृद्धि, णिलोप, णत्व, सारणि+ङीष् (ई), विकल्पले= सारणी ।

ङीप्को अभावमा= सारणि ।

शब्दार्थ- समयतालिका, ग्रहगतिको समयक्रम आदि उल्लेख भएको समयसारिणी वा तालिका, जलमार्ग, ढल, खोल्सो, नहर, नाली, कुलो ।

सारतत्त्वम् (ना./न.) सारञ्च तत्तत्त्वञ्च *(सारतत्त्व)* क.त.स.= सारतत्त्व ।

शब्दार्थ- मुख्यतत्त्व, मुख्यसार, मुख्य कुरा, मूलतत्त्व, निष्कर्ष, दूध तथा दहीको तर ।

सारथि: (ना./पुं.) सरति सारयति गमयति अश्वान् *(घोडाहरू चलाउँछ (णिको अर्थमा)* सृ गतौ (भ्वा.) धातु, सृ+घथिन्[3](अथि), उणा., णित्व, वृद्धि=सारथि । अथवा रथेन सह *(रथसहित)* व.स., सहको सभाव, सरथ: । तत्र नियुक्त: *(रथको नियन्त्रण कार्यमा नियुक्त गरेको)* सरथ+इञ् (इ), आदिवृद्धि= सारथि ।

शब्दार्थ- रथ वा वग्गी हाक्ने व्यक्ति, चालक, यन्ता, सारथी, सहायक ।

सारथ्यम् (ना./न.) सारथेर्भाव: कर्म *(सारथिको भाव र कर्म)* सारथि+ष्यञ् (य)= सारथ्य ।

शब्दार्थ- सारथिको स्थिति वा अवस्था ।

सारमेय: (ना./पुं.) सरमाया: अपत्यम् पुमान् *(कुकुर्नीको सन्तान)* सरमा+ढक्[4] (एय), आदिवृद्धि, आकारलोप =सारमेय ।

शब्दार्थ- कुकुर, श्वा, शुनक ।

सारवान् (वि.) सार: अस्यास्तीति *(सारतत्त्व छ यसको)* सार+मतुप्[5] (मत्), मको व, सारवत्= सारवान् ।

शब्दार्थ- सार भएको, सारयुक्त, तत्त्वयुक्त, खँदिलो, सारगर्भित ।

सारस: (ना./पुं./न.) सरसि भव: *(तलाउमा हुने)* सरस्+अण्[6] (अ), आदिवृद्धि= सारस ।

सारसं सरसीरुहम्- इत्यमर:

सारस: पक्षिभेदेन्द्वो: क्लीवन्तु सरसीरुहे- इति मेदिनी

शब्दार्थ- जलाशयको समीपमा रहने पक्षिविशेष, हाँस, सारौ पक्षी, चन्द्रमा, तलाउ, जलाशय, कमल, पद्म, सरसीरुह ।

सारस्वत: (वि.) सरस्वती देवता अस्य *(सरस्वती छन् देवता यसका)* सरस्वती+अण् (अ), आदिवृद्धि, ईकारलोप= सारस्वत ।

अथवा सरस्वत्या: नद्या: अयम् *(सरस्वती नदीको यो)* सरस्वती+अण् (अ), आदिवृद्धि, इकारलोप=सारस्वत ।

अथवा सरस्वत्यां निवास: अस्य *(सरस्वतीको तटमा निवास छ यसको)* सरस्वती+अण् (अ), आदिवृद्धि, ईकारलोप= सारस्वत ।

शब्दार्थ- सरस्वतीसम्वन्धी, वाणीको, सरस्वतीको उपासक, सरस्वती नदीक्षेत्रमा रहने, सरस्वती नदीसित सम्वन्धित ।

सारस्वती (वि.) सरस्वत्या: नद्या: इयम् *(सरस्वती नदीको यो)* सरस्वती+अण् (अ), आदिवृद्धि, सारस्वत+ङीप् (ई) =सारस्वती ।

शब्दार्थ- सरस्वती नदीको, सरस्वती नदीसम्वन्धी ।

सारस्वर: (ना./पुं.) सारश्च स्वरश्च *(सार र स्वर)* द्व.स.= सारस्वर ।

शब्दार्थ- वलाघात र स्वर छुट्टयाएर सारस्वरसहित वेद पाठ गर्ने काम, सारस्वर ।

सारांश: (ना./पुं.) सारश्चासौ अंशश्च *(सार भाग)* क.त.स., दीर्घ= सारांश ।

शब्दार्थ- सारभाग, निष्कर्ष, मजवुन, अभिप्राय, तात्पर्य, आशय, निचोर ।

---

[1] शकन्ध्वादिषु... : पररूप

[2] गमेः सुपि वाच्यः (वा.) : खच्

[3] सर्तेर्णिच्च : घथिन्, णित्व

[4] स्त्रीभ्यो ढक् : ढक्

[5] तदस्यास्त्यस्मिन्... : मतुप्

[6] तत्र भवः : अण्

सारिका (ना./स्त्री.) सरति गच्छतीति *(विचरण गर्छ)* सृ गतौ (भ्वा.) धातु, सृ+ण्वुल्[१] (अक), वृद्धि, सारक+टाप् (आ), ईत्व= सारिका ।

शब्दार्थ- पक्षिविशेष, मैना, सारौं चरो, पासा, गोटी ।

सारिन् (सारी) (वि.) सारः अस्यास्तीति *(सारतत्त्व छ यसको)* सार+इनि[२] (इन्), सारिन्= सारी ।

शब्दार्थ- सारयुक्त, सारवान् ।

सारिणी (वि./ना./स्त्री.) अवश्यं सरतीति *(अवश्य गमन गर्छ)* सृ गतौ (भ्वा.) धातु, सृ+णिनि (इन्), सारिन्+ङीप् (ई)= सारिणी ।

अथवा सार्यते इति सृ गतौ (भ्वा.) धातु, सृ+णिचि+ल्युट् (अन)+ङीप् (ई)= सारिणी ।

शब्दार्थ- जानेवाला, तत्त्वयुक्त, सारवान्, समयतालिका, जलधारा, जडीवुटी, पुनर्नवा, ज्योतिषशास्त्रमा समयसारणी ।

सारूप्यम् (ना./न.) समानं रूपमस्य *(समान छ रूप यसको)* ब.स[३]., समानको सभाव[४], सरूपम् । तस्य भावः *(समान रूप हुनाको भाव वा अवस्था)* सरूप+ष्यञ् (य), आदिवृद्धि= सारूप्य ।

शब्दार्थ- समान रूप हुनाको स्थिति वा अवस्था, एकरूपता, समरूपता, रूपको सादृश्य वा समता, मोक्षका चार अवस्थामध्ये एक ।

सार्थः (वि./ना./पुं.) अर्थेन सह *(अर्थ-सहित)* ब.स., सहको सभाव[५], दीर्घ= सार्थ ।

सङ्घसार्थौ तु जन्तुभिः - इत्यमरः

सार्थो वणिक्समूहे स्यात्- इति मेदिनी

शब्दार्थ- अर्थयुक्त, प्रयोजन भएको, सार्थक, समानार्थक अर्थ भएको, वनियाँको समुदाय, टोली, व्यापारी वर्ग, प्राणिसमुदाय ।

सार्थकः (वि.) अर्थेन सह *(अर्थ-सहित)* सह+अर्थ, ब.स., कप् (समासान्त), सहको सभाव= सार्थक ।

शब्दार्थ- अर्थपूर्ण, अर्थ भएको, प्रयोजनयुक्त, मतलव भएको, उपयोगी ।

सार्थकता (ना./स्त्री.) सार्थकस्य भावः *(सार्थक हुनाको भाव वा अवस्था)* सार्थक+तल् (त)+टाप् (आ) =सार्थकता ।

शब्दार्थ- सार्थक हुनाको स्थिति, अर्थपूर्णता, सफलता ।

सार्थवान् (वि.) सार्थः अस्यास्तीति *(प्रयोजन छ यसको)* सार्थ+मतुप् (मत्), मको व, सार्थवत्= सार्थवान् ।

शब्दार्थ- अर्थयुक्त, अर्थपूर्ण, प्रयोजन भएको, सार्थक ।

सार्थवाहः (ना./पुं.) सार्थं वहतीति *(वणिक्-समुदाय लैजान्छ)* सार्थ+वह+अण्[६] (अ), वृद्धि= सार्थवाह ।

शब्दार्थ- समुद्री व्यापारी, घुमन्ते वनियाँ, देशविदेशमा क्रय-विक्रय गरेर हिँड्ने व्यापारी ।

सार्धम् (अव्य./वि.) ऋध्यति इति *(बढ्छ)* ऋधु वृद्धौ (दिवा.) धातु, ऋध्+णमुल्, वहुलप्रकारले, गुण, अर्धम् । अर्धेन सह *(आधासहित)* ब.स., सहको सभाव, दीर्घ =सार्ध । अथवा सह अर्धं वर्धनमिति *(वृद्धिसाथ)* सह+अर्धम्, ब.स., सहको सभाव,दीर्घ= सार्ध ।

शब्दार्थ- सँगसँगैको, सँगैको, साथसाथै, सँगै, साथै ।

सार्वकामिकः (वि.) सर्वश्चासौ कामश्च *(सवै कामना)* क.त.स., सर्वकामः । सर्वकामादागतः *(सवै कामनावाट आएको)* सर्वकाम+ठक्[७] (इक), आदिवृद्धि= सार्वकामिक ।

शब्दार्थ- सवै कामना वा इच्छावाट उत्पन्न भएको ।

सार्वकालिकः (वि.) सर्वश्चासौ कालश्च *(सवै काल)* क.त.स., सर्वकालः । तत्र भवः जातादिर्वा *(सवै कालमा भएको)* सर्वकाल+ठञ्[८] (इक), आदिवृद्धि= सर्वकालिक ।

शब्दार्थ- नित्य, शाश्वत, सवै कालमा हुने वा रहिरहने ।

सार्वकालीनः (वि.) सर्वकाले भवः *(सवै समयमा हुने)* सर्वकाल+ख (ईन), अपभ्रंशमा, आदिवृद्धि (पृषोदरादिवाट) = सार्वकालीन ।

शब्दार्थ- सवै कालमा हुने, सवै कालसित सम्वन्धित, हरवखत भइरहने ।

सार्वजनिकः (वि.) सर्वश्चासौ जनश्च *(सवै-जन)* क.त.स., सर्वजनः । सर्वजनाय हितम्, सर्वजने भवः, सर्वजनस्य अयम् *(सवै जनलाई हित हुने, सवै जनमा हुने, सवै जनको)* सर्वजन+ठञ्[९] (इक), आदिवृद्धि =सार्वजनिक ।

शब्दार्थ- सवैलाई उपयोगी हुने, सवैसित सम्वन्धित, सवै जनको, विश्वव्यापक, सर्वव्यापी ।

सार्वजनिकीकरणम् (ना./न.) सर्वश्चासौ जनश्च *(सवै जन)* क.त.स., सर्वजनः । सवजनाय हितम् *(सवैजनलाई हित हुने)* सर्वजन+ठञ् (इक), आदिवृद्धि, सार्वजनिकः । असार्वजनिकः सार्वजनिकः सम्पद्यते, तत् करणमिति *(सार्वजनिक नभएको सार्वजनिक वन्छ र वनाइन्छ)* सार्वजनिक+कृ+च्वि+ल्युट् (अन), कृको गुण, णत्व, ईत्व, च्विको लोप= सार्वजनिकीकरण ।

शब्दार्थ- विश्वव्यापी वनाउने काम, सार्वजनिक वनाउने काम, जनसमुदायको वनाउने काम ।

सार्वजनिकसंस्था (ना./स्त्री.) सार्वजनिकी चासौ संस्था च *(सार्वजनिक-संस्था)* क.त.स., पुंवद्भाव=सार्वजनिकसंस्था । अथवा सार्वजनिकाय संस्था *(सवै जनसाधारणको लागि संस्था)* च.त.स.= सार्वजनिकसंस्था ।

शब्दार्थ- सवै जनाका लागि स्थापना गरिएको संस्था, सवै जनसाधारणको लागि स्थापित संस्था ।

---

[१] ण्वुल्तृचौ : ण्वुल्

[२] अत इनिठनौ : इनि

[३] तेन सहेति.. : ब.स.

[४] ज्योतिर्जनपद... : समानको सभाव

[५] वोपसर्जनस्य : सहको सभाव

[६] कर्मण्यण् : अण्

[७] ठगायस्यानेभ्य : ठक्

[८] कालाट्ठञ् : ठञ्

[९] सर्वजनाट्ठञ् : ठञ्

सार्वजनिकसभा (ना./स्त्री.) सार्वजनिकानां सभा *(सबै जनसमुदायको सभा)* ष.त.स.= सार्वजनिकसभा ।

शब्दार्थ- सबै जनसमुदायको सभा, सबै जनसमुदाय भेला हुने सभा ।

सार्वजनिकस्थानम् (ना./न.) सार्वजनिकञ्च तत्स्थानम् *(सार्वजनिक थलो)* क.त.स.= सार्वजनिकस्थान ।

शब्दार्थ- सार्वजनिकस्थल, सार्वजनिक ठाउँ ।

सार्वजनिकहितम् (ना./न.) सार्वजनिकाय हितम् *(सबै जनसमुदायको लागि हित हुने)* च.त.स. =सार्वजनिकहित ।

शब्दार्थ- सबैजनालाई हित हुने कार्य, सामूहिक भलाइ हुने काम ।

सार्वजनीनः (वि.) सर्वश्चासौ जनश्च क.त.स., सर्वजनः । तत्र साधुः, सर्वजनाय हितम् *(सबै जनमा उपयोगी हुने)* सर्वजन+खञ्[1] (ईन), आदिवृद्धि= सार्वजनीन ।

शब्दार्थ- सार्वजनिक, सबैजनमा उपयोगी, सबै जनका लागि कल्याणप्रद, सर्वव्यापी ।

सार्वदेशिकः (वि.) सर्वश्चासौ देशश्च *(सबै देश)* क.त.स., सर्वदेशः । तस्मै हितम् *(सबै देशका लागि हित हुने)* सर्वदेशादागतः *(सबै देशबाट आएको)* सर्वदेश+ठक्[2] /ठञ्[3] (इक), आदिवृद्धि= सार्वदेशिक ।

शब्दार्थ- सबै देशलाई हित हुने, सबै देशसित सम्वन्धित, सबै ठाउँमा प्राप्त हुने, समग्र देशसम्वन्धी ।

सार्वनामिकः (वि.) सर्वनाम्नः आगतः, सर्वनाम्नः अयम् *(सर्वनामवाट आएको, सर्वनामको यो)* सर्वनाम+ठक् (इक), आदिवृद्धि= सार्वनामिक ।

शब्दार्थ- सर्वनामवाट आएको, सर्वनामको, सर्वनामसित सम्वन्धित ।

सार्वभौतिकः (वि.) सर्वभूतेभ्यः आगतः, सर्वभूतेभ्यः हितम् *(सबै प्राणीहरूवाट आएको, सबै प्राणीहरूलाई उपयोगी हुने)* सर्वभूत+ठक् (इक), आदिवृद्धि =सार्वभौतिक ।

शब्दार्थ- सबै भूतहरूवाट आएको, सबै प्राणीहरूका लागि उपयोगी, सबै प्राणीहरूको ।

सार्वभौमः (वि./ना./पुं.) सर्वा चासौ भूमिश्च *(सबै भूमि)* क.त.स., सर्वभूमिः । तस्याः ईश्वरः सर्वभूमि+अण् (अ), उभयपदवृद्धि= सार्वभौम । अथवा सर्वभूमेर्निमित्तः संयोगः वा *(सबै भूमिको निमित्त वा संयोग)*, सर्वभूमौ विदितः *(सबै भूमिमा विदित)* सर्वभूमि+अण्[4] (अ), उभयपदवृद्धि, इकारलोप=सार्वभौम

शब्दार्थ- सबै भूमिको, सबै पृथ्वीसम्वन्धी, सबै भूमिको स्वामी, चक्रवर्ती राजा, सम्राट्, अष्टदिग्गजहरूमध्ये एक ।

सार्वभौमसत्ता (ना./स्त्री.) सार्वभौमश्चासौ सत्ता च *(सार्वभौम सत्ता)* क.त.स.= सार्वभौमसत्ता ।

शब्दार्थ- प्रभुसत्ता, राष्ट्राध्यक्षको सर्वोच्च शक्ति, सार्वभौमिकता ।

सार्वभौमसत्तासम्पन्नः (वि.) सर्वा चासौ भूमिः, तस्याः ईश्वरः, सार्वभौमः । सार्वभौमश्चासौ सत्ता, तया सम्पन्नः *(सार्वभौम-सत्ताले सम्पन्न)* तृ.त.स. =सार्वभौमसत्तासम्पन्न ।

शब्दार्थ- सार्वभौमसत्ताले युक्त भएको, सार्वभौमसत्ताले परिपूर्ण, राज्यको प्रभुसत्ताले युक्त भएको ।

सार्वभौमिकः (वि.) सर्वा चासौ भूमिश्च *(सबै-भूमि)* क.त.स., सर्वभूमिः । सर्वभूमेरागतः *(सबै भूमिबाट आएको)* सर्वभूमिं रक्षतीति *(सबै भूमिको रक्षा गर्छ)* सर्वभूमि+ठक्[5] (इक), उभयपदवृद्धि[6]= सार्वभौमिक ।

शब्दार्थ- समग्रभूमिको, समग्र भूमिसित सम्वन्धित, सबै पृथिवीको संरक्षक ।

सार्वलौकिकः (वि.) सर्वश्चासौ लोकश्च *(सबै-लोक)* क.त.स., सर्वलोकः । सर्वलोके विदितः इति *(सबै लोकमा विदित वा प्रसिद्ध)* सर्वलोक+ठञ्[7] (इक), वृद्धि =सार्वलौकिक ।

शब्दार्थ- सबै संसारमा ज्ञात, सबै लोकमा प्रसिद्ध, विश्वव्यापक, समस्त लोकमा व्याप्त, सबै जनमा विदित ।

सार्ववर्णिकः (वि.) सर्वश्चासौ वर्णश्च *(सबै-वर्ण)* क.त.स., सर्ववर्णः । सर्ववर्णादागतः, सर्ववर्णस्य अयम् *(सबै वर्णबाट आएको, सबै वर्णको यो)* सर्ववर्ण+ठक् (इक), आदिवृद्धि= सार्ववर्णिक ।

शब्दार्थ- सबै वर्णसित सम्वन्धित, सबै वर्ण्वाट आएको, प्रत्येक जाति वा वर्णको ।

सार्ष्टिः (ना./स्त्री.) ऋष्यते, अर्षनमिति वा *(उँभो जानु, पुग्नु)* ऋषी गतौ (तुदा.) धातु, ऋष्+क्तिन् (ति), ष्टुत्व, ऋष्टिः (ऊर्ध्वगमनम्), (उँभो जाने काम) । ऋष्टया सह *(ऊर्ध्वगमन सहित)* ब.स., सहको सभाव, स ऋष्टि, आर्वृद्धि= सार्ष्टि ।

शब्दार्थ- उत्तमपद प्राप्ति, मोक्षका चार अवस्थामध्ये एक, परमेश्वरको समान स्थान वा धाममा पुग्ने काम ।

सालः (ना./पुं.) सल्यते ऊर्ध्वमिति *(उँभो जानु)* षल गतौ (भ्वा.) धातु, सत्त्व, सल्+घञ्[8] (अ), वृद्धि=साल ।

वृक्षो महीरुहः शाखी विटपी पादपस्तरुः ।
अनोकहः कुटः सालः । प्राकारो वरणः सालः - इत्यमरः
साले तुं सर्जकार्ष्याश्वकर्णकाः - इत्यमरः

शब्दार्थ-वृक्षविशेष, सालको रूख, भित्तो, पर्खाल, माछोविशेष

सालङ्कारः (वि.) अलङ्कारेण सह *(अलङ्कारसहित)* ब.स., सहको सभाव, दीर्घ= सालङ्कार ।

शब्दार्थ- अलङ्कारसहित, आभूषणयुक्त ।

---

[1] प्रतिजनादिभ्यः... : खञ्
[2] ठगायस्थानेभ्य... : ठक्
[3] तस्मै हितम् : ठञ्
[4] सर्वभूमिपृथिवीभ्यामणञौ/तस्येश्वरः/तत्र विदित... : अण्
[5] ठगायस्थानेभ्य.../रक्षति : ठक्
[6] अनुशतिकादीनाञ्च : उभयपदवृद्धि
[7] लोकसर्वलोकाट्ठञ् : ठञ्
[8] अकर्तरि च कारके... : घञ्

सालोक्यम् (ना./न.) समानः लोकः अस्य *(समान लोक छ यसको)* व.स., समानको सभाव[1], सलोकः । सलोकस्य भावः *(समान लोकमा रहनाको भाव वा अवस्था)* सलोक+ष्यञ्[2] (य), आदिवृद्धि, अकारलोप = सालोक्य ।

शब्दार्थ- एउटै लोकमा वस्ने काम, परमेश्वरको लोकमा रहने अवस्था, मोक्ष, मुक्ति, मुक्तिका चार अवस्थामध्ये एक ।

सावकाशः (वि./अव्य.) अवकाशेन सह *(अवकाश-सहित)* व.स[3]./अव्य.स., सहको सभाव[4], दीर्घ= सावकाश ।

शब्दार्थ- अवकाश भएको, छुट्टी पाएको, फुर्सद पाएको, अवकाशको समयमा ।

सावधानः (वि.) अवधीयते इति *(चित्त एकाग्र पार्नु)* अव+धा+ल्युट् (अन), अवधानम् । अवधानेन सह *(ध्यानसहित)* व.स., सहको सभाव, दीर्घ= सावधान ।

शब्दार्थ- ध्यान दिएको, एकाग्र भएको, दत्तचित्त, सचेत, होसियार, सतर्क, सावधान रहेको ।

सावधानता (ना./स्त्री.) सावधानस्य भावः *(सचेत हुनाको भाव वा अवस्था)* सावधान+तल् (त)+टाप् (आ) =सावधानता ।

शब्दार्थ- सतर्कता, सचेतता, होसियारी, एकाग्रता, सावधानी ।

सावधिः (वि.) अवधिना सह *(अवधि या हद सहित)* सह+अवधि, व.स., सहको सभाव, दीर्घ= सावधि ।

शब्दार्थ- हद तोकिएको, सीमायुक्त, अवधि निर्धारण गरिएको, मर्यादित, परिसीमित, म्याद किटिएको ।

सावधिकः (वि.) अवधिरेव *(सीमा नै)* अवधि+कन् (क), स्वार्थमा, अवधिकः । तेन सह *(अवधिसहित)* व.स., सहको सभाव, दीर्घ= सावधिक ।

अथवा अवधिना सह *(अवधिसहित)* व.स., सहको सभाव, कप् (क), समासान्त= सावधिक ।

शब्दार्थ- अवधि भएको, सीमा वा हद तोकिएको, निश्चित अवधिमा हुने, समय तोकिएको ।

सावयवः (वि.) अवयवेन सह *(अवयव-सहित)* ब.स., सहको सभाव, दीर्घ= सावयव ।

शब्दार्थ-अनयव भएको, अङ्गहरूले युक्त, अवयवसहितको

सावर्णः (वि.) समानः वर्णः यस्य *(समान वर्ण छ जसको)* व.स., समानको सभाव, सवर्णः । तस्य अयम् *(सबै वर्णको यो)* सवर्ण+अण् (अ), आदिवृद्धि= सावर्ण

शब्दार्थ- समान वर्ण वा रङ्ग वा जातिको, एउटै जाति वा वर्णसित सम्वन्धित, सवर्णको ।

सावर्णिः (ना./पुं.) सवर्णा सूर्यपत्नी तस्याः अपत्यं पुमान् *(सवर्णा सूर्यपत्नीको पुरुष सन्तति)* सवर्णा+इञ्[5] (इ), आदिवृद्धि, आकारलोप= सावर्णि ।

द्रष्ट.- सावर्णिः सूर्यतनयो यो मनुः कथ्यतेऽष्टमः - दुर्गा स. १/२

शब्दार्थ- सूर्यपत्नी सवर्णाबाट जन्मेका अष्टम मनु, वैवस्वत मनु ।

सावर्ण्यम् (ना./न.) सवर्णस्य भावः *(समान वर्ण वा रङ्ग हुनाको भाव वा अवस्था)* सवर्ण+ष्यञ् (य), आदिवृद्धि, अकारलोप= सावर्ण्य ।

शब्दार्थ- समान वर्ण वा रङ्गको, एकरूपता, जातिको समानता, सवर्ण हुनाको भाव वा अवस्था ।

सावशेषः (वि.) अवशेषेण सह *(अवशेष-सहित)* व.स., सहको सभाव, दीर्घ= सावशेष ।

शब्दार्थ- अवशेष रहेको, बाँकी भएको, अपूर्ण, समाप्त नभएको ।

सावित्रः (वि./ना./पुं.) सवितुरयम् *(सूर्यको यो)* सवितृ+अण्[6] (अ), आदिवृद्धि, यण्= सावित्र ।

सवितुरपत्यं पुमान् *(सूर्यका पुरुष सन्तान)* सवितृ+अण्[7] (अ), आदिवृद्धि, सावितृ अ, यण्=सावित्र ।

शब्दार्थ- सूर्यसम्वन्धी, सूर्यको, सूर्यका सन्तान, सूर्य वंशसित सम्वन्धित राजा, गायत्रीमन्त्रले युक्त ब्राह्मण ।

सावित्री (ना./स्त्री.) सवितुरियम् *(सूर्यसम्वन्धी यो)*, सवितुरागतः *(सूर्यबाट आएको)* सवितृ+अण् (अ), आदिवृद्धि, सावित्र+ङीप् (ई)= सावित्री ।

शब्दार्थ- प्रकाशको किरण, ऋग्वेदको एक मन्त्र (सावित्र), गायत्रीमन्त्र, ब्राह्मणकी पत्नी, यज्ञोपवित संस्कार, पार्वती, शल्यदेशका राजा सत्यवान्की पतिव्रता पत्नी, पतिव्रता स्त्री ।

साशङ्कः (वि.) आशङ्कया सह *(आशङ्का-सहित)* व.स., सहको सभाव, दीर्घ= साशङ्क ।

शब्दार्थ- शङ्का भएको, डराएको, चकित, आशङ्का गर्ने ।

साश्रुः (वि.) अश्रुणा सह *(आँसु-सहित)* व.स., सहको सभाव, दीर्घ= साश्रु ।

शब्दार्थ- अश्रुयुक्त, आँसुले भरिएको, अश्रुपूर्ण, गहभरि आँसु लिएको ।

साश्चर्यम् (अव्य./वि.) आश्चर्येण सह *(आश्चर्य-सहित)* अव्य.स./व.स., सहको सभाव, दीर्घ= साश्चर्य ।

शब्दार्थ- आश्चर्यले चकित हुँदै, छक्क पर्दै, आश्चर्यले युक्त, आश्चर्य-चकित, आश्चर्य-जनक, छक्क परेको ।

साष्टाङ्गः (वि.) अष्टाङ्गैः सह *(आठै अङ्गसहित)* व.स., सहको सभाव, दीर्घ= साष्टाङ्ग ।

शब्दार्थ- शरीरको आठै अङ्गसहित, अष्टाङ्गले युक्त, अष्टाङ्गले प्रणाम गर्ने ।

साहचर्यम् (ना./न.) सहचरस्य भावः *(सँगसँगै घुमफिर गर्नाको भाव वा अवस्था)* सहचर+ष्यञ् (य), आदिवृद्धि= साहचर्य ।

शब्दार्थ- सँगसँगै हिँड्डुल गर्ने काम, साथसाथै खानपान गर्ने कार्य, मेलमिलाप, एकैसाथ रहने काम ।

---

१. ज्योतिर्जनपद... : समानको सभाव
२. गुणवचन... : ष्यञ्
३. तेन सहेति...: ब.स.
४. वोपसर्जनस्य : सहको सभाव
५. अत इञ् : इञ्
६. तस्येदम् : अण्
७. तस्यापत्यम् : अण्

साहसम् (ना./न.) सहसि वले सामर्थ्ये च भवम्, सहसा वलेन निर्वृत्तमिति *(बल वा सामर्थ्यमा हुने, बलले निर्वृत)* सहस्+अण्[1] (अ), आदिवृद्धि= साहस ।

साहसं तु दमो दण्डः - इत्यमरः

शब्दार्थ- उत्साह, आँट, कुनै काम कुरा गर्न सक्ने हिम्मत, कठिन काम गर्न सक्ने साहस ।

साहसिकः (वि.) साहसादागतः *(साहसबाट पैदा भएको)* साहस+ठक्[2] (इक)= साहसिक ।

शब्दार्थ- साहस भएको, आँटिलो, उत्साहित, हिम्मत भएको, निडर, भयरहित, साहसी, शक्तिसम्पन्न, सामर्थ्ययुक्त ।

साहसी (वि.) साहसम् अस्मिन्नस्तीति *(साहस छ यसमा)* साहस+इनि[3] (इन्), साहसिन्= साहसी ।

शब्दार्थ- ज्यादै शक्तिशाली, निडर, साहसिलो, आँटिलो साहस भएको ।

साहस्रः (वि.) सहस्रादागतः, सहस्रस्य अयम् *(हजारबाट आएको, हजारको यो)* सहस्र+अण्[4] (अ), आदिवृद्धि =साहस्र ।

अथवा सहस्रं वलानि सन्ति येषाम् *(हजारौं सामर्थ्य छ यिनमा)* सहस्र+अण् (अ), आदिवृद्धि= साहस्र ।

शब्दार्थ- हजारसित सम्वन्धित, हजारले युक्त, हजारले परिपूर्ण, हजारिया, हजारौं गज, अश्वादिले वलवान्, एकहजारले किनेको, हजारले खरीद गरेको ।

द्रष्ट. हरिस्ते साहस्रं कमलवलिमादाय पदयोः- शि.म.स्तो १९

साहायकः (ना./पुं.) सहायकस्य भावः कर्म वेति *(सहायक हुनाको भाव वा कर्म)* सहाय+वुञ्[5] (अक), आदिवृद्धि =साहायक ।

शब्दार्थ- सहायता, सौहार्द, मैत्री, मद्दत ।

साहित्यम् (ना./न.) हितेन सह *(हित हुने वा हितसहित)* व.स., सहको सभाव, सहितम् । सहितस्य भावः *(हितसहित हुनाको भाव वा अवस्था)* सहित+ष्यञ्[6] (य), आदिवृद्धि= साहित्य ।

शब्दार्थ- मेलमिलाप, साहचर्य, सँगै रहनाको स्थिति, हितसहित हुनाको अवस्था, रस तथा अलङ्कारले भरिएको गद्य-पद्यात्मक साहित्यिक लेख तथा रचना, कविहरूद्वारा विरचित साहित्यिक ग्रन्थविशेष ।

द्रष्ट. साहित्यसङ्गीतकलाविहीनः साक्षात् पशुः पुच्छ विषाणहीनः

साहित्यकारः (ना./पुं.) साहित्यं करोतीति *(साहित्य-रचना गर्छ)* साहित्य उपपदपूर्वक डुकृञ् करणे (तना.) धातु, साहित्य+कृ+अण् (अ), वृद्धि= साहित्यकार ।

शब्दार्थ- साहित्य रचना गर्ने व्यक्ति, साहित्यिक ग्रन्थहरू सिर्जना गर्ने व्यक्ति, कवि, महाकाव्यकार, उपन्यासकार, कथाकार, नाटककार, निवन्धकार ।

साहित्यानुरागी (वि.) साहित्यमनुरक्तुं शीलमस्य *(साहित्यमा अनुराग गर्ने शील छ यसको)* साहित्य उपपदमा हुने अनुपूर्वक रञ्ज रागे (दिवा.) धातु, साहित्य+अनु+रञ्ज्+णिनि(इन्),नलोप,वृद्धि,कुत्व, अनुरागिन्, दीर्घ, साहित्यानुरागिन्= साहित्यानुरागी ।

शब्दार्थ- साहित्यप्रति अनुराग गर्ने, साहित्यमा अभिरुचि भएको, साहित्यमा प्रेम गर्ने ।

साहित्यिकः (वि.) साहित्यादागतः, साहित्यं रक्षति, साहित्येन निर्वृत्तः *(साहित्यबाट आएको, साहित्यको रक्षा गर्ने, साहित्यबाट निर्वृत्त)* साहित्य+ठक्/ठञ्[7] (इक), आदिवृद्धि= साहित्यिक ।

अथवा साहित्यमधीते वेद इति वा *(साहित्य पढ्छ वा जान्दछ)* साहित्य+ठक् (इक)= साहित्यिक ।

शब्दार्थ- साहित्यसित सम्वन्धित, साहित्यवाट प्राप्त भएको, साहित्यको हित गर्ने, साहित्यको विद्वान्, साहित्यकार, साहित्यवेत्ता, साहित्यको अध्ययन गर्ने

सिंहः (ना./पुं.) सिञ्चतीति *(जल छर्कन्छ)* षिच क्षरणे (तुदा.) धातु, सिच्+क्[8] (अ), चको ह, नुम्, उणा., परसवर्ण= सिंह ।

अथवा हिनस्तीति *(हिंसा गर्छ)* हिसि हिंसायाम् (रुधा.) धातु, नुम्, हिंस+अच् (पचादि), पृषोदरादिवाट वर्ण-विपर्य भई सकारको हकार, हकारको सकार= सिंह ।

सिंहः कण्ठीरवे राशौ सत्तमे चोत्तरे स्थितः - इति मेदिनी

सिंहो मृगेन्द्रः पञ्चास्यो हर्यक्षः केशरी हरिः - इत्यमरः

शब्दार्थ- सिंह, मृगेन्द्र, केशरी, वाह्रवटा राशिमध्ये एक, समासको अन्त्यमा रहेर 'सर्वश्रेष्ठ' अर्थ वुझाउने शव्द, जस्तै पुरुषसिंह ।

सिंहनादः (ना./पुं.) सिंहस्य नादः *(सिंहको गर्जन)* ष.त.स. = सिंहनाद ।

अथवा सिंहवन्नदनम् *(सिंहको जस्तै गर्जन)* सिंहपूर्वक णद अव्यक्त शव्दे (भ्वा.) धातु, सिंह+नद्+घञ् (अ), वृद्धि= सिंहनाद ।

क्ष्वेडा तु सिंहनादः स्यात्- इत्यमरः

शब्दार्थ- सिंहको गर्जन, सिंह गर्जदा निस्कने ध्वनि, युद्धमा शत्रुलाई ललकार्ने काम, शत्रुपक्षलाई दिइने हाँक, सिंहको नाद जस्तै हाँक ।

सिंहराजः (ना./पुं.) सिंहानां राजा *(सिंहहरूको राजा)* ष.त.स.,सिंह+राजन्, समासान्त टच्= सिंहराज ।

शब्दार्थ- सिंह तथा सवै वन्यजन्तुको राजा, अत्यन्त शक्तिशाली सिंह, पराक्रमी व्यक्ति ।

---

[1] तत्र भवः : अण्

[2] ठगायस्थानेभ्य.../ओजः सहोऽम्भसा... : ठक्

[3] अत इनिठनौ : इनि

[4] शतमानविंशतिक... : अण्

[5] योपधात्गुरुपोत्त.../सहायाद्वा (वा.) : वुञ्

[6] गुणवचन... : ष्यञ्

[7] ठगायस्थानेभ्य.../रक्षति/तेन निर्वृत्तम् : ठक्/ठञ्

[8] सिचेःसंज्ञायां हनुमौ... : क, चको ह, नुम्

सिंहावलोकनम् (ना./न.) सिंहवदवलोकनम्, सिंह इव अवलोकनम् *(सिंहले झैं अवलोकन गर्ने काम)* उप.क.त.स., दीर्घ= सिंहावलोकन ।

शब्दार्थ- सिंहले झैं यताउति वा पछिल्तिर फर्केर हेर्ने काम, सम्पन्न गरेका कार्यको मूल्याङ्कन वा समीक्षा गर्ने काम ।

सिंहासनम् (ना./न.) सिंहचिन्हितं च तदासनञ्च *(दुवैतिर सिंहको आकृति चिन्हित आसन)* क.त.स., उ.प.लोप =सिंहासन ।

शब्दार्थ- दुवैतिर सिंहको आकार अङ्कित सुनवाट निर्मित राजसिंहासन, देवीदेवताको आसन ।

सिकता (ना./स्त्री.) सिच्यते इति *(छर्नु, पोख्नु, चुहुनु)* षिच क्षरणे (तुदा.) धातु, सिच्+अतच् (अत), वहुलप्रकारले, सिकत+टाप् (आ)= सिकता ।

अथवा सिकताः सन्ति अस्मिन् *(वालुवा छ यस जमिनमा)* सिकता+अण्[1] (अ), अण्को लुप्=सिकता ।

शब्दार्थ- वालुवा, वालुवा नै वालुवा भएको जमिन, वलौटे जमिन ।

सिकतावान् (वि.) सिकताः सन्ति अस्मिन् *(वालुवा छ यसमा)* सिकता+मतुप् (मत्), मको व=सिकतावान् ।

शब्दार्थ- वालुकामय, वालुवा भएको, वलौटे ।

सिकतामयम् (ना./न.) प्रकृताः प्रचुराः सिकताः *(धेरै बालुवा)*, सिकतानां विकारः *(बालुवाको विकार)* सिकता+मयट्[2] (मय)= सिकतामय ।

शब्दार्थ- वालुवामय तट वा प्रदेश, वालुवाले भरिएको ठाउँ ।

सिकतिलः (ना./पुं.) सिकताः सन्ति अस्मिन् *(बालुवा छ यस जमिनमा)* सिकता+अण् (अ), अण्को लुप्[3], सिकता+इलच्[3] (इल), आकारलोप= सिकतिल ।

सिकता स्त्री सिकतिले बालुकायां तु भूमनि- इति मेदिनी

शब्दार्थ-वालुवामय प्रदेश, वालुवा ज्यादा भएको जमिन ।

सिञ्चनम् (ना./न.) सिच्यते इति *(सिञ्चन गरिन्छ)* सिच क्षरणे (तुदा.) धातु, सिच्+ल्युट् (अन), पृषोदरादिवाट न वर्णागम, परसवर्ण= सिञ्चन ।

शब्दार्थ- सेचन, सिञ्चन गर्ने काम, पानी पठ्याउने काम, पानी छर्कने क्रिया ।

सिञ्जा (ना./स्त्री.) शिञ्ज्यते इति *(अव्यक्त शब्द गर्नु)* शिजि अव्यक्ते शब्दे (अदा.) धातु, नुम्, शिञ्ज्+अङ्[4] (अ), शिञ्ज+टाप् (आ), पृषोदरादिवाट, शको स =सिञ्जा ।

शब्दार्थ- गहनाहरूको झङ्कार, आभूषण, नेपालको कर्णाली अञ्चलमा अवस्थित एक क्षेत्र, आवाज वा ध्वनि ।

सिञ्जितः (वि.) शिङ्क्ते स्म इति *(अव्यक्त शब्द गरेको)* शिजि अव्यक्ते शब्दे (अदा.) धातु, नुम्, शिञ्ज्+क्त (त), कर्तामा, इडागम, नुम्, पृषोदरादिवाट शको स =सिञ्जित ।

शब्दार्थ- आभूषणहरू वज्दा ध्वनि वा आवाज निस्केको, गहनाहरू ठोक्किदा झङ्कार आएको ।

सितः (वि.) सिनोति वध्नाति चित्तम् *(चित्त खिच्तछ)* षिञ् वन्धने (स्वा.) धातु, सि+क्त[5] (त), उणा.= सित ।

अवदातः सितो गौरो वलक्षो धवलोऽर्जुनः - इत्यमरः

सितस्त्ववसिते बद्धे धवले त्रिषु- इति मेदिनी

शब्दार्थ- सेतोवर्णको, शुक्ल, धवल, सेतो, सफेद, स्वच्छ ।

सिता (वि./ना./स्त्री.) सीयते वध्यते अनेन/अनया *(बाँधिन्छ/बाँधिन्छे यसबाट)* षिञ् वन्धने (स्वा.) धातु, सि+क्त (त), सित+टाप् (आ)= सिता ।

शब्दार्थ- जकडिएको, कसिएको, वद्ध आइमाई, वन्धनमा परेकी नारी, सेतो दुभो ।

सिद्धः (ना./पुं./वि.) सिध्यति स्म इति *(सिद्ध वा फत्ते भएको)* षिधु संराद्धौ (दिवा.) धातु, सिध्+क्त[6] (त), कर्तामा, तको ध, जश्त्व= सिद्ध ।

सिद्धे व्यासादिके देवयोनौं निष्पन्नमुक्तयोः

नित्ये प्रसिद्धे- इति हैमः

सिद्धे निर्वृत्त-निष्पन्नौ - इत्यमरः

शब्दार्थ- देवयोनिविशेष, व्यास आदि सिद्धमहात्मा, सिद्धि प्राप्त गरेको, मुक्त भएको, सम्पन्न, उपलब्ध, प्रसिद्ध, सफल भएको ।

सिद्धपीठम् (ना./न.) सिद्धानां पीठम् *(सिद्धहरूको आसन वा आवाज)* ष.त.स.= सिद्धपीठ ।

पीठमासनम्- इत्यमरः

शब्दार्थ- योगसाधना गर्ने ठाउँ, योगसाधना गर्ने आसन, सिद्धहरू वसेको ठाउँ ।

सिद्धहस्तः (वि.) सिद्धौ हस्तौ यस्य *(सफल वा सिद्ध छन् हात जसका)* ष.त.स.= सिद्धहस्त ।

शब्दार्थ- सफलता पाएको (व्यक्ति), काममा हात वसेको, काम गर्न निपुण, सिपालु, दक्ष ।

सिद्धा (ना./स्त्री.) सिध्यति स्म सा *(सिद्धि प्राप्त गरेकी छ त्यस स्त्रीले)* षिधु संराद्धौ (दिवा.) धातु, सिध्+क्त (त), सिद्ध+टाप् (आ), तको ध= सिद्धा ।

शब्दार्थ- सिद्धि प्राप्त गरेकी स्त्री, योगसाधना गर्ने नारी, आठवटा योगिनी दशामध्ये एक ।

सिद्धाञ्जनम् (ना./न.) सिद्धञ्च तत् अञ्जनञ्च *(मन्त्रद्वारा सिद्ध गरिएको आँखाको गाजल)* क.त.स., दीर्घ= सिद्धाञ्जन ।

शब्दार्थ- आँखामा लगाउन वनाइएको गाजल, मन्त्रद्वारा सिद्ध गरिएको गाजल ।

---

१. सिकतासर्कराभ्यां च : अण्

२. तत्प्रकृतवचने.../मयट्वैतयो...: मयद्

३. देशे लुबिलचौ च : अण्को लुप्, इलच्

४. गुरोश्च हलः : अङ्

५. अञ्जिघृसिभ्य.. : क्त

६. गत्यर्थाकर्मक... : क्त

सिद्धान्तः (ना./पुं.) सिद्धः अन्तः निश्चयः यस्मिन् *(सिद्ध छ अन्त यसमा)* ब.स., दीर्घ= सिद्धान्त ।

समौ सिद्धान्तराद्धान्तौ- इत्यमरः

शब्दार्थ- विभिन्न विषयमा विद्वान्हरूद्वारा निर्णय गरिएको सिद्धान्त, विद्वान्हरूद्वारा प्रतिष्ठापित विचार ।

सिद्धान्नम् (ना./न.) सिद्धञ्च तदन्नम् *(सिद्ध गरेको अन्न)* क.त.स., दीर्घ= सिद्धान्न ।

शब्दार्थ- तयार गरेको अन्न, पाकेको अन्न, दाल, चामल आदि पदार्थ राखेर तयार गरिएको सिधा ।

सिद्धार्थः (ना./पुं.) सिद्धः अर्थः प्रयोजनं यस्मात् *(सिद्ध छ प्रयोजन जसबाट)* ब.स., दीर्घ= सिद्धार्थ ।

सिद्धार्थस्तु पुमान् शाक्यसिंहे च सितसर्षपे- इति मेदिनी

शब्दार्थ- शाक्यमुनि, बुद्धधर्मका प्रवर्तक गौतमबुद्ध, शाक्यवंशका सिंह सिद्धार्थ, सेतो सस्यौं ।

सिद्धासनम् (ना./न.) सिद्धानामासनम् *(सिद्धको आसन)* ष.त.स., दीर्घ= सिद्धासन ।

शब्दार्थ- योगसाधना गर्नेहरूको आसन, सिद्धपीठ, सिद्धहरूको निवासस्थान ।

सिद्धि (ना./स्त्री.) सिध्यतीति *(सिद्ध हुन्छ)* षिधु संराद्धौ (दिवा.) धातु, सिध्+क्तिच्[1] (ति), तको ध, जश्त्व =सिद्धि ।

अणिमा महिमा चैव गरिमा लघिमा तथा ।
प्राप्ति प्राकाम्यमीशित्वं वशित्वं चाष्टसिद्धयः - इत्यमरः

शब्दार्थ- कुनै कुरा पूरा हुने काम, पूर्णता, योगद्वारा प्राप्त हुने क्षमता वा शक्ति, योगसाधनाबाट प्राप्त हुने अणिमादि अष्टसिद्धिहरू, समृद्धि, कार्यसिद्धि, सफलता, परिपूर्णता, गणेशजीका दुई पत्नीमध्ये एक

सिद्धिदातृ (सिद्धिदाता) (वि./ना./पुं.) सिद्धिं ददातीति *(सिद्धि दिन्छन्)* सिद्धि उपपदमा हुने डुदाञ् दाने (अदा.) धातु, सिद्धि+दा+तृच्[2] (तृ), सिद्धिदातृ= सिद्धिदाता ।

शब्दार्थ- सिद्धि दिने, कुनै कुरा पूरा गरिदिने, पूर्णता दिने सिद्धिदायक श्रीगणेश ।

सिन्दूरम् (ना./न.) स्यन्दते प्रस्रवते इति *(बहन्छ, फैलिन्छ)* स्यन्दू प्रस्रवणे (भ्वा.) धातु, स्यन्द्+ऊरन्[3] (ऊर), उणा., स्यका यको सम्प्रसारणबाट इ, स् इन्द् ऊर =सिन्दूर ।

शब्दार्थ- सिंदुर, पूजा आदिमा प्रयोग गरिने फुस्रो तथा रातो रङ्गको चूर्ण, सौभाग्यको शृङ्गार, एक प्रकारको वृक्षविशेष ।

सिन्धुः (ना./पुं./स्त्री.) स्यन्दन्ते आपः अत्र *(पानी बहन्छ यहाँ)* स्यन्दू प्रस्रवणे (भ्वा.) धातु, स्यन्द्+उ[4] (उणा.), स्यका यको सम्प्रसारणबाट इ, दको ध= सिन्धु ।

सिन्धुर्वमथुर्देशाब्धिनदे ना सरिति स्त्रियाम्- इति मेदिनी

शब्दार्थ- समुद्र, सागर, अब्धि, नदविशेष, नदी, सरित्, सिन्धु नदको चारैतिरको प्रदेश, हात्तीको गण्डस्थलबाट निस्कने मद, वमथु ।

सिन्धुजः (वि./ना./पुं.) सिन्धोर्जातः *(सिन्धुबाट उत्पन्न भएको)* सिन्धु उपपदमा हुने जनी प्रादुर्भावे (दिवा.) धातु, सिन्धु+जन्+ड[5] (अ)= सिन्धुज ।

शब्दार्थ- नदी वा समुद्रबाट उत्पन्न, सिन्धु प्रदेशमा उत्पन्न भएको, चन्द्रमा, सिधेनुन ।

सीकरः (ना./पुं.) सीक्यते सिच्यते अनेन इति *(सिञ्चन गरिन्छ)* सीकृ सेचने (भ्वा.) धातु, सीक्+अरन् (अर), उणा.= सीकर ।

शब्दार्थ- पानीको छिटा, जलकण, जलसिञ्चन, पानीको फोहोरा ।

सीता (ना./स्त्री.) सिनोति बध्नाति सीयते स्नेहेन वा *(स्नेहले बाँध्छिन् वा बाँधिन्छिन्)* षिञ् बन्धने (स्वा.) धातु, सि+क्त (त), बहुलप्रकारले, उणा., सीत+टाप् (आ), पृषोदरादिबाट ईत्व= सीता ।

अथवा स्यति भूमिम् *(जमिन फोर्छ)* षो अन्तकर्मणि (दिवा.) धातु, सत्त्व, सो+क्त (त), आत्व, ईत्व[6], सीत +टाप् (आ)= सीता ।

सीता जनकजागङ्गाभेदयोर्हलपद्धतौ- इति हैमः

सीता लाङ्गलपद्धति वैदेही-स्वर्गगङ्गासु - इति मेदिनी

शब्दार्थ- जनकराजपुत्री वैदेही, जनकनन्दिनी, जनक राजाकी पुत्री जानकी, रामकी पत्नी, आकाशगङ्गा, जमिन जोत्दा परेको हलाको रेखा वा डोब वा सियो, लक्ष्मी, पार्वती, गङ्गा, मद्य, मदिरा ।

सीत्कारः (ना./पुं.) सीत्क्रियते इति *(सीत् उच्चारण गरेर सास उँभो खिचिन्छ)* सीत्पूर्वक डुकृञ् करणे (तना.) धातु, सीत्+कृ+घञ् (अ), वृद्धि= सीत्कार ।

शब्दार्थ- सास उँभोतिर खिच्दा निस्कने ध्वनि, श्वास फाल्ने प्रक्रिया ।

सीत्कृतिः (ना./स्त्री.) सीत्क्रियते इति *(सीत्कार गरिन्छ)* सीत् उपपदमा हुने डुकृञ् करणे (तना.) धातु, सीत्+ कृ+क्तिन् (ति)= सीत्कृति ।

शब्दार्थ- श्वास बाहिर फाल्ने प्रक्रिया, सीत्कार ।

सीमन् (सीमा) (ना./स्त्री.) सीयते इति *(सीमाङ्कन गरिन्छ)* षिञ् बन्धने (स्वा.) धातु, सि+मनिन् (मन्), उणा., दीर्घ निपातन[7], सीमन्= सीमा ।

अथवा सीमन्+डाप् (आ), टिलोप, सीम् आ= सीमा ।

शब्दार्थ-कुनै ठाउँको सीमारेखा, हद, सिमाना, साँध, मर्यादा ।

सीमन्तः (ना./पुं.) सीम्नः अन्तः *(सीमाको अन्त)* सीमन्+अन्त, ष.त.स., पररूप[8]= सीमन्त ।

शब्दार्थ- केशविन्यास, केशवेश, सिउँदो ।

---

[1] क्तिच्क्तौ च संज्ञायाम् : क्तिच्
[2] ण्वुल्तृचौ : तृच्
[3] स्यन्देः सम्प्रसारणञ्च : उरन्, सम्प्रसारण
[4] स्यन्दे सम्प्रसारणं धश्च : उ प्रत्यय, सम्प्रसारण, दको ध
[5] पञ्चम्यामजातौ : ड
[6] द्यतिस्यति... : ईत्व
[7] नामन्सीमन्मनिन् : दीर्घनिपातन
[8] शकन्ध्वादिषु... (वा.) : पररूप

सीमन्तिनी (ना./स्त्री.) सीमन्तः अस्ति अस्याः *(सिंउदो छ यस स्त्रीको)* सीमन्त+इनि[1] (इन्), सीमन्तिन्+ङीप् (ई)= सीमन्तिनी ।

शब्दार्थ-स्त्री, नारी, महिला, वधू, केश सिंगारिएकी नारी

सीमन्तोन्नयनम् (ना./न.) सीमन्तस्य उन्नयनम् *(केश-वेशको उन्नयन)* ष.त.स., गुण= सीमन्तोन्नयन ।

शब्दार्थ- गर्भवती स्त्रीले सिंउदो कोर्ने र छुट्टचाउने संस्कार, द्विजातिको षोडश संस्कारमध्ये एक, गर्भाधानको छमहिनामा सम्पन्न गर्नुपर्ने संस्कार ।

सीमाङ्कनम् (ना./न.) सीमायाः अङ्कनम् *(सीमारेखाको अङ्कन)* सीमा+अङ्कन, ष.त.स., दीर्घ= सीमाङ्कन ।

शब्दार्थ- जमिनको साँध सीमाना छुट्टचाउने काम, सीमा छुट्टचाउने काम, दुई देश वा राष्ट्रका बीचको सीमा निर्धारण गर्ने काम ।

सीमातीतः (वि.) सीमामतीतः *(सीमा नाघेको)* द्वि.त.स[2]. =सीमातीत ।

शब्दार्थ- सीमा नाघेको, सीमा अतिक्रमण गरेको ।

सीमान्तः (ना./पुं.) सीमायाः अन्तः *(सीमाको अन्त)* ष.त.स., दीर्घ= सीमान्त ।

शब्दार्थ- सीमारेखाको अन्त्य, सीमाको अन्तिम-स्थान ।

सीमावर्ती (वि.) सीमायां वर्तते *(सीमामा रहन्छ)* वृतु वर्तने (भ्वा.) धातु, सीमा+वृत्+णिनि[3] (इन्), गुण, सीमावर्तिन्= सीमावर्ती ।

शब्दार्थ- सिमानामा रहने, साँधमा रहने, सीमामा विद्यमान ।

सीमितः (वि.) सीमा सञ्जाता अस्य *(सीमा तोकिएको छ यसको)* सीमा+इतच्[4] (इत), आकारलोप= सीमित ।

शब्दार्थ- सीमा निर्धारण गरिएको, सीमा तोकिएको, हद तोकिएको, परिमित, थोरै मात्राको ।

सीरः (ना./पुं.) सिनोति, सिनाति प्रकाशयति *(प्रकाशित हुन्छ, बाँध्छ)* षिञ् बन्धने (स्वा./ऋचा.) धातु, सि+क्रन्[5] (र), उणा., धातुको दीर्घ= सीर ।

लाङ्गल-हलगोदारणं च सीरः- इत्यमरः

सीरोऽर्कहलयोः पुंसि- इति मेदिनी

शब्दार्थ- हलो, सूर्य, रवि, आँकको बोट, अर्कवृक्ष ।

सीरध्वजः (ना./पुं.) सीरः ध्वजश्चिन्हमस्य *(हलो छ चिन्ह जसको)* ब.स.= सीरध्वज ।

शब्दार्थ- राजा जनक, राजा जनकले जोतेको हलोको सीरा (अग्रभाग) बाट सीताको उत्पत्ति भएकाले उनलाई सीरध्वज भनिएको हो ।

द्रष्टव्य- सीता सीरागतो जाता तस्मात् सीरध्वजः स्मृतः -श्रीमद् भा. ९/१३/१८

सीरपाणिः (ना./पुं.) सीरः पाणौ यस्य *(हलो छ हातमा जसका)* ब.स.= सीरपाणि । **शब्दार्थ**- बलराम, हलो हातमा लिने बलदेव, राजा जनक ।

सीवनम् (ना./न.) सिव्यते इति *(सिइन्छ)* षिवु तन्तु सन्ताने (दिवा.) धातु, सिव्+ल्युट् (अन), पृषोदरादिबाट =सीवन ।

शब्दार्थ- सिउने काम, तानतुन पार्ने क्रिया, टाँका मार्ने काम ।

सीसम् (ना./न.) सीयते इति *(बाँधिन्छ)* षिञ् बन्धने (स्वा.) धातु, सि+क्विप्, तुगागम, सि । पृषोदरादिबाट सिको सी । स्यतीति *(विकृत हुन्छ)* षोऽन्तकर्मणि (दिवा.) धातु, आत्व, सी+सा+क (अ), आलोप=सीस ।

शब्दार्थ- सिसा, ग्लास ।

सु (अव्य.) सूयते इति *(पैदा हुनु)* षु प्रसवैश्वर्ययोः (भ्वा./अदा.) धातु, सु+डु (उ)= सु ।

शब्दार्थ- धातु तथा धातुबाट बनेका शब्दको अगाडि लाग्ने एक उपसर्ग ।

द्रष्टव्य- 'सु' उपसर्गले राम्रो, सुन्दर, अतिशय, श्रेष्ठ, उत्तम आदि अर्थ बुझाउँछ ।

सुकन्या (ना./स्त्री.) सु शोभना चासौ कन्या च *(असल कन्या)* क.त.स.= सुकन्या ।

शब्दार्थ-असल कन्या, सुन्दर कन्या, शर्याति राजाकी पुत्री ।

सुकरः (वि.) सुकरोति, सुक्रियते इति वा *(राम्ररी गर्छ, गरिन्छ)* सुपूर्वक डुकृञ् करणे (तना.) धातु, सु+कृ+खल्[6] (अ), गुण= सुकर ।

शब्दार्थ- राम्ररी गर्न सकिने, सजिलै सम्पन्न गर्न सकिने, सुगम, दुष्कर नभएको ।

सुकर्मन् (ना./न.) सु सुष्ठु कर्म *(राम्रो कर्म)* प्रा.त.स., सुकर्मन्= सुकर्म ।

शब्दार्थ- असल कर्म, राम्रो काम, सत्कर्म ।

सुकर्मा (वि.) सु शोभनं कर्म यस्य *(राम्रो छ काम जसको)* प्रा.ब.स.= सुकर्मा ।

शब्दार्थ- राम्रो काम गर्ने, सत्कर्म गर्ने, सुकर्म गर्ने ।

सुकर्मी (वि.) सुकर्म अस्य अस्तीति *(राम्रो काम छ यसको)* सुकर्मन्+इनि (इन्), नलोप, सुकर्मिन्= सुकर्मी

शब्दार्थ- असल तथा राम्रो काम गर्ने, सदाचारी, सत्कर्म गर्ने, पुण्यकर्म गर्ने ।

सुकला (ना./स्त्री.) सु शोभना कला *(राम्रो कला)* प्रा.त.स. = सुकला ।

शब्दार्थ- राम्रो कला, श्रेष्ठ तथा उत्तम कला, उत्तम सीप ।

सुकविः (ना./पुं.) सु शोभनश्चासौ कविश्च *(राम्रो कवि)* क.त.स.= सुकवि ।

शब्दार्थ- राम्रो कवि, श्रेष्ठ कवि, राम्रो काव्य रचना गर्ने कवि ।

---

[1] अत इनिठनौ : इनि

[2] द्वितीया श्रितातीत...: द्वि.त.स.

[3] सुप्यजातौ... : णिनि

[4] तदस्य सञ्जातम्... : इतच्

[5] शुसिचिमीनाम्... : क्रन्, दीर्घ

[6] ईषद्दुःसुषु... : खल्

सुकाल: (ना./पुं.) सु सुष्ठु काल: *(राम्रो काल)* प्रा.त.स. =सुकाल ।

शब्दार्थ- असल समय, राम्रो समय, सहकाल, राम्रो वेलावखत, अन्नवाली धेरै उब्जेको समय ।

सुकुमार: (ना./पुं./वि.) सुष्ठु कुमारयति *(राम्ररी क्रीडा गर्छ)* सुपूर्वक कुमार क्रीडायाम् (चुरा.) धातु, सु+कुमार+अच् (पचादि)/घ[१] (अ)= सुकुमार ।

अथवा सु सुष्ठु कामयते इति *(राम्रो कामना गर्छ)* सुपूर्वक कमु कान्तौ (भ्वा.) धातु, सु+कम्+आरन्[२] (आर), उणा., उत्व= सुकुमार ।

सुकुमारं तु कोमलं मृदुलं मृदु- इत्यमर:

शब्दार्थ- सुन्दर पुरुष, कलिलो केटो, मृदु, कोमल ।

सुकुमारी (ना./स्त्री.) सुष्ठु कुमारयति असौ *(राम्ररी क्रीडा गर्छे यो)* सुपूर्वक कुमार क्रीडायाम् (चुरा.) धातु, सु+कुमार+घ (अ), सुकुमार+ङीप् (ई)= सुकुमारी ।

शब्दार्थ- कोमल शरीर भएकी नारी, कोमलाङ्गी स्त्री, सुकुमार शरीरकी स्त्री ।

सुकृत: (वि./ना./न.) सु सुष्ठ क्रियते स्म इति *(राम्ररी गरिएको)* डुकृञ् करणे (तना.) धातु, सु+कृ+क्त (त)= सुकृत ।

शब्दार्थ- राम्ररी सुसम्पन्न गरिएको, धर्मात्मा, पुण्यवान्, सत्कर्म, असल काम, राम्रो कर्म ।

सुकृति: (ना./स्त्री.) सु सुष्ठु क्रियते इति *(राम्ररी गरिन्छ)* डुकृञ् करणे (तना.) धातु, सु+कृ+क्तिन् (ति)=सुकृति

शब्दार्थ- असल कर्म, राम्रो कृति वा रचना, सत्कर्म, पवित्र कर्म ।

सुकृती (वि.) सु सुष्ठु क्रियते स्म इति *(राम्ररी गरिएको)* डुकृञ् करणे (तना.) धातु, सु+कृ+क्त (त), सुकृतम् । सुकृतमस्यास्तीति *(राम्रो कर्म छ यसको)* सुकृत+इनि[३] (इन्), सुकृतिन्= सुकृती ।

सुकृती पुण्यवान् धन्य: - इत्यमर:

शब्दार्थ- असल कर्म गर्ने, सत्कर्मी, राम्रो काम गर्ने, सत्कर्म गर्ने, पुण्यवान्, पवित्रात्मा, सौभाग्यशाली, भाग्यवान्, ज्ञानवान् ।

सुकृत् (वि.) सु सुष्ठु करोतीति *(राम्रो गर्छ)* सु+कृ+क्विप्[४], तुगागम, क्विप्को सर्वलोप= सुकृत् ।

शब्दार्थ- राम्रो काम गर्ने, भलाइ गर्ने, पुण्यात्मा, उपकार गर्ने

सुकृत्यम् (ना./न.) सु सुष्ठु कृत्यम् *(राम्रो काम)* प्रा.त.स.= सुकृत्य ।

शब्दार्थ- सत्कर्म, असल वा राम्रो कर्म, पुण्यकर्म, परोपकार तथा सेवासम्वन्धी पवित्र कर्म ।

सुखम् (ना./न.) सुखयतीति *(सुख मिल्छ)* सुख तत्क्रियायाम् (चुरा.) धातु, सुख+अच् (पचादि)=सुख ।

शब्दार्थ- दु:खको अनुभूति नभएको अवस्था, आनन्द, हर्ष, उमङ्ग, उत्साह, समृद्धि, सन्तुष्टि, सुखसुविधाले परिपूर्ण स्थिति

सुखकार:/सुखकारक: (वि.) सुखं करोतीति *(सुख दिन्छ)* सुखपूर्वक डुकृञ् करणे (तना.) धातु, सुख+कृ+अण् (अ), वृद्धि= सुखकार ।

सुख+कृ+ण्वुल्[५] (अक), वृद्धि= सुखकारक ।

शब्दार्थ- सुख वा आनन्द दिने, प्रसन्नता दिने ।

सुखकारी (वि.) सुखं कर्तुं शीलमस्य *(सुख दिने शील छ यसको)* सुखपूर्वक डुकृञ् करणे (तना.) धातु, सुख+कृ+णिनि[६] (इन्), वृद्धि, सुखकारिन्= सुखकारी ।

शब्दार्थ- आनन्ददायक, सुखकारक, सुखप्रद, सुख दिने ।

सुखद: (वि.) सुखं ददातीति *(सुख दिन्छ)* सुखपूर्वक डुदाञ् दाने (जुहो.) धातु, सुख+दा+क (अ), आकारलोप =सुखद ।

शब्दार्थ- सुख दिने, सुखप्रद, सुखदायक ।

सुखदाता (वि.) सुखं ददातीति *(सुख दिन्छ)* सुखपूर्वक डुदाञ् दाने (जुहो.) धातु, सुख+दा+तृच् (तृ), सुखदातृ= सुखदाता ।

शब्दार्थ- सुख दिने, आनन्दप्रद, सुखदायी ।

सुखदायक: (वि.) सुखं ददातीति *(सुख दिन्छ)* सुखपूर्वक डुदाञ् दाने (जुहो.) धातु, सुख+दा+ण्वुल्[५] (अक), युगागम[७]= सुखदायक ।

शब्दार्थ- आनन्द दिने, आनन्ददायक, सुखदायी ।

सुखदायी (वि.) सुखं दातुं शीलमस्य *(सुख दिने शील छ यसको)* सुखपूर्वक डुदाञ् दाने (जुहो.) धातु, सुख+दा+णिनि (इन्), युगागम, सुखदायिन् =सुखदायी ।

शब्दार्थ- सुख दिने, आनन्ददायक, सुखदाता, सुखद ।

सुखदु:खाकुल: (वि.) सुखञ्च दु:खञ्च, ताभ्यामाकुल: *(सुख र दु:खबाट आकुल)* तृ.त.स., दीर्घ= सुखदु:खाकुल ।

शब्दार्थ- सुख र दु:ख दुवैबाट आकुल ।

सुखप्रद: (वि.) सुखं प्रददातीति *(सुख प्रदान गर्छ)* सुख उपपदमा हुने प्रपूर्वक डुदाञ् दाने (जुहो.) धातु, सुख+प्र+दा+क[८] (अ), आकारलोप= सुखप्रद ।

शब्दार्थ- सुख प्रदान गर्ने, सुख प्रदायक, सुखदायी, सुखद, आनन्द दिने ।

सुखसाध्य: (वि.) सुखेन साध्य: *(सुखपूर्वक वा सजिलै सिद्ध गर्न सकिने)* सुख+साध्य, तृ.त.स.= सुखसाध्य ।

शब्दार्थ- सजिलैसित हुने, सुगम, सहज, सहजै सिद्ध हुने ।

सुखानुभव:/सुखानुभूति: (ना./पुं./स्त्री.) सुखस्य अनुभव:, सुखस्य अनुभूति: *(सुखको अनुभव वा अनुभूति)* ष.त.स., दीर्घ= सुखानुभव/सुखानुभूति ।

शब्दार्थ- सुखको अनुभव, आनन्दको अनुभूति, सन्तुष्टि ।

---

[१] पुंसि संज्ञायाम्... : घ
[२] कमे: किदुच्चोपधाया: : आरन्, उत्व
[३] अत इनिठनौ : इनि
[४] सुकर्मपापमन्त्र... : क्विप्
[५] ण्वुल्तृचौ : ण्वुल्
[६] सुप्यजातौ... : णिनि
[७] आतो युक्... : युक्
[८] आतश्चोपसर्गे... : क

सुखान्तः (वि.) सुखं अन्तः यस्य *(सुखदायक छ अन्त जसको)* सुख+अन्त, ब.स., दीर्घ= सुखान्त ।

शब्दार्थ- अन्तमा सुख दिने, अन्तिम परिणाम सुखमय हुने, संयोगान्त, सुखसहितको ।

सुखी (वि.) प्रशस्तं सुखमस्यास्तीति *(धेरै सुख छ यसको)* सुख+इनि[1] (इन्), सुखिन्= सुखी ।

शब्दार्थ- सुख पाएको, आनन्दमग्न, सुखले परिपूर्ण ।

सुख्यातः (वि.) सु सुष्ठु ख्यातः *(राम्रो प्रसिद्धि पाएको)* प्रा.त.स.= सुख्यात ।

शब्दार्थ- राम्रोसित नाम चलेको, सुयश फैलिएको, राम्रो ख्याति प्राप्त गरेको, प्रसिद्ध ।

सुख्यातिः (ना./स्त्री.) सु सुष्ठु ख्यातिः *(राम्रो ख्याति)* प्रा.त.स.= सुख्याति ।

शब्दार्थ- राम्रो प्रसिद्धि, सुकीर्ति, सुयश, राम्रो ख्याति ।

सुगतः (वि./ना./पुं.) सु शोभनं गतं गमनं ज्ञानमस्य *(राम्रो गमन वा ज्ञान छ यसको)* प्रा.ब.स.= सुगत ।

शब्दार्थ- राम्ररी गएको, सद्गति प्राप्त गरेको, राम्रो ज्ञान भएको, बुद्धदेव, तथागत, ।

सुगतिः (ना./स्त्री.) सु शोभना गतिः *(राम्रो गति)* प्रा.त.स[2].= सुगति ।

शब्दार्थ-मृत्युपछिको असल गति, मुक्ति तथा मोक्ष, निर्वाण

सुगन्धः (वि./ना./पुं.) सु शोभनः गन्धः अस्य *(मीठो छ बास्ना यसको)* ब.स.= सुगन्ध ।

सु शोभनः गन्धः *(सुन्दर गन्ध)* प्रा.त.स.= सुगन्ध ।

शब्दार्थ- मीठो वास्ना आउने, वास्नादार, मीठो सुगन्ध, सुवास, ज्यादै मीठो वास्ना ।

सुगन्धकः (वि.) सु सुष्ठु गन्धयते इति *(मीठो बास्ना आउँछ)* सुपूर्वक गन्ध अर्दने (चुरा.) धातु, सु+गन्ध्+ण्वुल् (अक)= सुगन्धक ।

शब्दार्थ-मीठो वास्ना आउने, सुगन्ध फैलिने, वास्नादार ।

सुगन्धिः (ना./पुं.) सु शोभनः गन्धः यस्य *(राम्रो छ गन्ध जसको)* प्रा.ब..स., सुगन्ध+इ (इकार अन्तादेश[3]), समासान्त= सुगन्धि ।

शब्दार्थ- मधुर गन्ध, मीठो वास्ना वा सुगन्ध ।

सुगन्धितः (वि.) सुगन्धः सञ्जातः अस्य *(राम्रो सुगन्ध फैलिएको छ यसको)* सुगन्ध+इतच्[4] (इत)= सुगन्धित

शब्दार्थ- मीठो वास्ना आउने, मधुर वास्ना चल्ने, वास्नादार ।

उदा. त्यसमा आफ्नो शिर छिराई,
वायु सुगन्धित स्वच्छ बन्यो- आ.पा. २४

सुगन्धी (वि.) सुगन्धः अस्यास्तीति *(सुगन्ध छ यसको)* सुगन्ध+इनि[1] (इन्), सुगन्धिन्= सुगन्धी ।

शब्दार्थ- मीठो वास्ना चल्ने, सुगन्धित, वास्नादार, मधुर वास्ना आउने ।

सुगमः (वि.) सुखेन गम्यते प्राप्यते इति *(सुखपूर्वक पुगिन्छ)* सुपूर्वक गम्लृ गतौ (भ्वा.) धातु, सु+गम्+खल्[5] (अ)= सुगम ।

शब्दार्थ- सजिलै जान सकिने, सजिलै बुझ्न वा ज्ञान गर्न सकिने, सहजै बोध हुने, सहजरूपमा ज्ञान हुने, सुगम

सुग्रीवः (वि./ना./पुं.) सुष्ठु शोभना ग्रीवा यस्य *(राम्रो छ घाँटी जसको)* ब.स., सुग्रीवा, ह्रस्व= सुग्रीव ।

शब्दार्थ- राम्रो वा सुन्दर घाँटी भएको, रामायणकालीन वानरराज सुग्रीव ।

सुगृहीतः (वि.) सु सुष्ठु गृहीतः *(राम्ररी पक्रिएको)* प्रा.त.स.= सुगृहीत ।

शब्दार्थ- राम्ररी पक्रिएको, राम्ररी समाइएको, राम्ररी ग्रहण गरिएको ।

सुचरितः/सुचरित्रः (वि.) सु सुष्ठु चरितम्, चरित्रम् वा यस्य *(राम्रो छ चरित्र जसको)* प्रा.ब.स.=सुचरित/सुचरित्र ।

शब्दार्थ- असल वा राम्रो चरित्र भएको, राम्रो चालचलनको, सच्चरित्रवान् ।

सुचरित्रा (ना./स्त्री.) सु शोभनं चरित्रं यस्याः *(राम्रो छ चरित्र जुन स्त्रीको)* प्रा.ब.स., सुचरित्र+टाप् (आ) =सुचरित्रा ।

शब्दार्थ- राम्रो चरित्र भएकी स्त्री, सती नारी, प्रतिव्रता स्त्री, सदाचारिणी स्त्री, साध्वी नारी ।

सुचारु (वि.) सु सुष्ठु चारु *(ज्यादै राम्रो)* क.त.स. =सुचारु ।

शब्दार्थ- अत्यन्त राम्रो, खुवै सुन्दर, ज्यादै राम्रो ।

सुचालकः (वि.) सु सुष्ठु चलति, चालयतीति वा *(राम्ररी चल्छ, चलाउँछ)* सुपूर्वक चल कम्पने (भ्वा.) धातु, सु+चल्+णिचि+ण्वुल् (अक), वृद्धि, णिलोप =सुचालक ।

शब्दार्थ- राम्ररी सवारीसाधन हाँक्ने, सुसञ्चालक, उत्तम चालक, सुसंवाहक, राम्ररी तापक्रम आदि सर्ने (वस्तु)

सुजनः (ना./पुं.) सु सुष्ठु सुन्दरः वा जनः *(राम्रो वा असल मानिस)* प्रा.त.स.= सुजन ।

शब्दार्थ-राम्रो वा असल मानिस, सज्जन, भलादमी, साधु ।

सुजनता (ना./स्त्री.) सुजनस्य भावः *(सज्जन हुनाको भाव वा अवस्था)* सुजन+तल् (त)+टाप् (आ) =सुजनता ।

शब्दार्थ- साधुपना, सज्जनता, असलपना, भलादमीपन ।

सुजातः (वि.) सु सुष्ठु जातः *(राम्ररी पैदा भएको)* प्रा.त.स.= सुजात ।

शब्दार्थ- राम्ररी जन्मेको, सहजरूपमा पैदा भएको, राम्रो कुल घरानमा जन्मेको, उच्चकुलीन, सत्कुलमा पैदा भएको ।

---

[1] अत इनिठनौ : इनि

[2] कुगतिप्रादयः : प्रादि.त.स.

[3] गन्धस्येदुत्पूति... : इकार अन्तादेश

[4] तदस्य सञ्जातम्... : इतच्

[5] ईषद्दुःसुषु... : खल्

सुजङ्घा (ना./स्त्री.) शु शोभना जङ्घा यस्याः सा *(आकर्षक जङ्घा छ यस स्त्रीको)* ब.स., उ.प.लोप= सुजङ्घा ।

शब्दार्थ- विस्तृत जाँघ भएकी स्त्री, मनोरम जाँघ भएकी स्त्री, आकर्षक जङ्घा भएकी नारी ।

सुतः (ना./पुं.) सूयते स्म इति *(पैदा भएको)* षु प्रसवैश्वर्ययोः (भ्वा./अदा.) धातु, सु+क्त (त)= सुत ।

आत्मजस्तनयः सूनुः सुतः पुत्रः- इत्यमरः

शब्दार्थ- पुत्र, छोरो, तनय, पुरुष सन्तान, आत्मज ।

सुतनुः (वि.) सु शोभना तनुर्यस्य *(राम्रो छ शरीर जसको)* प्रा.ब.स., उ.प.लोप= सुतनु ।

शब्दार्थ- राम्रो शरीर भएको, सुन्दर शरीर भएको, अत्यन्त सुकुमार, कृशकाय, पातलो शरीर भएको ।

सुतलम् (ना./न.) सुगतं तलम् *(तलतिरको भाग)* प्रा.त.स[1]. = सुतल ।

शब्दार्थ- अतल, वितल र सुतल आदि पृथ्वीभन्दा तलका सातलोकहरूमध्ये तेस्रो लोक ।

द्रष्टव्य- अतलं प्रथमं प्रोक्तं द्वितीयं वितलं तथा । तृतीयं सुतलं प्रोक्तं चतुर्थं वै तलातलम्- पुराणवचनम्

सुता (ना./स्त्री.) सूयते स्म असौ *(पैदा भएकी यो कन्या)* षु प्रसवैश्वर्ययोः (भ्वा./अदा.) धातु, सु+क्त (त), सुत +टाप् (आ)= सुता ।

सुतस्तु पार्थिवे पुत्रे स्त्रचपत्ये तु सुता स्मृता- मेदिनी

शब्दार्थ- छोरी, पुत्री, स्त्री सन्तति, आत्मजा ।

सुतात्मजा (ना./स्त्री.) सुतस्य सुतायाः वा आत्मजा *(छोरो वा छोरीकी पुत्री)* ष.त.स., दीर्घ =सुतात्मजा ।

शब्दार्थ- छोरा वा छोरीकी पुत्री, नातिनी ।

सुताननम् (ना./न.) सुतस्य सुतायाः वा आननम् *(छोरा वा छोरीको अनुहार)* ष.त.स., दीर्घ= सुतानन ।

शब्दार्थ- छोरो वा छोरीको अनुहार वा मुहार ।

सुती (वि.) सुतः सुता वा अस्यास्तीति *(पुत्र वा पुत्री छ यसको)* सुत/सुता+इनि (इन्), अकार/आकारलोप, सुतिन्= सुती ।

शब्दार्थ- पुत्रवान्, छोरो वा छोरी हुने, छोराछोरी हुने ।

सुतीक्ष्णः (वि.) सु सुष्ठु तीक्ष्णः *(ज्यादै तीखो)* प्रा.त.स. =सुतीक्ष्ण ।

शब्दार्थ- ज्यादै तीखो, ज्यादै लाग्ने, अत्यन्त तीक्ष्ण ।

सुदन् (ना./पुं.)/**सुदती** (ना./स्त्री.) सु शोभनाः दन्ताः यस्य/यस्याः वा *(राम्रा दाँत छन् यस पुरुष वा स्त्रीको)* प्रा.ब.स., उ.प.लोप, दन्तको दतृ आदेश, सुदत्= सुदन् । सुदत्+ङीप् (ई)= सुदती ।

शब्दार्थ- राम्रा दाँत हुने पुरुष वा स्त्री, राम्रा तथा मिलेका दाँत हुने पुरुष, आकर्षक दाँत हुने स्त्री ।

सुदर्शनः (ना./पुं./वि.) सु शोभनं दर्शनमस्य (सुन्दर दर्शन छ यसको) ब.स.= सुदर्शन । अथवा सुष्ठु सुखेन दृश्यते इति **(राम्ररी देखिन्छ)** सुपूर्वक दृशिर् प्रेक्षणे (भ्वा.) धातु, सु+दृश्+युच्[2] (अन), गुण= सुदर्शन ।

सुदर्शनो हरेश्चक्रे मेरुजम्बुद्रुमे पुमान्
न द्वयोः शक्रनगरे । आज्ञौषधिभिदोः पुमान्- इति मेदिनी

शब्दार्थ- प्रियदर्शन, राम्रो विचार, राम्ररी देख्ने काम, विष्णुको सुदर्शन चक्र, सुमेरुपर्वत, आज्ञा, आदेश, जडीवुटी, राम्रो देखिने, मनोहर ।

सुदर्शना (ना./स्त्री.) सुष्ठु शोभनं दर्शनमस्याः **(प्रिय छ दर्शन यस स्त्रीको)** ब.स., सुदर्शन+टाप् (आ)=सुदर्शना

शब्दार्थ- सुन्दर शरीर भएकी स्त्री, प्रियदर्शना, ज्यादै मनोहर स्त्री ।

सुदामन् (सुदामा) (वि./ना./पुं.) सुष्ठु ददाति दीयते इति वा **(राम्ररी दिन्छ वा दिइन्छ)** सुपूर्वक डुदाञ् दान (जुहो.) धातु, सु+दा+मनिन्[3] (मन्), सुदामन् = सुदामा ।

सुदामा तु पुमान् वारीधरपर्वतभेदयोः - इति मेदिनी

शब्दार्थ- राम्ररी दिने, उदारदाता, वादल, मेघ, पर्वतविशेष, समुद्र, श्रीकृष्णका प्रिय साथी एक निर्धन ब्राह्मण ।

सुदायः (ना./पुं.) सुष्ठु दीयते इति *(राम्ररी दिइन्छ)* सुपूर्वक डुदाञ् दाने (जुहो.) धातु, सु+दा+घञ् (अ), युगागम[4] = सुदाय ।

यौतकादि तु यद्देयं सुदायः- इत्यमरः

शब्दार्थ- दाइजो, माङ्गलिक उपहार, विशेष दान ।

सुदिनम् (ना./न.) सु सुष्ठु दिनम् *(राम्रो दिन)* प्रा.त.स.= सुदिन ।

शब्दार्थ- असल वा राम्रो दिन, शुभ दिन, अनिष्ट नभएको सुन्दर दिन ।

सुदिनाहम् (ना./न.) सुदिनञ्च तदहः *(राम्रो दिन)* सुदिन+ अहन्, क.त.स., टच् (समासान्त), टिलोप= सुदिनाह ।

शब्दार्थ- सुख वा आनन्दको दिन वा समय, राम्रो समय ।

सुदिवम् (ना./न.) सु सुष्ठु दीव्यन्ति अत्र *(राम्ररी क्रीडा गर्छन् यसमा)* सुपूर्वक दिवु क्रीडाविजिगीषादौ (दिवा.) धातु, सु+दिव्+क (अ)= सुदिव ।

शब्दार्थ- रमणीय स्वर्गलोक, स्वर्गपुरी, सुन्दर आकाश ।

सुदीर्घः (वि.) सु सुष्ठु दीर्घः *(ज्यादै लामो)* प्रा.त.स. =सुदीर्घ ।

शब्दार्थ- ज्यादै लामो, अत्यन्त लामो, धेरै विशाल ।

सुदुर्लभः (वि.) दुर् दुःखेन लभ्यते इति *(ज्यादै कठिनले पाउन सकिन्छ)* दुपूर्वक डुलभष् प्राप्तौ (भ्वा.) धातु, दुर्+लभ्+खल्[5] (अ), दुर्लभः । सु अत्यन्तं दुर्लभः *(ज्यादै दुर्लभ)* प्रा.त.स.= सुदुर्लभ ।

शब्दार्थ-ज्यादै दुर्लभ, अतिदुष्प्राप्य, पाउन अत्यन्त कठिन ।

---

[1] प्रादयो गताद्यर्थे...: प्रा.त.स.
[2] भाषायां शासियुधिदृशि...(वा.) : युच्
[3] अन्येभ्योऽपि दृश्यन्ते : मनिन्
[4] आतो युक्... : युक्
[5] ईषद्दुःसुषु... : खल्

सुदूरः (वि.) सु अत्यन्तं दूरम् *(ज्यादा टाढा)* प्रा.त.स. =सुदूर ।

शब्दार्थ- अत्यन्त टाढाको, धेरै परको, अतिदूरवर्ती ।

सुदृढः (वि.) सु अत्यन्तं दृढः *(ज्यादै बलवान्)* प्रा.त.स. =सुदृढ ।

शब्दार्थ- ज्यादै प्रगाढ, अतिवलवान्, ज्यादै शक्तिशाली, अत्यन्त मजवुत ।

सुदृढीकरणम् (ना./न.) असुदृढं सुदढं सम्पद्यते, तत्करणमिति *(सुदृढ नभएको सुदृढ हुन्छ र सुदृढ गरिन्छ)* डुकृञ् करणे (तना.) धातु, सुदृढ+च्वि[1]+कृ+ल्युट् (अन), दृढको ईत्व[2], कृको गुण, णत्व, च्विको सर्वलोप= सुदृढीकरण ।

शब्दार्थ- सुदृढ पार्ने काम, प्रगाढ वनाउने क्रिया, वलियो पार्ने काम ।

सुदृष्टिः (ना./स्त्री.) सु शोभना दृष्टिः *(राम्रो दृष्टि)* प्रा.त.स. =सुदृष्टि ।

शब्दार्थ- राम्रो वा असल दृष्टि, राम्रो हेराइ, राम्रो दृष्टि दिने काम ।

सुधर्मन् (ना./पुं.) सु शोभनः धर्मः यत्र *(राम्रो छ धर्म जहाँ)* व.स., सुधर्म+अनिच्[3] (अन्), सुधर्मन्= सुधर्मा ।

शब्दार्थ-राम्रो वा असल धर्म, उत्तम धर्म, उत्कृष्ट धर्म ।

सुधर्मा (ना./स्त्री.) सु शोधनः धर्मः अस्याम् *(राम्रो धर्म हुन्छ यसमा)* व.स., सुधर्म+अनिच् (अन), सुधर्मन्+डाप्[4] (आ), टिलोप= सुधर्मा ।

स्यात्सुधर्मा देवसभा- इत्यमरः

शब्दार्थ- देवगणको सभा, इन्द्रको सभा, देवताहरूको गोष्ठी ।

सुधा (ना./स्त्री.) सु सुखेन धीयते पीयते इति *(आनन्दसँग पान गरिन्छ)* सुपूर्वक धेट् पाने (भ्वा.) धातु, सु+धा+अङ्[5] (अ), आलोप, सुध+टाप् (आ)= सुधा ।

पीयुषममृतं सुधा- इत्यमरः

सुधा स्त्री लेपने मूर्व्यां स्नुहीगङ्गेष्टकामृते- इति मेदिनी

शब्दार्थ- अमृत, पीयूष, पानी, गङ्गा, दूध, वधू, वज्रलेप ।

सुधांशुः (ना./पुं.) सुधा सुधामयाः अंशवः यस्य *(अमृतमय किरण छन् जसका)* व.स. दीर्घ= सुधांशु ।

शब्दार्थ- चन्द्रमा, इन्दु, विधु, कपूर ।

सुधीः (वि.) सु सुष्ठु ध्यायतीति *(राम्ररी विचार गर्छ)* सुपूर्वक ध्यै चिन्तायाम् (भ्वा.) धातु, सु+ध्या+क्विप्[6], सम्प्रसारणवाट यको इ, दीर्घ= सुधी ।

शब्दार्थ- विद्वान्, वुध, छलकपट नगर्ने, सीधा, सरल, वुद्धिमान्, मनीषी ।

सुनाम (ना./न.) सु सुष्ठु नाम *(असल नाम)* प्रा.त.स. =सुनाम ।

शब्दार्थ- राम्रो नाम, सुयश, सुकीर्ति, सुप्रतिष्ठा, असल नाम ।

सुनियोजितः (वि.) सु सुष्ठु नियोज्यते स्म इति *(राम्ररी नियोजन गरिएको)* सु निपूर्वक युजिर् योगे (रुधा.) धातु, सु+नि+युज्+णिचि, गुण, सुनियोजि+क्त (त), णिलोप, इडागम= सुनियोजित ।

शब्दार्थ- सुनियोजित तरिकाले कुनै कार्य गरिएको, राम्ररी काममा लगाइएको, नियमसङ्गत वनाइएको ।

सुनीतिः (ना./स्त्री.) सु शोभना नीतिः *(राम्रे नीति)* प्रा.त.स.= सुनीति ।

शब्दार्थ- असल न्याय, राम्रो नीति, स्वयम्भू मनुका पुत्र राजा उत्तनापादकी जेठी महारानी, ध्रुवकी आमा ।

सुन्दरः (वि.) सु सुष्ठु द्रियते इति *(राम्रो पारिन्छ)* सुपूर्वक दृङ् आदरे (तुदा.) धातु, सु+दृ+अप्[7] (अ), गुण, पृषोदरादिवाट नवर्णागम= सुन्दर ।

अथवा सु सुष्ठु उनत्ति आर्द्रीकरोति चित्तम् *(राम्ररी चित्त पगाल्छ)* सुपूर्वक उन्दी क्लेदने (रुधा.) धातु, सु+उन्द्+अरच् (अर), सु उन्दमा पररूप[8]= सुन्दर ।

सुन्दरं रुचिरं चारु सुषमं साधु शोभनम्- इत्यमरः

शब्दार्थ- राम्रो, चारु, मनोहर, मनोरम, शोभन, असल, मनोहरी, आकर्षक ।

सुन्दरता (ना./स्त्री.)/**सुन्दरत्वम्** (ना./न.) सुन्दरस्य भावः *(राम्रो हुनाको भाव वा अवस्था)* सुन्दर+तल् (त)+टाप् (आ)= सुन्दरता ।

सुन्दर+त्व= सुन्दरत्व ।

शब्दार्थ- राम्रोपना, सौन्दर्य, मनोहारिता, असलभाव ।

सुन्दरपुरुषः (ना./पुं.) सुन्दरश्चासौ पुरुषश्च *(सुन्दर पुरुष)* क.त.स.= सुन्दरपुरुष ।

शब्दार्थ- सुन्दर पुरुष, राम्रो मानिस, असल मान्छे ।

सुन्दरी (ना./स्त्री./वि.) सु सुष्ठु उनत्ति चित्तं द्रवीकरोति *(चित्त ज्यादै आकर्षित वा द्रवीभूत पार्छ)* सुपूर्वक उन्दी क्लेदने (रुधा.) धातु, सु+उन्द्+अरच् (वहुलप्रकारले), पररूप, सुन्दर+ङीष् (ई)= सुन्दरी ।

शब्दार्थ- राम्री वा सुन्दर स्त्री, मनोहारिणी नारी, रमणी, मनोज्ञा, अत्यन्त आकर्षक देखिने (स्त्री) ।

सुपत्नी (ना./स्त्री.) सु शोभना पत्नी *(असल पत्नी)* प्रा.त.स.= सुपत्नी ।

शब्दार्थ- राम्री श्रीमती, असल स्वभावकी पत्नी, राम्रो शील स्वभाव भएकी पत्नी ।

सुपथः (ना./पुं.) सु सुष्ठु पन्थाः *(राम्रो बाटो)* सु+पथिन्, प्रा.त.स., सुपथिन्+अच्[9] (समासान्त)= सुपथ ।

शब्दार्थ-राम्रो वाटो, सत्मार्ग, असल वाटो, राम्रो आचरण ।

---

[1] कृभ्वस्तियोगो... : च्वि

[2] अस्य च्वौ : ईत्व

[3] धर्मादनिच् केवलात् : अनिच्

[4] डावुभाभ्यामन्य...: डाप्

[5] आतश्चोपसर्गे... : अङ्

[6] ध्यायतेः सम्प्रसारणञ्च : क्विप्, सम्प्रसारण

[7] ग्रहवृदृनिश्चि... : अप्

[8] शकन्ध्वादिषु... (वा.) : पररूप

[9] ऋक्पूरब्धू... : अच् (समासान्त)

सुपरिवेक्षकः (वि./ना./पुं.) सुपरिवेक्षते इति *(राम्ररी निरीक्षण गर्छ)* सु परि अवपूर्वक ईक्ष दर्शने (भ्वा.) धातु, अवका अको पृषोदरादिवाट वर्णलोप, सु+परि+व+ ईक्ष्+ण्वुल् (अक), गुण= सुपरिवेक्षक ।

शब्दार्थ- कुनै काम कुराको राम्रोसँग निरीक्षण गर्ने, कुनै कामको रेखदेख गर्ने, निरीक्षण गर्न खटिएको व्यक्ति ।

सुपरिवेक्षणम् (ना./न.) सुपरिवेक्ष्यते इति *(सुपरिवेक्षण गरिन्छ)* सु परि अवपूर्वक ईक्ष दर्शने (भ्वा.) धातु, पृषोदरादिवाट अवका अको लोप, सु+परि+व+ ईक्ष्+ल्युट् (अन), गुण, णत्व= सुपरिवेक्षण ।

शब्दार्थ- सुपरिवेक्षण गर्ने काम, कुनै काम कुराको जाँचवुझ र निरीक्षण गर्ने काम, कुनै कुराको रेखदेख गर्ने क्रिया ।

सुपरीक्षितः (वि.) सु सुष्ठु परीक्ष्यते स्म इति *(राम्ररी परीक्षण गरिएको)* सु परिपूर्वक ईक्ष दर्शने (भ्वा.) धातु, सु+परि +ईक्ष्+क्त (त), इडागम, दीर्घ= सुपरीक्षित ।

शब्दार्थ- राम्ररी परीक्षण गरिएको, राम्ररी रेखदेख गरिएको

सुपर्णः (ना./पुं.) सु शोभनौ पर्णौ पक्षौ यस्य *(स्वर्णमय सुन्दर पखेटा छन् जसका)* प्रा.व.स., उ.प.लोप= सुपर्ण

शब्दार्थ- गरुडपक्षी, वैनतेय, ताक्ष्र्य ।

सुपाच्यः (वि.) सु सुष्ठु पाचितुं योग्यः *(राम्ररी पचाउन लायक)* सुपूर्वक डुपचष् पाके (भ्वा.) धातु, सु+पच् +णिचि, वृद्धि, सुपाचि+यत्[1] (य), णिलोप =सुपाच्य ।

शब्दार्थ- राम्ररी पचाउन सकिने, राम्ररी पचाउन योग्य ।

सुपात्/सुपाद् (वि.) सु शोभनौ पादौ यस्य *(राम्रा पाउ छन् जसका)* प्रा.व.स., उ.प.लोप, पादको पदादेश, चर्त्व विकल्पले= सुपात् ।

चर्त्वको अभावमा= सुपाद् ।

शब्दार्थ- सुन्दर पाउ हुने, राम्रा खुट्टा हुने, कोमल पाउ भएको ।

सुपात्रम् (ना./न.) सु सुष्ठु पात्रम् *(असल पात्र)* प्रा.त.स. =सुपात्र ।

पात्रं सुवादौ पर्णे च भोजने राजमन्त्रिणि ।
तीरद्वयान्तरे योग्यः - इति मेदिनी

शब्दार्थ- सुयोग्य व्यक्ति, असल भाँडो, सत्पात्र व्यक्ति, दुवै तटका वीचको जल-प्रवाह, सुरो, मन्त्री ।

सुपुत्रः (ना./पुं.) सु शोभनः पुत्रः *(असल छोरो)* प्रा.त.स. =सुपुत्र ।

शब्दार्थ- असल छोरो, राम्रो वा योग्य पुत्र, सत्पुत्र ।

सुपुत्री (ना./स्त्री.) पुनाति, पूयते अनया इति वा *(पवित्र पार्छ वा पारिन्छ यसवाट)* पूञ् पवने (क्र्या.) धातु, पू+क्त्र[2] (त्र), उणा., ह्रस्व, पुत्र+ङीष् (ई), पुत्री । अथवा पू+ष्ट्रन् (त्र),उणा., ह्रस्व, पुत्र+ङीष् (ई), पुत्री । सु शोभना पुत्री *(असल छोरी)* प्रा.त.स.= सुपुत्री ।

शब्दार्थ- असल वा योग्य पुत्री, राम्री छोरी, लायक छोरी ।

सुपुरुषः (ना./पुं.) सु सुष्टु पुरुषः *(असल पुरुष)* प्रा.त.स. =सुपुरुष ।

शब्दार्थ- राम्रो पुरुष, असल मानिस ।

सुप्तः (वि.) स्वपिति स्म इति *(सुतेको)* ञिष्वप् शये (अदा.) धातु, स्वप्+क्त[3] (त), कर्तामा, सम्प्रसारणवाट[4] वको उ= सुप्त ।

शब्दार्थ- सुतेको, सुतिरहेको, सुप्तावस्थामा रहेको, निद्राग्रस्त, पल्टेको, लम्पसार परेको, वेहोस, निदाएको, निश्चेष्ट ।

सुप्ता (वि./स्त्री.) स्वपिति असौ *(सुत्तछे यो)* ञिष्वप् शये (अदा.) धातु, स्वप्+क्त (त), कर्तामा, सम्प्रसारणवाट वको उ, सुप्तः । सुप्त+टाप् (आ)= सुप्ता ।

शब्दार्थ- सुतेकी, निदाएकी, पल्टेकी, निद्राले ग्रस्त भएकी ।

सुप्तिः (ना./स्त्री.) सुप्यते इति *(सुत्नु)* ञिष्वप् शये (अदा.) धातु, स्वप्+क्तिन् (ति), सम्प्रसारणवाट वको उ= सुप्ति ।

शब्दार्थ- सुत्ने वा पल्टने क्रिया, निदाउने काम, निद्राले ग्रस्त पारेको अवस्था ।

सुप्तोत्थितः (वि.) सुप्तः उत्थितश्च येन (आदौ सुप्तः पश्चादुत्थितः) *(सुतेर उठेको)* ब.स., गुण=सुप्तोत्थित ।

शब्दार्थ- पहिले सुतको, पछि उठेको, सुतेर उठेको ।

सुप्रजाः (ना./पुं.) प्रजायते इति *(पैदा हुन्छ)* प्रपूर्वक जनी प्रादुर्भावे (दिवा.) धातु, प्र+जन्+ड (अ), टिलोप, प्रज+टाप् (आ), प्रजा । सु शोभना प्रजा यत्र *(असल प्रजा छन् जहाँ)* प्रा.ब.स[5]., उ.प.लोप, सुप्रजा+ असिच्[6] (अस्), समासान्त, सुप्रजस्= सुप्रजा ।

प्रजा स्यात् सन्ततौ जने- इत्यमरः

शब्दार्थ- असल प्रजा, राम्रो शीलस्वभाव भएका प्रजा ।

सुप्रतिष्ठा (ना./स्त्री.) प्रतिष्ठीयते इति *(सम्मान गरिन्छ)* प्रतिपूर्वक ष्ठा गतिनिवृत्तौ (भ्वा.) धातु, प्रति+स्था+ अङ्[7] (अ)+टाप् (आ), षत्व, ष्टुत्व, प्रतिष्ठा । सु सुष्ठु प्रतिष्ठा *(ज्यादै प्रतिष्ठा)* प्रा.त.स.= सुप्रतिष्ठा ।

शब्दार्थ- ज्यादै राम्रो प्रतिष्ठा, राम्ररी स्थापना गर्ने काम, ज्यादै ठूलो इज्जत, अति राम्रो ख्याति वा प्रसिद्धि, राम्रो सम्मान र मर्यादा ।

सुप्रतिष्ठितः (वि.) प्रतितिष्ठति स्म इति *(सम्मानित भएको)* प्रतिपूर्वक ष्ठा गतिनिवृत्तौ (भ्वा.) धातु, प्रति+स्था+क्त (त), कर्तामा, स्थाको इत्व[8], षत्व, ष्टुत्व, प्रतिष्ठितः ।

---

[1] अचो यत् : यत्
[2] पुवो ह्रश्वश्च : क्त्र, ह्रस्व
[3] गत्यर्थाकर्मक... : क्त
[4] वचिस्वपियजादीनाम्...: सम्प्रसारण
[5] प्रादिभ्यो धातुजस्य....: प्रा.ब.स., उ.प.लोप
[6] नित्यमसिच्प्रजामेधयोः : असिच्
[7] आतश्चोपसर्गे : अङ्
[8] द्यतिस्यतिमास्था... : इत्व

सु सुष्ठु प्रतिष्ठितः *(राम्रो प्रतिष्ठा पाएको)* प्रा.त.स. =सुप्रतिष्ठित ।

शब्दार्थ- राम्रो इज्जत वा प्रतिष्ठा पाएको, अतिप्रसिद्ध, सुविख्यात ।

सुप्रतिष्ठापितः (वि.) प्रतिष्ठाप्यते स्म इति *(स्थापना गरिएको)* प्रतिपूर्वक ष्ठा गतिनिवृत्तौ (भ्वा.) धातु, प्रति+स्था+णिचि, पुगागम, प्रतिष्ठापि+क्त (त), णिलोप, इडागम, षत्व, ष्टुत्व, प्रतिष्ठापितः । सु सुष्ठु प्रतिष्ठापितः **(राम्ररी स्थापना गरिएको)** प्रा.त.स[1].= सुप्रतिष्ठापित ।

शब्दार्थ- राम्ररी स्थापना गरिएको, राम्रो इज्जत वा सम्मान पाएको, राम्रो ख्याति प्राप्त गरेको ।

सुप्रदीप्तः (वि.) प्रकर्षेण दीप्यते स्म इति *(राम्ररी चम्केको)* प्रपूर्वक दीपी दीप्तौ (दिवा.) धातु, प्र+दीप्+क्त (त), कर्तामा, प्रदीप्तः । सु सुष्ठु प्रदीप्तः *(ज्यादै चम्किलो भएको)* प्रा.त.स.= सुप्रदीप्त ।

शब्दार्थ- ज्यादै प्रकाशित भएको, खुव चम्केको, अति चम्किलो, ज्यादै धपक्क वलेको ।

सुप्रभातम् (ना./न.) सु सुष्ठु प्रभातम् *(शुभदायक प्रातःकाल)* प्रा.त.स.= सुप्रभात ।

शब्दार्थ-शुभ-सूचक प्रातःकाल, कल्याणकारक प्रातःकाल,

सुप्रलापः (ना./पुं.) सु सुष्ठु प्रलपनम् *(राम्ररी उत्कृष्ट तरिकाले बोल्ने काम)* सु प्रपूर्वक लप व्यक्तायां वाचि (भ्वा.) धातु, सु+प्र+लप्+घञ् (अ), वृद्धि= सुप्रलाप ।

सुप्रलापः सुवचनम्- इत्यमरः

शब्दार्थ- राम्रो वोलीवचन, राम्ररी भन्ने काम, मीठो वोलीवचन, सुवचन ।

सुप्रशंसनीयः (वि.) प्रशंसितुं योग्यः *(प्रशंसा गर्न लायक)* प्रपूर्वक शंसु स्तुतौ (भ्वा.) धातु, प्र+शंस्+अनीय (र्), प्रशंसनीयः । सु सुष्ठु प्रशंसनीयः *(अत्यन्त प्रशंसा गर्न लायक)* प्रा.त.स.= सुप्रशंसनीय ।

शब्दार्थ- खुब प्रशंसा गर्न योग्य वा लायक, अत्यन्त प्रशंसनीय, अत्यन्त प्रशंसा गर्न योग्य ।

सुप्रसिद्धः (वि.) प्रसिध्यति स्म इति *(प्रसिद्ध भएको)* प्रपूर्वक षिधु संराद्धौ (दिवा.) धातु, प्र+सिध्+क्त (त), तको ध[2], जश्त्व, प्रसिद्धः । सु सुष्ठु प्रसिद्धः *(ज्यादै प्रसिद्ध)* प्रा.त.स.= सुप्रसिद्ध ।

शब्दार्थ- ज्यादै प्रसिद्ध भएको, ज्यादै नाउँ चलेको, अति विख्यात, सुविख्यात ।

सुप्रातः (ना./न.) सु शोभनं प्रातर् *(शुभप्रभात)* प्रा.त.स., सुप्रातर्+अच्[3] (समासान्त), टिलोप= सुप्रात ।

शब्दार्थ- शुभप्रभात, सुन्दर प्रातःकाल ।

सुब्राह्मणः (ना./पुं.) सु सुष्ठु ब्राह्मणः *(असल ब्राह्मण)* प्रा.त.स.= सुब्राह्मण ।

शब्दार्थ- राम्रो वा असल ब्राह्मण, सच्चरित्र ब्राह्मण ।

सुबुद्धिः (ना./स्त्री./वि.) सु शोभना बुद्धिः *(असल बुद्धि)* प्रा.त.स.= सुबुद्धि ।

अथवा सु शोभना बुद्धिर्यस्य *(राम्रो बुद्धि छ जसको)* ब.स.= सुबुद्धि ।

शब्दार्थ- रामो वा असल बुद्धि, उपयुक्त बुद्धि, राम्रो सद्बुद्धि भएको, बुद्धिमान्, ज्ञानवान् ।

सुबोधः (ना./पुं./वि.) सु सुष्ठु बोधः *(राम्रो ज्ञान वा बोध)* प्रा.त.स.= सुबोध ।

अथवा सु सुष्ठु बोधः यस्य *(राम्रो ज्ञान वा बोध छ यसको)* प्रा.ब.स., उ.प.लोप= सुबोध ।

शब्दार्थ- सद्ज्ञान, राम्रो बोध, असल ज्ञान, राम्रो ज्ञान भएको, राम्ररी बुझ्न सकिने ।

सुभगः (वि.) सु शोभनः भगः श्रीर्यस्य *(राम्रो समृद्धि वा भाग्य छ जसको)* प्रा.ब.स., उ.प.लोप= सुभग ।

शब्दार्थ- अतिसुन्दर, राम्रो समृद्धि भएको, भाग्यशाली, अतिप्रिय ।

सुभगा (ना./स्त्री.) सु सुष्ठु भगः यस्याः *(राम्रो सौभाग्य छ यस स्त्रीको)* प्रा.ब.स., सुभग+टाप् (आ)= सुभगा ।

शब्दार्थ- अतिसुन्दरी, सौभाग्यवती स्त्री, पुत्रवती नारी, अतिसुन्दरी स्त्री, सुखसमृद्धिले परिपूर्ण स्त्री ।

सुभटः (ना./पुं.) सु सुष्ठु भटतीति *(राम्ररी लड्छ वा युद्ध गर्छ)* सुपूर्वक भट भृतौ (भ्वा.) धातु, सु+भट्+अच् (पचादि)= सुभट ।

शब्दार्थ- वीरयोद्धा, महान् लडाका, राम्ररी युद्ध गर्न सक्ने सैनिक जवान ।

सुभद्रः (वि.) सु सुष्ठु भन्दते इति *(राम्रो कल्याण गर्छ)* सुपूर्वक भदि कल्याणे सुखे च (भ्वा.) धातु, सु+भन्द्+रक्[4] (र), उणा., नलोप= सुभद्र ।

शब्दार्थ- राम्रो कल्याण गर्ने, भलाइ गर्ने ।

सुभावना (ना./स्त्री.) सु सुष्ठु भावना *(राम्रो भावना)* प्रा.त.स.= सुभावना ।

शब्दार्थ- राम्रो विचारधारा, सद्भावना, असल विचार ।

सुभाषिन्/सुभाषी (वि.) सु सुष्ठु भाषितुं शीलमस्य *(राम्रो बोल्ने शील छ यसको)* सुपूर्वक भाष व्यक्तायां वाचि (भ्वा.) धातु, सु+भाष्+णिनि[5] (इन्), सुभाषिन् =सुभाषी

शब्दार्थ- राम्रो वोल्नें, मीठो वोलीवचन भएको, मिष्ठभाषी, वाग्मी, राम्ररी भाषण गर्ने ।

सुभाषिणी (ना./स्त्री.) सु सुष्ठु भाषितुं शीलमस्याः *(राम्ररी बोल्ने शील छ यस स्त्रीको)* सुपूर्वक भाष व्यक्तायां वाचि (भ्वा.) धातु, सु+भाष्+णिनि (इन्), सुभाषिन्+ ङीप् (ई), णत्व= सुभाषिणी ।

शब्दार्थ- राम्रो वोलीवचन भएकी स्त्री, मीठो वोली बोल्ने नारी, मधुर वाणी भएकी स्त्री ।

---

[1] कुगतिप्रादयः : प्रा.त.स.

[2] झषस्तथो... : तको ध

[3] सुप्रातसुश्वसुदिव...: अच्

[4] ऋज्रेन्द्राग्र... : रक्, नलोप

[5] सुप्यजातौ... : णिनि

सुभाषितः (वि./ना./न.) सु सुष्ठु भाष्यते स्म इति *(राम्ररी भनिएको)* सुपूर्वक भाष व्यक्तायां वाचि (भ्वा.) धातु, सु+भाष्+क्त (त), इडागम= सुभाषित ।

शब्दार्थ- राम्ररी भनिएको, सुन्दर तरिकाले व्यक्त गरिएको, राम्ररी भाषण गरिएको, मीठो ढङ्गले वताइएको, सुन्दर उक्ति वा कथन, सूक्ति ।

सुभिक्षः (ना./पुं.) सु सुष्ठु भिक्ष्यते इति *(राम्ररी भिक्षा माग्नु)* सुपूर्वक भिक्ष भिक्षायामलाभे लाभे च (भ्वा.) धातु, सु+भिक्ष्+घञ् (अ)= सुभिक्ष ।

शब्दार्थ- राम्ररी भिक्षा माग्ने काम, अन्नवाली पर्याप्त भएको समय, सहकाल, अन्नको प्रचुर राशि वा थुप्रो ।

सुभिक्षा (ना./स्त्री.) भिक्ष्यते इति *(भिक्षा माग्नु)* भिक्ष भिक्षायामलाभे लाभे च (भ्वा.) धातु, भिक्ष्+अ[१]+टाप् (आ), भिक्षा । सु सुष्ठु भिक्षा *(राम्रो भिक्षा)* प्रा.त.स. =सुभिक्षा ।

शब्दार्थ- राम्रो भिक्षा, राम्ररी भिक्षा माग्ने काम, सफल भिक्षा याचन ।

सुभ्रूः (ना./स्त्री.) सु शोभने भ्रुवौ यस्याः *(सुन्दर आँखीभौं छन् जसका)* व.स.= सुभ्रू ।

शब्दार्थ- राम्रा आँखीभौं भएकी स्त्री ।

सुमङ्गलम् (ना./न.) मङ्गति, मङ्ग्यते इति वा *(मङ्गल हुनु)* मगि सर्पणे (भ्वा.) धातु, नुम्, मङ्ग्+अलच्[२] (अल), उणा., मङ्गलम् । सु सुष्ठु मङ्गलम् (राम्रो मङ्गल) प्रा.त.स.= सुमङ्गल ।

शब्दार्थ- राम्रो मङ्गल वा कल्याण हुने काम, शुभ लक्षण भएको पदार्थ, कल्याणकारी कार्य ।

सुमङ्गला (ना./स्त्री.) मङ्गति, मङ्ग्यते इति *(मङ्गल हुनु)* मगि सर्पणे (भ्वा.) धातु, नुम्, मङ्ग्+अलच्[२] (अल), उणा., मङ्गलम् । सु सुष्ठु मङ्गलं यस्याः *(राम्रो सौभाग्य छ यसको)* प्रा.व.स., उ.प.लोप, सुमङ्गल+टाप् (आ)= सुमङ्गला ।

शब्दार्थ- सौभाग्यवती नारी, कल्याणवती स्त्री, मङ्गलयुक्त स्त्री ।

सुमङ्गली (ना./स्त्री.) सु सुष्ठु शोभनं वा मङ्गलम् अस्याः *(राम्रो मङ्गल कार्य छ यिनको)* प्रा.व.स., उ.प.लोप, सुमङ्गल+ङीष् (ई)= सुमङ्गली ।

सुमङ्गली वधूरियम् ।

शब्दार्थ- राम्रो मङ्गल कर्म गर्ने स्त्री, माङ्गलिक कर्म गर्ने नारी, विवाहमा सम्पन्न गरिने मङ्गल कार्य, वरले वधूलाई सिन्दूर हाल्दा उच्चारण गरिने मन्त्र ।

सुमधुरः (वि.) सु सुष्ठु मधुरः *(ज्यादै मधुर)* प्रा.त.स. =सुमधुर ।

शब्दार्थ- ज्यादै मीठो, अतिमधुर ।

सुमनः (ना./न./वि.) सु सुष्ठु मन्यते इति *(राम्रो ठान्दछ)* सुपूर्वक मन ज्ञाने (दिवा.) धातु, सु+मन्+अच् (पचादि)= सुमन । वा सु सुष्ठु मनः यस्य *(राम्रो मन छ जसको)* प्रा.व.स., उ.प.लोप= सुमन ।

गोधूमः सुमनः समौ- इत्यमरः

शब्दार्थ- गहूँ, गोधूम, फूल, पुष्प, राम्रो दिल, स्वच्छ मन, स्वच्छ वा प्रफुल्ल मन भएको ।

सुमनस्/सुमनाः (ना./पुं/स्त्री.) सुष्ठु मन्यते इति *(राम्रो ठान्छ)* सुपूर्वक मन ज्ञाने (दिवा.) धातु, सु+मन्+असुन्[३] (अस्), उणा., सुमनस्, सुमनाः= सुमन ।

सुमना पुष्पमालत्योः स्त्रियां वा धीरदेवयोः - इति मेदिनी

शब्दार्थ- फूल, कुसुम, पुष्प, मालती फूल, चमेली फूल, धीर पुरुष, देवता, सुन्दर, राम्रो मन, प्रसन्न मन ।

सुमन्त्रः (वि./ना./पुं.) सु सुष्ठु मन्त्रयति, मन्त्रयते इति वा *(राम्रो सल्लाह दिन्छ वा दिनु)* सुपूर्वक मत्रि गुप्तपरिभाषणे (चुरा.) धातु, सु+मन्त्र्+णिचि, सुमन्त्रि+अच् (पचादि/एरच्), णिलोप= सुमन्त्र ।

शब्दार्थ- प्रिय, राम्रो मन भएको, राम्रो सल्लाह दिने, असल मन्त्रणा, राम्रो परामर्श वा सुझाव, राजा दशरथका मन्त्री ।

सुमन्त्रणा (ना./स्त्री.) सुष्ठु मन्त्रयते इति *(राम्रो सल्लाह दिइन्छ)* सुपूर्वक मत्रि गुप्तपरिभाषणे (चुरा.) धातु, सु+मन्त्र्+णिचि+युच्[४] (अन)+टाप् (आ)= सुमन्त्रणा ।

शब्दार्थ- राम्रो सल्लाह, असल सुझाव, राम्रो परामर्श, राम्रो मन्त्रणा ।

सुमन्त्रितः (वि.) सुष्ठु मन्त्रयते इति *(राम्रो सल्लाह दिइएको)* सुपूर्वक मत्रि गुप्तपरिभाषणे (चुरा.) धातु, सु+मन्त्र्+क्त (त), इडागम= सुमन्त्रित ।

शब्दार्थ- राम्रो सल्लाह दिइएको, राम्रो सुझाव वा परामर्श प्रदान गरिएको ।

सुमर्षणः (वि.) सु सुखेन मृष्यते इति *(राम्ररी सहन गर्छ)* मृष तितिक्षायाम् (दिवा.) धातु, सु+मृष्+युच्[५] (अन), गुण= सुमर्षण ।

शब्दार्थ- सजिलै सहन गर्न सक्ने, सहनशील ।

सुमान्यः (वि.) सु सुष्ठु मानितुं योग्यः *(विशेष सम्मान गर्न लायक)* सुपूर्वक मान पूजायाम् (भ्वा.) धातु, सु+मान्+ण्यत् (य)= सुमान्य ।

शब्दार्थ-सम्माननीय, राम्रो सम्मान गर्न योग्य, प्रतिष्ठित ।

सुमार्गः (ना./पुं.) सु सुष्ठु मार्गः *(असल बाटो)* प्रा.त.स. =सुमार्ग ।

शब्दार्थ-राम्रो मार्ग, असल वाटो, सुपथ, सत्मार्ग, सदाचार

सुमुखः (वि./ना./पुं.) सु शोभनं मुखं यस्य *(राम्रो छ मुख जसको)* प्रा.व.स.= सुमुख ।

शब्दार्थ- सुन्दर अनुहार भएको, राम्रो मुख भएको, सुन्दर मुख, आकर्षक अनुहार, श्रीगणेश ।

---

[१] गुरोश्च हलः : अ

[२] मङ्गेरलच् : अलच्

[३] सर्वधातुभ्यः.. : असुन्

[४] ण्यासश्रन्थो...: युच्

[५] चलनशब्दार्था.../बहुलमन्यत्रापि : युच्

सुमुखी (ना./स्त्री.) सु शोभनं मुखं यस्याः सा *(राम्रो छ मुख जुन स्त्रीको)* प्रा.ब.स., सुमुख+ङीष् (ई)=सुमुखी ।
शब्दार्थ- सुन्दर मुख भएकी स्त्री, राम्रो अनुहारकी आइमाई, राम्री स्त्री, सुन्दरी नारी ।

सुमेधाः (वि.) सु सुष्ठु मेधा अस्य *(राम्रो वुद्धि छ यसको)* ब.स., असिच् (अस्), समासान्त, सुमेधस्= सुमेधा ।
शब्दार्थ- असल बुद्धि भएको, राम्रो वुद्धि भएको, सद्वुद्धि भएको, राम्रो धारणावती वुद्धि भएको ।

सुमेरुः (ना./पुं.) सुष्ठु मिनोति छिपति ज्योतींषि *(प्रकाश राम्ररी छर्छ)* सुपूर्वक डुमिञ् प्रक्षेपणे (स्वा.) धातु, सु+मि+रु[1] (उणा.)= सुमेरु ।
मेरुः सुमेरुर्हेमाद्री रत्नसानुः सुरालयः - इत्यमरः
शब्दार्थ- मेरुपर्वत, सुरालय, देवताहरूले सभा गर्ने ठाउँ, हेमाद्रि (सुनको पर्वत), रत्नैरत्नले भरिएको पर्वत, गजुर ।

सुयशः (ना./न.) सु सुष्ठु यशः *(राम्रो यश)* प्रा.त.स., सुयशस्= सुयश ।
शब्दार्थ- राम्रो यश वा कीर्ति, राम्ररी नाम चल्ने काम, उत्तम कीर्ति, राम्रो ख्याति ।

सुयोगः (ना./पुं.) सु सुष्ठु योगः *(राम्रो योग)* प्रा.त.स. =सुयोग ।
शब्दार्थ- असल वा राम्रो योग, शुभमुहूर्त, राम्रो संयोग ।

सुयोग्यः (वि.) सु सुष्ठु युज्यते, योक्तुं योग्यः इति वा *(राम्रो योग्यता हासिल गर्न योग्य)* सुपूर्वक युजिर् योगे (रुधा.) धातु, सु+युज्+ण्यत् (य), गुण, कुत्व=सुयोग्य ।
अथवा सुयोगमर्हतीति *(राम्ररी योग गर्न योग्य)* सुयोग+यत् (य)= सुयोग्य ।
शब्दार्थ- उपयुक्त योग्यता भएको, ज्यादै लायक वा योग्य, योगसाधना गर्न योग्य ।

सुयोधनः (वि./ना./पुं.) सु सुखेन युद्धचते असौ *(सजिलै युद्ध गर्न सक्छ यो)* युध सम्प्रहारे (दिवा.) धातु, सु+युध्+युच्[2] (अन)= सुयोधन ।
अथवा सु सुष्ठु योधनं यस्य सः *(राम्ररी युद्ध गर्ने कला छ जसको)* सु+योधन, प्रा.व.स.= सुयोधन ।
शब्दार्थ- राम्ररी युद्ध गर्न सक्ने, युद्धकलामा निपुण, महायोद्धा, अत्यन्त राम्रो लडाका, धृतराष्ट्रको पुत्र दुर्योधन ।

सुरः (ना./पुं.) सु सुष्ठु राति ददाति अभीष्टम् *(राम्ररी अभीष्ट कुरा दिन्छन्)* सुपूर्वक रा दाने (अदा.) धातु, सु+रा+क[3] (अ), आलोप= सुर ।
अथवा सुरन्तीति *(ऐश्वर्य प्रदान गर्दछन्)* षुर ऐश्वर्य दीप्त्योः (तुदा.) धातु, सत्व, सुर्+क (अ)= सुर ।
अथवा सु शोभनं राजते इति *(राम्ररी सुशोभित हुन्छ)* सुपूर्वक राजृ दीप्तौ (भ्वा.) धातु, सु+राज्+ड[4] (अ), टिलोप= सुर ।
अथवा सुनोतीति *(सुरा सन्धान गर्छ)* षुञ् अभिषवे (स्वा.) धातु, सु+क्रन्[5] (र), उणा.= सुर ।
शब्दार्थ- देवता, विवुध, देव, मुनि, सूर्य, आदित्य ।

सुरक्षणम् (ना./न.) सु सुष्ठु रक्ष्यते इति *(राम्ररी रक्षा गरिन्छ)* सुपूर्वक रक्ष पालने (भ्वा.) धातु, सु+रक्ष्+ल्युट् (अन), णत्व= सुरक्षण ।
शब्दार्थ- राम्ररी रक्षा गर्ने काम, राम्ररी वचाउ गर्ने क्रिया, राम्रो प्याकवन्दी ।

सुरक्षा (ना./स्त्री.) सु सुष्ठु रक्ष्यते इति *(राम्ररी सुरक्षा गरिन्छ)* सुपूर्वक रक्ष पालने (भ्वा.) धातु, सु+रक्ष्+अङ्[6] (अ), सुरक्ष+टाप् (आ)= सुरक्षा ।
शब्दार्थ- राम्ररी रक्षा गर्ने काम, राम्रो वचाउ, समुचित ढङ्गको रक्षाविधि ।

सुरक्षात्मकः (वि.) सुरक्षा आत्मा यस्य *(सुरक्षा नै मुख्य छ जसको)* सुरक्षा+आत्मन्, ब.स., दीर्घ, सुरक्षात्मन्+कप् (क), समासान्त= सुरक्षात्मक ।
शब्दार्थ- सुरक्षाका लागि राम्रो उपाय गरिएको, सुरक्षाको राम्रो प्रवन्ध भएको, सुरक्षासम्वन्धी ।

सुरगजः (ना./पुं.) सुराणां गजः *(देवताहरूको हात्ती)* ष.त.स. = सुरगज ।
शब्दार्थ- देवताको हात्ती, ऐरावत, इन्द्रको हात्ती ।

सुरगणः (ना./पुं.) सुराणां गणः *(देवताको गण)* ष.त.स. = सुरगण ।
शब्दार्थ- देवगण, अमरगण, सुरसमुदाय ।

सुरगुरुः (ना./पुं.) सुराणां गुरुः *(देवताहरूका गुरु)* ष.त.स. = सुरगुरु ।
शब्दार्थ- देवताहरूका गुरु, देवगुरु, वृहस्पति, सुराचार्य ।

सुरङ्गः (ना./पुं/वि.) सु सुष्ठु रङ्गः *(राम्रो रङ्ग)* प्रा.त.स. =सुरङ्ग ।
अथवा सु शोभनः रङ्गः यस्य *(राम्रो रङ्ग छ यसको)* व.स.= सुरङ्ग ।
शब्दार्थ- राम्रो रङ्ग, असल रङ, सिन्दूर, राम्रो रङ भएको, सुन्दर वर्ण भएको ।

सुरतम् (ना./न.) सुष्ठु रमणमिति *(राम्ररी रमण गर्नु)* सुपूर्वक रमु क्रीडायाम् (भ्वा.) धातु, सु+रम्+क्त[7] (त), भावमा= सुरत ।
शब्दार्थ- रतिक्रीडा, मैथुन, यौनक्रीडा, गाढा अनुराग ।

सुरतरङ्गिणी (ना./स्त्री.) तरङ्गाः सन्ति अस्याम् *(तरङ्ग छन् यसका)* तरङ्ग+इनि (इन्), णत्व, ङीप् (ई), तरङ्गिणी । सुराणां तरङ्गिणी *(देवताहरूको नदी)* ष.त.स.=सुरतरङ्गिणी ।
शब्दार्थ- देवनदी, आकाशगङ्गा, भागरथीगङ्गा ।

---

[1] मिपीभ्यां रुः : रु
[2] भाषायां शासियुधि...(वा.) : युच्
[3] आतश्चोपसर्गे... : क
[4] अन्येष्वपि... : ड
[5] सुसूधागृधिभ्य...: क्रन्
[6] गुरोश्च हलः : अङ्
[7] नपुंसके भावे... : क्त

सुरतरुः (ना./पुं.) सुराणां तरुः *(देवताहरूको वृक्ष)* ष.त.स. = सुरतरु ।

शब्दार्थ- देववृक्ष, कल्पतरु, कल्पवृक्ष, पारिजात ।

सुरतसुन्दरी (ना./स्त्री.) सुरते सुन्दरी *(रतिक्रीडामा निपुण स्त्री)* ष.त.स.= सुरतसुन्दरी ।

शब्दार्थ- विलासप्रिय स्त्री, वेश्या, रतिक्रीडामा निपुण स्त्री ।

सुरद्विष्/सुरद्विट् (ना./पुं.) सुरान् द्वेष्टि इति *(देवताहरूलाई द्वेष गर्छ)* सुरपूर्वक द्विष अप्रीतौ (अदा.) धातु, सुर+द्विष् (क्विप्), सुरद्विष्, ष्टुत्व=सुरद्विट्

शब्दार्थ- देवताहरूको द्रोह गर्ने असुर, देवताका शत्रु, राक्षस, दानव, दैत्य ।

सुरधनुः (ना./न.) सुराणां धनुः *(देवताहरूको धनु)* ष.त.स.= सुरधनु ।

शब्दार्थ- इन्द्रधनु, वज्र, इन्द्रेणी ।

सुरधाम (ना./न.) सुराणां धाम *(देवताहरूको धाम)* ष.त.स.= सुरधाम ।

शब्दार्थ- देवलोक, स्वर्ग, त्रिदिव, सुरालय ।

सुरधेनुः (ना./स्त्री.) सुराणां धेनुः *(देवताकी गाई)* ष.त.स. =सुरधेनु ।

शब्दार्थ- कामधेनु ।

सुरनारी (ना./स्त्री.) सुराणां नारी *(देवताकी स्त्री)* ष.त.स.= सुरनारी ।

शब्दार्थ- देवाङ्गना, देवनारी, देववधू, अप्सरा ।

सुरपतिः (ना./पुं.) सुराणां पतिः *(देवताहरूका स्वामी)* ष.त.स.= सुरपति ।

शब्दार्थ- देवताहरूका पति, इन्द्र ।

सुरपुरी (ना./स्त्री.) सुराणां पुरी *(देवताहरूको नगरी)* ष.त.स.= सुरपुरी ।

शब्दार्थ- स्वर्गलोक, अमरावती, देवनगरी ।

सुरप्रिया (ना./स्त्री.) सुराणां प्रिया *(देवताकी प्रिया)* ष.त.स.= सुरप्रिया ।

शब्दार्थ- अप्सरा, स्वर्गका स्त्री, देवनारी ।

सुरभिः (ना.त्रि./वि.) सुष्ठु रभते, रभ्यते इति वा *(सुगन्ध फैलन्छ,फैलिनु)* रभ राभस्ये (भ्वा.) धातु, सु+रभ्+इन्[1] (इ), उणा.= सुरभि ।

सुरभिः शल्लकी मातृभिन्सुरागोषु योषिति
चम्पके च वसन्ते च तथा जातीफले पुमान् ।
स्वर्णे गन्धोत्पले क्लीवं सुगन्धिकान्तयोस्त्रिषु
विख्याते सचिवे धीरे चैत्रेऽपि च पुमानयम्- इति मेदिनी

शब्दार्थ- वसन्त ऋतु, चैत्र र वैशाख, कामधेनु गाई, चाँप, साल, जाइफल, सुन, वास्ना आउने कमल, तुलसी, सुगन्ध, वास्ना, रमणीय, सुन्दर, विख्यात ।

सुरभितः (वि.) सुरभिः सञ्जातः अस्य *(सुगन्ध फैलिएको छ यसको)* सुरभि+इतच्[2] (इत), इकारलोप=सुरभित ।

शब्दार्थ- सुगन्धित, वास्नादार, सुगन्धयुक्त, वास्ना फैलिएको ।

सुरम्यः (वि.) सुष्ठु रम्यते, रन्तुं योग्यः इति वा *(रमण गर्न योग्य)* सुपूर्वक रमु क्रीडायाम् (भ्वा.) धातु, सु+रम्+यत्[3] (य)= सुरम्य ।

शब्दार्थ- ज्यादै रमणीय, अतिराम्रो, अत्यन्त सुन्दर, रमण गर्न लायक ।

सुरराजः (ना./पुं.) सुराणां राजा *(देवताहरूका राजा)* ष.त.स.= सुरराज ।

शब्दार्थ- देवराज, इन्द्र, देवताहरूका राजा, सुरपति ।

सुरलोकः (ना./पुं.) सुराणां लोकः *(देवताहरूको लोक)* ष.त.स.= सुरलोक ।

शब्दार्थ- देवलोक, स्वर्गलोक, देवताहरूको निवासस्थल ।

सुरवर्त्म (ना./न.) सुराणां वर्त्म *(देवताहरूको मार्ग)* ष.त.स.= सुरवर्त्म ।

शब्दार्थ- देवताहरू हिँड्ने वाटो, आकाश ।

सुरशत्रुः (ना./पुं.) सुराणां शत्रुः *(देवताहरूका शत्रु)* ष.त.स.= सुरशत्रु ।

शब्दार्थ- देवताका वैरी, देवताका शत्रु, असुर, दानव, राक्षस आदि ।

सुरसः (वि./ना./पुं.) सु सुष्ठु रसः यस्य *(राम्रो छ रस यसको)* प्रा.व.स.= सुरस ।

अथवा सु सुष्ठु रसः *(मीठो रस)* प्रा.त.स.= सुरस ।

शब्दार्थ- मीठो रस भएको, रसिलो, स्वादयुक्त, स्वादिष्ठ, आनन्द, मीठो रस, स्वादिष्ट रस ।

सुरसरित्/सुरसिन्धुः (ना./स्त्री.) सुराणां सरित्/सुराणां सिन्धुः *(देवताको नदी)* ष.त.स.= सुरसरित्/सुरसिन्धु ।

शब्दार्थ- स्वर्गङ्गा, मन्दाकिनी, सुरदीर्घिका ।

सुरसा (ना./स्त्री./वि.) सु शोभना रसः अस्याः *(राम्रो छ रस यसको)* ब.स., सुरस+टाप् (आ)= सुरसा ।

सुरसं तु त्रिषु स्वादौ पर्णासे तु नपुंसकम्
स्त्री रास्ना नागमात्रोश्च- इति मेदिनी

शब्दार्थ- कालो वावरी, तीतेपाती, नागहरूकी आमा, सुगन्धा, मीठो स्वाद भएको, रसिलो ।

सुरसुन्दरी (ना./स्त्री.) सुरणां सुन्दरी *(देवताहरूकी सुन्दरीहरू)* ष.त.स.= सुरसुन्दरी ।

शब्दार्थ- देवाङ्गना, देवकन्या, देवपत्नी, अप्सरा ।

सुरा (ना./स्त्री.) सु अतीव रातीति *(ज्यादै उन्मादकता पैदा गर्छ)* सुपूर्वक रा दाने (अदा.) धातु, सु+रा+क[4] (अ)+टाप् (आ)= सुरा ।

अथवा सु अतीव रायति अनया *(ज्यादै कोलाहल हुन्छ यसबाट)* रै शब्दे (भ्वा.) धातु, आत्व, सु+रा+अङ्[4] (अ), आलोप, सुर+टाप् (आ)= सुरा ।

---

[1] सर्वधातुभ्य... : इन्

[2] तदस्य सञ्जातम्... : इतच्

[3] पोरदुपधात् : यत्

[4] आतश्चोपसर्गे : क/अङ्

अथवा सुनोतीति *(उन्मादकता पैदा गर्छ)* षुञ् अभिषवे (सुरासन्धाने) (स्वा.) धातु, सत्त्व, सु+क्रन्[1] (र), उणा., सुर+टाप् (आ)= सुरा ।

सुरा चषकमध्ययोः - इति मेदिनी

शब्दार्थ- मदिरा, मद्य, सोमरस, जाँडरक्सी, मदिरापान गर्ने भाँडो या पानपात्र ।

सुराचार्यः (ना./पुं.) सुराणामाचार्यः *(देवताहरूका आचार्य)* सुर+आचार्य, ष.त.स., दीर्घ= सुराचार्य ।

शब्दार्थ- देवगुरु, सुरगुरु, वृहस्पति ।

सुराङ्गना (ना./स्त्री.) सुराणामङ्गना *(देवताका स्त्रीहरू)* सुर +अङ्गना, ष.त.स., दीर्घ= सुराङ्गना ।

शब्दार्थ-देवाङ्गना, सुरसुन्दरी, देवकन्या, देवपत्नी, सुरवधू

सुराजा (ना./पुं.) सु शोभनः राजा *(राम्रो राजा)* प्रा.त.स[2]., सुराजन्= सुराजा ।

शब्दार्थ- असल राजा, जनताको भलाइ गर्ने राजा ।

सुराज्यम् (ना./न.) सु सुष्टु राज्यम् *(राम्रो राज्य)* प्रा.त.स.= सुराज्य ।

शब्दार्थ- असल राज्य, सुखसुविधा सम्पन्न राज्य, जनसाधारणले सुख भोग्न पाउने राज्य ।

सुराध्यक्षः (ना./पुं.) सुराणामध्यक्षः *(देवताहरूका अध्यक्ष)* ष.त.स.= सुराध्यक्ष ।

शब्दार्थ- लोकपालादि देवताका अध्यक्ष, लोकका अधिपति, धर्माधिकारी, विष्णु ।

सुरापी (वि./स्त्री.) सुरां पिबतीति *(सुरा पान गर्छ)* सुरा उपपदमा हुने पा पाने (भ्वा.) धातु, सुरा+पा+ष्टक्[3] (अ), आलोप, ङीष् (ई)= सुरापी ।

शब्दार्थ- जँडचाही (आइमाई), सुरापान गर्ने (स्त्री), मदिरा पान गर्ने (नारी) ।

सुरारिः (ना./पुं.) सुराणामरिः *(देवताका शत्रु)* सुर+अरि, ष.त.स., दीर्घ= सुरारि ।

शब्दार्थ- देवताका शत्रु, दैत्य, दानव, राक्षस, असुर ।

सुरालयः (ना./पुं.) सुराणामालयः *(देवताहरूको घर)* सुर +आलय, ष.त.स., दीर्घ= सुरालय ।

अथवा सुरायाः मदिरायाः आलयः *(मदिराको भट्टी)* ष.त.स., दीर्घ= सुरालय ।

शब्दार्थ- स्वर्ग, सुरलोक, देवलोक, सुमेरु पर्वत, मदिरा वनाउने ठाउँ, मदभट्टी, सरावखाना ।

सुरुचिः (ना./स्त्री.) सु सुष्ठु रुचिः *(राम्रो रुचि)* प्रा.त.स. =सुरुचि ।

अथवा सु शोभना रुचिरस्याः *(राम्रो दीप्ति छ यसको)* ब.स.= सुरुचि ।

शब्दार्थ- राम्ररी रुचि लाग्ने काम, खाने काम, राम्ररी रुचि हुने क्रिया, राम्रो दीप्ति वा प्रकाश, राजा उत्तानपादकी कान्छी महारानी, ध्रुवकी सौतेनी आमा ।

द्रष्टव्य- जाये उत्तानपादस्य सुनीतिः सुरुचिस्तयोः ।
सुरुचिः प्रेयसी पत्युर्नेतरा यत्सुतो ध्रुवः- श्रीमद्भा. ४/८/८

सुरूपः (वि./ना./न.) सु शोभनं रूपं यस्य *(राम्रो छ रूप जसको)* प्रा.ब.स.= सुरूप ।

अथवा सु सुष्ठु रूपम् *(राम्रो रूप)* प्रा.त.स.= सुरूप ।

शब्दार्थ- राम्रो रूप भएको, राम्रो अनुहारको, राम्रो रूप वा अनुहार ।

सुरूपा (वि./ना./स्त्री.) सु शोभनं रूपं यस्याः *(राम्रो रूप छ जुन स्त्रीको)* प्रा.ब.स., सुरूप+टाप् (आ) =सुरूपा ।

शब्दार्थ- राम्रो रूप भएकी, राम्रो अनुहार भएकी, सुन्दरी स्त्री, ज्यादै राम्री आईमाई ।

सुरेन्द्रः (ना./पुं.) सुराणां इन्द्रः *(देवताका राजा इन्द्र)* ष.त.स., गुण= सुरेन्द्र ।

शब्दार्थ- देवराज, देवेन्द्र, सुरपति, ऐश्वर्यशाली व्यक्ति ।

सुरेशः/ सुरेश्वरः (ना./पुं.) सुराणामीशः/सुराणामीश्वरः *(देवताका स्वामी वा ईश्वर)* सुर+ईश/सुर+ईश्वरः ष.त.स., गुण= सुरेश ।

शब्दार्थ- सुरपति, देवेन्द्र, देवाधिपति, सुरेन्द्र, विष्णु ।

सुलक्षणः (वि./ना./न.) सु शोभनं लक्षणं यस्य *(राम्रो छ लक्षण जसको)* प्रा.ब.स.= सुलक्षण ।

अथवा सु सुष्टु लक्षणम् *(राम्रो लक्षण)* प्रा.त.स. = सुलक्षण ।

शब्दार्थ- राम्रो लक्षण भएको, शुभ लक्षणले परिपूर्ण, राम्रो वा असल लक्षण, शुभ लक्षण ।

सुलक्षणा (ना./स्त्री.) सु शोभनं लक्षणं यस्याः सा *(राम्रो छ लक्षण जुन स्त्रीको)* प्रा.ब.स., सुलक्षण+टाप् (आ) =सुलक्षणा ।

शब्दार्थ- राम्रो लक्षण भएकी स्त्री, ज्यादै राम्रो लच्छिनकी आइमाई ।

सुलभः (वि.) सु सुखेन लभ्यते इति *(सजिलै पाइन्छ)* सुपूर्वक डुलभष् प्राप्तौ (भ्वा.) धातु, सु+लभ्+खल्[4] (अ)= सुलभ ।

शब्दार्थ-सजिलै पाइने, पाउन कठिन नपर्ने, सुगम, सहज ।

सुलभता (ना./स्त्री.) सुलभस्य भावः *(सुलभ हुनाको भाव वा अवस्था)* सुलभ+तल् (त)+टाप् (आ)= सुलभता ।

शब्दार्थ- सहजपना, सरलता, सजिलै पाउन सक्ने अवस्था ।

सुलभ्यः (वि.) सु सुखेन लब्धुं योग्यः *(सजिलै पाउन योग्य)* सुपूर्वक डुलभष् प्राप्तौ (भ्वा.) धातु, सु+लभ्+ यत्[5] (य)= सुलभ्य ।

शब्दार्थ- सजिलै पाइने, सुलभ, सुगम ।

---

[1] सुसूधागृधिभ्यः...: क्रन्

[2] कुगतिप्रादय : प्रा.त.स.

[3] गापोष्टक् : ष्टक्

[4] ईषद्दुःसुषु... : खल्

[5] पोरदुपधात् : यत्

सुलेखः (ना./पुं.) सु सुष्ठु लेखः *(राम्रो लेख)* प्रा.त.स[1]. =सुलेख ।

शब्दार्थ- राम्रो लेख, सुन्दर लेख वा रचना, राम्रो पाण्डुलिपि ।

सुलोचनः (ना./पुं.) सु सुष्ठु लोचने यस्य *(राम्रा छन् लोचन जसका)* व.स.= सुलोचन ।

शब्दार्थ- सुन्दर आँखावाला पुरुष, राम्रा नेत्र हुने पुरुष ।

सुलोचना (वि./ना./स्त्री.) सु शोभने लोचने यस्याः *(राम्रा आँखा छन् जुन स्त्रीका)* व.स., सुलोचन+टाप् (आ) =सुलोचना ।

शब्दार्थ- राम्रा आँखा भएकी, सुनयना, सुन्दर लोचन भएकी आइमाई ।

सुवचनम् (ना./न.) सु सुष्टु वचनम् *(राम्रो बोलीवचन)* क.त.स.= सुवचन ।

शब्दार्थ- राम्रो वोली, मधुर वाणी, मीठो वचन ।

सुवदना (ना./स्त्री.) सु सुष्ठु वदनं यस्याः *(सुन्दर वदन छ जुन स्त्रीको)* प्रा.व.स., सुवदन+टाप् (आ) =सुवदना ।

शब्दार्थ- सुन्दर वदन भएकी स्त्री, राम्रो अनुहारकी नारी, सुमुखी, राम्रो मुहारकी आइमाई ।

सुवर्णः (ना./न./पुं.) सु शोभनः वर्णः *(राम्रो वर्ण)* प्रा.त.स.= सुवर्ण ।

अथवा सु सुष्ठु वर्ण्यते इति *(राम्रो वर्ण हुनु)* वर्ण वर्णक्रियाविस्तारगुणवचनेषु (चुरा.) धातु, सु+वर्ण+णिचि+अच् (एरच्), णिलोप= सुवर्ण ।

स्वर्णं सुवर्णं कनकं हिराण्यं हेम हाटकम्- इत्यमरः

शब्दार्थ- सुन, स्वर्ण, हिरण्य, काञ्चन, राम्रो वर्ण ।

सुवर्णकारः (ना./पुं.) सुवर्णं करोतीति *(सुनको काम गर्छ)* सुवर्णपूर्वक डुकृञ् करणे (तना.) धातु, सुवर्ण+कृ+अण्[2] (अ), वृद्धि= सुवर्णकार ।

शब्दार्थ- सुनको काम गर्ने कालिगड, गहना वनाउने वाणा, सुनार ।

सुवर्णमयः (वि.) सुवर्णस्य विकारः *(सुनको विकार)* सुवर्ण+मयट् (मय)= सुवर्णमय ।

अथवा प्रकृतं प्रचुरं सुवर्णम् *(ज्यादै सुन, ज्यादै सुवर्ण राशि)* सुवर्ण+मयट् (मय)= सुवर्णमय ।

शब्दार्थ-सुनैसुनले भरिएको, सुनैसुनले रचित, स्वर्णमय ।

सुवर्णवर्णः (वि./ना./पुं.) सुवर्णवत् वर्णः यस्य *(सुनको जस्तो वर्ण छ जसको)* व.स.= सुवर्णवर्ण ।

शब्दार्थ- राम्रो वर्ण भएको, सुनजस्तो पहेंलो वर्ण भएको, सुनको जस्तो वर्ण हुने भगवान् विष्णु, पिताम्वरधारी विष्णु, वेसार ।

सुवर्णा (ना./स्त्री.) सु शोभनः वर्णः यस्याः सा *(अत्यन्त राम्रो वर्ण छ यस स्त्रीको)* प्रा.ब.स., उ.प.लोप, सुवर्ण+टाप् (आ)= सुवर्णा ।

शब्दार्थ- राम्रो वर्ण भएकी स्त्री, पहेलो वर्णकी आइमाई ।

सुवासः (ना./पुं.) सु सुष्ठु वासः *(राम्रो बास्ना, सुन्दर वास)* प्रा.त.स.= सुवास ।

शब्दार्थ- मीठो वास्ना, सुन्दर वास्ना, मीठो, सुगन्ध, राम्रो निवासस्थान ।

सुवासितः (वि.) सु सुष्ठु वास्यते स्म इति *(राम्रो बास्ना आउने बनाइएको)* सुपूर्वक वस स्नेहच्छेदापहरणेषु (चुरा.) वा वस निवासे (भ्वा.) धातु, सु+वस्+णिचि, वृद्धि, सुवासि+क्त (त), इडागम, णिलोप= सुवासित ।

शब्दार्थ- मीठो वास्ना आउने वनाइएको, सुन्दर वास्ना आउने पारिएको, मगमग वास्ना चलेको, राम्ररी वसाइएको ।

सुवासिनी (ना./स्त्री.) सु अतीव वस्तुं पितृगृहे स्थातुम् शीलमस्याः *(वयस्क हुँदा पनि पितृगृहमा बस्ने शील वा आदत छ यस स्त्रीको)* सुपूर्वक वस निवासे (भ्वा.) धातु, सु+वस्+णिनि[3] (इन्), वृद्धि, सुवासिन्+ङीष् (ई) =सुवासिनी ।

शब्दार्थ- पूर्ण वयस्क भएपछि पनि पितृगृहमा वस्ने स्त्री, ठूली हुँदा पनि माइतै वस्ने स्त्री, सधवा युवती ।

सुविख्यातः (वि.) विख्यायते स्म इति *(प्रसिद्ध भएको)* विपूर्वक ख्या प्रकथने वा चक्षिङ् व्यक्तायां वाचि (ख्याञादेश) (अदा.) धातु, वि+ख्या+क्त (त), विख्यातः । सु सुष्ठु विख्यातः *(ज्यादै विख्यात)* प्रा.त.स.=सुविख्यात ।

शब्दार्थ- ज्यादै प्रसिद्ध, ज्यादै प्रख्यात, खुव नाउँ चलेको, अतिख्याति प्राप्त ।

सुविचारः (ना./पुं.) सु सुष्ठु विचारः *(राम्रो विचार)* प्रा.त.स.= सुविचार ।

शब्दार्थ-राम्रो वा असल विचार, सद्विचार, असल भावना ।

सुविधा (ना./स्त्री.) सु विधीयन्ते कर्माणि अनया *(यसद्वारा कर्महरू राम्ररी सम्पन्न गरिन्छन्)* सु विपूर्वक डुधाञ् धारणपोषणयोः (जुहो.) धातु, सु+वि+धा+अङ्[4] (अ), आलोप, सुविध+टाप् (आ)= सुविधा ।

अथवा सु सुष्ठु विधा *(राम्रो विधा वा अवस्था)* प्रा.त.स.= सुविधा ।

शब्दार्थ-राम्रो वातावरण वा अवस्था, कुनै काम गर्नको लागि सहज वातावरण, सजिलो स्थिति, सुविस्ता ।

सुविधाभोगी (वि.) सुविधां भोक्तुं शीलमस्याः *(सुविधा भोग गर्ने शील छ यसको)* सुविधापूर्वक भुज पालनाभ्यवहारयोः (रुधा.) धातु, सुविधा+भुज्+णिनि (इन्), गुण, कुत्व, सुविधाभोगिन्= सुविधाभोगी ।

शब्दार्थ- सुविधा उपभोग गर्ने, सुविधा उपभोग गर्न पाउने ।

---

[1] कुगतिप्रादयः : प्रा.त.स.

[3] सुप्यजातौ... : णिनि

[2] कर्मण्यण् : अण्

[4] आतश्चोपसर्गे : अङ्

सुविधिः (ना./पुं.) विधीयते इति *(विधान गरिन्छ)* विपूर्वक डुधाञ् धारणपोषणयोः (जुहो.) धातु, वि+धा+कि[1] (इ), आलोप, विधिः । सुष्ठु विधिः *(राम्रो विधान)* प्रा.त.स[2].= सुविधि ।

विधिर्ना नियतौ काले विधाने परमेष्ठिनि- इति मेदिनी

शब्दार्थ- राम्रो विधि, असल विधान, राम्रो नीतिनियम, सद्विधि ।

सुवीरः (ना./पुं.) सु सुष्ठु वीरः *(ज्यादै वीर)* प्रा.त.स =सुवीर

शब्दार्थ- ज्यादै वीर, अत्यन्त पराक्रमी, महान् वीर ।

सुवृत्तः (वि.) सु शोभनं वृत्तं व्यवहारं यस्य *(राम्रो चालचलन छ जसको)* प्रा.ब.स[3]., उ.प.लोप=सुवृत्त ।

शब्दार्थ- राम्रो व्यवहार भएको, उत्तम चरित्र भएको, स्वच्छ आचरण भएको ।

सुवृत्तिः (ना./स्त्री.) सु सुष्ठु वृत्तिः *(राम्रो वृत्ति)* प्रा.त.स. =सुवृत्ति ।

शब्दार्थ- सत्वृत्ति, सदाचार, राम्रो व्यवहार ।

सुवेशः/सुवेषः (ना./पुं.) सु सुष्ठु वेशः/वेषः *(राम्रो वेश)* प्रा.त.स.= सुवेश/सुवेष ।

शब्दार्थ- राम्रो वेशभूषा, असल वेश, आकर्षक पहिरन, सुन्दर वेशभूषा ।

सुव्यवस्था (ना./स्त्री.) व्यवस्थीयते इति *(व्यवस्था गरिन्छ)* ष्ठा गतिनिवृत्तौ (भ्वा.) धातु, वि+अव+स्था +अङ् (अ), टाप् (आ), विको यण्, व्यवस्था । सु सुष्ठु व्यवस्था *(राम्रो व्यवस्था)* प्रा.त.स.= सुव्यवस्था ।

शब्दार्थ- राम्रो वन्दोवस्त, राम्रो प्रवन्ध, राम्रो व्यवस्था गर्ने काम ।

सुव्यवस्थितः (वि.) सु सुष्ठु व्यवस्थितः **(राम्रो व्यवस्था गरिएको)** प्रा.त.स.= सुव्यवस्थित ।

शब्दार्थ- राम्रो व्यवस्था गरिएको, राम्रो वन्दोवस्त मिलाइएको ।

सुशासनम् (ना./न.) सु सुष्ठु शासनम् *(असल शासन)* प्रा.त.स.= सुशासन ।

शब्दार्थ- राम्रो शासन, स्वच्छ शासन प्रणाली, उत्तम ढङ्गको शासन व्यवस्था ।

सुशासितः (वि.) सु सुष्ठु शास्यते स्म इति *(राम्ररी शासन गरिएको)* सुपूर्वक शासु अनुशिष्टौ (अदा.) धातु, सु+शास्+क्त (त), इडागम= सुशासित ।

शब्दार्थ- राम्रोसित शासन गरिएको, राम्रो तरिकाले शासन सञ्चालन गरिएको ।

सुशिक्षकः (ना./पुं.) सु शोभनः शिक्षकः *(असल शिक्षक)* प्रा.त.स.= सुशिक्षक ।

शब्दार्थ- राम्रो शिक्षक, असल शिक्षक, राम्ररी पढाउन सक्ने शिक्षक ।

सुशिक्षा (ना./स्त्री.) सुष्ठु शिक्षा *(राम्रो शिक्षा)* प्रा.त.स. =सुशिक्षा ।

शब्दार्थ- राम्रो शिक्षा, असल शिक्षा प्रणाली ।

सुशिक्षितः (-वि.) सु सुष्ठु शिक्षितः *(राम्ररी शिक्षा पाएको)* प्रा.त.स.= सुशिक्षित ।

शब्दार्थ- धेरै पढेलेखेको, ज्यादै शिक्षित, राम्रो शिक्षा पाएको

सुशीलः (वि.) सु शोभनं शीलमस्य *(राम्रो शीलस्वभाव छ यसको)* प्रा.ब.स.= सुशील ।

शब्दार्थ- राम्रो शीलस्वभाव भएको, सच्चरित्रवान्, असल चालचलन र व्यवहार भएको ।

सुशीला (ना./स्त्री.) सु शोभनं शीलमस्याः *(राम्रो शील स्वभाव छ यस स्त्रीको)* सुशील+टाप् (आ)= सुशिला ।

शब्दार्थ- राम्रो शीलस्वभाव भएकी स्त्री, सच्चरित्रवती नारी, शीलवती स्त्री ।

उदा. **पत्नी सुशीला घरमा रमा सरी**
आनन्द दिन्ये नृपलाई वेसरी- आ.रा. २/१४

सुशोभनः (वि.) सु सुष्ठु शोभनमस्य *(राम्रो शोभा छ यसको)* प्रा.व.स.= सुशोभन ।

शब्दार्थ- राम्रो शोभा भएको, शोभाले परिपूर्ण, अति मनोहर, रमणीय शोभाले सुशोभित ।

सुशोभितः (वि.) शोभा सञ्जाता अस्य (*शोभा पैदा भएको छ यसको)* शोभा+इतच् (इत), शोभितः । सुष्ठु शोभितः *(राम्रो शोभा पाएको)* प्रा.त.स.= सुशोभित ।

शब्दार्थ- ज्यादै शोभा पाएको, अत्यन्त शोभायमान, ज्यादै राम्रो लाग्ने, खुव सुहाएको ।

सुश्रीः (ना./स्त्री./वि.) सु सुष्ठु श्रीः *(राम्रो शोभा)* प्रा.त.स.= सुश्री ।

अथवा सु शोभना श्रीर्यस्याः *(अति राम्रो शोभा छ यस स्त्रीको)* प्रा.व.स.= सुश्री ।

शब्दार्थ- राम्रो शोभा, राम्रो सौन्दर्य, अविवाहित स्त्रीहरूको नामको अगाडि आदर जनाउन लेखिने शब्द, ज्यादै सुहाएकी, ज्यादै सौन्दर्यवती ।

सुश्रुतः (वि./ना./पुं.) सु सुष्ठु श्रुतः *(राम्ररी सुनिएको)* प्रा.त.स.= सुश्रुत ।

शब्दार्थ- राम्ररी सुनिएको, अतिप्रसिद्ध सुश्रुत संहिताका प्रणेता, आयुर्वेदविज्ञ एक महर्षि ।

सुषमः (वि.) सु शोभनं समं सर्वमनेन*(यसबाट सबै सुन्दर हुन्छ)* प्रा.ब.स., षत्व[4]= सुषम ।

सुन्दरं रुचिरं चारु सुषमं साधु शोभनम्- इत्यमरः

शब्दार्थ- अतिसुन्दर, चारु, मनोरम, अत्यन्त प्रिय, ज्यादै सुखकर ।

सुषमा (ना./स्त्री.) सु शोभनं समं सर्वमनया *(यसद्वारा सबै शोभायमान हुन्छ)* सु+सम, प्रा.व.स., षत्व[4], सुषम+टाप् (आ)= सुषमा ।

सुषमा परमा शोभा- इत्यमरः

शब्दार्थ- परम शोभा, ज्यादै कान्ति, उत्कृष्ट सौन्दर्य, अत्यन्तै शोभा, मनोरम छवि ।

---

[1] उपसर्गे घोः किः : कि

[2] कुगतिप्रादयः : प्रा.त.स.

[3] प्रादिभ्यो धातुजस्य : प्रा.ब.स.

[4] सुविनिर्दुर्भ्यः...: षत्व

सुषमितः (वि.) सुषमा सञ्जाता अस्य *(परम शोभा पैदा भएको छ यसको)* सुषमा+इतच्[1] (इत), आकारलोप =सुषमित ।

शब्दार्थ- शोभायमान, परम शोभाले परिपूर्ण, उत्कृष्ट शोभा पैदा भएको ।

सुषीमः (वि.) सु सुष्ठु सीमा मर्यादा यस्य *(राम्रो सीमा छ यसको)* प्रा.व.स., ह्रस्व, षत्व[2]= सुषीम ।

सुषीमः शिशिरो जडः- इत्यमरः

शब्दार्थ- शिशिर, ठण्डा, चीसो, शीतल, जाडो ।

सुषिरम् (ना./न.) सुषिरं छिद्रमस्यास्तीति *(छिद्र छ यसको)* सुषि+र[3]= सुषिर ।

शब्दार्थ- वांसुरी, प्वाल, छिद्र, छिंड ।

सुषुप्तः (वि.) सु सुष्ठु स्वपिति स्म इति *(राम्ररी निदाएको)* सुपूर्वक ञिष्वप् शये (अदा.) धातु, सु+स्वप्+क्त (त), स्वका वको सम्प्रसारणवाट उ, षत्व= सुषुप्त ।

शब्दार्थ- मस्त निदाएको, थाहसुद्धी नहुने गरी निदाएको ।

उदा. **सुषुप्त पूर्वजन्मका अनेक वेदना उठे**
-दागवत्ती, भीमनिधि

सुषुप्तिः (ना./स्त्री.) सु सुष्ठु सुप्यते इति *(राम्ररी निदाइन्छ)* सुपूर्वक ञिष्वप् शये (अदा.) धातु, सु+स्वप्+क्तिन् (ति), सम्प्रसारणवाट वको उ, षत्व =सुषुप्ति ।

शब्दार्थ- गाढा निद्रा, मस्तसँग निदाउने काम, योगसाधनको चरमावस्था, जाग्रत, स्वप्न, सुषुप्ति- यी तीन अवस्थामध्ये एक ।

द्रष्टव्य- **ममाभित्र सुषुप्तिझैं स्मृतिहरू दिन्थे कता कुत्कुती- शा.म.का.**

सुषुम्णा (ना./स्त्री.) 'सुषु' इति अव्यक्तं शब्दं म्नायति *('सुषु' यस किसिमको अव्यक्त ध्वनि पैदा हुन्छ)* सुषु उपपदमा हुने म्ना अभ्यासे (शब्दे) (भ्वा.) धातु, सुषु+म्ना+क (अ), आकारलोप, सुषुम्न+टाप् (आ), णत्व= सुषुम्णा ।

शब्दार्थ- नाडीविशेष, इडा र पिङ्गलाका वीचको मध्यवर्ती नाडी, सुषुम्ना नाडी, नाभिस्थलवाट निस्केर शिरसम्म पुगेको नाडी ।

सुषेणः (ना./पुं.) सु सुष्ठु सिनोति *(राम्ररी बाँध्छ)* सुपूर्वक षिञ् वन्धने (स्वा.) धातु, सु+सि+न[4] (उणा.), यण्, णत्व, षत्व= सुषेण ।

सुषेणः करमर्दे स्याद् विष्णुसुग्रीववैद्ययोः- इति मेदिनी

शब्दार्थ- विष्णु र सुग्रीवका वैद्य, ओषधिविशेष ।

सुष्ठु (अव्य./वि.) सु सुष्ठु तिष्ठति *(राम्ररी रहन्छ)* सुपूर्वक ष्ठा गतिनिवृत्तौ (भ्वा.) धातु, सु+स्था+कु[5] (उ), उणा., आलोप, षत्व, ष्टुत्व= सुष्ठु ।

सुष्ठु प्रशंसने- इत्यमरः

शब्दार्थ- अतिशय, अत्यन्त, ज्यादा, राम्रो प्रशंसा गरिएको, सुन्दर, मनोरम, अति राम्रो ।

सुसंस्कृतः (वि.) सु सुष्ठु संस्कृतः *(राम्ररी संस्कार गरिएको)* प्रा.त.स[6].= सुसंस्कृत ।

अथवा सु सुष्ठु संस्क्रियते स्म इति *(राम्ररी संस्कार गरिएको)* डुकृञ् करणे (तना.) धातु, सु+सम्+कृ+क्त (त), सुट्= सुसंस्कृत ।

शब्दार्थ- राम्ररी संस्कार गरिएको, सुसभ्य, राम्ररी परिमार्जन गरिएको, सुपरिमार्जित ।

सुसङ्गठनम् (ना./न.) सङ्घटते, सङ्घटतीति वा *(एकत्रित हुन्छ)* सम्पूर्वक घट चेष्टायाम् (भ्वा.) वा घट सङ्घाते (चुरा.) धातु, सम्+घट्+ल्युट् (अन), पृषोदरादिवाट घवर्ण गमा र टवर्ण ठमा परिणत, परसवर्ण, सङ्गठनम् । सु सुष्ठु सङ्गठनम् *(राम्रो सङ्गठन)* प्रा.त.स.= सुसङ्गठन ।

शब्दार्थ- राम्ररी सङ्गठित हुने काम, राम्ररी एकट्ठा हुने काम

सुसङ्गतः (वि.) सु सुष्ठु सङ्गतः *(राम्रो सङ्गत भएको)* प्रा.त.स.= सुसङ्गत ।

शब्दार्थ- राम्रो सङ्गत पाएको, राम्ररी सङ्गति मिलेको ।

सुसङ्गतिः (ना./स्त्री.) सु सुष्ठु सङ्गतिः *(राम्रो संङ्गति)* प्रा.त.स.= सुसङ्गति ।

शब्दार्थ- सज्जनहरूसँगको सङ्गत, राम्रो वा असल सङ्गत, सङ्गति मिल्ने काम, सज्जनसितको सङ्गत ।

सुसज्जितः (वि.) सज्जा सञ्जाता अस्य *(सजावट भएको छ यसको)* सज्जा+इतच् (इत), आलोप, सज्जितः । सु सुष्ठु सज्जितः *(राम्ररी सजाइएको)* प्रा.त.स. =सुसज्जित ।

शब्दार्थ-राम्ररी सजाइएको, खुवसँग सजिसजाउ गरिएको ।

सुसञ्चालनम् (ना./न.) सु सुष्ठु सञ्चालनम् *(राम्रो सञ्चालन)* प्रा.त.स.= सुसञ्चालन ।

शब्दार्थ- राम्रो प्रवन्ध, राम्रो व्यवस्थापन, राम्रो वन्दोवस्त ।

सुसञ्चालितः (वि.) सञ्चाल्यते स्म इति *(सञ्चालन गरिएको)* सम्पूर्वक चल कम्पने (भ्वा.) धातु, सम्+चल्+णिचि, वृद्धि, सञ्चालि+क्त (त), णिलोप, इडागम, सञ्चालितः । सु सुष्ठु सञ्चालितः *(राम्ररी सञ्चालन गरिएको)* प्रा.त.स.= सुसञ्चालित ।

शब्दार्थ- राम्ररी सञ्चालन गरिएको, सुव्यवस्थित तरिकाले चलाइएको ।

सुसमयः (ना./पुं.) सु सुष्ठु समयः *(राम्रो समय)* प्रा.त.स. = सुसमय ।

शब्दार्थ- राम्रो बेला, अनुकूल समय, राम्रो अवसर ।

सुसमाचारः (ना./पुं.) सु सुष्ठु समाचारः *(राम्रो समाचार)* प्रा.त.स.= सुसमाचार ।

शब्दार्थ- राम्रो हालखवर, असल वा वढिया खवर, शुभ समाचार ।

---

[1] तदस्य सञ्जातम्...: इतच्
[2] सुषामादिषु च : षत्व
[3] ऊषसुषि... : र
[4] कृवृसिद्रु... : न प्रत्यय
[5] अप दुःषुस्य... : कु
[6] कुगतिप्रादयः : प्रा.त.स.

सुसम्पन्नः (वि.) सु सुष्ठु सम्पन्नः *(राम्ररी सम्पन्न भएको)* प्रा.त.स.= सुसम्पन्न ।

शब्दार्थ- ठीक तरिकाले सम्पन्न भएको, समृद्ध, सबै कुराले परिपूर्ण, धनाढ्य ।

सुसम्पन्नता (ना./स्त्री.) सुसम्पन्नस्य भावः *(सुसम्पन्न हुनाको भाव वा अवस्था)* सुसम्पन्न+तल् (त)+टाप् (आ)= सुसम्पन्नता ।

शब्दार्थ- सुखसुविधाले परिपूर्णता, समृद्धि, धनाढयता, सम्पन्नावस्था ।

सुसाध्यः (वि.) सु सुष्ठु साध्यः *(राम्ररी सिद्ध गर्न सकिने)* प्रा.त.स.= सुसाध्य ।

शब्दार्थ- अनायास नै सिद्ध गर्न सकिने, सुगम, राम्ररी सिद्ध गर्न योग्य, सजिलै निको पार्न सकिने ।

सुसिद्धिः (ना./स्त्री.) सु सुष्ठु सिद्धिः *(राम्रो सिद्धि वा पूर्णता)* प्रा.त.स.= सुसिद्धि ।

शब्दार्थ- राम्रो सिद्धि, निपुणता, कुनै कार्यको परिपूर्णता, सफलता प्राप्त हुने काम ।

सुस्थः (वि.) सुखेन तिष्ठति *(सुखपूर्वक रहन्छ)* स्था गतिनिवृत्तौ (भ्वा.) धातु, सु+स्था+क (अ), आलोप =सुस्थ ।

शब्दार्थ- निरोगी, रोग नभएको, स्वस्थ ।

सुस्थिरः (वि.) सु सुष्ठु तिष्ठतीति *(राम्ररी रहन्छ)* सुपूर्वक ष्ठा गतिनिवृत्तौ (भ्वा.) धातु, सु+स्था+किरच्[1] (इर), उणा., टिलोप= सुस्थिर ।

शब्दार्थ- स्थिर भएर रहेको, स्थायित्व भएको, दिगो रहिरहने, राम्रोसँग टिकिरहने ।

सुस्मिता (ना./स्त्री.) सु सुष्ठु स्मितं यस्याः *(मन्द मुस्कान छ यस स्त्रीको)*व.स., सुस्मित+टाप् (आ) =सुस्मिता ।

अथवा सु सुष्ठु स्मीयते अनया *(राम्ररी हाँसिन्छ यसबाट)* सुपूर्वक स्मिङ् ईषद्धसने (भ्वा.) धातु, सु+स्मि+क्त (त), सुस्मित+टाप् (आ)= सुस्मिता ।

शब्दार्थ- मन्द मुकान गर्ने स्त्री, हँसिली आइमाई, मुसुक्क हाँस्ने स्त्री, अलि-अलि हाँस्ने नारी ।

सुस्वरः (ना./पुं./वि.) सु सुष्ठु स्वरः *(राम्रो स्वर)* प्रा.त.स.= सुस्वर ।

अथवा सु शोभनः स्वरः अस्य *(मधुर छ स्वर जसको)* प्रा.व.स.= सुस्वर ।

शब्दार्थ- राम्रो तथा मीठो स्वर, मधुर स्वर वा आवाज, मीठो स्वर वा आवाज भएको, मधुर स्वर भएको ।

सुस्वादः (ना./पुं.) सु सुष्ठु स्वादः *(मीठो स्वाद)* प्रा.त.स. = सुस्वाद ।

शब्दार्थ- मीठो स्वाद, स्वादिष्ठता, मधुर स्वाद ।

सुस्वादुः (वि.) सु सुष्ठु स्वदते इति *(राम्रो स्वाद लिन्छ)* स्वद आस्वादने (भ्वा.) धातु, सु+स्वद्+उण्[2] (उ), उणा., वृद्धि= सुस्वादु ।

शब्दार्थ- ज्यादै मीठो स्वाद भएको, ज्यादै स्वादिलो, धेरै मीठो लाग्ने ।

सुस्वास्थ्यम् (ना./न.) स्वस्थस्य भावः *(स्वस्थ हुनाको भाव वा अवस्था)* स्वस्थ+ष्यञ् (य), आदिवृद्धि, स्वास्थ्यम् । सुष्ठु स्वास्थ्यम् *(राम्रो स्वास्थ्य)* प्रा.त.स. = सुस्वास्थ्य ।

शब्दार्थ- राम्रो स्वास्थ्य, निरोगीपना, असल स्वास्थ्य ।

सुहृद् (ना./पुं.) सु शोभनं हृदयमस्य *(राम्रो छ हृदय यसको)* प्रा.व.स[3]., हृदयको हृदादेश[4]= सुहृद् ।

अथवा सु सुष्ठु हृदयम् *(राम्रो हृदय)* क.त.स., हृदयको हृदादेश= सुहृद् ।

अथ मित्रं सखा सुहृत्- इत्यमरः

शब्दार्थ- असल मित्र, घनिष्ठ साथी, आत्मीयजन, निष्कपट हृदय, शुद्ध वा पवित्र हृदय ।

सुहृदयम् (ना./न./वि.) सु शोभनं हृदयम् *(राम्रो हृदय)* प्रा.त.स.= सुहृदय ।

अथवा सु शोभनं हृदयं यस्य *(राम्रो छ हृदय जसको)* प्रा.व.स.= सुहृदय ।

शब्दार्थ- शुद्ध मन, पवित्र हृदय, उदार दिल, शुद्ध हृदय भएको, निश्चल मनको, पवित्र हृदय भएको, उदार मन भएको ।

सूकरः (ना./पुं.) सवनम्, सूयते इति वा *(पैदा गरिन्छ)* षूङ् प्राणिगर्भविमोचने (अदा.) धातु, सू+क्विप्[5] (सर्वलोप), सूः । सुवं सवनं करोतीति *(उत्पादन गर्छ)* सूउपपदमा हुने डुकृञ् करणे (तना.) धातु, सू+कृ+ट[6] (अ), गुण= सूकर ।

अथवा 'सू' इति ध्वनिं करोतीति *(सूँ सूँ यस्तो आवाज निकाल्छ)* सू+कृ+अच् (पचादि), गुण= सूकर ।

वराहः सूकरो घृष्टिः- इत्यमरः

शब्दार्थ- वराह, बँदेल, सुँगुर, गाउँले सुँगुर ।

सूक्तः (वि./ना./न.) सु सुष्ठु उक्तः *(राम्ररी भनिएको)* प्रा.त.स., दीर्घ= सूक्त ।

शब्दार्थ- राम्ररी भनिएको, मीठो तरिकाले भनिएको, सुन्दर कथन, वेदोक्त तन्त्रमन्त्रादि ।

सूक्तिः (ना./स्त्री.) सु सुष्ठु उक्तिः *(मीठो उक्ति)* प्रा.त.स., दीर्घ= सूक्ति ।

शब्दार्थ- मधुर उक्ति, मीठो भनाइ, मीठो बोलीवचन, उल्लेख गर्न उपयुक्त कुनै रचनाका हरफहरू ।

सूक्तिसङ्ग्रहः (ना./पुं.) सूक्तीनां सङ्ग्रहः *(सूक्तिहरूको सङ्ग्रह)* ष.त.स.= सूक्तिसङ्ग्रह ।

शब्दार्थ- सूक्तिहरूको सङ्कलन, सूक्तिहरूको सङ्ग्रह, नीति वाक्यको सङ्ग्रह ।

---

१. अजिरशिशिरशिथिल...: किरच्
२. कृवापाजिमि... : उण्
३. प्रादिभ्यो धातुजस्य : प्रा.ब.स.
४. सुहृद्दुर्हृदौ मित्र... : हृदादेश
५. सम्पदादिभ्य...(वा.) : क्विप्
६. कृञो हेतुताच्छील्य...: ट

सूक्तिसुधा (ना./स्त्री.) सूक्तिरेव सुधा *(सूक्ति नै सुधा)* ष.त.स.= सूक्तिसुधा ।

शब्दार्थ- सूक्तिरूपी अमृतवाणी, मृदुवाणी, अमृततुल्य मधुर वचन ।

सूक्ष्मम् (ना./न./वि.) सूचयति, सूच्यते इति वा *(सूचना दिन्छ वा दिइन्छ)* सूच पैशून्ये (चुरा.) धातु, सूच्+स्मन्[1] (स्म), उणा., चको कुत्व, सको षत्व, क् ष्को क्षत्व= सूक्ष्म ।

सूक्ष्मं स्यात् कैतवेऽध्यात्मे पुंस्यणौ त्रिषु चाल्पके- मेदिनी
स्तोकाल्पक्षुल्लकाः श्लक्ष्णं सूक्ष्मं दभ्रं कृशं तनु- इत्यमरः

शब्दार्थ- अणु, कण, आध्यात्मिक तत्त्व, ज्यादै सानो, अल्प, थोरै, पातलो, मिहिन, मसिनु, झीनो, धूर्त, प्रवीण

सूक्ष्मता (ना./स्त्री.) सूक्ष्मस्य भावः *(सूक्ष्म हुनाको भाव वा अवस्था)* सूक्ष्म+तल् (त)+टाप् (आ)= सूक्ष्मता ।

शब्दार्थ- अल्पता, मसिनोपना, सूक्ष्मभाव, अणुत्व, आध्यात्मिकता ।

सूक्ष्मदर्शी (वि.) सूक्ष्म द्रष्टुं शीलमस्य *(सूक्ष्मकुरा देख्न वा विचार गर्नसक्ने शील वा क्षमता छ यसको)* दृशिर् प्रेक्षणे (भ्वा.) धातु, सूक्ष्म+दृश्+णिनि[2] (इन्), गुण, सूक्ष्मदर्शिन्= सूक्ष्मदर्शी ।

शब्दार्थ- तीखो वुद्धि भएको, ज्यादै वुद्धिमानी, सूक्ष्मकुरा देख्न सक्ने, सूक्ष्मकुरा विचार गर्न सक्ने ।

सूक्ष्मदृष्टिः (ना./स्त्री.) सूक्ष्मा चासौ दृष्टिश्च *(सूक्ष्म दृष्टि)* क.त.स.= सूक्ष्मदृष्टि ।

शब्दार्थ- मसिनो कुरा देख्नसक्ने आँखा, अन्तर्दृष्टि, भित्री आँखा ।

सूक्ष्मशरीरम् (ना./न.) सूक्ष्मञ्च तत् शरीरम् *(सूक्ष्म शरीर, अदृश्य शरीर)* क.त.स.= सूक्ष्मशरीर ।

शब्दार्थ- मन, वुद्धि, दस इन्द्रिय, पाँच प्राण, अपञ्चीकृत भूत- यी तत्त्वको समूह- **रा.गी.२९** ।

सूचकः (वि.) सूचयतीति *(सूचना गर्छ)* सूच पैशून्ये (चुरा.) धातु, सूच्+ण्वुल्[3] (अक)= सूचक ।

शब्दार्थ- सूचना दिने, सङ्केत गर्ने, भेद खोल्ने, जनाउ दिने

सूचकाङ्कः (ना./पुं.) सूचकश्चासौ अङ्कश्च *(सूचक अङ्क)* क.त.स., दीर्घ= सूचकाङ्क ।

शब्दार्थ- तलमाथि घटीवढी आदि मूल्य देखाउने अङ्क, तथ्याङ्क ।

सूचनम्/सूचना (ना./न./स्त्री.) सूचनम्, सूच्यते इति वा *(सूचना दिइन्छ)* सूच पैशून्ये (चुरा.) धातु, सूच्+युच् (अन), णिलोप= सूचन । सूचन+टाप् (आ)= सूचना ।

शब्दार्थ- जनाउ वा जानकारी दिने काम, कुनै कुराको खवर दिने काम, सूचना दिने काम, ज्ञापनपत्र ।

सूचनापत्रम् (ना./न.) सूचनायाः पत्रम् *(सूचनाको पत्र)* ष.त.स.= सूचनापत्र ।

शब्दार्थ- जनाउ दिइने लिखित वा मुद्रित लिखत, जानकारी दिने पत्र, सूचना, जनाउ-पत्र ।

सूचनीयः (वि.) सूचयितुं योग्यः *(सूचना गर्न योग्य)* सूच पैशून्ये (चुरा.) धातु, सूच्+अनीय (र्)= सूचनीय ।

शब्दार्थ- सूचना दिन योग्य, जानकारी दिन लायक, सूचना दिनुपर्ने ।

सूचिः (ना./पुं.)/**सूची** (ना./स्त्री.) सूच्यतेऽनया *(छेडिन्छ वा सिइन्छ यसद्वारा)* सूच पैशून्ये (चुरा.) धातु, सूच्+णिचि+इ[4] (प्रत्यय), णिलोप= सूचि ।

सिव्यते अनया *(सिइन्छ यसबाट)* षिवु तन्तुसन्ताने (दिवा.) धातु, सिव्+चट्[5] (च), उणा., धातुका टिको ऊत्व[5], सूच+ङीप् (ई)= सूची ।

शब्दार्थ- सियो, छेड्ने सुइरो, रोप्ने झीर, खापसियो, अभिनयविशेष, नृत्यविशेष, असार महिना, विवरण, कार्यतालिका ।

सूचिका (ना./स्त्री.) सूचिरेव *(सियो नै)* सूचि+कन् (क), स्वार्थमा+टाप् (आ)= सूचिका ।

अथवा सूचयति असौ *(सूचना दिन्छे यो स्त्री)* सूच पैशुन्ये (चुरा.) धातु, सूच्+ण्वुल् (अक), सूचक+टाप् (आ), ककारपूर्वका अकारको ईत्व= सूचिका ।

शब्दार्थ- सानो सियो, सूचना वा जनाउ दिने स्त्री ।

सूचिकारः/सूचीकारः (ना./पुं.) सूचिं/सूचीं वा करोतीति *(सिउने काम गर्छ)* सूचि/सूचीपूर्वक डुकृञ् करण (तना.) धातु, सूचि/सूची+कृ+अण्[6] (अ), वृद्धि =सूचिकार/सूचीकार ।

शब्दार्थ- लुगा सिउने व्यक्ति, सियो वनाउने व्यक्ति, कार्यतालिका वनाउने व्यक्ति ।

सूचितः (वि.) सूच्यते स्म इति *(सूचना दिइएको)* सूच पैशून्ये (चुरा.) धातु, सूच्+क्त (त), इडागम= सूचित ।

शब्दार्थ- सूचना दिइएको, जनाउ वा जानकारी दिइएको, थाह दिइएको, विज्ञापन गरिएको, कथित, वोधित ।

सूच्यः (वि.) सूचयितुं योग्यः *(सूचना दिन योग्य)* सूच पैशून्ये (चुरा.) धातु, सूच्+णिचि+यत्[7] (य), णिलोप =सूच्य

शब्दार्थ- सूचना वा जानकारी दिन लायक, थाह दिनुपर्ने ।

सूतः (वि./ना./पुं.) सूते स्म इति *(पैदा भएको)* षूङ् प्राणिगर्भविमोचने (अदा.) धातु, सू+क्त (त), कर्तामा =सूत । अथवा सुवति स्म गमयति स्म इति *(हिडाउँछ)* षू प्रेरणे (तुदा.) धातु, सू+क्त (त)= सूत ।

यन्ता सूतः क्षत्ता च सारथिः । ब्राह्मण्यां क्षत्रियात्सूतः- इत्यमरः

शब्दार्थ- जन्मेको, पैदा भएको, उत्पन्न भएको, रथ हाक्ने सारथि, स्तुतिपाठक भाट, वन्दी, क्षत्रीबाट ब्राह्मणीमा जन्मेको सन्तान ।

---

[1] सूचेः स्मन् : स्मन्
[2] सुप्यजातौ.. : णिनि
[3] ण्वुल्तृचौ : ण्वुल्
[4] अचः इः : इ प्रत्यय
[5] सिवेष्टेरू च : चट्, टिको ऊत्व
[6] कर्मण्यण् : अण्
[7] अचो यत् : यत्

सूतकम् (ना./न.) सूयते स्म इति *(पैदा भएको)* षूङ् प्राणिगर्भविमोचने (अदा.) धातु, सू+क्त (त), सूतः । सूत एव *(पैदा भएको नै)* सूत+कन् (क), स्वार्थमा =सूतक ।

अथवा सूतकम् अस्ति अस्य *(जन्मसूतक छ यसको)* सूतक+अच् (अर्शादि), पररूप= सूतक ।

शब्दार्थ- जन्म, उत्पत्ति, जन्मको कारण, उत्पन्न, जन्मसूतक, जन्मदाको सूतक ।

सूतिका (ना./स्त्री.) सूयते स्म अनया *(यसबाट पैदा भएको)* षूङ् प्राणिप्रसवे (दिवा.) धातु, सू+क्त (त), सूतः । सूत एव *(पैदा भएको नै)* सूत+कन् (क), स्वार्थमा, सूतक+टाप् (आ), ककारपूर्वका अकारको इत्व= सूतिका ।

अथवा सूतं प्रसवः अस्ति अस्याम् *(जन्मसूतक छ यसमा)*सूत+ठन् (इक), सूतिक+टाप् (आ)=सूतिका ।

शब्दार्थ- सुत्केरी स्त्री, भर्खरै बच्चा जन्माएकी स्त्री, नवप्रसूतिका ।

सूतिकागारम्/सूतिकागृहम् (ना./न.) सूतिकायाः आगारम्, सूतिकायाः गृहम् *(सुत्केरीको घर वा कोठा)* ष.त.स.= सूतिकागार/सूतिकागृह ।

शब्दार्थ- सुत्केरीको घर वा कोठा, सूतिकागृह, सुत्केरी बस्ने ठाउँ, प्रसवगृह, प्रसवागार ।

सूतिमासः (ना./पुं.) सूत्याः सूतेः प्रसवस्य वा मासः **(प्रसवको महिना)** ष.त.स.= सूतिमास ।

शब्दार्थ- प्रसवको महिना, सुत्केरी हुने महिना, जन्मने महिना ।

सूतिकावायुः (ना./पुं.) सूतिकायाः वायुः *(प्रसवका बेलाको वायु)* ष.त.स.= सूतिकावायु ।

शब्दार्थ- सूतिमारुत, प्रसववायु, शिशु पैदा गर्न प्रेरणा गर्ने वायु ।

सूत्रम् (ना./न.) सूत्र्यते अनेन *(बाँधिन्छ यसबाट)* सूत्र वेष्टने (चुरा.) धातु, सूत्र+णिचि+अच् (एरच्), णिलोप =सूत्र । अथवा सिव्यतेऽनेन इति *(सिइन्छ यसबाट)* षिवु तन्तुसन्ताने (दिवा.) धातु, सिव्+ष्ट्रन्[1] (त्र), धातुको ऊत्व= सूत्र ।

शब्दार्थ- धागो, रेखा, तन्तु, यज्ञसूत्र, सूत्रग्रन्थ, ब्रह्मसूत्र, कल्पसूत्र, पाणिनीय अष्टाध्यायी सूत्र, गणितीयसूत्र ।।

सूत्रकारः (वि.) सूत्राणि करोतीति *(सूत्रहरू रचना गर्छन्)* सूत्र उपपदपूर्वक डुकृञ् करणे (तना.) धातु, सूत्र+कृ+अण्[2] (अ), वृद्धि= सूत्रकार ।

शब्दार्थ- सूत्रात्मक ग्रन्थहरूका रचयिता, सूत्रहरूका निर्माता वा प्रणेता, धागो बनाउने ।

सूत्रधरः (वि.) सूत्रं धरतीति *(सूत्र धारण गर्छ)* सूत्रपूर्वक धृञ् धारणे (भ्वा.) धातु, सूत्र+धृ+अच् (पचादि), गुण = सूत्रधर ।

शब्दार्थ-जनै लगाउने, यज्ञोपवीत धारण गर्ने, डोरी लिने ।

सूत्रधारः (ना./पुं.) सूत्रं धरति धारयतीति वा *(सूत्र धारण गर्छ)* सूत्रपूर्वक धृञ् धारणे (भ्वा.) धातु, सूत्र+धृ+अण् (अ), वृद्धि= सूत्रधार ।

शब्दार्थ- नाटकमा रङ्गमञ्चको प्रवन्धक, मुख्य नट, सूत्र अर्थात् नाटकको उत्पत्ति र त्यसको अनुष्ठान धारण गर्ने व्यक्ति, नाटकमा नान्दी पछि नाटकीय कथासूचक ।

सूत्रीयः (वि.) सूत्रेषु भवः जातः वा *(सूत्रमा हुने वा पैदा भएको)* सूत्र+छ[3] (ईय), अकारलोप= सूत्रीय ।

शब्दार्थ- सूत्रमा भएको, सूत्रसम्वन्धी, सूत्रात्मक ग्रन्थहरू सित सम्वन्धित ।

सूदनः (वि.) सूदते सूदयतीति वा *(विनाश गर्छ)* षूद क्षरणे (भ्वा./चुरा.) धातु, सूद्+ल्यु[4] (अन)= सूदन ।

शब्दार्थ- विनाश गर्ने, नष्ट गर्ने, वध गर्ने, विनाश-प्रिय ।

सूनः (वि.) सूयते स्म इति *(पैदा भएको)* षूङ् प्राणिप्रसवे (दिवा.) धातु, सू+क्त[5] (त), "ओदितश्च" यस सूत्रमा "स्वादय ओदितश्च" अर्थात् षूङ् आदि नौ धातुहरू ओदित हुन्, यो गणपाठबाट निष्ठा तको न= सून ।

शब्दार्थ- जन्मेको, पैदा भएको, उत्पन्न, फुलेको, मुकुलित, फूल फुलेको ।

सूनुः (ना./पुं.) सूयते इति *(पैदा हुन्छ)* षूङ् प्राणिप्रसवे (दिवा.) धातु, सू+नु[6] (उणा.)= सूनु ।

आत्मजस्तनयः सूनुः सुतः पुत्रः- इत्यमरः

शब्दार्थ- पुत्र, तनय, छोरो, सुत, शिशु ।

सूनृतम् (वि./ना./न.) सु नृत्यन्ति अनेन *(यसबाट तथ्य प्रकट हुन्छन्)* सुपूर्वक नृती गात्रविक्षेपे (दिवा.) धातु, सु+नृत्+क (अ), गुणाभाव, उपसर्गको दीर्घ[7] =सूनृत ।

शब्दार्थ- सत्य, सत्य तथा प्रिय, कृपालु, निष्कपट व्यक्ति ।

सूनृतवान् (वि.) सूनृता वाग्यस्य *(प्रिय तथा तथ्यवचन छ यसको)* व.स.= सूनृतवान् ।

शब्दार्थ- प्रिय तथा साँचो वचन वोल्ने, प्रियवादी ।

सूपः (ना./पुं.) सु सुखेन पीयते इति *(सुखपूर्वक पिइन्छ)* सुपूर्वक पा पाने (भ्वा.) धातु, सु+पा+क[8] (अ), आलोप, दीर्घ= सूप ।

अथवा सौति रसान् *(रस पैदा गर्छ)* षु प्रसवैश्वर्ययोः (भ्वा.) धातु, सु+प[9] (उणा.), दीर्घ= सूप ।

शब्दार्थ- दाल, फाँडो, झोलिलो पदार्थ, गेडागुडीको झोल, रस ।

---

[1] सिविमुच्योष्टेरू च : ष्ट्रन्, धातुको ऊत्व

[2] कर्मण्यण् : अण्

[3] गहादिभ्यश्च : छ

[4] नन्दिग्रहि... : ल्यु

[5] नपुंसके भावे... : क्त

[6] सुवः कित् : नु प्रत्यय

[7] अन्येषामपि... : पूर्वपदको दीर्घ

[8] घनर्थे कविधानम् (वा.) : क

[9] सुशृभ्यां निच्च : प/दीर्घ

सूपकारः (ना./पुं.) सूपं करोतीति *(दालभात पकाउँछ)* सूपपूर्वक डुकृञ् करणे (तना.) धातु, सूप+कृ+अण् (अ), वृद्धि= सूपकार ।

सूपकारास्तु वल्लभाः - इत्यमरः

शब्दार्थ- भान्से, वल्लभ, दालभात पकाउने मानिस, पाककर्ता ।

सूपकारिता (ना./स्त्री.) सूपं कर्तुं शीलमस्य *(खाना पकाउने शील वा सीप छ यसको)* डुकृञ् करणे (तना.) धातु, सूप+कृ+णिनि (इन्), वृद्धि, सूपकारिन्, तस्य भावः सूपकारिन्+तल् (त)+टाप् (आ)= सूपकारिता ।

शब्दार्थ- पाकशिल्प, खाना पकाउने सीप, सूप वनाउने सीप, दाल तथा अन्य झोलिला पदार्थ वनाउने सीप ।

सूरः (ना./पुं.) सुवति प्रेरयति उदयेन लोकान् कर्मणि *(आफ्नो उदयद्वारा सारा लोकलाई कर्ममा लाग्ने प्रेरणा दिन्छन्)* षू प्रेरणे (तुदा.) सू+क्रन्[1] (र), उणा. =सूर ।

शब्दार्थ- सूर्य, रवि, आदित्य, विद्वान् पुरुष ।

सूरिः (ना./पुं.) सुते प्रेरयति शुभकर्मणि *(राम्रो कर्ममा लाग्न प्रेरणा दिन्छ)* षूङ् प्राणिगर्भविमोचने (अदा.) धातु, सू+क्रि[2] (रि), उणा.= सूरि ।

शब्दार्थ- वुद्धिमान्, विद्वान्, वुध, मनीषी, प्राज्ञ ।

सूर्पम् (ना./न.) सूर्पयति/सूर्प्यतेऽनेन इति *(निफन्छ, निफनिन्छ यसवाट)* सूर्प माने (चुरा.) धातु, सूर्प+अच् (पचादि)/घञ् (अ)= सूर्प ।

शब्दार्थ- नाङ्लो, सूपो ।

सूर्यः (ना./पुं.) सरति नभसि *(आकाशमा घुम्छन्)* वा सुवति प्रेरयति कर्मणि लोकान् *(लोकलाई कर्ममा प्रवृत्त गराउँछन्)* सृ गतौ (भ्वा.) वा षू प्रेरणे (तुदा.) धातु, सृ+क्यप्[3] (य), कर्तामा, उत्व, रुट्, दीर्घ निपातन[3]= सूर्य ।

अथवा सू+क्यप् (य), कर्तामा, रुट् निपातन= सूर्य ।

शब्दार्थ- दिवाकर, भास्कर, आदित्य, प्रभाकर ।

सूर्यकान्तः (ना./पुं.) सूर्यः कान्तः प्रियः यस्य *(सूर्य प्रिय छन् जसका)* व.स.= सूर्यकान्त ।

शब्दार्थ- मणिविशेष, स्फटिक ।

सूर्यग्रहः (ना./पुं.) गृह्णातीति *(ग्रहण गर्छ)* ग्रह उपादाने (क्र्या.) धातु, ग्रह+अच् (पचादि), ग्रहः । सूर्य एव ग्रहः *(सूर्य नै ग्रह, सूर्यरूपी ग्रह)* म.व्य.स.=सूर्यग्रह ।

शब्दार्थ- सूर्य, नवग्रहको रूपमा सूर्य, सूर्यको दशा, सूर्यग्रह, सूर्यग्रहण ।

सूर्यग्रहणम् (ना./न.) गृह्णाति अनेन इति *(ग्रहण गर्छ यसले)* ग्रह उपादाने (क्र्या.) धातु, ग्रह+ल्युट् (अन), णत्व, ग्रहणम् । सूर्ये ग्रहणम् *(सूर्यमा लाग्ने ग्रहण)* स.त.स.=सूर्यग्रहण

शब्दार्थ- सूर्यमा ग्रहण लाग्दाको समय, सूर्यमा चन्द्रमाको छाया परेको समय, पौराणिक मान्यताअनुसार राहुले सूर्यलाई ग्रहण गर्दाको समय ।

सूर्यतनया (ना./स्त्री.) सूर्यस्य तनया *(सूर्यकी पुत्री)* ष.त.स. = सूर्यतनया ।

शब्दार्थ- सूर्यकी पुत्री, यमुना, सूर्यसुता ।

सूर्यमण्डलम् (ना./न.) सूर्यस्य मण्डलम् *(सूर्यको मण्डल)* ष.त.स.= सूर्यमण्डल ।

शब्दार्थ- सूर्यको वरिपरि देखिने घेरो, सूर्यको चारैतिर देखिने मण्डल, सौर्यमण्डल ।

सूर्यमुखी (ना./पुं.) सूर्ये मुखमस्य *(सूर्यतिर मुख छ यसको)* ब.स., सूर्यमुखः । सूर्यमुखः अस्यास्तीति *(सूर्यतिर मुख फर्केको छ यसको)* सूर्यमुख+इनि[4] (इन्), सूर्यमुखिन्= सूर्यमुखी ।

शब्दार्थ- घाम लागेपछि सूर्यतिर फर्केर फूल्ने र अस्ताए पछि ओइलाउने फूलविशेष, सूर्यकमल, सूर्यमुखी फूल ।

सूर्यलोकः (ना./पुं.) सूर्यस्य लोकः *(सूर्यको लोक)* ष.त.स.= सूर्यलोक ।

शब्दार्थ- सूर्यको लोक ।

सूर्यवंशः (ना./पुं.) सूर्यस्य वंशः *(सूर्यको वंश)* ष.त.स. = सूर्यवंश ।

शब्दार्थ- विवस्वान् नामका सूर्यका पुत्र, वैवस्वत मनुको वंश वा सन्तान ।

सूर्यवंशी (वि.) सूर्यवंशः अस्यास्तीति *(सूर्यवंशसित सम्बन्ध छ यसको)* सूर्यवंश+इनि[4] (इन्)= सूर्यवंशी ।

शब्दार्थ- सूर्यवंशीय, सूर्यवंशसित सम्वन्धित, सूर्यवंशमा जन्मेको ।

सूर्यवंशीयः (वि.) सूर्यवंशे भवः जातादिर्वा *(सूर्यवंशमा हुने वा पैदा भएको)* सूर्यवंश+छ[5] (ईय)= सूर्यवंशीय ।

शब्दार्थ- सूर्यवंशसित सम्वन्धित, सूर्यवंशमा पैदा भएको ।

सूर्यशक्तिः (ना./स्त्री.) सूर्यस्य शक्तिः *(सूर्यको शक्ति)* ष.त.स.= सूर्यशक्ति ।

शब्दार्थ- सूर्यको तापक्रमवाट उत्पन्न शक्ति, सौर्यऊर्जा ।

सूर्यसुतः (ना./पुं.) सूर्यस्य सुतः *(सूर्यका पुत्र)* ष.त.स. =सूर्यसुत ।

शब्दार्थ- सूर्यका पुत्र, शनैश्चर, यम, अश्विनीकुमार ।

सूर्यसुता (ना./स्त्री.) सूर्यस्य सुता *(सूर्यकी पुत्री)* ष.त.स.= सूर्यसुता ।

शब्दार्थ- सूर्यतनया, यमुना नदी ।

सूर्यसूतः (ना./पुं.) सूर्यस्य सूतः *(सूर्यका सारथि)* ष.त.स. = सूर्यसूत ।

शब्दार्थ- सूर्यका सारथि, अरुण, गरुडाग्रज ।

---

१. सुसूधागृधिभ्यः... : क्रन्
२. सूङः क्रिः : क्रि प्रत्यय
३. राजसूयसूर्य... : क्यप्, उत्व, रुट्, दीर्घनिपातन
४. अत इनिठनौ : इनि
५. गहादिभ्यश्च : छ

सूर्यास्तम् (ना./न.) अस्यते, असनमिति *(अस्ताउनु)* असु क्षेपणे (दिवा.) धातु, अस्+तम् (त), उणा., अस्तम् । सूर्यस्य अस्तम् *(सूर्यको अस्त)* ष.त.स., दीर्घ =सूर्यास्त ।

शब्दार्थ- सूर्यको अस्तकाल, सूर्य अस्ताउने काम, सूर्यास्तको समय, घाम डुब्ने काम ।

सूर्योदयः (ना./पुं.) सूर्यस्य उदयः *(सूर्यको उदय)* ष.त.स., गुण= सूर्योदय ।

शब्दार्थ- सूर्य उदाउने काम, सूर्यको उदयकाल, घाम झुल्कने समय ।

सूर्योपासकः (ना./पुं.) उपास्ते इति *(उपासना गर्छ)* उपपूर्वक आस उपवेशने (अदा.) धातु, उप+आस्+ण्वुल्[1] (अक), दीर्घ, उपासकः । सूर्यस्य उपासकः *(सूर्यको उपासक)* ष.त.स., गुण= सूर्योपासक ।

शब्दार्थ- सूर्यको उपासना गर्ने व्यक्ति, सूर्यको आराधना गर्ने भक्तजन ।

सूर्योपासना (ना./स्त्री.) उपास्यते इति *(उपासना गरिन्छ)* उपपूर्वक आस उपवेशने (अदा.) धातु, उप+आस्+ल्युट् (अन)+टाप् (आ), दीर्घ, उपासना । सूर्यस्य उपासना **(सूर्यको उपासना)** ष.त.स., गुण =सूर्योपासना ।

शब्दार्थ- सूर्यको पूजा र उपासना गर्ने काम, सूर्यको जप तथा आराधना गर्ने काम, सूर्यप्रति भक्तिभाव राख्ने काम ।

सृगालः (ना./पुं.) सृजति मायाजालम् *(मायाजाल रच्छ)* सृज विसर्गे (तुदा.) धातु, सृज्+कालन् (आल), उणा., बहुलप्रकारले, कुत्व= सृगाल ।

शब्दार्थ- स्याल, क्रोष्टु, सृगाल, जम्वुक ।

सृजनम् (ना./न.) सृजनम्, सृज्यतेऽनेन इति वा *(सृजना गरिन्छ)* सृज विसर्गे (दिवा.) धातु, सृज्+क्युन् (अन), बहुलप्रकारले= सृजन ।

शब्दार्थ- सृजना, सृष्टिक्रिया, रचना गर्ने काम, निर्माण क्रिया ।

सृजनप्रलयः (ना./पुं.) सृजनञ्च प्रलयश्च *(सृष्टि र प्रलय)* द्व.स.= सृजनप्रलय ।

शब्दार्थ- सृजना र संहार, सृष्टि र प्रलय ।

सृजना (ना./स्त्री.) सृज्यतेऽनया *(सृजना गरिन्छ यसबाट)* सृज विसर्गे (तुदा.) धातु, सृज्+क्युन् (उणा.) =सृजना ।

शब्दार्थ- सृजना, रचना, निर्माण गर्ने काम, रचना गर्ने क्रिया ।

सृजनात्मकः (वि.) सृजनम् आत्मा यस्य *(सृजना नै मुख्य छ जसको)* व.स., दीर्घ, सृजनात्मन्+कप् (समासान्त) = सृजनात्मक ।

शब्दार्थ- सृजना प्रमुख वा मुख्य हुने ।

सृतिः (ना./स्त्री.) सरन्त्यनया *(यसद्वारा हिड्छन्)* सृ गतौ (भ्वा.) धातु, सृ+क्तिच्[2] (ति)= सृति ।

अयनं वर्त्म मार्गाध्वपन्थानः पदवी सृतिः - इत्यमरः

शब्दार्थ- मार्ग, वाटो, पथ, जाने काम, घस्रने क्रिया ।

सृष्टः (वि.) सृज्यते स्म इति *(सृजना गरिएको)* सृज विसर्गे (दिवा.) धातु, सृज्+क्त (त), जको पत्व, ष्टुत्व =सृष्ट ।

शब्दार्थ- सिर्जना गरिएको, पैदा गरिएको, उत्पत्ति गरिएको, रचित, उत्पादित ।

सृष्टिः (ना./स्त्री.) सृज्यते इति *(सिर्जना गरिन्छ)* सृज विसर्गे (दिवा./तुदा.) धातु, सृज्+क्तिन्[3] (ति), जको षत्व, तको ष्टुत्व= सृष्टि ।

शब्दार्थ- सृजना, उत्पत्ति गर्ने काम, जगत्को निर्माण, विश्वको संरचना, विश्वको उत्पत्ति ।

सृष्टिकर्ता (ना./पुं.) सृष्टिं करोतीति *(सृष्टि गर्दछन्)* सृष्टिपूर्वक डुकृञ् करणे (तना.) धातु, सृष्टि+कृ+तृच् (तृ), गुण, सृष्टिकर्तृ= सृष्टिकर्ता ।

शब्दार्थ- संरचना गर्ने व्यक्ति, व्रह्माण्डको सृष्टि वा संरचना गर्ने विधाता, जगत्को सृजना गर्ने स्रष्टा, प्राकृतिक तत्त्व, व्रह्मा ।

सेचकः (वि.) सिञ्चतीति *(सिञ्चन गर्छ)* षिच क्षरणे (तुदा.) धातु, सिच्+ण्वुल् (अक), गुण= सेचक ।

शब्दार्थ- सिञ्चन गर्ने, अभिषेक गर्ने, पानी पटयाउने ।

सेचनम् (ना./न.) सिच्यते अनेन इति *(सिञ्चन गरिन्छ यसबाट)* षिच क्षरणे (तुदा.) धातु, सिच्+ल्युट्[4] (अन), करणमा, गुण= सेचन ।

शब्दार्थ- पानी छर्कने काम, अभिषेक गर्ने क्रिया, सिञ्चन गर्ने काम, पानी पटयाउने क्रिया ।

सेतुः (ना./स्त्री.) सिनोति बध्नाति जलम् *(नदी वा खोलो बाँध्ने काम गर्छ)* षिञ् वन्धने (स्वा.) धातु, सि+तुन्[5] (तु), उणा., गुण= सेतु ।

सेतुरालौ स्त्रियाम्- इत्यमरः

शब्दार्थ- साँघु, पुल, नदी तथा खोला तर्न वनाइएको पुल, वाँध, तुइन आदि ।

सेतुबन्धः (ना./पुं.) सेतोर्बन्धः *(पुलको बन्ध)* ष.त.स. =सेतुबन्ध ।

शब्दार्थ- पुल निर्माण गर्ने काम, साँघु हाल्ने काम, रामायणमा वर्णन गरिएअनुसार दक्षिण भारतको रामेश्वरम्मा श्रीरामचन्द्रद्वारा समुद्रमा निर्माण गरिएको सेतुवन्ध, पुल ।

सेना (ना./स्त्री.) सिनोति बध्नाति शत्रून् *(शत्रुलाई बन्धनमा राख्छ)* षिञ् बन्धने (स्वा.) धातु, सि+न[6] (उणा.), गुण, सेन+टाप् (आ)= सेना ।

---

[1] ण्वुल्तृचौ : ण्वुल्

[2] क्तिच्क्तौ च संज्ञायाम् : क्तिच्

[3] स्त्रियां क्तिन् : क्तिन्

[4] करणाधिकरणयोश्च : ल्युट्

[5] सितनिगमिमसि... : तुन्

[6] कृवृजसिद्रु... : न

अथवा एति ईयते इति *(अगाडि बढ्छ)* इण् गतौ (अदा.) धातु, इ+नक्[1] (न), उणा., इनः । इनेन प्रभुणा सह वर्तते *(स्वामीसहित रहन्छ)* ब.स., सहको सभाव, स+इन+टाप् (आ), गुण= सेना ।

ध्वजिनी वाहिनी सेना पृतनाऽनीकिनी चमूः - इत्यमरः

शब्दार्थ- अस्त्र, शस्त्रसहितको सैनिक समुदाय, फौज, पल्टन, चमू, वाहिनी, सैन्यशक्ति ।

सेनाङ्गम् (ना./न.) सेनायाः अङ्गम् *(सेनाको अङ्ग)* ष.त.स., दीर्घ= सेनाङ्ग ।

हस्त्यश्वरथपादातं सेनाङ्गं स्याच्चतुष्टयम्- इत्यमरः

शब्दार्थ- हात्ती, रथ, घोडा, पैदल सिपाही समेत सेनाका चार अङ्गको समुदाय ।

सेनाचरः (वि.) सेनायां चरतीति *(सेनामा घुम्छ, रहन्छ)* सेना उपपदमा हुने चर गतिभक्षणयोः (भ्वा.) धातु, सेना+चर्+ट (अ)= सेनाचर ।

शब्दार्थ- सेनामा विचरण गर्ने, सेना सहयात्री, सेनामा घुम्ने ।

सेनाध्यक्षः (ना./पुं.) सेनायाः अध्यक्षः *(सेनाको अध्यक्ष)* ष.त.स., दीर्घ= सेनाध्यक्ष ।

शब्दार्थ- सेनाको प्रमुख, प्रधान सेनापति, जल, थल वा वायुसेनाको प्रमुख ।

सेनानायकः (ना./पुं.) सेनायाः नायकः *(सेनाको नायक)* ष.त.स.= सेनानायक ।

अथवा सेनां नयतीति *(सेना हाँक्छ)* णीञ् प्रापणे (भ्वा.) धातु, सेना+नी+ण्वुल् (अक), वृद्धि, आयादेश =सेनानायक ।

शब्दार्थ- सेनाका गुल्मको नायक, सेनाको गणनायक ।

सेनानिवासः (ना./पुं.) सेनायाः निवासः *(सेनाको निवासस्थान)* ष.त.स.= सेनानिवास ।

शब्दार्थ- सेना रहने स्थान, छाउनी, ब्यारेक, सेनानिवेश, सेनाको ब्यारेक, सेनाको शिविर ।

सेनानिवेशः (ना./पुं.) सेनायाः निवेशः *(सेनाको बस्ने ठाउँ)* ष.त.स.= सेनानिवेश ।

शब्दार्थ- सैनिक ब्यारेक वा छाउनी, सेना रहने स्थान, सेनाको शिविर ।

सेनानी (ना./पुं.) सेनां नयतीति *(सेना हाँक्छ)* सेनापूर्वक णीञ् प्रापणे (भ्वा.) धातु, सेना+नी+क्विप्[2] (सर्वलोप) = सेनानी ।

शब्दार्थ- सेनाको गणनायक, सेनाको उच्च अधिकृत, स्वामी कार्तिकेय ।

सेनापतिः (ना./पुं.) सेनायाः पतिः *(सेनाको पति)* ष.त.स.= सेनापति ।

शब्दार्थ- सेनाका गुल्मको प्रमुख ।

सेवकः (वि.) सेवते इति *(सेवा गर्छ)* षेवृ सेवने (भ्वा.) धातु, सत्त्व, सेव्+ण्वुल् (अक)= सेवक ।

शब्दार्थ- सेवा गर्ने, स्याहार-सुसार गर्ने, नोकर-चाकर, ईश्वरको उपासक वा भक्त, भृत्य, परिचारक ।

सेवनम् (ना./न.) सिव्यति, सेव्यते सेवनमिति वा *(सिउँछ, सिइन्छ वा सेवा गरिन्छ)* षिवु तन्तुसन्ताने (दिवा.) वा षेवृ सेवने (भ्वा.) धातु, सिव्+ल्युट् (अन), गुण= सेवन । सेव्+ल्युट् (अन)= सेवन ।

शब्दार्थ- सिउने काम, टाँका लगाउने काम, औषधी उपचार गर्ने काम, सेवा गर्ने काम, शुश्रूषा, स्याहारसुसार गर्ने काम, उपासना गर्ने काम, देवीदेवताको पूजा अर्चना गर्ने काम ।

सेवनीयः (वि.) सेवितुं योग्यः *(सेवा गर्न योग्य वा लायक)* षेवृ सेवने (भ्वा.) धातु, सेव्+अनीय (र्)= सेवनीय ।

शब्दार्थ- सेवा गर्न योग्य, स्याहारसुसार गर्न लायक, सेवा गर्न उचित ।

सेवा (ना./स्त्री.) सेव्यते अनया इति *(सेवा गरिन्छ यसबाट)* षेवृ सेवने (भ्वा.) धातु, सेव्+अ[3] (प्रत्यय), सेव+टाप् (आ)= सेवा ।

शब्दार्थ- शुश्रूषा गर्ने काम, स्याहार-सुसार गर्ने काम, सेवा गर्ने काम, देवीदेवताको उपासना गर्ने काम ।

सेवाधर्मः (ना./पुं.) सेवारूपश्चासौ धर्मश्च *(सेवारूप धर्म)* क.त.स., उ.प.लोप= सेवाधर्म ।

शब्दार्थ- सेवारूपी धर्म, सेवाभाव ।

सेवावधिः (ना./पुं.) सेवायाः अवधिः *(सेवा वा नोकरीको अवधि)* ष.त.स., दीर्घ= सेवावधि ।

शब्दार्थ- सेवाको अवधि, सेवाको हद, सेवामा प्रवेश गर्दा र छाड्दा उमेरको हद ।

सेवाप्रविष्टः (वि.) सेवायां प्रविष्टः *(सेवामा प्रवेश गरेको)* स.त.स.= सेवाप्रविष्ट ।

शब्दार्थ- सेवामा प्रवेश गरेको, सेवामा भर्ना वा नियुक्त भएको ।

सेवामुक्तः (वि.) सेवया मुक्तः *(सेवाबाट हटाइएको)* प.त.स.= सेवामुक्त ।

शब्दार्थ- सेवाबाट मुक्त भएको, सेवाबाट निवृत्त, सेवाबाट हटाइएको ।

सेवासमर्पणम् (ना./न.) सेवायां सेवायै वा समर्पणम् *(सेवामा वा सेवाका लागि समर्पण)* स.त.स./ च.त.स.= सेवासमर्पण ।

शब्दार्थ- सेवाभावमा जीवन समर्पण गर्ने काम, सेवाका लागि समर्पित रहने काम, सेवामा सदा तत्पर रहने काम ।

सेविका (ना./स्त्री.) सेवते असौ स्त्री *(यो स्त्री सेवा गर्छे)* षेवृ सेवने (भ्वा.) धातु, सेव्+ण्वुल् (अक), सेवक+टाप् (आ), सेवका, ककारपूर्वका अकारको इत्व= सेविका ।

शब्दार्थ- परिचारिका, सेवा गर्ने स्त्री, नोकर्नी, दासी, किङ्करी

---

[1] इण्सिञ्जि... : नक्

[2] सत्सूद्विष... : क्विप्

[3] गुरोश्च हलः : अ

सेवितः (वि.) सेव्यते स्म इति *(सेवा गरिएको)* षेवृ सेवने (भ्वा.) धातु, सत्त्व, सेव्+क्त (त), इडागम= सेवित ।

शब्दार्थ- सेवा गरिएको, स्याहारसुसार गरिएको, पूजा-आराधना गरिएको ।

सेवी (वि.) सेवा अस्यास्तीति *(सेवाभाव छ यसको)* सेवा+इन् (इ), आकारलोप, सेविन्= सेवी ।

शब्दार्थ- सेवा गर्ने, सेवक, परिचारक, भृत्य, उपासक ।

सेव्यः (वि.) सेव्यते, सेवितुमर्हः इति वा *(सेवा गर्न लायक)* षेवृ सेवने (भ्वा.) धातु, सत्त्व, सेव्+ण्यत्[१] (य)= सेव्य ।

शब्दार्थ- सेवा गर्न योग्य वा लायक, सेवा गर्नुपर्ने, सेवा गर्न उचित, उपासनीय ।

सैकतः (ना./पुं.) सिकताः सन्ति यत्र *(बालुवा छ जहाँ)* सिकता+अण्[२] (अ), आदिवृद्धि= सैकत ।

शब्दार्थ- वालुवाले निर्मित भएको जग्गा, बलौटे माटो, वालुवा भएको प्रदेश ।

सैद्धान्तिकः (वि.) सिद्धान्तादागतः, सिद्धान्तस्य अयम्, सिद्धान्तं वेत्तीति *(सिद्धान्तबाट आएको, सिद्धान्तको यो, सिद्धान्त जान्दछ)* सिद्धान्त+ठक्[३] (इक), आदिवृद्धि =सैद्धान्तिक ।

शब्दार्थ- सिद्धान्तको पछि लाग्ने, सिद्धान्त नछाड्ने, सिद्धान्तसित सम्वन्धित, सिद्धान्त अनुरूप चल्ने ।

सैनापत्यम् (ना./न.) सेनापतेः भावः कर्म इति वा *(सेनापतिको भाव वा कर्म)* सेनापति+यक्[४] (य), आदिवृद्धि =सैनापत्य ।

शब्दार्थ- सेनापतिको अवस्था वा स्थिति, सेनापतित्व ।

सैनिकः (वि.) सेनायां समवैति *(सेनामा सम्मिलित हुन्छ)* सेना+ठक्[५] (इक), आदिवृद्धि= सैनिक ।

अथवा सेनां रक्षन्ति *(सेनाको रक्षा गर्छन्)* सेना+ठक्[६] (इक), आदिवृद्धि= सैनिक ।

शब्दार्थ- सेनामा सम्मिलित भएको, सेनामा भर्ती भएको, सिपाही, योद्धा, सैनिक (जवान) ।

सैनिकीकरणम् (ना./न.) असैनिकं सैनिकं सम्पद्यते, तत्करणमिति *(असैनिक सैनिक बन्छ र त्यो बनाइन्छ)* सैनिक+च्वि+कृ+ल्युट् (अन), सैनिकका अवर्णको ईत्व, गुण, णत्व, च्विको सर्वलोप =सैनिकीकरण ।

शब्दार्थ- साधारण नागरिकलाई पनि अनिवार्य रूपमा सेनामा भर्ती गर्ने काम ।

सैन्धवः (वि./ना./पुं.) सिन्धुषु भवः जातः वा *(सिन्धुदेश वा समुद्रमा भएको वा उत्पन्न भएको)* सिन्धु+अण्[७] (अ), आदिवृद्धि, गुण, अवादेश= सैन्धव ।

हय-सैन्धव-सप्तयः- इत्यमरः

शब्दार्थ- सिन्धुप्रदेशमा उत्पन्न भएको, समुद्रमा भएको, सिन्धुदेश वा समुद्रसित सम्वन्धित, सिन्धुदेशमा उत्पन्न एक प्रकारको घोडा ।

सैन्यम् (ना./न./वि.) सेनायां समवेतम् *(सेनामा सम्मिलित)* सेना+ण्य[८] (य), आदिवृद्धि= सैन्य ।

अथवा सेना एव *(सेना नै)* सेना+ष्यञ् (य), स्वार्थमा, वृद्धि= सैन्य । अथवा सेनायाः भावः कर्म वेति *(सेनाको भाव वा कर्म)* सेना+ष्यञ् (य), वृद्धि= सैन्य ।

शब्दार्थ- सिपाही, सेनाको अवस्था, सैनिक जवान, सैनिक, सेनामा सम्मिलित भएको, सेनामा भर्ती भएको ।

सैन्यशक्तिः (ना./स्त्री.) सैन्यस्य शक्तिः *(सेनाको शक्ति वा क्षमता)* ष.त.स.= सैन्यशक्ति ।

शब्दार्थ- सेना वा फौजको शक्ति, सेनाको सामर्थ्य ।

सैरन्ध्री (ना./स्त्री.) सीरं हलं धरतीति *(हलो धारण गर्छ)* सीरपूर्वक धृञ् धारणे (भ्वा.) धातु, सीर+धृ+क[९] (अ), यण्, मुक्, बहुलप्रकारले, सीरन्ध्रः कृषकः । तस्य इयम् सीरन्ध्र+अण् (अ),आदिवृद्धि, सैरन्ध्र+ङीष् (ई)=सैरन्ध्री ।

अथवा स्वैरं स्वच्छन्दतां धरति असौ *(स्वच्छन्दता धारण गर्छे यो)* धृञ् धारणे (भ्वा.) धातु, स्वैरम्+धृ+क (अ), पृषोदरादिवाट, 'स्वै'वर्ण 'सै'मा परिणत, धृको यण्, परसवर्ण, सैरन्ध्र+ङीष् (ई)= सैरन्ध्री ।

सैरन्ध्री परवेश्मस्था स्ववशा शिल्पकारिका- इत्यमरः

शब्दार्थ- दासी, सेविका, अन्तःपुरमा शिल्प कर्म गर्ने दासी, शृङ्गार या रूपसज्जासम्वन्धी कार्यमा खटिएकी दासिका, द्रौपदी, स्वतन्त्ररूपमा अर्काको घरमा वसी शिल्पकर्म गर्ने स्त्री, कृषिसम्वन्धी कर्म गर्ने स्त्री ।

सोदरः/सोदर्यः (वि.) सह उदरेण वर्तते इति *(एउटै उदरमा पैदा भएको)* समाने उदरे शयितः *(एउटै उदरमा रहेको)* ब.स., समानको सभाव[१०], गुण=सोदर ।

अथवा सह समानं उदरं यस्य *(समान उदर छ जसको)* ब.स., सहको सभाव= सोदर ।

सोदर+य[११]= सोदर्य ।

शब्दार्थ- एउटै गर्भ वा उदरवाट जन्मेको, सहोदर ।

सोदाहरणम् (अव्य./वि.) उदाहरेण सह *(उदाहरणसहितको)* ब.स./अव्य.स., सहको सभाव, गुण= सोदाहरण ।

शब्दार्थ- उदाहरण सहितको, उदाहरण दिइएको, उदाहरण सहित, उदाहरणका साथ ।

सोपाधिः/सोपाधिकः (वि.) उपाधिना सह *(उपाधि-सहित)* ब.स., सहको सभाव, गुण= सोपाधि ।

सोपाधि+कप् (क), समासान्त= सोपाधिक ।

शब्दार्थ- उपाधिसहितको, उपाधियुक्त, मर्यादित ।

---

[१] अर्हे कृत्य... : ण्यत्

[२] सिकतासर्कराभ्यां च : अण्

[३] ठगायस्थानेभ्यः..../क्रतूक्थादि... : ठक्

[४] पत्यन्तपुरो... : यक्

[५] समवायान्समवैति : ठक्

[६] रक्षति : ठक्

[७] तत्र भवः/तत्र जातः : अण्

[८] सेनाया वा : ण्य

[९] मूलविभुजादिभ्य... : क

[१०] विभाषोदरे... : समानको सभाव

[११] सोदराद्यः : य

सोपानम् (ना./न.) उप अन्यते ***(उँभो जानु, श्वास लिनु)*** उपपूर्वक अन प्राणने (अदा.) धातु, उप+अन्+घञ् (अ), वृद्धि, दीर्घ, उपान: । उपान: उपरिगमनम् तेन सह विद्यमान: ***(माथि गमन गर्ने क्रियासँग रहेको)*** सह+उपान, सहको सभाव, गुण= सोपान ।

आरोहणं स्यात्सोपानम्- इत्यमर:

शब्दार्थ- भऱ्याङ, लिस्नो, आरोहरण, माथि चढ्ने काम ।

सोपानित: (वि.) सोपानं सञ्जातमस्य ***(भऱ्याङ् राखिएको छ यसको)*** सोपान+इतच्[१] (इत)= सोपानित ।

शब्दार्थ-भऱ्याङ् राखिएको, भऱ्याङ् जडिएको, भऱ्याङ्युक्त

सोम: (ना./पुं.) पीयूषं सूते/सुते इति वा ***(अमृत वा समृद्धि पैदा गर्छ)*** षूङ् प्राणिगर्भविमोचने वा षु प्रसवैश्वर्ययो: (अदा.) धातु, सू/सु+मन्[२] (म), उणा., गुण= सोम ।

शब्दार्थ- चन्द्र, चन्द्रमा, सोमलता, सोमरस, सोमवार, सौंवार, कपूर ।

सोमतीर्थम् (ना./न.) सोमेन निर्मितञ्च तत् तीर्थञ्च (सोमद्वारा निर्मित तीर्थ) क.त.स., उ.प.लोप =सोमतीर्थ ।

शब्दार्थ- प्रभासतीर्थ, प्रभासक्षेत्र ।

सोमनाथ:(ना./पुं.) सोमश्चासौ नाथश्च ***(सोमनाथ)*** क.त.स.= सोमनाथ ।

अथवा सोम एव नाथ ***(सोम नै नाथ)*** म.व्य.स. =सोमनाथ । वा सोमस्य चन्द्रस्य नाथ: ***(चन्द्रमाका नाथ वा स्वामी)*** ष.त.स.= सोमनाथ ।

अथवा सोम: नाथ: यत्र ***(सोमनाथ ज्योतिर्लिङ्ग छ जहाँ)*** व.स.= सोमनाथ ।

अथवा सोमे सोमतीर्थे स्थित: नाथ: ***(सोमतीर्थमा स्थित ज्योतिर्लिङ्ग)*** स.त.स.= सोमनाथ ।

शब्दार्थ- सोमतीर्थमा अवस्थित शिवलिङ्ग, द्वादश ज्योतिर्लिङ्गमध्ये एक ।

सोमप: (वि.) सोमं पिबतीति ***(सोमरस पान गर्छ)*** पा पाने (भ्वा.) धातु, सोम+पा+क[३] (अ), आलोप= सोमप ।

शब्दार्थ- सोमरस पान गर्ने, सोमलता पिउने ।

सोमपानम् (ना./न.) सोमस्य सोमरसस्य पानम् ***(सोमरस वा सोमलताको पान)*** ष.त.स.= सोमपान ।

शब्दार्थ- सोमरसको पान, अमृत पान गर्ने काम, मदिरापान ।

सोमपायी (वि.) सोमं पातुं शीलमस्य ***(सोमलताको रस पान गर्ने शील छ यसको)*** सोमपूर्वक पा पाने (भ्वा.) धातु, सोम+पा+णिनि[४] (इन्), युक्[५], सोमपायिन् =सोमपायी ।

शब्दार्थ- सोमरस पार्ने, सोमलता पिउने, मद्यपान गर्ने ।

सोममय: (वि.) प्रकृतं प्रचुरं सोम: ***(पर्याप्त सोमरस वा चन्द्रप्रकाश भएको)*** सोम+मयट् (मय)= सोममय ।

शब्दार्थ-सर्वत्र चन्द्रप्रकाशले छाएको, सोमरसले परिपूर्ण ।

सोमयज्ञ:/सोमयाग: (ना./पुं.) सोमेन सम्पन्न: यज्ञ:/याग: ***(सोमलताबाट पूरा गरिने यज्ञ)*** तृ.त.स. =सोमयज्ञ/सोमयाग ।

शब्दार्थ- सोमयज्ञ, सोमरस पानबाट सम्पन्न गरिने यज्ञ ।

सोमयाजी (वि.) सोमेन इष्टवान् ***(सोमलताले सम्पन्न गरेको यज्ञ)*** सोमपूर्वक यज देवपूजादौ (भ्वा.) धातु, सोम+यज्+णिनि (इन्), सोमयाजिन्= सोमयाजी ।

शब्दार्थ- सोमयज्ञ गर्ने, सोमलताबाट यज्ञ सम्पन्न गर्ने ।

सोमरस: (ना./पुं.) सोमस्य रस: ***(सोमलताको रस)*** ष.त.स.= सोमरस ।

शब्दार्थ- सोमलताबाट पैदा हुने रस, मादक पदार्थ ।

सोमलता (ना./स्त्री.) सोमस्य लता ***(सोमरसको लता)*** ष.त.स.= सोमलता ।

शब्दार्थ- सोमरस पैदा हुने एक प्रकारको हिमाली लहरो ।

सोमवंश: (ना./पुं.) सोमस्य वंश: ***(चन्द्रमाको वंश)*** ष.त.स.= सोमवंश ।

शब्दार्थ- चन्द्रमाका पुत्र बुधका सन्तान, चन्द्रवंशी क्षत्रियजाति, चन्द्रमाको वंश ।

सोमवंशी (वि.) सोमवंश: अस्यास्तीति ***(सोमवंश हो यसको)*** सोमवंश+इनि[६] (इन्), सोमवंशिन्=सोमवंशी ।

शब्दार्थ- सोमवंशसित सम्बन्धित, सोमवंशको, चन्द्रवंशी ।

सोमवंशीय: (वि.) सोमवंशे भव: जात: वा सोमवंशस्यायम् ***(सोमवंशमा पैदा भएको वा जन्मेको, सोमवंशको यो)*** सोमवंश+छ[७] (ईय)= सोमवंशीय ।

शब्दार्थ- सोमवंशको, सोमवंशसित सम्बन्धित, सोमवंशी, सोमवंशमा पैदा भएको, चन्द्रवंशी ।

सोमवार: (ना./पुं.) सोमस्य वार: ***(चन्द्रमाको वार)*** ष.त.स. = सोमवार ।

शब्दार्थ- सोम (चन्द्रमाको भोग्य दिन), सोमवासर, चन्द्रवासर, सौंवारको दिन ।

सौकुमार्यम् (ना./न.) सुकुमारस्य भाव: ***(सुकुमार हुनाको भाव वा अवस्था)*** सुकुमार+ष्यञ् (य), आदिवृद्धि = सौकुमार्य ।

शब्दार्थ- कोमलता, सुकुमार हुनाको अवस्था, मृदुता ।

उदा. लिई सौन्दर्य माधुर्य सौकुमार्य थपी वहाँ-
ऋ.वि. (वसन्त वि.३७)

सौक्ष्म्यम् (ना./न.) सूक्ष्मस्य भाव: ***(सूक्ष्म हुनाको भाव वा अवस्था)*** सूक्ष्म+ष्यञ् (य), आदिवृद्धि= सौक्ष्म्य ।

शब्दार्थ- सूक्ष्मता, मिहिनपना ।

सौखिक: (वि.) सुखेन चरति जीवति वा ***(सुखपूर्वक जीवित रहन्छ)*** सुख+ठक्[८] (इक)= सौखिक ।

शब्दार्थ- सुखपूर्वक रहने, सौखिन ।

---

[१] तदस्य सञ्जातम्...: इतच्

[२] अर्तिस्तुसु... : मन्

[३] आतोऽनुपसर्गे... : क

[४] सुप्यजातौ...: णिनि

[५] वातो युक्... : युक्

[६] अत इनिठनौ : इनि

[७] गहादिभ्यश्च : छ

[८] चरति/वेतनादिभ्य...: ठक्

सौख्यम् (ना./न.) सुखस्य भावः कर्म *(सुखपूर्वक रहनाको भाव वा अवस्था)* सुख+ष्यञ्[1] (य), आदिवृद्धि=सौख्य अथवा सुखमेव *(सुख नै)* सुख+ष्यञ् (य), स्वार्थमा, आदिवृद्धि= सौख्य ।

शब्दार्थ- सुख वा आनन्द, प्रसन्नता, क्षेमकुशल, सुखत्व ।

उदा. **न सँगी न त सौख्य वा खुसी,**
न त स्वामी घर वा मिठास छ- सु.म.का. ९/२४

सौगतः (वि.) सु शोभनं गतं ज्ञानमस्य *(राम्रो ज्ञान छ यिनको)* प्रा.ब.स., सुगतः (बुद्धः) । सुगतस्य अयम् *(बुद्धको यो)* सुगत+अण्[2] (अ), आदिवृद्धि= सौगत ।

शब्दार्थ- बुद्धसित सम्वन्धित, बुद्धको, बुद्धधर्मसम्वन्धी, बुद्धधर्मको अनुसरण गर्ने, शून्यवादी ।

सौगन्धः (वि.) सुगन्धस्य विकारः *(मधुर सुगन्धको यो)* सुगन्ध+अण्[3] (अ), आदिवृद्धि= सौगन्ध ।

शब्दार्थ- वास्ना आउने, सुगन्धले परिपूर्ण, सुगन्धित, सुगन्धमय ।

सौगन्धिकः (वि./ना./न.) सुगन्धादागतः *(सुगन्धबाट आएको)* सुगन्ध+ठक्[4] (इक), आदिवृद्धि=सौगन्धिक ।

अथवा सु शोभनः गन्धः प्रयोजनमस्य *(सुगन्ध नै प्रयोजन छ यसको)* सुगन्ध+ठक्[5] (इक), आदिवृद्धि =सौगन्धिक ।

अथवा सुगन्धः पण्यमस्य *(सुगन्ध व्यापार छ जसको)* सुगन्ध+ठक्[6] (इक), आदिवृद्धि= सौगन्धिक ।

सौगन्धिकं तु कल्हारम्- इत्यमरः

शब्दार्थ- मीठो वास्ना आउने, सुगन्धयुक्त, वास्नादार, सेतो कमल, सुगन्धित वस्तु, सुगन्धित द्रव्यको व्यापारी ।

सौजन्यम् (ना./न.) सु शोभनः जनः *(राम्रो मानिस)* प्रा.त.स., सुजनः । सुजनस्य भावः कर्म वा *(असल मानिस हुनाको भाव वा अवस्था)* सुजन+ष्यञ् (य), आदिवृद्धि= सौजन्य ।

शब्दार्थ- सुजनता, भलाद्मीपन, दयालुपन ।

उदा. **तसर्थ सौजन्यको नाम आज,**
दौर्जन्य हुन गएको छ- आगो र पानी १/२१

सौतिः (ना./पुं.) सूतस्य अपत्यं पुमान् *(सूतको सन्तान)* सूत+इञ्[7] (इ), आदिवृद्धि= सौति ।

ब्राह्मण्यां क्षत्रियात् सूतः- इत्यमरः

शब्दार्थ- सूत्रपुत्र, कर्ण, ब्राह्मणकन्यामा क्षत्रियवाट जन्मेको सन्तान,

द्रष्टव्य- यसरी पैदा भएको सन्तान सूत कहलाउँछ, उसको सन्तान 'सौति' हुन्छ ।

सौत्रः (वि.) सूत्रस्य अयम् *(सूत्रको यो)* सूत्र+अण् (अ), आदिवृद्धि= सौत्र ।

अथवा सूत्रं यज्ञसूत्रम् अर्हतीति *(जनैधारण गर्न योग्य)* सूत्र+अण् (अ), आदिवृद्धि= सौत्र ।

शब्दार्थ- धागो या डोरीसित सम्वन्धित, सूत्रसम्वन्धी, सूत्रमा वर्णित, यज्ञसूत्र धारण गर्ने (द्विज) ।

सौदामनी (ना./स्त्री.) सुदाम्ना अद्रिणा सह एका समाना दिक् *(पर्वतसित समान दिशा भन्ने यस अर्थमा)* सुदामन्+अण्[8] (अ), आदिवृद्धि, प्रकृतिभाव, टिलोप, अल्लोपनिषेध, ङीप् (ई)= सौदामनी ।

अथवा सुदाम्नि मेघे भवा: *(मेघमा भएको)* सुदामन्+अण् (अ), आदिवृद्धि, प्रकृतिभाव, ङीप् (ई)=सौदामनी ।

सुदामा तु पुमान् वारिधरपर्वतभेदयोः - इति मेदिनी
तडित् सौदामनी विद्युत्- इत्यमरः

शब्दार्थ- विद्युत्, विजुली, तडित्, आकाशमा चम्कने विद्युत् ।

उदा. **कालो सौदामनीको चहक सब शरच्चन्द्रको कान्ति**
कालो..... मनबीच छ भने दम्भ दुर्भाव कालो ।
-सत्यसन्देश लालित्य

सौधः (ना./पुं./न./वि) सुधा लेपः अस्यास्तीति *(प्लस्टर तथा स्फटिकादि लेप जडिएको छ यसको)* सुधा+अण्[9] (अ), आदिवृद्धि= सौध ।

अथवा सुधायाः विकारः *(अमृत या लेपको विकार)*, सुधायाः इदम् *(अमृत वा लेपको यो)* सुधा+अण्[10] (अ), आदिवृद्धि= सौध ।

सुधा स्त्री लेपने मूर्व्यां स्नुहीगङ्गेष्टकामृते- इति मेदिनी
सौधोऽस्त्री राजसदनम्- इत्यमरः

शब्दार्थ- दरवार, स्फटिकादि जडित राजप्रासाद, राजसदन, राजदरवार, चाँदी, सिउँडी, गङ्गा, अमृतसम्वन्धी ।

सौन्दर्यम् (ना./न.) सुन्दरस्य भावः *(सुन्दर हुनाको भाव वा अवस्था)* सुन्दर+ष्यञ् (य), आदिवृद्धि= सौन्दर्य ।

शब्दार्थ- सुन्दरपना, रमणीयता, मनोहारिता, लावण्य, सुन्दरता, सुन्दर पार्ने वस्तु ।

उदा. **तर सौन्दर्यको ज्योति उनमा भित्र एक छ-**
ऋ.वि. (वसन्त वि.२८)

सौन्दर्यचेतना (ना./स्त्री.) सौन्दर्यस्य चेतना *(सौन्दर्यको चेतना)* ष.त.स.= सौन्दर्यचेतना ।

शब्दार्थ- सौन्दर्यको बोध, सौन्दर्य ग्रहण गर्न सक्ने क्षमता, सौन्दर्यप्रति अभिरुचि ।

सौन्दर्यबोधः (ना./पुं.) सौन्दर्यस्य बोधः *(सौन्दर्यको बोध)* ष.त.स.= सौन्दर्यबोध ।

शब्दार्थ- सौन्दर्य दिन सक्ने क्षमता, सौन्दर्यप्रतिको झुकाउ

सौभगम् (ना./न.) सुभगः एव *(राम्रो भाग्य नै)* सुभग +अण् (अ), आदिवृद्धि= सौभग ।

शब्दार्थ- राम्रो भाग्य, सौभाग्य, समृद्धि, धनदौलत ।

---

[1] गुणवचन... : ष्यञ्
[2] तस्येदम् : अण्
[3] तस्य विकारः : अण्
[4] ठगायस्थानेभ्य... : ठक्
[5] प्रयोजनम् : ठक्
[6] तदस्य पण्यम्... : ठक्
[7] अत इञ् : इञ्
[8] तेनैकदिक् : अण्
[9] अण् च/ज्योस्नादिभ्य उपसंख्यानम् (वा.) : अण्
[10] तस्येदम्/तस्य विकारः : अण्

सौभद्रः/सौभद्रेयः (ना./पुं.) सुभद्रायाः अपत्यम् पुमान् *(सुभद्राको पुरुष सन्तान)* सुभद्रा+अण्[1] (अ), आदिवृद्धि= सौभद्र ।

सुभद्रा+ढक्[2] (एय), आदिवृद्धि= सौभद्रेय ।

शब्दार्थ- सुभद्रापुत्र अभिमन्यु ।

सौभागिनेयः (ना./पुं.) सुभगायाः अपत्यम् पुमान् *(भाग्यवती स्त्रीको पुत्र)* सुभगा+इनङ्[3] (इन)/ढक्[3] (एय), आलोप, उभयपदवृद्धि= सौभागिनेय ।

शब्दार्थ- सौभाग्यवती स्त्रीको पुत्र, सबैभन्दा प्यारी पत्नीको पुत्र ।

सौभाग्यम् (ना./न.) सुभगस्य, सुभगायाः वा भावः (भाग्यशाली पुरुष वा स्त्रीको भाव वा अवस्था) सुभग/सुभगा+ष्यञ् (य), उभयपदवृद्धि, अकार तथा आकारलोप= सौभाग्य ।

अथवा सुभगायै हितम् *(भाग्यशाली स्त्रीलाई उपयोगी हुने)* सुभगा+ष्यञ् (य), उभयपदवृद्धि= सौभाग्य ।

शब्दार्थ- राम्रो भाग्य, उत्तम भाग्य, सौभाग्यवान् वा सौभाग्यवती हुनाका चिन्हहरू, सुखसमृद्धि प्राप्त हुने अवस्था ।

सौभाग्यवती (वि./ना./स्त्री.) सौभाग्यमस्याः अस्तीति *(सौभाग्य छ यस स्त्रीको)* सौभाग्य+मतुप् (मत्), मको व, सौभाग्यवत्+ङीप् (ई)= सौभाग्यवती ।

शब्दार्थ- सौभाग्य भएकी, सौभाग्यशालिनी, राम्रो भाग्य भएकी नारी, सुभगा, पतिपुत्रवती स्त्री ।

सौभाग्यवान् (वि.) सौभाग्यमस्यास्तीति *(सौभाग्य छ यसको)* सौभाग्य+मतुप् (मत्), मको व, सौभाग्यवत् =सौभाग्यवान् ।

शब्दार्थ- सौभाग्य भएको, समृद्धशाली, स्त्री-पुत्रादि सुखसमृद्धिले सम्पन्न ।

सौमनसः (वि.) सु शोभनं मनः यस्य *(राम्रो मन छ जसको)* प्रा.व.स., सुमनस् । सुमनसः अयम् *(स्वच्छ मन वा फूलको यो)* सुमनस्+अण् (अ), आदिवृद्धि =सौमनस ।

शब्दार्थ- राम्रो, स्वच्छमनको, फूल वा कुसुमसम्वन्धी, सुखद, आनन्ददायक, फूलसम्वन्धी, पुष्पीय ।

सौमनस्यम् (ना./न.) सु शोभनं मनः यस्य *(राम्रो स्वच्छ मन छ यसको)* प्रा.व.स., सुमनस्, तस्य भावः *(राम्रो मन हुनाको भाव वा अवस्था)* सुमनस्+ष्यञ् (य), आदिवृद्धि= सौमनस्य ।

शब्दार्थ- प्रसन्नता, आनन्द, भावानुकूलता, मनको प्रफुल्लता, फूलको मनमोहकता ।

सौमित्रः/सौमित्रिः (ना./पुं.) सुमित्रायाः अपत्यं पुमान् *(सुमित्राको पुरुष सन्तान)* सुमित्रा+अण् (अ), आदिवृद्धि, आकारलोप= सौमित्र ।

सुमित्रा+इञ्[4] (इ), आदिवृद्धि, आकारलोप= सौमित्रि ।

शब्दार्थ- सुमित्रानन्दन लक्ष्मण, दशरथका चार पुत्रहरूमध्ये एक ।

सौम्यः (वि./ना./पुं.) सोमः देवता अस्य, सोमस्य अयम् *(सोम छन् देवता यसका, चन्द्रमाको यो)* सोम+टचण्[5] (य), आदिवृद्धि= सौम्य । अथवा सोम इव *(चन्द्रामा झैं)* सोम+ष्यञ् (य), स्वार्थमा, आदिवृद्धि= सौम्य ।

अथवा सोमस्य अपत्यं पुमान् *(चन्द्रमाको पुरुष सन्तति)* सोम+यञ् (य), आदिवृद्धि=सौम्य ।

सौम्यः सोमात्मजेऽनुग्रे मनोज्ञे सोमदैवते ।

सौम्यो ज्ञे ना त्रिष्वनुग्रे मनोज्ञे सोमदैवते- इति मेदिनी

शब्दार्थ- चन्द्रमासम्वन्धी, स्वच्छ सरल स्वभावको, सुन्दर, मनोहर, मन प्रसन्न हुने खालको, सुखद, कोमल, मृदुल, चन्द्रमाको पुत्र बुध, कोमलता, सुन्दरता ।

सौम्यता (ना./स्त्री.) सौम्यस्य भावः *(सौम्य हुनाको भाव वा अवस्था)* सौम्य+तल् (त)+टाप् (आ)= सौम्यता ।

शब्दार्थ- सुखद हुनाको स्थिति वा अवस्था, कोमलता ।

सौरः (वि./ना./पुं.) सूरस्य अपत्यं पुमान् *(सूर्यको सन्तान)* सूर+अण् (अ)= सौर ।

अथवा सूरादागतः, सूरस्य अयम् *(सूर्यबाट पैदा भएको, सूर्यको यो)* सूर+अण्[6] (अ), आदिवृद्धि= सौर । अथवा सूरः देवता अस्य *(सूर्य छन् देवता यसको)* सूर+अण्[7] (अ)= सौर ।

शब्दार्थ- सूर्यबाट आएको, सूर्यबाट उत्पन्न, सूर्यसम्वन्धी, सूर्यलाई देवता मान्ने, सूर्योपासक, सूर्यपुत्र शनैश्चर, यम ।

सौरभः (वि./ना./पुं.) सुरभेरयम्, सुरभेरागतः *(सुगन्धको यो, सुगन्धबाट आएको)* सुरभि+अण् (अ), आदिवृद्धि, इकारलोप= सौरभ ।

शब्दार्थ- सुगन्धित, बास्नादार, सुगन्ध भएको, सुगन्धले युक्त वस्तु, सुवास, मीठो बास्ना ।

सौरभितः (वि.) सौरभः सञ्जातः अस्य *(बास्ना पैदा भएको छ यसको)* सौरभ+इतच्[8] (इत)= सौरभित ।

शब्दार्थ- बास्ना आएको, सुगन्धयुक्त, बास्ना चलेको ।

सौरभेयः (ना./पुं.) सुरभेः अपत्यं पुमान् *(सुरभि गाईको सन्तान)* सुरभि+ढक् (एय), आदिवृद्धि, इकारलोप =सौरभेय ।

शब्दार्थ- गोरु, बयल, सुरभि नामक गाईको सन्तान ।

सौरभेयी (ना./स्त्री.) सुरभेरपत्यं स्त्री *(सुरभि गाईको स्त्री सन्तति)* सुरभि+ढक् (एय), आदिवृद्धि, सौरभेय+ङीष् (ई)= सौरभेयी ।

शब्दार्थ- सुरभि नामक गाइको बाच्छी, गाई ।

---

[1] ऋष्यन्धक... : अण्

[2] स्त्रिभ्यो ढक् : ढक्

[3] कल्याणादीनामिनङ्.... : इनङ्/ढक्

[4] अत इञ् : इञ्

[5] सोमाट्ट्यण् : टचण्

[6] ततः आगतः/तस्येदम् : अण्

[7] साऽस्य देवता : अण्

[8] तदस्य सञ्जातम्... : इतच्

सौरमण्डलम् (ना./न.) सौरस्य मण्डलम् *(सौर-मण्डल)* ष.त.स.= सौरमण्डल ।

शब्दार्थ- सौरपरिवार, सौरजगत्, सूर्यको परिधि वा घेरो, ग्रहमण्डल ।

सौरमासः (ना./पुं.) सौरस्य मासः *(सूर्यले एक राशिमा भोग गर्ने समयको महिना)* ष.त.स.= सौरमास ।

शब्दार्थ- सूर्यको एक राशि सङ्क्रान्तिवाट अर्को राशि सङ्क्रान्तिको समयावधि, सूर्य एउटा राशिमा रहेर भोग गर्ने समय वा अवधि ।

द्रष्टव्य- सूर्य मेषराशिमा सङ्क्रमण भएपछि सौरमासको प्रथम महिना प्रारम्भ हुन्छ ।

सौराज्यम् (ना./न.) सुराज्ञः भावः कर्म वा *(असल राजा हुनाको भाव वा कर्म)* सुराज+ष्यञ्[1] (य)= सौराज्य ।

शब्दार्थ- असल राजा हुनाको भाव, कर्म वा अवस्था ।

सौराष्ट्रः (वि.) सुराष्ट्रे भवः जातः वा सुराष्ट्रस्य अयम्, सुराष्ट्रादागतः *(सुराष्ट्रमा हुने वा भएको, सुराष्ट्रको यो, सुराष्ट्रबाट आएको)* सुराष्ट्र+अण्[2] (अ), आदिवृद्धि =सौराष्ट्र ।

शब्दार्थ- सौराष्ट्रमा भएको, सौराष्ट्रसम्वन्धी, सौराष्ट्रमा उत्पन्न भएको, सौराष्ट्रवाट आएको ।

सौरिः (ना./पुं.) सूरस्य अपत्यम् पुमान् *(सूर्यको सन्तान)* सूर+इञ्[3] (इ), आदिवृद्धि= सौरि ।

समौ सौरिशनैश्चरौ- इत्यमरः

शब्दार्थ- सूर्यपुत्र शनि, शनिग्रह, शनैश्चर ।

सौर्यः (वि./ना./पुं.) सूर्यः देवता अस्य, सूर्यादागतः, सूर्यस्य अयम्, सूर्ये भवः, सूर्यस्य अपत्यं पुमान् *(सूर्य छन् देवता यसका, सूर्यबाट आएको, सूर्यको यो, सूर्यमा भएको, सूर्यको सन्तान)* सूर्य+अण्[4] (अ), आदिवृद्धि= सौर्य ।

शब्दार्थ- सूर्यको उपासक, सूर्यवाट आएको, सूर्यसम्वन्धी, सूर्यको, सूर्यमा हुने वा भएको, सूर्यको सन्तान, सूर्यपुत्र, शनैश्चर, यम ।

सौर्यशक्तिः (ना./स्त्री.) सौर्यस्य शक्तिः *(सूर्यको तापबाट पैदा हुने शक्ति)* ष.त.स.= सौर्यशक्ति ।

शब्दार्थ- सूर्यको तापवाट उत्पन्न हुने तापशक्ति, सूर्यवाट उत्पन्न ऊर्जा शक्ति ।

सौवर्णः (वि.) सुवर्णस्य विकारः, सुवर्णस्य अयम् इति वा *(सुनको विकार, सुनको यो)* सुवर्ण+अण्[5] (अ), आदिवृद्धि =सौवर्ण ।

शब्दार्थ- सुवर्णमय, स्वर्णनिर्मित, सुनवाट वनेको, स्वर्णिम, सुनौलो, सुवर्णको ।

सौवीर्यम् (ना./न.) सु सुष्ठु वीरः *(धेरै परक्रमी)* प्रा.त.स., सुवीरः । सुवीरस्य भावः*(ज्यादै पराक्रमी हुनाको भाव वा अवस्था)* सुवीर+ष्यञ् (य), आदिवृद्धि= सौवीर्य ।

शब्दार्थ- शूरवीरता, पराक्रमशीलता ।

सौष्ठवम् (ना./न.) सुष्ठोर्भावः *(श्रेष्ठ हुनाको भाव वा अवस्था)* सुष्ठु+अञ्[6] (अ), आदिवृद्धि, गुण, अवादेश = सौष्ठव ।

शब्दार्थ- श्रेष्ठता, सुन्दरता, लालित्य, सौन्दर्य, उत्तमपना, मृदुलता ।

सौहार्दम् (ना./न./वि.) सुहृदः भावः, सुहृदः अयम्, सुहृदः अपत्यम् पुमान् *(मित्र हुनाको भाव वा अवस्था, मित्रको यो, मित्रको सन्तान)* सुहृद्+अण्[7] (अ), उभयपदवृद्धि= सौहार्द ।

शब्दार्थ- राम्रो व्यवहार, हृदयको कोमलता, सद्भावना, मित्रता, मित्रको सन्तान, मैत्री, मित्रसम्वन्धी ।

उदा. **त्यो छायाँ छवि, शीतको सरसता,**
सौहार्दको त्यो झरी- परिश्रान्त चातक, लालित्य

सौहार्यम् (ना./न.) सुहृदः भावः *(मित्र हुनाको भाव वा अवस्था)* सुहृद्+ष्यञ् (य), उभयपदवृद्धि= सौहार्य ।

शब्दार्थ- मित्रता, स्नेह, सद्व्यवहार, हृदयको सरलपन वा कोमलता ।

सौहृदम् (वि./ना./न.) सुहृदः अयम्, सुहृदः भावः *(मित्रको यो, मित्रको भाव वा अवस्था)* सुहृद्+अण् (अ), आदिवृद्धि= सौहृद ।

शब्दार्थ- मित्रको, मित्रसित सम्वन्धित, सुहृद्सम्वन्धी, मित्रता, कोमलता, सद्भाव ।

स्कन्दः (ना./पुं.) स्कन्दते गच्छति शोषयति दानवान् *(कुद्छ, दौडन्छ वा दानवहरूलाई पीडा दिन्छन्)* स्कन्दिर् गतिशोषणयोः (भ्वा.) धातु, स्कन्द्+अच् (पचादि)= स्कन्द ।

पार्वतीनन्दनः स्कन्दः सेनानीरग्निभूर्गुहः - इत्यमरः

शब्दार्थ- कुद्ने वा दौडने मानिस, स्वामी कार्तिकेय, स्कन्दकुमार, स्कन्दपुराण ।

द्रष्टव्य- **सेनानीनामहं स्कन्दः- भ.गी. १०**

स्कन्धः (ना./पुं.) स्कद्यते ऊर्ध्वम् *(उँभोतिर जान्छ)* स्कन्दिर् गतिशोषणयोः (भ्वा.) धातु, स्कन्द्+घञ् (अ); धातुका दको 'ध' अन्तादेश= स्कन्ध । अथवा कं शिरः दधातीति *(शिर धारण गर्छ)* कम्पूर्वक डुधाञ् धारणपोषणयोः (जुहो) धातु, कम्+धा+क (अ), आलोप, सुट् (पारस्करादि)= स्कन्ध ।

अस्त्री प्रकाण्डः स्कन्धः स्यान्मूलाच्छाखावधिस्तरोः- इत्यमरः
स्कन्धो भुजशिरों ऽसोऽस्त्री । स्कन्धः समुदयेऽपि च- इत्यमरः

शब्दार्थ- रूखको हाँगा फाट्ने कापसम्मको फेदपट्टिको भाग, काण्ड, हाँगा फाटेको काप, काँध, कुम, अंश, समुदाय, समूह ।

---

[1] गुणवचन... : ष्यञ्
[2] तत्र भवः/तत्र जातः/तस्येदम्/ततः आगतः : अण्
[3] अत इञ् : इञ्
[4] साऽस्य देवता/तत आगतः/तस्येदम्/तत्र भवः/तस्यापत्यम् : अण्
[5] तस्य विकारः : अण्
[6] प्राणभृत्वयोवचन... : अञ्
[7] हायनान्तयुवादिभ्यः.../तस्यापत्यम् : अण्

स्खलनम् (ना./न.) स्खलनम्, स्खल्यते इति वा *(चुक्नु)* स्खल सञ्चलने (भ्वा.) धातु, स्खल्+ल्युट् (अन) =स्खलन ।

शब्दार्थ- कुनै कुरा तल झर्ने काम, पतन हुने क्रिया, विचलन, डगमगाउने काम, तरलपदार्थ चुहुने क्रिया, धार्मिक नैतिक आचरण आदिवाट पतन हुने काम ।

स्खलितः (वि.) स्खलति स्म इति *(चुकेको)* स्खल सञ्चलने (भ्वा.) धातु, स्खल्+क्त[1] (त), कर्तामा, इडागम=स्खलित ।

शब्दार्थ- झरेको, पतन भएको, चुकेको, चुहेको, डगमगाएको, च्युत भएको, स्खलन भएको ।

स्तनः (ना./पुं.) स्तनति स्तनयति वोधयति यौवनोदयम् वा स्तन्यते शब्द्यते कामुकजनैः शिशुभिश्च, स्तनयति जनयति वक्षसः शोभान् *(यौवनका उदयको वोध गराउँछ, कामुक व्यक्ति वा शिशुहरूद्वारा ध्वनित गरिन्छ, छातीको शोभा पैदा गर्छ)* ष्टन शव्दे (भ्वा.) वा सत्व, स्तन देवशव्दे (चुरा.) धातु, स्तन्+अच् (पचादि)/घ[2] (अ)= स्तन ।

शब्दार्थ- ध्वनि, आवाज, घोष, स्त्रीहरूको स्तन, चूचुक, उरज, पयोधर, जनावरको दुध आउने थुन वा फांचो, आइमाईको छातीमा देखिने मांसपिण्ड ।

स्तनद्वयम् (ना./न.) स्तनयोर्द्वयम् *(दुवै स्तन)* ष.त.स. =स्तनद्वय ।

शब्दार्थ- स्तनयुगल, दुवै स्तन ।

स्तनन्धयः (ना./पुं.) स्तनं धयतीति *(स्तनपान गर्छ)* स्तनपूर्वक धेट् पाने (भ्वा.) धातु, स्तन+धे+खस् (अ), अयादेश, मुमागम= स्तनन्धय ।

शब्दार्थ- दूध पान गर्ने वालक, दूध चुस्ने शिशु ।

स्तनधारी (ना./पुं) स्तनौ /स्तनान् धर्तुं शीलमस्य *(स्तन धारण गर्ने शील छ यसको)* स्तनपूर्वक धृञ् धारणे (भ्वा.) धातु, स्तन+धृ+णिनि[3] (इन्), वृद्धि, स्तनधारिन् =स्तनधारी ।

शब्दार्थ- मानिस तथा अन्य स्तनधारी जन्तु, स्तनपायी जीव ।

स्तनपानम् (ना./न.) स्तनयोः स्तनानां वा पानम् *(स्तनको पान)* ष.त.स.= स्तनपान ।

शब्दार्थ- दूध चुस्ने वा पान गर्ने काम ।

स्तनपायी (वि./ना./पुं) स्तनौ/स्तनान् पातुं शीलमस्य वा *(स्तन पान गर्ने शील छ यसको)* स्तनपूर्वक पा पाने (भ्वा.) धातु, स्तन+पा+णिनि (इन्), युक्, स्तनपायिन्= स्तनपायी ।

शब्दार्थ- आमाको दूध चुसेर हुर्कने, स्तन पान गर्ने, स्तनपायी जीवजन्तु ।

स्तनयुगलम् (ना./न.) स्तनयोर्युगलम् *(दुवै स्तन)* ष.त.स.= स्तनयुगल ।

शब्दार्थ- स्तनद्वय, दुवै स्तन ।

स्तनितः (वि./ना./न.) स्तनति, स्तनयति स्म, स्तन्यते स्म इति वा *(शब्द गर्नु वा गरेको)* ष्टन शव्दे (भ्वा.) वा स्तन देवशव्दे (चुरा.) धातु, ष्टको सत्त्व, स्तन्+क्त (त), कर्ता र भावमा, इडागम= स्तनित ।

शब्दार्थ- मेघ गर्जेको, गर्जित, गुञ्जेको, मेघध्वनि, शव्दायमान ध्वनि, निर्घोष ।

स्तन्यः (वि./ना./न.) स्तनयोः स्तनेषु वा भवः *(स्तनमा हुने)* स्तन+यत्[4] (य)= स्तन्य ।

शब्दार्थ- स्तनमा हुने, स्तनको, स्तनसम्वन्धी, दूध, दुद ।

स्तबकः (ना./पुं.) स्तौति, स्तूयते इति वा *(स्तुति गर्छ, गरिन्छ)* ष्टुञ् स्तुतौ (अदा.) धातु, स्तु+वुन्[5] (अक), उणा., गुण, अवादेश, पृषोदारादिवाट वको व= स्तवक अथवा तिष्ठतीति *(रहन्छ)* ष्ठा गतिनिवृत्तौ (भ्वा.) धातु, स्था+जवक[6] (अवक), उणा., धातुको स्त आदेश =स्तवक ।

स्याद्गुच्छकस्तु स्तबकः - इत्यमरः

शब्दार्थ- पुष्पगुच्छा, फक्रन लागेको कलिका, पुष्प समुदाय वा झुप्पो, स्तुति गर्ने काम ।

स्तब्धः (वि.) स्तभ्नाति स्म, स्तभ्यते स्म इति वा *(रोकेको, रोकिएको)* स्तम्भु रोधने सौत्र (क्र्या.) धातु, स्तम्भ्+क्त (त), कर्तामा, अनुनासिक मलोप, तको ध, जश्त्व= स्तब्ध ।

शब्दार्थ- रोकिएको, अवरुद्ध, चेष्टाहीन, किङ्कर्तव्य विमूढ, चेतनारहित, सुनसान, निश्चल, अटल ।

उदा. **वोलीचाली चलहलविना स्तब्ध छन् तुल्य चित्र-**
य.श.४/३४

स्तब्धता (ना./स्त्री.) स्तब्धस्य भावः *(स्तब्ध हुनाको भाव वा अवस्था)* स्तब्ध+तल् (त)+टाप् (आ)= स्तब्धता ।

शब्दार्थ- चेष्टाहीनता, निश्चलता, अटलपना, जडता ।

उदा. **घण्टा भो मुदुस्तब्धता हृदयको बन्थ्यो तपस्या वर-**
सु.म.का. ९/६७

स्तम्भः (ना./पुं.) स्तभ्नाति, स्तभ्यते इति वा *(रोक्छ, रोकिन्छ)* स्तम्भु रोधने (सौत्र) (क्र्या.) धातु, स्तम्भ्+अच् (पचादि)/घञ् (अ)= स्तम्भ ।

शब्दार्थ- खम्वा, थाम, खाँबो, अवरोध, रोकावट, स्थिरता, केराको खम्वा, पत्रपत्रिकामा कुनै विषयको स्थायी स्थान वा स्तम्भ ।

स्तम्भकः (वि.) स्तभ्नातीति *(रोक्छ)* स्तम्भु रोधने (सौत्र) (क्र्या.) धातु, स्तम्भ्+ण्वुल् (अक)= स्तम्भक ।

शब्दार्थ- रोक्ने, अवरोध गर्ने, स्तम्भित पार्ने, स्तब्ध वनाउने ।

---

[1] गत्यर्थाकर्मक... : क्त
[2] पुंसि संज्ञायाम्... : घ
[3] सुप्यजातौ... : णिनि
[4] शरीरावयवाच्च : यत्
[5] कृञादिभ्य संज्ञायाम्... : वुन्
[6] थः स्तोऽम्बजवकौ : जवक, धातुको स्त आदेश

स्तम्भनम् (ना./न.) स्तम्भनम्, स्तभ्यते इति वा *(रोकिन्छ)* स्तम्भु रोधने (सौत्र) (क्र्या.) धातु, स्तम्भ्+ल्युट् (अन)= स्तम्भन।

शब्दार्थ-अवरोध, रोकावट, जडता, चेष्टाहीन हुने काम।

स्तम्भलेखकः (ना./पुं.) स्तम्भस्य लेखकः *(स्तम्भको लेखक)* ष.त.स.= स्तम्भलेखक।

शब्दार्थ- समाचारपत्र आदिमा कुनै निश्चित विषयमा लेखिरहने लेखक, स्तम्भ लेख्ने व्यक्ति।

स्तम्भितः (वि.) स्तभ्यते स्म इति *(रोकिएको)* स्तम्भु रोधने (सौत्र) (क्र्या.) धातु, स्तम्भ्+णिचि+क्त (त), णिलोप, इडागम= स्तम्भित।

शब्दार्थ- विस्मित, छक्क परेको, स्तब्ध भएको, विस्मयमा परेको।

स्तरः (ना./पुं.) स्तृणोति, स्तृणातीति वा *(ढाक्छ)*, स्तीर्यते इति *(फैलिन्छ, ढाकिन्छ)* स्तृञ् आच्छादने (स्वा.) वा स्तृञ् आच्छादने (क्र्या.) धातु, स्तृ/स्तॄ+अच् (पचादि)/अप्[१] (अ), गुण= स्तर।

शब्दार्थ- ढाक्ने काम, फैलिने काम, आच्छादन, पत्र, तह, खाम, खोल, वस्तुको महत्त्व वा मूल्य निर्धारण गर्ने काम, क्षमता।

स्तरनिर्धारणम् (ना./न.) स्तरस्य निर्धारणम् *(स्तरको निर्धारण)* ष.त.स.= स्तरनिर्धारण।

शब्दार्थ- कुनै वस्तुको तह वा श्रेणी तोक्ने काम।

स्तरहीनः (वि.) स्तरेण हीनः *(स्तरले हीन)* तृ.त.स. =स्तरहीन।

शब्दार्थ- स्तररहित, गुणस्तर नभएको, न्यून कोटिको, घटिया दर्जा वा तहको।

स्तरहीनता (ना./स्त्री.) स्तरहीनस्य भावः *(स्तरहीन हुनाको भाव वा अवस्था)* स्तरहीन+तल् (त)+टाप् (आ)= स्तरहीनता।

शब्दार्थ- निम्नस्तर हुनाको स्थिति वा अवस्था, न्यूनता।

स्तरीयः (वि.) स्तरे भवः जातः वा *(स्तरमा हुने वा पैदा भएको)* स्तर+छ[२] (ईय)= स्तरीय।

शब्दार्थ- उच्च तहको, राम्रो स्तर भएको, उत्तम कोटिको।

स्तरीयता (ना./स्त्री.) स्तरीयस्य भावः *(स्तरीय हुनाको भाव वा अवस्था)* स्तरीय+तल् (त)+टाप् (आ) =स्तरीयता।

शब्दार्थ- राम्रो स्तर हुनाको स्थिति वा अवस्था।

स्तवः (ना./पुं.) स्तौति, स्तूयते अनेन इति वा *(स्तुति गरिन्छ यसबाट)* ष्टुञ् स्तुतौ (अदा.) धातु, स्तु+अप् (अ), गुण, अवादेश= स्तव।

शब्दार्थ- स्तुति, तारिफ, स्तोत्र, प्रशंसा, स्तुति गर्ने काम।

स्तवकः (ना./पुं.) व्यु.हे. स्तवक।

शब्दार्थ- पुष्पगुच्छा, झुप्पो, फक्रन लागेको कलिका, पुष्प समुदाय वा झुप्पो, स्तुति गर्ने काम।

स्तवकितः (वि.) स्तवकः सञ्जातः अस्य *(गुच्छो पैदा भएको छ यसको)* स्तवक+इतच् (इत)= स्तवकित।

शब्दार्थ- झुप्पो वनेको, गुच्छो भएको।

स्तवनम् (ना./न.) स्तवनम्, स्तूयते इति वा *(स्तुति गरिन्छ)* ष्टुञ् स्तुतौ (अदा.) धातु, स्तु+ल्युट्[३] (अन), गुण, अवादेश= स्तवन।

शब्दार्थ- स्तुति, स्तव, प्रशंसा, तारिफ।

स्तवनीयः (वि.) स्तोतुं योग्यः *(स्तुति गर्न लायक)* ष्टुञ् स्तुतौ (अदा.) धातु, स्तु+अनीय (र्), गुण, अवादेश =स्तवनीय।

शब्दार्थ-स्तुति गर्न योग्य, प्रशंसनीय, तारिफ गर्न लायक।

स्तुतः (वि.) स्तूयते स्म इति *(स्तुति गरिएको)* ष्टुञ् स्तुतौ (अदा.) धातु, स्तु+क्त (त)= स्तुत।

शब्दार्थ-स्तुति गरिएको, प्रार्थना गरिएको, प्रशंसा गरिएको,

स्तुतिः (ना./स्त्री.) स्तूयते इति *(स्तुति गरिन्छ)* ष्टुञ् स्तुतौ (अदा.) धातु, स्तु+क्तिन्[४] (ति)= स्तुति।

शब्दार्थ- देवीदेवताको प्रार्थना, स्तोत्रपाठ, गुणानुवाद, गुणकीर्तन, प्रशंसा वा तारिफ।

स्तुतिगानम् (ना./न.) स्तुत्यै गानम् *(स्तुति वा प्रशंसा गर्नका लागि गान)* च.त.स.= स्तुतिगान।

शब्दार्थ- कुनै देवीदेवताको स्तुतिपाठ, कसैको तारिफ वा प्रशंसा गर्ने काम।

स्तुतिगीतम् (ना./न.) स्तुत्यै गीतम् *(स्तुति गर्नको लागि गाइने गीत)* च.त.स.= स्तुतिगीत।

शब्दार्थ- ईश्वरको स्तुति प्रार्थना गर्न गाइने गीत, कसैको प्रशंसा आदि गर्न गाइने गीत।

स्तुतिपाठकः (वि./ना./पुं.) स्तुतिं पठतीति *(स्तुतिगान गर्छ)* पठ व्यक्तायां वाचि (भ्वा.) धातु, स्तुति+पठ्+ण्वुल् (अक), वृद्धि= स्तुतिपाठक।

शब्दार्थ- स्तुति गर्ने, स्तोत्र पाठ गर्ने व्यक्ति, वन्दी, भाट, चारण।

स्तुत्यः (वि.) स्तोतुमर्हः *(स्तुति गर्न योग्य)* ष्टुञ् स्तुतौ (अदा.) धातु, स्तु+क्यप्[५] (य), तुक्[६]= स्तुत्य।

शब्दार्थ- स्तुति गर्न योग्य, प्रशंसा गर्न लायक, तारिफ गर्नुपर्ने, प्रशंसनीय।

स्तूपः (ना./पुं.) स्तूयते इति *(स्तुति गरिन्छ)* ष्टुञ् स्तुतौ (अदा.) धातु, स्तु+प[७] (उणा.), स्तुको दीर्घ= स्तूप। अथवा स्तुप्यते इति *(उन्नत पारिन्छ)* ष्टुप समुच्छ्राये (चुरा.) धातु, स्तुप्+घञ् (अ), पृषोदरादिवाट, दीर्घ =स्तूप।

शब्दार्थ- जम्मा गर्ने काम, थुप्रो, स्मारक वनाउन अग्लो पारिएको ढिस्को, बौद्धस्मारक चिन्ह या स्तम्भ।

---

[१] ऋदोरप् : अप्

[२] गहादिभ्यश्च : छ

[३] ल्युट् च : ल्युट्

[४] स्त्रियां क्तिन् : क्तिन्

[५] एतिस्तुशास्वृदृजुषः...: क्यप्

[६] ह्रस्वस्य पिति कृति...: तुक्

[७] स्तुवोर्दीर्घश्च : प, स्तुको दीर्घ

स्तूयमानः (वि.) स्तूयते असौ *(स्तुति गरिन्छ यसबाट)* ष्टुञ् स्तुतौ (अदा.) धातु, स्तु+यक् (य)+शानच् (आन), मुक्, दीर्घ= स्तूयमान ।

शब्दार्थ- स्तुति गरिने, कीर्तिगान गरिने ।

स्तेनः (ना./पुं.) स्तेनयतीति *(चोरी गर्छ)* स्तेन चौर्ये (चुरा.) धातु, स्तेन+अच् (पचादि)= स्तेन ।

शब्दार्थ- चोर, दस्यु, तस्कर, लुटेरा ।

स्तेयम् (ना./न.) स्तेनस्य भावः कर्म वा *(चोरी गर्नेको भाव वा कर्म)* स्तेन+यत् (य), नलोप= स्तेय ।

शब्दार्थ- चोरी, चौरकर्म, चौर्य, लुटपाट, डकैती, चोरी गर्ने क्रिया । :

स्तोकः (ना./पुं.) स्तुच्यते इति *(चाहना गर्छ)* स्टुच प्रसादे (भ्वा.) धातु, स्तुच्+घञ् (अ), कुत्व, गुण =स्तोक ।

शब्दार्थ- कण, अल्प, थोरै, विन्दु, चातक ।

स्तोतव्यः (वि.) स्तोतुं योग्यः *(स्तुति गर्न लायक)* ष्टुञ् स्तुतौ (अदा.) धातु, स्तु+तव्यत् (तव्य), गुण =स्तोतव्य ।

शब्दार्थ- स्तुति गर्न योग्य वा लायक, प्रशंसनीय, तारिफ गर्नुपर्ने ।

स्तोता (वि.) स्तौतीति *(स्तुति गर्छ)* ष्टुञ् स्तुतौ (अदा.) धातु, स्तु+तृच् (तृ), गुण, स्तोतृ= स्तोता ।

शब्दार्थ- स्तुति गर्ने, देवीदेवताको प्रार्थना गर्ने, गुणगान गर्ने ।

स्तोत्रम् (ना./न.) स्तौति अनेन *(स्तुति गर्छ यसबाट)* ष्टुञ् स्तुतौ (अदा.) धातु, स्तु+ष्ट्रन्[1] (त्र), गुण=स्तोत्र । तवः स्तोत्रं स्तुतिर्नुतिः - **इत्यमरः**

शब्दार्थ- स्तुतिपाठ, स्तुतिगान, प्रार्थना, प्रशंसा, स्तुतिपाठ गर्ने मन्त्रसमुदाय ।

स्त्री (ना./स्त्री.) स्त्यायतिः गर्भः अस्याम् *(गर्भ रहन्छ यिनमा)* वा स्त्यायतः शुक्रशोणिते अस्याम् *(शुक्रकीट र रज यिनमा जम्मा हुन्छन् र बढ्छन्)* स्त्यै ष्टचै शब्दसङ्घातयोः (भ्वा.) धातु, स्त्या+ड्रट्[2] (र), उणा., टिलोप, स्त्र+ङीप् (ई)= स्त्री ।

स्त्री योषिदवला योषा नारी सीमन्तिनी वधूः - इत्यमरः

शब्दार्थ- स्त्रीजाति, नारी, महिला, वनिता, आइमाई, स्वानीमान्छे ।

द्रष्टव्य- स्त्रियः श्रियश्च गेहेषु न विशेषीऽस्ति कश्चन

स्त्रीत्वम् (ना./न.) स्त्रीणां भावः *(स्त्रीहरूको गुण, भाव वा अवस्था)* स्त्री+त्व= स्त्रीत्व ।

शब्दार्थ- आइमाईमा पाइने धर्म तथा गुण, नारीत्व ।

स्त्रीधनम् (ना./न.) स्त्रीणां धनम् *(नारीहरूको धन)* ष.त.स.= स्त्रीधन ।

शब्दार्थ- नारीहरूको पेवाधन, स्वास्नीमान्छेलाई माइती-मावलीले दिएको धन, दाइजो, आमावावु-दाजुभाइ आदिवाट प्राप्त धन, स्त्रीहरूको निजी स्वत्व ।

स्त्रीधर्मः (ना./पुं.) स्त्रीणां धर्मः *(नारीहरूको धर्म)* ष.त.स.= स्त्रीधर्म ।

शब्दार्थ- नारीहरूको धर्म वा आचरण, सतीत्व, नारीहरूको प्रत्येक महिना रजस्वला हुने अवस्था ।

स्त्रीधर्मिणी (ना./स्त्री.) स्त्रीधर्मः रजः अस्ति अस्याः *(स्त्रीधर्म अर्थात् रज छ यस स्त्रीको)* स्त्रीधर्म+इनि (इन्), स्त्रीधर्मिन्+ङीप् (ई), णत्व= स्त्रीधर्मिणी ।

शब्दार्थ-रजोवती स्त्री, परसरेकी आइमाई, पुष्पवती नारी ।

स्त्रीपुरुषः (ना./पुं.) स्त्री च पुमांश्च *(स्त्री र पुरुष)* द्व.स. =स्त्रीपुरुष ।

शब्दार्थ- दम्पती, लोग्नेस्वास्नी, स्त्री र पुरुष ।

स्त्रीप्रमाणः (वि.) स्त्री प्रमाणी यस्य *(स्त्री प्रमाण छ जसको)* व.स., अप्[3] (अ)= स्त्रीप्रमाण ।

शब्दार्थ-स्त्री नै मुख्य प्रमाण भएको, स्त्रीलाई मुख्य मान्ने ।

स्त्रीलम्पटः (वि.) स्त्रीषु लम्पटः *(स्त्रीमा आसक्त)* ष.त.स. =स्त्रीलम्पट ।

शब्दार्थ- स्त्रीजातिमा ज्यादा आसक्त, ज्यादा सम्भोग गर्ने, कामुक, अत्यन्त विलासी ।

स्त्रीरत्नम् (ना./न.) स्त्री रूपञ्च तत् रत्नञ्च *(नारीरूप रत्न)* क.त.स., उ.प.लोप= स्त्रीरत्न ।

शब्दार्थ- नारीरूप रत्न, सर्वोत्तम नारी ।

स्त्रीलिङ्गम् (ना./न.) स्त्रीणां लिङ्गम् *(स्त्रीहरूको चिन्ह)* ष.त.स.= स्त्रीलिङ्ग ।

शब्दार्थ- स्त्रीत्व बुझाउने विशेष चिन्ह (स्तन, योनि, माधुर्य, कोमलता आदि), व्याकरणमा तीनवटा लिङ्गमध्ये पोथी जाति बुझाउने लिङ्ग ।

स्त्रीशिक्षा (ना./स्त्री.) स्त्रीणां शिक्षा (**स्त्रीहरूको शिक्षा**) ष.त.स.= स्त्रीशिक्षा ।

शब्दार्थ- नारी-शिक्षा, महिलाहरूलाई शिक्षा दिने काम ।

स्थः (वि.) तिष्ठति अस्मिन् *(रहन्छ)* ष्ठा गतिनिवृत्तौ (भ्वा.) धातु, स्था+क[4] (अ), आलोप= स्थ ।

शब्दार्थ- रहने, विद्यमान, समासको अन्त्यमा प्रयुक्त हुने (एक शब्द) ।

द्रष्टव्य- **'स्थ' यो शब्द प्रायः समासको अन्त्यमा प्रयुक्त हुन्छ, जस्तैः प्रकृतिस्थ, गृहस्थ ।**

स्थगनम् (ना./न.) स्थगनम्, स्थग्यते इति वा *(रोकिन्छ)* स्थग संवृत्तौ (भ्वा.) धातु, (कविकल्पद्रुम- श.क.द्रुबाट), स्थग्+ल्युट् (अन)= स्थगन ।

शब्दार्थ- भइरहेको कामको रोकावट, अवरोध, लुकाउने वा छिपाउने काम, हटाउने क्रिया, रोक्ने काम ।

स्थगितः (वि.) स्थग्यते स्म इति *(रोकिएको)* स्थग संवृत्तौ (भ्वा.) धातु, (कविकल्पद्रुम- श.क.द्रुबाट), स्थग्+क्त (त), इडागम= स्थगित ।

शब्दार्थ- रोकिएको, स्थगन गरिएको, लुकाइएको, गुप्त राखिएको, हटाइएको ।

---

[1] दाम्नीशस... : ष्ट्रन्

[2] स्त्यायते... : ड्रट्

[3] अप्पूरणी... : अप्

[4] सुपि स्थः यसको योगविभागबाट : क

स्थपतिः (ना./पुं./वि.) तिष्ठति अस्मिन् *(रहन्छ यहाँ)* ष्ठा गतिनिवृत्तौ (भ्वा.) धातु, स्था+क (अ), आलोप, स्थः । तस्य पतिः *(घरको मूलि)* ष.त.स.= स्थपति । अथवा स्थश्चासौ पतिश्च क.त.स.= स्थपति ।

शब्दार्थ- राजा, प्रभु, स्वामी, रजौटा, मुखिया, शिल्पकार, वास्तुकार, रथकार, 'वृहस्पति सव' नामक यज्ञ गर्ने, सीपको काम गर्ने, सिकर्मी, डकर्मी, इञ्जिनियर, कञ्चुकी (अन्तपुरको रक्षक) ।

उदा. **सम्पाति स्थपति-समान जातिवृद्ध,**
लङ्काको अभिमुख फर्कि एक गृद्ध- आ.रा.९/५४

स्थलम् (ना./न.) स्थलतीति *(रहन्छ)* ष्ठल स्थाने (भ्वा.) धातु, स्थल्+अच् (पचादि)= स्थल ।

शब्दार्थ- ठाउँ, जमिन, थलो, भुइँ, जल नभएको स्थान, कृत्रिम भूभाग ।

स्थलकमलम् (ना./न.) स्थले कमलम् *(जमिनमा हुने कमल)* स.त.स.= स्थलकमल ।

शब्दार्थ- जमिनमा हुने कमलको बोट र फूल ।

स्थलचरः (वि.) स्थलेषु चरतीति *(जमिनमा रहन्छ, विचरण गर्छ)* चर गतिभक्षणयोः (भ्वा.) धातु, स्थल+चर्+ट[१] (अ)= स्थलचर ।

शब्दार्थ- जमिनमा रहने, जमिनमा घुम्ने वा विचरण गर्ने

स्थलचारी (वि.) स्थले चरितुं शीलमस्य *(स्थलमा रहने, घुम्ने शील छ यसको)* स्थलपूर्वक चर गतिभक्षणयोः (भ्वा.) धातु, स्थल+चर्+णिनि (इन्), वृद्धि, स्थलचारिन्= स्थलचारी ।

शब्दार्थ- जमिनमा रहने र घुम्ने, स्थलचर, जमिनमा विचरण गर्ने ।

स्थलच्युतः (वि.) स्थलाच्च्युतः *(स्थानबाट खसेको)* प.त.स. = स्थलच्युत ।

शब्दार्थ- स्थानपतित, स्थानभ्रष्ट, ओहदाबाट हटाइएको ।

स्थलमण्डलम् (ना./न.) स्थलस्य मण्डलम् *(स्थलको भाग)* ष.त.स.= स्थलमण्डल ।

शब्दार्थ- पृथ्वीको स्थलभाग, पृथिवीको जमिन भएको भूभाग ।

स्थलयात्रा (ना./स्त्री.) स्थलेषु यात्रा *(स्थलमा यात्रा)* स.त.स.= स्थलयात्रा ।

शब्दार्थ- पैदलयात्रा, जमिनमा हिंड्ने साधनबाट गरिने यात्रा ।

स्थलयुद्धम् (ना./न.) स्थलेषु युद्धम् *(स्थलमा हुने युद्ध)* स.त.स.= स्थलयुद्ध ।

शब्दार्थ- स्थलमा हुने युद्ध, जमिनमा हुने लडाइँ, स्थलसेनाद्वारा गरिने युद्ध ।

स्थलसेना (ना./स्त्री.) स्थलस्य सेना *(स्थल भागको सेना)* ष.त.स.= स्थलसेना ।

शब्दार्थ- स्थलसैन्य, जल, स्थल र वायुसेनामध्ये एक ।

स्थलसैनिकः (ना./पुं.) स्थलस्य सैनिकः *(स्थलको सैनिक)* ष.त.स.= स्थलसैनिक ।

शब्दार्थ- स्थलसेनाको सैनिक जवान ।

स्थलसैन्यम् (ना./न.) सेनायां समवेतः इति *(सेनामा सम्मिलित)* सेना+ण्य[२] (य), आदिवृद्धि, सैन्यम् । स्थलस्य सैन्यम् *(स्थलको सेना)* ष.त.स.= स्थलसैन्य ।

शब्दार्थ- स्थलसेना, स्थलभागमा लड्ने सैन्य, जल, थल र वायुसैन्यमध्ये एक ।

स्थली (ना./स्त्री.) स्थलतीति *(रहन्छ)* ष्ठल स्थाने (भ्वा.) धातु, स्थल्+अच् (पचादि), स्थल+ङीष्[३] (ई)= स्थली ।

शब्दार्थ- प्राकृतिक स्थल, समथल भूमि, जल नभएको भूमि ।

स्थविरः (वि./ना./पुं.) तिष्ठतीति *(गति निवृत्त हुन्छ)* ष्ठा गतिनिवृत्तौ (भ्वा.) धातु, स्था+किरच्[४] (इर), वुक् तथा ह्रस्व निपातन, उणा.= स्थविर ।

प्रवयाः स्थविरो वृद्धो जीनो जीर्णो जरन्नपि- इत्यमरः

शब्दार्थ- वूढो, वृद्ध, जीर्ण अवस्थाको, पाको, उमेर पुगेको, ब्रह्मा, बौद्ध-भिक्षु ।

उदा. **वहाँ जालान् हाम्रा स्थविरदल सेट्ठी कुलसँगै-**
भृ.ख.का.१/५५

स्थविरता (ना./स्त्री.) स्थविरस्य भावः *(वृद्ध हुनाको भाव वा अवस्था)* स्थविर+तल् (त)+टाप् (आ)= स्थविरता ।

शब्दार्थ- वूढोपना, वृद्धावस्था, वुढ्याइँ, जीर्णता ।

स्थविष्ठः (वि.) अयमेषामतिशयेन स्थूलः *(यो यिनीहरूमा ज्यादै ठूलो)* स्थूल+इष्ठन्[५] (इष्ठ), लको लोप[६], स्थूको गुण, अवादेश= स्थविष्ठ ।

शब्दार्थ- सवैभन्दा ठूलो, हृष्टपुष्ट, ज्यादा मोटो ।

स्थवीयान् (वि.) अयमनयोरतिशयेन स्थूलः *(यी दुईमा यो ज्यादै मोटो)* स्थूल+ईयसुन् (ईयस्), लको लोप, गुण, अवादेश, स्थवीयस्= स्थवीयान् ।

शब्दार्थ- अपेक्षाकृत ठूलो, हृष्टपुष्ट, मोटोघाटो ।

स्थाणुः (वि./ना./पुं.) तिष्ठति अस्मिन् *(रहन्छ यसमा)* ष्ठा गतिनिवृत्तौ (भ्वा.)धातु, स्था+णु[७] (उणा.)=स्थाणु ।

शब्दार्थ- स्थिर, अचल, कीलो, शिव, ब्रह्मा, अटल, हाँगारहित ठुटो वृक्ष, खाँबो, महादेव, परब्रह्म परमात्मा ।

स्थातव्यः (वि.) स्थातुं योग्यः *(रहन लायक)* ष्ठा गतिनिवृत्तौ (भ्वा.) धातु, स्था+तव्यत् (तव्य)= स्थातव्य ।

शब्दार्थ- रहन योग्य, वस्न लायक ।

स्थानम् (ना./न.) स्थीयते अत्र *(बसिन्छ यहाँ)* ष्ठा गतिनिवृत्तौ (भ्वा.) धातु, स्था+ल्युट् (अन)= स्थान ।

शब्दार्थ- रहने स्थान, निवासस्थल, वस्ने ठाउँ, थलो, अडिने आधार, ध्वनि उच्चारण हुने स्थान ।

---

[१] चरेष्टः : ट
[२] सेनाया वा : ण्य
[३] जानपदकुण्डगोण... : ङीष्
[४] अजिरशिशिरशिथिल...: किरच्, वुक्, ह्रस्व
[५] अतिशायने तमबिष्ठनौ : इष्ठन्
[६] स्थूलदूरयुव... : लको लोप, गुण
[७] स्यो णुः : णु

स्थानान्तरम् (ना./न.) अन्यत् स्थानम् *(अर्को ठाउँ)* स्थान+अन्तर, म.व्य.स., दीर्घ= स्थानान्तर ।

शब्दार्थ-एक ठाउँबाट अर्को ठाउँको सराइ वा सर्ने काम,

स्थानान्तरणम् (ना./न.) अन्यत् स्थानम् *(अर्को ठाउँ)* वा स्थानात् अन्तरणम् *(स्थानान्तरण गर्ने काम)* स्थान+अन्तरण, म.व्य.स./प.त.स., दीर्घ= स्थानान्तरण ।

शब्दार्थ- एक ठाउँबाट अर्को ठाउँमा सर्ने वा सार्ने काम, स्थानान्तरण ।

स्थानान्तरितः (वि.) स्थानात् अन्तरितः *(एक ठाउँबाट अर्को ठाउँमा सारिएको)* प.त.स., दीर्घ =स्थानान्तरित ।

शब्दार्थ- एक ठाउँबाट अन्यत्र सारिएको, स्थान परिवर्तन गरिएको ।

स्थानापन्नः (वि.) स्थानमापन्नः *(स्थानमा आएको)* द्वि.त.स[१]., दीर्घ= स्थानापन्न ।

शब्दार्थ- कसैको ठाउँमा आएको, कसैको सट्टामा सरुवा भई आएको ।

स्थानिकः (वि./ना./पुं.) स्थानादागतः, स्थानं रक्षति, स्थानस्येदम् *(स्थानबाट आएको, स्थानको रक्षा गर्छ, स्थानको यो)* स्थान+ठक्[२] (इक)= स्थानिक ।

शब्दार्थ- स्थानसम्वन्धी, कुनै स्थानको, कुनै ठाउँको रक्षा गर्ने स्थानीय देवता, स्थानी ।

स्थानीयः (वि.) स्थाने भवः जातः *(कुनै ठाउँमा हुने वा उत्पन्न भएको)* वा स्थानाय हितम् *(स्थानको लागि हित हुने)* स्थान+छ[३] (ईय), अकारलोप= स्थानीय । अथवा स्थातुं योग्यः *(रहन योग्य)* स्था+अनीय (र्) =स्थानीय ।

शब्दार्थ- कुनै ठाउँको लागि हित हुने, कुनै खास ठाउँमा हुने वा पैदा भएको, नगर वा अन्य स्थान-सम्वन्धी, स्थानसुहाउँदो, रहन योग्य वा लायक ।

स्थानीयता (ना./स्त्री.) स्थानीयस्य भावः *(स्थानीय हुनाको भाव वा अवस्था)* स्थानीय+तल् (त)+टाप् (आ) =स्थानीयता ।

शब्दार्थ- स्थानीय हुनाको भाव वा विशेष अवस्था ।

स्थापकः (वि.) स्थापयतीति *(स्थापना गर्छ)* ष्ठा गतिनिवृत्तौ (भ्वा.) धातु, स्था+णिचि, पुक्, स्थापि+ण्वुल् (अक), णिलोप= स्थापक ।

शब्दार्थ- स्थापना गर्ने, संस्थापक, मूर्ति वनाउने ।

स्थापत्यम् (ना./न.) तिष्ठति अस्मिन् *(रहन्छ यहाँ)* स्था+क (अ), स्थः । तस्य पतिः स्थपतिः, स्थपतेर्भावः *(गृहपति हुनाको भाव वा अवस्था)* स्थपति+ष्यञ् (य), वृद्धि= स्थापत्य । अथवा स्थानां दाराणां पतिः *(स्त्रीहरूको स्वामी)* प.त.स., स्थपतिः । स्थपतिरेव *(गृहपति नै)* स्थपति+ष्यञ्[४] (य), स्वार्थमा आदिवृद्धि= स्थापत्य ।

शब्दार्थ- स्थापत्यकलासम्वन्धी कार्य, वास्तुकला वा शिल्पकलासम्वन्धी काम, कालीगडी, भवननिर्माण-सम्वन्धी काम, अन्तपुरको रक्षक, कञ्चुकी ।

स्थापत्यकला (ना./स्त्री.) स्थापत्यस्य कला *(स्थापत्य-सम्वन्धी कला)* ष.त.स.= स्थापत्यकला ।

शब्दार्थ- भवन निर्माणकला, वास्तुकला ।

स्थापत्यविद्या (ना./स्त्री.) स्थापत्यस्य विद्या *(स्थापत्य-कलाको विद्या)* ष.त.स.= स्थापत्यविद्या ।

शब्दार्थ-वास्तुकला वा शिल्पकलासम्वन्धी विद्या वा प्रविधि

स्थापनम् (ना./न.) स्थाप्यते अत्र *(राखिन्छ यहाँ)* ष्ठा गतिनिवृत्तौ (भ्वा.) धातु, स्था+णिचि, पुक्, स्थापि+ल्युट् (अन), णिलोप= स्थापन ।

शब्दार्थ-स्थापना गर्ने काम, राख्ने क्रिया, खडा गर्ने काम ।

स्थापना (ना./स्त्री.) स्थाप्यते अस्याम् *(स्थापना गरिन्छ)* ष्ठा गतिनिवृत्तौ (भ्वा.) धातु, स्था+णिचि, पुक्, स्थापि +युच्[५] (अन), णिलोप, स्थापन+टाप् (आ)= स्थापना ।

शब्दार्थ-राख्ने वा संस्थापना गर्ने काम, प्रवन्ध गर्ने काम ।

स्थापनीयः (वि.) स्थापितुं योग्यः *(स्थापना गर्न लायक)* ष्ठा गतिनिवृत्तौ (भ्वा.) धातु, स्था+णिचि, पुक्, स्थापि+अनीय (र्), णिलोप= स्थापनीय ।

शब्दार्थ- राख्न लायक, स्थापना गर्न योग्य, संस्थापना गर्नुपर्ने ।

स्थापितः (वि.) स्थाप्यते स्म इति *(स्थापना गरिएको)* ष्ठा गतिनिवृत्तौ (भ्वा.) धातु, स्था+णिचि, पुक्, स्थापि+क्त (त), णिलोप, इडागम= स्थापित ।

शब्दार्थ- स्थापना गरिएको, राखिएको, खडा गरिएको ।

स्थाप्यः (वि.) स्थापितुं योग्यः *(स्थापना गर्न लायक)* ष्ठा गतिनिवृत्तौ (भ्वा.) धातु, स्था+णिचि, पुक्, स्थापि+यत् (य), णिलोप= स्थाप्य ।

शब्दार्थ- राख्नलायक, स्थापना गर्न योग्य ।

स्थायित्वम् (ना./न.) तिष्ठतीति *(रहन्छ)* ष्ठा गतिनिवृत्तौ (भ्वा.) धातु, स्था+णिनि (इन्), युक्[६], स्थायिन् । स्थायिनः भावः *(स्थायी हुनाको भाव वा अवस्था)* स्थायिन्+त्व, नलोप= स्थायित्व ।

शब्दार्थ- धेरै समयसम्म रहने काम, टिक्ने काम, टिकाउपन, स्थायी रूपमा रहने काम ।

स्थायिभावः (ना./पुं.) स्थायी चासौ भावश्च *(स्थायीभाव)* क.त.स.= स्थायिभाव ।

शब्दार्थ- रसको स्थायी रूपमा रहने भाव वा अवस्था, रति, शोक, क्रोध आदि रसतत्त्व वा स्थायिभाव ।

द्रष्टव्य- **रतिर्हासश्च शोकश्च क्रोधोत्साहौ भयं तथा ।**
जुगुप्सा विस्मयश्चेत्यमष्टौ प्रोक्ताः शमोऽपि च-
सा.द. ३/१७५

---

[१] द्वितीया श्रितातीत : द्वि.त.स.

[२] ठगायस्थानेभ्य.../रक्षति : ठक्

[३] वृद्धाच्च/तस्मै हितम् : छ

[४] चतुर्वर्णादीनां... : ष्यञ्, स्वार्थमा

[५] ण्यासश्रन्थो... : युच्

[६] आतो युक्... : युक्

स्थायी (वि.) तिष्ठतीति *(रहन्छ)* ष्ठा गतिनिवृत्तौ (भ्वा.) धातु, स्था+णिनि[1] (इन्), युक्, स्थायिन्= स्थायी ।

शब्दार्थ- धेरै समयसम्म रहिरहने, पछिसम्म टिक्ने, टिकाउ हुने, दिगो ।

स्थालम् (ना./न.) तिष्ठति अत्र *(भान्सा आदिमा रहन्छ यो)* ष्ठा गतिनिवृत्तौ (भ्वा.) धातु, स्था+आलच् (आल), उणा.= स्थाल ।

अथवा स्थलति अत्र *(रहन्छ यहाँ)* ष्ठल स्थाने (भ्वा.) धातु, स्थल्+घञ्[2] (अ), वृद्धि= स्थाल ।

शब्दार्थ- भाँडाको प्रकार, भात खाने थाल, थाली ।

स्थाली (ना./स्त्री.) तिष्ठति अत्र *(रहन्छ यो)* ष्ठा गतिनिवृत्तौ (भ्वा.) धातु, स्था+आलच् (आल), उणा., स्थालः ।

अथवा स्थलति अत्र *(रहन्छ यहाँ)* ष्ठल स्थाने (भ्वा.) धातु, स्थल्+घञ्/ण[3] (अ), वृद्धि, स्थालः ।

स्थाल+ङीष् (ई), गौरादिवाट= स्थाली ।

स्थालं भोजनभेदेऽपि स्थाली स्यात् पाटलोखयोः - मेदिनी

पिठरः स्थाल्युखा कुण्डम्- इत्यमरः

शब्दार्थ- पूजाको थाली, भोजन गर्ने पात्र, पकाउने विशेष प्रकारको भाँडो, माटाको हाँडी, कसौंडी ।

स्थावरः (वि./ना./पुं.) तिष्ठति तच्छीलः स्थानशीलः *(रहने शील भएको)* ष्ठा गतिनिवृत्तौ (भ्वा.) धातु, स्था+वरच्[4] (वर)= स्थावर ।

स्थावरो जङ्गमेतरः - इत्यमरः

शब्दार्थ- स्थिर, अटल, अचल, चलायमान वस्तु वाहेकका धेरै समय टिकिरहने जडपदार्थ, निर्जीव

स्थाविरम् (ना./न.) स्थविरस्य वृद्धस्य भावः कर्म वेति *(वृद्धको भाव वा कर्म)* स्थविर+अण्[5] (अ), आदिवृद्धि =स्थाविर ।

शब्दार्थ- वृद्धत्व, वृद्धपना ।

स्थितः (वि.) तिष्ठति स्म इति *(रहेको)* ष्ठा गतिनिवृत्तौ (भ्वा.) धातु, स्था+क्त (त), कर्तामा, स्थाको इत्व[6] =स्थित ।

शब्दार्थ- रहेको, वसेको, अवस्थित ।

स्थितप्रज्ञः (ना./पुं.) स्थिता प्रज्ञा यस्य सः *(स्थिर छ प्रज्ञा जसको)* व.स., ह्रस्व= स्थितप्रज्ञ ।

शब्दार्थ- चाँडै नै वुद्धि र विचार फुर्ने व्यक्ति, मनमा रहेका समस्त कामना त्यागेर आत्मामै रम्ने रमाउने व्यक्ति ।

प्रजहाति यदा कामान् सर्वान् पार्थ मनोगतान् ।
आत्मन्येवात्मनास्तुष्टः स्थितप्रज्ञस्तदोच्यते- भ.गी. २/५५

स्थितिः (ना./स्त्री.) तिष्ठन्ति अत्र, स्थीयते इति वा *(रहन्छन् यहाँ वा रहनु)* ष्ठा गतिनिवृत्तौ (भ्वा.) धातु, स्था+क्तिन्[7] (ति), अधिकरणमा, वहुलप्रकारले, इत्व =स्थिति ।

शब्दार्थ- रहने वा वस्ने काम, वसोवास, सदाचार, रीतिथिति, चालचलन, निश्चित नियम ।

स्थितिस्थापकः (वि.) स्थितेः स्थापकः *(स्थितिको स्थापना गर्ने)* ष.त.स.= स्थितिस्थापक ।

शब्दार्थ-रीतिस्थितिको वन्दोवस्त मिलाउने वा प्रवन्ध गर्ने,

स्थितिस्थापनम्/स्थितिस्थापना (ना./न./स्त्री.) स्थितेः स्थापनम्/स्थितेः स्थापना वा *(स्थितिको स्थापना)* ष.त.स.= स्थितिस्थापन/स्थितिस्थापना ।

शब्दार्थ- रीतिस्थिति वसाउने काम, चलन चाँजो मिलाउने प्रक्रिया ।

स्थिरः (वि./ना./पुं.) तिष्ठतीति *(रहन्छ)* ष्ठा गतिनिवृत्तौ (भ्वा.) धातु, स्था+किरच्[8] (इर), आलोप= स्थिर ।

शब्दार्थ- निश्चल, अटल, स्थायीरूपको, दृढ, शान्त, गतिहीन, वृक्ष, पर्वत ।

स्थिरचित्तः (वि.) स्थिरं चित्तं यस्य *(स्थिर छ चित्त जसको)* व.स.= स्थिरचित्त ।

शब्दार्थ- चित्त स्थिर भएको, दृढ चित्त भएको, चित्त शान्त भएको, नहढवढाउने, दृढमना ।

स्थिरतरः (वि.) अयमनयोरतिशयेन स्थिरः *(यी दुईमा यो ज्यादै स्थिर)* स्थिर+तरप्[9] (तर)= स्थिरतर ।

शब्दार्थ- धेरै टिकाउ हुने, धेरै समयसम्म रहिरहने, अत्यन्त दृढ, वलियो ।

स्थिरता/स्थिरत्वम् (ना./स्त्री./न.) स्थिरस्य भावः *(स्थिर हुनाको भाव वा अवस्था)* स्थिर+तल् (त)+टाप् (आ) =स्थिरता । स्थिर+त्व= स्थिरत्व ।

शब्दार्थ- टिकाउपन, अडिगपन, निश्चलता, दृढता, अटल भएर रहने काम ।

स्थिरदृष्टिः (ना./पुं./स्त्री.) स्थिरा चासौ दृष्टिश्च *(स्थिर दृष्टि)* क.त.स.= स्थिरदृष्टि ।

अथवा स्थिरा दृष्टिर्यस्य *(स्थिर छ दृष्टि जसको)* व.स., ह्रस्व= स्थिरदृष्टि ।

शब्दार्थ- एकै ठाउँ वा लक्ष्यमा अटल रहिरहने दृष्टि, स्थिर दृष्टि भएको व्यक्ति ।

स्थिरबुद्धिः (वि./ना./स्त्री.) स्थिरा वुद्धिर्यस्य *(स्थिर छ वुद्धि जसको)* व.स., ह्रस्व= स्थिरवुद्धि ।

अथवा स्थिरा चासौ वुद्धिश्च *(स्थिर वुद्धि)* क.त.स. =स्थिरवुद्धि ।

शब्दार्थ- स्थिर वुद्धि भएको, प्रौढ विचार भएको, परिपक्व विचार भएको, निश्चल वुद्धि, स्थिर मति ।

स्थिरभावः (ना./पुं.) स्थिरश्चासौ भावश्च *(स्थिरभाव)* क.त.स.= स्थिरभाव ।

शब्दार्थ- अटल वा निश्चल भाव, शान्तभाव ।

---

[1] नन्दिग्रहि... : णिनि
[2] हलश्च : घञ्
[3] ज्वलितिकसन्तेभ्यः... : ण
[4] स्थेशभास... : वरच्
[5] हायनान्तयुवादि : अण्
[6] द्यतिस्यतिमास्था : स्याको इत्व
[7] स्थागापापचः...: क्तिन्
[8] अजिरशिशिरशिथिल...: किरच्
[9] द्विवचनविभज्योपदे... : तरप्

स्थिरमनाः (वि.) स्थिरं मनः यस्य *(स्थिर छ मन जसको)* व.स., स्थिरमनस्= स्थिरमना ।

शब्दार्थ- चित्त स्थिर भएको, मन ठीक अवस्थामा रहेको, दृढनिश्चय लिने ।

स्थिरा (ना./स्त्री.) तिष्ठतीति *(रहन्छ)* ष्ठा गतिनिवृत्तौ (भ्वा.) धातु, स्था+किरच् (इर), स्थिर+टाप् (आ) =स्थिरा ।

शब्दार्थ-स्थिर रहने वस्तु, टिकिरहने पदार्थ, पृथ्वी, भूमि ।

स्थिरीकरणम् (ना./न.) अस्थिरं स्थिरं सम्पद्यते तत्करणमिति *(अस्थिर स्थिर हुन्छ र स्थिर गरिन्छ)* डुकृञ् करणे (तना.) धातु, स्थिर+च्वि[१]+कृ+ल्युट् (अन), स्थिरको ईत्व[२], कृको गुण, णत्व, च्विलोप =स्थिरीकरण ।

शब्दार्थ- अस्थिरलाई स्थिर वनाउने काम, स्थायी पार्ने काम, अटल वनाउने काम ।

स्थिरीकृतः (वि.) अस्थिरं स्थिरं समपद्यत, तत्क्रियते स्म इति *(अस्थिर स्थिर भएको र स्थिर गरिएको)* डुकृञ् करणे (तना.) धातु, स्थिर+च्वि[१]+कृ+क्त (त), ईत्व[२], च्विलोप= स्थिरीकृत ।

शब्दार्थ- अटल वनाइएको, अस्थिरलाई स्थिर पारिएको ।

स्थूलः (वि.) स्थूलयते इति *(ठूलो हुन्छ)* स्थूल परिवृंहणे (चुरा.) धातु, स्थूल+अच् (पचादि)= स्थूल ।

शब्दार्थ- ठूलो, वृहत्, विशाल, महान्, लामो, मोटो, अति अग्लो ।

स्थूलतमः (वि.) अयमेषामतिशयेन स्थूलः *(यो यिनीहरूमा ज्यादै ठूलो)* स्थूल+तमप्[३] (तम)= स्थूलतम ।

शब्दार्थ- सवभन्दा ठूलो, ज्यादै विशाल, ज्यादै मोटो ।

स्थूलतरः (वि.) अयमनयोरतिशयेन स्थूलः *(यी दुईमा अपेक्षाकृत ठूलो)* स्थूल+तरप्[४] (तर)= स्थूलतर ।

शब्दार्थ- अपेक्षाकृत ठूलो, निकै मोटो, निकै अग्लो ।

स्थूलता/स्थूलत्वम् (ना./स्त्री./न.) स्थूलस्य भावः *(स्थूल हुनाको भाव वा अवस्था)* स्थूल+तल् (त)+टाप् (आ)= स्थूलता ।स्थूल+त्व= स्थूलत्व ।

शब्दार्थ- विशालता, वडप्पन, महत्ता, ठूलोपन, अग्लोपना, मोटाइ ।

स्थूलदृष्टिः (ना./स्त्री./वि.) स्थूला चासौ दृष्टिश्च *(भद्दा दृष्टिकोण)* क.त.स.= स्थूलदृष्टि ।

अथवा स्थूला दृष्टिर्यस्य *(मोटो दृष्टिकोण छ जसको)* व.स., ह्रस्व= स्थूलदृष्टि ।

शब्दार्थ- भद्दादृष्टि, मोटोदृष्टि, वोधो दृष्टिकोण, भद्दा विचारधारा भएको, तीखो विचार नभएको ।

स्थूलनासिकः (वि.) स्थूला नासिका यस्य *(ठूलो छ नाक जसको)* व.स., ह्रस्व= स्थूलनासिक ।

शब्दार्थ- ठूलो नाक भएको, भद्दा नाक भएको ।

स्थूलबुद्धिः (ना./स्त्री./वि.) स्थूला चासौ बुद्धिश्च *(स्थूल बुद्धि)* क.त.स.= स्थूलबुद्धि ।

अथवा स्थूला बुद्धिर्यस्य *(स्थूल छ बुद्धि जसको)* ब.स., ह्रस्व= स्थूलबुद्धि ।

शब्दार्थ- मोटो बुद्धि, वोधो बुद्धि, वोधो बुद्धि भएको, स्थूल बुद्धि भएको ।

स्थूलशरीरम् (ना./न.) स्थूलञ्च तत् शरीरम् *(स्थूल शरीर)* क.त.स.= स्थूलशरीर ।

शब्दार्थ- पाञ्चभौतिक शरीर, स्थूलदेह, जडतनु, पार्थिव शरीर ।

स्थूलीकरणम् (ना./न.) अस्थूलं स्थूलं सम्पद्यते, तत्करणमिति *(अस्थूल स्थूल हुन्छ र स्थूल बन्छ)* डुकृञ् करणे (तना.) धातु, स्थूल+च्वि+कृ+ल्युट् (अन), स्थूलको ईत्व, च्विको लोप, कृको गुण, णत्व =स्थूलीकरण ।

शब्दार्थ- सानोलाई ठूलो पार्ने काम, विशाल वनाउने क्रिया, मोटो पार्ने काम ।

स्थूलीकृतः (वि.) अस्थूलं स्थूलं समपद्यत, तत् क्रियते स्म इति *(अस्थूल स्थूल भएको र स्थूल गरिएको)* डुकृञ् करणे (तना.) धातु, स्थूल+च्वि+कृ+क्त (त), ईत्व, च्विलोप= स्थूलीकृत ।

शब्दार्थ- ठूलो वा मोटो वनाइएको, विशाल वनाइएको, जडीकृत ।

स्थूलोपाधिः (ना./स्त्री.) स्थूला चासौ उपाधिश्च *(स्थूल उपाधि)* क.त.स.= स्थूलोपाधि ।

शब्दार्थ- स्थूलदेह, स्थूलशरीर ।

उदा. **दश् इन्द्रिय र मन् अपञ्चीकृत भूत् यो सोह्र जम्मा छ यो- स्थूलोपाधि भनी कहिन्छ सबको भन् भोग साधन छ यो- रामगीता (रामायण, भानुभक्त)**

स्थेयः (वि.) स्थातुं योगयः *(रहन लायक)* ष्ठा गतिनिवृत्तौ (भ्वा.) धातु, स्था+यत्[५] (य), ईत्व[६], गुण= स्थेय ।

शब्दार्थ- रहनयोग्य, रहनलायक ।

स्थैर्यम् (ना./न.) स्थिरस्य भावः *(स्थिर हुनाको भाव वा अवस्था)* स्थिर+ष्यञ् (य), आदिवृद्धि, अकारलोप =स्थैर्य ।

शब्दार्थ- स्थिर हुनाको भाव वा अवस्था, स्थिरता, टिकाउपन

स्थौल्यम् (ना./न.) स्थूलस्य भावः *(स्थूल हुनाको भाव वा अवस्था)* स्थूल+ष्यञ् (य), आदिवृद्धि= स्थौल्य ।

शब्दार्थ- स्थूलता, स्थूल हुनाको अवस्था, मोटोपना, धैर्य लिने काम ।

स्नातः (वि.) स्नाति स्म इति *(नुहाएको)* ष्णा शौचे (अदा.) धातु, स्ना+क्त (त), भाव र कर्तामा= स्नात ।

शब्दार्थ- नुहाएको, पवित्र वा शुद्ध भएको ।

---

[१] कृभ्वस्तियोगो... : च्वि
[२] अस्य च्वौ : स्थिरको ईत्व
[३] अतिशायने...: तमप्
[४] द्विवचनविभज्य...: तरप्
[५] अचो यत् : यत्
[६] ईद्यति : ईत्व

स्नातकः (ना./पुं.) स्नाति स्म इति *(नुहाइएको)* ष्णा शौचे (अदा.) धातु, स्ना+क्त (त), स्नातः । स्नातः एव *(स्नान गरेको नै)* स्नात+कन्[१] (क), स्वार्थमा =स्नातक

शब्दार्थ- दीक्षा प्राप्त गरेको व्यक्ति, दीक्षित व्यक्ति, गुरुकुलवाट शिक्षा समाप्त गरी व्रह्मचर्याश्रमवाट गृहास्थाश्रममा जान अनुमति पाएको व्यक्ति, स्नातक उपाधि प्राप्त गरी दीक्षित वनेको व्यक्ति ।

स्नातकोत्तरम् (ना./न.) स्नातकादुत्तरम् *(स्नातकभन्दा माथिल्लो तह)* प.त.स.= स्नातकोत्तर ।

शब्दार्थ- शास्त्री तथा वी.ए. वा सो सरहभन्दा माथिल्लो शैक्षिक तह, स्नातकोत्तर तह ।

स्नातकोपाधिः (ना./पुं.) स्नातकाय उपाधिः **(स्नातकलाई दिइने उपाधि)** च.त.स., गुण= स्नातकोपाधि ।

शब्दार्थ- विश्वविद्यालयवाट स्नातकलाई दिइने प्रमाणपत्र वा उपाधि, स्नातक तह उत्तीर्ण गरेपछि प्राप्त हुने उपाधि वा प्रमाणपत्र ।

स्नातव्यः (वि.) स्नातुं योग्यः *(स्नान गर्न लायक)* ष्णा शौचे (अदा.) धातु, स्ना+तव्यत् (तव्य)= स्नातव्य ।

शब्दार्थ- स्नान गर्न योग्य वा लायक, नुहाउनुपर्ने ।

स्नानम् (ना./न.) स्नायते अत्र *(स्नान गरिन्छ यहाँ)* ष्णा शौचे (अदा.) धातु, स्ना+ल्युट् (अन)= स्नान ।

शब्दार्थ- नुहाउने काम, नुहाएर शरीरको मयल हटाई शुद्धीकरण गर्ने काम, हात, खुट्टा, मुख आदि धुने काम, नुहाइ-धुवाइ, मज्जन ।

स्नानकर्म/स्नानक्रिया (ना./न./स्त्री.) स्नानस्य कर्म/स्नानस्य क्रिया **(स्नानको काम)** ष.त.स. =स्नानकर्म/स्नानक्रिया ।

शब्दार्थ- नुहाउने क्रिया, स्नान गर्ने काम ।

स्नानगृहम्/स्नानागारम् (ना./न.) स्नानाय गृहम्/स्नानाय आगारम् *(स्नानको लागि तयार गरिएको गृह)* च.त.स.= स्नानगृह/स्नानागार ।

शब्दार्थ- स्नान गर्नका लागि बनाइएको घर वा कोठा, नुहाउने कोठा ।

स्नानार्थम् (ना./न.) स्नानाय इदम् *(स्नानको लागि यो)* स्नान+अर्थ, च.त.स.= स्नानार्थ ।

शब्दार्थ- स्नानका लागि यो, जलस्नानको लागि वस्त्र ।

स्नानीयः (वि.) स्नाति अनेन *(स्नान गर्छ यसवाट)* ष्णा शौचे (अदा.) धातु, स्ना+अनीय (र्), बहुलप्रकारले, दीर्घ= स्नानीय ।

अथवा स्नानाय हितम् *(स्नानको लागि हित हुने)* स्नान+छ[२] (ईय)= स्नानीय ।

शब्दार्थ- स्नानका लागि योग्य वा लायक, स्नानका लागि उपयुक्त हुने ।

स्नायविकः (वि.) स्नायोरागतः, स्नायोरयम् *(स्नायुवाट आएको, स्नायुको यो)* स्नायु+ठक्[३] (इक), गुण, अवादेश= स्नायविक ।

शब्दार्थ- स्नायुसम्वन्धी, नाडीवाट आएको, नसासित सम्वन्धित ।

स्नायुः (ना./स्त्री.) स्नाति शुध्यतिऽनया *(यसद्वारा सवै विकार शुद्ध हुन्छ)* ष्णा शौचे (अदा.) धातु, स्ना+उण् (उ), उणा., बहुलप्रकारले, युक्[४]= स्नायु ।

शब्दार्थ- शरीरको अङ्गप्रत्यङ्ग सर्वत्र जेलिएका नसा, रक्त सञ्चालन गर्ने नसा, रक्तवाहिनी नली ।

स्नायुकेन्द्रम् (ना./न.) स्नायूनां केन्द्रम् *(स्नायुहरूको केन्द्र)* ष.त.स.= स्नायुकेन्द्र ।

शब्दार्थ- सवै स्नायु वा नसाहरू जम्मा हुने ठाउं, मस्तिष्क, गिदी ।

स्नायुपीडा (ना./स्त्री.) स्नायोः पीडा *(स्नायुरोगवाट भएको पीडा)* प.त.स.= स्नायुपीडा ।

शब्दार्थ- स्नायुरोगवाट पैदा हुने पीडा, स्नायुरोगवाट भोग्नुपर्ने दुःखकष्ट ।

स्नायुपीडितः (वि.) स्नायुभिः पीडितः *(स्नायुरोगले पीडित)* तृ.त.स.= स्नायुपीडित ।

शब्दार्थ- नसासम्वन्धी रोगले ग्रस्त, स्नायुरोगले परिपीडित

स्नायुरोगः (ना./पुं.) स्नायोः रोगः *(स्नायुको रोग)* ष.त.स.= स्नायुरोग ।

शब्दार्थ- नसाको रोग, स्नायुको रोग, स्नायविक रोग ।

स्नायुरोगी (वि.) स्नायुरोगः अस्यास्तीति *(स्नायुरोग छ यसको)* स्नायुरोग+इनि[५] (इन्), स्नायुरोगिन् =स्नायुरोगी ।

शब्दार्थ- स्नायुरोग भएको नसासम्वन्धी रोगी, स्नायविक रोगी ।

स्नायुविकारः (ना./पुं.) स्नायोर्विकारः *(स्नायुको विकार)* ष.त.स.= स्नायुविकार ।

शब्दार्थ- नसासम्वन्धी विकार, स्नायुविकारवाट उत्पन्न हुने रोग, स्नायविक विकार ।

स्निग्धः (वि.) स्निह्यति, स्निह्यति स्म इति वा *(स्नेह गर्छ वा गरेको)* ष्णिह प्रीतौ (दिवा.) धातु, स्निह+क्त[६] (त), वर्तमान र भूतमा, तको ध, हको कुत्व घ[७], जश्त्व= स्निग्ध ।

वयस्यः स्निग्धः सवयाः । चिक्कणं मसृणं स्निग्धम्- इत्यमरः

शब्दार्थ- समान उमेरको हितैषी, प्रिय, स्नेही, मायालु, स्नेहयुक्त, प्यारो, चिल्लो, नरम, मुलायम ।

---

१. संज्ञायां कन् : कन्
२. तस्मै हितम् : छ
३. ठगायस्यानेभ्य... : ठक्
४. आतो युक्... : युक्
५. अत इनिठनौ : इनि
६. मतिबुद्धिपूजार्थेभ्यश्च : क्त
७. वा द्रुहमुहष्णुह...: हको घ

स्निग्धता (ना./स्त्री.) स्निग्धस्य भावः *(स्निग्ध हुनाको भाव वा अवस्था)* स्निग्ध+तल् (त)+टाप् (आ) =स्निग्धता ।

शब्दार्थ- स्नेहयुक्तता, प्रियता, चिल्लोपना ।

स्नुतः (वि.) स्नूयते स्म इति *(चुहेको)* ष्णु प्रस्रवणे (अदा.) धातु, स्नु+क्त (त), कर्तामा= स्नुत ।

शब्दार्थ- वगेको, प्रवाहित भएको, चुहेको ।

स्नुषा (ना./स्त्री.) स्नौति, स्नूयते अनया इति वा *(झुक्छे वा झुकिन्छ यसबाट)* ष्णु प्रस्रवणे (अदा.) धातु, स्नु+स[१] (उणा.), षत्व, स्नुष+टाप् (आ)= स्नुषा ।

समाः स्नुषाजनीवध्वः - इत्यमरः

शब्दार्थ- दुलही, वुहारी, पुत्रवधू, वधू, वधूजन ।

स्नेहः (ना./पुं.) स्निह्यतीति *(स्नेह गर्छ)* ष्णिह प्रीतौ (दिवा.) धातु, स्निह+घञ्[२] (अ), गुण= स्नेह ।

प्रेमा ना प्रियता हार्दं प्रेम स्नेहः- इत्यमरः

स्नेहः प्रेम्णि घृतादिके ।

स्नेहः स्यात् पुंसि तैलादिरसद्रव्ये च सौहृदे- इति मेदिनी

शब्दार्थ- स्नेह, माया, प्रेम, अनुराग, मित्रता, प्रिय लाग्ने कुरा, प्रियता, चिल्लो पदार्थ, रसादि द्रव्य ।

स्नेहपात्रम्/स्नेहभाजनम् (ना./न.) स्नेहस्य पात्रम्/स्नेहस्य भाजनम् *(स्नेहको पात्र वा भाजन)* ष.त.स. =स्नेहपात्र/स्नेहभाजन ।

शब्दार्थ- स्नेह गरिने व्यक्ति, स्नेह गरिने पदार्थ, घिउतेलको भाँडो, चिल्लो पदार्थ राख्ने भाँडो, प्रिय व्यक्ति, स्नेहपात्र ।

स्नेहमयः (वि.) प्रकृतः प्रचुरेण प्रस्तुतः स्नेहः *(धेरै स्नेह)* स्नेह+मयट्[३] (मय)= स्नेहमय ।

शब्दार्थ- ज्यादै स्नेह गरिएको, स्नेहले परिपूर्ण ।

स्नेहाङ्कुरः (ना./पुं.) स्नेहस्य अङ्कुरः *(स्नेहको आँकुरो)* ष.त.स., दीर्घ= स्नेहाङ्कुर ।

शब्दार्थ- स्नेहको अङ्कुर वा आँकुरो, पलाउँदै गरेको स्नेह वा प्रेम, प्रेमरूपी नवपल्लव ।

स्नेही (वि.) स्नेहः अस्यास्तीति *(स्नेह छ यसको)* स्नेह+इनि (इन्), स्नेहिन्= स्नेही ।

शब्दार्थ-स्नेह गर्ने, प्रेमी, माया गर्ने, प्यारो गर्ने, मायालु ।

स्पन्दः (ना./पुं.) स्पन्दनम्, स्पन्द्यते इति वा *(अलि-अलि हल्लिन्छ)* स्पदि किञ्चिच्चलने (भ्वा.) धातु, नुम्, स्पन्द्+घञ् (अ)= स्पन्द ।

शब्दार्थ-कम्प, अलि-अलि हल्लने काम, स्फुरण, कम्पन ।

स्पन्दनम् (ना./न.) स्पन्दनम्, स्पन्द्यते इति *(अलि-अलि हल्लिन्छ)* स्पदि किञ्चिच्चलने (भ्वा.) धातु, नुम्, स्पन्द्+ल्युट् (अन)= स्पन्दन ।

शब्दार्थ- विस्तारै हल्लने क्रिया, स्फुरण, ईषत्कम्पन ।

स्पर्धा (ना./स्त्री.) स्पर्ध्यते इति *(स्पर्धा गरिन्छ)* स्पर्ध सङ्घर्षे (भ्वा.) धातु, स्पर्ध+अङ् (अ)+टाप् (आ)=स्पर्धा ।

शब्दार्थ- होड, प्रतिद्वन्द्विता, प्रतियोगिता, होडवाजी, डाह ।

स्पर्धालुः (वि.) स्पर्धां लातीति *(स्पर्धा गर्छ)* स्पर्धा उपपदमा हुने ला आदाने (अदा.) धातु, स्पर्धा+ला+कु (उ), उणा., आलोप= स्पर्धालु ।

शब्दार्थ- स्पर्धा गर्ने, डाह गर्ने, होडवाजी गर्ने, प्रतियोगिता गर्ने, अर्कोसँग ईख गर्ने ।

स्पर्धी (वि.) स्पर्धा अस्यास्तीति *(स्पर्धा छ यसको)* स्पर्धा+इनि (इन्), आलोप, स्पर्धिन्= स्पर्धी ।

शब्दार्थ- स्पर्धा गर्ने, प्रतियोगिता गर्ने, होडवाजी गर्ने, प्रतिस्पर्धी, ईखालु ।

स्पर्शः (ना./पुं.) स्पृश्यते अनेन *(स्पर्श गरिन्छ यसबाट)* स्पृश संस्पर्शने (तुदा.) धातु, स्पृश्+घञ्[४] (अ), गुण =स्पर्श ।

शब्दार्थ- छुने काम, छोएर थाह हुने ज्ञान, व्याकरणमा स्पर्शेन्द्रियद्वारा थाह हुने स्पर्शवर्णहरू, छाला ।

स्पर्शनः (ना./पुं./न./वि.) स्पृशतीति *(छुन्छ)* स्पृश्+ल्यु (अन), उणा., गुण= स्पर्शन ।

अथवा स्पृश्यते इति *(स्पर्श गरिन्छ)* स्पृश संस्पर्शने (तुदा.) धातु, स्पृश्+ल्युट् (अन)= स्पर्शन ।

अथवा स्पृश्+युच्[५] (अन), उणा., गुण= स्पर्शन ।

श्वासनः स्पर्शनो वायुः- इत्यमरः

स्पर्शनो मारुते पुंसि दाने स्पर्शे नपुंसकम्-

शब्दार्थ- छुवाइ, छुने वा स्पर्श गर्ने काम, वायु, वतास, हावा, विसर्जन, त्याग, दान, छुनेवाला, स्पर्श गर्ने ।

स्पर्शवान् (वि.) स्पर्शः अस्यास्तीति *(स्पर्श गुण छ यसको)* स्पर्श+मतुप् (मत्), मको व, स्पर्शवत्= स्पर्शवान् ।

शब्दार्थ-स्पर्श गुण भएको, छोएर थाह पाउने गुण भएको ।

स्पर्शेन्द्रियम् (ना./न.) स्पर्शश्चासौ इन्द्रियञ्च *(स्पर्श इन्द्रिय)* क.त.स., गुण= स्पर्शेन्द्रिय ।

अथवा स्पर्शस्य इन्द्रियम् *(स्पर्शेन्द्रिय)* ष.त.स., गुण =स्पर्शेन्द्रिय ।

शब्दार्थ- चिसोतातो आदि कुरा स्पर्श गरेर थाह पाउने गुण, स्पर्शको अनुभूति गर्ने इन्द्रिय, शरीरको त्वगिन्द्रिय, छाला ।

स्पष्टः (वि.) स्पाश्यते स्म इति *(स्पष्ट पारिएको)* स्पश बाधनस्पर्शनयोः (भ्वा.) धातु, स्पश्+णिचि+क्त (त), निष्ठा तको ट निपातन[६], णिलोप, षत्व, ष्टुत्व=स्पष्ट ।

शब्दार्थ- स्फुट, व्यक्त, पस्ट, निर्मल, शुद्ध, यथार्थ प्रकट गरिएको, स्पष्ट पारिएको ।

स्पष्टता (ना./स्त्री.) स्पष्टस्य भावः *(स्पष्ट हुनाको भाव वा अवस्था)* स्पष्ट+तल् (त)+टाप् (आ)= स्पष्टता ।

शब्दार्थ- प्रस्ट पार्ने काम, प्रष्टचाइँ, यथार्थता, प्राकट्य, प्रकट हुनाको भाव वा अवस्था ।

---

[१] स्नुव्रश्चिकृत्यृषिभ्य...: स
[२] हलश्च : घञ्
[३] तत्प्रकृतवचने... : मयट्
[४] पदरुजाविस...: घञ्
[५] बहुलमन्यत्रापि : युच्
[६] वा दान्तशान्तपूर्ण...: निष्ठा तको ट निपातन

स्पष्टवक्ता (वि.) स्पष्टं वक्तीति *(स्पष्ट बोल्छ)* स्पष्ट उपपदपूर्वक वच परिभाषणे (अदा.) धातु, स्पष्ट+वच्+तृच्[1] (तृ), कुत्व, स्पष्टवक्तृ= स्पष्टवक्ता।

शब्दार्थ- पष्ट वोल्ने, स्पष्टवादी, यथार्थवक्ता, कुरो नलुकाई वोल्ने, साँचो वोल्ने।

स्पष्टवादी (वि.) स्पष्टं वदितुं शीलमस्य *(स्पष्ट बोल्ने शील छ यसको)* स्पष्ट उपपदपूर्वक वद व्यक्तायां वाचि (भ्वा.) धातु, स्पष्ट+वद्+णिनि[2] (इन्), वृद्धि, स्पष्टवादिन्= स्पष्टवादी।

शब्दार्थ- स्पष्ट वोल्ने, स्पष्टवक्ता, साँचो कुरा नलुकाई स्पष्टसँग भन्ने।

स्पष्टीकरणम् (ना./न.) अस्पष्टं स्पष्टं सम्पद्यते, तत्करणमिति *(अस्पष्ट स्पष्ट हुन्छ र स्पष्ट गरिन्छ)* डुकृञ् करणे (तना.) धातु, स्पष्ट+च्वि+कृ+ल्युट् (अन), स्पष्टको ईत्व, कृको गुण, णत्व, च्विको लोप =स्पष्टीकरण।

शब्दार्थ- स्पष्ट नभएको कुरालाई स्पष्ट गर्ने काम, राम्रोसँग नवुझिएको कुरालाई पष्ट पार्ने काम, नराम्रो काम गरेको सन्दर्भमा सोधिएका कुराको लिखित वयान वा स्पष्टीकरण।

स्पृश्यः (वि.) स्प्रष्टुं योग्यः *(छुन वा स्पर्श गर्न योग्य)* स्पृश संस्पर्शे (तुदा.) धातु, स्पृश्+क्यप्[3] (य)=स्पृश्य।

शब्दार्थ- छुन योग्य, स्पर्श गर्न लायक, छुन हुने, छुन उचित।

स्पृष्टः (वि./ना./न.) स्पृश्यते स्म इति *(स्पर्श गरिएको)* स्पृश संस्पर्शे (तुदा.) धातु, स्पृश्+क्त (त), शको षत्व, ष्टुत्व= स्पृष्ट।

शब्दार्थ- छोइएको, स्पर्श गरिएको, स्पर्शसंज्ञक कदेखि मसम्मको वर्ण, प्रयत्न।

स्पृहणीयः (वि.) स्पृहयितुं योग्यः *(इच्छा गर्न योग्य)* स्पृह ईप्सायाम् (चुरा.) धातु, स्पृह्+अनीय (र), णत्व =स्पृहणीय।

शब्दार्थ- इच्छा वा कामना गर्न योग्य, लालसा गर्न सकिने, चाहना गर्न लायक, आकाङ्क्षा गर्न उचित, वाञ्छनीय।

उदा. **चढाउने उन्नति शैलमाथी,**
धनै छ यौटा स्पृहणीय साथी- धन महिमा (लालित्य)

स्पृहा (ना./स्त्री.) स्पृह्यते इति *(कामना गरिन्छ)* स्पृह ईप्सायाम् (चुरा.) धातु, स्पृह+अङ्[4] (अ)+टाप् (आ) =स्पृहा।

इच्छा काङ्क्षा स्पृहेहा तृड् वाञ्छा लिप्सा मनोरथः - इत्यमरः

शब्दार्थ- इच्छा, आकाङ्क्षा, चाहना, प्रवल अभिलाषा, कामना।

स्पृहावती (ना./स्त्री.) स्पृहा अस्याः अस्तीति *(कामना छ यस स्त्रीको)* स्पृहा+मतुप् (मत्), मको व, स्पृहावत्+ङीप् (ई)= स्पृहावती।

शब्दार्थ- धेरै चाहना वा आकाङ्क्षा गर्ने स्त्री, धेरै अभिलाषा गर्ने नारी।

स्फटा (ना./स्त्री.) स्फटतीति *(फैलाउँछ, विकसित पार्छ)* स्फट विकसने (चुरा.) वा स्फुट विकसने (तुदा.) धातु, स्फट्+अच् (पचादि)+टाप् (आ)= स्फटा। अथवा स्फुट्+अच् (पचादि), पृषोदरादिवाट उ वर्ण अमा परिणत, स्फट+टाप् (आ)= स्फटा।

शब्दार्थ- सर्पको फँणा, सापको फैलिएको फंणा, फिट्किरी, फट्किरी।

स्फटिकः (ना./पुं.) स्फटतीति *(विकसित हुन्छ)* स्फट विकसने (चुरा.) धातु, स्फट्+इन्[5] (इ), स्फटिः। तं कायतीति *(त्यसलाई प्रकाशित पार्छ)* स्फटि उपपदमा हुने कै शब्दे (भ्वा.) धातु, स्फटि+का+क[6] (अ), आलोप= स्फटिक।

अथवा स्फटि एव *(स्फटिक नै)* स्फटि+कन् (क), स्वार्थमा= स्फटिक।

शब्दार्थ- वहुमूल्य पत्थरविशेष, विल्लौर, काचमणि, सूर्य कान्तमणि, पारसमणि, स्वच्छ, निर्मल।

स्फाटितः (वि.) स्फाटचते स्म इति *(फारिएको)* स्फट भेदने विकसने च (चुरा.) धातु, स्फट्+णिचि, वृद्धि, स्फाटि+क्त (त), णिलोप, इडागम= स्फाटित।

शब्दार्थ- फोरिएको, फारिएको, कोरिएको, च्यातिएको, विदीर्ण पारिएको, फुलाएको, चिरेको।

स्फीतः (वि.) स्फायते स्म इति *(बढेको)* स्फायी वृद्धौ (भ्वा.) धातु, स्फाय्+क्त (त), कर्तामा, धातुको स्फी आदेश[7]= स्फीत।

शब्दार्थ-बढेको, प्रवर्धन भएको, समृद्ध, मोटाएको, विस्तृत।

स्फीतिः (ना./स्त्री.) स्फायनम्, स्फायते इति वा *(बढ्नु)* स्फायी वृद्धौ (भ्वा.) धातु, स्फाय+क्तिन् (ति), धातुको स्फी आदेश= स्फीति।

शब्दार्थ- वृद्धि, प्राचुर्यता, समृद्धि, वस्तुको वृद्धि तर मूल्यात्मक ह्रास।

स्फुटः (वि.) स्फुटतीति *(विकसित हुन्छ, फक्रन्छ)* स्फुट विकसने (तुदा.) धातु, स्फुट्+क[8] (अ)= स्फुट।

स्फुटो व्यक्तप्रफुल्लयोः - इति हैमः

शब्दार्थ- फक्रेको, विकसित भएको, व्यक्त भएको, टुटेको, फुटेको, प्रफुल्ल, प्रकट भएको।

उदा. **परमेश्वर वेदशास्त्रमा,**
स्फुट छन् व्यापक सत्यरूपमा- आ.रा.५/५६

---

[1] ण्वुल्तृचौ : तृच्
[2] सुप्यजातौ... : णिनि
[3] ऋदुपधाच्चाक्लृ...: क्यप्
[4] गुरोश्च हलः : अङ्
[5] सर्वधातुभ्य... : इन्
[6] आतोऽनुपसर्गे... : क
[7] स्फायः स्फी... : स्फी आदेश
[8] इगुपधज्ञा... : क

स्फुटनम् (ना./न.) स्फुटनम्, स्फुटचते इति वा *(विकसित हुनु, फक्रनु)* स्फुट विकसने (तुदा.) धातु, स्फुट्+ल्युट् (अन), ङित्व[१], गुणाभाव= स्फुटन ।

शब्दार्थ- प्रस्फुटन, छेदन गर्ने काम, कोपिला फक्रने क्रिया, फूल फुल्ने काम, विदारण ।

स्फुटितः (वि.) स्फुटति स्म इति *(फुलेको, फुटेको)* स्फुट विकसने (तुदा.) वा स्फुट भेदने (चुरा.) धातु, स्फुट्+क्त[२] (त), इडागम= स्फुटित ।

शब्दार्थ- फुलेको, फक्रेको, फुटेको, फाटेको, विकसित, मुकुलित, प्रफुल्लित ।

स्फुरणम् (ना./न.) स्फुरणमिति *(फुर्नु वा फरफराउनु)* स्फुर सञ्चलने (तुदा.) धातु, स्फुर+ल्युट् (अन), णत्व= स्फुरण ।

शब्दार्थ- फरफराउने काम, कुनै कुरा झट्ट मनमा फुर्ने काम, फरफराहट, मनमा कुनै भाव वा विचार फुर्ने काम, अलि-अलि चल्ने वा हल्लने क्रिया ।

स्फुरितः (वि.) स्फुरति स्म इति *(स्फुरेको)* स्फुर सञ्चलने (तुदा.) धातु, स्फुर्+क्त (त), इडागम = स्फुरित ।

शब्दार्थ- कुनै भाव वा विचार मनमा फुरेको, स्फुरण भएको, फरफराएको, झट्ट सम्झेको ।

उदा. **उठ्ने शक्ति स्फुरित नभए हेरिदेऊ बसेर-** य.श.६/२५

स्फुलिङ्गः (ना./त्रि.) 'स्फु' अनुकरणात्मकः शव्दः । स्फुना फुत्कारेण लिङ्गति *(फूफू गरेर फुकिन्छ)* स्फुपूर्वक लिगि गतौ (भ्वा.) धातु, नुम्, स्फु+लिङ्ग्+अच् (पचादि)= स्फुलिङ्ग ।

त्रिषु स्फुलिङ्गोऽग्निकणः - इत्यमरः

शब्दार्थ- आगाको झिल्को, सानो फिलिङ्गो, झगडा आदिको वीज वा निहुँ, अग्निकण ।

स्फूर्तिः (ना./स्त्री.) स्फुर्च्छनमिति *(फुर्ने काम हुनु)* स्फुर्च्छा विस्तृतौ (भ्वा.) धातु, स्फुर्च्छा+क्तिन् (ति), संयोगान्त छलोप, दीर्घ[३]= स्फूर्ति ।

शब्दार्थ- जाँगर, हौसला, काम गर्ने उत्साह, फुर्ती, स्फुरण, प्रफुल्लित, फरफराउने काम ।

स्फूर्जथुः (ना./पुं.) स्फूर्जनमिति *(गर्जनु)* टुओस्फूर्जा वज्रनिर्घोषे (भ्वा.) धातु, स्फूर्ज्+अथुच्[४] (अथु) =स्फूर्जथु ।

स्फूर्जथुर्वज्रनिर्घोषः - इत्यमरः

शब्दार्थ- मेघको गर्जन, वज्रघोष, मेघको घर्घर-शब्द ।

स्फोटः (ना./पुं.) स्फुटति, स्फोटति अर्थः यस्मात् *(जसबाट अर्थ प्रस्फुटित हुन्छ)* स्फुट विकसने (तुदा.) वा स्फुट भेदने (चुरा.) धातु, स्फुट्+घञ् (अ) =स्फोट । अथवा स्फुटचते व्यज्यते वर्णैः *(वर्णद्वारा स्फुटित वा व्यञ्जित हुन्छ)* स्फुट विकसने (तुदा.) धातु, स्फुट्+घञ् (अ), गुण= स्फोट ।

शब्दार्थ- पट्ट फुटेर वाहिर निस्कने काम, फुट्ने काम, प्रकट हुने क्रिया, फुट्ने वा फक्रने क्रिया, शव्दव्रह्म, ध्वनि, मीमांसकले मानेको नित्यशब्द ।

द्रष्टव्य- **'स्फोट' नामले प्रसिद्ध अवयवरहित नित्यशब्द नै व्रह्म हो, 'संसार' शब्दरूपी ब्रह्मको विवर्त (मिथ्या प्रतीति) मात्र हो- व्याकरण शास्त्र ।**

स्फोटनम् (ना./न.) स्फोटनमिति *(फुट्नु)* स्फुट विकसने (भ्वा./तुदा.) वा स्फुट भेदने (चुरा.) धातु, स्फुट्+ल्युट् (अन), गुण= स्फोटन ।

शब्दार्थ- फुट्ने क्रिया, प्रकट हुने काम, फोर्ने तथा चिर्ने काम, टुक्र्याउने काम ।

स्मयः (ना./पुं.) स्मयनमिति *(गर्व गर्नु)* ष्मिङ् ईषद्धसने (भ्वा.) धातु, स्मि+अच् (एरच्), गुण, अयादेश=स्मय ।

शब्दार्थ- गर्व, मद, घमण्ड ।

स्मरः (ना./पुं.) स्मर्यते अनेन *(याद हुन्छ यसबाट)* वा स्मरयति उत्कण्ठयतीति *(उत्कण्ठा बढाउँछ)* स्मृ चिन्तायाम् वा स्मृ आद्ध्याने (भ्वा.) धातु, स्मृ+णिचि+अप्[५]/घ[६] (अ)/अच् (पचादि), गुण=स्मर ।

कन्दर्पो दर्पकोऽनङ्गः कामः पञ्चशरः स्मरः - इत्यमरः

शब्दार्थ- प्रेम, प्रेमका देवता, कामदेव, मदन, अनङ्ग ।

स्मरणम् (ना./न.) स्मरणमिति *(सम्झिनु)* स्मृ चिन्तायाम् वा स्मृ आद्ध्याने (भ्वा.) धातु, स्मृ+ल्युट् (अन), गुण, णत्व= स्मरण ।

शब्दार्थ- स्मृति, सम्झने काम, याद, सम्झना, नवधा भक्तिमध्ये एक ।

स्मरणकर्ता (वि.) स्मरणं करोतीति *(सम्झना गर्छ)* स्मरण उपपदमा हुने डुकृञ् करणे (तना.) धातु, स्मरण+कृ +तृच् (तृ), स्मरणकर्तृ= स्मरणकर्ता ।

शब्दार्थ- सम्झना गर्ने, सम्झने, याद गर्ने ।

स्मरणार्थः (वि.) स्मरणमेव अर्थः प्रयोजनं यस्य *(स्मरण नै प्रयोजन छ जसको)* स्मरण+अर्थ, ब.स., दीर्घ =स्मरणार्थ ।

अथवा स्मरणाय अयम् *(सम्झनाका लागि यो)* स्मरण +अर्थ, च.त.स[७]., दीर्घ= स्मरणार्थ ।

शब्दार्थ- स्मृति वा सम्झना प्रयोजन भएको, सम्झना वा स्मृतिका निमित्त यो ।

---

[१] गाङ्कुटादिभ्य... : ङित्व
[२] निष्ठा : क्त
[३] हलश्च : दीर्घ
[४] द्वितोऽथुच् : अथुच्
[५] ऋदोरप् : अप्
[६] पुंसि संज्ञायाम्... : घ
[७] अर्थेन नित्यसमास...: च.त.स.

स्मरणीयः/स्मर्तव्यः (वि.) स्मर्तुं योग्यः *(सम्झन लायक)* स्मृ चिन्तायाम् वा स्मृ आद्ध्याने (भ्वा.) धातु, स्मृ+अनीय (र्), गुण, णत्व= स्मरणीय ।

स्मृ+तव्यत् (तव्य)= स्मर्तव्य ।

शब्दार्थ- सम्झन योग्य वा लायक, याद गर्नुपर्ने, सम्झनुपर्ने, सम्झना गर्न उचित ।

स्मारकः (वि./ना./पुं.) स्मारयतीति *(सम्झना दिलाउँछ)* स्मृ चिन्तायाम् वा स्मृ अद्ध्याने (भ्वा.) धातु, स्मृ+णिचि, वृद्धि, स्मारि+ण्वुल् (अक), णिलोप =स्मारक ।

शब्दार्थ- कुनै कुराको सम्झना गराइरहने, कुनै कुराको स्मरण भइरहोस् भन्नाका लागि निर्मित वा स्थापित वस्तु (स्तम्भ, सालिक, भवन, पुस्तक आदि) ।

स्मारिका (ना./स्त्री.) स्मारयति अनया *(सम्झना गराउँछ यसले)* स्मृ चिन्तायाम् वा स्मृ आद्ध्याने (भ्वा.) धातु, स्मृ+णिचि+ण्वुल् (अक), वृद्धि, णिलोप, स्मारक+टाप् (आ), ककारपूर्वका अकारको इत्व[1]= स्मारिका ।

शब्दार्थ- सम्झनाका लागि तयार गरिएको कुनै वस्तु, सालिक, पुस्तिका, स्मृतिग्रन्थ आदि ।

स्मार्तः (वि.) स्मृतेरयम्, स्मृतेरागतः, स्मृतिं वेद अधीते इति वा, स्मृतौ विहितः *(क्रमशः स्मृतिको यो, स्मृतिबाट आएको, स्मृतिशास्त्र पढ्छ वा जान्दछ, स्मृतिमा विधान गरिएको)* स्मृति+अण्[2] (अ), आदिवृद्धि, इकारलोप= स्मार्त ।

शब्दार्थ- स्मृतिसम्वन्धी, स्मृतिको, स्मृतिशास्त्र पढ्ने वा जान्ने, स्मृतिको अनुसरण गर्ने, स्मृति-ग्रन्थहरूमा विधान गरिएको ।

स्मितम् (ना./न./वि.) स्मयते ईषत् हसतीति *(हाँस्छ)* ष्मिङ् ईषद्धसने (भ्वा.) धातु, स्मि+क्त[3] (त), =स्मित । अथवा स्मयते स्म इति *(हाँसेको)* स्मि+क्त (त) =स्मित ।

हासः सोत्प्रासः स मनाक् स्मितम्- इत्यमरः

शब्दार्थ- अलि-अलि हाँस्ने काम, अल्पहास, मधुर हँसाइ, मुस्कुराहट, मन्दहाँसो, हाँसेको, मुस्कुराएको, फक्रेको, फुलेको ।

स्मितवदना (ना./स्त्री.) स्मितं वदनं यस्याः *(हँसिलो छ अनुहार जुन स्त्रीको)* ब.स., स्मितवदन+टाप् (आ) =स्मतवदना ।

शब्दार्थ- हँसिलो मुहार भएकी स्त्री, प्रफुल्ल वदन भएकी आइमाई, मन्दमुस्कान भएकी स्त्री ।

स्मितिः (ना./स्त्री.) स्मयनम्, स्मीयते इति वा *(अलि-अलि हाँस्नु)* ष्मिङ् ईषद्धसने (भ्वा.) धातु, स्मि+क्तिन्[4] (ति)= स्मिति ।

शब्दार्थ- अल्पहास, मन्दहाँसो, मुस्कुराहट, मन्दमुस्कान, थोरै हाँस्ने काम, मधुरमुस्कान ।

स्मृतः (वि.) स्मर्यते स्म इति *(सम्झिएको)* स्मृ चिन्तायाम् वा स्मृ आद्ध्याने (भ्वा.) धातु, स्मृ+क्त (त)= स्मृत ।

शब्दार्थ- सम्झेको, याद गरिएको, स्मरण गरिएको ।

स्मृतिः (ना./स्त्री.) स्मर्यते अनया इति *(सम्झिन्छ यसबाट)* स्मृ चिन्तायाम् वा स्मृ आद्ध्याने (भ्वा.) धातु, स्मृ+क्तिन् (ति)= स्मृति ।

शब्दार्थ-सम्झने काम, स्मरण, याद, सम्झना, स्मृतिग्रन्थ ।

स्मृतिकारः (ना./पुं.) स्मृतिं करोतीति *(स्मृति रचना गर्छ)* स्मृतिपूर्वक डुकृञ् करणे (तना.) धातु, स्मृति+कृ+अण् (अ), वृद्धि= स्मृतिकार ।

शब्दार्थ- स्मृतिग्रन्थ रचना गर्ने व्यक्ति, स्मृतिग्रन्थका रचयिता ।

स्मृतिग्रन्थः (ना./पुं.) स्मृतेः ग्रन्थः *(स्मृतिको ग्रन्थ)* ष.त.स.= स्मृतिग्रन्थ ।

अथवा स्मृतये ग्रन्थः *(सम्झनाका लागि तयार गरिएको ग्रन्थ)* च.त.स.= स्मृतिग्रन्थ ।

शब्दार्थ- स्मृतिसम्वन्धी धर्मग्रन्थ, कसैको स्मृतिका लागि लेखिएको स्मारकग्रन्थ ।

स्मृतिपत्रम् (ना./न.) स्मृतये पत्रम् *(सम्झनाका लागि टिपेको कागज)* च.त.स.= स्मृतिपत्र ।

शब्दार्थ- सम्झनाका लागि टिपोट गरिएको पत्र, स्मरणार्थ पठाइएको चिट्ठीपत्र ।

स्मेरः (वि.) स्मयते तच्छीलः ईषत् हसनशीलः *(अलि-अलि हाँस्ने स्वभाव भएको)* ष्मिङ् ईषद्धसने (भ्वा.) धातु, स्मि+रन् (र), उणा., गुण= स्मेर ।

शब्दार्थ- अलि-अलि हाँस्ने, मन्द-मुस्कान गर्ने ।

स्यन्दः (ना./पुं.) स्यन्दनमिति *(वहनु)* स्यन्दू प्रस्रवणे (भ्वा.) धातु, स्यन्द्+घञ् (अ), भावमा= स्यन्द ।

शब्दार्थ-वहने काम, जोडले हिड्ने काम (गाडी, रथ आदि)

स्यन्दनः (वि./ना./न.) स्यन्दते इति *(वहन्छ, गुड्छ)* स्यन्दू प्रस्रवणे (भ्वा.) धातु, स्यन्द्+युच्[5]/ल्यु[6] (अन), उणा.= स्यन्द ।

शब्दार्थ- चाँडै चाँडै हिड्ने, शीघ्रगामी, द्रुतगामी, जोडले वहने काम, गाडी, रथ, सवारीसाधन ।

स्यमन्तकः (ना./पुं.) स्यामयते इति *(तर्कना गर्छ)* स्यम वितर्के (चुरा.) वा स्यमु शब्दे (भ्वा.) धातु, स्यम्+झच् (अन्त), बहुलप्रकारले, उणा., स्यमन्तः । स्यमन्तः एव *(स्यमन्त नै)* स्यमन्त+कन् (क), स्वार्थमा=स्यमन्तक ।

शब्दार्थ- एक वहुमूल्य मणि, पुराणमा उल्लेख भएअनुसार दैनिक आठ स्वर्णभार पैदा गर्ने राजा सत्राजित्को मणि ।

---

[1] उदिचामातः स्याने...: इत्व

[2] तस्येदम्/ततः आगतः/तदधीते तद्वेद : अण्

[3] नपुंसके भावे... : क्त

[4] स्त्रियां क्तिन् : क्तिन्

[5] बहुलमन्यत्रापि : युच्

[6] नन्दिग्रहिपचादि...: ल्यु

स्यूतः (वि.) सीव्यते स्म इति *(सिइएको)* षिवु तन्तुसन्ताने (दिवा.) धातु, सिव्+क्त (त), सि ऊठ्[१], यण्= स्यूत ।

शब्दार्थ- सिइएको, वुनिएको, नत्थी गरिएको, टाँका लगाइएको ।

स्यूतिः (ना./स्त्री.) सेवनम्, सीव्यते इति वा *(सिइन्छ)* षिवु तन्तुसन्ताने (दिवा.) धातु, सिव्+क्तिन् (ति), वको ऊठ्[१], सि ऊति, यण्= स्यूति ।

सेवनं सीवनं स्यूतिः - इत्यमरः

शब्दार्थ- सिउने काम, वुन्ने काम, टाँका लगाउने क्रिया, नत्थी गर्ने काम, सन्तति, वंशपरम्परा ।

स्रंसः/स्रंसनम् (ना./पुं./न.) स्रंस्यते, स्रंसनमिति वा *(खसिन्छ)* स्रंसु अवस्रंसने (भ्वा.) धातु, स्रंस्+घञ् (अ)= स्रंस ।

स्रंस्+ल्युट् (अन)= स्रंसन ।

शब्दार्थ- तल खस्ने काम, गिर्ने काम, झर्ने काम ।

स्रंसी (वि.) अवश्यं स्रंसते इति *(अवश्य खस्छ)* स्रंसु अवस्रंसने (भ्वा.) धातु, स्रंस्+णिनि[२] (इन्), स्रंसिन् =संस्री ।

अथवा स्रंसः अस्यास्तीति *(पतन छ यसको)* स्रंस+इनि (इन्), स्रंसिन्= स्रंसी ।

शब्दार्थ- खस्नेवाला, गिर्ने, तल झर्ने, भुण्डिने ।

स्रक्/स्रज् (ना./स्त्री.) सृज्यते रच्यते *(सृजना वा रचना गरिन्छ)* वा सृजति कल्याणमानन्दं वा *(कल्याण वा आनन्द सृजना गर्छ)* सृज विसर्गे (दिवा./चुरा.) धातु, सृज्+क्विन् (सर्वलोप), अमागम[३]= स्रज् ।

स्रज्को कुत्व= स्रक् ।

माल्यं मालास्रजौ मूर्ध्नि- इत्यमरः

शब्दार्थ- शिरमा लगाइने माला, पुष्पमाला, माल्य, फूलको माला ।

स्रग्विणी (ना./स्त्री.) स्रक् अस्याः अस्तीति *(माला छ यसको)* स्रज्+विनि[४] (विन्)+ङीप् (ई),णत्व= स्रग्विणी

शब्दार्थ- फूल लिएकी स्त्री, माला लिएकी नारी, एक वार्णिक छन्द ।

स्रग्वी (वि.) स्रज् अस्यास्तीति *(पुष्पमाला छ यसको)* स्रज्+विनि[४] (विन्), कुत्व, स्रग्विन्= स्रग्वी ।

शब्दार्थ- पुष्पमाला धारण गर्ने, हार पहिरेको ।

स्रवः/स्रवणम् (ना./पुं./न.) स्रवणम्, सूयते इति वा *(वहनु)* स्रु गतौ (भ्वा.) धातु, स्रु+अप् (अ), गुण, अवादेश= स्रव ।

स्रु+ल्युट् (अन), गुण, अवादेश= स्रवण ।

शब्दार्थ- वग्ने क्रिया, चुहुने काम, तरल पदार्थको चुहावट वा चुहाइ, प्रवाह, निर्झर, मूत्र ।

स्रष्टव्यः (वि.) स्रष्टुं योग्यः *(रचना गर्न योग्य)* सृज विसर्गे (दिवा.) धातु, सृज्+तव्यत् (तव्य), जको ष[५], अमागम, ष्टुत्व= स्रष्टव्य ।

शब्दार्थ- सृजना गर्न योग्य, रचना गर्न उचित ।

स्रष्टा (वि./ना./पुं.) सृजतीति *(रचना गर्छ)* सृज विसर्गे (दिवा./चुरा.) धातु, सृज्+तृच् (तृ), अमागम, जको षत्व, तको ष्टुत्व ट= स्रष्टा ।

शब्दार्थ- सृष्टि गर्ने, रचना गर्ने, निर्माण गर्ने, वनाउने, निर्माता, विधाता, वेधा, व्रह्मा, विष्णु, महेश्वर ।

स्रस्तः (वि.) स्रंस्यते स्म इति *(खसेको)* स्रंसु अवस्रंसने (भ्वा.) धातु, स्रंस्+क्त[६] (त), कर्तामा, नलोप= स्रस्त ।

शब्दार्थ- खसेको, गिरेको, तल झरेको, पतित भएको ।

स्रावः (ना./पुं.) सूयते इति *(प्रवाहित हुन्छ)* स्रु गतौ (भ्वा.) धातु, स्रु+घञ् (अ), वृद्धि, आवादेश= स्राव ।

शब्दार्थ- प्रवाह, वहने काम, वनस्पति तथा प्राणीहरूको अङ्गबाट वहने खालको तरलपदार्थ, गर्भस्राव, रस, झोल, गर्भपतन ।

स्रावकः (वि.) स्रावयतीति *(चुहाउँछ)* स्रु गतौ (भ्वा.) धातु, स्रु+णिचि+ण्वुल् (अक)= स्रावक ।

शब्दार्थ- चुहाउने, वगाउने, प्रवाहित गराउने ।

स्रावितः (वि.) स्राव्यते स्म इति *(चुहाइएको)* स्रु गतौ (भ्वा.) धातु, स्रु+णिचि, वृद्धि, आवादेश, स्रावि+क्त (त), णिलोप, इडागम= स्रावित ।

शब्दार्थ- चुहाइएको, वगाइएको, प्रवाहित, निकालिएको, निष्कासित ।

स्रुतः (वि.) स्रवति स्म इति *(चुहेको)* स्रु गतौ (भ्वा.) धातु, स्रु+क्त (त)= स्रुत ।

शब्दार्थ- चुहेको, वगेको, निस्केको, खसेको ।

स्रुतिः (ना./स्त्री.) स्रवणम्, सूयते इति वा *(प्रवाहित हुनु)* स्रु गतौ (भ्वा.) धातु, स्रु+क्तिन् (ति)= स्रुति ।

शब्दार्थ- चुहुने काम, वग्ने क्रिया, वहने काम, रस चुहुने काम ।

स्रुवः/स्रुवा (ना./पुं./स्त्री.) स्रवति घृतादिकं यस्मात् *(जसबाट घृत आदि प्रवाहित हुन्छ)* स्रु गतौ (भ्वा.) धातु, स्रु+क (अ), उणा., उवङादेश[८]= स्रुव ।

स्त्रीत्वविवक्षामा, स्रुव+टाप् (आ)= स्रुवा ।

शब्दार्थ- यज्ञमा घृतादि हवन गर्ने साधन, स्रुरो, यज्ञपात्रविशेष ।

स्रोतस् **(स्रोतः)** (ना./न.) स्रवतीति *(बहन्छ)* स्रु गतौ (भ्वा.) धातु, स्रु+असुन्[९] (अस्), उणा., धातुको तुट्[९], गुण, स्रोतस्, स्रोतः= स्रोत ।

स्रोतोऽम्बुसरणं स्वतः - इत्यमरः

शब्दार्थ- पानीको स्रोत, मुहान, पानी वग्ने क्रिया, पानीको प्रवाह, पानीको बहाइ, अम्बुवेग ।

---

[१] च्छ्वोः शूडनुनासिके... : ऊठ्

[२] आवश्यकाधमर्ण्ययोः : णिनि

[३] सृजिदृशो... : अमागम

[४] अस्मायामेधास्रजो... : विनि

[५] व्रश्चभ्रस्ज... : षत्व

[६] गत्यर्थाकर्मक... : क्त

[७] स्रुवः कः : क

[८] अचि स्नुधातु...: उवङादेश

[९] स्रुरीभ्यां तुट् च : असुन्, तुट्

स्रोतस्वती/स्रोतस्विनी (ना./स्त्री.) स्रोतांसि सन्ति अस्याम् *(स्रोत वा प्रवाह छ यसमा)* स्रोतस्+मतुप्[1] (मत्), मको व, स्रोतस्वत्+ङीप्[2] (ई)= स्रोतस्वती । स्रोतस्+विनि (विन्), स्रोतस्विन्+ङीप् (ई)=स्रोतस्विनी ।

शब्दार्थ- नदी, सरित्, खोलो, भँगालो, पानीको प्रवल प्रवाह वा वेग भएको नदी ।

स्वः (ना./पुं.) स्वनति, स्वनयतीति वा *(शब्द गर्छ)* स्वन शब्दे वा स्वन अवतंसने (भ्वा.) धातु, स्वन्+ड[3] (अ), टिलोप= स्व ।

सगोत्र-बान्धव-ज्ञाति-बन्धु-स्व-स्वजनाः समाः - इत्यमरः

स्वो ज्ञातावात्मनि स्वं त्रिष्वात्मीये स्वोऽस्त्रियां धने- इत्यमरः

शब्दार्थ- ज्ञाति, बन्धु, स्वजन, आफू, स्वयम्, आफ्नो, निजी, आत्मीयजन ।

स्वर् (स्वः) (अव्य.) स्वर्यते, स्तूयते इति वा *(स्तुति गरिन्छ)* स्वृ शब्दोपतापयोः (भ्वा.) धातु, स्वृ+विच्, सर्वलोप, गुण= स्वर् (स्वः) ।

शब्दार्थ- स्वर्ग, नाक, त्रिदिव, आकाश, सुरलोक ।

स्वकीयः (वि.) स्वेषु भवः जातादिर्वा, स्वस्य अयम् *(आफूमा भएको, जन्मेको, आफ्नो यो)* स्व+छ[4] (ईय), कुक्= स्वकीय ।

शब्दार्थ- आफ्नो, आफ्नै, निजी, आत्मीय, आफ्नो प्रेमी ।

स्वकीया (ना./स्त्री.) स्वस्य इयम् *(आफ्नै यो),* स्वेषु जातादिर्वा *(आफूमा भएको)* स्व+छ (ईय), कुक्, स्वकीय+टाप् (आ)= स्वकीया ।

शब्दार्थ- आफ्नै पत्नी, आफ्नै स्त्री, आफ्नै प्रेयसी ।

स्वगतः (वि.) स्वस्मिन् गतः *(आफूमा विद्यमान)* स.त.स. = स्वगत ।

शब्दार्थ- आफैंमा रहेको, मनमै रहेको ।

स्वचालकः (वि.) स्वः स्वयं चलति चालयतीति वा *(आफैंमा विद्यमान, आफैं चल्छ वा यन्त्रद्वारा चलाउँछ)* स्वपूर्वक चल कम्पने (भ्वा.) धातु, स्व+चल्+ण्वुल् (अक), वृद्धि= स्वचालक ।

स्व+चल्+णिचि+ण्वुल् (अक), वृद्धि, णिलोप =स्वचालक ।

शब्दार्थ- आफैं चल्ने, आफैं कम्प गर्ने, आफैं यन्त्रद्वारा चल्ने, यन्त्रद्वारा चलाइने ।

स्वचालनम् (ना./न.) स्वः स्वयमेव चालनम् *(आफैं चल्ने वा चलाउने काम हुनु)* स्वपूर्वक चल कम्पने (भ्वा.) धातु, स्व+चल्+णिचि, वृद्धि, स्वचालि+ल्युट् (अन) =स्वचालन ।

शब्दार्थ- अर्काको सहयोग विना आफै चल्ने वा यन्त्रादिद्वारा चलाउने काम ।

स्वचालितः (वि.) स्वः स्वयमेव चलति, चालयति स्म इति *(आफैं चल्ने वा यन्त्रद्वारा चालित भएको)* स्वपूर्वक चल कम्पने (भ्वा.) धातु, स्व+चल्+णिचि, वृद्धि, स्वचालि+क्त (त), इडागम, णिलोप=स्वचालित ।

शब्दार्थ- आफैं चलेको वा यन्त्रादिद्वारा चलाइएको ।

स्वच्छः (वि.) सु सुष्ठु अच्छः *(सफा, राम्रो)* प्रा.त.स., यण्= स्वच्छ ।

शब्दार्थ- सफा, कञ्चन, निर्मल, प्रदूषणरहित, विशुद्ध, पवित्र, उज्वल ।

स्वच्छता (ना./स्त्री.) स्वच्छस्य भावः *(शुद्ध हुनाको भाव वा स्थिति)* स्वच्छ+तल् (त)+टाप् (आ)= स्वच्छता ।

शब्दार्थ- शुद्ध वा पवित्र हुनाको भाव, निर्मलता, शुद्धता, चोखोपना ।

स्वच्छन्दः (वि.) स्वः छन्दः अस्य *(आफ्नै इच्छा छ यसको)* ब.स., स्वछन्दः, तुक्, श्चुत्व= स्वच्छन्द ।

शब्दार्थ- स्वाधीन, आफूखुसी रहने वा चल्ने, स्वेच्छामा निर्भर रहने, स्वेच्छाचारी, कसैको नियन्त्रणमा नरहने ।

उदा. **केही छन्द केही स्वच्छन्द, केही मुक्त केही वन्द- आगो र पानी २/२**

स्वच्छन्दता (ना./स्त्री.) स्वच्छन्दस्य भावः *(स्वच्छन्द रहनाको भाव वा अवस्था)* स्वच्छन्द+तल् (त)+टाप् (आ)= स्वच्छन्दता ।

शब्दार्थ-स्वाधीनता, आफूखुसी रहनाको भाव वा अवस्था ।

स्वच्छन्दतावादः (ना./पुं.) स्वच्छन्दतायाः वादः *(स्वच्छन्दताको वाद वा सिद्धान्त)* क.त.स. = स्वच्छन्दतावाद ।

शब्दार्थ- शास्त्रीय वन्धनमा नरही स्वतन्त्र भाव, अभिव्यक्तिहरू प्रस्तुत गरेर साहित्य संरचना गर्ने एक सिद्धान्त ।

द्रष्टव्य- यो सिद्धान्त सर्वप्रथम अठारौं शताब्दीमा फ्रान्स, जर्मनी, व्रिटेन आदि देशहरूमा प्रचलनमा आएको थियो ।

स्वच्छन्दतावादी (वि.) स्वच्छन्दतावादः अस्यास्तीति *(स्वच्छन्दतावाद छ यसको)* स्वच्छन्दतावाद+इनि (इन्), स्वच्छन्दतावादिन्= स्वच्छन्दतावादी ।

शब्दार्थ- स्वच्छन्दतावादको अनुसरण गर्ने, स्वच्छन्दतावादको समर्थक वा अनुयायी ।

स्वजनः (ना./पुं.) स्वः आत्मीयश्चासौ जनश्च *(आत्मीय जन)* क.त.स.= स्वजन । अथवा स्वस्य स्वस्याः वा जनः *(आफ्नो मानिस)* ष.त.स.= स्वजन ।

शब्दार्थ- आत्मीय परिवारजन, आफ्ना इष्टमित्र, वन्धुवर्ग, ज्ञाति, नातादार, कुलकुटुम्ब, आत्मीयजन ।

---

[1] तदस्यास्त्यस्मिन्... : मतुप्

[2] उगितश्च : ङीप्

[3] अन्येष्वपि दृश्यते : ड

[4] गहादिभ्यश्च/स्वस्य च (वा.) : छप्रत्यय, कुक्

स्वजनता (ना./स्त्री.) स्वस्य जनः *(आफ्नो मानिस)* ष.त.स., स्वजनः । तस्य भावः *(स्वजन हुनाको भाव वा अवस्था)* स्वजन+तल् (त)+टाप् (आ)=स्वजनता ।

शब्दार्थ- आत्मीयता, आफ्नोपना ।

स्वजातिः (ना./स्त्री.) स्वस्य जातिः *(आफ्नो जाति)* ष.त.स.= स्वजाति ।

शब्दार्थ- आफ्नै जाति, आफ्नै इष्टमित्र, आफ्नै जात वा वर्ग ।

स्वजातीयः (वि.) स्वजातौ जातादिः, स्वजातेरयम् वा *(स्वजातिमा भएको, स्वजातिको यो)* स्वजाति+छ[1] (ईय), इकारलोप= स्वजातीय ।

शब्दार्थ- आफ्नै जाति वा वर्गको, आफ्नो जातिसित सम्वन्धित, आफ्नै जातिमा भएको ।

स्वतः (अव्य.) स्वस्मादिति *(आफैंबाट)* स्व+तसिल्[2] (तस्), स्वतस्= स्वतः ।

शब्दार्थ- आफैं, आफैंवाट, स्वयम् ।

स्वतन्त्रः (वि.) स्वः आत्मा तन्त्रं प्रधानं यस्य *(आत्मा मुख्य छ यसको)* व.स.= स्वतन्त्र ।

शब्दार्थ- स्वच्छन्द, आफूखुसी चल्ने, कसैको पराधीनता नस्वीकार्ने, स्वाधीन, आत्मनिर्भर, स्वेच्छायुक्त ।

स्वतन्त्रता (ना./स्त्री.) स्वतन्त्रस्य भावः *(स्वतन्त्र हुनाको भाव वा अवस्था)* स्वतन्त्र+तल् (त)+टाप् (आ) =स्वतन्त्रता ।

शब्दार्थ- स्वतन्त्र रहनाको भाव वा अवस्था, स्वातन्त्र्य, स्वाधीनता ।

स्वतेजः (ना./न.) स्वस्य तेजः *(आफ्नो तेज)* ष.त.स. =स्वतेज ।

शब्दार्थ- आफ्नो तेज, प्रकाश, पराक्रम ।

स्वत्वम् (ना./न.) स्वस्य भावः *(आफ्नोपनको भाव वा अवस्था)* स्व+त्व= स्वत्व ।

शब्दार्थ- निजत्व, आफ्नोपन, स्वामित्व वा मालिक्याइँ, स्वामित्वको दायित्व वा हक वा अधिकार ।

स्वत्वाधिकारः (ना./पुं.) स्वत्वस्य अधिकारः *(स्वत्व हुनाको अधिकार)* ष.त.स., दीर्घ= स्वत्वाधिकार ।

शब्दार्थ- स्वामित्वको अधिकार, निजी हक, निजत्वको हक ।

स्वत्वाधिकारी (वि.) स्वत्वाधिकारः अस्यास्तीति *(निजत्वको हक वा अधिकार छ यसको)* स्वत्वाधिकार+इनि (इन्), स्वत्वाधिकारिन् = स्वत्वाधिकारी ।

शब्दार्थ- निजत्वको हक वा अधिकार भएको, स्वामी ।

स्वदितः (वि.) स्वदते स्म इति *(स्वाद लिएको)* स्वद आस्वादने (भ्वा./चुरा.) धातु, स्वद्+क्त[3] (त), कर्तामा, इडागम= स्वदित ।

शब्दार्थ- चाखेको, स्वाद लिएको, राम्ररी खाएको ।

स्वदेशः (ना./पुं.) स्वस्य देशः *(आफ्नो देश)* ष.त.स. =स्वदेश ।

शब्दार्थ- आफ्नो देश, आफ्नो मातृभूमि, आफ्नो जन्मभूमि ।

स्वदेशी (वि.) स्वदेशः अस्यास्तीति *(आफ्नो देशसित सम्वन्ध छ यसको)* स्वदेश+इनि[4] (इन्), स्वदेशिन् =स्वदेशी ।

शब्दार्थ- आफ्नो देशसित सम्वन्धित, स्वदेशमा निर्मित, आफ्नो देशको, आफ्नै जन्मभूमिको ।

स्वदेशीयः (वि.) स्वदेशे भवः, स्वदेशस्य अयम् *(स्वदेशको यो, स्वदेशमा हुने)* स्वदेश+छ (ईय)= स्वदेशीय ।

शब्दार्थ- स्वदेशमा भएको, स्वदेशमा हुने, आफ्नो देशको, स्वदेशसित सम्वन्धित ।

स्वदेहः (ना./पुं.) स्वस्य देहः *(आफ्नो देह)* ष.त.स. =स्वदेह ।

शब्दार्थ- आफ्नो शरीर, आफ्नो देह ।

स्वधर्मः (ना./पुं.) स्वस्य धर्मः *(आफ्नो धर्म)* ष.त.स. =स्वधर्म ।

शब्दार्थ- आफ्नो धर्म, आफ्नो परम्परागत धर्म ।

स्वधर्मी (वि.) स्वधर्मः अस्यास्तीति *(स्वधर्मको परिपालना छ यसको)* स्वधर्म+इनि (इन्), स्वधर्मिन्= स्वधर्मी ।

शब्दार्थ- आफ्नो धर्मको परिपालन गर्ने, आफ्नो धर्ममा रहने, स्वधर्म मान्ने, स्वधर्मको अनुयायी ।

स्वधा (अव्य.) स्वदते अनेन **(स्वाद लिन्छ यसले)** स्वद आस्वादने (भ्वा.) धातु, स्वद्+अ[5]+टाप् (आ), पृषोदरादिबाट, दको ध= स्वधा ।

अथवा स्वमात्मानं धत्ते इति *(आफूलाई धारण गर्छ)* स्वपूर्वक डुधाञ् धारणपोषणयोः (जुहो) धातु, स्व+धा+क (अ), आलोप, स्वध+टाप् (आ)= स्वधा ।

शब्दार्थ- पितृलाई हवि चढाउँदा भनिने शब्द, पितृलाई जलतर्पण, पिण्डदान आदि दिंदा पढिने मन्त्र ।

द्रष्टव्य- **पितृणां प्रथमा स्वधा- प्र उ.२/८**

स्वनः (ना./पुं.) स्वन्यते इति *(शब्द गर्नु)* स्वन शब्दे (भ्वा.) धातु, स्वन्+अप्[6] (अ)= स्वन ।

शब्दार्थ- आवाज, ध्वनि, शब्दनाद, रव ।

स्वनाम (ना./न.) स्वस्य नाम *(आफ्नो नाम)* ष.त.स. =स्वनाम ।

शब्दार्थ- आफ्नो नाम, निजीनाम ।

स्वनामधन्यः (वि.) स्वनाम्ना धन्यः *(आफ्नो नामले धन्य)* तृ.त.स.= स्वनामधन्य ।

शब्दार्थ- आफ्नो नामले धन्य, आफ्नो नाम चलेको, आफ्नो नामले ख्याति प्राप्त गरेको, आफ्नो नामले प्रसिद्धि पाएको ।

---

[1] गहादिभ्यश्च : छ

[2] पञ्चम्यास्तसिल् : तसिल्

[3] गत्यर्थाकर्मक... : क्त

[4] अत इनिठनौ : इनि

[5] गुरोश्च हलः : अ (प्रत्यय)

[6] स्वनहसोर्वा : अप्

स्वनितः (वि.) स्वनति स्म इति *(शब्द गरेको)* स्वन शब्दे (भ्वा.) धातु, स्वन्+क्त[1] (त), कर्तामा, इडागम =स्वनित ।

शब्दार्थ- शब्द गरेको, थर्केको, ध्वनित, शव्दायमान ।

स्वपक्षः (ना./पुं.) स्वस्य पक्षः *(आफ्नो पक्ष)* ष.त.स. =स्वपक्ष ।

शब्दार्थ- आफ्नो पक्ष, आफ्नो समर्थन गर्ने व्यक्ति ।

स्वपक्षी (वि.) स्वस्मिन् पक्षितुं शीलमस्य *(आफूमा वा आफ्नो पक्षमा लिन सक्ने शील छ यसको)* स्वपूर्वक पक्ष परिग्रहे (भ्वा./चुरा.) धातु, स्व+पक्ष्+णिनि[2] (इन्), स्वपक्षिन्= स्वपक्षी ।

अथवा स्वपक्षः अस्यास्तीति *(आफ्नो पक्ष छ यसको)* स्वपक्ष+इनि[3] (इन्), स्वपक्षिन्= स्वपक्षी ।

शब्दार्थ- आफ्नो पक्ष लिने, आफ्नो समर्थक, आफ्नो पक्षको, आफ्नो पक्षसित सम्वन्धित ।

स्वपुरम् (ना./न.) स्वस्य पुरम् *(आफ्नो सहर)* ष.त.स. =स्वपुर ।

शब्दार्थ- आफ्नो सहर, आफ्नो पुर, आफ्नो नगर ।

स्वप्नः (ना./पुं.) स्वप्यते इति *(सुतिन्छ)* ञिष्वप् शये (अदा.) धातु, स्वप्+नन्[4] (न)= स्वप्न ।

अथवा स्वपीतीति *(सुत्छ)* स्वप्+न[5] (उणा.)= स्वप्न ।

स्यान्निद्रा शयनं स्वापः स्वप्नः संवेश इत्यपि- इत्यमरः

शब्दार्थ- सुत्ने काम, निद्रा, शयन, सपना, तन्द्रा, उँघ, उङ, काल्पनिक भाव र विचार ।

स्वप्नद्रष्टा (वि.) स्वप्नं पश्यतीति *(सपना देख्तछ)* स्वप्नपूर्वक दृशिर् प्रेक्षणे (भ्वा.) धातु, स्वप्न+दृश्+तृच्[6] (तृ), अमागम[7], स्वप्न द्रश् तृ, षत्व, ष्टुत्व, स्वप्नद्रष्टृ= स्वप्नद्रष्टा ।

शब्दार्थ- सपना देख्ने, कल्पनामा डुब्ने, काल्पनिक संसारमा रम्ने ।

स्वप्नशीलः (वि.) स्वप्नं शीलमस्य *(स्वप्न नै शील छ यसको)* ब.स.= स्वप्नशील ।

शब्दार्थ- निद्रालु, निदाउन लागेको, उङ्न लागेको, तन्द्रामा परेको, स्वप्न संसारमा डुवेको ।

स्वप्नावस्था (ना./स्त्री.) स्वप्नस्य अवस्था *(स्वप्नको स्थिति वा अवस्था)* ष.त.स., दीर्घ= स्वप्नावस्था ।

शब्दार्थ- सपनाको अवस्था, सपनाको दशा वा स्थिति, अवास्तविक अवस्था, अयथार्थ स्थिति ।

स्वप्निलः (वि.) स्वप्नः अस्य अस्तीति *(स्वप्न पैदा भएको छ यसको)* स्वप्न+इलच् (इल)= स्वप्निल ।

शब्दार्थ- निदाएको, सपना देखेको, सपनासम्वन्धी ।

स्वभावः (ना./पुं.) स्वस्य भावः *(आफ्नो भाव)* ष.त.स. =स्वभाव ।

शब्दार्थ- आफ्नो निजी भाव, आफ्नो निजी प्रकृति वा स्वभाव, आफ्नो सहज गुण ।

स्वभावसिद्धः (वि.) स्वभावेन सिद्धः *(स्वभावले सिद्ध भएको)* तृ.त.स.= स्वभावसिद्ध ।

शब्दार्थ- आफ्नो स्वभावले सिद्ध भएको, आफ्नो प्रकृतिले सहजै सिद्ध हुने, सहज, स्वाभाविक ।

स्वभावोक्तिः (ना./स्त्री.) स्वभावा चासौ उक्तिश्च *(स्वाभाविक कथन)* क.त.स., गुण= स्वभावोक्ति ।

शब्दार्थ- स्वभाविक भनाइ, यथार्थ-कथन, जस्ताको तस्तै भन्ने काम, एक साहित्यिक अलङ्कार ।

स्वमतम् (ना./न.) स्वस्य मतम् *(आफ्नो मत)* ष.त.स. =स्वमत ।

शब्दार्थ-आफ्नो विचार वा राय, आफ्नो निर्णय, आफ्नो मत

स्वमूर्तिः (ना./स्त्री.) स्वस्य मूर्तिः *(आफ्नो स्वरूप)* ष.त.स.= स्वमूर्ति ।

शब्दार्थ- आफ्नो स्वरूप वा मूर्ति, आफ्नो अनुहार ।

स्वयम् (अव्य.) सुष्ठु अयते *(राम्ररी अगाडि वढ्छ)* सुपूर्वक अय गतौ (भ्वा.) धातु, सु+अय्+अम् (वहुलप्रकारले), यण्= स्वयम् ।

शब्दार्थ- आफैं, आफू नै, आफैं नै ।

स्वयम्पाकः (ना./पुं.) स्वयम् पच्यते इति *(आफैं पकाइन्छ)* स्वयम्पूर्वक डुपचष् पाके (भ्वा.) धातु, स्वयम्+पच्+घञ् (अ), वृद्धि, कुत्व= स्वयम्पाक ।

शब्दार्थ- आफैं पकाउने काम, आफूलाई स्वयं आफैंले पकाउने काम ।

स्वयम्पाकी (वि.) स्वयं पक्तुं शीलमस्य *(आफैं पकाउने शील वा स्वभाव छ यसको)* स्वयम्पूर्वक डुपचष् पाके (भ्वा.) धातु, स्वयम्+पच्+णिनि (इन्), वृद्धि, कुत्व, स्वयम्पाकिन्= स्वयम्पाकी ।

अथवा स्वयम्पाकः अस्यास्तीति *(आफैं पकाउने आदत छ यसको)* स्वयम्पाक+इनि (इन्)= स्वयम्पाकी ।

शब्दार्थ- आफूलाई आफैं पकाएर खाने, आफैं खाना पकाउने ।

स्वयम्भुवः (ना./पुं.) स्वयम्भवतीति *(आफैं नै हुन्छ)* स्वयम्पूर्वक भू सत्तायाम् (भ्वा.) धातु, स्वयम्+भू+अच् (पचादि), उवङादेश= स्वयम्भुव ।

शब्दार्थ- प्रथममनु, स्वयम्भुमनु, आदिमनु, व्रह्मा, सृष्टिकर्ता, महेश्वर ।

स्वयम्भूः (वि./ना./पुं.) स्वयं भवति, स्वयं भूतवानिति वा *(आफैं प्रकट हुन्छ वा भएको)* भू सत्तायाम् (भ्वा.) धातु, स्वयम्+भू+क्विप्[8] (सर्वलोप)= स्वयम्भू ।

शब्दार्थ- आफैं उत्पन्न हुने वा भएको, स्वतः पैदा भएको, सृष्टिकर्ता, व्रह्मा, विष्णु, महेश्वर, कामदेव ।

---

[1] गत्यर्थाकर्मक... : क्त

[2] सुप्यजातौ... : णिनि

[3] अत इनिठनौ : इनि

[4] स्वपो नन् : नन्

[5] कृवृजृसि... : न प्रत्यय

[6] ण्वुल्तृचौ : तृच्

[7] सृजिदृशोर्झल्य...: अमागम

[8] भुवः संज्ञान्तरयोः : क्विप्

स्वयम्भूतः (वि.) स्वयम्भूयते स्म इति *(आफैं उत्पन्न भएको)* स्वयम्पूर्वक भू सत्तायाम् (भ्वा.) धातु, स्वयम्+भू+क्त[१] (त), कर्तामा= स्वयम्भूत ।

शब्दार्थ- आफैं पैदा भएको, स्वयम् उत्पन्न, स्वतः उत्पन्न भएको ।

स्वयंवरः (ना./पुं.) स्वयं व्रियते इति *(स्वयम् वरण गरिन्छ)* स्वयम्पूर्वक वृञ् वरणे (स्वा.) धातु, स्वयं+वृ+अप्[२] (अ), मको अनुस्वार, गुण=स्वयंवर ।

शब्दार्थ- कन्याले रोजेर आफैं वरण गर्ने काम, कन्याद्वारा वरको वरण गर्ने प्रक्रिया, स्वयंवर उत्सव ।

स्वयंवरा (ना./स्त्री.) स्वयं वृणोति पतिम् *(आफैं वर छानेर वरण गर्छे)* स्वयम्पूर्वक वृञ् वरणे (स्वा.) धातु, स्वयम्+वृ+खच्[३] (अ), गुण, स्वयंवर+ टाप् (आ) = स्वयंवरा ।

अथ स्वयंवरा । पतिंवरा च वर्या च- इत्यमरः

शब्दार्थ- आफैं वर छानेर वरण गर्ने कन्या, आफैंले रोजेर पति वरण गर्ने कन्या, स्वेच्छाले पति वरण गर्ने कन्या, स्वयंवर गर्ने कन्या ।

स्वयंसिद्धः (वि.) स्वयमेव सिद्धः *(आफैं नै सिद्ध भएको)* सह सुपा समास= स्वयंसिद्ध ।

शब्दार्थ- आफैं सिद्ध भएको, स्वयं प्रमाणित, आफैं ठीक भएको ।

स्वयंसिद्धिः (ना./स्त्री.) स्वयमेव सिद्धिः *(स्वयं मिलेको सिद्धि)* सह सुपा समास= स्वयंसिद्धि ।

शब्दार्थ-स्वतः प्राप्त हुने सिद्धि, स्वतः प्रमाणित सिद्धान्त ।

स्वयंसेवकः (ना./पुं.) स्वयं सेवते इति *(आफैं सेवा गर्छ)* स्वयम्पूर्वक षेवृ सेवायाम् (भ्वा.) धातु, सत्त्व, स्वयम्+सेव्+ण्वुल् (अक)= स्वयंसेवक ।

शब्दार्थ- स्वेच्छाले सेवा कार्यमा लाग्ने व्यक्ति, स्वयं अरूको सेवा गर्ने व्यक्ति, समाजसेवी ।

स्वयंसेविका (ना./स्त्री.) स्वयं सेवते असौ *(आफैं सेवा गर्छे यो)* स्वयम्पूर्वक षेवृ सेवायाम् (भ्वा.) धातु, सत्त्व, स्वयम्+सेव्+ण्वुल् (अक), स्वयंसेवक+टाप् (आ), ककारपूर्वका अकारको इत्व= स्वयंसेविका ।

शब्दार्थ- स्वेच्छाले सेवा गर्ने स्त्री, सेवा कार्यमा संलग्न स्त्री ।

स्वयोषित् (ना./स्त्री.) स्वस्य योषित् *(आफ्नी पत्नी)* ष.त.स. = स्वयोषित् ।

शब्दार्थ- आफ्नी पत्नी, आफ्नी भार्या, आफ्नी गृहिणी ।

स्वर् (स्वः) (अव्य.) स्वरति, स्वर्यते स्तूयते इति वा *(शब्द गर्छ वा स्तुति गरिन्छ यसबाट)* स्वृ शब्दोपतापयोः (भ्वा.) वा स्वर आक्षेपे (चुरा.) धातु, स्वृ/स्वर्+विच्[४], स्वृको गुण, विच्को सर्वलोप, स्वर्= (स्वः) ।

स्वर्गे परे च लोके स्वर् - इत्यमरः स्वरव्ययं स्वर्गनाक त्रिदिव- इत्यमरः

शब्दार्थ- स्वर्ग, आकाश, अन्तरीक्ष, देवलोक, परलोक, तीनवटा व्याहृतिहरूमध्ये एक ।

स्वरः (ना./पुं.) स्वरन्ति शब्दायन्ते इति *(शब्द गर्छन्)* स्वृ शब्दोपतापयोः (भ्वा.) वा स्वर आक्षेपे (चुरा.) धातु, स्वृ/स्वर्+अच् (पचादि), स्वृको गुण= स्वर । अथवा स्वर्यन्ते शब्द्यन्ते अनेन देवताः *(यसद्वारा देवताहरू पुकारिन्छन्)* स्वृ+अप् (अ), गुण= स्वर । अथवा स्वेन राजन्ते *(आफैं प्रकाशित हुन्छन्)* स्वपूर्वक राजृ दीप्तौ (भ्वा.) धातु, स्व+राज्+ड (अ), टिलोप, स्वर् अ= स्वर ।

उदात्ताद्यास्त्रयः स्वराः - इत्यमरः

शब्दार्थ- उदात्त, अनुदात्त, स्वरित- यी तीन स्वरहरू र तीनैवटा स्वराघातहरू, सवै स्वरवर्ण वा अक्षरहरू, शव्द वा ध्वनिहरू, आवाज, सङ्गीतका निषाद, ऋषभ, गान्धार आदि सात स्वरहरू, नाद वा लयहरू ।

स्वरतः (अव्य.) स्वरेण स्वरादिति वा *(स्वरबाट)* स्वर+तसिल्[५] (तस्)= स्वरत ।

शब्दार्थ- स्वरवाट, शब्द वा ध्वनिवाट ।

स्वरभङ्गः (ना./पुं.) स्वराणां भङ्गः *(स्वरहरूको भङ्ग वा अवरोध)* ष.त.स.= स्वरभङ्ग ।

शब्दार्थ- स्वरहरूको उच्चारणमा अस्पष्टता, दवेको स्वर, गला अवरुद्ध हुने काम ।

स्वरमधुरिमा (ना./पुं.) मधुरस्य भावः *(मधुर हुनाको भाव वा अवस्था)* मधुर+इमनिच् (इमन्), मधुरिमा । स्वराणां मधुरिमा *(स्वरहरूको मिठास)* ष.त.स. =स्वरमधुरिमा ।

शब्दार्थ- स्वरहरू उच्चारण गर्दाको मधुरता, स्वरहरूको मिठास वा माधुर्य ।

स्वरयन्त्रम् (ना./न.) स्वराणां यन्त्रम् *(स्वरहरूको यन्त्र)* ष.त.स.= स्वरयन्त्र ।

शब्दार्थ- स्वरहरूको उच्चारणमा सहयोग पुऱ्याउने घाँटीभित्रको अवयव वा कण्ठनली ।

स्वरसः (ना./पुं.) स्वस्य रसः *(आफ्नै रस)* ष.त.स. =स्वरस ।

शब्दार्थ- झोल औषधि, कुनै जडीबुटीको पात, बोक्रा, जरो, फलफूल आदि कुटेर बनाइएको रस ।

स्वरसंयोगः (ना./पुं.) स्वराणां संयोगः *(स्वरहरूको संयोग)* ष.त.स.= स्वरसंयोग ।

शब्दार्थ- स्वरहरूको मेल, स्वरहरूको लय मिल्ने काम ।

स्वरसङ्गतिः (ना./स्त्री.) स्वराणां सङ्गतिः *(स्वरहरूको मेल)* ष.त.स.= स्वरसङ्गति ।

शब्दार्थ- विषमस्वर समान वन्ने गरी हुने सङ्गति वा मेल ।

---

[१] गत्यर्थाकर्मक... : क्त

[२] ऋदोरप् : अप्

[३] संज्ञायां भृतृवृजि... : खच्

[४] अन्येभ्योऽपि दृश्यन्ते : विच्

[५] आद्यादिभ्य... (वा.) : तसिल्

स्वरसप्तकम् (ना./न.) सप्त एव *(सात नै)* सप्त+कन् (क), स्वार्थमा, सप्तकम् । स्वराणां सप्तकम् *(सात स्वरहरूको समूह)* ष.त.स.= स्वरसप्तक ।

शब्दार्थ- सा रे ग म आदि सात स्वरको समुदाय, निषाद, गान्धार आदि सातवटा स्वरसमूह ।

स्वरसम्राट् (ना./पुं.) स्वराणां सम्राट् *(स्वरका राजा)* ष.त.स.= स्वरसम्राट् ।

शब्दार्थ- स्वरको धनी व्यक्ति, स्वरमा सर्वोत्तम मानिस ।

स्वरागमः (ना./पुं.) स्वराणामागमः *(स्वरहरूको आउने वा थपिने प्रक्रिया)* ष.त.स.= स्वरागम ।

शब्दार्थ- शब्दमा स्वरवर्ण थपिई शब्दको रूप वा ध्वनि परिवर्तन हुने काम, जस्तैः स्तुति, अस्तुति ।

स्वराघातः (ना./पुं.) स्वराणां स्वरेषु वा आघातः *(स्वरहरूमा पर्ने आघात वा बल)* ष.त.स., दीर्घ =स्वराघात ।

शब्दार्थ- उच्चारण गर्दा स्वर वर्णमा पर्ने जोड वा वल वा आघात ।

स्वराज्यम् (ना./न.) स्वस्य राज्यम् *(आफ्नो राज्य)* ष.त.स.= स्वराज्य ।

शब्दार्थ- आफ्नो राज्य, आफ्नो राष्ट्र, आफ्नो देश ।

स्वरितः (वि./ना./पुं.) स्वरः सञ्जातः अस्य *(स्वर पैदा भएको छ यसको)* स्वर्+इतच्[1] (इत)= स्वरित ।

अथवा स्वरयति स्म इति *(शब्द गरेको)* स्वर आक्षेपे (चुरा.) धातु, स्वर्+क्त (त), इडागम= स्वरित ।

शब्दार्थ- स्वर निस्केको, ध्वनियुक्त, ध्वनित, स्वंरयुक्त, स्वर भएको, उदात्तादि तीन स्वरहरूमध्ये एक ।

स्वरूपम् (ना./न.) स्वं रूपम् *(आफ्नै स्वरूप)* सह सुपा समास= स्वरूपम् ।

अथवा स्वस्य रूपम् *(आफ्नो रूप)* ष.त.स.=स्वरूप ।

शब्दार्थ- वस्तुको आफ्नै आकृति वा स्वरूप, कुनै पदार्थ वा प्राणीहरूको आफ्नो अनुहार वा आकार ।

स्वरूपवान् (वि.) स्वरूपमस्यास्तीति *(राम्रो रूप छ यसको)* स्वरूप+मतुप्[2] (मत्), मको व, स्वरूपवत् =स्वरूपवान् ।

शब्दार्थ-ज्यादै राम्रो, राम्रो रूप भएको, सुन्दर स्वरूपको,

स्वरोदयः (ना./पुं.) स्वराणामुदयः *(स्वरहरूको उदय)* ष.त.स., दीर्घ= स्वरोदय ।

शब्दार्थ- स्वरको श्वासप्रश्वास प्रक्रियाबाट अरू कुरा थाह पाउने शास्त्र ।

स्वर्गः (ना./पुं.) सु शोभनमर्ज्यते इति *(राम्ररी आर्जन गर्नु वा पाउनु)* सुपूर्वक अर्ज अर्जने (भ्वा.) धातु, सु+अर्ज्+घञ्[3] (अ), कुत्व, यण्= स्वर्ग ।

अथवा सु सुष्ठु ऋज्यते अस्मिन्निति *(यसमा पुग्न राम्रो प्रयास गरिन्छ)* ऋज गतिस्थानार्जनोपार्जनेषु (भ्वा.) धातु, सु+ऋज्+घञ्[4] (अ), गुण, कुत्व[5], यण् =स्वर्ग ।

अथवा 'स्वर्' इति गीयते *('स्वर्' यस्तो गान गरिन्छ)* गै शब्दे (भ्वा.) धातु, स्वर्+गै+क (अ), आलोप= स्वर्ग

अथवा स्वर् देवलोकः गीयते इति *(देवलोकको गान गरिन्छ)* स्वर्पूर्वक गै शब्दे (भ्वा.) धातु, स्वर्+गा+ अङ्[6]/क (अ), आलोप= स्वर्ग ।

स्वरव्ययं स्वर्गनाकत्रिदिव- इत्यमरः

शब्दार्थ- स्वर्ग, पुण्यात्माहरू पुग्ने देवलोक, सुरलोक, इन्द्रको लोक, अमरावती, इन्द्रपुरी, त्रिदिव ।

स्वर्गकामः (वि.) स्वर्गः कामः यस्य *(स्वर्गको कामना छ जसको)* ब.स.= स्वर्गकाम ।

शब्दार्थ- स्वर्गको कामना गर्ने, स्वर्गको इच्छा गर्ने ।

स्वर्गगामी (वि.) स्वर्गे गन्तुं शीलमस्य *(स्वर्ग जाने शील छ यसको)* स्वर्गपूर्वक गम्लृ गतौ (भ्वा.) धातु, स्वर्ग+ गम्+णिनि[7] (इन्), वृद्धि, स्वर्गगामिन्=स्वर्गगामी

शब्दार्थ- स्वर्ग पुग्ने, मृत्युपश्चात् स्वर्ग जाने, स्वर्गीय ।

स्वर्गङ्गा (ना./स्त्री.) स्वः स्वर्गस्य गङ्गा *(स्वर्गकी गङ्गा)* ष.त.स.= स्वर्गङ्गा ।

शब्दार्थ-मन्दाकिनी, स्वर्गको नदी, वियद्गङ्गा, आकाशगङ्गा

स्वर्गद्वारम् (ना./न.) स्वर्गस्य द्वारम् *(स्वर्गको ढोका)* ष.त.स.= स्वर्गद्वार ।

शब्दार्थ- स्वर्गको ढोका, तीर्थस्थल ।

स्वर्गपतितः (वि.) स्वर्गात्पतितः *(स्वर्गबाट खसेको)* प.त.स[8]. = स्वर्गपतित ।

शब्दार्थ- स्वर्गबाट झरेको, स्वर्गवाट खसेको ।

स्वर्गवासः (ना./पुं.) स्वर्गस्य स्वर्गे वा वासः *(स्वर्गको निवास, स्वर्गमा निवास)* ष.त.स./स.त.स. =स्वर्गवास ।

शब्दार्थ- स्वर्गको वसाइ, स्वर्गमा निवास, निधन, मरण, मृत्यु ।

स्वर्गवासी (वि.) स्वर्गे वसतीति *(स्वर्गमा निवास गर्छ)* स्वर्गपूर्वक वस निवासे (भ्वा.) धातु, स्वर्ग+वस्+णिनि[9] (इन्), वृद्धि, स्वर्गवासिन्= स्वर्गवासी ।

अथवा स्वर्गवासः अस्यास्तीति *(स्वर्गवास भएको छ यसको)* स्वर्गवास+इनि (इन्), स्वर्गवासिन्=स्वर्गवासी ।

शब्दार्थ- स्वर्गमा वस्ने, स्वर्गमा निवास गर्ने, स्वर्गवास भएको, दिवङ्गत, देहावसान भएको, मरेको, मृत्यु भएको ।

---

[1] तदस्य सञ्जातम्... : इतच्
[2] तदस्यास्त्यस्मिन्... : मतुप्
[3] अकर्तरि च कारके... : घञ्
[4] हलश्च : घञ्
[5] न्यङ्क्वादीनां च : कुत्व
[6] आतश्चोपसर्गे... : अङ्
[7] सुप्यजातौ... : णिनि
[8] अपेतापोढमुक्त... : प.त.स.
[9] नन्दिग्रहि... : णिनि

स्वर्गस्थः (वि.) स्वर्गे तिष्ठतीति *(स्वर्गमा रहन्छ)* स्वर्गपूर्वक ष्ठा गतिनिवृत्तौ (भ्वा.) धातु, स्वर्ग+स्था +क (अ), आलोप= स्वर्गस्थ ।

शब्दार्थ- स्वर्गमा रहने, स्वर्गमा निवास गर्ने, स्वर्गवासी, दिवङ्गत ।

स्वर्गारोहणम् (ना./न.) स्वर्गे आरोहणम् *(स्वर्गमा आरोहण गर्ने वा जाने काम)* स.त.स., दीर्घ = स्वर्गारोहण ।

शब्दार्थ- स्वर्गमा आरोहण हुने काम, स्वर्ग जाने काम, देहान्त, मृत्यु, निधन, देहावसान ।

स्वर्गीयः (वि.) स्वर्गे भवः *(स्वर्गमा हुने)* स्वर्ग+छ[1] (ईय) =स्वर्गीय ।

शब्दार्थ- स्वर्गमा हुने, स्वर्गसित सम्वन्धित, मरेको, देहान्त भएको ।

स्वर्ग्यः (वि.) स्वर्गः प्रयोजनमस्य *(स्वर्ग नै प्रयोजन छ यसको)* स्वर्ग+यत् (य), अकारलोप= स्वर्ग्य ।

शब्दार्थ- स्वर्ग मुख्य भएको, स्वर्ग नै प्रयोजन भएको, स्वर्गमा रहने, देहान्त भएको ।

स्वर्णम् (ना./न.) सु अतीव ऋणोति *(ज्यादै गतिशील हुन्छ)* सुपूर्वक ऋणु गतौ (तना.) धातु, सु+ऋण्+अच् (पचादि), गुण, यण्= स्वर्ण ।

अथवा अर्णनम् गमनमिति *(जानु)* ऋणु गतौ (तना.) धातु, ऋण्+घञ् (अ), गुण, अर्णः । सु शोभनः अर्णः गतिः यस्य *(सुन्दर गति छ यसको)* व.स., यण्=स्वर्ण ।

अथवा सु सुष्ठु अर्णः वर्णः यस्य *(राम्रो वर्ण छ यसको)* प्रा.व.स., यण्= स्वर्ण ।

स्वर्णं सुवर्णं कनकं हिरण्यं हेम हाटकम्- इत्यमरः

शब्दार्थ- सुन, सुवर्ण, हिरण्य, कनक ।

स्वर्णकारः (ना./पुं.) स्वर्णं करोतीति *(सुनको काम गर्छ)* स्वर्णपूर्वक डुकृञ् करणे (तना.) धातु, स्वर्ण+कृ+अण्[2] (अ), वृद्धि= स्वर्णकार ।

शब्दार्थ- सुनको काम गर्ने मानिस, सुनार, वाँडा ।

स्वर्णप्रभा (ना./स्त्री.) स्वर्णस्य प्रभा *(सुनको कान्ति)* ष.त.स.= स्वर्णप्रभा ।

शब्दार्थ- सुनको चमक, सुनको कान्ति, सुनको शोभा ।

उदा. **सारा स्वर्णप्रभा लिएर रविले जाँदा अँध्यारो छरी-**
मृ.ब.का.२/९

स्वर्णमुद्रा (ना./स्त्री.) स्वर्णस्य मुद्रा *(सुनको मुद्रा)* ष.त.स.= स्वर्णमुद्रा ।

शब्दार्थ- सुनको मुद्रा, असर्फी, सुवर्ण धातुको मुद्रा ।

स्वर्णयुगम् (ना./न.) स्वर्णञ्च तद्युगम् *(स्वर्ण-युग)* क.त.स.= स्वर्णयुग ।

शब्दार्थ- सुखसमृद्धि भएको युग, सुखशान्तिको सुनौलो समय वा युग ।

स्वर्णाभः (वि.) स्वर्णस्य इव आभा यस्य *(सुनको जस्तो आभा छ जसको)* व.स., ह्रस्व= स्वर्णाभ ।

शब्दार्थ- सुनको जस्तो चमक भएको, सुनको जस्तो सुनौलो रङ भएको, सुखसमृद्धि भएको, सुन जस्तै चमक भएको ।

उदा. **चिन्ता दूर भगाउने, समय नै स्वर्णाभ फर्काउने-**
शा.म.का. १/५

स्वर्णिमः (वि.) ऋणोतीति *(व्याप्त गर्छ, गतिशील बन्छ)* ऋणु गतौ (तना.) धातु, ऋण्+इमच् (इम), उणा., वहुलप्रकारले, गुण, अर्णिमः । सु शोभनः अर्णिमः गतिः शोभा वा यस्य *(राम्रो गति वा शोभा छ जसको)* व.स., सुको यण्= स्वर्णिम ।

शब्दार्थ- सुनौलो, स्वर्णमय, उत्तम, श्रेष्ठ ।

स्वर्लोकः (ना./पुं.) स्वः स्वर्गस्य लोकः *(स्वर्गको लोक)* ष.त.स.= स्वर्लोक ।

शब्दार्थ- देवलोक, इन्द्रलोक, स्वर्ग, सुरलोक ।

स्वर्वेश्या (ना./स्त्री.) स्वः स्वर्गस्य वेश्या *(स्वर्गकी वेश्या)* ष.त.स.= स्वर्वेश्या ।

शब्दार्थ- स्वर्गकी वेश्या, अप्सरा, देवाङ्गना ।

स्वर्वैद्यः (ना./पुं.) स्वः स्वर्गस्य वैद्यौ *(स्वर्गका वैद्य)* ष.त.स.= स्वर्वैद्य ।

शब्दार्थ- स्वर्गका वैद्य, अश्विनीकुमार, अश्विनीपुत्र ।

स्वलङ्कृतः (वि.) अलङ्क्रियते स्म इति*(अलङ्कार गरिएको)* अलम्पूर्वक डुकृञ् करणे (तना.) धातु, अलम्+कृ+क्त (त), परसवर्ण, अलङ्कृतः । सु सुष्ठु अलङ्कृतः *(राम्ररी अलङ्कार गरिएको)* प्रा.त.स[3]., सुको यण्= स्वलङ्कृत ।

शब्दार्थ- राम्ररी जडिएको, राम्ररी सिंगारिएको, राम्रोसँग सजिसजाउ पारिएको, शृङ्गार तथा गहनाले विभूषित पारिएको ।

स्वल्पः (वि.) सु अतीव अल्पः *(अति थोरै)* प्रा.त.स[3]., सुको यण्= स्वल्प ।

शब्दार्थ- धेरै थोरै, अतिअल्प, अतिसानो, ज्यादै सूक्ष्म, तुच्छ ।

स्वल्पाहारः (ना./पुं.) आहरणम्, आह्रियते इति वा *(खाइन्छ)* आङ्पूर्वक हृञ् हरणे (भ्वा.) धातु, आ+हृ+घञ् (अ), दीर्घ, हृको वृद्धि, आहारः । स्वल्पश्चासौ आहारश्च *(थोरै खाने काम)* क.त.स., दीर्घ = स्वल्पाहार ।

शब्दार्थ- थोरै खाने काम, अल्पभोजन, अलिकति आहार, अल्पाहार ।

स्वल्पाहारी (वि.) स्वल्पाहारः अस्यास्तीति *(थोरै आहार छ यसको)* स्वल्पाहार+इनि[4] (इन्), स्वल्पाहारिन् = स्वल्पाहारी ।

---

[1] गहादिभ्यश्च : छ

[3] कुगतिप्रादयः : प्रा.त.स.

[2] कर्मण्यण् : अण्

[4] अत इनिठनौ : इनि

अथवा स्वल्पमाहर्तुं शीलमस्य *(थोरै खानेशील छ यसको)* स्वल्प+आ+हृ+णिनि[१] (इन्), हृको वृद्धि, सवर्ण दीर्घ, स्वल्पाहारिन्= स्वल्पाहारी ।

शब्दार्थ- अल्पाहारी, थोरै खाने, अलिकति मात्र भोजन गर्ने, हल्का भोजन गर्ने ।

स्वविवेकः (ना./पुं.) स्वस्य विवेकः *(आफ्नो विवेक)* ष.त.स. = स्वविवेक ।

शब्दार्थ- आफैं विचार गर्न सक्ने शक्ति वा क्षमता, राम्रो नराम्रो छुट्ट्याउन सक्ने सद्विवेक ।

स्ववीर्यम् (ना./न.) स्वस्य वीर्यम् *(आफ्नो पराक्रम)* ष.त.स.= स्ववीर्य ।

शब्दार्थ- आफ्नो वीरता, पराक्रम ।

स्वशासनम् (ना./न.) स्वस्य शासनम् *(आफ्नो शासन)* ष.त.स.= स्वशासन ।

शब्दार्थ- आफ्नै स्वायत्तशासन, आफ्नो क्षेत्र वा प्रान्त वा सङ्घराज्यादिमा शासन गर्ने अधिकार ।

स्वशासितः (वि.) शास्यते स्म इति *(शासन गरिएको)* शासु अनुशिष्टौ (अदा.) धातु, शास्+णिचि+क्त (त), इडागम, णिलोप, शासितः । स्वेन शासितः *(आफैंद्वारा शासन गरिएको)* तृ.त.स.= स्वशासित ।

शब्दार्थ- आफैंद्वारा शासन व्यवस्था सञ्चालन भएको, स्वायत्तशासन भएको ।

स्वसञ्चालनम् (ना./न.) स्वस्य सञ्चालनम्, स्वेन सञ्चालनम् *(आफ्नो सञ्चालन, आफैंद्वारा सञ्चालन गर्ने काम)* ष.त.स./तृ.त.स.= स्वसञ्चालन ।

शब्दार्थ- आफैंद्वारा सञ्चालन हुने काम, आफ्नो सञ्चालनवाट हुने काम ।

स्वसञ्चालितः (वि.) सञ्चाल्यते स्म इति *(सञ्चालन गरिएको)* सम्पूर्वक चल कम्पने (भ्वा.) धातु, सम्+चल्+णिचि, वृद्धि, परसवर्ण, सञ्चालि+क्त (त), इडागम, णिलोप, सञ्चालितः । स्वेन सञ्चालितः *(आफैंद्वारा सञ्चालन गरिएको)* तृ.त.स.= स्वसञ्चालित ।

शब्दार्थ- स्वयं आफैंवाट सञ्चालन व्यवस्था भएको, आफैंवाट सञ्चालित भएको ।

स्वसुखम् (ना./न.) स्वस्य सुखम् *(आफ्नो सुख)* ष.त.स. =स्वसुख ।

शब्दार्थ- आफ्नो सुख, आफ्नो आनन्द ।

स्वसा (ना./स्त्री.) सु सुष्ठु अस्यति छिपति, अस्यते छिप्यते इति वा *(राम्ररी अर्कालाई सुम्पन्छ वा सुम्पिन्छ)* सुपूर्वक असु क्षेपणे (दिवा.) धातु, सु+अस्+ऋन्[२] (ऋ), उणा., सुको यण्, स्वसृ= स्वसा

शब्दार्थ- वहिनी, भगिनी ।

स्वस्रीयः (ना./पुं.) स्वसुरपत्यम् *(दिदीबहिनीको सन्तति)* स्वसृ+छ (ईय), यण्= स्वस्रीय ।

शब्दार्थ- भानिज वा भान्जी, दिदी वा वहिनीको छोरो वा छोरी ।

स्वस्ति (अव्य.) सु सुष्ठु असति, अस्यतीति वा *(राम्ररी प्रकाशित हुन्छ, राम्ररी पापादि फाल्छ)* सुपूर्वक अस गतिदीप्त्यादानेषु (भ्वा.) वा असु क्षेपणे (दिवा.) धातु, सु+अस्+क्तिच्[३] (ति), यण्= स्वस्ति ।

अथवा सु सुष्ठु अस्तीति *(राम्ररी रहन्छ)* सुपूर्वक अस भुवि (अदा.) धातु, सु+अस्+ति[४] (प्रत्यय), सु अस्तिमा यण्= स्वस्ति (वि.प्र.अव्यय) ।

स्वस्त्याशीः क्षेमपुण्यादौ- इत्यमरः

शब्दार्थ- आशीर्वाद, क्षेमकुशल, कल्याण, पुण्यमिलोस् वा मङ्गलमयहोस् भन्ने खालका अभिव्यक्ति ।

स्वस्तिकः (ना./पुं.) स्वस्ति क्षेमं मङ्गलं कायति कथयतीति *(क्षेम, कुशल वा मङ्गल बताउँछ)* स्वस्तिपूर्वक कै शब्दे (भ्वा.) धातु, आत्व, स्वस्ति+का+क (अ), आलोप= स्वस्तिक ।

स्वस्तिको मङ्गलद्रव्ये चतुष्कगृहभेदयोः - इति मेदिनी

स्वस्तिकः सर्वतोभद्रो नन्द्यावर्तादयोऽपि च- इत्यमरः

शब्दार्थ- सर्वतोभद्र, मङ्गलदायक द्रव्य, गृहभेद, धनीको घरविशेष, विशेषप्रकारको घर वा मन्दिर, मङ्गलवाचक चिन्ह ।

स्वस्तिदः (वि.) स्वस्ति मङ्गलं ददाति ***(स्वस्ति वा मङ्गल प्रदान गर्छ)*** स्वस्ति उपपदमा हुने डुदाञ् दाने (जुहो) धातु, स्वस्ति+दा+क[५] (अ), आलोप= स्वस्तिद ।

शब्दार्थ- कल्याण गर्ने, मङ्गलदायक, स्वस्तिप्रदायक ।

स्वस्तिवाचकः (वि.) 'स्वस्ति' इति वक्तीति *('स्वस्ति' भन्ने शब्द वाचन गर्छ)* स्वस्तिपूर्वक वच परिभाषणे (अदा.) धातु, स्वस्ति+वच्+ण्वुल् (अक), वृद्धि= स्वस्तिवाचक ।

शब्दार्थ- क्षेमकुशल व्यक्त गर्ने, स्वस्तिवाचन गर्ने, शुभकामना दिने, आशीर्वाद दिने ।

स्वस्तिवाचनम् (ना./न.) 'स्वस्ति' इति उच्यते *('स्वस्तिवाचन' गरिन्छ)* स्वस्तिपूर्वक वच परिभाषणे (अदा.) धातु, स्वस्ति+वच्+ल्युट् (अन)=स्वस्तिवाचन ।

शब्दार्थ- मङ्गलवाचन गर्ने काम, मङ्गलदायक मन्त्रपाठ, शान्तिपाठ ।

स्वस्त्ययनम् (ना./न.) स्वस्ति क्षेमस्य अयनम् *(कल्याणको कामना)* ष.त.स., यण्= स्वस्त्ययन ।

शब्दार्थ- स्वस्तिवाचन, स्वस्तिको कामना ।

स्वस्थः (वि.) स्वस्मिन् तिष्ठतीति *(आफ्नै स्थितिमा रहन्छ)* स्वपूर्वक ष्ठा गतिनिवृत्तौ (भ्वा.) धातु, स्व+स्था+क[६] (अ), आलोप= स्वस्थ ।

शब्दार्थ- आफ्नो यथास्थितिमा रहेको, तन्दुरुस्त, कुनै रोग नलागेको, हट्टाकट्टा, निरोगी ।

---

[१] सुप्यजातौ... : णिनि

[२] सुव्यसेर्ऋन् : ऋन्

[३] क्तिच्क्तौ च संज्ञायाम् : क्तिच्

[४] सावसेः : ति प्रत्यय

[५] आतोऽनुपसर्गे... : क

[६] सुपिस्थः : क

स्वस्थता (ना./स्त्री.) स्वस्थस्य भावः *(स्वस्थ रहनाको भाव वा अवस्था)* स्वस्थ+तल् (त)+टाप् (आ) =स्वस्थता ।

शब्दार्थ- निरोगीपना, आरोग्य, स्वस्थ रहनाको स्थिति ।

स्वहस्तः (ना./पुं.) स्वस्य हस्तः *(आफ्नो हात)* ष.त.स. =स्वहस्त ।

शब्दार्थ- आफ्नो हात, आफ्नो पाणि ।

स्वहस्ताक्षरम् (ना./न.) स्वस्य हस्ताक्षरम् *(आफ्नो हस्ताक्षर)* ष.त.स.= स्वहस्ताक्षर ।

शब्दार्थ- आफ्नै हातले हस्ताक्षर गर्ने काम, आफ्नो हातले लेखेको अक्षर ।

स्वहस्तान्तरणम् (ना./न.) स्वस्य अधिकारस्य हस्तान्तरणम् *(आफ्नो हकको हस्तान्तरण)* ष.त.स. =स्वहस्तान्तरण ।

शब्दार्थ- आफ्नो हक वा अधिकार अर्कोलाई दिने काम ।

स्वाकृतिः (ना./स्त्री./वि.) सु शोभना आकृतिः *(राम्रो आकृति)* प्रा.त.स., दीर्घ= स्वाकृति ।

अथवा सु शोभना आकृतिः यस्य *(राम्रो अनुहार छ जसको)* व.स., दीर्घ= स्वाकृति ।

शब्दार्थ- राम्रो आकृति, सुन्दर अनुहार, राम्रो अनुहार भएको, सुन्दर आकृति भएको ।

स्वागतम् (ना./न.) सु सुष्ठु आगच्छति स्म इति *(राम्ररी आगमन भएको, राम्रो सत्कार गरेको)* सु आङ्पूर्वक गम्लृ गतौ (भ्वा.) धातु, सु+आ+गम्+क्त[1] (त), कर्तामा, अनुनासिक मलोप, सुको यण्= स्वागत ।

अथवा सु सुष्ठु आगच्छतीति *(राम्ररी आउँछ)* सु+आ+गम्+क्त[2] (त), वर्तमानमा, यण्= स्वागत ।

शब्दार्थ- शुभागमन, अतिथिसत्कार, आदरणीय व्यक्तिको उपस्थितिमा गरिने स्वागत-सत्कार ।

स्वागतकर्ता (वि.) स्वागतं करोतीति *(स्वागत गर्छ)* स्वागतपूर्वक डुकृञ् करणे (तना.) धातु, स्वागत+कृ+तृच्[3] (तृ), गुण, स्वागतकर्तृ= स्वागतकर्ता ।

शब्दार्थ- स्वागत गर्ने, अभिनन्दन कार्यमा संलग्न रहने ।

स्वागतगानम् (ना./न.) स्वागताय गानम् *(स्वागत सत्कारका लागि गाइने मङ्गल गान)* च.त.स. =स्वागतगान ।

शब्दार्थ- कुनै उत्सव, समारोह आदिमा मान्यजनको स्वागत-सत्कारका लागि गाइने गीत ।

स्वागतभाषणम् (ना./न.) स्वागताय भाषणम् *(स्वागतका लागि गरिने भाषण)* च.त.स.= स्वागतभाषण ।

शब्दार्थ- आमन्त्रित व्यक्तिहरूको स्वागतार्थ गरिने भाषण वा आदरार्थक अभिव्यक्ति ।

स्वागतसमितिः (ना./स्त्री.) स्वागताय समितिः *(स्वागतसत्कारका लागि गठन गरिएको समिति)* च.त.स.= स्वागतसमिति ।

शब्दार्थ- कुनै समारोह आदिमा स्वागत-सत्कारको व्यवस्थाका लागि गठन गरिएको समिति ।

स्वागता (ना./स्त्री.) सु सुष्ठु आगच्छतीति *(राम्ररी आउँछ)* सु आङ्पूर्वक गम्लृ गतौ (भ्वा.) धातु, सु+आ+गम्+क्त (त), वर्तमानमा, सुको यण्, अनुनासिक मलोप, स्वागत+टाप् (आ)= स्वागता ।

शब्दार्थ- एक वार्णिक छन्द, जसमा प्रत्येक पाउमा रगण, नगण, भगण र दुईवटा गुरु हुन्छन् ।

स्वागता रनभगैर्गुरुणा च- छ. म.

स्वागतिकः (वि.) स्वागतम् इति आहुः *(स्वागतम् छ भनी भन्दछन्)* स्वागत+ठक्[4] (इक)= स्वागतिक ।

शब्दार्थ- स्वागतसत्कार गर्ने, आदरसम्मान गर्ने ।

स्वातन्त्र्यम् (ना./न.) स्वतन्त्रस्य भावः *(स्वतन्त्र हुनाको भाव वा अवस्था)* स्वतन्त्र+ष्यञ्[5] (य), आदिवृद्धि =स्वातन्त्र्य ।

शब्दार्थ- स्वतन्त्रता, आफूखुसीपना, स्वाधीनता ।

स्वातन्त्र्यसङ्ग्रामः (ना./पुं.) स्वातन्त्र्यस्य सङ्ग्रामः *(स्वतन्त्रताको सङ्ग्राम)* ष.त.स.= स्वातन्त्र्यसङ्ग्राम ।

शब्दार्थ- स्वाधीनताको सङ्घर्ष, स्वतन्त्रताको सङ्ग्राम ।

स्वातिः/स्वाती (ना./स्त्री.) सु सुष्ठु अततीति *(नित्य-निरन्तर घुम्छ)* सुपूर्वक अत सातत्यगमने (भ्वा.) धातु, सु+अत्+इण्[6] (इ), उणा., वृद्धि, यण्, स्वाति+ङीष् (ई)= स्वाती ।

ङीष्को अभावमा= स्वाति ।

शब्दार्थ- सत्ताईस नक्षत्रमध्ये एक, पन्ध्रौं नक्षत्र, सूर्यकी एउटी पत्नी मानिएकी ।

स्वात्म (ना./न.) स्वस्य आत्मा *(आफ्नो आत्मा)* ष.त.स., दीर्घ, स्वात्मन्= स्वात्म ।

शब्दार्थ- आफ्नो आत्मा, निजी, आफ्नै ।

स्वादः/स्वादनम् (ना./पुं./न.) स्वादनम्, स्वाद्यते इति वा *(स्वाद लिइन्छ)* स्वाद आस्वादने वा ष्वद आस्वादने (भ्वा./चुरा.) धातु, स्वाद्/स्वद्+घञ् (अ), वृद्धि =स्वाद ।

स्वाद्+ल्युट् (अन)= स्वादन ।

शब्दार्थ- स्वाद लिने काम, जिभ्रोले मीठो नमीठोको अनुभूति गर्ने क्रिया, रसास्वादन ।

स्वादहीनः (वि. स्वादेन हीनः *(स्वादरहित)* तृ.त.स. =स्वादहीन ।

शब्दार्थ- स्वाद नभएको, स्वादरहित, खल्लो, नमीठो ।

स्वादहीनता (ना./स्त्री.) हीनस्य भावः *(हीन हुनाको भाव)* हीन+तल् (त)+टाप् (आ), हीनता । स्वादस्य हीनता *(स्वादको अभाव)* ष.त.स.= स्वादहीनता ।

---

[1] गत्यर्थाकर्मक... : क्त

[2] मतिबुद्धिपूजार्थे... : क्त

[3] ण्वुल्तृचौ : तृच्

[4] तदाहेतिमा... (वा.) : ठक्

[5] गुणवचन... : ष्यञ्

[6] अज्यतिभ्यां च : इण्

अथवा स्वादेन हीनः *(स्वादरहित)* तृ.त.स., स्वादहीनः । स्वादहीनस्य भावः *(स्वादहीन हुनाको भाव वा अवस्था)* स्वादहीन+तल् (त)+टाप् (आ) =स्वादहीनता ।

शब्दार्थ- स्वाद नहुनाको अवस्था, स्वादको अभाव, स्वादरहित हुनाको स्थिति ।

स्वादिष्ठः (वि.) अयमेषामतिशयेन स्वादुः *(यिनीहरूमा यो ज्यादै मीठो)* स्वाद+इष्ठन्[1] (इष्ठ), टिलोप=स्वादिष्ठ ।

शब्दार्थ- ज्यादै मीठो, खुव स्वादिलो, अतिमधुर, मधुरताले परिपूर्ण, मिठासयुक्त ।

स्वादुः (वि.) स्वदते इति *(स्वाद लिन्छ)* ष्वद आस्वादने (भ्वा.) धातु, स्वद्+उण्[2] (उ), उणा., वृद्धि= स्वादु ।

इष्ठमधुरौ स्वादू- इत्यमरः

स्वादू मिष्ठमनोज्ञयोः ।

शब्दार्थ- मीठो, स्वादिष्ठ, मधुर, रुचिकर, स्वाद ज्यादा लाग्ने, प्रिय, मनोहर, मनपर्दो स्वादको ।

स्वाधिकारः (ना./पुं.) स्वस्य अधिकारः *(आफ्नो अधिकार)* दीर्घ= स्वाधिकार ।

शब्दार्थ- कुनै कुराप्रति आफ्नो हक वा अधिकार, स्वाधीनता ।

स्वाधीनः (वि.) एति, ईयते इति वा *(जान्छ, जानु)* इण् गतौ (अदा.) धातु, इ+नक्[3] (न), उणा., इनः (सूर्य, स्वामी, मालिक) । इनमधिगतः *(स्वामी बनेको)* अधि+इन, प्रा.त.स[4]., दीर्घ, अधीनः । स्वस्य अधीनः *(आफ्नो अधीन)* ष.त.स., दीर्घ= स्वाधीन ।

शब्दार्थ- आफ्नै अधीनमा रहेको, स्वतन्त्र, अरूको अधीनमा नपरेको, परवश नभएको ।

स्वाधीनता (ना./स्त्री.) स्वाधीनस्य भावः *(स्वाधीन हुनाको भाव वा अवस्था)* स्वाधीन+तल् (त)+टाप् (आ) =स्वाधीनता ।

शब्दार्थ- स्वतन्त्रता, पराधीनताको अभाव, स्वच्छन्दता ।

उदा. **अब हामी स्वाधीनता ओढेर स्वतन्त्र प्रेमले अघाउन चाहन्छौं- आ.पा.२/२१**

स्वाधीनपतिका/स्वाधीनभर्तृका (ना./स्त्री.) स्वस्य अधीनः *(आफ्नो अधीन)* ष.त.स., दीर्घ, स्वाधीनः । स्वाधीनः पतिः वा भर्ता यस्याः *(आफ्नो पति वा लोग्ने आफ्नै अधीनमा छ जुन स्त्रीको)* ब.स., कप्[5] समासान्त, स्वाधीनपतिक/स्वाधीनभर्तृक+टाप् (आ)= स्वाधीनपतिका/स्वाधीनभर्तृका ।

शब्दार्थ- आफ्नो पति आफ्नै अधीनमा राख्ने स्त्री, स्वाधीनभर्तृका, साहित्यमा नायिकाका आठ भेदमध्ये एक ।

स्वाध्यायः (ना./पुं.) सु अतीव अध्ययनमिति *(ज्यादै अध्ययन गरिन्छ)* सु आङ् अधिपूर्वक इङ् अध्ययने (अदा.) धातु, सु+आ+अधि+इ+घञ्[6] (अ), सु आको यण्, स्वा, इको वृद्धि, आयादेश, अधि आयको यण्, अध्यायः । स्वा अध्यायको सवर्ण दीर्घ= स्वाध्याय । अथवा सु+आ+अधि+इ+घञ्[6] (अ), सु आको यण्, स्वा, स्वा अधिको दीर्घ, स्वाधि, इको वृद्धि, आयादेश, स्वाधि+आय, यण्= स्वाध्याय ।

स्वाध्यायः स्याज्जपः सुत्याभिषवः सवनं च सा- इत्यमरः

शब्दार्थ- आफैंले गरिने अध्ययन, स्वअध्ययन, स्वशिक्षण, वेदाध्ययन, जप, पाठ, ऋग् वेदादि ग्रन्थको अभ्यास ।

स्वानः (ना./पुं.) स्वननमिति *(आवाज निस्कनु)* स्वन शब्दे (भ्वा.) धातु, स्वन्+घञ् (अ), वृद्धि= स्वान ।

स्वान-निर्घोष-निर्ह्राद-नाद-निस्वान निस्वनाः - इत्यमरः

शब्दार्थ- शब्द, ध्वनि, आवाज, नाद, कोलाहल ।

स्वानुभवः/स्वानुभूतिः (ना./पुं./स्त्री.) स्वस्य अनुभवः/स्वस्य अनुभूतिः *(आफ्नो अनुभव वा अनुभूति)* ष.त.स., दीर्घ= स्वानुभव/स्वानुभूति ।

शब्दार्थ-आफ्नो अनुभव, आफूले अनुभव गरेको अनुभूति ।

स्वान्तम् (ना./न.) स्वन्यते इति *(थर्किन्छ, हल्लिन्छ)* स्वन शब्दे (भ्वा.) धातु, स्वन्+क्त[7] (त), स्वन्‌को दीर्घ निपातन[7]= स्वान्त ।

अथवा स्वस्य अन्तः *(आफ्नो अन्तःकरण)* ष.त.स., दीर्घ= स्वान्त ।

चित्तं तु चेतो हृदयं स्वान्तं हृन्मानसं मनः - इत्यमरः

स्वान्तं चेतसि गह्वरे- इति मेदिनी

शब्दार्थ- चित्त, अन्तःकरण, हृदय, मन, हृदयरूपी गुफा ।

स्वान्तसुखाय (वि.प्र.अव्य.) स्वान्तस्य सुखाय *(अन्तःकरणको सुखको निम्ति)* ष.त.स.=स्वान्तसुखाय ।

शब्दार्थ- आफ्नो मानसिक सन्तुष्टि र तृप्तिका निमित्त ।

स्वापः (ना./पुं.) स्वपनमिति *(सुत्नु)* ञिष्वप् शये (अदा.) धातु, स्वप्+घञ् (अ), वृद्धि= स्वाप ।

स्यान्निद्रा शयनं स्वापः स्वप्नः - इत्यमरः

शब्दार्थ- निदाउने काम, निद्रा, नींद, सपना, स्वप्न, शयन वा सुत्ने काम, अज्ञानावस्था ।

स्वापनम् (ना./न.) स्वापनम्, स्वाप्यते इति वा *(लट्ठ्याइन्छ, सुताइन्छ)* ञिष्वप् शये (अदा.) धातु, स्वप्+णिचि, वृद्धि, स्वापि+ल्युट् (अन), णिलोप =स्वापन ।

शब्दार्थ- लट्ठ्याएर सुताउने काम, निद्रा लगाउने काम, लट्ठ बनाउने काम, मोहनास्त्र ।

---

१. **अतिशायने तमबिष्ठनौ : इष्ठन्**
२. **कृवापाजि... : उण्**
३. **इण्सिञ्जि... : नक्**
४. **अत्यादयः क्रान्ताद्यर्थे... : प्रा.त.स.**
५. **शेषाद्विभाषा/नद्यृतश्च : कप्**
६. **इङश्च : घञ्**
७. **क्षुब्धस्वान्तध्वान्त... : क्त, दीर्घनिपातन**

स्वाभाविकः (वि.) स्वभावादागतः, स्वभावस्य अयम्, स्वभावेन निर्वृत्तः, स्वभावे भवः *(स्वभावबाट आएको, स्वभावको यो, स्वभावद्वारा निर्वृत्त भएको, स्वभावमा हुने)* स्वभाव+ठक्[1]/ठञ् (इक), आदिवृद्धि=स्वाभाविक ।

शब्दार्थ- स्वभाव वा प्रवृत्तिवाट उत्पन्न भएको, प्राकृतिक स्वभावसित सम्वन्धित, स्वभाववाट प्रवृत्त भएको, स्वभावसम्वन्धी, स्वभावको ।

स्वाभाविकता (ना./स्त्री.) स्वाभाविकस्य भावः *(स्वाभाविक हुनाको भाव वा अवस्था)* स्वाभाविक+तल् (त)+टाप् (आ)= स्वाभाविकता ।

शब्दार्थ- स्वाभाविक हुनाको स्थिति, प्राकृतिकता, स्वाभाविकपना, स्वाभाविक स्थिति ।

स्वाभिमानः (ना./पुं.) मननम्, मन्यते इति वा *(ठानिन्छ, अर्थात् म जस्तो अर्को छैन भन्ने ठानिन्छ)* मनु अववोधने (तना.) धातु, मन्+घञ् (अ), वृद्धि, मानः । अभि सर्वतः मानः *(सबैतिरबाट गर्व गरिन्छ)* प्रा.त.स., अभिमानः । स्वस्य अभिमानः *(आफ्नो अभिमान वा प्रतिष्ठा)* ष.त.स., दीर्घ= स्वाभिमान ।

शब्दार्थ- आफ्नो स्वाभिमानप्रति गर्व गर्ने काम, आत्मगौरव, आफ्नो भाषा, संस्कृति, राष्ट्र र राष्ट्रियताप्रतिको गर्व ।

स्वाभिमानी (वि.) स्वाभिमानः अस्यास्तीति *(स्वाभिमान छ यसको)* स्वाभिमान+इनि[२] (इन्), स्वाभिमानिन् =स्वाभिमानी ।

शब्दार्थ- स्वाभिमान गर्ने, आफ्नो प्रतिष्ठाप्रति गौरव गर्ने, आत्माभिमान भएको ।

स्वामिता/स्वामित्वम् (ना./स्त्री./न.) स्वमस्यास्तीति *(ऐश्वर्य वा प्रभुत्व छ यसको)* स्व+आमिनिच्[३] (आमिन्), दीर्घ, स्वामिन् । स्वामिनः भावः *(स्वामी हुनाको भाव वा अवस्था)* स्वामिन्+तल् (त)+टाप् (आ), नलोप= स्वामिता ।

स्वामिन्+त्व, नलोप= स्वामित्व ।

शब्दार्थ- मालिक्याइँ, प्रभुत्व, मालिक हुनाको अवस्था वा स्थिति ।

स्वामिनी (ना./स्त्री.) स्वमस्याः अस्तीति *(ऐश्वर्य वा प्रभुत्व छ यस स्त्रीको)* स्व+आमिनिच्[३] (आमिन्), दीर्घ, स्वामिन्+ङीप् (ई)= स्वामिनी ।

शब्दार्थ- मालिक्नी, प्रभुत्व भएकी स्त्री, आफ्नो मालिककी स्त्री ।

स्वामी (ना./पुं.) स्वम् ऐश्वर्यम् अस्ति अस्य *(ऐश्वर्य वा प्रभुत्व प्रमुख छ यसको)* स्व+आमिनिच्[३] (आमिन्), दीर्घ, स्वामिन्= स्वामी ।

शब्दार्थ- मालिक, प्रभु, पति, राजा, अधिकार पाएको मानिस, धनवान् व्यक्ति ।

स्वाम्यम् (ना./न.) स्वामिनः भावः *(मालिक हुनाको भाव वा अवस्था)* स्वामिन्+ष्यञ् (य), नलोप, इलोप =स्वाम्य ।

शब्दार्थ- मालिक्याइँ, प्रभुत्व, स्वामित्व, कुनै कुराप्रतिको आधिपत्य ।

स्वायत्तः (वि.) आ यतते स्म इति *(आश्रित रहेको)* आङ्पूर्वक यती प्रयत्ने (भ्वा.) धातु, आ+यत्+क्त (त), आयत्तः (अधीन, आश्रित) । स्वस्य आयत्तः *(आफ्नो अधीन)* ष.त.स., दीर्घ= स्वायत्त ।

शब्दार्थ- आफ्नो हक वा अधिकारमा रहेको, आफ्नै अधीनको ।

स्वायत्तता (ना./स्त्री.) स्वायत्तस्य भावः *(स्वायत्त हुनाको भाव वा अवस्था)* स्वायत्त+तल् (त)+टाप् (आ) =स्वायत्तता ।

शब्दार्थ- स्वाधीनता, आफ्नो अधीनमा रहनाको भाव वा अवस्था ।

उदा. **भोग्छन् देशविषे सदैव नरले स्वायत्तताको धन-** भृ.ख.का.२/२५

स्वायम्भुवः (ना./पुं./वि.) स्वयम्भू ब्रह्मा, तस्य अपत्यं पुमान् *(ब्रह्माका सन्तति)* स्वयम्भू+अण्[४] (अ), आदिवृद्धि, उवङादेश= स्वायम्भुव ।

अथवा स्वयम्भुवः अयम् *(स्वयम्भूको यो)* स्वयम्भू+अण्[५] (अ), आदिवृद्धि, उवङादेश= स्वायम्भुव ।

शब्दार्थ- ब्रह्माको प्रथम सृष्टिवाट उत्पन्न स्वायम्भुव मनु, मानवसृष्टिवाट उत्पन्न मनु, चौधवटा मनुहरूमध्ये प्रथम मनु, ब्रह्माको, ब्रह्मासित सम्वन्धित ।

स्वारोचिषः (ना./पुं.) स्वरोचिषः अपत्यं पुमान् *(स्वरोचिषका सन्तान)* स्वरोचिष्+अण् (अ), आदिवृद्धि =स्वारोचिष ।

शब्दार्थ- चौध मनुहरूमध्ये द्वितीय मनु ।

स्वार्जितः (वि.) स्वेन आर्जितः *(आफैंले कमाएको)* तृ.त.स., दीर्घ= स्वार्जित ।

शब्दार्थ- आफैंले आर्जन गरेको वा कमाएको, आफैंले उपार्जन गरेको ।

स्वार्थम् (ना./न.) स्वस्य अर्थः प्रयोजनम् *(आफ्नो प्रयोजन)* ष.त.स., दीर्घ= स्वार्थ ।

अथवा स्वस्मै इदम् *(आफ्नो लागि यो)* स्व+अर्थ, च.त.स[६]., दीर्घ= स्वार्थ ।

शब्दार्थ- आफ्नो धन, आफ्नो जायजेथा, साधन, आफ्नै लाभका लागि गरिने कार्य, आफ्नो प्रयोजन, स्वकीयधन ।

---

1. ठगायस्थानेभ्य.../तस्येदम्/तेन निर्वृत्तम् : ठक्
२. अत इनिठनौ : इनि
३. स्वामिन्नैश्वर्ये : आमिनिच्
४. तस्यापत्यम् : अण्
५. तस्येदम् : अण्
६. अर्थेन नित्यसमास...: च.त.स.

स्वार्थत्यागः (ना./पुं.) स्वार्थस्य त्यागः *(स्वार्थको त्याग)* ष.त.स.= स्वार्थत्याग ।

शब्दार्थ- आफ्नो हित वा भलाइ हुने कुराको त्याग, अरूको भलाइका निमित्त आफूलाई हित हुने कुराको त्याग ।

उदा. **स्वार्थत्यागतिर चित्त लगाऔँ,**
शास्त्रपाठ पढि ध्यान घुमाऔँ- जाग जाग (धरणीधर)

स्वार्थत्यागी (वि.) स्वार्थं त्यक्तुं शीलमस्य *(स्वार्थको त्याग गर्ने शील छ यसको)* स्वार्थपूर्वक त्यज हानौ (भ्वा.) धातु, स्वार्थ+त्यज्+णिनि[१] (इन्), वृद्धि, कुत्व, स्वार्थत्यागिन्= स्वार्थत्यागी ।

अथवा स्वार्थत्यागः अस्यास्तीति *(स्वार्थ त्याग छ यसको)* स्वार्थत्याग+इनि[२] (इन्), स्वार्थत्यागिन्=स्वार्थत्यागी ।

शब्दार्थ- आफ्नो स्वार्थको त्याग गर्ने, अरूको भलाइको लागि आफ्नो हितको परित्याग गर्ने (व्यक्ति) ।

स्वार्थपरायणः (वि.) स्वार्थे परायणः *(स्वार्थमा परायण)* स.त.स.= स्वार्थपरायण ।

शब्दार्थ- आफ्नो मतलव मात्र सिद्ध गर्न खोज्ने, स्वार्थी, आफ्नो स्वार्थ पूर्तिमा मात्र लाग्ने ।

स्वार्थपरायणता (ना./स्त्री.) स्वार्थे परायणः, तस्य भावः *(आफ्नो स्वार्थमा परायण हुनाको भाव वा अवस्था)* स्वार्थपरायण+तल् (त)+टाप् (आ)=स्वार्थपरायणता ।

शब्दार्थ- मतलवीपना, स्वार्थभाव, आफ्नो स्वार्थमा लागिरहनाको भाव वा अवस्था, स्वार्थीपना ।

स्वार्थरतः (वि.) स्वार्थे रतः *(स्वार्थमा रत)* स.त.स. =स्वार्थरत ।

शब्दार्थ- मतलवी, स्वार्थी, स्वार्थमा मात्र लागिरहने ।

स्वार्थसाधकः (वि.) साध्नोतीति *(सिद्ध गर्छ)* साध संसिद्धौ (स्वा.) धातु, साध्+ण्वुल्[३] (अक), साधकः । स्वार्थस्य साधकः *(स्वार्थको साधक)* ष.त.स.= स्वार्थसाधक ।

शब्दार्थ- आफ्नो स्वार्थ मात्र सिद्ध गर्ने, आफ्नो हितमा मात्र लागिरहने, स्वार्थी ।

स्वार्थसाधनम्/स्वार्थसाधना (ना./न./स्त्री.) साध्यते अनेन, अनया इति वा *(सिद्ध गरिन्छ यसबाट)* साध संसिद्धौ (स्वा.) धातु, साध्+ल्युट्[४] (अन), साधनम् । साध्+युच्[५] (अन), उणा., टाप् (आ), साधना । स्वार्थस्य साधनम्/साधना *(स्वार्थको साधना)* ष.त.स.= स्वार्थसाधन/ स्वार्थसाधना ।

शब्दार्थ- आफ्नो स्वार्थ सिद्ध गर्ने काम, स्वार्थसिद्धि ।

स्वार्थान्धः (वि.) स्वार्थेन अन्धः *(स्वार्थले अन्धो बनेको)* तृ.त.स., दीर्घ= स्वार्थान्ध ।

शब्दार्थ- आफ्नो स्वार्थ सिद्ध गर्न मात्र लागिपर्ने, अरूको हित विचार नगर्ने, स्वार्थले अन्धो वनेको ।

स्वार्थी (वि.) स्वार्थमस्यास्तीति *(स्वार्थ छ यसको)* स्वार्थ+इनि (इन्), स्वार्थिन्= स्वार्थी ।

शब्दार्थ- आफ्नो मतलव मात्र सिद्ध गर्ने, अरूको भलो कुभलो नहेर्ने, स्वार्थपरायण ।

स्वावलम्बनम् (ना./न.) अवलम्बनम्, अवलम्ब्यते इति वा *(अवलम्बन गरिन्छ)* अवपूर्वक लवि शव्दे अवस्रंसने च (भ्वा.) धातु, नुम्, अव+लम्ब्+ल्युट् (अन), अवलम्बनम् । स्वेन अवलम्बनम् *(आफैँद्वारा निर्भर भइन्छ)* तृ.त.स., स्व अवको दीर्घ= स्वावलम्बन ।

शब्दार्थ- आफैँ आत्मनिर्भर भएर रहने काम, आफ्नै खुट्टामा उभिने काम, आफ्नै पुरुषार्थमा निर्भर रहने काम ।

स्वावलम्बी (वि.) स्वेन अवलम्बितुं शीलमस्य *(आफैँ निर्भर भएर रहने शील छ यसको)* स्व उपपदमा हुने अवपूर्वक लवि शव्दे अवस्रंसने च (भ्वा.) धातु, नुम्, स्व+अव+लम्ब्+णिनि (इन्), दीर्घ, स्वावलम्बिन् =स्वावलम्बी ।

अथवा स्वावलम्बः अस्यास्तीति *(आत्मनिर्भर रहने क्षमता छ यसको)* स्वावलम्ब+इनि (इन्), स्वावलम्बिन् =स्वावलम्बी ।

शब्दार्थ- आत्मनिर्भर, आफ्नै खुट्टामा उभिएर रहेको ।

स्वास्थ्यम् (ना./न.) स्वस्थस्य भावः *(स्वस्थ हुनाको भाव वा अवस्था)* स्वस्थ+ष्यञ्[६] (य), आदिवृद्धि = स्वास्थ्य ।

शब्दार्थ- स्वस्थ रहनाको अवस्था, निरोगीपना, आरोग्य, तन्दुरुस्ती ।

स्वास्थ्यकरः (वि.) स्वास्थ्यं करोतीति *(स्वास्थ्य राम्रो गर्छ)* स्वास्थ्यपूर्वक डुकृञ् करणे (तना.) धातु, स्वास्थ्य+कृ +ट[७] (अ), गुण= स्वास्थ्यकर ।

शब्दार्थ- स्वास्थ्य राम्रो गर्ने, स्वास्थ्यलाई अनुकूल हुने, आरोग्य प्रदान गर्ने ।

स्वास्थ्यकार्यक्रमः (ना./पुं.) स्वास्थ्यस्य कार्यक्रमः *(स्वास्थ्यको कार्यक्रम)* ष.त.स.= स्वास्थ्यकार्यक्रम ।

शब्दार्थ- स्वास्थ्यसम्बन्धी विषयको जानकारी गराउने कार्यक्रम, स्वास्थ्यलाई उपयोगी हुने कार्यक्रम ।

स्वास्थ्यकेन्द्रम् (ना./न.) स्वास्थ्यस्य केन्द्रम् *(स्वास्थ्यको केन्द्र)* ष.त.स.= स्वास्थ्यकेन्द्र ।

शब्दार्थ- स्वास्थ्य सेवा प्रदान गर्ने स्थान, अस्पताल, हेल्थसेन्टर ।

स्वास्थ्यपरीक्षा (ना./स्त्री.) स्वास्थ्यस्य परीक्षा *(स्वास्थ्यको जाँच)* ष.त.स.= स्वास्थ्यपरीक्षा ।

शब्दार्थ- स्वास्थ्यको जाँच गर्ने काम, स्वास्थ्य-परीक्षण ।

---

[१] सुप्यजातौ... : णिनि
[२] अत इनिठनौ : इनि
[३] ण्वुल्तृचौ : ण्वुल्
[४] करणाधिकरणयोश्च : ल्युट्
[५] बहुलमन्यत्रापि : युच्
[६] गुणवचन... : ष्यञ्
[७] कृञो हेतुताच्छील्य... : ट

स्वास्थ्यविज्ञानम् (ना./न.) स्वास्थ्यस्य विज्ञानम् *(स्वास्थ्यसम्बन्धी विषयको विज्ञान)* ष.त.स. =स्वास्थ्यविज्ञान ।

शब्दार्थ- शरीरका अङ्गप्रत्यङ्ग र मानसिक स्थितिको विश्लेषण गर्ने शास्त्र (विज्ञान) ।

स्वास्थ्यशिक्षा (ना./स्त्री.) स्वास्थ्यस्य शिक्षा *(स्वास्थ्यसम्बन्धी विषयको शिक्षा)* ष.त.स. =स्वास्थ्यशिक्षा ।

शब्दार्थ- जीवनलाई स्वस्थ राख्न दिइने शिक्षा, स्वास्थ्यसम्वन्धी कुराको जानकारी दिने शिक्षा ।

स्वास्थ्यसेविका (ना./स्त्री.) स्वास्थ्यस्य सेविका *(स्वास्थ्यसम्बन्धी कुराको हेरचाह गर्ने स्त्री)* ष.त.स.= स्वास्थ्यसेविका ।

शब्दार्थ- विरामीको हेरविचार गर्ने स्त्री, परिचारिका (नर्स), स्वास्थ्य सहायक स्त्री ।

स्वाहा (अव्य.) सु सुष्ठु आहूयन्ते सर्वे देवादयः अनया *(यसद्वारा सवै देवताहरूलाई आहुति दिइन्छ)* सु आङ्पूर्वक ह्वेञ् स्पर्धायां शब्दे च (भ्वा.) धातु, आत्व, सु+आ+ह्वा+ड (अ)+टाप् (आ), सु आको यण्, ह्वाको टिलोप= स्वाहा ।

अथाग्नायी स्वाहा च हुतभुक्प्रिया ।

स्वाहा देवहविर्दाने- इत्यमरः

शब्दार्थ- सवै देवतालाई दिइने आहुति, अग्निकी पत्नी, अग्निभार्या, देवतालाई आहुति दिँदा उच्चारण गरिने शव्द, सर्वनाश ।

स्वीकरणम् (ना./न.) अस्वं स्वं सम्पद्यते, तत्करणमिति *(सहमत नभएको सहमत हुन्छ र सहमति प्रदान गरिन्छ)* डुकृञ् करणे (तना.) धातु, स्व+च्वि[1]+कृ +ल्युट् (अन), स्वको ईत्व[2], च्विको सर्वलोप, कृको गुण, णत्व= स्वीकरण ।

शब्दार्थ- स्वीकार गर्ने काम, सहमति दिने क्रिया, अङ्गीकार लिने वा ग्रहण गर्ने काम ।

स्वीकरणीयः (वि.) अस्वं स्वं सम्पद्यते, तत्कर्तुं योग्यः *(सहमत नभएको समहत हुन्छ र सहमति प्रदान गर्न योग्य हुन्छ)* डुकृञ् करणे (तना.) धातु, स्व+च्वि+कृ+अनीय (र्), ईत्व, च्विको लोप, कृको गुण, णत्व= स्वीकरणीय ।

शब्दार्थ- स्वीकार गर्न योग्य वा लायक, ग्रहण गर्न उचित वा उपयुक्त, स्वीकार गर्नुपर्ने ।

स्वीकारः (ना./पुं.) अस्वीकारः स्वीकारः क्रीयते इति *(स्वीकार नगरिएको स्वीकार गरिन्छ)* स्वपूर्वक डुकृञ् करणे (तना.) धातु, स्व+च्वि+कृ+घञ्[3] (अ), स्वको ईत्व, च्विको सर्वलोप, कृको वृद्धि= स्वीकार ।

शब्दार्थ- स्वीकृति, सहमति, मञ्जुरी, समर्थन, कुनै कुरा लिने वा ग्रहण गर्ने काम ।

स्वीकारात्मकः (वि.) स्वीकारः आत्मा यस्य *(स्वीकार मुख्य छ जसको)* स्वीकार+आत्मन्, ब.स., कप्[4] (समासान्त), नलोप, दीर्घ= स्वीकारात्मक ।

शब्दार्थ- स्वीकृति प्रदान गरिएको, सहमति दिइएको, समर्थन गरिएको ।

स्वीकार्यः (वि.) अस्वीकृतं स्वीकर्तुं योग्यः *(स्वीकार नगरिएको स्वीकार गर्न योग्य वा लायक)* स्वपूर्वक डुकृञ् करणे (तना.) धातु, स्व+च्वि+कृ+ण्यत्[5] (य), स्वको ईत्व, च्विको सर्वलोप, वृद्धि= स्वीकार्य ।

शब्दार्थ- स्वीकार गर्न योग्य वा लायक, सहमति दिन उचित, मञ्जुरी दिनुपर्ने ।

स्वीकृतः (वि.) अस्वीकृतः स्वीक्रियते स्म इति *(अस्वीकृत गरिएकोलाई स्वीकार गरिएको)* स्वपूर्वक डुकृञ् करणे (तना.) धातु, स्व+च्वि+कृ+क्त (त), स्वको ईत्व, च्विको सर्वलोप= स्वीकृत ।

शब्दार्थ- स्वीकार गरिएको, सहमति दिइएको, समर्थन गरिएको, मञ्जुर गरिएको ।

स्वीकृतिः (ना./स्त्री.) स्वीक्रियते इति *(स्वीकार गरिन्छ)* स्वीपूर्वक डुकृञ् करणे (तना.) धातु, स्वी+कृ+क्तिन् (ति), ईत्व= स्वीकृति ।

शब्दार्थ- मञ्जुरी, सहमति, स्वीकार, ग्रहण गर्ने काम ।

स्वीयः (वि.) स्वस्य अयम् *(आफ्नो यो)* स्व+छ[6] (ईय) =स्वीय ।

शब्दार्थ- आफ्नै, निजी, आफन्तको ।

स्वेच्छया (वि.प्र.अ.) स्वस्य इच्छा *(आफ्नो इच्छा)* ष.त.स., गुण, स्वेच्छा, स्वेच्छाको तृतीयान्तरूप =स्वेच्छया ।

शब्दार्थ- आफ्नो राजीखुसीले, आफ्नै इच्छाले, आफ्नै इच्छापूर्वक ।

स्वेच्छा (ना./स्त्री.) स्वस्य इच्छा *(आफ्नो इच्छा)* स्व+इच्छा, ष.त.स., गुण= स्वेच्छा ।

शब्दार्थ- आफ्नो इच्छा, आफ्नै आकाङ्क्षा, आफ्नो चाहना ।

स्वेच्छाकृतः (वि.) स्वेच्छया कृतः *(आफ्नै इच्छाले गरिएको)* तृ.त.स.= स्वेच्छाकृत ।

शब्दार्थ- आफ्नै चाहनाले गरिएको, आफूखुसी गरिएको ।

स्वेच्छाचारः (ना./पुं.) स्वस्य इच्छा *(आफ्नै इच्छा)* ष.त.स., गुण, स्वेच्छा । स्वेच्छायाः आचारः *(आफ्नो इच्छा अनुसारको आचरण)* ष.त.स.= स्वेच्छाचार ।

शब्दार्थ- आफ्नो इच्छाअनुसारको काम वा व्यवहार वा आचरण, मनमानी काम ।

---

[1] कृभ्वस्तियोगो... : च्वि

[2] अस्य च्वौ : ईत्व

[3] अकर्तरि च कारके... : घञ्

[4] अनिनस्मन् : कप्

[5] ऋहलोर्ण्यत् : ण्यत्

[6] त्यदादीनि च : वृद्धसंज्ञा:/वृद्धाच्छ : छ

स्वेच्छाचारिता (ना./स्त्री.) स्वेच्छाचारः अस्यास्तीति *(स्वेच्छाचार छ यसको)* स्वेच्छाचार+इनि[1] (इन्), स्वेच्छाचारिन् । स्वेच्छाचारिणः भावः *(स्वेच्छाचारी हुनाको भाव वा अवस्था)* स्वेच्छाचारिन्+तल् (त)+टाप् (आ)= स्वेच्छाचारिता ।

शब्दार्थ- मनोमानीपना, स्वेच्छाचारी हुनाको भाव, निरङ्कुशता ।

स्वेच्छाचारी (वि.) स्वेच्छाचारः अस्यास्तीति *(स्वेच्छाचार छ यसको)* स्वेच्छाचार+इनि[1] (इन्), स्वेच्छाचारिन् =स्वेच्छाचारी ।

शब्दार्थ- मनोमानी ढङ्गले काम गर्ने, निरङ्कुश, नियमकानुन विपरीत आफ्नो इच्छाअनुसार काम गर्ने ।

स्वेदः (ना./पुं.) स्वेदनम्, स्विद्यते इति वा *(पसिना आउनु)* ञिष्विदा स्नेहनमोचनयोः (भ्वा.) धातु, स्विद्+घञ् (अ), गुण= स्वेद ।

शब्दार्थ- पसिना, साहित्यिक सात्त्विक अनुभाव ।

स्वेदकणः (ना./पुं.) स्वेदस्य कणः *(पसिनाको थोपा)* ष.त.स.= स्वेदकण ।

शब्दार्थ- पसिनाको थोपा, स्वेदकण, स्वेदविन्दु ।

स्वेदजः (ना./पुं.) स्वेदाज्जायते इति *(पसिनाबाट उत्पन्न हुन्छ)* स्वेद उपपदपूर्वक जनी प्रादुर्भावे (दिवा.) धातु, स्वेद+जन्+ड[2] (अ), टिलोप= स्वेदज ।

स्वेदजाः कृमिदंशाद्याः - इत्यमरः

शब्दार्थ- पसिनावाट उत्पन्न हुने जीव- लिखा, जुम्रा, कीर्ना आदि ।

स्वैच्छिकः (वि.) स्वस्य इच्छा *(आफ्नो इच्छा)* ष.त.स., स्वेच्छा । स्वेच्छायाः आगतः *(इच्छाबाट उत्पन्न भएको)*, स्वेच्छामर्हतीति *(इच्छाअनुसार गर्न योग्य)* स्वेच्छा+ठक् (इक), आदिवृद्धि= स्वैच्छिक ।

शब्दार्थ- इच्छाअनुसार गर्न योग्य, इच्छावाट पैदा हुने, इच्छासम्वन्धी, इच्छा अनुरूपको ।

स्वैरः (वि.) स्वेन स्वच्छन्देन ईर्ते *(स्वतन्त्रतापूर्वक घुमफिर गर्छ)* स्वपूर्वक ईर गतौ कम्पने च (अदा.) धातु, स्व+ईर्+अच् (पचादि), स्व ईर, वृद्धि[3]= स्वैर ।

मन्दस्वच्छन्दयोः स्वैरः - इत्यमरः

शब्दार्थ- स्वच्छन्द, मनोमानी आचरण गर्ने, निरङ्कुश, स्वेच्छाचारी ।

स्वैरता (ना./स्त्री.) स्वैरस्य भावः *(स्वच्छन्द हुनाको भाव वा अवस्था)* स्वैर+तल् (त)+टाप् (आ)= स्वैरता ।

शब्दार्थ- स्वच्छन्दता, स्वेच्छाचारिता, स्वतन्त्रता ।

स्वैरिणी (ना./स्त्री.) स्वेन स्वच्छन्देन एव ईरितुं शीलमस्याः *(स्वतन्त्रतापूर्वक नै भ्रमण गर्ने शील छ यसको)* स्वपूर्वक ईर गतौ कम्पने च (अदा.) धातु स्व+ईर्+णिनि[4] (इन्), स्व+ईरिन्, वृद्धि, स्वैरिन्+ङीप्[5] (ई), णत्व= स्वैरिणी ।

पुंश्चली धर्षणी वन्धक्यसती कुटलेत्वरी,
स्वैरिणी पांसुला च स्यात्- इत्यमरः

शब्दार्थ- वेश्या, कुलटा, पुंश्चली, व्यभिचारिणी स्त्री, परपुरुषसित व्यभिचार गर्ने स्त्री ।

स्वैरी (वि.) स्वेन स्वातन्त्र्येण ईरितुं शीलमस्य *(स्वतन्त्रतापूर्वक घुमफिर गर्ने शील छ यसको)* स्वपूर्वक ईर गतौ कम्पने च (अदा.) धातु, स्व+ईर + णिनि (इन्), वृद्धि, स्वैरिन्= स्वैरी ।

स्वतन्त्रोऽपावृतः स्वैरी स्वच्छन्दो निरवग्रहः- इत्यमरः

शब्दार्थ- स्वतन्त्रतापूर्वक घुमफिर गर्ने, स्वच्छन्द, स्वतन्त्र, निरङ्कुश, वेश्यागामी, वन्धनवाट मुक्त ।

स्वोपार्जनम् (ना./न.) उपार्जनमिति *(आर्जन गर्नु)* उपपूर्वक अर्ज अर्जने (भ्वा.) वा अर्ज प्रतियत्ने (चुरा.) धातु, उप+अर्ज्+ल्युट् (अन), दीर्घ, उपार्जनम् । स्वस्य उपार्जनम् *(आफ्नो कमाइ)* ष.त.स., गुण =स्वोपार्जन ।

शब्दार्थ- आफ्नो कमाइ, आफ्नै आर्जन, आफैंले कमाउने काम ।

स्वोपार्जितः (वि.) उपार्ज्यते स्म इति *(आर्जन गरेको वा गरिएको)* उपपूर्वक अर्ज अर्जने (भ्वा.) वा अर्ज प्रतियत्ने (चुरा.) धातु, उप+अर्ज्+क्त (त), इडागम, दीर्घ, उपार्जितः । स्वेन उपार्जितः *(आफैंले आर्जन गरेको)* तृ.त.स., गुण= स्वोपार्जित ।

शब्दार्थ- आफैंले आर्जन गरेको, आफैंले कमाएको, आफ्नै पौरखले आर्जेको ।

---

१. अत इनिठनौ : इनि
२. पञ्चम्यामजातौ : ड
३. स्वादीरेरिणोः, : वृद्धि
४. सुप्यजातौ... : णिनि
५. ऋन्नेभ्यो... : ङीप्

ह

हः (ना.पुं.) ह (अव्य.) हन्ति, जहाति, जिहीते इति वा *(त्यागछ)* हन हिंसागत्योः (अदा.) वा ओहाक् त्यागे वा ओहाङ् गतौ (जुहो.) धातु, हन्/हा+ड[१] (अ), टिलोप =ह ।

परिचय- देवनागरी वर्णमालाको तेत्तीसौं व्यञ्जनवर्ण, कण्ठस्थानीय संवार नाद घोष, महाप्राण, प्रयत्न र उष्मध्वनि ।

तु हि च स्म ह वै पादपूरणे- इत्यमरः

ह स्यात् सम्बोधने पादपूरणे च विनिग्रहे
नियोगे च क्षिपायां स्यात् कुत्सायामपि दृश्यते
हः शिवे सलिले शून्ये धारणे मङ्गलेऽपि च
गगने नकुलीशे च रक्ते नाके च वर्ण्यते- इति मेदिनी

हः शिवो गमनं हंसो नागलोकोऽम्बिका पतिः
हः कोपे वारणे हश्च तथा शूलौ प्रकीर्तितः- एकाक्षरकोशः

शब्दार्थ- शिव, जल, आकाश, स्वर्ग, मङ्गल, रक्त, शून्य, गमन, नागलोक, क्रोध, निषेध ।

वलवोधक निपात, पादपूरण, सम्वोधन, तिरस्कार र उपहासका लागि प्रयोग हुने शब्द ।

हंसः (ना./पुं.) हन्ति गच्छतीति *(जान्छ, घुम्छ)* वा हन्ति मन्दं गच्छति *(बिस्तारै हिड्छ)* हन हिंसागत्योः (अदा.) धातु, हन्+स[२] (उणा.), अनुस्वार= हंस ।

अथवा हसतीति *(हाँस्छ)* हसे हसने (भ्वा.) धातु, हस्+अच् (पचादि), पृषोदरादिवाट, मवर्णको आगम, हम्सं, मको अनुस्वारागम= हंस ।

भवेत् वर्णागमाद् हंसः- वै.सि.कौ.

हंसः स्यान्मानसौकसि
निर्लोभनृपविष्ण्वर्के परमात्मनि मत्सरे
योगिभेदे मन्त्रभेदे शरीरमरुदन्तरे- इति मेदिनी

भार्नुहंसः सहस्रांशुस्तपनः सविता रविः- इत्यमरः

हंसो हसेति मन्त्रेण- ग.पु.

शब्दार्थ- हांस, मानसरोवरमा वस्ने हाँस, सूर्य, सविता, विष्णुका चौवीस अवतारमध्ये एक, राजा, प्राणशक्ति, प्राणवायु, आत्मा, जीवात्मा, परव्रह्म, परमात्मा, चेतना, सुद्धी, अजपा नामक गायत्री, जसमा सास तान्दा 'हं' र छोड्दा 'स' उच्चारण हुन्छ, सन्न्यास ग्रहण गर्ने योगीको एक प्रकार, लोभ तथा डाह नगर्ने काम ।

द्रष्टव्य- **त्वं हंसः सविता भानुरंशुमाली वृषाकपिः ।**
- म.भा.व.प. ३/६१

हंसकः (ना./पुं.) हंस एव *(हाँस नै)* हंस+कन् (क), स्वार्थमा= हंसक ।

शब्दार्थ- अ.हे. हंस । पाउजु, नूपुर, कल्ली ।

हंसगामिनी (ना./स्त्री.) हंस इव गच्छति असौ *(हाँसझैं मन्दगतिले हिँड्छे यो)* गम्लृ गतौ (भ्वा.) धातु, हंस+गम्+णिनि (इन्), हंसगामिन्+ङीप् (ई)=हंसगामिनी ।

शब्दार्थ- हाँसको गतिले हिँड्ने नारी ।

हंसराजः (ना./पुं.) हंसानां राजा *(हाँसहरूका राजा)* ष.त.स., टच् (समासान्त), टिलोप= हंसराज ।

शब्दार्थ- रजहाँस, हाँसको राजा ।

हंसवाहनः (ना./पुं.) हंसः वाहनं यस्य *(हाँस परिवहन छ जसको)* व.स.= हंसवाहन ।

शब्दार्थ- हाँसमा चढेर हिँड्ने व्रह्मा, पितामह ।

हंसी (ना./स्त्री.) हंसस्य स्त्री *(हाँसकी पत्नी)* हंस+ङीष्[३] (ई)= हंसी ।

शब्दार्थ- हाँसकी पत्नी, मादाहाँस, हाँसकी स्त्री, हंसिनी ।

हकारः (ना./पुं.) 'ह' यस्तो वर्णनिर्देशनमा 'ह' प्रातिपदिकवाट ह+कार[४]= हकार ।

शब्दार्थ- हअक्षर वा ध्वनि, उष्मवर्णको अन्तिम चौथो ध्वनि ।

हट्टः (ना./पुं.) हटन्ति अत्र *(सुशोभित हुन्छन्, जम्मा हुन्छन् यहाँ)* हट दीप्तौ (भ्वा.) धातु, हट्+त (वहुलप्रकारले), उणा., ष्टुत्व= हट्ट ।

शब्दार्थ- हाट, मेला, वजार, पसल, आपण ।

हट्टविलासिनी (ना./स्त्री.) हट्टे विलसितुं तच्छीला *(हाट बजारमा विलास गर्ने शील भएकी)* हट्ट उपपदमा हुने विपूर्वक लस श्लेषणक्रीडनयोः (भ्वा.) धातु, हट्ट+वि+लस्+णिनि[५] (इन्), वृद्धि, हट्टविलासिन्+ङीप्[६] (ई) =हट्टविलासिनी ।

शब्दार्थ- हाट बजारमा विलास वा क्रीडा गर्ने स्त्री, वेश्या, वाराङ्गना, रण्डी ।

हठः (ना./पुं.) हठनमिति *(हठ गर्नु)* हठ प्लुतिशठत्वयोः (भ्वा.) धातु, हठ्+घ[७] (अ)= हठ ।

प्रसभं तु बलत्कारो हठः- इत्यमरः

शब्दार्थ- जवर्जस्ती, बलप्रयोग, बलात्कार, हठयोग, जिद्दी, ढिपी, दृढप्रतिज्ञा, दुराग्रह, प्रसभ ।

हतः (वि.) हन्यते स्म इति *(आघात पुऱ्याइएको)* हन हिंसागत्योः (अदा.) धातु, हन्+क्त (त), अनुनासिक नलोप= हत ।

शब्दार्थ- मारिएको, वध गरिएको, प्रहार गरिएको, क्षति पुऱ्याइएको, आशा भग्न पारिएको, उत्साह हराएको

---

१. अन्येष्वपि दृश्यते : ड
२. वृतृवदिहनि... : स
३. पुंयोगादाख्यायाम् : ङीष्
४. वर्णात्कारः : कार
५. सुप्यजातौ... : णिनि
६. ऋन्नेभ्यो... : ङीप्
७. पुंसि संज्ञायाम्... : घ

हतकः (वि.) हत एव *(आशा भग्न भएको नै)* हत+कन् (क), स्वार्थमा= हतक ।

शब्दार्थ- दुःखी, निराश, मृत, मरेको, नीच, काँतर, अधम, दुष्ट, तुच्छ ।

हतचेतः/हतज्ञानः (वि.) हतं चेतः यस्य *(हराएको छ चित्त जसको)* हतं ज्ञानं यस्य *(नष्ट भएको छ ज्ञान जसको)* ब.स., हतचेतस्= हतचेतः/हतज्ञान ।

शब्दार्थ- सुद्धी हराएको, चेतनाहीन, वेहोस, चित्त ठेगानमा नभएको, चेत नभएको, होस गुमाएको, ज्ञान नभएको ।

हतप्रभः (वि.) हता प्रभा कान्तिर्यस्य *(जसको कान्ति क्षीण भएको छ)* ब.स., प्रभाको ह्रस्व= हतप्रभ ।

शब्दार्थ- कान्ति नष्ट भएको, श्रीहीन, छवि नभएको, शोभारहित ।

हतबुद्धिः (वि.) हता बुद्धिर्यस्य *(जसको बुद्धि हीन भएको छ)* ब.स.= हतबुद्धि ।

शब्दार्थ-वुद्धिरहित भएको, वुद्धिहीन, निर्बुद्धि, वुद्धिविहीन ।

हतभाग्यः (वि.) हतं भाग्यं यस्य *(भाग्य हीन भएको छ जसको)* ब.स.= हतभाग्य ।

शब्दार्थ- भाग्य नभएको, अभागी, भाग्यरहित, भाग्यविहीन ।

हतभागी (वि.) भजते इति *(भज्छ)* भज सेवायाम् (भ्वा.) धातु, भज्+घिनुण् (इन्), वृद्धि, भागिन् । हतः भागिन् *(भाग्य नभएको)* सुप्सुपा समास[1]= हतभागी ।

शब्दार्थ- भाग्य नभएको, भाग्यविहीन, अभागी ।

हतवीर्यः (वि.) हतं वीर्यं यस्य *(जसको पराक्रम क्षीण भएको छ)* ब.स.= हतवीर्य ।

शब्दार्थ- पराक्रम नभएको, शक्तिहीन, सामर्थ्यहीन ।

हतश्रीः (वि.) हता श्रीर्यस्य *(जसको शोभा नष्ट भएको छ)* ब.स.= हतश्री ।

शब्दार्थ- कान्ति वा चमक नभएको, प्रकाशहीन, श्रीहीन, फुङ्ग उडेको, सौन्दर्यहीन ।

हताशः (वि.) हता आशा यस्य *(जसको आशा मरिसकेको छ)* ब.स., ह्रस्व, दीर्घ= हताश ।

शब्दार्थ- आशा मरिसकेको, उत्साह नभएको, निराश भएको ।

हताहतः (वि.) हतश्च आहतश्च *(मारिएको र चोट पुऱ्याइएको)* द्व.स., दीर्घ= हताहत ।

शब्दार्थ- मारिएको र घाइते पारिएको, चोट पुऱ्याइएको ।

हतिः (ना./स्त्री.) हननम्, हन्यते इति वा *(मार्नु)* हन हिंसागत्योः (अदा.) धातु, हन्+क्तिन्[2] (ति), अनुनासिक नलोप= हति ।

शब्दार्थ- हत्या, वध, मार्ने काम, हननक्रिया, प्रहार, आघात, विनाश ।

हतोत्साहः (वि.) हतः उत्साहः यस्य *(जसको उत्साह मरिसकेको छ)* ब.स., गुण= हतोत्साह ।

शब्दार्थ-उत्साह हटिसकेको, जाँगर मरेको, हौसला सेलाएको ।

हतोत्साहितः (वि.) उत्साह्यते स्म इति *(उत्साहित पारिएको)* उत्पूर्वक षह मर्षणे (भ्वा./चुरा.) धातु, उत्+सह+णिचि, वृद्धि, उत्साहि+क्त (त), णिलोप, इडागम, उत्साहितः । हतः उत्साहितः *(उत्साह मारिएको)* सह सुपा समास, गुण= हतोत्साहित । अथवा हतोत्साहः सञ्जातः अस्य *(उत्साह मारिएको छ यसको)* हतोत्साह+इतच्[3] (इत)= हतोत्साहित ।

शब्दार्थ- उत्साह नष्ट पारिएको, जाँगर मारिएको, हतोत्साहित पारिएको, उत्साहरहित पारिएको ।

हत्या (ना./स्त्री.) हननमिति *(वध गरिन्छ)* हन हिंसागत्योः (अदा.) धातु, हन्+क्यप्[4] (य), भावमा, तकार अन्तादेश, हत्य+टाप् (आ)= हत्या ।

शब्दार्थ- वध, मार्ने काम, हिंसा, संहार, ठूल्ठूला हत्या (गोहत्या, भ्रूणहत्या, नरहत्या आदि) ।

हत्याकाण्डः (ना./पुं.) हत्यायाः काण्डः *(हत्याको प्रकरण)* ष.त.स.= हत्याकाण्ड ।

शब्दार्थ- हत्यासम्वन्धी क्रियाकलाप, हत्यासम्वन्धी काम कुरो, हत्याको प्रकरण ।

हननम् (ना./न.) हननमिति *(हत्या गरिन्छ)* हन हिंसागत्योः (अदा.) धातु, हन्+ल्युट् (अन)= हनन ।

शब्दार्थ-मार्ने काम, वध गर्ने क्रिया, हत्या, आघात, चोट ।

हननीयः (वि.) हन्तुं योग्यः *(वध गर्न योग्य वा लायक)* हन्+अनीय (र्)= हननीय ।

शब्दार्थ- मार्न योग्य, वध गर्न लायक ।

हनुः/हनू (ना./पुं./स्त्री.) हन्ति नरं *(मानिसलाई आघात गर्छ)* हन हिंसागत्योः (अदा.) धातु, हन्+उ[5] (उणा.) =हनु । स्त्रीत्व बुझाउँदा हन्+ऊङ्= हनू ।

हनुर्हट्टविलासिन्यां मृत्यावस्त्रे गदे स्त्रियाम्
द्वयोः कपोलावयवे- इति मेदिनी

शब्दार्थ- चिउँडो, च्यापु, स्नायु, मुखको तल्लो भाग, गालाको छेउ, आघात पार्ने काम, गदा, शस्त्र, वेश्या, रोग, मृत्यु ।

हनुमान् (ना./पुं.) हनुरस्यास्तीति *(फैलिएको ठूलो चिउँडो छ जसको)* हनु+मतुप् (मत्), हनुमत् = हनुमान् ।

शब्दार्थ- रामायणमा वर्णित रामभक्त एक शक्तिशाली वानर, वायुपुत्र, आञ्जनेय, महावीर, रामदूत, पराक्रमी ।

हन् (वि.) हन्तीति *(हत्या गर्छ)* हन हिंसागत्योः (अदा.) धातु, हन्+क्विप् (सर्वलोप)= हन् ।

शब्दार्थ- हत्या गर्ने, मार्ने ।

---

[1] सह सुपा : समास
[2] स्त्रियां क्तिन् : क्तिन्
[3] तदस्य सञ्जातम् : इतच्
[4] हनस्त च : क्यप्, तकारान्तदेश
[5] शृस्वृस्निहित्रप्यसि... : उ

हन्त (अव्य.) हन्तीति *(दुःख प्रकट गर्छ)* हन हिंसागत्योः (अदा.) धातु, हन्+त (बहुलप्रकारले), उणा.= हन्त ।

हन्त हर्षेऽनुकम्पायां वाक्यारम्भविषादयोः - इत्यमरः
हन्त वाक्यारम्भखेदविषादहर्षसम्भ्रमे- इति मेदिनी

शब्दार्थ- खेद, विषाद, हर्ष, वाक्यारम्भ, कृपा, हडवडी, सम्भ्रम ।

हन्ता (वि.) हन्तीति *(वध गर्छ)* हन हिंसागत्योः (अदा.) धातु, हन्+तृच्[1] (तृ), हन्तृ= हन्ता ।

शब्दार्थ- मार्ने, वध गर्ने, हत्यारा, हत्या गर्ने, आघात पुऱ्याउने, प्रहारकर्ता ।

हयः (ना./पुं.) हयति, हिनोति वेगेन अध्वानं गच्छतीति *(वेगले बाटो हिड्छ)* हय गतौ (भ्वा.) धातु, वा हि गतौ वृद्धौ च (स्वा.) धातु, हय्+अच् (पचादि)= हय ।

हि+अच् (पचादि), गुण, अयादेश= हय ।

शब्दार्थ- घोडा, अश्व, तुरग, इन्द्र, मघवा, देवराज ।

हयग्रीवः (ना./पुं.) हयस्य ग्रीवा इव ग्रीवा यस्य *(घोडाको घाँटी जस्तो घाँटी छ जसको)* ब.स., ह्रस्व=हयग्रीव ।

शब्दार्थ- विष्णुको एक अवतार, एक दानव ।

हरः (वि./ना./पुं.) हरतीति *(संहार गर्छ)* ह्रियते अनेन इति वा *(नाश गरिन्छ यिनबाट)* हृञ् हरणे (भ्वा.) धातु, हृ+अच् (पचादि/एरच्), गुण= हर ।

शब्दार्थ- नाश गर्ने, संहार गर्ने, शिव, शङ्कर, रुद्र, शम्भु, महेश्वर ।

हरणम् (ना./न.) ह्रियते इति *(हरण गरिन्छ)* हृञ् हरणे (भ्वा.) धातु, हृ+ल्युट् (अन), गुण, णत्व= हरण ।

शब्दार्थ- हरण गर्ने काम, जबर्जस्ती लिने काम, अपहरण, लुटपाट, हटाउने क्रिया ।

हरणीयः (वि.) हर्तुं योग्यः *(हरण गर्न लायक)* हृञ् हरणे (भ्वा.) धातु, हृ+अनीय (र्), गुण, णत्व= हरणीय ।

शब्दार्थ- हरण गर्न योग्य, हरण गर्नुपर्ने ।

हरिः (ना./पुं.) हरति पापम् *(पाप हरण गर्छन्)* हृञ् हरणे (भ्वा.) धातु, हृ+इ[2] (उणा.), गुण= हरि ।

हरिश्चन्द्रार्कवाताश्वशुकभेकयमाहिषु
कपौ सिंहे हरेऽजेंऽशौ शक्रे लोकान्तरे पुमान्
वाच्यवत् पिङ्गहरितोः- इति मेदिनी

शब्दार्थ- विष्णु, ईश्वर, सूर्य, चन्द्रमा, वायु, घोडा, सुगा, यमराज, सर्प, वानर, सिंह, भ्यागुतो, इन्द्र, कैलो र हरियो वर्ण ।

हरिकीर्तनम् (ना./न.) हरेः कीर्तनम् *(हरिको कीर्तन)* ष.त.स.= हरिकीर्तन ।

शब्दार्थ- हरिको भजनकीर्तन, हरिको गुणगान, हरिका नामको सङ्कीर्तन, हरिभजन ।

हरिचन्दनः (ना./पुं./न.) चन्दयतीति *(प्रफुल्लित पार्छ)* चदि आह्लादने (भ्वा.) धातु, नुम्, चन्द्+णिचि+ल्यु[3] (अन), णिलोप, चन्दनः । हरेश्चन्दनः *(इन्द्र वा देवताको चन्दन)* ष.त.स.= हरिचन्दन ।

हरिचन्दनमस्त्री स्याद् देवतानां महीरुहे
नपुंसकन्तु गोशीर्षे ज्योत्स्नाकुङ्कुमयोरपि- इति मेदिनी

शब्दार्थ- देववृक्ष, श्रीहरिको प्रियचन्दन, श्रीखण्डचन्दन, कुङ्कुम, चन्द्रकिरण, ज्योत्स्ना, केशर ।

हरिजनः (ना./पुं.) हरेर्जनः *(हरिको जन)* ष.त.स. =हरिजन ।

शब्दार्थ- हरिको भक्तजन, हरिको प्रियपात्र, पानी नचल्ने जातका मानिसलाई भनिने आदरसूचक शब्द ।

हरिणः (ना./पुं.) हरति आकर्षयति चेतः *(चित्त खिच्तछ)* हृञ् हरणे (भ्वा.) धातु, हृ+इनच्[4] (इन), उणा., गुण, णत्व= हरिण ।

हरिणः पाण्डुरः पाण्डुः
मृगे कुरङ्गवातायुर्हरिणाजिनयोनयः- इत्यमरः

शब्दार्थ- मृग, कुरङ्ग, मिर्ग, पहेंलो मिश्रित सेतो वर्ण ।

उदा. **नव हरिण सुनौला तेजिलो देखिंदामा**
लिन मनसुब ज्यादै जानकीको हुँदामा- आ.रा. ६/५६

हरिणगणः (ना./पुं.) हरिणानां गणः *(मृगहरूको गण)* ष.त.स.= हरिणगण ।

शब्दार्थ- मृगहरूको समूह, मृगहरूको वथान, हरिणवृन्द ।

उदा. **चारा छोडी हरिणगणले टोलिई हेर्न थाले- आ.रा. ७/३२**

हरिणाक्षी (ना./स्त्री.) हरिणस्य अक्षीणि इव अक्षीणि यस्याः *(हरिणका आँखा जस्ता आँखा छन् जुन स्त्रीका)* ब.स., हरिणाक्षि+ङीष्[5] (ई)= हरिणाक्षी ।

शब्दार्थ- हरिणका जस्तै सुन्दर आँखा भएकी स्त्री, मृगाक्षी, मृगनयनी ।

हरिणी (ना./स्त्री.) हरिणस्य स्त्री *(हरिणकी स्त्री)* हरिण+ङीष्[6] (ई)= हरिणी ।

अथवा 'हरित' शब्दवाट *(हरियो वर्णलाई बुझाउँदा)* हरित+ङीष्[7] (ई), तको न, णत्व= हरिणी ।

शब्दार्थ- हरिणकी पत्नी, मृगी, पोथी मृग, वार्णिक छन्दविशेष, हरियो वर्णको सुवर्ण-प्रतिमा ।

हरितः (वि./ना./पुं.) हरतीति *(हरण गर्छ)* हृञ् हरणे (भ्वा.) धातु, हृ+इतन्[8] (इत), उणा., गुण= हरित ।

शब्दार्थ- धेरै हरियो रङ भएको, हरियो वर्णको, दूबो, सिंह, सूर्यको घोडा ।

---

[1] ण्वुल्तृचौ : तृच्
[2] अच इः : इ
[3] नन्दिग्रहिपचादि... : ल्यु
[4] गास्त्याहृञ्विभ्य... : इनच्
[5] स्वाङ्गाच्चोपसर्जनात्... : ङीष्
[6] पुंयोगादाख्यायाम्... : ङीष्
[7] वर्णादनुदात्तात्... : ङीष्, तको न
[8] हृश्याभ्यामितन् : इतन्

हरित् (ना./पुं./स्त्री. हरन्तीति *(हरण गर्छन्, जबर्जस्ती लैजान्छन्)* हृञ् हरणे (भ्वा.) वा हृ प्रसह्यकरणे (जुहो.) धातु, हृ+इति[1] (इत्), उणा., गुण= हरित् ।

पालाशो हरितो हरित्- इत्यमरः

हरिद्दिशि स्त्रियां पुंसि हयवर्णविशेषयोः- इति मेदिनी

शब्दार्थ- आठवटा दिशा, सूर्यको घोडा, हरियो वर्ण ।

हरित्कणः (ना./पुं.) हरित् चासौ कणश्च *(हरियो कण)* क.त.स. वा ण हरितः कणः *(हरियो वर्णको कण)* ष.त.स.= हरित्कण ।

शब्दार्थ- हरियो घाँसपात, हरियो कण- यसले वोटविरुवालाई हरियो बनाइ राख्छ ।

हरितालम् (ना./न.) हरितेन अलति शोभते *(हरियो वर्णद्वारा सुशोभित हुन्छ)* हरित्पूर्वक अल भूषणपर्याप्तिवारणेषु (भ्वा.) धातु, हरित्+अल्+अच् (पचादि), दीर्घ= हरिताल ।

हरितालं धातुभेदे स्त्री दूर्वाऽकाशरेखयोः- इति मेदिनी

शब्दार्थ- दूवो, नीलो आकाश, रेखा, हरिताल, पहेंलो रङको खजिन धातुविशेष ।

हरित्रातः (वि.) हरिणा त्रातः *(हरिद्वारा रक्षा गरिएको)* तृ.त.स.= हरित्रात ।

शब्दार्थ- हरिद्वारा संरक्षित ।

हरिद्वारम् (ना./न.) हरेर्द्वारम् *(हरिमन्दिरको ढोका)* ष.त.स.= हरिद्वार ।

शब्दार्थ- भारतको एक प्रसिद्ध तीर्थस्थल, गङ्गाद्वार ।

हरिधाम (ना./न.) हरेर्धामन् *(हरिको धाम वा निवासस्थान)* ष.त.स.= हरिधाम ।

शब्दार्थ- वैकुण्ठलोक, भगवान् विष्णु निवास गर्ने लोक, देवमन्दिर ।

हरिप्रिया (ना./स्त्री.) हरेः प्रिया *(हरिकी प्रिया)* ष.त.स. =हरिप्रिया ।

शब्दार्थ- लक्ष्मी, विष्णुकी पत्नी कमला, तुलसी ।

हरिवोधिनी (ना./स्त्री.) हरिं बोधयितुं शीलमस्याः *(हरिलाई जागृत गराउने शील वा क्षमता छ यसको)* बुध अवगमने वा बुधिर् अवबोधने (भ्वा.) धातु, हरि+बुध्+णिचि+इनि (इन्), गुण, णिलोप, हरि+बोधिन्+ङीप् (ई)= हरिवोधिनी ।

शब्दार्थ- कार्तिकशुक्ल एकादशी, चतुर्मासा-समाप्ति पछि आउने ठूली एकादशी, भगवान् विष्णु शेषशयनवाट जाग्रत हुने एकादशीतिथि ।

हरिवंशः (ना./पुं.) हरेर्वंशः *(हरिको वंश)* ष.त.स.=हरिवंश ।

शब्दार्थ- श्रीकृष्णका सन्तान, श्रीकृष्णको वंश-परम्परा ।

हरिवासरः (ना./पुं.) हरेर्वासरः *(हरिको दिन)* ष.त.स. =हरिवासर ।

शब्दार्थ- एकादशी-तिथि, रविवार, श्रीहरिको दिन ।

हरिवाहनः (ना./पुं.) वाहयतीति *(लैजान्छ)* वह+णिचि, वृद्धि, वाहि+ल्यु (अन), णिलोप, वाहनः । हरेर्वाहनः *(विष्णुको वाहन)* ष.त.स. =हरिवाहन ।

शब्दार्थ- विष्णुको वाहन, गरुण, इन्द्र ।

हरिसङ्कीर्तनम् (ना./न.) हरेः हरिनाम्नः सङ्कीर्तनम् *(हरिका नामको सङ्कीर्तन)* ष.त.स.= हरिसङ्कीर्तन ।

शब्दार्थ- हरिको भजनकीर्तन, हरिको नामोच्चारण ।

हरिशयनी (ना./स्त्री.) हरेः शयनं यस्याम् *(हरिको शयन छ जहाँ)* ब.स., हरिशयन+ङीप् (ई)= हरिशयनी ।

शब्दार्थ- असारशुक्ल एकादशी, भगवान् विष्णु शेषशय्यामा शयन हुने एकादशी तिथि ।

हरिहरः (ना./पुं.) हरिश्च हरश्च *(हरि र हर)* द्व.स., हरिहरौ= हरिहर ।

अथवा हरिणा सह हरः *(हरिसहित हर (शिव)* सह सुपा समास= हरिहर ।

शब्दार्थ- विष्णु र शिव, विष्णु र शिवको संयुक्तस्वरूप, भजन गर्दा रहनीमा उच्चारण गरिने शब्द, संयुक्त हरिहर-मूर्ति ।

हर्तव्यः (वि.) हर्तुं योग्यः *(हरण गर्न योग्य)* हृञ् हरणे (भ्वा.) धातु, हृ+तव्यत् (तव्य), गुण= हर्तव्य ।

शब्दार्थ- हरण गर्न योग्य वा लायक, हरण गर्न उचित ।

हर्ता (वि.) हरतीति *(हरण गर्छ)* हृञ् हरणे (भ्वा.) धातु, हृ+तृच्[2] (तृ), हर्तृ= हर्ता ।

शब्दार्थ- हरण गर्ने, विनाश गर्ने ।

हर्म्यम् (ना./न.) हरति आकर्षयति चित्तम् *(चित्त खिच्दछ)* हृञ् हरणे (भ्वा.) धातु, हृ+यत्[3] (य), उणा., मुट्, गुण= हर्म्य ।

हर्म्यादि धनीनां वासः- इत्यमरः

शब्दार्थ- धनाढ्य व्यक्तिहरू वस्ने निवासस्थान, महल, वङ्गला ।

हर्षः (ना./पुं.) हर्षणम्, हृष्यते इति वा *(खुसी हुनु)* हृष तुष्टौ (दिवा.) धातु, हृष्+घञ् (अ), गुण= हर्ष ।

शब्दार्थ- खुसियाली, सुख, सन्तुष्टि, प्रसन्नता, आह्लाद ।

हर्षाश्रु (ना./न.) हर्षस्य अश्रु *(हर्षको आँसु)* ष.त.स., दीर्घ= हर्षाश्रु ।

शब्दार्थ- ज्यादा हर्ष हुँदा वहने आँसु, ज्यादा आनन्दवाट निस्कने आँसु ।

उदा. हर्षाश्रुको भल बगाउन भाग्य जाग्यो- आ.रा. १/५९

हर्षितः (वि.) हर्षः सञ्जातः अस्य *(हर्ष पैदा भएको छ यसको)* हर्ष+इतच् (इत)= हर्षित ।

शब्दार्थ- खुसी भएको, आनन्दले विभोर भएको, पुकलित, सन्तुष्ट, प्रसन्न ।

हलम् (ना./न.) हलतीति *(जोत्छ, कोर्छ)* हल विलेखने (भ्वा.) धातु, हल्+अच् (पचादि)= हल ।

शब्दार्थ- खेतवारी जोत्ने हलो, खेतवारी जोत्ने उपकरण वा यन्त्र ।

---

[1] हृसृरुहियुषिभ्य... : इति

[2] ण्वुल्तृचौ : तृच्

[3] अघ्न्यादयश्च : यत्, मुट्

हलधरः (ना./पुं.) हलं धरतीति *(हलो धारण गर्छन्)* हल उपपदमा हुने धृञ् धारणे (भ्वा.) धातु, हल+धृ+अच् (पचादि), गुण= हलधर ।

शब्दार्थ- हलो धारण गर्ने व्यक्ति, वलदेव, वलराम, हलो लिएर हिँड्ने हली, कृषक ।

हलन्तः (ना./पुं.) हल् हल्वर्णः अन्ते यस्य *(हल्वर्ण छ अन्तमा जसको, जुन शब्द वा प्रकरणको)* व.स. =हलन्त ।

शब्दार्थ- हल वा व्यञ्जन वर्ण अन्तमा हुने शव्द, जस्तै व्रह्मन्, भवान्, विद्वान् आदि ।

हलायुधः (ना./पुं.) हलमायुधं यस्य *(हलो छ हतियार जसको)* व.स., दीर्घ= हलायुध ।

शब्दार्थ- हलो नै मुख्य अस्त्र हुने कृष्णका दाजु वलराम, वलदेव, सङ्कर्षण ।

हलाहलः (ना./पुं.) हलतीति *(कोर्छ)* हल विलेखने (भ्वा.) धातु, हल्+अच् (पचादि), हलम् । हलमिव आसमन्तात् हलति कर्षति *(हलोझैं सबैतिरबाट खिच्तछ)* हल उपपदमा हुने आङ्पूर्वक हल विलेखने (भ्वा.) धातु, हल+आ+हल्+अच् (पचादि)=हलाहल ।

पुंसि क्लीवे च काकोलकालकूटहलाहलाः- इत्यमरः

शब्दार्थ- ज्यादै कडा विष, कालकूट, देवता र दानवले समुद्रमथन गर्दा निस्केको विष ।

हलिः (ना./पुं.)हलति कर्षति भूमिम् *(जमिन खिच्तछ)* हल विलेखने (भ्वा.) धातु, हल+इन् (इ), उणा. = हलि ।

शब्दार्थ- हलो, जमिन जोत्ने उपकरण वा साधन ।

हली (ना./पुं.) हलमस्यास्तीति *(हलो छ यिनको)* हल+ इनि[१] (इन्), हलिन्= हली ।

शब्दार्थ- हलो हातमा लिने वलराम, वलदेव, खेतवारीमा कमाइ लगाउन हलो जोत्ने मानिस, हली, हरुवा ।

हवः (ना./पुं.) जुहोति, हूयते अनेन इति वा *(हवन गर्छ वा गरिन्छ यसबाट)* हु दानादनयोः (जुहो.) धातु, हु+अच् (पचादि)/अप्[२] (अ), गुण, अवादेश= हव । अथवा ह्वानमिति **(आह्वान गरिन्छ)** ह्वेञ् स्पधार्यां शव्दे च (भ्वा.) धातु, आत्व, ह्वा+अप्[२] (अ), भावमा, सम्प्रसारणवाट वको उ, गुण, अवादेश= हव ।

आज्ञाह्वानाध्वरा हवः - इत्यमरः

शब्दार्थ- अग्निमा हवन गर्ने क्रिया, आहुति, हवन, यज्ञ, आवाहन, आज्ञा, आमन्त्रण ।

हवनम् (ना./न.) हवनम्, हूयते इति वा *(हवन गरिन्छ)* हु दानादनयोः (जुहो.) धातु, हु+ल्युट्[३] (अन), गुण, अवादेश= हवन ।

शब्दार्थ- अग्निमा आहुति दिने काम, यज्ञ, होम, आहुति, आवाहन ।

हवनीयः (वि.) होतुं योग्यः *(हवन गर्न योग्य वा लायक)* हु दानादनयोः (जुहो.) धातु, हु+अनीय (र्), गुण, अवादेश= हवनीय ।

शब्दार्थ- हवन गर्न योग्य वा लायक, आहुति दिनुपर्ने, अग्निमा होम गर्न उचित ।

हविस् (हविः) (ना./न.) हूयते इति *(हवन गरिन्छ)* हु दानादनयोः (जुहो.) धातु, हु+इसि[४] (इस्), उणा., गुण, अवादेश, हविस्= हवि ।

घृतमाज्यं हविः सर्पिः- इत्यमरः

शब्दार्थ- घिउ, आज्य, आहुति दिन योग्य द्रव्य, चरु, समिधा आदि हविविशेष ।

हविष्यम् (ना./न.) हविषे हितम् *(हवि दिन उपयुक्त)* हविस्+यत्[५] (य), षत्व= हविष्य ।

शब्दार्थ- आहुति दिन योग्य वस्तु (घिउ, चरु आदि), होम गर्न उपयुक्त द्रव्य, व्रतादिमा खानयोग्य पदार्थ ।

हविष्यान्नम् (ना./न.) हविष्याय अन्नम् *(हविष्यका लागि योग्य अन्न)* च.त.स., दीर्घ= हविष्यान्न । अथवा हविष्यञ्च तदनञ्च *(हविष्य अन्न)* क.त.स., दीर्घ= हविष्यान्न ।

शब्दार्थ-व्रत आदिमा खान उपयुक्त अन्न वा अन्य पदार्थ ।

हव्यः (वि./ना./पुं.) होतुं योग्यः, हूयन्ते देवाः अनेन इति वा *(हवन गर्न योग्य, यसद्वारा देवताहरूलाई आहुति दिइन्छ)* हु दानादनयोः (जुहो.) धातु, हु+यत्[६] (य), गुण, अवादेश= हव्य ।

शब्दार्थ- देवतालाई आहुति दिन योग्य, हवन गर्नुपर्ने, हवनीय पदार्थ (घिउ, चरु आदि द्रव्य) ।

हव्यकव्यम् (ना./न.) हूयन्ते देवाः, कूयते पितृभ्यः अनेन *(देवता र पितृहरूलाई आहुति दिइन्छ यसबाट)* हु दानादनयोः (जुहो.) वा कु शब्दे (अदा.) धातु, हु+यत्/कु+यत् (य), गुण, अवादेश[७], हव्यम्/कव्यम् । हव्यञ्च कव्यञ्च *(हव्य र कव्य)* द्व.स.= हव्यकव्य ।

शब्दार्थ- देवता र पितृलाई आहुति दिने द्रव्य- (घिउ, चरु, तिल, जौ, पिण्ड, पायस आदि) ।

हव्यपाकः (ना./पुं.) पच्यते इति *(पकाइन्छ)* डुपचष् पाके (भ्वा.) धातु, पच्+घञ् (अ), वृद्धि, कुत्व, पाकः । हव्यञ्च तत् पाकश्च *(हव्य र पाकपदार्थ)* द्व.स. =हव्यपाक ।

अथवा हव्यस्य पाकः*(हव्यको पाक)* ष.त.स.= हव्यपाक ।

हव्यपाके चरुः पुमान्- इत्यमरः

शब्दार्थ- हवनीय द्रव्य- घिउ, चरु, पायश, समिधा आदि ।

---

[१] अत इनिठनौ : इनि

[२] भावेऽनुपसर्गस्य : अप्

[३] ल्युट् च : ल्युट्

[४] अर्चिशुचिहुसृपि... : इसि

[५] तस्मै हितम् : यत्

[६] अचो यत् : यत्

[७] वान्तो यि प्रत्यये : अवादेश

हव्यवाहनः (ना./पुं.) हव्यं वाहयतीति *(हवनीय द्रव्य वा आहुति लैजान्छ)* हव्यपूर्वक वह प्रापणे (भ्वा.) धातु, हव्य+वह्+णिचि+ल्यु (अन), दीर्घ, णिलोप=हव्यवाहन

शब्दार्थ- हवन गरिएको वस्तु वा आहुति लैजाने अग्नि, वन्हि, पावक, वैश्वानर ।

हसः (ना./पुं.) हसनम्, हस्यते इति वा *(हाँस्नु)* हसे हसने (भ्वा.) धातु, हस्+अप्[1] (अ)= हस ।

शब्दार्थ-हाँस्ने काम, हास, हाँसो, उपहास, आमोदप्रमोद ।

हसनम् (ना./न.) हसनम्, हस्यते इति वा *(हाँसिन्छ)* हसे हसने (भ्वा.) धातु, हस्+ल्युट् (अन)= हसन ।

शब्दार्थ- हाँस्ने क्रिया, हाँसो, अट्टहास, हँसाइ ।

हसितः (वि.) हसते स्म इति *(हाँसेको)* हसे हसने (भ्वा.) धातु, हस्+क्त[2] (त), कर्तामा, इडागम= हसित ।

शब्दार्थ- हाँसेको, उपहास गरेको, विकसित, प्रफुल्लित ।

हसितम् (ना./न.) हसनमिति *(हाँस्नु)* हसे हसने (भ्वा.) धातु, हस्+क्त[3] (त), भावमा= हसित ।

शब्दार्थ- अट्टहास, मन्दहाँसो ।

हस्तः (ना./पुं.) हसति विकसतीति *(विकसित हुन्छ),* हसे हसने (भ्वा.) धातु, हस्+तन्[4] (त), उणा.= हस्त ।

प्रकोष्ठे विस्तृतकरे हस्तः- इत्यमरः
पाशः पक्षश्च हस्तश्च कलापार्थाः कचात्परे- इत्यमरः
हस्तः करे करिकरे सप्रकोष्ठकरेऽपि च
ऋक्षे केशात्परो व्राते- इति मेदिनी

शब्दार्थ- शरीरको अवयव, हात, पाणि, कर, भुजा, वाहु, एक हातको परिमाण वा नाप, हात्तीको सुँड, हस्तानक्षत्र, केशपाश, केशसमूह ।

हस्तकला (ना./स्त्री.) हस्तयोः कला *(हातको कला वा सीप)* ष.त.स.= हस्तकला ।

शब्दार्थ- हातको सीप, हातले गर्ने काम, सीपविशेष ।

हस्तक्षेपः (ना./पुं.) हस्तयोः क्षेपः *(हातको दखल)* ष.त.स.= हस्तक्षेप ।

शब्दार्थ- अवरोध, अर्काको कामकुरामा दखल ।

हस्तगतः (वि.) हस्तं गतः *(हातमा परेको)* वा हस्ताद् गतः *(हातबाट गएको)* द्वि.त.स./प.त.स.=हस्तगत ।

शब्दार्थ- हातमा परेको, आफ्नो अधीनमा आएको, हातवाट उम्केको ।

हस्तमात्रः (वि.) हस्तः प्रमाणमस्य *(एक हातको प्रमाण छ यसको)* हस्त+मात्रच्[5] (मात्र)= हस्तमात्र ।

शब्दार्थ- एक हातको प्रमाण भएको ।

हस्तमुद्रा (ना./स्त्री.) हस्तयोर्मुद्रा *(हातको मुद्रा)* ष.त.स.= हस्तमुद्रा ।

शब्दार्थ- सन्ध्यावन्दन आदिमा गरिने हातको मुद्रा, नृत्यकला आदिमा हाउभाउ प्रकट गर्ने मुद्रा ।

हस्तमैथुनम् (ना./न.) हस्तेन हस्ताभ्यां वा मैथुनम् *(हातद्वारा गरिने मैथुन)* तृ.त.स.= हस्तमैथुन ।

शब्दार्थ- हातद्वारा पुरुष वा स्त्रीको गुप्तेन्द्रिय घर्पण गर्ने क्रिया ।

हस्तरेखा (ना./स्त्री.) हस्तयोर्रेखा *(हातको रेखा)* ष.त.स. = हस्तरेखा ।

शब्दार्थ- हत्केला र हातका औंलाका रेखा ।

द्रष्टव्य- **सामुद्रिक हस्तरेखासम्बन्धी विद्याले** हातका **रेखाहरूबाट शुभाशुभ फल बताउने गर्छ।**

हस्तलिखितम् (ना./न.) हस्तेन लिखितम् *(हातद्वारा लेखिएको)* तृ.त.स.= हस्तलिखित ।

शब्दार्थ- हातले लेखेको ।

हस्तलिपिः (ना./स्त्री.) हस्तयोः लिपिः *(हातको लिपि वा लेखोट)* ष.त.स.= हस्तलिपि ।

शब्दार्थ- हातको लिपि, पाण्डुलिपि, हातको लेखोट ।

हस्ताक्षरम् (ना./न.) हस्तयोरक्षरम् *(हातको अक्षर वा सही)* ष.त.स., दीर्घ= हस्ताक्षर ।

शब्दार्थ-हातको सही वा दस्तखत, पाण्डुलिपि, हस्तलिपि ।

हस्ताक्षरितः (वि.) हस्ताभ्यामक्षरितः *(हातद्वारा लेखिएको)* तृ.त.स., दीर्घ= हस्ताक्षरित ।

अथवा हस्ताक्षरं सञ्जातमस्य *(हस्ताक्षर भएको छ यसको)* हस्ताक्षर+इतच् (इत), दीर्घ= हस्ताक्षरित ।

शब्दार्थ- हातद्वारा लेखिएको, हातले सही गरेको, हस्ताक्षर गरिएको ।

हस्तान्तरः (ना./पुं.) अन्तं रातीति *(अन्त हुन्छ)* अन्तपूर्वक रा दाने (अदा.) धातु, अन्त+रा+क[6] (अ), आलोप, अन्तर ।

अथवा अन्तः इव आचरति *(अन्त भएझैं आचरण गर्छ)* अन्तर् अव्यय शब्दवाट क्विप् (सर्वलोप), अन्तर् (नामधातु) । अन्तरतीति *(अन्तरभाव हुन्छ)* अन्तर्+अच् (पचादि), अन्तरः । हस्ताभ्याम् अन्तरः *(हातद्वार समर्पण गर्ने काम)* तृ.त.स.= हस्तान्तर ।

शब्दार्थ- कुनै सामग्री अरूलाई दिने काम, हस्तान्तरण गर्ने काम, हातद्वारा दिने काम, जिम्मेवारी सुम्पने काम ।

हस्तान्तरणम् (ना./न.) अन्तः इवाचरति *(अन्त भएझैं आचरण गर्छ)* अन्तर् यस अव्यय शब्दवाट क्विप् (सर्वलोप), अन्तर् । अन्तर्यते इति *(अन्तरभाव हुनु)* अन्तर् यस नामधातुवाट अन्तर्+ल्युट् (अन), णत्व, अन्तरणम् । हस्ताभ्यामन्तरणम् *(हातले दिएको)* तृ.त.स., दीर्घ= हस्तान्तरण ।

शब्दार्थ- कुनै वस्तु अर्कोलाई दिने वा सुम्पने काम, विक्रीवितरण ।

---

१. स्वन-हसोर्वा : अप्
२. गत्यर्थाकर्मक... : क्त
३. नपुंसके भावे... : क्त
४. हसिमृग्रिण्वा : तन्
५. प्रमाणेद्वयसज् : मात्रच्
६. आतोऽनुपसर्गे... : क

हस्तान्तरितः (वि.) अन्तः ईयते स्म इति *(दिलैदेखि प्रदान गरिन्छ)* अन्तर्पूर्वक इण् गतौ (अदा.) धातु, अन्तर्+इ+क्त (त), अन्तरित ।

अथवा अन्तः इव आचरति *(अन्त भएझैं आचरण गर्छ)* अन्तर् अव्ययशब्दवाट क्विप् (सर्वलोप), अन्तर् (नामधातु) । अन्तर्यते स्म इति *(अन्तर्भाव भएको, सुम्पिएको)* अन्तर्+क्त (त), इडागम, अन्तरितः । हस्ताभ्यामन्तरितः *(दुवै हातले सुम्पिएको)* तृ.त.स., दीर्घ= हस्तान्तरित ।

शब्दार्थ- कुनै वस्तु अरूलाई दिइएको, हस्तान्तरण गरिएको, वेचविखन गरिएको ।

हस्तिनी (ना./स्त्री.) हस्तः शुण्डादण्डः अस्याः अस्तीति *(यो ढोईको सुँड छ)* हस्त+इनि[1] (इन्), हस्तिन्+ङीप् (ई)= हस्तिनी ।

शब्दार्थ- पोथी हात्ती, ढोई, कामशास्त्रमा वर्णित चार प्रकारका नायिकामध्ये एक, यौनेच्छा ज्यादा हुने स्त्री ।

हस्तिपादः (वि./ना./पुं.) हस्तिनः पादौ इव, पादौ यस्य *(हातीको पाउँझैं पाउ छ जसको)* ब.स.=हस्तिपाद ।

अथवा हस्तिनः पादः *(हात्तीको पाउ)* ष.त.स. =हस्तिपाद ।

शब्दार्थ- हात्तीको पाउ जस्तो पाउ भएको, हात्तीको पाउ, हात्तीका खुट्टा ।

हस्तिमदः (ना./पुं.) हस्तिनः मदः *(हात्तीको मद)* ष.त.स. =हस्तिमद ।

शब्दार्थ- हात्तीको मद ।

हस्ती (ना./पुं.) हस्तः शुण्डादण्डः अस्ति अस्य *(सुँड छ यसको)* हस्त+इनि[1] (इन्), हस्तिन्= हस्ती ।

शब्दार्थ- हात्ती, गज, कुञ्जर, करि ।

हस्त्यारोहः (वि.) हस्तिनमारोहति *(हात्ती चढ्छ)* हस्तिन् उपपदमा हुने आङ्पूर्वक रुह बीजजन्मनि प्रादुर्भावे च (भ्वा.) धातु, हस्तिन्+आ+रुह्+अण्[2] (अ), नलोप, यण्, रुहको गुण= हस्त्यारोह ।

शब्दार्थ- हात्तीमा चढ्ने, हस्त्यारोही, गजारोही ।

हस्त्यारोही (वि.) हस्तिनमारोढुं शीलमस्य *(हात्ती चढ्ने शील छ यसको)* हस्तिन् उपपदमा हुने आङ्पूर्वक रुह बीजजन्मनि प्रादुर्भावे च (भ्वा.) धातु, हस्तिन्+आ+रुह्+णिनि (इन्), नलोप, यण्, गुण, हस्त्यारोहिन्= हस्त्यारोही ।

शब्दार्थ- हात्तीमा सवार हुने, हात्ती चढ्ने, गजारोही ।

हा (अव्य.) जहातीति *(दुःख प्रकट गर्छ)* ओहाक् त्यागे (जुहो.) धातु, हा+क्विप् (सर्वलोप)= हा ।

हा विषादे च शोके च कुत्सा दुःखार्थयोरपि- इति मेदिनी

शब्दार्थ-विषाद, शोक, निन्दा, दुःख आदि प्रकट गर्ने अव्यय ।

हानिः (ना./स्त्री.) जहातीति *(त्यागछ)* ओहाक् त्यागे (जुहो.) धातु, हा+नि (उणा.)= हानि ।

अथवा हानमिति *(त्याग गरिन्छ)* ओहाक् त्यागे (जुहो.) धातु, हा+क्तिन् (ति), तको न= हानि ।

शब्दार्थ- नोक्सान, घाटा, अर्कोलाई दुःख दिने काम, अर्कोलाई नराम्रो लाग्ने काम, परित्याग, क्षति ।

हायनः (ना./पुं.) जहातीति *(त्यागछ)* ओहाक् त्यागे (जुहो.) धातु, हा+ण्युट्[3] (अन), युक्= हायन ।

शब्दार्थ- वर्ष, संवत्सर, अब्द, रश्मि, धान्यविशेष ।

हारः (ना./पुं./वि.) ह्रियते चित्तमनेन *(चित्त यसबाट आकर्षित गरिन्छ)* हृञ् हरणे (भ्वा.) धातु, हृ+घञ्[4] (अ), वृद्धि= हार ।

हरति मनः *(मन हरण गर्छ)* हृ+ण (अ), वृद्धि= हार ।

शब्दार्थ- मन हरण गर्ने क्रिया, मुक्तावली, मोतीको हार, रत्नमाला, गलामा लगाउने सिकी, हरण गर्ने ।

हारकः (वि./ना./पुं.) हरतीति *(हरण गर्छ)* हृञ् हरणे (भ्वा.) धातु, हृ+ण्वुल्[5] (अक), वृद्धि= हारक ।

शब्दार्थ- हरण गर्ने, चोर्ने, लुट्ने, लुटेरा, हार ।

हारितः (वि./ना./पुं.) हार्यते स्म इति *(चोराइएको)* हृञ् हरणे (भ्वा.) धातु, हृ+णिचि, वृद्धि, हारि+क्त (त), इडागम, णिलोप= हारित ।

शब्दार्थ- चोराइएको, हरण गराइएको, पक्राइएको, सुगा ।

हारी (वि.) हारः अस्ति अस्य *(हार छ यसको)* हार+इनि[6] (इन्), हारिन्= हारी ।

अवश्यं हरतीति *(अवश्य हरण गर्छ)* हृ+णिनि (इन्), वृद्धि= हारी ।

शब्दार्थ- हार पहिरने, हरण गर्ने, लुट्ने, चोरी गर्ने ।

हार्दम् (ना./न./वि.) हृदयस्य भावः कर्म *(हृदयको भाव र कर्म)* वा हृदयस्य इदम् *(हृदयको यो)* हृदय+अण्[7] (अ), हृदयको हृदादेश[8], हृद्को आदिवृद्धि= हार्द ।

प्रेमा ना प्रियता हार्दम्- इत्यमरः

शब्दार्थ-प्रेम, स्नेह, प्रियता, अनुराग, आकर्षक, मनमोहक ।

द्रष्टव्य- **अमर्षशून्येन जनस्य जन्तुना न जातहार्देन न विद्विषादरः- कि.रा. १/३३**

हार्दिकः (वि.) हृदयादागतः *(हृदयबाट आएको)* हृदयस्य अयम् *(हृदयको यो)* हृदय+ठक्[9] (इक), हृदयको हृदादेश, हृद्को आदिवृद्धि, हार्द इक= हार्दिक ।

शब्दार्थ- हृदयदेखि आएको, हृदयगत, हृदयदेखि निष्पन्न, हृदयवाट स्वतः निस्केको, हार्दिक (अनुरोध) ।

हार्यः (वि.) हर्तुं योग्यः, ह्रियते इति वा *(हरण गर्न योग्य)* हृञ् हरणे (भ्वा.) धातु, हृ+ण्यत्[10] (य), वृद्धि= हार्य ।

शब्दार्थ- हरण गर्न योग्य, चोर्न लायक ।

---

1. हस्ताज्जातौ : इनि
२. कर्मण्यण् : अण्
३. हश्च ब्रीहिकालयोः : ण्युट्
४. अकर्तरि च कारके/हलश्च : घञ्
५. ण्वुल्तृचौ : ण्वुल्
६. अत इनिठनौ : इनि
७. हायनान्तयुवादिभ्योऽण्/तस्येदम् : अण्
८. हृदयस्य हृल्लेख : हृदादेश
९. ठगायस्थानेभ्य : ठक्
१०. ऋहलोर्ण्यत् : ण्यत्

हाला (ना./स्त्री.) हल्यते कृष्यते चित्तमनया *(चित्त खिच्छ यसले)* हल विलेखने (भ्वा.) धातु, हल्+घञ् (अ), वृद्धि, हाल+टाप् (आ)= हाला ।

सुरा हलिप्रिया हाला- इत्यमरः

शब्दार्थ- मदिरा, मद्य, सुरा, रक्सी, जाँड आदि ।

हावः (ना./पुं.) ह्वानमिति *(आह्वान गरिन्छ)* ह्वेञ् स्पर्धायां शब्दे च (भ्वा.) धातु, आत्व, ह्वा+घञ्[1] (अ), सम्प्रसारणबाट वको उ, वृद्धि, आवादेश= हाव ।

अथवा हूयते अनेन *(हवन गरिन्छ यसबाट)* हु दानादनयोः (जुहो.) धातु, हु+घञ् (अ), वृद्धि, आवादेश = हाव ।

हेला लीलेत्यमी हावाः क्रियाः शृङ्गारभावजाः- इत्यमरः

शब्दार्थ- स्त्रीहरूको हाउभाउ, कटाक्ष-प्रदर्शन, शारीरिक चेष्टा, स्त्रीहरूको रत्यात्मक भावप्रदर्शन, स्त्रीहरूको शृङ्गार भावजन्यक्रिया, आमन्त्रण, बोलाहट, हवनक्रिया ।

हासः (ना./पुं.) हसनम्, हस्यते इति *(हाँस्नु)* हसे हसने (भ्वा.) धातु, हस्+घञ्[2] (अ), वृद्धि= हास ।

शब्दार्थ- हास्यरस, हास्यरसको स्थायीभाव, हाँसो, हाँस्ने क्रिया, उपहास, परिहास, ठट्टा ।

हास्तिकः (वि./ना./पुं.) हस्तिना चरति *(हात्तीद्वारा विचरण गर्छ)* हस्तिन्+ठक्[3] (इक),आदिवृद्धि, नलोप=हास्तिक ।

अथवा हस्तिनां समूहः *(हात्तीको समूह)* हस्तिन्+ठक्[4] (इक)= हास्तिक ।

शब्दार्थ- हात्तीमा बसेर हिँड्ने, हात्तीमा सवार भई विचरण गर्ने, हात्तीको समुदाय, हस्तिवृन्द ।

हास्यम् (वि./ना./न.) हसितुं योग्यः *(हास्न लायक)* हसे हसने (भ्वा.) धातु, हस्+ण्यत्[5] (य), वृद्धि= हास्य ।

अथो हसः । हासो हास्यं च- इत्यमरः

शब्दार्थ- हाँस्न लायक वा हाँस्न योग्य, उपहास गर्न उचित, हास्यरस, हाँसो ।

***उदा.* हाँसो छ मानिस सबै पशुझैँ विचित्र-**
नवरस, हास्यरस ११३

हास्यजनकः (वि.) हास्यं जनयतीति *(हाँसो पैदा गर्छ)* हास्य उपपदपूर्वक जनी प्रादुर्भावे (दिवा.) धातु, हास्य+जन्+ण्वुल् (अक), वृद्धिनिषेध[6]= हास्यजनक ।

शब्दार्थ- हाँसो पैदा गर्ने, हाँस उठ्दो ।

हास्यरसः (ना./पुं.) हास्यश्चासौ रसश्च *(हास्य-रस)* क.त.स.= हास्यरस ।

शब्दार्थ- साहित्यिक नौवटा रसहरूमध्ये एक, हास स्थायिभाव हुने रस ।

हास्यव्यङ्गम् (ना./न.) हास्यञ्च व्यङ्गञ्च *(हास्य र व्यङ्ग्य)* द्व.स.= हास्यव्यङ्ग ।

शब्दार्थ-हास्य र व्यङ्ग्य, हँसाउने र घोचपेच गर्ने काम ।

हास्यास्पदः (वि.) आपद्यते अस्मिन् *(रहन्छ यसमा)* आङ्पूर्वक पद गतौ (दिवा.) धातु, आ+पद्+अच् (पचादि)/घञ् (अ), सुट्निपातन, आस्पदः । हास्यस्य आस्पदः *(हाँसो पैदा हुने)* ष.त.स., दीर्घ= हास्यास्पद ।

शब्दार्थ- हाँसो पैदा हुने, हाँस उठ्ने, लाजमर्दो ।

हाहाकारः (ना./पुं.) 'हाहा' इति अव्यक्तशब्दस्य कारः *('हाहा' भन्ने अव्यक्त शब्द उच्चारण गरिन्छ)* ष.त.स. =हाहाकार ।

शब्दार्थ- 'हाहा' यस्तो अव्यक्त शब्द व्यक्त गर्ने काम, आर्तनाद ।

हिंसकः (वि.) हिनस्ति, हिंसयति, हिंसतीति वा *(हिंसा गर्छ)* हिसि हिंसायाम् (रुधा./चुरा.) धातु, नुम्, हिंस्+वुञ्[7] (अक)= हिंसक ।

शब्दार्थ- हिंसा गर्ने, वध गर्ने, हत्यारा, हानि गर्ने, क्षति पुऱ्याउने, हिंस्रक (पशु) ।

हिंसा (ना./स्त्री.) हिंसनमिति *(हिंसा गरिन्छ)* हिसि हिंसायाम् (रुधा./चुरा.) धातु, नुम्, हिंस्+अ[8]+टाप् (आ)= हिंसा ।

हिंसा चौर्यादिकर्म- इत्यमरः

हिंसा चौर्यादिघातयोः- इति मेदिनी

शब्दार्थ- मार्ने काम, वध, हत्या, हानि गर्ने वा क्षति पुऱ्याउने काम, चोरी कर्म, अपहरण ।

हिंसात्मकः (वि.) हिंसा आत्मा यस्य *(हिंसा नै मुख्य छ जसको)* हिंसा+आत्मन्, ब.स., दीर्घ, हिंसात्मन्+कप् (क), समासान्त, नलोप, दीर्घ= हिंसात्मक ।

शब्दार्थ- हिंसा मुख्य हुने, हिंसाको भावना भएको ।

***उदा.* लोहाको झूलभित्र बसीकन**
हिंसात्मक साम्यवाद बाँची रह्यो- आगो र पानी २/६

हिंसालुः (वि.) हिनस्ति, हिंसतीति *(हिंसा गर्छ)* हिसि हिंसायाम् (रुधा./चुरा.) धातु, नुम्, हिंस्+आलुच् (आलु)= हिंसालु ।

शब्दार्थ- हिंसा गर्ने, मार्ने, वध गर्ने, हत्या गर्ने, हिंस्रक, घातक, हानिकारक ।

हिंस्यः (वि.) हिंसितुं योग्यः *(हिंसा गर्न योग्य)* हिसि हिंसायाम् (रुधा./चुरा.) धातु, नुम्, हिंस्+ण्यत् (य) =हिंस्य ।

शब्दार्थ- हिंसा गर्न योग्य वा लायक, वध गर्नुपर्ने, मार्नुपर्ने, मार्न उचित ।

हिंस्रः/हिंस्रकः (वि./ना./पुं.) हिनस्ति, हिंसयति तच्छीलः, हिंसतीति वा *(हिंसा गर्न निपुण छ)* हिसि हिंसायाम् (रुधा./ चुरा.) धातु, नुम्, हिंस+र[9]= हिंस्र ।

हिंस्र एव *(हिंसक नै)* हिंस्र+कन् (क), स्वार्थमा=हिंस्रक ।

शब्दार्थ- हिंसा गर्ने, मार्ने, वध गर्ने, घातक, हानिकारक, पीडादायक, हिंसा गर्ने, हिंस्रक जन्तु वा जनावर ।

---

[1] हलश्च : घञ्

[2] भावे/अर्कतरि च कारके : घञ्

[3] चरति : ठक्

[4] अचित्तं हस्ति : ठक्

[5] ऋहलोर्ण्यत् : ण्यत्

[6] जनिवध्योश्च : वृद्धिनिषेध

[7] निन्दाहिंसक्लिशखाद : वुञ्

[8] गुरोश्च हलः : अ

[9] नमिकम्पिस्म्यजसक...: र

हितम् (ना./न./वि.) धीयते स्म इति *(धारण गरिएको)* डुधाञ् धारणपोषणयोः (जुहो.) धातु, धा+क्त (त), धाको हि आदेश[1]= हित ।

वा हि गतौ वृद्धौ च (स्वा.) धातु, हि+क्त (त)=हित ।

शब्दार्थ- उपकार, असल हुने काम, कल्याण, लाभ, राखिएको, राम्रो गरिएको, लाभदायक, उचित ।

***द्रष्टव्य-* हितं मनोहारि च दुर्लभं वचः- किरा. १/४**

हितकरः/हितकारकः/हितकारी (वि.) हितं करोतीति *(हित गर्छ)* हितपूर्वमा हुने डुकृञ् करणे (तना.) धातु, हित+कृ+ट[2] (अ), गुण= हितकर ।

हित+कृ+ण्वुल्[3] (अक), वृद्धि= हितकारक ।

हित+कृ+णिनि (इन्), वृद्धि, हितकारिन्= हितकारी ।

शब्दार्थ- हित गर्ने, कल्याण गर्ने, भलाइ गर्ने,. भलो चिताउने, अनुकूल काम गर्ने, मङ्गलदायक, कल्याणकारक ।

हितचिन्तकः (वि.) हितं चिन्तयतीति *(हित चिताउँछ)* हितपूर्वक चिति स्मृत्यम् (चुरा.) धातु, नुम्, हित+चिन्त+ण्वुल् (अक)= हितचिन्तक ।

शब्दार्थ- हित चिताउने, भलाइ गर्ने, हितेच्छु, हितैषी, भलो चाहने ।

हितार्थम् (ना./न.) धीयते स्म इति *(धारण गरिएको)* डुधाञ् धारणपोषणयोः (जुहो.) धातु, धा+क्त (त), धाको 'हि' आदेश, हितम् । हिताय इदम् *(हितको लागि यो)* अस्वपदविग्रह, हित+अर्थम्, च.त.स.[4], दीर्घ, हितार्थम्= हितार्थ ।

शब्दार्थ- हितका लागि, कल्याणको लागि, भलाइ हुने कामका लागि ।

हितेच्छु/हितेच्छुकः (वि.) हितस्य इच्छुः/ हितस्य इच्छुकः *(हितको इच्छा गर्ने)* ष.त.स.[5], गुण= हितेच्छु/ हितेच्छुक ।

शब्दार्थ-भलो चाहने, हित चिताउने, हितैषी, शुभेच्छुक ।

हितैषी (वि.) हितम् एषितुं शीलमस्य *(हित चाहने शील छ यसको)* हितपूर्वक इषु इच्छायाम् (तुदा.) धातु, हित+इष्+णिनि[6] (इन्), इषको गुण, वृद्धि, हितैषिन् =हितैषी ।

शब्दार्थ- हित चाहने, भलो गर्ने, कल्याण गर्ने, हितेच्छु ।

हितोपदेशः (ना./पुं.) हितानामुपदेशः *(हित हुने कुराको उपदेश)* ष.त.स., गुण= हितोपदेश ।

शब्दार्थ- हित वा भलाइ हुने कुराको उपदेश, अर्ती ।

हिन्दुः (ना./पुं.) हीनं दूषयतीति *(हीन वा छुद्र व्यक्तिलाई दोष थुपार्छ)* दुष वैकृत्ये (दिवा.) धातु, हीन+दुष्+डु (उ), टिलोप, पृषोदरादिबाट हीनका अकारको लोप, हीको ह्रस्व= हिन्दु ।

शब्दार्थ- एक जातिविशेष, हिन्दुधर्म मान्ने जाति ।

हिमम् (ना./न./वि.) हन्ति उष्माणम् *(गर्मीपनको नाश गर्छ, घस्रन्छ)* हन हिंसागत्योः (अदा.) धातु, हन्+मक्[7] (म), धातुको 'हि' आदेश= हिम ।

अथवा हिनोतीति *(वृद्धि हुन्छ, घस्रन्छ)* हि गतौ वृद्धौ च (स्वा.) धातु, हि+मन्[8] (म)= हिम ।

तुषारस्तुहिनं हिमम्- इत्यमरः

तुषारः शीतलः शीतो हिमः सप्तान्यलिङ्गकाः- इत्यमरः

शब्दार्थ- हिमाल, हिउँ, तुषारो, शीत, जाडो, चिसो, शीतल, ठण्डा, ओसिलो ।

हिमकणः (ना./पुं.) हिमस्य कणः *(हिउँको कण)* ष.त.स. =हिमकण ।

शब्दार्थ- हिउँको कण, शीतकण, पानीको थोपा, तुसाराको विन्दु ।

हिमगिरिः (ना./पुं.) हिमं प्रधानं यत्र, हिमप्रधानः । हिमप्रधानश्चासौ गिरिश्च *(हिउँ मुख्य भएको पहाड)* क.त.स., उ.प.लोप= हिमगिरि ।

शब्दार्थ- हिउँ हिउँले ढाकिएको पहाड, हिमपर्वत ।

हिमनदः (ना./पुं.) हिमस्य नदः *(हिउँको नद (खोलो)* ष.त.स.= हिमनद ।

शब्दार्थ- हिउँ पग्लेर वनेको नदी वा खोला, हिउँसमेत वग्ने नद ।

हिमनदी (ना./स्त्री.) हिमस्य नदी *(हिउँको नदी)* ष.त.स. =हिमनदी ।

शब्दार्थ- हिउँ पग्लेर वगेको नदी, हिमनद ।

हिमपातः (ना./पुं.) हिमस्य पातः *(हिउँको खस्ने क्रिया)* ष.त.स.= हिमपात ।

शब्दार्थ- हिउँ ज्यादा खस्ने काम, हिउँको पतन, हिउँ वर्सने क्रिया ।

हिममानवः (ना./पुं.) हिमेषु मानवः *(हिमालमा हुने मानव)* स.त.स.= हिममानव ।

शब्दार्थ- हिमालमा पाइने मानव, यति, हिउँमा बस्ने मानव जस्तै जीव ।

हिमरेखा (ना./स्त्री.) हिमस्य रेखा *(हिउँको रेखा वा सीमा)* ष.त.स.= हिमरेखा ।

शब्दार्थ- वाह्रैं महिना हिउँ जमिरहने जमिनको सीमा वा रेखा ।

हिमवत् (हिमवान्) (ना./पुं.) हिममस्ति अस्मिन् *(हिउँ छ यहाँ)* हिम+मतुप्[9] (मत्), मको व=हिमवत् (हिमवान्) ।

शब्दार्थ- हिमालय पर्वत, हिउँ भएको पहाड ।

हिमशिखरः (ना./पुं.) हिमस्य शिखरः *(हिउँको शिखर)* ष.त.स.= हिमशिखर ।

शब्दार्थ- हिउँको चुचुरो, हिमचुली ।

---

[1] दधातेर्हिः : हि आदेश

[2] कृञो हेतु-ताच्छील्या... : ट

[3] ण्वुल्तृचौ : ण्वुल्

[4] अर्थेन नित्यसमास... : च.त.स.

[5] कृद्योगा च षष्ठी... (वा) : ष.त.स.

[6] सुप्यजातौ : णिनि

[7] हन्तेर्हि च : मक्, हि आदेश

[8] सर्वधातुभ्य... : मन्

[9] तदस्यास्त्यस्मिन्... : मतुप्

हिमशिला (ना./स्त्री.) हिमस्य शिला *(हिउँको शिला)* ष.त.स.= हिमशिला ।

शब्दार्थ- हिउँ जमेको ढिका, हिउँको डल्लो, वरफ ।

हिमशृङ्खला (ना./स्त्री.) हिमस्य शृङ्खला *(हिमालयको शृङ्खला)* ष.त.स.= हिमशृङ्खला ।

शब्दार्थ- हिमालको श्रेणी वा पङ्क्ति वा माला ।

हिमशैलः (ना./पुं.) हिमस्य शैलः *(हिउँको पर्वत)* ष.त.स. = हिमशैल ।

शब्दार्थ- हिमालय पर्वत, हिउँ जमेको पहाड ।

हिमसंहतिः (ना./स्त्री.) हिमानां संहतिः *(हिउँको थुप्रो)* ष.त.स.= हिमसंहति ।

शब्दार्थ- हिउँको थुप्रो, हिउँको समूह, हिउँको रास, हिमानी ।

हिमांशुः (ना./पुं.) हिमाः अंशवः यस्य *(शीतल किरणहरू छन् जसको)* हिम+अंशु, ब.स., दीर्घ= हिमांशु ।

शब्दार्थ- चन्द्र, चन्द्रमा, इन्द्र, कपुर ।

हिमाचलः (ना./पुं.) हिमानामचलः *(हिउँको पहाड)* हिम +अचल, ष.त.स., दीर्घ= हिमाचल ।

शब्दार्थ- हिमालय पर्वत, हिमाद्रि, हिउँ जमेको पहाड ।

***उदा.* हिमाचल नदीरूप पुत्रीलाई घमाघम**
यथेच्छ दिन लाग्यो कि पेवाको रूपमा हिम- ऋ.वि.(शि वि.)

हिमाच्छादितः (वि.) हिमैराच्छादितः *(हिउँले ढाकिएको)* तृ.त.स., दीर्घ= हिमाच्छादित ।

शब्दार्थ- हिउँले ढाकिएको, हिउँले भरिएको, हिउँले परिपूर्ण ।

हिमाद्रिः (ना./पुं.) हिमानामद्रिः *(हिउँको पहाड)* ष.त.स., दीर्घ= हिमाद्रि ।

अथवा हिमेन पूर्णः, हिमपूर्णः । हिमपूर्णश्चासौ अद्रिश्च *(हिउँले भरिएको पहाड)* क.त.स., उ.प.लोप, दीर्घ= हिमाद्रि ।

शब्दार्थ- हिउँको पहाड, हिमाल, हिमाचल ।

हिमानी (ना./स्त्री.) महद्धिमम् *(धेरै हिउँ)* हिम+ङीष् (ई), आनुक्, दीर्घ= हिमानी ।

हिमानी हिमसंहतिः - इत्यमरः

शब्दार्थ- हिउँको रास वा थुप्रो, हिउँको समूह, हिमसौन्दर्य, हिमसंहति ।

हिमालयः (ना./पुं.) हिमानामालयः *(हिउँको घर)* ष.त.स., दीर्घ= हिमालय ।

शब्दार्थ- हिमालय पहाड, हिउँले ढाकेको पर्वतमाला, हिमाल ।

हिरणम् (ना./न.) ह्रियते हरति वा चित्तम् *(चित्त हरण गर्नु वा हरण गर्छ)* हृञ् हरणे (भ्वा.) धातु हृ+ल्युट् (अन), गुण, पृषोदरादिबाट हृको इत्व= हिरण ।

शब्दार्थ- सुन, सुवर्ण, हेम, कनक, काञ्चन ।

हिरण्मयः (वि.) हिरणस्य विकारः *(सुनको विकार)* हिरण+मयट्[1] (मय), अकारलोप= हिरण्मय ।

शब्दार्थ- सुवर्णमय, स्वर्णखचित, सुनबाट निर्मित, सुनौलो, सुनैसुनको ।

हिरण्मयी (ना./स्त्री.) हिरणस्य विकारः *(सुनको विकार)* हिरण+मयट् (मय), अकारलोप, हिरण्मय+ङीप् (ई) =हिरण्मयी ।

शब्दार्थ- सुनै सुन जडेको भूमि, स्वर्णखचित भूभाग ।

हिरण्यम् (ना./न.) हर्यतीति *(चम्कन्छ)* हर्य गतिकान्त्योः (भ्वा.) धातु, हर्य्+कन्यन्[2] (अन्य), उणा., धातुको हिर् आदेश, णत्व= हिरण्य ।

हिरण्यं द्रविणं द्युम्नमर्थरैविभवा अपि-
स्वर्णं सुवर्णं कनकं हिरण्यं हेम हाटकम्- इत्यमरः

शब्दार्थ- सुन, सुवर्ण, काञ्चन, हेम ।

हिरण्यकः (ना./पुं.) हिरण्ये कामः *(सुन, वैभव आदिमा कामना वा अभिलाषा)* हिरण्य+कन् (क)= हिरण्यक ।

शब्दार्थ- तेज, वैभव, प्रकाश, धनको अभिलाषा ।

हिरण्यगर्भः (ना./पुं.) हिरण्यं हिरण्मयाण्डं गर्भः उत्पत्ति स्थानमस्य *(हिरण्मय अण्ड नै उत्पत्ति स्थान छ जसको)* ब.स.= हिरण्यगर्भ ।

शब्दार्थ- हिरण्यगर्भ ब्रह्मा, प्रजापति, शालिग्राम, विष्णु ।

***द्रष्टव्य-* हिरण्यगर्भः समवर्ततताग्रे- ऋ.वे १०/१२१/१**

हिरण्यरेताः (ना./पुं.) हिरण्यं रेताः अस्य *(हिरण्मय तेज छ यिनको)* ब.स., हिरण्यरेतस्= हिरण्यरेता ।

शब्दार्थ- सुवर्णमय तेज हुने- अग्नि, सूर्य, शिव ।

हीनः (वि.) हीयते स्म इति *(त्यागिएको)* ओहाक् त्यागे (जुहो.) धातु, हा+क्त (त), हाको ईत्व[3], निष्ठा तको न[4]= हीन ।

शब्दार्थ- त्यागिएको, परित्यक्त, रहित, नीच, छुद्र, भ्रष्ट, वञ्चित, निन्दनीय ।

हीनता (ना./स्त्री.) हीनस्य भावः *(हीन हुनाको भाव वा अवस्था)* हीन+तल् (त)+टाप् (आ)= हीनता ।

शब्दार्थ- हीन हुनाको अवस्था, छुद्रता, नीचता, न्यूनता ।

हीनत्वम् (ना./न.) हीनस्य भावः *(हीन हुनाको भाव वा अवस्था)* हीन+त्व= हीनत्व ।

शब्दार्थ- हीनता, हीन हुनाको स्थिति, छुद्रपना, नीचभाव ।

हीनबुद्धिः (वि.) हीना बुद्धिर्यस्य *(हीन छ बुद्धि जसको)* ब.स., हीनाको ह्रस्व= हीनबुद्धि ।

शब्दार्थ- बुद्धि नभएको, निर्बुद्धि, मतिहीन, बुद्धिरहित ।

हीनभावना (ना./स्त्री.) हीना चासौ भावना च *(हीनभाव)* क.त.स.= हीनभावना ।

शब्दार्थ- हीनता वोध, हीनभावना पैदा हुने काम ।

हीनमतिः (वि.) हीना मतिर्यस्य *(हीन छ बुद्धि जसको)* ब.स., हीनाका आको ह्रस्व= हीनमति ।

शब्दार्थ- मतिहीन भएको, बुद्धिरहित, बुद्धिहीन, मूर्ख ।

---

१. मयड्वैतयो... : मयट् २. हर्यतेः कन्यन्... : कन्यन्/हिर् आदेश ३. घुमास्थागापा... : ईत्व ४. ओदितश्च : तको न

हीरकः (ना./पुं.) हरति मनः *(मन आकर्षण गर्छ)* हृञ् हरणे (भ्वा.) धातु, हृ+क[1] (अ), पृषोदरादिवाट हृको हीरनिपातन, हीरः । हीरः एव *(हीरा नै)* हीर+कन्[2] (क)= हीरक ।

शब्दार्थ- हार, मूल्यवान् रत्न, हीरा, जन्म वा स्थापनाको साठी वर्षमा मनाइने उत्सव ।

हुतः (वि.) हूयते स्म इति *(हवन गरिएको)* हु दानादनयोः (जुहो.) धातु, हु+क्त (त)= हुत ।

शब्दार्थ- होम गरिएको, अग्निमा हवन गरिएको, आहुति दिइएको ।

हुतभुक् (ना./पुं.) हुतं होमद्रव्यं हविर्भुङ्क्ते इति *(होम गरेको पदार्थ वा हवि उपभोग गर्छ)* हुतपूर्वमा हुने भुज पालनाभ्यवहारयोः (रुधा.) धातु, भुत+भुज्+क्विप्[3] (सर्वलोप), कुत्व= हुतभुक् ।

शब्दार्थ-अग्नि, हवन गरेको पदार्थ उपभोग गर्ने वन्हि ।

हुतवहः (ना./पुं.) हुतं वहतीति *(हवनद्रव्य वहन गर्छ)* हुतपूर्वमा हुने वह प्रापणे (भ्वा.) धातु, हुत+वह्+अच् (पचादि)= हुतवह ।

अथवा हुतस्य वहः *(हवन गरेको पदार्थ वहन गर्ने)* ष.त.स.= हुतवह ।

शब्दार्थ-हवन या आहुति वहन गर्ने अग्नि, वन्हि, आगो ।

हुताशः (ना./पुं.) हुतं अश्नातीति *(हवन गरेको हवि खान्छ)* हुतपूर्वमा हुने अश भोजने (क्र्या.) धातु, हुत+अश्+अच् (पचादि), दीर्घ= हुताश ।

शब्दार्थ- अग्नि, आगो, वन्हि ।

हुताशनः (ना./पुं.) हुतम् अशनं यस्य *(हवन गरेको पदार्थ भोजन छ जसको)* ब.स., दीर्घ= हुताशन ।

शब्दार्थ- आहुति दिएको पदार्थ भोग गर्ने अग्नि, आगो, वन्हि ।

हुतिः (ना./स्त्री.) हूयते इति *(हवन गरिन्छ)* हु दानादनयोः (जुहो.) धातु, हु+क्तिन् (ति)= हुति ।

शब्दार्थ- हवन गर्ने काम, आहुति दिने क्रिया ।

हूतः (वि.) हूयते स्म इति *(आमन्त्रण गरिएको)* ह्वेञ् स्पधार्यां शब्दे च (भ्वा.) धातु, ह्वा+क्त (त), सम्प्रसारणवाट वको उ, दीर्घ= हूत ।

शब्दार्थ- वोलाइएको, निमन्त्रण गरिएको, आमन्त्रित ।

हूतिः (ना./स्त्री.) ह्वानम्, हूयते इति *(वोलाइन्छ)* ह्वेञ् स्पधार्यां शब्दे च (भ्वा.) धातु, ह्वा+क्तिन् (ति), सम्प्रसारणवाट वको उ, दीर्घ= हूति ।

शब्दार्थ- वोलाउने काम, निमन्त्रणा, आमन्त्रण ।

हृतः (वि.) ह्रियते स्म इति *(हरण गरिएको)* हृञ् हरणे (भ्वा.) धातु, हृ+क्त (त)= हृत ।

शब्दार्थ- अपहरण गरिएको, लुटिएको, हरण गरिएको, मुग्ध पारिएको, लट्ठ्याइएको ।

हृतिः (ना./स्त्री.) ह्रियते इति *(हरण गरिन्छ)* हृञ् हरणे (भ्वा.) धातु, हृ+क्तिन् (ति)= हृति ।

शब्दार्थ- अपहरण गर्ने क्रिया, चोरी, हरण गर्ने काम, लुट्ने काम, विनाश ।

हृत्कम्पः (ना./पुं.) हृदः कम्पः *(हृदयको कम्पन)* ष.त.स. =हृत्कम्प ।

शब्दार्थ- हृदयको कम्पन, मुटु हल्लने काम, मुटुको गति चाँडो चल्ने काम ।

हृत्केन्द्रम् (ना./न.) हृदः केन्द्रम् *(हृदयको केन्द्र)* ष.त.स. =हृत्केन्द्र ।

शब्दार्थ- हृदयको केन्द्र वा मध्यभाग, हृदयको वीचभाग ।

हृद् (ना./न.) हरतीति *(हरण गर्छ)* हृञ् हरणे (भ्वा.) धातु, हृ+क्विप्, तुगागम[4], क्विप्को सर्वलोप, जश्त्व =हृद् ।

स्वान्तं हृन्मानसं मनः- इत्यमरः

शब्दार्थ- चित्त, हृदय, मन ।

हृदयम् (ना./न.) हरति, ह्रियते विषयैरिति *(विषयवासनाले चित्त हरण गर्छ)* हृञ् हरणे (भ्वा.) धातु, हृ+कयन्[5] (अय), उणा., दुगागम= हृदय ।

शब्दार्थ- मन, चित्त, चेत, हृदयकमल, अन्तरात्मा, वक्षस्थल, अन्तःकरण ।

हृदयग्रन्थिः (ना./पुं.) हृदयस्य ग्रन्थिः *(हृदयको ग्रन्थि)* ष.त.स.= हृदयग्रन्थि ।

शब्दार्थ- हृदयको गाँठो ।

***द्रष्टव्य-* भिद्यते हृदयग्रन्थिश्छिद्यन्ते सर्वसंशयाः-मु.उप. २/२/८**

हृदयग्राही (वि.) हृदयं गृह्णातीति *(हृदयलाई छुन्छ)* हृदय उपपदमा हुने ग्रह उपादाने (क्र्या.) धातु, हृदय+ग्रह+णिनि (इन्), हृदयग्राहिन्= हृदयग्राही ।

शब्दार्थ- हृदयलाई स्पर्श गर्ने, हृदयलाई खिच्न सक्ने, हृदयलाई आकृष्ट पार्ने ।

हृदयङ्गमः (वि.) हृदयं गच्छतीति *(हृदयमा पुग्छ)* हृदय उपपदमा हुने गम्लृ गतौ (भ्वा.) धातु, हृदय+गम्+खच्[6] (अ), मुमागम[7], परसवर्ण= हृदयङ्गम ।

शब्दार्थ- हृदयमा भिजेको, चित्तले ठम्याउन सकेको, हृदयस्पर्शी ।

हृदयदाही (वि.) हृदयं दहतीति *(हृदय दहन गर्छ)* वा हृदयं दग्धुं शीलमस्य *(हृदय दहन गर्ने शील छ यसको)* हृदयपूर्वक दह भष्मीकरणे (भ्वा.) धातु, हृदय+दह्+णिनि[8] (इन्), वृद्धि, हृदयदाहिन् =हृदयदाही ।

शब्दार्थ- हृदयमा ताप पैदा गर्ने, हृदयमा जलन पैदा गर्ने, हृदय जलाउने ।

---

[1] इगुपधज्ञा... : क

[2] धनहिरण्यात्कामे... : कन्

[3] अन्येभ्योऽपि दृश्यते : क्विप्

[4] ह्रस्वस्य पिति कृति... : तुक्

[5] वृन्होः षुक्दुकौ च : कयन्, दुक् आदेश

[6] गमश्च : खच्

[7] अरुर्द्विषद्... : मुम्

[8] नन्दिग्रहिपचादिभ्य.../सुप्यजातौ : णिनि

हृदयदौर्बल्यम् (ना./न.) दुर्बलस्य भावः *(दुर्बल हुनाको भाव वा अवस्था)* दुर्बल+ष्यञ् (य), आदिवृद्धि, दौर्बल्यम् । हृदयस्य दौर्बल्यम् *(हृदयको दुर्बलता)* ष.त.स.= हृदयदौर्बल्य ।

शब्दार्थ- चित्तको दुर्वलता, मनको अस्थिरता, हृदयको कमजोरीपन ।

उदा. पाप हृदय दौर्बल्य हो- आगो र पानी १/२४

हृदयरोगः (ना./पुं.) हृदयस्य रोगः *(हृदयको रोग)* ष.त.स. =हृदयरोग ।

शब्दार्थ- मुटुसम्बन्धी रोग, हृदयमा लाग्ने रोग, हृद्रोग ।

हृदयवान् (वि.) प्रशस्तं हृदयमस्य *(असल वा विशाल हृदय छ यसको)* हृदय+मतुप् (मत्), मको व, हृदयवत्= हृदयवान् ।

शब्दार्थ- असल दिलको, कोमल हृदय भएको, उदार मन भएको, विशाल हृदय भएको ।

हृदयविदारकः (वि.) हृदयं विदारयतीति *(हृदय चिरा पार्छ)* हृदय उपपदमा हुने विपूर्वक दृ विदारणे (क्र्या.) धातु, हृदय+वि+दृ+णिचि+ण्वुल् (अक), वृद्धि, णिलोप =हृदयविदारक ।

शब्दार्थ- चित्तलाई विखण्डित पार्ने, हृदयलाई छिया-छिया पार्ने, अत्यन्त पीडादायी, दुःखदायक, पीडाजनक ।

हृदयशोकः/हृच्छोकः (ना./पुं.) हृदयस्य शोकः *(हृदयको शोक)* ष.त.स., हृदयको विकल्पले हृदादेश[1], श्चुत्व, छत्व= हृच्छोक ।

हृदादेशको अभावमा= हृदयशोक ।

शब्दार्थ- हृदयको शोक, चित्तमा पर्ने आघात ।

हृदयस्पर्शी (वि.) हृदयं स्पृशति तच्छीलः *(हृदय छुने शील छ)* हृदयपूर्वक स्पृश संस्पर्शने (तुदा.) धातु, हृदय+स्पृश्+णिनि[2] (इन्), गुण, हृदयस्पर्शिन्= हृदयस्पर्शी ।

शब्दार्थ- हृदयलाई लट्ठ पार्ने, हृदयलाई मुग्ध पार्ने, मन लोभ्याउने, हृदय छुने ।

हृदयहारी (वि.) हृदयं हर्तुं शीलमस्य *(हृदयलाई आकर्षित पार्ने शील छ यसको)* हृदयपूर्वक हृञ् हरणे (भ्वा.) धातु, हृदय+हृ+णिनि[2] (इन्), वृद्धि, हृदयहारिन् =हृदयहारी ।

शब्दार्थ- हृदयलाई आकर्षित पार्ने, हृदयलाई मुग्ध पार्ने ।

हृदयहीनः (वि.) हृदयेन हीनः *(असल हृदयले रहित)* तृ.त.स.= हृदयहीन ।

शब्दार्थ- कोमल भाव नभएको, कठोर हृदयको, निठुरी, दया वा करुणा नभएको ।

हृदयालुः/हृदयिकः/हृदयी (वि.) प्रशस्तं हृदयमस्य *(राम्रो वा असल हृदय छ यसको)* हृदय+आलुच्[3] (आलु), दीर्घ= हृदयालु ।

हृदय+ठन्[4] (इक), अकारलोप= हृदयिक ।

हृदय+इनि[4] (इन्), अकारलोप, हृदयिन्= हृदयी ।

शब्दार्थ- राम्रो हृदय भएको, असल हृदय भएको, सहृदय, राम्रो स्वभावको, असल दिलको ।

हृदयेशः/हृदयेश्वरः (ना./पुं.) हृदयस्य ईशः/हृदयस्य ईश्वरः *(हृदयको स्वामी वा ईश्वर)* ष.त.स., गुण =हृदयेश/हृदयेश्वर ।

शब्दार्थ- प्राणनाथ, प्रियतम, पति वा स्वामी ।

हृदयेश्वरी (ना./स्त्री.) हृदयस्य ईश्वरी *(हृदयकी ईश्वरी वा मालिक्नी)* ष.त.स., गुण= हृदयेश्वरी ।

शब्दार्थ- हृदयकी स्वामिनी, पत्नी, प्राणप्रिया, प्रेमिका ।

हृदाकाशः (ना./पुं.) हृदेव आकाशः *(मनरूपी आकाश)* म.व्य.स.= हृदाकाश ।

शब्दार्थ- हृदयरूपी आकाश ।

हृदिस्पृक् (वि.) हृदि स्पृशतीति *(हृदयमा छुन्छ)* सप्तम्यन्त हृदि उपपदमा हुने स्पृश संस्पर्शने (तुदा.) धातु, हृदि +स्पृश्+क्विन् (सर्वलोप), कुत्व, सप्तमीको अलुक् = हृदिस्पृक् ।

शब्दार्थ- हृदय छुने, हृदय स्पर्श गर्ने ।

हृद्गतः (वि.) हृदि गतः वा हृदं गतः *(हृदयमा घुसेको)* स.त.स./द्वि.त.स.= हृद्गत ।

शब्दार्थ-हृदयमा भिजेको, हृदयमा रहेको, हृदयमा घुसेको ।

हृद्यः (वि.) हृदयस्य प्रियः *(हृदयको प्रिय)* हृदय+यत्[5] (य), हृदयको हृदादेश[6]= हृद्य ।

अभीष्टेऽभीप्सितं हृद्यं दयितं वल्लभं प्रियम्- इत्यमरः

शब्दार्थ- हृदयको प्यारो, ज्यादा मनपरेको, अभीष्ट, प्रिय, वल्लभ, सुन्दर, मनोहर, मीठो, हृदयसम्बन्धी ।

हृषितः (वि.) हृष्यति स्म इति *(सन्तुष्ट भएको)* हृष तुष्टौ (दिवा.) धातु, हृष्+क्त (त), इडागम= हृषित ।

शब्दार्थ- खुसी भएको, प्रसन्न, प्रफुल्लित, हर्षित, रोमाञ्चित ।

हृषीकम् (ना./न.) हृष्यन्ति अनेन इति *(सन्तुष्ट हुन्छन् यसबाट)* हृष तुष्टौ (दिवा.) वा हृषु अलीके (भ्वा.) धातु, हृष्+ईकन्[7] (ईक), उणा.= हृषीक ।

हृषीकं विषयीन्द्रियम्- इत्यमरः

शब्दार्थ- इन्द्रियहरू, रूप, रस, गन्धस्पर्शादि पाँचवटा ज्ञानेन्द्रियहरू, हस्तपादादि पाँचवटा कर्मेन्द्रियहरू ।

हृषीकेशः (ना./पुं.) हृषीकाणाम् इन्द्रियाणाम् ईशः *(इन्द्रियहरूका स्वामी)* ष.त.स., गुण= हृषीकेश ।

दामोदरो हृषीकेशः केशवो माधवः स्वभूः- इत्यमरः

शब्दार्थ- इन्द्रियहरूका अधिपति विष्णु, दामोदर, केशव, गोविन्द, कृष्ण ।

द्रष्टव्य- **ऋषीकाणीन्द्रियाण्याहुस्तेषामीशो यतो भवान् ।**

---

१. वा शोक... : हृदयको हृदादेश

२. सुप्यजातौ... : णिनि

३. हृदयाच्चालुरन्यतरस्याम् (वा.) : आलुच्

४. अत इनिठनौ : ठन्/इनि

५. हृदयस्य प्रिय : यत्

६. हृदयस्य हृल्लेख : हृदादेश

७. अनिहृषिभ्यां किच्च : ईकन्

हृष्टः (वि.) हर्षति स्म, हृष्यति स्म इति वा *(प्रसन्न भएको)* हृषु अलीके (भ्वा.) वा हृष तुष्टौ (दिवा.) धातु, हृष्+क्त (त), ष्टुत्व, तको ट= हृष्ट ।

शब्दार्थ- खुसी भएको, प्रसन्न, सन्तुष्ट, तृप्त, हर्षित ।

हृष्टमानसः (वि.) हृष्टं मानसं यस्य *(प्रसन्न छ मन जसको)* ब.स.= हृष्टमानस ।

शब्दार्थ- प्रसन्न चित्त भएको, खुसी मन भएको, हर्षित मन भएको ।

हेतिः (ना./स्त्री.) हन्यते अनया *(काटिन्छ यसबाट)* हन हिंसागत्योः (अदा.) वा हिनोति व्याप्नोतीति *(बढ्छ, फैलिन्छ)* हि गतौ वृद्धौ च (स्वा.) धातु, हन्/हि+क्तिन्[१] (ति), धातुको एत्वनिपातन[१]= हेति ।

हेतिः स्यादायुधंज्वालासूर्यतेजःसु योषिति- इति मेदिनी
वह्नेर्द्वयोर्ज्वालकीलावर्चिर्हेतिः शिखा स्त्रियाम्- इत्यमरः

शब्दार्थ- शस्त्र, अस्त्र, हातहतियार, अग्निको ज्वाला, सूर्यको तेज वा प्रकाश, सूर्यकिरण, आभा, योषित् ।

हेतुः (ना./पुं.) हिनोति व्याप्नोतीति *(ढाक्छ)* हि गतौ वृद्धौ च (स्वा.) धातु, हि+तुन्[२] (तु), उणा.= हेतु ।

हेतुर्ना कारणं बीजम्- इत्यमरः

शब्दार्थ- कारण, निमित्त, उद्देश्य, तात्पर्य, प्रयोजन, अभिप्राय, मूल हेतु वा बीज, कारणस्वरूप परमेश्वर ।

हेतुमत् (वि.) हेतुरस्ति अस्य *(कारण छ यसको)* हेतु+मतुप् (मत्)= हेतुमत् ।

शब्दार्थ- कारणयुक्त, हेतु भएको ।

हेत्वाभासः (ना./पुं.) हेतुरिव आभासते *(कारणझैं आभास हुन्छ)* भासृ दीप्तौ (भ्वा.) धातु, हेतु+आ+भास्+अच् (पचादि), यण्= हेत्वाभास ।

शब्दार्थ- हेत्वाभास-सम्वन्धी एक नैयायिक मत, हेतुको आभास झल्कने एक न्यायदर्शनसम्वन्धी सिद्धान्त ।

हेम (ना./न.) हिनोति गच्छति *(चलायमान हुन्छ, फैलन्छ)* हि गतौ वृद्धौ च (स्वा.) धातु, हि+मनिन्[३] (मन्), गुण, हेमन्= हेम ।

स्वर्णं सुवर्णं कनकं हिरण्यं हेम हाटकम्- इत्यमरः

शब्दार्थ- सुन, स्वर्ण, सुवर्ण, काञ्चन, कनक, हिरण्य ।

हेमकारः (ना./पुं.) हेम करोतीति *(सुनको काम गर्छ)* हेम उपपदमा हुने डुकृञ् करणे (तना.) धातु, हेम+कृ+अण्[४] (अ), वृद्धि= हेमकार ।

शब्दार्थ-सुवर्णकार, सुनार, सुन बनाउने वाणा, स्वर्णकार ।

हेमकूटः (ना./पुं.) हेम्नः सुवर्णस्य कूटः राशिः *(सुनको राशि वा थुप्रो)* ष.त.स.= हेमकूट ।

अथवा हेममयः कूटः यस्य *(स्वर्णमय शिखर छ जसको)* ब.स.= हेमकूट ।

शब्दार्थ- स्वर्णमय शिखर भएको पर्वतको प्रकार जस्तैः- हेमकूट, चित्रकूट, मलयाचल, मैनाक आदि ।

हेमन्तः (ना./पुं.) हन्ति लोकान् शैत्येन *(चिसोले मानिसलाई विनाश गर्छ)* हन हिंसागत्योः (अदा.) धातु, हन्+झच्[५] (अन्त), उणा., धातुको 'हि' आदेश[५], गुण, मुटागम= हेमन्त ।

शब्दार्थ- छवटा ऋतुहरूमध्ये एक, मार्ग र पुस महिनामा पर्ने ऋतु, जाडोको याम ।

हेमपीठम् (ना./न.) हेम्नः पीठम् *(सुनको पीठ वा आसन)* ष.त.स.= हेमपीठ ।

शब्दार्थ- सुनको आसन, स्वर्णासन, सुवर्ण-पीठ ।

हेमाद्रिः (ना./पुं.) हेम्नः अद्रिः *(सुनको पर्वत)* हेमन्+अद्रि, ष.त.स., नलोप, दीर्घ= हेमाद्रि ।

अथवा हेममयश्चासौ अद्रिश्च *(स्वर्णमय पहाड)* प.त.स., उ.प.लोप, दीर्घ= हेमाद्रि ।

मेरुः सुमेरुर्हेमाद्री रत्नसानुः सुरालयः - इत्यमरः

शब्दार्थ- मेरुपर्वत, सुमेरुपर्वत, सुरालय ।

हेयः (वि.) हातुं योग्यः *(त्याग्न लायक)* ओहाक् त्यागे (जुहो.) धातु, हा+यत्[६] (य), हाको ईत्व[७], गुण= हेय ।

शब्दार्थ- त्याग्न योग्य वा लायक, छाड्नुपर्ने, परित्याज्य ।

हेरम्बः (ना./पुं.) 'हे' शिवे कल्याणे मङ्गले वा रम्बते इति *(शिवजीमा, कल्याण वा मङ्गलकार्यमा संलग्न रहन्छन्)* सप्तम्यन्त 'हे' उपपदमा हुने रबि शव्दे (भ्वा.) धातु, नुम्, हे+रम्व्+अच् (पचादि), हेको अलुक्[८]= हेरम्ब ।

अप्येकदन्त-हेरम्ब-लम्बोदर-गजाननाः- इत्यमरः
हेरम्बो विघ्नराजे स्यान्महिषे शौर्यगर्विते- इति मेदिनी

शब्दार्थ- गणेश, विनायक, लम्वोदर, गजानन, शूरताले उन्मत्त भएको व्यक्ति, राँगो ।

हेला (ना./स्त्री.) हेलनमिति *(अनादर गरिन्छ)* हिल भावकरणे (तुदा.) वा हेडृ अनादरे (भ्वा.) धातु, हिल्+घञ् (अ), गुण, हेल+टाप् (आ)= हेला ।

अथवा हेड्+घञ् (अ), ड र लमा अभेदसम्वन्ध हुँनाले डध्वनि लमा परिवर्तन भई, हेल+टाप् (आ)= हेला ।

हेला स्त्रियामवज्ञायां विलासे वारयोषिताम्- इति मेदिनी
प्रौढेच्छा सुरते हेला ।

शब्दार्थ- तिरस्कार, अनादर, अपमान, अवज्ञा, उपेक्षा, रतिक्रीडाको इच्छा, प्रेमालिङ्गन, वेश्या स्त्रीहरूको विलासक्रिया, स्त्रीहरूको शृङ्गारजन्य चेष्टा, हावभाव-कटाक्ष, विलास-क्रीडा ।

हैमः (वि.) हेम्नः विकारः *(सुनको विकार)* हेम्नः अयम् *(सुनको यो)* हेमन्+अण्[९] (अ), आदिवृद्धि, नलोप=हैम ।

---

[१] ऊतियूतिजूति...: क्तिन्, धातुको एत्व निपातन
[२] कमिमनिजनि... : तुन्
[३] सर्वधातुभ्यः... : मनिन्
[४] कर्मण्यण् : अण्
[५] हन्तेर्मुट् हि च : झच्, हि आदेश
[६] अचो यत् : यत्
[७] ईद्यति : ईत्
[८] तत्पुरुषे... : हेको अलुक्
[९] तस्य विकार.../तस्येदम् : अण्

अथवा हिमस्य अयम् *(हिउँको यो)* हिम+अण् (अ), आदिवृद्धि= हैम ।

शब्दार्थ- सुनको, सुनसम्वन्धी, स्वर्णनिर्मित (अलङ्कार), हिउँको, हिउँसम्वन्धी, हिउँबाट पैदा भएको, जाडोसम्वन्धी ।

हैमन्तः (वि.) हेमन्ते भवः *(हेमन्त ऋतुमा भएको)* हेमन्त+अण् (अ), आदिवृद्धि= हैमन्त ।

शब्दार्थ- हेमन्त ऋतुमा भएको, हेमन्त ऋतुसम्वन्धी ।

हैमन्तिकः (वि.) हेमन्ते काले भवः *(हेमन्तको समयमा हुने)* हेमन्तादागतः *(हेमन्तबाट आएको)* हेमन्त मधीते वेद इति वा *(हेमन्त ऋतुसम्वन्धी कुरा पढ्छ वा जान्दछ)* हेमन्त+ठञ्[1]/ठक्[2] (इक), आदिवृद्धि, अकारलोप= हैमन्तिक ।

शब्दार्थ- हेमन्त ऋतुमा हुने, हेमन्त ऋतुसम्वन्धी, हेमन्त ऋतुमा पैदा भएको ।

हैमवतः (ना./पुं./वि.) हिमवतः अपत्यम् पुमान् *(हिमालय पर्वतको सन्तान)* हिमवत्+अण्[3] (अ), आदिवृद्धि =हैमवत ।

अथवा हिमवतः अयम् *(हिमालयको यो)* हिमवत्+अण्[4] (अ), आदिवृद्धि= हैमवत ।

अथवा हिमवतः अदूरभवः देशः *(हिमालयबाट टाढा नभएको देश)* हिमवत्+अण् (अ), आदिवृद्धि=हैमवत ।

शब्दार्थ- हिमालयको पुत्र मैनाक, हिमालयको समीपवर्ती प्रदेश (नेपाल, भुटान, भारत आदि), हिमालयसम्वन्धी, हिमालय पर्वतबाट उत्पन्न भएको ।

हैमवती (ना./स्त्री.) हिमवतः अपत्यं स्त्री *(हिमालयकी पुत्री)* हिमावत्+अण्[3] (अ), आदिवृद्धि, हैमवत्+ङीप् (ई)= हैमवती ।

अथवा हिमवतः प्रभवति, हिमवति भवा वा *(हिमालयबाट पैदा भएकी, हिमालयमा हुने)* हिमवत्+अण्[5] (अ), आदिवृद्धि, हैमवत्+ङीप् (ई) =हैमवती ।

हैमवत्यभयास्वर्णक्षीर्योः श्वेतवचोभयोः- इति मेदिनी

उमा कात्यायनी गौरी काली हैमवतीस्वरा- इत्यमरः

शब्दार्थ- पार्वती, दुर्गा, उमा, गङ्गा, व्रह्मपुत्र आदि नदी, हर्रो, सेतो वोम्फो, काँडे थाकल ।

होता (ना./पुं.) जुहोतीति *(हवन गर्छ)* हु दानादनयोः (जुहो.) धातु, हु+तृन्[6] (तृ), उणा., होतृ= होता ।

शब्दार्थ- हवन वा होम गर्ने ब्राह्मण, ऋत्विक, हवनकर्ता,

होमः (ना./पुं.) हवनम्, हूयते इति वा *(हवन गरिन्छ)* हु दानादनयोः (जुहो.) धातु, हु+मन्[7] उणा.), गुण =होम ।

शब्दार्थ- हवन, होम गर्ने क्रिया, आहुति, दैनिक गरिने पञ्चमहायज्ञमध्ये एक, देवयज्ञ ।

होमकुण्डम् (ना./न.) होमार्थं कुण्डम्/होमाय कुण्डम् *(होम गर्नको लागि कुण्ड)* च.त.स.= होमकुण्ड ।

शब्दार्थ- हवन गर्ने कुण्ड, हवन गर्नका लागि निर्मित यज्ञकुण्ड ।

होमभस्म (ना./न.) होमाज्जातम्, होमजम्, होमजञ्च तद् भस्म *(होमबाट उत्पन्न भएको भस्म)* क.त.स., उ.प.लोप= होमभस्म ।

शब्दार्थ- यज्ञकुण्डको खरानी, होमवाट उत्पन्न भस्म वा खरानी, तिलक ।

होरा (ना./स्त्री.) होलति, हुल्यते इति वा *(विचरण गर्छ वा गर्नु)* हुल गतौ (भ्वा.) धातु, हुल्+अच् (पचादि)/घञ् (अ), गुण, 'र' ध्वनि 'ल'मा परिणत, 'र' तथा लको एकत्वभाव हुनाले, होर+टाप् (आ)= होरा ।

होरा तु लग्ने राश्यर्धे रेखाशास्त्रभिदोरपि- इति मेदिनी

शब्दार्थ- राशिको उदय, राशिको आधा अवधि, एकघण्टाको समय, जन्मपत्रिका वा लग्नकुण्डली, रेखाशास्त्रको एक प्रकार ।

होलिका (ना./स्त्री.) जुहोतीति *(हवन गर्छ)* हु दानादनयोः (जुहो.) धातु, हु+विच्, गुण, विच्को सर्वलोप, हो । तं लातीति *(हवन वा होलीपर्व ल्याउँछ)* होपूर्वक ला आदाने (अदा.) धातु, हो+ला+क (अ), आलोप, होल+टाप् (आ), होला । होला एव *(होली नै)* होला+कन् (क), स्वार्थमा, होलाक+टाप् (आ), ककारपूर्वका अकारको इत्व= होलिका ।

शब्दार्थ- होली, फागुपर्व, फागुन शुक्लपूर्णिमामा गरिने चीर दहन, एक दानवी ।

ह्रदः (ना./पुं.) ह्रादते यत्र *(जहाँ अस्पष्ट तथा मन्दध्वनि ध्वनित हुन्छ)* ह्राद अव्यक्ते शव्दे (भ्वा.) धातु, ह्राद्+अच् (पचादि), पृषोदरादिवाट, ह्राका आको लोप=ह्रद ।

शब्दार्थ- अगाध जल भएको गहिरो कुवा, इनार, दह, सरोवर, ठूलो पोखरी वा तलाउ ।

ह्रादः (ना./पुं.) ह्रादनमिति *(शब्द गर्नु)* ह्राद अव्यक्ते शव्दे (भ्वा.) धातु, ह्राद्+घञ् (अ)= ह्राद ।

शब्दार्थ- शब्द गर्ने क्रिया, ध्वनि, आवाज, नाद ।

ह्रादिनी (ना./स्त्री.) अवश्यं ह्रादते *(अवश्य शब्द गर्छ)* ह्राद अव्यक्ते शव्दे (भ्वा.) धातु, ह्राद्+णिनि (इन्), वृद्धि, ह्रादिन्+ङीप् (ई)= ह्रादिनी ।

ह्रादिनी व्रजतडितोः- इति मेदिनी

शब्दार्थ- वज्र, कुलिश, पवि, विद्युत् ।

---

[1] कालाट्ठञ् : ठञ्
[2] ठगायस्थानेभ्य... : ठक्
[3] तस्यापत्यम् : अण्
[4] तस्येदम्/अदूरभवश्च : अण्
[5] प्रभवति : अण्
[6] नप्तृनेष्टृत्वष्टृहोतृ...: तृन्
[7] अर्तिस्तुसुहु... : मन्

ह्रस्वः (वि./ना./पुं.) ह्रसति, ह्रस्यते इति वा *(शब्द गर्छ वा गर्नु)* ह्रस शब्दे (भ्वा.) धातु, ह्रस्+वन्[1] (व), उणा.= ह्रस्व ।

ह्रस्वो न्यक्खर्वयोस्त्रिषु- इति मेदिनी

शब्दार्थ- छोटो, वाउन्ने, पुड्को, नीच, क्षुद्र, ह्रस्व वा लघु-अक्षर (अ, इ, उ, ऋ) ।

ह्रस्वदीर्घः (ना./पुं.) ह्रस्वश्च दीर्घश्च *(ह्रस्व र दीर्घवर्ण)* द्व.स., ह्रस्वदीर्घौ= ह्रस्वदीर्घ ।

शब्दार्थ- ह्रस्ववर्ण, दीर्घवर्ण ।

ह्रस्वाङ्गः (वि.) ह्रस्वानि अङ्गानि अस्य *(छोटो वा साना छन् अङ्गहरू यसका)* ब.स., दीर्घ= ह्रस्वाङ्ग ।

शब्दार्थ- सानो वा होचो कदको, पुड्को, शरीरका अङ्ग वा अवयवहरू छोटो हुने ।

ह्रासः (ना./पुं.) ह्रस्यते इति *(खिइनु)* ह्रस शब्दे (भ्वा.) धातु, ह्रस्+घञ् (अ), वृद्धि= ह्रास ।

शब्दार्थ- स्तर घट्ने क्रिया, न्यूनता, कमी, क्षय, विनाश, अवनति, पतन, घाटा ।

ह्रासोन्मुखः (वि.) ह्रासे ह्रासाय वा उन्मुखः *(ह्रास हुनमा वा ह्रास हुनको लागि उन्मुख भएको)* स.त.स./ च.त.स., गुण= ह्रासोन्मुख ।

शब्दार्थ- घाटा हुन थालेको, ह्रास हुनतिर लागेको, घट्तो क्रममा जान थालेको, पतनोन्मुख ।

ह्री (ना./स्त्री.) ह्रीयते इति *(लजाउनु)* ह्री लज्जायाम् (जुहो.) धातु, ह्री+क्विप्[2] (सर्वलोप)= ह्री ।

मन्दाक्षं ह्रीस्त्रपा व्रीडा लज्जा- इत्यमरः

शब्दार्थ- लजाउने काम, लज्जा, व्रीडा, लाज ।

ह्रीतः (वि.) ह्रीयते स्म इति *(लजाएको)* ह्री लज्जायाम् (जुहो.) धातु, ह्री+क्त (त)= ह्रीत ।

शब्दार्थ- लजाएको, लज्जित, व्रीडित ।

ह्रीमान्/ह्रीमती (ना./पुं./स्त्री.) ह्रीर्लज्जा अस्ति अस्य, अस्याः वा *(लज्जा छ यस पुरुष वा स्त्रीको)* ह्री+मतुप् (मत्), ह्रीमत्= ह्रीमान् ।
ह्रीमत्+ङीप् (ई)= ह्रीमती ।

शब्दार्थ- लज्जालु पुरुष, लाज मान्ने लोग्ने मानिस, लज्जालु स्त्री, लज्जावती नारी ।

ह्लादः (ना./पुं.) ह्लादनमिति *(प्रसन्न हुनु)* ह्लादी सुखे अव्यक्ते शब्दे च (भ्वा.) धातु, ह्लाद्+घञ् (अ) =ह्लाद ।

शब्दार्थ- आनन्द, प्रसन्नता, खुसियाली, सन्तुष्टि, आह्लाद, उल्लास, सुखको अनुभूति हुने काम, अव्यक्त शब्द ।

ह्लादकः (वि.) ह्लादते, ह्लादयतीति वा *(खुसी हुन्छ, खुसी गराउँछ)* ह्लादी सुखे अव्यक्ते शब्दे च (भ्वा.) धातु, ह्लाद्+ण्वुल् (अक)= ह्लादक ।

अथवा ह्लाद्+णिचि+ण्वुल् (अक), णिलोप= ह्लादक ।

शब्दार्थ- खुसी हुने, प्रसन्न रहने, हर्ष मान्ने, खुसी गराउने, प्रसन्न तुल्याउने, सन्तुष्टि दिने, आह्लाद गराउने ।

ह्लादनम् (ना./न.) ह्लादनमिति *(प्रसन्न हुनु)* ह्लादी सुखे अव्यक्ते शब्दे च (भ्वा.) धातु, ह्लाद्+ल्युट् (अन)= ह्लादन ।

शब्दार्थ- प्रसन्न रहने काम, खुसियाली, हर्ष, उल्लास, उमङ्ग, प्रसन्नता, आह्लादन ।

ह्लादिनी (वि./ना./स्त्री.) अवश्यं ह्लादते अनया *(यसबाट अवश्य प्रफुल्लित हुन्छ)* ह्लादी सुखे अव्यक्ते शब्दे च (भ्वा.) धातु, ह्लाद्+णिनि[3] (इन्), ह्लादिन्+ङीप् (ई)= ह्लादिनी ।

शब्दार्थ- प्रसन्न हुने, सन्तुष्ट रहने, साजको वृक्ष वा रूख, व्रज, विजुली, आह्लादनी शक्ति, क्रीडा ।

ह्वानम् (ना./न.) हूयते इति *(बोलाइन्छ)* ह्वेञ् स्पर्धायां शब्दे च (भ्वा.) धातु, ह्वे+ल्युट् (अन), आत्व=ह्वान ।

शब्दार्थ- आमन्त्रण, निमन्त्रणा, वोलाउने काम, क्रन्दन, कोलाहल, आह्वान ।

---

[1] उल्वादयश्च : वन्

[2] सम्पदादिभ्य... : क्विप्

[3] आवश्यकाधमर्ण्ययो... : णिनि

परिशिष्ट

अ

अऋणः (वि.) अर्यते स्म इति *(रिन लिएको)* ऋ गतिप्रापणयोः (भ्वा.) धातु, ऋ+क्त (त), निष्ठा तको न[१], णत्व, ऋणम् । न विद्यमानं ऋणं यस्य *(जसको रिन छैन)* न.ब.स.= अऋण ।

शब्दार्थ- रिन नभएको, ऋणमुक्त, ऋण नलिएको ।

अऋणी (वि.) न विद्यमानं ऋणं यस्य *(जसको ऋण छैन)* न.ब.स., अऋणम् । अऋणमस्यास्तीति *(रिन छैन यसको)* अऋण+इनि[२] (इन्), अऋणिन्= अऋणी ।

शब्दार्थ- रिन नलिएको, ऋण नभएको, कर्जा नलिएको, ऋणमुक्त, अरिनी, अऋण ।

उदा. **हुन् माल छोरी अरूलाई दीने**
राखी घरौटी सरि जानि लीने ।
आनन्द छू आज विदा गराइ
हल्का भएझैं अऋणी कहाई ।
-अभि.शा.ना. (अनु.), शम्भु प्र. ढुङ्गेल

अकल्याणकारी (वि.) अकल्याणं कर्तुं शीलमस्य *(अकल्याण या कुभलो गर्ने शील वा स्वभाव छ यसको)* अकल्याण उपपदमा हुने डुकृञ् करणे (तना.) धातु, अकल्याण+कृ+णिनि[३] (इन्), वृद्धि, अकल्याणकारिन् =अकल्याणकारी ।

शब्दार्थ- अर्काको हित नगर्ने, अर्काको कुभलो गर्ने, अर्कालाई पीडा दिने, अशुभ चिताउने ।

अकालिकः (वि.) अकाले भवः *(खराब समयमा भएको)* अकाल+ठञ्[४] (इक), अकारलोप= अकालिक ।

शब्दार्थ- असामयिक, समय सापेक्ष नभएको, कुसमयमा भएको, अनुपयुक्त समयमा भएको, असमयमा भएको ।

अकृत्रिमः (वि.) क्रियते इति *(गरिन्छ)* डुकृञ् करणे (तना.) धातु, कृ+क्त्रि[५] (त्रि), कृत्रिः । कृत्र्या निर्वृतः *(कृत्रिम भएको)* कृत्रि+मप्[६] (म), कृत्रिमः । न कृत्रिमः *(कृत्रिम नभएको)* न.त.स.= अकृक्रिम ।

शब्दार्थ- कृत्रिम नभएको, अस्वाभाविक नभएको, प्राकृतिक, बनावटीपनरहित, स्वाभाविक ।

अक्लान्तः (वि.) क्लाम्यति स्म इति *(थकित भएको)* क्लमु क्लान्तौ (दिवा)., क्लम्+क्त (त), दीर्घ, क्लान्तः । न क्लान्तः *(गलित वा थकित नभएको)* न.त.स. =अक्लान्त ।

शब्दार्थ- शिथिल नभएको, थकित नभएको, ग्लानि नभएको, फुर्तिलो ।

अक्षुण्णता (ना./स्त्री.) अक्षुष्णस्य भावः *(अक्षुण्ण रहनाको भाव वा अवस्था)* अक्षुण्ण+तल् (त)+टाप् (आ) =अक्षुण्णता ।

शब्दार्थ- टुटफुट नहुनाको स्थिति वा अवस्था, अखण्डता, अविभाज्यता, निरन्तरता ।

अगोत्रः (वि.) गूयते शब्द्यते इति *(शब्द गर्नु)* गुङ् शब्दे (भ्वा.) धातु, गु+ष्ट्रन् (त्र), उणा., गुण, गोत्रम् । न विद्यमानं गोत्रं यस्य *(जसको गोत्र छैन)* न.ब.स[७]., उ.प.लोप= अगोत्र ।

शब्दार्थ- गोत्र नभएको, कुलघरान नभएको, अवान्धव, असगोत्रीं ।

अज्ञानी (वि.) ज्ञायते इति *(जानिन्छ)* ज्ञा अववोधने (ऋचा.) धातु, ज्ञा+ल्युट् (अन), ज्ञानम् । ज्ञानमस्यास्तीति *(ज्ञान छ यसको)* ज्ञान+इनि[२] (इन्), ज्ञानिन्, ज्ञानी । न ज्ञानी *(ज्ञानी नभएको)* न.त.स. =अज्ञानी ।

अथवा न विद्यते ज्ञानं यस्य *(जसको ज्ञान छैन)* न.ब.स[७]., उ.प.लोप, अज्ञानम् । अज्ञानमस्यास्तीति *(अज्ञान छ यसको)* अज्ञान+इनि (इन्), अज्ञानिन् =अज्ञानी ।

शब्दार्थ- ज्ञान नभएको, अशिक्षित, अनपढ, मूर्ख, ज्ञानहीन, अज्ञ ।

अतिक्रान्तः (वि.) अतिक्रम्यते स्म इति *(अतिक्रमण गरेको)* अति उपसर्गपूर्वक क्रमु पादविक्षेपे (भ्वा.) धातु, अति+क्रम्+क्त (त), दीर्घ, परसवर्ण =अतिक्रान्त ।

शब्दार्थ- अतिक्रमण गरेको, नाघेको, व्यतीत भएको, सीमा नाघेको, उल्लङ्घन गरेको ।

अनधीतः (वि.) अधीयते स्म इति *(अध्ययन गरेको)* अधिपूर्वक इङ् अध्ययने (अदा.) धातु, अधि+इ+क्त (त), दीर्घ, अधीतः । न अधीतः *(नपढेको)* न.त.स., नुट् =अनधीत ।

शब्दार्थ- नपढेको, अशिक्षित, अध्ययन नगरेको ।

अनपेतः (वि.) अपैति स्म इति *(बितेको, गएको)* अपपूर्वक इण् गतौ (अदा.) धातु, अप+इ+क्त (त), कर्तामा, गुण, अपेतः । न अपेतः *(नगएको)* न.त.स., नुट्, नलोप= अनपेत ।

शब्दार्थ- विचलित नभएको, नगएको, नवितेको ।

---

१. ऋणमाधमर्ण्ये : निष्ठा तको न
२. अत इनिठनौ : इनि
३. सुप्यजातौ... : णिनि
४. कालाट्ठञ् : ठञ्
५. ड्वितः क्त्रिः : क्त्रि
६. क्त्रेर्मप्..... : मप्
७. नञोऽस्त्यर्था... : न.ब.स.

अनसूया (ना./स्त्री.) असूयनमिति *(ईर्ष्या वा अर्काको गुणमा दोष लगाउनु)* असूञ् उपतापे (असूयायाम्) (कण्ड्वा.) धातु, असू+यक्[1] (य), असूय+अ (प्रत्यय) +टाप् (आ), असूया । न असूया *(ईर्ष्या वा रिसरागको अभाव)* न.त.स., नुट्= अनसूया ।

शब्दार्थ- द्वेष, ईर्ष्या वा रिसराग नभएकी स्त्री, अर्काको गुणप्रति दोषदृष्टिले नहेर्ने नारी, अत्रि ऋषिकी पत्नी ।

अनाम (ना./न./वि.) न नाम *(नामको अभाव)* न.त.स. =अनाम ।

अथवा न विद्यमानं नाम यस्य *(जसको नाम छैन)* न.व.स., उ.प.लोप= अनाम ।

शब्दार्थ- नामको अभाव, अप्रसिद्धि, नाम नभएको, नाम नचलेको, ख्यातिप्राप्त नगरेको, अप्रसिद्ध, कीर्ति नफैलिएको ।

अनार्षः (वि.) ऋषेरयम् *(ऋषिको यो)* ऋषि+अण्[2] (अ), आदिवृद्धि, आर्षः । न आर्षः *(आर्ष नभएको)* न.त.स., नुट् =अनार्ष ।

अथवा न विद्यमानः आर्षः यस्य *(जसको ऋषिमुनिसित सम्बन्ध छैन)* न.ब.स., उ.प.लोप, नुट्=अनार्ष ।

शब्दार्थ- ऋषिमुनिले नवनाएको, ऋषिमुनिसित सम्बन्धित नभएको, आर्ष नभएको, ऋषिमुनिले नस्विकारेको ।

अनिच्छुकः (वि.) इच्छतीति *(इच्छा गर्छ)* इषु इच्छायाम् (दिवा.) धातु, इष्+उ[3], च्छनिपातन, इच्छुः । न इच्छुः *(इच्छा नगर्ने)* न.त.स., नुट्, अनिच्छुः । अनिच्छुरेव *(अनिच्छुक नै)* अनिच्छु+कन् (क)= अनिच्छुक ।

शब्दार्थ- इच्छा नगर्ने, आकाङ्क्षा नभएको, रुचि नलिने, अभिलाषा नगर्ने, चाहना नभएको ।

अनिर्वचनीयता (ना./स्त्री.) निर्वक्तुं योग्यः *(निर्वचन गर्न योग्य)* निर्पूर्वक वच परिभाषणे (अदा.) धातु, निर्+वच्+अनीय (र्), निर्वचनीयः । न निर्वचनीयः *(निर्वचन गर्न वा बताउन नसकिने)* न.त.स., अनिर्वचनीयः । अनिर्वचनीयस्य भावः *(अनिर्वचनीय हुनाको भाव वा अवस्था)* अनिर्वचनीय+तल् (त)+टाप् (आ)= अनिर्वचनीयता ।

शब्दार्थ- अनिर्वचनीय हुनाको भाव वा अवस्था, बताउन नसक्नाको स्थिति, अवर्णनीयता, निरूपण गर्न नसक्नाको अवस्था, अज्ञानता ।

उदा. **छ अनिर्वचनीयता रस, सब सुन्दरता छ जहाँ**
खुश- नवरस, शृङ्गाररस ५०

अनिवार्यता (ना./स्त्री.) निवार्यते इति *(हटाइन्छ, निवारण गरिन्छ)* निपूर्वक वृञ् आवरणे (चुरा.) धातु, नि+वृ+णिचि, वृद्धि, निवारि+यत्[4] (य), णिलोप, निवार्यः । न निवार्यः *(हटाउन नसकिने)* न.त.स., अनिवार्यः । अनिवार्यस्य भावः *(अनिवार्य हुनाको भाव वा अवस्था)* अनिवार्य+तल् (त)+टाप् (आ)= अनिवार्यता ।

शब्दार्थ- हटाउन नसकिने भाव वा अवस्था, ज्यादै आवश्यकता, नभइनहुने अवस्था, छाड्न नसकिने स्थिति ।

अनुतप्तः (वि.) अनुतपति स्म इति *(पश्चात्तापमा परेको)* अनुपूर्वक तप सन्तापे (भ्वा.) धातु, अनु+तप्+क्त[5] (त), कर्तामा= अनुतप्त ।

शब्दार्थ- पछितो मानेको, तापमा परेको, दुःखित भएको, सन्तप्त, पश्चात्तापले पिरोलिएको ।

अनुवादितः (वि.) अनुवाद्यते स्म इति *(अनुवाद गरिएको)* अनुपूर्वक वद व्यक्तायां वाचि (भ्वा.) धातु, अनु+वद्+णिचि, वृद्धि, अनुवादि+क्त (त), णिलोप, इडागम = अनुवादित ।

शब्दार्थ- उल्था गरिएको, अनुवाद गराइएको, भाषिक रूपान्तरण गर्न लगाइएको, व्याख्या गरिएको ।

अन्तेवासी (ना./पुं.) अन्ते गुरुसमीपे वस्तुं शीलमस्य *(गुरुको समीपमा रहने शील छ यसको)* सप्तम्यन्त 'अन्ते' उपपदमा हुने वस निवासे (भ्वा.) धातु, अन्ते+वस्+णिनि[6] (इन्), वृद्धि, अन्तेका सप्तमी विभक्तिको अलुक्, अन्तेवासिन्= अन्तेवासी ।

शब्दार्थ- गुरुकुलमा गुरुको निकटमा बसेर अध्ययन गर्ने विद्यार्थी, शिष्य, चेलो, छात्र ।

अपठितः (वि.) पठ्यते स्म इति *(पढेको)* पठ व्यक्तायां वाचि (भ्वा.) धातु, पठ्+क्त (त), इडागम, पठितः । न पठितः *(नपढेको)* न.त.स.= अपठित ।

शब्दार्थ- नपढेको, अध्ययन नगरेको, अशिक्षित, लेखपढ नगरेको ।

उदा. **अपठित शठको नै दोस्त खासा बनेर**
नव नव रमणीका नेत्रमा लोभिएर ।
-बहादुर शाहको आखिरी तरङ्ग, नयराज पन्त

अपरिमार्जितः (वि.) परिमार्ज्यते स्म इति *(परिमार्जन गरिएको)* परिपूर्वक मृजु शुद्धौ (अदा.) धातु, परि+मृज्+णिचि, वृद्धि, परिमार्जि+क्त (त), णिलोप, इडागम, परिमार्जितः । न परिमार्जितः *(परिमार्जन नगरिएको)* न.त.स.= अपरिमार्जित ।

शब्दार्थ- परिमार्जन नगरिएको, नखारिएको, अपरिष्कृत, असंशोधित ।

अपेतः (वि.) अपैति स्म इति *(बितेको, गएको)* अपपूर्वक इण् गतौ (अदा.) धातु, अप+इ+क्त (त), कर्तामा, गुण =अपेत ।

शब्दार्थ-गएको, बितेको, विचलित भएको, नुहेको, गिरेको ।

---

[1] कण्ड्वादिभ्यो... : यक्
[2] तस्येदम् : अण्
[3] विन्दुरिच्छु : उ, 'च्छ' निपातन
[4] अचो यत् : यत्
[5] गत्यर्थाकर्मक... : क्त, कर्तामा
[6] सुप्यजातौ... : णिनि

अबोध्यः (वि.) बोद्धुं योग्यः, बुध्यते इति वा *(जान्न लायक, जानिन्छ)* बुध अवगमने (भ्वा./दिवा.) धातु, वुध्+ण्यत्[1] (य), गुण, बोध्यः । न बोध्यः *(जान्न नसकिने)* न.त.स.= अबोध्य ।

शब्दार्थ- जान्न नसकिने, अज्ञेय, वोध गर्न नसकिने, सम्झनामा आउन नसक्ने ।

उदा. अतिविचित्र अबोध्य अनज्ञता

निशिनटी हुन गै घरको उता- नवरस, भयानक रस ४०

अभिनन्दितः (वि.) अभिनन्द्यते स्म इति *(अभिनन्दन गरिएको)* अभिपूर्वक टुनदि समृद्धौ (भ्वा.) धातु, नुम्, अभि+नन्द्+क्त (त), इडागम= अभिनन्दित ।

शब्दार्थ- अभिनन्दन गरिएको, स्वागत-सत्कार गरिएको, नमस्कार गरिएको, अभिवादन गरिएको ।

अभिलेखकः (वि.) अभिलिखतीति *(अभिलेख राख्छ)* अभिपूर्वक लिख अक्षरविन्यासे (तुदा.) धातु, अभि+लिख्+ण्वुल्[2] (अक), गुण= अभिलेखक ।

शब्दार्थ- लेख्ने, अभिलेख राख्ने, ढुङ्गा आदिमा लेख्ने ।

अभिहर्ता (वि.) अभिहरतीति *(हरण गर्छ)* अभिपूर्वक हृञ् हरणे (भ्वा.) धातु, अभि+हृ+तृच्[2] (तृ), गुण, अभिहर्तृ =अभिहर्ता ।

शब्दार्थ- हरण गर्ने, चोर्ने, लुट्ने, डकैती गर्ने, लुटेरा, अपहरणकर्ता ।

अमरालयः (ना./पुं.) अमराणामालयः *(देवताहरूको निवासस्थल)* ष.त.स., दीर्घ= अमरालय ।

शब्दार्थ- देवताहरू निवास गर्ने स्थान, स्वर्ग, त्रिदशालय, देवलोक, देवालय ।

अमानवीयता (ना./स्त्री.) मनोरपत्यम् *(मनुका सन्तति)* मनु+अण् (अ), आदिवृद्धि, गुण, अवादेश, मानवः । मानवाय हितम् *(मानवलाई हित हुने)* मानव+छ[3] (ईय), मानवीयः । मानवीयस्य भावः *(मानवीय हुनाको भाव वा अवस्था)* मानवीय+तल् (त)+टाप् (आ), मानवीयता । न मानवीयता *(मानवीयताको अभाव)* न.त.स.= अमानवीयता ।

शब्दार्थ- मानवीय नहुनाको अवस्था वा स्थिति, अमानवीयभाव, अमानवीयपना, मानवोचित नहुने प्रवृत्ति ।

अमृत्युः (ना./पुं./वि.) न मृत्युः *(मृत्युको अभाव)* न.त.स. = अमृत्यु ।

अथवा न विद्यमानः मृत्युर्यस्य *(जसको मृत्यु छैन)* न.ब.स[4]., उ.प.लोप= अमृत्यु ।

शब्दार्थ- अमर रहने अवस्था, मृत्युको अभाव, अमरता, मृत्यु नहुने स्थिति, नमर्ने, मृत्यु नहुने, मृत्युरहित, अजर, अमर ।

अयशः (ना./न.) न यशः *(यशको अभाव)* न.त.स. =अयश ।

शब्दार्थ- अकीर्ति, अपकीर्ति, निन्दा, कीर्तिको अभाव, अपयश, नराम्रो ख्याति, वदनामी ।

अर्हत् (ना./पुं./वि.) अर्हतीति *(पूजा गर्छ, आदर गर्छ)* अर्ह पूजायाम् (भ्वा.) धातु, अर्ह्+शतृ[5] (अत्)= अर्हत् ।

शब्दार्थ- जिन, वुद्ध, जैन तीर्थाङ्कर, क्षपणक, पूजनीय, आदर गर्न योग्य, पूजा गर्दै रहेको, आदर गर्दै ।

अर्हणम् (ना./न.) अर्ह्यते इति *(पूजा अर्चना गरिन्छ)* अर्ह पूजायाम् (भ्वा.) धातु, अर्ह्+ल्युट् (अन), णत्व =अर्हण ।

शब्दार्थ- पूजा, अर्चना, उपासना, आराधना, आदर वा सम्मान गर्ने काम ,

अर्हणीयः (वि.) अर्हितुं योग्यः, अर्ह्यते इति *(पूजा अर्चना गर्न योग्य वा लायक)* अर्ह पूजायाम् (भ्वा.) धातु, अर्ह्+अनीय (र्), णत्व= अर्हणीय ।

शब्दार्थ- पूजनीय, आदरणीय, पूज्य, सम्माननीय, प्रशंसनीय

अलका (ना./स्त्री.) अलति भूषयतीति *(भूषित पार्छ)* अल भूषणपर्याप्तिवारणेषु (भ्वा.) धातु, अल्+क्वुन्[6] (अक), उणा., अलक+टाप् (आ)= अलका ।

अलका कुबेरपुर्यामस्त्रियां चूर्णकुन्तले- इति मेदिनी

कैलासस्थानमलका- इत्यमरः

शब्दार्थ- कैलास, कुवेरको निवासस्थान, अलकापुरी, चूर्णकुन्तल, केशकलाप, घुँगुरी पारेर सिंगारिएको कपाल ।

अलकापूरी (ना./स्त्री.) अलकायाः पुरी *(कुबेरको नगरी)* ष.त.स.= अलकापूरी ।

शब्दार्थ- कुवेरको नगरी, अलका नगरी, गन्धर्वहरूको सहर, अलका ।

अलिप्तः (वि.) लिप्यते स्म इति *(लिपिएको)* लिप उपदेहे (तुदा.) धातु, लिप्+क्त (त), लिप्तः । न लिप्तः *(नलिपेको)* न.त.स.= अलिप्त ।

शब्दार्थ- लिपपोत नगरिएको, लिप्त नभएको, आसक्त नभएको, अनासक्त ।

अलोपः (वि./ना./पुं.) लुप्यति, लुप्यते इति वा *(लोप हुन्छ वा लोप हुनु)* लुप्लृ छेदने (तुदा.) धातु, लुप्+अच् (पचादि)/घञ् (अ), गुण, लोपः । न विद्यमानः लोपः यस्य *(जसको लोप भएको छैन)* न.ब.स[4]., उ.प.लोप =अलोप ।

अथवा न लोपः *(लोपको अभाव)* न.त.स.= अलोप ।

शब्दार्थ- लोप नभएको, अदृश्य नभएको, लुप्त नभएको, अदृश्य नहुने क्रिया, लोपको अभाव, लोप नहुने क्रिया ।

---

[1] ऋहलोर्ण्यत् : ण्यत्

[2] ण्वुल्तृचौ : ण्वुल्/तृच्

[3] तस्मै हितम् : छ

[4] नञोऽस्त्यर्थानाम्... : न.ब.स., उ.प.लोप

[5] लहःशतृशानचाव... : शतृ

[6] क्वुन् शिल्पिसंज्ञयो... : क्वुन्

अल्पकालिकः (वि.) अल्पकाले भवः *(अल्पकालमा हुने)* अल्पकाल+ठञ्[1] (इक)= अल्पकालिक ।

शब्दार्थ- छोटो समयमा हुने, अल्पकालीन, थोरै दिनका लागि हुने वा भएको, अल्पकालको, थोरै समयको, छोटो अवधिको ।

अल्पकालीनः (वि.) अल्पकाले भवः *(अल्पकालमा हुने वा भएको)* अल्पकाल+ख (ईन), अपभ्रंशमा =अल्पकालीन ।

शब्दार्थ- अल्पकालमा हुने, अल्पकालिक, छोटो समयको लागि हुने वा भएको, थोरै दिनको, छोटो समयको ।

अवरोधनम् (ना./न.) अवरुध्यते इति *(अवरोध गर्नु)* अवपूर्वक रुधिर् आवरणे (रुधा.) धातु, अव+रुध्+ल्युट् (अन), गुण= अवरोधन ।

शब्दार्थ- रोक्ने क्रिया, रोक, बाधा, छेकावट, नाकाबन्दी, घेरो, अवरोध पुऱ्याउने क्रिया, ढाक्ने काम ।

अवलुञ्चितः (वि.) अवलुञ्च्यते स्म इति *(लुछिएको)* अवपूर्वक लुञ्च अपनयने (भ्वा.) धातु, अव+लुञ्च्+क्त (त), इडागम= अवलुञ्चित ।

शब्दार्थ- उन्मूलन गरिएको, लुछिएको, उखेलिएको, फेरबदल गरिएको, भुत्ल्याइएको ।

अवलुण्ठितः (वि.) अवलुण्ठ्यते स्म इति *(लुटिएको, लेटेको)* अवपूर्वक लुठि स्तेये/लुठि आलस्ये प्रतिघाते च (भ्वा.) धातु, अव+लुण्ठ्+क्त (त), इडागम =अवलुण्ठित ।

शब्दार्थ- लुटिएको, लुटेको, लडीबडी गरेको, लेटेको, लडेको, पल्टेको ।

अवशः (ना./पुं./वि.) वष्टि, उश्यते इति वा *(वश गर्छ वा गरिन्छ)* वश कान्तौ (अदा.) धातु, वश्+अच् (पचादि)/अप्[2] (अ), वशः । न वशः *(वश नहुने क्रिया)* न.त.स.= अवश ।

अथवा न विद्यते वशः यस्य *(जसको वश छैन)* न.ब.स[3]., उ.प.लोप= अवश ।

शब्दार्थ- परवश नहुनाको स्थिति, अर्काको अधीन नहुने क्रिया, विवश, लाचार, स्वाधीनता, अर्काको वश वा अधीनमा नरहेको, स्वाधीन, स्वतन्त्र, छुटकारा पाएको ।

अविजितः (वि.) विजीयते स्म इति *(जितिएको)* विपूर्वक जि जये (भ्वा.) धातु, वि+जि+क्त (त), विजितः । न विजितः *(नजितिएको)* न.त.स.= अविजित ।

शब्दार्थ- नजितिएको, विजय पाउन नसकिएको, जित्न नसकिएको ।

अविरामः (वि.) न विद्यते विरामः यत्र *(जहाँ विराम छैन)* न.व.स[3]., उ.प.लोप= अविराम ।

शब्दार्थ- विराम नभएको, विश्रान्तिरहित, रोकटोक नभएको ।

अव्यवहृतः (वि.) व्यवह्रियते स्म इति *(राम्रो व्यवहार गरिएको)* वि अवपूर्वक हृञ् हरणे (भ्वा.) धातु, वि+अव+हृ+क्त (त), वि अवको यण्, व्यवहृतः । न व्यवहृतः *(राम्रो व्यवहार नगरिएको)* न.त.स. =अव्यवहृत ।

शब्दार्थ- राम्रो व्यवहार नगरिएको, राम्ररी प्रयोगमा नल्याइएको, राम्रो उपयोग नभएको ।

अश्रुतिः (ना./स्त्री.) श्रवणं श्रूयते इति *(सुनिन्छ, वेदविहित कर्म गरिन्छ)* श्रु श्रवणे (भ्वा.) धातु, श्रु+क्तिन् (ति), श्रुतिः । न श्रुतिः *(वेदोक्त कर्मको अभाव, नसुन्ने क्रिया)* न.त.स.= अश्रुति ।

शब्दार्थ- नसुन्ने क्रिया, श्रुतिको अभाव, वेदोक्त कर्म नगर्ने काम ।

असङ्गमः (ना./पुं./वि.) सङ्गम्यते इति *(सङ्गम हुनु)* सम्पूर्वक गम्लृ गतौ (भ्वा.) धातु, सम्+गम्+घञ् (अ), वृद्धिनिषेध, परसवर्ण, सङ्गमः । न सङ्गमः *(सङ्गम नहुने क्रिया)* न.त.स.= असङ्गम ।

अथवा न विद्यते सङ्गमः यस्य *(जसको सङ्गति मिलेको छैन, सङ्गम भएको छैन)* न.व.स[3]., उ.प.लोप= असङ्गम ।

शब्दार्थ- सङ्गम नहुने क्रिया, मेल नहुने काम, भिन्नता, सङ्गति नमिलेको, मेल नखाने, नमिलेको, सङ्गम नभएको ।

असन्दिग्धः (वि.) सन्दिह्यते स्म इति *(सन्देह लिइएको)* सम्पूर्वक दिह उपचये (अदा.) धातु, सम्+दिह+क्त (त), निष्ठा तको ध, हको घ[4], जश्त्व, परसवर्ण, सन्दिग्धः । न सन्दिग्धः *(सन्देह नलिएको)* न.त.स. =असन्दिग्ध ।

शब्दार्थ- सन्देह नभएको, शङ्का नमानेको, संशय नभएको, शङ्कारहित ।

असुरक्षितः (वि.) सुरक्षा सञ्जाता अस्य *(सुरक्षा भएको छ यसको)* सुरक्षा+इतच्[5] (इत), आकारलोप, सुरक्षितः ।

अथवा सुरक्ष्यते स्म इति *(सुरक्षा गरिएको)* सुपूर्वक रक्ष पालने (भ्वा.) धातु, सु+रक्ष्+क्त (त), इडागम, सुरक्षितः ।

न सुरक्षितः *(सुरक्षित नभएको)* न.त.स.= असुरक्षित ।

शब्दार्थ- सुरक्षित नभएको, संरक्षण नगरिएको, संरक्षित नभएको, हेरचाह नगरिएको ।

---

[1] कालाट्ठञ् : ठञ्

[2] वशिरण्योः... (वा.) : अप्

[3] नञोऽस्त्यर्थानाम्... : न.ब.स., उ.प.लोप

[4] दादेर्घातो... : हको घ

[5] तदस्य सञ्जातम्... : इतच्

आ

आकाशमार्गः (ना./पुं.) आकाशस्य/आकाशे मार्गः *(आकाशको बाटो, आकाशमा बाटो)* ष.त.स. =आकाशमार्ग ।

शब्दार्थ- आकाशको बाटो, आकाशमा घुम्ने बाटो, हवाईमार्ग, अन्तरीक्ष यानको मार्ग, व्योमयानको मार्ग ।

आकाशयानम् (ना./न.) आकाशस्य यानम् *(आकाशमार्गको यान वा परिवहन साधन)* ष.त.स. =आकाशयान ।

शब्दार्थ- व्योमयान, विमान, हवाईजहाज, अन्तरीक्ष यान, उड्ने परिवहन साधन ।

आकुञ्चनम् (ना./न.) आकुञ्चनमिति *(खुम्चिनु)* आङ्पूर्वक कुञ्च कौटिल्याल्पीभावयोः (भ्वा.) धातु, आ+कुञ्च्+ल्युट् (अन)= आकुञ्चन ।

शब्दार्थ- खुम्चिने र खुम्च्याउने क्रिया, छरिएको वस्तु बटुल्ने काम, सङ्कोचन, न्यायदर्शनानुसार पाँच प्रकारका कर्ममध्ये एक ।

पाँचकर्म : उत्क्षेपणा-पक्षेपणा-कुञ्चन-प्रसारण-गमनानि पञ्चकर्माणि - त.सं.

आकुञ्चितः (वि.) आकुञ्च्यते स्म इति *(खुम्चिएको)* आङ्पूर्वक कुञ्च कौटिल्याल्पीभावयोः (भ्वा.) धातु, आ+कुञ्च्+क्त (त), इडागम= आकुञ्चित ।

शब्दार्थ- खुम्चिएको, छरिएको वस्तुलाई बटुलिएको, मुजा परेको, गुजमुजिएको, समेटिएको ।

आक्रन्दनम् (ना./न.) आक्रन्दनमिति *(रुनु, चिच्याउनु)* आङ्पूर्वक क्रदि आह्वाने रोदने च (भ्वा.) धातु, नुम्, आ+क्रन्द्+ल्युट् (अन)= आक्रन्दन ।

शब्दार्थ- क्रन्दन, रोदन, चित्कार, चिच्याउने क्रिया, अलाप-विलाप ।

आक्रन्दितः (वि.) आक्रन्द्यते स्म इति *(क्रन्दन गरेको)* आङ्पूर्वक क्रदि आह्वाने रोदने च (भ्वा.) धातु, नुम्, आ+क्रन्द्+क्त (त), इडागम= आक्रन्दित ।

शब्दार्थ- रोएको, चिच्याएको, विलौना गरेको, कराएको, क्रन्दन गरेको ।

आक्षेप्ता (वि.) आक्षिपतीति *(आक्षेप लगाउँछ)* आङ्पूर्वक क्षिप प्रेरणे (तुदा.) धातु, आ+क्षिप्+तृच्[1] (तृ), गुण, आक्षेप्तृ= आक्षेप्ता ।

शब्दार्थ- आक्षेप लगाउने, दोष थुपार्ने, कलङ्क लगाउने, खोट लगाउने, निन्दक ।

आघ्रातः (वि.) जिघ्रति स्म, घ्रायते स्म इति वा *(सुँघेको, सुँघिएको)* आङ्पूर्वक घ्रा गन्धोपादाने (भ्वा.) धातु, आ+घ्रा+क्त[2] (त), कर्ता र भावमा = आघ्रात ।

शब्दार्थ- सुँघिएको, गन्ध ग्रहण गरेको, तृप्त भएको, बास्ना लिएको ।

आचरितः (वि.) आचर्यते स्म इति *(राम्रो आचरण गरिएको)* आङ्पूर्वक चर गतिभक्षणयोः (भ्वा.) धातु, आ+चर्+क्त (त), इडागम= आचरित ।

शब्दार्थ- राम्रो आचरण गरिएको, राम्ररी मर्यादा पालना गरिएको, विधिसम्मत ढङ्गले चलेको, नियमकानुन पालना गरिएको ।

आज्ञप्तः (वि.) आज्ञप्यते इति *(आज्ञा दिइन्छ)* आङ्पूर्वक ज्ञप ज्ञाने ज्ञापने च (चुरा.) धातु, आ+ज्ञप्+क्त[3] (त), इडाभाव निपातन= आज्ञप्त ।

शब्दार्थ- अह्राएको, आज्ञा दिएको, आदेश दिइएको, निर्देशन दिइएको ।

आत्मवञ्चकः (वि.) आत्मानं वञ्चयतीति *आफू आफैंलाई ठग्छ)* आत्मन्पूर्वक वञ्चु प्रलम्भने (चुरा.) धातु, आत्मन्+वञ्च्+ण्वुल्[1] (अक), नलोप= आत्मवञ्चक ।

शब्दार्थ- आफूले आफैंलाई प्रतारण गर्ने, आफूले स्वयं आफूलाई ठग्ने वा धोका दिने, ठग, पटमूर्ख ।

आत्मवादः (ना./पुं.) उद्यते इति *(बताइन्छ)* वद व्यक्तायां वाचि (भ्वा.) धातु, वद्+घञ् (अ), वृद्धि, वादः । आत्मनः वादः *(आत्मासम्बन्धी वाद वा सिद्धान्त)* ष.त.स.= आत्मवाद ।

शब्दार्थ- आत्मतत्त्वसम्वन्धी वाद वा सिद्धान्त, अध्यात्मवाद, अध्यात्मदर्शन-सम्वन्धी दृष्टिकोण ।

आत्मविस्मृतिः (ना./स्त्री.) विस्मरणम्, विस्मर्यते इति *(बिर्सिन्छ)* विपूर्वक स्मृ चिन्तायाम् (भ्वा.) धातु, वि+स्मृ+क्तिन् (ति), विस्मृतिः । आत्मनः विस्मृतिः *(आत्मविस्मरण, आफूलाई बिर्सने क्रिया)* ष.त.स. =आत्मविस्मृति ।

शब्दार्थ- आफूले आफैंलाई बिर्सने काम, आफूले स्वयं आफूलाई नसम्झने क्रिया, आत्मविस्मरण ।

आत्मसिद्धिः (ना./स्त्री.) सिध्यते इति *(सिद्ध हुनु)* षिधु संराद्धौ (दिवा.) धातु, सत्त्व, सिध्+क्तिन् (ति), तको ध, जश्त्व, सिद्धिः । आत्मनः सिद्धिः *(आत्माको सिद्धि)* ष.त.स.= आत्मसिद्धि ।

शब्दार्थ- आत्मसिद्धि प्राप्त हुने क्रिया, आत्मसाक्षात्कार, आत्माको पूर्णज्ञान, आत्मज्ञान प्राप्ति, मोक्षप्राप्ति, परमात्मासम्वन्धी ज्ञान ।

आत्मानुभवः (ना./पुं.) अनुभूयते इति *(अनुभव गरिन्छ)* अनुपूर्वक भू सत्तायाम् (भ्वा.) धातु, अनु+भू+अप्[4] (अ), गुण, अवादेश, अनुभवः ।

---

[1] ण्वुल्तृचौ : तृच्/ण्वुल्

[2] गत्यर्थाकर्मक... : क्त

[3] वा दान्तशान्तपूर्व : क्त, इडाभाव निपातन

[4] ऋदोरप् : अप्

आत्मनः अनुभवः *(आफ्नो वा आत्माको अनुभव)* ष.त.स., आत्मन्‌को नलोप, दीर्घ= आत्मानुभव ।

शब्दार्थ- आफूले भोगेका कुराको अनुभव, आत्मपरमात्मतत्त्वको अनुभूति, आत्मसाक्षात्कार, आत्मज्ञान, आत्मबोध, आफूले प्राप्त गरेको अनुभव ।

आधेयः (वि./ना./न.) आधातुं योग्यः, आधीयते इति वा *(राख्न वा धारण गर्न योग्य वा आधारित हुनु)* आङ्पूर्वक डुधाञ् धारणपोषणयोः (जुहो.) धातु, आ+धा+यत्[1] (य), ईत्व[2], गुण= आधेय ।

शब्दार्थ- आधारित वस्तु राख्न वा स्थापना गर्न योग्य, स्थापित गरिएको , आश्रित पदार्थ, आधारित वस्तु ।

आनीतः (वि.) आसमन्तात् नीयते स्म इति *(सबैतिरबाट ल्याइएको)* आङ्पूर्वक णीञ् प्रापणे (भ्वा.) धातु, आ+नी+क्त (त)= आनीत ।

शब्दार्थ- सर्वत्रवाट ल्याइएको, वाहिरतिरवाट ल्याइएको, हाजिर गराइएको ।

आनुक्रमिकः (वि.) अनुक्रमणम्, अनुक्रम्यते इति वा *(सिलसिला मिलाएर राखिन्छ)* अनुपूर्वक क्रमु पादविक्षेपे (भ्वा.) धातु, अनु+क्रम्+घञ् (अ), वृद्धिनिषेध, अनुक्रमः । अनुक्रमादागतः *(क्रमानुसार आएको वा राखिएको)* अनुक्रम+ठक्[3] (इक), आदिवृद्धि = आनुक्रमिक ।

शब्दार्थ- क्रम मिलेर आएको, शृङ्खलावद्धरूपमा आएको, सिलसिला मिलेको ।

आन्दोलकः (वि.) आन्दोलयतीति *(आन्दोलन गर्छ)* आन्दोल (चुरा.) धातु, आन्दोल+ण्वुल्[4] (अक)=आन्दोलक ।

शब्दार्थ- आन्दोलन गर्ने, विद्रोह गर्ने, होहल्ला मच्चाउने, विरोधका कार्यक्रम प्रदर्शन गर्ने ।

आपूरणम् (ना./न.) आपूरणम्, आपूर्यते इति वा *(पूरा गरिन्छ)* आङ्पूर्वक पूरी आप्यायने (दिवा.) धातु, आ+पूर्+ल्युट् (अन), णत्व= आपूरण ।

शब्दार्थ- पूरा गर्ने काम, पुर्ने क्रिया, भरेर पूर्ण पार्ने काम, भरिभराउ पार्ने काम ।

आपूरितः (वि.) आपूर्यते स्म इति *(पूर्ण भएको वा पारिएको)* आङ्पूर्वक पूरी आप्यायने (दिवा.) धातु, आ+पूर्+क्त (त), इडागम= आपूरित ।

शब्दार्थ- पूर्ण पारिएको, भरिएको, भरिभराउ भएको, पूरा भएको ।

आप्लावितः (वि.) आप्लाव्यते स्म इति *(जलमग्न पारेको)* आङ्पूर्वक प्लुङ् गतौ (भ्वा.) धातु, आ+प्लु+णिचि, वृद्धि, आवादेश, आप्लावि+क्त (त), णिलोप, इडागम =आप्लावित ।

शब्दार्थ- डुवाएको, जलमग्न वनाएको, डुवुल्की लगाएको, निथ्रुक्क भिजाएको ।

आभूषितः (वि.) आभूष्यते स्म इति *(आभूषण लगाएको)* आङ्पूर्वक भूष अलङ्कारे (भ्वा./चुरा.) धातु, आ+भूष्+क्त (त), इडागम= आभूषित ।

शब्दार्थ- अलङ्कार पहिरेको, गहना लगाएको, आभूषणले सिंगारिएको, अलङ्कारले सजिएको ।

आयुष्यम् (ना./न./वि.) आयुषः भावः *(आयुको भाव वा अवस्था)* आयुष्+ष्यञ् (य)= आयुष्य ।

अथवा आयुषे हितम्, आयुः प्रयोजनमस्य *(आयुलाई हित हुने, आयु प्रयोजन छ यसको)* आयुष्+यत्[5] (य) =आयुष्य ।

शब्दार्थ- आयुको अवस्था, वय, जीवनावधि, जीवनप्रद आयु, लामो आयु पारिएको, धेरै बाँच्ने तुल्याएको, दीर्घायु गराएको ।

आराधकः (वि.) आराध्नोतीति *(आराधना गर्छ)* आङ्पूर्वक राध संसिद्धौ (स्वा.) धातु, आ+राध्+ण्वुल्[4] (अक) =आराधक ।

शब्दार्थ- आराधना गर्ने, पूजा-अर्चना गर्ने, उपासक, ध्यान गर्ने, उपासना गर्ने ।

आरोपकः (वि.) आरोपयतीति *(आरोप लगाउँछ)* आङ्पूर्वक रुह बीजजन्मनि प्रादुर्भावे च (भ्वा.) धातु, आ+रुह्+णिचि+ण्वुल्[4] (अक), हको प[6] अन्तादेश, गुण, णिलोप, आरोप् अक= आरोपक ।

शब्दार्थ- आरोप लगाउने, दोषारोपण गर्ने, दोष लगाउने, वातकसुर लगाउने, वृक्षारोपण गर्ने ।

आरोपणम् (ना./न.) आरोप्यते इति *(आरोप लगाइन्छ)* आङ्पूर्वक रुह बीजजन्मनि प्रादुर्भावे च (भ्वा.) धातु, आ+रुह्+णिचि+ल्युट् (अन), हको प, गुण, णिलोप =आरोपण ।

शब्दार्थ- रोप्ने काम, वृक्षारोपण गर्ने क्रिया, दोष लगाउने काम, दोषारोपण, आक्षेप, संस्थापन ।

आरोहकः (वि./ना./पुं.) आरोहतीति *(आरोहण गर्छ)* आङ्पूर्वक रुह बीजजन्मनि प्रादुर्भावे च (भ्वा.) धातु, आ+रुह्+ण्वुल्[4] (अक), गुण= आरोहक ।

शब्दार्थ- आरोहण गर्ने, चढ्ने, उक्लने, आरोहणकारी, सवार हुने, सवारी हाँक्ने व्यक्ति, घोडचढी ।

आरोहितः (वि.) आरुह्यते इति *(आरोहण गरिन्छ)* आङ्पूर्वक रुह बीजजन्मनि प्रादुर्भावे च (भ्वा.) धातु, आ+रुह्+घञ् (अ), गुण, आरोहः । आरोहः सञ्जातः अस्य *(आरोहण गर्ने काम भएको छ यसको)* आरोह+इतच् (इत), अकारलोप= आरोहित ।

शब्दार्थ- आरोहण गरेको, चढेको, माथि उक्लेको ।

---

[1] अचो यत् : यत्

[2] ईद्यति : ईत्व

[3] ठगायस्यानेभ्य... : ठक्

[4] ण्वुल्तृचौ : ण्वुल्

[5] तस्मै हितम् : यत्

[6] रुहःपोऽन्य... : हको प

आलम्बी (वि.) आलम्ब्यते इति *(अवलम्बन गरिन्छ)* आङ्पूर्वक लबि अवस्रंसने (भ्वा.) धातु, नुम्, आ+लम्ब्+घञ् (अ), आलम्बः । आलम्बः अस्यास्तीति *(सहारा छ यसको)* आलम्ब+इनि[१] (इन्), आलम्बिन् =आलम्बी ।

अथवा आलम्बते इति *(अवलम्बन गर्छ)* आ+लम्ब्+णिनि (इन्), आलम्बिन्= आलम्बी ।

शब्दार्थ- अवलम्बन गर्ने, आश्रय लिने, आड लिने, सहारा लिने वा दिने ।

आलिः/आली (ना./स्त्री.) आसमन्तात् अलतीति *(सर्वत्र विभूषित हुन्छ वा पङ्क्तिबद्ध रहन्छ)* आङ्पूर्वक अल भूषणपर्याप्तिवारणेषु (भ्वा.) धातु, आ+अल्+इन्[२] (इ), सवर्ण दीर्घ, आलिः । आलि+ङीष् (ई)= आली ।

ङीष्को अभावमा= आलि ।

आलिः सख्यावलीसेतुष्वनर्थे विशदाशये- इति हैमः

आलि विशदाशये ।

त्रिषु स्त्रियां वयस्यायां सेतौ पङ्क्तौ प्रकीर्तिता- मेदिनी

शब्दार्थ- श्रेणी, रेखा, पङ्क्ति, आवलि, स्त्रीजातिको नारी मित्र, सँगिनी, साथी

आलिङ्ग्यः (वि.) आलिङ्ग्यते, आलिङ्गितुं योग्यः *(आलिङ्गन गर्नु वा आलिङ्गन गर्न योग्य)* आङ्पूर्वक लिगि गतौ (भ्वा.) वा लिगि चित्रीकरणे (चुरा.) धातु, नुम्, आ+लिङ्ग्+ण्यत्[३] (य)= आलिङ्ग्य ।

शब्दार्थ- आलिङ्गन गर्ने, अङ्कमाल गर्न योग्य वा लायक, आलिङ्गन गर्न उचित, अँगालो हाल्न उचित हुने ।

आलोडितः (वि.) आलोडचते स्म इति *(हुँडलिएको)* आङ्पूर्वक लोडृ उन्मादे (भ्वा.) धातु, आ+लोड्+क्त (त), इडागम= आलोडित ।

शब्दार्थ- हुँडलिएको, मथिएको, सोचिएको, मन माझिएको, मन्थन गरिएको ।

आवधिकः (वि.) अवधेरागतः, अवधौ भवः, अवधेरयम् *(अवधिबाट आएको, अवधिमा हुने, अवधिभित्रको यो)* अवधि+ठक्[४] (इक), आदिवृद्धि= आवधिक ।

शब्दार्थ- निश्चित समयभित्र हुने वा भएको, निर्धारित अवधिको, तोकिएको समयावधिमा पूरा हुने, तोकिएको अवधिसम्बन्धी ।

आसन्नकालः (ना./पुं.) आसीदति स्म इति *(निकटमा रहेको)* आङ्पूर्वक षद्लृ विशरणगत्यवसादनेषु (तुदा.) धातु, सत्त्व, आ+सद्+क्त (त), निष्ठा तको न, परसवर्ण, आसन्नः । आसन्नश्चासौ कालश्च *(निकटवर्ती समय)* क.त.स.= आसन्नकाल ।

शब्दार्थ- नजिकै आएको समय, निकवर्ती काल, नजिकै आएको मृत्युको समय, अन्त्यावस्था, आसन्न मृत्यु ।

आस्पदम् (ना./न.) आपद्यते अत्र *(आदर गर्छ वा गरिन्छ यहाँ)* आङ्पूर्वक पद गतौ (दिवा.) धातु, आ+पद्+अच् (पचादि)/घञ् (अ), वृद्धिको अभाव, आ पदम्, सुट्[५] =आस्पद ।

शब्दार्थ- स्थान, ठाउँ, आसन, आवासस्थल, मर्यादा, पद, आश्रय ।

इ/ई

इन्द्रजित् (ना./पुं.) इन्द्रं जयतीति *(इन्द्रलाई जित्तछ)* इन्द्र उपपदमा हुने जि जये (भ्वा.) धातु, इन्द्र+जि+क्विप्, तुक्, क्विप्को सर्वलोप= इन्द्रजित् ।

शब्दार्थ- स्वर्गाधिपति इन्द्रलाई जित्ने मेघनाद, रावणपुत्र

इन्द्रायुधम् (ना./न.) इन्द्रस्य आयुधम् *(इन्द्रको आयुध या धनु)* ष.त.स., दीर्घ= इन्द्रायुध ।

शब्दार्थ- इन्द्रको धनु, शक्रायुध, इन्द्रेनी, इन्द्रको अस्त्र, वज्र, कुलिश ।

ईडा (ना./स्त्री.) ईडचते स्तूयते इति *(स्तुति गरिन्छ)* ईड स्तुतौ (अदा.) धातु, ईड्+अ[६]+टाप् (आ)= ईडा ।

शब्दार्थ- स्तुति, नुति, प्रशंसा, नाडी विशेष, मुख्य मुख्य ईडा, पिङ्गला, सुषुम्णा- तीनवटा नाडीहरूमध्ये एक ।

ईश्वरवादः (ना./पुं.) ईश्वरः अस्ति इति उद्यते *(ईश्वर छन् भनी बताइन्छ)* ईश्वर उपपदमा हुने वद व्यक्तायां वाचि (भ्वा.) धातु, ईश्वर+वद्+घञ् (अ), वद्को वृद्धि= ईश्वरवाद ।

शब्दार्थ- ईश्वरको अस्तित्व स्विकार्ने मत वा सिद्धान्त, ईश्वरलाई सृष्टि, स्थिति र लयको मुख्य हेतु ठान्ने मत वा दार्शनिक दृष्टिकोण ।

ईश्वरवादी (वि.) ईश्वरवादः अस्यास्तीति *(ईश्वरवाद-सम्बन्धी सिद्धान्त छ यसको)* ईश्वरवाद+इनि[१] (इन्), ईश्वरवादिन्= ईश्वरवादी ।

शब्दार्थ- ईश्वरको अनुसरण गर्ने, ईश्वरवादको समर्थक, ईश्वरवादको अनुयायी, ईश्वरवादलाई स्विकार्ने ।

---

१. अत इनिठनौ : इनि
२. सर्वधातुभ्य... : इन्
३. ऋहलोर्ण्यत् : ण्यत्
४. ठगायस्थानेभ्य.../तत्र भवः/तस्येदम् : ठक्
५. आस्पदं प्रतिष्ठायाम् : सुट्
६. गुरोश्च हलः : अ प्रत्यय

उ/ऊ

उच्चरितः (वि.) उच्चर्यते स्म इति *(उच्चारण गरिएको)* उत्पूर्वक चर गतिभक्षणयोः (भ्वा.) धातु, उत्+चर्+क्त (त), इडागम, श्चुत्व= उच्चरित ।

शब्दार्थ- उच्चारण गरिएको, व्यक्त गरिएको, भनिएको, शब्द वा ध्वनि निकालिएको ।

उच्छृङ्खलता (ना./स्त्री.) उच्छृङ्खलस्य भावः *(उच्छृङ्खल हुनाको भाव वा अवस्था)* उच्छृङ्खल+तल् (त)+टाप् (आ)= उच्छृङ्खलता ।

शब्दार्थ- स्वेच्छाचारिता, मनोमालिन्य, निरङ्कुश प्रवृत्ति, उद्दण्डता, मनपरी गर्ने प्रवृत्ति, छाडापन ।

उत्साहकः (वि.) उत्साहयतीति *(उत्साह पैदा गर्छ)* उत्पूर्वक षह मर्षणे (भ्वा.) धातु, सत्त्व, उत्+सह्+णिचि+ण्वुल्[1] (अक), वृद्धि, णिलोप =उत्साहक ।

शब्दार्थ- उत्साह वढाउने, उत्साहित पार्ने, आँट गर्न लगाउने, साहसिलो ।

उदाहृतः (वि.) उदाह्रियते स्म इति *(उदाहरण दिइएको)* उत् आङ् उपसर्गद्वयपूर्वक हृञ् हरणे (भ्वा.) धातु, उत्+आ+हृ+क्त (त), जश्त्व= उदाहृत ।

शब्दार्थ- उदाहरण दिइएको, दृष्टान्त दिइएको, नमुना प्रस्तुत गरिएको ।

उद्दीपितः (वि.) उद्दीप्यते स्म इति *(उत्तेजित गराइएको)* उत्पूर्वक दीपी दीप्तौ (दिवा.) धातु, उत्+दीप्+णिचि, जश्त्व, उद्दीपि+क्त (त), णिलोप, इडागम = उद्दीपित ।

शब्दार्थ- उत्तेजित गराइएको, उद्दीप्त पारिएको, जगाइएको, प्रज्वलित पारिएको ।

उन्मुक्तिः (ना./स्त्री.) उन्मुच्यते इति *(मुक्त गरिन्छ)* उत्पूर्वक मुच्लृ मोक्षणे (तुदा.) धातु, उत्+मुच्+क्तिन् (ति), तको न, चको कुत्व =उन्मुक्ति ।

शब्दार्थ- वन्धनवाट छुटकारा, स्वतन्त्र हुने क्रिया, उन्मुक्त हुने काम ।

उन्मेषः (ना./पुं.) उन्मिष्यते इति *(आँखा खोल्नु)* उत्पूर्वक मिषु सेचने (भ्वा.) धातु, उत्+मिष्+घञ् (अ), गुण, तको न= उन्मेष ।

शब्दार्थ- आँखा खोल्ने क्रिया, फक्रने काम, विकसित हुने क्रिया, प्रकाश, दीप्ति, आँखा उघ्रने क्रिया, सम्झना ।

उन्मेषणम् (ना./न.) उन्मिष्यते इति *(मुक्त गरिन्छ)* उत्पूर्वक मिषु सेचने (भ्वा.) धातु, उत्+मिष्+ल्युट् (अन), गुण,अनुनासिकत्व तको न, णत्व= उन्मेषण ।

शब्दार्थ- आँखा उघ्रने क्रिया, आँखा खुल्ने काम, फक्रने वा फुल्ने काम, आँखा झिम्क्याउने क्रिया ।

उपचारात्मकः (वि.) उपचारः आत्मा यस्य *(उपचार नै मुख्य छ जसको)* उपचार+आत्मन्, व.स., सवर्ण दीर्घ, उपचारात्मन्+कप् (समासान्त), नलोप= उपचारात्मक

शब्दार्थ- उपचार नै मुख्य भएको, रोग निको पार्न उपचार गरिएको ।

उपमितः (वि.) उपमीयते स्म इति *(उपमा दिइएको)* उपपूर्वक माङ् माने शब्दे च (जुहो.) धातु, उप+मा+क्त (त), इत्व= उपमित ।

शब्दार्थ- उपमा दिइएको, तुलना गरिएको, सादृश्यता देखाइएको, दाँजिएको, मापन गरिएको ।

उपयमा (ना./स्त्री.) उपयम्यते अनया *(विवाह गरिन्छ यसबाट)* उपपूर्वक यम उपरमे (भ्वा.) धातु, उप+यम्+अप् (अ), उपयम+टाप् (आ)= उपयमा ।

शब्दार्थ- विवाह गरिने कन्या, विहे गर्न लागेकी युवती, लज्जाशील नवयुवती, संयम, नियन्त्रण ।

द्रष्टव्य- **कन्या त्वजातोपयमा सलज्जा नवयौवना ।**

- सा.द. ३/६७

उपेक्षकः (वि.) उपेक्षते इति *(उपेक्षा गर्छ)* उपपूर्वक ईक्ष दर्शने (भ्वा.) धातु, उप+ईक्ष्+ण्वुल्[1] (अक), गुण =उपेक्षक ।

शब्दार्थ- उपेक्षा गर्ने, वेवास्ता गर्ने, अपहेलना गर्ने, तिरस्कार गर्ने ।

उल्लङ्घकः (वि.) उल्लङ्घते इति *(उल्लङ्घन गर्छ)* उत्पूर्वक लघि गतौ (भ्वा.) धातु, नुम्, उत्+लङ्घ्+ण्वुल् (अक), तको परसवर्णबाट ल= उल्लङ्घक ।

शब्दार्थ- उल्लङ्घन गर्ने, अतिक्रमण गर्ने, मर्यादा तोड्ने, नियम पालना नगर्ने ।

ऊष्मन् (ऊष्मा) (ना./पुं.) ऊषति रुजति *(पीडा वा ताप दिन्छ)* ऊष रुजायाम् (भ्वा.) धातु, ऊष्+मनिन्[2] (मन्), ऊष्मन्, ऊष्मा= ऊष्म ।

शब्दार्थ- ग्रीष्मऋतु, गर्मीको समय, ताप, राप, गर्मी, ज्यादै पोल्ने घाम, ऊष्म ध्वनि- श, ष, स, ह ।

ऊरुजः (ना./पुं./वि.) ऊरोः जातः इति *(तिघ्राबाट पैदा भएको)* ऊरु उपपदमा हुने जनी प्रादुर्भावे (दिवा.) धातु, ऊरु+जन्+ड[3] (अ), टिलोप= ऊरुज ।

शब्दार्थ- विराट् पुरुषको जङ्घावाट पैदा भएको वैश्य जाति, जाँघवाट पैदा हुने ।

द्रष्टव्य- **ऊरु तदस्य यद् वैश्यः - इति श्रुतिः**

---

[1] ण्वुल्तृचौ : ण्वुल्

[2] सर्वधातुभ्यः... : मनिन्

[3] पञ्चम्यामजातौ : ड

ए/ऐ/ओ/औ

एकसदनात्मकः (वि.) एकञ्च तत्सदनञ्च *(एउटै सदन)* क.त.स., एकसदनम्। एकसदनमात्मा यस्य *(एकसदन नै मुख्य छ जसको)* ब.स., दीर्घ, एकसदनात्मन्+कप्[1] (समासान्त), नलोप =एकसदनात्मक।

शब्दार्थ- एउटै मात्र सदन हुने वा भएको (व्यवस्थापिका, विधायिका आदि)।

एकाश्रयः (वि.) एकः आश्रयः यस्य *(एउटै आश्रय वा सहारा छ जसको)* एक+आश्रय, ब.स., दीर्घ =एकाश्रय।

शब्दार्थ- एउटै आश्रय हुने, एउटैको मात्र सहारा भएको, एउटैको मात्र आडभरोसा भएको।

एणः (ना./पुं.) एति गच्छतीति *(विचरण गर्छ)* इण् गतौ (अदा.) धातु, इ+ण (वहुलप्रकारले), गुण= एण।

एणः कृष्णमृगः स्मृतः।

शब्दार्थ- मृग, हरिण, मृगविशेष, भाले मृग, वाह्रसिङ्गे कृष्णमृग।

एणी (ना./स्त्री.) एणस्य स्त्री *(मृगकी पत्नी)* एण+ङीष् (ई)= एणी।

शब्दार्थ- हरिणी, मृगी, कालो पोथी मृग।

ऐकमत्यम् (ना./न.) एकञ्च तत् मतञ्च *(एकमत)* क.त.स., एकमतम्। एकमतस्य भावः *(एकमत हुनाको भाव वा अवस्था)* एकमत+ष्यञ् (य), आदिवृद्धि= ऐकमत्य।

शब्दार्थ- एकमत हुनाको अवस्था, सवैको एउटै विचार वा अवधारणा, एउटै राय, मतैक्य, सर्वसम्मत सहमति।

ऐश्वर्यमत्तः (वि.) ऐश्वर्येण मत्तः *(ऐश्वर्यले मातेको)* तृ.त.स.= ऐश्वर्यमत्त।

शब्दार्थ- धनसम्पत्तिले मातेको, ऐश्वर्यले उन्मत्त भएको, सम्पत्तिले मातिएको।

ऐश्वर्यशाली (वि.) ऐश्वर्येण शलते, शलितुं शीलमस्येति वा *(ऐश्वर्यले परिपूर्ण हुन्छ वा ऐश्वर्यले परिपूर्ण हुने शील वा क्षमता छ यसको)* ऐश्वर्य उपपदमा हुने शल चलनसंवरणयोः (भ्वा.) धातु, ऐश्वर्य+शल्+ णिनि[2] (इन्), शल्को वृद्धि, ऐश्वर्यशालिन् = ऐश्वर्यशाली।

शब्दार्थ- ऐश्वर्यले परिपूर्ण, समृद्धिशाली, धनवान्, धेरै सम्पत्ति भएको।

ऐहिकता (ना./स्त्री.) इह लोके भवः *(यस लोकमा हुने वा भएको)*, इह लोकादागतः *(यस लोकबाट आएको)* इह+ठक्[3] (इक), आदिवृद्धि, ऐहिकः। ऐहिकस्य भावः *(ऐहिक हुनाको भाव वा अवस्था)* ऐहिक+तल् (त)+टाप् (आ)= ऐहिकता।

शब्दार्थ- यस लोकमा हुनाको भाव वा स्थिति, सांसारिकता, यस लोक वा संसारमा हुनाको अवस्था।

औत्पत्तिकः (वि.) उत्पत्तेरयम्, उत्पत्तेरागतः *(उत्पत्तिको यो, उत्पत्तिबाट आएको)* उत्पत्ति+ठक्[3] (इक), आदिवृद्धि= औत्पत्तिक।

शब्दार्थ- उत्पत्तिसम्वन्धी, उत्पत्तिको, उत्पत्तिवाट आएको।

औपस्थिकः (वि.) उपस्थादागतः, उपस्थेन व्यभिचरति *(स्त्री र पुरुष दुवैको जननेन्द्रियबाट आएको, यौनव्यभिचारबाट निर्वाह गर्छ)* उपस्थ+ठक्[3] (इक), आदिवृद्धि= औपस्थिक।

शब्दार्थ- यौन व्यभिचारवाट आएको, स्त्री र पुरुष दुवै यौन व्यभिचार वा व्यवसायवाट निर्वाह गर्ने, अनैतिक यौन व्यवसायवाट जीविका चलाउने।

क

कज्जलम् (ना./न.) कुत्सितं जलमस्मात् प्रभवति *(नराम्रो (कालो)जल यसबाट पैदा हुन्छ)* प्रा.त.स., कुको कत् आदेश, जश्त्व= कज्जल।

शब्दार्थ- गाजल, आँखा सजाउने अञ्जन, नयनाञ्जल, कालिमा, मसी।

कण्टकावृतः (वि.) कण्टकैरावृतः *(काँडाहरूले ढाकिएको)* तृ.त.स., दीर्घ= कण्टकावृत।

शब्दार्थ- काँडाहरूले भरिएको, काँडै-काँडाले ढाकेको, कण्टकाकीर्ण, वाधा अवरोधले परिपूर्ण।

उदा. **मासु यो छ, कलिलो.....**
कण्टकावृत छ मार्ग ननीको- नवरस, करुणरस ९

कण्ठश्रीः (ना./स्त्री.) कण्ठस्य श्रीः शोभा *(घाँटीको शोभा)* ष.त.स.= कण्ठश्री।

शब्दार्थ- घाँटीको सौन्दर्य, कण्ठहार, घाँटीको आभूषण, ज्यादै मन परेको वस्तु।

---

[1] अनिनस्म्.... : कप्

[2] सुप्यजातौ... : णिनि

[3] ठगायस्थानेभ्य... : ठक्

कथोपकनम् (ना./न.) कथ्यते इति *(बताइन्छ)* कथ वाक्यप्रवन्धे (चुरा.) धातु, कथ्+अङ्[1] (अ)+टाप् (आ), कथा । उपकथ्यते इति *(भनिन्छ)* उप+कथ्+ल्युट् (अन), उपकथनम् । कथाया: उपकथनम् *(कथाको संवाद, वर्णन)* ष.त.स., गुण= कथोपकन ।

शब्दार्थ- कथाको संवाद, वार्तालाप, कुराकानी, कथाको संवादात्मक वर्णन ।

कपालिका (ना./स्त्री.) कपाल: अस्ति अस्या: *(मुण्डमाला छ यिनको)* कपाल+ठन्[2] (इक), कपालिक+टाप् (आ) =कपालिका ।

शब्दार्थ- मुण्डमालाधारी भगवती, कालिका, चण्डिका, भगवती दुर्गा ।

कर्णपीडा (ना./स्त्री.) कर्णस्य कर्णयो: वा पीडा *(कानको पीडा)* ष.त.स.= कर्णपीडा ।

शब्दार्थ- कान दुख्ने व्यथा, कर्णशूल, कानको पीडा ।

कर्तनम् (ना./न./वि.) कृन्तति, कृत्यते इति वा *(काट्छ, काटिन्छ)* कृती क्षेदने (तुदा.) धातु, कृत्+ल्युट्/ल्यु (अन), गुण= कर्तन ।

शब्दार्थ- चुपी, छुरा, चुलेसी, सुइरो आदिले काट्ने काम, छेदन गर्ने क्रिया, काट्ने, छेदन गर्ने, खौरने ।

कर्तनी (ना./स्त्री.) कृत्यते अनया *(काटिन्छ यसबाट)* कृती क्षेदने (तुदा.) धातु, कृत्+ल्युट् (अन), गुण, कर्तन+ङीप् (ई)= कर्तनी ।

शब्दार्थ- छुरी, कैंची, चुप्पी, चुलेसी ।

कलात्मक: (वि.) कला आत्मा यस्य *(कला नै मुख्य छ जसको)* कलात्मन्+कप्[3] (समासान्त), नलोप, दीर्घ =कलात्मक ।

शब्दार्थ- कलाले पूर्ण, आकर्षक, कलात्मक ढङ्गले सजाएको ।

कलामर्मज्ञ: (वि.) मर्म जानातीति *(मर्म जान्दछ)* मर्म उपपदमा हुने ज्ञा अववोधने (क्र्या.) धातु, मर्म+ज्ञा+क[4] (अ), आलोप, मर्मज्ञ: । कलाया: मर्मज्ञ: *(कलाको मर्म जान्ने)* ष.त.स.= कलामर्मज्ञ ।

शब्दार्थ- कलाको मर्म जान्ने, कलाको रहस्य बुझेको, कलाको राम्ररी परीक्षण गर्ने, कलाकार ।

कलाविद् (वि.) कलां वेत्तीति *(कला जान्दछ)* कला उपपदमा हुने विद ज्ञाने (अदा.) धातु, कला+विद्+क्विप् (सर्वलोप)= कलाविद् ।

शब्दार्थ- कला जान्ने, कलाविज्ञ, कलाकार, कलामा निपुण ।

कश्यप: (ना./पुं.) कश्यं सोमरसादिकं पिवतीति *(सोमरस आदि पान गर्छन्)* कश्य उपपदमा हुने पा पाने (भ्वा.) धातु, कश्य+पा+क (अ), आलोप= कश्यप ।

शब्दार्थ- मरीचिपुत्र कश्यप प्रजापति, सप्तऋषिहरू मध्ये एक, गोत्रप्रवर्तक ऋषि, कश्यप प्रजापतिले दक्ष प्रजापतिका १३ वटी कन्या विवाह गरे जसको नाम यस प्रकार छ-

अथ कश्यपपत्नीनां यत्प्रसूतमिदं जगत् ।
अदितिर्दितिर्दनु: काष्ठा अरिष्टा सुरसा इला ॥
मुनि: क्रोधवशा ताम्रा सुरभि: सरमा तिमि: ॥।

अर्थात् यिनमध्ये अदितिबाट देवताहरू, दितिबाट दैत्यहरू, दनुबाट दानवहरू, अरिष्टाबाट गन्धर्वहरू, मुनिबाट अप्सराहरू पैदा भएका थिए । यसरी नै तिमिबाट यादोगण, सुरभिबाट गाईभैंसी, क्रोधवशाबाट सर्प, इलाबाट वनस्पति पैदा भए । यसै प्रकार अरू पत्नीहरूबाट किन्नर, नाग, यक्ष आदि समग्र प्राणी जगत्को उत्पत्ति भई जगत् नै व्याप्त भएको थियो, यसरी सृष्टि संरचनामा कश्यको ठूलो योगदान रहेको छ- श्रीमद् भा. ६/६/२५-२६

काङ्क्षा (ना./स्त्री.) काङ्क्ष्यते इति *(चाहना गरिन्छ)* काक्षि काङ्क्षायाम् (भ्वा.) धातु, नुम्, काङ्क्ष्+अ[5] (प्रत्यय)+टाप् (आ)= काङ्क्षा ।

शब्दार्थ- चाहना, कामना, अभिलाषा, आकाङ्क्षा, लिप्सा, लालसा ।

कापालिक: (ना./पुं./वि.) कपालादागत:, कपालेन निर्वृत्त:, कपालस्य अयम् *(खप्पर आदिबाट आएको, कपालबाट निर्वृत्त, कपालको यो)* कपाल+ठक् (इक), आदिवृद्धि= कापालिक ।

शब्दार्थ- शैव सम्प्रदाय अन्तर्गत मानिसको खप्पर लिएर हिंड्ने तान्त्रिक व्यक्ति, भैरव वा शक्तिका उपासक साधु, कपालको, खप्परसम्वन्धी, शैव सम्प्रदायको अनुयायी ।

कामजित् (वि./ना./पुं.) कामं जयतीति *(काम वासना जित्तछ)* काम उपपदपूर्वक जि जये (भ्वा.) धातु, काम+जि+क्विप् (सर्वलोप), तुक्[6]= कामजित् ।

शब्दार्थ- कामवासनाको उन्मादकता जित्नसक्ने, इन्द्रिय विजयी, जितेन्द्रिय, शिव, शम्भु, महेश्वर, बुद्धदेव ।

कामना (ना./स्त्री.) काम्यते इति *(कामना गरिन्छ)* कमु कान्तौ (भ्वा.) धातु, कम्+णिङि, वृद्धि, कामि+युच्[7] (अन), णिलोप, कामन+टाप् (आ)= कामना ।

शब्दार्थ- चाहना, इच्छा, अभिलाषा, आकाङ्क्षा, वाञ्छा, लिप्सा ।

कार्यार्थी (वि.) कार्यमर्थयितुं शीलमस्य *(काम पूरा गर्ने शील वा क्षमता छ यसको)* कार्य उपपदपूर्वक अर्थ उपयाञ्चायाम् (चुरा.) धातु, कार्य+अर्थ्+णिनि[8] (इन्), दीर्घ, कार्यार्थिन्= कार्यार्थी ।

शब्दार्थ- काम फत्ते गर्ने चाहने, काम पूरा गर्ने प्रयासरत रहने, कार्यसिद्धिको कामना गर्ने, आफ्नो उद्देश्य पूरा गर्न चाहने ।

---

१. चिन्तिपूजिकथि.... : अङ्
२. अत इनिठनौ : ठन्
३. अनिनस्मन्... : कप्
४. आतोऽनुपसर्गे... : क
५. गुरोश्च हल: : अ प्रत्यय
६. ह्रस्वस्य पिति... : तुक्
७. ण्यासश्रन्थो युच् : युच्
८. सुप्यजातौ.... : णिनि

कालखण्डः (ना./पुं./न.) कालस्य खण्डः *(कालको विभाग)* ष.त.स.= कालखण्ड ।

शब्दार्थ-समयको विभाग, समयको अवधि, कालको अंश ।

कालज्वरः (ना./पुं.) काल एव ज्वरः *(कालरूप जरो)* म.व्य.स[1].= कालज्वर ।

शब्दार्थ- कालज्वर, विषमज्वर, सन्निपात हुने जरो, शरीर नै कालो पार्ने जरो ।

कालिका (ना./स्त्री.) कलयति कालयति सर्वाणि भूतानि असौ *(सबै प्राणीहरूलाई आफूमा समाहित वा लीन गर्छिन् यिनी)* कल गतौ संख्याने च (चुरा.) धातु, कल्+णिचि,वृद्धि, कालि+ण्वुल् (अक),णिलोप, कालकः । अथवा कल्+णिचि, वृद्धि, कालि+अच् (पचादि), वृद्धि, णिलोप, काल+कन्(स्वार्थमा), कालकः ।

कालक+टाप् (आ), ककारपूर्वका अकारको इत्व=कालिका ।

शब्दार्थ- काली, महाकाली, दुर्गा, चण्डिका, कालो मसी ।

कीर्णः (वि.) कीर्यते स्म इति *(छरिएको)* कॄ विक्षेपे (तुदा.) धातु, कॄ+क्त (त), इत्व, दीर्घ, णत्व= कीर्ण ।

शब्दार्थ- छरिएको, विकीर्ण, पोखिएको, छिरोलो भएको, व्याप्त, ढाकेको, चोट पुऱ्याएको ।

कुजातिः (ना./स्त्री.) कु कुत्सिता जातिः *(निन्दित जाति)* प्रा.त.स[2].= कुजाति ।

शब्दार्थ- नीच जाति, निन्दित जाति, कुत्सित जातिविशेष

कुनीतिः (ना./स्त्री.) कु कुत्सिता नीतिः *(खराब नीति)* प्रा.त.स.= कुनीति ।

शब्दार्थ- खराव नीति-नियम, नराम्रो नीति, नराम्रो अभिप्राय, निन्दित लक्ष्य ।

कुप्रबन्धः (ना./पुं.) कुत्सितः प्रबन्धः *(खराब व्यवस्थापन)* प्रा.त.स.= कुप्रवन्ध ।

शब्दार्थ- नराम्रो व्यवस्थापन, खराव प्रवन्ध, नराम्रो व्यवस्था, वन्दोवस्त राम्रो नभएको अवस्था ।

कुप्रयासः (ना./पुं.) कुत्सितः प्रयासः *(नराम्रो प्रयास)* प्रा.त.स.= कुप्रयास ।

शब्दार्थ-कुत्सित प्रयत्न, दुष्प्रयास, खराव प्रयत्न, धृष्टता ।

कुररः (ना./पुं.) कवते इति *(बास्छ, शब्द वा आवाज निकाल्छ)* कुङ् शब्दे (भ्वा.) धातु, कु+करन्[3] (रर) =कुरर ।

शब्दार्थ- न्याउली चरो, नाउली पन्छी ।

कुररी (ना./स्त्री.) कुररस्य स्त्री *(कुरर स्त्री पन्छी, न्याउली चरोकी पत्नी)* कुरर+ङीष् (ई)= कुररी ।

शब्दार्थ- न्याउली चरी, पोथी न्याउली ।

कुसुमकलिका (ना./स्त्री.) स्वल्पा कलिः *(सानो कोपिला)* कलि+कन् (क), कलिक+टाप् (आ), कालिका । कुसुमानां कलिका *(फूलको कोपिला)* ष.त.स. =कुसुमकलिका ।

शब्दार्थ- फूलको कोपिला, पुष्पकलिका ।

कुसुमशरः (ना./पुं.) कुसुमानां शरः *(फूलहरूको बाण)* ष.त.स.= कुसुमशर ।

शब्दार्थ- पुष्पवाण, कामवाण, कामदेवको कामोत्तेजक अस्त्र ।

कुसुमस्तबकः (ना./पुं.) कुसुमानां स्तवकः *(फूलहरूको गुच्छा)* ष.त.स.= कुसुमस्तवक ।

स्याद् गुच्छकस्तु स्तबकः - इत्यमरः

शब्दार्थ- पुष्पगुच्छा, फूलहरूको गुँथो, फूलको गुच्छा ।

कृतकपुत्रः (ना./पुं.) कृन्ततीति *(काट्छ)* कृती छेदने (तुदा.) धातु, कृत्+क्वुन् (अक), कृतकः । कृतकश्चासौ पुत्रश्च *(कृत्रिम पुत्र)* क.त.स.= कृतकपुत्र ।

शब्दार्थ- वनाएको छोरो, कृत्रिम पुत्र, धर्मपुत्र, वनावटी पुत्र

कृतप्रतिज्ञः (वि.) कृता प्रतिज्ञा येन *(जसले प्रतिज्ञा गरेको छ)* ब.स., ह्रस्व= कृतप्रतिज्ञ ।

शब्दार्थ- कुनै कामकुरा पूरा गर्न प्रतिज्ञा गरेको, कुनै कुरा गर्ने वा नगर्ने विषयमा कवोल गरेको, आफूले गरेको प्रतिज्ञा पूरा गरेको ।

कृषिकर्म (ना./न.) कृषेः कर्म *(कृषिको काम)* ष.त.स. =कृषिकर्म ।

शब्दार्थ- खेतीपातीको काम, कृषिसम्वन्धी कर्म, वालीनाली लगाउने र उकेर्ने काम, खनजोत गर्ने काम ।

कृष्णयजुर्वेदः (ना./पुं.) कृष्णश्चासौ यजुर्वेदश्च *(कृष्ण यजुर्वेद)* क.त.स.= कृष्णयजुर्वेद ।

शब्दार्थ- यजुर्वेदका कृष्ण र शुक्ल दुई शाखामध्ये एक ।

केशकारः (वि.) केशं करोतीति *(केश सजाउने काम गर्छ)* केश उपपदपूर्वक डुकृञ् करणे(-तना.) धातु, केश+कृ+अण् (अ), वृद्धि= केशकार ।

शब्दार्थ- केश सजाउने काम गर्ने, केश सजाउने, केश काट्ने र सजाउने ।

केशविन्यासः (ना./पुं.) केशानां विन्यासः *(केशको समाल्ने काम)* ष.त.स.= केशविन्यास ।

शब्दार्थ- केश सजाउने काम, कपाल कोरीवाटी गर्ने काम, केशको वेणीवन्ध, चुल्ठो वाट्ने काम, केशका विविध प्रकारको सजावट ।

क्रमबद्धता (ना./स्त्री.) क्रमेण बद्धः *(क्रमैसँग मिलाएको)* तृ.त.स., क्रमवद्धः । क्रमवद्धस्य भावः *(क्रमबद्ध हुनाको भाव वा अवस्था)* क्रमबद्ध+तल् (त)+टाप् (आ) =क्रमवद्धता ।

शब्दार्थ- सिलसिला मिलाएर राख्ने काम, क्रमवद्ध हुनाको स्थिति, क्रम मिल्नाको अवस्था ।

---

१. मयूरव्यंसकादयश्च : म.व्य.स.

२. कुगतिप्रादयः : प्रा.त.स.

३. कुवः करन् : करन्

क्रियान्वयनम् (ना./न.) अन्वयनमिति *(अन्वय हुनु)* अनुपूर्वक इण् गतौ (अदा.) धातु, अनु+इ+ल्युट् (अन), इको गुण, अयादेश, अनुको यण्, अन्वयनम्। क्रियायाः अन्वयनम् *(कुनै कार्यको कार्यान्वयन गर्ने काम)* ष.त.स., दीर्घ= क्रियान्वयन।

शब्दार्थ- कुनै निर्णय कार्यान्वयन गर्ने काम, कुनै नीति नियम र निर्देशनको कार्यान्वयन गर्ने र पालना गराउने काम, कुनै योजना वा सन्धि, सम्झौता आदिको कार्यान्वयन गर्ने क्रिया।

क्रीडाभूमिः (ना./स्त्री.) क्रीडायाः भूमिः *(क्रीडाको स्थल)* ष.त.स.= क्रीडाभूमि।

शब्दार्थ-रङ्गशाला, क्रीडास्थल, खेल खेल्ने मैदान, रङ्गभूमि।

***उदा.* क्रीडाभूमि प्रकृतिसुखको दौलती दिव्यफेरी।**

- शा.म.का. १९/२०

क्रूरकर्म (वि./ना./न.) क्रूरः कर्म यस्य *(क्रूरकर्म छ जसको)* व.स., क्रूरकर्मन्, क्रूरकर्मा= क्रूरकर्म।

अथवा क्रूरश्चासौ कर्म च *(क्रूरकर्म)* क.त.स. =क्रूरकर्म।

शब्दार्थ- क्रूरकर्म गर्ने, निठुरी, जघन्य अपराध गर्ने, नृंशस कर्म, हत्या, वध आदिकर्म।

क्ष

क्षणभङ्गुरता (ना./स्त्री.) क्षणे क्षणात् वा भङ्गुरः *(क्षणभरमा या क्षणभरबाट नै नाश हुने)* स.त.स./प.त.स., क्षणभङ्गुरः। क्षणभङ्गुरस्य भावः *(क्षणभङ्गुर हुनाको भाव वा अवस्था)* क्षणभङ्गुर+तल् (त)+टाप् (आ) =क्षणभङ्गुरता।

शब्दार्थ- क्षणभङ्गुर हुनाको स्थिति वा अवस्था, नश्वरता, क्षणिकता, क्षण-स्थायित्व।

क्षणिकता (ना./स्त्री.) क्षणः अस्यास्तीति *(एकक्षण मात्र छ यसको)* क्षण+ठन् (इक), क्षणिकः। क्षणिकस्य भावः *(क्षणिक हुनाको भाव वा अवस्था)* क्षणिक+तल (त)+टाप् (आ)= क्षणिकता।

शब्दार्थ- क्षणिक हुनाको भाव वा अवस्था, नश्वरता, क्षणभङ्गुरता।

क्षत्ता (वि./ना./पुं.) क्षदते इति *(टुक्रा पार्छ)* क्षद शकली करणे भक्षणे च सौत्र धातु, क्षद्+तृच्[1] (तृ), चर्त्व, क्षत्तृ= क्षत्ता।

शब्दार्थ- काट्ने, भेदन गर्ने, टुक्रा पार्ने, विदुर, ब्रह्मा, शूद्रपिता, वैश्यकन्यामा शूद्रवाट उत्पन्न पुत्र।

क्षपणकः (ना./पुं./वि.) क्षपयति लज्जादिकम् *(लज्जादि हटाउँछ)* क्षप प्रेरणे (चुरा.) धातु, क्षप्+ल्यु (अन), णत्व, क्षपणः। क्षपण एव *(निर्लज्ज नै, जैन भिक्षु नै)* क्षपण+कन् (क), स्वार्थमा= क्षपणक।

शब्दार्थ- जैनभिक्षु, नाङ्गै रहने साधु, राजा विक्रमादित्यका नवरत्नहरूमध्ये एक, वौद्ध भिक्षु, निर्वस्त्र, लज्जारहित, निर्लज्ज।

क्षयकारः (वि.) क्षयं करोतीति *(क्षय वा नाश गर्छ)* क्षयपूर्वक डुकृञ् करणे (तना.) धातु, क्षय+कृ+अण्[2] (अ), वृद्धि= क्षयकार।

शब्दार्थ- क्षय गर्ने, नाश गर्ने, हानि गर्ने, क्षयकारी, वरवादी गर्ने।

क्षयकारकः (वि.) क्षयं करोतीति *(विनाश गर्छ)* क्षयपूर्वक डुकृञ् करणे (तना.) धातु, क्षय+कृ+ण्वुल्[1] (अक), कृको वृद्धि= क्षयकारक।

शब्दार्थ- विनाश गर्ने, हानिकारक, क्षयकारी, क्षति पुऱ्याउने, क्षय वा हानि गर्ने।

क्षयकारी (वि.) क्षयं कर्तुं शीलमस्य *(क्षय गर्ने स्वभाव वा शील छ यसको)* क्षयपूर्वक डुकृञ् करणे (तना.) धातु, क्षय+कृ+णिनि[3] (इन्), वृद्धि, क्षयकारिन्= क्षयकारी।

शब्दार्थ- क्षय वा नाश गर्ने, क्षयकारक, क्षति पुऱ्याउने, विनाशक, हानिकारक।

क्षयकालः (ना./पुं.) क्षयस्य कालः *(विनाशको समय)* ष.त.स.= क्षयकाल।

शब्दार्थ- प्रलयको समय, कल्पान्त, प्रलयकाल, संहारको समय, विनाशकाल।

क्षयरोगी (वि.) क्षयः रोगः *(क्षयरोग, शरीर सुक्तै जाने रोग)* सह सुपा समास, क्षयरोगः। क्षयरोगः अस्य अस्तीति *(क्षयरोग छ यसको)* क्षयरोग+इनि[4] (इन्), क्षयरोगिन्= क्षयरोगी।

शब्दार्थ- शरीर सुक्तै जाने रोग लागेको, क्षयरोग लागेको, टी.वी. रोगको विरामी, राजयक्ष्माको रोगी।

---

१. ण्वुल्तृचौ : तृच्/ण्वुल्

२. कर्मण्यण् : अण्

३. सुप्यजातौ... : णिनि

४. अत इनिठनौ : इनि

ग / घ

गङ्गाद्वारम् (ना./न.) गङ्गायाः द्वारम् *(गङ्गा नदीको द्वार)* ष.त.स.= गङ्गाद्वार ।

शब्दार्थ- गङ्गाजी पहाड छिचोलेर मैदानमा प्रवेश गरको स्थान, हरिद्वार, एक पवित्र तीर्थस्थल ।

गजाधिपः (ना./पुं.) गजानाम् अधिपः *(हात्तीहरूको स्वामी)* ष.त.स., दीर्घ= गजाधिप ।

शब्दार्थ- हात्तीहरूको राजा, गजेन्द्र, गजाधिपति ।

गणिका (ना./स्त्री.) गणयति असौ *(समयको प्रतीक्षा गर्छे यो)* गण सङ्ख्याने (चुरा.) धातु, गण+ण्वुल् (अक), गणक+टाप् (आ), ककारपूर्वका अकारको इत्व =गणिका ।

शब्दार्थ- यौन ग्राहकको प्रतीक्षा गर्ने स्त्री, वेश्या, व्यभिचारिणी नारी, मोल लिएर यौन वेच्ने स्त्री ।

उदा. **दुराचारी व्याधा, अधम गणिका, भिल्लशवरी-लालित्य, शरणागति २**

गन्धर्वगणः (ना./पुं.) गन्धर्वाणां गणः *(गन्धर्वहरूको गण वा समूह)* ष.त.स.= गन्धर्वगण ।

शब्दार्थ- गन्धर्व जातिहरूको समुदाय, स्वर्गका गायकहरूको समूह, देवयोनिविशेष गायक समुदाय, गाउने पेशा भएका गाइनेहरूको गण ।

गन्धर्वविद्या (ना./स्त्री.) गन्धर्वाणां विद्या *(गन्धर्वहरूको विद्या)* ष.त.स.= गन्धर्वविद्या ।

शब्दार्थ- गायन कलासम्वन्धी विद्या, गान-वजानसम्वन्धी विद्या, सङ्गीत कलासम्वन्धी शास्त्र ।

गन्धर्वविवाहः (ना./पुं.) गन्धर्वेण (विधिना) विवाहः *(गन्धर्वविधिले गरिने विवाह)* तृ.त.स.=गन्धर्वविवाह ।

शब्दार्थ- युवायुवतीको आ-आफ्नै राजीखुसीले गरिने विवाह, प्रेमविवाह, युवक-युवतीले स्वतन्त्ररूपले गरिने विवाह, तरुनी-तन्नेरीले हाटवजार, वनपाखा आदिमा दुवैले मन पराएर स्वेच्छाले गरिने विवाह, हिन्दु परम्पराअनुसार आठ प्रकारका विवाहविधिमध्ये एक ।

गन्धिकः/गन्धी (वि.) गन्धः अस्यास्तीति *(गन्ध छ यसको)* गन्ध+ठन्[1] (इक), अकारलोप= गन्धिक । गन्ध+इनि[1] (इन्), गन्धिन्= गन्धी ।

शब्दार्थ- गन्ध पैदा हुने, सुगन्ध वा दुर्गन्ध फैलिने, गन्धयुक्त, समासको अन्त्यमा प्रयुक्त हुँदा- भ्रातृ गन्धिक (नाममात्रको भाई) ।

गमनागमनम् (ना./न.) गम्यते, आगम्यते इति *(गइन्छ, आइन्छ)* गम्लृ गतौ (भ्वा.) धातु, गम्+ल्युट् (अन), गमनम् । आ+गम्+ल्युट् (अन), आगमनम् । गमनञ्च आगमनञ्च *(जाने र आउने काम)* गमन+आगमन, द्व.स., सवर्णदीर्घ= गमनागमन ।

शब्दार्थ- जाने र आउने काम, आवत-जावत ।

गर्जकः (वि.) गर्जतीति *(गर्जन्छ)* गर्ज शब्दे (भ्वा.) धातु, गर्ज्+ण्वुल्[2] (अक)= गर्जक ।

शब्दार्थ- गर्जने, हम्काउने, ठूलो स्वरले कराउने ।

गर्भघातकः (वि.) गर्भं हन्तीति *(गर्भ नाश गर्छ)* गर्भ उपपदमा हुने हन हिंसागत्योः (अदा.) धातु, गर्भ+हन्+ण्वुल्[2] (अक), हन्को वृद्धि, हको कुत्व घ, नको त[3], गर्भ घात् अक= गर्भघातक ।

शब्दार्थ- गर्भघात गर्ने, गर्भपतन गराउने, गर्भ नाश गर्ने, गर्भ तुहाउने ।

गर्भघातिनी (ना./स्त्री./वि.) गर्भं हन्तुं शीलमस्याः *(गर्भ विनाश गर्ने शील वा प्रवृत्ति छ यस स्त्रीको)* गर्भ उपपदमा हुने हन हिंसागत्योः (अदा.) धातु, गर्भ+हन्+णिनि[3] (इन्), वृद्धि, हको कुत्व घ, नको त[3], गर्भघातिन्+ङीप् (ई)= गर्भघातिनी ।

शब्दार्थ- गर्भको हत्या गर्ने स्त्री, भ्रूण हत्या गर्ने महिला, गर्भपतन गराउने नारी, गर्भपात गर्ने स्त्री, गर्भघातिनी, गर्भघातिका ।

गर्भघाती (वि.) गर्भं हन्तुं शीलमस्य *(गर्भ नाश गर्ने शील वा प्रवृत्ति छ यसको)* गर्भ उपपदमा हुने हन हिंसागत्योः (अदा.) धातु, गर्भ+हन्+णिनि[4] (इन्), हन्को वृद्धि, हको कुत्व घ, नको त[3], गर्भघातिन्= गर्भघाती ।

शब्दार्थ- गर्भ विनाश गर्ने, भ्रूण हत्या गर्ने, गर्भपतन गराउने, गर्भघातक ।

गान्धिकः (वि./ना./पुं.) गन्धादागतः, गन्धस्यायम्, गन्धः पण्यमस्य *(गन्धबाट आएको, गन्धको यो, सुगन्ध छ व्यापार जसको)* गन्ध+ठक्[5] (इक), आदिवृद्धि =गान्धिक ।

शब्दार्थ- गन्धसम्वन्धी, गन्धको, गन्धवाट प्राप्त भएको, सुगन्ध, अत्तर वा कस्तुरी वा कपूरजस्ता सुगन्धित वस्तुको कारोवार गर्ने व्यक्ति, वास्नादार वस्तुको क्रयविक्रय गर्ने मानिस ।

गिरिधरः/गिरिधारी (ना./पुं.) गिरिं धरतीति *(पर्वत धारण गर्दछन्)* गिरिपूर्वक धृञ् धारणे (भ्वा.) धातु, गिरि+धृ+अच् (पचादि), गुण= गिरिधर । गिरि+धृ+णिनि (इन्), वृद्धि, गिरिधारिन्= गिरिधारी ।

शब्दार्थ- गोवर्द्धन पर्वत धारण गर्ने भगवान् श्रीकृष्ण, वासुदेव ।

---

[1] अत इनिठनौ : इनि/ठन्

[2] ण्वुल्तृचौ : ण्वुल्

[3] हनस्तो......: हन्का नको त

[4] सुप्यजातौ... : णिनि

[5] ठगायस्थानेभ्य.../तस्येदम्/तदस्य पण्यम् : ठक्

गुणात्मकः (वि.) गुणः आत्मा यस्य *(गुण मुख्य छ जसको)* ब.स., दीर्घ, गुणत्मन्+कप्[१] (समासान्त), नलोप=गुणात्मक ।

शब्दार्थ- धेरै गुण भएको, गुणवर्द्धक, गुण मुख्य हुने, गुणैगुणले युक्त ।

गुप्तधनम् (ना./न.) गुप्तञ्च तद्धनम् *(गुप्तधन)* क.त.स. =गुप्तधन ।

शब्दार्थ- कसैलाई थाह नदिई राखेको धन, गोप्यरूपमा राखेको धन, लुकाएर राखेको धन ।

गौरीश्वरः (ना./पुं.) गौर्याः ईश्वरः, गौर्या युक्तः, गौरीयुक्त-श्चासौ ईश्वरश्च *(गौरीका स्वामी, गौरी सहितका ईश्वर)* ष.त.स./क.त.स., उ.प.लोप, दीर्घ= गौरीश्वर ।

शब्दार्थ- पार्वतीका स्वामी, शिव, अर्धनारीश्वर महादेव, शङ्कर ।

ग्रहयोगः (ना./पुं.) ग्रहाणां योगः *(ग्रहहरूको योग)* ष.त.स. = ग्रहयोग ।

शब्दार्थ- दुई वा त्यसभन्दा बढी ग्रहहरू एउटै स्थान या राशिमा रहने काम ।

ग्राम्यकर्म (ना./न.) ग्राम्याणां जनानां कर्म *(गाउँले जनहरूको कर्म)* ष.त.स.= ग्राम्यकर्म ।

शब्दार्थ- गाउँलेहरूको कामकाज, गाउँमा बस्नेहरूको कृषि तथा पशुपालनादि कर्म, ग्रामीण व्यवसाय ।

ग्लानिः (ना./स्त्री.) ग्लायति, ग्लायते इति वा *(थकित हुन्छ, शिथिल हुनु)* ग्लै हर्षक्षये (भ्वा.) धातु, आत्व, ग्ला+क्तिन् (ति), तको न= ग्लानि ।

अथवा ग्ला+नि[२] (उणा.)= ग्लानि ।

शब्दार्थ- थकाइ, थकावट, खेद, चिन्ता, शिथिल हुने काम, खिन्नता, विषाद ।

घटना-शृङ्खला (ना./स्त्री.) घटनायाः शृङ्खला *(घटनाको शृङ्खला)* ष.त.स.= घटना-शृङ्खला ।

शब्दार्थ- घटनाको क्रमबद्धता, घटनाको सिलसिला, घटनाको क्रम, घटनाको शृङ्खला ।

घण्टा (ना./स्त्री.) घण्टयतीति *(शब्द गर्छ)* घटि भाषार्थे (चुरा.) धातु, नुम्, घण्ट्+अ (प्रत्यय), घण्ट+टाप् (आ)= घण्टा ।

शब्दार्थ- पूजाआजा गर्दा वजाइने घण्टा, घण्टी ।

च/छ

चक्रजीवी (वि.) चक्रेण जीवितुं शीलमस्य *(चक्र चलाएर जीविका गर्ने शील वा क्षमता छ यसको)* चक्र उपपदपूर्वक जीव प्राणधारणे (भ्वा.) धातु, चक्र+जीव्+णिनि[३] (इन्), चक्रजीविन्= चक्रजीवी ।

शब्दार्थ- चक्रको माध्यमद्वारा जीविका चलाउने, माटाका भाँडा वनाउने (कुमाले), घट्ट चलाउने घट्टे ।

चतुष्पदी (ना./पुं.) चत्वारः पादाः यस्य *(चार पाउ छन् जसका)* चतुष्+पाद, ब.स., पादको पदादेश, चतुष्पदम् । चतुष्पदमस्यास्तीति *(चार पाउ छन् यसका)* चतुष्पद+इनि[४] (इन्), चतुष्पदिन्=चतुष्पदी ।

शब्दार्थ- चार पाउ भएको पद्य श्लोक, चारवटा खुट्टा भएको जनावर, चार खुट्टा भएको कुनै अन्य वस्तु ।

चमत्कृतिः (ना./स्त्री.) चमत्क्रियते इति *(चमत्कार गर्नु)* चमत्पूर्वक डुकृञ् करणे (तना.) धातु, चमत्+कृ+क्तिन् (ति)= चमत्कृति ।

शब्दार्थ- चमत्कार, विस्मय, आश्चर्य, काव्यजगत्मा पाइने सुन्दरता, काव्यगत छटा ।

उदा. छ चमत्कृति अद्भूत मानवता- नवरस अद्भूत रस ३०

चयनशीलः (वि.) चयनं शीलं यस्य *(छान्ने वा सङ्कलन गर्ने शील छ जसको)* ब.स.= चयनशील ।

शब्दार्थ- चयन गर्ने शील स्वभावको, सङ्कलन गर्ने प्रकृतिको, छान्ने स्वभावको ।

चारुहासिनी (ना./स्त्री.) चारु हसितुं शीलं यस्याः *(मधुर मुस्कुराउने शील वा स्वभाव छ यस स्त्रीको)* चारुपूर्वक हसे हसने (भ्वा.) धातु, चारु+हस्+णिनि[३] (इन्), वृद्धि, चारुहासिन्+ङीप् (ई)= चारुहासिनी ।

शब्दार्थ- मधुर मुस्कुराउने स्त्री, मन्दमुस्कान भएकी नारी, हँसिलो मुखाकृति भएकी स्त्री ।

चिकित्सालयः (ना./पुं.) चिकित्सायाः आलयः *(उपचार गर्ने औषधालय)* ष.त.स., दीर्घ= चिकित्सालय ।

शब्दार्थ- औषधोपचार गर्ने स्वास्थ्यसंस्था, औषधालय, अस्पताल, ओखती गर्ने स्थान, हस्पिटल ।

चित्तविक्षेपः (ना./पुं.) विक्षेपणम्, विक्षिप्यते इति वा *(विक्षेप हुनु)* विपूर्वक क्षिप प्रेरणे (तुदा.) धातु, वि+क्षिप्+घञ् (अ), गुण, विक्षेपः । चित्तस्य विक्षेपः *(चितको विक्षेप)* ष.त.स.= चित्तविक्षेप ।

शब्दार्थ- चित्तको चञ्चलपना, चित्त स्थिर नहुने क्रिया, मनको दिगदारीपन, चित्तविक्षोभ, मनको उदासीनता ।

---

[१] अनिनस्मन्... : कप्

[२] वहि-श्रि-श्रु-युद्रु... : नि

[३] सुप्यजातौ... : णिनि

[४] अत इनिठनौ : इनि

चित्तविक्षोभः (ना./पुं.) विक्षुभ्यते इति *(विक्षोभ पैदा हुनु)* विपूर्वक क्षुभ सञ्चलने (भ्वा.) धातु, वि+क्षुभ्+घञ् (अ), गुण, विक्षोभः । चित्तस्य विक्षोभः *(चित्तको विक्षोभ)* ष.त.स.= चित्तविक्षोभ ।

शब्दार्थ- चित्त ठेगानमा नहुने काम, चित्तको उन्माद, चित्त उथुलपुथुल हुने क्रिया, चित्तको विक्षोभ, मनको चञ्चलता ।

चित्तविप्लवः (ना./पुं.) विप्लवनम्, विप्लूयते इति वा *(उफ्रनु, आपत्ति पर्नु)* विपूर्वक प्लुङ् गतौ (भ्वा.) धातु, वि+प्लु+अप्[1] (अ), गुण, अवादेश, विप्लवः । चित्तस्य विप्लवः *(चित्तको चञ्चलपना)* ष.त.स. = चित्तविप्लव

शब्दार्थ- चित्तको चञ्चलता, चित्तको अस्थिरता, मनको दिग्दारीपन, चित्त-विक्षेप ।

चित्तविभ्रमः (ना./पुं.) विभ्रमणम्, विभ्रम्यते इति वा *(विशेष भ्रम हुनु)* विपूर्वक भ्रमु पादविक्षेपे (भ्वा.) धातु, वि+भ्रम्+घञ् (अ), वृद्धिनिषेध, विभ्रमः । चित्तस्य विभ्रमः *(चित्तको भ्रान्ति)* ष.त.स. =चित्तविभ्रम ।

शब्दार्थ- चित्तको उन्मादकता, मतिभ्रष्ट हुने काम, वुद्धिभ्रंश, चित्तमा भ्रम पैदा हुने क्रिया ।

चित्रविद्या (ना./स्त्री.) चित्रस्य विद्या *(चित्रकलाको विद्या)* ष.त.स.= चित्रविद्या ।

शब्दार्थ- चित्रकलासम्वन्धी विद्या, चित्रकारिता, चित्रकलासम्वन्धी शास्त्र ।

चिन्तनशीलः (वि.) चिन्तनं शीलं यस्य *(चिन्तन गर्ने शील वा स्वभाव छ यसको)* व.स.= चिन्तनशील ।

शब्दार्थ- चिन्तन-मनन गर्ने शील वा स्वभाव भएको, गहिरिएर शोचविचार गर्ने, मननशील, विचारवान् ।

छद्मवेशी (वि.) छद्मवेशः अस्यास्तीति *(छद्मवेश छ यसको)* छद्मवेश+इनि (इन्), छद्मवेशिन्= छद्मवेशी ।

शब्दार्थ- कपटपूर्ण वेश धारण गर्ने, वनावटी वेश लिने, नक्कली रूप धारण गर्ने, छद्मवेश लिएर ठगी गर्ने, ठग ।

छन्दोभङ्गः (ना./पुं.) भञ्जनम्, भज्यते इति वा *(भङ्ग हुनु)* भञ्जो आमर्दने (रुधा.) धातु, भञ्ज्+घञ् (अ), जको कुत्व ग, परसवर्ण, भङ्गः । छन्दसः भङ्गः *(छन्दको भङ्ग हुने क्रिया)* ष.त.स., रुत्व, उत्व= छन्दोभङ्ग ।

शब्दार्थ- छन्दको नियमानुसार रचित कवितामा छन्दको भङ्ग हुने काम, छन्दसम्वन्धी नियममा पाइने त्रुटि वा अशुद्धि, छन्दशास्त्रको नियम पूर्णतः पालन नहुने क्रिया ।

छात्रालयः (ना./पुं.) आलीयन्ते अत्र *(रहन्छन् यहाँ)* आङ्पूर्वक लीङ् श्लेषणे (दिवा.) धातु, आ+ली+अच् (एरच्)/घ[2] (अ), गुण, अयादेश, आलयः । छात्राणामालयः *(छात्रछात्राहरूको निवासस्थान)* ष.त.स., दीर्घ= छात्रालय ।

शब्दार्थ- छात्र वा छात्राहरू वस्ने स्थान वा निवासगृह, छात्रालय, होस्टल ।

छिन्नकर्णः (वि.) छिन्नौ कर्णौ यस्य *(जसका कान काटिएका छन्)* व.स.= छिन्नकर्ण ।

शब्दार्थ- कान काटिएको, कनफट्टा ।

छिन्ननासिकः (वि.) छिन्ना नासिका यस्य *(जसको नाक काटिएको छ)* व.स., ह्रस्व= छिन्ननासिक ।

शब्दार्थ- नाक काटिएको, नकटो, नाक नभएको ।

ज / ज्ञ / झ

जगन्निर्माता (वि./ना./पुं.) निर्मातीति *(निर्माण गर्दछ)* निर्पूर्वक मा माने (अदा.) धातु, निर्+मा+तृच्[3] (तृ), निर्मातृ, निर्माता । जगतः निर्माता *(जगत्का स्रष्टा)* ष.त.स. =जगन्निर्माता ।

शब्दार्थ- जगत्का निर्माता, विश्वस्रष्टा, जगत्कर्ता, व्रह्माण्डका रचयिता, ब्रह्मा, परव्रह्म परमेश्वर ।

जनकनन्दिनी (ना./स्त्री.) नन्दति अनया *(आनन्दित हुन्छन् यिनबाट)* टुनदि समृद्धौ (भ्वा.) धातु, नुम्, नन्द्+णिनि (इन्), नन्दिन्+ङीप् (ई), नन्दिनी । जनकस्य नन्दिनी *(जनककी पुत्री)* ष.त.स. =जनकनन्दिनी ।

शब्दार्थ- जनकपुत्री सीता, जनकतनया, जनकसुता ।

जनयिता (ना./पुं./वि.) जनयतीति *(पैदा गर्दछन्)* जनी प्रादुर्भावे (दिवा.) धातु, जन्+णिचि+तृच् (तृ), इडागम, जनिको गुण, अयादेश, जनयितृ= जनयिता ।

शब्दार्थ- जनक, पिता, वावु, पैदा गर्ने व्यक्ति, जन्म दिने, सृष्टि गर्ने ।

जन्मसिद्धः (वि.) जन्मना सिद्धः *(जन्मबाट नै प्राप्त गरेको)* तृ.त.स.= जन्मसिद्ध ।

शब्दार्थ- जन्मद्वारा नै सिद्ध भएको, जन्मबाट नै प्राप्त गरेको ।

---

१. ऋदोरप् : अप्

२. पुंसि संज्ञायां... : घ

३. ण्वुल्तृचौ : तृच्

जपनम् (ना./न.) जपनम्, जप्यते इति *(जप गर्नु, जप्नु)* जप व्यक्तायां वाचि (भ्वा.) धातु, जप्+ल्युट् (अन) =जपन ।

शब्दार्थ- गायत्री मन्त्रको जप, दीक्षादि मन्त्रको जप, वीजमन्त्रादिको जप, मनमनै जप्ने क्रिया, वेदाध्ययन, ग्रहादिको जाप ।

जरावस्था (ना./स्त्री.) जरायाः वृद्धत्वस्य अवस्था *(बुढ्याइँको अवस्था)* जरा+अवस्था, ष.त.स., दीर्घ =जरावस्था ।

शब्दार्थ-वृद्धावस्था, वुढ्याइँ, वृद्धत्व, बुढेसकाल, वार्धक्य ।

जारजः (ना./पुं.) जाराज्जायते स्म इति *(जार पतिबाट पैदा भएको)* जार उपपदपूर्वक जनी प्रादुर्भावे (दिवा.) धातु, जार+जन्+ड[१] (अ), टिलोप= जारज ।

अमृते जारजः कुण्डो मृते भर्तृरि मोलकः - इत्यमरः

शब्दार्थ- आफ्नो पति नमरिकन अर्को जार लोग्नेबाट जन्मेको सन्तान, जारपुत्र, लोग्ने नमरि जन्मेको कुण्डपुत्र, लोग्ने मरेपछि जारबाट जन्मेको गोलकपुत्र ।

जालकारकः (वि./ना./पुं.) जालं करोतीति *(जाल बुन्दछ)* जाल उपपदमा हुने डुकृञ् करणे (तना.) धातु, जाल+कृ+ण्वुल्[२] (अक), कृको वृद्धि= जालकारक ।

शब्दार्थ- जाल बनाउने, चरा, माछा आदि अल्झाउन जाल बुन्ने, जालनिर्माता, माकुरो, जाल बुन्ने मानिस ।

जालजीवी (वि./ना./पुं.) जालेन जीवितुं शीलमस्य *(जाल बुनेर वा जाल चलाएर जीविका गर्ने शील वा सामर्थ्य छ यसको)* जालपूर्वक जीव प्राणधारणे (भ्वा.) धातु, जाल+जीव्+णिनि[३] (इन्), जालजीविन् =जालजीवी ।

शब्दार्थ- जाल बुनेर जीविका गर्ने, जालबाट माछा, चरा आदि मारी निर्वाह गर्ने, चरालाई जालमा पारेर जीवन निर्वाह गर्ने, जालबाट माछा मारेर जीविका गर्ने जाति, माझी ।

जितात्मा (वि.) जितः आत्मा येन *(जसले आत्मा वश गरेको छ)* जित+आत्मन्, ब.स., दीर्घ, जितात्मन् =जितात्मा ।

शब्दार्थ- अन्तःकरण (मन, बुद्धि, अहङ्कार) वश गरेको, इन्द्रियहरू जितेको, जितेन्द्रिय, आवेशरहित, आवेगहीन ।

जीवान्तकः (वि./ना./पुं.) जीवानामन्तकः *(जीवहरूका विनाशक)* जीव+अन्तक, ष.त.स., दीर्घ=जीवान्तक ।

शब्दार्थ- जीवहरूको संहारक, प्राणीहरूको वध गर्ने, जीवहरूको विनाश गर्ने, हत्यारा, सिकारी, काल, यमराज, व्याधा ।

ज्ञानदः (वि./ना./पुं.) ज्ञानं ददातीति *(ज्ञान दिन्छ)* ज्ञानपूर्वक डुदाञ् दाने (जुहो.) धातु, ज्ञान+दा+क[४] (अ), आलोप= ज्ञानद ।

शब्दार्थ- ज्ञान दिने, ज्ञान प्रदाता, गुरु, शिक्षक, अध्यापक ।

ज्ञानदाता (ना./पुं./वि.) ज्ञानं ददातीति *(ज्ञान दिन्छन्)* ज्ञानपूर्वक डुदाञ् दाने (जुहो.) धातु, ज्ञान+दा+तृच्[२] (तृ), ज्ञानदातृ= ज्ञानदाता ।

शब्दार्थ- ज्ञान प्रदायक गुरु, अध्यापक, महात्मा, शिक्षक, ज्ञान दिने, ज्ञानप्रदाता ।

ज्ञानयुक्तः (वि.) ज्ञानेन युक्तः *(ज्ञानले युक्त)* तृ.त.स. =ज्ञानयुक्त ।

शब्दार्थ- ज्ञान सम्पन्न, ज्ञानले परिपूर्ण, ज्ञानवान्, ज्ञानी ।

ज्योतिर्मण्डलम् (ना./न.) ज्योतिषां मण्डलम् *(ग्रह-नक्षत्रहरूको मण्डल)* ज्योतिस्+मण्डल, ष.त.स., रुत्व =ज्योतिर्मण्डल ।

शब्दार्थ- तारासमूह, नक्षत्रमण्डल, ग्रहगण, ताराहरूको मण्डल, ग्रहको समुदाय ।

ज्योतिर्विद् (वि.) ज्योतिषं वेत्तीति *(ज्योतिषशास्त्र जान्दछ)* ज्योतिस् उपपदमा हुने विद ज्ञाने (अदा.) धातु, ज्योतिस्+विद्+क्विप् (सर्वलोप), रुत्व= ज्योतिर्विद् ।

शब्दार्थ- ज्योतिष विद्या जान्ने, ज्योतिषशास्त्र वेत्ता, ज्योतिर्विज्ञ, ज्योतिषशास्त्र विशेषज्ञ ।

ज्यौत्स्नी (ना./स्त्री.) ज्योत्स्ना अस्ति अस्याम् *(ज्योत्स्ना छ यसमा)* ज्योत्स्ना+अण्[५] (अ), आदिवृद्धि, ङीप् (ई) =ज्यौत्स्नी ।

शब्दार्थ- चन्द्रिकायुक्त रात्रि, ज्योत्स्नायुक्त निशि, उज्यालो रात्रि, चन्द्रमा लागेको रात्रि ।

झङ्कारितः (वि.) झङ्कारः सञ्जातः अस्य *(झङ्कार पैदा भएको छ यसको)* झङ्कार+इतच्[६] (इत), अकारलोप =झङ्कारित ।

शब्दार्थ- झङ्कार निस्केको, झङ्कार उत्पन्न भएको, झङ्कृत, झङ्कार पैदा भएको ।

---

१. पञ्चम्यामजातौ : ड

२. ण्वुल्तृचौ : ण्वुल्/तृच्

३. सुप्यजातौ... : णिनि

४. आतोऽनुपसर्गे... : क

५. ज्योत्स्नादिभ्य... (वा.) : अण्

६. तदस्य सञ्जातम्...: इतच्

त/त्र/द

तथ्यभाषी (वि.) तथ्यं भाषितुं शीलमस्य *(तथ्यकुरा बोल्ने वा बताउने शील वा स्वभाव छ यसको)* तथ्यपूर्वक भाष व्यक्तायां वाचि (भ्वा.) धातु, तथ्य+भाष्+णिनि[1] (इन्), तथ्यभाषिन्= तथ्यभाषी ।

शब्दार्थ- साँचो बोल्ने, तथ्य कुरा वताउने, सत्यवादी, यथार्थवक्ता ।

तन्वी (ना./स्त्री./वि.) तनोति कृश्यति असौ *(दुब्ली-पातली छ यो)* तनु विस्तारे (तना.) धातु, तन्+उ[2] (उणा.), तनुः । तनु+ङीष् (ई), यण्= तन्वी ।

शब्दार्थ- कृशाङ्गी या कोमलाङ्गी नारी, दुब्ली-पातली स्त्री, झिनो शरीर भएकी स्त्री, कृशकाया, कोमलाङ्गी, पातलो जिउडालकी ।

उदा. **तन्वी ! तिम्रो प्रथमवयको रूपरक्ताभ ज्वाला- भृ.ख.का.५/५**

तमिस्रम् (वि./ना./न.) तमः बहुलमस्ति अत्र *(धेरै अन्धकार छ यहाँ)* 'तमस्'को 'तमिस्र' निपातन =तमिस्र ।

अन्धकारोऽस्त्रियां ध्वान्तं तमिस्रं तिमिरं तमः - इत्यमरः
क्षेपे तमिस्रं तिमिरे कोपे स्त्री तु तमस्ततौ ।
कृष्णपक्षनिशायाञ्च- इति मेदिनी

शब्दार्थ- अन्धकार, अँध्यारो, तिमिर, तम, कृष्णपक्षको रात, क्रोध, रिस, आवेग, मोह, तमोगुण ।

तर्जनम् (ना./न.) तर्ज्यते इति *(हप्काइन्छ)* तर्ज भर्त्सने (भ्वा.) धातु, तर्ज्+ल्युट् (अन)= तर्जन ।

शब्दार्थ- धम्की दिने काम, भय पैदा गर्ने क्रिया, हपार्ने वा गाली गर्ने काम ।

तर्जितः (वि.) तर्ज्यते स्म इति *(हप्काइएको)* तर्ज भर्त्सने (भ्वा.) धातु, तर्ज्+क्त (त), इडागम= तर्जित ।

शब्दार्थ- हप्काइएको, भय पैदा गरिएको, गाली गरिएको, तर्साइएको, धम्की दिइएको ।

तर्पितः (वि.) तर्प्यते स्म इति *(तृप्त गराइएको)* तृप प्रीडने (दिवा.) वा तृप तृप्तौ (तुदा./चुरा.) धातु, तृप्+णिचि, गुण, तर्पि+क्त (त), णिलोप, इडागम =तर्पित ।

शब्दार्थ- तृप्त पारिएको, सन्तुष्ट तुल्याइएको, तर्पण दिइएको, खुसी पारिएको ।

तापकः (वि.) तपतीति *(ताप दिन्छ, पोल्छ)* तप सन्तापे (भ्वा.) धातु, तप्+ण्वुल्[3] (अक), वृद्धि= तापक ।

शब्दार्थ- ताप दिने, पोल्ने, तातो पार्ने, सन्ताप पैदा गर्ने, तापकारक ।

ताम्रवर्णः (वि.) ताम्रः वर्णः यस्य *(ताम्र वर्ण छ जसको)* वा ताम्रवत् वर्णः यस्य *(तामाको जस्तो रातो वर्ण छ जसको)* ब.स.= ताम्रवर्ण ।

शब्दार्थ- ताम्र वर्णको, तामाको जस्तो रातो वर्ण भएको ।

तारणम् (ना./न.) तार्यते इति *(तारिन्छ)* तृ प्लवनतरणयोः (भ्वा.) धातु, तृ+णिचि+ल्युट् (अन), वृद्धि, णत्व=तारण ।

शब्दार्थ- तार्ने क्रिया, पार लगाउने काम ।

तिमिराच्छन्नः (वि.) तिमिरेण आच्छन्नः *(अन्धकारले ढाकेको)* तिमिर+आच्छन्न, तृ.त.स., सवर्णदीर्घ =तिमिराच्छन्न ।

शब्दार्थ-अन्धकारले छाएको, अन्धकारमय, अँध्यारोले ढाकेको

उदा. **झंझाका केशकाला, घनमय तिमिराच्छन्न दिग्मा फिंजाई- नवरस, वीररस ४**

तीर्थयात्री (वि.) तीर्थयात्रा अस्यास्तीति *(तीर्थयात्रा छ यसको)* तीर्थयात्रा+इनि[4] (इन्), तीर्थयात्रिन्=तीर्थयात्री ।

शब्दार्थ- तीर्थयात्रा गर्ने, तीर्थयात्रामा जाने, तीर्थमा घुम्ने, कुनै पवित्र स्थानको दर्शन गर्न जाने यात्री ।

तुन्दिलः (वि.) अतिशयितं तुन्दम् उदरम् अस्ति अस्य *(ज्यादै ठूलो पेट छ यसको)* तुन्द+इलच्[5] (इल), अकारलोप= तुन्दिल ।

शब्दार्थ- भुँडे, नाइटो उछिट्टिएको, तुन्दी, ठूलो पेट भएको, भुँडिवाल ।

तुन्दी (वि.) तुन्दं बृहत् उदरम् अस्ति अस्य *(ठूलो भुँडी छ यसको)* तुन्द+इनि[4] (इन्), तुन्दिन्= तुन्दी ।

शब्दार्थ- ठूलो पेट हुने, भुँडे, भुँडिवाल ।

तुहिनाचलः (ना./पुं.) तुहिनस्य अचलः *(हिउँको पहाड)* तुहिन+अचल, ष.त.स., सवर्णदीर्घ= तुहिनाचल ।

शब्दार्थ- हिमशिखर, हिमाचल, हिमशैल, हिमाद्रि ।

उदा. **तुहिनाचलका शीतल हिमाचल**
महावीरको छायामा- प्रमिथस १/१

तृणभूमिः (ना./स्त्री.) तृणानां भूमिः *(तृणहरूको भूमि)* ष.त.स.= तृणभूमि ।

शब्दार्थ- घाँसैघाँस भएको जमिन, घाँसे मैदान, घाँस ज्यादा हुने क्षेत्र, तृण जातको घाँस ज्यादा हुने भूभाग ।

तेजोवधः (ना./पुं.) तेजसः वधः *(तेजको विनाश)* तेजस्+वध, ष.त.स., रुत्व, उत्व= तेजोवध ।

शब्दार्थ- तेजको विनाश गर्ने काम, शक्ति क्षीण गर्ने क्रिया, तेजोभङ्ग, सेखी झार्ने काम ।

तेजोभङ्गः (ना./पुं.) तेजसः भङ्गः *(तेजको भङ्ग वा विनाश)* ष.त.स., रुत्व, उत्व= तेजोभङ्ग ।

शब्दार्थ- तेजोवध, मानमर्दन, गर्व तोड्ने काम, शक्ति क्षीण गर्ने क्रिया ।

---

[1] सुप्यजातौ... : णिनि

[2] भृमृशीतृचरि... : उप्रत्यय

[3] ण्वुल्तृचौ : ण्वुल्

[4] अत इनिठनौ : इनि

[5] तुन्दादिलच्च : इलच्

तोषकः (वि.) तोषयतीति *(सन्तुष्ट पार्छ)* तुष तुष्टौ (दिवा.) धातु, तुष्+णिचि+ण्वुल्[1] (अक), गुण, णिलोप =तोषक ।

शब्दार्थ- खुसी पार्ने, तृप्त पार्ने, सन्तुष्ट तुल्याउने ।

तोषितः (वि.) तोष्यते स्म इति *(खुसी पारिएको)* तुष तुष्टौ (दिवा.) धातु, तुष्+णिचि, गुण, तोषि+क्त (त), णिलोप, इडागम= तोषित ।

शब्दार्थ- सन्तुष्ट पारिएको, खुसी तुल्याइएको, तुष्ट पारिएको ।

त्यागशीलः (वि.) त्यागं शीलं यस्य *(त्याग नै शील छ यसको)* ब.स.= त्यागशील ।

शब्दार्थ- त्याग गर्ने स्वभावको, दानशील, दानवीर, ज्यादै त्यागी, उदारप्रकृतिको, दाता ।

त्र

त्रासदः (वि./ना./पुं.) त्रासं ददातीति *(त्रास वा भय पैदा गर्छ)* त्रासपूर्वक डुदाञ् दाने (जुहो.) धातु, त्रास+दा +क[2] (अ), आकारलोप= त्रासद ।

शब्दार्थ- त्रास पैदा गर्ने, भय दिने, भयदायक, विनाशशील, दुःखान्तनाटक, उपन्यास, महाकाव्य आदि ।

त्रासदी (ना./स्त्री.) त्रासं ददाति असौ *(भय वा विनाश पैदा गर्छ यसले)* त्रासपूर्वक डुदाञ् दाने (जुहो.) धातु, त्रास+दा+क[2] (अ), आलोप, त्रासद+ङीष् (ई) =त्रासदी ।

शब्दार्थ- भय पैदा गर्ने वस्तु, दुःखमा अन्त्य हुने नाटक, महाकाव्य आदि, वियोगान्त नाटक, दुःखान्त उपन्यास ।

त्रिपदम् (ना./न./वि.) त्रयाणां पादानां पदां वा समाहारः *(तीन पाउको समूह)* द्वि.त.स. वा त्रीणि पदानि *(तीन पाउ छन् जसको)* त्रि+पद, ब.स.= त्रिपद ।

शब्दार्थ- तीन पाउको समूह, त्रिपदा (गायत्री मन्त्र), तीन पाउ भएको, तीन खुट्टा भएको ।

त्रिमुनि (ना./न.) त्रयाणां मुनीनां समाहारः *(तीन मुनिको समूह)* द्वि.त.स.= त्रिमुनि ।

अथवा त्रयश्च ते मुनयश्च व्याकरणस्य *(व्याकरणका तीन मुनिहरू)* अव्य.स[3].= त्रिमुनि ।

शब्दार्थ- तीनमुनिको समूह, संस्कृत व्याकरणका पाणिनि, कात्यायन र पतञ्जलि- यी तीन मुनि ।

त्रिवर्षीयः (वि./ना./न.) त्रिवर्षे भवः, त्रिवर्षस्यायम् इति वा *(तीन वर्षमा हुने वा भएको, तीन वर्षको यो)* त्रिवर्ष+छ[4] (ईय)= त्रिवर्षीय ।

शब्दार्थ- तीन वर्षमा हुने, तीन वर्षको, त्रिवर्षीय योजना आदि ।

त्रिवार्षिकः (वि./ना./न.) त्रिवर्षे भवः, त्रिवर्षस्य अयम् इति वा *(तीन वर्षमा हुने वा भएको, तीन वर्षको यो)* त्रिवर्ष+ठञ् (इक), आदिवृद्धि= त्रिवार्षिक ।

शब्दार्थ- तीन वर्षमा हुने वा भएको, तीन वर्षसम्वन्धी, त्रिवर्षीय योजना आदि ।

त्रिशक्ति (ना./न.) तिसृणां शक्तीनां समूहः *(तीनवटा शक्तिको समूह)* द्वि.त.स., नपुंसकत्व= त्रिशक्ति ।

शब्दार्थ- प्रभुशक्ति, मन्त्रशक्ति र उत्साह-शक्तिको समूह, इच्छाशक्ति, ज्ञानशक्ति र क्रिया-शक्तिको समुदाय ।

द

दक्षिणपन्थी (वि.) दक्षिणपन्थाः अस्यास्तीति *(दक्षिण मार्ग छ यसको)* दक्षिणपथिन्+इनि (इन्), नकारइकारलोप, नवर्णागम (पृषोदरादिवाट) दक्षिणपन्थिन्=दक्षिणपन्थी ।

शब्दार्थ- वाममार्गी, दक्षिणमार्गको अनुसरण गर्ने, दक्षिणपन्थीको समर्थक ।

दंशितः (वि.) दंशयति स्म इति *(टोकाएको)* दंश दंशने (भ्वा.) धातु, दंश्+णिचि+क्त (त), इडागम, णिलोप =दंशित ।

अथवा दंशः सञ्जातः अस्य *(टोकेको वा डसेको अवस्था छ यसको)* दंश+इतच् (इत)= दंशित ।

शब्दार्थ- टोकाएको, टोकेको, डसाएको, डसेको ।

दण्डधरः (ना./पुं./वि.) दण्डं धरतीति *(दण्ड दिन्छ)* दण्डपूर्वक धृञ् धारणे (भ्वा.) धातु, दण्ड+धृ+अच् (पचादि), गुण= दण्डधर ।

शब्दार्थ- दण्ड दिने मुख्य अधिकारी, न्यायाधीश, सेनापति, प्रशासकीय प्रमुख, राष्ट्रप्रमुख, यमराज, दण्डधारी, लट्ठी लिने, दण्ड दिने ।

दन्तच्छदः (ना./पुं.) दन्ताः छाद्यन्ते अनेन *(दाँत ढाकिन्छ यसबाट)* दन्तपूर्वक छद अपवारणे (चुरा.) धातु, दन्त +छद्+घ[5] (अ), दन्तछद, तुक्, श्चुत्व=दन्तच्छद ।

शब्दार्थ- दाँतलाई ढाक्ने तल्लो तथा माथिल्लो ओठ, ओष्ठ, दशनच्छद ।

दर्शयिता (वि.) दर्शयतीति *(देखाउँछ)* दृशिर् प्रेक्षणे (भ्वा.) धातु, दृश्+णिचि, गुण, दर्शि+तृच् (तृ), इडागम, गुण, अयादेश, दर्शय् इतृ, दर्शयितृ= दर्शयिता ।

शब्दार्थ- देखाउने, अवलोकन गराउने, प्रदर्शन गराउने, मार्गदर्शक ।

दलगतः (वि.) दलं गतः *(दलतिर ढल्केको)* द्वि.त.स[6]. =दलगत ।

शब्दार्थ- दलीय स्वार्थसित गाँसिएको, दलसित सम्वन्धित, दलीय स्वार्थतिर ढल्केको ।

---

[1] ण्वुल्तृचौ : ण्वुल्
[2] आतोऽनुपसर्गे... : क
[3] संख्या वंश्येन : अव्य.स.
[4] गहादिभ्यश्च : छ
[5] पुंसि संज्ञायां घः : घ
[6] द्वितीया श्रितातीत.. : द्वि.त.स.

दलनम् (ना./न.) दल्यते इति *(टुक्रयाइन्छ)* दल विशरणे (भ्वा.) वा दल विदारणे (चुरा.) धातु, दल्+ल्युट् (अन)= दलन ।

शब्दार्थ- टुक्र्याउने काम, टुक्रा, अंश, भेदन, फोर्ने काम, पिंस्ने काम ।

दलनेता (ना./पुं.) नयतीति *(लैजान्छ, हाँक्छ, नेतृत्व दिन्छ)* णीञ् प्रापणे (भ्वा.) धातु, नी+तृच्[1] (तृ), गुण, नेतृ, नेता । दलस्य नेता *(दलको नेता)* ष.त.स.= दलनेता ।

शब्दार्थ- दलको नेतृत्व गर्ने व्यक्ति, दलको प्रमुख व्यक्ति, पार्टी नेता ।

दलबलम् (ना./न.) दलञ्च वलञ्च *(दलबल)* द्व.स. =दलवल ।

शब्दार्थ- दलवलसहित, लावालस्कर, फौजी दलवल, पारिवारिक दलवल ।

दानवारिः (ना./पुं.) दानवानामरिः *(दानवहरूका शत्रु)* दानव+अरि, ष.त.स., दीर्घ= दानवारि ।

शब्दार्थ- दानवहरूका शत्रु, देवता, सुर, विष्णु ।

दावानलः (ना./पुं.) दावस्य अनलः *(डँढेलाको अग्नि)* वा दावात् उद्भवश्चासौ अनलश्च *(डँढेलोबाट पैदा भएको अनल)* क.त.स., उ.प.लोप, दीर्घ= दावानल ।

शब्दार्थ- डँढेलोवाट उत्पन्न अग्नि, दावाग्नि, डँढेलो, वनमा सल्केको आगो ।

उदा. **दावानलमा कुररीको झैं**
हेर हरे भस्म भएको- पद्यभ्रान्त पथिक ४, सङ्गम

दिननाथः (ना./पुं.) दिनानां दिनस्य वा नाथः *(दिनका स्वामी)* ष.त.स.= दिननाथ ।

शब्दार्थ- दिनका अधिपति, दिनका स्वामी, सूर्य, दिवाकर, रवि ।

दिनान्धः (वि/ना./पुं.) दिने अन्धः *(दिनमा अन्धो वा आँखा नदेख्ने)* स.त.स., दीर्घ= दिनान्ध ।

शब्दार्थ- दिनमा आँखा नदेख्ने, दिनमा अन्धो, लाटकोसेरो पन्छी, उलूक पक्षी ।

दिवान्धः (वि/ना./पुं.) दिवा दिवसे अन्धः *(दिनमा अन्धो)* सह सुपा समास, दीर्घ= दिवान्ध ।

शब्दार्थ- दिनमा आँखा नदेख्ने, लाटकोसेरो, दिनान्ध, घूक पक्षी, रातमा विचरण गर्ने उलूक पन्छी ।

दिव्या (ना./स्त्री.) दिवि भवा जाता वा *(स्वर्गमा पैदा भएकी)* दिव्+यत् (य), दिव्य+टाप् (आ)= दिव्या ।

शब्दार्थ- स्वर्गका अमराङ्गना, दिव्यगुण सम्पन्न स्त्री, देववधू, देवाङ्गना, अप्सरा ।

दीक्षणम् (ना./न.) दीक्षणम्, दीक्ष्यते इति वा *(दीक्षा दिनु वा लिनु)* दीक्ष मौण्डचेज्योपनयननियमव्रतादेशेषु (भ्वा.) धातु, दीक्ष्+ल्युट् (अन)= दीक्षण ।

शब्दार्थ- दीक्षा दिने काम, दीक्षामन्त्र ग्रहण गर्ने काम, दीक्षित हुने क्रिया ।

दीर्घः (ना./पुं./वि.) दृणाति विस्तारयति *(लामो बन्छ, फैलाउँछ)* दृ विदारणे (क्र्या.) धातु, दृ+घक् (घ), बहुलप्रकारले, उणा., इत्व, दीर्घ= दीर्घ ।

शब्दार्थ- दीर्घ स्वरवर्ण, गुरुवर्ण, फैलिएको, विस्तृत, फराकिलो ।

उदा. **अल्प हुन्छ दिन, दीर्घ छ राति,**
ताप, राप र विलाप छ साथी- नवरस, करुणरस-८

दुःखलभ्यः (वि.) दुःखेन लभ्यः *(दुःखले मात्र पाउन सकिने)* तृ.त.स.= दुःखलभ्य ।

शब्दार्थ- ज्यादै दुःखले मात्र पाउन सकिने, कष्टलभ्य, दुर्लभ, कष्टसाध्य ।

दुःखान्तः (ना./पुं./वि.) दुःखस्य अन्तः, दुःखे अन्तः *(दुःखको विनाश, दुःखमा अन्त हुने)* दुःख+अन्त, ष.त.स./स.त.स., दीर्घ= दुःखान्त ।

शब्दार्थ- दुःखको अन्त, मोक्ष, मुक्ति, दुःखको विनाश, दुःखको निवृति, दुःख निवारण, अन्तमा दुःख हुने, वियोगमा अन्त हुने, वियोगमा टुङ्गिने, दुःखान्त, वियोगान्त, दुःखदायी ।

उदा. **यो दुःखान्त कथा सुनेर गहमा आँसू लिई भाग हे**
-यौटा सत्यकथा म भन्छु (गौरी)

दुःखान्वितः (वि.) दुःखेन अन्वितः *(दुःखले परिपूर्ण)* दुःख+अन्वित, तृ.त.स., दीर्घ= दुःखान्वित ।

शब्दार्थ- दुःखयुक्त, दुःखले भरिएको, दुःखपूर्ण, पीडादायक ।

दुःशीलता (ना./स्त्री.) दुर् दुष्टं शीलं यस्य *(खराब शील स्वभाव छ जसको)* ब.स., रेफको विसर्ग, दुःशीलः । दुःशीलस्य भावः *(खराब शील स्वभाव हुनाको भाव वा अवस्था)* दुःशील+तल् (त)+टाप् (आ)=दुःशीलता ।

शब्दार्थ- नराम्रो शील स्वभाव हुनाको भाव वा अवस्था, दुष्ट प्रवृत्ति हुनाको स्थिति, दुष्टचाइँ ।

दुःसाहसः (ना./पुं.) दुर् दुष्टः साहसः *(नराम्रो वा खराब साहस)* प्रा.त.स., रेफको विसर्ग= दुःसाहस ।

शब्दार्थ- व्यर्थको साहस, असम्भव प्रयास, अनुपयुक्त साहस, दुष्कर प्रयास ।

दुःसाहसी (वि.) दुःसाहसः अस्यास्तीति *(खराब साहस छ यसको)* दुःसाहस+इनि[2] (इन्), दुःसाहसिन्=दुःसाहसी ।

शब्दार्थ- व्यर्थको आँट गर्ने, दुःसाहस गर्ने, दुष्कर आँट गर्ने, असम्भव प्रयास गर्ने, अनुचित प्रवृत्तिको साहस देखाउने ।

दुरत्ययः (ना./पुं./वि.) दुर् दुःखेन अतीयते, अत्येतीति वा *(बडो कष्टले पुग्न सकिन्छ वा ज्यादै दुःखले मात्र पुग्न सक्छ)* दुर् अतिपूर्वक इण् गतौ (अदा.) धातु, दुर्+अति+इ+अच् (एरच्/पचादि), इको गुण, अयादेश, दुरति अय, यण्= दुरत्यय ।

---

[1] ण्वुल्तृचौ : तृच्

[2] अत इनिठनौ : इनि

शब्दार्थ- पुग्न ज्यादै कठिन, पार हुन असम्भव, ज्यादै कष्टले पुगिने, पार हुन कठिन पर्ने, तर्न वा पुग्न नसकिने ।

दुरधिगमः (वि.) अधिगम्यते इति *(जानिन्छ)* अधिपूर्वक गम्लृ गतौ (भ्वा.) धातु, अधि+गम्+अप् (अ), अधिगमः । दुर् दुःखेन अधिगमः *(दुःखले जान्न सकिन्छ)* प्रा.त.स.= दुरधिगम ।

अथवा दुर् दुःखेन अधिगम्यते इति *(बडो कठिनले जान्न सकिन्छ)* दुर्+अधि+गम्+खल्[1] (अ)=दुरधिगम ।

शब्दार्थ- बडो कठिनले जान्न सकिने, दुर्बोध, दुर्ज्ञेय ।

दुरन्तः (वि.) दुर् दुष्पारः अन्तः यस्य *(पार हुन नसक्ने अन्त छ जसको)* प्रा.व.स[2]., उ.प.लोप= दुरन्त ।

शब्दार्थ- नराम्रो अन्त हुने, पार पाउन नसकिने अन्त हुने, परिणाम राम्रो नहुने, अपार ।

दुरवस्थितः (वि.) दुर् दुःखेन अवस्थितः *(दुःखपूर्वक रहेको)* प्रा.त.स.= दुरवस्थित ।

शब्दार्थ- दुःखपूर्वक बसेको, कठिनले रहेको, बडो मुस्किलले निर्वाह गरेको, दुर्दशा भोगिरहेको ।

दुराग्रही (वि.) दुराग्रहः अस्यास्तीति *(नराम्रो आग्रह छ यसको)* दुराग्रह+इनि[3] (इन्), दुराग्रहिन्= दुराग्रही ।

शब्दार्थ- नराम्रो ढिपी गर्ने, ज्यादै जिद्दी गर्ने, हठी ।

दुर्गमता (ना./स्त्री.) दुर् दुःखेन गम्यते इति *(बडो कष्टले पुग्न सकिन्छ)* दुर्पूर्वक गम्लृ गतौ (भ्वा.) धातु, दुर्+गम्+अप् (अ), दुर्गमः । दुर्गमस्य भावः *(दुर्गम हुनाको भाव वा अवस्था)* दुर्गम+तल् (त)+टाप् (आ)= दुर्गमता ।

शब्दार्थ- दुर्गम हुनाको भाव वा अवस्था, विकटपना, अत्यन्त कठिन स्थिति ।

दुर्दृष्टिः (ना./स्त्री.) दुर् दुष्टा दृष्टिः *(नराम्रो हेराइ)* प्रा.त.स.= दुर्दृष्टि ।

शब्दार्थ- नराम्रो हेराइ वा अवलोकन, खराब दृष्टि, तुच्छ दृष्टिकोण ।

दुर्भावः (ना./पुं.) दुर्भवनमिति *(नराम्रो विचार गर्नु)* दुर्पूर्वक भू सत्तायाम् (भ्वा.) धातु, दुर्+भू+घञ् (अ), भूको वृद्धि, आवादेश= दुर्भाव ।

शब्दार्थ- नराम्रो भावना वा विचार, दुष्ट-प्रवृत्ति, तुच्छ दृष्टिकोण, कुभावना ।

दुर्मरणम् (ना./न.) म्रियते इति *(मर्नु)* मृङ् प्राणत्यागे (तुदा.) धातु, मृ+ल्युट् (अन), गुण, णत्व, मरणम् । दुर् दुष्टं मरणम् *(नराम्रो मरण)* प्रा.त.स.= दुर्मरण ।

शब्दार्थ- खराब मरण वा मृत्यु, अकालमृत्यु ।

दुष्टाचारः (ना./पुं.) आचर्यते इति *(आचरण गर्नु)* आङ्पूर्वक चर गतिभक्षणयोः (भ्वा.) धातु, आ+चर्+घञ् (अ), वृद्धि, आचारः । दुर् दुष्टः आचारः *(खराब आचरण)*, दुष्ट+आचार, प्रा.त.स., दीर्घ= दुष्टाचार ।

शब्दार्थ- खराब आचरण, नराम्रो आचरण, निन्दित आचरण ।

दुष्टाचारी (वि.) दुष्टाचारः अस्यास्तीति *(खराब आचरण छ यसको)* दुष्टाचार+इनि (इन्), दुष्टाचारिन्=दुष्टाचारी ।

शब्दार्थ- खराब आचरण गर्ने, दुराचरण गर्ने, नराम्रो आचरण गर्ने ।

दुष्पर्शः (वि.) दुस् दुष्टः स्पर्शः यस्य *(खराब स्पर्श छ जसको)* ब.स., षत्व= दुष्पर्श ।

शब्दार्थ- छुन कठिन पर्ने, छुनै नसकिने, स्पर्श गर्न गाह्रो पर्ने ।

दूरगामी (वि.) दूरं गन्तुं शीलमस्य *(टाढासम्म पुग्नसक्ने शील वा क्षमता छ यसको)* दूरपूर्वक गम्लृ गतौ (भ्वा.) धातु, दूर+गम्+णिनि (इन्), वृद्धि, दूरगामिन् =दूरगामी ।

शब्दार्थ- टाढासम्म पुग्न सक्ने, धेरै परसम्म जाने, दूर-दूरसम्म पुग्ने ।

दूरवर्ती (वि.) दूरे वर्तितुं शीलमस्य *(परसम्म रहन सक्ने शील वा क्षमता छ यसको)* दूरपूर्वक वृतु वर्तने (भ्वा.) धातु, दूर+वृत्+णिनि (इन्), गुण, दूरवर्तिन् = दूरवर्ती ।

शब्दार्थ- पर रहने, टाढा रहने, दूर देशमा स्थित हुने, धेरै परसम्म रहने ।

दूरस्थितः (वि.) तिष्ठति स्म इति *(रहेको)* ष्ठा गतिनिवृत्तौ (भ्वा.) धातु, स्था+क्त (त), कर्तामा, इत्व, स्थितः । दूरे स्थितः *(पर रहेको)* स.त.स.= दूरस्थित ।

शब्दार्थ- पर रहेको, टाढा रहेको ।

दृढव्रती (वि.) दृढं व्रतं यस्य *(दृढव्रत वा निश्चय छ जसको)* ब.स., दृढवतम् । दृढव्रतमस्यास्तीति *(दृढव्रत छ यसको)* दृढव्रत+इनि (इन्), दृढव्रतिन्= दृढवती ।

शब्दार्थ- दृढ निश्चय भएको, व्रतादि धर्मानुष्ठानमा दृढ रहेको, दृढप्रतिज्ञ, परिपक्व विचार भएको ।

दृष्टिविक्षेपः (ना./पुं.) दृष्टेः विक्षेपः *(दृष्टिको विक्षेप)* ष.त.स.= दृष्टिविक्षेप ।

शब्दार्थ- छड्के नजरले हेर्ने काम, कटाक्षपूर्ण हेराइ, कर्के दृष्टिपात ।

देवगणिका (ना./स्त्री.) देवानां गणिका *(देवलोकको वेश्या)* ष.त.स.= देवगणिका ।

शब्दार्थ- स्वर्वेश्या, अप्सरागण, देवताहरूकी वेश्या ।

देवगायकः (ना./पुं.) गायन्तीति *(गाउँछन्)* गै शब्दे (भ्वा.) धातु, गै+ण्वुल् (अक), आत्व, गा अक, युगागम, गायकः । देवानां गायकः *(देवताहरूका गायक)* ष.त.स.= देवगायक ।

---

[1] ईषद्दुःसुषुकृच्छ्रा... : खल्

[2] प्रादिभ्यो धातुजस्य... : प्रा.ब.स.

[3] अत इनिठनौ : इनि

शब्दार्थ- देवताहरूका गायक, गन्धर्वगण, हाहा, हूहू आदि स्वर्गलोकका गायकहरू, स्वर्गीय गायक ।

देवगृहम् (ना./न.) देवानां गृहम् *(देवताहरूको गृह)* ष.त.स.= देवगृह ।

शब्दार्थ- देवताहरूको निवासस्थान, देवालय, मन्दिर, मठ ।

देवतीर्थम् (ना./न.) देवानां तीर्थम् *(देवताहरूको तीर्थ)* ष.त.स.= देवतीर्थ ।

अङ्गुल्यग्रे तीर्थं दैवम्- इत्यमरः

शब्दार्थ- देवताहरूको पूजा, अर्चना, तर्पण आदि गर्दा पवित्र मानिने तीर्थ, औंलाहरूका टुप्पाको अग्रभाग ।

देवधाम (ना./न.) देवानां धाम *(देवताहरूको धाम)* ष.त.स.= देवधाम ।

शब्दार्थ- देवस्थल, देवताहरू रहने धाम, पुण्यभूमि, तीर्थस्थल ।

देवमूर्तिः (ना./स्त्री.) देवानां मूर्तिः *(देवताहरूको मूर्ति)* ष.त.स.= देवमूर्ति ।

शब्दार्थ- देवताहरूको मूर्ति, देवमूर्ति, देवप्रतिमा ।

देवशिल्पी (वि./ना./पुं.) शिल्पमस्यास्तीति *(शिल्पकला-सम्बन्धी ज्ञान छ जसको)* शिल्प+इनि[1] (इन्), शिल्पिन्, शिल्पी । देवानां शिल्पी *(देवताहरूका शिल्पी वा शिल्पकलाविज्ञ)* ष.त.स.= देवशिल्पी ।

शब्दार्थ- देवताहरूका कालिगड, देवताहरूका शिल्पकला विज्ञ, शिल्पकला विशेषज्ञ विश्वकर्मा ।

देववाणी (ना./स्त्री.) वण्यते इति *(शब्द गर्नु)* वण शब्दार्थे (भ्वा.) धातु,वण्+इञ्[2] (इ), वृद्धि, वाणि+ ङीष् (ई), वाणी । देवानां वाणी *(देवताहरूको वाणी वा भाषा)* ष.त.स.= देववाणी ।

शब्दार्थ- देवताहरूको वाणी, देवताले वोल्ने भाषा, संस्कृत भाषा, देवगणको भाषा ।

उदा. **वाचाल कोविद द्विजादि स्वकर्म ज्ञानी,**
बस्छन् गरी पठन-पाठन देववाणी- व.कु.(म.का.१/१४)

देवाधिपः (ना./पुं.) देवानामधिपः *(देवताहरूका स्वामी)* देव+अधिप, ष.त.स., दीर्घ= देवाधिप ।

शब्दार्थ- देवताका अधिपति, देवताका स्वामी, इन्द्र, परमेश्वर ।

देवाराधनम् (ना./न.) आराध्यते इति *(आराधना गरिन्छ)* आङ्पूर्वक राध संसिद्धौ (स्वा.) धातु, आ+राध्+ल्युट् (अन), आराधनम् । देवनामाराधनम् *(देवताहरूको आराधना)* ष.त.स.= देवाराधन ।

शब्दार्थ- देवताहरूको पूजा र अर्चना, देवताहरूको आराधना, देवोपासना ।

देवाराधना (ना./स्त्री.) आराध्यते अनया इति *(आराधना गरिन्छ यसबाट)* आङ्पूर्वक राध संसिद्धौ (स्वा.) धातु, आ+राध्+युच्[3] (अन), उणा., आराधन+टाप् (आ), आराधना । देवानामाराधना *(देवताहरूको आराधना)* ष.त.स., दीर्घ= देवाराधना ।

शब्दार्थ- देवताहरूको उपासना, देवताहरूको आराधना, देवार्चना ।

देवोद्यानम् (ना./न.) देवानामुद्यानम् *(देवताहरूको उद्यान)* देव+उद्यानम्, ष.त.स., गुण= देवोद्यान ।

शब्दार्थ- देवताहरूको उद्यान वा वगैंचा, नन्दनवन, देववाटिका ।

देशभाषा (ना./स्त्री.) देशस्य भाषा *(देशको भाषा)* ष.त.स.= देशभाषा ।

शब्दार्थ- देशभरमा वोलिने भाषा, राष्ट्रभाषा, देशका अरू सवै जातजातिको क्षेत्रीय भाषा ।

देशरक्षा (ना./स्त्री.) देशस्य रक्षा *(देशको सुरक्षा)* ष.त.स. = देशरक्षा ।

शब्दार्थ- देशको सुरक्षा, राष्ट्रको संरक्षण गर्ने काम, देशका सार्वभौमिकताको रक्षा गर्ने काम ।

देहान्तरम् (ना./न.) अन्यः देहः *(अर्को देह)* देह+ अन्तरम्, म.व्य.स., दीर्घ= देहान्तर ।

शब्दार्थ- धार्मिक विश्वासअनुसार मृत्युपछि प्राप्त हुने अर्को देह वा जुनि, जन्मान्तरण ।

दैवहीनः (वि.) दैवेन भाग्येन हीनः *(भाग्यरहित)* तृ.त.स. =दैवहीन ।

शब्दार्थ-भाग्यरहित, भाग्यहीन, अभागी, भाग्यले ठगिएको ।

दोला (ना./स्त्री.) दोलनम्, दोल्यते इति *(हल्लनु, झुल्नु)* दुल उत्क्षेपे (चुरा.) धातु, दुल्+णिचि, गुण, दोलि+ अच् (एरच्), णिलोप, दोल+टाप् (आ)= दोला ।

शब्दार्थ- डोली, पाल्की, कोक्रो, झोलुङ्गो, पिङ ।

दोलिका (ना./स्त्री.) दोलनमिति *(झुल्नु)* दुल उत्क्षेपे (चुरा.) धातु, दुल्+णिचि, गुण, दोलि+अच् (एरच्), णिलोप, दोल+टाप् (आ), दोला । दोला एव *(दोला (डोली) नै)* दोला+कन् (क), स्वार्थमा, दोलाक+टाप् (आ), ककारपूर्वका अकारको इत्व= दोलिका ।

शब्दार्थ- डोली, पिङ, झोलुङ्गो, कोक्रो, पाल्की, अन्य झुल्ने साधन ।

दोलितः (वि.) दोल्यते स्म इति *(हल्लेको, हल्लाएको)* दुल उत्क्षेपे (चुरा.) धातु, दुल्+णिचि, गुण, दोलि+क्त (त), णिलोप, इडागम= दोलित ।

शब्दार्थ- हल्लेको, हल्लाएको, झुलेको, झुलाएको, डोलीमा वसेको ।

द्युतिमान् (वि.) द्युतिरस्य अस्मिन्नस्तीति *(प्रकाश छ यसको वा यसमा)* द्युति+मतुप्[4] (मत्), द्युतिमत् =द्युतिमान् ।

शब्दार्थ-प्रकाशवान्, प्रकाशयुक्त, दीप्ति भएको, चम्किलो ।

---

[1] अत इनिठनौ : इनि

[2] इव्वपादिभ्यः (वा.) : इञ्

[3] बहुलमन्यत्रापि : युच्

[4] तदस्यास्त्यस्मिन्... : मतुप्

द्रवणम् (ना./न.) द्रवणम्, द्रूयते इति वा *(पग्लनु)* द्रु गतौ (भ्वा.) धातु, द्रु+ल्युट् (अन), गुण, अवादेश, द्रवनम्, णत्व= द्रवण ।

शब्दार्थ- पग्लने क्रिया, तरल बन्ने काम, पगलाइ, भिज्ने काम ।

द्रवीकरणम् (ना./न.) अद्रवः द्रवः सम्पद्यते, द्रवः क्रियते इति वा *(तरल नभएको तरल हुन्छ र तरल बनाइन्छ)* द्रव+च्वि+कृ+ल्युट् (अन), कृको गुण, णत्व, ईत्व, च्विको सर्वलोप= द्रवीकरण ।

शब्दार्थ- ठोस वस्तु तरल बन्ने क्रिया, हिउँ असिना पग्लेर तरल बन्ने काम, पानीको वाफ पग्लेर तरल हुने क्रिया ।

द्रवीभूतः (वि.) अद्रवः द्रवः समपद्यत, स भूयते स्म इति *(तरल नभएको पदार्थ तरल बनेको र तरल भएको)* द्रव+च्वि[1]+भू+क्त (त), ईत्व, च्विको लोप=द्रवीभूत ।

शब्दार्थ- ठोस वस्तु पग्लेर तरल भएको, बाफ पग्लेर तरल भएको ।

द्रावः (ना./पुं.) द्रूयते इति *(पग्लिनु)* द्रु गतौ (भ्वा.) धातु, द्रु+अप्[2] (अ), गुण, अवादेश, द्रवः । द्रव एव *(पन्यालो नै)* द्रव+अण् (अ), स्वार्थमा, आदिवृद्धि= द्राव ।

शब्दार्थ-तरल पदार्थ, ठोस वस्तु, पग्लेर तरल हुने काम ।

द्रावकः (वि./ना./पुं.) द्रावयतीति *(पगाल्छ)* द्रु गतौ (भ्वा.) धातु, द्रु+णिचि, वृद्धि, द्रावि+ण्वुल्[3] (अक), णिलोप= द्रावक ।

शब्दार्थ- वरफलाई पगालेर तरल बनाउने, पन्यालो पार्ने, पगाल्ने, ठोस वस्तुलाई पगाल्ने चन्द्रकान्तमणि ।

द्रावितः (वि.) द्रावः सञ्जातः अस्य *(तरल बनेको छ यसको)* द्राव+इतच्[4] (इत), अकारलोप= द्रावित । अथवा द्राव्यते स्म इति *(पगालिएको, भगाएको)* द्रु गतौ (भ्वा.) धातु, द्रु+णिचि, वृद्धि, आवादेश, द्रावि+क्त (त), णिलोप, इडागम= द्रावित ।

शब्दार्थ- पगालिएको, गालिएको, ठोस वस्तुलाई पगालेर तरल पारिएको, भगाइएको ।

द्रोणकलशः (ना./पुं.) द्रोणाख्यश्चासौ कलशश्च *(द्रोण कलश)* क.त.स., उ.प.लोप= द्रोणकलश ।

शब्दार्थ- प्राचीन समयमा सोमरस राख्ने भाँडो ।

द्रोणकाकः (ना./पुं.) द्रोणतीति *(गतिशील हुन्छ)* द्रुण हिंसागतिकौटिल्येषु (तुदा.) धातु, द्रुण्+अच् (पचादि), गुण, द्रोणः । द्रोणाख्यश्चासौ काकश्च *(द्रोणकाक)* क.त.स., उ.प.लोप= द्रोणकाक ।

शब्दार्थ- कागको एक प्रकार, डुमकाग ।

द्विजपतिः (ना./पुं.) द्विजानां द्विजेषु वा पतिः स्वामी *(द्विजहरूका पति वा स्वामी)* ष.त.स./स.त.स. =द्विजपति ।

शब्दार्थ- ब्राह्मण, चन्द्रमा, पन्छीहरूका स्वामी (गरुड), नागहरूका अधिपति, शेषनाग, अनन्त ।

द्विविधा (ना./स्त्री.) वि विशेषेण दधातीति *(विशेषरूपले धारण गर्छ)* विपूर्वक डुधाञ् धारणपोषणयोः (जुहो.) धातु, वि+धा+क (अ),आलोप, विध+टाप् (आ), विधा । अथवा विधीयते इति *(विधान गरिन्छ)* वि+धा+अङ् (अ), आलोप, विध+टाप् (आ), विधा । द्वे च विधे च *(दुई प्रकार)* द्व.स.= द्विविधा ।

शब्दार्थ- सन्देह, दुविधा, दोधार, दोमन, धुकचुक गर्ने काम, दुईप्रकार, दुई भेद ।

द्वीतः (वि.) द्विधा इतः गतः *(दुई प्रकारले गएको)* द्विपूर्वक इण् गतौ (अदा.) धातु, द्वि+इ+क्त[5] (त), कर्तामा, द्वि इको सवर्ण दीर्घ= द्वीत ।

शब्दार्थ- दुई प्रकारले गएको ।

द्वैधशासनम् (ना./न.) द्वैधञ्च तत्शासनम् *(द्वैध शासन)* क.त.स.= द्वैधशासन ।

शब्दार्थ- एउटै देशमा एउटै समयमा दुईवटा सत्ताधारी वा शासनाधिकारीबाट चलाइने दोहोरो शासन-व्यवस्था ।

ध/न

धनपिशाचः (ना./पुं./वि.) धनस्य पिशाचः *(धनको पिशाच)* ष.त.स.= धनपिशाच ।

शब्दार्थ- द्रव्यपिशाच, धन भनेपछि मरिमेट्ने, धनलुब्ध, धनलोलुप ।

धनमत्तः (वि.) धनेन मत्तः *(धनले मत्त भएको)* तृ.त.स. =धनमत्त ।

शब्दार्थ- धनले मातेको, धनले उन्मत्त भएको, धनको उन्मादकताले लट्ठिएको, धनले फुलेको, धनले घमण्ड गर्ने ।

धरणीश्वरः (ना./पुं.) धरण्याः ईश्वरः *(पृथ्वीको स्वामी)* ष.त.स., दीर्घ= धरणीश्वर ।

शब्दार्थ- पृथिवीका अधिपति, धरणीपति, पृथिवीका स्वामी, राजा, राष्ट्रपति, शिव, विष्णु, परमेश्वर ।

धर्मत्राता (ना./पुं.) धर्मं त्रायते इति *(धर्मको रक्षा गर्छ)* धर्मपूर्वक त्रैङ् पालने (भ्वा.) धातु, धर्म+त्रै+तृच् (तृ), आत्व, धर्मत्रातृ= धर्मत्राता ।

शब्दार्थ- धर्मको संरक्षण गर्ने व्यक्ति, धर्मको पालना गर्ने पुरुष, धर्मरक्षक ।

---

१. कृभ्वस्तियोगो... : च्वि
२. ऋदोरप् : अप्
३. ण्वुल्तृचौ : ण्वुल्
४. तदस्य सञ्जातम्...: इतच्
५. गत्यर्थाकर्मक... : क्त

धर्मनिरपेक्षः (वि.) धर्मं निरपेक्षते इति *(धर्मप्रति निरपेक्ष रहन्छ)* धर्मपूर्वक निर् अप उपसर्गमा हुने ईक्ष दर्शने (भ्वा.) धातु, धर्म+निर्+अप+ईक्ष्+अच् (पचादि), अप ईक्षको गुण= धर्मनिरपेक्ष ।

शब्दार्थ- धर्मसम्वन्धी कुरामा तटस्थ रहने, सवै धर्मप्रति समान व्यवहार गर्ने, धर्मसम्वन्धी कुरामा हस्तक्षेप नगर्ने ।

धर्मभ्रष्टः (वि.) धर्माद् भ्रष्टः *(धर्मबाट भ्रष्ट भएको)* प.त.स. = धर्मभ्रष्ट ।

शब्दार्थ- धर्मवाट च्युत भएको, धर्मपतित, धर्मविमुख, धर्मरहित ।

धर्मरक्षकः (वि.) धर्मं रक्षतीति *(धर्मको रक्षा गर्छ)* धर्मपूर्वक रक्ष पालने (भ्वा.) धातु, धर्म+रक्ष्+ण्वुल्[१] (अक) = धर्मरक्षक ।

शब्दार्थ- धर्मको संरक्षण गर्ने, धर्मपालक, धर्मत्राता ।

धर्मरतः (वि.) धर्मे रतः *(धर्ममा निरत)* स.त.स.=धर्मरत ।

शब्दार्थ- धर्ममा तल्लीन हुने, धर्ममा संलग्न रहने, धर्मप्रति आसक्त रहने, पुण्यात्मा ।

धर्मविद् (वि.) धर्मं वेत्तीति *(धर्म जान्दछ)* धर्मपूर्वक विद ज्ञाने अदा.) धातु, धर्म+विद्+क्विप्[२] (सर्वलोप)=धर्मविद् ।

शब्दार्थ- धर्म जान्ने, धर्मवेत्ता, धर्मज्ञ, धर्म विषयक कर्तव्यको ज्ञाता ।

धर्मविमुखः (वि.) धर्मे विमुखः *(धर्ममा विमुख)* स.त.स. =धर्मविमुख ।

शब्दार्थ- धर्मकर्ममा रुचि नलिने, धर्महीन, अधर्मी, धर्मरहित ।

धर्मान्धः (वि.) धर्मे अन्धः *(धर्ममा अन्धो)* स.त.स., दीर्घ =धर्मान्ध ।

शब्दार्थ- धर्ममा अन्धभक्ति गर्ने, धर्ममा अन्धो भएर लागिरहने ।

ध्रुवता (ना./स्त्री.) ध्रुवतीति *(निश्चल रहन्छ)* ध्रु गतिस्थैर्ययोः (तुदा.) वा ध्रु स्थैर्ये (भ्वा.) धातु, ध्रु+क[३] (अ), उवङ् आदेश, ध्रुवः । ध्रुवस्य भावः *(निश्चल रहनाको भाव वा अवस्था)* ध्रुव+तल् (त)+टाप् (आ) =ध्रुवता ।

शब्दार्थ- स्थिरता, निश्चलता, अटलपना, निरन्तरता ।

ध्वनिः (ना./पुं.) ध्वननं ध्वन्यते इति *(शब्द गर्नु)* ध्वन शब्दे (भ्वा./चुरा.) धातु, ध्वन्+इ[४] (उणा.)= ध्वनि ।

शब्दार्थ- शव्द, रव, प्रतिध्वनि, आवाज, नाद, कलरव, कोलाहल, ध्वनिशास्त्र, व्यङ्ग्यार्थ मुख्य हुने काव्य ।

द्रष्टव्य- **वाच्यातिशयिनि व्यङ्ग्ये ध्वनिस्तद् काव्यमुत्तमम् । अर्थात् वाच्यार्थभन्दा व्यङ्ग्य अर्थ बढी चमत्कारपूर्ण भएमा ध्वनि काव्य हुन्छ, ध्वनिकाव्य उत्तम काव्य हो । -सा.द. ४/१**

ध्वनिकाव्यम् (ना./न.) ध्वनिप्रधानञ्च तत्काव्यञ्च *(ध्वनि मुख्य हुने काव्य)* क.त.स., उ.प.लोप= ध्वनिकाव्य ।

शब्दार्थ- व्यङ्ग्य अर्थ मुख्य हुने काव्य, वाच्यार्थभन्दा व्यङ्ग्यार्थ प्रमुख हुने काव्य ।

ध्वन्यात्मकः (वि.) ध्वनिः आत्मा यस्य *(ध्वनि मुख्य छ जसको)* ब.स., यण्, ध्वन्यात्मन्+कप् (समासान्त), नलोप= ध्वन्यात्मक ।

शब्दार्थ-ध्वनि मुख्य हुने, व्याचार्थभन्दा व्यङ्ग्यार्थ मुख्य हुने

ध्वंसकः (वि.) ध्वंसते इति *(ध्वंश हुन्छ, विनाश हुन्छ)* ध्वंसु अवस्रंसने गतौ च (भ्वा.) धातु, ध्वंस्+ण्वुल्[१] (अक)= ध्वंसक ।

शब्दार्थ- ध्वंस गर्ने, विनाश गर्ने, ध्वस्त पार्ने, विध्वंसक ।

न

नक्तभोजी (वि.) नक्तं भोक्तुं शीलमस्य *(रातमा भोजन गर्ने शील वा आदत छ यसको)* नक्तम्पूर्वक भुज पालनाऽभ्यवहारयोः (रुधा.) धातु, नक्तम्+भुज्+णिनि[५] (इन्), गुण, नक्तभोजिन्= नक्तभोजी ।

शब्दार्थ- रातमा भोजन गर्ने, रात्रिमा खाना खाने ।

नक्रः (ना./पुं.) न क्रामति दूरस्थलम् *(टाढासम्म जान सक्तैन)* नञ्पूर्वक क्रमु पादविक्षेपे (भ्वा.) धातु, न+क्रम्+ड[६] (अ), नलोपनिषेध[७], टिलोप= नक्र ।

शब्दार्थ- हात्तीको जस्तै आकृति हुने जलजन्तुविशेष ।

नक्षत्रपथः (ना./पुं.) नक्षत्राणां पन्थाः *(नक्षत्रहरूको मार्ग)* नक्षत्र+पथिन्, ष.त.स., अच् (समासान्त)= नक्षत्रपथ ।

शब्दार्थ- नक्षत्रहरूको विचरणमार्ग, आकाश, गगन-मण्डल, व्योममार्ग ।

नक्षत्रविद्या (ना./स्त्री.) नक्षत्राणां विद्या *(नक्षत्रहरूको अध्ययन गर्ने विद्या)* ष.त.स.= नक्षत्रविद्या ।

शब्दार्थ- नक्षत्रहरूको वारेमा अध्ययन गर्ने शास्त्र, ज्योतिषविद्या, खगोलशास्त्र, नक्षत्रविद्या ।

नगाधिपतिः (ना./पुं.) नगानां नगेषु वा अधिपतिः *(पर्वतहरूका स्वामी वा अधिपति)* नग+अधिपति, ष.त.स./स.त.स., दीर्घ= नगाधिपति ।

शब्दार्थ- पर्वतहरूका अधिपति, पर्वतराज-हिमालय ।

नतमुखः (वि.) नतं मुखं यस्य *(झुकेको छ मुख जसको)* व.स.= नतमुख ।

शब्दार्थ- मुख झुकाएको, मुख निहुराएको, लज्जित भएको, नतमुख वा नतमस्तक भएको ।

नदीजः (ना./पुं.) नद्याः नद्यां वा जायते *(नदीबाट वा नदीमा पैदा हुन्छ)* नदी+जन्+ड[८](अ), टिलोप=नदीज ।

शब्दार्थ-नदीमा पैदा हुने- कमल, काइ, लेउ, गङ्गापुत्र-भीष्म

---

१. ण्वुल्तृचौ : ण्वुल्
२. सत्सूद्विषद्रुहदुह... : क्विप्
३. इगुपधज्ञा... : क
४. खनिकष्यज्यसि.... : इ
५. सुप्यजातौ... : णिनि
६. अन्यत्रापि दृश्यते...(वा.) : ड
७. नभ्राण्नपात्... : नलोपनिषेध
८. पञ्चम्याम् .../सप्तम्यांजनेर्डः : ड

नदीमुखम् (ना./न.) नद्याः मुखम् *(नदीको मुख वा मुहान)* ष.त.स.= नदीमुख ।

शब्दार्थ- नदीको मुहान, नदी पैदा हुने मुख्य स्थान, नदीको स्रोत ।

नपुंसकलिङ्गम् (ना./न.) न स्त्री न पुमान् *(न स्त्री न त पुरुष नै)* यी सबैको नपुंसकभाव निपातन[1], नपुंसकञ्च तल्लिङ्गम् *(नपुंसक लिङ्ग)* क.त.स. =नपुंसकलिङ्ग ।

शब्दार्थ- स्त्री र पुरुष नछुट्टिने जीव र वस्तुलाई बुझाउने लिङ्ग, व्याकरणमा पुंलिङ्ग र स्त्री लिङ्ग वाहेकको लिङ्ग, उभयलिङ्ग ।

नभश्चरः (वि./ना./पुं.) नभसि चरतीति *(आकाशमा विचरण गर्छ)* नभस्पूर्वक चर गतिभक्षणयोः (भ्वा.) धातु, नभस्+चर्+अच् (पचादि)= नभश्चर ।

शब्दार्थ- आकाशमा विचरण गर्ने, गगनविहारी, अकासमा घुम्ने- देवगण, राक्षसगण, पन्छी, वादल, हवाईजहाज ।

नमितः (वि.) नमयति स्म इति *(निहुराएको)* णम प्रह्वत्वे शब्दे च (भ्वा.) धातु, नम्+णिचि, वृद्धिनिषेध, नमि+क्त (त), इडागम, णिलोप= नमित ।

शब्दार्थ- निहुराएको, झुकाएको, नुहाएको, नम्रता देखाएको ।

नयविद् (वि.) नयं न्यायं नीतिं वा वेत्तीति *(नय, न्याय वा नीति जान्दछ)* नयपूर्वक विद ज्ञाने (अदा.) धातु, नय+विद्+क्विप्[2] (सर्वलोप)= नयविद् ।

शब्दार्थ- न्याय जान्ने, न्यायवेत्ता, नीतिज्ञ, कानुनवेत्ता, राजनीतिज्ञ ।

नवयौवनम् (ना./न.) नवञ्च तत् यौवनञ्च *(नव यौवन)* क.त.स.= नवयौवन ।

शब्दार्थ- नव युवावस्था, नयाँ वैंस, नयाँ जवानी ।

नववर्षम् (ना./न.) नवञ्च तत् वर्षञ्च *(नयाँ वर्ष)* क.त.स.= नववर्ष ।

शब्दार्थ- नयाँ वर्ष, नववर्ष प्रारम्भ हुने दिन ।

नवसङ्गमः (ना./पुं.) नवश्चासौ सङ्गमश्च *(नयाँ सङ्गम)* क.त.स.= नवसङ्गम ।

शब्दार्थ- नयाँ मिलन, प्रथम मिलन, प्रथम सङ्गम, नयाँ वरवधूको पहिलो सङ्गम ।

नष्टदृष्टिः (वि.) नष्टा दृष्टिर्यस्य *(नष्ट भएको छ दृष्टि जसको)* ब.स., ह्रस्व= नष्टदृष्टि ।

शब्दार्थ- आँखाको ज्योति विग्रेको, आँखा नदेख्ने, रतन्धो, अन्धो, आँखाको दृष्टि गुमेको ।

नष्टबुद्धिः (वि.) नष्टा वुद्धिर्यस्य *(नष्ट भएको बुद्धि छ जसको)* व.स., ह्रस्व= नष्टवुद्धि ।

शब्दार्थ- वुद्धि भ्रष्ट भएको, वुद्धि विग्रेको, वुद्धिहीन, पटमूर्ख, अज्ञ ।

नाममुद्रा (ना./स्त्री.) नाम्ना अङ्किता, नामाङ्किता चासौ मुद्रा च *(नाम लेखिएको मुद्रा)* क.त.स., उ.प.लोप =नाममुद्रा ।

शब्दार्थ- नामाङ्कित मुद्रा, नामाङ्कित औंठी, नाम लेखिएको औंठी ।

नारीजातिः (ना./स्त्री.) नारीरूपा चासौ जातिश्च *(नारी जाति)* क.त.स., उ.प.लोप= नारीजाति ।

शब्दार्थ- स्त्रीजाति, महिला जाति, स्वास्नीमान्छे, नारी ।

नालः (ना./पुं./न.) नलतीति *(गन्ध फैलाउँछ वा बाँध्छ)* णल गन्धे वन्धने च (भ्वा.) धातु, नल्+ण[3] (अ), वृद्धि =नाल ।

शब्दार्थ-कमलको डाँठ, नली, डाँक्लो, ढल, नाली, रछ्यान ।

निकटता (ना./स्त्री.) नि समीपे कटति गच्छतीति *(समीपमा पुग्छ)* निपूर्वक कटी गतौ (भ्वा.) धातु, नि+कट्+अच् (पचादि), निकटम् । निकटस्य भावः *(समीप हुनाको भाव वा अवस्था)* निकट+तल् (त)+टाप् (आ)= निकटता ।

शब्दार्थ- सामीप्यता, आसन्नता, समीप हुनाको अवस्था ।

निक्षेपी (वि.) निक्षिपति, निक्षिप्यतीति वा *(निक्षेप राख्छ, फ्याँक्छ)* निपूर्वक क्षिप प्रेरणे (तुदा./दिवा.) धातु, नि+छिप्+णिनि[4] (इन्), गुण, निक्षेपिन्= निक्षेपी ।

शब्दार्थ- कुनै वस्तु राख्ने, निक्षेपक, धरौटी राख्ने, नासो राख्ने, फाल्ने ।

नित्यक्रिया (ना./स्त्री.) नित्या चासौ क्रिया च *(नित्य कर्म)* क.त.स.= नित्यक्रिया ।

शब्दार्थ- नित्य गरिने कर्म, दैनिक कर्म, नित्य गरिने कृत्यकर्म, प्रतिदिन गरिने कर्म ।

निदर्शकः (वि.) निदर्शयतीति *(देखाउँछ)* निपूर्वक दृशिर् प्रेक्षणे (भ्वा.) धातु, नि+दृश्+णिचि+ण्वुल्[5] (अक), गुण= निदर्शक ।

शब्दार्थ- देखाउने, मार्गदर्शक, पथप्रदर्शक ।

निमन्त्रकः (वि.) निमन्त्रयतीति *(निमन्त्रण गर्छ)* निपूर्वक मत्रि गुप्तपरिभाषणे (चुरा.) धातु, नुम्, नि+मन्त्+ण्वुल् (अक)= निमन्त्रक ।

शब्दार्थ- निमन्त्रणा गर्ने, बोलाउने, आमन्त्रक, निम्तो पठाउने, निम्तो दिने ।

निम्नगा (ना./स्त्री.) निम्नं गच्छति असौ *(तलतिर बहन्छ यो)* निम्नपूर्वक गम्लृ गतौ (भ्वा.) धातु, निम्न+गम्+ड[6] (अ), टिलोप, निम्नग+टाप् (आ)= निम्नगा ।

शब्दार्थ- नदी, सरित्, आपगा, खोलानाला ।

---

[1] नभ्रान्नपात्... : नपुंसकभाव निपातन

[2] सत्सूद्विषद्रुह... : क्विप्

[3] ज्वलितिकसन्ते... : ण

[4] सुप्यजातौ... : णिनि

[5] ण्वुल्तृचौ : ण्वुल्

[6] अन्येष्वपि दृश्यते : ड

नियमपालनम् (ना./न.) नियमस्य पालनम् *(नियमको पालना गर्ने काम)* ष.त.स.= नियमपालन ।

शब्दार्थ- नियमको पालना गर्ने काम, नियमको संरक्षण गर्ने कार्य ।

नियमबद्धः (वि.) नियमेन बद्धः *(नियमले बाँधिएको)* तृ.त.स. = नियमवद्ध ।

शब्दार्थ- नियमले बाँधिएको, नियमसङ्गत, नियम विपरीत नभएको ।

निरपेक्षितः (वि.) निरपेक्ष्यते स्म इति *(उपेक्षा गरिएको)* निर् अपपूर्वक ईक्ष दर्शने (भ्वा.) धातु, निर्+अप+ईक्ष्+क्त (त), इडागम, अप ईक्षको गुण =निरपेक्षित ।

शब्दार्थ- वास्ता नगरिएको, उपेक्षा गरिएको, अनादर गरिएको, उपेक्षित, अपेक्षा नगरिएको ।

निरवच्छिन्नः (वि.) अवच्छिद्यते स्म इति *(टुटेको)* अवपूर्वक छिदिर् द्वैधीकरणे (रुधा.) धातु, अव+छिद्+क्त (त), निष्ठा तको न, तुक्, श्चुत्व, अवच्छिन्नः । निर्गतः अवच्छिन्नः यत्र *(जहाँ क्रम टुटेको छैन)* प्रा.व.स., उ.प.लोप= निरवच्छिन्न ।

शब्दार्थ- क्रम नटुटेको, क्रमवद्ध रहेको, सिलसिलावद्ध, क्रमिक, अविच्छिन्न रूपले रहेको ।

निरवयवः (वि.) निर्गतः अवयवः यस्य *(जसको अवयव छैन)* प्रा.व.स., उ.प.लोप= निरवयव ।

शब्दार्थ- अवयवरहित, शरीरको अङ्ग नभएको, साकार-रूपमा नदेखिएको, अङ्गरहित ।

निरवलम्बः (वि.) अवलम्वनमिति *(अवलम्बन गरिन्छ)* अवपूर्वक लबि अवस्रंसने शब्दे च (भ्वा.) धातु, नुम्, अव+लम्ब्+घञ् (अ), अवलम्बः । निर्गतः अवलम्बः यस्य *(जसको आश्रय टुटेको छ)* प्रा.व.स., उ.प.लोप = निरवलम्व ।

शब्दार्थ- आश्रय नभएको, निःसहायक, आश्रयरहित, अवलम्वन नभएको, असहाय ।

निरातङ्कः (वि.) निर्गतः आतङ्कः यस्मात् *(जसबाट आतङ्क हटिसकेको छ)* प्रा.व.स., उ.प.लोप= निरातङ्क ।

शब्दार्थ- आतङ्क वा त्रास नभएको, भयरहित, निर्भय, आतङ्करहित ।

निराधारः (वि.) आध्रियते इति *(आश्रित वा आधारित हुनु)* आङ्पूर्वक धृङ् अवस्थाने (तुदा.) धातु, आ+धृ+घञ् (अ), वृद्धि, आधारः । निर्गतः आधारः यस्य *(जसको आधार छैन)* प्रा.व.स., उ.प.लोप= निराधार ।

शब्दार्थ- आधार नभएको, आश्रयरहित, निःसहाय, निराश्रय, आधाररहित, आश्रयविहीन ।

उदा. **स्वयं निराधार विषे टनाटन,**
असंख्य ब्रह्माण्ड खडा गरिकन
जगत् बनायो कुन कर्मिले किन ?- बु.वि.३

निरीक्षितः (वि.) निरीक्ष्यते स्म इति *(निरीक्षण गरिएको)* निर्पूर्वक ईक्ष दर्शने (भ्वा.) धातु, निर्+ईक्ष्+क्त (त), इडागम= निरीक्षित ।

शब्दार्थ- निरीक्षण गरिएको, जाँचवुझ गरिएको, अवलोकन गरिएको ।

निरुत्साहः (वि.) निर्गतः उत्साहः यस्मात् *(जसबाट उत्साह मरिसकेको छ)* प्रा.ब.स., उ.प.लोप =निरुत्साह ।

शब्दार्थ- उत्साह नभएको, हौसला मरिसकेको, केही गरौं भन्ने आँट नभएको, हतोत्साही ।

निरूपद्रवः (वि.) निर्गतः उपद्रवः यस्मात् *(जसबाट उपद्रव टरिसकेको छ)* प्रा.व.स., उ.प.लोप= निरूपद्रव

शब्दार्थ- विघ्नवाधा हटिसकेको, कुनै उपद्रव नभएको, निर्विघ्न भएको, सङ्कटरहित, दुःखकष्टवाट मुक्त ।

निरूपकः (वि.) निरूपयतीति *(निरूपण गर्छ)* निपूर्वक रूप रूपक्रियायाम् (चुरा.) धातु, नि+रूप्+ण्वुल्[1] (अक)= निरूपक ।

शब्दार्थ- निरूपण गर्ने, निर्णय दिने, निश्चय गर्ने, तोक्ने ।

निरोधितः (वि.) निरोध्यते स्म इति *(रोक लगाइएको)* निपूर्वक रुधिर् आवरणे (रुधा.) धातु, नि+रुध्+णिचि, गुण, निरोधि+क्त (त), णिलोप, इडागम= निरोधित ।

शब्दार्थ- रोक लगाइएको, प्रतिवन्ध लगाइएको, छेकथुन गरिएको, अवरोध गरिएको ।

निर्णयक्षमता (ना./स्त्री.) निर्णयस्य क्षमता *(निर्णयको क्षमता)* ष.त.स.= निर्णयक्षमता ।

शब्दार्थ- निर्णय गर्ने सामर्थ्य वा क्षमता, निर्णयशक्ति ।

निर्णेता (वि.) निर्णयतीति *(निर्णय गर्छ)* निर्पूर्वक णीञ् प्रापणे (भ्वा.) धातु, निर्+नी+तृच्[1] (तृ), गुण, णत्व, निर्णेतृ= निर्णेता ।

शब्दार्थ- निर्णय गर्ने, फैसला गर्ने, निर्णायक, निर्णयकर्ता ।

निर्धनी (वि.) धनम् अस्यास्तीति *(धन छ यसको)* धन+इनि[2] (इन्), धनिन् । धनिनः निष्क्रान्तः *(धनी हुनबाट रहित भएको)* प्रा.त.स.= निर्धनी ।

शब्दार्थ- धन नभएको, गरिव, निर्धन, दरिद्र ।

निर्बीजः (वि.) वीजात् निष्क्रान्तः *(बीज हुनबाट रहित)* प्रा.त.स., रुत्व= निर्वीज ।

शब्दार्थ- वीउ नहुने खालको, बीजहीन, वीर्यरहित, नपुंसक

निर्लोभः (वि.) लोभात् निष्क्रान्तः *(लोभबाट रहित)* प्रा.त.स., रुत्व= निर्लोभ ।

शब्दार्थ- लोभ नगर्ने, लालसा नभएको, उदार प्रकृतिको ।

निर्विकल्पकः (वि.) निर्गतः विकल्पः यस्मात् *(जसबाट विकल्परहित भएको छ)* प्रा.ब.स., उ.प.लोप, निर्विकल्प+कप् (क), समासान्त= निर्विकल्पक ।

शब्दार्थ- विकल्प नभएको, विकल्परहित, विकल्पशून्य, समाधिको एक विशेष स्थितिमा पुगेको ।

---

[1] ण्वुल्तृचौ : ण्वुल्/तृच्

[2] अत इनिठनौ : इनि

निर्विषः (वि.) निर्गतं विषं यस्मात् *(जसबाट विषरहित भएको छ)* प्रा.त.स., उ.प.लोप= निर्विष ।

शब्दार्थ- विष नभएको, विषरहित, विषहीन ।

निष्कर्म (वि.) कर्मणः निष्क्रान्तः *(कर्म गर्नबाट चुकेको)* प्रा.त.स., षत्व= निष्कर्म ।

शब्दार्थ- कर्म नगर्ने, निष्क्रिय रहने, अल्छ्याइँ गर्ने, उत्साह नभएको ।

निष्कलङ्कः (वि.) कलङ्कात् निष्क्रान्तः *(कलङ्क नभएको)* प्रा.त.स./वा निर्गतः कलङ्कः यस्मात् *(जसबाट कलङ्क वा दाग हटिसकेको छ)* प्रा.व.स., उ.प.लोप, षत्व =निष्कलङ्क ।

शब्दार्थ- कलङ्करहित, दाग नभएको, निर्मल, कञ्चन, स्वच्छ ।

निष्परिग्रहः (वि.) निर्गतः परिग्रहः यस्मात् *(जसबाट सङ्ग्रह गर्ने काम हुँदैन)* प्रा.व.स., उ.प.लोप, षत्व =निष्परिग्रह ।

शब्दार्थ- कुनै कुरा सङ्ग्रह नगर्ने, आसक्तिरहित, पारिवारिक जञ्जालबाट मुक्त, सङ्ग्रहरहित ।

निष्पादितः (वि.) निष्पाद्यते स्म इति *(व्युत्पादन गरिएको)* निस्पूर्वक पद गतौ (दिवा.) धातु, निस्+पद्+णिचि, वृद्धि, निस्को षत्व, निष्पादि+क्त (त), णिलोप, इडागम= निष्पादित ।

शब्दार्थ- पूरा गरिएको, व्युत्पादन गरिएको, सिद्ध गरिएको, तामेल गरिएको ।

निष्पीडनम् (ना./न.) निष्पीडचते इति *(निचोरिन्छ)* पीड अवगाहने (चुरा.) धातु, निस्+पीड्+ल्युट् (अन), निस्को षत्व= निष्पीडन ।

शब्दार्थ- निचोर्ने काम, वेसरी थिच्ने काम, पीडा दिने काम, कपडा निचोर्ने क्रिया ।

निष्प्रतिकारः (वि.) निर्गतः प्रतिकारः यस्मात् *(जसबाट प्रतिकार गर्ने उपायरहित भएको छ)* प्रा.व.स., उ.प.लोप, निस् प्रतिकार, षत्व= निष्प्रतिकार ।

शब्दार्थ- प्रतिकार गर्ने उपाय नभएको, वदला लिन नसकिने अवस्थाको, निष्प्रतिक्रिय ।

निस्तत्वः (वि.) तत्त्वात् निष्क्रान्तः *(तत्त्वबाट रहित भएको)* प्रा.त.स.= निस्तत्व ।

शब्दार्थ- तत्त्वरहित, तत्त्वविहीन, सारतत्त्व नभएको ।

निस्सपत्नः (वि.) सपत्नात् निष्क्रान्तः *(शत्रुबाट रहित)* प्रा.त.स.= निस्सपत्न ।

शब्दार्थ- शत्रु नभएको, विपक्षरहित, शत्रुविहीन ।

निहन्ता (वि.) निहन्तीति *(हत्या गर्छ)* निपूर्वक हन हिंसागत्योः (अदा.) धातु, नि+हन्+तृच्[1] (तृ), निहन्तृ =निहन्ता ।

शब्दार्थ- हत्या गर्ने, वध गर्ने, हत्यारो, मार्ने ।

नीतः (वि.) नीयते स्म इति *(लगिएको)* णीञ् प्रापणे (भ्वा.) धातु, नी+क्त (त)= नीत ।

शब्दार्थ- लगिएको, लिइएको, प्राप्त भएको, नेतृत्व गरिएको ।

नीतिविद् (वि.) नीतिं वेत्तीति *(नीति जान्दछ)* नीति उपपदपूर्वक विद ज्ञाने (अदा.) धातु, नीति+विद्+क्विप्[2] (सर्वलोप)= नीतिविद् ।

शब्दार्थ- नीति जान्ने, नीतिविज्ञ, नीतिवेत्ता ।

नीरजः (ना./पुं.) नीराज्जायते इति *(पानीबाट पैदा हुन्छ)* नीर+जन्+ड[3] (अ), टिलोप= नीरज ।

शब्दार्थ- कमल, पद्म, अरविन्द, मोती, पानीवाट पैदा हुने अन्यवस्तु, शङ्ख ।

नीरदः (ना./पुं.) नीरं ददातीति *(पानी प्रदान गर्छ)* नीर उपपदपूर्वक डुदाञ् दाने (जुहो.) धातु, नीर+दा+क[4] (अ), आलोप= नीरद ।

शब्दार्थ- वादल, मेघ, जलधर, अम्वुद ।

नीरवता (ना./स्त्री.) निर्गतः रवः यस्मात् *(जसबाट आवाज निस्कदैन)* प्रा.व.स., उ.प.लोप, रेफको लोप, दीर्घ, नीरवः । नीरवस्य भावः *(निस्तब्ध हुनाको भाव वा अवस्था)* नीरव+तल् (त)+टाप् (आ)= नीरवता ।

शब्दार्थ-निस्तव्धता, शव्दहीनता, आवाजरहित हुनाको स्थिति

उदा. **जन निद्रित नीरवता घरमा- नवरस, भयानक रस-५**

नृवंशः (ना./पुं.) नृणां वंशः *(मानिसको वंश)* ष.त.स. =नृवंश ।

शब्दार्थ- मानववंश, मानव जातिको कुलपरम्परा, मानवजुनि ।

नेत्रकनीनिका (ना./स्त्री.) कनति दीप्यति *(प्रकाशित हुन्छ)* कनी दीप्तिकान्तिगतिषु (भ्वा.) धातु, कन्+ईन (वहुलप्रकारले), कनीन+कन् (क), स्वार्थमा, कनीनक +टाप् (आ), ककारपूर्वका अकारको इत्व, कनीनिका । नेत्रयोः कनीनिका *(आँखाको नानी)* ष.त.स. = नेत्रकनीनिका ।

शब्दार्थ- आँखाको नानी, नेत्रकोश, आँखाको तारा, आँखाको पुतली ।

नेत्रजलम् (ना./न.) नेत्रयोः जलम् *(आँखाको आँसु)* ष.त.स. = नेत्रजल ।

शब्दार्थ- आँखाको अश्रु, आँखाको आँसु, नेत्राम्वु, नेत्रबाट खसेको अश्रुधारा ।

नैकटचम् (ना./न.) निकटस्य भावः *(निकट हुनाको भाव वा अवस्था)* निकट+ष्यञ्[5] (य), आदिवृद्धि = नैकटच ।

शब्दार्थ- निकटता, सामीप्य, नजिकपना, नजिक हुनाको अवस्था वा स्थिति, छिमेक ।

---

[1] ण्वुल्तृचौ : तृच्

[2] सत्सूद्विष... : क्विप्

[3] पञ्चम्यामजातौ : ड

[4] आतोऽनुपसर्गे... : क

[5] गुणवचन... : ष्यञ्

न्यायकर्ता (वि.) न्यायं करोतीति *(न्याय गर्छ)* न्यायपूर्वक डुकृञ् करणे (तना.) धातु, न्याय+कृ+तृच्[1] (तृ), न्यायकर्तृ= न्यायकर्ता ।

शब्दार्थ- न्याय दिने, इन्साफ गर्ने, निसाप गर्ने ।

न्यायपरायणः (वि.) न्याये परायणः *(न्यायमा परायण वा संलग्न)* स.त.स.= न्यायपरायण ।

शब्दार्थ- न्यायमा परायण, न्यायमा संलग्न, न्यायप्रेमी, न्यायनिपुण, न्यायप्रवीण ।

न्यायप्रेमी (वि.) न्यायस्य प्रेमी *(न्यायका प्रेमी)* ष.त.स. =न्यायप्रेमी ।

शब्दार्थ- न्यायपरायण, न्यायनिपुण, न्याय दिन अभिरुचि लिने ।

न्यायविद् (वि.) न्यायं वेत्तीति *(न्याय जान्दछ)* न्याय उपपदपूर्वक विद ज्ञाने (अदा.) धातु, न्याय+विद्+ क्विप्[2] (सर्वलोप)= न्यायविद् ।

शब्दार्थ- न्यायवेत्ता, न्यायविज्ञ, न्यायनिपुण, न्याय जान्ने ।

न्यायविज्ञः (वि.) विशेषेण जानाति *(विशेष जान्दछ)* विपूर्वक ज्ञा अवबोधने (क्र्या.) धातु, वि+ज्ञा+क[3] (अ), आलोप, विज्ञः । न्यायस्य विज्ञः *(न्यायको विज्ञ)* ष.त.स.= न्यायविज्ञ ।

शब्दार्थ- न्याय जान्ने, न्यायवेत्ता, न्यायप्रवीण, न्याय विशेषज्ञ ।

न्यायशीलः (वि.) न्यायं शीलं यस्य *(न्याय दिने शील छ जसको)* ब.स.= न्यायशील ।

शब्दार्थ- न्याय दिने स्वभावको, इन्साफ गर्ने प्रकृतिको, न्याय दिनमा दक्ष, न्यायप्रवीण, न्यायप्रेमी ।

न्यूनत्वम् (ना./न.) न्यूनस्य भावः *(न्यून हुनाको भाव वा अवस्था)* न्यून+त्व= न्यूनत्व ।

शब्दार्थ- न्यूनता, कम हुनाको स्थिति, निकृष्टता ।

प

पक्षद्वारम् (ना./न.) पक्षस्य द्वारम् *(पार्श्व भागको द्वार)* ष.त.स.= पक्षद्वार ।

शब्दार्थ-मूल ढोकाभन्दा वाहेकको अर्को ढोका, जस्केलो ।

पक्षाघातः (ना./पुं.) पक्षस्य आघातः *(शरीरको आधा भाग निश्चेष्ट हुने क्रिया)* पक्ष+आघात, ष.त.स., दीर्घ =पक्षाघात ।

शब्दार्थ- शरीरको दायाँ वा वायाँ आधाभाग नचल्ने रोगविशेष, प्यारालाइसिस रोग, पक्षाघात रोग ।

पङ्कजासनः (ना./पुं./न.) पङ्कजमासनं यस्य *(कमलको आसन छ जसको)* पङ्कज+आसन, ब.स., दीर्घ =पङ्कजासन ।

अथवा पङ्कजस्य आसनम् *(कमलको आसन)* ष.त.स., दीर्घ= पङ्कजासन ।

शब्दार्थ- कमलको फूलमा विराजमान ब्रह्माजी, कमलको आसनमा बस्ने मानिस, कमलासन, पद्मासन, योगाभ्यासका आसनहरूमध्ये एक ।

पचनम् (ना./न.) पचनम्, पच्यते इति *(पकाइन्छ)* डुपचष् पाके (भ्वा.) धातु, पच्+ल्युट् (अन)= पचन ।

शब्दार्थ- पकाउने काम, पचनक्रिया ।

पञ्चकर्म (ना./न.) पञ्चानां कर्मणां समाहारः *(पाँच कर्मको समूह)* द्वि.त.स.= पञ्चकर्म ।

शब्दार्थ- जप, होम, तर्पण, रुद्राभिषेक र ब्राह्मण तथा अतिथि सत्कार तथा भोजन- यी पाँच कर्मको समुदाय ।

पञ्चक्लेशम् (ना./न.) पञ्चानां क्लेशानां समाहारः *(पाँच क्लेशको समूह)* द्वि.त.स.= पञ्चक्लेश ।

शब्दार्थ- जीवात्मालाई सांसारिक विषयवासनामा फसाइ राख्ने महादुःखदायी पञ्च महाक्लेश ।

पञ्चक्लेश निम्न छन्-

अविद्या-स्मिता-राग-द्वेषा-भिनिवेशाः क्लेशाः- पा.यो.द.२/३

अर्थात् अविद्या, अस्मिता, राग, द्वेष र अभिनिवेश- यी पाँच क्लेश हुन् ।

पण्यवीथिः (ना./स्त्री.) पणितुं योग्यम् *(व्यापार गर्न योग्य)* पण व्यवहारे स्तुतौ च (भ्वा.) धातु, पण्+यत्[4] (य), निपातन, पण्यम् । पण्याय वीथिः *(खरिद-बिक्रीका लागि पसल)* च.त.स.= पण्यवीथि ।

शब्दार्थ- माल-सामान खरिद-विक्री गर्ने ठाउँ, दुकान, पसल, हाट-वजार ।

पददानम् (ना./न.) दीयते इति *(दिइन्छ)* डुदाञ् दाने (जुहो.) धातु, दा+ल्युट् (अन), दानम् । पदानां पदार्थानां दानम् *(पदार्थहरूको दान)* ष.त.स.= पददान ।

शब्दार्थ- मानिस मरेको बाह्रौं/तेह्रौं दिनमा मृतकका नाममा गरिने तेह्रवटा पदार्थहरूको दान, पददान ।

पददानमा दान गरिने तेह्रवटा पदार्थहरू निम्न छन्-

छत्रोपानहवस्त्राणि मुद्रिका च कमण्डलुः ।
आसनं पञ्चपात्राणि पदं पञ्चविधं स्मृतम् ॥
दण्डेन ताम्रपात्रेण ह्यामान्नैर्भोजनैरपि ।
अर्घ्य-यज्ञोपवीतैश्च पदं सम्पूर्णतां व्रजेत् ॥

अर्थात् छाता, जुता, वस्त्र, औंठी, कमण्डलु, आसन (विस्तरा आदि), पञ्चपात्रका सेट, दण्ड, ताम्रपात्र, पाकपात्र आदि, आमान्न (काँचो अन्न) र पक्वान्न भोजन सामग्री, अर्घ, जनै, जम्मा यी तेह्र पदार्थ- ग.पु.अ.१३

---

[1] ण्वुल्तृचौ : तृच्

[2] सत्सूद्विषः.... : क्विप्

[3] आतश्चोपसर्गे... : क

[4] अपद्यपण्य... : यत्

पदधारी (वि.) पदं धर्तुं शीलमस्य *(पद धारण गर्ने शील वा क्षमता छ यसको)* पदपूर्वक धृञ् धारणे (भ्वा.) धातु, पद+धृ+णिनि[1] (इन्), वृद्धि, पदधारिन्=पदधारी ।

शब्दार्थ- कुनै पदमा वहाल रहेको, ओहदा धारण गर्ने, कुनै पदमा विद्यमान पदाधिकारी, वहालवाला कर्मचारी ।

पदमोचनम् (ना./न.) पदात् मोचनम् *(पदबाट हट्ने काम)* ष.त.स.= पदमोचन ।

शब्दार्थ- आफ्नो पदवाट मुक्त हुने काम, ओहदावाट हट्ने काम, पदत्याग, पदवाट राजीनामा दिने काम ।

पदविच्छेदः (ना./पुं.) विच्छिद्यते इति *(विच्छेद गरिन्छ)* विपूर्वक भिदिर् द्वैधीकरणे (रुधा.) धातु, वि+छिद्+घञ् (अ), गुण, तुक्, श्चुत्व, विच्छेदः । पदानां विच्छेदः *(पदहरूको विच्छेद)* ष.त.स.= पदविच्छेद ।

शब्दार्थ- समस्त पदहरू छुट्ट्याउने काम, जोडिएका पदहरू छुट्ट्याउने काम, पदहरूको विच्छेद गर्ने काम, वाक्य भित्रका पदहरू छुट्ट्याउने क्रिया ।

पदारूढः (वि.) पदमारोहति स्म इति *(पदमा बहाल भएको)* पद उपपदमा हुने आङ्पूर्वक रुह बीजजन्मनि प्रादुर्भावे च (भ्वा.) धातु, पद+आ+रुह+क्त[2] (त), कर्तामा, हको ढ, निष्ठा तको ध, ष्टुत्ववाट धको ढ, ढलोप, रुको दीर्घ, पद आको सवर्णदीर्घ= पदारूढ ।

शब्दार्थ- कुनै पद वा ओहदामा वहाल रहेको, पदासीन, वहालवाला ।

पदाहतः (वि.) पद्भ्यामाहतः *(लात्ताले हानेको)* पद्+आहत, तृ.त.स.= पदाहत ।

शब्दार्थ- पाउले दलेको, लात्ताले हानेको, पाउले चोट पुर्‍याएको, लात्ताले प्रहार गरेको ।

पद्मकर्णिका (ना./स्त्री.) कर्णस्य अलङ्कारः *(कानको गहना)* कर्ण+कन्[3] (क), कर्णक+टाप् (आ), ककारपूर्वका अकारको इत्व, कर्णिका । पद्मस्य कर्णिका *(कमलको गट्टो)* ष.त.स.= पद्मकर्णिका ।

शब्दार्थ-कमलको फूलभित्रको गट्टो, कमलको बीजकोष ।

पद्मकेसरः (ना./पुं.) के जले सरति *(जलमा फैलिन्छ)* के उपपदमा हुने सृ गतौ (भ्वा.) धातु, के+सृ+अच् (पचादि), गुण, सप्तमीको अलुक्, केसरः । पद्मस्य केसरः *(कमलको केसर)* ष.त.स.= पद्मकेसर ।

शब्दार्थ- कमलको पराग, कमलका फूलभित्रको सुगन्धित धूलो ।

परमर्मज्ञः (वि.) मर्म जानातीति *(मर्म जान्दछ)* मर्म उपपदमा हुने ज्ञा अवबोधने (क्र्या.) धातु, मर्म+ज्ञा+क[4] (अ), आकारलोप, मर्मज्ञः । परेषां मर्मज्ञः *(अरूको मर्म जान्ने)* ष.त.स.=परमर्मज्ञ ।

शब्दार्थ- अरूको दुःखकष्ट र पीडा वुझ्ने, अर्काको मर्म जान्ने ।

परमर्षिः (ना./पुं.) परमश्चासौ ऋषिश्च *(श्रेष्ठ ऋषि)* क.त.स., गुण= परमर्षि ।

शब्दार्थ- सर्वश्रेष्ठ ऋषि, सर्वोत्तम ऋषि, महर्षि ।

परमाङ्गना (ना./स्त्री.) परमा चासौ अङ्गना च *(उत्तम महिला)* क.त.स., दीर्घ= परमाङ्गना ।

शब्दार्थ- उत्कृष्ट महिला, सर्वोत्तम नारी, सर्वोच्च गुणले परिपूर्ण स्त्री ।

परमुखापेक्षी (वि.) अपेक्षा अस्यास्तीति *(अपेक्षा छ यसको)* अपेक्षा+इनि[5] (इन्), आकारलोप, अपेक्षिन् । परमुखस्य अपेक्षिन् *(अर्काको मुख ताक्ने)* ष.त.स., दीर्घ, परमुखापेक्षिन्= परमुखापेक्षी ।

शब्दार्थ- अर्काको मुख ताकेर वस्ने, अरूको भरपर्ने, परनिर्भर, परजीवी, अरूको सहारामा निर्भर रहने ।

परवशः (ना./पुं.) उश्यते इति *(चाहना गर्नु, वशवर्ती हुनु)* वश कान्तौ (अदा.) धातु, वश्+अप्[6] (अ), वशः । परेषां वशः *(अर्काको वश)* ष.त.स.= परवश ।

शब्दार्थ- अरूको वशमा रहेको, पराधीन, परतन्त्र ।

परान्नम् (ना./न.) परेषामन्नम् *(अरूको अन्न)* ष.त.स., दीर्घ= परान्न ।

शब्दार्थ- अरूको अधीनको अन्न, अर्काको घरको अन्न, परचक्रीको अन्न ।

परिक्लान्तः (वि.) परिक्लाम्यति स्म इति *(थाकेको)* परिपूर्वक क्लमु क्लान्तौ (दिवा.) धातु, परि+क्लम्+क्त (त), दीर्घ= परिक्लान्त ।

शब्दार्थ- अत्यन्तै थाकेको, ज्यादै शिथिल, परिश्रान्त ।

परिक्षिप्तः (वि.) परिक्षिप्यते स्म इति *(फ्याँकिएको)* परिपूर्वक क्षिप प्रेरणे (दिवा.) धातु, परि+क्षिप्+क्त (त) =परिक्षिप्त ।

शब्दार्थ- फ्याँकिएको, फालिएको, यताउति मिल्काइएको ।

परिग्राह्यः (वि.) परिग्रहितुं योग्यः *(ग्रहण गर्न योग्य वा ग्रहण गरिन्छ)* परिपूर्वक ग्रह उपादाने (क्र्या.) धातु, परि+ग्रह्+ण्यत्[7] (य), वृद्धि= परिग्राह्य ।

शब्दार्थ- ग्रहण गर्न योग्य, स्विकार्न लायक, धारण गर्न उचित, लिन उपयुक्त ।

परिघः (ना./पुं.) परितः हन्यते अनेन *(चारैतिर प्रहार गरिन्छ यसबाट)* परिपूर्वक हन हिंसागत्योः (अदा.) धातु, परि+हन्+अप्[8] (अ), हन्को घ आदेश= परिघ ।

शब्दार्थ- फलामले मोडेको लट्ठी, मुसल, अस्त्रविशेष, आग्लो, मुद्गर, मुङ्ग्रो, ज्योतिषशास्त्रमा सत्ताईस योगमध्ये एक योग ।

---

[1] सुप्यजातौ... : णिनि
[2] गत्यर्थाकर्मक... : क्त, कर्तामा
[3] कर्णललाटात्... : कन्
[4] आतोऽनुपसर्गे... : क
[5] अत इनिठनौ : इनि
[6] वशिरण्यो (वा.) : अप्
[7] ऋहलोर्ण्यत् : ण्यत्
[8] परौ घः : अप्, घ आदेश

परिघट्टितः (वि.) परिघट्टयते स्म इति *(चारैतिर घोटिएको)* परिपूर्वक घट्ट चलने (भ्वा.) धातु, परि+घट्ट्+क्त (त) =परिघट्टित ।

शब्दार्थ- ज्यादै रगडिएको, खुब घोटिएको, वरिपरि घुमाइ-घुमाइ रगडिएको ।

परिघातः (ना./पुं.) परिहननम्, परिहन्यते इति वा *(चोट पुर्‍याइन्छ)* परिपूर्वक हन हिंसागत्योः (अदा.) धातु, परि+हन्+घञ् (अ), वृद्धि, हन्का नको तकार[१], हको कुत्व घ[२]= परिघात ।

शब्दार्थ- प्रहार, चोट, मार्ने क्रिया, वध गर्ने काम, हत्या, काटमार, विनाश गर्ने क्रिया ।

परिचिन्तनम् (ना./न.) परिचिन्त्यते इति *(ज्यादै चिन्ता वा शोच-विचार गरिन्छ)* पपूर्वक चिति स्मृत्याम् (चुरा.) धातु, नुम्, परि+चिन्त्+ल्युट् (अन) =परिचिन्तन ।

शब्दार्थ- ज्यादै सोच्ने क्रिया, गाढा सोचाइ, चिन्ता, स्मरण, स्मृति ।

परिचिन्तितः (वि.) परिचिन्त्यते स्म इति *(ज्यादै चिन्ता गरिएको)* परिपूर्वक चिति स्मृत्याम् (चुरा.) धातु, नुम्, परि+चिन्त्+क्त (त), इडागम= परिचिन्तित ।

शब्दार्थ- ज्यादै सोचिएको, गहिरिएर विचार गरिएको, खुब सम्झना गरिएको, अतिचिन्ता गरिएको ।

परिचुम्बनम् (ना./न.) परितः चुम्ब्यते इति *(गाढा चुम्बन गर्नु)* परिपूर्वक चुबि वक्रसंयोगे (भ्वा.) धातु, नुम्, परि+चुम्ब्+ल्युट् (अन)= परिचुम्बन ।

शब्दार्थ- गाढा चुम्बन, प्रेमासक्त भई गरिने चुम्बन, प्रेम विह्वल भई म्वाइँ खाने क्रिया ।

परिचुम्बितः (वि.) परिचुम्ब्यते स्म इति *(गाढा चुम्बन गरिएको)* परिपूर्वक चुबि वक्रसंयोगे (भ्वा.) धातु, नुम्, परि+चुम्ब्+क्त (त), इडागम= परिचुम्बित ।

शब्दार्थ- प्रेम विह्वल भई चुम्बन गरिएको, गाढा रूपमा चुम्बन गरिएको, ज्यादै प्रेमासक्त भई म्वाइँ खाइएको ।

परिच्छेदकः (वि.) परिच्छिनत्ति, परिच्छेदयतीति वा *(विभाजन गर्छ वा गराउँछ)* परिपूर्वक छिदिर् द्वैधीकरणे (रुधा.) धातु, परि+छिद्+ण्वुल् (अक), गुण, तुक्, श्चुत्व= परिच्छेदक ।

अथवा परि+छिद्+णिचि+ण्वुल् (अक), गुण, णिलोप =परिच्छेदक ।

शब्दार्थ- विभाजन गर्ने वा गराउने, टुक्र्याउने, विभाजक, खण्डित गर्ने वा गराउने ।

परिज्ञातः (वि.) परिज्ञायते स्म इति *(राम्ररी जानिएको)* परिपूर्वक ज्ञा अवबोधने (क्र्या.) धातु, परि+ज्ञा+क्त (त)= परिज्ञात ।

शब्दार्थ- थाह पाइएको, विदित भएको, जानकारी पाइएको, अवगत भएको, यथार्थ ज्ञान भएको ।

परिज्ञानम् (ना./न.) परिज्ञायते इति *(राम्ररी जानिन्छ)* परिपूर्वक ज्ञा अवबोधने (क्र्या.) धातु, परि+ज्ञा+ल्युट् (अन)= परिज्ञान ।

शब्दार्थ- पूर्ण ज्ञान, राम्रो ज्ञान, भौतिक तथा अध्यात्म ज्ञान, यथार्थज्ञान, सम्यक् ज्ञान ।

परितोषकः (वि.) परितोषयतीति *(सन्तुष्ट गराउँछ)* परिपूर्वक तुष तुष्टौ (दिवा.) धातु, परि+तुष्+णिचि, गुण, परितोषि+ण्वुल् (अक), णिलोप= परितोषक ।

शब्दार्थ- तृप्ति दिलाउने, सन्तुष्टि दिने, खुसी पार्ने, सन्तोष दिलाउने, पूर्ण आनन्द दिने, आनन्ददायक ।

परिदग्धः (वि.) परिदह्यति स्म इति *(पूर्णरूपमा डढेको)* परिपूर्वक दह भस्मीकरणे (भ्वा.) धातु, परि+दह्+क्त (त), दह्का हको घ, निष्ठा तको ध, घको जश्त्व ग =परिदग्ध ।

शब्दार्थ- पूरै भस्म भएको, पूर्ण रूपमा डढेको ।

परिदर्शनम् (ना./न.) परितः दृश्यते इति *(चारैतिरबाट अवलोकन गरिन्छ)* परिपूर्वक दृशिर् प्रेक्षणे (भ्वा.) धातु, परि+दृश्+ल्युट् (अन), गुण= परिदर्शन ।

शब्दार्थ- राम्ररी अवलोकन गर्ने काम, सर्वत्रबाट नियालेर हेर्ने काम, कुनै स्थान आदिको निरीक्षण, मन्दिर आदिका दृश्यको अवलोकन ।

परिदर्शितः (वि.) परिदर्श्यते स्म इति *(राम्ररी देखाइएको)* परिपूर्वक दृशिर् प्रेक्षणे (भ्वा.) धातु, परि+दृश्+णिचि, गुण, परिदर्शि+क्त (त), णिलोप, इडागम= परिदर्शित ।

शब्दार्थ- राम्ररी देखाइएको, राम्ररी अवलोकन गराइएको, पूरै दर्शन गराइएको ।

परिदहनम् (ना./न.) परिदहनम्, परिदह्यते इति वा *(पोल्नु, भस्म हुनु)* परिपूर्वक दह भस्मीकरणे (भ्वा.) धातु, परि+दह्+ल्युट् (अन)= परिदहन ।

शब्दार्थ- राम्ररी डढाउने काम, भस्म पार्ने क्रिया, पोल्ने काम, मनमा सन्ताप पैदा गर्ने काम ।

परिदाहः (ना./पुं.) परिदह्यते इति *(दहन गर्नु)* परिपूर्वक दह भस्मीकरणे (भ्वा.) धातु, परि+दह्+घञ् (अ), वृद्धि =परिदाह ।

शब्दार्थ- दहन गर्ने क्रिया, डाह, ताप, जलन, भस्मीकरण क्रिया ।

परिदृश्यः (वि.) परिद्रष्टुं शीलमस्य *(चारैतिर हेर्ने शील छ यसको)* परिपूर्वक दृशिर् प्रेक्षणे (भ्वा.) धातु, परि+दृश्+क्यप् (य)= परिदृश्य ।

शब्दार्थ- चारैतिरबाट हेर्ने दृश्य, सबैतिरबाट हेर्न योग्य वा लायक ।

---

१. हनस्तो... : हको त

२. हो हन्ते... : कुत्व

परिधायकः (वि.) परिधत्ते इति *(परिधान गर्छ, छोप्छ)* परिपूर्वक डुधाञ् धारणपोषणयोः (जुहो.) धातु, परि+धा+ण्वुल्[1] (अक), युक्[2]= परिधायक ।

शब्दार्थ- परिधान गर्ने, पहिरने, ढाक्ने, छोप्ने ।

परिपूजितः (वि.) परिपूज्यते स्म इति *(राम्ररी पूजा गरिएको)* परिपूर्वक पूज पूजायाम् (चुरा.) धातु, परि+पूज्+क्त (त), इडागम= परिपूजित ।

शब्दार्थ-राम्ररी पूजा अर्चना गरिएको, राम्ररी परिपूजित ।

परिप्लवः (ना./पुं.) परिप्लवनम्, परिप्लूयते इति *(दौडनु, पौडी खेल्नु)* परिपूर्वक प्लुङ् गतौ (भ्वा.) धातु, परि+प्लु+अप्[3] (अ), गुण= परिप्लव ।

उडुपं तु प्लवः कोलः - इत्यमरः

शब्दार्थ- डुब्ने क्रिया, पौडी खेल्ने काम, नौका, नाउ, डुँगा, बाढी ।

परिप्लावनम् (ना./न.) परिप्लाव्यते इति *(डुबाउनु)* परिपूर्वक प्लुङ् गतौ (भ्वा.) धातु, परि+प्लु+णिचि, वृद्धि, आवादेश, परिप्लावि+ल्युट् (अन), णिलोप =परिप्लावन ।

शब्दार्थ- वरिपरि चारैतिर डुबाउने क्रिया, बाढीले बगाउने काम, भेल आउने काम ।

परिप्लावितः (वि.) परिप्लाव्यते स्म इति *(डुबाएको)* परिपूर्वक प्लुङ् गतौ (भ्वा.) धातु, परि+प्लु+णिचि, वृद्धि, आवादेश, परिप्लावि+क्त (त), णिलोप, इडागम =परिप्लावित ।

शब्दार्थ- वरिपरि चारैतिर डुबाएको, पानीले भिजाएको, निथ्रुक्क रुझाएको, भेलले वगाएको ।

परिबन्धः (ना./पुं.) परिबन्धनमिति *(प्रतिबन्ध लगाउनु)* परिपूर्वक बन्ध बन्धने (क्र्या.) धातु, परि+वन्ध्+घञ् (अ)= परिबन्ध ।

शब्दार्थ- रोक लगाउने क्रिया, प्रतिवन्ध लगाउने काम, बन्धन, बाँध्ने काम ।

परिबन्धनम् (ना./न.) परिवन्धनमिति *(रोक लगाउनु, बाँध्नु)* परिपूर्वक बन्ध बन्धने (क्र्या.) धातु, परि+बन्ध्+ल्युट् (अन)= परिवन्धन ।

शब्दार्थ- प्रतिबन्ध लगाउने क्रिया, रोक लगाउने काम, बाँध्ने क्रिया, वन्धन ।

परिभुक्तः (वि.) परिभुज्यते स्म इति *(राम्ररी उपभोग गरिएको)* परिपूर्वक भुज पालनाभ्यवहारयोः (रुधा.) धातु, परि+भुज्+क्त (त), जको कुत्व= परिभुक्त ।

शब्दार्थ- राम्ररी उपभोग गरिएको, ज्यादै भोग गरिएको ।

परिभूषितः (वि.) परिभूष्यते स्म इति *(राम्ररी विभूषित गरिएको)* परिपूर्वक भूष अलङ्कारे (भ्वा.) धातु, परि+भूष्+क्त (त), इडागम= परिभूषित ।

शब्दार्थ- राम्ररी भूषित गरिएको, खुब सजाइएको, राम्ररी सिङ्गार पटार गरिएको ।

परिभोक्ता (वि.) परिभुनक्तीति *(उपभोग गर्छ)* परिपूर्वक भुज पालनाभ्यवहारयोः (रुधा.) धातु, परि+भुज्+तृच्[1] (तृ), कुत्व, परिभोक्तृ= परिभोक्ता ।

शब्दार्थ- उपभोग गर्ने, अर्काको सामग्री जवर्जस्ती उपभोग गर्ने ।

परिभोगः (ना./पुं.) परिभुज्यते इति *(उपभोग गरिन्छ)* परिपूर्वक भुज पालनाभ्यवहारयोः (रुधा.) धातु, परि+भुज्+घञ् (अ), गुण, जको कुत्व ग= परिभोग ।

शब्दार्थ- उपभोग, स्त्रीसङ्गम, मैथुन, अर्काको सामान वलपूर्वक प्रयोग गर्ने काम ।

परिभ्रष्टः (वि.) परिभ्रश्यते स्म इति *(भ्रष्ट भएको, गिरेको)* परिपूर्वक भ्रंशु अवस्रंसने (भ्वा.) वा भ्रंशु अधःपतने (दिवा.) धातु, परि+भ्रंश्+क्त (त), नलोप, भ्रश्का शको ष, तको ष्टुत्वबाट ट= परिभ्रष्ट ।

शब्दार्थ- तल गिरेको, स्खलित, अधःपतन भएको, धर्मच्युत, जातिभ्रष्ट, फ्याँकिएको, भागेको ।

परिमर्दनम् (ना./न.) परिमर्दनम्, परिमृद्यते इति वा *(बेसरी रगड्नु)* परिपूर्वक मृद क्षोदे (क्र्या.) धातु, परि+मृद्+ल्युट् (अन)= परिमर्दन ।

शब्दार्थ- रगड्ने क्रिया, पिस्ने काम, घोट्ने काम, क्षति पुऱ्याउने काम, हानि-नोक्सानी, विनाश ।

परिमलितः (वि.) परिमल्यते स्म इति *(फैलिएको, बास्ना चलेको)* परिपूर्वक मल धारणे (भ्वा.) धातु, परि+मल्+क्त (त), इडागम= परिमलित ।

अथवा परिमलः सञ्जातः अस्य *(सुगन्ध पैदा भएको छ यसको)* परिमल+इतच्[4] (इत)= परिमलित ।

शब्दार्थ- सुगन्धित पदार्थको वास्ना चलेको, मर्दन गरेको, सबैलाई मीठो लाग्ने बास्ना फैलिएको ।

परिमार्जितः (वि.) परिमार्ज्यते स्म इति *(परिमार्जन गरिएको)* परिपूर्वक मृजु शुद्धौ (अदा.) धातु, परि+मृज्+णिचि, वृद्धि, परिमार्जि+क्त (त), णिलोप, इडागम = परिमार्जित ।

शब्दार्थ- माझिएको, सफा र स्वच्छ पारिएको, त्रुटि हटाएर शुद्धीकरण गरिएको, संशोधन गरिएको, परिमार्जन गरिएको, खारिएको, परिष्कृत गरिएको ।

परिमितिः (ना./स्त्री.) परिमीयते इति *(नाप्नु)* परिपूर्वक मा माने (अदा.) वा माङ् माने शब्दे च (जुहो.) धातु, परि+मा+क्तिन् (ति), माको इत्व[5]= परिमिति ।

शब्दार्थ- नाप, परिमाण, नापो, सीमा, हद ।

---

१. ण्वुल्तृचौ : ण्वुल्/तृच्

२. आतो युक्... : युक्

३. ऋदोरप् : अप्

४. तदस्य सञ्जातम्... : इतच्

५. घतिस्यतिमास्था...: इत्व

परिमिलनम् (ना./न.) परिमिलनम्, परिमिल्यते इति वा *(मिल्नु, भेट हुनु)* परिपूर्वक मिल सङ्गमे (तुदा.) धातु, परि+मिल्+ल्युट् (अन)= परिमिलन ।

शब्दार्थ- सम्पर्क, मेल, भेटघाट, संस्पर्श, मिलन ।

परिमिलितः (वि.) परिमिल्यते स्म इति *(सम्पर्क गरेको)* परिपूर्वक मिल सङ्गमे (तुदा.) धातु, परि+मिल्+क्त (त), इडागम= परिमिलित ।

शब्दार्थ-सम्पर्क भएको, भेटघाट गरिएको, मिलन भएको ।

परिम्लानः (वि.) परिम्लायते स्म इति *(ओइलाएको)* परिपूर्वक म्लै हर्षक्षये (भ्वा.) धातु, परि+म्लै+क्त (त), आत्व, निष्ठा तको न[1]= परिम्लान ।

शब्दार्थ- ओइलाएको, मूर्च्छित भएको, क्षीण, निन्याउरो भएको, खिन्न भएको, शिथिल भएको ।

परियोजकः (वि.) परियुनक्तीति *(परियोजना तयार गर्छ)* परिपूर्वक युजिर् योगे (रुधा.) धातु, परि+युज्+ण्वुल् (अक), गुण= परियोजक ।

शब्दार्थ- परियोजना वनाउने, परियोजना निर्माण गर्ने, परियोजना कर्ता ।

परिरक्षणीयः (वि.) परिरक्ष्यते, परितः रक्षितुं योग्यः इति वा *(सर्वत्रबाट रक्षा गरिन्छ वा रक्षा गर्न योग्य)* परिपूर्वक रक्ष पालने (भ्वा.) धातु, परि+रक्ष्+अनीय (र), णत्व =परिरक्षणीय ।

शब्दार्थ- सवैतिरवाट रक्षा गर्न योग्य वा लायक, संरक्षण गर्नुपर्ने, सुरक्षा गर्न योग्य ।

परिरक्षिता (वि.) परितः रक्षतीति *(सबैतिरवाट रक्षा गर्छ)* परिपूर्वक रक्ष पालन (भ्वा.) धातु, परि+रक्ष्+तृच् (तृ), इडागम, परिरक्षितृ= परिरक्षिता ।

शब्दार्थ- राम्ररी सुरक्षा गर्ने, सवैतिरवाट संरक्षण गर्ने ।

परिरक्षी (वि.) परिरक्षा अस्य अस्तीति *(राम्ररी सुरक्षा गर्ने कार्य छ यसको)* परिरक्षा+इनि (इन्), आकारलोप, परिरक्षिन्= परिरक्षी ।

शब्दार्थ- पूरै सुरक्षा गर्ने, सवैतिरवाट पूर्णरूपमा संरक्षण गर्ने ।

परिलङ्घनम् (ना./न.) परिलङ्घ्यते इति *(उफ्रेर नाघ्नु)* परिपूर्वक लघि गत्यर्थे (भ्वा.) धातु, नुम्, परि+लङ्घ्+ल्युट् (अन)= परिलङ्घन ।

शब्दार्थ- उफ्रेर अग्लो पर्खाल वा अन्य ठाउँ नाघ्ने काम, कुनै नियम-कानुन आदिको उल्लङ्घन गर्ने क्रिया ।

परिलङ्घितः (वि.) परिलङ्घ्यते स्म इति *(उलङ्घन गरिएको)* परिपूर्वक लघि गत्यर्थे (भ्वा.) धातु, परि+लङ्घ्+क्त (त), इडागम= परिलङ्घित ।

शब्दार्थ- कुनै कुरा उल्लङ्घन गरिएको, अग्लो स्थान उफ्रेर नाघिएको ।

परिवञ्चकः (ना./पुं.) परिवञ्चतीति *(ज्यादै ठग्छ)* परिपूर्वक वञ्चु गत्यर्थे (भ्वा.) धातु, परि+वञ्च्+ण्वुल्[2] (अक)= परिवञ्चक ।

शब्दार्थ- ज्यादै ठगी गर्ने व्यक्ति, झुक्याएर ठग्ने व्यक्ति ।

परिवञ्चनम् (ना./न.) परिवञ्च्यते इति *(ठगी गर्नु)* परिपूर्वक वञ्चु गत्यर्थे (भ्वा.) धातु, परि+वञ्च्+ल्युट् (अन)= परिवञ्चन ।

शब्दार्थ- झुक्याएर ठग्ने क्रिया, ज्यादै ठगी गर्ने काम ।

परिवञ्चितः (वि.) परिवञ्च्यते स्म इति *(ज्यादै ठगिएको)* परिपूर्वक वञ्चु गत्यर्थे (भ्वा.) धातु, परि+वञ्च्+क्त (त), इडागम= परिवञ्चित ।

शब्दार्थ- ललाइ-फकाइ गरेर ठगिएको, परिवञ्चन गरिएको ।

परिवर्तकः (वि.) परिवर्तते, परिवर्तयतीति वा *(परिवर्तन गर्छ वा गराउँछ, घुम्छ, घुमाउँछ)* परिपूर्वक वृतु वर्तने (भ्वा.) धातु, परि+वृत+ण्वुल् (अक), गुण = परिवर्तक ।

अथवा परि+वृत्+णिचि, गुण, परिवर्ति+ण्वुल् (अक), णिलोप= परिवर्तक ।

शब्दार्थ- परिवर्तन गर्ने, चक्कर लगाउने, घुम्ने वा घुमाउने, वदला लिने, सट्टापट्टा गर्ने ।

परिवादः (ना./पुं.) परितः उद्यते इति *(सर्वत्रबाट निन्दा वा तिरस्कार गरिन्छ)* परिपूर्वक वद व्यक्तायां वाचि (भ्वा.) धातु, परि+वद्+घञ् (अ), वृद्धि= परिवाद ।

परिवादस्तु निन्दायां वीणावादनवस्तुनि- इति हैमः

शब्दार्थ- निन्दा तिरस्कार घृणा अपहेलना वीणा वजाउने साधन, कलङ्क, अपयश ।

परिवादकः (वि.) परिवदति, परिवादयतीति वा *(निन्दा गर्छ, बजाउँछ)* परिपूर्वक वद व्यक्तायां वाचि (भ्वा.) धातु, परि+वद्+ण्वुल्[2] (अक), वृद्धि= परिवादक ।

शब्दार्थ- निन्दा गर्ने, परिनिन्दक, दोष लगाउने, वीणावादक, सारङ्गी रेटेर वजाउने ।

परिवित्तः (ना./पुं.) परिविन्दतीति *(दाजुभन्दा पहिले पत्नी भित्र्याउँछ)* परिपूर्वक विद्लृ लाभे (तुदा.) धातु, परि+विद्+क्त (त), वर्तमानमा चर्त्व= परिवित्त ।

परिवेत्तानुजोऽनूढे जेष्ठे दारपरिग्रहात्- इत्यमरः

शब्दार्थ- दाजुभन्दा पहिले विवाह गर्ने भाइ, दाजुले विवाह नगरी पहिले विवाहित भएको भाइ ।

परिवित्तिः (ना./स्त्री.) परिवेदनम्, परिविद्यते इति वा *(पहिले पाउनु, दाजुभन्दा पहिले भाइले पत्नी पाउनु)* परिपूर्वक विद्लृ लाभे (तुदा.) धातु, परि+विद्+क्तिन् (ति)= परिवित्ति ।

परिवित्तिस्तु तज्ज्यायान्- इत्यमरः

शब्दार्थ- दाजुभन्दा पहिले विवाह गर्ने भाइ, भाइको विवाह हुँदा पनि दाजुको विवाह नहुने क्रिया ।

---

[1] संयोगादेरातो.... : निष्ठा तको न

[2] ण्वुल्तृचौ : तृच्/ण्वुल्

परिवृत्तः (वि.) परिवृत्यते स्म इति ***(मोडिएको, घेरिएको, घुमाइएको)*** परिपूर्वक वृतु वर्तने (भ्वा.) धातु, परि+वृत्+क्त (त) =परिवृत्त ।

शब्दार्थ- घुमाएको, घुमाइएको, मोडिएको, प्रत्यावर्तित, बदलिएको, घेरिएको, परिवेष्टित ।

परिवृत्तिः (ना./स्त्री.) परिवर्तनम्, परिवृत्यते इति वा ***(घुमाउनु, परिवर्तन गर्नु)*** परिपूर्वक वृतु वर्तने (भ्वा.) धातु, परि+वृत्+क्तिन् (ति)= परिवृत्ति ।

शब्दार्थ- फिर्ता गर्ने काम, घुमाउने क्रिया, अदल-बदल, परिवर्तन, चक्कर लगाउने क्रिया, विनिमय, साटापाट ।

द्रष्टव्य- **परिवृत्तिर्विनिमयो योऽर्थानां स्यात् समासमैः ।**
-सं.हि.को.(आप्टे)

परिश्रुतः (वि.) परिश्रूयते स्म इति ***(ख्याति फैलिएको)*** परिपूर्वक श्रु श्रवणे (भ्वा.) धातु, परि+श्रु+क्त (त) =परिश्रुत ।

शब्दार्थ- ख्याति प्राप्त गरेको, प्रसिद्धि फैलिएको, विख्यात, विश्रुत, नाउँ कमाएको ।

परिसङ्ख्या (ना./स्त्री.) परिसङ्ख्यानम्, परिसङ्ख्यायते इति वा ***(गणना गर्नु)*** परि सम्पूर्वक ख्या प्रकथने (अदा.) धातु, परि+सम्+ख्या+अङ्[१] (अ), आकारलोप, परिसङ्ख्य+टाप् (आ)= परिसङ्ख्या ।

शब्दार्थ- परिगणना, गणना, गिन्ती, जोड, एक अर्थालङ्कार ।

परिसीमा (ना./स्त्री.) परितः सीयते इति ***(वरिपरिबाट सीमा बाँध्नु)*** परिपूर्वक षिञ् बन्धने (स्वा.) धातु, सत्त्व, परि+सि+मनिन्[२] (मन् निपातन), सीमन्+डाप् (आ), टिलोप= परिसीमा ।

शब्दार्थ- सीमाङ्कन, वरिपरि सीमा निर्धारण गर्ने काम, सवैतिर सीमा बाँध्ने काम ।

परिसेवा (ना./स्त्री.) परिसेव्यते इति ***(राम्ररी सेवा गर्नु)*** परिपूर्वक षेवृ सेवने (भ्वा.) धातु, सत्त्व, परि+सेव्+अ (प्रत्यय), परिसेव+टाप् (आ)= परिसेवा ।

शब्दार्थ- राम्ररी सेवा शुश्रूषा गर्ने काम, विशेष प्रकारको सेवा, परिचर्या ।

परिहसितः (वि.) परिहस्यते स्म इति ***(परिहास गरिएको)*** परिपूर्वक हसे हसने (भ्वा.) धातु, परि+हस्+क्त (त), इडागम= परिहसित ।

शब्दार्थ- उपहास गरिएको, ख्यालठट्टा गरिएको ।

परिहारकः (वि.) परिहरतीति ***(परित्याग गर्छ)*** परिपूर्वक हृञ् हरणे (भ्वा.) धातु, परि+हृ+ण्वुल्[३] (अक), वृद्धि =परिहारक ।

शब्दार्थ- परित्याग गर्ने, छोड्ने, परिहारी, अपहरणकारी ।

परिहासकः (वि.) परिहसतीति ***(परिहास गर्छ)*** परिपूर्वक हसे हसने (भ्वा.) धातु, परि+हस्+ण्वुल्[३] (अक), वृद्धि =परिहासक ।

शब्दार्थ- उपहास गर्ने, ठट्टा गर्ने, मनोविनोद गर्ने, क्रीडा गर्ने, हाँसो गर्ने ।

परिहास्यः (वि.) परिहसितुं योग्यः, परिहस्यते इति वा ***(उपहास गर्न योग्य वा उपहास गरिन्छ)*** उपपूर्वक हसे हसने (भ्वा.) धातु, उप+हस्+ण्यत् (य), वृद्धि =उपहास्य ।

शब्दार्थ- उपहास गर्न योग्य वा लायक, ठट्टा गर्न उचित, मनोविनोद गर्न उपयुक्त, परिहास गर्न सकिने ।

परीक्षाभवनम् (ना./न.) परितः ईक्ष्यते ***(सवैतिरबाट अवलोकन गरिन्छ)*** परि+ईक्ष्+अ+टाप् (आ), परीक्षा । परीक्षायाः भवनम् ***(परीक्षाको भवन)*** ष.त.स.=परीक्षाभवन ।

शब्दार्थ- परीक्षा दिने स्थान वा भवन, परीक्षाकेन्द्र, परीक्षालय ।

परीक्षालयः (ना./पुं.) परीक्षायाः आलयः ***(परीक्षाको भवन)*** ष.त.स., दीर्घ= परीक्षालय ।

शब्दार्थ- परीक्षा दिने ठाउँ, परीक्षा-भवन, परीक्षा-गृह, परीक्षा-केन्द्र ।

परोढा (ना./स्त्री.) परेण अन्येन ऊढा ***(अर्को व्यक्तिद्वारा विवाह गरिएकी स्त्री)*** पर+ऊढा, तृ.त.स., गुण =परोढा ।

शब्दार्थ- परपुरुषबाट विवाहिता स्त्री, परस्त्री, परनारी, परकीया स्त्री ।

परोपकारकः (वि./ना./पुं.) उपकरोतीति ***(उपकार गर्छ)*** उपपूर्वक डुकृञ् करणे (तना.) धातु, उप+कृ+ण्वुल् (अक), वृद्धि, उपकारकः । परेषामुपकारकः ***(अरूको उपकार गर्ने)*** पर+उपकारक, ष.त.स., गुण =परोपकारक ।

शब्दार्थ- अरूको उपकार वा भलाइ गर्ने, परोपकारी, परहितमा संलग्न रहने व्यक्ति ।

पर्यावर्तनम् (ना./न.) पर्यावर्तनम्, पर्यावृत्यते इति वा ***(फर्केर आउनु)*** परि आङ्पूर्वक वृतु वर्तने (भ्वा.) धातु, परि+आ+वृत्+ल्युट् (अन), गुण, परि आको यण् =पर्यावर्तन ।

शब्दार्थ- फर्केर आउने क्रिया, प्रत्यागमन, फर्कने कार्य ।

पर्यावर्तितः (वि.) पर्यावर्त्यते स्म इति ***(फर्केर आएको)*** परि आङ्उपसर्गद्वयपूर्वक वृतु वर्तने (भ्वा.) धातु, परि +आ+वृत्+णिचि, परि आको यण्, गुण, पर्यावर्ति+क्त (त), णिलोप, इडागम= पर्यावर्तित ।

शब्दार्थ- फर्केर आएको, फर्केको, प्रत्यागमन भएको, परावर्तन भएको ।

---

[१] आतश्चोपसर्गे... : अङ्

[२] नामन् सीमन्... : मनिन्

[३] ण्वुल्तृचौ : ण्वुल्

पर्वसन्धिः (ना./पुं.) पर्वणः सन्धिः *(पर्वको सन्धिकाल)* ष.त.स., नलोप= पर्वसन्धि ।

स पर्वसन्धिः प्रतिपद् पञ्चादश्योर्यदन्तरम्- इत्यमरः

शब्दार्थ- औंसी तथा पूर्णिमा र प्रतिपदाका बीचको सन्धिकाल, चन्द्रग्रहण र सूर्यग्रहणको समय ।

पल्लवी (वि.) पद्भ्यां लूयते इति *(खुट्टाले माडेर विनाश गरिन्छ)* पाद उपपदमा हुने लूञ् क्षेदने (क्र्या.) धातु, पाद+लू+अप्[1] (अ), गुण, अवादेश, पादको पद् आदेश, परसवर्ण, पल्लवः । पल्लवः अस्यास्तीति *(नयाँ पालुवा पलाएको छ यसको)* पल्लव+इनि[2] (इन्), अकारलोप, पल्लविन्= पल्लवी ।

शब्दार्थ- नयाँ पालुवा हालेको, पल्लवित भएको, पिपिरा पलाएको, पाउलिएको ।

पवित्रात्मा (वि.) पवित्रः आत्मा यस्य *(पवित्र छ आत्मा जसको)* ब.स., दीर्घ, पवित्रात्मन्= पवित्रात्मा ।

शब्दार्थ- पुनीत आत्मा भएको, अन्तःकरण स्वच्छ, शुद्ध र पावन भएको ।

पशुपाशः (ना./पुं.) पशूनां पाशः *(पशुहरूको पासो)* ष.त.स. = पशुपाश ।

शब्दार्थ- पशुरूपी जीवात्माहरूलाई बन्धनमा पार्ने विषयवासनारूपी पासो, पशुहरूलाई बाँध्ने दाम्लो वा डोरी ।

पशुयज्ञः (ना./पुं.) पशूनां यज्ञः *(पशुहरूको यज्ञ)* ष.त.स. =पशुयज्ञ ।

शब्दार्थ- पशुहरूको बलि दिने यज्ञ, पशुयाग, पशुबलि ।

पादकमलम् (ना./न.) पादौ कमले इव कोमले *(पाउ कमल जस्तै नरम)* उप.क.त.स.[3]= पादकमल ।

शब्दार्थ- कमलजस्ता नरम, कोमल र सुन्दर पाउ, पादपङ्कज, चरणकमल, खुट्टा, पाउ ।

पादजलम् (ना./न.) पादयोर्जलम् *(पाउको जल)* ष.त.स. =पादजल ।

शब्दार्थ- शालिग्राम आदि देवताको चरण प्रक्षालन गरेको जल, गुरुजन र अन्य पूजनीय व्यक्तिको पाउ धोएको जल, चरणामृत, पाउ प्रक्षालन गरेको चरणोदक ।

पादतलम् (ना./न.) पादयोः तलम् *(दुवै पाउको तल्लो भाग)* ष.त.स.= पादतल ।

शब्दार्थ- पाउको तल्लो भाग, पैतालो, पाउको तलुवा ।

पादन्यासः (ना./पुं.) पादयोर्न्यासः *(पाउको विन्यास वा पाउ टेक्ने काम)* ष.त.स.= पादन्यास ।

शब्दार्थ- पाइला टेक्ने क्रिया, पादविन्यास, पाइला राख्ने काम ।

पादप्रणामः (ना./पुं.) पादयोः प्रणामः *(पाउमा प्रणाम)* स.त.स.= पादप्रमाण ।

शब्दार्थ- निहुरेर पाउमा ढोग्ने काम, सबै शरीर लमतन्न पारेर साष्टाङ्ग दण्डवत् गर्ने काम, ढोग, चरणमा प्रणाम ।

पादलग्नः (वि.) पादयोः लग्नः *(पाउमा लागेको)* स.त.स = पादलग्न ।

शब्दार्थ- पाउमा परेको, शरण लिन आएको, शरणागत भएको, पाउमा अभिवादन गरेको ।

पादवन्दनम् (ना./न.) वन्द्यते इति *(वन्दना गरिन्छ)* वदि अभिवादनस्तुत्योः (भ्वा.) धातु, नुम्, वन्द्+ल्युट् (अन), वन्दनम् । पादयोः वन्दनम् *(पाउमा प्रणाम)* ष.त.स.= पादवन्दन ।

शब्दार्थ- पाउमा दण्डवत् गर्ने काम, पाउ छोएर अभिवादन गर्ने काम, पाउमा प्रणाम गर्ने काम ।

पादवन्दना (ना./स्त्री.) वन्द्यते इति *(अभिवादन गरिन्छ)* वदि अभिवादनस्तुत्योः (भ्वा.) धातु, नुम्, वन्द्+युच्[4] (अन), बहुलप्रकारले, उणा., वन्दन+टाप् (आ), वन्दना । पादयोः वन्दना *(दुवै पाउमा अभिवादन)* स.त.स.= पादवन्दना ।

शब्दार्थ- दुवै पाउ छोएर अभिवादन गर्ने काम, पाउमा पसेर नमस्कार गर्ने क्रिया, दुवै पाउमा साष्टाङ्ग दण्डवत् गर्ने काम ।

पादोदकम् (ना./न.) पादयोः उदकम् *(पाउको जल)* ष.त.स.= पादोदक ।

शब्दार्थ- चरणोदक, चरणामृत, देवता या अन्य पूजनीय व्यक्तिको पाउ प्रक्षालन गरेको जल, गोडा धोएको जल ।

पादपङ्कजम्/पादपद्मम् (ना./न.) पादौ पङ्कजे इव कोमले /पादौ पद्मे इव सुन्दरे *(पाउ कमलजस्तै कोमल र सुन्दर छन्)* उप.क.त.स[3].= पादपङ्कज/पादपद्म ।

शब्दार्थ- कमलजस्तै नरम र सुन्दर पाउ, चरणकमल, पादकमल ।

पानगोष्ठिका (ना./स्त्री.) पानस्य सुरापानस्य गोष्ठी *(सुरापान गर्नेको गोष्ठी वा समुदाय)* ष.त.स., पानगोष्ठी । पानगोष्ठी एव *(सुरापान गर्नेको गोष्ठी नै)* पानगोष्ठी+कन् (क), स्वार्थमा, ह्रस्व, पानगोष्ठिक + टाप् (आ)= पानगोष्ठिका ।

आपानं पानगोष्ठिका- इत्यमरः

शब्दार्थ- मदिरापान गर्नेहरूको मण्डली, मदभट्टी, मदिरालय, मदिराको पसल, जड्याहाहरूको गोष्ठी ।

पापशीलः (वि.) पापं शीलं यस्य *(पाप गर्ने शील वा स्वभाव छ यसको)* ब.स.= पापशील ।

शब्दार्थ- पाप गर्ने स्वभावको, पापकर्ममा संलग्न भएको, पापात्मा, पापकर्ममा निरत ।

---

[1] ऋदोरप् : अप्

[2] अत इनिठनौ : इनि

[3] उपमानानि सामान्य... : उप.क.त.स.

[4] बहुलमन्यत्रापि : युच्

पापहरः (वि.) पापं हरतीति *(पाप हरण गर्छ)* पाप उपपदमा हुने हृञ् हरणे (भ्वा.) धातु, पा+हृ+अच्[1] (अ), गुण= पापहर ।

शब्दार्थ- पाप हरण गर्ने, पाप नाश गर्ने, अधर्महारी ।

पापाचारः (ना./पुं.) आचरणम्, आचर्यते इति वा *(राम्रो आचरण गर्नु)* आङ्पूर्वक चर गतिभक्षणयोः (भ्वा.) धातु, आ+चर्+घञ् (अ), वृद्धि, आचारः । पापस्य आचारः *(अधर्मको आचरण)* ष.त.स., दीर्घ =पापाचार ।

शब्दार्थ- पापकर्म गर्ने काम, अधर्म गर्ने क्रिया, खराव कर्म, कुकर्म, पापमय आचरण ।

पारमाणविकः (वि.) परमश्चासौ अणुः *(सूक्ष्मअणु)* क.त.स., दीर्घ, परमाणुः । परमाणोरागतः, परमाणोरयम्, परमाणौ भवः इति वा *(क्रमशः परमाणुबाट आएको, परमाणुको यो, परमाणुमा हुने वा भएको)* परमाणु+ठक्[2] (इक), आदिवृद्धि= पारमाणविक ।

शब्दार्थ- परमाणुबाट आएको, परमाणुसम्वन्धी, परमाणुको, परमाणुमा सम्भव हुने वा भएको ।

पारायणम् (ना./न.) पारयति, पार्यते इति वा *(पार लगाउँछ वा लगाइन्छ)* पार कर्मसमाप्तौ (चुरा.) धातु, पार्+णिचि+अच् (पचादि/एरच्), णिलोप, पारः । अयनमिति *(टुङ्गोमा पुग्नु)* अय गतौ (भ्वा.) वा इण् गतौ (अदा.) धातु, अय्+ल्युट् (अन), अयनम् । अथवा इ+ल्युट् (अन), गुण, अयादेश, अयनम् । पारस्य अयनम् *(कर्म समाप्तिको अन्तिम टुङ्गोमा पुग्ने काम)* पार+अयनम्, ष.त.स., दीर्घ, पारायन, णत्व= पारायण ।

शब्दार्थ- कुनै कर्मको परिसमाप्ति, कुनै व्रतादिको पूर्णता हुने क्रिया, कुनै धार्मिक ग्रन्थ वा अन्य पुस्तकको पूरै पाठ गर्ने काम, आद्योपान्त अध्ययन, समग्रता, परिपूर्णता ।

पारायणिकः (वि.) पारायणमर्हतीति *(पारायण गर्न उपयुक्त हुने)* पारायण+ठञ्[3] (इक), अकारलोप=पारायणिक ।

शब्दार्थ- कुनै धार्मिक ग्रन्थको पूरै पाठ गर्ने, कुनै ग्रन्थको व्याख्याता, धार्मिक ग्रन्थहरूको प्रवचन गर्ने

पारावतः (ना./पुं.) परं जीवमवति रक्षति *(समग्र जीवको रक्षा गर्छन्)* पर उपपदमा हुने अव रक्षणगतिकान्त्यादौ (भ्वा.) धातु, पर+अव्+लट्, लट्को शतृ[4] (अत्), पर अवको दीर्घ, परावत् (दत्तात्रेय ऋषि) । परावतः अयम् *(दत्तात्रेय ऋषिको यो)* परावत्+अण्[5] (अ), आदिवृद्धि= पारावत । (अ.को.रामाश्रमी)

शब्दार्थ- परेवा, कपोत पन्छी ।

द्रष्टव्य- दत्तात्रेय ऋषिका पृथिवी, वायु, आकाश, पिङ्गला, वेश्या आदि चौबीसवटा गुरुहरूमध्ये 'परेवा' पनि एक थियो । परेवा र परेवीको परस्परमा ज्यादै ठूलो प्रेम थियो । तिनीहरू पतिपत्नीका प्रेमको आदर्श नमुना थिए । रहँदा बस्ता परेवीले अण्डा पैदा गरी र अण्डाबाट बच्चा पैदा भए । एकदिन बच्चालाई चारो खोज्न दुवै परेवा-परेवी बाहिर गए । फर्केर आउँदा तिनका बच्चा व्याधाको जालामा फसेका थिए । यो देखेर शिशुहरूको स्नेहले विमोहित भई तिनका मायाको बन्धन चुँडाल्न नसकेर ती दुवै त्यही जालभित्र पसे र क्रूर व्याधाको हातबाट सपरिवार सबैले इहलीला समाप्त गरे ।

यसरी दत्तात्रेयमुनिले पत्नी र बालबच्चाहरूको स्नेहमा ज्यादा आसक्त हुने र कुटुम्बको भरणपोषणमा लागिरहने व्यक्तिहरूको परेवाकै हविगत हुन्छ भन्ने ठानेर ऋषिले परेवालाई एउटा गुरु मानेका थिए- श्रीमद्भा.११/७/३३-३४, ५२-७५

पारिकाङ्क्षी (वि.) परिकाङ्क्षितुं शीलमस्य *(परित्याग गर्ने शील वा क्षमता छ यिनको)* परिपूर्वक काङ्क्षि काङ्क्षायाम् (भ्वा.) धातु, परि+काङ्क्ष्+णिनि[6] (इन्), पको दीर्घ (पृषोदरादिबाट),पारिकाङ्क्षिन्=पारिकाङ्क्षी । अथवा पारयति संसारसागरात् *(संसाररूपी समुद्रबाट पार लगाउँदछ)* पार कर्मसमाप्तौ (चुरा.) धातु, पार्+इन् (इ), पारिः । पारिः ब्रम्हज्ञानं काङ्क्षतीति *(ब्रम्हज्ञान चाहन्छ)* पारि+काङ्क्ष्+णिनि (इन्), पारिकाङ्क्षिन्= पारिकाङ्क्षी ।

तपस्वी तापसः पारिकाङ्क्षी- इत्यमरः

शब्दार्थ- ध्यानमा निमग्न योगी, ब्रम्हज्ञान प्राप्त गर्न चाहने तपस्वी, सांसारिक विषयवासनाबाट अलग रहने सन्न्यासी, तापस ।

पारावारः (ना./पुं.) पारमावृणोति, पारमावारयतीति वा *(वारपार ढाक्तछ)* पार उपपदमा हुने आङ्पूर्वक वृञ् वरणे (स्वा.) वा वृञ् आवरणे (चुरा.) धातु, पार+आ+वृ+अण्[7] (अ), वृको वृद्धि, पार आको दीर्घ =पारावार ।

समुद्रोऽब्धिरकूपारः पारावारः सरित्पतिः ।

शब्दार्थ- समुद्र, सागर, अव्धि, उदधि, महासागर, सिन्धु, अर्णव ।

उदा. पारावार अपार विश्वरसका,
इन् छाल सौन्दर्यका- व.कु.म.का.१/१

पार्श्वगायकः (ना./पुं.) पार्श्वे गायतीति *(पार्श्वभागमा गाउँछ)* पार्श्व उपपदमा हुने गै शब्दे (भ्वा.) धातु, आत्व, पार्श्व+गा+ण्वुल्[8] (अक), युगागम=पार्श्वगायक

शब्दार्थ- मुख्य गायकको अगलबगलमा रहेर सँगसँगै गाउने अन्यगायक, मुख्य गायकको सहायक गायक ।

---

१. हरतेरनुद्यमनेऽच् : अच्
२. ठगायस्थानेभ्य.../तस्येदम्/तत्र भवः : ठक्
३. तदर्हति : ठञ्
४. लतःशतृशानचाव...: शतृ
५. तस्येदम् : अण्
६. सुप्यजातौ... : णिनि
७. कर्मण्यण् : अण्
८. ण्वुल्तृचौ : ण्वुल्

पार्श्वचरः (वि.) पार्श्वे चरतीति *(सँगसँगै विचरण गर्छ वा रहन्छ)* पार्श्व उपपदमा हुने चर गतिभक्षणयोः (भ्वा.) धातु, पार्श्व+चर्+ट[1] (अ)= पार्श्वचर ।

शब्दार्थ- सँगसँगै विचरण गर्ने, साथै बस्ने, सँगै रहने, पार्श्वभागमा बस्ने, समीपमा रहने, अनुचर ।

पार्षद् (ना./स्त्री.) परितः सीदति सद्यते इति वा *(वरिपरि रहन्छ वा रहनु)* परिपूर्वक षद्लृ विशरणगत्यवसादौ (तुदा.) धातु, सत्त्व, परि+सद्+क्विप्[2] (सर्वलोप, षत्व, पृषोदरादिबाट पको आत्व, रिको इकारलोप = पार्षद् ।

शब्दार्थ- सभा, समिति, परिषद् ।

पार्षदः (ना./पुं.) पार्षदमर्हतीति *(सभामा रहन योग्य व्यक्ति)* पार्षद्+अण् (अ)= पार्षद ।

शब्दार्थ- सभासद, सभामा रहेको व्यक्ति, सभाको सदस्य, सहचर, अनुचर, सेवक, परिचर ।

पालनपोषणम् (ना./न.) पालनञ्च पोषणञ्च *(पालन र पोषण)* द्व.स.= पालनपोषण ।

शब्दार्थ- पालन-पोषण गर्ने काम, भरण-पोषण, लालन-पालन, पाल्ने र पोस्ने क्रिया ।

पाश्चात्य-दर्शनम् (ना./न.) पश्चात् भवः जातादिरिति *(पछि भएको वा पछि उत्पन्न)* पश्चात्+त्यक्[3] (त्य), आदिवृद्धि, पाश्चात्यः । पाश्चात्यानां दर्शनम् *(पश्चिमीहरूको दर्शन)* ष.त.स.= पाश्चात्य-दर्शन ।

शब्दार्थ- पश्चिमी दार्शनिकहरूले प्रतिपादन गरेको दर्शन, पश्चिमीहरूले अवलम्बन गरेको दर्शनशास्त्र ।

पितृभ्राता (ना./पुं.) पितुः भ्राता *(बाबुका दाजु तथा भाइ)* ष.त.स.= पितृभ्राता ।

शब्दार्थ- बाबुका भाइ, बाबुका अनुज, काका, बाबुका दाजु, ठुलाबा, बडाबा ।

पितृसत्ता (ना./स्त्री.) पितुः सत्ता *(बाबुको सत्ता)* ष.त.स. =पितृसत्ता ।

शब्दार्थ- परिवारमा बाबुको स्वामित्व रहने सामाजिक व्यवस्था, परिवारका सबै सदस्यले बाबुको अधीनत्वमा रहनुपर्ने परिपाटी, परिवारमा बाबुको हैकम कायम रहने व्यवस्था ।

पितृसत्तात्मकः (वि.) पितुः सत्ता *(बाबुको सत्ता)* ष.त.स., पितृसत्ता । पितृसत्ता आत्मा यत्र *(पितृसत्ता नै मुख्य छ जहाँ)* ब.स., दीर्घ, पितृसत्तात्मन्+कप् (क), समासान्त= पितृसत्तात्मक ।

शब्दार्थ- परिवारमा बाबुको स्वामित्व नै मुख्यरूपमा रहेको, परिवारमा बाबुको अधीनत्व स्विकारिएको सामाजिक परिपाटीमा आधारित रहेको ।

पित्तकोषः (ना./पुं.) पित्तस्य कोषः *(पित्तको कोष)* ष.त.स.= पित्तकोष ।

शब्दार्थ- पित्तको थैलो, पित्त रहने कोश, पित्ताशय, कलेजो र फोक्सोको बीचमा रहने पित्तथैली ।

पिपासितः (वि.) पातुमिच्छतीति *(पिउने चाहना गर्छ)* पा पाने (भ्वा.) धातु, पा+सन् (स), द्वित्व, अभ्यासको इत्व[4], पिपास (सनन्त धातु) । पिपास्यते स्म इति *(ज्यादै तिर्खाएको, पिउने चाहना गरेको)* पिपास+क्त (त), अकारलोप, इडागम= पिपासित ।

अथवा पिपासा सञ्जाता अस्य *(तिर्खाएको अवस्था छ यसको)* पिपासा+इतच्[5] (इत), आकारलोप= पिपासित

शब्दार्थ- ज्यादै तिर्खाएको, प्यासी, पिपासायुक्त, तिर्खाले व्याकुल भएको ।

पुनरावर्ती (वि.) पुनः आवर्तितुं शीलमस्य *(फेरि आउने शील वा स्वभाव छ यसको)* पुनर् उपपदमा हुने आङ्पूर्वक वृतु वर्तने (भ्वा.) धातु, पुनर्+आ+वृत्+णिनि[6] (इन्), गुण, पुनरावर्तिन्= पुनरावर्ती ।

शब्दार्थ- गएर फेरि फर्कने, बारम्बार जाँदै फर्केर आउँदै गर्ने, फेरि फर्केर आउने ।

पुरःस्थः (वि.) पुरः अग्रे तिष्ठतीति *(अगाडि रहन्छ)* ष्ठा गतिनिवृत्तौ (भ्वा.) धातु, पुर+स्था+क[7] (अ), स्थाको आलोप= पुरःस्थ ।

शब्दार्थ- अगाडि रहेको, सामुन्नेमा अवस्थित, सम्मुखस्थ ।

पुरोभागी (वि.) पुरः अग्रे भक्तुं शीलमस्य *(अगाडि जाने शील छ यसको)* पुरस्पूर्वक भज सेवायाम् (भ्वा.) धातु, पुरस्+भज्+णिनि (इन्), वृद्धि, जको कुत्व, पुरस्का सको रुत्व, उत्व, पुरोभागिन्= पुरोभागी ।

शब्दार्थ- अग्रगामी, अगाडि बढ्ने प्रवृत्ति भएको, अगाडि रहने ।

पुष्पबाणः (ना./पुं.) पुष्पं बाणः अस्य *(फूल नै बाण छ यिनको)* ब.स.= पुष्पबाण ।

शब्दार्थ- फूलको बाण हुने कामदेव, स्त्री र पुरुष दुवैमा कामोत्तेजना पैदा गर्ने प्रेमका अधिष्ठाता देवता कामदेव ।

पुष्पोपजीवी (वि./ना./पुं.) पुष्पेण उपजीवितुं शीलमस्य *(फूलबाट जीविका गर्ने शील छ यसको)* पुष्प उपपदमा हुने उपपूर्वक जीव प्राणधारणे (भ्वा.) धातु, पुष्प+उप+जीव्+णिनि[6] (इन्), पुष्प उपको गुण, पुष्पोपजीविन्= पुष्पोपजीवी ।

शब्दार्थ- फूलको व्यवसायद्वारा जीविका गर्ने, फूलको क्रय-विक्रयबाट जीवन निर्वाह गर्ने, फूलको रस चुसेर बाँच्ने भ्रमर, भमरो, फूलको बगैंचामा काम गर्ने माली ।

---

[1] चरेष्टः : ट

[2] क्विप् च/सम्पदादिभ्य...: क्विप्

[3] दक्षिणापश्चात्...: त्यक्

[4] सन्यतः : इत्व

[5] तदस्य सञ्जातम्... : इतच्

[6] सुप्यजातौ... : णिनि

[7] आतश्चोपसर्गे... : क

पूजागृहम् (ना./न.) पूजायै गृहम्, पूजायाः गृहम् *(पूजाको निमित्त घर, पूजाको कोठा)* च.त.स./ ष.त.स.=पूजागृह ।

शब्दार्थ- पूजाका निमित्त बनाइएको भवन, पूजाको घर, पूजा-पाठ गर्ने कोठा ।

पूर्वकथितः (वि.) पूर्वं कथितः *(पहिले भनिएको)* वा पूर्वैः कथितः *(पूर्वजहरूले बताएको)* द्वितीयाकारक[1], तृ.त.स. = पूर्वकथित ।

शब्दार्थ- पहिले भनिएको, अगाडि बताइएको, पूर्वोक्त, पूर्वजहरूले बताएको, पूर्वजहरूले पहिले भनिएको ।

पूर्वकर्म (ना./न.) पूर्वस्य कर्म *(पहिले गरिएको काम)* ष.त.स.= पूर्वकर्म ।

शब्दार्थ- पहिले गरिएको काम, पूर्वजन्ममा गरिएको शुभाशुभ कर्म, अघिल्लो जन्मको कर्म, पूर्वसञ्चित कर्म ।

पूर्वकालिकः (वि.) पूर्वश्चासौ कालश्च *(प्राचीनकाल)* क.त.स., पूर्वकालः । पूर्वकाले भवः, पूर्वकालस्यायम्[2] *(पूर्वकालमा भएको, पूर्वकालको यो)* पूर्वकाल+ठञ् (इक), अकारलोप= पूर्वकालिक ।

शब्दार्थ- पूर्वसमयमा भएको, प्राचीन, पहिले भएको, पूर्वकालीन, प्राचीन कालको, पूर्वकालसम्बन्धी ।

पूर्वकालीनः (वि.) पूर्वकाले भवः *(पूर्वसमयमा भएको)* पूर्वकाल +ख (ईन), अपभ्रंशमा, अकारलोप =पूर्वकालीन ।

शब्दार्थ- प्राचीन कालमा भएको, पहिले भएको, पूर्वकालिक ।

पूर्वगामी (वि.) पूर्वं गन्तुं शीलमस्य *(अगाडि बढ्ने वा जाने शील छ यसको)* पूर्व उपपदमा हुने गम्लृ गतौ (भ्वा.) धातु, पूर्व+गम्+णिनि[3] (इन्), गम्‌को वृद्धि, पूर्वगामिन्= पूर्वगामी ।

शब्दार्थ- अगाडि बढ्ने, अगुवा, अगि-अगि हिड्ने, अग्रगामी ।

पूर्वज्ञानम् (ना./न.) पूर्वस्य पूर्वजन्मनः ज्ञानम् *(पूर्वजन्मको ज्ञान)* ष.त.स.= पूर्वज्ञान ।

शब्दार्थ- पूर्वजन्मको ज्ञान, पूर्वजन्मको जानकारी, पूर्वजन्मको कुरा वर्तमान जन्ममा हुने वा भएको झझल्को ।

पूर्वसर्गः (ना./पुं.) सृज्यते इति *(संरचना गरिन्छ)* सृज विसर्गे (दिवा.) धातु, सृज्+घञ् (अ), गुण, जको कुत्व ग, सर्गः । पूर्वश्चासौ सर्गश्च *(पूर्व-सर्ग)* क.त.स.= पूर्वसर्ग ।

शब्दार्थ- धातु वा शब्दका अगाडि जोडिएर आउने एक प्रकारको प्रत्यय, जस्तै- कुतत्त्व, कुतर्क, वेलगाम आदि ।

पूर्वापराधी (वि.) अपराद्धुं शीलमस्य *(अपराध गर्ने शील वा प्रवृत्ति छ यसको)* अपपूर्वक राध संसिद्धौ (स्वा.) धातु, अप+राध्+णिनि (इन्), अपराधिन्, अपराधी । पूर्वस्य, पूर्वस्मात् वा अपराधी *(पूर्वकालको अपराधी वा पूर्वसमयदेखि अपराध गर्दै आएको)* ष.त.स./ प.त.स.=पूर्वापराधी ।

शब्दार्थ- पूर्वसमयको अपराधी, पहिलेदेखि नै अपराध गर्दै आएको, नियमकानुन विपरीत काम गर्ने अपराधी, पटक पटक अपराध गरेको अपराधी ।

पृथक्तावादः (ना./पुं.) 'पृथक्' इत्यस्य भावः *(पृथक् हुनाको भाव वा अवस्था)* पृथक्+तल् (त)+टाप् (आ), पृथक्ता । उद्यते इति *(बताइन्छ)* वद व्यक्तायां वाचि (भ्वा.) धातु, वद्+घञ् (अ), वादः । पृथक्तायाः वादः *(पृथक्ताको वाद वा सिद्धान्त)* ष.त.स.= पृथक्तावाद ।

शब्दार्थ- पृथक्तालाई आश्रय दिनेको अवधारणा, मत वा विचार, जाति, धर्म, भाषा, क्षेत्र आदिको आधारमा पृथक् हुन चाहनेहरूको मत वा सिद्धान्त ।

पृथक्तावादी (वि.) पृथक्तां वदितुं शीलमस्य *(पृथक्तालाई प्रश्रय दिने गरी बोल्ने शील वा क्षमता छ यसको)* पृथक्तापूर्वक वद व्यक्तायां वाचि (भ्वा.) धातु, पृथक्ता+वद्+णिनि (इन्), वृद्धि, पृथक्तावादिन् =पृथक्तावादी ।

अथवा पृथक्तावादः अस्यास्तीति *(पृथक्तावादसम्बन्धी अवधारणा छ यसको)* पृथक्तावाद+इनि (इन्) =पृथक्तावादी ।

शब्दार्थ- विखण्डनवादी, पृथक्तावादको अनुयायी, पृथक्तावादको समर्थक वा पृष्टपोषक, भिन्नतावादी, मिलेर बसेकालाई फुटाउन चाहने विखण्डनकारी ।

पृथुलतमः (वि.) अयमेषामतिशयेन पृथुलः *(यिनीहरूमा यो ज्यादै ठूलो)* पृथुल+तमप् (तम)= पृथुलतम ।

शब्दार्थ- ज्यादै ठूलो, सामान्य ठूलाको अपेक्षा अत्यन्त ठूलो, अजङ्‌को ।

पृष्ठगामी (वि.) पृष्ठं गन्तुं शीलमस्य *(पछिल्तिर हिड्ने शील छ यसको)* पृष्ठ उपपदमा हुने गम्लृ गतौ (भ्वा.) धातु, पृष्ठ+गम्+णिनि (इन्), वृद्धि, पृष्ठगामिन् =पृष्ठगामी ।

शब्दार्थ- पछाडि लाग्ने, पछि-पछि आउने, अनुसरण गर्ने, अनुयायी ।

पृष्ठाङ्कितः (वि.) पृष्ठे अङ्कितः *(पीठमा लेखिएको)* स.त.स., दीर्घ= पृष्ठाङ्कित ।

शब्दार्थ- कागतको पीठमा दरपीठ गरिएको, हस्ताक्षर गरिएको ।

---

[1] कालध्वनो... : द्वितीयाकारक

[2] कालाट्ठञ् : ठञ्

[3] सुप्यजातौ... : णिनि

पृष्ठावरणम् (ना./न.) आवरणम्, आव्रियते इति वा *(बेर्नु, ढाक्नु)* आङ्पूर्वक वृञ् आवरणे (चुरा.) धातु, आ+वृ+ल्युट् (अन), गुण, णत्व= आवरण ।

शब्दार्थ- पुस्तकमा गाता राख्ने काम, बाहिरी खोल, पुस्तकको आवरण ।

पृष्ठास्थि (ना./न.) पृष्ठस्य अस्थि *(पिठिउँको हड्डी)* ष.त.स., दीर्घ= पृष्ठास्थि ।

शब्दार्थ- पिठचूँको हाड, शरीरका पछाडिका भागको हाड, आङ्को हाड, ढाडको अस्थिपञ्जर ।

पेटः (ना./पुं.) पेटति, पिटचते इति वा *(जम्मा हुन्छ वा जम्मा हुनु)* पिट सङ्घाते (भ्वा.) धातु, पिट्+अच् (पचादि)/घञ् (अ), गुण= पेट ।

शब्दार्थ- भुंडी, पेट, खाएको खानेकुरा जम्मा हुने पाचन थैली, पाठेघर, पेटी, थैली, सन्दुस ।

पोटा (ना.स्त्री.) पोटयति, पुटयतीति वा पुट भाषार्थे वा पुट संषर्गे *(चुरा.)* धातु पुट्+अच् (पचादि, गुण, पोट+टाप् (आ)= पोटा ।

पोटा स्त्रीपुंसलक्ष्यणा - इत्यमरः

शब्दार्थ- दाह्री जुँघा र स्तन आदि लक्षणयुक्त स्त्रीजाति, टुसाउन लागेको बीज ।

पैशाचिकः (वि.) पिशाचादागतः, पिशाचस्यायम् *(पिशाचबाट आएको, पिशाचको यो)* पिशाच+ठक्[1] (इक), आदिवृद्धि= पैशाचिक ।

शब्दार्थ- पिशाचबाट आएको, पिशाचको, राक्षसीय, दानवीय, निर्दयताले परिपूर्ण ।

यो पैशाचिक आकृति प्रकृतिको छैनन् बदल्ने थला-नवरस, बीभत्सरस ६२

प्रकारार्थी (वि.) प्रकारमर्थितुं शीलमस्य *(प्रकार बुझाउने शील छ यसको)* प्रकार उपपदमा हुने अर्थ उपयाञ्चायाम् (चुरा.) धातु, प्रकार+अर्थ्+णिनि[2] (इन्), प्रकार अर्थिन्, दीर्घ, प्रकारार्थिन्= प्रकारार्थी ।

शब्दार्थ-अनेकथरी वस्तुको प्रकार वा किसिम बुझाउने ।

प्रकाशवान् (वि.) प्रकाशः अस्यास्तीति *(प्रकाश छ यसको)* प्रकाश+मतुप्[3] (मत्), मको व, प्रकाशवत् =प्रकाशवान् ।

शब्दार्थ- प्रकाश वा ज्योति भएको, चम्किरहने, प्रकाशपूर्ण, ज्योतियुक्त ।

प्रकाशस्तम्भः (ना./पुं.) प्रकाशस्य स्तम्भः *(प्रकाशको खाँबो)* ष.त.स.= प्रकाशस्तम्भ ।

शब्दार्थ- बत्ती समेत राखिएको विद्युत्स्तम्भ, सार्वजनिक स्थल वा सडकहरूमा बत्ती जडान गरिएको विजुलीको खाँबो, प्रकाशस्तम्भ ।

प्रकृतिजः (वि.) प्रकृतेः जातः *(प्रकृतिबाट पैदा भएको)* प्रकृतिपूर्वक जनी प्रादुर्भावे (दिवा.) धातु, प्रकृति+जन्+ड[4] (अ), टिलोप= प्रकृतिज ।

शब्दार्थ- प्रकृतिवाट पैदा भएको, प्रकृतिवाट उत्पन्न, प्रकृतिजन्य (पदार्थ), प्राकृतिक ।

प्रकृतिप्रकोपः (ना./पुं.) प्रकोपनम्, प्रकुप्यते इति *(क्रोध वा कोप प्रकट गर्नु)* प्रपूर्वक कुप क्रोधे (दिवा.) धातु, प्र+कुप्+घञ् (अ), गुण, प्रकोपः । प्रकृत्याः प्रकोपः *(प्रकृतिको प्रकोप)* ष.त.स.= प्रकृतिप्रकोप ।

शब्दार्थ- झञ्झावातसहितको प्रकृतिको उग्र प्रकोप, आँधीवेहरीसहितको प्रकृतिको ज्यादै ठूलो विपत्ति वा प्रकोप ।

प्रकृतिप्रदत्तः (वि.) प्रकर्षेण दीयते स्म इति *(राम्ररी दिइएको)* प्रपूर्वक डुदाञ् दाने (जुहो.) धातु, प्र+ दा+क्त (त), दाको 'दथ्' आदेश[5], थको चर्त्व त, प्रदत्तः । प्रकृत्या प्रदत्तः *(प्रकृतिबाट प्रदान गरिएको)* तृ.त.स. =प्रकृतिप्रदत्त ।

शब्दार्थ- प्रकृतिबाट दिइएको, स्वतः प्राप्त भएको, स्वाभाविक रूपवाट उपलब्ध भएको ।

प्रजनिका (ना./स्त्री.) प्रजनयति असौ *(पैदा गर्छिन् यिनी)* प्रपूर्वक जनी प्रादुर्भावे (दिवा.) धातु, प्र+जन्+ णिचि, वृद्धिनिषेध[6], प्रजनि+ण्वुल् (अक), णिलोप, प्रजनक +टाप् (आ), ककारपूर्वका अकारको इत्व= प्रजनिका ।

शब्दार्थ- जन्म दिने आमा, माता, जनयित्री, प्रसूतिका ।

प्रजातिः (ना./स्त्री.) प्रजायते इति *(पैदा गरिन्छ)* प्रपूर्वक जनी प्रादुर्भावे (दिवा.) धातु, प्र+जन्+क्तिन् (ति), जन्को आत्व= प्रजाति ।

शब्दार्थ- उत्पादन, प्रजनन गर्ने क्रिया, प्रजन-शक्ति, मूल जाति वा एउटै जाति अन्तर्गतका अन्य जाति, प्रसव-क्रिया ।

प्रज्ञातः (वि.) प्रकर्षेण ज्ञायते स्म इति *(राम्ररी जानिएको)* प्रपूर्वक ज्ञा अवबोधने (क्र्या.) धातु, प्र+ज्ञा+क्त (त) =प्रज्ञात ।

शब्दार्थ- राम्ररी जानिएको, राम्ररी सम्झेबुझेको, विशेषरूपले ज्ञान गरिएको, प्रसिद्ध, प्रख्यात ।

प्रज्ञा-प्रतिष्ठानम् (ना./न.) प्रज्ञायते अनेन *(विशेषरूपले जानिन्छ यसबाट)* प्रपूर्वक ज्ञा अवबोधने (क्र्या.) धातु, प्र+ज्ञा+अङ्[7] (अ), ज्ञाको आलोप, प्रज्ञ+टाप् (आ), प्रज्ञा ।

प्रज्ञा नवनवोन्मेषशालिनी प्रतिभा मता- इत्यमरः

प्रतिस्थीयते इति *(प्रतिष्ठित हुनु, रहनु)* प्रतिपूर्वक ष्ठा गतिनिवृत्तौ (भ्वा.) धातु, प्रति+स्था+ल्युट् (अन), षत्व, प्रतिष्ठानम् । प्रज्ञायाः प्रतिष्ठानम् *(प्रज्ञाको प्रतिष्ठान)* ष.त.स.= प्रज्ञाप्रतिष्ठान ।

शब्दार्थ- प्रज्ञासम्पन्न विद्वान् व्यक्तित्वहरूको सभा, प्रज्ञा-परिषद्, विद्वत्परिषद् ।

प्रज्ञाहीनः (वि.) प्रज्ञया हीनः *(प्रज्ञारहित)* तृ.त.स. =प्रज्ञाहीन ।

शब्दार्थ- बुद्धिविहीन, निर्बुद्धि, पटमूर्ख ।

---

[1] ठगायस्यानेभ्य.../तस्येदम् : ठक्
[2] सुप्यजातौ... : णिनि
[3] तदस्यास्त्यस्मिन्... : मतुप्
[4] पञ्चम्यामजातौ : ड
[5] दो दद्घोः : दाको दथ् आदेश
[6] जनिवध्योश्च : वृद्धिनिषेध
[7] आतश्चोपसर्गे : अङ्

परिधायकः (वि.) परिधत्ते इति *(परिधान गर्छ, छोप्छ)* परिपूर्वक डुधाञ् धारणपोषणयोः (जुहो.) धातु, परि+धा+ण्वुल्[१] (अक), युक्[२]= परिधायक ।

शब्दार्थ- परिधान गर्ने, पहिरने, ढाक्ने, छोप्ने ।

परिपूजितः (वि.) परिपूज्यते स्म इति *(राम्ररी पूजा गरिएको)* परिपूर्वक पूज पूजायाम् (चुरा.) धातु, परि+पूज्+क्त (त), इडागम= परिपूजित ।

शब्दार्थ-राम्ररी पूजा अर्चना गरिएको, राम्ररी परिपूजित ।

परिप्लवः (ना./पुं.) परिप्लवनम्, परिप्लूयते इति *(दौडनु, पौडी खेल्नु)* परिपूर्वक प्लुङ् गतौ (भ्वा.) धातु, परि+प्लु+अप्[३] (अ), गुण= परिप्लव ।

उडुपं तु प्लवः कोलः - इत्यमरः

शब्दार्थ- डुब्ने क्रिया, पौडी खेल्ने काम, नौका, नाउ, डुँगा, वाढी ।

परिप्लावनम् (ना./न.) परिप्लाव्यते इति *(डुबाउनु)* परिपूर्वक प्लुङ् गतौ (भ्वा.) धातु, परि+प्लु+णिचि, वृद्धि, आवादेश, परिप्लावि+ल्युट् (अन), णिलोप =परिप्लावन ।

शब्दार्थ- वरिपरि चारैतिर डुबाउने क्रिया, वाढीले वगाउने काम, भेल आउने काम ।

परिप्लावितः (वि.) परिप्लाव्यते स्म इति *(डुबाएको)* परिपूर्वक प्लुङ् गतौ (भ्वा.) धातु, परि+प्लु+णिचि, वृद्धि, आवादेश, परिप्लावि+क्त (त), णिलोप, इडागम =परिप्लावित ।

शब्दार्थ- वरिपरि चारैतिर डुवाएको, पानीले भिजाएको, निथ्रुक्क रुझाएको, भेलले वगाएको ।

परिबन्धः (ना./पुं.) परिवन्धनमिति *(प्रतिबन्ध लगाउनु)* परिपूर्वक बन्ध बन्धने (क्र्या.) धातु, परि+बन्ध्+घञ् (अ)= परिबन्ध ।

शब्दार्थ- रोक लगाउने क्रिया, प्रतिवन्ध लगाउने काम, बन्धन, बाँध्ने काम ।

परिबन्धनम् (ना./न.) परिबन्धनमिति *(रोक लगाउनु, बाँध्नु)* परिपूर्वक बन्ध बन्धने (क्र्या.) धातु, परि+बन्ध्+ल्युट् (अन)= परिबन्धन ।

शब्दार्थ- प्रतिबन्ध लगाउने क्रिया, रोक लगाउने काम, बाँध्ने क्रिया, वन्धन ।

परिभुक्तः (वि.) परिभुज्यते स्म इति *(राम्ररी उपभोग गरिएको)* परिपूर्वक भुज पालनाभ्यवहारयोः (रुधा.) धातु, परि+भुज्+क्त (त), जको कुत्व= परिभुक्त ।

शब्दार्थ- राम्ररी उपभोग गरिएको, ज्यादै भोग गरिएको ।

परिभूषितः (वि.) परिभूष्यते स्म इति *(राम्ररी विभूषित गरिएको)* परिपूर्वक भूष अलङ्कारे (भ्वा.) धातु, परि+भूष्+क्त (त), इडागम= परिभूषित ।

शब्दार्थ- राम्ररी भूषित गरिएको, खुव सजाइएको, राम्ररी सिङ्गार पटार गरिएको ।

परिभोक्ता (वि.) परिभुनक्तीति *(उपभोग गर्छ)* परिपूर्वक भुज पालनाभ्यवहारयोः (रुधा.) धातु, परि+भुज्+तृच्[१] (तृ), कुत्व, परिभोक्तृ= परिभोक्ता ।

शब्दार्थ- उपभोग गर्ने, अर्काको सामग्री जवर्जस्ती उपभोग गर्ने ।

परिभोगः (ना./पुं.) परिभुज्यते इति *(उपभोग गरिन्छ)* परिपूर्वक भुज पालनाभ्यवहारयोः (रुधा.) धातु, परि+भुज्+घञ् (अ), गुण, जको कुत्व ग= परिभोग ।

शब्दार्थ- उपभोग, स्त्रीसङ्गम, मैथुन, अर्काको सामान वलपूर्वक प्रयोग गर्ने काम ।

परिभ्रष्टः (वि.) परिभ्रश्यते स्म इति *(भ्रष्ट भएको, गिरेको)* परिपूर्वक भ्रंशु अवस्रंसने (भ्वा.) वा भ्रंशु अधःपतने (दिवा.) धातु, परि+भ्रंश्+क्त (त), नलोप, भ्रश्‌का शको ष, तको ष्टुत्ववाट ट= परिभ्रष्ट ।

शब्दार्थ- तल गिरेको, स्खलित, अधःपतन भएको, धर्मच्युत, जातिभ्रष्ट, फ्याँकिएको, भागेको ।

परिमर्दनम् (ना./न.) परिमर्दनम्, परिमृद्यते इति वा *(बेसरी रगड्नु)* परिपूर्वक मृद क्षोदे (क्र्या.) धातु, परि+मृद्+ल्युट् (अन)= परिमर्दन ।

शब्दार्थ- रगड्ने क्रिया, पिस्ने काम, घोट्ने काम, क्षति पुऱ्याउने काम, हानि-नोक्सानी, विनाश ।

परिमलितः (वि.) परिमल्यते स्म इति *(फैलिएको, बास्ना चलेको)* परिपूर्वक मल धारणे (भ्वा.) धातु, परि+मल्+क्त (त), इडागम= परिमलित ।

अथवा परिमलः सञ्जातः अस्य *(सुगन्ध पैदा भएको छ यसको)* परिमल+इतच्[४] (इत)= परिमलित ।

शब्दार्थ- सुगन्धित पदार्थको वास्ना चलेको, मर्दन गरेको, सवैलाई मीठो लाग्ने वास्ना फैलिएको ।

परिमार्जितः (वि.) परिमार्ज्यते स्म इति *(परिमार्जन गरिएको)* परिपूर्वक मृजु शुद्धौ (अदा.) धातु, परि+मृज्+णिचि, वृद्धि, परिमार्जि+क्त (त), णिलोप, इडागम = परिमार्जित ।

शब्दार्थ- माझिएको, सफा र स्वच्छ पारिएको, त्रुटि हटाएर शुद्धीकरण गरिएको, संशोधन गरिएको, परिमार्जन गरिएको, खारिएको, परिष्कृत गरिएको ।

परिमितिः (ना./स्त्री.) परिमीयते इति *(नाप्नु)* परिपूर्वक मा माने (अदा.) वा माङ् माने शब्दे च (जुहो.) धातु, परि+मा+क्तिन् (ति), माको इत्व[५]= परिमिति ।

शब्दार्थ- नाप, परिमाण, नापो, सीमा, हद ।

---

१. ण्वुल्तृचौ : ण्वुल्/तृच्
२. आतो युक्... : युक्
३. ऋदोरप् : अप्
४. तदस्य सञ्जातम्... : इतच्
५. घतिस्यतिमास्था...: इत्व

परिमिलनम् (ना./न.) परिमिलनम्, परिमिल्यते इति वा *(मिल्नु, भेट हुनु)* परिपूर्वक मिल सङ्गमे (तुदा.) धातु, परि+मिल्+ल्युट् (अन)= परिमिलन ।

शब्दार्थ- सम्पर्क, मेल, भेटघाट, संस्पर्श, मिलन ।

परिमिलितः (वि.) परिमिल्यते स्म इति *(सम्पर्क गरेको)* परिपूर्वक मिल सङ्गमे (तुदा.) धातु, परि+मिल्+क्त (त), इडागम= परिमिलित ।

शब्दार्थ-सम्पर्क भएको, भेटघाट गरिएको, मिलन भएको ।

परिम्लानः (वि.) परिम्लायते स्म इति *(ओइलाएको)* परिपूर्वक म्लै हर्षक्षये (भ्वा.) धातु, परि+म्लै+क्त (त), आत्व, निष्ठा तको न[1]= परिम्लान ।

शब्दार्थ- ओइलाएको, मूर्च्छित भएको, क्षीण, निन्याउरो भएको, खिन्न भएको, शिथिल भएको ।

परियोजकः (वि.) परियुनक्तीति *(परियोजना तयार गर्छ)* परिपूर्वक युजिर् योगे (रुधा.) धातु, परि+युज्+ण्वुल् (अक), गुण= परियोजक ।

शब्दार्थ- परियोजना बनाउने, परियोजना निर्माण गर्ने, परियोजना कर्ता ।

परिरक्षणीयः (वि.) परिरक्ष्यते, परितः रक्षितुं योग्यः इति वा *(सर्वत्रबाट रक्षा गरिन्छ वा रक्षा गर्न योग्य)* परिपूर्वक रक्ष पालने (भ्वा.) धातु, परि+रक्ष्+अनीय (र), णत्व =परिरक्षणीय ।

शब्दार्थ- सवैतिरवाट रक्षा गर्न योग्य वा लायक, संरक्षण गर्नुपर्ने, सुरक्षा गर्न योग्य ।

परिरक्षिता (वि.) परितः रक्षतीति *(सबैतिरबाट रक्षा गर्छ)* परिपूर्वक रक्ष पालन (भ्वा.) धातु, परि+रक्ष्+तृच् (तृ), इडागम, परिरक्षितृ= परिरक्षिता ।

शब्दार्थ- राम्ररी सुरक्षा गर्ने, सबैतिरबाट संरक्षण गर्ने ।

परिरक्षी (वि.) परिरक्षा अस्य अस्तीति *(राम्ररी सुरक्षा गर्ने कार्य छ यसको)* परिरक्षा+इनि (इन्), आकारलोप, परिरक्षिन्= परिरक्षी ।

शब्दार्थ- पूरै सुरक्षा गर्ने, सबैतिरबाट पूर्णरूपमा संरक्षण गर्ने ।

परिलङ्घनम् (ना./न.) परिलङ्घ्यते इति *(उफ्रेर नाघ्नु)* परिपूर्वक लघि गत्यर्थे (भ्वा.) धातु, नुम्, परि+लङ्घ्+ल्युट् (अन)= परिलङ्घन ।

शब्दार्थ- उफ्रेर अग्लो पर्खाल वा अन्य ठाउँ नाघ्ने काम, कुनै नियम-कानुन आदिको उल्लङ्घन गर्ने क्रिया ।

परिलङ्घितः (वि.) परिलङ्घ्यते स्म इति *(उलङ्घन गरिएको)* परिपूर्वक लघि गत्यर्थे (भ्वा.) धातु, परि+लङ्घ्+क्त (त), इडागम= परिलङ्घित ।

शब्दार्थ- कुनै कुरा उल्लङ्घन गरिएको, अग्लो स्थान उफ्रेर नाघिएको ।

परिवञ्चकः (ना./पुं.) परिवञ्चतीति *(ज्यादै ठग्छ)* परिपूर्वक वञ्चु गत्यर्थे (भ्वा.) धातु, परि+वञ्च्+ण्वुल्[2] (अक)= परिवञ्चक ।

शब्दार्थ- ज्यादै ठगी गर्ने व्यक्ति, झुक्याएर ठग्ने व्यक्ति ।

परिवञ्चनम् (ना./न.) परिवञ्च्यते इति *(ठगी गर्नु)* परिपूर्वक वञ्चु गत्यर्थे (भ्वा.) धातु, परि+वञ्च्+ल्युट् (अन)= परिवञ्चन ।

शब्दार्थ- झुक्याएर ठग्ने क्रिया, ज्यादै ठगी गर्ने काम ।

परिवञ्चितः (वि.) परिवञ्च्यते स्म इति *(ज्यादै ठगिएको)* परिपूर्वक वञ्चु गत्यर्थे (भ्वा.) धातु, परि+वञ्च्+क्त (त), इडागम= परिवञ्चित ।

शब्दार्थ- ललाइ-फकाइ गरेर ठगिएको, परिवञ्चन गरिएको ।

परिवर्तकः (वि.) परिवर्तते, परिवर्तयतीति वा *(परिवर्तन गर्छ वा गराउँछ, घुम्छ, घुमाउँछ)* परिपूर्वक वृतु वर्तने (भ्वा.) धातु, परि+वृत+ण्वुल् (अक), गुण = परिवर्तक ।

अथवा परि+वृत्+णिचि, गुण, परिवर्ति+ण्वुल् (अक), णिलोप= परिवर्तक ।

शब्दार्थ- परिवर्तन गर्ने, चक्कर लगाउने, घुम्ने वा घुमाउने, वदला लिने, सट्टापट्टा गर्ने ।

परिवादः (ना./पुं.) परितः उद्यते इति *(सर्वत्रबाट निन्दा वा तिरस्कार गरिन्छ)* परिपूर्वक वद व्यक्तायां वाचि (भ्वा.) धातु, परि+वद्+घञ् (अ), वृद्धि= परिवाद ।

परिवादस्तु निन्दायां वीणावादनवस्तुनि- इति हैमः

शब्दार्थ- निन्दा तिरस्कार घृणा अपहेलना वीणा बजाउने साधन, कलङ्क, अपयश ।

परिवादकः (वि.) परिवदति, परिवादयतीति वा *(निन्दा गर्छ, बजाउँछ)* परिपूर्वक वद व्यक्तायां वाचि (भ्वा.) धातु, परि+वद्+ण्वुल्[2] (अक), वृद्धि= परिवादक ।

शब्दार्थ- निन्दा गर्ने, परिनिन्दक, दोष लगाउने, वीणावादक, सारङ्गी रेटेर वजाउने ।

परिवित्तः (ना./पुं.) परिविन्दतीति *(दाजुभन्दा पहिले पत्नी भित्र्याउँछ)* परिपूर्वक विद्लृ लाभे (तुदा.) धातु, परि+विद्+क्त (त), वर्तमानमा चर्त्व= परिवित्त ।

परिवेत्तानुजोऽनूढे जेष्ठे दारपरिग्रहात्- इत्यमरः

शब्दार्थ- दाजुभन्दा पहिले विवाह गर्ने भाइ, दाजुले विवाह नगरी पहिले विवाहित भएको भाइ ।

परिवित्तिः (ना./स्त्री.) परिवेदनम्, परिविद्यते इति वा *(पहिले पाउनु, दाजुभन्दा पहिले भाइले पत्नी पाउनु)* परिपूर्वक विद्लृ लाभे (तुदा.) धातु, परि+विद्+क्तिन् (ति)= परिवित्ति ।

परिवित्तिस्तु तज्ज्यायान्- इत्यमरः

शब्दार्थ- दाजुभन्दा पहिले विवाह गर्ने भाइ, भाइको विवाह हुंदा पनि दाजुको विवाह नहुने क्रिया ।

---

[1] संयोगादेरातो.... : निष्ठा तको न

[2] ण्वुल्तृचौ : तृच्/ण्वुल्

परिवृत्तः (वि.) परिवृत्यते स्म इति *(मोडिएको, घेरिएको, घुमाइएको)* परिपूर्वक वृतु वर्तने (भ्वा.) धातु, परि+वृत्+क्त (त) =परिवृत्त ।

शब्दार्थ- घुमाएको, घुमाइएको, मोडिएको, प्रत्यावर्तित, वदलिएको, घेरिएको, परिवेष्टित ।

परिवृत्तिः (ना./स्त्री.) परिवर्तनम्, परिवृत्यते इति वा *(घुमाउनु, परिवर्तन गर्नु)* परिपूर्वक वृतु वर्तने (भ्वा.) धातु, परि+वृत्+क्तिन् (ति)= परिवृत्ति ।

शब्दार्थ- फिर्ता गर्ने काम, घुमाउने क्रिया, अदल-वदल, परिवर्तन, चक्कर लगाउने क्रिया, विनिमय, साटापाट ।

द्रष्टव्य- **परिवृत्तिर्विनिमयो योऽर्थानां स्यात् समासमैः ।**
-सं.हि.को.(आप्टे)

परिश्रुतः (वि.) परिश्रूयते स्म इति *(ख्याति फैलिएको)* परिपूर्वक श्रु श्रवणे (भ्वा.) धातु, परि+श्रु+क्त (त) =परिश्रुत ।

शब्दार्थ- ख्याति प्राप्त गरेको, प्रसिद्धि फैलिएको, विख्यात, विश्रुत, नाउँ कमाएको ।

परिसङ्ख्या (ना./स्त्री.) परिसङ्ख्यानम्, परिसङ्ख्यायते इति वा *(गणना गर्नु)* परि सम्पूर्वक ख्या प्रकथने (अदा.) धातु, परि+सम्+ख्या+अङ्[1] (अ), आकारलोप, परिसङ्ख्य+टाप् (आ)= परिसङ्ख्या ।

शब्दार्थ- परिगणना, गणना, गिन्ती, जोड, एक अर्थालङ्कार ।

परिसीमा (ना./स्त्री.) परितः सीयते इति *(वरिपरिबाट सीमा बाँध्नु)* परिपूर्वक षिञ् वन्धने (स्वा.) धातु, सत्त्व, परि+सि+मनिन्[2] (मन् निपातन), सीमन्+डाप् (आ), टिलोप= परिसीमा ।

शब्दार्थ- सीमाङ्कन, वरिपरि सीमा निर्धारण गर्ने काम, सबैतिर सीमा बाँध्ने काम ।

परिसेवा (ना./स्त्री.) परिसेव्यते इति *(राम्ररी सेवा गर्नु)* परिपूर्वक षेवृ सेवने (भ्वा.) धातु, सत्त्व, परि+सेव्+अ (प्रत्यय), परिसेव+टाप् (आ)= परिसेवा ।

शब्दार्थ- राम्ररी सेवा शुश्रूषा गर्ने काम, विशेष प्रकारको सेवा, परिचर्या ।

परिहसितः (वि.) परिहस्यते स्म इति *(परिहास गरिएको)* परिपूर्वक हसे हसने (भ्वा.) धातु, परि+हस्+क्त (त), इडागम= परिहसित ।

शब्दार्थ- उपहास गरिएको, ख्यालठट्टा गरिएको ।

परिहारकः (वि.) परिहरतीति *(परित्याग गर्छ)* परिपूर्वक हृञ् हरणे (भ्वा.) धातु, परि+हृ+ण्वुल्[3] (अक), वृद्धि =परिहारक ।

शब्दार्थ- परित्याग गर्ने, छोड्ने, परिहारी, अपहरणकारी ।

परिहासकः (वि.) परिहसतीति *(परिहास गर्छ)* परिपूर्वक हसे हसने (भ्वा.) धातु, परि+हस्+ण्वुल्[3] (अक), वृद्धि =परिहासक ।

शब्दार्थ- उपहास गर्ने, ठट्टा गर्ने, मनोविनोद गर्ने, क्रीडा गर्ने, हाँसो गर्ने ।

परिहास्यः (वि.) परिहसितुं योग्यः, परिहस्यते इति वा *(उपहास गर्न योग्य वा उपहास गरिन्छ)* उपपूर्वक हसे हसने (भ्वा.) धातु, उप+हस्+ण्यत् (य), वृद्धि =उपहास्य ।

शब्दार्थ- उपहास गर्न योग्य वा लायक, ठट्टा गर्न उचित, मनोविनोद गर्न उपयुक्त, परिहास गर्न सकिने ।

परीक्षाभवनम् (ना./न.) परितः ईक्ष्यते *(सबैतिरबाट अवलोकन गरिन्छ)* परि+ईक्ष्+अ+टाप् (आ), परीक्षा । परीक्षायाः भवनम् *(परीक्षाको भवन)* ष.त.स.=परीक्षाभवन ।

शब्दार्थ- परीक्षा दिने स्थान वा भवन, परीक्षाकेन्द्र, परीक्षालय ।

परीक्षालयः (ना./पुं.) परीक्षायाः आलयः *(परीक्षाको भवन)* ष.त.स., दीर्घ= परीक्षालय ।

शब्दार्थ- परीक्षा दिने ठाउँ, परीक्षा-भवन, परीक्षा-गृह, परीक्षा-केन्द्र ।

परोढा (ना./स्त्री.) परेण अन्येन ऊढा *(अर्को व्यक्तिद्वारा विवाह गरिएकी स्त्री)* पर+ऊढा, तृ.त.स., गुण =परोढा ।

शब्दार्थ- परपुरुषवाट विवाहिता स्त्री, परस्त्री, परनारी, परकीया स्त्री ।

परोपकारकः (वि./ना./पुं.) उपकरोतीति *(उपकार गर्छ)* उपपूर्वक डुकृञ् करणे (तना.) धातु, उप+कृ+ण्वुल् (अक), वृद्धि, उपकारकः । परेषामुपकारकः *(अरूको उपकार गर्ने)* पर+उपकारक, ष.त.स., गुण =परोपकारक ।

शब्दार्थ- अरूको उपकार वा भलाइ गर्ने, परोपकारी, परहितमा संलग्न रहने व्यक्ति ।

पर्यावर्तनम् (ना./न.) पर्यावर्तनम्, पर्यावृत्यते इति वा *(फर्केर आउनु)* परि आङ्पूर्वक वृतु वर्तने (भ्वा.) धातु, परि+आ+वृत्+ल्युट् (अन), गुण, परि आको यण् =पर्यावर्तन ।

शब्दार्थ- फर्केर आउने क्रिया, प्रत्यागमन, फर्कने कार्य ।

पर्यावर्तितः (वि.) पर्यावर्त्यते स्म इति *(फर्केर आएको)* परि आङ्उपसर्गद्वयपूर्वक वृतु वर्तने (भ्वा.) धातु, परि+आ+वृत्+णिचि, परि आको यण्, गुण, पर्यावर्ति+क्त (त), णिलोप, इडागम= पर्यावर्तित ।

शब्दार्थ- फर्केर आएको, फर्केको, प्रत्यागमन भएको, परावर्तन भएको ।

---

[1] आतश्चोपसर्गे... : अङ्

[2] नामन् सीमन्... : मनिन्

[3] ण्वुल्तृचौ : ण्वुल्

पर्वसन्धिः (ना./पुं.) पर्वणः सन्धिः *(पर्वको सन्धिकाल)* ष.त.स., नलोप= पर्वसन्धि ।

स पर्वसन्धिः प्रतिपद् पञ्चादशयोर्यदन्तरम्- इत्यमरः

शब्दार्थ- औंसी तथा पूर्णिमा र प्रतिपदाका बीचको सन्धिकाल, चन्द्रग्रहण र सूर्यग्रहणको समय ।

पल्लवी (वि.) पद्भ्यां लूयते इति *(खुट्टाले माडेर विनाश गरिन्छ)* पाद उपपदमा हुने लूञ् क्षेदने (क्र्या.) धातु, पाद+लू+अप्[1] (अ), गुण, अवादेश, पादको पद् आदेश, परसवर्ण, पल्लवः । पल्लवः अस्यास्तीति *(नयाँ पालुवा पलाएको छ यसको)* पल्लव+इनि[2] (इन्), अकारलोप, पल्लविन्= पल्लवी ।

शब्दार्थ- नयाँ पालुवा हालेको, पल्लवित भएको, पिपिरा पलाएको, पाउलिएको ।

पवित्रात्मा (वि.) पवित्रः आत्मा यस्य *(पवित्र छ आत्मा जसको)* ब.स., दीर्घ, पवित्रात्मन्= पवित्रात्मा ।

शब्दार्थ- पुनीत आत्मा भएको, अन्तःकरण स्वच्छ, शुद्ध र पावन भएको ।

पशुपाशः (ना./पुं.) पशूनां पाशः *(पशुहरूको पासो)* ष.त.स. = पशुपाश ।

शब्दार्थ- पशुरूपी जीवात्माहरूलाई बन्धनमा पार्ने विषयवासनारूपी पासो, पशुहरूलाई बाँध्ने दाम्लो वा डोरी ।

पशुयज्ञः (ना./पुं.) पशूनां यज्ञः *(पशुहरूको यज्ञ)* ष.त.स. =पशुयज्ञ ।

शब्दार्थ- पशुहरूको वलि दिने यज्ञ, पशुयाग, पशुबलि ।

पादकमलम् (ना./न.) पादौ कमले इव कोमले *(पाउ कमल जस्तै नरम)* उप.क.त.स.[3]= पादकमल ।

शब्दार्थ- कमलजस्ता नरम, कोमल र सुन्दर पाउ, पादपङ्कज, चरणकमल, खुट्टा, पाउ ।

पादजलम् (ना./न.) पादयोर्जलम् *(पाउको जल)* ष.त.स. =पादजल ।

शब्दार्थ- शालिग्राम आदि देवताको चरण प्रक्षालन गरेको जल, गुरुजन र अन्य पूजनीय व्यक्तिको पाउ धोएको जल, चरणामृत, पाउ प्रक्षालन गरेको चरणोदक ।

पादतलम् (ना./न.) पादयोः तलम् *(दुवै पाउको तल्लो भाग)* ष.त.स.= पादतल ।

शब्दार्थ- पाउको तल्लो भाग, पैतालो, पाउको तलुवा ।

पादन्यासः (ना./पुं.) पादयोर्न्यासः *(पाउको विन्यास वा पाउ टेक्ने काम)* ष.त.स.= पादन्यास ।

शब्दार्थ- पाइला टेक्ने क्रिया, पादविन्यास, पाइला राख्ने काम ।

पादप्रणामः (ना./पुं.) पादयोः प्रणामः *(पाउमा प्रणाम)* स.त.स.= पादप्रमाण ।

शब्दार्थ- निहुरेर पाउमा ढोग्ने काम, सबै शरीर लमतन्न पारेर साष्टाङ्ग दण्डवत् गर्ने काम, ढोग, चरणमा प्रणाम ।

पादलग्नः (वि.) पादयोः लग्नः *(पाउमा लागेको)* स.त.स. = पादलग्न ।

शब्दार्थ- पाउमा परेको, शरण लिन आएको, शरणागत भएको, पाउमा अभिवादन गरेको ।

पादवन्दनम् (ना./न.) वन्द्यते इति *(वन्दना गरिन्छ)* वदि अभिवादनस्तुत्योः (भ्वा.) धातु, नुम्, वन्द्+ल्युट् (अन), वन्दनम् । पादयोः वन्दनम् *(पाउमा प्रणाम)* ष.त.स.= पादवन्दन ।

शब्दार्थ- पाउमा दण्डवत् गर्ने काम, पाउ छोएर अभिवादन गर्ने काम, पाउमा प्रणाम गर्ने काम ।

पादवन्दना (ना./स्त्री.) वन्द्यते इति *(अभिवादन गरिन्छ)* वदि अभिवादनस्तुत्योः (भ्वा.) धातु, नुम्, वन्द्+युच्[4] (अन), बहुलप्रकारले, उणा., वन्दन+टाप् (आ), वन्दना । पादयोः वन्दना *(दुवै पाउमा अभिवादन)* स.त.स.= पादवन्दना ।

शब्दार्थ- दुवै पाउ छोएर अभिवादन गर्ने काम, पाउमा पसेर नमस्कार गर्ने क्रिया, दुवै पाउमा साष्टाङ्ग दण्डवत् गर्ने काम ।

पादोदकम् (ना./न.) पादयोः उदकम् *(पाउको जल)* ष.त.स.= पादोदक ।

शब्दार्थ- चरणोदक, चरणामृत, देवता या अन्य पूजनीय व्यक्तिको पाउ प्रक्षालन गरेको जल, गोडा धोएको जल ।

पादपङ्कजम्/पादपद्मम् (ना./न.) पादौ पङ्कजे इव कोमले /पादौ पद्मे इव सुन्दरे *(पाउ कमलजस्तै कोमल र सुन्दर छन्)* उप.क.त.स[3].= पादपङ्कज/पादपद्म ।

शब्दार्थ- कमलजस्तै नरम र सुन्दर पाउ, चरणकमल, पादकमल ।

पानगोष्ठिका (ना./स्त्री.) पानस्य सुरापानस्य गोष्ठी *(सुरापान गर्नेको गोष्ठी वा समुदाय)* ष.त.स., पानगोष्ठी । पानगोष्ठी एव *(सुरापान गर्नेको गोष्ठी नै)* पानगोष्ठी+कन् (क), स्वार्थमा, ह्रस्व, पानगोष्ठिक + टाप् (आ)= पानगोष्ठिका ।

आपानं पानगोष्ठिका- इत्यमरः

शब्दार्थ- मदिरापान गर्नेहरूको मण्डली, मदभट्टी, मदिरालय, मदिराको पसल, जडचाहाहरूको गोष्ठी ।

पापशीलः (वि.) पापं शीलं यस्य *(पाप गर्ने शील वा स्वभाव छ यसको)* ब.स.= पापशील ।

शब्दार्थ- पाप गर्ने स्वभावको, पापकर्ममा संलग्न भएको, पापात्मा, पापकर्ममा निरत ।

---

[1] ऋदोरप् : अप्

[2] अत इनिठनौ : इनि

[3] उपमानानि सामान्य... : उप.क.त.स.

[4] बहुलमन्यत्रापि : युच्

पापहरः (वि.) पापं हरतीति *(पाप हरण गर्छ)* पाप उपपदमा हुने हृञ् हरणे (भ्वा.) धातु, पा+हृ+अच्[1] (अ), गुण= पापहर ।

शब्दार्थ- पाप हरण गर्ने, पाप नाश गर्ने, अधर्महारी ।

पापाचारः (ना./पुं.) आचरणम्, आचर्यते इति वा *(राम्रो आचरण गर्नु)* आङ्पूर्वक चर गतिभक्षणयोः (भ्वा.) धातु, आ+चर्+घञ् (अ), वृद्धि, आचारः । पापस्य आचारः *(अधर्मको आचरण)* ष.त.स., दीर्घ =पापाचार ।

शब्दार्थ- पापकर्म गर्ने काम, अधर्म गर्ने क्रिया, खराव कर्म, कुकर्म, पापमय आचरण ।

पारमाणविकः (वि.) परमश्चासौ अणुः *(सूक्ष्मअणु)* क.त.स., दीर्घ, परमाणुः । परमाणोरागतः, परमाणोरयम्, परमाणौ भवः इति वा *(क्रमशः परमाणुबाट आएको, परमाणुको यो, परमाणुमा हुने वा भएको)* परमाणु+ठक्[2] (इक), आदिवृद्धि= पारमाणविक ।

शब्दार्थ- परमाणुबाट आएको, परमाणुसम्वन्धी, परमाणुको, परमाणुमा सम्भव हुने वा भएको ।

पारायणम् (ना./न.) पारयति, पार्यते इति वा *(पार लगाउँछ वा लगाइन्छ)* पार कर्मसमाप्तौ (चुरा.) धातु, पार्+णिचि+अच् (पचादि/एरच्), णिलोप, पारः । अयनमिति *(टुङ्गोमा पुग्नु)* अय गतौ (भ्वा.) वा इण् गतौ (अदा.) धातु, अय्+ल्युट् (अन), अयनम् । अथवा इ+ल्युट् (अन), गुण, अयादेश, अयनम् । पारस्य अयनम् *(कर्म समाप्तिको अन्तिम टुङ्गोमा पुग्ने काम)* पार+अयनम्, ष.त.स., दीर्घ, पारायन, णत्व= पारायण ।

शब्दार्थ- कुनै कर्मको परिसमाप्ति, कुनै व्रतादिको पूर्णता हुने क्रिया, कुनै धार्मिक ग्रन्थ वा अन्य पुस्तकको पूरै पाठ गर्ने काम, आद्योपान्त अध्ययन, समग्रता, परिपूर्णता ।

पारायणिकः (वि.) पारायणमर्हतीति *(पारायण गर्न उपयुक्त हुने)* पारायण+ठञ्[3] (इक), अकारलोप=पारायणिक ।

शब्दार्थ- कुनै धार्मिक ग्रन्थको पूरै पाठ गर्ने, कुनै ग्रन्थको व्याख्याता, धार्मिक ग्रन्थहरूको प्रवचन गर्ने

पारावतः (ना./पुं.) परं जीवमवति रक्षति *(समग्र जीवको रक्षा गर्छन्)* पर उपपदमा हुने अव रक्षणगतिकान्त्यादौ (भ्वा.) धातु, पर+अव्+लट्, लट्को शतृ[4] (अत्), पर अवको दीर्घ, परावत् (दत्तात्रेय ऋषि) । परावतः अयम् *(दत्तात्रेय ऋषिको यो)* परावत्+अण्[5] (अ), आदिवृद्धि= पारावत । (अ.को.रामाश्रमी)

शब्दार्थ- परेवा, कपोत पन्छी ।

द्रष्टव्य- दत्तात्रेय ऋषिका पृथिवी, वायु, आकाश, पिङ्गला, वेश्या आदि चौबीसवटा गुरुहरूमध्ये 'परेवा' पनि एक थियो । परेवा र परेवीको परस्परमा ज्यादै ठूलो प्रेम थियो । तिनीहरू पतिपत्नीका प्रेमको आदर्श नमुना थिए । रहँदा बस्ता परेवीले अण्डा पैदा गरी र अण्डाबाट बच्चा पैदा भए । एकदिन बच्चालाई चारो खोज्न दुवै परेवा-परेवी बाहिर गए । फर्केर आउँदा तिनका बच्चा व्याधाको जालामा फसेका थिए । यो देखेर शिशुहरूको स्नेहले विमोहित भई तिनका मायाको बन्धन चुँडाल्न नसकेर ती दुवै त्यही जालभित्र पसे र क्रूर व्याधाको हातबाट सपरिवार सबैले इहलीला समाप्त गरे ।

यसरी दत्तात्रेयमुनिले पत्नी र बालबच्चाहरूको स्नेहमा ज्यादा आसक्त हुने र कुटुम्बको भरणपोषणमा लागिरहने व्यक्तिहरूको परेवाकै हविगत हुन्छ भन्ने ठानेर ऋषिले परेवालाई एउटा गुरु मानेका थिए- श्रीमद्भा.११/७/३३-३४, ५२-७५

पारिकाङ्क्षी (वि.) परिकाङ्क्षितुं शीलमस्य *(परित्याग गर्ने शील वा क्षमता छ यिनको)* परिपूर्वक काङ्क्षि काङ्क्षायाम् (भ्वा.) धातु, परि+काङ्क्ष्+णिनि[6] (इन्), पको दीर्घ (पृषोदरादिबाट),पारिकाङ्क्षिन्=पारिकाङ्क्षी । अथवा पारयति संसारसागरात् *(संसाररूपी समुद्रबाट पार लगाउँदछ)* पार कर्मसमाप्तौ (चुरा.) धातु, पार्+इन् (इ), पारिः । पारिः ब्रह्मज्ञानं काङ्क्षतीति *(ब्रह्मज्ञान चाहन्छ)* पारि+काङ्क्ष्+णिनि (इन्), पारिकाङ्क्षिन्= पारिकाङ्क्षी ।

तपस्वी तापसः पारिकाङ्क्षी- इत्यमरः

शब्दार्थ- ध्यानमा निमग्न योगी, ब्रह्मज्ञान प्राप्त गर्न चाहने तपस्वी, सांसारिक विषयवासनाबाट अलग रहने सन्न्यासी, तापस ।

पारावारः (ना./पुं.) पारमावृणोति, पारमावारयतीति वा *(वारपार ढाक्तछ)* पार उपपदमा हुने आङ्पूर्वक वृञ् वरणे (स्वा.) वा वृञ् आवरणे (चुरा.) धातु, पार+आ+वृ+अण्[7] (अ), वृको वृद्धि, पार आको दीर्घ =पारावार ।

समुद्रोऽब्धिरकूपारः पारावारः सरित्पतिः ।

शब्दार्थ- समुद्र, सागर, अब्धि, उदधि, महासागर, सिन्धु, अर्णव ।

उदा. पारावार अपार विश्वरसका,
इन् छाल सौन्दर्यका- व.कु.म.का.१/१

पार्श्वगायकः (ना./पुं.) पार्श्वे गायतीति *(पार्श्वभागमा गाउँछ)* पार्श्व उपपदमा हुने गै शब्दे (भ्वा.) धातु, आत्व, पार्श्व+गा+ण्वुल्[8] (अक), युगागम=पार्श्वगायक

शब्दार्थ- मुख्य गायकको अगलबगलमा रहेर सँगसँगै गाउने अन्यगायक, मुख्य गायकको सहायक गायक ।

---

१. हरतेरनुद्यमनेऽच् : अच्
२. ठगायस्थानेभ्य.../तस्येदम्/तत्र भवः : ठक्
३. तदर्हीति : ठञ्
४. लतःशतृशानचाव...: शतृ
५. तस्येदम् : अण्
६. सुप्यजातौ... : णिनि
७. कर्मण्यण् : अण्
८. ण्वुल्तृचौ : ण्वुल्

पार्श्वचरः (वि.) पार्श्वे चरतीति *(सँगसँगै विचरण गर्छ वा रहन्छ)* पार्श्व उपपदमा हुने चर गतिभक्षणयोः (भ्वा.) धातु, पार्श्व+चर्+ट[१] (अ)= पार्श्वचर ।

शब्दार्थ- सँगसँगै विचरण गर्ने, साथै वस्ने, सँगै रहने, पार्श्वभागमा वस्ने, समीपमा रहने, अनुचर ।

पार्षद् (ना./स्त्री.) परितः सीदति सद्यते इति वा *(वरिपरि रहन्छ वा रहनु)* परिपूर्वक षद्लृ विशरणगत्यवसादौ (तुदा.) धातु, सत्त्व, परि+सद्+क्विप्[२] (सर्वलोप, षत्व, पृषोदरादिबाट पको आत्व, रिको इकारलोप = पार्षद् ।

शब्दार्थ- सभा, समिति, परिषद् ।

पार्षदः (ना./पुं.) पार्षदमर्हति *(सभामा रहन योग्य व्यक्ति)* पार्षद्+अण् (अ)= पार्षद ।

शब्दार्थ- सभासद्, सभामा रहेको व्यक्ति, सभाको सदस्य, सहचर, अनुचर, सेवक, परिचर ।

पालनपोषणम् (ना./न.) पालनञ्च पोषणञ्च *(पालन र पोषण)* द्व.स.= पालनपोषण ।

शब्दार्थ- पालन-पोषण गर्ने काम, भरण-पोषण, लालन-पालन, पाल्ने र पोस्ने क्रिया ।

पाश्चात्य-दर्शनम् (ना./न.) पश्चात् भवः जातादिरिति *(पछि भएको वा पछि उत्पन्न)* पश्चात्+त्यक्[३] (त्य), आदिवृद्धि, पाश्चात्यः । पाश्चात्यानां दर्शनम् *(पश्चिमीहरूको दर्शन)* ष.त.स.= पाश्चात्य-दर्शन ।

शब्दार्थ- पश्चिमी दार्शनिकहरूले प्रतिपादन गरेको दर्शन, पश्चिमीहरूले अवलम्वन गरेको दर्शनशास्त्र ।

पितृभ्राता (ना./पुं.) पितुः भ्राता *(बाबुका दाजु तथा भाइ)* ष.त.स.= पितृभ्राता ।

शब्दार्थ- वावुका भाइ, वावुका अनुज, काका, वावुका दाजु, ठुलावा, वडावा ।

पितृसत्ता (ना./स्त्री.) पितुः सत्ता *(बाबुको सत्ता)* ष.त.स. =पितृसत्ता ।

शब्दार्थ- परिवारमा वावुको स्वामित्व रहने सामाजिक व्यवस्था, परिवारका सवै सदस्यले वावुको अधीनत्वमा रहनुपर्ने परिपाटी, परिवारमा वावुको हैकम कायम रहने व्यवस्था ।

पितृसत्तात्मकः (वि.) पितुः सत्ता *(बाबुको सत्ता)* ष.त.स., पितृसत्ता । पितृसत्ता आत्मा यत्र *(पितृसत्ता नै मुख्य छ जहाँ)* व.स., दीर्घ, पितृसत्तात्मन्+कप् (क), समासान्त= पितृसत्तात्मक ।

शब्दार्थ- परिवारमा वावुको स्वामित्व नै मुख्यरूपमा रहेको, परिवारमा वावुको अधीनत्व स्विकारिएको सामाजिक परिपाटीमा आधारित रहेको ।

पित्तकोषः (ना./पुं.) पित्तस्य कोषः *(पित्तको कोष)* ष.त.स.= पित्तकोष ।

शब्दार्थ- पित्तको थैलो, पित्त रहने कोश, पित्ताशय, कलेजो र फोक्सोको वीचमा रहने पित्तथैली ।

पिपासितः (वि.) पातुमिच्छतीति *(पिउने चाहना गर्छ)* पा पाने (भ्वा.) धातु, पा+सन् (स), द्वित्व, अभ्यासको इत्व[४], पिपास (सनन्त धातु) । पिपास्यते स्म इति *(ज्यादै तिर्खाएको, पिउने चाहना गरेको)* पिपास+क्त (त), अकारलोप, इडागम= पिपासित ।

अथवा पिपासा सञ्जाता अस्य *(तिर्खाएको अवस्था छ यसको)* पिपासा+इतच्[५] (इत), आकारलोप= पिपासित

शब्दार्थ- ज्यादै तिर्खाएको, प्यासी, पिपासायुक्त, तिर्खाले व्याकुल भएको ।

पुनरावर्ती (वि.) पुनः आवर्तितुं शीलमस्य *(फेरि आउने शील वा स्वभाव छ यसको)* पुनर् उपपदमा हुने आङ्पूर्वक वृतु वर्तने (भ्वा.) धातु, पुनर्+आ+वृत्+णिनि[६] (इन्), गुण, पुनरावर्तिन्= पुनरावर्ती ।

शब्दार्थ- गएर फेरि फर्कने, वारम्वार जाँदै फर्केर आउँदै गर्ने, फेरि फर्केर आउने ।

पुरःस्थः (वि.) पुरः अग्रे तिष्ठतीति *(अगाडि रहन्छ)* ष्ठा गतिनिवृत्तौ (भ्वा.) धातु, पुर+स्था+क[७] (अ), स्थाको आलोप= पुरःस्थ ।

शब्दार्थ- अगाडि रहेको, सामुन्नेमा अवस्थित, सम्मुखस्थ ।

पुरोभागी (वि.) पुरः अग्रे भक्तुं शीलमस्य *(अगाडि जाने शील छ यसको)* पुरस्पूर्वक भज सेवायाम् (भ्वा.) धातु, पुरस्+भज्+णिनि (इन्), वृद्धि, जको कुत्व, पुरस्का सको रुत्व, उत्व, पुरोभागिन्= पुरोभागी ।

शब्दार्थ- अग्रगामी, अगाडि वढ्ने प्रवृत्ति भएको, अगाडि रहने ।

पुष्पबाणः (ना./पुं.) पुष्पं बाणः अस्य *(फूल नै बाण छ यिनको)* व.स.= पुष्पवाण ।

शब्दार्थ- फूलको वाण हुने कामदेव, स्त्री र पुरुष दुवैमा कामोत्तेजना पैदा गर्ने प्रेमका अधिष्ठाता देवता कामदेव ।

पुष्पोपजीवी (वि./ना./पुं.) पुष्पेण उपजीवितुं शीलमस्य *(फूलबाट जीविका गर्ने शील छ यसको)* पुष्प उपपदमा हुने उपपूर्वक जीव प्राणधारणे (भ्वा.) धातु, पुष्प+उप+जीव्+णिनि[६] (इन्), पुष्प उपको गुण, पुष्पोपजीविन्= पुष्पोपजीवी ।

शब्दार्थ- फूलको व्यवसायद्वारा जीविका गर्ने, फूलको क्रय-विक्रयबाट जीवन निर्वाह गर्ने, फूलको रस चुसेर वाँच्ने भ्रमर, भमरो, फूलको वगैंचामा काम गर्ने माली ।

---

१. चरेष्टः : ट
२. क्विप् च/सम्पदादिभ्य...: क्विप्
३. दक्षिणापश्चात्...: त्यक्
४. सन्यतः : इत्व
५. तदस्य सञ्जातम्... : इतच्
६. सुप्यजातौ... : णिनि
७. आतश्चोपसर्गे... : क

पूजागृहम् (ना./न.) पूजायै गृहम्, पूजायाः गृहम् *(पूजाको निमित्त घर, पूजाको कोठा)* च.त.स./ ष.त.स.=पूजागृह ।

शब्दार्थ- पूजाका निमित्त बनाइएको भवन, पूजाको घर, पूजा-पाठ गर्ने कोठा ।

पूर्वकथितः (वि.) पूर्वं कथितः *(पहिले भनिएको)* वा पूर्वैः कथितः *(पूर्वजहरूले बताएको)* द्वितीयाकारक[1], तृ.त.स. = पूर्वकथित ।

शब्दार्थ- पहिले भनिएको, अगाडि बताइएको, पूर्वोक्त, पूर्वजहरूले बताएको, पूर्वजहरूले पहिले भनिएको ।

पूर्वकर्म (ना./न.) पूर्वस्य कर्म *(पहिले गरिएको काम)* ष.त.स.= पूर्वकर्म ।

शब्दार्थ- पहिले गरिएको काम, पूर्वजन्ममा गरिएको शुभाशुभ कर्म, अघिल्लो जन्मको कर्म, पूर्वसञ्चित कर्म ।

पूर्वकालिकः (वि.) पूर्वश्चासौ कालश्च *(प्राचीनकाल)* क.त.स., पूर्वकालः । पूर्वकाले भवः, पूर्वकालस्यायम् *(पूर्वकालमा भएको, पूर्वकालको यो)* पूर्वकाल+ठञ्[2] (इक), अकारलोप= पूर्वकालिक ।

शब्दार्थ- पूर्वसमयमा भएको, प्राचीन, पहिले भएको, पूर्वकालीन, प्राचीन कालको, पूर्वकालसम्वन्धी ।

पूर्वकालीनः (वि.) पूर्वकाले भवः *(पूर्वसमयमा भएको)* पूर्वकाल +ख (ईन), अपभ्रंशमा, अकारलोप =पूर्वकालीन ।

शब्दार्थ- प्राचीन कालमा भएको, पहिले भएको, पूर्वकालिक ।

पूर्वगामी (वि.) पूर्वं गन्तुं शीलमस्य *(अगाडि बढ्ने वा जाने शील छ यसको)* पूर्व उपपदमा हुने गम्लृ गतौ (भ्वा.) धातु, पूर्व+गम्+णिनि[3] (इन्), गम्को वृद्धि, पूर्वगामिन्= पूर्वगामी ।

शब्दार्थ- अगाडि बढ्ने, अगुवा, अगि-अगि हिड्ने, अग्रगामी ।

पूर्वज्ञानम् (ना./न.) पूर्वस्य पूर्वजन्मनः ज्ञानम् *(पूर्वजन्मको ज्ञान)* ष.त.स.= पूर्वज्ञान ।

शब्दार्थ- पूर्वजन्मको ज्ञान, पूर्वजन्मको जानकारी, पूर्वजन्मको कुरा वर्तमान जन्ममा हुने वा भएको झझल्को ।

पूर्वसर्गः (ना./पुं.) सृज्यते इति *(संरचना गरिन्छ)* सृज विसर्गे (दिवा.) धातु, सृज्+घञ् (अ), गुण, जको कुत्व ग, सर्गः । पूर्वश्चासौ सर्गश्च *(पूर्व-सर्ग)* क.त.स.= पूर्वसर्ग ।

शब्दार्थ- धातु वा शब्दका अगाडि जोडिएर आउने एक प्रकारको प्रत्यय, जस्तै- कुतत्त्व, कुतर्क, वेलगाम आदि ।

पूर्वापराधी (वि.) अपराद्धुं शीलमस्य *(अपराध गर्ने शील वा प्रवृत्ति छ यसको)* अपपूर्वक राध संसिद्धौ (स्वा.) धातु, अप+राध्+णिनि (इन्), अपराधिन्, अपराधी । पूर्वस्य, पूर्वस्मात् वा अपराधी *(पूर्वकालको अपराधी वा पूर्वसमयदेखि अपराध गर्दै आएको)* ष.त.स./ प.त.स.=पूर्वापराधी ।

शब्दार्थ- पूर्वसमयको अपराधी, पहिलेदेखि नै अपराध गर्दै आएको, नियमकानुन विपरीत काम गर्ने अपराधी, पटक पटक अपराध गरेको अपराधी ।

पृथक्तावादः (ना./पुं.) 'पृथक्' इत्यस्य भावः *(पृथक् हुनाको भाव वा अवस्था)* पृथक्+तल् (त)+टाप् (आ), पृथक्ता । उद्यते इति *(बताइन्छ)* वद व्यक्तायां वाचि (भ्वा.) धातु, वद्+घञ् (अ), वादः । पृथक्तायाः वादः *(पृथक्ताको वाद वा सिद्धान्त)* ष.त.स.= पृथक्तावाद ।

शब्दार्थ- पृथक्तालाई आश्रय दिनेको अवधारणा, मत वा विचार, जाति, धर्म, भाषा, क्षेत्र आदिको आधारमा पृथक् हुन चाहनेहरूको मत वा सिद्धान्त ।

पृथक्तावादी (वि.) पृथक्तां वदितुं शीलमस्य *(पृथक्तालाई प्रश्रय दिने गरी बोल्ने शील वा क्षमता छ यसको)* पृथक्तापूर्वक वद व्यक्तायां वाचि (भ्वा.) धातु, पृथक्ता+वद्+णिनि (इन्), वृद्धि, पृथक्तावादिन् =पृथक्तावादी ।

अथवा पृथक्तावादः अस्यास्तीति *(पृथक्तावादसम्बन्धी अवधारणा छ यसको)* पृथक्तावाद+इनि (इन्) =पृथक्तावादी ।

शब्दार्थ- विखण्डनवादी, पृथक्तावादको अनुयायी, पृथक्तावादको समर्थक वा पृष्टपोषक, भिन्नतावादी, मिलेर बसेकालाई फुटाउन चाहने विखण्डनकारी ।

पृथुलतमः (वि.) अयमेषामतिशयेन पृथुलः *(यिनीहरूमा यो ज्यादै ठूलो)* पृथुल+तमप् (तम)= पृथुलतम ।

शब्दार्थ- ज्यादै ठूलो, सामान्य ठूलाको अपेक्षा अत्यन्त ठूलो, अजङ्को ।

पृष्ठगामी (वि.) पृष्ठं गन्तुं शीलमस्य *(पछिल्तिर हिड्ने शील छ यसको)* पृष्ठ उपपदमा हुने गम्लृ गतौ (भ्वा.) धातु, पृष्ठ+गम्+णिनि (इन्), वृद्धि, पृष्ठगामिन् =पृष्ठगामी ।

शब्दार्थ- पछाडि लाग्ने, पछि-पछि आउने, अनुसरण गर्ने, अनुयायी ।

पृष्ठाङ्कितः (वि.) पृष्ठे अङ्कितः *(पीठमा लेखिएको)* स.त.स., दीर्घ= पृष्ठाङ्कित ।

शब्दार्थ- कागतको पीठमा दरपीठ गरिएको, हस्ताक्षर गरिएको ।

---

[1] कालध्वनो... : द्वितीयाकारक

[2] कालाट्ठञ् : ठञ्

[3] सुप्यजातौ... : णिनि

पृष्ठावरणम् (ना./न.) आवरणम्, आव्रियते इति वा *(बेर्नु, ढाक्नु)* आङ्पूर्वक वृञ् आवरणे (चुरा.) धातु, आ+ वृ+ल्युट् (अन), गुण, णत्व= आवरण ।

शब्दार्थ- पुस्तकमा गाता राख्ने काम, वाहिरी खोल, पुस्तकको आवरण ।

पृष्ठास्थि (ना./न.) पृष्ठस्य अस्थि *(पिठिउँको हड्डी)* ष.त.स., दीर्घ= पृष्ठास्थि ।

शब्दार्थ- पिठ्यूँको हाड, शरीरका पछाडिका भागको हाड, आङ्को हाड, ढाडको अस्थिपञ्जर ।

पेटः (ना./पुं.) पेटति, पिटचते इति वा *(जम्मा हुन्छ वा जम्मा हुनु)* पिट सङ्घाते (भ्वा.) धातु, पिट्+अच् (पचादि)/घञ् (अ), गुण= पेट ।

शब्दार्थ- भुँडी, पेट, खाएको खानेकुरा जम्मा हुने पाचन थैली, पाठेघर, पेटी, थैली, सन्दुस ।

पोटा (ना.स्त्री.) पोटयति, पुटयतीति वा पुट भाषार्थे वा पुट संषर्गे *(चुरा.)* धातु पुट्+अच् (पचादि, गुण, पोट+टाप् (आ)= पोटा ।

पोटा स्त्रीपुंसलक्ष्यणा - इत्यमरः

शब्दार्थ- दाह्री जुंघा र स्तन आदि लक्षणयुक्त स्त्रीजाति, टुसाउन लागेको बीज ।

पैशाचिकः (वि.) पिशाचादागतः, पिशाचस्यायम् *(पिशाचबाट आएको, पिशाचको यो)* पिशाच+ठक्[1] (इक), आदिवृद्धि= पैशाचिक ।

शब्दार्थ- पिशाचवाट आएको, पिशाचको, राक्षसीय, दानवीय, निर्दयताले परिपूर्ण ।

यो पैशाचिक आकृति प्रकृतिको छैनन् बदल्ने थला- नवरस, बीभत्सरस ६२

प्रकारार्थी (वि.) प्रकारमर्थितुं शीलमस्य *(प्रकार बुझाउने शील छ यसको)* प्रकार उपपदमा हुने अर्थ उपयाञ्चायाम् (चुरा.) धातु, प्रकार+अर्थ्+णिनि[2] (इन्), प्रकार अर्थिन्, दीर्घ, प्रकारार्थिन्= प्रकारार्थी ।

शब्दार्थ-अनेकथरी वस्तुको प्रकार वा किसिम बुझाउने ।

प्रकाशवान् (वि.) प्रकाशः अस्यास्तीति *(प्रकाश छ यसको)* प्रकाश+मतुप्[3] (मत्), मको व, प्रकाशवत् =प्रकाशवान् ।

शब्दार्थ- प्रकाश वा ज्योति भएको, चम्किरहने, प्रकाशपूर्ण, ज्योतियुक्त ।

प्रकाशस्तम्भः (ना./पुं.) प्रकाशस्य स्तम्भः *(प्रकाशको खाँबो)* ष.त.स.= प्रकाशस्तम्भ ।

शब्दार्थ- वत्ती समेत राखिएको विद्युत्स्तम्भ, सार्वजनिक स्थल वा सडकहरूमा वत्ती जडान गरिएको विजुलीको खाँवो, प्रकाशस्तम्भ ।

प्रकृतिजः (वि.) प्रकृतेः जातः *(प्रकृतिबाट पैदा भएको)* प्रकृतिपूर्वक जनी प्रादुर्भावे (दिवा.) धातु, प्रकृति+ जन्+ड[4] (अ), टिलोप= प्रकृतिज ।

शब्दार्थ- प्रकृतिबाट पैदा भएको, प्रकृतिवाट उत्पन्न, प्रकृतिजन्य (पदार्थ), प्राकृतिक ।

प्रकृतिप्रकोपः (ना./पुं.) प्रकोपनम्, प्रकुप्यते इति *(क्रोध वा कोप प्रकट गर्नु)* प्रपूर्वक कुप क्रोधे (दिवा.) धातु, प्र+कुप्+घञ् (अ), गुण, प्रकोपः । प्रकृत्याः प्रकोपः *(प्रकृतिको प्रकोप)* ष.त.स.= प्रकृतिप्रकोप ।

शब्दार्थ- झञ्झावातसहितको प्रकृतिको उग्र प्रकोप, आँधीवेहरीसहितको प्रकृतिको ज्यादै ठूलो विपत्ति वा प्रकोप ।

प्रकृतिप्रदत्तः (वि.) प्रकर्षेण दीयते स्म इति *(राम्ररी दिइएको)* प्रपूर्वक डुदाञ् दाने (जुहो.) धातु, प्र+ दा+ क्त (त), दाको 'दथ्' आदेश[5], थको चर्त्व त, प्रदत्तः । प्रकृत्या प्रदत्तः *(प्रकृतिबाट प्रदान गरिएको)* तृ.त.स. =प्रकृतिप्रदत्त ।

शब्दार्थ- प्रकृतिबाट दिइएको, स्वतः प्राप्त भएको, स्वाभाविक रूपबाट उपलब्ध भएको ।

प्रजनिका (ना./स्त्री.) प्रजनयति असौ *(पैदा गर्छिन् यिनी)* प्रपूर्वक जनी प्रादुर्भावे (दिवा.) धातु, प्र+जन्+ णिचि, वृद्धिनिषेध[6], प्रजनि+ण्वुल् (अक), णिलोप, प्रजनक +टाप् (आ), ककारपूर्वका अकारको इत्व= प्रजनिका ।

शब्दार्थ- जन्म दिने आमा, माता, जनयित्री, प्रसूतिका ।

प्रजातिः (ना./स्त्री.) प्रजायते इति *(पैदा गरिन्छ)* प्रपूर्वक जनी प्रादुर्भावे (दिवा.) धातु, प्र+जन्+क्तिन् (ति), जन्को आत्व= प्रजाति ।

शब्दार्थ- उत्पादन, प्रजनन गर्ने क्रिया, प्रजन-शक्ति, मूल जाति वा एउटै जाति अन्तर्गतका अन्य जाति, प्रसव-क्रिया ।

प्रज्ञातः (वि.) प्रकर्षेण ज्ञायते स्म इति *(राम्ररी जानिएको)* प्रपूर्वक ज्ञा अवबोधने (क्र्या.) धातु, प्र+ ज्ञा+क्त (त) =प्रज्ञात ।

शब्दार्थ- राम्ररी जानिएको, राम्ररी सम्झेबुझेको, विशेषरूपले ज्ञान गरिएको, प्रसिद्ध, प्रख्यात ।

प्रज्ञा-प्रतिष्ठानम् (ना./न.) प्रज्ञायते अनेन *(विशेषरूपले जानिन्छ यसबाट)* प्रपूर्वक ज्ञा अवबोधने (क्र्या.) धातु, प्र+ज्ञा+अङ्[7] (अ), ज्ञाको आलोप, प्रज्ञ+टाप् (आ), प्रज्ञा ।

प्रज्ञा नवनवोन्मेषशालिनी प्रतिभा मता- इत्यमरः

प्रतिस्थीयते इति *(प्रतिष्ठित हुनु, रहनु)* प्रतिपूर्वक ष्ठा गतिनिवृत्तौ (भ्वा.) धातु, प्रति+स्था+ल्युट् (अन), षत्व, प्रतिष्ठानम् । प्रज्ञायाः प्रतिष्ठानम् *(प्रज्ञाको प्रतिष्ठान)* ष.त.स.= प्रज्ञाप्रतिष्ठान ।

शब्दार्थ- प्रज्ञासम्पन्न विद्वान् व्यक्तित्वहरूको सभा, प्रज्ञा-परिषद्, विद्वत्परिषद् ।

प्रज्ञाहीनः (वि.) प्रज्ञया हीनः *(प्रज्ञारहित)* तृ.त.स. =प्रज्ञाहीन ।

शब्दार्थ- वुद्धिविहीन, निर्बुद्धि, पटमूर्ख ।

---

[1] ठगायस्थानेभ्य.../तस्येदम् : ठक्

[2] सुप्यजातौ... : णिनि

[3] तदस्यास्त्यस्मिन्... : मतुप्

[4] पञ्चम्यामजातौ : ड

[5] दो दद्घोः : दाको दथ् आदेश

[6] जनिवध्योश्च : वृद्धिनिषेध

[7] आतश्चोपसर्गे : अङ्

प्रणः (ना./न./वि.) प्रणदति, प्रणद्यते इति वा *(पक्का निश्चय लिन्छ वा लिनु)* प्रपूर्वक णद अव्यक्ते शब्दे (भ्वा.) धातु, धातुको नत्व, प्र+नद्+ड (अ), नद्का 'अद्' अंशको टिलोप, णत्व= प्रण ।

शब्दार्थ- दृढ अठोट, प्रतिज्ञा, पक्का इरादा वा निश्चय ।

प्रणयकोपः (ना./पुं.) प्रणयस्य कोपः *(प्रणयसम्बन्धी रिस)* ष.त.स.= प्रणयकोप ।

शब्दार्थ- प्रेमको वहनामा हुने कृत्रिम रिस, देखावटी कोप वा क्रोध, नायक-नायिकाका बीचमा हुने झूटो क्रोध वा रिस ।

प्रणयनम् (ना./न.) प्रणीयते इति *(लगिन्छ)* प्रपूर्वक णीञ् प्रापणे (भ्वा.) धातु, धातुको नत्व, प्र+नी+ल्युट् (अन), गुण, अयादेश, णत्व= प्रणयन ।

शब्दार्थ- लाने काम, पुऱ्याउने क्रिया, सञ्चालन गर्ने काम, संरचना, प्रणय वा प्रीति ।

प्रणयभङ्गः (ना./पुं.) प्रणयस्य भङ्गः *(प्रणयको भङ्ग)* ष.त.स. = प्रणयभङ्ग ।

शब्दार्थ- प्रीति भङ्ग, प्रेम टुट्ने क्रिया, मित्रताको भङ्ग, मित्रता तोड्ने क्रिया, विश्वासघात हुने काम ।

प्रतिचालनम् (ना./न.) प्रतिचाल्यते इति *(परिचालन गरिन्छ)* प्रतिपूर्वक चल गतिकम्पनयोः (भ्वा.) धातु, प्रति+चल्+णिचि, वृद्धि, प्रतिचालि+ल्युट् (अन), णिलोप= प्रतिचालन ।

शब्दार्थ- परिचालन गर्ने काम, सञ्चालन क्रिया ।

प्रतिचालितः (वि.) प्रतिचाल्यते स्म इति *(परिचालन गरिएको)* प्रतिपूर्वक चल गतिकम्पनयोः (भ्वा.) धातु, प्रति+चल्+णिचि, वृद्धि, प्रतिचालि+क्त (त), णिलोप, इडागम= प्रतिचालित ।

शब्दार्थ- प्रतिचालन गरिएको, कुनै कुरा परिचालन गरिएको ।

प्रतिचिन्तनम् (ना./न.) प्रतिचिन्त्यते इति *(बारबार चिन्तन गर्नु)* प्रतिपूर्वक चिति स्मृत्याम् (चुरा.) धातु, नुम्, प्रति+चिन्त्+ल्युट् (अन)= प्रतिचिन्तन ।

शब्दार्थ- गहनरूपमा चिन्तन गर्ने काम, बारवार सोच्ने क्रिया ।

प्रतिध्वननम् (ना./न.) प्रतिध्वन्यते इति *(प्रतिध्वनि निस्कनु)* प्रतिपूर्वक ध्वन शब्दे (भ्वा.) धातु, प्रति+ध्वन्+ल्युट् (अन)= प्रतिध्वनन ।

शब्दार्थ- ध्वनि निस्कने क्रिया, गुञ्जन, प्रतिनाद, प्रतिशब्द, धन्कावट ।

प्रतिध्वनितः (वि.) प्रतिध्वन्यते स्म इति *(प्रतिध्वनि निस्केको)* प्रतिपूर्वक ध्वन शब्दे (भ्वा.) धातु, प्रति+ध्वन्+क्त (त), इडागम= प्रतिध्वनित । अथवा प्रतिध्वनिः सञ्जातः अस्य *(प्रतिध्वनि निस्केको छ यसको)* प्रतिध्वनि+इतच् (इत), इकारलोप=प्रतिध्वनित

शब्दार्थ- प्रतिध्वनि निस्केको, टाढाबाट फर्केर आवाज ध्वनित भएको ।

उदा. **मेरा विरक्त स्वरहरू प्रतिध्वनित हुँदैछन् अब ।**
-मेरो ढाडमा अहिले मैले कञ्चनजङ्घा बोकेको छैन (ईश्वर वल्लभ)

प्रतिनादितः (वि.) प्रतिनादः सञ्जातः अस्य *(प्रतिध्वनि पैदा भएको छ यसको)* प्रतिनाद+इतच् (इत)=प्रतिनादित ।

शब्दार्थ-प्रतिध्वनि गुञ्जेको, ठक्कर खाएर फर्केको ध्वनिको आवाज निस्केको, प्रतिघोष पैदा भएको ।

प्रतिपादयिता (वि.) प्रतिपादयतीति *(प्रतिपादन गर्छ)* प्रतिपूर्वक पद गतौ (दिवा.) धातु, प्रति+पद्+णिचि, वृद्धि, प्रतिपादि+तृच् (तृ), इडागम, गुण, अयादेश, प्रतिपादयितृ= प्रतिपादयिता ।

शब्दार्थ- प्रतिपादन गर्ने, कुनै विषय वा सिद्धान्तको निरूपण गर्ने ।

प्रतिफलितः (वि.) प्रतिफलति स्म इति *(प्रतिफल निस्केको)* प्रतिपूर्वक फल निष्पत्तौ (भ्वा.) धातु, प्रति+फल्+क्त (त), इडागम= प्रतिफलित ।

अथवा प्रतिफलं सञ्जातमस्य *(प्रतिफल निस्केको छ यसको)* प्रतिफल+इतच् (इत), अकारलोप=प्रतिफलित ।

शब्दार्थ- प्रतिफल वा परिणाम निस्केको, नतिजा प्रकाशित भएको, फलप्राप्ति भएको ।

प्रतिबन्धकः (वि.) प्रतिवध्नातीति *(रोक लगाउँछ)* प्रतिपूर्वक वन्ध वन्धने (क्र्या.) धातु, प्रति+वन्ध्+ण्वुल् (अक)= प्रतिवन्धक ।

शब्दार्थ- प्रतिवन्ध लगाउने, कुनै काममा रोकावट पैदा गर्ने, वाधा-अवरोध पुऱ्याउने, वन्देज लगाउने, कुनै काम गर्न निषेध गर्ने, विघ्न खडा गर्ने ।

प्रतिबन्धात्मकः (वि.) प्रतिबन्धः आत्मा यस्य *(प्रतिबन्ध नै मुख्य छ जसको)* ब.स., दीर्घ, प्रतिवन्धात्मन्+कप् (क), समासान्त= प्रतिबन्धात्मक ।

शब्दार्थ- प्रतिवन्ध लगाउने काम मुख्य भएको, प्रतिवन्ध लगाउने खालको, प्रतिवन्ध वा रोक लगाएको ।

प्रतिबन्धितः (वि.) प्रतिबन्धः सञ्जातः अस्य *(प्रतिबन्ध लागेको छ यसको)* प्रतिबन्ध+इतच्[1] (इत)=प्रतिबन्धित ।

शब्दार्थ- प्रतिवन्धित भएको, रोक लागेको, रोकेको, अवरोध खडा गरेको, निषेध गरेको ।

प्रतिबाधकः (वि.) प्रतिबाधते इति *(बाधा खडा गर्छ)* प्रतिपूर्वक बाधृ लोडने (प्रतिघाते) (भ्वा.) धातु, प्रति+बाध्+ण्वुल्[2] (अक)= प्रतिबाधक ।

शब्दार्थ- प्रतिरोध गर्ने, प्रतिबाधा खडा गर्ने, अवरोध खडा गर्ने, बाधा भइरहेको, प्रतिबाधा उपस्थित गर्ने ।

---

१. तदस्य सञ्जातम्.... : इतच्

२. ण्वुल्तृचौ : ण्वुल्

प्रतिबाधा (ना./स्त्री.) प्रतिबाधनमिति *(बाधा उपस्थित गरिन्छ)* बाधृ लोडने (प्रतिघाते) (भ्वा.) धातु, प्रति+बाध्+अ (प्रत्यय), प्रतिबाध+टाप् (आ) =प्रतिबाधा ।

शब्दार्थ- प्रतिवाधा खडा गर्ने काम, विघ्नवाधा खडा गर्ने क्रिया ।

प्रतिबोधकः (वि.) प्रतिबोधयतीति *(प्रतिबोध गराउँछ)* प्रतिपूर्वक बुध अवगमने (भ्वा./दिवा.) धातु, प्रति+बुध्+णिचि+ण्वुल्[1] (अक), गुण, णिलोप=प्रतिबोधक ।

शब्दार्थ- प्रतिबोध गराउने, वोध वा उद्बोधन गराउने ।

प्रतिबोधी (वि.) प्रतिवोधः अस्यास्तीति *(प्रतिबोध गर्ने चाहना छ यसको)* प्रतिबोध+इनि[2] (इन्)=प्रतिबोधी । अथवा प्रतिबोधितुं शीलमस्य *(प्रतिबोध गराउने शील छ यसको)* प्रति+बुध्+णिचि+णिनि (इन्), गुण, णिलोप, प्रतिवोधिन्= प्रतिवोधी ।

शब्दार्थ- प्रतिवोध गर्न इच्छुक, सचेत गराएको, जागरुक गराएको ।

प्रतिमासम् (अव्य.) मासं मासं प्रति *(प्रतिमहिना)* अव्य.स[3]. = प्रतिमास ।

शब्दार्थ- प्रत्येक महिना, प्रत्येक मास, हरेक महिना, महिनै पिच्छे ।

प्रतिरोधनम् (ना./न.) प्रतिरुध्यते इति *(प्रतिरोध गर्नु)* प्रतिपूर्वक रुधिर् आवरणे (रुधा.) धातु, प्रति+रुध्+ल्युट् (अन), गुण= प्रतिरोधन ।

शब्दार्थ- कुनै कुरा रोक्ने काम, अवरोध गर्ने क्रिया, रोकावट, प्रतिरोध गर्ने काम, घेरा ।

प्रतिरोधात्मकः (वि.) प्रतिरोधः आत्मा यस्य *(प्रतिरोध नै मुख्य छ जसको)* प्रतिरोध+आत्मन्, ब.स., सवर्ण दीर्घ, प्रतिरोधात्मन्+कप् (क), समासान्त, नलोप =प्रतिरोधात्मक ।

शब्दार्थ- प्रतिरोध नै मुख्य भएको, अवरोध पैदा गरिएको, रोकावट गरिएको ।

प्रतीक्ष्यः (वि.) प्रतीक्ष्यते, प्रतीक्षितुं योग्यः इति वा *(प्रतीक्षा गरिन्छ वा प्रतीक्षा गर्न योग्य)* प्रतिपूर्वक ईक्ष दर्शने (भ्वा.) धातु, प्रति+ईक्ष्+ण्यत् (य), दीर्घ= प्रतीक्ष्य ।

शब्दार्थ- प्रतीक्षा गर्न योग्य वा लायक, प्रतीक्षा गर्न उचित, प्रतीक्षा गर्नुपर्ने, पर्खन योग्य वा लायक, सम्पूज्य, आदरणीय ।

प्रत्यक्षीकृतः (वि.) अप्रत्यक्षं प्रत्यक्षं समपद्यत, तत्कृतः इति *(प्रत्यक्ष नभएको कुरो प्रत्यक्ष भएको र प्रत्यक्ष अनुभूति गरिएको)* डुकृञ् करणे (तना.) धातु, प्रत्यक्ष+च्वि+कृ+क्त (त), प्रत्यक्षको ईत्व, च्विको सर्वलोप= प्रत्यक्षीकृत ।

शब्दार्थ- कुनै विषयवस्तुलाई प्रत्यक्षरूपमा अनुभूति गरिएको, प्रत्यक्ष साक्षात्कार गरिएको ।

प्रत्याशितः (वि.) प्रत्याश्नुते व्याप्नोतीति *(व्याप्त हुन्छ)* प्रति आङ् उपसर्गद्वयपूर्वक अशु व्याप्तौ सङ्घाते च (स्वा.) धातु, प्रति+आ+अश्+अच् (पचादि), प्रति आमा यण्, प्रत्या अशमा दीर्घ, प्रत्याश+टाप् (आ), प्रत्याशा । प्रत्याशा सञ्जाता अस्य *(प्रत्याशा पैदा भएको छ यसको)* प्रत्याशा+इतच् (इत), आकारलोप =प्रत्याशित ।

शब्दार्थ- प्रत्याशा गरिएको, पहिलेदेखि नै आकाङ्क्षा गरिएको, अड्कल काटिएको ।

प्रदर्शिनी (ना./स्त्री.) प्रदृश्यते इति *(राम्ररी देखाइन्छ)* प्रपूर्वक दृशिर् प्रेक्षणे (भ्वा.) धातु, प्र+दृश्+घञ् (अ), गुण, प्रदर्शः । प्रदर्शः अस्याः अस्तीति *(कुनै कुरा देखाउने काम छ यस स्त्रीको)* प्रदर्श+इनि (इन्), प्रदर्शिन्+ङीप् (ई)= प्रदर्शिनी ।

शब्दार्थ- कुनै कुराको कार्यक्रम देखाउने वा हेर्ने स्त्री, प्रदर्शनी अवलोकन गर्ने वा गराउने नारी ।

प्रदर्शी (वि.) प्रदर्शः अस्यास्तीति *(प्रदर्शित गर्ने कार्य छ यसको)* प्रदर्श+इनि[2] (इन्), प्रदर्शिन्= प्रदर्शी ।

शब्दार्थ- कुनै कार्यक्रम आदि प्रदर्शित गर्ने, प्रदर्शनी हेर्ने वा देखाउने (पुरुष) ।

प्रधर्षितः (वि.) प्रधर्ष्यते स्म इति *(हमला गरिएको)* ञिधृषा प्रागल्भे (स्वा.) धातु, प्र+धृष्+णिचि, गुण, प्रधर्षि+क्त (त), णिलोप, इडागम= प्रदर्षित ।

शब्दार्थ-हमला गरिएको, क्षति पुऱ्याइएको, आक्रान्त गरिएको

प्रभावान्वितः (वि.) प्रभावेण अन्वितः *(कसैको राम्रो वा नराम्रो गुणले प्रभावित भएको)* प्रभाव+अन्वित, तृ.त.स., दीर्घ= प्रभावान्वित ।

शब्दार्थ- कसैको राम्रो वा नराम्रो कामकुराले प्रभावित भएको, कसैको सद्गुण वा असद्गुणको प्रभावले युक्त भएको ।

प्रभूतिः (ना./स्त्री.) प्रकर्षेण भवनम्, भूयते इति वा *(राम्ररी पैदा हुनु वा प्राप्त हुनु)* प्रपूर्वक भू सत्तायाम् (भ्वा.) वा भू प्राप्तौ (चुरा.) धातु, प्र+भू+क्तिन् (ति)= प्रभूति ।

शब्दार्थ- पैदा हुने काम, उद्गम, सामर्थ्य, दैवीशक्ति, ऐश्वर्य, समृद्धि ।

प्रभेदः (ना./पुं.) प्रभेदनम्, प्रभिद्यते इति वा *(भेद देखाइन्छ वा कोरिन्छ)* प्रपूर्वक भिदिर् विदारणे (रुधा.) धातु, प्र+भिद्+घञ् (अ), गुण= प्रभेद ।

शब्दार्थ- भेद, फरक, फोर्ने वा चिर्ने क्रिया, चिराइ, टुक्र्याउने क्रिया ।

प्रमण्डलम् (ना./न.) प्रमण्डयतीति *(राम्ररी विभूषित पार्छ)* प्रपूर्वक मडि भूषायां हर्षे च (चुरा.) धातु, नुम्, प्र+मण्ड्+कलच्[4] (अल), उणा.= प्रमण्डल ।

---

[1] ण्वुल्तृचौ : ण्वुल्

[2] अत इनिठनौ : इनि

[3] अव्ययं विभक्तिसमीप... : अव्य.स.

[4] वृषादिभ्यः... : कलच्

शब्दार्थ- विभूषित पार्ने काम, कुनै कार्य प्रतिपादन गर्न खटिएका व्यक्तिहरूको समूह वा समुदाय, प्रतिनिधिमण्डल ।

प्रमर्दनम् (ना./न.) प्रमर्दनम्, प्रमृद्यते इति वा *(माड्नु)* प्रपूर्वक मृद क्षोदे (क्र्या.) धातु, प्र+मृद्+ल्युट् (अन), गुण= प्रमर्दन ।

शब्दार्थ- माड्ने क्रिया, दलदाल पार्ने काम, विनाश गर्ने क्रिया, खाँद्ने क्रिया, कुल्चेर खुँद्ने काम ।

प्रमाणतः (अव्य.) प्रमाणात्, प्रमाणे इति वा *(प्रमाणबाट, प्रमाणमा)* प्रमाण+तसिल्[1] (तस्)= प्रमाणत ।

शब्दार्थ- प्रमाणका लागि, प्रमाण अनुरूप, प्रमाणार्थ, प्रमाणस्वरूप ।

प्रमाणीकरणम् (ना./न.) अप्रमाणं प्रमाणं सम्पद्यते, तत्करणमिति *(प्रमाण नभएको प्रमाण बन्छ र प्रमाणित गरिन्छ)* डुकृञ् करणे (तना.) धातु, प्रमाण+च्वि[2]+कृ+ल्युट् (अन), कृको गुण, णत्व, करणम्, प्रमाणको ईत्व, च्विको सर्वलोप =प्रमाणीकरण ।

शब्दार्थ- कुनै कुरा प्रमाणित गर्ने काम, कुनै प्रतिलिपि कागजपत्र आदि ठीक छ भनी प्रमाणित गर्ने क्रिया

प्रमापकः (वि.) प्रमापयतीति *(नाप्छ)* प्रपूर्वक मा माने (अदा.) वा माङ् माने शब्दे च (जुहो.) धातु, प्र+मा+णिचि, पुगागम[3], प्रमापि+ण्वुल् (अक), णिलोप= प्रमापक ।

शब्दार्थ- प्रमाणित गर्ने, नाप्ने, जोख्ने, तौलने ।

प्रमितः (वि.) प्रमीयते स्म इति *(नापिएको)* प्रपूर्वक माङ् माने शब्दे च (जुहो.) धातु, प्र+मा+क्त (त), माको इत्व= प्रमित ।

शब्दार्थ- नापिएको, तौलिएको, अल्प, थोरै, परिसीमित, परिमित, प्रमाणित, प्रामाणिक भएको ।

प्रमितिः (ना./स्त्री.) प्रमीयते इति *(नापिन्छ)* प्रपूर्वक माङ् माने शब्दे च (जुहो.) धातु, प्र+मा+क्तिन् (ति), माको इत्व[4]= प्रमिति ।

शब्दार्थ- नाप, तौल, निश्चित ज्ञान, यथार्थ तथ्य, प्रामाणिक तथ्य ।

प्रमोहः (ना./पुं.) प्रमुह्यते इति *(मूर्च्छा पर्नु, मोहित हुनु)* प्रपूर्वक मुह वैचित्ये (दिवा.) धातु, प्र+मुह्+घञ् (अ), गुण= प्रमोह ।

शब्दार्थ- मूर्च्छा, मूढता, अज्ञानता, वेहोसीपना, जडता ।

प्रमोहनम् (ना./न.) प्रमुह्यते, प्रमोह्यते इति वा *(मोहित हुनु वा मोहित गराउनु)* प्रपूर्वक मुह वैचित्ये (दिवा.) धातु, प्र+मुह्+ल्युट् (अन), गुण= प्रमोहन ।

अथवा प्र+मुह्+णिचि, ल्युट् (अन), गुण, णिलोप =प्रमोहन ।

शब्दार्थ- मोह, मूर्च्छा, मूढता, शिथिलता, मोहित पार्ने क्रिया; लट्ट्याउने काम, वेहोस पार्ने क्रिया ।

प्रयाणकालः (ना./पुं.) प्रयाणस्य कालः *(प्रयाणको समय)* ष.त.स.= प्रयाणकाल ।

शब्दार्थ- प्रस्थानको समय, प्रस्थानको काल, गमनकाल, जाने वखत, यात्राको वेला, मरणकाल, मर्नेवेलाको समय ।

प्रयासशीलः (वि.) प्रयस्यते इति *(प्रयास गर्नु)* प्रपूर्वक यसु प्रयत्ने (दिवा.) धातु, प्र+यस्+घञ् (अ), वृद्धि, प्रयासः । प्रयासः शीलं यस्य *(प्रयत्न नै शील छ यसको)* ब.स.= प्रयासशील ।

शब्दार्थ- प्रयत्नशील, परिश्रमी, खुब प्रयत्न गर्ने, परिश्रमशील ।

प्रवर्तितः (वि.) प्रवर्तते स्म इति *(प्रवृत्त गराएको)* प्रपूर्वक वृतु वर्तने (भ्वा.) धातु, प्र+वृत्+णिचि, गुण, प्रवर्ति +क्त (त), णिलोप, इडागम= प्रवर्तित ।

शब्दार्थ- प्रवर्तन गराएको, सञ्चालन गराएको, चक्कर लगाएको, उक्साएको ।

प्रवासनम् (ना./न.) प्रवास्यते इति *(परदेशमा बास गराइन्छ)* प्रपूर्वक वस निवासे (भ्वा.) धातु, प्र+वस्+णिचि, वृद्धि, प्रवासि+ल्युट् (अन), णिलोप =प्रवासन ।

शब्दार्थ- परदेशमा वास गराउने काम, देशबाट निष्कासन गर्ने क्रिया, देश निकाला, निर्वासन, हत्या ।

प्रवाही (वि.) प्रवाहः अस्यास्तीति *(प्रवाह छ यसको)* प्रवाह+इनि[5] (इन्), प्रवाहिन्= प्रवाही ।

अथवा प्रवाहयतीति *(लैजान्छ)* प्रपूर्वक वह प्रापणे (भ्वा.) धातु, प्र+वह्+णिनि[6] (इन्), वृद्धि= प्रवाही ।

शब्दार्थ- प्रवाह भएको, खुब बग्ने भेल भएको, प्रवाहयुक्त, वहन गर्ने, बगाउने ।

प्रवेशिका (ना./स्त्री.) प्रविशति असौ *(प्रवेश गर्छ यो),* प्रविशन्ति यस्याम् *(प्रवेश गर्छन् यसमा)* प्रपूर्वक विश प्रवेशने (तुदा.) धातु, प्र+विश्+ण्वुल् (अक), गुण, प्रवेशक+टाप् (आ), ककारपूर्वका अकारको इत्व =प्रवेशिका ।

शब्दार्थ- प्रवेश गर्ने स्त्री, भित्र जाने नारी, एस.एल.सि र सो सरहको परीक्षा, एस.एल.सिको पाठचक्रम पठन-पाठन प्रक्रिया ।

प्रशासनीयः (वि.) प्रशासितुं योग्यः *(प्रशासन गर्न योग्य वा लायक)* प्रपूर्वक शासु अनुशिष्टौ (अदा.) धातु, प्र+शास्+अनीय (र्)= प्रशासनीय ।

शब्दार्थ- प्रशासन गर्न योग्य वा लायक, प्रशासन गर्न उचित, प्रशासन गर्नुपर्ने, प्रशासन गर्न उपयुक्त ।

---

[1] पञ्चम्यास्तसिल्/आद्यादिभ्य...: तसिल्

[2] कृभ्वस्तियोगो... : च्वि

[3] अर्तिह्रीब्ली... : पुगागम

[4] द्यतिस्यतिमास्था... : इत्व

[5] अत इनिठनौ : इनि

[6] नन्दिग्रहि.../सुप्यजातौ... : णिनि

प्रश्रवणम् (ना./न.) प्रश्रवणम्, प्रश्रूयते इति वा *(राम्ररी सुन्नु वा सुनिन्छ)* प्रपूर्वक श्रु श्रवणे (भ्वा.) धातु, प्र+श्रु+ल्युट् (अन), गुण, णत्व= प्रश्रवण ।

शब्दार्थ- राम्ररी सुन्ने क्रिया, सुनवाइ, श्रवण गर्ने काम ।

प्रसङ्गी (वि.) प्रसङ्गः अस्यास्तीति *(राम्रो प्रसङ्ग वा अनुराग छ यसको)* प्रसङ्ग+इनि (इन्), प्रसङ्गिन्= प्रसङ्गी ।

शब्दार्थ- राम्रो प्रसङ्ग भएको, प्रसङ्गयुक्त, स्नेह गर्ने, प्रेमी, आसक्त ।

प्रसवकालः (ना./पुं.) प्रसवश्चासौ कालश्च *(प्रसवकाल)* क.त.स.= प्रसवकाल ।

शब्दार्थ- सुत्केरी हुने वेला, सुत्केरी भएको समय, प्रसवको समय, शिशु जन्मने वखत ।

प्रसविनी (वि./ना./स्त्री.) प्रसवः अस्याः अस्तीति *(प्रसवकाल छ यस स्त्रीको)* प्रसव+इनि (इन्), प्रसविन्+ङीप् (ई)= प्रसविनी ।

शब्दार्थ- सुत्केरी हुने, शिशु पैदा गर्ने, वालक जन्माउने स्त्री, सुत्केरी आइमाई, आमा ।

प्रस्तुतिः (ना./स्त्री.) प्रस्तूयते इति *(राम्ररी स्तुति गरिन्छ, प्रस्तुत गरिन्छ)* प्रपूर्वक ष्टुञ् स्तुतौ (अदा.) धातु, प्र+स्तु+क्तिन् (ति)= प्रस्तुति ।

शब्दार्थ- देवीदेवताको स्तुति गर्ने काम, कसैको प्रशंसा गर्ने काम, सभा, वैठक आदिमा प्रस्ताव प्रस्तुत गर्ने प्रक्रिया ।

प्रस्तोता (वि./ना./पुं.) प्रस्तौतीति *(प्रस्तुत गर्दछ)* प्रपूर्वक ष्टुञ् स्तुतौ (अदा.) धातु, प्र+स्तु+तृच् (तृ), गुण, प्रस्तोतृ= प्रस्तोता ।

शब्दार्थ- प्रस्तुत गर्ने, प्रस्तुतकर्ता, कसैको प्रशंसा वा गुणगान गर्ने व्यक्ति ।

प्रस्फोटः (ना./पुं.) प्रस्फुटनम्, प्रस्फुट्यते इति वा *(प्रस्फुटन हुनु)* प्रपूर्वक स्फुट विकसने (भ्वा./तुदा.) धातु, प्र+स्फुट्+घञ् (अ), गुण= प्रस्फोट ।

शब्दार्थ- फक्रने क्रिया, प्रस्फुट हुने काम, विस्फोटन, प्रकट हुने क्रिया, फुट्ने क्रिया ।

प्रस्वेदनम् (ना./न.) प्रस्विद्यते इति *(पसिना निस्कनु)* प्रपूर्वक ञिष्विदा स्नेहनमोचनयोः (भ्वा.) धातु, प्र+स्विद्+ल्युट् (अन), स्विद्को गुण= प्रस्वेदन ।

शब्दार्थ- शरीरंवाट पसिना निस्कने क्रिया, ज्यादै पसिना चुहुने काम ।

प्रस्वेदितः (वि.) प्रस्वेदितवान्निति *(पसिना निस्केको)* प्रपूर्वक ञिष्विदा स्नेहनमोचनयोः (भ्वा.) धातु, प्र+स्विद्+णिचि, गुण, प्रस्वेदि+क्त (त), कर्तामा, णिलोप, इडागम= प्रस्वेदित ।

शब्दार्थ- पसिना निस्केको, शरीरवाट पसिना आएको, पसिनाले निथ्रुक्क भिजेको, स्वेदाच्छन्न ।

प्रहर्षः (ना./पुं.) प्रहर्षणम्, प्रह्रिष्यते इति वा *(प्रसन्न हुनु)* प्रपूर्वक हृष तुष्टौ (दिवा.) धातु, प्र+हृष्+घञ् (अ), गुण =प्रहर्ष ।

शब्दार्थ- ज्यादै हर्ष, अति-उल्लास, अत्यधिक उमङ्ग, खुव आनन्द, ज्यादै प्रसन्न, ठूलो हर्ष ।

उदा. गुरु प्रहर्ष न भयो नि आत्ममा- रघु.वं.३/१७

प्रहर्षणम् (ना./न.) प्रहर्षणम्, प्रह्रिष्यते इति वा *(हर्षविभोर हुनु)* प्रपूर्वक हृष तुष्टौ (दिवा.) धातु, प्र+हृष्+ल्युट् (अन), गुण, णत्व= प्रहर्षण ।

शब्दार्थ- आनन्द विभोर हुने क्रिया, प्रसन्नता, ज्यादै ठूलो हर्ष, अत्यधिक आनन्द, खुसी हुने क्रिया ।

प्रहर्षितः (वि.) प्रहर्षः सञ्जातः अस्य *(अत्यधिक हर्षको अवस्था पैदा भएको छ यसको)* प्रहर्ष+इतच्[1] (इत) =प्रहर्षित ।

शब्दार्थ- ज्यादै हर्षित भएको, अति-उमङ्गित, अत्यधिक आनन्द भएको, ज्यादै रोमाञ्चित ।

प्रहासकः (वि.) प्रहसति, प्रहासयतीति वा *(ज्यादै हाँस्छ, हँसाउँछ)* प्रपूर्वक हसे हसने (भ्वा.) धातु, प्र+हस्+ण्वुल्[2] (अक), वृद्धि= प्रहासक ।

अथवा प्र+हस्+णिचि, वृद्धि, प्रहासि+ण्वुल् (अक), णिलोप= प्रहासक ।

शब्दार्थ- ज्यादै हाँस्ने, अट्टहास गर्ने, उपहास गर्ने, अत्यन्तै हँसाउने, हाँस्न वाध्य हुनुपर्ने अवस्था पैदा गर्ने ।

प्रहासी (वि./ना./पुं.) प्रकर्षेण हसितुं, प्रहासयितुं वा शीलमस्य *(ज्यादै हाँस्ने वा हँसाउने शील छ यसको)* प्रपूर्वक हसे हसने (भ्वा.) धातु, प्र+हस्+णिनि[3] (इन्), वृद्धि, प्रहासिन्= प्रहासी ।

अथवा प्र+हस्+णिचि, वृद्धि, प्रहासि+णिनि (इन्), णिलोप, प्रहासिन्= प्रहासी ।

शब्दार्थ- खित्का छोडेर हाँस्ने र हँसाउने, उपहास गर्ने, नाटकमा हँसाउने पात्र- विदूषक ।

प्रहृतः (वि.) प्रह्रियते स्म इति *(प्रहार गरिएको, हानिएको)* प्रपूर्वक हृञ् हरणे (भ्वा.) धातु, प्र+हृ+क्त (त) =प्रहृत ।

शब्दार्थ- प्रहार गरिएको, चोट पुऱ्याइएको, शस्त्रास्त्रले हानिएको ।

प्रह्लादितः (वि.) प्रह्लाद्यते स्म इति *(खुसी पारिएको)* प्रपूर्वक ह्लादी सुखे अव्यक्ते शब्दे च (भ्वा.) धातु, प्र+ह्लाद्+णिचि, प्रह्लादि+क्त (त), णिलोप, इडागम =प्रह्लादित ।

शब्दार्थ- अत्यधिक हर्षित तुल्याइएको, प्रसन्न पारिएको, सन्तुष्ट पारिएको, आनन्दित तुल्याइएको, प्रफुल्लित पारिएको ।

---

[1] तदस्य सञ्जातम्... : इतच्

[2] ण्वुल्तृचौ : ण्वुल्

[3] सुप्यजातौ... : णिनि

प्राग्भाषिकः (वि.) प्राञ्चतीति *(अतीतलाई बुझाउँछ)* प्रपूर्वक अञ्चु गतिपूजनयोः (भ्वा.) धातु, प्र+अञ्च्+क्विन्[१], नलोप, क्विन्को सर्वलोप, प्र अच्को सवर्ण दीर्घ, प्राच् (अतीतकालः, पूर्वकालः) ।

प्राच् (पूर्वकालः) भाषायाः *(भाषको उत्पत्ति हुनुभन्दा पूर्वकालको)* ष.त.स[२]., चको कुत्व, प्राग्भाषा ।

प्राग्भाषायाः आगतः, प्राग्भाषायाः अयम् *(भाषाको उत्पत्ति र विकासभन्दा पूर्वकालबाट आएको, भाषाको उत्पत्तिभन्दा पहिलेको यो)* प्राग्भाषा+ठक् (इक), आकारलोप= प्राग्भाषिक ।

शब्दार्थ- भाषाको उत्पत्ति र विकास हुनुभन्दा पूर्वको, भाषाको जन्मभन्दा पूर्वकालको ।

प्राणहारी (वि./ना./पुं.) प्राणं हर्तुं शीलमस्य *(प्राण हरण गर्ने शील वा क्षमता छ यसको)* प्राण उपपदपूर्वक हृञ् हरणे (भ्वा.) धातु, प्राण+हृ+णिनि[३] (इन्), प्राणहारिन्= प्राणहारी ।

शब्दार्थ- प्राण हरण गर्ने, ज्यान लिने, प्राण लिने विषादि पदार्थ, जीवित प्राणीको प्राण लिने समग्रतत्त्व ।

प्राणायामी (वि.) प्राणस्य आयामः *(श्वासप्रश्वासको गति विच्छेद या रोक्ने प्रक्रिया)* ष.त.स.,दीर्घ, प्राणायामः ।

प्राणायामः अस्यास्तीति *(श्वासप्रश्वासको गति रोक्ने वा विच्छेद गर्ने अभ्यास छ यसको)* प्राणायाम+इनि[४] (इन्), प्राणायामिन्= प्राणायामी ।

श्वास-प्रश्वासयोर्गतिविच्छेदः प्राणायामः- पा.यो.द.२

शब्दार्थ- योगाभ्यासद्वारा श्वासप्रश्वासको सामान्य गति रोक्ने, प्राणायाम गर्ने, श्वासप्रश्वासको गति नियमन गर्ने ।

प्रातिपदिकम् (ना./न.) पदं पदं प्रति *(प्रति-पद)* अव्य.स., प्रतिपदम् । प्रतिपदादागतः, प्रतिपदे भवः, प्रतिपदस्येदम् वा *(प्रतिपदबाट प्राप्त, प्रतिपदमा हुने, प्रतिपदको)* प्रतिपद+ठक्[५] (इक), आदिवृद्धि =प्रातिपदिक ।

शब्दार्थ- धातु (क्रिया) देखि भिन्न विभक्तिप्रत्यय लाग्नुभन्दा पूर्वका या प्रत्यय नलागेका नाम, सर्वनाम, विशेषण आदि अर्थवान् शब्दको मूलरूप, कृदन्त तथा तद्धितान्त र समस्त शब्द ।

***द्रष्टव्य-* अर्थवदधातुरप्रत्यः प्रातिपदिकम्- पा.सू.१/२/४५**
कृत्तद्धितसमासाश्च (प्रातिपदिक)- पा.सु.१/२/४६

प्राथमिकता (ना./स्त्री.) प्रथमादागतः, प्रथमस्य अयम् इति वा *(पहिलेदेखि आएको, प्रारम्भको)* प्रथम+ठक् (इक), आदिवृद्धि, अकारलोप, प्राथमिकः । प्राथमिकस्य भावः *(प्राथमिकतामा पर्नुको भाव वा अवस्था)* प्राथमिक+ तल् (त)+टाप् (आ)= प्राथमिकता ।

शब्दार्थ- पूर्वकालदेखि आएको स्थिति, प्रारम्भिक अवस्था, पहिलो प्राथमिकतामा पर्नुको भाव वा अवस्था, पहिलो क्रममा राख्नाको स्थिति ।

प्रान्तिकः (वि.) प्रान्तादागतः, प्रान्तस्येदम्, प्रान्ते भवः *(प्रान्तबाट आएको, प्रान्तको यो, प्रान्तमा हुने)* प्रान्त+ठक्[५] (इक), आदिवृद्धि= प्रान्तिक ।

शब्दार्थ- प्रान्तबाट प्राप्त भएको, प्रान्तको, प्रान्तसम्बन्धी, प्रान्तमा हुने वा भएको ।

प्राप्तकर्ता (वि.) प्राप्तं करोतीति *(प्राप्त गर्छ)* प्राप्त उपपदमा हुने डुकृञ् करणे (तना.) धातु, प्राप्त+कृ+तृच्[६] (तृ), प्राप्तकर्तृ= प्राप्तकर्ता ।

शब्दार्थ- कुनै कुरा पाउने, उपलब्ध गर्ने ।

प्राप्तकालः (ना./पुं./वि.) प्राप्तश्चासौ कालश्च *(ठीक समय)* क.त.स.= प्राप्तकाल ।

अथवा प्राप्तः कालः येन *(अनुकूल समय पाएको छ जसले)* ब.स.= प्राप्तकाल ।

शब्दार्थ- ठीक समय, उपयुक्त काल, अनुकूल बेलावखत, समय सुहाउँदो कर्म गर्ने, समय अनुकूल चल्ने ।

प्राप्तमनोरथः (वि.) प्राप्तः मनोरथः येन *(मनोरथ पूर्ण गरेको छ जसले)* ब.स.= प्राप्तमनोरथ ।

शब्दार्थ- कामना पूर्ण गरेको, अभिलाषा पूरा गरेको, इच्छा पुगेको, चाहना तृप्त गरेको, सन्तुष्ट भएको ।

प्राप्तयौवनः (वि.) प्राप्तं यौवनं येन *(यौवन प्राप्त गरेको छ जसले)* ब.स.= प्राप्तयौवन ।

शब्दार्थ- यौवन अवस्थामा पाइला टेकेको, युवा अवस्थाको, तरुण अवस्थाको, तन्नेरी अवस्थामा पुगेको ।

प्राप्ताधिकारः (ना./पुं./वि.) प्राप्तश्चासौ अधिकारश्च *(प्राप्त अधिकार)* क.त.स., दीर्घ= प्राप्ताधिकार ।

अथवा प्राप्तः अधिकारः येन *(प्राप्त गरेको छ अधिकार जसले)* ब.स., दीर्घ= प्राप्ताधिकार ।

शब्दार्थ- कुनै कार्यकारी अधिकृत वा पदाधिकारी आदिले प्राप्त गरेको अधिकार, कुनै सङ्घ संस्था आदिलाई प्रदत्त अधिकार, अधिकार प्राप्त गरेको, विशेष अधिकार पाएको ।

प्रेषणीयता (ना./स्त्री.) प्रेषितुं योग्यः *(पठाउन योग्य वा लायक)* प्रपूर्वक इषु इच्छायाम् (तुदा.) धातु, प्र+इष्+अनीय (र्), प्र इष्को गुण, णत्व, प्रेषणीय । प्रेषणीयस्य भावः *(प्रेषणीय हुनाको भाव वा अवस्था)* प्रेषणीय+तल् (त)+टाप् (आ)= प्रेषणीयता ।

शब्दार्थ- सम्प्रेषणीय हुनाको भाव वा अवस्था, सम्प्रेषणीयता ।

---

१. ऋत्विगदधृक्... : क्विन्
२. कालाः परिमाणिना : ष.त.स.
३. सुप्यजातौ... : णिनि
४. अत इनिठनौ : इनि
५. ठगायस्थानेभ्य.../तस्येदम्/तत्र भवः : ठक्
६. ण्वुल्तृचौ : तृच्

प्रेषितव्यः (वि.) प्रेषितुं योग्यः *(पठाउन योग्य वा लायक)* प्रपूर्वक इषु इच्छायाम् (तुदा.) धातु, प्र+इष्+तव्यत् (तव्य), प्र इष्को गुण= प्रेषितव्य ।

शब्दार्थ- पठाउन योग्य वा लायक, पठाउनुपर्ने, पठाउन उचित, प्रेषणीय ।

प्रेष्यता (ना./स्त्री.) प्रेषितुं योग्यः *(पठाउन योग्य वा लायक)* प्रपूर्वक इषु इच्छायाम् (तुदा.) धातु, प्र+इष्+ण्यत् (य), गुण, प्रेष्यः । प्रेष्यस्य भावः *(प्रेषणीय हुनाको भाव वा अवस्था)* प्रेष्य+तल् (त)+टाप् (आ)= प्रेष्यता ।

शब्दार्थ- प्रेषणीय हुनाको भाव वा अवस्था, प्रेषणीयता, प्रेष्यपन, दासत्व ।

प्रोत्साहः (ना./पुं.) प्रोत्साह्यते इति *(प्रोत्साहन दिइन्छ)* प्र उत् उपसर्गद्वयपूर्वक षह मर्षणे (भ्वा.) धातु, प्र+उत्+सह्+घञ् (अ), प्र उत्को गुण, वृद्धि =प्रोत्साह ।

शब्दार्थ- ज्यादै ठूलो उत्साह, हौसला, उत्साह बढाइदिने काम ।

प्रोत्साहकः (वि.) प्रोत्साहयतीति *(प्रोत्साहन दिन्छ)* प्र उत्पूर्वक षह मर्षणे (भ्वा.) धातु, प्र+उत्+सह्+ण्वुल् (अक), प्र उत्को गुण, वृद्धि= प्रोत्साहक ।

शब्दार्थ- कसैलाई कुनै कुरा गर्न प्रोत्साहन दिने, कुनै राम्रो वा नराम्रो काम गर्न उक्साउने ।

ब/भ/म

बगला (ना./स्त्री.) वचः लाति ददाति छिनत्तीति वा *(वाणी वा विद्या वा समृद्धि दिन्छिन् वा छिन्छिन् पनि)* वचस्+ला+क[1] (अ), आकारलोप, पृषोदरादिबाट 'च' वर्ण 'ग'मा परिणत, सको लोप, बगल+टाप् (आ)= वगला ।

शब्दार्थ- दश महाविद्यामध्ये एक, धन तथा उच्चपद र ऐश्वर्यादिको प्राप्ति र विद्या प्राप्तिका लागि आराधना गरिने देवी, दुष्ट र उसको समृद्धि विनाशका लागि उपासना गरिने देवी, ललितपुरस्थित वगलामुखी भगवती ।

बहुचर्चितः (वि.) वहुभिः चर्चितः *(धेरैबाट चर्चा गरिएको)* तृ.त.स.= बहुचर्चित ।

शब्दार्थ- धेरैबाट चर्चा-परिचर्चा गरिएको, सर्वत्र चर्चित भएको, ज्यादै चर्चामा आएको ।

बहुदलीयता (ना./स्त्री.) बहूनि च तानि दलानि *(धेरै दलहरू)* क.त.स., बहुदलानि । वहुदलेषु भवः, वहुदलेभ्यः हितम् *(बहुदलमा हुने वा भएको, बहुदलका लागि उपयोगी)* वहुदल+छ[2] (ईय), वहुदलीयः । बहुदलीयस्य भावः *(बहुदलीय हुनाको भाव वा अवस्था)* वहुदलीय+तल् (त)+टाप् (आ) =वहुदलीयता ।

शब्दार्थ- वहुदलीय हुनाको स्थिति वा अवस्था, वहुदलीयपन ।

बीजाङ्कुरणम् (ना./न.) अङ्कुर्यते इति *(आँकुरा पैदा हुनु)* अम् अव्ययपूर्वक कुर शब्दे (तुदा.) धातु, अम्+कुर्+क्यु (अन), वहुलप्रकारले, णत्व, परसवर्ण, अङ्कुरणम् । वीजस्य अङ्कुरणम् *(बीजको आँकुरा)* वीज+अङ्कुरण, ष.त.स., दीर्घ= बीजाङ्कुरण ।

शब्दार्थ- वीज टुसाउने काम, वीजको आँकुरा, वीजाङ्कुर हुने क्रिया, वीजको टुसा फुट्ने क्रिया ।

बुद्धिभ्रष्टः (वि.) वुद्धया भ्रष्टः *(बुद्धिले भ्रष्ट भएको)* तृ.त.स.= वुद्धिभ्रष्ट ।

शब्दार्थ- बुद्धि विग्रेको, मतिहीन, मतिभ्रष्ट, प्रज्ञारहित ।

बुभुक्षितः (वि.) भोक्तुमिच्छतीति *(खाने इच्छा गर्छ)* भुज पालनाभ्यवहारयोः (रुधा.) धातु, भुज्+सन् (स), द्वित्व, भुज् भुज् स, एकशेष, अभ्यासको जश्त्व, बुभुज् स, जको कुत्व, षत्व, क षको क्षत्व,बुभुक्ष (सनन्त धातु) । बुभुक्ष्यते स्म इति *(खाने इच्छा गरिएको)* बुभुक्ष+क्त (त), इडागम= बुभुक्षित ।

अथवा बुभुक्ष+अ+टाप् (आ), बुभुक्षा । बुभुक्षा सञ्जाता अस्य *(भोकाएको अवस्था छ यसको)* बुभुक्षा +इतच्[3] (इत), आकारलोप= वुभुक्षित ।

शब्दार्थ- भोकाएको, खाने इच्छा जागेको, खान इच्छुक, भोकले सताएको ।

उदा. बत्ती बल्दछ जिन्दगी बिजुलीको घोटेर हड्डीहरू,
बाली भोक बुभुक्षित प्रकृतिको पारेर देशै मरु ।
-नवरस, बीभत्स रस ६५

बृहत्कथा (ना./स्त्री.) बृहती चासौ कथा च *(ठूलो कथाग्रन्थ)* क.त.स.= बृहत्कथा ।

शब्दार्थ- ठूलो कथाग्रन्थ, पैशाची भाषामा लेखिएको कथाहरूको वृहत्ग्रन्थ, बृहत् कथाग्रन्थ ।

---

[1] आतोऽनुपसर्गे... : क

[2] गहादिभ्यश्च/तस्मै हितम् : छ

[3] तदस्य सञ्जातम्... : इतच्

बोद्धव्यः (वि.) बोद्धुं योग्यः *(जान्न लायक)* बुध अवगमने (भ्वा./दिवा.) धातु, बुध्+तव्यत् (तव्य), गुण, तको ध, धको जश्त्व द= बोद्धव्य ।

शब्दार्थ- जान्न योग्य वा लायक, जान्नुपर्ने, बुझ्न योग्य, थाह पाउनुपर्ने ।

बोध्यः (वि.) बुद्ध्यते, बोद्धुं योग्यः इति वा *(जानिन्छ वा जान्न लायक)* बुध अवगमने (भ्वा./दिवा.) धातु, बुध्+ण्यत्[1] (य), गुण= बोध्य ।

शब्दार्थ- जान्न योग्य, बुझ्न लायक, बुझ्न उपयुक्त, थाह पाउन उचित, जान्नुपर्ने ।

ब्रह्मपुरी (ना./स्त्री.) ब्रह्मणः पुरी *(ब्रह्माको पुरी वा नगरी)* ष.त.स.= ब्रह्मपुरी ।

शब्दार्थ- ब्रह्मलोक, ब्रह्मनगरी, ब्रह्मलोकको वस्ती, ब्रह्मपुरी ।

ब्रह्मविन्दुः (ना./पुं.) ब्रह्मणः विन्दुः *(वेदपाठी ब्राह्मणको मुखको छिटा)* ष.त.स.= ब्रह्मविन्दु ।

शब्दार्थ- वेदपाठ गर्ने ब्राह्मणको मुखबाट निस्केको थुकको छिटा वा विन्दु ।

ब्रह्मयागः (ना./पुं.) ब्रह्मणः यागः *(वेद पठनपाठन-सम्बन्धी यज्ञ)* ष.त.स.= ब्रह्मयाग ।

शब्दार्थ- वेदाध्ययनसम्वन्धी यज्ञ, वेदको पठनपाठन र अनुशीलनसम्वन्धी यज्ञ, नित्य गरिने पञ्चमहायज्ञमध्ये एक, ब्रह्मयज्ञ ।

ब्रह्माण्डीयः (वि.) ब्रह्माण्डे भवः, ब्रह्माण्डस्यायम् *(ब्रह्माण्डमा हुने वा भएको, ब्रह्माण्डको यो)* ब्रह्माण्ड+छ[2] (ईय)= ब्रह्माण्डीय ।

शब्दार्थ- ब्रह्माण्डमा हुने वा भएको, ब्रह्माण्डको, संसारसित सम्वन्धित, विश्वसम्वन्धी ।

भ

भग्नोत्साहः (वि.) भग्नः उत्साहः यस्य *(भग्न भएको छ उत्साह जसको)* व.स., गुण= भग्नोत्साह ।

शब्दार्थ- उत्साह मरेको, उत्साह भङ्ग भएको, निरास, उदासीन, हतोत्साह भएको, उत्साहहीन ।

भञ्जकः (वि.) भनक्तीति *(भाँच्छ)* भञ्जो आमर्दने (रुधा.) धातु, भञ्ज्+ण्वुल् (अक)= भञ्जक ।

शब्दार्थ- भाँच्ने, भग्न गर्ने, नाश गर्ने, तोडफोड गर्ने, तोड्ने ।

भयजनकः (वि.) भयं जनयतीति *(भय पैदा गर्छ)* भय उपपदपूर्वक जनी प्रादुर्भावे (दिवा.) धातु, भय+जन्+णिचि+ण्वुल् (अक), णिलोप= भयजनक ।

शब्दार्थ- भय पैदा गर्ने, डरलाग्दो, भयङ्कर, भयकारी, भयप्रदायक, त्रास पैदा गर्ने ।

भयत्राता (वि.) त्रायते इति *(रक्षा गर्छ)* त्रैङ् पालने (भ्वा.) धातु, त्रै+तृच्[3] (तृ), आत्व, त्रातृ, त्राता । भयात् त्राता *(भयबाट रक्षा गर्ने)* प.त.स.= भयत्राता ।

शब्दार्थ- भयबाट रक्षा गर्ने, भयबाट जोगाउने ।

भयप्रदः (वि.) भयं प्रददातीति *(भय दिन्छ)* भय उपपदमा हुने प्रपूर्वक डुदाञ् दाने (जुहो.) धातु, भय+प्र+दा+क[4] (अ), आलोप= भयप्रद ।

शब्दार्थ- भयजनक, त्रास पैदा गर्ने, डर देखाउने, भयप्रदायक, भयानक, भयपूर्ण ।

भरतखण्डः (ना./पुं.) भरतस्य खण्डः *(भरतको राज्यखण्ड)* ष.त.स.= भरतखण्ड ।

शब्दार्थ- राजा भरतले राज्य गरेको खण्ड, पृथिवीका नौ खण्डमध्ये एक, भारतवर्ष, वर्तमान भारतीय उपमहाद्वीप ।

भरद्वाजः (ना./पुं.) भ्रियते वायुभिः *(वायुहरूद्वारा भरण-पोषण गरिन्छ)* भृञ् भरणे (भ्वा.) धातु, भृ+अप्/घ (अ), गुण, भरः । द्विर्जायते इति *(दुई पटक जन्मन्छ)* जनी प्रादुर्भावे (दिवा.) धातु, द्वि+जन्+ड (अ), टिलोप, द्विको आत्व, पृषोदरादिवाट, द्वाजः । भरश्चासौ द्वाजश्च *(भरद्वाज)* क.त.स.= भरद्वाज ।

अथवा भरतीति *(धारण वा भरणपोषण गर्छ)* भृञ् भरणे (भ्वा.) धातु, भृ+लट्, लट्को शतृ (अत्), गुण, भरत् । भरत् धारकः, भरच्चासौ वाजश्चः- *(भरद्वाज)* क.त.स.= भरद्वाज ।

अथवा भरद्वाजस्य अपत्यं पुमान् *(भरद्वाजका पुरुष सन्तति)* भरद्वाज+अण् (अ), वृद्धिनिषेध संज्ञापूर्वक हुँदा)= भरद्वाज ।

भरद्वाजो गुरोः पुत्रे व्याघ्राटाख्यविहङ्गमे- इति मेदिनी
व्याघ्राटः स्यात् भरद्वाजः - इत्यमरः

शब्दार्थ- सप्तर्षिहरूमध्ये एक ऋषि, गोत्रप्रवर्तक ऋषि, भरद्वाज गोत्रीय पुरुष, द्रोणाचार्य, भद्राइ चरो, पक्षिविशेष ।

भवचक्रम् (ना./न.) भवस्य चक्रम् *(संसारको चक्र)* ष.त.स.= भवचक्र ।

अथवा भवः एव चक्रम् *(संसाररूपी चक्र)* म.व्य.स[5]. =भवचक्र ।

शब्दार्थ- जन्ममरणरूप भवचक्र, संसाररूपी भवसागर ।

भवबन्धनम् (ना./न.) बध्नाति/बध्यते अनेन *(बाँध्छ, बाँधिन्छ यसबाट)* बन्ध बन्धने (क्र्या.) धातु, बन्ध्+ल्युट् (अन), करणमा, बन्धनम् । भवः एव बन्धनम् *(संसार नै बन्धन)* म.व्य.स[5].= भवबन्धन ।

शब्दार्थ- संसाररूपी बन्धन, सांसारिक भोगवासनामा लटपटिने क्रिया, विषयवासनामा फस्ने काम ।

---

१. ऋहलोर्ण्यत् : ण्यत्
२. गहादिभ्यश्च : छ
३. ण्वुल्तृचौ : तृच्
४. आतश्चोपसर्गे... : क
५. मयूरव्यंसका... : म.व्य.स.

भाग्यवती (ना./स्त्री.) भाग्यमस्याः अस्तीति *(राम्रो भाग्य छ यस स्त्रीको)* भाग्य+मतुप्[१] (मत्), मको व, भाग्यवत्+ङीप् (ई)= भाग्यवती ।

शब्दार्थ- राम्रो भाग्य भएकी स्त्री, सौभाग्यवती नारी, सुभगा स्त्री ।

भाग्यविधाता (वि.) विदधातीति *(धारण गर्छ)* विपूर्वक डुधाञ् धारणपोषणयोः (जुहो.) धातु, वि+धा+तृच्[२] (तृ), विधातृ, विधाता । भाग्यस्य विधाता *(भाग्यको निर्माण गरिदिने)* ष.त.स.= भाग्यविधाता ।

शब्दार्थ- भाग्य निर्माण गरिदिने, कसैको भाग्य राम्रो वनाइदिने, भाग्यप्रदायक ।

भाग्यहीनः (वि.) भाग्येन हीनः *(भाग्यले विहीन)* तृ.त.स. =भाग्यहीन ।

शब्दार्थ- भाग्यरहित, भाग्य नभएको, अभागी, भाग्यविहीन ।

भारोत्तोलनम् (ना./न.) भारस्य उत्तोलनम् *(भारको उचाल्ने क्रिया)* भार+उत्तोलनम्, ष.त.स., गुण =भारोत्तोलन ।

शब्दार्थ- भार उचाल्ने काम, गह्रौं वस्तु उचाल्ने क्रिया, खेल आदिमा गह्रौं तौल भएको वस्तु उचाल्ने काम ।

भावग्रहणम् (ना./न.) भावस्य ग्रहणम् *(भावको ग्रहण गर्ने काम)* ष.त.स.= भावग्रहण ।

शब्दार्थ- भाव बुझ्ने वा ग्रहण गर्ने काम, भाव तथा आशय वा अभिप्राय ग्रहण गर्ने काम ।

भावभूमिः (ना./स्त्री.) भावस्य भूमिः *(भावको आधार)* ष.त.स.= भावभूमि ।

शब्दार्थ- भावको मुख्य आधार, भाव उद्वोधन हुने मुख्य पृष्ठभूमि ।

भाषागतः (वि.) भाषां गतः *(भाषागत)* द्वि.त.स. =भाषागत ।

शब्दार्थ- भाषासित सम्वन्धित, भाषिक, भाषासम्वन्धी ।

भाष्यकरः (वि.) भाष्यं करोतीति *(भाष्य बनाउँछ)* भाष्य उपपदपूर्वक डुकृञ् करणे (तना.) धातु, भाष्य+कृ+ट (अ), गुण= भाष्यकर ।

शब्दार्थ- पाणिनिको सूत्रमा भाष्य लेख्ने, भाष्यकर्ता, भाष्यकार, भाष्यलेखक ।

भाष्यकृत् (वि.) भाष्य करोतीति *(भाष्य बनाउँछ)* भाष्यपूर्वक डुकृञ् करणे (तना.) धातु, भाष्य+कृ+ क्विप्, तुगागम, क्विप्को सर्वलोप =भाष्यकृत् ।

शब्दार्थ- भाष्यकर्ता, भाष्यकार, पाणिनिको सूत्रमा भाष्य लेख्ने, कुनै गहकिलो कृतिमा भाष्य लेख्ने ।

भास्वत् (ना./पुं./वि.) भासः सन्ति अस्य *(दीप्तिहरू छन् यिनका)* भास्+मतुप् (मत्), मको व= भास्वत् ।

शब्दार्थ- सूर्य, आदित्य, दीप्ति, प्रकाश, ज्योति, उज्ज्वल, चहकिलो, द्युतिमान्, प्रकाशमान् ।

भिक्षार्थी (वि.) भिक्षामर्थयितुं शीलमस्य *(भिक्षा माग्ने शील वा स्वभाव छ यसको)* भिक्षापूर्वक अर्थ उपयाञ्चायाम् (चुरा.) धातु, भिक्षा+अर्थ्+णिनि[३] (इन्), दीर्घ, भिक्षार्थिन्= भिक्षार्थी ।

शब्दार्थ-भिक्षा माग्ने, भिखारी, भिक्षुक, योगी, भीक माग्ने ।

भीष्मः (वि./ना./पुं.) बिभेति अस्मात् सर्वम् *(यसबाट सबै डराउँछन्)* ञिभी भये (जुहो.) धातु, भी+मक् (म), षुगागम[४]= भीष्म ।

भीष्मो रुद्रे च गाङ्गेये राक्षसे च भयङ्करे- इति हैमः

शब्दार्थ- डरलाग्दो, भयङ्कर, दारुण, कराल, रुद्र, भीष्म पितामह, राक्षस ।

भूतकालिकः (वि.) भूतकाले भवः *(भूतकालमा भएको)* भूतकाल+ठञ्[५] (इक), कालको आदिवृद्धि=भूतकालिक ।

शब्दार्थ- भूतकालमा भएको, वितेको समयमा भएको, भूतकालीन ।

भूतत्त्वम् (ना./न.) भुवः तत्त्वम् *(पृथ्वीको तत्त्व)* ष.त.स. =भूतत्त्व ।

शब्दार्थ- जल, वायु, स्वच्छ हावापानी, हरियाली आदि पृथिवीमा पाइने तत्त्व ।

भूतत्त्वविद् (वि.) भुवः तत्त्वम् *(पृथिवीको तत्त्व)* ष.त.स., भूतत्त्वम् । भूतत्त्वं वेत्तीति *(भूतत्त्व जान्दछ)* विद ज्ञाने (अदा.) धातु, भूतत्त्व+विद्+क्विप् (सर्वलोप)=भूतत्त्वविद् ।

शब्दार्थ- पृथिवीको तत्त्व जान्ने, भूतत्त्वको ज्ञाता, भूतत्त्व विशेषज्ञ, पृथिवीको हावा, पानी, स्वच्छ वातावरण आदि कुरा जान्ने ।

भूतत्त्वविद्या (ना./स्त्री.) भूतत्त्वस्य विद्या *(पृथिवीका तत्त्वको विद्या)* ष.त.स.= भूतत्त्वविद्या ।

शब्दार्थ- भूगर्भशास्त्र, भूगर्भविद्या, पृथिवीका जल, थल र पृथिवीभित्रका पदार्थहरूको जानकारी दिने विद्या, भूगर्भशास्त्रसम्वन्धी विद्या ।

भूतत्त्ववेत्ता (वि.) भुवः तत्त्वम् *(पृथिवीको तत्त्व)* ष.त.स., भूतत्त्वम् । तत् वेत्तीति *(पृथिवीको तत्त्वसम्बन्धी विषय जान्दछ)* विद ज्ञाने (अदा.) धातु, भूतत्त्व+विद्+ तृच् (तृ), गुण, भूतत्त्ववेतृ= भूतत्त्ववेत्ता ।

शब्दार्थ- पृथिवीका तत्त्वको ज्ञाता, भूगर्भशास्त्रको ज्ञाता, भूगर्भविद्याविद्, भूतत्त्वविद् ।

---

१. तदस्यास्त्यस्मिन्... : मतुप्

२. ण्वुल्तृचौ : तृच्

३. सुप्यजातौ... : णिनि

४. भियः षुग्... : षुगागम

५. कालाट्ठञ् : ठञ्

भेददृष्टिः (ना./स्त्री./वि.) भेदस्य दृष्टिः *(भेदभावको दृष्टिकोण)* ष.त.स.= भेददृष्टि ।

अथवा भेदा दृष्टिर्यस्य *(भेदभावको दृष्टिकोण छ यसको)* ब.स., ह्रस्व= भेददृष्टि ।

शब्दार्थ- भेदभावको दृष्टिकोणले हेर्ने काम, भेददृष्टिले हेर्ने, भेददर्शी, भेदभाव गर्ने, भौतिक संसारलाई परमात्मा परमेश्वरवाट भिन्न ठान्ने ।

भेदी (वि.) भिनत्तीति *(फोर्छ)* भिदिर् विदारणे (रुधा.) धातु, भिद्+णिनि्[१] (इन्), गुण, भेदिन्= भेदी ।

शब्दार्थ- फोर्ने, भेदन गर्ने, प्वाल पार्ने, जासुस गर्ने, विभाजन गर्ने ।

द्रष्टव्य- **भेदी शब्द नाम शब्दको अन्त्यमा पनि प्रयोग हुन्छ, जस्तै- विमानभेदी, अस्त्रशस्त्रभेदी ।**

भ्रंशितः (वि.) भ्रश्यते स्म इति *(तल खसेको)* भ्रंशु अवस्रंसने (भ्वा.) धातु, भ्रंश्+क्त (त), इडागम =भ्रंशित ।

शब्दार्थ- तल खसेको, अधःपतन भएको, गिरेको, भ्रष्ट भएको ।

भ्रमी (वि.) भ्रमः अस्यास्तीति *(भ्रम छ यसको)* भ्रम+इनि्[२] (इन्), भ्रमिन्= भ्रमी ।

अथवा भ्रमतीति *(घुमफिर गर्छ)* भ्रमु चलने (भ्वा.) धातु, भ्रम्+णिनि (इन्), वृद्धिनिषेध, भ्रमिन्= भ्रमी ।

शब्दार्थ- घुम्ने, विचरण गर्ने, चक्कर लगाउने, भ्रममा परेको, भ्रमित ।

भ्रष्टाचरणम् (ना./न.) भ्रष्टञ्च तदाचरणञ्च *(भ्रष्ट आचरण)* भ्रष्ट+आचरण, क.त.स., दीर्घ= भ्रष्टाचरण

शब्दार्थ- आचरण भ्रष्ट हुने क्रिया, नियम कानुन विपरीत आचरण, दुराचरण, खराव आचरण ।

भ्रामकः (वि.) भ्रमति, भ्रामयतीति *(घुमफिर गर्छ, घुमाउँछ)* भ्रमु चलने (भ्वा.) धातु, भ्रम्+ण्वुल्[३] (अक), दीर्घ= भ्रामक ।

अथवा भ्रम्+णिचि+ण्ण्वुल् (अक), णिलोप, वृद्धि =भ्रामक ।

शब्दार्थ- घुमफिर गर्ने, विचरण गर्ने, भ्रम फैलाउने, घुमाउने, सन्देह पैदा गर्ने, धोका दिने ।

भ्रुकुटिः (ना./स्त्री.) भ्रुवः कुटिः कौटिल्यम् *(आँखी भुइँको कुटिलता)* ष.त.स.= भ्रुकुटि ।

शब्दार्थ- आँखी भौं, आँखी भुइँ, आँखी भुइँको भावभङ्गिमा, छड्के आँखा, निधार खुम्च्याउने क्रिया ।

म

मञ्जुभाषिणी (ना./स्त्री.) मञ्जु मनोहरं प्रियञ्च भाषितुं शीलमस्याः *(मीठो, मधुर र प्रियवचन बोल्ने शील छ यस स्त्रीको)* मञ्जुपूर्वक भाष व्यक्तायां वाचि (भ्वा.) धातु, मञ्जु+णिनि[४] (इन्), मञ्जुभाषिन्+ङीप् (ई), णत्व =मञ्जुभाषिणी ।

शब्दार्थ- सुमधुर वचन बोल्ने स्त्री, प्रियवादिनी स्त्री, मधुर भाषिणी नारी, मीठो वोल्ने नारी ।

मद्यपः (वि.) मद्यं पिवतीति *(मद्यपान गर्छ)* मध्यपूर्वक पा पाने (भ्वा.) धातु, मध्य+पा+क[५] (अ), आलोप =मध्यप ।

शब्दार्थ- मद्यपान गर्ने, सुरापान गर्ने, मदिरा पिउने, जाँडरक्सी खाने, पियक्कड ।

मधुमल्लिका (ना./स्त्री.) मधुपूर्विका चासौ मल्लिका च *(मधुमालती)* क.त.स., उ.प.लोप= मधुमल्लिका ।

शब्दार्थ- मधुमालतीको लता वा लहरो, मालतीको लता ।

मध्ययुगीनः (वि.) मध्ययुगे भवः *(मध्ययुगमा भएको)* मध्ययुग+ख (ईन), अपभ्रंशमा= मध्ययुगीन ।

शब्दार्थ- मध्ययुगमा भएको, मध्ययुगको, मध्यकालीन ।

मध्यावकाशः (ना./पुं.) मध्ये अवकाशः *(माझमा अवकाश)* स.त.स., दीर्घ= मध्यावकाश ।

शब्दार्थ- माझमा विश्राम लिने काम, मध्यान्तर, माझमा अवकाश, मध्यविराम ।

मनश्चिकित्सकः (वि.) चिकित्सतीति *(उपचार गर्छ)* चिकित्स (सनन्त) धातु, चिकित्स+ण्वुल् (अक), पररूप, चिकित्सकः । मनसः चिकित्सकः *(मनको उपचार गर्ने)* ष.त.स., सको श्चुत्व श =मनश्चिकित्सक ।

शब्दार्थ- मनको उपचार गर्ने, मानसिक रोग निदान गरी उपचार गर्ने चिकित्सक, मानसिक रोगको औषधोपचार गर्ने डाक्टर ।

मनुष्ययज्ञः (ना./पुं.) मनुष्येभ्यः यज्ञः *(मानिसको आदर सत्कारका लागि गरिने यज्ञ)* च.त.स.= मनुष्ययज्ञ ।

शब्दार्थ- अतिथिपूजन, अतिथिको आदर-सत्कार, नृयज्ञ, आतिथ्य ।

मनोनिग्रहः (ना./पुं.) निगृह्यते इति *(निग्रह वा नियन्त्रण गरिन्छ)* निपूर्वक ग्रह उपादाने (क्र्या.) धातु, नि+ग्रह्+अप् (अ), निग्रहः । मनसः निग्रहः *(मनको निग्रह वा नियन्त्रण)* ष.त.स., रुत्व, उत्व=मनोनिग्रह ।

शब्दार्थ- मनलाई नियन्त्रण गर्ने काम, मनलाई छाडा हुनवाट रोक्ने काम, मनलाई दमन गर्ने क्रिया ।

मनोविश्लेषकः (वि.) मनः विश्लेषयतीति *(मनको विश्लेषण गर्छ)* मनस्पूर्वक श्लिष श्लेषणे (चुरा.) धातु, मनस्+श्लिष्+ण्वुल्[३] (अक), गुण, सको रुत्व, उत्व= मनोविश्लेषक ।

शब्दार्थ- मनको विकृतिलाई केलाई विश्लेषण गर्ने, रोगीको मनोविश्लेषण गरेर उपचार गर्ने, मानसिक अवस्थाको विश्लेषण गर्ने ।

---

१. नन्दिग्रहिपचादिभ्य... : णिनि
२. अत इनिठनौ : इनि
३. ण्वुल्तृचौ : ण्वुल्
४. सुप्यजातौ... : णिनि
५. आतोऽनुपसर्गे... : क

मन्दाक्रान्ता (ना./स्त्री.) मन्दः आक्रान्तः यस्याः *(मन्द छ आरोह अवरोहको गति जसको)* मन्द+आक्रान्त, ब.स., दीर्घ, मन्दाक्रान्त+टाप् (आ)= मन्दाक्रान्ता ।

शब्दार्थ- मन्द गति वा लय भएको एक वार्णिक छन्द ।

द्रष्ट. मन्दाक्रान्ताम्बुधिरसनगैर्मोभनौ तौ गयुग्मम्- छन्दोमञ्जरी

यस छन्दमा मगण, भगण, नगण, दुईवटा तगण र दुईवटा गुरुवर्ण हुन्छन् । चार, छ र सात अक्षरमा विश्राम हुन्छ र एक पाउमा सत्र अक्षर हुन्छन् ।

मर्मच्छेदनम् (ना./न.) छेदनम्, छिद्यते इति *(छेदन गरिन्छ)* छिदिर् द्वैधीकरणे (रुधा.) धातु, छिद्+ल्युट् (अन), गुण, छेदनम् । मर्मणः छेदनम् *(मर्मको छेदन)* तुक्, श्चुत्व, ष.त.स.= मर्मच्छेदन ।

शब्दार्थ- मर्ममा चोट वा आघात पुऱ्याउने काम, चित्त दुःखाउने काम, मनमा विभ्ने गरी वचन लगाउने काम, मर्मस्थान छेदन गर्ने कार्य ।

मर्मविद् (वि.) मर्म वेत्तीति *(मर्म जान्दछ)* मर्म उपपदपूर्वक विद ज्ञाने (अदा.) धातु, मर्म+विद्+क्विप्[1] (सर्वलोप)= मर्मविद् ।

शब्दार्थ- मर्म जान्ने, मर्मज्ञ, मर्मवेत्ता ।

मर्मवेत्ता (वि./ना./पुं.) मर्म वेत्तीति *(मर्म जान्दछ)* मर्म उपपदमा हुने विद ज्ञाने (अदा.) धातु, मर्म+विद्+तृच्[2] (तृ), गुण, मर्मवेत्तृ= मर्मवेत्ता ।

शब्दार्थ- मर्म जान्ने, मर्मविद्, मर्म जान्ने व्यक्ति, मर्मज्ञ पुरुष ।

मर्मान्वेषणम् (ना./न.) अन्विष्यते इति *(अन्वेषण गरिन्छ)* अनुपूर्वक इषु इच्छायाम् (तुदा.) धातु, अनु+इष्+ल्युट् (अन), इष्को गुण, अनु एष्मा यण्, णत्व, अन्वेषणम् । मर्मणः अन्वेषणम् *(मर्मको अन्वेषण गर्ने काम)* ष.त.स., दीर्घ= मर्मान्वेषण ।

शब्दार्थ- भित्री मर्म या रहस्यको अन्वेषण, मर्मको अन्वेषण गर्ने क्रिया ।

मसीजीवी (वि.) मस्या जीवतीति *(मसीको कामबाट जीविका गर्छ)* मसीपूर्वक जीव प्राणधारणे (भ्वा.) धातु, मसी+जीव्+णिनि (इन्), मसीजीविन् =मसीजीवी ।

शब्दार्थ- लेखेर जीविका चलाउने, लेख्ने पेसा अँगाल्ने वा अँगालेको, लेखन्दास ।

मस्तिष्कम् (ना./न.) मस्तं मस्तकं इष्यति *(मस्तकमा पुग्छ)* मस्तपूर्वक इष गतौ (दिवा.) धातु, मस्त+इष्+क (अ)= मस्तिष्क ।

शब्दार्थ- दिमाग ।

उदा. मेरो मस्तिष्कमा मौरीको घार भत्किन्छ, अनि असंख्य मौरीको भुन्भुन र डसाइदेखि आत्तिएर म उठ्छु- घु.मे.अ.मा. भूपि

महाप्राणः (ना./पुं.) महाँश्चासौ प्राणश्च *(महाप्राण)* क.त.स.= महाप्राण ।

शब्दार्थ- उच्चारण गर्दा बढी श्वास फाल्नुपर्ने ध्वनि, दोस्रो वर्गका ख, छ, ठ, थ, फ ध्वनि, चौथो वर्गका घ, झ, ढ, ध, भ ध्वनि, उष्मसंज्ञक श, ष, स, ह ध्वनि ।

महासाहसिकः (वि.) साहसः अस्यास्तीति *(साहस छ यसको)* साहस+ठन्[3] (इक), साहसिकः । महाँश्चासौ साहसिकश्च *(ज्यादै साहसी)* क.त.स., आत्व =महासाहसिक ।

शब्दार्थ- ज्यादै साहसी, धेरै साहसिलो, ठूलो आँट गर्ने, ज्यादै आँटिलो, साहसी (लुटेरा) ।

मांसभोजी (वि.) मासं भोक्तुं शीलमस्य *(मासु खाने शील वा आदत छ यसको)* मांसपूर्वक भुज पालनाभ्यवहारयोः (रुधा.) धातु, मांस+भुज्+णिनि[4] (इन्), गुण= मांसभोजी ।

शब्दार्थ- मासु खाने, मांसाहारी, मांसभक्षक, मांसभक्षी ।

मांसोपजीवी (वि.) मांसेन उपजीवितुं शीलमस्य *(मासुको व्यवसायबाट जीविका गर्ने शील वा आदत छ यसको)* मांसपूर्वक जीव प्राणधारणे (भ्वा.) धातु, मांस+जीव्+णिनि (इन्), मांसजीविन्= मांसजीवी ।

शब्दार्थ- मासु बेचेर जीविका गर्ने, मासु व्यापारी, मांसिक, वगरे ।

मातृपक्षः (ना./पुं.) मातुः पक्षः *(आमातिरको पक्ष)* ष.त.स.= मातृपक्ष ।

शब्दार्थ- मातृपक्षसित सम्वन्धित व्यक्ति, मातृकुलतिरका व्यक्ति, आमाका वावु वा हजुरवा वा आमाका मामा आदि मातृवंश ।

मार्गरक्षकः (वि.) मार्गं रक्षतीति *(बाटोको रक्षा गर्छ)* मार्गपूर्वक रक्ष पालने (भ्वा.) धातु, मार्ग+रक्ष्+ण्वुल्[2] (अक)= मार्गरक्षक ।

शब्दार्थ- बाटोको सुरक्षा गर्ने, सडकको रेखदेख गर्ने, बाटोको संरक्षक ।

मार्जारः (ना./पुं.) मार्ष्टि मुखम् *(जिब्रोले मुख पुछ्छ, चाट्छ)* मृजु शुद्धौ (अदा.) धातु, मृज्+आरन्[5] (आर), उणा., वृद्धि, मार्ज् आर= मार्जार ।

शब्दार्थ- बिरालो, ढाडे, विडाल ।

मार्मिकता (ना./स्त्री.) मर्मणः आगतः, मर्मणः अयम् इति वा *(मर्मबाट आएको, मर्मको यो)* मर्म+ठक् (इक), आदिवृद्धि, मार्मिकः । मार्मिकस्य भावः *(मार्मिक हुनाको भाव वा अवस्था)* मार्मिक+तल् (त)+टाप् (आ)= मार्मिकता ।

शब्दार्थ- मार्मिक हुनाको भाव वा अवस्था, मार्मिकपना ।

---

१. सत्सूद्विष... : क्विप्
२. ण्वुल्तृचौ : तृच्/ण्वुल्
३. अत इनिठनौ : ठन्
४. सुप्यजातौ... : णिनि
५. कञ्जिमृजिभ्यां... : आरन्

मूढाग्रहः (ना./पुं.) मूढश्चासौ आग्रहश्च *(मूढे आग्रह)* क.त.स., दीर्घ= मूढाग्रह ।

शब्दार्थ- नचाहिंदो जिद्दी, लिडे ढिपी, मूढे जिद्दी ।

मृगया (ना./स्त्री.) मृगं याति अनया *(मृगप्रति जाइलाग्छ यसले)* मृग+या+क (अ), आकारलोप, मृगय+टाप् (आ)= मृगया ।

अथवा मृग्यन्ते अत्र *(खोजी वा सिकार गरिन्छ यहाँ)* मृग अन्वेषणे (चुरा.) धातु, मृग+श[1] (अ)+यक् (य)+ टाप् (आ)= मृगया ।

शब्दार्थ- आखेट, सिकार, मृगव्य, लुकेर, छिपेर, पछ्याएर, लखेटेर वन्यजन्तु मार्ने क्रिया ।

मृतप्रायः (वि.) प्रायेण मृतः *(प्रायः मरेसमान)* सह सुपा समास= मृतप्राय ।

शब्दार्थ- मरेतुल्य, मरेसमान, मरेवरावर, मरेसरहको, मरेजस्तै ।

उदा. तिम्रो मृतप्राय जीवनलाई, गर्न भविष्य निर्माण
अवतरित छु वसुन्धरामा म प्रमिथस- प्रमिथस ३/२४

य/र/ल

यथाभागम् (अव्य.) भागमनतिक्रम्य *(भाग-विभाजनलाई नछोडिकन)* अव्य.स.= यथाभाग ।

शब्दार्थ- भागअनुरूप, भागशान्तिले पुगेसम्म, भाग लगाए अनुरूप, ठीक अनुपात मिलाएर ।

यथास्थितिवादः (ना./पुं.) उच्यते इति *(बताइन्छ)* वद व्यक्तायां वाचि (भ्वा.) धातु, वद्+घञ् (अ), वृद्धि, वादः । यथास्थितेः वादः *(यथास्थिति नै ठीक छ भन्नेको वाद)* ष.त.स.= यथास्थितिवाद ।

शब्दार्थ- पहिलेको भन्दा परिवर्तन गर्न नचाहनेको मत, पहिलेको जस्तै यथास्थिति मन पराइरहनेको अवधारणा, पहिलेको भन्दा हेरफेर नचाहेको स्थिति ।

यदुवंशः (ना./पुं.) यजतीति *(यज्ञादिकर्म गर्छन्)* यज देवपूजादौ (भ्वा.) धातु, यज्+उ (बहुलप्रकारले), पृषोदरादिबाट जको द, यदुः । यदोर्वंशः *(राजा यदुको वंश)* ष.त.स.= यदुवंश ।

शब्दार्थ- यदुको वंशपरम्परा, यदुकुल, यादववंश, यदुका सन्तति ।

यन्त्रगृहम् (ना./न.) यन्त्रस्य गृहम् *(यन्त्रको घर)* ष.त.स. =यन्त्रगृह ।

शब्दार्थ- यन्त्रजडान गरेको घर, यन्त्रशाला, यन्त्र राख्ने कोठा, यन्त्र-निर्माणगृह ।

यन्त्रणा (ना./स्त्री.) यन्त्र्यते इति *(नियन्त्रण गरिन्छ, यातना दिइन्छ)* यत्रि सङ्कोचे (चुरा.) धातु, नुम्, यन्त्र्+युच्[2](अन), उणा., यन्त्रण+टाप् (आ)=यन्त्रणा ।

शब्दार्थ- यातना दिने काम, पीडा, दुःख, कष्ट, नियन्त्रण, नियमन, दमन, रोकथाम, प्रतिबन्ध ।

यन्त्रविद्या (ना./स्त्री.) यन्त्रस्य विद्या *(यन्त्रसम्बन्धी विद्या)* ष.त.स.= यन्त्रविद्या ।

शब्दार्थ- यन्त्र वनाउने विद्या, यन्त्र तयार गर्ने र सञ्चालन गर्ने प्रविधिसम्वन्धी विद्या, यन्त्रशास्त्र, यन्त्रसम्वन्धी शिल्पकला ।

यामिनी (ना./स्त्री.) याति गच्छतीति *(जान्छ, व्यतीत हुन्छ)* या प्रापणे (अदा.) धातु, या+मन्[3] (म), यामः । यामाः सन्ति अस्य *(याम या प्रहरहरू छन् यसका)* याम+इनि[4] (इन्), यामिन्+ङीप् (ई)= यामिनी ।

विभावरीतमस्विन्यौ रजनी यामिनी तमी- इत्यमरः

शब्दार्थ- रात, रजनी, रात्रि, निशा, क्षपा ।

उदा. अर्के निस्क्यो मलिनवदना यामिनीको कहानी
- कविको उन्निद्रता १, लालित्य २

र

रक्तोपचारः (ना./पुं.) उपचर्यते इति *(उपचार गरिन्छ)* उपपूर्वक चर गतिभक्षणयोः (भ्वा.) धातु, उप+चर्+घञ् (अ), वृद्धि, उपचारः । रक्तस्य उपचारः *(रक्तसम्बन्धी रोगको उपचार)* रक्त+उपचार, ष.त.स., गुण = रक्तोपचार ।

शब्दार्थ- रक्तरोगको उपचार, रगतवाट पैदा हुने वा भएका विकृतिहरू हटाउन गरिने उपचार, रक्तसम्वन्धी उपचारविधि ।

रक्षागृहम् (ना./न.) रक्षायै गृहम् *(सुरक्षाका लागि घर)* च.त.स.= रक्षागृह ।

शब्दार्थ- संरक्षणका लागि वनाइएको घर, सुरक्षागृह, प्रसूतिगृह, प्रहरी कार्यालयभवन ।

रङ्गकर्मी (ना./पुं.) कर्म अस्यास्तीति *(कर्म छ यसको)* कर्मन्+इनि[4] (इन्), नकार अकारलोप, कर्मिन्, कर्मी । रङ्गस्य कर्मी *(रँगाउने काम गर्ने मानिस)* ष.त.स. =रङ्गकर्मी ।

शब्दार्थ- रङ्गको काम गर्ने व्यक्ति, रँगाउने मानिस, रँगाउने मिस्त्री, रङरोगन गर्ने शिल्पी ।

---

[1] परिचर्या-परिसर्या-मृगया (वा.) : श, यक् निपातन

[2] बहुलमन्यत्रापि : युच्

[3] अर्तिस्तुसुहु... : मन्

[4] अत इनिठनौ : इन्

रङ्गजीवी (ना./पुं.) रङ्गेन जीवितुं शीलमस्य *(नृत्यकलाबाट वा रङ्गलेपन कार्यबाट जीविका गर्ने शील वा क्षमता छ यसको)* रङ्गपूर्वक जीव प्राणधारणे (भ्वा.) धातु, रङ्ग+जीव्+णिनि (इन्), रङ्गजीविन्= रङ्गजीवी ।

शब्दार्थ- नृत्यकला गरेर जीवन धान्ने व्यक्ति, रङ्गमञ्चसम्वन्धी कर्मबाट जीवनयापन गर्ने मानिस, चित्रकार, रङ्गकर्मी, रङ्गरोगनको कामबाट जीवन धान्ने व्यक्ति ।

रङ्गभवनम् (ना./न.) रङ्गाय भवनम् *(रङ्गमञ्चको लागि भवन)* च.त.स.= रङ्गभवन ।

शब्दार्थ- रङ्गमञ्चमा सम्पन्न गर्नुपर्ने क्रियाकलापका लागि भवन, नृत्य तथा नाटक प्रदर्शनसम्वन्धी कामका लागि भवन, नृत्यशाला, रङ्गमहल आदि ।

रूपकम् (ना./न.) रूपयतीति *(रूप आरोपित हुन्छ)* रूप रूपक्रियायाम् (चुरा.) धातु, रूप्+ण्वुल् (अक) =रूपक ।

अथवा रूपमेव *(रूप नै)* रूप+कन् (क), स्वार्थमा =रूपक ।

रूपकं नाटके मूर्तौ काव्यालंकरणेऽपि च- इति मेदिनी

शब्दार्थ- अर्थालङ्कारको एउटा प्रकार, रूपक अलङ्कार, दृश्यकाव्य, रूपक, अभिनय गरेर देखाइने काव्य, नाटक, अनुहार, आकृति, मूर्ति ।

***द्रष्टव्य-* रूपारोपात्तु रूपकम्- सा.द.६/१**

अभिनयकलाद्वारा कसैका रूपको आरोप गरेर देखाइनु रूपक हो । यही नै दृश्यकाव्य पनि हो । रूपकका दश भेद छन् । नाटक रूपककै एउटा भेद हो ।

ल

लाञ्छकः (वि.) लाञ्छतीति *(लाञ्छना लगाउँछ)* लाछि लक्षणे (भ्वा.) धातु, नुम्, लाञ्छ्+ण्वुल् (अक) =लाञ्छक ।

शब्दार्थ- लाञ्छना लगाउने, दोषारोपण गर्ने, कलङ्क लगाउने, आक्षेपक ।

लालिता (वि./स्त्री.) लाल्यते स्म असौ *(लालन-पालन गरिएकी यो)* लल ईप्सायाम् (चुरा.) धातु, लल्+णिचि, वृद्धि, लालि+क्त (त), णिलोप, इडागम, लालित+टाप् (आ)= लालिता ।

शब्दार्थ- पालन-पोषण गरिएकी, स्नेहले हुर्काइएकी, ज्यादै प्यारो गरिएकी, लालन-पालन गरिएकी ।

लावण्यमयी (वि./स्त्री.) लावण्यादागता *(सुन्दरताबाट प्राप्त भएकी)* वा प्रकृता प्रचुरा लावण्ययुक्ता *(पर्याप्त सौन्दर्य भएकी)* लावण्य+मयट् (मय), लावण्यमय+ ङीप् (ई)= लावण्यमयी ।

शब्दार्थ- असीम सौन्दर्यले परिपूर्ण भएकी, ज्यादै मनोहारिणी, अतिसौन्दर्यशालिनी, अन्यन्त प्रिय वनेकी ।

लिपिकारकः (ना./पुं.) लिपिं करोतीति *(लिपिविन्यास गर्छ, लेख्छ)* लिपिपूर्वक डुकृञ् करणे (तना.) धातु, लिपि+कृ+ण्वुल्[1] (अक), वृद्धि= लिपिकारक ।

शब्दार्थ- लेख्ने व्यक्ति, अक्षरविन्यास गर्ने मानिस, लिपिकार, लेखक ।

लिपिकारी (वि.) लिपिं कर्तुं शीलमस्य *(लिपिविन्यास गर्ने वा लेख्ने शील वा कला छ यसको)* लिपिपूर्वक डुकृञ् करणे (तना.) धातु, लिपि+कृ+णिनि[2] (इन्), कृको वृद्धि =लिपिकारी ।

शब्दार्थ- अक्षर विन्यास गर्ने, लेखक, लेख्ने, लिपिकार ।

लेखापालकः (ना./पुं.) लेखां पालयतीति *(लेखाको संरक्षण गर्छ)* लेखाउपपदमा हुने पाल रक्षणे (चुरा.) धातु, लेखा+पाल्+ण्वुल् (अक)= लेखापालक ।

शब्दार्थ- हिसाव राख्ने व्यक्ति, आय-व्ययको हिसाव राम्ररी राख्ने कर्मचारी, लेखासम्वन्धी कामकुराको जिम्मेवारी लिने व्यक्ति ।

लेपनीयः (वि.) लिपितुं योग्यः *(लेप लगाउन योग्य वा लायक)* लिप उपदेहे (तुदा.) धातु, लिप्+अनीय (र्), गुण= लेपनीय ।

शब्दार्थ- लिप्न-पोत्न योग्य वा लायक, लेप लगाउन उपयुक्त, मलम लगाउन उचित, मूर्ति वनाउन उचित ।

लेपितः (वि.) लेप्यते स्म इति *(लिपिएको, पोतिएको)* लिप उपदेहे (तुदा.) धातु, लिप्+णिचि, गुण, लेपि+क्त (त) =लेपित ।

शब्दार्थ- लिप्न-पोत्न लगाइएको, लेप लगाइएको, मलहम लगाइएको ।

लोकविश्रुतः (वि.) लोके विश्रुतः *(लोकमा प्रसिद्ध)* स.त.स. = लोकविश्रुत ।

शब्दार्थ- लोक वा समाजमा ख्याति फैलिएको, लोकमा प्रसिद्ध भएको, जगद्विख्यात ।

लोकव्यवहारः (ना./पुं.) लोके प्रचलितः, लोक प्रचलितश्चासौ व्यवहारश्च *(लोकमा प्रचलित व्यवहार वा प्रचलन)* क.त.स., उ.प.लोप= लोकव्यवहार ।

शब्दार्थ- लोकमा प्रचलित प्रथा वा रीतिस्थिति, जन समुदायले मानिआएको प्रचलन वा व्यवहार, लोकाचार, लोकको प्रचलन वा रीतिरिवाज ।

लोकसत्ता (ना./स्त्री.) लोकस्य सत्ता *(लोकको शासनाधिकार)* ष.त.स.= लोकसत्ता ।

शब्दार्थ- देशको शासनसत्ता जनतामा निहित रहने शासनप्रणाली, लोकतन्त्र, प्रजातन्त्र ।

---

[1] ण्वुल्तृचौ : ण्वुल्

[2] सुप्यजातौ... : णिनि

लोकसेवितः (वि.) लोके सेव्यते स्म इति *(लोकमा सेवा गरिएको)* लोकपूर्वक षेवृ सेवने (भ्वा.) धातु, सत्व, लोक+सेव्+क्त (त), इडागम, लोकसेवित ।

शब्दार्थ- लोकको सेवा गरिएको, जनहित र जनकल्याणको काम गरिएको ।

लोलितः (वि.) लोलः सञ्जातः अस्य *(चञ्चल भाव पैदा भएको छ यसको)* लोल+इतच्[1] (इत)= लोलित ।

शब्दार्थ- हल्लेको, चञ्चलभाव पैदा भएको, लोलाएको ।

व

वक्रगामी (वि.) वक्रं गन्तुं शीलमस्य *(टेढो वा वक्रगतिमा चल्ने शील वा आदत छ यसको)* वक्रपूर्वक गम्लृ गतौ (भ्वा.) धातु, वक्र+गम्+णिनि[2] (इन्), वृद्धि, वक्रगामिन्= वक्रगामी ।

शब्दार्थ- कुटिलचाल चल्ने, वक्रगतिमा हिँड्ने, टेढो गतिमा हिँड्ने, उल्टो गतिले चल्ने, जालसाँजी गर्ने ।

वक्रता (ना./स्त्री.) वक्रस्य भावः *(वक्र हुनाको भाव वा अवस्था)* वक्र+तल् (त)+टाप् (आ)= वक्रता ।

शब्दार्थ- टेढोपना, वक्र हुनाको अवस्था, वाङ्गोपना ।

वक्षोजः (ना./पुं.) वक्षसि जायते इति *(छातीमा पैदा हुन्छ)* जनी प्रादुर्भावे (दिवा.) धातु, वक्षस्+जन्+ड[3] (अ), टिलोप, सको रुत्व, उत्व= वक्षोज ।

शब्दार्थ- छातीमा पैदा हुने स्तन, कुच, वक्षोरुह ।

वनपथः (ना./पुं.) वनस्य पन्थाः *(वनको बाटो)* वन+पथिन्, ष.त.स., वनपथिन्+अच्[4] (समासान्त), टिलोप= वनपथ ।

शब्दार्थ- वनको बाटो, वनको मार्ग, जङ्गलको बाटो, वनैवन भएर हिँड्नुपर्ने बाटो, वनमार्ग ।

वनमार्गः (ना./पुं.) वनस्य मार्गः *(वनको बाटो)* ष.त.स. =वनमार्ग ।

शब्दार्थ- जङ्गलको बाटो, वनको मार्ग, अरण्यमार्ग, जङ्गलै-जङ्गल भएर हिँड्नुपर्ने मार्ग, वनपथ ।

वर्गभेदः (ना./पुं.) वर्गाणां वर्गेषु वा भेदः *(वर्गहरूमा विभेद)* ष.त.स./स.त.स.= वर्गभेद ।

शब्दार्थ- वर्ग छुट्ट्याउने काम, वर्गविभेद, जाति, वर्ण, रङ्ग आदिको आधारमा वर्ग विभाजन गर्ने क्रिया, वर्ग-वर्गमा विभेद गर्ने काम ।

वर्द्धयिता (वि.) वर्द्धयतीति *(बढाउँछ)* वृधु वृद्धौ (भ्वा.) धातु, वृध्+णिचि, गुण, वर्धि+तृच् (तृ), इडागम, गुण, अयादेश, धको द्वित्व, जश्त्व, वर्द्धयितृ = वर्द्धयिता ।

शब्दार्थ- वढाउने, प्रवर्द्धन गर्ने, वृद्धि गर्ने ।

वशकरः (वि.) वशं करोति तच्छीलः *(वश गर्छ)* वशपूर्वक डुकृञ् करणे (तना.) धातु, वश+कृ+ट (अ), गुण =वशकर ।

शब्दार्थ- वश गर्ने, वशमा राख्ने, अधीनमा राख्ने, नियमकानुनमा राख्ने ।

वाद-प्रतिवादः (ना./पुं.) उद्यते इति *(बताइन्छ)* वद व्यक्तायां वाचि (भ्वा.) धातु, वद्+घञ् (अ), वादः । प्रत्युद्यते इति *(प्रतिवाद गरिन्छ)* प्रति+वद्+घञ् (अ), वृद्धि, प्रतिवादः । वादश्च प्रतिवादश्च *(वाद र प्रतिवाद)* द्व.स.= वाद-प्रतिवाद ।

शब्दार्थ- वाद र प्रतिवाद, तर्क र वहस, वादविवाद, छलफल, शास्त्रार्थ ।

वामाक्षी (ना./स्त्री.) वामे सुन्दरे अक्षिणी नयने यस्याः *(सुन्दर नयन छन् यस स्त्रीको)* ब.स., दीर्घ, वामाक्षि+ङीष् (ई)= वामाक्षी ।

शब्दार्थ- सुन्दर आँखा हुने स्त्री, मनोहर नयन भएकी नारी, कामलोचना ।

वारी (ना./स्त्री.) वार्यते निवार्यते अनया *(रोकिन्छ यसबाट)* वृञ् वरणे (स्वा.) वा वार्यते आवध्यते अत्र *(बाँधिन्छ यसमा)* वृञ् आवरणे (चुरा.) धातु, वृ+इञ् (इ), वृद्धि, वारि+ङीष् (ई)= वारी ।

वारी तु गजबन्धिनी- इत्यमरः

शब्दार्थ- वाँध्ने वा रोक्ने काम, वन्धनमा राख्ने काम, हात्ती वाँधेर राख्ने ठाउँ, हात्तीसार ।

वाल्मीकिः (ना./पुं.) वल्मीकाज्जातः, वल्मीके भवः इति वा *(धमिराले लगाएको माटोको ढिस्कोबाट निस्केका वा त्यहाँ भएका)* वल्मीक+इञ् (इ), आदिवृद्धि =वाल्मीकि ।

शब्दार्थ- संस्कृतसाहित्यका आदिकवि, वाल्मीकि रामायणका रचयिता, संस्कृतसाहित्यका प्रथम महाकाव्यकार, वाल्मीकिमुनि ।

द्रष्टव्य- **एउटा लुटेराप्रति दया आई एक मुनिले जप्न सिकाएको रामको उल्टो नाम 'मरामरा' जपिरहेको लुटेराको शरीरमा धमिराले गोलो उठाई शरीर पुरेको र पछि उनै मुनिले त्यो धमिराको गोलो 'वल्मीक'बाट लुटेरारूप तपस्वीको शरीर निकालेको हुँदा उनको नाम 'वाल्मीकि' रहन गएको हो भनिन्छ ।**

---

[1] तदस्य सञ्जातम्... : इतच्

[2] सुप्यजातौ... : णिनि

[3] सप्तम्यां जनेर्डः : ड

[4] ऋक्पूरब्धू.... : अच् समासान्त

विकासितः (वि.) विकासः सञ्जातः अस्य *(विकास भएको छ यसको)* विकास+इतच्[1] (इत)= विकासित ।

शब्दार्थ- विकसित भएको, फुलेको, फक्रेको, विस्तार गरिएको, फैलिएको ।

विख्यातिः (ना./स्त्री.) विख्यायते इति *(विख्यात हुनु)* विपूर्वक ख्या प्रकथने (अदा.) धातु, वि+ख्या+क्तिन् (ति)= विख्याति ।

शब्दार्थ- ख्याति, प्रसिद्धि, विश्रुति, सुकीर्ति, सुयश फैलिने काम, नाम चल्ने क्रिया ।

विघ्नविघातः (ना./पुं.) विघ्नन्ति अत्र *(बाधा अवरोध गर्दछन्)* विपूर्वक हन हिंसागत्योः (अदा.) धातु, वि+हन्+क[2] (अ), हन्को अकारलोप, कुत्व, विघ्नः । विहन्यते इति *(वध गरिन्छ)* विपूर्वक हन हिंसागत्योः (अदा.) धातु, वि+हन्+घञ् (अ), वृद्धि, हन्का नकारको तकार, हको कुत्व घ, विघातः । विघ्नस्य विघातः *(विघ्नको विनाश)* ष.त.स. =विघ्नविघात ।

शब्दार्थ- विघ्नको विनाश, बाधा अवरोधको निराकरण, विघ्नबाधा हटाउने क्रिया, बाधा हटाउने क्रिया ।

विचित्रः (वि.) चीयते इति *(जम्मा गरिन्छ)* चिञ् चयने (स्वा.) धातु, चि+क्त्र[3] (त्र), उणा., चित्रम् । विशेषेण चित्रम् *(विशेष रङ्गीचङ्गी भएको)* प्रा.त.स.= विचित्र । अथवा विचित्रयतीति *(विचित्र बन्छ)* विपूर्वक चित्र चित्रीकरणे (चुरा.) धातु, वि+चित्र्+णिचि+अच् (पचादि), णिलोप= विचित्र ।

शब्दार्थ- रङ्गीचङ्गी, विचित्र रङ्गको, चित्र खिचिएको, वहुरङ्गी, धेरै रङ्ग भएको, सुन्दर, रमणीय, अद्भूत, आश्चर्यमय, अनौठो, विलक्षण ।

उदा. **तर भित्र विचित्र प्रसन्नमना,**
दिल दुष्ट थिए, कति हेर जना- व.कु.म.का. ६/२९

विधिविहितः (वि.) विधिना विहितः *(नियमसङ्गत गरिएको)* तृ.त.स.= विधिविहित ।

शब्दार्थ- नियम अनुकूल हुने गरी गरिएको, कानुन-सङ्गत पारिएको, विधिसम्मत ।

विवरण-तालिका (ना./स्त्री.) विवरणस्य तालिका *(विवरणको तालिका)* ष.त.स.= विवरण-तालिका ।

शब्दार्थ- विवरणको सूची, विवरण उल्लेख गरिएको तालिका, कुनै घटना आदिका वर्णनको सूची, विवरण लेखिएको पुस्तिका ।

विषयाभिलाषा (ना./स्त्री.) अभिलाष्यते इति *(अभिलाषा गरिन्छ)* अभिपूर्वक लष कान्तौ (भ्वा.) धातु, अभि+लष्+णिचि, वृद्धि, अभिलाषि+अच् (एरच्), णिलोप, अभिलाष+टाप् (आ), अभिलाषा । विषयेषु, विषयाणां वा अभिलाषा *(सांसारिक विषय-वासनाप्रतिको अभिलाषा)* स.त.स./ष.त.स.=विषयाभिलाषा ।

शब्दार्थ- विषयवासनाप्रति अभिलाषा वा आकाङ्क्षा, सांसारिक विषयवासनाप्रति आसक्ति, विषयासक्ति, विषयवासनाप्रति लिप्त हुने काम ।

वीणावादिनी (ना./स्त्री.) वीणां वादितुं शीलमस्याः *(वीणा बजाउने शील वा सीप छ यिनको)* वीणापूर्वक वद व्यक्तायां वाचि (भ्वा.) धातु, वीणा+वद्+णिनि[4] (इन्), वीणावादिन्+ङीप् (ई)= वीणावादिनी ।

शब्दार्थ- वीणा बजाउने स्त्री, वीणा बजाउन सिपालु नारी, सरस्वती माता ।

वेदव्यासः (ना./पुं.) वेदान् व्यस्यतीति *(वेदहरू विभाजन गर्दछन्)* विपूर्वक असु क्षेपणे (दिवा.) धातु, वेद+वि+अस्+अण्[5] (अ), अस्को वृद्धि, वि आको यण् =वेदव्यास ।

शब्दार्थ- वेदलाई ऋग्वेद, यजुर्वेद, सामवेद र अथर्ववेदमा विभाजन गर्ने वेदव्यास, अठार पुराणका रचयिता व्यासऋषि, ब्रह्मसूत्र, व्यासस्मृति, महाभारत आदि ग्रन्थहरूका निर्माता वादरायण ।

द्रष्टव्य - द्वीप (टापु) मा पैदा भएका हुँदा व्यासलाई 'द्वैपायन' भनिन्छ ।

- श्यामवर्ण भएकोले वेदव्यासलाई 'कृष्णद्वैपायन' पनि भनिन्छ ।
- वदरी (बयर) को वनमा रहेका हुँदा व्यासको नाम 'वादारायण' पनि भयो । वदरिकाश्रममा रहने हुँदा पनि 'वादरायण' भनिएको हो ।

वेदाङ्गम् (ना./न.) वेदानामङ्गम् *(वेदका अङ्ग)* वेद+अङ्ग, ष.त.स., दीर्घ= वेदाङ्ग ।

शब्दार्थ- वेदका अङ्गशास्त्र, वेदको अर्थ बुझ्न र अध्ययनमा सहयोग पुऱ्याउने छवटा अङ्गशास्त्र, जो निम्न छन्- शिक्षा, कल्प (कर्मकाण्ड), व्याकरण, छन्दशास्त्र, निरुक्त, ज्योतिष ।

द्रष्टव्य- **वेदका छवटा अङ्गहरू यसका मुख्य अवयव हुन् । जो यस प्रकार छ-**

मुखं व्याकरणं तस्य ज्यौतिषं नेत्रमुच्यते ।
निरुक्तं श्रोत्रमुद्दिष्टं छन्दसां विचितिः पदः ।
शिक्षा घ्राणं तु वेदस्य हस्तौ कल्पान् प्रचक्षते ।

अर्थात् वेदका छवटा अङ्गहरूमध्ये व्याकरण 'मुख' हो, ज्योतिषशास्त्र 'नेत्र' हो, निरुक्त 'श्रोत्र' (कान) हो, छन्द 'पाउ' हो, शिक्षाशास्त्र 'घ्राण' (नाक) हो र कल्पशास्त्र 'हात' हो ।

वेदको यथार्थ अर्थ बुझ्न वेदका यी छवटै अङ्गको ज्ञान हुनुपर्दछ ।

---

[1] तदस्य सञ्जातम्.... : इतच्
[2] घनर्थे कविधानम्.... : क
[3] अमिचिमिदि.... : क्त्र
[4] सुप्यजातौ... : णिनि
[5] कर्मण्यण् : अण्

वेधालयः (ना./पुं.) वेधस्य आलयः *(वेधको गृह)* ष.त.स., दीर्घ= वेधालय ।

शब्दार्थ- वेधशाला, वेधगृह, छेड्ने उपकरण भएको स्थान, ग्रह-नक्षत्रादि हेर्ने यन्त्रजडित स्थान ।

वेधी (वि.) वेधः अस्यास्तीति *(वेधशालाबाट हेर्ने कार्य छ यसको)* वेध+इनि (इन्), वेधिन्= वेधी ।

शब्दार्थ- दूरवीक्षण यन्त्रले ग्रह-नक्षत्रादि हेर्ने काम ।

वैदेहः (वि./ना./पुं.) विगतः देहः अस्य *(जसको देह जीवसम्वन्ध-रहित छ)* प्रा.व.स., उ.प.लोप, विदेहः । विदेहे भवः जातः *(विदेहमा भएको वा जन्मेको)* विदेह+अण्[१] (अ), आदिवृद्धि= वैदेह ।

अथवा विदेहे निवासः अस्य *(विदेहमा छ निवास यसको)* विदेह+अण्[२] (अ), आदिवृद्धि= वैदेह ।

शब्दार्थ- विदेहमा भएको वा जन्मेको, विदेहमा वस्ने, विदेहनिवासी, विदेहका राजा जनक, प्राचीन मिथिलानरेश, जीवसम्वन्ध रहित राजा निमिको शरीर मन्थनवाट उत्पन्न राजा जनक ।

द्रष्टव्य- **देहं ममन्थुः स्म निमेः कुमारः समजायत ।**
जन्मना जनकः सोऽभूत् वैदेहस्तु विदेहजः ॥
मिथिलो मथनाज्जातो मिथिला येन निर्मिता ।

राजा निमिको जीवरहित देह मथन गरे, अनि त्यसवाट सुन्दर कुमार पैदा भए । जन्मले उनको नाम जनक भयो । विदेहवाट उत्पन्न भएकोले उनलाई वैदेह भनियो र देह मन्थन गरेर पैदा भएकोले उनलाई मिथिल पनि भन्ने गरियो । मिथिला नगरी यिनैले निर्माण गरेका थिए- श्रीमद्भा.९/१३/१२-१३

व्याघातकः (वि.) व्याहन्तीति *(प्रहार गर्छ)* वि आङ्पूर्वक हन हिंसागत्योः (अदा.) धातु, वि+आ+हन्+ण्वुल्[३] (अक), हन्को कुत्व, नको त, वि आको यण्, वृद्धि =व्याघातक ।

शब्दार्थ- प्रहार गर्ने, आघात पुऱ्याउने, ध्वंस गर्ने, विगार्ने, हानि-नोक्सानी गर्ने, व्याघाती ।

व्याघाती (वि.) व्याहन्तीति *(प्रहार गर्छ, विध्वंश गर्छ)* वि आङ्पूर्वक हन हिंसागत्योः (अदा.) धातु, वि+आ+हन् णिनि[४] (इन्), वि आको यण्, हन्को कुत्व, नको त, वृद्धि, व्याघातिन्= व्याघाती ।

शब्दार्थ- विध्वंस गर्ने, हानि-नोक्सानी गर्ने, नाश गर्ने, विध्वंसकारी, प्रहार गर्ने, चोट पुऱ्याउने, घातक ।

व्रती (वि.) वृणातीति *(नियममा आबद्ध रहन्छ)* वृञ् वरणे (क्र्या.) धातु, वृ+अतच्[५] (अत), उणा., कित्व, यण्, व्रतम् । व्रतमस्यास्तीति *(व्रतको अनुष्ठान छ यसको)* व्रत+इनि (इन्), व्रतिन्= व्रती ।

शब्दार्थ- व्रत वस्ने, व्रतानुष्ठान गर्ने, व्रतसम्वन्धी नियममा रहने, प्रतिज्ञा पालन गर्ने, पुण्यात्मा ।

व्रात्यः (वि.) व्रातः व्याधादिः स इव संस्कारहीनः *(व्याधा आदि जस्तै संस्काररहित)* व्रात+यत्[६] (य), अकारलोप =व्रात्य ।

अथवा व्राते उपनयनादि-संस्कारे हीनः *(उपनयनादि संस्काररहित)* व्रात+यत् (य)= व्रात्य ।

व्रात्यः संस्कारहीनः स्यात्- इत्यमरः

शब्दार्थ- उपनयन आदि संस्कार नभएको, व्रतवन्ध-सम्वन्धी संस्कार नगरिएको, संस्काररहित ।

व्रीडा (ना./स्त्री.) व्रीडयते इति *(लजाउनु)* व्रीड चोदने लज्जायाञ्च (दिवा.) धातु, व्रीड्+अ[७], व्रीड+टाप् (आ) =व्रीडा ।

शब्दार्थ- लज्जा, लाज, शर्म ।

श/ष

शक्रधनुः (ना./न.) शक्रस्य धनुः *(इन्द्रको धनु)* ष.त.स. =शक्रधनु ।

शब्दार्थ- इन्द्रधनुष, इन्द्रायुध ।

शब्दालङ्कारः (ना./पुं.) शब्दाश्रितश्चासौ अलङ्कारश्च *(शब्दमा आश्रित भएर रहने अलङ्कार)* क.त.स., उ.प.लोप= शब्दालङ्कार ।

शब्दार्थ- शब्दमा रहने वा ध्वनित हुने अलङ्कार, शब्दमा आश्रित भएर रहने अलङ्कार, जस्तै- अनुप्रास, यमक, श्लेष आदि शब्दालङ्कार ।

शमीरः (ना./पुं.) ह्रस्वा शमी *(सानो शमी)* शमी+र[८] =शमीर ।

अथवा सम्यक् ईर्ते गच्छति काम्यतीति वा *(बिस्तारै चल्छ वा हल्लाउँछ)* सम्पूर्वक ईर गतौ कम्पने च (अदा.) धातु, सम्+ईर्+अच् (पचादि)= समीर ।

शब्दार्थ- हावा, वतास, वायु, पवन, सानो समीको बोट ।

शरासनम् (ना./न.) शराः अस्यन्ते अनेन *(बाण फालिन्छ यसबाट)* शरपूर्वक असु क्षेपणे (दिवा.) धातु, शर+अस्+ल्युट् (अन), सवर्णदीर्घ= शरासन ।

शब्दार्थ- बाण राख्ने ठोक्रो, धनु, चाप, कार्मुक ।

---

१. तत्र भवः/तत्र जातः : अण्
२. सोऽस्य निवासः : अण्
३. ण्वुल्तृचौ : ण्वुल्
४. नन्दिग्रहिपचादि... : णिनि
५. पृषिरञ्जिभ्यां विच्च : अतच्
६. शारवादिभ्य... : यत्
७. गुरोश्च हलः : अ
८. कुटीशमीशुण्डाभ्यो... : र

शाटी (ना./स्त्री.) शट्यते इति *(पहिरिन्छ)* शट रुजाविशरणगत्यवसादनेषु (भ्वा.) धातु, शट्+घञ् (अ), वृद्धि, शाट+ङीप् (ई)= शाटी ।

अथवा शाठ्यते इति *(प्रशंसा वा स्पर्धा गरिन्छ)* शठ श्लाघायाम् (चुरा.) धातु, शठ्+घञ् (अ), वृद्धि, शाठः, पृषोदरादिवाट ठ ध्वनि टमा परिणत, शाट+ङीप् (ई) =शाटी ।

शब्दार्थ- सारी, फरिया, धोती, पेटीकोट ।

शान्तरसः (ना./पुं.) रस्यते आस्वाद्यते इति *(आस्वादन गरिन्छ)* रस आस्वादने अदन्त (चुरा.) धातु, रस+अच् (एरच्)/घञ् (अ), वृद्धिको अभाव, रसः । शान्तश्चासौ रसश्च *(शान्तरस)* क.त.स.=शान्तरस ।

शब्दार्थ- नौवटा रसहरूमध्ये एक, 'शम' स्थायीभाव हुने रस, सांसारिक निःसारता र परमात्मस्वरूप अवलम्बन हुने रस ।

उदा. **शान्त शान्तरस देउ मलाई**
शान्तमा छ बल विश्व-भलाई
शान्तता प्रकृतिको जयतुल्य
शान्तभाव छ अनन्त अमूल्य- नवरस, शान्तरस १८

शिरोवर्ती (वि.) शिरसि वर्तते इति *(शिरमा रहन्छ)* शिरस् उपपदपूर्वक वृतु वर्तने (भ्वा.) धातु, शिरस्+वृत्+णिनि[1] (इन्), गुण, शिरस् वर्तिन्, रुत्व, उत्व = शिरोवर्ती ।

शब्दार्थ- आदर गर्नुपर्ने, सर्वश्रेष्ठ, श्रद्धेय, शिरमा राख्नुपर्ने ।

शिल्पिका (ना./स्त्री.) शिल्पमस्याम् अस्तीति *(शिल्पकला-सम्बन्धी ज्ञान छ यस स्त्रीमा)* शिल्प+ठन्[2] (इक), शिल्पिक+टाप् (आ)=शिल्पिका ।

शब्दार्थ- शिल्पकलामा दक्ष वा निपुण स्त्री, शिल्पकला विज्ञ नारी, कालिगडको काम गर्ने आइमाई, सीपको काम गर्ने महिला ।

शीघ्रकारी (वि.) शीघ्रं कर्तुं शीलमस्य *(शीघ्ररूपमा काम गर्ने शील छ यसको)* शीघ्रपूर्वक डुकृञ् करणे (तना.) धातु, शीघ्र+कृ+णिनि[1] (इन्), वृद्धि, शीघ्रकारिन् =शीघ्रकारी ।

शब्दार्थ- चाँडै गर्ने, शीघ्रगतिले काम गर्ने, यथाशीघ्र काम सम्पन्न गर्ने ।

शुल्कग्राही (वि.) शुल्क्यते इति *(शुल्क लिनु वा दिनु)* शुल्क अतिस्पर्शने (चुरा.) धातु, शुल्क्+घञ् (अ), शुल्कः । शुल्कं ग्रहीतुं शीलमस्य *(शुल्क लिने शील वा सामर्थ्य छ यसको)* शुल्कपूर्वक ग्रह उपादाने (क्र्या.) धातु, शुल्क+ग्रह+णिनि[1] (इन्), वृद्धि, शुल्कग्राहिन्= शुल्कग्राही ।

शब्दार्थ- शुल्क लिने, महसुल ग्रहण गर्ने, कर, अन्तःशुल्क, आदि विभिन्न शुल्क लिने ।

शैक्षणिकः (वि.) शिक्षणादागतः, शिक्षणस्य अयम् *(शिक्षणकला वा शिक्षणविधिबाट आएको, शिक्षणको)* शिक्षण+ठक्[3] (इक), आदिवृद्धि= शैक्षणिक ।

शब्दार्थ- शिक्षणविधिवाट आएको, शिक्षणकला-सम्वन्धी, शिक्षणविधिको ।

श्रीवत्सलाञ्छनः (ना./पुं.) वदति महत्त्वम् *(महत्त्व बताउँछ)* वद व्यक्तायां वाचि (भ्वा.) धातु, वद्+स[4] (उणा.), चर्त्व, वत्सः । श्रीयुक्तः रोमावर्तविशेषाङ्कित-श्चासौ वत्सश्च *(शोभायुक्त छाती)* क.त.स., उ.प.लोप, श्रीवत्सः । श्रीवत्सः लाञ्छनं यस्य *(छातीमा दक्षिणावर्त परेर रहेको रउँको भुवँरी नै चिन्ह छ जसको)* व.स.= श्रीवत्सलाञ्छन ।

शब्दार्थ- भगवान् विष्णु, नारायण, श्रीकृष्ण, वासुदेव ।

श्वसुरः (ना./पुं.) शीघ्रार्थक 'आशु' शब्दको पृषोदरादिवाट 'आ' लुप्त भई 'शु' वन्दछ । 'शु' शब्दले शीघ्र, आश्चर्य र आदर अर्थ बुझाउँछ । शु आशु अश्नुते, अश्यते इति वा *(शीघ्र आदर गर्छ वा गरिन्छ)* शु उपपदपूर्वक अशु व्याप्तौ सङ्घाते च (स्वा.) धातु, शु+अश्+उरन्[5] (उर), उणा., शु अश्मा यण्, श्वस् उर= श्वसुर ।

पतिपत्न्योः प्रसूः श्वश्रूः श्वसुरश्च पिता तयोः - इत्यमरः

शब्दार्थ- पति र पत्नी दुवैको ससुरा, पतिका वावु पत्नीका ससुरा, पत्नीका वावु पतिका ससुरा ।

ष

षोडशोपचारः (ना./पुं.) उपचर्यते इति *(उपचार वा पूजा तथा आदरसत्कार गरिन्छ)* उपपूर्वक चर गतिभक्षणयोः (भ्वा.) धातु, उप+चर्+घञ् (अ), वृद्धि, उपचारः । षोडशप्रकारयुक्ताश्च ते उपचाराश्च (पदार्थाः) *(सोह्र प्रकारका पदार्थले युक्त पूजा अर्चना गर्ने सामग्री)* क.त.स., उ.प.लोप, गुण= षोडशोपचार ।

शब्दार्थ- पूजा अर्चना गर्दा देवीदेवतालाई समर्पण गर्नुपर्ने सोह्रथरी पदार्थ यस प्रकार छन्-

आसनं स्वागतं पाद्यमर्घ्यमाचमनीयकम् ।
मधुपर्कार्पणं स्नानं वसनाऽभरणानि च ।
गन्धपुष्पे धूपदीपौ नैवद्यं वन्दनानि च ।
गात्रानुलेपने चैवं नमस्कारो विसर्जनम् ॥

शब्दार्थ- पूजा गर्दा अपनाइने माथि उल्लिखित सोह्रथरी पूजाविधि, देवी-देवताहरूप्रति भक्तिभाव, उपर्युक्त सोह्रथरी पदार्थहरूले पूजा अर्चना गर्ने काम ।

---

[1] सुप्यजातौ... : णिनि
[2] अत इनिठनौ : ठन्
[3] ठगायस्थानेभ्य.../तस्येदम् : ठक्
[4] तृतृवदिकचि : स
[5] शावशेराप्तौ : उरन्

स/ह

सजीवता (ना./स्त्री.) सजीवस्य भावः *(सजीव हुनाको भाव वा अवस्था)* सजीव+तल् (त)+टाप् (आ) =सजीवता ।

शब्दार्थ-प्राणवान् हुनाको भाव वा अवस्था, प्राणयुक्तता ।

उदा. **थिए दुई सजीवता चकित नेत्र नानी दुई- शा.म.का.१५/११९**

संस्कारजः (वि.) संस्काराज्जायते इति *(संस्कारबाट पैदा हुन्छ)* संस्कार उपपदमा हुने जनी प्रादुर्भावे (दिवा.) धातु, संस्कार+जन्+ड[1] (अ), टिलोप= संस्कारज ।

शब्दार्थ- संस्कारवाट पैदा हुने, संस्कारजन्य ।

संस्कार्यः (वि.) संस्कर्तुं योग्यः, संस्क्रियते इति वा *(संस्कार गर्न योग्य, संस्कार गरिन्छ)* सम्पूर्वक डुकृञ् करणे (तना.) धातु, सम्+कृ+ण्यत्[2] (य), सुट्, वृद्धि =संस्कार्य ।

शब्दार्थ- संस्कार गर्न योग्य वा लायक, परिमार्जन गर्न उचित, संस्कार गर्नुपर्ने, खार्नुपर्ने ।

सप्तधान्यम् (ना./न.) सप्तानां धान्यानां समूहः *(सातवटा धान्यपदार्थको समुदाय)* द्वि.त.स.= सप्तधान्य ।

शब्दार्थ- सातवटा धान्यवस्तु वा पदार्थको समूह, जौ, गहुँ, धान, तिल, कागुनु, मुँगीमास, चना- यी सातवटा औषधि या धान्यवस्तुको समूह ।

द्रष्टव्य- यव-गोधूम-धान्यानि तिलाः कङ्गुश्च मुद्गकाः । श्यामकाश्चणकाश्चैव सप्तधान्यमुदाहृतम्- आ.सू.२१६

सबन्धः (वि.) वन्धेन सह *(बन्धन-सहित)* व.स[3]., सहको सभाव[4]= सबन्ध ।

शब्दार्थ- प्रतिवन्धसहितको, निर्धारित सर्तसहितको ।

समाजवादः (ना./पुं.) संवीयते इति *(जम्मा हुनु, सम्मिलित हुनु)* सम्पूर्वक अज गतिक्षेपणयोः (भ्वा.) धातु, सम्+अज्+घञ् (अ), वृद्धि, समाजः । उच्यते इति *(बताइन्छ)* वद व्यक्तायां वाचि (भ्वा.) धातु, वद्+घञ् (अ), वृद्धि, वादः । समाजस्य वादः *(समाजका पक्षको वाद वा सिद्धान्त)* ष.त.स. =समाजवाद ।

शब्दार्थ- देशका सबै वर्ण र समुदायका मानिसमा आर्थिक समानता हुनुपर्छ भन्ने मत र सिद्धान्त, राज्यको सम्पत्तिमा सबै जनसमुदायको अधिकार हुनुपर्छ भन्ने अभिमत वा सिद्धान्त ।

समाजवादी (वि.) समाजवादः अस्यास्तीति *(समाजवाद-सम्बन्धी सिद्धान्त छ यसको)* समाजवाद+इनि[5] (इन्), समाजवादिन्= समाजवादी ।

शब्दार्थ- समाजवादको अनुसरण गर्ने, समाजवादको अनुयायी, समाजवादको समर्थक ।

सरयुः/सरयूः (ना./स्त्री.) सरति वेगेन *(वेगले बहन्छ)* सृ गतौ (भ्वा.) धातु, सृ+अयु[6] (उणा.), गुण= सरयु । 'अयू' यस्तो पाठान्तरमा सृ+अयू (उणा.), गुण=सरयू ।

शब्दार्थ- भारतको उत्तरप्रदेश अयोध्या नगरी भएर वहने नदी, नेपालका ववई र कर्णाली नदी नै भारतमा घाघरा तथा सरयू नामले प्रसिद्धि पाएका हुन् ।

सरसीरुहम् (ना./न.) सरस्यां रोहतीति *(तलाउमा पैदा हुन्छ)* सरसीपूर्वक रुह वीजजन्मनि प्रादुर्भावे च (भ्वा.) धातु, सरसी+रुह्+क[7] (अ)= सरसीरुह ।

शब्दार्थ- कमल, पद्म, अरविन्द, सरोज ।

सर्वमहान् (वि.) अयमनयोरतिशयेन महान् *(यो यिनीहरूमा ज्यादै ठूलो)* महत्+तरप् (तर), महत्तरः । सर्वेषां महत्तरः *(सबैमा महान्)* ष.त.स., तर प्रत्ययको लोप[8], सर्वमहत्= सर्वमहान् ।

शब्दार्थ- सवैमा ठूलो, अपेक्षाकृत ठूलो, निकै ठूलो ।

सर्वश्रेष्ठः (वि.) अयमेषामतिशयेन प्रशस्यः *(यो यिनीहरूमा ज्यादै प्रशंसनीय)* प्रशस्य+इष्ठन्[9], प्रशस्यको 'श्र' आदेश[10], श्र इष्ठः, गुण, श्रेष्ठः । सर्वेषां सर्वेषु वा श्रेष्ठः *(सबैमा श्रेष्ठ)* ष.त.स./स.त.स. =सर्वश्रेष्ठ ।

शब्दार्थ- सवैभन्दा श्रेष्ठ वा ठूलो, सवैमा प्रशंसनीय, सर्वोत्तम ।

सर्वाधिकारसम्पन्नः (वि.) सर्वश्चासौ अधिकारश्च *(सबै अधिकार)* क.त.स., दीर्घ, सर्वाधिकारः । सर्वाधिकारेण सम्पन्नः *(समग्र अधिकारले सम्पन्न)* तृ.त.स. =सर्वाधिकारसम्पन्न ।

शब्दार्थ- सवै अधिकारले परिपूर्ण, सवै अधिकार पाएको ।

सर्षपतैलम् (ना./न.) सर्षपस्य तैलम् *(सस्यौँको तेल)* ष.त.स.= सर्षपतैल ।

शब्दार्थ- सस्यौँ, सस्यौँको तेल ।

साम्पत्तिकः (वि.) सम्पत्तेरागतः, सम्पत्तेरयम् *(सम्पत्तिबाट आएको, सम्पत्तिको यो)* सम्पत्ति+ठक्[11] (इक), आदिवृद्धि, इकारलोप= साम्पत्तिक ।

शब्दार्थ- सम्पत्तिवाट प्राप्त, सम्पत्तिसम्वन्धी, सम्पत्तिको ।

---

[1] पञ्चम्यामजातौ...: ड
[2] ऋहलोर्ण्यत् : ण्यत्
[3] तेन सह... : ब.स.
[4] वोपसर्जनस्य : सहको सभाव
[5] अत इनिठनौ : इनि
[6] सर्तेरयुः : अयु
[7] आतोऽनुपसर्गे... : क
[8] गुणात्तरेण तरलोपश्च : तरको लोप
[9] अतिशायने... : इष्ठन्
[10] प्रशस्यस्य श्रः : श्र आदेश
[11] ठयास्यानेभ्य.../तस्येदम् : ठक्

सार्वभौमः (ना./पुं./वि.) सर्वा चासौ भूमिश्च *(सबै भूमि)* क.त.स., सर्वभूमिः । सर्वभूमेः ईश्वरः *(सबै भूमिको स्वामी वा ईश्वर)* सर्वभूमि+अण्[1] (अ), उभयपदवृद्धि =सार्वभौम ।

अथवा सर्वभूमेर्निमित्तः संयोगः वा *(सबै भूमिको निमित्त वा संयोग)* सर्वभूमौ विदितः *(सबै भूमिमा विदित)* सर्वभूमि+अण्[1] (अ),उभयपदवृद्धि=सार्वभौम ।

सार्वभौमस्तु दिङ्नागे सर्वपृथ्वीपतावपि- इति मेदिनी

शब्दार्थ- सबै भूमिको स्वामी, चक्रवर्ती राजा, सम्राट, अष्टदिग्गजमध्ये एक, सबै भूमिसम्बन्धी, सबै भूमिको, सर्वत्र विदित ।

सार्वभौमिकता (ना./स्त्री.) सर्वा चासौ भूमिश्च *(सबै भूमि)* क.त.स., ह्रस्व, सर्वभूमिः । सर्वभूमेः ईश्वरः *(सबै भूमिको स्वामी)* सर्वभूमि+अण् (अ), उभयपदवृद्धि, सार्वभौमः । सार्वभौमादागतः *(सबै भूमिबाट आएको)* सार्वभौम+ठक् (इक), अकारलोप, सार्वभौमिकः ।

अथवा सर्वभूमेरागतः *(सबै भूमिबाट आएको)* सर्वभूमि+ठक् (इक), उभयपदवृद्धि, सार्वभौमिकः ।

सार्वभौमिकस्य भावः *(सार्वभौमिक हुनाको भाव वा अवस्था)* सार्वभौमिक+तल् (त)+टाप् (आ) =सार्वभौमिकता ।

शब्दार्थ- समग्र पृथिवीको संरक्षकत्व, सार्वभौमिक हुनाको भाव वा अवस्था ।

सिञ्चितः (वि.) सिच्यते स्म इति *(सेचन गरिएको)* षिच क्षरणे (तुदा.) धातु, सत्त्व, सिच्+क्त (त), इडागम, पृषोदरादिबाट 'न' वर्णागम, परसवर्ण= सिञ्चित ।

शब्दार्थ- सेचन गरिएको, सिञ्चन गरिएको, पानी छिटिएको, पानी पट्टयाइएको, पानी लगाइएको ।

सुखापेतः (वि.) सुखादपेतः *(सुखबाट रहित)* सुख+अपेत, प.त.स., दीर्घ= सुखापेत ।

शब्दार्थ- सुखबाट वञ्चित, सुखरहित, दुःख पाएको ।

सुभद्रा (ना./स्त्री.) सु सुष्ठु भन्दते असौ *(राम्रो कल्याण वा भलाइ गर्छिन् यिनी)* सुपूर्वक भदि कल्याणे सुखे च (भ्वा.) धातु, नुम्, सु+भन्द्+रक् (र), नलोप, सुभद्र+टाप् (आ)= सुभद्रा ।

शब्दार्थ- राम्रो कल्याण गर्ने स्त्री, भगवती दुर्गा, श्रीकृष्णकी वहिनी तथा अर्जुनकी पत्नी सुभद्रा ।

सुप्तोत्थितः (वि.) स्वपिति स्म इति *(सुतेको)* ञिष्वप् शये (अदा.) धातु, स्वप्+क्त (त), कर्तामा, स्वप्का वको सम्प्रसारणबाट उ[2], सुप्तः । उत्तिष्ठति स्म इति *(उठेको)* उत्पूर्वक ष्ठा गतिनिवृत्तौ (भ्वा.) धातु, उत्+स्था+क्त (त), इत्व[3], परसवर्णबाट स को थ, थलोप[4], उत्थितः । सुप्तः उत्थितश्च येन (आदौ सुप्तः पश्चात् उत्थितः) *(पहिले सुतेको पछि उठेको)* ब.स., गुण= सुप्तोत्थित ।

शब्दार्थ- सुतेर उठेको, पहिले सुतेको पछि उठेको ।

सुमतिः (ना./स्त्री./वि.) सु सुष्ठु मतिः *(राम्रो बुद्धि)* प्रा.त.स.= सुमति ।

अथवा सु शोभनः मतिर्यस्य *(राम्रो बुद्धि छ जसको)* प्रा.ब.स.= सुमति ।

शब्दार्थ- राम्रो बुद्धि, ज्यादै चलाख, बुद्धिमान् ।

सुरयुवतिः (ना./स्त्री.) सुराणां युवतयः *(देवताका स्त्रीहरू)* ष.त.स.= सुरयुवति ।

शब्दार्थ- देवाङ्गना, सुरवधू, सुरस्त्री, सुरसुन्दरी ।

उदा. **पानी भर्दा सुरयुवतिको स्वर्णपुष्पी झरेको ।**

-कालीगण्डकी, माधव घिमिरे

सुषुम्णा (ना./स्त्री.) 'सुषु' इति अव्यक्त शब्दं म्नायति *('सुषु' यस प्रकारको अव्यक्तध्वनि पैदा हुन्छ)* सुषु उपपदपूर्वक म्ना अभ्यासे (शब्दे) भ्वा.) धातु, सुषु+म्ना+क[5] (अ), आकारलोप, सुषुम्न+टाप् (आ), णत्व= सुषुम्णा ।

शब्दार्थ- नाडी विशेष, इडा र पिङ्गला नाडीका बीचको मध्यवर्ती नाडी ।

द्रष्टव्य- **शतं चैका च हृदयस्य नाड्य**
स्तासां मूर्धानमभिनिःसृतैका ।
तयोर्ध्वमायन्नमृतत्वमेति,
विश्वङ्ङन्या उत्क्रमणे भवन्ति ।

अर्थात् हृदयमा एकसय एक प्रमुख नाडीहरू छन्, तिनीहरू शरीरको सर्वत्र व्याप्त छन्, तिनमध्ये एउटा सुषुम्णा नाडी हृदयदेखि मस्तकसम्म पुगेको छ, सुषुम्णा नाडी भएर मस्तकबाट प्राण जाने व्यक्ति ऊर्द्धलोक भगवद्धाम पुगेर अमृतस्वरूप परमेश्वरलाई प्राप्त गर्दछ, तर अरू नाडीबाट प्राण जाने व्यक्तिहरू भने आफ्नो कर्मफल अनुरूप विभिन्न योनिमा प्राप्त हुन्छन्- कठ.उप.२/३/१६

सुसङ्गठितः (वि.) सङ्घटते स्म, सङ्घटयति स्म इति वा *(सङ्गठित भएको)* सम्पूर्वक घट चेष्टायाम् (भ्वा.) वा घट सङ्घाते (चुरा.) धातु, सम्+घट्+क्त (त), इडागम, पृषोदरादिबाट 'घ'ध्वनि 'ग'मा र 'ट'ध्वनि 'ठ'मा परिणत, परसवर्ण, सङ्गठितः । सु सुष्ठु सङ्गठितः *(राम्ररी भेला भएको)* प्रा.त.स.= सुसङ्गठित ।

शब्दार्थ- राम्ररी सङ्गठित भएको, राम्ररी भेला भएको, शारीरिक बनोट राम्ररी मिलेको ।

सृजनात्मकशक्तिः (ना./स्त्री.) सृजना आत्मा यस्य *(सृजना नै मुख्य छ जसको)* सृजना+आत्मन्, ब.स., दीर्घ, सृजनात्मन्+कप् (क), समासान्त, नलोप, सृजनात्मकः । सृजनात्मिका चासौ शक्तिश्च *(सिर्जनात्मक शक्ति)* क.त.स., पुंवद्भाव =सृजनात्मकशक्ति ।

---

[1] सर्वभूमिपृथिवीभ्या.../तस्येश्वरः/तत्र विदितः... : अण्
[2] वचिस्वपियजादीनाम्... : वको सम्प्रसारण उ
[3] द्यतिस्यतिमास्था... : इत्व
[4] झरो झरि... : थलोप
[5] आतोऽनुपसर्गे... : क

शब्दार्थ- सृजनात्मक क्षमता, सृजना गर्ने रचनात्मक शक्ति वा प्रतिभा ।

सौरवर्षः (ना./पुं./न.) सौरस्य वर्षः *(सौरमासको गणनावाट हुने वर्ष)* ष.त.स.= सौरवर्ष ।

शब्दार्थ- सौरमासको गणनावाट हुने वर्ष, वैशाख सङ्क्रान्तिदेखि चैत्रमसान्तसम्मको समयावधि, साल, वर्ष, सम्वत्सर ।

स्थलरक्षा (ना./स्त्री.) स्थलस्य रक्षा *(स्थलभागको रक्षा)* ष.त.स.= स्थलरक्षा ।

शब्दार्थ- देशका स्थलभागको रक्षा गर्ने काम, स्थल सेनावाट देशको सुरक्षा गर्ने काम ।

स्थापत्यवेदः (ना./पुं.) स्थापत्यं वेत्तीति *(स्थापत्यकला जान्दछ)* स्थापत्य उपपदपूर्वक विद ज्ञाने (अदा. धातु, स्थापत्य+विद्+अण्[1] (अ), गुण= स्थापत्यवेद । अथवा स्थापत्यस्य वेदः *(स्थापत्यकलाको वेद)* ष.त.स.= स्थापत्यवेद ।

शब्दार्थ- वास्तुकलासम्वन्धी वेद, स्थापत्यकलासम्वन्धी उपवेद ।

***द्रष्टव्य-* स्थापत्यवेद अथर्ववेदको एक उपवेद हो ।**

स्वर्णिमः (वि.) ऋणोतीति *(प्राप्त गर्छ)* ऋणु गतौ (तना.) धातु, ऋण्+इमच् (इम), उणा., वहुलप्रकारले, गुण, अर्णिमः । सु शोभनः अर्णिमः गतिः शोभा वा यस्य *(राम्रो गति वा शोभा छ जसको)* प्रा.व.स., उ.प.लोप= स्वर्णिम ।

शब्दार्थ- सुनौलो, स्वर्णमय, उत्तम, श्रेष्ठ, सुशोभनीय ।

स्वहस्ताङ्कितः (वि.) स्वस्य हस्तः *(आफ्नो हात)* ष.त.स., स्वहस्तः । स्वहस्तेन अङ्कितः *(आफ्नो हातले अङ्कित)* तृ.त.स., दीर्घ= स्वहस्ताङ्कित ।

शब्दार्थ- आफ्ना हातको औंठाको छाप लागेको, आफ्नै हातले हस्ताक्षर गरेको, आफ्नै वाहुलीले दस्तखत गरेको, आफ्नै हातको निसाना अङ्कित ।

ह

हंसराजः (ना./पुं.) हंसानां राजा *(हाँसहरूका राजा)* ष.त.स., हंसराजन्+टच् (अ), समासान्त, टिलोप =हंसराज ।

शब्दार्थ- हाँसको राजा, रजहाँस ।

हा (अव्य.) जहातीति *(दुःख प्रकट गर्छ)* ओहाक् त्यागे (जुहो.) धातु, हा+क्विप् (सर्वलोप)= हा ।

हा विषादे च शोके च कुत्सा दुःखार्थयोरपि- इति मेदिनी

शब्दार्थ- विषाद, शोक, निन्दा, दुःख, पीडा, खिन्नता आदि प्रकट गर्ने अव्ययशब्द ।

---

[1] कर्मण्यण् : अण्

सन्दर्भग्रन्थहरू

शब्दकोशसम्बन्धी ग्रन्थहरू

अमरकोशः	व्याख्यासुधा (रामाश्रमी) व्याख्या
अमरकोशः	सुधासंस्कृत हिन्दी व्याख्योपेत
निरुक्तम्	महर्षियास्क-प्रणीतम्
नेपाली बृहत्शब्दकोश	ने रा.प्रज्ञाप्रतिष्ठान
नेपाली शब्दकोश	बालचन्द्र शर्मा
नेपाली शब्दसागर	वसन्तकुमार श.नेपाल
मेदिनीकोशः	नानार्थशब्दकोश
वाङ्मयार्णवः	श्रीरामावतार शर्मा
वाचस्पत्यम्	श्रीतारानाथ तर्कवाचस्पति
विश्वकोशः	शिवदत्त
शब्दकल्पद्रुमः	राजा राधाकान्तदेव
शब्दस्तोम-महानिधिः	श्रीतारानाथ भट्टाचार्य
संक्षिप्त नेपालीकोश	रामचन्द्र ढुङ्गाना
संस्कृत वाङ्मयकोश	परिभाषा खण्ड, डा.श्रीधर भास्कर वर्णेकार
संस्कृत शब्दार्थकौस्तुभ	द्वारका प्र.चतुर्वेदी
संस्कृत-हिन्दीकोश	वामन शिवराम आप्टे
हेमचन्द्रकोश (हैमः)	अनेकार्थ-सङ्ग्रहकोश

व्याकरणसम्बन्धी ग्रन्थहरू

अष्टाध्यायी सूत्रपाठ	सरलाटीका
नेपाली-संस्कृत व्याकरण	पार्थमणि आ.दी.
पाणिनीय धातुपाठ	चौखम्वा संस्कृत सिरिज
मध्यसिद्धान्तकौमुदी	श्रीसदाशिव शास्त्री सुधाटीका तथा रामचन्द्र झा, इन्दुमती (भा.टी)
मध्यसिद्धान्तकौमुदी	गुरु प्र.शास्त्री
लघुसिद्धान्तकौमुदी	श्रीविश्वनाथ शास्त्री, उपेन्द्र निवृत्ति, टीका
वैयाकरणसिद्धान्तकौमुदी	बालमनोरमा तथा तत्त्वबोधिनी टीका
वैयाकरणसिद्धान्तकौमुदी	गुटका
व्याकरणमहाभाष्य	पतञ्जलि मुनिनिर्मित
संरल संस्कृत व्याकरण	पञ्चमभाग,पुण्य निरौला

नेपाली साहित्यसम्बन्धी ग्रन्थहरू

आगो र पानी	बालकृष्ण सम
आदर्शराघव (म.का.)	सोमनाथ श. सिग्द्याल
ऋतुविचार	लेखनाथ पौड्याल
कोमल-गीता	कोमलनाथ
गौरी (शो.का)	माधव घिमिरे
घुम्ने मेचमाथि अन्धो मान्छे	भूपि शेचरन
चिसो चूल्हो (म.का)	बालकृष्ण सम
तरुण तपसी (नव्य.का)	लेखनाथ पौड्याल
नवरस	महाकवि लक्ष्मी प्र. देवकोटा
नेपाली कविता सङ्ग्रह (भा.२)	सं. तारा प्र. जोशी
पद्य सङ्ग्रह (भा.२)	ने.भा.प्र.स.
प्रमिथस (म.का.)	महाकवि लक्ष्मी प्र. देवकोटा
प्रह्लाद (नाटक)	बालकृष्ण सम
बुद्धिविनोद (प्रश्न)	लेखनाथ पौड्याल
भावना गाङ्गेय	लक्ष्मी प्र. देवकोटा
भिखारी (कविता संग्रह)	लक्ष्मी प्र. देवकोटा
भृकुटी (ख.का)	कुलचन्द्र कोइराला
यशस्वी शव (शोक.का.)	भीमनिधि तिवारी
रामायण	भानुभक्त
लालित्य (कविता-सङ्ग्रह) (प्रथम/दोस्रो भाग)	लेखनाथ पौड्याल
वनकुसुम (म.का)	महाकवि लक्ष्मी प्र. देवकोटा
विजय मल्लका कविता-सङ्ग्रह	विजय मल्ल
शाकुन्तल (म.का)	महाकवि. लक्ष्मी प्र. देवकोटा
सङ्गम	केदारमान व्यथित
सुलोचना (म.का.)	महाकवि. लक्ष्मी प्र. देवकोटा

संस्कृत-वाङ्मयसम्बन्धी ग्रन्थहरू

आह्निकसूत्रावलिः
ईशावास्योपनिषद्, शाङ्करभाष्य
ऋग्वेद-संहिता
ऐतरेयोपनिषद्, शाङ्करभाष्य
कठोपनिषद्, शाङ्करभाष्य
किरातार्जुनीय (महाकाव्यम्)- महाकवि भारविः
कुमारसम्भव (महाकाव्यम्)- महाकवि कालिदासः
कृष्णोपनिषद्
केनोपनिषद्, शाङ्करभाष्य
गरुडपुराणम्
चाणक्य-नीतिदर्पणः
छन्दोमञ्जरी
छान्दग्योपनिषद्, शाङ्करभाष्य
तर्कसङ्ग्रहः
तैत्तरेयोपनिषद्, शाङ्करभाष्य, गीताप्रेस, गोरखपुर
दुर्गासप्तशती
नीतिशतकम्- भर्तृहरि
नैषधीयचरितम्
पाणिनीय शिक्षा
पातञ्जल-योगदर्शन, गीताप्रेस, गोरखपुर
पाराशरस्मृतिः
प्रश्नोपनिषद्, शाङ्करभाष्य, गीताप्रेस, गोरखपुर
बृहदारण्यकोपनिषद्, शाङ्करभाष्य, गीताप्रेस, गोरखपुर
ब्रह्मसंहिता
मनुस्मृति
महाभारत
माण्डुक्योपनिषद्, शाङ्करभाष्य, गीताप्रेस, गोरखपुर
मुण्डकोपनिषद्, शाङ्करभाष्य, गीताप्रेस, गोरखपुर
मेघदूतम्- कालिदासः
यजुर्वेदसंहिता
रघुवंशमहाकाव्यम्
रतिमञ्जरी
रामपूर्वतापिन्युपनिषद्
वसिष्ठस्मृतिः
वाल्मीकिरामायणम्
वार्षिकरत्नावली
विवेक-चूडामणिः
विष्णुपुराणम्
विष्णुसहस्रनाम, शाङ्करभाष्य, गीताप्रेस, गोरखपुर
शिवमहिम्नस्तोत्रम्
श्रीमद्देवीभागवतम्
श्रीमद्भगवद्गीता
श्रीमद्भागवतमहापुराणम्
श्रीशिवमहापुराणम्
श्वेताश्वतरोपनिषद्, शाङ्करभाष्य, गीताप्रेस, गोरखपुर
सन्ध्योपासन-विधिः
समयोचित-पद्यमालिका
सर्वदर्शनसङ्ग्रहः
साङ्ख्यकारिका
साहित्यदर्पणः
हितोपदेशः

लेखकको परिचयात्मक विवरण

जन्म : वि.सं. १९९२ जेठ २५ गते ।
जन्मस्थान : सोखु, खाङसाङ, सिन्धुली
हाल : काठमाडौं, नयाँ बानेश्वर
माता-पिता : शान्ता तथा नन्दराज बराल

शिक्षा : एम.ए. (नेपाली)
आचार्य (संस्कृत)

अध्यापकीय ज्ञान : लेक्चरर, त्रिचन्द्र कलेज/क्याम्पस,
एसोसिएट प्रोफेसर, काठमाडौं विश्वविद्यालय

प्रशासनिक अनुभव : क्षेत्रीय निर्देशक/ निर्देशक (हुलाक सेवा)
असिस्टेन्ट रजिस्ट्रार (विश्वविद्यालय सेवा)

विदेश भ्रमण : भारत, पाकिस्तान, थाइल्याण्ड, जापान
(गोष्ठी/सेमिनारको सन्दर्भमा)

पदक तथा विभूषण : महेन्द्र विद्याभूषण, गो.द.बा. (चौथो)

प्रकाशित कृति : नेपालमा हुलाक व्यवस्था (अनुसन्धानात्मक कृति)
तत्सम नेपाली व्युत्पत्ति शब्दकोश (प्रस्तुत व्युत्पत्तिकोश सम्बन्धी ग्रन्थ)
देवकोटासम्बन्धी समीक्षात्मक लेखरचनाहरू (विभिन्न पत्रपत्रिकाहरूमा)
फुटकर कविताहरू (पत्रपत्रिकाहरूमा)

प्रकाशोन्मुख कृति : श्रीमद्भगवद्गीता (नेपालीमा पदार्थ, भावार्थ र भावबोधिनी व्याख्या)
देवकोटासम्बन्धी समालोचनात्मक ग्रन्थ

विद्यार्थी पुस्तक भण्डार
प्रकाशक तथा वितरक
भोटाहिटी, काठमाडौं

9789994615513